ॐ

श्रीकमलाकरभट्टरचितः

निर्णयसिन्धुः

(चूडामणिनामक नेपाली टीका एवम् विस्तृत प्रस्तावनासहित)

टीकाकार

प्रा.डा. वेणीमाधव ढकाल

ॐ

श्रीकमलाकरभट्टरचितः

निर्णयसिन्धुः

सरल एवं सारपूर्ण चूडामणिनामक नेपाली टीका, विषयबोधक प्रस्तावना एवं शब्दार्थविशिष्ट परिशिष्टसहित

टीकाकार एवं सम्पादक

प्रा.डा. वेणीमाधव ढकाल

नेपाल संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ, काठमाडौँ

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौँ

25839

पुस्तक	:	निर्णयसिन्धुः
टीकाकार एवं सम्पादक	:	प्रा.डा. वेणीमाधव ढकाल ठिमुरे गा.वि.स.-५, पोरकनी, पाल्पा ।
प्रकाशक	:	विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौँ फोन : ४२२७२४६, ४२४५८३४ Email: vidyarthi_pub@yahoo.com Web: www.vpb.com.np
संस्करण	:	प्रथम, आश्विन नवरात्र २०७१
सर्वाधिकार	:	प्रकाशकमा
मूल्य	:	रू. १४२५/-
ISBN	:	978-99946-1-564-3
आवरण	:	आकृति ग्राफिक्स, डिल्लीबजार फोन : ४४२४७५६
कम्प्युटर	:	क्वालिटी लेजर प्रिन्ट, बागबजार फोन : ४२४२६५६
मुद्रक	:	एलायन्स प्रिन्टर्स, सरस्वती नगर, चावहिल फोन : ४८११२२६

वीणाधरे ! विपुलमङ्गलदानशीले !
भक्तार्तिनाशिनि ! विरिञ्चिहरीशवन्द्ये !
कीर्तिप्रदेऽखिलमनोरथदे ! महार्हे !
विद्याप्रदायिनि ! सरस्वति ! नौमि नित्यम् ॥

ॐ

समर्पण



स्व. चूडामणि उपाध्याय ढकाल (वि.सं. १९७२-२०४५)

धर्मात्मा सरलात्मा र कर्मनिष्ठशिरोमणि । चूडामणि उपाध्याय ढकालवंशका मणि ॥
हुनुहुन्थ्यो यहाँ बाबा चन्द्रचूड–उपासक । सद्गुरु देवता मेरा विद्या–बुद्धिप्रकाशक ॥
उहाँकै प्रीतिका लागि कमलाकर भट्टको । अगाध ज्ञानको सिन्धु ग्रन्थ निर्णयसिन्धुको ॥
चूडामणि रची टीका श्रद्धासाथ चढाउँछु । आशीर्वाद रहोस् बाबा ! यही विन्ती बिसाउँछु ॥

विनीत पुत्र

- वेणीमाधव ढकाल

खिलराज रेग्मी
प्रधान न्यायाधीश

सर्वोच्च अदालत, नेपाल

शुभकामना

साहित्य र दर्शन शास्त्रका ज्ञाता डा. वेणीमाधव ढकालज्यू संस्कृत वाङ्मयका सिद्धहस्त प्राध्यापक हुनु भएको कुरा वहाँको अनुभव, लेखन, संपादन, व्यक्तिगत विवरण र कृतिहरुले देखाउँछन् । धार्मिक ग्रन्थहरु श्रृजनाको सन्दर्भमा भने उहाँबाट अनुवादित संस्कृत ग्रन्थ "गणेश पुराण" को नेपाली भाषानुवाद महत्वपूर्ण एवं नेपाली भाषीको लागि उपयोगी ग्रन्थको रुपमा रहेको पाइन्छ ।

त्यस्तै प्रकाशोन्मुख प्रस्तुत ग्रन्थ **"निर्णय सिन्धु"**को नेपाली भाषानुवाद हिन्दु धर्मावलम्बीको लागि उनीहरुको व्यवहारिक जीवनमा अति उपयोगी ग्रन्थ सावित हुनेछ भन्ने मलाई लाग्दछ । किन कि यसमा संस्कृत भाषाको जटिल शब्द विन्यासमा लेखिएको ग्रन्थलाई वोधगम्य रुपमा नेपालीमा भाषानुवाद गरी यथार्थ रुपान्तरण गर्ने प्रयत्न गरिएको छ । संस्कृत भाषासँग अनभिज्ञ जिज्ञासुहरुको जिज्ञासा यसले मेटाई दिनेछ । धर्म र संस्कारका विषयमा के गर्ने, के नगर्ने, के गर्न हुने, के गर्न नहुने भन्ने जस्ता कुराको यकिन शंका-निवारण **"निर्णय सिन्धु"** ले गरिदिने हुनाले यो हिन्दु धर्मावलम्बीका लागि महत्वपूर्ण मार्गदर्शक ग्रन्थका रुपमा मानिएको पाइन्छ । विविध विषयमा आउने विवादहरु र शंका, उपशंकाको सम्बन्धमा शास्त्रीय निर्णय दिने संग्रह हुनाले नै यसलाई **"निर्णय सिन्धु"** भनिएको हुनुपर्छ ।

यस्तो दुरुह, जटिल एवं विशिष्ट ग्रन्थलाई डा.वेणीमाधव ढकालज्यूले लामो भूमिका-भाग लेखेर बढी प्रष्ट्याउने र वोधगम्य बनाई संप्रेषणयुक्त बनाउने प्रयत्न गर्नु भएको छ । यसका लागि वहाँको कृत्य प्रशंसनीय छ । **"निर्णय सिन्धु"** को नेपालीमा रुपान्तरण गरेर नेपाली धार्मिक समाजलाई संस्कारयुक्त बन्नका लागि प्रा. ढकालज्यूले ठूलो गुन लगाउनु भएको छ ।

अन्त्यमा, प्रस्तुत ग्रन्थको प्रकाशनको अवसरमा शुभकामना मन्तव्य लेख्ने आग्रह गर्नु भएकोमा विद्वान लेखकज्यू प्रति आभार व्यक्त गर्दै प्रस्तुत प्रकाशनको सफलताको कामना गर्दछु । अस्तु !

२०६८ आश्विन

खिलराज रेग्मी
प्रधान न्यायाधीश

रामशाहपथ, काठमाडौं, नेपाल, टेलिफोन नं.: ९७७-१-४२६२५४६, फ्याक्स नं.: ९७७-१-४२१६८६४, पोष्ट बक्स नं.: २०४३८,
बालुवाटार (निवास) ९७७-१-४४१०३६२

मेरा यशस्वी सतीर्थ्य प्रा.डा. ढकालजीको सफलताको शुभकामना

- डा. स्वामी प्रपन्नाचार्य

ज्ञानराशि वेद

वेद ज्ञानराशि हो । वेदको मुख्य विषय 'यज्ञ' नै हो । वेदले[१] यज्ञ गर्ने आदेश दिन्छ । त्यसै गरी अलौकिकोपाय[२]का साथ प्रत्यक्ष[३] र अनुमान प्रमाणद्वारा जुन वस्तुलाई जान्न सकिँदैन त्यसलाई वेदले बताउँछ । यज्ञको प्रधानतामा ऋग्वेदको प्रथमाष्टकको प्रथमाध्यायको प्रथम सूक्तको प्रथम सूक्तानुवाक '**अग्निमीडे**'[४]ले यज्ञको थालनीको इतिहास स्पष्टसँग बताएको छ । यस सूक्तानुवाकले यज्ञ नै कर्म हो र यज्ञकर्मको समूहलाई 'कर्मकाण्ड' भनिन्छ भन्ने कुरा बताइएको छ । महामहोपाध्याय शिवदत्त मिश्रले भनेका छन् - '**यानि क्रियमाणानि' - अनुष्ठेयानि कर्माणि, तेषां कर्मणां काण्डः - समूह एव कर्मकाण्डशब्देनोच्यते**' । नित्य-नैमित्तिक गरिने क्रियाकलापलाई नै कर्म भनिन्छ । कर्महरूको काण्ड अर्थात् समूहलाई कर्मकाण्डसंज्ञा दिएर व्यवहारमा कर्मकाण्ड भन्ने गरिएको हो । मानवजीवनमा जुन जुन कर्म गरिन्छ ती ती सबै कर्मकाण्ड सुख[५]का लागि गरिन्छन् । नित्य-नैमित्तिक कर्मानुष्ठानले धर्मको उत्पत्ति हुन्छ । विस्तारै अविद्योच्छेद भएर मुक्ति[६]प्राप्तिसम्म कर्मकाण्डको हात छ भन्ने कुरा आफ्नो रचना नैष्कर्म्यसिद्धिमा सुरेश्वराचार्यले ताल ठोकेर भनेका छन्। त्यसैले '**धर्मानुष्ठानशासनाद्धर्मशास्त्रम्**' अर्थात् '**धर्मे अनुष्ठेयानि यानि कर्माणि सन्ति तेषां समेषां व्यवस्थितरूपेण शासनात् व्यवस्थापनाद् धर्मशास्त्रमित्युच्यते**' भनेर चालीस स्मृतिका व्याख्याकार भट्ट भट्टोत्पलले व्याख्या गरेका छन्। उनको यो व्याख्या हरिपुर हजारास्थित पञ्जाब महाराजा हरिसिंहको राजदरबारको पुस्तकालयमा विद्यमान छ ।

यज्ञहरूको उपक्रम

वेदका ९६ हजार सूक्तानुवाकभित्र यज्ञको प्रचुरमात्रामा उल्लेख गरिएको छ भने तिनको ऋषि-मुनि-महर्षिहरूले विशद चर्चा र परिचर्चा गरेका छन् । ठाउँ-ठाउँमा '**यज्ञो वै श्रेष्ठतमं कर्म**' भनेर उद्घोष गरेको पाइन्छ । यसैले स्पष्टरूपमा बुझिन्छ कि यज्ञ नै प्रधान कर्तव्यकर्म रहेछ । तर यी कर्महरू बहूदक हंस र परमहंसहरूका लागि होइनन् अपितु पूतान्तरात्मशालीन गृहस्थजनका लागि ती कर्म निर्देशित भएका छन् । त्यसैले सबैभन्दा धेरै सूक्तानुवाक (मन्त्र) हरू गृहस्थाश्रमका लागि छुट्याइएका हुन् । ज्ञानकाण्डलाई चारहजारमात्र भाग पऱ्यो । चारै वेदमा सूत्ररूपमा विश्वका

---

१. इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकोपायबोधकत्वे सति शब्दराशित्वं वेदस्य लक्षणम् । - ऋग्वेदभाष्य, भूमिका ।

२. प्रत्यक्षेणानुमित्या वा यस्तूपायो न बुध्यते । एतं बिदन्ति वेदेन तस्माद्वेदस्य वेदता ।। - तैत्तिरीय आरण्यक ।

३. इन्द्रियजन्यत्वे सति लौकिकप्रत्यक्षम् ।

४. अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् । - ऋ. प्र. १, प्र.अ. १ शुं ।

५. सुखार्थाः सर्वभूतानां मताः सर्वाः प्रवृत्तयः । सुखञ्च न विना धर्मात्तस्माद्धर्मपरो भव ।। -सारङ्गधरसंहिता ।

६. नित्यनैमित्तिककर्मानुष्ठानात् धर्मोत्पत्तिः, धर्मोत्पत्तेः पापहानिः, ततश्चित्तशुद्धिः, ततः संसारयाथात्म्यावबोधः, ततो वैराग्यम्, ततो मुमुक्षा, ततस्तदुपायपर्येषणम्, ततः सर्वारम्भसंन्यासः, ततो योगाभ्यासः, ततः चित्तस्य प्रत्यक्प्रणवता, ततः तत्त्वमस्यादिवाक्यार्थपरिज्ञानम्, ततोऽविद्योच्छेदः, ततो मुक्तिः । - नैष्कर्म्यसिद्धौ सुरेश्वराचार्यः ।

ज्ञानविज्ञानहरूको उल्लेख भएको छ भने प्रधानरूपमा वेदहरूले 'यज्ञ' को प्रतिपादन गरेका छन् । यज्ञ नै धर्मको मूल स्वरूप हो । **'यज्ञो वै श्रेष्ठतमं कर्म'** ले यज्ञ नै कर्म हो भन्छ भने कर्म गर्नु नै धर्म हो । तर कर्म पनि दुई प्रकारका हुन्छन्- एउटा शुभकर्म अर्को अशुभकर्म । शुभकर्म विहित धर्म हो, अशुभ कर्मको फल प्रायश्चित्त गर्नु हो । त्यसैका लागि कानुन चाहियो । त्यसैका लागि धर्मशास्त्र चाहियो । आजको परिभाषामा संविधान, ऐन, कानुन आदि भनिने विषय त्यो युगको धर्मशास्त्र थियो । त्यस युगका कानुनज्ञाता संविधाननिर्माता मनु, भृगु, याज्ञवक्ल्य आदि थिए । तिनै विधिवेत्ताहरूले लेखिदिएका स्मृतिशास्त्रहरूलाई आज पनि हामी श्रद्धाले पढ्दछौं ।

यज्ञका स्वरूप दुई प्रकारका हुन्छन्, जुन पाकयज्ञ तथा हविर्यज्ञको नामले प्रसिद्ध छ र यिनैको नाम श्रौतयज्ञ र स्मार्तयज्ञ पनि हो । श्रुतिप्रतिपादित शुद्ध श्रौत यज्ञ हो भने स्मार्तयज्ञ कर्मकाण्ड स्मृतिप्रधान भएकै कारणले पाकयज्ञलाई स्मृतियज्ञ भनेको हो । पाकयज्ञ सम्बन्धित यावत् क्रियाकलाप निर्णयसिन्धुभित्र गागरमा सागरजस्तै राखिएका छन् । यसमा सन्देह छैन ।

पुराणन्यायमीमांसा धर्मशास्त्राङ्गमिश्रिताः । वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ।।

शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष, व्याकरण यी छवटा वेदका अङ्ग हुन् । यिनमा व्याकरण भगवान् वेदराशिको पनि मुख हो । त्यसैले **'मुखं व्याकरणं प्रोक्तम्'** भनेको हो । तर धर्मलाई जान्नका लागि छवटा अङ्गले मात्रै पुग्दैन चतुर्दशपुराण, न्याय, मीमांसा, धर्मशास्त्रलाई गणना गर्दा छ भयो । त्यसमाथि विद्यामा चार थप्दा दश भयो र यी सबैको मूल ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद यी चारले गर्दा चतुर्दशविद्याले धर्मको निगुणार्थ जान्न सकिन्छ भनेर सनातन वैदिक हिन्दु धर्मका ऋषि, श्रुतर्षि, काण्डर्षि, देवर्षि, महर्षिहरूले निर्देशन गर्दै आएका छन् । यी ऋषि-मुनि-महर्षि आदि पछिका शास्त्रमर्मज्ञ लोकोत्तरवैदुष्यग्रावानिकषविचक्षण धीवरहरूले शास्त्रार्थपरम्परालाई अक्षुण्णता दिँदै आएका छन् ।

तर ती वेदमूलक चतुर्दश विद्याका अनेक शाखा, उपशाखा हुँदै गएका छन् । परन्तु, मूल वेदमा एकलाख सूक्तानुवाक छन् । सूक्तानुवाक ऋक्परम्परा हो भने यजुःपरम्परामा कण्डिका भनिन्छ । सामगानमा सूक्तानुवाक ाई साम विशेषज्ञहरूले आर्चिक भनेर प्रयोग गर्ने गरेका छन् । यसै सूक्तानुवाकलाई आथर्वणिकपरम्पराका विशेषज्ञहरू 'मन्त्र' भन्ने गर्दछन् । तर उक्त परम्परा हराएर अथवा रागद्वेषका कारणले लुप्त भएर गएपछि हिजो-आज भुञ्जिसर्घाहरूले एक पारेर सबै वेदका सूक्तानुवाक, कण्डिका, आर्चिक सबैलाई मन्त्र भन्ने गरेका छन् । जब कि वैदिक परम्पराअनुसार विद्वान्हरूले आचरणमा ल्याउनुपर्ने हो । परन्तु दुर्भाग्ले त्यो संस्कारै लुप्तप्रायः भएको देखिन्छ ।

यहाँ कमलाकरनिर्मित **निर्णयसिन्धु**को मूल आधार पनि वेद नै हो भन्न खोजेको मात्र हो । साथै एकलाख सूक्तानुवाकहरूमा असी हजार सूक्तानुवाक कर्मकाण्डमा प्रयोग गरिन्छ भने सोह्र हजार सूक्तानुवाक उपासनाकाण्डमा प्रयोग गरिन्छ । ज्ञानकाण्डको नाम दर्शन हो । ज्ञानकाण्डको दुनियाँ अर्कै छ ।

कर्मकाण्डको महत्त्व

कमलाकरको निर्णयसिन्धुको विषय ९६ हजार सूक्तानुवाकभित्र पर्दछ । किनभने व्रतादि उपासना हो । तज्जन्य क्रियाकलाप कर्म हो । कर्म समूहलाई 'कर्मकाण्ड' भनिन्छ ।

सप्त ते अग्ने समिधः सप्तजिह्वाः सप्तर्षयः । सप्त धाम प्रियाणि । सप्त होत्राः सप्तधा त्वा यजन्ति ।। सप्त योनीरापृणस्वाघृतेन स्वाहा ।। - शु.य.मा. १७/७९

सप्तज्वाला हुन्छन् । ज्वालाहरूमा आज्य-पुरोडाशसमर्पण गरी स्वाहाकार गर्ने सप्त ऋषिगण हुन्छन् । त्यसमा सप्त गायत्री आदि छन्दहरूले मन्त्रको उच्चारण गरेर सप्त होताहरूले सप्त प्रकारले यजन गर्छन् । त्यसो भएको हुनाले- 'हे अग्निदेव ! अग्न्यभिमानी परात्पर परब्रह्म परमेश्वर ! तपाईं सातवटा कारणबाट प्रकट हुने सप्तयोनि हुनुहुन्छ । घृतपूर्ण

पुरोडाशले स्वाहाशब्दले समर्पण गरेको हविष्यलाई ग्रहण गर्नुहोस् । हे सप्तयोनि ! तृप्त हुनुहोस् । यजमानलाई पूर्ण आशीर्वाद दिनुहोस्' यसरी सातै जना होताहरूले यज्ञको पूर्णाहुतिका दिन गरिने मन्त्रोच्चारणको सामान्य अर्थ यही हो । अब विशेषार्थतिर पनि विचार गर्नु उत्तिकै अनिवार्य र आवश्यक छ ।

हे अग्ने ! – हे अग्निदेव ! ते – तपाईंका, सप्त समिधाः – सात प्रकारका समिधाहरू छन् । श्रुतिप्रतिपादित '**प्राणा वै समिधः**' को आधारमा सप्तप्राणहरू नै समिधा हुन् । ती सात प्राण यी हुन् – प्राण, अपान, उदान, समान, व्यान, अल्पप्राण, महाप्राण । यी सात प्राण्हरू नै अग्नि–अभिमानी परमात्माका सप्त समिधान हुन् यी समिधान प्रज्वलनका लागि आहवनीय, गार्हपत्य, दक्षिणाग्नि, सभ्य, आवसथ्य, प्राजापत्य, आग्नीध्रीय यी सात अग्नि तयार भए । अग्निमा समिधा अर्पण गरेपछि काली, कराली, मनोजवा, विलोहिता, सुधूम्रवर्णा, स्फुलिङ्गिनी, विश्वरूपा यी सात जिह्वाबाट प्रकट भएर तनूनपात् आदि नामबाट चिनिने अग्निदेवताले ती जिह्वाहरूको माध्यमबाट तत्तद्देवताका निमित्त उद्दिष्ट गरिएको हविष्य प्राप्त गराउँछन् । तर विना सूक्तानुवाक, कण्डिका वा मन्त्रोच्चारण यज्ञानुष्ठान सम्भव हुँदैन । त्यसैले मूल कण्डिकामै **सप्तर्षयः** भनेको हो । ती सप्तर्षिहरूले साक्षात्कारसूक्त, सूक्तानुवाक, कण्डिका र मन्त्रहरूले तत्तत् देवताहरूलाई आह्वान गरेर गरिने देवतोद्देशेन द्रव्यत्यागलाई नै याग वा यज्ञ भन्ने गरिन्छ । यही धर्मको मूलस्वरूप हो । यहींबाट कर्मकाण्डको उद्भव भयो । त्यसै प्रकारले समग्र कर्मकाण्डको नियमनार्थ धर्मशास्त्रहरूको आविर्भाव भयो । परन्तु त्यो नियम अनुशासन [illegible]ले गर्ने त ? धर्मशास्त्र त संविधान कानुनमात्र हो । त्यो नियम कानुन संविधान लागु गर्ने प्रयोग गर्ने को त ? त्यसका लागि **सप्ताग्निचित्** होता भनी मूलकण्डिकामा उल्लेख भएको छ । होता, प्रशास्ता, ब्राह्मणच्छंसी, पोता, नेष्टा, आनीध्र, अच्छावाक् सात होता हुन् ।

यस प्रकार होताहरूले सातै प्रकारका इष्टिका अर्थात् इँटाहरूले यज्ञशालामा मण्डप, अग्निचयन स्थानहरू तयार गरेर यज्ञारम्भ गर्छन् । त्यसैले श्रुतिमा '**यज्ञो वै स्वाहाकारः**' भनिएको छ । यसैगरी अग्निलाई पनि **सप्तचितिः** भनिएको छ । अत एव '**सप्तायोन्या घृतेन आपृणस्व**' सातवटा कारणले उत्पन्न हुने सातैवटा कारणले अवस्थित हुने सप्तकारणवाला अग्निदेव अभिमानी अग्निस्वरूप परमात्मन् '**आघृतेन पृणस्व**' यो घृतले परिपूर्ण यज्ञबाट तृप्त हुनुहोस् भनेर पूर्णाहुतिका दिन सात होताहरूले यसै कण्डिकाद्वारा प्रार्थना गर्छन् ।

परन्तु जुन प्रतिज्ञाका साथ सनातन वैदिकधर्ममा यज्ञ गरिन्छ त्यो यज्ञ पाकयज्ञ र हविर्यज्ञ भेदले दुई प्रकारको हुन्छ। यसैको अर्को नाम श्रौतयज्ञ र स्मार्तयज्ञ हो । पाकयज्ञ र स्मार्तयज्ञ एउटै हो । यसैगरी हविर्यज्ञ र श्रौतयज्ञ पनि पर्यायवाची शब्द मात्र हो । कमलाकर भट्टले स्मार्त पाकयज्ञको प्राधान्येन अवलम्बन गरेर निर्णयसिन्धु ग्रन्थ सङ्कलन गरेको देखिन्छ । श्रौतयज्ञ गौण देखिन्छ । निर्णयसिन्धुको आफ्नै महत्त्व छ र आफ्नै गौरवगाथा छ । प्रसङ्गानुसार सङ्क्षेपमा २१ यज्ञको सानो चिनारी पाठकवृन्दहरूलाई दिने समर्पिका बुद्धि भयो ।

यहाँ भन्नुपर्दा प्राचीन वैदिक सनातन धर्ममा २१ प्रकारका यज्ञ प्रचलित थिए । जसमा हविर्यज्ञहरू श्रौतयज्ञका नामबाट प्रसिद्ध थिए । यसै श्रौतयज्ञको दुई भाग भए जसको नाम हविर्यज्ञसंस्थान हो त्यो सोमसंस्थान भयो । जसमा १. अग्निहोत्र, २. दर्शपूर्णमास, ३. आग्रयण, ४. चातुर्मास्य, ५. निरूढपशुबन्ध, ६. सौत्रामणि, ७. पितृमेध, यी सात हविर्यज्ञसंस्थानको प्राथमिकता थियो र विशेष पर्वहरूमा सोमस्थानको अर्चना गर्ने काम हुन्थ्यो। जस्तै – १. अग्निष्टोम, २. अत्यग्निष्टोम, ३. उक्थ, ४. षोडशी, ५. अतिरात्र, ६. वाजपेय, ७. आप्तोर्याम । यी सात सोमसंस्थाको त्यसबेला जोडदार प्रचलन थियो । तर विस्तारै हविर्यज्ञ र सोमयाग दुवै कटु आलोचना र प्रत्यालोचनाको धुइरोमा काल्हामुनि र काल्हामाथि हुन पुगे । भुजिसर्घा एकै भयो । यसको लामो र गहिरो इतिहास छ, जो वैदिकवाङ्मय समूहमा डुबुल्की

मार्दा स्पष्ट हुन्छ । चार्वाकदेखि जैन र बौद्धकालिक ऐतिहासिक कालखण्डको दर्शनमात्रले पनि पर्याप्त जानकारी हुनेछ।

ती यज्ञको विकल्पमा पाकसंस्थान अर्थात् स्मार्त यज्ञानुष्ठान आरम्भ भयो र तिनमा अत्यावश्यक १ औपासन, २. वैश्वदेव, ३. पार्वण, ४. अष्टका, ५. श्राद्ध, ६. सर्पबलि, ७. ईशानबलि यी सात स्मार्तयज्ञको आविर्भाव भयो । यसरी जम्मा २१ यज्ञरूले सुशोभित सनातन वैदिक हिन्दुधर्ममा 'चरुयज्ञ' यदाकदा र श्राद्ध यदाकदा देख्न पाइन्छ। यी दुई बाहेक श्रौतयज्ञको प्रचलन त दक्षिणभारतमा कतै देख्न पाइन्छ । स्मार्तयज्ञको चरुहोम यज्ञ र पितृपक्ष श्राद्धबाहेक सबै लोप भइसकेका छन् । अरू जातिलाई त के भनौं, ब्राह्मणहरूमा पनि खास एक दुई जनालाई बाहेक श्रौतयज्ञ र स्मार्तयज्ञ भन्ने कुरा थाहा छैन । मीमांसासमूहमा डुबुल्की लगाएर धर्मशास्त्रहरूका आचार-विचारअनुसार आचरण गर्ने गराउने उद्देश्यले लोकोत्तरवैदुष्यग्रावानिकषायित कमलाकर भट्ट आफ्नो अमर रचना निर्णयसिन्धु लिएर मैदानमा उत्रेका थिए ।

धर्मशास्त्र भनेको गफ होइन

धर्मशास्त्र वा स्मृतिग्रन्थहरू भनेको गफ होइन । त्यसबेलाको संविधान हो । यो त्यस युगको कानुन हो । यो त्यसबेलाको राष्ट्र र समाजलाई सञ्चालन गर्ने सशक्त कानुन व्यवस्था हो । जसले राष्ट्रिय प्रजालाई नियमबद्ध रीतिले चलाएर आचार-विचार-धर्म-संस्कृतिको संरक्षण र संवर्धन गर्थे । त्यसभित्र मनु, भृगु, याज्ञवल्क्य, नारद आदि ६५ स्मृतिमध्ये ४० स्मृति प्रकाशित छन् र प्रचलित पनि छन् ।

आवश्यक बुझ्नुपर्ने कुरा के हो भने कुनै पनि नयाँ कानुन संविधान बनाउँदा पुरानै आधारशिला हुन्छ । यहाँ वर्तमान युगका नेपाल, भारतमात्र होइन अपितु विश्वभरिका कानुन-नियम विधानहरू स्मृति, धर्मशास्त्रका वाक्यहरूबाट अलग छैनन् । भलै भाषा, शैली, भङ्गी आदि अलग हुनसक्छन् । तर पूर्वाधारहरूलाई छोडेर निराधार कानुन नियम संविधान बन्न सक्दैन, बनेको पनि छैन ।[७] यस बारेमा पाश्चात्य संस्कृतज्ञहरूले गरेका अध्ययन अनुसन्धेय र अनुकरणीय हुनसक्छन् । यस कुरालाई सर्वथा असत्य मान्न सकिँदैन ।

निर्णयसिन्धु आफ्नो समयको कानुन हो

सर्वतन्त्र स्वतन्त्र कमलाकरभट्ट-पारिकर्मिक निर्णयसिन्धु केवल 'धर्म'को होइन अपितु समस्त राष्ट्रका सामाजिक, धार्मिक, सांस्कृतिक, संवैधानिकपक्षको नियम थियो । जसका आधारमा राष्ट्र चल्थ्यो । यसमा के प्रमाण छ त ? प्रश्न हुनसक्छ । त्यसको सहज उत्तर यही हो कि त्यसबेला स्मृति धर्मशास्त्रबाहेक राष्ट्र सञ्चालन गर्ने अर्को कुनै कानुन-विधान देखापरेको छैन । यसैको यही अर्थ हो कि तात्कालिक राष्ट्रसञ्चालनका कानुन यिनै स्मृति र धर्मशास्त्र थिए । अत एव यिनको विकल्पमा अर्को कानुन देखिएन । त्यसैले निर्णयसिन्धु त्यसबेलाको कानुन संविधान हो भन्दा आश्चर्य मान्नुपर्दैन, शुक्रनीति, विदुरनीति आदि समस्त नीतिहरू स्मृतिधर्मशास्त्रअन्तर्गत अन्तर्भूत छन् ।

ग्रन्थको मङ्गलाचरणमा नै **वेदार्थधर्मरक्षायै** भनी प्रयोग गरिएको शब्दराशिले बुझिन्छ कि वैदिक सनातन धर्मरक्षाका लागि निर्णयसिन्धुनामक धर्मशास्त्रग्रन्थको रचना गरिएको रहेछ । मीमांसातर्कसाम्राज्यधुरन्धर कुमारिल भट्टपाद मीमांसाको प्रयोजन बताउँदै भन्दछन्- **'धर्माख्यं विषयं वक्तुं मीमांसायाः प्रयोजनम्'** अर्थात् धर्म र धर्मशास्त्रको विषयमा व्याख्या गर्नु नै मीमांसाशास्त्रको प्रमुख प्रयोजन हो भन्नु हुन्छ । शास्त्र के वस्तु हो ? कुन चरोको नाम हो ? भनेर कुतर्क गर्नेहरूलाई श्लोकवार्तिक ग्रन्थमा स्पष्ट भन्दछन् -

प्रवृत्तिर्वा निवृत्तिर्वा नित्येन कृतकेन वा । पुंसां येनोपदिश्येत तच्छास्त्रं परिकीर्तितम् ।। - श्लोकवार्तिक ।

७. पावेल केम्पवेलको **'स्मृति सन्दर्भ'** भूमिका द्रष्टव्य ।

इष्टवस्तुमा प्रवृत्ति र अनिष्टबाट निवृत्ति हुनु स्वभावसिद्ध कुरा हो । त्यसैलाई अर्को शब्दाबलीमा '**इष्टस्य प्राप्तिः**' अर्थात् इष्टवस्तुलाई प्राप्त गर्ने सबैको इच्छा हुन्छ भने '**अनिष्टस्य निवृत्तिः**' अनिष्टवस्तुबाट निवृत्त हुनु स्वभावसिद्ध कुरा हो । नित्य वेदराशिले बताएको कृतक अर्थात् कार्यरूप यी सबै जीवनसम्बन्धित क्रियाकलापलाई जुन पुरुषको लागि बताएको हुन्छ त्यही शास्त्र हो । त्यसैले '**हितशासनाच्छास्त्रम्**' भनेको हो, जसले हित गर्छ त्यसैको नाम शास्त्र हो । गीतामा पनि भनिएको छ– **तस्माच्छास्त्रं प्रमाणन्ते कार्याकार्यव्यवस्थितौ** – हे अर्जुन ! सुन, यो गर्ने र यो न गर्ने आदि व्यवस्थाहरूमा शास्त्र नै प्रमाण हुन्छ । यसका लागि देश, काल, पात्र, परिस्थिति यी चारवटालाई ध्यानमा राख्नु पर्ने हुन्छ। यस विषयमा कमलाकरभट्ट प्रसुप्त छैनन् अपितु सजग– जागरित अवस्थाका देखिन्छन् ।

निर्णयसिन्धुको विषयवस्तु

जुन देशमा, जुन पात्रले जस्तासुकै परिस्थितिमा नित्य नितान्त निर्मल स्वान्तले कर्मक्रियाकलाप गर्नुपरे पनि सबैभन्दा पहिले कुनै न कुनै कालविशेषमा गर्नुपर्ने भएको हुनाले '**निर्णयसिन्धु**' ग्रन्थमा प्रथम स्थान कालको छ । किनभने काल नै सबैको कारण रहेछ भन्ने कुरा **श्वेताश्वेतरोपनिषद्**को तेस्रो मन्त्रले स्पष्ट पारेको छ – '**यः कारणानि निखिलानि तानि कालात्मयुक्तानि अधितिष्ठति एकः**' अर्थात् सम्पूर्ण जगत्को कारण कालमात्र अन्तमा बाँकी रहन्छ, अरू कुनै रहँदैन । त्यो एउटै काल भूत, भविष्यत्, ईश्वर, ब्रह्म आदि शब्दहरूले व्यवहृत हुने गर्दछ ।

दर्शावधि मासमुशन्ति चान्द्रं सौरं तथा भास्करराशिभोगात् ।
त्रिंशद्दिनं सावनमाहुरार्या नाक्षत्रमिन्दोर्भगणाश्रयत्वात् ।।

उपर्युक्त श्लोकका आधारमा कमलाकर भट्टले ग्रन्थको प्रारम्भमा नै प्रतिज्ञावचनका साथ कालका छ भेद व्यावहारिक पक्षबाट गरेका छन् । अब्द, अयन, ऋतु, मास, पक्ष, दिवसका भेदले **कालः षोढा** भनेर लेखे । यसै कालभित्र जन्म, मरण आदि समस्त क्रियाकलाप मानवले गर्नुपर्ने भएको हुनाले कालभित्र पर्ने प्रकल्प, विकल्प, अनुकल्प आदि सबैको ऊहापोह कमलाकर भट्टले प्रथम परिच्छेदभित्र सङ्क्षेपतः निर्णय गरिदिएका छन् । उनीभन्दा पूर्व र समकालिक तात्कालिक विद्वान्हरूको मान्यता, मत मतान्तर सबैको नामोल्लेखपूर्वक ग्राह्य र मान्यलाई स्वीकार, अमान्यहरूलाई **इति तु चिन्त्यम्** भनी मीठो शब्दबाणले हानेको पनि पाइन्छ । यसभित्र व्रतपरिभाषा, व्रतारम्भ उपशीर्षकहरू आज पनि पठनीय, सान्दर्भिक र मननयोग्य छन् ।

अग्ने ! व्रतपते ! व्रतं चरिष्यामि तच्छकेयं तन्मे राध्यताम् । इदमहमनृतात्सत्यमुपैमि । – शु. वा.मा. १/५

– वेद भगवान् भन्नुहुन्छ – 'हे व्रतका स्वामिन् ! अग्न्यभिमानी देव '**अहं**' म '**अनृतात्**' असत्यबाट '**सत्यमुपैमि**' सत्यस्वरूप लक्ष्य प्राप्त गर्न सकुँ त्यसैको लागि '**व्रतं चरिष्यामि**' व्रत गर्ने छु, मलाई व्रतमा सफल हुने शक्ति दिनुहोस्, मेरो व्रत सिद्ध होस् ।' व्रतको बारेमा वेदभगवान् भन्नुहुन्छ –

व्रतेन दीक्षामाप्नोति दीक्षयाप्नोति दक्षिणाम्। दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते।। – शु.वा.मा. १९/३०

– 'व्रतले दीक्षा प्राप्त हुन्छ । दीक्षाले दक्षिणा अर्थात् कुनै पनि कार्यमा कुशल वा दक्ष बनाउँछ । त्यो कार्यकुशलताले श्रद्धा उत्पादन गराउँछ । त्यो श्रद्धाले सत्य प्राप्त गराउँछ ।' त्यसैले व्रत भनेको अध्ययनको पहिलो खुड्किलो हो । यही कुरा ध्यानमा राखेर कालखण्डकै भित्र व्रतहरूको निरूपणको क्रममा समुद्रस्नानसम्म विषयहरूको प्रथम परिच्छेद निर्णय गरेको देखिन्छ ।

द्वितीय परिच्छेद पनि विषयका दृष्टिले विशाल आकारको परिच्छेदभन्दा अत्युक्ति नहोला । प्रारम्भमा नै संवत्सर, तिथिकृत्य, व्रतादि निर्णयका साथ विवाह आदिमा सौरमास ग्राह्य मानेर '**तिथिर्वारश्च नक्षत्रं योगः करणमेव च**'का

नियमले प्रथम द्वितीय परिच्छेदमा **तिथिनिर्णयम्**लाई नै पहिलो विषय कमलाकर भट्टले बनाएका छन् । यी सबै कृत्य कालभित्र पर्ने हुनाले यावत्संवत्सरकृत्यहरूको निरूपण द्वितीय परिच्छेदभित्र कमलाकरभट्टले आफ्नो अलौकिक पाण्डित्यग्रावानिकषनिकषायित बनाई प्रस्तुत गरेका छन् । द्वितीय परिच्छेदमा तिथिकृत्यनिरूपण गरिसकेपछि अब '**धन्यो गृहस्थाश्रमः**' अर्थात् गृहस्थाश्रम धन्य बनाउनका लागि तृतीय परिच्छेदमा प्रथमतः गर्भाधानसंस्कार निर्णय गरिने भनेर कमलाकर भट्ट प्रतिज्ञा गर्छन् । त्यसमा पुंसवन सीमन्तोन्नयन, जातकर्म, नामकर्म, कर्णवेध, निष्क्रमण, अन्नप्राशन, विद्यारम्भ, उपनयन, षोडश संस्कारका साथ वधूप्रवेशान्त विषयहरूको कमलाकरले समायोजन गरेका छन् ।

चतुर्थ परिच्छेदमा '**जातस्य हि ध्रुवो मृत्युः**' यस गीतावचनको नियमले मान्छे मरेपछि श्राद्धकर्म गर्नैपर्ने हुन्छ । अत एव कमलाकर भट्ट सतर्क भएर चतुर्थ परिच्छेदको प्रारम्भमा नै **अथ श्राद्धनिर्णयः** अब सोहश्राद्धको निर्णय गर्नेछु भनी प्रतिज्ञावचन प्रस्तुत गर्दछन् । श्राद्धनिर्णयका साथ श्राद्ध गर्ने देश, काल, पात्र, परिस्थिति आदिका निर्देशन निर्णय गर्दै गर्नुपर्ने श्राद्धकर्ममा कुरुक्षेत्र, गया, गङ्गा, सरस्वतीहरूका पावनपुलिनहरूमा तथा प्रभासक्षेत्र पुष्करक्षेत्रहरूमा श्राद्ध गर्नु महत्पुण्य हो भनिएको छ । परन्तु '**तीर्थादष्टगुणं पुण्यं स्वगृहे ददतः शुभम्**' तीर्थहरूमा भन्दा आफ्नै घरमा श्राद्ध गरेर पितृहरूलाई अर्पण गर्नु आठ गुणा पुण्य हुन्छ भनेर कमलाकरले आफ्नै देश, आफ्नै तीर्थहरूको महत्त्व बढाएका छन् ।

श्राद्धका कालनिर्णय, श्राद्धका अधिकारीको निर्णय, पितृहरूमा व्यापक विचार तथा निर्णय, श्राद्धकर्ता र भोक्ताका नियम-निर्णय, श्राद्ध हविष्य पाक गर्ने पात्र, पाक गर्ने अग्नि, श्राद्धको परिभाषा, पिण्डदान, पिण्डको प्रमाण, नित्यश्राद्ध, नैमित्तिकश्राद्ध, विविध विषयहरूमा व्यापक अनुसन्धानात्मक विचार प्रस्तुतिको बाबजुद पनि अन्वारोहण निर्णय भने निषिद्ध भएन । त्यस कालको संविधान यस कालमा संविधान नभएजस्तै भयो । तर यो भट्ट कमलाकरको गल्ती मानिँदैन। योभन्दा पूर्ववर्ती आचार्यहरूमा जान्छ । यसरी कमलाकरभट्टले आफ्नो रचना 'निर्णयसिन्धु'को चतुर्थ परिच्छेद तीर्थश्राद्धविधिमा समाप्त गरेको देखिन्छ ।

निर्णयसिन्धुको पञ्चम परिच्छेद केवल आशौच विषयमा उपसंहार भएको छ । आफै भट्ट कमलाकरले '**अथ आशौचप्रकरणम्**' भनेर लेखेका छन् । शुचिशब्दबाट शौच शब्द बनेको हो । यसको अर्थ शुद्धीकरण अथवा पवित्र-शुद्ध आदि हुन्छ । कालबाहिर कोही र केही हुन सक्दैन । चराचर विश्व कालभित्रै छ । त्यसैले कालभित्र परेका जन्मदेखि मरणपर्यन्त सृष्टिदेखि लयपर्यन्त चेतना भएका मानवजातिमात्रले आशौच बार्नुपर्ने हुन्छ। केवल हिन्दुहरूको मात्र होइन विश्वमानवको आशौच हुन्छ र आशौच बारेको कलमीले देखेको र अनुभव पनि गरेको छ ।

यो अवश्य हो कि हिन्दुहरू जस्तै चाहिँ होइन । जैन, बौद्ध, सिख, पारसी, हिब्रु, क्रिश्चियन, मुसलमान आदि सबैले आ-आफ्ना ढंग र मान्यता तथा आ-आफ्ना धर्मग्रन्थहरूको मान्यताअनुसार आशौच नमानी नगरी धरै पाइँदैन । अरू त के कुरा ? यस्तै वैदिक सनातन हिन्दुधर्ममा आशौचको वैज्ञानिक महत्त्व देखाउन कमलाकरभट्टले आफ्नो ग्रन्थ **निर्णयसिन्धु**को पञ्चम परिच्छेद पुराका पुरा आशौचकै ऊहापोह, गवेषणा र अनुसन्धानमा लगाएका छन् । मृताशौच, जात्याशौच, पिण्डदान, शुद्धीकरणको निरूपण गर्ने क्रममा गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ र अन्तिम आश्रमका संन्यासीहरूको पनि आशौचबारे निरूपण गरिएको छ । निर्णयसिन्धुको पञ्चम परिच्छेदमा संन्यासीहरूमा पनि कुटीचक, बहूदक, हंस र परमहंससम्मको विचार कमलाकरभट्टले गरेका छन् । कमलाकर भट्टले प्रथम परिच्छेदमा कालबाट उपक्रम गरी पञ्चम परिच्छेदमा यतिहरूको धर्म, भिक्षाटनविधि, यतिहरूको संस्कार, त्रिदण्डधारण गरेको इतिवृत्त बताएर ग्रन्थको उपसंहार गरेका छन् । यो कमलाकर भट्टको लोकोत्तरवैदुष्यग्रावानिकष ग्रन्थ हो भन्दा अतिशयोक्ति नहोला भन्ने ठानेको छु ।

कमलाकर भट्टभन्दा पूर्ववर्ती भट्ट विद्वान्हरू

वस्तुस्थितिमाथि विचार गर्दा 'भट्ट' शब्द आजको थर होइन । भट्टजाति पनि होइन । **भट परिभाषणे** धातुबाट निष्पन्न शब्द हो । जसका अर्थ शास्त्रार्थकुशल, वाक्योद्धा, योद्धा, युद्धकुशल आदि अर्थ हुन्छन् । यसरी अनुसन्धान, गवेषण, पर्यवेक्षण गरेर हेर्दा भट्टहरूको विद्वत्परम्परा लोकोत्तर रहेको इतिहास भुञिसर्घामा घामजत्तिकै टड्कारो छ । यसमा सन्देहको लवलेशमात्र पनि छैन ।

यहाँ भट्टपरम्परामा प्रथम आर्यभट्ट देखिन्छन् । प्रथम आर्य भट्ट ईसापूर्व १५०० मानिएका छन् भने द्वितीय आर्यभट्ट ९५० तिरका हुन् भन्ने कुरा इतिहासकारहरूले भनेका छन् । यसरी लहरै लहरे पाराले लहरिँदै जाँदा ई.सं. १०५० का श्रीपतिभट्ट उल्लेखनीय व्यक्तित्व मानिन्छन् र हो पनि । तर उनीहरूको ग्रन्थहरूको चर्चा-विचर्चा यस लेखमा सम्भव भएन । यसरी नै उद्भट भट्ट र अर्का रुय्यक भट्ट वि.सं. सातौं-आठौं शताब्दीमा जीवित थिए । यस परम्परामा जैयट, कैयट, अल्लट, भल्लट, कल्लट, रुद्रट, मम्मट यी अद्वितीयपाण्डित्यग्रावानिकषायित थिए भन्दा अत्युक्ति नहोला ।

ई.सं. ११ शताब्दीका व्यक्तिविवेककार महिमभट्टका पिता नेमिकुमारभट्ट, केदारभट्ट र १२ औं शताब्दीका वाग्भट्ट तथा ई.सं. १४ शताब्दीका द्वितीय वाग्भट्ट आदि विविध विषयका बेजोड विद्वान् थिए । कल्लटका छोरा मुकुलभट्ट र भट्टनायक ई.सं. ९५७ ताका आ-आफ्ना क्षेत्रका उद्भट भट्ट थिए ।

वि.सं. १७ र १८ औं शताब्दीमा लक्ष्मीधर भट्टका यशस्वी पुत्र भट्टोजिदीक्षित प्रख्यात वैयाकरण थिए । कौण्डभट्ट ई. १५७५, नागोजिभट्ट ई. १५८०, भट्टनारायण ई. १६४० को लोकोत्तर वैदुष्य प्रसिद्ध छ । त्यसपछि ई. १६७५ देखि १७४५ नागेश भट्टको व्याकरणदर्शन आदि विषयमा अद्वितीय पाण्डित्यपताका फैलियो । वि.सं. आठौं शताब्दीका मीमांसासाम्राज्यधुरन्धर कुमारिलभट्टपछि मीमांसाक्षेत्रमा एउटै विद्वान् गागाभट्ट देखापरेका छन् । मनुस्मृतिका टीकाकार कुलुकभट्टको टीका प्रामाणिक र प्रसिद्ध छ । यसैगरी सातौं-आठौं शताब्दीका आयुर्वेद विषयका विशिष्ट विद्वान् वाग्भट र अलङ्कारशास्त्रका विशिष्ट विद्वान् वाग्भटले आ-आफ्नो भिन्दाभिन्दै कीर्तिपताका फैलाएका थिए । शुक्लयजुर्वेद वाजसनेयीसंहिता माध्यन्दिनशाखाका उब्बटभट्टले भाष्य लेखिसकेका छन् । यो उब्बटभाष्य प्रसिद्ध छ । विशेष द्रष्टव्य तत्त्वदर्शन[८]मा छ ।

यहाँसम्म भट्टविद्वत्परम्पराको भूमिका बाँध्नुको अर्थ निर्णयसिन्धुका रचनाकार कमलाकरभट्ट महामहिम भट्टविद्वत्परम्पराका हुन् भन्नु हो । कमलाकरभट्ट स्वयं आफ्नो वंशपरम्पराअन्तर्गतको विद्वत्परम्पराबारे लेख्दछन् –

यो भाट्टतन्त्रगहनार्णवकर्णधारः शास्त्रान्तरेषु निखिलेष्वपि मर्मभेत्ता ।
योऽत्र श्रमः किल कृतः कमलाकरेण प्रीतोऽमुनास्तु सुकृती बुधरामकृष्णः ।।
श्रीभट्टरामेश्वरसूरिसुनुश्रीभट्टनारायणसूरिसूनोः ।
श्रीरामकृष्णस्य सुतः कृतीमं व्यधान्निबन्धं कमलाकराख्यः ।।

कमलाकरभट्टका प्रपितामह रामेश्वरभट्ट स्वयं विद्वान् थिए भन्ने पितामह नारायणभट्टसूरि अत्यन्त ठूला विद्वान् थिए भन्ने इतिहास बुझिन्छ । किनभने दुवै पितापुत्रको नाममा सूरिपद जोडिएको छ । यो सूरिपद स्वाङ भर्नलाई जोडेका होइनन् । आफ्नै पितृचरण बुध रामकृष्ण भट्टका बारेमा त अत्यन्त गहन भाट्टतन्त्र समुद्रका कर्णधार भन्ने ठूलो विशेषणले विशेषित गरे विभूषित गरेका छन् ।

---

८. तत्त्वदर्शन, पृ. २९ देखि ३८ सम्म द्रष्टव्य छ ।

तर यतिमात्र होइन । कमलाकरले आफ्नो पितालाई उपर्युक्त विशेषणले सन्तोष नमानेर आफ्नो मनःकामना पूरा गर्नलाई **'निखिलेषु शास्त्रान्तरेष्वपि मर्मभेत्ता'** अर्थात् सम्पूर्ण अरू शास्त्रहरूको मर्मस्थल बुझ्न सक्ने सर्वतन्त्रस्वतन्त्र विद्वान् सिद्ध गरेका छन् । साथै भट्टपरम्पराअन्तर्गतको विद्वत्परम्पराको अनुसन्धानात्मक अध्ययन गर्दा कमलाकरभट्टले पितृचरणका बारेमा उपर्युक्त विशेषण दिनु स्वाभाविक र स्वाधिकारसिद्ध कुरा हो भन्दा अत्युक्ति हुने ठाउँ छैन ।

स्वयं कमलाकरभट्टको विद्वत्ताबारे एउटै निर्णयसिन्धु पर्याप्त छ । भन्नु र लेख्नुपर्दा ग्रन्थको नाम निर्णयसिन्धुमात्र होइन अपितु यसको नाम **'विद्वद्ग्रावानिकषसिन्धुः'** भने फरक नपर्ला । उनीले आफ्नै लेखनीले लेखेका छन् **'योऽत्र श्रमः किल कृतः कमलाकरेण प्रीतोऽमुनास्तु सुकृती बुधरामकृष्णः'** अर्थात् यस निर्णयसिन्धु ग्रन्थमा मैले जो शास्त्रान्तरबाट परिश्रम गरेर उद्धृत गरेको छु यस रचनाले अजर अमर मेरा पितृचरण सन्तुष्ट हुनुहोस् भनेर आफ्नो कठिनीलाई कठिन परिश्रम गराएको देखिन्छ ।

ग्रन्थकारसम्मत निर्णयसिन्धुको अर्थ र श्रीराममा समर्पण

ग्रन्थकार स्वयं निर्णयसिन्धुको अर्थ गर्दै भन्दछन् -

नानानिर्णयवत्वान्निर्णयसिन्धुश्च प्रोच्यतां विबुधाः ।
निर्णयसरोजवत्त्वान्निर्णयकमलाकरोऽप्यस्तु ।।५।।

कमलाकर भट्टले नाना शास्त्रहरूको अध्ययन गरेर सनातन वैदिक धर्मको संरक्षणका लागि धर्म र कर्मकाण्डसँग सम्बद्ध आइपर्ने समस्याको साङ्गोपाङ्ग ऊहापोह गरेर स्थल-स्थलमा गम्भीर व्याख्या प्रस्तुत गरेका छन्। भनिएको छ-

पदच्छेदः पदार्थोक्तिर्विग्रहो वाक्ययोजना । आक्षेपस्य समाधानं व्याख्यानं षडविधं मतम् ।। (प.उ.पु.)

आवश्यकताअनुसार पदच्छेद गरेर कतै प्रत्येक पदार्थहरूको उक्ति, कतै विग्रह, कतै वाक्ययोजना, कतै शास्त्रवाक्ययोजना र कतै आक्षेपहरूको समाधान गरी व्याख्या छ प्रकारको मानिएको छ । कमलाकर भन्छन् - मैले यस्तो छ प्रकारको व्याख्याको आधारमा निर्णय गर्ने प्रयास गरेको छु । त्यसैले बुधजनहरूले यसको नाम निर्णयसिन्धु भनिदिनु होला । यस निर्णयरूपी सरोवरमा सुन्दर विचाररूपी कमलहरू फूलेको पनि मानिदिनु होला। यस भनाइले कमलाकरमा मीमांसा र धर्मशास्त्रको मात्र नभई आलङ्कारिक विद्वच्छटा पनि स्फुरित भएको भान हुन्छ । त्यसैले -

उपक्रमोपसंहारावभ्यासोऽपूर्वता फलम् । अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये ।। - गु.शि.भा.

अर्थात् कहीँ पनि निर्णय गर्दा शास्त्रहरूमा यति कुरा ध्यानमा राख्नै पर्छ ती हुन् - उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद र उपपत्ति **शास्त्रतात्पर्यनिर्णये लिङ्गम्** अर्थात् शास्त्रनिर्णयमा प्रमाण हुन्छन् भनेर कमलाकरभट्टले शास्त्रको गहिराईमा कसरी पुगिन्छ भन्ने विषयमा खुब ध्यान दिएका छन् । त्यसैले धर्मशास्त्रका विषयहरूको ज्ञान गर्न निर्णयसिन्धुमा गम्भीरतापूर्वक डुबुल्की भने मार्नै पर्ने हुन्छ । अन्तिम पुष्पिका पद्यहरूमा ग्रन्थसमापन गर्दै कमलाकरभट्टले रघुकुलतिलक मर्यादापुरुषोत्तम श्रीरामको चरणकमलमा मनोहरपदावलीमा हृदयग्राहिणी श्रद्धावती अनपायिनीभक्तिमती भाषामा निर्णयसिन्धुनामक ग्रन्थ समर्पित गरे । उक्त पद्यहरूमा ग्रन्थको विशेषता बताउँदै संवत्, तिथि र माससमेत लेखेर कमलाकर भट्टले विराम लिएका छन् । तल लेखिएको पदावलीललित श्लोक हेर्नुहोस् -

वसुऋतुऋतुभूमिते गतेऽब्दे नरपतिविक्रमतो याति रौद्रे ।
तपसि शिवतिथौ समापितोऽयं रघुपतिपादसरोरुहेऽर्पितश्च ।।

उनले वि.सं. १६६८ रौद्रनामक वर्ष माघमासको एकादशीतिथिको दिन यो निर्णयसिन्धुनामक ग्रन्थ समापन गरेर रघुकुलतिलक मर्यादापुरुषोत्तम रामको चरणकमलमा अर्पण गरेका थिए ।

टीकाकार डा. ढकालमहोदयप्रति शुभाशंसा र साधुवाद

'अनेकग्रन्थनिर्माणाद् श्रमसन्दोहधर्षितः' अर्थात् अनेक ग्रन्थहरूको रचना, सम्पादन, अध्ययन-अध्यापनका साथै मौलिक साहित्यको सृजना गर्नुहुने प्राध्यापक डा. वेणीमाधव ढकाल निर्णयसिन्धुजस्ता आकरग्रन्थका टीकाकार हुनुहुन्छ । उहाँले योभन्दा पूर्व गणेशपुराणजस्तो बृहदाकार ग्रन्थको नेपाली राष्ट्रभाषामा रूपान्तरण गरेर कुशल अनुवादक तथा लेखकको रूपमा इतिहासमा आफूलाई अजर अमर बनाइसक्नुभएको छ । नेपालको त कुरै नगरौं छिमेकी भारतमा पनि अहिलेसम्म गणेशपुराणको टीका, अनुवाद र रूपान्तरण भएका छैनन् । यो प्रा.डा. वेणीमाधव ढकालजीकै काम हो कि गणेशपुराणको पहिलोपटक कुशल रूपान्तरण गरेर साधिकार मार्गप्रदर्शन गर्नुभएको छ । अब त अनधिकारीले पनि चुच्चा गाढेर आफ्नो हस्ती देखाउन सक्छन् । यसरी गणेशपुराणको महत्त्वपूर्ण निर्विघ्न परिसमाप्तिपछि अर्को महत्त्वपूर्ण बृहदाकार निर्णयसिन्धु ग्रन्थको नेपाली राष्ट्रभाषाका टीका प्रणयन गरेर जिज्ञासु, तत्त्वबुभुत्सु पाठकवाचकवृन्दसमक्ष डा. ढकाल उपस्थित हुनुहुँदैछ । प्रा. ढकालजीको प्रमोदभरमेदुरतापूर्वक निरन्तर निर्मलश्रद्धाभरेण स्वान्तेन स्वागत गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

पर्यन्तमा अनेक ग्रन्थलेखन, टीकालेखन, अध्ययनमा, अध्यापन कुशल, नित्य-निरन्तर परिश्रमनिर्भर प्राध्यापक डा. ढकालजीलाई हार्दिक अभिनन्दन यिनै शब्दावलीले गर्न चाहन्छु । निर्णयसिन्धुजस्ता आकरग्रन्थको साधिकार कुशलतापूर्वक प्रथमपटक विशिष्ट भूमिकासहित टीका लेखेर उहाँले विद्वज्जनहरूका पनि आँखा उघारिदिनुभयो । अब त कसैले सहृदयता देखाउनेछन्, कसैले भुजिसर्घा नाप्ने छन्, कसैले कान्लामुनिबाट कान्लामाथि हैंसे गर्दै हामफाल्ने छन् भने-

'दह्यमानाः सुतीव्रेण बालाः परयशोऽग्निना । अशक्ताः सत्पथं गन्तुं ततो निन्दां प्रकुर्वते ।।'

नीतिको अवलम्बन गर्नेहरूको पनि अभाव नहोला । तर कबीरावचन पनि कम छैन –

'निन्दक नियरे राखिये आँगन कुटी छवाय । विन पानी, विन सावुन निर्मल करे धवाय ।।'

यसलाई मैले सत्य मानेको छु । अतः कुशल लेखक टीकाकार विद्वद्धौरेय यशस्वी मेरा सतीर्थ्य प्रा.डा. वेणीमाधव ढकालजीलाई दीर्घायु, सुस्वास्थ्य र रचनात्मक कार्यमा उत्तम सफलता मिलोस् भन्ने हार्दिकी शुभकामना सांथ कठिनीलाई म यहीं विराम दिन्छु ।

पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते ।।
असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय। ॐ शान्तिः शान्तिः शान्तिः।



२०६८ आश्विन नवरात्र

प्रसन्नताको अनुभूति र शुभाशंसा

- आचार्य पूर्णचन्द्र उपाध्याय ढुंगेल
विद्यावाचस्पति (डी.लिट्), विद्वच्चक्रचूडामणि,
पूर्व उपकुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय

आर्यावर्त पुण्यभूमिका नेपाल र भारतवासी जनतामात्र होइन, विश्वका सम्पूर्ण मानवसमुदाय ज्ञान, विज्ञानको खजाना मानवजातिका प्रथम साहित्य वेदलाई न केवल वचनमात्रले सम्मान दिन्छन्, अपितु हृदयबाट नै सादर स्पष्ट सम्मान नदिई रहन सक्दैनन् । वैदिक साहित्यभित्र ऋग्वेद, शुक्ल-कृष्ण यजुर्वेदद्वय, सामवेद, अथर्ववेद, यी पाँचै वेदका ब्राह्मणग्रन्थहरू, आरण्यकग्रन्थहरू र उपनिषद्ग्रन्थहरूको साथै श्रौतसूत्र, धर्मसूत्र, गृह्यसूत्र, कल्पसूत्र, शुल्वसूत्र, ब्राह्मण, आरण्यक र उपनिषद् सबै पर्दछन् । प्राणीहरूको परमकल्याणका निमित्त ब्रह्माको सृष्टि सम्पूर्ण जगत्मा प्रवृत्त भएको हो। यसमा कुनै अत्युक्ति छैन । सम्पूर्ण वेदहरूका शीर्षस्थानीय मानवीय सर्वोच्च विचारहरूलाई लिएर भौतिकजगत् र आध्यात्मिकजगत्का प्रखर विचारक महर्षि गौतम, महर्षि कणाद, महर्षि कपिल, महर्षि पतञ्जलि, महर्षि जैमिनि र महर्षि व्यासले क्रमशः न्याय, वैशेषिक, मीमांसा (वेदान्त) दर्शनका अमूल्य सूत्रहरूको निर्माण गरी भौतिकजगत् र आध्यात्मिकजगत्को यथार्थ व्याख्या गरेका छन् । भौतिकजगत्को मात्र व्याख्यामा केही विशेषता राख्ने चार्वाक, जैन र बौद्धदर्शनहरूले पनि दार्शनिकजगत्मा प्रवृत्ति जगाउन भरपूर प्रयास नगरेका होइनन् ।

पाश्चात्यजगत्का विचारशील केही मनीषीहरूले भौतिकजगत्को साथै आध्यात्मिकजगत्का कतिपय स्थूलतत्त्वहरूलाई आफ्ना चिन्तनमा नलगाएका हैनन् । तथापि उनीहरूका विचारप्रस्तुतिहरूमा त्याग, तपस्या, अध्ययन, चिन्तन र मननका मात्राहरू अत्यन्त कम भएकाले दर्शनजस्तो सूक्ष्म र गम्भीर क्षेत्रमा उनीहरूको मान्यता र प्रख्याति हुन सकेन । यो पनि एउटा यथार्थ वस्तुस्थिति हो । '**भिन्नरुचिर्हि लोकः**' यस न्यायअनुसार आधुनिक कतिपय विद्वान्हरूले पाश्चात्यजगत्का मनीषीहरूको दार्शनिक विचार मन पराउने गर्दछन्, त्यो उनीहरूकै विवेक र बुद्धिमा निर्भर छ । यो अर्कै कुरा हो । हाम्रा पूर्वज दार्शनिकक्षेत्रका दिग्गज गौतम आदि महर्षिहरूका समक्ष पाश्चात्य दार्शनिकहरूका विचारहरू अत्यन्त प्राथमिक कोटिका स्थूलरूप छन् ।प्रामाणिकता र अप्रामाणिकताको सम्वन्धमा विचार गर्दा दर्शनजस्तो पवित्र सूक्ष्म र गम्भीर विषयहरूका व्याख्याता गौतम आदि महर्षिहरूमा पनि -

'अक्षपादप्रणीते च काणादे सांख्ययोगयोः । त्याज्यः श्रुतिविरुद्धोंऽशः श्रुत्येकशरणैर्नृभिः ।।
जैमिनीये च वैय्यासे विरुद्धांशो न कश्चन । युक्त्या वेदार्थविज्ञाने श्रुतिपारङ्गतौ हि तौ ।।

- महर्षिहरू गौतम, कणाद, कपिल, पतञ्जलि यी चार दर्शनहरूमा श्रुतिविरुद्ध केही अंश आएकाले ती सबै वेदविरुद्ध भएका हुँदा त्याज्य छन् । किन्तु युक्तिपूर्वक वेदार्थविज्ञान अर्थात् वेदार्थचिन्तनमा महर्षि जैमिनि र महर्षि व्यास वेदपारङ्गत छन् । यी दुवैका विचारमा शङ्का राख्नुपर्ने स्थिति छँदैछैन । यस्ता विचार अनुसार वेदार्थविज्ञानमा अग्रणी प्रकाण्डविद्वान् महर्षि जैमिनि र महर्षि व्यास विश्वमानवसमुदायका विभूति मानिन्छन् र यिनीहरूको उपेक्षा शास्त्रीय विचारमा कहीँ पनि कहिल्यै पनि हुनसक्दैन । यी दुई आ-आफ्नो क्षेत्रमा अद्वितीय महर्षिहरूले मानवीय जगत्को वैचारिक सर्वोच्च मानवीय साहित्य वेदमा क्रमशः '**अथातो धर्मजिज्ञासा**' र '**अथातो ब्रह्मजिज्ञासा**' लेख्दै प्रतिज्ञाअनुसार पूर्वमीमांसा र उत्तरमीमांसा (वेदान्त) दर्शनका बहुमूल्य सूत्ररत्नहरूको निर्माण गरी मानवजगत्मा तीव्र वैचारिक क्रान्ति

ल्याएका छन् । यी नै आर्यजगत् पुण्यभूमिका अद्वितीय बहुमूल्य महारत्न हुन् । वैदिक साहित्यमा धर्मविज्ञान, उपासनाविज्ञान र ब्रह्मविज्ञान यी तीन विज्ञानहरूको चर्चा छ । कर्म, उपासना र ब्रह्मतत्त्व यी तीन वैदिक ज्ञानराशिका प्रमुख विषय हुन्। उपासनाको कर्म र ब्रह्मसँग सम्बन्ध छ । कर्मोपासनामा महर्षि जैमिनिले बल दिएका छन् भने ब्रह्मोपासनामा महर्षि व्यासले जोड दिएका छन् । दुवैका विचारमा लोकातिशायिता र प्रामाणिकता अप्रतिहतरूपमा आएका छन् । उत्कृष्ट यी दुवै विज्ञानको पारस्परिक सम्बद्धता छ ।

कर्मोपासना भौतिक अभ्युदय र आध्यात्मिक निःश्रेयस मुक्तिको पनि परस्परमा साधक भएकाले संस्कृतवाङ्मयका समुपासक धर्मप्राण अनेक प्रखर विद्वान्हरूले, आ-आफ्नो गुरुपरम्परा, लौकिकमर्यादा र धार्मिकसमाजको परम उपकारको निमित्त अनेकानेक स-साना र ठूल्ठूला धर्मग्रन्थहरुको निर्माण गरी नाम कमाएका छन् । ती ग्रन्थहरु पनि कम श्रम र तपस्याद्वारा रचिएका छैनन्, तथापि अन्य धर्मशास्त्रहरुमा दिइएका विचार, मतमतान्तर र तिनका औचित्य निर्णय गर्ने दायित्व स्वयं अवलोकन गर्ने कर्तामा आएको पाइन्छ । यस्तो विकट स्थितिमा प्रायशः धर्मशास्त्रका अवलोकयिताहरु किंकर्तव्यविमूढ नभईरहन सक्ने स्थितिको अत्यन्त न्यूनता देखिन्छ । धार्मिक विषयहरुको व्याख्यान गर्ने धार्मिक साहित्यमा आएको यो हृदयविदारक कमीलाई छर्लङ्ग देख्ने, मीमांसाजस्तो अगाधसमुद्रका कर्णधार तथा वेदवेदाङ्ग समस्त शास्त्रहरुको मर्म जान्न समर्थ पुण्यात्मा पण्डितप्रवर श्रीरामकृष्ण भट्टका औरस पुत्ररत्न, पितृवत् अनेक शास्त्रज्ञ विद्वत्प्रवर पण्डित मूर्धन्य श्रीकमलाकर भट्टप्रणीत निर्णयसिन्धु नामक ग्रन्थले वर्षदिनभित्र हुने तिथि, नक्षत्र, वार र करणद्वारा उत्पन्न साना ठूला सबै पर्व र उत्सवहरुमा प्राप्त भएका मतमतान्तरको पारस्परिक विरोधको स्थितिमा पनि उचित न्यायसङ्गत व्यावहारिक निर्णय दिएर नै धार्मिकजगत्मा ठूलो क्रान्ति ल्याएको देखिएको छ । यस्तो स्थिति सबैजसो धार्मिक, प्रत्येक वार्षिक कार्यहरूमा धर्म-अधर्म, कर्तव्य र अकर्तव्यको निर्णय अत्यावश्यक हुन्छ । यस ग्रन्थमा कस्तै मतमतान्तर भए पनि '**अयं निर्गलितोऽर्थः**' इत्यादि उक्तिद्वारा पूर्णतया समाधान गरिएका स्थितिहरू धेरै ठाउँमा पाइएका छन्।

साहित्य, दर्शन, वैदिक साहित्य, पुराण र इतिहासका सम्बन्धमा मौलिक ग्रन्थ, टीका प्रटीकाहरू, बहुमूल्य तत्तच्छास्त्रीय निबन्धहरू, आलोचना-प्रत्यालोचना, अनुवादहरूको साथै विद्यावारिधि गर्ने अनेक छात्रछात्रा, प्राध्यापक र कर्मचारीसमेतलाई शोधविषय र ग्रन्थोपयोगी निर्देशन सुझावहरू दिन सक्षम ख्यातिप्राप्त वरिष्ठ साहित्यकार एवं विशिष्ट विद्वान् प्राध्यापक डा. आचार्य वेणीमाधव ढकालज्यू आधिकारिक प्रबुद्ध विद्वान् हुनुहुन्छ। उहाँले गर्नुभएको सरल र सुबोध टीकासहितको पाण्डुलिपि अवलोकन गर्ने सुअवसर मैले पाएँ । त्यसबाट म ज्यादै प्रभावित र प्रसन्न भएको छु । त्यसमा रहेको अनुसन्धानपूर्ण प्रस्तावनाभागमा उहाँले निर्णयसिन्धुको निचोड नै राखिदिनुभएको छ । त्यसैले यो ग्रन्थ अद्वितीय बन्न गएको छ । विशिष्ट ख्यातिप्राप्त विद्वान्को अमूल्य कृति भएको हुनाले नै मैले अभिरुचिपूर्वक अवलोकन गरी आफ्नो हार्दिक मन्तव्यसमेत उपस्थापित गरेको छु । धार्मिक साहित्यमा आफ्नो अग्रभूमिका राख्ने निर्णयसिन्धुजस्तो महान् ग्रन्थलाई नेपाल राष्ट्रको राष्ट्रभाषा नेपालीमा पनि संस्कृतभाषाबाट चूडामणि टीकाको रूपमा रूपान्तरित गरी धर्मप्राण जनसमक्ष प्रस्तुत गर्ने पवित्र शुभेच्छा राख्ने ग्रन्थप्रकाशक विद्यार्थी पुस्तक भण्डारनामक संस्थाका नायक श्रीमान् शान्त गौतमजीले उपयुक्त विद्वान्लाई अनुरोध गरी उहाँबाट कार्यसम्पादन गराउने भूमिका निर्वाह गर्नुभएकोमा उहाँ धन्यवादका पात्र हुनुहुन्छ । अन्तमा, विद्वत्प्रवर प्रा.डा. वेणीमाधव ढकालजीद्वारा रचित चूडामणि टीकाको सुगन्ध चारैतिर फैलियोस् र नेपाली नरनारीहरूले निर्णयसिन्धुद्वारा बताइएको विधिबाट कर्म गर्न सकून् यसै कर्तव्य-कर्मको अनुष्ठानबाट नेपाली संस्कृति र नेपाल राष्ट्रको भलो हुनेछ । **श्रीचन्द्रमौलीश्वरो रक्षतु सर्वञ्चेति।**

आचार्य पूर्णचन्द्र उपाध्याय

दिनाङ्क - २०६८ आश्विन नवरात्र

दूरभाष ०१४७८४४८५

सम्मति

पावका नः सरस्वती

– प्रा.डा. दीर्घराज घिमिरे

लोकका साथै '**शुचिना कर्म कर्तव्यम्**' चोखो भई काम गर्नुपर्छ '**शुचौ देशे**' चोखो ठाउँ चाहिन्छ '**शौचं हि द्विविधं प्रोक्तं बाह्यमाभ्यन्तरन्तथा**' बाहिर र भित्र गरी दुईथरि चोखोपन हुन्छ– इत्यादि शास्त्र चोखो-नितोको महत्त्वका साथ ख्यापन गर्छन्, अर्थात् शुचिता कर्माधिकारीको विशेषण हो भन्छन् । हुन पनि फलवैकल्य हुन नदिने भएकाले शुचिता हेतुगर्भविशेषण हो केवल विशेषण होइन – यससम्बन्धी विवेचन प्रस्तुत ग्रन्थकै आचारभागमा हुने हो भएको छ। उक्त शुचिताविपरीत अशुचिता वा आशौच हो, कालापेक्षी, देशापेक्षी र वस्त्वपेक्षी गरी आशौचका अनेक भेद छन् तापनि सम्बन्धीको जन्म र मृत्युले सम्बन्धाभिमानी आशौची मानिने शास्त्रव्यवस्था छ, त्यो शौचापवाद हो – यो अपवाद महागुरुमा सोझै सञ्चरित हुन्छ अन्यत्र परम्परया, सम्बन्ध विस्तार धेरैतिर हुने भए पनि प्रमुखता पिता र मातामा छ । उपादानत्वेन पितासम्बन्धी हो भने आश्रयत्वेन माता सम्बन्धिनी हुन् त्यसैले ती पुत्रका निमित्त महागुरु हुन् ।

भिन्न-भिन्न कालमा मृत्यु भए माता-पिता दुवैको एक-एक वर्ष आशौचको शास्त्रीय व्यवस्था नेपाली समाजका धेरैले मानेकै छन्, मान्दामान्दै पनि माताको मृत्युको एक वर्षभित्र पिताको वा पिताको मृत्युको एक वर्षभित्र माताको मृत्यु भए आशौच व्यवस्थाबारे धेरै मतिविभ्रम छ । यसबारे शास्त्र के हो त ?

शास्त्र त हो – महागुरुको मृत्यु हुँदा अनन्यगतिक र सन्ध्यावन्दनबाहेक सबै कर्म रोकिन्छन् भन्ने, यस सम्बन्धमा शास्त्र छ –

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ।।

यहाँ '**ऋते**' को अन्वय '**मातुः श्राद्धात्**' मा पनि हुन्छ । '**समाम्**' को अर्थ हो एक वर्ष अर्थात् माता र पिताको मृत्युको एक वर्षभित्र कुनै श्राद्ध गर्नु हुँदैन, यसरी अधिकारसिद्ध कर्मलाई अपवाद गरिएको छ ।

त्यसो भए पिताको मृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध र माताको मृत्यु भएको एकवर्षभित्र पिताको मृत्यु भए पिताको प्रेतश्राद्ध रोकिन्छ त ? भन्ने जिज्ञासाको उत्तर छ–

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत् पूर्णो न वत्सरः ।।

अर्थात् माता-पिताको मृत्यु भएमा एकवर्षसम्म पुत्रको शरीर अशुद्ध रहने हुनाले देवसम्बन्धी पितृसम्बन्धी कर्म गर्न हुँदैन ।

उक्त '**पितर्युपरते**'बाट प्राप्त कर्ममात्र निषेधको अपवाद '**प्रमीतौ**' इत्यादि हो, त्यो पनि सबै कर्ममा होइन प्रेतश्राद्धमा हो । यो प्रसङ्गले मातृमृत्यु भएको वर्षदिनभित्र पितृमृत्यु भए पिताको प्रेतश्राद्ध र पितृमृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध गर्नुपर्छ । उक्त दुवैको मृत्युबाट वर्षदिनभित्र पर्ने मृततिथि र सोहश्राद्धको पितृश्राद्ध गर्न हुँदैन भन्ने सिद्ध भएको छ ।

यो र यस्ता प्रकारका निर्णय मीमांसान्यायका आधारमा हुन्छन् उक्त निर्णय **उत्सर्गापवादन्यायले** भएको हो । कर्म गर्ने सोझो विधि वा आदेश **उत्सर्ग** हो । आशौचमा नगर्नु भन्ने **अपवाद** हो । '**पितर्युपरते**'बाट आएको शौच अपवादलाई दैवकर्म पित्र्यकर्ममा '**दैवम्**', '**पित्र्यम्**' तद्धितान्त प्रयोगद्वारा कायमै राखी प्रेतश्राद्धमा छुट दिएको छ '**प्रमीतौ पितरौ**' इत्यादिले । छुटको प्रेतश्राद्ध अपवादको अपवाद हो भन्ने अर्थ मर्यादासिद्ध छ । यसबारे न्याय छ – '**अपवादापवादे उत्सर्गप्रवृत्तिः**' अपवादको अपवाद भए उत्सर्ग नै आउँछ, अतः कर्म गर्नु भन्ने छुट अर्थात् उत्सर्ग प्रेतकर्ममा मात्र सीमित रहेको हो ।

न्याय असंस्पृष्टको उक्त श्लोकद्वय व्याख्यान अपव्याख्यान हुनजान्छ । शास्त्रानुसारितामा विश्वस्तले त्यसो गर्नुहुँदैन। अतः माताको आशौचमा पिताको श्राद्ध तथा पिताको आशौचमा माताको श्राद्ध गर्नु हुँदैन । परिआए दुवैको प्रेतश्राद्ध गर्नुपर्छ अरूको गर्नु हुँदैन ।

तीन परिच्छेदमा विभक्त निर्णयसिन्धु मीमांसागत अनेकन्यायसन्दृब्ध धर्मशास्त्रको लघुनिबन्धसङ्ग्रह हो । यो निरूपणदृष्टिले दुर्भेद्य छ तथापि नेपाली समाजमा स्पृहणीय रहँदै आएको छ । दुर्भेद्य ग्रन्थावगाहनमा विपुलश्रम तथा सूक्ष्मपाण्डित्य चाहिन्छ, व्याकरणमीमांसान्यायशास्त्राध्ययनबाट पाण्डित्यमा सूक्ष्मत्वाधान हुन्छ अनिमात्र दुर्भेद्यशास्त्र सुभेद्य हुनसक्छन् । टीकाकार विद्वान्का निमित्त प्रकृतग्रन्थ स्थलविशेषको अवलोकनबाट सुभेद्य भएको देखिन्छ । संस्कृतमा गति नभएका भएपनि पदपदार्थसंयोजनमा अकुशल, कुशल भए पनि न्यायेन अर्थनिर्णयपद्धति आत्मसात् नगरेका धर्मजिज्ञासु नेपालीका निमित्त, लोकोत्तरवैदुष्यमण्डित कमलाकर भट्टप्रणीत निर्णयसिन्धुको नेपालीमा टीका गरिएको हो। स्थलविशेषमा टिप्पणीद्वारा विशेष स्पष्ट गर्ने काम पनि भएकै छ, टिप्पणीसहितको टीकाले जिज्ञासु धेरै नेपालीको उपकार हुनेछ । समयाभावले ग्रन्थानुपूर्वी अवलोकन सम्भव नभए पनि विशेषस्थलको अवलोकनबाट प्रस्तुत टीका उपयोगी छ र सङ्ग्राह्य छ भन्ने मैले ठानेको छु ।

प्रकृत निर्णयसिन्धुग्रन्थका टीकाकार डा. वेणीमाधव ढकाल नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक हुनुहुन्छ, साहित्य शिक्षण विभागका विद्वान् ढकालजी नेपालका परिगणित विशिष्ट विद्वान्मा अन्यतम हुनुहुन्छ, अनेकशास्त्रपरिशीलनजनित सूक्ष्म विद्वत्ता उहाँमा रहेको छ त्यसैको फलस्वरूप संस्कृत तथा नेपालीमा उहाँका विभिन्न कृति प्रकाशित भइसकेका छन्, सम्पादित ग्रन्थ पनि छन् । गणेशपुराण र अहिले निर्णयसिन्धुसमेत ढकालजीका अनुपम टीकाग्रन्थ हुन्, उक्त टीकाले प्रा. ढकालजीको विद्वत्ता प्रस्फुटन गरेका छन् । यस्ता विद्यासाधकमा शतशः साधुवाद । आगामी कालमा यस्तै कार्यप्रति अन्तर्यामी प्रत्यग्रूप आत्मा र उमाधव पशुपतिको प्रेरणा प्रा. ढकालजीमा रहिरहोस् भन्ने कामनासाथ उनै अन्तर्यामीमा नमः गर्छु अनि लेखनीविश्राम पनि । ॐ तत्सत् ।

२०६८ आश्विन नवरात्र

दीर्घराज घिमिरे

श्री गणेशाय नमः

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ।।

धर्मविचारको आवश्यकता र निर्णयसिन्धुको नेपाली रूपान्तरणको महत्त्वा

- प्रा.डा. दुर्गाप्रसाद दवाडी

अचेलको मानव पथभ्रष्टजस्तो छ । कहाँ जाने हो ? के गर्ने हो ? कुन उचित छ ? कुन अनुचित छ ? यसमा संशयले युक्त मानव अनेक मतमा विभक्त भएर आफ्नो मतदेखि भिन्नमतलाई असत्य मानेर भिन्नमतलाई समूल नाश गर्न चाहन्छ । अचेलको एउटा शक्तिशाली मतले मानवलाई केवल पेटमात्रै मान्दछ । उसको मतअनुसार परलोक, देवता आदि अदृश्य तत्त्वको अस्तित्व छैन । यी जम्मै आर्कालाई ठगेर आफ्नो पेट भर्नाको निमित्त केही स्वार्थी व्यक्तिद्वारा गरिएका षड्यन्त्र हुन् । यसको विपरीत द्वितीय मतको भनाइ छ कि - मानवको प्रधान लक्ष्य परलोकमा उत्तमलोक प्राप्त गर्नु हो । मानवशरीर '**यः सर्वथा चिरञ्जीवति वर्षशतं जीवति**' (महाभाष्य) को वचनअनुसार केवल सय वर्षसम्म मात्रै रहन्छ । किन्तु यस शरीरद्वारा गरिएका कर्मको फलभोगको निमित्त मानिसलाई अरबौं अरब वर्षसम्म राम्रो (स्वर्ग) अथवा नराम्रो (नरक लोक)मा बस्नु पर्छ । त्यसो हुँदा मानवले केवल पेटको मात्रै चिन्ता नगरेर उत्तम परलोकप्राप्तिको निमित्त सतत सचेष्ट रहिरहनुपर्छ । आजको युग विज्ञानको युग मानिन्छ । यस युगका आजसम्मका सर्वश्रेष्ठ वैज्ञानिक आइन्स्टाइन मानिन्छन् । उनको मुख्य मान्यता सापेक्षवाद हो । उनको मान्यताअनुसार 'प्रत्येक प्राकृतिक वस्तु सापेक्ष हुन्छ, निरपेक्ष केवल ईश्वर हुन्छ । सापेक्ष हुनाले सबै वस्तुको शक्ति शून्य पार्न सकिन्छ । आजको विज्ञानले शक्तिलाई शून्य पार्ने एकमात्र उपाय गति मानेको छ । भिन्न-भिन्न गतिले भिन्न-भिन्न वस्तुको शक्तिलाई शून्य पार्न सकिन्छ ।

पृथ्वीमा आकर्षण शक्ति छ भन्ने कुरा आजको विज्ञानले पत्ता लगाएको हो भनिन्छ किन्तु यो कुरा हाम्रा भास्कराचार्यले सिद्धान्तशिरोमणि गोलाध्याय- ७ मा नै लेखेका छन् -

आकृष्टशक्तिश्च मही तया यत् खस्थं गुरु स्वाभिमुखं स्वशक्त्या ।
आकृष्यते तत्पततीव भाति समे समन्तात् क्व पतत्वियं खे ।।

'पृथ्वीमा आकर्षणशक्ति छ, त्यसले (वृक्षबाट) खसेको गुरु (गह्रुँगो) वस्तु आफ्ना शक्तिले तान्दछ र त्यो खसेको जस्तो लाग्छ ।' भनेर पृथ्वीको आकर्षणशक्तिको उल्लेख गरेका छन् ।

रसगुणपूर्णमही १०३६ समशकसमयेऽभवन्ममोत्पत्तिः ।
रसगुणवर्षेण मया सिद्धान्तशिरोमणी रचितः ।। - सिद्धान्तशिरोमणि गोलाध्याय ५८

यसअनुसार १०३६ शाके अर्थात् ११७१ विक्रमसंवत्मा नै जन्मे र १२०७ मानै पृथ्वीको आकर्षणशक्ति पत्ता लगाई उल्लेख गर्ने भास्कराचार्य महान् वैज्ञानिक नै हुन् भन्न सकिन्छ ।

सापेक्षवाद आइन्स्टाइनद्वारा नै प्रतिपादित हो भन्न सक्ने स्थिति छैन, उनले त्यसको व्याख्यामात्र गरेका हुन् ।

आजको विज्ञानले शक्तिलाई शून्य पार्ने एकमात्र उपाय गति मानेको छ । भिन्न भिन्न गतिले भिन्न भिन्न वस्तुको शक्तिलाई शून्य पार्न सकिन्छ । पृथिवीको आकर्षणशक्ति शून्य पार्न कुनै यानको आरम्भिक गति १० किलोमिटर प्रतिसेकेण्ड गरेमा पृथिवीको आकर्षणशक्ति त्यस यानमा शून्य हुन्छ । त्यो यान पृथिवीमा नखसेर पृथिवीलाई छाडी शून्य आकाशमा अन्य ग्रह-नक्षत्रहरूमा पुग्छ । त्यसै हुनाले १० किलोमिटर प्रतिसेकेण्ड पृथ्वीको पलायन वेग **एर्मेज न्नत्दमूब** भनिन्छ । पृथ्वीको यस आकर्षण शक्तिलाई शून्य गराएर विज्ञान चन्द्रलोक (चन्द्रबिम्ब) सम्म पुगेको हो । विज्ञानको मान्यताअनुसार प्रकाशको गति प्राप्त गरेमा कालको गति पनि शून्य हुनेछ । यदि पाँच वर्षको बालकलाई पाँच सय वर्षसम्म उडे पनि त्यो यान फेरि पृथ्वीमा आयो भने त्यो बालक पाँच वर्षको नै रहने छ किनभने त्यो बालकमा कालगति शून्य भएको हुनेछ । वेदानुगत शास्त्रले बताएको छ कि शक्तिशून्य गर्ने साध्य केवल गतिमात्र होइन ज्ञान, भक्ति र ध्यान पनि हुन् । त्यसै हुनाले सनक, सनन्दन, सनातन, सनत्कुमार सदैव पाँच वर्षका नै रहिरहेका हुन् ।

गणितमा अनिश्चितता हुँदैन, जुवामा मात्रै हुन्छ, त्यसैले २ + २ = ४ नै हुन्छ ३ अथवा ५ हुँदैन । विज्ञानले परमाणुको विखण्डन गरेपछि पत्ता लाग्यो –परमाणु विद्युत्कणको समूह हो र यी कण एक रीतिका तरङ्ग हुन् । यिनीहरूको नाभिकमा जुन प्रोट्रोन हुन्छ त्यो इलेक्ट्रोनभन्दा पनि सूक्ष्म हुन्छ र त्यो आफ्नो केन्द्रमा निरन्तर भ्रमण गरिराख्छ । साथै यो कुरा पनि पत्ता लाग्यो कि – जुन परमाणुको नाभिकमा जति प्रोट्रोन हुन्छ त्यति नै इलेक्ट्रोन हुन्छ । हाइड्रोजनको नाभिकमा एउटा प्रोट्रोन हुन्छ भने त्यसमा एउटै इलेक्ट्रोन हुन्छ । यूरोनियमको नाभिकमा ९२ (बयानब्बे) प्रोटोन हुन्छन् भने ९२ नै इलेक्ट्रोन पनि हुन्छन् ।

आजको विज्ञान अल्बर्ट स्टाइनको आभारी छ । उनले नै यस्ता युगान्तकारी तथ्यको दर्शन गरेका हुन् । स्थूलदेखि सूक्ष्मसम्म विज्ञानको चमत्कार देखेर – गणित नै गणित देखेर महान् गणितज्ञ ईश्वरप्रति आइन्स्टाइनको हृदय – मन श्रद्धा र आदर पूर्ण हुन गयो । तथ्यको दर्शनले उनको मनमा भएको सन्देह शनैः-शनैः हट्दै गयो र उनले ईश्वरलाई 'विश्वव्यापी अखण्ड चेतनाको रूपमा' र 'सृष्टिको मूलरूपमा' स्पष्टतया देख्न थाले । उनले लेखेका छन् – 'सृष्टिको मूलस्रोत एवं विश्वव्यापी अखण्ड चेतना जस्तो गूढ सत्य यदि मैले यत्किञ्चित् प्राप्त गरें भने पनि मैले जीवनलाई सफल मान्नेछु ।

कार्लमार्क्स ईश्वरलाई मान्दैनन् । उनले भने – ईश्वरले मनुष्यलाई बनाएनन् मनुष्यले नै ईश्वरको कल्पना गरेको हो अतः ईश्वर मानवको मानसपुत्र हो । चार्वाकले पनि ईश्वर मान्दैनन् । उसको कथन थियो- **भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ?** यस्तो हुँदाहुँदै पनि चार्वाकले असत्य र हिंसालाई प्रोत्साहन दिएनन् । भगवान्‌ले बनाएको विधानमा अहिंसा, सत्य आदिलाई प्रधान धर्म मानिएको छ–

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः । एतं सामाजिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः ।। – मनु. १०/६३

किन्तु कार्लमार्क्स हिंसालाई नै प्रधान मान्दछन् । उनको अनुसार बन्दुकको गोलीबाट नै क्रान्ति उत्पन्न हुन्छ । यस्तो विचारले सामाजिक सौन्दर्य, राष्ट्रिय एकता र धार्मिक कल्याणकारिता भताभुङ्ग हुन्छन् । अतः धर्मप्राण नेपालीहरूले आफ्नै महान् धर्म र संस्कृतिको मनन गरी उत्तम कर्तव्य-कर्म गरेर मानवजीवनको महत्तम लक्ष्य पच्छ्याउनुपर्ने हुन्छ ।

प्रत्येक कर्मको फल भोग्नै पर्छ – **अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्** । खेतमा गहुँ छरेमा गहुँ फल्छ, धान रोपेमा धाननै फल्छ । यो शाश्वत तथ्य हो । तत्काल फल मिलेन भनेर फल हुँदैहुँदैन भन्न हुँदैन । गरेको कर्मबाट एउटा अदृष्ट-अपूर्व उत्पन्न हुन्छ जसले कालान्तरमा फल दिन्छ । अदृष्ट स्वयं जड हुनाले कालान्तरमा फल दिनको निमित्त त्यसको चेतन अधिष्ठाता मान्नुपर्ने हुन्छ त्यो नै ईश्वर हो, यो मानेर हामी धार्मिक कृत्यमा प्रवर्तित हुन्छौ ।

कृत्य भनेको कर्म हो । मनुष्य कर्म नगरीकन एक क्षण पनि बस्न सक्दैन । त्यसैले गीतामा भनिएको छ- **नहि**

कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।

कर्मयोग, भक्तियोग, ज्ञानयोग कुनै पनि मार्गमा मानव (साधक) कर्म नगरीकन रहन सक्दैन । जाग्रत, स्वप्न, सुषुप्ति, मूर्च्छा कुनै पनि अवस्थामा मनुष्य कर्म नगरीकन रहन सक्दैन । प्रकृतिको अर्थ नै कार्य गर्नु हो- **प्रकरोतीति प्रकृतिः** । संसारमा रहेसम्म केही न केही कर्म भइरहन्छ । केही नगरीकन बसी राखे पनि बस्ने काम भइरहन्छ । गीताले नै मुख्यतः कर्मका तीन भेद मानेको छ - कर्म, अकर्म, विकर्म ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यञ्च विकर्मणः । अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।।

कर्म - शास्त्रविहित याग आदि क्रिया, **विकर्म** - शास्त्रनिषिद्ध चौर्य, हिंसा, असत्यभाषण आदि कर्म तथा **अकर्म**- तूष्णींभाव, केही नगरीकन बसिरहनुको रहस्य जान्नुपर्छ, किनभने कर्मको गति गहन छ । फलेच्छा, ममता र आसक्तिले रहित भएर शास्त्रविहित कर्म गर्नु अरूको हितमा नै गरिएतापनि कर्ताको निमित्तमा अकर्म हुनजान्छ भने शास्त्रविहित कर्म पनि अरूको अहित गर्ने गरी गरियो भने विकर्म हुनजान्छ । त्यसो हुँदा कर्म, अकर्म र विकर्मको रहस्य जान्नुपर्दछ ।

मीमांसाशास्त्रले जुन कर्म प्रतिपादन गरेको छ त्यो नै शास्त्रविहित कर्म हो । शास्त्रविहित कर्मको नाम नै धर्म हो भनेर '**अथातो धर्मजिज्ञासा**' '**चोदनालक्षणोऽर्थो धर्मः**' भनी आरम्भ गर्दै **चोदना** अर्थात् कर्तव्यकर्मको निर्देश मीमांसाशास्त्रले गरेको छ । '**किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः**' - कर्म के हो, अकर्म के हो यसमा कवि (कवि, मनीषी) विद्वान् पनि मुग्ध हुन्छन्, अतः कर्मको विवेचन (मानवले गर्न पर्ने कर्मको निर्देशन) हुनुपर्छ । प्रतिदिनको कर्तव्यकर्मको निर्देशन आवश्यक भएकाले ती कर्मको विवेचन श्रुति -वेद, स्मृति - मनुस्मृति, याज्ञवल्क्यस्मृति, स्मृतिग्रन्थहरू र पुराण- स्कन्द ८१ हजार श्लोक, पद्म - ६४ हजार श्लोक, नारद - २५ हजार श्लोक, भागवत - १८ हजार श्लोक आदि १८ महापुराण, १८ उपपुराण र १८ औपपुराण यी सबै मानवका कर्तव्यकर्मका निर्देशक हुन् । यी जम्मै ग्रन्थहरूको अध्ययनद्वारा आफूले कर्तव्यकर्मको निर्धारण गरेर मानवले कर्म गर्नुपर्छ ।

अनन्त शास्त्रहरूको अध्ययन मनुष्यको एकल जीवनमा अशक्य हुनाले धर्मशास्त्रका निबन्धकारहरूले यी ग्रन्थहरूको अध्ययन गरेर जुन शोधप्रबन्ध - अनुसन्धानकर्म उपस्थित गरे ती शोधग्रन्थहरू नै 'वीरमित्रोदय, चतुर्वर्गचिन्तामणि, पुरुषार्थचिन्तामणि, कालमाधव, निर्णयसिन्धु, धर्मसिन्धु' आदि ग्रन्थ हुन् । यी ग्रन्थहरूले शास्त्रको अनुसन्धान गरेर मानवले सदैव गर्नुपर्ने कर्तव्यकर्मको निर्देश गरेका छन् । यी ग्रन्थ प्रत्येक मानवले अध्ययन गर्नु आवश्यक छ अन्यथा मानव कर्तव्यभ्रष्ट हुने सम्भावना रहन्छ । यी सबै ग्रन्थ संस्कृतभाषामा भएकाले सबैले यी ग्रन्थहरूमा भनेको कुरो बुझ्न नसकिने भयो । हाम्रो देश नेपाल धर्मप्राण देश भएको हुनाले यी अनुसन्धानग्रन्थको निरन्तर अध्ययन भइराखेको छ । काल अत्यन्त बलवान् छ, समयले गर्दा यस देशमा संस्कृतको अध्ययनको ह्रास हुँदै गएको छ । पूर्वकालमा धेरै पूर्व हैन आजदेखि ६०-७० वर्षपूर्व अझ भनौं विक्रम संवत् २००० सालसम्म पढ्ने भन्दा केवल संस्कृतमात्रै बुझिन्थ्यो । किन्तु अहिले ५ लाख जति छात्रछात्राले प्रवेशिका परीक्षा (एसएलसी) परीक्षा दिँदा संस्कृतका छात्रको संख्या हजारको संख्यामा नै रहन्छ । यस स्थितिमा मानवको कर्तव्यनिर्देशक यस्ता ग्रन्थहरूको ज्ञान प्रायः सबैलाई उती नभए पनि आर्यधर्म (हिन्दूधर्म) का अनुयायी सबैलाई हुनुपर्ने हो । यी मानवकर्तव्यका निर्देशक ग्रन्थहरूमध्ये हाम्रो देशमा निर्णयसिन्धुको अत्यधिक मान्यता रहिआएको छ । निर्णयसिन्धुग्रन्थ मानवकर्तव्यको निर्देशन गर्नमा समुद्रतुल्य नै छ भने हुन्छ । यस ग्रन्थको संस्कृतभाषात्मक सारसंक्षेप नेपालका राजगुरु श्री ५ बडागुरुज्यू जुननाथ पण्डितले गर्नुभएको थियो, त्यसको नाम **निर्णयसिन्धुसारसंग्रहः** रहेको छ ।

अब मूल विषयमा विचार गरौं । महामनीषी प्रा.डा. वेणीमाधव ढकालज्यू परम आस्तिक र स्वधर्माग्रहग्रहिल

हुनुहुन्छ यो मेरो अनुभव हो । आफ्नी जन्मदात्री माताको आशौचमा गर्नुपर्ने धार्मिक नियमको पूर्ण पालनाको निमित्त आफ्नो सम्पूर्ण सञ्चित अवकाश लिएर घरमा नै बसेर वर्ष बिताउनुभयो । आर्थिक क्षतिको उहाँले केही मूल्य गर्नु भएन। उहाँले **श्रीगणेशमहापुराण**को उद्धार गरेर पुनः प्रकाशित गणेशपुराणमा सम्पूर्ण अशुद्धिहरूको संशोधन गरी नेपालीमा रूपान्तरण गरेर ठूलो अपूर्व प्राप्त गर्नुभएको हो । महान् भक्त कवि तुलसीदासको कथन छ –

कर्म प्रधान विश्वकरी राखा । जो जस करइ सो तस फल चाखा ।।

अहिले प्रा.डा. वेणीमाधव ढकालज्यूले अत्यन्त उपयोगी निर्णयसिन्धुको नेपालीभाषामा रूपान्तरण गरेर नेपालीमात्रलाई अत्यन्त अनुगृहीत गर्नुभएको छ र यो रूपान्तरणमात्रै होइन भाष्य नै भन्न करै लाग्छ । विषमस्थलमा विशेष व्याख्याद्वारा ग्रन्थग्रन्थि फुटाउने कार्य भएको छ । प्रा.डा. वेणीमाधव ढकालज्यूको यस कार्यले नेपालीमात्र अनुगृहीत हुने छन् किनभने हाम्रो नेपाल कर्मविचिकित्सा भएमा अर्थात् कर्मको सन्देह भएमा निर्णयसिन्धु ग्रन्थद्वारा नै निर्णय गर्ने परम्परा चलिआएको छ । संस्कृतज्ञको न्यूनताको निर्णयसिन्धुमा पूर्वपक्षको पूर्ण व्याख्या गरेर गहन उत्तरपक्ष राखेकोले प्रायः संस्कृतज्ञहरूलाई यस ग्रन्थको ग्रन्थिलाई फुकाउन कठिन नै भएको थियो । यस सरल प्रवाहमय नेपाली टीकाले नेपालीमात्रको अत्यन्त उपकार गर्नेछ, यसमा सन्देह छैन । निर्णयसिन्धु ग्रन्थ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमवत्प्रदेश – हिमालयको टाकुरादेखि दक्षिण तराईप्रदेशको भारतीय सीमारेखासम्म समान रीतिले ग्राह्य हुने हुनाले सम्पूर्ण नेपालव्यापी–राष्ट्रव्यापी राष्ट्रको नै हित गर्ने ग्रन्थ तयार भएको छ । नेपालका गाउँ–गाउँमा पाण्डित्य कार्यद्वारा जीविका गर्ने पण्डितहरूको निमित्त यो ग्रन्थ अमूल्य रत्नसदृश हुनेछ भन्ने मलाई लागेको छ ।

महामनीषी प्रा.डा. वेणीमाधव ढकालज्यू अत्यन्त आस्तिक, संस्कृतभाषाका अनन्यसेवक, अत्यन्त सहृदय, सदयहृदय हुनुहुन्छ । **गणेशपुराण**जस्तो ग्रन्थको उद्धार गरेर विघ्नेश्वर वरद गणेशको अनुग्रह उहाँलाई प्राप्त भएकोले **निर्णयसिन्धु**जस्तो ग्रन्थको भाष्यसदृश चूडामणि टीका तयार गर्न उहाँ सफल हुनुभएको छ । सम्पूर्ण निर्णयसिन्धुको सारदोहन गरी तयार गरिएको उहाँको वैदुष्यपूर्ण प्रस्तावनाभागले सुनमा सुगन्ध थपेको छ । उहाँबाट अरू पनि एतत्सदृश महत्कार्य हुँदै जानेछन् भन्ने मलाई विश्वास छ । यस्तो महान् ग्रन्थ प्रकाशित गरी लोकोपकार गर्ने विद्यार्थी पुस्तक भण्डार, काठमाडौंलाई शतशः साधुवाद छ । मनीषी प्रा.डा. वेणीमाधव ढकालज्यूले यो महत्कार्य सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा म उहाँको हार्दिक अभिनन्दनका साथ वर्धापन दिँदै भन्न चाहन्छु –

स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु सौभाग्यमस्तु धनधान्यसमृद्धिरस्तु ।
सिद्धिप्रसिद्धिमहिता सुखवृद्धिरस्तु बुद्धिप्रवृद्धिहरिभक्तिसमृद्धिरस्तु ।।

२०६८ आश्विन नवरात्र

दुर्गाप्रसाद दवाडी

शुभाशंसा

– प्रा. पुरुषोत्तम भट्टराई
पूर्व शिक्षाध्यक्ष, महेन्द्र संस्कृत विश्वविद्यालय
धरान-१४, सुनसरी

प्रा. डा. श्रीवेणीमाधव ढकालज्यूद्वारा नेपाली भाषामा रूपान्तरित निर्णयसिन्धु ग्रन्थ अध्ययन गर्ने सौभाग्य प्राप्त भएकोमा म अत्यन्त हर्षित भई उहाँप्रति हार्दिक साधुवाद प्रकट गर्दछु । उहाँको प्रयास अत्यन्त श्लाघ्य छ । निर्णयसिन्धुजस्तो गहन एवं दुर्बोध्य विषयलाई सुबोध्य भाषा एवं शैलीमा सर्वसाधारण जनताका सामु प्रस्तुत गर्ने कार्य फलामका चिउरा चपाएसरह हो तर त्यस्तो दुःसाध्य कार्यलाई समेत सरल ढंगबाट सम्पन्न गर्नसक्नु टीकाकारको अद्भुत कुशलतापूर्ण कार्य भन्नुपर्दछ ।

संस्कृतको ज्ञान नभएका सर्वसाधारण जनतालाई तथा निर्णय गर्ने क्षमता कम भएका संस्कृतज्ञहरूलाई समेत उत्तिकै लाभदायक यो ग्रन्थ आफैंमा परिपूर्ण भएको म ठान्दछु । यसबाट समाजको ठूलो उपकार भएको छ । शास्त्रसंरक्षण गर्ने कार्यका साथै समाजोपयोगी यस प्रकारका अन्य कार्यमा समेत प्रवृत्त हुने सद्बुद्धि एवं सत्प्रेरणा टीकाकार ढकालज्यूलाई परमेश्वरबाट सदा सर्वदा प्राप्त भइराखून् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै उहाँको क्रियाशील जीवनबाट समाज लाभान्वित भइरहोस् भन्ने आशा गर्दै उहाँको भावी जीवनको उत्तरोत्तर उन्नति एवं प्रगतिको कामनासमेत गर्दछु।

२०६८ आश्विन नवरात्र

पुरुषोत्तम भट्टराई

एउटा महत्तम प्राप्तिको रूपमा निर्णयसिन्धुको चूडामणि टीका

- प्रा.डा. रामचन्द्र गौतम
पूर्वविभागाध्यक्ष, धर्मशास्त्र विभाग,
वाल्मीकि विद्यापीठ, काठमाडौं

आत्मा दुई प्रकारको छ- परमात्मा र जीवात्मा । जो नित्य, शुद्ध, बुद्ध, सत्य, शाश्वत, सच्चिदानन्दमय, सर्वव्यापक छ, जसमा विश्वब्रह्माण्ड विराजित छ त्यो परमात्मा हो भने जीवात्मा परमात्माकै अंश हो । उसले मानव आदि प्रत्येक देहधारी जीवमा आश्रित भई सुख-दुःख आदिको अनुभव गर्नुपर्ने हुन्छ । उसले आफु अच्छेद्य, अभेद्य, अदाह्य, अजर एवं अमर भएतापनि जनन-मरणजन्य अतिकष्टकर कर्मचक्रमा घुमिनै रहनुपर्ने हुन्छ । कर्तव्याकर्तव्यबोध गराई उसलाई यस्तो असहनीय पीडाप्रद अवस्थाबाट सदाका लागि मुक्त गराउने परमपावन उद्देश्यले परब्रह्म परमात्माद्वारा आफ्नो ज्ञानद्वीपमा प्रतिभासमान परम्परागत अखण्ड ज्ञानराशि वेदशास्त्र अभिव्यक्त गरियो । सो वेद अत्युत्कृष्ट ज्ञानसम्पन्न मानिसहरूको लागि मात्र उपयुक्त सिद्ध भयो, न कि सर्वसाधारण जनका निम्ति । त्यसो हुँदा उनीहरू निकै दुःखित, पीडित र चिन्तित पनि हुन पुगे । यस्तो विषम परिस्थितिबाट उनीहरूलाई सदाका लागि मुक्त गराउन दयासागर दिव्यदृष्टि, करुणामूर्ति ऋषि-महर्षिहरूद्वारा वैदिक ज्ञानको सर्वसाधारणको उपयोगका लागि लोकव्यवहारोपयुक्त वेदमूलक धर्मशास्त्र निर्माण गरियो । सो शास्त्रलाई ऋषि-मुनिहरूले नै चतुर्दशविद्याअन्तर्गत संस्थापित पनि गरे । चतुर्दशविद्यामा ऋगादि चारवेद, वेदाङ्ग मानिएका शिक्षाकल्पादि षट्शास्त्र एवं वेदकै उपाङ्ग मानिने पुराण, न्याय, मीमांसा र धर्मशास्त्र पर्दछन् । यी चौध विद्यालाई योगीश्वर याज्ञवल्क्यले विद्या (शास्त्र) को रूपमा मात्र नलिई धर्मका स्थानका रूपमा पनि पूर्णतः स्वीकार गरेका छन् ।

पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः । वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ।।

याज्ञवल्क्य प्रतिपादित यी चौध विद्यामा उपवेद मानिएका आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र वा तन्त्रशास्त्र यी चारलाई थपेर अट्ठार विद्याको परिगणना भएको छ । यसको पुष्टि विष्णुपुराणले यसरी गरेको छ -

आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः । अर्थशास्त्रं चतुर्थं तु विद्या ह्यष्टादशैव तु ।।

यी अट्ठारै विद्याको मूलप्रमाण वेद नै हो, अर्थात् यी विद्या वेदमूलक हुन्, वेदको व्याख्या गर्ने वा अर्थबोध गराउने कार्यमा यी विद्या पूर्ण सहायक छन् । यी सबैको अध्ययन यथाधिकार गर्नु मनुष्यमात्रको अनिवार्य कर्तव्य हो । यस्तो कर्तव्यभित्र पर्ने विद्याहरूको केवल अध्ययनले मात्र धर्म-अर्थ आदि पुरुषार्थ प्राप्त हुँदैन । यिनीहरूले निर्देश गरेको आचारको पनि परिपालन गर्नुपर्छ । आस्था, निष्ठाका साथ आचारपालन नगर्नेलाई वेदले पवित्र गर्दैनन् । भनिएको पनि छ - **'आचारहीनं न पुनन्ति वेदाः'** । विशेषतः- आचार विषयको साङ्गोपाङ्ग स्वरूप प्रतिपादन गर्ने शास्त्र धर्मशास्त्र नै हो। धर्ममर्मज्ञ लोकोपकारमा सततनिरत, मन्त्रद्रष्टा, महामना परमर्षिहरूद्वारा वैदिक ज्ञानको मनन चिन्तन एवं स्मरणबाट निर्मित भएको हुँदा यो शास्त्र **'स्मृतिः'** नामले पनि प्रसिद्ध छ । भनिएको छ - **श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः ।**

स्मृतिनामले प्रख्यात धर्मशास्त्रमा गौतम आपस्तम्बादि महर्षिहरूद्वारा प्रणीत धर्मसूत्रग्रन्थहरू, मनु-याज्ञवल्क्य-पराशर आदि मुनिहरूद्वारा निर्मित बृहत्स्मृतिग्रन्थहरू, दक्ष-हारीत-संवर्त आदिद्वारा लिखित लघुस्मृतिग्रन्थहरू, आचार्य

पारस्करादिद्वारा विनिर्मित गृह्यसूत्रग्रन्थहरू, रामायण, महाभारत, पुराणहरू र यिनै सूत्रस्मृति एवं रामायण आदिमा प्रतिपादित प्रमाणवचनका आधारमा हेमाद्रि, माधव, मित्रमिश्र आदि विशिष्ट विद्वान्हरूले लेखेका चतुर्वर्गचिन्तामणि, पराशरमाधवीय एवं वीरमित्रोदय आदि बृहन्निबन्ध ग्रन्थहरू, त्यस्तै कमलाकर भट्ट, काशीनाथ आदि दोषज्ञहरूले लेखेका निर्णयसिन्धु, धर्मसिन्धु आदि लघुनिबन्ध ग्रन्थहरू पर्दछन् । यस्ता गहनतम उत्कृष्ट ग्रन्थहरूलाई आफूमा समाविष्ट गरेको धर्मशास्त्रले विशेषतः मनुष्यमात्रका निम्ति अपरिहार्य, अनुसरणीय, आचरणीय एवं सततग्रहणीय आचार, व्यवहार र प्रायश्चित्त यी तीन विषय प्रतिपादन गरेको छ ।

मानवजीवनलाई सार्थकतामा पुऱ्याउने उक्त तीन विषयमा हामीले यहाँ चर्चा गर्न लागिएको धर्मशास्त्रभित्रको महत्त्वपूर्ण ग्रन्थ **निर्णयसिन्धु**मा भने आचार र प्रायश्चित्त दुई विषयको मात्र निर्णय उपस्थापित छ । व्यवहार विषयको उल्लेख यसमा छैन । यतः व्यवहारविषयमा राज्यसञ्चालनसम्बन्धी कुराहरूमात्र पर्दछन् । ती कुरा अन्य धेरै ग्रन्थमा उल्लेख भइसकेकाले र आफ्नो मूल उद्देश्य मनुष्यमात्रलाई आचार र प्रायश्चित्तको मात्र पूर्णरूपमा निर्देश गरी ऐहिक एवं पारलौकिक सुख-शान्ति प्रदान गर्ने रहेकाले पनि व्यवहारविषयको समावेश यस ग्रन्थमा नगरिएको हो ।

निर्णयसिन्धुग्रन्थका निर्माता भट्टकुलावतंस रामकृष्णभट्टात्मज कमलाकर भट्ट हुन् । उनी सुधीजनसमुदायमा उद्भट मानिन्छन् । त्यस्तै न्याय, व्याकरण, मीमांसा, धर्मशास्त्र आदि अनेक विषयका र वैदिक यज्ञयागादिका पनि विज्ञ मानिन्छन् । उनले शान्तिरत्न, पूर्तकमलाकर, प्रायश्चित्तरत्न, गोत्रप्रवरदर्पण आदि बाइसभन्दा बढी गहनतम ग्रन्थ निर्माण गरेका छन् । तीमध्येको निर्णयसिन्धु एक उत्कृष्ट ग्रन्थ हो । यसको रचना सन् १६१२ मा भएको मानिन्छ ।

विद्वज्जनसमाजलाई आकृष्ट गर्न सक्षम यो ग्रन्थ लघुनिबन्धअन्तर्गत पर्दछतापनि आफ्नो उत्कृष्टता, विशिष्टता, उच्चता, आदर्शता, व्यावहारिकता, महत्ता, विषय-विस्तृतता, गहनता, लोकप्रियता, वास्तविक निर्णय प्रदान कार्यमा अग्रगण्यता आदि विविध कारणले गर्दा र विषयवस्तुप्रतिपादन शैलीको सरलता एवं गम्भीरताले गर्दा यसको गरिमा उच्चतम बिन्दुमा रहेको तथ्यलाई कसैले पनि नकार्न मिल्दैन । त्यसैले यसलाई बृहन्निबन्धको श्रेणीमा स्थापित गर्दा पनि अशोभनीय हुँदैन ।

जगतीतलमा जति पनि वर्ण, जाति, जनजाति, अनुलोमजाति, प्रतिलोमजाति, वर्णसङ्करजाति र सङ्कीर्णसङ्कर जाति छन् ती सबैको धर्म, कर्म, कर्तव्य एवं अधिकारको विस्तृत विवेचन गर्नुका साथै सारपूर्ण यथार्थ निर्णय यस ग्रन्थमा दिइएको छ । यस्तो महिमामय लोकोपयोगी ग्रन्थको निर्माण श्रुति एवं स्मृतिद्वारा प्रस्तुत प्रमाणवचनका पूर्ण आधारमा गरिएको छ । श्रुति, स्मृति समानधर्मी हुन् । श्रवण, मनन एवं निदिध्यासन गरिने विषय श्रुति हो भने स्मृतिचाहिँ ईश्वरप्रकाशित (अपौरुषेय) वेदशास्त्रभन्दा भिन्न हो, तर वेद (श्रुति) मूलक हो । स्मरणविषयक परम्परागत व्यवहारोपयोगी धार्मिक साहित्य हो । यसको उपयोगिता, गहनता र उत्कृष्टता अवर्णनीय छ । स्मृतिसाहित्यको अध्ययन एवं अनुसरणले जनमानसमा निश्छलता, निर्मलता, निर्लोभता, निष्कपटता, निर्वैरता, निरहंकारता, उदारता आदि उदात्त गुणहरू समुदित गराउँदछ र उच्च विचार एवं उत्कृष्ट भावना पैदा गर्दछ । यस्ता महनीय विचार र भावनाले युक्त जनहरूको जब लोकमा आधिक्य हुन्छ त्यस बखतनै समस्त जनहरू स्वतःनियन्त्रित, मर्यादित एवं अनुशासित पनि हुन्छन् । यस्ता मानिसहरूको समाज जब लोकमा स्थापित हुन्छ त्यसबखत नै राष्ट्र, राष्ट्रियता, परम्परा, धर्म, संस्कृत, संस्कृतिको संरक्षण संवर्धन हुनुका साथै उन्नति पनि हुनजान्छ।

यस्ता आदरार्ह, श्रद्धेय एवं सम्माननीय जनहरूको समुत्पादन गरी धर्मसंस्कृतिको संरक्षणमा पूर्ण सहायक बनेका धार्मिक (स्मृति) साहित्यकारको संख्या र संज्ञाको उल्लेख स्मृतिसाहित्यमा यत्रतत्र पाइन्छ । जनक राजाका सभापण्डित

योगीश्वर याज्ञवल्क्यद्वारा बीस स्मृतिकार (धर्मशास्त्र प्रवर्तक) हरूको नाम उल्लेख गरिएको छ । जुन यसप्रकार छ–

मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्योशनोऽङ्गिराः । यमापस्तम्बसंवर्ताः कात्यायनबृहस्पती ।।

पराशरव्यासशङ्खलिखिता दक्षगौतमौ । शातातपो वसिष्ठश्च धर्मशास्त्रप्रयोजकाः ।।

यसैगरी अग्निपुराणमा उन्नाईस, पराशरस्मृतिमा एक्काईस, अन्य उपस्मृतिहरूमा छत्तीस धर्मशास्त्रप्रवर्तक ऋषिहरूको नाम दिइएको छ । महामना मनीषी कसै–कसैले ऋषिहरूको सङ्ख्या अठासी हजार थियो ती सबै नै धर्मशास्त्रका प्रवर्तक हुन् भन्ने धारणा पनि राखेका छन् । प्रकृतग्रन्थ निर्णयसिन्धुमा चाहिँ एक सय पच्चीस ऋषि–मुनिहरूका वचन प्रमाणका रूपमा उपस्थापित छन् । यसरी धर्मशास्त्रका प्रवर्तकहरूको सङ्ख्यामा संज्ञामा र उपस्थापनक्रममा पनि ऋषिहरूमा ऐकमत्य रहेको पाइँदैन तापनि उद्देश्य भने सबैको एउटै रहेको छ– लोकधर्म प्रतिपादन गर्नु । यसको पुष्टि आङ्गिरसस्मृतिमा स्पष्टरूपमा गरिएको छ–

यत्पूर्वमृषिभिः प्रोक्तं धर्मशास्त्रमनुत्तमम् । तत्प्रमाणन्तु सर्वेषां लोकधर्मानुवर्णनम् ।।

धर्मशास्त्र–समुपदिष्ट लोकधर्म, अर्थात् लोकानुष्ठेय सबै आचार, सबै युग, सबै देश र सबै वर्णजातिका लागि मान्य हुँदैनन् । सत्ययुगमा मनुद्वारा त्रेतामा गौतमद्वारा र द्वापरमा शङ्खलिखितद्वारा उपदिष्ट आचारधर्म मान्य हुन्थ्यो भने कलियुगमा चाहिँ महामुनि पराशरद्वारा निर्दिष्ट आचार मान्य हुन्छ भन्ने कुरा यसरी बताइएको छ –

कृते तु मानवा धर्मास्त्रेतायां गौतमाः स्मृताः । द्वापरे शङ्खलिखिताः कलौ पाराशराः स्मृताः ।।

मनु, गौतम र शङ्खलिखितद्वारा प्रतिपादित आचारादि धर्मद्योतक सबै विषय कलिमा अस्वीकार्य हुने होइनन् । अश्वमेध, गोमेधादि यज्ञ, श्राद्धमा मासुको प्रयोग, देवरबाट भाउजूमा पुत्रोत्पत्ति, असवर्णकन्या विवाहजस्ता केही आचारमात्र कलियुगमा अमान्य हुने हुन् –

'अश्वालम्भं गवालम्भं संन्यासं पलपैतृकम् । देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जयेत् ।।

कन्यानामसवर्णानां विवाहश्च द्विजातिभिः ।। इत्यादीनि कर्माणि कलौ वर्जितानि ।'

भनेर महामुनि पराशरले युगको वास्तविकस्वरूप, देशको प्राकृतिक बनावट, जनताको अवस्था, आयु, सामर्थ्य आदि सबै कुरालाई विशेष विचार गरेर मात्र उनीहरूले गर्न सक्ने र गर्नुपर्ने आचारादिकृत्यको मात्र विधान गरेका छन् भने मन्वादिले प्रतिपादन गरेका तर देश, काल, जनताको स्वभाव, सामर्थ्यअनुसार उनीहरूले गर्न नसक्ने र गर्दा पनि फलोत्पादक गराउन नसकिने खालका अश्वालम्भनादि जस्ता आचारमै गनिने कृत्यविशेषको निषेध पनि गरेका छन् । त्यसैले '**कलौ पाराशराः स्मृताः**' भनिएको हो ।

त्यस्तै आर्यावर्तेतर क्षेत्र वा देशमा बसोबास गर्ने मानिसहरूले जप, तप, व्रत, उपवास, पाठ, पूजा, यज्ञादि धर्मानुष्ठान गरिरहनुपर्दैन र उनीहरूलाई गर्ने अधिकार पनि हुँदैन केवल साधारणधर्म मात्र परिपालन गर्दा पुग्ने हुन्छ । साधारण धर्मको स्वरूप मन्वादि शास्त्रप्रवर्तकले यस्तो देखाएका छन् –

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः । एवं सामासिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः ।।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः । धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः । दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम् ।।

आर्यावर्तक्षेत्र (यज्ञियदेश) मा बस्ने वैदिकसनातन धर्मानुयायी मानिसहरूले चाहिँ उक्त साधारण धर्म पालन

गर्नुका साथै स्नान, सन्ध्या, व्रत, उपवास, दान, पूजा, उपासना, यज्ञयागादि शास्त्रोदित सबै धर्मकर्मको यथाधिकार परिपालन गर्नुपर्ने हुन्छ । शास्त्रप्रयोजक ऋषि-मुनिहरू यज्ञयागादि धर्मकर्मार्ह देश वा स्थलको लक्षण र यज्ञादि कर्ममा र धर्मोत्पादक कर्म प्रतिपादन गर्ने शास्त्रमा अधिकार प्राप्त व्यक्तिको लक्षण यस्तो देखाउँछन् -

जहाँ कृष्णसार मृगहरू स्वच्छन्द विचरण गर्दछन्, जहाँ गङ्गा, यमुना, सरस्वतीजस्ता परमपावनी देवनदीहरू बहन्छन्, जुन भूभाग वा देशलाई शास्त्रमर्मज्ञ विपश्चित्हरूद्वारा आर्यतपोभूमि, यज्ञिय देश एवं आर्यावर्त क्षेत्र मानिएको छ त्यस देश वा क्षेत्रमा अवस्थित मनुष्यले मात्र धर्मशास्त्रोपदिष्ट व्रतोपवासादि आचारधर्मको परिपालन गर्नु अनिवार्य हुन्छ-

आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् । तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ।।

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः । स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्तु तत्परः ।।

मिथिलास्थः स योगीन्द्रः क्षणं ध्यात्वाऽब्रवीन्मुनीन् । यस्मिन्देशे मृगः कृष्णस्तस्मिन्धर्मान्निबोधत ।।

त्यस्तै जुन मानिसको गर्भाधानदेखि अन्त्येष्टि (मरण)सम्मका क्रियाकर्म (संस्कार)हरू वैदिकमन्त्रपूर्वक हुन्छन् त्यसले नै धर्मशास्त्रप्रतिपादित साधारणधर्मका साथै आचारधर्मको पनि सदैव परिपालन गर्नुपर्ने कुराको उद्घोष शास्त्रप्रवर्तकले गरेका छन् -

निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः । तस्य शास्त्रेऽधिकारोऽस्मिञ्ज्ञेयो नान्यस्य कस्यचित् ।।

यसरी शास्त्रमा पूर्णाधिकार प्राप्त गरेका मानिसहरूले सदैव परिपालन गर्नुपर्ने आचारधर्म प्रतिपादन गर्ने परमपवित्र उद्देश्यद्वारा अभिप्रेरित धर्मशास्त्र ग्रन्थहरूमध्येको **निर्णयसिन्धु** एक हो । यो ग्रन्थ अत्यन्त लोकव्यवहारोपयुक्त र प्रामाणिक पनि भएकोले आर्य (हिन्दु) जनसमाजमा र विद्वज्जनसमुदायमा यसले निकै महत्त्वपूर्ण स्थान ओगटेको छ र यो ग्रन्थ आर्यावर्तक्षेत्र अर्थात् यज्ञार्हदेशको कुना-कुनासम्म पनि ख्याति प्राप्त हुन पुगेको छ । लोकप्रसिद्ध यस ग्रन्थमा प्रथम, द्वितीय र तृतीयसमेत गरी तीन परिच्छेद छन् । तृतीय परिच्छेद पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा विभाजित छ ।

प्रथम परिच्छेदमा कालभेद, चान्द्रसंवत्सर, अयन, ऋतु, मास, मलमास, क्षयमास, पक्ष, तिथि आदिको निर्णय गरिएको छ भने एकभक्त, नक्त, अयाचित, दान, व्रत, उपवासादि षड्विध स्मार्तकर्महरूको निर्णय समावेश गरिएको छ। त्यस्तै तिथिवेध, कर्मकाल, खर्वदर्पादिवाक्य, युग्मवाक्य, व्रतका नियम, व्रतोद्यापन, सकलातिथि, बृहस्पति-शुक्र अस्ताएको बखत गर्न नहुने कार्य, इष्टिकाल, पिण्डपितृयज्ञकाल, प्रायश्चित्त, तुलादान, ग्रहण र ग्रहणमा पालन गर्नुपर्ने नियम आदि विविध विषयको निर्णय समावेश गरिएको छ ।

कालभेद प्रस्तुत गरेर नित्यकालका साथै जन्यकालको स्वरूप, त्यसमा गर्नुपर्ने कृत्यादिको विवरण प्रतिपादन गरी लोकलाई उपकार गर्न यो परिच्छेद अग्रसर भएको छ । त्यस्तै प्रभवादि साठी चान्द्रसंवत्सर यस परिच्छेदमा देखाइएका छन् । क्रमशः प्रत्येक वर्ष आउने यी संवत्सरहरूको महत्त्व र यी संवत्सरमा गरिने कृत्यहरूको औचित्य यसमा स्थापित गरिएको छ । मलमास तथा क्षयमासमा कर्तव्याकर्तव्यका कुराहरू, तिथिहरू विद्ध कसरी हुन्छन्, पूर्वविद्धा र परविद्धाको स्वरूप कस्तो हुन्छ, कुन विद्धामा कुन कर्म प्रशस्त मानिन्छ । कुन कर्मको काल कुन हो, कुन कर्म कुन बेला गर्दा फलोत्पादक हुन्छ । खर्वदर्प वाक्य भनेको के हो, यी वाक्यले कस्ता तिथिलाई लिन खोजेको छ । युग्मवाक्य भनेको के हो, यसको स्वरूप कस्तो हुन्छ, यो वाक्य कुन पर्वको निर्णय गर्दा कुन तिथिमा प्रयोग गर्नुपर्छ । कुन व्रतका नियम के हुन्, कुन व्रतको उद्यापन कुन बेला कसरी गर्नुपर्छ । सकला तिथि भनेर कस्ता तिथिलाई लिने हो, कुन कर्म यस्ता तिथिमा ग्राह्य हुन्छन् । बृहस्पति र शुक्र अस्ताएको बखत यिनीहरूको वृद्धावस्था र बाल्यावस्थामा कुन कर्म गर्न हुन्छ कुन हुँदैन

यी – आदि कुराहरूको विस्तृत विवरण (निर्णय) यस परिच्छेदमा उपस्थापित छन् । यिनै विवरण वा निर्णयका आधारमा निर्णयसिन्धु द्वितीय र तृतीय परिच्छेदमा उल्लिखित समस्त विषय, संस्कार वा चाडपर्वहरूको निर्णय गरिन्छ ।

द्वितीय परिच्छेदमा चैत्रदेखि फाल्गुनसम्मका द्वादशमासका संक्रान्तिहरूमा र यी महिनाका शुक्ल एवं कृष्ण दुवै पक्षका तिथिहरूमा गरिने स्नान, दान, व्रत, उपवास, उत्सवादि दैव कर्महरूको र श्राद्ध-तर्पणादि पितृकृत्यहरूको वास्तविक निर्णय प्रथम परिच्छेदमा प्रस्तुत विधिविधान र नियम-विनियमका आधारमा गरिएको छ ।

तृतीय परिच्छेदको पूर्वार्धमा प्रकीर्णक अर्थात् विभिन्न सूत्र एवं स्मृतिग्रन्थका अनेक प्रकरणमा छरिएर रहेका लोकव्यवहारका निम्ति अति आवश्यक विषयहरूको एकत्र संकलन गरी विविध ग्रन्थमा छरिएरै रहेका प्रमाण वचनका आधारमा निर्णय गरिएको छ ।

छरिएर रहेका विषयवस्तुहरूमा गर्भाधानदेखि समावर्तनसम्मका संस्कारहरू र ती संस्कारसँग पूर्ण तथा आंशिकरूपमा सम्बन्ध राख्ने सबै विषयहरू, विवाह, आशौच र दायत्रिविध सापिण्ड्यनिरूपण, गोत्रप्रवर निर्णय, कन्यादान कालादि विषय निरूपण, बृहस्पति शान्ति आदि विविध शान्ति विचार, विवाहमा मास, नक्षत्र, तिथि, वार आदि विचार, प्रतिकूलादि कथन, मण्डनमुण्डन विचार, कन्यादानविधिदेखि विवाहसंस्कार समाप्तिसम्म रहेका विषयहरू, आधानकालदेखि शूद्रसंस्कारसम्मका विषयहरूको निर्णय, वापीकूपादि निर्माण र उत्सर्गविधि आदि विषय कथन, मूर्तिप्रतिष्ठा, लिङ्गप्रतिष्ठा र अन्य देवताहरूका प्राणप्रतिष्ठादि विषयहरू, लिङ्गपूजनसम्बन्धी विचार, शालग्रामशिला पूजाको महिमा, पुनः प्रतिष्ठा एवं जीर्णोद्धार विधि विचार, तुलसीग्रहणादि विषय र कृषि आदि विषयहरू, गृहारम्भ, गृहप्रवेश एवं वास्तु आदि विषयविचार, कलिवर्ज्य विषयहरूको निरूपण आदि विविध विषय पर्दछन् ।

त्यस्तै तृतीय परिच्छेदको उत्तरार्धमा नित्य-नैमित्तिकादि द्वादशविध श्राद्धसँग, आशौच र अन्त्येष्टिसँग सम्बन्धित सम्पूर्ण विषयहरूको निर्णय, आशौच परेको प्रथम वर्षमा निषेध गरिएका विषयहरू, पञ्चकादि विशेष योगमा मर्नेहरूको दाहविधि, रजस्वला सूतिका आदि विशेष अवस्थामा मृत्यु हुनेहरूको दाहसंस्कारविधि, विधवाधर्मनिर्णय, संन्यासनिर्णय र संन्याससँग सम्बन्ध राख्ने सबै विषयको निर्णय, यतिधर्मसँग सम्बन्धित विषयहरूको निर्णय, यतिसंस्कार निर्णय, आतुरसंन्यास र सोसम्बन्धी सम्पूर्ण विषयहरूको निर्णय पर्दछन् ।

यस्ता व्यवहारोपयोगी बहुविध विषय आत्मसात् गरेको वैदिक परम्परा, धर्म, संस्कृतिप्रति आस्था, निष्ठा, आदर, सम्मान राख्नेजनहरूद्वारा माया, ममता एवं प्रेमपूर्वक सदा सम्झिइने ग्रन्थ निर्णयसिन्धु संस्कृतभाषामा लेखिएकाले कसको कुन वचनको आशय के हो, वाजसनेयीहरूका लागि मान्य हुने निर्णायक वचन कुन हो, कुन व्रतपर्व निर्णयमा कसको कुन वचन सार्थक हुने हो भन्ने कुरा छुट्याउन संस्कृतको गहिरो ज्ञान नभएका धर्मशास्त्रको अध्ययन राम्रोसँग नगरेका वा गर्न नपाएका मानिसहरूका लागि, पुरोहितादिका लागि र न्यायव्याकरणादि धर्मशास्त्रेतर विषयमात्र पढेका विद्वान्हरूकै तहमा गनिनेहरूकै लागि पनि अति कठिन छ । त्यस्तालाई यो ग्रन्थबाट निर्णय निकालेर जनतालाई सप्रमाण बुझाउन र व्यवहारमा प्रयोग गर्न आकाशको फलजस्तै हुन जान्छ । यस्तो गहनतम र गौरवपूर्ण ग्रन्थको सबैले बुझ्न सक्ने नेपालीभाषामा चूडामणि टीका प्रणयन गरी संस्कृत र धर्मशास्त्रको राम्रो ज्ञान नभएका व्यक्तिले पनि चाडपर्व निर्णय गर्न सक्ने स्थिति सृजन गरिदिएर प्रा.डा. वेणीमाधव ढकालले अत्यन्त प्रशंसनीय काम गर्नुभएको छ ।

साधारण लेखपढ गर्न जानेका मानिसले पनि सजिलैसँग जान्न र बुझ्न सक्ने सरल एवं वैदुष्यपूर्ण शैलीमा टीका गरिदिएकाले यसबाट निर्णय निकालेर व्यवहारमा उपयोग गर्न प्रायः सबैलाई अति सजिलो हुने भएको छ । साहित्यविषयको मात्र विद्वान् नभई धर्मशास्त्रप्रतिपादित विषयवस्तुहरूको वास्तविक तथा व्यावहारिक निर्णय प्रदान गर्न अत्यावश्यक पर्ने

दर्शनशास्त्रमा पनि विशिष्ट श्रेणीमा आचार्य पास गरी त्यसमा गहनतम ज्ञानार्जन गर्नुभएकाले पनि डा. ढकाल यस्तो संस्कृत (धर्मशास्त्र)को बृहन्निबन्धग्रन्थ अनुवाद गर्न सर्वथा समर्थ हुनुभएको हो ।

संस्कृत र नेपालीमा उत्तिकै कलम चलाउनुहुने सिद्धहस्त, विद्यासाधनामा सततनिष्ठ, सरस्वतीका वरदपुत्र, विद्वद्वर डा. ढकालद्वारा गरिएको बुद्धिमत्तापूर्ण अथक प्रयास र परिश्रमबाट तयार भएको निर्णयसिन्धुको नेपालीभाषानुवादले यस धराधाममा अवस्थित सनातन धर्मानुयायी जनद्वारा सतत समनुष्ठेय स्मार्तधर्मकर्मको संरक्षण एवं संवर्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुग्नेछ भन्ने कुरामा कुनै सन्देह लिनुपर्ने छैन ।

डा. ढकाल संस्कृत तथा नेपालीका प्रसिद्ध लेखक एवं विश्रुत समीक्षक पनि हुनुहुन्छ । उहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका मनीषीहरूको समूहमा पनि ख्यातिप्राप्त आधिकारिक विद्वान् मानिनुहुने कुरामा कसैको दुई मत रहने छैन । हिन्दुजनद्वारा परिपालनीय आचार, धर्म एवं संस्कृतिको परिरक्षण, परिपोषण गर्नेजस्तो महान् कार्य सामान्य विचारयुक्त, अल्पपरिश्रम गर्ने, मन्द बुद्धि भएको मानिसबाट हुनसक्दैन । धैर्यशीलता, उत्साह, जोस, जाँगर भएको, परिश्रम गर्न सक्ने, तीक्ष्णमति, शास्त्रज्ञ विचक्षणबाट मात्र हुनसक्छ ।

ग्रन्थानुवादोपयुक्त यस्ता उत्कृष्ट एवं असामान्य गुणहरू दोषज्ञ डा. ढकालमा समुदित छन् । यिनकै प्रभावबाट नै उहाँ निर्णयसिन्धुजस्तो महान् ग्रन्थको नेपालीभाषामा समीचीन, सारपूर्ण टीकाप्रणयन गर्न सर्वथा सफल हुनुभएको छ । उहाँबाट यस ग्रन्थको सामान्य अनुवादमात्र भएको छैन, मीमांसाशास्त्रका आधारमा ठोस निर्णय प्रदान गर्नुपर्ने विशेष स्थलमा विशेष वचनका आधारमा विशेष व्याख्या, विवेचन एवं समीक्षासमेत गरिएको छ । ग्रन्थप्रतिपादित विषयमा चासो राख्ने मानिसलाई अझै विशेष किसिमले बुझाउनु पर्ने र बढीभन्दा बढी ज्ञान गराउनुपर्ने आवश्यकता महसुस गरिएका अनेक ठाउँमा टिप्पणीसमेत दिई ग्रन्थलाई अझ बढी आकर्षक, व्यवहारार्ह तथा स्मरणार्ह तुल्याइएको छ ।

लोकव्यवहारोपयुक्त विषयवस्तुको अधिकताले विशाल आकृति स्वीकार्न पुगेको यो ग्रन्थ सामाजिक, व्यावहारिक, धार्मिक, सांस्कृतिक, परम्परागत आदि विविध पक्षको पठनपाठन, अध्ययन, अनुसन्धान गर्न चाहने स्वदेशी तथा विदेशी सबैका लागि अत्यन्त उपयोगी लाभप्रद आधारग्रन्थ सिद्ध हुनेछ ।

अन्तमा गहनतम ग्रन्थ निर्णयसिन्धु, त्यसको चूडामणि टीका र टीकाकारको सम्बन्धमा आफ्ना केही विचारहरू प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा मेरा अनन्यमित्र कविवर प्रा.डा. वेणीमाधव ढकालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै नेपालीभाषाभण्डारको श्रीवृद्धि गर्ने महनीय कार्यमा उहाँको तन, मन सदैव लागिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु । यस्तो महिमामय लोकोपयोगी महान् ग्रन्थ प्रकाशित गरेर जनसमक्ष उपस्थापित गर्नुहुने उच्चविचार एवं उदात्त भावनाद्वारा अभिप्रेरित उदारचरित प्रकाशक – विद्यार्थी पुस्तक भण्डार, काठमाडौंका सञ्चालक श्रीशान्त गौतमज्यूप्रति पनि हार्दिक साधुवाद प्रकट गर्दछु ।

२०६८ आश्विन नवरात्र

रामचन्द्र गौतम

ॐ

प्रा.डा. वेणीमाधव ढकाल र निर्णयसिन्धुको नेपाली अवतरण

- डा. विष्णुराज आत्रेय
प्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय
१०४- अरनिको मार्ग, बत्तीसपुतली, काठमाडौं

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ।।

डा. वेणीमाधव ढकाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाडौंमा साहित्यशास्त्रका प्राध्यापक हुनुहुन्छ । साहित्यमा आचार्य तथा विद्यावारिधि गरेका डा. ढकाल दर्शनविषयका पनि आचार्य हुनुहुन्छ । त्यसै हुनाले पदपारावारीणहरूले '**सहितस्य भावः कर्म वा साहित्यम्**' भनेर गरेको व्युत्पत्तिअनुसार नै साहित्य मूल विषय भए पनि काव्य र विभिन्न काव्येतर विषयहरूमा समेत डा. ढकालको अध्ययन, अभिरुचि र लेखनमा प्रवृत्ति र दक्षता छ। किशोर अवस्थादेखि नै लुम्बिनी अञ्चलमा नेपालका प्रसिद्ध शास्त्रार्थमहारथी दार्शनिक विद्वान् पं. मीनप्रसाद नेपालको वैदुष्य-सान्निध्यको सुअवसर पाएका डा. वेणीमाधव ढकालमा कुनै पनि विषयको गहिरो अध्ययन चिन्तन, मनन र विश्लेषण गर्ने प्रतिभाले पूर्णता पाएको छ ।

यसकै फलस्वरूप अध्ययन-अध्यापन, सम्पादन, अनुसन्धान र मौलिक साहित्य सिर्जनाका साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका गोष्ठी तथा सम्मेलनहरूमा आफ्ना गहकिला विचारपत्रहरूको प्रस्तुवनले गर्दा डा. ढकालको वैदुष्य र व्यक्तित्वमा यशःसुगन्धको पायन चढेको छ । यसरी उहाँ नेपालको अभिवन्दनीय वैदुष्यपरम्परामा अभिनन्दनीय व्यक्तित्व बन्नुभएको छ भन्ने कुरामा शंकापङ्कको लेशमात्र पनि छैन ।

एउटै अक्षरको उल्टापाल्टीले भाव र अर्थमा आनको तान फरक पर्न जान्छ । त्यसै हुनाले अध्ययन र लेखनमा शुद्धताको चोर औंला ठड्याउँछन् समालोचकहरू - '**स्वजनः श्वजनो मा भूत् सकलं शकलं सकृत् शकृत्**' । यसै प्रसङ्गमा उर्दूको एउटा भणिति पनि मलाई यहाँ गाँस्न मन लाग्छ - **एक ही नुस्खे के फेरसे खुदा जुदा हो गया** । त्यसै भएर नै वैदुष्यविकासको सन्दर्भमा अनुसन्धान र रूपान्तरणजस्ता कार्य नितान्त दुरूह मानिन्छन् र सामान्यजनको यसतर्फ अभिरुचि र प्रवृत्ति हुने गरेको प्रायः देखिँदैन ।

प्रा. डा. वेणीमाधव ढकाल भने यसका अपवाद हुनुहुन्छ । असामान्य हुनुहुन्छ । विविध विषयका प्रकाशित कृतिहरूका साथै यसको उदाहरणका रूपमा उहाँले यसअघि प्रकाशित गर्नुभएको - **श्रीगणेशपुराणको** नेपाली रूपान्तरण र त्यसको गवेषणापूर्ण बृहत्काय भूमिकालाई टड्कारो रूपमा लिन सकिन्छ ।

लगभग तीन दशकको सारस्वत साधनाको अनुभव सगाल्दै स्वयं आफू र आफ्नी प्रेयसी लेखनीसँगै प्रौढताको

सोपान उक्लेपछि अवतरण हो डा. वेणीमाधव ढकालद्वारा गरिएको **निर्णयसिन्धु**को यो नेपाली रूपान्तरण ।

निर्णयसिन्धु व्यावहारिक जीवनअन्तर्गत धर्म र संस्कारका विषयमा समय-समयमा उठ्ने गरेका शंका-उपशंका र विवादहरूको शास्त्रीय निर्णय हो । सगरमाथाको उचाइदेखि समुद्रको सतहसम्म निर्बाधरूपमा यसको प्रसार र प्रचार छ। जहाँसम्म यसको रूपान्तरणको प्रश्न छ विगतमा श्रीभगवतुल सुब्रह्मण्यम् तथा श्रीकिदम्बीनरसिंहाचार्यले दक्षिणभारतीय भाषामा तथा व्रजरत्न भट्टाचार्यले हिन्दीभाषामा यसको रूपान्तरण गरेको कुरा मेरो सामान्य जानकारीमा छ । नेपालीमा श्लोकात्मकरूपमा फणिनारायण सिग्देलले यसबारे कलम चलाएका छन् । तथापि डा. वेणीमाधव ढकालको गहन परिश्रम वर्षौंको अनुभव र पद एवं भावको विवेचन-विश्लेषण गर्न सक्ने असामान्य प्रतिभाद्वारा यसको यथार्थ रूपान्तरण भएको छ । यो कार्य अनुपम र अभूतपूर्व भएको छ । यसले डा. ढकाललाई विशिष्ट तुल्याएको छ ।

वैदुष्य आर्जन गरेको व्यक्ति विद्यावान् वा विद्वान् हुन्छ भने पाण्डित्य आर्जन गरेको मानिस पण्डित । पण्डित हुन विद्या आर्जन गरेरमात्र पुग्दैन । यसका लागि उसले आफूमा निर्णायक र निश्चायक व्यक्तित्वको विकास गर्नुपर्दछ । सत् र असत्, कर्तव्य र अकर्तव्यको यथार्थ ज्ञान उसमा हुनुपर्दछ, '**असतो मा सद्गमय तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय**'को उपनिषद्वाक्यले भनेबमोजिम सत्यासत्य, अध्यारो-उज्यालो तथा मृत्यु र अमरताको निर्णायक बाटो आफूले पहिल्याएको र अरूलाई पनि त्यसको निर्णय दिन सक्ने व्यक्तिनै पण्डित हुन्छ । त्यसै हुनाले पण्डितशब्दको व्युत्पत्ति यस्तो गरिएको छ- **सदसद्विवेकवती बुद्धिः पण्डा, पण्डा सञ्जाता अस्येति पण्डितः।**

धर्माधर्मको विचारमा अत्यन्त सूक्ष्म र निर्णायक प्रतिभा चाहिन्छ अन्यथा कहिलेकाहीँ धर्म गर्छु भन्दाभन्दै पनि मानिस अधर्मतिर प्रवृत्त भइरहेको हुन्छ । यसबारे महाभारत शान्तिपर्वको पद्य उदाहरणीय छ-

धर्मं करोमीति करोत्यधर्ममधर्मकामश्च करोति धर्मम् ।
उभेऽबलः कर्मणी न प्रजानन् स जायते म्रियते चापि देही ।।

हाम्रो जीवनपद्धति अनादिकालदेखि संस्कार र संस्कृतिको आधारमा विकसित भएको छ । ती संस्कार-संस्कृतिहरू हाम्रा जीवन, हाम्रा वैयक्तिक सामग्री वा राष्ट्रिय जीवनका पनि अभिन्न अङ्ग हुन्छन् । त्यसको समग्र नाउँ हो सनातनधर्म। समस्त धर्महरू त्यसै सनातनधर्मका अनेक शाखा-प्रशाखाहरूमा पल्लवित र प्रस्फुटित छन्।

धर्मले व्यक्ति, समाज वा सम्प्रदायका लागि निर्णायक बाटो दिन्छ । त्यसमा हिँड्न प्रेरित गर्दछ र हिँडाउँछ। त्यसको अनुसरण गर्नेलाई पुण्य वा नगर्नेलाई त्यसको प्रायश्चित्त बताउँछ । सनातनधर्मावलम्बीहरूका लागि कर्तव्याकर्तव्यको निर्णय बताउने एउटा लोकप्रसिद्ध ग्रन्थ हो **निर्णयसिन्धु** ।

हाम्रा पुरातन ऋषि-महर्षिहरूले समय-समयमा लोककल्याण र धार्मिक एवं सामाजिक जीवनपद्धतिका लागि भने-गरेका विभिन्न निर्णयको संग्रह हो - **निर्णयसिन्धु** । कर्तव्य-कर्ममा आश्रित धर्मको मीमांसामा समुद्रजस्तै अगाध र विस्तृत हुनाले नै यसको नाउँ रहेको छ - **निर्णयसिन्धु** । जसरी समुद्रको इयत्ता पाउन सामान्य व्यक्तिलाई कठिन छ त्यस्तै निर्णयसिन्धुको आलोडन र त्यसमा अवगाहन गरेर निर्णायक मत दिनु पनि जनसामान्यका लागि त्यति सजिलो छैन। त्यसमाथि संस्कृतमा लेखिएका यस ग्रन्थको परिज्ञान सामान्यजनमा हुने कुरै भएन ।

डाक्टर ढकालले चूडामणि टीका तयार गर्ने क्रममा निर्णयसिन्धुको विभिन्न परिच्छेदमा प्रयोग गरिएका मीमांसान्यायलाई शास्त्रीय प्रमाणसहित खोतलेर प्रासङ्गिक विषयसम्बन्धी निर्णयलाई बोधगम्य बनाइदिनुभएको छ। यति मिही शैलीमा मीमांसान्यायलाई सर्वसंवेद्य बनाएर लेखिएको अरू कुनै टीका मैले देखेको छैन । अर्को कुरा भारतका नाउँ कहलिएका विद्वान्हरूले गरेका अनुवादहरूमा देखिएका अर्थापनसम्बन्धी त्रुटिलाई इङ्गित गर्दै उहाँले ठाउँ-ठाउँमा सुधार गर्नुभएको

छ । '**एकः शब्दः सम्यग् ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति**' भन्ने भाष्यकारको मतअनुसरण गरी गतानुगतिक शैलीमा निर्णयसिन्धुमा प्रकाशित हुँदै आएका अशुद्ध संस्कृत वचनहरूको पनि शोधन गर्नुभएको छ । ढकालज्यूको यस्तो कार्यले शास्त्ररक्षाका साथै नेपाली माटोको प्राज्ञिक सुगन्धलाई दिग्दिगन्त प्रसार गर्ने काम पनि गरेको छ ।

उहाँले तयार गर्नुभएको अनुसन्धानपूर्ण विस्तृत भूमिकामा निर्णयसिन्धुभित्र पसेर तत्त्वबोध गर्न नसक्ने धर्मजिज्ञासुहरूको लागि निर्णयसिन्धुको नवनीत नै पस्किएको छ । यसका साथै उक्त भूमिकामा विभिन्न शास्त्रका उक्ति, सिद्धान्त र विषयहरूको विश्लेषण गरेर धर्मशास्त्रका जिज्ञासु र विज्ञहरूका लागि सधैं काम लाग्ने पौष्टिक खुराक तयार गरिएको छ। निर्णयसिन्धुजस्तो विशिष्ट ग्रन्थको यति राम्रो टीका र यति गहन विषयविश्लेषण भएको थिएन । चूडामणि टीकाको लेखनजस्तो महान् कार्य गरेर नेपालीभाषाको भण्डारमा ढकालज्यूले चूडामणि नै थप्नुभएको छ ।

यसको नेपालीमा रूपान्तरण हुनु नेपाली धार्मिक समाजको लागि नितान्त आवश्यक थियो । तर अहिलेसम्म कसैमा यस्तो ह्याउ आएको थिएन । अहिले नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक डा. वेणीमाधव ढकालज्यूद्वारा यस जटिल ग्रन्थको सरलसरणिमा रूपान्तरण गर्ने कार्य भएको छ । यसका लागि म उहाँको भूरिभूरि प्रशंसा गर्दछु । नेपालमा यस किसिमको गुरुतर कार्यलाई सफलता साथ सम्पन्न गरेकोमा म ढकालजीलाई बधाइ ज्ञापन गर्दछु ।

अहिले निर्णयसिन्धुको यस नेपाली रूपान्तरणले नेपाली धार्मिक समाजमा उहाँको नयाँ वैदुष्य वर्चस्व कायम भएको छ । पं. कमलाकर भट्टले धर्म र संस्कारसम्बन्धी विभिन्न कृत्याकृत्यको निर्णय संकलन गरेर तयार पारिएको निर्णयसिन्धुका अनगिन्ती गाँठाहरू खुकुल्याउँदै तयार पारेको यो ग्रन्थ नेपालबाहेक भारतका आसाम-सिक्किम, दार्जिलिङ, देहरादुन र बर्मा-भूटानमात्र होइन विश्वमानचित्रमा जहाँ जहाँ नेपाली जाति छ त्यहाँ त्यहाँसम्म पनि लोकप्रिय हुने मैले ठानेको छु ।

सामान्यतः यो ग्रन्थ निर्णयसिन्धुको सरल नेपालीभाषामा रूपान्तरण हो । त्यसैमा पनि ठाउँठाउँका नबुझिने र शंकास्पद स्थलहरूमा विद्वान् रूपान्तरकारले आफैंले टीका पनि लेख्नुभएको छ । जसले गर्दा विद्वान् जानकारलाई मात्र होइन सामान्यजनलाई पनि यसको मर्म थाहा पाउन सजिलो भएको छ । यो टीकामा उहाँले आफ्ना पिता श्री चूडामणि ढकालको पुण्यनाम अंकित गर्नुभएको हुँदा यसमा झन् विशेषता थपिएको छ । पितृभक्त वेणीमाधव ढकालको कलम पितृभक्त पार्वतीपुत्र श्रीगणेशको कलमझैं यसरी नै कुँदिरहोस् । आफ्ना सहकर्मी प्रियमित्र डा. ढकालज्यूको आयुष्य, आरोग्य र उत्तरोत्तर प्रगतिको मङ्गलमय कामनासाथ इति शिवम् ।

२०६८ आश्विन नवरात्र

डा० विष्णुराज आत्रेय

यस्तु क्रियावान् पुरुषः स विद्वान्

- प्रा. डा. टीकाराम अधिकारी
साहित्यविभागाध्यक्ष, साहित्यविभाग,
ने.सं.वि., वाल्मीकि विद्यापीठ, काठमाडौं

१. क्रियाशीलताको आवश्यकता

कुनै पनि काम गरिनु क्रिया हो, अभ्यास हो र रचना पनि हो । लोकहितमा समर्पित र **सत्यं शिवं सुन्दरम्**को भावनामा आधारित कर्तव्यनिष्ठ रचनात्मक कार्यलाई नै क्रिया भनिन्छ । त्यस्तो क्रियामा लागिरहने व्यक्ति क्रियाशील कहलाउँछन् । आज क्रियाशील व्यक्तिहरूको ठूलो आवश्यकता छ, सत्कर्मवादीहरूको परम महत्त्व छ र कर्तव्यनिष्ठ ज्ञानी व्यक्तिहरूका प्रत्यक्षदर्शनको खाँचो छ किनकि जगज्जननी माता पृथिवी यस्तै महानायकहरूको प्रतीक्षा गर्छिन् । आफ्नो प्राकृतिक गरिमा र सुषमाराशिलाई सर्वसुरक्षित गर्न माता पृथिवी सधैं असल सन्तानहरूको गर्भधारण गर्ने सौभाग्यश्रीको आराधना गर्छिन् । पृथिवीमाताको सेवाका लागि परमेश्वरले सूर्य, चन्द्र, मेघ, वृक्ष, नदी, गाई र सज्जनहरूको सृष्टि गर्नुभएको छ ।

रविश्चन्द्रो घना वृक्षा नद्यो गावश्च सज्जनाः । एते परोपकाराय युगे दैवेन निर्मिताः ।।

– युगयुगमा परोपकारको कार्य सम्पन्न गर्नका लागि नै सूर्य, चन्द्र, मेघ, वृक्ष, नदी, गाई र सज्जनहरूको सृष्टि दैवद्वारा नै भएको छ ।

किशोरकालदेखि नै सारस्वत साधनामा तल्लीन भई अनेकौं ग्रन्थरत्नको सृजन गर्नुहुने र भर्खरै **निर्णयसिन्धु**नामक धर्मशास्त्रीय निबन्धग्रन्थको चूडामणिनामक नेपाली टीका तयार गर्नुभएका पाल्पानिवासी विद्वान् प्रा.डा. वेणीमाधव ढकालज्यूलाई मैले एउटा क्रियाशील विद्वान्को रूपमा प्राप्त गरेको हुँ । सहकर्मी र सहयात्रीको हैसियतले नीरक्षीरविवेकद्वारा कोट्याउने सुवर्णमय अवसर पाएको छु । आफ्ना चेष्टा, विचार र भावनाहरूलाई परिवार, स्वजन, सहकर्मी र सहधर्मीहरूमाझ परिचालित गर्दै रचनात्मक मानवहितमा प्रवर्तन गर्ने व्याख्याता, अनुसन्धाता, लेखक, समालोचक, सम्पादक, साहित्यकार, स्मृतितत्त्वविज्ञ आदि अनेकौं व्यक्तित्वहरूमा रूपान्तरित बन्दै क्रियाशील बन्ने एउटा यशस्वी प्राध्यापक विद्वान्को प्राज्ञिक लालित्यचिह्न छर्न अहिले मेरो लेखनी उत्कण्ठित बनेको छ ।

२. क्रियाशील विद्वान् डा. ढकालज्यूको प्रतिभा-सञ्चारक्रम

प्राक्तन पुण्यको प्रभाव र उत्तम पारिवारिक संस्कारका कारण भारतको गङ्गातटवर्ती नगर ऋषिकेशमा गई त्यहाँ अवस्थित नेपाली संस्कृत महाविद्यालयमा आवासीय छात्रका रूपमा अध्ययन गर्नुहुने किशोर ढकालज्यूले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको प्रथमा परीक्षामा पचासौं हजार परीक्षार्थीहरूमध्ये प्रथमश्रेणीमा प्रथम भई भारत सरकारको सम्मानित प्रान्तीय छात्रवृत्ति प्राप्त गर्नुभएको घटनाबाट उहाँको किशोरकालिक विलक्षण प्रतिभा प्रमाणित हुन्छ । यही घटना नै डा. ढकालको प्रतिभाजनित सफलताको उषाकाल हो ।

किशोरकालमै अध्ययन र अनुसन्धानको प्रवृत्ति र दर्शनशास्त्र एवं साहित्यशास्त्र दुवैको समन्वयात्मक ज्ञानप्राप्तिको रुचि भएअनुरूप अध्ययन पूर्ण गरी 'बाबा कालीकमली संस्कृत महाविद्यालय, ऋषिकेश, भारत'मा साहित्यविषयको विभागाध्यक्ष पदका निमित्त एक दर्जनजति भारतीय प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धा गरी आफ्नो असाधारण प्रतिभाका कारण पच्चीस वर्षको उमेरमा नै विभागाध्यक्ष पदमा सफलता हासिल गर्नु उहाँको प्राक्तन पुण्यफल हो भन्ने कुरा निर्णय गर्न सकिन्छ । त्यतिबेला ढकालज्यूलाई शिक्षणमा उत्कर्षका साथै काव्यरचनाप्रवृत्तिले पनि साथ दिएका कारण सम्पादन र सृजनका सफलताहरूले पनि अघि बढाइरहेका थिए । **शैलेश** खण्डकाव्य (वि.सं. २०३०), **ज्योतिष्मती** खण्डकाव्य (वि.सं. २०३१) दुवै यस यात्राका प्रबल प्रमाण हुन् । अध्यापन र सृजनद्वारा प्रतिष्ठामय र गौरवमय हुँदै जानुबाट नै आजसम्मकै सफल जीवनको आमुख बलियो बन्दै गएको कुरा स्वतःसिद्ध छ । केही वर्ष भारतमा उच्चशिक्षाप्रदायमा संलग्न ढकालज्यू मातृभूमिको अनुरागले उत्कण्ठित भई स्वदेश फर्किएपछि वि.सं. २०३२/०३३ को अवधिमा श्री ५ को सरकार गृहमन्त्रालयमा 'अनुसन्धान अधिकृत'को पदनिर्वाह गरी वि.सं. २०३४ मा त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थानअन्तर्गत वाल्मीकि विद्यापीठमा प्रवेश गर्नुभयो । वि.सं. २०३४ देखि हालसम्म विभिन्न प्रशासकीय दायित्वसमेत वहन गर्दै उच्चस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानका काम गरेर शास्त्रीय वैदुष्य-पताका फर्फराएका प्रा.डा. ढकालज्यूलाई अनुसन्धान र सृजनका दुवै आँखाहरूले पूर्ण साथ दिइरहेको कुरा छर्लङ्ग हुनआउँछ । फलस्वरूप उहाँका विभिन्न अनुसन्धानात्मक कृतिहरू सुसम्पन्न भए । उहाँको प्रातिभसञ्चारक्रमलाई ९ वटा कार्यदिशाहरूमा आबद्ध गरी अध्ययन गर्न सकिन्छ– १. शिक्षणकार्यदिशा, २. अनुसन्धान एवं मूल्याङ्कन कार्यदिशा, ३. मौलिक साहित्य सृजना कार्यदिशा, ४. विशिष्ट ग्रन्थहरूको टीका-अनुवाद कार्यदिशा, ५. पाण्डुलिपि एवं ग्रन्थसम्पादन कार्यदिशा, ६. राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा विचारपत्र प्रस्तुवन कार्यदिशा, ७. उच्चस्तरीय पत्रिकासम्पादन कार्यदिशा, ८. पाठ्यपुस्तक रचना कार्यदिशा र ९. पितृसेवन, ईश्वराराधन, तीर्थाटन र साधुसङ्गम कार्यदिशा ।

शिक्षण

शिक्षणकार्य नै मूलतः डा. ढकालज्यूको प्रमुख व्यक्तित्व हो । वि.सं. २०३० देखि ऋषिकेश भारतमा महाविद्यालयीय स्तरको अध्यापन कार्य सुरु गर्नुभएका डा. ढकालज्यूको वि.सं. २०३४ देखि वि.सं. २०६८ सम्मको सम्पूर्ण समय प्राध्यापन सेवामा नै बितेकाले उहाँको प्रतिभाविस्तारमा शिक्षणकार्यको नै मुख्य भूमिका रहेको छ । ग्रन्थिभेदनपूर्वक साहित्यशास्त्रका ग्रन्थहरू पढाउँदै ती ती ग्रन्थहरूको व्याख्यालाई विभिन्न टीकाहरूको नामकरण गरेर प्रकाशित गर्नुभएका डा. ढकालज्यूको प्रवृत्ति अध्यापनसँगै अनुसन्धानमा पनि उन्मुख हुँदै गएबाट शिक्षणकार्य विश्लेषण र तुलनामा बढी केन्द्रित रहेको पाइन्छ । काव्यशास्त्रीय ग्रन्थहरूलाई अनुसन्धानात्मक र दार्शनिक दुवै दृष्टिबाट निरीक्षण गर्दै छात्रहरूलाई सम्झाउने प्रवृत्तिका कारण शिक्षण कार्यदिशा नै अरू कार्यक्षेत्रहरूको उत्प्रेरक बनेको पाइन्छ । साहित्यशिक्षण विभाग, वाल्मीकि विद्यापीठका पूर्वअध्यक्ष डा. ढकालज्यूले दुरूह ग्रन्थका विषयमा कार्यशाला गोष्ठीको आयोजना गरेर सम्पूर्ण सहभागी प्राध्यापकहरूलाई शास्त्रीय चिन्तनको गहिराईमा निमज्जन गर्ने अवसरहरू पनि प्रदान गर्नुभएको छ ।

अनुसन्धान एवं मूल्याङ्कन

विद्वान् ढकालज्यू विश्वविद्यालय सेवामा आबद्ध र समाहित भए यता एकदशकसम्म लगातार अनुसन्धानकार्यमा व्यस्त रहनुभयो । वि.सं. २०६० पौष १ गतेदेखि वि.सं. २०६३ मार्ग २९ गतेसम्म नेपाल संस्कृत विश्वविद्यालय,

अनुसन्धान केन्द्रको कार्यकारी निर्देशक बन्नुभएका डा. ढकालज्यू आधा दर्जनभन्दा बढी शोधग्रन्थहरूका निर्देशक र थुप्रै शोधग्रन्थहरूका विशेषज्ञको हैसियतले कार्यसम्पादन गर्दै आउनुभएको छ ।

काव्यशास्त्रीय जिज्ञासा बोकेर प्रश्न गर्ने, अनुसन्धान गर्न खोज्ने, ग्रन्थ प्रकाशनका निमित्त मार्गनिर्देशन प्राप्त गर्न, विषयवस्तुको व्यवस्थापन गर्न र काव्यशास्त्रीय मान्यताबोध गर्न खोज्ने सबैका निमित्त उचित प्राज्ञिक परामर्श दिएर उनीहरूलाई क्रियाशील र जागरूक बनाउने जस्तो मानसशोधकार्य पनि डा. ढकालज्यूबाट सम्पन्न भएको अनुभव पङ्क्तिकारले आत्मसात् गरेको छ ।

प्रा.डा. वेणीमाधव ढकालज्यू संस्कृतवाङ्मयका विशिष्ट विद्वान् भएकाले संस्कृतसाहित्यको समालोचनाजगत्मा उहाँको दृष्टि पुग्नु निश्चय नै खुसीलाग्दो विषय हो । **'मल्लकालिकानां संस्कृतनाटकानां समालोचनात्मकमध्ययनम्'** शीर्षकमा मल्लकालिक संस्कृतनाटकहरूको समीक्षा गरी लघुशोधप्रबन्ध तयार गर्नुभएका र **'लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्'** विषयमा विद्यावारिधि गर्नुभएका डा. ढकालज्यूको दृष्टि विशेष गरी प्राथमिक र माध्यमिककालीन नेपालको संस्कृतसाहित्य–समीक्षाविधामा बढी केन्द्रित भएको पाइन्छ । वंशमणि शर्माद्वारा प्रणीत नेपालको प्रथम संस्कृत महाकाव्य **'हरिकेलि'**, यज्ञसूरिको **'चन्द्रसम्भव'** महाकाव्य र सुकृतिदत्तपन्तको **'कार्तवीर्योदय'** महाकाव्यको सम्पादनक्रममा तिनको वैदुष्यपूर्ण समीक्षासमेत गर्नुभएका डा. ढकालज्यूले एउटा कुशल समालोचकीय व्यक्तित्व निर्माण गर्नुभएको छ । **कार्तवीर्योदय**महाकाव्यको समीक्षात्मक कार्यशाला गोष्ठीमा सहभागी विद्वान्हरूद्वारा **कार्तवीर्योदय**महाकाव्यका सम्पूर्ण शास्त्रीय शब्दसञ्जालहरूका दुरूह कार्यहरूको ग्रन्थिभेदन गराएर उहाँले सम्प्रेषणीय रसप्रवणताको स्थापना गर्ने काममा अद्भुत कौशल देखाउनुभएको विषय विद्वान्हरूका स्मृतिपटलमा कहिल्यै नमेटिने गरी अङ्कित भएको छ । भर्खरमात्र प्रकाशित भएको **'गणेशपुराण'** अन्तर्गत गणेशतत्त्वको विस्तृत अनुसन्धानपूर्ण अध्ययन र त्यस पुराणको सर्वाङ्गपूर्ण टीका कार्य पनि उहाँको समालोचकीय व्यक्तित्व हो र प्रकाश्यमान **'निर्णयसिन्धु'**को नेपाली रूपान्तरण अझ उहाँको समालोचकीय व्यक्तित्वलाई उज्यालो पार्ने ग्रन्थ सावित हुँदैछ ।

डा. ढकालज्यूका भावयित्री र कारयित्री दुवै प्रतिभा उच्चस्तरीय छन् । उहाँ कृतिहरूको पारदर्शी समीक्षा गर्ने काममा खप्पिस हुनुहुन्छ । कवि, अनुसन्धाता एवं कृतिकारहरूका कृतिहरूको समीक्षात्मक भूमिकालेखहरू समीक्षक ढकालज्यूको अन्तस्तलस्पर्शी मेधाका परिचायक बनेर रहेका छन् । तीमध्ये विद्वच्छिरोमणि कुलचन्द्र गौतमको **'कृष्णकर्णाभरणकाव्यम्'**, शास्त्रार्थमहारथी पं. मीनप्रसाद नेपालको सानुवाद 'ब्रह्मसूत्रशाङ्करभाष्यम्', पं. फणीन्द्रप्रसाद पाण्डेयको **'अनुगीता'**, डा. स्वामी प्रपन्नाचार्यको **'काले राईका क्वाँटी कविता'**, प्रा. श्री विद्यानाथ उपाध्यायको **'तन्त्रविद्यालोक'**, प्रा.डा. माधव भट्टराईको **'सत्यसाईचरितम्'**, डा. गोविन्द टण्डनको **'राईबाबासँग साक्षात्कार'**, कवि लाटो साथीको **'नयाँ मेघदूत'**, कवि भीमकान्त पन्थीको **'विविधपद्यावलि'** र पूर्वमुख्यसचिव श्री केशवराज राजभण्डारीको **'सगुण पनि निर्गुण पनि'** नामक कृतिहरूका समग्र कृतिका विषयवस्तुलाई एकैचोटि आस्वादन र अनुभूति गराउने भूमिकालेख उल्लेखनीय छन् ।

मौलिक साहित्यसृजन

प्राणीमात्रको मूल परब्रह्म नै हो र ऊ उसैबाट सृजित र पालित हुन्छ । परब्रह्मका सुन्दर स्वरूपहरू शिव, राम, कृष्ण आदि देवताहरूका मधुर रूपहरू हुन्, उनीहरूका समृद्धिशाली आकर्षक दाम्पत्यहरू हुन् र प्रतिभाशाली कवि तथा स्रष्टाका वाङ्मयविलासहरू पनि । यसैले सम्पूर्ण काव्यालाप र गीत आदि शब्दमूर्तिधर विष्णुका नै

अंश मानिएका छन्- **शब्दमूर्तिधरस्यैते विष्णोरंशा महात्मनः**- अग्निपुराण ।

स्वयं परमात्मा सृजनशील छन् – **कविर्मनीषी परिभूः स्वयम्भूः** । उनको यो सुन्दर सृष्टिरचना नै सुन्दर साहित्य हो अर्थात् यसभित्र पुरुष र प्रकृतिका रागात्मक अभिव्यक्तिहरू अनेकौं रस प्रवाहित गर्न समर्थ छन् । उनै परमेश्वरको सुन्दर रचना मानिने परोपकार-प्रवृत्तिशील व्यक्तिहरू केही असाधारण कर्म नगरीकन र आफ्ना प्रतिभालाई पूर्णरूपमा विकसित नपारीकन सन्तुष्टि ग्रहण गर्दैनन् । त्यस किसिमको प्रवृत्तिशील व्यक्तित्वका रूपमा डा. ढकालज्यू पनि एक हुनुहुन्छ र उहाँलाई निरन्तर सत्कर्म र साहित्यसृजना गर्ने रचनात्मक प्रेरणाहरूले तरङ्गित पारिरहन्छन् । यसैले उहाँको प्रतिभा बहुमुखी छ र मौलिक साहित्यसृजना गर्ने उहाँको प्रतिभाबाट नेपालीभाषा र संस्कृतभाषामा आबद्ध थुप्रै कृतिहरू सिर्जिएका छन् ।

१. **लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्** (प्रकाशित संस्कृत शोधप्रबन्ध)
२. **मल्लकालिकानां नाटकानां विश्लेषणात्मकमध्ययनम्** (अप्रकाशित संस्कृत शोधप्रबन्ध)
३. **शैलेश** (प्रकाशित नेपाली खण्डकाव्य),
४. **ज्योतिष्मती** (प्रकाशित नेपाली खण्डकाव्य)
५. **अर्जुन** (प्रकाशित नेपाली शोककाव्य),
६. **दिव्यलक्ष्मी स्मृतिकाव्य** (प्रकाशित स्मृतिकाव्य)
७. **स्वर्गद्वारी के महाप्रभु** (प्रकाशित हिन्दीभाषामा आधारित जीवनी एवं योगदानपरक कृति)
८. **पृथूदयमहाकाव्यम्** (अप्रकाशित संस्कृत महाकाव्य),
९. **उपराग** (अप्रकाशित नेपाली खण्डकाव्य)
१०. **जानकी** (अप्रकाशित नेपाली खण्डकाव्य)

यी हुन् डा. ढकालज्यूका प्रतिभाप्रसूत विभिन्न विषयहरूमा आधारित संस्कृत, नेपाली र हिन्दीभाषामा आबद्ध काव्यकृतिहरू । यी मौलिक कृतिहरूका अतिरिक्त अनूदित कृतिहरू पनि आधा दर्जन देखिएका छन् र यी कृतिहरू विशेषरूपमा धर्मसंस्कृतिमा आधारित छन् । प्राध्यापन र अनुसन्धान सँगसँगै सम्पन्न भएका यी प्राज्ञिक कार्यहरूबाट डा. ढकालज्यूका असाधारण क्रियाशीलताको परिचय मिल्छ ।

जलस्रोत र प्रकाशपुञ्जजस्तै शक्तिसम्पन्न र सिर्जनशील प्रतिभावेणी पनि वाङ्मयका भूखण्डहरूमा अक्षुण्णतापूर्वक नझ्याँगिई रहन सक्दैन । यसैले स्वतःस्फूर्त त्यो प्रतिभाले डा. वेणीमाधव ढकालज्यूलाई वरण गरेर विभिन्न काव्यवाटिकाहरूको प्रस्तुति गराइरहेकी छिन् । प्रतिभा एउटा त्यस्ती नवकुमारी हुन् जो क्रियाशील व्यक्तिलाई वरण गरेर सक्रिय बन्दै वाङ्मयजगत्मा छमछमाउँछिन् । त्यस्ती प्रतिभासुन्दरीका वरणीय पुरुष डा. ढकालज्यूका पूर्वोक्त काव्यकृतिहरूका विषय, भाषा र शैली आदिको समालोचकीय विषयलाई प्रस्तुत गर्नुको आवश्यकता हुँदाहुँदै पनि यहाँ १-२ उदाहरणको आस्वादनीय प्रसङ्ग भने अवश्य पनि छोड्न मिल्दैन ।

चञ्चच्चन्द्रमुखीमितो सुरमणीं चन्द्रोन्मदो नागर-
श्चन्द्रस्पर्शचमत्कृता वसुमती चान्द्रीचलः सागरः ।
चन्द्रोत्फुल्लमिदं कुमुद्वनमितश्चान्द्रीजडो मारुतः
शैलाः सम्प्रति चारुचन्द्रमुकुटाः शैलाधिपत्यङ्गताः ।।

चन्द्रचारु यस रजनीसमयमा नगरवासी युवा चन्द्रमाझैं चहकिलो मुखमण्डलले सुहाएकी आफ्नी प्रेयसीको

समीपमा प्राप्त भएको छ, चन्द्रकिरणको मधुरस्पर्श पाएर पृथ्वी चमत्कारपूर्ण देखिएकी छिन्, चन्द्ररश्मिको स्पर्श पाउँदा सागर पनि तरङ्गित भएको छ, चन्द्रकान्तिको स्पर्श पाई आनन्दजड बनेको मन्द मारुत चन्द्रोदय हुँदा विकसित र रोमाञ्चित भएको कुमुदवनको पङ्क्तिमा प्रवेश गरिरहेको छ र चन्द्रमालाई मुकुटमा धारण गर्ने पर्वतहरू पनि गिरिराज हिमालयझैं हिमानीधवल स्वरूपमा सुहाएका छन् ।[१]

यस पद्यमा कवि ढकालज्यू चन्द्रोदयवर्णनमा रमाउनुभएको छ । यहाँ चन्द्रपद र चवर्णको पुनः पुनः प्रयोग नै वर्णानुप्रास बनेर एउटा काव्यचमत्कार उत्पन्न गर्न समर्थ भएको छ । महाकवि भारवि, महाकवि माघ, महाकवि वंशमणि, महाकवि सुकृतिदत्तपन्तजस्ता प्रतिभामहारथीहरू पनि यस्तै चमत्कारपूर्ण काव्यसृजनमा रमाएको देखिन्छ।

शारदी रातमा आऊ जुनेली कान्तिमा बसी ।
हामी स्वागत गर्नेछौं द्वार संझ्यालमा बसी ।।[२]

यो नेपाली पद्यमा आमा दिव्यलक्ष्मीको स्मृतिमा डुबेका कवि ढकालज्यू आफ्नी आमालाई शरत्कालीन चन्द्रकान्तिमा प्रवेश गरेर आफ्नो घरमा आउन आवाहन गर्नुहुन्छ । वि.सं. २०६४ श्रावण १७ गते सन्ध्याकालमा स्वर्गारोहण भएकी आमाको संझनामा डुब्दै स्मृतिकाव्य लेख्ने कवि ढकालज्यू काव्यलेखनका समयमा आफ्ना घरका झ्यालबाट प्रवेश गरेका चन्द्रकान्तिमा आमाको स्वरूप देख्नुहुन्छ । यहाँ मातृविषयक कविनिष्ठ रति चरम उत्कर्षमा पुगेर करुणरसको अनुभूति गराउन समर्थ पनि बनेको छ किनकि यहाँ शोकलाई रतिले बढाएको छ । यहाँ शब्दगत र अर्थगत माधुर्यगुणहरू नै करुणरसका प्रबल धर्म बनेका छन् र सहृदयहृयदहारी पनि छन् ।

विशिष्ट ग्रन्थहरूको टीका एवं रूपान्तरण

डा. ढकालज्यूको विद्वत्तापूर्ण क्रियाशीलताबाट प्राज्ञिकक्षेत्रका धेरै विधाहरू उपकृत भएका छन् । यसैक्रममा विशिष्ट ग्रन्थहरूको टीका एवं अनुवाद रचना गरी उहाँले नेपाली जनतालाई उपकृत तुल्याउनुभएको छ । यो उहाँको क्रियाशीलताको विशिष्ट परिणाम हो । यसै क्रियाशीलताका प्रसङ्गमा वर्तमान समयमा तयार गरिएको **'गणेशपुराण भाषानुवाद'** र **'निर्णयसिन्धु - चूडामणि टीका'** दुवै ढकालज्यूका शिखर व्यक्तित्वका परिचायक हुन् । भर्खरै तयार गरिएको चूडामणि टीकासमलङ्कृत **'निर्णयसिन्धु'** मा देखिएका मौलिकता, सरलता र सम्प्रेषणीयताजस्ता विशेषताहरूबाट उहाँको शास्त्रव्यसनी क्रियाशीलता प्रमाणित हुन्छ ।

नित्यनिरन्तर प्राज्ञिक क्षेत्रमा मात्र क्रियाशील रहने डा. ढकालज्यूले यसअघि खप्तडबाबाको विशिष्ट रचना धर्मविज्ञानको संयुक्त अनुवाद र शास्त्रार्थमहारथी पं. मीनप्रसाद नेपालद्वारा अनूदित ब्रह्मसूत्रशाङ्करभाष्यको पूरक अनुवाद गर्नुभएको प्रसङ्ग स्मरणीय छ । 'हरिकेलिमहाकाव्यम्'को नवनीत टीका, 'काव्यदीपिका'को मिष्टभाषिणी टीका र कार्तवीर्योदयमहाकाव्य ८-९ सर्गको दिव्यलक्ष्मी टीका उहाँको विद्वत्ताको परिचायक र छात्रप्रिय टीकाग्रन्थका रूपमा समादृत छन् ।

पाण्डुलिपिसम्पादन एवं ग्रन्थसम्पादन

हरिकेलिमहाकाव्यम् र **चन्द्रसम्भवमहाकाव्यम्**का अभिलेखालयमा रहेका पाण्डुलिपिहरूको अनुसन्धान गरी लिप्यन्तरणसमेत गरेर साहित्यिक समीक्षा गर्नुहुने ढकालज्यूले उक्त दुवै महाकाव्यको समीक्षाको क्रममा

१. **पृथूदयमहाकाव्य, ३/२४ - ऋतम्भरा, वर्ष ३, अङ्क ४, वि.सं. २०५५ ।**
२. **दिव्यलक्ष्मी स्मृतिकाव्य, ४/५/८ ।**

लेख्नुभएको भूमिका विद्वज्जनद्वारा समादृत विशिष्ट कृतिका रूपमा रहेका छन् । कार्तवीर्योदयमहाकाव्यम्का ८-९ सर्गको पुनःसम्पादन र टीकाविधान पनि उत्तिकै वैदुष्यपूर्ण छ । यसरी महाकाव्यका पाण्डुलिपि र प्रकाशित महाकाव्यको समेत सम्पादन गर्नुभएका ढकालज्यूले विश्वविद्यालयको सम्पादक-समूहको संयोजकका रूपमा रही दर्जनौं कृतिहरूको सम्पादन गर्नुभएको छ । विद्वच्छिरोमणि कुलचन्द्र गौतम, महापण्डित दधिराम मरासिनी, शास्त्रार्थमहारथी पं. मीनप्रसाद नेपाल, कवि उमाकान्त पन्थी एवं कोशकार पं. फणीन्द्रप्रसाद पाण्डेयजस्ता विशिष्ट विद्वान्हरूका कृतिहरूलाई सम्पादनद्वारा लोकलोचनलेह्य तुल्याउनुहुने ढकालज्यूको सत्प्रयासबाट नेपालका धेरै मनीषीहरूका अप्रकाशित ग्रन्थहरूको उद्धार भएको छ ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा विचारपत्र प्रस्तुवन

डा. ढकालज्यूले वि.सं. २०५७ सालमा भारतको आन्ध्रप्रदेशअन्तर्गत तिरुपतिमा आयोजित 'नेपाल-भारतसंस्कृतसम्मेलनम्'मा **'नेपालदेशीयं संस्कृतसाहित्यम्'** शीर्षकमा प्रस्तुत गर्नुभएको विचारपत्रले नेपालको संस्कृतसाहित्यको प्राचीन र अर्वाचीन योगदानलाई जनसमक्ष प्रस्तुत गरेको छ । यस कार्यपत्रको विशिष्टगुणवत्तालाई त्यहाँबाट प्रकाशित **संस्कृतसम्मेलनस्मारिकाले** अनुशंसा गरेको पाइन्छ ।

वि.सं. २०५९ मा नयाँ दिल्लीमा आयोजित विश्व संस्कृत सम्मेलनमा प्रस्तुत **नेपालका स्वर्णपाण्डुलिपि र दुर्लभ ग्रन्थ** शीर्षकमा निबद्ध विचारपत्र, वि.सं. २०६० मा राजस्थानको जयपुरमा आयोजित संस्कृतसाहित्य सम्मेलनमा प्रस्तुत **'वैदिकज्ञानराशिको आलोकमा नेपाल-भारत सम्बन्ध'** शीर्षकमा निबद्ध विचारपत्र, वि.सं. २०६६ मा हिन्दू विश्वविद्यालय, वाराणसीद्वारा आयोजित अन्तर्राष्ट्रिय संस्कृतसाहित्य सम्मेलनमा प्रस्तुत **'भारतीय गुप्तशासन र नेपाली लिच्छविशासनमा स्थापित अभिलेखहरूको तुलनात्मक अध्ययन'** शीर्षकमा निबद्ध विचारपत्र र वि.सं. २०६७ मा वास्तुसदन, नयाँ दिल्लीद्वारा आयोजित वास्तु एवं पर्यावरण सम्मेलनमा **'पर्यावरण सुरक्षाका उपाय'** शीर्षकमा प्रस्तुत विचारपत्रले डा. ढकालज्यूलाई अन्तर्राष्ट्रिय विद्वान्का रूपमा स्थापित गराउने दिशामा गुरुत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

राष्ट्रिय गोष्ठीहरूमध्ये जयतु संस्कृतम् एवं प्रज्ञाप्रतिष्ठानद्वारा संयुक्तरूपमा २०६२ मा आयोजित गोष्ठीमा प्रस्तुत **'संस्कृतभाषा एवं वाङ्मयको संरक्षण तथा संवर्द्धनमा ब्राह्मणेतर नेपाली साधकहरूको योगदान'** नामक १९ पृष्ठ लामो विचारपत्रले निकै चर्चा पाएको थियो ।

जयतु संस्कृतम् र **प्रज्ञाप्रतिष्ठानको** संयुक्त आयोजनामा उहाँले प्रस्तुत गर्नुभएको **नेपालका संस्कृतनाटक प्रवृत्ति र परम्परा** शीर्षकान्वित विचारपत्र उत्तिकै महत्त्वपूर्ण मानिएको छ । वि.सं. २०६७ रामनवमीमा भारद्वाज संस्कृत संवर्धन केन्द्रद्वारा देवघाटमा आयोजित रामायण सम्मेलनमा 'नेपाली साहित्य, संस्कृति, कला, इतिहास र भूगोलमा रामायणको प्रभाव' शीर्षकमा प्रस्तुत विचारपत्र विद्वान्हरूद्वारा प्रशंसनीय छ । नेपाल संस्कृत विश्वविद्यालयद्वारा आयोजित दर्जनौं गोष्ठीहरूमा उहाँले प्रस्तुत गर्नुभएका संस्कृतसाहित्यका विविध विधामा आधारित विचारपत्रहरू सान्दर्भिक र गहन छन् । अनेक विषयमा विचारपत्र प्रस्तुत गर्दै सबैलाई संस्कृतको संरक्षण र संवर्द्धनमा अभिप्रेरित गर्नुहुने ढकालज्यूको यो कार्यदिशा पनि ज्यादै महिमामय छ ।

उच्चस्तरीय पत्रिकासम्पादन

आफ्नो अध्ययनकालमा भारतमा रहँदा नेपाली छात्र संघ, ऋषिकेशको वार्षिक मुखपत्र **नयाँ पुकारको** प्रधानसम्पादकका रूपमा सम्पादनकलामा अभ्यस्त भइसक्नुभएका डा. ढकालज्यूले विश्वविद्यालय प्रवेशपछि

२०४१ सालमा त्रिभुवन विश्वविद्यालयको रजतजयन्तीका अवसरमा संस्कृत अध्ययन संस्थान, वाल्मीकि विद्यापीठद्वारा प्रकाशित **'आलोक'** पत्रिकाको सम्पादकका रूपमा आफ्नो वैदुष्यको छाप छोड्नुभएको छ । त्यसपछि तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयका सम्पादक समूहका संयोजकका रूपमा रहनुभएका ढकालज्यूद्वारा सम्पादित चौमासिक त्रैभाषिक **ऋतम्भराले** वि.सं. २०५३ देखि वि.सं. २०६५ सम्म लगातार १२-१३ वर्षको अनुसन्धानयात्रामा आफ्नो विशिष्ट प्राज्ञिक परिचय दिएको छ । यद्यपि अनुसन्धान केन्द्रबाट प्रकाशित भइरहेको यो मुखपत्र निरन्तर छ नै तर पनि डा. ढकालज्यूको संयोजन र सम्पादनमा देखिएको त्यो निरन्तरताले भने छुट्टै किसिमको पहिचान राखेको छ ।

पाठ्यपुस्तकरचना

शिक्षण, अनुसन्धान र मौलिक काव्य सृजनाका अतिरिक्त डा. ढकालज्यूको सशक्त कार्यक्षेत्र हो- पाठ्यपुस्तकलेखन, पुनर्लेखन र पाठ्यक्रमनिर्माण । संस्कृतभाषा, साहित्यविषय र नीतिविषयसम्बन्धी नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रको माध्यमिक ग्रन्थ लेखनकार्य सम्पादन गरेका डा. ढकालज्यूले संस्कृत विश्वविद्यालयको साहित्य विषयका पाठ्यपुस्तकनिर्माण र पुनर्लेखन पनि गर्नुभएको छ । यसरी प्रकाशन, सम्पादन, ग्रन्थलेखन, पाठ्यक्रम निर्माण र पुनर्लेखन आदि विभिन्न प्राज्ञिक क्रियाकलापहरूले डा. ढकालज्यूलाई अलौकिक सारस्वतधामतर्फ प्रोत्साहित गरेका छन् र संस्कृतवाङ्मयका साहित्येतर अरू पक्षहरूलाई पनि करामलकवत् आत्मसात् गर्ने सामर्थ्य प्रदान गरेका छन् ।

पितृसेवन, ईश्वराराधन, तीर्थाटन एवं साधुसङ्गम

डा. ढकालज्यू माता-पिताको सेवा, ईश्वरभक्ति र साधुसङ्गतिद्वारा उद्वेलित विलक्षण व्यक्तित्व हुनुहुन्छ । व्यक्तित्वको यो पाटोले उहाँको अर्जित प्रज्ञालाई व्यवहारमा उतार्ने काम गरेको छ । बाल्यकालदेखि नै आफूलाई माता-पिताकै सेवामा समर्पित गर्नुभएका ढकालज्यूले आफ्नो श्रमबिन्दुबाट प्राप्त हुने गौरवधनलाई माता-पिताको इच्छाअनुसार गरिने यज्ञ-याग, व्रत, उत्सव, दान र तीर्थाटनमा प्रयोग गरी माता-पितालाई चरम हर्ष र आनन्द प्रदान गर्नुभएको तथ्य ज्यादै प्रेरणादायक छ । अनेकौं पटक श्रीमद्भागवतमहायज्ञ, श्रीमद्देवीभागवतमहायज्ञ, श्रीशिवपुराणमहायज्ञ, श्रीमद्भागवत- चातुर्मास्यमहायज्ञको आयोजना र चारधाम-तीनधामलगायतका विभिन्न तीर्थस्थलहरूको यात्राद्वारा माता-पिताको मनोरथ पूरा गर्नुहुने ढकालज्यूले आफ्नी माताश्री दिव्यलक्ष्मीको देहावसानको समयमा एक वर्षसम्म अध्ययन बिदामा रहेर आफ्नी आमाको पुण्यस्मृतिमा **दिव्यलक्ष्मी स्मृतिकाव्यको** रचना गरी मातृभक्तिको चरम सीमा प्रदर्शित गर्नुभएको छ । यसैगरी अहिले आफ्ना पूज्य पिताको स्मृतिमा प्रकाश्यमान **निर्णयसिन्धुको** चूडामणि टीका रचना गरेर अनुपम पितृभक्ति देखाउनुभएको विषय पनि ज्यादै प्रशंसनीय छ ।

नेपाली संस्कृत महाविद्यालय, ऋषिकेशमा अध्ययन गर्दा त्यस क्षेत्रका दर्जनौं ब्रह्मज्ञानी महापुरुषहरू- श्री १००८ महामहामण्डलेश्वर विष्णुदेवानन्दगिरिजी महाराज, श्री १००८ ब्रह्मज्ञानी स्वामी ब्रह्मप्रकाशजी महाराज, सरस्वतीका अवतार श्री १००८ स्वामी तीर्थजी महाराज, श्री १००८ स्वामी माधवानन्दजी महाराज, नेपाली स्वामी श्री १००८ अनन्तानन्तगिरिजी महाराजका उत्तराधिकारी ब्रह्मचारी चेतरामजी महाराज आदिको सान्निध्य र उपदेशबाट उहाँले किशोरकालदेखि नै आध्यात्मिक ऊर्जाको जागरण गराउनुभएको थियो । **सरयू संस्कृत विश्वविद्यालयमा** डा. स्वामी प्रपन्नाचार्यज्यूका साथ विश्वविद्यालयको सञ्चालनमा क्रियाशील योगी नरहरिनाथज्यूले स्वामीजीबाट

भर्खर आचार्य उत्तीर्ण गरी ऋषिकेशको महाविद्यालयमा अध्यापनरत ढकालज्यूको प्रतिभा र वैदुष्यको विषयमा जानकारी पाएपछि ऋषिकेशबाट सरयू नदीको तटवर्ती भूमि गिरिजापुरीमा आउन आग्रह गर्दै लेख्नुभएको पद्यात्मक पत्र यसप्रकार छ –

वेणीमाधव ! पत्रमत्र भवतः प्राप्तं झटित्युत्तरम्,
साशिःप्रेषितमेतदेव भवदाह्वानं प्रपन्नान्वितम् ।
गङ्गायाः सरयूसमागमकथा तथ्या च पथ्या नृणाम्
कालीदासमुखै रसेन कथिता किं दुःखमात्रागमे ।।

प्राध्यापनका लागि आउनुभएका ढकालज्यूले ६ महिनासम्म योगीजीको सान्निध्यमा रहेर कवित्व र वैदुष्यमा उत्कर्षाधान गर्दै उहाँबाट आशुकविको उपाधि प्राप्त गर्नुभएको घटना पनि स्मरणीय छ ।

वि.सं. २०४५ देखि सिद्धयोगिनी त्रिशक्ति शक्तिमाता लीलादेवीज्यूको सम्पर्कमा रहनुभएका ढकालज्यूले उहाँकै विषयमा **त्रिशक्तिमहिमा**नामक नेपाली खण्डकाव्य, नेपाली संस्कृत महाविद्यालय, ऋषिकेशका संस्थापक नेपाली स्वामी श्री १००८ अनन्तानन्दगिरिजी महाराजको संस्मरणमा संस्कृतमा **अनन्तानन्दचरितम्** नामक खण्डकाव्य र नेपाली स्वामी श्री अनन्तानन्दजी महाराजका गुरुदाजु स्वर्गद्वारीका महाप्रभु श्री १००८ हंसानन्दगिरिजी महाराजको जीवनी, मूल्य र मान्यतामा आधारित हिन्दीभाषानिबद्ध कृति **स्वर्गद्वारी के महाप्रभु**नामक कृतिको रचना गर्नुभएको छ । उक्त तीन कृतिहरूमध्ये यो कृति प्रकाशित भइसकेको छ । यसरी पितृसेवा, ईश्वरोपासना, तीर्थाटन र साधुसङ्गमका कारण बाल्यावस्थादेखि नै आध्यात्मिक संस्कारले अनुप्राणित हुनुभएका ढकालज्यूको व्यक्तित्वको यो पाटो अरू पाटोभन्दा झनै महत्त्वपूर्ण छ ।

३. पुरस्कृत एवं सम्मानित व्यक्तित्वका रूपमा वरिष्ठ साहित्यकार ढकालज्यू

उपर्युक्त ९ प्रकारका कार्यदिशामा समर्पित भई प्रतिभा र प्रज्ञाको चहक प्राप्त गर्नुभएका डा. ढकालज्यूलाई नेपाल सरकारलगायत अनेकौं संस्थाले सम्मानित र पुरस्कृत गरेका छन् । तिनको सङ्क्षिप्त विवरण यसप्रकार छ–

१. **राष्ट्रिय प्रतिभा पुरस्कार, २०५४** – श्री ५ को सरकार ।
२. **पाणिनि पुरस्कार, २०६०** – विश्व हिन्दू महासंघ, नेपाल ।
३. **जयतु संस्कृतम् पुरस्कार, २०६०** – जयतु संस्कृतम्, काठमाडौं ।
४. **श्री प्रेमदत्त गोमा त्रिपाठी सम्मान, २०६७**– श्री प्रेमदत्त गोमा त्रिपाठी स्मृति प्रतिष्ठान, काठमाडौं–तनहुँ।
५. **शिवकला स्मृति सम्मान, २०६७** – अर्याल सेवा समाज, काठमाडौं ।
६. **दधिराम स्मृति प्रतिभा सम्मान, २०६८** – दधिराम स्मृति प्रतिष्ठान, काठमाडौं ।

केही सम्मानपत्रमा अभिव्यक्त विचार

१. **जयतु संस्कृत पुरस्कार – २०६०**

श्रीमतां ढकालकुलभूषणानां पाल्पाठिमुरे लब्धजनुषामश्रान्तकाव्ययात्राणां संस्कृतवाङ्मय-गवेषणाचञ्चुराणां प्राध्यापकसुकविवराणां श्रीवेणीमाधवढकालमहोदयानां

करकमलयोः सादरं समर्पितं समभिनन्दनदलम् -

पाल्याभैरवनाथपूतठिमुरेग्रामे लसच्छैशवाः
श्रीचूडामणिपादपद्महृदयाः कृष्णातटीवल्लभाः ।
भूविख्यातलसद्ढकालकुलजाः पाल्पाप्रदीपाः प्रिया
वेणीमाधवसंज्ञका बुधवरा राजन्ति विद्वत्प्रियाः ।।
स्ववार्णीरचनागवेषणमुखैः प्रज्ञाप्लुतैः कर्मभि-
र्विद्वत्संसदिसम्मताः सुनिपुणाः सौजन्यप्रेमास्पदाः ।
सम्मानैर्विविधैर्हिरण्यपदकैः संस्थाभिरुत्प्रेरिता
वैशालीप्रतिभाप्रकाशनविधौ स्फूर्जत्कलाकौशलाः ।।
आशंसते पुरस्कृत्या भवतां दीर्घमङ्गलम् ।
सुरवाणीप्रिया संस्था नाम्ना जयतु संस्कृतम् ।।

दिनाङ्का - २०६३/३/११

माधवघिमिरेः	नवराजकट्टेलः	श्रीभद्रशर्मा
प्रमुखातिथिः	सदस्यसचिवः	अध्यक्षः

२. श्री प्रेमदत्त गोमा त्रिपाठी स्मृति वाङ्मय सम्मान, २०६७

सम्मानपत्र

विगत तीन दशकभन्दा बढी समयदेखि प्राध्यापन, साहित्यिक सृजना, अनुसन्धान र सम्पादन-अनुवादका माध्यमबाट नेपाली र संस्कृतवाङ्मयको श्रीवृद्धिका निम्ति उत्कृष्ट योगदान दिएवापत वरिष्ठ विद्वान् तथा साहित्यकार प्रा.डा. वेणीमाधव ढकाललाई वि.सं. २०६७ सालको प्रेमदत्त गोमा त्रिपाठी स्मृति वाङ्मय सम्मान प्रदान गरिएको छ ।

दिनाङ्क - २०६७ मंसिर २५

राष्ट्रकवि माधव घिमिरे	प्रा.डा. वासुदेव त्रिपाठी	प्रा. प्रयागराज वाशिष्ठ	ठाकुर पराजुली
प्रमुख अतिथि	संरक्षक	सदस्य-सचिव	अध्यक्ष

३. शिवकला स्मृति सम्मान, २०६७

सम्मानपत्र

नेपाल र भारतका विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी तथा सम्मेलनहरूमा नेपालको प्रतिनिधित्व गर्नुभएका नेपाली तथा संस्कृतभाषामा काव्यसृजन टीकाप्रणयन तथा रूपान्तरणकलाशिल्पी नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठका विशिष्ट श्रेणीका प्राध्यापक लुम्बिनी अञ्चलअन्तर्गत पाल्पा जिल्लाको पोरकनी ठिमुरे निवासी साहित्याचार्य, विद्यावारिधि श्री वेणीमाधव ढकालज्यूलाई उहाँको आयुष्य तथा ऐश्वर्यको कामना गर्दै शिवकला स्मृति सम्मान - २०६७ द्वारा विभूषित गरिन्छ ।

श्रीटीकाराम अर्याल	वैरागी काइँला	धर्मराज अर्याल
सल्लाहकार	प्रमुख अतिथि	अध्यक्ष

दिनाङ्क – २०६७ चैत्र ११	कुलपति नेपाल प्रज्ञाप्रतिष्ठान	अर्याल सेवा समाज

४. **दधिराम स्मृति प्रतिभा सम्मान, २०६८**

सम्मानपत्र

नेपाली र संस्कृत साहित्यका उच्चस्रष्टा पौरस्त्यविधाका मर्मज्ञ विशिष्ट विद्वान् एवं अध्यात्मचिन्तक महापण्डित दधिराम मरासिनीको १२९ औं जन्मजयन्तीको उपलक्ष्यमा संस्कृत साहित्यका विशिष्ट विद्वान् साहित्य, दर्शन, पुराण र धर्म-संस्कृतिका विशेषज्ञ, संस्कृत-नेपाली र हिन्दी साहित्यका स्रष्टा, अन्वेषक, अनुवादक एवं सम्पादक, साहित्यविभागका पूर्वअध्यक्ष, ने.सं.वि. अनुसन्धान केन्द्रका पूर्वकार्यकारी निर्देशक, महेन्द्र विद्याभूषण 'क' पदकबाट विभूषित, राष्ट्रिय प्रतिभा, पाणिनि, जयतुसंस्कृतम्, प्रेमस्वरूप गोमा त्रिपाठी स्मृतिवाङ्मय सम्मान आदिबाट सम्मानित लुम्बिनी अञ्चल, पाल्पा जिल्ला, पोरकनी ठिमुरे निवासी प्रा.डा. श्री वेणीमाधव ढकालज्यूलाई उहाँले संस्कृत एवं नेपालीवाङ्मयको क्षेत्रमा पुऱ्याउनुभएको साधना र सेवाको कदर गर्दै यो प्रतिभा सम्मान प्रदान गरिन्छ ।

दिनाङ्क – २०६८ श्रावण ७

माधवराज गौतम	**गोकर्णराज विष्ट**	**ढुण्ढिराज शास्त्री**
संयोजक	ऊर्जा मन्त्री, प्रमुख अतिथि	अध्यक्ष

उक्त सम्मानपत्रमा अभिव्यक्त विचारहरूबाट पनि प्रा.डा. ढकालको व्यक्तित्वका विभिन्न पक्षहरू प्रस्फुटित भएका छन् ।

४. निर्णयसिन्धु चूडामणि टीकाको सामाजिक उपयोगिता

धार्मिक निर्णयहरूको संकलन गरिएको ग्रन्थ नै निर्णयसिन्धु हो । धर्मसम्बन्धी सम्पूर्ण निर्णयहरूको समुद्रजस्तै भएकाले 'निर्णय' र 'सिन्धु' दुवै शब्द जोडेर यस विशालग्रन्थको नामकरण गरिएको छ । 'निर्णयसिन्धु' एउटा धर्मसम्बन्धी अपूर्व व्यावहारिक ग्रन्थ हो । यसमा सम्पूर्ण ऋषि-मुनि, स्मृतिकार, निबन्धकार, टीकाकार आदि धर्मवेत्ताहरूका मत-मतान्तरहरूको समीक्षा र निर्णय दुवै प्रस्तुत छ ।

यस्ता महत्त्वपूर्ण ग्रन्थको नेपालीभाषामा टीका र टिप्पणी गरेर समाजसेवा गर्ने प्रा.डा. वेणीमाधव ढकालज्यू समाजका बधाइपात्र हुनुहुन्छ । उहाँको रूपान्तरणशैली सरल तथा अनुसन्धानात्मक छ । पारिभाषिक शब्दहरूको टिप्पणी दिँदै सरल तथा सरस नेपाली भाषामा दुरूह विषयहरूलाई स्पष्ट व्याख्यात्मक शैलीमा अर्थ प्रस्तुत गर्नु डा. ढकालज्यूको मौलिकता हो । निर्णयसिन्धुको प्रथम परिच्छेदबाट उद्धृत टीका-टिप्पणीको एउटा नमुना यसप्रकार छ-

मूल – पूर्ववचने दक्षिणायने निषिद्धाया देवप्रतिष्ठाया देवविशेषे प्रतिप्रसवमात्रात् ।

टीका – 'माथि सत्यव्रतका भनाइमा दक्षिणायनमा निषेध गरिएको देवताहरूको प्रतिष्ठाको सम्बन्धमा खासखास देवताको प्रतिष्ठा दक्षिणायनमा पनि गर्न हुन्छ भनी निरूपण गरिँदा निषेधको पनि निषेधमात्र भएको अर्थात् प्रतिप्रसव भएको छ ।' यो टीका व्याख्यात्मक हुँदाहुँदै पनि यसमा आएको 'प्रतिप्रसव' शब्दमा टीकाकारले यसरी टिप्पणी गर्नुभएको छ ।

टिप्पणी - कुनै खास विषयको कुनै ठाउँमा निषेध गरिएको भएतापनि अन्यत्र विशेष अवस्थामा निषेध हटाई विधान गरिने कामलाई प्रतिप्रसव भनिन्छ । यहाँ पनि सत्यव्रतको मतमा दक्षिणायनमा निषेध गरिएको देवताप्रतिष्ठालाई वैखानसको मतमा मातृका, भैरव आदिको प्रतिष्ठा दक्षिणायनमा पनि गर्न हुन्छ भनी विधान गरिएकाले यो निषेध होइन अपितु प्रतिप्रसव अर्थात् निषेधको पनि निषेध हो भनिएको छ ।

यसरी ठाउँठाउँमा टिप्पणी दिँदै गरिएको यो टीका सर्वसाधारण नेपालीको निमित्त उपयोगी हुने कुरामा शङ्का छैन। मुख्यतः टीकाकार साहित्यिक, दार्शनिक र सृजनशील पनि हुनुभएकाले प्रत्येक पदपदार्थहरूको भावविस्तार गर्ने कलामा पनि निपुण हुनुभएको तथ्य स्पष्ट छ । यसरी नै सम्पूर्ण परिच्छेदहरूको टीकाशैली हृदयग्राही छ ।

५. उपसंहार

यो हो एउटा प्रतिभासम्पन्न क्रियाशील व्यक्तिको सङ्क्षिप्तपरिचय। यस परिचयबाट डा.ढकालज्यूका सम्पूर्ण क्रियाकलापहरू निश्छल, मौलिक, भावपूर्ण, प्रेमपूर्ण, आध्यात्मिकगरिमामय र लोककल्याणमय पनि छन् । एउटा व्यक्तिले एउटै समयमा अनेक क्षेत्रहरूको अगुवाई गर्नु असाधारण व्यक्तित्वको विषय हो, सृजनशील प्रतिभाको लगाव हो र विशिष्ट मानवीय गुणहरूको अभिव्यक्ति पनि हो ।

आफ्नो स्वतःस्फूर्त प्रतिभाद्वारा उद्वेलित हुँदै र सृजनशील बन्दै सुमधुर पदावलीहरूमा आफ्ना विशुद्ध भावलहरीहरूलाई व्यक्त गर्दै राष्ट्र, राष्ट्रियता र हृदयरमणीयताको चिन्तनधारामा निमग्न डा. ढकालज्यूको प्रस्तुत क्रियाशीलता एउटा त्यस्तो योग हो जसमा स्थितप्रज्ञताको समेत राज हुन्छ । निरन्तर क्रियाशील बनेर अरूलाई पनि क्रियाशील बनाउन जागरूक डा. ढकालज्यू उदात्त मानसिक समाहितिमा आरूढ बन्दै जानुभएको कुरा स्पष्ट हुन आउँछ । '**क्षिप्रमक्रियमाणस्य कालः पिबति तद्रसम्** - चाँडै नगरिएका कामको रस समयले नै पिउँछ' भन्ने नीतिअनुरूप तुरुन्त काम गर्ने प्रवृत्तिमा अभ्यस्त ढकालज्यूमा परोपकारी प्रवृत्ति नै मूलप्रवृत्तिको रूपमा देखापर्छ। आफ्नो त्यो सहज प्रवृत्तिलाई वाङ्मयसाधना र समाजसेवा दुवैका माध्यमबाट व्यक्त गर्ने क्रममा नै विभिन्न अनुसन्धान र ग्रन्थरचनाका नागबेलीहरू देखापरिरहेका छन् । यसप्रकार साधक मनीषीहरूको चिन्तनधार र चेष्टाविशेषहरूमा सहभागी भएर वाङ्मयसेवामा समर्पित हुँदै गएमा नै देश र समाज दुवैको भविष्य मङ्गलमय बन्नेछ भन्ने सदिच्छासाथ क्रियाशील विद्वान् डा. ढकालज्यूको प्रतिभासुन्दर जीवनयात्रा निष्कण्टक र निर्मल बन्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दै अनेकौं ग्रन्थहरूको अनुवाद र टीकाका साथै गणेशपुराणको नेपालीभाषानुवाद र निर्णयसिन्धुको चूडामणिनामक नेपाली टीकाजस्ता विशालकाय ग्रन्थरत्नहरूको महाभियान पूर्ण गरेका यशस्वी विद्वान्को उज्ज्वल यशोधाराले सम्पूर्ण नेपालीसमाजको मानसकुञ्जलाई सधैंभर प्रदीप्त गरोस् भन्ने आफ्नो उत्कृष्ट आकाङ्क्षा सँगाल्छु ।

वेणीमाधवनामा कविरिह रसिकः सदा जयति ।
सहसा खिन्ने मित्रे घन इव सदयोदयं द्रवति ।।
सरस्वती श्रुतिमहती महीयताम् ।

२०६८ आश्विन नवरात्र

टीकाराम अधिकारी

ॐ

वन्दे गौरीगणेश्वरौ

सच्चरित्रको रक्षा, स्वकर्तव्यकर्मको निष्ठापूर्वक परिपालन र सर्वत्र ईश्वरदर्शन गर्ने मानिस धर्मात्मा कहलाउँछन् । त्यस्ता मानिसहरूले साधनधर्मको आश्रय लिएर साध्यधर्मरूप परमात्मालाई साक्षात्कार गर्दछन् । कर्तव्यकर्मको पालनद्वारा शरीर, इन्द्रिय, मन र बुद्धि निर्मल गराएका मानिस नै धर्मात्मा महापुरुषको पंक्तिमा आरोहण गरी लोकपावन बन्दछन् । शरीर, इन्द्रिय, मन र बुद्धिलाई निर्मल तुल्याउन निर्देशित गर्ने वेदमूलक धर्मशास्त्र हो । धर्मशास्त्रले बताएका विधि र निषेधको पालन गर्दा व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको नै मङ्गल हुन्छ । आजको विश्व अशान्तिग्रस्त छ । सबैले आ-आफ्ना कर्तव्यकर्मको निष्ठापूर्वक पालन गर्दा यस्तो अशान्त समयलाई पनि शान्त र सुन्दर समयको रूपमा रूपान्तरण गर्न सकिन्छ भन्ने कुरा धर्मशास्त्रको गौरवमय ग्रन्थ **निर्णयसिन्धुले** बताउँछ ।

धर्मशास्त्रमा निरूपित धर्मको व्यावहारिक रूप कर्तव्यकर्मको अनुष्ठान गर्दा ओज, तेज, बल, वाणी, इन्द्रियशक्ति, श्री र धर्मरूप ईश्वरका विभूतिहरूको प्राप्ति हुने कुरा बताउँदै अथर्ववेद (१२/५/७)मा भनिएको छ – **'ओजश्च तेजश्च बलञ्च वाक्चेन्द्रियञ्च श्रीश्च धर्मश्च'** – यस मन्त्रका व्याख्याताहरूले भनेका छन् । जहाँ कर्तव्यकर्मको अनुष्ठानरूप धर्म हुन्छ त्यहाँ जाँगर र उत्साहको केन्द्रबिन्दु ओज, प्रभाव र प्रतापरूप तेज, अधर्ममाथि विजय प्राप्त गराउने बल, सत्यानुसन्धानमा प्रवृत्त गराउने वाणी, शरीरधारणका निमित्त साधन बनेका इन्द्रियहरूको वशीकार, शोभा र दैवी सम्पत्तिका रूपमा रहेकी लक्ष्मीको लाभजस्ता विषय प्राप्त हुन्छन् । सत्त्वनिष्ठ साधकका निमित्त उक्त विषय धर्मका दर्शनीय रूप बन्न आउँछन् ।

श्रुति-स्मृतिका वचन, पुराणवाङ्मयमा प्रतिपादित धर्मव्याख्यान, महापुरुषहरूको आचरण, सत्त्वगुणी धर्मात्माहरूद्वारा अङ्गीकृत धर्मप्राण दिनचर्या र सामान्य मानिसहरूले परम्परागतरूपमा निष्ठापूर्वक संस्कृति र संस्कारको पालन गर्दा प्रकट हुने दिव्यताको पृष्ठभूमिमा धर्मका अनेक रूप र रंगसँग परिचित हुन सकिन्छ ।

निर्णयसिन्धुको व्याख्यान र अर्थबोध गर्ने क्रममा पटक-पटक प्रयोग गरिने धर्मशब्दसँग इसाइधर्म, इस्लामधर्म, यहूदीधर्म, शिन्तोधर्म, ताओधर्म, हिन्दूधर्म, बौद्धधर्म, शिखधर्म, जैनधर्म, वैष्णवधर्म, शैवधर्म, शाक्तधर्म, सौरधर्म, गाणपतधर्म आदि सम्प्रदायको अर्थमा प्रयोग गरिने धर्मशब्दको कुनै तात्त्विक सम्बन्ध छैन । निर्णयसिन्धुले त त्यस सनातनधर्मको प्रतिपादन गर्दछ जसका दिव्य गुण संसारका धर्मनामधारी सम्प्रदायहरूमा अनुस्यूत भएर रहेका छन् । त्यसैले सनातनधर्म विश्वधर्म हो र सबै धर्मको आदर्शरूप एउटा विशिष्ट धर्म हो ।

निर्णयसिन्धुमा वर्णाश्रमधर्म र निमित्तधर्मका नामबाट वैदिक सनातनधर्मको मौलिक स्वरूप स्पष्ट्याउँदै साधारणधर्मका नामबाट विश्वका सम्पूर्ण मानवजातिले पालन गर्नुपर्ने विश्वधर्मको प्रतिपादन गरिएको छ । वर्णाश्रमधर्मको भित्री मर्म स्वाध्याय, सदाचार, तपस्या र आत्मचिन्तन हो । वर्णाश्रमसंस्थाबाहिरका सज्जनहरूले पनि आफ्नै परम्पराअनुसार उत्तम ग्रन्थको अध्ययन, कर्तव्य-कर्मको पालनरूप सदाचार, परहिताय-परसुखाय आत्माको उत्सर्गमा आधारित तपस्या र आत्मचिन्तन गर्दा वर्णाश्रमधर्म पालन गर्नेहरूले प्राप्त गर्ने सुख, शान्ति, प्रतिष्ठा र आत्मज्ञान प्राप्त गर्न सक्ने कुरामा कुनै

25C39

सन्देह छैन ।

निर्णयसिन्धुमा वैदिक सनातनधर्मका सबै अङ्ग–प्रत्यङ्गहरूको सङ्क्षिप्त चर्चा गरिए पनि कर्तव्य–कर्मको अनुष्ठानलाई महत्त्व दिएर विस्तृतरूपमा निरूपण गरिएको छ । वस्तुतः कर्तव्यकर्मको पालन नगरेसम्म धर्मका अरू अङ्गले प्रतिष्ठा पाउँदैनन् । विश्वका सम्पूर्ण प्राणीहरूलाई मङ्गल र सुखको प्राप्तिमा सघाउ पुऱ्याउने सनातनधर्मको धरातलमा विश्व नै अडिएको छ । यसै धर्मलाई ईश्वरको रूप पनि मानिएको तथ्य बुझाउने **धर्मो विश्वस्य जगतः प्रतिष्ठा** जस्ता वचनहरू पाइन्छन् । सनातनधर्मलाई उत्कर्षमा पुऱ्याउने केही विशिष्ट गुणहरूलाई धर्मलक्षण एवं धर्मद्वार पनि भनिएको पाइन्छ ।

विष्णुपुराण, विष्णुधर्मोत्तरपुराण, श्रीमद्भागवतमहापुराण आदि ग्रन्थहरूका साथै मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि स्मृतिग्रन्थहरूमा विश्वका सबै परम्पराका मानिसहरूलाई देवता तुल्याउने यज्ञ, तपस्या, दान, दया, क्षमा, अहिंसा, सत्य, तीर्थाटन, स्वाध्याय, सेवा, सत्सङ्ग, देवार्चना, गुरुसेवा, ब्राह्मणपूजन, इन्द्रियजय, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरिहरार्चन, आत्मचिन्तन र नारायणध्यानजस्ता विशेष कर्तव्यहरूको निरूपण गरिएको पाइन्छ । विष्णुधर्मोत्तरपुराणमा भनिएको छ–

अस्य द्वाराणि यजनं तपो दानं दया क्षमा । हिंसात्यागस्तथा सत्यं तीर्थानुसरणं शुभम् ।।
स्वाध्यायः सेवा साधूनां सहवासः सुरार्चनम् । गुरूणाञ्चैव शुश्रूषा ब्राह्मणानाञ्च पूजनम् ।।
इन्द्रियाणां जयश्चैव ब्रह्मचर्यममत्सरम् । गङ्गास्नानं हरिहराभ्यर्चनं स्वात्मचिन्तनम् ।।
ध्यानं नारायणस्यैतत् सङ्क्षेपाद्धर्मलक्षणम् ।।

हामी नेपालीहरूका आराध्य देव भगवान् पशुपतिनाथको एउटा नाम वृषवाहन पनि हो । पशुपतिनाथमन्दिरलगायत शिवमन्दिरहरूमा शिवका सामु उहाँका वाहन नन्दीनामक साँढेको मूर्ति राखिएको हुन्छ । संस्कृतमा वृषको अर्थ साँढे र धर्म भन्ने पनि हुन्छ । वृषवाहनको अर्थ साँढेमा सवार हुनुहुने शिवका साथै धर्मरूप आसनमा विराजमान हुनुहुने शिव पनि हो । साँढेमा सवार हुनुहुने शिवको मूर्तरूपलाई व्यावहारिक मान्नुपर्दछ भने धर्ममा सवार हुनुहुने शिवको मूर्तरूपलाई पारमार्थिक मान्नुपर्दछ । जहाँ–जहाँ कर्तव्य–कर्मको अनुष्ठानरूप धर्मको पालन हुन्छ त्यहाँ–शिवतत्त्व अर्थात् मङ्गलतत्त्व साकार बन्दछ । जीवात्माले शिवतत्त्व पाउनुको अर्थ धर्मको पालनबाट कल्याण प्राप्त गर्नु हो, शिवलाई साक्षात्कार गर्नु हो र स्वयं शिवरूप हुनु पनि हो ।

यसैले शिवतत्त्व प्राप्तिका निमित्त आ–आफ्ना उत्तरदायित्वमा रहेको कर्तव्यकर्मको पालन गर्दा सांसारिक जीवन रमणीय, उपलब्धिमूलक र लक्ष्यभेदी बन्न सक्दछ र पारमार्थिक जीवन शिवमय बन्दछ भन्ने शास्त्रहरूको निष्कर्ष हो । यही तथ्य नेपालका नरनारीहरूको दृष्टिगोचर बनोस्, श्रुतिगोचर होस् र व्यवहारमा मूर्त बनोस् भन्ने आशयबाट नेपालीभाषामा रूपान्तरित निर्णयसिन्धुनामक कृति पाठकहरूको अगाडि प्रस्तुत गर्न पाउँदा मलाई असीम आनन्दबोध भएको छ ।

अनिन्द्य प्रकृतिसौन्दर्य र अनुपम सांस्कृतिक समन्वयको भूमि नेपाल द्वन्द्वजन्य अशान्तिले ग्रस्त हुँदा २०६१ को माघमहिनादेखि म विघ्नराज गणेशको लीलामहिमामा आधारित कृति गणेशपुराणको नेपालीमा रूपान्तरण गर्ने कार्य र गणेशपरक अनुसन्धान गर्ने कार्यमा तल्लीन थिएँ । २०६४ मा मेरो कार्य सम्पन्न भयो र २०६६ मा **गणेशपुराण**को प्रकाशन पनि ।

नेपालीहरू श्रीगणेशझैं मर्यादापालन र सांस्कृतिक सौन्दर्यको संवर्द्धनमा प्रवृत्त होऊन्, नेपालमा शान्तिको सौन्दर्य

प्रकाशित होस्, सबै नरनारी आ-आफ्नो कर्तव्यकर्ममा तत्पर होऊन् र स्वतन्त्रताको नाममा स्वच्छन्दता नफैलियोस् भन्ने उद्देश्यले श्रुतिसम्मत प्रथम संविधान धर्मशास्त्रअन्तर्गतका ऐन-कानुनको व्याख्या गर्ने निर्णयसिन्धुनामक निबन्धग्रन्थको नेपालीमा टीकाप्रणयन गर्ने कार्यमा म २०६६ चैत्र १६ गतेदेखि प्रवृत्त भएको हुँ । विघ्नविनाशक श्रीगणेश, पराम्बा त्रिशक्ति र भगवती गौरीको अनुकम्पा नभएको भए यो कार्य अहिले २०६८ विजयादशमीमा यति छिट्टै यसरी मूर्त हुने थिएन । यसर्थ सर्वप्रथम नतमस्तक भई म ती सबै देव-देवीहरूप्रति श्रद्धापूर्वक नमन टक्र्याउँछु ।

यस महान् कार्यमा मेरो प्रवृत्ति हुनुमा श्रीगणेशपुराणको सम्पादन र नेपाली रूपान्तरणका लागि प्रेरणा र आशीर्वाद दिनुहुने परमयोगैश्वर्यवती शक्तिमाता श्रीलीलादेवीज्यूको आशीर्वादपरम्परानै प्रमुख कारणका रूपमा रहेको छ । यसर्थ उहाँलाई कृतज्ञताका वचनपुष्प अर्पण गर्दै म उहाँका चरणारविन्दमा भक्तिपूर्वक प्रणाम गर्दछु ।

विद्यार्थी पुस्तक भण्डारका सञ्चालक श्री शान्त गौतमज्यू एवं उहाँका सहयोगी श्री टि.पी. धमलाजीको अनुरोध, प्रेरणा र सहयोगको ठूलो भूमिका रहेको हुँदा म उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

ऐतिहासिक गौरव, शिक्षा, सभ्यता, संस्कृति र प्रकृतिसुषमाले सुहाएको रमणीय भूमि पाल्पाका सुपुत्र सम्माननीय प्रधानन्यायाधीश श्री खिलराज रेग्मीज्यूले आफ्नो बहुमूल्य मन्तव्य प्रदान गरी यस कृतिको गरिमा बढाइदिनुभएकोमा म उहाँप्रति आत्मैदेखि कृतज्ञता व्यक्त गर्दछु ।

मप्रति अनिर्वचनीय आत्मीयता देखाउँदै यत्रतत्र सुझाव दिएर टीकाकार्यलाई सुरुचिपूर्ण तुल्याउन सघाउनुहुने र आ-आफ्ना प्रेरणादायक मन्तव्य दिएर मेरो उत्साह बढाउनुहुने मेरा सतीर्थ्य सर्वतन्त्रस्वतन्त्र विद्वान्, महान् अनुसन्धाता र वरिष्ठ कृतिकार पूर्वराजपरिषद् सदस्य सं. डा. स्वामी प्रपन्नाचार्यज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रकाशक एवं टीकाकारको अनुरोधमा कृतिको मूल्याङ्कन गरिदिनुहुने आ-आफ्नो विषयक्षेत्रका धुरन्धर विद्वान्हरू सर्वश्री महेन्द्र संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति विद्वच्चक्रचूडामणि एवं विद्यावाचस्पति आचार्य श्री पूर्णचन्द्र उपाध्याय ढुङ्गेलज्यू, वयोवृद्ध र ज्ञानवृद्ध धर्ममूर्ति मनीषी प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यू, न्याय-वेदान्त-पूर्वमीमांसा एवं धर्मशास्त्रका अनुपम विद्वान् प्रा.डा. दीर्घराज घिमिरेज्यू, धर्मशास्त्रका अद्वितीय विद्वान् प्रा.डा. रामचन्द्र गौतमज्यू र न्याय एवं धर्मशास्त्रका मूर्धन्य विद्वान् म.सं.वि.का पूर्व शिक्षाध्यक्ष प्रा. श्री पुरुषोत्तम भट्टराईज्यूले कृतिमूल्याङ्कनको क्रममा भ्रम, प्रमाद एवं अज्ञानताबाट भएका दोषहरू निराकरण गरी सम्भावित अपव्याख्याका कारण हुनआउने दोषबाट मलाई जोगाउनुभएकोमा र आफ्नो महनीय मन्तव्यसमेत प्रदान गर्नुभएकोमा म उहाँहरू सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

व्याकरणका वरिष्ठ विद्वान् एवं प्रसिद्ध साहित्यकार प्रा.डा. विष्णुराज आत्रेयज्यू र साहित्यशास्त्रका मूर्धन्य विद्वान् एवं वरिष्ठ साहित्यकार प्रा.डा. टीकाराम अधिकारीज्यूले सल्लाह, मार्गदर्शन एवं मन्तव्यसमेत दिनुभएकोमा म उहाँहरूप्रति हार्दिक आभारिता व्यक्त गर्न चाहन्छु ।

म.सं.वि.का प्रथम शिक्षाध्यक्ष, न्यायशास्त्र र तन्त्रशास्त्रका मूर्धन्य विद्वान् प्रा. श्री विद्यानाथ उपाध्यायज्यू एवं ज्योतिषशास्त्रका वरिष्ठ विद्वान् श्री श्रीकृष्ण अधिकारीज्यूले यस कृतिका कतिपय पक्षमा आफ्नो प्राज्ञिक योगदान दिएर स्तरीय तुल्याउन सहयोग गर्नुभएकोमा म उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस रूपान्तरण कार्यको निष्पत्तिका लागि जुन-जुन पुस्तक, प्रबन्ध, शोधप्रबन्ध, पत्रपत्रिका, निबन्ध एवं लेख-रचनाहरूका विचारहरूको आहरण गरिएको छ ती पुस्तक, प्रबन्ध, शोधप्रबन्ध, पत्रपत्रिका निबन्ध एवं लेख-रचनाका

रचनाकार सुधीजनहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

चूडामणि टीकाको निष्पत्तिको सन्दर्भमा वस्तु र विचारका साथै प्रोत्साहनसमेत प्रदान गरेर मेरो हौसला बढाउनुहुने पूर्वशिक्षामन्त्री एवं प्रसिद्ध साहित्यकार डा. मोदनाथ प्रश्रितज्यू, ने.सं.वि.का वर्तमान उपकुलपति प्रा. श्री शिवहरि मरहट्ठाज्यू, पूर्व उपकुलपति प्रा. श्री विदुर पौडेलज्यू, पूर्व उपकुलपति प्रा. श्री माधवराज गौतमज्यू, पूर्वशिक्षाध्यक्ष प्रा.डा. बाबुराम पोखरेलज्यू, पूर्वप्रशासक एवं दर्शनशास्त्रका मूर्धन्य विद्वान् श्री खोमराज नेपालज्यू, पूर्वप्रशासक एवं दधिराम स्मृतिप्रतिष्ठानका सदस्यसचिव श्री वासुदेव मरासिनीज्यू र मित्रवर पं. रोमनाथ नेपालज्यूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मेरा मित्रहरू पुराण-इतिहासका वरिष्ठ विद्वान् प्रा. श्री तोयराज नेपाल, धर्मशास्त्रका विद्वान्‌हरू प्रा.डा. गोविन्द आचार्य, प्रा.डा. देवमणि भट्टराई, सहप्रा. श्री वासुदेव खनाल, उपप्रा. श्री माधव लामिछानेका साथै ज्योतिषका विद्वान् सहप्रा. श्री माधव पाण्डेयले ज्योतिषशास्त्रीय सूचना एवं बोधका सामग्री प्रदान गरेर सहयोग गर्नुभएको हुँदा उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

ने.सं.वि. अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. लीलानाथ पौडेल, उपप्रशासक एवं साहित्यकार श्री हरिप्रसाद पाण्डेय, केन्द्रीय विद्यापीठ, बेलझुण्डी दाङका प्राचार्य प्रा. श्री रमेशप्रसाद ढकाल, वाल्मीकि विद्यापीठका प्राचार्य प्रा. श्री ध्रुवप्रसाद ज्ञवाली, नेपाली धर्मशाला, ललिताघाट वाराणसीका सञ्चालक डा. लेखनाथ आचार्य, जनक हजारी विद्यापीठका पूर्व प्राचार्य सहप्रा. डा. नुरापति पोखरेल एवं रुरु संस्कृत विद्यापीठ रिडी गुल्मीका पूर्व प्राचार्य सहप्रा. श्री मुरलीमोहन बाँस्तोलाले सामग्री सङ्कलनमा अविस्मरणीय सहयोग गर्नुभएकोमा म उहाँहरूप्रति कृतज्ञ छु ।

यसैक्रममा क्वालिटी लेजर प्रिन्ट काठमाडौंका सञ्चालक पञ्चाङ्गकार श्री मुराररिाज पाण्डे, सहप्रा. डा. विष्णु दाहाल, सहप्रा. डा. जीवन अधिकारी, सहप्रा. श्री मुकुन्द लामिछाने, सहप्रा. श्री शान्तिकृष्ण अधिकारी, सहप्रा. श्री नवराज कट्टेल, सहप्रा. श्री श्रीराम अधिकारी, सहप्रा. श्री प्रमोदवर्धन कौण्डिन्न्यायन, सहप्रा. श्री विश्वनाथ दवाडी, ने.सं.वि.का उपप्रशासक श्री केशव काफ्ले, विन्ध्यवासिनी विद्यापीठ पोखराका स.प्रा. श्री जगन्नाथ रेग्मी एवं डा. भोलानारायण रेग्मी, मुक्तिनाथ कन्या गुरुकुल काठमाडौंका प्राचार्य श्री देवीप्रसाद सुवेदी (श्रीदेवराज प्रपन्नाचार्य), प्रियछात्र श्री विष्णु पन्थी एवं श्री लक्ष्मण आचार्यले सामग्रीसङ्कलन गर्ने कार्यमा सघाउ पुऱ्याउनुभएकोमा म उहाँहरूप्रति आभार व्यक्त गर्दछु ।

सहप्रा.डा. दुर्गाप्रसाद अर्याल, सहप्रा. श्री कोषराज न्यौपाने एवं सहप्रा. डा. लक्ष्मीकान्त पन्थी, त्रिशक्ति शान्ति परिषद्का सदस्य श्री भेषराज न्यौपाने, श्री परशुराम न्यौपाने आदि मित्रहरूले धर्मशास्त्रीय विधिविधानको जटिलता चिर्ने कार्यमा गम्भीर परामर्श दिएर यस कृतिलाई उपयोगी तुल्याउन सहयोग गर्नुभएकोमा उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस टीकाको भाषिक सम्पादनमा सहयोग गर्नुहुने लेखक श्री हरिप्रसाद सोडारी, हरिहर संस्कृत विद्यापीठ, अर्घाखाँचीका स.प्रा. श्री विदुर वस्ती, रुरु संस्कृत विद्यापीठ, रिडी, गुल्मीका स.प्रा. श्री खगेश्वर गौतम एवं स.प्रा. श्री शेषनारायण मरासिनीप्रति म ज्यादै आभारी छु ।

सम्पूर्ण पारिवारिक झमेला आफै वहन गरी मलाई चौबीसै घण्टा प्राज्ञिक कार्यमा लाग्न छुट दिएर सघाउ पुऱ्याउने मेरो

परिवारका सम्पूर्ण सदस्यहरूलाई साधुवाद र आशीर्वाद दिन चाहन्छु ।

वाल्मीकि विद्यापीठ पुस्तकालय काठमाडौंका अधिकृत एवं कर्मचारीहरूका साथै ने.सं.वि., अनुसन्धानकेन्द्र वसन्तपुर काठमाडौंका सम्पूर्ण अधिकृत एवं कर्मचारीहरूले गर्नुभएको सहयोगका लागि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस कार्यको पूर्णताका लागि भावनात्मक सहयोग गर्ने सबै मित्रजनप्रति धन्यवाद ज्ञापन गर्दै टंकण एवं मुद्रणमा सघाउने व्यक्ति एवं संस्थाप्रति साधुवाद व्यक्त गर्दछु ।

अन्तमा ममाथि निरन्तर दृष्टि पुऱ्याई आशीर्वादको वृष्टि गर्नुहुने मेरा स्वर्गीय पूज्य पितृचरण चूडामणि ढकालज्यू, वन्दनीया जननी स्वर्गीय दिव्यलक्ष्मी ढकालज्यू, भगवती त्रिशक्ति, पराम्बा जननी, भगवती शुक्लासरस्वती, भगवती पीताम्बरा, भगवती गौरी र भगवान् गणेशको वन्दना गर्दै मेरो मन्तव्य यही टुंग्याउँछु ।

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ।।

गणेशो वः पायात् प्रणमत गणेशं जगदिदम्
गणेशेन त्रातं नम इह गणेशाय महते ।
गणेशान्नास्त्यन्यत् त्रिजगति गणेशस्य महिमा
गणेशे मच्चित्तं निवसतु गणेश ! त्वमव माम् ।।

जय गौरी ! जय गणेश !

विनीत
वेणीमाधव ढकाल
सम्पर्क सङ्केत फो.– ०१-४३११३३०
मो. ९७४१२०७४२६

२०६८ आश्विन नवरात्र

ॐ

प्रकाशकको कलमबाट

वैदिक सनातनधर्मका अनुयायी हामी धेरैजसो नेपालीहरू सयौं वर्षदेखि निर्णयसिन्धुकै निर्देशनअनुसार कर्तव्य कर्मको पालना गर्दै आएका छौँ । धार्मिक समस्या पर्दा हामी निर्णयसिन्धुकै आड लिएर समाधान पत्ता लगाउँछौँ । त्यसैले नेपाली समाजमा निर्णयसिन्धु पूजित ग्रन्थका रूपमा लोकप्रिय छ । यसको नेपालीभाषामा टीका-टिप्पणी नहुँदा संस्कृत नपढेका जिज्ञासुहरूलाई संस्कृतज्ञ विद्वान्हरूकै भर पर्नुपर्ने विवशता छ । यस्तो स्थिति विचार गरी विद्यार्थी पुस्तक भण्डारले नेपालका विशिष्ट विद्वान् प्रा.डा. वेणीमाधव ढकालज्यूलाई निर्णयसिन्धुको नेपाली टीका प्रणयन गर्न अनुरोध गरेपश्चात् उहाँले गहन अध्यवसाय र कठिन परिश्रमद्वारा सबैलाई धर्मशास्त्र र निर्णयसिन्धुका नियमसँग परिचित गराउने किसिमले निर्णयसिन्धुको चूडामणि टीका तयार गर्नुभएकोमा हामीलाई अत्यन्तै खुसी लागेको छ । निर्णयसिन्धुजस्तो गहन ग्रन्थलाई आमनेपाली भाषाभाषीद्वारा संवेद्य तुल्याउने दृष्टिले डा. ढकालज्यूले तयार गर्नुभएको यस्तो महत्त्वपूर्ण कृति प्रकाशन गर्न पाउँदा विद्यार्थी पुस्तक भण्डारले गौरवबोध गरेको छ ।

धर्मशास्त्र प्राचीन ऋषिहरूको कानुन भएकाले यस परम्परामा सैकडौं ग्रन्थ लेखिएका छन् । तीमध्ये **निर्णयसिन्धु** नेपाली समाजमा अत्यन्त प्रसिद्ध कृतिका रूपमा रहेको छ । **निर्णयसिन्धु**लाई नेपाली आस्थावान् नरनारीहरूले राम्ररी बुझ्ने ठोस आधार अहिलेसम्म नभएको कुरा महसुस गरी विद्वान्, पण्डित एवं संस्कृतज्ञहरूबाहेक अरू नरनारीहरूले पनि नेपालीभाषामा तत्त्वबोध गरी धर्मशास्त्रका महत्त्वपूर्ण विषयहरूसँग अवगत भएर आचरण पनि गर्न सकून् भन्ने हाम्रो मनसाय हो । यसर्थ अहिले **निर्णयसिन्धु**को विस्तृत भूमिकासहित अनुवाद गराई यसरी प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ ।

दुई वर्षअघि हामीले डा. ढकालज्यूको अनुसन्धानकौशल र वैदुष्यको परिचायक नेपालीहरूको प्यारो पूजित ग्रन्थ **श्रीगणेशपुराणम्** सानुवाद प्रकाशित गरेका थियौं । प्रकाशित गणेशपुराण नेपाली समाजमा अत्यन्त रुचिकर र आस्थास्पद बनेर रहेको तथ्य पाठकहरूलाई विदितै छ । जुन शैलीमा गणेशपुराणको अनुवाद तयार गरिएको थियो त्योभन्दा पनि विवेचनापूर्ण शैलीमा तयार गरिएको **निर्णयसिन्धु**को नेपाली टीका प्रकाशित हुनु वैदिक सनातनधर्ममा आस्था राख्ने नेपालीहरूका लागि हर्षको विषय हो भन्ने कुरामा दुई मत हुनेछैन । धर्मशास्त्रजस्ता विषयको गहन ग्रन्थ निर्णयसिन्धुको गुरुगम्भीर टीका प्रकाशित हुँदा नेपाली साहित्यको धर्मशास्त्रीय फाँट पनि समृद्ध हुने कुरामा विश्वस्त छौं ।

विद्यार्थी पुस्तक भण्डार व्यावसायिक संस्था भए पनि यसको मूलमा जनसेवा, समाजसेवा, राष्ट्रसेवा, साहित्य एवं संस्कृतिको संवर्धन र ज्ञान एवं विज्ञानको प्रबर्धनजस्ता अभिप्राय गर्भित छन् । त्यसैअनुरूप हामीहरू अगाडि बढिरहेका छौँ । बहुमूल्य कृति तयार गर्नुहुने प्रा.डा. वेणीमाधव ढकालज्यूप्रति सादर कृतज्ञता ज्ञापन गर्दछौं । टीकाकार श्री ढकालज्यूको परामर्शअनुसार हामीले आचार्य श्री पूर्णचन्द्र उपाध्याय दुङ्गेलज्यू, प्रा.डा. दीर्घराज घिमिरेज्यू, प्रा.डा. रामचन्द्र गौतमज्यू, प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यू, प्रा. श्री पुरुषोत्तम भट्टराईज्यूलाई कृति मूल्याङ्कनार्थ अनुरोध गरेका थियौं । उहाँहरूले स्नेहपूर्वक

हाम्रो अनुरोध स्वीकार गरी कृति मूल्याङ्कन गरी बहुमूल्य विचार थपिदिनुहुँदा यस कृतिमा सुनमा सुगन्ध थपिएको अनुभव गरेका छौं । यसर्थ सम्पूर्ण समीक्षक विद्वज्जनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यसैगरी यस कार्यमा योगदान दिनुहुने सर्वतन्त्रस्वतन्त्र विद्वान् डा. स्वामी प्रपन्नाचार्यज्यू, प्रा.डा. विष्णुराज आत्रेयज्यू एवं प्रा.डा. टीकाराम अधिकारीज्यू तथा अन्य ग्रन्थसम्पादनमा सहयोग पुऱ्याउनुहुने महानुभावप्रति विद्यार्थी पुस्तक भण्डार आभार व्यक्त गर्दछ ।

यस कृतिलाई आफ्ना प्राविधिकहरूद्वारा राम्ररी टंकण गराउन लगाउनुहुने र सम्पादनमा हृदयत आफ्ना चिन्तनपूर्ण परामर्श दिएर सहयोग गर्नुहुने क्वालिटी लेजर प्रिन्टका सञ्चालक पञ्चाङ्गकार श्री मुरारिराज पाण्डेज्यूले पूर्वप्रकाशित **श्रीगणेशपुराणम्को अनुवाद** र **निर्णयसिन्धु**को चूडामणि टीकामा बाह्य-आभ्यन्तर गुणवत्ता र सौन्दर्य भर्ने कार्यमा ठूलो सहयोग गर्नुभएकोमा उहाँप्रति हार्दिक आभार प्रकट गर्दछौं । अन्तमा यस प्रकाशनको भाषा, संस्कृति, इतिहास, कला, धर्म, ज्ञान र विज्ञानका महत्तम कृति प्रकाशित गरी राष्ट्रमा प्राज्ञिक सौन्दर्य वृद्धि गर्दै जाने प्रयास निरन्तर जारी रहने विश्वास दिलाउँछौं।

शान्त गौतम
विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं

२०६८ आश्विन नवरात्र

विषयसूची

मन्तव्य-सन्दर्भ

शुभकामना	– सं. प्रधानन्यायाधीश खिलराज रेग्मी	१
मेरा यशस्वी सतीर्थ्य प्रा.डा. ढकालजीको सफलताको शुभकामना	– डा. स्वामी प्रपन्नाचार्य	२
प्रसन्नताको अनुभूति र शुभाशंसा	– आचार्य पूर्णचन्द्र उपाध्याय ढुंगेल	११
सम्मति	– प्रा.डा. दीर्घराज घिमिरे	१३
धर्मविचारको आवश्यकता र निर्णयसिन्धुको नेपाली रूपान्तरणको महत्ता	– प्रा.डा. दुर्गाप्रसाद दवाडी	१५
शुभाशंसा	– प्रा. पुरुषोत्तम भट्टराई	१९
एउटा महत्तम प्राप्तिको रूपमा निर्णयसिन्धुको चूडामणि टीका	– प्रा.डा. रामचन्द्र गौतम	२०
प्रा.डा. वेणीमाधव ढकाल र निर्णयसिन्धुको नेपाली अवतरण	– प्रा.डा. विष्णुराज आत्रेय	२६
यस्तु क्रियावान् पुरुषः स विद्वान्	– प्रा. डा. टीकाराम अधिकारी	२९
वन्दे गौरीगणेश्वरौ	– प्रा.डा. वेणीमाधव ढकाल	४०
प्रकाशकको कलमबाट	– शान्त गौतम	४५
विषयसूची		४७–७२

प्रस्तावनाभाग

प्रथम-प्रभाग

धर्म, धर्मशास्त्रको परम्परा र निर्णयसिन्धु

१.१ धर्मशब्दको अर्थ र प्रयोग ७५
१.२ धर्मको परिभाषा ७६
१.३ धर्मका उपादान ७८
१.४ धर्म र धर्मशास्त्रका विशेषता ७८
१.५ धर्मशास्त्रका प्रतिपाद्य विषय ८१
१.६ धर्मशास्त्र र त्यसको सङ्क्षिप्त इतिवृत्त ८१

द्वितीय-प्रभाग

निर्णयसिन्धुकार कमलाकर भट्ट, उनको योगदान र निर्णयसिन्धुको विषयवस्तु

२.१ कमलाकर भट्ट ८५
२.२ कमलाकर भट्टको योगदान ८५
२.३ निर्णयसिन्धु एक अनुपम कृति ८६
२.४ निर्णयसिन्धुको विषयवस्तु ८७

तृतीय-प्रभाग

निर्णयसिन्धुको प्रथम परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

३.१ कालनिरूपण ९१
३.२ मलमास विचार ९७
३.३ व्रतविचार १००
३.४ एकादशीविचार १०४
३.५ ग्रहणविचार १०८

चतुर्थ-प्रभाग

निर्णयसिन्धुको द्वितीय परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

४.१ रामनवमी ११३
४.२ दशावतारतिथि, कल्पादितिथि, मन्वादितिथि एवं युगादितिथि ११४
४.३ चातुर्मास्यव्रत ११६
४.४ श्रावणी, उपाकर्म र उत्सर्ग ११८
४.५ जन्माष्टमी एवं कृष्णजन्मजयन्ती १२१
४.६ महालयश्राद्ध १२२
४.७ नवरात्र वा दुर्गोत्सव १२५
४.८ विजयादशमी १२९
४.९ महाशिवरात्रि १२९

पञ्चम-प्रभाग

निर्णयसिन्धुको तृतीय परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

५.१ संस्कारविचार १३२
५.२ गर्भाधानसंस्कार १३३
५.३ पुंसवनसंस्कार १३४
५.४ अनवलोभनसंस्कार १३५
५.५ सीमन्तोन्नयन १३६
५.६ विष्णुबलि १३७
५.७ सोष्यन्तीकर्म १३७
५.८ जातकर्म १३८
५.९ नामकरणसंस्कार १३९
५.१० दोलारोह १४०
५.११ कर्णवेध १४०
५.१२ ताम्बूलभक्षण १४१
५.१३ निष्क्रमण एवं सूर्यदर्शन १४१
५.१४ उपवेशन १४२
५.१५ अन्नप्राशनसंस्कार १४३
५.१६ जन्मोत्सव (वर्षवर्धन) १४४
५.१७ चूडाकरणसंस्कार १४५
५.१८ उपनयनसंस्कार १४५
५.१९ विद्यारम्भ १५१
५.२० केशान्तसंस्कार १५२
५.२१ समार्वतनसंस्कार १५२
५.२२ विवाहसंस्कार एवं गोत्र र प्रवर १५२
५.२३ विवाहसंस्कारका विभिन्न उद्देश्य १५९
५.२४ मूर्तिप्रतिष्ठा एवं रुद्राक्षमहिमा १६१
५.२५ कलिमा निषिद्ध कर्म १६४

षष्ठ-प्रभाग

निर्णयसिन्धुको चतुर्थ परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

६.१ श्राद्धविचार १६५
६.२ श्राद्धभेद १६६
६.३ श्राद्धदेश १६७
६.४ श्राद्धकाल १६८
६.५ श्राद्धका अधिकारी १६८
६.६ श्राद्धका पितृगण र देयवस्तुको प्राप्ति १६९
६.७ श्राद्धमा ग्राह्य उत्तमब्राह्मण १७०
६.८ श्राद्धमा वर्जनीयब्राह्मण १७०
६.९ श्राद्धकर्ता र भोक्ताका नियम १७१
६.१० श्राद्धमा प्रयोग गरिने वस्तु १७१
६.११ श्राद्धारम्भसमय र विभक्तिप्रयोग १७४
६.१२ पिण्डदान १७४
६.१३ पिण्डप्रतिपत्ति एवं पिण्डोपघात १७५
६.१४ असमर्थपुत्रद्वारा पिताको श्राद्ध १७६
६.१५ क्षयाहश्राद्ध १७६
६.१६ श्राद्धविघ्न १७७
६.१७ श्राद्धमा पत्नी रजस्वला हुँदा १७७
६.१८ श्राद्धसम्पात वा श्राद्ध खप्टिएको अवस्था १७७

६.१९ श्राद्धाङ्गतर्पण १७८
६.२० वृद्धिश्राद्ध १८०
६.२१ जीवच्छ्राद्ध वा आत्मश्राद्ध १८०
६.२२ तीर्थश्राद्ध १८१

सप्तम-प्रभाग

पञ्चम परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

७.१ आशौचविचार १८३
७.२ आशौचका भेद एवं बीजतत्त्व १८४
७.३ आशौचका सम्बन्धसूत्र १८५
७.४ गर्भस्राव, गर्भपात एवं मरणाशौच १८६
७.५ जननाशौच १८९
७.६ सबै वर्णका लागि जात्याशौचका नियम १८९
७.७ मलामी आदिलाई लाग्ने आशौच १८९
७.८ अतिक्रान्ताशौच १९०
७.९ आशौचसम्पात १९०
७.१० आशौचशुद्धिका कारण १९१
७.११ माता-पिताको मृत्युमा गरिने श्राद्ध १९१
७.१२ आशौचापवाद १९२
७.१३ स्वेच्छामरण १९७
७.१४ नारायणबलि १९८
७.१५ मरेको मानिस ज्यूँदै आएमा १९९
७.१६ शवदाहमा शिरको दिशा १९९
७.१७ पञ्चकमा मरणविचार २००
७.१८ त्रिपादनक्षत्रमा मृत्यु हुँदा २००
७.१९ रजस्वलाको मृत्युमा दाहसंस्कार २०१
७.२० सुत्केरीको मृत्युमा दाहसंस्कार २०१
७.२१ गर्भिणीको मृत्युमा दाहसंस्कार २०२
७.२२ विधवाधर्म २०२

अष्टम-प्रभाग

निर्णयसिन्धुका विशेषता

८.१ अगाध ज्ञानसिन्धुका रूपमा निर्णयसिन्धु २०३
८.२ आचारशास्त्रीय कानुनका रूपमा निर्णयसिन्धु २०५

नवम-प्रभाग

नेपाली समाजमा निर्णयसिन्धु, नेपालमा रचित धर्मशास्त्रीय कृति र निर्णयसिन्धुको चूडामणि टीका

९.१ नेपाली समाजमा निर्णयसिन्धु २०७
९.२ नेपालमा लेखिएका धर्मशास्त्रीय ग्रन्थहरूमा निर्णयसिन्धुको प्रभाव २०८
९.३ निर्णयसिन्धुको निर्मितिमा नेपालको प्राज्ञिक योगदान २०८
९.४ धर्मशास्त्रीय निबन्धग्रन्थहरूको रचनामा नेपालको योगदान २०८
९.५ नेपाली विद्वान्हरूका केही धर्मशास्त्रीय कृति २१२
९.६ नेपाली विद्वान्हरूका धर्मशास्त्रीय शोधप्रबन्ध २१५
९.७ नेपालका धर्मशास्त्रीहरूको धर्मसम्बन्धी रचनात्मक र निर्णयात्मक योगदान २१७
९.८ निर्णयसिन्धु-चूडामणि टीकाको प्रयोजन २१८
९.९ चूडामणिटीकाको प्रकृति २१९
९.१० प्रस्तावनाभागको विषयमा २२३
९.११ नेपाली समाजको वर्तमान धार्मिक अवस्था २२३
९.१२ अभ्यर्थना २२५

निर्णयसिन्धु मूलभाग

मङ्गलाचरण १
टीकाकारको मङ्गलाचरण २

प्रकरणसूची

कालनिर्णयात्मक प्रथम परिच्छेद

संवत्सर–मास–संक्रान्तिनिर्णयात्मक प्रथम प्रकरण ३
मलमासनिर्णयमा आधारित द्वितीय प्रकरण १९
पक्ष–तिथि–व्रतनिर्णयमा आधारित तृतीय प्रकरण ३३
प्रतिपदा आदि तिथिहरूको पूर्वदिन र परदिनको ग्राह्यता र अग्राह्यतासम्बन्धी निर्णयमा आधारित चतुर्थ प्रकरण ५८
इष्टि–विकृति इष्टि–पशुयाग–कुतपकाल आदि विषयहरूको निर्णयमा आधारित पञ्चम प्रकरण ९५
ग्रहण र समुद्रस्नानसम्बन्धी निर्णयमा आधारित छैठौं प्रकरण ११३

वर्षकृत्यनिर्णायक द्वितीय परिच्छेद

चैत्रशुक्लपक्षदेखि ज्येष्ठशुक्लपर्यन्त गरिने कृत्यहरूको निर्णयमा आधारित प्रथम प्रकरण १४५
आषाढदेखि श्रावणमाससम्म गरिने कृत्यहरूको निर्णयमा आधारित द्वितीय प्रकरण १९५
भाद्रमासमा गरिने कृत्यहरूको निर्णयमा आधारित तृतीय प्रकरण २३९
आश्विनकृष्णपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित चतुर्थ प्रकरण २८१
आश्विनशुक्लपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित पञ्चम प्रकरण ३१५
कार्तिकमासमा गरिने कृत्यहरूको निर्णयमा आधारित छैठौं प्रकरण ३८५
मार्गशीर्षदेखि चैत्रकृष्णपक्षसम्म गरिने कृत्यहरूको निर्णयमा आधारित सप्तम प्रकरण ४२१

संस्कारादिनिर्णायक तृतीयपरिच्छेद

गर्भाधानदेखि सूतिकागृहप्रवेशसम्मका विषयहरूको निर्णयमा आधारित प्रथम प्रकरण ४७१
जातकर्मदेखि नामकर्मसम्मका विषयहरूको निर्णयमा आधारित द्वितीय प्रकरण ५०१
दोलारोहणदेखि विद्यारम्भसम्मका विषयहरूको निर्णयमा आधारित तृतीय प्रकरण ५२५
उपनयनसंस्कारको निर्णयमा आधारित चतुर्थ प्रकरण ५४२
विवाहसंस्कारको निर्णयमा आधारित पञ्चम प्रकरण ५८०
आधानदेखि उत्सर्गविधिसम्मका विषयहरूको निर्णयमा आधारित छैठौं प्रकरण ६७०
मूर्ति एवं लिङ्गको प्रतिष्ठा, पार्थिवपूजन र जीर्णोद्धारसम्बन्धी विषयहरूको निर्णयमा आधारित सप्तम प्रकरण ६८३
तुलसीग्रहण एवं कृषि आदिको उचित समयनिरूपणका साथै कलिमा गर्न नहुने कृत्यहरूको निर्णयमा आधारित अष्टम प्रकरण ७२८

श्राद्धनिर्णायक चतुर्थ परिच्छेद

श्राद्धका लक्षण, भेद, देश, काल आदि विषयको निर्णयमा आधारित प्रथम प्रकरण ७६५
श्राद्धका अधिकारी, पितृ, विश्वेदेव आदि विषयको निर्णयमा आधारित द्वितीय प्रकरण ७८३

श्राद्धका ब्राह्मण र श्राद्धकर्ता एवं भोक्ताका नियमसम्बन्धी विषयको निर्णयमा आधारित तृतीय प्रकरण ८१२

श्राद्धमा प्रयोग गरिने हवि र त्याज्य विषयको निर्णयमा आधारित चतुर्थ प्रकरण ८३९

संस्रव, ब्राह्मणभोजन, पिण्डदान आदि विषयको निर्णयमा आधारित पञ्चम प्रकरण ९०६

श्राद्धको अनुकल्प, हेमश्राद्ध, एकोद्दिष्टश्राद्ध आदि विषयको निर्णयमा आधारित छैठौं प्रकरण ९६९

क्षयाहद्वैध, क्षयाहश्राद्ध, वृषोत्सर्ग, क्षयाहको अज्ञानमा गर्नुपर्ने कृत्यको निर्णयमा आधारित सप्तम प्रकरण ९८८

श्राद्धविघ्न, प्रायश्चित्त, आशौचअन्तर्गत पर्ने श्राद्ध, अन्वारोहण आदि विषयको निर्णयमा आधारित अष्टम प्रकरण ९९६

श्राद्ध खप्टिएको अवस्था, श्राद्धाङ्गतर्पण र वृद्धिश्राद्धको विषयमा आधारित नवम प्रकरण १०१०

श्राद्धमा भोजन गराइने ब्राह्मणको सङ्ख्या, जीवत्पितृकश्राद्ध र अंशबण्डा भए–नभएका श्राद्धकर्ताहरूको विषयमा आधारित दशम प्रकरण १०३२

सपिण्डीकरणान्तश्राद्ध एवं तीर्थयात्रा आदि विषयको निर्णयमा आधारित एघारौं प्रकरण १०४८

आशौचादिनिर्णयात्मक पञ्चम परिच्छेद

जननाशौच र मरणाशौचको निर्णयमा आधारित प्रथम प्रकरण १०६३

अतिक्रान्त आशौच आदि विषयहरूको निर्णयमा आधारित द्वितीय प्रकरण १११६

नारायणबलिकर्म आदि विषयको निर्णयमा आधारित तृतीय प्रकरण ११६०

प्रेतस्नान, शवदाह, अस्थिसञ्चय आदि विषयको निर्णयमा आधारित चतुर्थ प्रकरण १२०९

नवश्राद्ध, शावाशौच , उदककुम्भ, वृषोत्सर्ग आदि विषयको निर्णयमा आधारित पञ्चम प्रकरण १२३९

सपिण्डीकरण, गयाश्राद्धदेखि विधवाधर्मपर्यन्तका विषयहरूको निर्णयमा आधारित छैठौं प्रकरण १२६९

संन्यासधर्मको विषयमा आधारित सप्तम प्रकरण १३१३

पद्यात्मक पुष्पिकावाक्य १३ २

परिशिष्ट भाग

परिशिष्ट – १ निर्णयसिन्धुमा प्रयोग भएका कठिन एवं पारिभाषिक शब्दहरूको अर्थ १३४३

प्रकरणगत विस्तृत विषयसूची

कालनिर्णयात्मक प्रथम परिच्छेद

संवत्सरमाससंक्रान्तिनिर्णयात्मक प्रथम प्रकरण

कालनिर्णय ३
चान्द्रवर्षका साठी भेद ४
प्रभव आदि संवत्सरको निर्णय ४
अयननिर्णय ५
ऋतुनिर्णय ६
मासनिर्णय ६
संक्रान्तिनिर्णय र पुण्यकाल ७
संक्रान्तिमा गरिने विशेषदान ९
संक्रान्तिमा उपवासनिर्णय १०
पुत्रवान् गृहस्थले उपवास गर्न नहुने ११
संक्रान्तिमा श्राद्धसम्बन्धी विचार ११
विष्णुपदादिविचार १२
पिण्डरहित श्राद्ध १२
मङ्गलकृत्यमा विशेष १३
संक्रान्तिको रात्रिमा स्नानबारे १४
सायंकालिक सन्ध्यानिषेध १६
चान्द्रादिमासनिर्णय १६
सावनादिमासनिर्णय १७

मलमासनिर्णयमा आधारित द्वितीय प्रकरण

मलमासविचार १९
क्षयमासनिरूपण २०
मलमासनिर्णय २०
क्षयमासको आगमनकाल २१
मलमासमा कार्याकार्यविवेक २२
मलमासमा गर्नुपर्ने कर्तव्य २३
मलमासमा आब्दिकश्राद्धनिर्णय २४
मलमासमा वर्जित विषय २८
क्षयमासमा प्रत्याब्दिक गर्दा विशेषनिर्णय २८
गुरु–शुक्रको बाल्यादि लक्षण ३०
पक्षहरूको समन्वय ३१
देशानुसार बृहस्पति र शुक्रको बाल्यावस्था ३१
अपवादनिरूपण ३१
मलमासमा व्रतविशेष ३२

पक्ष-तिथि-व्रतनिर्णयमा आधारित तृतीय प्रकरण

पक्षहरूमा तिथिवेध आदिको निर्णय ३३
तिथिविशेषमा वेधविशेष ३४
कर्मकालव्यापिनी तिथिको विचार ३५
मङ्गलकार्यका लागि तिथिविचार ३५
खर्प, दर्प, हिंसा आदि तिथिको विचार ३६
एकभक्तनियम ३६
स्वतन्त्र एकभक्तको नियम ३७
नक्तव्रत ३८
हरिनक्तमा विशेष ३९
नक्षत्रव्रतकाल ४०
व्रतपरिभाषा ४०
स्त्रीद्वारा गरिने व्रतमा विशेष ४१
सबै व्रतमा सङ्कल्प गर्ने विधि ४२
व्रतारम्भ समय ४२
भद्राविचार ४३
व्रतारम्भमा विशेष ४४
प्रतिमास्वरूप ४६
होममा द्रव्यादिविचार ४६
मन्त्रको अनुक्तिमा विचार ४६
ग्रहादिहोमको विचार ४६
ब्राह्मण आदिको उपवास विचार ४७
व्रतको उद्यापनको निर्देशन नहुँदा ४७
उद्यापन गर्न असमर्थ हुँदा ४७
सबै कर्मका लागि दक्षिणाविचार ४७
चाँदीदानको विषयमा विचार ४८
परान्नभोजनको फल ४८
व्रतीहरूद्वारा त्याज्य विषय ४८
क्षार–अन्नविचार ४८
व्रतमा गहुँ आदि ग्राह्य पदार्थको निरूपण ४९
व्रत बीचैमा छाड्ने मानिसहरूबारे ४९
व्रतमा काम–क्रोध उत्पन्न भएमा प्रायश्चित्त ५०
उपवासमा असमर्थ व्यक्तिको सम्बन्धमा ५०
व्रतहरूका महत्त्वपूर्ण विषय ५१
स्त्रीव्रतमा विशेष ५१
उपवासमा वस्त्रधारण ५१
उपवासमा दन्तधावनादि ५२
व्रतमा सूतक परेमा ५३
आशौचमा अरूबाट कार्यसम्पादन ५३
पहिलेदेखि सङ्कल्प गरिएको कार्य आशौचद्वारा नरोकिने ५४
उपवासमा प्रतिनिधिविचार ५४
प्रतिनिधिसम्बन्धी विशेष तथ्य ५६
व्रतहरू खप्टिँदा गर्नुपर्ने विधि ५६

प्रतिपदा आदि तिथिहरूको पूर्वदिन र परदिनको ग्राह्यता र अग्राह्यतासम्बन्धी निर्णयमा आधारित चतुर्थ प्रकरण

प्रतिपदातिथिनिर्णय ५८
तिथिहरूमा निषेध गरिएका विषय ५८
द्वितीयातिथि–निर्णय ५९
तृतीयातिथि–निर्णय ५९
चतुर्थीतिथि–निर्णय ६०
पञ्चमीतिथि–निर्णय ६१
षष्ठीतिथि–निर्णय ६२
सप्तमीतिथि–निर्णय ६२
अष्टमीतिथि–निर्णय ६३
शिवशक्ति–उत्सवमा विशेष ६३
नवमीतिथि–निर्णय ६३
दशमीतिथि–निर्णय ६४

एकादशीतिथिमा उपवासनिर्णय ६४
उपवासनिषेधमा विशेष ६७
दशमीवेध ६७
अरुणोदयवेधको स्वरूप ६८
संपृक्त आदि भेदनिरूपण ७०
दशमीशेषयुक्त एकादशीव्रतको प्रायश्चित्त ७१
वैष्णवको लक्षण ७१
दशमीतिथिवेध ७२
एकादशीतिथिका १८ भेद ७५
एकादशी-उपवाससम्बन्धी चर्चा ८२
एकादशीव्रतका अधिकारी ८२
उपवासमा असामर्थ्य भएमा ८३
व्रत नगर्दा प्रायश्चित्त ८३
काम्यव्रतविधि ८३
दशमीमा गर्नुपर्ने विधि ८४
असामर्थ्य हुँदा ८४
व्रतीले हिंसा आदि कुकर्म गरेमा प्रायश्चित्त ८५
एकादशीतिथिमा श्राद्ध ८५
व्रतमा आघात पुऱ्याउने तत्त्व ८६
एकादशीमा कन्दमूल, दूध आदि सेवनको अपवाद ८७
एकादशी उपवासको सङ्कल्प गर्ने विधि ८७
शैव आदि धर्मका अनुयायीका लागि विशेष ८८
सङ्कल्प, पूजा आदि गर्ने समयको विचार ८८
उपवासपछि तुलसीमिश्रित भोजनको महत्त्व ८८
द्वादशीमा निषिद्ध विषय ८९
वार्तालाप गर्न अयोग्य मानिससँग वार्ता गरेमा शुद्धिको व्यवस्था ८९
आशौचमा द्वादशीव्रतसम्बन्धी विचार ८९
एकादशीमा रजस्वलाको कर्तव्य ९०
श्रवणद्वादशीको परिचय ९०
एकादशीमा विशेषनियम पालन गर्न असमर्थ भएमा ९०
आठ महाद्वादशी ९१
पारण विचार ९२
प्रमादवश एकादशीव्रत छुटेमा ९३
द्वादशीतिथिनिर्णय ९३
त्रयोदशीतिथिनिर्णय ९३
चतुर्दशीतिथिनिर्णय ९३
पूर्णिमा र अमावास्याको निर्णय ९४
अमावास्यामा विशेषयोग ९४
व्यतीपातनिर्णय ९४

इष्टि-विकृति इष्टि-पशुयाग-कुतपकाल आदि विषयहरूको निर्णयमा आधारित पञ्चम प्रकरण

इष्टिकालविचार ९५
पूर्णिमामा विशेष ९७
अमावास्यामा विशेष ९७
पर्वको शेषकालमा इष्टि समाप्त भएमा पुनः इष्टि ९८
विकृति-इष्टि ९९
विकृतिमा विशेष १००
पशुयाग र सोमयागको कालान्तरनिर्णय १००
अधिकारपशुमा विशेष १०१
साग्निकमतमा अमावास्यानिर्णय १०३
पिण्डपितृयज्ञसम्बन्धी विपरीत कथन १०४
पिण्डपितृयज्ञविषयमा मत-मतान्तर १०५
चन्द्रमाको क्षयकाल १०६
पूर्ण अमावास्यामा विशेष १०९
पिण्डपितृयज्ञ नगर्नेका लागि प्रायश्चित्त १०९
कुतपकाल निरूपण ११०
कुतपको लक्षण १११
अमावास्यामा वार्षिकश्राद्ध प्राप्त भएमा १११
अमाश्राद्धको उल्लङ्घनमा प्रायश्चित्त ११२

ग्रहण र समुद्रस्नानसम्बन्धी निर्णयमा आधारित छैठौं प्रकरण

ग्रहणनिर्णय ११३
ग्रहणमा भोजनविचार ११३
ग्रहणमा जलपानादि गरेमा प्रायश्चित्त ११५
ग्रहणमा उपवासको फल ११५
ग्रहणमा पारणादिविचार ११६
ग्रहणमा सम्भावित चूडामणियोग ११६
ग्रहणमा होमसम्बन्धी विचार ११७
ग्रहणमा सूतकविचार ११७
ग्रहणमा स्नान नगर्दा दीर्घसूतक ११७
ग्रहणमा गङ्गा आदि महानदीमा स्नान ११८
मासानुसार ग्रहणस्नानफल ११८
ग्रहणस्नानको फलमा तारतम्य ११८
कुवा, पोखरी आदिमा स्नान ११८
नदी आदि स्नान र फलमा तारतम्य ११९
ग्रहणमा नर्मदा आदिमा स्नानको फल ११९
ग्रहणमा समुद्रस्नानको फल ११९
ग्रहणमा समुद्रस्नानको विशेषफल ११९
सूर्यग्रहणमा तीर्थस्नानको फल १२०
तीर्थस्नान असम्भव हुँदा स्मरण १२०
ग्रहणमा श्राद्ध गर्दा विशेष फलप्राप्ति १२०
ग्रहणमा श्राद्ध नगर्दा महाकष्ट १२०
ग्रहणमा हेमश्राद्धको फल १२१
पाकाभावमा आमश्राद्ध १२१
गजच्छायायोगमा श्राद्ध १२१
ग्रहणमा भोक्तालाई दोष १२१
ग्रहणभोजनबाट पुरुषयोनिमा जन्म नहुने १२२
ग्रहणाशौच र स्नान-दानको व्यवस्था १२२
ग्रहणनिमित्तक रजस्वलास्नानविचार १२३
ग्रहणमा रात्रिमा पनि श्राद्ध गर्नुपर्ने १२३
दिनमा चन्द्रग्रहण र रातमा
सूर्यग्रहण हुँदा स्नानादिनिषेध १२३
ग्रहणमा वार्षिकश्राद्ध १२४
ग्रहणात्तु० इत्यादिको अप्रामाण्य १२४
सूर्यग्रहणमा दीक्षाविचार १२५
चन्द्रग्रहणमा दीक्षाविचार १२५
जन्मराशिमा ग्रहणसम्बन्धी विचार १२५
ग्रहणशान्ति १२६
राहुको प्रार्थनामन्त्र १२७
ग्रहणशान्तिका लागि कलशस्थापना १२७
देवताहरूको आवाहन र कलश-जलद्वारा अभिषेक १२९
ग्रहण हेर्न हुने-नहुने विषयमा विचार १२९
मङ्गलकृत्यमा विधिविशेष १२९
ग्रहणको मोक्षपर्यन्त मन्त्रजप १३०
जपको दशांश होमादिनिरूपण १३०

होमको असामर्थ्यमा जप १३१
कुरुक्षेत्रमा दान लिँदा प्रायश्चित्त १३१
ग्रहणमा पूर्वसङ्कल्पित द्रव्यविचार १३१
ग्रहणको विषयमा नास्तिकवचन र प्रतिवाद १३२
समुद्रस्नाननिरूपण १४०
समुद्रमा शिलाप्रक्षेपण १४०
स्नानमन्त्रार्थ १४१
अर्घ्यदानमन्त्र १४१
पिप्पलाद आदिद्वारा समुद्रजलमा तर्पण १४२

वर्षकृत्यनिर्णायक द्वितीय परिच्छेद

चैत्रशुक्लपक्षदेखि ज्येष्ठशुक्लपर्यन्त गरिने कृत्यहरूको निर्णयमा आधारित प्रथम प्रकरण

तिथिमा गरिने कार्यहरूको विचार १४५
चैत्रमासारम्भ १४५
चैत्रसंक्रान्तिको पुण्यकाल १४५
तिथिनिर्णय १४६
तैलाभ्यङ्गविचार १४७
वसन्तकालिक नवरात्रारम्भ १४७
कुवा-दान १४८
दोलोत्सव १४८
सौभाग्यशयनव्रत १४९
मन्वादितिथिनिर्णय १४९
मन्वादितिथिमा श्राद्धविधान १५०
पिण्डरहित श्राद्ध १५०
मन्वादिश्राद्ध नगर्दा प्रायश्चित्त १५१
चैत्र शुक्लतृतीयामा मत्स्यजयन्ती एवं दशावतारजयन्ती १५२
कल्पादितिथिको रूपमा - चैत्रशुक्लपञ्चमी १५३
चैत्रशुक्ल अष्टमीमा भवानीको उत्पत्ति १५४
अशोककलिकाप्राशन १५४
चैत्रशुक्ल अष्टमीमा भगवच्चिन्तनको विशेष पुण्य १५५
चैत्रशुक्लनवमी-रामनवमी १५५
रामप्रतिमादिदान १५८
दोलोत्सव १६१
दमनोत्सव १६१
अशोकपूजा १६२
कालपूजन १६२
वसन्तपूजन १६३
दमनापूजन १६३
कामपूजन १६३
कामदेवलाई पुष्पाञ्जलि एवं नमस्कार १६४
अनङ्गव्रत १६६
चैत्रशुक्लचतुर्दशी १६६
चैत्रपूर्णिमा १६७
महामहावारुणीयोग १६८
चैत्रकृष्णचतुर्दशीमा विशेष १६९
वैशाखमासारम्भ १६९
वैशाखसंक्रान्तिको पुण्यकाल १६९
वैशाखका पुण्यकर्म १६९
वैशाखस्नान १६९
वैशाखमा विशेष तीर्थस्नान १७०
अन्य विशेषता १७०
वैशाखमा देयवस्तुको निरूपण १७१
अशक्तिमा विचार १७२
मलमासचर्चा १७२
वैशाखमा दानविशेष १७२
वैशाखस्नानको उद्यापन १७३
अक्षयतृतीया-वैशाखशुक्लतृतीया १७४
मन्वादितिथिमा श्राद्ध १७५
वैशाखशुक्लतृतीयामा विशेष १७७
अक्षयतृतीया आदिमा श्राद्ध नगर्दा प्रायश्चित्त १७९
समुद्रस्नान १७९
परशुरामजयन्ती १८०
वैशाखशुक्लसप्तमीमा गङ्गावतरण १८०
शुक्लद्वादशीमा सम्भावित व्यतीपातयोग १८१
नृसिंहजयन्ती १८२
वैशाखपूर्णिमामा जलकुम्भदान १८४
ज्येष्ठमासारम्भ १८५
वृषसंक्रान्तिमा पुण्यकालको निरूपण १८५
रम्भाव्रत १८५
दशहरा १८६
दशयोगकथन १८६
दशहरामा बुधवार वा मङ्गलवारको महत्त्व हुने बारे कल्पभेद १८७
ज्येष्ठमा मलमास परेमा दशहरानिर्णय १८७
दशाश्वमेधमा विशेषकथन १८८
असामर्थ्य भएमा १८८
गङ्गास्तोत्रपाठको फल १८९
दशहरामा सेतुबन्धपूजन १९०
निर्जला एकादशी १९१
ज्येष्ठशुक्लपूर्णिमामा सावित्रीव्रत १९१
ज्येष्ठअमावास्यामा सावित्रीव्रत १९१
सावित्रीपूजाको विषयमा गौडमत १९२
सावित्रीव्रतमा तिथिसम्बन्धी विचार १९२
नारीहरूद्वारा गरिने सावित्रीव्रतमा विशेष १९३
ज्येष्ठपूर्णिमामा विशेषदान १९४

आषाढदेखि श्रावणमाससम्म गरिने कृत्यहरूको निर्णयमा आधारित द्वितीय प्रकरण

आषाढमासारम्भ १९५
पुण्यकाल १९५
रथोत्सव १९५
मन्वादितिथि १९५
द्वादशीमा पारणाविचार १९६
हरिशयनीमा विष्णुको शयनोत्सव १९६
चातुर्मास्य-व्रतारम्भ १९८
हरिशयनी आदिमा व्रतारम्भ गर्दा शुक्रास्तादिविचार १९८
व्रतग्रहण-प्रकार २००
श्रावणादि मासमा शाकादिनिषेध २००
चतुर्मासामा निषिद्ध पदार्थ २०१
चतुर्मासामा शयनसम्बन्धी विचार २०१
" मधुमांस-सेवनसम्बन्धी विचार २०१
" भण्टा आदि सेवन गर्न निषेध २०३
आमिषविचार २०४
हविष्यकथन २०५
चातुर्मासामा नियमपालनको फल २०६

चतुर्मास्यव्रतको समाप्तिमा गरिने दान २०६
चतुर्मासामा निषिद्ध कार्य २०७
तप्तमुद्रा-धारण २०८
कोकिलाव्रत २१०
शिवशयनोत्सव २१०
व्यासपूजा २११
श्रावणमासारम्भ २११
कर्कसंक्रान्तिको पुण्यकाल २१२
कर्कटमा सूर्य हुँदा केशमुण्डन २१३
नदीहरूको रजोदोषसम्बन्धी निर्णय २१३
महानदीहरूको नामावली र रजोदोष २१४
महानदीका तीरका बासिन्दामा रजोदोषको अभाव २१५
नयाँ कुवा आदिको शुद्धिविचार २१५
श्रावणशुक्लतृतीया एवं चतुर्थी २१६
श्रावणशुक्लपञ्चमी – नागपञ्चमीविचार २१६
श्रावणशुक्लद्वादशीविचार २१७
द्वादशीमा विष्णु र शिवको पवित्रारोपण २१७
अधिवासनविचार र गौणकाल २१८
पवित्रारोपणका अधिकारी एवं तिथि २१९
पवित्रारोपण एवं पूजनविधि २२०
श्रावणशुक्लचतुर्दशीनिर्णय २२१
उपाकर्म २२२
शुक्रास्तमा पनि उपाकर्म आदिको विधेयता २२७
उपाकर्मको प्रथमारम्भनिर्णय २२७
यजुर्वेदीहरूको पूर्णिमामा उपाकर्म २२८
दोष परेको पूर्णिमामा उपाकर्मनिषेध २२८
कर्मकाल-विचार २२९
श्रावणीकर्ममा मत-मतान्तर २२९
वानप्रस्थहरूको उपाकर्म र उत्सर्जन २३३
उत्सर्जनविचार २३४
उपाकर्म र उत्सर्गमा अनध्याय २३४
नदीहरूमा रजस्वलादोषको अभाव २३५
रक्षाबन्धनविचार २३५
भद्रामा रक्षाबन्धनविचार २३६
प्रतिपदासहित पूर्णिमामा रक्षाबन्धन २३६
भद्रारहित ग्रहणदिनमा रक्षाबन्धन २३६
रक्षाबन्धनमा मन्त्रप्रयोग २३७
हयग्रीवको अवतरण २३७
श्रवणादिकर्मविधान २३७
अशून्यशयनव्रत २३८

भाद्रमासमा गरिने कृत्यहरूको निर्णयमा आधारित तृतीय प्रकरण

भाद्रमासारम्भ २३९
भाद्रसंक्रान्तिमा पुण्यकाल २३९
सिंहादिमा सूर्य रहँदा गवादिप्रसूति विचार २३९
स्वस्ति-शान्तिविधि २३९
कज्जलीतृतीयानिर्णय २४०
भाद्रकृष्णचतुर्थी – बहुलाचतुर्थी २४१
भाद्रकृष्णषष्ठी २४१
भाद्रकृष्णसप्तमी २४१
जन्माष्टमीनिर्णय २४२
रोहिणीरहित र सहित जन्माष्टमी २४९
जन्माष्टमीमा पारणनिर्णय २५२
अष्टमीमा देवकीका लागि सूतिकागृह र प्रतिमास्थापना २५४
चन्द्रमाका लागि अर्घ्य र चन्द्रप्रार्थना २५५
देवकीलाई अर्घ्य एवं प्रार्थना २५५
जन्माष्टमीव्रतको विसर्जन २५६
कुशेऔंसीमा कुशग्रहण २५६
हरितालिका २५७
तृतीयाभेद २५७
भाद्रशुक्लचतुर्थी – वरदचतुर्थी २५८
श्रीगणेशको स्वरूप २५९
भाद्रशुक्लचतुर्थी र गणेशपूजा २५९
गणेशचतुर्थीमा चन्द्रदर्शननिषेध २५९
भाद्रशुक्लपञ्चमी – ऋषिपञ्चमी २६०
प्रतिमाहरूमा ऋषिपूजनविचार २६०
सूर्यषष्ठी २६२
भाद्रशुक्लसप्तमी र मुक्ताभरणव्रत २६२
दूर्वाष्टमीनिर्णय र अष्टमीव्रत २६३
दूर्वापूजनविधि २६४
दूर्वाष्टमीमा अनग्निपक्व भोजन २६४
ज्येष्ठापूजा २६५
भाद्रशुक्लद्वादशीमा पारणाविचार २६६
विष्णुपरिवर्तनोत्सव २६७
इन्द्रध्वजोत्थापन २६७
श्रवणद्वादशी-मा भाद्रशुक्लद्वादशी २६७
विष्णुशृङ्खलनामक दुर्लभयोग २६७
गौडमत २७०
पूजा एवं पारणविधि २७१
जनार्दन भगवान्को पूजा र प्रार्थना २७२
वामनावतारनिमित्तक उपवास २७२
वामनावतारको प्रसङ्ग २७३
वामनपूजाविधि २७३
दुग्धव्रत २७४
भाद्रशुक्लचतुर्दशीमा अनन्तव्रत २७५
अगस्त्यार्घ्य २७६
अगस्त्यको आराधनाविधि २७७
प्रतिग्रहमन्त्र २७९
भाद्रपूर्णिमामा श्राद्धविधान २७९
नान्दीमुखशब्दको तात्पर्य २७९
मातामहश्राद्ध २८०
पिण्डदानका लागि भाद्रपूर्णिमा २८०

आश्विनकृष्णपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित चतुर्थ प्रकरण

आश्विनमासारम्भ २८१
कन्यासंक्रान्तिमा पुण्यकाल २८१
महालयविचार २८१
सोह्र दिनको पक्षका विषयमा २८२
महालयमा श्राद्धदिनका पाँच पक्ष २८३
विधवाद्वारा गरिने पार्वणश्राद्ध २८५
विधवा असमर्थ भएमा २८५
सकृन्महालयमा त्याज्यतिथि २८६
अपवाद २८६
पिताको क्षयतिथिमा निषिद्ध भए पनि पार्वणश्राद्ध २८७
नन्दादि तिथिमा पिण्डदान २८७

विवाहादिपछि निश्चित	
अवधिसम्म पिण्डदाननिषेध	२८८
पिण्डदाननिषेधको अपवाद	२८९
द्वादशीमा संन्यासीहरूको महालय	२८९
श्राद्धको अभावमा गौणकाल	२९०
महालयश्राद्धमा पक्वान्नप्रयोग	२९०
श्राद्धका देवता	२९१
अनेक माता हुनेका लागि	
पार्वणश्राद्धका विशेष नियम	२९२
पार्वण र एकोद्दिष्टको व्यवस्था	२९३
धेरै ब्राह्मण निम्ता गर्न असमर्थ भएमा	२९३
एकोद्दिष्टको स्वरूप	२९४
ब्राह्मणको हातमा जलद्वारा होम	२९४
पार्वणश्राद्धका विश्वेदेव	२९४
जीवत्पितृकले श्राद्ध गर्नुपर्ने अवस्था	२९५
श्राद्धाङ्गतर्पण	२९५
निषिद्धदिनमा पनि तर्पण	२९६
मलमासमा पार्वणश्राद्धनिषेध	२९६
महालयको फलश्रुति	२९६
महालय नगर्दा प्रायश्चित्त	२९७
भरणीश्राद्ध	२९७
कपिलाषष्ठीपूजन	२९७
कपिलाको प्रार्थना	२९९
चन्द्रषष्ठी	२९९
मघावर्षसंज्ञकश्राद्ध	२९९
महालक्ष्मीव्रत	३००
त्रिदिन र अवमदिनका लक्षण	३०१
नवमीमा गरिने अन्वष्टकाश्राद्ध	३०१
अनुपनीतद्वारा मातृनवमीश्राद्ध	३०३
सुवासिनीभोजन	३०५
अष्टकाश्राद्धको अनुकल्प	३०५
अष्टकाश्राद्ध नगर्दा प्रायश्चित्त	३०५
महालयद्वादशीमा संन्यासीको श्राद्ध	३०६
त्रयोदशीश्राद्धविचार	३०६
शस्त्रादिद्वारा मृतकका लागि चतुर्दशीश्राद्ध	३०९
अमावास्यामा गजच्छायानिर्णय	३१३
आश्विनशुक्लप्रतिपदामा मातामहश्राद्ध	३१३
मातामहको श्राद्ध सङ्गवकालमा गर्नुपर्ने	३१४
मलमासमा मातामहश्राद्धनिषेध	३१४
जीवत्पितृकद्वारा मातामहको श्राद्ध	३१४

आश्विनशुक्लपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित पञ्चम प्रकरण

आश्विनमासारम्भ	३१५
आश्विनशुक्लप्रतिपदामा नवरात्रारम्भ	३१५
घटस्थापनाविचार	३१६
नवरात्रको एकाहपूजापक्ष	३१९
उपवासादि निरूपण	३२०
दस्यु आदिद्वारा अमन्त्रक पूजन	३२१
पूजाका तीन भेद	३२१
रात्रिमा दुर्गापूजन	३२२
वैधृति आदि योगविचार	३२४
वैधृति र चित्रा हुँदा घटस्थापनाको नियम	३२४
रात्रिमा कलशस्थापना गर्न निषेध	३२५
घटस्थापनामा प्रातःकालको विधान	३२५
मङ्गलस्नान र घटस्थापना	३२५
कलशपूजाविधि र मन्त्र	३२५
पूजाको सङ्कल्प	३२६
दुर्गापूजामा पृथ्वीस्पर्श आदि विशेष कर्म	३२६
यवार्चन	३२६
कलशस्थापना	३२६
कलशमा जलपूरण	३२६
चन्दनार्पण	३२७
सर्वौषधिसमर्पण	३२७
दूर्वार्पण	३२७
पञ्चपल्लवसमर्पण	३२७
सप्तमृत्तिकासमर्पण	३२७
फलसमर्पण	३२७
पञ्चरत्न र सुवर्णार्पण	३२७
कलशमा वस्त्रार्पण	३२७
वरुणपूजा र दुर्गाको आवाहन	३२७
दुर्गापूजन	३२८
कुमारीपूजाविधि	३२८
कुमारीपूजाको फलश्रुति	३२९
कुमारीपूजामा विधि-निषेध	३२९
कुमारीपूजामा अग्राह्य कन्या	३२९
उद्देश्यअनुसार विभिन्न कन्याहरूको पूजा	३३०
नवरात्रमा वेदपारायण	३३०
एकोत्तरवृद्धि गरी चण्डीपाठविधि	३३०
पाठ गर्दा ॐकारको प्रयोग	३३०
हातमा पुस्तक राखी पाठ गर्न निषेध	३३१
अब्राह्मणादि लिखित पुस्तकपाठनिषेध	३३१
न्यासको अनिवार्यता	३३१
दिनहुँ दुई गुणा आदि क्रमले पाठवृद्धि	३३१
आफू अशक्त भएमा अरूद्वारा पूजन	३३२
शुक्रास्तादिमा देवीपूजा	३३२
घोडा पाल्ने मानिसद्वारा घोडाको पूजा	३३३
नवरात्रमा हात्तीहरूको पूजा	३३३
प्रतिपदा आदिमा द्रव्यविशेषार्पण	३३४
नवरात्रमा देवीपूजन र देवीविसर्जन	३३४
नवमीजागरण गर्न असमर्थका लागि	३३४
जागरणप्रार्थनामन्त्र	३३५
स्त्रीहरूद्वारा नवरात्रव्रत	३३५
आशौचमा पूजासम्बन्धी विचार	३३६
नवरात्रमा नारीहरूद्वारा ताम्बूलसेवन	३३६
आश्विनशुक्लपञ्चमीमा उपाङ्गललिताव्रत	३३७
नक्तव्रत – रात्रिव्रत	३३७
आश्विनशुक्लमा सरस्वतीस्थापना	३३७
ज्येष्ठानक्षत्रसहित षष्ठीमा बेलको आवाहन	३३८
बेलको समीपमा देवीप्रार्थना	३३९
फूलपाती	३४०
नवरात्रमा देवीत्रिरात्र	३४१
आश्विन आदि चारमासमा व्रतविचार	३४१
त्रिरात्रीय दुर्गामन्दिर	३४२
दुर्गागृहमा वेदी	३४२
चतुर्भुजादि दुर्गामूर्ति प्रतिष्ठा	३४२
देवीको मूर्तिस्थापनामा दिशाविचार	३४३
प्रतिमाको अभावमा	३४३
बिल्वपत्र आदिद्वारा चण्डिकाको पूजा	३४४
चित्र र माटोका मूर्तिको स्नान र पूजा	३४४
सप्तमीपूजाविधि	३४५
देवीका आवाहनमन्त्र	३४६

ब्रह्मा आदिका लागि द्रोणपुष्प ३४६
दुर्गाप्रार्थना ३४६
कदलीपत्रादिमा देवीको आवाहन ३४७
दुर्गास्तुति ३४८
महाष्टमीनिर्णय ३४८
सप्तमीयुक्त अष्टमीविचार ३४९
शल्यको स्वरूप ३४९
महानवमीनिर्णय ३५०
समूल सप्तमीविद्ध अष्टमीको त्याज्यता ३५०
मूलसंयुक्त महानवमी विचार ३५३
मूलाष्टमीयुक्त महानवमीमा
मुण्डमालिनी आदिको पूजन ३५३
बलिकर्ममा पशुहनन ३५३
लौहाभिसारिक कर्म ३५४
राजचिह्नपूजनक्रम र छत्रपूजा ३५५
अश्वपूजनमन्त्र ३५५
ध्वजपूजनमन्त्र ३५६
पताकापूजनमन्त्र ३५६
गजपूजनमन्त्र ३५७
खड्गपूजनमन्त्र ३५७
छुरिकापूजनमन्त्र ३५८
कटारीपूजनमन्त्र ३५८
धनुपूजनमन्त्र ३५९
भालापूजनमन्त्र ३५९
चर्मपूजनमन्त्र ३५९
सुवर्णदण्डपूजनमन्त्र ३५९
दुन्दुभिपूजनमन्त्र ३६०
शङ्खपूजनमन्त्र ३६०
सिंहासनपूजनमन्त्र ३६०
लौहाभिसारिक कर्म र भगवतीपूजन ३६१
बलिदानमन्त्र ३६२
नवमीमा होम र बलिको निर्णय ३६३
होममा विशेष ३६५
बलिदानमा द्रव्यको उत्तरोत्तर
उत्तमता र बलिविधि ३६६
ब्राह्मणद्वारा कूष्माण्डबलि ३६७
शतचण्डीविधि ३६९
मण्डपवेदीको विचार ३६९
मूर्तिप्रमाण ३७०
नवार्णमन्त्रजप ३७०
पाठक्रम ३७०
पाँचौ दिनको कर्म ३७१
ग्रहादिहोम ३७१
सहस्रचण्डीविधान ३७१
देवीप्रतिमा ३७२
नवरात्रपारणनिर्णय ३७३
रुद्रयामलको पूर्वपक्षकथन ३७४
पारणमा सूतक लागेमा ३७५
स्त्रीको रजोदर्शन र पारण ३७५
दशमीमा देवीविसर्जन ३७६
देवीलाई उठाउने मन्त्र ३७७
जलप्रवाहमन्त्र ३७७
विजयादशमी र त्यसको विधि ३७८
शमीवृक्षको अर्चना ३७९
बलिनीराजन ३८०
आश्विनशुक्लपौर्णमासीनिर्णय ३८०
आश्विनपूर्णिमामा जागरण आदि ३८१
आश्विनपूर्णिमामा गरिने कृत्य ३८१
व्रीहि र यवद्वारा यजनमा ३८२
आग्रयण नगर्दा प्रायश्चित्त ३८४

कार्तिकमासमा गरिने कृत्यहरूको निर्णयमा आधारित छैठौं प्रकरण

तुलासंक्रान्तिमा पुण्यकाल ३८५
तुलादि संक्रान्तिहरूमा प्रातःस्नान ३८५
दाक्षिणात्यमतानुसार विचार ३८५
कुरुक्षेत्रादिमा स्नानफल ३८६
मथुरामा स्नानफल ३८६
काशीमा कार्तिकस्नान ३८७
प्रातःस्नानसमय ३८७
कार्तिकस्नानमन्त्र ३८७
अर्घ्यमन्त्र ३८८
त्रिदिवसीय कार्तिकस्नानविधि ३८८
कार्तिकमा तुलसीमालाधारण ३८८
अगस्त्यपुष्पद्वारा जनार्दनपूजन ३८९
एक लाख तुलसीपत्रद्वारा हरिपूजन ३९०
अमलाको छायामा पिण्डदान ३९०
कार्तिकमा द्विदल-निषेध ३९१
द्विदलपदार्थको निर्णय ३९१
द्विदलको स्वरूपअनुसार निषेध ३९१
कार्तिकमा तेल आदिको निषेध ३९२
कार्तिकमा दीपदान ३९२
सात्त्विकपदार्थको ग्राह्यता ३९३
कार्तिकमा भण्टा आदि पदार्थनिषेध ३९३
आकाशदीपदानविधि ३९४
कार्तिककृष्णचतुर्थीविचार ३९५
गोवत्सद्वादशीविचार ३९५
गोपूजनमा अर्घ्य आदि ३९५
द्वादशी आदिमा नीराजनविधि ३९६
यमदीपदान ३९६
कार्तिककृष्णचतुर्दशीमा अभ्यङ्गस्नान ३९७
शिरमा अपामार्ग घुमाउने कार्य ३९९
नरकबाट त्राण पाउन दीपदान ४००
चतुर्दशीमा माषपत्रभोजन ४००
यमतर्पणविधि ४००
भीष्मतर्पण ४०१
कार्तिकअमावास्यामा अभ्यङ्गस्नान ४०२
दीपावलीनामकरण ४०२
लक्ष्मीपूजाविधि ४०३
अमावास्यातिथिमा प्रातः पार्वणश्राद्ध ४०३
प्रदोषसमयमा दीपदान ४०३
अमावास्यामा अलक्ष्मीनिवारण ४०४
गोक्रीडा ४०४
बलिपूजामन्त्र ४०५
गोकुलक्रीडा ४०५
नीराजन र मङ्गलमालिका ४०७
द्यूतविचार ४०७
गोवर्धनोत्सव ४०८
मार्गपालीबन्धन ४०८
यमद्वितीया ४०९
यमपूजन र यमुनास्नान ४०९
दिदी-बहिनीको पूजन ४१०
दिदी-बहिनीबाट भोजनग्रहण ४१०
यमपरिवारको पूजन र अर्घ्यदान ४११

दिदीबहिनीद्वारा दाजुभाइको प्रार्थना	४११	देवोत्थापन	४१५	कार्तिकपूर्णिमा-निर्णय	४१८
कार्तिकशुक्लनवमी – युगादितिथि	४११	भगवान्‌को जागरणका लागि मन्त्र	४१५	कार्तिकपूर्णिमामा विशेषयोग	४१९
विष्णुत्रिरात्रव्रत	४१२	चातुर्मास्यव्रतसमाप्ति	४१६	पद्मकयोग	४१९
भीष्मपञ्चकव्रतविधि	४१२	वराहपुराणोक्त नारायणजागरणविधि	४१६	मत्स्यावतारपूर्णिमा	४१९
भीष्मपितामहका निमित्त अर्घ्यदान	४१३	कार्तिकशुक्लद्वादशी र पूर्णिमा- मन्वादि	४१७	त्रिपुरोत्सव	४२०
कार्तिक-शुक्लद्वादशीमा पारण	४१४	वैकुण्ठचतुर्दशी	४१७	कार्तिकपूर्णिमामा वृषोत्सर्ग	४२०
कार्तिक-शुक्लद्वादशीमा कुम्भदान	४१४	विश्वेश्वरप्रतिष्ठा	४१७	कार्तिकेयदर्शनको महिमा	४२०
अनन्ता एकादशीको उपवासफल	४१४	कार्तिकव्रतोद्यापन	४१८		

मार्गशीर्षदेखि चैत्रकृष्णपक्षसम्म गरिने कृत्यहरूको निर्णयमा आधारित सप्तम प्रकरण

मार्गशीर्षमासारम्भ	४२१	विष्णुको त्रिकालपूजन	४३१	माघशुक्लचतुर्थीनिर्णय	४४५
वृश्चिकसंक्रान्तिको पुण्यकाल	४२१	माघस्नानका अधिकारी	४३२	कुन्दचतुर्थी	४४५
कालभैरवाष्टमीमा उपवास	४२१	उष्णोदकस्नान	४३२	माघशुक्लपञ्चमी–श्रीपञ्चमी	४४५
कालभैरवपूजा	४२२	विष्णुपूजन	४३२	माघशुक्लसप्तमी–रथसप्तमी	४४६
मार्गशीर्षशुक्ल पञ्चमीमा नागपूजन	४२२	माघमा मूला खान नहुने	४३२	स्नानमन्त्र	४४७
मार्गशीर्ष शुक्लषष्ठी – चम्पाषष्ठी	४२३	मलमासमा स्नानविचार	४३३	अर्घ्यमन्त्र	४४८
स्कन्दषष्ठी	४२३	स्नानारम्भमा व्रत	४३३	रथसप्तमीमा दानविशेष	४४८
पिशाचमोचनश्राद्ध	४२४	स्नानकाल	४३४	दानमन्त्र	४४९
मार्गशीर्षपूर्णिमा र दत्तात्रेयोत्पत्ति	४२४	अरुणोदयदेखि सूर्योदयसम्म स्नानको महत्त्व	४३५	मन्वादितिथिका रूपमा माघशुक्लसप्तमी	४४९
अष्टकाश्राद्धविचार	४२४	स्नानका उच्च–नीच आदि भेद	४३५	भीष्माष्टमी र भीष्मतर्पण	४४९
पौषादिक्रम	४२६	तीर्थविशेष र माघस्नान	४३५	जीवत्पितृकद्वारा भीष्मतर्पण	४५०
काम र कालसंज्ञक विश्वेदेव	४२६	प्रयागस्मरणको पुण्य	४३५	माघशुक्लद्वादशीनिर्णय	४५१
अष्टकाश्राद्ध नगर्दा प्रायश्चित्त	४२६	माघस्नान गर्दा पौण्डरीकयज्ञको फल	४३६	माघपूर्णिमानिर्णय	४५१
अष्टकाश्राद्ध गर्न समर्थ नभएमा	४२६	प्रयागराजमा गरिने तीन विशिष्टस्नान	४३६	महामाघीमा तिलपात्रदान	४५१
अष्टकातिथि मलमासभित्र परेमा	४२७	माघमा आगो ताप्न नहुने	४३८	अष्टकादिनिर्णय	४५२
मार्गशीर्ष आदिमा रविवारव्रत	४२७	षट्तिलको महत्त्व	४३८	फाल्गुनमासारम्भ	४५२
पौषमासारम्भ	४२७	दशाश्वमेघ–प्रयागतीर्थमा स्नानमहत्त्व	४३८	फाल्गुनसंक्रान्तिमा पुण्यकाल	४५२
पौषसंक्रान्तिमा पुण्यकाल	४२७	स्नानोत्तर कार्य	४३९	फाल्गुनकृष्णाष्टमीमा विशेष	४५२
उपाकर्म र उत्सर्जन	४२८	व्रतोद्यापन	४४०	फाल्गुनकृष्णचतुर्दशी – शिवरात्रि	४५३
पौषशुक्ल अष्टमीमा गरिने कर्तव्य	४२८	मकरसंक्रान्तिको पुण्यकाल	४४०	महाशिवरात्रिव्रतनिर्णय	४५३
रोहिणी–आर्द्रा योग	४२८	पुण्यकालमा देवल र यज्ञपार्श्वको मत	४४२	वारयोग र शिवरात्रि	४५६
पौषशुक्ल एकादशी	४२८	अनन्तभट्टको मत	४४२	कृत्तिवासेश्वरको अर्चना	४५६
पौषपूर्णिमा र अष्टकाश्राद्ध	४२८	अपरार्कको मत	४४२	शिवरात्रिव्रतको पारणनिर्णय	४५७
पौषअमावास्यामा अर्धोदययोग	४२९	प्रदोषनिर्णय	४४३	नित्य र काम्य शिवरात्रिव्रत	४५८
दानविशेषको निरूपण	४३०	मकरसंक्रान्तिमा दानविशेष	४४३	व्रतलक्षण	४५९
अष्टदलकमलमा पूजाविधि	४३०	रात्रिश्राद्ध	४४४	प्रतिमास शिवव्रत र शिवरात्रिव्रत	४६०
माघमासारम्भ	४३१	माघी अमावास्या र अर्धोदय	४४४	प्रतिमास शिवरात्रिव्रतको आरम्भ	४६०
माघस्नानविधि	४३१	माघकृष्णचतुर्दशीमा यमतर्पण	४४४	उद्यापनविधि	४६१

माघको अमावास्या–युगादितिथि ४६१
अमावास्यामा विशेषयोग र श्राद्ध ४६१
फाल्गुनपूर्णमासी र होलिका ४६२
भद्रानिर्णय ४६३
भद्रामुख ४६४
फाल्गुनपूर्णिमामा चन्द्रग्रहण लाग्दा ४६४
होलिकापूजनमन्त्र ४६५
मलमासमा होलिकापूजन ४६५
गोविन्ददोलोत्सव ४६५
चैत्रकृष्णपक्षारम्भ ४६६
वसन्तोत्सव ४६६
होलिकाविभूतिवन्दना ४६७
आम्रकुसुमप्राशनविधि ४६७
चैत्री अमावास्या ४६७
कमलाकर भट्टको अभ्यर्थना ४६८

संस्कारादिनिर्णायक तृतीय परिच्छेद

गर्भाधानदेखि सूतिकागृहप्रवेशसम्मका विषयहरूको निर्णयमा आधारित प्रथम प्रकरण

प्रकीर्णकनिर्णय ४७१
गर्भाधानसंस्कार ४७१
रविवार आदिमा प्रथम रजस्वला हुँदा ४७२
तिथि आदिमा प्रथम रजोदर्शन ४७२
प्रथमरजोदर्शनमा नक्षत्रफल ४७२
प्रथमरजोदर्शनमा राश्यादिविचार ४७२
प्रथमरजोदर्शनमा वस्त्रादिविचार ४७२
रजस्वला स्त्रीका साथ मैथुननिषेध ४७३
प्रथमऋतुमा मासादिविचार ४७४
स्वस्ति–शान्ति ४७५
प्रथम रजोदर्शनमा माङ्गलिक कर्म ४८१
द्वितीयादि ऋतुकालका नियम ४८१
प्रथमऋतुकालपूर्व सम्भोगबारे ४८२
ऋतुकालमा स्त्रीसम्पर्क ४८३
ऋतुकालमा गर्भाधान गर्दा तिथिनिर्णय ४८३
नक्षत्रदेवताको परिचय ४८४
दिउँसो र जन्मदिनआदिमा मैथुननिषेध ४८६
अनेक भार्या र ऋतुकाल ४८६
गर्भाधानभन्दा पहिले सूक्तजपको विधि ४८७
ऋतुकालमा गमन नगर्दा दोष ४८७
दोषको अपवाद ४८७
गर्भाधानहोम नगरेमा प्रायश्चित्त ४८८
ऋतुगमनपछि स्नान ४८९
रात्रिमा रजोधर्म हुँदा दिन छुट्याउने विधि ४८९
असामयिक रजोदर्शनमा विशेष ४८९
रोगादिले रजको प्रवाह हुँदा ४९०
रजस्वलास्नानविधि ४९१
रजस्वलाको शुद्धिस्नान ४९१
रजस्वलास्नानको विशेषविधि ४९२
रज प्रवाहित भएको ज्ञान नभएमा ४९२
पुंसवनसंस्कार ४९३
अनवलोभनसंस्कारको समयनिर्णय ४९४
सीमन्तोन्नयनसंस्कार ४९५
पक्षच्छिद्रतिथिको परिचय ४९६
सीमन्तसंस्कारमा तिथ्यादिविचार ४९६
सीमन्तमा भोजन गरेमा प्रायश्चित्त ४९७
गर्भिणी र तिनका पतिको धर्म ४९७
सुत्केरीको सूतिकागृहमा प्रवेशकाल ५००

जातकर्मदेखि नामकर्मसम्मका विषयहरूको निर्णयमा आधारित द्वितीय प्रकरण

जातकर्मविचार ५०१
आमश्राद्ध र हेमश्राद्ध ५०२
आशौचमा पुत्रजन्म भएमा ५०२
मृदु आदि नक्षत्रमा जातकर्मविधि ५०३
मृदु–ध्रुव–दारुणादि नक्षत्रका लक्षण ५०३
जन्मसमयमा दुष्टकाल ५०४
तिथिगण्डादि दृष्टिबाट दान ५०५
अश्लेषामा शिशुको जन्म र नराकारचक्र ५०५
ज्येष्ठामा जन्म र त्यसको फल ५०६
मूलनक्षत्रमा जन्म र त्यसको फल ५०६
अभुक्तमूलको परिचय ५०७
मूलवृक्षनिरूपण ५०७
माता–पिताको नक्षत्रमा बालकजन्म हुँदा ५११
ग्रहणसमयमा जन्म र त्यसको दुष्प्रभाव ५११
ग्रहणकालमा प्रसव र स्वस्ति–शान्ति ५११
अकालमा बालक जन्मिँदा स्वस्ति–शान्ति ५१२
अनिष्टदायक दन्तोत्पत्तिविचार ५१२
माथिल्लो भागमा दाँत निस्किएमा ५१३
तीन छोरापछि छोरी अथवा तीन छोरीपछि छोरा जन्मिँदा ५१४
शिशुजन्मको छैठौँ दिन षष्ठीपूजा ५१५
पहिलो–छैठौँ र दसौँ दिनमा सूतक नलाग्ने ५१६
दत्तकपुत्र स्वीकारविधि ५१६
जुम्ल्याहाको ज्येष्ठतानिर्णय ५२१
सूतिकास्नानका लागि उत्तमसमय ५२२
नामकर्मसंस्कार ५२२

दोलारोहणदेखि विद्यारम्भसम्मका विषयहरूको निर्णयमा आधारित तृतीय प्रकरण

दोलारोहण ५२५
दुग्धपान गराउने समय र विधि ५२५
शिशुको कान छेड्ने शुभसमय ५२६
कान छेड्ने सियोबारे ५२६
ताम्बूल खुवाउने शुभसमय ५२७
बालकलाई बाहिर ल्याउने शुभसमय ५२७
बालकलाई भुईंमा बसाउने संस्कार ५२८
बालकको पास्नी गर्दा शुभसाइत ५२९
जन्मोत्सवविचार ५३०
प्रत्येक जन्मदिनमा कन्धनी लगाउनुपर्ने ५३२
चौल–चूडाकर्मसंस्कार ५३३
मुण्डनादिमा भोजन र नारीसंस्कार ५३८
विद्यारम्भ ५३९
धनुर्विद्यारम्भ ५४०
अनुपनीत बालकहरूबारे ५४१

उपनयनसंस्कारको निर्णयमा आधारित चतुर्थ प्रकरण

उपनयनविचार ५४२
तत्त्वविमर्श ५४४
जन्ममासत्याग गर्न असमर्थ हुँदा ५४५
उपनयनसंस्कारमा तिथ्यादिको विचार ५४६
अपराह्णकालको लक्षण ५४७
गलग्रहलक्षण ५४७
सोपपदा-परिगणना ५४७
प्रदोष-स्वरूप ५४८
व्रतबन्धका लागि उत्तमतिथि ५४८
वृद्धगार्ग्यको मत ५४८
उपनयनमा नक्षत्रादिनिर्णय ५४९
वेदका शाखाहरूका अधिपति ५५०
विविध शाखाका वटुहरूको
उपनयनमा वारनिर्णय ५५१
पूर्वसंध्यामा मेघगर्जनमा उपनयननिषेध ५५१
नान्दीश्राद्धपछि गर्जन भएमा ५५१
मेघगर्जनमा ओदनपाकनिषेध ५५२
मेघगर्जनमा शान्ति ५५२
उपनयनका अधिकारी ५५३
क्षत्रिय आदिको पुरोहित नै कर्ता हुने ५५३
जेठो दाजु नभएमा शिशुको उपनयन ५५३
मूक र नपुंसकको उपनयनमा विशेष ५५४
उपनयनपूर्व कुमारभोजन ५५४
गायत्री उपदेशमा मतमतान्तर ५५५
भिक्षामा विशेष ५५५
संस्कार लोप भएमा प्रायश्चित्त ५५५
उपनयनका दिन मध्याह्नसन्ध्या ५५७
उपनयनसंस्कारको अग्निलाई तीन
दिनसम्म राख्नुपर्ने ५५७
ब्रह्मयज्ञको विशेषकृत्य ५५७
ब्रह्मचारीका धर्म ५५८
मेखलाविचार ५५८
वटुको दण्ड ५५९
वटुको मृगचर्म ५५९
यज्ञोपवीतनिर्माण ५६०
यज्ञोपवीतधारण ५६१
मेखला आदिको नाशहुँदा प्रायश्चित्त ५६३
आपत्तिमा संस्कारत्याग गरिएमा ५६३
एकपटक संस्कारलोप भएमा प्रायश्चित्त ५६४
स्त्रीप्रसङ्गमा विशेष ५६५
जनै चुँडिएमा प्रायश्चित्त ५६५
ब्राह्मणलाई अभिवादन गर्ने विधि ५६५
अभिवादन र प्रत्यभिवादनका विशेषतथ्य ५६६
पुनः उपनयन गर्नुपर्ने कारण ५६६
मृत भनिएको मानिस जीवित फर्केमा ५६६
प्रेतशय्याग्रहण गर्ने मानिसको
पुनः व्रतबन्ध गर्नुपर्ने ५६६
पुनः संस्कारहेतु कथन ५६७
अनध्यायनिर्णय ५७०
विशेषकारण परेमा अनध्याय ५७२
सन्ध्यागर्जनमा विशेष ५७३
विवाद आदिमा अनध्याय ५७४
लप्सी आदिको छायाँमा अनध्याय ५७४
शयन आदिमा अनध्याय ५७४
श्रवणद्वादशी आदिमा अनध्याय ५७४
असपिण्ड गुरु आदिको मरणमा अनध्याय ५७५
गुरु-शिष्यको बीचमा बिरालो
आदिको प्रवेशमा अनध्याय ५७५
विवाहादि उत्सवमा अनध्याय ५७५
प्रदोष आदिमा अनध्याय ५७६
प्रदोषकाल ५७६
वेदाङ्ग आदिको अनध्यायबारे ५७६
व्रत नगरी वेदाध्ययनमा दोष ५७६
समावर्तनसंस्कारनिरूपण ५७७
समावर्तनोत्तर आशौचविधान ५७८
स्नातकव्रत ५७८
छुरिकाबन्ध ५७९

विवाहसंस्कारको निर्णयमा आधारित पञ्चम प्रकरण

विवाहका लागि कन्यापरीक्षण ५८०
मातृसपिण्ड कन्यासँग विवाहनिषेध ५८१
सापिण्ड्यको अर्थ ५८२
लेपभागका अधिकारी पितृहरू ५८३
गुरु, शिष्य र राजाको सापिण्ड्य ५८३
पितृमातृसापिण्ड्यका पुस्ता ५८४
कूटस्थबाट गणना ५८५
मूलपुरुषको लक्षण ५८५
सातपुस्तापछि तीनगोत्र फेरिएमा विवाह ५८६
सपिण्डताबारे पुनः कथन ५८७
गोत्रलक्षण ५८८
समानोदकधर्मलक्षण ५८८
सापिण्ड्यलक्षण ५८८
कन्यापरिग्रह ५८९
पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्दा दोष ५९०
फुपू आदिका छोरीसँग विवाहबारे ५९१
मामाकी छोरीसँग विवाहबारे ५९३
साप्तपौरुष नियम ५९३
दत्तकपुत्रको विषयमा ५९६
गोत्र-प्रवर निर्णय ६००
गोत्रलक्षण ६०१
प्रवरपरिचय ६०१
गोत्र र प्रवरको निरूपण ६०३
भृगुगोत्रको निरूपण ६०३
आङ्गिरसगोत्रको निरूपण ६०४
भरद्वाजगोत्रको निरूपण ६०५
केवलाङ्गिरसगोत्रको निरूपण ६०६
अत्रिगोत्रको निरूपण ६०७
विश्वामित्रगोत्रको निरूपण ६०८
कश्यपगोत्रको निरूपण ६०९
वसिष्ठगोत्रको निरूपण ६१०
अगस्त्यगोत्रको निरूपण ६११
द्विगोत्रप्रवरनिर्णय ६१२
क्षत्रिय र वैश्यका गोत्र र प्रवर ६१३
आफ्नो गोत्र थाहा नभएमा ६१३
मातृगोत्रमा विवाहनिषेध ६१४
एउटै गोत्रमा विवाह हुँदा प्रायश्चित्त ६१५
कन्याको विवाहकाल ६१५
विवाहमा बृहस्पति र सूर्यको बलविचार ६१७

विवाहमा प्रतिकूल बृहस्पतिको शान्ति ६१८
गुर्वादित्ययोगादिमा विवाहनिषेध ६१९
सिंहस्थ गुरुको अपवाद ६२०
कन्यादाताहरूको क्रम ६२०
उपनीतको मात्र कन्यादानमा अधिकार ६२१
कन्यास्वयंवरमा नान्दीश्राद्ध ६२१
अरूकी कन्याको दान ६२२
गौरी आदि कन्यादानको फल ६२३
विवाह आदिमा मासनिर्णय ६२३
वेध आदि दशदोषको निरूपण ६२५
गुरुको अतिचारमा विवाह ६२६
विभिन्नराशिका लागि घातचन्द्र ६२६
अकालवृष्टिको स्वरूप ६२७
नान्दीश्राद्धमा भूकम्पको अपवाद ६२८
कन्याको वैधव्ययोग ६२८
पुनर्भूदोषाभाव ६२९
कुम्भविवाह ६२९
कुम्भप्रार्थना ६२९
मूर्तिदान ६३०
मङ्गलकार्यमा अवरोध ६३०
कुरो छिनिएपछि मरणाशौच परेमा ६३१
संकट आइपर्दा गर्नुपर्ने ६३१
माता-पिता आदिको आशौच परेमा ६३२
विनायकशान्ति ६३२
प्रतिकूल अवस्थामा मङ्गलकार्यनिषेध ६३२
रजोदर्शनमा निर्णय ६३३
नान्दीश्राद्धपछि रजस्वला भएमा ६३४
सूतकादि संकट परेमा ६३५
एउटी आमाबाट उत्पन्न सन्ततिहरूको
एक वर्षभित्र विवाहनिषेध ६३५
विवाहमध्यमा श्राद्ध पर्न आउँदा ६३७
मासिकश्राद्धको विषयमा ६३७
वृद्धिश्राद्ध गर्नुपर्ने अवस्थाबाहेक
आशौचसङ्कोचमा दोष ६३८
अलग आमाबाट जन्मिएका
छोराहरूको एकै दिन विवाह ६३९
जुम्ल्याहाहरूको विवाहमा विशेष ६३९
साटो आदि गरी विवाहनिषेध ६३९
विवाहपूर्व रजस्वला भएमा ६४०
रजस्वलाविवाह गर्नुपर्दा प्रायश्चित्त ६४१
विवाहमण्डपमा रजस्वला भएमा ६४२
बलपूर्वक कन्याको अपहरण हुँदा ६४४
विवाहको बीचमा आशौच र शुद्धि ६४५
नान्दीमुखको अवधि ६४६
विवाहमा आरम्भ र अन्यलग्नको अभाव ६४६
सूतक लागेमा प्रायश्चित्त ६४६
चूडा आदिको आरम्भमा आशौच ६४७
विवाह आदिमा आशौच र ब्राह्मणभोजन ६४७
धर्मार्थ विवाहको फल ६४७
विवाहपछि कन्यागृहमा भोजन ६४८
मङ्गलकार्यमा नयाँ वस्त्रधारण ६४८
विवाहमा स्त्रीकासाथ भोजन ६४८
स्त्रीकासाथ भोजनको प्रायश्चित्त ६४९
विवाहका उपयोगी नक्षत्र ६४९
अनिष्टनक्षत्र आदि भएमा दान ६४९
विवाहका लागि मण्डप तयार
गर्ने शुभ समय ६५०
तेल, बेसार लेपनका लागि नक्षत्र ६५०
विवाहवेदीसम्बन्धी विचार ६५०
माटीमङ्गल ६५१
अङ्कुरार्पण विचार ६५१
कन्यावरण ६५२
वरवरण ६५२
वाग्दानपछि वरको मृत्यु भएमा ६५३
विवाहित कन्या अक्षतयोनि भएमा
पुनर्विवाहविचार ६५३
अयोग्य वर भएमा पुनर्विवाह ६५३
वर देशान्तरमा गई नफर्केमा पुनर्विवाह ६५४
शुल्कदानसम्बन्धी विचार ६५४
नान्दीश्राद्धमा विशेष ६५५
लग्नघटीस्थापना ६५६
मधुपर्कविचार ६५६
विष्टरप्रकार ६५७
कन्यादानमा प्रपितामह आदिको नामोच्चारण ६५७
कन्यादानविचार ६५७
गृहप्रवेशहोममा विशेष ६५८
औपासनहोममा विशेष ६५८
देवोत्थापन ६५९
विवाहपछि निषिद्ध कर्म ६५९
विवाह आदिमा स्पृश्यास्पृश्य विचार ६५९
मङ्गलपछि स्नानविचार ६५९
विवाहको प्रथमवर्षमा कन्याको बसाइ ६६०
विवाहपछि पिण्डदानविचार ६६०
वधूप्रवेश ६६१
द्विरागमन ६६२
पुनर्विवाहसम्बन्धमा ६६३
द्वितीयविवाहहोममा अग्निविचार ६६४
औपासन र लौकिकाग्निको संयोग ६६५
द्वितीयविवाहकाल ६६८
तृतीयविवाहविचार ६६८
अर्कविवाहविधि ६६९

आधानदेखि उत्सर्गविधिसम्मका विषयहरूको निर्णयमा आधारित छैठौं प्रकरण

गृह्याग्निस्थापनाकाल ६७०
आधानका लागि शुभनक्षत्र ६७०
अग्निहोत्रकाल ६७२
गृह्याग्निको आधान ६७३
गृहस्थले पनि वेदाध्ययन गर्नुपर्ने ६७३
दाजु छँदै विवाह गर्ने परिवेत्ताबारे ६७४
देशान्तरमा विशेष ६७५
दाजु नपुंसक भएमा ६७५
शूद्रसंस्कारको निरूपण ६७७
ससाना कर्मका लागि निर्धारित क्षुद्रकाल ६७९
वापीकूप-निर्माणकाल ६७९
ईशानादि कोणमा निर्मित कूपादिफल ६८०
स्वनिर्मित मन्दिर आदिको लोकार्पण ६८०
कुवाआदिको लोकार्पण नगर्दा ६८०
वृक्षारोपणका लागि उपयुक्त नक्षत्र ६८२

मूर्ति एवं लिङ्गको प्रतिष्ठा, पार्थिवपूजन र जीर्णोद्धारसम्बन्धी विषयहरूको निर्णयमा आधारित सप्तम प्रकरण

मूर्तिप्रतिष्ठाको निर्णय ६८३
चैत्रादिमासमा देवताप्रतिष्ठा ६८३
नारदको मत ६८३
प्रतिपदादितिथिमा मूर्तिप्रतिष्ठा ६८४
मत्स्यपुराणको मत ६८४
दक्षिणायनमा मातृका-भैरवादिको प्रतिष्ठा ६८५
लिङ्गप्रतिष्ठामा विशेष ६८५
लिङ्गप्रतिष्ठामा मासादिविचार ६८५
देवप्रतिष्ठामा मासविशेष ६८६
देवीस्थापनमा विशेष ६८७
सदोष प्रतिष्ठा र विनाशप्राप्ति ६८७
प्रतिष्ठाका अधिकारी ६८७
लिङ्गादिस्पर्शविचार ६८८
प्रतिष्ठामा शूद्रको अधिकार ६८९
शिवपूजनमा दिशाको विचार ६८९
प्रतिमाविचार ६९०
घरमा प्रतिमास्थापनाविचार ६९०
प्रतिमाका भेद ६९०
देवीपुराणको मतमा प्रतिमापूजन ६९१
देवताहरूको प्राणप्रतिष्ठा ६९१
प्रतिमाहरूको नित्यस्नान ६९१
तिथितत्त्वादिको मतमा लिङ्गपूजन ६९२
नौप्रकारका चरलिङ्गको विचार ६९२
पञ्चसूत्रीनिर्णय ६९४
शिव-सूर्यार्चनमा शङ्खनिषेध ६९४
घरमा शिवलिङ्ग आदिको संख्या ६९५
सुवर्णसहित शालग्रामदानको फल ६९५
नित्य सयशालग्रामको पूजा र फल ६९५
नछुट्टिएका दाजु-भाइहरूद्वारा देवपूजन ६९६
क्षत्रियहरूद्वारा गरिने पूजा ६९६
नारी आदिलाई प्रतिमा र लिङ्गस्पर्शनिषेध ६९६
वर्णको आधारमा पूजा गरिने
प्रतिमा आदिको सङ्ख्या ६९७
द्रव्यअनुसार नौ प्रकारका प्रतिमा ६९७
घरमा चार अङ्गुलभन्दा ठूला
प्रतिमाको पूजा गर्न निषेध ६९७
शिवनाभिनामक सूक्ष्मशालग्राम
रहने भूमिको पवित्रता ६९८
शालग्रामसमीपमा मृत्यु र मोक्षप्राप्ति ६९८
पूर्वादिक्रमले शिवका प्रसिद्ध
मूर्तिहरूको स्थापना ६९९
बेलका सुकेका पात पनि शिवलाई
प्यारो लाग्ने बारे ६९९
धतुरो अर्पण गरी लिङ्गपूजाको फल ६९९
देवविशेषका लागि निषिद्ध वाद्यविशेष ७००
निर्माल्य-स्नान ७००
चण्डेशमा शिवनिर्माल्य अर्पण ७००
आशौचमा शिवपूजनबारे ७००
भस्मत्रिपुण्ड्रविना शिवपूजननिषेध ७०१
रुद्राक्षधारण फल ७०१
रुद्राक्षधारण र प्रतिष्ठा ७०२
कामनाभेदले रुद्राक्षधारण ७०२
अङ्गहरूमा रुद्राक्षधारण ७०२
महास्नानमा पञ्चामृतको परिमाण ७०३
विष्वक्सेन आदिलाई नैवेद्य ७०३
पञ्चायतनस्थापनाविधि ७०४
केशव, विष्णु आदिका आयुधहरूको
परिचय ७०४
बौधायनोक्त लिङ्गप्रतिष्ठाविधि ७०६
सर्वतोभद्रमा देवताहरूको आवाहन ७१४
प्राणप्रतिष्ठा गर्दा विनियोग, न्यास आदि ७१८
प्रार्थना, आवाहन र पूजन ७१९
देवताहरूको पुनःप्रतिष्ठाका कारण ७२३
बौधायनोक्त पुनःप्रतिष्ठाविधि ७२४
देवमूर्ति र मन्दिरको भेदनमा
आवश्यक संस्कार ७२५
जीर्णोद्धारविधि ७२६
मूर्तिमा विशेषप्रार्थना ७२७

तुलसीग्रहण एवं कृषि आदिको उचित समयनिरूपणका साथै कलिमा गर्न नहुने कृत्यहरूको निर्णयमा आधारित अष्टम प्रकरण

तुलसीग्रहणविचार ७२८
तुलसीग्रहणमन्त्र ७२८
समिधा र पुष्पको ग्रहणसमय ७२९
पुष्प आदिको बासीपनबारे ७२९
शिवनिर्माल्यनिर्णय ७३१
कृषिकथन ७३३
वस्त्रधारणविचार ७३४
अलङ्कार-वलयादि धारण ७३४
सूचीकर्मविचार ७३५
शय्याविचार ७३५
शस्त्रधारणविचार ७३५
स्वामीको सेवाबारे ७३५
अश्वारोहणको साइत ७३६
नृत्यविचार ७३६
राजदर्शनविचार ७३६
खरिद-बिक्रीसम्बन्धी विचार ७३६
वस्त्र खरिद-बिक्रीसम्बन्धी विचार ७३७
सेतुनिर्माणविचार ७३७
पशुकृत्यविचार ७३७
हात्तीको दाँत झिक्ने मुहूर्त ७३७
धननिक्षेपविचार ७३८
ऋणमोक्षविचार ७३८
राजमुद्राविचार ७३८
नौकाविचार ७३८
शय्या आदिको भोग ७३९
दाह्री-कपालको क्षौर ७३९
इन्धनसङ्ग्रहविचार ७४०
नवान्नप्राशनविचार ७४०
नयाँ भोजनपात्रनिर्माण ७४१
ताम्बूलादिभक्षण ७४१
आहुतिपातविचार ७४१
क्रूर ग्रहको मुखमा हवन ७४२
नित्य-नैमित्तिक दुर्गाहोम ७४२

ज्वरादिफलकथन ७४३
नक्षत्रदेवताको स्वस्ति-शान्ति ७४४
औषधिसेवनसमय ७४४
आरोग्यस्नान ७४४
दतिवनसम्बन्धी विचार ७४५
आमलकस्नान ७४६
तैलस्नाननिषेध ७४६
तैलस्नानको अपवाद ७४७
मङ्गलकर्ममा तैलस्नाननिषेध ७४७
तिलस्नाननिषेध ७४७
गृहारम्भविचार ७४८
गृहप्रवेशविचार ७५१
वास्तुपूजा र गृहप्रवेश ७५३
कलिवर्ज्य प्रसङ्ग ७५४
विवाहिताको पुनर्विवाहनिषेध ७५४
सगोत्र एवं सपिण्डसँग विवाहनिषेध ७५४
मामाकी छोरीसँग विवाहनिषेध ७५५
कलिनिषिद्ध विषय ७५५
मरणान्त प्रायश्चित्तको व्यवस्था ७५६
संसर्गीको प्रायश्चित्तव्यवस्था ७५७
अस्थिचयनपछि अङ्गस्पर्शनिषेध ७५७
ब्राह्मणहरूका निमित्त शामित्रादिनिषेध ७५७
संन्यासीहरूको भिक्षाचर्या ७५८
नवोदकविचार ७५८
प्रायश्चित्त-व्यवस्थाको विवेचन ७५९
कलिमा पाँच निषिद्ध विषय ७६१
वर्णानुसार संन्यास र अग्निहोत्र ७६२

श्राद्धनिर्णायक चतुर्थ परिच्छेद

श्राद्धका लक्षण, भेद, देश, काल आदि विषयको निर्णयमा आधारित प्रथम प्रकरण

श्राद्धनिर्णय ७६५
श्राद्धस्वरूपनिरूपण ७६५
कल्याणमार्गमा श्राद्धको प्रशंसा ७७०
श्राद्ध नगर्दा दोष ७७०
श्राद्धका भेद ७७१
श्राद्धभूमिविचार ७७२
पुत्रको गयायात्राबाट पितृतप्ति ७७३
गयाशिरको परिचय ७७३
गयाशिरमा पिण्डदान ७७४
सात प्रकारका बन्धु ७७४
श्राद्धका लागि निषिद्ध देश ७७५
'पराइको भूमि' भन्ने भनाइ नआउने ७७६
श्रुति-स्मृतिविहित कर्मविचार ७७७
म्लेच्छादि देशमा श्राद्धविचार ७७७
श्राद्धकालविचार ७७७
नवान्नश्राद्धमा विशेष ७७८
शङ्ख एवं पद्मका लक्षण ७७८
सबै कृष्णपक्षमा श्राद्ध गर्न नसकिएमा ७७९
व्यतीपातश्राद्ध र विशेषफलप्राप्ति ७८०
श्रोत्रिय पुरुषको आगमनमा श्राद्ध ७८०
तिथिविशेषमा फलविशेष ७८१
अमावास्यादितिथिमा श्राद्ध नगर्दा ७८१
कृत्तिकादिनक्षत्रमा श्राद्धविचार ७८१
विष्कुम्भादियोगमा श्राद्धको फल ७८२
सूर्यादिवार एवं बवादिकरणमा श्राद्धफल ७८२
दुःस्वप्नदर्शन आदिमा श्राद्धविधान ७८२

श्राद्धका अधिकारी, पितृ, विश्वेदेव आदि विषयको निर्णयमा आधारित द्वितीय प्रकरण

श्राद्धका अधिकारी ७८३
याज्ञवल्क्यको मतमा १२ प्रकारका पुत्र ७८३
कलियुगमा पुत्रग्रहण ७८४
एकमात्र पुत्रद्वारा गरिने श्राद्ध ७८६
और्ध्वदेहिक कर्मविचार ७८७
पुत्रहीनपत्नीको श्राद्धनिषेध ७८९
दुवै कुल नष्ट भएमा क्रियाविचार ७८९
क्रयक्रीता नारीको विषयमा ७८९
पतिको श्राद्ध ७९०
और्ध्वदैहिकमा औरसको कर्तव्य ७९४
पुत्रको अभावमा विचार ७९४
सबै मानिसको कल्याणका लागि श्राद्ध ७९४
अरूको श्राद्धमा ब्राह्मण ७९५
पत्नी आदिको अधिकारक्रम ७९५
अधिकारविशेषले क्रियाका तीन भेद ७९६
धन लिएर प्रेतकार्य नगर्ने मानिसका विषयमा ७९६
पुत्रको और्ध्वदैहिकविचार ७९७
गयामा विशेष ७९७
बाबुले छोराको किरिया गर्नुपर्ने अवस्था ७९७
ब्रह्मचारीहरूको श्राद्ध ७९८
एउटै परिवारमा बसेका छोराहरू ७९९
छुट्टी-भिन्न भएका छोराहरूको सम्बन्धमा ७९९
श्राद्धमा दत्तक आदि पुत्रको अधिकार ८००
जारजपुत्रहरूको विषयमा ८०२
धर्मार्थ श्राद्धको फल ८०२
अधिकफलकामना र गयाश्राद्ध ८०२
स्त्री-शूद्रको श्राद्धादिमा अमन्त्रक कर्म ८०३
शूद्रहरूले आमान्नद्वारा श्राद्ध गर्नुपर्ने ८०४
गोत्र नभएका मानिसको श्राद्ध र काश्यपगोत्रको प्रयोग ८०५
शूद्रले गर्ने श्राद्धमा गृहपाकद्वारा पिण्डदाननिषेध ८०५
राजकार्य आदिमा नियुक्तले गर्ने श्राद्ध ८०६
यवनआदिले गर्ने श्राद्ध ८०६
नामगोत्रको माध्यमबाट पितृहरूलाई श्राद्धमा दिएका वस्तुको प्राप्ति ८०७
श्राद्धका विश्वेदेव ८१०

श्राद्धका ब्राह्मण र श्राद्धकर्ता एवं भोक्ताका नियमसम्बन्धी विषयको निर्णयमा आधारित तृतीय प्रकरण

श्राद्धमा ग्राह्य ब्राह्मण ८१२
गोत्र र प्रवरका दृष्टिमा श्राद्धयोग्य ब्राह्मण ८१४
मध्यम ब्राह्मण ८१४
मूर्ख ब्राह्मणलाई श्राद्धमा नबोलाउँदा ८१५
गोत्रान्तरका ब्राह्मण नभेटिएमा ८१६
श्राद्धमा बोलाउन नहुने ब्राह्मण ८१७
महाभारतमा वर्णित अयोग्य ब्राह्मण ८१८
श्राद्धमा बोलाउन नहुने ब्राह्मण ८१९
लामा कान हुने ब्राह्मणको विषयमा विचार ८२०
नपुंसकका भेद ८२१
यज्ञकर्ताको अन्नग्रहणसम्बन्धमा ८२१
प्रतिमा आदि बिक्री गर्ने ब्राह्मणलाई बोलाउन नहुने ८२२
शङ्खचक्राङ्कित ब्राह्मणका सम्बन्धमा ८२२
कुष्ठरोगी र कानाको विषयमा ८२३
गयाका ब्राह्मण नै भोजन गराउनुपर्ने ८२३
अक्षयवटश्राद्ध र ब्राह्मणसत्कार ८२३
तीर्थहरूमा ब्राह्मणपरीक्षा ८२४
पितृकार्यमा ब्राह्मणपरीक्षा ८२४
कपटी र काना आदि ब्राह्मणहरूको सम्बन्धमा ८२४
श्राद्धमा ब्राह्मणनिमन्त्रणा गर्ने विधि ८२४
निमन्त्रणाको शास्त्रीयविधि ८२५
राजकार्यमा नियुक्तले गर्नुपर्ने श्राद्ध ८२५
शूद्रसम्पर्की ब्राह्मण र ब्राह्मणसम्पर्की शूद्रको अन्ननिषेध ८२५
श्राद्धमा निमन्त्रणीय श्रोत्रिय ब्राह्मणको संख्या ८२६
विश्वेदेवश्राद्धमा विशेषविधि ८२७
ब्राह्मणको प्राप्ति नहुँदा विशेष ८२८
कुशको संख्या विचार ८२९
माताको श्राद्धमा ब्राह्मण नपाइएमा ८२९
शालिग्रामसमीपमा श्राद्धको महत्त्व ८२९
ब्राह्मण–निमन्त्रणापछि नियम सुनाउने कार्य ८३०
श्राद्धकर्ता र भोक्ताका नियम ८३०
ब्राह्मणले यजमानप्रति विश्वासघात गरेमा ८३१
ब्राह्मणले विलम्ब गरेमा ८३१
श्राद्धमा ऋतुकाल परे पनि मैथुननिषेध ८३२
रगत बगिरहेको अवस्थामा श्राद्धनिषेध ८३३
श्राद्धमा आठ प्रकारका वस्तुहरूको निषेध ८३३
श्राद्धकर्ताद्वारा दन्तधावन आदिको त्याग ८३४
श्राद्धका दिन दन्तधावन गरेमा गायत्रीजप ८३४
श्राद्धभोक्ताका आठ त्याज्य विषय ८३४
सोमको उत्पत्तिमा विशेष ८३४
सोमतत्त्वको जलादिमा स्थिति ८३५
ब्राह्मणनिमन्त्रणापछि मुण्डन गर्नुपर्ने ८३५
कर्ता असमर्थ हुँदा शिष्य आदिद्वारा श्राद्ध ८३५
स्त्रीको दुष्टव्यवहारले पितृमा निराशा ८३५
पिण्डदानपूर्व भोजननिषेध ८३६
श्राद्धमा प्रयोग गरिने पदार्थ ८३६
कुश एवं पवित्रको लक्षण र धारण ८३७

श्राद्धमा प्रयोग गरिने हवि र त्याज्य विषयको निर्णयमा आधारित चतुर्थ प्रकरण

श्राद्धमा प्रयोग गरिने हवि ८३९
वार्ध्रीणसको लक्षण ८४३
बोका, गोरु र भेडाको विचार ८४३
श्राद्धमा अर्पित मासु नखाँदा दोष ८४४
श्राद्धमा महको महत्त्व ८४४
श्राद्धमा मांसनिषेध ८४५
अन्नको अभावमा मांसग्रहण ८४५
श्रीमद्भागवतमा मांसनिषेध ८४५
कलिका ५ निषिद्ध विषय ८४६
मांसनिषेध र देशाचार ८४६
मांसप्रयोगबाट पितृतृप्ति ८४७
दुध एवं घ्यूको सम्बन्धमा ८४७
त्यागयोग्य दूधको विचार ८४७
वनभैंसीका दूधको प्रयोग ८४८
गहुँ आदिद्वारा निर्मित बासी भोजनबारे ८४८
गुँड–मरिच मिसिएको बासी पदार्थबारे ८४८
श्राद्धमा कालशाक आदिको ग्राह्यताबारे ८४९
श्राद्धमा निषिद्ध वस्तु ८४९
मदिरासमान मानिएका वस्तु ८५५
श्राद्धमा ग्रहण गर्नहुने जल ८५६
श्राद्धमा त्याज्य जल ८५६
गङ्गाजलसम्बन्धी विचार ८५६
रात्रिमा जलग्रहणबारे ८५७
बासी गङ्गाजल आदि बारे ८५७
कुतपहरूको परिगणना ८५७
दौहित्र आदिको लक्षण ८५७
श्राद्धका सात पवित्र वस्तु ८५८
श्राद्धमा तिल प्रयोगविचार ८५८
श्राद्धकालमा त्याज्य प्राणी र पदार्थ ८५८
निषेधव्यक्तिको दृष्टिपात भएमा ८५९
श्राद्धान्नमा निन्दित व्यक्तिको दृष्टिबारे ८५९
अन्नदोषको निवारण ८५९
श्राद्धभूमिमा खराउ आदिको प्रयोगबारे ८६०
श्राद्ध दिनमा गर्नुपर्ने कर्तव्य ८६०
श्राद्धमा काञ्जी, दही आदिको निषेध ८६१
पिण्डदानभन्दा पहिले बालक आदिलाई भोजन गराउन नहुने ८६१
भान्साघरमा तिल छर्ने सम्बन्धमा ८६१
पाकनिर्माणकर्ता र त्यसको कर्तव्य ८६१
श्राद्धभोजन तयार गर्ने धर्मपत्नीद्वारा पुनः स्नान ८६२
पाकक्रियामा रजस्वला आदिको निषेध ८६२
पाकक्रियामा सुवर्णपात्र आदिको प्रयोग ८६२
विवाह आदि कर्ममा नयाँ पात्रको प्रयोग ८६३
पाकका लागि उपयुक्त अग्नि ८६४
पाककर्मसम्बन्धमा विशेष ८६४
ब्राह्मणहरूको समीपमा जल पठाउनेबारे ८६६
अभ्यङ्गमा समयको विचार गर्नु नपर्ने ८६६
स्नानपछि दैव र पित्र्य कर्ममा अधिकार ८६६
श्राद्धकर्ताद्वारा ताम्बूल आदिको त्याग ८६७
वस्त्रधारणसम्बन्धी विशेष ८६७
पितृकर्म आदिमा ऊर्ध्वपुण्ड्रधारण ८६७
श्राद्धको दिन रङ्गवल्ली र तिलक–प्रयोग गर्न निषेध ८६८

कमलाकरको मतमा विचार ८६८
हातमा कुश रहँदा तिलकनिषेध ८६९
श्राद्धारम्भ समय ८६९
पार्वणश्राद्धारम्भ समय ८६९
श्राद्धपरिभाषा ८७०
आवाहन आदिमा गोत्रको उच्चारण ८७०
सम्बन्ध आदिको उच्चारणक्रम ८७०
शाखाभेदले गोत्रमा सकारको प्रयोग ८७१
गोत्रको ज्ञान नभएमा काश्यपगोत्र ८७१
विवाहमा विशेष ८७२
नामोच्चारणमा विशेष ८७२
पितृहरूको नाम नजानेमा ८७२
विभक्तिपूर्वक वाक्यप्रयोग र पितृतृप्ति ८७३
यज्ञोपवीतधारणविचार ८७४
अनुपनीत कुमार, स्त्री र शूद्रादिको विषयमा ८७४
पिण्ड आघ्राणसम्बन्धी विचार ८७४
आचमनविचार ८७५
श्राद्धमा दानादि कर्मको विचार ८७५
श्राद्धका दिन नृसिंह, वराह आदिको पूजा ८७६
देवपितृब्राह्मणको पूजाक्रम ८७६
श्राद्धमा कुशत्यागबारे ८७६
ऊहविचार ८७७
ऊहनिषेध ८७८
ब्राह्मणको अर्चना ८७८
स्नातकहरूलाई सुवर्ण र कुशदान ८७९
अपसव्य भएर सङ्कल्प गर्नुपर्ने ८७९
विप्रनिमन्त्रण प्रकार ८७९
पिण्डपितृयज्ञका निमित्त परिस्तरण आदि ८८०
द्वारदेशमा मण्डलविधि ८८०
ब्राह्मणको पादप्रक्षालन ८८१
गाईको गोबर संग्रह गर्ने बारे ८८१
ब्राह्मणको पादाभिषेकबारे ८८१
पाद्यजलसम्बन्धी विचार ८८२
श्रीमतीको लगाएको जलधाराद्वारा ब्राह्मणको पादप्रक्षालन ८८२
आसुरश्राद्ध ८८२
पितृकर्ममा पादप्रक्षालन ८८२
आचमनीय दान ८८२
दुईपटक आचमन ८८३
पादप्रक्षालनजलले आचमननिषेध ८८३
ब्राह्मणलाई आसनमा बसाउने विधि ८८३
ब्राह्मणको संख्या ८८३
भोजनकालमा भिक्षुक आउँदा ८८४
भोजनसमयमा आएका अतिथिलाई भोजन गराउने ८८४
भोजन गर्दा ब्राह्मणका नियम ८८४
आसन ८८५
निषिद्ध र विहित आसन ८८५
दैव र पित्र्यकर्ममा ब्राह्मणको संख्या ८८५
नीविबन्धनविचार ८८६
श्राद्धमा ब्राह्मणको आज्ञापालन ८८६
श्राद्ध गर्ने घरमा तिल छर्कने कार्य ८८६
दृष्टिदोषनिवारणका लागि प्रोक्षण ८८७
श्राद्धभूमिमा गया आदिको ध्यान ८८७
पाकादि प्रोक्षणमन्त्र ८८७
देवपूजनविचार ८८८
अर्घ्यपात्रविचार ८८९
कुश-पवित्रविचार ८९०
पात्रमा जलप्रक्षेप ८९०
आवाहनमन्त्रको उच्चारण ८९१
विश्वेदेवहरूको ज्ञान नहुँदा ८९१
विश्वेदेवादिको पूजामा अङ्गक्रम ८९२
अर्घ्यपात्रदान ८९२
आफैं अर्घ्य, पिण्ड आदि दिनुपर्ने ८९३
यथाशक्ति द्रव्यद्वारा ब्राह्मणपूजन ८९३
यजमान र ब्राह्मणले लगाउने तिलक ८९४
श्राद्धमा तुलसी आदिको प्रयोग ८९४
श्राद्धमा रक्तचन्दन र कस्तूरीको प्रयोग ८९४
पवित्र हातमा राखी ब्राह्मणस्पर्शनिषेध ८९५
श्राद्धमा ग्राह्यपुष्प ८९५
पितृ र देवताका लागि निषिद्ध पुष्प ८९६
श्राद्धमा धूपविचार ८९७
श्राद्धमा निषिद्ध धूप ८९७
दीपविचार ८९७
वस्त्रविचार ८९७
वस्त्रको अभावमा यज्ञोपवीत ८९८
वस्त्रको अभावमा निष्क्रय ८९८
धातुनिर्मित दीपदानीप्रदान ८९८
धूप-दानादि विचार ८९८
कञ्चुकादिदानको महत्त्व ८९८
स्त्रीहरूको श्राद्धमा सिन्दूरादिदान ८९९
श्राद्धमा कालो वस्त्रको दाननिषेध ८९९
श्राद्धमा यज्ञोपवीतदान ८९९
श्राद्धमा कमण्डलु आदि दान ८९९
श्राद्धमा छाता, जुत्ता आदि दान ९००
वस्त्रादिदानबाट अश्वमेधफल ००
सुवर्णादिपात्रदानमहत्त्व ०
श्राद्धद्वारा बन्दी मुक्त गराउँदा फल ९०१
वस्त्रदान र पूर्णतावचन ९०१
आसनको सम्बन्धमा मतमतान्तर ९०१
अर्घ्यनिर्माणविधि ९०२
माटाको पात्रसम्बन्धी विचार ९०२
अन्न र ब्राह्मणको अभावमा पात्र ९०२
पितृपात्रको विचार ९०३

संस्रव, ब्राह्मणभोजन, पिण्डदान आदि विषयको निर्णयमा आधारित पञ्चम प्रकरण

संस्रवको अर्थ र त्यसको एकीकरण ९०६
श्राद्धमा मण्डलकरणविचार ९०९
मण्डलहीनकर्मको विचार ९०९
श्राद्धमा भोजनपात्रविचार ९०९
श्राद्धमा कांस्यपात्रनिषेध ९१०
बोपदेवको मतमा भोजनपात्र ९१०
हेमाद्रिको मतमा भोजनपात्र ९१०
भस्ममर्यादा र हस्तप्रक्षालन ९११
श्राद्धमा अग्नौकरण ९१२
श्राद्धमा पाणिहोम ९१६
पाणिहोममा प्रश्न ९१८
अग्नि नष्ट भएका ब्राह्मणबारे ९२०
श्राद्धमा अन्नपरिवेषण ९२३
आज्याहुतिविना परिवेषणनिषेध ९२३
परिवेषणको महत्त्व ९२३

श्राद्धमा भार्याद्वारा परिवेषण ९२४
वायुपुराण र भविष्यपुराणको मत ९२४
पवित्रविना परिवेषणनिषेध ९२४
फलामको पात्रद्वारा परिवेषणनिषेध ९२४
सुवर्णपात्रद्वारा परिवेषण ९२४
अन्न पस्किँदा डाडुको प्रयोग ९२५
पङ्क्तिमा परिवेषण ९२५
भोजनपात्रमा तिलनिषेध ९२५
हातद्वारा पस्किएको व्यञ्जनहरूबारे ९२५
घृतपात्रस्थापना गर्ने बारे ९२६
हातले दिएको व्यञ्जनादि ग्रहण गर्न नहुने ९२६
पात्रस्पर्शविचार ९२६
बूढी औँलाको सम्बन्धमा विशेष ९२७
बूढी औँला उत्तानो गरी राख्न निषेध ९२७
देव र पितृकर्ममा हव्य-कव्यको विचार ९२७
अन्नदानमा चतुर्थीविभक्तिको प्रयोग ९२७
हेमाद्रिसम्मत प्रयोग ९२८
ये देवासः इत्यादि मन्त्रको जप ९२८
अच्छिद्रवाचन ९२९
सङ्कल्पितान्न भूमिमा राखी टक्र्याउनुपर्ने ९२९
सावित्री आदि मन्त्रको जप ९३०
ब्राह्मणले सङ्कल्प नगरी दिएको अन्न लिन नहुने ९३०
आचमनमा विशेष ९३१
भूमिमा बलिनिषेध ९३१
घृतादिको बलिनिषेध ९३१
श्राद्धमा नुन आदि विषयको प्रश्न गर्न निषेध ९३१
ब्राह्मणले भोजन गरिरहँदा कर्ताले मन्त्रजप गर्नुपर्ने ९३२
भोजन गर्दा विपरीतविधि भएमा हानि ९३४
श्राद्धमा भोक्ताको नियम ९३५
श्राद्धमा विप्रले वमन गरेमा प्रायश्चित्त ९३६
ऋग्विधानमा विशेष ९३७
श्राद्धमा विघ्न हुँदा ब्राह्मण आदिको कर्तव्य ९३९
श्राद्धमा ब्राह्मणहरूको तृप्ति र मन्त्रजप ९४०
भोजनपछि तृप्तिप्रश्न ९४१
शेषान्नको बारेमा प्रश्न र उत्तर ९४१
श्राद्धविशेषमा प्रश्नभेद ९४१
श्राद्धमा विकिर ९४२
श्राद्धमा कुल्ला गर्दा ९४४
पिण्डदानविचार ९४४
पिण्डवेदीविचार ९४५
मधुआदिको अर्पण ९४६
पिण्डका आठ अङ्ग ९४६
पिण्डपितृयज्ञमा झैं पिण्डदान गर्ने ९४६
माषको निषेधमा विमर्श ९४६
पिण्डप्रमाणविचार ९४८
महालयमा दिइने अन्नलाई पिण्ड भनिने ९४८
आपस्तम्बको मत ९४८
मन्त्रोच्चारणकालमा श्वासनिरोध ९४९
स्त्रीहरूको श्राद्धसम्बन्धी विचार ९५०
कुशमा हस्तलेपसम्बन्धी विचार ९५०
एकोद्दिष्टमा दर्भलेपसम्बन्धी विचार ९५०
नमस्कारादि कथन ९५१
अवनेजनपात्र घोप्ट्याउनुपर्ने ९५१
नीविस्रंसन ९५१
पिण्डमा वस्त्रादिदान ९५२
पिण्डमा गाजल आदि अर्पण ९५२
श्राद्धमा पिण्डपूजा ९५३
पिण्डको आघ्राण र उपस्थान ९५३
अक्षयोदकदानविचार ९५३
स्वस्तिवाचनपूर्व पात्रनिस्सारण ९५४
कर्ताले मात्र पात्रनिस्सारण गर्नुपर्ने ९५४
स्वस्तिवाचनपछि अक्षयोदकदान ९५४
दैव र पित्र्यकर्ममा दक्षिणा ९५५
आपस्तम्ब र आश्वलायनको मत ९५५
पितृविसर्जनमा वाजे वाजे मन्त्र ९५५
ब्राह्मणको प्रदक्षिणा ९५६
पिण्ड सेलाउने कार्य ९५७
पिण्ड दूषित भएमा वा फुटेमा ९५८
कौवाले पिण्डस्पर्श गरेमा ९५९
बिरालो आदिले पिण्डस्पर्श गरेमा ९५९
पिण्डनिषिद्ध काल ९६०
क्षयाहमा विशेष ९६१
श्राद्धको उच्छिष्ट सेलाउने सम्बन्धमा ९६२
वैश्वदेवश्राद्ध ९६३
नित्यश्राद्ध ९६४
सुयोग्य ब्राह्मण नपाइएमा ९६६
नित्यश्राद्धका वस्तु सेलाउने कार्य ९६६
कहीं श्राद्धशेषभोजनको निषेध ९६७
अपवाद ९६८
श्राद्धका दिन ताम्बूलनिषेध ९६८
श्राद्धशेषान्न र शूद्र ९६८

श्राद्धको अनुकल्प, हेमश्राद्ध, एकोद्दिष्टश्राद्ध आदि विषयको निर्णयमा आधारित छैठौं प्रकरण

श्राद्धमा अनुकल्पविचार ९६९
अशक्तिमा आमश्राद्ध ९७०
हेमश्राद्ध ९७४
पुत्रोत्पत्तिमा हेमश्राद्ध ९७५
शूद्रबाट प्राप्त अन्नादिबारे ९७६
पार्वणश्राद्धको अभावमा साङ्कल्पिकश्राद्ध ९७७
साङ्कल्पिकमा आवाहनादिको त्याग ९७७
श्राद्धकर्तासँग कुनै वस्तु नभएमा ९७९
श्राद्धभोजनमा प्रायश्चित्त ९८०
क्षयाहश्राद्ध ९८१
एकोद्दिष्टश्राद्ध नगर्दा हुने परिणाम ९८२
अपुत्रहरूको एकोद्दिष्टसम्बन्धमा ९८६

क्षयाहद्वैध, क्षयाहश्राद्ध, वृषोत्सर्ग, क्षयाहको अज्ञानमा गर्नुपर्ने कृत्यको निर्णयमा आधारित सप्तम प्रकरण

मृत्युतिथि दुईदिन भएमा श्राद्धनिर्णय ९८८
मृताहमा वृषोत्सर्गविधान ९९३
शुद्धिश्राद्ध ९९३
क्षयाहको अज्ञानमा विचार ९९४

श्राद्धविघ्न, प्रायश्चित्त, आशौचअन्तर्गत पर्ने श्राद्ध, अन्वारोहण आदि विषयको निर्णयमा आधारित अष्टम प्रकरण

श्राद्धमा विघ्न परेमा	९९६	प्रायश्चित्त	९९८	पत्नी रजस्वला भएमा श्राद्धविचार	१०००
दाताको घरमा कसैको मृत्यु भएमा	९९७	आशौचको बीचमा श्राद्ध परेमा	९९८	अन्वारोहण–निर्णय	१००४

श्राद्ध खप्टिएको अवस्था, श्राद्धाङ्गतर्पण र वृद्धिश्राद्धको विषयमा आधारित नवम प्रकरण

श्राद्धसम्पातमा निर्णय	१०१०	पितृहरूको वसु आदि रूप	१०१६	शान्तिका लागि आयुष्यमन्त्रजप	१०२४
पार्वण र एकोद्दिष्ट एकैचोटि पर्दा	१०१०	तिलतर्पणनिषेध	१०१८	मातृकाहरूको नामावली	१०२५
एकैचोटि मरेका मानिसको विषयमा	१०१०	तिलतर्पणको अपवाद	१०१८	चन्द्रिकाको मतमा नामावली	१०२५
श्राद्धाङ्गतर्पणको विषयमा	१०१२	वृद्धिश्राद्धनिरूपण	१०१९	चूडाकर्ममा तन्त्रविधि	१०२६
श्राद्धाङ्गतर्पणसम्बन्धी विशेष	१०१४	नान्दीश्राद्धको विचार	१०२०	वृद्धिश्राद्धका अधिकारी	१०२७
विशेषको अपवाद	१०१५	कर्मको आरम्भमा मातृकापूजन	१०२४	इतिकर्तव्यनिर्देश	१०३१
तर्पणविधिनिरूपण	१०१६	वसुधाराविधान	१०२४	मङ्गलकार्यमा दूर्वाप्रयोग	१०३१

श्राद्धभोजन गराइने ब्राह्मणको सङ्ख्या, जीवत्पितृकश्राद्ध र अंशवण्डा भए–नभएका श्राद्धकर्ताहरूको विषयमा आधारित दशम प्रकरण

भोजनमा ब्राह्मणादिको संख्या	१०३२	श्राद्धमा विभक्ताविभक्तनिर्णय	१०४४	अमावास्या, ग्रहण आदि श्राद्धविचार	१०४६
सङ्कल्पश्राद्धमा विशेष	१०३४	विभक्त र अविभक्त दाजु–भाइद्वारा		नछुट्टिएका पुत्रहरूसँगै तीर्थ जाँदा	१०४७
वृद्धिश्राद्धको क्रम	१०३५	गरिने ब्रह्मयज्ञ	१०४६	छुट्टिएका छोराहरू एकैचोटि तीर्थमा	
श्राद्धमा जीवत्पितृकको अधिकार	१०३८	ब्रह्मयज्ञादिविचार	१०४६	प्राप्त भएमा	१०४७

सपिण्डीकरणान्तश्राद्ध एवं तीर्थयात्रादि विषयको निर्णयमा आधारित एघारौं प्रकरण

सपिण्डीकरणान्तश्राद्धविचार	१०४८	अरूलाई यात्रा गराउँदा फल	१०५२	धर्मार्थ तीर्थयात्राको फल	१०५६
तीर्थश्राद्धविचार	१०४८	यात्रामा आशौच र रजोधर्म प्राप्त भएमा	१०५२	तीर्थमा अविलम्ब श्राद्ध गर्नुपर्ने	१०५७
सपत्नीक तीर्थयात्रा	१०४९	यात्राको बीचमा तीर्थान्तर प्राप्त भएमा	१०५२	तीर्थमा समयको नियम नलाग्ने	१०५७
प्रायश्चित्तार्थ गरिने तीर्थयात्रा र यज्ञ	१०४९	व्यापारका निमित्त यात्रा गर्दा	१०५३	मलमासमा तीर्थश्राद्धको निर्णय	१०५८
विधवा र सधवाको तीर्थयात्रा	१०४९	यात्रामा दुईपटक भोजनबारे	१०५३	अकस्मात् तीर्थ प्राप्त भएमा	१०५८
तीर्थयात्राविधि	१०५०	यानद्वारा यात्रा गर्दा दोष	१०५३	तीर्थमा वर्जितकर्म	१०५८
यात्राकालमा मुण्डन	१०५०	तीर्थयात्राको बीचमा नदी प्राप्त भएमा	१०५३	पिण्डद्रव्यनिरूपण	१०५९
यात्रारम्भमा घृतश्राद्ध	१०५१	तीर्थमा पुगेपछि गर्नुपर्ने कर्तव्य	१०५४	पिण्ड सेलाउने काम	१०५९
तीर्थबाट फर्किएपछि घृतश्राद्ध	१०५१	तीर्थप्रार्थनामन्त्र	१०५४	विधवालाई तीर्थश्राद्धनिषेध	१०५९
श्राद्धपछि यात्राको सङ्कल्प	१०५१	तीर्थमा उपवास र मुण्डन	१०५५	संन्यासीका निमित्त तीर्थविधि	१०६०
गया आदि तीर्थमा जाँदा गर्नुपर्ने कर्तव्य	१०५२	उपवास र मुण्डनसम्बन्धी विशेष	१०५५	तीर्थमा प्रतिग्रहनिर्णय	१०६०

आशौचादिनिर्णयात्मक पञ्चम परिच्छेद

जननाशौच र मरणाशौचको निर्णयमा आधारित प्रथम प्रकरण

आशौचविचार	१०६३	सप्तमादि मासमा जन्म हुँदा	१०६३	आशौचमा ब्राह्मण आदिको शुद्धि र	
स्राव आदि आशौचविचार	१०६३	स्राव–पात आदिमा सूतकविचार	१०६४	दिनसंख्या	१०६६

पुत्रजन्म हुँदा माता-पिताद्वारा स्नान १०६६
कन्याजन्म हुँदा पिताद्वारा स्नान १०६६
सूतकमा पुत्रमुख दर्शन र स्नान १०६६
सबै वर्णका सुत्केरीहरूको शुद्धि १०६७
सूतकमा संसर्गविचार १०६७
शयन-आसनरूप सम्पर्क १०६८
सूतिकास्पर्श १०६८
सूतिकाको कर्ममा अनधिकार १०६९
प्रथमादि दिनमा जातकर्मादि अधिकार १०६९
सपिण्डसम्बन्धी जन्माशौच १०६९
मृताशौचनिर्णय १०७०
मृत बालक पैदा हुँदा आशौच १०७१
नाल काट्नुभन्दा पहिले मरणमा १०७२
नाल काटेपछि दशदिनभित्र मरणमा १०७२
न्वारनभन्दा पहिले शिशुमरणमा १०७४
दाँत निस्कनुभन्दा पहिले मरणमा १०७४
तीन वर्षको उमेरभन्दा पहिले मरणमा १०७५
तीन वर्षको उमेरपछि शिशुमरणमा १०७६
प्रथमवर्षादिमा चौलसंस्कार
गरेका शिशुको मृत्यु भएमा १०७७
शूद्रशिशुको मृत्युमा १०७७
कन्यामरणमा १०७८
अविवाहित तर रजस्वला कन्याको
मृत्यु भएमा १०७९
व्रतबन्ध नभएका बालकको मृत्यु भएमा १०८०
तीनदिनको आशौचमा पिण्डदानविधि १०८२
शिशु-बाल-कुमार र पौगण्डको लक्षण १०८२
शिशु र बालकहरूको मृत्यु
भएमा क्रियाविधि १०८३
विवाहपूर्व मरेका कन्याहरूको
निमित्त पिण्डदान १०८४
जात्याशौचविचार १०८५
पिताआदि महागुरुको निर्णय १०८५
स्त्रीका निमित्त पति नै गुरु भन्ने बारे १०८६
सपिण्डहरूको लक्षण १०८६
विवाहपछि स्त्री र शूद्रलाई जात्याशौच १०८७
दशदिनको आशौचपछि सबैको शुद्धि १०८८
सूतकका दश पक्ष १०८८
पूर्णाशौचमा स्पर्शनिर्णय र वर्णसङ्करको
आशौचनिर्णय १०९०
अनौरसपुत्र, परपूर्वा पत्नी
आदिको आशौच १०९०
अन्याश्रित पत्नी र परपत्नीका
पुत्रको आशौच १०९२
दत्तकको मृत्यु हुँदा पूर्वापर
पितालाई आशौच १०९२
दत्तकसापिण्ड्य १०९२
पूर्वापर पतिबाट उत्पन्न दुई
दाजुभाइका सम्बन्धमा १०९३
विवाहितकन्याको आशौच १०९३
माधवको मत १०९३
पतिगृहमा प्रसव भएमा १०९४
विवाहितकन्याको मृत्युमा आशौच १०९४
कन्या अन्यत्र मरेमा माता-
पितालाई आशौच १०९५
ससुरा आदिको मरणमा आशौच १०९५
पिता-माताको मृत्युमा
कन्यालाई आशौच १०९६
दाजु-भाइ, दिदी-बहिनीको सम्बन्धमा १०९६
आचार्य आदिको मृत्यु भएमा १०९७
छोरीतर्फको नाति र भाञ्जाको आशौच १०९७
मामा आदिको समीप र टाढा
मृत्यु हुँदा लाग्ने आशौच १०९८
आफ्नो घरमा क्षोत्रिय मरेमा १०९८
ऋत्विक् आदिको मृत्युमा विचार १०९८
बन्धुत्रयको निर्णय १०९९
फुपूकी छोरीको मृत्यु भएमा १०९९
ज्वाइँ र साला-जेठानको मृत्यु हुँदा १०९९
असपिण्ड व्यक्ति आफ्नै घरमा मरेमा ११००
गाउँ वा टोल-छिमेकमा लाश रहेमा ११००
आफ्नो मूल घरमा असपिण्ड मरेमा ११००
ब्राह्मणको घरमा चाण्डाल आदि मरेमा ११००
गाउँ-बस्तीमा लाश रहेमा ११००
घरमा पशु मरेमा ११०२
युद्धमा मरेका व्यक्तिको आशौच ११०३
दाह्रा र सिङ हुने जनावर आदिबाट
मरेका मानिसको आशौच ११०४
गाई र ब्राह्मणको रक्षा गर्दा
मरेका मानिसको आशौच ११०४
युद्धपराङ्मुख भई राजाद्वारा
मारिएका सिपाहीको आशौच ११०४
घायल भई मृत्यु हुनेहरूको आशौच ११०५
शस्त्राघात भई मृत्यु हुनेको आशौच ११०५
शवस्पर्शमा आशौच ११०५
संसर्गाशौचमा कर्माधिकार ११०५
मलामी आदिलाई लाग्ने आशौच ११०६
पैसा वा वस्तु लिएर लाश उठाउँदा ११०६
विजातीय लाश उठाउँदा ११०६
लाशको शृङ्गार गर्दा ११०७
धर्मार्थ अनाथको लाश उठाई
किरिया गर्दा ११०७
ब्रह्मचारीद्वारा शववहन र प्रायश्चित्त ११०८
सम र उत्कृष्टको अनुगमन आदिमा ११०८
ब्राह्मणलाई अरू वर्णको दाहादिनिषेध ११०९
रोदनमा प्रायश्चित्त ११०९
हीनवर्णका निमित्त रोदन गर्दा ११०९
क्षत्रिय एवं वैश्यको मृत्युमा
ब्राह्मणको रोदनकर्म १११०
शूद्रको मरणमा रोदन र प्रायश्चित्त १११०
शूद्रमरण र शूद्ररोदन १११०
अस्थिसञ्चयनभन्दा पहिले र
पछि लाग्ने आशौच ११११
आशौच परेका घरको अन्न-
भोजनमा आशौच ११११
प्रायश्चित्त ११११
दास-दासी आदिको आशौचविचार १११३
दासका पन्ध्र भेद १११३
रात्रिमा जन्म र मरण हुँदा पूर्वापर
दिननिर्धारण १११४
अग्निहोत्रीको दाहसम्बन्धी निर्णय १११५

अतिक्रान्ताशौच आदि विषयहरूको निर्णयमा आधारित द्वितीय प्रकरण

अतिक्रान्ताशौच १११६
दशदिनपछि आशौचज्ञान हुँदा १११६
जन्मसम्बन्धी अतिक्रान्ताशौच १११७
देशान्तरमा नपुंसक आदिको मृत्यु हुँदा १११८
देशान्तरको लक्षण १११८
देशान्तरमा माता–पिताको मरण १११८
सवर्ण र असवर्ण सौतेनी आमाको मृत्यु भएमा १११९
आशौचसम्पात ११२०
स्वल्पाशौचमा दीर्घ आशौचको विचार ११२२
अघानां यौगपद्ये तु – को अभिप्राय ११२२
अल्पकालिक आशौचद्वारा दीर्घकालिक आशौचको निवृत्ति ११२३
आशौचमा समयविभाग ११२५
पिताको आशौचमा माताको आशौच ११२६
अन्वारोहणमा विशेष ११२७
पति मरेको थाहा पाएपछि अन्वारोहण ११२७
पूर्वशेषशुद्धिको अपवाद ११२९
दुईप्रकारको आशौच प्राप्त हुँदा ११२९
पाँचप्रकारका आशौचापवाद ११३०
कर्ताबाट हुने अपवाद ११३०
नैष्ठिकहरूको आशौचविचार ११३०
आचार्यको मरण र ब्रह्मचारीको कर्तव्य ११३१
सन्ध्यादिकर्मको लोपाभाव ११३३
कर्मबाट हुने आशौचको अपवाद ११३४
वैद्य र दासको निमित्त सद्यःशौच ११३५
व्रत, यज्ञ र विवाह आदिमा आशौच ११३५
आशौचमा अकस्मात् तीर्थमा जाँदा ११३६
दीक्षितहरूलाई आशौचको अभाव ११३६
आशौचीलाई पूजाको अधिकार ११३७
श्रौतकर्म र स्मार्तकर्ममा आशौच विचार ११३७
सन्ध्या आदिको अपवाद ११४०
सूतकमा सन्ध्याविचार ११४०
ग्रहण आदिमा आशौचापवाद ११४२
कन्याविवाह र संक्रान्तिमा आशौच विचार ११४२
भोजनकालमा आशौच परेमा ११४२
द्रव्यद्वारा शुद्धि ११४३
विवाह आदिमा आशौच परेमा ११४३
पुस्तकशुद्धि ११४३
मृतदोषमा आशौचको अपवाद ११४४
बुद्धिपूर्वक पतितहरूको श्राद्ध गरेमा ११४५
अज्ञानले प्रेतक्रिया गरेमा ११४६
पतित अग्निहोत्रीका लागि विशेष ११४७
प्रमादले मरेमा आशौच ११४८
सर्पद्वारा मृत्यु भएमा ११४८
दुर्मरणनिमित्त दानादि कार्य ११४९
वैधमरणमा विचार ११५०
आत्मघात गर्ने मानिसको आशौच ११५०
व्याधिरहित मरणमा विचार ११५१
मृत्युकालमा गर्नुपर्ने कर्तव्य ११५१
महाव्याधिपीडित व्यक्ति बाँच्नै नसक्ने स्थितिमा ११५२
काशीमा अग्निप्रवेशको फल ११५५
असमर्थको काशीमा प्राणत्याग ११५५
कलिमा सहगमन शास्त्रसम्मत ११५५
प्रयाग आदिमा प्राणत्यागको फल ११५६
सङ्गममा प्राणत्यागको फल ११५६
वटमूलमा प्राणत्यागको फल ११५६
पाँच योजन फैलिएको प्रयागमा प्राणत्यागको फल ११५७
प्रयागमा माघमासमा देहत्यागको फल ११५७
ब्रह्महत्यादि पातकद्वारा दूषित व्यक्ति र प्रयागमरण ११५७
जल आदिमा प्राणत्यागको फल ११५७
ब्राह्मणभिन्नका लागि प्रयागमरण ११५८
तीर्थादिमरणमा आशौच ११५८
गोब्राह्मणद्वारा मरेका मानिसको संस्कार ११५८
म्लेच्छसमान आचरण गर्ने मानिसका लागि गयाश्राद्ध ११५९
वर्षको मध्यमा पतितको लागि द्वादशीश्राद्ध ११५९

नारायणबलिकर्म आदि विषयको निर्णयमा आधारित तृतीय प्रकरण

नारायणबलिविचार ११६०
पतितोदकविधि ११६२
पतितका लागि नारायणबलि ११६३
हेमाद्रि आदिको मतअनुसार नारायणबलिको प्रयोग ११६४
सर्पदंशद्वारा मरेका मानिसको लागि गरिने विशेष कर्म ११६६
सन्ततिहीन व्यक्तिको मृत्यु भएमा ११६८
विधानद्वारा आशौचको अभाव ११६८
संन्यासीहरूको एकोद्दिष्टश्राद्ध ११६८
संन्यासीको नारायणबलि ११७०
शौनकको मतमा नारायणबलि ११७०
आत्मश्राद्ध गर्नेको आशौच ११७१
आत्मश्राद्ध गर्नेलाई आशौच ११७१
अग्निहोत्री परदेशमा मरेमा पुत्रहरूलाई आशौच ११७२
विदेशमा अग्निहोत्रीको मृत्यु भएमा शवरक्षा ११७२
अग्निहोत्रीको शव प्राप्त नहुँदा ११७२
अग्निहोत्रीको अस्थि नपाइँदा ११७३
पलाश आदिद्वारा प्रेतशरीरको कल्पना ११७३
कुशनिर्मित प्रेतका अङ्गहरूमा वस्तुस्थापना ११७४
परदेशमा गएका मानिसहरू १२ वर्षसम्म नआएमा ११७४
देशान्तरमा मरेका मानिसहरूको तिथि थाहा नभएमा ११७५
अग्निहोत्रीहरूको आशौच ११७५
शरीर प्राप्त नभएमा ११७५
दाहपछि आशौच ११७५
दशाहमध्येमा दाह ११७६
अतीतसंस्कारमा आशौच ११७६
पर्णशरदाहमा पुत्रलाई आशौच ११७६
प्रेतको संस्कारमा समयविचार ११७७
भद्रामा दाह गरिएमा वस्त्रादिदान ११७८
पञ्चकमा मृत्यु भएमा पञ्चरत्नदान ११७८

औध्र्वदेहिकपछि ज्यूँदै आएमा ११७९
मरेको समाचार सुनेपछि ११७९
सर्पसंस्कारविधि ११८०
जीवित व्यक्तिको पनि आशौच ११८२
प्रायश्चित्त गरेका पतितको सम्बन्धमा ११८४
प्रायश्चित्त गर्ने पतितको उद्धार ११८५
अन्त्यकर्ममा सामान्य कर्तव्य ११८६
धर्मपुत्रद्वारा पिण्डदान ११८६
प्रथमदिनमा पिण्ड दिने
व्यक्तिद्वारा दशपिण्डदान ११८६
आसन्नमरणमा दान ११८७
मोक्षधेनुदान ११८७
ऋणधेनुदान ११८७
पापधेनुदान ११८८
शुक्लपक्षमा मरेका मानिसको पुण्यकाल ११८८
वैतरणीधेनुदान ११८८
उत्क्रान्ति आदि दशदान ११८८
तिलपात्रदान ११८९
मर्न लागेका मानिसको
कानमा पुण्यमन्त्रोच्चारण ११८९
गरुडपुराणको मतमा अष्टदान ११८९
अन्त्यकर्ममा अधिकारका लागि प्रायश्चित्त ११९०
देवयाज्ञिकको मतमा मुमूर्षुद्वारा
मधुपर्कदान ११९०
चाण्डाल आदिद्वारा दुर्मरण हुँदा ११९०
शूद्रद्वारा डढाइएमा प्रायश्चित्त ११९१
रजस्वला आदिद्वारा शवस्पर्श गर्दा ११९१
विभिन्न दुर्मरणको प्रायश्चित्त ११९१
रात्रि वा रात्रिशेषमा मर्नेको शवदाहविधि ११९२
रातमा नवश्राद्धादिनिषेध ११९३
रात्रिमा मुण्डननिषेध ११९३
मुण्डन गर्नुपर्ने तीर्थ र विशेषकर्म ११९३
आशौचमा पुनः मुण्डन ११९४
रात्रिमा शव घरमै रहेमा विशेष ११९४
ऊर्ध्वोच्छिष्टादि अवस्थामा
मृत्यु हुनेको प्रायश्चित्त ११९४
अग्निहोत्रीका लागि विशेष ११९५
अग्नि विच्छिन्न भएका अग्निहोत्री मरेमा ११९५
मन्थनमन्त्रको निरूपण ११९६
अग्नि र अरणिको नाश भएमा ११९६
वर्षादिबाट अग्निको नाश भएमा ११९६
अग्निहोत्रीकी पत्नीको मृत्युमा ११९७
दम्पतिमध्ये पहिले मर्नेको दाहबारे ११९७
दम्पतिमध्ये पछि मर्नेको दाहबारे ११९७
त्रिकाण्डमण्डनको मत ११९८
पत्नीरहितको आधान ११९९
कमलाकर भट्टको मत ११९९
अग्निहोत्रीहरूको दाहमा अग्निविचार १२००
अग्निहोत्रीभन्दा पहिले पत्नी मरेमा १२००
पतिभन्दा पहिले पत्नी मरेमा १२००
विधुर आदिको मरणमा अग्निविचार १२०१
उत्तपन अग्निको लक्षण १२०१
दाहकर्ममा शूद्रबाट तृण-
काष्ठादिग्रहण गर्ने बारे १२०२
दाहमा निषिद्ध अग्नि १२०२
शवलाई घाटमा लैजाँदा दिशाको नियम १२०२
मलामीहरूको ज्येष्ठताक्रमले अनुगमन १२०२
दोस्रो विवाह गरेका यजमान मरेमा १२०३
अग्निहोत्रीको विदेशमरणमा विचार १२०५
स्मार्ताग्निको मरण भएमा १२०५
शवदाह गर्दा शिर फर्काउने दिशा १२०६
वराहपुराणको मतमा अग्निदानमन्त्र १२०७
मृत्युपछि छवटा पिण्ड दिने
ठाउँ र अग्निको प्रार्थना १२०७
मृत अग्निहोत्रीको शरीरमा
यज्ञीय पात्रको स्थापना १२०८

प्रेतस्नान, शवदाह, अस्थिसञ्चय आदि विषयको निर्णयमा आधारित चतुर्थ प्रकरण

प्रेतस्नान, वस्त्रालङ्करण आदि १२०९
प्रेतमुण्डन र उशीरादिलेपन १२०९
नग्नप्रेतको दाहसम्बन्धी विचार १२०९
निःशेष दाहमा विचार १२०९
दाहकालमा अग्नि नष्ट भएमा १२१०
पुतलादाहमा अग्निनाश भएमा १२१०
दम्पतिहरूको एकैपटक मृत्यु भएमा १२११
उदकदानविधि १२१२
प्रेतस्नानमा विशेष १२१३
अञ्जलिदाननिर्णय १२१३
नपुंसक आदिलाई जलदान गर्न निषेध १२१४
आशौचका नियम १२१५
मार्कण्डेयपुराणको मत १२१६
आशौचको अन्तमा गृहप्रवेश १२१६
अस्थिसञ्चयनपछि गरिने कर्मबारे १२१७
बन्धुहरूका साथ भोजनविचार १२१७
मांसभोजनविचार १२१७
दिवाभोजननियम १२१७
किनेको वा पाएको अन्न भोजन १२१८
अन्नभोजनमा पात्रविचार १२१८
सगोत्रीलाई भोजन गराउनेबारे १२१८
आशौचको अन्तमा गृहादिशुद्धि १२१८
प्रेतद्वारा स्पर्श गरिएका वस्त्रको त्याग १२१८
आशौचको समयमा दानादिनिषेध १२१९
मृत्युस्थलमा महाबलि १२१९
श्राद्धमा धोती आदि वस्त्रदान १२१९
रात्रि वा सन्ध्यामा तिलोदकदाननिषेध १२१९
ब्राह्मण आदिका लागि प्रेतपिण्ड १२२०
युद्धमा मरेका मानिसहरूको
निमित्त पिण्डदान १२२०
आशौचको ह्रास हुँदा पनि दश-
पिण्ड दिनुपर्ने बारे १२२०
उत्तरीय आदिको क्रम विपरीत भएमा १२२१
किरिया गर्ने मानिसहरूमध्ये
कसैको मृत्यु भएमा १२२२
किरिया गरिरहेकी पत्नी रजस्वला भएमा १२२२
किरियापुत्री अस्वस्थ भएमा १२२२
प्रेतका लागि वेदीमा पिण्डदान १२२२
ईशानकोणमा प्रेतपिण्डप्रदान १२२२
असंस्कृत र संस्कृतको मृत्युमा पिण्डदान १२२३
फल, मूलद्वारा पिण्डदान १२२३
प्रथमदिनदेखि दशमदिनसम्म
द्रव्यगत समानता १२२३
लौकिकाग्निमा पिण्डपाक १२२४
प्रेतश्राद्धमा पिण्डसम्बन्धी अन्न विचार १२२४
नयाँ माटोको भाँडोमा पाकनिर्माण १२२४
पिण्डदान र अर्चना १२२४
सद्यःशौचमा पिण्डदानको क्रम १२२५

पिण्डदानमा मिताक्षरादिको मत १२२५
पुनः पिण्डदानबारे १२२६
प्रेतलाई पिण्ड दिँदा स्वधादि शब्दको प्रयोग १२२६
दशाहपर्यन्त पिण्डदान गर्ने विषयमा १२२६
प्रेतपिण्डदानमा गृहद्वारादि विचार १२२६
दश दिनभित्र प्रेतको नयाँ शरीर उत्पत्ति १२२७
माटाको भाँडोमा रातमा जल र दूध दान १२२७
तिलको तेलद्वारा दीपदान १२२८
मृत मानिसको पाथेयश्राद्ध १२२८
दशाहको मध्यमा अमावास्या परेमा १२२८
आमा–बाबुका लागि विशेष १२२९
अमावास्याबारे कमलाकरको मत १२२९
अस्थिसञ्चयनमा कालनिर्णय १२३०
पर्णदाहमा गरिने अस्थिसञ्चय १२३०
तीनदिने आशौचमा अस्थिसञ्चय १२३१
सञ्चयमा मसानका देवताहरूको पूजन १२३१
मसानदेवताहरूका निमित्त बलिदान १२३२
प्रेतका प्रधान अङ्गहरूको अस्तु १२३२
वृक्षमूलमा अस्थिस्थापना १२३२
गोबरद्वारा भूमिसंशोधन १२३२
तीर्थमा अस्थिप्रक्षेपविधि १२३३
अकुलका मानिसले अस्तु
सेलाएमा चान्द्रायण १२३३
गङ्गाजलमा अस्थिप्रक्षेपको फल १२३३
गुरु–शुक्रास्तमा अस्थिप्रक्षेप बारे १२३४
दशाहभित्र अस्थिप्रक्षेपमा दोषाभाव १२३४
शुद्धीकरणमा आवश्यक पदार्थ १२३४
दशस्नानका मन्त्र १२३५
अस्थिक्षेपाङ्ग हेमश्राद्ध १२३६
सातप्रकारका वेष्टनसाधन १२३६
अस्थिपात्रमा मोती आदिको प्रक्षेपण १२३७
अस्थिक्षेपको अङ्गहोम १२३७
माताको अस्थिसञ्चयमा घनञ्जयको कथा १२३८
अस्थिसञ्चयपछि गरिने श्राद्ध १२३८
अनुपनीतको अस्थिसञ्चयनिषेध १२३८

नवश्राद्ध, शावाशौच , उदककुम्भ, वृषोत्सर्ग आदि विषयको निर्णयमा आधारित पञ्चम प्रकरण

नवश्राद्धविचार १२३९
प्रेतश्राद्धमा अठार पदार्थको निषेध १२४०
एकोद्दिष्ट आदि श्राद्ध र पात्रस्थापन १२४०
लौकिकाग्निमा प्रेतश्राद्ध १२४२
अन्नद्वारा प्रेतश्राद्ध १२४२
नवश्राद्धको शेषभोजन निषिद्ध १२४२
नवश्राद्धमा विघ्न पर्दा १२४२
अन्वारोहणमा गरिने कृत्य १२४२
आशौचान्त दिनमा गरिने कृत्य १२४३
दशमदिनमा मुण्डनविचार १२४४
एघारौं दिनमा गरिने कृत्य १२४५
विघ्न परेमा गौणकाल १२४७
एकोद्दिष्टश्राद्धमा पाकविचार १२४७
ब्राह्मणभोजनविचार १२४८
युद्धमा मारिएका व्यक्तिबारे १२४८
एकोद्दिष्टको स्वरूप १२४९
आद्यश्राद्धका विशेष कृत्य १२४९
वृषोत्सर्गविचार १२५०
वृषोत्सर्ग नगर्दा दोष १२५१
वृषोत्सर्गको महाफल १२५१
वृषोत्सर्गको समय १२५१
घरमा वृषोत्सर्ग गर्न निषेध १२५१
वृद्धिश्राद्धमा वृषोत्सर्गनिषेध १२५२
नीलवृषभको लक्षण १२५२
बाच्छीका साथ नीलवृषभको उत्सर्ग १२५२
कृत्रिम वृषोत्सर्गनिषेध १२५२
वृषोत्सर्गभन्दा पहिले विष्णुतर्पण १२५२
वृषोत्सर्गविधि १२५३
स्त्रीहरूमा विशेष १२५३
पददानविचार १२५४
पददानका वस्तु १२५४
१४ प्रकारका उपदान १२५४
शय्यादानका सम्भार १२५५
शय्यादानमन्त्र १२५५
मृतकका लागि शय्यादानमा विशेष १२५६
चाँदीको भाँडोमा प्रेतको ललाटास्थि १२५६
मृतशय्याग्रहणमा प्रायश्चित्त १२५६
शय्यादानको फल १२५७
जलकुम्भदान १२५७
अन्नादिदान १२५९
प्रथमवर्षमा दीपदान १२५९
मासिकश्राद्ध १२५९
सोह्रश्राद्ध १२६०
कात्यायनको मतमा सोह्रश्राद्ध १२६०
व्यासको मत १२६०
मदनरत्न आदिको मत १२६१
ऊनमासिकविचार १२६१
ऊनमासिकमा त्याज्य विषय १२६२
अपकर्षनिरूपण १२६४
मासिकश्राद्धनिरूपण १२६५
पिताको सपिण्डीकरणमा विशेष १२६८

सपिण्डीकरण, गयाश्राद्धदेखि विधवाधर्मपर्यन्तका विषयहरूको निर्णयमा आधारित छैठौं प्रकरण

सपिण्डीकरण १२६९
सपिण्डीकरण पुनः गर्दा नक्षत्रविचार १२७४
सपिण्डनका लागि आठप्रकारको समय १२७४
सातप्रकारका ग्राह्यसमयको निरूपण १२७४
छोराहरू देशान्तरमा रहेमा १२७७
विपरीतमृत्यु भएमा सपिण्डीकरण १२७८
मातृमरणमा सपिण्डीकरण १२७९
नारीहरूको सपिण्डीकरण १२८१
अपुत्रानारीको सपिण्डीकरण १२८२
आसुरादि विधिद्वारा विवाहित नारीहरूको सपिण्डीकरण १२८३
देशभेदले विकल्प १२८३
गुर्जरदेशमा प्रचलित कोकिलमत १२८४
पतिको सापिण्डीकरण १२८४

अपुत्रको सपिण्डीकरण	१२८५
ब्रह्मचारी र पुत्रहीनको सपिण्डीकरण	१२८५
अपुत्र र विपरीतक्रममा मृत्यु हुनेको सपिण्डीकरण	१२८५
संन्यासीको सपिण्डन	१२८६
सपिण्डनविधि	१२८६
सपिण्डनमा विश्वेदेव	१२८७
व्युत्क्रममृत्युमा हेमश्राद्ध	१२८७
पक्वान्नद्वारा सपिण्डन	१२८७
सपिण्डनोत्तर पाथेय	१२८७
वृद्धिश्राद्धविचार	१२८८
प्रथमवर्षमा निषिद्ध विषय	१२८८
गुरुजनको मृत्युमा अन्य श्राद्ध	१२९०
महागुरुको मृत्यु हुँदा	१२९२
पिता आदिको आशौचबारे	१२९२
प्रथमवर्षमा गयाश्राद्ध	१२९३
पतितहरूका लागि गयाश्राद्ध	१२९४
पञ्चकमरण र दाहविधि	१२९४
त्रिपादनक्षत्रमा मृत्यु हुँदा	१२९५
पञ्चरत्ननिरूपण	१२९७
रत्नको अभावमा	१२९७
पञ्चकमा मृत्यु हुनेका निमित्त	१२९८
त्रिपादनक्षत्रमा मृत्यु	१२९८
मृतक भनिएको व्यक्ति जीवित देखिएमा स्वस्ति शान्ति	१२९८
ब्रह्मचारीको मृत्यु भएमा	१२९९
कुष्ठीको मृत्यु भएमा	१३००
कुष्ठरोगका भेद	१३००
आठ किसिमका महारोग	१३०१
रजस्वलाको मृत्यु भएमा	१३०१
अन्तरिक्ष आदिमा मरण भएमा	१३०२
सुत्केरीको मृत्युमा	१३०३
गर्भिणीको मरणमा	१३०४
मृत गर्भवतीको सगर्भ दाहनिषेध	१३०६
अन्वारोहणबारे	१३०६
सहगमनको विषयमा	१३०७
ब्राह्मणीको पृथक् चितानिषेध	१३०८
चितारोहणमा विचार	१३०८
चिताबाट भागेकी नारीको विषयमा	१३०९
अन्वारूढ नारीका लागि पिण्डदान	१३०९
गर्भिणीको चितारोहणनिषेध	१३१०
अग्निप्रवेशमा असमर्थ भएमा	१३११
विधवाका धर्म	१३१२

संन्यासधर्मको विषयमा आधारित सप्तम प्रकरण

संन्यासनिर्णय	१३१३
संन्यासमा ब्राह्मणको मात्र अधिकार	१३१४
वर्णक्रमअनुसार आश्रम	१३१४
संन्यासका चार भेद	१३१५
वैराग्यविना संन्यासग्रहणमा दोष	१३१६
संन्यासीको पूज्यतानिरूपण	१३१६
श्राद्धविचार	१३१७
प्रायश्चित्तकथन	१३१७
संन्यासग्रहणक्रम	१३२०
विरजाहोम	१३२२
यतिधर्म	१३२७
भिक्षा	१३२९
गाउँ आदिमा यतिको निवासनियम	१३२९
संन्यासीको पतनका कारण	१३३०
संन्यासीहरूका बन्धन	१३३०
संन्यासीका पात्र	१३३०
संन्यासीका लागि निषिद्धभिक्षा	१३३०
संन्यासीका निषिद्धकर्म	१३३१
संन्यासीका माता-पिताको मृत्यु भएमा	१३३१
संन्यासीहरूको संस्कार	१३३१
आतुरसंन्यासको विषयमा	१३३२
संन्यासग्रहणको फल	१३३३
आतुरसंन्यासविधि	१३३४
संन्यासीको मृत्यु भएमा	१३३५
कुटीचक आदि संन्यासीको मरणमा	१३३६
पद्यात्मक पुष्पिकावाक्य	१३३९

ॐ

ॐ

निर्णयसिन्धु

(चूडामणि टीकासहित)

प्रस्तावना-परिच्छेद

धर्म, धर्मशास्त्रपरम्परा एवं निर्णयसिन्धुका अनेक प्रसङ्ग र धर्मशास्त्रको उद्‌गमभूमि नेपाल एवं चूडामणि टीकाको अन्तरङ्ग

ॐ

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ।।

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छ्रुणुयादपि ।।

विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।

शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ।।

- ग.पु. १/९२/३६-३९

ॐ

प्रथम-प्रभाग

धर्म, धर्मशास्त्रको परम्परा र निर्णयसिन्धु

१.१ धर्मशब्दको अर्थ र प्रयोग

धर्मशब्दको अर्थ धारण गर्नु वा पालन गर्नु हो । धार्मिक विधि वा धार्मिक क्रिया-संस्कारको अर्थमा पनि धर्मशब्दको प्रयोग हुने गरेको छ । कहीँ निश्चित नियम, आचरणनियमका रूपमा र अर्थमा पनि यसको प्रयोग गरिएको पाइन्छ । धार्मिकसंस्कारद्वारा अर्जित गुणको अर्थमा पनि धर्मशब्दको प्रयोग गरिएको छ ।[१]

धर्म त्यस्तो विशिष्ट शब्द हो जसका रूप, प्रयोग र अर्थ अनेक छन् । वैदिकवाङ्मयमा यो कतै संज्ञाशब्दको रूपमा र कतै विशेषणशब्दका रूपमा पनि प्रयोग गरिएको पाइन्छ । **धर्म** र **धर्मन्**का रूपमा यसको प्रयोग पाइन्छ। धृ-धारणे धातुबाट मन्प्रत्यय लागेर निष्पन्न भएको यस शब्दले मूलरूपमा धारण, आलम्बन र पालन भन्ने अर्थ बुझाउँछ । ऋग्वेदका केही ऋचाहरू[२]मा धर्मशब्दको व्यवहार पुंल्लिङ्गमा गरिएको छ । अन्य केही स्थलमा नपुंसकलिङ्गी र उभयलिङ्गी अर्थमा पनि प्रयोग गरिएको पाइन्छ। **'तानि धर्माणि प्रथमान्यासन्'**, **'सनता धर्माणि'** आदि नपुंसकलिङ्गका प्रयोग वैदिकवाङ्मयमा यत्रतत्र पाइन्छन् ।

कुनै वस्तुको विधान गर्ने आन्तरिक वृत्तिलाई त्यसको धर्म भनिन्छ । प्रत्येक पदार्थको स्वत्व जुन वृत्तिका निर्भर गर्दछ त्यो वृत्ति नै त्यसको धर्म हो । धर्मको अल्पताबाट त्यस पदार्थको क्षय हुन्छ, धर्मको वृद्धिबाट त्यस पदार्थको वृद्धि हुन्छ । जुहीफूलको एउटा धर्म सुवास हो, सुवासको वृद्धि हुँदा जुहीफूलको विकास हुन्छ, सुवासको कमी हुँदा त्यसको ह्रास हुन्छ । त्यसैले यस जीवनको अभ्युदय र भावी जीवनमा निःश्रेयसको सिद्धि गराउने तत्त्वलाई वैशेषिकहरूले धर्म भनेका छन् ।

मनुवचनअनुसार श्रुति, स्मृति, सदाचार र आफ्नो आत्माको सन्तोषलाई धर्मको लक्षण मानिएको छ । स्मृतिहरूमा सर्वप्रथम नास्तिक, आस्तिक सबैद्वारा सेवनीय साधारणधर्मको चर्चा गरिएको छ । साधारणधर्मले जगत्कै कल्याण गर्दछ । त्यसपछि समाजको स्थितिका लागि अनेक क्रिया र अवस्थाअनुसार गरिने वर्ण र आश्रमका कर्तव्यहरूलाई विशेषधर्मको नामबाट निरूपण गरिएको छ । विशेषधर्ममा प्रत्येक वर्ण र आश्रमका विधि एवं निषेधका नियम हुन्छन्। ती नियमहरूको आरम्भ गर्भाधान, संस्कारबाट हुन्छ र अन्त्येष्टि एवं श्राद्धमा समापन हुन्छ ।

संयमित पुरुषले सबै संस्कार सम्पन्न गर्दछ र फलस्वरूप त्यसको शरीर र आत्माको उत्तरोत्तर विकास हुन्छ। सन्मार्गको प्रथम उपदेश धर्म हो । उन्नतिका लागि पालन गरिने नियम पनि धर्म नै हो । उक्त नियम वा उपदेशको पालन संयम हो । संस्कारको अर्थ उक्त संयमको सामूहिक फल हो । संस्कार कुनै विशेष देश, काल र निमित्तमा विशेष किसिमको उन्नत अवस्थामा प्रवेश गर्ने द्वार पनि हो । सबै संस्कारहरूको अन्तिम परिणाम मानवव्यक्तित्वको विकास हो । संयम, संस्कार, विकास अथवा संयम, संस्कार, अभ्युदय, निःश्रेयस यी धर्मानुकूल

१. अथर्ववेदः ९/१/१७ ।

२. ऋग्वेदः १/१८७/१, १०/९२/२, १०/२१/३ ।

कर्तव्यका क्रियात्मक रूप हुन् । यी सबैले संस्कृतिको निर्माण गर्दछन् ।

धर्म आत्मा र अनात्माको विधायक वृत्ति हो भने संस्कृति त्यसको क्रियात्मक रूप हो र धर्माचरणको फल पनि । धर्म आत्मा, अनात्मा र शरीर एवं जीवात्माको विधायक तत्त्व हो । संस्कारले प्रत्येक शरीर र जीवात्माको विकास गराउँछ । धर्म व्यक्ति र समाजको विधायक हो । त्यसैले – **'धर्मो धारयति प्रजाः'** भनिएको छ । संस्कारले व्यक्ति र समाजलाई माथि उठाउँछ । दोष, पाप, दुष्कृत र अज्ञान यी अधर्म हुन् । यिनलाई निर्मूल गर्ने महत्त्वपूर्ण साधन संस्कार हो । अज्ञानरूप अधर्मको निराकरण गर्ने संस्कारलाई शिक्षा भनिन्छ ।

धर्मका अरू पनि भेद छन् । नित्यधर्म, नैमित्तिकधर्म, काम्यधर्म, आपद्धर्म आदि । नित्यधर्म त्यो कृत्य हो जसलाई अनिवार्यरूपमा गर्नुपर्दछ । स्नान, सन्ध्योपासन आदि यसभित्र पर्दछन् । नित्यधर्म पालन नगर्दा दोष लाग्छ । विशेष अवसरमा कुनै निमित्तले गरिने धर्म नैमित्तिकधर्म हुन् । कुनै विशेष उद्देश्यसिद्धिका लागि पालन गरिने नियमलाई काम्यधर्म भनिन्छ । संकटको अवस्थामा सामान्य र विशेष धर्म छाडेर गरिने कृत्यलाई आपद्धर्म भनिन्छ ।

विज्ञानेश्वरले पाँच प्रकारको विशेष धर्म र एक प्रकारको सामान्य धर्मको चर्चा गरेका छन् । उनको भनाइअनुसार वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म र निमित्तधर्म । यी पाँच विशेष धर्म हुन् भने अहिंसा आदि साधारण धर्म हुन् ।

वर्णधर्म – **'ब्राह्मणो नित्यं मद्यं वर्जयेत्'** – ब्राह्मणले कहिले पनि रक्सी खान हुँदैन भन्नु वर्णधर्मको उदाहरण हो । आश्रमधर्म – **'अग्नीन्धनभैक्षचर्यादिः'** – आश्रमअनुसार अग्निहोत्र, समिधा आधान, भिक्षा यी आश्रमधर्म हुन्। **वर्णाश्रमधर्म** – **'पालाशदण्डो ब्राह्मणस्यैव'** – ब्रह्मचर्याश्रममा रहेका वटुले धारण गर्नुपर्ने दण्डका किसिममध्ये पलाशको दण्ड ब्राह्मणवटुले मात्र धारण गर्नुपर्दछ । **गुणधर्म** – **'शास्त्रीयाभिषेकादिगुणयुक्तस्य राज्ञः प्रजापालनादिः'**– शास्त्रीयविधिबाट राज्याभिषेक आदि गुण भएका राजाले मात्र प्रजापालन गर्नुपर्दछ । **निमित्तधर्म** – **'निमित्तधर्मो विहिताकरणप्रतिषिद्धसेवननिमित्तं प्रायश्चित्तम्'** – वेदविहित आचरण नगर्दा र निषिद्ध आचरण गर्दा गर्नुपर्ने प्रायश्चित्तधर्म। यी पाँच धर्मविशेषबाहेक सर्वसाधारणले पालन गर्नुपर्ने **'न हिंस्यात् सर्वाभूतानि'** – सबै प्राणीको हिंसा गर्न हुँदैन भनी निर्देशित सबै मानिसद्वारा सेवन गर्नुपर्ने अहिंसा आदिलाई साधारण धर्म भनिन्छ ।[३]

१.२ धर्मको परिभाषा

धर्म जीवनको त्यो आचारसंहिता हो जसले समाजको कुनै अङ्ग वा व्यक्तिका रूपमा मनुष्यका कर्म र कृत्यलाई व्यवस्थापित गर्दछ । धर्मले मानवव्यक्तित्वलाई विकसित तुल्याउँदै मानवीय अस्तित्वको लक्ष्यसम्म पुऱ्याउँछ । वेदमा धारण गर्नु, आश्रय दिनु र पालन गर्नु भन्ने अर्थमा धर्मको बहुधा प्रयोग गरिएको छ । कतिपय मन्त्रहरूमा धर्म धार्मिकविधि वा धार्मिकक्रिया र संस्कारको अर्थमा प्रयुक्त भएको छ । कहीँ निश्चित नियम, व्यवस्था वा सिद्धान्तको अर्थमा पनि धर्मशब्दको प्रयोग गरिएको छ ।[४]

अथर्ववेदमा धर्मशब्दको अर्थ धार्मिक क्रिया–संस्कारबाट अर्जित गुणविशेष हो भनिएको छ । **ऐतरेयब्राह्मण**मा धर्मशब्दको प्रयोग सकल धार्मिक कर्तव्यको अर्थमा भएको छ ।[५] **छान्दोग्योपनिषद्**मा धर्मलाई तीन विभागमा

३. फणीन्द्र पाण्डेय, संस्कृत-नेपाली बृहत् शब्दकोश, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ, वि.सं. २०५७ ।
४. ऋग्वेदः १/१८७/१, १/२२/१८, ५/२६/६, ७/४३/२४, ३/३/१, वाजसनेयी संहिता २/३, ५/२७ ।
५. ऐतरेयब्राह्मणम् ७/७ ।

ग्रहण गरी पहिलो विभागमा यज्ञ, अध्ययन र दानमा आधारित गृहस्थधर्म, दोस्रो विभागमा तपस्या अर्थात् तापसधर्म, तेस्रो विभागमा ब्रह्मचर्य यद्वा आचार्यकुलनिवासरूप ब्रह्मचारिधर्मको निरूपण गरिएको छ । यहाँ तीन विभागमा आधारित धर्मले आश्रमधर्मलाई लक्षित गरेको छ ।[६]

समय-समयमा धर्मशब्दको अर्थमा परिवर्तन र परिवर्धन पनि हुँदै आएको छ । कालान्तरमा यो शब्द विशेषाधिकार कर्तव्य र बन्धनको द्योतक हुँदै आर्यजातिका सदस्यहरूको आचार-संहिता र वर्णाश्रमधर्मको ज्ञापक हुनपुग्यो । **तैत्तिरीयोपनिषद्**मा छात्रहरूका निमित्त प्रयोग गरिएका **सत्यं वद, धर्मं चर** आदि वाक्य वर्णाश्रमधर्मकै परिचायक हुन् ।[७] **श्रीमद्भगवद्गीता**मा प्रयुक्त '**स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः**' यस वाक्यमा निहित धर्मशब्दले वर्णाश्रमधर्मलाई नै जनाउँछ । मनुले सबै वर्णका धर्महरूको शिक्षा दिन प्रार्थना गर्दै भनेका थिए-

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः । स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।[८]

सबै धर्मसूत्रहरूले वर्णाश्रमधर्मकै उपदेश गरेका छन् भन्ने कुरा **तन्त्रवार्तिक**मा यसरी बताइएको छ - **सर्वधर्मसूत्राणां वर्णाश्रमधर्मोपदेशित्वात्** ।[९] **मनुस्मृति**का व्याख्याकार **मेधातिथि**को भनाइअनुसार धर्मशास्त्रका आचार्यहरूले धर्मका पाँच स्वरूप बताएका छन् - १) वर्णधर्म २) आश्रमधर्म ३) वर्णाश्रमधर्म ४) नैमित्तिकधर्म अर्थात् प्रायश्चित्त आदि ५) गुणधर्म अर्थात् राजधर्म आदि ।[१०] वस्तुतः धर्मशास्त्रका निबन्धग्रन्थ **हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धु** आदिमा बताइने धर्म यही पाँच स्वरूपको धर्म नै हो ।

उक्त सन्दर्भमा धर्मको दार्शनिक र आचारगत अर्थलाई आत्मसात् गरी आचार्यहरूद्वारा चिन्तन गरिएका धर्मका परिभाषा वा लक्षण पनि स्मरणीय हुनआउँछन् । **पूर्वमीमांसासूत्र**मा **जैमिनि** भन्दछन् - '**चोदनालक्षणोऽर्थो धर्मः**' - वेदहरूले बताएको अनुशासनअनुसार आचरण गर्नु नै धर्म हो ।[११] धर्मको सम्बन्ध ती क्रिया-संस्कारहरूसँग हुन्छ जसबाट आनन्दप्राप्त हुन्छ भन्ने अर्थमा **वैशेषिकसूत्रकार कणाद** भन्दछन् - '**यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः**' अर्थात् जसबाट आनन्दात्मक अभ्युदय र निःश्रेयसको सिद्धि हुन्छ, त्यो नै धर्म हो ।[१२]

यी त थिए विशेषधर्मसम्बन्धी धर्मका परिभाषा । संसारका मानवमात्रको समानरूपमा आचरण गर्न सकिने सामान्यधर्मको विषयमा मनु र याज्ञवल्क्यले आ-आफ्नै किसिमले बताएका छन् । मनु भन्दछन् -

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः । धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

- धृति, क्षमा, धम, चोरी नगर्नु, शौच, इन्द्रियनिग्रह, बुद्धि, विद्या, सत्य र क्रोध नगर्नु यी धर्मका दश लक्षण हुन्। अहिंसा, सत्य, अस्तेय इत्यादि गुणविशेषलाई याज्ञवल्क्यले पनि धर्मका लक्षण मानेका छन्।

माथि बताएका प्रत्येक गुणलाई एकाङ्गीरूपमा धर्म मानिएको कुरा **महाभारत** आदिबाट ज्ञात गर्न सकिन्छ। जस्तै - '**अहिंसा परमो धर्मः**', '**आनृशंस्यं परो धर्मः**', '**आचारः परमो धर्मः**' इत्यादि । याज्ञवल्क्यले

६. छान्दोग्योपनिषद् २/२३ ।
७. तैत्तिरीयोपनिषद् १/११ ।
८. मनुस्मृतिः १/२ ।
९. पीबी काणे, धर्मशास्त्रका इतिहास, प्रथम भाग, हिन्दी समिति, सूचना विभाग, उत्तरप्रदेश शासन, लखनऊ, प्र.सं., सन् १९७३, पृ. ४।
१०. गौतमधर्मसूत्रम् १९/१, मनुस्मृतिः २/२५ ।
११. जैमिनिसूत्रम् १/१/२ ।
१२. पी.बी. काणे, पूर्ववत् ।

परमधर्मको व्याख्या गर्दै भनेका छन् – **'अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम्'** – योगद्वारा जीवात्माले आत्माको दर्शन गर्नुलाई परमधर्म मानिएको छ । हिन्दूसंस्कृतिका अनुयायीहरूको परम गन्तव्य आत्मदर्शन नै हो। **कालिदासले** रघुवंशमा हिन्दूसंस्कृतिका अनुयायीहरूको कर्तव्यसोपानहरूको क्रम निर्देश गर्दै भनेका थिए –

शैशवेऽभ्यस्तविद्यानां यौवने विषयैषिणाम्। वार्धक्ये मुनिवृत्तीनां योगेनान्ते तनुत्यजाम्।।

– म यो **रघुवंश**महाकाव्यमा शैशवकालमा ब्रह्मचर्यमा रही विद्याको अध्ययन गर्ने, युवावस्थामा गृहस्थधर्म अँगालेर विषयभोग गर्ने, वृद्धावस्थामा वानप्रस्थधर्म अँगाली तपस्या गर्ने र अन्तिम अवस्थामा योगद्वारा आत्मदर्शन गर्दै शरीरत्याग गर्ने रघुवंशी राजाहरूको वंशपरम्परा बताउँदैछु ।

१.३ धर्मका उपादान

हारीतले श्रुति नै सम्पूर्ण धर्मको मूल हो भनेका छन् । गौतमद्वारा **'वेदोऽखिलो धर्ममूलम्'** भनी वेदवाक्यलाई नै धर्मको मूल प्रमाण मानिएको छ ।[१३] यसैगरी वसिष्ठले धर्मलाई श्रुतिनिर्दिष्ट कर्तव्यपालनको अर्थमा लिएका छन् ।[१४] **मनुस्मृतिमा** धर्मका पाँच उपादान यसप्रकार निरूपित छन् – सम्पूर्ण वेद, वेदका ज्ञाताहरूको परम्परा, ती ज्ञाताहरूको व्यवहार, साधुहरूको सदाचार, आत्मतुष्टि ।[१५] यही कुरा **याज्ञवल्क्यस्मृतिमा** यसरी बताइएको छ –

श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। सम्यक् सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम्।।[१६]

'श्रुति, स्मृति, परम्पराबाट प्राप्त आचार-व्यवहार र आफ्नो उचित सङ्कल्पबाट उत्पन्न अभिकाङ्क्षा यी परम्परागत धर्मका उपादान हुन् । उक्त प्रमाणहरूबाट वेद, स्मृति र परम्परागत शिष्टाचार धर्मका उपादान हुन् भनी प्रमाणित गरिएको छ ।

१.४ धर्म र धर्मशास्त्रका विशेषता

ब्रह्म अनन्त भएझैं धर्म पनि अनन्त छ । जसरी ब्रह्म अन्तरात्मामा लुकेर रहेको छ त्यसैगरी धर्म पनि गुहामा लुकेर रहेको छ । भनिएको छ- **धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः** । जुन तत्त्वबाट ऐहिक समृद्धि र पारलौकिक निःश्रेयस प्राप्त हुन्छ त्यही धर्म हो । वेदले उद्देश्य गरेर बताएको कुरा नै धर्म हो र वेदको अर्थ प्रतिपादन गर्ने शास्त्र धर्मशास्त्र हो ।

धर्मतत्त्व प्राणीहरूका लागि नभइनहुने कुरा हो । जसरी प्राणतत्त्व नभई बाँच्न सकिँदैन त्यसैगरी व्यक्ति, समाज, राष्ट्र र विश्व धर्मविना जीवित रहन सक्तैनन् । विवेकी पुरुषहरू कमसल कर्म छाडी असल कर्ममा प्रवृत्त हुन्छन् । धार्मिक मानिस विवेकपूर्वक अमृतसेवनका लागि कार्य गर्दछ भने अधार्मिक मानिस विवेकरहित भई हिंसाको माध्यमबाट अगाडि बढ्दछ । परिणाममा अमृतको सट्टा विषभोजन गर्न बाध्य हुन्छ । विवेक र अविवेक नै सुख र दुःखका नियामक हुन् । अहिंसा, सत्य, अस्तेय, शौच र इन्द्रियसंयम मानवमात्रले पालन गर्नुपर्ने पाँच तत्त्व हुन् । यिनीहरूको विवेकपूर्वक अनुष्ठान गर्नु मानवधर्म हो । जहाँ धर्म हुन्छ त्यहाँ विजय हुन्छ । भनिएको छ- **यतो धर्मस्ततो जयः** ।

१३. गौतमधर्मसूत्रम् १/१/२ ।
१४. आपस्तम्बधर्मसूत्रम् १/१/१/२ ।
१५. मनुस्मृतिः २/६ ।
१६. याज्ञवल्क्यस्मृतिः १/७ ।

हित र अहितको विवेकले रहित, अपवित्र आत्मा र अमङ्गल कर्म भएका, जप-तप-होम आदिको अनुष्ठान नगर्ने एवं विषयासक्त व्यक्तिहरूमा विनिपात अर्थात् आपत्ति आइलाग्छ । यो आपत्ति पनि दुई किसिमको हुन्छ – ऐहिक विनिपात र दैवजन्य विनिपात । अधर्मका कारण आइलाग्ने आपत्ति निवारण गर्न मङ्गलमय धार्मिक आचारको परिपालन, आत्मशुद्धि, जप र होमको अनुष्ठान एकमात्र उपाय हो । मनुले भनेका छन् –

मङ्गलाचारयुक्तानां नित्यञ्च प्रयतात्मनाम् । जपतां जुह्वताञ्चैव विनिपातो न विद्यते ।।

धर्म अनुपम साधन हो । धर्मले नै पृथ्वीलाई धारण गर्दछ र प्राणीहरूको परिपालन पनि गर्दछ । धर्मप्राण मनीषीहरूले दिएको आहुति ग्रहण गर्ने सूर्यले वर्षा गराउँदा धर्ती सस्यश्यामला बन्दछिन् । यिनै धर्तीबाट प्राप्त हुने औषधिहरूको रस पुरुषको शुक्र बन्दछ र मानवको उत्पत्ति हुन्छ । पृथ्वी, सूर्य, जल, वायु र आकाश सबैले आ-आफ्नो धर्म वा कर्तव्यको पालन गरिरहेका छन् । त्यसैबाट पृथ्वीवासीहरूको जीवनयात्रा पनि चलिरहेको छ । निरन्तर सदाचार र मङ्गलकर्म गरी धर्मलाई धारण गर्ने मानिस ईश्वरको आराधनाबाट ईश्वरकै रूपमा परिणत हुन्छ । सत्कर्म, सच्चिन्तन र सद्भावको जगमा रहने धर्म अमूर्त भए पनि ईश्वरझैं प्रत्येक पदार्थसँग अनुस्यूत भएर रहेको छ ।

शरीरलाई धर्मको साधन मानिन्छ त्यसलाई स्वस्थ राख्नु पनि धर्म हो । त्यसैले भगवान् धन्वन्तरिको अमृतकलशबाट आयुर्वेदको उत्पत्ति भयो । संयमित आहार, विहार र चेष्टाद्वारा शरीरलाई स्वस्थ राखी धर्मलाई धारण गर्दा आफू **धर्मवपुः** बन्न सकिन्छ । उत्तम आचार, निश्छल व्यवहार र जानी-नजानी गरेका कर्मको प्रायश्चित्तबाट तमोरूप मार्गको अतिक्रमण गरी ज्योतिर्मय धर्मधाममा पुग्न सकिन्छ भनेर धर्मशास्त्रले ज्ञानप्राप्ति र तपस्याको अनुष्ठानमा अभिप्रेरित गर्दै ज्योतिर्मय धर्मधामको मार्गदर्शन गराइरहेको छ ।

मन, वचन र शरीर धर्म-अधर्मका उत्पत्तिस्थान हुन् । सात्त्विक भोजनद्वारा स्वस्थ शरीरबाट अरू प्राणीको भलो हुने कर्म गर्न सकिन्छ । धर्मशास्त्रको मननबाट विवेकपूर्वक बोलिने मधुर वचनले श्रोताको हृदय प्रसन्न गराउँदा पुण्य प्राप्त हुन्छ । शास्त्रको अध्ययन, स्तुतिपाठ र मन्त्रपाठद्वारा परमात्मा प्रसन्न हुन्छन् । सधैं सबैको भलो चिताइरहने मनद्वारा अपार पुण्यराशि प्राप्त गर्न सकिन्छ । त्यसैले वैदिकऋषिले प्रार्थना गर्दै भनेका थिए – **तन्मे मनः शिवसङ्कल्पमस्तु** – मेरो मनले सधैं मङ्गलमय सङ्कल्प गरिरहोस् ।

पृथ्वीबाट अङ्कुर पैदा भई झ्याङ्गिएझैं मानिसको मन, वचन र शरीरबाट पदे-पदे असल कर्मद्वारा धर्मको र निन्दनीय कर्मद्वारा अधर्मको उत्पत्ति भइरहन्छ । मानवजीवनमा धर्मको उदय भइरह्यो भने जय प्राप्त हुन्छ । अधर्मको उदय भयो भने पराजय प्राप्त हुन्छ ।

गाई आदि प्राणीले घाँस, तृणद्वारा ऊर्जा प्राप्त गर्दछन् । सिंह आदि हिंस्रक प्राणीले प्राणीहरूको वध गरी भोजन गरेर ऊर्जा प्राप्त गर्दछन् । धानले हिलो माटो र पानीबाट ऊर्जा प्राप्त गर्दछ । मकै, कोदो आदिले पाखाको माटोबाट ऊर्जा प्राप्त गर्दछन् । यसैगरी सबै प्राणीले आफ्नो भोज्य आहारबाट ऊर्जा प्राप्त गर्दछन् । त्यो प्राप्त गरिने ऊर्जाको नाम नै **सोम** हो । सोमको अर्को नाम धर्म हो त्यसका अनेक रूप छन् । त्यसलाई प्राप्त गराउने पद्धति र विधि पनि फरक-फरक छन् । सोम र ईश्वरको उत्पाद्य-उत्पादक भाव सम्बन्ध हुन्छ । ईश्वरबाट सोमको उत्पत्ति हुन्छ र ईश्वरबाट नै धर्मको पनि उत्पत्ति हुन्छ ।

पृथ्वीका अनेक वस्तुमा अनुस्यूत सोमतत्त्वको सेवन गरी पुरुषार्थको सिद्धि गर्नु दैवी वृत्ति हो । यसबाट नै मानवले देवत्व प्राप्त गर्दछ । वेदविहित कर्महरूलाई विधिपूर्वक सम्पादन गर्दा संसारमा सुखशान्ति मौलाउँछ। वेदनिन्दित कर्म गरिँदा संसारमा अशान्ति र दुःखको राज्य मौलाउँछ ।

'धारणाद् धर्ममित्याहुः' अर्थात् जगत्लाई धारण गर्ने तत्त्वलाई धर्म भनिन्छ । त्यसैले जसलाई लोककल्याण र आत्मकल्याणको लागि धारण गरिन्छ त्यो सच्चा धर्म हो । धारण गर्न नहुने विनाशक तत्त्वलाई अधर्म, पाप र दोष भनिन्छ । उक्त पाप र दोषको विनाश पनि धर्मद्वारा नै गर्न सकिन्छ । व्यावहारिक धर्म भनेको यज्ञ, हवन र दान हो । यज्ञ आदिबाट उत्कर्ष प्राप्ति हुन्छ ।

धर्मको रूप कर्तव्यकर्ममा आश्रित हुन्छ । कर्तव्य संसारमा अनन्त छन् त्यसैले धर्मको रूप पनि अनन्त छ। मानवलाई उत्कर्षमा पुऱ्याउने तत्त्व जति छन् ती सबै धर्मका स्वरूप हुन् । याग गर्दा यज्ञरूप धर्म, हवन गर्दा हवनरूप धर्म र आफ्नो वस्तु विधिपूर्वक कसैलाई दिँदा दानरूप धर्मको उदय हुन्छ । सच्चिन्तन गर्दा चित्तरूप धर्म, सद्बुद्धिको स्फुरण हुँदा सद्बोधरूप धर्म र सत्प्रवृत्तिमा सन्मना धर्मको उदय हुन्छ । सद्वृद्धि हुँदा वृद्धिरूप धर्म, सत्यको अनुभूति वा दर्शन गर्दा सद्दर्शनधर्म, सत्श्रवण गर्दा सत्श्रुतिरूप धर्मको उदय हुन्छ । यसैगरी प्रत्येक असल कर्म गर्दा धर्मको उत्पत्ति हुन्छ ।

वेद, पुराण, धर्मशास्त्र आदिमा बताइएको धार्मिकविज्ञानभित्र जगत्को उत्पत्ति, पालन, पोषण, सुख, शान्ति, ऐश्वर्य, पुत्र, पत्नी, गृह आदिको प्राप्ति, प्रज्ञा र सद्भावको उदय, चित्त, मन, वचन, शरीर र कर्मको शुद्धि, देवता, ऋषि र पितृको सन्तुष्टि र प्राणीमात्रको तृप्तिका साथै कल्याणकारी कर्म सम्पादन गर्न समर्थ मनोवृत्तिको निर्माण हुन्छ । यस्तो मनोवृत्तिबाट असङ्ख्य सत्कृत्यको सम्पादन गरिन्छ । त्यसबाट अनन्तशक्तिको स्रोत परमात्माको दर्शन प्राप्त हुन्छ ।

मानिसलाई सत्कर्मप्रति उद्बुद्ध बनाई प्रवृत्त गराउने र सत्कर्म एवं असत्कर्मको पहिचान गराउने पुण्यमय विज्ञान धर्मशास्त्रको अध्ययनबाट धर्म, कर्म र धर्मका विशेषताहरू आफैं बुद्धिमा स्फुरित हुँदै जान्छन् । धर्म, अर्थ र कामलाई त्रिवर्ग भनिन्छ र चौथो तत्त्वलाई मोक्ष भनिन्छ । त्रिवर्गको प्राप्ति नभई मोक्षको प्राप्ति हुनसक्दैन । यसैले त्रिवर्गको साधनामा प्रवृत्त गराई मोक्षमार्गमा अग्रसर बनाउने शास्त्रलाई धर्मशास्त्र भनिन्छ । मनलाई ज्योतिर्मय धर्मवपुमा अथवा ब्रह्ममा विलीन गराउनु नै अन्तिम पुरुषार्थ हो । त्यस स्थितिमा पुग्न शुद्ध मनको आवश्यकता हुन्छ । मनःशुद्धि देवताको कृपाबाट प्राप्त हुन्छ । कर्मबाट देवता अनुग्रही बन्दछन् । देवताबाट नै आत्मज्ञान प्राप्त हुन्छ । त्यसैले यागधर्म, होमधर्म र दानधर्मद्वारा आराधना गरी देवतालाई प्रसन्न तुल्याउनु सबैको कर्तव्य हो । प्रत्येक पदार्थमा देवता हुन्छन् । शास्त्रले प्रत्येक पदार्थ देवरूप हुन् भनी सिद्ध गरेको छ । यम, नियम आदिको पालन गर्दै धर्मानुष्ठान गर्ने मानिसले प्रत्येक पदार्थमा ईश्वरसत्ताको दर्शन गर्ने सामर्थ्य प्राप्त गर्दछ ।

धर्मप्राण पुरुषले प्रह्लादले खम्बामा नृसिंह भगवान्को दर्शन गरेझैं जुनसुकै पदार्थमा पनि भगवान्को दर्शन गर्ने क्षमता प्राप्त गर्दछ । पृथ्वी एउटा महाभूत हो । पृथ्वीका पनि अधिष्ठातृदेवता विराजमान छन् । व्यक्तिले मन, वचन र कर्मबाट उत्तम कर्म गर्दा पार्थिव देवता प्रसन्न हुन्छन् ।

धर्मशास्त्रको ज्ञान भई धर्माचरण गर्दा आफू धर्ममय बन्दै गइन्छ । सर्वत्र सोमको रूपमा रहेको धर्मको दर्शन हुनथाल्छ । आफैभित्र रहेका धर्ममयवपु परमात्माको पनि चैतन्य दर्शन गर्न सकिन्छ ।

मानिसको हृदयबाट ऊर्ध्वमुख र अधोमुख भएर फैलिएका ७२ हजार नाडीहरूमध्ये हितकारक ऊर्ध्वमूल नाडीहरूको बीचमा चन्द्रमण्डलको आकारमा दीपशिखाजस्तो आत्मज्योति रहेको हुन्छ । यसैलाई धर्मवपु वा देवाधिदेव भनिन्छ । धर्मद्वारा मनलाई स्वच्छ बनाएपछि धर्मवपुको दर्शन गर्न सकिन्छ ।

जब जब धर्तीका मानिसहरूमा विनाशकारी लक्षण देखापर्छन् र धर्मको नाश हुनथाल्दछ त्यसबेला व्यक्ति र संसारकै नाश हुन्छ । धर्तीमा विनाशकारी लक्षण पैदा नहोऊन् भन्नका लागि असल सन्तान पैदा गर्नुपर्दछ ।

त्यसका लागि सर्वप्रथम रजः र वीर्यको शुद्धि हुनुपर्दछ । त्यसका लागि गर्भाधानदेखिका सबै संस्कार विधिपूर्वक सम्पन्न गर्नुपर्दछ । माता-पिताले सदाचारको पालन गर्नुपर्दछ र असल शास्त्रको स्वाध्याय गर्नुपर्दछ । यस्तो पवित्र आचार-विचारका दम्पतिका सन्ततिहरू धर्मात्मा हुन्छन् र घर, परिवार र समाजमा उत्कर्षका लक्षण पैदा हुन्छन्। मानिसले आफूलाई कालो अन्धकारबाट सेतो ज्योतिरूपमा लैजान धर्माचरण, वेदाध्ययन, तपस्या र सच्चरित्र आवश्यक हुन्छन् । धर्मानुष्ठानमा उत्तम चरित्रको ठूलो महत्त्व छ । मोक्षरूप परम पुरुषार्थ प्राप्त गराउने धर्म नै हो। धर्मलाई सिद्ध गर्ने कर्मकाण्ड हो । कर्मविना ज्ञानको उदय हुनसक्दैन । त्यसैले धर्मको स्वरूप जानेर आचरण गर्नको लागि धर्मशास्त्रको ज्ञान हुनुपर्दछ । धर्मशास्त्रको ज्ञानबाट अभ्युदय र निःश्रेयसको सिद्धि गराउने धर्मको बोध हुन्छ । त्यही धर्म आत्मदर्शनतर्फ केन्द्रित हुँदा त्यो परमधर्म कहलाउँछ । याज्ञवल्क्यले भनेका छन् – **अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम्** । वास्तवमा योगद्वारा आत्मदर्शन गर्नु परमधर्म हो । परमधर्मको प्राप्तिका लागि धर्मवपुकरण र योग दुवै अनुशीलनीय छन् ।[१७]

१.५ धर्मशास्त्रका प्रतिपाद्य विषय

धर्मशास्त्रका प्रतिपाद्य मुख्य विषय पाँच प्रकारका मानिएका छन् – १) वर्ण र आश्रमका विशेषाधिकार, कर्तव्य र दायित्व २) गर्भाधानदेखि अन्त्येष्टिसम्मका संस्कार ३) ब्रह्मचारिकर्तव्य अर्थात् ब्रह्मचर्याश्रम, अनध्याय र स्नातककर्तव्य ४) विवाह र तत्सम्बन्धी विषय ५) गृहस्थाश्रम अर्थात् दोस्रो आश्रमअन्तर्गतका विषय जस्तै – शौच, पञ्चमहायज्ञ, दान, भक्ष्याभक्ष्य विचार, शुद्धि, आशौच, अन्त्येष्टि, स्त्रीधर्म, स्त्री-पुंधर्म, क्षत्रिय एवं राजाका कर्तव्य, राजधर्म, व्यवहार (कानुनीविधि, अपराध, दण्ड, साझा अथवा सहकारिता, अंशबण्डा, दायभाग, दत्तकविधान, जूवा आदि), चार प्रमुख वर्ण, वर्णसङ्कर, तिनीहरूको व्यवसाय, आपद्धर्म, प्रायश्चित्त, कर्मविपाक, शान्ति आदि, वानप्रस्थकर्तव्य अर्थात् तेस्रो आश्रम, संन्यास अर्थात् चौथो आश्रम, व्रत, उत्सर्ग, प्रतिष्ठा, तीर्थ, काल आदि । धर्मशास्त्रमा माथि पाँच शीर्षकमा लेखिएका समग्र विषयको विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ ।

उक्त प्रतिपाद्य विषयको आधारमा विचार गर्दा धर्मशास्त्रीहरूले धर्मलाई साँघुरो दायरामा राखेको पाइँदैन । धर्मलाई मानवव्यक्तित्व विकास गराई मानवीय अस्तित्वको लक्ष्यसम्म पुऱ्याउने साधन मानिएको छ । धर्मशास्त्रको मुख्य विषय धर्म नै हो । जुन धर्म – वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म (राजधर्म), नैमित्तिकधर्म अर्थात् प्रायश्चित्तधर्म र साधारणधर्मका रूपमा अध्ययनको विषय बन्दछ । अर्को अर्थ धर्मशास्त्रमा धर्मलाई साध्य र ईश्वरको स्वरूप पनि मानिएको छ ।

१.६ धर्मशास्त्र र त्यसको सङ्क्षिप्त इतिवृत्त

धर्मसम्बन्धी अनुशासन गर्ने शास्त्र नै धर्मशास्त्र हो अथवा धर्मसम्बन्धी आचार-विचार र व्यवहारको प्रतिपादक शास्त्रलाई धर्मशास्त्र भनिन्छ । धर्मशास्त्रलाई नै स्मृति पनि भनिन्छ । वेदका अर्थको स्मरण गर्ने हुनाले धर्मसूत्रहरूलाई स्मृति भनिएको हो । कालिदासले पनि '**श्रुतेरिवार्थं स्मृतिरन्वगच्छत्**' भनेर स्मृतिलाई श्रुतिको अर्थको अनुसरण गर्ने शास्त्रका रूपमा चिनाएका छन् । धर्मशास्त्रअन्तर्गत मुख्यरूपमा धर्मसम्बन्धी सूत्रग्रन्थ एवं निबन्धग्रन्थ रहेका छन् । यास्कको ग्रन्थमा रहेको धर्मशास्त्रसम्बन्धी एउटा पद्यानुसार उनको समयमा धर्मशास्त्रका सूत्रग्रन्थहरूको प्रणयन भइसकेको प्रमाणित हुन्छ । विद्वान्हरूको भनाइअनुसार इ.पू. ६००-३०० को बीचमा गौतम, बौधायन र आपस्तम्बका

१७. डा. राधाकृष्ण अधिकारी, धार्मिक विज्ञान, प्रकाशक – शान्तिकृष्ण अधिकारी एवं वसन्ती अधिकारी, वि.सं. २०६१, विवाहपञ्चमी, पृ. ३३।

धर्मसूत्रहरूको रचना गरिएको थियो । गौतमले धर्मसूत्रको चर्चा गरेका छन् । बौधायनको ग्रन्थमा पनि धर्मशास्त्रशब्दको उल्लेख भएको छ । बौधायन, आपस्तम्ब र गौतमका धर्मसूत्रहरूमा तात्कालिक वा पूर्ववर्ती अनेक आचार्यहरूमध्ये औपजङ्घनि, कात्य, काश्यप, गौतम, मौद्गल्य र हारीतको नाम रहेको थाहा पाइन्छ ।[१८]

जैमिनिले धर्मशास्त्रमा लेखिएका कर्तव्यहरूको उद्धरण दिएका छन् भने पतञ्जलिले पनि आफ्नो समयमा धर्मशास्त्रहरूको अस्तित्व भएको तथ्य उजागर गरेका छन् । यसबाट यास्कको समयमा धर्मशास्त्र राम्ररी स्वरूपबद्ध भएर रहेको प्रमाणित हुन्छ ।

धर्मशास्त्रअन्तर्गत आपस्तम्बधर्मसूत्र, हिरण्यकेशिधर्मसूत्र, बौधायनधर्मसूत्र, गौतमधर्मसूत्र, वसिष्ठधर्मसूत्र, विष्णुधर्मसूत्र, शङ्खलिखित धर्मसूत्र, पैठीनसिधर्मसूत्र आदि धर्मसूत्रका ग्रन्थहरूको सुदीर्घपरम्परा रहेको छ ।

उक्त धर्मसूत्रहरूमध्ये शङ्खलिखित धर्मसूत्र र पैठीनसिधर्मसूत्र अहिले अरूका उद्धरणमा मात्र पाइन्छन् । धर्मसूत्रपछि मनुस्मृति, याज्ञवल्क्यस्मृति, नारदस्मृति, बृहस्पतिस्मृति, कात्यायनस्मृति आदि स्मृतिग्रन्थले धर्मशास्त्रका अङ्ग-उपाङ्गसमेत सम्पूर्ण प्राणतत्त्वलाई अग्रसारित गरेका छन् । माथि लेखिएका स्मृतिहरूमध्ये बृहस्पति र कात्यायनस्मृतिका महत्त्वपूर्ण उद्धरणहरू अन्य ग्रन्थहरूमा पाइन्छन्, तिनका मूल ग्रन्थ उपलब्ध छैनन् । धर्मशास्त्रको विकासमा रामायण, महाभारत एवं महापुराण, उपपुराण तथा औपपुराणहरूको ठूलो योगदान रहेको छ । यसैगरी कौटिल्यको अर्थशास्त्रले राजनीतिशास्त्रको मुख्य ग्रन्थ हुँदाहुँदै पनि धर्मशास्त्रका तत्त्वहरूलाई उजागर गरेको छ । धर्मशास्त्रका रहस्य सबैका निमित्त बोधगम्य बनाई जन-जनमा र घर-घरमा फैलाउने काममा विश्वरूप, मेधातिथि, विज्ञानेश्वर, अपरार्क, हरदत्त आदि टीकाग्रन्थहरूका प्रणेताहरूको पनि ठूलो योगदान छ । धर्मनिबन्धकार हेमाद्रि, टोडरमल, नीलकण्ठ, माधवभट्ट, कमलाकरभट्ट, काशीनाथ आदिको पनि उत्तिकै अवदान रहेको छ । उक्त मनीषीहरूको योगदानबाट धर्मशास्त्रवाङ्मय विशाल आकारमा प्रस्तुत भएको छ । यसको विपुलीकरणमा धर्मसम्बन्धी अन्य सूत्रग्रन्थहरूको पनि उत्तिकै योगदान छ । जस्तै – अत्रिस्मृति वा अत्रिसंहिता, औशनसधर्मसूत्र, कण्वधर्मसूत्र, च्यवनधर्मसूत्र, देवलधर्मसूत्र, भारद्वाजधर्मसूत्र, शातातपस्मृति, सुमन्तुधर्मसूत्र इत्यादि ।

स्मृतिग्रन्थ – स्मृतिशब्द मुख्यतया दुई अर्थमा प्रचलित छ । प्रथम अर्थ हो – वेदवाङ्मयभन्दा इतर ग्रन्थ, जस्तै – पाणिनिको व्याकरण, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र हो भने दोस्रो अर्थ – स्मृति भनेको साक्षात् धर्मशास्त्र हो। गौतम र वसिष्ठले स्मृतिलाई धर्मको उपादान मानेका छन् । **वीरमित्रोदय**को भनाइअनुसार – मनु, बृहस्पति, दक्ष, गौतम, यम, अङ्गिरा, योगीश्वर, प्रचेता, शातातप, पराशर, संवर्त, उशना, शङ्ख, लिखित, अत्रि, विष्णु, आपस्तम्ब र हारीत गरी अठार मुख्य स्मृतिकार मानिएका छन् । यसैगरी नारद, पुलह, गार्ग्य, पुलस्त्य, शौनक, क्रतु, बौधायन, जातूकर्ण्य, विश्वामित्र, पितामह, जाबालि, नाचिकेत, स्कन्द, लौगाक्षि, कश्यप, व्यास, सनत्कुमार, शन्तनु, जनक, व्याघ्र, कात्यायन, कपिञ्जल, कणाद, पैठीनसि, गोभिल इत्यादिलाई उपस्मृतिकारका रूपमा संस्मरण गरिएको छ । अन्य स्मृतिकारहरूमा – वसिष्ठ, विष्णु, कार्ष्णाजिनि, सत्यव्रत, गार्ग्य, देवल, जमदग्नि, भारद्वाज, आत्रेय, गवेय, मरीचि, वत्स, पारस्कर, ऋष्यशृङ्ग, वैजवाप आदि रहेका छन् ।

उक्त स्मृतिहरू हजारौं युगका कृति हुन् । कुनै स्मृति पद्यमा रचित छन् भने केही गद्य-पद्यमा रचिएका छन्। कतिपय स्मृति गद्यमा मात्र रचिएका पनि पाइन्छन् । केही अतिप्राचीन, केही प्राचीन र केही अर्वाचीन समयका स्मृतिहरू छन् । अतिप्राचीनमध्ये गौतम, आपस्तम्ब र बौधायनका स्मृतिहरू आउँछन् । धेरै स्मृतिग्रन्थ ४०० ईस्वीदेखि १००० ईस्वीसम्म लेखिएका हुन् । कतिपय बृहद् र वृद्धपद जोडिएका स्मृति पनि पाइन्छन् । जस्तै –

१८. पी.बी. काणे, पूर्ववत्, पृ. ५-६ ।

वृद्धयाज्ञवल्क्यस्मृति, वृद्धमनुस्मृति, बृहत्पराशरस्मृति आदि । उक्त स्मृतिसाहित्यमध्ये ज्यादै चर्चित स्मृतिहरू यी हुन् – मनुस्मृति, याज्ञवल्क्यस्मृति, पराशरस्मृति, नारदस्मृति, बृहस्पतिस्मृति, कात्यायनस्मृति, अङ्गिरःस्मृति, ऋष्यशृङ्गस्मृति, कार्ष्णाजिनिस्मृति, चतुर्विंशतिमत, दक्षस्मृति, पितामहस्मृति, पुलस्त्यस्मृति, प्रचेतःस्मृति, प्रजापतिस्मृति, मरीचिस्मृति, यमस्मृति, लौगाक्षिस्मृति, विश्वामित्रस्मृति, व्यासस्मृति, षट्त्रिंशत्मत, स्मृतिसंग्रह, संवर्तस्मृति, हारीतस्मृति आदि ।

यसैगरी धर्मशास्त्रका अङ्गभूत ग्रन्थहरूमध्ये भाष्यग्रन्थ र निबन्धग्रन्थहरूको धर्मशास्त्रीय आचार-विचारको संरक्षण एवं प्रचार-प्रसारमा ठूलो अवदान रहेको छ । ईस्वीको आठौं शताब्दीदेखि अठारौं शताब्दीको काल भाष्यग्रन्थ र निबन्धग्रन्थहरूको रचनाको दृष्टिबाट स्वर्णकाल मानिन्छ ।

भाष्यकार, निबन्धकार र टीकाकारहरूमा भेदरेखा कोर्न ज्यादै कठिन छ । **याज्ञवल्क्यस्मृति**को मिताक्षरा टीकाका टीकाकार **विज्ञानेश्वर**लाई शङ्करीन्द्रको द्वैतनिर्णयमा सर्वोत्तम निबन्धकार मानिएको छ । यसो हो तापनि ती-ती नामबाट प्रसिद्ध टीकाकार एवं निबन्धकारहरूमध्ये मुख्य-मुख्य यसप्रकार छन् – नारदस्मृतिका टीकाकार- **असहाय**, गौतमस्मृतिका टीकाकार – **भर्तृयज्ञ**, याज्ञवल्क्यस्मृतिको बालक्रीडा टीकाका रचयिता – **विश्वरूप**, विष्णुधर्मसूत्रका भाष्यकार – **भारुचि**, स्मृतिनिबन्धका – **श्रीकर**, मनुस्मृतिका व्याख्याकार – **मेधातिथि**, भुजबलनिबन्धका रचयिता – **भोजदेव**, स्मृतिसमुच्चयका रचनाकार – **देवस्वामी**, धर्मशास्त्रसम्बन्धी महाग्रन्थका रचयिता – **जितेन्द्रिय**, व्यवहार एवं प्रायश्चित्तसम्बन्धी धर्मशास्त्रीय निबन्धकार – **बालक**, व्यवहार एवं कालसम्बन्धी ग्रन्थकार – **योगलोक**, याज्ञवल्क्यस्मृतिको मिताक्षरा भाष्यका रचयिता – **विज्ञानेश्वर**, कामधेनु आदि अलभ्य प्राचीन ग्रन्थका रचयिता – **गोपाल**, धर्मशास्त्रसम्बन्धी निबन्धकार – **हलायुध**, व्यवहारतिलक-कर्मानुष्ठानपद्धति-प्रायश्चित्तदीपक आदि ग्रन्थका रचयिता – **भवदेव**, मनुटीका एवं मनुस्मृति भाष्यका रचयिता – **गोविन्दराज**, कृत्यकल्पतरुका रचयिता – **लक्ष्मीधर**, कालविवेक, व्यवहारमातृका एवं दायभागका रचयिता – **जीमूतवाहन**, याज्ञवल्क्यस्मृतिका टीकाकार – **अपरार्क**, स्मृत्यर्थसारका रचयिता – **श्रीधर**, पारस्करगृह्यसूत्रका भाष्यकार – **हरिहर**, स्मृतिचन्द्रिकाका रचयिता – **देवण्यभट्ट**, हारलता, पितृदयिता एवं कर्मोपदेशिनीका रचयिता – **अनिरुद्ध**, आचारसागर, प्रतिष्ठासागर, दानसागर, अद्भुतसागर आदिका रचयिता – **बल्लालसेन**, आपस्तम्बगृह्यसूत्रको अनाकुला टीकाका टीकाकार – **हरदत्त**, चतुर्वर्गचिन्तामणि, श्राद्धकल्प, शौनकप्रणवकल्प आदिका रचयिता – **हेमाद्रि**, मनुस्मृतिको मन्वर्थमुक्तावली टीकाका टीकाकार – **कुल्लुकभट्ट**, आचारादर्शका रचयिता – **श्रीदत्त**, पितृभक्तिका टीकाकार – **कर्काचार्य**, स्मृतिरत्नाकर, विवादरत्नाकर, गृहस्थरत्नाकर, दानरत्नाकर, शुद्धिरत्नाकर, राजनीतिरत्नाकर, कृत्यचिन्तामणि, दानवाक्यावली आदि ग्रन्थका रचयिता – नेपाली विद्वान् **चण्डेश्वर ठाकुर**, स्मृतिसारका रचयिता – **हरिनाथ**, पराशरमाधवीय एवं कालनिर्णयका रचयिता – **माधवाचार्य**, मदनपारिजातका निबन्धकार – **विश्वेश्वरभट्ट**, मदनरत्न वा मदनप्रदीपका लेखक – **मदनसिंह**, दीपकलिका, एकादशीविवेक, तिथिविवेक, दत्तकविवेक, दुर्गोत्सवप्रयोगविवेक, दोलायात्राविवेक, प्रतिष्ठाविवेक, प्रायश्चित्तविवेक, रासयात्राविवेक, व्रतकालविवेक, शुद्धिविवेक, श्राद्धविवेक, संक्रान्तिविवेक एवं सम्बन्धविवेक गरी एघार अध्यायमा तयार गरिएको स्मृतिविवेकका रचयिता – **शूलपाणि**, शुद्धिविवेक, श्राद्धविवेक एवं वर्षकृत्यका रचयिता – **रुद्रधर**, विवादचन्द्र र पदार्थचन्द्रिकाका रचयिता – **मिसरु मिश्र**, आचारचिन्तामणि, शुद्धिचिन्तामणि, आह्निकचिन्तामणि, कृत्यचिन्तामणि, तीर्थचिन्तामणि, द्वैतचिन्तामणि, नीतिचिन्तामणि, व्यवहारचिन्तामणि एवं शूद्राचारचिन्तामणिका रचयिता – **वाचस्पति मिश्र**, नृसिंहप्रसादका रचयिता – **दलपति**, सरस्वतीविलासका निर्माता – **प्रतापरुद्रदेव**, शुद्धिकौमुदी, क्रियाकौमुदी, दानकौमुदी, श्राद्धकौमुदी, वर्षक्रियाकौमुदीका रचयिता – **गोविन्दानन्द**, स्मृतितत्त्व, दायभागभाष्य, तीर्थतत्त्व,

द्वादशयात्रातत्त्व, त्रिपुष्करशान्तितत्त्व, गयाश्राद्धपद्धति एवं रासयात्रापद्धतिका रचयिता – **रघुनन्दन**, अन्त्येष्टिपद्धति, त्रिस्थलीसेतु एवं प्रयोगरत्नका रचयिता – **नारायणभट्ट**, व्यवहारसौख्य, आचारसौख्य, श्राद्धसौख्य, दानसौख्य, विवेकसौख्य, प्रायश्चित्तसौख्य आदि ग्रन्थका रचयिता – **टोडरानन्द**, पराशरस्मृतिको विद्वन्मनोहरा टीका, मिताक्षराभाष्य, प्रमिताक्षरा, शुद्धिचन्द्रिका, श्राद्धकल्पतला, स्मृतिसिन्धु, तत्त्वमुक्तावलीटीका, वैजयन्ती, विष्णुधर्मसूत्रको भाष्य एवं दत्तकमीमांसाका रचयिता – **नन्दनपण्डित**, निर्णयसिन्धु, कमलाकरशान्तिरत्न, पूर्तकमलाकर, व्रतकमलाकर, प्रायश्चित्तरत्न, विवादताण्डव, बह्वृचाह्निक, गोत्रप्रवरदर्पण, कर्मविपाकरत्न, शूद्रकमलाकर, सर्वतीर्थविधि आदिका रचयिता – **कमलाकर भट्ट** आदि निबन्धकार, भाष्यकार एवं टीकाकारहरूले धर्मशास्त्रको वाङ्मयलाई समुन्नत एवं स्तरीय तुल्याएका छन् ।

कमलाकर भट्टपछि ईशवीय अठारौं शताब्दीसम्म पनि निरन्तर निबन्धग्रन्थ, भाष्यग्रन्थ एवं टीकाग्रन्थहरूको प्रणयनपरम्परा अग्रसारित भयो । त्यसलाई अग्रसारित गर्ने विशिष्ट व्यक्तित्वहरूमध्ये – संस्कारमयूख, आचारमयूख, कालमयूख, श्राद्धमयूख, नीतिमयूख, व्यवहारमयूख, दानमयूख, उत्सर्गमयूख, प्रतिष्ठामयूख, प्रायश्चित्तमयूख, शुद्धिमयूख एवं शान्तिमयूखजस्ता मयूखहरूमा आबद्ध **भगवन्तभास्कर**का रचयिता – **नीलकण्ठभट्ट**, लक्षणप्रकाश, व्यवहारप्रकाश आदि अनेकौं प्रकाशहरूमा निबद्ध वीरमित्रोदय र याज्ञवल्क्यस्मृतिभाष्यका रचयिता – **मित्रमिश्र**, संस्कारकौस्तुभ, आचारकौस्तुभ, राजधर्मकौस्तुभ, उत्सर्गकौस्तुभ, प्रतिष्ठाकौस्तुभ, तिथिकौस्तुभ, संवत्सरकौस्तुभसमेत सात प्रकरणमा आबद्ध स्मृतिकौस्तुभका रचयिता – **अनन्तदेव**, आचारेन्दुशेखर, आशौचनिर्णय, तिथीन्दुशेखर, तीर्थेन्दुशेखर, प्रायश्चित्तेन्दुशेखर, श्राद्धेन्दुशेखर, सपिण्डीमञ्जरी, सापिण्ड्यविवेक इत्यादि ग्रन्थहरूका रचयिता – **नागोजी भट्ट**, बालंभट्टी मिताक्षराभाष्यका रचयिता – **बालकृष्णभट्ट वा बालंभट्ट**, निर्णयसिन्धुमा वर्णन गरिएका विषयक्रमअनुसार प्रणीत धर्मसिन्धुका रचयिता – काशीनाथ उपाध्याय, विवादभङ्गार्णवका रचयिता – **जगन्नाथतर्कपञ्चानन**, निर्णयसिन्धुको कृष्णंभट्टी टीकाका रचयिता – **कृष्णंभट्ट** रहेका छन् । यी निबन्धग्रन्थ, भाष्यग्रन्थ र टीकाग्रन्थहरूद्वारा सजिएको धर्मशास्त्रीय वाङ्मय ज्यादै समृद्ध छ । हाम्रा धर्मशास्त्रीहरूले हिन्दूसमाजलाई धार्मिक, नैतिक र वैध विषयहरूमा एकसूत्रमा बाँधेर राख्ने प्रयास गरेका छन् ।

धर्मशास्त्रीहरूले प्रत्येक वर्ण र जातिका सदस्यहरूलाई समाजको अभिन्न अङ्ग मानेका छन् । व्यक्तिगत स्वत्वभन्दा सामाजिक स्वत्वलाई महत्त्व दिएका छन् । आदरणीय आचार्यहरूले त्यसो नगरेको भए हाम्रो समाज बाह्य आक्रमणका कारण छिन्न-भिन्न भइसक्ने थियो । धर्मशास्त्रीहरूले आर्यसभ्यता र संस्कृतिलाई बाह्य शासकहरूको कट्टर धार्मिक प्रभावबाट मुक्त राख्न सक्दो प्रयास गरे । यद्यपि केही धर्मशास्त्रका लेखकले तर्कको आधारमा पृथक्तावाद, भिन्नतावाद र पक्षपातको प्रदर्शन नगरेका होइनन् तर तिनीहरू स्वस्थ र एकतामा आधारित समाजको निर्माणमा समर्पित हजारौं आचार्यहरूका सामु सफल हुनसकेनन् । यस्ता केही कुराबाहेक हाम्रो धर्मशास्त्रको महासागरमा सर्वत्र रत्नै रत्न देखिन्छन् । सनातन संस्कृतिको रत्नाकर धर्मशास्त्र आज पनि हाम्रो समाजमा प्राचीनवाङ्मयका अन्य विधाभन्दा लोकानुबन्धी र लोकप्रिय भएर रहेका छन् ।[१९] तीमध्ये **कमलाकर भट्ट**को कालजयी रचना निर्णयसिन्धु नेपाली समाजद्वारा अत्यन्त समादृत छ ।

ॐ

१९. पूर्ववत्, पृ. ७-९७ ।

द्वितीय प्रभाग

निर्णयसिन्धुकार कमलाकर भट्ट, उनको योगदान र निर्णयसिन्धुको विषयवस्तु

२.१ कमलाकर भट्ट

वैदुष्यपूर्ण कुलपरम्परामा उत्पन्न कमलाकर भट्टका पिता, पितामह एवं प्रपितामह भारतको विद्यानगरी काशीका शिरोमणि घरानाका सदस्यका रूपमा विख्यात थिए । यिनका प्रपितामह **रामेश्वर भट्ट** दक्षिणभारतको प्रतिष्ठानपुरबाट सर्वप्रथम काशी आइपुगेका थिए । रामेश्वर भट्टका सुपुत्र श्रीनारायण भट्ट भारतीय इतिहासका स्मरणीय विद्वान् पुरुषका रूपमा प्रसिद्ध थिए । नारायणभट्टको समयमा भारतको राजनीतिक परिस्थिति राम्रो थिएन । त्यसबेला भारतमा हुमायूँ र शेरशाह शासन गर्दै थिए । मुगलसत्ताको सूर्य चम्किरहेको थियो । सनातनसंस्कृतिमा संकटको बादल लागिरहेको थियो । त्यस्तो संकटपूर्ण अवस्थामा पनि काशीदेखि लिएर मिथिला हुँदै बङ्गालसम्मका विशिष्ट विद्वान्हरू निर्भीकतापूर्वक धर्मशास्त्रका निबन्धग्रन्थहरूको रचना गरिरहेका थिए । भारतीय राजा एवं सामन्तहरू यस्ता विद्वान्हरूको आदर-कदर गर्न पछि पर्दैनथे ।

यसै बेला भारतको रत्नगर्भा भूमि बंगालमा गौडसम्प्रदायका शिरोमणि व्यासका दोस्रा अवतार विद्वान् **रघुनन्दनभट्टाचार्य** पैदा भए । उनले आफ्नो प्रज्ञामय जीवनमा **स्मृतितत्त्वनामक** महान् ग्रन्थको रचना गरेर पौरस्त्यविद्वत्सम्प्रदायबाट स्मार्तभट्टाचार्य भन्ने उपाधि प्राप्त गरेका थिए । यता दाक्षिणात्यसमुदायले र तत्कालीन शासकहरूले फेरि महागुरु नारायणभट्टलाई जगद्गुरुको उपाधि प्रदान गरी अग्रपूजा गरे । यद्यपि त्यसबेला दाक्षिणात्य, मैथिल र बंगभूमिका विद्वान्हरूले हजारौं निबन्धग्रन्थहरूको रचना गरी ग्रन्थहरूका खात लगाएका थिए तापनि बंगभूमिका विशिष्ट विद्वान् रघुनन्दनभट्टाचार्यसँग तुलना गर्न योग्य विद्वान् नारायणभट्टमात्रै थिए । **नारायणभट्ट** स्मृति र पुराणहरूका संग्राहकमात्र नभई मीमांसक र कुशल कर्मकाण्डी पनि थिए । दिव्यतत्त्वका उपासक र सनातन धर्मावलम्बीहरूका आश्रयका रूपमा रहेका **नारायणभट्टले** भगवतीको आराधनाबाट चमत्कारपूर्ण सिद्धि प्राप्त गरे । उनले आफ्नो वृद्धावस्थामा बाह्र वर्षसम्म अनिकाल पर्दा तपोबलद्वारा वृष्टि गराएर जमिनलाई हराभरा तुल्याए र जनताको भरण-पोषण गरे । उनको यस गुणबाट तत्कालीन मुगलसम्राट् अकबर प्रसन्न हुँदा **नारायण भट्टले** मुस्लिमहरूद्वारा विध्वंस गरिएको काशी विश्वनाथमन्दिरको ठांउँमा अर्को विश्वनाथमन्दिर बनाउने आज्ञा प्राप्त गरे । यसरी शास्त्र, धर्म, संस्कृति र विद्याको रक्षामा भट्टकुलको अवदात योगदान रहेको देखिन्छ ।

उनका सुपुत्र **रामकृष्ण भट्ट** ग्रन्थकार र विद्वान् थिए । उनले पनि आफ्नो पिताकै सरणिबाट आफ्नो कुलको नाम चारैतिर फैलाए। सम्पूर्ण शास्त्रको आलोडन गरी र अनेकौं ग्रन्थ दिएर आर्यवाङ्मयको समृद्धिमा योगदान गरे।

२.२ कमलाकर भट्टको योगदान

रामकृष्ण भट्टका सुपुत्र **कमलाकर भट्ट** लौकिक एवं वैदिक कर्मकाण्ड, ज्योतिष, धर्मशास्त्र, न्याय,

मीमांसा, व्याकरण र साहित्यशास्त्रका पारदर्शी विद्वान् थिए। कमलाकर भट्टको समयभन्दा पहिले हजारौं निबन्धकार विद्वान्हरू पैदा भइसकेका थिए। उनले ती सबै विद्वान्हरूका निबन्धग्रन्थहरूको अध्ययनका साथै वेद, वेदाङ्ग, धर्मशास्त्र, मीमांसा आदि ग्रन्थहरूको पारदर्शी अध्ययन गरी आफूलाई अद्वितीय विद्वान्का रूपमा चिनाए। त्यसबेला भारतीय समाज पौरस्त्य, दाक्षिणात्य, औदीच्य र पाश्चात्य गरी क्षेत्रीय भावनामा बाँडिँदै गएको थियो। ती विद्वान्ले लेखेका ग्रन्थहरू पनि दिशा र क्षेत्रीयताका आधारमा मात्र हेरिन्थे। कमलाकर भट्टले सम्पूर्ण भारतीय संस्कृतिलाई एकरूपता प्रदान गरी संरक्षण गर्नको लागि हिमालयदेखि कन्याकुमारीसम्म र कच्छदेखि कामरूपसम्मको एउटै समाज बनाउने उद्देश्यले सबैका निमित्त उपयोगी हुने गरी ग्रन्थरत्न निर्णयसिन्धुको प्रणयन गरे।

छितरिएर रहेको समाजलाई धार्मिक दृष्टिले एकजूट बनाउने काममा कमलाकर भट्टको रचना निर्णयसिन्धुको अप्रतिम योगदान रहेको थियो, रहेको छ र रहने पनि छ। उनी नीर-क्षीरविवेकी विद्वान् थिए। यिनले न त सङ्क्षिप्त कुरा गरे न त अनावश्यक विस्तार गरे। हित-परिमित वाक्यहरूको प्रयोग गरी उनले आफ्नो अगाध पाण्डित्यको सागर निर्णयसिन्धुको प्रणयन गरेका थिए। निर्णयसिन्धु समाजमा प्रकाशित भएपछि कमलाकर भट्टभन्दा पूर्ववर्ती निबन्धग्रन्थकार हेमाद्रि, माधव, रघुनन्दनभट्टाचार्य, टोडरानन्द, पृथ्वीचन्द्रोदयका निबन्धकार सबैलाई उनले आफ्नो कृतिमा विलीन गराए। उनको विद्वत्ताको झलक निर्णयसिन्धुमा प्रस्तुत ग्रहणनिर्णय, जन्माष्टमीनिर्णय, नवरात्रनिर्णय र श्राद्धनिर्णयमा देख्न सकिन्छ। यिनले अनावश्यक र अनुपयोगी सिद्धान्तहरूलाई खण्डन गर्न कत्ति पनि सङ्कोच मानेनन् र स्वस्थ समाजको रचनामा शास्त्रीय एकताको र शास्त्रीय शुद्धिको योगदान हुन्छ भन्ने कुरा आफ्नो क्रियाकलापबाट संसारलाई देखाए।

उनकै समयमा जहाँगीर भारतका बादशाह भइसकेका थिए। उनले जहाँगीरलाई आफ्ना पिता अकबरको श्राद्ध गर्न अभिप्रेरित गरे। कमलाकर भट्टद्वारा प्रेरित भएका बादशाह जहाँगीरले पनि आफू मुस्लिम धर्मावलम्बी भए तापनि निर्णयसिन्धुकै विधिबाट पिताको श्राद्ध गरी दान-पुण्य दिएर श्राद्धकै दिन हजारौं कैदीहरूलाई जेलबाट मुक्त गराए। यसरी स्वधर्ममा रहेका नरनारीहरूका साथै विधर्मीहरूको पनि हृदयपरिवर्तन गर्न समर्थ कमलाकर भट्टको योगदान कसैसँग तुलनीय हुनसक्दैन। कमलाकर भट्टले आफ्ना प्रपितामहदेखि चल्दै आएको भट्टवंशको विद्वत्परम्परालाई आफूमा आएर जाज्वल्यमान बनाए। यीपछि पनि यिनका छोरा-नातिहरू भट्टकुलकै ज्योति बनेर रहे र उनीहरूले पनि आफ्ना पिताको मार्ग अपनाएर सैकडौं ग्रन्थरत्न संसारलाई दिए। कमलाकर भट्टले आफ्नो जीवनकालमा निर्णयसिन्धु, शान्तिकमलाकर वा शान्तिरत्न, शूद्रकमलाकर वा शूद्रतत्त्व, व्रतकमलाकर, पूर्तकमलाकर, दानकमलाकर, तीर्थकमलाकर, नीतिकमलाकर, तत्त्वकमलाकर वा शास्त्रतत्त्वकौतुक, संस्कारकमलाकर, सर्वशास्त्रार्थनिर्णय, कलिधर्मनिर्णय, कर्मविपाकरत्न, कार्तवीर्यपद्धति, आह्निकलोपप्रायश्चित्त, त्रिपिण्डीविधि, गोत्रप्रवरदर्पण, प्रायश्चित्तरत्न, व्यवहाररत्न, सोमयागप्रयोग, आह्निक र रुद्रपद्धतिका साथै वेदान्तकौतुक, वेदान्तरत्न, शास्त्रदीपिका, तन्त्रवार्तिकटीका, मीमांसाकुतूहल, भक्तिरत्न, काव्यप्रकाशटीका, रामकौतुककाव्य र रामादर्शकुतूहलकाव्य लेखेर भगवती भारतीको भण्डारलाई अमर तुल्याए।[२०]

२.३ निर्णयसिन्धु वा निर्णयकमलाकर एक अनुपम कृति

विद्वत्ता, परिश्रम र शास्त्रीय सौन्दर्यको प्रतीक ग्रन्थ निर्णयसिन्धु एउटा प्रामाणिक ग्रन्थ हो। यसमा

२०. अनुवादक दौलतराम गौड, निर्णयसिन्धुः, भूमिकाभाग, प्रकाशक ठाकुरप्रसाद पुस्तक भण्डार, कचौडी गल्ली, वाराणसी, वि.सं. २०५७, पृ. २-६।

सयभन्दा बढी स्मृतिहरूको संग्रह गरिएको छ । तीन सयभन्दा बढी निबन्धकारहरूका मतहरू सङ्कलन गरिएका छन् । विविध धार्मिक कृत्यहरूको लागि उचित समयको विषयमा निर्णायक मत प्रदान गर्नु नै यसको प्रमुख विषय हो । यसमा सौर आदि मास, चान्द्रमासका चार प्रकार, संक्रान्ति कृत्य एवं दान, मलमास, क्षयमास, तिथि विषयमा आधारित शुद्धा एवं विद्धा तिथिका भेदहरू, वर्ष दिनका व्रत एवं उत्सव, गर्भाधान आदि सोह्रसंस्कार, सपिण्डसम्बन्ध, मूर्तिप्रतिष्ठा, बीजवपन, क्रय आदि मुहूर्त, श्राद्ध, आशौच, मृत्युपरान्त कृत्य, सतीकृत्य, संन्यासजस्ता मुख्य विषयहरूको वर्णन गरिएको छ । यसको रचना ईस्वी सन् १६१२ मा भएको हो ।

कमलाकरभट्टद्वारा प्रणीत उक्त निर्णयसिन्धुग्रन्थ हेमाद्रि र माधवको मतमा आधारित छ । यसमा कालनिरूपण, विविध धार्मिक कृत्यहरूको उचित कालमा सम्पादन, चान्द्र एवं सौरमास, संक्रान्तिकृत्य एवं दान, मलमास एवं क्षयमास, शुद्धा एवं विद्धा तिथि, व्रत, वर्षभरका व्रत एवं उत्सव, गर्भाधानदेखि अन्त्येष्टिसम्मका संस्कार, सापिण्ड्यसम्बन्ध, मूर्तिप्रतिष्ठा, विविधमुहूर्त, श्राद्ध, जननाशौच एवं मरणाशौच मृत्युपछिका कृत्य, सतीकृत्य एवं संन्याससम्बन्धी विषयको वर्णन गरिएको छ । यद्यपि यो ग्रन्थ धर्मशास्त्रको समग्र स्वरूपलाई लिएर तयार गरिएको होइन तापनि यसले हिन्दूजीवनका प्रमुख धार्मिक एवं सांस्कृतिक समस्याहरूलाई लिएर ऊहापोह गरेको छ । यसर्थ पनि यो ग्रन्थ हिन्दूसमाजमा ज्यादै लोकप्रिय छ ।

२.४ निर्णयसिन्धुको विषयवस्तु

कालनिर्णायक प्रथम परिच्छेद

निर्णयसिन्धुको कालनिर्णायक प्रथम परिच्छेदमा कालका भेद, दिवस, पक्ष, मास, ऋतु, अयन, संवत्सर, संवत्सरका भेद, चान्द्रमास, सौरमास, चान्द्र-सौरमासका कृत्य, क्षयमास, अधिकमासको स्वरूप, क्षयादिमासका कृत्याकृत्य, तिथिस्वरूप, तिथिभेद, भद्रा, प्रदोष, नक्त-अयाचित एवं उपवास, व्रत र व्रतका भेद, व्रतमा अग्राह्य क्षार एवं आमिष, तिथिनिर्णय, एकादशीनिर्णय, इष्टिकाल, प्रकृति इष्टि एवं विकृति इष्टि, पिण्ड-पितृयज्ञको उपादेयता, निरग्निक एवं साग्निकका लागि अमावास्यानिर्णय, ग्रहणनिर्णय एवं समुद्रस्नानविधिजस्ता मुख्य विषय रहेका छन्।

वर्षकृत्यनिर्णायक द्वितीय परिच्छेद

वर्षकृत्यनिर्णायक द्वितीय परिच्छेदमा चैत्रशुक्लादि क्रमले सम्पूर्ण मासकृत्य बताउने क्रममा शुक्लादि एवं कृष्णादि मासारम्भ तथा वर्षारम्भ निरूपण गरी चैत्रशुक्ल नवमी - रामनवमी, दमनोत्सव, अनङ्गव्रत आदि विषयमा प्रकाश पारिएको छ । वैशाखमास निरूपण गर्ने क्रममा वृषसंक्रान्ति, वैशाखस्नान, धर्मघटदान, परशुरामजयन्ती, गङ्गोत्पत्ति, विष्णुपूजा, नृसिंहजयन्ती एवं उदककुम्भ आदि दानको विषयमा निरूपण गरिएको छ ।

ज्येष्ठमासशीर्षकमा ज्येष्ठशुक्ल तृतीयामा गरिने रम्भाव्रत, दशहराव्रत, ज्येष्ठमा मलमास पर्दा गर्नुपर्ने कृत्यको निरूपणका साथै सावित्रीव्रत आदिको विषयमा निर्णय प्रदान गरिएको छ ।

आषाढमास मिथुनसंक्रान्तिको निरूपण गर्दै आषाढशुक्ल द्वादशीमा गरिने विष्णु शयनोत्सव, चातुर्मास्यव्रतारम्भ, व्रतविधि, चातुर्मास्यमा भक्ष्याभक्ष्यविवेक, आमिषपरिगणना, हविनिरूपण, व्रतअनुसारका दान, तप्तमुद्राधारण, कोपिलाव्रत, शिवशयनोत्सव एवं व्यासपूजासँग सम्बद्ध विषयहरूमा निर्णय प्रदान गरिएको छ ।

श्रावणमासशीर्षकमा कर्कटसंक्रान्तिको विवेचन गर्दै नदीहरूको रजोदोष, महानदी, सात नद, नदीविशेषमा रजोदोषको अभाव, मधुस्रवा तृतीयाका विशेषता, शुक्लद्वादशीमा गरिने दधिव्रत एवं पवित्रारोपण, शिवपवित्रारोपण,

अन्य देवी-देवताको पवित्रारोपण, पवित्रनिर्माणविधि, उपाकर्म, उत्सर्जन, ऋषिपूजन, रक्षाबन्धन, हयग्रीवको उत्पत्ति, अशून्यव्रत आदि विषयको विवेचन र आवश्यक निर्णय प्रस्तुत गरिएको छ ।

भाद्रमासशीर्षकमा सिंहसंक्रान्ति, सिंहस्थसूर्यमा गाईले बच्चा जन्माएमा गोप्रसवशान्ति, कज्जली, बहुला, भाद्रकृष्ण तृतीया, हलषष्ठी, शीतलाव्रत, जन्माष्टमी, जयन्ती एवं जन्माष्टमीसम्बन्धी विशेष विवेचन, कुशी अमावास्या, हरितालिकाव्रत, सिद्धिविनायकव्रत, ऋषिपञ्चमी, सूर्यषष्ठी, मुक्ताभरणसप्तमी, दूर्वाष्टमी, ज्येष्ठाव्रत, विष्णुपरिवर्तनोत्सव, वामनद्वादशीव्रत, दुग्धव्रत, अनन्तव्रत, अगस्त्यार्घ्य, नान्दीमुखश्राद्ध आदि महत्त्वपूर्ण विषयहरूको निरूपण एवं विवेचनका साथै यथास्थानमा आवश्यक निर्णय दिइएको छ ।

आश्विनमासशीर्षकमा कन्यासंक्रान्ति, महालयश्राद्ध, महालयसम्बन्धी विविध विषयको निरूपण, महालयको फल, भरणीश्राद्ध, कपिलाषष्ठी, चन्द्रषष्ठी, माघ्यावर्षश्राद्ध, महालक्ष्मीव्रत, अन्वष्टकाश्राद्ध, गजच्छाया, नवरात्र एवं नवरात्रका विविध कृत्य, लौहाभिसारिक कर्म, शतचण्डीविधि, सहस्रचण्डीविधि, नवरात्रपारणा, विजयादशमी, कोजाग्रत पूर्णिमामा लक्ष्मीपूजन, आश्वयुजीकर्म, आग्रयण आदि मुख्य विषयको वर्णनका साथै आवश्यक निर्णयहरूको निरूपण गरिएको छ ।

कार्तिकमासशीर्षकमा तुलासंक्रान्ति, कार्तिकस्नान, कार्तिकमा त्याज्यपदार्थ, आकाश-दीपदान, करकचतुर्थी, गोवत्सद्वादशी, यमदीपदान, नरकचतुर्दशी, दीपमालिका, लक्ष्मीपूजन, अलक्ष्मीनिस्सारण, भीष्मतर्पण, गोक्रीडन, बलिपूजन, मार्गपालीबन्धन, यमद्वितीया, यमपूजन, विष्णत्रिरात्रव्रत, भीष्मपञ्चकव्रत, चातुर्मास्यव्रत समाप्ति, विष्णुप्रबोधोत्सव, वैकुण्ठचतुर्दशी, कार्तिकपूर्णिमा, त्रिपुरोत्सव, कार्तिकेय दर्शन आदि विषयको वर्णन गर्दै यथास्थानमा आवश्यक निर्णय प्रस्तुत गरिएको छ ।

मार्गशीर्षमासशीर्षकमा वृश्चिकसंक्रान्ति, कालाष्टमी, चम्पाषष्ठीव्रत, स्कन्दषष्ठीव्रत, पिशाचमोचनीश्राद्ध, दत्तजयन्ती, अन्वष्टकाश्राद्ध एवं अष्टकाश्राद्धनिर्णय, रविवारव्रत आदि विषयको निरूपण गरिएको छ ।

पौषमासशीर्षकमा धनुसंक्रान्ति, पौषशुक्लाष्टमी र योगविशेषमा गरिने कृत्य, रोहिणी एवं आर्द्राको योगविशेष, पौषशुक्ल एकादशी, पौषपौर्णमासी, अर्धोदययोग आदि विषयमा आधारित निर्णय उपस्थापित गरिएको छ ।

माघमासशीर्षकमा मकरसंक्रान्ति, माघस्नानविधि एवं नियम, स्नानोत्तर कर्म, अर्धोदययोग, कुन्दचतुर्थी, श्रीपञ्चमी, रथसप्तमी, भीष्माष्टमी, भीष्मद्वादशी, माघीपूर्णिमा, माघ्यष्टका आदि विषयमा विवेचनपूर्वक निर्णय प्रस्तुत गरिएको छ ।

फाल्गुनमासशीर्षकमा कुम्भसंक्रान्ति, सीताष्टमी, महाशिवरात्रिव्रत, शिवरात्रिपारणा, प्रतिमास शिवरात्रि, माघी अमावास्या, होलिका, गोविन्ददोलोत्सव आदि विषयमा आधारित निर्णय उपस्थापित गरिएको छ । उक्त शीर्षकअन्तर्गत नै चैत्रकृष्णप्रतिपदा, वसन्तोत्सव, आम्रकुसुमप्राशन, चैत्री-अमावास्या आदि विषयमा आधारित विषय समाहित गरिएका छन् ।

संस्कारनिर्णायक तेस्रो परिच्छेद

संस्कारनिर्णायक एवं प्रकीर्णनिर्णायक तेस्रो परिच्छेदको पूर्वार्द्धमा तल लेखिएका विषय प्रतिपादन गरिएका छन् – प्रथम रजोदर्शनमा तिथि, नक्षत्र आदिको फल, प्रथम ऋतुमा कर्तव्यविशेष र द्वितीय आदि रजोदर्शनका नियम, रजस्वलाका नियम, सहवाससम्बन्धी विविध नियम, पुंसवनसंस्कार, सीमन्तोन्नयनसंस्कार, गर्भिणी र उनका पतिद्वारा पालन गर्नुपर्ने नियम, जातकर्मविधि, वृद्धिश्राद्ध, दुष्टजन्ममा शान्ति, दन्तोत्पत्तिफल, दत्तकग्रहणविधि,

सूतिकास्नान, नामकर्म, दोलारोहण, कर्णवेध, निष्क्रमण, अन्नप्राशन, जन्मोत्सव, चौलसंस्कार, शिखाधारण, स्त्रीसंस्कार, उपनयन, नपुंसक, मूक र बधिरको संस्कार, संस्कारलोप र प्रायश्चित्त, ब्रह्मयज्ञारम्भ, यज्ञोपवीतधारणविधि एवं निर्माणविधि, ब्रह्मचारीका कर्तव्याकर्तव्य, ब्रह्मचारी धर्मलोप भएमा प्रायश्चित्त, नारीहरूको उपनयन, अनध्यायको परिगणना, समावर्तनसंस्कार, स्नातकका नियम, विवाहका लागि कन्याको परीक्षा, सापिण्ड्यनिर्णय, गोत्रप्रवरनिर्णय, दुई गोत्रप्रवर निर्णय, कन्याविवाहकाल, विवाहयोग्य मास, कन्याको वैधव्ययोग, कुम्भविवाह, गान्धर्व आदि आठ विवाह, विवाहमा वर्जित नक्षत्र एवं वार, विवाहमण्डप निर्माण, अङ्कुरार्पणविधि, लग्नघटीस्थापना, मधुपर्कविधि, कन्यादान, द्विरागमन, पुनर्विवाह, अर्कविवाह, अग्निहोत्रकर्म, शूद्रसंस्कार आदि ।

तृतीयपरिच्छेदकै उत्तरार्द्धमा प्रकीर्णनिर्णायक मूलशीर्षकअन्तर्गत क्षुद्रकाल शीर्षकमा निम्नअनुसारका मुख्य विषयको निरूपण गरिएको छ – कुवा र पोखरी निर्माण गर्ने समय, निर्मित कुवा आदिको उत्सर्गविधि, वृक्षारोपण, मूर्तिप्रतिष्ठाकाल, प्रतिमानिर्णय, पञ्चसूत्रीविधि, शङ्खशालग्रामपूजा, रुद्राक्षधारण, एकमुखी आदि रुद्राक्षको धारणफल, पाञ्चायन देवताको स्थापनाप्रकार, देवप्रतिष्ठा, लिङ्गपरीक्षा, प्राणप्रतिष्ठा, जीर्णोद्धार, कृषिकर्म, वस्त्रपरिधान, अलङ्कारधारण, स्वामिसेवा, क्रय-विक्रय निर्णय, सेतुबन्धन, मुद्रानिर्माण, नौकानिर्माण, नवान्नमुहूर्त, स्वस्ति-शान्ति, ज्वरादिफल, औषधिग्रहण, आरोग्यस्नान, दन्तधावन, प्रोषितभर्तृका नारीका नियम, आमलकीस्नान, गृहारम्भ, गृहप्रवेश र कलिवर्जित विषय आदि ।

श्राद्धनिर्णायक चतुर्थपरिच्छेद

चतुर्थपरिच्छेदमा श्राद्धको विषयमा गहन विचार प्रस्तुत गरी विविध पक्षमा आधारित निर्णय प्रस्तुत गरिएको छ । ग्रन्थकारको भनाइअनुसार तेस्रो परिच्छेदको उत्तरार्ध मानिएको यस चतुर्थपरिच्छेदको मुख्य विषय श्राद्ध नै हो । यसमा श्राद्धलक्षण, श्राद्धभेद, घृतश्राद्ध, श्राद्धदेश, गयाश्राद्ध, सात गोत्र, श्राद्धका निमित्त निषिद्ध गरिएका देश, श्राद्धकाल, नवान्नश्राद्ध, विविध योगमा गरिने श्राद्ध र श्राद्धका अधिकारीको विषयमा चर्चा गरिएको छ । यसैगरी उक्त परिच्छेदमा बाह्र प्रकारका पुत्र, सपिण्डनका अधिकारी, पुत्रको श्राद्ध गर्ने कार्यमा पितालाई अनधिकार, ब्रह्मचारीद्वारा माता-पिताको श्राद्ध, अंशबण्डा नभएका दाजु-भाइद्वारा गरिने श्राद्ध, स्त्री र शूद्रद्वारा गरिने श्राद्ध, राजकाजका मानिसहरूद्वारा गरिने श्राद्ध र यवन आदिद्वारा गरिने श्राद्धको विषयमा प्रकाश पारिएको छ ।

उक्त सरणिबाट नै श्राद्धका देवता वसु, रुद्र, आदित्यको स्वरूप, ब्राह्मण आदि वर्णका पितृदेवताहरू, विश्वेदेव, श्राद्धका भेद, श्राद्धका उत्तम ब्राह्मण, मध्यमब्राह्मण र निन्दित ब्राह्मण, गयाका ब्राह्मणको प्रशंसा, श्राद्धमा ब्राह्मणनिमन्त्रण, ब्राह्मणसंख्या, श्राद्धकर्ता र भोक्ताका नियम, श्राद्धका पदार्थ, श्राद्धको हवि अथवा अन्न, कलियुगमा श्राद्धमा मांस र मधुको निषेध, श्राद्धमा वर्जित पदार्थ, श्राद्धमा जल, आठ प्रकारका कुतुप, सात प्रकारका पवित्र वस्तु, वर्जनीय विषय, शूद्रद्वारा गरिने आमश्राद्ध, श्राद्धारम्भकाल, श्राद्धसम्पादनविधि, गोत्र-नाम उच्चारणका नियम, सङ्कल्पमा विभक्तिविचार, श्राद्धमा नैवेद्य, श्राद्धीय मन्त्रहरूमा ऊहविचार, श्राद्धसम्पादनका सङ्कल्पदेखि लिएर पूजासम्मको प्रक्रिया, श्राद्धका पुष्प, श्राद्धमा गरिने विविध दान, श्राद्धका भोजनपात्र, अग्नौकरण, पाणिहोम, भोजनपरिवेषण, पात्रालम्भन, अभिश्रवणीय मन्त्र, भोजनकालमा ब्राह्मणका नियम र विविध प्रायश्चित्त, श्राद्धविघ्नमा श्राद्धको पुनरावृत्ति, तृप्तिप्रश्न, विकिरदान, पिण्डदान, अष्टाङ्ग, पिण्डप्रमाण, पिण्डपूजन, पिण्डप्रतिपत्ति, उच्छिष्टोद्वासन, श्राद्धका अनुकल्प, आमान्नद्वारा श्राद्ध गर्ने विधि, सुवर्णद्वारा श्राद्ध गर्ने विधि, साङ्कल्पिकश्राद्ध, श्राद्धभोजन गरेपछि गर्नुपर्ने प्रायश्चित्त, एकोद्दिष्टश्राद्ध, मृततिथिनिर्णय, संन्यासीहरूको श्राद्ध, पार्वणश्राद्ध, अमावास्याश्राद्ध, महालय-

युगादिश्राद्धको निर्णय, एकैचोटि मरेका मानिसहरूको श्राद्ध, सती भई मरेका नारीहरूको श्राद्ध, एकैचोटि श्राद्धको सम्पात, श्राद्धाङ्गतर्पण, वृद्धिश्राद्ध, तीर्थश्राद्ध, मलमासमा तीर्थश्राद्ध इत्यादि विषयको गम्भीर विवेचन गरी विधिसम्बन्धी निर्णय प्रस्तुत गरिएको छ ।

आशौचनिर्णायक पञ्चमपरिच्छेद

यस परिच्छेदमा आशौचको विषयमा गहन विचार प्रस्तुत गरिएको छ । उक्त परिच्छेदमा गर्भस्रावको आशौच, गर्भपातको आशौच, बालकजन्म, सूतिकाशुद्धि, सूतिकाको कर्ममा अधिकार, मृताशौच, विविध अवस्थामा मरेका शिशुहरूको आशौच, शिशु-बाल-कुमार-पौगण्ड आदिको लक्षण, जात्याशौच, विविध सम्बन्ध र आशौच, शवद्वारा दूषित भएको घरको शुद्धि, सिङ, दाह्रा हुने जन्तु र सर्प आदिद्वारा मरेका व्यक्तिको सद्गतिका निमित्त गर्नुपर्ने प्रायश्चित्त, मरेका मानिसलाई मसानघाट पुऱ्याउने र उदकदान दिने आदि कार्य गरेवापत लाग्ने आशौच, ब्रह्मचारीद्वारा शवकर्म गरिएमा गर्नुपर्ने प्रायश्चित्त, आशौचीको अन्न भोजन गर्दा गर्नुपर्ने प्रायश्चित्त, अग्निहोत्रीको शवदाहनिर्णय, अतिक्रान्ताशौच, आशौचसम्पात, आशौचका विभिन्न अपवादहरू जस्तै - कर्ताबाट हुने आशौचको अपवाद, कर्मबाट हुने आशौचको अपवाद, द्रव्यबाट हुने आशौचको अपवाद, मरेका मानिसको दोषका कारण हुने आशौचको अपवाद, विधिद्वारा हुने आशौचको अपवाद, नारायणवलि, पतितलाई उदकदान दिने विधि, सर्पको संस्कार, जीवित मानिसको अन्त्यकर्म, घटस्फोटविधि, पतितलाई भित्र्याउने विधि, आसन्नमरणमा मानिसहरूद्वारा गरिने मोक्षधेनु, पापधेनु, वैतरणी आदिको दान, दशदान, मर्न लागेको मानिसका निमित्त मधुपर्कदान, नराम्रो किसिमले मरेमा प्रायश्चित्त, घरबाट लाश मसानघाट लैजाँदा पूर्व-पश्चिम आदि दिशाको नियम, शवसंस्कारविधि, शवदाह निर्णय, आशौच बार्नेहरूका नियम, अस्थिसञ्चयन, नवश्राद्ध, एघारौं दिनको कर्म, वृषोत्सर्ग, पददान, शय्यादान, जलकुम्भदान, सोह्रश्राद्धको विधि, ऊनमासिकनिर्णय, सपिण्डीकरणश्राद्ध, पाथेयश्राद्ध, पञ्चकमरण, त्रिपादनक्षत्रमा मरण, त्रिपुष्करमा मरण, मसानघाटमा पुऱ्याएपछि जीवित हुनेका लागि प्रायश्चित्त, ब्रह्मचारीको मरणमा प्रायश्चित्त, कुष्ठीको मरणमा प्रायश्चित्त, आठ किसिमका महारोग, रजस्वलामरणमा प्रायश्चित्त, सूतिकामरणमा प्रायश्चित्त, गर्भिणीमरणमा प्रायश्चित्त, अन्वारोहण, विधवाधर्म, संन्यासनिर्णय, संन्यासविधि, संन्यासीहरूका कर्म, सावित्रीप्रवेश, विरजाहोम, भिक्षाविधि, संन्यासीको पतनका कारण, संन्यासीका पात्र, संन्यासीका निमित्त निषिद्ध कर्म, आतुरसंन्यासविधि र संन्यासीको अन्त्येष्टिकर्मजस्ता विषय प्रस्तुत गरिएका छन् ।

तृतीय प्रभाग

निर्णयसिन्धुको प्रथम परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

३.१ कालनिरूपण

कालनिरूपण निर्णयसिन्धुको प्रमुख विषय हो । कालनिर्णयको आरम्भमा त्यहाँ भनिएको छ – **'तत्र सङ्क्षेपतः कालः षोढा – अब्दः, अयनम्, ऋतुः, मासः, पक्षः, दिवसश्चेति'** । उक्त भनाइको अर्थ हो सङ्क्षेपमा वर्ष, अयन, ऋतु, मास, पक्ष र दिन गरी काल ६ प्रकारको हुन्छ । यो अतिसूत्रात्मक निरूपण हो । वेददेखि लिएर निबन्धग्रन्थसम्म गरिएको कालसम्बन्धी विवेचनको अनुशीलन गरी संग्रह गर्ने हो भने कालको विषयमा महाभारत नै तयार हुन्छ । समग्र ज्योतिषशास्त्र कालकै व्याख्यान हो । काललाई परमात्माको रूपमा प्रतिपादन गरिएका शास्त्रीय अभिव्यक्तिका साथै वैशेषिकदर्शनअनुसार समय भन्ने अर्थ बुझाउने छैठौं द्रव्यका रूपमा रहेका कालका एकाईहरूको निरूपण संस्कृतवाङ्मयको अठार वा चौध विद्यामध्ये एक हो । तर यो कलेवरका हिसाबले सर्वाधिक विशाल छ ।

काललाई क्रिया, गति र परिवर्तन उत्पन्न गर्ने शक्तिको रूपमा स्वीकार गरिएको छ । यसका संख्या, परिमाण, पृथकत्व, संयोग र विभाग नामक पाँच गुण मानिएका छन् । समय र परमात्मा दुवै रूपमा रहेका कालको वर्णन गर्दै हारीतले भनेका छन् –

कालस्तु त्रिविधो ज्ञेयोऽतीतोऽनागत एव च । वर्तमानस्तृतीयस्तु वक्ष्यामि शृणु लक्षणम् ।।
कालः कलयते लोकं कालः कलयते जगत् । कालः कलयते विश्वं तेन कालोऽभिधीयते।।
कालस्य वशगाः सर्वे देवर्षिसिद्धकिन्नराः । कालो हि भगवान् देवः स साक्षात् परमेश्वरः ।।
सर्गपालनसंहर्ता स कालः सर्वगः समः । कालेन कल्यते विश्वं तेन कालोऽभिधीयते ।।
येनोत्पत्तिश्च जायेत येन वै कल्प्यते कला । सोऽन्तवच्च भवेत् कालो जगदुत्पत्तिकारकः ।।
यः कर्माणि प्रपश्येत प्रकर्षे वर्तमानके । सोऽपि प्रवर्तको ज्ञेयः कालः स्यात् प्रतिपालकः।।
येन मृत्युवशं याति व्यक्तं येन जयं व्रजेत्। संहर्ता सोऽपि विज्ञेयः कालः स्यात् कलनापरः।।
कालः सृजति भूतानि कालः संहरते प्रजाः । कालः स्वपिति जागर्ति कालो हि दुरतिक्रमः ।।[२१]

– काल अतीत, भविष्य र वर्तमान गरी तीन प्रकारको हुन्छ भनी अवगत गर्नुपर्दछ । कालले लोकको गणना गर्दछ, कालले जगत्को गणना गर्दछ, कालले विश्वको गणना गर्दछ त्यसैले काललाई कालशब्दबाट सम्बोधन गरिन्छ । सबै देवता, ऋषि, सिद्ध र किन्नर कालको अधीनमा रहेका हुन्छन् । काल स्वयं देवता हो र साक्षात्परमेश्वरको स्वरूप हो । कालले नै सृष्टि, पालन र संहार गर्दछ । यो काल सर्वत्र समानरूपमा रहेको हुन्छ। कालबाट नै विश्वको परिकल्पना गरिन्छ । जगत्लाई उत्पन्न गर्ने कालले जगत्को अवसान पनि गराउँछ । सम्पूर्ण

२१. हारीतस्मृतिः, प्रथमस्थानम्, अध्याय ४ ।

कर्मलाई सम्पन्न गर्ने वर्तमान अवस्था र पछिको अवस्थामा पनि जगत्को साक्षी बनेर क्रियाकलापहरूको निरीक्षण गर्ने तत्त्व काल नै हो । काललाई नै कर्महरूको प्रवर्तक मान्नुपर्दछ । काल सबै धर्मको प्रतिपालक हो । कालकै कारण प्राणीहरू मृत्युको मुखमा पर्दछन् र कालले नै पराजितहरूलाई विजयी पनि बनाउँछ । यसैले काललाई सर्वकर्ता र सर्वसंहर्ता मानिएको छ । काल नै सम्पूर्ण प्राणीहरूको उत्पत्तिको कारण हो र संहारको पनि । काल नै शयन गर्दछ र जागरण पनि । काललाई कसैले नाघ्न सक्दैन र कसैले पराजित गर्न पनि सक्दैन ।

श्रीमद्भागवतमा काललाई मृत्युको पर्याय मानिएको छ । **मेदिनीकोश**मा काललाई महाकाल भनिएको छ । **अथर्ववेद**का कालसम्बन्धी दुई सूक्त रहेका छन् ।[२२] सूक्तहरूमा कालसम्बन्धी उच्चतम धारणा व्यक्त भएको छ । तदनुसार कालले सात रश्मि भएको, सहस्रचक्षु, अजर र शक्तिशाली अश्वलाई हाँकिरहेको छ । विज्ञ कविहरू त्यसमाथि सवार हुन्छन् । सबै भुवनहरू कालका पाङ्ग्रा हुन्, कालले सबै भुवनलाई एउटै बनाउँछ र सबै भुवनको परिक्रमा गर्दछ । कालबराबर तेजस्वी तत्त्व अर्को छैन । प्राणीहरूको मन कालमै आधारित हुन्छ । प्राण कालमा आधारित हुन्छ । नाम कालमा आधारित हुन्छ । सम्पूर्ण प्राणी कालको दर्शन पाएर प्रसन्न हुन्छन् किनकि प्राणीहरूको पिता काल नै हो । कालले प्रजापति, स्वयम्भू र कश्यपलाई पैदा गर्‍यो । कालकै कोखबाट तपस्या पैदा भयो । कालले भूत, भविष्य र वर्तमानको सृजन गर्‍यो । कालबाट नै वेदका ऋचा उत्पन्न भए । काल इहलोक, परलोक र पुण्यलोकलाई समेत वशीभूत गरी परमदेवताको रूपमा विराजमान छ । **शतपथब्राह्मण**मा काललाई उचित समयको अर्थमा प्रयोग गरिएको छ ।[२३] **छान्दोग्योपनिषद्**मा कालशब्दको प्रयोग अन्त्य भन्ने अर्थमा गरिएको छ ।[२४] **बृहदारण्यकोपनिषद्**मा काललाई निश्चित समयको अर्थमा प्रयोग गरिएको छ ।[२५] **श्वेताश्वतरोपनिषद्**मा काललाई सृष्टिको कारण मानिएको छ ।[२६] **माण्डूक्योपनिषद्**मा ॐकारलाई भूत, भविष्य र वर्तमानभन्दा माथि कालातीत बनेर रहेको तथ्य खुलाइएको छ ।[२७] मैत्रेयी-उपनिषद्मा सूर्यको गतिबाट निर्धारित हुने काल र ब्रह्मको रूपमा विराजमान काल गरी दुईथरि काल हुन्छ भन्ने धारणा प्रस्तुत गरिएको छ ।[२८] महानारायणोपनिषद्मा काललाई नारायणस्वरूप मानिएको छ ।[२९]

महाभारत आदिपर्वमा भनिएको छ – कालले प्राणीहरूको सृजन गर्छ र संहार पनि ।[३०] कालरूप परमात्माले प्राणीहरूको संहार गर्ने मृत्युरूप काललाई स्थगित गराउन सक्छन् । कालले शुभ र अशुभ परिस्थिति पैदा गर्छ । सबै निदाइरहेको समयमा एक मात्र काल जागिरहन्छ । काल अनुलङ्घनीय छ । **भगवद्गीता**मा परब्रह्मरूप कृष्णको अर्थमा प्रयोग गरिएको छ । **पाणिनि**ले उचित समयको अर्थमा कालशब्दको प्रयोग गरेका छन् ।[३१] उक्त

---

२२. अथर्ववेदः १९/५३/१-१०, १९/५४/१-५ ।
२३. शतपथब्राह्मणम् १/७/३/३ ।
२४. छान्दोग्योपनिषद् २/३१/१ ।
२५. बृहदारण्यकोपनिषद् २/१/१० ।
२६. श्वेताश्वेतरोपनिषद् १/१-२ ।
२७. पी.बी. काणे, पूर्ववत् ।
२८. मैत्रेयी-उपनिषद् ६/१४-१६ ।
२९. महानारायणोपनिषद् ११/१४ ।
३०. महाभारतम्, आदिपर्व १/२४८-२५० ।
३१. अष्टाध्यायी २/२/५ ।

सूत्रको वार्तिकमा कालसम्बन्धी महत्त्वपूर्ण सिद्धान्तको चर्चा गर्दै **पतञ्जलिले** भनेका छन् – काल भनेको त्यो तत्त्व हो जसबाट कठोर वस्तुहरूको वृद्धि र क्षय लक्षित हुन्छ । त्यस काललाई रात्रि र दिन पनि भन्दछन् । काल सूर्यको गतिरूप क्रियासँग जोडिएर रहेको अवस्थामा सूर्यको क्रिया बारम्बार भइरहँदा कालका अनेकरूप प्रकट हुन्छन् । त्यस्ता रूप संवत्सर, अयन, मास आदिका रूपमा रहेका हुन्छन् । यसैगरी स्मृतिपरम्परामा पनि परमात्मालाई कालको रूपमा सम्बोधन गर्दै कालका अनेक विभागको सृष्टि गर्ने परमात्मा नै हो भन्ने कुरा बताइएको पाइन्छ । **योगसूत्रभाष्यमा** क्षण र त्यसका क्रममा संयम गर्नाले विवेकजन्य ज्ञान पैदा हुन्छ भन्ने सूत्रको अर्थलाई स्पष्ट गर्दै भनिएको छ – जसरी द्रव्यरूप परमाणु सूक्ष्मभन्दा सूक्ष्म स्थानमा प्राप्त हुन्छ त्यसैगरी क्षण पनि सूक्ष्मभन्दा सूक्ष्मतम सीमासम्म प्राप्त हुन्छ ।[३२] यसैगरी विभिन्न दर्शनशास्त्र र पुराणहरूले पनि कालसम्बन्धी मान्यता व्यापकरूपमा प्रकट गरेका छन् । प्राचीनकालदेखि नै कालको सूक्ष्म विभाजनको विषयमा अनुशीलन र आलेखन गरिँदै आएको पाइन्छ ।

कालका अङ्ग

महानारायणोपनिषद्मा कालका एकाइको निरूपण गर्दै भनिएको छ – निमेष, कला, मुहूर्त, काष्ठा, अर्धमास, मास, ऋतु, अयन, वर्ष यी कालका एकाइ हुन् ।[३३] **प्रशस्तपादभाष्यमा** भनिएको छ – व्यवहारमा आउने कालका एकाइहरूको कारण काल नै हो । त्यसका एकाइ – क्षण, लव, निमेष, काष्ठा, कला, मुहूर्त, याम, अहोरात्र, अर्धमास, मास, ऋतु, अयन, संवत्सर, युग, मन्वन्तर, कल्प, प्रलय र महाप्रलय हुन् ।[३४] पुराणहरूमा पनि निमेषदेखि प्रलयसम्मका एकाइहरूको चर्चा गरिएको पाइन्छ । **वायुपुराणमा** एकपटक आँखा झिम्किँदा प्रयोग गरिने कालको एकाइलाई निमेष भनिएको छ ।[३५] **विष्णुधर्मोत्तरपुराणमा** एउटा ह्रस्व अक्षर उच्चारण गर्दा जति समय लाग्छ त्यो अवधि नै निमेष हो भन्दै निमेषभन्दा सानो समयलाई व्यवहारमा ल्याउन सकिँदैन भनिएको छ । निमेष आदि कालका एकाइहरूका सम्बन्धमा अनेक ग्रन्थहरूमा चर्चा भएको छ तर तिनमा मतैक्यता र नामैक्यता पाइँदैन ।[३६]

संवत्सरपछि युगको कुरा गर्दा पाँच वर्षको अवधि भएको मानिने युगको **वेदाङ्गज्योतिषमा** चर्चा गरिएको सन्दर्भ अविस्मरणीय छ । संवत्सरलाई तैत्तिरीयब्राह्मणमा संवत्सर, परिवत्सर, इडावत्सर, वत्सर एवं अनुवत्सरका नामबाट स्मरण गरिएको छ । वैदिकसाहित्यमा मुहूर्त एवं मासका साथै मलमासको पनि चर्चा गरिएको पाइन्छ । ऋतु, उत्तरायण र दक्षिणायन एवं ग्रह-नक्षत्रहरूको पनि वैदिकवाङ्मयमा निरूपण गरिएको छ । **नक्षत्रशब्दका** – सामान्य तारा, सत्ताइस नक्षत्र र राशिचक्रमा रहेका तारादल भनी तीन अर्थ प्रस्तुत गरिएको छ । अहिले हामी कालका एकाइकै चर्चाको प्रसङ्गमा छौं । निमेषको चर्चा भइसकेको छ । अठार निमेषको एक काष्ठा, तीस काष्ठाको एक कला, तीस कलाको एक मुहूर्त र दुई मुहूर्तको एक एक अहोरात्र हुन्छ भन्ने कुरा **मनुले** बताएका छन्। तीस अहोरात्रबाट निष्पन्न हुने काललाई मानिसहरूको एक महिना र पितृहरूको एक अहोरात्र मानिएको छ। मानिसहरूको एक वर्ष देवताहरूको एक अहोरात्र हुन्छ ।[३७]

---

३२. योगसूत्रभाष्यम् ३/५१ ।
३३. महानारायणोपनिषद् १/८ ।
३४. प्रशस्तपादभाष्यम् २/२/४६ ।
३५. वायुपुराणम् ५७/६-३५ ।
३६. पी.बी. काणे, पूर्ववत्, पृ. २४३ ।
३७. पूर्ववत् ।

सावनमास एवं सावनवर्ष

सावनमास ३० दिनको हुन्छ, यसका १२ महिनाबाट बन्ने वर्ष ३६० दिनको हुन्छ । यसलाई सावनवर्ष भनिन्छ । यसमा दिनको गणना गर्दा सूर्योदयदेखि सूर्योदयसम्म गरिन्छ ।

नाक्षत्रमास एवं नाक्षत्रवर्ष

एउटा नाक्षत्रमास चन्द्रमाले २७ नक्षत्रको भाग सकिँदा सम्पन्न हुन्छ । तदनुसार सामान्यतया नाक्षत्रवर्ष ३२४ दिनको हुन्छ ।

चान्द्रमास एवं चान्द्रवर्ष

एउटा अमावास्यादेखि अर्को अमावास्यासम्मको अथवा एउटा पूर्णिमादेखि अर्को पूर्णिमासम्मको मासलाई चान्द्रमास भनिन्छ । चान्द्रमास तिथिको घटबढ भइरहने हुँदा सामान्यतया २९ वा ३० दिनको हुन्छ । यस्ता १२ महिनाको सामान्य दिनसंख्या ३५४ मानिएको छ र यसरी निष्पन्न हुने वर्षलाई चान्द्रवर्ष भनिन्छ ।

सौरमास एवं सौरवर्ष

सौरमास एक संक्रान्तिदेखि अर्को संक्रान्तिसम्मको हुन्छ । दिनको घटबढ हुने हुँदा कुनै महिना ३२ दिनसम्मका हुन्छ भने कुनै महिना २९ दिनको पनि हुन्छ । १२ सौरमासमा ३६५ दिन हुन्छन् । ३६५ दिनबाट निष्पन्न हुने वर्षलाई सौरवर्ष भनिन्छ ।

बार्हस्पत्यवर्ष

बृहस्पतिले एउटा राशि भोग गर्न लाग्ने समय लगभग ३६० दिनको हुन्छ । यसैलाई बार्हस्पत्य वर्ष मानिएको छ । मासहरूको चर्चाको क्रममा निर्णयसिन्धुमा चार वर्गका मासहरूका संक्रान्ति निरूपण गरिएका छन्। ज्योतिषशास्त्रअनुसार कर्क र मकरराशिमा सूर्यको प्रवेश हुँदा हुने संक्रान्तिलाई **अयन** भनिन्छ । मेष र तुलाराशिमा सूर्यको प्रवेश हुँदा निष्पन्न हुने संक्रान्तिलाई **विषुव** भनिन्छ । मिथुन, कन्या, धनु र मीनराशिमा सूर्यको संक्रमण हुँदा निष्पन्न हुने संक्रान्तिलाई **षडशीतिमुख** भनिन्छ र वृष, सिंह, वृश्चिक र कुम्भराशिमा सूर्यको संक्रमण हुँदा निष्पन्न हुने संक्रान्तिलाई **विष्णुपदी** भनिन्छ ।

सौरगणनाबाट युग, वर्ष, विषुव, अयन, ऋतु, दिन एवं रात्रिको वृद्धिको ज्ञान हुन्छ । चान्द्रगणनाबाट तिथि, करण, मलमास, मास र रात्रिकृत्यको ज्ञान हुन्छ । सावनगणनाबाट यज्ञ, सोमयज्ञ, ग्रहको गति, उपवास, जननाशौच, मरणाशौच, चिकित्सा, प्रायश्चित्त र अन्य धार्मिक कृत्यको ज्ञान हुन्छ । बार्हस्पत्यमानबाट प्रभव आदि संवत्सरको ज्ञान हुन्छ । जुन बेला प्रभव आदि संवत्सरको प्रारम्भ भयो त्यसबेला माघमहिना थियो । सूर्य एवं चन्द्र धनिष्ठानक्षत्रमा थिए र ती सबैको बृहस्पतिसँग योग थियो । बृहत्संहितामा बृहस्पतिवर्षअन्तर्गत पर्ने ६० संवत्सरहरूको फल बताइएको छ ।

पक्षको निरूपण

शुक्लपक्ष र कृष्णपक्ष गरी दुई पक्ष मानिएका छन् । दैवकर्मका लागि शुक्लपक्ष आवश्यक हुन्छ भने पितृकर्मका लागि कृष्णपक्षको आवश्यकता हुन्छ । हाम्रा व्यवहारमा यी दुवैपक्षका निमित्त शुदि र वदि शब्दको

प्रयोग गर्ने परम्परा रहेको छ । यसबाट हाम्रो जीवनमा यी दुवै पक्षको समानरूपमा प्रभाव देखिन आउँछ । शुदिको तात्पर्य शुक्ल दिवस हो भने बदिको तात्पर्य बहुल दिवस हो । बहुल दिवसको अर्थ हो कृष्णपक्षको दिन । वार, नक्षत्र, तिथि, योग र करणका रूपमा दिन प्रकट हुन्छ । उक्त कालका एकाइहरूको स्वतन्त्र र संयुक्तरूपमा मानवजीवनमा सकारात्मक र नकारात्मक प्रभाव पर्ने कुरा पनि शास्त्रहरूमा उल्लेख भएको छ ।

शान्तिमयूखमा देवलले भनेका छन् – शुभकर्मको सङ्कल्प गर्दा उक्त सबै कालका एकाइहरूको उल्लेख नगरिएमा कर्ताले कर्मको फल प्राप्त गर्दैन । हिन्दूहरूको धार्मिक जीवनमा उक्त कालका विभागहरूको कति महत्त्व रहेछ भन्ने कुरा देवलको भनाइबाट बुझिन्छ । तिथि, वार, नक्षत्र, योग र करण यी पाँच कालका अङ्गहरूको निरूपण गर्ने हुँदा सामाजिक, धार्मिक र सांस्कृतिक सम्पूर्ण कृत्यहरूको मार्गदर्शन गराउने वर्षपत्रलाई पञ्चाङ्ग भनिएको हो ।

कालको विवरणात्मक यो आलेख निर्णयसिन्धुको आरम्भमा उल्लेख गरिएको '**सङ्क्षेपेण षोढा कालः**'को व्याख्या गर्ने आशयले प्रस्तुत गरिएको हो । यसबाट वर्ष, अयन, ऋतु, मास, पक्ष र दिनको स्वरूप र उपयोगिताको संसूचन पनि गर्न खोजिएको छ ।

युगमान

चतुर्युगीको मान दैवमानको हिसाबबाट १२ हजार वर्ष (मनुष्यको ४३२०००० वर्ष)को हुन्छ । सत्ययुग दैवमानको हिसाबबाट ४ हजार वर्षको हुन्छ । त्यसको पूर्वसन्ध्या ४०० वर्ष र अपरसन्ध्या ४०० वर्षको हुन्छ । दैवमानअनुसार ४८०० वर्षको जम्मा अवधिलाई मानवमानमा ल्याउँदा ३६० ले गुणन गर्नुपर्दछ । त्यसरी गुणन गर्दा १७२८००० मानववर्ष हुन आउँछ ।

त्रेतायुग ३ हजार दैववर्षको हुन्छ । ३०० वर्षको पूर्वसन्ध्या र ३०० वर्षको उत्तरसन्ध्या ३०० वर्षको गर्दा ३६०० वर्ष हुन्छ । त्यसलाई मानव वर्ष ३६० ले गुणा गर्दा १२९६००० मानववर्षको त्रेतायुग हुन्छ ।

द्वापरयुग २ हजार दैववर्षको द्वापरयुग हुन्छ । पूर्वसन्ध्या २०० वर्ष र उत्तरसन्ध्या २०० वर्षको योग गर्दा त्यसको मान २४०० वर्षको हुन्छ । त्यसलाई मानववर्षका ३६० ले गुणा गर्दा ८६४००० मानववर्षको द्वापरयुग हुन्छ ।

कलियुग एक हजार दैववर्षको हुन्छ । १०० वर्ष पूर्वसन्ध्या र उत्तरसन्ध्या १०० वर्षको योग गर्दा त्यसको मान १२०० वर्षको हुन्छ । त्यसलाई मानववर्षका ३६० ले गुणा गर्दा ४३२००० मानववर्षको कलियुग हुन्छ ।

यसरी चारै युगको दैववर्षलाई मानववर्षमा परिणत गर्दा ४३२०००० मनुष्यवर्ष हुन्छ । यसलाई चतुर्युगी भनिन्छ । यस्ता ७१ चतुर्युगीको एक मन्वन्तर हुन्छ । यस्ता चौध मन्वन्तरमा चौध मनुले शासन गर्दछन् ।[३८]

श्रीमद्भागवतमा भनिएको छ– परमाणु आदि अवस्थामा व्याप्त भएर व्यक्त पदार्थको भोग गर्ने सृष्टिकार्यमा समर्थ र स्वयं अव्यक्तरूपमा रहनुभएका भगवान् कालको पनि सूक्ष्मता र स्थूलताको अनुमान गर्न सकिन्छ । प्रपञ्चको परमाणुजस्तो सूक्ष्म अवस्थामा व्याप्त भएर रहने काललाई अतिसूक्ष्मकाल मान्नुपर्दछ । सृष्टिदेखि लिएर प्रलयसम्मका सबै अवस्थाहरूको भोग गर्ने काललाई परममहान् काल भन्नुपर्दछ ।

दुई परमाणुबाट एक अणु प्रकट हुन्छ र तीन अणुबाट एक त्रसरेणु पैदा हुन्छ । यसै त्रसरेणुलाई झ्याल हुँदै घरभित्र पस्ने सूर्यका किरणहरूको प्रकाशमा आकाशमा उडिरहेझैं देख्न सकिन्छ । यस्ता तीन त्रसरेणु पार गर्दा सूर्यलाई जति समय लाग्छ त्यसलाई त्रुटि भनिन्छ । त्रुटिको १०० गुणा काललाई वेध भनिन्छ । तीन वेधको एक

३८. पं. फणीन्द्रप्रसाद पाण्डेय, संस्कृत नेपाली बृहत् शब्दकोश, म.सं.वि., दाङ, वि.सं. २०५७ ।

लव हुन्छ । तीन लवको एक निमेष हुन्छ । तीन निमेषको समयपरिमाणलाई क्षण भनिन्छ । पाँच क्षणको एक काष्ठा हुन्छ । १५ काष्ठाको एक लघु हुन्छ र १५ लघुको एक नाडिका अर्थात् घडी हुन्छ । दुई घडीको एक मुहूर्त हुन्छ । दिनको वृद्धि र ह्रासअनुसार छ वा सात नाडीको एक प्रहर हुन्छ । यसैलाई याम पनि भनिन्छ । चार-चार प्रहरका दिन र रात हुन्छन् । पन्ध्र दिन-रातको एक पक्ष हुन्छ । त्यो पक्ष पनि शुक्ल र कृष्णका रूपमा दुई प्रकारको हुन्छ । उक्त दुवै पक्ष मिलाउँदा एक मास हुन्छ । यही मानिसहरूको एक मास पितृहरूको एक अहोरात्र हुन्छ । मानिसहरूको दुई मासको एक ऋतु हुन्छ र छ मास वा तीन ऋतुको एक अयन हुन्छ । यो अयन पनि उत्तरायण र दक्षिणायन गरी दुई प्रकारको हुन्छ । यी दुई अयन मिलाउँदा मानिसहरूको एक वर्ष हुन्छ भने देवताहरूको एक अहोरात्र हुन्छ । मानवमानले हुने १०० वर्ष मानवहरूको परमायु हुने कुरा बताइएको छ । चन्द्रमा आदि ग्रह, अश्विनी आदि नक्षत्र र समस्त तारामण्डलमा व्याप्त कालस्वरूप भगवान् सूर्यले परमाणुदेखि लिएर संवत्सरपर्यन्तको कालमा द्वादशराशिरूप भुवनकोशको निरन्तर परिक्रमा गर्दछन् । सूर्य, बृहस्पति, सवन, चन्द्रमा र नक्षत्रका भेदले १२ महिनाको वर्षलाई संवत्सर, परिवत्सर, वत्सर, इडावत्सर र अनुवत्सर भनिन्छ । उक्त पाँच प्रकारका वर्षहरूको प्रवृत्ति गराउनुहुने कालरूप सूर्य सबैका आराधनीय हुनुहुन्छ ।

कालरूप सूर्यको गतिको आधारमा संवत्सरको वृद्धि हुँदै जाँदा सत्य, त्रेता, द्वापर र कलियुग, सन्ध्या र संन्ध्यांशसहित देवताका बाह्र हजार वर्षसम्म कायम रहन्छन् । उक्त चार युगमध्ये सत्ययुगमा चार हजार दिव्यवर्ष, त्रेतामा तीन हजार दिव्यवर्ष, द्वापरमा दुई हजार वर्ष र कलिमा एक हजार दिव्यवर्ष हुन्छन् । अझ यसलाई राम्ररी स्पष्ट गर्दा – सत्ययुगमा चार हजार दिव्यवर्ष युगका र सन्ध्या एवं सन्ध्यांशका आठ सय वर्ष गरी ४८ सय दिव्यवर्ष हुन्छन् । त्रेतामा तीन हजार दिव्यवर्ष युगका र सन्ध्या एवं सन्ध्यांशका ६ सय वर्ष गरी ३६ सय दिव्यवर्ष हुन्छन् । द्वापरमा दुई हजार दिव्यवर्ष युगका र सन्ध्या एवं सन्ध्यांशका ४ सय वर्ष गरी २४ सय दिव्यवर्ष हुन्छन् र कलियुगमा एक हजार दिव्यवर्ष युगका र सन्ध्या एवं सन्ध्यांशका २ सय वर्ष गरी जम्मा १२ सय दिव्यवर्ष हुन्छन् । मनुष्यहरूको एक वर्ष देवताहरूको एक अहोरात्र हुन्छ । अतः देवताहरूको एक वर्ष मनुष्यहरूको ३६० वर्षबराबर हुन्छ । कलियुगका १२ सय दिव्यवर्षलाई ३६० ले गुणन गर्दा ४३२००० मानववर्ष हुन्छन्, यो कलियुगको मान हो । द्वापरका २४ सय दिव्यवर्षलाई ३६० ले गुणन गर्दा ८६४००० मानववर्ष हुन्छन्, यो द्वापरयुगको मान हो । त्रेताका ३६ सय दिव्यवर्षलाई ३६० ले गुणन गर्दा १२९६००० मानववर्ष हुन्छन्, यो त्रेतायुगको मान हो । सत्ययुगका ४८ सय दिव्यवर्षलाई ३६० ले गुणन गर्दा १७२८००० मानववर्ष हुन्छन्, यो सत्ययुगको मान हो ।

त्रिलोकीभन्दा बाहिर महर्लोकदेखि ब्रह्मलोकसम्म मानवहरूको एक हजार चतुर्युगीको एक दिन हुन्छ । त्यत्तिनै एक रात पनि हुन्छ । रात बितेपछि कल्पको आरम्भ हुन्छ । त्यसलाई ब्रह्माजीको एक दिन भनिन्छ । ब्रह्माजीको एक दिनमा १४ मनुले शासन गर्दछन् । प्रत्येक मनुले ७१ चतुर्युगीभन्दा धेरै समय उपभोग गर्दछन् । कालपुरुषको ब्रह्माजीको दिन समाप्त भएपछि ब्रह्माजीको रात आरम्भ हुन्छ । त्यसबेला उहाँ निश्चेष्ट भई विराजमान हुनुहुन्छ । त्यसबेला सम्पूर्ण ब्रह्माण्ड उहाँमा लीन हुन्छ । ब्रह्माजीले आफ्नो सय वर्षको आयु पूरा गर्नुभएको समयलाई परार्द्ध भनिन्छ । त्यो परार्द्ध प्रथम र द्वितीय गरी दुई किसिमको हुन्छ । अहिलेसम्म पहिलो परार्द्ध समाप्त भइसकेको छ र दोस्रो परार्द्ध चलिरहेको छ। पहिलो परार्द्धको आरम्भमा ब्राह्मकल्प थियो । त्यसको उत्तरार्ध पाद्मकल्पका नामबाट प्रख्यात भयो । अहिलेको कल्प दोस्रो परार्द्धको आरम्भ हो यसलाई श्वेतवाराहकल्प

भनिन्छ। यो दुई परार्द्धको काल भगवान् हरिको एक निमेषबराबर मानिन्छ । यसरी निमेषदेखि लिएर दुई परार्द्धसम्म फैलिएको काल सर्वसमर्थ भए तापनि सर्वात्मा भगवान् हरिकै वशमा रहेको छ ।[३९]

७१ चतुर्युगीपछिको काललाई विद्वान्हरूले अझ स्पष्टरूपमा व्याख्या गरेको पाइन्छ । ७१ चतुर्युगीलाई ४३२०००० ले गुणन गर्दा ३०६७२००० अर्थात् तीस करोड सत्सठ्ठी लाख बीस हजार मानववर्ष हुन्छन् । यी वर्ष एउटा मन्वन्तरका मानववर्ष हुन् । उक्त ३०६७२०००० मन्वन्तर संख्यालाई १४ ले गुणा गर्दा र सन्ध्यंशसमेत योग गर्दा ४३२०००००००० अर्थात् चार अरब बत्तीस करोड मानववर्ष हुन्छन् । यो चौध मन्वन्तर पूरा हुँदाको संख्या हो। यसैलाई कल्प पनि भनिन्छ । यो कल्प १००० दिव्ययुगको काल हो । यसलाई ब्रह्माजीको एक दिन मानिएको छ । यत्तिनै ब्रह्माजीको रातको समय हुन्छ । यस्ता दिनरातको संख्या ३० पुग्दा ब्रह्माजीको एक मास हुन्छ । यस्तै १२ महिनाद्वारा ब्रह्माजीको एक वर्ष हुन्छ । यस्तै सय वर्षको ब्रह्माजीको आयु हुन्छ । यो पूर्ण आयुलाई पर भनिन्छ। परका पनि दुई भेद छन् – प्रथम परार्द्ध र द्वितीय परार्द्ध । अहिले ब्रह्माजीको प्रथम परार्द्ध सकिएर दोस्रो परार्द्ध चलिरहेको छ। ब्रह्माजीको दुई परार्द्ध पूर्ण आयुलाई परब्रह्मको एक दिनको समय मानिएको छ । यसैलाई महाकल्प भनिन्छ । यस्तो महाकल्पमा ३११०४०००००००००० अर्थात् एकतीस नील दश खर्ब चालीस अर्ब मानव वर्ष हुन्छन् । यस्तो पूर्णआयुका कति ब्रह्मा आए-गए त्यसको लेखाजोखा गर्न सकिँदैन ।[४०]

कालको प्रसङ्गमा उत्तरायण र दक्षिणायनको निरूपण भएको छ । ती अयनहरूका आफ्नै विशेषता छन् । वसन्त आदि ऋतुका स्वरूपको पनि फरक-फरक शैलीमा वर्णन गरिएको पाइन्छ । सावनमास, चान्द्रमास र सौरमासको व्यावहारिक उपयोग भए पनि नाक्षत्रमासको उपयोगिता केवल ज्योतिषमा अनुभव गर्न सकिन्छ । कालका विभिन्न रूपहरूलाई केलाएर पञ्चाङ्गनिर्माण गर्ने हाम्रो परम्परा रहेको छ । वर्ष, मास, दिन, धार्मिक सूचना र बोधसम्बन्धी विषय पञ्चाङ्गमा रहेका हुन्छन् । ज्योतिषशास्त्रका सूर्यसिद्धान्त, ब्रह्मसिद्धान्त र आर्यसिद्धान्तबाट तयार गरिने पञ्चाङ्गलाई सम्बद्ध वर्षको कालदर्पण भने पनि हुन्छ । प्रत्येक धार्मिक कृत्यको सङ्कल्प गर्दा एउटा सनातन धर्मानुयायीले काल र कालका विभागहरूको उल्लेख गरेको हुन्छ । जस्तै – **'ब्रह्मणो द्वितीयपरार्द्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे कलियुगे तत्प्रथमचरणे, अमुकामुकराशिस्थितेषु सूर्यचन्द्रादिग्रहेषु अमुकसंवत्सरे, अमुकमासे, अमुकपक्षे, अमुकतिथौ, अमुकनक्षत्रे, अमुकयोगे, अमुककरणे, अमुक-अमुकस्थाने, अमुकपुण्यनदीतीरे'** इत्यादि रूपमा सङ्कल्पमा कालका सबै एकाइहरूको उल्लेख गरिन्छ ।

३.२ मलमास विचार

निर्णयसिन्धुअनुसार एकमात्र संक्रान्तिरहित शुक्लादि चान्द्रमासलाई मलमास भनिन्छ । क्षयमास र अधिकमास गरी मलमास दुई प्रकारको हुन्छ । **काठकगृह्यसूत्र**अनुसार जुन मासमा संक्रान्ति पर्दैन वा दुई संक्रान्ति पर्दछन् त्यसलाई मलमास भन्दछन् । यस भनाइबाट संक्रान्ति नपर्ने मासलाई अधिकमास र दुई संक्रान्ति पर्ने मासलाई क्षयमास भनिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । अधिकमासको उदाहरण दिँदै **धर्मसिन्धु**मा भनिएको छ – चैत्रको अमावास्यामा मेषसंक्रान्ति परेको छ भने त्यसपछिको शुक्लप्रतिपदादेखि अमावास्यापर्यन्त कुनै संक्रान्ति पर्दैन र दोस्रो शुक्ल प्रतिपदामा मात्र वृषसंक्रान्ति पर्दछ भने पहिलो संक्रान्तिरहित मासलाई अधिकमास भनिन्छ र दोस्रो

३९. श्रीमद्भागवतमहापुराणम् ३/११ ।
४०. शिवराज आचार्य कौण्डिन्न्यायन, **वैदिकधर्म मूलरूपमा**, द्वितीय संस्करण – २०६२, पृ. ६४२ ।

मासलाई शुद्ध वैशाखमास भनिन्छ । क्षयमासको उदाहरण दिँदै धर्मसिन्धुमा भनिएको छ – भाद्रकृष्ण अमावास्यामा कन्यासंक्रान्ति भएमा आश्विन अधिकमास हुन्छ । शुद्ध आश्विन शुक्लको प्रतिपदामा तुलासंक्रान्ति, कार्तिक शुक्ल प्रतिपदामा वृश्चिकसंक्रान्ति, मार्गशीर्षशुक्ल प्रतिपदामा धनुसंक्रान्ति र त्यसै महिनाको अमावास्यामा मकरसंक्रान्ति भएमा धनु र मकरसंक्रान्ति गरी दुई संक्रान्तिले युक्त भएकाले पौषमासलाई क्षयमास भनिन्छ । यसलाई मार्गशीर्ष र पौष दुई महिनाको संक्रान्ति जान्नुपर्दछ । त्यसको प्रतिपदा आदि तिथिको पूर्वार्द्धमा मार्गशीर्ष र उत्तरार्द्धमा पौषमास हुन्छ । तिथिको पूर्वार्द्धमा कुनै मानिस मर्‍यो भने त्यसको वार्षिकश्राद्ध मार्गशीर्षमहिनाको त्यही तिथिमा हुन्छ । उत्तरार्द्धमा कुनै मानिस मर्दछ भने त्यसको वार्षिकश्राद्ध पौषको त्यही तिथिमा हुन्छ ।

माथिको वर्णनअनुसार माघे औंसीमा कुम्भसंक्रान्ति भएमा फागुन अधिकमास हुन्छ । त्यसपछिको शुद्ध फागुनप्रतिपदामा मीनसंक्रान्ति हुन्छ । यसरी क्षयमासभन्दा पहिले र पछि गरी दुई अधिकमास हुन्छन् । जुन वर्ष यसरी क्षयमास पर्दछ त्यो वर्षमा १३ महिना हुन्छन् । क्षयमासभन्दा पहिले आउने अधिकमासलाई संसर्प भनिन्छ। यसमा सबै शुभकर्म गर्न वर्जित गरिएको छैन । क्षयमासपछि आउने अधिकमासलाई अंहस्पति भनिन्छ र त्यो सबै कर्मका लागि वर्जित हुन्छ ।

लगभग प्रत्येक तीन वर्षमा पर्ने अधिकमास पनि शुभकर्मका लागि निषिद्ध छ । जसको कुनै अर्को गति हुँदैन त्यस्ता नित्य, नैमित्तिक र काम्य कर्म भने अधिकमास र क्षयमासमा पनि गर्नुपर्ने कुरा शास्त्रमा बताइएको छ। तर जुन कर्मको अन्य कुनै उपाय हुन्छ वा जुन कर्मलाई अरू बेला पनि गर्दा हुन्छ त्यस्ता कर्म मलमासमा गर्नुहुँदैन। निर्णयसिन्धुमा उद्धृत **काठकगृह्यसूत्र**को वचनमा भनिएको छ – **'मलेऽनन्यगतिं कुर्यात् नित्यां नैमित्तिकीं क्रियाम्'** अर्थात् मलमासमा फेरि गर्न नसकिने कर्म गर्नुपर्दछ । सन्ध्या, अग्निहोत्र आदि नित्यकर्म, ग्रहण-स्नान आदि नैमित्तिक कर्म, कारीरीयज्ञ एवं रक्षोघ्नी ऋचाको जप आदि काम्यकर्म मलमासमा पनि गर्नुपर्दछ । ज्योतिष्टोम आदि नित्यकर्म, जातेष्टि आदि नैमित्तिककर्म, पुत्रकामेष्टि आदि काम्यकर्म त मलमासपछिको शुद्धमासमा मात्र गर्न सकिन्छ । मलमासमा नयाँ कर्मको आरम्भ र उद्यापन गर्न हुँदैन । पहिलेदेखि आरम्भ भई गरिँदै आएको कर्मलाई भने मलमासमा पनि निरन्तरता दिनुपर्दछ ।

पूजालोप भएका कारण गर्नुपर्ने पुनर्मूर्तिप्रतिष्ठा, गर्भाधानदेखि लिएर अन्नप्राशनसम्मका संस्कार, ज्वरादिशान्तिविधि, दुर्लभ ब्राह्मणको योगमा गरिने श्राद्ध, व्रत, नैमित्तिक प्रायश्चित्त, नित्यश्राद्ध, ऊनमासिकश्राद्ध र दर्शश्राद्ध मलमासमा पनि गर्नुपर्दछ । चैत्र आदि मलमासमा मरेका मानिसको श्राद्ध गर्ने सन्दर्भमा कदाचित् फेरि चैत्रमासमा मलमास पर्‍यो भने त्यसमा नै श्राद्ध गर्नुपर्दछ । चैत्र आदि शुद्धमासमा मरेका मानिसको श्राद्ध भने मलमासमा गर्न हुँदैन, शुद्धमासमा नै गर्नुपर्दछ । द्वितीय वार्षिकश्राद्ध शुद्धमासमा नै गर्नुपर्दछ । मलमासमा कुनै मरेमा एघारदिनसम्म गरिने कर्म र सपिण्डीकरण मलमासमा नै गर्नुपर्छ । द्वितीय मासिक आदि श्राद्ध भने मलमासमा पर्न आएमा मलमास एवं शुद्धमास दुवै मासमा गर्नुपर्छ । बाह्रौं महिनाको मासिक अधिकमासभित्र पर्न गएमा त्यो मासिकश्राद्ध अधिकमास र शुद्धमास दुवैमा गर्नुपर्छ । ऊनाब्दकालमा ऊनाब्दश्राद्ध गरेपछि चौधौं महिनामा वार्षिकश्राद्ध गर्नुपर्दछ । जुन वर्ष क्षयमासपछि लगत्तै अधिकमास पर्दछ त्यो समयमा प्रतिवार्षिकश्राद्ध पहिलो अधिकमासमा र पछिल्लो क्षयमासमा पनि गर्नुपर्दछ । जस्तै – कार्तिकमा अधिकमास छ त्यसपछि वृश्चिक र धनुमासले युक्त क्षयमास पर्दछ भने त्यसबेला कार्तिकमा गर्नुपर्ने प्रतिवार्षिकश्राद्ध कार्तिकको अधिकमासमा र पछिल्लो वृश्चिक-धनुसंक्रान्तिले युक्त क्षयमासमा पनि गर्नुपर्दछ । यसैगरी क्षयमाससँग जोडिएको पहिलो

अधिकमासमा गर्नुपर्ने श्राद्ध अधिक र शुद्ध दुवैमा गर्नुपर्दछ । जस्तै - मार्गशीर्षमा क्षयमास हुँदा त्यससँग जोडिएको पूर्वमास आश्विनमा हुन्छ भने आश्विनमा गर्नुपर्ने श्राद्ध अधिक र शुद्ध आश्विन गरी दुवै मासमा गर्नुपर्दछ।

मलमासमा वर्जित कर्म

मलमास तिथिहरूको मल भएकाले यसलाई मलिम्लुच, अंहस्पति आदि नामबाट पुकारिन्छ । त्यसैले पापमय मलमासमा पुण्यदायक शुभकर्म वर्जित गरिएका छन् । मलमासमा उपाकर्म, उत्सर्ग, अष्टकाश्राद्ध, गृहप्रवेश, मुण्डन, उपनयन, विवाह, तीर्थयात्रा, वास्तु, देवप्रतिष्ठा, वापी-कूप आदिको उत्सर्ग, नवीनवस्त्र-अलङ्कार धारण, तुलापुरुष दान, यज्ञका लागि अग्निको आधान, अपूर्वदेवदर्शन, संन्यास, काम्यवृषोत्सर्ग, राज्याभिषेक, व्रत, समावर्तन, पवित्रारोपण, दमनार्पण, ध्वजोत्थापन, सर्पबलि, उत्सव आदि नित्यकर्म वर्जित छन् ।

नैमित्तिक कर्महरूमध्ये रजोदोषको शान्ति, यज्ञको निभेको अग्निको प्रतिष्ठा, मन्दिर आदिको पुनः प्रतिष्ठाजस्ता कर्म मलमासमा गरिँदा दोष लाग्दैन । कालान्तरमा गर्ने हो भने शुद्धमासमा नै गर्नुपर्दछ । आग्रयण इष्टि पनि दुर्भिक्षको संकट छ भने मलमासमा नै गर्नुपर्दछ, अन्यथा शुद्धमासमा गर्नुपर्दछ । युगादि र मन्वादिश्राद्ध मलमास र शुद्धमास दुवैमा गर्नुपर्दछ । क्षयमासभन्दा पूर्ववर्ती संसर्पनामक अधिकमासमा मुण्डन, व्रतबन्ध, विवाह, अग्निको आधान, यज्ञोत्सव, महालय र राज्याभिषेक वर्जित हुन्छन् । तर अरू कर्म गर्न हुन्छ । पहिले नगरेको व्रतको आरम्भ र समाप्ति मलमासमा गर्न हुँदैन ।

मलमासका लागि व्रतविधान

मलमासमा ३३ वर्गका देवताहरूका लागि ३३ मालपुवा दान गर्नुपर्दछ । यसबाट भूमिदान गरेको फल प्राप्त हुन्छ । मलमासमा ३३ मालपूवा काँसको पात्रमा राखी सखखर र घिउसहित दान गर्नुपर्दछ । त्यः बेला विष्णुका रूपमा सम्पूर्ण संसारमा व्याप्त हुनुभएका पापनाशक सूर्यनारायणको प्रार्थना गर्नुपर्दछ । दान गर्दा दाताले यो देश कुरुक्षेत्रसमान छ, यो समय पर्वसमान छ, यी ब्राह्मण नारायणसमान छन् र यो दान पृथ्वीसमान छ भन्ने भावना गर्नुपर्दछ । मलमासबाट उत्पन्न हुने मलको शुद्धि, पापको निवृत्ति र पुत्र-पौत्र आदिको वृद्धिका लागि म मालपूवा दान गर्दैछु भनी दान दिने व्यक्ति निर्मल बन्दछ र त्यसका कामना परिपूर्ण हुन्छन् ।

पर्यन्तकथन

अधिकमास, क्षयमास, मलिम्लुच, संसर्प, अंहस्पति, पुरुषोत्तममास आदि नामबाट मलमासको व्यवहार गरिन्छ । प्राचीनकालदेखि नै मलमासलाई निन्दनीय मास मानिँदै आएको छ । यसलाई कालको मल मानिएकाले पापमास भनिन्छ । यो अतिरिक्त मास भएकाले यसलाई अधिमास वा अधिकमास पनि भनिन्छ । अधिकमास परेको वर्षमा १३ महिना हुन्छन् । **ऐतरेयब्राह्मण**मा भनिएको छ - 'देवताहरूले तेह्रौं महिनामा सोमलता खरिद गरे । जुन मानिसले सोमलता बेच्दछन् ती पतित हुन् । तेह्रौं महिना कहिले पनि फलदायक हुँदैन ।'[४१] उक्त भनाइबाट प्राचीनकालदेखि नै मलमासको वर्जना गरिँदै आएको तथ्य स्पष्ट हुन्छ । यसको अर्को नाम अंहस्पति हो त्यसको अर्थ हुन्छ पापको स्वामी । **पद्मपुराण**मा अधिकमासलाई पुरुषोत्तमास भनिएको छ । पुरुषोत्तममासमा भगवान् पुरुषोत्तमको आराधना गर्दा मलनाश हुने र अभ्युदय प्राप्त हुने कुरा बताइएको छ । हाम्रो परम्परामा उक्त पुराणहरूका वचनहरूलाई आधार मानेर मलमासमा पुरुषोत्तमको आराधना गर्ने परम्परा अद्यावधि चलेकै छ ।

४१. ऐतरेयब्राह्मणम् ३/१ ।

३.३ व्रतविचार

वरण गर्ने अर्थ भएको वृञ् धातुबाट निष्पन्न हुने व्रतशब्दको प्रयोग हजारौं वर्षबाट हुँदै आइरहेको छ । वैदिकवाङ्मयमा सङ्कल्प, आदेश, विधिनिर्दिष्ट व्यवस्था, आज्ञापालन, सेवा, वृत्ति, आचार, रीति, धार्मिक कार्य, उपासना, कर्तव्यपालन, अनुष्ठान, तपस्यासम्बन्धी उपवास आदि अर्थमा व्रतशब्दको प्रयोग भएको देखिन्छ । निबन्धग्रन्थहरूमा पनि व्रतहरूको व्यापक चर्चा पाइन्छ । ती ग्रन्थमा व्रतलाई मानसिक क्रिया मानिएको छ ।[४२] त्यसमा 'म यो गर्नेछु' भनी सङ्कल्प वा प्रतिज्ञा गरिएको हुन्छ । भनिएको छ –

शास्त्रोदितो हि नियमो व्रतं तच्च तपो मतम् । नियमास्तु विशेषास्तु व्रतस्यैव दमादयः ।।
व्रतं हि कर्तृसन्तापात् तप इत्यभिधीयते । इन्द्रियग्रामनियमान्नियमश्चाभिधीयते ।।[४३]

– शास्त्रद्वारा उपदिष्ट नियम नै व्रत हो । त्यसैलाई तपस्या पनि भनिन्छ । किनकि नियमपालन गर्दा कर्ताले ताप भोग्नुपर्दछ । यसलाई नियम भन्नुको कारण यसमा इन्द्रियसंयम अत्यन्त आवश्यक हुन्छ । कसैले आफ्नो कर्तव्यमा आधृत दृढ सङ्कल्पलाई नै व्रत भनेका छन् । त्यसो मान्ने हो भने कर्तव्यकै अन्तर्गत सन्ध्यावन्दनलाई पनि व्रत मान्नुपर्नेछ । तसर्थ ज्ञानी महापुरुषहरूले जुन कर्मलाई व्रत भन्दै आएका छन् ती कर्म नै व्रत हुन्। मनु भन्दछन्–

सङ्कल्पमूलः कामो वै यज्ञाः सङ्कल्पसम्भवाः । व्रतानि धर्मचर्याश्च सर्वे सङ्कल्पजाः स्मृताः ।।

– सङ्कल्प सबै इच्छाको मूल हो, सबै यज्ञ सङ्कल्पबाट उत्पन्न हुन्छन्। व्रत, यम र धर्म पनि सङ्कल्पकै उपज हुन्।[४४]

अमरकोशमा नियम र व्रतलाई पर्याय मानिएको छ – **नियमो व्रतमस्त्री०** । नियमको अर्थ व्रत–उपवास आदि हो । त्यसले पुण्य पैदा गर्ने काम गर्दछ ।

धर्मसिन्धुमा कर्मलाई दैव र पित्र्य कर्मका रूपमा वर्गीकरण गरिएको छ । दैवकर्म ६ प्रकारको हुन्छ भन्ने बताउँदै भनिएको छ – **'दैवानि षड्विधानि – एकभक्तनक्तायाचितोपवासव्रतदानाख्यानि'** । अर्थात् दैवकर्म– एकभक्त, नक्त, अयाचित, उपवास, व्रत र दान गरी ६ प्रकारको हुन्छ ।[४५] **धर्मसिन्धु**अनुसार मध्याह्नमा एकपटक भोजन गर्नुलाई **एकभक्तव्रत** भनिन्छ । रातमा प्रदोषकालमा भोजन गर्नुलाई **नक्तव्रत** भनिन्छ । विनायाचना प्राप्त भएको अन्न भोजन गर्नुलाई **अयाचित** भनिन्छ । अहोरात्र भोजन नगरी रहनुलाई **उपवास** भनिन्छ । आराध्यको पूजा–आराधना गर्नुलाई व्रत भनिन्छ र आफ्नो स्वत्व हटाउँदै देयवस्तुमा लिने मानिसको स्वत्व उत्पादन गर्नुलाई **दान** भनिन्छ । ती एकभक्त, नक्त, अयाचित र उपवासलाई कतै व्रतकै अङ्गको रूपमा निरूपण गरिएको पाइन्छ । कहीँ एकादशी आदि उपवासको प्रतिनिधि कर्मका रूपमा पनि निरूपण गरिएको र कहीँ तिनलाई स्वतन्त्र कर्मका रूपमा पनि बताइएको छ । उक्त कर्मलाई प्रधान विषयको अङ्ग र प्रतिनिधिका रूपमा मात्र लिनुपर्दछ । व्रतहरूलाई प्रायश्चित्तका रूपमा पनि लिइएको छ । कहीँ ती व्रतलाई ब्रह्मचारी, गृहस्थ आदिले गर्ने कर्तव्यका रूपमा पनि आरोपित गरिएको पाइन्छ । स्वारोपित वा ऐच्छिक व्रतलाई तीन वर्गमा विभाजित गर्न सकिन्छ – मानसव्रत, कायिकव्रत र वाचिकव्रत । **पद्मपुराण**अनुसार – अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र सरलता यी मानसव्रत हुन् ।

---

४२. पी.बी. काणे, पूर्ववत्, चतुर्थ भाग, पृ. ३ ।

४३. अग्निपुराणम् १७५/२–३ ।

४४. मनुस्मृतिः २/३ ।

४५. धर्मसिन्धुः, प्रथम परिच्छेद, कर्मविशेषे निर्णयः, प्रकाशक – खेमराज श्रीकृष्णदास, प्रकाशन मुम्बई, वि.सं. २०६१, पृ. १२ ।

दिनमा एकपटकमात्र भोजन गरी उपासना गर्ने एकभक्त, प्रदोषकालमा भोजन गर्ने नक्त, नमागीकन प्राप्त भोजन गरी उपवास गर्ने अयाचित, अहोरात्र उपवासलाई कायिकव्रत भनिन्छ । वेदाध्ययन, हरिकीर्तन, सत्यभाषण एवं निन्दा नगर्ने प्रवृत्तिलाई वाचिकव्रत भनिन्छ ।[४६]

व्रतहरूलाई कालको आधारमा पनि विभाजन गरिएको छ – दैनिकव्रत, पाक्षिकव्रत, मासिकव्रत, आर्तवव्रत, आयनव्रत, वार्षिकव्रत । तिथिको आधारमा गरिने तिथिव्रत, वारको आधारमा गरिने वारव्रत, नक्षत्रको आधारमा गरिने नक्षत्रव्रत, योगको आधारमा गरिने योगव्रत र संक्रान्तिको आधारमा गरिने संक्रान्तिव्रतको **कृत्यकल्पतरु** आदि ग्रन्थहरूमा विस्तृत विवेचन गरिएको छ । उक्त सबै व्रत गर्दा सङ्कल्प गर्नु अनिवार्य मानिएको छ ।

व्रत गर्ने मानिसका कर्तव्य

व्रत गर्ने मानिसहरूले गर्नुपर्ने कर्तव्यहरूको विषयमा भनिएको छ – व्रत गर्ने मानिसले दिनदिनै स्नान गर्नुपर्दछ, अल्पभोजन गर्नुपर्दछ, गुरु-देवता र ब्राह्मणहरूको सम्मान गर्नुपर्दछ । क्षारपदार्थ, मधु, मांस आदिको त्याग गर्नुपर्दछ । देवलको भनाइअनुसार अघिल्लो दिनको राति केही नखाई स्नान गरेपछि मनलाई एकाग्र तुल्याएर प्रातःकालमा व्रतारम्भ गर्नुपर्दछ ।[४७]

व्रत गर्ने मानिसले पालन गर्नुपर्ने सामान्य धर्म

निर्णयसिन्धुमा उद्धृत भविष्यपुराणको वचनमा सबै व्रतका सामान्य धर्म बताउँदै भनिएको छ –

क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः । देवपूजाग्निहवनं सन्तोषः स्तेयवर्जनम् ।।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधा स्मृतः ।।

– क्षमा, सत्य, दया, दान, शौच, इन्द्रियनिग्रह, देवपूजा, अग्निमा हवन, सन्तोष र अस्तेय– चोरी नगर्नु यी सबै व्रतमा पालन गर्नुपर्ने धर्म हुन् ।

विष्णुधर्मको वचनमा– व्रत एवं उपवास गर्ने मानिसहरूमा हुनुपर्ने विशेष गुणको चर्चा गर्दै भनिएको छ –

तज्जप्यजपनध्याने तत्कथाश्रवणादिकम् । तदर्चनञ्च तन्नामकीर्तनश्रवणादयः ।।
उपवासकृतामेते गुणाः प्रोक्ता मनीषिभिः ।।

– जसको प्रसन्नताका लागि व्रतको आरम्भ गरिएको छ ती देवताको मन्त्रजप, ध्यान, कथाश्रवण, पूजन, नामकीर्तन, गुणश्रवण गर्नु उपवास गर्ने मानिसका विशेष गुण हुन् ।

आराध्यदेवताको प्रतिमा तयार गरी प्राणप्रतिष्ठा गरेपछि व्रतको आरम्भ गर्नुपर्दछ । देवताको प्रतिमाको विषयमा भविष्यपुराणमा भनिएको छ – व्रतालुले आफ्नो शक्तिअनुसार सुन, चाँदी, ताँबो, वृक्ष, माटो, पीठो र चित्रको आधारमा सुवर्णप्रतिमा तयार गर्नुपर्दछ –

सौवर्णी राजती ताम्री वृक्षजा मार्तिकी तथा । चित्रजा पृष्ठलेखोत्था निजवित्तानुरूपतः ।।

---

४६. अहिंसा सत्यमस्तेयं ब्रह्मचर्यमकल्कता । एतानि मानसान्याहुर्व्रतानि हरितुष्टये ।।
एकभक्तं तथा नक्तमुवासमयाचितम् । इत्येवं कायिकं पुसां व्रतमुक्तं खगेश्वर ।।
वेदस्याध्ययनं विष्णोः कीर्तनं सत्यभाषणम् । अपैशुन्यमिदं राजन् वाचिकं व्रतमुच्यते ।। – पद्मपुराण ४/८४/४२-४४ ।

४७. अग्निपुराणम् १७५/१२ ।

व्रतारम्भ समय

गुरु-शुक्रको अस्त, वृद्ध-बाल्यादि अवस्था र मलमासमा व्रतको आरम्भ गर्नुहुँदैन । सामान्यतः सोम, बुध, बृहस्पति एवं शुक्रवारका दिन व्रतारम्भ गर्नु राम्रो हुन्छ । सिंहराशिमा बृहस्पति हुँदा व्रतारम्भ र व्रतोद्यापन गर्नुहुँदैन भन्ने कुरा बताउँदै **वसिष्ठ** भन्दछन् - **'सिंहस्थे तु मघासंस्थं गुरुं यत्नेन वर्जयेत्'** । **सत्यव्रत**को मतअनुसार उदयकालिक तिथिको दिनको मध्यांशलाई खण्डतिथि मानिएको छ । त्यस्तो तिथिमा व्रतारम्भ गर्न हुँदैन । **वृद्धवसिष्ठ**को भनाइ छ- **'अखण्डव्यापी मार्तण्डा यद्यखण्डा भवेत्तिथिर्व्रतप्रारम्भणं तस्याम्'** 'पूरा दिन रहने अखण्डतिथिमा व्रतको आरम्भ गर्नुपर्दछ ।' यसैगरी व्रतको आरम्भ गर्दा गुरु-शुक्रको अस्त, बाल्य, वार्धक्य, वैधृति, व्यतीपात, परिघको पूर्वार्ध, विष्कुम्भका प्रथम तीन घडी, गण्ड एवं अतिगण्डका प्रथम ६ घडी, शूलका पाँच घडी, व्याघातको १ घडी, वज्रका प्रथम ६ घडी, दुष्टनक्षत्र, जन्ममास र जन्मनक्षत्र लिन हुँदैन ।

सङ्कल्प र व्रतारम्भ

मनुस्मृतिमा भनिएको छ - सङ्कल्प नै सबै कामनाको मूर्तरूप हो । सङ्कल्पबाट नै यज्ञहरूको प्रादुर्भाव हुन्छ । नियम अर्थात् ब्रह्मचर्य, दया, अहिंसा र स्नान, मौन, उपवास, शौच आदि यमको प्रादुर्भाव पनि सङ्कल्पबाट नै हुन्छ । तसर्थ कुनै पनि व्रत गर्दा सर्वप्रथम सङ्कल्प गर्नुपर्दछ । **महाभारत**को वचनमा भनिएको छ - उत्तराभिमुख भएर जलले भरिएको ताँबोको पात्र हातमा लिई बुद्धिमान् मानिसले मैले अमुकव्रत विधिपूर्वक गर्नेछु भनी सङ्कल्प गर्नुपर्दछ' -

गृहीत्वौदम्बरं पात्रं वारिपूर्णमुदमुखः । उपवासं तु गृह्णीयाद् यथासङ्कल्पयेत् बुधः ।।

बिहानदेखि केही नखाईकन आचमन गरी सूर्य र देवताहरूलाई आफ्नो सङ्कल्पको जानकारी गराएर व्रतको आरम्भ गर्नुपर्दछ । व्रतधर्मको पालन गर्दै हविष्यभोजन गरी निष्ठापूर्वक व्रत सम्पन्न गरेपछि उद्यापनको विधिअनुसार होम र दान गर्नुपर्दछ ।

वर्जनीय कर्म

निर्णयसिन्धुमा भनिएको छ - व्रत गर्ने मानिसले बारम्बार जलपान, ताम्बूलभक्षण, दिवाशयन र मैथुन कर्म गर्न हुँदैन । अञ्जन एवं गोरोचन लगाउने, गन्ध-पुष्प धारण, शिरमा तेल लगाउने काम गर्न हुँदैन । दान, व्रत, नियम, ज्ञान, ध्यान, हवन, जपजस्ता कर्म क्रोधपूर्वक गरिएमा व्रत निष्फल हुन्छ । मरणाशौच र जननाशौच परेमा पनि कर्मबाट निवृत्त हुनुपर्दछ । तर दीर्घकालसम्म व्रत गर्नेछु भनी प्रतिज्ञा गरेको भए सूतकमा पनि व्रतानुष्ठान गर्नुपर्दछ । आशौच आदिमा पूर्वसङ्कल्प गरिएका व्रत गर्दा पूजा र दानबाहेक अरू कर्म गर्नुपर्दछ । दीर्घकालिक व्रत गरिरहेकी नारी बीचमा रजोवती हुन्छिन् भने तिनले व्रतत्याग गर्न हुँदैन अपितु प्रतिनिधि आदिबाट व्रत सम्पन्न गराउनु पर्दछ । व्रतमा पतिकी प्रतिनिधि पत्नी र पत्नीका प्रतिनिधि पति हुन्छन् । पुत्र, दिदी-बहिनी, दाजु-भाइ कुनै ब्राह्मण वा आफ्नै पुरोहितलाई व्रतमा प्रतिनिधि तुल्याउनु पर्दछ । अरूलाई प्रतिनिधि तुल्याए पनि व्रत गर्ने मानिसले व्रतको सामान्य नियम पालन गर्नुपर्दछ ।

निर्णयसिन्धुमा निरूपित व्रतहरू

हाम्रा शास्त्रहरूमा हजारौं व्रतहरूको विधान गरिएको छ । अहिले सामान्यरूपमा निर्णयसिन्धुमा बताइएका व्रतहरूको नामनिरूपण गरिँदैछ - रामनवमीव्रत, दशावतारव्रत, दमनोत्सवव्रत, अक्षयतृतीयाव्रत, परशुरामजयन्तीव्रत, वैशाखशुक्लसप्तमीव्रत, वैशाखशुक्लनवमीव्रत, नृसिंहचतुर्दशीव्रत, वैशाखपूर्णिमाव्रत, रम्भाव्रत, दशहराव्रत, निर्जला-

एकादशीव्रत, सावित्रीव्रत, बलरामरथोत्सवव्रत, आषाढशुक्ल-एकादशीव्रत, चातुर्मास्यव्रत, कोकिलाव्रत, मधुस्रवाव्रत, नागपञ्चमीव्रत, दधिव्रत, पवित्रारोपणव्रत, ऋषितर्पणीव्रत, कज्जलीतृतीयाव्रत, बहुलाचतुर्थीव्रत, हलषष्ठीव्रत, शीतलासप्तमीव्रत, कृष्णजन्माष्टमीव्रत एवं जयन्तीव्रत, कुशी-अमावास्याव्रत, हरितालिकाव्रत, सिद्धिविनायकव्रत, ऋषिपञ्चमीव्रत, सूर्यषष्ठीव्रत, मुक्ताभरणसप्तमीव्रत, दूर्वाष्टमीव्रत, श्रवणद्वादशीव्रत, वामनजयन्तीव्रत, दुग्धव्रत, अनन्तव्रत, अगस्त्योदयव्रत, महालयपितृव्रत, कपिलाषष्ठीव्रत, महालक्ष्मीव्रत, नवरात्रव्रत, कार्तिकमासव्रत, भीष्मपञ्चकव्रत, भैरवव्रत, नागपञ्चमीव्रत, चम्पाषष्ठीव्रत, दत्तात्रेयव्रत, अर्धोदयव्रत, माघव्रत, तिलचतुर्थीव्रत, श्रीपञ्चमीव्रत, रथसप्तमीव्रत, भीष्माष्टमीव्रत, शिवरात्रिव्रत, होलिकाव्रत, वसन्तोत्सवव्रत आदि ।

निर्णयसिन्धुमा उक्त व्रतहरूमध्ये केही व्रतको विशेष निरूपण गरिएको पाइन्छ । तिनमा रामनवमी, कृष्णजन्माष्टमी, चातुर्मास्य, एकादशी, नवरात्र, माघव्रत र शिवरात्रिव्रत रहेका छन् ।

व्रतयोग्य स्थान

व्यासले भनेका छन् – पवित्र पर्वत, समुद्र, नदी र पुण्यवन व्रत आदिका लागि उपयुक्त स्थल मानिएका छन् । तीमध्ये नैमिषारण्यको ठूलो महत्त्व बताइएको छ । देवीपुराणअनुसार महानदीका तट, गया, श्रीशैल, गङ्गानदी, नर्मदानदी, पुष्करतीर्थ, वाराणसी, प्रयाग, अमरकण्टक, विन्ध्याचल आदि व्रत एवं उपवासका लागि सिद्धिदायक स्थान मानिएका छन् । मनुले दृषद्वती र सरस्वती नदीको मध्य भूभागलाई पुण्यदेश मानेका छन् । त्यो भूभाग ब्रह्माजीद्वारा निर्मित भएकाले ब्रह्मावर्तका नामबाट प्रसिद्ध छ । कुरुक्षेत्र, विराट, मथुरा र पञ्जाबलाई ब्रह्मर्षिदेश भनिन्छ । ब्रह्मर्षिदेश पनि व्रत र उपवासका निमित्त अत्यन्त फलदायक मानिएको छ । हिमालयपर्वत र विन्ध्याचलको बीचको भाग मध्यदेशलाई शास्त्रहरूमा पुण्यदेश मानिएको छ । जुन देशमा कृष्णसार मृग विचरण गर्दछन् त्यो देश पुण्यदेश हो र जुन देशमा त्यस्ता मृग रमण गर्दैनन् त्यो म्लेच्छदेश हो भन्ने कुरा पनि शास्त्रहरूमा उल्लेख गरिएको पाइन्छ ।

व्रतका अधिकारी

व्रत, उपवास गर्नको लागि वर्ण र आश्रमका आचार पालन गर्ने, शुद्ध मन भएका, काम, क्रोध र लोभरहित, सत्यवादी सबै मानिसहरू अधिकारी मानिएका छन् । वस्तुतः सबैको कल्याण चाहने कार्यमा लागिरहने मानिस नै व्रतको अधिकारी हुन्छ । श्रद्धालु, पापबाट डराउने, मद र दम्भ केही नभएको, कुनै कार्यको लागि सङ्कल्प गरेपछि त्यसलाई सिद्ध गर्न कटिबद्ध रहने, वेदको निन्दा नगर्ने र बुद्धिमान् मानिस व्रतको अधिकारी हुन्छ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ । कूर्मपुराणमा भनिएको छ कि चारै वर्णका मानिसहरू जसले यज्ञ, दान, व्रत, उपवास र नियमद्वारा परमेश्वरको आराधना गर्दछन् ती भगवान् शिवको कैलासमा प्राप्त भएर शिवसायुज्यका अधिकारी बन्दछन्।

शरीरलाई कष्ट दिँदै जसले व्रत, उपवास र नियमको पालन गर्दछन् ती मानिसहरू समग्र पापराशिबाट मुक्त हुन्छन् । महाभारतमा भनिएको छ – पापयोनिमा जन्मिएका मानिस, नारी, वैश्य र शूद्र भए पनि परमेश्वरको शरणमा परी आराधना गर्दछन् भने ती पनि परमगतिमा प्राप्त हुन्छन् ।

व्रतसाहित्य

व्रतसाहित्य विशाल छ । व्रतहरूको विषयमा विशेष अध्ययन गर्न चाहने मानिसहरूले तल लेखिएका ग्रन्थहरूको अनुशीलन गर्नुपर्दछ – वैदिकसाहित्य, सूत्रग्रन्थ, पुराणवाङ्मय, राजमार्तण्ड, कृत्यकल्पतरु, कालविवेक,

चतुर्वर्गचिन्तामणि, कृत्यरत्नाकर, कालमाधव, कालनिर्णयकारिका, तिथिविवेक, निर्णयामृत, वर्षक्रियाकौमुदी, कालसार, तिथितत्त्व, एकादशीतत्त्व, जन्माष्टमीतत्त्व, दुर्गार्चनपद्धति, कृत्यतत्त्व, व्रततत्त्व, व्रतप्रकाश, समयप्रकाश, कालमयूख, दर्शनिर्णय, व्रतोद्यापनकौमुदी, व्रतराज, पुरुषार्थचिन्तामणि, धर्मसिन्धु आदि ग्रन्थहरूमा व्रतको विषयमा व्यापक र गम्भीर विवेचन गरिएको पाइन्छ ।[४८]

३.४ एकादशीविचार

कालको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको एकादशी हिन्दूजीवनमा ज्यादै महत्त्वपूर्ण तिथि मानिएको छ । एकादशीमा भोजन गर्न हुँदैन भन्ने वचन छ –

न शङ्खेन पिबेत् तोयं न खादेत् कूर्मशूकरौ । एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।।

यदीच्छेद् विष्णुसायुज्यं श्रियं सन्ततिमात्मनः । एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।।

पक्षे पक्षे च कर्तव्यमेकादश्यामुपोषणम् ।।

यी वचनलाई आधार मानेर गरिने एकादशीको उपवास प्रथमकोटिको मानिन्छ । एकादशीव्रत दुई किसिमको हुन्छ – प्रथम भोजननिषेधको पालनमा आधारित र दोस्रो व्रतानुष्ठानमा आधारित । माथि बताइएका '**न शङ्खेन पिबेत् तोयं**' आदि वाक्यहरूलाई आधार मानी गरिने उपवासलाई निषेधपालनात्मक उपवास भनिन्छ । दोस्रो व्रतानुष्ठानमा आधारित उपवासमा विधिपूर्वक व्रतको सङ्कल्प गरी उपवासका साथै विष्णु आदिको आराधना पनि गरिन्छ । निषेधपालनमा आधारित एकादशी उपवास पुत्रवान् गृहस्थले पनि दुवै पक्षका एकादशीहरूमा गर्नुपर्दछ। तर पुत्रवान् गृहस्थले व्रतरूप उपवास कृष्णपक्षको एकादशीमा गर्नुहुँदैन । त्यस्ता मानिसहरूले सङ्कल्प नगरीकन आफ्नो सामर्थ्यअनुसार भोजनत्याग भने गर्नुपर्दछ । यही नियम तिथिक्षय हुँदा शुक्लपक्षको एकादशीमा पनि पालन गर्नुपर्दछ ।

हरिशयनी र हरिबोधिनी एकादशीका बीचमा पर्ने कृष्णपक्षका एकादशीहरूमा पुत्रवान् गृहस्थहरूले पनि विधिपूर्वक एकादशीव्रत गर्नुपर्दछ । विष्णुसायुज्यको कामना गर्ने, आयुको वृद्धि गर्न चाहने र पुत्रको कामना गर्ने उपासकले भने दुवै पक्षका एकादशीमा व्रत गर्नुपर्दछ । वैष्णवदीक्षा लिएका गृहस्थहरूले नित्य कृष्णपक्षको एकादशीव्रत गर्नुपर्दछ । त्यसो नगरेमा तिनीहरूलाई प्रत्यवाय लाग्दछ । यो व्रत वैष्णव, वैदिक, शैव, शाक्त सबैले गर्नुपर्दछ । सम्पत्तिप्राप्तिजस्ता फल हुने हुनाले यस व्रतलाई काम्यव्रत पनि भनिन्छ ।

एकादशीव्रतमा अधिकार

'अष्टवर्षाधिको मर्त्यो ह्यशीतिन्यूनवत्सरः । एकादश्यामुपवसेत् पक्षयोरुभयोरपि ।।'

कात्यायनले भनेका छन् – आठ वर्ष पुगेको बालक र ८० वर्ष ननाघेको वृद्धलगायत सबैलाई एकादशीव्रत लिने अधिकार छ । समर्थ व्यक्तिले त ८० वर्षको उमेरपछि पनि एकादशीव्रत गर्न सक्दछन् । सौभाग्यवती नारीले पति वा पिताको आज्ञा लिएरमात्र एकादशीव्रत गर्नुपर्दछ । विनाआज्ञा व्रत गरेमा व्रत विफल हुनुका साथै पति, पिता आदिको आयु पनि क्षीण हुन्छ र नरकप्राप्ति हुन्छ । असमर्थ व्यक्तिले दिनमा एक पटक हविष्यान्न अथवा अयाचितभोजन गरी उपवास एवं दानद्वारा एकादशीव्रत गर्न सक्दछन् । बिल्कुलै असमर्थ भएमा प्रतिनिधिद्वारा

४८. पी.बी. काणे, पूर्ववत्, चतुर्थभाग, पृ. ८-१० ।

एकादशीव्रत गराउनुपर्दछ । प्रमादवश एकादशीव्रत नगरेमा द्वादशीव्रत गर्नुपर्दछ । द्वादशीव्रत पनि गरिएन अथवा गर्न सकिएन भने चान्द्रायण गर्नुपर्दछ । नास्तिक भई एकादशीव्रत नगर्नेका लागि पिपीलिकामध्यचान्द्रायणको व्यवस्था गरिएको छ । असमर्थ पति, पुत्र र पिताको एकादशीव्रतका उद्देश्यले तिनका स्त्री, पुत्र, दाजु-भाइ एवं दिदीबहिनीहरूले एकादशीव्रत गरिदिन्छन् भने १०० यज्ञ गरेको फल प्राप्त हुन्छ ।

एकादशीव्रतका लागि दिननिर्णय

सनातनधर्मको परम्परामा एकादशीव्रतका अधिकारी दुईथरि मानिएका छन् – वैष्णव र स्मार्त । निर्णयसिन्धुअनुसार वैष्णवदीक्षा लिएका विष्णुका भक्त र विष्णुदीक्षा नलिए पनि परम्परागतरूपमा आफूलाई वैष्णववर्गमा मानी तदनुसार व्रत, उपवास गर्दै आएका मानिस पनि वैष्णव नै कहलाउँछन् । दीक्षा लिने पितामा वैष्णवत्व रहेको हुन्छ तापनि कुलपरम्पराअनुसार वैष्णवत्व र स्मार्तत्व निर्धारित हुन्छ भन्ने कुरा बृद्धहरूले बताएका छन् ।

यथा शुक्ला तथा कृष्णा, यथा कृष्णा तथोत्तरा । तुल्ये ते मन्यते यस्तु स वै वैष्णव उच्यते ।।

भविष्यपुराणमा भनिएको छ – जसले शुक्ल एकादशी र कृष्ण एकादशीलाई समान महत्त्व दिन्छ त्यसलाई वैष्णव भन्नुपर्दछ । त्यस्ता मानिसबाहेक अरू मानिस स्मार्त कहलाउँछन् ।

एकादशीवेध – एकादशीवेध दुई प्रकारको हुन्छ – अरुणोदयमा दशमीवेध र सूर्योदयमा दशमीवेध । सूर्योदयभन्दा चार घडी पहिले हुने वेधलाई अरुणोदयवेध भनिन्छ र सूर्योदयको समयमा हुने वेधलाई सूर्योदयवेध भनिन्छ । ५६ घडीपछि कलामात्र पनि अरुणोदयवेध भएमा त्यो वेध वैष्णवहरूका लागि उपयुक्त हुन्छ र ६० घडीरूप सूर्योदयपछाडि पलामात्र पनि दशमी वेध भएमा त्यो स्मार्तहरूका लागि उपयुक्त हुन्छ । वेधसम्बन्धमा ज्योतिर्विद्हरूमा विवाद भएमा सबैले द्वादशीतिथिमा उपवास गर्नुपर्दछ । यसरी हेर्दा एकादशी पनि विद्धा र शुद्धा गरी दुई प्रकारको हुने कुरा प्रमाणित हुन्छ । वैष्णवहरूले अरुणोदयविद्धा एकादशी छाडी द्वादशीमा उपवास गर्नुपर्दछ । अरुणोदयवेधरहित एकादशी शुद्धा एकादशी हो । त्यो चार प्रकारको हुन्छ – एकादशीको अधिकता, द्वादशीको अधिकता, दुवैको अधिकता र दुवैमा अधिकताको अभाव ।

उदाहरण – १

जस्तै दशमी ५५ घडी, एकादशी ६० घडी, द्वादशी (क्षीण) ५८ घडी । यहाँ एकादशीको अधिकता छ । यस्तो स्थितिमा वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ र स्मार्तहरूले पहिलो दिन एकादशीमा उपवास गर्नुपर्दछ।

उदाहरण – २

दशमी ५५ घडी, एकादशी ५८ घडी, द्वादशी ६० घडी । यो शुद्धा र द्वादशीको अधिकता भएको एकादशी हो । यसमा वैष्णवहरूले द्वादशीमा र स्मार्तहरूले एकादशीमा उपवास गर्नुपर्दछ ।

उदाहरण – ३

दशमी ५५ घडी, एकादशी ६० घडी, द्वादशी ६५ घडी । यो शुद्धा एकादशी हो । यसमा एकादशी र द्वादशीको मात्रा अधिक छ । यसमा स्मार्त र वैष्णव दुवैले द्वादशीमा उपवास गर्नुपर्दछ ।

उदाहरण – ४

दशमी ५५ घडी, एकादशी ५७ घडी, द्वादशी ५८ घडी । यसमा दुवैमा अधिकता छैन । वैष्णव र स्मार्त दुवैले एकादशीमा नै उपवास गर्नुपर्दछ ।

स्मार्तहरूको एकादशीनिर्णय

सूर्योदयमा वेध हुने एकादशीलाई विद्धा भनिन्छ र त्यो नभएकोलाई शुद्धा भनिन्छ ।

शुद्धा – शुद्धा दुई प्रकारको भए पनि प्रत्येक चार –चार प्रकारको हुन्छ । एक– एकादशीको घडीपलामा अधिकता, दुई – एकादशी र द्वादशी दुवैको अधिकता, तीन – द्वादशीको मात्रामा अधिकता र चार – एकादशी र द्वादशीको अधिकताको अभाव ।

विद्धा – विद्धा पनि चार प्रकारको हुन्छ । एक – एकादशीको अधिकता, दुई – एकादशी र द्वादशीको अधिकता, तीन – द्वादशीको अधिकता र चार– दुवैको अधिकताको अभाव ।

यसमा स्मार्तहरूले पहिलो दिन उपवास गर्नुपर्दछ । संन्यासी, निष्काम भक्त र वैष्णवले पछिल्लो दिन उपवास गर्नुपर्दछ ।

व्रतप्रयोग

एकादशीको उपवास गर्नुभन्दा अघिल्लो दिन नित्यकर्म गरिसकेपछि सङ्कल्प लिँदै भन्नुपर्छ –

'दशमीदिनमारभ्य करिष्येऽहं व्रतं तव । त्रिदिनं देवदेवेश निर्विघ्नं कुरु केशव ।।'

– 'दशमीको दिनदेखि लिएर म तीन दिनसम्म हजुरको व्रत गर्नेछु, त्यसलाई हजुरले विघ्नरहित तुल्याउनुहोस्।' यसरी सङ्कल्प गरेपछि दशमीको मध्याह्नमा एकछाक भोजन गर्नुपर्दछ । भोजनमा काँसको पात्र प्रयोग गर्न हुँदैन। मांस–मधु आदि पदार्थको सेवन गर्न हुँदैन । दिनमा शयन, अतिभोजन र अतिजलपान पनि गर्नुहुँदैन । पुनर्भोजन, स्त्रीप्रसङ्ग, असत्यभाषण गर्नुहुँदैन । चना, कोदोजस्ता अधम अन्न र परान्न खान हुँदैन । जुवा खेल्न, तेल घस्न र पान खान हुँदैन । एकभक्त रहेकाले दन्तधावन भने गर्नुपर्दछ । रातमा भुईंमा शयन गरी एकादशीका दिन बिहानै उठी पत्र आदिबाट दन्तधावन गर्नुपर्दछ । काठको प्रयोग गर्न हुँदैन । स्नान, सन्ध्या गरेपछि हातमा पवित्र धारण गरी उत्तरतर्फ फर्केर जलले भरिएको ताँबोको पात्र हातमा लिँदै भन्नुपर्दछ –

एकादश्यां निराहारो भूत्वाऽहमपरेऽहनि । भोक्ष्यामि पुण्डरीकाक्ष! शरणं मे भवाच्युत ! ।।

यसरी मन्त्रको उच्चारण गरेपछि नारायणलाई पुष्प अर्पण गर्नुपर्दछ । असमर्थ व्यक्तिले भने **'एकादश्यां निराहारः'** भन्नुको सट्टा **'एकादश्यां फलाहारः'** अथवा **'एकादश्यां जलाहारः'** अथवा **'एकादश्यां नक्तभोजी'** भन्ने ऊह अर्थात् निराहारको सट्टा आफ्नो सङ्कल्पअनुसारको विषय बुझाउने शब्द प्रयोग गरी सङ्कल्प गर्नुपर्दछ । त्यसपछि सुन्दर मण्डप तयार गरेर पुष्प, गन्ध, धूप, दीप, नैवेद्य अर्पण गर्दै स्तोत्रपाठसमेत गरेर भगवान्को नामसङ्कीर्तन, गीत-वाद्य, दण्डवत् प्रणाम आदि क्रियाकलापद्वारा नारायणको पूजा गरी रातमा विधिवत् जाग्राम गर्नुपर्दछ ।

एकादशीका नियम

एकादशीका दिन अधर्मी मानिसहरूको सङ्गत गर्न हुँदैन । ब्रह्मचर्यधारण र सत्यभाषण गर्नुपर्दछ । दिनमा शयन गर्न हुँदैन । अपराधी वा पापीको अनुहार देखिएमा शुद्ध भई सूर्यको दर्शन गर्नुपर्दछ । पापी वा नास्तिक मानिससँग छोइएमा स्नान गरेर सूर्यदर्शन गर्नुपर्दछ भने उनीहरूसँग कुराकानी भएमा **शुचिषद्०** इत्यादि मन्त्र जप गरी भगवान् अच्युतको चिन्तन गर्नुपर्दछ । एकादशीका दिन श्राद्ध गर्नुपर्ने भएमा श्राद्धको प्रसाद सुँघेर गाई आदिलाई खुवाउनुपर्दछ । काम्य उपवास गर्दा एकादशीका दिन सूतक आइपरेमा शरीरका नियम स्वयं पालन गरी

सूतक सकिएपछि ब्राह्मणभोजन, दान आदि कार्य गराउनुपर्दछ । नित्य उपवास गरेको बेला सूतक पर्दछ भने निराहार रही ब्राह्मणद्वारा पूजा गराउनुपर्दछ । रजस्वलाले पनि सूतक परेका मानिससरह नै उपवास गर्नुपर्दछ । कदाचित् एकादशीको नियमभङ्ग भएमा १०८ पटक **नारायण** यस नाममन्त्रको जप गर्नुपर्दछ ।

पारणविचार

एकादशी उपवासपछि द्वादशीमा पारण गर्नुपर्दछ । पारणशब्दको अर्थ व्रतको समाप्ति हो । त्यसैले यहाँ पारण भन्नाले एकादशीव्रतको समाप्ति भन्ने अर्थ बुझ्नुपर्दछ । निर्णयामृत, मदनरत्न र विष्णुधर्ममा द्वादशीको प्रथम चरणलाई **हरिवासर** भनिएको छ । त्यहाँ हरिवासरको अवधि सकिएपछि पारण गर्नुपर्ने कुरा बताइएको छ । **निर्णयसिन्धुकार कमलाकर भट्ट** भने द्वादशीको अपराह्णमा पारण गर्नुपर्ने कुरा बताउँछन् ।

विशेष कथन

निर्णयसिन्धु र धर्मसिन्धुको आधारमा यो आलेख लेखिएको छ । शास्त्रको निर्देशअनुसार गरिने कर्ममा तर्कको कुनै ठाउँ रहँदैन । कसैले तर्क गर्न चाहन्छ भने पहिले एकादशीको स्वरूप, उपवास, व्रतको भौतिक र आध्यात्मिक विश्लेषण एवं मनन गर्नुपर्दछ । एकादशीतिथिको एघारौं इन्द्रिय मनसँग सम्बन्ध छ र मनको चन्द्रमासँग सम्बन्ध छ । चन्द्रमा चञ्चलता, सौन्दर्य र भोगका प्रतीक हुन् । **'चन्द्रमा मनसो जातः'** भन्ने श्रुतिवाक्यअनुसार चन्द्रमा र मनको घनिष्ठ सम्बन्ध छ । त्यसैले मनलाई उत्तेजित बनाउने कार्यमा चन्द्रमाको भूमिका रहेको हुन्छ । एकादशीव्रत आफै पनि विज्ञानसम्मत छ । जसको हृदयमा श्रद्धा छैन, जो नास्तिक छ, जसले हाम्रो वर्णाश्रमधर्मको महत्त्व बुझेको छैन र बुझ्न पनि चाहँदैन त्यस्ता पाषाणहृदय वा कठोर मन भएका व्यक्तिलाई एकादशीव्रतको वैज्ञानिकता बताएर पनि कुनै लाभ हुने देखिँदैन । जसले ईश्वरीय वचन, वेद, शास्त्र, धर्म, संस्कृति र परम्पराका असल कार्यहरूमा श्रद्धा राख्दछन् तिनीहरूले हाम्रा आचार-विचार, उपवास, व्रत, तीर्थ, यज्ञ, यागद्वारा ऐहलौकिक र पारलौकिक, अभ्युदय र निःश्रेयस हुने कुरामा विश्वास गर्दछन् । केही नास्तिकहरूले आफूलाई आधुनिक युगबोधसम्पन्न देखाउन एकादशी उपवासलाई अन्धविश्वासका आधारमा गरिने कर्म भन्दछन् भने तिनीहरूद्वारा भनिने अन्धविश्वासको कुनै तुक छैन । पवित्र कर्मलाई अन्धविश्वास भन्ने विनासिङका पशुहरू आफ्नै अज्ञानको अन्धकारले अन्धा भएर खानु, लाउनु र मोज-मज्जा गर्नुमा डुबेका हुन्छन् । मृत्युको ख्याल नगरी पापमा विश्वास गर्ने हुँदा तिनीहरूलाई नै पक्का अन्धविश्वासी मान्नुपर्दछ ।

एकादशी उपवासको विवेचन

श्रीमद्भगवद्गीतामा भनिएको छ - **'विषया विनिवर्तन्ते निराहारस्य देहिनः'** अर्थात् निराहार रही उपवास एवं व्रत गर्ने मानिसका सबै विषय निवृत्त हुँदै जान्छन् । सबै प्रकारका धर्म-निष्ठाको उद्देश्य चञ्चल मन वा त्यसका वृत्तिहरूको निरोध नै हो । मन निरुद्ध भएमा इन्द्रिय आफै निरुद्ध हुन्छन् । उपनिषद्हरूमा शरीरलाई रथ, इन्द्रियहरूलाई घोडा र मनलाई लगामका रूपमा चित्रण गरेर बुझाउन खोजिएको छ । शास्त्रहरूले दश इन्द्रियपछि मनलाई एघारौं इन्द्रिय मानेका छन् । एकादशीतिथिका दिन मनको शक्तिको स्रोत चन्द्रमा क्षितिजको एघारौं कक्षामा रहेका हुन्छन् । यस्तो स्थितिमा गरिने मनोनिग्रहको साधना सफल हुन्छ। यसैले ऋषिहरूले एकादशी-उपवास र व्रतको परम्परा चलाएका हुन् ।

एकादशी-उपवासमा असमर्थ मानिसले गहुँ, फापर, जौ एवं फलफूलको सेवन गर्न हुन्छ तर चामलको

उपयोग गर्न हुन्न भन्ने कुरा लोक र शास्त्रमा प्रसिद्ध छ । कृषिविज्ञहरू जान्दछन् – धान जलखेती हो । चामल ठोसरूपमा परिणत जलकण नै हो । ब्रह्माण्डमा विराट्को मन चन्द्रमा हो । वस्तुतः चन्द्रमाको उत्पत्ति विराट्पुरुषको मनबाट भएको हो । चन्द्रमा पनि दिव्यजलको पिण्ड भएकाले त्यसलाई अब्ज, हिमकर, हिमरश्मि, शीतांशु आदि नामबाट पुकारिन्छ । अण्ड-पिण्ड सिद्धान्तअनुसार मानव मनको सम्बन्ध विराट् मनोमयपिण्ड चन्द्रमासँग रहेको हुन्छ । एकादशीव्रत गर्ने मानिस मनलाई स्थिर, संयत र चञ्चलतारहित बनाउन उपवास गरिरहेको हुन्छ । त्यसबेला चन्द्रका किरणद्वारा उत्पन्न जलीय तत्त्व चामलको सेवन गर्दा मानवको मन चञ्चल हुन्छ । त्यसकारण एकादशीमा चामललाई वर्जित गरिएको छ । हाम्रो भोजनको सूक्ष्म परिणाम मन नै हो । त्यसलाई नै चञ्चल बनाउने किसिमका चामल आदि पदार्थको आहार गरिएमा विपरीत परिणाम प्राप्त हुन्छ । यसैले एकादशीतिथिमा एघारै इन्द्रियको चञ्चलता हटाउन युक्तिपूर्वक निषेध गरिएका पदार्थहरूको सेवन नगरीकन नियमितरूपमा व्रत एवं उपवास गर्नुले मानिसहरूको उपकार हुन्छ भन्ने कुरामा द्विविधा रहँदैन ।[४९]

व्रत एवं उपवास शारीरिक तपस्याका पनि द्योतक हुन् । निर्जला एकादशी प्रचण्ड गर्मीको समयमा पर्दछ। त्यसबेला पानीसमेत नखाई व्रत गर्नु ज्यादै जटिल विषय हो । यसैगरी हरिशयनीमा हरि शेषशय्यामा शयन गर्नुहुन्छ भन्ने कुरा हृदयङ्गम गर्दै आषाढको समयमा हरिशब्दबाट बुझिने मानिसहरूको पित्तमा मन्दता आउने हुँदा चतुर्मासाभरि व्रत गरी चित्तमा विकार पैदा गर्ने पदार्थ सेवन नगर्ने भन्ने कुरा बताउन चतुर्मासामा क्षार आदि अनेक पदार्थ सेवन नगर्न निर्देश दिइएको छ ।

एकादशीसाहित्य

एकादशी हिन्दूहरूका लागि पवित्र तिथि हो । यसमा गरिने व्रत, उपवास र वर्जनीय पदार्थहरूको विषयमा विभिन्न स्मृति, निबन्धग्रन्थ र पुराणहरूमा प्रकाश पारिएको छ । निबन्धहरूमध्ये शूलपाणिको एकादशीविवेक, रघुनन्दनको एकादशीतत्त्व, हेमाद्रिको चतुर्वर्गचिन्तामणि, माधवको कालनिर्णय, नारदीयपुराण, पद्मपुराण, महाभारत, वायुपुराण, लिङ्गपुराण, ब्रह्मवैवर्तपुराण, मत्स्यपुराण, कृत्यकल्पतरु र धर्मसिन्धु आदिमा एकादशीपरक विषयहरूको विस्तृतरूपमा निरूपण गरिएको पाइन्छ । एकादशीसम्बन्धी विशेष तथ्यबोध गर्न चाहने जिज्ञासुले उक्त ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ ।

३.५ ग्रहणविचार

निर्णयसिन्धुको प्रथम परिच्छेदमा प्रस्तुत ग्रहणनिरूपणमा ग्रहणसम्बन्धी विविध पक्षहरूको उपस्थापन गरिएको छ । यसमा बताइएको ग्रहणसम्बन्धी शास्त्रार्थ जटिल र गम्भीर पनि छ । यसबाट विद्वान् **कमलाकर भट्ट**को पारदर्शी वैदुष्यको अनुभूति हुन्छ । **निर्णयसिन्धु** धर्मशास्त्रको निबन्धग्रन्थ भएकाले ग्रहण कसरी लाग्छ, किन खग्रास ग्रहण लाग्छ र किन खण्डग्रास ग्रहण लाग्छ भन्ने जिज्ञासाहरूको उत्तर दिनुको सट्टा कर्तव्यपक्षको निरूपण गरिएको छ । उक्त जिज्ञासाहरूको समाधान ज्योतिषशास्त्रका ग्रन्थहरूबाट नै हुनसक्दछ ।

निर्णयसिन्धुमा ग्रहण लागेको अवसरमा भोजननिषेध, ग्रहणप्रयुक्त स्नान-दान, ग्रहणमुक्तिपछि गरिने कृत्य, अन्नविषयक विचार, सूतकविचार, जलपानको प्रायश्चित्त, उपवास, चूडामणियोग, होमविचार, ग्रहणस्नान, तीर्थस्मरण, ग्रहणकालिक गजच्छायायोग, ग्रहणमा भोजन र प्रायश्चित्त, आशौचमा ग्रहणस्नान, ग्रहणमा रजस्वलास्नान,

४९. माधवाचार्य, 'क्यों ?' धर्मदिग्दर्शन (उत्तरार्ध), माधवपुस्तकालय, कमलानगर, देहली, पृ. ५९६-५९७ ।

ग्रहणकालमा रात्रिमा गरिने श्राद्ध, ग्रहणदिनमा वार्षिकश्राद्ध, ग्रहणमा दीक्षा, जन्मराशि आदिमा ग्रहण परेमा दाननिरूपण, राहुपूजन, ग्रहणदर्शनमा वस्त्रको उपयोग, ग्रहणपूर्व र ग्रहणोत्तर मङ्गलकर्मको निषेध, ग्रहणमा मन्त्रजप, कुरुक्षेत्र आदिमा दान ग्रहण गरेमा प्रायश्चित्तको व्यवस्था, ग्रहणमा पूर्वसङ्कल्पित द्रव्यको दान र ग्रहणविषयक शास्त्रार्थ प्रस्तुत गरिएका छन् ।

ग्रहण प्रकरणको सार

चन्द्रग्रहणमा जुन प्रहरमा ग्रहण लाग्दछ त्योभन्दा तीन प्रहरअघिदेखि भोजन गर्न हुँदैन अर्थात् ९ घण्टा अघिदेखि भोजन गर्न हुँदैन । सूर्यग्रहणमा भने १२ घण्टा अघिदेखि भोजन गर्न हुँदैन । ग्रहण लागेकै अवस्थामा सूर्यचन्द्र अस्त हुँदा एक अहोरात्र भोजन गर्न हुँदैन । राहुले सूर्य अथवा चन्द्रमालाई ग्रस्त बनाउँदा सबै वर्णका मानिसलाई सूतक लाग्दछ । ग्रहणको बेला पकाइएको अन्न भोजन गर्न हुँदैन । ग्रहणकालमा सङ्कलन गरिएका तेल र घिउमा पकाएका अन्न, तिल, कुश, आरनाल, दूध, मही, दही दूषित हुँदैनन् । चन्द्रग्रहणमा भोजन गरेमा तीन रात वा एक रात उपवास गरेपछि यथाशक्ति दान दिँदा भोजन गर्ने मानिस पापबाट मुक्त हुन्छ ।

रविवार सूर्यग्रहण र सोमवार चन्द्रग्रहण परेमा चूडामणियोग हुन्छ । त्यसबेला गरिने दानबाट कोटि-कोटि गुणा फल प्राप्त हुन्छ । चन्द्र र सूर्यलाई राहुले ग्रस्त गर्न लाग्दा स्नान गर्नुपर्दछ । ग्रस्त गरिसकेपछि होम गर्नुपर्दछ र छोड्न लाग्दा दान गर्नुपर्दछ । ग्रहणमा सबै वर्णका मानिसले स्नान गर्नुपर्दछ । सूर्य वा चन्द्रमालाई ग्रहणले छोडेपछि पनि सचैल स्नान गर्नुपर्दछ । जसले ग्रहणले छाडेपछि स्नान गर्दैन त्यो मानिस अर्को ग्रहणस्नान नगर्दासम्म आशौचमा रहन्छ । चन्द्र-सूर्य ग्रहणमा गङ्गा स्नान गर्नुपर्दछ । गङ्गास्नान सम्भव नभएमा महानदीहरूमा स्नान गर्नुपर्दछ । ग्रहणमा कार्तिकमा प्रयागका गङ्गा-यमुना र सरस्वती नदीको सङ्गम, मंसिरमा देवीका, पौषमा रेवा, माघमा सन्निहत्या, फाल्गुनमा वरुणा, चैत्रमा सरस्वती, वैशाखमा चन्द्रभागा, जेठमा कौशिकी, आषाढमा तापिनी, श्रावणमा सिन्धु, भाद्रमा गण्डकी र आश्विनमा सरयू नदीमा स्नान गर्नु उत्तम मानिएको छ ।

ग्रहण र गङ्गाको संयोग अपूर्व पुण्यदायक हुन्छ । चन्द्रग्रहणमा स्नान गर्दा उक्त संयोगले लाखगुणा फल दिन्छ भने सूर्यग्रहणमा स्नान गर्दा त्यसले दश गुणा अधिक फल दिन्छ । चन्द्रग्रहणमा गङ्गास्नान गर्दा कोटिगुणा फल हुन्छ भने सूर्यग्रहणमा गङ्गास्नान गर्दा दश कोटिगुणा अधिक फल प्राप्त हुन्छ । ग्रहणमा तातोपानीले नुहाउनुभन्दा चीसो पानीले नुहाउँदा अधिक फल प्राप्त हुन्छ । अरूको अधीनमा रहेको जलाशयमा नुहाउनुभन्दा आफ्नो जमिनमा रहेको जलाशयमा नुहाउँदा अधिक फल प्राप्त हुन्छ । नदी वा जलाशयबाट भाँडोमा उठाएर ल्याइएको जलभन्दा भूमिमा रहेको जल उत्तम हुन्छ । भूमिको जलभन्दा झरनाको जल उत्तम हुन्छ । झरनाको जलभन्दा तलाउको जल उत्तम हुन्छ । तलाउको जलभन्दा नदीको जल उत्तम हुन्छ । सामान्य नदीको जलभन्दा तीर्थको जल उत्तम हुन्छ । सामान्य तीर्थको जलभन्दा महानदीको जल उत्तम हुन्छ । महानदीको जलभन्दा गङ्गानदीको जल उत्तम हुन्छ । गङ्गानदीको जलभन्दा समुद्रको जल उत्तम हुन्छ।

सूर्य-चन्द्रग्रहणमा स्नान गर्दा संसारमा विख्यात भएका ठूला-ठूला दानहरूको फल प्राप्त हुन्छ । ग्रहणमा महानदीहरूमा गई स्नान गर्न सकिएन भने ती-ती नदीहरूको स्मरण गर्दा पनि पुण्यलाभ हुन्छ । ग्रहणमा श्राद्ध गर्दा ठूलो पुण्य प्राप्त हुन्छ । पर्वको सन्धिकालमा ग्रहण परेमा गजच्छायायोग हुन्छ । यस्तो योगमा पितृहरूको तृप्तिका लागि श्राद्ध गर्नुपर्दछ । ग्रहणमा भोजन गर्ने मानिस अर्को जन्ममा पुरुष भएर जन्मिन पाउँदैन । रजस्वला नारीले पनि जलाशयबाट भाँडोमा झिकिएको जलले नुहाउनुपर्दछ । ग्रहणका निमित्त श्राद्ध गर्दा रात्रिमा पनि गर्न सकिन्छ।

ग्रहणमा आमा-बाबुको मरणतिथि परेमा आमश्राद्ध वा हेमश्राद्ध गर्नुपर्दछ । सूर्यग्रहणमा मन्त्रदीक्षा लिनुपर्दछ । चन्द्रग्रहणमा दीक्षा लिनुहुँदैन । आफ्नो जन्मराशिदेखि तेस्रो, पाँचौं, छैठौं, दसौं र एघारौं राशिमा ग्रहण लागेमा शुभकारक हुन्छ । जन्मराशिदेखि दोस्रो, सातौं र नवौं राशिमा ग्रहण लागेमा मध्यम फल प्राप्त हुन्छ । बाँकी राशिमा ग्रहण लागेमा अनिष्ट फल प्राप्त हुन्छ । राहुले जुन नक्षत्रमा रहेर सूर्य वा चन्द्रमालाई ग्रस्त बनाउँछ त्यो राशिमा पैदा भएका मानिसलाई कष्ट प्राप्त हुन्छ । त्यसको निमित्त सुनको सर्पको मूर्ति बनाएर पूजा गरी दान गर्नुपर्दछ । पूजा गर्दा मन्त्रद्वारा राहुको प्रार्थना गरी स्वस्ति-शान्ति पनि गर्नुपर्दछ । सबैले ग्रहणको दर्शन गर्दा कपडाले छेकिएर अथवा तेल, जल र ऐनामा ग्रहण दर्शन गर्नुपर्दछ । सूर्य जुन नक्षत्रमा रहँदा ग्रहण लागेको छ त्यो नक्षत्र तीन ऋतुसम्म अमङ्गलदायक हुन्छ । ग्रहण लागेको समयमा सुरुदेखि अन्तिमसम्म मन्त्रजप गरिरहनुपर्दछ। ग्रहणमा होम गर्न सकिएन भने जप गर्नुपर्दछ । ग्रहणको समयमा कुरुक्षेत्रमा ग्रहणको दान लिने मानिसले दुई तप्तकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ । ग्रहणमा म यति दान गर्दछु भनी सङ्कल्प गर्ने तर दान नगर्ने मानिसले पछि दुईगुणा दान गरेपछि त्यो मानिस सङ्कल्पजनित पापबाट मुक्त हुन्छ ।

ग्रहणदर्शनको तात्पर्य

ग्रहणस्नान आदिको विषयमा थरिथरिका मत प्राप्त हुन्छन् । ग्रहण देखेपछि स्नान गर्नुपर्दछ भन्ने **जाबालिको** मत छ । ग्रहण देखेर स्नान गर्नुपर्दछ भन्ने वाक्यको अर्थ आँखा र ग्रहणको संयोगलाई मात्र आधार मानेर स्नान, दान आदि गर्ने हो भने अन्धाले नुहाउन पाउनेछैनन् । जन्मराशि आदिमा ग्रहण परेका मानिसले पनि ग्रहण देख्न नपाउने हुँदा तिनले पनि स्नान गर्न पाउनेछैनन् । तसर्थ देखेर भन्नुको अर्थ थाहा पाएर स्नान गर्नुपर्दछ भन्ने नै हो । यो **निर्णयसिन्धुमा** विस्तारपूर्वक गरिएको शास्त्रार्थको निष्कर्ष हो ।

भौतिकवादी वर्तमान वैज्ञानिकहरू सूर्य, चन्द्र, पृथ्वी आदि पिण्डलाई जड मान्दछन् । सूर्यमाथि पर्ने चन्द्रमाको छाया र चन्द्रमामाथि पर्ने पृथ्वीको छायालाई पनि जड मान्दछन् । अध्यात्मवादी वैदिकवाङ्मयमा उक्त पिण्डहरू जड भए पनि तिनका अभिमानी देवता चेतन हुन्छन् भनिएको छ । यही कुरा **सिद्धान्तशिरोमणि** ग्रन्थमा यसरी बताइएको छ –

'दिग्देशकालावरणादिभेदान्नच्छादको राहुरिति ब्रुवन्ति ।
यन्मानिनः केवलगोलविद्यास्तत्संहितावेदपुराणबाह्यम् ।।
राहुकुभामण्डलगः शशाङ्कं शशाङ्कगश्छादयतीनबिम्बम् ।
तमोमयः शम्भुवरप्रदानात् सर्वागमानामविरुद्धमेतत् ।।'[५०]

– दिशा, देश, काल र आवरणको तारतम्यबाट ग्रहण लाग्छ । राहुले ग्रस्त गर्छ भन्ने कुरा होइन भनी केही मानिसहरू भन्दछन् तर त्यो मान्यता ज्योतिष, वेद र पुराणविरुद्ध छ । वस्तुतः राहुनामक चेतन असुरले पृथ्वीको छायाभित्र प्रवेश गरी सूर्यलाई डस्दछ । त्यो असुर आफै तमोमय छ । त्यसलाई यो सामर्थ्य भगवान् शिवको वरदानबाट प्राप्त भएको हो ।

प्राच्यवाङ्मयमा ग्रहणको महत्त्व

प्राचीन समयदेखि नै शास्त्रहरूमा ग्रहणलाई महत्त्व दिइएको पाइन्छ । हेमाद्रि, कालविवेक, कृत्यरत्नाकर,

५०. भास्कराचार्यः, सिद्धान्तशिरोमणिः, ग्रहणवासनाध्यायः, श्लो. ९-१०, नाग प्रकाशन, दिल्ली, सन् २००५ ।

कालनिर्णय, वर्षक्रियाकौमुदी, तिथितत्त्व, कृत्यतत्त्व, स्मृतिकौस्तुभ, गदाधरपद्धति, बृहत्संहिता, निर्णयसिन्धु, धर्मसिन्धु आदि धर्मशास्त्रका ग्रन्थहरूमा ग्रहणको निरूपणका साथै ग्रहणमा गर्नुपर्ने विधिको व्यापक चर्चा गरिएको छ । ग्रहण कसरी लाग्छ भन्ने सम्बन्धमा **वराहमिहिर** भन्दछन् – '**भूच्छायां स्वग्रहणे भास्करमार्गग्रहे प्रविशतीन्दुः । ..... इत्युपरागकारणमिदं दिव्यदृष्टिभिराचार्यैः ।**[५१] अर्थात् चन्द्रग्रहणमा चन्द्रमा पृथ्वीको छायामा पर्दछ र सूर्यग्रहणमा चन्द्रमाले पृथ्वीमा आउने सूर्यको छायालाई छेक्दछ । यसरी हुने ग्रहणलाई दिव्यदृष्टि भएका आचार्यहरूले पहिले पनि जान्दथे । यो सिद्धान्त हुँदाहुँदै पनि सामान्य मानिस र कतिपय पढेलेखेका मानिस पनि राहुका कारण ग्रहण लाग्दछ भन्दछन् । **वराहमिहिरले** ग्रहण मान्ने र प्रमाणका आधारमा ग्रहण नमान्ने दुवैथरिलाई चित्त बुझाउँदै भनेका छन् – 'एउटा असुरलाई ब्रह्माले वरदान दिँदै भनेका थिए- ग्रहणमा दिइने दान र आहुतिबाट तिमीले सन्तुष्टि पाउनेछौ । त्यही असुर आफ्नो भाग ग्रहण गर्न आउँदा ग्रहण लाग्ने गर्दछ ।' प्रकारान्तरबाट त्यसैलाई राहु भनिन्छ। बुद्धिवादमा अडिएर कुरा गर्ने वाराहमिहिरले पनि आखिर राहुलाई स्वीकार गरेको देखिन्छ।

कुरुक्षेत्रमा सूर्यग्रहण र काशीमा चन्द्रग्रहणको महत्त्व

ग्रहणको दुष्प्रभाव सबै प्राणीमाथि पर्ने हुँदा ग्रहणमा स्नानको महत्त्व छ । यसैले हिन्दूहरू ग्रहण लाग्दा तीर्थहरूमा भेला हुने गर्दछन् । श्रीकृष्ण सूर्यग्रहणका अवसरमा स्नान गर्न यदुवंशका मानिसहरूका साथ प्रभासमा जानुभएको कुरा **श्रीमद्भागवतमा** वर्णन गरिएको छ । विशेष अवसरमा देश र कालको महत्त्व हुने गर्दछ । सूर्यग्रहणमा कुरुक्षेत्र र चन्द्रग्रहणमा काशीको ठूलो महत्त्व हुने कुरा शास्त्रहरूमा बताइएको छ । कुरुक्षेत्रलाई शास्त्रहरूमा ब्रह्मसदन भनिन्छ । मानवपिण्डमा व्याप्त भएर रहने जीवको आवासस्थान हृदयप्रदेश हो भने भूपिण्डमा सर्वत्र व्याप्त भएर रहने ब्रह्मसत्ताको विशेष आवासस्थान वा हृदयप्रदेश कुरुक्षेत्र हो । ब्रह्माण्डमा प्राणशक्तिको स्रोत सूर्यलाई मानिएको छ । सबै पार्थिव प्राणीहरू सूर्यपिण्डबाट अनुप्राणित हुन्छन् । जब चन्द्रपिण्डको छायाँ मानिएको राहुले सूर्यलाई ढाकिदिन्छ अथवा सूर्यग्रहण लाग्दछ त्यसबेला पृथ्वीका प्राणीहरूले सूर्यबाट पाउने प्राणशक्ति अवरुद्ध हुँदा आफूमा प्राणशक्तिको कमी महसुस गर्दछन् । यस्तो स्थितिमा मानिसहरूले सांसारिक प्रपञ्चका अरू काम रोकेर ईश्वरको आराधना, दान, पुण्य, पूजा-पाठ आदि धार्मिक कृत्य गरी क्षीण भइरहेको प्राणशक्तिलाई स्थिर राख्नु परमकर्तव्य हुनआउँछ । अन्यथा ग्रहणको दुष्प्रभावबाट उत्पन्न हुने रोग-व्याधि भोग्नुपर्ने हुन्छ ।[५२]

सूर्यग्रहण लागेको समयमा पृथ्वीको प्राणप्रधान हृदयप्रदेश कुरुक्षेत्रमा स्नान, दान गरी भयावह स्थितिबाट उम्कने प्रयास परम्परादेखि गरिँदै आएको पाइन्छ । ग्रहणमा कुरुक्षेत्रमा वैदिक सनातनीहरू भेला हुनुमा अर्को विशेष कारण पनि बताइएको छ । कुरुक्षेत्रको मध्यमा **शर्यणावतनामक** सरोवर छ । त्यसमा सोम (अमृतांश) रहेको हुन्छ भन्ने कुरा **ऋग्वेदमा** यसरी बताइएको छ –

शर्यणावती सोमबिन्दु पिब वृत्रहा । बलं दद्यात् आत्मनि करिष्यन् वीर्यं महदिन्द्रायेन्द्रो परिस्रव।।[५३]

– 'अघि इन्द्रले वृत्रासुरसँग युद्ध गर्दा शर्यणावतनामक सरोवरमा रहेको सोमपान गरेर बल प्राप्त गरी वृत्रासुरको वध गरेका थिए । यसैले कुरुक्षेत्रमा सूर्यग्रहणको महत्त्व छ । कुरुक्षेत्रमा सूर्यग्रहणमा स्नान गर्नेहरूले प्राणतत्त्वको रक्षाका साथै शर्यणावतमा स्नान गरी सोमतत्त्व प्राप्त गरेर आफूलाई जीवन्त तुल्याउँछन् ।'

५१. बृहत्संहिता ५/८, १३ ।
५२. माधवाचार्य, पूर्ववत्, पृ. ७१५ ।
५३. ऋग्वेदः ९/११२/१ ।

कुरुक्षेत्रमा सूर्यग्रहणमा स्नानको महत्त्व भएजस्तै काशीमा चन्द्रग्रहणको महत्त्व छ । चन्द्रतत्त्व विराट्पुरुषको मनबाट पैदा भएको कुरा बताइसकिएको छ । मनस्वी प्राणीहरूको मन चन्द्रपिण्डबाट अनुप्राणित हुन्छ । जब केतुनामक पृथ्वीको छायाले चन्द्रमालाई ग्रस्त बनाउँछ त्यसबेला मानिसहरूको मनको शक्ति पनि क्षीण हुँदै जान्छ। धार्मिक उपचार भएन भने रोग लाग्ने प्रबल सम्भावना हुन्छ । तसर्थ श्रद्धालु नरनारीहरूले चन्द्रग्रहणमा स्नान, दान, पूजा, पाठ, हरिकीर्तन, हरिध्यान गरी आफ्नो मानसिक धरातललाई स्थिर तुल्याउने प्रयत्न गर्नुपर्दछ। यसै उद्देश्यले हाम्रा पूर्वजहरूले चन्द्रग्रहणमा काशीस्नानको परम्परा प्रवर्तन गरेका हुन् । काशीको पञ्चकोशी पृथ्वीको मनोमय खण्ड भएका कारण चन्द्रग्रहणमा स्नानका लागि अत्यन्त उपयोगी मानिएको छ ।[५४] काशीपुरीको यसै विशेषताका कारण ऋषिहरूले काशीमा चन्द्रग्रहण स्नानको महिमा बताएका हुन् । आज पनि मानिसहरू महत्त्व बुझेर अथवा नबुझेर चन्द्रग्रहणमा काशीमा भेला हुने गर्दछन् । शास्त्रहरूमा भनिएको छ – काशीक्षेत्रमा ब्रह्माजीले पवित्र वेदवाणीको पाठ गर्नुभएको थियो । काशीका पाषाणप्रतिमा पनि अन्नपूर्णासहित विश्वनाथका रूपमा पूजित हुन्छन् । फेरि काशीको आफ्नै अनन्त महिमा छँदैछ । राहु–केतुको दुष्प्रभाव निराकरण गर्न काशीमा स्नान गर्नुपर्ने विषय शास्त्रहरूमा बताइएको छ ।[५५] ग्रहणमा पुण्यतीर्थ र नदीमा स्नान गर्नुपर्दछ, ग्रहणमा काशी र कुरुक्षेत्रजस्ता दिव्यतीर्थ स्नान गर्नुपर्दछ भनी शास्त्रहरूले बताएका कारण श्रद्धालु सनातनधर्मका अनुयायीहरूले आफ्नो जीवनलाई स्वस्थ, सुन्दर, सचेत र आत्मबलसम्पन्न बनाउन चन्द्रग्रहणमा काशीमा गङ्गास्नान गर्नुपर्दछ ।



५४. माधवाचार्य, पूर्ववत्, पृ. ७१९ ।

५५. ऋग्वेदः ७/११३/४ ।

चतुर्थ प्रभाग

निर्णयसिन्धुको द्वितीय परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

४.१ रामनवमी

रामनवमीशब्दले सम्पूर्ण रामचरित्रलाई संस्मरण गराउँछ । नारायणले मर्यादापुरुषोत्तम रामको रूपमा अवतार लिएको यो तिथि आफैमा रिक्ता भए पनि श्रीरामको स्पर्शका कारण परिपूर्ण र आलोकमय भएको छ । रामको पुण्यचरित्र गृहस्थ, साधु, वानप्रस्थ आदि सबैका लागि अनुकरणीय छ । रामको चरित्र कर्तव्य र निष्ठाको अनुपम उदाहरणका रूपमा रहेको छ । श्रीरामको अवतरण हुने दिन चैत्रशुक्लनवमीको महिमा र श्रीरामको आराधनाविधि शास्त्रहरूमा वर्णन गरिएको छ । **अगस्त्यसंहिताअनुसार** – चैत्रमासको नवमीतिथिका दिन पुनर्वसुनक्षत्रमा बृहस्पतिको नवांशमा पाँच ग्रह उच्चराशिमा रहेको स्थितिमा कर्कलग्न हुँदा र सूर्य मेषराशिमा रहेको अवस्थामा राजा दशरथकी महारानी कौशल्याको गर्भबाट परमात्मा नारायणले श्रीरामको रूपमा आफूलाई आविर्भाव गराउनुभयो ।[५६]

'चैत्रमासे नवम्यां तु जातो रामः स्वयं हरिः । पुनर्वस्वृक्षसंयुक्ता सा तिथिः सर्वकामदा ।।
श्रीरामनवमी प्रोक्ता कोटिसूर्यग्रहाधिका ।'

उक्त भनाइअनुसार यो तिथिमा गरिने आराधना कोटिसूर्यग्रहण स्नानमा प्राप्त हुने पुण्यभन्दा पनि अधिक पुण्यदायक छ । यो दिन उपवास गरी रामनवमीव्रत गर्नुपर्दछ । पहिलो दिन मध्याह्नकालमा नवमी भेटिएमा कर्मकाल व्याप्ति हुने हुँदा पहिलो दिनको नवमी लिनुपर्दछ । अन्यथा दोस्रो दिन लिनुपर्दछ । विष्णुका भक्तहरूले अष्टमीविद्धा नवमी ग्रहण गर्न हुँदैन । नवमीमा उपवास गरी दशमीमा पारण गर्नुपर्दछ । ब्रह्मतत्त्वप्राप्त गर्न चाहने मुमुक्षुले रामनवमीव्रत गर्दा उपवास, जाग्राम र पितृतर्पण गर्नुपर्दछ । श्रीरामको आराधना वर्णविशेष र वर्गविशेषका लागि मात्र निर्धारित गरिएको छैन । हरेक वर्ग र हरेक जातका पुण्यवान् र पापिष्ठले पनि यो व्रत गरी पापबाट मुक्त हुने प्रयास गर्नुपर्दछ । यसरी श्रीरामको उपासना गर्ने मानिसहरूले निर्मल बनेर रामको सान्निध्य प्राप्त गर्दछन् । श्रीरामनवमीमा व्रत, उपवास नगरी भोजन गर्ने मानिस कुम्भीपाक नरकमा प्राप्त हुन्छ । श्रीरामनवमीव्रत गर्ने मानिसले रामपरिवारसहित श्रीरामको प्रतिष्ठा गरी विधिपूर्वक पूजा गरेर प्रतिमादान गर्नुपर्दछ । रामनवमीका दिन रामको सम्झना गर्दै सङ्कल्पमा भन्नुपर्दछ कि 'म यो रामनवमीमा श्रीरामको आराधना गर्दै उपवास गरेर विधिपूर्वक प्रतिमामा श्रीरामको पूजा गरी रामकै प्रीतिका लागि सुपात्र ब्राह्मणका हातमा प्रतिमा दान गर्नेछु' ।

रामनवमीमा श्रीरामलाई अर्घ्य दिनुपर्दछ । व्रत गरी रातमा जाग्राम गरेर प्रातःकालमा सन्ध्यावन्दन आदि कर्म गरेपछि फेरि रामको पूजा गर्नुपर्दछ । त्यसपछि हवन गरी आचार्य र ब्राह्मणहरूको सत्कार गर्नुपर्दछ । यो व्रत नित्यव्रत भए पनि मलमासमा गर्न हुँदैन । यस विषयमा **हेमाद्रि, तिथितत्त्व, कालनिर्णय, अगस्त्यसंहिता, रामार्चनचन्द्रिका, निर्णयसिन्धु, धर्मसिन्धु** आदि ग्रन्थहरूमा विस्तृतरूपमा प्रकाश पारिएको छ । **माधवको कालनिर्णयमा** भनिएको छ कि – नवमी दुई दिन भएमा र मध्याह्नकालमा नवमी भेटिएमा पहिलो दिन नै व्रत

५६. हेमाद्रिः, व्रतखण्डः, भाग – १ मा अगस्त्यसंहिताबाट उद्धृत वचन ।

गर्नुपर्दछ । जुन समयमा पहिलो दिन मध्याह्नमा नवमी हुँदैन त्यस अवस्थामा दशमीसँग जोडिएको नवमीमा व्रत गर्नुपर्दछ । यो नवमी पुनर्वसुनक्षत्रले युक्त भएमा ज्यादै उत्तम मानिएको छ । रामनवमीमा श्रीरामको आराधना गर्ने व्यक्तिले पुण्य प्राप्त गर्नुका साथै श्रीरामको पवित्र चरित्रको श्रवण, कीर्तन आदि गरेर आफ्नो जीवनसरणिलाई पनि राममय तुल्याउन समर्थ हुन्छ ।

४.२ दशावतार तिथि, कल्पादि तिथि, मन्वादितिथि एवं युगादितिथि

क) दशावतार

भगवान्‌ले सज्जनहरूको रक्षा र धर्मको उत्थानका लागि समय-समयमा अवतार लिने प्रतिज्ञा गर्नुभएको छ । प्रतिज्ञाअनुसार उहाँले समय-समयमा अवतार लिएर धर्मको रक्षा र सज्जनको त्राण गर्नुभएका विषय पुराणवाङ्मयमा छरिएर रहेका छन् । यद्यपि भगवान्‌का हजारौं अवतार भएका कुरा उक्त वाङ्मयबाट ज्ञात गर्न सकिन्छ तापनि श्रीमद्‌भागवतमा मुख्य २४ अवतारहरूको गणना गरिएको छ ।[५७] तिनमा पनि दश अवतारलाई मुख्य मानिएको छ । ती दश अवतार यसप्रकार छन् – मत्स्य, कूर्म, वाराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि । **निर्णयसिन्धु**मा ती दश अवतारको उत्पत्तिसन्दर्भ बताइएको छ । तदनुसार तालिका प्रस्तुत गरिँदैछ-

अवतार	तिथि	समय
मत्स्यावतार	चैत्रशुक्ल तृतीया	अपराह्न
कूर्मावतार	वैशाखकृष्ण अमावास्या	सायंकाल
वाराहावतार	श्रावणशुक्ल षष्ठी	अपराह्न
नृसिंहावतार	वैशाखशुक्ल चतुर्थी	सायंकाल
वामनावतार	भाद्रशुक्ल द्वादशी	मध्याह्न
परशुरामावतार	वैशाखशुक्ल तृतीया	मध्याह्न
रामावतार	चैत्रशुक्ल नवमी	मध्याह्न
कृष्णावतार	भाद्रकृष्ण अष्टमी	अर्धरात्र
बुद्धावतार	आश्विनशुक्ल दशमी	सायंकाल
कल्कि-अवतार	श्रावणशुक्ल षष्ठी	सायंकाल

माथि **निर्णयसिन्धु**को मतअनुसार दशावतारका तिथि आदिको निरूपण गरियो तर कसैले स्फुट श्लोकहरूको माध्यमबाट मास, तिथि र समय भिन्दै बताएका छन् । तदनुसार –

अवतार	तिथि	अवतार	तिथि
मत्स्यावतार	चैत्रशुक्ल पञ्चमी	**कूर्मावतार**	ज्येष्ठशुक्ल द्वादशी
वाराहावतार	चैत्रशुक्ल नवमी	**नृसिंहावतार**	वैशाखशुक्ल नवमी
वामनावतार	भाद्रशुक्ल द्वादशी	**परशुरामावतार**	वैशाखशुक्ल तृतीया
रामावतार	चैत्रशुक्ल नवमी	**बलरामावतार**	भाद्रशुक्ल द्वितीया
कृष्णावतार	श्रावणकृष्ण अष्टमी	**बौद्धावतार**	पौषशुक्ल सप्तमी
कल्कि-अवतार	माघशुक्ल तृतीया		

५७. श्रीमद्भागवतमहापुराणम् १/२/७ ।

कोंकण देशका मानिसहरू **वाराहपुराण**को वाक्यअनुसार दशावतारको समयलाई प्रामाणिक मानी व्यवहार गर्दछन् । तदनुसार -

अवतार	तिथि	अवतार	तिथि
मत्स्यावतार	आषाढशुक्ल एकादशी (मत्स्यजयन्ती)	कूर्मावतार	श्रावणशुक्ल तृतीया
वाराहावतार	भाद्रशुक्ल पञ्चमी (वाराहजयन्ती)	नृसिंहावतार	वैशाखशुक्ल चतुर्दशी
वामनावतार	भाद्रशुक्ल एकादशी	परशुरामावतार	वैशाखशुक्ल तृतीया
रामावतार	चैत्रशुक्ल नवमी	कृष्णावतार	श्रावणकृष्ण अष्टमी
बुद्धावतार	पौषशुक्ल सप्तमी	कल्कि-अवतार	माघशुक्ल तृतीया

निर्णयसिन्धुमा यसरी जयन्तीका सम्बन्धमा तीन फरक-फरक मत प्रस्तुत गरिएका छन् । यी तीन मतमध्ये पहिलो मत नै ग्रन्थकारद्वारा स्वीकृत गरिएको मत हो । किनकि त्यसै मतले ग्रन्थमा प्राथमिकता पाएको छ । यहाँ मतमतान्तर देखिनुमा कल्पभेदलाई कारण मान्नुपर्दछ । वर्तमान कल्पको लागि प्रथम मत नै स्वीकारयोग्य देखिएको छ । भगवान्का दशावतारहरूका जयन्तीहरूमा पूजा-आराधना गर्दा मध्याह्नमा अवतीर्ण भएका अवतारहरूको पूजा प्रातःकालमा, रात्रिमा अवतीर्ण भएका अवतारहरूको पूजा सायंकालमा र मध्यरात्रिमा अवतीर्ण देवताको पूजा पनि सायंकालमा नै गर्नुपर्ने कुरा बताइएको छ ।

ख) कल्पादितिथि

मत्स्यपुराणअनुसार ब्रह्माको दिनको आधा तिथिलाई कल्पादि भनिन्छ । वैशाखमासको शुक्लपक्षको तृतीया, फाल्गुनमासको कृष्णपक्षको तृतीया, चैत्रमासको कृष्णपक्षको पञ्चमी, चैत्रकृष्ण अमावास्या, माघशुक्ल त्रयोदशी, कार्तिकशुक्ल सप्तमी र मार्गशीर्षशुक्ल नवमी यी तिथि कल्पका आरम्भतिथि हुन् । कल्पादितिथिमा गरेको दान-पुण्यबाट अक्षयपुण्य प्राप्त हुन्छ ।

ब्रह्मणो या दिनस्यादिः कल्पादिः सा प्रकीर्तिता । वैशाखस्य तृतीया या कृष्णा या फाल्गुनस्य च।।
पञ्चमी चैत्रमासस्य तथैवान्त्या तथा परा । शुक्ला त्रयोदशी माघे कार्तिकस्य तु सप्तमी ।।
नवमी मार्गशीर्षस्य सप्तैताः संस्मराम्यहम् । कल्पानामादयो ह्येता दत्तस्याक्षयकारकाः ।।

ग) मन्वादितिथि

चैत्रमासको पूर्णिमा, चैत्रशुक्लतृतीया, ज्येष्ठपूर्णिमा, आषाढपूर्णिमा, आषाढशुक्लदशमी, श्रावणकृष्णाष्टमी, भाद्रशुक्लतृतीया, आश्विनशुक्लनवमी, कार्तिकपूर्णिमा, कार्तिकशुक्लद्वादशी, पौषशुक्लएकादशी, माघशुक्लसप्तमी, फाल्गुनी-अमावास्या र पूर्णिमातिथिलाई मन्वादि मानिएको छ ।

आश्वयुक्शुक्लनवमी कार्तिके द्वादशी तथा । तृतीया चैत्रमासस्य तथा भाद्रपदस्य च ।।
फाल्गुनस्य त्वमावास्या पुष्यस्यैकादशी सिता । आषाढस्यापि दशमी माघमासस्य सप्तमी।।
श्रावणस्याष्टमी कृष्णा तथाषाढी च पूर्णिमा । कार्तिकी फाल्गुनी चैत्री ज्यैष्ठी पञ्चदशी सिता ।।
मन्वन्तरादयश्चैता दत्तस्याक्षयकारिकाः ।।

गरुडपुराणअनुसार शुक्लपक्षका मन्वादि र युगादितिथि पूर्वाह्णव्यापी लिनुपर्दछ र कृष्णपक्षका अपराह्णव्यापी दिनुपर्दछ ।

घ) युगादितिथि

माघकृष्ण-अमावास्या, भाद्रकृष्णत्रयोदशी, वैशाखशुक्लतृतीया र कार्तिकशुक्लनवमीलाई युगादितिथि भनिन्छ । माघकृष्ण-अमावास्यामा कलियुगको प्रारम्भ, भाद्रकृष्ण त्रयोदशीमा द्वापरयुगको आरम्भ, वैशाखशुक्ल तृतीयामा त्रेतायुगको आरम्भ र कार्तिकशुक्लनवमीमा सत्ययुगको आरम्भ भएको कुरा शास्त्रहरूमा बताइएको छ-

माघे पञ्चदशी कृष्णा नभस्ये च त्रयोदशी । तृतीया माधवे शुक्ला, नवम्यूर्जे युगादयः ।।

यसरी मनुहरूको आरम्भ, युगको आरम्भ र कल्पको आरम्भमा हुने तिथिहरू उत्तम पुण्यकाल मानिएका छन् । यी तिथिहरूमा गरेका शुभकर्ममा तीव्र फलदायकता रहेको हुन्छ ।

४.३ चातुर्मास्यव्रत

आषाढशुक्ल एकादशीलाई हरिशयनी भनिन्छ । चातुर्मास्य आरम्भ हुने विषयमा फरक-फरक मत देखिएका छन् । कसैले हरिशयनी-एकादशीदेखि चातुर्मास्यको आरम्भ हुन्छ भनेका छन्, कसैले आषाढशुक्ल द्वादशी, कसैले आषाढपूर्णिमा र कसैले कर्कसंक्रान्तिदेखि चातुर्मास्यव्रत आरम्भ गर्नुपर्ने कुरा बताएका छन् । यी फरक मतहरू शास्त्रहरूमा नै निर्देश गरिएका हुन् । निर्णयसिन्धुमा भनिएको छ – '**आषाढे शुक्लैकादशी-तद्द्वादशी-तत्पौर्णमासी-कर्कसंक्रान्तिभेदात्** ।' यी चार दिनमध्ये जुनसुकै दिनमा आरम्भ गरे पनि चातुर्मास्यको समापन कार्तिकशुक्ल द्वादशीमा गर्नुपर्ने कुरा बताइएको छ । महाभारतमा चातुर्मास्यव्रतको विषयमा भनिएको छ-

आषाढे तु सिते पक्षे एकादश्यामुपोषितः । चातुर्मास्यव्रतं कुर्यात् यत्किञ्चिन्नियतो नरः ।।

यो नित्यव्रत हो । यसको प्रथम आरम्भ गर्दा शुक्र र बृहस्पतिको अस्त, बाल्य, वार्धक्य आदि विषयमा विचार गर्नुपर्दछ । तर दोस्रो, तेस्रो आदि आरम्भमा उक्त विषयको विचार गर्नुपर्दैन । भनिएको छ – जसले हरिस्मरण गर्दै प्रतिवर्ष चातुर्मास्यव्रत गर्दछन् ती मानिस प्रलयकालसम्म विष्णुलोकमा रमाउँछन् । चातुर्मास्यव्रत वैष्णव, शैव आदि सबै सम्प्रदायका मानिसले गर्नुपर्दछ । हेमाद्रिमा भनिएको छ – व्रतारम्भ गरेपछि तलका मन्त्रले भगवान् चक्रपाणिको महापूजा गर्नुपर्दछ –

सुप्ते त्वयि जगन्नाथे जगत् सुप्तं भवेदिदम् । विबुद्धे च विबुध्येत प्रसन्नो मे भवाच्युत ।।

– 'हे जगदीश्वर ! हरिशयनी एकादशीमा हजुरले शेषशय्यामा शयन आरम्भ गर्नुभएपछि यो सम्पूर्ण संसार निद्रामग्न हुन्छ । हजुर हरिबोधिनीमा जाग्नुहुँदा यो संसार पनि जागा हुन्छ । हे भगवान् ! हजुर प्रसन्न हुनुहोस् । मैले यी चार महिना नियमपूर्वक व्रत गर्नेछु । हजुरले मेरो व्रतलाई निर्विघ्न तुल्याउनुहोस्' भनी प्रार्थना गर्नुपर्दछ। यसरी व्रत लिने मानिसले श्रावणमा साग, भाद्रमा दही, आश्विनमा दूध र कार्तिकमा दुई दल हुने पदार्थको सेवन गर्नुहुँदैन । भगवान् शयनमुद्रामा रहनुहुने चतुर्मासामा भक्तिमान् व्यक्तिले चतुर्मासामा ज्यामिर, राजमा, रातो मूला, कुभिण्डो र उखुको सेवन गर्न हुँदैन, पलङ, मञ्च आदिमा शयन गर्न हुँदैन र ऋतुकालबाहेकका दिनहरूमा सम्भोग गर्न हुँदैन । मांस, मधु, अरूले पकाएको भोजन, परवर, मूला, भण्टा, अभक्षपदार्थ, मसूरो, सेतो सर्स्युँ, राजमा, माष, सामाधानजस्ता पदार्थको सेवन गर्न हुँदैन । व्रतीले चतुर्मासाभरि ब्रह्मचर्यधारण गर्नुपर्दछ । शौचको पालन गर्नुपर्दछ । सत्यभाषण र सत्यव्यवहार गर्नुपर्दछ । मासु र आमिषपदार्थको सेवन गर्न हुँदैन । यसरी निषिद्ध पदार्थहरूको सेवन नगरीकन हविष्यान्नसेवन गर्दै जसले चतुर्मासाको व्रत गर्दछ त्यसले हरिकृपा प्राप्त गर्दछ ।

हेमाद्रिमा भनिएको छ – चतुर्मासामा सख्खरको त्याग गर्दा मानिस त्यागी बन्दछ र मीठो स्वरको धनी

हुन्छ । सुगन्धको त्याग गर्दा त्यसका अङ्ग-प्रत्यङ्ग सुन्दर बन्दछन् । तोरीको तेल त्याग गर्दा शत्रुनाश हुन्छ । चतुर्मासमा योगाभ्यास गर्नेले ब्रह्मपद प्राप्त गर्दछ । पान-सुपारीको त्याग गर्दा भोग प्राप्त हुन्छ र कण्ठमा माधुर्य पैदा हुन्छ । घिउको त्याग गर्नाले शरीरमा सौन्दर्यको वृद्धि हुन्छ र चिल्लोपन प्रकट हुन्छ । साग-पात र पाकेको अन्न खाने मानिस भोगी हुन्छ भने निषिद्ध पदार्थको सेवन नगरी सात्त्विक पदार्थको सेवन गर्ने मानिस निर्मल बन्दछ । भुईंमा शयन गर्ने मानिस उत्तम मुनि बन्दछ । एकान्तर उपवास गर्ने मानिसले ब्रह्मलोक प्राप्त गर्दछ । नङ र केश धारण गर्ने मानिसले गङ्गास्नानको फल प्राप्त गर्दछ । मौनव्रत धारण गर्ने मानिसको आज्ञा कसैले पनि भङ्ग गर्दैनन् । चतुर्मासामा भोज्य पदार्थ भुइँमा राखी भोजन गर्ने पृथ्वीपति बन्दछ । जसले चतुर्मासामा भगवान्को स्तुतिपाठ गर्दै सय प्रदक्षिणा गर्दछ त्यो मानिस हंसले सुहाएको विमानमा सवार भई विष्णुपुरमा प्राप्त हुन्छ । अयाचितभोजन गर्ने मानिसले धर्मात्मा सन्तान प्राप्त गर्दछ । तीन दिनमा एक पटक भोजन गर्ने मानिस कल्पकालसम्म स्वर्गमा बास गर्दछ । टपरी वा पातमा भोजन गर्ने मानिसले कुरुक्षेत्र नुहाएको फल प्राप्त गर्दछ । सखखरत्याग गर्ने मानिसले ताँबोको पात्रमा सख्खर भरेर दान गर्नुपर्दछ । नुन त्याग गर्ने मानिसको पनि विधि यही हो ।

हरिशयनी एकादशीपछि जसले दिनदिनै विष्णुमन्दिर र शिवमन्दिरको प्राङ्गणमा गई पाँच रंगका स्वस्तिक र कमलका रङ्गवल्ली बनाउँछ त्यो मानिस रुद्रलोकमा गणपतिका रूपमा विराजमान हुन्छ । हरिशयनी र हरिबोधिनीको बीचमा चतुर्मासा उपासना गर्ने मानिसले शमी, दूर्वा, अपामार्ग र भृङ्गराजद्वारा देवताको पूजा गर्न हुँदैन । चतुर्मासामा अभ्यङ्ग लगाउन हुँदैन । एक दिन वा दुई दिन बिराएर भोजन छाडी फल वा कन्दमूलद्वारा उपवास गर्नुपर्दछ । चतुर्मासाव्रतको समाप्तिमा विशेषदान गर्नुपर्दछ । एकभक्त रही उपवास गर्नेले ब्राह्मणदम्पतिको पूजा गरी धेनुदान गर्नुपर्दछ । नक्तव्रत गर्नेले दुई वस्त्र दान गर्नुपर्दछ । एकान्तर उपवास गर्नेले गाईदान गर्नुपर्दछ । भुईंमा शयन गरी व्रत गर्नेले शय्यादान गर्नुपर्दछ । षष्ठकाल भोजन गरी उपवास गर्नेले गोदान गर्नुपर्दछ । चामल-गहुँ आदि अन्न त्याग गरी उपवास गर्नेले सुवर्णका चामल र गहुँका दाना तयार गरी दान गर्नुपर्दछ । चतुर्मासामा कसैले कृच्छ्रव्रत गरेको छ भने त्यसले दुइवटा गाई दान गर्नुपर्दछ । सागपात खाई उपवास गर्ने र पयोव्रत गर्नेले पनि गोदान गर्नुपर्दछ । दही, घिउ, मह त्याग गरी व्रत गर्ने मानिसले वस्त्र र गाईदान गर्नुपर्दछ । ब्रह्मचर्यधारण गरी व्रत गर्नेले सुवर्णको प्रतिमा दान गर्नुपर्दछ । ताम्बूलत्याग गरी व्रत गर्नेले पनि वस्त्रयुगल अर्थात् एकजोडा कपडा दान गर्नुपर्दछ । मौनव्रत गर्नेले घृतकुम्भ दान गर्नुपर्दछ । देवताका सामु रङ्गवल्ली तयार गरी व्रत गर्नेले गाई र स्वर्णकमल दान गर्नुपर्दछ । मन्दिरमा बत्ती बाली व्रत गर्नेले पानस र वस्त्रयुगल दान गर्नुपर्दछ । भुईं र पातमा भोजन गर्ने मानिसले काँसको भाँडो र गाईदान गर्नुपर्दछ । चौबाटोमा बत्ती बाल्ने र गाईलाई गोग्रास दिने व्रतीले गाई र गोरु दान गर्नुपर्दछ । देवमन्दिरमा सय परिक्रमा गर्ने मानिसले वस्त्रदान गर्नुपर्दछ । यहाँ जुन व्रत बताइएका छैनन् ती गर्ने मानिसले सुवर्ण र गाईदान गर्नुपर्दछ । अभ्यङ्ग नलगाईकन व्रत गर्ने मानिसले समापनमा तिलको तेलले भरिएको गाग्रो दान गर्नुपर्दछ । यी सबै किसिमका व्रत र त्यागबाट मानिसका शरीर, इन्द्रिय र मनबाट भएका कल्मषहरू नाश भई व्रत गर्ने मानिसहरूको आत्मा चहकिलो हुने कुरा शास्त्रहरूमा बताइएको छ। चतुर्मासा पुण्यकाल भएकाले त्यसबेला गरिने तपको ज्यादै महत्त्व छ । **निर्णयसिन्धुमा** बताइएको चातुर्मास्यव्रतको स्वरूप यही हो ।

निर्णयसिन्धुमा उद्धृत व्रतप्रकाशको वचनमा चतुर्मासाव्रत गर्ने व्यक्तिले विशेष पदार्थको त्याग गर्दा व्यक्तित्वमा विशेषता प्राप्त गर्ने कुरा यसरी बताइएको छ –

चतुरो वार्षिकान् मासान् देवस्योत्थापनावधि । मधुस्वरो भवेन्नित्यं नरो गुडविवर्जनात् ।।

तैलस्य वर्जनादेव सुन्दराङ्गः प्रजायते । कटुतैलपरित्यागात् शत्रुनाशमवाप्नुयात् ।।
ताम्बूलवर्जनाद् भोगी रक्तकण्ठः प्रजायते । घृतत्यागात् सुलावण्यं सर्वाङ्गस्निग्धवपुर्भवेत् ।।
फलत्यागाच्च मतिमान् बहुपुत्रः प्रजायते ।। इत्यादि ।

धर्मसिन्धुमा पनि प्रकारान्तरबाट यसै कुरालाई दोहोऱ्याइएको छ – **गुडवर्जनात् – मधुरस्वरता** – शख्खरको त्याग गर्दा स्वरमाधुर्य प्राप्त हुन्छ, **तैलवर्जनात् – सुन्दराङ्गता** – तैलसेवनको त्याग गर्दा अङ्गसौन्दर्य प्राप्त हुन्छ, **योगाभ्यासात् – ब्रह्मपदप्राप्तिः** – योगाभ्यास गर्दा ब्रह्मपदको प्राप्ति हुन्छ, **विष्णुपादस्पर्शनात् – कृतकृत्यता**- भगवान् नारायणको चरणस्पर्श गर्दा सम्पूर्ण सुखप्राप्तिजनित कृतकृत्यता प्राप्त हुन्छ, **शिलाभोजनात् – प्रयागस्नानफलम्**- शिलामय पात्रमा भोजन गर्दा प्रयागमा स्नान गरेको पुण्य प्राप्त हुन्छ, **मधुमांसत्यागात् – मुनिः** – मधु र मांसको त्याग गर्दा व्रती मुनितुल्य बन्दछ ।

चतुर्मासामा गरिने यस तपोमय व्रतबाट शारीरिक तपस्याद्वारा तमोगुणको ह्रास, इन्द्रियशुद्धि, सत्त्वगुणको वृद्धिका साथै ईश्वरीय दिव्यताको अनुभूतिमा तीव्रता आउँछ । मानवजीवन विनश्वर भएकाले त्यसलाई सफल र लक्ष्यप्राप्तिको दिशामा अग्रसर बनाउन हाम्रा ऋषिहरूद्वारा प्रकाशित साधनाका सुन्दर सोपानहरूमध्ये चातुर्मास्यव्रतको आफ्नै महत्त्व छ ।

४.४ श्रावणी, उपाकर्म र उत्सर्ग

क) श्रावणी

श्रावणको पूर्णिमालाई श्रावणी भनिन्छ । शुक्लयजुर्वेदीहरूद्वारा त्यो दिन गरिने कर्मको क्रम यसप्रकार छ- प्रातःस्नान, सन्ध्या, नित्यतर्पण, मातृकापूजन, प्रथम उपाकर्म गर्नेहरूले गर्नुपर्ने आभ्युदयिकश्राद्ध, नदी वा जलाशयप्राप्ति, तीर्थप्रार्थना, उपाकर्म र उत्सर्गका निमित्त स्नान, गणस्नान, स्नानाङ्गतर्पण, मध्याह्नसन्ध्या, उपस्थान, उपाकर्म र उत्सर्गका निमित्त तर्पण, गणपतिपूजन, स्वस्तिवाचन, ऋषिपूजन, ब्रह्मयज्ञ – वेदपाठ, ऋषिश्राद्ध, यज्ञोपवीतसंस्कार, यज्ञोपवीत धारण, उपाकर्म, हवन, **उभाकवि०** आदि मन्त्रको जप र रक्षाविधान । श्रावणीमा गरिने कर्महरूको विषयमा पद्धतिहरूबाट विस्तृतरूपमा जान्न सकिन्छ । यहाँ उपाकर्म र उत्सर्गको विषयमा प्रकाश पार्नु नै मुख्य लक्ष्य रहेको छ । श्रावणीपूर्णिमा लिँदा पूर्वविद्धा लिनुपर्दछ । बह्वृचहरूका लागि श्रावणशुक्लपक्षमा श्रवणनक्षत्र, पञ्चमी र हस्तानक्षत्र उपयुक्त मानिएका छन् । यजुर्वेदीहरूका लागि श्रावणपूर्णिमा, पूर्णिमा खण्डित भएमा अघिल्लो दिनको पूर्णिमा ग्राह्य हुन्छ । आपस्तम्बहरूका लागि श्रवणनक्षत्रले युक्त भएको पूर्णिमा मुख्य काल हो त्यसको अभावमा भाद्रपूर्णिमा, बौधायनहरूका लागि श्रवणयुक्त पूर्णिमा पुण्यकाल हो त्यसको अभावमा आषाढपूर्णिमा, कण्वशाखाका व्यक्तिहरूका लागि श्रवणयुक्त श्रावणीपूर्णिमा वा हस्तयुक्त श्रावणपञ्चमी, सामवेदीहरूका लागि भाद्रशुक्लपक्षमा हस्तानक्षत्र अथवा श्रावणशुक्लमा हस्तानक्षत्र र अथर्ववेदीहरूका लागि श्रावण वा भाद्रको पूर्णिमा उपाकर्म आदिका लागि उपयुक्त मानिएका छन् ।

यसरी विभिन्न शाखाहरूका लागि भिन्दाभिन्दै उपाकर्म समयको व्यवस्था गरिए पनि आफ्नो समयमा विविध कारणवश उपाकर्म हुननसकेमा अरू शाखाका लागि निर्धारित गरिएका उपाकर्मसमयमा उपाकर्म सम्पन्न गर्नुपर्दछ तर कर्मलोप गर्नुहुँदैन । सबै शाखाका मानिसहरूले निश्चित दिनमा श्रावणीकर्ममा विघ्न परेमा संक्रान्तिरहित पञ्चमीमा गर्नुपर्दछ । कसैले पनि ग्रहण र संक्रान्तिमा उपाकर्म गर्न हुँदैन । उपाकर्मको अर्थ वेदाध्ययन हो भने उत्सर्गको अर्थ वेदाध्ययनको विश्रान्ति हो ।

ख) उपाकर्म

उपाकर्म वा उपाकरणको अर्थ वेदाध्ययन हो ।[५८] एक वर्षभित्र केही समयको लागि वेदाध्ययनबाट विश्रान्ति लिनु उत्सर्ग हो ।[५९] **आपस्तम्बसूत्र**मा उत्सर्गको स्थानमा समापन शब्दको प्रयोग गरिएको छ । अनेक सूत्रहरूमा उपाकर्मलाई अध्यायोपाकर्म वा अध्यायोपाकरण भनिएको पाइन्छ । **आश्वलायनगृह्यसूत्र**मा भनिएको छ – जुन बेला धर्तीमा वनस्पति पैदा हुन्छन् त्यो श्रावणमासको श्रवणचन्द्रको योग हुने श्रावणीपूर्णिमामा अथवा हस्तानक्षत्रले युक्त भएको पञ्चमीमा उपाकर्म गर्नुपर्दछ । **पारस्करगृह्यसूत्र**मा पनि औषधिहरूको प्रादुर्भावपछि श्रावणको पूर्णिमा वा पञ्चमीमा हस्तानक्षत्र भएमा उपाकर्म गर्नुपर्ने कुरा बताइएको छ । यससम्बन्धी अनेक मत छन् । **निर्णयसिन्धु** र **धर्मसिन्धु**को भनाइअनुसार बह्वृचहरूले श्रावणशुक्लपक्षमा श्रवणनक्षत्र भएको दिन, पञ्चमी र हस्तानक्षत्रको योगमा उपाकर्म गर्नुपर्दछ । यजुर्वेदीहरूले श्रावणपूर्णिमामा उपाकर्म गर्नुपर्दछ । आपस्तम्बहरूले श्रवणनक्षत्रयुक्त श्रावणपूर्णिमा वा भाद्रपूर्णिमामा उपाकर्म गर्नुपर्दछ । बौधायनहरूले श्रवणनक्षत्रले युक्त श्रावणपूर्णिमा वा आषाढपूर्णिमामा उपाकर्म गर्नुपर्दछ । काण्वमाध्यन्दिनहरूले श्रवणले युक्त भएको श्रावणपूर्णिमा वा हस्ताले युक्त भएको पञ्चमीमा उपाकर्म गर्नुपर्दछ । सामवेदीहरूले भाद्रशुक्लपक्षको हस्तानक्षत्रमा, त्यो नपाइएमा श्रावणको हस्तानक्षत्रमा उपाकर्म गर्नुपर्दछ । अथर्ववेदीहरूले श्रावणपूर्णिमा वा भाद्रपूर्णिमामा उपाकर्म गर्नुपर्दछ । उपाकर्मको लागि श्रावणपूर्णिमा अत्यन्त उत्तम दिन मानिएको छ ।

उपाकर्म प्रातःकालमा ब्रह्मचारी, गृहस्थ र वानप्रस्थद्वारा गरिन्छ । अध्यापकले शिष्यसहित भई आश्वलायनगृह्यसूत्रमा बताइएअनुसार आज्यभागसम्म हवन गरेपछि सावित्री, ब्रह्मा, श्रद्धा, मेधा, प्रज्ञा, धारणा, सदसस्पति, अनुमति, छन्द एवं ऋषिहरूका निमित्त पनि आहुति दिनुपर्दछ । त्यसपछि जौको पीठामा दही मिसाएर ऋग्वेदका तोकिएका मन्त्रहरूद्वारा आहुति दिनुपर्दछ । स्विष्टकृत् आदि सकिएपछि उक्त जौको पीठाको प्रसाद लिएर मार्जन गर्नुपर्दछ । त्यसपछि कुशासनमा बसेर आचार्यले शिष्यसहित ॐकारका साथै व्याहृतिजप गर्नुपर्दछ । व्याहृतिजपपछि आफ्ना शाखाको वेदपाठ गर्नुपर्दछ ।

ग) उत्सर्ग वा उत्सर्जन

वेदाध्ययनको समाप्ति वा उत्सर्जन गर्ने विषयमा मतमतान्तर पाइन्छन् । आश्वलायनले उपाकर्म गरेको ६ महिनापछि उत्सर्जन गर्नुपर्दछ भनेका छन् । तदनुसार श्रावणपूर्णिमामा उपाकर्म भएमा माघपूर्णिमामा उत्सर्जन गर्नुपर्ने देखिन्छ । गोभिल, शाङ्ख्यायन र खादिरहरूले पौषको पूर्णिमामा उत्सर्जन गर्नुपर्ने कुरा बताएका छन् । सबै मतको निष्कर्षका रूपमा भन्नुपर्दा– पौष अथवा माघमा उत्सर्जन हुने कुरा स्पष्ट देखिन्छ।

उत्सर्जनमा घिउको ठाउँमा भातको आहुति दिइन्छ । त्यसपछि देवता, आचार्य, ऋषि र पितृहरूलाई तर्पण दिइन्छ । उत्सर्जन गर्ने आचार्य आफ्ना शिष्यहरूका साथ नदीको तट वा जलाशयमा जानुपर्दछ । त्यहाँ गई देवता, छन्द, वेद, ऋषि, पुराणाचार्य, गन्धर्व, गुरु एवं आफ्ना मरेका सम्बन्धीजनहरूलाई तर्पण दिनुपर्दछ । त्यसपछि चारपटक गायत्रीमन्त्र जप गरी 'हामीहरूले वेदाध्ययन समाप्त गरेका छौं' भन्नुपर्दछ ।

कालक्रमले ६ महिनासम्म अध्ययन त्यसबाट उपारत हुनु नराम्रो मात्र थालियो र मनु आदिले उत्सर्जन गरी रोकिएका मासहरूको शुक्लपक्षमा वेदाध्ययन गर्ने र कृष्णपक्षमा वेदाङ्गको अध्ययन गर्ने व्यवस्था बनाए । **स्मृत्यर्थसार**मा

५८. याज्ञवल्क्यस्मृतिः, मिताक्षरा टीका १/१४२ ।
५९. आश्वलायनगृह्यसूत्रम् ३/५/१३ ।

भनिएको छ कि – उपाकर्मपछि एकवर्षसम्म वेदाध्ययन गरी अर्को उपाकर्म गर्ने दिन पहिलो वेदाध्ययनलाई उत्सर्जन गरी उपाकर्म गर्नुपर्दछ । वर्तमान समयमा तदनुसार उपाकर्म र उत्सर्ग सँगसँगै गर्ने प्रचलन देखिन्छ ।

श्रावणीविवेचन

श्रावणीलाई आत्मशोधनको पर्व मानिन्छ । यसलाई उपाकर्म गर्ने दिन पनि मानिन्छ । अज्ञानबाट भएका त्रुटिहरू हटाउन भविष्यमा विचारपूर्वक काम गर्ने उत्तम जीवनपद्धति अँगाल्न द्विजहरू नदी तट वा जलाशयमा गई महासङ्कल्प पढ्दै गणस्नान गर्दछन् । वैदिकविधिअनुसार स्नान, सूर्यको आराधना, प्राणायाम, ऋषिपूजन आदि कर्मद्वारा मानसिक र आध्यात्मिक शुद्धि सम्पादन गर्दछन् । यसैलाई लक्षित गरी आह्निकपरिशिष्टमा भनिएको छ–

सम्प्राप्ते श्रावणस्यान्ते पौर्णमास्यां दिनोदये । स्नानं कुर्वीत मतिमान् श्रुतिस्मृतिविधानतः ।।

अर्थात् श्रावणको अन्तमा पूर्णिमाका दिन सूर्योदयको समयमा बुद्धिमान् मानिसले श्रुति र स्मृतिको विधानद्वारा स्नान गर्नुपर्दछ । कात्यायन स्मृतिमा भनिएको छ –

प्रत्यब्दं यदुपाकर्म सोत्सर्गं विधिवद् द्विजैः । क्रियते छन्दसां तेन पुनराप्यायनं भवेत् ।।

अर्थात् प्रतिवर्ष द्विजहरूले जुन विधिपूर्वक उपाकर्म गर्दछन् त्यसबाट वेदहरूले पुनर्जीवन प्राप्त गर्दछन् । **निर्णयसिन्धुमा** उद्धृत **प्रयोगपारिजातको** वचनमा भनिएको छ – **'उपाकर्मोत्सर्जनञ्च वनस्थानामपीष्यते ।'** अर्थात् उपाकर्म ब्रह्मचारी एवं गृहस्थले मात्र नगरी वानप्रस्थले पनि गर्नुपर्दछ । यस्तै शास्त्रीय आधारमा अहिलेसम्म उपाकर्मको परम्परा चल्दै आएको छ । श्रावणीकर्मका उपाकर्म र उत्सर्गबाहेक मुख्य तीन अंश मानिएका छन् – १. स्नानतर्पण, २. सूर्योपस्थान र ३. ऋषिपूजन एवं यज्ञोपवीत धारण । यी तीन कर्मको शरीर, आत्मा र मनको शुद्धिका साथ विशेषसम्बन्ध रहेको हुन्छ ।

अतः श्रावणीस्नान साधारण स्नान होइन । गणस्नानमा अथवा स्नानमा **हेमाद्रिसङ्कल्प** पढ्ने गरिन्छ । त्यसबाट सुदीर्घ पापपरम्पराको ज्ञान हुन्छ । गणस्नानमा सङ्कल्प श्रवण गर्ने मानिसहरूले अब उप्रान्त यस्तो पाप नगर्ने पश्चात्ताप गरी सङ्कल्प गर्दछन् । माटो, भस्म, गोबर आदिद्वारा स्नान गरेपछि कुश, दूबो र अपामार्गद्वारा शिरमा मार्जन गरिन्छ । यसो गर्दा बाह्यशुद्धिको प्रक्रिया पूरा हुन्छ । त्यसपछि पञ्चगव्यपान गरी आभ्यन्तर शुद्धिको प्रक्रिया प्रारम्भ गरिन्छ । मानसिक शुद्धिका लागि सूर्योपस्थान गरिन्छ । त्यसपछि ऋषिपूजन, स्वाध्यायप्रवचन र यज्ञोपवीत धारणजस्ता क्रियाको सम्बन्ध आत्मासँग रहेको हुन्छ । अतः श्रावणीकर्मलाई आत्मशुद्धिको महान् अनुष्ठान मान्नुपर्दछ । श्रावणीकर्मको अनुष्ठानबाट दुष्कर्मको प्रायश्चित्तका साथै शुभकर्मको लागि प्रेरणा प्राप्त हुन्छ।

रक्षाबन्धन

रक्षाबन्धन श्रावणको पूर्णिमामा गरिने प्राचीन कृत्य हो । भविष्यपुराणअनुसार देवता र दानवको बीचमा युद्ध चलिरहेको समयमा श्रावणमासको पूर्णिमाका दिन इन्द्रकी महारानी शचीले इन्द्रको हातमा वेदका मन्त्रहरूद्वारा अभिमन्त्रण गरिएको रक्षासूत्र बाँधी दिएकी थिइन् । उक्त रक्षासूत्रको शक्तिबाट इन्द्रले दानवहरूमाथि विजय प्राप्त गरेका थिए । त्यो दिनदेखि पवित्र ब्राह्मणहरूको हातबाट रक्षासूत्र बाँध्ने परम्परा रहिआएको छ । भविष्यपुराणमा भनिएको छ –

सर्वरोगोपशमनं सर्वाशुभविनाशकृत् । सकृत्कृतेनाब्दमेकं येन रक्षा कृता भवेत् ।।

श्रावणपूर्णिमाका दिन धारण गरिने रक्षासूत्र सम्पूर्ण रोगहरूको विनाशक हुन्छ र यसले सबै किसिमका

अशुभलाई निवारण गर्दछ । यसलाई वर्षमा एकपटक धारण गर्दा मनुष्य सुरक्षित बन्दछ । बलि राजाको बन्धनको प्रसङ्गमा आधारित रक्षामन्त्र लोकमा ज्यादै प्रसिद्ध छ –

येन बद्धो बली राजा दानवेन्द्रो महाबलः । तेन त्वां प्रतिबध्नामि रक्षे! मा चल मा चल ।।

ब्राह्मण, क्षत्रिय आदिले ब्राह्मणपूजन गरी रक्षासूत्र बाँध्नुपर्ने कुरा निर्णयसिन्धुमा बताइएको छ–

ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैरन्यैश्च मानवैः । कर्तव्यो रक्षिताचारो द्विजान् सम्पूज्य शक्तितः ।।

उपाकर्म आदि कृत्यहरूको सम्पादनको साथ ऋषितर्पण गरेपछि अपराह्नसमयमा अक्षता, सर्स्युं र सुवर्णले युक्त रक्षापोटलिका तयार गर्नुपर्दछ । रक्षापूजनपछि ब्राह्मणहरूका हातबाट रक्षासूत्र बाँध्नुपर्दछ ।

४.५ जन्माष्टमी एवं कृष्णजन्मजयन्ती

निर्णयसिन्धुमा निरूपण गरिएअनुसार श्रीकृष्णजन्माष्टमीमा गरिने व्रत र पूजाको विषयमा प्रकाश पारिँदैछ। ब्रह्मपुराणमा भनिएको छ –

तथा भाद्रपदे मासि कृष्णाष्टम्यां कलौ युगे । अष्टाविंशतिमे जातः कृष्णोऽसौ देवकीसुतः ।।

– '२८ औं युगको भाद्रकृष्णपक्षको अष्टमीतिथिमा देवकीनन्दन श्रीकृष्णको प्रादुर्भाव भयो ।

यो कृष्णाष्टमी जन्माष्टमी र जयन्ती गरी दुई प्रकारको हुन्छ । बुद्धिमान् मानिसले जन्माष्टमीव्रत र जयन्तीव्रत दुवै गर्नुपर्दछ । जसले यो व्रत गर्दैन त्यो क्रूर राक्षसयोनिमा पैदा हुन्छ । ग्रन्थकार **कमलाकर भट्ट** भन्दछन् – जन्माष्टमीमा रोहिणीको योग हुँदैन भने त्यो केवल अष्टमी हुन्छ । अष्टमीमा कलामात्र पनि रोहिणीको योग भएमा त्यसलाई जयन्ती भनिन्छ –

कृष्णाष्टम्यां भवेद् यत्र कलैका रोहिणी यदि । जयन्ती नाम सा प्रोक्ता उपोष्या सा प्रयत्नतः ।।

अहोरात्र जयन्तीयोग भएमा यो ज्यादै पूजनीय उत्तमयोग हुन्छ । रातमा मात्र रोहिणीयोग भएमा मध्यम हुन्छ र दिनको सुरुमामात्र रोहिणीयोग भएमा निम्नकोटिको योग मानिन्छ । निर्णयसिन्धुमा जयन्तीव्रत वा अष्टमीव्रत गर्नुपर्ने विधान गर्दै नगर्ने मानिसहरूको निन्दा गरिएको छ ।

जयन्तीव्रत नित्य र काम्य दुवै हो । कसैले जयन्तीव्रत र जन्माष्टमीव्रत एउटै हुन् भनेका छन् । तर **हेमाद्रि, मदनरत्न** र **निर्णयसिन्धुमा** ती दुवै व्रतलाई छुट्टाछुट्टै मानिएको छ । कृष्णाष्टमी रोहिणीविनाको अष्टमी र रोहिणीसहितको अष्टमी गरी दुई प्रकारको बताइएको छ । धेरैजसो पुराण र निबन्धग्रन्थअनुसार जन्माष्टमी श्रावणकृष्ण अष्टमीको आधारातको समयमा मनाउनुपर्दछ । **निर्णयामृतमा** आठ शुद्धा र आठ विद्धा एवं अन्य दुई भेदसमेत गरी यो १८ प्रकारको हुन्छ भन्ने कुरा बताइएको छ । **तिथितत्त्वमा** बताइएअनुसार रोहिणीयुक्त अष्टमी – **जयन्ती** एक दिनमात्र छ भने त्यसै दिन व्रत गर्नुपर्दछ । यदि पहिलो दिन रोहिणीयोग नभएमा दोस्रो दिन उपवास गर्नुपर्दछ । यदि पहिलो दिन एवं दोस्रो दिन जयन्तीको योग हुँदैन भने पहिलो अष्टमीका दिन नै उपवास र व्रत गर्नुपर्दछ । दोस्रो दिन जयन्तीको योग भएमा दोस्रो दिन नै उपवास गर्नुपर्दछ । दुवै दिन अष्टमी भएमा र दोस्रो दिन आधारातमा अष्टमी नभएमा पहिलो दिन नै व्रत गर्नुपर्दछ ।

जयन्ती मङ्गलवार वा बुधवार परेमा तिनमा गरिने उपवास करोडौं व्रतभन्दा पनि पुण्यदायक हुन्छ । जसले त्यस्तो पुण्यमुहूर्तमा उपवास गर्दछ त्यो व्रतालु जन्म–मरणको चक्रबाट उन्मुक्त हुन्छ । जन्माष्टमीव्रतका मुख्य अङ्ग

यसप्रकार छन् – १. उपवास, २. कृष्णपूजन, ३. जाग्राम, ४. स्तोत्रपाठ, ५. कीर्तन र ६. कृष्णकथाश्रवण। जन्माष्टमीमा कसैले उपवासलाई मुख्य मानेका छन् भने कसैले पूजालाई मुख्य मानेका छन्। जबसम्म अष्टमी र रोहिणी पनि रहिरहन्छन् तबसम्म पारण गर्न हुँदैन। तिथि र नक्षत्रको समाप्ति भएपछि मात्र पारण गर्नुपर्दछ। पारणपछि व्रत गर्ने मानिसले '**ॐ भूताय भूतेश्वराय भूतपतये भूतसम्भवाय गोविन्दाय नमो नमः**' यो मन्त्र जप गर्नुपर्दछ।

हेमाद्रिको वचनअनुसार कृष्णजन्माष्टमीमा कृष्णको पूजा गर्दा तिलस्नान गरी उत्तमभूमिमा देवकीको लागि सुन्दर सूतिकागृह बनाउनुपर्दछ। सूतिकागृहको बीचमा सुवर्ण, चाँदी, ताँबो, पित्तल, माटो, काठ वा मणिमध्ये कुनै एक वस्तुबाट बनाइएको भगवान्को प्रतिमा अथवा चित्रलाई पलङमाथि कपडाले ढाकेर स्थापना गर्नुपर्दछ। नजिकै अर्को शय्यामा देवकीको प्रतिमा स्थापना गर्नुपर्दछ। भर्खरै प्रसववेदनाबाट मुक्त भएकी, स्तनबाट दूधका धारा बगाइरहेकी देवकीको प्रतिमासामु उनकै काखमा शयन गरी स्तनपान गरिरहेका श्रीकृष्णको प्रतिमा बनाउनुपर्दछ। प्रसूतिगृहको अर्को भागमा भर्खरै कन्या पैदा गरेकी यशोदाको चित्र तयार गर्नुपर्दछ।

वसुदेव कश्यप हुन्, देवकी अदिति हुन्, बलभद्र शेष हुन्, यशोदा पृथ्वी हुन्, नन्द दक्षप्रजापति हुन् र गर्गऋषि ब्रह्मा हुन्। यस्तो भावना लिएर सबैको प्रतिमा बनाउनुपर्दछ। त्यहाँ नजिकै अनेक राक्षसगणका साथै यमुनाको हृदयमा बसेका कालियनागको प्रतिमा बनाएर राख्नुपर्दछ। त्यसपछि आफ्नो सामर्थ्यअनुसार भगवान् कृष्णको चरित्र लेखी लेखिएका उक्त चरित्रको पनि पूजा गर्नुपर्दछ। त्यसपछि देवकीको प्रार्थना गर्दै भन्नुपर्दछ –

गायद्भिः किन्नराद्यैः सततपरिवृता वेणुवीणानिनादैः, शृङ्गारादर्शकुम्भप्रवरवृतकरैः किंकरैः सेव्यमाना।
पर्यङ्के स्वास्तृते या मुदिततरमुखी पुत्रिणी सम्यगास्ते, सा देवी देवमाता जयति सुतनया देवकी कान्तिरूपा॥

उक्त मन्त्रबाट देवकीको प्रार्थना गरेपछि चन्द्रमालाई अर्घ्य दिनुपर्दछ। त्यसपछि देवकीलाई अर्घ्य दिएपछि पुष्पाञ्जलि गरी प्रत्येक याममा पूजा गर्नुपर्दछ। प्रातःकाल भएपछि यथाशक्ति ब्राह्मणभोजन गराई श्रीकृष्णलाई विसर्जन गर्नुपर्दछ। यो वार्षिक कृष्णजन्माष्टमीमा गरिने कृत्यको दिग्दर्शन हो। यसैगरी प्रत्येक महिनाको कृष्णपक्षको अष्टमीमा कृष्णपूजन गरी जन्माष्टमीव्रत गर्नुपर्दछ भन्ने कुरा अग्निपुराणमा यसरी बताइएको छ –

प्रतिमासं तु ते पूजामष्टम्यां यः करिष्यति। मम चैवाखिलान् कामान् स प्राप्स्यति न संशयः॥

यस भनाइबाट प्रत्येक मासको कृष्णपक्षको अष्टमीको पनि कृष्णजन्माष्टमीसरह महिमा रहेको कुरा बुझिन्छ। पुराण–इतिहासअनुसार जन्माष्टमीका दिन अवतारधारण गरी करुणामय भगवान् श्रीकृष्णले पृथ्वीलाई कृतार्थ बनाउनुभएको थियो। सम्पूर्ण मानवजातिको रक्षा गर्न र दानवहरूद्वारा आक्रान्त पृथ्वी र प्राणीमात्रको उद्धार गर्न वैकुण्ठधाम छाडेर जगन्नियन्ता नारायणको भाद्रकृष्ण अष्टमी, बुधवार, रोहिणीनक्षत्रका दिन घोर अन्धकारका कारण भयावह रात्रिको दुर्भेद्य अन्धकार चिर्दै कृष्णचन्द्रका रूपमा धराधाममा अवतरण भएको थियो।

जन्माष्टमी जयन्ती–उत्सव हो। सनातनसंस्कृतिको समृद्धिमा यस उत्सवको अकल्पनीय स्थान रहेको छ। हिन्दूजाति यस्तै अवतारचरित्रका दिव्य आभाले आभासित छ। श्रीकृष्णको पावन चरित्रको प्रवर्तन गराउने जन्माष्टमी त्यसै पनि संस्मरणीय छ। गीताज्ञानका उपदेशक र सदाचारका मूर्तरूप श्रीकृष्णलाई आज पनि जन्माष्टमी पर्वले संस्मरण गराइरहेको छ

४.६ महालयश्राद्ध

आश्विनमासको कृष्णपक्षको प्रतिपदातिथिदेखि आरम्भ गरेर शुक्लपक्षको प्रतिपदासम्म सामर्थ्य भएमा

दिनदिनै पार्वणविधिले पितृहरूको श्राद्ध गर्नुपर्दछ । असमर्थ मानिसले पञ्चमी, षष्ठी, अष्टमी, दशमी, एकादशी, अमावास्या आदि कुनै तिथिमा श्राद्ध गर्नुपर्दछ । जसले आश्विनकृष्ण र आश्विनशुक्ल प्रतिपदाभित्रका १६ दिनमा निरन्तर श्राद्ध गर्दछन् तिनीहरूले चतुर्दशीश्राद्ध पनि गर्नुपर्दछ । जसले १५ दिन लगातार श्राद्ध गर्दैनन् तिनीहरूले चतुर्दशीमा श्राद्ध गर्न हुँदैन । सकृन्महालयश्राद्ध गर्नेले प्रतिपदा, षष्ठी, एकादशी, चतुर्दशी, शुक्रवार, जन्मनक्षत्रदेखि १० औं वा १९ औं नक्षत्र, रोहिणी, मघा र रेवतीमा श्राद्ध गर्न हुँदैन ।

कसैले त्रयोदशी, सप्तमी, रविवार र मङ्गलवारमा पनि सकृन्महालयश्राद्ध गर्न हुँदैन भनेका छन् । संन्यासीहरूको महालयश्राद्ध द्वादशीमा हुन्छ, अरू तिथिहरूमा गर्न हुँदैन भनिएको छ । शस्त्र, विष, अग्नि, जल, बन्धन आदिबाट आत्महत्या गर्नेहरूको श्राद्ध एकोद्दिष्टविधिले चतुर्दशीतिथिमा गर्नुपर्दछ । चतुर्दशी र पूर्णिमामा मरेका व्यक्तिको श्राद्ध द्वादशी वा अमावास्यामा गर्नुपर्दछ ।

श्राद्धसागरअनुसार चतुर्दशीतिथिमा माता-पिता आदि शस्त्रद्वारा मरेका भए चतुर्दशीमा पहिले तिनीहरूको छुट्टाछुट्टै एकोद्दिष्ट गरेपछि महालयश्राद्ध गर्नुपर्दछ । **स्मृतिकौस्तुभ**को मतमा भने वार्षिक पार्वणश्राद्धबाट नै तिनीहरूको एकोद्दिष्टसमेत गतार्थ हुने हुँदा छुट्टै एकोद्दिष्ट गर्नुपर्दैन । माता-पिताको मृत्यु हुने वर्ष सकृन्महालयश्राद्ध गरे पनि हुन्छ, नगरे पनि हुन्छ । मलमासमा महालयश्राद्ध गर्न हुँदैन । महालयपक्षमा माता-पिताको एकोद्दिष्टश्राद्ध परेमा सम्बद्ध तिथिमा एकोद्दिष्ट गरी अरू कुनै तिथिमा महालयश्राद्ध गर्नुपर्दछ । चतुर्दशीतिथिमा गर्नुपर्ने श्राद्ध गर्दा विघ्न आइलागेमा त्यसै पक्षमा अथवा आगामी पक्षमा अथवा कुनै समयमा श्राद्ध गर्दा पार्वणविधि अँगालेर नै गर्नुपर्दछ । पिता जीवित छँदै माताको मृत्यु भएमा छोराले माताको श्राद्ध गरिदिनुपर्दछ तर श्राद्धाङ्गतर्पण गर्न हुँदैन। विधवाले श्राद्ध गर्दा स्वयं सङ्कल्प गरी अरू कर्म ब्राह्मणद्वारा गराउनुपर्दछ ।

एक दिनमा १५ मुहूर्त हुन्छन् । पार्वणश्राद्ध आठौं मुहूर्तमा आरम्भ गरी १२औं मुहूर्तमा समाप्त गर्नुपर्दछ अर्थात् यो श्राद्ध अपराह्नमा गर्नुपर्दछ । दिनको १५ घडीबाट आरम्भ गरी २४ घडीसम्मको समयमा पार्वणश्राद्ध गर्नुपर्दछ । जुन तिथिमा पार्वणश्राद्ध गर्नुछ त्यो तिथि दुई दिन भएमा जुन दिन त्यो तिथि अपराह्नमा पर्छ त्यसै दिन श्राद्ध गर्नुपर्दछ । दुवै दिन अपराह्नकालमा[६०] रहने भएमा पहिलो दिन गर्नुपर्दछ । दुवै दिन सम्पूर्ण अपराह्नसम्म तिथि नभएमा जुन दिन अस्तसमयभन्दा पहिले तीन मुहूर्तसम्म तिथिको स्थिति हुन्छ त्यसमा नै गर्नुपर्दछ । यदि त्यो पनि हुँदैन भने अरू कुनै राम्रो तिथिमा गर्नुपर्दछ ।

महालयश्राद्धका सोह्र दिनमध्ये पछिल्लो आश्विनशुक्ल प्रतिपदाको दिन मातामहको श्राद्ध गर्नुपर्दछ । तिथिवृद्धि भएमा अमावास्यासम्ममात्र सोह्रश्राद्ध गरिन्छ । महालयश्राद्ध पक्वान्नद्वारा गरिन्छ । आश्विनकृष्ण नवमीमा अन्वष्टकाश्राद्ध गर्ने विधान छ । त्यस तिथिमा पिता जिउँदै भएका मानिसले पिण्डसहित एकापार्वणश्राद्ध गर्नुपर्दछ । नवमीश्राद्ध नवमीतिथिमा हुन नसकेमा वृश्चिकसंक्रान्तिसम्म गर्न सकिन्छ । आश्विनकृष्णत्रयोदशी मघानक्षत्रले युक्त भएमा विनापिण्ड श्राद्ध गर्नुपर्दछ । यो श्राद्ध नित्य हो । तर छोरा भएका गृहस्थले गर्न हुँदैन । जसको त्रयोदशी मृत्युतिथि हुन्छ त्यसको पार्वणश्राद्ध त्रयोदशीमा गर्न हुन्छ, दोष लाग्दैन । आश्विनशुक्लप्रतिपदामा मातामहका निमित्त गरिने एकपार्वणश्राद्ध पिण्डरहित गर्नुपर्दछ ।

आश्विनकृष्णचतुर्दशीमा हस्तानक्षत्रमा वा मघानक्षत्रमा सूर्य भएमा गजच्छायायोग हुन्छ । यसमा विनापिण्डको ६ देवता भएको षड्दैवतश्राद्ध गर्नुपर्दछ । अमावास्यामा अनुराधा, विशाखा, स्वाती, पुष्य, आर्द्रा र पुनर्वसुनक्षत्र

६०. दिनलाई पाँच भाग लगाउँदा चौथो भागलाई अपराह्न भनिन्छ ।

भएमा विनापिण्डको षड्दैवतश्राद्ध गर्नुपर्दछ । यसैगरी अमावास्यामा श्रवण, अश्विनी, धनिष्ठा, आर्द्रा, अश्लेषा, मृगशिरा र व्यतीपातयोग भएमा महाव्यतीपातयोग हुन्छ । यसमा पनि पिण्डरहित षड्दैवतश्राद्ध गर्नुपर्दछ । आश्विनकृष्ण-अमावास्यामा आब्दिकश्राद्ध र पार्वणश्राद्ध उपस्थित भएमा पहिले आब्दिकश्राद्ध गरी पछिबाट पार्वणश्राद्ध गर्नुपर्दछ । अमावास्यामा गरिने दर्शश्राद्ध महालयबाट नै गतार्थ हुने हुँदा त्यसलाई छुट्टै गर्नुपर्दैन ।

अग्निहोत्रीले अमावास्यामा पिण्डपितृयाग गर्नुपर्दछ त्यसपछि मात्र दर्शश्राद्ध गर्नुपर्ने विधान छ । अतः अग्निहोत्रीलाई आब्दिक र महालय आश्विनकृष्ण अमावास्यामा गर्नुपर्ने भएमा पहिले आब्दिकश्राद्ध गरी महालयश्राद्ध गर्नुपर्दछ । त्यसपछि पिण्डपितृयाग गरी साङ्कल्पिक दर्शश्राद्ध गर्नुपर्दछ । अग्निहोत्रीले महालय र दर्शश्राद्ध तन्त्रविधिले गर्नुपर्दछ । पार्वणश्राद्ध गर्ने दिन दाजु-भाइको आब्दिकश्राद्ध पर्न आएमा पहिले पार्वणश्राद्ध गरेर पछिबाट आब्दिकश्राद्ध गर्नुपर्दछ । महालयमा तिथिह्रास र तिथिवृद्धि हुँदा दुई-दुई श्राद्ध गर्नुपर्दछ । श्राद्धाङ्गतर्पण, मृताहतिथि र महालयमा दोस्रो दिन गर्नुपर्दछ । सकृन्महालयमा यदि सबै पितृहरूको श्राद्ध गरिन्छ भने ती सबैलाई तर्पण दिनुपर्दछ । सकृन्महालयपक्षमा एकै दिन सबै पितृहरूलाई पिण्डदान गर्नुपर्ने कुरा शास्त्रहरूमा बताइएको छ। महालयमा दिनदिनै श्राद्ध गर्नेले षड्दैवतश्राद्ध गर्नुपर्दछ । महालयश्राद्धमा जसलाई पिण्ड दिइन्छ तिनको मात्र तर्पण गर्नुपर्दछ । श्राद्धाङ्गतर्पण नित्यतर्पणभन्दा भिन्न हुन्छ । आब्दिकश्राद्धका दिन नित्यतर्पण गर्न हुँदैन भनी कसैले भन्दछन् भने त्यो प्रमाणहीन कुरा हो तर तिलद्वारा तर्पण गर्न भने निषिद्ध छ ।

मन्वादिश्राद्ध, युगादिश्राद्ध, दर्शश्राद्ध, संक्रान्तिश्राद्ध, पूर्णिमाश्राद्ध, व्यतीपातश्राद्ध, वैधृतिश्राद्ध, नक्षत्रश्राद्ध, तीर्थश्राद्ध, ग्रहणश्राद्ध एवं गोष्ठीश्राद्ध आदिमा श्राद्धभन्दा पहिले श्राद्धाङ्गतर्पण गर्नुपर्दछ । पक्षश्राद्ध, अर्धोदयश्राद्ध, गजच्छायाश्राद्ध, भरणीश्राद्ध, मघाश्राद्ध, अष्टकाश्राद्ध र अन्वष्टकाश्राद्धमा श्राद्ध सकिएपछि तर्पण गर्नुपर्दछ । महालयमा श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण अमावास्या, आश्विनशुक्ल पञ्चमी वा वृश्चिकसंक्रान्तिमा श्राद्ध गर्नुपर्दछ । विधवाले महालयश्राद्धमा पति आदि ३, पिता आदि ३, माता आदि ३, मातामह आदि ३ र मातामही आदि ३ व्यक्तिहरूका निमित्त श्राद्ध गर्नुपर्दछ । यदि विधवा असमर्थ छिन् भने उनले पति आदि ३, पिता आदि ३, माता आदि ३ का साथै मातामह आदि ३ को सपत्नीक भनी श्राद्ध गर्नुपर्दछ । अति अशक्त भएमा उनले पति आदि ३ र माता आदि ३ को श्राद्ध गर्नुपर्दछ । श्राद्धका दिन एकादशीव्रत, काम्य उपवास, व्रत, शिवरात्रि, जन्माष्टमी आदि परेमा श्राद्धमा लगाइएको प्रसादलाई सुँघ्नुपर्दछ खानु हुँदैन ।

महालयश्राद्धको महत्त्व बताउँदै निर्णयसिन्धुमा भनिएको छ -

कन्यागते सवितरि यान्यहानि तु षोडश । क्रतुभिस्तानि तुल्यानि देवो नारायणोऽब्रवीत् ।।

- सूर्य कन्याराशिमा जाँदा जुन महालयपक्षका १६ दिन हुन्छन् ती यज्ञसमान हुन्छन् । हेमाद्रिले १६ श्राद्धलाई तीन प्रकारबाट वर्गीकरण गर्दै भनेका छन् - १. तिथिवृद्धिका कारण हुने १६ दिन, २. भाद्रपद पूर्णिमालाई समेत गणना गर्दा हुने १६ दिन र ३. आश्विनशुक्ल प्रतिपदासमेत गणना गर्दा हुने १६ दिन । यी तीन समूहमध्ये आश्विनशुक्ल प्रतिपदासमेत गणना गरी हुने १६ दिनलाई नै सोह्रश्राद्धका दिन हुन् भनी स्वीकार गरेका छन् ।

अहःषोडशकं यत्तु शुक्लप्रतिपदा सह । चन्द्रक्षयाविशेषेण सापि दर्शात्मिका स्मृता ।।

देवल भन्दछन् - शुक्लपक्षको प्रतिपदासहित जुन १६ दिन श्राद्धका मानिएका छन् तिनमा कुनै शंका मान्नुपर्दैन । किनकि शुक्लपक्षको प्रतिपदा पनि चन्द्रमाको क्षय हुने भएका कारण अमावास्यासमान नै मानिन्छ ।

सोह्रश्राद्धका देवता

पिता, पितामह, प्रपितामह, माता, पितामही, प्रपितामही, सौतेली आमा, मातामह, प्रमातामह, वृद्धप्रमातामह, मातामही, प्रमातामही, वृद्धप्रमातामही, स्त्री, पुत्र, पिताकी सौतेली आमा, आफ्ना दाजु-भाइ, तिनका स्त्रीहरू, पिताका सानीआमा-ठूली आमा, पिताका दिदी-बहिनी श्राद्धका देवता मानिएका छन् । यिनका साथै पति र सन्तानले रहित आफन्त, गुरु-शिष्य पनि महालयका देवता मानिएका छन् । पिताका दाजुभाइ, माताका दाजुभाइ, जेठाबा, कान्छाबा, तिनका पत्नीहरू, फुपूहरू, आफ्ना दिदीबहिनी र सासु-ससुरा पनि श्राद्धका देवता हुन् ।

श्राद्धका धुरि र लोचन विश्वेदेव मानिएका छन् । महालयश्राद्ध नगर्दा पितृहरूले सन्ताप पाउँछन् । वृश्चिकराशिमा सूर्य रहँदासम्म कसैले हाम्रो श्राद्ध गरिदिन्छ कि भनी पर्खिरहेका हुन्छन् । वृश्चिकराशिमा सूर्य रहने महिना मार्गशीर्षमहिनापछि श्राद्धका निमित्त आशा गरेर यहाँ आएका पितृहरू आफ्ना सन्तानलाई सराप दिएर फर्किन्छन् भन्ने कुरा निर्णयसिन्धुमा बताइएको छ ।

४.७ नवरात्र वा दुर्गोत्सव

आश्विन शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मको अवधिलाई नवरात्र भनिन्छ । नवरात्रमा भगवती दुर्गाको आराधनाको ठूलो महिमा रहेको छ । दुर्गोत्सवका विषयमा दुर्गोत्सवविवेक, दुर्गापूजाप्रयोगतत्त्व, दुर्गाभक्तितरङ्गिणी, नवरात्रप्रदीप, दुर्गोत्सवपद्धति, मार्कण्डेयपुराणअन्तर्गतको दुर्गासप्तशतीका साथै पुराणवाङ्मयमा नवरात्रमा गरिने दुर्गा आराधनाको विषयमा विस्तृतरूपमा प्रकाश पारिएको छ । देवताहरूको तेजबाट देवीको आविर्भाव, देवीको स्वरूप, देवताहरूबाट आयुध प्राप्ति, देवीद्वारा महिषासुर, चण्ड-मुण्ड, शुम्भ-निशुम्भ आदि दानवहरूको वध र विजयप्राप्तिजस्ता विषय ती ग्रन्थहरूमा वर्णन गरिएका छन् । **कालिकापुराण, देवीपुराण, बृहन्नन्दिकेश्वरपुराण** र **श्रीमद्देवीभागवत** आदिमा विस्तृतरूपमा भगवती दुर्गाको महिमा र आराधनाको विषयमा प्रकाश पारिएको छ।

प्रतिपदानिर्णय

आश्विनशुक्लपक्षको अमावास्याले नछोएको प्रतिपदातिथिमा चित्रा एवं वैधृति आदिलाई छलेर अर्थात् तिनका १२ वा १६ घडी त्याग गरी पवित्र सन्ततिको कामनाका साथ अपराह्नमा नवरात्रव्रत आरम्भ गर्नुपर्दछ । अपराह्नव्यापिनी प्रतिपदाको यो महत्त्व निरूपण दोस्रो दिन द्वितीया नभएको अवस्थाका गरिएको हो भन्ने कुरा जान्नुपर्दछ । **देवीपुराणमा देवीले** भन्नुभएको छ – अमावास्यासँग जोडिएको प्रतिपदातिथिमा मेरो पूजा गर्नुहुँदैन। द्वितीयासँग सम्बद्ध एक मुहूर्तमात्र भएपनि दोस्रो दिनको प्रतिपदा लिनुपर्दछ ।

घटस्थापना विचार

देवीपुराणमा देवीले भन्नुभएको छ – शरद्ऋतुको प्रतिपदातिथिमा द्वितीयाको पनि युति हुँदा मेरो पूजन गर्नाले अव्यय, अविनाशी फल प्राप्त हुन्छ । यदि कसैले अमायुक्त प्रतिपदामा मेरो स्थापना गर्दछ भने त्यसलाई हजारौं सराप दिएर मैले खरानी तुल्याउँछु । अर्को दिन उदयकालमा दुई मुहूर्तमात्र प्रतिपदा भएपनि यो ग्राह्य हुन्छ।

तिथितत्त्व र देवीपुराणको भनाइअनुसार – प्रातःकालमा देवीको आवाहन गर्नुपर्दछ । प्रातःकाल अर्थात् पूर्वाह्णकालमा देवीलाई प्रवेश गराउनुपर्दछ । प्रातःकालमा नै पूजा गरी प्रातःकालमा नै विसर्जन गर्नुपर्दछ । त्यहीं नै फेरि भनिएको छ – शरद्कालमा देवीको वार्षिक महापूजा उदयकालिक तिथिमा नै गर्नुपर्दछ ।

नवरात्रको प्रतिपदादेखि नवमीसम्म देवीपूजा प्रधान विषय हो र उपवास आदि त्यसका अङ्ग हुन् । आश्विनमासमा अष्टमी र नवमीतिथिमा जगन्माता अम्बिका भगवतीको पूजा गरी मानिस शोकहीन बन्दछ भन्ने फलश्रुति **भविष्यपुराण**को वचनमा रहेको छ । यसमा पूजाको फल बताएर पूजालाई नै प्रधानता दिइएको छ । **देवीपुराण**को मत पनि यस्तै छ । नवमीतिथिसम्म वृद्धिक्रमले पूजा आदि गर्नुपर्दछ । तिथि घटेको अवस्थामा दुई तिथिका निमित्त पूजा आदि कार्य महालयश्राद्धमा झैं एकै दिन आवृत्ति गरी दुवै तिथिको पाठ, पूजा सम्पन्न गर्नुपर्दछ । भक्तिपूर्वक पूजा गर्दा यश, राज्य, पुत्र, आयु, धन र सम्पत्ति प्राप्त हुन्छ । नवरात्रको पूजा काम्य र नित्य दुवै प्रकारको छ । **कालिकापुराण**मा भनिएको छ – 'जसले मोह, आलस्य वा घमण्डले अथवा द्वेषले दुर्गामहोत्सवमा दुर्गापूजा गर्दैन त्यसमाथि भगवती भैरवी रिसाउनुहुन्छ र त्यसका सबै इच्छालाई खरानी तुल्याउनुहुन्छ ।

नवरात्र-उपवासका नियम

भगवती विन्ध्यवासिनीको प्रीतिका लागि नवरात्रमा उपवास, एक पटक भोजन- रात्रिभोजन वा अयाचित भोजन गरी ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, म्लेच्छ एवं अरू सबैले प्रत्येक स्थानमा, नगर, गाउँ-गाउँ, घर-घर एवं प्रत्येक वनमा भगवतीको भक्तिमा लीन भई तत्परताका साथ हर्षपूर्वक देवीको आराधना गर्नुपर्दछ। ठाउँठाउँमा ब्राह्मणहरूले नगर-नगरमा राजा एवं क्षत्रियहरूले, घर-घरमा वैश्यहरूले, गाउँ-गाउँमा शूद्रहरूले, वन-वनमा म्लेच्छ आदिहरूले पूजा गर्नुपर्दछ ।

सूर्य कन्याराशिमा जाँदा शुक्लपक्षको प्रतिपदादेखि अथवा षष्ठीदेखि पूजा प्रारम्भ गरेर अयाचित अन्नको भोजन, एक समय भोजन अथवा रात्रिभोजन गरी उपवास गर्नुपर्दछ । भूमिशयन गर्नुपर्दछ, कुमारीहरूको पूजा गरी तिनलाई भोजन गराउनुपर्दछ । दिनदिनै तिनीहरूका निमित्त वस्त्र-अलङ्कार प्रदान गरी सन्तुष्ट तुल्याउनुपर्दछ। दिनदिनै ओदन अर्थात् चामल, मांस र माषबलि दिनुपर्दछ । ब्राह्मणले मांसबलि दिनुहुँदैन ।[६१] जप र स्तोत्रपाठमा तल्लीन भई त्रिकालमा देवीपूजा गर्नुपर्दछ ।

रात्रिमा दुर्गापूजन

देवीपुराणमा भनिएको छ – 'आश्विनमासमा बादल-वर्षा समाप्त भएपछि उपवास गरीकन भक्तले रातको समयमा क्रमैले महिषासुरमर्दिनी भगवतीको पूजा गर्नुपर्दछ ।' **संग्रहग्रन्थ**मा भनिएको छ – 'आश्विनमासमा वर्षाबादल समाप्त भएपछि प्रतिपदामा नक्तव्रत गर्नुपर्दछ र रातको समयमा भगवतीको पूजा गर्नुपर्दछ । फेरि भगवती रात्रिरूपिणी हुन् भने महेश्वर दिनरूपी हुन् । यो नवरात्रको रात्रिव्रतले सबै पापको नाश गर्दछ । यसैले सबै कामना परिपूर्ण तुल्याउँछ । यस व्रतले सबै शत्रुको संहार गर्दछ । त्यसैले सबैले नवरात्रव्रत गर्नुपर्दछ । नवरात्रमा रात्रिको महत्त्व भएका कारण यसलाई नक्तव्रत पनि भनिन्छ । नवरात्रमा देवीपूजन नगर्ने मानिस नरकमा जान्छ ।

कसैले नौवटा तिथिको वाचक नवरात्रशब्दबाट नौवटा दिन-रातको अर्थ बुझिन्छ भन्दछन् । **देवीपुराण**मा नवरात्रको अवधि तिथिको ह्रास र वृद्धिका कारण कहिले धेरै दिन र कहिले थोरै दिन हुनसक्छ, नवरात्रशब्द नौ अहोरात्रको वाचक नभएर नौ तिथिको वाचक हो भनिएको छ । यो नवरात्रशब्द कहीँ लक्षणाशक्तिद्वारा नवरात्रमा गरिने कर्मको वाचक पनि बन्दछ । **प्रारम्भो नवरात्रस्य** यस वाक्यको नवरात्रको प्रारम्भ भन्ने अर्थ भएपनि तात्पर्य चाहिँ नवरात्रमा गरिने कर्मको आरम्भ भन्ने हुन्छ।

६१. 'बलिमांसादिपूजेयं विप्रवर्ज्या मयेरिता ।' दुर्गासप्तशती, वैकृतिकं रहस्यम्, गीताप्रेस, गोरखपुर, गोविन्दभवन कार्यालय, गोरखपुर, संस्करण १००, वि.सं. २०५६ ।

चित्रा र वैधृति सकिँदा प्रतिपदा पनि सकिने भएमा चित्रा र वैधृतिका सुरुका एक-एक चरण छाडी नवरात्र आरम्भ गर्नुपर्दछ । **रुद्रयामल**मा भनिएको छ – वैधृतिमा नवरात्रको आरम्भ गरिएमा पुत्रनाश हुन्छ, चित्रामा आरम्भ गरिँदा धनको नाश हुन्छ, तसर्थ चित्रा र वैधृतिमा घटस्थापना गर्नुहुँदैन । सम्पूर्ण प्रतिपदा नै चित्रा र वैधृतिले युक्त भएको खण्डमा सूर्य मध्याह्नमा रहँदा अभिजित् मुहूर्त हुन्छ । त्यसै मुहूर्तमा नै घटस्थापना गर्नुपर्दछ। रात्रिको समयमा घटस्थापना गर्नुहुँदैन ।

तिलको तेलद्वारा माङ्गलिक स्नान आदि गरेपछि देवीको पूजा गर्नुपर्दछ । त्यसपछि सर्वप्रथम चोखो माटोले वेदी तयार गरी गहुँका दाना मिसिएका जौका दाना वेदीमा छर्नुपर्दछ । तदनन्तर विधिपूर्वक मन्त्र उच्चारण गर्दै सुवर्ण, चाँदी, ताँबो अथवा माटाको कलशस्थापना गर्नुपर्दछ ।

दुर्गाभक्तितरङ्गिणीमा उद्धृत **देवीपुराण**को वचनमा भनिएको छ – **जयन्ती मङ्गला०** आदि मन्त्रद्वारा दूध, घ्यू आदिले पूजा गर्नुपर्दछ र यसै मन्त्रको जप गरी यसैबाट होम गराउनुपर्दछ । उक्त मन्त्रको सट्टा **ॐ दुर्गे रक्षिणि रक्षिणि स्वाहा** यो नवाक्षरमन्त्रद्वारा पनि होम आदि कर्म गराउन सकिन्छ।

नवदुर्गामा शरीरमा धेरै गाँठा भएकी, अङ्गभङ्ग भएकी, साह्रै गलेकी, शरीरमा घाउ भई रगताम्मे भएकी र शरीरका घाउ पाकेर पीपै पीपले भरिएकी, जन्मजात अन्धी, डेह्री, कानी र अत्यन्त नराम्री, शरीरमा बाक्ला रौँ भएकी, रोगिणी, २ वर्ष पूरा नभएकी र १० वर्ष नाघेकी कन्याहरूको पूजा गर्नुहुँदैन । प्रतिदिन एउटी कन्याको पूजा गर्दा लक्ष्मीप्राप्ति हुन्छ । अथवा दिनदिनै एउटी कन्या बढाउँदै पहिलो दिन एउटी, दोस्रो दिन दुइटी, तेस्रो दिन तीनवटी कुमारीहरूको पूजा गर्नुपर्दछ, यसरी पूजा गर्दा क्षेमलाभ हुन्छ । अथवा पहिलो दिन दुइटी, दोस्रो दिन चारवटी, तेस्रो दिन छवटी कन्याको हिसाबले अथवा द्विगुणित हिसाबले पूजा गर्दा ऐश्वर्यलाभ हुन्छ । पहिलो दिन तीनवटी, दोस्रो दिन छवटी, तेस्रो दिन नौवटी कन्याको हिसाबले पूजा गर्दा अतुलनीय पुण्यप्राप्ति हुन्छ । ती कुमारीका रूपमा पूजा गरिने कन्याका नाम यसप्रकार छन् – कुमारिका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा । दिनदिनै कन्यापूजन गर्दा जामा, वस्त्र, गन्ध, पुष्प, अक्षता आदि अर्पण गरी विभिन्न प्रकारका पायस आदि भक्ष्य एवं भोज्य पदार्थ टक्र्याई भोजन गराउनुपर्दछ ।

चौकी आदि आधारमा पुस्तक राखी दिनदिनै एक पाठ बढाउँदै ९ दिनसम्म चण्डीपाठ गर्नु र गराउनुपर्दछ र देवीको मन्दिरमा अहोरात्र बत्ती बाल्नुपर्दछ । यसो गर्दा साधकका मनोकामना छिट्टै पूरा हुन्छन् । हातमा पुस्तक राखी पाठ गर्नाले गरेको पाठ निष्फल हुन्छ ।

दुर्गाभक्तितरङ्गिणीमा उद्धृत **देवीपुराण**को वचनअनुसार दक्षिणतिर मुख फर्किएको दुर्गाको मूर्तिले शुभफल प्रदान गर्दछ । पूर्वतर्फ मुख फर्किएको दुर्गाको मूर्तिले विजय प्रदान गर्दछ । पश्चिमाभिमुख भएको दुर्गाको मूर्ति नित्यस्थापनाका लागि उत्तम हुन्छ । तर उत्तरतिर फर्काई देवीको मूर्ति स्थापना गर्न हुँदैन । उक्त ग्रन्थमा नै भनिएको छ कि प्रतिमा तयार नभएको स्थितिमा सुवर्ण, चाँदी, माटो, धातु, ढुङ्गा, चित्र, तरबार र त्रिशूलमा देवीको पूजा गर्नुपर्दछ । उक्त वस्तुहरूमा पूजा गरिएकी देवीले सबै राम्रा फल प्रदान गर्दछिन् ।

सप्तमीतिथिमा नवपत्रिका अर्थात् फूल्पातीको पूजा गर्नुपर्दछ । कदली अर्थात् केराको पातमा – **ब्रह्माणी**को, दाडिममा – **रक्तदन्तिका**को, धान्यमा – **लक्ष्मी**को, हरिद्रामा – **दुर्गा**को, मानवृक्षमा – **चामुण्डा**को, कच्चू वृक्षमा – **कालिका**को, विल्वमा – **शिवा**को, अशोकमा – **शोकरहिता**को र जयन्तीमा – **कार्तिकी**को आवाहन गरी पूजा गरेर दुर्गालाई बलि दिनुपर्दछ ।

नवदुर्गाअन्तर्गत महाष्टमी लिँदा पछिल्लो अष्टमी लिइन्छ । जहिले पनि शरत्कालको महाष्टमी नवमीयुक्त नै पूजाका लागि उपयुक्त हुन्छ । सप्तमीयुक्त भयो भने त्यसले शोक र सन्ताप प्रदान गर्दछ । सप्तमीले सहित महाष्टमीमा भगवतीको पूजा गर्ने साधक नरकमा जान्छ । आश्विन शुक्लपक्षको अष्टमी मूलनक्षत्रसहित हुन्छ भने त्यसलाई महानवमी भन्दछन् र यो त्रिलोकीमा दुर्लभ योग हो ।

सहस्रचण्डी-विधानको विषयमा **रुद्रयामल**मा सबै कुरा बताइएको छ । त्यहाँ विष्णुलाई सम्बोधन गर्दै भनिएको छ – हे विष्णु ! हे महामति ! हजुरले विधिवत् सहस्रचण्डीको विधान सुन्नुहोस् – राज्यनाश, ठूलो उत्पात, जनधनको क्षति, महाभय, हात्ती–घोडाहरूको मृत्यु, शत्रुराजाको भयजस्ता अनेक दुःख र रोगव्याधिजन्य कष्ट हुँदा मानिसले सहस्रचण्डीपाठ गर्नु र गराउनुपर्दछ । सहस्रचण्डीयज्ञमा जप गर्ने ब्राह्मण सय जना हुन्छन् । बीस हातको मण्डप बनाउनुपर्छ । सय उत्तम ब्राह्मणलाई भोजन गराउनुपर्दछ र सयवटा गाई दक्षिणाको रूपमा टक्र्याउनुपर्दछ । आचार्यलाई अरू ब्राह्मणभन्दा दुई गुणा बढी दक्षिणा दिनुपर्दछ । यसैगरी उनलाई शय्या, सप्तधान्य, पृथ्वी र सेतो वर्णको सुन्दर घोडा पनि दान गरेर दिनुपर्दछ ।

नवरात्रको पारण दशमीमा गर्नुपर्दछ । **हेमाद्रि**मा **धौम्य**ले भनेका छन् – आश्विनशुक्लपक्षमा नवरात्रव्रत गर्नुपर्दछ । प्रतिपदादेखि लिएर नवमीसम्मको यो व्रत हुन्छ । असमर्थ भएमा सप्तमीदेखि नवमीसम्म तीन रात व्रत गर्नुपर्दछ । नवमीतिथिपर्यन्त वृद्धिरीतिले जप, पाठ र पूजा बढाउँदै व्रत गर्नुपर्दछ भनिएअनुसार नवमीसम्मको पूजालाई प्रधान कर्तव्य मानिएको छ । उपवास आदि यसका अङ्ग हुन् ।

पारणमा सूतक र सम्बन्धित कृत्य

माधवीयमा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ – काम्य उपवासको आरम्भमा जननाशौच वा मरणाशौच पर्न आएमा दान र पूजा छाडी व्रत र उपवास गर्नुपर्दछ । यसबारे **विष्णु** भन्दछन् – व्रत, विवाह, होम, अर्चन तथा जपको प्रारम्भ गरिसकेकोमा सूतक लाग्दैन । आरम्भ नभएकोमा मात्र सूतक लाग्छ । **विष्णु**को यो वचनबाट आशौचकै बीचमा पनि व्रत, यज्ञ आदिको कर्तव्यता सिद्ध हुन आउँछ । व्रतको अन्त पारणमा हुने हुँदा व्रतशब्दबाट पारण पनि लिइन्छ र सूतकमा पनि पारण गर्न हुन्छ । यज्ञमा ब्राह्मणवरण, व्रत एवं सत्रयागमा सङ्कल्प, विवाह आदिमा नान्दीमुख र श्राद्धमा पिण्डपाकलाई प्रारम्भ मानिएको छ । तसर्थ यज्ञमा ब्राह्मणवरण भइसकेपछि सूतक आइलागेमा आशौच लाग्दैन । व्रत र सत्रयागमा सङ्कल्प गरेपछि सूतक आइलागेमा आशौच लाग्दैन । विवाह आदि माङ्गलिक कार्यमा नान्दीमुखश्राद्ध गरेपछि सूतक आइलागेमा आशौच लाग्दैन । श्राद्धमा पिण्डपाक भइसकेपछि सूतक आइलागेमा आशौच लाग्दैन ।

रुद्रयामलमा भनिएको छ – नवरात्रव्रतमा सूतक आइलागेमा नवमीतिथिमा होम गरी पारण गर्नुपर्दछ । सूतक सकिएपछिमात्र ब्राह्मणभोजन र दान आदि कर्म गर्नुपर्दछ । नारीहरूले नवरात्रव्रतमा रजोदर्शनकालमा नै पारण गर्नुपर्दछ तर पूजा भने अन्य व्यक्तिबाट गराउनुपर्दछ । **अङ्गिरा** भन्दछन्– 'नियममा रहेकी नारीले बीचमा नै रजोवती हुनुपर्‍यो भने ती रजोमय रातहरूमा उपवास गरून् र चारदिनको नुहाएपछि बाँकी व्रत गरून् ।' फेरि यस्तै **हारीत**को वचन छ– 'व्रतको नियममा रहेकी नारीले बीचमा रजोदर्शन गर्दछिन् भने तिनले तीन रात बितेपछि बाँकी व्रत पूरा गर्नुपर्दछ ।' नवरात्र समाप्त भएपछि दशमीमा देवीको विसर्जन गर्नुपर्दछ । मूर्तिलाई जलमा प्रवाहित गरेपछि घरमा गई ब्राह्मणहरूबाट शान्तिकलशका जलको अभिषेक लिएर ब्राह्मणभोजन गराई दक्षिणा प्रदान गर्नुपर्दछ । आफूले बान्धवहरूका साथ भगवतीको प्रसाद ग्रहण गर्नुपर्दछ ।

४.८ विजयादशमी

शरत्कालको नवरात्रपछिको दशमी नै **विजयादशमी** हो । त्रेतायुगमा मर्यादापुरुषोत्तम श्रीरामले नवरात्रका नौ दिनसम्म भगवती दुर्गाको आराधना गरी शक्ति सञ्चय गरेर दशमीका दिन अत्याचारी रावणको संहारका निमित्त विजयको अभियान आरम्भ गर्नुभएको थियो । त्यस युद्धमा रामको विजय भयो र अत्याचारी रावणको सर्वनाश पनि । रामको विजय असत्यमाथि सत्यको, अधर्ममाथि धर्मको र अन्यायमाथि न्यायको विजय थियो । त्यसैले हाम्रो हिन्दूपरम्पराले श्रीरामको विजयाभियानको महान् दिवसलाई विजयको प्रतीकको रूपमा स्वीकार गरी अपराजिता भगवतीको पूजा गर्ने कृत्यलाई स्वीकार गरेको छ। आश्विनशुक्लपक्षमा सायंकालमा थोरै सन्ध्या बितेपछि अर्थात् तारा उदाउने समयमा अथवा तारा केहीमात्र देखिन थालेपछिको समयलाई सबै कार्यमा सिद्धि प्रदान गर्ने विजयकाल भनिन्छ । आश्विनशुक्ल दशमी श्रवणनक्षत्रले युक्त भए पनि राजाहरूको राज्याभिषेकमा भने पूर्वविद्धा (नवमीविद्धा) लिनुहुँदैन । आश्विनको शुक्लपक्षमा सूर्योदयको समयमा यदि दशमी देखिन्छ भने त्यसलाई विद्वान्हरूले विजया भन्दछन् ।

विजयादशमीका दिन गाउँको उत्तर-पूर्व दिशामा गई पवित्र ठाउँमा वेदी तयार गरेर गोबरले लिप्नुपर्दछ । त्यसमा भगवती अपराजिताको स्थापना र ध्यान गरी उनको दायाँ र बायाँतर्फ जया र विजयाको आवाहन गर्नुपर्दछ। ती शक्तिहरूको षोडशोपचारले पूजा गरेपछि अपराजिता भगवतीको स्तुति, प्रार्थना, पूजा गरी विसर्जन गर्नुपर्दछ । त्यसको केही उत्तर-पूर्वतर्फ गई शमीको पूजा गरेपछि गाउँको सीमा नाघ्नुपर्दछ ।[६२] कसैले विजयादशमीमा सीता-रामको पूजा गर्नुपर्ने कुरा बताएका छन् । नवरात्रभर देवीको पूजा गरी शुद्ध भएको कर्ताले विजयादशमीका दिन अपराजिता भगवतीको पूजा गरेपछि कुनै खास अभियान सुरु गरेमा विजय वा सफलता प्राप्त गर्दछ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ ।

४.९ महाशिवरात्रि

कुनै पनि महिनाको चतुर्दशीतिथिलाई शिवरात्रि भनिन्छ भने फाल्गुनकृष्ण चतुर्दशीलाई महाशिवरात्रि भनिन्छ । रात्रिको समयमा शिवजीको उपासना गरिने महान् पर्व भएकाले महाशिवरात्रिव्रतको निकै महत्त्व छ । चतुर्दशीतिथिलाई भूततिथि पनि भनिन्छ । यो तिथिमा रात्रिको समयमा भूतशक्तिहरू त्रिशूल धारण गरी घुम्ने गर्दछन् । त्यसैले तिनीहरूको समेत पूजाका लागि महाशिवरात्रिपर्वलाई रात्रिमा मनाउने गरिएको हो । व्रतको उचित समयको विषयमा पर्याप्त मतभेद पाइन्छ । हेमाद्रिको वचनमा प्रदोषसमयमा शिवको आराधना गर्नुपर्ने कुरा बताइएको छ भने अरू ग्रन्थहरूमा आधारातमा शिवको पूजा गर्नुपर्ने कुरा बताइएको छ ।

कुनै स्मृतिमा भनिएको छ – शिवरात्रिमा प्रदोषव्यापिनी चतुर्दशी लिनुपर्दछ । रात्रिमा जागरण गरिने हुँदा त्यो दिन उपवास गर्नुपर्दछ । नारदसंहितामा शिवरात्रिलाई परिभाषित गर्दै भनिएको छ – 'जुन दिन आधारातसम्म माघकृष्ण चतुर्दशी हुन्छ त्यसलाई शिवरात्रि भनिन्छ र त्यसमा व्रत गर्नुपर्दछ । जसले शिवरात्रिव्रत गर्दछ त्यसले अश्वमेधयज्ञको फल प्राप्त गर्दछ ।' दोस्रो दिन प्रदोष र आधारात दुवै समयमा चतुर्दशी व्याप्त रहेमा दोस्रो दिनको तिथि नै ग्रहण गर्नुपर्दछ भन्ने कुरा कमलाकरले स्वीकार गरेका छन् । दोस्रो दिन आधारातको एकभागमात्र चतुर्दशी व्याप्त भएमा पहिलो दिन नै शिवरात्रिव्रत गर्नुपर्दछ । आधारातसम्म सम्पूर्ण चतुर्दशीको व्याप्ति भएमा

६२. धर्मसिन्धुः, द्वितीय परिच्छेद ।

दोस्रो दिन ग्रहण गर्नुपर्दछ । पहिलो दिन प्रदोष र निशीथको योग भएमा पहिलो दिन नै शिवरात्रि ग्रहण गर्नुपर्दछ। यो शिवरात्रिव्रत रवि, सोम र भौमवारको योगमा अति उत्तम मानिएको छ । शिवरात्रिव्रतको पारणका सम्बन्धमा भनिएको छ –

तिथीनामेव सर्वासामुपवासो व्रतादिषु । तिथ्यन्ते पारणां कुर्याद् विना शिवचतुर्दशीम् ।।

'सबै व्रत-उपवासमा तिथिको अन्तमा पारण गर्नुपर्दछ तर शिवरात्रिमा तिथिकै बीचमा पारण गर्नुपर्दछ ।' शिष्टहरूको आचार पनि यही हो । यसप्रकारको नियमले शिवरात्रिव्रत अरू व्रत-उपवासभन्दा छुट्टै विशेषता भएको व्रत हो भन्ने कुरा देखाउँछ ।

शिवरात्रिपर्वको विवेचन

अरू देवताको पूजा दिनमा गरिन्छ भने शिवको पूजा रात्रिमा किन गरिन्छ भन्ने प्रश्न उठ्न सक्छ । यसको उत्तरमा भन्न सकिन्छ कि भगवान् शङ्कर संहारशक्ति र तमोगुणका अधिष्ठाता देवता हुनुहुन्छ । तसर्थ उहाँलाई तमोमय रात्रि प्यारो लाग्नु स्वाभाविक हो । रात्रि संहारकालको प्रतिनिधि हो । रात्रिको आगमनका साथै प्रकाशको संहार हुन्छ । प्राणीहरूका दैनिक चेष्टाको संहार हुन्छ र अन्तमा निद्राद्वारा जगत्कै चेतनशक्तिको संहार हुन्छ । यस्तो अवस्थामा नैसर्गिक दृष्टिले शिवको रात्रिप्रियता बुझ्न सकिन्छ । शिवको आराधना आधारात्रिको समयमा नभई प्रदोषकालदेखि नै आरम्भ गरिन्छ । शिवरात्रि कृष्णपक्षमा हुनु पनि अर्थपूर्ण छ । शुक्लपक्षमा चन्द्रमा पूर्ण हुन्छ भने कृष्णपक्षमा क्षीण हुन्छ । चन्द्रमा क्षीण हुँदै जाँदा अण्डपिण्डवादअनुसार त्यसको प्रभाव सम्पूर्ण भूमण्डलका प्राणीहरूमा पर्छ । चन्द्रकिरणको अभावमा जीवहरूको अन्तःकरणमा तामसी वृत्तिको उदय हुन्छ र संसारमा नैतिक र सामाजिक अपराध बढ्न थाल्छन् । आध्यात्मिक भाषामा तिनै तामसी प्रवृत्तिलाई भूत-प्रेत भनिन्छ । ती प्रवृत्ति अथवा भूतगणमाथि भगवान् शिवले नियन्त्रण राख्ने हुँदा उहाँलाई भूतनाथ पनि भनिन्छ । त्यसैले भगवान् शिवको पर्व शिवरात्रिमा शिवको आराधना गरी तामसी शक्तिमाथि विजय र सात्त्विक शक्तिको उदय गराउने कामना गरिन्छ । भगवान् भूतनाथको आराधना गरिने हुँदा फाल्गुनकृष्णपक्षको चतुर्दशी महाशिवरात्रिका नामबाट विख्यात छ ।[६३]

प्रत्येक मासका कृष्णपक्षका चतुर्दशीलाई शिवरात्रि भनिन्छ र तिनमा पनि चेतनशील मानवले भगवान् शिवको आराधना गर्नुपर्दछ । फाल्गुनकृष्णपक्षको चतुर्दशीलाई महाशिवरात्रि भनिनुमा यसै दिन शिव ज्योतिर्लिङ्गका रूपमा प्रकट हुनुभएको इतिहास एउटा कारण हो भने दोस्रो कारण एघारौं महिना फाल्गुन एघार रुद्रको प्रतीकका रूपमा रहनु पनि हो ।

शिवरात्रिमा निराहार रही व्रत गर्नुको उद्देश्य आधिभौतिक शक्तिलाई दुर्बल तुल्याई आध्यात्मिक शक्तिको जागरण गराउनु हो । आधिभौतिक शक्ति निर्बल भएको अवस्थामा मात्र आध्यात्मिक शक्तिको जागरण हुनसक्छ भन्ने तथ्य अनुभव गरी हाम्रा ऋषि-मुनिहरूले व्रत एवं उपवासको विधान गरेर आध्यात्मिक जागरणका लागि मार्गदर्शन गराएका छन् । उपवासद्वारा विषयतृष्णामाथि विजय प्राप्त हुन्छ । त्यसैले गीतामा भनिएको छ – **'विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।'** संसार निद्राग्रस्त हुँदा रातभर जागा रही लक्ष्यको सिद्धिका लागि शिवको उपासनामा तत्पर रहने साधकहरूका मनोरथ पूर्ण हुन्छन् । रात्रिप्रिय भगवान् आशुतोष शिवको प्रसन्नताबाट

६३. माधवाचार्य, क्यों ?, पूर्ववत्, पृ. ६६८-६७५ ।

के प्राप्त हुँदैन ? त्यसैले शिवरात्रिव्रतको अनुपम उपादेयता रहेको छ ।

शक्ति र शिवका संयुक्तस्वरूप अर्धनारीश्वर भगवान् शङ्करको लीलामा सबै कुराको समन्वय देख्न सकिन्छ। जगत्को रक्षाका लागि आफ्नो कण्ठमा हलाहल धारण गरी नीलकण्ठका रूपमा प्रसिद्ध हुनुहुने शिव, कामदेवजस्तो विश्वविजयी अविजेय तत्त्वलाई शमन गर्ने शिव, गृहस्थ भएपनि महायोगीका रूपमा विराजमान शिव, श्रीकण्ठ भएतापनि श्मशानवासी शिव, उग्र हुनुभए पनि सौम्यरूपमा देखिनुहुने शिव, अकिञ्चन भए पनि समग्र विश्वको ऐश्वर्यका स्वामी शिव, विषधर सर्पद्वारा जेलिनुभएतापनि अमृतांशु चन्द्रमालाई शिरको भूषण बनाउनुहुने शिव र मस्तकमा प्रलयकालिक अग्निज्वालाका साथै शिरमा हिमशीतल गङ्गालाई धारण गर्नुहुने गङ्गाधर शिव सबैका लागि समन्वयका विचित्र दृष्टान्तका रूपमा हुनुहुन्छ । सिंह, वृषभ, शिव र पार्वतीका वाहन हुन् । वृषभ र सिंह एउटै आँगनमा प्रेमपूर्वक बस्छन्, सहभोजन गर्छन् । शिवको आश्रममा मयूर र सर्प सहज द्वेष बिर्सेर एकसाथ क्रीडा गर्दछन् । यसरी शिवले अनेकतामा एकता र विषमतामा समता कायम गरी आफ्नो परिवार र संसार चलाउनुभएको छ । नारी र नरको समानता द्योतन गर्ने उहाँको अर्धनारीश्वर स्वरूप झनै विलक्षण छ । आज संसारमा जुन सहअस्तित्वको नारा लगाइन्छ त्यसका सूत्रधार पनि भगवान् शिव नै हुनुहुन्छ ।

शिवरात्रिपर्व विलक्षण देवता शिवको आराधनाको प्रमुख पर्व हो । यस्ता आदर्शमय देवाधिदेव महादेवको व्रत, कीर्तन, कथाश्रवण र उपवासबाट केही मात्रामा भए पनि शिवका गुणहरू प्राप्त गर्न सकेमा आराधकहरूको परम कल्याण हुन्छ ।



पञ्चम प्रभाग

निर्णयसिन्धुको तृतीय परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

५.१ संस्कारविचार

निर्णयसिन्धुको तृतीयपरिच्छेदमा विशेषरूपमा संस्कारहरूको निरूपण गरिएको छ । तिनीहरूको विवेचनभन्दा पहिले संस्कारलाई चिनाउनु सान्दर्भिक हुनेछ । वस्तुतः कुनै व्यक्ति वा वस्तुमा गुणहरूको आधान गर्ने र दोषहरूलाई निर्मूलन गर्ने क्रियालाई संस्कार भनिन्छ । **शङ्कराचार्यले ब्रह्मसूत्र-शाङ्करभाष्यमा** – गुणहरूको आधान गर्नु र मलहरूको परिहार गर्नु नै संस्कार हो भनेका छन् ।[६४] संस्कारशब्दको व्याख्या गर्दै **शवर** भन्दछन्- संस्कार त्यो हो जुन सम्पन्न गरिँदा कुनै व्यक्ति वा पदार्थ कर्मका लागि योग्य बन्दछन् ।[६५]

तन्त्रवार्तिकमा भनिएको छ– संस्कार भनेको त्यो क्रिया हो जसबाट व्यक्ति वा वस्तुमा योग्यताको आधान हुन्छ । त्यो योग्यता पनि दुई किसिमको हुन्छ – पाप वा दोषको निर्मूलनबाट प्राप्त हुने योग्यता र नयाँ गुणहरूको प्राप्तिबाट निष्पन्न हुने योग्यता । कुनै संस्कारबाट नयाँ गुणहरूको प्राप्ति हुन्छ भने कुनै संस्कारबाट दोषको परिहार गर्ने कार्य हुन्छ । उदाहरणार्थ – जातकर्मसंस्कारबाट वीर्य एवं गर्भाशयको दोष हटाउने काम गरिन्छ भने उपनयनसंस्कारबाट बालकमा वेद अध्ययन गर्ने योग्यता प्रकाशित गरिन्छ ।[६६]

पतिले विधिपूर्वक पत्नीमा गर्भाधान गरी वेद अध्ययन गर्न योग्य बालक जन्माउने उद्देश्यले भ्रूणको स्थापना गर्दछ । पुंसवनसंस्कारद्वारा बालकलाई पुरुषका रूपमा परिणत गराउँछ । सीमन्तोन्नयनसंस्कारबाट रज र वीर्यद्वारा संक्रान्त भएका दोष हटाउने काम गर्दछ । जातकर्म, नामकर्म, अन्नप्राशन, चूडाकरण एवं समावर्तनसंस्कारहरूबाट बीज, रगत र भ्रूणसम्बन्धी दोषहरूको निराकरण गर्दछ । यसरी गरिने संस्कारहरूबाट दोषमुक्तिका साथै पवित्रताको प्राप्ति हुन्छ।

उपनयनसंस्कारको उद्देश्य आध्यात्मिक र सांस्कृतिक गुणहरूको आधान गर्नु हो । सज्जन र गुणी व्यक्तिको सम्पर्क हुँदा बालकले वेदाध्ययनको मार्गदर्शन पाउँछ । उपनयनसंस्कारद्वारा संस्कृत भएको वटुले नयाँ जीवन आरम्भ गरी नियमपालनको प्रतिज्ञा गर्दछ । नामकरण, अन्नप्राशन र निष्क्रमणसंस्कार लौकिक दृष्टिले महत्त्वपूर्ण छन् । यिनले सन्तानप्रतिको स्नेह र उत्सवलाई अभिव्यक्त गर्दछन् । गर्भाधान, पुंसवन, सीमन्तोन्नयनजस्ता संस्कारका उद्देश्य असल जीवात्मालाई सन्तानको रूपमा प्राप्त गरेर त्यसमा पुरुषोचित गुणको विकास गराई गर्भिणी र गर्भस्थ बच्चाको अङ्ग-प्रत्यङ्गको पुष्टि गर्दै सबै किसिमबाट तिनको सुरक्षा गर्नु पनि हो । विवाहसंस्कारको उद्देश्य दम्पतिलाई संयम, त्याग र सहयोगको भूमिकामा रहेर लोककल्याण र आत्मशान्तिको मार्गमा अग्रसर गराउनु हो ।

संस्कारतत्त्वमा भनिएको छ कि गर्भाधानसंस्कारको उद्देश्य वेदाध्ययन गर्न योग्य बालक पैदा गर्नु हो।

---

६४. ब्रह्मसूत्रशाङ्करभाष्यम्, प्रथम अध्यायः ।

६५. जैमिनिसूत्रम् ६/१/३५ शाबरभाष्यम् ।

६६. पी.वी. काणे, धर्मशास्त्र का इतिहास, पूर्ववत्, पृ. १७६ ।

पुंसवनको उद्देश्य छोरा जन्माउनु हो । सीमन्तोन्नयनको उद्देश्य रज र वीर्यमा संक्रान्त पापहरू पखाल्नु हो। जातकर्मको उद्देश्य वीर्यसम्बन्धी दोष हटाउनु हो । नामकरणको उद्देश्य रगतसम्बन्धी दोष निराकरण गर्नु हो । अन्नप्राशन, चूडा र उपनयनको उद्देश्य गर्भसम्बन्धी दोष निराकरणका साथै जीवात्माको उत्तम संस्कार गर्नु हो ।[६७]

संस्कारहरू कति छन् भन्ने विषयमा स्मृतिहरूमा मतभेद रहेको देखिन्छ । गौतमले गर्भाधान आदि ४० संस्कार बताएका छन् । अङ्गिराले २५ संस्कारको उल्लेख गरेका छन् । व्यासले १६ संस्कार मुख्य हुन् भनी प्रतिपादन गरेका छन् । मनु, याज्ञवल्क्य आदि धर्मशास्त्रीहरूले संस्कारको संख्या नतोकीकन गर्भाधानदेखि अन्त्येष्टिसम्मका सबै संस्कारको निरूपण गरेका छन् । निबन्धग्रन्थहरूमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, विष्णुबलि, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, चार वेदव्रत, समावर्तन र विवाह गरी १६ संस्कारहरूको उल्लेख गरिएको छ । **स्मृतिचन्द्रिकामा** – गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकर्म, उपनयन, चार वेदको आधारमा गरिने चार किसिमका वेदव्रत, गोदान, समावर्तन, विवाह र अन्त्येष्टि गरी १६ संस्कारको उल्लेख गरिएको पाइन्छ ।[६८]

५.२गर्भाधानसंस्कार

हारीतको भनाइअनुसार संस्कारका दुई वर्ग छन्– दैव र ब्राह्म । गर्भाधान आदि संस्कारलाई ब्राह्म संस्कार भनिन्छ भने पाकयज्ञ, सोमयज्ञ आदि संस्कारलाई दैवसंस्कार भनिन्छ । गर्भाधानसंस्कार सम्पन्न गर्दा गणपतिपूजन, पुण्याहवाचन, मातृकापूजन र नान्दीश्राद्धसमेत गर्नुपर्ने कुरा बताइएको छ । **निर्णयसिन्धुमा** गर्भाधानविधि बताउँदै भनिएको छ –

विष्णुर्योनिं जपेत् सूक्तं योनिं स्पृष्ट्वा त्रिभिर्व्रती । गर्भाधानं ततः कुर्यात् सुपुत्रो जायते ध्रुवम् ।।

गर्भाधानका लागि व्रत गर्ने मानिसले पत्नीको कामेन्द्रिय स्पर्श गर्दै **'विष्णुर्योनिं कल्पयतु'** इत्यादि मन्त्रको जप गर्नुपर्दछ । त्यसपछि गर्भाधान गरेमा सुपुत्र पैदा हुन्छ । यही कुरा **पारस्करगृह्यसूत्रमा** पनि बताइएको छ । निर्णयसिन्धुमा गर्भधारण गर्ने रजस्वलाका नियम र लक्षण बताउँदै गर्भाधानका लागि उचित तिथि, नक्षत्र आदिको पनि निरूपण गरिएको छ । गर्भधानपछि त्यसको अङ्गरूप हवन गर्नुपर्ने कुरा बताइएको छ । गर्भाधानको समयमा गरिने वैदिकमन्त्रपाठलाई लिएर हिजोआजका मानिसहरू आश्चर्य मान्न सक्छन् । प्राचीन समयमा सनातनधर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिका क्रियाकलापमा वैदिक सनातनधर्मनै संस्कारबद्ध भएर रहेको थियो । जीवन नै धर्ममय थियो । प्रत्येक मानिसको जीवनलाई वेदमूलक धर्मले धानेको थियो । त्यसैले प्रत्येक कर्ममा वेदका मन्त्रहरूको प्रयोग गरिने हुँदा आश्चर्यको कुरा थिएन । हामीले प्राचीन पावन व्यवहारलाई अहिलेका आँखाले हेर्न हुँदैन।

रजस्वलाका नियमहरूको चर्चा गर्दै भनिएको छ– रजस्वला नारीले स्नान गरेपछि सेता वस्त्र र गहना लगाएर रहनुपर्दछ । चतुर्थ दिनको स्नान गरेपछि सर्वप्रथम पतिको अनुहार हेर्नुपर्दछ । पति नभएमा विद्वान् ज्ञानीहरूको अनुहार हेर्नुपर्दछ । गलत आचरण भएका मानिसहरूको अनुहार हेर्न हुँदैन । त्यसबेला उनले जस्ता मानिसको मुख हेर्छिन् ती मानिसका गुण वा दुर्गुण उनले धारण गर्ने बच्चामा संक्रान्त हुन्छन् भन्ने कुरा शङ्ख र

६७. गर्भाधानवदुपेतो ब्रह्मगर्भं संदधाति, पुंसवनात् पुंसीकरोति, फलस्थापनात् मातापितृजं पाप्मानमपोहति । रेतो रक्तगर्भोपघातः, पञ्चगुणो जातकर्मणा प्रथममपोहति, नामकरणेन द्वितीयं प्राशनेन तृतीयं चूडाकरणेन चतुर्थम्, स्नापनेन पञ्चममेतैरष्टाभिः संस्कारैर्गर्भोपघातात् पूतो भवति । – संस्कारतत्त्वम्, पृ. ८५७, पी.बी. काणे, पृ. ११७ मा उद्घृत ।

६८. पी.बी. काणे, धर्मशास्त्र का इतिहास, पूर्ववत् ।

लिखित स्मृतिमा बताइएको छ । धन्वन्तरिले भन्नुभएको छ- '**तत्र शुद्धस्नातां चतुर्थेऽहनि अहतवाससमलङ्कृतां कृतमङ्गलस्वस्तिवचनां नारीं भर्तारं दर्शयेत्** । तस्य हेतोः-

पूर्वं पश्येत् ऋतुस्नाता यादृशं नरमङ्गना । तादृशं जनयेत्पुत्रं भर्तारं दर्शयेदतः ।।[६९]

- 'ऋतुस्नाता नारीले चौथो दिन सुन्दर वस्त्र र गहना धारण गरी मङ्गलमन्त्र र स्वस्तिवाचन मन्त्रको पाठ गराएपछि पतिको दर्शन गर्नुपर्दछ अथवा आफन्तहरूले पत्नीलाई पतिका सामुमा पुऱ्याएर दर्शन गराउनुपर्दछ । किनकि ऋतुस्नाता नारीले सर्वप्रथम जसको अनुहार हेर्दछिन् त्यस्तै सन्तान पैदा हुन्छ । गर्भाधानसंस्कार सम्पन्न गरेपछि गर्भ रहेन भने सेतो कण्टकारीको जरो उखेलेर जलमा भिजाई पिनेपछि निचोरेर आएको रसलाई पतिले **इमामौषधि०** इत्यादि मन्त्रपाठ गर्दै पत्नीको नाकमा राखिदिनुपर्दछ ।[७०]

गर्भाधान सृष्टियज्ञ हो । त्यस कर्ममा पति-पत्नी दुवैको सहमति र रुचि हुनु आवश्यक छ । त्यसबेला पुरुषले 'म सच्चिदानन्दस्वरूप परमात्माको अंश हुँ र यी मेरी पत्नी आद्या प्रकृतिकी अंश हुन् । म देवता र पितृको ऋणबाट मुक्त हुन चाहन्छु । त्यसैले हामी दुवै मिलेर प्रसन्नतापूर्वक गर्भाधान गर्दैछौं' यस्तो विचार गर्दै उत्तम समयमा गर्भाधान गर्नुपर्दछ । गर्भाधानको समयमा पति-पत्नीको हृदयमा जस्ता विचार वा भावना हुन्छन् त्यसको प्रतिबिम्ब जन्म लिने बालकमा पर्दछ । त्यसैले गर्भाधान समयमा पति-पत्नीको मन धार्मिक विचारले परिपूर्ण र प्रसन्न हुनुपर्दछ । गर्भाधानसमयमा मन चञ्चल र विकृत भएमा दुर्लक्षण सन्तान पैदा हुन्छन् । त्यसैले मनलाई स्थिर र सात्त्विक बनाउनुपर्दछ । 'असल सन्तान पैदा भई पृथ्वीलाई स्वर्गसमान गराऊन्' भन्ने उद्देश्यले हाम्रा प्राचीन ऋषिहरूले यो संस्कार प्रवर्तन गरेका हुन् ।

५.३ पुंसवनसंस्कार

जुन संस्कार गर्नाले गर्भस्थ भ्रूण पुरुषको रूपमा उत्पन्न हुन्छ त्यसलाई पुंसवन भनिन्छ । संस्कारप्रकाशमा भनिएको छ - '**पुमान् प्रसूयते येन तत्पुंसवनमीरितम्** ।'[७१] पुंसवन कहिले गर्ने भन्ने विषयमा धर्मशास्त्रका ग्रन्थहरूमा मतभेद पाइन्छ । **आपस्तम्बगृह्यसूत्र, हिरण्यकेशिसूत्र** एवं **भारद्वाजगृह्यसूत्र**को मतमा सीमन्तोन्नयनपछि पुंसवन गर्नुपर्ने कुरा बताइएको छ । **बृहस्पति** आदिको मतमा गर्भस्पन्दन भएपछि पुंसवन गर्नुपर्ने बताइएको छ । **निर्णयसिन्धु**मा भनिएको छ - गर्भ रहेको दोस्रो वा तेस्रो महिनामा अथवा गर्भको लक्षण प्रकट भएपछि सीमन्तसंस्कारसँगै पुंसवनसंस्कार सम्पन्न गर्नुपर्दछ । **हेमाद्रि**मा भनिएको छ- गर्भधारणको पहिलो वा दोस्रो महिनामा चन्द्रमा हस्ता, मूल, श्रवण, पुनर्वसु, मृगशिरा, पुष्य र अनुराधा यी पुरुषनक्षत्रमा रहेको समयमा पुंसवन गर्नुपर्दछ । **गर्ग**को मतमा उक्त नक्षत्रका साथै अश्विनी, अभिजित्, पूर्वाभाद्र र उत्तराभाद्रलाई पनि पुरुषनक्षत्र मानिएको छ । **नृसिंह** भन्दछन् - रिक्तातिथि, अमावास्या एवं पूर्णिमा छाडी अरू तिथिमा पुंसवन गर्नुपर्दछ । **ज्योतिर्निबन्धमा वसिष्ठ** भन्दछन् - शनिवार पुंसवन गर्दा मृत्यु हुन्छ, सोमवार पुंसवन गर्दा शरीरमा हानि हुन्छ, बुधवार पुंसवन गर्दा सन्तानप्राप्ति हुन्छ, शुक्रवार पुंसवन गर्दा पत्नी काकबन्ध्या हुन्छिन् र रविवार, मङ्गलवार एवं बृहस्पतिवार पुंसवन गर्दा पुत्रलाभ हुन्छ ।

आश्वलायनगृह्यसूत्रअनुसार पुंसवनसंस्कारमा गर्भ रहेको तेस्रो महिनामा पुष्यनक्षत्र परेको दिन उपवास

६९. सुश्रुतसंहिता, शारीरकस्थानम् ।

७०. पारस्करगृह्यसूत्रम् (हरिहरभाष्यसहितम्), प्रथमखण्ड, १३ औं कण्डिका, लक्ष्मीवेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं. १९७९, पृ. ६६।

७१. पी.वी. काणे, धर्मशास्त्र का इतिहास, पूर्ववत् ।

गरी गर्भवती नारीलाई गाईको दहीमा सिमी र जौको चूर्ण मिसाएर तीन फाँक ख्वाउनुपर्दछ । पुंसवनमा पारस्करगृह्यसूत्रअनुसार वटवृक्षका अवरोह अर्थात् माथिबाट तल आउने लहराको आकारका जरा र वटवृक्षका अंकुर पिनेर त्यसको रसद्वारा सेचन गर्नुपर्ने कुरा बताइएको छ । कहीँ सोमलता – गानेगुर्जोको रसपान गर्नुपर्ने कुरा पनि बताइएको छ । वटवृक्षको अङ्कुर घाउको नाश गर्ने औषधि हो । यसले योनिको दोष पनि हटाउँछ । सोमलताले सुन्दर र स्वस्थ बालकको प्रजननमा सहयोग पुऱ्याउँछ । पुंसवन गर्दा पढिने मन्त्र यसप्रकार छ–

'पुमांसौ मित्रावरुणौ पुमांसावश्विनावुभौ पुमानग्निश्च वायुश्च पुमान् गर्भस्तवोदरे । पुमानग्निः पुमानिन्द्रः पुमान् देवो बृहस्पतिः । पुमांसं पुत्रं विन्दस्व तं पुमान् नु जायताम् ।।'[७२]

उक्त मन्त्रको अर्थबाट पनि पुंसवनसंस्कार पुत्रजननका लागि गरिने कृत्य हो भन्ने कुरा बुझिन्छ । पारस्करगृह्यसूत्रअनुसार गर्भ रहेको दुई महिना वा तीन महिना भएपछि यो संस्कार गर्नुपर्दछ ।[७३] शरीरविज्ञानअनुसार तीन वा चार महिना पूरा भएपछि भ्रूणमा स्त्री र पुरुष छुट्ट्याउने चिह्न प्रकट हुन्छन् । तसर्थ चिह्न प्रकट हुनुभन्दा पहिले नै यो संस्कार गर्नुपर्ने देखिन्छ । निर्णयसिन्धुमा पुंसवन गर्नुपर्ने कुरा बताउँदै समय, नक्षत्र, तिथि र वारको निरूपण गरिएको छ ।

अहिलेको समयमा यो संस्कार हराउँदै गएको छ । यसको विधिवत् अनुष्ठान गर्दा भ्रूणलाई पुरुषरूपमा परिवर्तन गर्न सकिने कुरा शास्त्रहरूमा बताइएको छ । प्रचलित कर्मकाण्डपद्धतिअनुसार गर्भिणी र उनका पतिबाट बालकमा संक्रान्त हुने दोष निराकरण गर्न र भ्रूणलाई पुरुषरूपमा प्रकट गराउने प्रक्रियामा सम्भावित विरोधी तत्त्व हटाउने उद्देश्यले परमेश्वरको प्रीतिका लागि पुंसवन कर्म गर्नेछु भनी सङ्कल्प गर्नुपर्दछ । सङ्कल्पपछि उत्तम समयमा गणेशपूजा, पुण्वाहवाचन, मातृकापूजा, आभ्युदयिकश्राद्ध गरी वटवृक्षका तलतिर झुण्डिएका लहरा र पालुवा ग्रहण गरेर तिनलाई पिनेपछि मसिनो वस्त्रमा राखी निचोर्नुपर्दछ । त्यसबाट पैदा भएको रसलाई पतिले गर्भिणीको दायाँ नाकमा राखिदिनुपर्दछ । त्यसपछि पतिले पत्नीको उदरस्पर्श गर्दै गर्भाभिमन्त्रण गर्नुपर्ने कुरा बताइएको छ । नाकमा रस सिञ्चन गर्दा हिरण्यगर्भ **समवर्तताग्रे०** र **अद्य सम्भृत०** मन्त्रको जप गर्नुपर्ने र गर्भको अभिमन्त्रण गर्दा **सुपर्णोऽसि०** मन्त्रको जप गर्नुपर्ने कुरा बताइएको छ ।[७४]

५.४अनवलोभनसंस्कार

अनवलोभनसंस्कार पुंसवनसंस्कारको अङ्ग हो । **आश्वलायनगृह्यसूत्रमा** भने यसलाई छुट्टै कर्म मानिएको छ । अहिलेको समयमा यो संस्कार प्रचलित छैन । शास्त्रहरूमा पुंसवन र अनवलोभन सँगसँगै गर्नुपर्ने कुरा बताइएको छ । यसको उद्देश्य गर्भपात वा गर्भस्राव हुनु नदिनु हो । अनवलोभन शब्दको व्युत्पत्ति गर्दै भनिएको छ – **'न लुप्यते गर्भो येन कर्मणा तद् अनवलोभनम्'** अर्थात् जुन कर्म गर्नाले गर्भपात हुँदैन र गर्भको रक्षा पनि हुन्छ त्यो अनवलोभन हो । अनवलोभनसंस्कारमा पतिले पत्नीको दायाँ नाकमा दूबोको रस सेचन गर्नुपर्दछ । त्यसबेला – **'आते गर्भो योनिमेतु०**'[७५] र **'अग्निरेतु प्रथमो०'** मन्त्रको पाठ गर्नुपर्ने कुरा बताइएको छ । दूबोको

७२. साम-मन्त्रब्राह्मणम् ४/९ ।
७३. पारस्करगृह्यसूत्रम्, पूर्ववत्, चौधौं कण्डिका ।
७४. महापण्डित, दधिराम मरासिनी, कर्मकाण्डभास्करः, संस्कार प्रकरण, म.सं.वि., दाङ, वि.सं. २०५४ ।
७५. अथर्ववेदः ३/२/३/२ ।

रस पत्नीको नाकमा राख्नु, हृदयस्पर्श गर्नु, देवताहरूसँग भ्रूणको रक्षाका निमित्त प्रार्थना गर्नु आदि कृत्य यस संस्कारका विशिष्ट लक्षण हुन् । **शौनककारिका**मा भ्रूणलाई विघ्नरहित तुल्याउने संस्कार नै अनवलोभनसंस्कार हो भनिएको छ ।[७६] **शाङ्खायनगृह्यसूत्र**मा – गर्भधारण गरेको चौथो महिनामा गर्भरक्षाका लागि अनवलोभनसंस्कार गर्ने कुरा बताइएको छ । यस कृत्यमा अग्निमा पक्वान्नका ६ आहुति प्रदान गरिन्छ । **ब्रह्मणाग्नि०**[७७] नामक मन्त्रलाई स्वाहासँग जोडेर उच्चारण गरिन्छ । स्त्रीका अङ्गहरूमा घृतसेचन गरिन्छ । निर्णयसिन्धुमा दीपिकाको मत उद्धृत गर्दै भनिएको छ – **चतुर्थेऽनवलोभनम्** अर्थात् चौथो महिनामा अनवलोभनसंस्कार गर्नुपर्दछ । यो सङ्केत-वाक्यबाहेक यस संस्कारको विषयमा अरू चर्चा गरिएको छैन ।

५.५ सीमन्तोन्नयन

गर्भिणीको गर्भवृद्धिमा अवरोध पुऱ्याउने तत्त्वहरूको निराकरण, बालमारिका आदि राक्षसीहरूको आक्रमणबाट गर्भको सुरक्षा, सौभाग्यप्राप्ति र परमेश्वरको प्रसन्नताजस्ता उद्देश्यले सीमन्तोन्नयनसंस्कार गरिन्छ । यस कृत्यको आरम्भमा गणेशपूजन, पुण्याहवाचन, मातृकापूजन, आभ्युदयिकश्राद्ध गरिन्छ । त्यसपछि अग्निस्थापना गरेर होम गरिन्छ । प्रारम्भिक हवन सकिएपछि मुख्य कर्म सीमन्तोन्नयन सुरु हुन्छ । सीमन्तोन्नयनमा सेतो दुम्सीका काँडा, पिपलका पात, दर्भपिञ्जुली, डुम्रीको फलसहितको हाँगा आदि जडिबुटी जम्मा गरेर तिनको माध्यमबाट गर्भिणीको सिउँदाका रौँलाई बर्तुलाकार तुल्याउँदै दुई भाग लगाउने काम गरिन्छ । त्यसपछि केशपाश बन्धनको कर्म गरिन्छ। उक्त कर्म गर्दा **मेजमेष०** आदि र आपस्तम्बीय मन्त्र पाठ गर्नुपर्ने कुरा बताइएको छ । पत्नीको कण्ठमा उक्त जडिबुटी सबै रहेको जन्तर बाँध्ने काम पनि त्यसै दिन गरिन्छ ।[७८]

यो संस्कार गर्भ रहेको चौथो महिनामा चन्द्रमा पुरुषनक्षत्र अर्थात् हस्ता, मूल, श्रवण, पुनर्वसु, मृगशिरा, पुष्य र अनुराधानक्षत्रमा रहेको बेला गर्नुपर्दछ । सीमन्तसंस्कार गर्दा त्यहाँ आमन्त्रित ब्राह्मणले यजमानको घरमा भोजन गर्न हुँदैन । मनुले सीमन्तसंस्कारको फल गर्भाधानसंस्कारको जस्तै हो भन्ने कुरा बताएका छन् । यो संस्कार गरिँदा गर्भस्थ बालकका प्रमुख अङ्ग हृदय आदि प्रकट भइसकेका हुन्छन् । गर्भस्थ शिशुमा चैतन्य पनि जागृत भइसकेको हुन्छ । गर्भिणीमा शारीरिक र मानसिक परिवर्तन हुन थालेको हुन्छ । गर्भिणीका अरू अङ्गमा भन्दा बढी हृदयक्षेत्रमा परिवर्तन भएको हुन्छ किनकि उनी दुइटा हृदयले युक्त भएकी हुन्छिन् – एउटा आफ्नो हृदय र अर्को बालकको हृदय । त्यसैले उनलाई **'दौर्हृदा'** भनिन्छ। चेतना प्रादुर्भाव भएपछि गर्भस्थ जीवले पनि इन्द्रियद्वारा भोग गरिने पदार्थमा रुचि लिन थाल्दछ । त्यो बालकको रुचि माताको हृदयमा प्रतिबिम्बित भई प्रकट हुन्छ । यस विषयमा सुश्रुतमा भनिएको छ – गर्भ रहेको चौथो महिनामा बालकका सबै अङ्ग-प्रत्यङ्ग प्रकट हुन्छन् । त्यसको हृदय व्यक्त भएपछि चैतन्य पनि व्यक्त हुन्छ किनकि हृदय नै चेतनाको स्थान हो । त्यसैले शिशुले चौथो महिनामा नै इन्द्रियद्वारा भोग गरिने पदार्थमा रुचि लिन थाल्दछ । गर्भिणीमा दुई हृदय स्पष्ट भएकाले तिनलाई दुई हृदय भएकी भनिने अर्थमा **दौर्हृदिनी** भनिन्छ ।[७९]

उक्त भनाइबाट चौथो महिना माता र शिशु दुवैको दृष्टिबाट महत्त्वपूर्ण हुन्छ भन्ने कुरा ज्ञात हुन्छ । यसमा

---

७६. शाङ्खायनगृह्यसूत्रम् १/२१/१-३ ।

७७. ऋग्वेदः १०/१६२ ।

७८. ऋग्वेदः १०/१८४, आपस्तम्बधर्मसूत्रम् १/१२/७-९ ।

७९. चतुर्थे सर्वाङ्गप्रत्यङ्गविभागः, प्रव्यक्ततरो भवति गर्भहृदयप्रव्यक्तभावाच्चेतनधातुरभिव्यक्तो भवति । कस्मात्तत्स्थानत्वात् तस्माद् गर्भश्चतुर्थे मासि अभिप्रायमिन्द्रियार्थेषु करोति द्विहृदयाञ्च नारीं दौर्हृदिनीमाचक्षते । – सुश्रुतसंहिता, शारीरकस्थानम्, अध्याय ३ ।

गर्भिणी दौर्हृदिनी बन्दछिन् भने उनको इच्छा दौर्हृद वा दोहद नामबाट पुकारिन्छ । गर्भिणीको इच्छामा गर्भस्थ शिशुको इच्छा जोडिने हुँदा ती इच्छा पूरा नगरिएमा पैदा हुने बालक कुण्ठित र भग्नहृदय हुन्छ । त्यसैले गर्भिणीका इच्छाहरू पूरा गराउनु अनिवार्य कर्तव्य मानिएको छ । **निर्णयसिन्धुमा याज्ञवल्क्यको** वचन उद्धृत गर्दै भनिएको छ–

'दौर्हृदस्याप्रदानेन गर्भो दोषमवाप्नुयात् । वैरूप्यं मरणं चापि तस्मात्कार्यं प्रियं स्त्रियाः ।।'

क्रान्तदर्शी महर्षिहरूले गर्भस्थ बालकको हृदयमा उदात्त भावना भर्न र गर्भिणीको शुद्धि गर्नको लागि सीमन्तोन्नयनसंस्कार गर्नुपर्ने आवश्यकता अनुभव गरी यस संस्कारको परम्परा चलाएको बुझिन्छ । यस संस्कारमा पढिने मन्त्र पुष्प, घिउ मिसिएको यज्ञावशिष्ट भोजन, डुम्री आदिद्वारा गर्भिणीको सिउँदो दुई भाग लगाउने काम, वृद्धहरूको **'वीरसूर्भव'** आदि आशीर्वादले गर्भिणीको हृदयमा विलक्षणता पैदा गर्दछन् । उनको मन प्रसन्न हुन्छ र त्यसको प्रभाव गर्भस्थ शिशुमाथि पनि पर्दछ । सीमन्तोन्नयनसंस्कारको मूलमा यिनै उदात्त भावना रहेका छन् ।

आ–आफ्नी आमाहरूका गर्भमा शिशुका रूपमा रहेका प्रह्लाद र अभिमन्युका पूर्वस्मृतिसम्बन्धी कथाहरूबाट पनि सुरक्षित र सुसंस्कृत गर्भस्थ शिशुहरूको मेधा तीव्र हुने र पूर्वस्मृति हुने कुरा अवगत हुन्छ । त्यसैले गर्भिणीलाई पवित्र अवस्था र पवित्र भावनाको वातावरणमा राख्नुपर्दछ । तिनीहरूलाई महापुरुषहरूका चरित्र सुनाउनुपर्दछ । रामायण, महाभारतजस्ता ग्रन्थहरूको अभ्यास गराउनुपर्दछ । यस्तो अवस्थामा गर्भिणी र उनका पतिले पालन गर्नुपर्ने सात्त्विक दिनचर्याको विषयमा निर्णयसिन्धुको संस्कारप्रकरणमा विस्तृतरूपमा प्रकाश पारिएको छ ।

५.६ विष्णुबलि

सीमन्तोन्नयनपछि र प्रसवभन्दा अघि विष्णुबलिसंस्कार गर्नुपर्ने कुरा शास्त्रहरूमा बताइएको छ । वसिष्ठको भनाइअनुसार विष्णुबलिकर्म गर्भ रहेको आठौं महिनामा गर्नुपर्दछ । शुक्लपक्ष, श्रवण, रोहिणी र पुष्यनक्षत्र, द्वितीया, सप्तमी र द्वादशीतिथिमा यो कर्म गर्नुपर्ने कुरा बताइएको छ । भ्रूणको शारीरिक बाधा निरस्त गर्न, सुखपूर्वक प्रसव गराउन र भ्रूणको सुरक्षाका निमित्त यो कर्म गरिन्छ । यस कर्ममा नान्दीश्राद्ध आदि गरेपछि अग्निस्थापना गरी वेदी बनाएर घिउमा पकाइएको भातद्वारा भगवान् विष्णुलाई ६४ आहुति दिनुपर्ने विधान रहेको छ । **'इदं विष्णुः'** इत्यादि विष्णुसम्बन्धी मन्त्र र पुरुषसूक्तद्वारा आहुति र पूजन गर्नुपर्दछ । पति–पत्नीले आहुतिबाट शेष रहेको अन्न भोजन गर्नुपर्दछ । नारायण, माधव, गोविन्द, विष्णु, मधुसूदन, त्रिविक्रम, वामन, श्रीधर, हृषीकेश, पद्मनाभ र दामोदर यी १२ नामद्वारा भगवान् विष्णुको आवाहन गरी लक्ष्मीसूक्त र पावमानी सूक्त उच्चारण गर्दै स्नान गरेर पूजन गर्नुपर्दछ । त्यसपछि तिनै १२ नामबाट दूधमा पकाएको चामलको बलि दिनुपर्दछ । १२ नाम उच्चारण गर्दै विष्णुलाई प्रणाम गरी अन्तमा चामलको शेषभाग गर्भिणीलाई खुवाउनुपर्दछ ।[८०]

५.७ सोष्यन्तीकर्म

प्रसववेदना भोगिरहेकी नारीका निमित्त गरिने कर्मलाई सोष्यन्तीकर्म भनिन्छ । **हिरण्यकेशी, भारद्वाज, गोभिल, खादिर, पारस्कर** आदिका गृह्यसूत्रहरूमा यस कृत्यको चर्चा भएको छ । यो कृत्य अति प्राचीन हो । वर्तमान समयमा कसैले यो कर्म गर्ने गरेको थाहा पाइँदैन । यस संस्कारमा गरिने भ्रूणप्रार्थनामा भनिएको छ – 'जसरी वायुले तालतलैयालाई तरङ्गित तुल्याउँछ त्यसैगरी प्रसूतिकालिक वायुले गर्भलाई पनि चारैतिरबाट कम्पन

८०. पी.बी. काणे, पूर्ववत्, पृ. १९०–१९१ ।

गराई बाहिर प्रकट गराओस् । हे गर्भ ! वायु, समुद्र र वनमा जुन गति हुन्छ त्यसै गतिका साथ तिमी पनि बाहिर आऊ । तिम्री माता जीवित रहुन् ।'[८१] यस प्रार्थनाबाट पनि सुखप्रसवका लागि यो कर्म गरिने गरेको कुरा स्पष्ट हुन्छ। निर्णयसिन्धुमा कतै यसको नाम उल्लेख गरिए पनि संस्कारप्रकरणमा यसको निरूपण गरिएको पाइँदैन । यसमा पनि पुंसवनमा जस्तै धार्मिक कर्मकाण्ड अङ्गीकार गरिन्छ ।

५.८ जातकर्म

पिताले पुत्रजन्म भएको थाहा पाएपछि सचैल स्नान गर्नुपर्छ भन्ने वसिष्ठको वचन निर्णयसिन्धुमा उद्धृत गरिएको छ । **मनु** भन्दछन् – नालच्छेदनभन्दा पहिले जातकर्मसंस्कार गर्नुपर्दछ । **वैजवाप**को भनाइ छ – बालक जन्मनासाथ विधिपूर्वक जातकर्म गर्नुपर्दछ । दैववश कालको उल्लंघन गरिएमा सूतक लाग्दछ । **पृथ्वीचन्द्रोदय**मा भनिएको छ – पुत्र वा कन्याको जन्मपछि नालच्छेदन नगर्दै काँचो अन्न वा सुवर्णद्वारा श्राद्ध गर्नुपर्दछ । **ज्योतिषशास्त्र**मा मृदु, चर र क्षिप्रसंज्ञकनक्षत्रहरूमा जातकर्म गर्नुपर्ने कुरा बताइएको छ । जातकर्म गर्दा श्राद्ध गरेपछि पतिले प्रसववेदनाले युक्त भएकी पत्नीलाई – **'एजतु दशमास्य०'** इत्यादि मन्त्रद्वारा अभिषेक गर्नुपर्दछ । अभिषेकपछि पत्नीको समीपमा रहेर **'अवेतुपृष्णि०'** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ । नाल काट्नुभन्दा पहिले पिताले बालकको मुखमा मह र घिउ चटाउने काम गर्नुपर्दछ । त्यसपछि आयुष्यकरणमन्त्रको पाठ गर्नुपर्दछ । बालकको दीर्घ आयुको कामना गर्दै **दिवसस्परि०** आदि अनुवाकको पाठ गर्नुपर्दछ। तदनन्तर अनुप्राणन कर्म गरिन्छ । यसमा पाँच ब्राह्मणको स्थापना र पाँच प्राणको स्थापना गर्ने काम हुन्छ । तदनन्तर कुमार वा कुमारीलाई अनामिका औंलाद्वारा स्पर्श गर्ने कर्म गरिन्छ । त्यसबेला **अश्माभव०** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ । उक्त मन्त्रपाठपछि **इडासि०** इत्यादि मन्त्रद्वारा सुत्केरीलाई अभिमन्त्रण गरेपछि नालच्छेदन गर्ने कर्म आरम्भ हुन्छ । नालच्छेदन सम्पन्न भएपछि कुमार वा कुमारीलाई आमाको दायाँ स्तन पान गराउने कर्म गरिँदा **'इमं स्तनम्०'** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ। यदि जातक कन्या रहेछिन् भने उनलाई बायाँ स्तन पान गराइन्छ । त्यसपछि सुत्केरीलाई सुत्केरी कोठामा लगेर सुताइन्छ । उनको सिरानीपट्टि जलले भरिएको पात्र राखिन्छ । त्यसपछि अग्निस्थापना गरी पञ्चभूसंस्कार गरेर सर्स्युंको आहुति दिइन्छ ।

बृहदारण्यकोपनिषद्मा बताइएअनुसार जातकर्ममा गरिने प्रमुख कर्म यसप्रकार छन् – होम, मेधाजनन, आयुष्यकरण, अंशाभिमर्शन, मातृ-अभिमन्त्रण, पञ्चब्राह्मणस्थापना, स्तनप्रदान, देशाभिमर्शन, गुप्तनामदान र भूतप्रेतनिस्सारण। पुत्र उत्पन्न भएमा पिताले १२ विभिन्न पात्रमा पकाइएका रोटीको बलि वैश्वानरलाई दिनुपर्दछ । यसरी जसका निमित्त बलि प्रदान गरिन्छ त्यो पुत्र गौरवशाली, सम्पन्न र पवित्र आचार-विचारवाला हुन्छ भन्ने वचन पाइन्छ ।[८२]

यसैले प्राचीन समयमा पुत्रजन्मको अवसरमा वैश्वानर इष्टि गर्ने परम्परा थियो । जातकर्मअन्तर्गतका केही कर्म अहिले पनि गरिन्छन् तर ती कर्ममा शारीरिक सुरक्षा र सरसफाइको भावना प्रबल रहेको हुन्छ । यस कर्मको आध्यात्मिक विशेषता मानिसले बिर्सिंदै गएका छन् । भर्खर पैदा भएको बालकलाई स्नान गराई मह र सुन मिसिएको औषधि खुवाएपछि स्तनपान गराइन्छ । यसबाट बालकले सुरक्षा र आश्रय प्राप्त गर्दछ । बालकको कानमा **अग्निभिरायुष्मान्० वनस्पतिभिरायुष्मान्० त्वायुष्मन्तं करोमि०** इत्यादि आयुष्यमन्त्र सुनाइन्छ । यस

८१. ऋग्वेदः ५/७८, ७/९४ ।

८२. तैत्तिरीयसंहिता २/२/५/३-४ ।

कर्मबाट देवताको प्रार्थनाका साथै बालकको हृदयमा दीर्घजीवनको भावनालाई दृढ बनाउने प्रयास गरिन्छ । शिशुलाई स्पर्श गर्दै पढिने **अश्माभव, परशुर्भव, हिरण्यमश्रुतं भज, आत्मा वै पुत्रनामासि, स जीव शरदः शतम्**- 'हे बालक ! तिमी शिलाझैं दृढ र बज्ररोझैं शत्रुनाशक बन । तिमी सुवर्णसमान तेजस्वी र स्वच्छ बन । तिमी शतञ्जीवी बन ।'[८३] यस्तो अर्थ भएको उक्त ऋचाबाट बालकको निर्मल हृदयमा दृढता, तेज र शुभगुण प्रतिबिम्बित गराउने कार्य गरिन्छ । यस कार्यबाट भर्खर पैदा भएका कुमार वा कुमारीले उत्तम गुणको संस्कार प्राप्त गर्दछन् ।

५.९ नामकरणसंस्कार

बृहस्पतिले वर्णक्रमअनुसार भिन्न-भिन्न दिनमा नामकरण गर्नुपर्ने कुरा बताउँदै भनेका छन् - ब्राह्मणबालकको १० वा १२ औं दिनमा, क्षत्रियबालकको १३ औं दिनमा, वैश्यबालकको १६ औं दिनमा र शूद्रबालकको ३२ औं दिनमा गर्नुपर्दछ । **याज्ञवल्क्य**ले वर्णहरूको निमित्त छुट्टै व्यवस्था नगरी सामान्यरूपमा भनेका छन् '**अहन्येकादशे नाम**' अर्थात् जन्मिएको दश दिन बितेपछि एघारौं दिनका दिन नामकरण गर्नुपर्दछ । वर्तमान समयमा यही मत समादृत छ । **गर्ग**ले अमावास्या, संक्रान्ति र भद्रा आदि अशुभयोगमा एघारौं दिन भए पनि नामकरणसंस्कार गर्न हुँदैन भनेका छन् । **गोभिल र खादिर**ले **सोष्यन्तीसंस्कार**का दिन नै नाम राख्नुपर्ने कुरा बताएका छन् । **पातञ्जलमहाभाष्य, शतपथब्राह्मण, बृहदारण्यकोपनिषद्** आदिमा जातकर्म गर्दा नै नामकरण पनि गर्नुपर्ने कुरा बताइएको छ ।[८४] यस कर्ममा पञ्चगव्यनिर्माण, अग्निस्थापना, आज्यहोम, पञ्चगव्यहोम, दक्षिणा र नामकरणजस्ता दश कृत्य प्रमुख मानिएका छन् । नामकरणमा ब्राह्मणबालकको निमित्त **शर्मा**, क्षत्रियबालकको निमित्त **वर्मा**, वैश्यबालकको निमित्त **गुप्त** र शूद्रबालकको निमित्त **प्रेष्य** अन्तमा हुने नाम राख्नुपर्ने कुरा बताइएको छ -

शर्मान्तं ब्राह्मणस्य स्याद् वर्मान्तं क्षत्रियस्य तु । वैश्यस्य धनसंयुक्तं शूद्रस्य प्रैष्यसंयुतम् ।।

महिनाको आधारमा नाम राख्दा मार्गशीर्ष वा चैत्रबाट आरम्भ हुने कुरा बुझेर तलका १२ नाममध्ये जुन महिनाको बालक हो त्यही क्रमअनुसार नाम राख्नुपर्दछ । कृष्ण, अनन्त, अच्युत, चक्री, वैकुण्ठ, जनार्दन, उपेन्द्र, यज्ञपुरुष, वासुदेव, हरि, योगीश र पुण्डरीकाक्ष । मासअनुसारको नाम सुनाएपछि नक्षत्रअनुसारको नामकरण गर्नुपर्ने कुरा बताउँदै **निर्णयसिन्धु**मा भनिएको छ - '**नाक्षत्रं नामापि कार्यम्**' अर्थात् अश्विनी, भरणी इत्यादि सत्ताइस नक्षत्रमध्ये जुन नक्षत्र पर्दछ र त्यसका चार चरणमध्ये जुन चरण पर्दछ तदनुसार नाम राख्नुपर्दछ ।

सायणद्वारा चार प्रकारका नाम राख्नुपर्ने कुरा बताउँदै भनिएको छ - नक्षत्रनाम, गुप्तनाम, सर्वसाधारणद्वारा बोलाइने नाम र यज्ञअनुसारको नाम राख्नुपर्दछ । जस्तै - परिवारमा कसैले सोमयज्ञ गरेको छ भने सोमयाजी नाम राख्न सकिन्छ। सबै गृह्यसूत्र एवं स्मृतिहरूमा पुरुषको नाम चार अक्षरको कन्याको नाम पाँच अक्षरको हुनुपर्ने कुरा बताइएको छ । मनुले गृह्यसूत्रहरूका जटिल नियमहरूलाई बेवास्ता गरी निष्कर्षरूपमा भनेका छन् - सबै वर्णका कन्या वा कुमारको नामकरण गर्दा मङ्गलसूचक, शक्तिबोधक र शान्तिदायक नाम राख्नुपर्दछ ।[८५]

पारस्करगृह्यसूत्रमा भनिएको छ- बालक जन्म भएको दसौं दिनमा सुत्केरीलाई सूतिकागृहबाट उठाएर स्नान गराएपछि नामकरणको अङ्गकर्मका रूपमा ३ जना ब्राह्मणलाई भोजन गराउनुपर्दछ । एघारौं दिनमा दुई

८३. पारस्करगृह्यसूत्रम्, प्रथमकाण्ड, १६ औं कण्डिका, पूर्ववत्, पृ. ६९ ।
८४. पी.बी. काणे, पूर्ववत्, पृ. १९५-१९६ ।
८५. पूर्ववत्, पृ. २०० ।

अथवा चार अक्षर भएको नामको प्रारम्भमा घोषवान् अक्षर- गघङ, जझञ, ढडण, दधन, 'बभम' वा 'ह' अक्षरबाट हुने नाम राख्नुपर्दछ । नामको बीचमा यरलव मध्ये कुनै अक्षर हुने र अन्तमा दीर्घ अक्षर हुने कृदन्त नाम राख्नुपर्दछ। तद्धितप्रत्ययान्त नाम राख्नुहुँदैन । कन्याको नामकरण गर्दा तद्धितप्रत्ययान्त विषमाक्षर भएको अन्तमा आ हुने नाम राख्नुपर्दछ । ब्राह्मणको लागि शर्मा, क्षत्रियको लागि बर्मा र वैश्यको लागि गुप्तपद नामान्तमा रहनुपर्दछ ।[८६]

५.१० दोलारोह

निर्णयसिन्धुमा उद्धृत **बृहस्पति**को वचनअनुसार बालकलाई झोलुङ्गामा आरोहण गराउने कार्यलाई दोलारोह भनिन्छ । यो कर्म जन्मदिनदेखि दसौं, बाह्रौं, सोह्रौं अथवा बाइसौं दिनमा गर्नुपर्ने शास्त्रको निर्देश रहेको छ । **ज्योतिर्निबन्ध**मा भनिएको छ - हस्ता, चित्रा, स्वाती, श्रवण, रेवती, पुनर्वसु, पुष्य, अश्विनी, ध्रुवगणका नक्षत्र, ३ उत्तरा र रोहिणीनक्षत्रमा बालकहरूलाई दोलारोहण गराउँदा शुभ हुन्छ । **ज्योतिर्निबन्ध**कै भनाइअनुसार कन्याको १३ औं दिनमा र कुमारको १२ औं दिनमा दोलारोह गराउनुपर्दछ । शुभ दिनमा कुलदेवताको पूजा गरेपछि सौभाग्यवती नारीहरूले हरिकीर्तन गर्दै बाजा-गाजाका साथ वस्त्र र अलङ्कारले सजाइएको शिशुलाई नयाँ झोलुङ्गो वा कोक्रामा पूर्वतिर शिर गराई सुताउनुपर्दछ ।

दुग्धपान

बालकलाई आमाको दूधले प्रायः नपुग्ने हुँदा गाई वा भैंसीको दूध पियाउनुपर्दछ । **नृसिंह**को भनाइअनुसार गाई वा भैंसीको दूध पियाउन आरम्भ गर्ने दिन २१औं दिन हो । त्यो दिन अन्नप्राशनका लागि निर्देश गरिएका नक्षत्रमा दिनको उदय वा रातको समयमा माता वा अन्य सौभाग्यवती नारीले गाई वा भैंसीको दूध शङ्खमा राखी शिशुलाई पियाउनुपर्दछ ।

५.११ कर्णवेध

निर्णयसिन्धुमा कर्णवेधकृत्यका विषयमा विस्तृत विचार गरिएको छ । **श्रीधर**को मतअनुसार बाह्रौं, सोह्रौं दिन एवं छैटौं, सातौं वा आठौं महिनामा कर्णवेध (कान छेड्ने कर्म) गर्नुपर्दछ । मध्याह्नभन्दा पहिले र रातको समयमा पनि यो कृत्य गर्न हुँदैन । जुन दिन दुइटा तिथि र दुइटा नक्षत्रको योग हुन्छ त्यो दिन पनि कर्णवेध गरिँदैन। श्रवण, अश्विनी, हस्ता, चित्रा, मृगशिरा, रेवती, ३ उत्तरा, पुनर्वसु र धनिष्ठानक्षत्रमा कुम्भ, वृश्चिक र सिंह लग्न छाडी अरू शुभ लग्नमा सोमवार, बृहस्पतिवार, बुधवार र शुक्रवारका दिन पूर्णिमा, अमावास्या, चतुर्थी, नवमी र चतुर्दशीतिथि छाडी अष्टमलग्न शुद्ध भएको अवस्थामा कर्णवेधसंस्कार गर्नुपर्दछ । **हेमाद्रि**मा भनिएको छ - कार्तिक, पौष, चैत्र वा फाल्गुनमहिनाको शुक्लपक्ष तथा शुभदिनमा कर्णवेध गर्नु उत्तम हुन्छ । यसरी तिथि, वार, नक्षत्र आदिको विचार गरेपछि निर्णयसिन्धुमा चार वर्णका लागि थरिथरिका कान छेड्ने सियोको विषयमा भनिएको छ - ब्राह्मणका लागि चाँदीको, क्षत्रियका लागि सुनको, वैश्यका लागि चाँदीको र शूद्रका लागि फलामको सियो प्रयोग गर्नुपर्दछ । सियोको लम्बाइ आठ अंगुलको हुनुपर्दछ ।

---

८६. **दशम्यामुत्थाप्य ब्राह्मणान् भोजयित्वा पिता नाम करोति । द्व्यक्षरं चतुरक्षरं वा घोषवदाद्यन्तरस्थं दीर्घाभिनिष्ठानं कृतं कुर्यान्न तद्धितम् । अयुजाक्षरमाकारान्तं स्त्रियै तद्धितम् । शर्म ब्राह्मणस्य, वर्म क्षत्रियस्य गुप्तेति वैश्यस्य ।** - पारस्करगृह्यसूत्रम्, प्रथमकाण्ड, १७ औं कण्डिका ।

बौधायनगृह्यसूत्र, निरुक्त आदिमा पनि कर्णवेधसंस्कारको चर्चा गरिएको छ । कर्मकाण्डपद्धतिहरूमा कर्णवेधसंस्कारको गरिने कृत्यहरूको निरूपण गर्दै भनिएको छ– स्वस्तिवाचन, गणेशपूजन, पुण्याहवाचन, मातृकापूजन र आभ्युदयिकश्राद्ध गरेपछि बालकको शुक्रशोणितद्वारा उत्पन्न पाप निवारण गर्न पुष्टि, आयु र श्रीवृद्धिका लागि कर्णवेधसंस्कार गर्नुपर्दछ । स्थापित कलशमा वरुणसहित नौ ग्रहको पूजा गरी कलशको जलमा केशव, हर, ब्रह्मा, चन्द्र, सूर्य, दिक्पाल, अश्विनीकुमार, सरस्वती एवं गाई तथा ब्राह्मणको पूजा गर्नुपर्दछ । पूजापछि वैद्य र ब्राह्मणहरूको पूजा गरी सियोले कान छेड्ने मानिसलाई नमस्कार गरेर अलङ्कार र सुन्दर कपडाले सिंगारिएर आमाको काखमा सुतिरहेको शिशुलाई पश्चिमतर्फ फर्काई मन भुलाउन मिठाई, लड्डु आदि दिनुपर्दछ । त्यसपछि सङ्कल्प गरी लग्नको निमित्त दान गर्नुपर्दछ । दान गरेपछि विनियोग गरी **भद्रं कर्णेभि०** इत्यादि मन्त्रको उच्चारण गर्दै बालकको दायाँ कान छेड्नुपर्दछ । त्यसपछि **वक्ष्यन्ती वेदागनी०** आदि मन्त्र उच्चारण गर्दै बायाँ कान छेड्नुपर्दछ। कन्याहरूको भने मन्त्र उच्चारण नगरीकन सर्वप्रथम बायाँ कान छेडेपछि दायाँ कान र बायाँ नाक पनि छेड्नुपर्दछ। छेडिएका कान र नाकमा विकार पैदा नहोस् भन्ने उद्देश्यले तत्कालै वैद्यद्वारा औषधिलेपन गर्ने कर्म गराएपछि ब्राह्मणभोजन गराउनुपर्दछ ।

कर्णवेधसंस्कारको उद्देश्य बालकका संवेदनशील अंगहरूको छेदनबाट रक्तप्रवाहमा परिवर्तन ल्याई शारीरिक विकासमा तीव्रता प्रदान गर्नु हो । वृक्ष, वनस्पतिहरूलाई पनि काँटछाँट गरेपछि तीव्र विकासका साथै फलदायकता प्राप्त हुने कुरा वनस्पतिवेत्ताहरू बताउँछन् । अर्कोतर्फ बालकको मानसिक विकासमा पनि यो कर्म सहयोगी बन्दछ । अलङ्कारप्रिय हिन्दूजातिको परम्पराअनुसार कानमा कर्णालङ्कार धारण गराउने उद्देश्यले सानै उमेरमा कर्णवेध गराउने परम्परा चलेको कुरा पनि नकार्न सकिँदैन ।[८७]

५.१२ ताम्बूलभक्षण

निर्णयसिन्धुमा निरूपण गरिएअनुसार जन्मिएको ७० दिन पुगेपछि राम्ररी नुहाइएको र गहनाले सजाइएको बालकलाई मूल, पुष्य, चित्रा, श्रवण, ज्येष्ठा, रेवती, मृगशिरा, पुनर्वसुनक्षत्रमा रविवार, सोमवार, गुरुवार, शुक्रवार एवं बुधवारका दिन बालकको कल्याण र सुस्वास्थ्यका लागि कपूर आदि मिसिएको पान खुवाउनुपर्दछ ।

५.१३ निष्क्रमण एवं सूर्यदर्शन

जन्मिएको तेस्रो वा चौथो महिनामा चन्द्र र तारा अनुकूल भएको दिनमा बालकलाई नुहाइदिएर सिंगारपटार गराई पिता अथवा कुनै ब्राह्मणले बालकलाई घरभित्रबाट बाहिर ल्याएर सूर्यदर्शन गराउने कार्य गरिन्छ । यसैलाई निष्क्रमण भन्दछन् । निर्णयसिन्धुअनुसार अनुराधा, पुनर्वसु, अश्विनी, रेवती, हस्ता, ज्येष्ठा र मृगशिरानक्षत्रमा सोमवार, गुरुवार, बुधवार र शुक्रवार रिक्ताबाहेक अरू तिथिमा सिंह, कन्या, तुला र कुम्भलग्नमा शुभग्रहको दृष्टि परेको अवस्थामा निष्क्रमणसंस्कार गराउनु उत्तम हुन्छ । निष्क्रमणकृत्यमा दिक्पाल, सूर्य, चन्द्र, आकाश र वासुदेवको पूजा गर्नुपर्दछ । पूजा गरेपछि पुण्याहवाचनका मन्त्र एवं शंखको ध्वनिका साथ बालकलाई घरबाहिर ल्याई देवताहरूको प्रार्थना गर्नुपर्दछ –

चन्द्रार्कयोर्दिगीशानां दिशाञ्च गगनस्य च । निक्षेपार्थमिदं दद्मि ते मे रक्षन्तु बालकम् ।।
अप्रमत्तं प्रमत्तं वा दिवा रात्रावथापि वा । रक्षन्तु सततं सर्वे देवाः शक्रपुरोगमाः ।।

८७. पी.बी. काणे, पूर्ववत्, पृ. २०१ ।

यसरी देवताको प्रार्थना गरेपछि बालकका सामु विभिन्न धातुका भाँडा, वर्तन, शस्त्र-अस्त्र, पुस्तक आदि ल्याउनुपर्दछ । बालकले जुन वस्तुको स्पर्श गर्दछ त्यसबाट त्यसको जीविका हुने कुरा बुझ्नुपर्दछ ।

यसै निष्क्रमणकृत्यमा बाहिर ल्याएका बालकलाई सूर्यदर्शन गराउने परम्परा रहिआएको छ । त्यसो गर्दा शङ्ख, घण्ट बजाउँदै बालकलाई सूर्य देखिने ठाउँमा ल्याई अर्घ्यस्थापना गर्नुपर्दछ । ताँबोको भाँडोमा रातो चन्दनले सूर्यको चित्र लेखेर त्यसमा सूर्यको पूजा गर्नुपर्दछ । सर्वप्रथम सूर्यको ध्यान गर्दै भन्नुपर्दछ –

ध्येयः सदा सवितृमण्डलमध्यवर्ती नारायणः सरसिजासनसन्निविष्टः ।

केयूरवान् मकरकुण्डलवान् किरीटी हारी हिरण्मयवपुर्धृतशङ्खचक्रः ।।

यसरी प्रार्थना गरेपछि सूर्यको मन्त्र वा नाममन्त्रले आवाहनदेखि लिएर आरतीसम्मका कर्म सम्पन्न गरेपछि **तच्चक्षुः०** इत्यादि मन्त्र उच्चारण गर्दै बालकलाई सूर्यको दर्शन गराउनुपर्दछ ।

५.१४ उपवेशन

निर्णयसिन्धुमा उद्धृत गरिएको **प्रयोगपारिजात** र **विष्णुधर्म**को वचनअनुसार बालक जन्मिएको पाँचौं महिनामा त्यसलाई भुईंमा बसाउनुपर्दछ । यस कर्मलाई उपवेशन भनिन्छ । यो कर्म सम्पादन गर्दा मङ्गलग्रहको स्थिति उत्तम हुनुपर्दछ र अरू ग्रह पनि राम्रै अवस्थामा रहेको हुनुपर्दछ । यस कर्ममा मृगशिरा, पुष्य, ज्येष्ठा, श्रवण, हस्ता, अनुराधा, ३ उत्तरानक्षत्रमध्ये कुनै एक नक्षत्र हुनुपर्दछ । यस कर्ममा ब्राह्मण, भगवान् वराह र पृथ्वीको पूजा गरिन्छ । विशेषगरेर पृथ्वीको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे पृथ्वी ! तपाईंले जहाँसुकै र जुनसुकै अवस्थामा पनि यस बालकको रक्षा गर्नुहोस् । यसको आयुको सुरक्षा गर्नुहोस् । यसलाई दीर्घजीवन र आरोग्यता प्रदान गर्दै यसका धनसमृद्धिका शत्रुहरूलाई शीघ्र समाप्त गर्नुहोस् । हे पृथ्वी ! तपाईं सबै प्राणीहरूकी आमा हुनुहुन्छ, तपाईं कामधेनुसमान हुनुहुन्छ, तपाईं अजर र अप्रमेय पनि हुनुहुन्छ । सम्पूर्ण प्राणीहरूले तपाईंलाई नमस्कार गर्दछन् । तपाईं चर-अचर सबैकी प्रतिष्ठा हुनुहुन्छ । तपाईंले यस कुमारको रक्षा गर्नुहोस् । यस रक्षाकर्ममा भगवान् ब्रह्माजीले तपाईंलाई अनुमति र शक्ति प्रदान गर्नुहुनेछ ।'

कर्मकाण्डपद्धतिहरूमा बालकलाई भुईंमा बसाउने कर्मको आरम्भ गर्दा सर्वप्रथम भूमिपूजाको सङ्कल्प गरी **मनोजूति०** भन्ने मन्त्रले भूमि आदिको प्राणप्रतिष्ठा गरेर पृथ्वी, वराह र कुलदेवताको नाममन्त्रद्वारा गन्ध, अक्षता, पुष्प आदिले पूजा गरी पृथ्वीको प्रार्थना गर्नुपर्ने कुरा बताइएको छ । पृथ्वीको प्रार्थना गरेपछि शङ्ख, घण्ट बजाउँदै बालकलाई भुईमा बसाउनुपर्दछ । त्यसपछि दक्षिणा आदि कृत्य सम्पन्न गरी ब्राह्मणबाट आशीर्वाद लिनुपर्दछ । उपवेशनकृत्य सम्पादन गरेपछि पहिले गरेको पूजाकर्मको उत्तराङ्गका रूपमा जीवमातृकाको पूजा गर्नुपर्दछ । घरको भित्तामा अथवा कुनै वस्त्रमा कल्याणी, मङ्गला, मदा, पुण्या, पुण्यमूर्ति, जया र विजयानामक जीवमातृहरूको नाममन्त्रले षोडशोपचारद्वारा पूजा गर्नुपर्दछ । त्यसपछि वसुधारा दिएर क्षमाप्रार्थना गर्नुपर्दछ ।

बालकको नयाँ जीवन आरम्भ हुँदा त्यसको चल्ने, डुल्ने, हिँड्ने आधार भनेको पृथ्वी नै हो । शास्त्रहरूमा पृथ्वीलाई आमा मानिएको छ । आमाको काखमा बालकले जीवनयापन गर्दा अज्ञान आदि कारणबाट त्रुटि हुनसक्छन् । ती त्रुटिहरूका लागि क्षमा प्राप्त गर्न पृथ्वीकी अधिष्ठातृदेवतालाई प्रार्थनाका वाक्यहरू सुनाएर बालकमाथि कसैको पनि नराम्रो दृष्टि नपरोस् भन्ने अर्थमा र बालकले राम्ररी खुट्टा टेकी स्वस्थ जीवन बिताओस् भन्ने अर्थमा पनि यो संस्कार गरिँदै आएको कुरा अनुमान गर्न सकिन्छ ।

५.१५ अन्नप्राशनसंस्कार

अन्नप्राशनसंस्कार हिन्दूजातिको प्रसिद्ध संस्कार हो । प्राचीनकालदेखि अहिलेसम्म विभिन्न रूपमा यसलाई मनाउँदै परम्परा रहिआएको छ । प्राचीन **गृह्यसूत्र**, **स्मृति** एवं **निबन्धग्रन्थ**हरूमा यस संस्कारको उल्लेख भएको छ । सौरमासअनुसार जन्मदेखि छैठौं महिनामा बालकको पास्नी गराइने यस संस्कारको सम्पादन गर्दा कुन महिनामा गर्ने भन्ने विषयमा मतभेद पनि देखिएका छन् । कसैले छैठौं महिनामा, कसैले आठौं महिनामा, कसैले एक वर्ष पूरा भएपछि अन्नप्राशन गर्नुपर्दछ भनेका कुरा निर्णयसिन्धु आदि ग्रन्थहरूमा उल्लेख गरिएको छ । निर्णयसिन्धुको निष्कर्षअनुसार सामान्यतयाः कुमारको छैठौं वा आठौं महिनामा, कन्याको पाँचौं वा सातौं महिनामा अन्नप्राशनसंस्कार गर्नुपर्दछ । **पारस्करले** छैठौं महिनामा अन्नप्राशन गर्नुपर्ने कुरा बताएका छन् ।[८८] अन्नप्राशनसंस्कारमा चतुर्थी, नवमी, चतुर्दशी, प्रतिपदा, षष्ठी, एकादशी, द्वादशी, अष्टमी र अमावास्यातिथि वर्जित छन् । यसैगरी शुक्रवार, बृहस्पतिवार, बुधवार एवं सोमवारमध्ये कुनै वारमा अन्नप्राशन गराउनु फलदायक हुन्छ भन्ने कुरा पनि **ज्योतिषशास्त्र**मा बताइएको छ ।

श्रीधरको मतअनुसार पुनर्वसु, पुष्य, धनिष्ठा, रोहिणी, श्रवण, शतभिषा, ३ उत्तरा, रेवती र अनुराधानक्षत्रमा लग्नदेखि दशमस्थान शुद्ध भएको समयमा शिशुलाई अन्नप्राशन गराउनुपर्दछ । **वसिष्ठ**ले भनेका छन् – अन्नप्राशनसंस्कार, व्रतबन्ध र राज्याभिषेकमा जन्मनक्षत्र लिनु राम्रो हुन्छ । विवाह, सीमन्तोन्नयन, यज्ञ र मङ्गलकार्यमा भने जन्मनक्षत्र अशुभ हुन्छ । **मार्कण्डेयपुराण**अनुसार अन्नप्राशनसंस्कार गर्दा ब्रह्मा, विष्णु, शङ्कर, सूर्य, चन्द्रमा, दिक्पाल, दिशाहरूका स्वामी, पूर्वआदि दिशा र पृथ्वीको पूजा गर्नुपर्दछ । ती देवताहरूको ध्यान गरेपछि अग्निस्थापना र हवन गरेर बालकलाई नयाँ वस्त्र र अलङ्कार पहिन्याई आमाको काखमा राखिदिनुपर्दछ । त्यसपछि सुवर्णमय पात्रमा राखिएका मह, घिउ, दहीसहित मधुर अन्न वा खीर बालकलाई चटाउनुपर्दछ ।

कर्मकाण्डपद्धतिहरूमा अन्नप्राशनसंस्कार गर्दा आमाको गर्भबाट प्राप्त हुन आएका मलहरूको शुद्धि गर्दै बालकको तेज, इन्द्रियशक्ति र आयुष्यवृद्धिका लागि अन्नप्राशन गराउँछु भन्ने संकल्प गरेर गणेशपूजन, पुण्याहवाचन, मातृकापूजन र आभ्युदयिकश्राद्ध गर्नुपर्ने कुरा बताइएको छ । त्यसपछि वेदी बनाएर अग्निस्थापना गरी कलशमा वरुण आदि देवताहरूको पूजा र हवन सम्पन्न गरेपछि तीतो, गुलियो, नुनिलो, अमिलो, पीरो, टर्रो रसले युक्त पदार्थहरू तयार गरी एउटा पात्रमा थोरै-थोरै ती सबै भोज्य पदार्थ झिकेर कुमार वा कुमारीलाई सुनको औंठी लगाइएको साहिँली औंलाले भोजन गराउनुपर्दछ । त्यसपछि बालकलाई आफ्नो काखबाट भुईंमा राखी त्यसका सामु सुन्दर कपडा, शस्त्र-अस्त्र, कलम, पुस्तक आदि पदार्थ राखिदिनुपर्दछ । बालकले जुन चिजलाई पहिले स्पर्श गर्दछ त्यसबाट त्यसको जीविका हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ ।

अन्नप्राशनसंस्कारमा बालकलाई जौ र चामलबाट तयार भएको भोजन खुवाउनुपर्ने कुरा **अथर्ववेद**मा बताइएको छ । यो संस्कार बालक ६ वा ७ महिनाको हुँदा गरिन्छ । किनकि यसबेला बालकको मधुर अन्न पचाउने शक्ति जागृत भइसकेको हुन्छ । भोजन गराउँदा नुनिलो अन्न पनि खुवाउनुपर्ने कुरा बताइएको छ । नुनिलो अन्नले बालकको दाँत निस्कने प्रक्रियामा सहयोग पुन्याउँछ । विभिन्न वस्तुहरूको स्पर्श गराउने प्रक्रियाबाट बालकको रुचि र भावी जीवन बुझ्न सहयोग पुग्ने कुरा पनि प्राचीन ऋषिहरूको मनोवैज्ञानिक अध्ययनको प्रतिफल हो । अभिभावकले त्यसबेलाको बालकको रुचिलाई ख्याल गरी बालकलाई त्यस मार्गमा डोऱ्याएमा त्यो

८८. षष्ठे मासेऽन्नप्राशनम् – पारस्करगृह्यसूत्रम्, प्रथमकाण्डः, १९ औं कण्डिका ।

आफ्नो लक्ष्यमा सफल हुन्छ । वर्तमान समयमा बालकको इच्छाभन्दा पनि अभिभावकको इच्छाअनुसार शैक्षिक विषयतर्फ लगाइने हुँदा कतिपय बालकहरू आफ्नो अध्ययनमा असफल भएको तथ्य सभ्य समाजले बुझेकै छ। त्यसकारण बालकमा आफ्नो रुचिको दबाब दिन हुँदैन भन्ने कुरा यो संस्कारले सिकाउँछ ।

५.१६ जन्मोत्सव (वर्षवर्धन)

प्राचीन **सूत्रग्रन्थ**हरूमा शिशु जन्मिएको प्रत्येक महिनामा जन्मोत्सव मनाउने कुरा बताइएको छ । **बौधायनगृह्यसूत्र**अनुसार प्रत्येक वर्ष, प्रत्येक छैठौं महिना, प्रत्येक चौथो महिना, प्रत्येक ऋतु र प्रत्येक महिनामा जन्मनक्षत्र परेको बेला बालकको आयुष्यवृद्धिका निमित्त काललाई प्रसन्न गराउन अग्निदेवताको आराधना गर्नुपर्ने कुरा बताइएको छ । **गृह्यसूत्र**हरूमा वर्षवर्धनसंस्कारको विस्तृतरूपमा वर्णन गरिएको पाइन्छ ।[८९] प्रत्येक वर्ष जन्मोत्सव मनाउँदा जन्मनक्षत्रको देवतालाई प्रमुख देवता मानी पूजा गरेपछि अरू नक्षत्रको पनि पूजा गर्नुपर्ने कुरा पनि बताइएको छ । मानिस ८० वर्ष र ८ महिना पुगेपछि ब्रह्मशरीर कहलाउँछ । किनकि त्यसले त्यसबेलासम्म १००० पूर्ण चन्द्रमाको दर्शन गरिसकेको हुन्छ । त्यसबेला गर्नुपर्ने अनेक कृत्यका वर्णन पनि सूत्रग्रन्थमा पाइन्छन्। **अपरार्क**मा **मार्कण्डेय**को वचन उद्धृत गर्दै भनिएको छ – प्रत्येक वर्ष आफ्नो जन्मदिनमा जन्मोत्सव मनाउनुपर्दछ। त्यसबेला गुरुजन, अग्नि, देवता, प्रजापति, पितृगण एवं जन्मनक्षत्र र ब्राह्मणको पूजा गर्नुपर्दछ ।

कृत्यरत्नाकरनामक ग्रन्थमा आफ्नो जन्मदिनमा अमरदेवता मार्कण्डेय एवं अरू सात चिरञ्जीवीहरूको पूजा गर्नुपर्ने कुरा बताइएको छ । निर्णयसिन्धुको संस्कारखण्डमा यस कृत्यलाई अब्दपूर्ति कृत्य भनिएको छ । संस्काररत्नमाला भन्ने ग्रन्थमा यसलाई आयुर्वर्धापनसंस्कार भनिएको छ ।

प्रत्येक वर्ष जन्मदिनमा नयाँ वस्त्र धारण गरी अष्टचिरञ्जीवीको पूजा गरेपछि मानिसले आफ्ना नक्षत्र र जन्मतिथिका दिन नक्षत्र र जन्मतिथिको पूजा गर्नुपर्दछ । दही र चामल अर्पण गरी जन्मदिनका दिन षष्ठीदेवीको पूजा र तिलहोम पनि गर्नुपर्दछ भन्ने कुरा निर्णयसिन्धुमा बताइएको छ । **आदित्यपुराण**अनुसार – सबैले आफ्नो जन्मदिनका दिन मङ्गलमय जलले स्नान गरी गुरु, देवता, अग्नि र ब्राह्मणहरूको पूजा गर्नुपर्दछ । आफ्नो जन्मनक्षत्र, माता–पिता र प्रजापतिको पनि पूजा गर्नुपर्दछ । **कृत्यचिन्तामणि**अनुसार – जन्मदिनका दिन शक्खर, तिल र दूधदान गर्नुपर्दछ । त्यसै दिन रक्षाको निमित्त ग्रन्थिबन्धन गर्ने पनि परम्परा रहेको छ । मार्कण्डेय आदि ऋषिहरूको प्रार्थना गरेपछि तिल र शक्खर मिसिएको आधा अञ्जुली दूध पिउनुपर्ने कुरा पनि बताइएको छ। **स्कन्दपुराण**मा – आफ्नो जन्मदिनका दिन नङ एवं कपाल काट्ने, मैथुन गर्ने, मासु खाने, हिंसा गर्ने र कलह गर्ने काम गर्न निषेध गरिएको छ । जसको जन्मतिथि शनिवार र मङ्गलवार पर्दछ त्यो दिन उत्तमनक्षत्र परेको छैन भने त्यो वर्ष पाइला–पाइलामा विघ्न पर्ने कुरा दीपिकामा बताउँदै त्यसको निवारणका लागि सर्वौषधिले स्नान गरी देवता र अग्निको पूजा गर्नुपर्ने कुरा दीपिकामा बताइएको छ । वृद्धमनुले जन्मोत्सवका दिन तातो पानीले नुहाउन हुँदैन भनेका छन् । **कृत्यतत्त्वार्णव**मा प्रातःकाल सूर्योदयको समयमा जन्मोत्सव मनाउनुपर्ने कुरा लेखिएको छ । पहिलो वर्ष जन्मोत्सव मनाउँदा गाई, जमिन आदि दान दिएर आफ्नो शरीरमा सुनको कन्दनी धारण गर्नुपर्ने, नयाँ वस्त्र धारण गर्नुपर्ने र आयुको वृद्धिका लागि घिउ र चरुले शङ्कर भगवान्का लागि आहुति दिनुपर्ने कुरा बताइएको छ ।

कर्मकाण्डपद्धतिहरूमा जन्मोत्सव मनाउने दिन **ॐ परिधास्ये०** यस मन्त्रद्वारा नयाँ वस्त्र धारण गर्नुपर्ने

---

८९. वैखानसगृह्यसूत्रम् ३/२०–२१ ।

कुरा बताइएको छ । त्यसपछि ॐ दश० इत्यादि मन्त्रद्वारा उत्तरीय धारण गर्नुपर्ने र दीप, कलश, गणेशको पूजा गरी नाममन्त्रले मार्कण्डेय ऋषिको पूजा गर्दै अष्टदलमा व्यास आदि चिरञ्जीवीहरूको पूजा गर्नुपर्ने निर्देशन दिइएको छ । अष्टदलको बाहिरी आवरणमा जन्मनक्षत्र, तिथि, वार, राशि, लग्न आदिको पूजा गरेपछि लक्ष्मी-नारायण र प्रजापतिको पूजा गर्नुपर्ने कुरा बताइएको छ । यसै दिन षष्ठीदेवीको पूजा गरी त्रिषणा, वृद्धमाता, गौरी र कठपूतना देवीहरूको पूजा गरी आयुको कामना गर्नुपर्दछ । अनि कार्तिकेय र कुलदेवताको पूजा गरी क्षमाप्रार्थना गर्नुपर्दछ । त्यसपछि पहेंलो वस्त्रमा १०८ दुबो, अक्षता, सर्स्यूँ, गुग्गुलु, गोरोचन र निमका पात राखी कुटुरो पारेर त्यसमामाथि गणेश र सूर्यको पूजा गर्नुपर्दछ । पहेंलो धागोले पोटलिका बाँधेर महर्षि मार्कण्डेयको प्रार्थना गर्दै त्यसलाई घाँटी अथवा दाहिने हातमा बाँध्नुपर्ने समेत उल्लेख गरिएको छ । त्यसपछि अग्निस्थापना गरी पूजित देवताहरूका नाममा जौ-तिल र घिउ मिसिएको चरुले हवन गरी ब्राह्मणहरूद्वारा अभिषेक लिएर दक्षिणादान, ब्राह्मणभोजन आदि कर्म गर्नुपर्दछ ।

यसरी देवी-देवताको आराधना गर्दै जन्मदिन मनाउँदा वर्षभरि आइपर्ने अनेकौं किसिमका बाधा-व्यवधानहरूको निराकरण हुने र सबै देवी-देवताको पूजाबाट आत्मविश्वास पैदा हुने हुँदा यो संस्कार वैदिक सनातन धर्मका अनुयायीहरूले सम्पन्न गर्दछन् । हिन्दूहरूले मात्र नभई विभिन्न धर्मका अनुयायी अनेकौं जातिले पनि आजको संसारमा आ-आफ्नै विधिबिाट मनाइरहेको देख्न पाइन्छ ।

५.१७ चूडाकरणसंस्कार

उपनयनभन्दा पहिले गरिने चूडाकरण वा चौलसंस्कारको वर्णन सबै धर्मशास्त्रमा गरिएको छ । चूडाको अर्थ हो – कपालको गुच्छा जसलाई शिखा अथवा टुप्पी पनि भनिन्छ । यस संस्कारमा बालकको शिरमा शिखा राख्ने काम भएकाले यसलाई चूडाकरण भनिएको छ । चूडाबाट नै चौल बनेको हो । संक्षेपमा यसलाई चौलकर्म भनेर धेरैले बुझ्दछन् । धेरैजसो धर्मशास्त्रीहरूले बालक जन्मिएको तेस्रो वर्षमा यो संस्कार गर्नुपर्दछ भनेका छन्। कसैले फेरि आफ्नो कुलपरम्पराअनुसार गर्नु भनेको पनि पाइन्छ । शङ्ख र लिखित नामक धर्मशास्त्रीहरूले यो संस्कार पाँचौं वर्षमा गर्नुपर्ने बताएका छन् । यो कुलधर्मअनुसार गरिने हुँदा पहिलो, दोस्रो, तेस्रो, पाँचौं र सातौं वर्षसम्म यो संस्कार गर्न सकिने कुरा धर्मशास्त्रहरूबाट अवगत हुन्छ । निर्णयसिन्धुमा बताएअनुसार यो संस्कार बालक एवं बालिका दुवैको गर्नुपर्दछ । **षड्गुरुशिष्यले** यो संस्कार उपनयनसँगै गर्दा पनि हुन्छ भनेका छन् । **बृहस्पतिले** उत्तरायणमा गर्नुपर्ने कुरा बताएका छन् भने **वसिष्ठले** द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, नवमी, एकादशी र त्रयोदशीतिथिमा गर्नुपर्ने कुरा बताएका छन् । यसैगरी आइतवार, शनिवार र मङ्गलवारबाहेक अरू वार यो संस्कार गर्नुपर्छ भन्ने कुरामा सबै ऋषिहरू एकमत छन् । **बृहस्पतिले** भने आफ्नो छुट्टै मत राख्दै भनेका छन्- ब्राह्मणको आइतवार, क्षत्रियको मङ्गलवार र वैश्यको शनिवार चौलकर्म गर्नुपर्दछ । बालक जन्मिएको नक्षत्रमा यो कर्म गरियो भने बालकको मृत्यु हुन्छ । चन्द्रमा आठौं भएको अवस्थामा यो कर्म गर्दा विनाश हुन्छ । विपत्, प्रत्यरि र वध यी नक्षत्र पनि चूडाकरणका लागि वर्जित छन् । बालककी आमा गर्भिणी भएको स्थितिमा पनि यो कर्म गर्न हुँदैन । तर **नारदले** यसको अपवाद प्रस्तुत गर्दै भनेका छन् – बालककी आमा गर्भिणी भएमा बालकको उमेर पाँच वर्ष नाघिसकेको छ भने चूडाकरण गर्न हुन्छ र नाघेको छैन भने हुँदैन । माता रजस्वला भएको अवस्थामा पनि यो कर्म गर्न हुँदैन । माता रजस्वला भएको समयबाहेक अरू कुनै पनि मुहूर्त पाइएन भने विधिवत्

लक्ष्मीको पूजा गरेर चूडाकर्म गर्नुपर्छ भन्ने कुरा **वाक्यसार**नामक ग्रन्थमा बताइएको छ । जुन वर्ष घरमा कसैको विवाह हुन्छ त्यो वर्ष बालकहरूको मुण्डन गर्न हुँदैन । **दीपिका**मा भनिएको छ कि – जन्मनक्षत्र, कृत्तिका, मूल, ज्येष्ठा, अश्लेषा र आर्द्रानक्षत्रमा शनिवार एवं मङ्गलवारका दिन प्रतिपदा, भद्रा र रिक्तातिथिमा चूडाकर्म गर्न हुँदैन।

चूडाकर्म गर्दा शिरका केश काट्ने क्रममा आफ्नो प्रवरसंख्याअनुसार टुप्पी राख्नुपर्दछ । मुण्डनसंस्कार गर्दा आमन्त्रित ब्राह्मणले यजमानका घरमा भोजन गर्न हुँदैन । कसैले भोजन गर्दछ भने त्यसले सान्तपननामक प्रायश्चित्त गर्नुपर्दछ । कन्याहरूको चूडाकर्म गर्दा वेदका मन्त्र पढ्न हुँदैन ।

कर्मकाण्डपद्धतिहरूमा चूडाकरणमा मातृकापूजा, आभ्युदयिकश्राद्ध आदि गरी अग्निस्थापना गर्नुपर्ने र प्रायश्चित्तहोम गरेपछि प्राजापत्य होम गर्नुपर्ने कुरा बताइएको छ । अघिल्लो दिन टाउकोमा बाँधेका तीनवटा जुँटिकामा जल खन्याएर दुम्सीको काँडाले जुटिकालाई छुट्याई चूडाकर्ममा लेखिएको विधिअनुसार क्षौरकर्म गर्नुपर्दछ । काटिएको कपाललाई दिदी–बहिनीका हातमा रहेको काँसको भाँडामा गोबरको पिण्डमाथि खन्याउनुपर्दछ। **यजुर्वेद**मा भनिएको छ कि चूडाकर्म गर्दा मुण्डन गराउने मानिसले – 'हे बालक ! तिमीलाई दीर्घायु बनाउन, पवित्र अन्न सेवन गर्न योग्य तुल्याउन, तिम्रो उत्पादनशक्ति बढाउन, ऐश्वर्यको वृद्धि गराउन, तिमीबाट सुन्दर सन्तान जन्माउन, तिमीलाई बल र पराक्रम प्राप्त गर्ने योग्यता दिलाउन म तिम्रो मुण्डन गर्दैछु' भन्नुपर्दछ । कसैले एउटा टुप्पी राख्दछन्, कसैले तीनवटा राख्दछन् भने कसैले पाँचवटा टुप्पी राख्ने गरेको पाइन्छ । विभिन्न शाखामा प्रचलित परम्पराअनुसार यस्तो हुन गएको हो । त्यसकारण शिखा राख्ने क्रममा आफ्नो कुलाचारलाई नै प्राथमिकता दिनुपर्दछ । **आयुर्वेदशास्त्र**अनुसार क्षौरकर्म गरेपछि बालकले तुष्टि, पुष्टि, पराक्रम, आयु, पवित्रता र सुन्दरता प्राप्त गर्दछ । वेदमा पनि शिखाद्वारा मानिसले दीर्घायु, बल र तेज प्राप्त गर्ने तथ्य बताइएको छ ।

वस्तुतः शिखाले हाम्रो ज्ञानशक्तिलाई चैतन्यमय तुल्याउँछ । कालो वस्तुले जहिले पनि सूर्यका किरणबाट अधिक ताप प्राप्त गर्दछ । कपाल पनि कालो रंगको हुनाले त्यसमा सूर्यको अधिक ताप पर्दछ । अधिक ताप परेका मानिसको दिमाग सधैं तातो हुन्छ । त्यसकारण शिखाको ग्रन्थिनेर रहेको मस्तिष्ककेन्द्रलाई तातोपनबाट जोगाउन शिखा राख्नुपर्ने परम्परा ऋषिहरूले चलाएका हुन् । मनुष्यले स्नान, दान, जप, होम, सन्ध्या र देवपूजा गर्दा शिखामा ग्रन्थि पार्नुपर्ने कुरा बताइएको छ । पाश्चात्य वैज्ञानिकहरूले पनि हाम्रो शिखाविज्ञानलाई आदर गरेको पाइन्छ । त्यसैले प्रत्येक मानिसले बल, आयु, तेज र वृद्धिका निमित्त शिखाधारण गर्नुपर्दछ ।

अहिले हिन्दूहरूको लक्षण शिखा भए पनि कतिपय हिन्दूहरू आफूलाई आधुनिक एवं सभ्य देखाउन शिखाबाट शून्य हुँदै गएका छन् । शास्त्रहरूमा भने शिखा नराख्ने व्यवहारलाई निन्दनीय मानिएको छ ।

सदोपवीतिना भाव्यं सदा बद्धशिखेन च । विशिखो व्युपवीतश्च यत् करोति न तत्कृतम् ।।
शिखां छिन्दन्ति ये मोहाद् द्वेषादज्ञानतोऽपि वा । तप्तकृच्छ्रेण शुद्ध्यन्ति त्रयो वर्णा द्विजातयः ।।

देवलले भनेका छन् – हिन्दूहरूले सधैं यज्ञोपवीतधारण गर्नुपर्दछ र ग्रन्थिसहित शिखाधारण गर्नुपर्दछ । शिखासूत्र नभएको व्यक्तिले जुनसुकै धार्मिक कर्म गरे पनि नगरे बराबर हुन्छ । ब्राह्मण, क्षत्रिय एवं वैश्यले मोह, द्वेष वा अज्ञानका कारण शिखा काटेर फ्याँकिदिन्छन् भने ती सधैं अशुद्ध र दोषी हुन्छन् । तिनले आफूलाई चोखो तुल्याउन तीनपटक तप्तकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ ।

सुश्रुतसंहितामा भनिएको छ– **मस्तकाभ्यन्तरोपरिष्टात् शिरासन्धिसन्निपातो रोमावर्तोऽधिपतिस्तत्रापि सद्यो मरणम्** – मस्तकको भित्री भागभन्दा माथि जहाँ रोमावर्त – भँवर परेको हुन्छ त्यो सम्पूर्ण नाडी र सन्धिको

मिलनबिन्दु हो । त्यसलाई अधिपतिमर्म भनिन्छ । त्यस ठाउँमा चोट लाग्दा मानिसको मृत्यु हुन्छ, त्यही शिखास्थान हो । त्यसलाई शिखागुच्छको आवरणभित्र राख्नुपर्दछ । त्यस मर्मस्थलको रक्षा गर्नुपर्ने कुरा बोध गरी ऋषिहरूले शिखाधारणको परम्परा चलाएका हुन् । शिखाको शास्त्रीय महत्त्वका साथ कवचको रूपमा पनि महत्त्व रहेको छ। अरबौं हिन्दूहरूको विशिष्ट पहिचानको रूपमा रहेको शिखा धारण गरी स्वस्थ, सुन्दर र स्वाभिमानी हिन्दूका रूपमा आफूलाई चिनाउनु सबैको कर्तव्य हो ।[९०]

५.१८ उपनयन

उपनयनको अर्थ वटुलाई गुरुको नजिकमा लैजानु हो । चौलसंस्कार गरेको बालकलाई यज्ञोपवीतसंस्कारका लागि गुरुका नजिकमा लैजानु भन्ने अर्थमा यो शब्द रूढ भएको छ । उपनयन ज्यादै प्राचीन र महत्त्वपूर्ण संस्कार हो । यो संस्कार वेद, गृह्यसूत्र, स्मृति र निबन्धग्रन्थहरूमा बहुचर्चित र वर्तमानकालमा पनि यथावत् प्रचलित संस्कार हो । काठकगृह्यसूत्रका टीकाकार आदित्यदर्शनको भनाइअनुसार यस संस्कारका लागि **उपानय, उपनयन, मौञ्जीबन्धन, वटुकरण** र **व्रतबन्ध**शब्दको प्रयोग गरिन्छ ।

यज्ञोपवीतका लागि उत्तम समयको चर्चा गर्दै **आश्वलायन**ले भनेका छन् – गर्भदेखि आठौँ या जन्मदेखि आठौँ वर्षमा अथवा पाँचौँ वर्षमा अथवा सातौँ वर्षमा द्विजत्वप्राप्तिका लागि ब्राह्मणको उपनयनसंस्कार गर्नुपर्दछ। क्षत्रियको उपनयनसंस्कार एघारौँ वर्षमा गर्नुपर्दछ । **मनु**ले भनेका छन् – ब्राह्मणवटुको ब्रह्मवर्चस बढाउनका लागि पाँचै वर्षमा उपनयन गर्नुपर्दछ । क्षत्रियवटुको बलवृद्धिका निमित्तमा छैठौँ वर्षमा उपनयन गर्नुपर्दछ । वैश्यवटुको धनवृद्धिका लागि आठौँ वर्षमा उपनयनसंस्कार गर्नुपर्दछ । **विष्णु**ले भनेका छन् – धनकामनाको लागि छैठौँ वर्षमा, विद्याकामनाको लागि सातौँ वर्षमा, सम्पूर्ण कामनाहरूको पूर्तिका लागि आठौँ वर्षमा र कान्ति यद्वा सौन्दर्यको इच्छा पूरा गराउन नवौँ वर्षमा उपनयन गर्नुपर्दछ । **आपस्तम्ब** भन्दछन् – गर्भदेखि आठौँ वर्षमा ब्राह्मणको उपनयन गर्नुपर्दछ । यस वाक्यको विवेचन गर्दै **सुदर्शनभाष्य**मा भनिएको छ कि – आपस्तम्बको वचनमा रहेको **गर्भाष्टमेषु**पदको बहुवचनले गर्भदेखि छैठौँ अथवा गर्भदेखि सातौँ वर्षमा पनि उपनयन गर्नुपर्ने कुरा जनाउँदछ । कुनै धर्मशास्त्रीहरू ब्राह्मणको छैठौँ वर्षमा उपनयनसंस्कार शुभ हुँदैन भन्दछन् । **आपस्तम्ब**ले काम्य उपनयनको चर्चा गर्दै भनेका छन् – ब्रह्मवर्चस कामनाका लागि सातौँ वर्षमा, आयुष्यकामनाको लागि आठौँ वर्षमा, तेजको कामनाको लागि नवौँ वर्षमा, अन्न आदि कामनाको लागि दसौं वर्षमा, इन्द्रियकामनाको लागि एघारौँ वर्षमा र पशुकामनाका लागि बाह्रौँ वर्षमा उपनयन गर्नुपर्दछ । **मनु**ले गौणकालको विषयमा भनेका छन् – सोह्र वर्षसम्म ब्राह्मण, २२ वर्षसम्म क्षत्रिय र २४ वर्षसम्म वैश्यले गायत्री ग्रहण गर्न सक्दछन् । आ-आफ्ना वर्णलाई तोकिएको वर्षसीमापछि गायत्री लिने अधिकार कसैलाई पनि हुँदैन । **ज्योतिर्निबन्ध**मा भनिएको छ – ब्राह्मण, क्षत्रिय र वैश्यको निर्धारित अवधिमा यज्ञोपवीत नभएमा तिनलाई शूद्रसमान जान्नुपर्दछ अर्थात् यज्ञोपवीत नभएका ती ब्राह्मण आदि पतित मानिन्छन् । **गर्ग**ले भनेका छन् – ब्राह्मणको वसन्तमा, क्षत्रियको ग्रीष्ममा र वैश्यको शरद्‌मा उपनयन गर्नुपर्दछ । माघदेखि लिएर पाँच महिनासम्म अर्थात् ज्येष्ठसम्मका ५ महिना ब्राह्मण, क्षत्रिय र वैश्य सबैको उपनयनसंस्कार गर्नका लागि साधारण मास मानिएका छन् । **हेमाद्रि**मा भनिएको छ – माघदेखि लिएर जेठसम्मका महिनामा सबैका निमित्त उपनयनसंस्कार गर्नु उत्तम हुन्छ । **वृत्तशत** भन्ने

९०. माधवाचार्य, क्यों, पूर्ववत्, पूर्वार्ध, पृ. ४४९-४६३ ।

ग्रन्थमा लेखिएको छ – जन्मनक्षत्र, जन्ममहिना र जन्मदिन वा चन्दतिथिमा उपनयन गर्नुहुँदैन । प्रथम ज्येष्ठपुत्रको ज्येष्ठमहिनामा विवाह, व्रतबन्ध गर्नुहुँदैन । ज्येष्ठमहिनामा जेठी कन्याको पनि मङ्गलकार्य गर्नुहुँदैन ।

राजमार्तण्डमा भनिएको छ – **वसिष्ठऋषि**को मतअनुसार जन्मदिन दूषित हुन्छ । गर्ग ऋषिको मतमा आठौँ दिन दूषित हुन्छ । **अत्रिऋषि**को मतमा जन्मदेखि दशौँ दिन दूषित हुन्छ । **भृगुऋषि**को मतमा जन्मदेखि पन्ध्रौँ दिन दूषित हुन्छ । बाँकी दिन जन्ममासका पनि उत्तम हुन्छन् ।

गर्ग, भार्गव र **शौनक**ले भनेका छन् – जन्ममहिनाको जुन पक्षमा जन्म भएको छ त्यसको दोस्रो पक्षमा जन्मतिथि, जन्मनक्षत्र र अरू दिनहरूमा पनि मङ्गलकार्य गर्न हुन्छ । जन्म महिनाको निषेध गरिए तापनि पूरा निषेध गर्नुपर्दैन । जन्मदिनको आरम्भदेखि १० दिन छाडिदिए हुन्छ । त्यस महिनाका अरू तिथिहरू मङ्गलदायक नै हुन्छन्।

मदनरत्नमा नारद भन्दछन्– वसन्त ऋतुविना अरू कुनै ऋतुमा कृष्णपक्षमा, गलग्रहयोगमा र अपराह्न समयमा जसको यज्ञोपवीत गरिएको हुन्छ त्यसको फेरि यज्ञोपवीतसंस्कार गर्नुपर्दछ। वसन्तमा गलग्रहयोग परेमा दोष लाग्दैन भनिएको छ। कृष्णपक्षका चतुर्थी, सप्तमी, अष्टमी, नवमी र त्रयोदशीपछिका चार तिथिहरूलाई गलग्रह भनिन्छ।

संकट हुँदाको बेला निषेध गर्नुपर्ने विषयमा **चण्डेश्वर** भन्दछन् – दिशाहरू डढेको बेला, भुइँचालो जाँदा, चट्याङ पर्दा, वस्तुहरू छिन्नभिन्न हुँदा र उल्काका कणहरूको भुइँमा पतन हुँदा ३ दिनसम्म कुनै पनि व्रत, यज्ञोपवीत, विवाह आदि मङ्गलकार्य गर्न हुँदैन ।

माधवीयमा वृद्धमनु उपनयन गराउने अधिकारीहरूको विषयमा भन्दछन् – पिता, पितामह, सहोदरभिन्न दाजुभाइ, असगोत्र सपिण्ड – मातामह आदि, सगोत्र सपिण्ड – पितृव्य आदि अधिक आयु भएका ज्येष्ठ भ्राताहरूको उपनयन गराउने अधिकार छ । पूर्व-पूर्वको अभावमा उत्तर-उत्तरको अधिकार छ अर्थात् पिताको अभावमा पितामह, पितामहको अभावमा दाजुभाइ, तिनको अभावमा असगोत्र सपिण्ड – मातामहादि, तिनीहरूको अभावमा सगोत्र सपिण्ड – पितृव्य आदि, तिनीहरूको अभावमा वटुकका अग्रजले उपनयनको कार्य सम्पन्न गराउनुपर्दछ ।

प्रयोगपारिजातमा ब्रह्मपुराणको वचन उद्धृत गर्दै भनिएको छ – ब्राह्मणद्वारा ब्राह्मणीमा उत्पन्न वटुक ब्राह्मण हुन्छ भन्ने कुरा वेदमा बताइएको छ । ब्राह्मणबाट उत्पन्न भएका नपुंसक, बहिरा, पुड्के, लङ्गडा, जड, भकभके, रोगी, शुष्क अङ्ग भएका, विकलाङ्ग, मत्त अर्थात् मात्तिएका, उन्मत्त अर्थात् पागल, लाटा, निद्रालु, इन्द्रियहीन र पुंस्त्वशक्ति नभएका वटुहरूको पनि संस्कार गर्नुपर्दछ । कसैले भन्दछन् मत्त अर्थात् नशामा चूर रहने र उन्मत्त अर्थात् पागलको संस्कार गर्नुहुँदैन । किनकि तिनीहरूको कर्ममा अधिकार हुँदैन । अधिकार नभएकाले उनीहरूलाई पतित हुनुपर्ने अवस्था पनि आउँदैन । तर अरू मानिसहरू भन्दछन् – उन्मत्त र मत्तको पनि संस्कार गर्नुपर्दछ । उनको संस्कारको होम आचार्यले नै सम्पन्न गर्दछन् । उपनयन गराउन सक्ने सुयोग्य आचार्यको समीपमा अथवा अग्निको समीपमा ती वटुहरूलाई ल्याएर उनीहरूलाई स्पर्श गर्दै आचार्यले गायत्रीजप गर्नुपर्दछ। विवाहकर्ममा कन्यादान छाडेर अरू सबै काम ब्राह्मणद्वारा गराउनुपर्दछ । यसरी नै ब्राह्मणले ल्याइताका रूपमा भित्र्याइएका पत्नीहरूबाट जन्मिएका कुण्ड र गोलक वर्गका वटुहरूको पनि संस्कार गर्नुपर्दछ ।

कात्यायनले भिक्षायाचन गर्दा गर्नुपर्ने विधिबारे भनेका छन् – सर्वप्रथम आमासँग नै गएर भिक्षा माग्नुपर्दछ। **पराशरमाधवीय**मा भनिएको छ– आमा, दिदी-बहिनी र आमाका दिदी-बहिनीहरूको सामु गई सर्वप्रथम भिक्षा माग्नुपर्दछ।

संस्कारलोप हुँदा प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै **शौनक** भन्दछन् – गर्भाधानदेखि लिएर चूडाकरणसंस्कारसम्मका नौ कर्महरू हुन्छन्, ती कर्म समयमा गरिएनन् भने '**ॐ भूः स्वाहा, ॐ भुवः स्वाहा,**

ॐ स्वः स्वाहा, ॐ भूर्भुवः स्वाहा' यी व्याहृतिहरूद्वारा अग्निको संस्कार र हवन गरेपछि क्रमानुसार समस्त कर्महरूको सम्पादन गर्नुपर्दछ ।

ब्रह्मचारीहरूका धर्मको विषयमा **याज्ञवल्क्य**को भनाइ यसप्रकार छ – ब्रह्मचारीले मधु र मांसको सेवन गर्न हुँदैन, अञ्जन एवं गाजल लगाउन हुँदैन, जूठो र अमिलिएको बासी पदार्थ खान हुँदैन र स्त्रीजाति एवं प्राणीहरूको हिंसा गर्नुहुँदैन, सूर्यको दर्शन गर्नुहुँदैन, अश्लील परिहास एवं विवाद गर्नुहुँदैन र कसैको निन्दा गर्नुहुँदैन । **मनु**ले भनेका छन् – ब्रह्मचारीले अभ्यञ्जन गर्न हुँदैन, आँखामा गाजल लगाउन हुँदैन, जुत्ता र छाता धारण गर्न हुँदैन । **पारिजात**मा **कूर्मपुराण**को वचनअनुसार भनिएको छ – 'ब्रह्मचारीले ऐना हेर्न हुँदैन, दन्तधावन गर्न हुँदैन, गुरुको जूठो औषधिका लागि प्रयोग गर्नुपर्दछ, आफ्नो इच्छाअनुसार गर्न हुँदैन ।' **प्रचेता** भन्दछन् – संन्यासी, ब्रह्मचारी र विधवा स्त्रीले ताम्बूलसेवन, अभ्यञ्जन कर्म र काँस्यपात्रमा भोजन गर्नुहुँदैन । **यम**ले भनेका छन् – ब्रह्मचारीले मेखला, मृगचर्म, दण्ड, कौपीन अर्थात् लङ्गोटी र कटिसूत्र नित्य धारण गर्नुपर्दछ । अग्निका लागि इन्धन अर्थात् दाहुरा, भिक्षावृत्ति र भूमिशयनका नियम पालन गर्दै ब्रह्मचारीले सर्वदा गुरुको हित गर्नुपर्दछ।

आश्वलायन ब्रह्मचारीले धारण गर्ने मेखलाको विषयमा बताउँदै भन्दछन् – ब्राह्मणले मूँजको मेखला, क्षत्रियले धनुषको ताँदोको मेखला र वैश्यले भेडाको ऊनबाट बनाइएको मेखला धारण गर्नुपर्दछ । **आचार्य**ले भनेका छन् – तीन दोब्री पारिएको सूतको मेखलालाई तीन पटकसम्म बाटेर बराबर बनाउनुपर्दछ । मोटो र पातलो बनाउनु हुँदैन । मेखलामा तीन, पाँच अथवा सातवटा गाँठा पार्नुपर्दछ ।

अब दण्डको विषयमा विचार गरिन्छ । **मनु** भन्दछन् – बेल र पलाँशको दण्ड ब्राह्मणका लागि उपयुक्त हुन्छ । वर तथा खयरको दण्ड क्षत्रियका निमित्त राम्रो हुन्छ । **पिलु** – दाँते ओखरको वृक्षको दण्ड र डुम्रीको दण्ड वैश्यका लागि उपयोगी हुन्छ । सबै वर्णका वटुहरूले आ–आफ्नो वर्णका निमित्त अधिकृत दण्डहरूलाई धर्मपूर्वक धारण गर्नुपर्दछ । उक्त दण्डहरूको अभावमा गौतमले भनेका छन् कि यदि माथि बताइएका विभिन्न वृक्षका दण्डहरू उपलब्ध नभएमा यज्ञमा प्रयोग गरिने काठबाट दण्ड तयार गर्नुपर्दछ । जसको उँचाई पैतालादेखि शिरसम्म अथवा निधारसम्म अथवा नाकको टुप्पासम्म हुनुपर्दछ ।

आश्वलायन वटुहरूको वस्त्रसम्बन्धी नियम बताउँदै भन्दछन् – ब्राह्मणले धारण गर्ने नयाँ वस्त्र एक पटक पखालिएको मृगचर्मबाट बनेको हुन्छ, क्षत्रियले धारण गर्ने वस्त्र चित्रमृगबाट बनेको हुन्छ र वैश्यले धारण गर्ने वस्त्र बाख्राको छालाबाट बनाइएको हुन्छ । **गौतम**ले भनेका छन् – वस्त्र र अजिन – मृगचर्ममा पनि विकल्प छ। वस्त्रको चर्चा गर्दा विकार नभएको शुद्ध हुनुपर्दछ भनिएको छ ।

यज्ञोपवीतको विषयमा विचार गर्दै **पारिजात**मा **देवल** भन्दछन् – कपास, रेशम, गाईका रौँ, सन र वल्व अर्थात् बाबियो खरबाट उत्पन्न यज्ञोपवीत द्विजातिले धारण गर्नुपर्दछ । पवित्र देशमा पवित्र सूतले बाटिएको बूढीऔंलाको फेदबाट कान्छी औंलाको फेदसम्म ९६ पटक दोहोऱ्याएर अनि त्यसपछि तेहऱ्याई जलसँग सम्बद्ध तीन मन्त्रहरूद्वारा राम्ररी पखालेर वामावर्त बाटी तेब्र्याएर फेरि दक्षिणावर्त बाटी तेब्र्याएपछि तीन तन्तु भएको एउटा जनै तयार हुन्छ । उक्त किसिमबाट तीन–तीन तन्तु भएका जनै तयार गरेपछि सावित्रीबाट तीन वटा तन्तु भएका जनैलाई प्रदक्षिणावर्त गरी बाट्दा ९ तन्तु भएको एकजोर जनै तयार हुन्छ । तिनमा ब्रह्मा, विष्णु र शङ्करको अस्तित्व रहेको भावना गरी ती देवतालाई प्रणाम गर्नुपर्दछ ।

यज्ञोपवीत निर्माण गर्दा प्युरी वा कपासबाट धागो कात्नुपर्दछ । अथवा बजारमा पाइने काँचो धागो

ल्याउनुपर्दछ । यो धागोलाई बूढी औंलाको बीचदेखि कायतीर्थ (कान्छी औंला र करभको बीच) सम्म जाने गरी ९६ पटक आफ्नो हातमा बेर्नुपर्दछ । यसलाई तेब्र्याउनुपर्दछ । यो धागोलाई खिरिलो हुने गरी बाट्नुपर्दछ । यसरी बाटिएको धागोलाई पुनः तेब्र्याई खिरिलो हुने गरी बाट्नुपर्दछ । धागोको टुप्पा-टुप्पामा पवित्राकार ग्रन्थि (गाँठो) बनाउनुपर्दछ । अब यो धागो शिखा बनाउन उपयुक्त हुन्छ ।

शिखा पार्दा धागोको टुप्पोलाई दाहिने हातको औंलाका छेउहरूले समाती धागोलाई तलतिर लर्काउनुपर्दछ। यो धागोलाई देब्रे हातको बूढी औंला र अरू चार औंलाको बीचमा पर्ने गरी देब्रे हात उल्टो पारी हातले घुमाउनुपर्दछ र देब्रे हातलाई ऐना हेरेजस्तै गरी आफ्नो अगाडि पार्नुपर्दछ । धागोको टुप्पोलाई माझी औंला र साहिँली औंलाको बीचबाट हत्केलामा ल्याई यो धागोको टुप्पोलाई माथिबाट एकपटक घुसार्नुपर्दछ । यो घुसारेको टुप्पोलाई नखुस्कने गरी देब्रे हातको बूढी औंलामा बेर्नुपर्दछ । अब तल रहेको रहेको गुजुल्टो धागोलाई तल रहेको आफ्नो दाहिने घुँडा वा दुई गोडाले च्यापेको लठ्ठीमा तलतिर घुसारी फेरि हाततर्फ ल्याउनुपर्दछ । बूढी औंला र चोर औंलाको बीचबाट ल्याइएको यो धागोको गुजुल्टोलाई माझी र साहिँली औंलाको बीचबाट एकपटक तलतिर घुसार्नुपर्दछ । फेरि यो गुजुले धागोलाई माझी र साहिँली औंलाको बीचबाट ल्याई तल रहेको दुई धागोको बीचबाट ल्याई हत्केलामा रहेको धागोमा दुईपटक घुसार्नुपर्दछ । यो गुजुल्टो धागोलाई हत्केलाको धागो जहाँ गएको छ उहीँ-उहीँ लैजानुपर्दछ । फेरि पूर्ववत् दुईपटक यही काम गर्नुपर्दछ । अन्त्यमा गुजुल्टो धागोको टुप्पो र पहिले देब्रे हातको बूढी औंलामा बेरेको दुई धागोको टुप्पो जोडी पवित्राकार ग्रन्थि (गलेगाँठो) बनाउनुपर्दछ । यसलाई फेरि पवित्राकार ग्रन्थि बनाई ग्रन्थिको बीचमा देब्रे हातका औंला राखी धागो सेप्तै जानुपर्दछ । यसरी बनेको पवित्राकार ग्रन्थिलाई यौटै ग्रन्थिमा परिणत गर्दा एक्ले जनै हुन्छ । यस्तै अर्को एक्ले बनाई मिसाउँदा एकजोर जनै बन्छ ।

यज्ञोपवीत चुँडिएमा दश पटकसम्म जलले अभिमन्त्रित गर्नुपर्दछ । भुइँमा खसेको, चुँडेको र भोजन गरेपछि निर्माण गरिएको यज्ञोपवीत त्याग गर्नुपर्दछ । यज्ञोपवीतसंस्कारको लोप भएमा प्रायश्चित्त गर्नुपर्ने विषयमा मनुले यसरी भनेका छन् - ब्रह्मचारीले यज्ञोपवीतसंस्कार लोप भएमा भिक्षा माग्ने काम र अग्निमा समिधा दिने काम गर्न हुँदैन । प्रायश्चित्तका लागि ७ दिनसम्म धैर्यपूर्वक अवकीर्णिव्रत अर्थात् अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अक्रोधको पालन, गुरुसेवा र शुद्ध आहार गरी सम्पन्न गरिने व्रत गर्नुपर्दछ ।

स्मृत्यर्थसारमा भनिएको छ- सन्ध्या र अग्निकार्य लोप हुँदा ब्रह्मचारीले स्नान गरेर **मानस्तोके०** मन्त्रको ८००० जप गर्नुपर्दछ । भिक्षालोप गरेमा त्यही मन्त्र १०८ पटक जप्नु पर्दछ । बारम्बार सन्ध्या र अग्निकार्यको लोप भएमा जति पटक लोप हुन्छ त्यसको दुई गुणा जप गरी त्यसको संस्कार गर्नुपर्दछ । **अपरार्क**मा **संवर्त**ले भनेका छन् - जुन ब्रह्मचारीले विधिपूर्वक सन्ध्याको उपासना र अग्निको उपासना गर्दैन त्यसले स्नान गरी सावधान भएर ८००० गायत्री जप गर्नुपर्दछ ।

विभिन्न कारणबाट पहिले उपनयन गरिएका बालकको पुनः उपनयन गर्नुपर्ने विषयमा **शातातप** भन्दछन् - लसुन, गाजर, प्याज, तमाखुको सेवन गरेपछि पुनः उपनयन गर्नुपर्दछ । यसैगरी ऊँटनी, कुकुर्नी, हथिनी, घोडी अथवा गधीको दूध पिएपछि पनि पुनः उपनयन गर्नुपर्दछ । यसरी उपनयन गर्नुभन्दा पहिले तप्तकृच्छ्र नामक प्रायश्चित्त गर्नुपर्दछ ।

बौधायनसूत्रमा भनिएको छ - उपनीत वटुले मह, मासु, श्राद्धान्न र सूतकान्न खान हुँदैन । ब्याएका गाईको १० दिनसम्मको दूध खानु हुँदैन । च्याउ र वृक्षको चोप खान हुँदैन । अरूलाई रुवाएर ग्रहण गरिएको अन्न, गणान्न अर्थात् सामूहिक अन्न र पञ्चायतको अन्न खान हुँदैन । वेश्याहरूको अन्न खान हुँदैन । उक्त अन्नहरू खाएमा पुनः

संस्कार गर्नुपर्दछ ।

स्नातकहरूको व्रत बताउँदै **व्यास** भन्दछन् – 'दुई यज्ञोपवीत, जलले भरिएको कमण्डलु, छाता, सफा सुन्दर फेटा, खराऊ, जुत्ता, सुनका कुण्डल, कुशको पुञ्ज साथमा लिई, केश र नङ नकाटीकन पवित्र अवस्थामा ब्रह्मचारी रहनुपर्दछ ।'

मनुले भनेका छन् – ब्रह्मचारीले अरूले धारण गरेका जुत्ता, वस्त्र, यज्ञोपवीत, अलङ्कार, माला र कमण्डलु ब्रह्मचारीले धारण गर्नुहुँदैन । **अथर्ववेदमा** भनिएको छ –

आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भमन्तः ।
तं रात्रिः तिस्त्र उदरे बिभर्ति तं जातं द्रष्टुमभियन्ति देवाः ।।

– आचार्यले उपनयनसंस्कारपछि वटुलाई ब्रह्मचर्यधारण गर्ने आदेश दिएर मानौं आफैले आफूभित्र प्रवेश गराउँछन् । त्यो ब्रह्मचारी तीन रातसम्म गुरुको नजिकमा बस्दछ । त्यसपछि द्विज बालक बनेर फेरि जन्म लिन्छ। त्यसलाई हेर्न भनी देवता पनि एकत्रित हुन्छन् । यसरी गुरु र शिष्यको आत्मीय सम्बन्ध बताउने उपनयनसंस्कारको महिमा वेदले पनि बताएको छ । मनु भन्दछन् – जबसम्म यज्ञोपवीत गरिँदैन तबसम्म बालकलाई सन्ध्यावन्दन आदि कर्म गर्ने अधिकार हुँदैन । मौञ्जीबन्धनपछि गायत्री बालककी आमा बन्दछन् र पिताको स्थानमा गायत्रीमन्त्र सुनाउने गुरु हुन्छन् । यसरी साधारण बालकले व्रतबन्धसंस्कारपछि असाधारण ज्ञानमय शरीर प्राप्त गर्दछ । ब्रह्मचारीले धारण गर्ने सूत्रलाई ब्रह्मसूत्र वा यज्ञोपवीत भनिन्छ ।

गुरुले यज्ञोपवीत धारण गराउने क्रममा शिष्यको काँधमा हात राखेर भन्दछन् – **मम व्रते ते हृदयं दधामि। मम चित्तमनुचित्तं तेऽस्तु । मम वाचमेकमना जुषस्व बृहस्पतिष्ट्वा नियुनक्तु मह्यम् ।।** – 'हे बालक ! मेरो ब्रह्मव्रतमा तिम्रो हृदय ग्रहण गर्दछु । तिमीले सधैं आफ्नो चित्त मेरो अनुकूल बनाउनुपर्दछ । एकाग्रचित्तले मेरा वचन श्रवण गर । देवगुरु बृहस्पतिले तिमीलाई मसँग जोडिराखुन् ।' यस्तो स्नेहपूर्ण शब्दावलीद्वारा गुरुले शिष्यलाई आफूप्रति आकृष्ट गराई विद्याध्ययनमा रुचि जगाउने काम गर्दछन्। यसरी रुचि जगाएपछि गायत्रीको उपदेश गर्ने क्रममा शिष्य पूर्णतया गुरुको अनुकूल बनिसकेको हुन्छ। ब्रह्मचारीले धारण गर्ने ब्रह्मसूत्रको महत्त्व बताउँदै भनिएको छ –

सूचनाद् ब्रह्मतत्त्वस्य वेदतत्त्वस्य सूचनाद् । तत्सूत्रमुपवीतत्वाद् ब्रह्मसूत्रमिति स्मृतम् ।।

ब्रह्मतत्त्वको र वेदतत्त्वको सूचना दिनाले र धारणसमेत गरिने हुनाले त्यो यज्ञोपवीत ब्रह्मसूत्रका नामबाट सम्बोधित हुन्छ । ईश्वरीय ज्ञान अथवा वेदलाई साक्षात्कार गर्नुभन्दा पहिले नै यज्ञोपवीत धारण गर्ने परम्परा बसिसकेको कुरा यज्ञोपवीत धारण गर्दा उच्चारण गरिने तल लेखिएको मन्त्रले प्रमाणित गर्दछ –

यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात् ।
आयुष्यमग्रं प्रतिमुञ्चशुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।।

यज्ञोपवीत परमपवित्र धारणीय वस्तु हो । यसको आविर्भाव ब्रह्माजी सँगसँगै भएको हो । ब्रह्माजीको अवतरण हुँदा उहाँको छातीमा यज्ञोपवीत झुण्डिएको थियो । यस्तो महत्त्वपूर्ण यज्ञोपवीतले आयु, बल र तेजको वृद्धि गराउँछ । यज्ञोपवीत धारण गरेपछि मात्र वटुलाई व्रत गर्ने अधिकार प्राप्त हुन्छ ।

उपनयन आठौं वर्षमा गरिने विषयमा पनि एउटा विज्ञान लुकेको छ । शास्त्रहरूमा ३३ देवता मानिएका छन्- ८ वसु, ११ रुद्र, १२ आदित्य, इन्द्र र प्रजापति । उक्त देवताहरूमा वसु ब्राह्मण, रुद्र – क्षत्रिय र आदित्य वैश्यरूप मानिएका छन् । वसुहरूमा अग्नि प्रथम वसु हुन् । ब्राह्मणलाई पनि अग्निको रूप मानिएको छ । त्यसैले

वसु र ब्राह्मणको सम्बन्ध छ । वसुको संख्या आठ भएकाले ब्राह्मणको उपनयन आठौं वर्षमा गर्नुपर्ने कुरा विधान गरिएको छ । रजोगुणप्रधान रुद्र एघार छन् । तिनीहरूलाई क्षत्रिय जातिका देवता मानिएको छ । त्यसैले शक्तिसञ्चयका लागि गरिने क्षत्रियको उपनयनसंस्कार एघारौं वर्षमा गर्नुपर्दछ । आदित्य वैश्यहरूका देवता हुन् । आदित्यले किरणद्वारा संसारको पोषण गर्दछन् भने वैश्यहरूले पनि वाणिज्य, व्यवसाय, पशुपालन, कृषि आदिद्वारा संसारको भरणपोषण गर्दछन् । तसर्थ वैश्यकुमारको उपनयन बाह्रौं वर्षमा गरिन्छ । ब्राह्मणको स्वभाव शान्त हुने हुँदा ब्राह्मण कुमारको उपनयन वसन्त ऋतुमा गरिन्छ । क्षत्रियजाति पराक्रमी र तेजस्वी हुने हुँदा क्षत्रियवटुको उपनयन ग्रीष्मऋतुमा गरिन्छ । धनधान्यद्वारा संसारको पोषण गर्ने वैश्यजातिका वटुको उपनयनसंस्कार धनधान्यको ऋतु शरद्मा सम्पन्न गरिन्छ । यसरी गुण-कर्मअनुसार विधान गरिएको यज्ञोपवीतसंस्कार वैदिकपरम्परामा आबद्ध र कर्मनिष्ठ व्यक्तिहरूका निमित्त पूर्ण वैज्ञानिक छ र फलदायक पनि ।[९१]

यज्ञोपवीतको बीचमा पारिने ग्रन्थिलाई **ब्रह्मग्रन्थि** भनिन्छ । यसले जीव-जगत् ब्रह्मबाट पैदा हुन्छ र ब्रह्ममा नै लीन हुन्छ भन्ने कुरा उद्बोधन गराइरहन्छ । **ब्रह्मग्रन्थि** आफ्नो प्रवर संख्याअनुसार बनाउनुपर्ने कारण पनि आफ्ना उदात्त पूर्वजहरूको पुण्यस्मृति नै हो ।

५.१९ विद्यारम्भ

उपनयनसंस्कारपछि उपनीत वटुलाई वेदारम्भ गराउने संस्कारलाई **विद्यारम्भ** वा **वेदारम्भ** भनिन्छ । यो संस्कार श्रुतिस्मृतिमा प्रसिद्ध छ । यसको आरम्भ गर्दा ब्राह्मणवरण, अग्निस्थापना र वेदारम्भसम्बद्ध होम गरिन्छ। अन्तरिक्ष, वायु, ब्रह्मा, छन्द यी यजुर्वेदका देवता, पृथ्वी, अग्नि, ब्रह्मा, छन्द यी ऋग्वेदका देवता, द्यु, सूर्य, ब्रह्म, छन्द यी सामवेदका देवता, दिशा, चन्द्रमा, ब्रह्म र छन्द यी अथर्ववेदका देवतालाई आहुति दिएपछि प्रजापति, देवता, ऋषि, श्रद्धा, मेधा, सदसस्पति र अनुमतिलाई आहुति दिइन्छ । त्यसपछि महाव्याहृति होम गरी प्राजापत्यहोम गरिन्छ। प्रणीताविमोक, बर्हिहोम आदि कृत्य गरेपछि मन्त्र सुनाउने गुरुले बालकलाई वेदारम्भ गराउँछन् । यसमा यजुर्वेद, सामवेद, ऋग्वेद र अथर्ववेदका मन्त्रहरूको पाठका लागि विनियोग गराएपछि प्रत्येक वेदका मन्त्रहरू पढाइन्छ ।

निर्णयसिन्धुमा बालकले पाँचौं वर्षमा लागेपछि अक्षरारम्भ गर्नुपर्ने कुरा बताइएको छ । अक्षरारम्भ गराउँदा फाल्गुनमहिना छाडी उत्तरायणमा गर्नुपर्ने कुरा बताइएको छ । **श्रीधर**को मतअनुसार हस्ता, पुनर्वसु, स्वाती, अनुराधा, ज्येष्ठा, रेवती, अश्विनी, चित्रा र श्रवणनक्षत्रमा मङ्गल र शनिको नवमांश छाडी स्थिर र द्विस्वभाव लग्नमा शुक्लपक्षका प्रतिपदा, षष्ठी, अष्टमी र रिक्तातिथि छाडी अक्षरारम्भ गराउनुपर्ने कुरा बताइएको छ । नारायण, लक्ष्मी, सरस्वती, आफ्नो वेद, सूत्रकार र आफ्नो विद्याको पूजा गरेर तिनकै नाममन्त्रद्वारा होम गरी विद्यारम्भ गर्नुपर्दछ । यज्ञोपवीतपछि वेदारम्भ गरेर गुरुकुलमा अध्ययन गर्ने छात्रहरूले चार किसिमका वेदव्रत गरेपछि वेदाध्ययन सम्पन्न गर्दछन् । वेदव्रतअन्तर्गत महानाम्नीव्रत, महाव्रत, उपनिषद्व्रत र गोदान रहेका छन् । त्यसपछि समावर्तनसंस्कार अर्थात् दीक्षान्त समारोह गर्नुपर्ने विषय निर्णयसिन्धु र विभिन्न सूत्रग्रन्थ, स्मृतिग्रन्थ र निबन्धग्रन्थहरूमा बताइएको छ ।

५.२० केशान्तसंस्कार

द्विजहरूको सोह्रौं वर्षमा वा सोह्र वर्ष पूरा भएपछि कपाल काट्नका लागि गरिने संस्कार नै केशान्तसंस्कार हो । यसैलाई गोदानसंस्कार पनि भनिन्छ । हिजो-आज यो संस्कार उपनयन गर्ने दिन नै गरिन्छ ।

---

९१. माधवाचार्य, पूर्ववत्, पृ. ४६३-५१५ ।

५.२१ समावर्तनसंस्कार

गुरुकुलमा वेदाध्ययन र वेदव्रत सम्पन्न गरी गुरुलाई दक्षिणा टक्र्याएर घर फर्किने प्रसङ्गमा गुरुकुलमा नै सम्पन्न गरिने संस्कारलाई समावर्तनसंस्कार भनिन्छ । समावर्तन शब्दको अर्थ गुरुकुलबाट घर फर्किनु हो । हिजो-आज यो संस्कार व्रतबन्ध गर्ने दिन नै गरिन्छ । समावर्तनसंस्कारलाई स्नान भन्ने चलन पनि छ । गुरुकुलमा स्नान गरी घर फर्केका ब्रह्मचारीहरू विवाह नगरेसम्म स्नान गरेका कारण स्नातक कहलाउँछन् ।

५.२२ विवाहसंस्कार

वैदिक सनातन धर्ममा विवाहसंस्कारलाई सर्वोच्च मान्यता प्रदान गरिएको छ । प्रचलित पद्धतिहरूमा विवाहसंस्कारका मुख्य विषय यसप्रकार छन् - वाग्दानविधि, वरणविधि, वरपूजन, कन्यादान, विवाहहोम, गुप्ताहुति, लाजाहोम, अश्मारोहण, गाथागान, सप्तपदी, सूर्यदर्शन, ध्रुवदर्शन, सिन्दूरदान, आदित्यदुहिता र शैलराजदुहिता मन्त्रपाठ, पूर्णाहुति र चतुर्थीकर्म ।

याज्ञवल्क्यले आफ्नो स्मृतिको आचाराध्यायमा भनेका छन् - जसको ब्रह्मचर्य खण्डित भएको छैन त्यस्तो ब्रह्मचारीले अत्यन्त सुन्दर लक्षण भएकी, पहिले कसैलाई पनि वाग्दानद्वारा प्रदान नगरिएकी, अत्यन्त राम्री, सपिण्डभित्र नपर्ने, वरभन्दा कान्छी, कुनै रोग नभएकी, दाजु-भाइ भएकी, एउटै प्रवर र गोत्र नभएकी र नारीहरूका सबै बाहिरी एवं भित्री उत्तम लक्षणले युक्त भएकी कन्यासँग विवाह गर्नुपर्दछ । आभ्यन्तर लक्षणको बारेमा आश्वलायनले पिण्डपरीक्षाको विधि यसरी बताएका छन् - धान भएको खेतबाट, गौशालाबाट, पूजा गरेको वेदीबाट, तलाउबाट, जूवा खेल्ने ठाउँबाट, चौबाटोबाट, मरुभूमिबाट र मसानबाट चोखो माटो ल्याएर आठ वटा डल्ला तयार गर्नुपर्दछ । त्यसपछि **ऋतमग्रे०** इत्यादि मन्त्रबाट पिण्डहरूलाई अभिमन्त्रण गरी कुमारीलाई भन्नुपर्दछ कि 'तिमी आठ पिण्डमध्ये एउटा पिण्ड उठाऊ ।' कुमारीले धान भएका खेतको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान अन्नसम्पत्तिले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । गौशालाबाट ल्याएको पिण्ड उठाएमा कुमारीबाट जन्मिने सन्तान पशुधनले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । यज्ञको वेदीबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान ब्रह्मचर्य र ब्रह्मतेजले युक्त हुनेछन् भन्नुपर्दछ । तलाउबाट ल्याएको पिण्ड उठाएमा कुमारीबाट जन्मिने सन्तान सम्पूर्ण समृद्धिले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । जूवा खेल्ने ठाउँबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान छलकपटले युक्त हुनेछन् भन्ने बुझ्नुपर्दछ । चौबाटोबाट ल्याएको माटो उठाएमा तिनका सन्तान स्वैराचारी हुनेछन् भन्ने बुझ्नुपर्दछ । मरुभूमि वा कुनै घाँस पात नभएको ठाउँबाट ल्याएको माटो उठाएमा जन्मिने सन्तान दुर्भाग्यसम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ र मसानबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान आफ्ना पति वा आफ्ना मालिकहरूलाई मार्ने हुनेछन् भन्ने बुझ्नुपर्दछ ।

मनु भन्दछन् - जुन कन्या माता एवं पिताको सपिण्डभित्रकी हुँदैनन् र पिताको गोत्रभित्रकी हुँदैनन् ती कन्या द्विजातिका निमित्त विवाह र यज्ञकर्मका लागि उपयुक्त हुन्छिन् ।

सपिण्डशब्दले शरीरको सम्बन्धबाट भएका छोरा, नाति, पनातिलाई बुझाउँछ । एउटै माता-पिताका शरीरका अवयवहरू पुत्र, पौत्र, आदि परम्पराबाट रगत र वीर्यका रूपमा तीन पुस्तासम्म मिलेर रहेका हुन्छन् । पत्नीको पतिका साथ र भाइका पत्नीहरूको आपसमा यो सपिण्ड सम्बन्ध हुँदैन तापनि आधारसम्बन्धले अर्थात् पत्नीरूपी आधारमा पतिले पुत्र-पुत्रीहरू उत्पादन गर्ने हुनाले पति-पत्नीको सापिण्ड्यसम्बन्ध मान्नुपर्दछ । **'अस्थिभिरस्थीनि'** अस्थिका साथमा अस्थि मिलाउँछु भन्ने मन्त्रको भनाइबाट एउटै पिताका शरीरका अवयव छोराद्वारा बुहारीमा

सारिएका हुन्छन् । अर्थात् पतिले पत्नीमा गर्भाधान गर्दा पतिको वीर्य पत्नीको गर्भाशयमा बढ्ने हुँदा पति–पत्नीको सम्बन्ध हुनजान्छ भन्ने कुरा **मदनरत्न, पारिजात** र **मिताक्षरा**मा बताइएको छ ।

मानव शरीर ६ कोषले बनेको छ । यसमा तीन पितातर्फका कोष र तीन मातातर्फका कोषहरू हुन्छन् । पिताको वीर्यबाट हाड, नसा, बोसो बन्दछन् । माताको शोणित अर्थात् रगतबाट छाला, मासु र रगतको निर्माण हुन्छ । वास्तवमा एउटै व्यक्तिले गरिने पिण्डदानको क्रियामा समन्वित हुन आउने जुन–जुन व्यक्तिहरू छन् वा पुस्ताहरू छन् तिनको सम्बन्धलाई सापिण्ड्यसम्बन्ध भन्नुपर्दछ ।

मत्स्यपुराणमा भनिएको छ – पिता, पितामह, प्रपितामहभन्दा पछिल्लो वृद्धप्रपितामहदेखि गणना गरिने तीन पुस्ताले श्राद्ध गर्दा गरिने पिण्डदानको लेपभाग मात्र पाउँछन् । पिता, पितामह, प्रपितामह पिण्डका अधिकारी हुन्छन् । पिता, पितामह, प्रपितामह तीन पुस्ता, त्यसभन्दा पछि वृद्धपितामह आदि तीन पुस्ता र कर्तासमेत गरी सात पुस्ता हुन्छ । तसर्थ सातपुस्तासम्म सापिण्ड्य रहन्छ ।

जेठा बुबा, क़ान्छा बुबामा पनि सापिण्ड्य सम्बन्ध रहेको हुन्छ । किनकि उनीहरूले श्राद्ध गर्दा एउटै पितृदेवतालाई पिण्ड प्रदान गर्दछन् । जस्तै – देवदत्तले श्राद्ध गर्दा जुन पितृदेवता हुन्छन् ती पितृदेवतालाई अर्को भाइ श्यामदत्तले श्राद्ध गर्दा आफ्नै देवता मानेर पूजा गर्दछ । यसकारण देवदत्त र श्यामदत्तको सापिण्ड्यसम्बन्ध हुन्छ । जेठी आमा वा कान्छी आमाले पनि आफ्ना पतिले गरेको श्राद्धमा समान अधिकार पाएको हुँदा उनीहरूको पनि सापिण्ड्य सम्बन्ध हुन्छ । किनकि जेठी आमा, कान्छी आमा आदिका पतिका पिण्डको पितामह, प्रपितामह एउटै भएको हुँदा सम्बन्ध रहेको हुन्छ र सापिण्ड्यसम्बन्ध भएका कारण ती परिवार एकतामा प्राप्त हुन्छन् अर्थात् एउटै परिवार मानिन्छन् ।

माताको कुलमा पाँच पुस्तासम्म र पिताको कुलमा सात पुस्तासम्म सापिण्ड्य सम्बन्ध रहन्छ भन्ने **याज्ञवल्क्य**को वचनबाट यो सम्बन्ध माता र पिताका कारण भएको हो भन्ने कुरा ज्ञात हुन्छ । तोकिएको पुस्तापछि अर्थात् मातातर्फको पाँच पुस्ता र पितातर्फको सात पुस्तापछि सापिण्ड्य सम्बन्ध रहँदैन ।

विश्वरूपनिबन्धमा भनिएको छ – पिताका बन्धुहरूमा सात पुस्तामाथि र माताका बन्धुहरूमा पाँच पुस्तामाथिका सन्तानहरूको सापिण्ड्य रहँदैन । त्यसकारण गणना गर्दा बुद्धिमान् मानिसले मूलपुरुषबाटै पुस्ताको गणना आरम्भ गर्नुपर्दछ । मूलपुरुषबाट सात पुस्ता नाघेको वर र पाँच पुस्ता नाघेकी कन्याको विवाह गर्दा दुवैतर्फ ३ गोत्र फेरिएको हुनुपर्दछ । विवाह गर्न हुन्छ । पाँच पुस्ता ननाघीकन र सात पुस्ता ननाघीकन जुन वर–कन्याको विवाह हुन्छ, तिनीहरू विभिन्न क्रियामा तत्पर रहेतापनि पतित अथवा शूद्र मानिन्छन् ।

क) तीन गोत्र

पुस्ता पुगेर विवाह गर्दा पनि तीनवटा गोत्र फेरिएको अवस्थामा मात्र विवाह गर्न हुन्छ । मातामहको गोत्रबाट तीन गोत्र नाघेपछि विवाह गर्न हुने कुरा बताइएको छ, आफ्नो गोत्रबाट होइन । अन्यथा पिताका पितामहकी कन्यातर्फकी जुन पनातिनी – पितामहकी कन्या, तिनकी कन्या, तिनकी पनि कन्या र तिनकी कन्या छन् ती पनि विवाह योग्य हुन आउनेछन् । त्यसकारण मातामहको गोत्रको अपेक्षाबाट तीन गोत्रको अन्तरमा विवाह प्रसङ्ग गर्नुपर्दछ भन्ने कुरा गौडग्रन्थहरूमा बताइएको छ । बृहन्मनुले भनेका छन् – सौतेनी आमाबाट जन्मिएका सन्तानको सात पुस्ता र पाँच पुस्ता नपुगे पनि तीन गोत्रको अन्तर परेमा विवाह गर्न हुन्छ ।

ख) गोत्रलक्षण

प्रवरमञ्जरीमा **बौधायन**ले गोत्रको लक्षण गर्दै भनेका छन् कि विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वसिष्ठ र कश्यप यी सात ऋषि हुन् । यी ऋषिहरूका साथै आठौं ऋषि अगस्त्यका जति सन्तान संसारमा

फैलिएका छन्, तिनलाई गोत्र भनिन्छ ।

ग) प्रवर

उत्तम प्रकृतिको वरणलाई प्रवर भनिन्छ अर्थात् जसलाई उत्तम पात्र मानेर यज्ञमा वरण गरिन्छ तिनलाई प्रवर भन्दछन् । अर्को अर्थमा अग्निप्रार्थनालाई पनि प्रवर भनिएको छ । कल्पसूत्रका कल्पकार होता र अध्वर्युको नामबाट जसको वरण गरिन्छ ती प्रवर हुन् भन्ने कुरा कल्पसूत्रमा बताइएको छ । कल्पसूत्रमा **आश्वलायन**हरूको मन्त्र छ – **'अग्ने महाँ असि ब्राह्मण भारत'** इत्यादि र **'अग्निर्देवो होता देवान्'** इत्यादि यी दुईमध्ये पहिलो मन्त्र होता र दोस्रो अध्वर्युको मन्त्र हो । यसमा आचार्य वसिष्ठ हुन्छन् । वसिष्ठसमान अध्वर्युले अग्निको प्रार्थना गर्दछ । **आदिशब्दबाट** भार्गव, च्यवन, आप्तवान्, और्व, जामदग्नि आदि होताको ग्रहण गरिएको छ । जुन ऋषिहरूले अग्निप्रार्थना गरेका थिए, तिनको परम्परा नै प्रवर हो । कहीँ कहीँ यो प्रवरलाई गोत्रका रूपमा पनि लिएको देखिन्छ।

घ) गोत्र र प्रवरको निरूपण

बौधायनले भनेका छन् – गोत्र त हजार, लाख, दश लाख त के कुरा अरबौं छन् । ती अरबौं गोत्रमध्ये ४९ प्रमुख गोत्र छन् । ती गोत्रलाई ऋषिहरूले अनुभव गरेका छन् । ती असङ्ख्य गोत्रमध्ये मुख्य गोत्र र तिनका प्रवरको निरूपण गरिन्छ । गोत्रका मुख्य गण यसप्रकार छन् – १. भृगुगण २. आङ्गिरसगण, ३. भारद्वाजगण, ४. केवलाङ्गिरसगण, ५. अत्रिगण, ६. विश्वामित्रगण, ७. कश्यपगण, ८. वसिष्ठगण र ९. अगस्त्यगण ।

१. भृगुगणीय गोत्र

भृगुगणअन्तर्गत मुख्य सात गोत्र रहेका छन् – वत्स, विद, आर्ष्टिषेण, यास्क, मित्रयुव, वैन्य र शुनक ।

गोत्र	प्रवर
वत्स-	भार्गव, च्यावन, आप्नवान, और्व, जामदग्न्य अथवा भार्गव, और्व, जामदग्न्य अथवा भार्गव, च्यावन, आप्नवान
विद -	भार्गव, च्यावन, आप्नवान, और्व, वैद अथवा भार्गव, और्व, जामदग्न्य
आर्ष्टिषेण -	भार्गव, च्यावन, आप्नवान, आर्ष्टिषेण र अनूप अथवा भार्गव, आर्ष्टिषेण र अनूप
यास्क -	भार्गव, वैतहव्य, सावेदस ।
मित्रयुव -	भार्गव, दाध्र्यश्व, दैवोदास अथवा भार्गव, च्यवन, दैवोदास अथवा दाध्र्यश्व ।
वैन्य -	भार्गव, वैन्य र पार्थ ।
शुनक -	शौनक अथवा गार्त्समद अथवा भार्गव-गार्त्समद अथवा भार्गव, शौनहोत्र र गार्त्समद।

२. आङ्गिरसगणीय गोत्र

आङ्गिरसगणअन्तर्गत मुख्य तीन गोत्र रहेका छन् – गौतम, भारद्वाज र केवलाङ्गिरस ।

गौतमगोत्रअन्तर्गत दश उपगण रहेका छन् – आयास्य, शरद्वान्, कौमण्ड, दैर्घतमा, औशनस, कारेणुपालेय, राहूगण, सोमराजक, वामदेव र बृहदुक्थ्य ।

गोत्र	प्रवर
आयास्य -	आङ्गिरस, आयास्य र गौतम ।
शरद्वान् -	आङ्गिरस, गौतम र शारद्वत ।

कौमण्डगण – आङ्गिरस, औतथ्य, काक्षीवत, गौतम र कौमण्ड अथवा आङ्गिरस, आयस्य, औशिज, गौतम, काक्षीवत अथवा आङ्गिरस, औतथ्य, गौतम, औशिज, काक्षीवत अथवा आङ्गिरस, औशिज, काक्षीवत ।
दैर्घतमस – आङ्गिरस, औतथ्य, काक्षीवत, गौतम र दैर्घतमा अथवा आङ्गिरस, औतथ्य र दैर्घतमा।
औशनस – आङ्गिरस, गौतम, औशनस ।
कारेणुपालेय – आङ्गिरस, गौतम र कारेणुपालेय ।
राहूगण – आङ्गिरस, राहूगण र गौतम ।
सोमराजक – आङ्गिरस, सोमराजक र गौतम ।
वामदेव – आङ्गिरस, वामदेव्य र गौतम ।
बृहदुक्थ – आङ्गिरस, बार्हदुक्थ र गौतम अथवा आङ्गिरस, वामदेव्य र बार्हदुक्थ ।

३. **भारद्वाजगणीय गोत्र**

भारद्वाजगणअन्तर्गत मुख्य चार गोत्र रहेका छन् – भरद्वाज, गर्ग, ऋक्ष र कपि ।

गोत्र	प्रवर
भारद्वाज –	आङ्गिरस, बार्हस्पत्य र भारद्वाज ।
गर्ग –	आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, शैन्य र गार्ग्य अथवा आङ्गिरस, शैन्य र गार्ग्य अथवा आङ्गिरस, गार्ग्य, शैन्य अथवा भारद्वाज, गार्ग्य र शैन्य ।
ऋक्ष –	आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, वान्दन, मातवचस अथवा आङ्गिरस, वान्दन, मातवचस।
कपि –	आङ्गिरस, महीयव, औरुक्षयस ।

४. **केवलाङ्गिरसगणीय गोत्र**

केवलाङ्गिरसगणअन्तर्गत मुख्य छ गोत्र रहेका छन् – हारीत, कुत्स, कण्व, रथीतर, मुद्गल र विष्णुवृद्ध।

गोत्र	प्रवर
हारीत –	आङ्गिरस, आम्बरीष र यौवनाश्व अथवा मान्धाता, अम्बरीष र यौवनाश्व ।
कुत्स –	अङ्गिरस, मान्धातृ र कौत्स ।
कण्व –	आङ्गिरस, आजमीढ र कण्व अथवा आङ्गिरस, घोर र काण्व ।
रथीतर –	आङ्गिरस, वैरूप, राथीतर अथवा आङ्गिरस, वैरूप र पार्षदश्व अथवा अष्टादंष्ट्र, वैरूप, पार्षदश्व अथवा वैरूप, पार्षश्व र अष्टादंष्ट्र ।
मुद्गल –	आङ्गिरस, भार्मश्‍व र मौद्गल्य अथवा तार्क्ष्य, भार्माश्व र मौद्गल्य अथवा आङ्गिरस, तार्क्ष्य र मौद्गल्य ।
विष्णुवृद्ध –	आङ्गिरस, पौरुकुत्स्य र त्रासदस्य ।

५. **अत्रिगणीय गोत्र**

अत्रिगणअन्तर्गत मुख्य चार गोत्र रहेका छन् – अत्रि, वाद्‌भुतक, गविष्ठिर र मुद्गल । यिनमा

धनञ्जय, वामरथ्य, सुमङ्गल र बालेयसमेत जोडी ८ गण मानिएको पाइन्छ ।

गोत्र	प्रवर
अत्रि -	अत्रिय, अर्चनानस, श्यावाश्व ।
वाद्भुतक -	आत्रेय, अर्चनानस, वाद्भुतक ।
धनञ्जय -	आत्रेय, अर्चनानस, धनञ्जय ।
गविष्ठिर -	आत्रेय, अर्चनानस, गाविष्ठिर अथवा आत्रेय, गविष्ठिर एवं पौर्वातिथ ।
मुद्गल -	आत्रेय, अर्चनानस, पौर्वातिथ ।

६. **विश्वामित्रगणीय गोत्र**

विश्वामित्रगणअन्तर्गत मुख्य दश गात्र रहेका छन् - कुशिक, लोहित, रौक्षक, कामकायन, अज, कत, धनञ्जय, अघमर्षण, पूरण र इन्द्रकौशिक ।

गोत्र	प्रवर
कुशिक -	वैश्वामित्र, देवरात, औदल ।
लोहित -	वैश्वामित्र, अष्टक र लौहित अथवा अष्टक, लौहित र वैश्वामित्र अथवा वैश्वामित्र, माधुच्छन्दस र अष्टक अथवा वैश्वामित्र र अष्टक ।
रौक्षक -	वैश्वामित्र, गाथिन, रैवण अथवा वैश्वामित्र, रौक्षक, रैवण ।
कामकायन -	विश्वामित्र, देवश्रवस, दैवतरस ।
अज -	विश्वामित्र, माधुच्छन्दस र अज अथवा वैश्वामित्र, अश्मरथ, बाधूल ।
धनञ्जय -	वैश्वामित्र, माधुच्छन्दस, धानञ्जय अथवा वैश्वामित्र, माधुच्छन्दस, अघमर्षण।
कत -	वैश्वामित्र र कात्याकील ।
अघमर्षण -	वैश्वामित्र, अघमर्षण र कौशिक ।
पूरण -	वैश्वामित्र, पोरण अथवा वैश्वामित्र, देवरात र पौरण ।
इन्द्रकौशिक -	वैश्वामित्र र इन्द्रकौशिक ।

७. **कश्यपगणीय गोत्र**

कश्यपगणअन्तर्गत मुख्य पाँच गोत्र रहेका छन् - निध्रुव, कश्यप, रेभ, शाण्डिल र लौगाक्षि ।

गोत्र	प्रवर
निध्रुव -	काश्यप, आवत्सार र नैध्रुव ।
कश्यप -	काश्यप, आवत्सार, आसित ।
रेभ -	काश्यप, आवत्सार र रैभ्य ।
शण्डिल -	काश्यप, आवत्सार, शाण्डिल्य अथवा काश्यप, आवत्सार र देवल अथवा काश्यप, आवत्सार र असित अथवा शाण्डिल, असित र देवल अथवा काश्यप, असित र देवल अथवा असित, देवल र शाण्डिल अथवा देवल र असित ।
लौगाक्षि -	काश्यप, अवत्सार र वासिष्ठ अथवा काश्यप, अवत्सार एवं असित ।

८. **वसिष्ठगणीय गोत्र**

वसिष्ठगणअन्तर्गत मुख्य पाँच गोत्र रहेका छन् – वसिष्ठ, कुण्डिन, उपमन्यु, पराशर र जातूकर्ण्य।

गोत्र	प्रवर
वसिष्ठ –	वासिष्ठ, इन्द्रप्रमद, आभरद्वसु अथवा वासिष्ठ ।
कुण्डिन –	वासिष्ठ, मैत्रावरुण र कौण्डिन्य ।
उपमन्यु –	वासिष्ठ, इन्द्रप्रमद र आभरद्वसु अथवा वासिष्ठ, आभरद्वसु र इन्द्रप्रमद अथवा इन्द्रप्रमद, वासिष्ठ र आरभद्वसु ।
पराशर –	वासिष्ठ, शाक्त्य र पराशर्य ।
जातूकर्ण्य –	वसिष्ठ, अत्रि र जातूकर्ण्य ।

९. **अगस्त्यगणीय गोत्र**

अगस्त्यगणअन्तर्गत मुख्य चार गोत्र रहेका छन् – इध्मवाह, साम्भवाह, सोमवाह र यज्ञवाह ।

गोत्र	प्रवर
इध्मवाह –	आगस्त्य, दार्ढ्यच्युत र ऐध्मवाह अथवा आगस्त्यमात्र ।
साम्भवाह –	आगस्त्य, दार्ढ्यच्युत र साम्भवाह ।
सोमवाह –	आगस्त्य, दार्ढ्यच्युत र सोमवाह ।
यज्ञवाह –	आगस्त्य, दार्ढ्यच्युत र यज्ञवाह ।

ङ) क्षत्रिय र वैश्यका गोत्र र प्रवर

शास्त्रीय सिद्धान्तअनुसार क्षत्रिय र वैश्यहरूका लागि उनीहरूका पुरोहितको जुन गोत्र र प्रवर हुन्छ त्यही गोत्र र प्रवर हुन्छ । सत्याषाढले भनेका छन् कि जसका बन्धु-बान्धवहरू को थिए र को हुन् भन्ने थाहा हुँदैन, तिनीहरूको गोत्र एवं प्रवर पुरोहित या आचार्यको गोत्र एवं प्रवरबाट निर्धारित हुन्छ । जुन द्विजलाई आफ्ना गोत्र र प्रवरको ज्ञान हुँदैन तिनले कुनै ऋषिको शरणमा गएर उनलाई गुरु मानी उनको गोत्र र प्रवर ग्रहण गर्नुपर्दछ।

जमदग्निका छोरा परशुरामको गोत्र र प्रवर थिएन । कुनै त्यस्तो मानिस जसको गोत्र र प्रवर थाहा छैन त्यसले परशुरामको गोत्र र प्रवर लिएर संसारमा व्यवहार गर्न सक्दछ भन्ने कुरा कसैले बताएका छन् । दिवोदासीय ग्रन्थमा पनि आफ्नो गोत्र र प्रवरको ज्ञान नभएमा जमदग्निको शरणमा जानु भनिएको छ । अहिले नेपाली समाजमा भने क्षत्रिय एवं वैश्यहरू परम्परागतरूपमा आफ्नै गोत्रबाट चिनिन्छन् । शाहकालमा भने पृथ्वीनारायण शाहलाई गोत्रहत्याको दोष लाग्दा राजगुरु गौरीश्वर पाण्डेका छोराहरूले आफ्नो काश्यप गोत्र दिएर गोत्रपरिवर्तन गराएको भनाइ प्रसिद्ध छ ।

च) एउटै गोत्रमा विवाह हुँदा प्रायश्चित्त-व्यवस्था

स्मृत्यर्थसारमा सगोत्रमा विवाह गर्दा प्रायश्चित्तको व्यवस्था गर्दै भनिएको छ – कसैले अज्ञानपूर्वक सगोत्र कन्याका साथमा सम्बन्ध कायम गर्छ वा विवाह गर्छ भने गुरुतल्पव्रत गरेपछि त्यो मानिस शुद्ध हुन्छ । विवाह गरेर गर्भसमेत रहेको रहेछ भने त्यस गर्भलाई त्याग गर्नुपर्दछ, गर्भबाट जन्मिएको बालक चाण्डाल हुन्छ । पत्नीसँग भोग गर्न हुँदैन र आजीवन आमा मानेर पालन गर्नुपर्दछ । अज्ञानबाट भएको विवाहको प्रायश्चित्तका लागि तीन चान्द्रायणव्रत गर्नुपर्दछ । तीन चान्द्रायणव्रत गरेपछि यदि गर्भसमेत रहेको रहेछ भने पनि गर्भको पनि शुद्धि हुन्छ भन्ने कुरा **कश्यप**ले बताएका छन् । यसैगरी सापिण्ड्यसम्बन्ध भएका परिवारका कन्याहरूसँग विवाह हुन गएमा

माथि भनेजस्तै प्रायश्चित्त गर्नुपर्दछ । **बृहद्यम** भन्दछन् – सपिण्डका सन्तानसँग अथवा नारीहरूसँग सम्बन्ध कायम भएमा कि त प्राणत्याग गर्नुपर्दछ, कि त गुरुतल्पविधिबाट व्रत गर्नुपर्दछ । **तिथितत्त्वमा बौधायनले** भनेका छन् – अज्ञानबाट सपिण्ड र सगोत्रकी कन्यासँग विवाह भएमा ती कन्याको आमासरह पालन–पोषण गर्नुपर्दछ ।

शौनक भन्दछन् – बृहस्पति र सूर्यको योगमा, व्यतीपातमा, गुरु वक्र र अतिमार्गी हुँदा, चन्द्रमा नष्ट हुँदा, शुक्रास्तमा, गुरु र शुक्र बाल तथा वृद्ध अवस्थामा रहँदा, पौष एवं चैत्रमासमा, वर्षा एवं शरद् ऋतुमा, अधिकमासमा, केतु तारा देखिँदा र गुरु सिंहराशिको प्रथम अंशमा रहँदा विवाह, व्रत, यात्रा, नगरनिर्माण, गृहनिर्माण, क्षौरकर्म, विद्या एवं उपविद्याको अध्ययन प्रयत्नपूर्वक त्याग गर्नुपर्दछ ।

ज्योतिःप्रकाशमा व्यासले भनेका छन् – माघ, फाल्गुन, वैशाख, मार्गशीर्ष, ज्येष्ठ वा आषाढमा कन्याको विवाह गरिदिँदा ती कन्या सौभाग्यवती र श्रीसम्पत्तिले युक्त हुन्छिन् । जुन कन्याको श्रावण, पौष, भाद्रपद, चैत्र, आश्विन र कार्तिकमासमा विवाह गरिन्छ, ती कन्या छिट्टै विधवा हुन्छिन् । **रत्नकोशमा** भनिएको छ – जन्मनक्षत्र, जन्मतिथि र जन्ममासमा शुभकार्य गर्न हुँदैन । ज्येष्ठमहिनामा जेठो छोरा र जेठी छोरीको शुभकार्य गर्न हुँदैन ।

निर्णयदीपमा गार्ग्य भन्दछन् – नान्दीश्राद्ध गरेपछि जबसम्म मातृका आदिको विसर्जन हुँदैन, तबसम्म अमावास्याश्राद्ध, वार्षिकश्राद्ध, चिसो जलले स्नान गर्ने कार्य, अपसव्य हुने कार्य, पितृयज्ञ, नित्यश्राद्ध, ब्रह्मयज्ञ, अध्ययन, नदी र नगरसीमाको उल्लंघन, उपवास, व्रत, श्राद्धभोजनजस्ता कार्यहरू घरका मानिसहरूले मात्र नभई सपिण्डभित्र पर्ने मानिसहरूले पनि गर्न हुँदैन ।

ज्योतिर्निबन्धमा भनिएको छ – विवाहपछि पहिलो आषाढमहिनामा यदि कन्या आफ्नो पतिका घरमा निवास गर्छिन् भने तिनले आफ्ना पतिकी माताका साथै आफ्नो शरीरको पनि नाश गर्दछिन् । पतिको घरमा जेठमहिनामा बस्दा जेठाजु, पुसमा बस्दा ससुरा र मलमासमा बस्दा पतिको नाश गर्छिन् । विवाहपछि चैत्रमहिनामा आफ्नो पिताको घरमा रहेमा पिताको नाश गर्दछिन् । उक्त महिनाबाहेक अरू महिनामा पति वा पिताको घरमा रहँदा कुनै भय हुँदैन ।

हेमाद्रिमा स्मृत्यन्तरको वचनमा भनिएको छ – विवाहपछि एक वर्षसम्म, व्रतबन्धपछि ६ महिनासम्म र चूडाकरणपछि ३ महिनासम्म पिण्डदान, मृत्तिकास्नान र तिलतर्पण गर्न हुँदैन ।

श्रीधरको भनाइअनुसार – पहिले विवाह भएपछि हाम्रो विवाह समयमा पञ्चाङ्गशुद्धि थिएन भन्ने कुरा थाहा पाएर विवाहित दम्पतिले शुभ र वृद्धिको लागि फेरि विवाह गर्नुपर्ने विधान छ । लग्न तथा चन्द्रलग्नको दोषमा, ग्रह तथा तारा आदिको दोषमा र अन्य अशुभ समयमा दुष्टयोग सम्भव हुँदा विवाह गरिएको भएमा अथवा विवाहकालमा नै आशौच आदि परेको थाहा भएमा ती सबै दोषहरूलाई निवारण गर्न दम्पतिको दोषनिवृत्तिका लागि फेरि विवाह गर्नुपर्दछ ।

५.२३ विवाहसंस्कारका विभिन्न उद्देश्य

विवाह एउटा महत्त्वपूर्ण संस्कार हो । यो संस्कार कुन उद्देश्यले गरिन्छ भन्ने कुरा बुझेर संस्कारका कर्महरूको अनुष्ठान गर्दा विवाहसंस्कारको गरिमा बढ्ने कुरामा कुनै सन्देह छैन । यहाँ उक्त संस्कारका केही उद्देश्य निरूपण गरिँदैछ ।

१. विवाहको अर्थ पवित्र विधिद्वारा स्त्रीत्व र पुंस्त्वको सम्मेलन गराउनु हो । प्रकृतिका अणु–अणुमा उक्त दुवै शक्ति रहेका छन् । सृष्टिविस्तारका लागि प्रत्येक जङ्गमको प्राकृतिक सम्मेलन हुँदा यो पाञ्चभौतिक सृष्टि शोभायमान हुन्छ । आफ्नो धर्म र सम्प्रदायअनुसार उत्तम कन्या र उत्तम वरको चयन गरी नियम एवं

अनुशासनमा रहेर सृष्टिधर्ममा प्रवृत्त हुँदा मानिसका उत्तम सन्तान पैदा हुन्छन् । त्यसैले सनातनधर्मका साथै संसारका सबै धर्मका मानिसहरूले आ-आफ्नै विधिअनुसार विवाहसंस्कार सम्पन्न गर्दछन् ।

२. ८४ लाख पशु-पक्षी, कीट-पतङ्ग आदि योनिहरूको भोग गरेपछि जीवले मानवशरीर प्राप्त गर्दछ । मानवयोनिमा विवेक गर्नका लागि परमात्माले जीवलाई बुद्धि प्रदान गर्नुहुन्छ । बुद्धि प्राप्त गरे पनि अनेकौं योनिमा भ्रमण गर्दा संस्कारमा आएका भावना र विचार सजिलै छुट्दैनन् । त्यसैले जीवमा स्वच्छन्द आहार-विहारको भावना प्रबल हुन्छ । प्रत्येक पुरुष र नारीमा एक-आर्कामा आकर्षण र भोगभावना प्राकृतिकरूपमा रहेको हुन्छ । धर्मको बन्धनबाट मुक्त भएका त्यस्ता नरनारीले अवसर पाएको अवस्थामा अनर्थ गर्दछन् । अतः नरनारीहरूमा रहने निर्बाध कामभावनालाई एउटा पुरुष वा एउटी नारीमा सीमित गराई शनैःशनैः निवृत्तिमार्गमा अग्रसर गराउनु विवाहको दोस्रो उद्देश्य हो ।

३. शास्त्रअनुसार मनुष्यमाथि देवऋण, पितृऋण एवं ऋषिऋण गरी तीन ऋण रहेका हुन्छन् । यज्ञ, याग, पूजा, व्रत, उपवासद्वारा देवऋणबाट मुक्ति प्राप्त हुन्छ । सन्तानको उत्पादनद्वारा पितृऋणबाट मुक्ति प्राप्त हुन्छ । सन्तान उत्पादन गर्नुभनेको सन्तानका रूपमा आफू बाँच्न चाहनु हो त्यसैले सन्तान उत्पन्न हुँदा नरनारीले सन्तोष प्राप्त गर्दछन् । यसै प्रवृत्तिका कारण वंशपरम्परा अनन्तकालसम्म अग्रसारित हुँदै जान्छ। वंशपरम्परा कायम गर्न अनेकौं धार्मिक प्रयासहरू जारी रहन्छन् । सन्तानद्वारा मानिसले पितृऋणबाट मुक्ति प्राप्त गर्दछ । शास्त्र र वेदको स्वाध्यायबाट ऋषिऋणबाट मुक्ति प्राप्त हुन्छ ।

४. मानवले आफूलाई सबभन्दा धेरै माया गर्दछ । विवाहपछि एउटा व्यक्तिमा केन्द्रित रहेको स्नेहले क्षेत्रविस्तार गर्ने अवसर पाउँछ । सन्तानको उत्पत्ति हुँदा स्नेहतत्त्वको विस्तार हुँदै जान्छ । पहिले एउटा व्यक्तिमा सीमित स्नेह विवाह र सन्तानोत्पत्तिपछि विशाल पारिवारिक प्रेमका रूपमा परिणत हुन्छ । असल चरित्रले सम्पन्न भई समाज र राष्ट्रको सेवामा समर्पित हुँदा एउटा व्यक्ति वा परिवारमा सीमित प्रेमले व्यापक आयाम लिन्छ । त्यसपछि ईश्वरको कृपाले त्यस व्यक्तिमा संसारका सबै प्राणीहरूप्रति प्रेमको उदय हुँदा **वसुधैव कुटुम्बकम्**को भावनाले प्रतिष्ठा प्राप्त गर्दछ । अन्तमा मानवजीवन परोपकारद्वारा बिताएर ईश्वरमा श्रद्धाभक्ति गर्दै एउटा सामान्य व्यक्ति आत्मालाई विस्तार गरी महात्माको रूपमा परिणत हुने कार्यमा सफल बन्दछ । यसरी श्रद्धा, प्रेम, स्नेह, भक्ति आदिको सोपानको क्रमले विकास गर्दै मानिसलाई उन्नतिको चरम क्षितिजमा पुऱ्याउने विवाहसंस्कारको निकै महत्त्व छ ।

५. विवाहसंस्कारको उद्देश्य उदात्त मानवीय गुणहरूको आधान गराई व्यक्तिलाई संस्थाको रूपमा परिणत गराउनु हो । दाम्पत्यधर्ममा आबद्ध पुरुष एवं नारीले एक-अर्काको हितका लागि स्वार्थत्याग गर्दै प्रतिकूल व्यवहार हुँदा क्षमा दिने, कष्टमा धैर्यधारण गर्नेजस्ता गुणहरूको विकास गर्नुपर्ने हुन्छ । यसरी एक-अर्काप्रति श्रद्धा र स्नेहका साथ उत्तम गुणहरूको विकास र सदाचारको पालन गर्ने काममा अभ्यस्त भएका दम्पतिले उदात्त गुणहरूको परिपाक हुँदा आफ्नो व्यक्तित्वमा आकाश-पातालजस्तै परिवर्तन भएको पाउँछन् । जब ती मानवीय उच्चतम मूल्यले समन्वित हुन्छन् त्यसबेला ईश्वरीय आस्थामा आबद्ध हुँदा दैवी गुणहरूको विकास गर्न पनि समर्थ हुन्छन् । यस्तो स्थितिमा दम्पतिबाट जन्मिने सन्तान, तिनका परिवार एवं समाजको समेत रूपान्तरण हुन्छ । तसर्थ विवाहसंस्कार मानवीय मूल्य र ईश्वरीय दिव्यतालाई प्रवर्धन गर्ने उच्चतम संस्कार हो भन्नुपर्दछ ।[९२]

---

९२. माधवाचार्य, पूर्ववत्, पृ. ५६५-५६८ ।

५.२४ मूर्तिप्रतिष्ठा

वसिष्ठले भनेका छन् – हस्ता, चित्रा, स्वाती, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषा, रेवती, अश्विनी, पुनर्वसु, मूल, पुष्य, ३ उत्तरा, रोहिणी र मृगशिरानक्षत्रहरूमा सबै देवताहरूको मूर्तिप्रतिष्ठा गर्दा उत्तम फल प्राप्त हुन्छ । **मत्स्यपुराणमा** भनिएको छ – चैत्र, फाल्गुन, ज्येष्ठ, वैशाख अथवा माघमहिनामा सबै देवताहरूको प्रतिष्ठा गर्दा कल्याण प्राप्त हुन्छ । **नारदऋषिले** चैत्रमहिनामा देवप्रतिष्ठा गर्नुहुँदैन भनेका छन् । उनको भनाइअनुसार चैत्रमहिना छाडेर माघ आदि ५ महिनामा देवताप्रतिष्ठा गर्नुपर्दछ । **हेमाद्रि** भन्दछन् – माघमहिना विष्णुप्रतिष्ठाभन्दा अरू देवताको प्रतिष्ठाका लागि उपयुक्त हुन्छ । माघमासमा विष्णुको प्रतिष्ठा गर्दा कर्ताको नाश हुन्छ र फाल्गुनमासमा विष्णुको प्रतिष्ठा कल्याणदायक हुन्छ भन्ने कुरा **विष्णुधर्मोत्तरमा** बताइएको छ ।

मत्स्यपुराणमा भनिएको छ – प्रतिपदामा देवताहरूको प्रतिष्ठा गर्दा दृढता, धन र समृद्धि प्राप्त हुन्छ । द्वितीयामा देवताको प्रतिष्ठा गर्दा धन प्राप्त हुन्छ । तृतीयामा देवप्रतिष्ठा गर्दा धनकै प्राप्ति हुन्छ । चतुर्थीमा यम र गणेश देवताबाहेक अरू देवताको प्रतिष्ठा गर्दा नाश हुन्छ तर यमको प्रतिष्ठा गर्दा सुख र गणेशको प्रतिष्ठा गर्दा कल्याण प्राप्त हुन्छ । पञ्चमीतिथिमा देवताको प्रतिष्ठा गर्दा लक्ष्मी प्राप्त हुन्छिन् र कर्ताले वरदान प्राप्त गर्दछ । षष्ठीतिथिमा देवताको प्रतिष्ठा गर्दा मानिस लक्ष्मीसम्पन्न बन्दछ । सप्तमीमा गरिएको देवप्रतिष्ठाले रोगनाश गर्दछ । अष्टमीमा गरिने देवप्रतिष्ठाले धान्यवृद्धि गर्दछ । नवमीमा देवप्रतिष्ठा गर्दा नाश हुन्छ तर भद्रकाली भगवतीको पूजा गर्नाले कर्ताले सन्तुष्टि प्राप्त गर्दछ । दशमीतिथिमा देवप्रतिष्ठा गर्दा धर्मको वृद्धि हुन्छ । एकादशीमा देवप्रतिष्ठा गर्दा सम्पूर्ण इच्छा पूर्ण हुन्छन् । त्यो एकादशी द्वादशी युक्त भएमा त्यसले सम्पूर्ण मनोरथ पूर्ण तुल्याउँछ । त्रयोदशीमा देवप्रतिष्ठा गर्दा सम्पूर्ण इच्छा पूर्ण हुन्छन् । चतुर्दशीमा देवप्रतिष्ठा गर्दा नाश हुन्छ । कृष्णपक्षको अमावार ्मा देवप्रतिष्ठा गर्दा कर्ताको नाश हुन्छ । शुक्लपक्षको पूर्णिमामा देवप्रतिष्ठा गर्दा सम्पूर्ण कामना पूर्ण हुन्छन् । पूर्वा ा, उत्तराषाढा, मूल, उत्तराभाद्र, उत्तराफाल्गुनी, ज्येष्ठा, श्रवण, रोहिणी, पूर्वाभाद्र, हस्ता, अश्विनी, रेवती, पुष्य, मृगशिरा, अनुराधा र स्वाती यी नक्षत्र देवप्रतिष्ठामा उत्तम मानिएका छन् ।

श्रीपति भन्दछन् – रोहिणी, ३ उत्तरा, रेवती, श्रवण, हस्ता, पुनर्वसु, अश्विनी, धनिष्ठा, अनुराधा, मृगशिरा एवं पुष्यनक्षत्रहरूमा भगवान् विष्णुको प्रतिष्ठा कल्याणदायक हुन्छ । पुष्य, श्रवण एवं अभिजित्–नक्षत्रमा इन्द्र र ब्रह्माको प्रतिष्ठा उत्तम मानिएको छ । अनुराधानक्षत्रमा कुबेर एवं स्वामी कार्तिकेयको प्रतिष्ठा मङ्गलदायक हुन्छ । हस्तानक्षत्रमा सूर्यको प्रतिष्ठा र मूलनक्षत्रमा दुर्गाको प्रतिष्ठा पनि शुभदायक मानिएको छ। रेवतीनक्षत्रमा गणेश आदि देवता, प्रमथगण, दक्ष, भूत, असुर, कामदेव, नाग एवं सरस्वती आदि शक्तिहरूको स्थापना मङ्गलदायक हुन्छ । सुगतनामक जैनदेवताको श्रवणनक्षत्रमा र लोकपालहरूको धनिष्ठानक्षत्रमा स्थापना गर्नु उत्तम हुन्छ । सम्पूर्ण देवताहरूको स्थापना गर्दा स्थिरलग्नमा गर्नुपर्दछ । यसबाट कल्याण प्राप्ति हुन्छ ।

सूर्यवारका दिन देवताको प्रतिष्ठा गर्दा तेज प्राप्त हुन्छ । सोमवार कल्याण प्राप्त हुन्छ, मङ्गलवार अग्निदाह हुन्छ । बुधवार धनदायक हुन्छ । बिहीवार प्रतिष्ठा गर्दा दृढता प्राप्त हुन्छ । शुक्रवार देवप्रतिष्ठा गर्दा आनन्द प्राप्त हुन्छ र शनिवार देवप्रतिष्ठा गर्दा शक्ति–सामर्थ्यको नाश हुन्छ ।

माधवीयमा वैखानसको भनाइ छ – 'मातृका, भैरव, वाराह, नरसिंह, त्रिविक्रम र महिषासुरमर्दिनी दुर्गा भगवतीको दक्षिणायनमा प्रतिष्ठा गर्नुपर्दछ ।'

हेमाद्रिमा शिवलिङ्गप्रतिष्ठा सम्बन्धमा भनिएको छ – उत्तरायणमा सूर्य हुँदा शिवलिङ्गको स्थापना उत्तम हुन्छ । दक्षिणायनमा सूर्य हुँदा स्थापना गरिने शिवलिङ्गले डेढ वर्षसम्म भय दिन्छ । आफ्नो घरमा दक्षिणायन

शिवलिङ्गको स्थापना गर्नुहुँदैन । शिशिर आदि तीन ऋतुमा शिवलिङ्गको स्थापना गर्नुपर्दछ।

शरद्ऋतुमा स्थापना गरिएको शिवलिङ्ग वरदायक र योगदायक हुन्छ । हेमन्तमा स्थापना गरिएको शिवलिङ्गले ज्ञान प्रदान गर्दछ । शिशिरऋतुमा स्थापना गरेको शिवलिङ्गले सबै प्रकारका ऐश्वर्य प्रदान गर्दछ । वसन्त ऋतुमा स्थापना गरिएको शिवलिङ्गले लक्ष्मीप्राप्ति गराउँछ । ग्रीष्मऋतुमा स्थापना गरिएको शिवलिङ्गले विजय र शान्ति प्रदान गर्दछ । यो नियम गृहस्थहरूका लागि हो । संन्यासीहरूले त सबै समयमा शिवलिङ्गको स्थापना गर्न सक्दछन् । **रत्नावली**मा भनिएको छ कि माघ, फाल्गुन, वैशाख, ज्येष्ठ र आषाढ यी पाँच महिनाका शुक्लपक्षमा शिवलिङ्गको स्थापना उत्तम हुन्छ ।

रुद्राक्षमहिमा

रुद्राक्षको दर्शन गर्दा भगवान् शिवको नै दर्शन हुन्छ । **शिवरहस्य**मा भनिएको छ – एकमुखे रुद्राक्ष साक्षात् **शिवस्वरूप** हो । त्यसलाई धारण गर्दा ब्रह्महत्यासम्मका पाप नाश हुन्छन् । त्यसले मानिसलाई अवध्यत्व प्रदान गर्दछ। त्यसले अग्निको स्तम्भन गर्दछ अर्थात् विपरीत प्रवाहबाट आएको अग्निलाई पनि रोकी दिन्छ । भनाइको तात्पर्य के हो भने प्रवाहद्वारा फैलिएका अग्निका विशाल ज्वालाहरूलाई पनि एकमुखे रुद्राक्षले स्तम्भन गरेर शान्त बनाइदिन्छ ।

दुईमुखे रुद्राक्षलाई **हरगौरीरुद्राक्ष** भनिन्छ । त्यसले गोवध गरेका पापसमेत नाश गरिदिन्छ । तीनमुखे रुद्राक्षलाई **अग्निजन्मा** भनिन्छ । त्यसले पापको समूहलाई खरानी तुल्याउँछ । चारमुखे रुद्राक्ष **ब्रह्मस्वरूप** मानिएको छ । त्यसले मानिसले गरेका ब्रह्महत्यादि पापहरू नाश गरिदिन्छ । पाँचमुखे रुद्राक्षलाई **कालाग्नि** भनिन्छ । यो धारण गर्ने मानिसको अगम्या स्त्रीसँग सम्पर्क गर्दा लागेको पाप नष्ट हुन्छ । यसैगरी यो रुद्राक्षले नखाने कुरा खाएको पाप पनि नाश गरिदिन्छ । छमुखे रुद्राक्षलाई **गुह** भनिन्छ । यसले भ्रूणहत्या – गर्भहत्याको पापनाश गर्दछ । सातमुखे रुद्राक्षलाई **अनन्त** भनिन्छ । अनन्त रुद्राक्षलाई धारण गर्दा सुन चोरेको पाप नष्ट हुन्छ । आठमुखे रुद्राक्षलाई **विनायक** भनिन्छ । यसको धारण गर्नाले असत्य भाषणका पापहरू नाश गर्दछ। नौमुखे रुद्राक्षलाई **भैरव** भनिन्छ । यसको धारण गर्नाले शिवसायुज्य प्राप्त हुन्छ । दशमुखे रुद्राक्षलाई **विष्णु** भनिन्छ । यसको धारण गर्नाले भूत–प्रेतका भय हुँदैन । एघारमुखे रुद्राक्षलाई **रुद्र** भनिन्छ । त्यसलाई धारण गर्दा अनेकौं यज्ञ गरेका फल प्राप्त हुन्छन् । बाह्रमुखे रुद्राक्षलाई **आदित्य** भनिन्छ । त्यसलाई धारण गर्दा अनेकौं रोग नष्ट हुन्छन् । तेह्रमुखे रुद्राक्षलाई **काम** भनिन्छ । त्यसको धारण गर्नाले मानिसका सबै कामनाहरू परिपूर्ण हुन्छन् । चौधमुखे रुद्राक्षलाई **श्रीकण्ठ** भनिन्छ । यसको धारण गर्नाले वंशको उद्धार हुन्छ ।

सबै देवताहरूको प्रतिष्ठामा मासविशेष

सबै देवताहरूको प्रतिष्ठामा कुन मास उत्तम हुन्छ भन्ने कुरा बताउँदै **हेमाद्रि**मा **विष्णुधर्म** भन्दछन् – माघमासमा विष्णुको प्रतिष्ठा गर्ने मानिसको नाश हुन्छ । फाल्गुनमा शुभदायक हुन्छ । चैत्रमा गरिने विष्णु प्रतिष्ठाले संसारलाई नै आनन्दप्रदान गर्दछ । वैशाखमा वरप्रदान गर्दछ । ज्येष्ठमहिनामा आज्ञाशक्ति प्रदान गर्दछ । आषाढमा धर्मको वृद्धि गर्दछ । श्रावणमा धननाश गराउँछ, भाद्रपद र आश्विनमा पनि विनाश गराउँछ । कार्तिकमासमा विष्णुको प्रतिष्ठा गर्दा अग्निदाह हुन्छ । मार्गशीर्षमासमा अतुलनीय सौभाग्य प्राप्त हुन्छ । पौषमासमा सर्वोत्तम पुष्टि प्राप्त हुन्छ । अधिकमासमा देवप्रतिष्ठा गर्न हुँदैन । त्यसले कर्तालाई नै दूषित तुल्याउँछ । माघ, श्रावण र भाद्रमा देवप्रतिष्ठाको निषेध गरिएको छ । यो निषेध शिवको प्रतिष्ठाका निमित्त बुझ्नुपर्दछ ।

देवीपुराणमा भनिएको छ कि देवीको प्रतिष्ठा आश्विन र माघमासमा उत्तम र सम्पूर्ण कामना दिने हुन्छ ।

त्यसमा तिथि, नक्षत्र र उपवासलाई विशेष महत्त्व दिइएको छैन । सबै समयमा गर्नुपर्दछ । त्यसमा पनि विशेष गरी कृष्णपक्षमा देवीको प्रतिष्ठा गर्नुपर्दछ ।

कृत्यकल्पतरु र **देवीपुराण**मा अधिकारीको विषयमा चर्चा गर्दै भनिएको छ- वर्ण र आश्रमका भेदले देवताहरूको स्थापना गर्नुपर्दछ । नियमविपरीत स्थापना गर्न हुँदैन । ब्राह्मणहरूले गायत्रीसहित ब्रह्माजीको स्थापना गर्नुपर्दछ । ब्राह्मणलगायत चार वर्णका मानिसहरूले सुखको प्राप्तिका लागि विष्णुको स्थापना गर्नुपर्दछ। चारवर्णका मानिस र अन्त्यजहरूले भैरवको स्थापना गर्नुपर्दछ । सबै मानिसहरूले देवताहरूमा उत्तम मातृकाहरूको स्थापना गर्नुपर्दछ । गृहस्थ र संन्यासीहरूले सधैं शिवलिङ्गको स्थापना गरी पूजा गर्नुपर्दछ ।

गृह्यपरिशिष्टको भनाइ छ कि जुन प्रतिमाहरूको मुख पूर्वदिशातिर फर्केको छ तिनको पूजा उत्तराभिमुख भएर गर्नुपर्दछ । अरू देवताहरूको पूजा पूर्वाभिमुख भएर गर्नुपर्दछ । यो नियम चल प्रतिमालाई छाडेर स्थिर प्रतिमाको सम्बन्धमा बताइएको हो । भविष्यपुराणमा प्रतिमाहरूको विषयमा चर्चा गर्दै भनिएको छ कि देवताहरूको प्रतिमानिर्माण गर्दा स्वर्ण, चाँदी, ताँबो, माटो, ढुङ्गा, धातु, पित्तल, काँच र शुद्ध काठको बनाउनुपर्दछ । तिनमा पूजा गर्दा उत्तम फल प्राप्त हुन्छ ।

बूढी औंलाको पर्वदेखि आरम्भ गरेर कान्छी औंलासम्म पुग्दा एक वितस्ति- वित्ता अर्थात् बाह्र औंलाको परिमाण हुने हुँदा उक्त वित्ता प्रमाणको प्रतिमा घरभित्र स्थापना गरी पूजा गर्नुपर्दछ । त्योभन्दा ठूलो परिमाणको प्रतिमा घरमा पूज्न हुँदैन भन्ने कुरा स्मृतिकारहरूले भनेका छन् ।

वाराहपुराण र **पद्मपुराण**मा भनिएको छ - घरमा दुई शिवलिङ्ग, दुई शालग्राम, दुई द्वारका(गोमती)चक्र र दुई सूर्यको पूजा गर्नुहुँदैन । तीन शक्ति, तीन गणेश, दुई शङ्ख र टुटे-फुटेका प्रतिमाको पूजा गर्नुहुँदैन । मत्स्य, कूर्म आदि दश अवतारको एकैचोटि पूजा गर्न हुँदैन । अग्निले डढेका र टुटे-फुटेका प्रतिमाहरूको घरमा पूजा गर्न हुँदैन । यस्ता मूर्तिहरूको पूजा गर्नाले गृहस्थले सधैं उद्वेग प्राप्त गर्दछ । शालग्रामको पनि सममात्रामा - चार, छ, आठ आदि संख्यामा पूजा गर्नुपर्दछ । तर दुई शालग्रामको पूजा गर्न हुँदैन । विषम शालग्रामको पूजा कहिले पनि गर्न हुँदैन तर विषममध्ये एक संख्याको शालग्रामको पूजा गर्न हुन्छ। टुटे-फुटेको भए तापनि शालग्रामको शिलालाई उत्तम मानिएको छ ।

वाराहपुराणको भनाइ छ - मनुष्यले भक्तिभावपूर्वक सुवर्णसहित दिव्य शालग्रामशिला भगवान्का भक्त कसैलाई प्रदान गर्दछ भने त्यसले पृथिवीदान गरेको फल प्राप्त गर्दछ । जसले भक्तिपूर्वक नित्य शालग्रामशिलामा पूजा गर्दछ त्यसको फल सय वर्षसम्म पनि बताएर सकिँदैन ।

विष्णुपुराणमा भनिएको छ - ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी सबैले आ-आफ्नो धर्ममा तत्पर रहेर विष्णुको आराधना गर्नुपर्दछ, तर आ-आफ्नो धर्मपालन नगरेको अवस्थामा भने शालग्रामको पूजा वा विष्णुको पूजा गर्न हुँदैन।

वर्णको आधारमा प्रतिमाको संख्या

स्कन्दपुराणको वचनअनुसार - ब्राह्मणले चार शिवलिङ्गको पूजा गर्नुपर्दछ, क्षत्रियले तीन शिवलिङ्गको, वैश्यले दुई शिवलिङ्गको र शूद्रजातिका मानिसहरूले एक शिवलिङ्गको पूजा गर्नुपर्दछ ।

जुन मानिसले शालग्राम शिलाको समीपमा प्राणत्याग गर्दछ अथवा जसलाई अन्यत्र मरेतापनि शालग्राम शिलाको समीपमा पुऱ्याइन्छ त्यस्ता दुईथरि मानिसहरूले निश्चय नै मोक्ष प्राप्त गर्दछन् । यसैगरी **पद्मपुराण**मा भनिएको छ - चक्राङ्क - शालग्रामको युग्मपूजा गर्नुपर्दछ । एक शालग्रामको पूजा गर्नुहुँदैन ।

पाञ्चायनस्थापना

वोपदेवले पाञ्चायन देवताहरूको स्थापनाको विषयमा **पदार्थादर्शग्रन्थमा** भनेका छन् -

शम्भौ मध्यगते हरीनहरभूदेव्यो हरौ शङ्करे भास्येनागसुता रवौ हरगणेशाजाम्बिकाः स्थापिताः।
देव्या विष्णुहरैकदन्तरवयो लम्बोदरैजेश्वरे नाम्बाः शङ्करभागतोऽतिसुखदा व्यस्तास्तु हानिप्रदाः।।

- पाँच प्रकारका पाञ्चायनहरूको विवरण यसप्रकार छ - १) जहाँ बीचमा भगवान् शिव हुनुहुन्छ, त्यहाँ क्रमैले ईशानमा हरि, आग्नेयमा सूर्य, नैर्ऋत्यमा गणेश र वायव्यमा देवीको स्थापना गर्नुपर्दछ, त्यसलाई **शिवपञ्चायतन** भन्दछन् । २) जहाँ मध्यमा विष्णु हुनुहुन्छ, त्यहाँ क्रमैले ईशानमा शिव, आग्नेयमा गणेश, नैर्ऋत्यमा सूर्य र वायव्यमा देवीको स्थापना हुन्छ, त्यसलाई **विष्णुपञ्चायतन** भन्दछन् । ३) सूर्य मध्यमा हुँदा ईशानमा शङ्कर, आग्नेयमा गणेश, नैर्ऋत्यमा दुर्गा र वायव्यमा विष्णुको स्थापना हुन्छ, त्यसलाई **सूर्यपञ्चायतन** भन्दछन् । ४) जहाँ गणेश मध्यमा हुनुहुन्छ, ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा सूर्य र वायव्यमा दुर्गाको स्थापना हुन्छ, त्यसलाई **गणेशपञ्चायतन** भन्दछन् । (५) जहाँ दुर्गा बीचमा हुन्छिन्, त्यहाँ ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा गणेश र वायव्यमा सूर्यको स्थापना हुन्छ । त्यसलाई **देवीपञ्चायतन** भन्दछन् । यदि विपरीत क्रमले पाञ्चायन देवताको स्थापना गरियो भने हानि हुन्छ । जहिले पनि ईशानकोणबाट आरम्भ गरेर वायव्यकोणसम्म पुऱ्याउनुपर्दछ । पूज्य र पूजकको बीचको भाग पूर्वदिशा हुन्छ भनेर विद्वान्हरूले भनेका छन् ।

देवप्रतिमाको पुनः प्रतिष्ठा

देवताहरूको पुनः प्रतिष्ठाको विषयमा विचार गरिन्छ । देवताको पुनः प्रतिष्ठा गर्नुपर्ने कारण बताउँदै **हयशीर्षपञ्चरात्रमा** बताइएको छ – 'अधम कर्म गर्ने मानिस र मदिराको स्पर्शले मूर्ति दूषित भएपछि त्यसको पुनः प्रतिष्ठा गराउनुपर्दछ । अथवा अधम चरित्र भएका मानिसबाट स्पर्श गरिएको अग्निद्वारा मूर्ति दूषित हुँदा पनि प्रतिष्ठा गराउनुपर्दछ । पुण्यहीन मानिसहरूको स्पर्श हुँदा र ब्राह्मणको रगत मूर्तिमा पर्दा पनि मूर्ति दूषित हुन्छ । तसर्थ मूर्तिको संस्कार गर्नुपर्दछ।'

ब्रह्मपुराणमा भनिएको छ – 'खण्डित अर्थात् टुटे-फुटेको, जलेको, भ्रष्ट भएको, प्रमाणहीन, यज्ञपूजाहीन, गधा आदि पशुद्वारा स्पर्श गरिएको, अधर्मी व्यक्तिद्वारा स्पर्श गरिएको, अपवित्र अथवा खराब भूमिमा राखिएको, निर्धारित मन्त्रबाहेक अरू मन्त्रद्वारा पूजिएको र पतितको स्पर्शबाट दूषित मूर्तिहरूमा देवताको उपस्थिति हुँदैन ।' त्यसो हुँदा यी १० प्रकारको अवस्थामा देवताको सन्निधान नहुने भएका कारण ती मूर्तिहरूको पुनः प्रतिष्ठा गर्नुपर्दछ ।

देवताको मूर्ति खण्डित भएमा र मन्दिर भत्किएमा गर्नुपर्ने संस्कारको विषयमा **शूलपाणिग्रन्थमा काश्यपले** यसरी बताएका छन् - इनार, कुवा, बगैंचा, पुल, सभा, तलाऊ, सिँढी र देवताको स्थान भत्किँदा वा भत्काइँदा प्रायश्चित्त गर्नुपर्दछ । जुन देवताको मूर्ति र मन्दिर भेदन भएको छ, ती देवताको मन्दिर वा मूर्ति हटाउँदा ती देवताको प्रसन्नताका निमित्त ब्राह्मणभोजन गराउनुपर्दछ ।

५.२५ कलिमा निषिद्ध कर्म

बृहन्नारदीयपुराणमा भनिएको छ – समुद्रयात्रा, संन्यासग्रहण, ब्राह्मणहरूको असवर्ण कन्याहरूसँग विवाह, देवरबाट छोरा-छोरी जन्माउने कार्य, मधुपर्कमा पशुको वध, श्राद्धमा मांसदान, वानप्रस्थ आश्रमको ग्रहण, विवाहित तर अक्षतयोनि कन्याको पुनर्विवाह, दीर्घकालिक ब्रह्मचर्य, नरमेध, अश्वमेध, महाव्याधिपीडित व्यक्तिद्वारा

मृत्युका निमित्त हिमालयादि उत्तम स्थानतर्फ महाप्रयाण र गोमेध यी कृत्यहरूलाई विद्वान्हरूले कलियुगमा गर्न हुँदैन भनेका छन् ।

यसैगरी अन्यत्र विवाहित कन्याको पुनर्विवाह, अंशवण्डा गर्दा जेठो छोरालाई बीसौं भाग अधिक अंश दिने प्रसङ्ग, भाउजूलाई पत्नीका रूपमा स्वीकार गर्ने कार्य र संन्यासग्रहण यी पाँच विषयलाई कलियुगमा वर्जित गर्नुपर्दछ भनिएको छ ।

ब्रह्मपुराणको वचनमा भनिएको छ – कलियुगमा माताको गोत्रकी कन्या र माताको सपिण्डवर्गकी कन्याहरूसँग विवाह गर्न हुँदैन, गोहत्या गर्न हुँदैन, शुक्लयजुर्वेद तीसौं अध्यायको ५औं मन्त्रदेखि ५२औं मन्त्रसम्ममा उल्लेख गरिएको नरमेध यज्ञ गर्न हुँदैन । कात्यायनश्रौतसूत्रको भूमिकामा समग्ररूपमा वर्णन गरिएको अश्वमेधयज्ञ पनि कलियुगमा वर्जित छ । यसैगरी कलियुगमा द्विजातिहरूले मद्यपान गर्नुहुँदैन । कलियुगमा आफ्नै गोत्रमा उत्पन्न फुपूहरू र माताका सपिण्डहरू एवं मामाकी छोरीसँग विवाह गर्न हुँदैन ।

हेमाद्रिमा उद्धृत **आदित्यपुराण**को वचनमा भनिएको छ– देवरले सन्तान उत्पत्तिका लागि विधवा भाउजूसँग सम्पर्क गर्ने कार्यलाई नियोग भनिन्छ । यो कलियुगमा निषिद्ध छ । क्षतयोनि कन्यालाई अरू वरसँग विवाह गरिदिने कुरा र असवर्ण कन्याहरूका साथमा ब्राह्मणको विवाह गर्ने विषय पनि कलियुगमा निषिद्ध छन् । 'धर्मयुद्धमा आततायी ब्राह्मणहरूको हत्या, डुंगामा सवार भई समुद्रयात्रा गरेर फर्किएर आएपछि प्रायश्चित्त गरेका ब्राह्मणसँग समान व्यवहार, सामाजिकरूपमा सत्रदीक्षा ग्रहण, संन्यासधारण र हिमालयमा गई हिउँमा देहपात गर्ने उद्देश्यले पाण्डवहरूको जस्तो महाप्रस्थान, गोसवयज्ञमा गोहत्या, सौत्रामणियज्ञमा सुरापानको उद्देश्यले सुरापात्रग्रहण, अग्निहोत्रको सुरोमा लागेको पदार्थलाई जिब्राले चाट्ने कार्य र अग्निहोत्रको सुरो ग्रहण गर्ने कार्य, अग्निहोत्र र स्वाध्यायमा सहभागी हुने ब्राह्मणद्वारा आशौचपालनमा दिन घटाउने कार्य र महापातक गर्ने बाह्मणका निमित्त मरणान्त-प्रायश्चित्तविधानजस्ता कर्म कलिमा वर्जित छन् ।'

षष्ठ प्रभाग

निर्णयसिन्धुको चतुर्थ परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

६.१ श्राद्धविचार

श्रद्धा मूलमा रहेका श्राद्धको सनातन-जीवनपद्धतिमा अत्यन्त महत्त्व छ । श्रद्धाशब्दका दुई भाग छन् – **श्रत्** र **धा** । **श्रत्**को अर्थ सत्यप्रतिको विश्वास र **धा**को अर्थ धारण गर्नु हो । जुन भावनाले ईश्वरीय दिव्यता र शास्त्रीय आदेशमा सत्यपूर्ण विश्वास धारण गर्दछ, त्यो श्रद्धा हो । श्रुतिमा भनिएको छ – '**श्रत् ते दधामि प्रथमाय मन्यवे ।**'[९३] यस मन्त्रमा प्रयुक्त श्रत्को अर्थ सत्यपूर्ण विश्वास हो । निरुक्तमा श्रद्धालाई सत्यप्राप्तिको साधनका रूपमा प्रस्तुत गरिएको छ ।[९४] श्रुतिमा भनिएको छ– '**व्रतेन दीक्षामाप्नोति दीक्षयाप्नोति दक्षिणाम् । दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ।।**'[९५] वस्तुतः श्रत् सत्यको नाम हो । '**श्रद् धीयते यस्यां सा – श्रद्धा**' यस व्युत्पत्तिअनुसार आस्तिक्यबुद्धिको नाम श्रद्धा हो। जुन आस्तिक्यबुद्धिलाई पुण्यवान्हरूको विशिष्ट मनोवृत्ति भनी बुझिन्छ । श्रद्धाविना ज्ञान प्राप्त हुनसक्दैन। श्रद्धाबाट सत्य, ज्ञान र अनन्त ब्रह्मको प्राप्ति हुन्छ । वेदमा भनिएको छ–

'**दृष्ट्वा रूपे व्याकरोत् सत्यानृते प्रजापतिः । अश्रद्धामनृतेऽदधादच्छ्रद्धां सत्ये प्रजापतिः ।।**'[९६]

– प्रजापतिले राम्ररी हेरेर सत्य र असत्यलाई पृथक् पृथक् गराएका थिए । उनले सत्यमा श्रद्धा र असत्यमा अश्रद्धालाई स्थापित गरे । यस भनाइबाट पनि आस्तिक्यबुद्धि नै श्रद्धा हो भन्ने कुरा स्पष्ट हुन्छ । पितृहरूप्रति आस्तिक्यबुद्धि राखेर गरिने अन्नदान, ब्राह्मणभोजन आदि कर्म नै श्राद्ध हो । योगसूत्रको भाष्यमा श्रद्धाको तात्पर्य प्रकट गर्दै भनिएको छ– '**श्रद्धा चेतसः सम्प्रसादः । सा हि जननीव कल्याणी योगिनं पाति**'[९७] – 'श्रद्धा चित्तको प्रसन्नताको नाम हो । त्यो आमासमान कल्याणकारक हुन्छ र त्यसले सर्वतोभावेन योगीको सुरक्षा गर्दछ। कृत्यरत्नाकर र श्राद्धतत्त्वमा भनिएको छ –

'**प्रत्ययो धर्मकार्येषु तथा श्रद्धेत्युदाहृता । नास्ति ह्यश्रद्दधानस्य धर्मकृत्ये प्रयोजनम् ।।**'[९८]

धर्मका कार्यहरूमा पूर्ण विश्वास हुनुलाई श्रद्धा भनिन्छ । जसको मनमा श्रद्धा वा विश्वास हुँदैन त्यसले गरेको धर्मकृत्यबाट कुनै पनि प्रयोजन सिद्ध हुँदैन । कात्यायनश्राद्धसूत्रमा भनिएको छ– '**श्रद्धान्वितः श्राद्धं कुर्यात् शाकेनापि**' – सागपातद्वारा भए पनि श्रद्धाले सम्पन्न भई छोराले बाबु-आमाको श्राद्ध गर्नुपर्दछ ।[९९] मनुले पनि पितृहरूको सन्तुष्टिका

९३. ऋग्वेदः २/१२/१५ ।
९४. निरुक्तम् ३/१० ।
९५. शुक्लयजुर्वेदः १९/३० ।
९६. शुक्लयजुर्वेदः, १९/७७ ।
९७. योगसूत्रभाष्यम् १/२० ।
९८. पी.बी.काणे, पूर्ववत्, तृतीय भाग, पृ. ११९६ ।
९९. कात्यायनश्राद्धसूत्रम्, प्रथम कण्डिका ।

लागि श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने विषयमा जोड दिएका छन् ।[१००] मार्कण्डेयपुराणमा भनिएको छ-

श्रद्धया परया दत्तं पितृणां नामगोत्रतः । यदाहारास्तु ते जातास्तदाहारत्वमेति तत् ।।[१०१]

– परमश्रद्धाका साथ पितृहरूको नाम-गोत्र उच्चारण गर्दै जुन अन्न प्रदान गरिन्छ, त्यो अन्न पितृहरू जुन रूपमा रहेका हुन्छन् तिनको आहारका रूपमा उपस्थित हुन्छ । **श्राद्धप्रकाशमा** भनिएको छ-

देशे काले च पात्रे च श्रद्धया विधिना च यत् । पितृनुद्दिश्य विप्रेभ्यो दत्तं श्राद्धमुदाहृतम् ।।

– उचित काल, देश, पात्र एवं स्थानअनुसार उचित विधिद्वारा पितृहरूलाई लक्षित गरी ब्राह्मणलाई केही प्रदान गरिन्छ भने त्यो कर्मलाई श्राद्ध भनिन्छ ।[१०२] **श्राद्धकल्पतरुमा** भनिएको छ- 'पितृहरूलाई लक्षित गरी द्रव्यको अर्पण र ब्राह्मणद्वारा त्यसको स्वीकार गरिने कर्मलाई श्राद्ध भनिन्छ ।'[१०३] यस भनाइबाट पितृहरूलाई प्रसन्न तुल्याउने उद्देश्यले सुपात्रमा गरिने द्रव्य आदिको दानलाई श्राद्ध भनिने कुरा स्पष्ट हुन्छ । यस्तो महत्त्वपूर्ण पितृयज्ञ श्राद्धको महत्ता अवगत गरी **कमलाकर भट्टले निर्णयसिन्धुको** चौथो परिच्छेदमा व्यापकरूपमा श्राद्धको वर्णन र श्राद्धसम्बन्धी विधि-विधानमा आइपर्ने समस्याको समाधानका रूपमा निर्णय प्रस्तुत गरेका छन् ।

उक्त परिच्छेदमा श्राद्धभेद, श्राद्धदेश, श्राद्धकाल, श्राद्धका अधिकारी, श्राद्धका पितृगण, श्राद्धका ब्राह्मण, श्राद्धकर्ता र भोक्ताका नियम, श्राद्धमा प्रयोग गरिने वस्तु, श्राद्धारम्भ समय, श्राद्धकर्मअन्तर्गत सङ्कल्प आदिमा विभक्ति प्रयोग, विकरदान, पिण्डदान, पिण्डप्रतिपत्ति, पिण्डोपघात, असमर्थ पुत्रद्वारा पिताको श्राद्ध, क्षयाहश्राद्ध, श्राद्धविघ्न, श्राद्धमा पत्नी रजस्वला हुँदा गर्नुपर्ने निर्णय, अन्वारोहणमा निर्णय, श्राद्धसम्पात, श्राद्धाङ्गतर्पण, वृद्धिश्राद्ध, जीवत्पितृकश्राद्ध, तीर्थश्राद्ध आदि महत्त्वपूर्ण विषय वर्णन गरिएका छन् ।

६.२ श्राद्धभेद

विश्वामित्र श्राद्धका भेद बताउँदै भन्दछन् – नित्यश्राद्ध, नैमित्तिकश्राद्ध, काम्यश्राद्ध, वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, पार्वणश्राद्ध, गोष्ठीश्राद्ध, शुद्धिश्राद्ध, कर्माङ्गश्राद्ध, दैविकश्राद्ध, यात्राश्राद्ध र पुष्टिश्राद्ध गरी श्राद्ध बाह्र प्रकारका हुन्छन् । भविष्यपुराणमा उक्त श्राद्धहरूको लक्षण बताइएको छ ।

नित्यश्राद्ध – दिनदिनै गरिने श्राद्धलाई नित्यश्राद्ध भनिन्छ । यो श्राद्ध वैश्वदेवरहित हुन्छ । असमर्थ व्यक्तिले जलद्वारा भए पनि नित्यश्राद्ध गर्नुपर्दछ ।

नैमित्तिकश्राद्ध – माता-पिता आदि मध्ये कसैको मृत्युतिथिमा गरिने एकोद्दिष्टश्राद्धलाई नैमित्तिकश्राद्ध भनिन्छ। यसमा पनि विश्वेदेवको स्थान रहँदैन र बिजोडा ब्राह्मणलाई भोजन गराउनुपर्ने हुन्छ ।

काम्यश्राद्ध – अभीष्ट सिद्धिका लागि गरिने श्राद्धलाई काम्यश्राद्ध भनिन्छ ।

वृद्धिश्राद्ध – अभ्युदय वा वृद्धि हुँदा गरिने श्राद्धलाई वृद्धिश्राद्ध वा आभ्युदयिकश्राद्ध भनिन्छ ।

सपिण्डनश्राद्ध – सपिण्डनश्राद्धमा गन्ध, जल र तिलमिश्रित चार वटा पात्र तयार गर्नुपर्दछ । ती पात्रहरूमा अर्घ्यको निमित्त – **ये समाना समनसः पितरो यमराज्ये । तेषां लोकः स्वधा नमो यज्ञो देवेषु**

---

१००. मनुस्मृतिः ३/२७५ ।
१०१. मार्कण्डेयपुराणम् २९/२७ ।
१०२. पी.बी. काणे, पूर्ववत् ।
१०३. पूर्ववत् ।

कल्पताम् । ये समानाः समनसो जीवा जीवेषु मामकाः । तेषां श्रीर्मयिकल्पतामस्मिल्लोके शतं समाः ।।[१०४] इत्यादि मन्त्रबाट प्रेतपात्रको जल आदि मिसाउनुपर्दछ । बाँकी कर्म नित्यश्राद्धसमान हुन्छन् । माताका निमित्त पनि सपिण्डीकरण र एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

पार्वणश्राद्ध - अमावास्यामा गरिने श्राद्धलाई पार्वणश्राद्ध भनिन्छ अथवा पर्वहरूमा गरिने श्राद्धलाई पार्वण भनिन्छ ।

गोष्ठीश्राद्ध - अनेक विद्वान्हरूले एकसाथमा मिलेर सुख-सम्पत्ति र पितृहरूको तृप्तिका लागि सामूहिकरूपमा गर्ने श्राद्धलाई गोष्ठीश्राद्ध भनिन्छ ।

शुद्धिश्राद्ध - शुद्धिका निमित्त ब्राह्मणभोजन गराई सम्पन्न गरिने श्राद्धलाई विद्वान्हरूले शुद्धिश्राद्ध भनेका छन्।

कर्माङ्गश्राद्ध - गर्भाधान, सोमयज्ञको आरम्भ, सीमन्तोन्नयन र पुंसवनमा गरिने श्राद्धलाई कर्माङ्गश्राद्ध भनिन्छ।

दैविकश्राद्ध - देवताहरूको उद्देश्यले गरिने श्राद्धलाई दैविकश्राद्ध भनिन्छ ।

यात्राश्राद्ध - देशान्तरमा जाने बेला घ्यूद्वारा गरिने श्राद्धलाई यात्राश्राद्ध भनिन्छ । यो श्राद्ध यात्रा सम्पन्न गरी घर फर्केपछि पनि गरिन्छ ।

पुष्टिश्राद्ध - शरीर र अर्थको वृद्धिका लागि वा पुष्टिका लागि गरिने श्राद्धलाई पुष्टिश्राद्ध भनिन्छ । यसको अर्को नाम औपचांयिकश्राद्ध पनि हो ।

उक्त मुख्य श्राद्धका अतिरिक्त वर्षभरिमा गरिने ९६ श्राद्धहरूको विषयमा स्मृतिहरूमा विचार गरिएको पाइन्छ । तदनुसार वर्षदिनका १२ अमावास्यामा - १२ श्राद्ध, ४ युगादिमा - ४ श्राद्ध, १४ मन्वन्तरादिमा - १४ श्राद्ध, १२ संक्रान्तिमा - १२ श्राद्ध, १३ वैधृतियोगमा - १३ श्राद्ध, १३ व्यतीपातयोगमा - १३ श्राद्ध, १६ महालयका दिनहरूमा - १६ श्राद्ध, ४ अन्वष्टकामा - ४ श्राद्ध, ४ अष्टकामा - ४ श्राद्ध, ४ हेमन्त र शिशिरका कृष्णपक्षका सप्तमीहरूमा - ४ श्राद्ध गरी जम्मा ९६ श्राद्ध गर्नुपर्ने कुरा बताइएको छ ।

६.३ श्राद्धदेश

श्राद्ध गर्ने भूमिको विषयमा धर्मशास्त्रमा विचार गरिएको छ । **मनुले** भनेका छन् - कोइला, हाड आदि अशुद्ध पदार्थ नभएको एकान्त र शुद्धभूमिलाई गोबरले पोत्नु पर्दछ । दक्षिणतर्फ ओरालो पारिएको जमिनमा श्राद्ध गर्नुपर्दछ । प्रकृत्या जमिन त्यस्तो उपलब्ध छैन भने प्रयत्नपूर्वक दक्षिणतर्फ ओरालो हुने गरी श्राद्धभूमि तयार गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदय र विष्णुधर्ममा भनिएको छ - दक्षिणदिशातर्फ ओरालो पारिएको ठाउँमा चाहे त्यो तीर्थको ठाउँ होस् अथवा घरको नै ठाउँ होस् भूसंस्कार गरेपछि मार्जनीद्वारा बढार-बुढुर गरी प्रयत्नपूर्वक श्राद्ध गर्नुपर्दछ।

प्रभासखण्डको भनाइअनुसार - आफ्नो घरमा गरिएको श्राद्ध तीर्थमा गरिने श्राद्धभन्दा आठ गुणा अधिक फलदायक हुन्छ ।

महाभारतमा श्राद्धको भूमिबारे विचार गरिन्छ भन्दै उत्तम क्षेत्रहरूको यसरी निरूपण गरिएको छ - कुरुक्षेत्र, गया, गङ्गा, सरस्वती, प्रभास एवं पुष्कर क्षेत्रमा गरिएको श्राद्ध महाफलदायक हुन्छ ।

शङ्खको भनाइ यसप्रकार छ - गङ्गा र यमुनाको तटमा, विन्ध्यको दक्षिणमा रहेको पयोष्णी नदीको तटमा, अमरकण्टकमा, नर्मदा र बाहुदा नदीको तीरमा, भृगुलिङ्गमा, हिमालय, हरिद्वार, प्रयाग, नैमिषारण्य, पुष्कर र गयाको समीपमा श्राद्ध, तर्पण एवं दान गर्दा अक्षयफल प्राप्त हुन्छ ।

---

१०४. शुक्लयजुर्वेदः १९/४५-४६ ।

गयाश्राद्धको महत्त्व बताउँदै पितृहरूद्वारा भनिएको छ – हाम्रो कुलमा त्यस्तो कुनै श्रेष्ठ पुरुष पैदा होला ? जसले गयाशिर र वटवृक्षको समीपमा प्रयत्न र एकाग्रतापूर्वक हाम्रो श्राद्ध गर्नेछ ।

यम भन्दछन् – रुख्खा-सुख्खा जमिन भएको, नानाथरिका कीटपतंगले ढाकिएको, हिलोले भरिएको, अनेकथरिका जातजातिहरूले व्याप्त, दुर्गन्धले पूर्ण र दुःखदायक आवाजले भरिएको ठाउँ वा देशमा श्राद्ध गर्न हुँदैन । **शङ्ख**को भनाइ छ – गाई, घोडा, हात्ती आदिले भरिएको जमिन, कृत्रिम जमिन र अरूको स्वामित्व रहेको जमिनमा श्राद्ध गर्नु हुँदैन । 'जसले अरूको जमिनमा श्राद्ध गर्दछ त्यसले गरेको श्राद्धलाई त्यस भूमिको स्वामीका पितृहरूले नष्ट गरिदिन्छन् ।' यसबारे **ब्रह्मपुराण र महाभारत**को वचन यसप्रकार छ – यदि कसैले अरूको घरमा आफ्ना पितृहरूलाई तृप्ति गराउन श्राद्धादि कर्म गर्दछ भने त्यो कर्म त्यस घरको स्वामीका पितृहरूले हठपूर्वक हरण गर्दछन् । तसर्थ श्राद्धकर्ताले गृहस्वामीका पितृहरूका लागि अधिकारमूल्य चुकाउनुपर्दछ ।

६.४ श्राद्धकाल

श्राद्धकालका सम्बन्धमा यसै **निर्णयसिन्धु**का प्रथम, द्वितीयपरिच्छेदमा संक्रान्ति, युगादि, महालय आदि बारे विस्तृत विचार गरिएको छ । फेरि पनि केही बताइन्छ । पृथ्वीचन्द्रोदयमा वृद्धपाराशर भन्दछन् – 'घरमा वृद्धि हुँदा, अमावास्यातिथिमा, गजच्छायायोगमा, ग्रहणमा, संक्रान्तिमा, नयाँ कुवा, तलाउ आदि निर्माण गर्दा, नयाँ अन्न भित्र्याउँदा, नवान्नप्राशनमा, नयाँ घर बनाउँदा, नयाँ ऊखु भित्र्याउँदा, अष्टका र मघानक्षत्रमा पितृहरूले आफ्ना सन्तानबाट श्राद्धको अन्न चाहना गर्छन् ।

हेमाद्रिमा उद्धृत **मार्कण्डेय**को वचन यसप्रकार छ – वेदका ज्ञाता अग्निहोत्री विद्वान् घरमा आउँदा श्राद्ध गर्नुपर्दछ । हेमाद्रिको मतअनुसार यस्तो श्राद्ध पिण्डरहित हुन्छ । पिता जीवित रहेका गृहस्थले पनि यस्तो श्राद्ध गर्नुपर्दछ । भनिएको छ – विवाह, पुत्रोत्पत्ति, पित्र्य इष्टि, सोमयाग, तीर्थ र ब्राह्मणको आगमन यी छ अवस्थामा पिता ज्यूँदै भएका मानिसले पनि श्राद्ध गर्नुपर्दछ ।

तिथिविशेषमा श्राद्ध गर्दा फलविशेष प्राप्त हुने कुरा **याज्ञवल्क्य**ले यसरी बताएका छन् – प्रतिपदामा शीलवती कन्या, द्वितीयामा उत्तम जामाता अर्थात् ज्वाइँ, तृतीयामा उत्तम पशु, चतुर्थीमा सदाचारी पुत्र, पञ्चमीमा द्यूतमा विजय, षष्ठीमा उत्तम उब्जनी, सप्तमीमा वाणिज्यमा लाभ, अष्टमीमा गाई आदि दुई खुर हुने पशु, नवमीमा एक खुर हुने घोडा आदि पशु, दशमीमा ब्रह्मवर्चस्वी पुत्र, एकादशीमा सुवर्ण, द्वादशीमा चाँदी, त्रयोदशीमा ताँबो, चतुर्दशीमा शिशा, पूर्णिमा एवं औंसीमा बन्धुवर्गमा श्रेष्ठताजस्ता फल श्राद्ध गर्ने मानिसले पाउँछ । रविवार आदि वारहरूमा श्राद्ध गर्नेले क्रमशः आरोग्य, सौभाग्य, शत्रुपराजय, सम्पूर्ण कामनासिद्धि, ज्ञान, धन एवं आयुजस्ता फल प्राप्त गर्दछन् ।

६.५ श्राद्धका अधिकारी

दिवङ्गत पितृहरूको श्राद्ध गर्ने अधिकारीका सम्बन्धमा शास्त्रहरूमा घनीभूत चर्चा र निर्णयसमेत गरिएको पाइन्छ । यससम्बन्धमा **चन्द्रिकामा सुमन्तु** भन्दछन् – औरसपुत्रले दिवङ्गत माता-पिताको सपिण्डन आदि श्राद्ध मन्त्रपूर्वक गर्नुपर्दछ । **हेमाद्रिमा शङ्ख**को भनाइ छ – पुत्रले पिताको पिण्डदान र उदकक्रिया गर्नुपर्दछ । पुत्रको अभावमा पत्नीले गर्नुपर्दछ । पत्नीको अभावमा दाजु अथवा भाइले गर्नुपर्दछ । यहाँ पुत्रपदको अर्थ औरसपुत्र मात्र नभई १२ प्रकारका पुत्रमध्ये कुनै पनि पुत्र हो । **याज्ञवल्क्य**ले १२ प्रकारका पुत्रहरूको विषयमा बताउँदै

भनेका छन् – १. धर्मपूर्वक विवाहिता पत्नीबाट उत्पन्न **औरसपुत्र** , २. औरसपुत्रकै समान **दौहित्र** अर्थात् छोरीको छोरा, ३. **क्षेत्रजपुत्र** अर्थात् नपुंसक, रोगी आदि पति भएमा धर्मपूर्वक सगोत्र वा सपिण्ड दोस्रो व्यक्तिसँग सम्पर्क गर्ने पत्नीबाट उत्पन्न पुत्र, ४. **गूढजपुत्र** अर्थात् घरभित्र पैदा भएको तर कसको वीर्यबाट पैदा भएको हो भन्ने कुरा गुप्त राखिएको पुत्र, ५. **कानीनपुत्र** अर्थात् अविवाहित किशोरीको कोखबाट उत्पन्न पुत्र जसलाई मातामहकै छोरा मान्न सकिन्छ, ६. **पौनर्भवपुत्र** अर्थात् पहिले अरूसँग विवाह गरेकी क्षतयोनि अथवा अक्षतयोनि नारी जसलाई दोस्रो पुरुषले पछिबाट भित्र्याएको हुन्छ त्यस्ती पत्नीबाट उत्पन्न पुत्र, ७. **दत्तकपुत्र** अर्थात् कुनै माता-पिताले तपाईंले छोरा मानेर पालन-पोषण र संस्कारसमेत गर्नुहोस् भनी केही लिएर प्रदान गरिएको पुत्र, ८. **क्रीतपुत्र** अर्थात् माता-पिताद्वारा धन लिएर बेचिएको पुत्र, ९. **कृत्रिमपुत्र** अर्थात् आफैले अबदेखि म तपाईंको पुत्र भएँ भनी आफूलाई सुम्पने स्वयंक्रीतपुत्र, १०. **स्वयंदत्तपुत्र** अर्थात् माता-पिता नभएका कारण प्रलोभनमा परेर आफूलाई पुत्रका रूपमा स्वीकार गर्ने पुत्र, ११. **सहोढपुत्र** अर्थात् विवाहको समय कन्याका गर्भमा रहेको र पछि जुन घरमा विवाह भयो, त्यहीं पैदा हुने पुत्र र १२. **अपविद्धपुत्र** अर्थात् माता-पिताद्वारा अथवा तीमध्ये कुनै एकद्वारा मूल आदि नक्षत्रमा पैदा भएका कारण त्याग गरिएको पुत्र गरी १२ प्रकारका पुत्र मानिएका छन् । यी १२ प्रकारका पुत्रहरूमा पहिलोको अभावमा पछि-पछिका पुत्रहरू क्रमशः पिण्डदाता र अंशभागी हुन्छन् ।

६.६ श्राद्धका पितृगण र देयवस्तुको प्राप्ति

हेमाद्रिमा उद्धृत **मत्स्यपुराण** र **देवल**को मत यस प्रकार छ – पितृहरूका नाम र गोत्रले हव्य एवं कव्यलाई उनीहरूसमक्ष पुऱ्याउँछन् । पितृहरूका अधिपतिमा अग्निष्वात्त आदि पितृहरू व्यवस्थित गरिएका छन्। उनका आदेशहरूद्वारा नाम-गोत्र उच्चारणपूर्वक दिइएका वस्तुले जन्मान्तरमा पुगेका प्राणीहरूसमक्ष अनुकूल आहारका रूपमा परिणत भएर उनीहरूलाई प्रसन्न तुल्याउँछन् । यदि आफ्ना पिता शुभकर्मका कारण देवता बनेर रहेका छन् भने छोराले दिएको कव्य अमृत बनेर ती देवतारूप पिताका सामु प्राप्त हुन्छ । गन्धर्वयोनिमा पिता रहेका भए दिएको वस्तु भोगका रूपमा परिणत हुन्छ । पिता पशुयोनिमा प्राप्त भएका भए दिइएको वस्तु तृणको रूपमा परिणत हुन्छ । पिता नागयोनिमा जन्मिएका भए त्यो अन्न वायुको रूप लिएर पिताको समक्षमा प्राप्त हुन्छ। पिता यक्षयोनिमा भए श्राद्धमा दिएको अन्न उनका सामु पेयपदार्थका रूपमा उपस्थित हुन्छ । पिता राक्षसयोनिमा प्राप्त भएका भए त्यो अन्न पिताका सामु मांसाहारका रूपमा प्राप्त हुन्छ । पिता दनुजयोनिमा जन्मिएका भए श्राद्धमा दिइएको अन्न मदिराको रूपमा प्राप्त हुन्छ र पिता प्रेतरूपमा नै रहेका भए त्यो अन्न रगतका रूपमा परिणत हुन्छ ।

यदि पिता मनुष्यका रूपमा प्राप्त भएका छन् भने त्यो पिण्ड आदि पेय पदार्थ अन्न-पान आदि अनेक भोग्य पदार्थका रूपमा पिताका सामु प्राप्त हुन्छ । श्राद्ध आदिमा पिता, पितामह एवं प्रपितामह शब्दबाट व्यवहार गरिने पितृदेवता जनक, जनकका जनक र तिनका पनि जनक हुन् । किनभने शतपथश्रुतिमा **असावेतत्ते** मन्त्रद्वारा प्रदान गरिने कव्य यजमानका पिताका लागि हो भनिएको छ । फेरि **विष्णुस्मृति** आदिमा जसका पिता प्रेत बनेका छन् त्यस कर्ताले प्रेतका निमित्त पिण्ड दिनुपर्छ भनिएको छ । **मनु** र **देवल**ले भनेका छन् कि पितालाई वसु, पितामहलाई रुद्र र प्रपितामहलाई आदित्यका रूपमा जान्नुपर्दछ यो सनातन श्रुति हो।

भविष्यपुराणमा भनिएको छ – श्राद्धकर्तालाई अनिरुद्ध, पितालाई प्रद्युम्न, प्रपितामहलाई सङ्कर्षण अर्थात् बलराम र प्रपितामहलाई वासुदेव श्रीकृष्ण जान्नुपर्दछ । फेरि त्यहीँ नै भनिएको छ – प्रथम पिण्ड वरुण, द्वितीय पिण्ड प्राजापत्य र तृतीय पिण्ड अग्निका रूपमा रहेका छन् । पिण्डदान गर्दा यही कुरा सम्झेर काम गर्नुपर्दछ ।

६.७ श्राद्धमा ग्राह्य उत्तम ब्राह्मण

त्रिणाचिकेत – त्रिणाचिकेत नामक '**पीतोदका जग्धतृणा**' इत्यादि वेदका मन्त्र अध्ययन गरेको अथवा ज्ञानद्वारा संसार क्षणिक छ भन्ने कुरा जान्ने, राग-द्वेष-ईर्ष्या नभएको अथवा '**उशन् ह वाजः श्रवसः**' इत्यादि तीन अनुवाकद्वारा विधान गरिएका नाचिकेत नामक अग्निको चयन गर्ने एवं तिनको ज्ञान गर्ने ब्राह्मणलाई उत्तम ब्राह्मण भनिन्छ । **त्रिमधु** – '**मधुवाता ऋतायते**' इत्यादि तीन ऋचाहरूको अध्ययन गरेको अथवा त्रिमधुनामक व्रतको अनुष्ठान गर्दै त्रिमधुनामक ऋग्वेदको एक भागको अध्ययन सम्पन्न गरेको ब्राह्मणलाई उत्तम ब्राह्मण भनिन्छ । **बह्वृच** – ऋग्वेद पढेको, **आथर्वण** – अथर्ववेद पढेको, **याजुष** – यजुर्वेद अध्ययन गरेको, **सामग** – सामवेद अध्ययन गरेको, **षडङ्गवित्** – ज्योतिष, व्याकरण, कल्प, शिक्षा, छन्द र निरुक्तनामक वेदका ६ अङ्गहरूको ज्ञाता, **त्रिसुपर्णवेत्ता** – **मधुमेति माम्** इत्यादि तैत्तिरीयशाखाअन्तर्गतका तीन यजुको ज्ञाता अर्थात् तीन सुपर्णको ज्ञाता, अथर्वशीर्षको अध्ययनमा तत्पर, **शतायु** – ज्योतिषशास्त्रअनुसार आफू सय वर्षसम्म बाँच्ने कुरा थाहा पाएको, **वेदार्थवित्** – सबै वेदका अर्थको ज्ञाता, राम्रो वाणी उच्चारण गर्ने, ब्रह्मचारी, **अग्निचित्** – अग्निचिति जान्ने, जीविकाका लागि काम नगर्ने, सत्यवाणीको व्यवहार गर्ने प्रपितामह, पितामह एवं पिताका वंशमा पैदा भएको, बाबु-आमातर्फका पाँच पुस्ताका विख्यात पुरुषका वंशमा जन्मिएको, सामवेदको ज्येष्ठभागको अध्ययन गर्ने, पुराणज्ञ, पुत्रवान्, इतिहासको ज्ञाता, योगी, **भिक्षु** – विष्णु वा शिवको ध्यानमा मग्न, सामवेदको स्वर जान्ने, ब्रह्मज्ञ, **पञ्चाग्नि** – गार्हपत्य, दक्षिण, आहवनीय, सभ्य र आवसथ्य नामक पाँच अग्नि धारण गर्ने अर्थात् अग्निहोत्री अथवा छान्दोग्य उपनिषद्मा पढिएको पञ्चाग्निविद्या जान्ने, **श्रोत्रिय** – वेदपाठी अथवा वेदपाठीको पुत्र, शम्भुको ध्यान गर्ने अथवा नारायणका पाउ-कमलको सेवा गर्ने, **पान्थ** – अतिथिका रूपमा विचरण गर्ने विद्वान्हरूलाई उत्तम ब्राह्मण मानिएको छ । यीमध्ये भिक्षु, योगी र पान्थ ब्राह्मण दुर्लभ हुन्छन् । भाग्यले यी भेटिए भने यिनलाई श्राद्धमा श्रद्धापूर्वक भोजन गराउनुपर्दछ । जुन ब्राह्मणका प्रवर र गोत्र फरक-फरक हुन्छन्, त्यस्ता आफूसँग असम्बद्ध ब्राह्मणलाई श्राद्धको सिद्धिका लागि वरण गर्नुपर्दछ ।

६.८ श्राद्धमा वर्जनीय ब्राह्मण

अब श्राद्धमा त्याग गर्न योग्य ब्राह्मणहरूको निरूपण गरिन्छ । 'रोगी ब्राह्मण, शत्रु ब्राह्मण, हीनाङ्ग ब्राह्मण, अधिकाङ्ग ब्राह्मण, जुवाडे ब्राह्मण, कृतघ्न ब्राह्मण, नक्षत्रशास्त्रद्वारा फल बताएर जीविका गर्ने ज्योतिषी ब्राह्मण, आयुर्वेदवृत्तिबाट जीविका गर्ने वैद्य ब्राह्मण, सरकारी कर्मचारी ब्राह्मण, सङ्गीतद्वारा जीविका गर्ने नट ब्राह्मण, अभिनेता ब्राह्मण, गायक एवं वाद्यवादक ब्राह्मण, व्याज लगाएर जीविका गर्ने ब्राह्मण, कविता बनाएर वा सुनाएर जीविका गर्ने कविब्राह्मण, वेदविक्रयी ब्राह्मण, देवपूजाद्वारा जीविका गर्ने ब्राह्मण, वेद, पत्नी, पुत्र एवं अग्निलाई त्याग गर्ने ब्राह्मण, एउटा आँखा नभएको ब्राह्मण, निन्दनीय केश भएको ब्राह्मण, शिरमा केश नभएको खल्वाट ब्राह्मण, निन्दनीय नङ भएको कुनखी ब्राह्मण, धर्ममा आस्था नभएको अधर्मी ब्राह्मण, नृत्यवृत्तिद्वारा जीविका गर्ने ब्राह्मण, ल्याइते स्वास्नीको पति ब्राह्मण, स्वभावैले काला दाँत भएको ब्राह्मण, द्वेषले अरूका घरमा आगो लगाउने ब्राह्मण, पैसाका लागि मुर्दा जलाउने काम गर्ने ब्राह्मण, कृत्रिम वा अकृत्रिम विषको विक्रेता ब्राह्मण, समुद्र नाघेर समुद्रपारिका देशमा जाने ब्राह्मण, **कुण्डभोजी** अर्थात् ब्राह्मणद्वारा ल्याइतेरूपमा भित्र्याइएकी विधवा ब्राह्मणीबाट जन्मेको ब्राह्मणको घरमा श्राद्ध गराई अन्नभोजन गर्ने ब्राह्मण, **गोलकभोजी** अर्थात् ब्राह्मणद्वारा ल्याइतेरूपमा

भित्र्याइएकी सधवा ब्राह्मणीबाट जन्मेको व्यक्तिको घरमा गई तिनले पकाएको अन्न भोजन गर्ने ब्राह्मण, दिदीको विवाह नहुँदै आफ्नो विवाह गर्ने बहिनीको पति ब्राह्मण, अस्त्र बनाउने ब्राह्मण, सोमलता बेचविखन गर्ने ब्राह्मण, तिलको व्यापार र तेलको विक्रय गर्ने ब्राह्मण, केकराक्ष अर्थात् डेरा आँखाले हेर्ने अथवा बिरालोले झैं हेर्ने ब्राह्मण, युद्धकला सिकाउने ब्राह्मण, पक्षिपालन गर्ने ब्राह्मण, खेतमा पानीको कुला भत्काउने ब्राह्मण, धन लिएर वृक्षारोपण गर्ने ब्राह्मण, भेडा एवं भैंसी पाल्ने ब्राह्मण, आफ्नी स्त्रीलाई गुप्तरूपमा नाठाहरूको जिम्मा दिई त्यस कर्मबाट जीविका गर्ने ब्राह्मण, विद्यार्थीहरूको अनुरोधमा पैसा लिएर वेद पढाउने ब्राह्मण, ग्रामयाजक अर्थात् गाउँभरि डुलेर यजमानी गर्ने ब्राह्मण, कम्बल आदि ऊनी कपडा बेच्ने ब्राह्मण, ब्राह्मण एवं कन्या आदिको सुन चोर्ने ब्राह्मण, शिल्पवृत्ति लिएर जीविका गर्ने ब्राह्मण, आफ्ना माता-पितासँग कलह गर्ने ब्राह्मण, धन र विषयभोगमा लम्पट ब्राह्मण, शूद्रका घरमा गई यज्ञ गराउने ब्राह्मण, जटाधारी ब्राह्मण, शिर मुडाएर संन्यासी भएको ब्राह्मण, रजस्वला पत्नीको पति ब्राह्मण, पञ्चमहायज्ञशून्य अर्थात् भूतयज्ञ, देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, ऋषियज्ञ नगर्ने ब्राह्मण, कठोर सराप दिने ब्राह्मण, नपुंसक ब्राह्मण, कुष्ठरोगी ब्राह्मण, राता आँखा भएको ब्राह्मण, कुँजो ब्राह्मण, बाउन्ने ब्राह्मण, असत्य सराप गर्ने ब्राह्मण, अपुतो ब्राह्मण, असत्य साक्षी बस्ने ब्राह्मण, चौकीदारी गर्ने ब्राह्मण, यज्ञ गराउन नहुनेका घरमा गई यज्ञ गराउने ब्राह्मण, आत्मा बेचेर काम गर्ने ब्राह्मण, दाजुको विवाह नहुँदै विवाह गर्ने मानिसका घरमा यजमानी गर्ने ब्राह्मण, चोर ब्राह्मण, हिंस्रक ब्राह्मण आदि दुर्लक्षण भएका ब्राह्मणलाई श्राद्धमा भोजन गराउनु हुँदैन।'

६.९ श्राद्धकर्ता र भोक्ताका नियम

निमन्त्रित ब्राह्मणलाई त्याग गरेको अवस्थामा यजमानलाई ब्रह्महत्याको दोष लाग्छ भन्ने कुरा बताउँदै **यम** भन्दछन्- जुन कर्ताले आफूले दिएको निमन्त्रणा प्राप्त गरी घरमा आएका ब्राह्मणको स्वागत-सत्कार गर्दैन र श्रद्धापूर्वक भोजन गराउँदैन त्यसले ब्रह्महत्या गरेको फल भोग्दछ र फलभोगपछि शूद्रयोनिमा पैदा हुन्छ । वस्तुतः जसले आफूले निमन्त्रणा गरेर घरमा आएका ब्राह्मणको सत्कार गर्दैन त्यो यजमान अत्यन्त कष्टदायक पशुयोनिमा पैदा हुन्छ ।

प्रमादले ब्राह्मणको अनादर गर्ने यजमानलाई लक्षित गर्दै **हारीत** भन्दछन् – प्रमादवश बोलाएका ब्राह्मणलाई बिर्सिएर बेवास्ता गरेमा यजमानलाई ठूलो दोष लाग्दछ । तर आफ्नो प्रमाद थाहा पाएपछि ती ब्राह्मणलाई प्रयत्नपूर्वक खुसी तुल्याई श्राद्ध गरेमा श्राद्धको सम्पूर्ण फल प्राप्त गर्दछ । जानी-जानी निर्दोष ब्राह्मणको अपमान गरेमा कर्ताले यतिचान्द्रायणव्रत गर्नुपर्ने कुरा बताउँदै नारायण भन्दछन् – निम्त्याइएका ब्राह्मणको जानी-जानी अपमान गरेमा ठूलो पाप लाग्दछ । त्यस पापबाट मुक्ति पाउन श्राद्धकर्ताले सावधान भई पवित्र भएर यतिचान्द्रायण गर्नुपर्दछ । त्यसबाट त्यो यजमान पापमुक्त बन्दछ ।

६.१० श्राद्धमा प्रयोग गरिने वस्तु

कुश – श्राद्धीय वस्तुहरूमध्ये सर्वप्रथम गणनायोग्य कुश हो । पृथ्वीचन्द्रोदयमा **दक्ष** भन्दछन् – समिधा, कुश र फल आदि ग्रहण गर्ने उचित समय दिनका ८ भागमध्ये दोस्रो भाग हो । कुशको सम्बन्धमा **यम** भन्दछन्- पितृहरूको श्राद्धकर्ममा जरासहित कुशको प्रयोग गर्नुपर्दछ । जरासहित कुशको प्रयोगबाट सज्जनले इन्द्र आदि महान् देवताहरूका लोकमाथि विजय प्राप्त गर्दछ । **शालङ्कायन** भन्दछन् – सपिण्डीकरणसम्मका क्रियाहरूमा एउटा-एउटा कुशको प्रयोग गर्नुपर्दछ । सपिण्डीकरणपछि विधिवत् दोब्र्याइएका कुशहरूबाट कार्य गर्नुपर्दछ । यसमा **शङ्ख**को मत यसप्रकार छ – जुन कुशको भित्र गर्भ हुँदैन, जुन कुश जरासहित हुन्छ त्यस्ता एक बित्ता लम्बाइ भएका

दुई कुशबाट तयार गरिएको वस्तुलाई पवित्र भनिन्छ । यस्तो पवित्रलाई जुनसुकै कर्ममा प्रयोग गर्न सकिन्छ ।

कुशको अभाव भएमा के गर्ने भन्नेविषयमा **सुमन्तु** भन्दछन् – कुश, काँस सरकण्डा, जौ, दूबो, बाबियो खर, गाईका रौं, गुन्द्र अर्थात् सानो जातको गूँद, मूँज र कुन्द यी पवित्र वस्तु हुन् । कुशको अभावमा काँस, काँसको अभावमा सरकण्डा यस किसिमका पूर्व-पूर्वको अभावमा उत्तरोत्तर वस्तुको ग्रहण गर्नुपर्दछ । कुशको पविताको अवधिबारे **पृथ्वीचन्द्रोदयमा यम**को भनाइ छ – प्रत्येक महिनाको औंसीतिथिमा उखेलिएका कुशले त्यसै महिनालाई मात्र काम दिन्छन्, अरू महिनालाई दिँदैनन् ।

षट्त्रिंशन्मतमा बताइएको छ – अमावास्यादेखि लिएर अर्को अमावास्याको चतुर्दशीसम्म मात्र उखेलिएको कुश काम लाग्छ । अर्को मास लागेपछि नयाँ कुश ग्रहण गर्नुपर्दछ । **गृह्यपरिशिष्ट**मा भनिएको छ – जुन कुश पिण्डमा चढाइएका हुन्छन्, जुन कुशले पितृतर्पण गरिएको हुन्छ, जुन कुश अशुद्ध पदार्थको संसर्गमा हुन्छन् ती सबै अपवित्र हुनाले तिनको त्याग गर्नुपर्दछ ।

लघुहारीत भन्दछन् – बाटोमा खसेका, चितामा चढाइएका, यज्ञभूमिमा बिछ्याइएका, बिस्तरा, आसन र पिण्डमा परेका कुश अपवित्र हुन्छन्, तिनको त्याग गर्नु पर्दछ । ब्रह्मयज्ञ एवं पितृतर्पणमा प्रयोग गरिएका कुश एवं मूत्र र विष्टा लागेका कुशको त्याग गर्नुपर्दछ । **हेमाद्रि**मा भनिएको छ – कुश र दूबोद्वारा तयार गरिएका जति पनि पवित्र हुन्छन् तिनले सुवर्णनिर्मित पवित्रको एक कलाको पनि बराबरी गर्न सक्दैनन् । त्यसकारण सुवर्णनिर्मित पवित्रको पितृकर्ममा ज्यादै महत्त्व छ।

गङ्गाजलको पवित्रता – आदित्यपुराणको वचनमा भनिएको छ कि – गङ्गाजीबाट धेरै पहिलेदेखि ल्याएर बासी बनाई राखिएको र शूद्रद्वारा स्पर्श गरिएको भएतापनि स्नान-दान आदिमा गङ्गाजललाई पवित्र नै मानिन्छ ।

तिल – आपस्तम्ब भन्दछन् – जङ्गलमा पैदा भएको र नजोतिएको जमिनमा पैदा भएको तिललाई श्राद्धमा अत्यन्त पवित्र मानिएको छ । यस्तो तिललाई सामान्य तिल मात्र हुँदैन । यस्ता तिल उपलब्ध नभएमा गाउँमा पैदा हुने तिल र सेतो तथा कालो वर्णका जङ्गलका तिललाई पनि ग्राह्य नै मानिएको छ ।

कुतप – पृथ्वीचन्द्रोदयमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – दिनको मध्याह्नकाल, खड्गपात्र अर्थात् खगौतो, नेपालमा बनेको कम्बल, चाँदी, कुश, तिल, गाई र छोरीपट्टिको नाति अर्थात् दौहित्र यी आठलाई कुतप वा कुतुप भनिन्छ । यी श्राद्धमा अत्यन्त उत्तम मानिएका छन् ।

अन्य वस्तु – अन्य वस्तुको विषयमा **हेमाद्रि**मा उद्धृत **प्रचेता**को भनाइ यसप्रकार छ – कालो माष, तिल, जौ, साठीको चामल, महायव अर्थात् इन्द्रजौ, ब्रीहियव, मधूलिका अर्थात् सेतो गहुँ, सेतो, कालो र रातो रङ्को शालिधान्यलाई श्राद्धकर्ममा ग्रहण गर्नुपर्दछ । **महाभारत**मा भनिएको छ – जुन श्राद्धमा अधिकमात्रामा तिलको प्रयोग गरिन्छ त्यो श्राद्ध अक्षय फलदायक हुन्छ । जसले तिलद्वारा पितृपूजन गर्दछ त्यसले पितृहरूबाट आफूले चिताएको फल प्राप्त गर्दछ ।

ब्रह्मपुराणको वचनमा भनिएको छ – जौ, चामल, गहुँ, तिल, माष, चना, मुँगी, सामाधान, सर्स्युँको तेल, नीवार अर्थात् वनधान्य, हरिश्यामक अर्थात् कालो अगहनी धान र कागुनोद्वारा पितृहरूलाई तृप्त तुल्याउनुपर्दछ ।

कार्ष्णाजिनिको वचन यसप्रकार छ – जसको श्राद्ध गरिन्छ ती पितृले आफू जीवित हुँदा जुन-जुन पदार्थ रुचाउँथे ती पदार्थ श्राद्धमा श्रद्धापूर्वक तयार गर्नुपर्दछ । यसरी पितृले रुचाएको वस्तु टक्र्याइ श्राद्ध गरेपछि ती पितृ प्रसन्न हुन्छन् र अप्ठ्यारो स्थितिमा छन् भने पनि आनन्दपूर्वक अगाडि बढ्दछन्, यसमा कुनै सन्देह छैन ।

ब्रह्मपुराणको वचनमा भनिएको छ – श्राद्धमा महको प्रयोग गरिँदैन भने सम्पूर्ण रस र मिष्टान्नले परिपूर्ण

भएता पनि त्यो श्राद्ध अपूर्ण हुन्छ र त्यस श्राद्धबाट पितृहरू तृप्त हुँदैनन् । श्राद्धमा अणुमात्र भए पनि मह हुँदैन भने पितृहरूको तृप्तिका लागि **मधु मधु मधु** भनी तीन पटक मधुशब्दको उच्चारण गर्नुपर्दछ ।

गौडनिबन्धमा उद्धृत **मत्स्यसूक्तमा** भनिएको छ – श्राद्धमा मधु उपलब्ध नभएमा गुँड दिनुपर्दछ । दूध उपलब्ध नभएमा दहीले काम चलाउनु पर्दछ तर जहाँ घ्यू पाइँदैन, त्यहाँ घृतवती ऋचाको जप गर्नुपर्दछ । देवल भन्दछन् – श्राद्धमा बाख्रा, भेडा र भैंसीको दूध वर्जित छ । यसैगरी ती दूधका विकार पनि निषिद्ध छन् । भैंसीको घ्यू भने हितकारक भएकाले ग्राह्य मानिएको छ ।

श्राद्धमा निषिद्ध वस्तु – श्राद्धमा प्रयोग गर्न नहुने पदार्थका विषयमा **हेमाद्रिमा** उद्धृत **ब्रह्मपुराणको** भनाइ यसप्रकार छ– भैंसी, चौंरी गाई, मृग, भेडा, एकखुर हुने घोडा आदि जीव र उँटनीको दूध, दही र घ्यू श्राद्धमा वर्जित हुन्छन् । यसैगरी कसैसँग मागेर ल्याइएका दूध, दही र घ्यू पनि वर्जित हुन्छन् । गुँड र मरिच मिसिएको वस्तु, मार्सीधान, दही फाटेको मही र स्वादहीन एवं दहीको कण मिसिएको मही पनि श्राद्धमा त्याज्य हुन्छ ।

मार्कण्डेयपुराणमा भनिएको छ – जुन धन घूस आदि अनैतिक कार्यबाट प्राप्त हुन्छ, जुन धन पतित मानिसहरूबाट प्राप्त हुन्छ, जुन धन अन्याय गरेर प्राप्त हुन्छ, जुन धन कन्या बेचेर प्राप्त हुन्छ र जुन धन 'म मेरा पिता–पुर्खाको श्राद्ध गर्दैछु यस श्राद्धकार्यमा सहयोग गर' भनी कसैसँग मागेर प्राप्त गरिन्छ ती सबै धनलाई निन्दित मानिएको छ । **चन्द्रोदयमा शङ्खले** भनेका छन् – **भूस्तृणनामक शाक** – कसैको मतमा कलम्बी र कसैको मतमा भूतिक, तुलसी अथवा निर्गुण्डी, **शिग्रु** – सैजन, **पालङ्की** – पालुङ्गो, **मुचुक** – करेमुको शाक, **कूष्माण्ड**– कुभिण्डो, **अलाबु** – लौका, **वार्ताक** – वनभण्टा, **कोविदार** – कोइरालो, पिप्पली, मरीच, **पिण्डमूलक**– सलगम, निर्माण गरिएका सबै प्रकारका पदार्थ, नून, बाँसको मुना, राजमा, मसूरो, कोदो, **कोरदूषक** – वनकोदो, सिमल वा पलाशको चोप र वृक्षबाट निस्कने रातो चोपसमेत श्राद्धमा वर्जित छन् ।

स्मृतिसारमा भनिएअनुसार – दूधमा नुन, जूठो वस्तुमा घ्यू, धोबीले कपडा धुने तीर्थहरूमा स्नान र ताँबोको भाँडामा दूध आदि राखिन्छ भने ती सबै वस्तु मदिरासमान हुन्छन् । **गौडनिबन्धसागरमा** उद्धृत स्मृतिको वचनमा भनिएको छ – काँसको पात्रमा राखिएको नरिवलको जल, ताँबोको पात्रमा राखिएको मह र ताँबोकै पात्रमा राखिएको गाईको दूधमा यदि घिउ राखिँदैन भने ती सबै वस्तु मदिरासमान हुन्छन् । घिउबाहेक ताँबोको भाँडोमा राखिएको गोरस मासुसमान हुन्छ । ताँबोको पात्रमा राखिएको मासु गाईको मासुसमान हुन्छ, ताँबोको भाँडामा राखेको दही मदिरासमान हुन्छ र ताँबोको भाँडामा राखिएको गाईको दूध रगतबराबर हुन्छ । दूध मिसिएको दही र दूधबाट निस्किएको मखखन ताँबोको भाँडोमा राखिँदा दूषित हुँदैनन् । **याज्ञवल्क्यले** भनेका छन् कि– निर्मल, गाईलाई तृप्ति प्रदान गर्ने र जमिनमा स्थिररूपमा रहेको पवित्र जल श्राद्धका निमित्त उपयुक्त मानिएको छ ।

ब्रह्माण्डपुराणको भनाइ छ – दुर्गन्धले युक्त भएको जल, फिँज भएको जल, नुनिलो जल, माटो मिसिएको जल, गहिरो खाडलको जल, जसबाट गाईलाई तृप्ति हुँदैन त्यस्तो जल, रात्रिको समयमा झिकेर ल्याइएको जल र जुन जलाशयका स्वामीले अरूका निमित्त पानी पिउन भनी आज्ञा दिएका छैनन् त्यस्तो जलाशयको जल र दूषित एवं अभोज्य पदार्थले भरिएको जलाशयको जल श्राद्धका लागि सदैव त्याज्य हुन्छन् । **शुद्धितत्त्वमा शङ्खले** भनेका छन् – शूद्रको स्वामित्वमा रहेको जल र आकाशबाट खसेको जलबाट स्नान, आचमन, दान, देवता एवं पितृको तर्पण गर्न हुँदैन ।

हेमाद्रिको नागरखण्डमा भनिएको छ – 'श्राद्धमा पाकक्रिया गराउनका लागि पात्रहरूको प्रयोग गर्दा

सुवर्ण, चाँदी, काँस, ताँबो र माटोद्वारा तयार गरिएका सुन्दर, नवीन र सुदृढ पात्रहरूको प्रयोग गर्नुपर्दछ । **आदित्यपुराण**को भनाइ छ – राम्ररी नुहाएर द्विजले पवित्र पात्रमा श्राद्धको अन्न पकाउनुपर्दछ । ती पात्र सुवर्ण आदि धातु र माटोद्वारा बनाइएका हुनुपर्दछ । ती पात्रमा प्वाल हुनुहुँदैन । पात्रहरूमा राँग आदि कुनै किसिमको पदार्थ लेपन गरिएको हुनुहुँदैन । पहिले अपवित्र वस्तु राखिने गरेका पात्रहरूको पनि गर्नुहुँदैन । ती पात्रहरू टुटेका-फुटेका, नराम्रा हुनुहुँदैन । फलामका पात्रको प्रयोग गर्न हुँदैन । पहिले काममा ल्याइएका माटोका पात्रहरूलाई श्राद्धमा प्रयोग गर्न हुँदैन ।

६.११ श्राद्धारम्भ समय र श्राद्धवचनमा विभक्तिप्रयोगको नियम

अपरार्कमा **गौतम**ले एकोद्दिष्टश्राद्ध आरम्भ गर्ने विषयमा भनेका छन् – दिनलाई १५ भाग लगाउँदा जुन अष्टम मुहूर्त हो त्यसलाई कुतप भनिन्छ र नवौं मुहूर्तलाई रौहिण भनिन्छ । श्राद्धकर्ताले कुतप समयमा श्राद्ध आरम्भ गरी रौहिण समयमा समाप्त गर्नुपर्दछ । तर रौहिण काल नाघेपछि श्राद्ध गर्न हुँदैन ।

पार्वणश्राद्ध आरम्भ गर्ने विषयमा **मत्स्यपुराण**मा भनिएको छ – कुतप मुहूर्तभन्दा पछि क्रमशः चार मुहूर्त हुन्छन् – रौहिण, इन्द्र, इन्द्राणी र निर्ऋति । निर्ऋतिपछि आउने मुहूर्तलाई स्वधाभवन भनिन्छ । मध्याह्नकालमा जब सूर्य मन्दकान्तिमा हुन्छन्, त्यसबेला स्वधाभवन मुहूर्तमा श्राद्ध आरम्भ गरेमा अनन्तफल प्राप्त हुन्छ । त्यसकारण पार्वणश्राद्धकर्ताले स्वधाभवन मुहूर्तमा श्राद्धारम्भ गर्नुपर्दछ ।

सङ्कल्प आदिमा विभक्तिको प्रयोग – हेमाद्रिमा **नारायण** भन्दछन् – पितृ र देवकार्यमा जुन वस्तु दान गरिन्छ त्यो विभक्तिपूर्वक दिनु पर्दछ । विभक्तिपूर्वक दान गरेमा मात्र दिएको वस्तु पितृ अथवा देवताहरूले प्राप्त गर्दछन् । विभक्ति प्रयोग गरिएन भने त्यो निरर्थक हुन्छ ।

चन्द्रिका र **स्मृत्यर्थसार**मा उद्धृत नारदीय वचनमा भनिएको छ – अक्षय्यदान र आसनमा षष्ठीविभक्तिको प्रयोग गर्नुपर्दछ । आवाहन गर्दा द्वितीयाविभक्तिको प्रयोग गर्नुपर्दछ । अन्नदानमा चतुर्थीविभक्तिको प्रयोग गर्नुपर्दछ। अरू बाँकी कर्ममा सम्बोधनविभक्तिको प्रयोग गर्नुपर्दछ ।

व्यासले भनेका छन् – आसन र अन्नदानमा नित्य चतुर्थीविभक्ति हुन्छ । तर्पणमा प्रथमाविभक्ति हुन्छ । तर कसैले तर्पणमा पनि सम्बोधनविभक्तिको प्रयोग गर्नुपर्दछ भनेका छन् । **हेमाद्रि** भन्दछन् – यो शाखाभेद अनुसार भएको व्यवस्था हो ।

हेमाद्रिमा भनिएको छ – अर्घ्य, अवनेजन, पिण्ड, अन्नसङ्कल्प र प्रत्यवनेजन यिनमा सम्बोधनको प्रयोग गर्नुपर्दछ । शेष कर्ममा षष्ठीविभक्तिको प्रयोग गर्नुपर्दछ ।

नागरखण्डमा माताको लागि विशेष शब्दप्रयोगको व्यवस्था गर्दै बताइएको छ कि माताको श्राद्धमा आसन दिँदा सम्बोधनविभक्ति – **मातः**, वस्त्र आदि दिँदा चतुर्थी – **मात्रे**, अक्षय्योदक दिँदा षष्ठीविभक्ति – **मातुः** । त्यसैगरी गोत्रशब्द प्रयोग गरी सङ्कल्प गर्दा – सम्बोधनमा – **अमुकगोत्रे !**, वस्त्रादि दानमा – **अमुकगोत्रायै**, अक्षय्योदक दानमा – **अमुकगोत्रायाः** को प्रयोग गर्नुपर्दछ ।

६.१२ पिण्डदान

श्राद्धमा ब्राह्मणपूजन, अग्नौकरण, ब्राह्मणभोजन, विकिरदान र स्वधावाचन गरेपछि अथवा ब्राह्मणविसर्जन गरेपछि पिण्डदान गर्नुपर्दछ भन्ने कुरा अनेक स्मृतिमा अनेकप्रकारबाट बताइएको छ । श्राद्धमा पिण्डदानका

निमित्त बालुवा अथवा माटाको वेदी दक्षिणतर्फ ओह्रालो पारेर तयार गर्नुपर्दछ । **चन्द्रिकामा** भनिएको छ – श्राद्धमा कुश नपाइएमा बुद्धिमान् मानिसहरूले काँस, सेतो दूबो र उत्तम पवित्रमाथि पिण्डनिर्वाप गर्नुपर्दछ । **आश्वलायनले** भनेका छन् – वेदीमा स्फ्यनामक तरवारको आकारको काठको पात्रद्वारा रेखा कोर्नुपर्दछ । त्यस रेखामा **'अपहता असुरा रक्षांसि वेदिषदः'** मन्त्र पढ्दै जलले सेचन गरेर एकैपटक छिनालेका कुशाहरूलाई अपसव्य भई बिछ्याउनुपर्दछ । त्यसपछि त्यो रेखामा तीन पटक तिलसहित जल छर्किनुपर्दछ । पिता शुद्ध होऊन्, पितामह शुद्ध होऊन्, प्रपितामह शुद्ध होऊन्, यस भावनाले वेदीमा हात तल झुकाएर पितृतीर्थबाट पिता, पितामह आदिको नाम लिएर वेदीमा पिण्ड राख्नुपर्दछ । त्रिस्थलीसेतुमा भनिएको छ कि – तिल, अन्न, जल, धूप, दीप, दूध, मधु र घिउ पिण्डका आठ अङ्ग हुन् ।

पिण्डबारे **याज्ञवल्क्यको** भनाइ छ कि – सबै प्रकारका अन्नहरू ग्रहण गरेर पिण्ड तयार गरी तिलसहित दक्षिणाभिमुख भएर उच्छिष्ट अथवा विकिरनजिकै पितृयज्ञमा झैं पिण्ड प्रदान गर्नुपर्दछ ।

हेमाद्रिमा अङ्गिरा भन्दछन् – कैथ अथवा बेलको दानाको प्रमाणबाट अथवा अण्डाको प्रमाणबाट अथवा अमला र बयरको दानाको प्रमाणबाट पिण्ड तयार गरी विधिपूर्वक दिनुपर्दछ ।

भट्टहरूले भनेका छन् – एकोद्दिष्टश्राद्ध र सपिण्डकरणश्राद्धमा कैथको आकारको पिण्ड दिइन्छ र मासिकश्राद्ध एवं वार्षिकश्राद्धमा नरिवल आकारको पिण्ड दिइन्छ । तीर्थश्राद्ध र अमावास्याश्राद्धमा अण्डाको प्रमाणले पिण्ड प्रदान गरिन्छ । महालयश्राद्ध र गयाश्राद्धमा अमलाको दानाबराबरको पिण्डको प्रमाण हुन्छ।

कलिकामा आचार्यले भनेका छन् – जहाँ पिण्डका अनेक विधि बताइएका हुन्छन् त्यस अवस्थामा अरू विचार नगरी बेलको फलको आकारको पिण्ड दिनुपर्दछ । जहाँ एउटै पिण्डको व्यवस्था गरिएको हुन्छ त्यहाँ खजूरको आकारको पिण्ड दिनुपर्दछ । प्रेतपिण्डको लम्बाइ बाह्र अङ्गुल प्रमाणको हुनुपर्दछ ।

वायुपुराणमा भनिएको छ कि – धर्म, अर्थ र काम नामक तीन प्रकारका पुरुषार्थहरूमा सधैं सहयोग गर्ने पत्नीलाई पिण्ड पकाउने र पिण्ड बाट्ने काममा लगाउनुपर्दछ ।

हेमाद्रिमा लौगाक्षिले भनेका छन् – महालयश्राद्ध, गयाश्राद्ध, प्रेतश्राद्ध र दशाहमा दिइने अन्नलाई पिण्डशब्दबाट सम्बोधन गर्नुपर्दछ । अरू श्राद्धमा पिण्डको सट्टा अन्नशब्दको प्रयोग गर्नुपर्दछ ।

६.१३ पिण्डप्रतिपत्ति एवं पिण्डोपघात

याज्ञवल्क्यले भनेका छन् – पिण्डलाई गाई, बाख्रा अथवा अग्निका निमित्त दिनुपर्दछ अथवा जलमा प्रवाहित गर्नुपर्दछ ।

पिण्डस्पर्शमा प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै **हेमाद्रिको प्रायश्चित्तकाण्डमा** उद्धृत **देवलको** वचनमा भनिएको छ – कुकुर, स्याल अथवा गधाले प्रमादवश पिण्डको स्पर्श गरेमा र पिण्ड फुटेमा श्राद्धकर्ताको आयुष्यनाश हुन्छ र त्यो पिण्ड पितृका समीप प्राप्त हुँदैन ।

जातूकर्ण्य भन्दछन् – उक्त दूषित प्राणी वा पदार्थसँग पिण्डको स्पर्श भएमा वा पिण्ड फुटाइएमा कर्ताले प्राजापत्यव्रत गर्नुपर्दछ । प्राजापत्यगरेपछि स्नान गरेर यथाविधि फेरि श्राद्ध गर्नुपर्दछ ।

स्मृतिदर्पणमा उद्धृत **अत्रिको** वचनमा भनिएको छ – बिरालो र मुसाको स्पर्शबाट पिण्ड दुई टुक्रा भएमा फेरि श्राद्धमा बनाइएकै पाकबाट तत्काल अरू पिण्ड तयार गरी पिण्ड प्रदान गर्नुपर्दछ ।

६.१४ असमर्थ पुत्रद्वारा पिताको श्राद्ध

हेमाद्रिमा **संवर्त**ले भनेका छन् कि – जुन मानिसहरू पार्वणश्राद्ध गर्न समर्थ छैनन्, तिनीहरूले पार्वणश्राद्धकै समयमा सङ्कल्पविधिअनुसार सङ्कल्प गर्नुपर्दछ । पात्रमा भोजनयोग्य अन्न राखी 'म यो समर्पण गर्दैछु' भनेर अन्नदानमात्रको साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ । पात्रमा भोज्य अन्नलाई राखेर विधिपूर्वक सङ्कल्प गरी दान गर्नुलाई सङ्कल्पश्राद्ध भनिन्छ ।

स्मृत्यन्तरमा भनिएको छ – कुनै श्राद्धकर्ता विधिपूर्वक पितृयज्ञ सम्पन्न गर्न असमर्थ भएमा त्यसले ब्राह्मणसँग सङ्कल्पबाट सिद्धि होस् भन्ने वचन भनाउनुपर्दछ ।

छागलेयले भनेका छन् – ब्रह्मवादी विद्वान्हरूले मघा आदि नक्षत्रहरूका कारण कुनै रूपमा श्राद्धमा पिण्डदान गर्न असमर्थ भएमा अथवा गर्न नमिलेमा नियमपूर्वक साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ ।

भविष्यपुराणको वचनमा भनिएको छ – श्राद्धको समय आएपछि कक्षतृण अर्थात् सुकेका घाँस–पातलाई अग्निमा जलाउनुपर्दछ । त्यो दिन उपवास गरी मन्त्रसहित श्राद्ध गर्ने सङ्कल्प गर्नुपर्दछ । **विष्णुपुराण** र **वाराहपुराण**को भनाइ छ – अन्नदान गर्न पनि असमर्थ व्यक्तिले श्राद्धका दिन शक्तिअनुसार थोरै धान र तिल दान गर्नुपर्दछ र आफ्नो शक्तिअनुसार स्वल्प दक्षिणा दिनुपर्दछ ।

श्राद्धको दिन आएपछि श्राद्धकर्तासँग कुनै पनि वस्तु नभएमा श्राद्धकर्ता वनमा जानुपर्दछ । त्यसले आफ्नो काखी खोलेर हात माथि उठाई उपस्थान गर्दै सूर्य एवं लोकपाललाई सम्बोधन गर्दै भन्नुपर्दछ –

न मेऽस्ति वित्तं न धनं न भार्या श्राद्धं कथं वः पितरः करोमि ।
वनं प्रविश्येह तु तन्मयोच्चैर्भुजौ कृतौ वर्त्मनि मारुतस्य ।।
श्राद्धर्णमेतद्भवतां प्रदत्तं मह्यं दयध्वं पितृदेवताद्याः ।
आख्याय चोत्क्षिप्य भुजौ ततो वै दिवा च रात्रिं समुपोष्य तिष्ठेत् ।।
भवेत्स वै तेन कृतेन तेषामृणेन मुक्तः पितृदेवतानाम् ।।

– 'हे देवताहरू ! मसँग धन छैन, सम्पत्ति छैन, पत्नी छैनन्, म कसरी श्राद्ध गरूँ । त्यसैले अहिले म वनमा आएको छु र मैले हावाको मार्गमा अर्थात् आकाशमा आफ्ना दुवै हात फैलाइदिएको छु । यो श्राद्धरूपी ऋण मैले हजुरहरूलाई अर्पित गरें । ममाथि देवता र पितृले दया गरून् ।' यसरी प्रार्थना गरेर दुवै भुजा उठाई श्रद्धापूर्वक एक दिन र एक रात उपवास गरी उभिइराख्नुपर्दछ । यसो गरेपछि त्यो श्राद्धकर्ता देवऋण र पितृऋणबाट मुक्त हुन्छ ।'

६.१५ क्षयाहश्राद्ध

हेमाद्रिमा उद्धृत **व्यास**को वचनमा क्षयाहको स्वरूप स्पष्ट पार्दै भनिएको छ– जुन मानिस जुन महिना, पक्ष र जुन तिथिमा मर्दछ त्यसको प्रतिवर्ष त्यही महिना, त्यही पक्ष र त्यही तिथिमा एकोद्दिष्टविधिले श्राद्ध गर्नुपर्दछ। **ब्रह्मपुराण**मा भनिएको छ – माता, पिता, जेठो बाबु, कान्छा बाबु, जेठो दाजु र पुत्रहीन व्यक्तिको सांवत्सरिक श्राद्ध मरणदिनमा गर्नुपर्दछ ।

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – सबै श्राद्धहरूमध्येमा उत्तम र कल्याणकारक श्राद्ध प्रत्येक वर्ष मरणतिथिमा गरिने क्षयाहश्राद्ध हो । त्यो नगर्दा कल्याणको हानि र नरकप्राप्ति हुन्छ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ । जुन अंश ग्रहण गर्ने छोराले माता-पिताको मरण दिनमा प्रतिवर्ष निरन्तर श्राद्ध गर्दैन

त्यो छोरा तामिस्र नामक नरकमा जान्छ । छोराले प्रतिवर्ष एकोद्दिष्ट एवं पार्वण दुवै श्राद्ध गर्नुपर्ने कुरा निर्देश गरिएको छ । **यमले** एकोद्दिष्टश्राद्धको विषयमा भनेका छन्- सपिण्डीकरण गरेपछि पुत्रहरूले प्रत्येक वर्ष माता र पिताको मरण दिनमा छुट्टाछुट्टै एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ।

व्यास भन्दछन् – मरणदिनमा माता र पिताको छुट्टाछुट्टै एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । एकोद्दिष्टश्राद्ध नगरीकन जसले माता–पिताको लागि पार्वण गर्दछ त्यो श्राद्ध नगरेसमान हुन्छ। त्यसले पितृहरूलाई आघात पार्दछ।

६.१६ श्राद्धविघ्न

श्राद्धमा विघ्न भएमा र मरेको तिथि थाहा नभएमा विशेष गरेर कृष्णपक्षको एकादशीतिथिमा श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **मरीचिले** बताएका छन् । यहाँ 'विशेष गरेर' भनिएकाले शुक्लपक्षको एकादशीमा पनि श्राद्ध गर्न हुन्छ ।

बृहस्पति भन्दछन् – मरणदिनको जानकारी नभएमा मरेको तिथिमा र मरेको मास अज्ञात भएमा अमावास्यामा आब्दिकश्राद्ध गर्नुपर्दछ । मरण व्यक्तिको दिन र महिनाको जानकारी भएन भने जुन दिन घरबाट प्रस्थान गरेको हो, त्यही महिना र त्यही दिनको ग्रहण गरी पूर्वोक्तविधिले श्राद्ध गर्नुपर्दछ । मरणसम्बन्धी तिथि र महिना दुवै अज्ञात भएमा र घरबाट हिँडेपछि त्यो मृतक कहाँ गयो, कसरी मर्‍यो भन्ने कुनै पनि कथा वा जीवनी थाहा नभएमा मरण दिनमा गरिने श्राद्ध प्रस्थान गर्ने दिनको महिना र तिथिमा गर्नुपर्दछ ।

६.१७ श्राद्धमा पत्नी रजस्वला हुँदा गर्नुपर्ने निर्णय

व्याघ्रपादको भनाइ छ – श्राद्धकालमा पत्नीको रजोदर्शन भएमा अथवा-देशमा कुनै विप्लव उपस्थित भएमा ब्राह्मणहरूले आमश्राद्ध गर्नुपर्दछ । **दीपिकामा** भनिएको छ – अमावास्यामा स्त्री रजोवती भएमा परदेशी र विधुर अर्थात् स्त्रीहीन द्विजले आमश्राद्ध गर्नुपर्दछ । पाकको अभाव हुँदा द्विजातिले आमश्राद्ध गर्नुपर्ने विधान छ। पाक बनाउने मानिस उपस्थित भएमा अन्न वा आमान्न दुवैबाट गर्न सकिन्छ । **कलिकाको** भनाइ छ कि – मासिकश्राद्ध, सपिण्डनश्राद्ध, अमावास्याश्राद्ध र क्षयाहश्राद्ध सबैमा जसकी भार्या रजस्वला भएकी हुन्छिन् त्यसले आमान्नद्वारा श्राद्ध गर्नुपर्दछ ।

कार्ष्णाजिनि भन्दछन् – भार्याको रजोदर्शन भएका कारण श्राद्धपाक तयार गर्ने मानिसको अभाव हुँदा क्षयाहश्राद्ध आमान्नले गर्न हुँदैन बरु अमावास्या अथवा कृष्णपक्षको एकादशीमा अन्नद्वारा नै सम्पन्न गर्नुपर्दछ ।

प्रयोगपारिजातमा भनिएको छ – पत्नी रजस्वला भएका कारण जसले आमा–बाबुको एकोद्दिष्टश्राद्ध त्याग गर्दछ त्यसले प्रलयपर्यन्त नरकमा वास गर्नुपर्दछ । अतः पत्नी रजस्वला हुँदा पनि बाबु–आमाको क्षयाहमा गरिने एकोद्दिष्टश्राद्ध पायसपिण्ड दिएर नै गर्नुपर्दछ ।

६.१८ श्राद्धसम्पात अर्थात् श्राद्ध खापिएको अवस्था

माता र पिताको मरणतिथि एउटै भएमा मरणको क्रमअनुसार अमावास्यामा जसरी दुइटा वर्गको श्राद्ध गरिन्छ त्यसैगरी तन्त्रले अर्थात् एउटै पाकले श्राद्ध गर्नुपर्दछ । आमा र बाबुमध्ये कुन चाहिँ पहिले मरेको हो भन्ने थाहा नभएमा पहिले पिताको लागि श्राद्ध गरेर पछि त्यसै पाकद्वारा माताको निमित्त श्राद्ध गरिदिनुपर्दछ भन्ने कुरा **हेमाद्रिले** बताएका छन् । **माधव** आदि भन्दछन् – माता र पिताको श्राद्ध नयाँ होस् वा पुरानो एकैचोटि प्राप्त भएमा पुत्रले पहिले पिताको

श्राद्ध गरेर पछिबाट माताको श्राद्ध गर्नुपर्दछ । माता-पिता भिन्न अरू कुनै व्यक्तिको श्राद्ध गर्दा एउटै पाक नगरी छुट्टाछुट्टै श्राद्ध गर्नुपर्दछ । छुट्टाछुट्टै श्राद्ध गर्दा पहिले पिताको श्राद्ध गरेपछि अरूको श्राद्ध गर्नुपर्दछ ।

पार्वण र एकोद्दिष्टश्राद्ध एकैचोटि परेमा गर्नुपर्ने कर्तव्यका विषयमा **माधवीय**मा उद्‌धृत **जाबालि**को वचनमा भनिएको छ – यदि एकै दिन एकोद्दिष्ट र पार्वणश्राद्ध प्राप्त भएमा पार्वणश्राद्ध गरेपछि एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

भृगु भन्दछन् – गृहदाह आदि कारणबाट एकैचोटि मानिसहरू मरेको स्थितिमा एउटै समयमा धेरै अथवा दुई जनाको प्राण गएको छ भने एउटै पाक बनाएर अलग-अलग श्राद्ध गरिदिनुपर्दछ । एकैचोटि मरेका मानिसहरूको श्राद्ध गर्दा पहिले मरेकाको निमित्त सुरुमा, त्यसपछि दोस्रो क्रममा मरेकाको दोस्रो क्रममा, तेस्रो क्रममा मरेकाको तेस्रो क्रममा यस विधिबाट श्राद्ध गर्नुपर्दछ ।

श्रृष्यश्रृङ्गले भनेका छन् – सपिण्डहरूको एकैचोटि मृत्यु भएमा जुन नातो आफ्नो नजिकको छ त्यसै नाताको क्रमले पिण्डदान गर्नुपर्दछ । गरुडपुराणमा भनिएको छ – सन्निपातमरणमा अर्थात् एकैचोटि मरेका पितृहरूका निमित्त एउटै पाकले श्राद्ध गर्नुपर्दछ । विकिर एउटै गर्नुपर्दछ तर पिण्ड छुट्टाछुट्टै दिनुपर्दछ ।

कालादर्शमा भनिएको छ – नित्यश्राद्ध, अमावास्याश्राद्ध, जलकुम्भदान, मासिकश्राद्ध, अलभ्य योग प्राप्त हुँदा गरिने श्राद्ध, अमावास्याश्राद्ध र मन्वादिश्राद्ध एकैचोटि प्राप्त भएमा प्रसङ्गअनुसार पहिले एउटा श्राद्ध सम्पन्न गरी फेरि अरू श्राद्ध गर्नुपर्दछ ।

६.११ श्राद्धाङ्गतर्पण

पारिजात र पृथ्वीचन्द्रोदयमा गर्ग भन्दछन् – पहिले तिलोदक तर्पण दिएर अमावास्याश्राद्ध गर्नुपर्दछ । आमा-बाबु आदिको मृततिथिमा एकोद्दिष्टश्राद्ध गर्दा भने पहिले तिलोदकतर्पण गरिँदैन, दोस्रो दिन तिलोदक तर्पण गरिन्छ । पक्षश्राद्ध र हिरण्यश्राद्ध गर्दा श्राद्ध गरेपछि तिलतर्पण दिइन्छ । दोस्रो दिन उत्कर्ष प्राप्त गर्ने कुरा नित्यतर्पणको विषय हो, श्राद्धाङ्गतर्पणको होइन भन्न हुँदैन, किनकि **गर्ग**को मतानुसार – 'आज श्राद्ध गरेर भोलि कसैले आफ्ना पितृलाई तिल-तर्पण दिन्छ भने त्यसबाट पितृहरू तृप्त हुन्छन्, तिनीहरू कहिले पनि क्रुद्ध हुँदैनन्।' यसो भनिएकाले दोस्रो दिन गरिने तिलतर्पणलाई पनि श्राद्धकै अङ्ग मान्नुपर्दछ । अतः एकोद्दिष्टश्राद्ध गर्ने दिन आफ्ना पिता आदिको नित्यतर्पणमात्र गर्नुपर्दछ । श्राद्धाङ्गतर्पण अर्को दिन गर्नुपर्दछ ।

बृहन्नारदीयपुराणमा आब्दिकश्राद्धको प्रकरणमा भनिएको छ – आज श्राद्ध गर्ने मानिसले भोलि अथवा दोस्रो दिन पितृहरूलाई तर्पण दिँदैन भने त्यसका पितृहरू रिसाएर सराप दिँदै फर्किन्छन् । यसैले वार्षिकश्राद्धका दिन श्राद्धकर्ताले आफ्ना पितृको सदैव तर्पण गर्नुपर्दछ । श्राद्धको अङ्ग मानिएको तर्पण भने दोस्रो दिन गर्नुपर्दछ।

गर्गको भनाइ छ – आश्विनमहिनाको कृष्णपक्षमा प्रतिदिन श्राद्ध गर्नुपर्दछ र निषिद्ध दिनमा पनि प्रतिदिन पितृहरूलाई तर्पण दिनुपर्दछ । तर्पणको अर्थ हो – तिलद्वारा तर्पण गर्नु र यो तर्पण निषिद्ध दिनमा पनि गर्नुपर्दछ भनिएको छ । सकृन्महालयमा दोस्रो दिन तर्पण गरिन्छ । अष्टकाश्राद्धमा श्राद्ध सकिएपछि तर्पण गरिन्छ । कमलाकर भन्दछन् – यहाँ सप्तमी विभक्तिको प्रयोग गरिएकाले तर्पण श्राद्धको अङ्ग भएको कुरा स्पष्ट हुन्छ ।

बृहन्नारदीयपुराणमा अपवाद स्पष्ट गर्दै भनिएको छ – वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, प्रेतश्राद्ध, ऊनमासिकश्राद्ध र संवत्सरको अन्तमा गरिने श्राद्धमा तिलले तर्पण गर्न हुँदैन । त्यसको तात्पर्य यसप्रकार छ – अमावास्यामा ब्राह्मणलाई निमन्त्रण गरेपछि अथवा पाककर्म आरम्भ गरेपछि श्राद्धप्रयोग आरम्भ गरिने हुँदा ब्रह्मयज्ञपछि नित्यतर्पण गर्दा श्राद्धाङ्गतर्पण गरिएको मानिन्छ र छुट्टै श्राद्धाङ्गतर्पण गर्नुपर्दैन । वैश्वदेव गरेपछि वा त्योभन्दा

पहिले ब्रह्मयज्ञ गरिएमा श्राद्धाङ्गतर्पण छुट्टै गर्नुपर्दछ । पिताको वार्षिकश्राद्धमा नित्यतर्पण गर्दा तिलको प्रयोग गर्नुहुँदैन किनकि श्राद्धका दिन तिलद्वारा पितृहरूलाई तर्पण दिनुहुँदैन, श्राद्ध गरेपछि अपराह्नमा भने तिलद्वारा तर्पण गर्नुपर्दछ भन्ने वचन पाइन्छ ।

निर्णयसिन्धु आदि ग्रन्थहरूमा बताइएअनुसार श्राद्धाङ्गतर्पणका निमित्त विभिन्न श्राद्धका विभिन्न काल निर्धारण गरिएका छन् । जस्तै- अमावास्याश्राद्धमा श्राद्धपूर्व तर्पण, एकोद्दिष्टश्राद्ध र पार्वणश्राद्धमा ऋग्वेदीहरूका निमित्त दोस्रो दिन र यजुर्वेद एवं सामवेदका अनुयायीहरूका निमित्त श्राद्ध सकिएपछि श्राद्धाङ्गतर्पण निर्धारण गरिएको छ । पक्षश्राद्ध र हिरण्यश्राद्धमा श्राद्धपछि तर्पण दिने व्यवस्था गरिएको छ । अष्टकाश्राद्धमा श्राद्ध सकिएपछि, महालयमा सोह्रै दिन श्राद्ध गर्नेले दिनदिनै बिहान तिलतर्पण गर्नुपर्ने व्यवस्था गरिएको छ । ग्रहणश्राद्ध, व्यतीपातश्राद्ध, अमावास्याश्राद्ध, संक्रान्तिश्राद्धमा नित्यतर्पण गर्दा तिलतर्पण गर्नुपर्ने बताइएको छ । मन्वादिश्राद्ध, युगादिश्राद्ध, अमावास्याश्राद्ध, संक्रान्तिश्राद्ध, पूर्णिमाश्राद्ध, व्यतीपातश्राद्ध र तीर्थश्राद्ध गर्दा श्राद्धभन्दा पहिले तर्पण दिनुपर्ने व्यवस्था बाँधिएको छ । यसैगरी अर्धोदयश्राद्ध, गजच्छायाश्राद्ध, महालयको षष्ठीमा गरिने श्राद्ध, भरणीश्राद्ध, मघाश्राद्धमा पिण्ड दिएपछि तर्पण दिने व्यवस्था गरिएको छ ।[१०५]

---

१०५. शास्त्रहरूमा यस्ता विविध कालहरूको व्यवस्था भएतापनि नेपाली परम्परामा एकोद्दिष्ट र पार्वणश्राद्ध गर्दा श्राद्धपूर्व नै तर्पण दिने चलन चलिआएको देखिन्छ । शास्त्रले एउटा कुरा भन्ने र परम्पराले अर्को कुरा भन्ने यस्तो देखिँदा मानिसहरूमा भ्रान्ति हुनु स्वाभाविक हो । सामान्यतया कल्पशास्त्रमा माध्यन्दिनीय शाखाअन्तर्गतका यजुर्वेदीहरूले तर्पण दिनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छैन । त्यसो हुँदा कतिपय विद्वान्हरू तर्पण अनिवार्य विषय नभएकाले परम्परादेखि श्राद्धारम्भभन्दा पहिले गर्दै आएको तर्पणलाई यथावत्‌रूपमा प्रवर्तन गर्दा कुनै हानि नहुने कुरा र तर्पण नदिएमा पनि कुनै दोष नलाग्ने कुरा बताउँछन् ।

केही विद्वान्हरू भन्दछन् – नित्यतर्पण गर्ने मानिसले श्राद्धाङ्गतर्पण गर्नु हुँदैन । हिजो-आज नित्यतर्पण गर्ने मानिस कमै पाइन्छन् त्यस्ता मानिसले तर्पण गरेपछि मात्र श्राद्धारम्भ गर्नुपर्दछ ।

अर्काथरि विद्वान्हरू भन्दछन् – शास्त्रले जे भनेको छ तदनुसार यजुर्वेदीहरूले एकोद्दिष्ट र पार्वणश्राद्धमा श्राद्धपछि नै तर्पण दिनुपर्दछ । भोजन गर्दा पहिले जल त्यसपछि ठोसपदार्थ भोजन र त्यसपछि जल ग्रहण गर्ने हो भने मानिसलाई रोग लाग्दैन, कब्जियत हुँदैन । त्यसैगरी श्राद्धमा पनि पहिले द्रवपदार्थ, त्यसपछि ठोसपदार्थ र त्यसपछि द्रवपदार्थ दिनु उचित नै देखिन्छ । भनिएको छ -

प्राग्द्रवं पुरुषोऽश्नीयात् मध्ये कठिनभोजनः । अन्तेपुनर्द्रवाशी स्याद् बलारोग्ये न मुञ्चति ।।

उक्त भनाइअनुसार पहिले पञ्च महायज्ञअन्तर्गत नित्यतर्पण, त्यसपछि श्राद्ध र त्यसपछि श्राद्धाङ्गतर्पण गर्नु उचित देखिन्छ । उक्त विद्वान्हरू निर्णयसिन्धुमा एकोद्दिष्टको अङ्गभूत तर्पण दोस्रो दिन गर्नुपर्दछ भनिएतापनि '**याजुषसामगानां श्राद्धान्ते**' भन्ने वचनका आधारमा त्यसै दिन श्राद्धपछि श्राद्धाङ्गतर्पण गर्नुपर्ने कुरा बताउँछन् ।

अर्काथरि विद्वान्हरू भन्दछन् – शुक्लयजुर्वेद माध्यन्दिनीय वाजसनेयी शाखाका मानिसहरूका निमित्त ब्रह्मयज्ञपछि दैनिकरूपमा गरिने तर्पणबाहेक छुट्टै श्राद्धाङ्गतर्पण गर्नुपर्ने व्यवस्था गरिएको छैन । श्राद्धका दिन ब्रह्मयज्ञ नगरिने हुँदा ब्रह्मयज्ञको अङ्गभूत तर्पण गर्न सम्भव हुँदैन । तसर्थ त्यस्ता मानिसले तर्पण दिन चाहेमा एकछाकीका दिननै तर्पण दिनु उचित देखिन्छ ।

निष्कर्ष – पहिले-पहिले मानिसहरू अमावास्याश्राद्ध गर्दथे, अमावास्याश्राद्धमा श्राद्धपूर्व तर्पण दिने विधान छ । हाम्रो समाजमा अमावास्याश्राद्धको परम्परा छँदासम्म मानिसहरूले अमावास्याश्राद्धकै प्रक्रियालाई अँगालेर एकोद्दिष्ट र पार्वणश्राद्धमा पहिले तर्पण दिने परम्परा बसालेको हुनसक्छ । पछि आएर मानिसहरूले अमावास्याश्राद्ध गर्न छाडे तर एकोद्दिष्ट र पार्वण गर्दै आए । अमावास्याश्राद्धको तर्पणसम्बन्धी नियमलाई उनीहरूले एकोद्दिष्ट र पार्वणमा प्रयोग गरेको अनुमान गर्न सकिन्छ । त्यसैले परम्परा बस्न गयो । परम्परा तोड्न गाह्रो हुन्छ । अहिले मानिसहरू शास्त्रका मतमतान्तरले पूर्ण कुरालाई अँगालेर पुरानो परम्परा तोड्न चाहँदैनन् । अर्कोतर्फ नित्यतर्पण गर्ने मानिसका लागि त त्यसैबाट श्राद्धाङ्गतर्पण हुने भयो । नित्य तर्पण नगर्ने मानिसले श्राद्धपूर्व तर्पण गर्नुपर्ने हुन्छ र मानिसहरू त्यसो गर्दै पनि आएका छन् । यस विषयमा विभिन्न मतहरू देखिएको हुँदा साधारण जनता अलमलमा पर्ने गरेका छन् । धर्मशास्त्रका विद्वान्हरूको तर्पणसम्बन्धी सिद्धान्तमा ऐकमत्य नभएसम्म परम्पराअनुसार श्राद्धपूर्व तर्पण दिनु नै श्रेयस्कर देखिन्छ ।

६.२० वृद्धिश्राद्ध

पृथ्वीचन्द्रोदयमा वृद्धिश्राद्धसम्बन्धी **ब्रह्मपुराण**को वचन यसप्रकार छ – जन्म, उपनयन र पुत्रको विवाहमा नान्दीमुखनाम गरिएका पितृहरूलाई विधिपूर्वक तर्पण दिनुपर्दछ । वेदव्रत, आधान, यज्ञ र पुंसवनसंस्कार, प्रथमाग्रयण, समावर्तन, विवाहित स्त्रीको प्रथम रजोदर्शन, देवता, तलाउ, बगैंचा आदिको प्रतिष्ठाकर्म, उत्सव, राज्याभिषेक, बालकहरूको अन्नप्राशन र वानप्रस्थ आदि आश्रममा प्रवेश गर्ने समयमा पहिलो दिन वा त्यसैदिन कर्मसिद्धिका लागि पितृहरूलाई विधिपूर्वक तर्पण दिएर तृप्त गराउनुपर्दछ । **राजमार्तण्ड**मा भनिएको छ कि – पुत्रोत्पत्ति र अन्नप्राशनमा वृद्धिश्राद्ध गर्नुपर्दछ ।

श्राद्धकौमुदी र **निर्णयामृत**मा भनिएको छ – अन्नप्राशन, सीमन्त, पुंसवन, गर्भाधान, नयाँ घरमा प्रवेश, देवता, वृक्ष, जल आदिको प्रतिष्ठा, तीर्थयात्रा र वृषोत्सर्गमा वृद्धिश्राद्ध गर्नुपर्छ ।

६.२१ जीवच्छ्राद्ध वा आत्मश्राद्ध

निर्णयसिन्धुको चतुर्थ परिच्छेदको अन्तमा जीवच्छ्राद्धको चर्चा गरिएको छ । वर्तमान सन्दर्भमा असान्दर्भिक भए पनि यसको इतिहास कायम राख्न र कतिपय आत्मश्राद्ध गर्न चाहने व्यक्तिहरूको उपयोगका लागि सहयोग पुऱ्याउने उद्देश्यले यसको चर्चा गरिँदैछ । **गृह्यशेषसूत्र, लिङ्गपुराण, श्राद्धप्रकाश, कल्पतरु, हेमाद्रि** आदि ग्रन्थहरूमा जीवच्छ्राद्धको वर्णन गरिएको पाइन्छ । जीवित व्यक्तिले आत्मकल्याणका लागि जीवच्छ्राद्ध गर्दछ ।यस विषयमा **बौधायन** भन्दछन् – सर्वोच्च आनन्दको कामना गर्ने व्यक्तिले कृष्णपक्षको त्रयोदशीतिथिमा उपवास गरी मृतव्यक्तिहरूको अन्त्येष्टिक्रियामा प्रयोग गरिने सामग्री संकलन गर्दछ । ती सामग्री सामान्यतः यसप्रकार छन् – ६ वटा कपडा, सुनको सियो, एउटा आंकुसे, कपास कातेर बनाइएको एकलाक्षी धागो, एउटा फाटेको पुरानो कपडा, पातले भरिएको पलाशवृक्षको हाँगो, डुम्री काठबाट तयार गरिएको बस्ने आसन, गाग्रो एवं अन्य सामग्री ।

त्रयोदशीमा उपवास गरेपछि त्यस व्यक्ति चतुर्दशीमा स्नान गर्ने क्रममा केही बेर पानीमा उभिएर बाहिर आउँछ । त्यसबेला आमन्त्रित ब्राह्मणहरूको नजिकमा गएर भन्दछ– 'ब्राह्मण देवता ! आज शुभ दिन छ, तपाईंको सुख र समृद्धिको वृद्धि होस् ।' त्यसपछि त्यसले वस्त्र, औंठी र दक्षिणा ब्राह्मणलाई टक्र्याउँछ । दक्षिणतर्फ फर्किएर घिउ मिसिएको खीर भोजन गर्दछ । विधिपूर्वक अग्निस्थापना गरेपछि वेदीका चारैतर्फ बिछ्याइएको कुशमाथि हवि तयारी गरी चार आहुति दिन्छ । प्रथम आहुति **चत्वारिशृङ्गा०**[१०६] ऋचाद्वारा, द्वितीय आहुति – **तत्सवितुर्वरेण्यम्०** मन्त्रद्वारा, तेस्रो आहुति '**ये चत्वारः०** '[१०७] द्वारा र चौथो आहुति – **अग्ने नय अग्ने नय०**[१०८] मन्त्रद्वारा दिइन्छ । त्यसपछि पुरुषसूक्तका १८ मन्त्रद्वारा घृताहुति प्रदान गरी गायत्रीमन्त्रले १००८ वा १०८ आहुति प्रदान गरिन्छ । त्यसपछि कुनै चौबाटोमा गई सियो, आंकुसे, पुरानो कपडा, डोरी उचाइ कम भएको ब्राह्मणलाई दिनुपर्दछ । यम दूत प्रसन्न होऊन् भनी गाग्रोलाई चामलमाथि राख्नुपर्दछ ।

यस कर्ममा जलले भरिएका घडाको चारैतिर धागो बेरेपछि सम्पूर्ण घडालाई मानव आकृतिका रूपमा परिणत गराइन्छ । तीन धागोले शिर, तीन धागोले मुख, तीन धागोले गर्धन, चार धागोले धड, दुई–दुई धागोले

१०६. ऋग्वेदः ४/५८/३ ।
१०७. तैत्तिरीयसंहिता ५/७/२/३ ।
१०८ ऋग्वेदः १/१८९/१ ।

हात, एउटा धागोबाट जननेन्द्रिय र पाँच-पाँच धागोले खुट्टा बेरेपछि **यम श्रद्धास्पद होऊन्** भनी प्रार्थना गर्नुपर्दछ। त्यसपछि बस्ने पीठिकालाई पञ्चगव्यले पखालेर मृगचर्ममाथि पलाशको हाँगोद्वारा एउटा मानव आकृति बनाइन्छ। घडामा बनाइएका आकृतिहरूमा प्राणप्रतिष्ठा गरिन्छ । कर्ता पलाशको हाँगोद्वारा तयार गरिएको मानव आकृतिमाथि शयन गर्दछ । बिहान उठेपछि घडामा राखिएको जलले स्नान गरी पुरुषसूक्त पाठ गर्दछ । फेरि पञ्चगव्यले नुहाएर स्वच्छ जलले शरीरप्रक्षालन गर्दछ । सायंकालमा तिल-घिउ मिश्रित भोजन गर्दछ । यमदूतलाई प्रसन्न तुल्याउन ब्रह्मभोज गराउँछ । चौथो दिन त्यसले मन्त्रद्वारा पलाशको हाँगोद्वारा तयार गरिएको आकृतिको दाहकर्म सम्पन्न गर्दछ । त्यसपछि अमुक नाम र अमुक गोत्र भएको मैले परलोकमा कल्याण प्राप्त गरूँ भनी '**पिण्डः स्वधा नमः**' भनेर जल र पिण्ड प्रदान गर्दछ । यसरी यो श्राद्धकृत्य समाप्त हुन्छ ।

श्राद्धपछि कर्ताले १० दिनसम्म आफ्नो आशौच बार्नुपर्दछ । एघारौं दिन एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यसैगरी त्यसले पहिलो वर्ष, प्रतिमास र अरू वर्षमा प्रतिवर्ष आत्मश्राद्ध गर्नुपर्दछ । यो क्रम १२ वर्षसम्म जारी रहन्छ । १२ वर्षपछि बन्द गर्नुपर्दछ । १२ वर्षभित्र कुनै कारणवश आफूले आफ्नो आत्मश्राद्ध गर्न नसकेमा छोराद्वारा गराउनुपर्दछ। यस सम्बन्धी विशेषविधि शास्त्रहरूबाट अवगत गर्न सकिन्छ ।

६.२२ तीर्थश्राद्ध

पुत्रलाई पुण्यनदीहरूमा गई आफ्ना माता-पिताको अस्तु सेलाउने इच्छा पैदा हुँदा त्यसले तीर्थयात्रा गर्नुपर्दछ। त्यसको विधि **स्कन्दपुराण**मा यसरी बताइएको छ - तीर्थयात्रा गर्ने इच्छाले घरमा पहिले नियमपूर्वक उपवास गरेर गणेश, पितृगण, ब्राह्मण र सज्जनहरूको शक्तिअनुसार पूजा गरीकन पारणा गरेपछि मन प्रसन्न तुल्याएर तीर्थविधिका नियमहरू स्वीकार गरी घरबाट प्रस्थान गरेपछि तीर्थमा गएर तीर्थश्राद्ध गर्नुपर्दछ । यात्राबाट घर फर्केर पितृहरूको पूजा गरेपछि तीर्थयात्राको फल प्राप्त गर्दछ । तीर्थाटनको उद्देश्यले प्रयागमा प्राप्त जाँदा, तीर्थयात्रा गर्दा, माता एवं पिताको मृत्युमा केशहरूको मुण्डन गर्नुपर्दछ ।

तीर्थयात्रा गर्न चाहने मानिसले तीर्थयात्रा गर्ने क्रममा घरमा नौ देवता अर्थात् नौ पितृ अथवा बाह्र देवता अर्थात् बाह्र पितृको घ्यूद्वारा श्राद्ध गर्नुपर्दछ । **विष्णुपुराण**मा भनिएको छ - जुन व्यक्तिले अरू देशमा तीर्थयात्राका निमित्त जान अठोट गर्दछ त्यसले घ्यूद्वारा श्राद्ध गर्नुपर्दछ । यो यात्राका निमित्त गरिने वृद्धिश्राद्धको अङ्ग हो । **गौडनिबन्धमा गौतम**ले भनेका छन् - 'तीर्थयात्राको आरम्भ र तीर्थयात्राबाट फर्किएपछि घरमा आएर अधिकतम घ्यूद्वारा वृद्धिश्राद्ध गर्नुपर्दछ ।'

तीर्थयात्रीले तीर्थमा पुगेपछि सर्वप्रथम तीर्थको आवाहन गर्नुपर्दछ र त्यसपछि मुण्डन गर्नुपर्दछ । मुण्डनपछि स्नान गरेर श्राद्ध गर्नुपर्दछ । 'कुरुक्षेत्र, बद्री, जगन्नाथपुरी र विरजा (लोणार) तीर्थ छाडेर अन्य तीर्थमा मुण्डन र उपवास गर्ने विधि एउटै हो' भन्ने कुरा **देवलस्मृति**मा बताइएको छ ।

पृथ्वीचन्द्रोदय, ब्रह्मपुराण, देवीपुराण र **काशीखण्ड** आदिमा भनिएको छ कि - अकाल अर्थात् रात्रि आदिको समय र काल अर्थात् अपराह्न आदिमा तीर्थमा पुगेको अवस्थामा श्राद्ध तथा तर्पण अविलम्ब गर्नुपर्दछ र विघ्नलाई ठाउँ दिनुहुँदैन । तीर्थमा सुपात्र ब्राह्मण प्राप्त भएमा केही विचार नगरी तुरुन्त श्राद्ध गर्नुपर्दछ ।

हारीतले भनेका छन् - उत्तम नदी गङ्गाको किनारमा प्राप्त हुँदा भोजन गरिएको अवस्था अथवा नगरेको अवस्था, रात्रिको समय अथवा दिनको समय जेसुकै भएता पनि समयको नियम लाग्दैन । तसर्थ अविलम्ब

स्नान, तर्पण आदि कार्य गर्नुपर्दछ । विवाह, कठिन मार्ग, यज्ञ, यात्रा र तीर्थकर्ममा सूतक लाग्दैन; त्यसकारण त्यहाँ गएर गर्नुपर्ने श्राद्ध, यज्ञ आदि कर्म श्रद्धापूर्वक गर्नुपर्दछ । मलमासमा पनि तीर्थश्राद्ध गर्ने कुरा बताउँदै **बृहस्पतिस्मृतिमा** भनिएको छ – तीर्थयात्रीले सावधान भएर मलमासमा पनि नित्यकर्म, नैमित्तिक कर्म, तीर्थश्राद्ध, गजच्छाया र प्रेतश्राद्ध गर्नुपर्दछ ।

चन्द्रिकामा उद्‌धृत **देवीपुराणको** वचन यसप्रकार छ – तीर्थमा प्राप्त भएपछि अर्घ्य र आवाहन छाडी तीर्थश्राद्ध गर्नुपर्दछ । **अग्निपुराणमा** भनिएको छ – तीर्थमा आवाहन र विसर्जन गरिँदैन । वस्तुतः तीर्थमा न आवाहन गरिन्छ, न अर्घ्यदान गरिन्छ, न अग्नौकरण र विसर्जन गरिन्छ किनकि तीर्थमा आवाहन गरी अर्घ्य दिएर सत्कार गरिएका पितृहरू तीर्थमा नै रहेका हुन्छन् । तीर्थमा ६ देवता भएको श्राद्ध गर्दा आमाहरूलाई पिण्डमात्रै दिनुपर्दछ । त्यसपछि एक-एक मुठी शेष हवि हातमा लिएर आदरपूर्वक क्रमैले पिताका अरू पत्नीहरू अर्थात् विमातालाई पिण्ड दिनुपर्दछ ।

संन्यासीले तीर्थश्राद्ध गर्न हुँदैन, सूतक वार्नुपर्दैन, श्राद्धमा पिण्डदान गर्न हुँदैन र जलदान गर्न हुँदैन । संन्यासको योगबाट नै घर, धर्म-कर्मसम्बन्धी कृत्य, गोत्रले गर्ने आचरण, ऋण, पिता र माताको कुल र सर्वस्व छोडिएको हुँदा संन्यासीले तीर्थश्राद्ध गर्न हुँदैन भन्ने कुरा स्मृतिमा बताइएको छ ।

वायुपुराणमा भनिएको छ – संन्यासी गयामा प्राप्त भएमा त्यसले आफ्नो दण्ड देखाएर पितृहरूको आवाहन गर्नुपर्दछ तर पिण्डदान गर्नुहुँदैन । विष्णुपदमा गई दण्डस्पर्श गर्दा त्यो संन्यासी पितृहरूका साथ मुक्त हुन्छ । भनिएको छ – गया, धर्मपृष्ठ, कूप, यूप र अक्षयवटमा हातले दण्ड उचालेर देखाउने संन्यासी आफ्ना पितृहरूका साथ मुक्त हुन्छ ।

सप्तम प्रभाग

पञ्चम परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

७.१ आशौचविचार

'**अशुचेर्भाव आशौचम्**' वा '**अशौचम्**' यस किसिमको व्युत्पत्तिअनुसार शुचि अर्थात् पवित्रताको अभाव हुनु नै **आशौच** वा **अशौच** हो । यसलाई कहीँ कहीँ **आशुच्यम्** पनि भनेको पाइन्छ । यही आशौचलाई कतै अघ अर्थात् पाप पनि भनिन्छ । शुचि वा शुद्धिको अर्थ स्पष्ट गर्दै शुद्धिकौमुदीमा भनिएको छ– '**वेदबोधितकर्मार्हता शुद्धिः**' अर्थात् वेदविहित कर्म गर्ने योग्यताको नाम नै शुद्धि हो । हरदत्तले धार्मिक कर्म सम्पादन गर्ने अधिकार नहुनु, भोजनपान गर्ने र गराउने काममा अयोग्य मानिनु, स्पर्श गर्न योग्य नहुनु र दान-पुण्य गर्ने अधिकार नहुनुलाई आशौच भनिन्छ भनेका छन् । यस्तो आशौच दुई प्रकारको हुन्छ– जननाशौच र मरणाशौच । सामान्यतया सूतकशब्दले यी दुई आशौचको बोध गराउँछ ।

मानिसहरू मर्दा कुल-कुटुम्बका मानिसहरूलाई किन आशौच लाग्छ ? यसको तर्कसम्मत उत्तर धेरै ग्रन्थहरूमा पाइँदैन । हारीतले भनेका छन् – कुलको कुनै मानिस मरेमा सम्पूर्ण कुलका मानिस विषादग्रस्त हुन्छन् र कुल नै दुःखी र निराश बन्दछ । मृत्युजनित मलिनताका कारण सम्पूर्ण कुलमा नै निराशा छाउने हुँदा त्यस्तो मलिन अवस्थामा शुभकर्मको वर्जना हुन्छ । यसैगरी कुलमा कुनै बालक पैदा हुँदा आनन्दको सञ्चार हुन्छ र जातकर्म, षष्ठीपूजन आदि कृत्य गरिन्छन् ।

प्रत्येक शरीरमा शरीरात्मा, अन्तरात्मा र विशुद्धात्मा गरी तीन आत्मा रहेका हुन्छन् । शरीर र आत्मामा रहेका दोषहरू निराकरण गर्न **आयुर्वेदशास्त्र** क्रियाशील हुने गर्दछ । सत्त्वात्मा वा अन्तरात्मामा रहेका दोष निराकरण गर्न **धर्मशास्त्र** क्रियाशील हुने गर्दछ । तर विशुद्धात्मा मानवशरीरमा आश्रित भए पनि त्यो विभु र अक्रिय भएकाले त्यसलाई शारीरिक, मानसिक र आध्यात्मिक दोषले स्पर्श गर्न सक्दैनन् । अतः विशुद्धात्मा धर्मशास्त्र र आयुर्वेदका दृष्टिबाट आशौचको विषय बन्दैन ।

मलहरू पाँच प्रकारका हुन्छन्– १. मलमूत्रादि पदार्थ, २. शय्या, आसन, भोजन, वस्त्र, पात्र आदिमा देखिने मल, ३. सापिण्ड्यसम्बन्धका कारण जनन र मरणमा आइपर्ने आशौचरूप मल, ४. चारित्रिक पतनरूप मल र ५. रजोगुण र तमोगुणको वृद्धिविशेषका कारण हुने मानसिक दुष्टतारूप मल ।

ब्राह्मण आदि चार वर्णको उपयोगी वेदविहित कर्मफलको सिद्धिमा प्रतिबन्ध पैदा गर्ने, जनन र मरणबाट उत्पन्न हुने अपवित्र अपूर्व विशेषलाई **अघ** भनिन्छ । अघबाहेकका मलहरूको सम्बन्धबाट व्यक्तिमात्र दोषी हुनसक्छ, तर जनन-मरणसम्बन्धी अघ वा पापबाट सम्पूर्ण कुल नै दोषी बन्दछ । यसै अघलाई शास्त्रहरूमा आशौच भनिन्छ । **आशौच, अशौच, अघ, आशुच्य र सूतक** यी नामान्तर हुन् । आशौचलाई निवारण गर्ने तत्त्वको नाम शुद्धि हो ।

उक्त मलको निराकरण गरी शुद्धि सम्पादन गर्नु शौच हो । पाँच प्रकारका मल हटाउन शरीरको शुद्धि, शय्या, आसन, स्थान, वस्त्र आदिको शुद्धि, यज्ञ-तपस्या एवं दान आदि शुभकर्म गरी चारित्रिक शुद्धि र आशौचको अवस्थामा वेदविहित आचरण गर्दै निश्चित अवधिसम्म आशौचका नियमहरूको पालन गर्दा आशौच निवृत्त भई शुद्धि प्राप्त हुन्छ ।

कसैले आशौचलाई कर्ममा अनधिकारको अवस्थामात्र मानेका छन् । अरूले निश्चित अवधिभर स्नान आदि कर्म गरी हटाउन सकिने, पिण्डदान, उदकदान आदि कर्ममा अधिकार प्राप्त गर्ने नियमपूर्वक पालन गरिने र अध्ययनादि कर्मको प्रतिबन्धक पुरुषगत विशेष अतिशयलाई आशौच भनेको पाइन्छ । त्यसै विशेष अतिशयलाई अघ वा आशौच भनिन्छ । यो आशौच संसर्ग आदि कारणबाट संसर्ग गर्ने मानिसहरूमा पनि पैदा हुन्छ । समान संसर्ग हुँदा पनि योनि, विद्या, यज्ञ आदि सम्बन्ध भएका जनहरूमा छिटै अधिकमात्रामा यो आशौच फैलिन्छ । संसर्गदेखि पर रहेका र दोस्रो आश्रममा प्राप्त भएका वैराग्यवान् पुरुषहरूमा त्यो संसर्गजन्य आशौच पैदा हुँदैन । आश्रमान्तरमा नगएका केही मानिसहरूमा पनि विशेष प्रतिबन्धक तत्त्व रहेमा त्यो आशौच पैदा हुँदैन ।

७.२ आशौचका भेद एवं बीजतत्त्व

प्रधान कारणका भेदबाट यो आशौच **जननाशौच** र **मरणाशौच** गरी दुई प्रकारको हुन्छ । अरू भन्दछन्- आशौचका हेतु, जन्म-मृत्यु-उत्तरक्रिया र दोष हुन् । दोष पनि जननाशौच-मरणाशौच, उत्तरक्रियाशौच र दोषाशौच गरी चार प्रकारको हुन्छ । कसैले आशौचलाई स्वरूपसदाशौच र वासनाशौच गरी दुई प्रकारको हुने कुरा बताएका छन् । आधारका भेदले पनि आशौचको वर्गीकरण गरिएको पाइन्छ - **स्पर्शाशौच, कर्माशौच र मङ्गलाशौच** । स्पर्शको निषेध हुने आशौचलाई स्पर्शाशौच, कर्मको निषेध गरिने आशौचलाई कर्माशौच र मङ्गलकर्मको निषेध गरिने आशौचलाई मङ्गलाशौच ।

आशौचका चार बीजतत्त्व मानिएका छन् - जन्म, मृत्यु, क्रिया र दोष । जन्माशौचको उत्पत्ति स्त्रीको रजबाट हुन्छ । स्त्रीरज मलिन हुने भएकाले रजस्वलालाई मलिन एवं अस्पृश्य मानिएको हो । शरीरमा दुईथरि धातु हुन्छन् - प्रसादरूप र मलरूप । शरीरमा रही त्यसको उपकार गर्ने रस, रगत, मासु, बोंसो, मासी, वीर्य, हाडलाई प्रसादरूप धातु भनिन्छ । तिनले शरीरमा रही शरीरलाई विकसित तुल्याउँछन् । तीबाहेक अरू निर्गमनशील धातुलाई मल भनिन्छ । शरीरमा पैदा भई विभिन्न प्वालहरूबाट बाहिर निस्किने मल धेरै दिनसम्म भित्रै रहेमा ती शरीरको विकासका लागि घातक हुन्छन् । आफ्नो आत्मामा अनिष्ट पैदा गर्ने कारणबाट मललाई दूषित मानिएको हो । चेतना, सत्त्व र शरीरको अग्निलाई आत्मा भनिन्छ । चेतनाद्वारा परित्यक्त विषय चेतनाका निमित्त अहितकर हुन्छ । सत्त्वद्वारा परित्यक्त विषय सत्त्वका लागि अनिष्टकारक हुन्छ । शरीरको अग्निद्वारा परित्यक्त विषय शरीरका निमित्त अहितकारक हुन्छ । त्यसैले ती निःसृत मललाई आत्माका निमित्त अनिष्टकारक हुने कुरा शास्त्रहरूमा बताइएको छ । नारी रजोवती हुँदा चार दिनसम्म लगातार शरीरबाट निस्कने धातुलाई आर्तवमल भनिन्छ । त्यसबाट शरीर एवं त्यसको संसर्गमा रहेका पदार्थ दूषित हुन्छन् । शरीरबाट मलमूत्र बाहिर निस्कँदा शरीरलाई अशुद्ध मानिएझैं अरू किसिमका मलहरू प्रकट हुँदा पनि अशुचिता पैदा हुन्छ । नारीशरीरबाट चार दिनसम्म बाहिर प्रकट हुने पुरानो रज निकै मलिन हुन्छ । त्यस रजमा मृतप्रायः भ्रूणकीट रहने हुँदा त्यसलाई ज्यादै अशुचि मानिन्छ । त्यसको संसर्ग हुँदा मेधा, तेज र बल क्षीण हुन्छन् । त्यसैले त्यसलाई ठूलो दोषका रूपमा लिइएको पाइन्छ ।

नारीशरीरबाट गर्भस्राव र गर्भपात हुँदा स्थूलतामा पुगेको रज नै बाहिर निस्कने हो । त्यसैले त्यो मल दूषित

सप्तम प्रभाग

पञ्चम परिच्छेदका केही महत्त्वपूर्ण प्रसङ्ग

७.१ आशौचविचार

'अशुचेर्भाव आशौचम्' वा **'अशौचम्'** यस किसिमको व्युत्पत्तिअनुसार शुचि अर्थात् पवित्रताको अभाव हुनु नै **आशौच** वा **अशौच** हो । यसलाई कहीँ कहीँ **आशुच्यम्** पनि भनेको पाइन्छ । यही आशौचलाई कतै अघ अर्थात् पाप पनि भनिन्छ । शुचि वा शुद्धिको अर्थ स्पष्ट गर्दै शुद्धिकौमुदीमा भनिएको छ– **'वेदबोधितकर्मार्हता शुद्धिः'** अर्थात् वेदविहित कर्म गर्ने योग्यताको नाम नै शुद्धि हो । हरदत्तले धार्मिक कर्म सम्पादन गर्ने अधिकार नहुनु, भोजनपान गर्ने र गराउने काममा अयोग्य मानिनु, स्पर्श गर्न योग्य नहुनु र दान-पुण्य गर्ने अधिकार नहुनुलाई आशौच भनिन्छ भनेका छन् । यस्तो आशौच दुई प्रकारको हुन्छ– जननाशौच र मरणाशौच । सामान्यतया सूतकशब्दले यी दुई आशौचको बोध गराउँछ ।

मानिसहरू मर्दा कुल-कुटुम्बका मानिसहरूलाई किन आशौच लाग्छ ? यसको तर्कसम्मत उत्तर धेरै ग्रन्थहरूमा पाइँदैन । **हारीतले** भनेका छन् – कुलको कुनै मानिस मरेमा सम्पूर्ण कुलका मानिस विषादग्रस्त हुन्छन् र कुल नै दुःखी र निराश बन्दछ । मृत्युजनित मलिनताका कारण सम्पूर्ण कुलमा नै निराशा छाउने हुँदा त्यस्तो मलिन अवस्थामा शुभकर्मको वर्जना हुन्छ । यसैगरी कुलमा कुनै बालक पैदा हुँदा आनन्दको सञ्चार हुन्छ र जातकर्म, षष्ठीपूजन आदि कृत्य गरिन्छन् ।

प्रत्येक शरीरमा शरीरात्मा, अन्तरात्मा र विशुद्धात्मा गरी तीन आत्मा रहेका हुन्छन् । शरीर र आत्मामा रहेका दोषहरू निराकरण गर्न **आयुर्वेदशास्त्र** क्रियाशील हुने गर्दछ । सत्त्वात्मा वा अन्तरात्मामा रहेका दोष निराकरण गर्न **धर्मशास्त्र** क्रियाशील हुने गर्दछ । तर विशुद्धात्मा मानवशरीरमा आश्रित भए पनि त्यो विभु र अक्रिय भएकाले त्यसलाई शारीरिक, मानसिक र आध्यात्मिक दोषले स्पर्श गर्न सक्दैनन् । अतः विशुद्धात्मा धर्मशास्त्र र आयुर्वेदका दृष्टिबाट आशौचको विषय बन्दैन ।

मलहरू पाँच प्रकारका हुन्छन्– १. मलमूत्रादि पदार्थ, २. शय्या, आसन, भोजन, वस्त्र, पात्र आदिमा देखिने मल, ३. सापिण्ड्यसम्बन्धका कारण जनन र मरणमा आइपर्ने आशौचरूप मल, ४. चारित्रिक पतनरूप मल र ५. रजोगुण र तमोगुणको वृद्धिविशेषका कारण हुने मानसिक दुष्टतारूप मल ।

ब्राह्मण आदि चार वर्णको उपयोगी वेदविहित कर्मफलको सिद्धिमा प्रतिबन्ध पैदा गर्ने, जनन र मरणबाट उत्पन्न हुने अपवित्र अपूर्व विशेषलाई **अघ** भनिन्छ । अघबाहेकका मलहरूको सम्बन्धबाट व्यक्तिमात्र दोषी हुनसक्छ, तर जनन-मरणसम्बन्धी अघ वा पापबाट सम्पूर्ण कुल नै दोषी बन्दछ । यसै अघलाई शास्त्रहरूमा आशौच भनिन्छ । **आशौच, अशौच, अघ, आशुच्य** र **सूतक** यी नामान्तर हुन् । आशौचलाई निवारण गर्ने तत्त्वको नाम शुद्धि हो ।

उक्त मलको निराकरण गरी शुद्धि सम्पादन गर्नु शौच हो । पाँच प्रकारका मल हटाउन शरीरको शुद्धि, शय्या, आसन, स्थान, वस्त्र आदिको शुद्धि, यज्ञ-तपस्या एवं दान आदि शुभकर्म गरी चारित्रिक शुद्धि र आशौचको अवस्थामा वेदविहित आचरण गर्दै निश्चित अवधिसम्म आशौचका नियमहरूको पालन गर्दा आशौच निवृत्त भई शुद्धि प्राप्त हुन्छ ।

कसैले आशौचलाई कर्ममा अनधिकारको अवस्थामात्र मानेका छन् । अरूले निश्चित अवधिभर स्नान आदि कर्म गरी हटाउन सकिने, पिण्डदान, उदकदान आदि कर्ममा अधिकार प्राप्त गर्ने नियमपूर्वक पालन गरिने र अध्ययनादि कर्मको प्रतिबन्धक पुरुषगत विशेष अतिशयलाई आशौच भनेको पाइन्छ । त्यसै विशेष अतिशयलाई अघ वा आशौच भनिन्छ । यो आशौच संसर्ग आदि कारणबाट संसर्ग गर्ने मानिसहरूमा पनि पैदा हुन्छ । समान संसर्ग हुँदा पनि योनि, विद्या, यज्ञ आदि सम्बन्ध भएका जनहरूमा छिटै अधिकमात्रामा यो आशौच फैलिन्छ । संसर्गदेखि पर रहेका र दोस्रो आश्रममा प्राप्त भएका वैराग्यवान् पुरुषहरूमा त्यो संसर्गजन्य आशौच पैदा हुँदैन । आश्रमान्तरमा नगएका केही मानिसहरूमा पनि विशेष प्रतिबन्धक तत्त्व रहेमा त्यो आशौच पैदा हुँदैन ।

७.२ आशौचका भेद एवं बीजतत्त्व

प्रधान कारणका भेदबाट यो आशौच **जननाशौच** र **मरणाशौच** गरी दुई प्रकारको हुन्छ । अरू भन्दछन्- आशौचका हेतु, जन्म-मृत्यु-उत्तरक्रिया र दोष हुन् । दोष पनि जननाशौच-मरणाशौच, उत्तरक्रियाशौच र दोषाशौच गरी चार प्रकारको हुन्छ । कसैले आशौचलाई स्वरूपसदाशौच र वासनाशौच गरी दुई प्रकारको हुने कुरा बताएका छन् । आधारका भेदले पनि आशौचको वर्गीकरण गरिएको पाइन्छ - **स्पर्शाशौच, कर्माशौच र मङ्गलाशौच** । स्पर्शको निषेध हुने आशौचलाई स्पर्शाशौच, कर्मको निषेध गरिने आशौचलाई कर्माशौच र मङ्गलकर्मको निषेध गरिने आशौचलाई मङ्गलाशौच ।

आशौचका चार बीजतत्त्व मानिएका छन् - जन्म, मृत्यु, क्रिया र दोष । जन्माशौचको उत्पत्ति स्त्रीको रजबाट हुन्छ । स्त्रीरज मलिन हुने भएकाले रजस्वलालाई मलिन एवं अस्पृश्य मानिएको हो । शरीरमा दुईथरि धातु हुन्छन् - प्रसादरूप र मलरूप । शरीरमा रही त्यसको उपकार गर्ने रस, रगत, मासु, बोंसो, मासी, वीर्य, हाडलाई प्रसादरूप धातु भनिन्छ । तिनले शरीरमा रही शरीरलाई विकसित तुल्याउँछन् । तीबाहेक अरू निर्गमनशील धातुलाई मल भनिन्छ । शरीरमा पैदा भई विभिन्न प्वालहरूबाट बाहिर निस्किने मल धेरै दिनसम्म भित्रै रहेमा ती शरीरको विकासका लागि घातक हुन्छन् । आफ्नो आत्मामा अनिष्ट पैदा गर्ने कारणबाट मललाई दूषित मानिएको हो । चेतना, सत्त्व र शरीरको अग्निलाई आत्मा भनिन्छ । चेतनाद्वारा परित्यक्त विषय चेतनाका निमित्त अहितकर हुन्छ । सत्त्वद्वारा परित्यक्त विषय सत्त्वका लागि अनिष्टकारक हुन्छ । शरीरको अग्निद्वारा परित्यक्त विषय शरीरका निमित्त अहितकारक हुन्छ । त्यसैले ती निःसृत मललाई आत्माका निमित्त अनिष्टकारक हुने कुरा शास्त्रहरूमा बताइएको छ । नारी रजोवती हुँदा चार दिनसम्म लगातार शरीरबाट निस्कने धातुलाई आर्तवमल भनिन्छ । त्यसबाट शरीर एवं त्यसको संसर्गमा रहेका पदार्थ दूषित हुन्छन् । शरीरबाट मलमूत्र बाहिर निस्कँदा शरीरलाई अशुद्ध मानिएझैं अरू किसिमका मलहरू प्रकट हुँदा पनि अशुचिता पैदा हुन्छ । नारीशरीरबाट चार दिनसम्म बाहिर प्रकट हुने पुरानो रज निकै मलिन हुन्छ । त्यस रजमा मृतप्रायः भ्रूणकीट रहने हुँदा त्यसलाई ज्यादै अशुचि मानिन्छ । त्यसको संसर्ग हुँदा मेधा, तेज र बल क्षीण हुन्छन् । त्यसैले त्यसलाई ठूलो दोषका रूपमा लिइएको पाइन्छ ।

नारीशरीरबाट गर्भस्राव र गर्भपात हुँदा स्थूलतामा पुगेको रज नै बाहिर निस्कने हो । त्यसैले त्यो मल दूषित

र अशुचि हुन्छ । वीर्य, रगत र जीवको संयोग भएपछि नारीको कोखमा रहेको संघातभ्रूणलाई नारीको कोखमा रहँदासम्म गर्भ भनिन्छ । गर्भस्राव र गर्भपातमा जीवको निवृत्ति भइसकेको हुन्छ । त्यसैले त्यो गर्भ अशुद्ध कहलाउँछ । रगत, वीर्य र जीवको संयोगरूप गर्भ आकाश, वायु, अग्नि, जल, पृथ्वी र चेतनाको आश्रय हो । चेतना र पाँच महाभूतको समुदायबाट गर्भको निर्माण हुने भएकाले त्यसलाई षड्धातु पनि भनिन्छ । यो षड्धातुको समूहबाट पाँच महाभूतका विकार पञ्चत्वमा प्राप्त भएपछि ती विकार चेतनाका आश्रय बन्न सक्दैनन्। चेतनाले तिनलाई छाडेपछि शरीरका अङ्ग-अङ्गमा रहेको पाँच महाभूतका विकारहरू दूषित हुन्छन् र तिनको निस्सरण हुँदा आशौच पैदा हुन्छ । यो आशौच सम्बद्ध माता-पितामा मात्र नरही सम्बन्धी र संसर्गीमा पनि फैलिने गर्दछ ।

बालक पैदा हुँदा सुत्केरी शिशुको आत्मारूप अग्निबाट मुक्त बन्दछिन् । एकले अर्कोलाई त्याग गर्दा सुत्केरी र शिशु दुवैमा अशुद्धि पैदा हुन्छ । सम्बन्धसूत्रका माध्यमले त्यो आशौच आफ्ना सम्बन्धीजनहरूमा सर्ने गर्दछ । चेतनाको अधिष्ठान पाँच धातुबाट बनेको शिशु माताको चेतनाबाट अलग हुनु नै जन्माशौचको कारण हो।

मरणाशौचमा चेतनाधातुबाट पृथक् भएको पाञ्चभौतिक पिण्डमा जीवनशक्ति नरहेका कारण त्यो शरीरलाई शव भनिन्छ र त्यसबाट आशौच पैदा हुन्छ । यो आशौच पनि सम्बन्धसूत्रका माध्यमबाट आफन्तमा फैलिन्छ । चेतना, सत्त्व र शरीरलाई पुरुष भनिन्छ। चेतनाधातु निर्विकार हुन्छ । सत्त्व र शरीरमा भने दोषको उत्पत्ति हुन्छ । सत्त्वमा तम र रज नामक दुई प्रकारका दोषले आक्रमण गर्दछन् । स्वयं सत्य भने प्रसन्न अर्थात् प्रसादरूप हुन्छ। जब त्यसमा तमोगुणको प्रधानता आइलाग्छ त्यसबेला सत्त्व दूषित हुन्छ । तमोगुणका दोषले आत्मा र शरीरलाई पनि दोषी तुल्याउँछ । तसर्थ तमलाई मल भनिन्छ । चारित्रिक पतन आदिबाट पैदा हुने मलले दोषाशौच पैदा गराउँछ । यो आशौच पनि दोषी मानिस र त्योसँग संसर्ग गर्नेमा सर्ने गर्दछ । यसबाट चेतनारहित पञ्चमहाभूतका विकार र चेतनालाई मलिन तुल्याउने विषय आशौचको उत्पत्तिका कारण हुन् भन्न सकिन्छ ।

७.३ आशौचका सम्बन्धसूत्र

कुनै कारणबाट एउटा व्यक्तिमा प्रकट हुने मल वा आशौच त्यस व्यक्तिलाई केन्द्रीयता प्रदान गर्दै त्यसबाट सम्बन्धी र संसर्गी व्यक्तिहरूमा फैलिने गर्दछ । अन्य व्यक्तिहरूमा फैलिँदा आशौच प्रवेश गर्ने द्वारहरू आवश्यक हुन्छन् । ती योनिकृतद्वार, विद्याकृतद्वार, यज्ञकृतद्वार र संसर्गकृतद्वार गरी चार प्रकारका मानिएका छन् । यिनै दोषको तारतम्यले आशौचको पनि तारतम्य बुझ्न सकिन्छ ।

क) योनिकृत सम्बन्धसूत्र

कुनै विशेषपुरुषबाट आरम्भ भई फैलिएको सन्ततिपरम्परालाई गोत्र भनिन्छ । एउटै गोत्रका शाखा, प्रशाखा वा तत्सम्बन्धी पुरुषहरूको आपसी सम्बन्धलाई योनिकृत सम्बन्ध भनिन्छ । जुन पुरुषबाट सन्ततिपरम्पराको वा पुस्ताको गणना गरिन्छ त्यसलाई मूलपुरुष, कूटस्थपुरुष वा बीजी पुरुष भनिन्छ । उक्त मूलपुरुषबाट सय, हजार वा कोटिपुस्तासम्म फैलिएका सन्तान त्यसकै गोत्रका मानिन्छन् । मूलपुरुषबाट टाढाका सन्तान र नजिकको सन्तानमा योनिकृत सम्बन्धको तारतम्यबाट आशौचको पनि तारतम्य हुनसक्छ ।

१. मूलपुरुषदेखि तीन पुस्तासम्मको सम्बन्ध निकटतम सम्बन्ध हो र यसलाई सन्निहितसपिण्डतासम्बन्ध भनिन्छ।
२. मूलपुरुषदेखि सात पुस्तासम्मको सम्बन्ध निकटतरसम्बन्ध हो र यसलाई सपिण्डतासम्बन्ध भनिन्छ।
३. मूलपुरुषदेखि दश पुस्तासम्मको सम्बन्ध निकट सम्बन्ध हो र यसलाइ सकुल्यसम्बन्ध भनिन्छ ।

४. मूलपुरुषदेखि चौध पुस्तासम्मको सम्बन्ध मध्यम सम्बन्ध हो र यसलाईसोदक सम्बन्ध भनिन्छ ।
५. मूलपुरुषदेखि सत्रौं पुस्ताको सम्बन्ध विप्रकृष्ट सम्बन्ध हो र यसलाई सन्निहितसगोत्रसम्बन्ध भनिन्छ।
६. मूलपुरुषदेखि एक्काईस पुस्तासम्मको सम्बन्ध विप्रकृष्टतर सम्बन्ध हो र यसलाई सगोत्रसम्बन्ध भनिन्छ ।
७. मूलपुरुषदेखि चौबीस पुस्ता र त्योभन्दा माथिका पुस्तासम्मको सम्बन्ध विप्रकृष्टतम सम्बन्ध हो र त्यसलाई ज्ञातिसम्बन्ध भनिन्छ ।

उक्त योनिकृतसम्बन्धका तीन भेद हुन्छन् – मुख्य, आरोपित र तृतीय । जुन गोत्रमा पैदा भएको हो त्यसैमा पूरा जीवन रहिरहने सम्बन्ध मुख्य सम्बन्ध कहलाउँछ । दुई दाजु-भाइ एवं दिदी-बहिनीको परस्पर साक्षात् सम्बन्ध भएकाले यो सम्बन्ध मुख्य सम्बन्धमा पर्दछ । अरू गोत्रबाट ल्याइएका र अरू गोत्रमा जानेहरूको सम्बन्ध आरोपित सम्बन्ध हो । मुख्य सम्बन्ध एवं आरोपित सम्बन्धसँग जोडिएको सम्बन्धलाई तृतीय सम्बन्ध भनिन्छ ।

ख) विद्याकृत सम्बन्धसूत्र

स्वाध्यायका कारण गुरु र शिष्यको सम्बन्धलाई विद्याकृतसम्बन्ध भनिन्छ ।

ग) यज्ञकृत सम्बन्धसूत्र

यज्ञका आचार्य र यजमानबीचको सम्बन्धलाई यज्ञकृतसम्बन्ध भनिन्छ ।

घ) संसर्गकृत सम्बन्धसूत्र

लाश छुने, लाश सजाउने, लाशको पछि लागेर मलामी जाने, लाश बोक्ने, लाश जलाउने, जलाञ्जलि दिने र पिण्ड दिने काम गर्दा संसर्गकृतसम्बन्ध हुन्छ ।

आशौचमा परेका मानिसहरूसँग वार्तालाप गर्दा, उनीहरूलाई छुँदा, उनीहरूसँग श्वासप्रश्वासको सम्बन्ध हुँदा, सहशयन गर्दा, एउटै आसनमा बस्दा, एउटै पङ्क्तिमा बसेर भोजन गर्दा, एउटै सवारी साधनमा यात्रा गर्दा, आशौचीको घरमा भोजन गर्दा, आशौच परेका मानिससँग एउटै पात्रमा भोजन गर्दा, आशौचीलाई पढाउँदा, यज्ञ गराउँदा, आशौचमा परेकी नारीसँग यौनसम्बन्ध गर्दा संसर्गकृतसम्बन्ध हुन्छ ।[१०९]

७.४ गर्भस्राव, गर्भपात एवं मरणाशौच

१. पहिलो महिनामा गर्भस्राव भएमा आमालाई दुई दिनको आशौच लाग्छ । पिता स्नानबाट शुद्ध हुन्छ । मैथिलहरू भने पिताले क्षौर गर्नुपर्दछ भन्दछन् ।
२. दोस्रो महिना वा तेस्रो महिनामा गर्भस्राव भएमा आमालाई तीन दिनको आशौच लाग्छ ।
३. चौथो महिनामा गर्भस्राव भएमा आमालाई चार दिनको आशौच लाग्दछ । पिता स्नानमात्रबाट शुद्ध हुन्छ।
४. पाँचौं वा छैठौं महिनामा गर्भपात हुँदा आमालाई पाँच दिन वा छ दिन आशौच लाग्दछ । पिता स्नानबाट शुद्ध हुन्छ ।
५. सात महिनादेखि लिएर बालक उत्पत्ति हुने बेलासम्म मृत सन्तान पैदा भएमा आमाले पूरा दश दिन बार्नुपर्दछ । जन्मनुभन्दा पहिले पुत्रको गर्भमै मृत्यु भएमा मरणाशौच लाग्दैन । पिता वा अन्यलाई स्नानबाट शुद्धि हुन्छ ।

१०९. मधुसूदनः, ओझा, शुद्धिसिद्धान्तपञ्जिका अन्तर्गत 'आशौचपञ्जिका', पृ. १-१० ।

६. बालक पैदा भई नाल काट्नुभन्दा पहिले मृत्यु भएमा मरणाशौच लाग्दैन । माताले भने दश दिनसम्म जननाशौच बार्नुपर्दछ । पिताले तीन दिन बार्नुपर्दछ । अरू सपिण्डहरूलाई आशौच लाग्दैन ।

७. नामकरणभन्दा पहिले बालक मरेमा माता-पिताले मरणनिमित्तक स्नानमात्र गर्दा पुग्ने हुन्छ ।

८. नामकरणपछि ६ महिनाभन्दा पहिले बालकको मृत्यु भएमा माता-पिताले एक रातको आशौच बार्नुपर्दछ। सपिण्डहरू स्नानबाट शुद्ध हुन्छन् ।

९. ६ महिनापछि दाँत निस्कनुभन्दा पहिले सन्ततिको मृत्यु भएमा माता-पितालाई एक दिनको आशौच लाग्दछ ।

१०. ६ महिनापछि दुईवर्षभन्दा पहिले चूडा नगरेको पुत्रको मृत्यु भएमा जमिनमा गाड्नुपर्दछ, माता-पिताले तीन दिन आशौच बार्नुपर्छ भने सपिण्डले स्नान गरेमात्र हुन्छ ।

११. तीन वर्षको उमेरमा चूडाकरणभन्दा पहिले सन्तानको मृत्यु भएमा माता-पिताले तीन रात र सपिण्डहरूले स्नान गर्नुपर्दछ ।

१२. तीन वर्षपछि उपनयनभन्दा पहिले चौलकर्म गरिएका बालकको मृत्यु भएमा माता-पिता र सपिण्ड सबैले तीन रात आशौच बार्नुपर्दछ ।

१३. ६ वर्षको उमेर पूरा भएपछि व्रतबन्ध नहुँदै बालकको मृत्यु भएमा दाक्षिणात्यहरू तीन दिनमात्र आशौच लाग्छ भन्दछन् ।

१४. उपनयन गरेपछि बालकको मृत्यु भएमा सबैले सम्पूर्ण १० दिन आशौच बार्नुपर्दछ ।

१५. बाबु-आमा र पतिको आशौच १२ दिन बार्नुपर्दछ भने सपिण्डभित्रका मानिसहरूको मृत्यु हुँदा सबैले १० दिन आशौच बार्नुपर्दछ । यसैगरी सपिण्डभित्र बालक जन्मिँदा सबैले १० दिन सूतक बार्नुपर्दछ ।

१६. विवाहित कन्याले आफ्ना माता-पिताको मृत्यु हुँदा तीन रात आशौच बार्नुपर्दछ ।

१७. कन्याको जन्मदेखि दाँत उत्पन्न हुँदासम्म मरण भएमा माता-पिताले एक दिन आशौच बार्नुपर्दछ ।

१८. दाँत निस्किएपछि तीन वर्षभित्र कन्याको मृत्यु भएमा माता-पिताले तीन रात आशौच बार्नुपर्दछ । तीन पुस्ताभित्रका सपिण्डहरू भने सद्यःशौच अर्थात् स्नान गरेपछि शुद्ध हुन्छन् ।

१९. तीन वर्षपछि र वाग्दानभन्दा पहिले कन्याको मृत्यु भएमा माता-पिताले तीन दिन आशौच बार्नुपर्दछ । तीन पुस्ताभित्रका सपिण्डहरूले एक दिन आशौच बार्नुपर्दछ, अरूलाई आशौच लाग्दैन ।

२०. वाग्दानपछि विवाहभन्दा पहिले कन्याको मृत्यु भएमा पिताको वंशका तीन पुस्ताभित्रका र पतिको वंशका सात पुस्तासम्मका सबै सपिण्डहरूले तीन दिन आशौच बार्नुपर्दछ ।

२१. विवाहपछि पतिको घरमा कन्याको मृत्यु भएमा माता-पिता र सौतेनी आमाले तीन दिन आशौच बार्नुपर्दछ।

२२. मामाको मृत्यु भएमा भने भाञ्जाले तीन दिन आशौच बार्नुपर्दछ ।

२३. विमातापट्टिका मामाको मृत्यु हुँदा भाञ्जाले एक दिनको आशौच बार्नुपर्दछ । मामाकी छोरीको मृत्यु हुँदा भानिजले एक दिन आशौच बार्नुपर्दछ ।

२४. भानिजको मृत्यु हुँदा मामाले तीन रात आशौच बार्नुपर्दछ ।

२५. मातामहको मृत्यु हुँदा छोरीतर्फको नातिले ३ दिन आशौच बार्नुपर्दछ । मातामहीको मृत्यु हुँदा पनि ३ दिननै आशौच लाग्दछ ।

२६. छोरीतर्फको व्रतबन्ध गरेका नातिको मृत्यु हुँदा मातामह र मातामहीले तीन रात आशौच बार्नुपर्दछ । तर व्रतबन्ध नगरेको छोरीतर्फको नातिको मृत्यु हुँदा भने पक्षिणी आशौच बार्नुपर्दछ ।

२७. ज्वाइँले आफ्नै नजिकमा सासू-ससुराको मृत्यु हुँदा तीन रातको आशौच बार्नुपर्दछ । तर नजिकमा नभई अन्यत्र मरेमा पक्षिणी आशौच बार्नुपर्दछ ।
२८. ज्वाइँको मृत्यु हुँदा सासू-ससुराले एक दिन आशौच बार्नुपर्दछ ।
२९. भिनाजुले सालाको मृत्यु हुँदा एक दिन आशौच बार्नुपर्दछ । सालाका सन्तानको मृत्यु हुँदा भने भिनाजु स्नान गरेपछि शुद्ध हुन्छन् ।
३०. पिताका फूपूहरूका छोरा-छोरी, माताका फूपूहरूका छोरा-छोरी र मामाका छोरा-छोरीहरू, सानीआमा-ठूलीआमाहरूका छोरा-छोरीको मृत्यु हुँदा पक्षिणी बार्नुपर्दछ । फूपू आदिका विवाहित छोरीहरूको मृत्युमा एक दिन आशौच बार्नुपर्दछ ।
३१. आचार्यको मृत्यु हुँदा शिष्यले और्ध्वदेहिक कर्म गरेको छ भने दश रात आशौच बार्नुपर्दछ । संस्कार नगर्ने शिष्यलाई भने तीन दिनमात्र आशौच लाग्दछ ।
३२. गुरुकुलमा रहेका शिष्यले आचार्यकी पत्नी वा पुत्रको मृत्यु हुँदा तीन रात आशौच बार्नुपर्दछ ।
३३. वेद पढाउने गुरुको मृत्यु हुँदा पक्षिणी आशौच बार्नुपर्दछ र सामान्य शिक्षा दिने गुरुको मृत्यु हुँदा एक रात बार्नुपर्दछ ।
३४. आचार्यको घरमा शिष्यको मृत्यु भएमा आचार्यले तीन रात आशौच बार्नुपर्दछ ।
३५. आफ्ना वेदाध्ययन गर्ने सहाध्यायीको मृत्यु हुँदा पक्षिणी आशौच बार्नुपर्दछ ।
३६. आफ्नै घरमा मित्रको मृत्यु भयो भने तीन रात आशौच बार्नुपर्दछ। अन्यत्र मृत्यु हुँदा एक रात आशौच बारे हुन्छ।
३७. राजाको मृत्यु हुँदा एक रात आशौच बार्नुपर्दछ ।
३८. ऋत्विक्को मृत्यु भएमा यजमानले अहोरात्र आशौच बार्नुपर्दछ ।
३९. ऋत्विक्हरूले यजमानको मृत्यु भएमा एक रातको अहोरात्र आशौच बार्नुपर्दछ ।
४०. दिनमा शवको स्पर्श भएमा नक्षत्रदर्शन गरेपछि शुद्धि हुन्छ, रातमा शवस्पर्शन भएमा सूर्यदर्शन गरेपछि शुद्धि हुन्छ ।
४१. मामा, आमाका दिदी-बहिनी, पिताका दिदी-बहिनी र आफ्ना दिदी-बहिनीको दाहसमेत गरिन्छ भने तीन रात आशौच बार्नुपर्दछ ।
४२. आफ्ना वर्णका मानिसहरूको श्मशानक्रिया गर्ने मानिसले एक रात आशौच बार्नुपर्दछ । कसैले लोभमा परेर श्मशानक्रिया गरेको छ भने त्यसले दश दिन आशौच बार्नुपर्दछ ।
४३. दश दिनको आशौच बारिरहेको अवस्थामा दोस्रो दिनदेखि लिएर पाँचौं रात्रिपर्यन्त अर्को सजातीय आशौच पर्न आएमा पहिलो आशौचबाट नै दोस्रो आशौचको शुद्धि हुन्छ ।
४४. छैठौं दिनदेखि नवम रात्रिपर्यन्त दोस्रो आशौच पर्न आएमा पहिलो आशौचबाट शुद्धि हुन्छ ।
४५. दसौं दिन पूर्ण आशौचको प्राप्ति हुन आएमा त्यसमा दुई दिन थपेर आशौच बारेपछि मात्र शुद्धि हुन्छ।
४६. जननाशौचको बीचमा मरणाशौच पर्न आएमा मरणाशौचबाट शुद्धि हुन्छ । अल्पकालिक मरणाशौच दीर्घकालिक जननाशौचले शुद्ध हुन्छ ।
४७. पिता, माता र पतिको मृत्यु हुँदा बीचमा अर्को आशौच पर्न आएमा माता, पिता र पतिको सम्पूर्ण १२ दिन आशौच बार्नुपर्दछ ।
४८. माताको मृत्युपछि पिताको मृत्यु हुँदा पिताको आशौच पूरै बार्नुपर्छ ।

४९. पिताको मृत्युपछि माताको मृत्यु भएमा पिताको आशौचको अन्तमा माताको आशौचका निमित्त पक्षिणीवृद्धि गर्नुपर्दछ । तर सपत्नमाताको मृत्यु भएमा भने पक्षिणीवृद्धि गर्नुपर्दैन ।

५०. आशौचको समय बितेपछि थाहा भएमा जननाशौच बार्नुपर्दैन ।

५१. माता–पिता आदिको मरणमा टाढा रहेको छोराले दश दिनपछि जुन दिन समाचार श्रवण गरिन्छ त्यसै दिनदेखि आरम्भ गरी दश दिन आशौच बार्नुपर्दछ ।

५२. जीवच्छ्राद्ध गरेको मानिस र पतित मानिसहरूको आशौच बार्नुपर्दैन त्यस्तै योगीहरूको आशौच बार्नुपर्दैन।

५३. तीर्थयात्राको स्नान–दानको, श्राद्धको, रथयात्रा आदि उत्सवको, युद्धको आरम्भ भइसकेको छ भने आशौच लाग्दैन ।

५४. चान्द्रायण आदि व्रतको आरम्भ, अन्नसत्र आदिको आरम्भ, दर्शपूर्णमासयज्ञ, प्रतिष्ठा, तडागोत्सर्ग, कोटिहोम, गायत्रीपुरश्चरण, व्रतबन्ध, विवाह आदि र श्राद्धकर्मको प्रारम्भ भइसकेको छ भने ती कर्म गरुन्जेल यजमानलाई आशौच लाग्दैन ।

५५. आशौचकालको बीचमा श्राद्ध प्राप्त भएमा आशौच सकिएको दोस्रो दिन अर्थात् मरणाशौचमा तेह्रौं र जननाशौचमा एघारौं दिनमा श्राद्ध गर्नुपर्छ ।

७.५ जननाशौच

पुत्रजन्म र कन्याजन्ममा सपिण्ड आदिको आशौचबारे प्रयोगपारिजातमा भनिएको छ – पुत्रजन्म हुँदा सपिण्डहरूले दश दिन र कन्याजन्ममा तीन दिन आशौच बार्नुपर्दछ । यस विषयमा **अग्निस्मृति**मा भनिएको छ – पुत्रजन्म हुँदा सपिण्डहरू दश दिनमा शुद्ध हुन्छन् । सोदकहरू तीन दिनमा शुद्ध हुन्छन् । कन्याजन्म हुँदा भने सपिण्ड मानिसहरूले तीन दिन आशौच बार्नु पर्दछ किनकि कन्याहरूको तीन पुस्ताको मात्र सापिण्ड्य सम्बन्ध रहन्छ । यसो भनिएतापनि नेपाली समाजमा सातपुस्तासम्मका मानिसहरूले दश दिन बार्ने चलन रहिआएको छ। यो चलन नै बहुसमर्थित एवं अनुशरणीय हो ।

७.६ सबै वर्णका लागि जात्याशौचका नियम

सूतक वा मरणमा आशौच बानुपर्ने सम्बन्धमा विभिन्न ऋषिहरूका विभिन्न मतहरू रहेका छन् । कसैका लागि बाह्र दिन, कसैका लागि पन्ध्र दिन र कसैका लागि तीस दिनको आशौच बार्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। उक्त मतहरू अव्यावहारिक भएकाले व्यावहारिक निर्णय प्रस्तुत गर्दै **शातातप** भन्दछन् – सबै वर्णका मानिस दश दिन आशौच बारेपछि शुद्ध हुन्छन् । **देवल** भन्दछन् – मरण र जन्ममा कर्मको नाश हुँदै गएका कारण सबै वर्णका मानिसले सपिण्डहरूको दश दिनको आशौच बार्नुपर्दछ भन्ने कुरा ऋषिहरूले बताएका छन् ।

७.७ मलामी आदिलाई लाग्ने आशौच

लाश स्पर्श गर्दा, लाशलाई सजाउँदा, लाशलाई घाटमा लैजाँदा र अन्त्यकर्म सम्बन्धी अन्य कार्य गर्दा लाग्ने आशौच प्रेमपूर्वक सवर्ण मृतकको लाश बोकेर घाट लैजाँदा, मृतकका घरको अन्न खाँदा र मृतककै घरमा निवास गर्दा दश दिन आशौच बार्नुपर्दछ । तर मृतकका घरको अन्न नखाई घरमा मात्र बसेमा तीन दिन आशौच बार्नुपर्दछ । घरमा पनि नबसी अन्नभोजन गरेमा एक दिन आशौच लाग्दछ ।

७.८ अतिक्रान्ताशौच

विदेशमा रहेको मानिसले बालक जन्मेको समाचार दश दिनभित्र श्रवण गरेमा जति दिन बाँकी छन् त्यत्ति दिनमात्र सूतक बारेपछि शुद्धि हुन्छ । यस विषयमा **मनु** भन्दछन् – सपिण्डभित्रको विदेशमा रहेको मानिस मरेको समाचार दश दिनभित्र सुनिएमा दश दिन पुग्न जति रात बाँकी हुन्छन् त्यत्तिनै आशौच बार्नुपर्दछ । **स्मृत्यर्थसारमा** भनिएको छ – 'जन्म र मरणमा पहिलो दिनपछि दसौं दिनभित्र थाहा पाएका मानिसले जति दिन बाँकी हुन्छन् त्यत्ति दिन आशौच बार्नुपर्दछ ।'

टाढा वा विदेशमा रहेको मानिसले सपिण्ड दाजुभाइ मरेको कुरा दश दिनपछि थाहा पाएमा अथवा घरमा रहेको मानिसले घरदेखि टाढा वा विदेशमा सपिण्ड दाजुभाइ मरेको कुरा दश दिनपछि थाहा पाएमा आशौच बार्नुपर्ने सम्बन्धमा **वृद्धवसिष्ठ** भन्दछन् – दश दिनपछि तीन महिनाभित्र थाहा पाएमा तीन रात आशौच बार्नुपर्दछ। तीन महिनादेखि छ महिनाभित्र थाहा पाएमा पक्षिणी आशौच बार्नुपर्दछ । छ महिनादेखि नौ महिनाभित्र थाहा पाएमा एक दिन आशौच बार्नुपर्दछ । नौ महिनापछि थाहा पाएमा स्नान गरी प्रेतलाई जलाञ्जलि दिएपछि शुद्धि हुन्छ।

जन्मसूतकमा अतिक्रान्त अर्थात् व्यतीत भएको आशौच लाग्दैन । यस विषयमा **देवल** भन्दछन् – 'जननाशौच व्यतीत भएको छ भने बार्नुपर्दैन । पछि थाहा पाउँदा अशुद्धि रहेको हुँदैन ।' तर ग्रन्थकार भन्दछन् – अतिक्रान्त जननाशौचमा पनि पिताले भने थाहा पाएपछि स्नान गर्नुपर्दछ ।

यस सम्बन्धमा **मनु** भन्दछन् – मानिसले दश दिन बितेपछि सपिण्डको मृत्यु भएको र आफ्नै पुत्र जन्मेको थाहा पाउँदा सचैल स्नान गरेपछि शुद्ध हुन्छ । पुत्र जन्म हुँदा सपिण्डहरूले बितेको आशौच बार्नुपर्दैन, यो अतिक्रान्त आशौच दशाह आदि जात्याशौचमा आधारित छ । तीन रातमात्र बार्नुपर्नेलाई यो आशौच लाग्दैन । अनुपनीत अर्थात् व्रतबन्ध नगरेको बालक मरेमा ३ रात आशौच बार्नुपर्नेजस्ता विषयमा अतिक्रान्ताशौच बार्नु पर्दैन।

७.९ आशौचसम्पात

दुई वा दुईभन्दा बढी आशौच एकैपटक आइपरेमा त्यसलाई आशौचसम्पात भनिन्छ । यो आशौचसम्पात मरणाशौचमा मरणाशौच, जननाशौचमा जननाशौच, मरणाशौचमा जननाशौच र जननाशौचमा मरणाशौच गरी मुख्यतया चार किसिमको हुन्छ ।

माधवीयमा यमले भनेका छन् – जननाशौचमा जननाशौच पर्‍यो भने र मरणाशौचमा मरणाशौच पर्‍यो भने पहिलो आशौचको बाँकी दिन बारेपछि पुग्छ, छुट्टै आशौच बार्नुपर्दैन ।

अपरार्क र **मिताक्षरामा** भनिएको छ – जब जन्मसूतकमा मरणाशौच पर्न आउँछ अथवा मरणाशौचमा जन्मसूतक पर्न आउँछ त्यसबेला मरणाशौचलाई अधिकृत मानी त्यसैलाई बार्नुपर्दछ, जन्मसूतक बार्नुपर्दैन ।

षट्त्रिंशत्मतको भनाइ छ – जूठोमा जन्मसूतक पर्‍यो भने जूठोले जन्मसूतक बढारिदिन्छ । तर जन्मसूतकभित्र जूठो पर्‍यो भने त्यसले जूठोलाई बढार्न सक्दैन ।

चतुर्विंशतिमतमा भनिएको छ – मरणाशौचभित्र परेको जन्माशौच मरणाशौचले शुद्ध हुन्छ तर जन्माशौचभित्र परेको मरणाशौच जननाशौचले शुद्ध हुँदैन ।

कूर्मपुराणमा बताइएको छ – मरणाशौच र जन्माशौच सँगसँगै परेमा मरणाशौच शक्तिशाली हुन्छ । गौतमव्याख्यामा **वृद्धअत्रि** भन्दछन् – जन्माशौचभन्दा दुई गुणा बढी मरणाशौच हुन्छ, त्योभन्दा दुई गुणाबढी

रजस्वलाको आर्तव हुन्छ, आर्तवभन्दा बढी सुत्केरीको सूतिदोष हुन्छ, त्योभन्दा बढी शवदाह गर्ने व्यक्तिको आशौच हुन्छ । यहाँ पहिलाले दोस्रो, दोस्रोले तेस्रो गरी उत्तरोत्तर दोषनिवारण गर्ने क्रम हुँदैन । किनकि उत्तरोत्तर अस्पृश्यताको आधिक्य रहेको हुन्छ ।

ब्रह्मपुराणमा भनिएको छ – आगन्तुक पापमय सूतकका दिनहरूबाट पनि न्यून मरणाशौच निवारण हुँदैन। पापको निमित्तबाट अन्य शाव आशौचको पनि निवृत्ति हुँदैन । तीन दिन आदि बार्नुपर्ने अल्पाशौचको बीचमा सजातीय वा विजातीय दीर्घकालिक आशौच पर्न आएमा त्यो पूरा बार्नुपर्दछ त्यसको पूर्वाशौचबाट शुद्धि हुँदैन ।

उशनाले भनेका छन् – स्वल्पाशौचको बीचमा दीर्घाशौच आइपरेमा पूर्वाशौचबाट दीर्घाशौचको निवृत्ति हुँदैन । आफ्नै समयमामात्र शुद्धि हुन्छ । यसैले तीन दिन आशौच बार्नुपर्ने मृताशौचको बीचमा पर्ने दशाह आदि सूतक पूर्वाशौचबाट निवृत्त हुँदैनन् भन्ने कुरा अपरार्कले बताएका छन् ।

७.१० आशौच शुद्धिका कारण

जननाशौच र मरणाशौचलाई शुद्ध तुल्याउने हेतुहरूबारे **याज्ञवल्क्यस्मृतिहरूमा** भनिएको छ –

कालोऽग्निः कर्म मृद् वायुर्मनो ज्ञानं तपो जलम् । पश्चात्तापो निराहारः सर्वेऽमी शुद्धिहेतवः ।।

– आशौचीले बार्नुपर्ने आशौचलाई हटाउने कारणहरू यसप्रकार छन् – काल, अग्नि, कर्म, माटो, हावा, मन, ज्ञान, तपस्या, जल, पश्चात्ताप र उपवास । उक्त तत्त्वहरूबाट आशौचको नाश हुन्छ । दशाह भाइले दशदिन आशौचको नियम पालन गरेपछि आशौचको नाश हुन्छ । अरू पदार्थहरूको अशुचितामा अग्निकर्म, माटो आदिद्वारा अशुद्धि, मल र अघ अर्थात् पापको नाश हुन्छ ।

७.११ माताको मृत्युमा पिताको श्राद्ध र पिताको मृत्युमा माताको श्राद्धबारे

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समम् ।।

– पुत्रले पिताको मृत्यु हुँदा माताको श्राद्ध गर्न हुँदैन । माताको मृत्यु हुँदा पिताको श्राद्ध गर्नुपर्दछ तर अरूको श्राद्ध गर्न हुँदैन ।' मूलमा प्रयुक्त '**समम्**'को तात्पर्य वर्षदिनसम्म भन्ने हो ।[११०]

११०. माथि मूलमा लेखिएको अर्थ निर्णयसिन्धुका अनुवादकहरूको अनुवादमा आधारित छ । निर्णयसिन्धुमा **समम्**पद रहेको छ भने वीरमित्रोदय आदिमा समाम्पदको प्रयोग गरिएको छ । '**पितर्युपरते०**' इत्यादि पद्यको विभिन्न धर्मशास्त्रका कृतिहरूमा भिन्न-भिन्न किसिमबाट व्याख्या गरिएको पाइन्छ । त्यसको सार तल दिइने विभिन्न विद्वान्हरूका व्याख्याहरूबाट अवगत गर्न सकिनेछ ।

बाबुको मृत्यु हुँदा आमाको क्षयाहश्राद्ध आदि र आमाको मृत्यु हुँदा बाबुको क्षयाहश्राद्ध आदिका सम्बन्धमा व्यक्त भएका विभिन्न विद्वान्हरूका मतहरू प्रस्तुत गरिँदैछ ।

प्रथम मत – नेपालका एकथरि विद्वान्हरूको भनाइ यसप्रकार छ– बाबुको बरखी बारिरहेको बखत आमाको मृत्यु हुन गएमा आमाको दशाह आदि सबै क्रिया गर्नुको साथै मासिक पनि गर्दै जानुपर्छ । बाबुको मासिक र वार्षिकश्राद्ध पनि यथा समयमा हुन्छ । '**प्रमीतौ पितरौ**' अनुसार बाबु–आमाको मरणमा एकवर्षसम्म पुत्रको देह अशुद्ध हुने हुँदा सो अवधिभित्र देवकार्य वा पितृकार्य कुनै पनि गर्न हुँदैन भन्ने नियम यहाँ लाग्दैन । अतः आमाको दशाहाशौचभित्र पर्ने बाहेक अन्य समयमा पर्ने बाबुको मासिक होस् वा वार्षिक आमाको मरणको कारण रोक्न हुँदैन । पारस्करभाष्यमा यो कुरा पुष्टि गर्ने बृहस्पतिको वचन '**पितर्युपरते०**' को आधारमा आमाको बरखीभित्र बाबुको वार्षिक (बरखी) श्राद्ध गर्न हुँदैन, बाबु–आमा दुवैको एकैदिन गर्नुपर्छ भन्ने गरेको पाइन्छ, तर '**प्रमीतौ पितरौ०**' र '**पितर्युपरते०**' यी दुवै वचनको बलाबलको बारेमा विशेष विचार गर्दा '**प्रमीतौ पितरौ**' यो वचन सामान्य र वर्षान्त सपिण्डनपरक पनि देखिन्छ भने '**पितर्युपरते०**' यसले द्वादशाहमा सपिण्डीकरण भइसकेपछि आमाको बरखी बारेकै भएता पनि बाबुको बरखी गर्न

७.१२ आशौचापवाद

कर्ताको भेद, कर्मको भेद, द्रव्यभेद, मृतकको दोष र विधिवचनबाट पूर्णाशौच, अंशाशौच लाग्नुपर्नेमा पनि नलाग्ने र कम लाग्ने हुन्छ । यसै विषयलाई धर्मशास्त्रमा आशौचापवाद भनिन्छ ।

हुन्छ भनी विशेष विधान गरेकोले यो वचन विशेष देखिन्छ । **'सामान्यशास्त्रतो नूनं विशेषो बलवान् भवेत्'** अर्थात् सामान्यवचनभन्दा विशेषवचन नै बलवान् हुन्छ भनी शास्त्रले ठोकुवा गरेको हुँदा यही विशेष वचनको आधारमा आमाको बरखीले बाबुको बरखी (वार्षिक) श्राद्ध निश्चय नै रोकिने देखिँदैन । बरखीमात्र होइन प्रत्येक वर्ष छिन्नतिथिमा गरिने एकोद्दिष्टश्राद्ध पनि रोकिँदैन गर्न हुन्छ, अरूकोचाहिँ हुँदैन । आमाको बरखी भने आमाकै वर्षदिन पुगेको तिथिमा गर्नुपर्छ भन्ने कुरा प्रा.डा. रामचन्द्र गौतमको 'आशौचविवेचन' नामक ग्रन्थमा उल्लेख गरिएको छ ।

द्वितीय मत- अर्काथरि नेपाली विद्वान्हरूको भनाइ यसप्रकार छ –

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत् पूर्णो न वत्सरः ।।

अर्थात् जसका पिता-माता मरेका छन् त्यस मानिसको शरीर अशुद्ध हुन्छ तसर्थ त्यसले वर्षदिन पूरा नहुँदासम्म दैव र पित्र्य कार्य गर्न हुँदैन भन्ने भनाइ सिद्ध थियो । सिद्ध भनाइ हुँदाहुँदै फेरि –

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ।।

यो पद्य लेखियो । आमाको बरखी बार्दा बाबुको श्राद्ध हुने भन्ने वचन भएकाले बाबुको बरखी बार्दा आमाको क्षयाहश्राद्ध आदि गर्न नहुने कुरा युक्तिसंगत हुँदैन । अशुचित्वलाई आधार मात्रै हो भने बाबुको श्राद्ध गर्दा छोरा आमाको बरखी बारिरहेको अवस्थामा हुनाले अशुचि नै हुन्छ । तसर्थ बाबुको बरखी बारिरहेको अवस्थामा आमाको पनि श्राद्ध गर्न हुन्छ भन्ने कुरा वीरमित्रोदयको यस व्याख्याबाट पनि प्रमाणित हुन्छ – आमाको बरखी बार्दा पिताको श्राद्ध गरिएझैं बाबुको बरखी बार्दा पनि दिवङ्गत आमाको श्राद्ध गर्नुपर्दछ ।

उक्त पद्यको वीरमित्रोदयअनुसारको व्याख्या –

अन्वयः – पुत्रः, पितरि, उपरते, समाम्, मातुः, श्राद्धात् ऋते (अन्यश्राद्धात्), निवर्तते । मातरि, अपि च वृत्तायाम्, पितृश्राद्धात् ऋते, अन्यश्राद्धात् निवर्तते ।

अर्थ – **पुत्रः** = छोरा, **पितरि** = पिता, **उपरते** = पञ्चत्वमा प्राप्त भएपछि, **मातुः** = आमाको, **श्राद्धात्** = श्राद्धभन्दा, **ऋते** = बाहेक अरू श्राद्धबाट, **समाम्** = वर्षदिनसम्म, **निवर्तते** = निवृत्त हुन्छ । यसैगरी **पुत्रः** = छोरा, **मातरि** = आमा, **वृत्तायाम्** = पञ्चत्वमा प्राप्त भएपछि, **पितृश्राद्धात् ऋते** = पिताको श्राद्धभन्दा बाहेक, **अन्यश्राद्धात्** = अरूको श्राद्धबाट, **निवर्तते** = निवृत्त हुन्छ ।

वीरमित्रोदयको टीकामा भनिएको छ– **'अत्र ऋते इति मातुः श्राद्धादित्यत्रापि अन्वेति । अन्यथा पूर्वार्धवैयर्थ्यापत्तेरिति स्मार्ताः । समाम् – संवत्सरं यावत् निवर्तते । अन्यश्राद्धादिति शेषः । अन्यश्राद्धमपि प्राप्तपितृलोकश्राद्धपरम् ।**

टीकाकार भन्दछन् – ऋतेपद दुवै पक्षमा जोड्नुपर्दछ । अन्यथा पूर्वार्द्ध व्यर्थ हुनेछ भन्ने कुरा स्मृतिकारहरूको भनाइ छ । **समाम्**को अर्थ हो वर्षदिनसम्म वाक्यशेषका आधारमा अरूको श्राद्धबाट निवृत्त हुन्छ भन्ने हो । उक्त व्याख्याबाट बाबु मरेमा आमाको क्षयाहश्राद्ध र आमा मरेमा बाबुको श्राद्ध गर्न हुने देखिन्छ ।

सामान्यशास्त्र हुँदाहुँदै विशेषशास्त्रका रूपमा यो पद्य लेखियो । यदि वर्षदिनसम्म देवकार्य र पितृकार्य गर्न हुँदैन भन्ने सामान्य नियमलाई मात्रै हो भने यो विशेष नियम आवश्यक थिएन । तर ऋषिका वाक्य व्यर्थ हुँदैनन् । उत्तररामचरितम् नाटकमा भनिएको छ –

लौकिकानां हि साधूनामर्थं वागनुवर्तते । ऋषीणां पुनराद्यानां वाचमर्थोऽनुधावति ।।

– लौकिक सज्जनहरूको वाणीले अर्थको अनुसरण गर्दछ तर आद्यऋषिहरूको अर्थले वाणीको अनुसरण गर्दछ । त्यसैले **'मातर्यपि च वृत्तायां'** भनेर सजातीय अर्थमा **अपि**शब्दको प्रयोग गरियो । त्यसबाट दुवै पङ्क्तिको अर्थ एउटै हुने भयो । यसैले आमाको बरखी बारिरहेको समयमा बाबु मरेमा आमाको क्षयाह आदि श्राद्ध र बाबुको बरखी बारिरहेको समयमा पहिले मरेकी आमाको क्षयाह आदि श्राद्ध गर्न हुन्छ भन्ने प्रा. पुरुषोत्तम भट्टराईको मत प्रा.डा. देवमणि भट्टराईबाट प्राप्त भएको हो ।

तृतीय मत – अर्काथरि विद्वान्हरूको भनाइ छ – भिन्न-भिन्न कालमा मृत्यु भएमा माता-पिता दुवैको एक-एक वर्ष आशौचको शास्त्रीय व्यवस्था नेपाली समाजका धेरैले मानेकै छन्, मान्दामान्दै पनि माताको मृत्युको एक वर्षभित्र पिताको वा पिताको मृत्युको एक वर्षभित्र माताको मृत्यु भए आशौच व्यवस्थाबारे धेरै मतिविभ्रम छ । यसबारे शास्त्र के हो त ?

क) कर्ताको भेदबाट उत्पन्न आशौचको अभाव

कर्ताशब्दबाट आशौच ग्रहण गर्ने व्यक्तिलाई बुझिन्छ । त्यस्ता कर्ता ६ प्रकारका हुन्छन् – ब्रह्मचारी,

---

शास्त्र त हो – महागुरुको मृत्यु हुँदा अनन्यगतिक र सन्ध्यावन्दनबाहेक सबै कर्म रोकिन्छन् भन्ने, यस सम्बन्धमा शास्त्र छ –

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ।।

'**ऋते**' को अन्वय '**मातुः श्राद्धात्**' मा पनि हुन्छ । '**समाम्**' को अर्थ हो एक वर्ष अर्थात् माता र पिताको मृत्युको एक वर्षभित्र कुनै श्राद्ध गर्नु हुँदैन, यसरी अधिकारसिद्ध कर्मलाई अपवाद गरिएको छ। त्यसो भए पिताको मृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध र माताको मृत्यु भएको एकवर्षभित्र पिताको मृत्यु भए पिताको प्रेतश्राद्ध रोकिन्छ त ? भन्ने जिज्ञासाको उत्तर छ–

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत् पूर्णो न वत्सरः ।।

अर्थात् माता–पिताको मृत्यु भएमा एकवर्षसम्म पुत्रको शरीर अशुद्ध रहने हुनाले देवसम्बन्धी र पितृसम्बन्धी कर्म गर्न हुँदैन।

उक्त '**पितर्युपरते**' बाट प्राप्त कर्ममात्र निषेधको अपवाद '**प्रमीतौ**' इत्यादि हो, त्यो पनि सबै कर्ममा होइन प्रेतश्राद्धमा हो। यो प्रसङ्गले मातृमृत्यु भएको वर्षदिनभित्र पितृमृत्यु भए पिताको प्रेतश्राद्ध र पितृमृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध गर्नुपर्छ । उक्त दुवैको मृत्यु हुँदा वर्षदिनभित्र पर्ने मृततिथि र सोहश्राद्धको पितृश्राद्ध गर्न हुँदैन भन्ने सिद्ध भएको छ ।

यो र यस्ता प्रकारका निर्णय मीमांसान्यायका आधारमा हुन्छन् उक्त निर्णय उत्सर्गापवादन्यायले भएको हो । कर्म गर्ने सोझो विधि वा आदेश उत्सर्ग हो । आशौचमा नगर्नु भन्ने अपवाद हो । '**पितर्युपरते**'बाट आएको शौच अपवादलाई दैवकर्म पित्र्यकर्ममा '**दैवम्**', '**पित्र्यम्**' तद्धितान्त प्रयोगद्वारा कायमै राखी प्रेतश्राद्धमा छुट दिएको छ '**प्रमीतौ पितरौ**' इत्यादिले । छुटको प्रेतश्राद्ध अपवादको अपवाद हो भन्ने अर्थ मर्यादासिद्ध छ । यसबारे न्याय छ – '**अपवादापवादे उत्सर्गप्रवृत्तिः**' अपवादको अपवाद भए उत्सर्ग नै आउँछ, अतः कर्म गर्नु भन्ने छुट अर्थात् उत्सर्ग प्रेतकर्ममा मात्र सीमित रहेको हो ।

न्याय असंस्पृष्टद्वारा गरिने उक्त श्लोकद्वयको व्याख्यान अपव्याख्यान हुनजान्छ शास्त्रानुसारितामा विश्वस्तले त्यसो गर्नुहुँदैन। अतः माताको आशौचमा पिताको क्षयाहश्राद्ध एवं पार्वणश्राद्ध तथा पिताको आशौचमा माताको क्षयाहश्राद्ध पनि गर्नुहुँदैन । परिआए दुवैको प्रेतश्राद्ध गर्नुपर्छ अरूको गर्नु हुँदैन भन्ने कुरा प्रा.डा. दीर्घराज घिमिरेद्वारा यसै कृतिको मन्तव्य प्रकरणमा व्यक्त गरिएको छ ।

निष्कर्ष – हाम्रो समाजमा विद्वान्हरूका भिन्न–भिन्न मत देखिएकाले मानिसहरू अलमलमा परेका छन् । कसको मत सही हो र कसको गलत हो भन्ने छुट्याउने आधार पहिल्याउने काम निकै कठिन हुनगएको छ । हाम्रो परम्परामा सामान्यतः आमाको मृत्यु भई बरखी बारेको अवस्थामा दिवङ्गत पिताको क्षयाहतिथि आउँदा मानिसहरू क्षयाहश्राद्ध गर्ने गर्दछन् तर बाबुको मृत्यु भई बरखी बारेको अवस्थामा आमाको क्षयाह आउँदा क्षयाहश्राद्ध गरिँदैन भन्ने कुरा यस प्रसङ्गको पहिलो मतबाट स्पष्ट हुन्छ । यसमा **वीरमित्रोदय**को टीकाअनुसार प्रस्तुत भएको दोस्रो मत सामान्यतः राम्रो देखिन्छ तापनि वीरमित्रोदयकै उक्त पद्यको व्याख्यामा **अन्यश्राद्धान्निवर्तते** भन्ने वाक्यको अर्थ गर्दा **अन्यश्राद्धम्** – प्राप्तपितृलोकपरम् अर्थात् अन्य श्राद्ध त्यो हो जुन वर्षदिनमा सपिण्डीकरण गरेपछि पितृलोकमा प्राप्त भइसकेका पितृका लागि गरिन्छ । यस भनाइको आकूतबाट माताको मृत्युमा बरखी बारेका मानिसले पिताको श्राद्ध र पिताको मृत्युमा बरखी बारेका मानिसले माताको श्राद्ध गर्नुपर्छ भनेर जुन कुरा दोस्रो मतमा भनिएको छ त्यो कुरा क्षयाह र पार्वणबाहेकका दशपिण्ड, मासिक आदि प्रेतश्राद्धमात्र गर्न भनिएको हो भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले बाबुको बरखी बारिरहेको मानिसले आमाको मृत्यु हुन आएमा गर्नुपर्ने प्रेतश्राद्ध गर्न हुने भयो र पहिले मरेको भए वार्षिक पनि गर्न हुने भयो । यसैगरी आमाको बरखी बारिरहेको मानिसले बाबुको मृत्यु हुन आएमा गर्नुपर्ने प्रेतश्राद्ध र वार्षिकश्राद्धसमेत गर्न हुने भयो । तर पितृलोकमा प्राप्त भएका माता–पिताको क्षयाह आदि श्राद्ध गर्नभएन किनकि –

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि पित्र्यं स्याद् यावत्पूर्णो न वत्सरः ।।

– 'जसका आमा वा बाबु मरेका हुन्छन् त्यस छोराको वर्षदिनसम्म शरीर अशुद्ध हुन्छ । अतः त्यसले वर्षदिन पूरा नहुँदासम्म दैवकार्य र पितृकार्य गर्न हुँदैन ।'

'**प्रमीतौ पितरौ०**' यो पद्य मरेको वर्षदिनपछि बाबु–आमाको सपिण्डीकरण गर्ने छोराको मात्र वर्षदिन देह अशुद्ध हुने भन्ने पक्षमा आएको हो भन्ने विद्वान्हरू पनि छन् । उनीहरूको भनाइअनुसार बाह्रौं दिनमा सपिण्डीकरण गरेपछि प्रेत पितृकोटिमा प्राप्त हुन्छ र प्रेतत्वनिवृत्ति भएपछि छोराको देह अशुचि हुँदैन । तसर्थ मृताहमा एकोद्दिष्टश्राद्ध र अन्य श्राद्ध गर्नुहुन्छ । तर –

वानप्रस्थ, संन्यासी, ज्यूँदै श्राद्ध गरेका व्यक्ति, पतित र आपत्तिग्रस्त व्यक्ति । यी कर्ताहरूको स्वरूपगत विशेषताका कारण तिनलाई जात्याशौच आदि आशौच लाग्दैन । यस विषयमा तल स्पष्ट गरिँदैछ ।

अ) नैष्ठिक ब्रह्मचारी र व्रतबन्ध नभएको द्विजबालकलाई स्पर्शाशौच, कर्माशौच र जन्माशौच लाग्दैन ।

आ) ब्रह्मचारी र अनुपनीत द्विजबालकलाई सपिण्डभित्रका मानिसको मृत्यु हुँदा पनि आशौच लाग्दैन । तिनीहरूले लाश घाटमा लैजाने र और्ध्वदैहिक कर्म गर्ने अधिकार हुँदैन ।

इ) ब्रह्मचारीले मलामीको स्पर्श र और्ध्वदैहिक क्रिया गरेमा कृच्छ्रप्रायश्चित्त गरी फेरि उपनयन गर्नुपर्दछ । तर माता-पिता, मातामहको और्ध्वदैहिक क्रिया गर्दा भने ब्रह्मचारीलाई दोष लाग्दैन ।

ई) पिता आदिको आशौचमा ब्रह्मचारीले आशौच परेका घरको अन्न खान हुँदैन। त्यसो गरेमा फेरि व्रतबन्ध गर्नुपर्दछ। कसैले अन्तिम कर्म नगरेमा ब्रह्मचारीलाई माता-पिताको पनि आशौच लाग्दैन भन्ने कुरा बताएका छन् ।

ए) समावर्तन (दीक्षान्तसंस्कार) भन्दा पहिले माता-पिताको मृत्यु भएमा ब्रह्मचारीलाई तीन दिनमात्र आशौच लाग्दछ । वानप्रस्थ र संन्यासीलाई माता-पिताको मृत्युमा आशौच लाग्दैन । वानप्रस्थ र संन्यासी मरेमा तिनका पूर्वआश्रमका सम्बन्धीजनहरूलाई आशौच लाग्दैन । यहाँ संन्यासी भन्नाले एकदण्डी, हंस र परमहंस संन्यासी भनी बुझ्नुपर्दछ ।

ऐ) गाउँ-गाउँ भिक्षा ग्रहण गर्ने अधिकार पाएका नैष्ठिक ब्रह्मचारी, संन्यासी, वानप्रस्थ र निवृत्तिमार्गमा लागेका यतिहरूलाई आशौच परेका घरमा भिक्षाग्रहण गर्न निषेध हुँदैन । सामान्य ब्रह्मचारीलाई भने आशौच परेका घरमा भिक्षा ग्रहण गर्दा दोष लाग्छ ।

ओ) हेमाद्रिको मतमा जीवच्छ्राद्ध गर्ने मानिसलाई कुनै किसिमको आशौच लाग्दैन । अरूको मतमा भने जीवच्छ्राद्ध गर्ने मानिसले योगाभ्यास गरेको छैन भने त्यसले भिक्षा ग्रहण गर्न हुँदैन । ग्रहण गरेमा दोष लाग्छ ।

औ) जसको लागि घटस्फोट गरिएको छ त्यस्तो जातिबहिष्कृत पतित मानिस मरेमा आशौच बार्नुपर्दैन ।

अं) आतुर, देशबाट बहिष्कृत, कष्ट एवं आपत्तिले ग्रस्त र विप्लव एवं महामारीद्वारा ग्रस्त व्यक्तिहरूको मृत्यु हुँदा आफन्तहरूलाई सद्यःशौच लाग्ने निर्देश गरिएको छ । यिनीहरूलाई पनि आफन्तको मृत्यु हुँदा सद्यःशौच नै लाग्दछ ।

अर्वाक् संवत्सराद् यस्य सपिण्डीकरणं भवेत् । प्रेतत्वमिह तस्यापि ज्ञेयं संवत्सरं नृप ।।

अग्निपुराणको यस वचनमा भनिएको छ – 'जसको वर्षदिन नपुगीकन एघारौं, बाह्रौं वा पैंतालीसौं दिन आदिमा सपिण्डीकरणश्राद्ध गरिन्छ ती व्यक्तिहरू सपिण्डीकरणश्राद्ध गरिएतापनि एक वर्ष नपुग्दासम्म प्रेत अवस्थामा नै रहन्छन् ।' यो मनाइअनुसार विचार गर्दा क्षयाहश्राद्ध आदि गर्न नहुने देखिन्छ । यो तेस्रो मतको निचोड हो ।

हाम्रो परम्परामा सामान्यतः आमाको मृत्यु भई बरखी बारेको अवस्थामा पिताको क्षयाहतिथि आउँदा मानिसहरू क्षयाहश्राद्ध गर्ने गर्दछन् तर बाबुको मृत्यु भई बरखी बारेको अवस्थामा आमाको क्षयाह आउँदा क्षयाहश्राद्ध गर्दैनन् । यस सम्बन्धमा वीरमित्रोदयको टीकाअनुसार प्रस्तुत गरिएको प्रा. पुरुषोत्तम भट्टराईको मत सामान्यतः युक्तिसङ्गत देखिन्छ तापनि मीमांसा एवं धर्मशास्त्रका ज्ञाता विद्वान् प्रा.डा. दीर्घराज घिमिरेद्वारा व्यक्त गरिएको मत प्रमाणसम्मत देखिएको हुँदा स्पृहणीय हुँदाहुँदै पनि –

माता चैव तथा भ्राता भार्या पुत्रस्तथा स्नुषा । एषां मृतौ चरेच्छाद्धमन्यस्य न पुनः पितुः ।।

उक्त **निर्णयसिन्धुमा** उद्धृत गरिएको भृगुको वचनमा – माता, दाजु-भाइ, स्त्री, पुत्र र पुत्रवधूको मृत्यु भएमा वर्षदिनभित्र अरूको क्षयाहश्राद्ध गर्न हुन्छ तर पिताको मृत्यु हुँदा वर्षदिनसम्म अरूको क्षयाहश्राद्ध गर्न हुँदैन भनिएकाले र नेपाली समाजमा बाबुको मृत्यु हुँदा अरूको श्राद्ध नगर्ने र माता आदिको मृत्यु हुँदा बाबुको श्राद्ध गर्ने परम्परासमेत रहेकाले धर्मशास्त्रीहरूमा ऐकमत्य नदेखिएसम्म प्रा. डा. रामचन्द्र गौतमद्वारा प्रस्तुत प्रथम मतको उपेक्षा गर्न सकिँदैन ।

ख) कर्मका भेद र आशौचको अभाव

आशौचलाई रोक्न सक्ने विशेष कर्महरू प्रारम्भ भएपछि आशौच पर्न आएमा कर्ममा दीक्षा लिएका आशौचयोग्य व्यक्तिहरूलाई आशौच लाग्दैन । यो शास्त्रको नियम हो । त्यस्ता कर्मको निरूपण गरिँदैछ ।

अ) तीर्थप्राप्ति, यात्रा, उत्सव, युद्ध, व्रत, यज्ञ, विवाह, श्राद्ध, देवताको प्रतिष्ठा, यज्ञ, होम, पूजा, जप, दान, संस्कार र त्यस्तै अन्य कर्मको आरम्भ भइसकेको र समाप्ति भइनसकेको अवस्थामा त्यहाँ रहेका दीक्षित, ऋत्विक्, याजक, व्रती, राजा, सामन्त, सम्भ्रान्त परिवारका मानिस, राजकर्मचारी, वैद्य, धोबी, सेवक, कलाकारहरूलाई लाग्ने आशौचको संकोच गरिन्छ ।

आ) पहिले नगएको तीर्थमा जाँदा दान आदि कर्म गर्ने स्थितिमा आशौच परेको भए तापनि आशौच लाग्दैन । रथयात्राको आरम्भ भएको अवस्था र राष्ट्रमा युद्धको अवस्था हुँदा पनि आशौच लाग्दैन ।

इ) कृच्छ्रचान्द्रायणव्रत, अन्नसंत्र, दर्शपौर्णमास यज्ञ, होम, पूजा, नगर वा गाउँमा देवालयको प्रतिष्ठा, जलाशयको उत्सर्जन, कोटिहोममा गरिने यज्ञकर्म, पुरश्चरण, स्तोत्रपाठ, जप, निरन्तर गरिँदै आएको पुराणको श्रवण, चूडाकर्म, उपनयन, विवाह, श्राद्ध, आतुरको व्याधिनाशका लागि गरिने तुलादान आदि कर्म आशौच पर्नुभन्दा पहिले प्रारम्भ भई गरिएका भए ती कर्म समाप्त नभई बीचमा आशौच परेको कुरा थाहा भएमा आरम्भ गरिएको कर्म रोकिँदैन । त्यो घरका मानिसलाई कर्मको समाप्ति नहुँदासम्म आशौच लाग्दैन ।

ई) आगमद्वारा बताइएको काम्यकर्मको बीचमा आशौच आइलागेमा मानसिकरूपमा मन्त्रपाठ गर्नुपर्दछ, मन्त्रको उच्चारण गर्नुहुँदैन । यदि काम्यकर्मको सट्टा निष्काम कर्म र पूजन गरिएको रहेछ भने आशौच लाग्दैन ।

ए) स्मार्तकर्म त्याज्य र अत्याज्य गरी दुईथरि हुन्छन् । आशौचको बेला त्याज्य स्मार्तकर्म गरिँदैन । अत्याज्य स्मार्त कर्म भने आशौचमा पनि आफूले नगरी भिन्न गोत्र भएका ब्राह्मणद्वारा गराउनु पर्दछ ।

ओ) आशौचको बीचमा प्रेतश्राद्ध, प्रतिसांवत्सरिकश्राद्ध प्राप्त भएमा आशौच सकिएपछि आशौचान्त समयको दोस्रो दिन वा उत्तम तिथिमा गर्नुपर्दछ । ती दिनमा पनि मलमास आदि विघ्न प्राप्त भएमा मलमास सकिएपछि आउने कृष्ण एकादशीतिथिमा गर्नुपर्दछ ।

औ) आशौच परेको अवस्थामा सन्ध्यावन्दन आदि नित्यकर्मको केही अंशमा त्याग र केही अंशमा स्वीकार गर्नुपर्दछ । प्राणायाम आदि विशिष्ट कुश-जलसहित गरिने सन्ध्याको त्याग गर्नुपर्दछ भने कुश र जलरहित गरिने मानस सन्ध्या कहिले पनि छाड्नु हुँदैन ।

अं) राजाको राजकाजमा, राजकर्मचारीद्वारा राजाज्ञापालनमा, वैद्यहरूले गर्ने उपचार एवं चिकित्सा कर्ममा, शिल्पीद्वारा गरिने वस्तुहरूको उत्पादनकर्ममा, दास-दासीद्वारा गरिने सेवाकर्ममा अस्पृश्य मानिने आशौच लाग्दैन । यिनले आशौच परेका घरमा काम गर्दा पनि यिनलाई कुनै प्रकारको आशौच लाग्दैन । ब्राह्मणले यजमानको घरमा, यजमानको परिवारमा भोजन कर्म गर्दागर्दै आशौच लागेको थाहा पाइएमा हातमा लिएको गास भुईंमा फ्याँकी स्नान गरेपछि शुद्धि हुन्छ । त्यो हातको गास निल्ने काम गरिएमा एक अहोरात्र आशौच बार्नुपर्दछ । आशौचको बेवास्ता गरी पस्किएको सबै भोजन ब्राह्मणले खाएमा तिनले तीन रात आशौच बार्नुपर्दछ ।

अः) आशौचधर्मको त्याग गरी चोरी, व्यभिचार, भ्रूणहत्या, पतिहत्या, मद्यपान र आत्महत्या गर्ने नारीको मृत्यु भएमा उनकै कर्मदोषका कारण ती मरेपछि जलदान र आशौच बार्ने काम गर्नुपर्दैन भन्ने कुरा याज्ञवल्क्यले बताएका छन् ।

ग) **द्रव्यभेदका कारण आशौचको अभाव**

अ) पसलको मालिकलाई आशौच लागेको अवस्थामा ग्राहकहरूले उनीसँग आज्ञा लिएर पसलमा रहेको मालताल आफ्नै हातले झिकेमा आशौचको दोष लाग्दैन तर पसलेको हातबाट नै सामान लिएमा आशौच लाग्छ र त्यो लिइएको पदार्थ दूषित मानिन्छ ।

आ) आशौच परेका मानिसको हातबाट दही, मही, घिउ, दूध, मदिरा, मासु, नुन, जल, तृण, काठ, साग, कन्दमूल, फलफूल, तिल, औषधि, मृगको छाला, पुस्तक आदि पदार्थ लिँदा आशौच लाग्छ भने आफ्नै हातले ग्रहण गर्दा आशौच लाग्दैन ।

इ) आशौची मानिसका हातबाट पाकेको अन्न र नपाकेको दुवै अन्न लिन हुँदैन । दिने र लिने दुवैलाई आशौच परेको कुरा थाहा भएमा आशौच परेका घरमा भोजन गरेपछि आशौचको दोष लाग्दैन । आशौच लाग्नुमा ज्ञान नै निमित्त कारण हो । दुवैमध्ये एक जनालाई आशौच लागेको थाहा भएमा आशौचीको अन्न भोजन गर्ने मानिसलाई दोष लाग्दछ ।

ई) विवाह, यज्ञ वा उत्सव चलिरहँदा सूतक वा मृतक दोष परेको थाहा हुन आएमा आशौचीभन्दा भिन्न गोत्रका मानिसहरूको हातबाट भोजन ग्रहण गर्दा दोष लाग्दैन । पहिलेदेखि नै यो कर्मका लागि यो भोजन हो भनी सङ्कल्प गरिएको अन्नमा दोष लाग्दैन ।

उ) यजमानका घरमा ब्राह्मण भोजन भइरहँदा सूतक वा मृतक दोष थाहा भएमा भोजन गरी बाँकी रहेको अन्न छाड्नुपर्दछ । त्यसपछि आशौच नपरेको कुनै अर्को घरमा गई आचमन गर्नुपर्दछ । त्यसो गर्दा ब्राह्मणहरूलाई दोष लाग्दैन ।

घ) **मृतदोषाधिकार**

अ) अपमृत्युद्वारा मरेको मानिस र पातकी मानिसको मृत्युमा आशौच बार्नुपर्दैन ।

आ) महापातकी, कुष्ठी, ब्राह्मण भईकन पनि जुत्ता आदि बनाउने काम गर्ने, नपुंसक, रोगवृद्धि गर्ने औषधि दिने वैद्य अथवा अन्य कुनै मानिस, विषदाता, घरमा आगो लगाउने मानिस, फाँसीको सजाय पाएको मानिसजस्ता महापातकीहरूको कालमृत्यु भए पनि दाह, श्राद्ध र आशौच बार्ने कर्म गर्नुहुँदैन ।

इ) जुन मानिस सिङ, दाह्रा र नङ्ग्रा हुने पशुहरूसँग जानी-जानी क्रीडा गर्दा मर्दछ, जुन मानिस वेश्याहरूका साथमा विलास गर्दागर्दै मर्दछ अथवा मारिन्छ, जुन मानिस जानी-जानी चट्याङमा परी मर्दछ, जुन मानिस पाखण्ड, द्वेष वा क्रोधको वशमा परी विष, आगो, जलपात, पर्वतपात र वृक्षपातद्वारा मर्दछ, जुन मानिस बुद्धिपूर्वक आत्मघात गर्दछ त्यस्ता मानिसको दाह, श्राद्ध र आशौच बार्ने कर्म गरिँदैन । यदि कसैले प्रेमवश त्यस्तो काम गर्दछ भने त्यसले तप्तकृच्छ्रनामक प्रायश्चित्त गर्नुपर्दछ ।

ई) जुन मानिस ब्राह्मणमाथि अपराध गर्दा मर्दछ अथवा जसलाई बुद्धिपूर्वक ब्राह्मणले मार्दछ, जुन मानिस परस्त्रीमा लागेका कारण तिनका पतिहरूद्वारा मारिन्छ, जुन मानिस चोरी गरेका कारण शासनद्वारा मारिन्छ, जुन झगडालु ब्राह्मण चाण्डाल आदिद्वारा मारिन्छ, जुन मानिस सर्पसँग क्रीडा गर्दा सर्पद्वारा टोकिएर मारिन्छ यस्ता मानिस मरेमा दाह, श्राद्ध र आशौच कर्म गर्नुपर्दैन ।

ङ) **विधिवचनद्वारा हुने आशौचको अभाव**

अ) अङ्गसहित सम्पूर्ण वेदको अर्थबोध गरेका श्रौत एवं स्मार्त अग्निसहित रहेका, वेदअनुसार सम्पूर्ण कर्मको

अनुष्ठान गर्ने सपिण्डभित्रका ब्राह्मणको मृत्यु हुँदा सद्यःशौच लाग्दछ । स्नानपछि आशौच बार्नुपर्दैन ।

आ) सम्पूर्ण पूर्वोक्त लक्षण भएका तर वेदको अर्थज्ञान नभएका सपिण्डभित्रका वैदिक ब्राह्मणको मृत्यु हुँदा एक दिनको मात्र आशौच बार्नुपर्दछ ।

इ) वेदको अध्ययन नगरेका, कर्महीन ब्राह्मण जातिब्राह्मण कहलाउँछन् । त्यस्ता सपिण्डभित्रका ब्राह्मणको मृत्यु हुँदा पूरा दश दिन आशौच बार्नुपर्दछ ।

ई) यो विधिद्वारा अपकर्ष गरिने आशौच होम आदि कर्ममा लागू हुन्छ, अरू नित्यकर्ममा लागू हुँदैन ।

उ) पुत्रजन्म हुँदा नालकाट्नु भन्दा पहिले हिरण्य, धान्य आदि दान गर्दा दोष लाग्दैन ।

ऊ) जन्माशौच वा मरणाशौचको बीचमा पुत्रजन्म हुँदा जातकर्म गरिन्छ भने त्यसमा आशौच लाग्दैन ।

ए) जन्माशौच वा मरणाशौच चलिरहँदा आफ्ना आमा-बाबु आदि सपिण्डहरूको मृत्यु भएमा मरणनिमित्तक अन्त्येष्टिकर्म गर्नुपर्दछ, दोष लाग्दैन ।

ऐ) मरणाशौचको बीचमा पुत्र जन्म भएमा पिण्ड दिने काम रोकिँदैन ।

७.१३ स्वेच्छामरण

शास्त्रहरूमा स्वेच्छामरणलाई वैध मानिएको छ । निर्णयसिन्धुमा प्रयाग र काशीमा अशक्त, रोगी र ज्ञानीले स्वेच्छामरण गर्दा पुण्यलाभ र ईश्वरप्राप्ति हुने कुरा बताइएको छ । सामान्यतः वेद एवं धर्मशास्त्रमा आत्महत्या गर्नुलाई पाप मानिएको छ। वेदमा पनि भनिएको छ– **'असूर्या नाम ते लोका अन्धेन तमसावृताः । ताँस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ।।'**[१११] अर्थात् 'सौर प्रकाशरहित त्यो नरकलोक कालो प्रगाढ अन्धकारले ढाकिएको हुन्छ । आत्मघातीहरू मरेपछि त्यस लोकमा प्राप्त हुन्छन् ।' वेदको यो भनाइका आधारमा अरू शास्त्रहरूले पनि आत्महत्यालाई निन्दित मानेका छन् । यति हुँदाहुँदै पनि कतिपय पुराण, स्मृति आदिमा आत्महननलाई अपवादको रूपमा स्वीकार गरिएको पाइन्छ । त्यस्ता अपवाद यसप्रकार छन् –

१. ब्रह्महत्या, सुरापान, गुरुतल्पगमन, चोरी र ती कर्म गर्ने मानिसहरूसँग संसर्ग गर्नुजस्ता पाँच महापातकमध्ये कुनै एक पातक गरेपछि आत्महत्या गर्नु ।

२. असाध्य रोगद्वारा पीडित भई वृद्ध पुरुषले आफू धर्मपालन गर्न असमर्थ हुँदा दिक्क भएर हिमालयमा गई हिमशिखरबाट हामफालेर देहत्याग गर्नु अथवा भिरबाट हामफालेर देह त्याग गर्नु अथवा आगोमा हाम फालेर देहत्याग गर्नु अथवा नदीमा डुबेर देहत्याग गर्नु अथवा उपवास बसेर देहत्याग गर्नु अथवा प्रयागमा गई वटवृक्षको शाखाबाट भुईंमा खसेर देहत्याग गर्नुजस्ता विषय याज्ञवल्क्य[११२]ले बताएका छन् । मनु[११३]ले पनि महापातकका लागि आत्महत्याको स्वीकृति दिएका छन् । धार्मिक देहत्याग काशी, प्रयागका वटवृक्ष र गङ्गा-यमुनाको सङ्गममा गर्न हुने कुरा बताइएको छ ।

३. मत्स्यपुराण[११४]मा स्वस्थ व्यक्तिले सुकेका गोबरको आगोमा आत्मदाह गर्दछ भने स्वर्गमा बस्न पाउँछ

१११. शुक्लयजुर्वेदः, चालीसौं अध्याय ।
११२. याज्ञवल्क्यस्मृतिः ३/५५ ।
११३. मनुस्मृतिः ११/७३ ।
११४. मत्स्यपुराणम् १०७/९-१० ।

भनिएको छ । प्रयागमा मृत्युको महत्त्व बताउँदै महाभारत[११५]मा भनिएको छ–

'न वेदवचनात्तात न लोकवचनादपि । मतिरुत्क्रमणीया ते प्रयागमरणं प्रति ।।'

अर्थात् '**असूर्या नाम ते लोका०**' इत्यादि वैदिकवचन र गौतमस्मृति–वसिष्ठस्मृति–विष्णुधर्मसूत्रमा आत्महत्या गर्ने कर्मको जति निन्दा गरिए तापनि प्रयागमा गरिने स्वेच्छामरणको महत्त्वको विषयमा विपरीत बुद्धि गराउनु हुँदैन । त्यसको अनुपम महत्त्व छ ।' यसैगरी काशीमा स्वेच्छामरण गर्दा दुर्लभ फल प्राप्त हुने कुरा पनि स्मृतिहरूमा बताइएको पाइन्छ । निर्णयसिन्धुमा नै भनिएको छ –

वाराणस्यां म्रियेद् यस्तु प्रत्याख्यातभिषक्क्रियः । काष्ठपाषाणमध्यस्थो जाह्नवीजलमध्यगः।।
अविमुक्तोन्मुखस्तस्य कर्णमूलगतो हरः । प्रणवं तारकं ब्रूते नान्यथा कुत्रचित् क्वचित् ।।

– 'वैद्यले बिदा दिएपछि जीवनको आशा मारेको मानिस काशीमा गङ्गाको तीरमा गई ढुङ्गा वा काठद्वारा अथवा गङ्गामा डुबेर प्राणत्याग गर्दछ भने त्यसको कानमा भगवान् शङ्करले तारकमन्त्र '**ॐकार**' सुनाउनुहुन्छ । यस्तो सौभाग्य अरू कुनै तीर्थमा पाइँदैन ।' **गङ्गावाक्यावली** र **तीर्थचिन्तामणि**मा पनि काशी र प्रयोगमा स्वेच्छामरण गर्ने अनुमति दिइएको पाइन्छ । तीर्थप्रकाशमा भने विस्तृत विवेचन गर्दै प्रयाग आदिमा स्वेच्छामरण गर्न नहुने कुरा बताइएको छ । अर्को कुनै स्मृतिमा जीवनबाट जति निराश भए पनि स्वेच्छामरण कलिमा वर्जित भएकाले ब्राह्मणले आत्महत्या गर्न हुँदैन भनिएको छ । अन्तमा निर्णयसिन्धुकारले **त्रिस्थलीसेतु**को मत प्रस्तुत गर्दै प्रयाग र काशीमा स्वेच्छामृत्युवरण गर्न हुने र कलिमा वर्जित नभएको समेत निर्णय गरेका छन् । **त्रिस्थलीसेतु**को मतअनुसार अस्वस्थ, निराश, दुःखी, ज्ञानी र भगवद्भक्त सबैले प्रयाग वा काशीमा स्वेच्छामरण गर्न हुन्छ । तर कसैले पनि वृद्ध माता–पिता, पत्नी र सन्तानको दुर्दशा हुने गरी आत्महनन गर्न हुँदैन भन्ने कुरा बताइएको छ । **कमलाकर भट्ट**का पिता **नारायण भट्ट** धर्मशास्त्रका ठूला विद्वान् थिए । उनले प्रयाग र काशीमा गरिने स्वेच्छामरणको प्रशंसा गरेका छन् । **त्रिस्थलीसेतु**मा उनले **स्कन्दपुराण**को निम्नलिखित पद्य उद्धृत गरेका छन् –

यथाकथञ्चित्तीर्थेऽस्मिन् प्राणत्यागं करोति यः । तस्यात्मघातो दोषो न प्राप्नुयादीप्सितान्यपि।।

– 'जसले जसरी भए पनि प्रयागमा प्राणत्याग गर्दछ त्यसलाई आत्मघातको दोष लाग्दैन ।' **निर्णयसिन्धु**मा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ– 'जुन गति योगीले पाउँछन् त्यही गति गङ्गा–यमुनाको सङ्गममा स्वेच्छामृत्यु वरण गर्नेले प्राप्त गर्दछन् ।' प्रयागको वटवृक्षमा गई मृत्युवरण गर्ने व्यक्तिको प्रशंसा गर्दै **वराहपुराण**मा भनिएको छ–

तत्र यो मुञ्चति प्राणान् वटमूलेषु सुन्दरि । सर्वलोकानतिक्रम्य मम लोकं प्रपद्यते ।।

जीवनबाट निराश, ज्यादै अशक्त, रोगी र वैराग्यवान् व्यक्तिलाई सरलतापूर्वक स्वेच्छामृत्यु वरण गर्ने स्वीकृति शास्त्रहरूले दिएका छन् भन्ने कुरा यस ऊहापोहबाट स्पष्ट भएको छ ।

७.१४ नारायणबलि

निन्दित कर्मका कारण दुर्गतिमा परेका मृतकहरूको उद्धारका निमित्त नारायणबलिकर्म गरिदिनुपर्दछ

११५. महाभारतम्, वनपर्व ८५/८३ ।

त्यसबाट शुद्धि हुन्छ र उनीहरूको उद्धार पनि हुन्छ । नारायणबलिकर्म गर्दा सर्वप्रथम प्रायश्चित्त गरेर कर्मको शुभारम्भ गर्नुपर्दछ । **हेमाद्रि** र **षट्त्रिंशत्मत**मा भनिएको छ – पहिले चान्द्रायण गरेर लोकबाट निन्दा नहोस् भन्ने ख्याल राख्दै मृत मानिसको उद्धारका लागि नारायणबलिकर्म गर्नुपर्दछ । नारायणबलिकर्म गरेपछि पिण्डोदक क्रिया, वृषोत्सर्ग, एकोद्दिष्टश्राद्ध र सपिण्डीकरण आदि कर्म गरिन्छन्।

इन्द्रियशक्ति भएका, घरबाट परित्याग नगरिएका, मूर्ख र दुःखी मानिसले जब आफ्नो आत्माको हनन गर्दछन् त्यस परिस्थितिमा पुत्र र पौत्रहरूले दयावान् भएर विष्णुको नामबाट प्रसिद्ध नारायणबलिश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **वृद्धशातातप**ले बताएका छन् ।

चाण्डाल, जल, सर्प, ब्राह्मण, चट्याङ, दाह्रा भएका पशु र पापीहरूद्वारा मृत्यु भएमा, विष, शस्त्र, डोरी एवं ढुङ्गाबाट मृत्यु भएमा, देशान्तरमा मृत्यु भएमा, कसैको सराप लागेर मृत्यु भएमा, पतित भएका कारण मृत्यु भएमा, मद्यपान गरेर आत्महत्या गरेमा र ब्राह्मणद्वारा मारिएमा मरेको बाह्र वर्षपछि अथवा तीन वर्षपछि जहाँ तिनीहरूको मृत्यु भएको छ त्यसै ठाउँमा गई नारायणबलि कर्म गरिदिनुपर्दछ भन्ने कुरा बौधायनले बताएका छन्।

सर्पद्वारा मरेका मानिसका निमित्त त्यसका पुत्र आदि उत्तराधिकारीले एक वर्षसम्म एक छाक भोजन गरी शुक्लपक्षको पञ्चमीतिथिमा उपवास गरेर नक्तभोजन गर्नुपर्दछ । त्यसपछि पिठाको नाग तयार गरेर अनन्त, वासुकि, शङ्ख, पद्म, कम्बल, कर्कोटक, अश्वतर, धृतराष्ट्र, शङ्खपाल, कालीय, तक्षक र कपिल यी नामबाट प्रत्येक महिना पूजन गरी ब्राह्मणहरूलाई खीर खुवाएर वर्षको अन्तमा सुवर्णले बनेको नाग र गाई दान गरेपछि मात्र नारायणबलि गरिदिनुपर्दछ । नारायणबलिकर्म गर्दा पुत्र आदिले तीन दिन आशौच बार्नुपर्दछ ।

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ कि – पञ्चमीतिथिमा फणाले युक्त भएको सुवर्णको नाग तयार गरेर दूधसहित घ्यूले भरिएको पात्रमा नागलाई राखीकन पूजा गरेपछि सुवर्णमय नागप्रतिमा ब्राह्मणलाई दान गरिदिनुपर्दछ । पञ्चमीतिथिमा सुवर्णद्वारा फणासहित नागमूर्ति तयार गरी दूधसहित घृतपात्रमा नागमूर्तिलाई डुबाएर नागको पूजन गर्नुपर्दछ । नागदंशद्वारा मरेका मानिसको प्रायश्चित्त यही हो ।

बौधायनले भनेका छन् कि – संन्यासी मरेका बाह्रौं दिन नारायणबलि गरिदिनुपर्दछ । यसलाई पार्वणका साथमा गरिने कर्म मान्नुपर्दछ । विष्णुको महापूजा गरेर विष्णुलाई खीर निवेदन गर्नुपर्दछ र त्यसबेला सावधान मनले '**ॐ भूर्भुवः स्वः**' इत्यादि व्याहृतिहरूद्वारा अग्निमा हवन गर्नुपर्दछ ।

७.१५ और्ध्वदेहिकसंस्कार गरिसकेपछि मरेको भनिएको मानिस ज्यूँदै आएमा

मरेको भनिएको मानिस संस्कार गरिसकेपछि ज्यूँदै घरमा आएमा त्यसलाई घ्यूले भरिएको ठूलो गाग्रोमा डुबाइदिनुपर्दछ । गाग्रोमा डुबाएर बाहिर निकालेपछि स्नान गराई जातकर्मदेखि लिएर विवाहसम्मका सम्पूर्ण संस्कार गराइदिनुपर्दछ । त्यसले १२ दिन या ३ रात व्रत गर्नुपर्दछ । यसरी व्रतचर्या गरी स्नान गरेपछि त्यसले आफ्नी स्त्री जीवित भएमा उनैसँग र जीवित नभएमा अन्य कुनै स्त्रीसँग विवाह गर्नुपर्दछ । त्यसले विधिवत् अग्निको आधान गरी हवन गर्नुपर्दछ ।

७.१६ शवदाहमा शवशिरको दिशा

शवदाह गर्दा विभिन्न पद्धतिग्रन्थहरूमा छुट्टाछुट्टै दिशा निर्देश गरिएको पाइन्छ । प्रायः नेपालीहरू दक्षिणतर्फको शवको शिर गराई शवको दाह गर्ने गर्दछन् । प्रचलित पद्धतिहरूबाट पनि यही कुरा अवगत हुन्छ । नेपालमा

अग्निहोत्रीहरूको संख्या ज्यादै न्यून छ । अग्निहोत्र नलिने सामन्य मानिसको संख्या धेरै छ । अग्निहोत्रीका नियम छुट्टै हुन्छन् । सामान्य मानिसको शरीरदाह गर्दा नेपालमा प्रचलित पद्धति र नेपाली विद्वान्हरूले तयार गरेका ग्रन्थहरूमा **छन्दोगपरिशिष्ट**को **'तत्रोत्तानं निपात्यैनं दक्षिणाशिरसं मुखे'** इत्यादि वचनको आधारमा दक्षिणतर्फ शवको शिर फर्काउनुपर्ने लेखिएको छ। निर्णयसिन्धुमा – **'उत्तरशिरस्त्वं सामगेतरपरम्'** भनेर अग्निहोत्र ग्रहण नगरेका सामवेदीभन्दा बाहेक अरू वेद अध्ययन गर्ने मानिसहरूका शवको शिर उत्तरतर्फ फर्काउनु भनिएको छ। शिवराज आचार्य कौण्डिन्न्यायनद्वारा प्रणीत **'वैदिकधर्म मूलरूपमा'** भन्ने ग्रन्थमा भने शुक्लयजुर्वेदाध्यायी माध्यन्दिनीय वाजसनेयी शाखाका मानिसहरूले उक्त शाखाका आचार्य **कात्यायन** आदिले बताएअनुसार शवको शिर पूर्वतर्फ फर्काई शवदाह गर्नुपर्ने कुरा बताइएको छ । त्यहाँ कात्यायनश्रौतसूत्रबाट उद्धृत वचन यसप्रकार छ – **'चितावेनमादधाति कृष्णाजिनमास्तीर्य प्राक्शिरसम्'** – का.श्रौ.सू. २५/७/१९ । उक्त प्रमाणहरूबाट दक्षिणतर्फ शिर गराउन नहुने देखिन्छ । निर्णयसिन्धु र कात्यायनश्रौतसूत्रमध्ये कसको मत ग्रहण गर्ने भन्ने कुरा कात्यायन शु.य.मा.वा. शाखाका आचार्य भएकाले उक्त शाखाका मानिसहरूले उनैको मत स्वीकार गरी शवदाह गर्दा शवको शिर पूर्वतर्फ फर्काउनु नै श्रेयस्कर देखिन्छ ।[११६]

७.१७ पञ्चकमा मरणविचार

पञ्चकमा मृत्यु भएमा **मदनरत्न**मा भनिएको छ – धनिष्ठानक्षत्रको उत्तरार्धदेखि रेवतीपर्यन्त पाँच नक्षत्र दूषित एवं दाहकर्ममा अशुभ मानिएका छन् । पञ्चकमरणजन्य दोषनिवारणका लागि निम्न अनुसारको दाहविधि अपनाउनु पर्दछ । शवको समीपमा कुशका चारवटा पुतला राखिदिनुपर्दछ । ती पुतला नक्षत्रको अभिप्रायले राखिन्छन् । कुशद्वारा बनाइएका प्रतिमा नै पुतला हुन् । तिनीहरूलाई नक्षत्रका मन्त्रले अभिमन्त्रित गरी संस्कार सम्पन्न गर्नुपर्दछ। त्यसपछि पञ्चकमा मरेका ती मानिसहरूको पुतलाहरूका साथ शवदाह गर्नुपर्दछ । सूतकान्तमा शान्ति र पौष्टिक कर्म गर्नुपर्दछ । जुन मानिस पञ्चकमा मर्दछ, त्यसको गति हुँदैन अतः त्यस प्रेतको उद्देश्यले तिल, सुवर्ण र घ्यू दान गर्नुपर्दछ । क्रियानिबन्धमा भनिएको छ – पात्र, जुत्ता, छाता, सुनको औंठी, वस्त्र र सम्पूर्ण पातकबाट मुक्त गराउने दक्षिणा दिनुपर्दछ ।

बौधायनीय सर्वस्वमा लेखिएको छ कि – आफ्नो गृह्यसूत्रमा बताएको विधिअनुसार अग्निस्थापना गरी होमाग्निमा चार समिधा दिएर अन्वाधान गरी पितृका उद्देश्यले निर्वाप दिएर देवताहरूलाई आहुति दिनुपर्दछ । यम, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षय, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र र चित्रगुप्तलाई क्रमैले आहुति दिनुपर्दछ ।

७.१८ त्रिपाद नक्षत्रमा मृत्यु हुँदा

मदनरत्नमा गार्ग्यले भनेका छन् – पुनर्वसु, उत्तराषाढा, कृत्तिका, उत्तराफाल्गुनी, पूर्वाभाद्र र विशाखा यी तीन चरणका नक्षत्र र भद्रा तिथि, रविवार, मङ्गलवार, शनिवारको योगमा त्रिपुष्करयोग हुन्छ र दुईको योगमा द्विपुष्करयोग हुन्छ । उक्त दुवै योगमा कसैको मृत्यु भएमा कर्ताकै मृत्यु हुन्छ । द्विपुष्करमा मरण र दाह दुवै हुन गएमा दुई गुणा र त्रिपुष्करमा दुवै कर्म हुन गएमा तीन गुणा बढी पाप लाग्दछ । गाड्दा पनि यही हो भन्ने कुरा

११६. शिवराज आचार्य कौण्डिन्न्यायन, पूर्ववत्, पृ. ५८६ ।

बुझ्नुपर्दछ । उक्त दोषशान्तिका लागि तिलको पिनाले शरीर निर्माण गरेर नाङ्लोमा राखी अलङ्कारले सजाएर चितामाथि राखी दाह गर्नुपर्दछ ।

बौधायनले दाहमन्त्र बताएका छन् । तदनुसार – **अस्मात्त्वमधिजातोऽसि०**[११७] मन्त्रले तिलको पिनाबाट बनेको पुतला दाह गर्नुपर्दछ । यसरी दाह गर्दा द्विपुष्कर र त्रिपुष्करमा मृत्यु हुँदा लागेका दोषको निवृत्ति हुन्छ । धनिष्ठामा मृत्यु भएमा तत्काल घरका कुनै मानिसको मृत्यु हुन्छ । त्यसका लागि सुवर्ण, कालो वस्त्र र दक्षिणा दिनुपर्दछ । **ब्रह्मपुराण**मा भनिएको छ – कुम्भ र मीनको चन्द्रमामा मृत्यु हुँदा मर्नेको ऊर्ध्वगति हुँदैन र सन्तानलाई पनि शुभ हुँदैन । त्यस्ता मानिसको मृत्यु अरू मानिसको मृत्युको कारण बन्दछ, तसर्थ दाह गर्न हुँदैन अथवा त्यसै दिन विधि पुऱ्याएर दाह गर्नुपर्दछ । धनिष्ठा आदि पाँच नक्षत्र, त्रिपुष्कर र भरणीनक्षत्रमा प्राण गएमा आफ्ना वंशका मानिसहरूको विनाश गराउँछ । यस्तो अरिष्टनिवारण गर्नका लागि विधान बताइन्छ ।

कुशका पाँच प्रतिमा तयार गरी तिनलाई ऊनले बेर्नुपर्दछ । फेरि जौको पिठो लेपन गरी ती प्रतिमाका साथ शवदाह गर्नुपर्दछ । ती पाँच प्रतिमाका नाम क्रमशः – प्रेतवाह, प्रेतसख, प्रेतप, प्रेतभूमिप र प्रेतहर्ता हुन् । उक्त प्रतिमाहरूको गन्ध, पुष्पद्वारा पूजन गरी पहिलो प्रतिमा प्रेतको शिरमा, दोस्रो आँखाहरूमा, तेस्रो बायाँ काखीमा, चौथो नाभिमा र पाँचौं प्रतिमा चरणमा राखी चितामा उक्त नामहरू पढ्दै घ्यूद्वारा आहुति दिनुपर्दछ । त्यसपछि पुत्रले सूतकान्तमा शान्तिक र पौष्टिक कर्म गर्नुपर्दछ । काँसको पात्रमा राखिएको तेलमा आफ्नो अनुहार हेरेर त्यो पात्र ब्राह्मणलाई दिनुपर्दछ । ब्रह्मा, विष्णु, शिव, इन्द्र र वरुणको प्रसन्नताका लागि माष, मुँगी, जौ, धान र पहेंलो सर्स्युँदान गर्नुपर्दछ ।

७.१९ रजस्वलाको मृत्युमा दाहसंस्कार

रजस्वला भएकी स्त्रीको मृत्युमा मिलेसम्म रजस्वला भएको तीनरात पुगेपछि मात्र स्नान गराई दाहसंस्कार गर्नु राम्रो हुन्छ । तीन रात नपुग्दै जलाउनुपर्ने स्थिति भएमा लाश दाहस्थलमा पुऱ्याई जलाशयबाट भाँडामा झिकिएको चोखो जलले स्नान गराउनुपर्दछ । त्यसपछि पुनः शुद्ध पात्रमा ल्याएको शुद्ध जलमा पञ्चगव्य मिसाई शुक्लयजुर्वेदसंहिताका – '**आपो अस्मान्०**' एउटा मन्त्र, '**आपोहिष्ठा०**' देखिका तीन वटा मन्त्र र '**पुनन्तु मा पितर०**' का नौ गरी तेह्र मन्त्रले सो जल अभिमन्त्रण गरी त्यसै जलले स्नान गराउनुपर्छ र रजस्वलामरणजनित दोषनाशको लागि पुत्रादि किरिया गर्नेले तीन चान्द्रायणव्रत वा त्यसको अनुकल्प गर्नुपर्छ । त्यसपछि नयाँ शुद्ध वस्त्र ओढाई दाह गर्नुपर्छ ।

७.२० सुत्केरीको मृत्युमा दाहसंस्कार

सुत्केरी स्त्रीको मृत्यु भएमा पनि रजस्वलालाई जस्तै शुक्यजुर्वेदका – '**आपो अस्मान् ...**' एउटा मन्त्र, , '**आपोहिष्ठा०**' देखिका तीन वटा मन्त्र र '**पुनन्तु मा पितर०**' का नौ गरी तेह्र मन्त्रले अभिमन्त्रण गरिएको जलले र पञ्चगव्यले स्नान गराई दाह गर्नुपर्छ भन्ने कुरा याज्ञवल्क्यको मिताक्षरामा यसरी बताइएको छ –

सूतिकायां मृतायां तु कथं कुर्वन्ति याज्ञिकाः । कुम्भे सलिलमादाय पञ्चगव्यं तथैव च ।
पुण्यग्भिरभिमन्त्र्यापो वाचा शुद्धिं लभेत्ततः। तेनैव स्नापयित्वा तु दाहं कुर्याद्यथाविधि ।।

---

११७. बौधायनगृह्यसूत्रम्, १६/३/२/८ ।

पुत्रादि कर्ताले सूतिका मरणजनित दोष (पाप) नाशको निम्ति गर्नुपर्ने प्रायश्चित्तचाहिँ निम्नानुसार हुन्छ – सुत्केरी भएको तीन दिनभित्र मरेमा नब्बे कृच्छ्र, छ दिनभित्र मरेमा साठी कृच्छ्र, नौ दिनभित्र मरेमा तीन कृच्छ्रव्रत गर्नुपर्छ । यी तीन पक्षमा अगाडिका दुई पक्ष गर्न नसक्नेले सूतकभित्र जुन दिन मरे तापनि अन्तिम पक्ष अर्थात् तीस कृच्छ्रव्रतमात्र गर्दा पनि हुने नै देखिन्छ । कृच्छ्रव्रत गर्न नसक्नेले अनुकल्प गर्नुपर्ने हुन्छ । नौदिन बितिसकेपछि छोरो पाएकोमा बीसदिनसम्म र छोरी पाएकोमा तीस दिनसम्म मरेमा पनि सक्नेले तीन कृच्छ्र नसक्नेले त्यसको अनुकल्पमा तीनवटा गाई वा यथाशक्ति मूल्य दान गर्नुपर्छ भन्ने कुरा यसरी बताइएको छ –

सूतिका तु यदा साध्वी विस्नाता मरणं गता । त्रिवर्षपूर्णपर्यन्तं शुद्धयेत्कृच्छ्रेण सर्वदा ।।

इदं चाद्यत्र्यहे –

सूतिका तु यदा नारी रजसा तु परिप्लुता । म्रियेत चेत्तु सा नारी द्विवर्षं कृच्छ्रमाचरेत्।। इत्यादि ।

७.२१ गर्भिणीको मृत्युमा दाहसंस्कार

गर्भिणी स्त्रीको मृत्यु भएमा लाश दाहस्थलको नजिकमा लगी पूर्व शिर गराई राख्नुपर्छ र **आपोहिष्ठा०** आदि तीन मन्त्र उच्चारणका साथ पञ्चगव्य र पवित्र जलले मृत शरीरमा अभिषेक गर्नुपर्छ । त्यसपछि '**हिरण्यगर्भः समवर्तताग्रे०**' यो मन्त्र उच्चारणपूर्वक सुनको चक्कुले पतिले दाहिने कोख चिर्नुपर्छ र बालक निकाल्नुपर्छ, निष्प्राण रहेछ भने शुद्ध जलले पखाली शुद्ध भूमिमा गाडिदिनुपर्छ । बालक यदि जीवित रहेछ भने '**जीवत्त्वं मम पुत्रक**' यो मन्त्र उच्चारण गर्दै स्नान गराई व्याहृतिले अभिमन्त्रण गरी घरतर्फ पठाउनुपर्छ । त्यसपछि मृतकको चिरिएको पेट राम्रोसँग सिलाई घाउ नदेखिने गरी घिउ लेपन गरी **आपोहिष्ठा०** आदि शुक्लयजुर्वेद ३६ सौं अध्यायको १४ देखि १६ सम्मका तीन मन्त्रले स्नान गराउनुपर्छ र गर्भिणी मरणजनित पापनिवृत्तिका लागि किरिया गर्नेले ३३ कृच्छ्रव्रत वा त्यसको अनुकल्प गरी गाई, भूमि, सुवर्ण, वस्त्र, द्रव्य आदि यथाशक्ति दान पनि गर्नुपर्छ । अनिमात्र लाश चितामा राखी शुद्ध वस्त्र ओढाई विधिपूर्वक दाहसंस्कार गर्नुपर्छ ।

७.२२ विधवाधर्म

पतिको मृत्युपछि पतिव्रता धर्म कायम राखी संयमित जीवन बिताउने नारीहरू मृत्युपछि पतिलोकमा बास गर्दछन् भन्ने कुरा काशीखण्डमा बताइएको छ । विधवाको गौरव शीलरक्षा नै हो । शीलभंग भएमा तिनको पतन हुन्छ । विधवा धर्मच्युत भएमा तिनका दोषले मृत पति, माता-पिता र दाजुभाइको पनि दुर्गति हुन्छ । विधवाको कर्तव्यनिर्देश गर्दै निर्णयसिन्धुमा भनिएको छ- विधवाले चुल्ठो बाट्नुहुँदैन, शिर मुडाउनुपर्दछ, दिनमा एक पटक भोजन गर्नुपर्दछ, मासोपवास र चान्द्रायणव्रत गर्नुपर्दछ, शरीरमा सुगन्धित पदार्थका लेपन गर्न हुँदैन, प्रतिदिन नाम-गोत्र उच्चारण गर्दै पति, पिता-माता आदिलाई तर्पण दिनुपर्दछ । प्राणै जाने विपत्तिमा पनि गोरु, वयलगाढा आदि सवारी साधनमा सवार हुनुहुँदैन, विधवाले रंगीबिरङ्गी चोलो र साडी लगाउन हुँदैन, वैशाख, कार्तिक र माघमा विशेष नियमपालन गर्नुपर्दछ, काँसको पात्रमा भोजन र ताम्बूल सेवन गर्न हुँदैन, निरन्तर पतिलाई परमेश्वर मानी उनकै सत्मा रहनुपर्दछ, यसो गर्दा सन्ततिहरूको समृद्धि र दिवङ्गत पितृहरूको कल्याण हुन्छ ।

ॐ

अष्टम प्रभाग

निर्णयसिन्धुका विशेषता

८.१ अगाध ज्ञानसिन्धुका रूपमा निर्णयसिन्धु

निर्णयसिन्धु सूक्ति, स्मृति, धर्मसूत्र, गृह्यसूत्र, मीमांसा, महापुराण, उपपुराण, औपपुराण, ज्योतिषशास्त्र, निबन्धग्रन्थ, भाष्यग्रन्थ र टीकाग्रन्थहरूबाट उद्धृत निर्णयरत्नहरूको रत्नाकर निबन्धग्रन्थ हो । यो ग्रन्थ विविध विद्याका विशिष्ट तथ्यहरूद्वारा अनुप्राणित भएकाले विषयगम्भीर धर्मशास्त्रीय रचनाको रूपमा लोकमा सम्मानित छ । विद्वान्‌हरूले संस्कृतमा टीका र हिन्दीमा अनुवाद लेखेर निर्णयसिन्धुको सारतत्त्वलाई समाजमा फैलाए । तीमध्ये दक्षिणभारतका विशिष्ट विद्वान् कृष्णंभट्टले निर्णयसिन्धुको गहनतालाई सरल तुल्याउन संस्कृतमा तयार गरेको कृष्णंभट्टी व्याख्या अद्वितीय छ । यो निर्णयसिन्धु ग्रन्थ मीमांसाशास्त्रको सरणिबाट रचिएको विशिष्ट विद्वान्‌को निबन्धग्रन्थ भएकाले मीमांसा, धर्मशास्त्र, वेद एवं ज्योतिषशास्त्र नबुझीकन यसको सही अर्थ लगाउन सकिँदैन अथवा सही निर्णय दिन सकिँदैन भन्ने कुरा छर्लङ्ग छ । यसको महत्तालाई लिएर विभिन्न विद्वान्‌हरूले आफ्ना अभिमत प्रकट गरेका छन् –

क) विद्यावारिधि पण्डित ज्वालाप्रसाद मिश्र

कमलाकर भट्टले बृहन्निबन्धग्रन्थ, धर्मशास्त्र र पुराणको सारसंग्रह गरी प्रयोजनीय समस्त विषयले परिपूर्ण निर्णयसिन्धुको रचना गरे । न्यायमीमांसागर्भित यो ग्रन्थ धर्मनिबन्धहरूमा अत्यन्त उत्कृष्ट मानिएको छ । समयक्रमले निर्णयसिन्धु कठिन मान्न थालियो र टीकारूप धर्मसिन्धुको रचना भयो । त्यो पनि संस्कृतमै हुनाले सर्वसाधारणका लागि निर्णयसिन्धुको सेतुनामक सरल र सुगम टीका लेखिएको छ ।[११८]

ख) महामहोपाध्याय वज्ररत्न भट्टाचार्य

समयको परिवर्तनसाथै धर्मशास्त्रका आर्षग्रन्थ दुर्लभ हुँदै गएको विप्लवमय परिस्थितिमा विश्वविख्यात विद्वद्वर कमलाकर भट्टले निर्णयसिन्धु ग्रन्थको प्रणयन गरे । यस ग्रन्थमा धर्माचार्य र पुराणका वचनहरूको संग्रह गरी संक्रान्ति, देवप्रतिष्ठा, सोह्रसंस्कार, मास, तिथि आदि विषयको गम्भीर विवेचन गरी निर्णय प्रस्तुत गरिएको छ। यसमा जुन प्रसङ्ग उठाइएको छ त्यसमा यति योग्यतापूर्वक निर्णय गरिएको छ कि कुनै भ्रम बाँकी रहँदैन । जसरी हल्लाइ–हल्लाई गाडेपछि किलो बलियो हुन्छ त्यसरी नै यहाँ क्लिष्ट विषयमा शास्त्रार्थ गरेर दृढता र योग्यतापूर्वक निर्णय प्रस्तुत गरिएको छ । धर्मसम्बन्धी विवादको अवसरमा ठूला–ठूला विद्वान्‌हरूको पनि बुद्धि संशयग्रस्त हुँदा यसै निर्णयसिन्धुका आधारमा निर्णय गरिन्छ ।[११९]

---

११८. निर्णयसिन्धुः, खेमराज श्रीकृष्णदास, मुम्बई, प्र.सं. २०१०, संवत्, २०६६ ।

११९. निर्णयसिन्धुः, चौखम्बा विद्याभवन, वाराणसी, प्रथम संस्करण ई. २००९, प्रस्तावना पृष्ठ १–२ ।

ग) धर्मसिन्धुकार काशीनाथ उपाध्याय

मैले कमलाकर भट्टको रचना निर्णयसिन्धु नीलकण्ठको द्वादशमयूख, विष्णुभट्टको पुरुषार्थचिन्तामणि, माधवको कालमाधव, हेमाद्रिको चतुर्वर्गचिन्तामणि, अनन्तदेवको कौस्तुभ आदि प्राचीन ग्रन्थहरूको अवलोकन गरी निर्णयसिन्धुको शैली अँगालेर धर्मसिन्धुको रचना गरेको छु ।[१२०]

घ) वाचस्पति गैरोला

ईशवीय सत्रौं शताब्दीमा भट्टोजिदीक्षितले तिथिनिर्णय, कमलाकर भट्टले निर्णयसिन्धु, नीलकण्ठ भट्टले भगवन्तभास्कर र मित्रमिश्रले वीरमित्रोदय ग्रन्थ लेखेर धर्मशास्त्रको सर्वाङ्गीण निर्माणकार्यलाई पूर्णता प्रदान गरे ।[१२१]

ङ) दौलतराम गौड

निर्णयसिन्धुका हिन्दी अनुवादक दौलतराम गौड भन्दछन् – सनातन संस्कृतिको सुरक्षाका लागि सेतुबन्ध रामेश्वरदेखि हिमाचलसम्म रहेका हिन्दू जनताका लागि धर्मशास्त्रको सर्वसम्मत निर्णायक ग्रन्थ नभएको स्थितिमा कमलाकर भट्टले निर्णयसिन्धु नामक ग्रन्थको रचना गरी हिन्दूसमाजमाथि ठूलो गुन लगाए । निर्णयसिन्धुकार **कमलाकर भट्ट** नीलक्षीरविवेकी विद्वान् थिए । उनले न सङ्क्षिप्त न त बहुधा विस्तृत शैलीमा निर्णयसिन्धु रचेका थिए । उनले आफ्नो अगाध पाण्डित्यको प्रतीक निर्णयसिन्धुमा सुमेरुतुल्य हेमाद्रि, माधव, रघुनन्दनभट्टाचार्य, टोडरानन्द र पृथ्वीचन्द्रोदयकारलाई विलीन गराए । निर्णयसिन्धुकारको अप्रतिम रचनाशैलीको चमत्कृति यस ग्रन्थका ग्रहणनिर्णय, जन्माष्टमीनिर्णय, नवरात्रविचार, व्रतनिर्णय र श्राद्धनिर्णयमा अनुभव गर्न सकिन्छ ।[१२२]

च) मीमांसाका धुरन्धर विद्वान् पट्टाभिराम शास्त्री

कमलाकर भट्ट वाराणसीको प्रसिद्ध श्रोत्रिय भट्ट परिवारका अद्वितीय विद्वान् थिए । यिनका पिता श्रीरामकृष्ण भट्ट, पितामह नारायण भट्ट एवं प्रपितामह रामेश्वर भट्ट विद्वान् र धर्मशास्त्रका उच्चस्तरीय ग्रन्थका प्रणेता थिए । कमलाकर भट्टले धर्मशास्त्र र मीमांसामा धेरै ग्रन्थ लेखे । तीमध्ये निर्णयसिन्धु धर्मनिर्णयका लागि प्रामाणिक तर जटिल ग्रन्थ हो ।[१२३]

छ) पं. तीर्थराज अधिकारी अग्निहोत्री

यो निर्णयसिन्धु सेतुबन्धदेखि सेतो हिमालसम्म फैलिएका सनातन धर्मका अनुयायीहरूका लागि प्रसिद्ध ग्रन्थ हो । यसग्रन्थबाट कमलाकर भट्टको सर्वशास्त्रीय पाण्डित्य स्वतः अनुभूतिको विषय बन्दछ।[१२४]

ज) निर्णयसिन्धुसारसङ्ग्रहका रचयिता राजगुरु प्रा. जुननाथ पण्डित

जसको अगाध वैदुष्य र गहिराईको सामान्य मतिका मानिसहरूद्वारा वेधन गर्न सकिँदैन त्यस्तो गम्भीर सिन्धुझैं निर्णयसिन्धुमा अनेक मतरूपी माछाहरू ओहोर-दोहोर गर्छन् । मीमांसाका उत्ताल तरङ्गद्वारा ढाकिएको

१२०. धर्मसिन्धुः, अनुवादक राजवैद्य रविदत्त शास्त्री, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, पृ. १-२ ।
१२१. वाचस्पति गैरोला, संस्कृत साहित्य का संक्षिप्त इतिहास, चौखम्बा, सुरभारती प्रकाशन, वाराणसी, पृ. ३२० ।
१२२. निर्णयसिन्धुः, प्रकाशक – ठाकुरप्रसाद पुस्तकालय, कचौडी गल्ली, वाराणसी, संवत् २०५७, भूमिका पृष्ठ २ ।
१२३. पूर्ववत्, भूमिका पृष्ठ १५-१६ ।
१२४. निर्णयसिन्धुसारसंग्रहः, प्रकाशिका श्रीमती योगमाया देवी, लाजिम्पाट, काठमाडौं, नेपाल, वि.सं. २०४९, भूमिका पृ. १-२ ।

यो निर्णयसिन्धु गम्भीर सिन्धु नै हो

अशक्यहृत्तलस्पर्शो नानामततिमिङ्गिलः । सिन्धुरेवाऽतिगम्भीरो मीमांसोर्मिसमाकुलः ।।[१२५]

– मीमांसा शास्त्रको गन्ध नपाएका विद्वान्हरूको लागि अर्थबोध गर्न र सही निर्णय पत्ता लगाउन कठिन भएको हुँदा मैले निर्णयसिन्धुको सारसर्वस्व खिचेर निर्णयसिन्धुसारनामक ग्रन्थ बनाएको छु । वस्तुतः श्रुतिवाक्य, स्मृतिवाक्य, मीमांसासरणिबाट प्रयोग गरिएका न्यायवाक्य र ज्योतिषसम्बन्धी प्रतीकात्मक वाक्यहरूका कारण विद्वान्हरू पनि निर्णयसिन्धु पल्टाएर निर्णय दिने विषयमा अन्यौलग्रस्त हुन्छन् । यसैले निर्णयसिन्धुलाई सबैले बुझुन् र जानुन् भन्ने उदात्त भावना राखेर भारतीय उपमहाद्वीपका विभिन्न देश र विभिन्न प्रान्तमा छरिएर रहेका विभिन्न भाषा-भाषी विद्वान्हरूले हिन्दी, मराठी, बंगाली आदि भाषामा अनेकौं टीकाग्रन्थ तयार गरे ।

झ) धर्मशास्त्रको इतिहासका लेखक महामहोपाध्याय डा. पाण्डुरङ्ग वामन काणे

कमलाकर भट्टका दुई दर्जनजति उच्चस्तरीय ग्रन्थहरूमा निर्णयसिन्धु वा निर्णयकमलाकर ज्यादै प्रसिद्ध ग्रन्थ हो । यो ग्रन्थ विद्वत्ता, परिश्रम र सौन्दर्यको प्रतीक ग्रन्थका रूपमा रहेको छ । यो अत्यन्त प्रामाणिक ग्रन्थ मानिन्छ । नीलकण्ठ भट्ट र मित्रमिश्रलाई छाडी अरू कुनै निबन्धकारहरूले यस्तो ग्रन्थ लेख्न सकेका छैनन् र यतिविधि प्रमाणहरूको संग्रह गर्न पनि सकेका छैनन् ।

कमलाकर भट्टले लगभग सय स्मृति ग्रन्थ र तीन सयभन्दा बढी निबन्धकारहरूको उल्लेख गरेका छन् । यति धेरै ग्रन्थहरूको संग्रह गरी मनन गरेर यस्तो ग्रन्थ लेख्नु विस्मयजनक विषय हो । तीन परिच्छेदमा निबद्ध यस ग्रन्थको उद्देश्य धार्मिक कृत्यहरूको उचित समयको विषयमा निर्णय दिनु नै हो । सौर-चान्द्र आदि मास, चान्द्रमासका चार प्रकार, संक्रान्तिकृत्य, दान, मलमास, क्षयमास, शुद्धा एवं विद्धातिथि, वर्षभरका व्रत एवं उत्सव, गर्भाधान आदि संस्कार, सापिड्यसम्बन्ध, मूर्तिप्रतिष्ठा, कृषिकर्म, अश्वक्रय आदिका मुहूर्त, श्राद्ध, जन्माशौच, मरणाशौच, मृत्यूपरान्त कृत्य, सतीकृत्य र संन्यास यस ग्रन्थका मुख्य विषय हुन् । आफ्ना वैदुष्यपूर्ण रचनाहरूका कारण कमलाकर भट्ट भट्टकुलका प्रसिद्ध विद्वान्का रूपमा उल्लेखनीय छन् ।[१२६]

८.२ आचारशास्त्रीय कानुनका रूपमा निर्णयसिन्धु

सम्पूर्ण धर्मशास्त्र आचार-व्यवहार र विवादसम्बन्धी न्यायनिरूपण गर्ने प्राचीन महर्षिहरूद्वारा बनाइएका सूत्रहरूको व्याख्या गरी मानिसहरूलाई उत्तम कर्म, उत्तम व्यवहार र निर्विवाद जीवनपद्धति अँगाल्न आदेश दिने विधिशास्त्र वा कानुनशास्त्र हो ।

व्रत, उपासना, पर्व, उत्सव, संस्कार, व्यवहार, पितृपूजन, आशौच, अंशबण्डा, वर्ण-आश्रमका कर्तव्य, शासकीय कर्तव्य, नारी एवं पुरुषका कर्तव्य, माता-पिताको सेवा, सन्ततिवात्सल्य, दण्ड एवं प्रायश्चित्तजस्ता महत्त्वपूर्ण विषयमा वेदानुकूल निर्णय दिएर मानिसको शरीर, इन्द्रिय, मन, आत्मालाई निर्मल तुल्याउने मानवजीवनको गन्तव्यबोध गराउने स्वस्थ, सुन्दर, सोहार्दपूर्ण र न्यायपूर्ण सामाजिक व्यवस्था कायम गर्न अभिप्रेरित गर्ने यो शास्त्र परापूर्वकालदेखि सामाजिक कानुनकै रूपमा सम्मानित थियो । ईश्वरभय, शास्त्रभय, शासकभय, गुरुभय, महापुरुषभय र लोकभयले मानिसहरू शरीर, इन्द्रिय र मनदेखि कुमार्गमा जाँदैनथे, सबैले स्वकर्मनिरत भई मानवधर्म एवं

१२५. पूर्ववत् ।

१२६. पी.बी.काणे, पूर्ववत्, प्रथमभाग, पृ. ३९३ ।

स्वजातिसमुचित विशेष धर्मको पालन गर्दथे । आफ्नो महान् पूर्वजहरूले आफ्ना क्रियाकलापद्वारा रचिएको प्राचीन समाज सुन्दर, सौहार्दपूर्ण र शान्त थियो । वैदिक ऋषिहरूले संसारका सबै पक्षमा 'शान्ति होस्' भनी समवेतस्वरले शान्तिपाठ गर्दथे -

ॐ द्यौः शान्तिरन्तरिक्षद्रशान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतय शान्तिर्विश्वेदेवा शान्तिर्ब्रह्म शान्तिः सर्वद्रशान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ।।

- 'पृथिवी शान्त होस्, आकाश स्वच्छ रहोस्, ग्रहहरू अन्तरिक्षमा निरापद भई विचरण गरिरहून्, उल्कापात र महामारी नहोस्, प्रदूषणहीन निर्मल जलधारा प्रवाहित होस्, धान्य-औषधि र वनस्पतिहरूले पृथिवीलाई सस्यश्यामला बनाइराखून्, सम्पूर्ण प्राणीहरू सुखी र शान्त रहून्, सबैले भित्र र बाहिर शान्तिमात्र अनुभव गरून्। प्रत्येक प्राणीमा रहेको आत्मतत्त्वले शान्तिको अनुभूति गरोस्, त्यो शान्ति ममा पनि आओस् ।' वैदिक ऋषिको उक्त प्रार्थना र धार्मिक विधिविधानको मूलमा सम्पूर्ण समाज निरापद, स्वच्छ र समृद्ध हुँदा विश्वमा शान्ति कायम हुने कुरा अन्तर्निहित थियो ।

वास्तवमा धार्मिक कानुन र राष्ट्रिय ऐन-कानुनको परिपालन गर्दा राष्ट्रमा शान्ति र समृद्धि छाउने कुरामा दुईमत हुनसक्दैन । यसबाट प्रत्येक मानिसले आ-आफ्नो राष्ट्रिय संविधान ऐन र कानुनका साथै शास्त्रीय विधिविधानको अक्षरशः पालन गर्दा संसार नै स्वर्ग हुनसक्ने कुरामा पूर्ण विश्वस्त हुन सकिन्छ । निर्णयसिन्धुले आचारशास्त्रीय कानुनका रूपमा रही समाजलाई मार्गदर्शन गराउँछ र मानवधर्मको पालनका साथै विशेषधर्म र परमधर्मको राम्ररी पालन गर्दा मानवजीवनले गन्तव्य प्राप्त गर्न सक्ने कुरा औंल्याउँछ ।

नवम-प्रभाग

नेपाली समाजमा निर्णयसिन्धु, नेपालमा रचित धर्मशास्त्रीय कृति र निर्णयसिन्धुको चूडामणि टीका

९.१ नेपाली समाजमा निर्णयसिन्धु

नेपाली हिन्दूहरूले चैत्रशुक्लदेखि चैत्रकृष्णसम्म र जन्मदेखि मृत्युसम्म गरिने धार्मिक व्रत, उत्सव, संस्कार, श्राद्ध, आशौच आदि विषयको निर्णय गर्दा निर्णयसिन्धु र त्यसकै विषयवस्तुको आधारमा रचिएको धर्मसिन्धुको आश्रय लिने गर्दछन् । संस्कृतभाषामा निबद्ध निर्णयसिन्धुको व्याख्या गरी निर्णय प्रदान गर्ने संस्कृतका विद्वान्, पण्डित र पुरोहित नै हुन्छन् । तिनै व्यक्तिहरूको माध्यमबाट नेपालीसमाजमा निर्णयसिन्धुको व्यापक प्रभाव परेको छ । वस्तुतः संस्कृत वाङ्मयका सैकडौं विधाहरूमध्ये वैदिक कर्मकाण्ड, धर्मशास्त्र, ज्योतिष, पुराणसाहित्य र आयुर्वेदको नेपाली समाजमा प्रत्यक्ष प्रभाव रहेको छ । तसर्थ धर्मशास्त्रीय निर्णयग्रन्थ निर्णयसिन्धु अर्थबोध गर्न नसक्ने नेपाली पाठकहरूको माझमा पनि यो हाम्रो विधिनिषेधको निर्णायक पूजित धार्मिक ग्रन्थ हो भन्ने अर्थमा सम्मानित ग्रन्थको रूपमा रहेको छ । निर्णयसिन्धु ठूला-ठूला विद्वान्हरूका लागि पनि फलामको च्युराजस्तो छ । यसलाई पुरोहित र यजमान दुवैले राम्ररी बुझ्ने साधन नहुनु कष्टकर विषय हो भन्ने तथ्य हृदयङ्गम गरी अहिले विषयबोधक विस्तृत प्रस्तावना, टिप्पणीपूर्ण टीका र अर्थबोधक परिशिष्टसहित प्रस्तुत गरिएको छ ।

९.२ नेपालमा लेखिएका धर्मशास्त्रीय ग्रन्थहरूमा निर्णयसिन्धुको प्रभाव

निर्णयसिन्धुको रचना भएयता यसको भारतीय उपमहाद्वीपमा व्यापक प्रभाव फैलिँदा तत्कालीन हिन्दूराष्ट्र नेपालमा पनि ज्यादै गहन प्रभाव पर्‍यो । विद्वान् एवं पण्डितहरूले धर्मशास्त्रको निर्णय गर्दा यसकै आधार लिन थाले। पछि आएर राजा-महाराजाहरूले पनि विद्वान्हरूको सहयोगमा निर्णयसिन्धुमा रहेका धर्मशास्त्रीय विषयमा आधृत ग्रन्थहरू लेखे र लेखाए । तिनमा पाल्पाली राजा **मणिमुकुन्दसेन** र गोर्खाली राजा **पृथ्वीनारायण शाह** एवं **गीर्बाणयुद्धविक्रम शाह**को नाम लिन सकिन्छ । यसैगरी आफ्ना कृतिद्वारा निर्णयसिन्धुका सन्देश फैलाउने विद्वान्हरूमा खड्गपाणि अर्याल, हरिनाथ प्याकुरेल, जुननाथ पण्डित आदिको नाम लिन सकिन्छ । यसरी हेर्दा नेपालमा संस्कृत वा नेपाली भाषामा लेखिए धर्मशास्त्रीय कृतिहरूमा निर्णयसिन्धुको स्पष्ट प्रभाव अनुभव गर्न सकिन्छ ।

माथि चर्चा गरिएका नेपालका धर्मशास्त्रीय निबन्धकार विद्वान्हरू क्रमशः - पृथ्वीनारायण शाह, गीर्बाणयुद्धविक्रम शाह, हरिनाथ शर्मा प्याकुरेल, खड्गपाणि अर्याल, राजगुरु प्रा. जुनानाथ पण्डितहरूका रचनाहरूमा निर्णयसिन्धुको पूर्ण प्रभाव परेको देखिन्छ । राजगुरु जुननाथ पण्डितको रचना निर्णयसिन्धुसारसंग्रह निर्णयसिन्धुकै सङ्क्षेपीकरण हो । नेपाली नरनारीहरूको धार्मिक दिनचर्या र नेपालका धर्मशास्त्रीय विद्वान्हरूका कृतिहरूमा समेत निर्णयसिन्धुकै सन्देश मूर्त भएको पाइन्छ । तसर्थ नेपालमा निर्णयसिन्धुको गहन प्रभाव रहेको कुरा घामझैं छर्लङ्ग छ।

१.३ निर्णयसिन्धुको निर्मितिमा नेपालको प्राज्ञिक योगदान

शुक्लयजुर्वेद-माध्यन्दिनीय वाजसनेयी शाखाअन्तर्गत रही कर्मसम्पादन गर्ने नेपाली द्विजहरूद्वारा प्राचीन समयदेखि नै धर्मशास्त्रका विधि एवं निषेधको निर्णयमा श्रद्धापूर्वक अँगालिएको पूजित ग्रन्थ निर्णयसिन्धु नै हो। निर्णयसिन्धु सबै शाखाका द्विजहरूका साथै माध्यन्दिनीयशाखाका द्विजहरूद्वारा पनि सम्मानित छ । नेपालको मिथिलामा रही ज्ञान र धर्मको धारा प्रवाहित गर्ने महर्षि **याज्ञवल्क्यको याज्ञवल्क्यस्मृति** र त्यसको **मिताक्षरा** टीका धर्मशास्त्रका उच्चस्तरीय प्रामाणिक ग्रन्थ हुन् । निर्णयसिन्धुका स्थल-स्थलमा याज्ञवल्क्य र मिताक्षरा टीकाका निर्णयलाई सम्मानित गरिएको पाइन्छ । यो सम्मान नेपालभूमिका पुत्र **याज्ञवल्क्य** र उनका टीकाकारको मात्र नभई नेपालभूमिकै पनि सम्मान हो । यसैगरी नेपाली भूमिका सुपुत्र **चण्डेश्वर ठाकुरले** एक दर्जनभन्दा बढी धर्मशास्त्रका ग्रन्थ रचना गरी धर्मशास्त्रीय वाङ्मयको संवर्धनमा अपूर्व योगदान गरे । कतिपय विषयमा धर्मशास्त्रका महान् निबन्धकार **हेमाद्रि** र **माधव**भन्दा पनि विशिष्ट वैदुष्य देखाएका **चण्डेश्वर ठाकुर**का संस्कारसम्बन्धी मान्यतालाई निर्णयसिन्धुमा **कमलाकर भट्टले** आदरपूर्वक ग्रहण गरेका छन् । यसबाट नेपालीहरूको लोकप्रिय धर्मशास्त्रीय निबन्धग्रन्थ निर्णयसिन्धुको निर्माणमा नेपाली माटोको प्राज्ञिक सुगन्धको सहभागिता रहेको तथ्य स्पष्ट हुन्छ ।

१.४ धर्मशास्त्रीय निबन्धग्रन्थहरूको रचनामा नेपालको योगदान

वैदिक सनातन धर्मको उद्गमभूमि नेपाल अनादिकालदेखि त्यसै धर्मको परम्पराद्वारा आप्लावित राष्ट्र हो। जन्मदेखि मृत्युसम्म वेदानुकूल, धर्मशास्त्रोपदिष्ट र निबन्धनिर्दिष्ट धर्मको अनुपालन गर्ने नरनारीहरूका पवित्र आचार, निर्मल व्यवहार एवं आत्मदर्शनानुकूल विचारद्वारा अनुप्राणित नेपाली जनजीवनलाई अनन्तकालसम्म धर्मशास्त्रकै पवित्र पथमा डोऱ्याउने उद्देश्यले नेपाली मनीषीहरूले धर्मशास्त्रका उच्चस्तरीय निबन्धग्रन्थहरूको रचना गरेर धर्मानुकूल सरणि र सोपानलाई फराकिलो बनाउँदै आए। त्यस्ता निबन्धकारहरूमा भारतीय उपमहाद्वीपमै चर्चित महामनीषी धर्मशास्त्री चण्डेश्वर ठाकुर, पृथ्वीनारायण शाह, गीर्बाणयुद्धवीरविक्रम शाह, हरिनाथ प्याकुरेल, खड्गपाणि अर्याल र राजगुरु प्रा. जुनानाथ पण्डितको नाम लिन सकिन्छ । यहाँ क्रमशः ती निबन्धकार र तिनका कृतिहरूको सङ्क्षिप्त परिचय प्रदान गरिँदैछ ।[१२७]

क) चण्डेश्वर ठाकुर

नेपालको नारायणी अञ्चल, बारा जिल्ला, सिम्रौनगढमा विक्रमको चौधौं शताब्दीमा पैदा भएका चण्डेश्वर ठाकुर, सान्धिविग्रहिक दैवादित्यका नाति र सान्धिविग्रहिक वीरेश्वरका छोरा थिए । उनको पूर्णनाम हरसिंह सान्धिविग्रहिक चण्डेश्वर ठाकुर हो । उनी धार्मिक प्रकृतिका व्यक्ति थिए । उनले पशुपतिमा आई यज्ञ लगाएको कुरा पनि उनका कृतिहरूमा वर्णन गरिएको पाइन्छ । आफ्नो ओजोमय जीवनकालमा धर्मशास्त्रका गहन ग्रन्थहरूको अध्ययन एवं मनन गरेर उनले आफूलाई धर्ममय तुल्याएका थिए । त्यतिबेला भारतका विहार आदि राज्यहरूमा

१२७. यस प्रकरणमा निबन्धकारहरू चण्डेश्वर ठाकुर, पृथ्वीनारायण शाह, गीर्बाणयुद्धविक्रम शाह, हरिनाथ प्याकुरेल र खड्गपाणि अर्यालको परिचय प्रमोदवर्धन कौण्डिन्न्यायनद्वारा, **'नेपालधर्मशास्त्रिकृतधर्मशास्त्रनिबन्धानां मीमांसान्यायदृष्ट्या सङ्क्षिप्तं पर्यालोचनम्'** शीर्षकमा म.सं.वि.द्वारा सञ्चालित लघु-अनुसन्धान परियोजनाअन्तर्गत तयार गरिएको अप्रकाशित शोधप्रबन्ध, पृ. ७२-१०९ बाट साभार उद्धृत गरिएको छ ।

रहेका ठूला-ठूला धर्मशास्त्रीहरूसँग उनको गहिरो सम्बन्ध थियो । उनले आफ्नो रचनामय जीवनमा गृहस्थरत्नाकरः, कृत्यरत्नाकरः, पूजारत्नाकरः, दानरत्नाकरः, विवादरत्नाकरः, व्यवहाररत्नाकरः, शुद्धिरत्नाकरः, राजनीतिरत्नाकरः, कृत्यचिन्तामणिः, चण्डेश्वरप्रश्नविद्या र सूर्यसिद्धान्तभाष्यम्जस्ता उच्चकोटिका धर्मशास्त्रीय ग्रन्थहरूको रचना गरेर धर्मशास्त्रको भण्डारलाई अति समृद्ध तुल्याएका थिए ।

गृहस्थरत्नाकरः – माथि लेखिएका रत्नाकरहरूमध्ये गृहस्थरत्नाकरको उपयोगिताका दृष्टिकोणबाट ज्यादै ठूलो महत्त्व छ । ईस्वी सन् १९२८ मा कमलकृष्ण स्मृतितीर्थले यसको सम्पादन गरे र एशियाटिक सोसाइटी कलकत्ताद्वारा प्रकाशित भयो । उनको सर्वोत्तम ग्रन्थ मानिएको गृहस्थरत्नाकरमा विवाह, आवसथ्याधान, अग्निहोत्राधान, आह्निकस्नान, सन्ध्योपासन, तर्पण, पञ्चमहायज्ञ, भक्ष्याभक्ष्य विषयका साथै स्नातकव्रतको विषयमा गम्भीर ऊहापोह गरिएको छ । गृहस्थरत्नाकरमा गरिएका विषयहरूको विवेचन तीभन्दा पूर्ववर्ती हेमाद्रि आदि धर्मशास्त्रका निबन्धकारहरूका कृतिहरूमा भन्दा भिन्दै किसिमको र उच्चस्तरीय छ भन्ने कुरा सम्बद्ध विषयका विद्वान्हरू बताउँछन् ।

विवादरत्नाकरः – उनको अर्को विशिष्ट रचना विवादरत्नाकर हो । यसको प्रकाशन पनि एशियाटिक सोसाइटीद्वारा नै इस्वी सन् १९३१ मा भयो । यसमा तरङ्गहरूको माध्यमबाट वृद्धि, आधि, ऋणाधान, निक्षेप, अस्वामिविक्रय, सम्भूयसमुत्थान, सीमाविवाद, स्तेय, साहस, स्त्री-पुं धर्म आदिको गहन विचार गरिएको पाइन्छ।

कृत्यरत्नाकरः– चण्डेश्वरको कृत्यरत्नाकरको सम्पादन कमलकृष्ण स्मृतितीर्थले नै गरेका हुन् । एशियाटिक सोसाइटीले ई. १९२५ मा यसको प्रकाशन गऱ्यो । यसमा तरङ्गहरूकै माध्यमबाट धर्मनिरूपण, वैशाख आदि मासहरूको कृत्यनिरूपण गरी समग्ररूपमा वार्षिक कृत्यको प्रतिपादन गरिएको छ । यस रचनाको आरम्भमा चण्डेश्वरद्वारा नेपाल राज्यमाथि विजय गरेको तथ्य प्रकाशित गर्दै भनिएको छ –

नेपालं गिरिदुर्गमं भुजबलादुन्मूल्य तद्भूपतीन्,
सर्वान् राघववंशजान् रविरिपुस्तुल्यः प्रतापानलैः।
देवं विश्ववरप्रदं पशुपतिं संस्पृश्य योऽपूजयत्,
केषां नैष धरातले स्तुतिपदं मन्त्रीन्द्रचण्डेश्वरः ।।

चण्डेश्वरका अरू रत्नाकरहरूमा पनि उनीहरूको शीर्षकअनुसार गम्भीररूपमा विषयहरूको विश्लेषण गर्दै यथार्थ निर्णय प्रदान गरिएको पाइन्छ । नेपाल आमाका सुपुत्र चण्डेश्वरले नेपालको तर्फबाट भारतीय उपमहाद्वीपमा महान् धर्मशास्त्रीका रूपमा प्रख्यात भएर नेपालकै गौरव बढाएका छन् ।

ख) पृथ्वीनारायण शाह

नेपालका राष्ट्र निर्माता पृथ्वीनारायण शाहको नाम सूर्य-चन्द्र रहेसम्म नेपालीहरूका हृदयबिन्दुमा श्रद्धास्पद बनेर रहिरहने छ । उनले राष्ट्रनिर्माणका साथै आफ्ना जनतालाई धर्माचरणको पथमा अग्रसर बनाउन विद्वान्हरूको सहयोग लिएर व्रतरत्नमाला नामक ग्रन्थको रचना गरे ।

व्रतरत्नमालाका सम्पादक पं. बुद्धिसागर पराजुली हुन् । यसको रचना वि.सं. १८२५ देखिपछि वि.सं. १८३२ भित्र गरिएको कुरा अनुमान गरिएको छ । यसको प्रकाशन वि.सं. २०२६ मा नेपाल राष्ट्रिय अभिलेखालयद्वारा गरिएको हो । यसमा छन्दोबद्ध पद्यहरूद्वारा पुराणहरूमा निरूपित वसन्तपञ्चमी, रामनवमी, कृष्णजन्माष्टमी आदि

व्रतहरूका साथै उपाकर्म, उत्सर्ग, दर्शपूर्णमास, इष्टि आदि विषयमा गम्भीर विचार गरिएको छ । यसको महत्ता बुझेर **जयमङ्गल** सूरिका छोरा लक्ष्मण कविले **दिव्यप्रभा**नामक संस्कृत टीका लेखेका छन् ।

ग) गीर्बाणयुद्धविक्रम शाह

नेपालको इतिहासमा गीर्बाणयुद्धविक्रम शाहको नाम अविस्मरणीय छ । उनी शासकका साथै धर्मशास्त्रका मर्मज्ञ पनि थिए । नेपाली जनतालाई धर्मशास्त्रका विभिन्न पक्षसँग अवगत गराउने उद्देश्यले उनले विद्वान्हरूसँग गम्भीर विचार-विमर्श गरी विद्वान्हरूकै पहलमा वि.सं. १८६९ मा **सत्कर्मरत्नावली**नामक ग्रन्थको रचना गरे । यो रचना पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा बाँडिएको छ । यसको अर्को नाम **गीर्बाणरत्नावली** पनि हो । यसको सम्पादन पं. रामनाथ आचार्य र पं. दामोदर कोइरालाले गरेका हुन् । राष्ट्रिय अभिलेखालयबाट यसको पूर्वार्द्धको प्रकाशन वि.सं. २०२६ मा र उत्तरार्द्धको प्रकाशन २०२९ सालमा सम्पन्न भयो । यसमा कृतिकारको रूपमा गीर्बाणयुद्धविक्रम शाहकै नाम यसरी लेखिएको छ –

> **शाके वेदधनञ्जयाद्रिवसुधायुक्ते सिते चाश्विने**
> **द्वादश्यां शनिवासरे शतभिषङ्नक्षत्रसद्योगिनि ।**
> **वृद्धौ योगवरे स्वकान्तिनगरे रत्नावलीनामको**
> **गीर्बाणादिकयुद्धविक्रमनृपेणायं निबन्धः कृतः ।।** – सत्कर्मरत्नावली, पृ. ५४२ ।

यसमा अनेक कर्मकाण्डपद्धति र धर्मशास्त्रका निर्णयहरूको संग्रह गरिएको छ । पूर्वार्द्धमा गणेशपूजापद्धति, मातृकापूजा, ग्रहशान्ति, अग्निस्थापना, दान, दीक्षा, दर्श एवं पूर्णमास, ग्रहयज्ञ, शतरुद्री होम, उपाकर्म, उत्सर्जन, शिवलिङ्ग एवं देवमूर्तिको प्रतिष्ठा, कुवा, तलाउ आदि जलाशयको उत्सर्ग, श्राद्ध, गयाश्राद्ध र आशौच निर्णयजस्ता विषय रहेका छन् । यस ग्रन्थको उत्तरार्धमा संस्कारप्रकरण, तिथिनिर्णयप्रकरण, शान्तिप्रकरण र प्रकीर्णप्रकरण (मन्त्रसंग्रहात्मक) गरी चार प्रकरण रहेका छन् । नेपालीहरूलाई धर्मशास्त्रको मार्गमा डोऱ्याउने काममा यसको अनुपम योगदान छ ।

घ) हरिनाथ शर्मा प्याकुरेल

काभ्रेपलाञ्चोक जिल्लाको फूलबारी गाउँमा जन्मिएर काशीमा अध्ययन गरी काठमाडौं ठमेलमा बसोबास गर्ने हरिनाथ शर्मा प्याकुरेलले विक्रम संवत् १९८० मा रचना गरी प्रकाशित गरेको धर्मशास्त्रीय निबन्धग्रन्थ '**सङ्कल्परत्नावली**'मा धार्मिक कृत्यसम्पादनका विभिन्न अवसरहरूमा पढिने सङ्कल्पहरूको संग्रह गरिएको छ । यो ग्रन्थ कर्मकाण्ड-व्यवसायमा संलग्न पण्डित एवं पुरोहितका निमित्त उपादेय ग्रन्थको रूपमा रहेको छ । यसमा सङ्कल्पहरूको निरूपणका साथै यत्रतत्र धर्मशास्त्रका नियमहरूको पनि विवेचन गरिएको पाइन्छ । वि.सं. २०४० मा यसको दोस्रो संस्करण प्रकाशित गरिएको छ ।

ङ) खड्गपाणि अर्याल

गोर्खाबाट काठमाडौं आई टेङ्गल टोलमा बसोबास गर्ने पण्डित खड्गपाणि अर्याल वि.सं. १९१६ मा जन्मिएका थिए र २००२ सालमा दिवङ्गत भए । उनले आफ्नो जीवनकालमा तिथिकृत्यमा आधारित कृत्यवाटिकानामक धर्मशास्त्रीय निबन्धग्रन्थको रचना गरेका थिए । यो ग्रन्थ पं. बुद्धिसागर पराजुलीको सम्पादनमा

नेपाल राष्ट्रिय अभिलेखालयद्वारा वि.सं. २०३३ मा प्रकाशित भयो । यो निर्णयसिन्धुबाट पूर्णरूपमा प्रभावित ग्रन्थ हो । यसमा तिथिहरूमा गरिने कृत्यहरूको गम्भीर विवेचन गरिएको छ । आफ्नो काठमाडौंका नेवार र बौद्धमार्गीहरूसँग पनि घनिष्ठ सम्पर्क भएका कारण उनीहरूको हितका निमित्त उनले आफ्नो ग्रन्थको परिशिष्टभागमा नेपालका नेवारजाति र बौद्धमार्गीको वार्षिक विशेष क्रियाकलापपुष्प भनी शीर्षक दिएर छुट्टै प्रकरण समावेश गरेका छन् । यसमा तिथिकृत्यप्रकरणका साथै आशौचनिर्णयप्रकरण पनि समावेश गरिएको छ ।

च) राजगुरु प्रा. जुनानाथ पण्डित

नेपालको गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको चूँदी सिम्पानी गाउँमा जन्मिई काठमाडौं लाजिम्पाटमा बसोबास गर्ने राजगुरु प्रा. जुनानाथ पण्डित मीमांसाशास्त्रका विशिष्ट विद्वान् थिए । उनले अनेकौं पटक निर्णयसिन्धुको अध्ययन-मनन गरी धर्मशास्त्रका जिज्ञासु विद्वान् एवं छात्रहरूलाई उपयोगी हुने किसिमले **निर्णयसिन्धुसारसंग्रह** नामक निबन्धको रचना गरे ।[१२८] वि.सं. १९६५ मा पैदा भई २०४७ मा दिवङ्गत भएका राजगुरु जुनानाथ पण्डितले राजा वीरेन्द्रवीरविक्रम शाहको शासनकालमा राजगुरुको पदमा रहँदैको अवस्थामा विद्वान्हरूको आग्रहबाट यस दुर्लभ ग्रन्थको रचना गरेका हुन् । उनले निर्णयसिन्धुसारसंग्रहको रचना गर्नुअघि निर्णयसिन्धुग्रन्थलाई मीमांसाशास्त्रीय सरणिबाट गम्भीर मन्थन गरे । मीमांसाशास्त्रका साधिकार विद्वान् जुननाथ पण्डितले वर्तमान समयमा श्रुति-स्मृतिद्वारा निर्दिष्ट आर्यधर्ममा ह्रास आएको देखेर चिन्तित भई त्यसको उत्थानका लागि सहयोग पुगोस् भन्ने हेतुले मैले निर्णयसिन्धुसारको रचना गरेको हुँ भनेका छन् । यिनले जिज्ञासुहरूको हितका निमित्त निर्णयसिन्धुमा रहेका मीमांसान्यायका ग्रन्थिहरू भेदन गर्दै ठाउँठाउँमा विशेष व्याख्या पनि गरेका छन् । उनी साहित्यशास्त्रका पनि ज्ञाता थिए । यसैले उनको निर्णयसिन्धुसारसंग्रहमा विविध छन्दका पद्यहरूद्वारा मधुरतापूर्वक विषयको विन्यास गरिएको छ ।

निर्णयसिन्धुसारसंग्रहका विषय निर्णयसिन्धुकै तीन परिच्छेदमा रहेका विषय हुन् । निर्णयसिन्धुकै क्रमअनुसार यसमा पनि वस्तुविन्यास गरिएको छ । निर्णयसिन्धुसारसंग्रहमा निर्णयसिन्धुमा प्रस्तुत संन्यासप्रकरणको वर्णन गरिएको छैन । यो ग्रन्थ ग्रन्थकारकी धर्मपत्नी योगमायादेवी पण्डितद्वारा वि.सं. २०४९ मा प्रकाशित गरिएको छ। उक्त ग्रन्थका भूमिकालेखक **अग्निहोत्री प्रा. तीर्थराज आचार्य**ले आफ्ना गुरुकल्प ग्रन्थकार प्रा. जुननाथ पण्डितको जीवनी, योगदान र वैदुष्यको विषयमा विस्तृतरूपमा प्रकाश पारेका छन् । यसको विशेषतालाई हृदयङ्गम गरी भारतका मीमांसाशास्त्री विशिष्ट विद्वान् **पट्टाभिरामशास्त्री**ले सम्मति शीर्षकमा यस कृतिको प्रशंसा गरेका छन् ।

प्रा. जुननाथ पण्डितद्वारा आधिकारिकरूपमा तयार गरिएको यस कृतिबाट धर्मशास्त्रका विद्वान्हरूलाई ठूलो सहयोग पुगेको छ । दुःखको विषय यो कृति नेपाली भाषामा तयार भइदिएको भए मेची-महाकालीका नेपालीहरूका साथै धर्मशास्त्रको अनुगमन गर्ने नेपालबाहिर विभिन्न देशमा रहेका नेपालीभाषा-भाषी पाठकहरू पनि कृतार्थ हुने थिए । अहिले त यो मात्र धर्मशास्त्रका जिज्ञासु अङ्गुलिगणनीय विद्वान्हरूका लागि मात्र उपादेयग्रन्थको रूपमा रहेको छ । जे भए पनि कुनै समयमा यसको मूल्यबोध सबैले गर्नेछन् । यसको कसैले नेपालीमा अनुवाद गर्न सके भने सम्पूर्ण नेपाली धर्मानुरागीहरू यसबाट उपकृत हुने विश्वास गर्न सकिन्छ । जे भए पनि यस्तो महान् कर्म गरेकोमा प्रा. जुननाथ पण्डित धन्यवादका पात्र छन् ।

---

१२८. जुननाथपण्डितः, 'निर्णयसिन्धुसारसंग्रहः' प्रकाशिका – श्रीमती योगमाया, काठमाडौं, वि.सं. २०४९ ।

१.५ नेपाली विद्वान्हरूका केही धर्मशास्त्रीय कृति

क) डिल्लीराज रेग्मी - कन्योद्वाहसमयमीमांसा, विधवाविवाहतिमिरालोकश्च

कन्योद्वाहसमयमीमांसा, विधवाविवाहतिमिरालोकश्च नामक धर्मशास्त्रीय कृतिका निर्माता धर्मशास्त्रका पाल्पाली विद्वान् डिल्लीराज रेग्मीले संस्कृतभाषामय प्राञ्जल र वैदुष्यपूर्ण शैली अँगालेर यो कृति तयार गरेका छन्। उनले याज्ञवल्क्य, मनु आदिसम्मत कन्याविवाहको समय निर्धारण गर्दै विधवाविवाहको विषयमा आएका तर्कहरू कुतर्क हुन् र विधवाहरूको पुनर्विवाह शास्त्रसम्मत हुनसक्दैन भन्ने आफ्नो धारणा प्रस्तुत गरेका छन् । यो कृति उनकै छोरा पूर्वमन्त्री अच्युतराज रेग्मीद्वारा वि.सं. २०५२ सालमा प्रकाशन गरिएको देखिन्छ ।

ख) प्रा.डा. राधाकृष्ण अधिकारी - धार्मिकविज्ञान

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका पूर्व प्राचार्य एवं धर्मशास्त्र विभागका अध्यक्ष प्रा. डा. राधाकृष्ण अधिकारीद्वारा आफ्नो अध्ययन र अनुभूतिको आधारमा धर्मशास्त्रसम्बन्धी विषयका निबन्धहरूको सँगालो **धार्मिक विज्ञान**को रचना गरिएको छ । । उक्त ग्रन्थमा धर्म साध्य र साधनका रूपमा रहेको तथ्य प्रस्तुत गर्दै धर्मलाई नै आत्माको ज्योतिका रूपमा स्वीकार गरिएको छ । धर्मका अनेक भेदहरूको दिग्दर्शन गराउँदै धर्म सोमतत्त्वको रूपमा फैलिएको कुरा पनि प्रस्तुत गरिएको छ । विभिन्न धार्मिक क्रियाकलापको वैज्ञानिक विवेचना गरी मानिसहरूलाई धर्मको पन्था अँगालेर शरीर, इन्द्रिय, मन र आत्मालाई स्वच्छ तुल्याउन मार्गदर्शन गरिएको छ। यसमा विषलाई अमृत बनाउनुसरह असंस्कृत मन वा समाजलाई सुसंस्कृत बनाउनु नै धर्मशास्त्रको प्राविधिक पक्ष हो भनिएको छ । प्राणघातक पदार्थहरूबाट अमृतको निर्माण गरिएझैं विकृत समाजलाई सुसंस्कृत बनाउन सक्नु नै मानवीय कर्तव्यहरूको पूर्णता हो । यसप्रकारको समाजनिर्माणसम्बन्धी धार्मिक प्रक्रियाका प्रसङ्गमा मानिसले सर्वप्रथम आफूमा नै रहेका धर्मवपु ब्रह्म अर्थात् देवाधिदेवको स्वरूप बुझ्नुपर्छ भन्ने कुरा बताइएको छ।

धार्मिक विज्ञानको परिभाषा दिने क्रममा निबन्धकारले वर्तमान समाजका विद्रोहात्मक प्रवृत्तिहरूप्रति तीखो दृष्टि लगाएका छन् । धर्ममा आस्था नराखी अन्याय र अत्याचारको आडमा गरिने जीवनसञ्चालनप्रति असहमति जनाउँदै धर्मशास्त्रविज्ञ लेखकले सामाजिक निर्माणका लागि आवश्यक सदाचार र सच्चरित्रमा जोड दिएका छन् । धर्मशास्त्री लेखकले क्रियात्मकपक्षमा देखिने मानवीय हितसाधनालाई नै धार्मिक विज्ञानको संज्ञा दिएका छन् । यस कृतिबाट पाठकले धर्मका विविध पक्षको ज्ञान गर्ने अवसरलाभ गर्दछ । नेपालीभाषामा लेखिएको विवचेनात्मक यो कृति अनुपम छ ।[१२९]

ग) प्रा.डा. रामचन्द्र गौतम - आशौचविवेचन एवं धर्मशास्त्रप्रतिपादित राजधर्म र लोकधर्म

पण्डितवर श्री ज्ञानेश्वर गौतम तथा श्रीमती रेणुकुमारी गौतमका सुपुत्र प्रा.डा. रामचन्द्र गौतम २००३ साल श्रावण २० गते धादिङ जिल्ला वैरेनी गाविस वडा नं. १ किराञ्चोक कार्कीडाँडामा जन्मनुभएको हो । हाल उहाँ कामनपा वडा नं. १३ छाउनी, शिवपञ्चायतनमार्गमा बसोबास गर्नुहुन्छ । ज्योतिषविषयका समेत ज्ञाता मानिनु हुने गौतमज्यूले त्रिभुवन विश्वविद्यालय, काठमाडौंबाट धर्मशास्त्र विषयमा प्रथमश्रेणीमा आचार्य पास गरी सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि (पिएच् डी) उपाधि प्राप्त गर्नुभएको छ ।

---

१२९. डा. राधाकृष्ण अधिकारी, धार्मिक विज्ञान, भूमिकाभाग, प्रकाशक - उपप्रा. शान्तिकृष्ण अधिकारी एवं उपप्रा वसन्ती अधिकारी, वि.सं. २०६१, काठमाडौं ।

२०३० सालबाट त्रिभुवन विश्वविद्यालय वाल्मीकि विद्यापीठको धर्मशास्त्र विषयको प्राध्यापक पदमा नियुक्त भई क्रमशः उपप्राध्यापक, सहप्राध्यापक हुँदै प्राध्यापक हुनुभएका गौतम धर्मशास्त्र विभागका अध्यक्ष, वाल्मीकि विद्यापीठका सहायक प्राचार्य एवं प्राचार्यसमेत हुनुभई लामो समयसम्म अविच्छिन्नरूपले प्राध्यापन तथा प्रशासनिक सेवा गरी हाल सेवानिवृत्त हुनुभएको छ ।

अ) आशौचविवेचन

प्रा.डा. रामचन्द्र गौतमले लेख्नुभएको **आशौचविवेचन**नामक लोकव्यवहारोपयोगी प्रामाणिक तथा गहनतम शास्त्रीय ग्रन्थ म.सं.वि.द्वारा २०५३ मा प्रकाशित गरिएको थियो । सोही ग्रन्थ परिमार्जनका साथै केही अत्यावश्यक विषयसमेत थप गरी यही २०६८ मा ने.सं.वि.ले दोस्रो संस्करणका रूपमा प्रकाशित गरेको छ । धर्मशास्त्रविषयअन्तर्गत गर्ने सो ग्रन्थ परिभाषाप्रकरण, आशौचप्रकरण र अन्त्येष्टिप्रकरणसमेत गरी तीन भागमा विभाजित छ । यसमा जननाशौच, मरणाशौच, अन्त्यकर्म, मलिनक्रिया, मध्यमक्रिया, उत्तमक्रिया, विशेषयोग र विशेष अवस्थामा मृत्यु हुनेहरूको दाहसंस्कार विधि आदि विषय र यी विषयसँग सम्बद्ध विविध कृत्यहरूको विशद विवेचन गरिएको छ।

त्यस्तै उहाँका संस्कृत तथा नेपाली भाषामा लेखिएका शास्त्रीय, व्यावहारिक एवं समसामयिक विभिन्न विषयका अनगिन्ती लेख-रचनाहरू, कार्यपत्र एवं विचारपत्रहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् र त्यस्ता प्रामाणिक लेखहरू प्रकाशित हुँदै जाने विश्वास गर्न सकिन्छ ।

आ) 'धर्मशास्त्रप्रतिपादित राजधर्म र लोकधर्म'

दशैं, तिहार, व्रतपर्वोत्सवादि समस्त देवकार्यमा र श्राद्धतर्पण, आशौच, अन्त्येष्टि आदि पितृकृत्यमा समेत लोकव्यवहारमा बराबर पर्न आउने समस्याको शास्त्रीय आधारमा ठोस समाधान गर्दै आउनुभएका र त्यस्तो समस्याको समाधान गर्न सक्ने ज्ञानोपार्जन गर्नुभएका गौतमले '**धर्मशास्त्रप्रतिपादितो राजधर्मो लोकधर्मश्च**' अर्थात् 'धर्मशास्त्रप्रतिपादित राजधर्म र लोकधर्म' विषयमा परियोजनाप्रबन्ध लेख्नुभएको छ । त्यसमा धर्मतत्त्वको र धर्मशास्त्रको बारेमा गहन चिन्तन गरिएको छ, त्यस्तै राजा र राज्यको काम, कर्तव्य र अधिकारको बारेमा विशद विवेचन गर्नुका साथै लोकोत्पत्ति, लोकधर्म, लोककर्तव्य एवं लोकाचार आदि विविध विषयको विस्तृत विश्लेषण गरिएको छ ।

घ) रामजी खतिवडा - निर्णयसिन्धुको गद्यपद्यानुवाद

बनारसमा संस्कृत एवं नेपाली साहित्यको प्रकाशन एवं बिक्री वितरणमा क्रियाशील हुँदै आएको सुब्बा होमनाथ केदारनाथ एण्ड कम्पनी नेपालीहरूका निमित्त अविदित छैन ।

उक्त कम्पनीका सञ्चालकहरूले व्यापारिक दृष्टिमात्र नअँगालेर साहित्यिक, सांस्कृतिक र धार्मिक ग्रन्थहरू लेख्ने र लेखाउने कामसमेत गरी नेपाली चेतनाको विकास र नेपाली भाषासाहित्यको प्रचार-प्रसारमा राम्रै योगदान गरे । यसै क्रममा होमनाथकै नाति रामजी उपाध्याय खतिवडाले निर्णयसिन्धुजस्तो वैदुष्यपूर्ण र कठिन तर धर्मानुरागी जनताका लागि अति आवश्यक ग्रन्थको ईस्वी सन् १९६३ वि.सं. २०१७ मा नेपालीमा अनुवाद गरी हितैषी कम्पनीबाटै प्रकाशित गराए । वाराणसेय संस्कृत विश्वविद्यालयका अध्यापक पण्डित श्रीगोमतीप्रसाद मिश्रद्वारा सम्पादित नेपाली अनुवादसहितको निर्णयसिन्धु नेपाली बौद्धिक र धार्मिक पाठकहरूका लागि सहयोगी अनुवादग्रन्थका रूपमा लेखिएको थियो । यसको गद्यानुवाद केही ग्राह्य भए पनि समच्छन्दी पद्यानुवाद भने

शास्त्रकाव्यझैं सर्वबोध्य हुनसकेन । जे भए पनि सर्वप्रथम गरिएको उक्त नेपाली भाषानुवादले नेपाली जनताका माझ धर्मशास्त्रीय आचार एवं व्यवहारसँग सम्बद्ध निर्णय दिने कार्यमा जेजति योगदान गऱ्यो, त्यो महत्त्वपूर्ण छ । त्यो ग्रन्थ पनि अहिले दुर्लभ भइसकेको छ ।

ङ) प्रा.डा. दीर्घराज घिमिरे - धर्मशास्त्रीय लेखनिबन्ध

धर्मशास्त्रका गम्भीर विषयलाई लिएर प्रा.डा. दीर्घराज घिमिरेले नेपालका दैनिक, साप्ताहिक र अन्य किसिमका पत्रपत्रिकामा दर्जनौं निर्णायक धार्मिक लेख-रचना प्रकाशित गर्नुभएको छ । राष्ट्रमा धार्मिक समस्या आउँदा उहाँका लेखहरू पत्रपत्रिकामा देखिने गर्छन् । उहाँले पञ्चाङ्ग निर्णायक समितिको सदस्यका रूपमा आफ्ना धार्मिक निर्णय र लेख-रचनाद्वारा समाजलाई धर्मशास्त्रको क्षेत्रमा मार्गदर्शन गर्दै आउनुभएको कुरा अविस्मरणीय छ।

च) टेकनाथ गौतम - पुनर्विवाहविमर्श

दाङनिवासी टेकनाथ गौतमको **पुनर्विवाहविमर्श**नामक कृति वि.सं. २०५६ मा प्रकाशित भएको छ । उनले आफ्नो कृतिमा भनेका छन् - नेपाली समाजमा अज्ञात समयदेखि जैसीहरूको पिँढी चल्दै आएको र जैसीहरू पुनर्विवाहसंस्कार वा विवाहसंस्कार नभएका स्वैरिणी विधवा वा कन्या ब्राह्मणीमा ब्राह्मणबाट जन्मिएको भन्ने मानेर पनि तिनीहरूलाई शास्त्रीय ब्राह्मण मानी तिनीहरूलाई सबै कुरामा ब्राह्मणसमान अधिकार थियो । तिनीहरू अवध्य र गन्ध-अक्षताका अधिकारी पनि मानिएका थिए । दाङ-सल्यानका राजाहरूले जैसीलाई भूमिदानजस्तो महादान दिएका थिए । यस इतिहासबाट तिनीहरू शास्त्रीय ब्राह्मण ठहर्छन् । कुनै समयमा रीसको आवेगमा आई राजाहरूले एक-एक जारी गरिएका राजाज्ञाद्वारा तल पारिएका हुन् । तिनलाई शुद्ध कुलीन ब्राह्मणहरूभन्दा तल झार्ने शास्त्रीय आधार छैन । ब्राह्मणबाट जन्मिएका पुनर्भूब्राह्मणीपुत्रहरू तलब लिएर पढाउने शुद्ध कुलीनब्राह्मणसमान स्तरका हुन्छन् । उनले यसरी आफ्नो अभिमत व्यक्त गरे पनि धर्मशास्त्रका ज्ञाता विद्वान्हरूले उनको यो मतलाई अङ्गीकार गरेका छैनन् ।[१३०]

छ) श्री शिवराज आचार्य कौण्डिन्न्यायन - केही कृति र केही लेख-रचना

विद्यावाचस्पति श्री शिवराज आचार्य कौण्डिन्न्यायनले धर्मदर्शनसम्बद्ध अनेकौं लेख-रचनाहरूका साथै **वैदिकधर्म मूलरूपमा** र **वैदिक मन्त्रसंग्रह**नामक वैदिकधर्म र वैदिकमन्त्रहरूको प्रयोगपरिपाटी जानकारी गराउने कृतिहरूको रचना गर्नुभएको छ ।[१३१] उहाँका निबन्धहरूमा बढी आलोचनात्मक दृष्टि रहेको पाइन्छ ।

ज) फणिनारायण सिग्देल - पद्यात्मक निर्णयसिन्धु

लुम्बिनी अञ्चल, कपिलवस्तु जिल्लाअन्तर्गत तौलेश्वर संस्कृत पाठशाला, तौलिहवामा शिक्षकका रूपमा कार्यरत फणिनारायण सिग्देलले हालै निर्णयसिन्धुका प्रमुख विषयलाई पद्यबद्ध गरेको कुरा जानकारीमा आएको छ ।[१३२]

---

१३०. शिवराज आचार्य कौण्डिन्न्यायन, पूर्ववत्, परिशिष्ट भाग, पृ. ७०१ बाट उद्धृत (टेकनाथ गौतम, पुनर्विवाहविमर्श, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. ४,३१,९५,९६) ।

१३१. पूर्ववत्, पृ. ७९७-७९८ ।

१३२. प्रा.डा. विष्णुराज आत्रेयबाट प्राप्त जानकारी ।

नेपालमा परापूर्वकालदेखि विद्वान्हरूले धर्मशास्त्रका विभिन्न विधामा कलम चलाएका छन् । ती कृतिहरूको सङ्क्षिप्त चिनारी स्वाध्यायशाला कुटुम्ब काठमाडौँद्वारा प्रकाशित '**कतिपयनैपालकग्रन्थकाराः**' नामक कृतिबाट पाउन सकिन्छ ।

१.६ नेपाली विद्वान्हरूका धर्मशास्त्रीय शोधप्रबन्ध

क) प्रा.डा. राधाकृष्ण अधिकारीद्वारा प्रणीत - धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधकम्

'सामाजिक व्यवस्थाको साधकको रूपमा धर्मशास्त्र' भन्ने अर्थमा '**धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधकम्**' शीर्षकमा प्रा.डा. राधाकृष्ण अधिकारीद्वारा शोधप्रबन्ध प्रस्तुत गरिएको थियो । समाजलाई सुन्दर गोरेटोमा डोऱ्याउन धर्मशास्त्रको ठूलो भूमिका रहेको हुन्छ भन्ने तथ्यलाई प्रमाणित गर्ने उद्देश्यले यो शोधप्रबन्ध तयार गरिएको हो भन्ने कुरा भूमिकामा लेखिएको छ ।

यस शोधप्रबन्धमा धर्म नै अभ्युदय र निःश्रेयसको साधन हो । भोगान्ध प्राणीहरूलाई धर्मतर्फ उन्मुख गराउने कार्यमा धर्मशास्त्रको ठूलो योगदान रहने तथ्य प्रकाशित गरिएको छ । यसमा धर्मलाई साध्य र साधनका रूपमा चित्रण गर्दै संस्कारद्वारा सुसंस्कृत द्विजातिहरूले निष्ठापूर्वक वर्णाश्रमधर्मको पालन गर्दा समाजमा सुव्यवस्था कायम हुन्छ । समाजलाई राम्रो व्यवस्थातिर लैजान धर्मबाहेक अरू कुनै उपाय हुँदैन भन्ने कुरा प्रमाणित गरिएको छ । समाजको सञ्चालनका लागि धर्मदण्ड र राजदण्डको समुचित प्रयोग गर्नुपर्ने कुरा बताइएको छ । यस शोधप्रबन्धमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा रहेका धर्मदण्ड र राजदण्डको विषयमा धर्मशास्त्रमा प्रतिपादित महर्षिहरूका मतको राम्ररी विश्लेषण गरिएको छ । यो शोधप्रबन्ध धर्मतत्त्वलाई राम्ररी बुझाउने र धार्मिक निर्णयहरूको गहन विश्लेषण गर्ने एउटा नमुना शोधप्रबन्धका रूपमा रहेको छ ।

ख) प्रा.डा. रामचन्द्र गौतम प्रणीत - धर्मशास्त्रीयराज्यतत्त्वविमर्शः

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका धर्मशास्त्र विभागाध्यक्ष प्रा. डा. रामचन्द्र गौतमले 'धर्मशास्त्रमा प्रतिपादित राज्यतत्त्वको विमर्श' भन्ने अर्थ लाग्ने **धर्मशास्त्रीयराज्यतत्त्वविमर्शः** शीर्षकमा शोधप्रबन्ध प्रस्तुत गरी विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ । धर्मशास्त्रसम्बन्धी उहाँको शोधप्रबन्धमा सात परिच्छेदमा विभाजित छ । प्रथम परिच्छेदमा – राज्यको, राज्यका तत्त्वहरूको, राज्यसमितिको र राजसभा आदि विविध विषयका सम्बन्धमा गहन अध्ययन एवं अनुसन्धान गरिएको छ । द्वितीय परिच्छेददेखि सातौं परिच्छेदसम्मका छ परिच्छेदमा क्रमशः मन्त्रिपरिषद्, मण्डलसिद्धान्त, कोशव्यवस्था, राष्ट्र, राज्यशासनव्यवस्था, न्यायव्यवस्था, दण्डव्यवस्था, दुर्गव्यवस्था, सैन्यव्यवस्था आदि विषयको र यिनै विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने देश र जनताको सार्वत्रिक समुन्नतिका निम्ति अत्यावश्यक पर्ने धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक आदि विभिन्न विषयको गहिरो अध्ययन एवं अन्वेषणका साथै विस्तृत व्याख्या, वर्णन, छलफल एवं विवेचन गरिएको छ ।

ग) प्रा.डा. गोविन्द आचार्यद्वारा प्रणीत - धर्मशास्त्रीयदायविभागाधुनिकनेपालप्रचलितदाय-भागयोस्तुलनात्मकमध्ययनम्

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकिमा प्राध्यापनरत प्रा.डा. गोविन्द आचार्यले 'धर्मशास्त्रीय दायविभाग र आधुनिक नेपालमा प्रचलित दायविभागको तुलनात्मक अध्ययन' भन्ने अर्थ लाग्ने **धर्मशास्त्रीयदायविभागाधुनिक-**

नेपालप्रचलितदायभागयोस्तुलनात्मकमध्ययनम् शीर्षकमा शोधप्रबन्ध प्रस्तुत गरी विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ । धर्मशास्त्रसम्बन्धी उहाँको शोधप्रबन्धमा वैदिक धर्मशास्त्रको उत्पत्ति, स्वरूप, धर्मशास्त्रको मर्यादा, धर्म र धर्मशास्त्रको सम्बन्ध, धनागमका हेतु, उत्तम धन, मध्यम धन, अधम धन, चार वर्णका कर्म, शास्त्रीय दाय व्यवस्था, दायविभागमा पिता-पुत्रको सम्बन्ध, पुत्रका १२ प्रकार, नातिको पितामहको सम्पत्तिमा अधिकार, पितृधनविभागकाल, पितामहको धनविभागकाल, अपुताली परेका मानिसहरूको सम्पत्ति-उत्तराधिकार, स्त्रीधन, त्यसका स्रोत इत्यादि विषयमा गहन विचार गरिएको पाइन्छ ।

अपुत्र मातामहको सम्पत्तिमा पत्नी, छोरी, छोरीतर्फको नाति, दाजुभाइ र गोतियारको अधिकार केकति हुन्छ भन्ने विषयमा पनि यहाँ गहन विमर्श गरिएको छ । यस शोधप्रबन्धमा ब्रह्मचारी, वानप्रस्थ र संन्यासीको धन पाउने उत्तराधिकारीको विषयमा पनि निष्कर्ष प्रदान गरिएको छ । यसमा विभाज्य र अविभाज्य सम्पत्तिको विवेचन, दायग्रहण गर्न नपाउने मानिस, अंशबण्डा भएपछि पैदा हुने अंशियारलाई अंश दिलाउने व्यवस्था इत्यादि विषयमा पनि गम्भीर ऊहापोह गरिएको छ ।

अंशबण्डा गरिसकेपछि परदेशबाट फर्किएर आउने व्यक्तिले अंश पाउने वा नपाउने भन्ने विषयमा र छुट्टिएका र एकाघरमा रहेका दाजुभाइको कर्तव्य, अंशबण्डापछि अंश धेरै-थोरै भएको सन्देह भएमा सन्देह निराकरणका उपायजस्ता विषयमा पनि यहाँ चर्चा गरिएको छ। यस शोधप्रबन्धको उत्तरार्धमा नेपालमा प्रचलित अंशबण्डाका सम्बन्धमा प्राचीन दायविभागसँग तुलना गरी गम्भीर विचार प्रस्तुत गरिएको छ । धर्मशास्त्रीय दायविभागको नेपाली कानुनमा आंशिक प्रभाव रहेको तथ्य प्रस्तुत गर्दै मिल्दाजुल्दा र नमिल्दा अंशबण्डासम्बन्धी धर्मशास्त्रीय विधिविधान र प्रचलित नेपाली विधिविधानको तुलनात्मक अध्ययन गरिएको छ । यस शोधप्रबन्धले अंशबण्डाको विषयमा तुलनात्मक अध्ययन प्रस्तुत गरेर समाजलाई मार्गदर्शन गराएको छ ।

घ) प्रा.डा. देवमणि भट्टराईद्वारा प्रणीत - धर्मशास्त्रे व्रतोद्यापन-विधि-विवेकः

भुल्के ३ भोजपुरनिवासी नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ, काठमाडौंमा कार्यरत प्रा.डा. देवमणि भट्टराईले '**धर्मशास्त्रे व्रतोद्यापन-विधि-विवेकः**' शीर्षकमा शोधप्रबन्ध प्रस्तुत गरी विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ ।

धर्मार्थकामाः सममेव सेव्या यः सेवते चैकमहो जघन्यः ।
द्वयोस्तु दाक्ष्यं प्रवदन्ति मध्यं स उत्तमो यो निरतस्त्रिवर्गे ।।

यस पद्यद्वारा सुरु गरिएको उक्त शोधप्रबन्धमा पाँच अध्याय छन् । पहिलो अध्यायमा - वेद, उपनिषद्, सूत्र, स्मृति, पुराण र निबन्धादि ग्रन्थहरूमा हेर्दा कर्म, उपासना, देवपूजा, निश्चय, अग्निचयन, नियमग्रहण, प्रायश्चित्त आदि अर्थमा व्रतशब्दको प्रयोग भएको कुरा निक्यौल गरिएको छ । द्वितीय अध्यायमा - तिथि, वार, नक्षत्र प्रायश्चित्त आदि व्रतहरूको एकल र सामूहिकरूपमा निरूपण गर्दै चान्द्रायणव्रतको निरूपण गरिएको छ । यो अध्याय शोधप्रबन्धको मूलाधारस्तम्भ रहेको छ । यसमा करिब एक हजार व्रतहरूको विश्लेषण गरिएको छ । यसै भित्र व्रत लिने विधि, पारणाविधान, प्रायश्चित्तव्रतको स्वरूपबारे चर्चा गरिएको छ । तृतीय अध्यायमा व्रतको उद्यापनसम्बन्धी विषयमा चर्चा भएको छ र केही मुख्य मुख्य व्रतहरूको उद्यापन सम्बन्धी पद्धति पनि साररूपमा समावेश गरिएको छ । नित्यव्रतहरूलाई पनि निश्चित अवधिमा उद्यापन गरी निरन्तरता दिन सकिन्छ भन्ने तथ्य उपस्थापित गर्दै जगत्साक्षी सत्यनारायणको व्रत, पूजा एवं उद्यापनको स्वरूप प्रस्तुत गरिएको छ ।

चतुर्थ अध्यायमा अम्बरीष, रन्तिदेव आदि महान् भगवद्भक्तहरूको व्रतचर्चाको विषयमा चर्चा गरिएको छ । मान र वैभवले सम्पन्न राजाहरूले पनि भगवद्भक्तिमा न्यूनता नगरेको देखाई भक्तिको महिमा प्रतिपादन गरिएका प्रसङ्गहरूको विवेचन गरिएको छ । पाँचौं अध्यायमा व्रतको स्वीकारपूर्वक नियमपालन मुख्य र उद्यापन अङ्ग हो भनी अङ्गाङ्गिभावको विचार गरिएको छ । यसका साथै शास्त्रको महत्त्व तदनुकूल आचरण गरेका कृत्यहरूबाट मात्र यथेष्ट फलसिद्धि हुने हुँदा विधिसम्मत पक्षको अनुसरण गर्नु पर्ने कुरा बताइएको छ ।

ङ) प्रमोदवर्धन कौण्डिन्न्यायन प्रणीत - नैपालधर्मशास्त्रिकृतधर्मशास्त्रनिबन्धानां मीमांसान्यायदृष्ट्या सङ्क्षिप्तं पर्यालोचनम्

वाल्मीकि विद्यापीठका सहप्राध्यापक प्रमोदवर्धन कौण्डिन्न्यायनद्वारा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत अनुसन्धान केन्द्रद्वारा सञ्चालित लघुपरियोजनाअन्तर्गत रहेर 'नेपालका धर्मशास्त्रीहरूले रचेका शास्त्रीय निबन्धहरूको मीमांसा-न्यायको दृष्टिबाट सङ्क्षिप्त पर्यालोचन' भन्ने अर्थमा **'नैपालधर्मशास्त्रिकृत-धर्मशास्त्रनिबन्धानां मीमांसान्यायदृष्ट्या सङ्क्षिप्तं पर्यालोचनम्'** शीर्षकमा तयार गरेको लघुशोधप्रबन्धमा नेपाली धर्मशास्त्रका विद्वान्हरूले आफ्नो रचनाद्वारा धर्मशास्त्रको क्षेत्रमा गरेका योगदानको चिनारी गराउँदै ती निबन्धग्रन्थमा प्रयुक्त मीमांसान्यायको समीक्षा गरिएको छ ।

यस कृतिको अध्ययनबाट मीमांसक र धर्मशास्त्रीहरूलाई मीमांसान्यायको प्रयोग परिपाटी बुझ्न सघाउ पुग्ने कुरा विश्वास गरिन्छ । यो शोधप्रबन्ध चार अध्यायमा तयार गरिएको छ । यसको प्रथम अध्यायमा - धर्मप्रमापक शास्त्रहरूको विषयमा विचार गरिएको छ । दोस्रो अध्यायमा नेपालका धर्मशास्त्रका निबन्धकारहरूले प्रयोग गरेका प्रमुख धर्ममीमांसान्यायहरूको जैमिनीयमीमांसासूत्रक्रमबाट सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धको तृतीय अध्यायमा नेपाली धर्मशास्त्र निबन्धकारहरूका प्रमुख धर्मशास्त्रीय निबन्धग्रन्थहरूको सङ्क्षिप्त परिचय दिनुका साथै ती निबन्धग्रन्थको धर्ममीमांसान्यायको दृष्टिबाट विवेचन गरिएको छ ।

यसमा विवेचन गरिएका निबन्धग्रन्थहरू यसप्रकार छन् - १. चण्डेश्वरठाकुरद्वारा रचित - गृहस्थरत्नाकर, कृत्यरत्नाकर, विवादरत्नाकर, पृथ्वीनारायणशाहद्वारा रचित - व्रतरत्नमाला, गीर्बाणयुद्धविक्रमशाहद्वारा रचित - सत्कर्मरत्नावली, हरिनाथशर्मा प्याकुरेलद्वारा रचित - सङ्कल्परत्नावली, खड्गपाणि अर्यालद्वारा रचित कृत्यवाटिका र राजगुरु जुननाथ पण्डितद्वारा रचित - निर्णयसिन्धुसारसंग्रह ।

१.७ नेपालका धर्मशास्त्रीहरूको धर्मसम्बन्धी रचनात्मक र निर्णयात्मक योगदान

नेपालमा धर्मशास्त्रीय सिद्धान्तको संरक्षण र संवर्द्धनमा सघाउ पुऱ्याउने विद्वान्हरूको सुदीर्घ परम्परा रहेको छ । पौराणिककालका याज्ञवल्क्य, लिच्छविकालका अनुपरम, मल्लकालका रामचन्द्र शर्मा, वंशमणि झादेखि लिएर शाहकालका अनगिन्ती धर्मशास्त्रका विद्वान्हरूको इतिहास लेखिएको छैन । तत्कालीन भुरे-टाकुरे राजाहरूका दरबारिया पण्डितहरूले तयार गरेका धर्मशास्त्रीय कृति र तिनीहरूले दिएको निर्णयात्मक योगदानका कारण अविकसित पहाडी मुलुक नेपालमा धर्मशास्त्र जीवितमात्र होइन जीवनाधायक पनि बनेर रहेको कुरा मनीषीहरूबाट लुकेको छैन । अर्वाचीन समयमा पाल्पाका सेनराजाहरूको दरबारमा रहेका नौ जना रत्नपुरुषहरूले धर्मशास्त्रको सम्बन्धमा जे-जति योगदान गरे त्यसको प्रमाण राष्ट्रिय अभिलेखालयमा रहेका अनेकौं पाण्डुलिपिहरू नै छन् । गोरखा दरबारमा लेखिएका केही धर्मशास्त्रीय ग्रन्थहरू प्रकाशित भएको विवरण प्रदान गरिसकिएको छ ।

यसैक्रममा सुदूरपश्चिमाञ्चलका करुणाकर पनेरु, मध्यपश्चिमाञ्चलका टीकाराम गौतम, पं. चेतोनाथ अर्याल, पं. टेकनाथ गौतम, प्रा. तीर्थराज सुवेदी, पश्चिमाञ्चल पाल्पाका पं. नीलदेव पन्त, पं. वाचस्पति पन्त, पं. छविलाल नेपाल, पाल्पाली सेनराजाहरूका गुरु-पुरोहित पं. गङ्गाधर ढकाल, पं. देवानन्द ढकाल, पं. हरिशरण ढकाल, शास्त्रार्थमहारथी पं. मीनप्रसाद नेपाल, कवि एवं धर्मशास्त्रका विद्वान् पं. माधवप्रसाद देवकोटा, गुरु-पुरोहित पं. भुवनेश्वर पाण्डे, पं. फणीन्द्रप्रसाद पाण्डे, पं. डिल्लीराज रेग्मी, बाग्लुङका महाकवि सुकृतिदत्त पन्त, पं. प्रेमनिधि पन्त, पं वीरशाली पन्त, अर्घाखाँचीका महापण्डित दधिराम मरासिनी, कपिलवस्तुका पण्डित रश्मिराज अर्याल एवं पं. देवराज अर्याल, गुल्मीका पं. जगन्नाथ अर्याल, पं. भीमकान्त पन्थी, पं. शिवकुमार ज्ञवाली आदि विद्वान्हरू आ-आफ्नो क्षेत्रमा धर्मशास्त्रीय निर्णायकका रूपमा प्रसिद्ध थिए । यसैगरी गोरखाका धर्माधिकारी मोक्षेश्वर अर्याल, पं. खड्गपाणि अर्याल, पं. शक्तिवल्लभ अर्याल, पं हरिनाथ प्याकुरेलजस्ता विद्वान्हरू पनि धर्मशास्त्रनिर्णायकका रूपमा प्रसिद्ध थिए । यसैक्रममा पं. विष्णुप्रसाद भण्डारी, पं. लीलाकान्त पोखरेल, पं. बृहस्पति भट्टराई, पं. गायत्रीगणेश अर्याल पनि धर्मशास्त्रको निर्णय दिएर संस्कार र संस्कृतिको रक्षा गर्ने विद्वान्हरूमा प्रसिद्ध छन् ।

धर्मशास्त्रका विशिष्ट ग्रन्थहरूको अध्ययन-अनुसन्धानका साथै श्राद्धविधि आदि ग्रन्थहरूका निर्माता पं. नरनाथ शर्मा (पाण्डे) पञ्चाङ्गका प्रवर्तक धर्मशास्त्राचार्य पं. डाकुरनाथ शर्मा पाण्डेले वर्तमान सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय तत्कालीन संस्कृत कलेज, बनारसबाट धर्मशास्त्र विषयको आचार्य परीक्षामा सर्वप्रथम भई **गङ्गामणि देवी सुवर्ण पदक** प्राप्त गरेका थिए । यसरी धर्मशास्त्रमा सुवर्णपदक पाउने प्रथम नेपाली पं. डाकुरनाथ शर्मा वाराणसी र नेपालमा समेत धर्मशास्त्रका आधिकारिक विशिष्ट विद्वान्का रूपमा प्रसिद्ध थिए । तत्कालीन नेपालमा बडागुरुको अध्यक्षतामा बस्ने धर्मशास्त्रीय बैठकहरूमा उनको निर्णायक भूमिका रहेको कुरा पारिवारिक स्रोतबाट जानकारी हुन आएको छ।

राष्ट्रिय अभिलेखालयमा रही कतिपय धार्मिक कृतिको रचना र सम्पादन गर्ने धर्मशास्त्रका मर्मज्ञ विद्वान् मीमांसाचार्य पण्डित बुद्धिसागर पराजुलीको धर्मशास्त्रीय विषयहरूको सम्पादन र निर्णय प्रदानमा ठूलो योगदान रहेको पाइन्छ । यसैगरी पूर्वप्रधानमन्त्री रङ्गनाथ पौडेल, महाकवि कुलचन्द्र गौतम, पण्डितराज सोमनाथ सिग्देल, राजगुरु पं. जुननाथ पण्डित, पं. विश्वनाथ पोखरेल, पं. हरिनाथ गौतम पनि धर्मनिर्णायक विद्वान्का रूपमा प्रसिद्ध छन् । वाराणसीमा रही वीरमित्रोदयजस्तो धर्मशास्त्रीय निबन्धग्रन्थको सम्पादन गर्ने प्रख्यात विद्वान् पं. पद्मप्रसाद भट्टराई र उनका सहयोगी पं. विष्णुप्रसाद शर्मा, धर्मशास्त्राचार्य पं. बदरीनाथ भट्टराई, पं. शेषराज रेग्मी धर्मशास्त्रको क्षेत्रमा आफ्ना लेख-रचनाहरूका साथै गम्भीर निर्णयहरूद्वारा समाजको उपकार गर्ने विद्वान्का रूपमा प्रसिद्ध थिए।

सिद्धतपस्वी षडानन्द ब्रह्मचारीले स्थापना गर्नुभएको विद्यालयबाट निस्किएका केही स्नातकहरू, पं. वैयाकरण नेपाल, पं. विष्णुप्रसाद न्यौपाने, पं. छविलाल पोखरेल, पं. पुरुषोत्तम भट्टराई आदि धर्मशास्त्रका ज्ञाता पूर्वाञ्चलका विद्वान्हरूको योगदान अविस्मरणीय छ । यो त सामान्य जानकारीमा आएका विद्वान्हरूको संक्षिप्त चर्चा मात्र हो । यस राष्ट्रमा धर्मशास्त्रलाई जीवन्त तुल्याउने अनगिन्ती विद्वान्हरूले जसरी हाम्रो वैदिक सनातन संस्कृतिलाई जोगाउँदै आए ती ज्ञात-अज्ञात मनीषीहरूको योगदानकै कारण आज हामी यस्तो समयमा पनि धर्मशास्त्रीय परम्परामा आबद्ध रही आफ्ना कर्महरूको प्रतिपादन गर्न सकिरहेका छौं ।

१.८ निर्णयसिन्धु चूडामणि टीकाको प्रयोजन

ईश्वरीय सङ्केतका ज्ञाता, तपस्याको प्रभावबाट नितान्त निर्मल एवं पवित्र मनोवृत्तिले सुहाएका र लोकोपकारमा समर्पित दूरदर्शी महर्षिहरूले मानवहरूको धर्म, अर्थ, काम र मोक्षनामक पुरुषार्थ सिद्धिका लागि गरिने श्रौत र

स्मार्त कर्महरूको पूर्णताका लागि आ-आफ्नो शाखाअनुसार देश, काल र शक्तिसमेत विचार गरी धर्मसूत्रहरूको प्रणयन गरेका थिए। समयको गतिसँगै ती महर्षिहरूले स्मृतिवाङ्मयको पनि रचना गर्दै गए। प्रतिपल परिवर्तनशील कालवेगका कारण मानिसहरूमा बौद्धिक मन्दता र शक्ति वा सामर्थ्यको ह्रास अनुभव गरी धर्मका मर्मज्ञ धर्मकै विभूतिका रूपमा सम्मानित धर्मशास्त्री विद्वान्हरूद्वारा वर्तमान र आगामी समयमा समाजमा सदाचार, सद्व्यवहार र सद्विचारको अक्षुण्णताको लागि श्रुतिसम्मत स्मृतिशास्त्रहरूको मनन गरी देश एवं कालानुरूप धर्मका निर्णायक हजारौं निबन्धग्रन्थहरूको प्रणयन गरियो, तीमध्ये विशिष्टतम ग्रन्थ हो निर्णयसिन्धु ।

जगद्गुरु नारायणभट्टका नाति विद्याभास्वर र प्रभूत उच्चस्तरीय निबन्धग्रन्थहरूका रचयिता रामकृष्ण भट्टका छोरा कमलाकर भट्ट भट्टकुलकमलका लागि दिवाकर नै थिए। वैदिकवाङ्मय, स्मृतिवाङ्मय, पुराणवाङ्मय, दर्शनवाङ्मय, व्याकरण, ज्योतिष, मीमांसा, उत्तरमीमांसा, न्याय, साहित्यशास्त्र, धर्मशास्त्र र वैदिक यज्ञका मर्मज्ञ प्रकाण्ड विद्वान् कमलाकर भट्टका दर्जनभन्दा बढी कृतिमध्ये निर्णयसिन्धु आसेतुहिमालयवर्ती सनातन वैदिक धर्मका अनुयायी नरनारीहरूका लागि अतिपूजनीय र लोकप्रिय निबन्धग्रन्थका रूपमा देदीप्यमान छ ।

वि.सं. १६६८ को माघमहिनामा धर्तीमा पदार्पण गर्ने कमलाकर भट्टले निर्णयसिन्धुमा लगभग १०० स्मृति ग्रन्थ र ३०० भन्दा बढी निबन्धग्रन्थहरूका प्रामाणिक उक्तिको सङ्कलन गरी विवेचना गर्दै निर्णय प्रस्तुत गरेका छन्। निर्णयसिन्धुमा महामहोपाध्याय प्रबुद्ध मीमांसक कमलाकर भट्टले मतमतान्तरले जेलिएका प्रमाणवचनहरूको खण्डन-मण्डन गर्दै आफ्नो सिद्धान्तमत स्थापना गर्ने क्रममा मीमांसासागरको तरङ्गमय भुमरीभित्र प्रवेश गरी एकतरपक्षपातिनी युक्तिद्वारा जुन सारदोहन गर्ने कार्य गरे र निष्कर्ष स्थापना गरे ती कार्य सर्वसाधारण पाठकका लागि बिल्कुल बोधगम्य छैनन् । त्यसैले काशीनाथ उपाध्यायले उनकै सरणि अँगालेर सरल संस्कृतभाषामा धर्मसिन्धुनामक निबन्धग्रन्थ तयार गरे । यसैगरी सर्वसाधारणको हित चिताएर विभिन्न देश र प्रान्तका विद्वान् अनुवादकहरूले हिन्दी-नेपाली आदि आ-आफ्ना भाषामा निर्णयसिन्धुको अनुवाद गरे ।

संस्कृतवाङ्मयमा आयुर्वेद, फलितज्योतिष र धर्मशास्त्रको पदार्थज्ञान साधनस्रोत उपलब्ध भएको स्थितिमा त्यति जटिल मानिँदैन तर प्रयोगकालमा भने यी तीनवटै विषय ज्यादै जटिल हुन आउँछन् । आयुर्वेदमा बताएको औषधि निर्माणविधिको प्रयोग गर्दा सानो चूक भयो भने औषधिसेवन गर्ने रोगीको प्राण जान सक्छ । यसैगरी ज्योतिषको फलादेश र मुहूर्तनिर्णयमा बौद्धिक अपराध भयो भने विपरीत फल प्राप्त हुन्छ, विघ्न आइलाग्छन् र लोकमा अपवाद फैलिन्छ । यसैगरी धर्मनिर्णयमा पनि प्रज्ञापराध हुँदा कर्ताको कार्य सिद्ध हुँदैन र प्रत्यवाय पनि लाग्छ ।

नेपालमा धर्मशास्त्रसम्बन्धी कतिपय निबन्धग्रन्थ लेखिएतापनि पूर्णतया निर्णयसिन्धुमा आधृत ग्रन्थरचना कार्य स्वर्गीय बडागुरु जुननाथ पण्डितले निर्णयसिन्धुसार नामक ग्रन्थ तयार गरी संस्कृतभाषाका जिज्ञासु, विद्वान् र छात्रहरूलाई निर्णयसिन्धुको रहस्यबोध गराउने कार्यमा योगदान गरे, तर त्यो सर्वसाधारणको लागि पहुँचको विषय बन्न सकेन । धेरै पहिले बनारसबाट रामजी खतिवडाद्वारा नेपालीभाषामा गद्यपद्यात्मक शैलीमा अनूदित निर्णयसिन्धुको प्रकाशन भएको देखिन्छ । तर त्यो अनुवाद मूल संस्कृतभन्दा पनि जटिल किसिमबाट गरिएको र पद्यको पद्यमा र गद्यको गद्यमा अनुवाद गर्ने शैली अँगालिएका कारण अनुवादकले पद्यको तात्पर्य पद्यमै रूपान्तरण गर्दा अनुवादक्रिया अपेक्षितरूपमा सफल हुनसकेन । फलस्वरूप त्यो ग्रन्थ अत्यन्त उपयुक्त हुँदाहुँदै पनि जनसाधारणमा पुग्न सकेन । अहिले त्यो पनि दुर्लभ भइसकेको छ । तसर्थ निर्णयसिन्धुमा प्रतिपादन गरिएका निर्णयहरूको सही अर्थ लगाई नेपालीभाषाका पाठकहरूलाई तात्पर्यबोध गराउने उद्देश्यले चूडामणिनामक नेपाली टीकाको प्रणयन गरिएको तथ्य अवगत गराउन चाहन्छु ।

९.९ चूडामणि टीकाको प्रकृति

निर्णयसिन्धुमा आधारित चूडामणि टीका शब्दानुवाद र भावानुवादको सङ्गम बनेर रहेको छ । कतिपय कठिन एवं पारिभाषिक शब्दहरूको अर्थबोध गर्न धर्मशास्त्र र मीमांसाशास्त्रका ग्रन्थहरूको पी.बी. काणेरचित धर्मशास्त्रको इतिहासका सबै भाग, विभिन्न हिन्दी अनुवादकहरूका निर्णयसिन्धुमा आधारित अनुवादग्रन्थ, कृष्णम्भट्टको कृष्णम्भट्टी व्याख्या, रामजी खतिवडाको नेपाली अनुवाद, पं. जुननाथको निर्णयसिन्धुसारसंग्रहजस्ता ग्रन्थहरूको अवलोकन गरी सही अर्थ प्रकाशन गर्ने कार्यमा यथासम्भव प्रयास गरिएको छ ।

निर्णयसिन्धुमा विभिन्न प्रसङ्गमा निरूपण गरिएका सङ्केतात्मक वैदिक मन्त्रहरूलाई धार्मिक कार्यसम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले यथासम्भव पूर्णता प्रदान गर्ने प्रयास गरिएको छ । ग्रन्थकारले तीन परिच्छेदमा तयार गरेको निर्णयसिन्धुलाई केही अनुवादकहरूले सुविधाका लागि पाँच परिच्छेदमा विभाजन गरी अनुवाद प्रस्तुत गरेको हुँदा यस टीकाकार्यमा पनि मूलग्रन्थको तृतीय परिच्छेदको पूर्वार्द्धलाई तृतीय परिच्छेद, श्राद्धप्रकरणलाई चतुर्थ परिच्छेद र आशौच प्रकरणलाई पञ्चम परिच्छेदको नाम दिएर उपस्थापित गरिएको छ ।

विभिन्न प्रकाशनमा तमसुके पारामा गद्यपद्य एकाकार गराई प्रकाशित गरिएको निर्णयसिन्धुको मूल पाठलाई यस प्रकाशनमा सुव्यवस्थित गराई सुपाठ्य बनाउने काम पनि गरिएको छ । फेरि परिच्छेदको सुरुदेखि अन्तिमसम्म विनाविश्राम पढीरहन पर्ने स्थिति भएकोमा पाठकले विश्रामपूर्वक प्राकरणिक अर्थबोधमा गहिरो दृष्टि पुऱ्याऊन् भन्ने आशयले प्रत्येक परिच्छेदका मुख्य-मुख्य विषयमा आधृत प्रकरणविभाजन गरिएको छ । यसबाट पाठकलाई पक्कै पनि निर्णयसिन्धुको जङ्गलमा एक क्षण भए पनि छहारी प्राप्त हुनेछ । मूल संस्कृतलाई स्पष्ट बुझाउने उद्देश्यले गरिएको सम्पादनबाट संस्कृतज्ञहरूलाई गद्य-पद्य छुट्याएर पढ्न सघाउ पुग्नेछ ।

विभिन्न स्थानमा देखापरेका जटिल शास्त्रार्थका प्रसङ्गहरूको अनुवाद सजिलो थिएन । संस्कृतभाषामा लेखिएका शास्त्रहरूको प्रकृतिमा देखिने अतुलनीय मौलिकतालाई भाषान्तरमा जस्ताको तस्तै ल्याउन द्रविडप्राणायाम गर्नुपर्ने हुन्छ । त्यस्ता स्थलको दोस्रो भाषामा शब्दानुवाद गर्न खोज्दा समप्रकृतिक शब्द नै नपाइने भएकाले कतिपय त्यस्ता स्थलमा भावानुवादमात्र गरी लेखकको आशय स्पष्ट्याउन खोजिएको छ । यो अनुवादप्रकृतिको बाध्यता हो । धर्मशास्त्रका उच्चस्तरीय निबन्धग्रन्थका विवादित स्थलहरूमा ग्रन्थकारले मीमांसाको काँटा प्रयोग गरी यथार्थ निर्णय दिने गर्दछन् । निर्णयसिन्धुका शास्त्रार्थप्रसङ्गमा पनि त्यही प्रक्रिया अङ्गीकार गरिएकाले ठाउँ-ठाउँमा सामान्य पाठकका लागि जटिल वाक्यहरू छन् । वाक्यहरूमा निहित जटिलतालाई चिर्ने उद्देश्यले अनेकौं अनुवाद भएका छन् तर हिन्दी, नेपाली आदि भाषाका कतिपय अनुवादकहरूले त्यस्ता स्थलमा संस्कृतकै मूल शब्द उतारेर विषयलाई सुबोध्य बनाउनुको सट्टा दुर्बोध्य बनाइदिएको तथ्य रूपान्तरणका क्रममा अनुभूतिको विषय बनेको छ । तसर्थ यस चूडामणि नेपाली टीकामा सकेसम्म भाषिक जटिलता हटाएर विषयलाई सुबोध्य बनाउने प्रयास गरिएको छ । प्रयास गर्दागर्दै पनि विषयको गम्भीर प्रकृतिअनुसार भाषिक कठिनता र यत्रतत्र अनुवादजन्य त्रुटि भएको हुनसक्छ ।

चूडामणि टीकाको निर्मितिमा निर्णयसिन्धुका हिन्दी, नेपाली र संस्कृतमा गरिएका अनुवाद, टीका र व्याख्याहरूको पनि अनुशीलन गरी विषय आहरण गरिएको छ । कुनै पनि प्रकाशनमा देखिएका मूलपाठसम्बन्धी त्रुटिलाई खेमराज श्रीकृष्णदास प्रकाशन, मुम्बईबाट प्रकाशित मूलमात्र निर्णयसिन्धुलाई आधार मानी सच्याइएको छ । विभिन्न कोशग्रन्थहरूको आधारमा कतिपय शब्दको अर्थ खुलाउने प्रयास गरिएको छ ।

पूर्वमीमांसा दर्शनको विषयविश्लेषण गर्ने पद्धति भिन्नै प्रकृतिको हुने गर्दछ । त्यसको मौलिकता नबुझेसम्म राम्ररी अर्थबोध नहुँदा गहकिलो रूपान्तरण हुनसक्दैन । निर्णयसिन्धुका शास्त्रार्थस्थलमा मीमांसाकै वर्चस्व भएकाले निर्णयसिन्धुलाई विद्वान्हरूले पनि जटिल ग्रन्थ भन्दै आएका छन् । मीमांसाको बोध भएका मानिसले मात्र सजिलै निर्णयसिन्धुको अर्थबोध गर्न सक्छन् र अरूका लागि यो जटिल विषय हो भन्ने विषयलाई हृदयङ्गम गरी विभिन्न ग्रन्थहरूको अध्ययन-मनन एवं सम्बद्ध विषयका विशेषज्ञ विद्वान्हरूको सहयोग, सुझावसमेत लिएर यो नेपाली टीका तयार गरिएको छ ।

यस टीकामा पाठकले शब्दको अर्थमात्र नबुझी त्यसको विषय पनि राम्ररी बुझून् भन्ने आशयले कतिपय स्थलमा अर्थविस्तार पनि गरिएको छ । अर्थविस्तार गर्ने क्रममा नै पादटिप्पणीहरू पनि प्रयुक्त भएका छन् । यहाँ नेपाली हिन्दूसमाजमा कम प्रचलित विभिन्न किसिमका याग र कलिमा वर्जित विषयको पनि जिज्ञासुहरूका निमित्त यत्रतत्र टिप्पणी दिएर स्पष्ट्याउने प्रयास गरिएको छ । विविध वस्तुहरूको परिमाण अर्थात् तौल निरूपण गर्दा निर्णयसिन्धुका विभिन्न प्रसङ्गहरूमा एकरूपता देखिँदैन । यसो हुनुमा विभिन्न आचार्यहरूका वचनको सङ्कलन नै हो । निर्णयसिन्धुको रचनाकालमा र त्यसमा उद्धृत अरू मनीषीहरूका ग्रन्थरचनाकालमा तत्तत्क्षेत्रमा प्रचलित मानहरू फरक हुनु पनि एकरूपता नहुनुको कारण हो । यसैले जुन प्रसङ्गमा जुन मनीषीका वचनमा जुन मानको उल्लेख गरिएको छ तदनुसार त्यहाँ अर्थापन गरिएको छ ।[१३३]

माथि गरिएको वर्णनको आधारमा प्रस्तुत कृतिका विशेषतालाई सूत्रात्मकरूपमा यसरी निरूपण गर्न सकिन्छ – १. मूलपाठको आकर्षक सम्पादन, २. प्रत्येक परिच्छेदभित्र विषयानुसार प्रकरण विभाजन, ३. मीमांसान्यायको प्रयोग गरिएका स्थलहरूमा मीमांसानुकूल टिप्पणी प्रदान, ४. नेपाली हिन्दू समाजसँग सम्बन्धित विषयमा धर्मशास्त्रानुकूल टिप्पणी प्रदान, ५. शास्त्रार्थप्रधान विषय र व्यावहारिक विषयको विशिष्ट व्याख्या र मर्म प्रकाशन, ६. निर्णयसिन्धुको समग्र विषयवस्तु प्रतिबिम्बित गराउने उद्देश्यले तयार गरिएको अनुसन्धानपूर्ण र विस्तृत प्रस्तावना, ७. मूलपाठमा प्रयुक्त अशुद्ध शास्त्रीय वाक्यहरूको दिग्दर्शन र विकल्पनिर्देश, ८. परिशिष्ट भागमा लगभग १५ सयजति कठिन र पारिभाषिक शब्दहरूको अर्थ खुलाउने गरी शब्दकोशको प्रस्तुति ।

निर्णयसिन्धुमा प्रस्तुत विषयवर्णनको क्रममा अनेक ऋषि एवं अनेक निबन्धकारहरूका मतहरूको सङ्कलन गरिएको छ । प्रस्तुत मतहरूमध्ये आफ्नै शाखाका मनीषीहरूको मतलाई नै निर्णायक मत मानेर व्यवहार गर्नुपर्दछ। हामी धेरैजसो नेपालीहरू शुक्लयजुर्वेदीय माध्यन्दिनीय वाजसनेयी शाखाका अनुयायी हौं। यस शाखाका प्रवर्तक पुरुष महर्षि याज्ञवल्क्य हुन् । उनले आफ्ना मामा वैशम्पायनसँग वेदाध्ययन गरेका थिए । कुनै समयमा याज्ञवल्क्य र वैशम्पायनको बीचमा मनमुटाव हुँदा वैशम्पायनले आफ्ना भाञ्जा एवं शिष्य याज्ञवल्क्यको हृदयमा

---

१३३. भारतवर्षमा विभिन्न समयमा मान वा परिमाणका भिन्न-भिन्न परिभाषाहरू प्रचलित थिए र अहिले पनि छन् । पुराना नामहरू फेरिए पनि नाप-तौलको प्रणाली अहिले पनि जीवित छ । जस्तै मध्यप्रदेशको रीवाँमा खारी भनिने मानलाई राजस्थानमा कुडो भनिन्छ, छत्तीसगढमा खारी भनिन्छ, उत्कलमा मण भनिन्छ, उत्तरभारतमा मन भनिन्छ र नेपालमा पनि तराईतिर मन नै भन्ने गर्दछन् । पुरानो शब्द खारी नरहे पनि त्यसको नाप-तौल भने जीवितै छ । प्राचीन समयमा कालिङ्गमान र मागधमान ज्यादै प्रसिद्ध थिए । मानशास्त्रका वेत्ताहरूले कालिङ्गमानभन्दा मागधमानलाई उत्तम मानेको कुरा प्रमाणबाट ज्ञात हुन्छ । भनिएको छ– **कालिङ्गं मागधञ्चेति द्विविधं मानमुच्यते । कालिङ्गान्मागधं श्रेष्ठमेवं मानविदो विदुः ।।** निर्णयसिन्धुका विभिन्न प्रकरणहरूमा गुञ्जा, कर्ष, पल, यव, खारी, प्रस्थ आदि मानवाचक शब्दहरूको प्रयोग गरिएको छ । वर्णनको क्रममा कुनै कुनै मानहरूको तौलमा अन्तर देखिन्छ । जुन प्रसङ्गमा जति मान तोकिएको छ तदनुसार अर्थ गरिएको छ । – गोविन्दसेन, वैद्यकपरिभाषाप्रदीपः, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९६९, भूमिकाभाग, पृ. ९ ।

अहङ्कार बढेको देखेर 'तिमी मसँग पढेको वेद मलाई फर्काएर आफूले चाहेको ठाउँमा जाऊ' भनेका थिए । यस्तो कठोर आज्ञा सुनेर विस्मित र क्रुद्ध भएका याज्ञवल्क्यले गुरुसँग पढेको यजुर्वेदलाई वमन गरी फर्काइदिए । त्यो वमन गरिएको वेदको शाखालाई वेदलिप्सु ब्राह्मणहरूले तित्तिरपक्षी अर्थात् तित्रानामक चराको रूप लिएर पान गरे । त्यो वेद कृष्णयजुर्वेद तैत्तिरीयशाखाका नामबाट प्रसिद्ध भयो । अर्कोतर्फ वेदविहीन बनेका याज्ञवल्क्यले 'अब म कुनै मानिसलाई गुरु बनाउँदिन' भन्ने अठोट लिएर सूर्यको आराधना गरे । भगवान् सूर्यको कृपाबाट उनले माध्यन्दिनीय वाजसनेयीनामक शुक्लयजुर्वेदको शाखा अध्ययन गरे । त्यसपछि याज्ञवल्क्यस्मृति, याज्ञवल्क्यशिक्षा, प्रतीज्ञासूत्र र शतपथब्राह्मणनामक विशिष्ट कृतिहरूको प्रणयन गरे । उनले आफ्ना १५ थरि शिष्यहरूलाई आफूले प्राप्त गरेको शुक्लयजुर्वेद पढाए । यसैले वाजसनेयीहरूका १५ शाखा मानिएका छन् । ती शाखा क्रमशः यसप्रकार छन् – जाबाल, बौधेय, काण्व, माध्यन्दिन, शापीय (शापेय), स्थापायनीय, कापाल (कपोल), पाण्डरवत्स (पौण्ड्रवत्स), आवटिक, परमावटिक, पाराशर (पाराशर्य), वैणेय, वैधेय (वैद्येय), वैनतेय (बैन्धेय) र वैजव ।

वाजको अर्थ अन्न एवं ब्रह्म हो र सनिको अर्थ दान हो । अन्नदान वा ब्रह्मदान गर्ने ऋषिको नाम वाजसनि हो । वाजसनिका छोरा याज्ञवल्क्य-वाजसनेय कहलाए । याज्ञवल्क्यले १५ जना शिष्यलाई शुक्लयजुर्वेदी पढाए। ती शिष्यहरू शुक्लयजुर्वेद वाजसनेयी शाखाका अध्येता भएका कारण शुक्लयजुर्वेदीय वाजसनेय कहलाए । माध्यन्दिननामक महर्षिले याज्ञवल्क्यबाट प्राप्त गरेको हुनाले त्यो शाखा शुक्लयजुर्वेदीय माध्यन्दिनीय वाजसनेयी शाखाका रूपमा प्रसिद्ध भयो । वंशपरम्परादेखि नै त्यस शाखाअन्तर्गत रहेका हामीहरू पनि शुक्लयजुर्वेदीय माध्यन्दिनीय एवं वाजसनेयी कहलाउँछौं । याज्ञवल्क्यका शिष्य-प्रशिष्यको परम्पराबाट यो शाखा चल्दै आएको हो ।

कलियुगमा माध्यन्दिनीय वाजसनेयी शाखा अत्यन्त उत्तम मानिएको छ । भनिएको छ– '**कलौ माध्यन्दिनी शाखा कलौ चण्डीविनायकौ**' । यस शाखाका अध्येताहरूको नाम परिगणना गर्दै भनिएको छ–

शक्रसोमाग्निरुद्राश्च विश्वेदेवास्त्रिलोचनः । विधाता शङ्खपाणिश्च तथा सप्तर्षयोऽमलाः ।।
मृकण्डकपिलव्यासयाज्ञवल्क्यपराशराः । वाल्मीकिर्नारदोऽगस्त्य इत्येते वाजिशाखिनः ।।

शुक्लयजुर्वेद माध्यन्दिनीय वाजसनेयी शाखाका अध्येता इन्द्र, सोम, अग्नि, रुद्र, विश्वेदेव, शङ्कर, ब्रह्मा, नारायण, कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वसिष्ठ, मृकण्ड, कपिल, व्यास, याज्ञवल्क्य, पराशर, वाल्मीकि, नारद, अगस्त्य आदि देवता र ऋषि हुन् । **याज्ञवल्क्य**का सुपुत्र **कात्यायन**, **कात्यायन**का अनुगामी **पारस्कर**, **कर्काचार्य** आदि पनि यसै शाखाका अनुयायी हुन् ।[१३४]

निर्णयसिन्धुमा कुनै विषयमा मतमतान्तर देखिँदा हामीले आफ्नै शाखाका माथि उल्लिखित देवता र ऋषिहरूको मतका साथै याज्ञवल्क्यको शिष्य-प्रशिष्यपरम्पराका मनीषीहरूको मतलाई सर्वोपरि मान्यता दिएर तथ्य निर्णय गर्नुपर्दछ ।

यस टीकामा पूर्वमीमांसा, उत्तरमीमांसा, न्याय र धर्मशास्त्रका विशिष्ट विद्वान् प्रा.डा. दीर्घराज घिमिरेज्यूको परामर्शअनुसार मीमांसा-न्यायको व्याख्या गर्ने प्रयास गरिएको छ । यत्रतत्र धर्मशास्त्रीय विषयहरूका सन्दिग्धस्थलहरूमा पनि उहाँको विचारलाई सम्मानित गरिएको छ । उहाँले आत्मीयतापूर्वक जति सहयोग गर्नुभयो त्यो अविस्मरणीय छ । यसैगरी धर्मशास्त्रसम्बन्धी विषयहरूको टिप्पणी दिएर अर्थविस्तार गर्ने क्रममा धर्मशास्त्रका वरिष्ठ विद्वान् प्रा.डा. रामचन्द्र गौतमज्यूको परामर्शअनुसार विषयसम्प्रेषण गरिएको छ । यस प्रसङ्गमा कहीँ

१३४. वैद्यनारायण शर्मा, शुक्लयजुर्वेदीयमाध्यन्दिन वाजसनेयिनां आह्निकसूत्रावली, व्यास प्रकाशन, मानमन्दिर, वाराणसी, पञ्चम संस्कार, सं. २००९, पृ. ५, ३५२–३५९ ।

कहीँ उहाँकै लिखित धारणा पनि पर्न गएका छन्। पुनश्च पूर्व उपकुलपति आचार्य श्रीपूर्णचन्द्र उपाध्याय ढुङ्गेलज्यूले निर्णयसिन्धुको मूलपाठको संशोधन र अर्थापनमा गहन योगदान गर्नुभएको छ । प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यू एवं प्रा. पुरुषोत्तम भट्टराईज्यूले विविध विषयको अर्थापनमा सहयोग गर्नुका साथै निर्णयसिन्धुको प्रथम परिच्छेदका केही विषयमा गम्भीर परामर्श दिएर टीकालाई सारगर्भित तुल्याउने कार्यमा ठूलो सहयोग गर्नुभएको छ ।

यसैगरी दुरूह शास्त्रार्थस्थलहरूमा ग्रन्थिभेदन गर्ने कार्यमा मैले पूर्वशिक्षाध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको आत्मीय सहयोग प्राप्त गरेको छु । ज्योतिष विषयका विद्वान् प्रा. श्री श्रीकृष्ण अधिकारीज्यूले पञ्चसूत्रीनिर्णयको प्राविधिक पक्ष स्पष्ट गर्नुका साथै यज्ञोपवीत निर्माण आदि विषयको प्रायोगिकपक्ष तथा पारिभाषिक शब्दकोशको अर्थापनमा हार्दिक सहयोग गर्नुभएको छ ।

चूडामणि टीकाको निष्पत्ति र प्रस्तावनाभागमा समेत धर्मशास्त्र र अन्य विषयका सैकडौं ग्रन्थ, अनुवादकहरूका अनुवाद ग्रन्थ, टीकाकारहरूका टीकाग्रन्थ, निर्णयसिन्धुमा आधारित निबन्धग्रन्थ, शोधप्रबन्ध र विभिन्न भाषामा लेखिएका धर्मशास्त्रसम्बन्धी ग्रन्थहरू र लेख-निबन्धहरूको अध्ययन गरिएका कारण ती-ती स्वनामधन्य कृतिकारप्रति म ज्यादै कृतज्ञ छु ।

निर्णयसिन्धुमा प्रस्तुत कतिपय विषयको प्रचलन वर्तमान समयमा हराउँदै गएकाले ती विषय पाठकहरूलाई लागि विस्मयप्रद बन्न सक्दछन्, शास्त्रहरूले नै कलियुगमा वर्जित मानिएका र वर्तमान कानुनले रोक लगाएका अन्वारोहण, स्वेच्छामृत्यु आदि केही विषय पनि निर्णयसिन्धुमा छन् । उक्त विषयहरूको अनुवादबाट पाठकले प्राचीन समाजको आचार-विचार, युगान्तरमा अङ्गीकार गरिएका विषय र बदलिँदो समाजको रूपरेखा बुझ्न पाउने छन् भन्ने कुरामा यो अनुवादक विश्वस्त छ ।

९.१० प्रस्तावना भागको विषयमा

यस ग्रन्थको प्रस्तावनाभागमा धर्म, धर्मका विशेषता, धर्मशास्त्र र त्यसअन्तर्गतका सैकडौं सूत्रग्रन्थ, स्मृतिग्रन्थ, निबन्धग्रन्थहरूको आधारमा धर्मशास्त्रका कृति र कृतिकारको सङ्क्षिप्त चिनारी प्रस्तुत गरिएको छ ।

आम नेपालीभाषाका पाठकले यस प्रस्तावनाबाट परोपकारी महर्षिहरूको तपस्याबाट पैदा भएको गहन ज्ञानलाई अलिकति भए पनि आत्मसात् गर्न पाउनेछन् । कालका भेद, अयन, ऋतु, मास, पक्ष, दिवसको ज्ञान गर्दै ती-ती कालमा गरिने यावत् कृत्यसँग परिचित हुनेछन् । प्रत्येक मासमा गर्नुपर्ने व्रत, उत्सव आदिको जानकारीका साथै वैदिक सनातन धर्मानुयायीहरूद्वारा परम्परागतरूपमा गरिँदै आएका संस्कारहरूको बोध प्राप्त गर्नेछन् । यस प्रस्तावनाको अध्ययन गरेपछि सबै नरनारी देवताहरूको प्रतिष्ठा, पञ्चायतनपूजा, श्राद्धनिर्णय, श्राद्धभेद, श्राद्धमा प्रयोग गरिने वस्तु, श्राद्धविधि, श्राद्धाङ्गतर्पण, वृद्धिश्राद्ध, तीर्थश्राद्ध, आशौच, जात्याशौच, अतिक्रान्ताशौच, आशौचका अपवाद र सतीधर्म आदिबाट परिचित हुनेछन् ।

ज्ञानसिन्धुका रूपमा र सामाजिक कानुनका रूपमा निर्णयसिन्धु, नेपाली जीवनमा निर्णयसिन्धु, नेपालका धार्मिक निबन्धकार, शोधकार, कृतिकार, धर्मनिर्णायक विद्वान्हरूको परम्परा, चूडामणि टीकाको प्रयोजन आदि विषयहरूमा आधारित ९ परिच्छेदमा आबद्ध यस प्रस्तावनाभागबाट धर्मशास्त्रका जिज्ञासु र अनुसन्धातासमेतलाई सघाउ पुग्ने कुरा विश्वास गर्न सकिन्छ ।

९.११ नेपाली समाजको वर्तमान धार्मिक अवस्था

कतिपय युगबोधसम्पन्न मानिसहरू प्राचीन धर्मशास्त्रको आयु क्षीण भएको र बदलिँदो परिवेशमा यसको

उपादेयता ज्यादै कम भएको हुँदा युगको आकाङ्क्षाअनुरूप धर्मशास्त्रका नियमहरूमा फेरबदल गर्नुपर्दछ भन्ने गर्दछन् । तर त्यसो गर्नु सम्भव छैन । धर्मशास्त्र वेदको विधानअनुसार तयार गरिएको शास्त्र हुनाले वेदमा परिवर्तन ल्याउँदामात्र यसमा परिवर्तन गर्न सकिन्छ । अपौरुषेय यद्वा ईश्वरीय मुखारविन्दबाट प्रकट भएको, तपःपूत महर्षिहरूले साक्षात्कार गरी श्रुतिपरम्पराबाट नै अग्रसारित गरिएको र घन, जटा, रथ आदि काँटामा जेलिएको वेदलाई परिवर्तन गर्न खोज्नु हुटिट्याउँले आकाश थाम्न खोज्नुजस्तै हास्यास्पद विषय हुनआउँछ । आफू वैदिक आचार-विचारबाट मुक्त भई समाजलाई आफूजस्तै बनाएर सङ्करसमाजको सृजन गर्न चाहने मानिसले जेसुकै भनून् तिनका भनाइको कुनै मूल्य हुँदैन । उच्च शिक्षित अनुभवी, हजारौं शिष्यका गुरुहरूले पनि आधुनिकता वा पाश्चात्यशिक्षा र पाश्चात्य संस्कृतिको हुरीमा बगेर आफ्नोपन बिर्सी आफ्नो धर्म, संस्कृति, सभ्यता र परम्पराको विरुद्ध विचार राख्दछन् भने त्यो दुर्भाग्य नै हुनेछ । यस्तो प्रवृत्तिले वैदिक सनातन धर्मको अन्धकारमय भविष्य र नेपाली समाजको विकास एवं प्रकाशमा आउने अवरोधको सङ्केत गर्दछ । त्यसैले यस्ता विषयमा सबैले सोचेर-बुझेर आफ्ना विचार राख्नु उचित हुन्छ । आफूलाई ज्ञान छैन भने जान्ने कोसिस गर्नुपर्दछ । त्यसो गर्दा अज्ञानको तुँवालो मेटिनेछ र मस्तिष्कमा विरोधी विचार आउन पाउने छैनन् ।

समाजमा अशिक्षा एवं अज्ञानबाट उत्पन्न पाशविकता एवं धार्मिक पन्थ, शासकीय शक्ति, अलेख सम्पत्ति, साहित्यिक प्रसिद्धि र कलात्मक सिद्धि, व्यापारको उत्कर्ष, उद्योगको वर्चस्व, शक्तिशाली दलको सदस्यता र पदीय अधिकारका कारण उत्पन्न हुने अहङ्कार तथा दम्भको आडमा धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र चारित्रिक अपराध हुने गर्दछन् । यस्ता हजारौं अपराधीहरूबाट हाम्रो समाज जेलिएको छ । यस्ता अपराध नै अधर्मका लक्षण पनि हुन् । निर्णयसिन्धुद्वारा बताइने धर्म सच्चरित्रताको आधारमा गरिने कर्तव्यकर्मको पालन हो । यसै धर्मको रक्षाका लागि श्रीकृष्णले युगयुगमा अवतार लिने प्रतिज्ञा गर्नुभएको हो ।

भगवान् श्रीकृष्णले गीतामा भन्नुभएको छ-

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च । शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।। - १४/२७

- 'म अविनाशी, अमर, नित्य र सच्चिदानन्दरूप ब्रह्मको प्रतिष्ठा हुँ । त्यस ब्रह्मलाई उद्बोधन गराउने धर्मको पनि प्रतिष्ठा हुँ ।'

भगवान् नित्य, अनादि, अनन्त, सनातन र सत्य हुनुभएझैं भगवत्स्वरूप धर्म पनि नित्य, अनादि, अनन्त, सनातन र सत्यस्वरूप छ । भगवत्स्वरूप धर्म नै सनातनधर्म हो । यो धर्म हिजो थियो, आज छ र भोलि पनि रहने छ । यो सनातनधर्म कुनै व्यक्तिविशेषद्वारा बनाइएको र प्रचार गरिएको पनि होइन । यो धर्म नै सम्पूर्ण जगत्को प्रतिष्ठा हो - '**धर्मो विश्वस्य जगतः प्रतिष्ठा**' । यसले सबैलाई धारण गर्छ र यसलाई सबैले धारण गर्दछन् । सनातनधर्म नै विश्वको जीवन हो । यसले विभिन्न क्षेत्रमा, विभिन्न रूपमा प्रकट भएर सबैलाई जीवनदान दिन्छ ।

सनातनधर्म सूर्यमा प्रकाश र ताप, अग्निमा दाहिका शक्ति, चन्द्रमा शीतलता, अमृतमा अमरत्व प्रदान गर्ने शक्ति, पृथ्वीमा क्षमा, सिंहमा शूरता, मानवमा मानवता, माता-पितामा वात्सल्य, सन्ततिमा पितृभक्ति, पत्नीमा पतिपरायणता, शासकमा उत्तम शासन र पालनी शक्ति, ब्राह्मणमा ब्राह्मणत्व, क्षत्रियमा क्षत्रियत्व, वैश्यमा वैश्यत्व, शूद्रमा शूद्रत्व, ब्रह्मचारीमा ब्रह्मचर्य, गृहस्थमा पालन-पोषण, वानप्रस्थमा तपस्या र संन्यासीमा सर्वत्यागका रूपमा प्रतिबिम्बित हुन्छ । वस्तुतः प्रत्येक वस्तु, पदार्थ, प्राणी, परिस्थिति र सबै जातिका अनेक धर्मका रूपमा यही शाश्वत सनातनधर्मको आविर्भाव हुन्छ । संसारका सर्वहित र सर्वसुखमा समर्पित सम्पूर्ण धर्म सनातनधर्मका

नै शाखा-प्रशाखा हुन् । वास्तवमा परिणाममा आफ्नो र अरूको हित गर्ने तत्त्व नै धर्म हो । परिणाममा आफ्नो र अरूको अहित गर्ने तत्त्व नै अधर्म हो । यही पुण्य र पापको पनि परिभाषा हो ।

यो सनातनधर्म अनादि, अनन्त र नित्य छ । यसले सनातन र नित्यतत्त्वलाई प्राप्त गराउँछ । यसबाट आराध्य ईश्वर वा परब्रह्मको प्राप्ति गर्न सकिन्छ । यो सनातन धर्म नै अभ्युदय र निःश्रेयसको अमोघ साधन हो। यसैले सनातनधर्ममा प्रतिपादित अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, क्षमा, इन्द्रियनिग्रह, मनःसंयम, शौच आदि गुणहरूको महत्त्व छ । यो धर्म नै आत्मकल्याणकारी र सर्वभूतहितकारी सार्वभौम धर्म हो । यो विश्वधर्म र आत्मधर्म पनि हो । सनातनधर्म पालन गर्ने मानिसहरूको संख्या धेरै भएमा संसारमा सत्ययुगको उदय हुन्छ । सनातनधर्म पालन नगर्ने मानिसहरूको संख्या धेरै हुँदा संसारमा घोर कलियुगको अवतरण हुन्छ ।

आज हामीले सनातनधर्मको उक्त स्वरूप र लक्षणलाई हृदयङ्गम गरी आफ्नो समाज, राष्ट्र र विश्वमा सत्ययुगको उदय गराउने किसिमबाट कर्तव्यकर्मको पालन गर्दै जानुपर्दछ । विभिन्न किसिमका कर्तव्यच्युत र चरित्रच्युत अधर्मीहरूबाट समाजलाई जोगाउन श्रीकृष्णजस्ता अवतारपुरुषहरूद्वारा संरक्षित सनातनधर्मअन्तर्गतका साधारणधर्म भनिने मानवधर्म र निर्णयसिन्धुजस्ता निबन्धग्रन्थहरूको माध्यमबाट निर्देशित विशेषधर्मको निष्ठापूर्वक पालन गऱ्यौं भने हामी सच्चा धर्मका साधक बनी योगद्वारा आत्मदर्शन गर्न सक्दछौं । सनातनधर्मकै माध्यमबाट समाजको रूपान्तरण गरी सुन्दर, स्वस्थ, समृद्ध र पवित्र समाजको संरचना खडा गर्न सक्दछौं ।

संसारमा धेरै ठूला विद्वान्, बुद्धिजीवी, साधक, तपस्वी एवं महापुरुष पैदा भए । उनले पवित्र र सुन्दर समाजको निर्माणका लागि अनुकरणीय योगदान गरे । उनीहरूमा पनि तर्क गर्न सक्ने शक्ति थियो तर विद्या एवं तपस्याको तेजद्वारा उनीहरूले आफ्ना र अरूका समेत आत्मनाशी तर्कहरूलाई खरानी तुल्याए । उनीहरूले धर्म, अर्थ, काम र मोक्षलाई लक्षित गरी पवित्र आचार, निष्कलङ्क र पारदर्शी व्यवहारका संवाहक बनेर हामीलाई सुनौला सात्त्विक र सुन्दर आचार-विचारको राजमार्ग दिएर गए ।

आज धेरै मानिस आर्थिक, व्यावसायिक, भौतिक स्वार्थले मलिन र तर्कवादी हुँदै गए, आफ्नो आस्थाको मुहान सुकाए क्षणिक जीवनलाई सुखी-सम्पन्न र भोगी बनाउने लक्ष्यतर्फमात्र उन्मुख भए । हामी कस्ता ऋषि-महर्षिका सन्तान हौं, हाम्रो धर्म, संस्कृति, समाज र राष्ट्रप्रतिको दायित्व के हो, यस्ता चिन्तन अहिले विपनामा त के सपनामा पनि गरिँदैन । के यो विकृति पाश्चात्य संस्कृतिको अनुगमनको परिणाम हो ? के आधुनिक बन्धनमुक्त मनपरिवादको मूर्तरूप हो ? हामी नेपालीहरूमा आफ्नो राष्ट्र, समाज, संस्कृति र धर्मप्रति पटक्कै गौरवबोध नहुनुमा कुन मन्दविषको प्रभाव परेको छ ? छुट्टाउन धौ-धौ हुन्छ । मर्यादापुरुषोत्तम श्रीराम र सतीशिरोमणि सीताको पवित्र चरित्रको धरोहरलाई साक्षी राखी युगानुकूल प्रगति गर्दै सदाचार एवं नैतिकतापूर्ण सद्व्यवहारले शरीर, इन्द्रिय, मन एवं बुद्धिलाई निर्मल तुल्याएर सद्विचारद्वारा आत्मालाई उज्यालो बनाउनुपर्नेमा आज किन नेतादेखि फुटपाथे बिक्रेतासम्म अर्थदरिद्र, नैतिकतादरिद्र, धर्मदरिद्र, संस्कृतिदरिद्र र राष्ट्रियतादरिद्र हुँदै गएका छन् यो ज्यादै विचारणीय विषय हो ।

वर्णाश्रम संस्कृतिका उज्ज्वल कर्म र विचारले हामीलाई भित्री सन्तोष र आनन्द दिन्छन् । यो ऋषि-महर्षि र सदाचारी मानिसहरूद्वारा अनुभूत सत्य हो । सत्यमा स्थिर भई प्राणीमाथि करुणा गर्दै अहिंसामा रमाउँदा कसले अलौकिक तृप्ति पाउँदैन ? धैर्यका साथ संसारको मैदानमा कर्म गर्दा, कसैको वस्तु र विचारमा नबाँचेर आफ्नै पसिनाको फलमा सन्तोषको सास लिँदा कसलाई मीठो निँद लाग्दैन ? शुद्ध शरीर, निर्मल वस्त्र र पवित्र विचारका

साथ उत्साहपूर्वक कर्तव्यपालन गर्दै चञ्चल इन्द्रिय र मनलाई अनावश्यक विषयमा चर्न नदिएर कर्तव्यकै दायरामा राखी कर्मजनित दुर्लभ फल प्राप्त गर्दा को रमाउँदैन ? उत्तम बुद्धि र उत्तम युक्तिले समाज, संस्कृति, धर्म र राष्ट्रको सेवा गर्दै कला र विद्याको उत्कर्षमा पुगेर त्यसको रमणीय उपलब्धिमा रम्न पाउँदा को कृतकृत्य हुँदैन । सानामा क्षमा र ठूलामा श्रद्धा राख्दै काम, क्रोध, लोभ र मोहदेखि माथि उठेर उन्नत चेतनाले दीप्त भएको व्यक्तित्व निर्माण गरी मानवजीवनको उच्चतम लक्ष्यको क्षितिजमा उडान् भर्दा कसले मानव जीवनलाई सफल भएको ठान्दैन ?

यस्तो रमणीय रीति सिकाउँदै प्राणीमात्रको मङ्गलमय जीवन चाहने हाम्रो धर्मशास्त्रको लक्ष्य मन नपराउनु र परधर्म, परसंस्कृति र परसभ्यतामा चर्न रुचाउनुले हामीलाई तुच्छ विषाणहीन पशुको दर्जामा नपुऱ्याउला भन्न सकिँदैन।

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत भन्ने वैदिक सूक्तिलाई हृदयङ्गम गरी कर्तव्यपालनलाई नै परमधर्म मान्ने हाम्रा धर्मशास्त्रको अध्ययन नै नगरी यसलाई हावामा उडाउने काम कसैले पनि गर्नुहुँदैन । पढ्नुपर्छ, मनन गर्नुपर्दछ अनि थाहा हुन्छ, कस्तो रहेछ हाम्रो धर्मशास्त्र ।

हाम्रो संस्कृति र धर्ममा बाधा-व्यवधान पुऱ्याउने काम हाम्रा साधारण नरनारीबाट भएको छैन । उनीहरू त जानी-नजानी परम्पराको अनुसरण गर्दै कर्ममा रमाइरहेका छन् । तर पढे-लेखेका भनाउँदा अर्धशिक्षित, शिक्षित र उच्चशिक्षित र कुशिक्षित केही व्यक्तिहरूबाट धर्मको गङ्गाप्रवाहलाई उल्टो दिशातर्फ फर्काउने प्रयास भइरहेको पाइन्छ।

प्रातःकालमा उठेर आमा-बाबुको ढोग गर्ने छोरा देखिन छाडे । योगको सरणि अँगालेर प्राणायाम गरी गायत्रीजप गर्ने सन्तान अलप हुन थाले । सूर्यनमस्कार गरी मेधा र वर्चको वृद्धि गर्ने प्रक्रिया हराउँदै जान थाले । जन्मदिने बाबु-आमाको तिथिमा पिण्डपानी दिने परम्परामा धमिरा लाग्न थाल्यो । विवाहको यज्ञमा गरिएका प्रतिज्ञावचनको सट्टा प्रेमका नाममा छाडा यौनवादका कीटाणु सलबलाउन थाले । कसैको मृत्युमा आशौच बार्नु एकादेशको कुरा हुनथाल्यो । प्रायश्चित्त गरी पाप निर्मूलन गर्ने परम्परा टुटिसक्यो र सतीधर्म सत्ययुगको कुरा हुन लागिसक्यो । अहिले संन्यासीहरू पनि ठूला दरबारिया र घरबारिया हुन थालिसके । साँच्चिकै भन्ने हो भने हाम्रो नेपालमा कलियुगले आफ्नो साम्राज्य नराम्रैसँग फैलाइसक्यो । यस्तो परिस्थितिमा सज्जन र धर्मानुरागी बुद्धिजीवी नेपाल आमाका छोराछोरीले हाम्रो धर्मशास्त्रमा निहित विशेषधर्म र मानवधर्मका विषय राम्ररी अध्ययन गरी धर्मानुकूल आचरण गर्दै आफ्नै जीवनपद्धतिद्वारा अरूलाई धर्मशास्त्रको रत्नाकरमा डुबुल्की मार्न लगाई रत्नचयन गर्ने बेला आएको छ ।

भारतमा ६ सय वर्ष मुस्लिम शासन र ३ सय वर्ष अंग्रेजको शासन रह्यो । तर त्यहाँका जनताको जीवनपद्धतिमा नङ-मासु भएर रहेको धर्म र संस्कृतिलाई कसैले पनि विचलित गराउन सकेन । जब-जब धर्म र संस्कृतिमा बाहिरिया तत्त्वले आघात पुऱ्याउन खोजे, त्यही आघातको पीडाबाट उनीहरूको शक्ति मौलायो र चेतना उदीप्त बन्यो । आज गणतन्त्र र धर्मनिरपेक्ष भारतलाई हामी भावनात्मकरूपमा धर्मसापेक्ष राष्ट्रकै रूपमा रहेको पाउँछौं ।

हाम्रो नेपालमा पनि पहिले वैशालीबाट नेपाल प्रवेश गर्ने लिच्छविहरूले गणतन्त्रात्मक पद्धति लिएर आएका थिए । ५०० वर्षसम्म निरन्तर शासन गर्ने लिच्छविशासकले आफ्नो गणतन्त्रात्मक शासनकालमा धर्म हेर्ने मन्त्रालय **धर्माधिकरण**को स्थापना गरी वैदिकधर्मको व्याप्तिमा ठूला-ठूला काम गरेका थिए । नेपालमा सर्वधर्मसमन्वयको संस्कार उनैले स्थापित गराएका हुन् । वर्णसंकरदोष निवारण गर्न अंशुवर्माले खेलेको भूमिका ज्यादै प्रशंसनीय थियो । फलस्वरूप लिच्छविहरूको गणतन्त्रात्मक शासनले लिच्छविकाललाई इतिहासको

स्वर्णकाल तुल्याएको थियो । आज हामी पुनः गणतन्त्रात्मक शासन पद्धति अँगालिरहेका छौं । यसबेला समाजलाई स्वस्थ र सुन्दर तुल्याउन सबैले निष्ठापूर्वक कर्तव्यकर्मको पालन गर्नुपर्दछ । यसै तथ्यलाई उद्बुद्ध गराउन महान् ग्रन्थ निर्णयसिन्धुको चूडामणि टीका र विस्तृत एवं अनुसन्धानपूर्ण प्रस्तावनाका साथ प्रस्तुत गरिएको छ । यसबाट पाठकहरू लाभान्वित भएमा मेरो श्रम सार्थक हुने कुरामा म विश्वस्त छु ।

१.१२ अभ्यर्थना

शैशवकालमा पाँचौं कक्षामा पढिरहँदा एक दिन मेरो हातमा **भगवतीस्तोत्र**को सानो पुस्तिका आइपुग्यो । मेरा स्वर्गीय पिताश्रीबाट भगवतीस्तोत्रका श्लोकहरूको उच्चारण गर्ने लय सिकेर दोहोऱ्याई-दोहोऱ्याई उच्चारण गर्दा अमन्द आनन्दको अनुभव गरी म रमाएको थिएँ –

मालिक् चौध भुवन् कि जो भगतका खातिर् ब्रजैमा गई,
लीला गर्नुभयो यशोमतिजिका कोख्बाट पैदा भई ।
नन्दैका कुललाई उज्ज्वल गरी भक्तै उपर प्रेम् धरी,
कंसैको पनि गर्वनाश् हुनगयो जस्का प्रभाव्ले गरी ।।

यो पद्य अहिले पनि मेरो मनमा गुञ्जिरहन्छ । भगवतीस्तोत्रमा वर्णित भगवतीको त्यो रूप सम्झिरहन्छु । करुणाकलशवाहिनी भगवतीको अनुकम्पा सधैं रहिरहोस् भन्ने मेरो प्रार्थना उहाँको कानमा परोस्, यत्ति भए मलाई पुग्छ । भगवान् विघ्नराज श्रीगणेश, कृष्णकी बहिनी भगवती विन्ध्यवासिनी, भगवती शुक्ला सरस्वती, महाकाली-महालक्ष्मी-महासरस्वतीरूपा भगवती त्रिशक्ति, देवीयुग, वेदयुगलगायत ६ युगकी साक्षिणी जननी जगदम्बाले कृपा गरी मेरो यो कार्य पूरा गराउनुभएकोमा म उहाँहरूप्रति आत्मैदेखिको नमन अर्पण गर्दछु ।

म मनीषीहरूसमक्ष टीका र प्रस्तावनामा रहेका त्रुटिहरूको विषयमा सूचना दिएर शास्त्ररक्षाको महान् कार्यमा सहयोगका लागि अभ्यर्थना गर्दछु । जसले काम गर्छ त्यसैले गल्ती पनि गर्छ यो सामान्य सिद्धान्त हो र **'हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः'** यो भनाइ पनि त्यस्तै प्रसङ्गमा आएको हो । यहाँ देखिएका जति पनि त्रुटि छन् ती मेरा हुन् र जति पनि गुणमय सामग्री छन् ती सबै जगदम्बा शुक्ला सरस्वतीको कृपाबाट प्राप्त हुनआएका हुन् भन्ने भाव व्यक्त गर्दै मेरो भनाइ यहीँ टुङ्ग्याउँछु ।

जय गणेश!

ॐ

विनीत
- वेणीमाधव ढकाल

ॐ

निर्णयसिन्धुः

{ चूडामणिनामकनेपाली-टीकासमलङ्कृतः }

अशक्यहृत्तलस्पर्शो नानामततिमिङ्गिलः ।
सिन्धुरेषोऽतिगम्भीरो मीमांसोर्मि समाकुलः ।।

टीकाकार एवं सम्पादक

प्रा.डा. वेणीमाधव ढकाल

(ॐ)

ॐ

यज्ञरूप प्रथम धर्म

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ।
ते ह नाकम्महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ।।

– इन्द्र आदि देवताले अग्निष्टोम यज्ञद्वारा भगवान् यज्ञपुरुषको विधिपूर्वक आराधना गरेका थिए । ती यजनरूप धर्म प्रथम धर्मका रूपमा प्रसिद्ध भए । यजन गर्ने देवता महाभाग्यले सम्पन्न भई स्वर्गमा विराजमान छन् । समाधिसाधनाबाट तेजस्वी बनेका योगीहरूले समाधिद्वारा ज्ञानरूप परमात्माको आराधना गरे । त्यो ज्ञानयज्ञ नै प्रथम धर्मका रूपमा प्रसिद्ध भयो । त्यस्ता समाधिसाधक योगीहरू ज्योतिर्मय धाममा प्राप्त भए, जहाँ सनक, सनन्दन, सनातन, सनतकुमार आदि ज्ञानीहरू पहिलेदेखि नै विराजमान थिए ।

– शुक्लयजुर्वेद ३१/१६

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

प्रथमः परिच्छेदः

यस परिच्छेदमा वर्ष, अयन, ऋतु, मास, पक्ष र दिवसका रूपमा फैलिएको कालका एकाइहरूको निरूपण, मलमास, तिथि, व्रत, एकादशीव्रत, इष्टि, विकृति इष्टि, पशुसोमयागकाल, ग्रहण एवं समुद्रस्नानजस्ता प्रमुख विषयको परिचय र आवश्यक निर्णय प्रस्तुत गरिएको छ।

ॐ

व्रतहरूमा पालनीय साधारण धर्म

क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः ।
देवपूजाग्निहवनं सन्तोषः स्तेयवर्जनम् ।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधा स्मृतः ।।

व्रत गर्ने नरनारीहरूले साधारणतया सबै व्रतहरूमा – क्षमा, सत्य, दया, दान, शौच, इन्द्रियनिग्रह, अस्तेय, सन्तोष, हवन र देवताको पूजा गरी १० प्रकारका सामान्यधर्मको पालन गर्नुपर्दछ ।

– निर्णयसिन्धु, प्रथम परिच्छेद

ॐ

श्रीगणेशाय नमः

श्रीमत्कमलाकरभट्टप्रणीतः

निर्णयसिन्धुः

मङ्गलाचरणम्

कारुण्यैकनिकेतं रामं सीतालतायुक्तम् । विश्वामित्रान्ववायव्रततिसमालम्बशाखिनं वन्दे ।।१।।

श्रीमहर्षि विश्वामित्रको वंशलतालाई आश्रय दिने पुण्यवृक्षका रूपमा सम्मानित अर्थात् महर्षि विश्वामित्रको वंशका उत्तराधिकारीहरूका निमित्त छायादारवृक्षले झैं आश्रय प्रदान गर्ने र सीतारूप वंशविस्तार लताले सुहाउनुभएका करुणानिधान श्रीरामलाई प्रणाम गर्दछु ।।१।।

लक्ष्मीसहायं कल्पद्रुतलं रञ्जितगोकुलम् । बर्हापीडं घनश्यामं महः किञ्चिदुपास्महे ।।२।।

भगवती लक्ष्मीलाई साथमा लिएर सुहाउनुहुने कल्पवृक्षको फेदमा रही गोकुललाई आनन्दित तुल्याउनु हुने मयूरका प्वाँखको मुकुटले सजिनुभएका र घनश्याम यद्वा बादलझैं श्यामवर्णका श्रीकृष्णरूप अनिर्वचनीय तेजको उपासना गर्दछु।।२।।

वेदार्थधर्मरक्षायै मायामानुषरूपिणम् । पितामहं हरिं वन्दे भट्टनारायणाह्वयम् ।।३।।

वेदको अर्थ र धर्मको रक्षाका लागि मायाद्वारा मानिसको रूप लिएर अवतीर्ण हुनुभएका श्रीहरिकै रूप मेरा पितामह (बाजे) भट्टनारायणलाई प्रणाम गर्दछु ।।३।।

यत्पादसंस्मृतिः सर्वमङ्गलप्रतिभूर्मता । तान् भट्टरामकृष्णाख्यान् श्रीतातचरणान्नुमः ।।४।।

जसका चरणकमलको ध्यान गर्दा सम्पूर्ण मङ्गलको प्राप्ति हुन्छ अथवा जसका चरणकमलको ध्यान सम्पूर्ण मङ्गल प्राप्त गराउन प्रतिबद्ध छ, ती मेरा परमपूज्य पिता श्रीरामकृष्ण भट्टलाई प्रणाम गर्दछु ।।४।।

सर्वकल्याणसन्दोहनिदानं यत्पदद्वयम् । द्युनदीसोदरीमम्बामुमाख्यां नौमि सादरम् ।।५।।

जसका दुई पाउरूप कमल सबै किसिमका कल्याणको पुञ्ज प्राप्त गराउने एकमात्र कारण बनेर रहेका छन्, ती गङ्गाकी बहिनी अथवा गङ्गाजस्ती निर्मल र पावन मेरी आमा श्री उमाका चरणकमलमा आदरपूर्वक वन्दना गर्दछु ।।५।।

बिन्दुमाधवपादाब्जरोलम्बीकृतविग्रहम् । ज्यायांसं भ्रातरं भट्टदिवाकरमुपास्महे ।।६।।

भगवान् बिन्दुमाधवका चरणकमलमा आफूलाई भमरो बनाई प्रस्तुत गर्नुहुने मेरा ज्येष्ठ भ्राता (ठूला दाजु) दिवाकर भट्टलाई प्रणाम गर्दछु ।।६।।

हेमाद्रिमाधवमते प्रविचार्य सम्यगालोच्य तत्त्वमथ तीर्थकृतां परेषाम् ।
श्रीरामकृष्णतनयः कमलाकराख्यः काले यथामति विनिर्णयमातनोति ।।७।।

हेमाद्रि र माधवका धर्मशास्त्रसम्बन्धी सिद्धान्तग्रन्थहरू राम्ररी विचार गरी अरू ग्रन्थकारहरूका मतसमेत राम्ररी केलाएर म रामकृष्ण भट्टको छोरा कमलाकर भट्ट आफ्नो बुद्धिअनुसार उचित समयसमेत विचार गरेर धर्मार्थ निर्णयमा सघाउ पुऱ्याउने निर्णयसिन्धुनामक ग्रन्थ बनाउँदैछु ।।७।।

सन्ति यद्यपि विद्वांसस्तन्निबन्धाश्च कोटिशः । तथाऽप्यमुष्य वैदग्धीं केचिद्विज्ञातुमीशते ।।८।।

हुन त धर्मशास्त्रसम्बन्धी यथार्थ निर्णय गर्न सहयोग पुऱ्याउने कृतिहरूको रचना गर्ने धेरै विद्वान्हरू छन् र करोडौं ग्रन्थ पनि देख्न पाइन्छन्। तर यो रचना गरिन लागेको निर्णयसिन्धुको गहन विद्वत्तालाई कसै-कसैले मात्र बुझ्न सक्नेछन्।।८।।

टीकाकर्तुर्मङ्गलम्

संस्कृतम् -

अगजाननतर्पणकारितया त्वयि भाति परा सगजाननता ।
प्रतिमा तव हस्तिमुखी महिता गणनाथ ! मया हृदये कलिता ।।
जय तापन ! तापनिवारण जय शङ्कर ! शोकविनाशन !
जय माधव मोदविकासन ! जय देवि ! दयामयि ! ते नमः ।।
भुवि निर्णयसिन्धुरिति प्रथिता रमते कमलाकरभट्टकृतिः ।
जनवागनुवादविधौ सुकृतेः प्रणमामि मुदा सुकृती पितरौ ।।
कृष्णाम्भोभिर्धवलवपुषं श्रीहृषीकेशभूषाम्
सेनैः पालैर्नृपतिमणिभिः पालितां पुण्ययूषाम् ।
विद्वद्वृन्दैरमलकविभिः पूजितां वाग्विभूत्या
वन्दे पाल्पां जनिभुवमलं श्रद्धयाऽनल्पभक्त्या ।।
कर्तव्यकर्मार्थविधानलक्ष्यः सत्यादिसाधारणधर्मपक्षः ।
वर्णाश्रमाचारविशेषरूपो विभातु धर्मो भुवि वेदमूलः ।।

नेपाली -

गौरीनन्दन ! पाप-ताप रचना बढ्दो छ संसारमा,
आभा वैदिकधर्मको मलिन भो सन्तप्त छन् सज्जन ।
मान्छे धर्म बुझून् र निर्णय गरून् उद्देश्य यस्तो लिई,
टीका निर्णयसिन्धुको सुरु गरें आधार तिम्रै लिई ।।
आमा शुक्ल सरस्वती भगवती लक्ष्मी र काली सब,
बर्साउन् शुभ दिव्य भाव रचना मेरो बनोस् उज्ज्वल ।
ज्ञानी नेत्र खुलोस् त्रिनेत्र शिवको विज्ञान छर्दै अब,
चम्कून् चित्तहरू खुलोस् हृदयमा वैकुण्ठको उत्सव ।।
बाबा र आमा पनि मुस्कियून् ती आशीष छर्दै शिवधामदेखि ।
प्रसन्न होऊन् जननी त्रिशक्ति संसारमा मङ्गल शान्ति छर्दी ।।

श्रीगणेशाय नमः

निर्णयसिन्धुः

कालनिर्णयात्मकः प्रथमः परिच्छेदः

संवत्सरमाससंक्रान्तिनिर्णयात्मकं प्रथमं प्रकरणम्

अथ कालनिर्णयः

तत्र सङ्क्षेपतः कालः षोढा–अब्दः, अयनम्, ऋतुः, मासः, पक्षः, दिवस इति । तत्राब्दो माधवमते पञ्चधासावनः, सौरः, चान्द्रो, नाक्षत्रो, बार्हस्पत्य इति । गुरोर्मध्यमराशिभोगेन बार्हस्पत्यः । स च ज्योतिःशास्त्रे प्रसिद्धः। हेमाद्रिस्त्वन्त्ययो–र्धर्मशास्त्रेऽनुपयोगात्तिस्र एव विधा आह। तत्र वक्ष्यमाणैः सावनादिद्वादशमासैस्तत्तदब्दम् । मलमासे तु सति षष्टिदिनात्मक एको मास इति द्वादशमासत्वमविरुद्धम् । तथा च व्यासः– **षष्ट्या तु दिवसैर्मासः कथितो बादरायणैः।।** इति ।

कालनिर्णय

सर्वप्रथम समयको निर्णय गरिन्छ । सङ्क्षेपमा निरूपण गर्दा वर्ष, अयन, ऋतु, मास, पक्ष र दिन गरी काल ६ प्रकारको हुन्छ। **माधवले** सावन, सौर, चान्द्र, नाक्षत्र र बार्हस्पत्य गरी वर्ष पाँचप्रकारको हुन्छ भनेका छन् । **बृहस्पतिले** मेष, वृष आदि बाह्र राशिमध्ये कुनै एकराशि भोग गर्दा बार्हस्पत्यवर्ष हुन्छ भन्ने कुरा ज्योतिषशास्त्रमा प्रसिद्ध छ । **हेमाद्रिले** धर्मशास्त्रसम्बन्धी तथ्यनिर्णयमा अन्तिम दुईनक्षत्रवर्ष र बार्हस्पत्यवर्षको खासै उपयोगिता छैन, प्रथम तीन अर्थात् सावन, सौर र चान्द्रवर्षमात्र उपयोगी हुन्छ भनेका छन् । सावन, सौर र चान्द्रवर्षका बाह्रमहिनाबाट ती–ती वर्षहरूको निर्माण हुने कुरा पछि बताइनेछ । मलमाससमेत तेह्रमहिनाको वर्ष हुन्छ भन्नु पर्नेमा बाह्रमहिनाको मात्र वर्ष हुन्छ भन्ने विषयमा शंका गर्नु हुँदैन किनकि जुन महिनामा मलमास परेको हुन्छ त्यो महिनालाई ६० दिनको महिना मान्नुपर्दछ । यसरी मानेपछि एकवर्षमा बाह्रमहिना हुन्छन् भन्नुमा कुनै विरोध हुँदैन। यसै विषयमा **व्यास** भन्नुहुन्छ – 'वादरायणले ६० दिनको एकमहिना हुन्छ भन्नुभएको छ' ।

चान्द्राब्दानां षष्टिभेदाः

तत्र चान्द्रोऽब्दः षष्टिभेदः तदाह गर्गः–

प्रभवो विभवः शुक्लः प्रमोदोऽथ प्रजापतिः । अङ्गिराः श्रीमुखो भावो युवा धाता तथैव च ।।
ईश्वरो बहुधान्यश्च प्रमाथी विक्रमो वृषः। चित्रभानुः सुभानुश्च तारणः पार्थिवोऽव्ययः।।
सर्वजित्सर्वधारी च विरोधी विकृतः खरः। नन्दनो विजयश्चैव जयो मन्मथदुर्मुखौ।
हेमलम्बो विलम्बोऽथ विकारी शार्वरी प्लवः। शुभकृच्छोभनः क्रोधी विश्वावसुपराभवौ ।।

प्लवङ्गः कीलकः सौम्यः साधारणो विरोधकृत् । परिधावी प्रमादी च ह्यानन्दो राक्षसोऽनलः।।
पिङ्गलः कालयुक्तश्च सिद्धार्थो रौद्रदुर्मती। दुन्दुभी रुधिरोद्गारी रक्ताक्षी क्रोधनः क्षयः।। इति ।

चान्द्रवर्षका साठी भेद

चान्द्रवर्ष अथवा चन्द्रमालाई आधार बनाई मनाइने वर्षका साठी भेद हुन्छन् । यस विषयमा गर्ग ऋषिले ती साठी भेदहरूको यसरी परिगणना गरेका छन् – **प्रभव, विभव, शुक्ल, प्रमोद, प्रजापति, अङ्गिरा, श्रीमुख, भाव, युवा, धाता, ईश्वर, बहुधान्य, प्रमाथी, विक्रम, वृष, चित्रभानु, सुभानु, तारण, पार्थिव, अव्यय, सर्वजित्, सर्वधारी, विरोधी, विकृत, खर, नन्दन, विजय, जय, मन्मथ, दुर्मुख, हेमलम्ब, विलम्ब, विकारी, शार्वरी, प्लव, शुभकृत्, शोभन, क्रोधी, विश्वावसु, पराभव, प्लवङ्ग, कीलक, सौम्य, साधारण, विरोधकृत्, परिधावी, प्रमादी, आनन्द, राक्षस, अनल, पिङ्गल, कालयुक्त, सिद्धार्थ, रौद्र, दुर्मति, दुन्दुभि, रुधिरोद्गारी, रक्ताक्षी, क्रोधन र क्षय ।**

प्रभवादीनां निर्णयः

यद्यपि ज्योतिषे गुरोर्मध्यमराशिभोगेन प्रभवादीनां माघादौ प्रवृत्तिरुक्ता, तथापि प्रभवादीनां चान्द्रत्वमप्यस्ति। **चान्द्राणां प्रभवादीनां पञ्चके पञ्चके युगे** इति माधवोक्तेः, तेन चान्द्रः प्रभवादिश्चैत्रसिते प्रवर्तते बार्हस्पत्यस्तु माघादौ । तयोर्विनियोगो ज्योतिर्निबन्धे ब्रह्मसिद्धान्ते–

व्यावहारिकसंज्ञोऽयं कालः स्मृत्यादिकर्मसु। योज्यः सर्वत्र तत्रापि जैवो वा नर्मदोत्तरे ।।

आर्ष्टिषेणः–

स्मरेत्सर्वत्र कर्मादौ चान्द्रसंवत्सरं सदा । नान्यं यस्माद्वत्सरादौ प्रवृत्तिस्तस्य कीर्तिता ।। इति।

प्रभव आदि संवत्सरको निर्णय

ज्योतिषशास्त्रमा गुरुको एकराशिको भोगबाट प्रभव, विभव आदि एक–एकबार्हस्पत्यवर्ष कायम हुने र माघमहिनाबाट ती प्रभव आदि वर्षहरूको आरम्भ हुने कुरा बताइएको छ तापनि प्रभव, विभव आदि वर्षहरूको प्रवृत्तिमा बृहस्पतिको मात्र कारणता नभई चन्द्रमाको पनि कारणता वा सम्बन्ध रहेको छ । किनकि माधवले प्रभव आदि चान्द्रवर्षका पाँच–पाँचयुगमा भन्ने वाक्य प्रयोग गरेका छन् । यसबाट प्रभवादिवर्षसँग चन्द्रमाको सम्बन्ध रहेको तथ्य स्पष्ट हुन्छ। त्यसकारण प्रभव आदि चान्द्रवर्षको आरम्भ चैत्रको शुक्लपक्षदेखि हुन्छ भने बार्हस्पत्य प्रभव आदि वर्षको आरम्भ माघमहिनाको आरम्भमा हुन्छ ।

चान्द्र प्रभवादिवर्ष र बार्हस्पत्य प्रभवादिवर्षको प्रयोग सम्बन्धमा **ज्योतिर्निबन्धको ब्रह्मसिद्धान्तमा** भनिएको छ – जहाँसुकै धर्मशास्त्रले बताएका कर्महरूको सम्पादन गर्दा चान्द्र प्रभव, विभव आदि वर्षको प्रयोग गर्नुपर्दछ । नर्मदा नदीदेखि उत्तरतर्फका देशहरूमा धर्मशास्त्रले बताएका कर्म सम्पन्न गर्दा बार्हस्पत्य प्रभव आदि वर्षको प्रयोग गर्नुपर्दछ । यस विषयमा निर्णायक मत प्रस्तुत गर्दै **आर्ष्टिषेणले** भनेका छन् – सम्पूर्ण कर्महरूको शुभारम्भ चान्द्रवर्षअनुसार गर्नुपर्दछ, अरू वर्षअनुसार गर्नु हुँदैन किनकि वर्षको प्रवृत्ति चान्द्रवर्षबाट हुन्छ भन्ने कुरा बताइएको छ ।

अयननिर्णयः

अयनं तु सौरर्तुत्रयात्मकम् । सौरर्तुत्रितयं प्रदिष्टमयनम् इति दीपिकोक्तेः। तद् द्विविधं दक्षिणमुत्तरं चेति । कर्के संक्रान्तिर्दक्षिणायनम्, मकरेऽन्त्यम् ।

अनयोर्विनियोगः – अनयोर्विनियोगमाह मदनरत्ने सत्यव्रतः –

देवताऽऽरामवाप्यादिप्रतिष्ठोदङ्मुखे रवौ । दक्षिणाशामुखे कुर्वन् न तत्फलमवाप्नुयात् ।।

वैखानसः – **मातृभैरववाराहनरसिंहत्रिविक्रमाः । महिषासुरहन्त्र्यश्च स्थाप्या वै दक्षिणायने ।।**

वै शब्दोऽप्यर्थे, न तु दक्षिणायन एवेति नियमः । पूर्ववचने दक्षिणायने निषिद्धाया देवप्रतिष्ठाया देवविशेषे प्रतिप्रसवमात्रात्।

रत्नमालायाम्- **गृहप्रवेशस्त्रिदशप्रतिष्ठाविवाहचौलव्रतबन्धपूर्वम्।**

अस्यापवादः - **सौम्यायने कर्म शुभं विधेयं यद् गर्हितं तत् खलु दक्षिणे च** ।। इति ।

काशीखण्डे- **सदा कृतयुगं चास्तु सदा चास्तूत्तरायणम् ।**
सदा महोदयश्चास्तु काश्यां निवसतां सताम् ।। इत्ययनम् ।

अयननिर्णय

सौरवर्ष अर्थात् सूर्यवर्षका तीनऋतुबाट एकअयन बन्दछ । **दीपिकामा** पनि यसैगरी **सौरर्तुत्रितयं प्रदिष्टमयनम्** अर्थात् तीनवटा ऋतु मिलेर एउटा अयन बन्दछ भनिएको छ । त्यो अयन दक्षिणायन र उत्तरायण गरी दुईप्रकारको हुन्छ। कर्कराशिमा सूर्यको प्रवेश हुँदा अर्थात् श्रावणमहिना आरम्भ हुँदा दक्षिणायनको आरम्भ हुन्छ। सूर्य मकरराशिमा जाँदा अर्थात् माघसंक्रान्तिका दिन उत्तरायणको आरम्भ हुन्छ ।

उत्तरायण र दक्षिणायनको विनियोग - उक्त दुवै अयनमा के -कस्ता कार्य गर्नुपर्दछ भन्ने विषयमा **सत्यव्रत**ले आफ्नो ग्रन्थ **मदनरत्न**मा भनेका छन् – सूर्य उत्तरायणमा जाँदा देवताहरूको प्रतिष्ठा, बगैंचाको प्रतिष्ठा र तलाउ, धारा आदिको प्रतिष्ठा गर्नुपर्दछ । तर सूर्य दक्षिणायनमा जाँदा ती प्रतिष्ठाकर्म गर्नु हुँदैन । यदि कसैले दक्षिणायनमा ती कर्म गर्दछ भने कर्मको फल प्राप्त हुँदैन ।

यस सम्बन्धमा **वैखानस**को भिन्दै मत रहेको छ । उनी भन्दछन् – 'मातृका, भैरव, वाराह, नारसिंह, वामन र महिषासुरमर्दिनी दुर्गाका मूर्तिहरूको प्रतिष्ठा दक्षिणायनमा गर्नुपर्दछ ।' यो अर्थ बुझाउने मूलपद्यमा **स्थाप्या वै दक्षिणायने** भनिएको छ । यहाँ **वै** शब्दले निश्चय भन्ने अर्थको बोध गराउनुको सट्टा **पनि** भन्ने अर्थबोध गराएको छ। यसबाट दक्षिणायनमा मात्र गर्नुपर्दछ भन्ने नियम निरूपणको सट्टा उत्तरायणमा गर्नुपर्छ नै तर आस्था र अवस्थाअनुसार पूर्ण तयारी भइसक्दा दक्षिणायनमा पनि प्रतिष्ठा गर्न हुन्छ भन्ने तात्पर्य स्पष्ट हुन्छ ।

माथि **सत्यव्रत**को भनाइमा दक्षिणायनमा निषेध गरिएको देवताहरूको प्रतिष्ठाको सम्बन्धमा खास-खास देवताको प्रतिष्ठा दक्षिणायनमा पनि गर्न हुन्छ भनी निरूपण गरिँदा निषेधको पनि निषेधमात्र भएको छ अर्थात् प्रतिप्रसव भएको छ ।[१]

गृहप्रवेश, देवताप्रतिष्ठा आदि उत्तरायणमा गर्नुपर्ने सम्बन्धमा विचार - सत्यव्रतकै मत समर्थन गर्दै रत्नमालामा

१. कुनै खास विषयको कुनै ठाउँमा निषेध गरिएको भए तापनि अन्यत्र विशेष अवस्थामा निषेध हटाई विधान गरिने कामलाई प्रतिप्रसव भनिन्छ । यहाँ पनि सत्यव्रतको मतमा दक्षिणायनमा निषेध गरिएको देवताप्रतिष्ठालाई **वैखानस**को मतमा मातृका, भैरव आदिको प्रतिष्ठा दक्षिणायनमा पनि गर्न हुन्छ भनी विधान गरिएकाले यो नियम होइन अपितु प्रतिप्रसव हो भनिएको छ ।

भनिएको छ – गृहप्रवेश, देवताहरूको प्रतिष्ठा, विवाह, चूडाकर्म, उपनयन आदि शुभकर्म उत्तरायणमा गर्नुपर्दछ भने तीव्र आस्थायुक्त कर्ताले कतिपय परिभाषित निन्दित कर्म दक्षिणायनमा गर्नुपर्दछ ।

काशीमा विशेष – उक्त नियमको अपवाद वचनका रूपमा **स्कन्दपुराण-काशीखण्ड**मा भनिएको छ – काशीमा निवास गर्ने सज्जनहरूका लागि सधैं सत्ययुग होस्, सधैं उत्तरायण होस् र सधैं महान् उदय होस् भनिएकाले काशीमा उत्तरायण र दक्षिणायन भनी विभेद गर्नु पर्दैन । यो काशीका निमित्त विशेष वचन हो ।

ऋतुनिर्णयः

ऋतुर्मासद्वयात्मा । मलमासे तु मासद्वयात्मक एको मासः, तेन मासद्वयात्मकत्वमविरुद्धम् ।

स द्वेधा चान्द्रः सौरश्च । चैत्रारम्भो वसन्तादिश्चान्द्रः। मीनारम्भो मेषारम्भो वा सौरः। मीनमेषयोर्मेषवृषयोर्वा वसन्तः, इति बौधायनोक्तेः। **अनयोर्विनियोगमाह –** त्रिकाण्डमण्डनः –

श्रौतस्मार्तक्रियाः सर्वाः कुर्याच्चान्द्रमासर्तुषु। तदभावे तु सौरर्तुष्विति ज्योतिर्विदां मतम् ।।

ऋतुनामानि – स द्विविधोऽपि षोढा । वसन्तो, ग्रीष्मो, वर्षाः, शरद्, हेमन्तः, शिशिरः– इति ऋतुः।

ऋतुनिर्णय

दुईमहिनाको एउटा ऋतु हुन्छ । मलमासमा ६० दिनको एकमहिना हुनाले दुईमहिनाको एकऋतु हुन्छ भन्नुमा कुनै विरोध हुँदैन । **ऋतुका भेद –** चान्द्रऋतु र सौरऋतुका भेदले ऋतु दुईप्रकारको हुन्छ। चन्द्रमाको आधारमा मानिने वसन्तऋतु चैत्रबाट सुरु हुन्छ भने सूर्यको आधारमा मानिने वसन्तऋतु वैशाखबाट सुरु हुन्छ । **बौधायनले** मीनराशि एवं मेषराशिका आधारमा चान्द्र वसन्तऋतु र मेष र वृषराशिका आधारमा सौर वसन्तऋतु हुन्छ भनेकाले माथिको भनाइ प्रमाणित हुन्छ । **ऋतुहरूको विनियोग –** उक्त सौरऋतु र चान्द्रऋतुमा गर्नु भनिएका कार्यहरूको विषयमा **त्रिकाण्डमण्डनमा** भनिएको छ कि – वेद र धर्मशास्त्रले गर्नु भनी विधान गरिएका सम्पूर्ण शुभकर्म चान्द्रऋतुहरूमा गर्नुपर्दछ । चान्द्रऋतुमा गर्न नसकिएको अथवा नमिलेको अवस्थामा मात्र सौरऋतुहरूमा ती वेदविहित कर्म गर्नुपर्दछ भन्ने मत ज्योतिषका ज्ञाताहरूको रहेको छ। **ऋतुका नाम –** मूलरूपमा ऋतु सौर र चान्द्र गरी दुईप्रकारको भएता पनि यो वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर गरी ६ प्रकारको हुन्छ ।

मासनिर्णयः

मासश्चतुर्द्धा । सावनः, सौरः, चान्द्रो, नाक्षत्र इति । त्रिंशद्दिनः सावनः। अर्कसंक्रान्तेः संक्रान्त्यवधिः सौरः। यद्यपि **हेमाद्रिमाधवकालादर्शाद्यालोचनेन, मेषसंक्रान्त्यां समाप्तायाममावास्याकत्वं चैत्रत्वम्** इति लक्षणाच्च मेषसंक्रान्तेश्चैत्रत्वं प्रतीयते, तथापि मेषसंक्रमे दर्शद्वये सति वैशाखस्यैवाधिक्यात् पूर्वभावित्वेन मीनस्यैव चैत्रत्वं युक्तम्। एवं मेषादयो वैशाखाद्याः। अतो मीनसंक्रान्तिमध्यस्थपौर्णमासीकत्वम्, तादृशाद्यतिथिकत्वं वा चैत्रत्वमिति लक्षणात् मीन एव सौरश्चैत्रः। एवं वैशाखादयोऽपि मेषाद्या ज्ञेयाः।

मासनिर्णय

सावनमास, सौरमास, चान्द्रमास र नाक्षत्रमास गरी महिना चारप्रकारको हुन्छ । ३० दिनको मासलाई सावनमास भनिन्छ। एउटा संक्रान्तिदेखि अर्को संक्रान्तिसम्मको समयावधिलाई सौरमास भनिन्छ । **हेमाद्रि, माधव, कालादर्श** आदि

ग्रन्थहरूको राम्ररी विचार गर्दा मेषसंक्रान्तिपछि चैत्री अमावास्या आएमा त्यो महिना चैत्रकै मानिन्छ । मेषसंक्रान्तिमा दुईअमावास्या भए भने वैशाखको अधिकताले त्यसलाई मीनसंक्रान्ति मान्नुपर्दछ भनी निर्धारण गरिएका कारण मेषसंक्रान्ति नै चैत्र प्रतीत हुन्छ। यस्तो प्रतीत भएता पनि मेषसंक्रान्ति दुईअमावास्याभित्र पर्न आएमा वैशाखको अधिकता हुनाले मेषभन्दा पूर्ववर्ती मीनराशिको संक्रमणलाई चैत्र मान्नुपर्दछ । यसरी मेष आदि संक्रान्तिबाट वैशाख आदि मास हुने कुरा जान्नुपर्दछ । यसबाट मीनसंक्रान्तिको बीचमा पूर्णिमा हुँदैन भने अथवा वर्षादितिथि जसको आदिमा हुन्छ त्यो महिना चैत्र हुन्छ । यो लक्षण गरिएको छ । यस लक्षणबाट मीन नै सौर चैत्र हो भन्ने कुरा सिद्ध हुन्छ । यसैगरी वैशाख आदिलाई मेषादि भनी जान्नुपर्दछ ।

संक्रान्तिषु पुण्यकालनिर्णयः

सौरमासप्रसङ्गात् संक्रान्तिनिर्णय उच्यते। तत्र पूर्वतोऽपि परतोऽपि संक्रमात् पुण्यकालघटिकास्तु षोडश इति सामान्यतः पुण्यकालः सर्वैरुक्तः। विशेषस्तूच्यते। अत्र मामकाः सङ्ग्रहश्लोकाः-

प्रागूर्ध्वा दश, पूर्वतः षडवनिः, तद्वत्पराः, पूर्वत-
स्त्रिंशत् षोडश, पूर्वतोऽथ परतः, पूर्वाः पराः, स्युर्दश ।
पूर्वाः षोडश, चोत्तरा ऋतुभुवः पश्चात् खवेदाः, पुनः
पूर्वाः षोडश, चोत्तराः पुनरथो पुण्यास्तु मेषादितः ।।

अस्यार्थः – मेषे प्रागूर्ध्वञ्च दशघटिकाः पुण्यकालः । इति । वृषे पूर्वाः षोडश । मिथुने पराः षोडश । कर्के पूर्वास्त्रिंशत्। सिंहे पूर्वाः षोडश । कन्यायां पराः षोडश । तुलायां प्रागूर्ध्वा दश । वृश्चिके पूर्वाः षोडश । धनुषि पराः षोडश । मकरे चत्वारिंशत्पराः। इदं च हेमाद्रिमतेनोक्तम् । माधवमते त्वत्र परा विंशतिः पुण्याः। कुम्भे पूर्वाः षोडश। मीने पराः षोडशेति ।

याप्युत्तरा पुण्यतमा मयोक्ता सायं भवेत्सा यदि साऽपि पूर्वा ।
पूर्वा तु योक्ता यदि सा विभाते साऽप्युत्तरा रात्रिनिषेधतः स्यात् ।।
अर्वाङ् निशीथाद्यदि संक्रमः स्यात्पूर्वेऽह्नि पुण्यं परतः परेऽह्नि ।
आसन्नयामद्वयमेव पुण्यं निशीथमध्ये तु दिनद्वयं स्यात्।।
कर्के झषेऽप्येवमिति ह्युवाच हेमाद्रिसूरिश्च तथाऽपरार्कः।
झषः प्रदोषे यदि वाऽर्धरात्रे परेऽह्नि पुण्यं त्वथ कर्कटश्चेत् ।।
प्रभातकाले यदि वा निशीथे पूर्वेऽह्नि पुण्यं त्विति माधवार्यः।।

अत्र मूलवचनानि माधवापरार्कहेमाद्र्यादिषु द्रष्टव्यानि ।

संक्रान्तिनिर्णय र पुण्यकाल

अब सौरमासको प्रसङ्गमा संक्रान्ति निर्णयमा आधारित पुण्यकालको चर्चा गरिँदैछ ।[२] सामान्यरूपमा संक्रान्तिको

२. पुण्यकालसम्बन्धी हेमाद्रिको मत –
मध्ये विषुवति दानं विष्णुपदे दक्षिणायने चादौ । षडशीतिमुखेऽतीते तथोदगयने तु भूरि फलम् ।।
पर्वकालस्तु संक्रान्ते प्रागूर्ध्वञ्च भवेदिति । संक्रान्तिसमयः सूक्ष्मो दुर्ज्ञेयो पिशितेक्षणैः ।।

निर्धारित समयभन्दा पहिलेका १६ घडी र पछिका १६ घडीको समयलाई सबैले पुण्यकाल मानेका छन् । यस सम्बन्धमा विशेष निर्णय पनि गरिएको छ । मेरो सङ्ग्रहश्लोकमा भनिएको तथ्य यसप्रकार छ –

हेमाद्रिको मतमा मेषसंक्रान्तिको निर्धारित घडीभन्दा पहिलेका र पछिल्ला १० घडीलाई पुण्यकाल भनिन्छ। वृषसंक्रान्तिमा पहिलेका १६ घडीको समयलाई पुण्यकाल भनिएको छ । मिथुनसंक्रान्तिमा संक्रान्तिको निर्धारित घडीभन्दा पछिका १६ घडीलाई पुण्यकाल मानिएको छ । कर्कटसंक्रान्तिमा संक्रान्तिको निर्धारित घडीभन्दा पहिलेका ३० घडीको समयलाई पुण्यकाल भनिन्छ । सिंहसंक्रान्तिमा संक्रान्तिको समयभन्दा पहिलेका १६ घडीको समयलाई पुण्यकाल मानिएको छ । कन्यासंक्रान्तिमा पछिल्ला १६ घडीको समयलाई पुण्यकाल मानिएको छ । तुलासंक्रान्तिमा निर्धारित संक्रान्तिकालभन्दा पहिलेको १० घडीको समय र पछिल्लो १० घडीको समयलाई पुण्यकाल मानिएको छ । वृश्चिकसंक्रान्तिमा पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् । धनुसंक्रान्तिमा पछिल्ला १६ घडी पुण्यकाल मानिएका छन् । मकरसंक्रान्तिमा पछिल्ला ४० घडीलाई पुण्यकाल मानिएको छ । माधवको मतमा मकरसंक्रान्तिमा पछिल्ला २० घडीलाई मात्र पुण्यकाल मान्नुपर्दछ । कुम्भसंक्रान्तिमा पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् । मीनसंक्रान्तिमा पछिल्ला १६ घडी पुण्यकाल मानिएका छन् । माथि जुन जुन संक्रान्तिहरूमा पछिल्ला घडीहरूलाई पुण्यकाल मानिएको छ, तिनमा कुनै संक्रान्ति सायँकालको सन्ध्यामा पर्न जान्छ भने पछिल्ला घडी पुण्यकाल हुँदैनन् । अपितु सन्ध्याकालभन्दा पहिलेका घडीलाई नै पुण्यकाल मान्नुपर्दछ । यसैगरी कुनै संक्रान्तिको पुण्यकाल निर्धारित संक्रान्तिको समयभन्दा पहिलेको घडीमा पर्दछ भने ती संक्रान्ति सूर्योदयको समयमा परेमा पहिलेका घडीहरूको सट्टा त्यत्तिनै पछिल्ला घडीहरूलाई पुण्यकाल मान्नुपर्दछ । किनकि रात्रिमा पुण्यकाल हुने कुरा निषेध गरिएको छ । आधा रातभन्दा पहिले संक्रान्ति परेमा अघिल्ला दिनका दुईप्रहरलाई पुण्यकाल मान्नुपर्दछ । आधा रातभन्दा पछाडि संक्रान्ति परेमा आगामी दिनका दुईप्रहरलाई पुण्यकाल मान्नुपर्दछ। मीन र कर्कसंक्रान्तिमा पनि माथिकै रीतिबाट पुण्यकाल निर्धारण गर्नुपर्दछ । यो हेमाद्रि र अपरार्कको मत हो।

तद्योगश्चाप्यधश्चोर्ध्वं त्रिंशन्नाड्यः प्रकीर्तिताः । आसन्नसङ्क्रमं पुण्यं दिनार्धं स्नानदानयोः ।।
रात्रौ संक्रमणे भानौर्विषुवत्ययने दिने । या याः सन्निहिता नाड्यस्तास्ताः पुण्यतमाः स्मृताः ।।
सर्वास्वपि संक्रान्तिषु अतीतत्वमनागतत्वमनादृत्य अत्र दिनार्धेऽतीता अनागता वा –
संक्रान्तिसहिता नाड्यः तास्ताः पुण्यतमाः स्मृताः । त्रिंशत् कर्कटके नाड्यो मकरे विंशतिः स्मृताः ।।
वर्तमाने तुलामेषे नाड्यस्तूभयतो दश । षडशीत्यां व्यतीतायामष्टिरुक्तास्तु नाडिकाः ।।
पुण्याख्या विष्णुपद्यान्तु प्राक् पश्चादपि षोडश ।।

अर्थ – तुला र कर्कसंक्रान्तिको मध्यकालमा दान गर्नुपर्दछ । विष्णुपदी र दक्षिणायनमा प्रारम्भमा दान गर्नुपर्दछ । षडशीतिमुखी र उत्तरायणमा संक्रान्तिपछि दान गर्दा धेरै फल प्राप्त हुन्छ । संक्रान्ति लाग्नुभन्दा पहिले र पछि पनि पर्वकाल हुन्छ । स्थूल बुद्धि भएका मानिसहरूले सूक्ष्मरूप संक्रान्तिरूप समयको महत्त्वबोध गर्न सक्दैनन् । संक्रान्ति लाग्नुभन्दा पहिले र पछि ३०-३० घडीसम्म पुण्ययोग रहेकै हुन्छ । स्नान र दानका लागि संक्रान्तिको आसन्नवर्ती दिनको मध्यकाल पुण्यदायक हुन्छ । मेषसंक्रान्ति, तुलासंक्रान्ति, उत्तरायण, कर्कसंक्रान्ति र दक्षिणायन मकरसंक्रान्तिमा नजिकका घडी पुण्यकाल हुन्छन् । सबै संक्रान्तिहरूमा पूर्वकालत्व र परकालत्वमा कुनै भेद नगरी मध्यदिनमा बितेका वा आउन बाँकी संक्रान्तिका नजिकका घडीहरूलाई पुण्यकाल मान्नुपर्दछ । कर्कसंक्रान्तिमा संक्रमणकालभन्दा पहिले र पछिका ३०-३० घडी पुण्यकाल मानिएका छन् । मकरसंक्रान्तिमा संक्रमणकालभन्दा पहिले र पछिका २०-२० घडी पुण्यकाल मानिएका छन् । तुलासंक्रान्ति र मेषसंक्रान्तिमा पहिले र पछिका १०-१० घडी पुण्यकाल मानिएका छन् । षडशीतिमुखनाम्नी संक्रान्ति अर्थात् मिथुनसंक्रान्ति, कन्यासंक्रान्ति, धनुसंक्रान्ति र मीनसंक्रान्तिमा पछिल्ला १६-१६ घडी पुण्यकाल मानिएका छन् । यसैगरी विष्णुपदीसंक्रान्ति अर्थात् वृषसंक्रान्ति, सिंहसंक्रान्ति, वृश्चिकसंक्रान्ति र कुम्भसंक्रान्तिमा पहिले र पछिका १६-१६ घडी पुण्यकाल मानिएका छन् । – चतुर्वर्गचिन्तामणि, दानखण्ड, भाग-१, पृ. ७९ ।

मीनसंक्रान्ति प्रदोष[३] अर्थात् सूर्यास्त बेलाको सन्ध्याकाल अथवा सूर्यास्तपछि तीनमुहूर्तको समय भएमा दोस्रो दिन पुण्यकाल हुन्छ । कर्कसंक्रान्ति प्रातःकालमा या आधारातमा हुन्छ भने पूर्वदिनमा पुण्यकाल हुन्छ । यो **माधव**को मत हो। यसको मूल वचन **माधव, अपरार्क, हेमाद्रि** आदिमा हेर्नुपर्दछ ।

संक्रान्तिषु दानविशेषाः

सर्वासु संक्रान्तिषु दानविशेषो हेमाद्रौ दानकाण्डे उक्तः – विश्वामित्रः –

मेषसंक्रमणे भानोर्मेषदानं महाफलम् । वृषसंक्रमणे दानं गवां प्रोक्तं तथैव च ।।

वस्त्रान्नपानदानानि मिथुने विहितानि तु । घृतधेनुप्रदानं च कर्कटेऽपि विशिष्यते ।।

ससुवर्णछत्रदानं सिंहेऽपि विहितं तथा । कन्याप्रवेशे वस्त्राणां वेश्मनां दानमेव च ।।

तुलाप्रवेशे तिलानां (धान्यानां) गोरसानामपीष्टदम्। अन्नकीचलिते भानौ दीपदानं महाफलम्।।

धनुप्रवेशे वस्त्राणां पानानां च महाफलम् । झषप्रवेशे दारूणां दानमग्नेस्तथैव च ।।

कुंभप्रवेशे दानं तु गवामम्बुतृणस्य च । मीनप्रवेशेऽम्लान्नानां मालानामपि चोत्तमम् ।।

अन्नकी – वृश्चिक इति ।

संक्रान्तिमा गरिने विशेषदान

सबै संक्रान्तिहरूमा विशेषदान गर्नुपर्ने कुरा **हेमाद्रि**को दानकाण्डमा बताइएको छ । **विश्वामित्र** भन्दछन् – सूर्यको मेषराशिमा प्रवेश हुँदा अर्थात् वैशाखसंक्रान्तिमा भेडादान गर्दा ठूलो पुण्य प्राप्ति हुन्छ। वृषराशिमा प्रवेश हुँदा अर्थात् ज्येष्ठसंक्रान्तिका दिन गाईदान गर्नुपर्दछ । मिथुनराशिमा प्रवेश हुँदा अर्थात् आषाढसंक्रान्तिका दिन वस्त्र, अन्न र पानदान गर्नुपर्दछ । कर्कराशिमा प्रवेश गर्दा अर्थात् श्रावणसंक्रान्तिका दिन घृतधेनु[४] दान गर्नुपर्दछ । हिंसराशिमा प्रवेश हुँदा अर्थात्

३. प्रदोष – 'त्रिमुहूर्तं प्रदोषः स्यात् भानावस्तङ्गते सति' यो मदनरत्नमा उद्धृत वराहको भनाइ हो । जुन तिथिमा नक्तव्रत गर्नुछ त्यस तिथिमा अर्को तिथि लाग्ने भएमा सूर्यास्तपछि २ मुहूर्त (एक घण्टा ३६ मिनेट) छाडेर अथवा ३ मुहूर्त (एक घण्टा र ४४ मिनेटको समय) छाडेर प्रदोष हुन्छ । द्वादशीमा आधारातभित्र त्रयोदशी लागेमा, षष्ठीमा डेढ प्रहरभित्र सप्तमी लागेमा, तृतीयामा एक प्रहरभित्र चतुर्थी लागेमा साँझको बेलामा प्रदोष हुन्छ अर्थात् सूर्यास्तपछि चतुर्थी, सप्तमी र त्रयोदशी तिथि लागेमा ती तीन तिथिमा पनि प्रदोष हुन्छ ।

४. कर्कटसंक्रान्तिको दिन विधिपूर्वक घृतधेनुको दान गर्नुपर्दछ । दान गर्ने क्रममा सर्वप्रथम विधिपूर्वक घिउ र दूधद्वारा भगवती पार्वतीलाई स्नान गराएर पुष्पमाला, नैवेद्य आदिद्वारा पूजा गर्नुपर्दछ । भगवती पार्वतीका सामु त्यहाँ सुलभ हुने सम्पूर्ण उत्तम पदार्थहरू राखिदिनुपर्दछ । गाईका घिउद्वारा भरिएका कलशहरूलाई पुष्पमालाले विभूषित गरी राख्नुपर्दछ । काँसको पात्रमा गाईको घिउलाई राखी सिंगारेर राम्रा वस्त्रहरूले त्यसलाई ढाक्नु गर्नुपर्दछ । हिरण्यगर्भको मूर्तिसहित घृतधेनुको कल्पना गरी चारवटा उखुलाई धेनुको पाउ सम्झिएर त्यहाँ राखिदिनुपर्दछ । घृतधेनुको बाच्छोलाई घृतवत्स भनिन्छ त्यसलाई पनि सुन्दर लक्षणले सम्पन्न तुल्याउनुपर्दछ । यसरी घृतधेनु र घृतवत्सको निर्माण गरेपछि विधिपूर्वक पूजा गरी भगवद्भक्त उत्तम पात्र ब्राह्मणलाई प्रदान गर्नुदर्पछ । घृतधेनु प्रदान गर्दा 'मेरो उपकारका निमित्त दया गरी तपाईंले यी घृतधेनु स्वीकार गर्नुहोस् र यसरी मैले गरेको दानबाट भगवती नन्दिनी गाई मङ्गलमयी बनून् ।' यसरी प्रार्थना गरेपछि घृतधेनु दान सम्पन्न गर्नुपर्दछ । घृतधेनुको दान गर्न सम्भव नभएमा सुवर्णधेनुको परिकल्पना गरी सुवर्णधेनु दान गर्नुपर्दछ । त्यसो गर्दा भक्त मानिस सम्पूर्ण पापबाट मुक्त हुन्छ भन्ने कुरा बताउँदै देवीपुराणमा भनिएको छ–

(कर्कटे तु) प्रदातव्या सर्पिर्धेनुर्विधानतः । स्नापयित्वा भवानीन्तु घृतक्षीरै विधानतः ।।

पूजयेत् पुष्पमालाभिर्नैवेद्यैः सुमनोहरैः । आहरेत् सर्वद्रव्याणि उपकल्पेच्च तत्र ताम् ।।

गव्यस्य सर्पिषः कुम्भैः पुष्पमालाविभूषितम् । कांस्यपात्रं तथावस्त्रैश्छादितञ्च विधीयताम् ।।

भाद्रसंक्रान्तिका दिन सुवर्ण र छातादान गर्नुपर्दछ । कन्याराशिमा प्रवेश हुँदा अर्थात् आश्विनसंक्रान्तिका दिन घर एवं वस्त्रको दान गर्दा कल्याण प्राप्त हुन्छ। तुलाराशिमा प्रवेश गर्दा अर्थात् कार्तिकसंक्रान्तिका दिन गोरस एवं अन्नदान गर्नाले मनले चिताएको फल प्राप्त हुन्छ । सूर्य वृश्चिकराशिमा प्रवेश गर्दा अर्थात् मार्गशीर्षसंक्रान्तिका दिन बत्तीदान गर्नुपर्दछ । धनुराशिमा सूर्यको प्रवेश हुँदा अर्थात् पौषसंक्रान्तिका दिन वस्त्र, अन्न र पेयपदार्थदान गर्नुपर्दछ । सूर्य मकरराशिमा प्रवेश गर्दा अर्थात् माघेसंक्रान्तिका दिन दाउरा र अग्निदान गर्नुपर्दछ । सूर्य कुम्भराशिमा जाँदा अर्थात् फाल्गुनसंक्रान्तिका दिन गाई, जल र घाँसदान गर्नुपर्दछ । सूर्यको मीनराशिमा प्रवेश हुँदा अर्थात् चैत्रसंक्रान्तिका दिन अमिलो अन्न र मालादान गर्दा उत्तम फल प्राप्त हुन्छ ।

संक्रान्तावुपवासनिर्णयः

अत्रोपवासमाह हेमाद्रावापस्तम्बः –

अयने विषुवे चैव त्रिरात्रोपोषितो नरः। स्नात्वा यस्त्वर्चयेद्भानुं सर्वकामफलं लभेत् ।।

अशक्तौ तु वृद्धवसिष्ठः –

अयने संक्रमे चैव ग्रहणे चन्द्रसूर्ययोः। अहोरात्रोषितः स्नात्वा सर्वपापैः प्रमुच्यते ।। इति ।

अत्रोपवासः संक्रमदिने, (संक्रान्तिदिने) दानादि तु पुण्यकालदिन इत्याचार्यचूडामणिः। विधिलाघवात्पुण्यकालदिन एवोभयमिति वृद्धाः। इदं च पुत्रिगृहस्थातिरिक्तविषयम् ।

संक्रान्तिमा उँपवासनिर्णय

हेमाद्रिमा उद्धृत **आपस्तम्ब**को वचनमा उपवाससम्बन्धमा यसरी भनिएको छ – 'सूर्यको दक्षिणायनमा प्रवेशको दिन, उत्तरायणमा प्रवेशको दिन र दिनरात बराबर हुने समय कार्तिक अथवा चैत्रमास अर्थात् विषुवमा जसले तीनरातसम्म भोकै बसी स्नान गरेर सूर्यनारायणको पूजा गर्दछ त्यसका सबै पापहरूको नाश हुन्छ ।' माथि बताएअनुसार तीनरातसम्म भोकै बस्न नसक्ने मानिस अयनारम्भ, संक्रान्ति र सूर्य एवं चन्द्रग्रहणको अवसरमा एकअहोरात्र भोकै बसी स्नान गरेपछि सबै किसिमका पापबाट मुक्त हुन्छ । माथि बताएको विधिअनुसार कार्य गर्दा र संक्रान्तिमा गरिने उपवास संक्रान्तिको दिनमा र दान त्यसको पुण्यकालमा गर्नुपर्दछ भन्ने कुरा **आचार्य चूडामणि**ले बताएका छन् । तर वृद्धहरू प्रयोगविधिद्वारा कार्यको शीघ्रसम्पादन फलदायक[५] हुनाले उपवास र दान पुण्यकालका दिनमा नै गर्नुपर्दछ भन्दछन् । ग्रन्थकार भन्दछन्–

हिरण्यगर्भसहितं मणिविद्रुममौक्तिकैः । पादानिक्षुमयान् कृत्वा कुर्याद्रौप्यमयान् शफान् ।।
हेमचक्षुस्तथाकुम्भैः कृष्णागुरुमयैः शुभैः । सप्तधान्यैश्च तत्पार्श्वे पात्रान्तेन च केवलम् ।।
घ्राणं त्वगुरुकर्पूरैस्तथा फलमया शुभाः । मुखञ्च गुडक्षीरेणसितां जिह्वां प्रकल्पयेत् ।।
पुच्छं क्षौममयं कार्यं रोमाणि सितसर्षपैः । ताम्रपृष्ठं विचित्रं तु ईदृग् रूपां मनोहराम् ।।
विधिना घृतवत्सञ्च कुर्याल्लक्षणलक्षितम् । एतैः कृत्वा नत्वा पूजयित्वा विधानतः ।।
तद्भक्ताय प्रदातव्या सर्पिषो धेनुरुत्तमा । इमां ममोपकाराय गृह्णीष्व मदनुग्राहात् ।।
प्रीयतां नन्दिनी देवी मङ्गला चर्चिता नु सा । इत्युक्त्वा वाचयेद् धेनुं कृत्वा मन्त्रमनोऽनुगाम् ।।
अनेन विधिना देया सर्पिषो घनुरुत्तमा ।। (सम्पादक – केमी रङ्गास्वामी, भट्टश्रीलक्ष्मीविरचित कृत्यकल्पतरु, पञ्चमभाग, दानकाण्ड, (देवीपुराणबाट उद्घृत), पृ. १४८, प्रकाशक – बरौडा ओरियन्टियल इन्स्टिच्युट, सन् १९४१)

५. प्रयोगप्राशुभावबोधको विधिः प्रयोगविधिः । स चाङ्गवाक्यैरेकतापन्नः प्रधानविधिरेव । स क्रियाङ्गे प्रधानमनुष्ठापयनं विलम्बे प्रमाणाभावात् विलम्बापरपर्यायं प्रयोगप्राशुभावं विघत्ते इति । – तारानाथ भट्टाचार्य, वाचस्पत्यम्, छैठौं भाग, पृ. ४९०९ ।

उक्त विधिविधान अपुत्र गृहस्थका निमित्त गरिएको छ ।

पुत्रिणां गृहिणामुपवासनिषेधकथनम्

आदित्येऽहनि संक्रान्तौ ग्रहणे चन्द्रसूर्ययोः। उपवासो न कर्तव्यः पुत्रिणा गृहिणा सदा ।। इति जैमिनिवचनात्।

पुत्रवान् गृहस्थका निमित्त उपवासनिषेध

जैमिनिले भनेका छन् – संक्रान्ति, रविवार, सूर्यग्रहण र चन्द्रग्रहणमा पुत्रवान् गृहस्थले उपवास बस्न हुँदैन ।

संक्रान्तौ श्राद्धकथनम्

अत्र श्राद्धमुक्तं हेमाद्रौ विष्णुधर्मे – **श्राद्धं संक्रमणे भानोः प्रशस्तं पृथिवीपते।** अपरार्केऽपि विष्णुः–

आदित्यसंक्रमश्चैव विशेषेणायनद्वयम् । व्यतीपातोऽथ जन्मर्क्षं चन्द्रसूर्यग्रहस्तथा ।।

एतांस्तु श्राद्धकालान् वै काम्यानाह प्रजापतिः। इति । द्वादशादिदिनैरर्वागयनांशप्रवृत्तावपि पुण्यं वक्तुमयनग्रहणम्। अन्यथा संक्रमेण सिद्धेरयनग्रहणं व्यर्थं स्यादित्यपरार्कः। हेमाद्रावपि गालवः –

अयनांशकतुल्येन कालेनैव स्फुटं भवेत् । मृगकर्कादिगे सूर्ये याम्योदगयने सति ।।

तदा संक्रान्तिकाले स्युरुक्ता विष्णुपदादयः। इति । अयनांशकच्युतिरूपे संक्रान्तिकालेऽपि विष्णुपदादयः प्रवर्तन्ते। तेन तत्प्रयुक्तं पुण्यकालादि तत्रापि ज्ञेयमिति स एव व्याचख्यौ । तच्च मेषायनं वृषायनमित्यादि सर्वत्र ज्ञेयम्। माधवीयेऽपि जावालिः –

संक्रान्तिषु यथा कालस्तदीयेऽप्ययने तथा । अयने विंशतिः पूर्वा मकरे विंशतिः परा ।। इति।

मकरायने पूर्वा विंशतिघटिकाः पुण्याः। मकरसंक्रान्तौ तु पश्चाद्विंशतिः। अन्यत्रायने तत्तत् संक्रान्तिवदित्यर्थः।

संक्रान्तिमा श्राद्धसम्बन्धी विचार

हेमाद्रिको **विष्णुधर्म**मा उक्त पुण्यजनक अवसरहरूमा श्राद्ध गर्नुपर्ने कुरा यसरी बताइएको छ – 'सूर्यको राशिसंक्रमणमा अर्थात् संक्रान्तिहरूमा श्राद्ध गर्नुपर्दछ । यस सम्बन्धमा **अपरार्क**मा **विष्णु**ले भनेका छन् – सूर्यसंक्रान्ति, विषुवद्योग, दुवै अयन, जन्मनक्षत्र र सूर्य–चन्द्रग्रहण यी पुण्यदायक काम्यश्राद्धका काल हुन् भनी **प्रजापति**ले भन्नुभएको छ ।' यहाँ काम्य भन्नुको तात्पर्य पुत्र आदिको कामना गर्ने मानिसले उक्त अवसरहरूमा श्राद्ध गर्नुपर्दछ भन्ने हो । अयनप्रवृत्तिभन्दा १२ दिन अघि अयनांशको प्रवृत्ति हुन्छ । त्यो पुण्यजनककाल हो । त्यसैलाई लक्षित गरी माथि वर्णन गरिएको **अपरार्क**को मतमा अयनशब्दको ग्रहण गरिएको छ। अन्यथा संक्रान्तिशब्दबाट नै अयनको पनि ग्रहण हुने हुँदा उक्त श्लोकमा अयनशब्दको उल्लेख व्यर्थ हुने थियो । तात्पर्य यो हो कि – अयनशब्दबाट अयनांशको प्रवृत्ति भन्ने अर्थबोध गर्नुपर्दछ । यो **अपरार्क**को मत हो । **हेमाद्रि** ग्रन्थमा पनि **गालव**ले यस्तै मत प्रकट गरेका छन् । अयनांशको समाप्ति भइसकेपछि जुन संक्रान्तिकाल आउँछ त्यसलाई अयनांशकजन्य पुण्यकाल मान्नुपर्दछ र त्यसैलाई मेषायन, वृषायन आदि भन्नुपर्दछ भन्ने **गालव**को अभिमत रहेको छ ।

माधवीय ग्रन्थमा **जाबालि**ले भनेका छन् – संक्रान्तिहरूमा जस्तो पुण्यकालको व्यवस्था रहेको छ त्यस्तै अयनहरूमा पनि पुण्यकालको व्यवस्था रहेको हुन्छ । जस्तै – मकरायण अर्थात् सूर्य उत्तरायणमा प्रवेश गर्दा पहिलेको २० घडी पुण्यकाल भयो भने सूर्य मकरराशिमा प्रवेश गर्दा पछिल्लो २० घडीको समय पुण्यकाल हुन्छ यसबाट

मकरायणका कारण पहिला २० घडी र मकरसंक्रान्तिका कारण पछिल्ला २० घडी पुण्यकाल निर्धारित गरिएकाले **अपरार्क**को वचनमा संक्रान्ति र अयन दुवैको नाम उल्लेख गरिएको हो । संक्रान्तिका अयनहरूमा ती संक्रान्तिसँगै विष्णुपद आदि नामको पनि व्यवहार गरिन्छ । यसबाट संक्रान्तिको पुण्यकालजस्तै अयनको पनि पुण्यकाल हुन्छ भन्ने कुरा जाबालिले नै व्याख्या गरेका छन् ।

विष्णुपदादिस्वरूपम्

विष्णुपदादिस्वरूपं दीपिकायामुक्तम्–

हर्यङ्घ्रिर्वृषसिंहवृश्चिकघटेष्वर्कस्य यः संक्रमः, कन्यामीनधनुर्नृयुक्षु षडशीत्यास्यं तुलामेषयोः। प्रोक्तं तद्विषुवं झषेऽयनमुदक्कर्काटके दक्षिणम् । इति । हर्यङ्घ्रिः– विष्णुपदम् । नृयुक् – मिथुनम्।

विष्णुपदादि संक्रान्तिको विचार

दीपिकानामक ग्रन्थमा विष्णुपद आदि संक्रान्तिको स्वरूप यसरी बताइएको छ – वृष, सिंह, वृश्चिक र कुम्भसंक्रान्तिलाई हर्यङ्घ्रि–विष्णुपद भनिन्छ, मिथुन, कन्या, धनु र मीनसंक्रान्तिलाई षडशीत्यानन भनिन्छ, तुला एवं मेषसंक्रान्तिलाई विषुव भनिन्छ र मकर एवं कर्कसंक्रान्तिलाई दक्षिणायन एवं उत्तरायण भनिन्छ ।

पिण्डरहितं श्राद्धम्

अत्र च पिण्डरहितं श्राद्धं कुर्यात् । तथा चापरार्के मात्स्ये –

अयनद्वितये श्राद्धं विषुवद्वितये तथा। संक्रान्तिषु च सर्वासु पिण्डनिर्वापणादृते ।। इति ।

श्राद्धशूलपाणिस्त्वस्य निर्मूलत्वात्, समूलत्वेऽपि–

ततः प्रभृति संक्रान्तावुपरागादिपर्वसु। त्रिपिण्डमाचरेच्छ्राद्धमेकोद्दिष्टं मृतेऽहनि ।।

इति मात्स्योक्तेर्ग्रहणाग्रहणवद्विकल्प एवेत्याह। तन्न । अस्य पार्वणानुवादकत्वेन पिण्डाविधायकत्वात् । अन्यथैकपदे पिण्डानुवादे त्रित्वविधौ वषट्कर्तुः प्रथमभक्ष्यवद् द्वैरूप्यापत्तेः। तथा चोभयसमूलत्वे पिण्डरहितं पार्वणं कर्तव्यमित्युभयवचनयोरर्थः। त्रिपिण्डशब्देनैकोद्दिष्टव्यावर्तनमात्रम् । **पिण्डः** – व्यक्तिः, अथवा प्रकटता ।

पिण्डरहित श्राद्ध

संक्रान्तिका दिन पिण्डरहित श्राद्ध गर्नुपर्दछ । **अपरार्क**मा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – दुवै अयन, दुवै विषुवत् र सबै संक्रान्तिहरूमा पिण्डहीन श्राद्ध गर्नुपर्दछ । **श्राद्धशूलपाणि**को मतमा भने उक्त मतलाई प्रमाणहीन मानिएको छ । उनी भन्दछन् – उक्त मत्स्यपुराणको वचनलाई प्रमाण मान्न सकिँदैन । यदि त्यसलाई प्रमाण मान्ने हो भने पनि मत्स्यपुराणकै अर्को वचन बाधक देखिन्छ किनभने त्यसमा भनिएको छ– संक्रान्ति र पर्वहरूमा त्रिपिण्डी अर्थात् तीनपिण्ड दिइने किसिमको श्राद्ध गर्नुपर्दछ र मृत्युदिनमा एकपिण्ड दिने किसिमको एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यसरी एउटै मत्स्यपुराणका दुईथरि वचन सुनिएकाले कुनलाई प्रमाण मान्ने र कुनलाई अप्रमाण मान्ने यस्तो स्थितिमा ज्योतिष्टोमको अतिरात्रसंस्थामा[६] षोडशीपात्रको ग्रहणमा विकल्प देखिएझैं यहाँ पनि ग्रहण गर्न सकिने र ग्रहण

६. ज्योतिष्टोमको अतिरात्रसंस्थामा 'अतिरात्रे षोडशिनं गृह्णाति, नातिरात्रे षोडशिनं गृह्णाति' अर्थात् अतिरात्रनामक सोमसंस्थामा षोडशीपात्र ग्रहण गर्दछ र उक्त संस्थामा षोडशीपात्र ग्रहण गर्दैन यी दुईथरि वाक्य पाइनाले षोडशीपात्रको ग्रहणमा विकल्प देखिन्छ । त्यसैगरी यहाँ

गर्न नसकिने विकल्प उपस्थित हुन्छ । ग्रन्थकार भन्दछन् – शूलपाणिको यो विकल्पवादी मत मात्र सकिँदैन । किनकि मत्स्यपुराणको वचन त्रिपिण्डी पार्वणश्राद्धको **अनुवाद**[७] अर्थात् प्रशंसा गर्ने वाक्य हो । तीनपिण्डको विधान गर्ने विधिवाक्य होइन । यहाँ पिण्ड भनेको पितृलाई सङ्कल्पपूर्वक दिइने भात, खीर, जौको पिठो आदिको डल्लो होइन, त्रिपिण्ड भन्नुको अर्थ तीनवटा पिण्ड भन्ने होइन अपितु जसमा तीनपिण्ड दिइन्छ त्यो पार्वणश्राद्ध भन्ने अर्थ हो । अन्यथा पद्यमा प्रयोग गरिएको एकोद्दिष्टको एकपदलाई अनुवाद र त्रिपण्डिम्पदको त्रि–अर्थात् तीनपदलाई विधि मान्दा यज्ञमा वषट्कर्तुः प्रथमभक्ष्यः अर्थात् वषट्कार गर्नेले प्रथम भोजन प्राप्त गर्नेछ र अरू ऋत्विक्ले पछिबाट भोजन गर्नेछन् भन्ने वाक्यमा एउटै उद्देश्य र विधेयको प्राप्ति हुँदा द्विरूपता देखिएझैं यहाँ पनि द्विरूपता देखिनेछ । उक्त मत्स्यपुराणका दुवै वचनलाई प्रमाणसम्मत मान्दा पिण्डरहित पार्वणश्राद्ध गर्नुपर्दछ भन्ने निष्कर्ष निस्कन्छ । माथिको वाक्यमा प्रयोग गरिएको **त्रिपिण्डशब्द** त एकोद्दिष्टश्राद्धलाई निवारण गर्ने अर्थमा प्रयुक्त गरिएको हो । मूलमा प्रयुक्त पिण्डशब्दको अर्थ व्यक्ति वा प्रकटता हो ।

मङ्गलकृत्येषु विशेषः

ज्योतिर्निबन्धे नारदः – **त्याज्याः सूर्यस्य संक्रान्तेः पूर्वतः परतस्तथा ।**
विवाहादिषु कार्येषु नाड्यः षोडश षोडश ।।

एततुण्यकालोपलक्षणम् । **भानोः संक्रान्तिभोगश्च कुलिकश्चार्धयामकः** इति ज्योतिःशास्त्रे वर्ज्येषु परिगणनात् ।

मङ्गलकृत्यमा विशेष

मङ्गलकार्यमा विशेष वचन पाइन्छ । यस सन्दर्भमा **ज्योतिर्निबन्धमा नारद**को भनाइ यसरी उद्धृत गरिएको छ – विवाह आदि माङ्गलिक कार्य सम्पादन गर्दा सूर्यसंक्रान्तिका पहिला १६ घडी र पछिल्ला १६ घडीको त्याग गर्नुपर्दछ ।

पनि पिण्डदानपूर्वक श्राद्ध गर्ने र पिण्डदान नगरी श्राद्ध गर्ने कुरामा पनि विकल्प देखिन्छ भन्ने तात्पर्य हो । खेमराज श्रीकृष्णदास मुम्बईद्वारा प्रकाशित मूलमात्र निर्णयसिन्धुको पृ. ५ मा उल्लेखित टिप्पणी ।

७. अपौरुषेय वाक्य वेदका विधि, मन्त्र, नामधेय, निषेध र अर्थवाद गरी ५ भेद मानिएका छन् । तीमध्ये पाँचौं भेद अर्थवाद हो । विधिविहित विषयको प्रशंसा र निन्दा गर्ने वाक्य अर्थवाद कहलाउँछन् । अर्थवादका पनि तीन भेद छन् – गुणवाद, अनुवाद र भूतार्थवाद । भनिएको छ– **विरोधे गुणवादः स्यादनुवादोऽवधारिते । भूतार्थवादस्तद्धानादर्थवादस्त्रिधा मतः ।।**

अर्थात् अरू प्रमाणसँग विरोध हुँदा जुन अर्थवाद हुन्छ त्यसलाई गुणवाद भनिन्छ, जस्तै – **'आदित्यो यूपः'** – यहाँ मौलो सूर्य हो भन्ने वचनप्रत्यक्ष प्रमाणविरुद्ध छ । विरोध हुँदाहुँदै पनि सेतो रङ, रूप र गुणमा लक्षणा गर्दा यो मौलो सूर्यझैं चहकिलो छ भन्ने अर्थ स्पष्ट हुन्छ । यो गुणवादको उदाहरण हो ।

प्रमाणान्तरबाट ज्ञात हुन आएको अर्थलाई बुझाउने प्रशंसा वा निन्दाबोधक वाक्यलाई अनुवाद भनिन्छ । जस्तै – **अग्निर्हिमस्य भेषजम्** अर्थात् आगो हिउँ वा जाडाको औषधि हो । यहाँ प्रत्यक्षप्रमाणद्वारा आगो हिउँको औषधि हो भन्ने कुरा जानिएकै विषय हो। तसर्थ प्रमाणान्तरबाट सिद्ध विषयलाई दोहोऱ्याइएकाले यहाँ अनुवादनामक अर्थवाद निष्पन्न भएको छ । यसैगरी प्रमाणान्तरको विरोध र प्राप्ति दुवै नहुँदा निष्पन्न हुने अर्थवादलाई भूतार्थवाद भनिन्छ । जस्तै – **इन्द्रो वृत्राय वज्रमुदयच्छत** अर्थात् इन्द्रले वृत्रासुरमाथि प्रहार गर्न वज्र उठाए । यस वाक्यमा इन्द्रको वज्र उठाउने कार्यको कहीँ विरोध गरिएको छैन र कसैले दृष्टान्तका लागि उठाएको प्रसङ्ग पनि यो होइन । तसर्थ यहाँ भूतार्थवाद निष्पन्न भएको छ ।

प्रकृतप्रसङ्गमा मत्स्यपुराणका दुई वाक्यको चर्चा गरिएको छ । पहिलो वाक्यमा पिण्डरहित श्राद्ध गर्ने कुरा बताइएको छ भने दोस्रो वाक्यमा त्रिपिण्ड श्राद्ध गर्नुपर्ने कुरा बताइएको छ । यहाँ ग्रन्थकार भन्दछन् – मूलमा विरोध देखिए पनि ३ पिण्ड दिइने कुरा बताउने पछिल्लो वाक्य पार्वणको प्रशंसाका लागि प्रयोग गरिएको हुँदा अनुवादवाक्य हो । अर्थात् प्रमाणान्तरबाट ज्ञात विषयको प्रशंसामा उपयोग गरिएको अनुवाद वाक्य हो । – लौगाक्षि भास्कर, अर्थसंग्रह, चौखम्बा संस्कृत सिरीज वाराणसी, सन् १९७९, पृ. १७५ ।

यो वचन संक्रान्तिको पुण्यकालको परिचायक हो । **ज्योतिःप्रकाशमा** पनि सूर्यसंक्रान्तिको भोग **कुलिक** – शुभ कर्म गर्न निषेध गरिएको दिनको एकभाग, तदनुसार सूर्यवार चौधौं मुहूर्त, सोमवार बाह्रौं मुहूर्त, मङ्गलवार दशौं मुहूर्त, बुधवार आठौं मुहूर्त, बिहीवार छैठौं मुहूर्त, शुक्रवार चौथो मुहूर्त र शनिवार दोस्रो मुहूर्त र **अर्धयाम** – सूर्यवार चौथो मुहूर्त, सोमवार सातौं मुहूर्त, मङ्गलवार दोस्रो मुहूर्त, बुधवार पाँचौं मुहूर्त, बिहीवार आठौं मुहूर्त, शुक्रवार तेस्रो मुहूर्त र शनिवार पहिलो मुहूर्तलाई छाड्नुपर्दछ भनिएको छ ।

संक्रान्तिषु रात्रौ स्नानदानादिनिषेधः

अयनव्यतिरिक्तासु दशसु संक्रान्तिषु रात्रौ स्नानश्राद्धादि न कार्यम्।

अह्नि संक्रमणे कृत्स्नमहः पुण्यं प्रकीर्तितम् । रात्रौ संक्रमणे भानोर्दिनार्धं स्नानदानयोः ।।
अर्धरात्रादधस्तस्मिन् मध्याह्नस्योपरि क्रिया । ऊर्ध्वं संक्रमणे चोर्ध्वमुदयात्प्रहरद्वयम् ।।
पूर्णे चेदर्द्धरात्रे तु यदा संक्रमते रविः। प्राहुर्दिनद्वयं पुण्यं मुक्त्वा मकरकर्कटौ ।।

इति वृद्धवसिष्ठादिवचनैरहःपुण्यत्वोक्त्या–

रात्रौ संक्रमणे भानोर्दिवा कुर्यात्तु तत्क्रियाम्। पूर्वस्मात्परतो वाऽपि प्रत्यासन्नस्य तत् फलम् ।।

इति वसिष्ठवचनाच्चार्थाद्रात्रौ स्नानादिनिषेधप्रतीतेः। यानि तु–

विवाहव्रत-संक्रान्तिप्रतिष्ठाऋतुजन्मसु। तथोपरागपातादौ स्नाने दाने निशा शुभा ।। इति ।
राहुदर्शनसंक्रान्तिविवाहात्ययवृद्धिषु । स्नानदानादिकं कुर्युर्निशि काम्यव्रतेषु च ।।

इत्यादीनि विष्णुगोभिलादिवचनानि, तानि मकरकर्कसंक्रान्तिविषयाणि । **मुक्त्वा मकरकर्कटौ** इति तयोर्दिवानुष्ठानस्य पर्युदस्तत्वादिति हेमाद्रिमाधवादयः। वस्तुतस्तु प्रागुक्तवचनेन तयोर्दिनद्वयपुण्यत्वादेरेव पर्युदासान्मकरकर्कटयोरपि **स्नानं दानं परेऽहनि** इत्यादिभिरहःपुण्यत्वोक्तेरहःपुण्यत्वानुपपत्त्या कल्प्यरात्रि-निषेधस्य च प्रत्यक्षरात्रिविधिना बाधात्सर्वसंक्रातिषु रात्रावनुष्ठानविकल्पः। स च देशाचाराद् व्यवतिष्ठत इति युक्तः पन्थाः । अयनयोस्तु वक्तव्यो विशेषः श्रावणे माघे च वक्ष्यते । ज्योतिर्निबन्धे गर्गः –

यस्य जन्मर्क्षमासाद्य रविसंक्रमणं भवेत् । तन्मासाभ्यन्तरे तस्य वैरक्लेशधनक्षयाः ।।
तगरसरोरुहपत्रै रजनीसिद्धार्थलोध्रसंयुक्तैः । स्नानं जन्मर्क्षगते रविसंक्रमणे नृणां शुभदम्।।

हेमाद्रौ– **अह्नि चेद्रात्रियुग्मं स्याद्रात्रौ चेद् वासरद्वयम्। संक्रान्तिः पक्षिणी ज्ञेया दानाध्ययनकर्मसु ।**

संक्रान्तिका रात्रिहरूमा स्नान-दानादि निषेध

यसरी पुण्यकालमा सूर्यको संक्रान्तिभोग, कुलिक र अर्धयामलाई वर्जित गरिएकाले कर्कसंक्रान्ति र मकरसंक्रान्तिबाहेक अरू १० संक्रान्तिहरूका रातमा स्नान, दान आदि कार्य गर्न हुँदैन । **वृद्धवसिष्ठ** आदिले दिनलाई पवित्र मानेका छन्। **वृद्धवसिष्ठ** आदिको भनाइ यसप्रकार छ – 'दिनमा संक्रान्ति परेको छ भने पूरा दिन पवित्र हुन्छ । रातमा संक्रान्ति परेको छ भने त्यो रातभन्दा पहिलेको आधा दिनमा स्नान, दान आदि कर्म गर्नुपर्दछ । अर्थात् आधारात भन्दा पहिले संक्रान्ति परेको छ भने मध्याह्न उप्रान्त बाँकी रहेको दिनमा स्नान, दान आदि कर्म सम्पन्न गर्नुपर्दछ । आधारातपछि संक्रान्ति परेमा

अर्को दिन दुईप्रहरसम्म पुण्यकाल रहन्छ। त्यसबेला स्नान, दान आदि पुण्यकर्म गर्नुपर्दछ । आधारातमा संक्रान्ति परेमा दुवै दिन पुण्यकाल मानिन्छन् तर कर्कसंक्रान्ति र मकरसंक्रान्तिमा भने यो नियम लागु हुँदैन ।' **वृद्धवसिष्ठ**का यी वचनबाट दिनको नै पुण्यता स्पष्ट हुन्छ । रातको समयमा स्नान र दान निषेध गरिएको हुँदा दिनमा नै स्नान र दान गर्नुपर्दछ। **वसिष्ठ** भन्दछन् – सूर्यको संक्रान्ति रातको समयमा परेमा नजिकै रहेको पहिलो दिनमा अथवा नजिकै रहेको पछिल्लो दिनमा पुण्यकालमा गर्नुपर्ने स्नान–दान आदि गर्नुपर्दछ । नजिकमा रहेको दिनले नै पुण्यकालमा गरिने कर्मको फल प्रदान गर्दछ । यस वसिष्ठको वचनबाट पनि रात्रिमा स्नान–दान आदि कर्म गर्न नहुने कुरा प्रतीत हुन्छ । फेरि **विष्णु, गोभिल** आदिका भिन्दै किसिमका भनाइ यसप्रकार छन् – 'ग्रहण, विवाह, व्रत, संक्रान्ति, देवप्रतिष्ठा, यज्ञ, जन्मोत्सव, ग्रहण र यात्राहरूमा स्नान र दानका लागि रात्रिको समय मङ्गलदायक हुन्छ । राहुदर्शन, संक्रान्ति, वृद्धि, मृत्यु, विवाह र कामनाव्रतमा रात्रिकालमा नै स्नान, दानादि कर्म गर्नुपर्दछ ।' यी वचनहरू मकर र कर्कसंक्रान्तिका दिनहरूका लागि उल्लेख गरिएको सम्झनु पर्दछ । किनभने ती दुवै संक्रान्तिमा दिनमा कार्य गर्न निषेध छ । **मुक्त्वा मकरकर्कटौ** अर्थात् मकरसंक्रान्ति र कर्कसंक्रान्तिका दिनमा दान आदि कर्म गर्न हुँदैन भन्ने वचनका आधारमा कर्कसंक्रान्ति र मकरसंक्रान्तिमा कर्म गर्न निषेध गरिएकाले उक्त वचन मकर र कर्कसंक्रान्तिका लागि नै उल्लेख गरिएको हो भन्ने **माधव, हेमाद्रि** आदिको मत रहेको छ । यसको तथ्य कुरा यसप्रकार छ कि पूर्वोक्त वचनले कर्कसंक्रान्ति र मकरसंक्रान्तिमा दुवै दिन पुण्यकाल निषेध गरेको देखिन्छ । फेरि कर्क र मकरसंक्रान्तिमा पनि दोस्रो दिन स्नान र दान गर्नुपर्छ भन्ने वचनहरूबाट दिनमा पुण्यकाल हुन्छ भन्ने कुरा बताइएको छ । दिनमा पुण्यकाल नबताइएमा रात्रिमा पुण्यकालको निषेध हुनसक्दैन । जहाँ सोझै रात्रिको समयमा पुण्यकालको विधान गरिएको छ त्यहाँ प्रत्यक्ष रात्रिविधि अर्थात् सोझै रात्रिमा पुण्यकाल हुन्छ भन्ने वचनबाट रात्रिमा पुण्यकाल हुन्न भन्न बाधा पर्ने हुँदा सबै संक्रान्तिहरूमा रात्रिमा पनि स्नान–दान आदि गर्नुपर्ने कुरामा विकल्प मान्नुपर्ने देखिन्छ अर्थात् संक्रान्तिका रातहरूमा दान आदि गर्न हुन्छ अथवा गर्न हुँदैन भन्ने दुवै विधि मान्नुपर्ने हुन्छ। यस्तो स्थितिमा आफ्नो देशमा जस्तो आचार चलेको छ त्यसलाई नै व्यवहारमा ल्याउनु उपयुक्त हुन्छ । आफ्नो देशमा संक्रान्तिको रातमा स्नान आदि पुण्यकर्म गर्ने परम्परा छ भने आफूले पनि संक्रान्तिको रातमा पुण्यकर्म गर्नुपर्दछ। त्यस्तो परम्परा छैन भने आफूले पनि गर्न हुँदैन यही नै सर्वोत्तम मार्ग हो । मकर र कर्कसंक्रान्तिका विषयमा विशेष भन्नुपर्ने कुरा श्रावण र माघको निर्णयमा बताइनेछ ।

गर्गले ज्योतिर्निबन्धमा भनेका छन् – जसको जन्मनक्षत्रमा सूर्यसंक्रान्ति पर्दछ त्यसको एकमहिनाभित्र मानिसहरूसँग वैर हुन्छ र कष्ट आइलाग्छ र धननाश हुन्छ । त्यसले तगर[८], कमलपत्र, हलेदो, सर्स्यूँ र लोधलाई पानीमा पकाएर त्यसले नुहाएमा ती सबै दोष निवृत्त हुन्छन् र मङ्गल प्राप्त हुन्छ । **हेमाद्रि** भन्दछन् – संक्रान्ति रातमा परेमा त्यो रात, त्योभन्दा पूर्ववर्ती दिन र त्यसपछि आउने दिनलाई पक्षिणी[९] जान्नुपर्दछ । संक्रान्ति दिनमा परेमा त्यो दिन, त्यो दिनभन्दा पहिलो रात र त्यो दिनपछि आउने

८. तगर – टेसू नामको पुष्प (फूल), अगस्त्यफूल, रामस्वरूपको हिन्दी संस्कृतकोशअनुसार तगर वक्र, कुटिल, जिह्म आदि संस्कृत शब्द दिएकोले अगस्त्यको फूल बाङ्गो हुनाले तगर भन्नाले अगस्त्य फूल भन्न सकिन्छ । पं. श्री कुलचन्द्रले तगरको नेपाली अर्थ टक्कर लेख्नुभएको छ – परिशिष्टकाण्डमा । महाभारतमा – प्रियङ्गुचन्दनाभ्याञ्च विल्वेन तगरेण च' भनिएको छ । राजनिघण्टुमा यसलाई मदनवृक्ष भनिएको पाइन्छ । हिन्दी शब्दकोश (ज्ञानमण्डल) मा 'एक वृक्ष जो कोंकण, अफगानिस्तान आदि में होता है और जिसकी जड गन्धद्रव्य के रूप में काम देती है । मदनवृक्ष एक औषध' लेखिएको छ ।

९. पक्षिणी शब्दार्थ– रात्रिमा परेमा त्यो रात्रि, त्यसभन्दा पूर्वको दिन, त्यस रात्रिभन्दा परको दिन तथा दिनमा परेमा त्यस दिन र त्यस दिन पूर्वको रात्रि र त्यस दिनपश्चात् (पछि) को रात्रिलाई लिनुपर्छ । 'एकरात्रि दो दिन अथवा दो दिन एक रात्रि इस प्रकार डेढ दिनको पक्षिणी कहते हैं । – वेणीराम गौड – संक्षिप्त आशौच निर्णय, पृ. ९ ।

रातलाई पक्षिणी जान्नुपर्दछ । उक्त पक्षिणीलाई दान, अध्ययन र अध्यापनका निमित्त पुण्यकाल जान्नुपर्दछ ।[१०]

सायंसन्ध्यानिषेधः

यत्तु गौडाः- **संक्रान्त्यां पक्षयोरन्ते द्वादश्यां श्राद्धवासरे । सायं सन्ध्यां न कुर्वीत कुर्वंश्च पितृहा भवेत्।।** इति कर्मोपदेशिन्यां व्यासोक्तेः सायं पुण्यकाले सन्ध्यानिषेधमाहुस्तन्निर्मूलम् । अन्यच्च बहु वक्तव्यं विस्तरभीतेर्नोच्यते। इति संक्रान्तिनिर्णयः।

संक्रान्तिमा सायंकालिक सन्ध्यानिषेध

संक्रान्ति आदिमा निषिद्ध कर्मबारे **गौड**हरूको भनाइ यसप्रकार छ – 'संक्रान्ति, पूर्णिमा, औसी, द्वादशी र श्राद्धको दिन सायँकालमा सन्ध्या गर्न हुँदैन, गरेमा पितृहत्याको पाप लाग्दछ ।' **कर्मोपदेशिनी**मा **व्यास**को वचन उद्धृत गर्दै भनिएको छ – सायँ पुण्यकालमा सन्ध्या गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – 'यस प्रसङ्गबाट गौडमतको निर्मलता देखाउन खोजिएको छ । यस विषयमा भन्नुपर्ने धेरै भएता पनि विस्तार हुने भयले भनिएको छैन ।' यहाँसम्म सङ्क्रान्तिनिर्णय गरियो ।

चान्द्रादिमासनिर्णयः

पक्षयुगजश्चान्द्रो मासः। स द्वेधा । शुक्लादिरमान्तः, कृष्णादिः पूर्णिमान्तश्चेति । तथा च त्रिकाण्डमण्डनः- **चान्द्रोऽपि शुक्लपक्षादिः, कृष्णादिर्वेति च द्विधा** इत्युक्त्वा देशभेदेन तद्व्यवस्थामाह -

कृष्णपक्षादिकं मासं नाङ्गीकुर्वन्ति केचन । येऽपीच्छन्ति न तेषामपीष्टो विन्ध्यस्य दक्षिणे ।। इति ।

विन्ध्यस्य दक्षिणे कृष्णादिनिषेधादुत्तरतो द्वयोरभ्यनुज्ञा गम्यते । तत्रापि शुक्लादिर्मुख्यः, कृष्णादिर्गौणः। शास्त्रेषु चैत्रशुक्लप्रतिपद्येव चान्द्रसंवत्सरारम्भोक्तेः। तदुक्तं दीपिकायाम् – **चान्द्रोऽब्दो मधुशुक्लगप्रतिपदारम्भः** इति । नहि ये कृष्णादिं मन्यन्ते, तेषां वत्सरारम्भो भिद्यते। अतः शुक्लादिर्मुख्यः, कृष्णादिना मलमासासम्भवाच्च। चन्द्रस्य सर्वनक्षत्रभोगेन नाक्षत्रो मासः।

चान्द्रादिमासनिर्णय

कृष्णपक्ष र शुक्लपक्षको योगबाट चान्द्रमास हुन्छ । चान्द्रमासका दुईभेद छन् – शुक्लपक्षको प्रतिपदादेखि औंसीसम्मको योगबाट हुने पहिलो चान्द्रमास र कृष्णपक्षको प्रतिपदादेखि पूर्णिमासम्म हुने दोस्रो चान्द्रमास । **त्रिकाण्डमण्डन**मा यही कुरा भनिएको छ । शुक्लपक्षको आरम्भबाट हुने एउटा र कृष्णपक्षको आरम्भबाट हुने दोस्रो गरी दुईप्रकारको चान्द्रमास हुन्छ। यसरी भेद बताएपछि उनले देशअनुसार व्यवस्था गर्नुपर्ने बताउँदै भनेका छन् – 'केही मानिसहरू कृष्णपक्षबाट आरम्भ हुने चान्द्रमास स्वीकार गर्दैनन्, कसैले स्वीकार गर्छन् तर विन्ध्याचलदेखि दक्षिणका मानिसले भने पटक्कै स्वीकार गर्दैनन् ।' यो भनाइबाट विन्ध्याचलदेखि दक्षिणतर्फ कृष्णपक्षादि चान्द्रमास नमानिएता पनि विन्ध्याचलदेखि उत्तरतर्फ कृष्णपक्षादि चान्द्रमास र शुक्लपक्षादि चान्द्रमास मानिने गरेको कुरा स्पष्ट हुन्छ । यी दुवैमासमा शुक्लपक्षादि चान्द्रमास मुख्य हो भने कृष्णपक्षादि चान्द्रमास गौण हो। किनभने शास्त्रहरूमा चैत्रशुक्लप्रतिपदादेखि चान्द्रवर्षको आरम्भ हुने कुरा बताइएको छ । **दीपिका**मा भनिएको छ –

१०. केही विद्वान्हरू उक्त पक्षिणी संक्रान्तिमा अध्ययन-अध्यापन दुवै कर्म गर्न हुँदैन भन्ने धारणा राख्दछन् ।

चैत्रशुक्लप्रतिपदादेखि आरम्भ हुने वर्ष चान्द्रवर्ष हुन्छ । जसले कृष्णपक्षादि चान्द्रमास मान्दछन्, तिनका मतमा वर्षको आरम्भको भेद हुँदैन । त्यसकारण शुक्लपक्षादि चान्द्रमास मुख्य हो र कृष्णपक्षादि चान्द्रमास गौण हो । जसले कृष्णपक्षादि चान्द्रमास मान्दछन्, तिनका लागि मलमास असम्भव हुनेछ ।[११] चन्द्रमाले सबै नक्षत्रको भोग गरेपछि एउटा नाक्षत्रमास पूरा हुन्छ ।

सावनादिमासव्यवस्था

सावनादीनां व्यवस्थोक्ता हेमाद्रौ ब्रह्मसिद्धान्ते-

अमावास्यापरिच्छिन्नो मासः स्याद् ब्राह्मणस्य तु । संक्रान्तिपौर्णमासीभ्यां तथैव नृपवैश्ययोः ।।

अत्र ब्राह्मणादीनां यत्र कर्मविशेषे वचनान्तरेण वसन्ते ब्राह्मणोऽग्नीनादधीत, इत्यादिवत् मास उक्तः, तत्र दर्शान्तत्वमात्रं नियम्यते, न तु सर्वकर्मसु दर्शान्त एवेति। वृष्ट्याद्यर्थं सौभरे हीषादिनिधननियमवद्विधिलाघवात् । त्रैवर्णिकानां सर्वकर्मसु मासविशेषविधेः सावनादीनां शूद्रानुलोमादिपरत्वापत्तेश्चेति गुरुचरणाः।

ज्योतिर्गर्गः – **सौरो मासो विवाहादौ यज्ञादौ सावनः स्मृतः । आब्दिके पितृकार्ये च चान्द्रो मासः प्रशस्यते ।।**

ऋष्यशृङ्गः – **विवाहव्रतयज्ञेषु सौरं मासं प्रशस्यते । पार्वणे त्वष्टकाश्राद्धे चान्द्रमिष्टं तथाऽब्दिके ।।**

स्मृत्यन्तरे – **एकोद्दिष्टविवाहादौ ऋणादौ सौरसावनौ ।**

ज्योतिर्गर्गः – **आयुर्दायविभागश्च प्रायश्चित्तक्रिया तथा । सावनेनैव कर्तव्या शत्रूणां चाप्युपासना।।**

विष्णुधर्मे – **नक्षत्रसत्राण्ययनानि चेन्दोर्मासेन कुर्याद्भगणात्मकेन** । इति ।

ब्राह्मे – **तिथिकृत्ये च कृष्णादिं व्रते शुक्लादिमेव च । विवाहादौ च सौरादिं मासं कृत्ये विनिर्दिशेत् ।।**

इति संवत्सरमाससंक्रान्तिनिर्णयात्मकं प्रथमं प्रकरणम्

सावन आदि मासव्यवस्था

चान्द्र, सावन आदि मासहरूको व्यवस्थाका सम्बन्धमा **हेमाद्रिको ब्रह्मसिद्धान्त**मा यसरी निरूपण गरिएको छ – 'ब्राह्मणले शुक्लपक्षको प्रतिपदादेखि आरम्भ गरी औंसीसम्म चान्द्रमास स्वीकार गर्नुपर्दछ । क्षत्रिय र वैश्यले पूर्णिमा वा एउटा संक्रान्तिदेखि अर्को संक्रान्तिसम्म जाने चान्द्रमास वा सौरमास स्वीकार गरी कार्य सम्पादन गर्नुपर्दछ । ब्राह्मणहरूद्वारा गरिने कर्मविशेषमा जस्तै – **वसन्तमा ब्राह्मणले अग्निको आधान गरोस्** जस्ता वचनद्वारा मासविशेषको निरूपण गरिन्छ । त्यस ठाउँमा औंसीमा समाप्त हुने चान्द्रमास मान्नुपर्दछ । तर जहाँसुकै औंसीमा समाप्त हुने चान्द्रमास मान्नुपर्दछ भन्ने होइन जस्तो वर्षा आदिका निमित्त मीमांसाको **'हीषादि सौभरफलं नियमाय शिष्टम् (२/२/२८-२९)'** मा सौभरनामक साममन्त्रबाट मात्र स्तुति गर्ने नियम नभई निधननामक सामबाट स्तुति गर्दा पनि वृष्टि आदि फल प्राप्त हुनसक्ने

---

११. विन्ध्यको उत्तरमा सङ्कल्पमा शुक्लपक्षादि उल्लेखको आचार नभएकोले कृष्णपक्षादिको नै उल्लेख गर्नुपर्दछ । – निर्णयसिन्धुको कृष्णम्भट्टीटीका ।

विधिलाघव देखाइएको छ ।[१२] त्यस्तै विधिवाक्यको लघुता अँगालेर द्विजातिका सबै कर्ममा मासविशेषको विधान भएका कारण ब्राह्मण आदिले चान्द्रमास आदि सबै मास स्वीकार गर्नुपर्ने हुन्छ । यदि चान्द्रमास ब्राह्मणका निमित्त हो भन्ने व्यवस्था भएमा सावनादिमास शूद्र एवं अनुलोम जातिका लागि हो भन्ने आपत्ति हुनसक्छ । त्यसकारण आवश्यकताअनुसार सबै मास सबैका लागि हुन् भन्ने बुझ्नुपर्ने हुन्छ भन्ने कुरा मेरा आदरणीय गुरुजनहरूले बताउनुभएको छ । यस तथ्यलाई प्रमाणित गर्ने **ज्योतिर्गर्ग**को वचन यसप्रकार छ – विवाह आदिमा सौरमास, यज्ञ आदिमा सावनमास र पिताको वार्षिकश्राद्धमा चान्द्रमास प्रयोग गर्नुपर्दछ । यस सम्बन्धमा **ऋष्यशृङ्ग ऋषि** भन्दछन् – विवाह, व्रत र यज्ञमा सौरमासलाई नै उत्तम मानिएको छ । आब्दिकश्राद्ध, पार्वणश्राद्ध र अष्टकाश्राद्धमा चान्द्रमास लिनुपर्दछ । अन्य धर्मशास्त्रमा यस्तो भनाइ पाइन्छ– एकोद्दिष्टश्राद्ध, विवाह, ऋण आदिमा सौरमास र सावनमास दुवै ग्राह्य हुन्छन् । यस बारे **ज्योतिर्गर्ग** भन्दछन् – आयुर्दायसम्बन्धी विशेष विधान, प्रायश्चित्त र शत्रुलाई अनुकूल तुल्याउने कार्यमा सावनमासको प्रयोग गर्नुपर्दछ । फेरि यसबारे **विष्णुधर्म**मा भनिएको छ – नक्षत्रयज्ञ र अयनारम्भकृत्य सम्पूर्ण नक्षत्र भोग्ने चान्द्रमासअनुसार सम्पन्न गर्नुपर्दछ । यस विषयमा **ब्रह्मपुराण**को भनाइ यसप्रकार छ – तिथिमा गरिने कार्यमा कृष्णादि चान्द्रमास, व्रत एवं उपासनामा शुक्लादि चान्द्रमास र विवाह आदिमा सौरमास लिनुपर्दछ ।

निर्णयसिन्धु प्रथम परिच्छेदको संवत्सर, मास एवं संक्रान्तिको निर्णयमा आधारित पहिलो प्रकरण पूर्ण भयो ।

१२. जसले वर्षा र अन्न आदिको कामना गर्नुका साथै स्वर्गको पनि कामना गर्दछ त्यसले सौभर नामक साममन्त्रद्वारा स्तुति गर्दछ भनिसकेपछि मीमांसामा 'हीषादि सौभरफलं नियमाय शिष्टम्' सूत्र प्रस्तुत गरिएको छ । (२/२/२८-२९) यसको अर्थ यसप्रकार छ– **हीष् इति** – वर्षाको कामना गर्दै, **निधनम्** – सामको अन्तिम भागद्वारा स्तुति गर्नुपर्दछ भन्ने अर्थ हो । यहाँ सौभरनामक सामबाट स्तुति गर्दा वर्षा आदि फल प्राप्त हुने वचन छँदाछँदै हीषिति अर्थात् वृष्टिकामना गर्दै निधननामक सामको अन्तिम भागद्वारा स्तुति गर्दछ भनिएकाले पुनरुक्ति भएको छ । सौभरसामद्वारा स्तुति गर्दा वृष्टि आदि फल प्राप्त हुने भएपछि फेरि वृष्टिकै लागि निधनसामद्वारा स्तुति किन भन्ने प्रश्न हुन्छ । यसको उत्तरमा उक्त सूत्रको व्याख्या गर्दै भनिएको छ –

सौभरफलं – सौभरस्य फलमिव फलम् यस्य तत्, हीषादि निधनविशेषः, नियमाय – फलविशेषापेक्षया निधनान्तरव्यांवृत्या हीषाद्येकमात्रनिधनप्रयोगं नियमयितुं शिषम् विहितम् । हीषिति वृष्टिकामाय इत्यनेन वाक्येन योजना अर्थात् सौभरसामद्वारा स्तुति गर्दा प्राप्त हुने फल जसमा निहित छन् त्यो हीषादि निधनविशेष सामको अन्तिम भाग हो । विधिलाई छोट्याएर वृष्टिका लागि स्तुति गर्दा सौभर आदि सामबाट स्तवन नगरी हीषादि निधननामक सामबाट स्तवन गरे पनि सौभरसामबाट स्तुति गर्दा प्राप्त हुने फल प्राप्त हुन्छ भन्ने नियम प्रतिपादन गरिएको हो । उक्त नियममा निरूपण गरिएझैं ग्रन्थको वर्तमान प्रसङ्गमा पनि ब्राह्मण आदिले खास महिनामा मात्र कुनै कर्म गर्नुपर्छ भन्ने कुरा निराकरण गरी जुनसुकै मासमा पनि गर्न सक्छ भन्ने नियम बुझ्नुपर्दछ ।

मलमासनिर्णयात्मकं द्वितीयं प्रकरणम्

मलमासः

तत्रैकमात्रसंक्रान्तिरहितः सितादिश्चान्द्रो मासो मलमासः। एकमात्रसंक्रान्तिराहित्यमसंक्रान्तत्वेन संक्रान्तिद्वयवत्त्वेन च भवतीति। मलमासो द्वेधा। अधिमासः, क्षयमासश्चेति। तदुक्तं काठकगृह्ये–

यस्मिन्मासे न संक्रान्तिः संक्रान्तिद्वयमेव वा। मलमासः स विज्ञेयो मासः स्यात्तु त्रयोदशः।। इति।

सत्यव्रतोऽपि– **राशिद्वयं यत्र मासे संक्रमेत दिवाकरः। नाधिमासो भवेदेष मलमासस्तु केवलम् ।।**

अधिकमासस्य कालनियममाह वसिष्ठः –

द्वात्रिंशद्भिर्मितैर्मासैर्दिनैः षोडशभिस्तथा। घटिकानां चतुष्केण पतत्यधिकमासकः।।

एतच्च सावनादिमानेन सम्भवार्थम्, नतु नियमार्थम् । अन्यथा षोडशदिनाधिकद्वात्रिंशन्भासानन्तरं कृष्णपक्षनियमेन शुक्लादित्वभङ्गापत्तेः तेन न्यूनाधिककाले मलमासपातेऽपि न दोषः। अत एवोक्तं माधवीये– **मासे त्रिंशत्तमे भवेत्** इति।

मलमासविचार

अब मलमाससम्बन्धी निर्णय गरिन्छ । जुन मासमा एउटामात्र संक्रान्ति हुँदैन त्यस्तो शुक्लादि चान्द्रमासलाई मलमास भनिन्छ । एउटामात्र संक्रान्तिले रहित भन्नुको तात्पर्य के हो भने जसमा कि त संक्रान्ति नै हुँदैन कि त दुईसंक्रान्ति हुन्छन् त्यस्तो मासलाई मलमास भनिन्छ र त्यो दुईप्रकारको हुन्छ – अधिकमास र क्षयमास । यही कुरा **काठकगृह्यमा** यसरी भनिएको छ – जुन महिनामा संक्रान्ति नै हुँदैन त्यो मलमास हो र जुन महिनामा दुईसंक्रान्ति हुन्छन् त्यो पनि मलमास हो । क्षयमासका सम्बन्धमा **सत्यव्रत** भन्दछन् – जुन महिनामा सूर्यले दुईसंक्रान्ति भोग्दछन् त्यसलाई अधिकमास होइन अपितु क्षयमास भन्नुपर्दछ । अधिकमास कति समयमा पर्न आउँछ भन्ने विषयमा **वसिष्ठ**को भनाइ यसप्रकार छ – 'एउटा अधिकमासपछि ३२ महिना १६ दिन र ४ घडीको समयमा फेरि अर्को अधिकमास पर्न आउँछ ।' ग्रन्थकार यस विषयमा आफ्नो मत प्रस्तुत गर्दै भन्दछन् – यो कुरा सावनमास आदिका मानले विचार गरी सम्भावनामात्र गरिएको हो, नियम होइन । ३२ महिना १६ दिनपछि अधिकमास पर्छ भन्ने नियम गर्ने हो भने त्यतिबेला कृष्णपक्ष पर्दछ, मलमासलाई शुक्लादि मानिएको छ । त्यो नियम मान्ने हो भने शुक्लादि मलमास हुन्छ भन्ने नियम भङ्ग हुनेछ । तसर्थ ३२ महिना १६ दिन र ४ घडीपछि मलमास पर्छ भन्नुभन्दा ३२ महिना १६ दिनभन्दा केही अघि र केही पछि मलमास पर्छ भन्दा कुनै दोष हुने छैन । यसैले **माधवीय** ग्रन्थमा 'एउटा अधिकमासको ३० महिनापछि अर्को अधिकमास पर्न आउँछ' भनिएको छ ।

क्षयमासनिरूपणम्

क्षयस्यापि ज्योतिःशास्त्रे–

असंक्रान्तिमासोऽधिमासः स्फुटं स्याद् द्विसंक्रान्तिमासः क्षयाख्यः कदाचित् ।
क्षयः कार्तिकादित्रये, नान्यतः स्यात् तदा वर्षमध्येऽधिमासद्वयञ्च ।।

एकः क्षयात्पूर्वं परतश्चैकः, इत्यधिमासद्वयं भवतीत्यर्थः।

क्षयमासनिरूपण

ज्योतिःशास्त्रमा क्षयमासको पनि विचार गरिएको पाइन्छ – जुन महिनामा संक्रान्ति हुँदैन त्यो अधिकमास हो र जुन महिनामा दुईसंक्रान्ति हुन्छन् र त्यो क्षयमास हो । क्षयमास कार्तिक, मार्गशीर्ष र पौषमा पर्छ, अरू मासमा पर्दैन । जुन वर्ष क्षयमास पर्छ, त्यसमा क्षयमासभन्दा पहिले एउटा अधिकमास पर्छ भने क्षयमासभन्दा पछि अर्को अधिकमास पर्दछ ।

मलमासनिर्णयः

अत्र विशेषमाह जाबालिः – **मासद्वयेऽब्दमध्ये तु संक्रान्तिर्न यदा भवेत् । प्राकृतस्तत्र पूर्वः स्यादधिमासस्तथोत्तरः ।।** इति । उत्तरे एव कालाधिक्यम्, न पूर्वस्मिन्नित्यर्थः। यत्तु ब्रह्मसिद्धान्ते – **चैत्रादर्वाङ्नाधिमासः परतस्त्वधिको भवेत्** । इति । तत्र चैत्रात्पूर्वमसंक्रान्तिद्वये पूर्वो नाधिकः, किं तु पर इत्यर्थः। यच्च ज्योतिःसिद्धान्ते –

धटकन्यागते सूर्ये वृश्चिके वाऽथ धन्विनि। मकरे वाऽथ कुम्भे वा नाधिमासो विधीयते ।। इति । तद् वृश्चिकादिचतुष्टये मलमासे सति पूर्वं तुलाकन्यागते सूर्ये क्षयात्पूर्वभाव्यधिमासस्य कालाधिक्यमात्रनिषेधार्थं नत्वधिकमासस्य।

दशानां फाल्गुनादीनां प्रायो माघस्य च क्वचित् । नपुंसकत्वं भवतीत्येष शास्त्रविनिश्चयः ।। इति हेमाद्रौ विष्णुधर्मविरोधात्। मलमासेऽष्टकादिनिषेधानुपपत्तेश्च । **मकरे वाथ कुम्भे वा** इति दृष्टान्तार्थम्। प्राप्त्यभावात्।

मलमासनिर्णय

यस विषयमा विशेष तथ्य प्रकाशित गर्दै **जाबालि** भन्दछन् – एउटा वर्षमध्ये जुन महिनामा दुईसंक्रान्ति हुँदैनन् त्यसलाई क्षयमास भनिन्छ र जुन महिनामा दुईसंक्रान्ति पर्न आउँछन् त्यसलाई अधिकमास भनिन्छ । अधिकमासमा अधिक समय हुन्छ, क्षयमासमा अधिक समय हुँदैन । **ब्रह्मसिद्धान्त**मा भनिएको छ कि – चैत्रमहिनाभन्दा पहिले अधिकमास हुँदैन पछाडि हुन्छ । फेरि **ज्योतिषसिद्धान्त**मा भनिएको छ– तुला, कन्या, वृश्चिक, धनु, मकर र कुम्भराशिमा सूर्य जाँदा अधिकमास हुँदैन । ग्रन्थकार भन्दछन् – माथिका ब्रह्मसिद्धान्तका वचन र ज्योतिषसिद्धान्तका वचनमध्ये पहिलोबाट वृश्चिक आदि चारमहिना अर्थात् मार्गशीर्ष, पौष, माघ र फाल्गुनमहिनामा मलमास हुन्छ भन्ने कुरा सम्झिनुपर्दछ । यसैगरी दोस्रो वचनले तुला र कन्याका सूर्यमा क्षयमासभन्दा अगाडि पर्ने अधिकमासका कालको निषेध गर्दछ तर अधिकमासको निषेध गर्दैन । फेरि हेमाद्रिमा उद्धृत विष्णुधर्मको वचनमा भनिएको छ– फाल्गुनदेखि कार्तिकसम्मका दशमास र माघसमेत जोड्दा एघारमास नपुंसक अर्थात् संक्रान्तिहीन हुन्छन् । यो वचनसँग माथिका वचनको विरोध देखिन आउने छ र फेरि यसबाट मलमासमा अष्टकाश्राद्धको पनि सङ्गति हुने छैन । तसर्थ माथि भनिएका मकर र कुम्भका सूर्यमा अधिकमास हुँदैन भन्ने वचन केवल दृष्टान्तका लागि हुन् निषेधका लागि होइनन् किनकि ती दुईमासमा अधिकमासको प्राप्ति नै हुन सक्दैन ।

क्षयस्यागमनकालः

क्षयस्यागमनकाल उक्तः सिद्धान्तशिरोमणौ–

गतोऽब्ध्यद्रिनन्दैर्गते शाककाले तिथीशैर्भविष्यत्यथाङ्गाक्षसूर्यैः।
गजाद्र्यग्निभूमिस्तथा प्रायशोऽयं कुवेदेन्दुवर्षैः क्वचिद् गोकुभिश्च ।। इति ।

अब्धयः-चत्वारः, अद्रयः-सप्त, नन्दाः-नव, एषां प्रातिलोम्येन पाते ९७४ । एतैर्मिते वर्षे कश्चित् क्षयमासः पूर्वं जात इत्यर्थः। तिथयः-पञ्चदश, ईशाः-एकादश, १११५ एतैर्मिते याते कश्चिद्भविष्यतीत्यर्थः। अङ्गम् ६, अक्षम् ५, सूर्याः १२, एकत्र १२५६, गजाः ८, अद्रयः ७, अग्नयः ३, भूः १, एकत्र १३७८, कुः १, वेदाः ४, इन्दुः १, एकत्र १४१, गावः ९, कुः १, एकत्र १९, एतैर्मिते वर्षे याते कश्चिद्भविष्यतीत्यर्थः ।

क्षयमासको आगमनकाल

सिद्धान्तशिरोमणिमा क्षयमासको समय निरूपण गर्दै भनिएको छ – अब्धि भनेको चार, अद्रि भनेको सात, नन्द भनेको नौ हो । **अङ्कानां वामतो गतिः** भन्ने नियम अनुसार पछाडिबाट योजन गर्दा ९७४ हुन आउँछ । ९७४ शक संवत्सरमा कुनै क्षयमास गइसक्यो । त्यसपछि तिथि १५ र ईश ११ अर्थात् १११५ शाकेमा कुनै क्षयमास हुनेछ । यसैगरी अङ्ग ६, अक्ष ५, सूर्य १२ अर्थात् १२५६ शाकेमा अर्को क्षयमास हुनेछ । गज ८, अद्रि ७, अग्नि ३ र भू १ गरी संयोजन गर्दा १३७८ शाकेमा अर्को क्षयमास हुनेछ । यसैगरी कु १, वेद ४, इन्द्र १ अर्थात् अघिल्लो क्षयमासको १४१ वर्षपछि अर्थात् १५१९ शाकेमा अर्को क्षयमास हुनेछ । त्यसपछि गो ९ र कु १ अर्थात् त्यसको १९ वर्षपछि १५३८ शाकेमा अर्को क्षयमास हुनेछ ।[१३]

मलमासे कार्याकार्यनिरूपणम्

अथ मलमासे कार्याकार्यं निरूप्यते । तत्र जाबालिः –

नित्यनैमित्तिके कुर्याच्छ्राद्धं कुर्यान्मलिम्लुचे । तिथिनक्षत्रवारोक्तं काम्यं नैव कदाचन ।।

---

१३. **मलमासको प्रसङ्गमा धर्मसिन्धुको भनाइ**

मलमास दुई प्रकारको हुन्छ – अधिकमास र क्षयमास । संक्रान्ति नहुने मासलाई अधिकमास भनिन्छ र दुई संक्रान्ति हुने मासलाई क्षयमास भनिन्छ । पहिलो अधिकमासपछि दोस्रो अधिकमास ३० महिना, ८ महिना एवं ९ महिनामा पनि पर्न सक्छ । पहिलो क्षयमासपछि दोस्रो क्षयमास १४१ अथवा १९ वर्षपछि पनि पर्न सक्छ । क्षयमास अधिकमासझैं छिटो-छिटो गरी पर्दैन । क्षयमास कार्तिक, मार्गशीर्ष र पौषमध्ये कुनै एकमा पर्न सक्छ, अरू महिनामा पर्दैन । जुन वर्ष क्षयमास परेको हुन्छ त्यो वर्ष दुई अधिकमास परेका हुन्छन् । एउटा अधिकमास क्षयमासभन्दा पहिले पर्दछ भने अर्को अधिकमास क्षयमासभन्दा पछि पर्दछ । जस्तै- कुनै चैत्रको अमावास्यामा मेषसंक्रान्ति हुन्छ त्यसपछि शुक्लपक्षको प्रतिपदालगायत अर्को औंसीसम्म संक्रान्ति पर्दैन र त्यसपछिको शुक्लप्रतिपदामा वृषसंक्रान्ति पर्न आउँछ भने त्यो संक्रान्तिरहित वैशाख अधिकमास कहलाउँछ । वृषसंक्रान्तिले युक्त भएको मास शुद्ध वैशाखमास कहलाउँछ ।

क्षयमासको उदाहरण

जस्तै भाद्रपदको अमावास्यामा कन्यासंक्रान्ति भएमा आश्विनलाई अधिकमास भनिन्छ । शुद्ध आश्विनको प्रतिपदामा तुलासंक्रान्ति र कार्तिकशुक्ल प्रतिपदामा वृश्चिकसंक्रान्ति भएपछि मार्गशीर्षशुक्ल पक्षको प्रतिपदा र त्यसै मार्गशीर्षको अमावास्यामा मकरसंक्रान्ति परेमा धनुसंक्रान्ति र मकरसंक्रान्तिले युक्त भएको महिनालाई क्षयमास भनिन्छ । यो क्षयमास मार्गशीर्ष र पौष दुई महिनाबाट बनेको एक महिना मानिन्छ । त्यस महिनाको प्रतिपदा तिथिहरूको पूर्वार्ध मार्गशीर्ष कहलाउँछ भने उत्तरार्ध पौष कहलाउँछ । यसको पूर्वार्धमा मरेका मानिसहरूको श्राद्ध मार्गशीर्षमा हुन्छ भने उत्तरार्धमा मरेका मानिसहरूको श्राद्ध पौषमा गरिन्छ । त्यसपछि माघ अमावास्यामा कुम्भसंक्रान्ति भएमा त्यो मासपछि फाल्गुन अधिकमास हुन्छ । शुद्धफाल्गुनको शुक्लपक्षको प्रतिपदामा मीनसंक्रान्ति पर्दछ । यसरी पहिले र पछि अधिकमास पर्ने क्षयमास भएको वर्षमा १३ महिना हुन्छन् र लगभग ३९० दिन हुन्छन् । क्षयमासभन्दा पहिले पर्ने अधिकमासलाई संसर्प भनिन्छ । यो सबै कर्मका लागि योग्य मानिन्छ । क्षयमासपछि हुने अधिकमासलाई अहंस्पति भनिन्छ । यो मास सबै शुभकर्मका लागि वर्जित मानिएको छ । यसैगरी प्रायः तीन वर्षपछि पर्ने अधिकमासमा पनि सबै शुभकर्म वर्जित हुन्छन् ।

– काशीनाथ उपाध्याय, धर्मसिन्धु, टीकाकार- राजवैद्य, रविदत्त शास्त्री, चौखम्बा संस्कृत प्रतिष्ठान, प्रथम परिच्छेद, पृ. ६-७ ।

अयञ्च काम्यनिषेध आरम्भसमाप्तिविषयः।

असूर्या नाम ये मासा न तेषु मम संमतः । व्रतानां चैव यज्ञानामारम्भश्च समापनम् ।।

इति तेनैवोक्तत्वात् । असूर्या अधिकमासा इत्यर्थः। तत्र **मण्डलं तपते रवेः** इति वचनात् कारीर्यादेः काम्यस्य त्वारम्भसमाप्तौ भवत एवेत्यादिरन्यत्र विस्तरः। काठकगृह्येऽपि- **मलेऽनन्यगतिं कुर्यान्नित्यां नैमित्तिकीं क्रियाम्** इति । तानि नैमित्तिकानि दीपिकायामुक्तानि -

यन्नैमित्तिकमग्निनष्ट्यनुगताग्न्याधानमर्चासु वा

संस्कारादिविलोपने सति पुनः प्रोक्तं प्रतिष्ठादिकम् । इति । गत्यन्तरयुतं तु सोमादि हेयमेव ।

मलमासमा कार्याकार्यविवेक

यसपछि मलमासमा गर्नुपर्ने र गर्न नहुने विषयमा विचार गरिँदैछ । जाबालिले आफ्नो विचार प्रस्तुत गर्दै भनेका छन् – 'अधिकमासमा नैमित्तिकश्राद्ध र नित्यकर्म गर्नुपर्दछ । तिथि, नक्षत्रको आधारमा जुराएर गरिने काम्य कर्म भने अधिकमासमा गर्न हुँदैन ।' जाबालिद्वारा गरिएको यो काम्य कर्मको मलमासभन्दा पहिले र मलमासमा समेत आरम्भ गरिने काम्यकर्म र मलमासपछि समाप्त गरिने र मलमासभित्रै समाप्त गरिने काम्य कर्मको निषेध हो । किनकि उनी आफैले यस कुरालाई स्पष्ट गर्दै भनेका छन्– 'असूर्यमास अर्थात् मलमासमा व्रत र यज्ञको आरम्भ र समापन पनि गर्न हुँदैन भन्ने मेरो दृढ विचार छ ।' माथिल्लो श्लोकमा **असूर्या नाम ये मासाः** भनिएकोमा असूर्यमास भनेको अधिकमास हो । मलमासमा सूर्यमण्डल तातेको हुन्छ भन्ने वचन पाइन्छ । मलमासमा कारीरी अर्थात् वर्षाका लागि गरिने यज्ञ आदि काम्यकर्मको भने आरम्भ र समाप्ति गरिन्छ । यस विषयमा अन्य ग्रन्थहरूमा विस्तारपूर्वक विवेचन गरिएको छ । काठकगृह्यमा भनिएको छ – मलमासमा ती नित्य र नैमित्तिक कर्महरू गर्नुपर्दछ जुन कर्म फेरि हुनसक्दैनन् । दीपिकामा भनिएको छ – यज्ञका अग्निको नाश भएमा अग्निको स्थापना, प्रथम संस्कार नाश भएमा दोस्रो पटक संस्कार, प्रतिष्ठा आदि नैमित्तिक कर्म मलमासमा पनि गर्नुपर्दछ किनकि यी कर्म तत्काल गर्नुपर्ने विषय हुन् र यिनको कालक्षेप गर्नुहुँदैन । तर फेरि गर्न सकिने सोमयज्ञ आदि भने मलमासमा गर्न हुँदैन ।

मलमासे कर्तव्यानि

कालादर्शे- **द्वादशाहसपिण्डान्तं कर्म ग्रहणजन्मनोः । सीमन्ते पुंसवे श्राद्धं द्वावेतौ, जातकर्म च।।**
रोगे शान्तिरलभ्ये च योगे श्राद्धं व्रतानि च । प्रायश्चित्तं निमित्तस्य वशात्पूर्वे परत्र च ।।
अब्दोदकुम्भमन्वादिमहालययुगादिषु । श्राद्धं दर्शेऽप्यहरहः श्राद्धमूनादिमासिकम् ।।
मलिम्लुचान्यमासेषु मृतानां श्राद्धमाब्दिकम् । श्राद्धं तु पूर्वदृष्टेषु तीर्थेष्वेवं युगादिषु ।।
मन्त्रादिषु च यद्दानं दानं दैनन्दिनं च यत् । तिलगोभूहिरण्यानां सन्ध्योपासनयोः क्रिया।।
पर्वहोमश्चाग्रयणं साग्नेरिष्टिश्च पर्वणि । नित्याग्निहोत्रहोमश्च देवताऽतिथिपूजनम् ।।
स्नानं च स्नानविधिनाप्यभक्ष्यापेयवर्जनम् । तर्पणं च निमित्तस्य नित्यत्वादुभयत्र च ।।

इति । एतौ पुंसवनसीमन्तौ । एतच्च गर्भाधानाद्यन्नप्राशनान्तसंस्कारोपलक्षणम् । तदुक्तं दीपिकायाम्–

गर्भाधानमुखं च चौलविधितः प्राग्जातयागं विना, कृच्छ्रेष्वाग्रयणं गजेन्द्रपुरतश्छाया मघानङ्गयोः।

तीर्थेन्दुक्षययोश्च पित्र्यमधिके मास्येवमाद्याचरेत् । इति । अलभ्ये योगेऽर्धोदयपद्मकादौ काम्यान्यपि व्रतादीनि कार्याणीत्यर्थः। पूर्वे परत्र-मले शुद्धे चेत्यर्थः। महालयशब्देन मघात्रयोदश्युच्यत इति माधवः। दर्शश्राद्धं मलेऽपि कार्यम्।

मलमासमा गर्नुपर्ने कर्तव्य

मलमासमा गर्नुपर्ने कतिपय विषयका सम्बन्धमा कालादर्शमा यसरी निरूपण गरिएको छ – 'मानिसको मृत्यु हुँदा गरिने द्वादशाह, सपिण्डीकरणसम्मका कर्म, गर्भाधान, पुंसवन, जातकर्म, रोगनिवारणका निमित्त गरिने स्वस्तिशान्ति, दुर्बल वा अलभ्य विद्वान्‌को योगमा गरिने श्राद्ध, प्रायश्चित्त कर्म र व्रत आदि कर्म पहिलो मासमा अथवा त्यसपछिको शुद्धमासमा गर्नुपर्दछ । यसैगरी तिथिक्षयमा गरिने घटादिदान, महालयश्राद्ध, मन्वादिश्राद्ध, अमावास्याश्राद्ध, नित्यश्राद्ध, ऊनमासिकादिश्राद्ध मलमासमा पनि गर्नुपर्दछ । पितृहरूको वार्षिकश्राद्ध भने मलमासपछिको शुद्धमासको तिथिमा गर्नुपर्दछ । पहिले बताएका पुण्यतीर्थमा गई गृहस्थले युगादिश्राद्ध गर्नुपर्दछ। मन्वादितिथिमा गरिने दान, तिलदान, यवदान, भूमिदान, गोदान, सुवर्णदान, नित्य गरिने अन्नदान, सन्ध्या, पूजन, अमावास्यामा गरिने होमादि कर्म, मार्गशीर्षको पूर्णिमामा गरिने यज्ञ, अग्निहोत्रीहरूले अमावास्या आदि पर्वमा गर्ने यज्ञ, नित्य अग्निहोत्रहोम, देवता र अतिथिको पूजा, विधिपूर्वक गरिने स्नान आदि कर्म र अभक्ष्य एवं अपेयपदार्थहरूको वर्जना पनि मलमासमा गर्नुपर्दछ । इहलोक र परलोकको साधक तर्पण भने मलमासमा छोड्नु हुँदैन ।' माथि बताइएका पुंसवन र सीमन्तशब्दबाट गर्भाधान र अन्नप्राशनपर्यन्तका सबै कर्म सम्झिनुपर्दछ ।

दीपिकामा पनि यसै विषयलाई लिएर भनिएको छ – गर्भाधानादि संस्कार, चूडाकर्मदेखि पहिलेको जातकर्मसंस्कार, कृच्छ्रमा गरिने आग्रयण अर्थात् मार्गशीर्ष पूर्णिमाको यज्ञ, गजच्छायायज्ञ, मघा, त्रयोदशी, तीर्थ र अमावास्यामा गरिने पितृश्राद्ध अधिकमासमा पनि गर्नुपर्दछ । अर्धोदय, पद्मक आदि दुर्लभयोग पर्न आएमा काम्यव्रत मलमासभन्दा पहिले अथवा अर्को शुद्धमासमा गर्नुपर्दछ । महालयश्राद्ध भन्नाले मघा र त्रयोदशीमा गरिने श्राद्ध भन्ने बुझ्नुपर्दछ । अमावास्याश्राद्ध मलमासमा पनि गर्नुपर्दछ ।

यत्तु ऋष्यशृङ्गः – संवत्सरातिरेकेण मासो यः स्यान्मलिम्लुचः।
तस्मिंस्त्रयोदशे श्राद्धं न कुर्यादिन्दुसंक्षये।।

इति, तत् काम्यदर्शश्राद्धविषयम् । काम्यं नैव कदाचन इति वचनात् । दर्शे च काम्यं श्राद्धं कन्यां कन्यावेदिनश्च इत्यादिना याज्ञवल्क्येनोक्तम्, नित्यं तु मलेऽपि भवत्येव ।

ऋष्यशृङ्ग भन्दछन् – एकवर्षपछाडि मलमास पर्‍यो भने तेह्रौं महिनामा औंसीका दिन श्राद्ध गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – यो भनाइ काम्यश्राद्ध निषेध गर्ने उद्देश्यले आएको हो । मलमासमा काम्यश्राद्ध गर्न हुँदैन भन्ने वचन छ। औंसीका दिन गरिने काम्यश्राद्ध याज्ञवल्क्यले बताएको सूर्य कन्यामा जाँदा गरिने श्राद्ध र नित्यश्राद्ध त मलमासमा पनि गर्नुपर्दछ ।

दर्शेऽप्यहरहः श्राद्धम्, दानं च प्रतिवासरम्। गोभूतिलहिरण्यानां मासेऽपि स्यान्मलिम्लुचे ।।
इति मात्स्योक्तेरिति हेमाद्र्यादयः।

दिवोदासीयेऽपि- अनिन्दुरिन्दुपूर्णा च हरिवारो बुधाष्टमी ।
नाधिमासे परित्याज्याः सीमन्तान्नाशने शिशोः।। इति।

द्विविधमप्यमाश्राद्धं न कार्यम् इत्यपरार्कः। तत्र यद्विहितं कर्म उत्तरे मासि कारयेत् इत्युक्तेः। षष्ट्या तु

दिवसैर्मासः इति शुद्धमासकरणेऽपि शास्त्रार्थोपपत्तेर्दर्शश्राद्धं मले न कार्यमिति प्राचीनगौडाः शूलपाणिश्च। अनिन्दुः– दर्शः।

हेमाद्रिले औंसीश्राद्ध, नित्यश्राद्ध, गोदान; तिलदान, भूमिदान र सुवर्णदान मलमासमा पनि गर्नुपर्दछ भनेका छन्। **मत्स्यपुराण**को वचन उद्धृत गर्दै **हेमाद्रि**ले यसरी प्रतिदिन श्राद्ध गर्नुपर्दछ भनेका छन् र **दिवोदासीय** ग्रन्थमा पनि औंसी, पूर्णिमा, द्वादशी, बुधाष्टमी, सीमन्त र अन्नप्राशनका कार्य मलमासमा पनि गर्नुपर्दछ भन्नुले उक्त सबै कार्य मलमासमा गर्नुपर्ने देखिन्छ।

दिवोदासीय पद्यमा भनिएको छ – 'अमावास्या, पूर्णिमा, द्वादशी र बुधाष्टमी यी तिथि एवं सीमन्त र अन्नप्राशनसंस्कार मलमासमा त्याज्य हुँदैनन् ।' उक्त पद्यमा रहेको **अनिन्दुः**शब्दको अर्थ अमावास्या हो । **अपरार्क** भन्दछन् – औंसीमा गरिने दुईप्रकारका श्राद्ध – उत्तम पात्रको प्राप्तिमा गरिने – पात्रिक र उत्तम पात्रको अप्राप्तिमा गरिने – अपात्रिक मलमासमा गर्न हुँदैन। मलमासको औंसीका दिन जुन कर्मको विधान गरिएको छ त्यो मलमासभन्दा अघिल्लो महिनामा गर्नुपर्दछ । मलमासमा ६० दिनको महिना हुन्छ भन्ने शास्त्रहरूबाट अवगत हुनाले औंसीश्राद्ध मलमासमा गर्न हुँदैन भन्ने प्राचीन **गौड**हरूको भनाइ छ।

शूलपाणिःसंवत्सरप्रदीपेऽपि–

एकराशिस्थिते सूर्ये यदा दर्शद्वयं भवेत् । दर्शश्राद्धं तदाऽऽदौ स्यात् न परत्र मलिम्लुचे ।।

अत्रापि (नित्यकाम्यभेदेन) प्राग्वद् व्यवस्था ।

शूलपाणिले **संस्कारप्रदीप** नामक ग्रन्थमा यस विषयलाई यसरी बताएका छन् – श्रीसूर्य एउटै राशिमा बस्दा दुईऔंसी परे भने औंसीमा गरिने श्राद्ध पहिलो औंसीमा गर्नुपर्दछ । यसमा पनि नित्य र काम्य कर्म फरक भएका कारण पहिलेजस्तै काम्यकर्म नगर्ने र नित्यकर्म गर्ने नियम छ ।

मलमासे आब्दिकश्राद्धनिर्णयः

यद्यपि कालादर्शे– **सर्वं वार्षिकं मासद्वये कार्यम्** इत्युक्तम्, तथापि हेमाद्रिमाधवापरार्कादिमतात् प्रथमाब्दिकं त्रयोदशे मलमासे, द्वितीयाद्याब्दिकं तु शुद्धमासे एव कार्यम् ।

मलमासमा आब्दिकश्राद्धनिर्णय

यद्यपि **कालादर्श** ग्रन्थमा सबै नित्य र काम्य वार्षिकश्राद्ध दुवै महिनामा गर्नुपर्दछ भनिएको छ । यसो भनिएतापनि **हेमाद्रि**, **माधव** र **अपरार्क**को सिद्धान्तअनुसार प्रथम वार्षिकश्राद्ध तेह्रौं महिनामा अर्थात् मलमासमा गर्नुपर्दछ र द्वितीय आदि वार्षिकश्राद्ध शुद्धमहिनामा गर्नुपर्दछ ।

असंक्रान्तेऽपि कर्त्तव्यमाब्दिकं प्रथमं द्विजैः। तथैव मासिकं श्राद्धं सपिण्डीकरणं तथा।।

इति हारीतोक्तेः ।

आब्दिकं प्रथमं यत्स्यात्तत्कुर्वीत मलिम्लुचे । चतुर्दशे तु सम्प्राप्ते कुर्वीत पुनराब्दिकम्।।

इति स्मृत्यन्तरोक्तेश्च । पुनराब्दिकं द्वितीयादिवार्षिकम्। त्रयोदशे मासेऽतीते चतुर्दशाद्यदिने कुर्यादित्यर्थः।

यस सम्बन्धमा हारीतको भनाइ यसप्रकार छ – प्रथम वार्षिकश्राद्ध, सपिण्डीकरण र मासिकश्राद्ध संक्रान्ति नहुने महिनामा अर्थात् मलमासमा पनि गर्नुपर्दछ । अरू धर्मशास्त्रमा पनि यसै तथ्यको पुष्टि गर्दै भनिएको छ – 'पहिलो वार्षिकश्राद्ध मलमासमा नै गर्नुपर्दछ । अरू वर्षमा गरिने एकोदिष्ट त चौधौं महिनामा गर्नुपर्दछ अर्थात् दोस्रो वर्षदेखि

गरिने आब्दिकश्राद्ध मलमासको अवस्थामा तेह्रौं महिनापछि चौधौं महिनाको पहिलो दिनमा गर्नुपर्दछ ।' भनाइको तात्पर्य दोस्रो, तेस्रो आदि एकोद्दिष्टश्राद्ध मलमासमा गर्न हुँदैन ।

यत्तु सत्यव्रतः- **वर्षे वर्षे तु यच्छ्राद्धं मातापित्रोर्मृतेऽहनि। मलमासे न तत्कार्यं व्याघ्रस्य वचनं तथा।।** इति, तद् द्वितीयादिवार्षिकादिविषयम् । **आब्दिकं प्रथमं यत्स्यात्तत्कुर्वीत मलिम्लुचे** । इति पूर्वोक्तवचनात्। तेन यत्र द्वादशं मासिकं शुद्धमासे भवति, तत्र त्रयोदशेऽधिके एवाऽऽद्याब्दिकं कार्यम्। यत्र त्वधिकमध्ये द्वादशं मासिकं तत्र तस्य द्विरावृत्तिं कृत्वा चतुर्दशे शुद्ध एव प्रथमाब्दिकमिति निष्कर्षः। तेन द्वितीयादि शुद्धमासे एव । पृथ्वीचन्द्रोदये दिवोदासीये मदनपारिजाते चैवम्। मलमासमृतानां तु यदा स एवाधिकः स्यात्तदा तत्रैव प्रतिसांवत्सरिकं कार्यम्। यथाऽऽह पैठीनसिः-

मलमासे मृतानां तु श्राद्धं यत्प्रतिवत्सरम्। मलमासेऽपि कर्तव्यं नान्येषां तु कथञ्चन ।। इति।

सत्यव्रत भन्दछन्- प्रतिवर्ष आमा-बाबुको मृत्युतिथिमा गरिने वार्षिकश्राद्ध मलमासमा गर्न हुँदैन भन्ने कुरा **व्याघ्रऋषिले** बताएका छन् । यो भनाइ दोस्रो, तेस्रो आदि वार्षिकश्राद्धका निमित्त हो । किनकि माथि बताइएका वचनहरूबाट पहिलो वार्षिकश्राद्धको समयमा मलमास पर्‍यो भने त्यसै मलमासमा गर्नु भनेको तथ्य स्पष्ट छ । जुन मानिसको बाह्रौं मासिक शुद्धमासमा नै आउँछ त्यस अवस्थामा तेह्रौं अधिकमासमा प्रथम वार्षिकश्राद्ध गर्नु उचित हुन्छ । यसको तात्पर्य यसरी बुझ्नुपर्दछ कि जसको बाह्रौं मासिक अधिकमासका बीचमा पर्न आउँछ, त्यस अवस्थामा त्यस मासिकको द्विरावृत्ति गरेर अर्थात् त्यसलाई दोहोर्‍याएर शुद्ध चौधौं महिनामा नै प्रथम वार्षिकश्राद्ध गर्नुपर्दछ । यही निष्कर्ष हो ।[१४] यसबाट द्वितीय आदि वार्षिकश्राद्ध पनि शुद्धमहिनामा नै गर्नुपर्छ भन्ने कुरा बुझ्नुपर्दछ । यो कुरा **पृथ्वीचन्द्रोय, दिवोदासीय, मदनपारिजातमा** पनि उल्लेख गरिएको छ । कुनै मानिस मलमासमा मरेको छ र त्यसको वार्षिक एकोद्दिष्टश्राद्धमा पनि मलमास नै आइपुग्यो भने मलमासमा नै श्राद्ध गर्नुपर्दछ । यो कुरा **पैठीनसिले** यसरी भनेका छन् - मलमासमा मृत्यु हुनेहरूको तिथि मलमासभित्र नै पर्न आयो भने तिनीहरूको त्यसै तिथिमा श्राद्ध गर्नुपर्दछ । तर अरूको भने मलमासमा श्राद्ध गर्न हुँदैन।

हेमाद्रौ व्यासोऽपि- **मलमासमृतानां तु सौरं मानं समाश्रयेत् । स एव दिवसस्तस्य श्राद्धपिण्डोदकादिषु।।**

यत्तु वृद्धवसिष्ठः - **श्राद्धीयाहनि सम्प्राप्ते अधिमासो भवेद् यदि । मासद्वयेऽपि कुर्वीत श्राद्धमेवं न मुह्यति।।**

१४. 'आब्दिकं प्रथमं यत् स्यात्' यो वचनलाई आधार मानेर लोकमा कसै-कसैले वरखीश्राद्ध मलमासमा गर्ने-गराउने गरेको पाइन्छ । त्यसो गर्नु-गराउनु शास्त्रको मर्म नबुझ्नु हो । अतः वरखी श्राद्ध प्रथमाब्दिक होइन अपितु दोस्रो वर्षको सुरुमा गरिने द्वितीय आब्दिक हो । शास्त्रीय मर्यादाअनुसार मासिकश्राद्ध महिनाको सुरुमा र आब्दिकश्राद्ध वर्षको सुरुमा गर्नुपर्ने हुन्छ । महिनाको एवं वर्षको सुरु मृत्यु भएकै दिन हुन्छ । त्यो दिन तिथिमा शोकाकुलता र आशौचको उत्पत्तिले गर्दा उक्त दुईवटा श्राद्ध मृत्यु भएको दिन गर्नु श्राद्धका विज्ञहरूलेनिषेध गरेको छ । यसै आद्यमासिकश्राद्ध र आद्याब्दिकश्राद्ध आशौचान्त मानिएको एघारौं दिनमा गर्नुपर्ने कुराको निर्णय 'आद्यमेकादशेऽहनि' भन्ने याज्ञवल्क्यको यो वचनले र 'आद्यं श्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि' भन्ने पैठीनसि आदिको वचनले पनि गरेको छ । यिनै वचनका आधारमा आद्यमासिक श्राद्ध र आद्याब्दिकश्राद्ध एघारौं दिनमा गर्ने गरिन्छ । मृत्यु शुद्धमासमा भएको छ तर एघारौं दिनमा चाहिँ मलमास पर्ने भयो भने पनि प्रथमाब्दिकश्राद्ध त्यसै दिन गर्नुपर्दछ । 'असङ्क्रान्तेऽपि कर्तव्यम्' र 'आब्दिकं प्रथमं यत् स्यात्' यी दुई वचन यसै कुराको पुष्टिका लागि हुन् । वर्षदिन पूरा भएपछि दोस्रो वर्षको सुरुमा गरिने वरखी श्राद्धका लागि होइनन्। द्वादशमासिक शुद्ध मासमा भयो किन्तु वरखी श्राद्ध गर्ने तिथिमा चाहिँ मलमास पर्न गयो भने त्यो तिथिमा पिण्डदानविना वस्त्र, अन्न, पेयपदार्थ आदि सामान्य केही वस्तु दान गरिदिनु वेस हुनेछ । पिण्ड दिएर गरिने पूर्णरूपको वरखी श्राद्ध चाहिँ मलमासपछि आउने शुद्ध मासको छिन्न (प्राकृतिक) तिथिमा नै गर्नु अनिवार्य हुन्छ ।

यच्च व्यासः – **उत्तरे देवकार्याणि पितृकार्याणि चोभयोः।** इति तन्मासिकादिविषयम् ।

यागादिकं मासिकं च श्राद्धं चापरपाक्षिकम्। मन्वादिकं तैर्थिकं च कुर्यान्मासद्वयेऽपि च।।

इति स्मृतिचन्द्रिकोक्तेः । **तैर्थिकम्**-तीर्थश्राद्धम् । तच्च दैवात् तीर्थप्राप्तौ मासद्वयेऽपि कार्यमिति त्रिस्थलीसेतौ भट्टाः।

हेमाद्रिमा उद्धृत **व्यास**को वचन यसप्रकार छ – मलमासमा मरेकाहरूको निमित्त सौरमान लिनुपर्दछ । श्राद्ध, पिण्ड र उदकदानका लागि सौरमासकै दिन उपयुक्त हुन्छ । यस सम्बन्धमा **वृद्धवसिष्ठ**को भनाइ यसप्रकार छ – आब्दिकश्राद्धको समयमा मलमास परेमा मलमास परेको महिना र त्यसपछिको महिनामा गरी दुवै महिनामा श्राद्ध गर्नुपर्दछ। यसो गर्दा कुनै किसिमको मोहजन्य दोष आइलाग्दैन । **व्यास**ले भनेका छन् – 'दोस्रो मासमा देवकार्य गर्नुपर्दछ, पहिलो र दोस्रो दुवैमा पितृकार्य गर्नुपर्दछ ।' **व्यास**को यो भनाइ मासिकश्राद्धको सम्बन्धमा आएको हो । **स्मृतिचन्द्रिका**मा भनिएको छ – 'यज्ञ, मासिकश्राद्ध, कृष्णपक्षमा गरिने श्राद्ध, मन्वादिश्राद्ध र तीर्थश्राद्ध मलमास र मलमासपछिको मास दुवैमा गर्नुपर्दछ ।' यस **स्मृतिचन्द्रिका**का वचनको आधारमा उक्त सबै कुरा दुवै महिनामा गर्नुपर्दछ भनी **त्रिस्थलीसेतु**मा **भट्ट**हरूले बताएका छन् ।

केचितु – **प्रतिमासं मृताहे च श्राद्धं यत्प्रतिवत्सरम्। मन्वादौ च युगादौ च तन्मासोरुभयोरपि।।** इति मरीचिवचनात्।

वर्षे वर्षे तु यच्छ्राद्धं मातापित्रोर्मृतेऽहनि। मासद्वयेऽपि तत्कुर्याद् व्याघ्रस्य वचनं यथा।।

इति गालवोक्तेश्च प्रत्याब्दिकं मासद्वये कार्यमित्याहुः । तत्तुच्छम् । प्रतिमासं मृताहे क्रियमाणं मासिकम्, प्रतिसंवत्सरं क्रियमाणं कल्पादिश्राद्धम्, इति मरीचिवचसो मदनरत्ने व्याख्यानात् । गालवीयस्य च मासद्वयात्मके क्षयमासे इति माधवेन व्याख्यानात् । यच्च कैश्चिदुक्तं प्रथमाब्दिकं मासद्वये कार्यम् ।

आब्दिकं प्रथमं यत्स्यात्तत्कुर्वीत मलिम्लुचे । त्रयोदशे च सम्प्राप्ते कुर्वीत पुनराब्दिकम् ।।

इति यमोक्तेरिति । तदपि चिन्त्यम् । पुनराब्दिकं द्वितीयादिवार्षिकं त्रयोदशेऽतीते चतुर्दशे कुर्यात् ।

कसैले फेरि 'युगादिश्राद्ध, मन्वादिश्राद्ध, प्रतिमास मृततिथिमा गरिने श्राद्ध र प्रतिवर्ष मृततिथिमा गरिने श्राद्ध मलमास परेका खण्डमा दुवै मासमा गर्नुपर्दछ' भन्ने **मरीचि**को वचनलाई आधार मानेको पाइन्छ । **गालव**ले भनेका छन् – 'प्रतिवर्ष आमा–बाबुको मृत्युतिथिमा जुन श्राद्ध गरिन्छ त्यो श्राद्धको तिथि मलमासभित्र पर्न आएमा मलमासमा र त्यसपछिको शुद्धमासमा गरी दुईपटक श्राद्ध गर्नुपर्दछ ।' **गालव ऋषि**को उक्त प्रत्येक एकोद्दिष्टश्राद्ध दुईमहिनामा गर्नुपर्दछ भन्ने भनाइ उपेक्षणीय छ । प्रत्येकमहिना मृतकको तिथिमा गरिने श्राद्धलाई मासिक र प्रत्येकवर्षमा गरिने श्राद्धलाई कल्पादिश्राद्ध भन्ने **मरीचि**का वचनको **मदनरत्न**मा व्याख्या गरिएको छ । वास्तवमा प्रतिमहिना मृत्युतिथिका दिन गरिने श्राद्ध मासिकश्राद्ध हुन्छ भने प्रतिवर्ष मरेका दिन गरिने श्राद्ध वार्षिकश्राद्ध हुन्छ । यता **गालव**का वचनमा ती दुईमहिना लिइएको छ जुन दुईमहिनालाई एकमहिना मानिने क्षयमास मान्नुपर्दछ भन्ने अर्थ **माधवाचार्य**ले बताएका छन् । कसैले फेरि पहिलो वार्षिकश्राद्ध दुवै महिनामा गर्नुपर्दछ भनी बताएको पाइन्छ । कसैले मलमासमा तिथि परेमा पहिलो वार्षिकश्राद्ध मलमासमा नै गरोस्, त्यसपछिका वर्षहरूमा तेह्रौं महिनापछि चौधौं महिना लाग्दा गरोस् भन्ने **यम**को भनाइलाई आत्मसात् गरेको पाइन्छ । यो भनाइ पनि विचारणीय छ । यहाँ मूलमा परेको **पुनराब्दिकम्**को अर्थ हो दोस्रो वार्षिकश्राद्ध । त्यो तेह्रौं महिनापछि चौधौं महिनामा गर्नुपर्दछ भन्ने तात्पर्य हो ।

अन्यथा- **सांवत्सरं न वर्धेत श्राद्धं तत्र मृतेऽहनि ।** इति पैठीनसिविरोधः स्यादिति हेमाद्रौ पृथ्वीचन्द्रोदये च । एतेन **न वर्धेत** न छिन्द्यात्, शुद्धेऽपि कुर्यादेव इत्यनन्तभट्टव्याख्या मानाभावात्परास्ता । पूर्वव्याख्यायां तु हारीतीये प्रथमग्रहणमेव मानम् ।

यसबारेमा **पैठीनसि**ले भनेका छन् – 'प्रतिवर्ष गरिने श्राद्धको मिति बढाएर लैजान हुँदैन । त्यसकारण यसलाई मृत्युदिनमा नै सम्पन्न गर्नुपर्दछ ।' यो **पैठीनसि**को भनाइमा विरोध नहोस् भन्ने सम्बन्धमा **हेमाद्रि** र **पृथ्वीचन्द्रोदय**मा पनि चर्चा गरिएको छ । माथिको पद्यमा आएको **न वर्धेत** भन्ने पदको अर्थ खुलाउँदै **अनन्त**ले भनेका छन् – 'आब्दिकश्राद्ध टुटाउन हुँदैन र मलमासमा पनि गर्नुपर्दछ ।' **अनन्त**को यो भनाइ विनाप्रमाण आएकोले यसलाई स्वीकार गर्न सकिँदैन । किनकि यसबारेमा **हारीत**ले- **असंक्रान्तेऽपि** इत्यादि पद्यमा उल्लेख गरेको प्रथमपद नै प्रमाण छ ।

यदपि निर्णयामृते पूर्वोक्तकालादर्शवचनान्मलमासे श्राद्धदिनस्य वन्ध्यत्वनिरासार्थं पित्रुद्देशेन ब्राह्मणान् भोजयित्वा शुद्धमासे सपिण्डकं श्राद्धं कुर्यात् ।

पिण्डवर्जमसंक्रान्ते संक्रान्तौ पिण्डसंयुतम्। प्रतिसंवत्सरं श्राद्धमेव मासद्वयेऽपि च।।

इति वृद्धपराशरोक्तेरिति तदपि चिन्त्यम् । पूर्वोक्तवचनस्य क्षयपूर्वभाव्यधिकमासविषयत्वात् । तत्र हि मासद्वये श्राद्धमुक्तम्। तदाह सत्यतपाः –

एक एक यदा मासः संक्रान्तिद्वयसंयुतः। मासद्वयगतं श्राद्धं मलमासेऽपि शस्यते ।।

इति मासद्वयगतं पूर्वासंक्रान्तिगतं क्षयगतञ्च । मलमासे-क्षयमासे, अपिशब्दात् तत्पूर्वाधिमासे चेति हेमाद्रिः। दीपिकाऽपि-

तत्प्राक् सङ्क्र्यधिमासको यदि भवेत्तत्रत्यसांवत्सरं तस्मिञ्छुद्धतया क्षये च वचनात्कुर्याद् द्वयोः कोविदः।।

इति । कालादर्शे ऽप्येतद्विषय एवेत्यलं बहुना ।

फेरि **निर्णयामृत**मा **कालादर्श**को वचन उद्धृत गर्दै भनिएको छ – मलमासमा श्राद्धतिथि निष्फल नहोस् भन्ने विचार गरी त्यो दिन पिता वा पितृहरूका निमित्त ब्राह्मणभोजन गराएपछि शुद्धमासमा पिण्डसहित श्राद्ध गरोस् । **वृद्धपराशर**ले भनेका छन् – 'संक्रान्ति नहुने मलमासमा विनापिण्ड श्राद्ध गर्नुपर्दछ । त्यसपछिको संक्रान्ति हुने शुद्धमहिनामा पिण्ड दिएर श्राद्ध गर्नुपर्दछ । यसरी मलमास र शुद्धमास गरी दुवै महिनामा छोराले बाबु-आमाको श्राद्ध गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन्- यी वचन पनि विचारणीय छन् । किनकि यी वचन क्षयमासभन्दा पहिले आउने अधिकमासका विषयमा उल्लेख गरिएका हुन्। त्यसैले नै दुवै महिनामा श्राद्ध गर्नुपर्छ भनिएको हो । यस सम्बन्धमा **सत्यतपा**को भनाइ यसप्रकार छ – दुईसंक्रान्ति भएको एउटै महिना भएपनि त्यसमा दुवै महिनामा गरिने श्राद्ध गर्नुपर्दछ । यसैलाई स्पष्ट गर्दै **हेमाद्रि** भन्दछन् – दुईसंक्रान्ति भएको महिना र क्षयमास दुवैमा श्राद्ध गर्नुपर्दछ । पहिलो संक्रान्तिसहितको महिना र क्षयमास गरी दुवै श्राद्ध गर्नुपर्दछ । **दीपिका**मा भनिएको छ – पहिले अधिकमास परेको खण्डमा बुद्धिमान् मानिसले त्यसमा गर्नुपर्ने श्राद्ध शुद्धमहिनामा र क्षयमासमा पनि गर्नुपर्दछ । **कालादर्श**मा यही भनिएको छ । यसबारे अरू विचार गर्नु निरर्थक हुनेछ ।

मलमासे वर्ज्यानि

कालादर्शे- **अनित्यमनिमित्तञ्च दानं च महदादिकम्। अग्न्याधानाध्वरापूर्वतीर्थयात्राऽमरेक्षणम्।।**

देवारामतडागादिप्रतिष्ठामौञ्जिबन्धनम् । आश्रमस्वीकृतिः काम्यवृषोत्सर्गश्च निष्क्रमः ।।

राज्याभिषेकः प्रथमश्चूडाकर्म व्रतानि च । अन्नप्राशनमारम्भो गृहाणां च प्रवेशनम् ।।
स्नानं विवाहो नामानि यत्र देवमहोत्सवः। व्रतारम्भसमाप्ती च कर्म काम्यं च पाप्मनाम् ।।
प्रायश्चित्तं तु सर्वस्य मलमासे विवर्जयेत् । उपाकर्मोत्सर्जनं च पवित्रदमनार्पणम् ।।
अवरोहश्च हैमन्तः सर्पाणां बलिरष्टकाः। ईशानस्य बलिर्विष्णोः शयनं परिवर्तनम् ।।
दुर्गेन्द्रस्थापनोत्थाने ध्वजोत्थानं च वज्रिणः। पूर्वत्र प्रतिषिद्धानि परत्रान्यच्च दैविकम् ।।

इति । अत्र मूलवचनानि हेमाद्रिमाधवादिभ्यो ज्ञेयानि ।

मलमासमा वर्जित विषय

मलमासमा गर्न नहुने विषयलाई लिएर **कालादर्श**मा भनिएको छ – अनित्यकर्म, अनिमित्त कर्म, महादान, अग्निको आधान, यज्ञ, अपूर्वदेवदर्शन, देवप्रतिष्ठा, उद्यानप्रतिष्ठा, सरोवरप्रतिष्ठा, उपनयन, संन्यास, विवाह, काम्य वृषोत्सर्ग आदि कर्म, निष्क्रमण, राज्याभिषेक, प्रथम चूडाकर्म, व्रतारम्भ, व्रतसमाप्ति, अन्नप्राशन, गृहारम्भ, गृहप्रवेश, स्नानकर्म, नामकरण, देवताको उत्सव, व्रतको आरम्भ र समाप्ति, पापको प्रायश्चित्त आदि काम्यकर्म मलमासमा गर्न हुँदैन । फेरि भनिएको छ – 'उपाकर्म, उत्सर्ग, हेमन्तऋतुमा गरिने उत्सव, पवित्रार्पण, दमनार्पण, अष्टकाश्राद्ध, सर्पबलि, ईशानबलि, हरिशयन, हरिपरिवर्तन, दुर्गास्थापना, इन्द्रस्थापना, इन्द्रध्वजोत्थान आदि कर्म क्षयमासमा वर्जित छन् र अधिकमासमा पनि यस्तै दैविक कार्य वर्जित छन् ।' यस सन्दर्भका मूलवचन हेमाद्रि, माधव आदिका निबन्धग्रन्थहरूबाट जान्नुपर्दछ ।

दिवोदासीयेऽपि- **यात्रोत्सवं च देवादिशपथं दिव्यमेव च ।**
मलमासे न कुर्वीत व्यासस्य वचनं यथा ।। अयं निर्णयः क्षयमासेऽपि ज्ञेयः।
रविसंक्रमहीने यो वर्ज्यावर्ज्यविधिः स्मृतः। स एव तु द्विसंक्रान्ते मलमासेप्युदीरितः।। इति काठकगृह्योक्तेः।

व्याघ्रऋषि भन्दछन् – देवयात्रा, देवताको उत्सव, शपथ र दिव्यकर्म अर्थात् अपराधीलाई तौलने, विष ख्वाउने आदि प्रक्रिया गरी अपराध परीक्षण गर्ने प्राचीन विधि पनि मलमासमा वर्जित छन् । यस सम्बन्धमा **काठकगृह्य**मा भनिएको छ – अधिकमासमा जुन कर्मको निषेध गरिएको छ, ती कर्म क्षयमासमा पनि निषिद्ध छन्।

क्षयमासे मृतानां प्रत्याब्दिके विशेषनिर्णयः

क्षयमासे मृतानां प्रत्याब्दिके विशेषो हेमाद्रौ–
तिथ्यर्धे प्रथमे पूर्वो द्वितीयेऽर्द्धे तथोत्तरः। मासाविति बुधैश्चिन्त्यौ क्षयमासस्य मध्यगौ।।
आब्दिकवद् वर्धापनेऽपि ज्ञेयम् । यन्मलमासे वर्ज्यमुक्तं, तच्छुक्रगुर्वोरस्तादिष्वपि ज्ञेयम्। तदाह बृहस्पतिः–
बाले वा यदि वा वृद्धे शुक्रे वाऽस्तंगते गुरौ। मलमास इवैतानि वर्जयेद्देवदर्शनम् ।। इति ।
अनादिदेवतां दृष्ट्वा शुचः स्युर्नष्टभार्गवे। मलमासेऽप्यनावृत्ततीर्थयात्रां विवर्जयेत् ।।
आवृत्ततीर्थे दोषाभावमात्रम्, न तु फलमिति वाचस्पतिमिश्राः।

क्षयमासमा मृतक व्यक्तिको प्रत्याब्दिक गर्दा विशेष निर्णय

क्षयमासमा मरेका व्यक्तिहरूका निमित्त उनको प्रत्येक वार्षिकश्राद्धका विषयमा हेमाद्रिमा विशेष बताउँदै भनिएको

छ – 'तिथिको पूर्वार्धमा मरेका मानिसको श्राद्ध मलमासको पहिलो महिनामा र उत्तरार्द्धमा मरेका मानिसको वार्षिकश्राद्ध दोस्रो महिनामा गर्नुपर्दछ । मलमासमा जन्मदिन वा वर्षवृद्धि परेमा पनि आब्दिकको नियमअनुसार कर्म गर्नुपर्दछ । जुन कुरा मलमासमा वर्जित गरिएका छन्, ती कुरा शुक्र र गुरुको अस्त आदिमा पनि वर्जित हुन्छन् । यसकुरालाई स्वयं बृहस्पतिले यसरी बताएका छन् – 'गुरु एवं शुक्र बाल, वृद्ध र अस्त हुँदा मलमासमा देवदर्शन आदि जुन कुरा वर्जित गरिएका छन् ती कर्म गर्न हुँदैन। शुक्रास्त हुँदा अनादि अर्थात् पहिले नगएका र दर्शन नगरिएका परमेश्वरका तीर्थमा रहेका लिङ्ग वा मूर्तिहरूको दर्शन गर्नाले मानिसहरू अशुद्ध हुन्छन् । यसकारण मलमासमा एकपटक पनि नगएका तीर्थमा जान हुँदैन । एकपटक वा अनेकपटक गएका तीर्थमा जाँदा भने दोष लाग्दैन । तर तीर्थको फल प्राप्त हुँदैन भन्ने कुरा **वाचस्पति मिश्र**ले बताएका छन् ।

तन्न। असति बाधके फलहेतुत्वाक्षतेः। लल्लोऽपि–

नीचस्थे वक्रसंस्थेऽप्यतिचरणगते बालवृद्धास्तगे वा
संन्यासो देवयात्राव्रतनियमविधिः कर्णवेधस्तु दीक्षा ।
मौञ्जीबन्धोऽङ्गनानां परिणयनविधिर्वास्तुदेवप्रतिष्ठा
वर्ज्याः सद्भिः प्रयत्नात्त्रिदशपतिगुरौ सिंहराशिस्थिते च ।।

इति । दीक्षा–यागदीक्षा, न त्वागमदीक्षा ।

तथा– **उद्यानचूडाव्रतबन्धदीक्षा विवाहयात्राश्च वधूप्रवेशम् ।**
तडागकूपत्रिदशप्रतिष्ठा बृहस्पतौ सिंहगते न कुर्यात् ।।

दिवोदासीये– **गुर्वादित्ये गुरौ सिंहे नष्टे शुक्रे मलिम्लुचे । गृहकर्म व्रतं यात्रां मनसापि न चिन्तयेत् ।।**

तर **मिश्र**को यो भनाइ उचित छैन । बाधक केही नभएपछि फलप्राप्त नहुने कारण के ? यस्तो प्रश्न उठ्छ तसर्थ हाम्रो विचारमा त्यसले फल पनि प्राप्त गर्दछ भन्ने कुरा बुझ्नुपर्दछ । बृहस्पति नीच, अस्त आदि हुँदा निषिद्ध विषयको निरूपण गर्दै **लल्ल** भन्दछन् – बृहस्पति नीच, वक्र, अतिचारी, बाल, वृद्ध, अस्त र सिंहराशिगत भएमा संन्यास, देवयात्रा, व्रतको नियमविधि, कर्णवेध, दीक्षा, उपनयन, कन्यादान, वास्तु, देवप्रतिष्ठा आदि कर्म गर्न हुँदैन। यहाँ दीक्षालाई पनि निषेध गरिएको छ । यो दीक्षाशब्दले यज्ञदीक्षा र शास्त्रदीक्षा दुवैलाई बुझाउँछ । तर आगम अर्थात् मन्त्रदीक्षालाई बुझाउँदैन । सिंहमा बृहस्पति रहँदा पनि शुभकर्म निषेध गर्दै भनिएको छ – बगैंचा निर्माण, चूडाकर्म, व्रतबन्ध, दीक्षा, विवाह, यात्रा, वधूप्रवेश, तलाउ, कुवा र देवताहरूको प्रतिष्ठा बृहस्पति सिंहराशिमा जाँदा गर्न हुँदैन । **दिवोदासीय** ग्रन्थमा पनि यस विषयमा प्रकाश पार्दै भनिएको छ – बृहस्पति र सूर्यको योगमा, गुरु सिंहराशिमा जाँदा, शुक्र अस्त हुँदा र मलमासमा यज्ञोपवीत, यात्रा, गृहारम्भजस्ता शुभकर्म मनले चिताउन पनि हुँदैन ।

अस्यापवादस्तत्रैव ब्राह्मे– **मुण्डनं चोपवासश्च गौतम्यां सिंहगे गुरौ ।**
कन्यागते तु कृष्णायां न तु तत्तीरवासिनाम् ।।

तथा– **आद्यासौ गौतमी गङ्गा द्वितीया जाह्नवी स्मृता ।**
सर्वतीर्थफलं स्नानाद् गौतम्यां सिंहगे गुरौ ।।

संहिताप्रदीपे- **स्यात्सप्तरात्रं गुरुशुक्रयोश्च बालत्वमह्नां दशकञ्च वार्द्धर्यम्।**
वृद्धौ सितेज्यावशुभौ शिशुत्वे शस्तौ यतस्तावुपचीयमानौ ।।

वसिष्ठः – अतिचारगते जीवे वर्जयेत्तदनन्तरम् । व्रतोद्वाहादिकार्येषु अष्टाविंशतिवासरान्।।

उक्त भनाइको अपवाद ब्रह्मपुराणमा यसरी प्रकट भएको छ– 'बृहस्पति सिंहमा जाँदा गोदावरी र गौतमी नदीका तीरमा बसाइँ गर्ने मानिसहरूले मुण्डन र उपवास गर्न हुँदैन । यसैगरी बृहस्पति कन्याराशिमा जाँदा कृष्णानदीको तीरमा बस्नेहरूले पनि उक्त दुवै कर्म गर्न हुँदैन । तर गौतमी आदिगङ्गा हुन् र भागीरथी दोस्री गङ्गा हुन् । बृहस्पति सिंहराशिमा जाँदा गौतमी र गङ्गामा स्नान गर्नाले सबै तीर्थमा स्नान गरेको फल प्राप्त हुन्छ ।' **संहिताप्रदीपमा** गुरु र शुक्रको अस्तादि विषयमा निरूपण गर्दै भनिएको छ – उदयपछि गुरु र शुक्र दुवै सातरातसम्म बालक अवस्थामा रहन्छन्, तिनीहरूको वृद्धावस्था १० दिनको हुन्छ । वृद्धावस्थाका गुरु र शुक्र अशुभ मानिएका छन् । ती दुवैको बाल्यावस्था निरन्तर बढ्दै जाने हुनाले शुभ मानिएको छ । **वसिष्ठ** भन्दछन् कि बृहस्पति शीघ्रगतिका भई अरू राशिहरूमा छिटो सरेको अवस्था बृहस्पतिको अतिचारको अवस्था हो । बृहस्पति २८ दिनसम्म अतिचारको अवस्थामा रहेमा विवाह, व्रतबन्ध आदि कुनै पनि कर्म गर्न हुँदैन ।

शुक्रबृहस्पत्यादिबाल्यादिलक्षणम्

बाल्यादिलक्षणमुक्तं ब्रह्मसिद्धान्ते –

रविणाऽऽसक्तिरन्येषां ग्रहाणामस्त उच्यते । ततोऽर्वाग्वार्द्धकं प्रोक्तमूर्ध्वं बाल्यं प्रकीर्तितम् ।। इति।

बाल्यादिपरिमाणं च वृत्तशते–

बालः शुक्रो दिवसदशकं पञ्चकं चैव वृद्धः, पश्चादह्नां त्रितयमुदितः, पक्षमैन्द्र्यां क्रमेण ।
जीवो वृद्धः शिशुरपि तथा, पक्षमन्यैः शिशू तौ वृद्धौ प्रोक्तौ दिवसदशकं चापरैः सप्तरात्रम् ।।

पश्चिमत उदये दशदिनानि बालः, अस्ते पञ्चदिनानि वृद्धः, पूर्वतो दिनत्रयं बालः, पक्षं च वृद्ध इत्यर्थः। जीवो–गुरुः । अन्यत्र त्वन्यथोक्तम्–

प्राक् पश्चादुदितः शुक्रः पञ्चसप्तदिनं शिशुः। विपरीते तु वृद्धत्वं तद्वदेव गुरोरपि ।। इति ।

गुरु-शुक्रको बाल्यादि लक्षण

ब्रह्मसिद्धान्तमा बाल्यआदि अवस्थाको लक्षण यसरी बताइएको छ – सूर्यको साथ रहँदा सबै ग्रह अस्त हुन्छन् । अस्त हुनुभन्दा पहिलेको अवस्था वृद्धावस्था हो भने उदाएपछिको अवस्था बाल्य हो । **वृत्तशतनामक** ग्रन्थमा उदयास्त र काल परिमाणबारे यसरी निरूपण गरिएको छ – पश्चिम दिशाबाट शुक्रको उदय हुँदा तिनको बाल्यावस्था १० दिनको हुन्छ र पश्चिमबाट नै अस्ताउने भएमा तिनको वृद्धावस्था ५ दिनको हुन्छ । शुक्र पूर्वबाट उदाउँदा तिनको बाल्यावस्था ३ दिनको हुन्छ र पूर्वबाट नै अस्ताउने भएमा तिनको वृद्धावस्था १५ दिनको हुन्छ । यसरी नै बृहस्पतिको पनि उदय र अस्तको क्रम जान्नुपर्दछ । कसैले फरक मत प्रस्तुत गर्दै भनेका छन् – १० दिनको वृद्धावस्था र १५ दिनको बाल्यावस्था हुन्छ । फेरि कसैले १० दिनको सट्टा ७ दिन वृद्धावस्था हुन्छन् भनेका छन्। अन्यत्र अर्कै किसिमबाट बालत्व र वृद्धत्वको व्यवस्था गरिएको पाइन्छ । तदनुसार शुक्र र गुरु दुवै पूर्वबाट उदाए भने पाँचदिनसम्म तिनीहरूको बाल्यावस्था हुन्छ । यदि ती पश्चिमबाट उदाउँछन् भने सातदिनसम्म तिनको बाल्यावस्था हुन्छ । वृद्धावस्थाचाहिँ माथि अरू मतमा बताएभन्दा विपरीत हुन्छ ।

एषां पक्षाणां समन्वयः

मिहिरः– **बहवो दर्शिताः काला ये बाल्ये वार्द्धकेऽपि वा । ग्राह्यास्तत्राधिकाः शेषा देशभेदादुतापदि ।।** इति।

उक्त पक्षहरूको समन्वय

उक्त सबै मतको आधारमा व्यवस्थित मत प्रदान गर्दै **वराहमिहिर** भन्दछन् – माथि बताइएका विभिन्न मतहरूमा बाल्य र वृद्धावस्थाका अनेकथरि समयप्रमाण निरूपण गरिएका छन् । आपत्ति र विभिन्न परम्पराका कारण ती सबै मत आ–आफ्ना देशमा लिन योग्य छन् ।

देशभेदः

मदनरत्ने गार्ग्यः – **शुक्रो गुरुः प्राक् च पराक् च बालो विन्ध्ये दशावन्तिषु सप्तरात्रम्।**
बङ्गेषु हूणेषु च षट् च पञ्च शेषे च देशे त्रिदिनं वदन्ति।। इति ।

देशानुसार बृहस्पति र शुक्रको बाल्यावस्था

देशभेदका विषयमा मदनरत्न ग्रन्थमा गार्ग्यले यसरी बताएका छन् – बृहस्पति र शुक्र पूर्व वा पश्चिममा उदाउँदा र अस्ताउँदा विन्ध्याचलमा १० दिन, उज्जैनमा ७ दिन, बंगालमा ६ दिन, र हूणदेशमा ५ दिन बाल्यावस्थामा रहन्छन् भने अरू बाँकी देशमा ३ दिनमात्र बाल्यावस्थामा रहन्छन् ।

अस्तादेरपवादः

काशीखण्डे– **न ग्रहास्तोदयकृतो दोषो विश्वेश्वरालये।** त्रिस्थलीसेतौ वायवीये–
गोदावर्यां गयायां च श्रीशैले ग्रहणद्वये। सुरासुरगुरूणां च मौढ्यदोषो न विद्यते ।।
ग्रहणद्वये–तन्निमित्तककुरुक्षेत्रयात्रादानादावित्यर्थः । तदाह त्रिस्थलीसेतौ लल्लः–
उपप्लवे शीतलभानुभान्वोरर्धोदये वै कपिलाख्यषठ्याम्।
सुरासुरेज्यास्तमयेऽपि तीर्थे यात्राविधिः संक्रमणे च शस्तः ।। इत्यलं बहुना ।

अपवादनिरूपण

स्कन्दपुराण काशीखण्डमा उक्त अस्तव्यवस्थाको अपवाद यसरी प्रकट गरिएको छ – विश्वेश्वर भगवान्‌को निवासभूमि काशीमा ग्रहहरूको अस्त र उदयको दोष लाग्दैन । **त्रिस्थलीसेतुमा वायुपुराणको** वचन उद्धृत गर्दै भनिएको छ – गया, गोदावरी र शैलपर्वतमा सूर्य एवं चन्द्रग्रहणका अवसरमा कुरुक्षेत्र आदिको यात्रा र दान गर्ने समयमा गुरु र शुक्रको अस्त आदिको दोष हुँदैन । यसै विषयमा **त्रिस्थलीसेतुमा लल्ल** भन्दछन् – सूर्यग्रहण, चन्द्रग्रहण, कपिलाषष्ठी[१५], अर्धोदययोग[१६] र संक्रान्तिमा

१५. आश्विनकृष्ण षष्ठीका दिन मङ्गलवार, रोहिणी नक्षत्र अथवा व्यतीपात योग पर्न जाँदा निष्पन्न हुने अनन्तपुण्यदायक कपिलाषष्ठीनामक योग । भनिएको छ– **भाद्रे मास्यसिते पक्षे भानौ चैव करे स्थिते । पाते कुजे च रोहिण्यां सा षष्ठी कपिलाभवेत् ।।** (नि.सि. द्वि.प., आश्विनप्रकरण)

१६. ज्योतिषशास्त्रअनुसार माघ अथवा पौषको अमावास्या, श्रवण नक्षत्र र व्यतीपात योग पर्न जाँदा हुने अर्धोदयनामक विशेष योग। भनिएको छ– **अमापातश्रवणैर्युक्ता चेत् पौषमाघयोः । अर्धोदयः स विज्ञेयः कोटिसूर्यग्रहैः समः ।।** (नि.सि., द्वि.प. पाषमासप्रकरण)

शुक्र एवं बृहस्पति अस्त भएता पनि तीर्थयात्रा गर्नु पुण्यदायक हुन्छ । यस विषयमा योभन्दा धेरै विवेचन गर्नु सान्दर्भिक हुनेछैन।

मलमासे व्रतविशेषः

हेमाद्रौ पाद्मे- **अधिमासे तु सम्प्राप्ते गुडसर्पिर्युतानि च । त्रयस्त्रिंशदपूपानि दातव्यानि दिने दिने ।।**
साज्यानि गुडमिश्राणि अधिमासे नृपोत्तम। अधिमासे तु सम्प्राप्ते त्रयस्त्रिंशत्तु देवताः।।
उद्दिश्यापूपदानेन पृथ्वीदानफलं लभेत्। त्रयस्त्रिंशदपूपान्नं कांस्यपात्रे निधाय च ।।
सघृतं च हिरण्यञ्च ब्राह्मणाय निवेदयेत् । विष्णुरूपी सहस्रांशु सर्वपापप्रणाशनः।।
अपूपान्नप्रदानेन मम पापं व्यपोहतु । नारायण जगद्बीज भास्करप्रतिरूपक ।।
व्रतेनानेन पुत्रांश्च संपदं चाभिवर्द्धय । यस्य हस्ते गदाचक्रे गरुडो यस्य वाहनम् ।।
शङ्खः करतले यस्य स मे विष्णुः प्रसीदतु । कलाकाष्ठादिरूपेण निमेषघटिकादिना ।।
यो वञ्चयति भूतानि तस्मै कालात्मने नमः। कुरुक्षेत्रमयं देशः, कालः पर्व, द्विजो हरिः।।
पृथ्वीसममिदं दानं गृहाण पुरुषोत्तम । मलानां च विशुद्ध्यर्थं पापप्रशमनाय च ।।
पुत्रपौत्राभिवृद्ध्यर्थं तव दास्यामि भास्कर । मन्त्रेणानेन यो दद्यात् त्रयस्त्रिंशदपूपकान्।।
प्राप्नोति विपुलां लक्ष्मीं पुत्रपौत्रादिसंपदः । इति मलमासनिर्णयः।

इति मलमासनिर्णयात्मकं द्वितीयं प्रकरणम्

मलमासमा व्रतविशेष

हेमाद्रिमा पद्मपुराणबाट उद्धृत वचनहरूका आधारमा मलमासमा गरिने व्रतविशेषको यसरी चर्चा गरिएको छ– 'मलमासमा ३३ देवताहरूका ३३ निम्ति मालपूवादान गरेमा पृथ्वीदान गरेको फल प्राप्त हुन्छ । चिनी र घ्यूका साथ उपचारका सामग्रीहरूबाट ती ३३ देवताहरूको पूजा गरी ब्राह्मणलाई दिनदिनै ती मालपूवादानका रूपमा प्रदान गर्नुपर्दछ। चिनी र घ्यूबाट बनेका ३३ मालपूवा काँसको भाँडोमा राखी त्यहाँ सुनसमेत मिसाएर ब्राह्मणलाई दिई प्रार्थना गर्दै हात जोडेर दाताले भन्नुपर्दछ – हे विष्णुरूप ! हजारौं किरणहरूका स्वामी सबै पाप नाश गर्नुहुने सूर्यनारायण ! अहिले म यी मालपूवादान गर्दैछु, हजुरले मेरा पाप नाश गरिदिनुहोस् । हे नारायण ! हे जगत्का प्रथम कारण ! हे भास्करका रूपमा प्रकाशमान देवता ! मेरो यस व्रतबाट खुसी ई हजुरले मेरा सन्तान र सम्पत्तिको वृद्धि गरिदिनुहोस् । जसका हातमा गदा र चक्र छन्, जसका वाहन पक्षिराज गरुड छन्, जसको करतलमा शङ्ख सुहाएको छ, ती भगवान् विष्णु ममाथि प्रसन्न होऊन् । कला, काष्ठा, निमेष, घडी–पला आदि रूपमा सम्पूर्ण काललाई विभाजन गरी जसले प्राणीहरूलाई यथार्थ स्वरूप प्रकट नगरेर कालको भुलैयामा भुलाएका छन्, ती महाकालरूप परमात्मालाई नमस्कार गर्दछु । यो देश कुरुक्षेत्रसमान छ, यो समय पर्वसमान छ, यी ब्राह्मण नारायणसमान छन् र यो दान पृथ्वीदानसमान छ । हे पुरुषोत्तम ! कृपया यो दान ग्रहण गर्नुहोस् । कायिक, वाचिक र मानसिक महापापहरू नाश गर्न र पुत्र–पौत्रको वृद्धि गर्न हे भास्कर ! म हजुरलाई यो दान अर्पण गर्दैछु ।' यसरी प्रार्थनावाक्यहरू उच्चारण गरी ३३ मालपूवा ब्राह्मणलाई दिनुपर्दछ। माथि बताएअनुसार विधिपूर्वक मालपूवादान गर्ने दाताले अकूत लक्ष्मी, पुत्र–पौत्र र सम्पत्ति प्राप्त गर्दछ।

निर्णयसिन्धु प्रथम परिच्छेदको मलमासनिर्णयमा आधारित दोस्रो प्रकरण पूर्ण भयो ।

पक्ष-तिथि-व्रतनिर्णयात्मकं तृतीयं प्रकरणम्

पक्षतिथिवेधादिनिर्णयः

पक्षनिर्णयस्तु- दैवे मुख्यः शुक्लपक्षः, कृष्णः पित्र्ये विशिष्यते इति माधवेनोक्तः। तत्र तिथिर्द्वेधा- शुद्धा विद्धा च । तिथ्यन्तरसंबन्धरहिता शुद्धा तत्सहिता विद्धा । तत्र शुद्धायामसन्देहाद्विद्धा निर्णीयते । तत्र सामान्यतो वेधमाह माधवीये पैठीनसिः-

पक्षद्वयेऽपि तिथयस्तिथिं पूर्वां तथोत्तराम्। त्रिभिर्मुहूर्तैर्विध्यन्ति सामान्योऽयं विधिः स्मृतः।।

इति । हेमाद्रिमदनरत्नादौ तु द्विमुहूर्तोऽप्युक्तः-

उदिते दैवतं भानौ पित्र्यमस्तमिते रवौ। द्विमुहूर्ता त्रिरह्नश्च सा तिथिर्हव्यकव्ययोः।।

इति विष्णुधर्मोक्तेः। द्विमुहूर्तत्वं चानुकल्पः- **द्विमुहूर्ताऽपि कर्तव्या या तिथिवृद्धिगामिनी** । इति दक्षेणापिशब्दोक्तेः। अयं वेधः प्रातरेव सायं तु त्रिमुहूर्तवेध एव।

यां तिथिं समनुप्राप्य यात्यस्तं पद्मिनीपतिः। सा तिथिस्तद्दिने प्रोक्ता त्रिमुहूर्तैव या भवेत् ।।

इति स्कान्दोक्तेः। दीपिकायामपि- **त्रिमुहूर्तगा तु सकला सायम्** इति । यानि तु-

व्रतोपवासस्नानादौ घटिकैकापि या भवेत् । उदये सा तिथिर्ग्राह्या विपरीता तु पैतृके।।

इत्यादीनि स्कान्दादिवचनानि तानि वैश्वानराधिकरणन्यायेनावयवस्तुत्या त्रिमुहूर्तप्रशंसापराणि ।

पक्षहरूमा तिथिवेध आदिको निर्णय

देवकार्यमा शुक्लपक्ष र पितृकार्यमा कृष्णपक्षको महत्त्व हुने कुरा **माधवले** बताएका छन् । तिथिका दुईभेद छन् – शुद्धा र विद्धा । वेध[17] भएको तिथिलाई विद्धा भन्दछन् भने वेध नभएको तिथिलाई शुद्धा भन्दछन् । शुद्धातिथिको सम्बन्धमा कुनै सन्देह हुने अवसर नभएकाले त्यसको चर्चा गरिरहनु आवश्यक देखिँदैन । **माधवीय ग्रन्थमा पैठीनसिले** सामान्यरूपमा वेधको प्रसङ्ग उठाएका छन् । दुवै पक्षका प्रतिपदा आदि तिथिहरूले आफूभन्दा अघिल्ला र पछिल्ला तिथिहरूलाई तीन–तीनमुहुर्त[18] वेध गर्दछन् । **हेमाद्रि र मदनरत्नमा** तिथिले ३ मुहूर्तको वेध नगरी दुईमुहूर्तले वेध गर्दछन् भनिएको छ । सूर्य उदाएपछि हरेक तिथिमा २ मुहूर्तसम्म समस्त देवकर्म गर्नुपर्दछ। सूर्य अस्ताएपछि तीनमुहूर्तसम्म पितृकर्म गर्नुपर्दछ । अरू शेष दिनमा देवता र पितृका सम्पूर्ण कर्म गर्दा उत्तम फल प्राप्त हुन्छ भन्ने कुरा **विष्णुकल्पमा** भनिएको छ । यहाँ दुईमुहूर्त भन्नु पनि अनुकल्पमात्र हो किनकि दक्ष ऋषिले अपिशब्दबाट अधिक मुहूर्त पनि लिन सकिन्छ भनेका छन् । जुन तिथि बढ्ने वाला छ, त्यसका

१७. वेध – त्यो समयको मान जसमा एक तिथि वा नक्षत्र आदिलाई अर्को तिथि वा नक्षत्र आदिका घडी-पलाले छुने क्रिया हुन्छ, त्यसलाई वेध भनिन्छ । वेध प्रायः तिथिमा विचार गरिन्छ । जुन वेधलाई अरुणोदयवेध, सूर्योदयवेध, पञ्चदशनाडीवेध वा सायाह्नवेध आदि नामबाट उल्लेख गरिन्छ । विशेषगरी वेधको विचार एकादशी तिथिमा गरिन्छ । वेधको समय कसैले ३ मुहूर्तको मानेका छन् । त्यसअनुसार ७२ मिनेटको वेध हुन्छ ।

१८. दिनमानलाई रौद्र, श्वेत, मैत्र, सारभद्र, सावित्र, वैश्वदेव, गान्धर्व, कुतप, रौहिण, तिलक, विभव, निर्ऋति, जय, शम्बर र विजय गरी १५ नामबाट क्रमैले १५ भागमा विभाजन गर्दा पर्न आउने समयलाई मुहूर्त भनिन्छ । यसको परिमाण २ घडी अथवा ४८ मिनेटको हुन्छ ।

दुईमुहूर्तमा पनि कर्म गरोस् । माथि बताइएको वेध प्रातःकालको हो भनी बुझ्नुपर्दछ । सन्ध्याकालमा त ३ मुहूर्तको पनि वेध हुन्छ। **स्कन्दपुराण**मा भनिएको छ – जुन दिन जुन तिथिमा सूर्य अस्ताउँछन् त्यो दिन त्यही तिथि मान्नुपर्दछ । त्यसको मान ६ घडीमात्र भए पनि त्यो दिन त्यही तिथि मान्नुपर्दछ । **दीपिका**मा भनिएको छ – जुन तिथि सायंसन्ध्यामा ३ मुहूर्तसम्म हुन्छ, त्यसलाई पूर्णतिथि मान्नुपर्दछ । **स्कन्दपुराण**मा भनिएको छ – व्रत, उपवास, स्नान आदिमा उदयमा कुनै तिथिको मान एकै घडी भए पनि त्यही तिथि लिनुपर्छ तर पितृकर्ममा भने यसको विपरीत हुन्छ भन्ने अर्थ खुलाउने स्कन्दपुराणका वचनहरू वैश्वानराधिककरणन्याय[१९]द्वारा अवयवको स्तुतिबाट तीनमुहूर्तका नै बोधक हुन् ।

तिथिविशेषे वेधविशेषः

तिथिविशेषे वेधविशेषः स्कान्दे –

नागो द्वादशनाडीभिर्दिक् पञ्च दशभिस्तथा । भूतोऽष्टादशनाडीभिर्दूषयत्युत्तरां तिथिम् ।।

इति अयं चोपवासातिरिक्तविषय इति वक्ष्यते । इति वेधः।

तिथिविशेषमा वेधविशेष

स्कन्दपुराणमा तिथिविशेषमा वेधविशेष हुने कुरा यसरी बताइएको छ – सप्तमीले १२ घडी, दशमीले १५ घडी र चतुर्दशीले १८ घडीद्वारा आगामी तिथिलाई वेध गर्दछन् । यो वेध उपवासदेखि भिन्न अरू विषय वा कर्मका लागि हुने वेध हो भनी जान्नुपर्दछ । यस विषयमा पछि विचार गरिनेछ । यहाँसम्म वेधको चर्चा गरियो ।

कर्मकालव्यापिन्यास्तिथेर्विचारः

तत्र सर्वा तिथिर्यदहः कर्मकालव्यापिनी, सैव ग्राह्या ।

कर्मणो यस्य यः कालस्तत्कालव्यापिनी तिथिः। तया कर्माणि कुर्वीत ह्रासवृद्धी न कारणम्।।

इति विष्णुधर्मोक्तेः। दिनद्वये तद्व्याप्तावेकदेशव्याप्तौ वा युग्मवाक्यान्निर्णयः। तस्य पूर्वाऽबाधेनोपपत्तेः। कर्मकालस्य प्रधानत्वाच्च। युग्मवाक्यं तु निगमः–

युग्माग्नियुगभूतानां षण्मुन्योर्वसुरन्ध्रयोः। रुद्रेण द्वादशी युक्ता चतुर्दश्यां च पूर्णिमा ।।

प्रतिपदाप्यमावास्या तिथ्योर्युग्मं महाफलम्। एतद्व्यस्तं महादोषं हन्ति पुण्यं पुराकृतम्।।

इति । अत्र रन्ध्रान्ताः शब्दा द्वितीयादिनवम्यन्ततिथिवाचकाः। रुद्रः– एकादशी। द्वितीया तृतीयायुता, सा च द्वितीयायुतेति सप्तयुग्मानीत्यर्थः। इदं च शुक्लपक्षे अमाप्रतिपद्युग्मस्य पूर्णिमायाश्च तत्रैव सत्त्वादिति केचित्। तत्त्वं त्वमाप्रतिपद्युग्मात् कृष्णपक्षलिङ्गात् पक्षद्वयपरमिदं तत्तद्विशेषवाक्यैः कृष्णे तिथिविशेषेऽपोद्यते– इति ।

---

१९. मीमांसानुक्रमणिकामा 'पुत्रे फलं स्याज्जातेष्टेः' (४/३/३८–३९) को व्याख्या गर्दै भनिएको छ– 'वैश्वानरं द्वादशकपालं निर्वपेत. पुत्रे जाते' अर्थात् पुत्रको उत्पत्ति हुँदा द्वादशकपालपुरोडाशद्वारा वैश्वानर देवताको याग गर्नुपर्दछ । यसरी उपक्रम गरेर अष्टाकपाल, नवकपाल, दशकपाल, एकादशकपाल आदि पुरोडाशले पवित्रता, ओज–अन्न आदि शक्ति र इन्द्रियलाई सशक्त बनाउँदछन् भनेर अष्टादशकपाल आदिको फलवत्ता बताई प्रशंसा गरिएको पाइन्छ । यस्ता अष्टाकपाल, द्वादशकपाल आदिबाट नै आफूले चाहेको कुराको सिद्धि हुने भए तापनि यी अवयव हुन्। अवयवको स्तुतिद्वारा द्वादशकपालरूप अवयवीको प्रशंसा गरिएको हुन्छ र त्यसैको महत्ता पनि हुन्छ । वैश्वानराधिकरणन्यायद्वारा गरिएको यो प्रशंसा झैं माथि उल्लेख गरिएका स्कन्द आदिका वचन पनि तीन मुहूर्तको प्रशंसामा आधारित छन् ।

कर्मकालव्यापिनी तिथिको विचार

जुन तिथि कर्मकालसम्म जुन दिन रहन्छ, त्यही तिथि त्यो दिनको लागि उपयुक्त मान्नुपर्दछ । यसबारे **विष्णुधर्म**मा भनिएको छ – जुन कर्मका लागि जुन काल निर्धारित हुन्छ त्यो कालसम्म रहने तिथि त्यो दिनको तिथि हो । त्यो दिन त्यो तिथि पूरा रहनु र नरहनुले कुनै फरक पर्दैन अथवा घटबढ हुनुले कर्मको सम्पादनमा कुनै अन्तर आउँदैन । यदि कुनै तिथि दुईदिन छ भने अथवा एउटै दिनको कुनै समयमा छ भने द्वितीया-तृतीयाको जोडा, तृतीया-चतुर्थीको जोडा आदि युग्मका लागि भनिएका वचनबाट निर्णय गर्नुपर्दछ । युग्मवचनबाट गरिने निर्णय पहिलो तिथिको वार अथवा कर्मका समयको प्रधानताबाट निर्देशित हुन्छ । ती युग्म यसप्रकार छन् – १. द्वितीया-तृतीया युग्म, २. तृतीया-चतुर्थी युग्म, ३. चतुर्थी-पञ्चमी युग्म, ४. पञ्चमी-षष्ठी युग्म, ५. षष्ठी-सप्तमी युग्म, ६. सप्तमी-अष्टमी युग्म, ७. अष्टमी-नवमी युग्म गरी एकथरि सातयुग्म हुन्छन् । यस अतिरिक्त – १. एकादशी-द्वादशी युग्म, २. चतुर्दशी-पूर्णिमा युग्म र ३. अमावास्या-प्रतिपदा युग्म अत्यन्त फलदायका मानिएका छन् । यिनीहरूको विपरीत योजना भयो भने दुःखदायक हुन्छन् । पहिले गरिएका पुण्यको पनि नाश हुन्छ । युग्मको यो व्यवस्था शुक्लपक्षका लागि हो । चतुर्दशी-पूर्णिमाको योग र अमावास्या एवं प्रतिपदाको योग शुक्लपक्षमा नै हुन्छ भनी कसैले भनेका छन् । अमावास्या र प्रतिपदाको युग्मसमेतको परिगणना गरिएकाले अमावास्या कृष्णपक्षको भएकाले यो वचन कृष्णपक्षपरक हो भनी कसैले भनेका छन् । वस्तुतः अमावास्या र प्रतिपदाको युग्मसंकेत भएकाले यो वचन दुवै पक्षका लागि हो भनी बुझ्नुपर्दछ । किनकि ती-ती विशेष वाक्यहरूबाट कृष्णपक्षका तिथिविशेषमा यसको अनुवाद अर्थात् पुनरुक्ति पनि पाइन्छ ।

माङ्गलिककार्येषु प्रतिपदादितिथिविचारः

दशमी तूक्ता पुराणसमुच्चये – **सम्पूर्णे दशमी कार्या मिश्रिता, पूर्वयाऽथवा** इति । सम्पूर्णे शुक्लपक्षे त्रयोदशी तु सुमुन्तुनोक्ता – **त्रयोदशी तु कर्तव्या द्वादशीसहिता मुने** इति । कृष्णपक्षे त्वापस्तम्बः-

प्रतिपत्सद्द्वितीया स्यात्, द्वितीया प्रतिपद्युता । चतुर्थीसंयुता या च सा तृतीया फलप्रदा ।।
पञ्चमी च प्रकर्तव्या षष्ठ्या युक्ता तु नारद। कृष्णपक्षेऽष्टमी चैव कृष्णपक्षे चतुर्दशी।।
पूर्वविद्धा प्रकर्त्तव्या, परविद्धा न कुत्रचित् । दशमी च प्रकर्तव्या सदुर्गा द्विजसत्तम।।
षष्ठ्यष्टमी अमावास्या कृष्णपक्षे त्रयोदशी । एताः परयुताः पूज्याः पराश्च पूर्वया युताः ।। इति ।

माङ्गलिककार्यका लागि प्रतिपदा आदि तिथिको विचार

पुराणसमुच्चयमा दशमीतिथिका विषयमा विचार गरिएको छ । तदनुसार शुक्लपक्षमा अघिल्लो तिथि अर्थात् नवमीले युक्त दशमी लिनुपर्दछ । **सुमन्तु**ले त्रयोदशीका विषयमा भनेका छन् – द्वादशीसहित त्रयोदशी उत्तम हुन्छ । कृष्णपक्षका तिथियुग्मको वेधसम्बन्धमा **आपस्तम्ब**ले भनेका छन् – कृष्णपक्षमा प्रतिपदासँग संयुक्त भएको द्वितीया र द्वितीयासँग संयुक्त भएको प्रतिपदा, चतुर्थीसंयुक्त तृतीया, षष्ठीसंयुक्त पञ्चमी, सप्तमीसंयुक्त अष्टमी, त्रयोदशीसंयुक्त चतुर्दशी, नवमीसंयुक्त दशमी अत्यन्त फलदायक मानिएका छन् । कृष्णपक्षका षष्ठी, अष्टमी, अमावास्या र त्रयोदशीतिथिहरू पूर्वविद्धा हुँदा अत्यन्त पूजनीय हुन्छन् । तर परविद्धा उत्तम हुँदैनन् । यसैगरी नवमीविद्धा दशमी पनि उत्तम हुन्छ । कृष्णपक्षका षष्ठी, अष्टमी, त्रयोदशीतिथिहरू परविद्धाका रूपमा उत्तम हुन्छन् अर्थात् सप्तमीयुक्त षष्ठी, नवमीयुक्त अष्टमी, चतुर्दशीयुक्त त्रयोदशी उत्तम हुन्छन् ।

खर्वदर्पहिंसानां तिथिपरत्वे विचारः

यत्तु व्याघ्रः –

खर्वो दर्पस्तथा हिंसा त्रिविधं तिथिलक्षणम्। खर्वदर्पौ परौ पूज्यौ हिंसा स्यात्पूर्वकालिकी।।

इति । **खर्वः** – साम्यम्, दर्पः – वृद्धिः, तयोः पराः, हिंसा–क्षयस्तत्र पूर्वेत्यर्थः। एतच्छ्राद्धादिविषयम्।

द्वितीयादिकयुग्मानां पूज्यता नियमादिषु । एकोद्दिष्टादिवृद्ध्यादौ ह्रासवृद्ध्यादिचोदना ।।

इति व्यासोक्तेः। नियमादिषु व्रतदानादिदेवकर्मसु । एकोद्दिष्टादितिथिर्वृद्ध्यादावित्यर्थः । कर्मकालव्याप्त्यभावे तु कर्मोपक्रम-कालगैव ग्राह्या । **कर्मोपक्रमकालगा तु कृतिभिर्ग्राह्या न युग्मादरः**। इति दीपिकोक्तेः । यानि तु –

यां तिथिं समनुप्राप्य उदयं याति भास्करः । सा तिथिः सकला ज्ञेया दानाध्ययनकर्मसु ।।

इत्यादीनि तानि त्रिमुहूर्तादिस्तुतिरिति निर्णयशैली ।

खर्प, दर्प, हिंसा आदि तिथिको विचार

व्याघ्रऋषिले यस सम्बन्धमा भनेका छन् – तिथिहरूका खर्व, दर्प र हिंसा गरी तीनलक्षण हुन्छन् । खर्व भनेको साम्यावस्था हो । दर्प भनेको वृद्धि भएको अवस्था हो र हिंसा भनेको क्षयावस्था हो । खर्व र दर्पावस्थामा अर्थात् साम्य र वृद्धि भएको अवस्थामा तिथिहरू पछिल्ला तिथिहरूसँग जोडिँदा पूजनीय बन्दछन् । हिंसा अर्थात् क्षयअवस्थामा रहेको तिथिसँग पूर्वतिथिको योग उत्तम हुन्छ । यो व्यवस्था भने श्राद्ध आदि पितृकर्मका लागि हो। द्वितीया, तृतीया आदि युग्म उत्तम मानिएका छन् । व्रत, दान आदि देवकर्म तथा एकोद्दिष्ट आदि तिथिको वृद्धिमा क्षय र वृद्धिको विचार गरिन्छ । आफूले गर्नुपर्ने कर्मको समयसम्म तिथि रहन सकेन भने कर्मको उपक्रमकालमा अर्थात् कर्मको प्रारम्भकालसम्मको तिथि नै ग्राह्य हुन्छ । यस्तो स्थितिमा द्वितीया, तृतीयादि युग्मव्यवस्थाको आकांक्षा गर्न हुँदैन भन्ने दीपिकाको मत रहेको छ । जुन तिथिमा सूर्य उदाउँछन् त्यस तिथिलाई दान, अध्ययन कर्ममा पूर्णतिथि मानेर व्यवहार गर्नुपर्दछ भनिएको छ । उक्त भनाइ तीनमुहूर्त आदि तिथि व्यवस्थाको महत्त्व देखाउन प्रयोग गरिएको हो । यही निर्णयको शैली पनि हो ।

एकभक्तम्

अथैकभक्तम् । तत्कालः पाद्मे – **मध्याह्नव्यापिनी ग्राह्या एकभक्ते सदा तिथिः**। मध्याह्नश्च पञ्चधाविभक्तदिनतृतीयांशः। तेन यद्यपि द्वादशदण्डानन्तरं प्राप्यते, तथापि–

दिनार्धसमयेऽतीते भुज्यते नियमेन यत् । एकभक्तमिति प्रोक्तमतस्तत्स्याद्दिवैव हि ।।

इति स्कान्दोक्तेः। षोडशसप्तदशदण्डौ मुख्यकालः । दीपिकायां तु – **मध्याह्नान्त्यदले त्रिभागदिवसे स्यादेक-भक्तं पुनः** इति । ततः सूर्यास्तपर्यन्तं गौणः। **दिवैव हि** इत्यस्य वैयर्थ्यापत्त्यैतत्परत्वात् ।

एकभक्तको नियम

अब एकभक्त नियमको विषयमा विचार गरिन्छ । एकभक्त अर्थात् एकछाकमात्र भोजन गर्ने समयको सम्बन्धमा पद्मपुराणमा भनिएको छ– निरन्तर एकछाक भोजन गर्ने नियमका लागि मध्याह्नसम्म रहने तिथि लिनुपर्दछ । मध्याह्न दिनलाई पाँचभाग लगाउँदा पर्न आउने तेस्रो अंश हो ।[२०] प्रायः सूर्योदयदेखि १२ घडीपछि सुरु भई १८ घडी दिन

२०. प्रातः, सङ्गव, मध्याह्न, अपराह्न र सायाह्न गरी दिनका पाँच भाग हुन्छन् ।

जाँदासम्म दिनको मध्याह्न हुन्छ । १२ घडीपछि मध्याह्न सुरु भएता पनि दिनको आधा हुँदा सज्जनहरूले भोजन गर्दछन् भन्ने कुरा स्कन्दपुराणमा भनिएको छ । यसरी गरिने भोजनलाई एकभक्त भन्दछन् । दिनको सोह्रौं घडी अथवा सत्रौं घडी यसको मुख्य समय हो । दीपिकामा भने फरक मत प्रस्तुत गर्दै भनिएको छ – मध्याह्नपछि जब एकतृतीयांश दिन बाँकी रहन्छ, तबसम्म एकभक्तको प्रधान समय हुन्छ । गौण समय भने सूर्यास्तसम्म रहन्छ । यस्तो अर्थ नगर्ने हो भने माथिको स्कन्दपुराणको वचनमा रहेको **दिवा एव** भन्ने पद व्यर्थ हुनेछ ।

स्वतन्त्रैकभक्तनियमः

अत्र, पूर्वेद्युर्व्याप्तिः, अपरेद्युरुभयेद्युर्व्याप्तिः तदभावः, अंशव्याप्तिः, तत्राऽपि साम्यम्, वैषम्यं चेति षट् पक्षाः। तत्राद्ययोरसंदेह एव, तृतीये तु पूर्वेऽह्नि गौणमुख्यव्याप्तेः सत्त्वात् पूर्वा इति माधवः। युग्मवाक्यान्निर्णय इति हेमाद्रिः। चतुर्थपक्षे पूर्वैव । गौणकालव्याप्तेः सत्त्वात् । वैषम्येणांशव्याप्तौ याऽधिका सा ग्राह्या। साम्ये पूर्वा । अयं च स्वतन्त्रैकभक्तनर्णयः, अन्याङ्गे उपवासप्रतिनिधौ च तदनुसारेण निर्णयः।

स्वतन्त्र एकभक्तको नियम

दीपिकाको वचन उचित छ । यसमा छ पक्ष छन् – १. पहिलो दिन तिथिको व्याप्ति, २. दोस्रो दिन तिथिको व्याप्ति, ३. दुवै दिन तिथिको व्याप्ति, ४. पहिलो दिन र दोस्रो दिन व्याप्तिको अभावमा तिथिको अंशव्याप्ति, ५. तिथिको अंशव्याप्तिमा साम्य, ६. तिथिको अंशव्याप्तिमा वैषम्य । यी ६ पक्षमध्ये पहिलो र दोस्रोका सम्बन्धमा कुनै सन्देह नै छैन । तेस्रो पक्ष पूर्वदिन र दोस्रो दिन तिथिको व्याप्ति हुँदा कुन प्रधान र कुन गौण भन्ने संशय हुने हुनाले संशय नगरी पूर्वदिनको व्याप्तिमा कार्य गर्नुपर्दछ भन्ने भनाइ **माधवाचार्यको** छ । **हेमाद्रि** भने यस सम्बन्धमा युग्मवाक्यबाट निर्णय गर्नुपर्ने कुरा बताउँछन् । चतुर्थ पक्षमा सङ्कल्पकालमा उपस्थिति हुनाले परको तिथि लिनुपर्दछ किनकि यसमा गौणकालको व्याप्ति हुन्छ । विषमताले अंशव्याप्ति हुने पक्षमा जुन दिन तिथिको अंश अधिक हुन्छ, त्यही दिन लिनुपर्दछ । फेरि दुवै तिथिमा समता रहेको अवस्थामा पूर्वतिथि लिनुपर्दछ भन्ने कुरा अरू आचार्यहरू बताउँछन् । यो निर्णय स्वतन्त्र एकभक्तको हो । अन्य उपवासका अङ्ग र प्रतिनिधिका विषयमा जति एकभक्तको विधान गरिएको छ, तिनमा ती–ती उपवासकै प्रकृतिअनुसार निर्णय गर्नुपर्दछ ।

नक्तम्

अथ नक्तम् । तच्च दिवानशनपूर्वं रात्रिभोजनम्। तत्र प्रदोषव्यापिनी ग्राह्या। **प्रदोषव्यापिनी ग्राह्या तिथिर्नक्तव्रते सदा** इति वत्सोक्तेः। प्रदोषस्तु –

त्रिमुहूर्त्तं प्रदोषः स्यात् भानावस्तं गते सति । नक्तं तत्र तु कर्तव्यमिति शास्त्रविनिश्चयः ।।

इति मदनरत्ने व्यासोक्तेः। तत्रापि त्रिदण्डोत्तरं ग्राह्यम् । **सायंसन्ध्या त्रिघटिका अस्तादुपरि भास्वतः** इति स्कान्दोक्तेर्दण्डत्रयस्य सन्ध्यात्वात् । तत्र–

चत्वारीमानि कर्माणि सन्ध्यायां परिवर्जयेत् । आहारं मैथुनं निद्रां स्वाध्यायं च चतुर्थकम् ।।

इति मार्कण्डेयेन भोजननिषेधात् ।

मुहूर्तोनं दिनं नक्तं प्रवदन्ति मनीषिणः। नक्षत्रदर्शनान्नक्तमहं मन्ये गणाधिप ।।

इति माधवीये भविष्योक्तेश्च ।

नक्तव्रत

अब नक्तव्रतको विषयमा विचार गरिन्छ – दिनमा उपवास गरी रातमा भोजन गर्ने व्रतलाई नक्त भनिन्छ । नक्तव्रत गर्दा प्रदोषकालसम्म रहने तिथि लिनुपर्दछ भन्ने वत्सको भनाइ छ । सूर्यास्तपछि तीनमुहूर्त अर्थात् २ घण्टा २४ मिनेट सम्मको समयलाई प्रदोष भनिन्छ । प्रदोषकालमा नै भोजन गर्नुपर्दछ भन्ने कुरा मदनरत्न ग्रन्थमा उद्धृत गरिएको छ । उक्त ६ घडीमध्ये पनि पछिल्लो तीनघडीको **समयमा** मात्र नक्तभोजन गर्नुपर्दछ । किनकि **स्कन्दपुराण**मा सूर्यास्तपछि ३ घडी सायं सन्ध्याको समय हुन्छ भनिएकाले त्यो बेला सन्ध्या गर्नुपर्ने हुँदा भोजननिषेध गरिएको छ । यस सम्बन्धमा **मार्कण्डेय** भन्दछन् – 'सन्ध्याकालमा आहार, मैथुन, निद्रा र स्वाध्याय यी चारकर्म गर्न हुँदैन ।' यसरी सन्ध्यामा **मार्कण्डेयद्वारा** भोजननिषेध गरिएकाले तीनघडीपछि मात्र नक्तभोजन गर्नुपर्दछ । **माधवीयमा भविष्यपुराण**को मत उद्धृत गर्दै भनिएको छ – 'एकमुहूर्त दिन बाँकी छँदाको समयलाई नक्त भनिन्छ । नक्षत्र देखिन थालेपछि नक्त प्रारम्भ हुन्छ ।'

गौडास्तु – **प्रदोषोऽस्तमयादूर्ध्वं घटिकाद्वयमिष्यते** इति वत्सोक्तेः प्रदोषः सन्ध्या च दिनरात्र्योः सन्धौ मुहूर्तः।

अर्धास्तमयात्सन्ध्या व्यक्तीभूता न तारका यावत् । तेजःपरिहानिवशाद्भानोरर्धोदयं यावत् ।।

इति वराहोक्तेरित्याहुः, तन्न । अस्य सन्ध्यावन्दनानध्यायादिपरत्वात्। अत एव तत्र खण्डमण्डलस्य सन्ध्यात्वमुक्तं विज्ञानेश्वरेण। यच्च मदनरत्ने – **नक्तस्य वैधत्वाद्रागप्राप्तभोजनगोचरो निषेधः** इत्युक्तम् । विधेर्निषेधाविरोधात्। अन्यथा कपिञ्जलानित्यत्र त्रिभ्योऽधिकानां हिंसनं स्यात् । सायंकाले नक्तं तु दिनद्वये प्रदोषस्पर्शे ज्ञेयम्। **अतथात्वे परत्र स्यादस्तादर्वाग् यतो हि सा** इति जाबालिवचनात् ।

प्रदोषव्यापिनी न स्याद्दिवा नक्तं विधीयते । आत्मनो द्विगुणा छाया मन्दीभवति भास्करे।।
तन्नक्तं नक्तमित्याहुर्न नक्तं निशिभोजनम् ।। इति स्कान्दाच्च ।

सूर्य अस्ताएपछि दुईघडीसम्मको समयलाई विद्वान्‌हरूले प्रदोष मान्नुपर्दछ भन्ने **वत्स**को वचनको आधारमा गौडहरूले सूर्यास्तपछिको दुईघडीलाई प्रदोष मानेका छन् । प्रदोष र सन्ध्याकाल यी दुवै दिन र रातका सन्धिका दुईघडीमा हुन्छन्। **वाराहपुराण**मा भनिएको छ – भगवान् सूर्य अस्ताउनुभन्दा पहिले र तारा देखिनुभन्दा अगाडि सूर्यको तेजमा हानि नभएसम्म सायँकालको सन्ध्या र प्रातःकालमा भने सूर्यको अर्धोदय हुने बेलासम्म सन्ध्या मानिन्छ । **वाराहपुराण**को यो वचनलाई प्रमाण मान्ने **गौडहरू**को मत उचित छैन किनकि यो वचन सन्ध्यावन्दन र अनध्यायका प्रसङ्गमा आएको छ । यसैले **विज्ञानेश्वरले मिताक्षरा**मा सूर्यको तेज क्षीण भई सूर्यमण्डल खण्डित देखिएमा सन्ध्याको समय हुन्छ भनेका छन्। फेरि **मदनरत्न**मा भनिएको छ – नक्तव्रत विधिसम्मत छ । यसले रात्रिको भागमा प्राप्त भोजनको निषेध गरिएको हो । यो भनाइ पनि उचित छैन । विधिवाक्यसँग निषेधवाक्यको विरोध पर्न हुँदैन । **अश्वमेधे वसन्तदेवतायै कपिञ्जलान् आलभेत** अर्थात् अश्वमेध यज्ञमा वसन्तदेवताका लागि तीन कपिञ्जल[२१] अर्थात् परेवाजस्ता चराहरूको

२१. मीमांसानुक्रमणिकामा उद्धृत – 'त्रित्वं नियम्येत कपिञ्जलेषु' (११/१/३८–४५) सूत्रको व्याख्यामा भनिएको छ– **अश्वमेधे वसन्तदेवतायै कपिञ्जलानालभेत** अश्वमेधयागमा वसन्त देवताका लागि परेवाजस्तो आकार भएका कपिञ्जल नामक चराहरूको आलम्भन गर्नुपर्दछ । उक्त वाक्यमा बहुवचनको प्रयोग भए तापनि तीनवटा कपिञ्जलको आलम्भन गर्दा बहुवचनको पूर्ति हुन्छ । विरोधीले बहुवचनको आधारमा तीनभन्दा धेरै चराहरूको आलम्भन अथवा हिंसा गर्न सक्दछ । तर, **मा हिंस्यात् सर्वाभूतानि** इत्यादि निषेधवाक्यलाई प्रमाण मानी तीन वटामात्र कपिञ्जलको आलम्भन गरेर बहुवचनको पूर्ति गर्नुपर्दछ । यसो गर्दा विधिवाक्यसँग निषेधवाक्यको विरोध हुँदैन । यसैगरी रात्रिको भागमा प्राप्त गरिएको निषेध– इच्छाप्रमाणभोजनमा आधारित निषेध हो । यसबाट विधिको निषेधसँग विरोध हुँदैन ।

आलम्भन गर्नुपर्दछ। यस वाक्यमा प्रयोग गरिएको **कपिञ्जलान्** पद बहुवचनान्तपद हो । तर तीनवटा कपिञ्जलको आलम्भन गर्दा बहुवचन सार्थक भए पनि विरोधीले यसै बहुवचनलाई आधार बनाएर धेरै कपिञ्जल चरा मार्न सक्दछन्। तर **मा हिंस्यात् सर्वाभूतानि** अर्थात् कुनै प्राणीको पनि अकार्थमा हिंसा गर्न हुँदैन भन्ने वाक्यको आधारमा तीनवटा कपिञ्जलको आलम्भन गरेर बहुवचनलाई सार्थक तुल्याउनु पर्दछ । धेरै कपिञ्जल मार्नु हुँदैन । यसैले विधिवाक्य र निषेधवाक्यमा एकरूपता हुनुपर्दछ । यही आधारमा माथिका वचनहरूबाट विधिवाक्य र निषेधवाक्यमा विरोध पर्ने गरी निर्णय गर्नुहुँदैन। दुवै दिन प्रदोष भएमा सायंकालमा नक्त हुन्छ । यस सम्बन्धमा **जाबालिले** भनेका छन् – अन्यथा भएमा सूर्य अस्ताएपछि नक्त हुन्छ । किनकि सन्ध्या सूर्यास्तभन्दा पहिले हुन्छ । प्रदोषको समयमा तिथि नभएमा दिनमा नै नक्तको विधान गर्नुपर्दछ । सूर्यको कान्ति मन्द भएपछि आफूभन्दा दुईगुणा अधिक छायाको आकार हुने समयलाई नक्त भनिन्छ। अरू नक्तलाई नक्त भनिँदैन र रात्रिभोजनलाई पनि नक्त भनिँदैन भन्ने कुरा स्कन्दपुराणमा उल्लेख गरिएको छ ।

यत्यादीनामपि सायाह्ने नक्तम् ।

नक्तं निशायां कुर्वीत गृहस्थो विधिसंयुतः। यतिश्च विधवा चैव कुर्यात्तत्सदिवाकरम् ।।

इति तत्रैव स्मृत्यन्तरात्। इदमपुत्रविधुरोपलक्षणम्। पुत्रवतस्तु रात्रावेव। **अनाश्रमोऽप्याश्रमी स्यादपत्नीकोऽपि पुत्रवान्** इति संग्रहोक्तेः। सौरनक्तन्तु दिवैव ।

त्रिमुहूर्तस्पृगेवाह्नि निशि चैतावती तिथिः । तस्यां सौरं भवेन्नक्तमहन्येव तु भोजनम् ।। इति सुमन्तूक्तेः।

यस सम्बन्धमा अरू धर्मशास्त्रमा भनिएको छ – यतिहरूले पनि सायँकालमा नक्त गर्नुपर्दछ । गृहस्थले विधिपूर्वक रात्रिमा नक्त गर्नुपर्दछ । संन्यासी र विधवाले दिउँसो नक्तव्रत गर्नुपर्दछ । यो अपुत्र र विधुरका लागि गरिएको उपलक्षण हो। किनकि त्यसै ग्रन्थमा अन्यत्र भनिएको छ – पुत्रवान्ले रातको समयमा नै नक्तव्रत गर्नुपर्दछ। आश्रमी, अनाश्रमी, सपत्नीक, पुत्रवान् सबैले रात्रिमा नक्तव्रत गर्नुपर्दछ । सुमन्तुले सौर नक्तबारे प्रकाश पार्दै भनेका छन् – दिनमा तीनमुहूर्त र रातमा पनि तीनमुहूर्त तिथिले स्पर्श गरेमा दिनमा नै सूर्यनक्त गर्नुपर्दछ र भोजन पनि दिनमा गर्नुपर्दछ ।

हरिनक्ते विशेषः

कालादर्शे स्कान्दे– **उदयस्था सदा पूज्या हरिनक्तव्रते तिथिः** इति । अन्यनक्तं तु संक्रान्त्यादावपि रात्रावेव। निषेधस्य रागप्राप्तभोजनगोचरत्वेन वेधाबाधकत्वात्। दिनद्वयव्याप्तौ परा ।

उभयोर्यदि वा तिथ्योः प्रदोषव्यापिनी तिथिः। तत्रोत्तरत्र नक्तं स्यादुभयत्रापि सा यतः।।

इति कालादर्शे जावालिवचनात्। अन्यपक्षेषु एकभक्तवन्निर्णयः। अथात्र विशेषो मदनरत्ने गारुडे–

हविष्यभोजनं स्नानं सत्यमाहारलाघवम्। अग्निकार्यमधःशय्या नक्तभोगी षडाचरेत्।।

अग्निकार्यम् – व्याहृतिहोमः। इति नक्तम्। अयाचिते तु विशेषवचनाभावादुपवासवन्निर्णयः।

हरिनक्तमा विशेष

कालादर्शमा उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – विष्णुनक्तमा उदयकालिकतिथि पूज्य हुन्छ। अरू नक्त त संक्रान्ति आदिमा पनि रातमा नै गरिन्छन् । निषेध रागबाट प्राप्त हुने भोजनसँग सम्बद्ध भएकाले विधिको बाधक बन्दैन । यदि तिथि दुईदिनमा छ भने पछिल्लो तिथिमा गर्नुपर्दछ । **कालादर्शमा जाबालिले** भनेका छन् – यदि दुवै दिन

तिथि प्रदोषसम्म रहेमा पछिल्लो तिथिमा नक्तव्रत गर्नुपर्दछ । अरू तिथिमा एकभक्तसमान निर्णय गर्नुपर्दछ। नक्तमा गर्नुपर्ने कृत्यका सम्बन्धमा **मदनरत्नमा** उद्धृत **गरुडपुराणको** वचनमा भनिएको छ – नक्तव्रतीले हविष्यभोजन, स्नान, सत्यभाषण, अल्पभोजन, होम र भूमिशयन गर्नुपर्दछ । **अयाचितव्रत** – अयाचितको विषयमा विशेष वचन नभएकाले उपवास शीर्षकमा गरिने कर्मकै आधारमा कृत्यहरू सम्पन्न गर्नुपर्दछ ।

नक्षत्रव्रतकालः

विष्णुधर्मे- **उपोषितव्यं नक्षत्रं यस्मिन्नस्तमियाद्रविः । युज्यते यत्र वा तारा निशीथे शशिना सह ।।** इति।

माधवीये स्कान्दे – **तत्रैवोपवसेदृक्षे यन्निशीथादधो भवेत् । उपवासे यदृक्षं स्यात्तद्धि नक्तैकभक्तयोः।।**

नक्षत्रव्रतकाल

विष्णुधर्मअनुसार जुन नक्षत्रमा सूर्य अस्ताउँछन् र जुन नक्षत्र आधा रातमा चन्द्रमाको साथमा रहेको हुन्छ, त्यस नक्षत्रमा उपवास गर्नुपर्दछ । **माधवाचार्य**को ग्रन्थमा उद्धृत **स्कन्दपुराण**को वचन यसप्रकार छ – आधारातभन्दा पहिले रहेको नक्षत्रमा उपवास बस्नुपर्दछ । उपवासमा जुन नक्षत्र हुन्छ त्यो नै एकभक्त र नक्तमा पनि हुन्छ ।

व्रतपरिभाषा

तत्राधिकारिणो मदनरत्ने भविष्ये-

अनग्नयस्तु ये विप्रास्तेषां श्रेयो विधीयते । व्रतोपवासनियमैर्नानादानैस्तथा नृप ।।

अनग्निग्रहणमुपवासविषयम्। अत एव देवलः-

आहिताग्निरनड्वांश्च ब्रह्मचारी च ते त्रयः । अश्नन्त एव सिध्यन्ति नैषां सिद्धिरनश्नताम् ।।

एकादश्यादौ तु वचनाद्भवतीति वक्ष्यामः।

व्रतपरिभाषा

मदनरत्नमा भविष्यपुराणबाट उद्धृत वचनद्वारा व्रतका अधिकारी कस्ता मानिसहरू हुन्छन् भन्ने कुरा बताइएको छ– अग्निहोत्र नगर्ने ब्राह्मणहरूले व्रत, उपवास र नियमपालन गरेर आफ्नो कल्याण गर्दछन् । अग्निहोत्र नगर्नु नै उपवासको कारण हुन आएको छ । यस सम्बन्धमा **देवल** भन्दछन् – अग्निहोत्री ब्राह्मण, साँढे र ब्रह्मचारी यी तीन भोजन गरेपछि नै आ–आफ्ना कर्ममा सफल हुन्छन् । यी भोकै रहे भने यिनले कार्यमा सफलता पाउँदैनन्, तसर्थ अग्निहोत्री ब्राह्मणका लागि उपवासको विधान गरिएको छैन । एकादशी आदिमा विनाभोजन वचनबाट मात्र सिद्धि हुन्छ भन्ने कुरा पछि भनिनेछ ।

शूद्रस्याप्यधिकारः – **शूद्रो वर्णश्चतुर्थोऽपि वर्णत्वाद्धर्ममर्हति । वेदमन्त्रस्वधास्वाहावषट्कारादिभिर्विना।।** इति व्यासोक्तेः। प्राच्यास्तु – वैश्यशूद्रयोर्द्विरात्र्यधिकोपवासनिषेधः।

वैश्याः शूद्राश्च ये मोहादुपवासं प्रकुर्वते। त्रिरात्रं पञ्चरात्रं वा तेषां व्युष्टिर्न विद्यते।।

चतुर्थभक्षणं वैश्ये शूद्रे चापि विधीयते। त्रिरात्रं तु न धर्मज्ञैर्विहितं ब्रह्मवादिभिः।।

इति हेमाद्रौ वचनादित्याहुः। यावदुक्तनिषेध इत्येके । तत्त्वन्तु निर्मूलमिति प्रकरणात् महातपोविषय इति युक्तम्। एवं

स्त्रीणामपि । यत्तु स्कान्दे-

नास्ति स्त्रीणां पृथग् यज्ञो न व्रतं नाप्युपोषणम्। भर्तुः शुश्रूषयैवैता लोकान्ष्टिान् व्रजन्ति हि ।।

यद्देवेभ्यो यच्च पित्रादिकेभ्यः कुर्याद् भर्ताऽभ्यर्चनं सत्क्रियाञ्च ।

तस्यार्धं वै सा फलं नान्यचित्ता नारी भुङ्क्ते भर्तृशुश्रूषयैव ।।

आदित्यपुराणे – **नारीखल्वननुज्ञाता भर्त्रा वापि सुतेन वा । विफलं तद्भवेत्तस्या यत्करोत्यौर्ध्वदैहिकम्।।**

इति । **और्ध्वदैहिकम्**–पारलौकिकम्। तद्भर्त्रननुज्ञाविषयम् । **भार्या पत्युर्मतेनैव व्रतादीनाचरेत्सदा** इति कात्यायनोक्तेः।

व्यासको वचनअनुसार उपवासमा शूद्रवर्णलाई पनि अधिकार छ । उनी भन्दछन् – चौथो वर्ण भएकाले शूद्रले वेदमन्त्र, स्वधा, स्वाहा र वषट्कारविना धर्मकार्य गर्न सक्दछ । प्राचीन मनीषीहरूले **हेमाद्रि**को वचनलाई प्रमाण मान्दै वैश्य र शूद्रलाई दुईरातभन्दा बढी उपवास गर्न निषेध गरेका छन् । **हेमाद्रि**को भनाइ यसप्रकार छ– 'वैश्य र शूद्रले तीन वा पाँचरातको उपवास गर्न हुँदैन । मोहले तीनरात वा पाँचरात उपवास गरे पनि त्यसको फल प्राप्त हुँदैन । उपवास बसेका शूद्र र वैश्यले दिनको चौथो प्रहरमा भोजन गर्नुपर्दछ । ब्रह्मवादीहरूले पनि तीनरातको उपवास गर्नुपर्दछ भनेका छैनन् ।' कुनै कुनै आचार्यले भनेका छन् कि यो निषेध दुईरात्रिका व्रतको निषेध हो । ग्रन्थकार भन्दछन् – त्यसको कुनै प्रमाण छैन। वास्तवमा पूर्वोक्त निषेध महातपका लागि गरिएको निषेध हो । यो उचित छ । यसैगरी शास्त्रहरूमा उपवासका सम्बन्धमा स्त्रीजातिको पनि कर्तव्य बताइएको छ । **स्कन्दपुराण**मा स्त्रीजातिको धर्मसम्बन्धमा यसरी निरूपण गरिएको छ- पतिका साथमा रहेकी नारीको लागि पतिले गर्ने धर्म-कर्म नै आफ्नो धर्म-कर्म हो र पतिसेवा नै व्रत एवं उपवास हो। पतिसेवाद्धारा नै नारीहरू उत्तम लोकमा प्राप्त हुन्छन् । पतिले देवता एवं पितृको पूजा र आराधना गर्दा पतिको सेवामा निरन्तर खटिरहने र अनन्यभावले पतिको सेवा गर्ने पत्नीले पतिले गरेका कर्मको आधा फल पाउँछिन् । यसैगरी आदित्यपुराणमा पत्नीको कर्तव्यनिर्देश गर्दै भनिएको छ – 'पति अथवा पुत्रको सम्मतिविना नारीहरूले परलोक राम्रो तुल्याउन जुन कर्म गर्दछन् त्यो निष्फल हुन्छ ।' यहाँ निष्फल हुन्छ भन्नुको तात्पर्य 'पतिको आज्ञा नलिएर व्रत आदि गरेमा निष्फल हुन्छ, आज्ञा लिएर गरेमा निष्फल हुँदैन' भन्नु हो । यही कुरा **कात्यायन**ले भनेका छन् – 'पत्नीले सधैं पतिको अनुमति लिएर नै व्रत, उपवास आदि कर्म गर्नुपर्दछ ।' मूलमा प्रयुक्त **और्ध्वदेहिकम्**पदको अर्थ पारमार्थिक कर्तव्य हो।

स्त्रीव्रते विशेषः

अत्र विशेषो हरिवंशे–

स्नानं च कार्यं शिरसस्ततः फलमवाप्नुयात् । स्नात्वा स्त्री प्रातरुत्थाय पतिं विज्ञापयेत्सती।।

तथा – **गृहीत्वौदुम्बरं पात्रं सकुशं साक्षतं तथा । गोशृङ्गं दक्षिणं सिक्त्वा प्रगृह्णीयाच्च तज्जलम्।।**

ततो भर्तुः सती दद्यात्स्नातस्य प्रयतस्य च। आत्मनश्चाभिषेक्तव्यं ततः शिरसि तज्जलम् ।।

उपवासेषु कर्तव्यमेतद्धि व्रतकेषु च।। इति । **औदुम्बरम्**– ताम्रमयम् ।

स्त्रीद्वारा गरिने व्रतमा विशेष

नारीको कर्तव्यका सम्बन्धमा **हरिवंशपुराण**मा विशेष निरूपण गर्दै भनिएको छ – नारीले शिरमा जल खन्याएर नुहाउँदा विशेष पुण्य प्राप्त गर्दछिन् । पतिव्रता नारीले बिहानै उठी स्नान गरेर आफ्नो पतिलाई आफूले विशेषस्नान गर्न

तयारी गरेको कुरा जानकारी गराउनुपर्दछ । हातमा ताँबोको पात्र लिएर त्यसमा कुश, अक्षता र जल राखी त्यो जलले गाईको दायाँ सिङ सिञ्चन गर्दा खसेको जल भाँडामा संग्रह गर्नुपर्दछ । त्यसपछि व्रतालु पतिव्रता नारीले नुहाएर शुद्ध भएका र एकाग्रचित्त भएका पतिलाई शिरमा अभिषेकका निम्ति त्यो जल टक्र्याउनुपर्दछ । बाँकी रहेको जलले आफ्नो शिरमा अभिषेक लिनुपर्दछ । यो उपवास र व्रतमा गरिने कार्य हो ।

सर्वव्रतेषु सङ्कल्पविधिकथनम्

सर्वव्रतेषु सङ्कल्पविधिश्च भारते –

गृहीत्वौदुम्बरं पात्रं वारिपूर्णमुदङ्मुखः। उपवासं तु गृह्णीयाद्यथा सङ्कल्पयेद् वुधः।।[२२]

हस्तेनैवेत्यर्थः। (यथेति पाठे यत्फलमिच्छेदित्यर्थः।)

सबै व्रतमा सङ्कल्प गर्ने विधि

महाभारतमा सबै व्रतमा गरिने सङ्कल्पको विधि यसरी बताइएको छ – 'जलले भरिएको ताँबोको पात्र लिएर उत्तर दिशातर्फ फर्की आफूले व्रतबाट प्राप्त गर्न चाहेको फलको उल्लेख गर्दै आफ्नै हातले सङ्कल्प गर्नुपर्दछ, त्यसपछि उपवास गर्नुपर्दछ ।' उक्त पद्यमा यथाको सट्टा यद्वापद प्रयोग गरिएको पनि पाइन्छ । त्यो पदलाई प्रयोग गर्दा 'उपवास गरोस् अथवा आफ्नै हातले सङ्कल्प गरोस्' भन्ने अर्थ हुन्छ ।

व्रतारम्भकालः

मदनरत्ने गार्ग्यः – **अस्तगे च गुरौ शुक्रे बाले वृद्धे मलिम्लुचे । उद्यापनमुपारम्भं व्रतानां नैव कारयेत् ।।**

रत्नमालायाम् – **सोमसौम्यगुरुशुक्रवासराः सर्वकर्मसु भवन्ति सिद्धिदाः।**
भानुभौमशनिवासरेषु च प्रोक्तमेव खलु कर्म सिद्ध्यति ।।

तथा – **विरुद्धसंज्ञा इह ये च योगास्तेषामनिष्टः खलु पाद आद्यः।**
सवैधृतिस्तु व्यतिपातनामा सर्वोऽप्यरिष्टः, परिघस्य चार्धम् ।।
तिस्रस्तु योगे प्रथमे, सवज्रे व्याघातसंज्ञे नव, पञ्च शूले ।
गण्डेऽतिगण्डे च षडेव नाड्यः शुभेषु कार्येषु विवर्जनीयाः।।

व्रतारम्भ-समय

व्रतको आरम्भ गर्ने समयको विषयमा **मदनरत्नमा** उद्धृत गार्ग्यको भनाइ यसप्रकार छ – बृहस्पति एवं शुक्र अस्त, बाल र वृद्ध हुँदा तथा मलमासमा व्रतको आरम्भ र उद्यापन गर्न हुँदैन । **रत्नमालामा** व्रतारम्भवारको विषयमा भनिएको छ– सोमवार, बुधवार, बृहस्पतिवार र शुक्रवारमा व्रतारम्भ गर्दा सबै कुरामा सिद्धि प्राप्त हुन्छ। रविवार, मङ्गलवार र शनिवारमा भने शास्त्रले गर्नु भनेर तोकेका विषयमा मात्र सफलता प्राप्त हुन्छ, अरू व्रतहरूमा हुँदैन । व्रतारम्भ र उद्यापनमा जति विरुद्ध वा दूषितयोग छन्, तिनका प्रथम चरण निषिद्ध हुन्छन् । वैधृति र व्यतीपातका सम्पूर्ण घडी निषिद्ध हुन्छन् भने परिघयोगको

२२. यस श्लोकमा यद्वा पाठ रहेको छ । त्यसको विकल्प यथा हो । 'यथेति पाठे यत्फलमिच्छेदित्यर्थः' भनी दौलतराम गौडद्वारा लेखिएको छ । यहाँ 'हातमा जल लिएर सङ्कल्प गर्नुपर्छ' यस्तो अर्थ गरे पनि हुन्छ । 'यद्वा वाचैवावधारयेत्' पाठ गरे पनि हुन्छ। 'यथा सङ्कल्पयेत्' यस्तो पाठ मानेमा 'यत्फलमिच्छेत' जुन फलको चाहना गरोस्, यस्तो अर्थ गर्नुपर्छ भन्ने लाग्दछ ।

आधा भाग अनिष्टकारक भएकाले निषिद्ध मानिएको छ। व्याघातका ९ घडी, शूलका ५ घडी, विष्कुम्भ र वज्रका ३–३ घडी, गण्ड र अतिगण्डका ६–६ घडी शुभकार्यमा वर्जित मानिएका छन् ।

भद्राविचारः

सङ्ग्रहे- **कृष्णेऽग्निदिशयोरूर्ध्वं सप्तमीभूतयोरधः। शुक्ले वेदेशयोरूर्ध्वं भद्रा प्राग्वसुपूर्णयोः।।**

श्रीपतिः – **न सिद्धिमायाति कृतं च विष्ट्यां विषारिघातादिकमत्र सिद्धम् ।** व्यवहारसमुच्चये –

दशम्यामष्टम्यां प्रथमघटिकापञ्चकपरं हरिद्यौ सप्तम्यां द्विदशघटिकान्ते त्रिघटिकम् ।

तृतीयाराकायां खयम (२०) घटिकाभ्यः परभवं शुभं विष्टेः पुच्छं शिवतिथिचतुर्थ्योस्तु विरमे।।

तत्रैव – **सर्पिणी तु सिते पक्षे कृष्णे चैव तु वृश्चिकी । सर्पिण्यास्तु मुखं त्याज्यं वृश्चिक्याः पुच्छमेव च।।**

माधवीये- **विष्टिर्यदाऽहनि तिथेरपरार्धजाता पूर्वार्धजा निशि तदा शुभदा च पुच्छे।**

ब्रह्मयामले – **दिनभद्रा यदा रात्रौ रात्रिभद्रा यदा दिवा। न त्याज्या शुभकार्येषु प्राहुरेवं पुरातनाः।।**

श्रीपतिः- **षट् पौष्णतो द्वादश शाङ्कराच्च पौरन्दराद्धानि नव क्रमेण ।**

पूर्वार्धमध्यापरभागयुञ्जि चिरन्तनैर्ज्यौतिषिकैः स्मृतानि ।।

भद्राविचार

कृष्णपक्षको दशमी र तृतीयातिथिका पछिल्ला ३०–३० घडी भद्रा कहलाउँछन् । चतुर्दशी र सप्तमीका पहिलेका ३०–३० घडी भद्रा मानिएका छन् । शुक्लपक्षका एकादशी र चतुर्थीका पछिल्ला ३०–३० घडी भद्रा मानिएका छन् भने अष्टमी र पूर्णिमाका पहिला ३०–३० घडी भद्रा मानिन्छन् । **श्रीपतिले** भद्राको प्रभाव बताउँदै भनेका छन् – भद्रामा गरिएका कुनै पनि शुभ कार्य सिद्ध हुँदैनन् । भद्रामा शत्रुमारण र विषप्रदानजस्ता कार्य सिद्ध हुन्छन् । **व्यवहारसमुच्चयमा** भनिएको छ – दशमी र अष्टमीका प्रथम ५ घडीपछिका ३–३ घडी एकादशी र सप्तमीका पहिला १२ घडीपछिका ३–३ घडी, तृतीया र पूर्णिमाका प्रथम १०–१० घडीपछिका ३–३ घडी र चतुर्थी र चतुर्दशीका अन्त्यका ३–३ घडीलाई भद्राको पुच्छर भनिन्छ । **व्यवहारसमुच्चयमा** नै शुक्लपक्षको भद्रालाई सर्पिणी र कृष्णपक्षको भद्रालाई वृश्चिकी भनिएको छ । शुक्लपक्षमा पर्ने सर्पिणी भद्राको मुख त्याग गर्नुपर्दछ अर्थात् पहिलेका घडी त्याग गर्नुपर्दछ भने कृष्णपक्षमा पर्ने वृश्चिकी भद्राको पुच्छर अर्थात् पछिल्ला घडी त्याग गर्नुपर्दछ। **माधवीयमा** भनिएको छ – जुन भद्रा तिथिको अन्त्य भागमा पर्दछ र रात्रिको पूर्वार्द्धमा पर्दछ त्यो पुच्छरमै परे पनि शुभदायक हुन्छ । **ब्रह्मयामलमा** भनिएको छ – दिनमा लागेको भद्रा रातसम्म र रातमा लागेको भद्रा दिनसम्म रहेमा यस्तो भद्रालाई शुभकार्यमा वर्जित गर्न हुँदैन । यो प्राचीन आचार्यहरूको ज्यादै पुरानो मत हो । **श्रीपतिले** नक्षत्रको वर्गीकरण गर्दै भनेका छन् – रेवतीदेखि ६ नक्षत्र अर्थात् रेवती, अश्विनी, भरणी, कृत्तिका, रोहिणी र मृगशिरालाई पूर्वभागी नक्षत्र भनिन्छ । यसैगरी आर्द्रादेखिका १२ नक्षत्रलाई मध्यमभागी र ज्येष्ठादेखिका ९ नक्षत्रलाई परभागी मानिएको छ ।

व्रतारम्भे विशेषः

व्रतारम्भे विशेषो मदनरत्ने सत्यव्रतेनोक्तः-

उदयस्था तिथिर्या हि न भवेद्दिनमध्यभाक् । सा खण्डा न व्रतानां स्यादारम्भश्च समापनम् ।। इति ।

देवलः – **अभुक्त्वा प्रातराहारं स्नात्वाऽऽचम्य समाहितः। सूर्याय देवताभ्यश्च निवेद्य व्रतमाचरेत्।।**

मदनरत्ने भविष्ये – **क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः। देवपूजाग्निहवनं सन्तोषः स्तेयवर्जनम्।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधा स्मृतः।।**

व्रतारम्भमा विशेष

मदनरत्नमा सत्यव्रतले व्रतको आरम्भ गर्ने सम्बन्धमा विशेषतथ्य प्रकट गर्दै भनेका छन् – जुन उदयकालिकतिथि दिनको मध्यभागमा रहँदैन त्यसलाई खण्डतिथि भन्दछन् र त्यसमा व्रतको आरम्भ र उद्यापन गर्न हुँदैन । व्रतारम्भकै विषयमा **देवल** भन्दछन् – प्रातःकालमा स्नान गरी आचमन गरेर केही आहार नलिईकन सूर्य आदि देवताहरूलाई आफूले व्रत लिन आरम्भ गर्न लागेको निवेदन गरेपछि मात्र व्रत आरम्भ गर्नुपर्दछ । **मदनरत्नमा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – सबै व्रतहरूमा साधारणरूपमा दशप्रकारका धर्मको पालन गर्नुपर्ने कुरा बताइएको छ । ती यसप्रकार छन्– क्षमा, सत्य, दया, दान, शौच, इन्द्रियनिग्रह, अस्तेय, सन्तोष, अग्निमा हवन र देवताको पूजा ।

अग्निहोमस्तद्दैवत्यो व्याहृतिहोमो वेति वर्द्धमानः । यत्तु तेनोक्तम् –
**'सर्वपदमेतत्पुराणोक्तप्रकृतव्रतपरम् । व्रतान्तरे तु विध्यन्तरसत्त्वे होमोऽन्यथा न ।।
अत एवैकादश्यां शिष्टानां होमानाचरणम्** ।। इति । तन्न, **जपो होमश्च** इति वक्ष्यमाणैकवाक्यत्वेनास्य काम्यव्रतसमाप्तिपरत्वात् । तत्त्वं तु साप्तदशस्य पशुमित्रविन्दादिप्रकरणस्थेनैव तत्तद्व्रतविशेषहोमविधिभिरस्योपसंहार इति ।

वर्धमानको भनाइअनुसार अग्निमा होम गर्दा ती–ती देवताहरूका छुट्टाछुट्टै मन्त्रद्वारा होम वा व्याहृति होम गर्नुपर्दछ। फेरि उनले माथिको दशधर्मको प्रकरणमा आएको सर्वव्रतेषु भन्ने पदबारे विचार गर्दै भनेका छन् – यहाँ सर्वपदको प्रयोग पुराणहरूमा वर्णन गरिएका सबै व्रतका विषय बुझाउन गरिएको हो, अरू व्रतहरूमा अरू कुनै विधि भएमा होम गर्नुपर्छ अन्यथा गर्नुपर्दैन । यसैले एकादशीव्रतमा शिष्टहरू होम गर्दैनन् । ग्रन्थकार भन्दछन् – **वर्धमानको** यो मत उचित छैन । जप र होम गरोस् भन्ने वचनले एकार्थ बुझाउने काम गर्दछ र यो वचन ती व्रत आदिका सम्बन्धमा पनि प्रयोग गरिएको छ जुनकुनै मनःकामना पूरा गर्न प्रयोग गरिन्छ । वास्तवमा यो सिद्धान्त **सप्तदशपशुमित्रविन्दादि**[२३]प्रकरणमा जस्तो होमविधिको उपसंहार रहेको छ त्यस्तै यस होमविधिको पनि उपसंहार गर्नुपर्दछ भन्ने भनाइको अभिप्राय के हो भने जुन होम जहाँ जहाँ गर्न भनिएको छ त्यहाँ मात्र त्यो होम गर्नुपर्दछ ।

विष्णुधर्मे – **तज्जप्यजपनध्याने तत्कथाश्रवणादिकम् । तदर्चनं च तन्नामकीर्तनश्रवणादयः।
उपवासकृतामेते गुणाः प्रोक्ता मनीषिभिः।।**

---

२३. **न साप्तदश्यं प्रकृतौ विरोधात्** (३/६/९) मीमांसासूत्रको व्याख्यामा भनिएको छ– **'सप्तदशसामिधेनीरनुब्रूयात् प्रवोवाजा अभिद्यवः०'** इत्यादि अग्निलाई उद्दीप्त गराउने १७ ऋचालाई सामधेनी भनिन्छ । प्रश्न गर्नेहरू भन्दछन् – यो १७ को संख्या प्रकृतियागका लागि हो अथवा विकृतियागका लागि ? यस प्रश्नको उत्तरमा सिद्धान्तपक्ष प्रस्तुत गर्दै भनिएको छ– प्रकृतियागमा १५ सामिधेनीको प्रयोग सनातन छ । त्यसमा अरू संख्या थप गर्ने कुनै आकाङ्क्षा पनि प्रकट गरिएको छैन । १५ र १७ का संख्या समान बल भएका पनि होइनन् । त्यसैले सूत्रमा भनिएको छ – प्रकृतियागमा १७ संख्याको प्रवेश हुँदैन । प्रकृतिगत १५ सामिधेनीको विकृतिगत १७ सामिधेनीसँग विरोध पनि रहेको छ । **'सप्तदशसामिधेनीरनुब्रूयात्'** यस विधिवाक्यको विकृतियागमा पढिने सामिधेनीको लक्षणको द्वारसम्बन्धले अर्थवान् १७ सामिधेनी ऋचाको मित्रविन्दादि प्रकरणमा पढिने १७ वाक्यसँग मित्रविन्दाप्रकरणको अधिकारको अपूर्व सम्बन्ध बोध गराउने अर्थमा जसरी उपसंहार गरिन्छ त्यसरी नै यहाँ विभिन्न व्रतविधिमा रहेको **हवनम्** पदको जप र होम अर्थमा उपसंहार हुन्छ ।

कौर्मे – बहिर्ग्रामाऽन्त्यजान् सूतिं पतितं च रजस्वलाम्। न स्पृशेन्नाभिभाषेत नेक्षेत व्रतवासरे।।

पृथ्वीचन्द्रोदये अग्निपुराणे –

स्नात्वा व्रतवता सर्वव्रतेषु व्रतमूर्तयः। पूज्याः सुवर्णमय्याद्याः शक्त्या वै भूमिशायिना।।

जपो होमश्च सामान्यं व्रतन्तु दानमेव च। चतुर्विंशद् द्वादश वा पञ्च वा त्रय एव वा।।

विप्रा भोज्या यथाशक्ति तेभ्यो दद्याच्च दक्षिणाम्।।

अत्र विप्रा इति पुंलिङ्गनिर्देशात् पुमांस एव भोज्या, न तु स्त्रियः । एवं सहस्रभोजनादावपि । विरूपैकशेषस्य प्रमाणान्तरं विनाऽयुक्तत्वात् । अत एव द्वयोर्यजमानयोः प्रतिपदं कुर्यात्, बहुभ्यो यजमानेभ्य इत्यादौ विरूपैकशेषायोगात् पत्न्यभिप्रायं द्वित्वं बहुत्वं वा न सम्भवतीत्युक्तमाचार्यैः, पार्थसारथिना च । एतेनैकस्य ब्राह्मणास्यावृत्त्या भोजनं परास्तम् । बहुत्वस्यैकपदश्रुत्या ब्राह्मणान्वितत्वेन भोजनान्वयाभावादित्यन्यत्र विस्तरः । शूद्रस्य प्रतिष्ठावद् विप्रद्वारा व्याहृतिहोमः, इति वर्द्धमानः । **व्रतमूर्तयः** – व्रतदेवताप्रतिमाः ।

व्रतालुका गुण निरूपण गर्ने क्रममा **विष्णुधर्म**मा भनिएको छ – व्रतालु जुन देवताको प्रसन्नताका लागि व्रत बस्दछ, त्यसले ती देवताकै मन्त्रजप गर्दै व्रत गर्नुपर्दछ, ती देवताको ध्यान गर्नुपर्दछ, आफ्ना ती आराध्य देवताकै कथा सुन्नुपर्दछ, तिनकै पूजा र नामकीर्तन गर्नुपर्दछ । यदि कतिपय मानिस व्रत गर्न रहर गर्दछन् भने ती मानिसहरूमा माथि बताएका उक्त गुण हुनुपर्दछ भन्ने कुरा मनीषीहरूले बताएका छन् । यससम्बन्धमा उपवास बस्नेहरूले नगर्नुपर्ने विषय बताउँदै **कूर्मपुराण**मा भनिएको छ – व्रतालुले व्रत अवस्थामा आफ्नो गाउँबाहिर बस्ने अन्त्यजहरूको, सुत्केरीको, पतितको र रजस्वला नारीको स्पर्श गर्न हुँदैन । तिनीहरूसँग बोलचाल गर्न हुँदैन र तिनीहरूलाई हेर्न पनि हुँदैन । पृथ्वीचन्द्रोदयमा उद्धृत **अग्निपुराण**को वचनमा व्रत बस्ने मानिसहरूको दिनचर्या र उत्तरक्रियाबारे यसरी भनिएको छ – सबै व्रतहरूमा व्रत बसेको मानिसले भुईंमा शयन गरी प्रातःकालमा उठेर स्नान गर्नुपर्दछ । स्नानपछि एकाग्रचित्त भई जुन देवताको व्रत गरिएको छ ती देवताका सुवर्ण अथवा चाँदीका प्रतिमाहरूमा यथाशक्ति पूजा गर्नुपर्दछ । व्रतको अन्त्यमा होम, जप र यथाशक्ति दान गर्नुपर्दछ । व्रत बस्नेहरूको चर्याक्रम यही हो । चौबीस अथवा बाह्र अथवा तीनब्राह्मणलाई भोजन गराई यथाशक्ति दक्षिणा दिनुपर्दछ ।

मूलमा सन्निहित एउटा पद्यमा **विप्राः** भनी पुंलिङ्गको निर्देश गरिएकाले पुरुष ब्राह्मणलाई मात्र भोजन गराउनुपर्दछ, ब्राह्मणीहरूलाई होइन भन्ने कुरा बुझ्नुपर्दछ । यसरी नै हजार ब्राह्मणलाई भोजन गराउँदा पनि ब्राह्मणीहरूलाई भोजन नगराई ब्राह्मणलाई नै भोजन गराउनुपर्दछ भन्ने कुरा बुझ्नुपर्दछ । **विरूपैकशेष – ब्राह्मणी च ब्राह्मणश्चेति ब्राह्मणौ** यस रीतिबाट गरिने स्त्रीलिङ्ग र पुंल्लिङ्ग विरूप हुन् र पछिबाट एउटा ब्राह्मण शेष रहन्छ, यस्तो व्याकरणको नियमका आधारमा ब्राह्मण भन्नाले ब्राह्मणीलाई पनि बुझ्नुपर्दछ भन्ने कुरामा प्रमाण छैन । प्रमाण भेटिएमा मात्र ब्राह्मणीलाई भोजन गराउन सकिन्छ । दुई यजमान अथवा धेरै यजमानहरूले प्रतिपदादेखि व्रत आरम्भ गरून् भन्ने वाक्यको विवेचन गर्दै आचार्यहरू र **पार्थसारथि**समेतले 'दुई यजमान अथवा धेरै यजमानभन्दा यजमानी र यजमान अथवा यजमानी र यजमानहरू भन्ने अर्थमा एकशेष भएको मात्र हुँदैन, यो द्वित्व र बहुत्व यजमानपरक मात्र हुन्छ यसबाट एउटै ब्राह्मणलाई पटक–पटक भोजन गराएर चौबीस ब्राह्मण भोजन, बाह्र ब्राह्मण भोजन र तीनब्राह्मण भोजन भन्ने अर्थ पनि गर्न हुँदैन किनकि दुईवचनमा बहुवचनको प्रयोग ब्राह्मणका लागि हो भोजनका लागि होइन भन्ने समेत बुझ्नुपर्दछ' भनेका छन् । उक्त विषयको विस्तार अनेक ग्रन्थहरूमा भएको छ र ती कुरा त्यहींबाट बुझ्नु बेस हुनेछ । शूद्रद्वारा गरिने देवप्रतिष्ठामा ब्राह्मणद्वारा हवन गराएसरह त्यसले व्याहृतिहोममा पनि ब्राह्मणद्वारा हवन गराउने अधिकार राख्दछ भन्ने कुरा **वर्धमान**ले भनेका छन् । मूलको एउटा पद्यमा प्रयुक्त **व्रतमूर्तयः**पदको अर्थ 'व्रतमा आराधना गरिने देवताको प्रतिमा' भन्ने हो ।

प्रतिमास्वरूपम्

प्रतिमास्वरूपं च मदनरत्ने भविष्ये –

अनुक्तद्रव्यतत्संख्या देवताप्रतिमा नृप । सौवर्णी राजती ताम्री वृक्षजा मार्तिकी तथा ।।

चित्रजा पिष्टलेखोत्था निजवित्तानुरूपतः। आमाषात्पलपर्यन्तं कर्तव्या शाठ्यवर्जितैः।।

प्रतिमास्वरूप

प्रतिमाको स्वरूपसम्बन्धमा **मदनरत्न**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – हे राजन् ! देवताहरूका प्रतिमाको विषयमा न निश्चित द्रव्य तोकिएको छ न त संख्या नै निर्धारण गरिएको छ । सुवर्णको प्रतिमा, चाँदीको प्रतिमा, ताँबोको प्रतिमा, काठको प्रतिमा, माटाको प्रतिमा, चित्राङ्कन गरिएको चित्रात्मक प्रतिमा, पीठोबाट तयार गरिएको प्रतिमा गरी अनेकथरिका प्रतिमा हुन्छन् । प्रतिमा तयार गर्दा आफ्नो आर्थिक क्षमताअनुसार एकमासादेखि पाँचतोलासम्मको बनाउनुपर्दछ ।

द्रव्यादीनां होमे विचारः

तत्रैव ब्राह्मे – **आज्यं द्रव्यमनादेशे जुहोतिषु विधीयते । मन्त्रस्य देवतायाश्च प्रजापतिरिति स्थितिः।।**

होममा द्रव्यादिविचार

अब द्रव्यादिको होमबारे विचार गरिन्छ । यस सम्बन्धमा **ब्रह्मपुराण**मा भनिएको छ – जुन ठाउँमा अथवा जुन कर्ममा हवन गरिने द्रव्यको निर्धारण गरिएको हुँदैन त्यहाँ घ्यूद्वारा आहुति दिनुपर्दछ । जहाँ यी देवताका निमित्तमा हवन गर्नुपर्दछ भनी देवताको पनि उल्लेख हुँदैन त्यहाँ प्रजापतिलाई देवता मानेर हवन गर्नुपर्दछ ।

मन्त्रानुक्तौ विचारः

मन्त्रानुक्तौ – **समस्तव्याहृतिरूपो मन्त्रः, प्रजापतिश्च देवतेति कल्पतरुः।**

मन्त्रको अनुक्तिमा विचार

कल्पतरुग्रन्थमा भनिएको छ– यो मन्त्रले हवन गर्ने भनी निर्णय नगरिएको अवस्थामा ॐ भूः, ॐ भुवः, ॐ स्वः, ॐ महः, ॐ जनः, ॐ तपः, ॐ सत्यम् यी व्याहृतिहरू नै मन्त्र हुन्छन् र प्रजापति नै देवता हुन्छन् ।

ग्रहादिहोमे विचारः

वर्धमानधृतदेवीपुराणे – **होमो ग्रहादिपूजायां शतमष्टाधिकं भवेत् । अष्टाविंशतिरष्टौ वा यथाप्राप्ति विधीयते।।**

मदनरत्ने – **अनुक्तसंख्या यत्र स्याच्छतमष्टोत्तरं शतम् ।**

ग्रहादिहोमको विचार

देवीपुराणबाट उद्धृत गरिएको **वर्धमान**को वचनअनुसार – ग्रह आदिको पूजामा १०८ संख्यामा हवन गर्नुपर्दछ अथवा २८ संख्यामा हवन गर्ने विधान पनि छ । कसैले ८ संख्यामा हवन गर्नुपर्ने कुरा बताएका छन् । **मदनरत्न**मा भनिएको छ – जहाँ संख्या तोकिएको हुँदैन, त्यहाँ १०० वा १०८ संख्याद्वारा हवन गर्नुपर्दछ ।

ब्राह्मणाद्युपवासे विचारः

वर्धमानधृतवृद्धशातातपः –

उपवासं द्विजः कृत्वा ततो ब्राह्मणभोजनम्। कुर्यात्तेनास्य सगुण उपवासोऽभिजायते ।।

ब्राह्मण आदिको उपवासविचार

वर्धमानद्वारा उद्धृत **वृद्धशातातपको** वचन यसप्रकार छ – द्विजले उपवास गरी ब्राह्मणभोजन गराउनुपर्दछ। यसबाट उपवासकर्म सफल हुन्छ ।

व्रतोद्यापनानुक्तौ विचारः

व्रतोद्यापनानुक्तौ तु पृथ्वीचन्द्रोदये नन्दिपुराणे –

कुर्यादुद्यापनं तस्य समाप्तौ यदुदीरितम् । उद्यापनं विना यत्तु तद् व्रतं निष्फलं भवेत् ।।
यदि चोद्यापनन्नोक्तं व्रतानुगुणतश्चरेत् । वित्तानुसारतो दद्यादनुक्तोद्यापने व्रते ।।
गाश्चैव काञ्चनं दद्याद् व्रतस्य परिपूर्तये ।

व्रतको उद्यापनको निर्देशन नभएकोमा विचार

पृथ्वीचन्द्रोदयमा उद्धृत **नन्दिपुराणको** वचनमा भनिएको छ – कुनै पनि व्रतको समाप्ति हुँदा उद्यापन गर्नुपर्छ भनिएको छ भने विधिपूर्वक उद्यापन गर्नुपर्दछ अन्यथा व्रत निष्फल हुन्छ । यदि कुनै व्रतमा उद्यापन गर्न निर्देश दिइएको छैन भने व्रतको अनुकूल जपादि कर्म गर्नुपर्दछ र वित्तअनुसार दान दिनुपर्दछ । व्रतको पूर्तिका लागि गोदान र सुवर्णदान गर्नुपर्दछ ।

अशक्तौ विचारः

अशक्तौ तु नारदीये – **सर्वेषामप्यलाभे तु यथोक्तकरणं विना । विप्रवाक्यं स्मृतं शुद्धं व्रतस्य परिपूर्तये।।**
वृथा विप्रवचो यस्तु गृह्णाति मनुजः शुभम् । अदत्त्वा दक्षिणां पापः स याति नरकं ध्रुवम्।।

उद्यानपन गर्न असमर्थ हुँदा

कुनै व्रतालु उद्यापन गर्न अशक्त भएमा **नारदीयपुराणमा** भनिएको छ – दिनुपर्ने देय वस्तु द्रव्य आदिको अभावमा शास्त्रोक्त विधि पुऱ्याउन सकिएन भने ब्राह्मणवाक्यलाई प्रमाणित मान्नुपर्दछ । ब्राह्मण जसरी खुसी हुन्छन् र जे भन्दछन् त्यही गर्नुपर्दछ । जुन मानिसले दक्षिणा नदिईकन ब्राह्मणको आशीर्वादग्रहण गर्दछ त्यसको नरकमा बास हुन्छ ।

सर्वकर्मसु दक्षिणाविचारः

भारते– **वेदौपनिषदे चैव सर्वकर्मसु दक्षिणा । सर्वत्र तु मयोद्दिष्टा भूमिर्गावोऽथ काञ्चनम् ।।**

सबै कर्मका लागि दक्षिणाविचार

महाभारतमा – सम्पूर्ण कर्ममा दक्षिणा गर्ने सम्बन्धमा वेद, उपनिषद् आदिमा बताएअनुसार भूमिदान, स्वर्णदान र गोदान गर्नुपर्दछ भन्ने निर्देश गरिएको छ ।

देवकार्येषु रजतदाने विचारः

वैजवापः – **शिवनेत्रोद्भवं यस्माद्रजतं पितृवल्लभम् । अमङ्गलं तद्यत्नेन देवकार्येषु वर्जयेत् ।।**

चाँदीदानको विषयमा विचार

वैजवापले भनेका छन् – चाँदी शिवजीका नयनबाट उत्पन्न भएको हो त्यो पितृहरूका निमित्त निकै प्रिय भए तापनि देवकार्यमा अमङ्गलजनक मानिएकाले त्यसको दान गर्न हुँदैन ।

परान्नभोजने फलविचारः

टोडरानन्दे देवीपुराणे – **व्रते च तीर्थेऽध्ययने श्राद्धेऽपि च विशेषतः ।**
परान्नभोजनाद्देवि! यस्यान्नं तस्य तत्फलम् ।।

परान्नभोजनको फलसम्बन्धी विचार

टोडरानन्द ग्रन्थमा उद्धृत देवीपुराणको वचनमा भनिएको छ – व्रत, तीर्थ, अध्ययन र विशेषगरी श्राद्धमा जसको अन्न भोजन गरिन्छ त्यसै अन्नदाताले अन्नदानको फल प्राप्त गर्दछ ।

व्रते त्याज्यविषयाः

पृथ्वीचन्द्रोदयेऽग्निपुराणे – **नित्यस्नायी मिताहारो गुरुदेवद्विजार्चकः।**
क्षारं क्षौद्रं च लवणं मधु मांसानि वर्जयेत् ।।

व्रतीहरूद्वारा त्याज्य विषय

पृथ्वीचन्द्रोदयमा उद्धृत अग्निपुराणको वचनमा भनिएको छ कि – व्रत गर्नेले नित्य स्नान गर्नुपर्दछ, अल्पाहार लिनुपर्दछ र गुरु, देवता, ब्राह्मण आदिको पूजा गर्नुपर्दछ । यस्तो व्रतीले क्षार अन्न अर्थात् तिल र मुँगबाहेकका कोसामा हुने अन्न, गहुँ, कोदो, धनियाँ, जुनेलो, मास आदि दाल खाने अन्न, उखुको रसबाट बनेका गुड, राब आदि वस्तु, उसिनेको अन्न, पसलमा बेच्न राखिएको खाने कुरा र मूलाजस्ता खाने कुरा, नुन, मह र मासु ग्रहण गर्न हुँदैन ।

क्षारपदार्थाः

क्षारास्तु तत्रैवोक्ताः – **तिलमुद्गाद्दते शिम्ब्यं सस्ये गोधूमकोद्रवौ । धान्यकं देवधान्यं च शमीधान्यं तथैक्षवम्।**
स्विन्नधान्यं तथा पण्यं मूलं क्षारगणः स्मृतः।।

क्षार अन्नको विचार

पृथ्वीचन्द्रोदयमा क्षार वस्तुबारे उल्लेख गरिएको छ । मुगी र तिलबाहेक सस्यमध्ये कोदो, गहुँ, **शिम्ब्यम्**- सिमीवर्गमा पर्ने कोशामा फल्ने अन्न, **देवधान्यम्**- देवतामा चढाइने धान्य – जौ, चामल आदि, **धान्यकम्** – धान, धनियाँ आदि, **शमीधान्यम्**- कोशामा फल्ने अन्न – माष, गहत, भटमास, चना, केराउ, मसुरो, झिरिङ्गी अर्थात् झिल्टुङ, रहर आदि, **ऐक्षवम्** – ऊखुको रसबाट बनेका राव, सख्खर, चिनी, मिश्री आदि, **स्विन्नधान्यम्**- विभिन्नथरि उसिनेका एवं भुटेका अन्न, **पण्यम्**- पसलमा बेच्नका लागि राखिएका भोज्यपदार्थ र **मूलम्** – मूला–गाजर आदि पदार्थ क्षारगणमा पर्दछन् । गहुँको विषयमा त निषेधको पनि निषेध गरिएकाले त्यसलाई क्षार मात्र हुँदैन ।

व्रते गोधूमादिग्राह्यपदार्थनिरूपणम्

गोधूमानां तु तत्रैव प्रतिप्रसवः –

व्रीहिषष्टिकमुद्गाश्च कलायाः सतिलं पयः। श्यामाकाश्चैव नीवारा गोधूमाद्या व्रते हिताः ।।

कूष्माण्डालाबुवार्ताकपालङ्कीज्योत्स्निकास्त्यजेत् । चरुभैक्षं सक्तुकणाः शाकं दधि घृतं मधु ।।

श्यामाकाः शालिनीवारा यावकं मूलतण्डुलम् । हविष्यव्रतनक्तादावग्निकार्यादिके हितम् ।।

मधु मांसं विहायान्यद् व्रते च हितमीरितम् ।।

इति शमीधान्यम्माषादि । पालङ्की–मध्यदेशे 'पोई– इति प्रसिद्धा। **ज्योत्स्निका**–पटोलिका (कोशातकी) । मिताक्षरायां गौतमः – **चरु-भैक्ष-सक्तुकण-यावक-शाक-पयो-दधि-घृत-मूल-फलोदकानि-हवींष्युत्तरोत्तरप्रशस्तानि। पयो दधि घृतं च गव्यम्** इति। अन्ये च विशेषा एकादशीचातुर्मास्यादिप्रकरणे वक्ष्यन्ते ।

व्रतमा गहुँ आदि ग्राह्य पदार्थको निरूपण

उपयोगी पदार्थ – गहुँको माथि क्षारप्रकरणमा गरिएका निषेधको यहाँ निषेध गरिएको छ अर्थात् विधान गरिएको छ यसैलाई प्रतिप्रसव भनिन्छ, भनाइको तात्पर्य निषेधको निषेधलाई प्रतिप्रसव भन्ने गरिन्छ । धान, साठीको चामल, मुँगी, केराउ, तिल मिसिएको दूध, सामाधान, शालिधान, गहुँ आदि पदार्थ व्रत बस्नेका लागि हितकर हुन्छन् । **त्याज्यपदार्थ –** व्रतालुहरूले कुभिण्डो, लौका, भण्टा, पालुङ्गो, परवर आदि पदार्थ अहितकारक हुने हुँदा त्याग गर्नुपर्दछ । **ग्राह्य पदार्थ –** चरु, भिक्षाको अन्न, सातु, यावक– आधा सुकेको जौ अथवा टुँडो नभएको जौ अथवा आधा उसिनेको जौ, साग, दही, घ्यू, मह, सामाधान, वनधान्य अर्थात् नीवार, चामल, जौ र हविष्य अन्नलाई पूर्णरूपमा शुद्ध एवं ग्राह्य पदार्थ मान्नुपर्दछ । व्रत, नक्त र हवनमा यी अन्न हितकारक हुन्छन् । मह र मासु छाडेर अरू हितकारक पदार्थ ग्रहण गर्नुपर्दछ । यस सम्बन्धमा मिताक्षरामा **गौतमको** मत उद्धृत गर्दै भनिएको छ – चरु, भिक्षाको अन्न, सातु, कनिका, जौबाट तयार गरिएका पदार्थ, साग, गाईको दूध, दही, घ्यू, कन्दमूल, फल, जल, हवि यी सम्पूर्ण पदार्थ क्रमैले श्रेष्ठ मानिएका छन् । यसबारे योभन्दा अधिक चर्चा एकादशीप्रकरण र चातुर्मास्यप्रकरणमा गरिनेछ ।

गृहीतव्रतत्यागे विचारः

गृहीव्रतत्यागे तु मदरत्ने छागलेयः –

पूर्वं व्रतं गृहीत्वा यो नाचरेत् काममोहितः । जीवन् भवति चाण्डालो मृतः श्वाचाभिजायते।।

व्रतग्रहण गरी बीचैमा छाड्ने मानिसहरूको विषयमा

व्रत ग्रहण गरी बीचमा छाड्ने व्यक्तिको दुर्गति हुने कुरा बताउँदै **मदनरत्नमा छागलेय** भन्दछन् – कुनै मानिसले काम, क्रोधले मोहित भई कुनै व्रत सङ्कल्पपूर्वक आरम्भ गरेर बीचमा नै छाडिदिन्छ भने त्यो मानिस ज्यूँदै चण्डालसमान हुन्छ भने मरेपछि कुकुरयोनिमा पैदा हुन्छ ।

तत्र क्रोधादिप्रादुर्भावे प्रायश्चित्तकथनम्

तत्र प्रायश्चित्तमुक्तं पृथ्वीचन्द्रोदये अग्निगरुडपुराणयोः –

क्रोधात्प्रमादाल्लोभाद्वा व्रतभङ्गो भवेद्यदि । दिनत्रयं न भुञ्जीत मुण्डनं शिरसोऽथवा ।।

इति। प्रायश्चित्ताम्नातादतिक्रान्तव्रतानुष्ठानं नास्तीति गम्यते । यत्तु- **प्रायश्चित्तं ततः कृत्वा पुनरेव व्रती भवेत्** - इति वचनादतिक्रान्तमपि व्रतं कार्यमेवेति शूलपाणिः, तन्मध्ये व्रतलोपे व्रतशेषसत्त्वे ज्ञेयम् । एतच्च शक्तविषयम्।

व्रतमा काम-क्रोध आदि उत्पन्न भएमा प्रायश्चित्त

अग्निपुराण र **गरुडपुराण**का वचन उद्धृत गरी **पृथ्वीचन्द्रोदय**मा व्रतत्यागको प्रायश्चित्तबारे भनिएको छ- 'कुनै मानिसले काम, क्रोध, लोभ आदिको वशमा परेर लिएको व्रतभङ्ग गर्दछ भने त्यसले तीनदिनसम्म भोजन गर्न हुँदैन अथवा शिरको मुण्डन गर्नुपर्दछ ।' यसबाट शास्त्रोक्त प्रायश्चित्त नगरीकन पुनः व्रत प्रारम्भ गर्न हुँदैन भन्ने कुरा बुझिन्छ । प्रायश्चित्त गरेपछि मात्र फेरि व्रतको आरम्भ गर्नुपर्दछ भनी जुन **शूलपाणि**ले भनेका छन् त्यो कुरा बीचमा व्रतलोप हुँदा र उद्यापन गर्न दुई–चारदिन बाँकी रहँदाको अवस्थाका लागि भनिएको हो । यी नियम समर्थ पुरुषका लागि हुन् ।

अशक्तौ उपवासे विचारः

अशक्तौ तु कालहेमाद्रौ पुराणान्तरे -

उपवासासमर्थश्चेदेकं विप्रं तु भोजयेत् । तावद्धनादि वा दद्याद् भुक्तश्चेद् द्विगुणं तथा ।।

भुक्तः–कृतभोजनः, ब्राह्मणभोजनं विनेति शेषः।

सहस्रसम्मितां देवीं जपेद्वा प्राणसंयमान् । कुर्याद् द्वादशसंख्याकान् यथाशक्त्यातुरो नरः।। इति ।

शुद्धितत्त्वे मात्स्ये - **उपवासेष्वशक्तानां नक्तं भोजनमिष्यते** । मदनरत्ने वायवीये - **द्रव्यदातोपवासस्य फलं प्राप्नोत्यसंशयम्** ।

उपवासमा असमर्थ व्यक्तिको सम्बन्धमा

असमर्थ पुरुषका लागि **कालहेमाद्रि**मा पौराणिक वचन उद्धृत गर्दै भनिएको छ - कुनै मानिस विशेष कारणले उपवास गर्न समर्थ भएन भने त्यसले ब्राह्मणभोजन गराउनुपर्दछ अथवा ब्राह्मणभोजनमा लाग्ने धनदान गर्नुपर्दछ । जुन मानिसले व्रतभङ्गपछि ब्राह्मणभोजन नगराईकन आफूले भोजन गरेको छ भने त्यो दोषलाई निराकरण गर्न भोजनको दुईगुणा धनदान गर्नुपर्दछ । रोगी भई व्रतभङ्ग गर्न बाध्य भएको मानिसले एकहजार गायत्रीजप गर्नुपर्दछ अथवा १२ प्राणायाम गर्नुपर्दछ । तर त्यस्तो मानिस रोगी छ भने त्यसले यथाशक्ति जप वा प्राणायाम गरोस् ।

शुद्धितत्त्वमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ - जुन मानिस उपवास गर्न असमर्थ छ र तिनका लागि नक्तभोजन नै सर्वोत्तम उपाय हो । **मदनरत्न**मा उद्धृत **वायुपुराण**को वचनमा भनिएको छ - उपवासत्याग गरेका मानिसले ब्राह्मणलाई दक्षिणा दिएपछि निःसन्देह उपवासको फल प्राप्त गर्दछ ।

व्रतेषु महत्त्वपूर्णविषयाः

तथाऽपरार्के देवलः - **ब्रह्मचर्यं तथा शौचं सत्यमामिषवर्जनम् ।**
व्रतेष्वेतानि चत्वारि वरिष्ठानीति निश्चयः ।।

मात्स्ये - **तस्मात्कृतोपवासेन स्नानमभ्यङ्गपूर्वकम् । वर्जनीयं प्रयत्नेन रूपघ्नं तत्परं नृप ।।**

अन्ये च नियमास्तत्र तत्रान्वेषणीयाः ।

व्रतहरूका महत्त्वपूर्ण विषय

अपरार्कमा उद्धृत **देवल**को मत अनुसार ब्रह्मचर्य, शौच, सत्य, मांसवर्जना यी चारकुरा सबै व्रतहरूमा ग्रहण गर्नुपर्ने श्रेष्ठ विषय हुन् । **मत्स्यपुराण**अनुसार व्रत गर्ने मानिसले तेल मालिस गरी स्नान गर्न हुँदैन । यसरी गरिएको तैलाभ्यङ्गबाट स्वरूपसौन्दर्यको हानि हुन्छ । यसकारण तेल लगाई स्नान गर्ने कुरा सधैं त्याग गर्नुपर्दछ। व्रत बस्ने मानिसले पालन गर्नुपर्ने नियम धर्मशास्त्रका अनेक ग्रन्थहरूमा बताइएका छन्, तिनको अनुशीलन गरी पालन गर्नुपर्दछ ।

स्त्रीव्रतेषु विशेषः

अथ स्त्रीव्रतेषु विशेष उच्यते । तत्र हेमाद्रौ व्रतकाण्डे गारुडे –

गन्धालङ्कारताम्बूलपुष्पमालानुलेपनम् । उपवासे न दुष्यन्ति दन्तधावनमञ्जनम् ।। इति ।

इदञ्च सभर्तृकोपवासविषयम् ।

अञ्जनं च सुताम्बूलं कुङ्कुमं रक्तवाससी । धारयेत्सोपवासाऽपि अवैधव्यकरे यतः ।

विधवा यतिमार्गेण कुमारी वा यदृच्छया ।। इति । तत्रैव भविष्योक्तेः ।

स्त्रीव्रतहरूमा विशेष

स्त्रीजातिले गर्ने व्रत आदिका विशेष कुराबारे विचार गरिँदैछ । **हेमाद्रि**को व्रतकाण्डमा उद्धृत **गरुडपुराण**को वचन यसप्रकार छ– उपवास बस्ने नारीहरूले गन्ध, पान, अलङ्कार, दन्तधावन, तैलाभ्यङ्ग, चन्दन, फूल, माला आदि पदार्थ प्रयोग गर्दा कुनै दोष लाग्दैन । यो छुट सधवा नारीका लागि हो । **मत्स्यपुराण**मा पनि उक्त कुरा समर्थन गरिएको वचन यसप्रकार छ – व्रतालु नारीले अञ्जन, पान, कुङ्कुमको सेवन र राता वस्त्रको धारण गर्नुपर्दछ, किनकि माथि बताइएका पदार्थ सौभाग्यदायक र अवैधव्यकर पनि हुन् । विधवा नारीले संन्यासीको विधिद्वारा व्रत गर्नुपर्दछ । अविवाहित नारीले स्वेच्छाले शृङ्गार गरेर अथवा नगरीकन व्रत गर्नुपर्दछ ।

सर्वेषु उपवासेषु वस्त्रादिकथनम्

तथा विष्णुधर्मे – **सर्वेषु तूपवासेषु पुमान् वाऽथ सुवासिनी । धारयेद्रक्तवस्त्राणि कुसुमानि सितानि च ।।**

विधवा शुक्लवसनमेकमेव हि धारयेत् ।।

उपवासमा वस्त्रधारण

यसैगरी **विष्णुधर्म**मा पनि भनिएको छ – सौभाग्यशाली पुरुष र सौभाग्यवती नारीले सम्पूर्ण व्रतमा राता वस्त्र र सेता फूल धारण गर्नुपर्दछ । विधवा नारीले भने सेतो वस्त्र नै धारण गर्नुपर्दछ ।

उपवासे दन्तधावनादीनां विशेषकथनम्

मनुरपि – **पुष्पालङ्कारवस्त्राणि गन्धधूपानुलेपनम् । उपवासे न दुष्यन्ति दन्तधावनमञ्जनम् ।।**

मदनरत्ने व्यासः– **दन्तधावनपुष्पादि व्रतेऽप्यस्या न दुष्यति** इति । यद्यपीदं सर्वोपवासविषयं प्रतीयते, तथापि शिष्टाचारात्सौभाग्याद्यर्थं क्रियमाणनवरात्रत्रिरात्राद्युपवासविषयमेव, नत्वेकादश्यादिविषयम् ।

असकृज्जलपानाच्च सकृत्ताम्बूलचर्वणात् । उपवासः प्रणश्येत दिवास्वापाच्च मैथुनात् ।।

इत्यपरार्के देवलेन तन्निषेधात् । न चास्य पुंविषयत्वेन सावकाशत्वात् स्त्रीणां ताम्बूलादि प्राप्नोतीति वाच्यम्। ताम्बूलादिप्रापकस्यैवैकादशीतरविषयत्वेन वैपरीत्यस्यापि सुवचत्वात् ।

उपवासमा दन्तधावन आदि विशेष

यस विषयमा **मनु**ले भनेका छन् – पुष्प, आभूषण, धूप, सुगन्ध, चन्दन, दन्तधावन र तैलाभ्यङ्ग आदि सेवन गर्दा व्रत दूषित हुँदैन । **मदनरत्न**मा उद्धृत **व्यास**को वचनमा पनि यसैगरी भनिएको छ – दन्तधावन, वस्त्रधारण आदिबाट नारीजातिको व्रत उपवासमा कुनै पनि दोष हुँदैन । हुन त माथिका सबै नियम व्रत–उपवासकै विषयमा आधारित छन् तापनि शिष्टाचारवश सौभाग्यका लागि गरिने नवरात्रव्रत, त्रिरात्रव्रत आदिका लागि पनि हुन् भन्ने कुरा बुझ्नुपर्दछ । तर उक्त वचन एकादशीका लागि होइनन् किनकि **अपरार्क**मा **देवल**ले एकादशीव्रतका सम्बन्धमा भनेका छन् – एकपटक पान खानाले, निरन्तर जल पिउनाले, दिउँसो शयन गर्नाले र मैथुन गर्नाले व्रतभङ्ग हुन्छ। यसबाट जलपान र ताम्बूलभक्षणजस्ता विषय एकादशीमा निषिद्ध गरिएका देखिन्छन् । **देवल**को यो वचन व्रतालु पुरुषहरूका लागि हो, व्रतालु नारीहरूका लागि होइन भन्ने अर्थ लगाउनु हुँदैन । ताम्बूलभक्षणलाई मात्र किन छूट दिने ? अरू विषय पनि छूटमा पर्न सक्छन् र अव्यवस्था हुन्छ। तसर्थ एकादशीमा नारीहरूले ताम्बूलभक्षण गर्न अर्थात् पान खान सक्छन् भन्ने अर्थ लगाउनु हुँदैन ।

यत्तु हरिवंशे – **अञ्जनं रोचनं चैव गन्धान् सुमनसस्तथा । व्रते चैवोपवासे च नित्यमेव विवर्जयेत् ।।**
शिरसोऽभ्यञ्जनं सौम्ये नैवमेतत्प्रशस्यते । न पादयोर्न गात्रस्य स्नेहेनेति स्थितिः स्मृता ।।

इति तत्तत्रैवोक्तपुण्यकव्रतविषयं न तु सर्वत्र, पूर्वोक्तविरोधादिति मदनरत्ने उक्तम् । तत्रैव –

अश्रुप्रपातो रोषश्च कलहस्य कृतिस्तथा । उपवासाद् व्रताद्वापि सद्यो भ्रंशयति स्त्रियम् ।।

स्त्रियमित्युपलक्षणम् । मदनरत्ने शिवधर्मे –

दानं व्रतानि नियमा ज्ञानं ध्यानं हुतं जपः । यत्नेनापि कृतं सर्वं क्रोधितस्य वृथा भवेत् ।।

हरिवंशमा पनि यस्तै कुरा भनिएको छ । तदनुसार 'सुगन्ध, गोरोचन, पुष्प, अञ्जनजस्ता विषय व्रतालुले त्याग गर्नुपर्दछ। शिरदेखि पाउसम्म स्नान गर्न हुँदैन र तैलाभ्यङ्ग गर्नु हुँदैन' यो मर्यादा हो । **हरिवंश**को यो वचन त्यहीँको प्रासङ्गिक पुण्यक नामक व्रतको सन्दर्भमा आएको हो, सर्वत्र लागु हुँदैन अन्यथा पहिले भनिएका वचनमा विरोध पर्न जान्छ भन्ने कुरा **मदनरत्न**मा भनिएको छ । 'आँसुका धारा, क्रोध, झगडाजस्ता कुराले नारीलाई उपवास र व्रतबाट तुरुन्त च्युत गराउँछन्' भन्ने **मदनरत्न**मा नै उल्लेख गरिएको छ । यहाँ नारीलाई च्युत गराउँछन् भन्ने वाक्य सामान्य सूचना हो । यसबाट पुरुषलाई पनि च्युत गराउँछन् भन्ने अर्थ बुझ्नुपर्दछ । व्रत बस्ने मानिसले क्रोध गर्न हुँदैन भन्ने कुरा **मदनरत्न**को शिवधर्ममा यसरी भनिएको छ – 'दान, व्रत, नियम, ज्ञान, ध्यान, हवन, जप आदि विषय प्रयत्नपूर्वक गरिएतापनि मनमा क्रोध हुन्छ भने ती सबै निष्फल हुन्छन् ।'

सूतकादौ निर्णयः

तत्र शावसूत्याशौचयोः सर्वस्मार्तकर्मनिवृत्तिर्निबन्धेषु स्पष्टैव । गौडास्तु क्षताशौचादावपि तामाहुः –

जानूर्ध्वे क्षतजे जाते नित्यकर्म न चाचरेत् । नैमित्तिकं च तदधः स्रवद्रक्तो न चाचरेत् ।।
लोतके च समुत्पन्ने ज्वरकर्मणि मैथुने । धूमोद्गारे तथा वान्तौ नित्यकर्माणि संत्यजेत् ।।
द्रव्ये भुक्ते त्वजीर्णे च नैव भुक्त्वापि किञ्चन । कर्म कुर्यान्नरो नित्यं सूतके मृतके तथा ।।

इति कालिकापुराणात् । वस्तुतस्तु पूर्वं देवीपूजोपक्रमात् तन्मात्रविषयत्वमस्येति युक्तं प्रतीमः ।

व्रतमा सूतक परेमा निर्णय

जननाशौच र मरणाशौचमा धर्मशास्त्रद्वारा बताइएका सबै कर्महरूको निवृत्ति हुन्छ भन्ने कुरा स्पष्ट छ । **कालिकापुराणको** आधारमा **गौडहरू** घाउ–चोट लाग्दा पनि आशौच लाग्ने हुँदा त्यसबेला पनि कर्मको त्याग गर्नुपर्दछ भन्दछन् । तिनीहरूको भनाइअनुसार 'घाउ–चोट लागी घुँडादेखि माथिका अङ्गहरूबाट रगत निस्किएमा नित्यकर्म गर्नु हुँदैन । घुँडादेखि मुनिका अङ्गहरूमा चोट लागी रगत देखिएमा नैमित्तिक कर्म गर्न हुँदैन । शरीरमा लूताको खटिरा निस्किएमा, ज्वर हुँदा, मैथुन गरेपछि, डकार आउँदा र वान्ता हुँदा पनि नित्य कर्म गर्न हुँदैन । भोजनपछि अपच भएमा र मरणाशौच एवं जननाशौचमा समेत नित्यकर्मपरित्याग गर्नुपर्दछ ।' उक्त विषय **कालिकापुराणमा देवीपूजाको** प्रसङ्गमा आएका हुन् । सिद्धान्तरूपमा उक्त वचन देवीपूजनमा लक्षित भएको तथ्य अवगत गर्दछौं भनी **कमलाकरले** भनेका छन् ।

अशुद्धौ अन्येन कार्यसम्पादनम्

तथा हेमाद्रौ पाद्मे –

गर्भिणी सूतिकादिश्च कुमारी वाऽथ रोगिणी । यदाऽशुद्धा तदाऽन्येन कारयेत्, प्रयता स्वयम् ।। इति।

पुंसोऽप्येष विधिः । लिङ्गस्याविवक्षितत्वात् । तेन – **यस्मिन् व्रते यत्पूजाद्युक्तं तदन्येन कारयेत्, शरीरनियमान् स्वयं कुर्यात्** इति हेमाद्रिर्व्याचख्यौ । **न व्रतिनां व्रते** इति विष्णूक्तेश्च । आरम्भश्च न भवत्येव।

आशौचमा अरूबाट कार्यसम्पादन

हेमाद्रिमा उद्धृत **पद्मपुराणको** वचनअनुसार गर्भिणी, सुत्केरी, कुमारी र रोगी नारीले आफू अशुद्ध भएमा अरू शुद्ध मानिसहरूद्वारा व्रत गराउनुपर्दछ । यहाँ लिङ्गको विवक्षा नभएकाले यो नियम पुरुषहरूमा पनि लाग्दछ। त्यसैले जुन व्रतमा जस्तो पूजा आदिको विधान गरिएको छ त्यो त्यसैगरी अरूबाट सम्पन्न गर्न लगाउनुपर्दछ र आफूले आफ्नो शरीरका नियमको पालन गर्नुपर्दछ भनी **हेमाद्रिले** बताएका छन् । **'न व्रतिनां व्रते'** भन्दै **विष्णुले** पनि व्रतालुहरूको व्रतमा यसै नियमको पालन गर्नुपर्दछ, सूतक आदि दूषित समयमा कुनै पनि व्रतको आरम्भ गर्नुहुँदैन, गरिराखेको व्रत भए प्रतिनिधिद्वारा गराउनुपर्दछ तर प्रतिनिधिद्वारा नयाँ व्रत आरम्भ गराउनु हुँदैन भनी **हेमाद्रिको** समर्थन गरेका छन् ।

बहुकालिकसङ्कल्पादौ विचारः

शुद्धितत्त्वे विष्णुः – **बहुकालिकसङ्कल्पो गृहीतश्च पुरा यदि । सूतके मृतके चैव व्रतं तन्नैव दुष्यति।।**

एतत्काम्यपरम् । नित्यं त्वनारब्धमपि कार्यमिति गौडाः । मदनरत्ने –

पूर्वसङ्कल्पितं यच्च व्रतं सुनियतव्रतैः । तत्कर्तव्यं नरैः शुद्धं दानार्चनविवर्जितम् ।।

माधवीये कौर्मे – **काम्योपवासे प्रकान्ते त्वन्तरा मृतसूतके। तत्र काम्यव्रतं कुर्याद्दानार्चनविवर्जितम्।।** इति ।

एतेन साङ्गेऽधिकारात्तद्व्रताङ्गदेवपूजादि कार्यमिति वर्धमानोक्तिः परास्ता प्रारब्धं पूजादिकार्यमेव । नवरात्रे तु तत्रैव विशेषं वक्ष्यामः । एवं रजस्वलापि । यत्तु सत्यव्रतः –

प्रारब्धदीर्घतपसां नारीणां यद्रजो भवेत् । न तत्रापि व्रतस्य स्यादुपरोधः कदाचन ।। इति ।

तत्प्रतिनिधिना कारयेदित्येतत्परम् । तदुक्तं मदनरत्ने मात्स्ये– **अन्तरा तु रजोयोगे पूजामन्येन कारयेत्** इति ।

धेरै पहिलेदेखि सङ्कल्प गरिएको कार्य आशौचद्वारा नरोकिने

शुद्धितत्त्वमा विष्णुको वचन यसप्रकार छ – 'धेरै पहिलेदेखि कुनै व्रत गर्ने सङ्कल्प गरिएको छ भने जननाशौच र मृताशौचमा त्यो व्रत दूषित हुँदैन।' यो वचन काम्यव्रतकै विषयमा भनिएको हो भनी बुझ्नुपर्दछ । **गौड**हरूको मतमा उपवास प्रारम्भ नै नगरे पनि उपवाससँग सम्बद्ध नित्य कर्म गर्नुपर्दछ । **मदनरत्न**मा यसबारे भनिएको छ – व्रत गर्न चाहने मानिसले पहिले सङ्कल्प गरेको छ भनें त्यसले नियमपूर्वक सङ्कल्पित व्रतलाई पूर्ण गर्ने काममा लाग्नुपर्दछ तर सूतक रहेसम्म दान र पूजा गर्न हुँदैन । **माधवीय** ग्रन्थमा उद्धृत **कूर्मपुराण**को वचन यसप्रकार छ – सकाम उपवासको आरम्भ गरेपछि बीचमा मरणाशौच अथवा जननाशौच पऱ्यो भने दान र पूजाबाहेक अरू नियमहरू पूर्ववत् पालन गरी काम्यव्रतलाई खण्डित हुन दिनु हुँदैन । **कूर्मपुराण**को यस वचनबाट अङ्गले सहित व्रतको अधिकार भइसकेकाले सूतक आदिमा पनि त्यस व्रतका अङ्गदेवतासहित मुख्य देवताको पूजा गर्नुपर्दछ भन्ने **वर्धमान**को भनाइ खण्डित हुन्छ । वस्तुतः थालिएको व्रतका मुख्य देवताको भने अन्य मानिसद्वारा पूजा गराउनुपर्दछ । नवरात्रव्रतको विशेष व्यवस्थाबारे नवरात्रप्रकरणमा चर्चा गरिनेछ । त्यसैगरी रजस्वला नारीले पनि व्रतभङ्ग गर्न हुँदैन । **सत्यव्रत**ले रजस्वलाको व्रतबारे चर्चा गर्दै भनेका छन् – दीर्घकालिक व्रत आरम्भ गरी उपासनामा लागेका नारीहरूले रजस्वला हुँदा पनि आफ्नो व्रतलाई खण्डित गर्न हुँदैन । यसको तात्पर्य आफूले पूजा आदि नगरी प्रतिनिधिद्वारा व्रतका पूजा आदि कर्म गराउनुपर्छ भन्ने नै हो । यही कुरा **मदनरत्न**मा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ कि – व्रतको बीचमा रजस्वला हुँदा नारीहरूले अरूबाट पूजा गराउनुपर्दछ ।

उपवासे प्रतिनिधिविचारः

प्रतिनिधयश्च निर्णयामृते पैठीनसिः –

भार्या पत्युर्व्रतं कुर्याद्भार्यायाश्च पतिर्व्रतम् । असामर्थ्ये परस्ताभ्यां व्रतभङ्गो न जायते ।।

स्कान्देऽपि – **पुत्रं वा विनयोपेतं भगिनीं भ्रातरं तथा । एषामभाव एवान्यं ब्राह्मणं वा नियोजयेत्।।**

कात्यायनः – **पितामातृभ्रातृपतिगुर्वर्थे च विशेषतः । उपवासं प्रकुर्वाणः पुण्यं शतगुणं लभेत्।।**

मातामहादीनुद्दिश्य एकादश्यामुपोषणे । कृते ते तु फलं विप्राः समग्रं समवाप्नुयुः।।

मदनरत्ने प्रभासखण्डे –

भर्ता पुत्रः पुरोधाश्च भ्राता पत्नी सखाऽपि च । यात्रायां धर्मकार्येषु जायन्ते प्रतिहस्तकाः ।।

एभिः कृतं महादेवि स्वयमेव कृतं भवेत् ।

तत्रैव वायवीये – **स्वयं कर्तुमशक्तश्चेत्कारयीत पुरोधसा । इदञ्च सर्ववर्णसाधारणमविशेषात् ।**

उपवासमा प्रतिनिधिविचार

अब व्रतका प्रतिनिधि के कस्ता हुनुपर्दछ भन्ने विषयमा विचार गरिन्छ । **निर्णयामृतमा पैठीनसि** भन्दछन्– पत्नीले गरेको व्रतमा उनी व्रत गर्न असमर्थ भएको अवस्थामा पतिले प्रतिनिधि बनेर व्रत गर्नुपर्दछ । यसैगरी पति असमर्थ भएमा उनको प्रतिनिधिका रूपमा पत्नीले व्रत गर्नुपर्दछ । यस्तो व्यवस्था हुन नसके अरू बाहिरी मानिस लगाएर भए पनि व्रत गराउनुपर्दछ तर व्रतभङ्ग गर्नु हुँदैन । यस विषयमा **स्कन्दपुराण**मा भनिएको छ – विनीत पुत्र, बहिनी र भाइलाई प्रतिनिधि बनाई व्रत गराउनुपर्दछ। उक्त कुनै पनि नभएमा अरू कुनै ब्राह्मणद्वारा व्रत गराउनुपर्दछ। प्रतिनिधिहरूको सहभागितासम्बन्धमा **कात्यायन**ले भनेका छन्– विशेषरूपमा माता–पिता, दाजुभाइ, गुरु र पतिको प्रतिनिधि भई व्रत बस्ने मानिसहरूले सयगुणा धेरै फल प्राप्त

गर्दछन् । मातामह इत्यादिलाई उद्देश्य गरेर एकादशीमा उपवास गरेमा उनीहरूले पूर्णफल पाउँछन् । पत्नी, मित्र, भाइ आदिले प्रतिनिधि भई गरेको व्रत आफैले गरेसमान हुन्छ भन्ने तथ्य स्पष्ट गर्दै **मदनरत्न**मा उद्धृत प्रभासखण्डको वचनमा भनिएको छ– कुनै पनि व्यक्तिले गर्ने धर्मकार्य र तीर्थयात्रामा पति, भाइ, दाजु, पुरोहित, पुत्र, पत्नी, मित्रजस्ता आफन्तहरू स्वतः प्रतिनिधि हुन्छन् । यी सबैले गरेको व्रतसम्बन्धी कार्य आफैले गरेसरह हुन्छ । यसै प्रसङ्गमा **वायुपुराण**मा भनिएको छ – 'सबै वर्णका मानिसहरूले आफूले आरम्भ गरेको व्रत गर्न कारणवश आफू असमर्थ भएमा आफ्नो पुरोहितद्वारा त्यस कर्मलाई निरन्तरता दिनुपर्दछ ।' **वायुपुराण**को यस वचनमा विशेष केही नभनिएकाले यो सबै वर्णका लागि बताइएको साधारण नियम हो।

यत्तु कश्चिन्महोक्ष आह – शूद्रस्य ब्राह्मणादिरेव प्रतिनिधिर्युक्तो न शूद्रः ।

जपस्तपस्तीर्थसेवा प्रवज्या मन्त्रसाधनम् ।
विप्रैः सम्पादितं यस्य सम्पन्नं तस्य तत्फलम् ।।

इति मरीचिवचनादिति, तत्तुच्छम् । प्रवज्यादीनां शूद्रेऽसम्भवात्, विषये प्रायदर्शनादिति न्यायेनास्य ब्राह्मणादिगोचरत्वात्। यदपि – **उपवासो व्रतं होमतीर्थस्नानजपादिकम्** । इति पूर्वार्धस्तदापि स एव दोषः । **स्त्रीशूद्रपतनानि षट्** इति मानवीये जपनिषेधात् ।

ब्राह्मणो हीनवर्णस्य यः कुर्यात् कर्म किञ्चन । स तां जातिमवाप्नोति इह लोके परत्र च ।।

इति कालहेमाद्रौ मरीचिनिषेधाच्च । वस्तुतस्तु सम्पूर्णतावचनमात्रमत्रोच्यत इति प्रतिनिधेः का वार्तेत्यलम् ।

कुनै मूर्ख मानिसले **मरीचि**को वचन उद्धृत गर्दै प्रतिनिधि छान्ने विषयमा यसरी मत प्रस्तुत गरेको छ – शूद्रले आरम्भ गरेका व्रतमा कथञ्चित् आफु असमर्थ हुँदा ब्राह्मणले प्रतिनिधित्व गरी व्रत सम्पन्न गराउनुपर्दछ तर शूद्रको प्रतिनिधिका रूपमा कुनै हालतमा शूद्रलाई चयन गर्न हुँदैन । किनभने 'संन्यास, मन्त्रसिद्धि, तीर्थसेवा, जप, तप आदि शुभ कर्म ब्राह्मणले जसका लागि गरिदिन्छन् त्यसका ती कार्य सफल हुन्छन्', यो **मरीचि**को वचन हो। ग्रन्थकार भन्दछन् – वस्तुतः उक्त मत उचित छैन, शूद्रसंन्यास असम्भव छ । **विषये प्रायदर्शनात्** भन्ने सूत्रको नियमअनुसार जुन विषयमा जसको दर्शन वा उपस्थिति बढी हुन्छ, प्रायः त्यसकै अर्थ लिनुपर्दछ । संन्यासमा ब्राह्मणको प्रवृत्ति बढी हुने हुँदा संन्यासको क्षेत्रमा ब्राह्मणकै चर्चा बढी हुन्छ, शूद्रको हुँदैन। यसरी नै शूद्रद्वारा गरिने उपवास, व्रत, होम, तीर्थस्नान, जप, तपमा पनि यही दोष हुन आउँछ। **मनु**ले यस सम्बन्धमा भनेका छन् – स्त्री र शूद्रको जप आदि ६ कर्मद्वारा पतन हुन्छ । यसकारण शूद्रका लागि जप निषिद्ध छ। अर्को कुरा **कालहेमाद्रि** ग्रन्थमा मरीचिले निषेधवाक्य प्रयोग गरेका कारण पनि शूद्रको प्रतिनिधि ब्राह्मण हुँदैन । कुनै ब्राह्मणले आफूभन्दा हीन वर्णको प्रतिनिधि भएर कर्म गर्दछ भने त्यो ब्राह्मण इहलोक र परलोकमा काम लाग्दैन र जुन जातिको कर्म गरेको छ त्यसै जातिमा परिणत हुन्छ । यसरी शूद्र आदि आफूभन्दा तल्ला जातका यजमानको प्रतिनिधि भई ब्राह्मणले काम गर्दा त्यो ब्राह्मण यजमानकै जातिमा परिणत हुन्छ भने ब्राह्मणलाई प्रतिनिधि बनाएको औचित्य के रहन्छ ? पुनश्च सम्पूर्ण शूद्रजाति र नारीजाति नै जप आदि ६ कर्म गर्दा पतित हुन्छन् भने विचरा तिनका प्रतिनिधिको पतन नहुने कुरा भएन । तसर्थ शूद्रले शूद्रलाई नै प्रतिनिधि बनाई कर्म गर्नुपर्दछ ।

व्रतेषु विशेषः

अत्र विशेषमाह त्रिकाण्डमण्डनः –

काम्ये प्रतिनिधिर्नास्ति नित्ये नैमित्तिके च सः। काम्येऽप्युपक्रमादूर्ध्वं केचित् प्रतिनिधिं विदुः ।।
न स्यात्प्रतिनिधिर्मन्त्रस्वामिदेवाग्निकर्मसु । स देशकालयोर्नास्ति नारणेरग्निरेव सा ।।

नापि प्रतिनिधातव्यं निषिद्धं वस्तु कुत्रचित् । हिरण्यकेशिसूत्रेऽपि – **न स्वामित्वस्य भार्यायाः पुत्रस्य देशस्य कालस्याग्नेर्देवतायाः कर्मणः शब्दस्य च प्रतिनिधिर्विद्यते** इति ।

प्रतिनिधिसम्बन्धी विशेष तथ्य

त्रिकाण्डमण्डनमा प्रतिनिधिसम्बन्धी विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ – काम्यकर्ममा त्यस्तो कुनै प्रतिनिधि हुनसक्छ तर नित्यकर्म र नैमित्तिक कर्ममा प्रतिनिधिको व्यवस्था गर्न मिल्दैन । काम्य कर्म आरम्भ भइसकेपछि कुनै खण्डखातिर परेमा आचार्यलाई प्रतिनिधि बनाई उनैद्वारा कर्म सम्पन्न गराउनुपर्दछ भन्ने कसैको मत पाइन्छ । मन्त्र, देवता, स्वामी र अग्निका कर्महरूमा देश, काल र अरणिमन्थनमा प्रतिनिधि राख्न पाइँदैन किनकि अरणिमन्थनमा जुन अरणि काष्ठ हो त्यो अरणि नै होइन, अपितु स्वयं अग्नि हो । अरणि नै अग्नि भएपछि त्यहाँ अर्को प्रतिनिधि राख्नै हुँदैन । अर्को कुरा निषिद्ध व्यक्तिहरूलाई पनि प्रतिनिधि बनाउन हुँदैन । यस सम्बन्धमा **हिरण्यकेशिसूत्र**मा यसरी भनिएको छ – स्वामी, भार्या, पुत्र, देश, काल, अग्नि, देवता, कर्म र शब्दको अर्को कुनै पनि व्यक्ति वा वस्तु प्रतिनिधि हुँदैन ।

व्रतादिसन्निपाते निर्णयः

तत्र तिथिद्वयसन्निपाते तत्रोक्तं दानहोमादिक्रमेणानुष्ठेयम्, अविरोधात् । इदं पूर्वारब्धेष्वेव । एकमध्येऽन्यकाम्य-कर्मारम्भस्तु न भवत्येव गुणफलादृते । **यस्य यज्ञे प्रततेऽन्तरा यज्ञस्तायते यज्ञ निरृतिर्गृह्णाति** इति राणकधृतश्रुतेः। यज्ञः व्रतादिकर्ममात्रम् । अनङ्गेन व्यवधानदोषस्य सर्वत्र साम्यात् ।

व्रतहरू खप्टिँदा गर्नुपर्ने विधि

अब व्रतहरूको सन्निपात अर्थात् एउटा व्रत चलिरहेका बेला अरू व्रतहरू गर्नुपर्ने हुन आउँदा के गर्ने भन्ने विषयमा निर्णय गरिन्छ । यदि कुनै व्रत गर्दा दुईतिथिको मेल भयो भने ती तिथिमा बताइएका दान, होम आदिमा विरोध नहुनाले दुईतिथिका कर्मतिथिका क्रमले गर्नुपर्दछ । पूर्वतिथिमा गर्नुपर्ने दान, होम आदि कर्म सकेर उत्तरतिथिमा गरिने दान, होम आदि कर्म गर्नुपर्दछ । यही कुरा पहिलेदेखि आरम्भ गरिएका व्रतहरूमा पनि सम्झिनुपर्दछ। एउटा काम्यकर्मको बीचमा अर्को काम्यकर्मको आरम्भ हुनै सक्दैन । तर गौण फल त हुनसक्छ ? कुनै एउटा यज्ञ आरम्भ गरिसकेपछि दोस्रो यज्ञको आरम्भ गरिन्छ भने त्यसलाई निरृतिले ग्रहण गर्दछन् भन्ने कुरा **राणक**द्वारा उद्‌धृत **श्रुति**मा बताइएको छ । एकथरि व्रत वा यज्ञ, व्रत आदि कर्ममात्र हुन् । यज्ञको आरम्भ भएपछि प्रारम्भ गरिने दोस्रोथरि यज्ञ र व्रत प्रथम यज्ञ र प्रथम व्रतका अङ्ग नहुनाले प्रथम यज्ञ र व्रतमा व्यवधान पुऱ्याउने हुँदा दोष हुन आउँछ ।

शिष्टास्तु माघकार्तिकस्नानादिमध्ये लक्षहोम–तुला–भारतश्रवणाद्याचरन्ति, तन्नित्यमध्येऽस्तु । काम्यमध्ये तु चिन्त्यम्। यत्र तु नक्तैकभक्तादौ विरोधस्तत्र प्राथम्यादेकभक्तं कार्यम् । नक्तं तु परेद्युस्तत्तिथौ गौणकाले कार्यम् । समकालीनविरुद्धव्रतादौ तु **एकं स्वयं कृत्वाऽन्यद्भार्यादिना कारयेत्** इति माधवः । यत्र तु शिवरात्र्यादौ तिथिमध्ये पारणयाह्निभोजनं प्राप्तम्,

भूताष्टम्योर्दिवा भुक्त्वा रात्रौ भुक्त्वा च पर्वणि । एकादश्यां दिवा रात्रौ भुक्त्वा चान्द्रायणं चरेत् ।।

इति तन्निषेधश्च, तत्र पारणाया वैधत्वात् दिवैव भोजनम् । निषेधस्तु रागप्राप्तभोजनविषयः । एवमष्टम्यादिनक्तव्रते संक्रान्त्यादौ रवौ सङ्कष्टचतुर्थ्यां च रात्रौ भोजनम् । यत्र त्वष्टम्यादौ दिवा भुजिनिषेधः, संक्रमे च रात्राविति निषेधद्वये तत्रोपवास एव कार्यः ।

शिष्टहरू कार्तिक स्नान आदिको मध्यमा लक्ष्यहोम, तुलादान, महाभारतश्रवण आदि जुन कर्म गर्दछन् ती तिनका नित्यकर्म मानिएका छन् । काम्यकर्ममा यसरी एउटा कर्म चल्दाचल्दै अरू कर्म चलाउनु हुँदैन त्यसैले ती कर्म विचारणीय हुन्छन् । स्पष्टरूपमा भन्नुपर्दा काम्यकर्म चल्दाचल्दै अर्को काम्यकर्म चलाउनु हुँदैन । जहाँ नक्त र एकभक्त समानकालमा गरिनुपर्ने गरी एकसाथ आउँछन् त्यसबेला क्रममा प्रथम मानिने एकभक्त व्रत पहिले गर्नुपर्दछ । नक्तव्रत त अर्को दिन त्यसै तिथिमा गौणकालमा गर्नुपर्दछ । यदि एउटै समयमा दुईव्रत नगरी नहुने आइलाग्यो भने एउटा व्रत आफूले गरी अर्को व्रत आफ्नी पत्नीद्वारा सम्पन्न गराउनुपर्दछ भनी **माधवले** आफ्नो मत प्रस्तुत गरेका छन् । शिवरात्रि आदिमा तिथिको बीचको समयमा जब पारणका लागि दिनमा भोजन गर्नुपर्ने हुन्छ त्यसबेला एउटा शास्त्रीय वचन त्यस भोजनको निषेध गर्दै उपस्थित हुन्छ – कृष्णपक्ष र शुक्लपक्षका चतुर्दशी, अष्टमी र पर्वका दिन एवं रातमा भोजन गरेमा तथा एकादशीतिथिका पनि दिन र रातमा भोजन गरेमा चान्द्रायणव्रत गर्नुपर्दछ । यो वचनले शिवरात्रिको मध्यदिनमा प्राप्त भएको पारणको भोजन गर्न नहुने भयो । अब कसो गर्ने भन्ने प्रश्न खडा हुन्छ । सिद्धान्ततः यस्तो स्थिति विचार गर्दा शिवरात्रिको पारण शास्त्रोक्त भएकाले त्यसलाई माथिको **भूताष्टम्योर्दिवा भुक्त्वा०** भन्ने वचनले रोक्न सक्दैन । माथिको निषेध केका लागि त ? भन्ने प्रश्नको उत्तर के हो भने त्यो निषेध ती तिथिमा गरिने इच्छाप्राप्त भोजनको निषेधका लागि हो भनी बुझ्नुपर्दछ ।

यसैगरी अष्टमी आदिको नक्तव्रत, संक्रान्ति आदि, रविवार, सङ्कष्टमोचनचतुर्थी यी तिथिमा रातमा नै भोजन गर्नुपर्दछ। अष्टमी, रविवार आदिमा दिवाभोजनको निषेध र संक्रान्तिमा रात्रिभोजनको निषेध भएकाले संक्रान्तिका दिन रविवार परेमा के गर्ने भन्ने प्रश्न हुन्छ, यस्तो स्थितिमा व्रतीले उपवास नै गर्नुपर्दछ ।

यद्यपि पुत्रिण उपवासोऽपि निषिद्धस्तथापि – **उपवासनिषेधे तु भक्ष्यं किञ्चित् प्रकल्पयेत्** इति वचनात् किञ्चिद्भक्षयित्वोपवासः कार्यः । चान्द्रायणमध्ये एकादश्यादौ तु ग्राससङ्ख्या नियमेन भोजनं कार्यमेव। चान्द्रायणस्य काम्यत्वेन नित्यबाधकत्वात् । अबाधेन गत्यसम्भवाच्च । एकादश्यामेकान्तरोपवासादिपारणायां जलपारणां कृत्वोपवसेत्। **आपो वा अशितमनशितं च** इति श्रुतेः । एवं द्वादश्यां मासोपवासश्राद्धप्रदोषादिषु ज्ञेयम् । एवं काम्यनैमित्तिकनित्यत्वादिकृतं बलाबलं स्वयमूह्यमिति दिक् ।

इति पक्ष-तिथि-व्रतनिर्णयात्मकं तृतीयं प्रकरणम्

यद्यपि 'पुत्रवान् अर्थात् छोरा हुने व्यक्तिले उपवास गर्न हुँदैन' भनी उपवासको निषेध गरिएको छ तापनि उपवासको निषेधलाई सम्मान गर्दै केही खाएर उपवास गर्नुपर्दछ ।

चान्द्रायण गर्ने मानिसले गाँस बढाउँदै र गाँस घटाउँदै गरी व्रत गर्नुपर्दछ । चान्द्रायणको क्रममा एकादशीतिथि आयो भने के गर्ने ? भनी प्रश्न उठ्नु स्वाभाविक हो । चान्द्रायण काम्यकर्म भएकाले त्यो नित्यकर्मको बाधक हुन्छ । बाधक नहुने हो भने चान्द्रायणव्रत आदि काम्यकर्म पूरा हुँदैनन् । त्यसैले एकादशीका दिन एकान्तरव्रतको पारणा आउँदा जलले पारण गरी उपवास गर्नुपर्दछ । श्रुतिमा 'जलपान भोजन हो र भोजन पनि होइन' भनेको पनि पाइन्छ । द्वादशी, प्रदोष, मासोपवास, श्राद्ध आदिमा पनि समस्या पर्न आउँदा माथिकै रीतिले निर्णय गर्नुपर्दछ । यसरी काम्य, नैमित्तिक, नित्य आदि व्रतहरूमा बलाबलविचार गरेर कार्य गर्नुपर्दछ ।

निर्णयसिन्धु प्रथमपरिच्छेदको पक्ष, तिथि र व्रतको निर्णयमा आधारित तेस्रो प्रकरण पूरा भयो ।

प्रतिपदादितिथीनां पूर्वापरग्राह्याग्राह्यत्वनिर्णयात्मकं चतुर्थं प्रकरणम्

प्रतिपदातिथिनिर्णयः

शुक्लप्रतिपदपराह्णव्यापित्वे पूर्वा ग्राह्या । युग्मवाक्यात् । **प्रतिपत्सम्मुखी कार्या या भवेदपराह्णिकी।** इति स्कान्दोक्तेः । **शुक्ला स्यात्प्रतिपत्तिथिः प्रथमतश्चेत्साऽपराह्णे भवेत्** इति दीपिकोक्तेश्च । अपराह्णश्च पञ्चधा भक्ते दिने चतुर्थो भागः । तदभावे तु सायाह्नव्यापिनी ग्राह्या । **तदभावे तु सायाह्नव्यापिनी परिगृह्यताम्** इति माधवोक्तेः। कृष्णा तु परा । **कृष्णा तूत्तरतोऽखिला** इति दीपिकोक्तेः । कृष्णाऽपि पूर्वैवेत्यनन्तभट्टाः।

प्रतिपदातिथिको निर्णय

अब प्रतिपदा आदि तिथिहरूको विषयमा निर्णय गरिन्छ– 'युग्मवाक्यको नियमअनुसार शुक्लपक्षको प्रतिपदा अपराह्णव्यापी अर्थात् पाँचभाग लाग्ने दिनको चौथो भागसम्म रह्यो भने पहिलो दिनको प्रतिपदा लिनुपर्दछ' भन्ने **स्कन्दपुराण**को भनाइ हो र **दीपिका**मा अपराह्णसम्म रहने प्रतिपदालाई लिनुपर्दछ भनिएको छ । शुक्लप्रतिपदा पहिलो नै यदि अपराह्णव्यापी छ भने त्यसलाई नै प्रतिपदामा गरिने कर्मका लागि लिनुपर्दछ । यदि त्यो त्यसरूपमा प्राप्त भएन भने सन्ध्याकालसम्म रहने प्रतिपदातिथि लिनुपर्दछ भनी **माधव**ले भनेका छन् । **दीपिका**मा कृष्णपक्षको प्रतिपदा पछिल्लो लिनुपर्दछ भनिएको छ तर अनन्त भट्टले कृष्णपक्षको प्रतिपदा पनि पहिलो नै लिनुपर्दछ भनेका छन् ।

सर्वतिथिषु वर्ज्यान्युक्तानि

मुहूर्तदीपिकायाम् – **कूष्माण्डं बृहतीफलानि लवणं वर्ज्यं तिलाम्लं तथा**
तैलं चामलकं दिवं प्रवसता शीर्षं कपालान्त्रकम् ।
निष्पावांश्च मसूरिकान् फलमथो वृन्ताकसंज्ञं मधु
द्यूतं स्त्रीगमनं क्रमात्प्रतिपदादिष्वेवमाषोडश ।।

शीर्षम् – नारिकेलम्, **कपालम्** – अलाबु, **अन्त्रम्** – पटोलम् ।

भूपालः– **कूष्माण्डं बृहती क्षारं मूलकं पनसं फलम् । धात्री शिरः कपालान्त्रं नखचर्मतिलानि च ।।**
क्षुरकर्माङ्गनासेवां प्रतिपत्प्रभृति त्यजेत् ।

सबै तिथिहरूमा क्रमैले निषेध गरिएका विषय

मुहूर्तदीपिकामा प्रतिपदादेखि लिएर पूर्णिमासम्म अथवा प्रतिपदादेखि अमावास्यासम्मका १६ तिथिमा क्रमैले तल लेखिएका १६ पदार्थ त्याग गर्नुपर्दछ भनिएको छ । ती त्याज्य पदार्थ प्रतिपदादेखि क्रमशः यसप्रकार छन् – कुभिण्डो, विहीँ, नुन, तिल, अमिलो, तेल, अमला, नरिवल, लौका, परवर, सिमी–बोडी, भटमास, मसुरो, भण्टा, मह, जुवा र स्त्रीप्रसङ्ग । **भूपाल**ले पनि प्रतिपदादेखि त्याज्य पदार्थको परिगणना गर्दै भनेका छन् – कुभिण्डो, भण्टा, क्षार गणमा पर्ने कोशामा हुने अन्न, गहुँ, कोदो, धनियाँ, सेतो जुनेलो, मास आदि दलहन, ऊखुको रसबाट बनेका सखखर आदि पदार्थ, उसिनिएका वस्तु, पसलमा राखिएका पदार्थ, कटहर, नरिवल, अमला, लौका, परवर, मसुरो, सिमी, मूला, गाजर, लसुन, प्याज, तिल, क्षौरकर्म र स्त्रीप्रसङ्ग उक्त तिथिहरूमा क्रमैले छोड्नुपर्दछ ।

द्वितीयातिथिनिर्णयः

द्वितीया तु कृष्णापूर्वा शुक्लोत्तरा इति हेमाद्रिः । कृष्णा द्वितीयाऽऽदिमा । पूर्वाह्णे यदि सा सिता तु परतः सर्वा इति दीपिकोक्तेः । माधवानन्तभट्टमते तु सर्वापि द्वितीया परा । तथा च माधवः -

पूर्वेद्युरसती प्रातः परेद्युस्त्रिमुहूर्तगा । सा द्वितीया परोपोष्या पूर्वविद्धा ततोऽन्यथा ।। इति ।

द्वितीयातिथिको निर्णय

हेमाद्रिको मतअनुसार व्यवहारमा शुक्लपक्षको पछिल्लो द्वितीया लिनुपर्दछ भने कृष्णपक्षको पहिलो लिनपर्दछ। **दीपिकाको** भनाइअनुसार कृष्णपक्षको द्वितीया पहिलो दिनको लिइन्छ । शुक्लपक्षको द्वितीया भने जुनसुकै रूपमा पनि दोस्रो नै लिनुपर्दछ । **माधव** र **अनन्त भट्ट**को भनाइअनुसार दुवै पक्षमा पछिल्ला द्वितीया लिनुपर्दछ । **माधव** भन्दछन् - यदि द्वितीया अघिल्लो दिन बिहानीमा हुँदैन र पछिल्लो दिन बिहानीमा तीनमुहूर्त अथवा ६ घडीसम्म रहन्छ भने व्यवहारमा ल्याउने क्रममा पछिल्लो द्वितीया लिनुपर्दछ । त्यस्तो नभएमा पूर्वविद्धा अर्थात् अघिल्लो तिथिले विद्ध भएको द्वितीया लिनुपर्दछ ।

तृतीयातिथिनिर्णयः

तृतीया तु सर्वमते रम्भाव्यतिरिक्ता परैव । तेन युग्मवाक्यं रम्भाव्रतविषयम् ।

रम्भाख्यां वर्जयित्वा तु तृतीयां द्विजसत्तम । अन्येषु सर्वकार्येषु गणयुक्ता प्रशस्यते ।।

इति ब्रह्मवैवर्तात् । गौरीव्रते तु विशेषमाह माधवः -

मुहूर्तमात्रसत्त्वेऽपि दिने गौरीव्रतं परे । शुद्धाधिकायामप्येवं गणयोगप्रशंसनात् ।। इति ।

तृतीयातिथिको निर्णय

सबैका मतमा रम्भातृतीया अर्थात् ज्येष्ठशुक्लतृतीयाबाहेक अरू तृतीया लिँदा पछिल्लो तृतीया लिनुपर्दछ । तसर्थ तृतीयासम्बन्धी युग्मवाक्य रम्भाव्रतका लागि रहेको छ । **ब्रह्मवैवर्तपुराण**मा यसरी भनिएको छ - रम्भातृतीया छाडेर अरू सबै तृतीया चतुर्थीयुक्त नै उत्तम र ग्राह्य हुन्छन् । गौरीव्रतको विषयमा विशेष तथ्य प्रकाशित गर्दै **माधव**ले भनेका छन् - गौरीव्रतको समयमा दोस्रो दिन तृतीया एकमुहूर्तमात्र रहे पनि दोस्रै दिन व्रत गर्नुपर्दछ । शुद्ध तृतीयातिथि बढेको अवस्थामा पनि चतुर्थीसहित तृतीयाको प्रशंसा गरिएको पाइनाले चतुर्थीयुक्त पछिल्लो तृतीया नै लिनुपर्दछ ।

चतुर्थीतिथिनिर्णयः

चतुर्थ्यपि सर्वमते गणेशव्रतातिरिक्ता परैव । युग्मवाक्यात् ।

एकादशी तथा षष्ठी अमावास्या चतुर्थिका । उपोष्याः परसंयुक्ताः पराः पूर्वेण संयुताः ।।

इति माधवीये वृद्धवसिष्ठोक्तेश्च । **नागचतुर्थी मध्याह्नव्यापिनी पञ्चमी युता च ग्राह्या** इति निर्णयामृते माधवीये चोक्तम् ।

युगं मध्यन्दिने यत्र तत्रोपोष्य फणीश्वरान् । क्षीरेणाप्याय्य पञ्चम्यां पूजयेत्प्रयतो नरः ।।

विषाणि तस्य नश्यन्ति न तान् हिंसन्ति पन्नगाः । इति माधवीये देवलोक्तेः । **युगम् - चतुर्थी** । पूर्वत्र मध्याह्नव्याप्तौ पूर्वा, अन्यपक्षेषु परैव, पञ्चम्यां पूजोक्तेः ।

चतुर्थीतिथिको निर्णय

सबैको मतअनुसार श्रीगणेशको व्रतबाहेक अन्यत्र पञ्चमीसंयुत चतुर्थी लिनुपर्दछ । यहाँ पनि युग्मवाक्य छ। **माधवीय** ग्रन्थमा उद्धृत **वसिष्ठ**को वचनअनुसार एकादशी, षष्ठी र चतुर्थीमा गरिने व्रत, धर्म–कर्म उक्त तिथि आफूभन्दा पछिल्ला तिथिसँग युक्त हुँदा गर्नु उचित हुन्छ । **निर्णयामृत**मा र **माधवीय**मा भनिएको छ – मध्याह्नव्यापिनी र पञ्चमीयुक्त नागचतुर्थी लिनुपर्दछ । **माधवीय**मा **देवल**को भनाइ यसप्रकार छ – जुन दिन मध्याह्नकालमा चतुर्थी हुन्छ त्यो दिन उपवास गरी पञ्चमीका दिन दूधले स्नान गराई जसले नागहरूको पूजा गर्दछ त्यस मानिसलाई विष लाग्दैन र सर्पहरूले टोक्दैनन् । मध्याह्नअघि नै पञ्चमी परेको छ भने पहिलो चतुर्थी लिनुपर्दछ । अरू पक्षमा पछिल्लो चतुर्थी लिनुपर्दछ । किनकि नागपूजनमा पञ्चमीसंयुक्त हुनु आवश्यक मानिन्छ।

गणेशव्रते तु तृतीयायुतैव ।

चतुर्थी तु तृतीयायां महापुण्यफलप्रदा । कर्तव्या व्रतिभिर्वत्स गणनाथसुतोषिणी ।।

इति हेमाद्रौ ब्रह्मवैवर्तात् । माधवीये तु गणेशव्रते मध्याह्नव्यापिनी मुख्या ।

चतुर्थीगणनाथस्य मातृविद्धा प्रशस्यते । मध्याह्नव्यापिनी चेत्स्यात्परतश्चेत्परेऽहनि ।।

इति बृहस्पतिवचनात् । **प्रातः शुक्लतिलैः स्नात्वा मध्याह्ने पूजयेन्नृप** इति तत्कल्पेऽभिधानाच्च । तेन **परदिने सत्त्वे परा, अन्यथा पूर्वा** इत्युक्तम् ।

श्रीगणेशको व्रतमा भने तृतीयासँग युक्त भएको चतुर्थी लिनुपर्दछ भन्ने कुरा बताउँदै **हेमाद्रि**मा उद्धृत **ब्रह्मवैवर्तपुराण**को वचनमा भनिएको छ कि – तृतीयातिथिमा संयुक्त हुन आउने चतुर्थीले व्रतालुहरूको ठूलो पुण्य बढाउँछ । यस्तो चतुर्थीतिथिमा पूजा–आराधना गर्दा भगवान् गणेश प्रसन्न हुनुहुन्छ । यसबारे **माधवीय**मा उद्धृत **बृहस्पति**को वचनमा भनिएको छ – गणेशको व्रत गर्दा जुन चतुर्थीतिथि मध्याह्नव्यापिनी हुन्छ त्यो सर्वोत्तमतिथि हो । गणेशको आराधना गर्दा मातृविद्धा अर्थात् तृतीयाविद्धा चतुर्थीलाई नै पुण्यकाल मानिएको छ । **गणेशकल्प**मा भनिएको छ – बिहानमा सेता तिलले स्नान गरी मध्याह्नमा श्रीगणेशको पूजा गर्नुपर्दछ । **गणेशकल्प**को यो भनाइबाट पहिलो दिन चतुर्थी मध्याह्नव्यापिनी भए पहिलो दिन र पछिल्लो दिन मध्याह्नव्यापिनी भए पछिल्लो दिन गणेशको पूजा गर्नुपर्दछ ।

वस्तुतस्तु यत्र भाद्रशुक्लचतुर्थ्यादौ गणेशव्रतविशेषे मध्याह्नपूजोक्ता तद्विषयाण्येव प्रागुक्तवचनानि, न तु सार्वत्रिकाणि। सङ्कष्टचतुर्थ्यादौ बहूनां कर्मकालानां बाधापत्तेः । तेन सर्वत्र गणेशव्रते पूर्वैवेति सिद्धम् । सङ्कष्टचतुर्थी तु चन्द्रोदयव्यापिनी ग्राह्या । दिनद्वये सत्त्वे मातृयोगस्य सत्त्वात्पूर्वेति केचित् । अन्ये तु दिने मुहूर्तत्रयादिरूपस्य तृतीयायोगस्याभावात् परदिने माधवोक्तमध्याह्नव्यापिसत्त्वात्सम्पूर्णत्वाच्च परेत्याचक्षते । दिनद्वये तदभावे तु परैव । गौरीव्रते तु पूर्वैव ।

गणेशगौरीबहुलाव्यतिरिक्ताः प्रकीर्तिताः । चतुर्थ्यः पञ्चमीविद्धा देवतान्तरयोगतः ।।

इति मदनरत्ने ब्रह्मवैवर्तात् ।

वस्तुतः भाद्रमहिनाको शुक्लपक्षको चतुर्थी आदिमा गणेशको व्रतविशेषमा जहाँ मध्याह्नकालमा पूजा गर्नु भनिएको छ त्यसैका लागि माथिको वचन हो । जहाँसुकै यो नियम मात्रे हो भने संकष्टचतुर्थी अर्थात् श्रावणकृष्णचतुर्थीको कर्ममा

समयको बाधा पर्न आउँछ । त्यसैले भाद्रशुक्लचतुर्थीबाहेक अन्यत्र पहिलो चतुर्थी नै लिनुपर्दछ। कसै–कसैले भनेका छन्- सङ्कष्टचतुर्थीमा चन्द्रोदय हुने चतुर्थीलाई लिनुपर्दछ, दुवै दिन चन्द्रोदययोग परेमा तृतीयाको सान्निध्य भएको चतुर्थी नै लिनुपर्दछ, फेरि अरू भन्दछन्- यदि पहिलो दिन तृतीयाको तीनमुहूर्तसम्म पनि योग परेको हुँदैन भने **माधवाचार्य**को भनाइअनुसार पछिल्लो दिन मध्याह्नव्यापी भएमा सम्पूर्ण चतुर्थीकै दिन हुनजानाले पछिल्लै दिन लिनुपर्दछ, संयोगले दुवै दिन चतुर्थी मध्याह्नव्यापी भएमा दोस्रो दिन लिनुपर्दछ ।

गौरीव्रतको सन्दर्भमा आउने माघशुक्लचतुर्थी भने पहिलो नै लिनुपर्दछ । **मदनरत्नमा** उद्धृत **ब्रह्मवैवर्तको** भनाइ यस्तो रहेको छ – गणेशचतुर्थी अर्थात् भाद्रशुक्लचतुर्थी, गौरीचतुर्थी अर्थात् माघशुक्लचतुर्थी, बहुलाचतुर्थी अर्थात् भाद्रकृष्णचतुर्थी अथवा माघकृष्णचतुर्थीबाहेक अरू देवतासँग सम्बन्ध राख्ने चतुर्थीतिथि लिँदा पञ्चमीसँग संयुक्त भएको पछिल्लो चतुर्थी नै लिनुपर्दछ ।

पञ्चमीतिथिनिर्णयः

पञ्चमी तु माधवमते सर्वाऽपि पूर्वा ।

चतुर्थीसंयुता कार्या पञ्चमी परया न तु । दैवे कर्मणि पित्र्ये च शुक्लपक्षे तथाऽसिते।। इति हारीतोक्तेः।

हेमाद्रिमते तु कृष्णा पूर्वा, सिता परा । **कृष्णा पूर्वयुता, सिता परयुता स्यात्पञ्चमी** इति दीपिकोक्तेः ।

वस्तुतस्तु हारीतोक्तिरुपवासविषया ।

प्रतिपत्पञ्चमी चैव सावित्री भूतपूर्णिमा। नवमी दशमी चैव नोपोष्याः परसंयुताः।। इति ब्रह्मवैवर्तात्।

यत्तु – **पञ्चमी तु प्रकर्तव्या षष्ठ्या युक्ता तु नारद ।** इत्यापस्तम्बीयम्, तत्स्कन्दव्रतपरम् । **स्कन्दोपवासे स्वीकार्या पञ्चमी परसंयुता ।** इति वाक्यशेषादिति माधवः । नागपूजाविषयमित्यनन्तभट्टनिर्णयामृतादयः ।

पञ्चमीतिथिको निर्णय

माधवको मतअनुसार सबै कर्ममा पहिलो पञ्चमीतिथि लिनुपर्दछ । **हारीतले** पनि उक्त विषयलाई समर्थन गर्दै भनेका छन्- देवकार्य एवं पितृकार्यमा शुक्लपक्ष र कृष्णपक्षका सबै पञ्चमीहरू पूर्वा अर्थात् चतुर्थीयुक्त पहिलो दिनमा पर्ने नै ग्राह्य हुन्छन्। षष्ठीसँग संयुक्त भएका पछिल्ला पञ्चमी लिनुहुँदैन । **हेमाद्रिको** मतअनुसार कृष्णपक्षमा चतुर्थीसहितको पहिलो पञ्चमी लिनुपर्दछ भने शुक्लपक्षमा षष्ठीसँग जोडिएको पछिल्लो पञ्चमी लिनुपर्दछ । **दीपिकामा** पनि यही कुरा बताइएको छ। कृष्णपक्षको पञ्चमी चतुर्थीले युक्त हुँदा कर्महरूमा ग्राह्य हुन्छ र शुक्लपक्षको पञ्चमी षष्ठीले युक्त हुँदा कर्महरूमा ग्राह्य हुन्छ ।

ज-जसले जे जे भने पनि उपवासको सम्बन्धमा स्वीकार्य मत **माधव** र **हारीतकै** मत हो । **ब्रह्मवैवर्तपुराणमा** यसविषयमा भनिएको छ – 'प्रतिपदा, पञ्चमी, सावित्री, वट अमावास्या, चतुर्दशी, पूर्णिमा, नवमी र दशमी यी तिथि पछिल्ला तिथिहरूसँग संयुक्त भएको अवस्थामा उपवास गर्न हुँदैन ।' **आपस्तम्बको** वचनमा षष्ठीले युक्त पञ्चमीतिथिमा उपवास गर्नुपर्दछ भनी जुन भनिएको छ त्यो स्कन्दको व्रतलाई लिएर भनिएको हो, अरूलाई होइन । **आपस्तम्बले** 'स्कन्दको उपासनामा षष्ठीयुक्त पञ्चमीलाई लिनु' भनेका छन् । यो भनाइ नागपूजाको सन्दर्भमा आएको हो, अरू सम्बन्धमा होइन भन्ने **अनन्त भट्ट**, **निर्णयामृत** आदिको मत रहेको छ ।

चमत्कारचिन्तामणौ च – **पञ्चमी नागपूजायां कार्या षष्ठीसमन्विता ।**
तस्यां तु तुषिता नागा इतरासु चतुर्थिका ।।

इति । तेन नागपूजादौ परैव । यत्तु – मदनरत्नदिवोदासीययोः – श्रावणपञ्चम्यतिरिक्ता पूर्वेत्युक्तम् ।

श्रावणे पञ्चमी शुक्ला सम्प्रोक्ता नागपञ्चमी । तां परित्यज्य पञ्चम्यश्चतुर्थीसहिता हिताः ।। इति संग्रहोक्तेः।

गणेशस्कन्दयोगाभ्यां क्रमान्नागः शुभाशुभः । अरिमित्रे तयोः पत्रे नागानामाखुबर्हिणौ ।।

इति षट्त्रिंशन्मताच्च श्रावणपञ्चम्यतिरिक्ताया नागपञ्चम्याश्चतुर्थीयुतत्वमुक्तम्, तद् उपवासादिविषयम् । पत्रे–वाहने।

यसैगरी **चमत्कारचिन्तामणि**मा भनिएको छ – 'नागपूजामा षष्ठीसहित पञ्चमी लिनुपर्दछ । व्रत र पूजामा षष्ठीयुक्त पञ्चमी नै फलदायक हुन्छ । षष्ठीसहित पञ्चमीमा पूजा गर्दा नागहरू सन्तुष्ट हुन्छन् । अरू उपवासहरूमा चतुर्थीसहित पञ्चमी लिनुपर्दछ।' यो भनाइबाट नागपूजनमा षष्ठीसँग जोडिएको पञ्चमी ग्राह्य हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

फेरि **मदनरत्न** र **दिवोदासीय** ग्रन्थमा चतुर्थीसंयुक्त पञ्चमीमा उपवास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यो श्रावणको पञ्चमीदेखि भिन्न अरू पञ्चमीलाई लिएर गरिएको निरूपण हो । वस्तुतः **संग्रह** र **षट्त्रिंशन्मत**द्वारा व्यक्त सिद्धान्तअनुसार श्रावणको पञ्चमीदेखि भिन्न अरू पञ्चमी लिनुपर्दछ ।

संग्रहमा भनिएको छ – श्रावणको शुक्लपञ्चमी नागपञ्चमीका नामबाट प्रसिद्ध छ । त्यसलाई छाडेर अरू पञ्चमी चतुर्थीयुक्त पहिलो नै लिनु हितकारक हुन्छ । **षट्त्रिंशन्मत**अनुसार चतुर्थीको योगमा नाग शुभ हुन्छ र षष्ठीको योगमा नाग अशुभ हुन्छ । गणेश र स्कन्दको योगबाट चतुर्थीमा नाग र गणेशको वाहन मुसाको सम्बन्ध हुँदा शुभ हुन्छ। षष्ठीमा कुमारको वाहन मयूरसँग सम्बन्ध हुँदा नाग अशुभ हुन्छ । ग्रन्थकार भन्दछन् – श्रावणशुक्लपञ्चमीबाहेक सबै पञ्चमी चतुर्थीसहित नै हितकर हुन्छन् भन्ने **मदनरत्न** र **दिवोदास**का भनाइ उपवासका विषयमा मात्र आधृत छन् ।

षष्ठीतिथिनिर्णयः

षष्ठी सर्वमते स्कन्दव्रतातिरिक्ता परैव । युग्मवाक्यात् । **नागविद्धा न कर्तव्या षष्ठी चैव कदाचन** इति स्कान्दाच्च ।

षष्ठीतिथिको निर्णय

स्वामी कार्तिकको व्रतबाहेक अन्यत्र पछिल्लो षष्ठी लिनुपर्दछ । तिथियुग्ममा षष्ठी–सप्तमीको योग उत्तम भई तदनुसार युग्म निर्माण गरिएको वर्णन गरिसकिएको छ । तसर्थ परा षष्ठीमा नै उपासना गर्नुपर्दछ । **स्कन्दपुराण**मा पञ्चमीविद्ध षष्ठीमा उपासना गर्न हुँदैन भनिएको छ ।

सप्तमीतिथिनिर्णयः

सप्तमी पूर्वैव युग्मवाक्यात् । **षष्ठ्या युता सप्तमी च कर्तव्या तात ! सर्वदा** । इति स्कान्दाच्च ।

निर्णयामृते – **षष्ठी च सप्तमी चैव वारश्चेदंशुमालिनः। योगोऽयं पद्मको नाम सूर्यकोटिग्रहैः समः।।**

सप्तमीतिथिको निर्णय

षष्ठी र सप्तमी युग्मवाक्यमा परेकाले षष्ठीयुक्त सप्तमी नै व्रत उपवासमा ग्राह्य हुन्छ । यस विषयमा **स्कन्दपुराण**मा भनिएको छ – सम्पूर्ण व्रत एवं उपवासमा षष्ठीसँग जोडिएको सप्तमीलाई लिनुपर्दछ । **निर्णयामृत**मा भनिएको छ – षष्ठी र सप्तमीको उपस्थिति भएका दिन रविवार पर्‍यो भने पद्मकनामक दुर्लभयोग हुन्छ । यो योग कोटि सूर्यग्रहणसमान पुण्यदायक हुन्छ ।

अष्टमीतिथिनिर्णयः

अष्टमी तु सर्वमते कृष्णा पूर्वा सिता परा । **व्रतमात्रेऽष्टमी कृष्णा पूर्वा, शुक्लाऽष्टमी परा** इति माधवोक्तेः । **परयुक् शुक्लाऽष्टमी, पूर्वयुक् कृष्णा** इति दीपिकोक्तेश्च ।

अष्टमीतिथिको निर्णय

सबै धर्मशास्त्रका विज्ञहरूको मतअनुसार अष्टमीतिथि कृष्णपक्षमा पहिलो अर्थात् सप्तमीसंयुक्त र शुक्लपक्षमा पछिल्लो अर्थात् नवमीसंयुक्त लिनुपर्दछ । **माधवीय** मतअनुसार व्रत र उपवासमा कृष्णपक्षमा पहिलो अष्टमी र शुक्लपक्षमा पछिल्लो अष्टमी लिनुपर्दछ । यसैगरी **दीपिकामा** भनिएको छ – व्रत र उपवासमा शुक्लपक्षमा पछिल्लो अष्टमी र कृष्णपक्षमा पहिलो अष्टमी लिनुपर्दछ ।

शिवशक्त्युत्सवे विशेषः

शिवशक्त्युत्सवे तु कृष्णाऽप्युत्तरा । **पक्षद्वयेऽप्युत्तरैव शिवशक्तिमहोत्सवे** इति माधवोक्तेः ।

दिवोदासीये भविष्ये –

यदा यदा सिताष्टम्यां बुधवारो भवेत्क्वचित् । तदा तदा हि सा ग्राह्या एकभक्ताशने नृप ।।

सन्ध्याकाले तथा चैत्रे प्रसुप्ते च जनार्दने । बुधाष्टमी न कर्तव्या हन्ति पुण्यं पुरा कृतम् ।।

अन्त्यपद्यं हेमाद्रौ न धृतम् ।

शिवशक्ति उत्सवमा विशेष

शिवशक्ति महोत्सवमा कृष्णपक्षको अष्टमी पनि पछिल्लो नै लिनुपर्दछ । शिवशक्ति–महोत्सवमा दुवै पक्षका पछिल्ला अष्टमी लिनुपर्दछ । **दिवोदासद्वारा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – जुन बेला शुक्लपक्षको अष्टमीतिथिमा बुधवार परेको हुन्छ त्यसबेला एकभक्तव्रत गर्न चाहनेले त्यसलाई ग्रहण गरी व्रतारम्भ गर्नुपर्दछ । तर बुधाष्टमीव्रत सन्ध्याकाल, चैत्रमहिना, नारायणको शयन र चतुर्मासामा भने लिन हुँदैन । उक्त समयमा ग्रहण गरिने बुधाष्टमीले मानिसले गरेका पुण्यको नाश गर्दछ । **हेमाद्रिले** मूलमा रहेको **सन्ध्याकाले०** इत्यादि पद्य उद्धृत गरेका छैनन् ।

नवमीतिथिनिर्णयः

नवमी तु सर्वमते पूर्वा युग्मवाक्यात्, **न कुर्यान्नवमीं तात दशम्यां तु कदाचन** इति स्कान्दाच्च ।

नवमीतिथिको निर्णय

सबैको मतमा नवमीतिथि पूर्वा नै लिनुपर्दछ । अष्टमी–नवमीको युग्मवाक्यअनुसार पूर्वा अर्थात् पहिलो नवमीलाई नै फलदायक मानिएको छ । **स्कन्दपुराणमा** भनिएको छ – व्रत एवं उपासनामा दशमीसँग जोडिएको नवमी लिनु हुँदैन । यो भनाइबाट अष्टमीसँग जोडिएको नवमी नै कल्याणदायक हुने कुरा स्पष्ट हुन्छ ।

दशमीतिथिनिर्णयः

दशमी तु पूर्वा परा वेति हेमाद्रिः । **कृष्णा पूर्वोत्तरा शुक्ला दशम्येवं व्यवस्थिता** इति माधवः । वस्तुतस्तु मुख्या नवमीयुतैव ग्राह्या । **दशमी तु प्रकर्तव्या सदुर्गा द्विजसत्तम** इत्यापस्तम्बोक्तेः ।

यत्तु – **सम्पूर्णा दशमी कार्या पूर्वया परयाऽथ वा** इत्यङ्गिरसोक्तम्, तन्नवमीयुक्ताऽलाभे औदयिकी ग्राह्येति ज्ञेयम् ।

दशमीतिथिको निर्णय

हेमाद्रिको मतअनुसार दशमी पूर्वा र परामध्ये जुनसुकै लिए पनि हुन्छ । माधवले भने कृष्णपक्षमा पहिलो दशमी र शुक्लपक्षमा पछिल्लो दशमी लिनुपर्छ भनेका छन् । वस्तुतः नवमीसँग जोडिएको दशमी नै मुख्य हुन्छ र कर्मसम्पादनमा यसैलाई ग्राह्यता दिनुपर्दछ । आपस्तम्बले पनि यसै सिद्धान्तलाई समर्थन गर्दै भनेका छन् – नवमीसँग जोडिएको दशमीतिथि नै पुण्यदायक भएकाले ग्रहण गर्नुपर्दछ । अङ्गिराले भने पूर्वा अथवा परा दुवैथरि दशमी ग्रहणयोग्य हुन्छन् भनेका छन् । उनको भनाइको तात्पर्य नवमीसहित दशमी नभेटिएमां उदयकालिक दशमी लिनुपर्छ भन्ने नै हो ।

एकादश्युपवासनिर्णयः

तत्रैकादश्युपवासो द्वेधा निषेधपरिपालनात्मको व्रतरूपश्च । तत्राऽऽद्यः –

न शङ्खेन पिबेत्तोयं न खादेत् कूर्मशूकरौ । एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।।

इति कौर्मदेवलाद्युक्तेः । अग्निपुराणेऽपि –

गेहस्थो ब्रह्मचारी च आहिताग्निस्तथैव च । एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।।

इति । न चात्र पर्युदासेन व्रतविधिः तद्धेतुव्रतादिशब्दाभावात् । व्रतरूपस्तु ब्रह्मवैवर्ते –

प्राप्ते हरिदिने सम्यग्विधाय नियमं निशि । दशम्यामुपवासस्य प्रकुर्याद् वैष्णवं व्रतम् ।।

इति । इदञ्च शिवभक्तादिभिरपि कार्यम् । **वैष्णवो वाऽथ शैवो वा सौरोऽप्येतत्समाचरेत्** इति सौरपुराणाच्च। सोऽपि द्वेधा – नित्यः काम्यश्च । **उपोष्यैकादशीं नित्यं पक्षयोरुभयोरपि** इति गारुडोक्तेः । **पक्षे पक्षे च कर्तव्यमेकादश्यामुपोषणम्** इति नारदोक्तेश्च नित्यता ।

यदीच्छेद्विष्णुसायुज्यं श्रियं सन्ततिमात्मनः । एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।।

इति कौर्मादिषु फलश्रुतेश्च काम्यता । उभयैकादशीव्रतं गृहस्थातिरिक्तानामेव नित्यम् ।

एकादशीतिथिमा उपवासनिर्णय

अब एकादशीको निर्णय गरिन्छ । एकादशीको उपवास दुईप्रकारको हुन्छ – एउटा एकादशीमा निषिद्धवस्तु ग्रहण नगरी निषेधको परिपालनद्वारा गरिने उपवास र दोस्रो एकादशीव्रत लिएर गरिने उपवास । पहिलो निषेधपालनमा आधारित उपवासका विषयमा **कूर्मपुराण** र **देवल**को भनाइ यसप्रकार छ – दुवै पक्षका एकादशीमा शङ्खबाट जलपान गर्न हुँदैन । कछुवा एवं बँदेलको मासु खान हुँदैन । महाराष्ट्रिय भाषामा गोडारु भनिने कन्दविशेष र रानीगिँठा खान हुँदैन एवं भोजन गर्न पनि हुँदैन । **अग्निपुराण**मा भनिएको छ – दुवै पक्षका एकादशीहरूमा गृहस्थ, ब्रह्मचारी र अग्निहोत्रीले भोजन गर्न हुँदैन। यहाँ भोजनको निषेध गरिएबाट व्रतको विधि पनि पर्न आउँछ भन्न हुँदैन किनकि व्रतका वाचकशब्दको प्रयोग गरिएको छैन। अर्को व्रतविधिको विषयमा **ब्रह्मवैवर्तपुराण**मा भनिएको छ – दशमीको रातमा नै नियमपूर्वक रहेर मैले एकादशीको व्रत गर्नेछु भनी सङ्कल्प गरी एकादशीको व्रत गर्नुपर्दछ । यो व्रत शिवका भक्त शैवहरूले पनि गर्नुपर्दछ । यस विषयमा **शिवधर्म**मा भनिएको छ – वैष्णव अथवा शैव सबैले एकादशीव्रत गर्नुपर्दछ । फेरि **सौरपुराण**मा पनि भनिएको छ – शैव, वैष्णव एवं सौर सम्प्रदायका अनुयायीहरूले पनि स्वयं एकादशीव्रत गर्नुपर्दछ । एकादशीव्रत नित्य र काम्य गरी दुईप्रकारको

हुन्छ । गरुडपुराणको भनाइअनुसार दुवै पक्षका एकादशीमा उपवास गर्नु नित्य एकादशीव्रत हो । यसैगरी नारदले पनि प्रत्येक पक्षका एकादशीमा उपवास गर्नुपर्छ भन्दै एकादशीव्रतलाई नित्य मानेका छन् । कूर्म आदि पुराणमा भनिएको छ– 'यदि कुनै मानिसले विष्णु भगवान्मा आत्मसायुज्यको कामना गर्दछ भने त्यसले दुवै पक्षका एकादशीमा भोजनत्याग गरी व्रत गर्नुपर्दछ ।' यस फलश्रुतिबाट एकादशीव्रतलाई काम्य पनि मान्नुपर्दछ । दुवै एकादशीका व्रत गृहस्थदेखि अतिरिक्त ब्रह्मचारी, वानप्रस्थ, यति आदिलाई पनि नित्य मानिएको छ ।

गृहस्थस्य तु शुक्लायामेव व्रतं नित्यम्, न कृष्णायाम् ।

एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि । वनस्थयतिधर्मोऽयं शुक्लामेव सदा गृही ।।

इति देवलोक्तेः । न चानेन निषेधपालनमेव वनस्थयतिविषये उपसंह्रियते, न तु व्रतमिति वाच्यम् । अस्य पर्युदासेन व्रतविधिपरत्वात् । अन्यथा पूर्वोक्ताग्निपुराणवचने निषेधपालने गृहस्थस्याधिकारो विरोधः स्यात् । निषेधस्य निवृत्तिमात्रफलत्वेन विशेषानपेक्षणादुपसंहारायोगात् । अभावस्य धर्मत्वाभावाच्च । तस्मादनेन सर्वेषामेकादशीव्रतविधायिनां सामान्यवाक्यानां वनस्थयतिविषये उपसंहारान्न गृहस्थस्य कृष्णायां नित्यव्रतप्राप्तिः। कथं तर्हि –

संक्रान्त्यामुपवासं च कृष्णैकादशीवासरे । चन्द्रसूर्यग्रहे चैव न कुर्यात्पुत्रवान् गृही ।।

इति नारदादिवचनेषु कृष्णानिषेधः । प्राप्त्यभावादिति चेत् श्रूयताम् ।

शयनीबोधिनीमध्ये या कृष्णैकादशी भवेत् । सैवोपोष्या गृहस्थेन नान्या कृष्णा कदाचन ।।

इति पाद्मे गृहस्थस्य आषाढीकार्तिकीमध्यस्था या कृष्णा विहिता, सा पुत्रवतो निषिध्यते । अन्यकृष्णायां तु न विधिः। सर्वविधीनां वनस्थयतिषूपसंहारात् । न निषेधः, प्राप्त्यभावात् । शयन्यादिवाक्यं त्वपुत्रगृहिगोचरमित्यनन्तभट्टहेमाद्र्यादिग्रन्थाः।

गृहस्थलाई शुक्लपक्षको एकादशीव्रतमात्र नित्य छ भन्ने आशय प्रकट गर्दै देवलले भनेका छन् – 'वानप्रस्थ र संन्यासीले दुवै पक्षका एकादशीहरूमा भोजन गर्नु हुँदैन । यो उनीहरूको मुख्य धर्म हो । तर जसले राम्ररी गृहस्थधर्मको पालन गर्दछ त्यसले शुक्लपक्षको एकादशीव्रत गर्नुपर्दछ ।' एकादशीको उपवास दुईकिसिमबाट हुन्छ – एउटा एकादशीमा गर्न नहुने जुन कुरा छन्, ती निषेधहरूको पालन गरेर अर्को नियमअनुसार व्रत गरेर भन्ने कुरा पहिले भनिसकिएको छ । यस प्रसङ्गमा **एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि वनस्थयतिधर्मोऽयम्....** यो सान्दर्भिक वाक्य हो । यसको अर्थ हो – दुवै पक्षका एकादशीमा भोजन गर्न हुँदैन । यो वानप्रस्थ र संन्यासीको नियमपालनको नै उपसंहार हो, व्रतको होइन भन्नु हुँदैन, किनकि यो वचन पर्युदासबाट व्रतविधिको बोधक हो । यदि यस वचनलाई निषेधपालनात्मक उपवासको विधायक मात्रै हो भने माथि आएको **अग्निपुराणको गृहस्थो ब्रह्मचारी च आहिताग्निस्तथैव च एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि** यस वाक्यमा निषेधपालनमा जुन गृहस्थलाई अधिकार हुने कुरा बताइएको छ त्यसको विरोध हुनेछ । निषेधवाक्य निवृत्तिपरकमात्र हुने हुँदा त्यसबाट विशेष अर्थको अपेक्षा गरिँदैन । निषेधलाई मात्र उपसंहार अथवा तात्पर्य भन्न उचित हुँदैन । एकादशीमा भोजनको अभावमात्र धर्म वा पुण्य बन्न सक्दैन । माथिको वचनबाट सम्पूर्ण विधिवाक्यहरूको तात्पर्य संन्यासी र वानप्रस्थको विषयमा आधारित छ भन्ने निचोड हुनजाँदा गृहस्थले कृष्णपक्षमा एकादशीको नित्यव्रत गर्ने अवसर पाउने छैनन् । यस विषयमा जिज्ञासा गर्दै कुनै मानिस भन्न सक्दछन् – यदि यस्तो हो भने कृष्णपक्षमा गृहस्थका लागि नित्यव्रत प्राप्त हुँदैन भन्ने नारद आदिका वचनहरूमा गृहस्थहरूका लागि कृष्णपक्षको निषेध किन गरिएको छ ? जस्तै **संक्रान्त्यामुपवासञ्च कृष्णैकादशिवासरे चन्द्रसूर्यग्रहे चैव न कुर्यात् पुत्रवान् गृही** अर्थात् पुत्रवान्

गृहस्थले संक्रान्ति, कृष्णएकादशी, चन्द्रग्रहण एवं सूर्यग्रहणमा उपवास गर्न हुँदैन । यस पद्यबाट उपवासनिषेध गरियो । गृहस्थले कृष्णपक्षको एकादशीव्रत गर्नुपर्दछ भन्ने विधि नभएको भए निषेध हुने थिएन । यसको उत्तरमा भनिन्छ कि – हो, प्राप्तिविना निषेध हुँदैन। यस विषयमा सुन्नुहोस् – 'हरिशयनी र हरिबोधिनी एकादशीका बीचमा जुन कृष्णपक्षका एकादशी आउँछन्, तिनमा गृहस्थले उपवास गर्नुपर्दछ । अरू कृष्णएकादशीमा उपवास गर्नु हुँदैन' भन्ने **पद्मपुराण**को वचन भएकाले गृहस्थहरूका लागि आषाढशुक्ल र कार्तिकशुक्लका बीचमा पर्ने कृष्णपक्षका एकादशी नित्यव्रतका लागि विधान गरिएका एकादशी हुन् । तर पुत्रवान्का लागि त ती एकादशी पनि निषिद्ध छन् । अन्य कृष्णएकादशी गृहस्थका लागि विधान गरिएका छैनन् । किनभने सबै विधिहरू वानप्रस्थ र संन्यासीका लागि हुन् भन्ने निष्कर्ष भएका कारण गृहस्थले गर्नुपर्छ भन्ने प्राप्ति नहुँदा निषेध पनि छैन । हरिशयनी र हरिबोधिनीका बीचमा कृष्णपक्षका एकादशी जति छन् ती पनि पुत्रहीन गृहस्थका लागि विहित हुन् भन्ने कुरा **अनन्तभट्ट, हेमाद्रि** आदिका ग्रन्थहरूमा स्पष्ट लेखिएको छ ।

दीपिकाऽपि – '**असिता तु शयनीबोधान्तरस्थाऽप्यथो न स्यात्साऽऽत्मवतोऽपि**' इति । मदनरत्ने भविष्ये-

यथा शुक्ला तथा कृष्णा द्वादशी मे सदा प्रिया । शुक्ला गृहस्थैः कर्तव्या भोगसन्तानवर्द्धिनी ।।

मुमुक्षुभिस्तथा कृष्णा न ते तेनोपदर्शिता।। इति । निषेधपालनं काम्यव्रतं च सर्वकृष्णायां सर्वगृहिणां सम्भवत्येव।

पुत्रवाँश्च सभार्यश्च बन्धुयुक्तस्तथैव च । उभयोः पक्षयोः काम्यव्रतं कुर्यात्तु वैष्णवम् ।।

इति नारदोक्तेः । एतच्च सर्वं कालादर्शे उक्तम् –

विधवाया वनस्थस्य यतेश्चैकादशीद्वये । उपवासो गृहस्थस्य शुक्लायामेव पुत्रिणः ।।

भुजेर्निषेधः कृष्णायाम्, सिद्धिस्तस्य ततो व्रते ।। इति । प्राच्यास्तु वैष्णवगृहस्थानां कृष्णाऽपि नित्या ।

नित्यं भक्तिसमायुक्तैर्नरैर्विष्णुपरायणैः । पक्षे पक्षे च कर्तव्यमेकादश्यामुपोषणम् ।।

सपुत्रश्च सभार्यश्च स जनो भक्तिसंयुतः । एकादश्यामुपवसेत्पक्षयोरुभयोरपि ।।

इति नारदोक्तेरित्याहुः । पुत्रशब्दश्चापत्यमात्रवचनः । नारायणवृत्तौ – **पुमांस एव मे पुत्रा जायेरन्** इतत्रापत्यमात्र-वाचित्वोक्तेः । **जनयेद् बहुपुत्राणि** इति लिङ्गात् । **पौत्री मातामहस्तेन** इति मनूक्तेः । पुत्र्या अपत्यमित्यर्थे तु **स्त्रीभ्यो ढक्** (पा.सू. ४/१/१२) इति पौत्रेय इत्यापत्तेः । पुमान् पुत्रो जायत इति च ।

दीपिकामा भनिएको छ – हरिशयनी र हरिबोधिनीका बीचमा पर्ने कृष्णएकादशीमा पुत्रवान्ले उपवास गर्न हुँदैन। **मदनरत्न**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – मलाई जुन किसिमबाट कृष्णपक्षको एकादशी प्यारो लाग्छ त्यसरी नै शुक्लपक्षको एकादशी पनि प्यारो लाग्छ । भोग एवं सन्तान बढाउने जस्ता फल प्रदान गर्ने शुक्लएकादशीमा गृहस्थहरूले व्रत गर्नुपर्दछ र मोक्षको इच्छा गर्नेहरूले कृष्णपक्षको एकादशीमा व्रत गर्नुपर्दछ । **नारद**को भनाइअनुसार सबै गृहस्थहरूले निषेधपालन र काम्यव्रत कृष्णएकादशीमा गर्न सक्दछन् । **नारद**को भनाइ यसप्रकार छ –' पुत्रवान्, पत्नीमान् र बन्धुबान्धवसहित पुरुषले दुवै पक्षका एकादशीहरूमा कामनापूर्तिका लागि नारायणको व्रत गर्न सक्दछन् । **कालादर्श**मा पनि यसरी नै भनिएको छ – विधवा, वानप्रस्थ र संन्यासीले कृष्ण र शुक्ल दुवै एकादशीमा उपवास गर्नुपर्दछ । पुत्रवान् गृहस्थले शुक्लपक्षका एकादशीमा उपवास गर्नुपर्दछ । गृहस्थहरूले कृष्णपक्षको एकादशीमा भोजन गर्न हुँदैन । भोजनत्याग गरेकै कारण तिनीहरूले व्रतबाट प्राप्त हुने अनेकौं सिद्धि प्राप्त गर्दछन् । प्राचीन मनीषीहरूको मतमा वैष्णव गृहस्थ भक्तले कृष्णपक्षको एकादशीमा पनि नित्यव्रत गर्न हुन्छ । उनी भन्दछन् – 'भगवान् विष्णुका परमभक्त वैष्णवहरूले दुवै पक्षका

एकादशीहरूमा उपवास गर्नुपर्दछ । तिनीहरूले पत्नी, सन्तान एवं बन्धुहरूका साथमा रही भक्तिपूर्वक उपवास गर्नुपर्दछ ।' यहाँ मूलमा प्रयुक्त पुत्रशब्दको अर्थ सन्तान हो । **नारायणवृत्तिमा** भनिएको छ – पुरुष नै मेरा पुत्र हुन् । यहाँ प्रयुक्त गरिएको पुत्रशब्दको अर्थ पनि सन्तान नै हो । **मनुको** मतमा पनि 'पुत्रीको पुत्रका कारण मातामह पनि पौत्री बन्दछ' । पुत्र एवं पौत्रशब्दको निष्पत्तिप्रक्रियाअनुसार पनि पुत्रशब्दबाट सबै सन्ततिको ज्ञान हुन्छ । पुत्रीको पुत्र यस अर्थमा **स्त्रीभ्यो ढक्** (पा.सू. ४/१/१२) सूत्रबाट ढक्प्रत्यय गर्दा पौत्रेयशब्दको निष्पत्ति हुने आपत्ति आइलाग्नेछ । पुरुष आफै सन्तानका रूपमा पैदा हुन्छ भन्ने भनाइ पाइन्छ ।

उपवासनिषेधे विशेषः

उपवासनिषेधे विशेषो वायवीये उक्तः –

उपवासनिषेधे तु किञ्चित् भक्ष्यं प्रकल्पयेत् । न दुष्यत्युपवासेन उपवासफलं लभेत् ।।

भक्ष्यं च तत्रैवोक्तम् – **नक्तं हविष्यान्नमनोदनं वा फलं तिलाः क्षीरमथाम्बु चाज्यम् ।**

यत्पञ्चगव्यं यदि वाऽपि वायुः प्रशस्तमत्रोत्तरमुत्तरं च ।। इत्यलम् ।

उपवासनिषेधमा विशेष

वायवीयपुराणमा उपवासनिषेधबारे विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ– कारणवश एकादशी उपवास निषेध गरिएको अवस्थामा थोरै केही खाएर उपवास गर्नुपर्दछ, दोष लाग्दैन । उपवासको फल पनि प्राप्त गर्दछ । एकादशीमा भोजनसम्बन्धमा भनिएको छ – एकादशीमा नक्तभोजन, हविष्यान्न, भातरहितको भोज्य पदार्थ, फल, तिल, दूध, जल, घ्यू, पञ्चगव्य र हावा, उत्तरोत्तर उत्तम भोज्य पदार्थ हुन् ।

दशमीतिथिवेधः

तत्र दशमीवेधो द्वेधा – अरुणोदयवेधः सूर्योदयवेधश्चेति । आद्यो गारुडे –

दशमी शेषसंयुक्तो यदि स्यादरुणोदयः । नैवोपोष्यं वैष्णवेन तद्दिनैकादशीव्रतम् ।। इति ।

दशमीतिथिको वेध

दशमीविद्ध एकादशीका विषयमा भन्नुपर्दा त्यसको वेध दुईप्रकारको हुन्छ । पहिलो अरुणोदयवेध र दोस्रो सूर्योदयवेध । अरुणोदयवेधका विषयमा **गरुडपुराणमा** भनिएको छ – यदि दशमीको शेषभाग संयुक्त भएको समयमा अरुणोदयवेध भयो भने वैष्णवहरूले त्यो दिन एकादशीव्रत गर्न हुँदैन ।

अरुणोदयस्वरूपम्

अरुणोदयस्वरूपं च माधवीये स्कान्दे – **उदयात्प्राक् चतस्रस्तु घटिका अरुणोदयः।** इति यदपि–

उदयात्प्राग्यदा विप्र मुहूर्तद्वयसंयुता । सम्पूर्णैकादशी नाम तत्रैवोपवसेत् गृही ।।

इति गारुडसौरधर्मादिवचनम्, यच्च भविष्ये –

आदित्योदयबेलायाः प्राङ्मुहूर्तद्वयान्विता । एकादशी तु सम्पूर्णा विद्धान्या परिकीर्तिता ।।

इति, तदप्युपसंहारन्यायेन दण्डचतुष्टयपरमेव । हेमाद्रावप्येवम् । यत्तु ब्रह्मवैवर्ते –

चतस्रो घटिकाः प्रातररुणोदयनिश्चयः । चतुष्टयविभागोऽत्र वेधादीनां किलोदितः ।।

अरुणोदयवेधः स्यात्सार्धं तु घटिकात्रयम् । अतिवेधो द्विघटिकः प्रभासन्दर्शनाद्रवेः ।।

महावेधोऽपि तत्रैव दृश्यतेऽर्को न दृश्यते । तुरीयस्तत्र विहितो योगः सूर्योदये बुधैः ।।

इति, तदपि अवयवद्वारा अरुणोदयवेधविशेषपरमेवेति माधवीये मदनरत्ने च । अन्यस्तूदयवेधः ।

अरुणोदयवेधको स्वरूप

अरुणोदयको स्वरूपका विषयमा **माधवीय** ग्रन्थमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ– सूर्योदयभन्दा पहिलेको ४ घडीको समयलाई अरुणोदय भनिन्छ । **गरुडपुराण** र **सौरधर्म** आदिमा अरुणोदयकालको विशेषता प्रकट गर्दै भनिएको छ – एकादशीका दिन सूर्योदय अगाडिको चारघडीको समय उत्तम समय हो । त्यस एकादशीलाई सम्पूर्ण एकादशी भन्दछन् । त्यसमा गृहस्थहरूले उपवास गर्नुपर्दछ । यसैगरी **भविष्यपुराण**मा भनिएको छ – सूर्योदयभन्दा दुईमुहूर्त पहिले रहेको एकादशी सम्पूर्ण एकादशी हो । अन्य एकादशी विद्धा एकादशी हो । यसमा तात्पर्यनिर्णायक[२४] वचनद्वारा सूर्योदयभन्दा पहिलेको अरुणोदयको समय चारघडी हुन्छ भन्ने कुरा सिद्ध हुन्छ । **हेमाद्रि**मा पनि यस्तै भनिएको छ । **ब्रह्मवैवर्तपुराण**को वचन यसप्रकारछ – सूर्योदयभन्दा पहिले बिहानको ४ घडीको समय निश्चितरूपमा अरुणोदय समय हो । वेधको विभाग चारप्रकारको हुन्छ – अरुणोदयवेध – तीनघडी र ३० पलाको हुन्छ, सूर्यको प्रभा देखिनुअगाडिको दुईघडीलाई अतिवेध भनिन्छ, सूर्यको दर्शन भए पनि नभए पनि महावेध हुन्छ र सूर्योदय समयमा दशमीवेध भएमा चौथो वेध हुन्छ । तीनप्रकारका वेध अरुणोदयअन्तर्गतका अवयववेध हुन् । यही कुरा **माधवीय** र **मदनरत्न**मा पनि भनिएको छ । यी वेधहरूद्वारा नै अरू वेध जान्नुपर्दछ ।

तथान्येऽपि वेधा हेमाद्रौ माधवीये गारुडे –

उदयात्प्राक् त्रिघटिका व्यापिन्येकादशी यदा । सन्दिग्धैकादशी नाम वर्ज्येयं धर्मकाङ्क्षिभिः ।।

उदयात् प्राङ्मुहूर्तेन व्यापिन्येकादशी यदा । संयुक्तैकादशी नाम वर्ज्येयं धर्मवृद्धये ।।

हेमाद्रौ रात्रेरन्त्याऽष्टमो भागोऽप्यरुणोदय उक्तः –

निशः प्रान्ते तु यामार्धे देववादित्रवादने । सारस्वतानध्ययने चारुणोदय उच्यते ।।

इति स्मृतेः । अत्रैके – एषां सर्वपक्षाणां मुहूर्तद्वयेन क्रोडीकारात् **निशः प्रान्ते** इति वचनाच्च रात्रिमानवशात्सार्ध-त्रिदण्डादयोऽनेकेऽरुणोदयाः । तदाह हेमाद्रिः – **सार्धघटिकात्रयोक्तिरष्टाविंशतिघटीमितरात्रिविषया । महत्तरास्तु रात्रीरपेक्ष्य चतस्रो घटिका इत्युक्तमिति** इत्याहुः ।

अरू वेधको सम्बन्धमा **हेमाद्रि, माधवीय** र **गरुडपुराण**मा चर्चा गरिएको छ । तदनुसार सूर्योदयकालदेखि ३ घडी अघि एकादशी भएमा त्यसलाई सन्दिग्ध एकादशी भन्दछन् । धर्मको आकांक्षा गर्नेहरूले सन्दिग्ध एकादशीमा व्रत गर्न हुँदैन। सूर्योदयभन्दा दुईघडीभन्दा पहिले एकादशी भएमा संयुक्त एकादशी भन्दछन् । धर्मको वृद्धिका निमित्त त्यस्तो एकादशीलाई पनि छाडिदिनुपर्छ । हेमाद्रिमा रात्रिको आठौं भाग अरुणोदय हुन्छ भन्ने कुरा यसरी बताइएको छ – रात्रिको

२४. **उपक्रमोपसंहारावभ्यासोऽपूर्वता फलम् । अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये ।।** अर्थात् तात्पर्य निर्णयका परिचायक उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद र उपपत्ति हुन् । उक्त परिचायकहरूमध्ये उपसंहारको विषयमा भनिएको छ– **'उपसंहारो नाम सामान्यतः प्राप्तस्य विशेषे सङ्कोचरुपो व्यापारविशेषो विधेः'** अर्थात् विधिको सामान्यमा प्राप्त व्यापारविशेषलाई विशेषमा परिणत गर्नुलाई उपसंहार भनिन्छ । माथिको प्रसङ्गमा अरुणोदयको समयावधिबारे विभिन्न मतान्तर देखिँदा भविष्यपुराण, हेमाद्रि आदिको मतलाई विचार गरी अरुणोदयकाल चार घडीको हुने कुरा बताएर उपसंहार गरिएको छ । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, पञ्चमभाग, पृ. २१३।

अन्तिम आधा प्रहर अरुणोदयकाल हो । जुन समयमा देवताहरूको पूजाका लागि मन्दिरहरूमा वाद्यवादन गरिन्छ र सरस्वतीको अनध्याय हुन्छ त्यो अरुणोदयकाल हो भन्ने कुरा **स्मृतिमा** बताइएको छ । माथि बताएका मतहरूमा रहेको दुईमुहूर्तको अरुणोदय हुन्छ भन्ने एकवाक्यता र उक्त वाक्यमा आएको **निशः प्रान्ते** भन्ने वचनबाट रात्रिमानअनुसार अरुणोदयका ३ घडी ३० पला आदि अनेक भेद हुने भए । यस सम्बन्धमा **हेमाद्रि** भन्दछन् – तीनघडी ३० पलाको अरुणोदयवेध त रात्रिमान २८ घडी हुँदामात्र सम्भव हुन्छ । तर त्योभन्दा समयावधि धेरै भएका रात्रिहरूमा त अरुणोदयवेध ४ घडीको पनि हुनसक्छ ।

तन्त्र । अरुणोदयशब्दस्यानेकार्थत्वापत्तेः । न च मुहूर्तद्वयमर्थः । दण्डद्वयैकमुहूर्तादिवेधानां तथाऽऽप्यनुपपत्तेः। न हि तेषां यामार्धत्वमरुणोदयत्वं चास्ति । मुहूर्तद्वयस्य यामार्धस्य च चतस्रो घटिकाः इत्यनेनोपसंहाराच्च न तदर्थः। न च सार्धं तु घटिकात्रयम् इत्यनेनापि तदापत्तिः शङ्क्या । तेन चतुर्दण्डवेधस्यैवोक्तेः । चतुर्दण्डेऽर्धघटीदशमीसत्त्वे हि वेधस्तदर्थः । द्विघटिकादौ तदयोगाच्च ।

ग्रन्थकार भन्दछन् – यसो भन्नु उचित हुँदैन किनकि अरुणोदयशब्दका अनेक अर्थ गरिनाले आपत्ति आउनेछ । कदाचित् कसैले दुईमुहूर्त नै अरुणोदयको अर्थ हो भन्न सक्दछ । तर दुईमुहूर्त भन्ने अरुणोदयशब्दको अर्थ होइन किनकि दुईघडी वा एकमुहूर्तको वेध बन्न सक्दैन । ती वेधहरूलाई प्रहरार्धका चारघडी मानेर निष्कर्ष निकालिएको छ । फेरि विद्वान्हरूले प्रायः चारघडीको अरुणोदय मानेका छन् । कसैले ३ घडी ३० पला अरुणोदयको समय मानेका खण्डमा अरुणोदयशब्दको अर्थ तीनघडी ३० पला भन्ने लाग्नेछ, यो पनि उचित कार्य होइन किनकि चारघडीमा वेध हुने कुरा पनि हामीले बताइसकेका छौं । चारघडीको प्रारम्भमा आधा घडी दशमी भएमा वेध हुन्छ भनिएको छ यो भनाइ तुच्छ हो किनकि दुईघडीको अरुणोदयमा त्यो वेध हुनसक्दैन ।

यत्तु मतम् – कियताऽरुणोदयवेध इत्यपेक्षायां सार्धघटिकात्रयनियमादरुणोदयेऽर्धघटिकातो न्यूनदशमीसत्त्वे न दोषः इति । तत्तुच्छम् । द्विदण्डादावधि तदापत्तेः ।

दशमीशेषसंयुक्तो यदि स्यादरुणोदयः । नैवोपोष्यं वैष्णवेन तद्दिनैकादशीव्रतम् ।।

इति गारुडे भविष्ये च योगमात्रे निषेधात् । नारदीयेऽपि –

लववेधेऽपि विप्रेन्द्र दशम्यैकादशीं त्यजेत् । सुराया बिन्दुना स्पृष्टं गङ्गाम्भ इव निर्मलम् ।।

स्कान्देऽपि – **कलाकाष्ठादिगत्यैव दृश्यते दशमी विभो । एकादश्यां न कर्तव्यं व्रतं राजन् कदाचन।।**

इति । माधवोप्याह – **'सोऽयं कलादिवेधोऽरुणोदयवेधे सूर्योदयवेधे च समानः'** इति । निगमेऽपि – **'सर्वप्रकारवेधोऽयमुपवासस्य दूषकः'** इति ।

यसमा पनि कसैले अरुणोदयलाई तीनघडी ३० पलाको अवधिको हुन्छ भनी मानेको खण्डमा आधा घडी दशमीवेध मान्दा के आपत्ति हुन्छ र भनेका छन् ? यो भनाइ पनि तुच्छ हो । दुईघडीको अरुणोदयमा दोष आउनेछ। **गरुडपुराण** र **भविष्यपुराणको** तल लेखिएको भनाइबाट दशमीको योग भएको एकादशीमा व्रत निषिद्ध छ । दशमीको अन्तिम भागसँग जोडिएर अरुणोदय हुन्छ भने वैष्णवले त्यो दिन एकादशीको उपवास गर्न हुँदैन । **नारदपुराणमा** भनिएको छ– जुन एकादशीमा दशमीको एउटा क्षणमात्र पनि वेध हुन्छ त्यो एकादशीलाई मदिरा मिसिएको गङ्गाजलझैं त्याग गर्नुपर्दछ। **स्कन्दपुराणमा** पनि यस्तै वचन पाइन्छ । तदनुसार कलाकाष्ठामात्र दशमी जोडिएमा पनि त्यो दिन एकादशीव्रत गर्न हुँदैन ।

माधव भन्दछन् – कलाकाष्ठाको वेध अरुणोदयवेध र सूर्योदयवेधकै सरह हो । **निगममा** भनिएको छ – जुनसुकै किसिमको वेध भए तापनि त्यसले उपवास गर्नेहरूलाई दूषित तुल्याउँछ ।

संपृक्तादिभेदकथनम्

अत एव माधवेन – **अरुणोदयाद्यदण्डेऽल्पदशमीस्पर्शे सम्पृक्ता, कृत्स्नघटीयोगे सन्दिग्धा, मुहूर्तव्याप्तौ संयुक्ता, उदये सङ्कीर्णा** इत्युक्त्वा –

अरुणोदयवेलायां दशमी यदि सङ्गता । सम्पृक्तैकादशीं तां तु मोहिन्यै दत्तवान् प्रभुः ।।

इति गोभिलाद्युक्तेः पूर्वोक्तगारुडादेश्च सामान्यतो विशेषतश्चारुणोदयवेधो निषिद्धः । यत्तु – **अष्टमभागोऽरुणोदयः** इति हेमाद्रिणोक्तम्, **यच्च महत्तरा रात्रीः** इति तत्परमतं स्वयमेव दूषितम् । अन्तेऽप्युक्तम्, **वेधतारतम्यं च दोषतारतम्यादुपपद्यते** इति । दोषतारतम्यं च प्रायश्चित्ततारतम्यादवगम्यते ।

संपृक्त आदि भेदनिरूपण

दशमीविद्ध एकादशीमा व्रत गर्न हुँदैन । यसैले **माधव** भन्दछन् – अरुणोदयको प्रथम चरणमा थोरैमात्र दशमीको स्पर्श भयो भने पनि त्यो दशमीसम्पृक्ता एकादशी मानिन्छ । अरुणोदयको पहिलो घडी पूरा दशमी रहेमा सन्दिग्ध एकादशी भनिन्छ । एकमुहूर्त दशमी रहेमा संयुक्त एकादशी मानिन्छ र सूर्योदयसम्म दशमी रहेमा त्यो एकादशीलाई सङ्कीर्ण भनिन्छ । यसै प्रसङ्गमा उनले **गोभिलको** यो वचन अग्रसारित गर्दै भनेका छन् – अरुणोदयबेलामा दशमी जोडियो भने संपृक्ता एकादशी हुन्छ । यस्तो एकादशी अरूका निमित्त अयोग्य भएका कारण भगवान् नारायणले मोहिनीलाई सुम्पिदिएका हुन् । पहिले बताइएका **गरुडपुराण** आदिका वचनमा पनि सामान्य र विशेषरूपमा एकादशीका दिन दशमीको अरुणोदयवेधलाई निषिद्ध मानिएको छ । **हेमाद्रिले** जुन रातको आठौं भागलाई अरुणोदय मानेका छन् त्यो भनाइ ठूला रात्रिहरूमा ४ घडी वेध हुन्छ भन्ने उनकै भनाइबाट दूषित वा खण्डित हुन्छ । उनैले अन्तमा भनेका छन् कि – वेधको न्यून्याधिक्य दोषको न्यूनाधिक्यबाट सिद्ध हुन्छ र दोषको न्यूनाधिक्य प्रायश्चित्तको न्यूनाधिक्यबाट अवगत गर्न सकिन्छ।

दशमीशेषसंयुक्तैकादशीव्रतकरणे प्रायश्चित्तकथनम्

तच्चोक्तं हेमाद्रौ स्मृत्यन्तरे –

अज्ञानाद्यदि वा मोहात्कुर्वन्नेकादशीं नरः । दशमीशेषसंयुक्तां प्रायश्चित्तमिदं चरेत् ।।

कृच्छ्रपादं नरश्चीर्त्वा गां च दद्यात्सवत्सिकाम् । सुवर्णस्यार्धकं देयं तिलद्रोणसमन्वितम् ।।

विधानान्तरं तत्रैव –

ब्राह्मणान्भोजयेत्त्रिंशद् गां च दद्यात्सवत्सिकाम् । धरणस्यार्धकं देयं तिलद्रोणमथापि वा ।। इति ।

अत्र वेधतारतम्याद् व्यवस्थेति हेमाद्रिः । **निशः प्रान्ते** इत्यपि दोषाधिक्यार्थमेव । तस्माच्चतुर्घटिकात्मक एवारुणोदय इति सिद्धम् । तेन षट्पञ्चाशद्दण्डानन्तरं दशमीप्रवेशेऽरुणोदयवेध उक्तो भवति । अन्त्योऽपि तत्रैव कण्वेनोक्तः–

उदयोपरि विद्धा तु दशम्यैकादशी यदि । दानवेभ्यः प्रीणनार्थं दत्तवान् पाकशासनः।। इति ।

स्मृत्यन्तरेऽपि– **दशम्यां प्रान्तमादाय यदोदेति दिवाकरः। तेन स्पृष्टं हरिदिनं दत्तं जम्भासुराय तत्।।** इति।

तत्रारुणोदयवेधो वैष्णवविषयः । तद्वाक्येषु वैष्णवग्रहणात् ।

दशमीको शेषभागले युक्त एकादशीव्रतको प्रायश्चित्त

हेमाद्रिमा प्रायश्चित्तको विषयमा अरू स्मृतिवचनहरूको प्रमाण दिँदै भनिएको छ – 'कसैले अज्ञानवश वा मोहले दशमी बाँकी भएको एकादशीका दिन व्रत गर्दछ भने त्यसले कृच्छ्रपाद चान्द्रायण गरी बाच्छीसहितकी गाई, आधा तोला सुन र चारपाथी तिलदान गर्नुपर्दछ ।' यसमा घटिबढीका आधारमा दान पनि घटिबढी हुनसक्छ भनी **हेमाद्रि**ले भनेका छन् । **निशः प्रान्ते** अर्थात् दशमीको अन्तिम आधाप्रहर अरुणोदय हो भन्ने अर्थ बुझाउने पद्यमा आधा प्रहरलाई अरुणोदय बताउने कुरा पनि दशमीविद्ध एकादशीको दोषाधिक्य देखाउने उद्देश्यले बताइएको हो । त्यसकारण अरुणोदयवेध चारघडीको हो भन्ने कुरा नै सिद्ध हुन्छ। यसबाट के स्पष्ट हुन्छ भने रातको ५६ घडीपछि दशमीको प्रवेश हुँदा अरुणोदयवेध हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ । **कण्व**ले भनेका छन् – 'सूर्योदयपछि विद्ध हुने विद्धा एकादशी दानवहरूका लागि हो । इन्द्रले दानवहरूलाई दिएका हुन् । यसैगरी कुनै धर्मशास्त्रमा भनिएको छ– दशमीको समाप्तिमा सूर्योदय भयो भने त्यो दशमीविद्धा एकादशी हुन्छ। त्यसलाई इन्द्रले जम्भासुरलाई प्रदान गरेका हुन् ।' अरुणोदयकालिक वेधको दोष विष्णुदीक्षा लिएका वैष्णवहरूलाई लाग्छ । किनकि अरुणोदयवेध आदि बताउने वाक्यहरूमा वैष्णवपदको प्रयोग गरिएको छ ।

वैष्णवलक्षणम्

तत्स्वरूपं तु माधवीये स्कान्दे –

परमापदमापन्नो हर्षे वा समुपस्थिते । नैकादशीं त्यजेद्यस्तु यस्य दीक्षाऽस्ति वैष्णवी ।

विष्णवर्पिताखिलाचारः स हि वैष्णव उच्यते ।। इति । यद्यपि पित्रादेरागमदीक्षायां तन्मात्रस्य वैष्णवत्वं न तु पुत्रादेः, तथापि स्वपारंपर्यप्रसिद्धमेव वैष्णवत्वं स्मार्तत्वं च मन्यन्ते वृद्धाः । तत्त्वसागरे भविष्ये –

यथा शुक्ला तथा कृष्णा, यथा कृष्णा तथेत्तरा । तुल्ये ते मन्यते यस्तु स वै वैष्णव उच्यते ।।

वैष्णवको लक्षण

वैष्णवको स्वरूपविषयमा **माधवीय** ग्रन्थमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – 'आफ्नो सम्पूर्ण आचार-विचार विष्णुलाई समर्पण गर्ने र वैष्णवी दीक्षा लिएको मानिसलाई वैष्णव भनिन्छ । त्यस्ता वैष्णवहरूले ठूलो आनन्दको बेला र ठूलै आपत्तिको बेलामा पनि एकादशीव्रतको त्याग गर्नुहुँदैन ।' यस्ता परिभाषा अन्त पनि हुनसक्छन् । माथिको लक्षणअनुसार अरू धर्म वा सम्प्रदायका मानिसमा यो नियम नलाग्ने हुनाले वैष्णव दीक्षा लिएको मानिस नै वैष्णव हो भन्ने कुरा बुझ्न सकिन्छ । कुनै परिवारमा पिताले विधिपूर्वक वैष्णवदीक्षा लिएको छ भने पितामात्र वैष्णव हुन्छ। दीक्षा नलिने त्यसका छोरा वा अरू सम्वन्धी वैष्णव मानिँदैनन् । केही वृद्धहरू कुलपरम्पराअनुसार कुनै मानिसको वैष्णवत्व र स्मार्तत्व हुने कुरा बताउँछन् । **तत्त्वसागर**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – जुन महिमा शुक्लएकादशीको छ त्यही महिमा कृष्णएकादशीको पनि छ । जुन महिमा कृष्णएकादशीको छ त्यही महिमा शुक्लएकादशीको पनि छ भन्ने भावना राखी दुवैमा समान आस्था र विश्वास गर्ने व्यक्तिलाई वैष्णव भन्नुपर्दछ ।

दशमीतिथिवेधकथनम्

केचित्तु दशम्यां नवमीवेधमपि त्यजन्ति तत्र मूलं मृग्यम् । उदयवेधस्तु परिशेषात् स्मार्तगोचरः । तदाह माधवः –

अरुणोदयवेधोऽत्र वेधः सूर्योदये तथा । उक्तौ द्वौ दशमीवेधौ वैष्णवस्मार्तयोः क्रमात् ।।

हेमाद्रिस्तु केषाञ्चिदर्धरात्रेऽपि दशमीवेधमाह –

अर्धरात्रे तु केषाञ्चिद्दशम्यां वेध इष्यते । कपालवेध इत्याहुराचार्या ये हरिप्रियाः ।।

न तन्मम मतं यस्मात्त्रियामा रात्रिरिष्यते ।। इति ब्रह्मवैवर्तात् । अस्यार्थः – **अनद्यतने लङ्** (पा.सू. ३/२/१११) इत्यत्र **अतीतायाः रात्रेः पश्चिमयामद्वयमागामिन्या रात्रेः पूर्वयामद्वयं दिवसश्च सकल एषोऽद्यतनः कालः** इत्युक्तं महाभाष्ये । स एष वर्तमानः काल एकादश्यहोरात्र उपोष्यः । तन्मध्ये दशमीप्रवेशे विद्धा सा त्याज्या।

दशमीतिथिको वेध

कसैले त दशमीमा नवमीवेधलाई परित्याग गर्दछन् । यसका लागि विशेष प्रमाण खोज्नुपर्दछ । उदयबेलाको वेध स्मार्तहरूका लागि हो । यही तथ्य **माधवले** पनि व्यक्त गरेका छन् । दशमीका दुईवेध– अरुणोदयवेध र सूर्योदयवेध हुन्। ती दुवै क्रमशः वैष्णव र स्मार्तहरूका लागि हुन् ।

हेमाद्रि भन्दछन् – कसैले आधा रातमा दशमीवेध मानेका छन् । आधा रातमा हुने दशमीवेधलाई हरिका प्यारा आचार्यहरूले कपालवेध भनी नामकरण गरेका छन् । यसको उत्तरमा **ब्रह्मवैवर्तपुराणमा** भनिएको छ – यो हाम्रो मत होइन किनकि तीनप्रहर भएको रात्रि नै अभीष्ट छ । **पाणिनिको अनद्यतने लङ्** (पा.सू. ३/२/१११) सूत्रमा निर्दिष्ट नियमानुसार बितेको रात्रिका दुईप्रहर अर्थात् १५ घडी र आगामी रात्रिका दुईप्रहर अर्थात् १५ घडी यी दुवैको बीचको सम्पूर्ण दिनसमेत गरी अद्यतनकाल हुन्छ । यही वर्तमानकाल पनि हो । यसै अहोरात्रकालमा एकादशीको उपवास गर्नुपर्दछ । यदि यसमा दशमीको प्रवेश हुन्छ भने त्यसलाई विद्धा भनिन्छ । विद्धामा उपवास गर्न नहुने हुँदा त्यसको त्याग गर्नुपर्दछ ।

अत एव हेमाद्रौ- **दशम्यां सङ्गदोषेण अर्धरात्रात्परेण तु । वर्जयेच्चतुरो यामान् सङ्कल्पार्चनयोः सदा।।** इति दोष उक्तः । चतुरो यामान् दिवसस्येत्यर्थः । स्वमते तु रात्रेस्त्रियामत्वात् प्रहरत्रयं पूर्वशेषः । तेन चतुर्थप्रहर एव वेधो युक्तः । सोऽप्यरुणोदय एव । **सूर्योदयं विना नैव स्नानदानादिकः क्रमः** इति मार्कण्डेयपुराणात् । **प्रत्यूषोऽहर्मुखं कल्पम्** इति कोशादरुणोदयमारभ्य सूर्यांशुप्रवृत्तेस्तत्रैव निषेधः । तेन मतभेदाद् व्यवस्थेति केचित् । कैमुतिकन्यायेनारुणोदय-वेधस्यैवेयं स्तुतिरिति तु माधवः । यस्तु **दिक्पञ्चदशभिस्तथा** इति वेधः, स उपवासातिरिक्तविषय इति माधवः ।

यसैले **हेमाद्रिमा** त्यसको दोष बताउँदै भनिएको छ कि – आधा रातभन्दा पछाडि दशमीको स्पर्शदोष हुँदा दिनका ४ प्रहरलाई सङ्कल्प र पूजामा लिन हुँदैन अर्थात् छाडिदिनुपर्दछ । यहाँ **चतुरो यामान्** भनी चारप्रहर त्याग गर्नुपर्ने कुरा दिनका चारप्रहरको त्यागका लागि भनिएको छ ।

हाम्रो मतमा रात्रिका तीनप्रहरलाई पूर्वशेष भन्नुपर्दछ । त्यसकारण चतुर्थ प्रहरमा वेध उचित हुन्छ । त्यो पनि अरुणोदयमा नै हुन्छ किनभने **मार्कण्डेयपुराणमा** भनिएको छ – सूर्योदय नभएसम्म स्नान र दानको प्रश्न हुँदैन। प्रत्यूष, अहर्मुख र कल्प यो अरुणोदयकालको नाम हो । यसबाट पनि अरुणोदयबाट आरम्भ गरेर सूर्यका किरणहरूको प्रवृत्ति हुने हुँदा त्यसमा वेध हुने कुरा निषेध गरिएको छ । अत एव कुनै आचार्यको भनाइ छ कि मतभेद भएकाले चलनचल्तीअनुसार व्यवस्था गर्नुपर्दछ । **माधवको** मतमा कैमुतिकन्यायले[२५] अरुणोदयकालमा नै वेध हुन्छ । कसैले १० घडी वा १५ घडी

२५. कैमुतिकन्यायको अर्थ – जुन शब्दद्वारा प्रसिद्ध वस्तुको हानि भएको कुरा प्रतिपादन गरिन्छ त्यसबाट अप्रसिद्ध वस्तुको हानि पनि स्वतः सिद्ध हुन्छ । जस्तै – '**स जितः त्वन्मुखेनेन्दुः का वार्ता सरसीरुहाम् ।**' अर्थात् हे सुन्दरी ! तिम्रो मुखसौन्दर्यबाट चन्द्रमा परास्त भएका छन् भने ती विचरा कमलहरूको विषयमा के भन्न बाँकी रहन्छ र ? – साहित्यशास्त्रमा प्रसिद्ध तथ्य
यहाँ पनि चतुर्थप्रहरमा वेध हुने कुरा प्रसिद्ध भएकाले अप्रसिद्ध अरुणोदयवेध पनि स्वतःसिद्ध हुन्छ ।

वेध भनेकोमा त्यो उपवासबाहेकका कर्मका निमित्त भनिएको हो भनी सम्झिनुपर्दछ ।

सर्वप्रकारवेधोऽयमुपवासस्य दूषकः । सार्धसप्तमुहूर्तस्तु योगोऽयं बाधते व्रतम् ।।

इति निगमादित्यलम् । तत्र माधवमते वैष्णवैररुणोदयविद्धा त्याज्या । यदा त्वेकादश्येव शुद्धा सती वर्धते, द्वादशी वा उभयं वा, तदा परोपोष्या ।

एकादशी द्वादशी वाऽधिका चेत्त्यज्यतां दिनम् । पूर्वं ग्राह्यं तूत्तरं स्यादिति वैष्णवनिर्णयः ।।

इति माधवोक्तेः । स्मार्तैस्तु सूर्योदयविद्धा त्याज्या । यदा त्वेकादशी शुद्धा सती वर्धते, द्वादशी च समा न्यूना वा, तदा गृहस्थैः पूर्वा, यतिभिरुत्तरा कार्या ।

प्रथमेऽहनि सम्पूर्णा व्याप्याहोरात्रसंयुता । द्वादश्यां च तथा तात दृश्यते पुनरेव च ।।

पूर्वा कार्या गृहस्थैश्च यतिभिश्चोत्तरा विभो ।। इति स्कान्दोक्तेः ।

निगममा भनिएको छ – जुनसुकै किसिमको वेध होस् त्यो उपवासको दूषक हुन्छ । साढे सातमुहूर्तको वेध भने व्रतको दूषक हुन्छ । माधवको मतअनुसार अरुणोदयकालमा विद्ध हुने एकादशीलाई वैष्णवहरूले त्याग गर्नुपर्दछ । यता जब एकादशीतिथि बढेको हुन्छ अथवा द्वादशी बढेको हुन्छ अथवा दुवै तिथि बढेका हुन्छन् भने दोस्रो दिन अर्थात् द्वादशीका दिन उपवास गर्नुपर्दछ भन्ने वैष्णवहरूको निर्णय हो । स्मार्तहरूले सूर्योदयकालमा विद्ध एकादशीलाई परित्याग गर्नुपर्दछ । जब शुद्ध एकादशी बढ्छ र द्वादशी ठीक अथवा कम हुन्छ त्यसबेला गृहस्थहरूले पहिलो दिन र संन्यासीहरूले दोस्रो दिन उपवास गर्नुपर्दछ । स्कन्दपुराणमा भनिएको छ कि पहिलो दिन अहोरात्र व्याप्त गर्ने एकादशीतिथिले आफ्ना घडी–पलाद्वारा पूर्ण भोग गर्दछ र दोस्रो दिन केहीमात्र छ भने गृहस्थले अघिल्लो दिन उपवास गर्नुपर्दछ र संन्यासीले पछिल्लो दिन उपवास गर्नुपर्दछ ।

वर्धमानोऽप्येवमाह । उभयवृद्धौ तु शुद्धा विद्धा वा सर्वेषां परैव ।

सम्पूर्णैकादशी यत्र प्रभाते पुनरेव सा । सर्वैरेवोत्तरा कार्या परतो द्वादशी यदि ।।

इति नारदोक्तेः । द्वादशीमात्रवृद्धौ तु शुद्धायां पूर्वैव ।

न चेदेकादशी विष्णोर्द्वादशी परतः स्थिता । उपोष्यैकादशी तत्र यदीच्छेत्परमं पदम् ।। इति नारदोक्तेः।

द्वादशीमात्रवृद्धौ तु शुद्धाविद्धे व्यवस्थिते । शुद्धा पूर्वोत्तरा विद्धा स्मार्तनिर्णय ईदृशः ।।

इति माधवोक्तेश्च । मदनरत्नेऽप्येवम् ।

विद्धाऽप्यविद्धा विज्ञेया परतो द्वादशी न चेत् । अविद्धाऽपि च विद्धा स्यात्परतो द्वादशी यदि ।।

इति हेमाद्रौ पद्मपुराणवचनम्, तदेकादश्यां वृद्धौ ज्ञेयम् । तदुक्तं माधवेन –

एकादशी द्वादशी चेत्युभयं वर्द्धते यदा । तदा पूर्वदिनं त्याज्यं स्मार्तैर्ग्राह्यं परं दिनम् ।। इति ।

वर्धमानले पनि यस्तै भनेका छन् – दुवैको वृद्धि भएमा शुद्धा वा विद्धा जे भए पनि पछिल्लो एकादशी लिनुपर्दछ। तदनुसार पूरा दिन एकादशी र अर्को दिन बिहान द्वादशी पर्छ भने द्वादशीमै व्रत उपवास गर्नुपर्दछ । केवल द्वादशी बढेको छ भने पहिलो नै लिनुपर्दछ भन्दै नारद भन्दछन् – एकादशीको वृद्धि नभएको अवस्था र द्वादशीको वृद्धि भएको अवस्थामा परमपद प्राप्त गर्न चाहने साधकले पहिलो दिन नै उपवास गर्नुपर्दछ । यस सम्बन्धमा माधवको वचन यसप्रकार छ–

एकादशीको वृद्धि नभई द्वादशीको वृद्धि भएको अवस्थामा एकादशी शुद्धा मानिन्छ र द्वादशी विद्धा हुन्छ भन्ने स्मार्तहरूको निर्णय हो । यसैले शुद्धामा उपवास गरिन्छ । **मदनरत्न**मा पनि यस्तै कुरा गरिएको छ । **हेमाद्रि**मा भनिएको छ – उत्तरार्द्धमा द्वादशी छैन भने एकादशी विद्ध भए पनि अविद्ध नै हुन्छ । तर उत्तरार्द्धमा द्वादशी भएमा अविद्ध भए पनि विद्ध मानिन्छ । यो कुरा एकादशी बढेको अवस्थामा हुन्छ भन्ने बुझ्नुपर्दछ । **माधव** भन्दछन् – जुन बेला एकादशी र द्वादशी दुवै तिथि बढेका हुन्छन् त्यसबेला स्मार्तहरूले पहिलो दिन छाडी दोस्रो दिन उपवास गर्नुपर्दछ । फेरि एकादशीको वृद्धि हुँदा द्वादशीमात्र बढेमा सबैले पछिल्लो दिन उपवास गर्नुपर्दछ ।

विद्धैकादश्यां द्वादशीमात्रवृद्धौ च सर्वेषां परैव । तत्र चैकादशीमात्रवृद्धौ गृहिणः पूर्वा, यतेरुत्तरा । पूर्वोक्तपाद्मोक्तेः।

एकादशी विवृद्धा चेच्छुक्ले कृष्णेऽविशेषतः । उत्तरां तु यतिः कुर्यात् पूर्वामुपवसेद् गृही ।।

इति प्रचेतसोक्तेः । एतच्छुद्धाविद्धातुल्यमिति माधवः ।

त्रयोदश्यां न लभ्येत द्वादशी यदि किञ्चन । उपोष्यैकादशी तत्र दशमी मिश्रिताऽपि च ।।

इति स्कान्दात् ।

अविद्धानि निषिद्धैश्च न लभ्यन्ते दिनानि तु । मुहूर्तैः पञ्चभिर्विद्धा ग्राह्यैवैकादशी तिथिः ।।

इति ऋष्यशृङ्गोक्तेश्च । मुहूर्तपञ्चकमरुणोदयमारभ्य ज्ञेयम् । अन्यथोत्तरेऽह्नि एकादश्यभावासम्भवात् । तथा च स एव ।

सर्वत्रैकादशी कार्या द्वादशीमिश्रिता नरैः । प्रातर्भवतु वा मा भूद्यस्मान्नित्यमुपोषणम् ।। इति।

यदपि हेमाद्रिणा **शुद्धसमा शुद्धन्यूना वा अधिकद्वादशिका चेत्सर्वेषां परैव** इत्युक्तम्, तदपि वैष्णवविषयम्। स्मार्तानां तु पूर्वैवेत्यविरोधः ।

यहाँनिर एकादशीमात्र बढेमा गृहस्थले पहिलो दिन र संन्यासीहरूले दोस्रो दिन उपवास गर्नुपर्दछ भन्ने **पद्मपुराण**को वचनको पहिले पनि चर्चा गरिएको छ । यस विषयमा **प्रचेता**ले भनेका छन् – कृष्णएकादशी र शुक्ला एकादशीको वृद्धि हुँदा गृहस्थले पहिलो दिन र संन्यासीले दोस्रो दिन उपवास गर्नुपर्दछ । यो वचन शुद्धा र विद्धा दुवैमा समानरूपले लागु हुन्छ भनी **माधव**ले बताएका छन् । यस स्थितिमा **स्कन्दपुराण**को वाक्य यसप्रकार छ – त्रयोदशीमा द्वादशीको अलिकति पनि स्पर्श नहुँदा दशमीसंयुक्त एकादशीका दिन नै उपवास गर्नुपर्दछ । यस सम्बन्धमा **शृष्यशृङ्ग** भन्दछन् – निषिद्ध नभएको तिथि नपाइएमा पाँचमुहूर्तले विद्ध भएको एकादशीलाई लिनुपर्दछ । यो पाँचमुहूर्तको वेध सूर्योदयदेखि हुने वेध हो अन्यथा अर्को दिन एकादशीको अभाव असम्भव हुन सक्छ ? यसबारे **शृष्यशृङ्ग** फेरि भन्दछन् – जहाँसुकै द्वादशीसंयुक्त एकादशीको व्रत गर्नुपर्दछ । त्यसको प्रातःकालमा उपस्थिति होस् वा नहोस् फरक पर्दैन किनकि यो नित्यव्रत हो। **हेमाद्रि** भन्दछन् – शुद्धाभन्दा न्यून यद्वा अधिक र द्वादशीसंयुक्त एकादशी भएमा सबैका मतमा द्वादशीमा नै उपवास गर्नुपर्दछ, यो वचन वैष्णवहरूका लागि मात्र हो । स्मार्तहरूले पहिलो दिन नै उपवास गर्नुपर्दछ । यसमा कसैको विरोध हुँदैन ।

अष्टादशैकादशीभेदकथनम्

हेमाद्रिमते तूच्यते । तत्र –

शुद्धा विद्धा द्वयी नन्दा, त्रेधा न्यूनसमाधिकैः । षट्प्रकारा पुनस्त्रेधा द्वादश्यूनसमाधिकैः ।।

इत्यष्टादशैकादशीभेदाः । तत्र शुद्धाऽधिका न्यूनद्वादशिका, शुद्धाऽधिका समद्वादशिका च सकामैः पूर्वा, निष्कामैरुत्तरा

कार्या । प्रथमेऽहनि सम्पूर्णा इति पूर्वोक्तस्कान्दात् । ऊनद्वादशिकायां तु विष्णुप्रीतिकामैरुपवासद्वयं कार्यम् ।

सम्पूर्णैकादशी यत्र प्रभाते पुनरेव सा । लुप्यते द्वादशी, तस्मिन्नुपवासः कथं भवेत् ।।

उपोष्ये द्वे तिथी तत्र विष्णुप्रीणनतत्परैः ।।

इति वृद्धवसिष्ठोक्तेः । शुद्धन्यूना शुद्धाधिका शुद्धसमा विद्धन्यूना विद्धसमा वाऽधिकद्वादशिका चेत्सर्वेषां परैवेति हेमाद्रिः ।

एकादशीका १८ भेद

हेमाद्रिको मतमा एकादशीका १८ भेद हुन्छन् । सर्वप्रथम एकादशीका दुईभेद हुन्छन् – शुद्धा र विद्धा । शुद्धाका फेरि तीनभेद हुन्छन् – न्यूनशुद्धा, समशुद्धा र अधिकशुद्धा । विद्धाका पनि तीनभेद हुन्छन् – न्यूनविद्धा, समविद्धा र अधिकविद्धा। यसरी ६ भेद भए। यी ६ वटामा प्रत्येकका न्यून, सम र अधिकका योगमा ३–३ भेद हुन्छन् र एकादशी १८ प्रकारको हुन्छ।

एकादशीका अठार भेद

१) शुद्धन्यूना – न्यूनद्वादशिका
२) शुद्धन्यूना – समद्वादशिका
३) शुद्धन्यूना – अधिकद्वादशिका
४) शुद्धसमा – न्यूनद्वादशिका
५) शुद्धसमा – समद्वादशिका
६) शुद्धसमा – अधिकद्वादशिका
७) शुद्धाधिका – न्यूनद्वादशिका
८) शुद्धाधिका – समद्वादशिका
९) शुद्धाधिका – अधिकद्वादशिका
१०) विद्धन्यूना – न्यूनद्वादिशका
११) विद्धन्यूना – समद्वादशिका
१२) विद्धन्यूना – अधिकद्वादशिका
१३) विद्धसमा – न्यूनद्वादशिका
१४) विद्धसमा – समद्वादशिका
१५) विद्धसमा – अधिकद्वादशिका
१६) विद्धाधिका – न्यूनद्वादिशका
१७) विद्धाधिका – समद्वादशिका
१८) विद्धाधिका – अधिकद्वादशिका

उक्त १८ भेदमध्ये शुद्धाधिका, न्यूनद्वादशिका र शुद्धाधिका समद्वादशिका एकादशीमा सकाम उपासना गर्नेहरूले पूर्वा अर्थात् पहिलो दिनको एकादशी लिनुपर्दछ । निष्कामव्रत गर्नेहरूले दोस्रो दिनको एकादशी लिनुपर्दछ किनकि स्कन्दपुराणमा पूर्वालाई सम्पूर्णा एकादशी मानेको छ । भगवान् विष्णुको प्रीति चाहने साधकहरूले ऊनद्वादशिकातिथिमा दुईदिन उपवास गर्नुपर्दछ । यस सम्बन्धमा **वृद्धवसिष्ठले** भनेका छन् – जुन पक्षमा सम्पूर्ण एकादशी हुन्छ, प्रातःकालमा पनि त्यसको उपस्थिति हुन्छ र द्वादशीको लोप हुन्छ भने त्यसबेला भगवान् विष्णुलाई प्रसन्न तुल्याउन दुवै तिथिमा उपवास गर्नुपर्दछ । हेमाद्रि भन्दछन् – शुद्धन्यूना, शुद्धसमा, शुद्धाधिका, विद्धन्यूना, विद्धसमा, विद्धाधिका द्वादशीहरूमा सबैको मतमा पछिल्लो दिन उपवास गर्नुपर्दछ ।

मदनरत्ने तु शुद्धाधिका परा । **सम्पूर्णैकादशी यत्र** इति पूर्वोक्तेः । अन्या पूर्वा ।

शुद्धा यदा समा हीना समा हीनाऽधिकोत्तरा । एकादशीमुपवसेत्र शुद्धां वैष्णवीमपि ।।

इति स्कान्दात् । **शुद्धा** – एकादशी । **उत्तरा** – द्वादशी । **न चैदेकादशी विष्णो** इति नारदोक्तेश्च । यत्तु – **अविद्धाऽपि च विद्धा स्यात्** इति पाद्मं तच्छुद्धाधिकापरम् । यत्तु –

सम्पूर्णैकादशी त्याज्या परतो द्वादशी यदि । उपोष्या द्वादशी शुद्धा द्वादश्यामेव पारणम् ।।
इत्यादि, तद्वैष्णवपरम् । स्मार्तानां तु पूर्वैवेत्युक्तम् । विद्धन्यूना समद्वादशिका तु मुमुक्षूणां पुत्रवतां च परा । अन्येषां पूर्वा । पुत्रवतोऽपि पूर्वेति मदनरत्ने । विद्धन्यूना न्यूनद्वादशिका च सैव सर्वैः कार्येति हेमाद्रिः । मुमुक्षूणां पराऽन्येषां पूर्वेति मदनरत्ने ।

मदनरत्नमा भनिएको छ – **सम्पूर्णैकादशी यत्र** भन्ने माथिको वचनको आधारमा शुद्धाधिका अधिकद्वादशिका एकादशीमा पछिल्लो दिन उपवास गर्नुपर्दछ । अन्य न्यून द्वादशीका र समद्वादशिका एकादशीहरूमा पहिलो दिन उपवास गर्नुपर्दछ । **स्कन्दपुराणमा** यस विषयमा यसरी चर्चा गरिएको छ – जुन समयमा शुद्धा एकादशी सम होस् अथवा न्यून होस् र द्वादशी पनि सम, न्यून वा अधिक होस् त्यसबेला शुद्धा एकादशीका दिन नै उपवास गर्नुपर्दछ । तर, द्वादशीका दिन उपवास गर्न हुँदैन । **न चेत् एकादशी विष्णौ** अर्थात् जुन एकादशी विष्णुको प्रीतिदायिनी बन्न सक्दैन त्यस्तो एकादशी भएमा अविद्धालाई पनि विद्धा मान्नुपर्दछ भन्ने **पद्मपुराणको** वचन छ । यो वचन शुद्धाधिका एकादशीपरक हो । फेरि अर्को वचन पाइन्छ कि – दोस्रो दिन द्वादशी छ भने पहिलो दिनको सम्पूर्ण एकादशी छाडी द्वादशीका दिन उपवास गर्नुपर्दछ । यो वचन वैष्णवहरूका लागि मात्र हो । स्मार्तहरूका लागि त पहिलो दिन नै ग्राह्य हुन्छ । विद्धन्यूना, समद्वादशिका एकादशी मुक्ति चाहने मुमुक्षु र पुत्रवान्का लागि पछिल्लो ग्राह्य हुन्छ । अरूका लागि पहिलो नै उपयुक्त हुन्छ । **मदनरत्नमा** पुत्रवान् गृहस्थले पनि पूर्वामा नै उपवास गर्नुपर्दछ भनिएको छ ।

विद्धसमा समद्वादशिकोनद्वादशिका च मुमुक्षुभिः पराऽन्यैः पूर्वा कार्या ।

दशमीमिश्रिता पूर्वा द्वादशी यदि लुप्यते । शुद्धैव द्वादशी राजन्नुपोष्या मोक्षकाङ्क्षिभिः ।।
इति व्यासोक्तेः । मोक्षकाङ्क्षिग्रहणादन्येषां पूर्वैव ।

सर्वत्रैकादशी कार्या द्वादशीमिश्रिता नरैः । प्रातर्भवतु वा मा वा यतो नित्यमुपोषणम् ।।
इति पाद्मोक्तेः । विद्धाधिका समद्वादशिका सर्वेषां पूर्वैव ।

पारणाहे न लभ्येत द्वादशी कलयाऽपि चेत् । तदानीं दशमीविद्धाऽप्युपोष्यैकादशी तिथिः ।।
इति ऋष्यशृङ्गोक्तेश्च ।

हेमाद्रि भन्दछन् – विद्धन्यूना, न्यूनद्वादशिका पनि सबैले पूर्वा नै ग्रहण गर्नुपर्दछ । **मदनरत्नअनुसार** मुमुक्षुले परा र अरूले पूर्वा ग्रहण गर्नुपर्दछ । मुमुक्षुहरूले विद्धसमा, समद्वादशिका र विद्धन्यूना न्यूनद्वादशिका परा ग्रहण गर्नुपर्दछ भने अरूले पूर्वा नै लिनुपर्दछ । **व्यास** भन्दछन् – यदि द्वादशीतिथि बढेको हुँदैन भने दशमीमिश्रित पूर्वा एकादशीमा उपवास गर्नुपर्दछ । शुद्धा द्वादशीका दिन मोक्ष चाहने मानिसले उपवास गर्नुपर्दछ । यहाँ मोक्षाकाङ्क्षी भनेकाले अरूका निमित्त पूर्वा एकादशी नै ग्राह्य हुन्छ । **पद्मपुराणमा** भनिएको छ – मानिसले जहाँसुकै द्वादशीमिश्रित एकादशीमा उपवास गर्नुपर्दछ । प्रातःकालमा एकादशी छ–छैन भन्ने सरोकारको कुरा होइन, यसमा गरिने उपवास नित्य हुन्छ भनी उपवास गर्नुपर्दछ । विद्धाधिका एकादशी र विद्धा समद्वादशिका एकादशीमा सबैले पहिलो दिन नै उपवास गर्नुपर्दछ । **ऋष्यशृङ्गले** भनेका छन् – पारण गर्दा द्वादशी एककला पनि प्राप्त हुँदैन भने दशमीविद्धा पूर्वा अर्थात् पहिलो दिनको एकादशीमा नै उपवास गर्नुपर्दछ ।

माधवमते तु अत्र गृहिणां पूर्वा, यतेरुत्तरा । विद्धाधिका न्यूनद्वादशिका मोक्षपापक्षयविष्णुप्रीतिकामैः परा कार्या । गृहस्थेन तु नक्तं कार्यम् ।

एकादशी द्वादशी च रात्रिशेषे त्रयोदशी । उपवासं न कुर्वीत पुत्रपौत्रसमन्वितः ।।

इति कौर्मे दिनक्षये उपवासनिषेधात् ।

दशम्यैकादशीविद्धा द्वादशी च क्षयं गता । क्षीणा सा द्वादशी ज्ञेया नक्तं तु गृहिणः स्मृतम् ।।

इति वृद्धशातातपोक्तेश्च गृहिणः पूर्वत्रोपवासः । एकादश्याः शुद्धन्यूनत्वे शुद्धसमत्वे वा द्वादश्या न्यूनसमत्वयोरेकादश्यामुपवासः।

माधवको मतमा – उक्त एकादशीहरूमा गृहस्थहरूले पहिलो र संन्यासीहरूले पछिल्लो दिन उपवास गर्नुपर्दछ । विद्धाधिका, न्यूनद्वादशिका एकादशीमा मोक्ष, पापनाश र विष्णुको प्रीति चाहने व्रतालुले पछिल्लो दिन उपवास गर्नुपर्दछ र गृहस्थ व्रतालुले नक्तभोजन गर्नुपर्दछ । प्रातः केही कला एकादशी, फेरि द्वादशी र रात्रिशेषमा त्रयोदशी गरी एकै दिन तीनतिथिको संयोग भएमा पुत्र-पौत्रवान् गृहस्थले त्यो दिन उपवासगर्न हुँदैन । दिनक्षय हुँदा उपवास निषिद्ध छ । **वृद्धशातातप**ले भनेका छन् – दशमीतिथि एकादशीद्वारा वृद्ध भएमा र द्वादशी क्षीण भएमा गृहस्थले नक्तभोजन गर्नुपर्दछ। यस्तो अवस्थामा उपवास पहिलो दिन गरिन्छ । एकादशी शुद्धसमा र शुद्धन्यूना भएमा अथवा द्वादशी न्यूना र समा भए पनि एकादशीकै दिन उपवास गर्नुपर्दछ ।

यानि तु – **दशम्यनुगता हन्ति द्वादश द्वादशीफलम् । धर्मापत्यधनायूंषि त्रयोदश्यां तु पारणम् ।।**
इति कौर्मादीनि दशमीवेधत्रयोदशीपारणयोर्निषेधकानि तानि विहितभिन्नपराणि । अत्र मूलवचनानि । तद्व्यवस्था चाकरे ज्ञेया । यत्तु कालहेमाद्रौ –

बहुवाक्यविरोधेन सन्देहो जायते यदा । द्वादशी तु तदा ग्राह्या त्रयोदश्यां तु पारणम् ।।
इति मार्कण्डेयोक्तेः । **सन्दिग्धेषु च वाक्येषु द्वादशीं समुपोषयेत्** । तथा –

विवादेषु च सर्वेषु द्वादश्यां समुपोषणम् । पारणं च त्रयोदश्यामाज्ञेयं मामकी मुने ।।
इति पाद्मोक्तेश्च । वेधसन्देहे ज्योतिर्विदां विप्रतिपत्तौ वा परा कार्येत्युक्तम्, तद्वैष्णवविषयमित्यलं बहुना ।

दशमीअनुगत एकादशीमा उपवास र त्रयोदशीमा पारण गरियो भने त्यसले द्वादशीका राम्रा फललाई समाप्त गरिदिन्छ । त्यसले धर्म, पुत्र, धन र आयु नाश गर्दछ भनिएको छ । ग्रन्थकार भन्दछन् – कूर्मपुराण आदिको यो भनाइ फरक किसिमको भनाइ हो, यस किसिमका प्रसङ्गका लागि आएको होइन । यस प्रसङ्गका मूलवचन र तिनको व्यवस्थाको विषयमा आकरग्रन्थबाट जानकारी लिनुपर्दछ । **कालहेमाद्रि**मा उद्धृत मार्कण्डेयको वचन यसप्रकार छ – ऋषिहरूका वाक्यहरूमा धेरै विरोध देखिएमा जब मनमा शंका पैदा हुन्छ त्यसबेला सबै कुरा छाडी द्वादशीमा उपवास र त्रयोदशीमा पारण गर्नुपर्दछ । यसबारे **पद्मपुराण**मा भनिएको छ – वाक्यहरूबाट सन्देह पैदा भएमा द्वादशीमा उपवास र त्रयोदशीमा पारण गर्नुपर्दछ । वेधको सन्देह भएमा र ज्योतिषीहरूले नै परस्पर मतभेद देखाएमा पछिल्लो दिन उपवास गर्नुपर्छ भनिएको पाइन्छ । तर यो विधान वैष्णवहरूका लागि मात्र हो । यसबारे धेरै चर्चा गर्नु आवश्यक छैन ।

एकादशी तालिका

(क) वैष्णवहरूद्वारा उपास्य अरुणोदयमा शुद्धा एकादशीका भेद

शुद्धा एकादशीका भेद	दशमी		एकादशी		द्वादशी		व्रतनिर्णय
	घ.	प.	घ.	प.	घ.	प.	
शुद्धन्यूना – न्यूनद्वादशिका	५५	५९	५८	०	५९	५९	यो एकादशी र द्वादशी दुवै तर्फ अधिक घडी पला नभएको शुद्ध एकादशी हो । यसमा स्मार्त र वैष्णव दुवैले उपवास गर्नुपर्दछ ।
शुद्धन्यूना – समद्वादशिका	५५	५९	५८	०	६०	०	एकादशी र द्वादशी दुवैमा अधिक घडीपला नभएको शुद्ध एकादशी, यसमा स्मार्त र वैष्णव दुवैले उपवास गर्नुपर्दछ।
शुद्धन्यूना – अधिकद्वादशिका	५५	५९	५८	०	६०	१	यसमा द्वादशीको मात्रा अधिक छ, स्मार्तहरूले एकादशीका दिन र वैष्णवहरूले द्वादशीका दिन उपवास गर्नुपर्दछ– यो माधवको मत, हेमाद्रिको मतमा सबैले द्वादशीमा उपवास गर्नुपर्दछ ।
शुद्धसमा – न्यूनद्वादशिका	५५	५९	६०	०	५९	५९	यो एकादशी एवं द्वादशी दुवैमा समानता भएको शुद्धा एकादशी हो । यसमा पनि स्मार्त र वैष्णव दुवैले एकादशीका दिन नै उपवास गर्नुपर्दछ ।
शुद्धसमा – समद्वादशिका	५५	५९	६०	०	६०	०	एकादशी र द्वादशीमा समानता भएको शुद्धाको भेद हो । यसमा पनि स्मार्त र वैष्णव दुवैले एकादशीका दिन नै उपवास गर्नुपर्दछ ।
शुद्धसमा – अधिकद्वादशिका	५५	५९	६०	०	६० ३	० १	यसमा द्वादशीको मात्रा धेरै छ, स्मार्तहरूले एकादशीका दिन र वैष्णवहरूले द्वादशीका दिन उपवास गर्नुपर्दछ– यो माधवको मत हो । हेमाद्रिको मतमा सबैले द्वादशीमा उपवास गर्नुपर्दछ ।
शुद्धाधिका – न्यूनद्वादशिका	५५	५९	६० ०	० १	५९ क्षय	५८	यसमा एकादशी तिथि अधिक छ, यसैले स्मार्तहरूले एकादशीमा, संन्यासी एवं वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ – यो माधवको मत हो ।
शुद्धाधिका – समद्वादशिका	५५	५९	६० ०	० १	५९ क्षय	५९	यसमा एकादशीको मात्रा अधिक रहेको हुन्छ, गृहस्थहरूले पूर्वा एकादशीका दिन र संन्यासी एवं वैष्णवले परा एकादशीका दिन उपवास गर्नुपर्दछ।
शुद्धाधिका – अधिकद्वादशिका	५५	५९	६०	१	३	५५	यहाँ दुवै तिथिको वृद्धि भएकाले शुद्धा एकादशीमा नै स्मार्त र वैष्णवहरूले उपवास गर्नुपर्दछ ।

(ख) वैष्णवहरूद्वारा उपास्य अरुणोदयमा विद्धा एकादशीका भेद

विद्धा एकादशीका भेद	दशमी		एकादशी		द्वादशी		व्रतनिर्णय
	घ.	प.	घ.	प.	घ.	प.	
विद्धन्यूना – न्यूनद्वादिशका	५५	१	५८	०	५९	५९	यहाँ एकादशी र द्वादशी दुवै अधिक छैनन् तसर्थ स्मार्तले र वैष्णवले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धन्यूना – समद्वादशिका	५६	१	५८	०	६०	०	स्मार्तले एकादशीमा र वैष्णवले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धन्यूना – अधिकद्वादशिका	५६	१	५८	०	६० १	० १	यहाँ द्वादशी तिथि अधिक छ, स्मार्तले एकादशीमा वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ– यो माधवको मत हो । हेमाद्रिको मतमा सबैले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धसमा – न्यूनद्वादशिका	५८	५९	६०	०	५९	५९	यहाँ एकादशी र द्वादशी दुवैमा सम छन्, यसमा स्मार्तले एकादशीमा र वैष्णवले विद्धा भएका कारण द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धसमा – समद्वादशिका	५९	१	६०	०	६०	०	यो एकादशी र द्वादशीमा समानता भएको विद्धाको भेद हो । यसमा स्मार्तहरूले एकादशीमा र वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धसमा – अधिकद्वादशिका	५७	१	६०	०	६० १	० ०	यसमा द्वादशीको मात्रा धेरै छ, स्मार्तहरूले एकादशीका दिन र वैष्णवहरूले द्वादशीका दिन उपवास गर्नुपर्दछ। हेमाद्रिको मतमा सबैले द्वादशीमा नै उपवास गर्नुपर्दछ।
विद्धाधिका – न्यूनद्वादिशका	५९	१	६० ०	० १	५९ क्षय	५८	यसमा एकादशी तिथि अधिक छ, यसैले स्मार्तहरूले एकादशीमा, संन्यासी, यति, विधवा एवं वैष्णव र निष्काम गृहस्थहरूले द्वादशीमा उपवास गर्नुपर्दछ । विष्णुभक्त स्मार्तहरूले दुवै दिन उपवास गर्नुपर्दछ।
विद्धाधिका – समद्वादशिका	५९	१	६० ०	० १	५९ क्षय	५९	यसमा एकादशीको मात्रा अधिक रहेको छ, स्मार्त गृहस्थहरूले पहिलो दिन र संन्यासी, यति, विधवा एवं वैष्णव र निष्काम गृहस्थहरूले द्वादशीमा उपवास गर्नुपर्दछ। विष्णुभक्त स्मार्तहरूले दुवै दिन उपवास गर्नुपर्दछ ।
विद्धाधिका – अधिकद्वादशिका	५६	१	६० १	० ०	५	०	यहाँ एकादशी र द्वादशी दुवैमा वृद्धि भएको छ । यहाँ स्मार्त र वैष्णव दुवैले द्वादशीमा उपवास गर्नुपर्दछ।

(ग) स्मार्तहरूद्वारा उपास्य सूर्योदयमा दशमीरहित शुद्धा एकादशीका भेद

शुद्धा एकादशीका भेद	दशमी		एकादशी		द्वादशी		व्रतनिर्णय
	घ.	प.	घ.	प.	घ.	प.	
शुद्धन्यूना – न्यूनद्वादशिका	५९	५९	५९	०	५९	०	एकादशी र द्वादशी दुवै अधिक छन्, यसमा स्मार्तहरूले एकादशीमा र वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ ।
शुद्धन्यूना – समद्वादशिका	५९	५९	५९	४५	६०	०	यसमा पूर्ववत् व्यवस्था रहेको छ ।
शुद्धन्यूना – अधिकद्वादशिका	५९	५९	५९	५९	६० १	० ०	यसमा द्वादशीको मात्रा अधिक छ, स्मार्तहरूले एकादशीका दिन र वैष्णवहरूले द्वादशीका दिन उपवास गर्नुपर्दछ– यो हेमाद्रिको मतमा हो, कसैको मतमा मोक्ष चाहने स्मार्तहरूले द्वादशीमा उपवास गर्नुपर्दछ।
शुद्धसमा – न्यूनद्वादशिका	५८	५९	६०	०	५९	५९	स्मार्तहरूले एकादशीमा र वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ ।
शुद्धसमा – समद्वादशिका	५८	५९	६०	०	६०	०	यहाँ पूर्ववत् व्यवस्था रहेको छ ।
शुद्धसमा – अधिकद्वादशिका	५९	५९	६०	०	६० १	० ०	यहाँ द्वादशी अधिक छ । स्मार्तले एकादशीमा र वैष्णवले द्वादशीमा उपवास गर्नुपर्दछ भन्ने माधवको मत हो । हेमाद्रिको मतमा त सबैले द्वादशीमा नै उपवास गर्नुपर्दछ ।
शुद्धाधिका – न्यूनद्वादशिका	५९	५९	६० १	० ०	५८ क्षय	५९	यसमा एकादशी तिथि अधिक छ, स्मार्त गृहस्थहरूले पूर्व एकादशीमा, निष्काम, गृहस्थ, विधवा, संन्यासी र वैष्णवहरूले परा एकादशीमा उपवास गर्नुपर्दछ। कसैको मतमा विष्णु भक्त स्मार्तले दुवै दिन उपवास गर्नुपर्दछ।
ुद्धाधिका – समद्वादशिका	५९	५९	६० १	० ०	५९ क्षय	०	यसमा पूर्ववत् व्यवस्था रहेको छ ।
शुद्धाधिका – अधिकद्वादशिका	५९	५९	६० १	० ०	३	०	यहाँ एकादशी र द्वादशी तिथि दुवै अधिक छन् । यसैले स्मार्त र वैष्णव दुवैले पछिल्लो एकादशीमा नै उपवास गर्नुपर्दछ ।

(घ) स्मार्तहरूद्वारा उपास्य दशमीविद्धा एकादशीका भेद

विद्धा एकादशीका भेद	दशमी		एकादशी		द्वादशी		व्रतनिर्णय
	घ.	प.	घ.	प.	घ.	प.	
विद्धन्यूना – न्यूनद्वादशिका	२	०	५७ क्षय	५९	५७	०	यहाँ एकादशी र द्वादशी दुवै अधिक छैनन् तसर्थ स्मार्तहरूले एकादशीमा र वैष्णवहरूले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धन्यूना – समद्वादशिका	२	०	५७ क्षय	५९	६०	०	यहाँ पूर्ववत् नै व्यवस्था गर्नुपर्दछ ।
विद्धन्यूना – अधिकद्वादशिका	१	०	५८ क्षय	५९	६० १	० ०	यहाँ द्वादशी तिथि अधिक छ, एकादशी विद्ध भएकाले स्मार्त र वैष्णव दुवैले द्वादशीका दिन उपवास गर्नुपर्दछ।
विद्धसमा – न्यूनद्वादशिका	२	०	५८ क्षय	०	५८	५९	यहाँ एकादशी र द्वादशी दुवैमा अधिकता छैन, स्मार्तले एकादशीमा र वैष्णवले द्वादशीमा उपवास गर्नुपर्दछ ।
विद्धसमा – समद्वादशिका	२	०	५८ क्षय	०	६०	०	यहाँ पूर्ववत् नै व्यवस्था रहेको छ ।
विद्धसमा – अधिकद्वादशिका	२	०	५८ क्षय	०	६० १	० ०	यसमा द्वादशीको मात्रा धेरै छ, एकादशी विद्ध भएकाले स्मार्त र वैष्णव दुवैले द्वादशीका दिन उपवास गर्नुपर्दछ।
विद्धाधिका – न्यूनद्वादशिका	७	०	२	०	५५ क्षय	०	यसमा एकादशी तिथि अधिक छ, यसैले स्मार्तहरूले पूर्वा एकादशीमा, संन्यासी, यति, विधवा एवं वैष्णव र निष्काम गृहस्थहरूले परा एकादशीमा उपवास गर्नुपर्दछ । विष्णुभक्त स्मार्तहरूले दुवै दिन उपवास गर्नुपर्दछ।
विद्धाधिका – समद्वादशिका	५	०	२	०	५८ क्षय	०	यसमा एकादशीको मात्रा अधिक रहेको छ, स्मार्त गृहस्थहरूले पहिलो दिन र संन्यासी, यति, विधवा एवं वैष्णव र निष्काम गृहस्थहरूले द्वादशीमा उपवास गर्नुपर्दछ। विष्णुभक्त स्मार्तहरूले दुवै दिन उपवास गर्नुपर्दछ ।
विद्धाधिका – अधिकद्वादशिका	७	०	४	०	३	०	यहाँ एकादशी र द्वादशी दुवैमा वृद्धि भएको छ र दुवैले परा एकादशीमा नै उपवास गर्नुपर्दछ ।

उपयुक्तं किञ्चित्

अथात्रोपयुक्तं किञ्चिदुच्यते । तत्र दशम्यामेकादशीयोगे दशमीमध्ये एव भोजनं कार्यम् । **एकादश्यां न भुञ्जीत** इति तस्या एव निमित्तत्वात् । **निषेधस्तु निवृत्त्यात्मा कालमात्रमपेक्षते** इति देवलोक्तेश्च । केचित्तु एकादशीव्रताङ्गत्वेन पूर्वेद्युरेकभक्तविधानाद्विधिस्पृष्टे च निषेधानवकाशान्न भोजननिषेधः प्रवर्तते, तेनैकादशीमध्येऽपि पूर्वदिने भोजनमित्याहुः ।

एकादशी उपवाससम्बन्धी उपयुक्त चर्चा

अब यहाँ केही उपयुक्त विषयमा चर्चा गरिन्छ । दशमीमा एकादशीको योग हुँदा दशमीको मध्यमा भोजन गर्नुपर्दछ । किनकि एकादशीमा भोजन गर्न हुँदैन भनिएको छ । एकादशीनिमित्तक भएकाले एकादशीमा भोजन गर्न हुँदैन। निषेधले नकारात्मक विषयबाट निवृत्त गराउँछ र त्यसले उत्तमकालको मात्र अपेक्षा गर्दछ भन्ने कुरा **देवलले** भनेका छन् । केही विद्वान्हरूले 'एकादशीव्रतको अङ्ग भएकाले पहिलो दिन एकभक्त रहनु भन्ने विधानसमेत पाइने हुँदा जहाँ विधिको स्पर्श हुन्छ त्यहाँ निषेधले ठाउँ पाउँदैन र काम्यव्रतको अङ्गमा भोजननिषेध प्रवृत्त हुँदैन त्यसकारण एकादशीको मध्यमा पनि पहिलो दिन भोजन गर्नुपर्दछ' भनेका छन् ।

अधिकारिविचारः

अत्राधिकारी माधवीये कात्यायनेनोक्तः –

अष्टवर्षाधिको मर्त्यो ह्यशीतिन्यूनवत्सरः । एकादश्यामुपवसेत्पक्षयोरुभयोरपि ।। इति ।

भविष्ये – **ब्रह्मचारी च नारी च शुक्लामेव सदा गृही** इति । यत्तु विष्णुः –

पत्यौ जीवति या नारी उपोष्य व्रतमाचरेत् । आयुष्यं हरते भर्तुर्नरकं चैव गच्छति ।।

इति तद्भर्त्रनुज्ञाविषयमिति प्रागुक्तम् ।

एकादशीव्रतका अधिकारी

माधवीयमा एकादशीव्रतमा अधिकारी को हुने भन्ने विषयमा **कात्यायनको** मत उद्धृत गरी बताइएको छ – आठवर्षको उमेरभन्दा माथि र ८० वर्षको उमेरभन्दा मुनिको मानिसले दुवै पक्षका एकादशीमा उपवास गर्नुपर्दछ । **भविष्यपुराणमा** भनिएको छ – ब्रह्मचारी, विधवा नारी र गृहस्थले शुक्लपक्षमा मात्र उपवास गर्नुपर्दछ । जुन नारीले आफ्नो पति छँदाछँदै एकादशीमा उपवास बसी व्रत गर्दछिन्, तिनले आफ्ना पतिको आयुको नाश गर्दछिन् र आफू पनि नरकमा पर्दछिन् भन्ने जुन कुरा **विष्णुले** भनेका छन् त्यो कुरा पतिको आज्ञा लिएर व्रत गर्दा राम्रो हुन्छ भन्ने र पतिको बेवास्ता गरेमा क्षति हुन्छ कुरा बताउन गरिएको निर्देश हो ।

उपवासाशक्तौ विचारः

उपवासासामर्थ्ये तु मार्कण्डेयकौर्मयोः –

एकभक्तेन नक्तेन तथैवायाचितेन च । उपवासेन दानेन न निर्द्वादशिको भवेत् ।।

अत्र – **एकभक्तेन यो मर्त्य उपवासव्रतं चरेत्** । इत्येकभक्तादिषूपवासशब्दस्तद्धर्मातिदेशार्थः । ते तत्प्रयुक्ताः

सर्वे धर्मास्तत्स्थानापन्नेऽपि भवन्ति । सङ्कल्पमन्त्रे चैकभक्तादिपदेनोहः कार्य इति मदनरत्ने । तथाऽसामर्थ्ये प्रतिनिधिना कारयेदिति प्रागुक्तम् ।

उपवासमा असामर्थ्य भएमा

उपवास गर्न असमर्थ भएमा के गर्ने भन्ने विषयमा **मार्कण्डेयपुराण** र **कूर्मपुराण**मा भनिएको छ – 'एकादशीमा व्रत गर्न असमर्थ व्यक्तिले एकछाक हविष्यान्न भोजन गरेर अथवा एकछाक अयाचित भोजन गरेर एकादशी उपवास गर्न सकिन्छ । यसरी उपवास गरी उचित दान–दक्षिणासमेत गर्दा पछिल्लो एकादशी अर्थात् द्वादशीसंयुक्त एकादशी उपवास गरेको फल प्राप्त हुन्छ ।' यहाँ एकभक्तद्वारा गरिने उपवास भन्नाले यस्तो उपवासमा केही नखाई गरिने उपवासको धर्म प्राप्त हुन्छ भन्ने अर्थ बुझिन्छ । त्यसकारण उपवासको वैकल्पिक व्यवस्थामा पनि पूर्ण उपवासका धर्म स्थानापन्न हुन्छन् भन्ने कुरा अवगत गर्नुपर्दछ । **मदनरत्न**मा भनिएको छ – एकभक्त आदिद्वारा उपवास गर्न चाहने व्यक्तिले सङ्कल्पमन्त्रमा मैले एकभक्त वा नक्तद्वारा उपवास गर्नेछु भन्ने प्रतिज्ञा गर्नुपर्दछ । उपवास गर्ने व्यक्तिमा कत्ति पनि शक्ति नभए त्यसले प्रतिनिधिद्वारा उपवास गराउनुपर्छ भन्ने कुरा पहिले पनि भनिसकिएको छ ।

व्रताकरणे प्रायश्चित्तकथनम्

व्रताकरणे प्रायश्चित्तमाह माधवीये कात्यायनः –

अर्के पर्वद्वये रात्रौ चतुर्दश्यष्टमी दिवा । एकादश्यामहोरात्रं भुक्त्वा चान्द्रायणं चरेत् ।। इति ।

व्रत नगर्दा प्रायश्चित्त

व्रत नगर्दा गर्नुपर्ने प्रायश्चित्तको सम्बन्धमा **माधवीय**मा उद्धृत **कात्यायन**को भनाइ यसप्रकार छ – रविवार, अमावास्या एवम् पूर्णिमाको रातमा र चतुर्दशी र अष्टमीका दिनमा तथा एकादशीमा अहोरात्र भोजन गर्ने व्यक्तिले चान्द्रायण गर्नुपर्दछ ।

काम्यव्रतविधिप्रकार:

अथ काम्यव्रतविधिः लघुनारदीये –

दशम्यादि महीपाल ! त्रिदिनं परिवर्जयेत् । गन्धताम्बूलपुष्पादि स्त्रीसम्भोगं महायशाः ।।

काम्यव्रतविधि

लघुनारदीयमा काम्यव्रतको विधिको विषयमा विचार गर्दै भनिएको छ – दशमी, एकादशी र द्वादशी यी तीनतिथिहरूमा काम्यव्रत गर्ने मानिसले सुगन्ध, पुष्प, ताम्बूल आदि विलास जनाउने वस्तुहरूको उपभोगका साथै स्त्रीसम्भोग पनि गर्न हुँदैन ।

दशम्यां विधिकथनम्

तत्र दशम्यां विधिः कौर्मे –

कांस्यं मांसं मसूराँश्च चणकान् कोरदूषकान् । शाकं मधु परान्नं च त्यजेदुपवसन् स्त्रियम् ।।

तथा – **शाकं मांसं मसूराँश्च पुनर्भोजनमैथुने । द्यूतमत्यम्बुपानं च दशम्यां वैष्णवस्त्यजेत् ।।**

मदनरत्ने नारदीये – **अक्षारलवणाः सर्वे हविष्यान्ननिषेविणः । अवनीतल्पशयनाः प्रियासङ्गमवर्जिताः।।**

व्रतघ्नान्याह – हेमाद्रौ देवलः –

असकृज्जलपानाच्च सकृत्ताम्बूलचर्वणात् । उपवासः प्रणश्येत दिवास्वापाच्च मैथुनात् ।।

दशमीमा गर्नुपर्ने विधि

दशमीको विधिविषयमा **कूर्मपुराणमा** भनिएको छ – व्रतालुले दशमीतिथिमा कांस्यपात्रमा भोजन, मांसभोजन, चना, मसूरो, साग, कोदो, मधु, परान्न र स्त्रीसंगमजस्ता विषयको त्याग गर्नुपर्दछ । **कूर्मपुराणमा** पनि भनिएको छ– वैष्णव व्रतालुले दशमीतिथिमा साग, मासु, अधिक जलपान, पुनर्भोजन, जुवा–तास र मैथुनको त्याग गर्नुपर्दछ । **मदनरत्नमा** उद्धृत **नारदपुराणको** वचनमा भनिएको छ – एकादशीमा व्रत गर्नेहरूले दशमीतिथिमा नुन, कोसोमा फल्ने, भटमास, चना, रहर आदि दलहन, मह, गुड आदि पदार्थ भोजन गर्न हुँदैन र मैथुन गर्न पनि हुँदैन । तिनीहरूले हविष्य भोजन गर्नुपर्दछ र भूमिशयन गर्नुपर्दछ । **देवलले हेमाद्रिमा** व्रतलाई नाश गर्ने विषयको बारेमा यसरी उल्लेख गरेका छन् – पटक–पटक जलपान, एकपटकमात्र भए पनि ताम्बूल सेवन, दिवाशयन र मैथुनजस्ता कार्यबाट व्रत नष्ट हुन्छ ।

अशक्तौ विशेषः

अशक्तौ तु मदनरत्ने देवलः – **अत्यये चाम्बुपानेन नोपवासः प्रणश्यति** । अत्यये – कष्टे । विष्णुरहस्ये–

गात्राभ्यङ्गं शिरोऽभ्यङ्गं ताम्बूलं चानुलेपनम् । व्रतस्थो वर्जयेत्सर्वं यच्चान्यत्र निराकृतम् ।।

असामर्थ्य हुँदा

मदनरत्नमा देवलले व्रत गर्ने व्रतालुलाई साह्रै कष्ट परेको अवस्थामा जलपान गरेको दोष नलाग्ने कुरा बताएका छन्। यस सम्बन्धमा **विष्णुरहस्यमा** भनिएको छ – व्रतालुहरूले शरीरमा तेल लगाउनु हुँदैन, पान खान हुँदैन र अत्तर आदि सुगन्धित पदार्थको लेपन गर्न हुँदैन । फेरि अन्यत्र जुन जुन कर्मको वर्जना गरिएको छ ती ती कर्म पनि गर्न हुँदैन ।

प्रायश्चित्तम्

एषु प्रायश्चित्तमुक्तं निर्णयामृते सङ्ग्रहे –

स्तेनहिंसकयोः सख्यं कृत्वा स्तैन्यं च हिंसनम् । प्रायश्चित्तं व्रती कुर्याज्जपेन्नामशतत्रयम् ।।

मिथ्यावादे दिवास्वापे बहुशोऽम्बुनिषेवणे । अष्टाक्षरं व्रती जप्त्वा शतमष्टोत्तरं शुचिः ।।

प्रणवं पूर्वमुच्चार्य नमो नारायणः पदम् । चतुर्थ्यन्तं वदेत्पश्चान्मनुरष्टाक्षरो मतः ।।

ॐ नमो नारायणायेत्यष्टाक्षरः । तत्रैव पैठीनसिः –

ताम्बूलचर्वणे स्त्रीसम्भोगे मांसनिषेवणे । व्रतलोपो न चेत्कुर्यात्कृष्णावद्भुजिवर्जनम् ।।

इति । कृष्णैकादशीवद्भोजननिषेधमात्रपरिपालने तु ताम्बूलचर्वणादावपि न दोष इत्यर्थः । सम्भोगे ऋतुकालादन्यत्र। **रेतःसेकात्मसम्भोगमृतेऽन्यत्र क्षयः स्मृतः** इति कात्यायनोक्तेः । हेमाद्रौ वसिष्ठः –

उपवासे तथा श्राद्धे न कुर्याद्दन्तधावनम् । दन्तानां काष्ठसंयोगो दहत्यासप्तमं कुलम् ।।

काष्ठग्रहणान्मृल्लोष्ठाद्यनिषेध इति हेमाद्रिः । विष्णुरहस्ये –

श्राद्धोपवासदिवसे खादित्वा दन्तधावनम् । गायत्र्या शतसम्पूतमम्बु प्राश्य विशुद्ध्यति ।।

निर्णयामृते व्यासः – **वर्जयेत्पारणे मांसं व्रताहेऽप्यौषधं सदा** । इति ।

व्रतीले हिंसा आदि कुकर्म गरेमा प्रायश्चित्त

निर्णयामृत एवं संग्रहमा प्रायश्चित्तको बारेमा बताउँदै भनिएको छ – व्रत बस्ने मानिसले चोर र हिंस्रकसँग मैत्री गरेमा र हिंसा एवं चोरी गरेमा ॐकारसहित **नमो नारायणाय** भन्ने अष्टाक्षर मन्त्र ३०० पटक जप्नुपर्दछ । बारम्बार जलपान र असत्यभाषण गर्दा दोषनिवृत्तिको लागि १०८ पटक ॐकारसहित **नमो नारायणाय** मन्त्रजप गर्नुपर्दछ । यस विषयमा **पैठीनसि** भन्दछन् – पान खानु, मासु सेवन गर्नु, सम्भोग गर्नुजस्ता निषिद्ध कर्म गरेर पनि व्रत नाश गर्न नचाहने व्रतीले कृष्णा एकादशीमा जस्तै दशमीमा भोजनत्याग गर्दा त्यसको व्रतनाश हुँदैन अर्थात् कृष्णा एकादशीमा झैं दशमीमा भोजनमात्र त्याग गर्दा त्योभन्दा पहिलेका दिनहरूमा गरेका पान आदि वस्तुको सेवनबाट भएको दोष लाग्दैन। माथि स्त्री–सम्भोग निषेध गर्नुको तात्पर्य ऋतुकालभन्दा बाहेक अवस्थामा गरिने सम्भोगलाई निषेध गर्नु हो । किनभने **कात्यायनले** भनेका छन् – ऋतुकालबाहेक अरू दिनमा स्त्रीसम्भोग गर्दा व्रतनाश हुन्छ । **हेमाद्रिमा वसिष्ठको** भनाइ यसप्रकार छ – कुनै पनि उपवास र श्राद्धका दिनहरूमा कर्ताले दन्तधावन गर्न हुँदैन, व्रत र श्राद्धका दिन दाँत र दतिवन जोडिए भने सातपुस्तासम्म वंश नै डढेर जान्छ। यहाँ दतिवन काठको निषेध गरिएकाले ढुङ्गो, माटोद्वारा दाँत माझ्न हुने कुरा **हेमाद्रिले** बताएका छन् । **विष्णुरहस्यमा** भनिएको छ – उपवास र श्राद्धका दिन दतिवन गर्ने मानिस सयपटक गायत्रीमन्त्रद्वारा अभिमन्त्रित जलपान गर्नाले शुद्ध हुन्छ । **निर्णयामृतमा** उद्धृत **व्यासको** भनाइ यसप्रकार छ – व्रत गर्ने मानिसले पारणको दिन मासु खान हुँदैन र व्रतको दिनमा कुनै प्रकारको औषधि पनि खान हुँदैन ।

एकादश्यां श्राद्धम्

एकादश्यां श्राद्धप्राप्तौ माधवीये कात्यायन आह –

उपवासो यदा नित्यः श्राद्धं नैमित्तिकं भवेत् । उपवासं तदा कुर्यादाघ्राय पितृसेवितम् ।।

मातापित्रोः क्षये प्राप्ते भवेदेकादशी यदि । अभ्यर्च्य पितृदेवाँश्च आजिघ्रेत्पितृसेवितम् ।। इति ।

हेमाद्र्यादिसर्वनिबन्धेष्वप्येवम् । एतेनैकादशीनिमित्तकं श्राद्धं द्वादश्यां कार्यमिति वदन्तः परास्ताः । किञ्च महालये– **स पक्षः सकलः पूज्यः श्राद्धषोडशकं प्रति** इति श्रुतं षोडशत्वम्, पौषैकादश्याञ्च मन्वादिश्राद्धम्, क्षयाहापरिज्ञाने च तत्पक्षैकादश्यां विहितं श्राद्धं बाधितमेव स्यात् ।

एकादशीमा श्राद्ध

एकादशीमा श्राद्ध गर्ने विषयमा **माधवीयमा** उद्धृत **कात्यायनको** मत यसप्रकार छ – एकादशी उपवास नित्य कर्म हो र श्राद्ध नैमित्तिक कर्म हो । तसर्थ श्राद्धकर्ताले एकादशीको उपवासमा हानि नहोस् भन्ने अभिप्रायले श्राद्धमा पितृका निमित्त टक्र्याइएको प्रसाद सुँघेर आफ्नो व्रत कायम गर्नुपर्दछ । यो नियमअनुसार एकादशीकै दिन आमा–बाबुको श्राद्ध गर्नुपरेमा पितृदेवताको पूजा गरेपछि पितृलाई अर्पण गरेको प्रसाद सुँघ्नुपर्दछ । **हेमाद्रि** आदि सबै निबन्धग्रन्थमा यही कुरा बताइएको छ । कसैले त्यो एकादशीका दिन श्राद्ध गरी द्वादशीका दिन उपवास सम्पन्न गर्नुपर्दछ भनेको पाइन्छ

त्यो मत उचित छैन । फेरि **महालय**मा भनिएको छ – आश्विन कृष्णको सोहश्राद्धको पक्ष पूज्य पक्ष हो । यसमा सोह्रै दिन श्राद्ध हुन्छन् । एकादशीमा श्राद्ध नगरिने भए त्यो पक्षको श्राद्धलाई सोहश्राद्ध भनिने थिएन, पन्ध्र श्राद्ध भनिने थियो । फेरि पौष एकादशीमा गरिने मन्वादिश्राद्ध पनि श्राद्धकै निर्णयअनुसार गरिन्छ । यसैगरी कुनै मानिसको मृत्युतिथि निश्चित नभएमा कृष्णपक्षको एकादशीमा श्राद्ध गर्नु भनिएको छ । एकादशीमा श्राद्ध नगर्ने निर्णय मात्रै हो भने माथि बताइएका सबै कुरा बाधित हुनेछन् । तसर्थ एकादशीमा श्राद्ध गर्नुपर्दछ ।

यदपि स्मृतिचन्द्रिकास्थं पठन्ति –

अन्नाश्रितानि पापानि तद्भोक्तुर्दातुरेव वा । मज्जन्ति पितरस्तस्य नरके शाश्वतीः समाः ।। इति।

तस्यापि रागप्राप्तिभुजिगोचरस्य वैधं श्राद्धं गोचरयतां महत्साहसमित्यलम् । योऽपि – **अकृतश्राद्धनिचया जलपिण्डं विना कृताः** इति लघुनारदीये एकादश्यां श्राद्धादिनिषेधः स मातापितृभिन्नविषयः । पूर्ववाक्ये तद्ग्रहणात्। यद्वा श्राद्धनिचयः – श्राद्धे प्रतिग्रहः ।

एकादशीमा श्राद्ध गर्न हुँदैन भन्नेहरूले **स्मृतिचन्द्रिका**को निम्न भनाइलाई अग्रसारित गर्दछन् । त्यहाँ यसरी भनिएको छ – 'भोक्ता र दाताका प्राण अन्नमा रहन्छन् । जसले व्रतका दिन अन्न भोजन गर्दछ त्यसका पितृहरू अनन्तकालसम्म नरकमा पर्दछन् ।' ग्रन्थकार भन्दछन् – यो निषेध मन नथामेर आफूलाई मन लागेको कुरा व्रतका दिन खाने मानिसहरूका लागि हो । यस प्रमाणलाई शास्त्रोक्त श्राद्धमा पनि प्रयोग गर्न खोज्नु दुस्साहस नै हुनेछ । एकादशीमा श्राद्धसम्बन्धी प्रतिग्रह लिन हुँदैन र पितृलाई तर्पण र पिण्डदान पनि गर्नुहुँदैन भन्ने कुरा बताएर **लघुनारदीय**मा श्राद्धको निषेध गरिएको छ । तर यो निषेध बाबु–आमाको श्राद्धभन्दा भिन्दै श्राद्धको निषेध हो । किनकि –

मातापित्रोः क्षये प्राप्ते भवेदेकादशी यदि । अभ्यर्च्य पितृदेवाँश्च आजिघ्रेत् पितृसेवितम् ।।

अर्थात् माता–पिताको एकोद्दिष्टश्राद्धका दिन एकादशी परेमा पितृदेवताको पूजा गरेर उनीहरूलाई टक्र्याइएको प्रसाद आफूले सुँघ्नुपर्दछ भन्ने पहिले चर्चा गरिएको वाक्यमा **मातापित्रोः** शब्दको ग्रहणबाट एकादशीमा गर्नुपर्ने माता–पिताको श्राद्ध सोही तिथिमा गर्नुपर्दछ भन्ने कुरा प्रमाणित हुन्छ ।

व्रतघ्नानि

मदनरत्ने देवलः –

सर्वभूतभयं व्याधिः प्रमादो गुरुशासनम् । अव्रतघ्नानि पठ्यन्ते सकृदेतानि शास्त्रतः ।।

स्कान्देऽपि – **अष्टौ तान्यव्रतघ्नानि आपो मूलं फलं पयः । हविर्ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम्।।** इति चातिसङ्क्लिष्टविषयम् । नारदीये –

अनुकल्पो नृणां प्रोक्तः क्षीणानां वरवर्णिनि । मूलं फलं पयस्तोयमुपभोग्यं भवेच्छुभे ।।

नत्वेव भोजनं कैश्चिदेकादश्यां बुधैः स्मृतम् ।। इति ।

व्रतमा आघात पुऱ्याउने तत्त्व

मदनरत्नमा **देवल**ले भनेका छन् – प्राणीहरूबाट हुने भय, प्रमाद, गुरुको आज्ञा र रोगका कारण एकादशीको व्रतमा केही चुक भए पनि एकपटकका लागि क्षम्य हुन्छ । यसबारे **स्कन्दपुराण**मा भनिएको छ – जल, कन्दमूल, फल,

दूध, हवि, ब्राह्मणको इच्छा, गुरुको वचन र औषधिसेवनबाट व्रतमा हानि हुँदैन । यसबारे ग्रन्थकार भन्दछन् – यी अतिसंकटकालमा गरिने विषय हुन् । नारदीयमा भनिएको छ – व्रत गर्ने सङ्कल्प लिएका तर साह्रै रोग भएका कारण दुर्बल मानिसहरूले एकादशी आदि व्रत गर्दा कन्दमूल, फल, दूध, जल आदि ग्रहण गर्न हुन्छ तर भोजन गर्न हुँदैन किनकि कसैले पनि एकादशीमा भोजन गर्नुपर्छ भनेको पाइँदैन ।

अपवादः

शयने च मदुत्थाने मत्पार्श्वपरिवर्तने । नरो मूलफलाहारी हृदि शल्यं ममार्पयेत् ।।

इदं चातिसङ्कटविषयम् । एते चाविरोधिनो निर्णयाः सर्वव्रतेषु ज्ञेयाः ।

एकादशीमा कन्दमूल, दूध आदि सेवनको अपवाद

पुराणविशेषमा भगवान् स्वयम्ले भन्नुभएको अपवादको कुरा यसप्रकार छ – 'मेरो शयन हुँदा अर्थात् हरिशयनी एकादशीमा म जाग्दा अथवा हरिबोधिनी एकादशीमा मैले कोल्टे फेर्दा अर्थात् हरिपरिवर्तिनी एकादशीमा जुन मानिसले कन्दमूल, फल आदि आहार लिन्छन्, तिनले मेरो छातीमा काँडो रोप्ने काम गर्दछन् ।' यस माथिको वचनमा बताइएको अनुकल्प अतिसङ्कट परेको अवस्थाका लागि मात्र हो भन्ने बुझ्नुपर्दछ । एकादशीमा भोजन, फल, कन्दमूल आदि ग्रहण गर्न हुँदैन भनी जुन भनिएको छ त्यो कुरा सबै व्रतका लागि समानरूपमा ग्राह्य हुन्छ ।

एकादश्यां सङ्कल्पः

तत्रैकादश्यां सङ्कल्पः – **गृहीत्वौदुम्बरं पात्रं वारिपूर्णमुदङ्मुखः । उपवासं तु गृह्णीयाद्यद्वाचार्येऽवधारयेत्।।** इति माधवीये वाराहोक्तेः । **मन्त्रकथनम्** – मन्त्रस्तु विष्णुः –

एकादश्यां निराहारः स्थित्वाऽहमपरेऽहनि । भोक्ष्यामि पुण्डरीकाक्ष शरणं मे भवाच्युत ।। इति ।

एकादशी उपवासको सङ्कल्प गर्ने विधि

एकादशीमा गरिने सङ्कल्पको विषयमा माधवीयमा उद्धृत वाराहको वचन यसप्रकार छ – जलपूर्ण ताँबोको पात्र लिएर उत्तरतर्फ फर्की निम्नअनुसारको सङ्कल्पमन्त्र पढ्दै व्रतालुले एकादशीका दिन उपवास गर्ने सङ्कल्प लिनुपर्दछ अथवा आफ्ना आचार्यकासामु गई आफ्नो सङ्कल्प बताउनुपर्दछ । मन्त्र यसप्रकार छ –

एकादश्यां निराहारः स्थित्वाऽहमपरेऽहनि । भोक्ष्यामि पुण्डरीकाक्ष ! शरणं मे भवाऽच्युत ! ।।

अथात् हे अच्युत ! मैले एकादशीका दिन निराहार रही हजुरकै आज्ञाअनुसार एकादशीव्रत गर्नेछु र अर्को दिन भोजन ग्रहण गर्नेछु । हे पुण्डरीकाक्ष ! हजुरले मेरो रक्षा गर्नुहोस् ।

शैवादीनां विशेषः

शैवादीनां तु हेमाद्रौ सौरपुराणे – **'सावित्र्याप्यथ वा नाम्ना सङ्कल्पं तु समाचरेत्'** । शिवादिगायत्र्यो यजुर्वेदे प्रसिद्धाः । वाराहे – **इत्युच्चार्य ततो विद्वान् पुष्पाञ्जलिमथार्पयेत्** । ततस्तज्जलं पिबेत् ।

अष्टाक्षरेण मन्त्रेण त्रिर्जप्तेनाभिमन्त्रितम् । उपवासफलं प्रेप्सुः पिबेत्पात्रगतं जलम् ।। इति कात्यायनोक्तेः।

शैव आदि धर्मका अनुयायीका लागि विशेष

हेमाद्रिमा **सौरपुराण**को वचन उद्धृत गर्दै भनिएको छ – शिवका भक्त शैव, शक्तिका भक्त शाक्त आदि विभिन्न सम्प्रदायमा दीक्षित भक्तहरूले एकादशीव्रतका लागि गायत्रीमन्त्र अथवा भगवान्‌का नाम जपी सङ्कल्प गर्नुपर्दछ अथवा शिवगायत्री, शक्तिगायत्री पनि लोक र वेदमा प्रसिद्ध छन् तिनकै जप गरे पनि हुन्छ । गायत्रीजप वा नामजप गरेपछि बुद्धिमान् व्रतालुले भगवान्‌लाई पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ । त्यसपछि ताँबोको पात्रमा राखिएको जललाई **ॐ नमो नारायणाय** मन्त्रले ३ पटक अभिमन्त्रित गरी पिउनुपर्दछ । यही कुरा **कात्यायन**ले भनेका छन्– व्रत गरी उत्तम फल चाहने व्रतालुले **ॐ नमो नारायणाय** यो अष्टाक्षरमन्त्रद्वारा ताँबोको पात्रमा रहेको जल तीनपटक अभिमन्त्रित गरेर पान गर्नुपर्दछ ।

सङ्कल्पपूजादिविचारः

मध्यरात्रे उदये वा दशमीवेधे रात्रौ सङ्कल्प इति माधवः ।

दशम्याः सङ्गदोषेण अर्धरात्रात्परेण तु । वर्जयेच्चतुरो यामान् सङ्कल्पार्चनयोः सदा ।।

विद्धोपवासेऽनशनंस्तु दिनं त्यक्त्वा समाहितः । रात्रौ सम्पूजयेद्विष्णुं सङ्कल्पं च तदाऽऽचरेत् ।।

इति नारदीयोक्तेः । तत्रैव पूजामभिधाय – **देवस्य पुरतः कुर्याज्जागरं नियतो व्रती ।** द्वादश्यां निवेदनमन्त्र उक्तः कात्यायनेन– **अज्ञानतिमिरान्धस्य व्रतेनानेन केशव । प्रसीद सुमुखो नाथ ज्ञानदृष्टिप्रदो भव ।।** इति ।

ततो ब्राह्मणभोजनविषये नारदीये – **ब्राह्मणान् भोजयेच्छक्त्या दद्याद्वै दक्षिणां ततः ।**

सङ्कल्प, पूजा आदि गर्ने समयको विचार

माधवको मतअनुसार आधा रात वा उदयकालमा दशमीको वेध छ भने दशमीकै रात्रिमा सङ्कल्प गर्नुपर्दछ। **नारदपुराण**मा भनिएको छ – दशमीको आधारातको उत्तरार्द्धमा दशमीको र एकादशीको सङ्गतिदोषका कारण सङ्कल्प र अर्चनाका लागि चारप्रहर वर्जित गर्नुपर्दछ । दशमीविद्धा एकादशीमा उपवास गर्दा सावधान भई दशमीको रात्रिमा भगवान् विष्णुको पूजा गर्नुपर्दछ। पूजा गरेपछि व्रतालुले नियमपूर्वक जागरण बस्नुपर्दछ । **कात्यायन**को मतअनुसार सङ्कल्पपूर्वक भगवान्‌को पूजा गरी उपवास बसेपछि द्वादशीका दिन भगवान्‌लाई व्रत निवेदन गर्दै तल लेखिएको मन्त्र पढ्नुपर्दछ –

अज्ञानतिमिरान्धस्य व्रतेनानेन केशव । प्रसीद सुमुखो नाथ ! ज्ञानदृष्टिप्रदो भव ।।

अर्थात् 'हे केशव ! अज्ञानको अन्धकारद्वारा ढाकिएको म विषयान्ध मानिस हुँ, मैले गरेको यस व्रतबाट प्रसन्न भई हजुरले मलाई ज्ञानदृष्टि प्रदान गर्नुहोस् ।' त्यसपछि गराइने ब्राह्मणभोजनको विषयमा **नारदीयपुराण**मा भनिएको छ – एकादशी उपवास गरी भगवान्‌लाई निवेदन गरेपछि व्रतालुले यथाशक्ति ब्राह्मणभोजन गराई दक्षिणा दिनुपर्दछ ।

उपवासानन्तरं तुलसीमिश्रितभोजनमहत्त्वम्

स्कान्दे – **कृत्वा चैवोपवासं तु योऽश्नाति द्वादशीदिने । नैवेद्यं तुलसीमिश्रं हत्याकोटिविनाशनम्।।**

उपवासपछि तुलसीमिश्रित भोजनको महत्त्व

स्कन्दपुराणमा भनिएको छ – जसले एकादशीका दिन उपवास गरी द्वादशीका दिन तुलसीमिश्रित भगवान्‌को नैवेद्य ग्रहण गर्दछ त्यसले कोटिकोटि हत्याको पापबाट मुक्ति पाउँछ अर्थात् त्यसका कोटिहत्याबाट पैदा भएका सबै पाप नाश हुन्छन्।

द्वादश्यां वर्ज्यानि

द्वादश्यां च वर्ज्यान्याह बृहस्पतिः –

दिवा निद्रां परान्नं च पुनर्भोजनमैथुने । क्षौद्रं कांस्यामिषं तैलं द्वादश्यामष्ट वर्जयेत् ।।

हेमाद्रौ ब्रह्माण्डपुराणे – **पुनर्भोजनमध्यायो भार आयासमैथुने । उपवासफलं हन्युर्दिवा निद्रा च पञ्चमी।।**

स्कान्दे – **परान्नं कांस्यताम्बूले लोभं वितथभाषणम्** । वर्जयेदिति शेषः ।

द्वादशीमा निषिद्ध विषय

द्वादशीमा निषिद्ध विषयको निरूपण गर्दै बृहस्पतिले भनेका छन्– द्वादशीका दिन दिनमा सुत्नु हुँदैन, परान्न भोजन गर्न हुँदैन, एकपटक भोजन गरेपछि फेरि भोजन गर्न हुँदैन, स्त्री–सम्भोग गर्न हुँदैन, मधुसेवन गर्न हुँदैन, काँसको पात्रमा भोजन गर्न हुँदैन, आमिषभक्षण गर्न हुँदैन र तेल लगाउन हुँदैन । उक्त आठ निषिद्धविषयको सेवन गरेमा व्रत गरेको कुनै अर्थ रहँदैन। उक्त सम्बन्धमा हेमाद्रिमा उद्धृत ब्रह्मपुराणको वचन यसप्रकार छ– व्रत गर्नेले द्वादशीमा पटक–पटक भोजन गर्न हुँदैन, अध्ययन गर्न हुँदैन, भारी बोक्न हुँदैन, परिश्रम गर्न हुँदैन, मैथुन गर्न हुँदैन र दिवाशयन गर्न हुँदैन । यी काम गरिएमा सम्पूर्ण उपवासबाट प्राप्त हुने पुण्यफल नष्ट हुन्छन्। स्कन्दपुराणमा भनिएको छ– व्रत गर्ने मानिसले द्वादशीतिथिमा भोजन गर्न हुँदैन, काँसको पात्र प्रयोग गर्न हुँदैन, पान खान हुँदैन, लोभ गर्न हुँदैन र मिथ्यावचन बोल्न हुँदैन ।

असम्भाष्यादिभाषणे विचारः

विष्णुधर्मे – **असम्भाष्यान् हि सम्भाष्य तुलस्यतसिकादलम् ।**
आमलक्याः फलं वाऽपि पारणे प्राश्य शुद्ध्यति ।।

वार्तालाप गर्न अयोग्य मानिससँग वार्ता गरेमा शुद्धिको व्यवस्था

विष्णुधर्ममा भनिएको छ – एकादशीको व्रत गर्दा व्रतालुले नबोल्ने मानिससँग कुराकानी गऱ्यो भने पारणका दिन तुलसी, अतसीदल र अमलासमेत ग्रहण गरेपछि त्यो शुद्ध हुन्छ ।

व्रतादिमध्ये रजस्वलादीनां शब्दश्रवणे विचारः

बृहन्नारदीये – **रजस्वलां च चाण्डालं महापातकिनं तथा । सूतिकां पतितं चैव उच्छिष्टं रजकादिकम्।।**
व्रतादिमध्ये शृणुयाद्यद्येषां ध्वनिमुत्तमम् । अष्टोत्तरसहस्रं तु जपेद्वै वेदमातरम् ।।

व्रतकालमा रजस्वला आदिको शब्द सुनिएमा

बृहन्नारदीयपुराणमा लेखिएको छ – व्रत गर्ने अवस्थामा रजस्वला, चाण्डाल, महापातकी, सुत्केरी, पतित र अशुद्ध जातिका मानिसले गरेको कुराकानीका शब्द सुनिएमा १००० गायत्रीजप गरी आफ्नो शुद्धीकरण गर्नुपर्दछ।

सूतकादौ द्वादशीव्रते विचारः

एतद् व्रतं सूतकेऽपि कार्यम् । **सूतके मृतके वापि न त्याज्यं द्वादशीव्रतम्** इति विष्णूक्तेः । तत्र त्यक्तं दानादि सूतकान्ते कार्यम् ।

सूतकान्ते नरः स्नात्वा पूजयित्वा जनार्दनम् । दानं दत्त्वा विधानेन व्रतस्य फलमश्नुते ।। इति मात्स्योक्तेः।

विष्णुले भनेका छन् – व्रत गर्दा जननाशौच वा मरणाशौच पर्न आएमा द्वादशीव्रतत्याग गर्न हुँदैन । सूतकमा द्वादशीव्रत गरेपछि दान–दक्षिणा भने गर्न हुँदैन । त्यो दान–दक्षिणा सूतक सकिएपछि गर्नुपर्दछ । यस विषयमा **मत्स्यपुराण**मा भनिएको छ – व्रतालुले सूतक समाप्त भएपछि नुहाएर भगवान् जनार्दनको विधिपूर्वक पूजा गरी दान दिएपछि उपवासको फल पाउँछन्।

एकादश्यां रजोवत्याः कर्तव्यम्

रजोदर्शनेऽपि कार्यम् । **'एकादश्यां न भुञ्जीत नारी दृष्टे रजस्यपि'** इति पुलस्त्योक्तेः ।

एकादशीमा रजस्वलाको कर्तव्य

रजस्वला भएकी नारीले पनि एकादशीमा भोजन गर्न हुँदैन । यस सम्बन्धमा **पुलस्त्य**ले भनेका छन् – 'रजोवती नारीले एकादशीका दिन भोजन गर्न हुँदैन ।'

श्रवणद्वादशी

यदा द्वादश्यां श्रवणर्क्षं तदा शुद्धामप्येकादशीं त्यक्त्वा तत्रैवोपवासः कार्यः ।

शुक्ला वा यदि वा कृष्णा द्वादशी श्रवणाऽन्विता । तयोरेवोपवासश्च त्रयोदश्यां च पारणम् ।।

इति नारदीयोक्तेः । एते ते नियमाः काम्यव्रते नियताः । नित्यव्रते सति सम्भवे कार्याः । **शक्तिमांस्तु पुनः कुर्यान्नियमं सविशेषणम्** इति कात्यायनोक्तेः ।

श्रवणद्वादशीको परिचय

जब द्वादशीतिथिमा श्रवणनक्षत्रको योग हुन्छ, तब त्यो द्वादशीलाई श्रवणद्वादशी भनिन्छ । त्यसबेला शुद्धा एकादशीलाई पनि छाडी द्वादशीकै दिन उपवास गर्नुपर्दछ । **नारदपुराण**मा भनिएको छ – 'शुक्लपक्ष अथवा कृष्णपक्षमा श्रवणनक्षत्रले युक्त द्वादशी भएमा त्यसमा उपवास गरी त्रयोदशीका दिन पारण गर्नुपर्दछ ।' यी नियम कामनाका लागि गरिएका व्रतसँग सम्बद्ध छन् । नित्यव्रत भने सम्भव भएसम्म गर्नुपर्दछ । शक्तिशाली मानिसले दानदक्षिणा, ब्राह्मणभोजन आदि विशेषकृत्यको सम्पादन गर्दै पुनः व्रत गर्नुपर्दछ ।

अशक्तौ विशेषः

अशक्तौ तु माधवीये ब्रह्मवैवर्ते –

इति विज्ञाय कुर्वीतावश्यमेकादशीव्रतम् । विशेषनियमाशक्तोऽहोरात्रं भुजिवर्जितः ।। इति ।

एकादशीमा विशेष नियम पालन गर्न असमर्थ भएमा

व्रत गर्न असमर्थ हुँदा गर्नुपर्ने विषयमा **माधवीय**मा **ब्रह्मपुराण**बाट उद्धृत वचनमा भनिएको छ – माथिका वचनहरूबाट एकादशीको महत्त्व बुझेर व्रत गर्नुपर्दछ । विशेषनियमको पालन गर्न असमर्थ भएमा अहोरात्र भोजन नगरी उपवास गर्नुपर्दछ ।

अष्टौ महाद्वादश्यः

तत्र शुद्धाधिकैकादशीयुता द्वादशी उन्मीलनी संज्ञा । द्वादश्येव शुद्धाधिका वर्द्धते चेत्सा वञ्जुली । वासर–त्रयस्पर्शिनी

त्रिस्पृशा । अग्रे पर्वणः सम्पूर्णाधिकत्वे पक्षवर्द्धिनी । पुष्यर्क्षयुता जया । श्रवणयुता विजया । पुनर्वसुयुता जयन्ती । रोहिणीयुता पापनाशिनी । अत्र मूलं हेमाद्रौ ज्ञेयम् । एताः पापक्षयमुक्तिकाम उपवसेत् ।

आठमहाद्वादशी

अब आठमहाद्वादशीहरूको परिगणना गरिन्छ । **उन्मीलनी** – शुद्धा अधिका एकादशीसहित द्वादशीलाई उन्मीलनी एकादशी भनिन्छ । पापनाश गर्ने प्रसङ्गमा यसको अधिक महत्त्व छ । **वञ्जुली** – शुद्धा अधिका द्वादशीको वृद्धि भएको छ भने त्यसको नाम वञ्जुली हो । यसमा उपवास गर्दा हजारौं हत्याका पापहरू काटिन्छन् । यसमा नै उपवास आरम्भ गरी यसको अन्त्यमा नै पारण गरिन्छ । **त्रिस्पृशा** – तीनदिन स्पर्श गर्ने द्वादशीलाई त्रिस्पृशा अथवा त्रिवारस्पृशा द्वादशी भनिन्छ। अरुणोदय हुँदा आधा द्वादशी, सम्पूर्ण दिन मध्यद्वादशी र त्रयोदशीको दिन पनि प्रारम्भमा स्पर्श गर्ने अन्त्यद्वादशी गरी यो द्वादशीले तीनदिन स्पर्श गर्दछ । यसैकारण यसलाई त्रिस्पृशा भनिएको हो । **पक्षवर्धिनी** – द्वादशीसमेत पूर्णिमा अथवा अमावास्याका तिथि बढ्दै गएमा पक्षवर्धिनी द्वादशी हुन्छ । यस्तो हुँदा एकादशीमा उपवास नगरी द्वादशीमा उपवास गर्नुपर्दछ । **जया** – पुष्यनक्षत्र र द्वादशीको योगमा जया द्वादशी हुन्छ । **विजया** – श्रवणनक्षत्रले युक्त द्वादशीलाई विजया भनिन्छ । **जयन्ती** – पुनर्वसुनक्षत्रले युक्त भएको द्वादशीलाई जयन्ती भनिन्छ । **पापनाशिनी** – रोहिणीनक्षत्रले युक्त द्वादशीलाई पापनाशिनी भनिन्छ । यी आठै प्रकारका द्वादशीहरूको मूल प्रमाण हेमाद्रिमा हेर्न सकिन्छ । पापको नाश र मुक्तिको कामना गर्ने व्रतालुले उक्त सबै द्वादशीमा उपवास गर्नुपर्दछ ।

एकादशीद्वादश्योरेकत्वे तन्त्रेणोपवासः । पार्थक्ये तु शक्तस्योपवासद्वयम् । एकादशीमुपोष्यैव द्वादशीं समुपोषयेत्। इति विष्णुरहस्यात् । अशक्तौ तु द्वादश्यामेव ।

एवमेकादशीं भुक्त्वा द्वादशीं समुपोषयेत् । पूर्ववासरजं पुण्यं सर्वं प्राप्नोत्यसंशयम् ।।

इति तत्रैवोक्तेः । यदा त्वल्पा द्वादशी तदोक्तं मात्स्ये –

यदा भवति अल्पाऽपि द्वादशी पारणादिने । उषःकाले द्वयं कुर्यात्प्रातर्मध्याह्निकं तदा ।।

नारदीयेऽपि – **अल्पायामथ विप्रेन्द्र द्वादश्यामरुणोदये ।**
स्नानार्चनक्रियाः कार्या दानहोमादिसंयुताः ।। इति ।

एकादशी र द्वादशी एकै दिन परेको अवस्थामा सोही दिन तन्त्रविधान अर्थात् एकैपटक अनेक कर्महरू गर्ने विधिले उपवास गर्नुपर्दछ ।[२६] तर एकादशी छुट्टै र द्वादशी छुट्टै भएमा छुट्टाछुट्टै उपवास गर्नुपर्दछ । पहिले एकादशीमा उपवास बसी फेरि द्वादशीका दिन पनि उपवास गर्नुपर्छ भन्ने कुरा **विष्णुरहस्यमा** भनिएको छ । तर कसैले दुईदिन उपवास गर्न सक्दैन भने त्यसले द्वादशीका दिन उपवास गर्नुपर्दछ । यस विषयमा **विष्णुधर्ममा** नै भनिएको छ कि एकादशीका दिन फलाहार गरेर द्वादशीका दिन उपवास गर्ने व्रतीले दुवै दिन उपवास गरेको पुण्य प्राप्त गर्दछ । द्वादशीका घडी–पला थोरै भएको अवस्थामा अरुणोदयकालमा सम्पूर्ण कर्म गर्नुपर्ने कुरा बताउँदै **मत्स्यपुराणमा** भनिएको छ – अरुणोदयकालमा थोरैमात्र द्वादशी भएमा त्यसबेला नै स्नान, पूजन, दान, होम आदि क्रिया सम्पन्न गर्नुपर्दछ ।

२६. घेरै कर्म सँगसँगै गर्ने विधिलाई तन्त्र भनिन्छ । यहाँ पनि एकादशीको उपवास कर्म र द्वादशीको उपवास कर्म एकसाथ गरिने भएकाले तन्त्र भनिएको हो ।

पारणविचारः

सङ्कटे तु माधवीये देवलः –

सङ्कटे विषमे प्राप्ते द्वादश्यां पारयेत्कथम् । अद्भिस्तु पारणं कुर्यात्पुनर्भुक्तं न दोषकृत् ।।

इति । सङ्कटे – त्रयोदशीश्राद्धप्रदोषादौ । अत्र केचिदाहुः –

अपकर्षवाक्यानि अनाहिताग्निविषयाणि । अग्निहोत्रादीनां श्रौतत्वेनापकर्षायोगात् ।। इति । द्वादश्यां च प्रथमपादमतिक्रम्य पारणं कार्यम् ।

द्वादश्याः प्रथमः पादो हरिवासरसंज्ञितः । तमतिक्रम्य कुर्वीत पारणं विष्णुतत्परैः ।।

इति निर्णयामृते मदनरत्ने च विष्णुधर्मोक्तेः ।

पारणविचार

पारणको समयमा संकट आइलाग्दा गर्नुपर्ने कर्तव्यका विषयमा **देवल** भन्दछन् – त्रयोदशीश्राद्ध, प्रदोष आदि संकट आइलाग्दा पारण गर्न सम्भव नभएमा जल अच्चाएर पारण गर्नुपर्दछ । त्यसपछि भोजन गर्दा कुनै दोष लाग्दैन । यस विषयमा कसैले भनेका छन् कि अपकर्षवाक्य अर्थात् विस्तृत कर्मलाई छोट्याएर गर्न प्रेरित गर्ने पुराण आदिमा प्रयोग गरिएका वाक्य उपासना, होम र वलिवैश्वदेवकर्मप्रति लक्षित गरिएका हुन् । अग्निहोत्र आदि कर्म श्रौतयज्ञ भएकाले तिनीहरूमा अपकर्ष हुँदैन त्यसकारण द्वादशीको प्रथमचरण पार भएपछि पारण गर्नुपर्दछ । यस विषयमा **निर्णयामृत, मदनरत्न** र **विष्णुधर्म**मा भनिएको छ कि द्वादशीतिथिको प्रथम चरणलाई हरिवासर भन्दछन् । हरिवासरको समय सकिएपछि अर्थात् द्वादशीको प्रथमचरण पार भएपछि विष्णुका भक्तहरूले पारण गर्नुपर्दछ ।

अत्र केचित्सङ्गिरन्ते – यदा भूयसी द्वादशी तदाऽपि प्रातर्मुहूर्तत्रये पारणं कार्यम् । **सर्वेषामुपवासानां प्रातरेव हि पारणम्** इति वचनात्, इति । अस्मद्गुरवस्तु – बहूनां कर्मकालानां विना कारणं बाधापत्तेः प्रागुक्तवचनैश्च अल्पद्वादश्यामेवापकर्षविधानादपराह्ण एव कार्यम् । प्रातः शब्दस्तु – **सायं प्रातर्द्विजातीनामशनं श्रुतिचोदितम्** इतिवदपराह्णवाचित्वेऽप्युपपन्नः । न च वाक्यवैयर्थ्यम्, पुनर्भोजनसायंपारणनिवृत्त्यर्थत्वात्तस्य, – इत्याहुः ।

पारणको विषयमा कसैले भनेका छन् – द्वादशी अधिक भए पनि प्रातःकाल तीनमुहूर्तभित्र पारण गर्नुपर्दछ किनकि सबै किसिमका उपवासहरूको पारण प्रातःकालमा नै गर्नुपर्छ भन्ने वचनलाई अङ्गीकार गरी प्रातःकालमा नै पारण गर्दा उपवासको फल प्राप्त हुन्छ । हाम्रा पूज्यगुरुज्यूहरूको मतअनुसार प्रातःकालमा पारण गर्दा अनेकथरि कर्ममा बाधा हुनसक्छ । माथिका वचनहरूलाई अल्पद्वादशीका लागि मात्र अपकर्षको विधान गरिएकाले अरूबेला अपराह्णमामात्र पारण गर्नुपर्दछ । यहाँनिर प्रातःशब्द आएको छ । **सायं प्रातर्द्विर्जजातीनामशनं श्रुतिचोदितम्** अर्थात् द्विजातिले प्रातः र सायंकालमा भोजन गर्नुपर्दछ । यो वेदको आदेश हो । यो भनाइ तर्कसंगत छैन भन्न सकिन्छ तर त्यस्तो होइन । उक्त मूलको वाक्य व्यर्थ हुनसक्दैन । वस्तुतः त्यो प्रातःशब्द पुनर्भोजन र सायंकालिक पारणको निवृत्तिका उद्देश्यले पढिएको हो भन्ने निर्णय पूज्य गुरुवर्गद्वारा दिइएको छ ।

प्रमादेन एकादशीव्रतत्यागे

प्रमादेन एकादश्युपवासातिक्रमेऽपरार्के वाराहे –

एकादशी विप्लुता चेद् द्वादशी परतः स्थिता । उपोष्या द्वादशी तत्र यदीच्छेत्परमं पदम् ।। इति । कैश्चित्तु विष्णुना चेदिति पठितम्। अत्राविरोधिनो नियमाः सर्वव्रतेषु बोद्धव्याः। अन्ये च नवरात्रे वक्ष्यन्ते इति दिक्।

प्रमादवश एकादशीव्रत छुटेमा

प्रमादका कारण एकादशीको उपवास नगरिएमा द्वादशीका दिन उपवास गर्नुपर्ने कुरा बताउँदै अपरार्कमा उद्धृत वाराहपुराणको वचनमा भनिएको छ– 'प्रमादका कारण एकादशीको दिन उपवास गरिएन भने र त्यसपछि द्वादशी भएमा परमपद चाहने व्रतीले द्वादशीका दिन उपवास गर्नुपर्दछ ।' यहाँनेर **एकादशी विलुप्ता चेत्** भन्ने वाक्य मूलमा रहेको छ यसको सट्टा केही विद्वान् **एकादशी विष्णुना चेत्** भन्ने वाक्यप्रयोग गर्दछन् । माथि विवेचनका प्रसङ्गमा आएका निर्विवाद वचन सबै व्रत उपवासका लागि उपयोगी छन् । अन्य वचनको विषयमा नवरात्र–प्रसङ्गमा व्याख्या गरिनेछ ।

द्वादशीतिथिनिर्णयः

द्वादशी तु पूर्वैव युग्मवाक्यात् – **द्वादशी तु प्रकर्तव्या एकादश्या युता प्रभो** इति स्कान्दाच्च ।

द्वादशीतिथिको निर्णय

युग्मवाक्य र स्कन्दपुराणको निर्णयअनुसार व्रतालुले व्रत गर्दा एकादशीयुक्त द्वादशी लिनुपर्दछ । किनकि **स्कन्दपुराणमा** भनिएको छ – उपासनामा एकादशीसहित द्वादशी ग्राह्य हुन्छ ।

त्रयोदशीतिथिनिर्णयः

त्रयोदशी तु सर्वमते शुक्ला पूर्वा, कृष्णोत्तरा । **त्रयोदशीतिथिः पूर्वः सितोऽथाऽसितः पश्चात्** इति दीपिकोक्तेः । **शुक्ला त्रयोदशी पूर्वा, परा कृष्णा त्रयोदशी** इति माधवाच्च ।

त्रयोदशीतिथिको निर्णय

व्रत–उपासनामा त्रयोदशीलाई प्रयोग गर्दा शुक्लपक्षमा द्वादशीसंयुक्त र कृष्णपक्षमा चतुर्दशीसंयुक्त त्रयोदशी लिनुपर्दछ। यही कुरा **दीपिका** र **माधवीयमा** पनि भनिएको छ ।[२७]

चतुर्दशीतिथिनिर्णयः

चतुर्दशी तु सर्वमते कृष्णा पूर्वा, शुक्लोत्तरा । उपवासे तु द्वयमपि परेति मदनरत्ने ।

चतुर्दशीतिथिको निर्णय

उपासना–व्रत आदिमा कृष्णपक्षको चतुर्दशी लिनुपर्दा त्रयोदशीसंयुक्त चतुर्दशी लिनुपर्दछ । शुक्लपक्षको चतुर्दशी लिनुपर्दा दोस्रो अर्थात् पूर्णिमासंयुक्त चतुर्दशी लिनुपर्दछ । **मदनरत्नमा** भने उपवासमा दुवै पक्षमा पूर्णिमासंयुक्त र अमावास्यासंयुक्त चतुर्दशी नै लिनुपर्दछ भनिएको छ ।

२७. जुन दिन सूर्यास्तपछि प्रदोषकालमा बढी त्रयोदशी हुन्छ त्यसै दिन त्रयोदशीको प्रदोषव्रत लिनुपर्दछ ।

पूर्णिमा-अमावास्यातिथिविचारः

पौर्णमास्यमावास्ये तु सावित्रीव्रतं विना परे ग्राह्ये ।

भूतविद्धे न कर्तव्ये दर्शपूर्णे कदाचन । वर्जयित्वा मुनिश्रेष्ठ सावित्रीव्रतमुत्तमम् ।। इति ब्रह्मवैवर्तात्।

पूर्णिमा र अमावास्यातिथिको निर्णय

उपासनामा पूर्णिमा र अमावास्या परा अर्थात् पछिल्लो नै लिनुपर्दछ । सावित्रीव्रतमा भने पूर्वा अर्थात् पहिलो नै लिनुपर्दछ। यसबारे ब्रह्मवैवर्तपुराणमा भनिएको छ – उपासनामा पूर्णिमा र अमावास्यातिथि जहिले पनि दोस्रो लिनुपर्दछ। चतुर्दशीविद्धा लिनुहुँदैन । तर सावित्रीव्रतमा भने पहिलो नै लिनुपर्दछ ।

अमायां विशेषयोगः

अमायां योगविशेषमाहाऽपरार्के शातातपः –

अमावास्यां भवेद् वारो यदा भूमिसुतस्य वै । जाह्नवीस्नानमात्रेण गोसहस्रफलं लभेत् ।।

अमा वा सोमवारेण रविवारेण सप्तमी । चतुर्थी भौमवारेण विषुवत्सदृशं फलम् ।।

तत्रैव व्यासः– **सिनीवाली कुहूर्वापि यदि सोमदिने भवेत्। गोसहस्रफलं दद्यात्स्नानं चेन्मौनिना कृतम्।।**

अमावास्यामा विशेषयोग

शातातपले अपरार्कमा अमावास्यामा हुने विशेषयोगबारे चर्चा गर्दै भनेका छन् – अमावास्यातिथिमा मङ्गलवार परेमा गङ्गास्नान गर्नाले मात्र एकहजार गाईदान गरेको फल प्राप्त हुन्छ । सोमवारमा परेको अमावास्या, आइतवारमा परेको सप्तमी र मङ्गलवार परेको चतुर्थीका दिन शुभकर्म गर्दा विषुवत्मा प्राप्त हुने फल प्राप्त हुन्छ। सिनीवाली अमावास्या अर्थात् अलि–अलि चन्द्रमा देखिने अमावास्या र कुहू अमावास्या अर्थात् चन्द्रमा बिल्कुलै नदेखिने अमावास्याका दिन सोमवार परेमा मौन भई स्नान गरेपछि १००० गोदान गरेको फल प्राप्त हुन्छ ।

व्यतीपातनिर्णयः

हेमाद्रौ बृहन्मनुः – **श्रवणाश्विधनिष्ठार्द्रानागदैवतमस्तकैः । यद्यमा रविवारेण व्यतीपातः स उच्यते।।**

नागदैवतम् – आश्लेषा, मस्तकः – मृगशिरः प्रथमपाद इत्यन्ये । स च सर्वेषाम् ।

इति प्रतिपदादितिथीनां पूर्वापरग्राह्याग्राह्यत्वनिर्णयात्मकं चतुर्थं प्रकरणम्

व्यतीपातयोगको निर्णय

हेमाद्रिमा उद्धृत बृहन्मनुको वचनमा व्यतीपातयोगको परिचय दिँदै भनिएको छ – श्रवण, अश्विनी, धनिष्ठा, आर्द्रा, अश्लेषा एवं मृगशिरानक्षत्रमध्ये कुनै एकमा रविवार र अमावास्याको योग हुँदा त्यसलाई व्यतीपातयोग भनिन्छ। कसैले मृगशिराको प्रथमपादमात्र लिनुपर्दछ भनेका छन् तर बृहन्मनुले त माथि उल्लेख गरिएका सबै नक्षत्रको प्रथमपाद लिनुपर्दछ भनेका छन् ।

निर्णयसिन्धु प्रथमपरिच्छेदको प्रतिपदा आदि तिथिहरूको पूर्वापरग्राह्यता र अग्राह्यतासम्बन्धी निर्णयमा आधारित चौथो प्रकरण पूरा भयो ।

इष्टि-विकृतीष्टि-पशुयाग-कुतपकालादिनिर्णयात्मकं पञ्चमं प्रकरणम्

इष्टिकालः

अथेष्टिकालः । गोभिलः **पक्षान्ता उपवस्तव्या पक्षादयोऽभियष्टव्याः** इति । उपवासोऽन्वाधानम् । तत्र मध्याह्ने तत्पूर्वं वा पर्वप्रतिपत्सन्धौ तद्दिने यागः ।

पूर्वाह्णे वाऽथ मध्याह्ने यदि पर्व समाप्यते । उपोष्य तत्र पूर्वेद्युस्तदहर्याग इष्यते ।। इति लौगाक्षिवचनात्।

इष्टिकालविचार

अब यज्ञकालका विषयमा विचार गरिन्छ । इष्टि अर्थात् यज्ञकालका विषयमा **गोभिल**को भनाइ यसप्रकार छ– 'पक्षका अन्तिम तिथि अमावास्या र पूर्णिमामा उपवास अर्थात् अग्निहोत्र गर्नुपर्दछ भने पक्षको प्रथमतिथि प्रतिपदामा इष्टि गर्नुपर्दछ ।' मध्याह्न अथवा त्योभन्दा पहिले अमावास्या र प्रतिपदाको योग वा पूर्णिमा र प्रतिपदाको योग भएमा त्यसै दिन याग गर्नुपर्दछ । **लौगाक्षि** भन्दछन् – मध्याह्न वा त्योभन्दा पहिले पर्व अर्थात् अमावास्या वा पूर्णिमा समाप्त हुने भएमा पहिलो दिन उपवास गरी पर्व अर्थात् पूर्णिमा वा अमावास्या समाप्त हुने दिन यज्ञ गर्नुपर्दछ ।'

अत्र च द्वेधा विभागः –

आवर्त्तनात्तु पूर्वाह्णो ह्यपराह्णस्ततः परः । मध्याह्नस्तु तयोः सन्धिर्यदावर्तनमुच्यते ।।

इति मदनरत्ने वचनात् । मध्याह्नादूर्ध्वं सन्धौ माधवमते परेऽह्नि यागः ।

अपराह्णेऽथ वा रात्रौ यदि पर्व समाप्यते । उपोष्य तस्मिन्नहनि श्वोभूते याग इष्यते ।।

इति लौगाक्षिणोक्तेः । हेमाद्रिस्त्वपराह्णसन्धावपि परदिने प्रतिपच्चतुर्थांशे चन्द्रोदये च सति द्वितीयादिष्वत्यन्तक्षये सति पूर्वेद्युर्यागः ।

पर्वणोंऽशे द्वितीये तु यष्टव्यं तु द्विजातिभिः । द्वितीयासहितं यस्माद् दूषयन्त्याश्वलायनाः ।।

इति द्वितीये त्विति कैमुतिकन्यायेन तुर्यांशपरम् । तुरीये त्विति शूलपाणिपाठः स्पष्टार्थ एव ।

मदनरत्नको मतअनुसार दिनका दुईभाग हुन्छन् – पूर्वाह्न र अपराह्न । आवर्तन अर्थात् मध्याह्नकालभन्दा पहिलेको समयलाई पूर्वाह्न भनिन्छ भने मध्याह्नभन्दा पछिको समयलाई अपराह्न भनिन्छ । पूर्वाह्न र अपराह्नको सन्धिकाल आवर्तन अर्थात् मध्याह्न हो भन्ने कुरा **मदनरत्न**मा भनिएको छ । **माधव**को मतमा – मध्याह्नभन्दा पछि सन्धि भएमा दोस्रो दिन यज्ञ गर्नुपर्दछ र त्यो दिन उपवास गर्नुपर्दछ । किनकि **लौगाक्षि**ले पनि अपराह्न अथवा रातमा पूर्णिमा अथवा अमावास्या सकिएमा अर्को दिन यज्ञ गर्नुपर्दछ र त्यस दिन उपवास गर्नुपर्दछ भनेका छन् । यसबारे **हेमाद्रि**को भनाइ छ – अपराह्नकालमा सन्धि भएपनि अर्को दिन प्रतिपदाको चतुर्थांशमा चन्द्रोदय भएमा र द्वितीयातिथि क्षीण भएमा पहिलो दिन नै यज्ञ गर्नुपर्दछ किनकि यसबारे **आश्वलायन**को भनाइ यसप्रकार छ – 'द्विजातिले पर्वको दोस्रो सन्धिमा यज्ञ गर्नुपर्दछ'। द्वितीयासहित प्रतिपदामा गरिने यज्ञ दूषित हुने कुरा **आश्वलायन**हरूले बताएका छन् । **पर्वणोंऽशे द्वितीये तु** यस वाक्यमा प्रयोग गरिएको द्वितीयपद कैमुक्तिकन्यायद्वारा अर्थात् प्रसिद्धवस्तुमा क्रियान्वयन हुने नियम अप्रसिद्धवस्तुमा स्वतः

क्रियान्वित हुन्छ भन्ने न्यायद्वारा चतुर्थांश सन्धिको प्रतिपादक हो । किनकि शूलपाणिको पाठमा प्रयुक्त पद **तुरीये त्विति**ले नै चतुर्थांश सन्धिमा यज्ञ गर्नुपर्दछ भन्ने कुरा स्पष्ट गरेको छ ।

तथा – **भूता पञ्चदशीपूर्णा द्वितीया क्षयगामिनी । चरुरिष्टिरमायां स्याद् भूते कव्यादिकी क्रिया।।**
इति बौधायनवचनाच्चेत्यूचिवान् । मदनरत्नेऽपि –

चतुर्दशी चतुर्यामा अमावास्या न दृश्यते । श्वोभूते प्रतिपच्चेत्स्यात्पूर्वा तत्रैव कारयेत् ।। इति ।

यत्तु माधवः- **यस्तु वाजसनेयी स्यात्तस्य सन्धिदिनात्पुरा ।**
न क्वाप्यन्वाहितिः, किन्तु सदा सन्धिदिने हि सा ।। इत्याह । यच्च कालादर्शेऽप्युक्तम्-
आवर्त्तनादधः सन्धिर्यद्यन्वाधाय तद्दिने । परेद्युरिष्टिरित्याहुर्विप्रा वाजसनेयिनः ।। इति ।

यसबारे **बौधायन**को मत यसप्रकार छ – चतुर्दशी र अमावास्यातिथि पूर्ण भएमा र द्वितीयातिथि क्षयोन्मुख भएमा चरु-इष्टि अमावास्यामा गर्नुपर्दछ र पिण्डपितृयज्ञ चतुर्दशीमा नै गर्नुपर्दछ । **मदनरत्न**मा पनि भनिएको छ- चतुर्दशी पूर्ण र अमावास्या क्षीण भएमा र त्यसै दिन प्रतिपदासमेत भएमा पूर्वातिथि नै लिनुपर्दछ अर्थात् चतुर्दशीमा अन्वाधान अर्थात् इष्टिकालमा गरिने अग्निस्थापना गर्नुपर्दछ । यसको विपरीत तथ्य खुलाउँदै **माधव** भन्दछन् – जुन मानिस वाजसनेय शाखाको अध्येता हुन्छ त्यसले सन्धि दिनभन्दा पहिले अन्वाधान अर्थात् इष्टिकालिक अग्निस्थापना गर्न हुँदैन, सन्धिका दिन नै गर्नुपर्दछ । **कालादर्श**मा भनिएको छ – वाजसनेयी ब्राह्मणहरूको मतमा आवर्तन अर्थात् मध्याह्नभन्दा पहिले सन्धि भएमा त्यसै दिन अन्वाधान गरी अर्को दिन इष्टि गर्नुपर्दछ ।

यच्च मदनरत्ने – **मध्यन्दिनात्स्यादहनीह यस्मिन् प्राक्पर्वणः सन्धिरियं तृतीया ।**
सा खर्विका वाजसनेयिमत्या तस्यामुपोष्याऽथ परेद्युरिष्टिः ।। इति ।

एतत्पौर्णमासीपरमिति तत्रैव । आवर्त्तनोर्ध्वमर्वागस्ताद्रात्रौ वा समाप्तौ द्वे मध्याह्नादर्वाक् समाप्तौ तृतीयेत्यर्थः। तत्कर्कभाष्यदेवजानी–श्रीअनन्तभाष्यादिसकलतच्छाखीयग्रन्थविरोधाद् वृद्धानादराच्चोपेक्ष्यम् ।

मदनरत्नमा भनिएको छ – जुन तृतीयामा मध्याह्नकालभन्दा पहिले पर्वसन्धि हुन्छ त्यो तृतीया वाजसनेयीहरूको [illegible]मा खर्बिका हो । त्यस दिन उपवास गरी दोस्रो दिन इष्टि गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो वचन पूर्णिमापरक हो । [illegible]ावृत्ति अर्थात् मध्याह्नपछि पहिलो खर्विका हुन्छ । सूर्यास्तभन्दा पहिले अथवा रात्रिसमाप्त भएपछि दोस्रो खर्विका हुन्छ भने मध्याह्नभन्दा पहिले समाप्ति भएमा तेस्रो खर्विका हुन्छ । यही नै पूर्ववाक्यको अर्थ हो । यो मत **कर्मभाष्य, देवजानी, श्रीअनन्तभाष्य** आदि सम्पूर्ण शास्त्रीय ग्रन्थहरूको विरुद्ध भएकाले र वृद्धहरूले अनादर गरेका कारण उपेक्षायोग्य छ ।

पौर्णमास्यां विशेषः

पौर्णमास्यां विशेषमाह कात्यायनः –

सन्धिश्चेत्सङ्गवादूर्ध्वं प्राक् पर्यावर्तनाद्रवेः । सा पौर्णमासी विज्ञेया सद्यस्कालविधौ नरैः ।।

पूर्णिमामा विशेष

पौर्णमासीलाई लिएर कात्यायनले विशेषतथ्य उपस्थापित गर्दै भनेका छन् – सङ्गव अर्थात् सूर्योदयदेखि सूर्यास्तसम्मको समयलाई पाँचभाग लगाउँदा हुने दोस्रो भागपछि र सूर्यको प्रत्यावर्तन अर्थात् मध्याह्नभन्दा पहिले सन्धि भएमा मानिसहरूले सद्यस्काल अर्थात् वर्तमानकालको विधिले त्यसैलाई पूर्णिमा मान्नुपर्दछ ।

अमायां विशेषः

अमायां विशेषमाह बौधायनः –

द्वितीया त्रिमुहूर्ता चेत्प्रतिपद्यापराह्णिकी । अन्वाधानं चतुर्दश्यां परतः सोमदर्शनात् ।।

कात्यायनश्च – **यजनीयेऽह्नि सोमश्चेद्वारुण्यां दिशि दृश्यते । तत्र व्याहृतिभिर्हुत्वा दण्डं दद्यात् द्विजातये।।** इति । एतच्च बौधायनवाजसनेयिविषयम् । तैत्तिरीयश्रुतौ तु चन्द्रदर्शनेऽपि याग उक्तः – **एषा वै सुमनानामेष्टि-र्यमध्यजानन् पश्चाच्चन्द्रमा अभ्युदेत्यस्मिन्नेवास्मै लोकेऽर्धुकं भवति** इति । श्रुत्यन्तरेऽपि– **यदहः पश्चा-च्चन्द्रमा अभ्युदेति तदहर्यजन्निमाँल्लोकान्नभ्युदेति** इति । इदं बह्वृचापस्तम्बविषयम् । मदनरत्नेऽप्येवम्। आपस्तम्बभाष्यार्थसङ्ग्रहेऽप्येवम् । अतः पक्षद्वयस्य स्वसूत्राद्व्यवस्थेति तत्त्वम् । **दूषयन्त्याश्वलायनाः** इति तु पूर्वाह्णसन्धिविषयमिति माधवः ।

अमावास्यामा विशेष

बौधायनले अमावास्यातिथिका लागि विशेष तथ्य प्रकाशित गर्दै भनेका छन् – द्वितीयातिथि तीनमुहूर्त भएमा र प्रतिपदा अपराह्णकालमा भएमा अन्वाधान अर्थात् अग्निस्थापना चतुर्दशीमा गर्नुपर्दछ । किनकि अग्रिम तिथि अमावास्यामा चन्द्रदर्शन हुन्छ । **कात्यायनले** भनेका छन् – यजनीय दिनमा चन्द्रमा पश्चिमदिशामा देखिएमा व्याहृतिद्वारा हवन गरी द्विजहरूलाई दण्डदान गर्नुपर्दछ । यो वाजसनेयी र बौधायनशाखाका लागि गरिएको विधान हो । **तैत्तिरीयश्रुतिमा** त चन्द्रदर्शनमा पनि यज्ञ गर्नु भनेको छ। जस्तै – 'यो सुमना नामक इष्टि हो', 'यसको सम्पादन गर्दागर्दै चन्द्रमा उदाउनेछन् र यसमा नै यजमानले कल्याण प्राप्त गर्नेछन् ।' यो भनाइ पनि **बह्वृच** एवं **आपस्तम्बका** विषयमा आधारित छ । **मदनरत्न** र **आपस्तम्बको** भाष्यार्थसंग्रहमा पनि यही कुरा भनिएको छ । यसैले दुवै पक्षले आ–आफ्नो सूत्रअनुसार व्याख्या गर्नुपर्दछ । **माधवले** यसबारे भनेका छन् कि यो पूर्वाह्णसन्धिविषयक तथ्यनिरूपण हो, **आश्वलायनले** नबुझेर यसमा दोष देखाएका छन्।

शेषपर्वणीष्टौ विशेषः

शेषपर्वणीष्टौ विशेषमाह माधवीये गार्ग्यः –

प्रतिपद्यप्रविष्टायां यदि चेष्टिः समाप्यते । पुनः प्रणीय कृत्स्नेष्टिः कर्तव्या यागवित्तमैः ।।

गृह्याग्नेर्नायं नियम इति मदनरत्नपारिजातः । एवं पर्वान्त्यांशः प्रतिपदश्च त्रयोंऽशा यागकाल उक्तः । क्वचित्प्रतिपत्तुर्यांशेऽपि यागः ।

सन्धिर्यद्यपराह्णे स्याद्यागं प्रातः परेऽहनि । कुर्वाणः प्रतिपद्भागे चतुर्थेऽपि न दुष्यति ।।

इति वृद्धशातातपोक्तेः । एतत्पूर्णिमापरमिति मदनरत्ने । पर्वणि प्रतिपदः क्षयस्य वृद्धेश्चार्द्धं प्रक्षिप्य सन्धिर्ज्ञेयः।

पर्वको शेषकालमा इष्टि समाप्त भएमा पुनः इष्टि गर्नुपर्ने

माधवीयमा गार्ग्यले पर्वको शेषकालमा इष्टि भएमा पुनः इष्टि गर्नुपर्ने कुरा बताउँदै भनेका छन् – प्रतिपदाको प्रवेश नहुँदै इष्टि समाप्त भएमा पुनः सामग्री प्रणयन गरी सुरुदेखि नै इष्टि गर्नुपर्दछ । **मदनपारिजात**मा भनिएको छ– उक्त नियम गृह्याग्नि अर्थात् विवाहमा लाजाहोम गरिने अग्निका लागि होइन । पर्वको अन्तिम चरण र प्रतिपदाको तीनअंशलाई यागकाल भनिन्छ । **वृद्धशातातप**ले भनेका छन् – पर्व र प्रतिपदाको अपराह्णकालमा सन्धि भएमा अर्को दिन प्रातःकालमा प्रतिपदा छँदै यज्ञ गर्नुपर्दछ । त्यसमा चतुर्थभागसम्बन्धी कुनै दोष लाग्दैन । उक्त **शातातप**को भनाइलाई **मदनरत्न**मा पूर्णिमापरक भनाइ हो भनिएको छ । पर्वमा प्रतिपदाको क्षय र वृद्धिको आधार मिलाएर सन्धि हुन्छ भन्ने कुरा बोध गर्नुपर्दछ ।

तदाह माधवः –

वृद्धिः प्रतिपदो याऽस्ति तदर्धं पर्वणि क्षिपेत् । क्षयस्यार्धं तथा क्षिप्त्वा सन्धिर्निर्णीयतां सदा।। इति।

कात्यायनोऽपि – **परेऽह्नि घटिका न्यूनास्तथैवाभ्यधिकाश्च याः ।**
तदर्धक्लृप्त्या पूर्वस्मिन् ह्रासवृद्धी प्रकल्पयेत् ।।

इति । एवं स्मार्तस्थालीपाकेऽपि ज्ञेयम् । तत्रेष्टिस्थालीपाकावाधानगृहप्रवेशनीयहोमान्तरभाविन्यां पौर्णमास्यां प्रारम्भणीयौ न तु दर्शे । यद्यारम्भे मलमासपौषमासगुरुशुक्रास्तादि भवति तदाप्यारम्भः कार्यः ।

यसै कुरालाई **माधव**ले यसरी बताएका छन् – प्रतिपदातिथि जति बढेको छ त्यसको आधा पर्वमा मिलाउनुपर्दछ। त्यसैगरी प्रतिपदाको जति क्षय हुन्छ त्यसको आधा पर्वमा मिलाई सन्धिनिर्णय गर्नुपर्दछ । **कात्यायन**ले पनि यस्तै कुरा भनेका छन् – प्रतिपदातिथिमा जति घडी वृद्धि भएको छ अथवा क्षय भएको छ त्यस वृद्धि – ह्रासको आधा–आधा भाग लगाई त्यो आधा पर्वमा जोडिदिनुपर्दछ । ग्रन्थकार भन्दछन् – माथि बताइएको विधि स्मार्तस्थालीपाक अर्थात् गृहस्थहरूको विशेष कर्ममा पनि अङ्गीकार गर्नुपर्दछ । इष्टि तथा स्थालीपाकको आधान त्यसै पूर्णिमामा प्रारम्भ गर्नुपर्दछ जुन पूर्णिमामा अग्निको आधान, गृहप्रवेश र हवनसमाप्त भइसकेको हुन्छ । स्थालीपाकको आधान अमावास्यामा गर्नु हुँदैन । आरम्भमा मलमास, पौष, गुरु–शुक्र अस्त भए पनि इष्टि र स्थालीपाकको आधान गर्नुपर्दछ ।

यानि तु – **उपरागोऽधिमासश्च यदि प्रथमपर्वणि । तथा मलिम्लुचे पौषे नान्वारम्भणमिष्यते ।।**
गुरुभार्गवयोर्मौढ्ये चन्द्रसूर्यग्रहे तथा इति सङ्ग्रहवचनानि, तानि आलस्यादिनाऽतिक्रान्तशुद्धकाल-प्रारम्भविषयाणि ।

नामकर्म च दर्शेष्टिं यथाकालं समाचरेत् । अतिपाते सति तयोः प्रशस्ते मासि पुण्यभे ।।
इत्यपरार्के गर्गवचनादिति प्रयोगपारिजाते । उक्तं चैतत् प्रयोगरत्ने भट्टैः । कालादर्शे तु – **नामकर्म तु जातेष्टिम्** इति पाठः।

यसमा प्रश्न हुन्छ प्रथम पर्वमा उपराग अर्थात् ग्रहण र अधिकमास भएमा, पौषमासमा क्षयमास परेमा, गुरु–शुक्रको मूढ अवस्थामा एवं चन्द्र–सूर्य ग्रहणमा अन्वारम्भ अर्थात् आग्रयण–इष्टि गर्न हुँदैन भनी **संग्रहवचन**मा भनिएको छ । यो भनाइ विपरीत भएन र भन्ने प्रश्नको उत्तरमा ग्रन्थकार भन्दछन् – उक्त वचन आलस्य आदिद्वारा शुद्धकाल व्यतीत गरिएको प्रसङ्गका निमित्त आएको हो । **प्रयोगपारिजात**मा अपरार्कमा उद्धृत **गर्ग**को वचन प्रस्तुत गर्दै भनिएको छ – नामकर्म र दर्शेष्टि अर्थात् अमावास्यामा गरिने यज्ञ उचित समयमा सम्पन्न गर्नुपर्दछ । अतिपातमा अर्थात् उचितसमय व्यतीत भएमा दुवै नामकर्म र दर्शेष्टिलाई शुद्धमास एवं पुण्यनक्षत्रमा सम्पन्न गर्नुपर्दछ भन्ने कुरा **प्रयोगरत्न**मा भट्टहरूले भनेका छन् । **कालादर्श**मा **नामकर्म च दर्शेष्टिं** को सट्टा **नामकर्म च जातेष्टिम्** भन्ने पाठ रहेको छ ।

याज्ञिकानां मतम्

याज्ञिकास्तु – **आधानानन्तरा पौर्णमासी चेन्मलमासगा । तस्यामारम्भणीयादीन्न कुर्वीत कदाचन ।।**

इति त्रिकाण्डमण्डनवचनाच्छुद्धकाल एव विभ्रष्टेष्टिं कृत्वाऽऽरम्भं कुर्यादित्याहुः । कालादर्शे स्मृतिसङ्ग्रहेऽपि –

आरम्भं दर्शपूर्णेष्ट्योरग्निहोत्रस्य चादिमम् । प्रतिष्ठाः पञ्च कूर्माद्याः मलमासे विवर्जयेत् ।। इति।

याज्ञिकहरूको मत

याज्ञिकहरू भन्दछन् कि आधान गरिसकेपछि मलमासमा पौर्णमासी पर्न आएमा त्यस तिथिमा आरम्भणीय आदि इष्टि कहिले पनि गर्नु हुँदैन । **त्रिकाण्डमण्डन**को वचन रहेकाले शुद्धकालमा नै विभ्रष्टेष्टि अर्थात् नष्ट भएको इष्टि सम्पन्न गरेपछि आरम्भणीय, आग्रयण आदि इष्टि गर्नुपर्दछ । **कालादर्श**मा **स्मृतिसंग्रह**का वचनहरू उद्धृत गर्दै भनिएको छ कि– दर्शेष्टि र पौर्णमासेष्टि[२८], अग्निहोत्रको आरम्भ र पाँचकूर्म, वाराह, नारसिंह, वामन र परशुराम यी देवताहरूको प्रतिष्ठा मलमासमा गर्न हुँदैन ।

विकृतीष्टिकथनम्

अथ विकृतीष्टिः । तत्रापस्तम्बः – **यदीष्ट्या यदि पशुना यदि सोमेन यजेत सोऽमावास्यायां पौर्णमास्यां च** इति । अत्र प्रकृतितः काले सिद्धेऽपि सद्यस्कालता विधेया । तृतीया साङ्गत्वेनोक्तेः । अत्र पौर्णमास्यमावास्याशब्दाभ्यां तदन्त्यक्षणो गृह्यते । तेन तद्वत्यहोरात्र इत्यर्थमाह रामाण्डारः । माधवोऽपि – **इष्ट्यादिविकृतिः सर्वा पर्वण्येवेति निर्णयः** इति ।

विकृति इष्टि

अब विकृति नाम गरिएका इष्टिहरूको बारेमा विचार गरिन्छ । **आपस्तम्ब**ले भनेका छन् कि कसैले यदि इष्टि, पशु र सोमद्वारा यज्ञ गर्न चाहन्छ भने त्यसले ती यज्ञ अमावास्या र पूर्णिमामा गर्नुपर्दछ । प्रकृतिको समय सकिएमा ती इष्टिहरूलाइ सद्यस्काल अर्थात् वर्तमानकालमा विधान गर्नुपर्दछ । यहाँ तृतीया विभक्तिको प्रयोग गरिएकाले विकृतियज्ञलाई अङ्ग मानिएको छ । यहाँ पौर्णमासी र अमावास्याशब्दहरूबाट उनीहरूको अन्तिम क्षणलाई लिनुपर्दछ । यसैले रामाण्डारले अन्तिम क्षणयुक्त अहोरात्र भन्ने अर्थ बताएका हुन् । **माधव** भन्दछन् – इष्टि आदि सबै विकृतियज्ञ पर्वमा नै गर्नुपर्दछ । यही निर्णय हो ।

विकृतिषु विशेषः

अत्र विशेषमाह त्रिकाण्डमण्डनः, कात्यायनश्च –

आवर्तनात्प्राक् यदि पर्वसन्धिः कृत्वा तु तस्मिन् प्रकृतिं विकृत्याः ।
तदैव यागः, परतो यदि स्यात्तस्मिन् विकृत्याः प्रकृतेः परेद्युः ।। इति ।

धूर्तस्वाम्यादयोऽप्येवमाहुः । **यदीष्ट्या इति साङ्गाया विकृतेः पर्वकालत्वादावर्तनात्प्राक् सन्धौ सन्धिमभितो**

२८. अग्निहोत्र गर्ने मानिसले अमावास्यातिथिको अन्त्यमा गरिने इष्टिविशेषलाई दर्शेष्टि र पूर्णिमातिथिको अन्तमा गर्ने इष्टिलाई पौर्णमासेष्टि भन्दछन् । यी दुवै इष्टिको स्वरूपमा केही फरक पर्छ, धेरै कुराहरू मिल्दछन् । पूर्णमासेष्टि गर्दा अघिल्लो दिनदेखि नै हविष्यभोजन, अधःशयन आदि व्रतनियमको आरम्भ गरिन्छ । ब्रह्मा, अध्वर्यु, होता र अग्नीत् गरी चार ऋत्विक् चाहिन्छन् । यसको विशेष विवरण नित्यानन्तपन्त पर्वतीयले बनाएको दर्शपूर्णमासपद्धतिबाट बुझ्न सकिन्छ ।

यजेत् इति प्रकृतेः प्रतिपदि समाप्तिनियमात् । प्रकृत्यनन्तरं प्रतिपदि विकृत्ययोगात् पूर्वेद्युर्विकृतिरित्युक्तं तन्त्ररत्ने पार्थसारथिना । यद्यपि **प्रकृतेः पूर्वत्वादपूर्वमन्ते स्यात्** इत्यापस्तम्बेनोक्तम्, तथाऽपि हेतुवादेन श्रुतिमूलत्वाभावादङ्गं वा समभिव्याहारादितिवदप्रामाण्यमिति तदाशयः । आग्रयणे तु विशेषं वक्ष्यामः । **अन्वारम्भणीया तु चतुर्दश्यां कार्या** इति हिरण्यकेशिवृत्तौ मातृदत्तीये । अन्येषां पर्वण्येव ।

विकृतिमा विशेष

त्रिकाण्डमण्डन र **कात्यायन**ले यसमा विशेष कुरा स्पष्ट गर्दै भनेका छन् – मध्याह्नभन्दा पहिले यदि पर्वसन्धि भएमा त्यसमा प्रकृतियज्ञ गरेर मात्र विकृतियज्ञ गर्नुपर्दछ । त्यो सन्धि दिनमा परेमा भने पहिले विकृतिको अनुष्ठान गरेर दोस्रो दिन प्रकृतियज्ञको अनुष्ठान गर्नुपर्दछ । **धूर्तस्वामी**हरूले पनि यही कुरा बताएका छन् । **यदीष्ट्या** यस वाक्यबाट साङ्ग विकृतिको पर्वकालत्व ज्ञात हुनाले आवर्तनभन्दा अर्थात् मध्याह्नभन्दा पहिले सन्धि भएमा प्रतिपदामा इष्टि समाप्त गर्ने नियम छ । प्रकृतिपछि प्रतिपदामा विकृतियज्ञ असम्भव हुनाले त्यस्तो स्थितिमा पूर्वदिनमा नै विकृति यज्ञ सम्पन्न गर्नुपर्दछ भन्ने कुरा **तन्त्ररत्न**मा **पार्थसारथि**ले बताएका छन् । **आपस्तम्ब**ले भनेका छन् – यद्यपि प्रकृतिको पूर्वत्व हुनाले अपूर्वको अनुष्ठान अन्तमा गरिन्छ तापनि हेतुवादका कारण श्रुतिमूलत्वको अभाव हुँदा **अङ्गं वा समभिव्याहारात्** अर्थात् पिण्डपितृयज्ञको अनुष्ठान दर्शयागभन्दा पहिले गर्नुपर्दछ किनकि पिण्डपितृयज्ञ दर्शको अङ्ग हो । किनकि जसरी अङ्ग र प्रधानको सँगसँगै उच्चारण गरिन्छ भन्ने वचनमा कुनै प्रमाण छैन त्यसैगरी पिण्डपितृयज्ञ पनि अप्रामाणिक हुने हुँदा **पूर्वेद्युः पितृभ्यो निष्क्रीय प्रातर्यज्ञं प्रतनुते** (तै. ब्रा. १/३/१०) यस श्रुतिबाट दर्शयागभन्दा पहिले पिण्डपितृयज्ञ गर्नुपर्ने देखिन्छ। आग्रयणको विषयमा विशेष तथ्य बताइँदैछ – अन्वारम्भणीय यज्ञ अर्थात् आग्रयण चतुर्दशीमा गर्नुपर्दछ भन्ने कुरा **हिरण्यकेशिवृत्ति** र **मातृदत्तीय**मा भनिएको छ । अरूको मतमा भने पर्वमा नै गर्नुपर्दछ ।

पशौ सोमे च कालान्तरकथनम्

पशौ सोमे च कालान्तरमप्याह कात्यायनः – **आमावास्येन वा हविषेष्ट्वा नक्षत्रे वा** इति । शुक्लपक्षे कृत्तिकादिविशाखान्तेषु देवनक्षत्रेष्विति केशवस्वामी व्याचख्यौ । चातुर्मास्येष्वपि द्वादशाहयथाप्रयोगपक्षयोर्नक्षत्रेष्वप्यारम्भः । यावज्जीवसांवत्सरप्रयोगयोस्तु फाल्गुन्यां चैत्र्यां वाऽऽरम्भः ।

पशुयाग र सोमयागको कालान्तरनिर्णय

पशुयाग[२९] र सोमयाग[३०]मा **कात्यायन**ले कालान्तर पक्षको उल्लेख गर्दै भनेका छन् कि – अमावास्यामा हविद्वारा पशुयाग वा सोमयाग उत्तम नक्षत्रमा गर्नुपर्दछ । अथवा शुक्लपक्षमा कृत्तिकादेखि लिएर विशाखासम्मका देवनक्षत्रमा

२९. निरूढपशुबन्ध वर्षाकालको पूर्णिमा वा अमावास्यामा वर्षको एकपल्ट अथवा दक्षिणायन र उत्तरायणको प्रारम्भका आसन्न पूर्णिमाहरूमा एवं अमावास्याहरूमा वर्षको दुईपल्ट गरिन्छ । पशुबन्धयज्ञमा साक्षात् पशुको मारण आदि कर्म गरिने कुरा श्रौतसूत्रहरूबाट ज्ञात हुन्छ। आत्म अमर भएको सिद्धान्तलाई स्वीकार गर्ने वैदिकहरूले यज्ञमा मारिएको पशु देवलोकमा पुग्छ भन्ने धारणा हुनाले वैदिकधर्ममा यज्ञको पशुहिंसालाई अहिंसा नै मानेको पाइन्छ । – मनु, ५/३९–४४ ।

३०. विधिअनुसार सोमलता कुटेर रस निकाली सम्पन्न गरिने यागविशेषलाई सोमयाग भनिन्छ । यसको विस्तृत विवरण पीबी काणेरचित धर्मशास्त्रका इतिहासको यज्ञप्रकरणबाट बुझ्न सकिन्छ ।

पशुयाग र सोमयाग गर्नुपर्दछ भन्ने कुरा केशवस्वामीले व्याख्या गरेका छन् । चातुर्मास्य[३१] यज्ञहरू पनि १२ दिनमा गरिने कर्ममा झैं माथि बताइएका देवनक्षत्रहरूमा आरम्भ गर्नुपर्दछ । आजीवन गरिने यज्ञ र वर्षदिनसम्म गरिने यज्ञको आरम्भ फाल्गुन अथवा चैत्रका अमावास्याहरूमा गर्नुपर्दछ ।

अधिकारपशौ विशेषः

पशौ तु विशेषमाह कात्यायनः –

अर्धादह्नो भवति नियतं पर्वसन्धिः परस्तात् कृत्वा तस्मिन्नहनि तु पशुं सद्य एव द्व्यहं वा ।

आरभ्याऽथ प्रकृतिरथ चेत्पर्वसन्धिः पुरस्तात् कृत्वा तस्मिन् प्रकृतिमथ तु स्यात्पशुः सद्य एव ।।

अधिकारपशुस्त्वग्नीषोमीयेन सवनीयेन वा समानतन्त्रः कार्यः इति त्रिकाण्डमण्डनः । सोमे त्वाहाऽऽपस्तम्बः– **अमावास्यायां दीक्षायजनीये वाऽमावास्यायां यजनीये वा स्तुत्यमहः, पौर्णमास्यां दीक्षायजनीये पौर्णमास्यां यजनीये वा स्तुत्यमहः** इति ।

अधिकारपशुमा विशेष

त्रिकाण्डमण्डनमा भनिएको छ – अधिकारपशुयज्ञ अर्थात् ऐन्द्राग्नपशुयागको सम्पादन अग्निषोमीयपशु अथवा सवनीयपशुका साथ समान क्रियाद्वारा सम्पन्न गर्नुपर्दछ । सोमयज्ञको सम्बन्धमा आपस्तम्बको भनाइ यसप्रकार छ – सोमयज्ञमा अमावास्यामा दीक्षा लिँदा अथवा यज्ञ गर्दा सर्वप्रथम त्यसै दिन यज्ञका लागि सोमरस तयार गर्ने काम गरिन्छ। पूर्णिमामा दीक्षाग्रहण अथवा यज्ञसम्पादन गर्दा दोस्रो दिन सोमरस तयार गर्ने काम गरिन्छ।

लाट्यायनसूत्रेऽपि – **पूर्वपक्षस्य प्रथमेऽहनि दीक्षेत दृष्ट्वा वा नक्षत्रयोगम्** इति । पूर्वपक्षः – शुक्लपक्षः। नक्षत्रयोगे चेति । अयमर्थः – चैत्र्यादिपूर्णिमायाश्चित्रादिनक्षत्रयोगे दीक्षेतेति । आधानं तु पर्वणि नक्षत्रेषु चोक्तम् । तत्र पर्व नक्तं **गार्हपत्यमादधाति** इत्यादिकर्मकालव्यापि ग्राह्यम् । दिनद्वये तत्त्वे परं ग्राह्यम् । सङ्कल्पस्य पर्वणि लाभात् । पूर्वनक्षत्रयोगे तदेव ग्राह्यम् । 'यत्र त्रीणि सन्निपतितान्यृतुर्नक्षत्रं पर्व च, तत्समृद्धं **विप्रतिषेधे ऋतुर्नक्षत्रं च बलीयः** इति हिरण्यकेशिसूत्रात् । ऋतुः **वसन्ते ब्राह्मणोऽग्नीमादधीत** इत्यादिः ।

लाट्यायनसूत्रमा भनिएको छ– शुक्लपक्षको पहिलो दिन दीक्षाग्रहण गर्नुपर्दछ अथवा नक्षत्रको योग हेरी विचार गरेर मात्र दीक्षाग्रहण गर्नुपर्दछ । नक्षत्रको योग भन्नाले चैत्रपूर्णिमामा चित्रा आदि नक्षत्रको योगमा दीक्षाग्रहण गर्नुपर्दछ । पर्व अथवा उपयुक्त नक्षत्रहरूमा आधान अर्थात् यज्ञको लागि अग्निस्थापना गर्नुपर्दछ । पर्व र नक्षत्रमा गार्हपत्य अग्निको आधान गर्नुपर्दछ । यो आधान कर्मकालव्यापी हुनुपर्दछ । तिथि दुवै दिन भएमा त पछिल्लो दिनमा आधान गर्नुपर्दछ किनकि गरिएका सङ्कल्पको लाभ पर्वमा प्राप्त हुन्छ । पूर्वनक्षत्रको योग भएमा त्यसलाई नै लिनुपर्दछ । जुन कर्ममा ऋतु,

३१. फाल्गुनको पूर्णिमामा सम्पन्न गरिने वैश्वदेवपर्व, आषाढको पूर्णिमामा सम्पन्न गरिने वरुणप्रघासपर्व, कार्तिकको पूर्णिमामा सम्पन्न गरिने साकमेधपर्व र फाल्गुनको शुक्लप्रतिपदामा सम्पन्न गरिने शुनासीरीय पर्व गरी यी ४ पर्व चार–चार महिनामा गरिने हुँदा यिनलाई चातुर्मास्यपर्व भनिन्छ । यसरी ती पर्वहरूको प्रत्येक चार महिनामा आवर्तन भइरहन्छ । चातुर्मास्ययागका दुई पक्ष मानिएका छन् – १) उत्सर्गपक्ष र २) यावज्जीवनपक्ष । उत्सर्गपक्षमा फाल्गुनको शुक्लप्रतिपदामा शुनासीरीययाग सम्पन्न गरी त्यसपछि आउने पूर्णिमामा अग्निष्टोम आदि गरिन्छ र चातुर्मास्य फेरि गरिँदैन । यावज्जीवनपक्षमा भने फाल्गुनको शुक्लचतुर्दशीमा शुनासीरीययाग गरेपछि पूर्णिमामा वैश्वदेवयाग गरिन्छ । त्यसपछि चार–चार महिनामा पूर्वोक्त यागहरूको क्रम चलिरहन्छ । – कात्यायनश्रौतसूत्रको भूमिका पृ. १९–२० ।

नक्षत्र र पर्व तीनवटै कुराको संयोग हुन्छ त्यो कर्म साह्रै उत्तम हुन्छ । उक्त तीनकुराको विरोध परेमा ऋतु र नक्षत्र बलवान् हुन्छन् भन्ने कुरा **हिरण्यकेशिसूत्र**मा बताइएको छ । ऋतुको सम्बन्धमा '**वसन्ते ब्राह्मणोऽग्नीन् आदधीत**' अर्थात् वसन्तमा ब्राह्मणले अग्निको आधान गर्नुपर्दछ इत्यादि विषय **हिरण्यकेशिसूत्र**मा बताइएको छ ।

रेणुककारिकायां तु – **माघादिपञ्चमासेषु श्रावणे चाश्विने तथा । मार्गशीर्षे शुक्लपक्षे आधानमथ कारयेत्।।** इत्युक्तम् । अत्र मूलं मृग्यम् । आधाननक्षत्राणि त्वापस्तम्बसूत्रे – '**कृत्तिका-रोहिणी-मृगशीर्ष-पुनर्वसु-पूर्वोत्तरा-फाल्गुनी-हस्त-चित्रा-विशाखा-ऽनुराधा-श्रवणोत्तराभाद्रपदा**' इति । (कृत्तिका-रोहिणी-मृगशीर्ष-पुनर्वसु(पुष्य)-पूर्वोत्तरा-पूर्वाषाढो-त्तरा-हस्त-चित्रा-विशाखाऽनुराधा-श्रवणोत्तराभाद्रपदाः) । सोमपूर्वाधाने विशेषमाहाऽऽपस्तम्बः – **सोमेन वक्ष्यमाण आदधानो नर्त्तून् सूर्क्षेन्न नक्षत्रम्** इति । अत्र प्रकरणादाधानकालबाधः। **तेन सोमस्य वसन्तकालता न बाध्यते**' इति रुद्रदत्तवृत्तौ नारायणवृत्तौ चोक्तम् ।

रेणुकारिकामा भनिएको छ – 'माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ, श्रावण, आश्विन र मार्गशीर्षको शुक्लपक्षमा अग्निको आधान गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यसको मूल प्रमाण अनुसन्धेय छ । अग्निको आधान अर्थात् स्थापना गर्ने नक्षत्रबारे बताउँदै **आपस्तम्बसूत्र**मा भनिएको छ – कृत्तिका, रोहिणी, मृगशिरा, पुनर्वसु, पुष्य, पूर्वाषाढा, उत्तराषाढा, हस्ता, चित्रा, विशाखा, अनुराधा, श्रवण र उत्तरभाद्रपदा यी नक्षत्रमा अग्निको आधान गर्नुपर्दछ । सोमपूर्वक अग्न्याधान गर्ने विषयमा **आपस्तम्ब**ले विशेष चर्चा गरेका छन् । सोमयज्ञ गर्न चाहने यजमानले अग्निको आधान गर्दा ऋतु र नक्षत्रको अनुसन्धान गर्नुपर्दैन । यसमा प्रकरणज्ञान भएपछि स्वतः आधानकालको बोध हुन्छ । यसबाट सोमयज्ञको वसन्तऋतुमा सम्पादनसम्बन्धी नियममा पनि बाधा पर्दैन भन्ने कुरा **रुद्रदत्तवृत्ति** र **नारायणवृत्ति**मा बताइएको छ ।

तन्त्ररत्ने वार्तिके च – **ते वा एते उभये अपहतपाप्मानो ऋतवः । एष वा उद्यन्नादित्य एषां पाप्मनोऽपहन्ता। यदैवैवं कदाचन यज्ञ उयपनमेदथादधीत** । इत्यत्रोत्तरायणरूपं दैवम्, दक्षिणायनरूपं च पित्र्यमित्युभयमृतुत्रयं सोमाधाने शतपथे विशिष्य विहितम् । तदेकवाक्यतया शाखान्तरेऽपि **नर्तून् सूर्क्षेत्** इत्यत्र सोमकालबाध एव । आधानकालबाधस्य **यदैवैनं श्रद्धोपनमेत्तदादधीत** इति तस्यां शाखायां वाक्यान्तरेण सिद्धत्वात्सोमकालबाधार्थमेवेदमित्युक्तम्।

तन्त्ररत्न र **वार्तिक**मा भनिएको छ कि – उत्तरायण एवं दक्षिणायनका ऋतुहरू निष्पाप हुन्छन् । सूर्यले उदय हुनासाथ ऋतुहरूका पाप नाश गर्दछन् । जुन बेला यज्ञमा श्रद्धा प्राप्त हुन्छ त्यसबेला आधान गर्नुपर्दछ । उत्तरायणरूप दैव र दक्षिणायनरूप पित्र्य हो भनी यी दुवैको ऋतुत्रयमा गरिने सोमको आधान प्रसङ्गमा **शतपथश्रुति**मा विशेषविधान गरिएकोछ । तिनीहरूमा एकवाक्यता हुनाले वेदका अरू शाखाहरूमा पनि ऋतुहरूको आदर नगरोस् भन्ने भनाइ लागु हुँदा तिनले सोमकालमा बाधा उत्पन्न गर्दछन् । जब मनमा श्राद्धा जागदछ त्यसबेला आधान गर्नुपर्दछ भन्ने वाक्य त्यस शाखामा रहेकाले त्यस शाखामा 'श्रद्धा उत्पन्न भएको बेलामा यज्ञ आरम्भ गर्नुपर्दछ' भन्ने भनाइबाट सोमकालको आरम्भमा बाधा उत्पन्न गर्दछ । तसर्थ सोमकालमा बाधाको लागि नै उक्त भनाइ आएको हो।

धूर्तस्वामी तु – सोमस्यापि य ऋतुस्तस्यापि **न सूर्क्षेत्** इति लिखनादुभयकालबाधं मन्यते । श्रीरामाण्डारस्तु- '**कालान्तरविधानं वा सर्वकालानादरो वा**' इति पक्षद्वयमुक्तवान् । तत्राद्ये कृत्तिकादिकालानन्तरस्य यथा आधाने वसन्ताद्यबाधेन विधानम्, तथा **सोमेऽप्युदगयनपूर्वपक्षपुण्याहसन्निपाते यज्ञकालो नादेशः** इति

छन्दोगसूत्रोक्तोदगयनाबाधेन सोमाभिसन्धिरूपकालान्तरविधानादुदगयनं त्वपेक्षत इत्युक्तम् । द्वितीयपक्षे तु **यदैवैनं (कालान्तरे) यज्ञ उपनमेत्** इति सर्वकालानादर उक्त इति भारद्वाजसूत्रात्सर्वशब्दस्य विश्वजित्सर्वपृष्ठ इतिवद् द्वयोरप्रयोगात्सर्वकालबाध इति । तेन दक्षिणायनेऽपि भवतीत्युक्तम् । षड्गुरुभाष्ये देवत्रातभाष्ये तन्त्ररत्ने च षट्स्वपि ऋतुषु भवतीत्युक्तमिति दिक् ।

धूर्तस्वामी भने सोमयज्ञका लागि निर्देश गरिएका ऋतुको पनि परीक्षा आवश्यक हुँदैन भन्ने कुरा गरी आधानकाल र वसन्तकाल दुवैको बाध हुने कुरा बताउँछन् । **श्रीरामाण्डार** कालान्तरविधान अर्थात् तोकिएको समयभन्दा अरू कुनै समयमा गर्न सकिने कुरा र सर्वकालानादर अर्थात् कुनै पनि कालमा गर्न सकिने कुरा गरी दुईपक्षका कुरा प्रस्तुत गर्दछन्। यी दुवै कुरामा पहिलो पक्षमा अग्निको आधान गर्ने विषयमा कृत्तिका आदि कालान्तरको विधान, वसन्त आदिको बाधविना सम्पन्न हुन्छ । त्यसैगरी सोमयज्ञमा पनि उत्तरायण, पूर्वपक्ष, पुण्य दिनको सन्निपातमा यज्ञकाल हुन्छ र विशेषविधि पनि हुँदैन भन्ने **छान्दोग्यसूत्रको** वचनबाट उत्तरायणमा सोमयज्ञको प्रारम्भरूप कालान्तरको विधानद्वारा उत्तरायणकै अपेक्षा गरिन्छ भनिन्छ । दोस्रो पक्षमा यजमानलाई कालान्तरमा यज्ञ प्राप्त भएमा सबै कालान्तरको अनादर हुने कुरा मानिएको छ भन्ने **भारद्वाजको** सूत्रबाट सर्वशब्दलाई **विश्वजित् सर्वपृष्ठे**[३२] वाक्यमा प्रयोग गरिएको सर्वशब्दसमान दुवैमा प्रयोग नहुनाले सबै कालको बाध हुन्छ भन्ने वचनबाट दक्षिणायनमा पनि यज्ञ हुन्छ भनिएको छ । **षड्गुरुभाष्य, देवशतभाष्य र तन्त्ररत्नमा** ६ वटै ऋतुमा यज्ञ गर्न हुन्छ भनिएको छ । वस्तुतथ्य पनि यही हो ।

साग्निकमते अमानिर्णयः

श्राद्धे त्वमावास्या त्रेधा विभक्तदिनतृतीयांशे योऽपराह्णभागस्तद्भागव्यापिनी साग्निकैर्ग्राह्या ।

पिण्डान्वाहार्यकं श्राद्धं क्षीणे राजनि शस्यते । वासरस्य तृतीयांशे नातिसन्ध्यासमीपतः ।।

इति कात्यायनोक्तेः ।

दर्शश्राद्धं तु यत्प्रोक्तं पार्वणं तत्प्रकीर्तितम् । अपराह्णे पितृणां च तत्र दानं प्रशस्यते ।।

इति शातातपोक्तेश्च । दिनद्वये तत्र सत्त्वे सर्वापराह्णव्यापी दर्शो ग्राह्यः । **यद्युभयेद्युरेष विहितः सर्वाऽपराह्णस्थितः** इति दीपिकोक्तेः ।

साग्निकमतमा अमावास्यानिर्णय

अमावास्याश्राद्धमा अग्निहोत्रीहरूले अमावास्या परेको दिनलाई तीनभाग लगाएर दिनको तेस्रो भागमा अपराह्णमा

३२. **'विश्वजित् सर्वपृष्ठे'** यो श्रुतिवचन हो । विश्वजित् यज्ञका ६ दिनहरूमा क्रमशः रथन्तर, बृहद्, वैरूप, वैराज, शाक्वर र रैवतनामक ६ वटा सामहरूबाट पृष्ठस्तोत्रको निष्पादन गराइन्छ । यी पृष्ठ साम जहाँ रहेका हुन्छन् त्यो विश्वजित् यज्ञलाई सर्वपृष्ठ भनिन्छ भन्ने कुरा **'पृष्ठमेकं विश्वजिति'** (मी. १०/६/१३–१४) सूत्रको व्याख्यामा बताइएको छ । उक्त व्याख्यामा सिद्धान्तपक्ष प्रस्तुत गर्दै भनिएको छ– सर्वपृष्ठे पदमा सर्वशब्द लेखिए तापनि एउटा सामको पृष्ठकर्ममा विन्यास गरिन्छ भने अरू सामहरूको अन्यत्र परिसाम कार्यमा निवेश गरिन्छ । सोमयज्ञको आरम्भमा विश्वजित् यज्ञमा ५ वटा सामको परिसाम कार्यमा निवेश गरी एउटा सामलाई पृष्ठकार्यमा निवेश गरिएझैं यहाँ पनि सोमाधानमा उत्तरायणरूप दैव र दक्षिणायनरूप पित्र्यकालको व्यवस्था गरिए पनि जब श्रद्धा उत्पन्न हुन्छ त्यसबेला सोमयज्ञको आधान गर्नुपर्दछ भन्ने वाक्यको आधारमा सबै कालको अनादर गरी श्रद्धा भएको कालमा सोमाधान गर्नुपर्छ भनेर विषयलाई टुङ्ग्याइएको छ । जसरी विश्वजित् यज्ञमा सर्वपृष्ठशब्दको उल्लेख हुँदाहुँदै पनि पाँचवटा पृष्ठलाई परिसाम कार्यमा निवेश गरी एउटालाई मात्र पृष्ठकार्यमा लगाइन्छ त्यसैगरी यहाँ पनि सबै कालको अनादर गरी श्रद्धामय कालमा सोमको आधान गरिन्छ ।

प्राप्त हुने अमावास्या लिनुपर्दछ । यस विषयमा **कात्यायन** भन्दछन् – अमावास्याका दिन चन्द्रमा क्षीण भएका बेला पिण्डदानपूर्वक गरिने श्राद्ध दिनको तेस्रो भागमा गर्नुपर्दछ । सायंसन्ध्याको समीप रहने कालमा उत्तम हुँदैन । यस विषयमा **शातातप** यसरी भन्दछन् – अमावास्यामा गरिने श्राद्धलाई पार्वणश्राद्ध भनिन्छ । त्यो दिन अपराह्णमा पितृलाई प्रदान गरिने दान अति उत्तम फलदायक हुन्छ । त्यो अमावास्या दुईदिन व्याप्त भएमा जुन दिन अपराह्णमा रहन्छ त्यो दिन श्राद्धका लागि ग्राह्य हुन्छ । यही कुरा **दीपिका**मा यसरी भनिएको छ – दुवै दिन श्राद्धको विधिका लागि उपयुक्त देखिएमा जुन दिन अमावास्या अपराह्णव्यापी हुन्छ त्यो दिन लिनुपर्दछ ।

यत्तु कार्ष्णाजिनिः – **भूतविद्धाममावास्यां मोहादज्ञानतोऽपि वा ।**
श्राद्धकर्मणि ये कुर्युस्तेषामायुः प्रहीयते ।। इति ।

तदपराह्णे चतुर्दशीवेधपरमिति श्राद्धहेमाद्रिः । अपराह्णव्याप्तिपरमिति माधवः । दिनद्वयेऽपराह्णव्याप्त्य-भावेंऽशतो व्याप्तौ च तिथिक्षये पूर्वेति हेमाद्रिः ।

यदा चतुर्दशी यामं तुरीयमनुपूरयेत् । अमावास्या क्षीयमाणा तदैव श्राद्धमिष्यते ।। इति कात्यायनोक्तेः। चतुर्दश्याश्चतुर्थं यामं दर्शः पूरयेत् । चतुर्दशी यामत्रयं स्यादित्यर्थः । क्षीयमाणा परदिनेऽपराह्णव्यापिनी नेत्यर्थः ।

कार्ष्णाजिनिको मत भने यसप्रकार छ – 'चतुर्दशीविद्ध अमावास्याका दिन मोह वा अज्ञानले श्राद्ध गर्ने मानिसको आयु क्षीण हुन्छ ।' **श्राद्धहेमाद्रि**मा यसबारे भनिएको छ – **कार्ष्णाजिनि**को यो भनाइ अपराह्णमा मात्र चतुर्दशीविद्ध हुने अमावास्याका निमित्त हो । **माधवाचार्य**ले पनि अपराह्णव्यापी अमावास्याका दिन श्राद्ध गर्नुपर्ने कुरा बताएका छन् । यस सम्बन्धमा **हेमाद्रि**को मत यसप्रकार छ – दुवै दिन अपराह्णव्यापी नभएमा अथवा अंशले मात्र स्पर्श गरेमा अथवा तिथिकै क्षय भएमा पहिलो दिन लिनुपर्दछ । यस सम्बन्धमा **कात्यायन** भन्दछन् – क्षीण भइरहेको अमावास्या चतुर्दशीको दिन चौथो प्रहरमा लागेमा त्यो दिन नै श्राद्ध गर्नुपर्दछ । यहाँ **क्षीयमाणा अमावास्या** भन्नुको अर्थ अर्को दिन अमावास्या अपराह्णसम्म नरहेमा भन्नु नै हो ।

व्यतिरेककथनम्

व्यतिरेकमाह– **वर्द्धमानाममावास्यां लक्षयेदपरेऽहनि । यामांस्त्रीनधिकान् वापि पितृयज्ञस्ततो भवेत्।।** इति श्राद्धश्च । दिनद्वयेऽपराह्णव्याप्त्यादौ च तिथिवृद्धौ हारीतः –

त्रिमुहूर्ता च कर्तव्या पूर्वा खर्वा च बह्वृचैः । कुहूरध्वर्युभिः कार्या यथेष्टं सामगीतिभिः ।।
त्रिमुहूर्ताभावे तु पूर्वा नेत्यर्थः ।

पिण्डपितृयज्ञसम्बन्धी विपरीत कथन

यसको विपरीत शास्त्रहरूमा यस्तो पनि भनिएको छ – अघिल्लो दिन अमावास्या तीनप्रहरभन्दा अधिक भएमा पितृयज्ञ दोस्रो दिन गर्नुपर्दछ । दुवै दिन अमावास्या अपराह्णव्यापी भएमा र तिथिवृद्धि भएमा गर्नुपर्ने विषयमा **वृद्धहारीत**ले आफ्नो मत यसरी व्यक्त गरेका छन् – 'बह्वृचहरूले तीनमुहूर्त मान भएको पहिलो अमावास्याका दिन श्राद्ध गर्नुपर्दछ। यस्तो थोरै परिमाण भएको अमावास्यालाई खर्वा भनिन्छ । यसमा चन्द्रमाको कला देखिन्छ । अध्वर्युहरूले चन्द्रमाको कला नदेखिने औंसीमा अर्थात् कुहूमा श्राद्ध गर्नुपर्दछ । सामवेदीहरूले आफ्नो इच्छाअनुसार दुईमध्ये जुनसुकैमा गरे पनि हुन्छ।' बह्वृचहरूले पनि पहिलो दिन तीनमुहूर्त अमावास्या नभएमा श्राद्ध गर्न हुँदैन, दोस्रो दिन गर्नुपर्छ ।

पिण्डपितृयज्ञे मतमतान्तरकथनम्

पिण्डपितृयज्ञस्तु कात्यायनैर्यागदिनात्पूर्वेद्युः कार्यः । **'पूर्वो वाऽङ्गत्वात् पिण्डपितृयज्ञः'** इति तत्सूत्रात्। व्याख्यातं चैतत् कर्काचार्यैः – **पूर्व एव दर्शात् पिण्डपितृयज्ञो, न पश्चात् । कुतः, अङ्गत्वात् ।** तथा च श्रुतिः– **तस्मात्पूर्वेद्युः पितृभ्यः क्रियत उत्तरमहर्देवान् यजन्ते** इति । **पूर्वेद्युः पितृभ्यो यज्ञं निपृणीय प्रातर्देवेभ्यः प्रतनुते** इति च । तेन तन्मते अङ्गमेवासौ । तदुक्तम् – **अङ्गं वा समभिव्याहारात्** इति । तेन कर्कमते चतुर्दशीयुक्तदर्शे पिण्डपितृयज्ञ इति । श्रीअनन्तभाष्ये तु परेद्युरित्युक्तम् । अत्र द्वेधाप्याचारो दृश्यते। आपस्तम्बानां तु परदिने मुहूर्तमपि दर्शसत्त्वे तत्रैव पितृयज्ञः । तदाह आपस्तम्बः – **अमावास्यायां यदहश्चन्द्रमसं न पश्यति तदहः पिण्डपितृयज्ञं कुरुते** इति ।

पिण्डपितृयज्ञ विषयमा मत-मतान्तर

कात्यायनहरूले यज्ञको अघिल्लो दिन पिण्डपितृयज्ञ गर्नुपर्दछ भनेका छन् । **कात्यायन**ले पिण्डपितृयज्ञ यज्ञको अङ्ग हुनाले अघिल्लै दिन गर्नुपर्दछ भनेका छन् । **पूर्वो वाऽङ्गत्वात् पिण्डपितृयज्ञः** यस सूत्रको व्याख्या गर्दै **कर्काचार्य**ले भनेका छन् – पिण्डपितृयज्ञ यज्ञको अङ्ग हो तसर्थ यज्ञभन्दा पहिले नै यो सम्पन्न गर्नुपर्दछ, पछि गर्न हुँदैन । किनभने श्रुतिमा पनि **तस्मात् पूर्वेद्युः पितृभ्यः क्रियते उत्तरमहर्देवान् यजन्ते** अर्थात् अघिल्लो दिन पितृहरूका निमित्त यज्ञ सम्पन्न गरी दोस्रो दिन बिहान देवताहरूका निमित्त यज्ञको विस्तार गरिन्छ भनिएको छ । त्यसकारण **कात्यायन**हरूको मतमा पिण्डपितृयज्ञ देवयज्ञको अङ्ग हो । यही कुरा **समभिव्याहारसूत्र**मा भनिएको छ– 'पिण्डपितृयज्ञ र देवयज्ञ दुवैको श्रुतिमा सँगसँगै उल्लेख गरिएकाले पिण्डपितृयज्ञ सम्पन्न गरेपछि देवयज्ञ गर्नुपर्छ।' त्यसकारण **कर्काचार्य**को मत चतुर्दशीयुक्त अमावास्यामा पिण्डपितृयज्ञ गर्नुपर्दछ भन्ने नै हो । **श्रीअनन्तभाष्य**मा भने पिण्डपितृयज्ञ पनि दोस्रो दिन नै गर्नु भनी लेखिएको छ । यस विषयमा लोकमा दुवै किसिमका आचरण देखिएका छन् । **आपस्तम्ब**ले दोस्रो दिन मुहूर्तमात्र पनि अमावास्या भएमा दोस्रो दिन नै पिण्डपितृयज्ञ गर्नुपर्दछ भनेका छन् । जस्तै – 'अमावास्यामा जुन दिन चन्द्रमा देखिँदैनन् त्यसै दिन पिण्डपितृयज्ञ गर्नुपर्दछ ।'

अस्य रुद्रदत्तीया व्याख्या – **पिण्डैर्युक्तः पितृयज्ञः पिण्डपितृयज्ञः** । स च कर्मान्तरं न तु दर्शशेषः। यथा वक्ष्यति – **पितृयज्ञः स्वकालविधानादनङ्गं स्यात्** इति । तं च यदहश्चन्द्रमसं न पश्यति पञ्चदश्यां प्रतिपदि वा तदहः कुरुते । यदहस्तयोः सन्धिस्तदहरित्यर्थः – इति । श्रीरामाण्डारोऽप्याह – **पिण्डपितृयज्ञस्तु पर्वसन्धिमदहोरात्रापराह्णे** इति । अत पर्वसन्धिदिने हि पितृयज्ञः । शतपथश्रुतिरपि – **यदैवैष न पुरस्तान्न पश्चाद्ददृशेऽथ पितृभ्यो ददाति** इति । पर्वसन्धिदिने हि पूर्वतः पश्चाद्वा चन्द्रो न दृश्यत एवेत्यर्थः । सत्याषाढोऽपि पितृयज्ञं प्रक्रम्य– **दृश्यमानो तूपोष्य श्वोभूते यजते** इत्याह ।

रुद्रदत्तले पिण्डपितृयज्ञको अर्थ स्पष्ट गर्दै भनेका छन् – पिण्डले युक्त भएको कर्म पिण्डपितृयज्ञ हो । यो छुट्टै कर्म हो। अमावास्यामा गरिने देवयज्ञको अङ्ग होइन । उनैले फेरि भनेका छन् – आफ्नो समयमा गरिने कर्म हुनाले पिण्डपितृयज्ञ अङ्ग हुँदैन र यसलाई स्वतन्त्र कर्म मान्नुपर्दछ । फेरि जुन दिन पूर्णिमा वा प्रतिपदामा चन्द्रमा देखिँदैनन् त्यो दिन पिण्डपितृयज्ञ गर्नुपर्दछ । अर्थात् जुन दिन पूर्णिमा र प्रतिपदाको सन्धि हुन्छ त्यसै दिन पिण्डपितृयज्ञ गर्नुपर्दछ । **रामाण्डार**ले भनेका छन् –

पिण्डपितृयज्ञ पर्वको सन्धिले युक्त भएको अहोरात्रको अपराह्णमा गरिन्छ । यसैले पर्वको सन्धि हुने दिन नै पिण्डपितृयज्ञ गर्नुपर्दछ । **शतपथश्रुति**मा भनिएको छ – जब चन्द्रमा पहिले पूर्णिमा र पछि प्रतिपदामा पनि देखिँदैनन् त्यही पर्वसन्धिमा पितृहरूका निमित्त दान गर्नुपर्दछ। **सत्याषाढ**को मत पनि यस्तै छ । उनले भनेका छन् – चन्द्रमा देखिने दिन उपवास गरेर अर्थात् चतुर्दशीमा उपवास गरेर भोलिपल्ट बिहान यज्ञ गर्नुपर्दछ ।

हेमाद्रिस्तु – **अमावास्याशब्दस्थितिवचन एव** । पूर्वोक्तापस्तम्बसूत्रे यदुक्तं **न पश्यति** इति, तत्र क्षयोऽभिप्रेतः। अतश्चतुर्दश्यां चन्द्रस्य क्षीणत्वात्तद्युक्तदर्शे पितृयज्ञः । **पितृयज्ञं तु निर्वर्त्य विप्रश्चन्द्रक्षयेऽग्निमान्** इति मनूक्तेः । यदुक्तम् **यदहस्त्वेव दर्शनं नैति चन्द्रमाः**- तत्क्षयापेक्षया ज्ञेयम् । **क्षीणे राजनि चेत्यपि** इति, यदुक्तं **दृश्यमानेऽपि, तच्चतुर्दश्यपेक्षया** इति च कात्यायनोक्तेः । **दृश्यमानेप्येके** इति गोभिलोक्तेश्च।

यस्यां सन्ध्यागतः सोमो मृणालमिव दृश्यते ।
अपराह्णे क्षयस्तस्यां पिण्डानां करणं ध्रुवम् ।। इति हारीतोक्तेश्च ।

यस विषयमा **हेमाद्रि** भन्दछन् – यस प्रसङ्गमा चर्चा गरिएको अमावास्याशब्दको अर्थ तिथि हो । उपर्युक्त **आपस्तम्बसूत्र**को **अमावास्यायां यदहश्चन्द्रमसं न पश्यति** यो वचनले चन्द्रमा क्षीण भएको दिनमा भन्ने अर्थ बुझ्नुपर्दछ। यसैले चतुर्दशीमा क्षीण हुने हुनाले चतुर्दशीयुक्त अमावास्यामा पनि पिण्डपितृयज्ञ गर्नुपर्दछ । यस सम्बन्धमा **मनु** भन्दछन्– अग्निहोत्री ब्राह्मणले चन्द्रमाको क्षय हुँदा चतुर्दशीयुक्त अमावास्यामा पिण्डपितृयज्ञ गरेपछि अर्को दिन बाँकी कर्म गर्नुपर्दछ । शास्त्रहरूमा पनि जुन दिन चन्द्रमाले दर्शन दिँदैनन् त्यो दिन पनि यज्ञ गर्नुपर्दछ भनिएको पाइन्छ । ग्रन्थकार भन्दछन् – यी कुरा चन्द्रमाको क्षयको अपेक्षाबाट आएका हुन् । चन्द्रमा देखिएका दिन उपवास गरेर अर्को दिन यज्ञ गर्नुपर्दछ भन्नुको तात्पर्य पनि चतुर्दशीकै अपेक्षाले नै हो भन्ने कुरा **कात्यायन**ले भनेका छन् । चन्द्रमा देखिँदा पनि पिण्डपितृयज्ञ गर्नुपर्छ भन्ने कुरा केही विद्वान्हरूले भनेका छन् भन्ने रहस्य **गोभिल**ले व्यक्त गरेका हुन् । **हारीत** भन्दछन्– जुन चतुर्दशीको प्रातः सन्ध्यामा कमलनालको तन्तुको आकारमा चन्द्रमा देखिन्छ र त्यसै दिन अपराह्णमा त्यसको क्षय हुन्छ भने त्यसै दिन पिण्ड दिनुपर्दछ ।

चन्द्रक्षयकालः

चन्द्रक्षयकालश्चोक्तः कात्यायनेन –

अष्टमेंशे चतुर्दश्याः क्षीणो भवति चन्द्रमाः । अमावास्याष्टमेंशे तु पुनः किल भवेदणुः ।। इति ।

तेन पूर्वेद्युरेव पितृयज्ञ इत्यूचिवान् । कर्काचार्यैरपि – **अपराह्णे पिण्डपितृयज्ञः चन्द्रादर्शनेऽमावास्यायाम्** इति कात्यायनसूत्रेऽदर्शनेन क्षय एवोक्तः । **तस्मिन् क्षीणे ददाति** इति श्रुतेः । अतस्तन्मते चतुर्दशीयुक्तदर्शे पितृयज्ञे सति परदिने यागोऽर्थात्सिद्धः । तदेतत्सर्वोत्कृष्टमपि हेमाद्रिकर्कादिव्याख्यानमापस्तम्बैरनभ्युपगमात् कातीयबौधायनादिविषयम्। आश्वलायनानामपि शेषपर्वणि पिण्डपितृयज्ञः। तथा च सूत्रम् – **अमावास्यायामपराह्णे पिण्डपितृयज्ञः** इति ।

चन्द्रमाको क्षयकाल

चन्द्रमाको क्षयकाल बताउँदै **कात्यायन** भन्दछन् – चतुर्दशीको आठौं भागमा चन्द्रमा क्षीण हुन्छ र अमावास्याको आठौं भागमा अणुपरिमाणको देखिन्छ । त्यसकारण चतुर्दशीको दिन नै पिण्डपितृयज्ञ गर्नुपर्दछ । **कर्काचार्य**ले पनि

चन्द्रमा नदेखिएमा अमावास्याको अपराह्णमा पिण्डपितृयज्ञ गर्नुपर्दछ भनेका छन् । कात्यायनसूत्रमा पनि चन्द्रमा नदेखिनुलाई नै क्षय भनिएको छ । श्रुतिले चन्द्रमा क्षीण हुँदा पितृहरूलाई पिण्ड आदि दिनुपर्छ भनेको छ । तसर्थ हेमाद्रिका मतमा चतुर्दशीयुक्त अमावास्यामा पिण्डपितृयज्ञ सम्पन्न गरेपछि अर्को दिन देवयज्ञ सम्पन्न गर्नु प्रामाणिक नै हुन आउँछ । यस्तो हेमाद्रि र कर्काचार्यहरूको सर्वश्रेष्ठ व्याख्यानलाई आपस्तम्बीयहरूले स्वीकार नगर्नुमा उनीहरूद्वारा गरिएको कातीय र बौधायनसम्बन्धी मान्यताको अनुसरण नै कारण हो । आश्वलायनहरू पनि पर्वकालको शेषमा नै पिण्डपितृयज्ञ गर्नुपर्दछ भन्दछन् । उनीहरूको सूत्र यसप्रकार छ – **अमावास्यायामपराह्णे पिण्डपितृयज्ञः** अर्थात् अमावास्याको अपराह्णमा पिण्डपितृयज्ञ गर्नुपर्दछ ।

अत्र नारायणवृत्तिः – **अमावास्याशब्दः प्रतिपत्पञ्चदश्योः सन्धिवचनोऽप्यत्रापराह्णशब्दसमन्वयात्त-द्वत्यहोरात्रे वर्तते । तस्यापराह्णे चतुर्थे भागे पिण्डपितृयज्ञः कार्यः । औपवसथ्ये यजनीये वाऽहनि । यदा त्वहोरात्रसन्धौ तिथिसन्धिः । स्यात्तदौपवसथ्ये एवाहनि क्रियते** इति । अत एव

मुहूर्तमप्यमावास्या प्रतिपद्यपि चेद्भवेत् । तद्दत्तमक्षयं पर्व ज्ञेयं शेषं तु पूर्ववत् ।।

इति हेमाद्रौ वचनं पिण्डपितृयज्ञपरमुक्तं प्रयोगपारिजाते। अयञ्च स्मार्ताग्निमता सम्पूर्णे दर्शे श्राद्धव्यतिषङ्गेण कार्यः। व्यतिषङ्गो नामोभयोः सहानुष्ठानम्। एतच्च **स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य** इति सूत्रे वृत्तिकृतोक्तम्। खण्ड–पर्वणि तु केचिदाहुः– **पूर्वेह्नि पिण्डपितृयज्ञव्यतिषङ्गेण श्राद्धं कृत्वा परेऽह्नि केवलः पिण्डपितृयज्ञः कार्यः।**

नारायणवृत्तिमा भनिएको छ – उक्त सूत्रमा प्रयोग गरिएको अमावास्याशब्दको तात्पर्य प्रतिपदा र पन्ध्रौं तिथि अर्थात् अमावास्याको सन्धिकाल नै हो । यसमा प्रयुक्त अपराह्णशब्दको अर्थ समन्वयबाट सन्धिकालसम्पन्न अहोरात्रको वाचक हो । सन्धिकालवाला दिनको अपराह्ण अर्थात् चौथो भागमा पिण्डपितृयज्ञ गर्नुपर्दछ अथवा यज्ञ गर्ने योग्य औपवसथ्य अर्थात् उपवास गर्नुपर्दछ । अहोरात्रको सन्धिमा नै तिथिको सन्धि भएमा उपवासको दिनमा नै यज्ञ गर्नुपर्दछ। प्रयोगपारिजातमा पिण्डपितृयज्ञपरक हेमाद्रिको वचन उद्धृत गर्दै भनिएको छ – प्रतिपदाको दिन एकमुहूर्तमात्र भएपनि अमावास्या हुन्छ भने त्यस दिन दिएको वस्तु अक्षय अर्थात् कहिले नाश नहुने हुन्छ । किनभने पर्वको बाँकी भाग शेष पनि पर्वसमानै हुन्छ । स्मार्त अग्निग्रहण गर्ने मानिसले पूर्ण अमावास्या भएको दिनमा श्राद्धका साथ पिण्डपितृयज्ञ गर्नुपर्दछ । यस वचनमा परेको व्यतिषङ्गको अर्थ कुनै पनि दुईकर्मको सँगै गरिने अनुष्ठान हो । उक्त दुईकार्य गर्दा स्थालीपाकसँगै पिण्डको निमित्त आवश्यक वस्तु झिकेर श्राद्ध गर्नु पर्दछ । यसैलाई यहाँ व्यतिषङ्गशब्दको प्रयोग गरी बताउन खोजिएको छ । अमावास्या दुवै दिन भएमा खण्डपर्व हुन्छ र पहिलो दिन पिण्डपितृयज्ञसँगै श्राद्ध गरेर दोस्रो दिन केवल पिण्डपितृयज्ञ गर्नुपर्छ भनी कसैले आफ्नो मत प्रकट गरेका छन् ।

वृत्तिकृता तु– **आन्वष्टक्यं च पूर्वेद्युर्मासि मास्यथ पार्वणम् । काम्यमाभ्युदयेऽष्टम्यामेकोद्दिष्टमथाष्टमम्।।** इत्युदाहृत्य पूर्वेषु चतुर्षु स्थालीपाकादुद्धृत्याग्नौ करणमित्युक्तेर्दर्शश्राद्धे स्थालीपाको नियत इति गम्यते । स्थालीपाकश्च पितृयज्ञ एवेति पूर्वदिने व्यतिषङ्गः सिद्धः । प्रयोगपारिजाते तु वार्षिकश्राद्धेऽपि व्यतिषङ्ग उक्तः, किमुत दर्शश्राद्धस्य। न्यायविदस्त्वाहुः सूत्रस्य वृत्तेश्च सम्पूर्णदर्शविषयत्वात् खण्डपर्वणि पूर्वदिने केवलं श्राद्धं परदिने च केवलः पितृयज्ञः कार्यः । अत एवोक्तं वृत्तिकृता – **नात्राऽपूर्वस्थालीपाकश्चोद्यते, सर्वश्राद्धेषु प्रसङ्गात्,** इति ।

वृत्तिकार भन्दछन् – पहिलो दिन अन्वष्टकाश्राद्ध गर्नुपर्दछ । महिना–महिनामा पार्वणश्राद्ध गर्नुपर्दछ । अष्टमीमा अभ्युदयमा गरिने काम्यश्राद्ध गर्नुपर्दछ । त्यसपछि आठौं श्राद्ध एकोद्दिष्ट मानिएको छ । वृत्तिकारको यो भनाइबाट पहिलेका चारश्राद्धमा स्थालीपाकबाट पक्वान्न निकालेर अग्नौकरण गर्ने विधान स्पष्ट हुन्छ । यसबाट अमावास्याको श्राद्धमा पनि स्थालीपाकको नियम रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । यो स्थालीपाक पितृयज्ञमा नै हुन्छ। पितृयज्ञमा स्थालीपाक हुने हुँदा पहिलो दिन स्थालीपाक र पिण्डोद्धरण दुवै कार्य सम्पन्न गरिन्छन् । **प्रयोगपारिजात**मा वार्षिकश्राद्धमा पनि स्थालीपाक र पिण्डोद्धरण दुवैको सँगै अनुष्ठान गर्नुपर्दछ भनिएको हुँदा अमावास्याश्राद्धमा व्यतिषङ्ग अर्थात् सहानुष्ठान नहुने कुरा भएन । न्यायवेत्ताहरूले भनेका छन् – 'पिण्डपितृयज्ञसम्बन्धी सूत्र र वृत्तिको सम्पूर्ण अर्थ अमावास्यामा आधारित भएकाले खण्डपर्व हुँदा अर्थात् दुईदिन अमावास्या हुँदा पहिलो दिन केवल श्राद्ध गर्नुपर्दछ र दोस्रो दिन केवल पिण्डपितृयज्ञ गर्नुपर्दछ ।' यसैले वृत्तिकार पनि भन्दछन् – अमावास्याश्राद्धमा पहिलो दिन स्थालीपाक गर्नुपर्दैन त्यसो गर्ने हो भने सबै श्राद्धमा स्थालीपाक गर्नुपर्ने हुन्छ ।

प्रयोगपारिजातोक्तिरप्येतद्विषयैव । पूर्वदिने च श्राद्धेऽग्नौकरणमेव, न पाणिहोमः ।

चतुर्ष्वाद्येषु साग्नीनां वह्नौ होमो विधीयते । पित्र्यब्राह्मणहस्ते स्यादुत्तरेषु चतुर्ष्वपि ।।

इति परिशिष्टे नियमात् । न च लौकिकाग्नौ पक्वस्य कथं गृह्याग्नौ होमः । **नान्याग्नौ पक्वमन्याग्नौ जुहुयात्** इति निषेधात् । मैवम् । श्राद्धस्य गृह्यत्वेन स्मार्ताग्नौ पचनाग्नौ वा कर्तव्यत्वात् । तस्मात्पूर्वेद्युः केवलं श्राद्धम्, न व्यतिषङ्गः । इदमेव च युक्तम् । आहिताग्निना तु सर्वाधानिनाऽर्द्धाधानिना वा सम्पूर्णे खण्डे वा दर्शे श्रौताग्नौ पृथगेव पितृयज्ञः कार्यो न तु दर्शश्राद्धव्यतिषङ्गेणेति विस्तरभीतेर्विरमामः ।

प्रयोगपारिजातको भनाइ पनि यसै विषयमा आधारित छ । अमावास्याको पहिलो दिन श्राद्ध गर्दा अग्नौकरणमात्र गर्नुपर्दछ र पाणिहोम अर्थात् पितृ–ब्राह्मणको हातमा गरिने होम गर्नुहुँदैन । परिशिष्टग्रन्थको नियमअनुसार पहिलेका चारश्राद्धमा अग्निहोत्रीले अग्निमा होम गर्नुपर्दछ र पछिल्ला चारश्रद्धमा पितृब्राह्मणका हातमा पनि हवन गर्नुपर्दछ। यहाँनेर कसैले प्रश्न गर्न सक्छन् – लौकिक अग्निमा पकाएको वस्तुलाई गृह्याग्निमा कसरी हवन गर्न सकिन्छ ? किनकि एउटा अग्निमा पकाएको वस्तुलाई अर्को अग्निमा हवन गर्न हुँदैन भन्ने विशेषवचन पाइन्छ । शङ्का गर्नेलाई उत्तर दिँदै ग्रन्थकार भन्दछन् – श्राद्ध गृह्यकर्म भएकाले स्मार्त–अग्नि अथवा पाचन गर्ने सामान्य अग्निमा समेत हवन गर्न हुन्छ । त्यसकारण अमावास्याको पहिलो दिन केवल श्राद्ध गर्नुपर्दछ, स्थालीपाकको सहानुष्ठान गर्न हुँदैन यसैलाई अन्तिमनिर्णय मान्नुपर्दछ। सबै अग्निको आधान गर्ने अथवा केही अग्निको आधान गर्ने अग्निहोत्रीले पूर्ण–अमावास्या अथवा खण्ड–अमावास्यामा वैदिक यज्ञमा छुट्टै पितृयज्ञ गर्नुपर्दछ । तर अमावास्याश्राद्धका साथ सहानुष्ठान गरी यज्ञ गर्न हुँदैन । यस विषयमा विस्तारभयका कारण यत्ति नै चर्चा गरी विश्राम गरिन्छ ।

सम्पूर्णे दर्शे विशेषः

सम्पूर्णे दर्शे च विशेषमाह लौगाक्षिः –

पक्षान्तं कर्म निर्वर्त्य वैश्वदेवं च साग्निकः । पिण्डयज्ञं ततः कुर्यात्ततोऽन्वाहार्यकं बुधः ।। इति।

पक्षान्तं कर्म – अन्वाधानम् । **अन्वाहार्यकम्** – दर्शश्राद्धम् । अयमेव साग्नेर्जीवत्पितृकस्य पिण्डपितृयज्ञकालो ज्ञेयः । तस्यापि कात्यायनेन **होमान्तमनारम्भो वा** इत्याम्नानात् ।

पूर्ण अमावास्यामा विशेष

लौगाक्षिले पूर्ण अमावास्याको विषयमा चर्चा गर्दै भनेका छन् – अग्निहोत्रीले पूर्ण अमावास्यामा पक्षान्त वैश्वदेव कर्म सकेर पिण्डपितृयज्ञ गर्नुपर्दछ र अन्वाहार्यक अर्थात् अमाश्राद्ध गर्नुपर्दछ । पक्षान्तकर्म भनेको अन्वाधान हो । अन्वाहार्यक भनेको अमावास्याश्राद्ध हो । सम्पूर्ण अमावास्या नै जीवत्पितृक अग्निहोत्रीका लागि पिण्डपितृयज्ञकाल हो। यो कर्म पनि होमको अन्त नभएमा प्रारम्भ गर्न हुँदैन भन्ने कुरा **कात्यायन**ले निर्देश गरेका छन् ।

पिण्डपितृयज्ञाकरणे प्रायश्चित्तकथनम्

पिण्डपितृयज्ञाकरणे प्रायश्चित्तमाह पराशरमाधवीये कात्यायनः –

पितृयज्ञात्यये चैव वैश्वदेवात्ययेऽपि च । अभिष्ट्वा नवयज्ञेन नवान्नप्राशने तथा ।।

भोजने पतितान्नस्य चरुर्वैश्वानरो भवेत् ।। इत्यलम् ।

पिण्डपितृयज्ञ नगर्नेका लागि प्रायश्चित्त

पराशर माधवीयमा कात्यायनले पिण्डपितृयज्ञ[३३] नगर्नेहरूका लागि प्रायश्चित्तको व्यवस्था गर्दै भनेका छन् – पिण्डपितृयज्ञ र वैश्वदेव[३४] यज्ञ नगरेमा नवयज्ञ नगरी नवान्न भोजन गरेमा र पतितको अन्न भोजन गरेमा प्रायश्चित्तहोम गर्दा अग्निमन्त्रद्वारा तयार गरिएको चरुको आहुति दिनुपर्दछ ।

कुतपकालकथनम्

प्रकृतमनुसरामः । निरग्निकादिभिस्त्वमावास्याऽपराह्णव्याप्त्यलाभे कुतपकालव्यापिनी ग्राह्या ।

भूतविद्धाऽप्यमावास्या प्रतिपन्मिश्रिताऽपि वा । पित्र्ये कर्मणि विद्वद्भिर्ग्राह्या कुतपकालिकी ।।

इति हारीतोक्तेः । इदं च निरग्निकादिविषयम् ।

---

३३. जैमिनिको वचनअनुसार पिण्डपितृयज्ञ दर्शयज्ञअन्तर्गत नभई स्वतन्त्र यज्ञ हो । यस कृत्यमा शुद्ध चामलको भात पकाई पितृहरूलाई पिण्ड प्रदान गरिन्छ त्यसैले यस कृत्यलाई पिण्डपितृयज्ञ भनिएको हो । यो कृत्य अमावास्यामा गरिन्छ । यसको सम्पादन सामान्य गृहस्थले पनि गर्न सक्छ । अमावास्या तिथिमा गृह्याग्निमा आहुति दिएर यो यज्ञ सम्पन्न गरिन्छ । **आपस्तम्ब**ले भनेका छन् – **अमावास्यायां यदहश्चन्द्रमसं न पश्यन्ति तदहः पिण्डपितृयज्ञं कुरुते** (आपस्तम्ब० १/७/१-२) । **रुद्रदत्त**ले भनेका छन् – **पिण्डैः पितॄणां यज्ञ** अर्थात् पिण्ड दिएर पितृहरूको यज्ञ गर्नु नै पिण्डपितृयज्ञ हो । **सत्याषाढश्रौतसूत्र**को टीकामा महादेवले भनेका छन् – **पिण्डैः पिण्डदानेन सहितः पितृभ्यो देवेभ्यो यज्ञो होमः स पिण्डपितृयज्ञः** अर्थात् पिण्डद्वारा देवताहरूको निमित्त होम र पितृहरूका निमित्त पिण्ड (कव्य) प्रदान गरी पूजा गरिने यज्ञ नै पिण्डपितृयज्ञ हो । शास्त्रहरूमा प्रत्येक गृहस्थले यो यज्ञ गर्नुपर्ने बताइएको छ । यसको विषयमा विस्तृत जानकारी **आश्वलायनश्रौतसूत्र, संस्कारकौस्तुभ, सस्कारप्रकाश, तैत्तिरीयसंहिता, आपस्तम्बगृह्यसूत्र** आदि ग्रन्थबाट प्राप्त गर्न सकिन्छ । – **धर्मशास्त्र का इतिहास**, पि.बी. काणे, पृ. ५३४ ।

३४. **वैश्वदेवयज्ञ** – यो ऋतुसम्बन्धी अर्थात् चातुर्मास्य यज्ञ हो । आश्वलायनको मतानुसार फाल्गुनपूर्णिमाका दिन चातुर्मास्यका लागि वैश्वानर अग्नि इष्टि र पार्जन्य इष्टि गर्नुपर्दछ । पूर्णिमाका दिन वैश्वानर इष्टि गरेपछि पूर्णमास इष्टि गर्नुपर्दछ । सबै चातुर्मास्य यज्ञमा पाँच कृत्य आवश्यक मानिएका हुन्छन्– अग्निका लागि आठ शराब (घटखण्ड)मा राखिएका पुरोडाश (परौंठा वा रोटी), सोमका निमित्त भात, सविताका निमित्त १२ शराब (घटखण्ड)मा राखिएका पुरोडाश, सरस्वतीका लागि चरु र पुषाका निमित्त पीठाको चरु । वैश्वदेव आदि चातुर्मास्य यज्ञ गर्ने व्यक्ति स्वर्गमा प्राप्त हुन्छ भनिएको छ । यस यज्ञका सम्बन्धमा **शतपथब्राह्मण** र **तैत्तिरीयसंहिता**मा विस्तृतरूपमा प्रकाश पारिएको छ । पुनश्च **आपस्तम्ब, आश्वलायन, कात्यायन** र **बौधायन**का कृतिहरूबाट पनि जानकारी लिन सकिन्छ । – पूर्ववत्, पृ. ५३५-५३६ ।

सिनीवाली द्विजैः कार्या साग्निकैः पितृकर्मणि । स्त्रीभिः शुद्धैः कुहूः कार्या तथा चानग्निकैर्द्विजैः।।

इति लौगाक्षिवचनात् । अत्र साग्निरौपासनाग्निरपीति मदनपारिजाते उक्तम् । कुतपश्चापराह्णव्याप्त्यलाभेऽनुकल्पः।

अपराह्णद्वयाव्यापी यदि दर्शस्तिथिक्षये । आहिताग्नेः सिनीवालीनिरग्न्यादेः कुहूर्मता ।।

इति जाबालिना विधानात् । तेन साग्नीनां निरग्नीनां चापराह्णव्यापिन्येव मुख्या । तिथिसाम्यवृद्धिक्षयैः समव्याप्तौ खर्वादिना निर्णयः । वैषम्येऽधिका । दिनद्वयेऽपराह्णस्पर्शे कुतपव्यापिनीति माधवः । इदमेव च युक्तम् ।

कुतपकाल निरूपण

अब पूर्वप्रसङ्गतिर लागौं । अग्निहोत्र ग्रहण नगरेका द्विजहरूले दोस्रो दिनसम्म रहने अमावास्या नपाइएमा कुतपकालसम्म रहने अमावास्यालाई लिएर पिण्डपितृयज्ञ गर्नुपर्दछ । यस विषयमा **हारीत**ले भनेका छन् – चतुर्दशीविद्ध अमावास्या होस् अथवा प्रतिपदासँग जोडिएको अमावास्या होस् दुवैमा पितृकर्म गर्दा निरग्निक विद्वान्हरूले कुतपकालिक अमावास्यालाई अङ्गीकार गर्नुपर्दछ । यो निरग्निकका लागि गरिएको व्यवस्था हो । यसबारे **लौगाक्षि**ले भनेका छन् – अग्निहोत्री द्विजले सिनीवाली अमावास्यामा पितृकार्य गरून् । यहाँ साग्नि भन्ने पद परेको छ । यसको अर्थ उपासना गरिने अग्निले सहित भन्ने हुन्छ । यो कुरा **मदनपारिजात**मा बताइएको छ । **जाबालि** भन्दछन् – अमावास्या अपराह्णव्यापी नभएमा त्यसको विकल्पमा व्यवस्था गरिएको काल नै कुतपकाल हो । तिथिक्षय हुँदा यदि अमावास्या दुवै दिनको अपराह्णकालसम्म व्याप्त हुन्छ भने आहिताग्निले सिनीवालीमा र अनाहिताग्निले कुहूमा पितृकर्म गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – साग्निक, निरग्निक दुवैका लागि अपराह्णव्यापी अमावास्या नै पूर्णरूपमा ग्राह्य हुन्छ । तिथिको समानता, तिथिको क्षय र तिथिको वृद्धि भई समव्याप्ति हुँदा खर्व आदिबाट निर्णय गर्नुपर्दछ । विषमता भएमा अधिकव्याप्तिका आधारमा निर्णय गर्नुपर्दछ । दुवै दिन अपराह्णव्यापी नभएमा कुतपकालमा रहने अमावास्या लिनुपर्दछ भन्ने कुरा **माधव**ले बताएका छन् । यो नै उत्तम निर्णय हो ।

हेमाद्रिमते कुतपव्यापिन्येव निरग्न्यादेर्मुख्या । सिनीवाली – दृष्टचन्द्रा । तथा च व्यासः – **दृष्टचन्द्रा सिनीवाली, नष्टचन्द्रा कुहूः स्मृता** इति । पूर्वदिने परदिने एव वा तद्व्यापित्वे सैव ग्राह्या । अंशव्यापित्वे वैषम्येऽधिककालव्यापिनी ग्राह्या । दिनद्वयेंऽशतः समव्याप्तौ तिथिक्षये पूर्वा, वृद्धौ साम्ये च परा ।

तिथिक्षये सिनीवाली तिथिवृद्धौ कुहूः स्मृता । साम्येऽपि च कुहूर्ज्ञेया वेदवेदाङ्गवेदिभिः ।।

इति प्रचेतोवचनात् । दिनद्वये सम्पूर्णा कुतपव्याप्तिस्तु तिथिवृद्धावेव भवतीत्यनन्तरवचनात् परैवेति ।

हेमाद्रि भन्दछन् – 'निरग्निकका लागि कुतपकालव्यापी अमावास्या उपयुक्त हुन्छ । अथवा तिथिको वृद्धि दुवै दिन समान अंशमा छ भने पछिल्लो दिनको कुतपकालव्यापी अमावास्या लिनुपर्दछ ।' कुहू र सिनीवाली नामकरणको विषयमा – 'वेदवेत्ताहरूले तिथिक्षय हुँदा हुने अमावास्यालाई सिनीवाली, तिथिवृद्धि हुँदा हुने अमावास्यालाई कुहू र समावस्थामा रहेको अमावास्यालाई पनि कुहू भनेका छन्' भन्ने कुरा प्रचेताले बताएका छन् । दुवै दिन कुतपकालसम्म रहने अमावास्या त तिथिवृद्धिमा मात्र सम्भव हुन्छ भन्ने पछिल्लो वचन रहेकाले त्यसबेला पछिल्लो अमावास्या लिनु पर्दछ।

कुतपलक्षणम्

कुतपस्तु – **अह्नो मुहूर्ता विज्ञेया दश पञ्च च सर्वदा। तत्राष्टमो मुहूर्तो यः स कालः कुतपः स्मृतः।।**

इति मात्स्योक्तेः । तुलादानपितृदेवप्रीत्यर्थोपवासादौ तु परा ग्राह्येत्यन्यत्र विस्तरः ।

कुतपको लक्षण

मत्स्यपुराणमा कुतपको परिचय दिँदै भनिएको छ – जहिले पनि एकदिनलाई १५ भागमा विभाजन गर्दा दुईमुहूर्तको एकभाग हुन्छ । ती १५ भागमध्ये आठौं भागलाई कुतप भनिन्छ । अमावास्यामा गरिने कर्महरूको सम्बन्धमा चर्चा गर्दा तुलादान, पितृ र देवताको प्रीतिका लागि गरिने उपवास आदिमा दोस्रो दिनको अमावास्या लिनुपर्दछ । यसबारे अरू शास्त्रहरूमा विस्तारपूर्वक वर्णन गरिएको हुँदा त्यहीँबाट जान्नुपर्दछ ।

दर्शे वार्षिकादिप्राप्तौ विचारः

दर्शे च मासिकवार्षिकादिश्राद्धप्राप्तौ कालादर्शे विशेष उक्तः –

दर्शस्य चोदकुम्भस्य दर्शमासिकयोरपि । नित्यस्य चाब्दिकस्यापि दार्शिकाब्दिकयोरपि ।। इत्युक्त्वा–

सम्पाते देवताभेदाच्छ्राद्धयुग्मं समाचरेत् । निमित्ता नियतिश्चात्र पूर्वानुष्ठानकारणम् ।। इति।

निर्णयदीपेऽपि – **नष्टचन्द्रे यदा काले क्षयाहदिवसो भवेत् । वैश्वदेवं क्षयश्राद्धं कुर्यात्प्रागदर्शकर्मणः।।**

अमाश्राद्धं चानुपनीतोऽपि कुर्यात् ।

अमावास्यामा वार्षिकश्राद्ध प्राप्त भएमा

अमावास्याका दिन मासिक र वार्षिकश्राद्ध आइलाग्दा के गर्ने भन्ने विषयमा उत्तर दिँदै **कालादर्श**मा भनिएको छ– अमावास्या एवं घटदान, दर्श एवं मासिक, नित्यश्राद्ध एवं वार्षिकश्राद्ध, दर्शश्राद्ध एवं वार्षिकश्राद्धको एकैचोटि सम्पात भएमा देवताको भेदले दुईश्राद्ध गर्नुपर्दछ । यसमा निमित्त र नियति अर्थात् धार्मिक कर्तव्य नै प्रथमश्राद्धका लागि कारण हुन्छन् । अर्थात् प्रथमश्राद्ध जसका निमित्त कर्तव्य बनेर आउँछ त्यो कर्तव्यका लागि गरिने श्राद्धको प्रथम सम्पादन गर्नुपर्दछ । **निर्णयदीप**मा भनिएको छ – अमावास्याका दिन वार्षिकश्राद्ध पर्‍यो भने अमावास्याका दिन गरिने पितृकर्मभन्दा पहिले वैश्वदेवश्राद्ध र वार्षिकश्राद्ध गर्नुपर्दछ ।[३५] उपनयन नगरेका मानिसले पनि अमावास्याश्राद्ध गर्नुपर्दछ ।

श्राद्धशूलपाणौ – **अमावास्याष्टकाकृष्णपक्षपञ्चदशीषु च ।** इत्युपक्रम्य –

एतच्चानुपनीतोऽपि कुर्यात्सर्वेषु पर्वसु । श्राद्धं साधारणं नाम सर्वकामफलप्रदम् ।।

भार्याविरहितोऽप्येतत्प्रवासस्थोऽपि नित्यशः। शूद्रोऽप्यमन्त्रवत्कुर्यादनेन विधिना बुधः।। इति मात्स्योक्तेः।

श्राद्धशूलपाणिमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – अमावास्या, अष्टका, पूर्णिमा आदिमा व्रतबन्ध नभएका द्विजले पनि श्राद्ध गर्नुपर्दछ । यो साधारण श्राद्ध हो । यसले सबै कामना पूरा गराउँदछ । पत्नीरहित मानिस र प्रवासमा रहेको मानिसले पनि उक्त पर्वहरूमा श्राद्ध गर्नुपर्दछ । साथै शूद्रले पनि विनामन्त्र उच्चारण उक्त श्राद्ध गर्नुपर्दछ।

अमाश्राद्धातिक्रमे प्रायश्चित्तकथनम्

अमाश्राद्धातिक्रमे प्रायश्चित्तमुक्तमृग्विधाने –

न्यूषुवाचं जपेन्मत्रं शतवारं दिने दिने । अमाश्राद्धं यदा नास्ति तदा सम्पूर्णमेति तत् ।।

३५. कसैको मृत(छिन्न) तिथि औंसी भयो भने त्यसको लागि प्रतिवर्ष गरिने वार्षिक पार्वण एकापार्वणविधिले गर्नुपर्दछ । त्यसमा विश्वेदेव पितृस्वरूप दुइटा कुशका ब्राह्मण स्थापना गरी तीन पिण्ड दिनुपर्दछ ।

अत्र पूर्वोक्तसाग्निकपदेनाऽऽहिताग्निः स्मार्ताग्निमांश्च गृह्यते । विच्छिन्नाग्निकादिश्च निरग्निकः । तथा च हेमाद्रिरग्नौकरणप्रकरणे –

साग्निरग्नावनग्निस्तु द्विजपाणावथाप्सु वा । कुर्यादग्नौक्रियां नित्यं लौकिकेनेति निश्चितम् ।।

इति स्मृतिवाक्यमुदाहृत्य **'यस्त्वस्वीकृतौपासनतया समुच्छिन्नाग्नितया भार्याविधुरतया वाऽग्निरहितस्तस्य द्विजपाणौ जलादौ वा होमः'** इति व्याचचक्षे । मदनपारिजातेऽप्येवम् । इदमेव साग्निकानग्निकस्वरूपं सर्वत्र ज्ञेयम् ।

इति इष्टि-विकृतीष्टि-पशुयाग-कुतपकालादिनिर्णयात्मकं पञ्चमं प्रकरणम्

अमाश्राद्धको उल्लङ्घनमा प्रायश्चित्त

अमावास्याश्राद्ध नगरेमा ऋग्विधानमा प्रायश्चित्तको व्यवस्था गर्दै भनिएको छ –

न्यू ३ षु वाचं प्र महे भरामहे गिर इन्द्राय सदने विश्वतः । नू चिद्धि रत्नं सततामिवाविदन्न दुष्टतिर्द्रविणोदेषु शस्यते ।।' (ऋ.१/५३/१)

यो मन्त्र प्रतिदिन १०० पटक जप गर्नाले अमावास्यामा श्राद्ध नगरेको दोषबाट मुक्ति प्राप्त हुन्छ र श्राद्ध गरेसरह फल प्राप्त हुन्छ । ग्रन्थकार भन्दछन् – माथि विभिन्न प्रसङ्गमा आएको साग्निकपदबाट अग्निहोत्री र स्मार्ताग्निले सहित भन्ने अर्थ बुझिन्छ । साथै निरग्निकपदबाट अग्निहोत्र ग्रहण नगर्ने व्यक्तिका साथै अग्निनाश भएको व्यक्तिसमेत बुझिन्छ। यही कुरा **हेमाद्रिले** अग्नौकरणप्रसङ्गमा भनेका छन् – अग्निहोत्रीले आफूले आधान गरेको अग्निमा नित्य यज्ञ गर्नुपर्दछ। अग्निहोत्र ग्रहण नगरेको द्विजले भने ब्राह्मणको हात जल र लौकिक अग्निमा हवन गर्नुपर्दछ । **हेमाद्रिले स्मृतिवचन** उद्धृत गरी भनेका छन् – जसले अग्निहोत्रको उपासना स्वीकार गरेका छैनन्, जसले अग्निहोत्र स्वीकार गरेर पछि विच्छिन्न तुल्याएका छन्, जसकी पत्नी दिवङ्गत भएकी छिन्, जसले अग्निहोत्र लिएकै छैनन्, तिनीहरूले ब्राह्मणको हातमा अथवा जल आदिमा हवन गर्नुपर्दछ अर्थात् अग्नौकरण गर्नुपर्दछ भन्ने विधान गरिएको छ । **मदनपारिजातमा** पनि यसैगरी भनिएको छ । साग्निक र निरग्निकको स्वरूप जहाँसुकै यसै रीतिबाट बुझ्नुपर्दछ ।

निर्णयसिन्धु प्रथमपरिच्छेदको इष्टि-विकृति इष्टि-पशुयाग-कुतपकाल आदिको निर्णयमा आधारित पाँचौं प्रकरण पूरा भयो ।

ग्रहण-समुद्रस्नाननिर्णयात्मकं षष्ठं प्रकरणम्

ग्रहणनिर्णयः

अथ ग्रहणं निर्णीयते । तत्र चन्द्रग्रहणे यस्मिन् यामे ग्रहणं तस्मात्पूर्वं प्रहरत्रयं न भुञ्जीत । सूर्यग्रहे तु प्रहरचतुष्टयं न भुञ्जीत ।

सूर्यग्रहे तु नाश्नीयात्पूर्वं यामचतुष्टयम् । चन्द्रग्रहे तु यामांस्त्रीन् बालवृद्धातुरैर्विना ।।

इति माधवीये वृद्धगौतमोक्तेः ।

ग्रहणं तु भवेदिन्दोः प्रथमादधि यामतः । भुञ्जीतावर्तनात्पूर्वं प्रथमे प्रथमादधः ।।

इति मार्कण्डेयोक्तेश्च । **अधि** – ऊर्ध्वम् । ननु चन्द्रग्रहे यामचतुष्टयनिषेध उचितो न तु सूर्यग्रहे, सूर्योदयात्प्राक् भोजनाप्राप्तेः । मैवम् । वचनस्य प्रथमयामे सूर्यग्रहे सति पूर्वेद्युः पूर्वरात्रे भोजननिषेधपरत्वात् ।

ग्रहणनिर्णय

अब ग्रहणको विषयमा विचार गरिन्छ । चन्द्रग्रहण जुन प्रहरमा हुने निधो गरिएको हुन्छ त्योभन्दा तीनप्रहर अघि र सूर्यग्रहण जुन प्रहरमा लाग्ने निधो गरिएको हुन्छ त्योभन्दा चारप्रहर अघि भोजन गर्न हुँदैन । यही कुरा **माधवीयमा** उद्धृत **वृद्धगौतमको** वचनमा भनिएको छ – सूर्यग्रहण लाग्दा अघिल्ला चारप्रहर र चन्द्रग्रहण लाग्दा अघिल्ला तीनप्रहरदेखि नै बालक, वृद्ध, रोगीबाहेक अरूले भोजन गर्न हुँदैन । **मार्कण्डेयपुराणमा** भनिएको छ – चन्द्रग्रहण रात्रिको प्रथम प्रहरभन्दा पछि लाग्ने भएमा मध्याह्नभन्दा पहिले भोजन गर्नुपर्दछ । चन्द्रग्रहण रात्रिको प्रथम प्रहरमा नै लाग्ने भएमा ग्रहणसकिएपछि मात्र भोजन गर्नुपर्दछ । यहाँ शङ्का गरिन्छ – चन्द्रग्रहणमा चारप्रहर अघि भोजन निषेध उचित थियो तर तीनप्रहरअघि निषेध गरियो र सूर्यग्रहणमा तीनप्रहरअघि निषेध गर्नु उचित थियो तर चारप्रहरअघि निषेध गरियो किनकि सूर्योदयभन्दा अघि भोजन गर्ने प्रसङ्ग नै रहँदैन । यस्तो प्रश्न गर्नु उचित छैन, किनकि दिनको पहिलो प्रहरमा सूर्यग्रहण परेको खण्डमा अघिल्ला दिनको रातिमा भोजननिषेध गर्नका लागि त्यसो भनिएको हो ।

चन्द्रादिग्रहणे भोजनविचारः

चन्द्रग्रहे विशेषमाह माधवीये वृद्धवसिष्ठः – **ग्रस्तोदये विधोः पूर्वं नाहर्भोजनमाचरेत्** इति । द्वयोर्ग्रस्तास्ते तु माधवीये व्यासः – **अमुक्तयोरस्तगयोरद्याद् दृष्ट्वा परेऽहनि** इति । विष्णुधर्मेऽपि –

अहोरात्रं न भोक्तव्यं चन्द्रसूर्यग्रहो यदा । मुक्तिं दृष्ट्वा तु भोक्तव्यं स्नानं कृत्वा ततः परम् ।।

अहोरात्रनिषेधः सूर्यग्रस्तास्ते । मदनरत्ने गार्ग्यः –

सन्ध्याकाले यदा राहुर्ग्रसते शशिभास्करौ । तदहर्नैव भुञ्जीत रात्रावपि कदाचन ।।

सायंसन्ध्यायां सूर्यग्रस्तास्ते पूर्वेऽह्नि रात्रौ च न भोक्तव्यम् । प्रातः सन्ध्यायां चन्द्रस्य ग्रस्तास्ते पूर्वरात्रावुत्तरेऽह्नि च न भोक्तव्यमित्यर्थः । चन्द्रग्रस्तास्ते उत्तरदिने सन्ध्याहोमादौ न दोषः ।

ग्रहणमा भोजनविचार

चन्द्रग्रहणको सम्बन्धमा **माधवीयमा** उद्धृत **वृद्धवसिष्ठको** वचन यसप्रकार छ – उदयकालमा चन्द्रमा ग्रस्त

भएको अवस्थामा उदाएमा त्यसको अघिल्लो दिन भोजनत्याग गर्नुपर्दछ । सूर्य र चन्द्रमा दुवै ग्रस्त हुँदै अस्त भएमा के गर्ने भन्ने सम्बन्धमा **माधवीय**मा उद्धृत **व्यास**को वचनमा भनिएको छ – उदयकालमा चन्द्रमा ग्रस्त भएको अवस्थामा उदाएमा त्यसको अघिल्लो दिन भोजनत्याग गर्नुपर्दछ । सूर्य र चन्द्रमा दुवै ग्रस्त हुँदै अस्त भएमा ती दुवैको उदय देखेपछिमात्र भोजन गर्नुपर्दछ । यसबारे **विष्णुधर्म**मा भनिएको छ – चन्द्र र सूर्यग्रहणमा एकअहोरात्र भोजन गर्नुहुँदैन । चन्द्र वा सूर्यलाई राहुबाट अथवा छायाबाट मुक्त भएको देखिएपछि मात्र स्नान गरी भोजन गर्नुपर्दछ । सूर्यग्रस्तास्त हुँदा पनि एकअहोरात्र भोजन गर्न नहुने कुरा **गार्ग्य**ले यसरी बताएका छन् – प्रातः संन्ध्यामा राहुले सूर्य अथवा चन्द्रमालाई ग्रास बनाउँदा त्यो दिन र रात भोजन गर्न हुँदैन । सायँकालिक संन्ध्यामा सूर्यग्रस्तास्त भएमा त्यो दिन र रातमा भोजन गर्न हुँदैन । प्रातः सन्ध्यामा चन्द्रमा ग्रस्तास्त भएमा त्योभन्दा अघिल्लो रात र त्यो दिन पूरा भोजन गर्न हुँदैन । चन्द्रमा ग्रस्तास्त भएमा अस्त भएपछिको दिनमा सन्ध्या र होम वर्जित गरिएका छैनन् ।

तदाहोशनाः – **ग्रस्ते चास्तङ्गते त्विन्दौ ज्ञात्वा मुक्त्यवधारणम् ।**
स्नानहोमादिकं कार्यं भुञ्जीतेन्दूदये पुनः ।।

एतदनाहिताग्निविषयम् । **अपराह्णे व्रतोपायनीयमश्नीत** इति । कात्यायनोक्तेर्व्रतस्य श्रौतत्वेन विहितत्वेन च प्रबलत्वात् । **अद्भिर्व्रतं कुर्यात्** इति निर्णयदीपः । रागप्राप्तभोजने कालनियमोऽयम् । तेन ज्वरादाविव न भोजनम् इति कर्कानुसारिणः । बालवृद्धातुराणां तु ग्रहणयामात्पूर्वमेकयामो निषिद्धः ।

सायाह्ने ग्रहणं चेत् स्यादपराह्णे न भोजनम् । अपराह्णे न मध्याह्ने, मध्याह्ने न तु सङ्गवे ।।
भुञ्जीत सङ्गवे चेत्स्यान्न पूर्वं भोजनक्रिया ।। इति मार्कण्डेयोक्तेः ।

इदञ्च बालादिविषयम् । **बालवृद्धातुरैर्विना** इति पूर्वोक्तेः । वेधकाले ग्रहणे वा पक्वमन्नं त्याज्यम् ।

यस विषयमा **उशना** भन्दछन् – चन्द्रमा ग्रस्तास्त भएको थाहा पाएपछि मुक्तिको निधो गरी स्नान-होमादि कार्य गर्नुपर्दछ । तर भोजन भने चन्द्रमा उदाएपछि मात्र गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो नियम अग्निहोत्र नलिनेका लागि निर्धारित गरिएको हो । व्रत परेको स्थितिमा जलपानमात्र गर्नुपर्दछ भन्ने कात्यायनको उक्तिको आधारमा व्रत वैदिक र विधिसम्मत भएकाले त्यसको विधानमा प्रबलता रहने कुरा बुझिन्छ । **निर्णयदीप**मा पनि जल पिएर व्रत गरोस् भनिएको छ । इच्छापूर्वक गरिने भोजनको निषेध त नित्यभोजनको निषेधमा आधारित छ । त्यसैले ज्वरोले आत्तिएको मानिसले झैं भोजन गर्न हुँदैन भन्ने मत **कर्क आचार्य**हरूका अनुयायीहरूको रहेको छ। बालक, वृद्ध र रोगीहरूलाई ग्रहण लाग्ने प्रहरभन्दा एकप्रहर अघिदेखि निषेध गरिएको छ । यसबारे **मार्कण्डेय** भन्दछन् – सन्ध्याकालमा ग्रहण लाग्दा अपराह्णमा कुनै कुरा पनि खान हुँदैन। अपराह्णमा ग्रहण लाग्दा मध्याह्नमा कुनै कुरा खान हुँदैन । मध्याह्नमा ग्रहण लाग्दा संगवकाल अर्थात् लगभग १२ बजेको समयभन्दा एकप्रहरअघि देखि नै केही खान हुँदैन । यो नियम बालक आदिका लागि हो । बालक, वृद्ध र आतुरबाहेक भन्ने पहिलेको पद्यमा उल्लेख भएको छ । वेधकाल र ग्रहणको समयमा पाकेको अन्नत्याग गर्नुपर्दछ ।

सर्वेषामेव वर्णानां सूतकं राहुदर्शने । स्नात्वा कर्माणि कुर्वीत श्रृतमन्नं विवर्जयेत् ।।

इति हेमाद्रौ षट्‌त्रिंशन्मतात् । श्रृतमिति तदन्तरितस्योपलक्षणम् । **नवश्राद्धेषु यच्छिष्टं ग्रहपर्युषितं च यत्** इति मिताक्षरायां वचनात् । भार्गवार्चनदीपिकायां ज्योतिर्निबन्धे मेधातिथिः –

आरनालं पयस्तक्रं दधि स्नेहाज्यपाचितम् । मणिकस्थोदकं चैव दुष्येद्राहोस्तु सूतके ।।

मन्वर्थमुक्तावल्याम् – **अन्नं पक्वमिह त्याज्यं स्नानं सवसनं ग्रहे ।**
वारि तक्रारनालादि तिलदर्भैर्न दुष्यति ।।

हेमाद्रिमा उद्धृत गरिएको **षट्त्रिंशन्मतमा** भनिएको छ कि – राहुदर्शनमा सबै वर्णलाई सूतक लाग्छ । स्नान गरेपछि दानादि कर्म गर्नुपर्दछ । तर पहिलेदेखि पकाइराखेको अन्न खान हुँदैन । **शृतान्नम्** भनेको पहिलेदेखि पकाइराखेको अन्न हो । यस सम्बन्धमा **मिताक्षरामा** भनिएको छ – नवश्राद्ध गर्दा बचेको अन्न र ग्रहणमा बासी रहेको अन्न खान हुँदैन । **भार्गवार्चनचन्द्रिका** र **ज्योतिर्निबन्धमा मेधातिथि** भन्दछन् – राहुको सूतकमा दूध, दही, मही, आरनाल अर्थात् काञ्जी, तेल र घ्यूमा पाकेका अन्न र मणिपात्रमा रहेको जल दूषित हुँदैन । यस सम्बन्धमा **मन्वार्थमुक्तावलीमा** भनिएको छ – राहुको सूतकमा सचैल स्नान गर्नुपर्दछ । पाकेको अन्न खान हुँदैन । तर, मही, जल र आरनाल कुश–तिल छर्केमा दूषित हुँदैनन् ।

ग्रहणे जलपानादौ प्रायश्चित्तकथनम्

जले त्वदोषे गाङ्गविषयः – **ग्रहोषितं जलं पीत्वा पादकृच्छ्रं समाचरेत्** इति तत्रैव चतुर्विंशतिमतेऽन्यजलस्य दोषोक्तेः । वेधकाले ग्रहणे वा भोजने प्रायश्चित्तमुक्तं माधवीये कात्यायनेन –

चन्द्रसूर्यग्रहे भुक्त्वा प्राजापत्येन शुद्ध्यति । तस्मिन्नेव दिने भुक्त्वा त्रिरात्रेणैव शुद्ध्यति ।। इति।

ग्रहणमा जलपान एवं भोजन गरेमा प्रायश्चित्त विधान

ग्रन्थकार भन्दछन् – माथि जल दूषित हुँदैन भन्नुको तात्पर्य गङ्गाजल दूषित हुँदैन भन्नु हो । ग्रहणकालमा रहेको पानी पिएपछि पादकृच्छ्रव्रत गर्नुपर्छ भन्ने कुरा **हेमाद्रिमा** उद्धृत गरिएको छ । यसबाट गङ्गाजलबाहेक अरू जल दूषित हुने कुरा स्पष्ट हुन्छ । **माधवीयमा कात्यायनले** वेधकाल वा ग्रहणकालमा भोजन गरेमा प्रायश्चित्त बताएका छन् – चन्द्र–सूर्य ग्रहणको बेला भोजन गरेमा प्राजापत्यले मात्र शुद्ध हुन्छ । ग्रहण लाग्ने दिन कुनै बेला पनि भोजन गरेमा त्यो व्यक्ति तीनरातसम्म अशुद्ध हुन्छ ।

ग्रहणे उपवासादीनां फलकथनम्

ग्रहणे च त्रिरात्रमेकरात्रं चोपवासः श्रेयोऽर्थिना कार्यः ।

एकरात्रमुपोष्यैव स्नात्वा दत्त्वा च शक्तितः । कञ्चुकादिव सर्पस्य निवृत्तिः पापकोशतः ।।

त्रिरात्रं समुपोष्यैवं चन्द्रसूर्ययोः । स्नात्वा दत्त्वा च विधिवन्मोदते ब्रह्मणा सह ।।

इति हेमाद्रौ लैङ्गोक्तेः । इदं च पुत्र्यतिरिक्तविषयम् ।

ग्रहणमा उपवासको फल

कल्याण चाहने मानिसले ग्रहणमा एकरात वा तीनरात उपवास गर्नुपर्दछ भन्ने अर्थमा **हेमाद्रिमा** उद्धृत **लिङ्गपुराणको** भनाइ यसप्रकार छ – 'ग्रहणकालमा एकरात उपवास गरी स्नान गरेर यथाशक्ति दान गर्दा सर्प काँचुलीबाट मुक्त भएझैं मानिस पापकोशबाट मुक्त हुन्छ । चन्द्र र सूर्यग्रहणमा तीनरात उपवास गरी स्नान–दान गरेपछि मानिस ब्रह्माजीको सान्निध्य पाएर आनन्दित हुन्छ ।' ग्रन्थकार भन्दछन् – उक्त कर्म र फलश्रुति पुत्र नहुनेहरूका लागि हो ।

पारणादौ विचारः

आदित्येऽहनि संक्रान्तौ ग्रहणे चन्द्रसूर्ययोः । पारणं चोपवासं च न कुर्यात्पुत्रवान् गृही ।।

इति जैमिनिवचनात् । यदा तु रवेर्ग्रस्तास्तस्तदा पुत्रिणः प्रहरद्वयं हित्वा बालादिवद्भोजनम्, न तूपवासः । **सायाह्ने ग्रहणं चेत्स्यात्** इति पूर्वोक्तमार्कण्डेयवचनात् ।

सायाह्ने सङ्गवेऽश्नीयाच्छारदे सङ्गवादधः । मध्याह्ने परतोऽश्नीयान्नोपवासो रविग्रहे ।।

इति स्मृतेश्चेति हेमाद्रिः । शारदोऽपराह्णः ।

ग्रहणमा पारणादि विचार

ग्रहण लागेको बेला पारण वा उपवासको विषयमा **जैमिनि**को भनाइ छुट्टै छ – पुत्रवान् गृहस्थले रविवार, संक्रान्ति र सूर्य–चन्द्रग्रहणमा पारण र उपवास गर्नुहुँदैन । जुन बेला सूर्य ग्रस्तास्त हुन्छन् त्यसबेला पुत्रवान् गृहस्थले दुईप्रहर छाडी बाल, वृद्ध र आतुरले झैं भोजन गर्नुपर्दछ र उपवास गर्नुहुँदैन । सायाह्नमा ग्रहण भएमा अपराह्नमा भोजन गर्न हुँदैन भन्ने **मार्कण्डेय**को पूर्वोक्त वचन सबैद्वारा अनुकरणीय छ । यस विषयमा **हेमाद्रिले स्मृतिविशेष**को वचन उद्धृत गर्दै भनेका छन् – सायाह्नमा ग्रहण लाग्ने भएमा सङ्गवकालमा भोजन गर्नुपर्दछ । अपराह्नमा ग्रहण लाग्ने भएमा संगवकालभन्दा अघि भोजन गर्नुपर्दछ । मध्याह्नमा सूर्यग्रहण लाग्ने भएमा मध्याह्नपछि भोजन गर्नुपर्दछ । तर उपवास बस्नु हुँदैन ।

माधवमते तु पुत्रिणोऽपि तत्रोपवास एव । **अहोरात्रं न भोक्तव्यम्** इति पूर्वोक्तनिषेधस्य तेनापि पालनीयत्वात् । उपवासनिषेधस्तु व्रतरूपोपवासपरः कृष्णैकादशीनिषेधवदिति । मदनरत्नेऽप्येवम् । इदमेव च युक्तम् । वर्द्धमानस्तु– **अहोरात्रं न भोक्तव्यम्** इति । शातातपीयाग्रे । **सूर्याचन्द्रमसोर्लोकानक्षयान् याति मानवः** इति फलश्रुतेर्मुक्त्यदर्शने उपवासः काम्यः, न त्वयं निषेध इत्याह । तन्न । अत्र व्रतत्वेऽपि प्रागुक्तविष्णुधर्मे निषेधावश्यंभावात् ।

माधवको मतमा पुत्रवान् गृहस्थले पनि उपवास गर्नुपर्दछ । **अहोरात्रं न भोक्तव्यम्** भन्ने **विष्णुधर्म**को वचन गृहस्थका लागि पनि पालनीय भएको हुँदा उपवास बस्नु नै उचित हुन्छ । **नोपवासो रविग्रहे** भनी गृहस्थका लागि उपवास निषेध गरिएको कुरा त कृष्णपक्षको एकादशीमा निषेध गरिने व्रतरूप उपवासको निषेध हो । **मदनरत्न**मा पनि यही कुरा भनिएको छ, उचित पनि यही नै हो । यस विषयमा **वर्धमान** भन्दछन् – **शातातप**ले अहोरात्र भोजन गर्न हुँदैन भनेको हुँदा र उपवास गर्दा मानव सूर्य र चन्द्रमाको अविनाशी लोकमा प्राप्त हुन्छ भन्ने फलश्रुतिसमेत रहेको हुँदा सूर्य र चन्द्रमालाई राहुले नछोड्दासम्म गरिने उपवास काम्य उपवास हो । यसको निषेध गरिएको छैन । ग्रन्थकार भन्दछन्– **वर्धमान**को यो भनाइ ठीक छैन । यहाँ व्रतको महिमा बताइए पनि पूर्वोक्त **विष्णुधर्म**को निषेधवाक्यमा गरिएको निषेध नै बलियो रहेको छ ।

चूडामणियोगः

तथा च व्यासः –

रविग्रहः सूर्यवारे सोमे सोमग्रहस्तथा । चूडामणिरिति ख्यातस्तत्र दत्तमनन्तकम् ।।
वारेष्वन्येषु यत्पुण्यं ग्रहणे चन्द्रसूर्ययोः । तत्पुण्यं कोटिगुणितं योगे चूडामणौ स्मृतम्।।

ग्रहणमा सम्भावित चूडामणियोग

व्यासले चूडामणियोग बताउँदै भनेका छन् – रविवारका दिन सूर्यग्रहण र सोमवारका दिन चन्द्रग्रहण लाग्दा चूडामणियोग

हुन्छ। ती दिनहरूमा गरिएको दान अनन्तफल दिन समर्थ हुन्छ । अरू वारमा सूर्य एवं चन्द्रग्रहण लाग्दा गरिएको स्नान–दानबाट जुन पुण्य प्राप्त हुन्छ त्योभन्दा करोडौंगुणा पुण्य चूडामणियोगमा गरिएको स्नान–दानबाट प्राप्त हुन्छ ।

ग्रहणे होमादौ विचारः

अत्र चाद्यन्तयोः स्नानं कुर्यात् ।

ग्रस्यमाने भवेत्स्नानं ग्रस्ते होमो विधीयते । मुच्यमाने भवेद्दानं मुक्ते स्नानं विधीयते ।।

इति हेमाद्रौ वचनात् । **स्नानं स्यादुपरागादौ मध्ये होमः सुरार्चनम्** इति ब्रह्मवैवर्ताच्च ।

ग्रहणमा होमसम्बन्धी विचार

ग्रहणकालमा ग्रहणलाग्दा र ग्रहणले छोड्दा स्नान गर्नुपर्दछ । यस सम्बन्धमा हेमाद्रिको भनाइ यसप्रकार छ– ग्रहण सुरु हुँदा स्नान गर्नुपर्दछ, ग्रहण लागिसकेपछि हवन गर्नुपर्दछ, ग्रहणले छोड्नलाग्दा दान गर्नुपर्दछ, ग्रहणले छाडिसकेपछि स्नान गर्नुपर्दछ । ब्रह्मवैवर्तपुराणमा पनि यसबारे यसरी उल्लेख गरिएको छ – ग्रहणको आरम्भमा स्नान गर्नुपर्दछ, ग्रहणको मध्यमा हवन र देवपूजा गर्नुपर्दछ ।

ग्रहणे सूतकादौ विचारः

सर्वेषामेव वर्णानां सूतकं राहुदर्शने । सचैलं च भवेत्स्नानं सूतकान्नं च वर्जयेत् ।।

इति वृद्धवसिष्ठोक्तेश्च । सचैलत्वं मुक्तिस्नानपरमिति मदनरत्ने उक्तम् ।

ग्रहणमा सूतकविचार

यस विषयमा वृद्धवसिष्ठले पनि भनेका छन् – 'राहुदर्शन गरेपछि सबै वर्णलाई सूतक लाग्छ त्यसबेला सचैलस्नान गर्नुपर्दछ । ग्रहणको सूतककालमा सूतकान्नको त्याग गर्नुपर्दछ ।' यहाँ सचैलस्नान भनिएकोमा यो स्नान राहुले छाडेपछि गरिने स्नान हो भन्ने कुरा मदनरत्नमा भनिएको छ ।

ग्रहणे स्नानाकरणे विचारः

भार्गवार्चनदीपिकायां चतुर्विंशतिमते –

मुक्तौ यस्तु न कुर्वीत स्नानं ग्रहणसूतके । स सूतकी भवेत्तावत् यावत्स्यादपरो ग्रहः ।।

इदं च स्नानममन्त्रकं कार्यमिति स्मृतिरत्नावल्याम् ।

ग्रहणमा स्नान नगर्दा दीर्घसूतक

भार्गवार्चनदीपिकामा उद्धृत चतुर्विंशतिमतमा भनिएको छ – ग्रहणसूतकमा ग्रहणले छाड्ने बेला जसले स्नान गर्दैन त्यो मानिस अर्को ग्रहण नलाग्दासम्म सूतकमा नै रहिरहन्छ । स्मृतिरत्नावलीमा ग्रहणकालमा गरिने स्नान विनामन्त्र गर्नुपर्दछ भनिएको छ ।

ग्रहणे गङ्गादिमहानदीषु स्नानकथनम्

तत्र तीर्थविशेषो भारते –

गङ्गास्नानं तु कुर्वीत ग्रहणे चन्द्रसूर्ययोः । महानदीषु चाऽन्यासु स्नानं कुर्याद्यथाविधि ।।

ग्रहणमा गङ्गा आदि महानदीमा स्नान

महाभारतमा ग्रहणमा स्नानका लागि विशेष तीर्थहरूको उल्लेख यसरी गरिएको छ – चन्द्र र सूर्यग्रहणमा गङ्गास्नान गर्नुपर्दछ र त्यसैगरी अरू महानदीहरूमा पनि विधिपूर्वक स्नान गर्नुपर्दछ ।

ग्रहणे कार्तिकमासादौ स्नानकथनम्

महानदीष्वपि मासविशेषे काश्चिच्छ्रेष्ठाः –

प्रयागं देविका रेवा सन्निहत्या च वारणम् । सरस्वती चन्द्रभागा कौशिकी तापिकी तथा ।।

सिन्धुर्गण्डकिका चैव सरयूः कार्तिकादितः ।। मूलं हेमाद्रौ स्पष्टम् ।

मासानुसार ग्रहणस्नानफल

मासविशेषअनुसार कुनै मासमा कुनै महानदी र कुनै मासमा कुनै महानदी श्रेष्ठ मानिएका छन् । जस्तै - कार्तिकमासमा प्रयागमा गङ्गा, मार्गशीर्षमासमा देविका, पौषमा रेवा, माघमा सन्निहत्या, फाल्गुनमा वरणा, चैत्रमा सरस्वती, वैशाखमा चन्द्रभागा, ज्येष्ठमा कौशिकी, आषाढमा तापिनी, श्रावणमा सिन्धु, भाद्रमा गण्डकी र आश्विनमा सरयूनदी श्रेष्ठ मानिएका छन् । यसको मूल हेमाद्रिमा हेर्नुपर्दछ ।

चन्द्र-सूर्यग्रहणादौ फले तारतम्यकथनम्

व्यासः – **इन्दोर्लक्षगुणं पुण्यं रवेर्दशगुणं ततः । गङ्गातोये तु सम्प्राप्ते इन्दोः कोटी रवेर्दश ।।**

गवां कोटिसहस्रस्य यत्फलं लभते नरः । तत्फलं लभते मर्त्यो ग्रहणे चन्द्रसूर्ययोः ।।

ग्रहणस्नानको फलमा तारतम्य

व्यासले ग्रहणमा स्नानको महत्त्व बताउँदै भनेका छन् – चन्द्रग्रहणमा गङ्गामा नुहाउँदा लाखगुणा बढी फल प्राप्त हुन्छ भने सूर्यग्रहणमा गङ्गामा नुहाउँदा कोटिगुणा बढी फल प्राप्त हुन्छ । चन्द्रग्रहणमा गङ्गामा नुहाउँदा कोटिगुणा बढी फल प्राप्त हुन्छ भने सूर्यग्रहणमा गङ्गामा नुहाउँदा दशकोटिगुणा फल प्राप्त हुन्छ । चन्द्रसूर्यग्रहणमा गङ्गास्नान गर्दा सहस्रकोटि गोदानको फल प्राप्त हुन्छ ।

कूपादौ ग्रहणे स्नानविचारः

असम्भवे तु माधवीये शङ्खः – **वापीकूपतडागेषु गिरिप्रस्रवणेऽपि च ।**

नद्यां नदे देवखाते सरसीषूद्धृताम्बुनि । उष्णोदकेन वा स्नायाद् ग्रहणे चन्द्रसूर्ययोः ।।

कुवा, पोखरी आदिमा स्नान

गङ्गा आदि महानदीको जलमा स्नान असम्भव भएमा के गर्ने भन्ने विषयमा माधवीयमा उद्धृत शङ्खको भनाइ यसप्रकार छ – सूर्य-चन्द्र ग्रहणमा पोखरी, कुवा, इनार, झरना, सरोवर, नदी एवं नदमा गई स्नान गर्नुपर्दछ अथवा मानिसले नखनीएका अपितु प्रकृतिद्वारा नै तयार गरिएका देवकुण्डमा स्नान गर्नुपर्दछ अथवा साना-साना सरोवरहरूका तीरमा स्नान गर्नुपर्दछ अथवा नद-नदीबाट झिकी ल्याएको जलले स्नान गर्नु पर्दछ अथवा तातो जलले स्नान गर्नुपर्दछ।

ग्रहणे नद्यादिस्नाने तारतम्यकथनम्

अत्र तारतम्यमाह मार्कण्डेयः –

शीतमुष्णोदकात्पुण्यमपारक्यं परोदकात् । भूमिष्ठमुद्धृतात्पुण्यं ततः प्रस्रवणोदकम् ।।

ततोऽपि सारसं पुण्यं ततो पुण्यं नदीजलम् । तीर्थतोयं ततः पुण्यं महानद्यम्बु पावनम् ।।

ततस्ततोऽपि गङ्गाम्बु पुण्यं पुण्यं ततोऽम्बुधिः ।। इति । उष्णोदकमातुरविषयम् ।

नदी आदि स्नान र फलमा तारतम्य

पोखरी, कुवा, तलाउ आदिमा स्नान गर्दा प्राप्त हुने पुण्यको न्यूनाधिक मात्रा बताउँदै **मार्कण्डेय** भन्दछन् – 'तातो जलभन्दा चिसो जलमा नुहाउँदा पुण्य प्राप्त हुन्छ । नदी आदिबाट झिकेको जलभन्दा नदी आदिमा रहेको जल पुण्यदायक हुन्छ। भुईंमा बग्ने जलभन्दा झरनाबाट झरेको जल पवित्र हुन्छ । झरनाको जलभन्दा सरोवरको जल पवित्र हुन्छ, सरोवरको जलभन्दा नदीको जल पवित्र हुन्छ, नदीको जलभन्दा तीर्थको जल पवित्र हुन्छ, तीर्थको जलभन्दा महानदीको जल पवित्र हुन्छ, महानदीको जलभन्दा गङ्गाको जल पवित्र हुन्छ र गङ्गाको जलभन्दा महासागरको जल पवित्र हुन्छ ।' ग्रन्थकार भन्दछन्– माथि पद्यमा जुन तातो जलले नुहाउनु भनिएको छ त्यो केवल रोगीहरूका निमित्त हो, अरूका निमित्त होइन ।

ग्रहणे नर्मदादिजलस्पर्शे महत्पुण्यकथनम्

तथा – **गोदावरी महापुण्या चन्द्रे राहुसमन्विते । सूर्ये च राहुणा ग्रस्ते तमोभूते महामुने ।।**
नर्मदातोयसंस्पर्शे कृतकृत्या भवन्ति ते ।।

ग्रहणमा नर्मदा आदि नदीमा स्नानको फल

चन्द्रग्रहण लाग्दा नुहाउनका निमित्त गोदावरी नदीलाई अत्यन्त पुण्यदायक मानिएको छ । यसैगरी सूर्यग्रहणमा नर्मदा नदीको जलस्पर्श गर्दा मानिसहरूले अत्यधिक पुण्य प्राप्त गर्दछन् ।

ग्रहणे समुद्रस्नाने फलविशेषः

पृथ्वीचन्द्रोदये प्रभासखण्डे – **गावो नागास्तिला धान्यं रत्नानि कनकं मही ।**

सम्प्रदाय कुरुक्षेत्रे यत्फलं लभ्यते नरैः । तदिन्दुग्रहणेऽम्भोधौ स्नानाद् भवति षड्गुणम् ।।

ग्रहणमा समुद्रस्नानको विशेषफल

पृथ्वीचन्द्रोदयको प्रभासखण्डमा भनिएको छ – मानिसले सूर्य–चन्द्र ग्रहणमा कुरुक्षेत्रमा गई गाई, हात्ती, तिल, धान्य, रत्न, सुवर्ण र भूमिदान गरेर जुन पुण्य प्राप्त गर्दछ त्योभन्दा ६ गुणा पुण्य चन्द्रग्रहणमा समुद्रमा गई स्नान गर्दा प्राप्त हुन्छ ।

ग्रहणे समुद्रस्नानस्य महत्फलकथनम्

तत्रैव सौरपुराणेऽम्बुधिस्नानमुपक्रम्य –

दानानि यानि लोकेषु विख्यातानि मनीषिभिः । तेषां फलमवाप्नोति ग्रहणे चन्द्रसूर्ययोः ।।

ग्रहणमा समुद्रस्नानको विशेषफल कथन

पृथ्वीचन्द्रोदयमा उद्धृत सौरपुराणको वचनमा समुद्रस्नानको विशेषता देखाउँदै भनिएको छ – संसारमा विद्वान्हरूले जति किसिमका दानको महिमा बताएका छन्, ती सबै दानको पुण्य चन्द्रग्रहण र सूर्यग्रहणमा समुद्रमा स्नान गर्दा प्राप्त हुन्छ ।

सूर्यग्रहणे गङ्गापुष्करादितीर्थस्नानविचारः

देवीपुराणे – गङ्गा कनखलं पुण्यं प्रयागे पुष्करं तथा । कुरुक्षेत्रं महापुण्यं राहुग्रस्ते दिवाकरे ।।

सूर्यग्रहणमा गङ्गा, पुष्कर आदि तीर्थ स्नानको फल

यसैगरी देवीपुराणमा सूर्य-चन्द्र ग्रहणमा महत्त्वपूर्ण मानिएका तीर्थहरूमा गई गरिने स्नानको महिमा बताउँदै भनिएको छ – सूर्यग्रहणमा गङ्गानदी, कनखल, प्रयाग, पुष्कर र कुरुक्षेत्र अत्यन्त पुण्यदायक मानिएका छन् ।

ग्रहणादौ स्नानासम्भवे तीर्थस्मरणविचारः

स्नानासम्भवे स्मरणं कार्यम् ।

स्मृत्वा शतक्रतुफलं दृष्ट्वा सर्वाघनाशनम् । स्पृष्ट्वा गोमेधपुण्यं तु पीत्वा सौत्रामणेर्लभेत् ।।

स्नात्वा वाजिमखं पुण्यं प्राप्नुयादविचारतः । रविचन्द्रोपरागे च अयने चोत्तरे तथा ।। इति मार्कण्डेयोक्तेः।

ग्रहणमा तीर्थस्नान सम्भव नहुँदा तीर्थको स्मरण

कुनै व्यक्ति उक्त पुण्यस्थानमा गई स्नान गर्न असमर्थ हुन्छ भने त्यसले ग्रहणका बेला ती सबै तीर्थहरूको संझना गर्नुपर्दछ । संझनाबाट पनि ठूलो पुण्य प्राप्त हुन्छ । यस विषयमा **मार्कण्डेय**ले भनेका छन् – तीर्थहरूको संझना गर्दा सय यज्ञ गरेको फल प्राप्त हुन्छ । तीर्थहरूमा गई दर्शन गर्दा सबै प्रकारका पापहरू विलीन हुन्छन् । तीर्थहरूको स्पर्श गर्दा गोमेध यज्ञ गरेको पुण्य प्राप्त हुन्छ । तीर्थहरूको जलपान गर्दा सौत्रामणि यज्ञ गरेको पुण्य प्राप्त हुन्छ । ग्रहणमा ती तीर्थहरूमा स्नान गर्दा अश्वमेध यज्ञ गरेको पुण्य प्राप्त हुन्छ ।

ग्रहणे श्राद्धकरणे विशेषफलकथनम्

अत्र श्राद्धमाह ऋष्यशृङ्गः –

चन्द्रसूर्यग्रहे यस्तु श्राद्धं विधिवदाचरेत् । तेनैव सकला पृथ्वी दत्ता विप्रस्य वै करे ।।

ग्रहणमा श्राद्ध गर्दा विशेषफल प्राप्ति

सूर्यचन्द्र ग्रहणमा गरिने श्राद्धको विषयमा श्रृष्यशृङ्ग भन्दछन् – जुन मानिसले चन्द्रग्रहण एवं सूर्यग्रहणमा विधिपूर्वक आफ्ना पितृहरूका निमित्त श्राद्ध गर्दछ त्यसले ब्राह्मणलाई सम्पूर्ण पृथ्वीदान गरेको फल प्राप्त गर्दछ ।

ग्रहणे श्राद्धाकरणे महत्कष्टम्

भारते – सर्वस्वेनापि कर्तव्यं श्राद्धं वै राहुदर्शने । अकुर्वाणस्तु नास्तिक्यात्पङ्के गौरिव सीदति ।।

ग्रहणमा श्राद्ध नगर्दा महाकष्ट

ग्रहणमा श्राद्ध नगर्दा महाकष्ट हुने कुरा बताउँदै **महाभारत**मा यसरी भनिएको छ – सूर्यग्रहण र चन्द्रग्रहणमा सर्वस्व दिएर भए पनि पितृहरूका निमित्त श्राद्ध गर्नुपर्दछ । जसले श्राद्ध गर्दैन त्यो व्यक्ति पितृहरूप्रतिको अनास्थाका कारण हिलोमा डुबेको गाईजस्तै संसारको हिलोमा डुबिरहन्छ र दुःख पाइरहन्छ ।

ग्रहणे हेमश्राद्धफलम्

विष्णुः - **राहुदर्शनदत्तं हि श्राद्धमाचन्द्रतारकम् ।** इदं चामान्नेन हेम्ना वा कार्यम्, नत्वन्नेन ।

आपद्यनग्नौ तीर्थे च चन्द्रसूर्यग्रहे तथा । आमश्राद्धं प्रकुर्वीत हेमश्राद्धमथापि वा ।।

इति शातातपोक्तेरिति हेमाद्रिमाधवादयः ।

ग्रहणमा हेमश्राद्धको फल

भगवान् विष्णुले पनि सूर्यग्रहणमा गरिने श्राद्धको महिमा बताउँदै भन्नुभएको छ - सूर्य वा चन्द्रग्रहणमा गरिने श्राद्धको फल पितृहरूले आकाशमा चन्द्रमा र तारा रहेसम्म भोग्न पाउँछन् । सूर्यग्रहणमा गरिने श्राद्ध काँचो अन्न अथवा सुवर्णद्वारा सम्पन्न गर्नुपर्दछ । यसमा पकाएको अन्न प्रयोग गर्न हुँदैन । यस विषयमा **शातातप, हेमाद्रि र माधवको** मत यसप्रकार छ - आपत्ति पर्दा, अग्नि नभेट्टाउँदा र सूर्य-चन्द्रग्रहणमा मानिसले काँचो अन्नले श्राद्ध गर्नुपर्दछ अथवा सुवर्णद्वारा गरिने हेमश्राद्ध गर्नुपर्दछ ।

पाकाभावे आमश्राद्धम्

अपरार्कस्तु - **एतद् द्विजानां पाकाभावे द्रष्टव्यं तीर्थश्राद्धवत् ।**

पाकाभावे द्विजातीनामामश्राद्धं विधीयते ।। इति सुमन्तूक्तेः ।

पाकाभावमा आमश्राद्ध

यस विषयमा **अपरार्क** भन्दछन् - ब्राह्मण, क्षत्रिय एवं वैश्यले माथि बताएका श्राद्धहरूको सम्पादन तीर्थश्राद्धको विधिले गर्नुपर्दछ । कारणवश पकाएको अन्न दिन नमिल्ने परिस्थितिमा सम्पूर्ण श्राद्धको विधि आमान्नप्रयोग गरेर सम्पन्न गर्नुपर्दछ भन्ने कुरा सुमन्तुले बताएका छन् ।

गजच्छायायोगे श्राद्धादिकथनम्

सैंहिकेयो यदा सूर्यं ग्रसते पर्वसन्धिषु । गजच्छाया तु सा प्रोक्ता तस्यां श्राद्धं प्रकल्पयेत् ।

घृतेन भोजयेद्विप्रान् घृतं भूमौ समुत्सृजेत् ।। इति वायवीयोक्तेश्चेत्याह ।

गजच्छायायोगमा श्राद्ध

वायुपुराणमा यस सम्बन्धमा चर्चा गर्दै भनिएको छ - अमावास्याका दिन राहुले सूर्यलाई ग्रस्त बनाएको समयलाई गजच्छाया भनिन्छ । यो अत्यन्त पुण्यसमय हो । तसर्थ मानिसहरूले यसमा पितृहरूको प्रसन्नताका निमित्त श्राद्ध गर्नुपर्दछ। श्राद्धमा ब्राह्मणहरूलाई घ्यू खुवाई तृप्त तुल्याउनु पर्दछ । श्राद्धको कर्म सम्पादन गर्दा पनि भुईंमा जलको सट्टा घ्यू नै चुहाउनु पर्दछ ।

ग्रहणे भोक्तुर्दोषकथनम्

विज्ञानेश्वरोऽप्याह - **ग्रहणश्राद्धे भोक्तुर्दोषो दातुस्त्वभ्युदयः** इति ।

ग्रहणमा भोक्तालाई दोष

श्राद्धभोजनको सम्बन्धमा **विज्ञानेश्वर** भन्दछन् - सूर्य-चन्द्रग्रहणमा गरिने श्राद्धमा भोजन गर्ने ब्राह्मणलाई दोष लाग्छ तर भोजन गराउने दाताको अभ्युदय हुन्छ ।

ग्रहणादौ भोजने पुरुषरूपेण पुनर्जन्माभावः

सूतके मृतके भुङ्क्ते गृहीते शशिभास्करे । छायायां हस्तिनश्चैव न भूयः पुरुषो भवेत् ।।

इत्यापस्तम्बेनभोजननिषेधात् । अयं च निषेधः श्राद्धभोक्तुर्हस्तिच्छायासाहचर्यात् । अत्र ग्रहणनिमित्तकश्राद्धे-नैवामासंक्रान्त्यादिनैमित्तिकानां सिद्धिः । दार्शिकालभ्ययोरपि इति कालादर्शोक्तेः ।

ग्रहणमा भोजन गर्दा फेरि पुरुषयोनिमा जन्म नहुने

आपस्तम्बले ग्रहणमा भोजन गर्न निषेध गर्दै भनेका छन् – 'जन्मसूतक, मरणसूतक, ग्रहण र गजच्छायामा जसले भोजन गर्दछ त्यो मानिस पतित हुन्छ र पुरुष भएर फेरि जन्मन पाउँदैन ।' वस्तुतः यो भोजननिषेध श्राद्ध गराउने ब्राह्मणका निमित्त हो । गजच्छायाको ठूलो महत्त्व रहेकाले त्यसबेला कसैले पनि भोजन गर्नुहुँदैन । यहाँ ग्रहणका बेला गरिने श्राद्धको चर्चा गरिएको छ तर यो नियम ग्रहणबाहेकका औंसी, संक्रान्ति आदिमा गरिने श्राद्धहरूमा पनि लागु हुन्छ । **कालादर्शमा** औंसी र संक्रान्तिका दिन पनि श्राद्ध गर्नुपर्दछ भनिएको छ ।

आशौचमध्येऽपि स्नानश्राद्धादिकथनम्

अत्राशौचमध्येऽपि स्नानश्राद्धादिकार्यमेव ।

सूतके मृतके चैव न दोषो राहुदर्शने । तावदेव भवेच्छुद्धिर्यावन्मुक्तिर्न दृश्यते ।।

इति माधवीये वृद्धवसिष्ठोक्तेः। **'स्मार्तकर्मपरित्यागो राहोरन्यत्र सूतके'** इति व्याघ्रपादोक्तेश्च। कालादर्शे अङ्गिराः-

सर्वे वर्णाः सूतकेऽपि मृतके राहुदर्शने । स्नात्वा श्राद्धं प्रकुर्वीरन् दानं शाठ्यविवर्जितम् ।।

मदनपारिजातेऽप्येवम् । **तेन स्नानमात्रं प्रकुर्वीत दानश्राद्धविवर्जितम्** इति निर्मूलं वदन्तो गौडा परास्ताः। इयञ्च शुद्धिरविशेषान्मन्त्रदीक्षापुरश्चरणादिसर्वस्मार्तकर्मविषया । मदनरत्नेऽप्येवम् ।

ग्रहणाशौचको बीचमा पनि स्नान-दानको व्यवस्था

ग्रहणकालमा कुनै मानिस आशौचमा परेको छ भने त्यसले ग्रहणस्नान एवं श्राद्ध आदि कर्म गर्नुपर्दछ । यस कुरालाई **माधवीय** ग्रन्थमा उद्धृत **वृद्धवसिष्ठको** वचनमा यसरी प्रस्तुत गरिएको छ – जननाशौच र मरणाशौच दुवैमा ग्रहणको दर्शन गर्दा दोष लाग्दैन । जबसम्म राहुले सूर्य अथवा चन्द्रमालाई छाड्दैन, तबसम्म त्यो आशौचमा परेको मानिस आशौचको दोषबाट मुक्त वा निर्लिप्त रहन्छ । **व्याघ्रपाद ऋषिले** भनेका छन् – अरू सूतकमा धर्मशास्त्रले बताएका कर्म गर्नुपर्दैन तर राहुको सूतकमा भने ती कर्म गर्नुपर्दछ । **कालादर्शमा अङ्गिराले** भनेका छन् – सबै जातिका मानिसहरूले जननाशौच, मरणाशौच र सूर्य-चन्द्रग्रहण लाग्दा नुहाई श्राद्ध गर्नुपर्दछ र कुनै कपट राख्नु हुँदैन, सुपात्रमा दान दिनुपर्दछ । यही कुरा **मदनपारिजातमा** पनि भनिएको छ । सूर्य-चन्द्रग्रहणमा स्नान गर्नुपर्दछ तर दान गर्नुहुँदैन भन्ने **गौडहरूको** भनाइ **अङ्गिराको** वचनबाट खण्डित हुन्छ । ग्रहणमा स्नान गर्दा पवित्रता प्राप्त हुने हुँदा ग्रहणकालमा मन्त्रदीक्षा, मन्त्रको पुरश्चरण आदि कर्म धर्मशास्त्रले बताएका हुन् । त्यसकारण पनि उक्त कर्म ग्रहणकालमा गर्न योग्य ठहर्छन् । यही कुरा **मदनरत्नमा** पनि बताइएको छ ।

ग्रहणनिमित्तक-रजस्वलास्नाने विचारः

रजस्वलायास्तु भार्गवार्चनदीपिकायां सूर्योदयनिबन्धे –

न सूतकादिदोषोऽस्ति ग्रहे होमजपादिषु । ग्रस्ते स्नायादुदक्याऽपि तीर्थादुद्धृत्य वारिणा ।। इति।

अत्र – **स्नाने नैमित्तिके प्राप्ते नारी यदि रजस्वला । पात्रान्तरिततोयेन स्नानं कृत्वा व्रतं चरेत् ।।**

इति मिताक्षरोक्तो विधिर्ज्ञेयः ।

ग्रहणनिमित्तक रजस्वलास्नानविचार

भार्गवार्चनदीपिकामा भनिएको छ – सूर्य–चन्द्रग्रहण लाग्दा सबैले हवन र जप गर्नुपर्दछ । कुनै व्यक्ति आशौचमा परेको छ भने पनि त्यसलाई दोष लाग्दैन । रजस्वला नारीले पनि कुवा, तलाउ, नदी आदिबाट अर्को भाँडामा पानी पाखा झिकेर नुहाउनुपर्दछ । यहाँ ग्रहणमा नैमित्तिकस्नान प्राप्त भएमा स्त्री रजस्वला हुन्छिन् भने पात्रमा राखिएको जलले नुहाएर व्रत गर्नुपर्छ भन्ने **मिताक्षरामा** बताइएको विधि जान्नु पर्दछ ।

ग्रहणे रात्रावपि श्राद्धादिकथनम्

तथा ग्रहणे रात्रावपि श्राद्धादिकार्यम् ।

ग्रहणोद्वाहसंक्रान्तियात्रार्तिप्रसवेषु । दानं नैमित्तिकं ज्ञेयं रात्रावपि तदिष्यते ।।

इति अपरार्के व्यासोक्तेः । **चन्द्रग्रहे तथा रात्रौ स्नानं दानं प्रशस्यते** इति देवलोक्तेश्च ।

ग्रहणमा रात्रिमा पनि श्राद्ध गर्नुपर्ने

ग्रहण लाग्दा मानिसहरूले रातको समयमा पनि श्राद्ध गर्नुपर्दछ भन्ने कुरा बताउँदै **अपरार्कमा व्यास** भन्दछन् – यात्रा, विवाह, ग्रहण, संक्रान्ति, रोग, शिशुको उत्पत्ति आदि कार्यमा गरिने दानलाई नैमित्तिकदान भनिन्छ । यो दान रातको समयमा पनि गर्नुपर्दछ । देवलले पनि चन्द्रग्रहणमा रातको समयमा स्नान र दान गर्नुपर्दछ भनेकाछन् ।

दिने चन्द्रग्रहणे रात्रौ च सूर्यग्रहणे विचारः

यदा तु ज्योतिःशास्त्रगम्ये दिने चन्द्रग्रहो रात्रौ च सूर्यग्रहः, तदा स्नानादि न कार्यम् ।

सूर्यग्रहो यदा रात्रौ दिवा चन्द्रग्रहस्तथा । तत्र स्नानं न कुर्वीत दद्याद्दानं च न क्वचित् ।।

इति षट्त्रिंशन्मतात् ।

दिनमा चन्द्रग्रहण र रातमा सूर्यग्रहण हुँदा स्नान-दान आदिको निषेध

जब ज्योतिषशास्त्रअनुसार रातमा सूर्यग्रहण र दिनमा चन्द्रग्रहण पर्दछन् त्यसबेला भने स्नान र दान गर्नुहुँदैन भन्ने कुरा षट्त्रिंशन्मतमा बताइएको छ ।

ग्रहणदिने वार्षिकश्राद्धप्राप्तौ विचारः

ग्रहणदिने वार्षिकश्राद्धप्राप्तौ तु प्रयोगपारिजाते गोभिलः –

दर्शे रविग्रहे पित्रोः प्रत्याब्दिकमुपस्थितम् । अन्नेनासम्भवे हेम्ना कुर्यादामेन वा सुतः ।। इति ।

अत्र रविपितृसुतशब्दाः प्रदर्शनार्थाः, न्यायसाम्यात् । तेन चन्द्रग्रहणेऽपि सपिण्डादिवार्षिकमन्त्रादिना तद्दिने एव कार्यमिति मदनपारिजाते व्याख्यातम् । पृथ्वीचन्द्रोदयेऽप्येवम् । तेन यानि –

आमश्राद्धं प्रकुर्वीत माससंवत्सरादृते । अन्नेनैवाब्दिकं कुर्याद्धेम्ना चामेन न क्वचित् ।।

इति मरीचिलौगाक्ष्यादिवचनानि, तानि ग्रहणदिनातिरिक्तविषयाणि । निर्णयामृतेऽप्येवम् ।

ग्रहणमा वार्षिकश्राद्ध

ग्रहणका दिन बाबुआमाको एकोद्दिष्टश्राद्ध पर्न आएमा गर्नुपर्ने विधिको विषयमा **गोभिलले प्रयोगपारिजातमा** आफ्नो मत यसरी व्यक्त गरेका छन् – अमावास्या र सूर्य–चन्द्रग्रहणका दिन बाबु–आमाको एकोद्दिष्टश्राद्ध पर्न आएमा पाकेको अन्न नपाइँदा काँचो अन्नद्वारा आमश्राद्ध र सुनको प्रयोग गरी हेमश्राद्ध सम्पन्न गर्नुपर्दछ । माथिका ऋषिहरूका विभिन्न मतहरूमा प्रयोग गरिएका अमावास्या, सूर्य–चन्द्र, पिता–पुत्र आदि शब्दहरू यथार्थ तथ्य बुझाउन दृष्टान्तका रूपमा प्रयोग गरिएका हुन् । त्यसकारण चन्द्रग्रहणमा सपिण्ड आदि वार्षिकश्राद्ध त्यसै दिन गर्नुपर्दछ । यो कुरा **मदनपारिजात, पृथ्वीचन्द्रोदय** आदि ग्रन्थहरूमा उल्लेख गरिएको छ । महिना–महिनामा गरिने श्राद्ध र वर्ष–वर्षमा गरिने श्राद्ध छाडी अरू श्राद्ध आमान्नद्वारा गर्नुपर्दछ । वार्षिकश्राद्ध पाकेको अन्नद्वारा नै गर्नुपर्दछ । आमान्न र सुवर्णद्वारा कहिले पनि गर्नु हुँदैन भन्ने **मरीचि, लौगाक्षि** आदिका वचनहरू ग्रहणदेखि भिन्न विषयमा आधारित छन् । **निर्णयामृतमा** पनि यस्तै लेखिएको छ ।

'ग्रहणात्तु द्वितीयेऽह्नि' इत्यादिश्लोकानां निर्मूलत्वकथनम्

यानि तु – **ग्रहणात्तु द्वितीयेऽह्नि रजोदोषात्तु पञ्चमे । ग्रस्तोदये यदा चन्द्रे प्रत्यब्दे समुपस्थितम् ।**
तद्दिने चोपवासः स्यात् प्रत्यब्दं तु परेऽहनि ।। तथा –
ग्रस्तावेवास्तमानं तु रवीन्दू प्राप्नुतो यदि । प्रत्यब्दं तु तदा कार्यं परेऽहन्येव सर्वदा ।।

इत्यादीनि वचनानि, तानि महानिबन्धेषु क्वाप्यनुपलम्भान्निर्मूलानि, प्रत्युत पूर्वोक्तनिबन्धेषु तद्दिने एव श्राद्धमुक्तमित्यलम्।

ग्रहणात्तु० इत्यादि श्लोकहरूको अप्रामाणिकता निरूपण

ग्रहणका दिन श्राद्ध परेको खण्डमा ग्रहणको दोष लाग्नाले श्राद्ध गर्नुहुँदैन, अपितु त्यसको भोलिपल्ट गर्नुपर्दछ । यसैगरी ग्रहणको दिन पत्नी रजस्वला भएमा त्यसको पाँचौं दिनमा श्राद्ध गर्नुपर्दछ । ग्रस्त एवं अस्त चन्द्रग्रहणका अवसरमा बाबु–आमाको श्राद्ध पर्न गएमा त्यो दिन उपवास बसेर त्यसको भोलिपल्ट श्राद्ध गर्नुपर्दछ । यसैगरी सूर्य र चन्द्रमा राहुबाट ग्रस्त भएर अस्ताएमा पनि श्राद्ध गर्नुपर्ने भएमा त्यो दिन श्राद्ध नगरी अर्को दिन श्राद्ध गर्नुपर्दछ । फेरि जुनसुकै श्राद्धको दिनमा पनि सूर्यग्रहण वा चन्द्रग्रहण परेमा त्यो दिन उपवास बसी अर्को दिन श्राद्ध गर्नुपर्दछ आदि अनेकौं ऋषिहरूका वचन पाइन्छन् । प्रामाणिक महानिबन्धहरूमा तिनको उल्लेख नगरिएकाले ती प्रमाण बन्न सक्दैनन् । त्यसकारण जुन दिन ग्रहण परेको छ त्यो दिन बाबु–आमाको श्राद्ध परेमा पर सार्नु हुँदैन त्यसै दिन गर्नुपर्दछ । यही निर्णय हो ।

सूर्यग्रहणे दीक्षाविचारः

ग्रहणादिसप्तदिनपर्यन्तं रामगोपालाद्यागमदीक्षोक्ता शिवार्चनचन्द्रिकायां ज्ञानार्णवे –
मन्त्राद्यारम्भणं कुर्याद् ग्रहणे चन्द्रसूर्ययोः । ग्रहणाद्वाऽपि देवेशि कालः सप्तदिनावधि ।।
रत्नसागरे – **सत्तीर्थेऽर्कविधुग्रासे तन्तुदामनपर्वणि । मन्त्रदीक्षां प्रकुर्वाणो मासर्क्षादीन्न शोधयेत्।।**
अत्र सूर्यग्रहणमेव मुख्यम् ।
सूर्यग्रहणकाले तु नान्यदन्वेषितं भवेत् । सूर्यग्रहणकालेन समो नान्यः कदाचन ।।
न मासतिथिवारादिशोधनं सूर्यपर्वणि ।। इति तत्रैव कालोत्तरवचनात् ।

सूर्यग्रहणमा दीक्षाविचार

ग्रहणदेखि सातदिनसम्म राम–गोपाल आदि मन्त्रहरूको दीक्षाप्रदान गर्नुपर्ने कुरा बताउँदै **शिवार्चनचन्द्रिकाको ज्ञानार्णवमा** भनिएको छ कि – 'हे पार्वती ! चन्द्र अथवा सूर्यग्रहणमा ग्रहणको सातदिनसम्म मन्त्र दीक्षा लिनु र दिनु पर्दछ।' यस विषयमा रत्नसागरमा भनिएको छ – 'चन्द्रग्रहण एवं सूर्यग्रहण, तीर्थ, बालकलाई दीक्षा दिने अवसर र मन्त्रग्रहण गर्ने समयमा मानिसहरूले महिना र नक्षत्रको विचार गर्नुपर्दैन ।' यहाँ ग्रहण भन्नाले सूर्यग्रहणलाई मुख्य मान्नुपर्दछ ।

चन्द्रग्रहणे दीक्षाविचारः

चन्द्रग्रहे तु या दीक्षा या दीक्षा व्रतचारिणाम् । वनस्थस्य च या दीक्षा दारिद्र्यं सप्तजन्मसु ।।

इति । तत्रैव योगिनीतन्त्रे निषेधाच्च ।

चन्द्रग्रहणमा दीक्षाविचार

चन्द्रग्रहणमा दीक्षाग्रहण गर्ने सम्बन्धमा **कालोत्तरतन्त्रमा** यसरी बताइएको छ – चन्द्रग्रहणमा लिइने दीक्षा, व्रत एवं उपवास गर्नेहरूद्वारा लिइने दीक्षा र घर छाडेर वनमा गई वानप्रस्थ आश्रम ग्रहण गर्न चाहने मानिसले लिने दीक्षाबाट मानिस सातजन्मसम्म कङ्गाल हुन्छ । ग्रहण परेमा दीक्षा लिन हुँदैन भन्ने कुरा **योगिनीतन्त्रमा** बताइएको छ ।

ग्रहणे जन्मराश्यादीनां शुभाशुभफलनिरूपणम्

ग्रहणं च जन्मराश्यादौ निषिद्धम् । तदुक्तं ज्योतिषे –

त्रिषट्दशाऽऽयोपगतं नराणां शुभप्रदं स्याद् ग्रहणं रवीन्द्वोः ।
द्विसप्तनन्देषु च मध्यमं स्याच्छेषेष्वनिष्टं कथितं मुनीन्द्रैः ।।

इति । आयः – एकादश । नन्दाः – नव । इषुः – पञ्चः । मदनरत्ने गर्गः –

जन्मसप्ताष्टरिःफाङ्कदशमस्थे निशाकरे । दृष्टोऽरिष्टप्रदो राहुर्जन्मर्क्षे निधनेऽपि च ।।

रिःफम् – द्वादश, अङ्काः – नव । निधनम् – सप्तमतारा । पृथ्वीचन्द्रोदये विष्णुधर्मे–

यन्नक्षत्रगतो राहुर्ग्रसते शशिभास्करौ । तज्जातानां भवेत्पीडा ये नराः शान्तिवर्जिताः ।।

जन्मराशिमा ग्रहणसम्बन्धी विचार

कुनै पनि मानिसको जन्मराशिमा ग्रहण परेमा त्यो दिन निषिद्ध हुन्छ । त्यसले उसलाई राम्रो गर्दैन । ज्योतिषशास्त्रमा बताइएको छ कि आफ्नो जन्मराशिबाट एघारौं, छैठौं, दशौं, पाँचौं र तेस्रो राशिमा सूर्यग्रहण वा चन्द्रग्रहण परेमा त्यो मानिसले अत्यन्त आनन्द प्राप्त गर्दछ तर आफ्नो राशिदेखि सातौं, नवौं र दोस्रो राशिमा सूर्यग्रहण एवं चन्द्रग्रहण पर्न गएमा त्यसले मध्यम फल दिन्छ । अन्य राशिमा ग्रहण पर्न गएमा साह्रै नराम्रो हुन्छ। **मदनरत्नमा गर्गमुनिले** भनेका छन् – आफ्नो राशिबाट सातौं, आठौं, नवौं, दशौं र बाह्रौं राशिमा सूर्यग्रहण अथवा चन्द्रग्रहण परेमा अशुभफल प्राप्त हुन्छ । जन्मनक्षत्रदेखि आठौं राशिमा ग्रहण पर्न गएमा त्यो साह्रै कष्टदायक हुन्छ। **पृथ्वीचन्द्रोदयको विष्णुधर्मप्रकरणमा** भनिएको छ कि जसको जन्मनक्षत्रमा रहेर राहुले सूर्य वा चन्द्रमालाई डस्ने काम गर्दछ त्यसबाट त्यस मानिसलाई स्वस्ति–शान्ति नगरेमा ठूलो पीडा हुन्छ । त्यसकारण त्यस्तो मानिसले विधि पुऱ्याएर स्वस्ति–शान्ति गर्नुपर्दछ ।

ग्रहणशान्तिनिरूपणम्

तत्रैव पुराणान्तरे –

सूर्यस्य संक्रमो वाऽपि ग्रहणं चन्द्रसूर्ययोः । यस्य त्रिजन्मनक्षत्रे तस्य रोगोऽथ वा मृतिः ।।

तस्य दानं च होमं च देवार्चनजपौ तथा । उपरागाभिषेकं च कुर्याच्छान्तिर्भविष्यति ।।

स्वर्णेन वाऽथ पिष्टेन कृत्वा सर्पस्य चाकृतिम् । ब्राह्मणाय ददेत्तस्य न रोगादिश्च तत्कृतः ।।

जन्मनक्षत्रं तत्पूर्वोत्तरे च त्रिजन्मनक्षत्रमित्युच्यते । जन्मदशैकोनविंशतितारा इति केचित् । सर्पस्य – तदाकारस्य राहोरित्यर्थः । अद्भुतसागरे भार्गवः –

यस्य राज्यस्य नक्षत्रे स्वर्भानुरुपरज्यते । राज्यभङ्गं सुहृन्नाशं मरणं चात्र निर्दिशेत् ।।

राज्यस्य नक्षत्रम् – अभिषेकनक्षत्रमिति तत्रैव व्याख्यातम् ।

ग्रहणशान्ति

ग्रहणशान्तिसम्बन्धमा पुराणविशेषमा भनिएको छ – 'जसको त्रिजन्मनक्षत्रमा सूर्यसंक्रान्ति पर्दछ, जसको त्रिजन्मनक्षत्रमा सूर्यग्रहण वा चन्द्रग्रहण पर्दछ त्यसलाई रोग लाग्छ र मृत्यु पनि हुनसक्छ । त्यस मानिसले जप, देवपूजा, दान आदि कर्म गर्नुपर्दछ । ग्रहणका मन्त्रले अभिषेक लिनुपर्दछ । सुवर्ण अथवा पीठोको सर्पको आकृति बनाएर ब्राह्मणलाई दान गर्नुपर्दछ । यसबाट ग्रहणबाट पैदा हुने सबै दोष नाश हुन्छन् र रोग लाग्दैन ।' उक्त पद्यमा त्रिजन्म पद रहेको छ त्यसको अर्थ जन्मनक्षत्र, जन्मनक्षत्रभन्दा पहिलो र जन्मनक्षत्रभन्दा पछिल्लो नक्षत्र हो । कसैले जन्मनक्षत्र, दशौं नक्षत्र र उन्नाइसौं नक्षत्रलाई पनि त्रिजन्मनक्षत्र भनेका छन् । सर्पको आकृति बनाउनुपर्छ भन्नुको तात्पर्य राहुको आकार सर्पको जस्तो भएकाले त्यस्तो आकृति बनाउँदा राहुलाई प्रसन्नता हुन्छ भन्ने हो । अद्भुतसागरमा भार्गवले भनेका छन् – जुन राज्यका राजाको राज्याभिषेक गरिँदा रहेको नक्षत्रमा आश्रित भएर राहुले सूर्यलाई डस्दछ त्यस राजाको राज्यभङ्ग हुन्छ, मित्रनाश हुन्छ र मरण पनि हुनसक्छ ।

भार्गवार्चनदीपिकायां ज्योतिःसागरे –

सौवर्णं कारयेन्नागं पलेनाथ पलार्धतः । तदर्धेन तदर्धेन फणायां मौक्तिकं न्यसेत् ।।

ताम्रपात्रे निधायाथ घृतपूर्णे विशेषतः । कांस्ये वा कान्तिलौहे वा न्यस्य दद्यात्सदक्षिणम् ।।

चन्द्रग्रहे तु रूप्यस्य बिम्बं दद्यात्सदक्षिणम् । नागं रुक्ममयं सूर्यग्रहे बिम्बं च हेमजम् ।।

तुरङ्गरथगोभूमितिलसर्पिश्च काञ्चनम् ।। कालविवेकेऽपि –

सुवर्णनिर्मितं नागं सतिलं कांस्यभाजनम् । सदक्षिणं सवस्त्रं च ब्राह्मणाय निवेदयेत् ।।

सौवर्णं राजतं वाऽपि बिम्बं कृत्वा स्वशक्तितः । उपरागभवक्लेशच्छिदे विप्राय कल्पयेत् ।।

त्यसको स्वस्ति–शान्तिका लागि भावार्चनदीपिकामा ज्योतिषसागरको वचन यसरी प्रकट गरिएको छ – ४० मासा[३६] अथवा २० मासा अथवा १० मासा अथवा ५ मासाको सुनको नाग बनाएर त्यसको फणामा मोती राखी नागलाई घ्यूले भरिएको

३६. ४० मासाको तौललाई शाण भनिन्छ र १० शाणको एक पल हुन्छ । यसरी ४० मासाको चार पल हुने कुरा स्पष्ट हुन्छ । भनिएको छ– 'चतुष्कर्षैः पलं प्रोक्तं दशशाणमितं बुधैः' – संस्कृत–नेपाली बृहत् शब्दकोष, महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५७ ।

ताँबोको अथवा बाँसको अथवा कान्तिसार फलामको भाँडोमा राखी दक्षिणासहित दान दिनुपर्छ । यसैगरी चन्द्रग्रहणमा चाँदीको चन्द्रमा बनाई ब्राह्मणलाई दक्षिणासहित दिनुपर्दछ । सूर्यग्रहणमा सुनको नाग बनाई घोडा, रथ, गाई, जमिन, तेल, घ्यू, सुवर्ण एवं दक्षिणासहित दान गरेर ब्राह्मणलाई दिनुपर्दछ । **कालविवेक** नामक ग्रन्थमा यसबारे चर्चा गर्दै भनिएको छ – सुनको नाग बनाई तिल, काँसको भाँडो, वस्त्र र दक्षिणा ब्राह्मणलाई दिनुपर्दछ । सुनको सूर्यको मूर्ति र चाँदीको चन्द्रमाको मूर्ति बनाएर ग्रहणबाट हुने कष्टनिवारणका लागि ब्राह्मणलाई दिनुपर्दछ । दान गरिसकेपछि राहुको प्रार्थना गर्नुपर्दछ ।

मन्त्रपाठद्वारा राहुप्रार्थना

मन्त्रस्तु – **तमोमय महाभीम सोमसूर्यविमर्दन । हेमताराप्रदानेन मम शान्तिप्रदो भव ।।**
विधुन्तुद नमस्तुभ्यं सिंहिकानन्दनाच्युत । दानेनानेन नागस्य रक्ष मां वेधजाद्भयात् ।।

राहुको प्रार्थना मन्त्र

तमोमय महाभीम० इत्यादि राहुका प्रार्थना मन्त्र हुन् । मन्त्रको अर्थ यसप्रकार छ – 'डरलाग्दो अन्धकारमय स्वरूप भएका हे राहु देवता ! तपाईंले सूर्य र चन्द्रमालाई परास्त गरी ती दुवैको मानमर्दन गर्नुहुन्छ । तपाईं उग्ररूपका देवता हुनुहुन्छ । मैले अहिले सुनको चन्द्रमाको प्रतिमा बनाएर दान गरेको छु । मलाई शान्ति प्रदान गर्नुहोस् । चन्द्रमामाथि आक्रमण गर्ने हे राहु ! हे सिंहिकाका पुत्र ! तपाईंलाई नमस्कार गर्दछु । हे अच्युत ! हे चन्द्रमर्दन ! मैले नागको मूर्ति बनाएर दान गरेको छु । यसबाट प्रसन्न भई मेरो रक्षा गर्नुहोस् ।'

ग्रहणशान्तये कलशस्थापना

अत्र शान्तिरप्युक्ता हेमाद्रौ मात्स्ये –

यस्य राशिं समासाद्य भवेद् ग्रहणसम्भवः । स्नानं तस्य प्रवक्ष्यामि मन्त्रौषधिसमन्वितम् ।।
चन्द्रोपरागं सम्प्राप्य कृत्वा ब्राह्मणवाचनम् । सम्पूज्य चतुरो विप्रान् शुक्लमाल्यानुलेपनैः ।।
पूर्वमेवोपरागस्य समानीयौषधादिकम् । स्थापयेच्चतुरः कुम्भान् ब्राह्मणान् सलिलान्वितान् ।।
गजाश्वरथ्यावल्मीकसङ्गमाद् ह्रदगोकुलात् । राजद्वारप्रदेशाच्च मृदमानीय निक्षिपेत् ।।
पञ्चगव्यं पञ्चरत्नं पञ्चत्वक् पञ्चपल्लवम् । रोचनं पद्मकं शङ्खं कुङ्कुमं रक्तचन्दनम् ।।
शुक्तिस्फटिकतीर्थाम्बुसितसर्षपगुग्गुलान् । मधुकं देवदारुं च विष्णुक्रान्तां शतावरीम् ।।
बलां च सहदेवीं च निशाद्वितयमेव च । गजदन्तं कुङ्कुमं च तथैवोशीरचन्दनम् ।।
एतत्सर्वं विनिक्षिप्य कुम्भेष्वावाहयेत्सुरान् ।

ग्रहणशान्तिका लागि कलशस्थापना

हेमाद्रिमा उद्धृत मत्स्यपुराणका वचनहरूमा शान्ति-स्वस्ति गर्ने विधि बताइएको छ – जुन पुरुषको राशिमा रही राहुले सूर्य अथवा चन्द्रमालाई डस्दछन् त्यस पुरुषले मन्त्र र औषधिद्वारा गर्नुपर्ने स्नानको विषयमा म बताउँछु । चन्द्रमाको ग्रहण लाग्दा कर्ताले ब्राह्मणहरूलाई बोलाएर उनीहरूबाट स्वस्तिवाचन गराउनुपर्दछ । चारजना ब्राह्मणहरूलाई सेतो माला, चन्दन आदि अर्पण गरी पूजा गरेर ग्रहणको शान्तिका लागि चाहिने औषधि जम्मा गरी चारवटा कलशमा जल भरेर राख्नुपर्दछ । त्यसपछि श्रद्धापूर्वक ती कलशहरूमा हात्ती-घोडा बस्ने ठाउँको माटो, राजमार्गको माटो, धमिराको

गोलाको माटो, जलकुण्डको माटो, दुईनदीका दोभानको माटो, राजद्वारको माटो र गाईका गोठको माटो ल्याई राख्नुपर्दछ। त्यसपछि घडाहरूमा पञ्चपल्लवमा प्रयोग गरिने वृक्ष – डुम्री, आँप, पाखरी, वर र पीपलका पातहरू, **पञ्चत्वक्** – उक्त वृक्षहरूका बोक्रा, **पञ्चरत्न** – हीरा, मोती, मुगा, नीर एवं पुखराज, **पञ्चगव्य** – गाईको गोबर, दूध, दही, गहुँत र घ्यू, गोरोचन, पद्मक अर्थात् कुट, शङ्ख, कुंकुम, रातो चन्दन, सिपी, स्फटिक, तीर्थको जल, सेतो सर्स्यूँ, गोकुलधूप, मधुक अर्थात् जेठीमधु, देवदारु अर्थात् दयाँलो, सहदेवी अर्थात् कालो भृङ्गराज, सर्पको काफल, प्रियङ्गु अर्थात् सुनटिकी, विष्णुक्रान्ता अर्थात् नीलो रङ्गको अपराजिता, शतावरी अर्थात् कुरिलो, बला अर्थात् जयन्ती फूल अथवा नीलो कटसरैया, निशाद्वितय अर्थात् बेसार, चुत्रो, हात्तीको दाँत, उशीर र चन्दन राख्नुपर्दछ । त्यति गरेपछि ती घडाहरूमा विधिपूर्वक देवताहरूको आवाहन गर्नुपर्दछ।

देवानामावाहनमभिषेकश्च

सर्वे समुद्राः सरितः तीर्थानि जलदा नदाः । आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।।
योऽसौ वज्रधरो देव आदित्यानां प्रभुर्मतः । सहस्त्रनयनः शक्रो ग्रहपीडां व्यपोहतु ।।
मुखं यः सर्वदेवानां सप्तार्चिरमितद्युतिः । चन्द्रोपरागसम्भूतामग्निः पीडां व्यपोहतु ।।
यः कर्मसाक्षी लोकानां धर्मो महिषवाहनः । यमश्चन्द्रोपरागोत्थां ग्रहपीडां व्यपोहतु ।।
रक्षोगणाधिपः साक्षान्नीलाञ्जनसमप्रभः । खड्गहस्तोऽतिभीमश्च ग्रहपीडां व्यपोहतु ।।
नागपाशधरो देवः सदा मकरवाहनः । स जलाधिपतिर्देवो ग्रहपीडां व्यपोहतु ।।
प्राणरूपो हि लोकानां सदा कृष्णमृगप्रियः । वायुश्चन्द्रोपरागोत्थां ग्रहपीडां व्यपोहतु ।।
योऽसौ निधिपतिर्देवः खड्गशूलगदाधरः । चन्द्रोपरागकलुषं धनदोऽत्र व्यपोहतु ।।
योऽसाविन्दुधरो देवः पिनाको वृषवाहनः । चन्द्रोपरागपापानि स नाशयतु शङ्करः ।।
त्रैलोक्ये यानि भूतानि स्थावराणि चराणि च । ब्रह्मविष्ण्वर्करुद्राश्च दहन्तु मम पातकम् ।।
एवमावाहयेद्देवान्मन्त्रैरेभिश्च वारुणैः । एतानेव तथा मन्त्रान् स्वर्णपट्टे विलेखयेत् ।।
ताम्रपट्टेऽथ वाऽऽलिख्य नववस्त्रे तथैव च । मस्तके यजमानस्य निदध्युस्ते द्विजोत्तमाः ।।
कलशान् द्रव्यसंयुक्तान्नानारूपसमन्वितान् । गृहीत्वा स्नापयेत् गूढं भद्रपीठोपरि स्थितम् ।।
पूर्वैरेव तु मन्त्रैश्च यजमानं द्विजोत्तमाः । अभिषेकं ततः कुर्यान्मन्त्रैर्वारुणसूतकैः ।।
आचार्यमर्चयेत्पश्चात्स्वर्णपट्टं निवेदयेत् । आचार्यदक्षिणां दद्यात् गोदानं च स्वशक्तितः ।।
होमं वाऽपि प्रकुर्वीत तिलैर्व्याहृतिभिस्तथा । दानं च शक्तितो दद्याद्यदीच्छेदात्मनो हितम् ।।
सूर्यग्रहे सूर्यनामयुक्तान्मन्त्राँश्च कीर्तयेत् । अनेन विधिना यस्तु ग्रहणे स्नानमाचरेत् ।
न तस्य ग्रहणे दोषः कदाचिदपि जायते ।।' इति ग्रहणशान्तिः ।

देवताहरूको आवाहन र कलशजलद्वारा अभिषेक

यजमानको पाप नाश गर्ने सबै समुद्र, नदी, तीर्थ, नद आदि मैले स्थापना गरेको कलशमा आएर बसुन्, आदित्यहरूका स्वामी १००० नेत्र भएका हातमा वज्र धारण गर्ने देवराज इन्द्रले ग्रहको पीडा नाश गरून् फेरि हातमा नागपाश धारण गर्ने, गोहीमाथि सवार हुने, जलका स्वामी वरुणदेवताले ग्रहपीडा नाश गरून् । संसारमा सबैका प्राण बनेर रहेका कृष्णसार

मृगलाई रुचाउने पवनदेवताले चन्द्रग्रहणबाट हुने पीडालाई नाश गरून् । खजानाहरूका स्वामी, हातमा त्रिशूल र गदा धारण गर्ने कुबेर देवताले चन्द्रग्रहणबाट हुने नराम्रो प्रभावलाई निराकरण गरून् । साँढेमाथि सवार हुने हातमा पिनाकनामक धनु लिने ललाटमा चन्द्रमा धारण गर्ने भगवान् शङ्करले चन्द्रग्रहणबाट हुने पाप नाश गरून् । स्वर्ग, नरक र पातालमा जति प्राणीहरू छन्, जति रूख-बिरुवा छन्, जति चलायमान पदार्थ छन्, ती सबैले मेरो पापनाश गरून् । यसैगरी भगवान् ब्रह्माजी, भगवान् नारायण र भगवान् शङ्करले मेरा पापहरूलाई खरानी बनाऊन् ।

उक्त मन्त्रहरूद्वारा देवताको आवाहन गरेपछि ती मन्त्रलाई सुनको वा ताँबोको पातोमा नयाँ कपडामा लेखेर ब्राह्मणहरूले यजमानको निधारमा बाँधी दिनुपर्दछ । ब्राह्मणहरूले यजमानलाई भद्रपीठमा राखी पहिलेका मन्त्र पढेर अनेकथरि द्रव्यले जलले भरिएका ती चारकलशलाई उठाई क्रमैले यजमानको शिरमा छर्केर अभिषेक दिनुपर्दछ । यजमानले पनि अभिषेक लिइसकेपछि आचार्यको पूजा गर्नुपर्दछ । मन्त्र लेखिएको सुनको पातो आचार्यलाई निवेदन गर्नुपर्दछ । शक्तिअनुसार आचार्य एवं ब्राह्मणहरूलाई दक्षिणा एवं गाईदान गर्नुपर्दछ । त्यसपछि **'ॐ भूः भुवः स्वः'** यी व्याहृति पढ्दै तिल चढाएर हवन गर्नुपर्दछ । आफ्नो हित चिताएर सकेसम्म दान गर्नुपर्दछ। सूर्यग्रहण भएमा सूर्यका नाममन्त्र र चन्द्रग्रहण भएमा चन्द्रका नाममन्त्रको जप गर्नुपर्दछ । जसले यो विधि अपनाई ग्रहणमा स्नान गर्दछ त्यसले ग्रहणको दोष बेहोर्नुपर्दैन ।

ग्रहणदर्शने विचारः

भार्गवार्चनदीपिकायां ब्रह्मसिद्धान्ते –

सर्वैः पटस्थितं वीक्ष्यं खस्थं तैलाम्बुदर्पणैः । ग्रहणं गुर्विणी जातु न पश्येत पटं विना ।।

ग्रहण हेर्न हुने अथवा नहुने विषयमा विचार

यहाँसम्म ग्रहणशान्ति विधि बताइयो । अब ग्रहण हेर्न हुने या नहुने विषयमा बताइन्छ । **भार्गवार्चनदीपिकाको** ब्रह्मसिद्धान्तमा भनिएको छ – मानिसहरूले आकाशमा रहेको ग्रहणलाई आँखामाथि कपडा राखेर हेर्नुपर्दछ अथवा पानीमा परेको प्रतिबिम्बमा ग्रहण हेर्नुपर्दछ अथवा सिसामा हेर्नुपर्दछ । यी सबै कुरा उपलब्ध नभएमा तेलमा पनि हेर्न सकिन्छ । गर्भिणी महिलाले कहिल्यै पनि आफ्नो आँखाका सामु कपडा नराखी ग्रहण हेर्न हुँदैन ।

मङ्गलकृत्येषु विधिविशेषकथनम्

तथा मङ्गलकृत्येषु विधिविशेषो हेमाद्रौ –

त्रयोदश्यादितो वर्ज्यं दिनानां नवकं ध्रुवम् । माङ्गल्येषु समस्तेषु ग्रहणे चन्द्रसूर्ययोः ।।

प्रकारान्तरं तत्रैवोक्तम् –

द्वादश्यादितृतीयान्तो वेध इन्दुग्रहे स्मृतः । एकादश्यादिकः सौरे चतुर्थ्यन्तः प्रकीर्तितः ।।

इदं च पूर्णग्रासे । **त्र्यहं खण्डग्रहे तयोः** इति तत्रैवोक्तेः । **इदं च ग्रस्तास्ते त्रिदिनं पूर्वम्** इति नारदेन ग्रस्तास्ते विशेषोक्तेर्ग्रस्तास्तभिन्नग्रहणपरम् । ज्योतिर्निबन्धे च्यवनः –

ग्रहणोत्पातभं त्याज्यं मङ्गलेषु ऋतुत्रयम् । यावच्च रविणा भुक्त्वा मुक्तं भं दग्धकाष्ठवत् ।।

अन्यानि चाग्नेयादिमण्डलानि तत्फलं वर्णविकारादिफलं च दैवज्ञेभ्यो ज्ञेयम् ।

मङ्गलकृत्यमा विधिविशेष

मङ्गलकार्यसम्बन्धी विशेषविधि बताउँदै हेमाद्रिमा भनिएको छ – चन्द्रग्रहण लाग्ने पूर्णिमाभन्दा पहिलेको त्रयोदशीको

दिनदेखि लिएर ९ दिनसम्म कसैले पनि मङ्गलकार्य गर्न हुँदैन अर्थात् ग्रहणपछिको षष्ठीतिथिसम्म घरमा कसैले पनि मङ्गलकार्य गर्न हुँदैन । प्रकारान्तरमा बताइएको छ कि द्वादशीतिथिदेखि लिएर तृतीयासम्म चन्द्रग्रहणको वेध पर्ने हुँदा यी दुवै तिथिका बीचमा मङ्गलकार्य गर्न हुँदैन । कसैले फेरि सूर्यग्रहणको अवसरमा सूर्यग्रहण लाग्ने अमावास्याभन्दा पहिलेको एकादशीदेखि सूर्यग्रहणपछिको चतुर्थीतिथिसम्म सूर्यग्रहणको वेध पर्ने हुनाले उक्त दुईतिथिको बीचमा मङ्गलकार्य गर्न हुँदैन भनेका छन् । यो वेध खग्रासग्रहणमा मात्र हुन्छ भन्ने कुरा सम्झनुपर्दछ किनकि खण्डग्रासग्रहणमा त तीनदिनमात्र वेधको दोष लाग्ने कुरा शास्त्रहरूमा बताइएको छ । यो कुरा पनि ग्रस्त भएर अस्त हुने ग्रहणबाहेक अरू ग्रहणमा मात्र लागु हुन्छ भनी सम्झनुपर्दछ । यस विषयमा **नारदले** भनेका छन् – ग्रस्तास्तग्रहणभन्दा पहिले तीनदिन वेधको प्रभाव हुन्छ । **ज्योतिर्निबन्ध ग्रन्थमा च्यवनऋषिले** आफ्नो भनाइ यसप्रकार प्रस्तुत गरेका छन् – जुन नक्षत्रमा ग्रहण परेको हुन्छ त्यस नक्षत्रलाई तीनऋतुसम्म मङ्गलकार्यका निमित्त वर्जित गर्नुपर्दछ । यस नक्षत्रलाई सूर्यले नभोग्दासम्म डढेको काठझैं मानेर सबै मङ्गलकार्यमा परित्याग गर्नुपर्दछ । ग्रहणसम्बन्धी आग्नेय आदि मण्डल, तिनका फल र वर्णविकार आदिको फलको विषयमा ज्योतिषीहरूबाट बुझ्नुपर्दछ ।

ग्रहणे मोक्षपर्यन्तं मन्त्रजपकथनम्

पुरश्चरणचन्द्रिकायाम् – **चन्द्रसूर्योपरागे च स्नात्वा प्रयतमानसः । स्पर्शादिमोक्षपर्यन्तं जपेन्मन्त्रं समाहितः ।।**

ग्रहणको मोक्षपर्यन्त मन्त्रजप

पुरश्चरणचन्द्रिकामा मन्त्रजप गर्ने विषयमा यसरी बताइएको छ – चन्द्रग्रहण वा सूर्यग्रहण हुँदा कर्ताले स्नान गरी एकाग्रचित्त भएर ग्रहणले स्पर्श गरेपछि मोक्ष नहुँदासम्म सावधान भई मन्त्रजप गर्नुपर्दछ ।

जपदशांशहोमादिकथनम्

जपाद्दशांशतो होमस्तथा होमात्तु तर्पणम् । तर्पणस्य दशांशेन मार्जनं कथितं किल ।।
तत्रैव देवतारूपं ध्यात्वात्मानं प्रपूज्य च । नमोन्तं मन्त्रमुच्चार्य तदन्ते देवताभिधाम् ।।
द्वितीयान्तामहं पश्चादभिषिञ्चाम्यनेन तु । तोयैरञ्जलिना शुद्धैरभिषिञ्चेत्स्वमूर्द्धनि ।।
मार्जनस्य दशांशेन ब्राह्मणानपि भोजयेत् । जपोऽर्चापूर्वको होमस्तर्पणं चाभिषेचनम् ।
भूदेवपूजनं पञ्चप्रकारोक्ता पुरस्क्रियाः ।।

जपको दशांश होम आदि निरूपण

मन्त्रजप गरेपछि जपको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश मार्जन गर्नुपर्दछ । जुन देवताको मन्त्रको जप गरिन्छ ती देवताको ध्यान र आत्माको पूजा गर्दै अन्तमा नमःपदको साथ मन्त्रको उच्चारण गरी द्वितीया विभक्ति लगाएर देवताको नामोच्चारण गर्नुपर्दछ । **ॐ सूर्याय नमः, सूर्यमहमभिषिञ्चामि** यो मन्त्र उच्चारण गरेर स्नान गराउनुपर्दछ । फेरि यसै मन्त्रले अञ्जलिद्वारा पवित्र जल आफ्नो मस्तकमा छर्केर र मार्जनको दशांश ब्राह्मणभोजन गराउनुपर्दछ । कुनै पनि देवताको पुरश्चरण गर्दा मन्त्रको जप, पूजा एवं होम, तर्पण, अभिषेक र ब्राह्मणपूजन यी पाँचतत्त्व रहेका हुन्छन् । यिनलाई राम्ररी सम्पन्न गरेपछि पुरश्चरण सिद्ध हुन्छ ।

होमाशक्तौ जपे विचारः

तथा – **होमाशक्तौ जपं कुर्याद्धोमसङ्ख्याचतुर्गुणम् । एवं कृते तु मन्त्रस्य जायते सिद्धिरुत्तमा ।।**

होमको असामर्थ्यमा जप

कुनै कर्ताले हवन गर्न नसकेमा तोकिएको हवनसंख्याभन्दा चारगुणा बढी मन्त्रजप गर्नुपर्दछ । यसो गरेमा मन्त्रसिद्धि हुन्छ ।

कुरुक्षेत्रप्रतिग्रहे प्रायश्चित्तकथनम्

ग्रहणप्रसङ्गात्कुरुक्षेत्रप्रतिग्रहे प्रायश्चित्तमुच्यते । तत्रारुणस्मृतौ – **प्रतिग्राही कुरुक्षेत्रे न भूयः पुरुषो भवेत्।**
तथापि मनसः शुद्ध्यै प्रायश्चित्तं समाचरेत् । तप्तकृच्छ्रद्वयं कुर्यादैन्दवेन समन्वितम् ।।
सत्रेण वा यजेताथ जपेद्वा लक्षसप्तकम् । वापीकूपतडागादिखननैर्विसृजेद्धनम् ।। इति । एतच्च–
यद्गर्हितेनार्जयन्ति कर्मणा ब्राह्मणा धनम् । तस्योत्सर्गेण शुद्ध्यन्ति दानेन तपसैव च ।।
इति मनूक्तेरुत्सर्गोत्तरं ज्ञेयमिति दिक् ।

कुरुक्षेत्रमा दान लिँदा प्रायश्चित्त गर्नुपर्ने

ग्रहणको प्रसङ्गमा कुरुक्षेत्रमा कसैले दान ग्रहण गरेमा त्यसको प्रायश्चित्त बताइन्छ । **अरुणस्मृतिमा** भनिएको छ – जुन मानिसले ग्रहणको बेला कुरुक्षेत्रमा गई दान ग्रहण गर्दछ त्यो मानिस अर्को जन्ममा मनुष्ययोनिमा जन्मन पाउँदैन । त्यस्तो मानिसले आफ्नो मनको शुद्धिका लागि प्रायश्चित्त गर्नुपर्दछ । त्यसले चान्द्रायणसहित दुई तप्तकृच्छ्रव्रत प्रायश्चित्त गर्नुपर्दछ अथवा सातलाख हवन गर्नुपर्दछ अथवा सातलाख मन्त्रजप गर्नुपर्दछ । त्यसले आफ्नो धन पोखरी, कुवा, तलाउ आदिको निर्माणजस्ता लोकहितकारी शुभकर्ममा लगाउनुपर्दछ । **मनुले** भनेका छन् – कुनै ब्राह्मणले निन्दित कर्म गरी धन कमाएमा आफूले कमाएको धनदान गरेपछि शुद्ध हुन्छ अथवा कठोर तपस्या गरेपछि शुद्ध हुन्छ । यसबाट ब्राह्मणले आफूले निन्दित कर्मबाट कमाएको धन शुभकर्ममा लगाउनुपर्दछ र शुद्धि हुन्छ भनने कुरा बुझिन्छ । वस्तुतः निन्दित कर्म गरी कमाएको समग्र धनको दान वा लोकहितकारी कर्म गरेपछि ब्राह्मण शुद्ध हुन्छ ।

ग्रहणे पूर्वसङ्कल्पितद्रव्यस्य विचारः

ग्रहणान्तरितस्य पूर्वसङ्कल्पितद्रव्यस्य द्वैगुण्यं भवतीति शिष्टाः । पठन्ति च ब्रह्मवैवर्ते –
दातव्यमिति नो काश्यां वक्तव्यं कुत्रचित्क्वचित् । अहोरात्रमतिक्रम्य तद्दानं द्विगुणं भवेत् ।।
दशोत्तरं पर्वसु स्याच्छतं चन्द्रग्रहे भवेत् । सूर्यग्रहे सहस्रं तन्मरणेऽनन्तकं स्मृतम् ।।
इति । अत्र मूलं चिन्त्यम् ।

ग्रहणमा पूर्वसङ्कल्पित द्रव्यसम्बन्धी विचार

ग्रहण लाग्नुभन्दा पहिले कसैले मैले यति धनदान गर्छु भनी सङ्कल्प गरी ग्रहणमा दान दिँदैन भने त्यसले आफूले सङ्कल्प गरेको धनको दुईगुणा धनदान गर्नुपर्दछ । **ब्रह्मवैवर्तमा** यस विषयमा भनिएको छ – कसैले पनि ग्रहण वा अरू समयमा काशी आदि पवित्र तीर्थमा गई मैले यति धनदान गर्नेछु भनेर सङ्कल्प गर्नु हुँदैन । सङ्कल्प गरेर दिन सकिएन भने त्यसको दुइगुणा दान गर्नुपर्ने हुन्छ । अझ अमावास्या एवं पूर्णिमातिथिमा यस्तो सङ्कल्प गरिन्छ भने र दिन सकिन्न भने दशगुणा बढी दान गर्नुपर्दछ । चन्द्रग्रहणमा यस्तो सङ्कल्प गरियो र दिन सकिएन भने सयगुणा बढी दान गर्नुपर्दछ । सूर्यग्रहणमा त्यस्तो सङ्कल्प गरी दिन नसकिएमा हजारगुणा दान गर्नुपर्दछ । म यति संख्यामा दान गर्छु भनी सङ्कल्प गर्ने मानिस दान दिन नपाउँदै मऱ्यो भने त्यसको प्रायश्चित्तका लागि अनन्तगुणा दान गर्नुपर्दछ । यो भनाइ शास्त्रहरूमा पाइन्छ तर कुन शास्त्रको भनाइ हो भन्ने कुरा अनुसन्धेय छ ।

ग्रहणविषये बौद्धतुल्यानां केषाञ्चन विचारस्तत्प्रतिवादश्च

अत्र केचिद्बौद्धतुल्या आहुः – ग्रहणस्य निमित्तत्वेन तन्निश्चयस्य प्रयोजकत्वात् । ज्योतिःशास्त्रादिना जातस्य ज्ञानस्य निमित्तत्वे प्राप्तेऽपि –

स्नानं दानं तपः श्राद्धमनन्तं राहुदर्शने । चन्द्रसूर्योपरागे तु यावद्दर्शनगोचरः ।।

इति जाबाल्यादिवचनेषु दृशिप्रयोगाच्चाक्षुषज्ञानस्यैवोपसंहारन्यायेन निमित्तत्वम् । अन्यथा दृशौ लक्षणा स्यात्। तेन मेघाच्छादनेऽन्धादीनां जन्मसप्ताष्टेत्यादिनिषिद्धदर्शनानां च स्नानश्राद्धादौ नाधिकारः इति ।

ग्रहणको विषयमा नास्तिकहरूको भनाइ र प्रतिवाद

केही बौद्धजस्ता नास्तिक मानिसहरूले भनेका छन् – ग्रहणकालमा गरिने स्नान, जप, दान आदिमा ग्रहण निमित्त कारण हो । ग्रहणको निश्चय नगरीकन कसैको पनि स्नान–दानमा प्रवृत्ति हुँदैन । यद्यपि ज्योतिषशास्त्रबाट जानिने अमुकसमयमा अमुकदेशमा ग्रहण लाग्नेछ भन्ने ज्ञानलाई पनि निमित्त मान्न सकिन्छ । ज्योतिषीबाट प्राप्त हुने ज्ञानमा निमित्तता प्राप्त भए पनि – राहुदर्शन हुँदा गरिने स्नान, दान, जप र श्राद्ध अनन्तफलदायक हुन्छन्, चन्द्रग्रहण र सूर्यग्रहणमा जबसम्म ग्रहण देखिइरहन्छ त्यसबेलासम्म गरिएका कर्मबाट अनन्त फल प्राप्त हुन्छ भन्ने जाबालि आदिका वचनहरूमा दर्शनशब्दको प्रयोग भएकाले राहु देखिँदासम्म भन्ने पदसमेत प्रयोग गरिएका कारण आँखाले गर्ने ज्ञान अथवा चाक्षुषज्ञाननै ग्रहणको निमित्त हो भन्ने निष्कर्ष सामु आउँछ । यसको तात्पर्य सूर्यग्रहण वा चन्द्रग्रहणलाई आफ्नै आँखाले नजर गरेपछि र गरुञ्जेलमात्र स्नान, दान, जप आदि कर्म गर्नुपर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । यस्तो नगरेमा दर्शनपदमा लक्षणा गरी दर्शनपदको तात्पर्य ग्रहण हो भन्ने लक्ष्यार्थ मानेर ग्रहणलाई निमित्त मान्नुपर्ने हुन्छ । तसर्थ ग्रहणलाई बादलले ढाकेमा दर्शकहरूलाई, दर्शनशक्ति लुप्त भएका अन्धाहरूलाई र जन्मराशि, सातौं राशि, आठौं राशि आदिमा ग्रहण लागेका कारण दर्शन गर्न निषेध गरिएका मानिसहरूलाई पनि स्नान–दान आदिमा अधिकार हुँदैन ।

कल्पतरुरप्याह – **दर्शनशब्देन चाक्षुषज्ञानं गृह्यते, न ज्ञानमात्रम् । अज्ञातस्य निमित्तत्वासम्भवान्निमित्तमहिम्नैव ज्ञानलाभेन दर्शनपदवैयर्थ्यापत्तेः । तेन चाक्षुषधीयोग्यः कालः पुण्यः । योग्यत्वं च प्रयत्नानपनेयचाक्षुषज्ञानप्रतिबन्धकराहित्यम् । तेन मेघाच्छन्ने योग्यताऽऽभावान्न स्नानादि** इति । निर्णयामृतेऽप्येवम् । तदेतत्तुच्छम् ।

कल्पतरुमा भनिएको छ कि – '**स्नानं दानम्**' इत्यादि श्लोकमा रहेको राहुदर्शनेपदमा प्रयोग गरिएका दर्शनशब्दको अर्थ आँखाबाट गरिने ज्ञान नै हो, ज्ञानमात्र होइन । जुनवस्तु जानिएको हुँदैन त्यो निमित्त बन्न सक्दैन। निमित्तको महिमाबाट ज्ञान हुन्छ भन्ने हो भने राहुदर्शने पदमा रहेको दर्शनपद व्यर्थ हुनेछ । त्यसकारण आँखाबाट ग्रहण गर्न योग्य अर्थात् देख्न सकिने काल नै ग्रहणको पुण्यकाल हो । प्रयासबाट हटाउन नसकिने चाक्षुषज्ञानको अवरोध नहुनु नै योग्यता हो । त्यसकारण बादलले ढाकिएको अवस्थामा बादल अवरोधक हुने भएका कारण आँखामा दर्शन गर्ने योग्यता हुँदैन । तसर्थ त्यसबेला स्नान, दान आदि कर्म हुनसक्दैनन् भन्ने कुरा निर्णयामृतमा पनि लेखिएको छ । उक्त पूर्वपक्षको मत अवगत गरेपछि ग्रन्थकार भन्दछन् – यो भनाइ नास्तिकहरूको भनाइजस्तै तुच्छ भनाइ हो ।

यदि चाक्षुषज्ञानं निमित्तं स्यात्तदा –

सूर्यग्रहो यदा रात्रौ दिवा चन्द्रग्रहस्तथा । तत्र स्नानं न कुर्वीत दद्याद्दानं न च क्वचित् ।।

इति वाक्यं व्यर्थं स्यात् । चाक्षुषज्ञानाभावेन प्राप्त्यभावात् तत्पूर्वकत्वाच्च निषेधस्य ।

यदि चाक्षुषज्ञान अर्थात् आँखाद्वारा देख्नुलाई निमित्त मान्ने हो भने – 'रात्रिमा सूर्यग्रहण र दिनमा चन्द्रग्रहण भएमा स्नान–दान गर्न हुँदैन' भन्ने वचन व्यर्थ हुनेछ । किनकि आँखाबाट दर्शन गर्न नसकिने हुनाले ती ग्रहणमा स्नानादि कर्म प्राप्त हुनेछैनन् । किनकि विधि भएमा मात्र निषेधको प्रवृत्ति हुन्छ ।

न चेदं ग्रस्तास्तपरम् । रविचन्द्रयोरस्तानन्तरं रात्रिदिवाग्रहणत्वादिति वाच्यम् । तत्रपदस्य ग्रहपरत्वेऽधिकरणत्वायोगान्निमित्तपरत्वे च तद्ग्रहनिमित्तकस्नानदानादेरस्तात्प्रागप्यभावापत्तेः ।

अत्र तत्रेति रात्रिदिने उच्येते सा वैश्वदेवीतिवद्गुणभूते अपि । तन्न । तादृशमन्त्रलिङ्गाभावात् । तयोर्निमित्तत्वेऽधिकरणत्वे वाऽन्यप्रयुक्तस्नानाद्यभावापत्तेश्च ।

कसैले माथिको पद्यमा गरिएको निषेध ग्रस्तास्तग्रहणमा राहुले ढाकेको समयमा सूर्य वा चन्द्रमा अस्ताउने ग्रहणका निमित्त हो भनी शङ्का गर्दछन् भने त्यो शङ्का गर्नु पनि हुँदैन किनकि उक्त पद्यमा सूर्यास्तपछि हुने रात र चन्द्रास्तपछि हुने दिनको ग्रहण गरिएको छ । **सूर्यग्रहो यदा रात्रौ०** इत्यादि पद्यमा प्रयोग गरिएको **तत्रपदको** सूर्यग्रहण वा चन्द्रग्रहण भनी अर्थ गर्ने हो भने रातमा सूर्य र दिनमा चन्द्रमारूप आश्रय हुँदैनन् । फेरि **तत्रपदको** निमित्त भन्ने अर्थ गर्ने हो भने अस्तभन्दा पहिले पनि ग्रहणका निमित्त स्नान–दान आदि कर्म हुनेछैनन् । **तत्रपदको** अर्थ रात्रि र दिन दुवै भनी स्वीकार गर्नुपर्दछ । जसरी **सा वैश्वदेवी** वाक्यमा[३७] वैश्वदेवीयागमा दूध तातो भएमा दही ल्याउने अर्थ गरिन्छ त्यसैगरी दिन वा रात्रिको प्राप्ति नभएको अवस्थामा **तत्रको** अर्थ गौणदिन र गौणरात्रि भनी स्वीकार गर्नुपर्दछ भन्ने प्रतिपक्षीको मतलाई अस्वीकार गर्दै ग्रन्थकार भन्दछन् – यो अर्थ उचित हुँदैन किनकि वैश्वदेवीयागमा त्यस्तो गौणपदार्थ प्रयोगका लागि मन्त्रलिङ्गात्मक व्यवस्था छ तर ग्रहणमा त्यस्तो कुनै व्यवस्था छैन । रात्रि र दिनलाई ग्रहणको निमित्त र आश्रय मान्ने हो भने पूरा दिन वा पूरा रात्रिमा अरू कर्ममा गरिने स्नान–दान पनि गर्न पाइनेछैन ।

किं च – **नेक्षेतोद्यन्तमादित्यं नास्तं यान्तं कदाचन । नोपरक्तं न वारिस्थं न मध्यं नभसो गतम् ।।** इति मनुवचनं बाध्येत, **दृष्टोऽरिष्टप्रदो राहुः** इत्यादि च । न चात्र विहिते दर्शने निषेधाप्रवृत्तिवत्पर्युदसनीयताऽपि न युक्तेति वाच्यम् । दर्शनस्य निमित्तत्वानुवादेन विधेयत्वाभावात् । एतच्चाग्रे वक्ष्यामः ।

रात्रि र दिनलाई नै निमित्त मान्ने हो भने उदाइरहेको सूर्य, अस्ताइरहेको सूर्य, राहुग्रस्त सूर्य, जलभित्र देखिने सूर्य र आकाशको मध्यभागमा प्राप्त भएको सूर्यलाई हेर्न हुँदैन भन्ने मनुको वचन पनि बाधित भई व्यर्थ हुनेछ र ग्रहणकालमा देखिने राहुले अनिष्ट प्रदान गर्दछ भन्ने वचन पनि बाधित हुनेछ । फेरि यहाँ कसैले भन्न सक्छन्– मनुद्वारा गरिएको निषेध यहाँ लागु हुँदैन किनकि सूर्यग्रहण वा चन्द्रग्रहणमा अमुकराशि वा अमुकनक्षत्रका मानिसहरूले दर्शन गरेपछि स्नान गर्नुपर्दछ भन्ने विधान गरिएकाले मनुद्वारा गरिएको निषेध यद्वा पर्युदास पनि उपयुक्त हुँदैन । त्यसको उत्तरमा ग्रन्थकार भन्दछन् – उक्त भनाइ पनि उचित छैन किनकि ग्रहणदर्शन नै स्नान–दान आदिको निमित्त हो भनी पुनः पुनः पुष्टि गरेपछि त्यो निमित्त अर्थात् ग्रहणदर्शन विधेय अर्थात् साध्य बन्न सक्दैन । यसबारे अरू कुरा पछि भन्नेछौं ।

३७. आश्वलायनको मतअनुसार फाल्गुनपूर्णिमाभन्दा एक दिन पहिले चातुर्मास्यका लागि वैश्वदेवी इष्टि र अग्नि एवं पर्जन्यका लागि वैश्वानरी इष्टि गर्नुपर्दछ । कात्यायनले विकल्प प्रस्तुत गर्दै भनेका छन् – वैश्वदेवीयागको सट्टा अन्वारम्भणीया इष्टि गरे पनि हुन्छ । यस इष्टिमा विश्वदेवका लागि आमिक्षा अर्थात् पनीरको होम गर्नुपर्दछ । यस इष्टिमा मन्त्र लिङ्गअनुसार वैकल्पिक प्रयोगको व्यवस्था रहेको छ । त्यसैगरी यहाँ पनि गौण दिन र गौण रात्रिको व्यवस्था गर्नुपर्दछ भन्ने उदाहरणको आशय हो ।

तत्त्वे वा दर्शनस्य विधौ तत्र स्नानविधौ च विरुद्धत्रिकद्वयापत्तेः । अस्तु सकृद्दर्शनविधानेन सङ्कोच इति चेन्न। **मुक्तिं दृष्ट्वा ततः स्नायात्** इति मुक्तिस्नानेऽपि चाक्षुषज्ञानस्य निमित्तत्वापत्तेः । अस्तु किं नश्छिन्नमिति चेन्न, ग्रस्तास्ते – **तयोः परेद्युरुदये दृष्ट्वाऽभ्यवहरेच्छुचिः** इति दर्शनोत्तरं भोजनविधानादन्धस्य पूर्ववेधकाल इव यावद्दर्शनं भोजननिषेधापत्तिः । मध्येऽन्धीभूतस्य सुतरां यावच्चक्षुःप्राप्त्युपवासप्रसङ्गश्च । अथान्नलोलुपतया तत्र ज्ञानमात्रं विवक्ष्यते । तत्तत्पूर्वमपि निर्लज्जेन स्वीक्रियताम् ।

ग्रहणको दर्शनलाई विधेय अर्थात् साध्य बनाउने हो भने दर्शनको विधि र स्नानको विधिमा परस्पर विरुद्धत्रिक[३८] अर्थात् तीनतत्त्व- उपादेयत्व, विधेयत्व र गुणत्व आइलाग्नेछन् । त्यसैगरी दर्शनलाई विधिको सट्टा अनुवाद मान्ने हो भने दर्शनमा उद्देश्यत्व, अनुवादत्व र मुख्यत्व यी तीनविरुद्धतत्त्व आइलाग्नेछन् । यसरी दोष लाग्नेछ । यो दोष हटाउन वाक्यभेद[३९] मान्नुपर्नेछ । त्यसो गर्दा वाक्यभेद नामक दोष आइलाग्नेछ । फेरि कसैले भन्न सक्छन् – त्यसो भए ग्रहण

३८. **'स्नानं दानं तपः श्राद्धमनन्तं राहुदर्शने'** ग्रहणप्रसङ्गमा आएको उक्त पद्यमा ग्रहणदर्शन र ग्रहणस्नानलाई महत्त्व दिइएको छ । दर्शन र स्नान यी दुई विधिको स्थापना गरिएकाले यहाँ दुइटा विधि सक्रिय भएजस्तो देखिन्छ । तर एउटै वाक्यमा दुई विधि रहन सक्दैनन् रहेमा वाक्यभेद हुन्छ । त्यसो गर्दा परस्पर विरुद्ध दुईवटा त्रिकदोष पर्ने देखिन्छ । जस्तो कि जघ्ना जुहोति वाक्यमा स्वर्ग आदि इष्टको भावना गर्दा होममा उपादेयत्व, विधेयत्व र गुणत्वनामक त्रिक अर्थात् तीन गुणको समूह देखापर्दछ – क) फललाई उद्देश्य बनाएर होमको उपादान गरिएको हुँदा उपादेयत्व । ख) फलको अनुवाद गरी होमको विधान गरिँदा विधेयत्व। ग) फललाई मुख्य मानेर होमलाई गौण बनाउँदा गुणत्व । अर्को तर्फ – क) होमलाई उद्देश्य बनाई दहीको उपादान गर्दा उद्देश्यत्व। ख) होमलाई अनुवाद गरी दहीको विधान गर्दा अनुवाद्यत्व। ग) होमलाई प्रधान बनाई दहीलाई गौण बनाउँदा मुख्यत्व । यसरी यहाँ पनि तीन दोषको प्रवृत्ति हुन्छ । यस सम्बन्धमा भनिएको छ–

उपादेयविधेयत्वगुणत्वाख्यं त्रिकं यजेः । उद्देश्यानूक्तिमुख्यत्वत्रिकं तस्य गुणं प्रति ।। – लौगाक्षि, अर्थसंग्रह, विधिप्रकरण ।

माथि बताएकै सरणिबाट निर्णयसिन्धुको ग्रहणदर्शन र ग्रहणस्नानको सन्दर्भलाई एउटै वाक्यमा प्रयोग गर्दा परस्पर विरुद्ध त्रिकको आपत्ति आइलाग्ने कुरा बताइएको छ ।

प्रथम त्रिक – क) दर्शनलाई उद्देश्य बनाई स्नानको उपादान गर्दा उपादेयत्व । ख) दर्शनको अनुवाद गरी स्नानको विधान गर्दा विधेयत्व । ग) दर्शनलाई प्रधान मानेर स्नानलाई गौण बनाउँदा गुणत्व । यसरी यहाँ ३ दोष उपस्थित हुने देखिन्छ ।

दोस्रो त्रिक – क) दर्शनलाई उद्देश्य बनाई स्नानको उपादान गर्दा उद्देश्यत्व । ख) दर्शनको अनुवाद गरी स्नानको विधान गर्दा अनुवाद्यत्व । ग) दर्शनलाई मुख्य मानी स्नानलाई गौण बनाउँदा मुख्यत्व । यसरी यो दोस्रो त्रिकमा पनि दोष उपस्थित हुनेछन् । जुन उपादेय हुन्छ त्यो उद्देश्य हुन सक्दैन, जुन विधेय हुन्छ त्यो अनुवाद्य बन्न सक्दैन र जुन गौण हुन्छ त्यो मुख्य बन्न सक्दैन। परस्परविरुद्ध गुणहरूको सङ्गति हुन नसक्ने हुँदा दोष हुनेछ । दोषनिवारण गर्न वाक्यभेद मान्नुपर्नेछ । वाक्यभेद स्वीकार गर्दा अर्को दोष आइलाग्नेछ।

३९. अङ्ग र अङ्गीको सहोच्चारणलाई वाक्य भनिन्छ । **'समभिव्याहारो वाक्यम्'** जस्तै **'यस्य पर्णमयी जुहूर्भवति'**मा अङ्गरूप पर्ण र अङ्गीरूप जुहुको सँगसँगै उच्चारण हुन्छ । त्यसैले यो वाक्य हो भन्ने कुरा अर्थसङग्रहको वाक्यप्रकरणमा लौगाक्षिभास्करले बताएका छन्। मीमांसा र धर्मशास्त्रमा वाक्यभेदको सिद्धान्त ज्यादै प्रसिद्ध छ । यसको शाब्दिक अर्थ वाक्यहरू अलग-अलग हुनु हो । जब कुनै वाक्य समानरूपमा स्वतन्त्र हुन्छन् र आफूलाई पूर्ण तुल्याउन अरू वाक्यका शब्दहरूको आकांक्षा गर्दैनन् त्यसबेला तिनीहरूलाई स्वतन्त्रवाक्य भनिन्छ । वाक्यभेदको मर्म के हो भने एउटै भनाइमा दुई भिन्न-भिन्न विधिहरूको व्यवस्था हुन सक्दैन । एउटै वाक्यमा धेरै गौण विषयको व्यवस्था गर्नु पनि दोषपूर्ण मानिन्छ । जहाँ भिन्न-भिन्न रहनुपर्ने वाक्यहरू जोडिएर आएका हुन्छन् त्यस अवस्थामा वाक्यभेदनामक दोष पर्न आउँछ । वाक्यरचना प्रकारको दृष्टिबाट वाक्यभेदको उदाहरणस्वरूप तैत्तिरीयसंहितामा प्रस्तुत गरिएका वाक्यको उदाहरणको अनुवाद यसप्रकार छ – यज्ञको मौलो डुम्रीको रूखबाट तयार गर्नुपर्दछ, डुम्री ऊर्ज अर्थात् शक्तिशाली हुन्छ । पशु ऊर्ज अर्थात् शक्तिशाली हुन्छ । यजमानले ऊर्ज अर्थात् डुम्रीको मौलोद्वारा ऊर्ज अर्थात् शक्ति प्राप्त गर्न ऊर्ज अर्थात् पशु प्राप्त गर्दछ । यो एउटा वाक्यरचना प्रकार हो । यहाँ उदुम्बर अर्थात् डुम्रीको प्रयोगका लागि एउटा विधि र फलप्राप्तिका लागि अर्को विधि छ भन्ने हो भने एउटै वाक्यमा दुई विधि नहुने हुँदा वाक्यभेद गराउनुपर्ने आपत्ति आउँछ । एउटा वाक्यमा दुइटा विधि रहन सक्दैनन् । तर एउटा विधि र अर्थवाद भने रहन सक्छन् । तन्त्रवार्तिकमा भनिएको छ- **बहवोऽपि ह्यर्था युगपदेकेन सम्बध्यन्ते न च तावता वाक्यं भिद्यते । अनेकविधितो हि वाक्यभेद उक्तः ।** अर्थात् एउटा वाक्यसँग अनेक अर्थको सम्बन्ध हुनसक्छ । त्यस सम्बन्धबाट मात्र वाक्यभेदनामक दोष उत्पन्न हुँदैन । तर एउटा वाक्यमा अनेक विधि रहँदा भने वाक्यभेद हुन्छ । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, भाग – ५, पूर्ववत्, पृ. १८७ ।

लाग्दा एकपटक दर्शन गरेपछि फेरि दर्शन नगर्ने गरी सङ्कोच गरे हुन्छ । त्यसको उत्तरमा ग्रन्थकार भन्दछन् – यो भनाइ पनि उचित छैन किनकि दर्शनलाई विधेय बनाई सङ्कोच गर्न मिल्दैन । **मुक्तिं दृष्ट्वा ततः स्नायात्** अर्थात् सूर्य वा चन्द्रमालाई राहुले छोडेको देखेपछि नुहाउनुपर्दछ । यस वाक्यबाट राहुको मुक्तिकालमा पनि राहुको दर्शन अर्थात् आँखाबाट गरिने ज्ञान नै निमित्त हुन आउनेछ ।

यो उत्तर सुनेपछि फेरि कसैले प्रश्न गर्न सक्छन् – आँखाबाट गरिने ज्ञान निमित्त भइरहोस् त्यसबाट हामीलाई के हानि हुन्छ? त्यसको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – के हानि हुन्छ भन्न हुँदैन किनकि सूर्य वा चन्द्रको ग्रस्तास्त ग्रहणमा **ततः परेद्युरुदये दृष्ट्वाऽभ्यवहरेच्छुचिः** अर्थात् दोस्रो दिन उदय भएपछि उनीहरूलाई ग्रहणमुक्त भएको देखेर शुद्ध भई भोजन गर्नुपर्दछ । यस वचनले दर्शनपछि भोजनको विधान गरेको छ । यसबाट ग्रहण लाग्दा अन्धालाई भोजन निषेध गरिएझैं शुद्ध चन्द्रमा र सूर्यको दर्शन नहुञ्जेल भोजन गर्न निषेध हुनेछ । जुन मानिस ग्रहण लागेपछि अन्धो हुन्छ त्यसले आँखा तयार नभएसम्म उपवास गर्नुपर्नेछ । यस्तो स्थिति हुने कुरा बुझेपछि तिमीले अन्नको लोभ गरेर ज्ञान दर्शनको अर्थ हो भन्ने कुरा स्वीकार गर्दछौ भने यही कुरा ग्रहण लाग्ने समयमा पनि लागु हुन्छ भनी लाजै छोडेर स्वीकार गर ।

एतेन यत्केनचिदुक्तं स्पर्शस्नानं मुक्तिस्नानञ्च यस्य दर्शनं तेनैव कार्यं नान्येन क्त्वाप्रत्ययेन समान–कर्तृकत्वावगतेरिति, तन्निरस्तम् । का तर्हि तस्य गतिः? दृशेरुद्देश्यविशेषणत्वाद् ग्रहैकत्ववदविवक्षयाऽर्थतः सिद्ध–ज्ञानमात्रानुवादत्वे सर्वं सुस्थम् । अङ्गुल्याद्यनादेश्यग्रहव्यावृत्या वा दर्शनस्यार्थवत्त्वम् । न चोक्तयोग्यतापि साध्वी, दर्शनोत्तरं मेघाच्छन्ने योग्यताऽभावापत्त्या दानाद्यभावापत्तेः। तेन तत्तद्रेखावच्छेदेन ज्योतिःशास्त्रावेद्यत्वमेव योग्यता। किं च – **'रजसो दर्शने नारी त्रिरात्रमशुचिर्भवेत्'** इत्यत्राप्यन्धस्त्रीणामाशौचाभावप्रसङ्गः ।

यस विषयमा कसैले भनेका छन् – ग्रहणमा स्पर्शस्नान र मोक्षस्नान त्यसले गर्नुपर्दछ, जसले स्वयं स्पर्श र मोक्षको दर्शन गरेको हुन्छ, अरूले गर्नु हुँदैन । **'मुक्तिं दृष्ट्वा ततः स्नायात्'** यस वाक्यमा प्रयोग गरिएको **दृष्ट्वा**पदको **क्त्वा**प्रत्ययले समानकर्तृकत्व अर्थात् दर्शन र स्नान गर्ने एउटै कर्ता जनाएका कारण जसले स्पर्श र मोक्ष देखेको छ त्यसैले स्पर्शस्नान र मोक्षस्नान गर्नुपर्दछ अरूले गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – यो भनाइ पनि ठीक छैन ।

त्यसबेला कसैले भन्न सक्छ – त्यसो भए के गर्ने ? त्यसको समाधान यो हुनसक्छ कि दर्शनका निम्ति उद्देश्य अर्थात् सूर्य–चन्द्रग्रहण विशेषण हो । विशेषण त्यो हो जसले विशेष्यमा रहेर अरू तत्त्वलाई हटाउँछ । **ग्रहं संमार्ष्टि**[४०]मा रहेको 'ग्रहम्' पदमा एकवचनको अर्थ एकत्व भन्न खोजिएको विषय नभएझैं दर्शनशब्दको अर्थबाट सिद्ध हुने ज्ञानमात्रको

---

४०. **दशापवित्रेण ग्रहं संमार्ष्टि** यस्तो वैदिक वाक्य रहेको छ। यसको अर्थ हो– सोमयागमा दशापवित्र अर्थात् वस्त्रखण्डद्वारा ग्रहम् अर्थात् सोमरस राख्ने पात्रलाई संमार्ष्टि अर्थात् सफा गर्दछ । यहाँ त्यो सोमरस राखिने ग्रह अर्थात् प्याला वा पात्रलाई वस्त्रका टुक्राहरूले पुछेर सफा गराउनुपर्छ र एकवचनको प्रयोग गरिएकाले एउटामात्र पात्रको सफाइ गर्नुपर्दछ, यसरी अर्थ गर्ने हो भने दुई वाक्य हुनेछन् । जस्तै – ग्रहं सम्मृज्यात्, एकमेव सम्मृज्यात् । यस्तो स्थिति नआओस् भनेर निर्णय गरियो कि – ग्रहंमा रहेको एक वचन विवक्षित विषय अर्थात् भन्न खोजिएको विषय होइन । त्यसैले एकवचनको वास्ता नगरी यज्ञका सबै पात्रहरूको सफाइ गर्नुपर्दछ भन्ने अर्थ हो । यसो नभन्ने हो भने याँ दुइटा विधि उपस्थित हुनेछन् । ग्रहणको प्रसङ्गमा पनि ग्रहणको दर्शन भन्न खोजेको विषय होइन। यहाँ त दर्शनशब्दको अर्थबाट सिद्ध हुने ज्ञानमात्र भन्न खोजिएको विषय हो । – पी.बी. काणे, पूर्ववत्, पृ. १८७ ।

वस्तुतः ज्योतिष्टोमप्रकरणमा **'ग्रहं संमार्ष्टि'** यस्तो वेदवाक्य छ । यस वाक्यको तात्पर्य सोमयागमा ऐन्द्र, वायव्य आदि अनेक ग्रह अर्थात् पात्र हुन्छन् । ती पात्रको आकार ओखलको जस्तो हुन्छ । ती पात्रहरूको शुद्धिका निमित्त **'ग्रहं संमार्ष्टि'** पदको प्रयोग गरिएको छ । वाक्यमा एउटा अर्थ बुझाउने एकवचनको प्रयोग गरी ग्रहं बनाइएको छ । त्यहाँ पात्र धेरै हुन्छन् । एकवचनद्वारा निर्देश गरिएपछि एउटै मात्र पात्रको शुद्धि गर्ने कि अरू पात्रहरूको पनि शुद्धि गर्ने भन्ने शङ्का हुन्छ । एउटै पात्रको शुद्धि गर्दा वेदको वाक्य सार्थक हुन्छ । यसो भएतापनि यहाँ एकवचन र बहुवचनको विवक्षा नभई पात्रशुद्धि नै विवक्षित विषय हो । त्यसैगरी ग्रहणको प्रसङ्गमा पनि दर्शन विवक्षित विषय होइन, दर्शनशब्दको अर्थबाट सिद्ध हुने ज्ञानमात्र विवक्षित विषय हो ।

अनुवाद मान्नु नै सबैभन्दा उचित हुन्छ र दर्शनपद पनि सार्थक हुन्छ । **नेक्षेतोद्यन्तम्० दृष्टोऽरिष्टप्रदो राहु०** इत्यादि पद्यहरूमा अङ्गुलिद्वारा निर्देश नगरिएको ग्रहणमा दर्शन गर्न नहुने योग्यताको निरूपणबाट नै दर्शनशब्द सार्थक हुन्छ । फेरि दर्शनशब्दको अर्थ देख्न सकिने योग्यता मान्नु पनि ठीक हुँदैन । किनकि त्यस अवस्थामा सूर्य वा चन्द्रमा बादलले ढाकिँदा दर्शनको योग्यता नहुनाले दान आदि कर्म सम्भव हुने छैनन् भन्ने आपत्ति आउँछ । यहाँ अरू योग्यता र अयोग्यताको चर्चा गर्नुभन्दा के बुझ्नुपर्दछ भने ज्योतिषशास्त्रीहरूलाई ज्योतिषद्वारा जुन रेखामा ग्रहण लाग्दछ भन्ने ज्ञान छैन त्यसलाई अदर्शनको योग्यता र जुन रेखामा ग्रहण लाग्दछ भन्ने ज्ञान छ त्यसलाई दर्शनको योग्यता मान्नुपर्दछ । स्नान आदि कर्म सम्पादनमा निमित्त ग्रहण हो । ग्रहणको ज्ञान ज्योतिषशास्त्र आदिबाट हुन्छ । जुन रेखाले उक्त प्रदेशमा ग्रहणको दर्शनयोग्यता ज्योतिषीले बताउँछन् त्यो देशमा ग्रहणदर्शनकाल नै पुण्यकाल हुन्छ । फेरि नारीको रजोदर्शनपछि तीनरातसम्म ती नारी अशुद्ध रहन्छिन् भन्ने वाक्यमा हामीले आँखाले देख्नुलाई नै योग्यता मान्ने हो भने अन्धी आइमाईहरूले रजस्वला हुँदा बार्नुपर्ने छैन किनकि उनीहरूले आँखाबाट रजोदर्शन गरेका हुँदैनन् ।

यत्तु वर्धमानेनोक्तम् – ज्ञानोत्तरं ह्यधिकारो न ज्ञानकाले । स्नानकाले ज्ञानाभावात् । एवं दर्शनोत्तरं मुक्तिपर्यन्तमस्त्येव योग्यतेति, तदपि प्रतिज्ञामात्रम् । किञ्च ग्रस्तास्ते– **तयोः परेद्युरुदये दृष्ट्वाभ्यवहरेच्छुचिः** इत्यादिवाक्यवैयर्थ्यापत्तिः। चाक्षुषज्ञानान्यथानुपपत्त्यैवार्थादुदये स्नानसिद्धेः । न तु मुक्तिस्नाने शास्त्रीयमेव ज्ञानं निमित्तं न चाक्षुषम् ।

चन्द्रसूर्यग्रहे नाद्यात् तस्मिन्नहनि पूर्वतः । राहोर्विमुक्तिं विज्ञाय स्नात्वा कुर्वीत भोजनम् ।।

इति वृद्धगौतमेन विज्ञायेति ज्ञानमात्रोक्तेः ।

जुन कुरा फेरि **वर्धमान**ले भनेका छन्– आँखाबाट ग्रहण लागेको थाहा पाएपछि नै स्नान गर्ने अधिकार प्राप्त हुन्छ। ज्ञानकालमा त्यो प्राप्त हुँदैन । स्नानकालमा पनि ज्ञान भइसकेको हुँदैन । त्यसकारण ग्रहण लागेको देखेपछि नछोडेसम्म सम्पूर्ण ज्ञानको योग्यता आँखाले देख्नुमा रहेको हुन्छ । ग्रन्थकार भन्दछन् – यो भनाइ पनि प्रतिज्ञामात्र हो किनकि सूर्य–चन्द्र ग्रस्तास्त अर्थात् ग्रहण लागेकै बेला अस्ताउँदा दोस्रो दिन दुवैको उदय भएपछि दर्शन गरी शुद्ध भएर भोजन गर्नुपर्दछ भन्ने वाक्य व्यर्थ हुनेछ । त्यहाँ आँखाबाट गरिने ज्ञानको अभावमा अर्थात् ग्रहणले छोडेको नदेखिएको अवस्थामा पनि दोस्रो दिनको उदयमा स्नान सिद्ध हुन्छ । अतः ग्रहणमोक्षमा गरिने स्नानमा चाक्षुषज्ञान अर्थात् आँखाले देख्नु निमित्त होइन, शास्त्रीय ज्ञान नै निमित्त हो । **वृद्धगौतम**ले चन्द्र–सूर्य ग्रहणमा त्यसै दिन भोजन गर्न हुँदैन, किन्तु चन्द्र एवं सूर्य राहुबाट मुक्त भएको थाहा पाएपछि भोजन गर्नुपर्दछ भनेका छन् । यो तथ्य खुलाउँदा **वृद्धगौतम**ले उक्त पद्यमा **विज्ञायपद** प्रयोग गरेका छन् । **विज्ञाय**को अर्थ जानेर भन्ने हुन्छ । यो चाक्षुषज्ञान अर्थात् आँखाबाट गरिने ज्ञान होइन, अपितु ज्ञानमात्र हो ।

यत्तु – **मुक्तिं दृष्ट्वा तु भोक्तव्यं स्नानं कृत्वा ततः परम्** इति तदपि ज्ञानमात्रपरम् ।

मेघमालादिदोषेण यदि मुक्तिर्न दृश्यते । आकलय्य तु तत्कालं स्नात्वा भुञ्जीत वाग्यतः ।।

इति गौडनिबन्धे वचनात् । मैवम् । अज्ञातस्य निमित्तत्त्वाभावेन निमित्तमहिम्नैव ज्ञानलाभे वाक्यवैयर्थ्यात्, ग्रस्तास्तेऽपि तदापत्तेश्च ।

गौडनिबन्धमा भनिएको छ कि– 'राहुले सूर्य वा चन्द्रमालाई छाडेको देखेपछि स्नान गरेर भोजन गर्नुपर्दछ' यो भनाइ पनि ज्ञानमात्र परक हो । बादलको पंक्तिले ढाकिदिनाले जब ग्रहणको मोक्ष देख्न सकिँदैन त्यस अवस्थामा यतिबेलासम्म

सूर्य वा चन्द्रमा ग्रहणबाट मुक्त हुन्छन् भन्ने कुरा शास्त्रबाट अवगत गरी स्नान गरेर मौनपूर्वक भोजन गर्नुपर्दछ । **गौडनिबन्धको** उक्त वचनबाट पनि आँखाबाट गरिने ज्ञानलाई नै निमित्त मानेको देखिएकाले ज्ञानमात्र निमित्त हुनसक्दैन, यस्तो कसैले भनेका छन् । त्यसको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – यो हुनसक्दैन । अज्ञात विषय कहिले पनि कुनै ठोस निर्णयको वा दर्शनविशेषको कारण हुनसक्दैन । निमित्तको महिमाबाट ज्ञानप्राप्त हुने कुरा पहिले भनिएकाले फेरि दोहोऱ्याउँदा वाक्य व्यर्थ हुन जानेछ । फेरि ग्रस्तास्तमा दोस्रो दिन गर्नुपर्ने विषयमा पनि आपत्ति हुनजाने हुँदा **गौडमत** उपेक्षायोग्य छ ।

किञ्च दर्शनं पुंसो विशेषणमुपलक्षणं वा ? । नाद्यः । दर्शनावच्छिन्ने काले स्नानतुलादानादेर्बाधात् । दर्शनविच्छेदे कृतमपि स्नानादि न ग्रहणनिमित्तं स्यात् । नान्त्यः । **यावद्दर्शनगोचरः** इति यावत्पदवैयर्थ्यप्रसङ्गात्। दृष्टग्रहणोत्तरमपि स्नानाद्यापत्तेश्च । ज्ञानपक्षेऽप्येष दोषस्तुल्य इति चेत् मूर्खोऽसि । यदि ज्ञानवाचकं पदं श्रूयते, ततस्तस्यान्वयो विचार्येत । दृशिस्तु श्रूयत इति वैषम्यम् । कथं तर्हि ज्ञानं लभ्यते ? । **संक्रान्तौ स्नायात्** इति वदर्थादित्यवेहि । अश्रुतत्वादेव नोद्देश्यविशेषणविवक्षाकृतो वाक्यभेदोऽपि । अस्तु तर्हि दृष्टं ग्रहणं निमित्तमिति चेत् । ग्रस्तास्तेऽस्तोत्तरं स्नानापत्तेः । विशिष्टोद्देशे वाक्यभेदाच्च । तवाप्येतत्तुल्यमिति चेत् **यावद्दर्शनगोचरः** इति वचनेन तन्निषेधात् । तव त्वन्यग्रह इव ग्रस्तास्तेऽपि स्यात् ।

पुनः ग्रन्थकार भन्दछन् – दर्शन पुरुषको विशेषण हो अथवा उपलक्षण यो प्रश्न गर्न सकिन्छ । विशेषण हो कि भन्ने पक्ष उचित छैन किनकि दर्शनकालमा स्नान र तुलादान आदि हुनसक्दैनन् । त्यसबेला स्नान र तुलादान गर्ने हो भने कर्ताका आँखा ग्रहणमा केन्द्रित हुँदैनन् र दर्शनविच्छेद हुन्छ । यस्तो विच्छेद हुँदा गरिएको स्नान आदि कार्य ग्रहणका निमित्त नहुने हुनेछन् । त्यसो भए दर्शन उपलक्षण हो त ? यो पनि हुनसक्दैन । किनकि **यावद्दर्शनगोचरः** वाक्यमा प्रयोग गरिएको यावत्पद व्यर्थ हुन्छ । फेरि देखिएको ग्रहणपछि स्नान, दान आदि गर्नुपर्ने हुन्छ । दर्शनको अर्थ ज्ञान हो भन्ने पक्षमा पनि यही आपत्ति आउन सक्छ । त्यसको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – तिमी यस्तो शङ्का गर्छौ भने मूर्ख हौ किनभने ज्ञानवाचकपद सुनिएको भए त्यसको अन्वय विचार गर्न सकिने थियो । यहाँ त दर्शन अर्थ प्रकट गर्ने दृश्‌धातु दर्शन बनेर सुनिएको छ । तिम्रो–हाम्रो सिद्धान्तमा यही अन्तर वा यही विषमता छ ।

प्रश्न गर्नेले फेरि भन्न सक्छ – त्यसो भए कसरी ज्ञान भन्ने अर्थ प्राप्त हुन्छ ? त्यसको उत्तरमा ग्रन्थकार भन्दछन् – **संक्रान्तौ स्नायात्** भन्ने वाक्यबाट जसरी संक्रान्तिको ज्ञान हुन्छ त्यसरी नै दर्शनशब्दबाट ज्ञान भन्ने अर्थ थाहा हुन्छ । फेरि वाक्यरूपमा नआएकाले उद्देश्य र विशेषणको विवक्षामा आधारित वाक्यभेद पनि हुनेछैन । यो उत्तर दिएपछि फेरि कसैले शङ्का गर्न सक्छ – देखिएको ग्रहण नै निमित्त हुन्छ त ? यसको उत्तरमा ग्रन्थकार भन्दछन् – त्यसो भन्ने हो भने ग्रस्तास्त हुँदा स्नान गर्नुपर्ने हुन्छ । दर्शनविशिष्ट उद्देश्य मानेको खण्डमा वाक्यभेद हुनेछ । कसैले यहाँ शङ्का गर्न सक्छ – दर्शनको अर्थ ज्ञान भन्ने तपाईंको सिद्धान्तमा पनि त ग्रस्तास्त हुँदा स्नान र विशिष्ट उद्देश्यको निर्धारण गर्दा वाक्यभेदको आपत्ति आइलाग्दैन र ? उक्त प्रश्नको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – **यावद्दर्शनगोचरः** अर्थात् जबसम्म देखिइरहन्छ भन्ने वचनबाट दर्शन नहुँदा स्नान निषेध गरिएको छ । तर तिमीहरूको मतमा त अरू ग्रहणमा जस्तै ग्रस्तास्तमा पनि स्नान गर्नुपर्ने देखिन्छ।

किञ्च दर्शनस्य विधिरनुवादो वा ? । आद्ये ग्रहणोद्देशेन दर्शनविधिरुत दर्शनविशिष्टस्नानविधिरुत स्नानोद्देशेन दर्शनविधिः ? । नाद्यः । ग्रहोद्देशेन स्नानविधाने दर्शनविधाने च वाक्यभेदात् । एतेन द्वितीयोऽपि परास्तः । न तृतीयः । स्नानस्याप्राप्तेः दर्शनस्य निमित्तत्वेनाविधेयत्वाच्च । अन्यथा सोमवमनादौ प्रसञ्जनविधिः केन वार्येत । अथ नानावाक्येषु

क्वचिद्दर्शनविशिष्टस्नानविधिः । क्वचिच्च प्राप्तं दर्शनं निमित्तीकृत्य स्नानमात्रविधिः, तन्न । स्नानस्य प्रधानस्य प्राप्तौ तदङ्गदर्शनप्राप्तिः, तस्यां च निमित्ते सति स्नानमित्यन्योन्याश्रयात्। एवं दर्शनविधौ सति तन्निमित्तकस्नानविधिः । सति च प्रधानस्नानविधौ तदङ्गदर्शनविधिः । एवमधिकारे प्रयोजकत्वे च योज्यम् । क्त्वार्थपूर्वकालविधौ चास्त्येव वाक्यभेदः । अन्यथा स्नानोत्तरमपि दर्शनमङ्गं स्यात् । न द्वितीयः । तत्रापि दर्शनग्रहयोर्निमित्तत्वे स्नानद्वयापत्तेः । दर्शनावृत्तौ नैमित्तिकावृत्तिप्रसङ्गाद्दर्शनविशिष्टग्रहणस्य विशिष्टस्यानुवादे वाक्यभेदापत्तेः । न च हविरार्तिवद्विशिष्टं निमित्तमिति वाच्यम् । आर्तिमात्रस्य हि निमित्तत्वे निमेषाद्यार्तेरपि तत्त्वापत्तेर्नैमित्तिकत्वभङ्गाद्युक्तं विशिष्टोद्देश्यत्वम् । इह तु ग्रहणमात्रस्य निमित्तत्वे न काचित् क्षतिः । तस्माद्दर्शनवाक्यानां ग्रस्तास्तविषयत्वादनादेश्यग्रहपरत्वाद्वा ज्ञानस्य चार्थतः प्राप्तेस्तदेव निमित्तम् । तेन मेघाद्याच्छादने अन्धादेश्च स्नानादि भवत्येवेत्यलं वेदबाह्यैस्संलापेन । इति ग्रहणनिर्णयः ।

यहाँ तीनविकल्प हुनसक्छन् – ग्रहणका उद्देश्यले दर्शन विधि हो ? अथवा दर्शनरूप विशेषणले विशिष्ट स्नानको विधि हो ? अथवा स्नानका उद्देश्यले हुने दर्शनको विधि हो ? पहिलो विकल्प हुनसक्दैन । किनकि त्यस परिस्थितिमा ग्रहणका उद्देश्यले स्नानको विधि र दर्शनविधि मान्दा वाक्यभेद हुनजानेछ । यस्तै तर्कका कारण दोस्रो विकल्प पनि हुनसक्दैन । तेस्रो विकल्प पनि प्राप्त हुनसक्दैन किनकि स्नान प्राप्त हुन नसकेमा दर्शन निमित्त भएर विधेय बन्न सक्दैन। दर्शननिमित्तक स्नानविधि स्वीकार गर्ने हो भने लौकिकसोमवमनमा र वैदिकसोमवमनमा चरुहोम गर्नुपर्ने कुरा कसैले निवारण गर्न सक्छ ?[४१]

वस्तुतः दर्शन विधि[४२] हो वा अनुवाद[४३] ? यस्तो कसैले शङ्का गर्न सक्छन् । विभिन्नथरि वाक्यहरूमा कहीँ

४१. **सोमवमन** – मीमांसासूत्रमा सोमवनको प्रायश्चित्त गर्ने विषयमा चर्चा गर्दै भनिएको छ– सोमवमन गर्ने मानिसले सामाधानको चरु तयार गरी सोमरसका निमित्त सोमयज्ञ गर्नुपर्दछ । वैदिक सोमपान ज्योतिष्टोम यज्ञमा गरिन्छ । लौकिक सोमपान शरीरका धातुहरूको साम्यका लागि सात रात वा दश रात बिराएर गरिन्छ । वैदिक सोमपान गर्दा बमन भयो भने प्रायश्चित्त गर्ने अथवा लौकिक सोमपानमा वमन भयो भने प्रायश्चित्त गर्ने भन्ने प्रश्न गरिएको छ । प्रश्नको उत्तरमा मीमांसामा भनिएको छ– 'वेदोक्तपाने वमने चरुः स्यात्' (३/४/३८–३९) अर्थात् वैदिक सोमपानमा वमन भएमा मात्र प्रायश्चित्त गर्नुपर्छ, लौकिक वमनमा प्रायश्चित्त गर्नुपर्दैन । यहाँको प्रसङ्गमा दर्शनविधिनिमित्तक स्नानविधि स्वीकार गर्ने हो भने लौकिक सोमपान र वैदिक सोमपान दुवैमा वमन भएकै कारणबाट प्रायश्चित्त गर्नुपर्ने हुन्छ । त्यसकारण एउटै वाक्यमा दुइटा विधि स्वीकार गरिँदैन ।

४२. **अनुवाद** – प्रमाणान्तरबाट प्राप्त अर्थलाई बुझाउने वाक्य अनुवाद कहलाउँछ । जस्तै– आगो हिँउको ओखति हो (अग्निर्हिमस्य भेषजम्), यहाँ जाडाको दबाई आगो हो भन्ने कुरा प्रमाणबाट सिद्ध भएकाले यो वाक्य अनुवादनामक अर्थवादको उदाहरण हो ।

प्रमाणान्तरको विरोध र प्रमाणान्तरको प्राप्ति दुवै नभएको अर्थ बताउने अर्थवाद वाक्यलाई भूतार्थवाद भनिन्छ, जस्तै – इन्द्रले वृत्रासुरको हत्याका निमित्त वज्र उठाए (इन्द्रो वृत्राय वज्रमुदयच्छत) । यो वाक्यको कहीँ विरोध पनि छैन र कतैबाट समर्थन पनि भएको छैन । माथि बताइएका तीन भेदको रूपमा अर्थवादका उदाहरणहरूले अर्थवादको प्रकृति बुझाउन सहयोग गर्दछन् । – लौगाक्षि, अर्थसंग्रह, अनुवादप्रकरण ।

४३. **विधि**– अपौरुषेय वाक्य वेदका विधि, मन्त्र, नामधेय, निषेध र अर्थवाद गरी पाँच भेद हुन्छन् । अज्ञात अर्थलाई ज्ञात गराउने वेदवाक्यलाई विधि भनिन्छ । मुख्यरूपमा उत्पत्तिविधि, विनियोगविधि, अधिकारिविधि र प्रयोगविधि गरी विधि चार प्रकारको मानिएको छ। कर्मको स्वरूपमात्र बताउने विधिलाई उत्पत्तिविधि भनिन्छ । जस्तै – अग्निहोत्रं जुहोति । अङ्ग र अङ्गीको सम्बन्ध बताउने विधिलाई विनियोगविधि भनिन्छ, जस्तै – दध्ना जुहोति । कर्मबाट प्राप्त हुने फलको भोग निरूपण गर्ने विधिलाई अधिकारिविधि भनिन्छ, जस्तै – यजेत स्वर्गकामः । प्रयोगलाई शीघ्र सम्पादन गर्न प्रवृत्त गराउने वाक्यलाई प्रयोगविधि भनिन्छ अथवा अङ्गहरूको क्रम बताउने विधिलाई पनि प्रयोगविधि भनिन्छ । यसैगरी प्रयोगविधि, नियमविधि, परिसङ्ख्याविधिजस्ता अरू विधि पनि मीमांसाशास्त्रमा वर्णन गरिएका छन् । – लौगाक्षि, अर्थसंग्रह, विधिप्रकरण ।

दर्शनविशिष्ट स्नानविधि र कहीँ दर्शननिमित्त स्नानविधिमात्रको विधि छ । त्यसैले यो दर्शन विधि हो कि अनुवाद भन्ने कसैले प्रश्न गर्न सक्छन् । ग्रन्थकार भन्दछन् – यो शङ्का ठीक छैन । किनकि प्रधान विषय स्नान प्राप्त भएमा नै त्यसको अङ्ग दर्शनको प्राप्ति हुनेछ । दर्शनलाई निमित्त मान्दा स्नान प्राप्त हुनेछ । यसो गर्दा अन्योन्याश्रय दोष आइलाग्नेछ । यसैगरी दर्शनविधि स्वीकार गर्दा दर्शनलाई निमित्त मानेर स्नानविधिको प्रवृत्ति हुनेछ । स्नानविधिलाई प्रधान मान्दा अङ्गका रूपमा दर्शनविधि प्रयुक्त हुनेछ । यसैगरी अधिकारलाई प्रेरणादायक शक्ति स्वीकार गरी योजना गर्नुपर्दछ । **मुक्तिं दृष्ट्वा तु भोक्तव्यम्** मा परेको दृष्ट्वापदमा गरिएको **क्त्वाप्रत्ययलाई** पूर्वकालत्व विधि मानेमा अवश्य वाक्यभेद हुन्छ । अन्यथा स्नानपछि पनि दर्शन अङ्ग हुनआउँछ । दोस्रो वाक्य पनि उचित छैन किनकि त्यहाँ पनि दर्शन र ग्रहणलाई निमित्त मान्दा दुईपटक स्नान गर्नुपर्नेछ । दर्शनको आवृत्ति गर्दा नैमित्तिकको पनि आवृत्ति गर्नुपर्नेछ । दर्शनविशिष्ट ग्रहणको विशिष्ट अनुवाद[४४] स्वीकार गर्दा वाक्यभेद हुन आउनेछ । यहाँ कसैले भन्न सक्छन् – [४५]हविरार्तिमा जस्तै विशिष्टलाई निमित्त मान्दा के हुन्छ ? ग्रन्थकार भन्दछन् – हविरार्तिमा जस्तै विशिष्टलाई निमित्त मान्न यहाँ मिल्दैन । यहाँ आर्तिनाशलाई निमित्त मान्दा निमेषार्ति आदिलाई पनि निमित्त मान्नुपर्नेछ । यसो गर्दा नैमित्तिकता भङ्ग हुनसक्छ । तसर्थ विशिष्टलाई निमित्त होइन, अपितु उद्देश्यत्व मान्नु उचित हुनेछ । यहाँ त केवल ग्रहणलाई निमित्त मान्दा कुनै हानि हुनेछैन । तसर्थ दर्शन वाक्यहरू ग्रस्तास्तविषयक र अनादेश्य ग्रहणविषयक भएकाले अर्थबाट ज्ञानप्राप्त हुनाले ग्रहणस्नान र दर्शन आदिमा ज्ञान नै निमित्त हो । यसैले ग्रहणलाई बादलले ढाकेको अवस्थामा पनि अन्धा आदिले स्नान गर्नुपर्दछ भन्ने हाम्रो मत हो । अब यस विषयमा नास्तिकहरूसँग आलाप गर्नु व्यर्थ हुनेछ । ग्रहण निर्णय यत्ति हो ।

समुद्रस्नानादिविचार:

अथ समुद्रस्नानम् । आश्वलायनः –

समुद्रे पर्वसु स्नायादमायां च विशेषतः । पापैर्विमुच्यते सर्वैरमायां स्नानमाचरन् ।।

भृगौ भौमदिने स्नानं नित्यमेव विवर्जयेत् ।

भारते – **अश्वत्थसागरौ सेव्यौ न स्प्रष्टव्यौ कदाचन । अश्वत्थं मन्दवारे तु सागरं पर्वणि स्पृशेत् ।।**

पृथ्वीचन्द्रोदये स्कान्दे – **पुनाति पर्वणि स्नानात्तर्पणैः सरितां पतिः ।**
कदाचिदपि नैवात्र स्नानं कुर्यादपर्वणि ।।

---

४४. विधिवाक्यको प्रशंसा वा निन्दा गर्ने वाक्यलाई अर्थवाद भनिन्छ । अर्थवादका मुख्यरूपमा तीन भेद मानिएका छन् – गुणवाद, अनुवाद र भूतार्थवाद । भनिएको छ– **विरोधे गुणवादः स्यादनुवादोऽवधारिते । भूतार्थवादस्तद्धानादर्थवादस्त्रिधा मतः ।।** विरोधमा गुणवाद हुन्छ, जस्तै – खाँवो सूर्य हो (आदित्यो यूपः), यहाँ सूर्य खाँवो हो भन्ने कुरा प्रमाणविरुद्ध भएकाले यसलाई गुणवादको उदाहरण मानिएको छ । सूर्य सेता रङ र गुणविशेषका कारण चम्किलो छ भन्नु नै यहाँको उद्देश्य हो । (अर्थवादसम्बन्धी विशेष तथ्य यस परिच्छेदको पृष्ठ १३ मा प्रस्तुत गरिएको छ ।)

४५. ग्रहणको प्रसङ्गमा हविरार्तिमा झैं विशिष्ट निमित्त माने के हुन्छ ? भन्ने प्रश्नको उत्तर दिँदै भनिएको छ – विशिष्ट निमित्त मान्दा नैमित्तिकताको भङ्ग हुने आपत्ति आइलाग्नेछ । तसर्थ विशिष्ट उद्देश्य मान्नुनै उपयुक्त हुन्छ । द्रव्यनाश हुँदा गर्नुपर्ने प्रायश्चित्त विचारको प्रसङ्गमा मीमांसासूत्रमा भनिएको छ– **'यस्योभयं हविरार्तिमार्गच्छेत्'** अर्थात् जुन यजमानको प्रातःकालिक एवं सायंकालिक दर्शपूर्णमासयागमा कारणवश दुध र दही दुवै पदार्थ नष्ट भएमा प्रायश्चित्तस्वरूप इन्द्रका लागि पाँच पात्रमा चामल भरेर याग गर्नुपर्दछ। एउटामात्र द्रव्यनाश भए पनि प्रायश्चित्त गर्ने कि अथवा दुध र दही दुवै द्रव्यको नाश भएमा प्रायश्चित्त गर्ने ? यस प्रश्नको उत्तरमा भनिएको छ– **'आर्ते हविष्येकतरेऽपि यागः'** (६/४/२२–२३) अर्थात् दुवै वा कुनै एक हविको नाश भए पनि प्रायश्चित्त गर्नुपर्दछ।

अस्यापवादस्तत्रैव प्रभासखण्डे –

पर्वकाले च सम्प्राप्ते नदीनां च समागमे । सेतुबन्धे तथा सिन्धौ तीर्थेष्वन्येषु संयुते ।।

एवमादिषु सर्वेषु मेध्योऽन्ये तु स्वकर्मणि।। तथा –

विना मन्त्रं विना पर्व क्षुरकर्म विना नरैः । कुशाग्रेणापि देवेशि न स्प्रष्टव्यो महोदधिः ।।

तथा – **न कालनियमः सेतौ समुद्रस्नानकर्मणि ।।**

समुद्रस्नानको निरूपण

अब समुद्रमा गरिने स्नानको विषयमा निर्णय गरिन्छ । **आश्वलायन**ले भनेका छन् – पर्वहरूमा विशेषगरी अमावास्याका दिन मानिसले समुद्रमा गई स्नान गर्नुपर्दछ । अमावास्यामा समुद्रमा स्नान गर्ने मानिसका सबै पाप नष्ट हुन्छन् । मानिसहरूले समुद्रमा स्नान गर्दा विशेषतः शुक्रवार र मङ्गलवार छाड्नुपर्छ । **महाभारत**मा लेखिएको छ – सागर र पीपलवृक्षको सेवा गर्ने मानिसले शनिवारका दिन पीपललाई छुनु हुँदैन र औंसीका दिनबाहेक अरू दिन सागरलाई स्पर्श गर्न हुँदैन । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – अमावास्याका दिन स्नान र तर्पण गर्दा समुद्रले मानिसलाई पवित्र तुल्याउँछ । अमावास्याबाहेकका कुनै पनि तिथिमा समुद्रस्नान गर्न हुँदैन । यसो भनिए तापनि यस नियमको अपवाद पनि छ । **स्कन्दपुराण**को प्रभासखण्डमा भनिएको छ – पर्वको समयमा नदीका सङ्गम र समुद्र एवं तीर्थहरूमा स्नान गर्नु उत्तम हुन्छ । अमावास्या, पूर्णिमा, संक्रान्ति आदि ठूला पर्वहरूमा गङ्गा आदि नदी र समुद्रको तटभागमा स्नान, दान आदि पुण्यकर्म गर्दा उत्तम फल प्राप्त हुन्छ । फेरि त्यसै ग्रन्थमा लेखिएको छ – पर्वकाल, मन्त्र र क्षौरकर्मले युक्त भई समुद्रको स्पर्श गर्नुपर्दछ । अरू बेला कुशको टुप्पोले पनि समुद्रलाई स्पर्श गर्न हुँदैन, यस्तो भनिएको भए तापनि श्रीरामले सेतुबन्ध बाँधेको पवित्र तीर्थ **रामेश्वरम्**मा गई समुद्रमा स्नान गर्दा समयको नियम छैन, जहिले गर्दा पनि हुन्छ ।

पाषाणप्रक्षेपणविधिकथनम्

तद्विधिश्च तत्रैव – **पिप्पलादसमुत्पन्ने कृत्ये लोकभयङ्करे । पाषाणस्ते मया दत्त आहारार्थे प्रकल्प्यताम्।।** इति पाषाणं प्रक्षिपेत् ।

समुद्रमा शिलाप्रक्षेपण

स्कन्दपुराणकै प्रभासखण्डमा समुद्रमा स्नान गर्ने विधिनिरूपण गर्ने क्रममा शिला फ्याँक्ने बारे पनि लेखिएको छ। त्यसबेला पढिने प्रार्थना मन्त्रको अर्थ यसप्रकार छ – 'पिप्पलादबाट पैदा भएकी, संसारलाई भय दिने हे घोर राक्षसी! तिम्रो भोजनका निमित्त म यो ढुङ्गो फ्याँक्दैछु' । यसरी आत्मनिवेदन गरी ढुङ्गो फ्याँकेर प्रार्थना गर्नुपर्दछ ।

विश्वाची-इत्यादि मन्त्रानुच्चार्य स्नानविधिकथनम्

विश्वाची च घृताची च विश्वयोने विशां पते । सान्निध्यं कुरु मे देव सागरे लवणाम्भसि ।।

नमस्ते विश्वगुप्ताय नमो विष्णो अपाम्पते । नमो जलधिरूपाय नदीनां पतये नमः ।।

समस्तजगदाधार शङ्खचक्रगदाधर । देव देहि ममानुज्ञां तव तीर्थनिषेवणे ।।

त्रितत्त्वान्तकमीशानं नमो विष्णुमुमापतिम् । सान्निध्यं कुरु देवेश सागरे लवणाम्भसि ।।

अग्निश्च योनिरनिलश्च देहो रेतोधा विष्णुरमृतस्य नाभिः ।
एतद् ब्रुवन् पाण्डव सत्यवाक्यं ततोऽवगाहेत पतिं नदीनाम् ।।

इति भारतोक्तमन्त्रान् पठित्वा विधिवत्स्नायात् ।

स्नानमन्त्रार्थ

'हे विश्वाची ! हे घृताची ! हे विश्वयोनि ! हे विशाम्पति ! हे नाथ ! तिमीले यो नुनिलो समुद्रको जलमा आई मलाई दर्शन देऊ । हे विश्वगुरु ! तिमीलाई नमस्कार छ । हे विष्णु ! तिमीलाई नमस्कार छ । हे जलका देवता र नदीहरूका स्वामी महासागर ! तिमीलाई नमस्कार छ । सम्पूर्ण संसारका आधार शङ्ख, चक्र, गदा, पद्म धारण गर्नुहुने हे नारायण ! मलाई यो समुद्रमा स्नान गर्ने आज्ञा दिनुहोस् । म ब्रह्मा, विष्णु र शङ्करका रूपमा रहनुभएका संसारका स्वामी विष्णुलाई नमस्कार गर्दछु । पार्वतीका स्वामी शिवलाई नमस्कार गर्दछु । हे देवगण ! अहिले यो नुनिलो महासागरमा मेरा सामु आई मलाई नुहाउने आज्ञा दिनुहोस् । हे वृद्धिदाता भगवान् नारायण ! मेरा सामु आउनुहोस् । हजुरले अमृत, अग्नि र वायुद्वारा प्रत्यक्ष भई मेरा निमित्त शक्ति र सामर्थ्य प्रदान गर्नुहोस् ।' यसरी प्रार्थना गरी स्नान गर्न चाहने मनुष्यले समुद्रमा पसेर स्नान गर्नुपर्दछ । स्नानपछि अर्घ्य दिनुपर्दछ ।

अर्घ्यमन्त्रः

सर्वरत्नो भवान् श्रीमान् सर्वरत्नाकरो यतः ।
सर्वरत्नप्रधानस्त्वं गृहाणार्घ्यं महोदधे ।। इत्यर्घ्यं दत्त्वा तर्पयेत् ।

अर्घ्य दिने मन्त्र

विधिपूर्वक स्नान गरेपछि तलको प्रार्थना मन्त्र पढ्दै अर्घ्य पढ्नुपर्दछ – 'हे महासागर ! तिमी सबै रत्नका खानी हौ त्यसैले तिमीलाई रत्नाकर भन्दछन् । तिमीभित्र संसारका प्रमुख रत्नहरू रहेका छन् । त्यसैले तिमीलाई सर्वरत्नप्रधान पनि भन्दछन् । म यो अर्घ्य दिँदैछु । तिमी स्वीकार गर ।' यसरी प्रार्थना गरी अर्घ्य दिएर तर्पण गर्नुपर्दछ ।

पिप्पलादादीनां देवानां जलमध्ये तर्पणकथनम्

यथोक्तं पृथ्वीचन्द्रोदये स्कान्दे –

पिप्पलादं विकणवं च कृतान्तं जीविकेश्वरम् । वसिष्ठं वामदेवं च पराशरमुमापतिम् ।।
वाल्मीकिं नारदं चैव बालखिल्यांस्तथैव च । नलं नीलं गवाक्षं च गवयं गन्धमादनम् ।।
जाम्बवन्तं हनूमन्तं सुग्रीवं चाङ्गदं तथा । मैन्दं च द्विविदं चैव वृषभं शरभं तथा ।।
रामं च लक्ष्मणं चैव सीतां चैव यशस्विनीम् । एतांस्तु तर्पयेद्विद्वान् जलमध्ये विशेषतः ।।
आब्रह्मस्तम्बपर्यन्तं यत्किञ्चित्सचराचरम् । मया दत्तेन तोयेन तृप्तिमेवाभिगच्छतु ।।

इति ग्रहण-समुद्रस्नाननिर्णयात्मकं षष्ठं प्रकरणम्

पिप्पलाद आदिद्वारा समुद्रजलमा उभिएर तर्पण

पृथ्वीचन्द्रोदयमा उद्धृत स्कन्दपुराणको वचनमा भनिएको छ – समुद्रमा स्नान गर्ने कर्ताले पिप्पलाद, विकण्व, कृतान्त, जीविकेश्वर, वसिष्ठ, वामदेव, पराशर, उमापति, वाल्मीकि, नारद, बालखिल्य, नल, नील, गवाक्ष, गवय, गन्धमादन, जाम्बवान्, हनूमान्, सुग्रीव, अङ्गद, महेन्द्र, द्विविद, वृषभ, शरभ, राम, लक्ष्मण र सीतालाई समुद्रको जलमा उभिएर तर्पण दिनुपर्दछ । त्यसपछि ब्रह्माजीदेखि लिएर तृणसमेतका सबै चराचरलाई जलधारा चुहाउँदै तर्पण दिनुपर्दछ । अनि 'मैले दिएको यो तर्पणबाट सबै तृप्त होऊन्' भनी प्रार्थना गर्नुपर्दछ ।

निर्णयसिन्धु प्रथमपरिच्छेदको ग्रहण एवं समुद्रस्नानको निर्णयमा आधारित छैठौं प्रकरण पूरा भयो ।

ॐ

इति श्रीमीमांसकनारायणभट्टसूरिसुनुरामकृष्णभट्टात्मजदिनकरभट्टानुजकमलाकरभट्टकृते निर्णयसिन्धौ प्रथमः परिच्छेदः समाप्तः ।

ॐ

पराम्बा भगवतीको असीम करुणाबाट पाल्पा-पोरकनी निवासी पतिव्रताशिरोमणि स्वर्गीय माताश्री दिव्यलक्ष्मी ढकाल र सज्जनमुकुटमणि स्वर्गीय पिताश्री चूडामणि ढकालका कनिष्ठ पुत्र नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाण्डौमा प्राध्यापक पदमा कार्यरत डा. वेणीमाधव ढकालद्वारा कमलाकर भट्टरचित निर्णयसिन्धु नामक निबन्धग्रन्थको प्रथम परिच्छेदको चूडामणिनामक नेपाली टीका सम्पन्न गरियो ।

ॐ

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

द्वितीयः परिच्छेदः

यस परिच्छेदमा चैत्रशुक्लदेखि चैत्रकृष्णसम्मका १२ महिनाहरूमा पर्ने रामनवमी, गङ्गादशहरा, हरिबोधिनी एकादशी, श्रावणी, जन्माष्टमी, हरितालिका, महालयश्राद्ध, दुर्गोत्सव, दीपावली, शिवरात्रि, वसन्तोत्सव आदि पर्व र उत्सवहरूको परिचय र आवश्यक निर्णय प्रस्तुत गरिएको छ ।

ॐ

मेषादि मीनान्त संक्रान्तिहरूका पुण्यकाल

प्रागूर्ध्वा दश, पूर्वतः षडवनिः, तद्वत्पराः, पूर्वत-
स्त्रिंशत् षोडश, पूर्वतोऽथ परतः, पूर्वाः पराः, स्युर्दश ।
पूर्वाः षोडश, चोत्तरा ऋतुभुवः पश्चात् खवेदाः, पुनः
पूर्वाः षोडश, चोत्तराः पुनरथो पुण्यास्तु मेषादितः ।।
इदं हेमाद्रिमतेनोक्तम् ।
माधवमते तु अत्र परा विंशतिः पुण्याः ।
कुम्भे पूर्वाः षोडश, मीने पराः षोडशेत्यर्थः ।

कमलाकर भन्दछन् - यो मैले बनाएको संग्रहपद्य हो । हेमाद्रिको मतमा मेषसंक्रान्तिको निर्धारित घडीभन्दा पहिलेका र पछिल्ला १० घडीलाई पुण्यकाल भनिन्छ। वृषसंक्रान्तिमा पहिलेका १६ घडीको समयलाई पुण्यकाल भनिएको छ । मिथुनसंक्रान्तिमा संक्रान्तिको निर्धारित घडीभन्दा पछिका १६ घडीलाई पुण्यकाल मानिएको छ । कर्कटसंक्रान्तिमा संक्रान्तिको निर्धारित घडीभन्दा पहिलेका ३० घडीको समयलाई पुण्यकाल भनिन्छ । सिंहसंक्रान्तिमा संक्रान्तिको समयभन्दा पहिलेका १६ घडीको समयलाई पुण्यकाल मानिएको छ। कन्यासंक्रान्तिमा पछिल्ला १६ घडीको समयलाई पुण्यकाल मानिएको छ । तुलासंक्रान्तिमा निर्धारित संक्रान्तिकालभन्दा पहिलेको १० घडीको समय र पछिल्लो १० घडीको समयलाई पुण्यकाल मानिएको छ । वृश्चिकसंक्रान्तिमा पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् । धनुसंक्रान्तिमा पछिल्ला १६ घडी पुण्यकाल मानिएका छन् । मकरसंक्रान्तिमा पछिल्ला ४० घडीलाई पुण्यकाल मानिएको छ। माधवको मतमा सबै संक्रान्तिका पछिल्ला २० घडीलाई मात्र पुण्यकाल मान्नुपर्दछ । कुम्भसंक्रान्तिमा भने पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् र मीनसंक्रान्तिमा पछिल्ला १६ घडी पुण्यकाल मानिएका छन् ।

- निर्णयसिन्धु, प्रथम परिच्छेद

निर्णयसिन्धुः
वर्षकृत्यनिर्णायको द्वितीयः परिच्छेदः

चैत्रशुक्लपक्षतो ज्येष्ठमासपर्यन्तं विधेयानां कृत्यानां निर्णायकं प्रथमं प्रकरणम्

तिथिकृत्ये विचारः

अथ संवत्सरप्रतिपदमारभ्य –

तिथिकृत्ये च कृष्णादिं व्रते शुक्लादिमेव च । विवाहादौ च सौरादिं मासं कृत्ये विनिर्दिशेत् ।।

इति ब्राह्मं प्रायशोऽनुसृत्य तिथिनिर्णयस्तत्कृत्यं च निरूप्यते ।

तिथिमा गरिने कार्यहरूको विचार

प्रायः ब्रह्मपुराणका वचनहरूको अनुसरण गर्दै प्रतिपदादेखि संवत्सर आरम्भ हुने तिथिका कार्यहरूमा कृष्णपक्ष लिनुपर्छ भने व्रत एवं उपासनामा शुक्लपक्ष लिनुपर्दछ । विवाह आदि माङ्गलिक कार्यहरूमा सूर्यको संक्रान्तिदेखि सुरु हुने सौरमास लिनुपर्दछ । प्रतिपदादेखि लिएर पूर्णिमा र अमावास्यासम्मका तिथिहरूको निर्णय र तिथिहरूमा गर्ने कर्महरूको निरूपण गरिँदैछ ।

अथ चैत्रमासः

मीनसंक्रान्तौ पुण्यकालनिरूपणम्

तत्र मीनसंक्रान्तौ पश्चात्षोडश घटिकाः पुण्यकालः। रात्रौ च निशीथात्प्राक्परतश्च संक्रमे पूर्वोत्तरदिनार्धं पुण्यम्, निशीथे तु दिनद्वयं पुण्यमिति सामान्यनिर्णयादवसेयम् ।

चैत्रसंक्रान्तिको पुण्यकाल

चैत्रमहिना लाग्ने संक्रान्तिका पछिल्ला १६ घडीलाई पुण्यकाल भनिन्छ । रातिमा आधारातभन्दा पहिले संक्रान्ति परेमा पहिलो दिनका उत्तरार्धका १६ घडीलाई पुण्यकाल मान्नुपर्दछ । आधारातभन्दा पछि संक्रान्ति परेको अवस्थामा पछिल्लो दिनका पूर्वार्धका १६ घडीलाई पुण्यकाल मान्नुपर्दछ । ठीक आधारातमा नै संक्रान्ति परेको अवस्थामा अघिल्लो र पछिल्लो दिनका १६-१६ घडी समयलाई पुण्यकाल मान्नुपर्दछ भन्ने सामान्य निर्णयअनुसार पुण्यकालको क्रम बुझ्नुपर्दछ।

तिथिनिर्णयः

तत्र चैत्रशुक्लप्रतिपदि वत्सरारम्भः । तत्रौदयिकी ग्राह्या ।

चैत्रे मासि जगद् ब्रह्मा ससर्ज प्रथमेऽहनि । शुक्लपक्षे समग्रं तु तदा सूर्योदये सति ।। इति हेमाद्रौ

ब्राह्मोक्तेः । दिनद्वये तद्व्याप्तावव्याप्तौ वा पूर्वैव । तदुक्तं ज्योतिर्निबन्धे –

चैत्रे सितप्रतिपदि यो वारोऽर्कोदये स वर्षेशः । उदयद्वितये पूर्वो नोदययुगलेऽपि पूर्वः स्यात् ।।

यस्माच्चैत्रसितादेरुदयाद्भानोः प्रवृत्तिरब्दादेः ।। इति ।

वत्सरादौ वसन्तादौ बलिराज्ये तथैव च । पूर्वविद्धैव कर्तव्या प्रतिपत्सर्वदा बुधैः ।।

इति वृद्धवसिष्ठोक्तेः ।

चैत्रमासस्य या शुक्ला प्रथमा प्रतिपद्भवेत् । तदह्नि ब्रह्मणः कृत्वा सोपवासस्तु पूजनम् ।।

संवत्सरमवाप्नोति सौख्यानि भृगुनन्दन ।। इति हेमाद्रौ विष्णुधर्मोक्तेः ।

यदा तु चैत्रो मलमासो भवति तदा देवकार्यस्य तत्र निषिद्धत्वाच्छुद्धे मासि संवत्सरारम्भः कार्य इति केचिदाहुः।

निष्कर्षस्तु – **शुक्लादेर्मलमासस्य सोऽन्तर्भवति चोत्तरः** । इत्यादिवचनादग्रिमवर्षान्तःपातान्मलमासमारभ्यैव वर्षप्रवृत्तेः शुक्रास्तादाविव मलमास एव कार्य इति वयं प्रतीमः ।

ननु शुक्रास्तादौ चैत्रशुक्लप्रतिपदन्तरस्याभावाद्युक्तं तन्मध्य एवानुष्ठानन् । मलमासे तु शुद्धप्रतिपदन्तरस्य सम्भवाच्छुद्ध एव वत्सरारम्भो युक्त इति चेत्, भ्रान्तोऽसि । नहि प्रतिपदन्तरसत्त्वं प्रयोजकम्, द्विःकरणापत्ते वर्षेशद्वयापत्तेश्च। अपि तु वत्सरारम्भः स तु मलमासेऽपीत्युक्तं प्राक् । नहि चैत्रशुक्लादिर्मलमासः पूर्ववर्षेऽन्तर्भवतीति ब्रह्मणापि सुवचम्।

तिथिनिर्णय

चैत्रशुक्ल प्रतिपदादेखि नयाँवर्ष आरम्भ हुन्छ । वर्षको आरम्भमा उदयकालिक प्रतिपदा लिनुपर्दछ । यस विषयमा **हेमाद्रिमा** उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – चैत्रमहिनाको शुक्लपक्षको प्रतिपदाका दिन ब्रह्माजीले सूर्योदय समयमा सम्पूर्ण संसारको सृष्टि गर्नुभएको थियो । प्रतिपदातिथि पहिलो र दोस्रो दिनसमेत सूर्योदयको समयमा उपस्थित नभएमा वा भएमा पनि पहिलो दिनको प्रतिपदालाई नै वर्षारम्भ तिथि मान्नुपर्दछ ।

यस सम्बन्धमा **ज्योतिर्निबन्धमा** भनिएको छ – चैत्र शुक्ल प्रतिपदाका दिन सूर्योदय हुँदा जुन वार पर्दछ त्यो वार नै वर्षको राजा हुन्छ । सूर्योदयको समयमा प्रतिपदा परेमा वा नपरेमा दुवै अवस्थामा दुईदिनसम्म प्रतिपदा छ भने पहिलो दिनको प्रतिपदालाई नै वर्षको आरम्भतिथि मान्नुपर्दछ । पहिलो दिनको वारको स्वामीलाई वर्षको राजा मान्नुपर्दछ । किनकि चैत्रशुक्लको पहिलो दिन सूर्योदयदेखि नयाँवर्षको शुभारम्भ हुन्छ ।[१]

यस विषयमा **वृद्धवसिष्ठको** भनाइ यसप्रकार छ – वसन्तको आरम्भ, नयाँवर्षको आरम्भ र बलिराज्य अर्थात् यमपञ्चकभित्र पर्ने कार्तिक शुक्ल प्रतिपदामा बुद्धिमान् मानिसहरूले पूर्वविद्धा प्रतिपदा लिनुपर्दछ ।

हेमाद्रिको विष्णुधर्ममा भनिएको छ– 'चैत्रशुक्लको पहिलो प्रतिपदामा उपवास गरेर ब्रह्माजीको पूजा गर्नाले वर्षभरि नै अनेकथरि सुखभोग गर्ने अवसर प्राप्त हुन्छ ।' चैत्रमहिनामा मलमास पर्दा देवताको पूजा–आजा निषेध गरिएका कारण मलमासपछिको शुद्धमासमा नै वर्षारम्भ मान्नुपर्दछ भन्ने कसैको भनाइ पनि छ तर सिद्धान्तपक्षअनुसार 'शुक्लपक्ष आदि

१. वर्षारम्भ हुने प्रतिपदा दुई दिन भएमा पहिलो प्रतिपदामा जुन वार हुन्छ त्यो नै वर्षेश हुन्छ । दुवै दिन सूर्योदय समयमा प्रतिपदा भयो भने पहिलो प्रतिपदामा जुन वार हुन्छ त्यही नै वर्षेश हुन्छ । चैत्रशुक्लप्रतिपदादेखि चान्द्रवर्षको शुभारम्भ हुन्छ । चान्द्रवर्षमा प्रभव, विभव आदि ६० संवत्सर हुन्छन् । धार्मिककृत्यको सङ्कल्प आदि वाक्यमा सौरमानअनुसार अघिल्लै वर्षको उच्चारण गरिन्छ तापनि चान्द्रमानअनुसार गरिने देवकार्य–पितृकार्य आदि धार्मिककृत्यको सङ्कल्पवाक्यमा चाहिँ प्रभव आदि चान्द्रसंवत्सरमध्येबाट क्रमशः पर्न आउने संवत्सरको नै उच्चारण गर्नुपर्दछ ।

मलमासभित्र नै त्यो अगाडिको महिना आउँछ' भन्ने वचन पाइएकाले अघिल्लो वर्ष परेको मलमासबाट नै वर्षको आरम्भ हुन्छ। शुक्रको अस्त आदिमा झैं मलमासमा पनि नयाँवर्षको आरम्भ मान्नुपर्दछ भन्ने कुरामा हामी विश्वास गर्दछौं।

यहाँनिर कसैले शङ्का गर्न सक्छन् कि – 'शुक्रको अस्त हुँदा त चैत्रमहिनाको दोस्रो शुक्ल प्रतिपदा हुँदैन त्यसकारण अर्को उपाय नहुँदा शुक्रास्त हुँदा नै वर्षारम्भ मानिन्छ । तर मलमासमा भने दोस्रो शुक्ल प्रतिपदा पाउन सकिने हुँदा शुद्ध चैत्रमा नै वर्षारम्भ मान्नुपर्दछ ।' यस्तो शङ्का गर्नेहरूलाई हामी भन्दछौं– तपाईंहरूलाई भ्रान्ति भएको छ किनकि दोस्रो शुद्ध प्रतिपदामा पूजन र उपवासको प्रयोजन हुँदैन । प्रयोजन हुन्थ्यो भने गृहस्थहरूले पहिलो र दोस्रो गरी दुवै महिनामा दुई–दुईपटक पूजा र उपवास गर्नुपर्ने हुन्छ । वर्षको राजा पनि दुईवटा मान्नुपर्ने हुन्छ त्यसकारण वर्षारम्भ नै पूजाको प्रयोजक हो जुन मलमासमा पनि हुनसक्छ । यस विषयको चर्चा मलमासको प्रसङ्गमा पनि गरिएको छ । चैत्रशुक्ल आदि मलमास पूर्ववर्षमा हुँदैनन् भन्ने कुरा त साक्षात् ब्रह्माजी पनि भन्न सक्नुहुन्न ।

अथ तैलाभ्यङ्गः

अत्र तैलाभ्यङ्गो नित्यः ।

वत्सरादौ वसन्तादौ बलिराज्ये तथैव च । तैल्याभ्यङ्गमकुर्वाणो नरकं प्रतिपद्यते ।। इति वसिष्ठोक्तेः।

तैलाभ्यङ्गविचार

वर्षको आरम्भमा सबैले आफ्नो शरीरमा तेल लगाउनुपर्दछ । **वृद्धवसिष्ठ** भन्दछन् – वर्षको आरम्भ, वसन्तको आरम्भ र बलिराज्यमा जसले आफ्नो शरीरमा तेल लगाउँदैन त्यो नरकमा जान्छ ।

नवरात्रारम्भः

अस्यामेव नवरात्रारम्भः । तदुक्तं मार्कण्डेयपुराणे – **शरत्काले महापूजा क्रियते या च वार्षिकी इति ।** तत्र परयुतैव ग्राह्या ।

अमायुक्ता न कर्तव्या प्रतिपच्चण्डिकार्चने । मुहूर्त्तमात्रा कर्तव्या द्वितीयादिगुणान्विता ।। इति देवीपुराणात् ।

तिस्रो ह्येताः पराः प्रोक्तास्तिथयः कुरुनन्दन । कार्तिकाश्वयुजोर्मासोश्चैत्रे मासि च भारत ।। इति हेमाद्रौ ब्रह्मोक्तेः । पराः – परयुताः । अत्र विशेषः पारणादिनिर्णयश्च शारदनवरात्रे वक्ष्यते ।

वसन्तकालिक नवरात्रको आरम्भ

चैत्रशुक्ल प्रतिपदामा नै वसन्तकालिक नवरात्रको शुभारम्भ हुन्छ । नववर्षको आरम्भ हुँदा वसन्तकालमा देवीको पूजा गरिन्छ र माहात्म्य सुनिन्छ । नवरात्रको आरम्भमा प्रतिपदातिथि लिँदा अमावास्यासँग संयुक्त भएको प्रतिपदा लिन हुँदैन । द्वितीयासँग संयुक्त भएको प्रतिपदा लिनुपर्दछ । यस विषयमा **देवीपुराण**मा भनिएको छ – देवीको पूजा गर्दा अमावास्यासँग जोडिएको प्रतिपदा लिनु हुँदैन । एकै मुहूर्तको भए पनि द्वितीयासँग जोडिएको प्रतिपदा फलदायक हुन्छ।

यस सम्बन्धमा **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचन यसप्रकार छ – 'कार्तिक, आश्विन र चैत्रमहिनाका प्रतिपदाहरू द्वितीयासँग जोडिएका उत्तम हुन्छन्, यिनलाई पराप्रतिपदा भनिन्छ ।' परा भनेको पछिल्लो तिथिसँग जोडिएको तिथि हो ।[२] नवरात्रमा पारण आदि कर्मको विषयमा शरद्‌ऋतुको नवरात्रप्रकरणमा चर्चा गरिनेछ ।

२. नवरात्रारम्भ हुने चैत्रशुक्लप्रतिपदा र आश्विनशुक्लप्रतिपदा परविद्धा अर्थात् द्वितीयायुता लिनुपर्दछ ।

प्रपादानम्

अत्र प्रपादानमुक्तमपरार्के भविष्ये –

अतीते फाल्गुने मासि प्राप्ते चैत्रमहोत्सवे । पुण्येऽह्नि विप्रकथिते प्रपादानं समारभेत् ।।

इत्युपक्रम्य – **ततश्चोत्सर्जयेद्विद्वान् मन्त्रेणानेन मानवः । प्रपेयं सर्वसामान्या भूतेभ्यः प्रतिपादिता।।**

अस्याः प्रदानात्पितरस्तृप्यन्तु हि पितामहः । अनिवार्यं ततो देयं जलं मासचतुष्टयम् ।। इति।

तथा– **प्रपां दातुमशक्तेन विशेषाद्धर्ममीप्सुना । प्रत्यहं धर्मघटको वस्त्रसंवेष्टिताननः ।।**

ब्राह्मणस्य गृहे देयः शीतामलजलः शुचिः । तत्र मन्त्रः –

एष धर्मघटो दत्तो ब्रह्मविष्णुशिवात्मकः । अस्य प्रदानात्सकला मम सन्तु मनोरथाः ।।

अनेन विधिना यस्तु धर्मकुम्भं प्रयच्छति । प्रपादानफलं सोऽपि प्राप्नोतीह न संशयः ।। इति।

कुवादान

अपरार्कमा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – फाल्गुनमहिना बितेपछि चैत्रमहिनाको उत्सव आरम्भ हुन्छ । चैत्रमा ब्राह्मणको कथनअनुसार पुण्यदिनमा कुवादान गर्नुपर्दछ । अपरार्कमा उक्त निर्देशन दिएपछि फेरि भनिएको छ – त्यसपछि विद्वान् मानिसले **प्रपेयम्०** इत्यादि मन्त्र पढी कुवादान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे परमेश्वर ! यो कुवादान गर्नाले मेरा पितृहरू सबै तृप्त होऊन् र तिनीहरूले अनन्तकालसम्म सच्चा सुख प्राप्त गरून् ।' यसरी प्रार्थना गरेपछि दान गरेको कुवामा चारमहिनासम्म निरन्तर जल भर्नुपर्दछ । कुवादानको सङ्कल्प गरेपछि तलको प्रार्थना मन्त्र पढ्दै भन्नुपर्दछ – मैले यो कुवा सम्पूर्ण प्राणीहरूले पानी पिऊन् भन्ने उद्देश्यले दान गरेको छु । यस दानबाट मेरा पिता, माता, पितामह आदि सबै पितृहरू तृप्त होऊन् ।' कसैले कुवादान गर्न सक्दैन भने कुवादानको पुण्य प्राप्त गर्नको लागि एउटा कलशलाई वस्त्रले बेरेर त्यसमा पानी भरी ब्राह्मणलाई दान गर्नुपर्दछ । दान गर्दा भनिने **एष धर्मघटः०** इत्यादि प्रार्थनामन्त्रको अर्थ यसप्रकार छ – 'मैले ब्रह्मा, विष्णु र शिवको वास भएको यो धर्मकलश ब्राह्मणलाई प्रदान गरें । यो दानका कारण मेरा सम्पूर्ण मनोरथ पूरा होऊन् ।' यस विधिले जसले ब्राह्मणलाई धर्मकलशदान गर्दछ त्यसले पनि धर्मप्रपा अर्थात् धर्मार्थ कुवादान गरेको पुण्य प्राप्त गर्दछ । यसमा कुनै सन्देह छैन ।

अथ दोलोत्सवादिकर्म

चैत्रशुक्लतृतीयायां गौरीमीश्वरसंयुतां सम्पूज्य दोलोत्सवं कुर्यात् । तदुक्तं निर्णयामृते देवीपुराणे –

तृतीयायां यजेद्देवीं शङ्करेण समन्विताम् । कुङ्कुमागरुकर्पूरमणिवस्त्रसुगन्धकैः ।।

स्रग्गन्धधूपदीपैश्च दमनेन विशेषतः । आन्दोलयेत्ततो वत्स शिवोमातुष्टये सदा ।। इति ।

अत्र चतुर्थीयुता ग्राह्या । **मुहूर्त्तमात्रसत्त्वेऽपि दिने गौरीव्रतं परे** इति माधवोक्तेः ।

दोलोत्सव

चैत्र शुक्लतृतीयाको दिन गौरी-शङ्करको पूजा गरी दोलोत्सव मनाउनुपर्दछ । यस सम्बन्धमा **निर्णयामृत**मा उद्धृत **देवीपुराण**को वचनमा यसरी भनिएको छ – चैत्रशुक्ल तृतीयाका दिन भगवान् शङ्करसहित भगवती पार्वतीको कुंकुम, अगरु, कपूर, मणि, वस्त्र, सुगन्ध, माला, चन्दन, धूप, दीप, नैवेद्य र विशेषरूपमा दमनासमेत समर्पण गरी पूजा

गर्नुपर्दछ । त्यसपछि गौरी-शङ्करको सन्तुष्टिका लागि दोलोत्सव अर्थात् झुला उत्सव मनाउनुपर्दछ । चतुर्थीसँग जोडिएको चैत्रशुक्लतृतीया लिनुपर्दछ । दोस्रो दिन तृतीया एकमुहूर्तमात्र रहे पनि दिनमा गौरीव्रत गर्नुपर्ने कुरा अरूले बताएका छन् भन्ने तथ्य **माधवको** रचनाबाट ज्ञात हुन्छ ।

अथ सौभाग्यशयनव्रतम्

अत्र सौभाग्यशयनव्रतमुक्तं मात्स्ये –

वसन्तमासमासाद्य तृतीयायां जनप्रिये । सौभाग्याय सदा स्त्रीभिः कार्यं पुत्रसुखेप्सुभिः ।।

इति । तत्रापि परयुतैव । इयं च मन्वादिरपि ।

सौभाग्यशयनव्रत

चैत्रशुक्लतृतीयामा नै सौभाग्यशयनव्रत गर्नुपर्दछ भन्ने कुरा **मत्स्यपुराणमा** यसरी वर्णन गरिएको छ– वसन्तको तृतीयातिथिका दिन सौभाग्यको आकाङ्क्षा गर्ने र पुत्रको कामना गर्ने नारीहरूले सौभाग्यव्रत गर्नुपर्दछ । यस व्रतमा तृतीयातिथि लिँदा परा तृतीया नै लिनुपर्दछ । यो तृतीयातिथि मन्वादितिथि पनि हो ।

अथ मन्वादिनिर्णयः

अत्रैव प्रसङ्गात्सर्वमन्वादिर्निर्णीयते । ताश्चोक्ता दीपिकायाम् –

तिथ्यग्नी न तिथिस्तिथ्याशे कृष्णेभोऽनलो ग्रहः । तिथ्यर्को न शिवोश्वोऽमातिथी मन्वादयो मधोः।।

इति । **तिथिः** – पूर्णिमा । **अग्निः** – तृतीया । नेति । वैशाखे नास्तीत्यर्थः । **आशा** – दशमी । **कृष्णेभः** – कृष्णाष्टमी। **अनलः** – तृतीया । **ग्रहः** – नवमी । **अर्कः** – द्वादशी । नेति । मार्गशीर्षे नेत्यर्थः । **शिवः** – एकादशी । **अश्वः** – सप्तमी। मधोश्चैत्रादारभ्यैता मन्वादय इत्यर्थः । अत्र मूलवचनानि हेमाद्र्यादेर्ज्ञेयानि । एताश्च मन्वादयो हेमाद्रिमते शुक्लपक्षस्थाः पौर्वाह्णिकाः, कृष्णपक्षस्था आपराह्णिका ग्राह्याः ।

पूर्वाह्णे तु सदा ग्राह्याः शुक्ला मनुयुगादयः । दैवे कर्मणि पित्र्ये च कृष्णे चैवापराह्णिकाः ।।

इति गारुडवचनात् ।

मन्वादितिथिनिर्णय

यहीँनिर प्रसङ्गले सबै मन्वादितिथिको विषयमा निर्णय गरिन्छ । मन्वादितिथिको विषयमा **दीपिकामा** भनिएको छ– चैत्रमा शुक्लतृतीया र पूर्णिमा मन्वादि मानिएका छन् । ज्येष्ठमा पूर्णिमा र आषाढमा दशमी एवं पूर्णिमातिथि मन्वादि मानिएका छन्। श्रावणमा कृष्णपक्षको अष्टमीतिथि मन्वादि हुन्छ । भाद्रमा शुक्लतृतीया र आश्विनमा शुक्लनवमीलाई मन्वादितिथि मानिन्छ । कार्तिकका शुक्लद्वादशी र पूर्णिमातिथि मन्वादि मानिएका छन् । पौषको शुक्ल एकादशी र माघको शुक्लसप्तमी पनि मन्वादि मानिएका छन् । यसैगरी फाल्गुनका पूर्णिमा र औंसीतिथि पनि मन्वादि हुन् । अतः चैत्रदेखि फाल्गुनसम्मका उक्त १४ तिथिलाई मन्वादि भनिन्छ। वैशाख र मार्गशीर्षमहिनामा मन्वादितिथि हुँदैनन् । मन्वादितिथिहरूको प्रमाणवचन **हेमाद्रिमा** पाइन्छ । उक्त **तिथ्यग्नि०** इत्यादि पद्यमा परेका शब्दहरूको अर्थ यसप्रकार छ– **तिथिः** – पूर्णिमा, **अग्निः** – तृतीया, **आशा** – दशमी, **कृष्णेभः** – कृष्णाष्टमी, **अनलः** – तृतीया, **ग्रहः** – नवमी,

अर्कः – द्वादशी, **शिवः** – एकादशी, **अश्वः** – सप्तमी । **हेमाद्रिको** मतअनुसार – उक्त मन्वादितिथि शुक्ल पक्षमा पूर्वाह्णव्यापिनी र कृष्णपक्षमा अपराह्णव्यापिनी लिनुपर्दछ ।

यस विषयमा **गरुडपुराणमा** भनिएको छ – देवकर्म र पितृकर्ममा सधैं शुक्लपक्षका पूर्वाह्णव्यापिनी मन्वादि र युगादितिथि लिनुपर्दछ । कृष्णपक्षमा चाहिँ अपराह्णव्यापिनी तिथि लिनुपर्दछ ।

दीपिकामा पनि यसैगरी भनिएको छ – मन्वादि र युगादि कर्ममा शुक्लपक्षमा पूर्वाह्णव्यापिनी तिथि र कृष्णपक्षमा अपराह्णव्यापिनी तिथि लिनुपर्दछ ।

फेरि **कालादर्श** ग्रन्थमा भनिएको छ – मन्वादितिथि अपराह्णव्यापिनी भएमा लिनुहुँदैन । ग्रन्थकार भन्दछन्– यो उचित होइन । यसको स्पष्टीकरण युगादितिथिको निरूपण गर्दा गरिने छ ।

अथ श्राद्धकथनम्

अत्र श्राद्धमुक्तं मात्स्ये –

कृतं श्राद्धं विधानेन मन्वादिषु युगादिषु । हायनानि द्विसाहस्रं पितृणां तृप्तिदं भवेत् ।।

इति मन्वादिश्राद्धं मलमासे सति मासद्वयेऽपि कार्यम् । **मन्वादिकं तैर्थिकं च कुर्यान्मासद्वयेऽपि च ।।** इति स्मृतिचन्द्रिकोक्तेः ।

मन्वादितिथिमा श्राद्धविधान

मत्स्यपुराणमा मन्वादितिथिमा श्राद्ध गर्नुपर्ने कुरा यसरी बताइएको छ – युगादितिथि र मन्वादितिथिमा श्राद्ध गरेमा २००० वर्षसम्म पितृहरू तृप्त हुन्छन् । मन्वादिश्राद्ध गर्ने समयमा मलमास परेमा मलमास र शुद्धमास दुवैमा त्यो श्राद्ध गर्नुपर्दछ ।

यसबारे **स्मृतिचन्द्रिकामा** भनिएको छ – 'मन्वादिश्राद्ध र तीर्थश्राद्ध मलमास र शुद्ध मास दुवैमा गर्नुपर्दछ।'

पिण्डरहितं श्राद्धम्

अत्र पिण्डरहितं श्राद्धं कुर्यात् । तदुक्तं कालादर्शे –

विषुवायनसंक्रान्तिमन्वादिषु युगादिषु । विहाय पिण्डनिर्वापं सर्वं श्राद्धं समाचरेत् ।। इति ।

पिण्डरहितश्राद्ध

मन्वादितिथिमा पिण्डरहित श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **कालादर्शमा** यसरी बताइएको छ – 'विषुवत्, अयन, संक्रान्ति, मन्वादि, युगादिमा पिण्डदानविना सम्पूर्ण श्राद्धकर्म गर्नुपर्दछ ।[३]

---

३. **'समरात्रिन्दिवे काले विषुवद्विषुवं च तत्'** भनिएको हुँदा दिन र रात बराबरी हुने सूर्यसंक्रान्तिलाई विषुवत् संक्रान्ति भनिन्छ । दिन र रात बराबरी वैशाखसंक्रान्ति र कार्तिकसंक्रान्तिमा हुन्छन् । यिनै दुई संक्रान्ति विषुवन्नामले प्रसिद्ध छन् । त्यस्तै सबभन्दा छोटो हुने र सबभन्दा लामो हुने दिनमा अयन संक्रान्ति पर्छ । सबभन्दा छोटो हुने दिन जुन दिन पर्छ त्यसै दिन माघे अर्थात् मकरसंक्रान्ति हुन्छ त्यसै दिन सूर्य उत्तरतर्फको बाटो अँगाल्छन् अर्थात् उत्तरायण हुन्छन् । सबभन्दा लामो दिन जुन दिन पर्छ त्यसै दिन साउने अर्थात् कर्कटसंक्रान्ति हुन्छ । त्यसै दिन सूर्यले दक्षिणतिरको बाटो समाउँछन् अर्थात् सूर्य दक्षिणायन हुन्छन् । उक्त दुईवटा विषुवत् संक्रान्ति र दुई अयनसंक्रान्तिमा, त्यस्तै १४ वटा मन्वादि तिथिमा र चारवटा युगादि तिथिमा पनि पिण्डरहित अर्थात् आमात्रले मात्र श्राद्ध गर्नुपर्छ ।

मन्वादिश्राद्धाकरणे प्रायश्चित्तकथनम्

मन्वादिश्राद्धं च नित्यमकरणे प्रायश्चित्तदर्शनात् । तदुक्तमृग्विधाने –

त्वं भुवः प्रतिमन्त्रं च शतवारं जले जपेत् । मन्वादयो यदा न्यूनाः कुरुते नैव चापि यः ।।

इति । एवं प्रायश्चित्तवीप्सादिदर्शनं तानि षण्णवतिश्राद्धानि नित्यानि । तानि तु –

अमामनुयुगक्रान्तिधृतिपातमहालयाः । अन्वष्टक्यं च पूर्वेद्युः षण्णवत्यः प्रकीर्तिताः ।।

इत्युक्तानि । चकारादष्टकाग्रहणम् ।

मन्वादि श्राद्ध नगर्दा प्रायश्चित्त

मन्वादिश्राद्ध नित्यकर्म हो किनकि त्यो नगर्दा प्रायश्चित्तको विधान गरिएको छ। यसबारे ऋग्विधानमा भनिएको छ– मन्वादितिथि न्यून भएमा ती तिथिहरूमा पिण्डहीन श्राद्ध नगर्ने मानिसले जलमा उभिएर – **ॐ त्वं भुवः प्रतिमानं पृथिव्या ऋष्ववीरस्य बृहतः पतिर्भूः । विश्वमाप्रा अन्तरिक्षं महित्या सत्यमद्धा नकिरन्यस्त्वावान्।।** – ऋ. १/५२/१३, यो मन्त्र १०० पल्ट जप्नुपर्दछ । यस्तो प्रायश्चित्त विधिको पटक–पटक उल्लेख पाइने हुँदा अमावास्यादेखि लिएर अष्टकासम्मका ९६ श्राद्धलाई नित्य मानिएको छ । ९६ श्राद्ध यसप्रकार छन्– अमावास्या –१२, युगादि – ४, मन्वादि – १४, संक्रान्ति – १२, वैधृति – १२, व्यतीपात – १२, महालय – १६, अन्वष्टका – १२ र उक्त **अमामनुयुगक्रान्ति०** इत्यादि पद्यमा चकारग्रहणको कारणबाट दुईअष्टका अन्य लिनुपर्दछ भनिएकाले जम्मा श्राद्धसंख्या ९६ हुन आउँछ ।[४]

चैत्रशुक्लतृतीयायां मत्स्यजयन्तीदशावतारजयन्तीनिर्णयश्च

चैत्रशुक्लतृतीयैव मत्स्यजयन्ती । अत्रैव प्रसङ्गाद् दशावतारजयन्त्यो निर्णीयन्ते । तत्र पुराणसमुच्चये–

मत्स्योऽभूदधुतभुग्दिने मधुसिते कूर्मो विधौ माधवे वाराहो गिरिजासुते नभसि, यद्भूते सिते माधवे।
सिंहो भाद्रपदे सिते हरितिथौ श्रीवामनो माधवे रामो गौरितिथावतः परमभूद्रामो नवम्यां मधोः ।।
कृष्णोऽष्टम्यां नभसि सितपरे चाश्विने यद्दशम्यां बुद्धः कल्की नभसि समभूच्छुक्लषष्ठ्यां क्रमेण।
अह्नो मध्ये वामनो रामरामौ मत्स्यः क्रोडश्चापराह्ले विभागे ।
कूर्मः सिंहो बौद्धकल्की च सायं कृष्णो रात्रौ कालसाम्ये च पूर्वे ।।' इति ।

केचित्तु स्फुटान् श्लोकान् पठन्ति । तथा –

चैत्रे तु शुक्लपञ्चम्यां भगवान्मीनरूपधृक् । ज्येष्ठे तु शुक्लद्वादश्यां कूर्मरूपधरो हरिः ।।
चैत्रे कृष्णे नवम्यां तु हरिर्वाराहरूपधृक् । नरसिंहश्चतुर्दश्यां वैशाखे शुक्लपक्षके ।।
मासि भाद्रपदे शुक्लद्वादश्यां वामनो हरिः । राधशुक्लतृतीयायां रामो भार्गवरूपधृक् ।।
चैत्रशुक्लनवम्यां तु रामो दशरथात्मजः । नभस्ये तु द्वितीयायां बलभद्रोऽभवद्धरिः ।।
श्रावणे बहुलेऽष्टम्यां कृष्णोऽभूल्लोकरक्षकः। ज्येष्ठे शुक्लद्वितीयायां बौद्धः कल्की भविष्यति।। इति।

कौङ्कणास्तु वराहपुराणस्थत्वेन वाक्यानि पठन्ति –

आषाढे शुक्लपक्षे तु एकादश्यां महातिथौ । जयन्ती मत्स्यनाम्नीति तस्यां कार्यमुपोषणम् ।।

४. ९६ मध्ये ७२ श्राद्ध पुत्रकाम्य हुन् । बाबु–आमाका दुई श्राद्ध, अमावास्याश्राद्ध सबै, युगादिश्राद्ध, संक्रान्तिश्राद्ध, आषाढ, वैशाख, कार्तिक, माघका पूर्णिमा, मन्वादि, महालय, नवान्नश्राद्धको संख्या मिलाउँदा ७२ श्राद्ध हुन्छन् ।

नभोमासि तृतीयायां हरिः कमठरूपधृक् । नभस्य शुक्लपञ्चम्यां वराहस्य जयन्तिका ।।
वैशाखे तु चतुर्दश्यां नृसिंहः समपद्यत । मासि भाद्रपदे शुक्लैकादश्यां वामनो हरिः ।।
वैशाखे शुक्लपक्षे तु तृतीयायां भृगूद्वहः । चैत्रे नवम्यां रामोऽभूत्कौशल्यायां परः पुमान् ।।
श्रवणे बहुलेऽष्टम्यां वासुदेवो जनार्दनः । पौषशुक्ले तु सप्तम्यां कुर्याद्बौद्धस्य पूजनम् ।।
माघशुक्लतृतीयायां कल्किनः पूजनं हरेः । प्रातः प्रातस्तु मध्याह्ने सायं सायं तथा निशि ।।
मध्याह्ने मध्यरात्रे च सायंप्रातरनुक्रमात् ।।' इति ।

तदत्र समूलत्वनिर्णये सति कल्पभेदेन व्यवस्था द्रष्टव्या । एताश्च तदुपासकानां नित्याः, अन्येषां तु काम्याः । जन्माष्टम्यादौ तु विशेषं वक्ष्यामः ।

चैत्र शुक्लतृतीयामा मत्स्यजयन्ती एवं दशावतारजयन्ती निर्णय

प्रसङ्गवश दश अवतारका जयन्तीहरूको निर्णय गरिन्छ । **पुराणसमुच्चयमा** भनिएको छ – चैत्रशुक्ल तृतीयाका दिन भगवान् नारायणको मत्स्यावतार, वैशाख अमावास्याका दिन कूर्मावतार, श्रावणशुक्ल षष्ठीका दिन वाराहावतार, वैशाख शुक्ल चतुर्दशीका दिन नृसिंहावतार, भाद्रशुक्ल द्वादशीका दिन वामनावतार, वैशाखशुक्ल तृतीयाका दिन परशुरामावतार, चैत्रशुक्ल नवमीका दिन श्रीरामावतार, भाद्रकृष्ण अष्टमीका दिन श्रीकृष्णावतार, आश्विनशुक्ल दशमीका दिन बुद्धावतार[५], श्रावणशुक्ल षष्ठीका दिन कल्की अवतार भएका हुन् । दशावतारमध्ये श्रीराम, वामन र परशुरामका अवतार मध्याह्नमा; मत्स्य र वाराहावतार अपराह्नमा; कूर्म, नृसिंह, बुद्ध र कल्की अवतार सायँकालमा भएका थिए भने श्रीकृष्णावतार आधारातमा भएको थियो ।

भगवान्का यी अवतारका सम्बन्धमा फरक विचार राख्ने मानिसहरू स्फुटपद्यहरू पढ्ने गर्दछन् । ती पद्यहरूमा व्यक्त भएअनुसार चैत्रशुक्लपञ्चमीमा मत्स्यावतार, ज्येष्ठशुक्ल द्वादशीमा कूर्मावतार, चैत्रकृष्ण नवमीमा वाराहावतार, वैशाखशुक्ल द्वादशीमा नृसिंहावतार, भाद्रशुक्ल द्वादशीमा वामनावतार, वैशाखशुक्ल तृतीयामा परशुरामावतार, चैत्रशुक्ल नवमीमा श्रीरामावतार, भाद्रकृष्ण अष्टमीमा श्रीकृष्णावतार, भाद्रशुक्ल द्वितीयामा बलरामको अवतार, श्रावणकृष्ण अष्टमीमा श्रीकृष्णको अवतार, ज्येष्ठशुक्ल द्वितीयामा बौद्धावतार र यसै द्वितीयातिथिमा कल्की अवतार हुनेछ ।

कोंकण देशका बासिन्दाहरू **वाराहपुराणमा** निहित वाक्यहरूको आधारमा तलका वचनहरू भन्ने गर्दछन् – आषाढमासको शुक्लपक्षको एकादशी महातिथिमा मत्स्यजयन्ती पर्दछ त्यसमा उपवास गर्नु उत्तम हुन्छ । श्रावणतृतीयामा भगवान्ले कच्छपावतार लिनुभयो । त्यो तिथि कूर्मजयन्ती हो । भाद्रशुक्लपञ्चमी वाराहजयन्ती हो । वैशाखको चतुर्दशीमा भगवान् नृसिंहको अवतार भएकाले त्यसलाई नृसिंहजयन्ती भनिन्छ । भाद्रमासको शुक्लपक्षको द्वादशीमा भगवान् वामन

---

५. दशावतारमध्येका भगवान् बुद्धको जयन्ती आश्विनशुक्ल दशमीका दिन पर्ने भएकाले र लुम्बिनीको कपिलवस्तुमा जन्मेका राजा शुद्धोदनका छोरा सिद्धार्थगौतम जो अहिले गौतमबुद्धका नामले प्रसिद्ध छन् । उनको जयन्ती वैशाखशुक्ल पूर्णिमाका दिन मनाइने भएकाले यी दुई बुद्ध फरक–फरक हुन् भन्ने देखिन्छ । पुनः दशावतारमध्येका बुद्धका पितामाता र जन्मस्थल पनि नदेखिएकाले मत्स्य, कूर्म, नृसिंहादिजस्तै उनी साक्षात् भगवान् विष्णुकै अवतार मानिन्न् भने गौतमबुद्धको चाहिँ पितामाता र जन्मस्थल पनि सबैलाई स्पष्ट ज्ञान भएकाले उनी साक्षात् विष्णुकै अवतार नभई विष्णुको अंशमात्र हुनसक्छन् । त्यस्तै दशावतारमध्येका भगवान् बुद्ध वैदिक धर्मानुयायी मात्र नभई वैदिक धर्मदर्शनका प्रतिपादकनै भएकाले र गौतमबुद्ध चाहिँ नास्तिकदर्शनका प्रवर्तक भएकाले पनि यी दुई बुद्ध निश्चय नै फरक हुन् भन्ने देखिन्छ ।

पैदा हुनुभएकाले त्यसलाई वामनजयन्ती भनिन्छ । वैशाखशुक्ल तृतीया परशुरामजयन्ती हो । चैत्रशुक्ल नवमीमा कौशल्याका गर्भबाट भगवान् राम प्रकट हुनुभयो । त्यो नवमी रामजयन्ती हो । श्रावणकृष्ण अष्टमीमा भगवान् वासुदेव कृष्ण पैदा हुनुभयो त्यो तिथि कृष्णजयन्ती हो । पौषशुक्ल सप्तमी बौद्धजयन्ती हो र त्यसै जयन्तीमा बुद्धको पूजा गर्नुपर्दछ । माघशुक्ल तृतीया कल्किजयन्ती हो ।

माथि उल्लेख गरिएका भगवान्का दश अवतार तल लेखिएबमोजिम विभिन्न समयमा भएका हुन् । मत्स्यावतार एवं कच्छपावतार प्रातःकालमा भएका थिए । वाराहावतार मध्याह्नमा भएको हो । नृसिंहावतार र वामनावतार सायँकालमा भएका हुन् । परशुरामावतार रातमा भएको हो । रामावतार मध्याह्नमा भएको हो । कृष्णावतार मध्यरातमा भएको हो । बुद्धावतार सायँकालमा भएको हो भने कल्की अवतार प्रातःकालमा हुनेछ । मध्याह्नमा जुन अवतार भएको छ त्यसको प्रातःकालमा, जुन अवतार रात्रिमा भएको छ त्यसको सायँकालको आरम्भमा, जुन अवतार मध्यरात्रिमा भएको छ त्यसको सायँकालमा पूजा गर्नुपर्दछ ।

यहाँ अवतारहरूका तिथिहरूको विषयमा विभिन्न प्रमाणहरूको आधारमा फरक-फरक निर्णय देखिए पनि कल्पभेदले अवतारका तिथिहरूमा फरक आएको हो भन्ने बुझ्नुपर्दछ । अतः जयन्तीहरू ती-ती अवतारहरूका उपासकहरूका निमित्त नित्यजयन्ती हुन् । अरूका लागि कामनाविशेषले आराध्य भएकाले काम्य हुन् । कृष्ण जन्माष्टमीको विषयमा कृष्णजन्माष्टमी प्रकरणमा विशेषचर्चा गरिनेछ ।

चैत्रशुक्लपञ्चमी कल्पादिः

चैत्रशुक्लपञ्चमी कल्पादिः । तदुक्तं हेमाद्रौ मात्स्ये –

ब्रह्मणो या दिनस्यादिः कल्पादिः सा प्रकीर्तिता । वैशाखस्य तृतीया या कृष्णा या फाल्गुनस्य च ।।
पञ्चमी चैत्रमासस्य तथैवान्त्या तथापरा । शुक्ला त्रयोदशी माघे कार्तिकस्य तु सप्तमी ।।
नवमी मार्गशीर्षस्य सप्तैताः संस्मराम्यहम् । कल्पानामादयो ह्येता दत्तस्याक्षयकारकाः ।।

अत्र सर्वोपि निर्णयो मन्वादिवज्ज्ञेयः ।

कल्पादि तिथिको रूपमा - चैत्रशुक्लपञ्चमी

चैत्रशुक्लपञ्चमीलाई कल्पादितिथि भनिन्छ । **हेमाद्रि**मा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – 'कल्पादितिथिलाई ब्रह्माको प्रथम दिन मानिन्छ । वैशाखशुक्ल तृतीया, फाल्गुनकृष्ण तृतीया, चैत्रकृष्णपञ्चमी एवं चैत्रशुक्लपञ्चमी, माघशुक्ल त्रयोदशी, कार्तिकशुक्ल सप्तमी र मार्गशीर्षशुक्ल नवमी गरी ७ तिथि कल्पादितिथि हुन् । उक्त तिथिमा गरेको दान अक्षय हुन्छ ।' मन्वादितिथिहरूका लागि जस्तो निर्णय गरिएको छ त्यही निर्णय यिनमा पनि लागु हुन्छ ।

हेमाद्रौ ब्राह्मे – **शुक्लायामथ पञ्चम्यां चैत्रे मासि शुभानना । श्रीर्ब्रह्मलोकान्मानुष्यं सम्प्राप्ता केशवाज्ञया।। अतस्तां पूजयेत्तत्र यस्तं लक्ष्मीर्न मुञ्चति ।।'**

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – चैत्रशुक्लपञ्चमीतिथिमा भगवान् विष्णुको आज्ञा प्राप्त गरी भगवती लक्ष्मी ब्रह्मलोकबाट मर्त्यलोकमा आउनुभएको थियो । त्यसकारण उक्त तिथिमा जसले भगवती लक्ष्मीको पूजन गर्दछ त्यसलाई उहाँले कहिले पनि त्याग गर्नुहुन्न ।

चैत्रशुक्लाष्टम्यां भवान्या उत्पत्तिः

चैत्रशुक्लाष्टम्यां भवान्या उत्पत्तिः । तत्र नवमीयुता ग्राह्या । '**अष्टमी नवमीयुक्ता नवमी चाष्टमीयुता**' इति ब्रह्मवैवर्तात् । अत्र भवानीयात्रोक्ता काशीखण्डे –

भवानीं यस्तु पश्येत शुक्लाष्टम्यां मधौ नरः । न जातु शोकं लभते सदानन्दमयो भवेत् ।। इति।

चैत्रशुक्ल अष्टमीमा भवानीको उत्पत्ति

चैत्रशुक्ल अष्टमीतिथिमा भगवती माता दुर्गा पैदा हुनुभएको थियो । यो अष्टमी परा अर्थात् नवमीसहितको ग्राह्य हुन्छ । **ब्रह्मवैवर्त**मा भनिएको छ – अष्टमी लिँदा नवमीसहितको लिनुपर्दछ र नवमी लिँदा अष्टमीसहितको लिनुपर्दछ ।

स्कन्दपुराण काशीखण्डमा चैत्राष्टमीका दिन भवानीयात्राको विधान गर्दै भनिएको छ – चैत्रशुक्ल अष्टमीका दिन जसले भगवती माता दुर्गाको दर्शन गर्दछ त्यसले कत्ति पनि शोक बेहोर्नु पर्दैन र त्यो सधैं सुखी हुन्छ ।[६]

अशोककलिकाप्राशनम्

अत्रैवाशोककलिकाप्राशनमुक्तं हेमाद्रौ लैङ्गे –

अशोककलिकाश्चाष्टौ ये पिबन्ति पुनर्वसौ । चैत्रे मासि सितेऽष्टम्यां न ते शोकमवाप्नुयुः ।।

अशोककलिकाप्राशन

हेमाद्रिमा उद्धृत लिङ्गपुराणको वचनमा अशोककलिकाप्राशन गर्ने विषयमा भनिएको छ – चैत्रशुक्ल अष्टमीतिथि र पुनर्वसुनक्षत्र भएको दिन जसले अशोकवृक्षका कलिका अर्थात् कोपिला चपाउँछ त्यसले शोक व्यहोर्नु पर्दैन ।

प्राशनमन्त्रस्तु –

त्वामशोक नराभीष्टं मधुमाससमुद्भवम् । पिबामि शोकसन्तप्तो मामशोकं सदा कुरु ।। इति।

प्राशनमन्त्रको अर्थ यसप्रकार छ – 'हे अशोककलिका ! म शोकसन्तप्त छु, शोकनिवारणका लागि चैत्रमासमा उत्पन्न, हुने सबै मानिसका प्यारा तिमीलाई प्राशन गर्दैछु । मलाई सधैं शोकमुक्त तुल्याऊ ।'

चैत्रशुक्लाष्टम्यां भगवच्चिन्तनफलम्

चैत्राष्टम्यां विशेषः पृथ्वीचन्द्रोदये विष्णुः –

पुनर्वसुबुधोपेता चैत्रे मासि सिताष्टमी । प्रातस्तु विधिवत्स्नात्वा वाजपेयफलं लभेत् ।। इति।

---

६. चैत्रशुक्ल अष्टमी पराम्बा भगवती दुर्गाको अवतरण भएको दिन हो । यो अष्टमीमा जगन्माता देवी दुर्गाको १०८ पटक प्रदक्षिणा गर्ने विधि स्कन्दपुराणमा दिइएको छ । जुन यसप्रकार छ–

चैत्राष्टम्यां महायात्रां भवान्याः कारयेत् सुधीः । अष्टाधिकाः प्रकर्तव्याः शतकृत्वः प्रदक्षिणाः ।।

प्रदक्षिणीकृता तेन सप्तद्वीपवती मही । सशैला ससमुद्रा च साश्रमा च सकानना ।।

कुर्याज्जागरणं रात्रौ चैत्राष्टम्यां व्रती नरः । प्रातर्भवानीमभ्यर्च्य प्राप्नुयाद् वाञ्छितं फलम् ।।

यिनै वचनका आधारमा चैत्राष्टमी (चैते दशैं) का दिन भक्तजनहरू माता दुर्गाको दर्शन, पूजा, स्पर्श, उपासना, प्रदक्षिणा, गान, भजन, कीर्तन गरेर उहाँबाट आशीर्वाद लिने गर्छन् ।

चैत्रशुक्ल अष्टमीमा भगवच्चिन्तनको विशेष पुण्य

यसबारे विशेषतथ्य प्रकट गर्दै **पृथिवीचन्द्रोदयमा विष्णुले** भन्नुभएको छ – पुनर्वसुनक्षत्रले सहित चैत्रशुक्ल अष्टमी साह्रै पुण्यदायक छ । यो अष्टमीका दिन बिहान विधिवत् स्नान गरी भगवान्को चिन्तन गर्ने मानिसले वाजपेययज्ञको फल प्राप्त गर्दछ ।

तिथितत्त्वे कालिकापुराणे –

चैत्रे मासि सिताष्टम्यां यो नरो नियतेन्द्रियः । स्नायाल्लौहित्यतोयेषु स याति ब्रह्मणः पदम्।।
चैत्रं तु सकलं मासं शुचिः प्रयतमानसः । लौहित्यतोये यः स्नायात्स कैवल्यमवाप्नुयात् ।।'

लौहित्यो ब्रह्मपुत्रः । मन्त्रस्तु –

ब्रह्मपुत्र महाभाग शन्तनोः कुलसम्भव । अमोघागर्भसम्भूत पापं लौहित्य मे हर ।।

तिथितत्त्वमा उद्धृत **कालिकापुराणको** वचनमा भनिएको छ – चैत्रमहिनाको शुक्लपक्षको अष्टमीका दिन इन्द्रियसंयमले युक्त भएका मानिसले ब्रह्मपुत्र नदमा स्नान गरेमा त्यो ब्रह्मपदमा प्राप्त हुन्छ । जुन मानिसले पूरा चैत्रमहिना सावधान भएर ब्रह्मपुत्रमा स्नान गर्दछ त्यसले कैवल्य(मोक्ष) प्राप्त गर्दछ । स्नान गर्दा भनिने मन्त्र – **ब्रह्मपुत्र महाभाग०** इत्यादि हो । मन्त्रार्थ यसप्रकार छ – 'शन्तनुका कुलमा अमोघाका गर्भबाट पैदा भएका हे ब्रह्मपुत्र ! तिमीले मेरा सबै पाप हरण गर ।' मूलमा प्रयुक्त लौहित्यको अर्थ– ब्रह्मपुत्रनामक नद हो ।

रामनवमीविचारः

चैत्रशुक्लनवमी रामनवमी । तदुक्तमगस्त्यसंहितायाम् –

चैत्रे नवम्यां प्राक्पक्षे दिवा पुण्ये पुनर्वसौ । उदये गुरुगौरांश्वोः स्वोच्चस्थे ग्रहपञ्चके ।।
मेषे पूषणि सम्प्राप्ते लग्ने कर्कटकाह्वये । आविरासीत्स कलया कौशल्यायां परः पुमान् ।।
तस्मिन् दिने तु कर्तव्यमुपवासव्रतं सदा । तत्र जागरणं कुर्याद्रघुनाथपरो भुवि ।।' इति ।

इयं च मध्याह्नव्यापिनी ग्राह्या ।

चैत्रशुक्ले तु नवमी पुनर्वसुयुता यदि । सैव मध्याह्नयोगेन महापुण्यतमा भवेत् ।। इति तत्रैवोक्तेः।

चैत्रशुक्लनवमी अर्थात् रामनवमीको विचार

चैत्रशुक्ल नवमीलाई रामनवमी पनि भनिन्छ । **अगस्त्यसंहितामा** रामनवमीतिथिमा श्रीरामको अवतार भएको विषयमा प्रकाश पार्दै भनिएको छ – 'चैत्रमासको शुक्लपक्षको नवमीतिथिमा दिनको समय र पुण्यकालमा पुनर्वसुनक्षत्रमा बृहस्पति र सूर्यको उदयको बेला अरू पाँच ग्रह उच्च स्थितिमा पुगेको अवस्थामा सूर्य मेषराशिमा भएको समय र कर्कलग्नमा दशरथकी परमप्रिया रानी कौशल्याका गर्भबाट परमपुरुष नारायणले रामावतार लिनुभएको थियो । रामनवमीका दिन नरनारीहरूले भक्तिपूर्वक व्रत एवं उपवास गर्नुपर्दछ । भगवान् रघुनाथको चिन्तन, मनन, कीर्तन गर्दै त्यो रात पूरा जागरण गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – रामनवमी लिंदा मध्याह्नस्पर्श गर्ने नवमी लिनुपर्दछ किनकि अगस्त्यसंहितामा नै फेरि बताइएको छ– चैत्रशुक्ल नवमीतिथिले पुनर्वसुनक्षत्रसँग युक्त भई मध्याह्नलाई स्पर्श गरेमा त्यो नवमीतिथि महापुण्यतम बन्दछ ।

तथा – **चैत्रमासे नवम्यां तु जातो रामः स्वयं हरिः । पुनर्वस्वृक्षसंयुक्ता सा तिथिः सर्वकामदा।।**
श्रीरामनवमी प्रोक्ता कोटिसूर्यग्रहाधिका ।।

तथा – **केवलापि सदोपोष्या नवमीशब्दसंग्रहात् । तस्मात्सर्वात्मना सर्वैः कार्यं वै नवमीव्रतम्।।**

पूर्वेद्युरेव मध्याह्नयोगे कर्मकालव्याप्तेः सैव ग्राह्या । दिनद्वये मध्याह्नव्याप्तौ तदभावे वा पूर्वदिने पुनर्वस्वृक्षयुक्तामपि त्यक्त्वा परैव कार्या । तदुक्तं माधवीयेऽगस्तिसंहितायाम् –

नवमी चाष्टमीविद्धा त्याज्या विष्णुपरायणैः । उपोषणं नवम्यां च दशम्यां चैव पारणम् ।। इति।

अगस्त्यसंहितामा भनिएको छ – चैत्रमासको शुक्लपक्षको नवमीतिथिमा नारायण श्रीरामका रूपमा अवतीर्ण हुनुभयो। चैत्रशुक्ल नवमी पुनर्वसुनक्षत्रले युक्त भएमा अत्यन्त पुण्यदायक र सर्वकामनापूरक हुन्छ । त्यसलाई कोटि–कोटि सूर्यग्रहणभन्दा पनि पवित्र तिथि मानिन्छ । पुनर्वसुको योग नभई केवल नवमी हुँदा पनि रामनवमीका दिन उपवास गर्नुपर्दछ । नवमीशब्दमात्र पनि पुण्यदायक छ । त्यसकारण आत्मोन्नतिको कामना गर्ने सबैले सधैं रामनवमीका दिन उपवास गरी श्रीरामको आराधना गर्नुपर्दछ । रामनवमीमा पहिलो दिननै नवमीले मध्याह्न व्याप्त गरेमा उपवास आदिका लागि पहिलो दिन नै लिनुपर्दछ । दुवै दिन मध्याह्नमा नवमी व्याप्त भएमा अथवा व्याप्त नभएमा र पहिलो दिन पुनर्वसुनक्षत्र प्राप्त भएतापनि पछिल्लै दिन नवमीको उपवास गर्नुपर्दछ भन्ने कुरा **माधवीय**मा उद्धृत **अगस्त्यसंहिता**को वचनमा भनिएको छ – विष्णुका भक्तहरूले अष्टमीविद्धा नवमीको त्याग गर्नुपर्दछ । नवमीका दिन उपवास गरी दशमीका दिन पारण गर्नुपर्दछ ।

अष्टमीविद्धा सऋक्षापि नोपोष्येति माधवः । रामार्चनचन्द्रिकायामपि –

विद्धैव चेदृक्षयुक्ता व्रतं तत्र कथं भवेत् । विद्धा निषिद्धश्रवणान्नवमी चेति वाक्यतः ।।
वैष्णवानां विशेषात्तु तत्र विष्णुपरैरपि । दशम्यादिषु वृद्धिश्चेद्विद्धा त्याज्यैव वैष्णवैः ।।
तदन्येषां च सर्वेषां व्रतं तत्रैव निश्चितम् ।।' इति ।

अत्र दशम्यादिषु वृद्धिश्चेदिति, तदन्येषामिति च वदन् यदा प्रातस्त्रिमुहूर्ता नवमी दशमी च क्षयवशात्सूर्योदयात्प्रागेव समाप्यते, तदा स्मार्तानां तत्रैव । एकादशीनिमित्तोपवासात् नवमीव्रताङ्गपारणालोपः स्यात् । अतोऽष्टमीविद्धैव स्मार्तैः कार्या । वैष्णवानां त्वरुणोदयविद्धैकादश्यां हेयत्वान्न पारणालोपप्रसङ्गः, इति द्वितीयैव तैः कार्येति सूचयति । दशमीवृद्ध्यभावेऽष्टमीविद्धाया एव मध्याह्नव्यापित्वे क्षये च वैष्णवैरपि विद्धैवोपोष्येत्यर्थसिद्धम् । इदं च व्रतं संयोगपृथक्त्वन्यायेन काम्यं नित्यं च ।

माधवले पनि अष्टमीविद्धा नवमीमा उपवास गर्न हुँदैन भनेका छन् । **रामार्चनचन्द्रिका**मा भनिएको छ– 'पुनर्वसुनक्षत्रले युक्त भएतापनि यदि नवमी अष्टमीविद्धा छ भने त्यो दिन रामनवमीव्रत हुँदैन । विद्धाको निषेध र नवमीको उपवास यी शब्दहरू सुन्नाले अष्टमीविद्धा नवमी परित्याज्य नै हुनआउँछ । दशमी आदिको वृद्धि भएतापनि विष्णुका भक्तहरूले विद्धा नवमीमा उपवास गर्न हुँदैन ।' यस पद्यमा विष्णुका भक्तले अर्थात् वैष्णवहरूले त्याग गरून् भनिएकाले अरूले उपवास गर्न हुन्छ भन्ने तात्पर्य रहेको छ ।

माथिको पद्यमा दशमी आदिको वृद्धि भएमा भन्ने र वैष्णवेतरहरूले उपवास गर्न हुन्छ भन्ने वाक्यहरूको निचोड

यसप्रकार छ – जब प्रातःकालमा नवमी ३ मुहूर्तको हुन्छ, दशमीको क्षय भएका कारण त्यो सूर्योदयभन्दा पहिले सकिएको हुन्छ । त्यसबेला एकादशीको उपवास पनि त्यसैदिन गर्नुपर्ने हुन्छ । एकादशीको उपवास पर्नाले नवमीको पारण गर्न नमिल्ने स्थिति आउँछ । पारण नै लोप हुनसक्छ । त्यसकारण स्मार्तहरूले अष्टमीविद्धा नवमीमा नै उपवास गर्नुपर्दछ। वैष्णवहरूले अरुणोदयकालमा विद्ध भएको एकादशीको त्याग गर्नुपर्ने हुँदा तिनीहरूलाई पारणलोप हुने प्रसङ्ग आउँदैन। तिनीहरूले दोस्रो नवमीका दिन उपवास गर्नुपर्दछ । तर दशमीको वृद्धि भएको छैन र अष्टमीविद्धा नवमी मध्याह्नकालसम्म व्याप्त छ भने तिथिक्षय भएमा वैष्णवहरूले पनि उक्त विद्धामा नै उपवास गर्नुपर्दछ । यो कुरा अर्थसिद्ध छ । यो व्रत संयोग र पृथक्त्वका न्यायले काम्य र नित्य पनि मानिन्छ । किनकि अष्टमीका संयोगले फल प्राप्तिका लागि काम्यव्रत गरिने र केवल नवमीमा फलाशा नराखी नित्यव्रत गरिने हुँदा फल एवं व्रतमा पार्थक्य देखिन आउँछ ।[७]

तदुक्तं हेमाद्रावगस्तिसंहितायाम् –

उपोषणं जागरणं पितॄनुद्दिश्य तर्पणम् । तस्मिन् दिने तु कर्तव्यं ब्रह्मप्राप्तिमभीप्सुभिः ।।
सर्वेषामप्ययं धर्मो भुक्तिमुक्त्यैकसाधनः । अशुचिर्वापि पापिष्ठः कृत्वेदं व्रतमुत्तमम् ।।
पूज्यः स्यात्सर्वभूतानां यथा रामस्तथैव सः । यस्तु रामनवम्यां तु भुङ्क्ते मोहाद्विमूढधीः ।।
कुम्भीपाकेषु घोरेषु पच्यते नात्र संशयः ।।

यस विषयमा हेमाद्रिमा उद्धृत अगस्त्यसंहिताको वचन यसप्रकार छ – ब्रह्मप्राप्तिको कामना गर्ने साधकले श्रीरामनवमीका दिन उपवास, पितृतर्पण र जागरण गर्नुपर्दछ । यी कर्म नै सबैका लागि भुक्ति र मुक्ति दिने साधन हुन् । मानिसले आफू अशुद्ध र पापिष्ठ भएतापनि यो व्रत गरेपछि अशुचिता र पापबाट मुक्त भई रामजस्तै सबैका लागि पूज्य बन्दछ । मूढबुद्धि जुन मानिसले रामनवमीका दिन भोजन गर्दछ त्यो कुम्भीपाक आदि नरकमा पर्दछ । यसमा कुनै सन्देह छैन ।

तथा – **अकृत्वा रामनवमीव्रतं सर्वव्रतोत्तमम् । व्रतान्यन्यानि कुरुते न तेषां फलभाग्भवेत् ।।**
प्राप्ते श्रीरामनवमीदिने मर्त्यो विमूढधीः । उपोषणं न कुरुते कुम्भीपाकेषु पच्यते ।।

अत्र केचित्तदुपासनामेवेदं व्रतं नित्यम्, न त्वन्येषामित्याहुः । अन्ये तु अकरणे दोषश्रवणात् – **'तस्मात्सर्वात्मना सर्वैः कार्यं वै नवमीव्रतम् ।'** इति पूर्वोक्तवचनाच्च जन्माष्टम्यादिवदिदमपि सर्वेषां नित्यम् । अन्यथा जन्माष्टम्यादावपि तदुपासकानामेव नित्यतां वक्तुः को वारयितेत्याहुः ।

७. मीमांसानुक्रमणिकाको ४/३/५–७ सूत्र 'नित्ये काम्ये च दध्यादि' अनुसार दध्ना जुहोति वाक्यमा कुनै कामनाविना दधि-द्रव्यको प्रयोग गरिने कुरा बताइएको छ । तसर्थ फल र दधिको संयोग हुँदैन । तर दध्ना इन्द्रियकामस्य जुहुयात् भन्ने वाक्यमा कामनासहित दधि–द्रव्यको प्रयोग गरिएको बुझिन्छ । यसैले यहाँ एउटा वाक्यमा फल र द्रव्यको संयोग, अर्को वाक्यमा फल र द्रव्यको पार्थक्य देखाइएको हुँदा संयोगपृथक्त्वन्याय लागु हुन्छ । यसैगरी 'खादिरो यूपो भवति, खादिरं वीर्यकामस्य यूपं कुर्यात्' यी दुई वाक्यको क्रमशः अर्थ यसप्रकार छ – निष्काम कर्मको अनुष्ठान गर्दा पशुयागमा खयरको यूप अर्थात् मौलो बनाउनुपर्दछ । यहाँ खयरको आफ्नो कुनै फल हुँदैन तर त्यस यागको जुन फल हुन्छ त्यो फल खयरको पनि हुन्छ । दोस्रो वाक्यमा भनिएको छ– जुन मानिसले खयरको मौलो तयार गर्छ त्यसले पराक्रमरूप फल प्राप्त गर्दछ । यस वाक्यमा खयरको स्वतन्त्र पराक्रमरूप फल बताइएको छ । यसरी उक्त दुई वाक्यमा एउटै खयरको फलसम्बन्धको अभाव र फलसम्बन्ध हुने कुरा प्रतिपादन गरिएकाले संयोगपृथक्त्वनामक न्याय लागु भएको छ । प्रकृत प्रसङ्गमा पनि अष्टमीले संयुक्त भएको नवमीमा फलाशाले उपवास गरिने हुँदा फलको संयोग देखिन्छ भने केवल नवमीमा निष्काम उपवास गरिने हुँदा फलनिरपेक्ष उपवास हुन्छ । तसर्थ फलको पृथग्भाव देखिन आउने हुँदा यहाँ पनि संयोगपृथक्त्वन्याय लागु भएको छ ।

यस्तै वचन अन्यत्र पनि छ – सबै व्रतहरूमा उत्तम व्रत रामनवमीव्रत हो । जसले रामनवमीव्रत नगरी अरू व्रत गर्दछ त्यसले ती व्रतको फल प्राप्त गर्दैन । जुन मूढबुद्धि मानिसले रामनवमीका दिन उपवास नगरी भोजन गर्दछ त्यो कुम्भीपाक आदि नरकमा पर्दछ र नारकीय कष्टभोग गर्दछ ।

केही मानिसहरू भन्दछन् – यो व्रत श्रीरामका उपासकहरूका लागि नित्यव्रत हो अरूका लागि होइन । फेरि अर्काथरि मानिसहरू भन्दछन् – रामनवमीव्रत नगर्दा दोष हुने हुनाले सबैले सर्वात्मना यो व्रत गर्नुपर्दछ भन्ने वाक्यसमेत पाइनाले श्रीकृष्णजन्माष्टमीको व्रतझैं यो व्रत पनि सबैका लागि नित्यव्रत हो । अन्यथा जन्माष्टमीव्रत पनि कृष्णका उपासकहरूका लागि मात्र नित्यव्रत हो,अरूका लागि होइन भन्न सकिने कुरा कसले रोक्न सक्छ ?

रामप्रतिमादिदानकथनम्

अत्र विशेषो हेमाद्रावगस्त्यसंहितायाम् – आचार्यं चैव सम्पूज्य वृणुयात्प्रार्थयेन्निशि ।

श्रीरामप्रतिमादानं करिष्येऽहं द्विजोत्तम । भक्त्याचार्यो भव प्रीत श्रीरामोऽसि त्वमेव च ।।'

तथा – **स्वगृहे चोत्तरे देशे दानस्योज्ज्वलमण्डपम् । शङ्खचक्रहनूमद्भिः प्राग्द्वारे समलङ्कृतम्।।**

गरुत्मच्छार्ङ्गबाणैश्च दक्षिणे समलङ्कृतम् । गदाखड्गाङ्गदैश्चैव पश्चिमे सुविभूषितम् ।।

पद्मस्वस्तिकनीलैश्च कौबेरे समलङ्कृतम् । मध्ये हस्तचतुष्काढ्यं वेदिकायुक्तमायतम् ।।

रामप्रतिमा आदिको दान

श्रीरामको प्रतिमादान गर्ने सम्बन्धमा हेमाद्रिमा उद्धृत अगस्त्यसंहिताको विशेष वचन यसप्रकार छ – श्रीरामनवमीका दिन उपासकले आचार्यवरण गरी प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे उत्तम ब्राह्मणदेवता ! म श्रीरामको प्रतिमादान गर्दछु । हजुर यस कार्यका लागि आचार्य भइदिनुहोस् । म हजुरको भक्ति गर्दछु, हजुर श्रीराम नै हुनुहुन्छ ।' यसरी प्रार्थना गरेपछि उपासकले आफ्नो घरको उत्तर दिशातर्फ प्रतिमादानका लागि उत्तमदानमण्डप तयार गर्नुपर्दछ । दानमण्डपको पूर्वदिशामा ढोकाको अगाडि नाग, हनूमान् र चक्रको प्रतिमा राख्नुपर्दछ । दक्षिणद्वारमा गरुड, शार्ङ्ग र बाणको चिह्न राख्नुपर्दछ र पश्चिमद्वारमा खड्ग, गदा र अङ्गदको चिह्न राख्नुपर्दछ । उत्तरद्वारमा पद्म, स्वस्तिक र नीलमणि राख्नुपर्दछ । माझमा चारहातको सुन्दर वेदी बनाउनुपर्दछ ।

ततः सङ्कल्पयेद्देवं राममेव स्मरन्मुने । अस्यां रामनवम्यां च रामाराधनतत्परः ।।

उपोष्याष्टसु यामेषु पूजयित्वा यथाविधि । इमां स्वर्णमयीं रामप्रतिमां च प्रयत्नतः ।।

श्रीरामप्रीतये दास्ये रामभक्ताय धीमते । प्रीतो रामो हरत्वाशु पापानि सुबहूनि मे ।।

अनेकजन्मसंसिद्धान्यभ्यस्तानि महान्ति च । ततः स्वर्णमयीं रामप्रतिमां पलमात्रतः ।।

निर्मितां द्विभुजां दिव्यां वामाङ्कस्थितजानकीम् । बिभ्रतीं दक्षिणकरे ज्ञानमुद्रां महामुने ।।

वामेनाधःकरेणाराद्देवीमालिङ्ग्य संस्थिताम् । सिंहासने राजतेऽत्र पलद्वयविनिर्मिते ।।'

त्यसपछि भगवान् श्रीरामको स्मरण गरी 'म यो रामनवमीमा श्रीरामको आराधना गर्दै आठ प्रहरसम्म उपवास गरी श्रीरामको स्वर्णप्रतिमा उहाँकै प्रीतिका लागि श्रीरामका भक्त बुद्धिमान् ब्राह्मणदेवतालाई प्रदान गर्दछु । मैले गर्ने प्रतिमादानको कार्यबाट प्रसन्न हुनुहुने श्रीरामले मेरा अनेक जन्मका मन, वचन एवं कर्मद्वारा दिनदिनै अभ्यास गरिएका सबै पाप हरण

गर्नुहुनेछ ।' यसरी सङ्कल्प गरेपछि एकपल अर्थात् ४ तोलाको श्रीरामको सुवर्णप्रतिमा तयार गरी त्यसमा राम्रा दुईहात बनाउनुपर्दछ । त्यो प्रतिमा दिव्यरूपले सम्पन्न हुनुपर्दछ । प्रतिमाको बायाँतर्फ जानकीको प्रतिमा हुनुपर्दछ । हे महामुनि! दायाँ हातमा ज्ञानमुद्रा धारण गर्ने अर्थात् जुन मुद्रामा चोर औंला र बूढी औंलाका टुप्पाहरू जोडिएका हुन्छन् र जोडिएका ती दुवै औंलाको टुप्पालाई हृदयमा विन्यास गरिरहेको हुन्छ र बायाँ हात बायाँ जानु अर्थात् घुँडामा विन्यास गरिएको हुन्छ, यसलाई ज्ञानमुद्रा[८] भनिन्छ, यो ज्ञानमुद्रा भगवान् रामलाई अत्यन्त प्यारो लाग्छ त्यो बायाँ हातले भगवती जानकीलाई आलिङ्गन गर्ने रामको प्रतिमालाई सिंहासनमा शोभायमान गराउनुपर्दछ ।

तथा – **अशक्तो यो महाभागः स तु वित्तानुसारतः । पलेनार्धतदर्धार्धतदर्धार्धेन वा मुने ।।**
सौवर्णं राजतं वापि कारयेद्रघुनन्दनम् । पार्श्वे भरतशत्रुघ्नौ धृतच्छत्रकरावुभौ ।।
चापद्वयसमायुक्तं लक्ष्मणं चापि कारयेत् । दक्षिणाङ्गे दशरथं पुत्रावेक्षणतत्परम् ।।
मातुरङ्कगतं राममिन्द्रनीलसमप्रभम् । पञ्चामृतस्नानपूर्वं सम्पूज्य विधिवत्ततः ।।

जुन मानिसले श्रीरामको दिव्यप्रतिमा तयार गर्न सक्दैनन् तिनीहरूले एकपल अर्थात् ६४ मासा तौल भएको, आधा पल त्यसको आधा वा त्यसको पनि आधा स्वर्ण अथवा चाँदीको प्रतिमा बनाउनुपर्दछ । श्रीरामका दुवैतर्फ हातमा छाता लिएका भरत र शत्रुघ्नको प्रतिमा राख्नुपर्दछ । त्यहाँ दुईहातमा धनु लिएका लक्ष्मणको प्रतिमा राख्नुपर्दछ । श्रीरामको दायाँतर्फ आफ्ना श्रीराम आदि छोराहरूलाई हेरिरहेका दशरथको प्रतिमा राख्नुपर्दछ । आमा कौशल्याको काखमा विराजमान इन्द्रनीलमणिसमान कान्तिले सुहाएका श्रीरामको विधिपूर्वक पूजा गरी उहाँलाई पञ्चामृतले स्नान गराउनुपर्दछ। त्यसपछि कौशल्याको पूजा गर्नुपर्दछ ।

कौशल्यामन्त्रस्तु –

रामस्य जननी चासि रामरूपमिदं जगत् । अतस्त्वां पूजयिष्यामि लोकमातर्नमोस्तु ते ।।
नमो दशरथायेति पूजयेत्पितरं ततः ।। अत्र दशावरणपञ्चावरणादिपूजान्यत्र ज्ञेया ।

कौशल्याको प्रार्थनामन्त्रको अर्थ यसप्रका छ– 'यो जगत् रामकै रूप हो । हे देवी ! तिमी रामकी आमा हौ । तसर्थ म तिम्रो पूजा गर्दैछु । हे लोकमाता ! तिमीलाई नमस्कार गर्दछु । कौशल्याको प्रार्थनापछि दशरथलाई नमस्कार गरी उनको पूजा गर्नुपर्दछ ।' यहाँ गर्नुपर्ने दश आवरण वा पाँच आवरणको पूजाविधि अरू ग्रन्थबाट बुझ्नुपर्दछ ।

अशोककुसुमैर्युक्तमर्घ्यं दद्याद्विचक्षणः । दशाननवधार्थाय धर्मसंस्थापनाय च ।।
राक्षसानां विनाशाय दैत्यानां निधनाय च । परित्राणाय साधूनां जातो रामः स्वयं हरिः ।।
गृहाणार्घ्यं मया दत्तं भ्रातृभिः सहितोऽनघ । पुष्पाञ्जलिं पुनर्दत्त्वा यामे यामे प्रपूजयेत् ।।
दिवैवं विधिवत्कृत्वा रात्रौ जागरणं ततः । ततः प्रातः समुत्थाय स्नानसंध्यादिकाः क्रियाः ।।
समाप्य विधिवद्रामं पूजयेद्विधिवन्मुने । ततो होमं प्रकुर्वीत मूलमन्त्रेण मन्त्रवित् ।।

८. दाहिने चोरी औंला र बूढी औंला जोडेर हृदयमा स्पर्श गर्दै बायाँ हातको बूढी औंला र चोरी औंला जोडेर बायाँ घुँडामाथि राखी पलेंटी मारी बस्दा निष्पन्न हुने मुद्रालाई ज्ञानमुद्रा भनिन्छ । यो ज्ञानमुद्रा भगवान् श्रीरामचन्द्रलाई अत्यन्त प्यारो लाग्दछ । भनिएको पनि छ – तर्जन्यङ्गुष्ठकौ सक्तावग्रतो हृदि विन्यसेत् । ज्ञानमुद्रा भवेदेषा रामचन्द्रस्य प्रेयसी ।। – मुद्राप्रकाश ।

पूर्वोक्तपद्मकुण्डे वा स्थण्डिले वा समाहितः । लौकिकाग्नौ विधानेन शतमष्टोत्तरं ततः ।।
साज्येन पायसेनैव स्मरन् राममनन्यधीः । ततो भक्त्या सुसन्तोष्य आचार्यं पूजयेन्मुने ।।
ततो रामं स्मरन् दद्यादेवं मन्त्रमुदीरयेत् । 'इमां स्वर्णमयीं रामप्रतिमां समलङ्कृताम् ।।
चित्रवस्त्रयुगच्छन्नां रामोऽहं राघवाय ते । श्रीरामप्रीतये दास्ये तुष्टो भवतु राघवः ।।'
इति दत्त्वा विधानेन दद्याद्वै दक्षिणां भुवम् । ब्रह्महत्यादिपापेभ्यो मुच्यते नात्र संशयः ।। इति।

यसरी पूजा गरेपछि पूजाविधिको ज्ञाता मानिसले **दशाननवधार्थाय०** इत्यादि प्रार्थनामन्त्र पढी श्रीरामलाई अशोकका फूलले भरिएको अर्घ्य दिनुपर्दछ । प्रार्थना मन्त्रको अर्थ यसप्रकार छ – 'रावणको वध, राक्षसहरूको विनाश, दैत्यहरूको मृत्यु, धर्मको प्रतिष्ठा र साधुहरूको रक्षाका लागि स्वयं नारायण रामका रूपमा अवतीर्ण हुनुभयो । हे राम ! म यो अर्घ्य अर्पण गर्दछु । आमाहरूसहित रहनुभएका हजुरले यसलाई स्वीकार गर्नुहोस् ।' यसरी प्रार्थना गरेपछि पुष्पाञ्जलि टक्र्याई प्रहर–प्रहरमा श्रीरामको पूजा गर्नुपर्दछ र त्यो दिनरातमा जाग्राम बस्नुपर्दछ । दोस्रो दिन प्रातःकालमा उठेपछि सविधि स्नान, सन्ध्या आदि कर्म गरी विधिपूर्वक फेरि श्रीरामको पूजा गर्नुपर्दछ । मन्त्रको तत्त्व जान्ने साधकले श्रीरामको मूलमन्त्रद्वारा पहिले बनाएको [९]पद्मकुण्डमा अथवा स्थण्डिल अर्थात् यज्ञवेदी[१०]मा अथवा लौकिक अग्निमा भगवान् रामको नाम जप्दै हवन गर्नुपर्दछ । हवनपछि आचार्यलाई भक्तिपूर्वक सन्तुष्ट तुल्याई **इमां स्वर्णमयीं०** इत्यादि मन्त्र पढ्दै श्रीरामको प्रतिमादान गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'यो सुन्दर रङ्गी–विरङ्गी वस्त्रहरूले सुहाएको सुवर्णप्रतिमा म भगवान् श्रीरामको प्रीतिका लागि रामकै स्वरूपमा रहनुभएका तपाईं आचार्यलाई अर्पण गर्दैछु । हे भगवान् श्रीराम ! हजुर ममाथि प्रसन्न हुनुहोस् ।' यसरी विधिपूर्वक प्रतिमादान गरी ब्राह्मणलाई पृथ्वीदान दिएर दक्षिणा दिनुपर्दछ ।' यस विधिबाट दान गर्ने दाता ब्रह्महत्या आदि पापबाट मुक्त हुन्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

इयं मलमासे न कार्या । 'सुजप्तमप्यजप्तं स्यान्नोपवासः कृतो भवेत् ।' इति, 'न कुर्यान्मलमासे तु महादानव्रतानि च ।' इति च माधवीये संग्रहवचनात् । ननु रामनवमीव्रतस्य नित्यत्वादेकादशीवन्मलमासेऽपि कर्तव्यता स्यादिति चेत्, अत्र ब्रूमः । नैकादश्युपवासस्य व्रतत्वेन प्राप्तिः । किन्तु 'एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि।' इत्यादिनिषेधस्य मलमासेऽपि पालनीयत्वात् कृष्णैकादश्यां पुत्रवद्गृहिण इवार्थादुपवासः प्रसज्यते । न त्विह तथेति व्रतत्वेन प्राप्तिर्वाच्या । सा च निषिद्धेत्यप्रसङ्गः । 'स्पष्टमासविशेषाख्याविहितं वर्जयेन्मले' इति निषेधाच्च । एवं जन्माष्टम्यादावपि बोद्धव्यम् । इति रामनवमी ।

यो प्रतिमादान मलमासमा गर्न हुँदैन । यसबारे **माधवीय**को संग्रहवचनमा भनिएको छ – मलमासमा महादान र व्रत आदि गर्न हुँदैन । मलमासमा राम्रोसँग जपिएको जप नजपेझैं हुन्छ र गरिएको उपवास नगरिएझैं निष्फल हुन्छ । यहाँ शङ्का हुन्छ – रामनवमीको व्रत नित्य भएकाले एकादशीकै व्रत समान मलमासमा पनि गर्नुपर्ने देखिन्छ । तसर्थ यो निषेध

९. विभिन्न कर्मका लागि छुट्टाछुट्टै परिमाणमा निर्माण गरिने मेखला, गर्त अर्थात् खाडल, कण्ठ, योनि, नाभिको आकारले सम्पन्न अग्निको स्थान अथवा आयतनलाई कुण्ड भनिन्छ । त्यो कुण्ड कमलको आकारमा रहँदा पद्मकुण्ड कहलाउँछ । पद्मकुण्डका पनि स्वरूप एवं आयतनका भेदले अनेक नाम हुन्छन् । जस्तै – त्रिदलपद्मकुण्ड, चतुर्दलपद्मकुण्ड, पञ्चदलपद्मकुण्ड आदि । सामान्य कुण्ड १२ हात फैलिएको, १२ वटा स्तम्भ रहेको द्वार एवं तोरणसहित तयार गरिएको हुन्छ । – कुण्डमण्डपसिद्धि।

१०. **त्र्यस्रञ्च चतुरस्रञ्च वितस्त्युच्छ्रयसम्मितम् । सिकताद्यैर्विधातव्यं स्थण्डिलं हस्तमात्रकम् ।।** – तीनकुने वा चारकुने, एकवित्ता उचाइ र चौडाइ भएको बालुवा आदिद्वारा बनाइने यज्ञवेदीलाई स्थण्डिल भनिन्छ । – पुरश्चर्यार्णव १/१६२ ।

किन ? यस शङ्काको उत्तरमा हामी भन्दछौं कि एकादशीमा गरिने उपवास व्रतका कारण गरिने होइन । किन्तु दुवै पक्षका एकादशीमा भोजन गर्न हुँदैन भन्ने निषेध वचनका कारण गर्न भनिएको हो । एकादशीमा भोजन नगरोस् भन्ने निषेध वचन मलमासमा पनि लागु हुन्छ । कृष्णपक्षको एकादशीमा पुत्र हुने गृहस्थहरूका निम्ति जसरी उपवासको व्यवस्था गरिएको छ त्यस्तो व्यवस्था रामनवमीमा गरिएको छैन । रामनवमीव्रत दिनमा गरिने हुनाले मलमासमा पनि व्रत गर्नुपर्छ भन्छौ भने त्यसलाई शास्त्रले निषेध गरेको छ। शास्त्रले गरेको निषेध नै प्रमाण हुनाले मलमासमा रामनवमीव्रत प्राप्त हुँदैन। यो नियम जन्माष्टमी आदिको विषयमा पनि जान्नुपर्दछ ।

दोलोत्सवः

चैत्रशुक्लैकादश्यां दोलोत्सव उक्तो ब्राह्मे –

चैत्रमासस्य शुक्लायामेकादश्यां तु वैष्णवैः । आन्दोलनीयो देवेशः सलक्ष्मीको महोत्सवैः ।। इति ।

दोलोत्सव

ब्रह्मपुराणमा चैत्रशुक्ल एकादशीतिथिमा दोलोत्सव गर्नुपर्ने विषयमा यसरी बताइएको छ– चैत्रमासको शुक्ल एकादशीमा वैष्णवहरूले लक्ष्मीसहित भगवान् नारायणको उत्सव मनाउँदै दोलोत्सव गर्नुपर्दछ ।

दमनोत्सवः

चैत्रशुक्लद्वादश्यां दमनोत्सवः ।

द्वादश्यां चैत्रमासस्य शुक्लायां दमनोत्सवः । बौधायनादिभिः प्रोक्तः कर्तव्यः प्रतिवत्सरम् ।। इति।

रामार्चनचन्द्रिकोक्तेः –

ऊर्जे व्रतं मधौ दोला श्रावणे तन्तुपूजनम् । चैत्रे च दमनारोपमकुर्वाणो व्रजत्यधः ।। इति ।

तत्रैव पाद्मवचनाच्च । शिवभक्तादिभिस्तु चतुर्दश्यादौ कार्यम् । **'तत्र स्यात्स्वीयतिथिषु बह्न्यादेर्दमनार्पणम्।'** इति तत्रैवोक्तेः ।

दमनोत्सव

रामार्चनचन्द्रिकामा भनिएको छ – प्रतिवर्ष चैत्रशुक्लद्वादशीका दिन दमनोत्सव गर्नुपर्छ भनी बौधायन आदि आचार्यहरूले बताएका छन् । फेरि त्यहाँ नै **पद्मपुराण**को वचन उद्धृत गर्दै भनिएको छ – 'श्रावणमा तन्तुपूजन अर्थात् डोरो पूजन, चैत्रमा दमनोत्सव, कार्तिकमा व्रत र चैत्रमा झुला उत्सव नगर्ने मानिसको पतन हुन्छ ।' भगवान् शिवका भक्तहरूले चतुर्दशी आदि तिथिमा दमनार्पण गर्नुपर्दछ । **रामार्चनचन्द्रिका**मा नै भनिएको छ – अग्नि आदि देवताको आ-आफ्ना तिथिमा दमनार्पण उत्सव मनाउनुपर्दछ ।

ज्योतिःप्रकाशेऽपि – **स्वस्वदेवप्रतिष्ठायां मन्त्रसङ्ग्रहणे तथा । पवित्रदमनारोपे ग्राह्या तत्तत्तिथिर्बुधैः ।।**

तिथयस्तु – **वह्निर्विरिञ्चिर्गिरिजा गणेशः फणी विशाखो दिनकृन्महेशः ।**

दुर्गान्तको विश्वहरी स्मरश्च शर्वः शशी चेति तिथीषु[११] पूज्याः ।।' इत्युक्ताः ।

११. श्लोककारले दीर्घ ईकारान्त तिथीशब्द स्वीकार गरेको बुझिन्छ । ह्रस्व इकारान्त तिथिशब्द बहुधा प्रचलित छ ।

अथागमोक्तदीक्षावतो दमनारोपणविधिः । रामार्चनचन्द्रिकायाम् । तत्रैकादश्याम् –

क्रियालोपविघातार्थं यत्त्वया विहितं प्रभो । न मे विघ्नो भवेदत्र कुरु नाथ दयां मयि ।।

सर्वथा सर्वदा विष्णो मम त्वं परमा गतिः । उपवासेन त्वां देव तोषयामि जगत्पते ।।

कामक्रोधादयोऽप्येते न मे स्युर्व्रतघातकाः । अद्यप्रभृति देवेश ! यावद्वैशेषिकं दिनम् ।।

तावद्रक्षा त्वया कार्या सर्वस्यास्य जगत्पते ।।' इति देवं सम्प्रार्थयेत् ।

ज्योतिःप्रकाशमा भनिएको छ – मन्त्रदीक्षाग्रहण, दमनार्पण आदि कर्म जुन-जुन देवताका लागि गरिन्छ ती कर्ममा ती ती देवताका तिथि लिनुपर्दछ । प्रतिपदा आदि तिथिमा क्रमैले तल बताएअनुसार देवताहरूको पूजा एवं आराधना गर्नुपर्दछ– प्रतिपदामा अग्नि, द्वितीयामा ब्रह्माजी, तृतीयामा गौरी, चतुर्थीमा गणेश, पञ्चमीमा सर्प, षष्ठीमा कुमार, सप्तमीमा सूर्य, अष्टमीमा शङ्कर, नवमीमा दुर्गा, दशमीमा यमदेवता, एकादशीमा विश्वेदेव, द्वादशीमा हरि, त्रयोदशीमा वामदेव, चतुर्दशीमा शिव र पूर्णिमामा चन्द्रमाको विधिपूर्वक पूजा गर्नुपर्दछ । वैदिक विधिअनुसार दीक्षाग्रहण गरेका मानिसहरूका निमित्त दमनारोपण विधिबारे **रामार्चनचन्द्रिका**मा यसरी चर्चा गरिएको छ – कर्ताले चैत्रशुक्ल एकादशीका दिन भगवान् जनार्दनको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे प्रभो ! कर्मको लोप नहोस् भनी हजुरले जुन दमनारोपण विधि बताउनुभएको छ, म त्यसको पालन गर्न अग्रसर भएको छु । त्यस कर्ममा कत्ति पनि विघ्न नपरोस्, मेरो यही बिन्ती छ । हे प्रभो ! हजुरले ममाथि सबै प्रकारबाट दया गर्नुपर्दछ । हे विष्णु ! सबै किसिमबाट हजुर मेरा निमित्त परमगति हुनुहुन्छ । म आज उपवास गरी हजुरलाई प्रसन्न तुल्याउँदैछु । मेरो व्रतमा काम, क्रोध आदि शत्रुहरूले आएर घातक आक्रमण नगरून् । आजदेखि आरम्भ गरी विशेष दिनसम्म हरिशयनी एकादशीसम्म हजुरले यस व्रतको रक्षा गर्नुहोस् ।'

अशोकपूजनम्

दमनमादाय पञ्चगव्येन प्रोक्ष्य वारिणा प्रक्षाल्याशोकमूले देवाग्रे वा –

अशोकाय नमस्तुभ्यं कामस्त्रीशोकनाशन । शोकार्तिं हर मे नित्यमानन्दं जनयस्व मे ।। इत्यशोकम्।

अशोकपूजा

अशोकपूजन – उक्त रीतिले भगवान्को प्रार्थना गरी हातमा दमना लिएर अशोकवृक्ष अथवा देवमूर्तिका सामु गई **अशोकाय नमस्तुभ्यम्०** इत्यादि मन्त्र पढेर अशोकको पूजा र प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'कामदेवकी प्रेयसी रतिको शोकनाश गर्ने हे अशोकवृक्ष ! तिमीले मेरो शोकपीडा नाश गर र मलाई नित्य आनन्द प्रदान गर ।' यसरी अशोकको पूजा एवं प्रार्थना गरेपछि कालको पूजा र प्रार्थना गर्नुपर्दछ ।

कालपूजनम्

त्रुट्यादिकालपर्यन्तः कालरूपो महाबलः । कलते चैव यः सर्वं तस्मै कालात्मने नमः ।।' इति कालं पूजयेत् ।

कालपूजन

त्रुट्यादि० पद्यद्वारा कालको पूजा र प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे कालदेवता ! त्रुटि अर्थात्

एककलादेखि लिएर महाकालपर्यन्त फैलिएको व्यापक स्वरूपले सुहाएका महाबली हजुरले सम्पूर्ण जगत्‌लाई आफूमा समाहित गराउनुहुन्छ । त्यस्ता हजुरलाई नमस्कार छ ।'

वसन्तपूजनम्

वसन्ताय नमस्तुभ्यं वृक्षगुल्मलताश्रय । सहस्रमुखसंवास कामरूप नमोऽस्तु ते ।। इति वसन्तम्।

वसन्तपूजन

वसन्ताय० इत्यादि मन्त्रबाट वसन्तको पूजा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'वृक्ष, पोथ्रा र लताहरूका आश्रय हे वसन्तऋतु ! तिमीलाई नमस्कार गर्दछु । हजारौं मुखद्वारा प्रकट हुने र आफ्नो इच्छाअनुसार स्वरूप धारण गर्ने तिमीलाई नमस्कार छ ।'

दमनपूजनम्

कामभस्मसमुद्भूत रतिबाष्पपरिप्लुत । ऋषिगन्धर्वदेवादिविमोहक नमोऽस्तु ते ।। इति दमनं च सम्पूजयेत्।

दमनाको पूजन

कामभस्मसमुद्भूत० इत्यादि पद्यद्वारा दमनाको पूजा र प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'कामदेवको खरानीबाट पैदा भएका हे दमनक ! तिमी रतिको शोकको आँसुमा डुबेका थियौ । तिमीले ऋषि, गन्धर्व एवं देवता आदिलाई मोहित तुल्याएका थियौ । यस्तो विशेषताले लोकमा प्रसिद्ध भएका तिमीलाई म नमस्कार गर्दछु ।'

कामपूजनम्

नमोऽस्तु पञ्चबाणाय जगदाह्लादकारिणे । मन्मथाय जगन्नेत्रे रतिप्रीतिप्रियाय ते ।। इति कामं पूजयेत्।

कामदेवको पूजन

नमोऽस्तु पञ्चबाणाय०, ॐ कामाय नमः० यी मन्त्रले दमनक अर्पण गरी कामदेवको पूजा गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'पाँच बाणले सुहाएका संसारलाई परम आह्लाद प्रदान गर्ने, सबैको मन मथन गर्ने, संसारका नेता र रतिको प्रीति पाएर प्रसन्न हुने कामदेवलाई नमस्कार छ ।'

'ॐ कामाय नमः' इति सम्पूज्य निशायां देवताग्रे पञ्चवर्णैश्चन्दनेन वा अष्टदलं कृत्वा बहिश्चतुरस्रं तद्बहिर्वर्तुलत्रयं तद्बहिर्वृत्तं चतुरस्रं च कृत्वा तत्र कुम्भं संस्थाप्योपरि दमनं पूजयित्वा –

पूजार्थं देवदेवस्य विष्णो लक्ष्मीपते प्रभो । मदन त्वमिहागच्छ सान्निध्यं कुरु ते नमः ।।

'ॐ क्लीं कामदेवाय नमः', 'ॐ ह्रीं रत्यै नमः' इत्यावाह्य दिक्षु पूर्वादितः 'स्मरशरीराय नमः अनङ्गाय० मन्मथाय० कामाय० क्लीं वसन्तसखाय० स्मराय० इक्षुचापाय० पुष्पास्त्राय नमः' इति पूजयित्वा– 'ॐ तत्स्वरूपाय विद्महे कामदेवाय धीमहि । तन्नोऽनङ्गः प्रचोदयात् ।।' इत्यष्टोत्तरशतं सम्मन्त्र्य पूजयित्वा 'ह्रीं नमः' इति पुष्पाञ्जलिं दद्यात् ।

माथि बताइएको रीतिबाट काम आदिको पूजा एवं प्रार्थना गरेपछि भगवान् नारायणका सामु पाँच प्रकारका रङ्ग अथवा चन्दनद्वारा अष्टदल तयार गर्नुपर्दछ । त्यसको बाहिरपट्टि चतुरस्र अर्थात् चारकुने आवरण बनाएपछि अष्टदलको बाहिरी भागमा गोलाकार तीनवृत्त र चारकोण बनाउनुपर्दछ र त्यसमा कलशस्थापना गरी कलशमाथि राखिएको वस्त्रमा दमनकको पूजा गर्नुपर्दछ। पूजापछि **पूजार्थं देवदेवस्य०** इत्यादि मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । प्रार्थनापछि **ॐ क्लीं कामदेवाय नमः, ॐ ह्रीं रत्यै नमः** यी मन्त्रले आवाहन गरी पूर्वदिशामा - **ॐ क्लीं कामाय नमः**, आग्नेयकोणमा - **ॐ भस्मशरीराय नमः**, दक्षिणदिशामा - **ॐ अनङ्गाय नमः**, नैर्ऋत्यकोणमा - **ॐ मन्मथाय नमः**, दक्षिणदिशामा - **ॐ वसन्तसखाय नमः**, वायव्यकोणमा - **ॐ स्मराय नमः**, उत्तरदिशामा - **ॐ इक्षुचापाय नमः**, ऐशान्यकोणमा- **पुष्पास्त्राय नमः** यी मन्त्रले पूजा गरेपछि **ॐ तत्स्वरूपाय विद्महे कामदेवाय धीमहि तन्नोऽनङ्गः प्रचोदयात्** यो मन्त्र १०८ पटक जप्नुपर्दछ । त्यसपछि **ह्रीं नमः** मन्त्रले पुष्पाञ्जलि दिनुपर्दछ ।

पुष्पाञ्जलिनमस्कारादयः

नमोऽस्तु पुष्पबाणाय जगदाह्लादकारिणे । मन्मथाय जगन्नेत्रे रतिप्रीतिप्रियाय ते ।। इति नत्वा-

आमन्त्रितोऽसि देवेश पुराणपुरुषोत्तम । प्रातस्त्वां पूजयिष्यामि सान्निध्यं कुरु केशव ।।

क्षीरोदधिमहानागशय्यावस्थितविग्रह । प्रातस्त्वां पूजयिष्यामि सन्निधौ भव ते नमः ।।

निवेदयाम्यहं तुभ्यं प्रातर्दमनकं शुभम् । सर्वदा सर्वथा विष्णो नमस्तेऽस्तु प्रसीद मे ।।

इति देवं सम्प्रार्थ्य पुष्पाञ्जलिं दत्त्वा अस्त्रेण चक्रमन्त्रेण वा रक्षां कुर्यात् ।

कामदेवलाई पुष्पाञ्जलि एवं नमस्कार

पुष्पाञ्जलि अर्पण गरेपछि **नमोऽस्तु पुष्पबाणाय०** इत्यादि मन्त्रले प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ- 'पुष्पबाण हातमा धारण गर्ने र आफ्नो सौन्दर्यका कारण जगत्लाई आनन्दित तुल्याउने मन्मथस्वरूप र संसारका आँखा बनेर रहेका रतिका प्रियपति हे कामदेव ! हजुरलाई नमस्कार छ ।' यसरी प्रार्थना र नमस्कार गरेपछि भगवान् केशवको प्रार्थना गर्दै भन्नुपर्दछ - 'हे देव पुराणपुरुषोत्तम ! म प्रातःकालमा हजुरलाई नमस्कार गर्दछु । हजुर मेरा सामु आउनुहोस्। म फेरि पनि प्रणाम गर्दछु र दमना टक्र्याउँदैछु । यसबाट हजुर प्रसन्न हुनुहोस् ।' यसरी प्रार्थना गरी पुष्पाञ्जलि अर्पण गरेर अस्त्रले अथवा यन्त्रले रक्षाविधान गर्नुपर्दछ ।

ततः प्रातर्नित्यपूजां कृत्वा पुनर्देवं सम्पूज्य गन्धदूर्वाक्षतयुक्तं दमनमादाय मूलमन्त्रं पठित्वा -

देवदेव जगन्नाथ वाञ्छितार्थप्रदायक । हृदिस्थान्पूरयेः कामान्मम कामेश्वरीप्रिय ।।

इदं दमनकं देव गृहाण मदनुग्रहात् । इमां सांवत्सरीं पूजां भगवन्परिपूरय ।।'

इति मन्त्रान्ते पुनर्मूलमन्त्रेण देवे समर्पयेत् । ततोऽङ्गदेवताभ्यः स्वस्वमन्त्रेण दत्त्वा प्रार्थयेत् -

'मणिविद्रुममालाभिर्मन्दारकुसुमादिभिः । इयं सांवत्सरी पूजा तवास्तु गरुडध्वज ।।

वनमालां यथा विष्णो कौस्तुभं सततं हृदि । तद्वद्दामनकीं मालां पूजां च हृदये वह ।।

जानताऽजानता वापि न कृतं यत्तवार्चनम् । तत्सर्वं पूर्णतां यातु त्वत्प्रसादाद्रमापते ।।

जितं ते पुण्डरीकाक्ष नमस्ते विश्वभावन । नमस्तेऽस्तु हृषीकेश महापुरुषपूर्वज ।।'

'मन्त्रहीनं०' इति च सम्प्रार्थ्य पञ्चोपचारैः पुनः सम्पूज्य नीराज्य पारयेदिति । दीक्षारहितानां तु नाम्नैव समर्पणम् । अत्र च द्वादशीमतन्त्रीकृत्य पारणाहो ग्राह्यम् ।

पारणाहे न लभ्येत द्वादशी घटिकापि चेत् । तदा त्रयोदशी ग्राह्या पवित्रदमनार्पणे ।। इति तत्रैवोक्तेः।

त्यसपछि प्रातःकालमा नित्यपूजा गरेर फेरि उक्त देवताहरूको पूजा गरी दूबो, चन्दन, अक्षतासहित दमना हातमा लिएर **क्लीं कामदेवाय नमः०** यो मूलमन्त्र जपी **देवदेव जगन्नाथ०** इत्यादि मन्त्रले प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे प्रभु गरुडध्वज ! मणि एवं मुगाको माला र पारिजात आदि पुष्पद्वारा गरिएको यो सांवत्सरिक पूजा प्रभुमा अर्पण गर्दछु । हे विष्णु ! जसरी हजुरले छातीमा नित्य वनमाला र कौस्तुभमणि धारण गर्नुहुन्छ त्यसरी नै यो दमनकको माला पनि धारण गर्नुहोस् । हे रमापति ! ज्ञान अथवा अज्ञानबाट मैले जुन पूजा गर्न सकिनँ त्यो पूजा पनि मेरो यस पूजाबाट परिपूर्ण बनोस् । हे पुण्डरीकाक्ष ! हजुरको सर्वदा जय होस् । हे विश्वभावन ! हजुरलाई नमस्कार गर्दछु । हे महापुरुषहरूका पनि पूर्वज ! हे हृषीकेश ! म हजुरलाई नमस्कार गर्दछु ।

यसरी प्रार्थना गरेपछि कर्ताले पाँचप्रकारका उपचारद्वारा भगवान्को पूजा गरी पारण गर्नुपर्दछ । जसले वैदिक दीक्षा लिएका छैनन् तिनीहरूले केवल नाममन्त्र जपेर आफ्ना उपचार अर्पण गर्नुपर्दछ । पारण गर्ने दिन द्वादशीतिथिलाई अतन्त्रीकृत्य अर्थात् नत्यागेर पारणा गर्नुपर्दछ भन्ने कुरा बुझ्नुपर्दछ । पारणाको दिन द्वादशी एकघडी पनि प्राप्त नभएमा पवित्र दमनार्पणका लागि त्रयोदशीतिथि लिनुपर्दछ भन्ने कुरा **रामार्चनचन्द्रिकामा** नै बताइएको छ ।

गौणोऽपि काल उक्तस्तत्रैव –

हरौ न दमनारोपः स्यान्मधौ विघ्नतो यदि । वैशाखे श्रावणे वापि तत्तिथौ स्यात्तदर्पणम् ।।'

'श्रावणावधिशुक्रास्ते कर्तव्यमिति नारदः ।' इति पाठान्तरम् । इदं च मलमासे न कार्यम् । **'उपाकर्मोत्सर्जनं च पवित्रदमनार्पणम् ।'** इति कालादर्शे मलमासवर्ज्येषु परिगणनात् ।

'उपाकर्म च हव्यं च कव्यं पर्वोत्सवं तथा । उत्तरे नियतं कुर्यात्पूर्वे तन्निष्फलं भवेत् ।।' इति माधवीये प्रजापतिवचनाच्च । शुक्रास्तादौ तु कार्यमेव । पूर्वोक्तवचनात् ।

यस विषयमा गौणकालको पनि विधान गर्दै भनिएको छ – 'चैत्रमासको द्वादशीतिथिमा विघ्न उपस्थित भएमा वैशाख या श्रावणमासमा उक्त तिथिमा दमनक अर्पण गर्नुपर्दछ ।' **नारदले** – 'श्रावणमासको अवधिसम्म शुक्रास्तमा पनि दमना अर्पण गर्नुपर्दछ' भनेका छन् । यस्तो पाठान्तर रहेको छ अर्थात् कुनै किसिमले त्यो समयमा शुक्रास्त भए पनि दमना अर्पण गर्नुपर्दछ । तर यो दमनार्पणकर्म मलमासमा गर्न हुँदैन । किनकि **कालादर्शमा**– उपाकर्म अर्थात् वेदाध्ययन र उत्सर्ग अर्थात् वेदाध्ययनको समाप्ति तथा दमनार्पण मलमासमा गर्न हुँदैन भनी मलमासमा गर्न नहुने विषयहरूको चर्चा गर्दा बताइएको छ ।

माधवीय ग्रन्थमा प्रजापतिको वचन यसप्रकार छ – मलमासमा उपाकर्म, हव्य–कव्य प्रदान गर्नु र पर्व एवं उत्सव मनाउनु हुँदैन । शुद्धमासमा भने गर्नुपर्दछ । शुक्रास्त आदिमा त उक्त कर्म गर्नुपर्दछ भन्ने कुरा पहिलेको वचनद्वारा प्रमाणित भइसकेको छ ।

'उपाकर्मोत्सर्जनं च पवित्रदमनार्पणम् । ईशानस्य बलिं विष्णोः शयनं परिवर्तनम् ।।

कुर्याच्छुक्रस्य च गुरोर्मौढ्येऽपीति विनिश्चयः ।।' इति ज्योतिर्निबन्धे वृद्धगार्ग्यवचनाच्च ।। इति दमनारोपः ।

ज्योतिर्निबन्धमा वृद्धगार्ग्यले भनेका छन् – उपाकर्म, उत्सर्ग, पवित्र दमनार्पण, ईशानबलि अर्थात् शिवबलि, विष्णुको शयन र कोल्टे फेर्ने क्रममा गरिने पूजाविधि यी सबै कर्म शुक्र र बृहस्पतिको अस्त हुँदा पनि गर्नुपर्दछ ।

अनङ्गव्रतम्

चैत्रशुक्लत्रयोदश्यामनङ्गव्रतम् ।

हेमाद्रौ भविष्ये – **चैत्रोत्सवे सकललोकमनोनिवासे कामं त्रयोदशतिथौ च वसन्तयुक्तम् ।**
पत्न्या सहार्च्य पुरुषप्रवरोऽथ योषित् सौभाग्यरूपसुतसौख्ययुतः सदा स्यात् ।।

तत्र सा पूर्वा ग्राह्या । **'त्रयोदशतिथिः पूर्वाः सिता'** इति दीपिकोक्तेः ।

अनङ्गव्रत

शास्त्रहरूमा चैत्रशुक्ल त्रयोदशीतिथिमा अनङ्गव्रत गर्नुपर्ने कुरा विधान गरिएको छ । हेमाद्रिमा उद्‌धृत **भविष्यपुराणको** वचन यसप्रकार छ – संसारका माझमा आनन्ददायक चैत्रमासको सुखद उत्सव मनाउँदै शुक्लपक्षको त्रयोदशीतिथिमा कामदेवको पूजन गर्नुपर्दछ । कामदेवका साथै उनकी प्रिया रति र उनका मित्र वसन्तऋतुको पनि पूजा गर्नुपर्दछ । यसरी पूजा गर्ने मानिसले अनन्त सौभाग्य र सुख प्राप्त गर्दछन् । अनङ्गव्रतमा चैत्रशुक्ल त्रयोदशीतिथि लिँदा पूर्वा अर्थात् पहिलो दिनको त्रयोदशी लिनुपर्दछ । यसबारे **दीपिकामा** भनिएको छ – शुक्लपक्षमा त्रयोदशी लिँदा पूर्वा लिनुपर्दछ ।

चैत्रशुक्लचतुर्दशी

चैत्रशुक्लचतुर्दशी पूर्वा ग्राह्या ।

मधोः श्रावणमासस्य शुक्ला या तु चतुर्दशी । सा रात्रिव्यापिनी ग्राह्या नान्या शुक्ला कदाचन।। इति हेमाद्रौ बौधायनोक्तेः । **'परा पूर्वाह्णगामिनी'** इति वा पाठः । अत्र केचिद्यथाश्रुतमेवार्थं वर्णयन्ति ।

निशि भ्रमन्ति भूतानि शक्तयः शूलभृद्यतः । अतस्तत्र चतुर्दश्यां सत्यां तत्पूजनं भवेत् ।। इति ब्रह्मवैवर्तात् । हेमाद्रिमाधवादिलिखनमप्येवम् । सम्प्रदायविदस्त्वाहुः – **चतुर्दशी तु कर्तव्या त्रयोदश्या युता विभो ।।** इति स्कान्द उत्सर्गः । तदपवादश्च –

तृतीयैकादशी षष्ठी शुक्लपक्षे चतुर्दशी । पूर्वविद्धा न कर्तव्या कर्तव्या परसंयुता ।। इति नारदीयवचनम्। तदपवादश्च – **'मधोः श्रावणमासस्य'** इति । तत्र **'अपवादाभावे पुनरुत्सर्गस्य स्थितिः'** इति न्यायेन पूर्वविद्धैव ग्राह्येति सिध्यति। ब्रह्मवैवर्तं तु सामान्यरूपमन्यत्र सावकाशमिति । तेन पूर्वदिने मुहूर्तत्रयवेधे पूर्वा अन्यथोत्तरेति ।

चैत्रशुक्ल चतुर्दशी

चैत्रशुक्ल चतुर्दशी पहिलो दिनको लिनुपर्दछ । **हेमाद्रिमा बौधायनको** भनाइ यसप्रकार छ – चैत्र र श्रावणमासमा जुन शुक्ल चतुर्दशी हुन्छन्, ती रात्रिव्यापिनी पूर्वा ग्राह्य हुन्छन् तर अरू शुक्लचतुर्दशी भने पूर्वा लिइँदैनन् । **परा पूर्वाह्णगामिनी०** भन्ने पाठान्तर पनि पाइन्छ । कसैले चतुर्दशीशब्दको श्रवणअनुसार नै यो रात्रिव्यापिनी हो भन्ने अर्थ

गर्दछन् । **ब्रह्मवैवर्त**मा भनिएको छ – शिव, शक्ति र भूतगण रातमा भ्रमण गर्दछन् । चतुर्दशी रातमा हुँदा भने ती सबैको पूजा गर्नुपर्दछ । **हेमाद्रि** र **माधव**को पनि यही मत छ । सम्प्रदायका ज्ञाताहरूले **स्कन्दपुराण**को वचन अघि सार्दै भनेका छन् – त्रयोदशीसहितको चतुर्दशी नै ग्रहण गर्नुपर्दछ ।

ग्रन्थकार भन्दछन् – **स्कन्दपुराण**को यो भनाइ उत्सर्ग अर्थात् सामान्य वा गौण हो किनकि त्यसको बाधक वचन प्रस्तुत गर्दै **नारद**ले भनेका छन् – तृतीया, षष्ठी, एकादशी र शुक्लपक्षको चतुर्दशी पूर्वविद्धा लिनुहुँदैन, जहिले पनि परविद्धा लिनुपर्दछ । यस वचनको अपवाद त चैत्र र श्रावणको चतुर्दशी पूर्वा नै लिनुपर्दछ भन्ने **दीपिका**को पूर्वोक्त भनाइ नै छ । अपवादवचनको अभावमा फेरि गौणविधि आइलाग्नेछ । तसर्थ चैत्रशुक्ल चतुर्दशी पूर्वविद्धा नै ग्राह्य छ । **ब्रह्मवैवर्त**को भनाइ त अरू चतुर्दशीहरूमा लागु हुनसक्दछ । त्यसकारण पहिले तीन मुहूर्तसम्म वेध भएमा पूर्वा लिनुपर्दछ अन्यथा परा चतुर्दशी लिनुपर्दछ ।

चैत्रपूर्णिमा

चैत्रपूर्णिमा सामान्यनिर्णयात्परैव । अत्र विशेषो निर्णयामृते विष्णुस्मृतौ – **'चैत्री चित्रायुता चेत्स्यात्तस्यां चित्रवस्त्रप्रदानेन सौभाग्यमाप्नोति'** इति । तथा ब्राह्मे –

मन्दे वार्के गुरौ वापि वारेष्वेतेषु चैत्रिका । तत्राश्वमेधजं पुण्यं स्नानश्राद्धादिभिर्लभेत् ।। इति।

अत्र सर्वदेवानां दमनपूजोक्ता ।

चैत्रपूर्णिमा

सामान्य निर्णयअनुसार चैत्रपूर्णिमा लिनुपर्दा परा लिनुपर्दछ । यसमा विशेष **निर्णयामृत** र **विष्णुस्मृति**मा भनिएको छ – चैत्रको पूर्णिमा चित्रानक्षत्रले युक्त भएमा रङ्गी–विरङ्गी कपडादान गर्नाले सौभाग्य प्राप्त हुन्छ । **कल्पतरु**मा उद्धृत **ब्रह्मपुराण**को वचन छ – 'शनि, रवि र बृहस्पतिवारका दिन चैत्रपूर्णिमा परेमा स्नान र दान गर्दा अश्वमेधयज्ञ गरेको पुण्य प्राप्त हुन्छ ।' चैत्रपूर्णिमामा सबै देवताहरूको दमनकद्वारा पूजा गर्नुपर्ने कुरा शास्त्रहरूमा बताइएको पाइन्छ ।

तत्रैव वायवीये –

संवत्सरकृतार्चायाः साफल्यायाखिलान्सुरान् । दमनेनार्चयेच्चैत्र्यां विशेषेण सदाशिवम् ।। इति।

अत्र स्वीयतिथ्या समुच्चयः इति केचित् । स्वीयतिथ्यामकरणेऽत्र दमनपूजनमित्यन्ये । दीक्षिततदितरविषयत्वेन व्यवस्थेत्यपरे । इयं मन्वादिरपि । सा च पूर्वमुक्ता ।

वायुपुराणको वचन यसप्रकार छ – वर्षदिनसम्म गरिएका सम्पूर्ण पूजाहरूको अविकल फल प्राप्तिका लागि चैत्र पूर्णिमाका दिन दमना अर्पण गरी सबै देवताहरूको पूजा गर्नुपर्दछ । विशेष गरेर भगवान् शङ्करको पूजा गर्नुपर्दछ । केही विद्वान्हरूको मतमा 'अनेक देवताहरूको पूजा गरिने विषय भएको हुँदा ती–ती देवताको तिनकै तिथिहरूमा गर्नुपर्दछ ।' फेरि अरूको मतमा 'आफ्ना–आफ्ना तिथिहरूमा दमना अर्पण गरी देवताहरूको पूजा नगरिएको अवस्थामा चैत्रपूर्णिमामा एकैचोटि सामूहिकरूपमा सबै देवताको पूजा गर्नुपर्दछ', फेरि कसैले 'यी दुवै व्यवस्था दीक्षा लिने र नलिनेका लागि पनि सम्झनुपर्दछ' भनेका छन्। चैत्रशुक्ल पूर्णिमातिथि मन्वादितिथि पनि हो ।

महामहावारुणीयोगविचारः

चैत्रकृष्णत्रयोदश्यां महावारुणीसंज्ञो योगो गौडेषु प्रसिद्धः । तदुक्तं वाचस्पतिकृतौ शूलपाणौ च स्कान्दे-

'वारुणेन समायुक्ता मधौ कृष्णा त्रयोदशी । गङ्गायां यदि लभ्येत सूर्यग्रहशतैः समा ।।
शनिवारसमायुक्ता सा महावारुणी स्मृता । गङ्गायां यदि लभ्येत कोटिसूर्यग्रहैः समा ।।
शुभयोगसमायुक्ता शनौ शतभिषा यदि । महामहेति विख्याता त्रिकोटिकुलमुद्धरेत् ।।'

महामहावारुणीयोग विचार

चैत्रकृष्ण त्रयोदशीतिथिमा महावारुणीयोग हुने कुरा **गौडहरूमा** प्रसिद्ध छ । यही विषय **वाचस्पतिद्वारा** रचिएको **शूलपाणि** ग्रन्थमा उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – चैत्रकृष्ण त्रयोदशीतिथिमा शतभिषानक्षत्र परेमा त्यो दिन वारुणीयोग पर्न जान्छ । त्यस तिथिमा गङ्गास्नान गरेमा सैकडौं सूर्यग्रहण स्नान गरेको फल प्राप्त हुन्छ । त्यही योग शनिवारका दिन पर्न गएमा त्यो महावारुणीयोगका रूपमा प्रसिद्ध हुन्छ । त्यस दिन गङ्गास्नान गर्दा कोटि सूर्यग्रहण स्नान गरेको फल प्राप्त हुन्छ फेरि शतभिषानक्षत्र, शनिवार र शुभयोग समेत मिल्न गएमा महामहावारुणीयोग निष्पन्न हुन्छ । त्यस पुण्ययोगमा स्नान गर्दा तीन करोड कुलको उद्धार हुन्छ ।

तत्रैव ज्योतिषे –

चैत्रासिते वारुणऋक्षयुक्ता त्रयोदशी सूर्यसुतस्य वारे ।
योगे शुभे सा महतीं महत्या गङ्गाजलेऽर्कग्रहकोटितुल्या ।। इति ।

यस विषयमा **ज्योतिषशास्त्रको** वचन पनि छ – चैत्रकृष्ण पक्षको त्रयोदशीतिथिमा शतभिषानक्षत्र, शनिवार र शुभयोग पर्न गएमा महामहावारुणीयोग पर्न जान्छ । त्यस दिन गङ्गामा गई करोडौं सूर्यग्रहणमा स्नान गरेको पुण्य प्राप्त हुन्छ ।

त्रिस्थलीसेतौ ब्रह्माण्डपुराणे –

वारुणेन समायुक्ता मधौ कृष्णा त्रयोदशी । गङ्गायां यदि लभ्येत शतसूर्यग्रहैः समा ।।

इति कल्पतरौ ब्राह्मे –

मधौ कृष्णत्रयोदश्यां शनौ शतभिषायुता । वारुणीति समाख्याता शुभे तु महती स्मृता ।।

त्रिस्थलीसेतुमा उद्धृत **ब्रह्माण्डपुराणको** वचनमा भनिएको छ – चैत्रकृष्णत्रयोदशी शतभिषानक्षत्रले युक्त भएको दिन गङ्गास्नानको सौभाग्य प्राप्त भएमा सैकडौं सूर्यग्रहणमा स्नान–दान गरेको पुण्य प्राप्त हुन्छ । **कल्पतरु** ग्रन्थमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – चैत्रकृष्ण त्रयोदशीका दिन शनिवार एवं शतभिषानक्षत्रको योग भएमा वारुणीयोग हुन्छ । त्यसमा शुभयोगसमेत पर्न गएमा त्यो महावारुणीयोग हुन्छ ।

चैत्रकृष्णचतुर्दश्यां विशेषः

चैत्रकृष्णचतुर्दश्यां विशेषः । पृथ्वीचन्द्रोदये पुलस्त्यः –

चैत्रकृष्णचतुर्दश्यां यः स्नायाच्छिवसन्निधौ । न प्रेतत्वमवाप्नोति गङ्गायां तु विशेषतः ।।

इति । अत्र पूर्वा ग्राह्या कृष्णपक्षस्थत्वात् । गौडैस्त्वेतदेव शुक्लचतुर्दश्यामित्येवं देवलीयत्वेन पठितम् ।

इति श्रीरामकृष्णभट्टसूरिसूनुकमलाकरभट्टकृते कालनिर्णयसिन्धौ चैत्रमासः ।

चैत्रकृष्ण चतुर्दशीमा विशेष

पृथिवीचन्द्रोदय ग्रन्थमा चैत्रकृष्णचतुर्दशीतिथिको विषयमा विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ– चैत्रकृष्णचतुर्दशीका दिन जुन मानिसले शिवको आराधना गर्दछ त्यसले प्रेतयोनि भोग्नुपर्दैन । अझ त्यसै दिन गङ्गास्नान गरेमा विशेषफल प्राप्त हुन्छ । गौडहरूले यो वचन चैत्रशुक्लचतुर्दशीका निमित्त हो भन्दै देवलको मतलाई स्वीकार गरेका छन् ।

इति चैत्रमास

अथ वैशाखमासः

वैशाखसंक्रान्तौ पुण्यकालः

मेषसंक्रमे प्रागपरा दश दश घटिकाः पुण्यकालः । रात्रौ तु प्रागुक्तम् ।

वैशाखसंक्रान्तिको पुण्यकाल

मेषसंक्रान्तिमा पहिलेका १० घडी र पछिल्ला १० घडी पुण्यकाल मानिएका छन् । रात्रिको पुण्यकालबारे प्रथम परिच्छेदमा चर्चा गरिसकिएको छ ।

वैशाखे पुण्यकर्मणि

अत्र धर्मघटादिदानमुक्तं पृथ्वीचन्द्रोदये पाद्मे –

'तीर्थे चानुदिनं स्नानं तिलैश्च पितृतर्पणम् । दानं धर्मघटादीनां मधुसूदनपूजनम् ।।
माधवे मासि कुर्वीत मधुसूदनतुष्टिदम् ।।'

वैशाखका पुण्यकर्म

पृथिवीचन्द्रोदयमा उद्धृत पद्मपुराणको वचनमा भनिएको छ – दिनहुँ तीर्थस्नान, तिल आदिद्वारा नित्य पितृतर्पण, धर्मघटदान र मधुसूदनको पूजा यी कर्मले भगवान् मधुसूदनलाई प्रसन्न तुल्याउँछन् । त्यसकारण वैशाखमासमा उक्त कर्म गर्नुपर्दछ ।

वैशाखस्नानम्

अथ वैशाखस्नानम् । तत्र पृथ्वीचन्द्रोदये विष्णुस्मृतिपाद्मयोः –

तुलामकरमेषेषु प्रातःस्नानं विधीयते । हविष्यं ब्रह्मचर्यं च महापातकनाशनम् ।। इति सौरमास उक्तः।

वैशाखस्नान

पृथिवीचन्द्रोदयमा उद्धृत विष्णुस्मृति र पद्मपुराणका वचनमा भनिएको छ– तुलासंक्रान्ति, मकरसंक्रान्ति र मेषसंक्रान्तिमा प्रातःस्नान अक्षय फलदायक हुन्छ । ब्रह्मचर्यधारण गर्नु एवं हविष्यान्न खानुजस्ता कर्म गर्नाले महापातकहरूको नाश हुन्छ ।

अन्यत्पक्षद्वयमुक्तं तत्रैव पाद्मे –

मधुमासस्य शुक्लायामेकादश्यामुपोषितः । पञ्चदश्यां च भो वीर मेषसंक्रमणे तु वा ।।

वैशाखस्नाननियमं ब्राह्मणानामनुज्ञया । मधुसूदनमभ्यर्च्य कुर्यात्सङ्कल्पपूर्वकम् ।।

तत्र मन्त्रः –

वैशाखं सकलं मासं मेषसंक्रमणे रवेः । प्रातः सनियमः स्नास्ये प्रीयतां मधुसूदनः ।।

मधुहन्तुः प्रसादेन ब्राह्मणानामनुग्रहात् । निर्विघ्नमस्तु मे पुण्यं वैशाखस्नानमन्वहम् ।।

माधवे मेषगे भानौ मुरारे मधुसूदन । प्रातःस्नानेन मे नाथ फलदो भव पापहन् ।। इति ।

सौरमास र दुवै पक्षका विषयमा पहिले उल्लेख भइसकेको छ । **पद्मपुराणमा** वैशाखस्नानका विषयमा भनिएको छ – चैत्रशुक्ल एकादशी, पूर्णिमा र वैशाखसंक्रान्तिमा उपवास गरी ब्राह्मणहरूको आज्ञाअनुसार नियमपूर्वक श्रद्धाले भगवान् मधुसूदनको पूजा गरेर सङ्कल्प गर्नुपर्दछ – 'मैले सम्पूर्ण वैशाखमासमा प्रतिदिन नियमपूर्वक स्नान गर्नेछु । मेरो यस कर्मबाट हे भगवन् ! हजुर प्रसन्न हुनुहोस् । ब्राह्मणको कृपा र भगवान् मधुसूदनको प्रसन्नताले मेरो वैशाखस्नान निर्विघ्न र पुण्यदायक बनोस् । हे पापहन्ता मधुसूदन ! सूर्य मेषराशिमा रहेका बेला सम्पूर्ण वैशाखमासमा मैले गरेका स्नानबाट हजुर प्रसन्न र फलदाता हुनुहोस् ।'

तीर्थविशेषे विशेषकथनम्

तीर्थविशेषोऽपि तत्रैवोक्तः –

मेषसंक्रमणे भानोर्माधवे मासि यत्नतः । महानद्यां नदीतीर्थे नदे सरसि निर्झरे ।।

देवखातेऽथवा स्नायाद्यथाप्राप्ते जलाशये । दीर्घिकाकूपवापीषु नियतात्मा हरिं स्मरन् ।।'

इति । सङ्कल्पे च तत्तत्तीर्थनाम ग्राह्यम् । अज्ञाने तु विष्णुतीर्थमिति वदेत् ।

'यदा न ज्ञायते नाम तस्य तीर्थस्य भो द्विजाः । तत्रेत्युच्चारणं कार्यं विष्णुतीर्थमिदं त्विति ।।

तीर्थस्य देवता विष्णुः सर्वत्रापि न संशयः ।।' इति तत्रैवोक्तेः ।

वैशाखमा विशेष तीर्थस्नान

साधकले सूर्य मेषराशिमा गएको बेला वैशाखमासमा महानदी, नदी, तीर्थ, नद, तलाउ, झरना, देवकुण्ड, दीर्घिका अर्थात् सिंढी बनाई तयार गरिएको पोखरी, कुवा आदि जलाशयमा गई हरिस्मरण गर्दै स्नान गर्नुपर्दछ । सङ्कल्प गर्दा **अमुकतीर्थ०** वाक्यको सट्टा यो तीर्थमा भनी तीर्थको नाम लिनुपर्दछ ।

पृथिवीचन्द्रोदयमा भनिएको छ – कुनै तीर्थमा जाँदा यदि त्यस तीर्थको नाम ज्ञात हुँदैन भने सङ्कल्प गर्दा विष्णुतीर्थ भनी सङ्कल्प लिनुपर्दछ किनकि सबै तीर्थका देवता विष्णु नै हुन् ।

अन्यविशेषतानिरूपणम्

तथान्योऽपि विशेषस्तत्रैव पाद्मे –

तुलसी कृष्णगौराख्या तयाभ्यर्च्य मधुद्विषम् । विशेषेण तु वैशाखे नरो नारायणो भवेत् ।।

माधवं सकलं मासं तुलस्या योऽर्चयेन्नरः । त्रिसन्ध्यं मधुहन्तारं नास्ति तस्य पुनर्भवः ।।

तथा- प्रातः स्नात्वा विधानेन माधवे माधवप्रियम् । योऽश्वत्थमूलमासिञ्चेत्तोयेन बहुना सदा।।
कुर्यात्प्रदक्षिणं तं तु सर्वदेवमयं ततः । पितृदेवमनुष्याँश्च तर्पयेत्सचराचरम् ।।
योऽश्वत्थमर्चयेदेवमुदकेन समन्ततः । कुलानामयुतं तेन तारितं स्यान्न संशयः ।।
कण्डूय पृष्ठतो गां तु स्नात्वा पिप्पलतर्पणम् । कृत्वा गोविन्दमभ्यर्च्य न दुर्गतिमवाप्नुयात्।।
तथा- एकभक्तमथो नक्तमयाचितमतन्द्रितः । माधवे मासि यः कुर्याल्लभते सर्वमीप्सितम् ।।
वैशाखे विधिना स्नानं देवनद्यादिके बहिः । हविष्यं ब्रह्मचर्यं च भूशय्या नियमस्थितिः ।।
व्रतं दानं दमो देवि मधुसूदनपूजनम् । अपि जन्मसहस्रोत्थं पापं दहति दारुणम् ।।

अन्य विशेषताहरूको निरूपण

पद्मपुराणमा वैशाखमासमा गरिने पूजनका सम्बन्धमा विशेष वचन यसप्रकार छ - सेतो र कालो तुलसीद्वारा जसले विशेषरूपमा वैशाखमहिनाभरि मधुसूदन भगवान्को पूजा गर्दछ त्यो मानिस नारायणसमान बन्दछ । जसले वैशाखमहिनाभरि बिहान, दिउँसो र सायँकालमा मधुहन्ता भगवान्को पूजा गर्दछ त्यसको पुनर्जन्म हुँदैन । वैशाखमासमा प्रातः विधिपूर्वक स्नान गरी जसले पीपलको फेंदमा जल अर्पण गर्दछ र पीपलको परिक्रमा गर्दछ त्यसले पितृसहित चराचरलाई तृप्त तुल्याउँछ । जसले वैशाखमा पीपलको जराका वरिपरि जलसेचन गर्दछ त्यसले आफ्ना १० हजार कुललाई तार्दछ ।[१२] वैशाखमा स्नान गरेर जसले गाईको पिठ्यूँमा कन्याउने काम गर्दछ, पीपलमा तर्पण दिन्छ र भगवान् गोविन्दको पूजा गर्दछ त्यस मानिसले कहिले पनि दुर्गति भोग्नु पर्दैन । जसले वैशाखमा एकछाकमात्र भोजन गर्दछ अथवा नक्तभोजन अर्थात् हविष्यान्नभोजन गर्दछ अथवा अयाचित भोजन गर्दछ त्यसले आफूले चिताएको सबै कुरा प्राप्त गर्दछ । वैशाखमा गाउँबाहिर देवनदी आदिमा विधिपूर्वक स्नान गर्नु, हविष्य भोजन गर्नु, ब्रह्मचर्यमा रहनु, भुईंमा शयन गर्नु र नियमपूर्वक आहार-विहार गर्दै इन्द्रियसंयमपूर्वक व्रत, दान, तपस्या गर्नु र मधुसूदनको पूजन गर्नुजस्ता सत्कर्मबाट गरिएका सबै कृत्य अक्षय्य हुन्छन् । उक्त कृत्यबाट हजार जन्मका पाप खरानी बन्दछन् ।

वैशाखमासे देयवस्तूनां निरूपणम्

मदनरत्ने स्कान्दे -

प्रपा कार्या च वैशाखे देवे देया गलन्तिका । उपानद्व्यजनच्छत्रसूक्ष्मवासांसि चन्दनम् ।।
जलपात्राणि देयानि तथा पुष्पगृहाणि च । पानकानि च चित्राणि द्राक्षारम्भाफलान्यपि ।।

वैशाखमासमा दानयोग्य वस्तुको निरूपण

मदनरत्नमा उद्धृत स्कन्दपुराणको वचनमा भनिएको छ - वैशाखमासमा राम्रो तलाउ तयार गरी भगवान्लाई गलन्तिका अर्थात् जलधारा अर्पण गर्नुपर्दछ, जुत्ता, पंखा, छाता, मूल्यवान् र मिही वस्त्र, चन्दन, जलपात्र, बगैंचा, राम्रा मीठा फलफूल एवं केरादान गर्नुपर्दछ ।

---

१२. वैशाखमासमा पीपलको फेदमा जल चढाउँदै सातपटक प्रदक्षिणा पनि गर्नुपर्ने हुन्छ । गणेशजीको एक, सूर्यको दुई, ईश्वरको तीन, केशवको चारपटक प्रदक्षिणा गर्नुपर्छ भने पीपलको पूजा, दर्शन, स्पर्श गरी जलार्पण गर्दै सातपटक प्रदक्षिणा गर्नुपर्ने कुराको उल्लेख बह्वृचपरिशिष्टमा गरिएको छ- एकां विनायके कुर्याद् द्वे सूर्ये तिस्र ईश्वरे । चतस्रः केशवे कुर्यात् सप्ताश्वत्थे प्रदक्षिणाः।।

तिथितत्त्वे – ददाति यो हि मेषादौ सक्तूनम्बुघटान्वितान् । पितॄनुद्दिश्य विप्रेभ्यः सर्वपापैः प्रमुच्यते।। इति ।
तथा – वैशाखे यो घटं पूर्णं सभोज्यं वै द्विजन्मने । ददाति सुरराजेन्द्र ! स याति परमां गतिम् ।।

तिथितत्त्वमा दानको महत्त्व प्रकाशित गर्दै भनिएको छ – जसले मेषसंक्रान्तिमा पितृहरूको कल्याणका लागि सातु र जलले भरिएका घडादान गर्दछ त्यो सबै किसिमका पापबाट मुक्त हुन्छ । त्यसैगरी जसले वैशाखमा सातुले भरिएको घडा ब्राह्मणलाई दिन्छ त्यो परमगतिमा प्राप्त हुन्छ ।

सम्पूर्णस्नानाशक्तौ विचारः

एवं सम्पूर्णस्नानाशक्तौ त्र्यहं वा स्नायात् । तदुक्तं तत्रैव पाद्मे –

त्रयोदश्यां चतुर्दश्यां वैशाख्यां वा दिनत्रयम् । अपि सम्यग्विधानेन नारी वा पुरुषोऽपि वा ।।
प्रातः स्नातः सनियमः सर्वपापैः प्रमुच्यते ।।'

अशक्तिमा विचार

वैशाखमासभरि तीर्थमा नुहाउन अनुकूल नभएमा तीन दिनमात्र तीर्थमा नुहाउनुपर्दछ । यस विषयमा पद्मपुराणमा भनिएको छ- वैशाखशुक्ल त्रयोदशी, चतुर्दशी र पूर्णिमा यी तीन दिन विधिपूर्वक प्रातःकालमा स्नान गर्ने नारी अथवा पुरुष सबै पापबाट मुक्त हुन्छन् ।

मलमासचर्चा

यदा तु वैशाखो मलमासो भवति तदा काम्यानां तत्र समाप्तिनिषेधात् मासद्वयं स्नानं तन्नियमाश्च कर्तव्याः । मासोपवासचान्द्रायणादि तु मलमासे एव समापयेत् । तदुक्तं दीपिकायाम् – **'नियतत्रिंशद्दिनत्वाच्छुभे मास्यारभ्य समापयेत मलिने मासोपवासव्रतम्'** इति ।

मलमासचर्चा

वैशाखमा मलमास परेको बेला काम्यकर्मको समाप्ति हुँदैन भनिएको हुँदा मलमास र शुद्धमास दुवैमा नियमपूर्वक स्नान गर्नुपर्दछ । मासोपवास र चान्द्रायण आदि कर्म भने मलमासमा नै टुङ्ग्याउनुपर्दछ ।

यसबारे दीपिकामा भनिएको छ – मलमासमा ३० दिन हुने नियम हुनाले शुभमासमा आरम्भ गरी मलमासमा मासोपवास आदि कर्म समाप्त गर्नुपर्दछ ।

वैशाखमासे दानविशेषविचारः

अत्र दानविशेष उक्तोऽपरार्के वामनपुराणे –

गन्धाश्च माल्यानि तथा वैशाखे सुरभीणि च । देयानि द्विजमुख्येभ्यो मधुसूदनतुष्टये ।।

वैशाखमा दानविशेष

अपरार्कमा वैशाखमा गर्नुपर्ने दानविशेषको चर्चा गर्दै भनिएको छ – वैशाखस्नानको व्रत लिने मानिसले मासान्तमा माला, सुगन्धित पदार्थ, चन्दन आदि वस्तु भगवान् मधुसूदनको प्रसन्नताका लागि सुपात्र ब्राह्मणलाई दान गरेर दिनुपर्दछ।

उद्यापनम्

एवं स्नाने कृते तस्योद्यापनं कार्यम् । तदुक्तं तत्रैव –

मासमेवं बहिः स्नात्वा नद्यादौ विमले जले । एकादश्यां च द्वादश्यां पौर्णमास्यामथापि वा ।।
उपोष्य नियतो भूत्वा कुर्यादुद्यापनं बुधः । मण्डलं कारयेदादौ कलशं तत्र विन्यसेत् ।।
निष्केण वा तदर्धेन तदर्धार्धेन वा पुनः । शक्त्या वा कारयेद्देवं सौवर्णं लक्षणान्वितम् ।।
लक्ष्मीयुक्तं जगन्नाथं पूजयेदासने बुधः । भूषणैश्चन्दनैः पुष्पैर्दीपैर्नैवेद्यसञ्चयैः ।।
एवं सम्पूज्य विधिवद्रात्रौ जागरणं चरेत् । श्वोभूते कृतमैत्रोऽथ ग्रहवेद्यां ग्रहान्यजेत् ।।
होमं कुर्यात्प्रयत्नेन पायसेन विचक्षणः । तिलाज्येन यवैर्वापि सर्वैर्वापि स्वशक्तितः ।।
अष्टोत्तरसहस्रं वा शतमष्टोत्तरं तु वा । प्रतद्विष्णुरनेनैव इदंविष्णुरनेन वा ।।
व्रतसम्पूर्तिसिद्ध्यर्थं धेनुमेकां पयस्विनीम् । पादुकोपानहौ छत्रं गुरवे व्यजनं तथा ।।
शय्यां सोपस्करां दद्याद्दीपिकां दर्पणं तथा । ब्राह्मणान्भोजयेत्त्रिंशत्तेभ्यो दद्याच्च दक्षिणाम् ।।
कलशाञ्जलसम्पूर्णांस्तेभ्यो दद्याद्यवांस्तथा । एवं कृते माधवस्य चोद्यापनविधौ शुभे ।।
फलमाप्नोति सकलं विष्णुसायुज्यमाप्नुयात् ।।' एतावत्यशक्तौ तत्रैवोक्तम् –
वैशाख्यां विधिना स्नात्वा भोजयेद् ब्राह्मणान्दश । कृसरं सर्वपापेभ्यो मुच्यते नात्र संशयः ।। इति।

वैशाखस्नानको उद्यापन

वैशाखस्नानपछि त्यसको उद्यापन गर्नुपर्दछ । यही कुरा अपरार्कमा यसरी भनिएको छ – वैशाखमहिनाभरि गाउँ वा नगरबाहिर पवित्र नदीका निर्मल जलमा विधिपूर्वक स्नान गरेपछि एकादशी, द्वादशी अथवा पूर्णिमामा उपवास गरी पवित्र र एकाग्रचेता भई उद्यापन गर्नुपर्दछ । सर्वप्रथम मण्डप तयार गरेर कलश स्थापना गर्नुपर्दछ । निष्क अर्थात् १६ मासा, ८ मासा अथवा ४ मासाको सुनको लक्ष्मीसहित मधुसूदनको प्रतिमा तयार गरी कलशमाथि राख्नुपर्दछ । त्यसपछि भक्तिपूर्वक षोडशोपचारले अलङ्कार र चन्दनद्वारा मधुसूदन भगवान्को पूजा गर्नुपर्दछ । यसरी विधिवत् पूजा गरी रात्रिमा जाग्राम बस्नुपर्दछ । भोलिपल्ट स्नानादि कर्म गरेर ग्रहवेदी बनाई त्यसमा नवग्रहको पूजा गर्नुपर्दछ । बुद्धिमान् साधकले खीर अथवा घ्यू-तिल अथवा जौ ले आफ्नो शक्तिअनुसार १००८ अथवा १०८ संख्यामा तलका मन्त्रले हवन गर्नुपर्दछ–

प्रतद्विष्णुः स्तवते वीर्येण मृगो न भीमः कुचरो गिरिष्ठाः । यस्योरुषु त्रिषु विक्रमणेष्वधिक्षियन्ति भुवनानि विश्वा।। – ऋ. १/१५४/२, अथवा **'इदं विष्णुर्विचक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे।।** – ऋ. १/२२/१७ ।

त्यसपछि व्रतपूर्तिका लागि एउटी लैनी गाईदान गर्नुपर्दछ । पादुका अर्थात् खराउ, जुत्ता, छाता, पंखा, बत्ती, ऐना र सोपस्कर अर्थात् गृहस्थलाई चाहिने सम्पूर्ण सामग्रीसहित शय्या आफ्ना आचार्यलाई दिनुपर्दछ । यसकर्ममा ३० जना ब्राह्मणलाई भोजन गराई दक्षिणा दिनुपर्दछ । ती सबै ब्राह्मणहरूलाई जलले भरिएका घडा र जौदान गर्नुपर्दछ । यसरी वैशाख स्नानको उद्यापन गरेपछि कर्ताले स्नानको फल प्राप्त गरी अन्तमा विष्णुसायुज्य प्राप्त गर्दछ । दानादि गरी उद्यापन गर्न असमर्थ पुरुषले भने पूर्णिमाका दिन विधिवत् स्नान गरी दश ब्राह्मणलाई खिचडी खुवाउनु पर्दछ । यसो गर्दा त्यो साधक सबै पापबाट मुक्त हुन्छ । यसमा कुनै सन्देह छैन ।

अक्षयतृतीया

वैशाखशुक्लतृतीया अक्षय्यतृतीयोच्यते । सा पूर्वाह्णव्यापिनी ग्राह्या । दिनद्वयेऽपि तद्व्याप्तौ परैव । तदुक्तं निर्णयामृते नारदीये –

वैशाखे शुक्लपक्षे तु तृतीया रोहिणीयुता । दुर्लभा बुधवारेण सोमेनापि युता तथा ।।

रोहिणीबुधयुक्तापि पूर्वविद्धा विवर्जिता । भक्त्या कृतापि मान्धातः पुण्यं हन्ति पुराकृतम्।।

गौरीविनायकोपेता रोहिणीबुधसंयुता । विनापि रोहिणीयोगात्पुण्यकोटिप्रदा सदा ।।' इति ।

इयं युगादिरपि ।

अक्षयतृतीया अर्थात् वैशाखशुक्ल तृतीया

वैशाखशुक्ल तृतीयालाई अक्षयतृतीया भनिन्छ । यो पूर्वाह्णव्यापिनी लिइन्छ । दुईदिन तृतीया पूरा रहेमा पछिल्लो तृतीया लिनुपर्दछ । **निर्णयामृत**मा उद्धृत **नारदपुराण**को वचनमा भनिएको छ – वैशाखशुक्लपक्षको रोहिणीनक्षत्रसहित तृतीयातिथि पुण्यपर्व हो । रोहिणीसहित यो तृतीया बुधवार अथवा सोमवार परेमा अत्यन्त पुण्यजनक र दुर्लभ पनि मानिएको छ । बुधवार एवं रोहिणीले सहित भएपनि द्वितीयाद्वारा वेध गरिएको तृतीयालाई भने वर्जित मानिएको छ । यसप्रकारको तृतीयामा भक्तिपूर्वक पूजाआजा गरेपनि द्वितीयाद्वारा विद्ध भएका कारण पूर्वपुण्यको विनाश हुन्छ । अक्षयतृतीया चतुर्थीयुक्त, रोहिणी र बुधवारसहित अथवा रोहिणी र बुधवाररहित भए तापनि त्यसले कोटि पुण्य प्रदान गर्दछ । अक्षयतृतीयालाई युगादितिथि पनि मानिएको छ ।

सा चोक्ता रत्नमालायाम् –

माघे पञ्चदशी कृष्णा नभस्ये च त्रयोदशी । तृतीया माधवे शुक्ला नवम्यूर्जे युगादयः।। इति।

रत्नमालामा भनिएको छ – माघको अमावास्या, श्रावणको कृष्णत्रयोदशी, वैशाखको शुक्लतृतीया, कार्तिकको शुक्लनवमी यी चार तिथि युगादि हुन् ।

यत्तु गौडाः – **माघस्य पौर्णमास्यां तु घोरं कलियुगं स्मृतम् ।**' इति ब्राह्मोक्तेः,
वैशाखमासस्य च या तृतीया नवम्यसौ कार्तिकशुक्लपक्षे ।
नभस्यमासस्य तमिस्रपक्षे त्रयोदशी पञ्चदशी च माघे ।। इति विष्णुपुराणे ।

चकारेण तमिस्रपक्षानुषङ्गेऽपि पूर्वानुरोधात्पौर्णमास्येव ज्ञेया । '**द्वे शुक्ले**' इत्यादिकं तु निर्मूलमित्याहुः । तन्न। '**दर्शे तु माघमासस्य प्रवृत्तं द्वापरं युगम् ।**' इति भविष्यविरोधात् । एतेन ब्राह्मानुसारात्पूर्णिमायामेव युगादिश्राद्धं वदन् शूलपाणिः परास्तः । तेन कल्पभेदाद्युगभेदाद्वा व्यवस्थेति तत्त्वम् । एतेन '**कार्तिके नवमी शुक्ला माघमासे च पूर्णिमा ।**' इति बृहन्नारदीयं व्याख्यातम् । निर्मूलत्वोक्तिर्नारदीयाज्ञानकृता ।

गौडहरूले **ब्रह्मपुराण**को वचन उद्धृत गर्दै भनेका छन् – माघमहिनाको पूर्णिमाको दिनदेखि घोर कलियुग सुरु भएको हो । **विष्णुपुराण**मा भनिएको छ – वैशाखको शुक्लतृतीया, कार्तिकको शुक्लनवमी, श्रावणको कृष्णत्रयोदशी र माघको पञ्चदशी अर्थात् पूर्णिमा अथवा अमावास्या युगादितिथि हुन् । यहाँ पञ्चदशीको अर्थ मूलमा चकार पढिएको बलले अमावास्या हुने देखिए तापनि पूर्वप्रसङ्गको अनुरोधले पूर्णिमा नै लिनुपर्दछ किनभने दुईतिथि लिनुपर्दछ भन्ने कुरा निर्मूल हो ।

ग्रन्थकार भन्दछन् – उक्त गौडहरूको भनाइ उचित छैन किनकि माघमासको अमावास्याका दिनदेखि द्वापर सुरु भयो भन्ने **भविष्यपुराण**को वचनसँग विरोध पर्न आउँछ । **ब्रह्मपुराण**को वचनअनुसार पूर्णिमामा नै युगादिश्राद्ध गर्नुपर्दछ भन्ने **शूलपाणि**को वचन पनि अनुचित देखिन्छ । यस्ता मतमतान्तरका सम्बन्धमा यथार्थ निर्णय लिँदा कल्पभेदको व्यवस्था मान्नुनै उचित हुन्छ । कार्तिकको शुक्लनवमी र माघको पूर्णिमा युगादि हुन् भन्ने नारदको वचन पनि उक्त प्रमाणबाट अज्ञानमूलक वचन हो भनी मान्नुपर्दछ ।

मन्वादौ तु श्राद्धकथनम्

अत्र श्राद्धमुक्तं मात्स्ये –

कृतं श्राद्धं विधानेन मन्वादिषु युगादिषु । हायनानि द्विसाहस्त्रं पितृणां तृप्तिदं भवेत् ।। इति।

भारतेऽपि – '**या मन्वाद्या युगाद्याश्च तिथयस्तासु मानवः ।**

स्नात्वा हुत्वा च दत्त्वा च जप्त्वानन्तफलं लभेत् ।।' इति। श्राद्धेऽपि पूर्वाह्णव्यापिनी ग्राह्या।

पूर्वाह्णे तु सदा कार्याः शुक्ला मनुयुगादयः । दैवे कर्मणि पित्र्ये च कृष्णे चैवापराह्णिकाः ।।

इति पाद्मोक्तेः ।

मन्वादितिथिमा श्राद्ध

अक्षयतृतीयामा श्राद्ध गर्नुपर्ने विषयमा **मत्स्यपुराण**मा यसरी भनिएको छ – यदि कसैले मन्वादि र युगादितिथिहरूमा श्राद्ध गर्दछ भने त्यसबाट २००० वर्षसम्म पितृहरूले तृप्ति पाउँछन् । यही कुरा **महाभारत**मा पनि यसरी भनिएको छ – जुन मन्वादि र युगादितिथिहरू छन्, तिनमा स्नान, दान, जप, होम आदि गर्ने मानिसले अनन्त फल प्राप्त गर्दछ । श्राद्ध गर्दा मन्वादि र युगादितिथिमा पूर्वाह्णव्याप्त गर्ने तिथि लिनुपर्दछ । यसबारे **पद्मपुराण**मा भनिएको छ – शुक्लपक्षमा मन्वादि र युगादितिथि पूर्वाह्णव्यापिनी लिनुपर्दछ । कृष्णपक्षका मन्वादितिथिहरूमा अपराह्णमा देवकर्म र पितृकर्म गर्नुपर्दछ।

द्वे शुक्ले द्वे तथा कृष्णे युगादी कवयो विदुः । शुक्ले पौर्वाह्णिके ग्राह्ये कृष्णे चैवापराह्णिके।।

इति हेमाद्रौ नारदीयवचनाच्च । दीपिकापि –

अथो मन्वादियुगादिकर्मतिथयः पूर्वाह्णिकाः स्युः सिते विज्ञेया अपराह्णिकाश्च बहुले। इति ।

हेमाद्रिमा उद्धृत नारदको वचनमा भनिएको छ– कविहरूले शुक्लपक्षका दुईतिथि र कृष्णपक्षका दुईतिथिलाई युगादि भनेका छन् । शुक्लपक्षमा पूर्वाह्णकाल र कृष्णपक्षमा अपराह्णकाल ग्रहण गर्नुपर्दछ ।

यसैगरी **दीपिका**मा भनिएको छ – शुक्लपक्षका मन्वादितिथि र युगादितिथि पूर्वाह्णमा र कृष्णपक्षका मन्वादि एवं युगादितिथि अपराह्णकालमा व्यवहार गर्न योग्य छन् ।

स्मृत्यर्थसारेऽपि – '**युगादिमन्वादिश्राद्धेषु शुक्लपक्षे उदयव्यापिनी तिथिर्ग्राह्या । कृष्णपक्षेऽपराह्ण-व्यापिनी**' इति । दिवोदासीये गोभिलः –

वैशाखस्य तृतीयां यः पूर्वविद्धां करोति वै । हव्यं देवा न गृह्णन्ति कव्यं च पितरस्तथा ।।

इति । गोविन्दार्णवेऽप्येवम् । तेनेयं पूर्वाह्णव्यापिनी । दिनद्वये तत्त्वे परैवेति धर्मतत्त्वविदो हेमाद्र्यादयः ।

स्मृत्यर्थसारमा लेखिएको छ – युगादि एवं मन्वादिश्राद्धहरूमा शुक्लपक्ष छ भने उदयकालको तिथि लिनुपर्दछ र कृष्णपक्षमा अपराह्णकालको तिथि लिनुपर्दछ ।

दिवोदासीय ग्रन्थमा गोभिलको वचन यसप्रकार छ – वैशाखशुक्ल तृतीयाका दिन श्राद्ध आदि गर्दा जसले द्वितीयाविद्धा तिथि लिन्छ त्यसले दिएको हव्य देवताले लिँदैनन् र कव्य पितृहरूले लिँदैनन् । त्यसकारण यो तृतीया पूर्वाह्णव्यापिनी नै लिनुपर्दछ । दुईदिन नै पूर्वाह्णव्यापिनी भएमा पछिल्लो दिनको लिनुपर्दछ भनी धर्मतत्त्वका ज्ञाता **हेमाद्रि** आदिले भनेका छन् ।

अनन्तभट्टस्तुः –

सवैधृतिर्व्यतीपातो युगमन्वादयस्तथा । सन्मुखा उपवासे स्युर्दानादावन्तिमाः स्मृताः ।।

इत्याह । दानादाविति श्राद्धसंग्रहः । उपवासस्त्वग्रे वक्ष्यते । हेमाद्रावप्येवम् । माधवस्तु व्यतीपातः श्राद्धेऽपराह्णव्यापी ग्राह्य इत्याह । स्मृत्यर्थसारे तु कुतुपकालयोगीत्युक्तम् ।

अनन्तभट्ट आफ्नो मत प्रकट गर्दै भन्दछन् – युगादि, मन्वादि, व्यतीपात र वैधृतिलाई व्रत आदिमा पहिलो र दान-श्राद्ध आदिमा पछिल्लो लिनुपर्दछ । यहाँ दान आदिशब्दबाट श्राद्ध लिनुपर्दछ । उपवासका विषयमा पछि बताइनेछ । **हेमाद्रि**ले पनि यही कुरा बताउका छन् । माधवले – 'व्यतीपातयोगमा गरिने श्राद्धमा अपराह्णव्यापी योग लिनुपर्दछ' भनेका छन् । स्मृत्यर्थसारमा कुतुपकालको योगमा अपराह्णव्यापी लिनुपर्दछ भनिएको छ ।

यत्तु मार्कण्डेयः – **शुक्लपक्षस्य पूर्वाह्णे श्राद्धं कुर्याद्विचक्षणः ।**
कृष्णपक्षापराह्णे हि रौहिणं तु न लङ्घयेत् ।।

रौहिणो नवमो मुहूर्तः । अत्र शुक्लपक्षयुगादिश्राद्धं पूर्वाह्णे कार्यमिति शूलपाणिः ।

मार्कण्डेयले श्राद्धको सम्बन्धमा भनेका छन् – 'बुद्धिमान् मानिसले शुक्लपक्षका श्राद्ध पूर्वाह्णमा र कृष्णपक्षका श्राद्ध अपराह्णमा गर्नुपर्दछ । अपराह्णमा श्राद्ध गर्दा रोहिण अर्थात् दिनका १५ मुहूर्तमध्ये नवौं मुहूर्तलाई नाघ्न हुँदैन ।' **शूलपाणि**ले – शुक्लपक्ष र युगादिश्राद्ध पूर्वाह्णमा गर्नुपर्छ' भन्ने कुरा बताएका छन् ।

निर्णयामृतादयस्तु कालादर्शेऽमाश्राद्धमापराह्णिकमुक्त्वा – **एष मन्वन्तरादीनां युगादीनां विनिर्णयः**। इत्युक्तत्वात् **'द्वे शुक्ले'** इत्यादि वचनं विष्णुपूजनविषयम् । श्राद्धे त्वापराह्णिक्येवेति व्यवस्थां जगदुः । सेयं पूर्वोक्तानेकवचोविरोधात् **'पूर्वाह्णे दैविकं कुर्यात्'** इत्यादिवचनादेव सिद्धे वचनवैयर्थ्याच्च स्वाच्छन्द्य-विलसितमात्रमित्युपेक्षणीया ।

कालादर्शमा उद्धृत **निर्णयामृत** आदिको वचनअनुसार अमावास्याश्राद्ध अपराह्णमा गर्नुपर्दछ । मन्वादि र युगादितिथिको निर्णय दुईशुक्ल पक्ष र दुईकृष्णपक्ष भन्ने तथ्यअनुसार गरिएको छ । फेरि **द्वे शुक्ले॰** भन्ने नियम 'श्राद्धका लागि नभई विष्णुपूजाका लागि हो' भनिएको छ र सबै श्राद्धमा अपराह्णकाल नै ग्रहण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

ग्रन्थकार भन्दछन् – यो व्यवस्था अनेक ऋषि मतको विरुद्ध हुनाले उपयोगी छैन । पूर्वाह्णमा दैविक कार्य गरोस् भन्ने वचन छँदाछँदै विष्णुपूजाका लागि गरिएको व्यवस्था भन्नु नै खेर जाने कुरा हो । जसले भने पनि यो उक्ति स्वच्छन्द अभिव्यक्ति भएकाले उपेक्षायोग्य छ ।

किञ्च कालादर्शोक्तिर्न्यायमूला वचोमूला वा । नाद्यः । युगादिश्राद्धस्यामाश्राद्धविकृतित्वेन न्यायतोऽपराह्ण-व्याप्तावपि वचनेन तस्य बाधात् । नान्त्यः । अतिदेशादेवापराह्णप्राप्तेर्वचनवैयर्थ्यात् । **'अप्राप्ते शास्त्रमर्थवत्'** इति न्यायात् । तेन यदि कालादर्शोक्तेः कथंचिच्छ्रद्धाजाड्येन समाधित्सा तर्हि न्यायप्राप्तकृष्णपक्षयुगादिविषयत्वेन सा व्यवस्थापनीयेति दिक् । पूर्वाह्णस्तत्र द्वेधा विभक्तदिनपूर्वार्धः । **'द्वेधा भक्तदिनांशकोऽत्र गदितः प्राह्णापराह्णौ'** इति दीपिकोक्तेः । माधवादयोप्येवम् ।

यहाँ प्रश्न हुन्छ – **कालादर्श**को उपर्युक्त भनाइ न्यायमा आधारित छ अथवा शास्त्रीय वचनमा आधारित छ ? यसको उत्तर यस्तो छ – **कालादर्श**को भनाइ न्यायमा आधारित छैन । किनकि युगादिश्राद्ध अमावास्याश्राद्धको विकृति अर्थात् अङ्ग हुनाले न्यायद्वारा अपराह्णव्याप्तिमा हुनै सक्दैन । दोस्रो वचनमा आधारित छ भन्न पनि मिल्दैन किनकि विभिन्न ऋषिका वचनको अतिदेश अर्थात् एउटा विषयमा लागु हुने नियमलाई सो विषयबाहेक अन्यत्र पनि लागु गराउने नियमबाट अपराह्णकाल प्राप्त छँदै थियो भने **कालादर्श**ले फेरि वचनद्वारा भन्नुपर्ने आवश्यकता नै थिएन । जहाँ कुनै वचन पाइँदैन त्यहाँ नै शास्त्र सार्थक हुन्छ भन्ने नियमअनुसार यहाँ नियम पाइएको स्थिति छ त्यसकारण कालादर्शको भनाइ सार्थक छैन । अतः कसैलाई **कालादर्श**को भनाइप्रति श्रद्धाजन्य मूढताका कारण समाधान गर्ने इच्छा भएमा त्यो वचन न्यायप्राप्त कृष्णपक्षको युगादितिथिसँग सम्बद्ध वचन हो भनी विश्वास गर्नुपर्दछ ।

वैशाखशुक्लतृतीयायां विशेषकथनम्

अत्र विशेषो हेमाद्रौ भविष्ये –

'वैशाखे शुक्लपक्षे तु तृतीयायां तथैव च । गङ्गातोये नरः स्नात्वा मुच्यते सर्वकिल्बिषैः ।।
तस्यां कार्यो यवैर्होमो यवैर्विष्णुं समर्चयेत् । यवान्दद्याद् द्विजातिभ्यः प्रयतः प्राशयेद् यवान् ।।

इति । अत्र दानविशेषस्तत्रैव भविष्ये इमां प्रक्रम्य –

'उदकुम्भान्सकनकान्सान्नान्सर्वरसैः सह । यवगोधूमचणकान्सक्तुदध्योदनं तथा ।।
ग्रैष्मिकं सर्वमेवात्र सस्यं दाने प्रशस्यते ।।' इति ।

देवीपुराणेऽपि– **तृतीयायां तु वैशाखे रोहिण्यृक्षे प्रपूज्य तु । उदकुम्भप्रदानेन शिवलोके महीयते।।**

मन्त्रस्तु –

एष धर्मघटो दत्तो ब्रह्मविष्णुशिवात्मकः । अस्य प्रदानात्तृप्यन्तु पितरोऽपि पितामहाः ।।
गन्धोदकतिलैर्मिश्रं सान्नं कुम्भं फलान्वितम् । पितृभ्यः सम्प्रदास्यामि अक्षय्यमुपतिष्ठतु ।। इति।

अत्र च पिण्डरहितं श्राद्धं कुर्यात् ।

अयनद्वितये श्राद्धं विषुवद्वितये तथा । युगादिषु च सर्वासु पिण्डनिर्वपणादृते ।।

इति हेमाद्रौ पुलस्त्यवचनात् ।

वैशाखशुक्ल तृतीयामा विशेष

वैशाखशुक्ल तृतीयाका निमित्त हेमाद्रिमा प्रयुक्त विशेष वचन यसप्रकार छ – वैशाखशुक्लपक्षको तृतीयातिथिमा र वैशाखमासभर मानिस गङ्गाजलमा नुहाएपछि सबै पापबाट मुक्त हुन्छ । यस तिथिमा साधकले जौद्वारा हवन गर्नुपर्दछ, जौले

नै विष्णुको पूजा गर्नुपर्दछ, ब्राह्मणलाई जौ नै दानका रूपमा दिनुपर्दछ र कर्ताले सावधान भई जौबाट निर्मित भोजन गर्नुपर्दछ।

दानको विषयमा **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – वैशाखशुक्ल तृतीयामा जल, घडा, सुवर्ण, अन्न, सबै प्रकारका रस, जौ, गहुँ, चना, सातु, दही, भात र ग्रीष्मऋतुमा चाहिने पदार्थ दान गर्दा कर्ताले उत्तम फल प्राप्त गर्दछ।

देवीपुराणमा भनिएको छ – 'वैशाखशुक्ल तृतीयाका दिन रोहिणीनक्षत्र परेको अवस्थामा जलकुम्भको पूजा गरी दान गर्दा दाता मानिस शिवलोकमा प्राप्त हुन्छ।' घडादान गर्दा **एष धर्मघट०** इत्यादि मन्त्र पढ्नुपर्दछ। मन्त्रको अर्थ यसप्रकार छ– 'ब्रह्मा, विष्णु र शिवको रूपमा रहेको यो धर्मघटदान गर्दैछु। यसको दानबाट मेरा पिता, पितामह आदि तृप्त होऊन्। गन्ध, जल, अन्नसहित यो धर्मघट म पितृहरूका लागि प्रदान गर्दैछु। यसबाट पितृहरूले अक्षय्य तृप्ति प्राप्त गरून्।'[१३]

वैशाखशुक्ल तृतीयामा पिण्डरहित श्राद्ध गर्नुपर्दछ। **हेमाद्रि**मा उद्धृत **पुलस्त्य**को वचनमा भनिएको छ – मेषसंक्रान्ति, तुलासंक्रान्ति, उत्तरायण मकरसंक्रान्ति र दक्षिणायन, कर्कसंक्रान्ति एवं युगादिमा पिण्ड नदिईकन श्राद्ध गर्नुपर्दछ। अक्षयतृतीयामा राति भोजन गर्न हुँदैन।

अत्र रात्रिभोजने प्रायश्चित्तमृग्विधाने –

रात्रौ भुक्ते वत्सरे तु मन्वादिषु युगादिषु। अभिस्ववृष्टिं मन्त्रं च जपेद्दश न पातकम्॥

इति। अपरार्के यमः –

कृतोपवासाः सलिलं ये युगादिदिनेषु च। दास्यन्त्यन्नादिसहितं तेषां लोका महोदयाः॥

इति। वैशाखे मलमासे सति तत्रैव युगादिः कार्या। तथा च हेमाद्रौ ऋष्यशृङ्गः –

दशहरासु नोत्कर्षश्चतुर्ष्वपि युगादिषु। उपाकर्मणि चोत्सर्गे ह्येतदिष्टं वृषादितः॥

इति। एतद्दशहरादिकं वृषादिसंक्रमे इष्टम्।

यस सम्बन्धमा **ऋग्विधान**मा भनिएको छ – वर्षारम्भ, युगादि र मन्वादिमा रातको समयमा भोजन गर्ने मानिसले आफ्ना पापहरू निवारण गर्न – '**ॐ अभि स्ववृष्टिं मदे अस्य युध्यतो रध्वीरिव प्रवणे सस्रुरूतयः। इन्द्रो यद्वज्री धृषमाणो अन्धसाऽभिनद् बलस्य परिधीरिव त्रितः॥** (ऋ. १/५१/५)' यो मन्त्र जप गर्नुपर्दछ।

अक्षय्यतृतीयामा जलदानको महत्त्व बताउने **अपरार्क**मा उद्धृत गरिएको यमको भनाइ यसप्रकार छ – 'जुन मानिसले युगादितिथिहरूमा उपवास गरी अन्नसहित जलदान गर्दछन् तिनले उज्ज्वल लोक प्राप्त गर्दछन्।' वैशाखमा मलमास परे पनि त्यसै तिथिलाई युगादि मानी कर्म गर्नुपर्दछ। यस सम्बन्धमा **हेमाद्रि**मा उद्धृत **ऋष्यशृङ्ग**को भनाइ यसप्रकार छ – 'वैशाखमा मलमास भएमा चारै युगादि र दशहराका दिनमा उत्कर्ष अर्थात् निषेध हुँदैन अर्थात् शुद्धमास लिनुपर्छ भन्ने कुनै नियम छैन। उपाकर्म र उत्सर्गमा यो शुभदायक हुन्छ। वृषसंक्रान्तिमा दशहरा आदि इष्ट अर्थात् शुभ छन्।'

---

१३. **'वैशाखे शुक्लपक्षे तु .... । उदकुम्भान् सकनकान् ......। एष धर्मघटो दत्तो ..... ।'** भनिएको हुँदा अक्षय्यतृतीयामा ल्वाङ, सुकुमेल, अलैंची आदि सुगन्धित द्रव्य र गुडादि मधुर रस मिलाइएको जौको सातु र तिनै द्रव्य र तिनले युक्त सुवर्ण, द्रव्यादिसहित सर्वतको घडा वा सर्वतमात्र भए पनि स्नानादि गरिसकेपछि ब्राह्मणादिलाई दान गर्नुपर्छ। यस दिन गरिएको स्नान, दान, पूजा, उपासनादि सबै कुरा अक्षय्य अर्थात् कहिल्यै नाश नहुने हुनुका साथै स्नान, दानादिकर्ता स्वयं शिवलोक प्राप्त गर्ने अधिकारी हुन्छ। त्यसका पितृहरू पनि तृप्त हुन्छन्। जौको सातु र सर्वत आफूले पनि खानुपर्छ। त्यसो गर्ने मानिसले समस्त पापबाट मुक्त भई ऐहिक एवं पारलौकिक सुख-शान्ति प्राप्त गर्दछ। यसरी स्नान, दान, प्राशनादि कृत्य गर्ने चलन लोकमा प्रचलित छ र दुवै लोकको सुख-शान्ति कामना गर्ने जनसमुदायमा प्रचलित हुँदै जानेछ।

'कन्याचन्द्रे वृषे रवौ' इत्यादिना सौरमासोक्तेरित्यर्थः । कालादर्शेऽपि - **'अब्दोदकुम्भमन्वादि-महालययुगादिषु'** इति मलमासकर्तव्येषु परिगणनाच्च । महालयशब्देन मघात्रयोदश्युच्यत इति माधवः । स्मृतिचन्द्रिकायां तु मासद्वये कर्तव्यमित्युक्तम् ।

यौगादिकं मासिकं च श्राद्धं चापरपक्षिकम् । मन्वादिकं तैर्थिकं च कुर्यान्मासद्वयेऽपि च ।।

इति । अपरपक्षः कृष्णपक्षः न तु महालयः । तस्य तत्र निषेधात् ।

मदनरत्नेऽपि मरीचिः - **प्रतिमासं मृताहे च श्राद्धं यत्प्रतिवत्सरम् ।**
मन्वादौ च युगादौ च तन्मासोरुभयोरपि ।।'

इति । प्रतिवत्सरं क्रियमाणं कल्पादिश्राद्धमिति स एव व्याचख्यौ ।

कन्याको चन्द्रमा र वृषको सूर्य हुँदा सौरमान लिइन्छ । यस विषयमा **कालादर्श**मा भनिएको छ - महालय, मन्वादि, युगादि र मलमासमा पनि जलघटको दान गर्नुपर्दछ । यहाँ भनिएको महालयशब्दको अर्थ मघानक्षत्रले युक्त भएको त्रयोदशी हो ।

स्मृतिचन्द्रिकामा भनिएको छ - युगादिश्राद्ध, मासिकश्राद्ध, कृष्णपक्षमा गरिने श्राद्ध, मन्वादिश्राद्ध र तीर्थश्राद्ध मलमासका दुवै महिनामा गर्नुपर्दछ । यहाँ प्रयुक्त **अपरपक्ष** को अर्थ कृष्णपक्ष हो महालय होइन । **मदनरत्न**मा उद्धृत मरीचिको वचन यसप्रकार छ - युगादि, मन्वादि, वार्षिक र मासिकश्राद्ध मलमासका दुवै महिनामा गर्नुपर्दछ । प्रत्येकवर्ष गरिने श्राद्धलाई कल्पादि भनिन्छ भन्ने कुरा उनले बताएका छन् ।

अक्षयतृतीयादौ श्राद्धाकरणे प्रायश्चित्तम्

अत्र श्राद्धाकरणे प्रायश्चित्तमुक्तमृग्विधाने - **'नयस्य द्यावामन्त्रं च शतवारं तदा जपेत् । युगादयो यदा न्यूनाः कुरुते नैव चापि यः ।'** इति ।

अक्षयतृतीया आदिमा श्राद्ध नगर्दा प्रायश्चित्त

श्राद्ध नगरेमा प्रायश्चित्त गर्नुपर्दछ भन्ने कुरा **ऋग्विधान**मा यसरी बताइएको छ । युगादि, मन्वादि आदि श्राद्ध नगरेमा अथवा तिनमा कुनै कमी-कमजोरी भएमा तलको मन्त्र १०० पटक जप्नुपर्दछ -

न यस्य द्यावापृथिवी न धन्व नान्तरिक्षं नाद्रयः सोमो अक्षाः । यदस्य मन्युरधिनीयमानः शृणति वीलु रुजति स्थिराणि ।। - ऋ. १०/८९/६ ।

समुद्रस्नानम्

अत्र समुद्रस्नानं प्रशस्तम् । तदुक्तं पृथ्वीचन्द्रोदये सौरपुराणे -

युगादौ तु नरः स्नात्वा विधिवल्लवणोदधौ । गोसहस्रप्रदानस्य कुरुक्षेत्रे फलं हि यत् ।।
तत्फलं लभते मर्त्यो भूमिदानस्य च ध्रुवम् ।। इति । अयं निर्णयः सर्वयुगादिषु बोद्धव्यः । इति युगादिनिर्णयः ।

समुद्रस्नान

युगादि दिनहरूमा समुद्रस्नान पनि फलदायक हुन्छ । **पृथिवीचन्द्रोदय**मा उद्धृत **सौरपुराण**को भनाइ यसप्रकार

छ – 'युगादितिथिमा विधिवत् क्षारसमुद्रमा स्नान गर्ने मानिसले कुरुक्षेत्रमा हजार गाईदान गरेको फल र भूमिदान गरेको फलसमेत प्राप्त गर्दछ ।' यो निर्णय सबै युगादितिथिहरूको निमित्त हो भनी जान्नुपर्दछ ।

परशुरामजयन्तीनिरूपणम्

इयमेव तृतीया परशुरामजयन्ती । सा प्रदोषव्यापिनी ग्राह्या । तदुक्तं भार्गवार्चनदीपिकायां स्कान्दभविष्ययोः-

वैशाखस्य सिते पक्षे तृतीयायां पुनर्वसौ । निशायाः प्रथमे यामे रामाख्यः समये हरिः ।।

स्वोच्चगैः षड्ग्रहैर्युक्ते मिथुने राहुसंस्थिते । रेणुकायास्तु यो गर्भादवतीर्णो हरिः स्वयम् ।।'

इति । दिनद्वये तद्व्याप्तावंशतः समव्याप्तौ च परा, अन्यथा पूर्वैव । तदुक्तं तत्रैव भविष्ये –

शुक्लतृतीया वैशाखे शुद्धोपोष्या दिनद्वये । निशायाः पूर्वयामे चेदुत्तरान्यत्र पूर्विका ।। इति।

परशुरामजयन्ती

अक्षयतृतीयालाई परशुरामजयन्ती पनि भनिन्छ । यसलाई प्रदोषव्यापिनी लिनुपर्दछ । **भार्गवार्चनचन्द्रिकामा** उद्धृत **स्कन्दपुराण** र **भविष्यपुराणका** वचन यसप्रकार छन् – 'वैशाखशुक्लपक्षको तृतीयातिथि र पुनर्वसुनक्षत्रमा रात्रिको प्रथम प्रहरमा ६ वटै ग्रह आफ्नो उच्चस्थानमा र राहु मिथुनराशिमा रहेको बेला जमदग्निकी धर्मपत्नी रेणुकाको गर्भबाट भगवान् परशुराम पैदा हुनुभयो ।' यो तिथि दुईदिनसम्म पूरापूर रहेमा र अंशले व्याप्त भएमा पछिल्लो दिनको तिथि लिनुपर्दछ । नत्रभने पहिलो नै लिनुपर्दछ ।

यसबारे **भविष्यपुराणमा** भनिएको छ – वैशाखशुक्लपक्षको तृतीया उपवासका लागि दुवै दिन शुद्ध लिनुपर्दछ । रात्रिको पहिलो प्रहरमा तृतीया भएमा दोस्रो दिन लिनुपर्दछ त्यसो नभएमा पहिलो लिनुपर्दछ ।

वैशाखशुक्लसप्तम्यां गङ्गावतरणम्

वैशाखशुक्लसप्तम्यां गङ्गोत्पत्तिः । तदुक्तं पृथ्वीचन्द्रोदये ब्राह्मे –

वैशाखे शुक्लसप्तम्यां जह्नुना जाह्नवी पुरा । क्रोधात्पीता पुनस्त्यक्ता कर्णरन्ध्रात्तु दक्षिणात्।।

तां तत्र पूजयेद्देवीं गङ्गां गगनमेखलाम् ।। इति । अत्र शिष्टाचारान्मध्याह्नव्यापिनी ग्राह्या । दिनद्वये तद्व्याप्तावव्याप्तावेकदेशव्याप्तौ वा पूर्वा । युग्मवाक्यात् ।

वैशाखशुक्लसप्तमीमा गङ्गाको अवतरण

वैशाखशुक्ल सप्तमीका दिन मध्याह्नमा भगवती गङ्गाको उत्पत्ति भएको हो । **पृथिवीचन्द्रोदयमा** उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – वैशाखशुक्ल सप्तमीमा पहिले जह्नुऋषिले रिसाएर गङ्गानदीलाई पान गरे । केही समयपछि उनले आफ्नो दाहिने कानको प्वालबाट गङ्गालाई बाहिर निस्कने बाटो दिए । यो तिथिमा आकाशकी मेखलाजस्ती भगवती गङ्गाको पूजा गर्नुपर्दछ । [१४]गङ्गापूजन गर्दा शिष्टाचारअनुसार मध्याह्नव्यापिनी सप्तमी लिनुपर्दछ । यदि दुवै दिन मध्याह्नकालमा व्याप्त

---

१४. **नमामि गङ्गे तव पादपङ्कजं सुरासुरैर्वन्दितदिव्यरूपम् । भुक्तिञ्च मुक्तिञ्च ददासि नित्यं भावानुसारेण सदा नराणाम् ।।**

गङ्गासप्तमीमा सर्वप्रथम उक्त मन्त्रले गङ्गाजीको प्रार्थना गरी पुरुषसूक्तका मन्त्र अथवा पौराणिक मन्त्रहरूद्वारा ध्यान, आवाहन, आसन, पाद्य, अर्घ्य, आचमनीय, स्नान, पञ्चामृतस्नान, अभ्यङ्ग, अङ्गोद्वर्तन, शुद्धोदकस्नान, अलङ्कार, कण्ठसूत्र, गन्ध, पुष्प अर्पण गर्नुपर्दछ। त्यसपछि – **चन्द्रिकायै नमः पादौ पूजयामि, चन्द्रकान्तायै नमः जङ्घे पूजयामि, चञ्चलायै नमः कटी पूजयामि,**

हुने भएमा, व्याप्त नभएमा अथवा एकदेशमात्र व्याप्त गर्ने भएमा भन्ने वचनका आधारबाट पहिलो सप्तमी नै लिनुपर्दछ । किनकि युग्मवाक्यमा षष्ठीसंयुक्त सप्तमीको प्रशंसा गरिएको छ ।

योगविशेषकथनम्

वैशाखशुक्लद्वादश्यां योगविशेषो हेमाद्रौ ज्योतिःशास्त्रे –

पञ्चाननस्थौ गुरुभूमिपुत्रौ मेषे रविः स्याद्यदि शुक्लपक्षे ।
पाशाभिधाना करभेण युक्ता तिथिर्व्यतीपात इतीह योगः ।।
अस्मिंस्तु गोभूमिहिरण्यवस्त्रदानेन सर्वं परिहाय पापम् ।
सुरत्वमिन्द्रत्वमनामयत्वं मर्त्याधिपत्यं लभते मनुष्यः ।। इति ।

पञ्चाननः – सिंहः, पाशाभिधाना तिथिः – द्वादशी, करभः – हस्तः ।

वैशाखशुक्लद्वादशीमा सम्भावित व्यतीपातयोग

वैशाखमासको शुक्लपक्ष द्वादशीका दिन व्यतीपातयोग पर्ने कुरा **हेमाद्रि**मा उद्धृत **ज्योतिषशास्त्र**को वचनमा प्रतिपादन गरिएको छ। वैशाखशुक्लपक्षमा सिंहराशिमा बृहस्पति एवं मङ्गल रहेमा मेषराशिमा सूर्य हुँदा हस्तानक्षत्र र द्वादशीतिथिको संयोग हुँदा व्यतीपातयोग हुन्छ । यस्तो व्यतीपातयोगमा सुवर्ण, गाई, वस्त्र, भूमिदान गर्ने दाताका सम्पूर्ण पापको नाश हुन्छ । त्यसले अर्को जन्ममा देवता भई इन्द्रपद अथवा सकल मानिसहरूको अधिपति भई चक्रवर्तीपद प्राप्त गर्दछ । मूलमा प्रयुक्त पञ्चाननशब्दको अर्थ सिंह, पाशतिथिको अर्थ द्वादशी र करभशब्दको अर्थ हात हो ।

नृसिंहजयन्ती

वैशाखशुक्लचतुर्दशी नृसिंहजयन्ती । सा प्रदोषव्यापिनी ग्राह्या । तदुक्तं हेमाद्रौ नृसिंहपुराणे –

वैशाखे शुक्लपक्षे तु चतुर्दश्यां निशामुखे । मज्जन्मसम्भवं पुण्यं व्रतं पापप्रणाशनम् ।।

चलद्युत्यै नमः नाभिं पूजयामि, चिन्मयायै नमः हृदयं पूजयामि, चितिरूपिण्यै नमः स्तनौ पूजयामि, चन्द्रायुतशताननायै नमः भुजौ पूजयामि, कमलपाण्यै नमः हस्तौ पूजयामि, कम्बुग्रीवायै नमः कण्ठं पूजयामि, भवान्यै नमः मुखं पूजयामि, चाम्पेयलोचनायै नमः नेत्रे पूजयामि, चार्वङ्गिन्यै नमः कर्णौ पूजयामि, चारुगामिन्यै नमः नासिकां पूजायामि, आर्यायिन्यै नमः ललाटं पूजयामि, चरित्रनिलयायै नमः शिरः पूजयामि, गङ्गायै नमः सर्वाङ्गं पूजयामि । यसरी अङ्ग पूजा गरेपछि पूर्वादि क्रमले नन्दिन्यै नमः, नलिन्यै नमः, जाह्नव्यै नमः, मालत्यै नमः, मलापहन्त्यै नमः, विष्णुपादाब्जसम्भूत्यै नमः, त्रिपथगामिन्यै नमः, भागीरथ्यै नमः मन्त्रद्वारा आवरण पूजा गर्नुपर्दछ । तदनन्तर धूप, दीप, नैवेद्य आदि प्रदान गरी भगवती गङ्गाजीको प्रार्थना गर्नुपर्दछ–

मन्दाकिनि नमस्तुभ्यं नमस्ते सुरपूजिते । भोगावति नमस्तुभ्यं नागैस्त्वं तत्र वन्दिते ।।
भागीरथि नमस्तुभ्यं सागराणां च पाविनि । प्रयागे च त्रिरूपा त्वं नैमिषे च सरस्वती ।।
विन्ध्ये त्वं नर्मदा देवी कुशतुल्या तु गौतमी । तस्मात्त्वं सर्वदा सेव्या श्रद्धया च कलौ युगे ।।
हरिद्वारे नमस्तुभ्यं सरिदीशे नमो नमः । जय गङ्गे नमो गङ्गे गोदावरि नमोऽस्तु ते ।।

यसरी पूजा र प्रार्थना गर्दा भगवती गङ्गा प्रसन्न हुनुहुन्छ र आफूले गरेका कायिक, मानसिक एवं वाचनिक पापहरू नाश भई इन्द्रिय एवं मन निर्मल बन्दछन् र मानवजीवन सफल हुन्छ । वैशाखको शुक्लपक्षको सप्तमीमा गङ्गाको पूजा–उपासना गरेझैं वैशाखशुक्लनवमीमा सीता भगवतीको अवतरण भएकाले सीताको पूजा गर्नुपर्दछ । भनिएको छ –

पुष्यान्वितायां तु कुजे नवम्यां श्रीमाधवे मासि सिते हलाग्रतः ।
भुवोऽर्चयित्वा जनकेन कर्षणे सीताविरासीद् व्रतमत्र कुर्यात् ।।

वर्षे वर्षे तु कर्तव्यं मम सन्तुष्टिकारणम् ।। इति । दिनद्वयेऽपि तद्व्याप्तावंशतः समव्याप्तौ च परा। विषमव्याप्तौ त्वधिकव्याप्तिमती । दिनद्वयेऽप्यव्याप्तौ परा । परदिने गौणकालव्याप्तेः सत्त्वात्पूर्वदिने च तदभावात्।

नृसिंहजयन्ती

वैशाखशुक्ल चतुर्दशीलाई नृसिंहजयन्ती भनिन्छ । यो जयन्ती प्रदोषव्यापिनी भएमा ग्राह्य हुन्छ । **हेमाद्रिमा** उद्धृत **नृसिंहपुराणको** वचनमा नृसिंह भन्नुहुन्छ – 'वैशाखमासको शुक्लपक्षको चतुर्दशीका दिन प्रदोषकालमा मेरो अवतरण भयो । प्रतिवर्ष नृसिंहजयन्तीमा मेरो आराधना गर्ने मानिसका सम्पूर्ण पाप नष्ट हुन्छन् । जसले प्रतिवर्ष नृसिंहजयन्तीमा मेरो आराधना गर्दछ त्यसमाथि म प्रसन्न हुन्छु ।' दुईदिन चतुर्दशी व्याप्त भएमा र अंशबाट समानरूपमा रहेमा पछिल्लो चतुर्दशी लिनुपर्दछ । विषम अंश रहेमा जुन दिन धेरै भोग छ त्यो दिन लिनुपर्दछ, दुईदिननै राम्ररी व्याप्त नभएमा पछिल्लो दिन लिनुपर्दछ । दोस्रो दिन भोगकाल व्याप्त हुनु र पहिलो दिन त्यसो नहुनु यस्तो स्थितिमा पनि पछिल्लै दिन लिनुपर्दछ भन्ने कुरा बताइएको छ ।

यत्तु – **ततो मध्याह्नवेलायां नद्यादौ विमले जले** । इत्युपक्रम्य – '**परिधाय ततो वासो व्रतकर्म समारभेत्**।' इति तत्रैवोक्तं तत्सङ्कल्परूपव्रतोपक्रमविषयम् । न त्वेतावता मध्याह्नव्यापिनी ग्राह्येति भ्रमितव्यम्, पूर्वोक्तवचनविरोधात् ।

वैशाखस्य चतुर्दश्यां सोमवारेऽनिलर्क्षके । अवतारो नृसिंहस्य प्रदोषसमये द्विजाः ।।

इति टोडरानन्दे स्कान्दात् । '**कूर्मः सिंहो बौद्धकल्की च सायम्**' इति पूर्वोक्तपुराणसमुच्चयवचनाच्चेति केचित्। तत्त्वं तु पूर्ववचसामनाकरत्वेन निर्मूलत्वात् ।

हेमाद्रिमा जुन – 'मध्याह्न बेलामा महानदीको तीरमा गई निर्मल जलले स्नान गरेपछि' भन्ने वाक्यबाट आरम्भ गरेर वस्त्रधारण गरी नृसिंहजयन्तीको व्रत आरम्भ गर्नुपर्दछ' भनिएको छ । यो भनाइ सङ्कल्परूप व्रतको प्रारम्भमा आधारित छ। यसबाट मध्याह्नकाल भेट्टाउने चतुर्दशी ग्राह्य हुन्छ भन्ने भ्रममा पर्नुहुँदैन । त्यसो गर्दा पूर्ववचनको विरोध हुन्छ ।

टोडरानन्दमा उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – 'वैशाखशुक्ल चतुर्दशीतिथि सोमवार, कृत्तिकानक्षत्र र प्रदोषकालमा भगवान् नृसिंहको अवतरण भएको हो ।' फेरि कसैले **पुराणसमुच्चयमा** प्रतिपादित – 'कूर्म, नृसिंह, बुद्ध र कल्की अवतारमात्र प्रदोषबेलामा भएका हुन्' भन्ने भनाइको वास्तविकताबारे प्रश्न उठाएका छन् । यसको उत्तरमा भनिन्छ कि- वास्तवमा सिद्धान्त के हो भने माथिका वचनहरू प्रामाणिक ग्रन्थहरूमा उल्लेख नगरिएका कारण तिनको प्रामाण्य छैन ।

हेमाद्रौ नृसिंहपुराणे – **मज्जन्मसम्भवं पुण्यं व्रतं पापप्रणाशनम्** । इत्युपक्रम्य –

'**स्वातिनक्षत्रयोगेन लभ्यते दैवयोगतः । सर्वैरेतैस्तु संयुक्तं हत्याकोटिविनाशनम् ।।**

एतदन्यतरे योगे मद्दिनं पापनाशनम् । केवलेऽपि प्रकर्तव्यं मद्दिने व्रतमुत्तमम् ।।

अन्यथा नरकं याति यावच्चन्द्रदिवाकरौ ।।' इत्युक्त्वा– '**ततो मध्याह्नवेलायां नद्यादौ विमले जले**।' इत्यादिना मध्याह्न एव व्रतविधानाच्चतुर्दश्युत्तरार्धवणिजे करणे मध्याह्ने च स्पष्टं जन्म प्रतीयते । सन्ध्यायां जन्म तु क्वाप्यनुक्तेर्मौर्ख्यकृतम्, तद्वशान्निर्णयश्च हेय एवेति । तथेयमेव योगविशेषेणातिप्रशस्ता ।

यसैले नृसिंहपुराणको वचन उद्धृत गरी हेमाद्रिमा **नृसिंहकै** मुखद्वारा भनिएको कुरा यसप्रकार छ – 'मेरो

अवतरण हुने दिन नृसिंहजयन्तीमा गरेका व्रतका पुण्यले सम्पूर्ण पाप नाश हुन्छन्' भन्ने वाक्यबाट सुरु गरी फेरि भनिएको छ – 'मेरो जयन्तीका दिन स्वातीनक्षत्र, शनिवार, सिद्धियोग, वणिजकरण भाग्यले मात्र प्राप्त हुन्छ । दैवयोग र ठूलो सौभाग्यको मेल भयो भने संसारका मानिसले यो योग फेला पार्न सक्छन् । यो योगमा मेरो व्रत गरेमा मानिसले गरेका कोटि-कोटि पाप नाश हुन्छन् । माथिका सबै कुराको योग नपरे पनि कुनै एउटामात्र परे पनि आत्मकल्याण चाहने साधकले नृसिंहजयन्तीको व्रत गर्नुपर्दछ । जसले यस व्रतको उपेक्षा गर्दछन् ती सूर्य-चन्द्र रहेसम्म नरकमा बास गर्दछन्।' नृसिंह भगवान्‌को यो उक्ति र मध्याह्नबेलामा नदीका निर्मल जलमा जस्ता पूर्वोक्त वाक्यहरूको आधारमा मध्याह्नमा नै भगवान् नृसिंहको अवतरण भएको हो । यसरी चतुर्दशीको उत्तरार्द्धमा वणिज करणमा मध्याह्नमा नृसिंहको अवतरण भएको कुरा प्रमाणित हुन आउँछ । यसैले मध्याह्नमै व्रत गर्नुपर्दछ भन्ने देखिन्छ । नृसिंहको अवतरण सन्ध्याकालमा भएको कुरा प्रामाणिक ग्रन्थमा कहीँ पनि भेटिँदैन । कसैले यस्तो निर्णय गरेको छ भने त्यसले मूर्खतावश गरेको निर्णय मान्नुपर्दछ र त्यो हेय नै हुन्छ । यो चतुर्दशी योगविशेषका कारण अत्यन्त प्रशंसनीय र पवित्र मानिएको छ ।

तदुक्तं तत्रैव –

स्वातिनक्षत्रयोगे च शनिवारे च मद्व्रतम् । सिद्धयोगस्य संयोगे वणिजे करणे तथा ।।
पुंसां सौभाग्ययोगेन लभ्यते दैवयोगतः । एभिर्योगैर्विनापि स्यान्मद्दिनं पापनाशनम् ।।
सर्वेषामेव वर्णानामधिकारोऽस्ति मद्व्रते । मद्भक्तैस्तु विशेषेण कर्तव्यं मत्परायणैः ।।

तथा – **सिंहः स्वर्णमयो देयो मम सन्तोषकारकः ।** तथा –

विज्ञाय मद्दिनं यस्तु लङ्घयेत्पापकृन्नरः । स याति नरकं घोरं यावच्चन्द्रदिवाकरौ ।।

इदं तु संयोगपृथक्त्वन्यायेन नित्यं काम्यं च ।

नृसिंहपुराणमा भनिएको छ – स्वातीनक्षत्र शनिवार सिद्धियोग र वणिजकरणमा मेरो व्रत गर्नुपर्दछ । दैवयोग र मानिसको सौभाग्यले यस्तो योग प्राप्त हुन्छ । फेरि उक्त कुराको संयोग नपरेमा पनि मेरो जन्मदिन पापनाशक हुन्छ । मेरो व्रत गर्न सबै वर्णलाई समान अधिकार छ । मलाई सर्वस्व मान्ने मेरा भक्तहरूले यो व्रत गर्नुपर्दछ । व्रतमा स्वर्णनिर्मित सिंहदान गर्नुपर्दछ । त्यस दानबाट म प्रसन्न हुन्छु । मेरो यो पवित्र दिन हो भनी जान्दाजान्दै पनि जसले उपेक्षा गर्दछ त्यो मानिस सूर्य-चन्द्र रहेसम्म घोर नरकमा पर्दछ । यो व्रत माथिका योग मिल्दामा संयोग र नमिल्दा पृथक्त्व हुने हुँदा संयोग-पृथक्त्वन्यायले नित्य र काम्य गरी दुईप्रकारको छ ।

अथात्र विशेषः – मध्याह्ने मृद्गोमयतिलामलकस्नानं कृत्वा –

नृसिंह देवदेवेश तव जन्मदिने शुभे । उपवासं करिष्यामि सर्वभोगविवर्जितः ।।

इति मन्त्रेण सङ्कल्पं कृत्वा आचार्यं वृत्वा सायंकाले –

हैमी तु तत्र मन्मूर्तिः स्थाप्या लक्ष्म्यास्तथैव च । पलेन वा तदर्धेन तदर्धार्धेन वा पुनः ।।
यथाशक्ति तथा कुर्याद्वित्तशाठ्यविवर्जितः ।।' इत्युक्तम् ।

नृसिंहमूर्तिं शक्त्या कृतं सुवर्णसिंहं च कलशोपरि सम्पूज्य रात्रौ जागरणं कृत्वा प्रातः पुनः सम्पूज्य –
नृसिंहाच्युत देवेश लक्ष्मीकान्त जगत्पते । अनेनार्चाप्रदानेन सफलाः स्युर्मनोरथाः ।। इत्याचार्याय दत्त्वा–

मद्वंशे ये नरा जाता ये जनिष्यन्ति चापरे । तांस्त्वमुद्धर देवेश दुस्तराद्भवसागरात् ।।
पातकार्णवमग्नस्य व्याधिदुःखाम्बुवारिभिः । तीव्रैश्च परिभूतस्य महादुःखगतस्य मे ।।
करावलम्बनं देहि शेषशायिन् जगत्पते । श्रीनृसिंह रमाकान्त भक्तानां भयनाशन ।।
क्षीराम्बुनिधिवासिँस्त्वं चक्रपाणे जनार्दन । व्रतेनानेन देवेश भुक्तिमुक्तिप्रदो भव ।।

इति प्रार्थयेदिति सङ्क्षेपः ।

विशेष – माटो, गोबर, तिल र अमलाले नुहाएर नृसिंहव्रत गर्ने कर्ताले प्रार्थना गर्नुपर्दछ – 'हे देवदेवेश भगवन् नृसिंह ! हजुरको मङ्गलमय अवतरण दिनमा केही नखाईकन मैले उपवास गर्नेछु ।' यसरी प्रार्थनामन्त्रद्वारा सङ्कल्प गरी आचार्यवरण गरेर सायँकालमा नृसिंहको स्वर्णप्रतिमा र लक्ष्मीको स्वर्णप्रतिमा स्थापना गर्नुपर्दछ । ती प्रतिमा पल, आधा पल वा त्यसको आधा परिमाणको पनि हुनसक्छ । कर्ताले भएको धनमा कपट नगरी यथाशक्ति प्रतिमा तयार गर्नुपर्दछ भन्ने कुरा बताइएको छ । त्यसपछि यथाशक्ति तयार गरिएको नृसिंहको प्रतिमा र स्वर्णसिंहलाई कलशमाथि राखेर पूजा गरी राति जाग्राम बस्नुपर्दछ भन्ने कुरा बताइएको छ ।

बिहान नित्य कर्म सकिएपछि फेरि नृसिंह भगवान्‌को पूजा गरेर – 'हे नृसिंह ! हे अच्युत ! हे देवेश ! हे लक्ष्मीकान्त ! हे जगदीश्वर ! म यो प्रतिमादान गर्दैछु यसबाट मेरा सबै मनोरथ परिपूर्ण होऊन् ।' भनी आचार्यलाई प्रतिमादान गरेर दिनुपर्दछ ।

प्रतिमादानपछि प्रार्थना गर्दै भन्नुपर्दछ – 'मेरो वंशमा जे-जति मानिसहरू भए र भविष्यमा जे-जति हुनेछन्, ती सबैलाई हे देवेश ! हजुरले दुःसह संसारसागरबाट पार लगाउनुहोस् । पातकको समुद्रमा मग्न भएको, व्याधि र दुःखरूप जलराशिमा डुबेको र अत्यन्त दुःखमा परेको मलाई उठाउन आफ्नो कोमल हातको आधार प्रदान गर्नुहोस् । हे शेषशायी! हे जगदीश ! हे नृसिंह ! हे रमाकान्त ! हे भक्तका भयनाशक ! हे चक्रपाणि ! हे जनार्दन ! क्षीरसागरमा विराजमान हे नारायण ! हजुरले मैले गरेको व्रतबाट खुसी भई मलाई भुक्ति र मुक्ति दिनुहोस्।'

वैशाखपूर्णिमायां विशेषः

वैशाखपौर्णमास्यां विशेषोऽपरार्के जाबालिनोक्तः –

श्रृतान्नमुदकुम्भं च वैशाख्यां च विशेषतः । निर्दिश्य धर्मराजाय गोदानफलमाप्नुयात् ।।
सुवर्णतिलयुक्तैस्तु ब्राह्मणान्सप्त पञ्च च । तर्पयेदुदपात्रैस्तु ब्रह्महत्यां व्यपोहति ।।' इति ।

उदकुम्भदानमन्त्रस्त्वक्षय्यतृतीयाप्रकरणे उक्तः ।

वैशाखपूर्णिमामा जलकुम्भदानको महत्त्व

अपरार्कमा वैशाख पूर्णिमाका दिन गर्नुपर्ने जलकुम्भदानको विषयमा विशेष तथ्य बताउँदै जाबालि भन्दछन्- वैशाखपूर्णिमाका दिन पाकेको अन्नले भरिएको कलश र जलले भरिएको कलश जसले धर्मराजलाई प्राप्त गराउने उद्देश्यले प्रदान गर्दछ त्यसले गाईदान गरेको पुण्य प्राप्त गर्दछ । सुन र तिलले भरिएका पाँच अथवा सात जलघडा अथवा पाँच वा सात ब्राह्मणलाई दानका रूपमा प्रदान गर्दा ब्रह्महत्याको पाप पनि नष्ट हुन्छ । जलकुम्भदान गर्ने मन्त्र अक्षयतृतीयाको प्रकरणमा बताइएको छ ।

भविष्येऽपि – **वैशाखी कार्तिकी माघी तिथयोऽतीव पूजिताः । स्नानदानविहीनास्ता न नेयाः पाण्डुनन्दन ।।**

अत्र कृष्णाजिनदानं कार्यम् । तथा च विष्णुः –

कृष्णाजिने तिलान्कृष्णान्हिरण्यं मधुसर्पिषी । ददाति यस्तु विप्राय सर्वं तरति दुष्कृतम् ।। इति ।

इति श्रीरामकृष्णभट्टसूरिसूनुकमलाकरभट्टकृते कालनिर्णयसिन्धौ वैशाखमासः समाप्तः ।

भविष्यपुराणमा भनिएको छ – 'हे पाण्डुपुत्र ! वैशाखपूर्णिमा, कार्तिकपूर्णिमा र माघपूर्णिमा अत्यन्त पूजनीय तिथि हुन् । यी तिथिलाई स्नान, दान नगरी रित्तै जान दिनुहुँदैन ।' यी पूर्णिमाहरूमा कालो मृगको छालादान गर्नुपर्दछ ।

यस विषयमा **विष्णुले** भन्नुभएको छ – कालो मृगचर्म, कालो तिल, सुन, मह र घ्यू यी तिथिहरूमा जसले ब्राह्मणलाई दान गरेर दिन्छ त्यसका सबै पाप नष्ट हुन्छन् ।

इति वैशाखमास

अथ ज्येष्ठमासः

वृषसङ्क्रमे पुण्यकालनिरूपणम्

वृषसंक्रान्तौ पूर्वाः षोडश घटिकाः पुण्यकालः । रात्रौ संक्रमे सति प्रागेवोक्तम् ।

वृषसंक्रान्तिमा पुण्यकालको निरूपण

वृषसंक्रान्ति – ज्येष्ठ लाग्ने संक्रान्तिका पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् । रात्रिमा पर्ने संक्रान्तिको पुण्यकालका सम्बन्धमा पहिले नै चर्चा गरिसकिएको छ ।

रम्भाव्रतकथनम्

ज्येष्ठशुक्लतृतीयायां रम्भाव्रतमुक्तं माधवीये भविष्ये –

भद्रे कुरुष्व यत्नेन रम्भाख्यं व्रतमुत्तमम् । ज्येष्ठशुक्लतृतीयायां स्नाता नियमतत्परा ।।
इति । सा पूर्वविद्धा ग्राह्या ।

बृहत्तपा तथा रम्भा सावित्री वटपैतृकी । कृष्णाष्टमी च भूता च कर्तव्या सम्मुखी तिथिः ।।
इति स्कान्दोक्तेः ।

रम्भाव्रत

ज्येष्ठशुक्ल तृतीयाका दिन गरिने रम्भाव्रतको विषयमा **माधवीय** ग्रन्थमा उद्‌धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – 'हे कल्याणी ! ज्येष्ठशुक्ल तृतीयाका दिन प्रातःकालमा स्नान गरेर नियममा रही प्रयत्नपूर्वक विधि पुऱ्याएर रम्भाव्रत गर' । यो तृतीया लिँदा द्वितीयाले वेध भएको लिनुपर्दछ ।

स्कन्दपुराणमा भनिएको छ– बृहत्तपा अर्थात् श्रावणकृष्ण द्वितीया, रम्भा अर्थात् ज्येष्ठशुक्ल तृतीया, सावित्री अर्थात् सावित्रीव्रतसम्बन्धी अमावास्या र सावित्रीव्रतसम्बन्धी पूर्णिमा, कृष्णाष्टमी अर्थात् कृष्णपक्षको अष्टमी, भूता अर्थात् चतुर्दशीतिथि लिँदा पूर्वविद्धा नै लिनुपर्दछ ।

दशहरा

ज्येष्ठशुक्लदशमी दशहरा । तदुक्तं हेमाद्रौ ब्राह्मे –

ज्येष्ठे मासि सिते पक्षे दशमी हस्तसंयुता । हरते दश पापानि तस्माद्दशहरा स्मृता ।।' इति ।

वाराहेऽपि – **दशमी शुक्लपक्षे तु ज्येष्ठे मासि कुजेऽहनि । अवतीर्णा यतः स्वर्गात् हस्तर्क्षे च सरिद्वरा।।**

हरते दशपापानि तस्माद्दशहरा स्मृता ।। इति ।

दशहरा

ज्येष्ठशुक्ल दशमीतिथिलाई दशहरा भनिन्छ । **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – ज्येष्ठमासको शुक्लपक्षमा हस्तानक्षत्रले सहित दशमीतिथिले दश प्रकारका पाप नाश गर्ने हुँदा त्यसलाई दशहरा भनिन्छ ।

वाराहपुराणमा त्यसको महत्त्व खुलाउँदै भनिएको छ – ज्येष्ठमासको शुक्लपक्षको दशमीतिथि र मङ्गलवार हस्तानक्षत्रको योग हुँदा पुण्यनदी गङ्गा स्वर्गबाट धर्तीमा अवतीर्ण भएकी थिइन् । दशप्रकारका पापहरूको नाश गर्ने हुँदा उक्त तिथिलाई दशहरा[१५] भनिन्छ ।

दशयोगकथनम्

स्कान्दे तु दशयोगा उक्ताः । तथा –

ज्येष्ठे मासि सिते पक्षे दशम्यां बुधहस्तयोः । व्यतीपाते गरानन्दे कन्याचन्द्रे वृषे रवौ ।।

दश योगे नरः स्नात्वा सर्वपापैः प्रमुच्यते ।। इति ।

दशयोगकथन

स्कन्दपुराणमा दशहरा तिथिका दशयोगको वर्णन गर्दै भनिएको छ– ज्येष्ठमास – १, शुक्लपक्ष – २, बुधवार – ३, हस्तानक्षत्र – ४, दशमीतिथि – ५, गर – ६, व्यतीपात – ७, आनन्द – ८, कन्याको चन्द्रमा – ९ र वृषमा सूर्य गरी १० तत्त्वको योगमा गङ्गा आदि नदीमा स्नान गर्ने मानिसका दशप्रकारका पापनाश हुन्छन् ।

---

१५. दशहरामा गङ्गा आदि महानदीहरूको पूजन गर्दा कायिक, वाचिक र मानसिक पापहरूको नाश हुन्छ । शास्त्रहरूमा बताइएअनुसार अरूले नदिएको कुरा ग्रहण गर्नु, हिंसा गर्नु र परस्त्रीसेवन गर्नु गरी तीन प्रकारका कायिक पाप, कठोरता, असत्यभाषण, चुक्ली लगाउने काम र असम्बद्ध प्रलाप गरी चार प्रकारका वाचिक पाप र परद्रव्यको चिन्तन, अरूहरूको नराम्रो चिताउनु र असत्य कार्यमा प्रवृत्त हुनु गरी तीन प्रकारका मानसिक पाप हुन्छन् । यी सबैको योग गर्दा दश प्रकारका पाप मानिएका छन् । दशहरामा गङ्गास्नान गर्दा उक्त सबै पाप नाश हुने हुँदा दशमीतिथिलाई दशहरा भनिएको हो । उक्त विषयको प्रमाणका रूपमा रहेका शास्त्रीय पद्यहरू यसप्रकार छन् –

अदत्तानामुपादानं हिंसा चैवाविधानतः । परदारोपसेवा च कायिकं त्रिविधं स्मृतम् ।।
पारुष्यमनृतं चैव पैशुन्यं चापि सर्वशः । असम्बद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ।।
परद्रव्येष्वभिध्यानं मनसानिष्टचिन्तनम् । वितथाभिनिवेशश्च मानसं त्रिविधं स्मृतम् ।।
एतानि दश पापानि हर त्वं मम जाह्नवि । दशपापहरा यस्मात् तस्माद्दशहरा स्मृता ।।

– दौलतराम गौडद्वारा अनुदूति निर्णयसिन्धु, द्वि.प., पृ. २०३ ।

बुधभौमयोः कल्पभेदेन व्यवस्था

अत्र बुधभौमयोः कल्पभेदेन व्यवस्था । इयं च यत्रैव योगबाहुल्यं सैव ग्राह्या । योगाधिक्ये फलाधिक्यात्।

दशहरामा बुधवार वा मङ्गलवारको महत्त्व हुने बारे कल्पभेद

कहीँ बुधवार र कहीँ मङ्गलवार भनिएकोमा कुनै कल्पमा मङ्गलवार र कुनै कल्पमा बुधवार सम्झी समाधान गर्नुपर्दछ । दुईदिनमध्ये कुन दिन दशहरा लिने भन्ने प्रश्न हुँदा ग्रन्थकार भन्दछन् – उक्त योगमध्ये जुन दिन धेरै योग पर्दछन् त्यो दिनलाई दशहरा मान्नुपर्दछ किनकि धेरै योग परेमा फल पनि धेरै प्राप्त हुन्छ ।

ज्येष्ठे मलमासे दशहरानिर्णयः

ज्येष्ठे मलमासे सति तत्रैव दशहरा कार्या न तु शुद्धे । '**दशहरासु नोत्कर्षश्चतुर्ष्वपि युगादिषु ।**' इति हेमाद्रौ ऋष्यशृङ्गोक्तेः । तथा स्कान्दे –

यां कांचित्सरितं प्राप्य दद्यादर्घ्यं तिलोदकम् । मुच्यते दशभिः पापैः स महापातकोपमैः ।।

ज्येष्ठमहिनामा मलमास परेमा दशहरानिर्णय

ज्येष्ठमहिनामा मलमास परेमा मलमासभित्र नै दशहरामा गङ्गा आदिको पूजन गर्नुपर्दछ, शुद्धमासमा होइन। हेमाद्रिले भनेका छन् – चारै युगादितिथिमा र दशहरामा श्रेष्ठताको नियम छैन ।

स्कन्दपुराणमा भनिएको छ – दशहराको दिन जुनसुकै नदीमा गई अर्घ्य र तिलोदक दिनुपर्दछ । यसरी अर्घ्य दिने मानिस महापातकसमान मानिएका दश प्रकारका पातकबाट मुक्त हुन्छ ।[१६]

दशाश्वमेधे विशेषकथनम्

अत्र विशेषः काशीखण्डे –

ज्येष्ठे मासि सिते पक्षे प्राप्य प्रतिपदं तिथिम् । दशाश्वमेधके स्नात्वा मुच्यते सर्वपातकैः ।।
एवं सर्वासु तिथिषु क्रमस्नायी नरोत्तमः । आशुक्लपक्षदशमीं प्रतिजन्माघमुत्सृजेत् ।।

तथा – **लिङ्गं दशाश्वमेधेशं दृष्ट्वा दशहरातिथौ । दशजन्मार्जितैः पापैस्त्यज्यते नात्र संशयः ।।**

तथा च भविष्योत्तरकाशीखण्डयोः –

निशायां जागरं कृत्वा समुपोष्य च भक्तितः । पुष्पैर्गन्धैश्च नैवेद्यैः फलैश्च दशसंख्यया ।।
तथा दीपैश्च ताम्बूलैः पूजयेच्छ्रद्धयान्वितः । स्नात्वा भक्त्या तु जाह्नव्यां दशकृत्वो विधानतः।।
दशप्रसृतिकृष्णांश्च तिलान्सर्पिश्च वै जले । सक्तुपिण्डान् गुडपिण्डान् दद्याच्च दशसंख्यया।।
ततो गङ्गातटे रम्ये हेम्ना रूप्येण वा तथा । गङ्गायाः प्रतिमां कृत्वा वक्ष्यमाणस्वरूपिणीम् ।।

---

१६. ब्रह्महत्या गर्नु, सुरापान गर्नु, सुन चोर्नु, गुरुपत्नी गमन गर्नु यी चार महापातक हुन् । जसले यी चार महापातकमा कुनै पनि पातक गर्छ त्यो महापातकी हुन्छ । जो मानिस यी कुनै पनि पाप गर्ने पातकीसँग संसर्ग गर्दछ अर्थात् एकवर्षसम्म सँगै बस्ने, सँगै खाने, सँगै हिँड्ने गर्दछ त्यो पनि महापातकी नै मानिन्छ ।

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः । महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह ।।

संस्थाप्य पूजयेद्देवीं तदलाभे मृदापि च । अथ तत्राप्यशक्तश्चेल्लिखेत्पिष्टेन वै भुवि ।।

वक्ष्यमाणेन मन्त्रेण कुर्यात्पूजां विशेषतः ।

दशाश्वमेधमा विश्वलिङ्गदर्शन

स्कन्दपुराणको काशीखण्डमा विशेष तथ्य बताउँदै भनिएको छ – ज्येष्ठमहिनाको शुक्लपक्षको प्रतिपदाका दिन काशीको दशाश्वमेध घाटमा नुहाउने मानिस सबै पापबाट मुक्त हुन्छ । यसैगरी प्रतिपदादेखि लिएर दशमीसम्मका तिथिहरूमा क्रमैले नुहाउने मानिसलाई उत्तम मानिस भन्नुपर्दछ । प्रतिपदादेखि दशमीसम्म दिनदिनै नुहाउँदा जन्मजन्मका पाप नाश हुन्छन् । फेरि त्यहीँ नै भनिएको छ – दशहरातिथिमा दशाश्वमेधेश शिवलिङ्गको दर्शन गरेमा दशजन्मका सञ्चित पाप नष्ट हुन्छन् ।

यसैगरी **भविष्योत्तर** र **काशीखण्ड**मा लेखिएको छ – दशहराव्रत लिएपछि राति भक्तिपूर्वक जागरण गरी दश-दशथरिका फूल, चन्दन, फल र नैवेद्य, दीप एवं पान-सुपारी अर्पण गरी श्रद्धापूर्वक गङ्गाको पूजा गर्नुपर्दछ । भक्तिपूर्वक गङ्गामा दशपटक विधिले नुहाएपछि अञ्जुलिभर कालातिल, सातु, घ्यू, गुड आदि दशथरि पदार्थ राखेर गङ्गाको पूजा गर्नुपर्दछ। त्यसपछि दश सातुका पिण्ड र दश गुडका पिण्ड तयार गरी गङ्गामा अर्पण गर्नुपर्दछ । रमणीय गङ्गातटमा सुन या चाँदीले गङ्गाको प्रतिमा तयार गर्नुपर्दछ । सुन-चाँदीको अभावमा माटाकै भए पनि प्रतिमा तयार गरी गङ्गाको पूजा गर्नुपर्दछ । माटाको मूर्ति पनि तयार गर्न नसकेमा भुईंमा पिठाको प्रतिमा बनाई नमः शिवायै० इत्यादि पछि बताइने मन्त्रले पूजा गर्नुपर्दछ ।

असामर्थ्ये सति

नारायणं महेशं च ब्रह्माणं भास्करं तथा । भगीरथं च नृपतिं हिमवन्तं नगेश्वरम् ।।
गन्धपुष्पादिभिः सम्यग्यथाशक्ति प्रपूजयेत् । दशप्रस्थांस्तिलान्दद्याद्दशविप्रेभ्य एव च ।।
दशप्रस्थान्यवान्दद्याद्दशसंख्या गवीस्तथा ।। प्रस्थः षोडशपलानि । पलं तु – '**मुष्टिमात्रं पलं स्मृतम्**' **इति महार्णवे उक्तम् ।**

'मत्स्यकच्छपमण्डूकमकरादिजलेचरान् । हंसकारण्डवबकचक्रटिट्टिभसारसान् ।।
कारयित्वा यथाशक्ति स्वर्णेन रजतेन वा । तदलाभे पिष्टमयानभ्यर्च्य कुसुमादिभिः ।।
गङ्गायां प्रक्षिपेदाज्यदीपांश्चैव प्रवाहयेत् । पुष्पाद्यैः पूजयेद् गङ्गां मन्त्रेणानेन भक्तितः ।।
'ॐ नमः शिवायै नारायण्यै दशहरायै गङ्गायै नमो नमः' इति ।
मन्त्रं तु यो मर्त्यो दिने तस्मिन्दिवानिशम् । जपेत्पञ्चसहस्राणि दशधर्मफलं लभेत् ।।

असामर्थ्य भएमा

पूजाको क्रममा सर्वप्रथम नारायण, सदाशिव, ब्रह्माजी, सूर्य, राजा भगीरथ र हिमालयपर्वतलाई गन्ध, पुष्प आदि चढाएर पूजा गर्नुपर्दछ । दशजना ब्राह्मणलाई १६-१६ पाथी तिल, १६-१६ पाथी जौ, एक-एक गाईदान गरीं दिनुपर्दछ। (माथि मूलमा आएको [१७]**प्रस्थशब्द**को अर्थ १६ पल हो एकमुठीको एकपल हुन्छ भन्ने कुरा **महाभारत**मा भनिएको छ।

---

१७. प्रस्थशब्दका तौलको बारे अनेक मत पाइन्छन् । कसैले प्रस्थको अर्थ मुठी भनेका छन्, कहीँ सेर र कहीँ पाथी भन्ने अर्थ बताइएको छ । नेपालमा प्रचलित पाथीशब्दसँग प्रस्थशब्दको मेल खाने हुँदा यहाँ पाथी भन्ने अर्थ गरिएको छ ।

त्यसबेला कछुवा, भ्यागुता, माछा, गोही आदि प्राणीहरूको सुन वा चाँदीको प्रतिमा तयार गर्नुपर्दछ । सुन–चाँदी नभएमा माटाकै भए पनि प्रतिमा बनाई फूल, अक्षता तथा चन्दनद्वारा पूजा गर्नुपर्दछ । ती सबै प्रतिमाहरूलाई घ्यूको बत्तीको साथमा गङ्गाजी अथवा कुनै अन्य नदीमा प्रवाहित गर्नुपर्दछ । त्यसपछि तलका मन्त्रहरूद्वारा फूल, चन्दन आदि चढाएर **नमः शिवायै०** इत्यादि मन्त्रद्वारा भगवती गङ्गाको पूजा गर्नुपर्दछ।

मन्त्रको अर्थ यसप्रकार छ – 'शिवा, नारायणी, दशपापहरा गङ्गालाई म नमस्कार गर्दछु ।' यो मन्त्र दशहराका दिन अहोरात्र ५ हजारको संख्यामा जप गर्दा १० प्रकारका धर्मको फल प्राप्त हुन्छ ।

काशीखण्डे त्वन्यो मन्त्र उक्तः –

नमः शिवायै प्रथमं नारायण्यै पदं ततः । दशहरायै पदमिति गङ्गायै मन्त्र एष वै ।।

स्वाहान्तः प्रणवादिश्च भवेद्विंशाक्षरो मनुः । पूजा दानं जपो होमस्तेनैव मनुना स्मृतम् ।। इति।

काशीखण्डमा – '**ॐ नमः शिवायै नारायण्यै दशहरायै गङ्गायै स्वाहा ।**' यो २० अक्षरको मन्त्र बताइएको छ। मन्त्रको अर्थ यसप्रकार छ – शिवा, नारायणी, दशहरा, गङ्गाको आराधना गर्दछु । स्वाहान्त प्रणवादि यो मन्त्र दशहराको मूलमन्त्र हो । दशहराको पूजा, दान, जप, होम सबै कर्म यसै मन्त्रबाट गर्नुपर्दछ । उक्त अवसरमा दशपटक गङ्गास्तोत्रको पाठ पनि गर्नुपर्दछ ।

गङ्गास्तोत्रपाठफलम्

अत्र गङ्गास्तोत्रपाठमपि दशवारं कुर्यात् । तदुक्तं भविष्ये –

तस्यां दशम्यामेतच्च स्तोत्रं गङ्गाजले स्थितः । यः पठेद्दशकृत्वस्तु दरिद्रो वापि चाक्षमः ।।

सोऽपि तत्फलमाप्नोति गङ्गां सम्पूज्य यत्नतः ।। इति । स्तोत्रं च प्रतिपदादिदशमीपर्यन्तं दिनवृद्धिसंख्यया पठनीयमिति शिष्टाः । अत्र च सर्वोऽपि विस्तरः स्तोत्रादि च भट्टकृतत्रिस्थलीसेतोरवधेयः । विस्तरभीतेस्तु न लिख्यते । एवं कुर्वतः फलमुक्तं काशीखण्डे –

एवं कृत्वा विधानेन वित्तशाठ्यविवर्जितः । उपवासी वक्ष्यमाणैर्दशपापैः प्रमुच्यते ।।

सर्वान्कामानवाप्नोति प्रेत्य ब्रह्मणि लीयते ।। इति च ।

गङ्गास्तोत्रपाठको फल

भविष्यपुराणमा भनिएको छ – 'गङ्गादशहराका दिन गङ्गाजलमा रही दशपटक गङ्गास्तोत्र[१८] पाठ गर्नुपर्दछ ।

१८. भविष्यपुराणमा उल्लेख गरिएको गङ्गास्तोत्र यसप्रकार छ –

ब्रह्मोवाच – **नमः शिवायै गङ्गायै शिवदायै नमो नमः । नमस्ते रुद्ररूपिण्यै शाङ्कर्यै ते नमो नमः ।।**

नमस्ते विश्वरूपिण्यै ब्रह्ममूर्त्यै नमो नमः । सर्वदेवस्वरूपिण्यै नमो भेषजमूर्तये ।।

सर्वस्य सर्वव्याधीनां भिषक्श्रेष्ठ्यै नमोऽस्तु ते । स्थाणुजङ्गमसंभूतविषहन्त्र्यै नमो नमः ।।

भोगोपभोगदायिन्यै भोगवत्यै नमो नमः । मन्दाकिन्यै नमस्तेऽस्तु स्वर्गदायै नमः सदा ।।

नमस्त्रैलोक्यभूषायै जगद्धात्र्यै नमो नमः । नमस्त्रिशुक्लसंस्थायै तेजोवत्यै नमो नमः ।।

नन्दायै लिङ्गधारिण्यै नारायण्यै नमो नमः । नमस्ते विश्वमुख्यायै रेवत्यै ते नमो नमः ।।

बृहत्यै ते नमस्तेऽस्तु लोकधात्र्यै नमो नमः । नमस्ते विश्वमित्रायै नन्दिन्यै ते नमो नमः ।।

जसले यसरी गङ्गापूजन गरी दशपटक गङ्गास्तोत्र पाठ गर्दछ त्यो मानिस दरिद्र एवं अक्षम भए पनि सुखी, सम्पन्न र सबै कर्ममा समर्थ बन्दछ ।

यो गङ्गास्तोत्र प्रतिपदादेखि लिएर दशमीसम्म दिनको सङ्ख्यावृद्धि अनुसार पाठ गर्नुपर्दछ । जस्तै – प्रतिपदामा एकपटक, द्वितीयामा दुईपटक गरी दशमीमा दशपटकको क्रमले पाठ गर्दा अत्यन्त पुण्य प्राप्त हुन्छ । यस विषयमा **त्रिस्थलीसेतुबाट** सबै कुरा विस्तारपूर्वक जान्नुपर्दछ । यहाँ ग्रन्थ ठूलो हुने डरले सबै कुरा लेखिँदैन । माथि बताएअनुसार वित्तमा कपट नगरी दशहरामा उपवास गरेर गङ्गाको पूजन गर्ने मानिस पछि बताइने दशप्रकारका पापबाट मुक्त हुन्छ । संसारमा त्यसले चिताएका सबै मनोरथ पूरा हुन्छन् । त्यो मानिस मृत्युपछि ब्रह्ममा लीन हुन्छ।

सेतुबन्धरामेश्वरप्रतिष्ठादिनहेतोर्विशेषपूजनम्

अस्यां सेतुबन्धरामेश्वरस्य प्रतिष्ठादिनत्वाद्विशेषेण पूजा कार्या । तदुक्तं स्कान्दे सेतुमाहात्म्ये –

ज्येष्ठे मासे सिते पक्षे दशम्यां बुधहस्तयोः । गरानन्दे व्यतीपाते कन्याचन्द्रे वृषे रवौ ।।

दशयोगे सेतुमध्ये लिङ्गरूपधरं हरम् । रामो वै स्थापयामास शिवलिङ्गमनुत्तमम् ।। इति । इति दशहरा।

दशहरामा सेतुबन्धपूजन

गङ्गादशहराकै दिन सेतुबन्ध रामेश्वरको प्रतिष्ठा भएको हो । यो दिन श्रीरामेश्वरको विशेषपूजा गर्नुपर्दछ । यसबारे **स्कन्दपुराणको** सेतुमाहात्म्यमा यसरी बताइएको छ – 'भगवान् श्रीरामले ज्येष्ठमास, शुक्लपक्ष, बुधवार, दशमीतिथि, हस्तानक्षत्र, व्यतीपातयोग, आनन्दयोग, कन्याको चन्द्रमा र वृषका सूर्यसमेत गरी दशयोग परेको पुण्यमुहूर्तमा लिङ्गरूप श्रीरामेश्वरशिवको सेतुबन्धमा स्थापना गर्नुभएको थियो ।'

निर्जलैकादशीकथनम्

ज्येष्ठशुक्लैकादशी निर्जला । तत्र निर्जलमुपोष्य विप्रेभ्यो जलकुम्भान्दद्यादिति निर्णयामृते उक्तम् । मदनरत्ने स्कान्दे –

ज्येष्ठे मासि नृपश्रेष्ठ ! या शुक्लैकादशी शुभा । निर्जलं समुपोष्यात्र जलकुम्भान्सशर्करान् ।।

प्रदाय विप्रमुख्येभ्यो मोदते विष्णुसन्निधौ ।।

पृथिव्यै शिवामृतायै सुवृषायै नमो तमः । शान्तायै च वरिष्ठायै वरदायै नमो नमः ।।
उस्रायै सुखदोग्ध्यै च सञ्जीविन्यै नमो नमः । ब्रह्मिष्ठायै ब्रह्मदायै दुरितघ्न्यै नमो नमः ।।
प्रणतार्तिप्रभञ्जिन्यै जगन्मात्रे नमोऽस्तु ते । सर्वापत्प्रतिपक्षायै मङ्गलायै नमो नमः ।।
शरणागतदीनार्तपरित्राणपरायणे । सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ।।
निर्लेपायै दुर्गहन्त्र्यै दक्षायै ते नमो नमः । परात्परतरे तुभ्यं नमस्ते मोक्षदे सदा ।।
गङ्गे ममाऽग्रतो भूया गङ्गे मे देवि पृष्ठतः । गङ्गे मे पार्श्वयोरेहि त्वयि गङ्गेऽस्तु मे स्थितिः ।।
आदौ त्वमन्ते मध्ये च सर्वं त्वं गां गते शिवे । त्वमेव मूलप्रकृतिस्त्वं हि नारायणः परः ।।
गङ्गे त्वं परमात्मा च शिवस्तुभ्यं नमः शिवे । इदं पठति सुस्तोत्रं भक्त्या नित्यं नरोऽपि यः ।।
शृणुयाच्छ्रद्धया युक्तः कायवाक्चित्तसम्भवैः । दशधा संस्थितैर्दोषैः सर्वैरेव प्रमुच्यते ।।
सर्वान्कामानवाप्नोति प्रेत्य ब्रह्मणि लीयते । ज्येष्ठे मासि सिते पक्षे दशमी हस्तसंयुता ।।
तस्यां दशम्यामेतच्च स्तोत्रं गङ्गाजले स्थितः । यः पठेद्दशकृत्वस्तु दरिद्रो वापि चाक्षमः ।।
सोऽपि तत्फलमाप्नोति गङ्गां सम्पूज्य यत्नतः । – पूर्ववत्, पृ. २०३ ।

निर्जला एकादशी

ज्येष्ठशुक्ल एकादशीलाई निर्जला एकादशी भनिन्छ । **निर्णयामृतमा** निर्जला एकादशीमा गङ्गा आदि नदीमा गई गर्नुपर्ने कर्मको निर्देश गर्दै भनिएको छ – निर्जला एकादशीका दिन पानी पनि नखाईकन जलले भरिएको घडादान गर्नुपर्दछ ।

मदनरत्नमा उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – ज्येष्ठमासको शुक्लएकादशीका दिन पानी पनि नखाईकन उपवास गरेर चिनीको सर्वतले भरिएको घडा ब्राह्मणहरूलाई दान गर्नुपर्दछ । यसो गर्नाले दाता भगवान् नारायणको समीपमा प्राप्त हुन्छ ।

ज्येष्ठशुक्लपौर्णमास्यां सावित्रीव्रतम्

ज्येष्ठपौर्णमास्यां सावित्रीव्रतम् । तदुक्तं स्कान्दभविष्ययोः – **ज्येष्ठे मासि सिते पक्षे द्वादश्यां रजनीमुखे।** इत्युपक्रम्य – **'व्रतं त्रिरात्रमुद्दिश्य दिवारात्रं स्थिरा भवेत्'** इति । अन्तेऽप्युपसंहृतम् ।

ज्येष्ठे मासि सिते पक्षे पूर्णिमायां तथा व्रतम् । चीर्णं पुरा महाभक्त्या कथितं ते मया नृप ।।

इति । दाक्षिणात्याश्चैतदेवाद्रियन्ते ।

ज्येष्ठशुक्लपूर्णिमामा सावित्रीव्रत

ज्येष्ठपूर्णिमाका दिन सावित्रीव्रत गर्ने विधान गरिएको छ । **स्कन्दपुराण एवं भविष्यपुराणको** वचनमा – 'ज्येष्ठमहिनाको शुक्लपक्षको द्वादशीतिथिका दिन सायँकाल आरम्भ हुँदा सुरु गरी' भन्ने वाक्यबाट आरम्भ गर्दै 'बीचमा तीन रातसम्म व्रत गरी दिन-रात स्थिर हुनुपर्दछ' भनेर अन्तमा 'ज्येष्ठमासको शुक्लपक्षको पूर्णिमाका दिन मैले ठूलो भक्तिले व्रत गरें' भनिएको छ । यसबाट सावित्रीव्रतको महत्त्व स्पष्ट हुन्छ । दाक्षिणात्यहरू सावित्रीव्रतसम्बन्धी उक्त नियमलाई अति आदर गर्दछन् ।

अमावास्यायामपि सावित्रीव्रतम्

एतच्चामावास्यायामप्युक्तं निर्णयामृते भविष्ये –

अमायां च तथा ज्येष्ठे वटमूले महासती । त्रिरात्रोपोषिता नारी विधिनानेन पूजयेत् ।।

मदनरत्ने त्विदं वाक्यम् – **'पञ्चदश्यां तथा ज्येष्ठे'** इति पठित्वा ज्येष्ठपौर्णमास्यामुक्तम् । तथा –

अशक्तौ तु त्रयोदश्यां नक्तं कुर्याज्जितेन्द्रिया । अयाचितं चतुर्दश्याममायां समुपोषणम् ।।

इति । तत्तु पाश्चात्या आद्रियन्ते । हेमाद्रिसमयोद्द्योतादिषु तु भाद्रपदपूर्णिमायुक्तम् । तत्तु नेदानीं प्रचरति ।

ज्येष्ठअमावास्यामा पनि सावित्रीव्रत

निर्णयामृतमा उद्धृत **भविष्यपुराणको** वचनमा पनि ज्येष्ठमासको अमावास्यातिथिमा समेत सावित्रीव्रत गर्नुपर्ने कुरा विधान गर्दै भनिएको छ– ज्येष्ठमासको अमावास्याका दिन पतिव्रता नारीहरू वटवृक्षको फेदमा जाऊन् र तीनरातसम्म उपवास गरेर तीन दिन वटवृक्षको पूजा गरून् ।

मदनरत्न ग्रन्थमा यस वचनलाई **पञ्चदश्यां तथा ज्येष्ठे** बनाएर अर्थात् अमावास्या र ज्येष्ठपूर्णिमामा पनि सावित्रीव्रत गर्नुपर्दछ भनिएको छ । तीनदिनसम्म उपवास गरी वरको फेदमा गएर तीनै दिन पूजा गर्नुपर्ने विषयमा प्रकाश पार्दै मदनरत्नमा पनि भनिएको छ – 'पतिव्रता, जितेन्द्रिया नारीले असमर्थ भएमा त्रयोदशीको राति हविष्यभोजन र चतुर्दशीमा

अयाचित भोजन गरी अमावास्यामा उपवास गर्दै सावित्रीको पूजा गर्नुपर्दछ ।' यो भनाइलाई पश्चिमका निवासीहरू आदर गर्दैनन् । **हेमाद्रि, समयोद्योत** आदिमा भाद्रपूर्णिमामा पनि वटसावित्रीव्रतको विधान गरिएको छ । वर्तमानसमयमा भाद्रमा सावित्रीपूजा गर्ने प्रचलन देखिँदैन ।

गौडमतम्

गौडास्तु – मेषे वा वृषभे वापि सावित्रीं तां विनिर्दिशेत् । ज्येष्ठकृष्णचतुर्दश्यां सावित्रीमर्चयन्ति याः।।

वटमूले सोपवासा न ता वैधव्यमाप्नुयुः ।। इति पराशरोक्तेश्चतुर्दश्यां प्रदोषे व्रतम् । दिनद्वये तद्व्याप्तौ परैवेत्याहुः । तन्निर्मूलम् ।

सावित्रीपूजाको विषयमा गौडमत

गौडहरूले सूर्य मेषराशि या वृषराशिमा हुँदा सावित्रीपूजा गर्नुपर्दछ भनेका छन् । यस विषयमा पराशरको मत यस प्रकार छ– 'ज्येष्ठमासको शुक्लचतुर्दशीका दिन जुन नारीहरूले उपवास गरीकन वटवृक्षको फेदमा गई भगवती सावित्रीको पूजा गर्दछन् तिनीहरूले विधवाजीवनको कष्टभोग गर्न पर्दैन ।' **पराशरको** यस वचनबाट चतुर्दशीमा नै प्रदोषको समय पारेर व्रत गर्नुपर्दछ भन्ने कुरा बुझिन्छ । यदि दुवै दिन प्रदोषको समय प्राप्त भएमा दोस्रो दिन पूजा गर्नुपर्दछ भन्ने गौडहरूको भनाइ अप्रामाणिक छ ।

सावित्रीव्रते पूर्णिमादितिथिविचारः

अत्र पूर्णिमामावास्ये पूर्वविद्धे ग्राह्ये ।

भूतविद्धा न कर्तव्या अमावास्या च पूर्णिमा । वर्जयित्वा नरश्रेष्ठ सावित्रीव्रतमुत्तमम् ।।

इति ब्रह्मवैवर्तात् । स्कान्देऽपि –

भूतविद्धा सिनीवाली न तु तत्र व्रतं चरेत् । वर्जयित्वा तु सावित्रीव्रतं तु शिखिवाहन ।। इति।

सावित्रीव्रतमा पूर्णिमा आदि तिथिसम्बन्धी विचार

सावित्रीव्रतमा पूर्णिमा यद्‌वा अमावास्या लिँदा पूर्वतिथि चतुर्दशीद्वारा विद्ध भएको पूर्णिमा वा अमावास्या लिनुपर्दछ। **ब्रह्मवैवर्तपुराणमा** भनिएको छ – जहिले पनि अमावास्या र पूर्णिमा लिँदा चतुर्दशीविद्धा लिनुहुँदैन तर सावित्रीव्रतमा भने चतुर्दशीविद्धा नै लिनुपर्दछ । यसैगरी **स्कन्दपुराणमा** भनिएको छ – सावित्रीव्रत छाडेर अन्यत्र चतुर्दशीविद्धा र चन्द्रमा देखिने सिनीवाली अमावास्यामा व्रत गर्न हुँदैन ।

मदनरत्ने ब्रह्मवैवर्तेऽपि –

प्रतिपत्पञ्चमी भूतसावित्री वटपूर्णिमा । नवमी दशमी चैव नोपोष्याः परसंयुताः ।।

इति । तदा त्वष्टादशघटिका चतुर्दशी परा ग्राह्या ।

मदनरत्नमा उद्‌धृत **ब्रह्मवैवर्तपुराणको** वचनमा भनिएको छ – प्रतिपदा, पञ्चमी, भूतसावित्री, वटपूर्णिमा, नवमी र दशमी यी तिथिहरूमा पछिल्लो तिथिसँग जोडिएको अवस्थामा व्रत गर्न हुँदैन । सावित्रीपूर्णिमामा १८ घडी चतुर्दशी भएमा पछिल्लो दिन नै लिनुपर्दछ ।

पूर्वविद्धैव सावित्रीव्रते पञ्चदशी तिथिः । नाड्योऽष्टादश भूतस्य स्युश्चेत्तत्र परेऽहनि ।।

इति माधवः । वस्तुतस्तु – '**भूतोऽष्टादशनाडीभिर्दूषयत्युत्तरां तिथिम् ।**' इत्यस्य व्रतान्तरे सावकाशत्वाद्विशेष-प्रवृत्तपूर्वविद्धाविधायकवचनेन तस्य बाधादष्टादशनाडीवेधेपि पूर्वैवेत्ययं पन्थाः साधुः । अत्र पूर्णिमानुरोधेनैव यथा त्रिरात्रिसंपत्तिर्भवति तथा त्रयोदश्यादि ग्राह्यम् । तस्याः प्रधानत्वात् । अयं निर्णयोऽमायामपि ज्ञेयः । पारणं तु पूर्णिमान्ते कार्यम् ।

माधव भन्दछन् – 'सावित्रीव्रतमा पूर्णिमा पहिलो नै लिनुपर्दछ । चतुर्दशीतिथि पहिलो दिन १८ घडी भएमा भने पछिल्लो दिन लिनुपर्दछ।' वास्तवमा सिद्धान्त यस प्रकार छ कि १८घडी चतुर्दशीले त्यसपछिको तिथिलाई दूषित गराउँछ। यो वचन अरू व्रतमा सावकाश हुनाले पूर्वविद्धा सावित्रीका बोधक वचनद्वारा यसको बाध हुन्छ । यसैकारण १८ घडीको वेधमा पनि पहिलो तिथिमा नै सावित्रीव्रत गर्नुपर्दछ । यही मार्ग कल्याणदायक छ। यहाँ पूर्णिमाको अनुरोधले जस्तो तीन रातको व्रत गरिन्छ त्यस्तै त्रयोदशी प्रधान हुनाले त्रयोदशीकै दिन व्रतग्रहण गर्नुपर्दछ । यो निर्णय अमावास्यामा सावित्रीपूजन गर्दा पनि लागु हुन्छ। पारणचाहिँ पूर्णिमाको अन्तमा गर्नुपर्दछ ।

स्त्रीव्रते विशेषः

अत्र स्त्रीव्रतेषु विशेषः परिभाषायामुक्तः । अत्र विशेषो भविष्ये –

'गृहीत्वा वालुकां पात्रे प्रस्थमात्रां युधिष्ठिर । ततो वंशमये पात्रे वस्त्रयुग्मेन वेष्टिते ।।
सावित्रीप्रतिमां कुर्यात्सौवर्णीं वापि मृन्मयीम् । सार्धं सत्यवता साध्वीं फलनैवेद्यदीपकैः ।।
रजन्या कण्ठसूत्रैश्च शुभैः कुङ्कुमकेशरैः ।।'

पूजयेदिति शेषः । रजनी हरिद्रा । कण्ठसूत्रं सौभाग्यतन्तुः ।

'सावित्र्याख्यानकं वापि वाचयीत द्विजोत्तमैः । रात्रौ जागरणं कृत्वा प्रभाते विमले ततः ।
तामपि ब्रह्मणे दत्त्वा प्रणिपत्य क्षमापयेत् ।।' इति । मन्त्रस्तु –
'सावित्रीयं मया दत्ता सहिरण्या महासती । ब्रह्मणः प्रीणनार्थाय ब्राह्मण ! प्रतिगृह्यताम् ।।
व्रतेनानेन राजेन्द्र वैधव्यं नाप्नुयात्क्वचित् ।।' इति ।

नारीहरूद्वारा गरिने सावित्रीव्रतमा विशेष

परिभाषाग्रन्थमा पनि नारीहरूका लागि यस्तै विधान गरिएको छ । **भविष्यपुराणमा** विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ – बाँसको भाँडामा १६ मुठी बालुवा भरी त्यस भाँडोलाई दुइटा शुद्ध कपडाले बेरेर सती सावित्रीको सुनको अथवा माटाको मूर्ति बनाउनुपर्दछ । त्यसपछि फल, नैवेद्य, दीपक, बेसार, सौभाग्यसूत्र, कुंकुम, केसर आदि चढाई सावित्रीको पूजा गर्नुपर्दछ । पूजापछि ब्राह्मणद्वारा सावित्रीको कथा सुन्नुपर्दछ । पूजाको दिन पूरा रात जाग्राम रहनुपर्दछ । अर्को दिन प्रातःकालमा उठी स्नान गरेर नित्यकर्म सकेपछि सावित्रीको पूजा गरी त्यो मूर्ति ब्राह्मणलाई दान गरी दिनुपर्दछ। अनि भगवती सावित्रीलाई प्रणाम गरी क्षमायाचना गर्नुपर्दछ । ब्राह्मणलाई प्रतिमादान गर्दा – **सावित्रीयं०** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'ब्राह्मणको प्रसन्नताको लागि म यो सुवर्णरचित अथवा मृत्तिकारचित सावित्रीमूर्तिदान गर्दैछु, हे ब्राह्मण ! हजुरले यसलाई स्वीकार गर्नुहोस् ।' हे राजेन्द्र ! यो व्रत गर्नाले नारीहरूले कहिले पनि वैधव्यको कष्ट भोग गर्नुपर्दैन ।

ज्येष्ठपौर्णमास्यां विशेषदानम्

ज्येष्ठपौर्णमास्यां विशेष आदित्यपुराणे –

ज्येष्ठमासि तिलान्दद्यात्पौर्णमास्यां विशेषतः । अश्वमेधस्य यत्पुण्यं तत्प्राप्नोति न संशयः ।।

विष्णुरपि – **ज्येष्ठी ज्येष्ठायुता चेत्स्यात्तस्यां छत्रोपानत्प्रदानेन नरो नराधिपत्यमाप्नोति** इति । हेमाद्रौ ज्योतिषे –

ऐन्द्रे गुरुः शशी चैव प्राजापत्ये रविस्तथा । पूर्णिमा ज्येष्ठमासस्य महाज्येष्ठी प्रकीर्तिताः ।।

इति । इयं मन्वादिरपि । सा पौर्वाह्णिकी ग्राह्या । विशेषस्तु चैत्रे उक्तः । तथाऽपरार्के वामनपुराणे –

उदकुम्भाम्बुदानं च तालवृन्तं सचन्दनम् । त्रिविक्रमस्य प्रीत्यर्थं दातव्यं ज्येष्ठमासि तु।। इति ।

इति कमलाकरभट्टकृते निर्णयसिन्धौ ज्येष्ठमासः समाप्तः ।

इति चैत्रशुक्लपक्षतो ज्येष्ठमासपर्यन्तं विधेयानां कृत्यानां निर्णायकं प्रथमं प्रकरणम्

ज्येष्ठपूर्णिमामा विशेषदान

ज्येष्ठ पूर्णिमामा गर्नुपर्ने दान आदिको विषयमा **आदित्यपुराणमा** विशेषरूपले प्रकाश पार्दै भनिएको छ– 'ज्येष्ठमास र विशेषतः ज्येष्ठ पूर्णिमाका दिन तिलदान गर्नुपर्दछ । तिलदान गर्नाले अश्वमेधयज्ञ गरेको पुण्य प्राप्त हुन्छ । यसमा कुनै सन्देह छैन ।' **विष्णुले** भनेका छन् – 'ज्येष्ठपूर्णिमाका दिन ज्येष्ठानक्षत्र परेमा छाता, जुत्ता आदि दान गर्नाले दाता अर्को जन्ममा जनताको अधिपति हुन पाउँछ ।' **हेमाद्रिमा** उद्धृत **ज्योतिषको** वचनमा भनिएको छ – 'ज्येष्ठानक्षत्रमा बृहस्पति र रोहिणीनक्षत्रमा चन्द्रमा भएमा ज्येष्ठको पूर्णिमालाई महाज्येष्ठी भनिन्छ । यस पूर्णिमालाई मन्वादि पनि भनिन्छ ।' यो पूर्णिमा लिँदा पूर्वदिन व्याप्त गर्ने लिनुपर्दछ । यस पूर्णिमाका सम्बन्धमा विशेष तथ्यहरू चैत्रको निर्णय गर्दा बताइसकिएको छ ।

अपरार्कमा वामनपुराणको वचन यसप्रकार छ – ज्येष्ठमासमा भगवान् वामनको प्रीतिका लागि घडा, चन्दन, पंखा र निर्मल जलदान गर्नुपर्दछ ।

निर्णयसिन्धु द्वितीयपरिच्छेदको चैत्रशुक्लदेखि ज्येष्ठशुक्लसम्म गरिने कृत्यहरूको निर्णयमा आधारित प्रथम प्रकरण पूरा भयो ।

आषाढ-श्रावणमासयोर्विधेयानां कृत्यानां निर्णायकं द्वितीयं प्रकरणम्

अथ आषाढमासः

पुण्यकालः

मिथुनसंक्रान्तौ पराः षोडश घटिकाः पुण्यकालः । रात्रौ तु प्रागेवोक्तम् ।

पुण्यकाल

मिथुनसंक्रान्तिमा पछिल्ला १६ घडीलाई पुण्यकाल मानिएको छ । रात्रिमा संक्रान्ति हुँदा हुने पुण्यकालको विषयमा पहिले बताइएको छ ।

रथोत्सवः

आषाढशुक्लद्वितीयायां रथोत्सवः । तदुक्तं तिथितत्त्वे स्कान्दे –

'आषाढस्य सिते पक्षे द्वितीया पुष्यसंयुता । तस्यां रथे समारोप्य रामं वै भद्रया सह ।।

यात्रोत्सवं प्रवर्त्याथ प्रीणयेत द्विजान्बहून् ।। तथा – **ऋक्षाभावे तिथौ कार्या यात्रासौ मम पुण्यदा।**

रथोत्सव

आषाढशुक्ल द्वितीयामा मनाइने रथोत्सवको चर्चा गरिन्छ । तिथितत्त्वमा उद्धृत स्कन्दपुराणको वचनमा भनिएको छ – 'आषाढशुक्लपक्षको द्वितीयातिथिमा पुष्यनक्षत्र हुँदा सुभद्राका साथ बलरामलाई रथमा राखी रथयात्रा गर्नुपर्दछ । रथयात्राको प्रसङ्गमा दान दिएर ब्राह्मणहरूलाई प्रसन्न तुल्याउनु पर्दछ । संयोगवश पुष्यनक्षत्र भएन भने पनि द्वितीयातिथिमा रथोत्सव गर्दा भगवान् प्रसन्न हुनुहुन्छ ।

मन्वादिः

आषाढशुक्लदशमी पौर्णमासी च मन्वादिः । सा च पूर्वाह्णव्यापिनी ग्राह्येति प्रागुक्तम् ।

मन्वादितिथि

आषाढको शुक्लदशमी र पूर्णिमालाई मन्वादितिथि भनिन्छ । यी दुवै मन्वादितिथि पूर्वाह्णव्यापिनी ग्राह्य हुन्छन् भन्ने कुरा पहिले बताइसकिएको छ ।

द्वादशीतिथौ पारणाविचारः

आषाढशुक्लद्वादश्यामनुराधायोगरहितायां पारणं कुर्यात् । तदुक्तं भविष्ये –

आभाकासितपक्षेषु मैत्रश्रवणरेवती । सङ्गमे न हि भोक्तव्यं द्वादश द्वादशीर्हरेत् ।।

अस्यार्थः – आषाढभाद्रपदकार्तिकशुक्लद्वादशीष्वनुराधाश्रवणरेवतीयोगे पारणं न कुर्यादिति । अत्र यद्यप्येता–

वदेवोक्तं तथाप्यनुराधाप्रथमपाद एव वर्ज्यः । तदुक्तं विष्णुधर्मे –

मैत्राद्यपादे स्वपितीह विष्णुः पौष्णान्त्यपादे प्रतिबोधमेति ।

श्रुतेश्च मध्ये परिवर्तमेति सुप्तिप्रबोधपरिवर्तनमेव वर्ज्यम् ।। इति । वस्तुतस्तु पूर्ववचनमिदं च निर्मूलम्।

द्वादशीमा पारणाविचार

अनुराधानक्षत्र नभएको आषाढमासको शुक्लद्वादशीमा पारण गर्नुपर्दछ । **भविष्यपुराण**मा पनि यस्तै लेखिएको छ– 'आषाढ, भाद्र र कार्तिकशुक्लका द्वादशीहरूमा अनुराधा, श्रवण र रेवतीनक्षत्र परेमा भोजन गर्न हुँदैन । भोजन गर्दा वर्षभरिका शुक्ल पक्षका १२ द्वादशीमा गरेको पुण्यफलनाश हुन्छ । ग्रन्थकार भन्दछन् – यसको तात्पर्य के हो भने उक्त तिथिहरूमा उक्त नक्षत्रहरूको योगमा पारण गर्नुहुँदैन । यद्यपि यहाँ अनुराधानक्षत्र पूरा उल्लेख गरिएको छ तापनि अनुराधाको पहिलो पाउमात्र वर्जित छ । यस विषयमा **विष्णुधर्म**मा भनिएको छ – अनुराधाको पहिलो पाउमा भगवान् विष्णु शयन गर्नुहुन्छ, रेवतीमा जाग्नु हुन्छ र श्रवणनक्षत्रमा कोल्टे फेर्नुहुन्छ । तसर्थ ती नक्षत्र पारणका लागि वर्जित गरिएका छन् । ग्रन्थकार भन्दछन् – वास्तवमा भविष्यपुराणको पूर्ववचन र विष्णुधर्मको यो वचन दुवै अप्रामाणिक छन्।

विष्णुशयनोत्सवः

अत्रे विष्णुशयनोत्सव उक्तो हेमाद्रौ ब्राह्मे –

एकादश्यां तु शुक्लायामाषाढे भगवान्हरिः । भुजङ्गशयने शेते क्षीरार्णवजले सदा ।। इति ।

कल्पतरौ यमः –

क्षीराब्धौ शेषपर्यङ्के आषाढ्यां संविशेद्धरिः । निद्रां त्यजति कार्तिक्यां तयोः सम्पूजयेत्सदा।।

ब्रह्महत्यादिकं पापं क्षिप्रमेव व्यपोहति । हिंसात्मकैस्तु किं तस्य यज्ञैः कार्यं महात्मनः ।।

प्रस्वापे च प्रबोधे च पूजितो येन केशवः ।।'

हरिशयनीमा विष्णुको शयनोत्सव

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचन यसप्रकार छ – 'आषाढशुक्लको एकादशीमा भगवान् क्षीरसागरमा रहेको शेषशय्यामा शयन गर्नुहुन्छ ।'

कल्पतरुमा यम भन्दछन् – 'आषाढशुक्ल एकादशीका दिन भगवान् नारायण शेषशय्यामा शयन गर्नुहुन्छ। कार्तिकशुक्ल एकादशीमा जाग्नुहुन्छ । त्यसकारण यी दुवै एकादशीमा जसले निरन्तर भगवान्को पूजा गर्दछ त्यसका ब्रह्महत्या आदि पाप नष्ट हुन्छन् । त्यस्ता महात्मा भक्तका लागि हिंसाप्रधान अरू यज्ञको कुनै आवश्यकता हुँदैन ।'

टोडरानन्देऽपि स्कान्दे – **'आषाढशुक्लैकादश्यां कुर्यात्स्वप्नमहोत्सवम् ।'** अयं द्वादश्यामप्युक्तः–

आभाकासितपक्षेषु मैत्रश्रवणरेवती । आदिमध्यावसानेषु प्रस्वापावर्तनोत्सवाः।।

निशि स्वापो दिवोत्थानं संध्यायां परिवर्तनम् । अन्यत्र पादयोगेऽपि द्वादश्यामेव कारयेत् ।।

आभाकाद्येषु मासेषु मिथुने माधवस्य च । द्वादश्यां शुक्लपक्षे च प्रस्वापावर्तनोत्सवाः ।।'

इति भविष्योक्तेः ।

'द्वादश्यां सन्धिसमये नक्षत्राणामसम्भवे । आभाकासितपक्षेषु शयनावर्तनादिकम् ।।'
इति वाराहोक्तेश्च । द्वादश्यामित्यत्रापि पारणाहोमात्रं विवक्षितम् ।

टोडरानन्द ग्रन्थमा उद्‌धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – आषाढशुक्ल एकादशीमा भगवान् नारायणको शयनमहोत्सव मनाउनुपर्दछ ।

आषाढशुक्लद्वादशीमा पनि उत्सव मनाउनुपर्दछ भनिएको छ । यस सम्बन्धमा **भविष्यपुराण**को वचन यसप्रकार छ – आषाढमा अनुराधानक्षत्र, भाद्रमा श्रवणनक्षत्र र कार्तिकमहिनामा रेवतीनक्षत्र हुँदा शुक्लएकादशीहरूमा अर्थात् आषाढको शुक्लद्वादशीमा अनुराधानक्षत्र, भाद्रशुक्ल द्वादशीमा श्रवणनक्षत्र र कार्तिकशुक्लद्वादशीमा रेवतीनक्षत्र हुँदा अनुराधाको रातमा शयनोत्सव, श्रवणको दिनमा आवर्तनोत्सव र रेवतीको अन्त्य अर्थात् सन्ध्यामा जागरणोत्सव गरिन्छ। रातमा शयन, दिनमा उत्थान र सन्ध्यामा परिवर्तन हुन्छन् । अरू समयमा माथि भनिएका नक्षत्रका चरणहरूको योग भए पनि उत्सव भने द्वादशीमा नै गरिन्छ ।

भविष्यपुराणमा भनिएको छ – भाद्र एवं कार्तिकमासमा र मिथुनराशिमा सूर्य जाँदा अर्थात् आषाढमासमा भगवान् विष्णुको परिवर्तन, जागरण र शयन उत्सव मनाउनुपर्दछ । **वाराहपुराण**को वचन यसप्रकार छ – भाद्र, कार्तिक र आषाढमासका शुक्लपक्षमा द्वादशीको सन्ध्याकालमा आकाशमा नक्षत्र नउदाउँदै विष्णुको परिवर्तन, जागरण र शयनोत्सव मनाउनुपर्दछ । यहाँ द्वादशी भनिए तापनि जुन दिन पारण गरिन्छ त्यो दिन लिनुपर्दछ ।

'**पारणाहे पूर्वरात्रे घण्टादीन्वादयन्मुहुः**' इति रामार्चनचन्द्रिकोक्तेः । अत्रैकादशीद्वादश्योर्देशभेदेन व्यवस्था। इदं च मलमासे न कार्यम् । '**ईशानस्य बलिर्विष्णोः शयनं परिवर्तनम् ।**' इति कालादर्शे निषेधात् । यदपि –

एकादश्यां तु गृह्णीयात्सङ्क्रान्तौ कर्कटस्य च । आषाढ्यां वा नरो भक्त्या चातुर्मास्यव्रतक्रियाम्।।
इति हेमाद्रौ ब्रह्मवैवर्ते तदपि मलमासेऽसति द्रष्टव्यम् ।

मिथुनस्थो यदा भानुरमावास्याद्वयं स्पृशेत् । द्विराषाढः स विज्ञेयो विष्णुः स्वपिति कर्कटे ।।
इति तत्रैव मोहचूडोत्तरोक्तेः ।

रामार्चनचन्द्रिकामा लेखिएको छ – 'पारण गर्ने दिन द्वादशीतिथिको पूर्वरातमा घण्टा आदि बजाउनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ एकादशी र द्वादशीको व्यवस्था देशभेदअनुसार जान्नुपर्दछ । यो शयनोत्सव मलमासमा मनाउनु हुँदैन । यस विषयमा **कालादर्श**मा भनिएको छ – 'शिवबलि र हरिशयनोत्सव मलमासमा गर्न हुँदैन ।'

हेमाद्रिमा उद्‌धृत **ब्रह्मवैवर्त**को वचन यसप्रकार छ – 'कर्कसंक्रान्ति र आषाढ एकादशीमा मानिसहरूले चातुर्मास्यव्रत लिनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ मलमास भएको अवस्थामा पनि लागु हुन्छ । **हेमाद्रि**मा नै **मोहचूड**को भनाइ प्रस्तुत गर्दै भनिएको छ – 'मिथुनमा सूर्य गएका बेला यदि सूर्यले दुईअमावास्या भोग गर्दछन् भने अर्थात् मलमास पर्दछ भने त्यहाँ दुईआषाढ हुन्छन् । त्यस अवस्थामा भगवान् सूर्य कर्कसंक्रान्तिका दिन शेषशय्यामा शयन गर्नुहुन्छ ।'

चातुर्मास्यव्रतारम्भः

अत्रैव चातुर्मास्यव्रतारम्भ उक्तो भारते –
'आषाढे तु सिते पक्षे एकादश्यामुपोषितः । चातुर्मास्यव्रतं कुर्याद्यत्किञ्चिन्नियतो नरः ।।'

इति । अस्य नित्यत्वं तत्रैवोक्तम् -

'वार्षिकांश्चतुरो मासान्वाहयेत्केनचिन्नरः । व्रतेन नो चेदाप्नोति किल्विषं वत्सरोद्भवम् ।।

असम्भवे तुलार्केऽपि कर्तव्यं तत्प्रयत्नतः ।।' इति । तेनाषाढशुक्लैकादश्यां द्वादश्यां पौर्णमास्यां वारम्भः। समाप्तिस्तु कार्तिकशुक्लद्वादश्यामेव । तदुक्तं हेमाद्रौ भारते -

चतुर्धा गृह्य[१९] वै चीर्णं चातुर्मास्यव्रतं नरः । कार्तिके शुक्लपक्षे तु द्वादश्यां तत्समापयेत्।। इति।

चातुर्मासाव्रतको आरम्भ

आषाढको शुक्ल-एकादशीमा चातुर्मास्य आरम्भ गर्नुपर्ने कुरा बताउँदै भनिएको छ - 'आषाढशुक्लपक्षको एकादशीका दिन उपवास गरी सावधानीपूर्वक चातुर्मास्यव्रत आरम्भ गर्नुपर्दछ ।' यो व्रत नित्यव्रत हो भन्ने विषयमा त्यहाँ यसरी बताइएको छ - 'वर्षका यी चारमहिना व्रत गरेर बिताउनुपर्दछ । व्रत नगरे वर्षदिनभित्र गरेका सम्पूर्ण पापहरूको दोष लाग्दछ । कुनै कारणले चातुर्मास्यव्रत गर्न नसके तुलासंक्रान्तिमा व्रत गर्नुपर्दछ । आषाढको शुक्ल-एकादशी अथवा आषाढपूर्णिमामा चातुर्मास्यव्रत आरम्भ गरी कार्तिकशुक्लद्वादशीमा व्रतको समापन गर्नुपर्दछ ।'

यस विषयमा हेमाद्रिमा उद्धृत **महाभारत**को वचनमा भनिएको छ - चातुर्मास्यव्रत चार प्रकारबाट आरम्भ गरिन्छ- आषाढशुक्ल-एकादशीका दिन, आषाढशुक्लद्वादशीका दिन, आषाढपूर्णिमाका दिन र कर्कसंक्रान्तिका दिन । यीमध्ये कुनै दिन आरम्भ गरी चातुर्मास्यव्रत गरेपछि कार्तिकशुक्लद्वादशीमा समापन गर्नुपर्दछ ।

हरिशयन्यारम्भे गुरुशुक्रास्तादिविचारः

अस्यारम्भः शुक्रास्तादावपि कार्यः ।

न शैशवं न मौढ्यं च शुक्रगुर्वोर्न वा तिथेः । खण्डत्वं चिन्तयेदादौ चातुर्मास्यविधौ नरः ।।

इति हेमाद्रौ वृद्धगार्ग्योक्तेः । इदं च द्वितीयाद्यारम्भविषयम् । प्रथमारम्भस्तु न भवत्येव । आशौचमध्येऽपि द्वितीयाद्यारम्भो भवति ।

अशुचिर्वा शुचिर्वापि यदि स्त्री यदि वा पुमान् । व्रतमेतन्नरः कृत्वा मुच्यते सर्वपातकैः ।।

इति भार्गवार्चनदीपिकायां स्कान्दोक्तेः । **'आरब्धे सूतकं न स्यादनारब्धे तु सूतकम् ।'** इति विष्णुवचनाच्च।

हरिशयनी आदिमा व्रतारम्भ गर्दा गुरु-शुक्रास्त आदि विचार

शुक्र आदि अस्त भएपनि चातुर्मास्यको आरम्भ गर्नुपर्दछ । हेमाद्रिमा उद्धृत गर्गको वचनमा भनिएको छ- चातुर्मास्यव्रतको आरम्भ गर्दा गुरु र शुक्रको अस्त-बाल्य आदि अवस्था र तिथि खण्डित भएको विषयमा पनि चिन्ता गर्नु हुँदैन । ग्रन्थकार भन्दछन् - गुरु एवं शुक्रको अस्त, बाल्य आदिमा चातुर्मास्य गर्न हुन्छ भन्ने कुरा द्वितीय आरम्भका निमित्त हो, पहिलो आरम्भ त शुक्रको अस्त आदि दोषमा हुँदैन । द्वितीय आरम्भ भने अस्त-आदिमा पनि गर्न सकिन्छ।

भार्गवार्चनदीपिकामा उद्धृत **स्कन्दपुराण**को वचन यसप्रकार छ - अशुद्ध वा शुद्ध स्त्री वा पुरुषले चातुर्मास्यव्रत आरम्भ गर्दछन् भने ती सबै पापबाट मुक्त हुन्छन् ।

---

१९. महाभारतको पद्य भएकाले यसमा प्रयुक्त 'गृह्य' पद अपाणिनीय प्रयोग हो । वर्तमान संस्कृतप्रयोगपरम्परामा अशुद्ध मानिए पनि आर्षप्रयोग भएकाले शुद्ध नै मान्नुपर्ने हुन्छ । निर्णयसिन्धुका विभिन्न शास्त्रहरूबाट उद्धृत पद्यहरूमा यस्ता धेरै अपाणिनीय शब्दहरूको प्रयोग पाइन्छ।

सूतकको सम्बन्धमा विष्णुको भनाइ यसप्रकार छ – व्रतको आरम्भ नगरेको भए जन्म वा मरण सूतक लाग्छ । आरम्भ गरिसकेका व्रतमा कुनै किसिमको पनि सूतक पर्न आएमा सूतक लाग्दैन ।

यत्तु – **असंक्रान्तं तथा मासं दैवे पित्र्ये च कर्मणि । मलमासमशौचं च वर्जयेन्मतिमान्नरः ।।** इति हेमाद्रौ चातुर्मास्यव्रतप्रकरणे भविष्यवचनं तत् पूषानुमन्त्रणमन्त्रवदसम्बद्धं मध्ये पठितमिति ज्ञेयम्। अन्यथा पित्र्यस्य पूर्वोक्तस्य विवाहादेश्च चातुर्मास्यव्रते कः प्रसङ्गः ? प्रकरणनिवेशेऽपि वा प्रथमारम्भविषयं ज्ञेयम्। केचित्तु प्रतिवर्षं चातुर्मास्यव्रतप्रयोगाणां भिन्नत्वादाशौचादिपाते द्वितीयादिप्रयोगो न भवत्येवेत्याहुः । तन्न ।

'प्रतिवर्षं च यः कुर्यादेवं वै संस्मरन्हरिम् । देहान्तेऽतिप्रदीप्तेन विमानेनार्कवर्चसा ।।
मोदते विष्णुलोकेऽसौ यावदाभूतसंप्लवम् ।।' इति हेमाद्रौ भविष्यवचनादित्यास्तां विस्तरः ।

हेमाद्रिको चातुर्मास्य प्रकरणमा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – मलमास, आशौच र क्षयमासमा बुद्धिमान् मानिसहरूले देवताको पूजा आदि कर्म र पितृकर्म गर्न हुँदैन ।

ग्रन्थकार भन्दछन् – **स्कन्दपुराण**को यो वचन चातुर्मास्यव्रतको प्रकरणमा **पूषानुमन्त्रण**[२०] मन्त्रसरह असम्बद्धरूपमा पढिएको छ । यसकारण यो मत आदरणीय हुनसक्दैन । अन्यथा माथि भनिएका वचनहरूमा पितृकर्म र देवकर्मको चर्चा किन गरिन्थ्यो ? तसर्थ यो कुरा प्रकरणमा आए तापनि प्रथम आरम्भका लागि जान्नुपर्दछ। केही मानिसहरू प्रत्येकवर्षमा चातुर्मास्यव्रत भिन्नाभिन्दै हुनाले आशौच आदि आइपरे भने त्यस व्रतका द्वितीय आदि भेद हुँदैन र भन्दछन् ।

यस सम्बन्धमा ग्रन्थकार भन्दछन् – उक्त भनाइ बिल्कुल उचित छैन । प्रतिवर्ष चातुर्मास्यव्रत गर्नुपर्ने कुरा हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा यसरी बताइएको छ – 'जसले प्रतिवर्ष भगवान् नारायणको स्मरण गर्दै चातुर्मास्यव्रत गर्दछन् ती मानिस देहान्त भएपछि सूर्यसमान चहकिलो विमानमा सवार भई महाप्रलयसम्म विष्णुलोकमा आनन्दपूर्वक निवास गर्दछन् ।' यस विषयमा जति वर्णन गरियो त्यो यथार्थनिर्णयका लागि पर्याप्त छ ।

इदं च शिवभक्तादिभिरपि कार्यम् ।
शिवे वा भक्तिसंयुक्तौ भानौ वा गणनायके । कृत्वा व्रतस्य नियमं यथोक्तफलभाग्भवेत् ।।
इति ब्रह्मवैवर्तात् ।

चातुर्मास्यव्रत शिवका भक्तले पनि गर्नुपर्दछ । **ब्रह्मवैवर्त**मा यस विषयमा यसरी भनिएको छ – शिव, गणेश वा सूर्यमा भक्ति गर्नेहरूले पनि नियमपालन गरी व्रत गर्नाले सम्पूर्ण फल प्राप्त गर्दछन् ।

व्रतग्रहणप्रकारः

व्रतग्रहणप्रकारस्तु हेमाद्रौ भविष्ये –
'महापूजां ततः कुर्याद्देवदेवस्य चक्रिणः । जातीकुसुममालाभिर्मन्त्रेणानेन पूजयेत् ।।
सुप्ते त्वयि जगन्नाथे जगत्सुप्तं भवेदिदम् । विबुद्धे च विबुध्येत प्रसन्नो मे भवाच्युत ।।

२०. 'पूषणं नु देवं प्रजयापशुभिश्च जनीषीय पूषणं नु देवं कन्यामग्निमयक्षत । स इमां देवः पूषा प्रेतो मुञ्चानु नामुत स्वाहा' यो मन्त्र कर्मकाण्डको प्रसङ्गमा अरू मन्त्रहरूको पाठ गर्दा असम्बद्धरूपमा पढिन्छ । त्यस्तै चातुर्मास्यप्रकरणमा पनि देवकर्म र पितृकर्मको प्रसङ्ग आउनु असम्बद्ध विषय हो भन्ने तात्पर्य रहेको छ ।

एवं तां प्रतिमां विष्णोः पूजयित्वा स्वयं नरः । प्रभाषेताग्रतो विष्णोः कृताञ्जलिपुटस्तथा ।।
चतुरो वार्षिकान्मासान्देवस्योत्थापनावधि । इमं करिष्ये नियमं निर्विघ्नं कुरु मेऽच्युत ।।
इदं व्रतं मया देव गृहीतं पुरतस्तव । निर्विघ्नं सिद्धिमायातु प्रसादात्तव केशव ।।
गृहीतेऽस्मिन्व्रते देव पञ्चत्वं यदि मे भवेत् । तदा भवतु सम्पूर्णं त्वत्प्रसादाज्जनार्दन ।।
गृहीतेऽस्मिन्व्रते देव यद्यपूर्णे मृतो ह्यहम् । तन्मे भवतु सम्पूर्णं त्वत्प्रसादाज्जनार्दन ।। इति ।

व्रतग्रहण प्रकार

व्रतग्रहण गर्ने विधिका सम्बन्धमा हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को भनाइ यसप्रकारछ – आषाढशुक्ल एकादशीका दिन चातुर्मास्यव्रत आरम्भ गर्दा भगवान् चक्रधर नारायणको महापूजा गरी उहाँलाई जुहीको माला टक्र्याउँदै प्रार्थना गर्नुपर्दछ – 'हे जगन्नाथ ! हजुरको शयन हुँदा संसार नै निदाउँछ, हजुरको जागरण हुँदा यो संसार जाग्दछ । हे अच्युत ! ममाथि प्रसन्न हुनुहोस् ।' यसरी प्रार्थना गर्दै विष्णुको प्रतिमामा पूजा गरेपछि अर्को दिन प्रतिमाको अगाडि गई प्रार्थना गर्नुपर्दछ – 'हे नाथ ! वर्षका यी चारमहिनामा हजुरको जागरण नभएसम्म म यो व्रत गर्नेछु । हजुरले यसलाई निर्विघ्न तुल्याउनुहोस् । हे देव ! यो व्रत मैले हजुरका सामु लिएको छु । निर्विघ्नतापूर्वक व्रतको सिद्धिका लागि हजुरसँग प्रार्थना गर्दछु । हे जनार्दन ! मैले यो व्रत लिएपछि बीचैमा मेरो मृत्यु भयो भने हजुरको कृपाले मेरो व्रत परिपूर्ण होओस् । मैले लिएको व्रत पूरा नहुँदै मलाई कालका वशमा पर्नुपर्‍यो भने हजुरको कृपाले मेरो व्रत परिपूर्ण होस् र मैले व्रत परिपूर्ण गर्ने व्रतालुले प्राप्त गर्ने सबै पुण्य प्राप्त गर्न सकुँ ।'

श्रावणादिमासेषु शाकादिवर्जनम्

तत्र भार्गवार्चनदीपिकायां नृसिंहपरिचर्यायां च भविष्ये –

श्रावणे वर्जयेच्छाकं दधि भाद्रपदे तथा । दुग्धमाश्वयुजे मासि कार्तिके द्विदलं त्यजेत् ।। इति।

श्रावण आदि मासमा साग आदिको निषेध

भार्गवार्चनदीपिका र **नृसिंहपरिचर्या**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – व्रतालु मानिसले श्रावणमा सागपात खानु हुँदैन, भाद्रमा दही खानु हुँदैन, आश्विनमा दूध खानु हुँदैन र कार्तिकमहिनामा दाल आदि द्विदलीय पदार्थको भोजन गर्नु हुँदैन ।

चातुर्मास्ये द्विदलादिनिषेधविचारः

स्कान्देऽपि चातुर्मास्यकल्पे –

'चत्वार्येतानि नित्यानि चतुराश्रमवर्णिनाम् । प्रथमे मासि कर्तव्यं नित्यं शाकव्रतं नरैः ।।
द्वितीये मासि कर्तव्यं दधिव्रतमनुत्तमम् । पयोव्रतं तृतीये तु चतुर्थेऽपि निशामय ।।
द्विदलं बहुबीजं च वृन्ताकं च विवर्जयेत् । नित्यान्येतानि विप्रेन्द्र व्रतान्याहुर्मनीषिणः ।।
जम्बीरं राजमाषांश्च मूलकं रक्तमूलकम् । कूष्माण्डं चेक्षुदण्डं च चातुर्मास्ये त्यजेद् बुधः ।।
तथा – **'विशेषाद्बदरीं धात्रीं कूष्माण्डं तिन्तिणीं त्यजेत् ।**
जीर्णधात्रीफलं ग्राह्यं कथञ्चित्कायशोधनम् ।।' इति ।

चतुर्मासामा निषिद्ध पदार्थ

स्कन्दपुराणको चातुर्मास्यकल्पमा पनि निषिद्ध पदार्थहरूको निरूपण गर्ने क्रममा भनिएको छ – 'चार वर्ण र चार आश्रमका लागि चार मासका नित्यव्रत छन् । श्रावणमासमा – सागपात छोड्ने गरी व्रत लिनुपर्दछ । भाद्रमासमा – दधित्यागव्रत गर्नुपर्दछ अर्थात् व्रत गर्ने मानिसहरूले दही खानु हुँदैन । आश्विनमासमा – पयोव्रत गर्नुपर्दछ अर्थात् दूध खानुहुँदैन । कार्तिकमासमा – द्विदलीय पदार्थ तथा बहुबीज पदार्थ भण्टा आदि खानु हुँदैन । ज्यामिर, राजमा, मूला, गाजर, उखु, कुभिण्डो आदि पदार्थ चातुर्मास्यव्रतमा निषिद्ध छन् । यिनीहरूको त्याग गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – उक्त भनाइको मूल भने विचारणीय छ ।

स्कन्दपुराणमा नै भनिएको छ – विशेषरूपमा बयर, अमला, कुभिण्डो र इमलीको पनि त्याग गर्नुपर्दछ । तर शरीरको शोधनका लागि पुरानो अमला भने खान हुन्छ ।

जनार्दने सुप्ते मञ्चादिशयनविचारः

तीर्थसौख्ये स्कान्दे – **वार्षिकांश्चतुरो मासान्प्रसुप्ते वै जनार्दने । मञ्चखट्वादिशयनं वर्जयेद्भक्तिमान्नरः ।।**

चतुर्मासामा खाट आदिमा शयनसम्बन्धी विचार

तीर्थसौख्यग्रन्थमा उद्धृत **स्कन्दपुराण**को वचन यसप्रकार छ– भक्तिमान् मानिसले भगवान् नारायण शेषशय्यामा शयन गर्नुहुने चतुर्मासमा मञ्च एवं खाटमा सुत्न हुँदैन ।

मांसमधुभक्षणे विचारः

अनृतौ वर्जयेद्भार्यां मांसं मधु परौदनम् । पटोलं मूलकं चैव वृन्ताकं च न भक्षयेत् ।।
अभक्ष्यं वर्जयेद्दूरान्मसूरं सितसर्षपम् । राजमाषान्कुलित्थांश्च आशुधान्यं च सन्त्यजेत् ।।
शाकं दधि पयो माषान् श्रावणादिषु सन्त्यजेत् ।।' अत्र त्यजेदिति वर्जनसङ्कल्परूपः पर्युदासो ज्ञेयो व्रतोपक्रमात्।

चतुर्मासामा मधुमांस-सेवनसम्बन्धी विचार

'चतुर्मासामा ऋतुकालबाहेक अरू समयमा भार्यासँग सहवास गर्नुहुँदैन, मधु-मांस, अरूको घरमा पाकेको भोजन, परवर, भण्टा, मूला आदि पदार्थको सेवन गर्न हुँदैन। मसुरो, सेतो सर्स्यूँ, राजमा, माष, चाँडै पाक्ने धानजस्ता पदार्थ उक्त चारमहिनामा सेवन गर्न हुँदैन । श्रावणमा साग, भदौमा दही, असोजमा दूध र कार्तिकमा द्विदलीय पदार्थको सेवन गर्न हुँदैन ।' यसको मूलमा आएको **त्यजेत्** भन्ने शब्दले चारमहिनासम्म वर्जना गर्नुपर्ने सङ्कल्पको विषयमा भनिएको छ । यो वर्जनालाई निषेधभन्दा पनि असल काम गर्ने र व्रतको प्रतिकूल काम नगर्ने अर्थमा पर्युदास[२१]को रूपमा प्रयोग गरिएको सम्झिनुपर्दछ ।

२१. जुन वाक्यमा विधि प्रधान र निषेध अप्रधान हुन्छ, जहाँ उत्तरपदका साथमा निषेधवाचक 'नञ्' वा 'न'को प्रयोग गरिन्छ त्यहाँको निषेधलाई पर्युदास भनिन्छ । भनिएको पनि छ–

प्रधानत्वं विधौ यत्र प्रतिषेधेऽप्रधानता । पर्युदासः स विज्ञेयो यत्रोत्तरपदेन नञ् ।।

प्रकृत प्रसङ्गमा निषेध वा वर्जनालाई भन्दा पनि चतुर्मासामा यी पदार्थको त्याग गर्दा व्रतको सफलता हुने तथ्य बताउन खोजिएकाले निषेध अप्रधान भएर पर्युदासमा परिणत भएको छ । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, पञ्चम भाग, पृ. १४९ ।

अत्र केचित् – **'शाकाख्यं पत्रपुष्पादि'** इत्यमरकोशस्य **'शक्यतेऽशितुमनेनेति शाकः'** इति क्षीरस्वामिना व्याख्यानात् व्यञ्जनमात्रस्य निषेधमाचक्षते । अन्ये तु शाकशब्दस्य पत्रादिदशविधशाके योगरूढत्वाद् योगाच्च रूढेर्बलीयस्त्वात् सूपादीनामपि त्यागापत्तेश्च तत्प्रत्याचक्षते । तेन

पत्रमूलकरीराग्रफलकाण्डाधिरूढकाः । त्वक् पुष्पं कवचं चेति शाकं दशविधं स्मृतम् ।।

इति क्षीरस्वामिनोक्तस्य शाकस्य निषेध इति । **अधिरूढकाः** – अङ्कुराः ।

यहाँ शाकशब्द वर्जनीयहरूमा परेको छ । **अमरकोशमा 'शाकाख्यं पत्रपुष्पादि'** भनी परिगणना गरिएको पाइन्छ। **शक्यतेऽशितुमनेनेति शाकः** यो क्षीरस्वामीको व्युत्पत्ति हो । यसअनुसार साग एक्लै खाइने पदार्थभन्दा पनि अन्नसँगै खाइने पदार्थ हो । यस प्रसङ्गमा सागलाई निषेध गर्दा सँगै खाइने अन्नको निषेध गरिएको होइन अपितु तरकारीका रूपमा प्रयोग गरिने सागमात्रको निषेध हो ।

कोही भन्दछन् यो **शाक**शब्द धेरै पात हुने दश किसिमका सागको अर्थमा योगरूढ[२२] छ । योगभन्दा रूढि बलियो हुनाले दश प्रकारका सागमा पर्ने दालहुने सागलाई समेत निषेध गर्दा अनिषिद्ध दाललाई पनि छोड्नुपर्ने हुन्छ । त्यसकारण माथिको भनाइ उचित छैन त्यसैले यो सबै सागपातको निषेध नभई सागका पात, जरा, टुसा, टुप्पो, फल, डाँठ, अङ्कुर, बोक्रा, फूल, गानो वा च्याउ गरी साग दश प्रकारको हुन्छ त्यसैको निषेध गरिएको हो अरूको होइन । **क्षीरस्वामी**ले बताएअनुसार दशथरि सागमात्रको निषेध हो । मूलमा रहेको अधिरूढकशब्दको अर्थ अङ्कुर हो । उक्त दशथरि सागको विषयमा प्रकारान्तबाट गरिएको अर्थ यसप्रकार छ– **मूलम्** – आलु, **पत्रम्** – पालुङ्गो, **करीरम्** – फल, **अग्रफलम्** – बोडी सिमी, **काण्डः** – बन्दा, काउली, **फलम्** – केरा, **अधिरूढकः** – पोइसाग, **त्वक्** – मूला, **कवचम्** – कुन्दुरु साग गरी दश प्रकारका सागको चतुर्मासामा सेवन गर्न हुँदैन ।

२२. शब्दको अर्थ कहीँ रूढिबाट लगाइन्छ र कतै योगबाट । शब्दको प्रकृति–प्रत्यय छुट्याएर व्युत्पत्ति गर्दा प्रकट हुने अर्थलाई योगार्थ भनिन्छ । जस्तै – पङ्कजशब्दमा **'पङ्काज्जायत इति पङ्कजम्'** यसरी व्युत्पत्ति गर्दा हिलोबाट पैदा भएको भन्ने अर्थ हुन्छ । हिलोबाट पैदा हुने धेरै पदार्थमध्ये कमल पनि एउटा हो । हिलोबाट पैदा भएका कारण कमललाई पङ्कज भन्न मिल्छ तर पङ्कजको अर्थ कमलमात्र हो भनी निर्धारण गर्न सकिँदैन । योगार्थमात्रले अर्थनिर्धारण गर्न नसकिँदा रूढिको आश्रय लिनुपर्ने हुन्छ । रूढि भनेको प्रकृति–प्रत्ययजन्य अर्थलाई बेवास्ता गरी लोकमा प्रकट हुने अर्थ हो । लोकमा पङ्कज भनेपछि कमलमात्रको बोध हुन्छ । अरू हिलोबाट पैदा हुने पदार्थको बोध हुँदैन । त्यसैले पङ्कजशब्द योग र रूढि दुवैबाट कमलको बोधक बनेर रहेको छ । अतः यो योगरूढ शब्द हो । अर्को **अनुकूल** शब्द हेरौं, यसको व्युत्पत्तिलभ्य अर्थ हुन्छ – तीरको सम्मुख । लोकमा यो अर्थ पटक्कै बुझिँदैन । त्यसैले यहाँ रूढिबाट अनुकूलको अर्थ आफूलाई समर्थन गर्ने, आफूलाई राम्रो लाग्ने, आफ्नो हित गर्ने आदि हुन्छ । यो योगार्थ र योगरूढार्थ दुवै होइन अपितु रूढिजन्य अर्थ हो । यसैगरी **वर्षासु रथकार आदधीत** वाक्यमा प्रयोग गरिएको **रथकार**शब्द छ । यसको व्युत्पत्तिलभ्य अर्थ हुन्छ– जसले रथ बनाउँछ त्यो रथकार हो । लोकव्यवहारमा भने रथकारशब्दले रूढिबाट जातिविशेषलाई बुझाउँछ। रथकारको व्युत्पत्तिलभ्य अर्थ रथनिर्माण गर्ने व्यक्ति हुन्छ भने रूढिलभ्य अर्थ जातिविशेष हुन्छ । अब कुन अर्थ लिने र कुन अर्थ छाड्ने भन्ने सम्बन्धमा संशय हुँदा शास्त्रकारहरूले एउटा नियम बनाए – **'रूढिर्योगापहारिणी'** अर्थात् रूढि अर्थले योग अर्थलाई निरस्त गर्दछ । त्यसैले रथकारको अर्थ जातिविशेष भयो । जैमिनिले पनि मीमांसासूत्रमा भनेका छन् – **'त्रिवर्णो रथकृन्नहि'** (६/१/४४–५०) रथ जसले बनाउँछ त्यो रथकार यहाँ भन्न खोजिएको अर्थ होइन यहाँ त क्षत्रिय पुरुषले वैश्यवर्णकी पत्नीबाट पैदा गरिएको पुरुष माहिष्य कहलाउँछ, वैश्यपुरुषले शूद्र पत्नीबाट उत्पन्न गरिएकी कन्या करिणी कहलाउँछिन् । यी दुवैको सम्पर्कबाट पैदा भएको सङ्कीर्ण जातिको मानिस रथकार कहलाउँछ, त्यसलाई भन्न खोजिएको हो । प्रकृतप्रसङ्गमा पनि **अमरकोश**अनुसार शाकशब्दको अर्थमा दशप्रकारका साग भन्ने अर्थ भएको र जसलाई कुनै अन्नका साथ खान सकिन्छ भन्ने अर्थसमेत देखिएकाले व्यञ्जनमात्रको निषेध हो, अन्य पदार्थको निषेध होइन । योगरूढको नियमअनुसार दशथरि सागको निषेध गर्ने **क्षीरस्वामी**को मत नै उपयुक्त छ ।

वस्तुतस्तु – **तत्तत्कालोद्भवाः शाका वर्जनीयाः प्रयत्नतः । बहुबीजमबीजं च विकारि च विवर्जयेत्।।** इति भविष्यवचनात्तत्तत्कालोत्पन्नानां दशविधशाकानां निषेधः । अत्र तत्कालोद्भवजातीयत्वं विवक्षितम् । तेनातपादि–शोषितानां वर्षान्तरोद्भवानामपि निषेधः ।

वस्तुतः चतुर्मासामा पाइने बहुबीज, अबीज र विकारशील सागको परित्याग गर्नुपर्दछ भन्ने **भविष्यपुराणको** वचनअनुसार चतुर्मासामा पाइने दश थरिका सागको निषेध गरिएको कुरा मान्नुपर्दछ । निषिद्ध सागहरू पनि तत्काल पैदा भएका सजातीय सागहरू नै हुन् भन्ने होइन । त्यो कालभन्दा पहिले उत्पन्न भएका साग पनि हुनसक्दछन् । पहिलो वर्षमा पैदा भई घाममा सुकाएका सागहरूको पनि प्रयोग गर्न हुँदैन ।

अत्र तत्कालोद्भवत्वमात्रं विवक्षितम्, न तु तन्मात्रकालोद्भवत्वम्, गौरवात् । तेनान्यकालोद्भवानां तत्कालोद्भवानां च बिम्बादीनां निषेधः । अत्र तत्तत्कालोद्भवा इति वीप्सावशात्स्वस्वकालोद्भवानां सर्वेषां निषेध इति निष्कर्षः । बहुबीजमित्यनेकबीजमिति केचित् । इतरावयवापेक्षया बीजावयवा यत्र बहवस्तदित्यन्ये। अबीजं कदल्यादि । वस्तुतस्तु – इदं महानिबन्धेष्वभावान्निर्मूलमेव ।

यहाँ वर्षाकालमा उत्पन्न हुने साग भन्न खोजिए तापनि त्यसै वर्षाकालमा भनेर तात्कालिक वर्षाकालमा उत्पन्न सागहरूको मात्र निषेध होइन । अर्थगौरव यसमा कारण छ । त्यसैले त्यो वर्षा र अन्यवर्षामा समेत उत्पन्न गोलकाँक्री आदिको पनि सेवन गर्न निषेध गरिएको छ । **तत्तत्कालोद्भवशब्दमा** त्यस समयमा पैदा भएका भनी वीप्सा अर्थात् पुनरुक्ति हुनुले आ–आफ्ना समयमा पैदा भएका सबै साग–पात निषिद्ध गरिएका छन् । बहुबीज भन्ने शब्दबाट अनेक बीज हुने पदार्थग्रहण गरिन्छ । अरू पदार्थका भन्दा धेरै बीज जसमा रहेका हुन्छन् ती मात्र बहुबीज हुन् भन्ने कुरा कसैले बताएका छन् । बीज नहुने कन्द आदि हुन् । यी निषेध गरिएका पदार्थका विषयमा ठूला–ठूला ग्रन्थहरूमा पनि वर्णन पाइँदैन । त्यसकारण उक्त विषय विचारणीय छ ।

वृन्ताकादिभक्षणेन हरिदर्शनबाधा

आचारप्रदीपे – **वृन्ताकं च कलिङ्गं च बिल्वौदुम्बरभिःसटाः । उदरे यस्य जीर्यन्ति तस्य दूरतरो हरिः।।**

तथापरार्के देवलः – **ब्रह्मचर्यं तथा शौचं सत्यमामिषवर्जनम् । व्रतेष्वेतानि चत्वारि वरिष्ठानीति निश्चयः।।**

चतुर्मासामा भण्टा आदि सेवन गर्न निषेध

आचारप्रदीपमा भनिएको छ – भण्टा, कलिङ्ग अर्थात् इन्द्रजौ, बेल, डुम्री र डढेको अन्न वा भात यी पदार्थ चातुर्मास्यमा जसका पेटमा पस्ने गर्दछन् त्यस्ता व्यक्तिहरूबाट भगवान् हरि टाढा रहनुहुन्छ । **अपरार्कमा देवलको** भनाइ यसप्रकार छ – व्रत बस्ने मानिसले निरामिषभोजन, ब्रह्मचर्यपालन, शौच र सत्यको पालन गर्नुपर्दछ । यसबाट उत्तमफल प्राप्त हुन्छ ।

आमिषकथनम्

आमिषाणि चोक्तानि रामार्चनचन्द्रिकायां पाद्मे –

प्राण्यङ्गचूर्णं चर्माम्बु जम्बीरं बीजपूरकम् । अयज्ञशिष्टमाषादि यद्विष्णोरनिवेदितम् ।।

दग्धमन्नं मसूरं च मांसं चेत्यष्टधामिषम् । रुच्यं तत्तद्देशलभ्यं सुप्ते देवे विवर्जयेत् ।।

आमिषविचार

आमिषं के हो भन्ने विषयमा रामार्चनचन्द्रिकामा उद्धृत पद्मपुराणको वचनमा भनिएको छ – प्राणीहरूका अङ्गको धूलो, छालामा राखिएको जल, ज्यामिर, माष, यज्ञमा अर्पण नगरिएको अन्न, मसुरो, डढेको अन्न, भगवान्लाई भोग नलगाएको अन्न र मासु यी आठ प्रकारका मुख्य आमिष पदार्थ हुन् । आ–आफ्ना देशमा पाइने र आफूलाई मीठो लाग्ने ती पदार्थ भगवान्को शयनकालमा अर्थात् चातुर्मास्यमा छोड्नुपर्दछ ।

पाद्मे कार्तिकमाहात्म्ये –

'गोच्छागीमहिषीदुग्धादन्यद्दुग्धादि चामिषम् । धान्ये मसूरिकाः प्रोक्ता अन्नं पर्युषितं तथा ।।
द्विजक्रीता रसाः सर्वे लवणं भूमिजं तथा । ताम्रपात्रस्थितं गव्यं जलं पल्वलसंस्थितम् ।।
आत्मार्थं पाचितं चान्नमामिषं तत् स्मृतं बुधैः ।।' तथा –
'निष्पावान् राजमाषांश्च मसूरं सन्धितानि च । वृन्ताकं च कलिङ्गं च सुप्ते देवे विवर्जयेत्।।'

सन्धितानि लवणशाकादीनि । तत्रैव विष्णुधर्मे – **'चतुर्ष्वपीह मासेषु हविष्याशी न पापभाक् ।'**

कार्तिक महात्म्यमा उद्धृत पद्मपुराणको वचन यसप्रकार छ – गाई, बाख्रा र भैंसीको दूध बाहेक अरू दूधलाई आमिष भनिन्छ । अन्नहरूमा मसुरोलाई आमिष भनिन्छ । पकाएको बासी अन्नलाई पनि आमिष भनिन्छ । ब्राह्मणले खरिद–बिक्री गरेको रस पनि आमिष वर्गमा पर्न आउँछ । पृथ्वी खनेर निकालिएको नुनलाई पनि आमिष भनिन्छ । ताँबोको भाँडामा राखेको गाईको दूध र घ्यू पनि आमिष हुन् । साना–साना पोखरी वा कुवाको नबग्ने पानी पनि आमिष हो। आफैले मात्र खान भनी पकाएको अन्न पनि आमिष हो । त्यस्तै राजमा, नुन मलेको सागपात, भण्टा, कलिङ्ग अर्थात् इन्द्र जौ अथवा तरबुजलाई पनि आमिष मानिएको छ र यी सबैको चातुर्मास्यमा परित्याग गर्नुपर्दछ ।

कार्तिक माहात्म्यमा उद्धृत विष्णुधर्मको वचन यसप्रकार छ – जुन मानिसले चातुर्मास्यमा हविष्यभोजन गर्दछ त्यो कहिले पनि पापमा पर्दैन । मूलमा प्रयुक्त सन्धितानिको अर्थ नुन मलेको साग हो ।

हविष्यकथनम्

हविष्याणि तु पृथ्वीचन्द्रोदये भविष्ये –

हैमन्तिकं सितास्विन्नं धान्यं मुद्गा यवास्तिलाः । कलायकङ्गुनीवारा वास्तुकं हिलमोचिका ।।
षष्टिका कालशाकं च मूलकं केमुकेतरत् । कन्दः सैन्धवसामुद्रे गव्ये च दधिसर्पिषी ।।
पयोऽनुद्धृतसारं च पनसाम्रहरीतकी । पिप्पली जीरकं चैव नागरङ्गं च तिन्तिणी ।।
कदलीलवलीधात्रीफलान्यगुडमैक्षवम् । अतैलपक्वं मुनयो हविष्याणि प्रचक्षते ।।' इति ।

सितास्विन्नम् – अनूष्मपक्वम् । धान्यम् – तण्डुलाः । केमुकम् – केमुता इति प्राच्येषु प्रसिद्धः कन्दः। **'कलायस्तु सतीनकः'** इत्यमरः, अथवा **'बटुरी'** इति प्रसिद्धं धान्यम् । मदनरत्नेऽप्येवम् । अगस्तिसंहितायां हैमन्ताद्युक्त्वा –

'नारिकेलफलं चैव कदली लवली तथा । आम्रमामलकं चैव पनसं च हरीतकी ।।
व्रतान्तरप्रशस्तं च हविष्यं मन्वते बुधाः ।।'

हविष्यकथन

पृथ्वीचन्द्रोदयमा उद्धृत **भविष्यपुराण**को वचनमा हविष्यको वर्णन गर्दै भनिएको छ – हिल्सा साग, अगहनी धानको चामल, नउसिनेको चामल, मुँग, जौ, तिल, केराउ, कागुनो, नीवारधान्य, बेथेको साग, **षष्टिका-** साठी धान, **कालशाकः** – करेमुको साग, **मूलकम्** – मूला, **केमुकेतरत्** – मोथेजस्तो लामो पात भएको केमुता सागभन्दा भिन्न साग, सिधेनुन, समुद्रबाट निकालिएको नुन, गाईको दूध र घ्यू, तर नझिकेको दूध, ठूला-ठूला पात हुने लवलीनामक वृक्षविशेषको फल, अमलाको फल, गुडबाहेक उखुको रसबाट बनेका पदार्थ, कटहर, आँप, हर्रो, सुन्तला, इमली, केरा र तेलमा नपाएको अन्नसमेतलाई मुनिहरूले हविष्य मानेका छन्।

ग्रन्थकार मूलमा प्रयोग गरिएका विशेष शब्दहरूको आफ्नै तरिकाबाट अर्थ गर्दै भन्दछन् – सितास्विन्नम्को अर्थ आगोमा नपाईकन आफै पाकेको वस्तु हो । धान्यम्को अर्थ चामल हो । केमुकेतरत्को अर्थ प्राचीनकालमा प्रसिद्ध पानीमा हुने शाकविशेष हो । कलापको अर्थ केराउ हो । 'कलापस्तु सतीनकः' यो अमरकोशको वाक्य हो । यस वाक्यमा कलायको पर्यायका रूपमा सतीनक शब्दको प्रयोग गरिएको छ । यी दुवैको अर्थ सानो केराउ हो । ग्रन्थकारले धान्यम्को अर्थ बटुली भनी महाराष्ट्रको भाषाप्रयोग गरेका छन् ।

मदनरत्न ग्रन्थमा पनि यसैगरी हविष्यनिरूपण गरिएको छ – **अगस्त्यसंहिता**मा माथि बताइएका हविष्यहरूका साथै नरिवल, केरा, लवली अर्थात् हरफा, रेवजी, आँप, अमला, कटहर र हर्रोलाई हविष्य भन्नुका साथै अरू व्रतहरूमा प्रशंसा गरिएका पदार्थलाई पनि हविष्य मानिएको छ ।

अन्येषां व्रतानां निरूपणम्

अन्यान्यपि व्रतान्युक्तानि हेमाद्रौ भविष्ये – '**स्त्री वा नरो वा मद्भक्तो धर्मार्थी सुदृढव्रतः ।।**
गृह्णीयान्नियमानेतान्दन्तधावनपूर्वकान् । तेषां फलानि वक्ष्यामि तत्कर्तॄणां पृथक् पृथक् ।।
मधुस्वरो भवेद्राजा पुरुषो गुडवर्जनात् । तैलस्य वर्जनाद्राजन् सुन्दराङ्गः प्रजायते ।।
कटुतैलपरित्यागाच्छत्रुनाशः प्रजायते । योगाभ्यासी भवेद्यस्तु स ब्रह्मपदमाप्नुयात् ।।
ताम्बूलवर्जनाद्भोगी रक्तकण्ठश्च जायते । घृतत्यागाच्च लावण्यं सर्वस्निग्धतनुर्भवेत् ।।
शाकपत्राशनाद्भोगी अपक्वादोऽमलो भवेत् । भूमौ प्रस्तरशायी च विप्रो मुनिवरो भवेत् ।।
एकान्तरोपवासेन ब्रह्मलोके महीयते । धारणान्नखरोम्णां च गङ्गास्नानफलं लभेत् ।।
मौनव्रती भवेद्यस्तु तस्याज्ञाऽस्खलिता भवेत् । भूमौ भुङ्क्ते सदा यस्तु स पृथिव्याः पतिर्भवेत्।।
प्रदक्षिणाशतं यस्तु करोति स्तुतिपाठकः । हंसयुक्तविमानेन स च विष्णुपुरं व्रजेत् ।।
अयाचितेन प्राप्नोति पुत्रान्धर्म्यान्विशेषतः । षष्ठान्नकालभोक्ता यः कल्पस्थायी भवेदिति ।।
पर्णेषु यो नरो भुङ्क्ते कुरुक्षेत्रफलं लभेत् । गुडवर्जी नरो दद्यात्तद्भृतं ताम्रभाजनम् ।।
सहिरण्यं नरश्रेष्ठ लवणस्याप्ययं विधिः । सुप्ते देवे तु यो विष्णोः शिवस्याङ्गणमर्चयेत् ।।
पञ्चवर्णैस्तु यो नित्यं स्वस्तिकैः पद्मकैस्तथा । स याति रुद्रलोकं हि गाणपत्यमवाप्नुयात् ।।

चातुर्मासामा गरिने व्रतहरूमा नियमपालनको फल

भगवान्ले भन्नुभएको छ – 'मेरा भक्त नर वा नारीले धर्मका लागि चतुर्मासाव्रतको सत्यसङ्कल्प गरी कठोर व्रत गर्दै दन्तधावन आदि नियमको पालन गर्नुपर्दछ । ती–ती नियममा रही व्रत गर्ने मानिसले प्राप्त गर्ने फल यसप्रकार छन् – चतुर्मासामा गुडको सेवन गर्ने मानिस मीठो स्वर भएको राजा हुन्छ । तेलको प्रयोग नगर्ने मानिस सुन्दर स्वरूप लिएर जन्मिन्छ । तोरीको तेल त्याग गर्ने मानिसका शत्रुहरू नष्ट हुन्छन् । चतुर्मासामा योगाभ्यास गर्ने मानिसले ब्रह्मपद प्राप्त गर्दछ । पान नखाने मानिस रातो घाँटी भएको भोगी पुरुष भएर जन्मन्छ । घ्यू नखाने मानिसले आकर्षक सौन्दर्य प्राप्त गर्दछ । सागपात खाने मानिस भोगी भएर जन्मिन्छ । काँचो साग खाने मानिस निर्मल हुन्छ । भुईंमा शिलामाथि सुत्ने मानिस योगी भएर जन्मिन्छ । एकदिन बिराई भोजन गर्ने मानिस ब्रह्मलोकमा प्राप्त हुन्छ । नङ–केश धारण गर्ने मानिसले गङ्गास्नान गरेको फल प्राप्त गर्दछ । चतुर्मासाभरि मौनव्रत लिने मानिसको आज्ञा सबैले पालन गर्दछन् । जसले भुईंमा शिलामाथि भोजन गर्दछ त्यो पृथ्वीपति हुन्छ । भगवान्को सयौं परिक्रमा गर्दै स्तुतिपाठ गर्ने मानिस हंसयुक्त विमानद्वारा विष्णुपुरमा प्राप्त हुन्छ । जसले अयाचित पवित्र भोजन गर्दछ त्यसले धर्मात्मा पुत्र प्राप्त गर्दछ । जसले छैठौं भोजन गर्ने बेलामा मात्र अर्थात् प्रत्येक तेस्रो दिनको सायँकालमा मात्र भोजन गर्दछ त्यो कल्पपर्यन्त स्वर्गमा विराजमान हुन्छ । पातमा भोजन गर्ने मानिसले कुरुक्षेत्रमा स्नान गरेको फल प्राप्त गर्दछ । चतुर्मासामा गुडको त्याग गर्ने मानिसले ताँबोको पात्रमा गुड राखी दान गर्नुपर्दछ । यसैगरी नुन त्याग गर्ने मानिसले पनि उक्त विधिबाट नुनदान गर्नुपर्दछ । भगवान् नारायण शेषको शय्यामा शयन गर्नुहुँदा जुन मानिसले विष्णुमन्दिर एवं शिवमन्दिरको प्राङ्गणमा गई पाँच रङ्गका स्वस्तिक कमलका रङ्गवल्ली तयार गरी प्राङ्गणको पूजा गर्दछ त्यस मानिसले भगवान् रुद्रको लोकमा गई गणपतिपद प्राप्त गर्दछ।

कार्तिकमासे व्रतसमाप्तौ दाननिरूपणम्

अथैषां समाप्तौ कार्तिक्यां दानानि । '**एकभुक्तव्रते दम्पती सम्पूज्य धेनुर्देया, नक्ते वस्त्रयुगम्, एकान्तरोपवासे गौः, भूशयने शय्या, षष्ठकालभोजने गौः, ब्रीहिगोधूमादित्यागे हैमव्रीह्यादि, कृच्छ्रे गोयुग्मम्, शाकाशने गौः पयोव्रते च, दधिमधुघृतव्रतेषु वासो गौश्च, ब्रह्मचर्ये स्वर्णमूर्तिः, ताम्बूलव्रते वासोयुगम्, मौने घृतकुम्भो वस्त्रयुगं घण्टा च, देवाग्रे रङ्गमालिकाकरणे धेनुर्हेमपद्मञ्च, दीपिकाव्रते दीपिका वासोयुगञ्च, भूमिभोजने पर्णभोजने च कांस्यपात्रं गौश्च, चतुष्पथदीपे गोग्रासे च गोवृषौ, प्रदक्षिणाशते वस्त्रम्, अनुक्तेषु स्वर्णं गौश्च**' इत्यादि हेमाद्रौ ज्ञेयम् ।

चतुर्मास्यव्रतको समाप्तिमा गरिने दान

चतुर्मासाव्रतको समाप्तिपछि कार्तिकपूर्णिमाका दिन दान गर्नुपर्दछ । नक्तव्रत गरेको भए वस्त्रयुंगल– अधोवस्त्र र उपरिवस्त्रदान गर्नुपर्दछ, एकदिन बिराएर भोजन गरेको भए गाईदान गर्नुपर्दछ, भुईंमा सुतेको भए शय्यादान गर्नुपर्दछ, छैठौं प्रहरमा भोजन गरेको भए गाईदान गर्नुपर्दछ, धान, गहुँ आदिको त्याग गरेको भए सुवर्णदान गर्नुपर्दछ, कृच्छ्रव्रत गरेको भए दुईवटा गाईदान गर्नुपर्दछ, सागको त्याग गरी व्रत गरेको भए गाईदान गर्नुपर्दछ, दूधको त्याग गरेको भए गाईदान गर्नुपर्दछ, मह, दही, घ्यू त्याग गरी व्रत गरेको भए वस्त्र र गाईदान गर्नुपर्दछ, ब्रह्मचर्य धारण गरी व्रत गरेको भए सुनको प्रतिमादान गर्नुपर्दछ, ताम्बूल अर्थात् पानत्याग गरी व्रत गरेको भए वस्त्रयुगलदान गर्नुपर्दछ, मौन रही व्रत गरेको भए घृतकलश, वस्त्रयुगल र घडादान गर्नुपर्दछ, देवमन्दिर अगाडि रङ्गवल्ली बनाएको भए गाई र सुनको कमलदान

गर्नुपर्दछ, चतुर्मासामा अखण्ड बत्ती बाली व्रत गरेको भए दीपक र वस्त्रयुगलदान गर्नुपर्दछ, सागपात भोजन गरी व्रत गरेको भए काँसको पात्र र गाईदान गर्नुपर्दछ, चौबाटो वा दोबाटोमा गोग्रास राखी व्रत गरेको भए गाई र साँढेदान गर्नुपर्दछ, सयौं प्रदक्षिणा गरी व्रत गरेको भए वस्त्रदान गर्नुपर्दछ । जुन व्रतको यहाँ उल्लेख गरिएको छैन, ती व्रतमा सुवर्ण र गाईदान गर्नुपर्दछ । अरू विशेष कुरा हेमाद्रिबाट बुझ्न सकिन्छ ।

चातुर्मास्ये निषिद्धकर्माणि

तथा च भार्गवार्चनदीपिकायां पाद्मे –

शयनीबोधिनीमध्ये शमीदूर्वापमार्गकैः । भृङ्गराजेन देवांस्तु नार्चयीत कदाचन ।।

हेमाद्रौ पाद्मे – **आषाढादिचतुर्मासानभ्यङ्गं वर्जयेन्नरः । समाप्तौ च पुनर्दद्यात्तिलतैलयुतं घटम्।। आषाढादिचतुर्मासं वर्जयेन्नखकृन्तनम् । वृन्ताकं गृञ्जनं चैव मधु सर्पिर्घटान्वितम् ।। कार्तिक्यां तत्पुनर्हैमं ब्राह्मणाय निवेदयेत् ।।**' अन्यान्यपि केशकर्तनादिवर्जनसङ्कल्पानुरूपाणि पृथ्वीचन्द्रोदये ज्ञेयानि । टोडरानन्दे स्कान्दे –

'एकान्तरं द्व्यन्तरं वा कुर्यान्मासोपवासकम् । अनोदनं फलाहारं नक्तव्रतमथापि वा ।।'

चतुर्मासामा निषिद्ध कार्य

भार्गवार्चनचन्द्रिकामा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ – हरिशयनी र हरिबोधिनीको बीचमा भृङ्गराज, शमीपत्र, दूबो र अपामार्गद्वारा देवताको पूजा गर्न हुँदैन । हेमाद्रिमा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ – आषाढदेखि लिएर कार्तिकसम्म चतुर्मासामा तैलाभ्यङ्ग गर्न हुँदैन । चतुर्मासाको समाप्तिपछि तिलको तेलले भरिएको घडादान गर्नुपर्दछ । उक्त चारमहिनामा हात–खुट्टाका नङ काट्न हुँदैन, भण्टा र गाजरको सेवन गर्न हुँदैन । कार्तिक पूर्णिमाका दिन मह र घ्यूले भरिएको घडा ब्राह्मणका निमित्त दान गर्नुपर्दछ । सङ्कल्प गरी त्याग गर्न योग्य केश काट्ने कार्य आदिको विषयमा **पृथ्वीचन्द्रोदय**बाट ज्ञात गर्न सकिन्छ ।

टोडरानन्दमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – चतुर्मासामा एकदिन वा दुईदिनको अन्तर पारेर भोजन गर्ने, भात नखाई फलमात्र खाने अथवा नक्तव्रत गर्नेजस्ता प्रक्रियाबाट पनि मासोपवास गर्न सकिन्छ ।

तप्तमुद्राधारणविचारः

अत्रैव तप्तमुद्राधारणमुक्तं रामार्चनचन्द्रिकायां भविष्ये –

'शयन्यां चैव बोधिन्यां चक्रतीर्थे तथैव च । शङ्खचक्रविधानेन वह्निपूतो भवेन्नरः ।।' इति ।

'अतप्ततनूर्न तदामो अश्नुते' इति ऋग्वेदात्, **'स होवाच याज्ञवल्क्यस्तस्मात्पुमानात्महिताय हरिं भजेत् । सुश्लोकमौलेर्वर्माण्यग्निना सन्दधते'** इति शतपथश्रुतेः, **'प्रतद्विष्णो अब्जचक्रे सुतप्ते जन्माम्भोधीतर्तवे चर्षणीन्द्राः। मूले बाह्वोर्दधन्ये पुराणात्तु लिङ्गान्यङ्गे तप्तायुधान्यर्पयन्त'** इति सामवेदात् ।

'अग्निहोत्रं यथा नित्यं वेदस्याध्ययनं यथा । ब्राह्मणस्य तथैवेदं तप्तमुद्रादिधारणम् ।।' इति पद्मपुराणाच्चेति ।

'ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रो वा यदि वेतरः । शङ्खमुद्राङ्कितनुस्तुलसीमञ्जरीधरः ।। गोपीचन्दनलिप्ताङ्गो दृष्टश्चेत्तदघं कुतः ।। इति काशीखण्डात् । तत्प्रकारस्तु रामार्चनचन्द्रिकातो ज्ञेयः।

तप्तमुद्राधारण विचार

चतुर्मासामा तप्तमुद्रा धारण गर्नुपर्ने विषयमा **रामार्चनचन्द्रिकामा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ- हरिशयनी र हरिबोधिनीमा मानिसले शरीरमा आगोद्वारा तातो बनाइएका शङ्ख, चक्रले डाम्नुपर्दछ । यसरी डामिएर प्रकट भएको चिह्न नै चक्रतीर्थ हो । चक्रतीर्थ धारण गर्नाले मानिस अग्निपूत बन्दछ ।

ऋग्वेदमा भनिएको छ – जसले आफ्नो शरीरलाई डामेको छैन त्यसले मोक्ष प्राप्त गर्दैन । **शतपथश्रुतिमा** भनिएको छ – पुरुषले आत्मकल्याणका लागि हरिभजन गरोस् । पवित्र कीर्तिले प्रसिद्ध हुनुभएका भगवान् नारायणको चक्रको चिह्नलाई अग्निमा तताएर आफ्नो शरीरमा डाम्ने काम गरोस् ।

सामवेदको वाक्यमा भनिएको छ – हे विष्णु ! भवसागर पार तर्नको लागि जुन मानिस तिम्रो शङ्ख-चक्रद्वारा डामिन्छन् ती पछि गएर स्वर्गका राजा इन्द्र बन्दछन् । आफ्ना दुवै हातमा जसले तिम्रा चिह्न धारण गर्दछन्, ती तिम्रा सक्कली भक्त हुन् । **पद्मपुराणमा** भनिएको छ – ब्राह्मणका निमित्त वेदाध्ययन र अग्निहोत्रसरह तप्तमुद्रिकाको धारण पनि अनिवार्य कर्तव्य हो । **स्कन्दपुराणको काशीखण्डमा** भनिएको छ – 'ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र अथवा वर्णेतर संस्थाका कुनै पनि मानिस आफ्नो शरीरमा शङ्ख, चक्रको मुद्राद्वारा अङ्कित हुन्छ, तुलसीमञ्जरी धारण गर्दछ र अङ्गहरूमा गोपीचन्दनको लेपन गर्दछ भने त्यसको शरीरमा पाप कसरी बस्न सक्छ ?' शङ्ख-चक्रको मुद्रा धारण गर्ने विधि **रामार्चनचन्द्रिकाबाट** ज्ञात गर्न सकिन्छ ।

पृथ्वीचन्द्रोदयादयस्तु –

'यस्तु सन्तप्तशङ्खादिलिङ्गचिह्नतनुर्नरः । स सर्वयातनाभोगी चण्डालो जन्मकोटिषु ।।
द्विजं तु तप्तशङ्खादिलिङ्गाङ्किततनुं नरः । सम्भाष्य रौरवं याति यावदिन्द्राश्चतुर्दश ।।'

इति बृहन्नारदीयोक्तेः ।

'शङ्खचक्राद्यङ्कनं न गीतनृत्यादिकं तथा । एकजातेरयं धर्मो न जातु स्याद् द्विजन्मनः ।।
शङ्खचक्रे मृदा यस्तु कुर्यात्तप्तायसेन वा । स शूद्रवद्बहिः कार्यः सर्वस्माद् द्विजकर्मणः ।।
यथा श्मशानजं काष्ठमनर्हं सर्वकर्मसु । तथा चक्राङ्कितो विप्रः सर्वकर्मसु गर्हितः ।।'

तथा – **शिवकेशवयोरङ्कान्छूलचक्रादिकान्द्विजः । न धारयेत मतिमान्वैदिके वर्त्मनि स्थितः।।**

इति । विष्ण्वाश्वलायनादिवचनाद् ऋग्वेदादिश्रुतीनामन्यार्थत्वादन्यश्रुतीनां चासत्त्वाच्चक्रादिधारणं शूद्रविषयमित्यूचुः। **'नृत्यं चोदरार्थं निषिद्धम्'** इति श्रीधरस्वामी । यद्यपि निषेधस्य प्राप्तिसापेक्षत्वाद्विधिं विना च तदयोगादुपजीव्यविरोधेन **'न तौ पशौ करोति'** इतिवद्विकल्पो युक्तस्तथापि **'एकजातेरयं धर्मः'** इत्यनेन विधिवाक्यानामुपसंहाराद् द्विजातिनिषेधो नित्यानुवाद इति तदाशयः । अत्र शिष्टाचार एव सङ्कटपाशनिःसरणसृणिरिति सङ्क्षेपः ।

पृथ्वीचन्द्रोदय आदि ग्रन्थहरूमा उद्धृत **बृहन्नारदीयको** वचनअनुसार माथि उल्लेख गरिएका भविष्यपुराण, ऋग्वेद, सामवेद, शतपथश्रुति, पद्मपुराण र स्कन्दपुराण-काशीखण्डका भनाइको विपरीत मत प्रकट गरिएको पाइन्छ। जस्तै – जुन मानिस चक्र, शङ्ख, लिङ्ग आदि चिह्नबाट डामिएको हुन्छ त्यो चौध इन्द्रको शासन-कालसम्म रौरवनरकमा बास गर्दछ अथवा त्यस्तो मानिससँग कुरा गर्ने मानिस पनि रौरवनरकमा पर्दछ । **विष्णु, आश्वलायन** आदिले भनेका छन्- शङ्ख-चक्र आदि चिह्नले डामिनु, नाचगानमा आसक्त हुनुजस्ता कर्म खास जातिका निमित्त हुन्, द्विजहरूका लागि

होइनन् । जसले आफ्नो शरीरमा माटोले र तताएको फलामले शङ्ख–चक्रको चिह्न बनाउँछ त्यसलाई सम्पूर्ण द्विजकर्मबाट वञ्चित गरी शूद्रसमान मानेर बहिष्कार गर्नुपर्दछ । जसरी मसानको काठ सबैका निमित्त वर्जित हुन्छ त्यसरी नै चक्राङ्कित द्विज पनि सबै कर्ममा वर्जित हुन्छ । वैदिकसनातन धर्मको सरणिअनुसार धर्म–कर्म गर्ने मानिसले शिव र नारायणका त्रिशूल, चक्र आदि चिह्न शरीरमा धारण गर्नुहुँदैन ।

विष्णु, आश्वलायन आदिका उक्त वचनहरूबाट र माथि चर्चा गरिएका **ऋग्वेद, सामवेद, शतपथश्रुतिहरूको** माथि बताइएको अर्थ नभई अरूनै अर्थ भएको र डामिनै पर्छ भन्ने कुरा अरू कुनै श्रुतिमा नभएकाले पनि शङ्ख–चक्राङ्कित मुद्रा धारण गर्ने कुरा शूद्रहरूका लागि व्यवस्था गरिएको हो भनेर बुझ्नपर्दछ । यो कुरा विभिन्न आचार्यहरूले आ–आफ्ना ग्रन्थहरूमा प्रतिपादन गरेका छन् ।

श्रीधरस्वामीले आफ्नो पेट भर्नका लागि नाचगान गर्ने कुरा निषेध गरेका छन् । यद्यपि विधि नभईकन निषेध हुँदैन । यसकारण उपजीव्यमा विरोध परेको हुँदा **न तौ पशूकरोति**[२३] वाक्यमा विकल्प अर्थको अनुसन्धान गरिएझैं यहाँ

२३. क) जैमिनिसूत्रमा नञर्थविचारप्रसङ्गमा **'न सोम इति सुश्रुतिः'** (१०/८/५) सूत्रको व्याख्या गर्दा **"दर्शपूर्णमासयागयोराज्यभागौ प्रवृत्याम्नातम्' न तौ पशूकरोति न सोमे"** यो वाक्य दृष्टान्तरूपमा प्रयोग गरिएको छ । यसमा **'न सोमे'** वाक्य दृष्टान्तको वर्णन गर्ने अर्थवाद हो । यसको अर्थ जसरी सोमयज्ञमा आज्यभाग गर्रिदैनन् त्यसरी नै पशुयज्ञमा पनि आज्यभाग हुँदैनन् भन्नु हो । यहाँ पूर्वप्रकरणबाट आज्यभागको प्राप्ति नहुँदा पनि आज्यभागको निषेध गरिएको छ । यसलाई दृष्टान्तवर्णनात्मक अर्थवाद भनिन्छ । त्यसकारण यहाँ विकल्प देखिन्छ ।

ख) वैदिक वाक्यहरू विधि, अर्थवाद, मन्त्र, नामधेय र प्रतिषेध यी पाँच प्रक्रियाबाट विवेचनीय हुन्छन् । अहिले हाम्रो प्रतिपाद्य विषय प्रतिषेध हो । प्रतिषेधद्वारा कर्ता अवाञ्छित फल दिने कार्यबाट जोगिन्छ । सत्कर्मबाट उद्देश्यपूर्ति गर्न सफल हुन्छ र आत्मरक्षा गर्न पनि । विधिहरूले गर्नै पर्ने काममा अभिप्रेरित गर्दछन् । कुनै व्यवस्थित यज्ञद्वारा वाञ्छित फल प्राप्त गर्न निर्देश दिन्छन् । त्यसैगरी निषेधहरूले **'कलञ्जं न भक्षयेत्'** अर्थात् चरा मारेर खान हुँदैन अथवा विष खाएर मरेका पशुको मासु खान हुँदैन, असत्य भाषण गर्न हुँदैन भनी निर्देश दिएर पशुको मासु खाएर अथवा असत्य बोलेर प्राप्त हुने अवाञ्छित परिणामबाट जोगाउँछन् । संस्कृत भाषामा नञ्को अर्थ निषेध हो । जुन नशब्दबाट प्रकट हुन्छ । कुनै विशेषणमा न लाग्दा न को ठाउँमा अ वा अन् पनि हुन्छ । जस्तै संस्कृतमा **न ब्राह्मण इति – अब्राह्मणः** हुन्छ । **न धर्म इति – अधर्मः** हुन्छ । अकारादि शब्दमा न लाग्दा **अन्** हुन्छ । जस्तै – **न अर्थ इति – अनर्थः, न आतुर इति – अनातुरः** । न वा नञ्का ६ प्रकारका अर्थ शास्त्रहरूमा बताइएका छन् । तदनुसार – नञ्को अर्थ सादृश्य, अभाव, तदन्यत्व, तदल्पता, अप्राशस्त्य र विरोध हुन् । (१) **सादृश्यको** उदाहरण जस्तै– **अब्राह्मणः** पदमा लागेको नञ्ले ब्राह्मणसमान क्षत्रिय भन्ने अर्थ बुझाउने हुनाले नञ्को अर्थ सादृश्य भयो । (२) **अभावको** उदाहरण जस्तै – **घटो नास्ति** पदमा रहेको नञ्ले घटको अभाव बुझाउने हुँदा नञ्को अर्थ अभाव भयो ।(३) **तदन्यत्वको** उदाहरण जस्तै – **अघटः पटः** वाक्यमा नञ्ले घटभिन्न पट भन्ने अर्थ बुझाउने हुँदा नञ्को अर्थ तदन्यत्व भयो। (४) **तदल्पताको** उदाहरण जस्तै – **अलवणा यवागूः** अर्थात् नून नभएको जौको फाँडो – यस वाक्यमा नुन नपुगेको फाँडो भन्ने अर्थ बुझिनाले नञ्को अर्थ अल्पत्व भयो । (५) **अप्राशस्त्यको** उदाहरण जस्तै – **अकाले अधीते** यस वाक्यको पढ्न नहुने खराब समयमा पढ्छ भन्ने अर्थ बुझिनाले यहाँ नञ्को अर्थ अप्राशस्त्य अर्थात् निन्दा भयो । (६) **विरोधको** उदाहरण जस्तै – **असुरः** पदको अर्थ देवताको विरोधी दैत्य बुझिनाले यहाँ नञ्को अर्थ विरोध भयो। नञ्का दुईथरि रूप हुन्छन् – प्रसज्यप्रतिषेध र पर्युदास । प्रसज्यप्रतिषेधको विषयमा भनिएको छ –

अप्राधान्यं विधेर्यत्र प्रतिषेधे प्रधानता । प्रसज्यप्रतिषेधोऽसौ क्रियया सह यत्र नञ् ।।

अर्थात् जहाँ विधि गौण हुन्छ, निषेध प्रधान हुन्छ र नञ् क्रियासँग जोडिएको हुन्छ त्यो अवस्थालाई प्रसज्यप्रतिषेध भनिन्छ। जस्तै– **कलञ्जं न भक्षयेत्** । यहाँ चरा मारेर खानु हुँदैन अथवा विष खाएर मरेका पशुको मासु खानु हुँदैन भनी कलञ्ज भक्षणलाई

पनि विकल्पको अनुसन्धान गर्नुपर्दछ । यति हुँदाहुँदै पनि **एकजातेरयं धर्मः** यस वचनद्वारा सामान्य वाक्यहरूको उपसंहार गरी द्विजातिलाई निषेध गरिनुमा नित्यानुवादनामक अर्थवाद रहेको छ । जातिविशेषको धर्म हो भनिएबाट द्विजाति त्रिशूल, चक्र, शङ्खद्वारा डामिनु हुँदैन भन्ने निषेध स्वतः सिद्ध छ । यहाँ वस्तुतथ्य के हो भने सङ्कटबाट पार हुन शिष्टहरूको आचार नै सर्वोत्तम उपाय हो ।

कोकिलाव्रतम्

आषाढपौर्णमास्यां कोकिलाव्रतमुक्तं हेमाद्रौ भविष्ये –

आषाढपौर्णमास्यां तु सन्ध्याकाले ह्युपस्थिते । सङ्कल्पयेन्मासमेकं श्रावणे प्रत्यहं ह्यहम् ।।

स्नानं करिष्ये नियता ब्रह्मचर्ये स्थिता सती । भोक्ष्यामि नक्तं भूशय्यां करिष्ये प्राणिनां दयाम्।।

इति । अस्य नक्तव्रतत्वात्सायाह्नव्यापिनी ग्राह्या ।

कोकिलाव्रत

आषाढपूर्णिमाका दिन कोकिलाव्रत गर्ने विधान छ । **हेमाद्रिमा** उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ - आषाढपूर्णिमाका दिन सन्ध्याकाल भएपछि कोकिलाव्रत गर्न चाहने नारीले 'मैले श्रावणमहिनाभर ब्रह्मचर्यमा रही नक्तभोजन गर्नेछु, भुईंमा शयन गर्नेछु र प्राणीहरूमा दया गर्नेछु' भनी सङ्कल्प गर्नुपर्दछ । कोकिलाव्रत नक्तव्रत भएकाले यसमा सायँकालव्यापिनी पूर्णिमा लिनुपर्दछ ।

शिवशयनोत्सवः

अत्रैव शिवशयनोत्सव उक्तो हेमाद्रौ वामनपुराणे –

'पौर्णमास्यामुमानाथः स्वपते चर्मसंस्तरे । वैयाघ्रे च जटाभारं समुद्ग्रथ्याहिवर्ष्मणा ।।'

मदनरत्नेऽप्येवम् । इयं च प्रदोषव्यापिनी ।

शिवशयनोत्सव

आषाढ पूर्णिमाका दिन शिवशयनोत्सवव्रत गर्ने विधान छ । **हेमाद्रिमा** उद्धृत **वामनपुराण**को वचनमा भनिएको छ – आषाढ पूर्णिमामा भगवान् शिव नागद्वारा जटाजूट कसेर बाघको छालामा शयन गर्नुहुन्छ ।

मदनरत्नमा पनि भनिएको छ कि – यो आषाढपूर्णिमा लिँदा प्रदोषव्यापिनी लिनुपर्दछ ।

पूर्णतया निषेध गरिएको छ। अर्को कुरा भक्षयेत् क्रियासँग नञ्को योग भएको छ । नञ्को दोस्रो भेद हो पर्युदास ।

प्राधान्यं च विधेर्यत्र प्रतिषेधेऽप्रधानता । पर्युदासः स विज्ञेयो यत्रोत्तरपदेन नञ् ।।

जुन वाक्यमा विधि प्रधान हुन्छ, निषेध गौण हुन्छ र उत्तरवर्ती पदका साथ नञ् जोडिएको हुन्छ त्यस वाक्यमा प्रयोग गरिएको नञ्लाई पर्युदास भनिन्छ । जस्तै – नेक्षेतोद्यन्तमादित्यम् अर्थात् उदाइरहेका सूर्यको दर्शन गर्न हुँदैन । यहाँ सूर्यको दर्शन गर्न हुँदैन भन्ने अर्थ नभई उदयकालका सूर्यको मात्र दर्शन गर्न हुँदैन भन्ने अर्थबोध हुनाले यहाँ निषेध गौण छ । वस्तुतः माथिका दुवै उदाहरणहरूमा पृथक्ता देखाउने कारण अन्वय नै हो । धातुको अर्थमा नञ् अर्थको अन्वय गर्दा पर्युदास हुन्छ र प्रत्ययको अर्थमा नञ्को अन्वय गर्दा प्रसज्यप्रतिषेध हुन्छ ।

व्यासपूजा

अत्रैव व्यासपूजोक्ता । तत्र त्रिमुहूर्ता चेत् परैवेति संन्यासपद्धतौ । **'त्रिमुहूर्ताधिकं ग्राह्यं पर्व क्षौरप्रणामयोः।'** इति वचनात् ।

इति श्रीरामकृष्णभट्टात्मजदिनकरभट्टानुजकमलाकरभट्टकृते निर्णयसिन्धौ आषाढः समाप्तः ।

व्यासपूजा

आषाढको पूर्णिमालाई व्यासपूर्णिमा पनि भनिन्छ । यस तिथिमा गुरुका रूपमा व्यासको पूजा गर्नुपर्दछ । **संन्यासपद्धतिमा** लेखिएअनुसार पहिलो दिन पूर्णिमा तीनमुहूर्तमात्र छ भने दोस्रो दिन लिनुपर्दछ । किनकि यस्तो वचन पाइन्छ – प्रणाम, वन्दना, पूजा, क्षौरकर्म र विशेषपर्वमा तीनमुहूर्तभन्दा बढी प्रमाणको पूर्णिमातिथि ग्राह्य हुन्छ ।[२४]

इति आषाढमास ।

अथ श्रावणमासः

कर्कसंक्रान्तौ पुण्यकालः[२५]

कर्कसंक्रान्तौ पूर्वं त्रिंशद्दण्डाः पुण्यकालः । सूर्योदयोत्तरं संक्रमे तु परत एव पुण्यम् । रात्रौ तु निशीथात्प्राक् परतश्च संक्रमेऽपरार्कहेमाद्र्यनन्तभट्टादिमते पूर्वोत्तरदिनयोः पञ्च पञ्च नाड्यः पुण्यकालः ।

---

२४. आषाढशुक्लपूर्णिमामा महामुनि व्यासको गुरुका रूपमा श्रद्धाभक्तिका साथ पूजा गर्नुपर्छ । यो पूजाकर्ममा **'अत्र कर्मणि औदयिकी त्रिमुहूर्ता पौर्णमासी ग्राह्या'** भनिएको हुँदा र **'तत्र त्रिमुहूर्ता चेत् परैवेति'** पनि भनिएको हुँदा औदयिकी पूर्णिमा तीन मुहूर्तसम्म छ भने त्यसै दिनको अर्थात् पछिल्लो दिनको पूर्णिमामा नै लिनुपर्छ । अपरार्कमा गुरुको महिमा यस्तो छ –

विना तु गुरुणा सम्यग्बोधकेन विपश्चिता । नैव विद्याफलप्राप्तिर्गुरुं तस्मात्तु पूजयेत् ।।
अज्ञानदुःखशमनं नरकोद्धारणं तथा । कुतो माता पिता वाऽपि बान्धवोऽपि महागुणः ।।
तादृगभ्युदयं कुर्याद् यादृक् कुर्याद् गुरुर्महत् । कोऽन्यो ज्ञानेन दुःखौघादुद्धरेद् भवबन्धनात् ।।
सम्यक् शास्त्रार्थबोद्धारं महादेववदर्चयेत् । गुरुः पिता गुरुर्माता गुरुर्देवो गुरुर्गतिः ।।
शिवे रुष्टे गुरुस्त्राता गुरौ रुष्टे न कश्चन ।।

२५. क) कर्कटसंक्रान्तौ लूतप्रक्षेपणमन्त्र –

कण्डारक सुराधीश गृहाण दीपमुत्तमम् । सरलेन्धनसम्भूतं ममारिष्टं विनाशय ।।
कण्डारक रात्रिचर लूतादिभयनाशन । उल्कामिमां प्रक्षिपामि माऽस्तु लूताभयं मम ।।

साउने संक्रान्तिको दिन बेलुका दीप, कलश, गणेशको पूजनका साथै कण्डारक देवताको पूजा गरी लूतो फाल्ने काम गर्नुपर्दछ । यसो गरेमा लूतो आदि छाला चिलाउने रोग लाग्ने डर हुँदैन ।

ख) श्रावणमास सोमवारव्रतमहिमा –

सोमवारव्रतं कार्यं श्रावणे वै यथाविधि । शक्तेनोपोषणं कार्यमथवा निशि भोजनम् ।।
सोमवारे विशेषेण प्रदोषादिगुणैर्युते । केवलं वाऽपि ये कुर्युः सोमवारे शिवार्चनम् ।।

कर्कसंक्रान्तिको पुण्यकाल

कर्कसंक्रान्ति यद्वा श्रावणसंक्रान्तिमा पहिलेका ३० घडी पुण्यकाल मानिएका छन् । सूर्योदयपछि संक्रान्तिकाल परेमा सूर्योदयपछिका ३० घडी पुण्यकाल हुन्छन् । **अपरार्क, हेमाद्रि** र **अनन्तभट्ट** आदिका मतमा आधारातभन्दा पहिले संक्रान्ति परेको छ भने पहिलो दिनका ५ घडी र आधारातपछि संक्रान्ति परेको छ भने पछिल्लो दिनका ५ घडी पुण्यकाल मानिन्छ ।

'धनुर्मीनावतिक्रम्य कन्यां च मिथुनं तथा । पूर्वापरविभागेन रात्रौ संक्रमते रविः ।।
दिनान्ते पञ्च नाड्यस्तु तदा पुण्यतमाः स्मृताः । उदयेपि तथा पञ्च दैवे पित्र्ये च कर्मणि ।।'
इति स्कान्दोक्तेश्च ।

यस विषयमा **स्कन्दपुराणमा** यसरी बताइएको छ कि मीन, मिथुन, कन्या, धनुराशि छाडेर अरू राशिमा रातिको पहिलो भाग र पछिल्लो भागको बीचमा सूर्यसंक्रान्ति परेमा पहिलो भागमा भए दिनान्तका पाँच घडी र पछिल्लो भागमा भए अर्को दिनको आरम्भका पाँच घडीलाई पुण्यकाल मानिन्छ । उक्त पुण्यकाल देव-पितृकर्मका लागि उत्तम मानिएको छ ।

'पूर्वापरविभागेनेति मकरकर्कभिन्नसंक्रान्तिपरम् । वक्ष्यमाणवचोविरोधात्' इत्युक्तं मदनरत्ने। तेनायमर्थः- रात्रौ पूर्वभागे मकरे उदये पञ्च नाड्यः पुण्यकालः । रात्रावपरभागे कर्कटे दिनान्ते पञ्च नाड्यः पुण्यकालः । विषुवतोस्तु पूर्वदिने पश्चापरदिने च पञ्चेति वाक्यान्तरानुरोधात् । तेन हेमाद्रिमाधवयोः सर्ववचनानां चाविरोधः । माधवमते -
'अर्धरात्रे तदूर्ध्वं वा संक्रान्तौ दक्षिणायने । पूर्वमेव दिनं ग्राह्यं यावन्नोदयते रविः ।।'
इति वृद्धगार्ग्योक्तेः ।
'मिथुनात्कर्कसंक्रान्तिर्यदि स्यादंशुमालिनः । प्रभाते वा निशीथे वा तदा पुण्यं तु पूर्वतः ।।'
इति भविष्योक्तेश्च पूर्वदिन एव पुण्यम् । दाक्षिणात्यास्त्वेतदेवाद्रियन्ते । अत्र रात्रावपि स्नानादि भवतीत्युक्तं प्राक् । अत्र दानोपवासादि पूर्वमेवोक्तम् ।

मदनरत्नको भनाइअनुसार माथिको पद्यमा आएको **पूर्वापरविभागेन** पदको अर्थ पूर्व र पछिको विभाग मकर एवं

न तेषां विद्यते किञ्चिदिहामुत्र च दुर्लभम् । उपोषितः शुचिर्भूत्वा सोमवासरे जितेन्द्रियः ।।
वैदिकैर्लौकिकैर्वापि विधिवत् पूजयेच्छिवम् । ब्रह्मचारी गृहस्थो वा कन्या वापि सभर्तृका ।।
विभर्तृका वा सम्पूज्य लभते वरमीप्सितम् ।। अपुत्रो लभते पुत्रान् निर्धनो धनवान् भवेत् ।।
अविद्यो लभते विद्यामिति धर्मविदो विदुः ।। इति ।

अर्थात् श्रावणमहिनामा विधिपूर्वक सोमवारव्रत गर्नुपर्दछ । समर्थ व्यक्तिले उपवास गर्नुपर्दछ अथवा नक्तभोजन गर्नुपर्दछ। विशेष गरेर प्रदोष आदि गुणले सम्पन्न श्रावणको सोमवारका दिन शिवपूजाको ठूलो महत्त्व छ । प्रदोष आदि नभए पनि सोमवारका दिन शिवको अर्चना गर्नुपर्दछ । यसरी जसले श्रावणको सोमवारका दिन भगवान् शिवको आराधना गर्दछन् तिनीहरूका निमित्त इहलोक र परलोकमा दुर्लभ भन्ने कुनै वस्तु हुँदैन । सोमवारको व्रत लिने मानिसले पवित्र भएर आफ्ना इन्द्रियहरूमाथि संयम गरी वैदिक अथवा लौकिक मन्त्रहरूद्वारा विधिवत् शिवको पूजा गर्नुपर्दछ । ब्रह्मचारी, गृहस्थ, कन्या, सधवा नारी अथवा विधवा नारी जसले सोमवारको दिन शिवको आराधना गर्दछन् तिनीहरूले आफूले चिताएको फल प्राप्त गर्दछन् । पुत्रहीन व्यक्तिले पुत्र प्राप्त गर्दछ, निर्धन समृद्धशाली बन्दछ र विद्या नभएको मानिसले विद्या प्राप्त गर्दछ भन्ने कुरा धर्मका ज्ञाता महर्षिहरूले बताएका छन् ।

कर्कसंक्रान्तिमा मात्र लागु हुन्छ, अन्यत्र हुँदैन । किनकि अन्यत्र त यसपछि बताइने वाक्यबाट विरोध पर्न आउँछ । यसको तात्पर्य यसप्रकार छ – रात्रिको पूर्वभागमा मकरसंक्रान्ति परेको छ भने दिनका अन्तको पाँच घडी र रात्रिको पछिल्लो भागमा कर्कसंक्रान्ति परेको छ भने अर्को दिनका ५ घडी पुण्यकाल हुन्छन् । फेरि विषुवत् अर्थात् मेषसंक्रान्ति र तुलासंक्रान्तिमा पहिलो दिन पाँच घडी र पछिल्लो दिन पाँच घडी पुण्यकाल हुन्छ भन्ने वचनविशेषको अनुरोध छ । उक्त वचनसँग **हेमाद्रि** एवं **माधव**का वचनहरूको कुनै विरोध छैन ।

माधवको मतअनुसार दक्षिणायनको संक्रान्तिमा आधारात वा आधारातपछि जबसम्म सूर्योदय हुँदैन पहिलो दिनमा नै पुण्यकाल लिनुपर्दछ भन्ने कुरा वृद्ध गार्ग्यले बताएका छन् । फेरि **भविष्यपुराण**मा भनिएको छ – सूर्य मिथुनराशिबाट कर्कराशिमा प्रवेश गर्दा हुने कर्कसंक्रान्ति बिहानै अथवा रात्रिमा पर्‍यो भने अघिल्लो दिन पुण्यकाल लिनुपर्दछ । यस भनाइबाट पूर्व दिनमा नै पुण्यकाल हुन्छ भन्ने कुरा स्पष्ट छ । दाक्षिणात्यहरू यसै मतलाई आदर गर्दछन्। यसमा रात्रिमा पनि स्नान, दान आदि गरिन्छ । यी दिनहरूमा गरिने दान आदिका विषयमा पहिले नै भनिएको छ ।

कर्कसंक्रान्तौ केशादिकर्तनविचारः

तथा कर्के केशादिकर्तनं निषिद्धम् ।

'कुम्भे कर्कटके वापि कन्यायां कार्मुके रवौ । रोमखण्डं गृहस्थस्य पितॄन्प्राशयते यमः ।।'

इति सुमन्तुवचनादित्युक्तं जीवत्पितृकनिर्णये गुरुभिः ।

कर्कटराशिमा सूर्य हुँदा केशमुण्डनविचार

कर्कराशिमा सूर्यको स्थिति हुँदा केशमुण्डन निषिद्ध हुने विषयमा **सुमन्तु** भन्दछन् – सूर्यनारायण कर्क, कन्या, धनु र कुम्भमा जाँदा केशमुण्डन गरेमा यमराजले ती केशमुण्डन गर्ने मानिसहरूका पितृहरूलाई खौरिएका केश खुवाउँछन्। त्यो कुरा जीवत्पितृकश्राद्धको निर्णय गर्दा मेरा गुरुचरणहरूले बताउनुभएको छ ।

नदीनां रजोदोषकथनम्

अथ नदीनां रजोदोषः । हेमाद्रावत्रिः –

'सिंहकर्कटयोर्मध्ये सर्वा नद्यो रजस्वलाः । न स्नानादीनि कर्माणि तासु कुर्वीत मानवः ।।'

इदं च क्षुद्रनदीषु ।

'सिंहकर्कटयोर्मध्ये सर्वा नद्यो रजस्वलाः । तासु स्नानं न कुर्वीत वर्जयित्वा समुद्रगाः ।।' इति व्याघ्रोक्तेः।

नदीहरूको रजोदोषसम्बन्धी निर्णय

नदीहरूको रजोदोषका सम्बन्धमा **हेमाद्रि**मा उद्धृत **अत्रि**को भनाइ यसप्रकार छ – 'सूर्य कर्क र सिंहमा रहँदा सबै नदी रजस्वला हुन्छन् । मानिसहरूले त्यसबेला ती नदीहरूमा स्नान, दान आदि कर्म गर्न हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो निषेध क्षुद्र नदीहरूका लागि हो । किनकि यसबारे व्याघ्र भन्दछन् – श्रीसूर्य सिंह र कर्कमा रहँदा सबै नदी रजस्वला हुन्छन् तिनमा स्नान गर्नु हुँदैन । समुद्रमा जाने महानदीहरूमा रजोदोष लाग्दैन । तसर्थ तिनमा स्नान गर्नु पर्दछ ।

मात्स्ये त्वगस्त्योदयावधित्वमुक्तम् –

'यावन्नोदेति भगवान्दक्षिणाशाविभूषणः । तावद्रजो महानद्यः करतोयाः प्रकीर्तिताः ।।'

करतोया अल्पतोयाः । तथा कात्यायनः –

'याः शोषमुपगच्छन्ति ग्रीष्मे कुसरितो भुवि । तासु प्रावृषि न स्नायादपूर्णे दशवासरे ।।'

इदं चापदि । स्मृतिसंग्रहे –

'धनुःसहस्राण्यष्टौ तु गतिर्यासां न विद्यते । न ता नदीशब्दवहा गर्तास्ताः परिकीर्तिताः ।।'

महानदीषु तु भविष्ये उक्तम् –

'आदौ तु कर्कटे देवि महानद्यो रजस्वलाः । त्रिदिनं च चतुर्थेऽह्नि शुद्धाः स्युर्जाह्नवी यथा।।'

मत्स्यपुराणमा भने अगस्त्यनक्षत्रको उदयकालसम्म सबै नदी रजस्वला हुने कुरा बताउँदै भनिएको छ – 'दक्षिणदिशाका गहना अगस्त्यमुनि नउदाएसम्म सबै नदी रजस्वला हुन्छन् ।' यही कुरा बताउँदै **कात्यायन** भन्दछन् – ग्रीष्मऋतुमा सुक्ने कुनदीहरूमा वर्षाऋतुमा १० दिनसम्म स्नान गर्न हुँदैन ।

निर्णयसिन्धुकार भन्दछन् – यो आपत्ति परेका बेलामात्र लागु हुन्छ । **स्मृतिसंग्रहमा** भनिएको छ – जुन नदीहरूको लम्बाइ ८००० धनु बराबरको हुँदैन ती नदी नदी नै होइनन् अपितु तिनलाई गर्त अर्थात् खाडल भन्नुपर्दछ।

महानदीहरूको रजोधर्मका विषयमा **भविष्यपुराणमा** भनिएको छ – सूर्यनारायणको कर्कप्रवेशको प्रारम्भिक चरणमा तीन दिनसम्म सबै नदी रजस्वला हुन्छन् । चौथो दिन ती महानदीहरू भागीरथीझैं पवित्र हुन्छन् ।

महानद्यः

महानद्यश्च ब्राह्मे –

'गोदावरी भीमरथी तुङ्गभद्रा च वेणिका । तापी पयोष्णी विन्ध्यस्य दक्षिणे तु प्रकीर्तिताः ।।

भागीरथी नर्मदा च यमुना च सरस्वती । विशोका च विहस्ता च विन्ध्यस्योत्तरसंस्थिताः ।।

द्वादशैता महानद्यो देवर्षिक्षेत्रसम्भवाः ।।' मदनरत्ने पुराणान्तरे–

'महानद्यो देविका च कावेरी वञ्जरा तथा । रजसा तु प्रदुष्टाः स्युः कर्कटादौ त्र्यहं नृप ।।'

महानदीहरूको नामावली र रजोदोष विचार

ब्रह्मपुराणमा प्रमुख नदीहरूका नाम निरूपण गरिएको छ । तदनुसार विन्ध्याचलको दक्षिण भागमा रहेका नदीहरूको नाम यस प्रकार छन् – गोदावरी, भीमरथी, तुङ्गभद्रा, वेणी, तापी र पयोष्णी । विन्ध्याचलको उत्तरभागमा रहेका नदीका नाम यस प्रकार छन् – भागीरथी, नर्मना, यमुना, सरस्वती, विशोका, विहस्ता नामक नदीहरू विन्ध्याचलदेखि उत्तरतर्फ रहेका छन् । यी बाह्रवटै महानदी देवता र ऋषिका पुण्यधामबाट पैदा भएका हुन् । **मदनरत्नमा** प्रस्तुत पुराणान्तरका नदीसम्बन्धी वचन यसप्रकार छन् – देविका, कावेरी र वञ्जरानामक यी महानदीहरू कर्कसंक्रान्तिको आरम्भ भएपछि तीन दिनसम्म रजोदोषका कारण दूषित हुन्छन् ।

कात्यायनः – **कर्कटादौ रजोदुष्टा गोमती वासरत्रयम् । चन्द्रभागा सती सिन्धुः सरयूर्नर्मदा तथा।।**

इदं गङ्गाद्यतिरिक्तविषयम् ।

'गङ्गा च यमुना चैव प्लक्षजाता सरस्वती । रजसा नाभिभूयन्ते ये चान्ये नदसंज्ञिताः ।।

शोणसिन्धुहिरण्याख्याः कोकलोहितघर्घराः । शतद्रूश्च नदाः सप्त पावनाः परिकीर्तिताः ।।'

इति देवलोक्तेः । यत्तु – **'प्रथमं कर्कटे देवि त्र्यहं गङ्गा रजस्वला'** इत्यादि वचनं तज्जाह्नवीभिन्नगोदावर्यादि-गङ्गान्तरपरमिति मदनरत्ने । अन्ये त्वन्तर्गतरजोविषयम् ।

गङ्गा धर्मद्रवः पुण्या यमुना च सरस्वती । अन्तर्गतरजोदोषाः सर्वावस्थासु चामलाः ।। इति निर्णयामृते।

यसबारे **कात्यायन** भन्दछन् – गोमती, सरयू, नर्मदा र सिन्धु यी नदीहरू कर्कसंक्रान्तिको आरम्भ भएपछि तीन दिनसम्म रजोदोषका कारण दूषित हुन्छन् । तीन दिनसम्म रजोदूषित हुने कुरा गङ्गानदीबाहेकका अरू नदीहरूका विषयमा जान्नुपर्दछ । **देवल** भन्दछन् – गङ्गा, यमुना, प्लक्षजाता, सरस्वती र नदहरू कहिले पनि रजोदूषित हुँदैनन् । शोण, सिन्धु, हिरण्या, कोकी, लोहित, घर्घरा र शतद्रु यी सात पवित्र नद हुन् । **मदनरत्न**मा भनिएको छ – जुन कर्कको आरम्भमा तीन दिनसम्म गङ्गा रजस्वला हुन्छिन् भन्ने कुरा गरिएको छ त्यो भागीरथीभन्दा बाहेक कावेरी आदि गङ्गाका विषयमा भनिएको हो। कसैले तीन दिनसम्म रजोदूषित हुन्छिन् भनेका छन् त्यस विषयमा **निगम**को वचन यसप्रकार छ– 'धर्मद्रवमयी पुण्यनदी गङ्गा, यमुना र सरस्वती यी नदीहरू सबै अवस्थामा निर्मल हुन्छन् । यिनको रजोदोष बाहिर प्रकट हुँदैन ।'

नद्यादौ तीरवासिनां रजोदोषविचारः

अन्तर्गतरजोदोषो नास्ति । **'न तु तत्तीरवासिनाम्'** इति निगमोक्तेः । रजोदुष्टमपि जलं गङ्गाजलयोगे पावनम् । **'गङ्गाम्भसा समायोगाद्दुष्टमप्यम्बु पावनम् ।'** इति मात्स्योक्तेः ।

महानदीका तीरका बासिन्दामा रजोदोषको अभाव

महानदीका तीरमा बसोबास गर्ने मानिसहरूले नदीहरू रजस्वला हुँदा स्नान आदि कर्म गरेको दोष लाग्दैन । किनकि निगममा **न तु तत्तीरवासिनाम्** अर्थात् महानदीका तीरवासीहरूमा रजोदोष लाग्दैन भनिएको छ । महानदीहरूको रजोदूषित जल पनि गङ्गाजलको सम्पर्क भएपछि पवित्र बन्दछ भन्ने कुरा **मत्स्यपुराण**मा उल्लेख गरिएको छ ।

नूतनकूपादौ विचारः

नूतनकूपादौ तु योगियाज्ञवल्क्यः –

'अजा गावो महिष्यश्च ब्राह्मणी च प्रसूतिका । भूमेर्नवोदकं चैव दशरात्रेण शुध्यति ।।'

इति । क्वचित्त्वदोषमाह व्याघ्रपादः –

'अभावे कूपवापीनामनपायिपयोभृताम् । रजोदुष्टेऽपि पयसि ग्रामभोगो न दुष्यति ।।'

गौडास्तु – **'अन्येनापि समुद्धृते'** इति द्वितीयपादे पाठः । तेनोद्धृते न दोषः । तथा च **'तासु स्नानं नेति प्रागुक्तम्'** इत्याहुः । वसिष्ठोऽपि –

उपाकर्मणि चोत्सर्गे प्रेतस्नाने तथैव च । चन्द्रसूर्यग्रहे चैव रजोदोषो न विद्यते ।। इत्यलं विस्तरेण।

नयाँ कुवा आदिको शुद्धिविचार

याज्ञवल्क्यले बताएका छन्– सुत्केरी भएका गाई, बाख्रा, भैंसी, ब्राह्मणी[२६] र नयाँ कुवाको जल १० रातमा शुद्ध

२६. ब्राह्मणी भनेर सबै वर्ण र जातिका स्त्रीहरूलाई लिनुपर्छ भन्ने शास्त्रप्रवर्तकहरूको निर्णय रहेको छ । त्यस्तै गाई, भैंसी र बाख्राको दूध र दुग्धजन्य पदार्थ पनि ब्याएको दशरात नभईकन देवकार्य, पितृकार्य आदिमा प्रयोग गर्नु हुँदैन ।

हुन्छन्। कहीँ कहीँ दोषै नहुने कुरा पनि बताइएको छ । **व्याघ्रपाद** भन्दछन् – कुवा र पोखरीको अभावमा स्थिररूपमा निर्मल जल प्रवाहित गर्ने नदीहरूको जल स्थानीय बासिन्दाको भोगका लागि दूषित हुँदैन । **गौडहरू** त प्रासङ्गिक पद्यको दोस्रो चरणमा पाठान्तरका रूपमा **अन्येनापि समुद्धृते** गराएर अरूले नदीबाट ल्याएको र आफूले नदीबाट ल्याएको जल दूषित हुन्छ तर त्यहीं गएर नुहाएको जल दूषित हुँदैन भन्दछन् । यस विषयमा **वसिष्ठ**को भनाइ छ – 'उपाकर्म, उत्सर्ग, प्रेतस्नान र चन्द्र-सूर्यग्रहणमा रजोदोष हुँदैन ।' यस विषयमा अधिक विस्तार आवश्यक देखिँदैन ।

श्रावणशुक्लतृतीया-चतुर्थीविचारः

श्रावणशुक्लतृतीया मधुस्रवाख्या गुर्जरेषु प्रसिद्धा । सा परयुता ग्राह्येति दिवोदासः । श्रावणशुक्लचतुर्थी पूर्वयुता । '**मातृविद्धो गणेश्वरः**' इत्यादिवचनात् ।

श्रावणशुक्ल तृतीया एवं चतुर्थीसम्बन्धी विचार

श्रावणशुक्ल तृतीयालाई मधुस्रवा तृतीया भनिन्छ । यो गुजरातमा ज्यादै प्रसिद्ध छ । **दिवोदासले** चतुर्थीसंयुक्त तृतीया ग्राह्य हुन्छ भनेका छन् । श्रावणशुक्लचतुर्थी लिँदा तृतीयाविद्धा नै लिनुपर्दछ किनकि **मातृविद्धो गणेश्वरः** भनेको पाइन्छ । यसको तात्पर्य – गणेश्वर अर्थात् चतुर्थीतिथि, माता अर्थात् तृतीयातिथिबाट विद्ध भएको उत्तम हुन्छ भन्नु हो ।

श्रावणशुक्लपञ्चमीविचारः

श्रावणशुक्लपञ्चमी नागपूजादौ परैवेति । सामान्यनिर्णये उक्तम् । चमत्कारचिन्तामणौ –

पञ्चमी नागपूजायां कार्या षष्ठीसमन्विता । तस्यां तु तुषिता नागा इतरा सचतुर्थिका ।। इति।

श्रावणे पञ्चमी शुक्ला सम्प्रोक्ता नागपञ्चमी । तां परित्यज्य पञ्चम्यश्चतुर्थीसहिता हिताः ।।

इति मदनरत्नेऽभिधानाच्च । तेन परैवेति । अत्र विशेषो हेमाद्रौ भविष्ये –

श्रावणे मासि पञ्चम्यां शुक्लपक्षे नराधिप । द्वारस्योभयतो लेख्या गोमयेन विषोल्बणाः ।।

पूजयेद्विधिवद्वीर दधिदूर्वाङ्कुरैः कुशैः । गन्धपुष्पोपहारैश्च ब्राह्मणानां च तर्पणैः ।।

ये तस्यां पूजयन्तीह नागान् भक्तिपुरःसराः । न तेषां सर्पतो वीर भयं भवति कुत्रचित् ।। इति।

श्रावणशुक्लपञ्चमी अर्थात् नागपञ्चमी विचार

श्रावणशुक्लपञ्चमीलाई नागपञ्चमी भनिन्छ । यसमा दोस्रो पञ्चमी लिइन्छ । **चमत्कारचिन्तामणिमा** भनिएको छ- नागपूजामा पछिल्लो तिथि अर्थात् षष्ठीले युक्त पञ्चमी लिनुपर्दछ । यसो गर्दा नागहरू प्रसन्न हुन्छन् । अरू पञ्चमी चतुर्थीसहित नै लिनु राम्रो हुन्छ ।

यही कुरा **मदनरत्नमा** भनिएको छ – श्रावणशुक्लपञ्चमीलाई नागपञ्चमी भनिन्छ । त्यो पञ्चमीबाहेक अरू पञ्चमी चतुर्थीसहित लिनुपर्दछ । त्यसकारण नागपञ्चमी परा नै ग्राह्य हुन्छ । विशेष कुरा **हेमाद्रिमा** उद्धृत **भविष्यपुराणको** वचनमा यसरी बताइएको छ – 'श्रावणमासको शुक्लपञ्चमीका दिन आफ्ना घरको ढोकाको दुवैतर्फ गोबरले विषालु सर्पको चित्र लेखेर टाँस्नु पर्दछ । अथवा मूर्ति बनाउनुपर्दछ । ती चित्र यद्वा मूर्तिमा दही, दूबो, कुश, गन्ध, पुष्प, नैवेद्य आदि टक्र्याई पूजा गर्नुपर्दछ । ब्राह्मणहरूलाई तृप्त गराउनुपर्दछ । जसले नागपञ्चमीका दिन नागको पूजा गर्दछन्,

तिनलाई कहिले पनि सर्पभय हुँदैन ।'[२७]

श्रावणशुक्लद्वादशीविचारः

श्रावणशुक्लद्वादश्यां दधिव्रतं प्रागुक्तम् । तक्रादीनां त्वनिषेधः । तत्र दधिव्यवहाराभावादिति वक्ष्यते ।

श्रावणशुक्लद्वादशी विचार

श्रावणशुक्लद्वादशीमा दधिव्रत गर्नुपर्ने कुरा पहिले बताइएको छ । त्यो दिन दही खान निषेध गरिए पनि मही खान निषेध गरिएको छैन । किनकि महीमा दहीको व्यवहार कहिले पनि गरिँदैन । यसबारे पछि विस्तारपूर्वक बताइनेछ ।

विष्णोः शिवस्य च पवित्रारोपणकथनम्

अत्रैव विष्णोः पवित्रारोपणमुक्तं हेमाद्रौ विष्णुरहस्ये –

'श्रावणस्य सिते पक्षे कर्कटस्थे दिवाकरे । द्वादश्यां वासुदेवाय पवित्रारोपणं स्मृतम् ।।

द्वादश्यां श्रवणे वापि पञ्चम्यामथवा द्विज । आनुकूल्येषु कर्तव्यं पञ्चदश्यामथापि वा ।।'

इति । शिवे तु तत्रैव कालोत्तरे –

'आषाढान्ते चतुर्दश्यां नभस्यनभसोस्तथा । अष्टम्यां च चतुर्दश्यां पक्षयोरुभयोः समम् ।।'

इति । अन्यदेवतानां तु वक्ष्यते ।

द्वादशीमा विष्णु र शिवको पवित्रारोपण

हेमाद्रि र विष्णुपुराणमा विष्णुको पवित्रारोपण विषयमा चर्चा गरिएको छ – श्रावणशुक्लद्वादशीतिथिमा कर्कराशिमा सूर्य हुँदा भगवान् वासुदेवको प्रीतिका लागि पवित्रारोपण उत्सव गर्नुपर्दछ । श्रावणशुक्ल द्वादशी, पूर्णिमा र पञ्चमीमा श्रवणनक्षत्र हुँदा आफ्नो अनुकूलताले पवित्रारोपण गर्नुपर्दछ ।

शिवको पवित्रारोपणको विषयमा हेमाद्रिमा उद्धृत कालोत्तरको वचन यसप्रकार छ – आषाढमहिनाको अन्तिम चतुर्दशी भाद्र र श्रावणका दुवै पक्षका अष्टमी र चतुर्दशीमा शिवको पवित्रारोपण गर्नुपर्दछ । अरू देवताको पवत्रारोपणका सम्बन्धमा पछि चर्चा गरिनेछ ।

अधिवासनविचारः, गौणकालविषये मतमतान्तरकथनञ्च

अधिवासनं तु दीपिकायाम्– 'गोदोहान्तरिते काले पूर्वेद्युर्वाधिवासनम् ।' इति । गौणकालो रामार्चनचन्द्रिकायाम्–

'पवित्रारोपणं विघ्नाच्छ्रावणे न भवेद्यदि । कार्तिक्यवधि शुक्रास्ते कर्तव्यमिति नारदः ।।'

हेमरौप्यताम्रक्षौमैः सूत्रैः कौशेयपद्मजैः । कुशैः काशैश्च कार्पासैर्ब्राह्मण्या कर्तितैः शुभैः ।।

---

२७. नागपूजनमन्त्र – आस्तिकस्य मुनेमातर्जगदानन्दकारिणि । एह्येहि मनसा देवी नागमातर्नमोऽस्तु ते ।।
अगस्त्यश्च पुलस्त्यश्च वैशम्पायन एव च । सुमन्तुर्जैमिनिश्चैव पञ्चैते वज्रवारकाः ।।
नागपञ्चमीमा नागपूजा गरी घरद्वारमा टाँस्नाले बिजुली, अग्नि, वज्र, सर्प आदिको भय हुँदैन । नागपूजायां गृहारम्भे च नागशिरोज्ञानम्– भाद्र, आश्विन र कार्तिकमा पूर्व, मार्गशीर्ष, पौष र माघमा दक्षिण, फाल्गुन, चैत्र र वैशाखमा पश्चिम, ज्येष्ठ, आषाढ र श्रावणमा उत्तरदिशामा नागको शिर हुन्छ । जुन महिनामा नागको पूजा गर्नु छ त्यो महिनामा नागको शिर त्यतै छ भन्ने सम्झी पूजा गर्नुपर्दछ ।

कृत्वा त्रिगुणितं सूत्रं त्रिगुणीकृत्य शोधयेत् । तत्रोत्तमं पवित्रं तु षष्ट्या सह शतैस्त्रिभिः ।।
सप्तत्या सहितं द्वाभ्यां शताभ्यां मध्यमं स्मृतम् । साशीतिना शतेनैव कनिष्ठं तत्समाचरेत् ।।
साधारणपवित्राणि त्रिभिः सूत्रैः समाचरेत् । उत्तमं तु शतग्रन्थि पञ्चाशद्ग्रन्थि मध्यमम् ।।
कनिष्ठं तु पवित्रं स्यात्षट्त्रिंशद्ग्रन्थि शोभनम् । षट्त्रिंशच्च चतुर्विंशद्द्वादशेति च केचन।।
चतुर्विंशद् द्वादशाष्टावित्येके मुनयो विदुः ।।'

अधिवासन विचार र गौणकालको विषयमा मतमतान्तर निरूपण

दीपिका ग्रन्थमा अधिवासन अर्थात् देवमूर्तिको प्रतिष्ठा गर्ने समय निर्देश गर्दै भनिएको छ – पवित्रारोपणको अघिल्लो दिन गाई दुहुने समयमा शास्त्रको विधि अँगालेर अधिवासन गर्नुपर्दछ । **रामार्चनचन्द्रिकामा** पवित्रारोपण अर्थात् वर्ष दिनसम्म गरिएको पूजा–आराधना सफल होस् भनी शास्त्रद्वारा निर्दिष्ट तिथिमा आराध्य देवतालाई काँचो धागोको पवित्र अर्पण गर्ने कर्मको गौणकाल बताउँदै भनिएको छ – श्रावणमासमा विष्णुको पवित्रारोपण हुनसकेन भने कार्तिकमा गर्नुपर्दछ । शुक्रास्तमा पवित्रारोपण वर्जित हुँदैन । सुन, चाँदी, ताँबो, पात, रेशम, कमल, कुश, काँस र कपासबाट पवित्रारोपणका लागि धागो तयार गर्ने काम कुनै ब्राह्मणीद्वारा गराउनुपर्दछ । पहिले तेब्र्याएर कात्नुपर्दछ र पछिबाट पनि तेब्र्याउनु पर्दछ । ३६० धागाको तन्तु उत्तम हुन्छ, २७० धागाको तन्तु मध्यम हुन्छ र १८० धागाको तन्तु अधम हुन्छ । त्यस्ता तीन धागोको सानासाना पवित्र तयार गर्नुपर्दछ । १०० ग्रन्थि भएको पवित्र उत्तम हुन्छ, ५० ग्रन्थिको मध्यम हुन्छ भने ३६ ग्रन्थिको अधम हुन्छ । कसैले ३६ को उत्तम, २४ को मध्यम र १२ ग्रन्थिको अधम हुन्छ भनेका छन् । कुनै मुनिहरू फेरि २४ ग्रन्थिको उत्तम, १२ ग्रन्थिको मध्यम र ८ ग्रन्थिको पवित्रलाई निकृष्ट अर्थात् अधम भन्दछन् ।

हेमाद्रौ विष्णुरहस्ये त्वन्यथोक्तम् –
'अष्टोत्तरशतं कुर्याच्चतुःपञ्चाशदेव वा । सप्तविंशतिरेवाथ ज्येष्ठमध्यकनीयसम् ।।
अधमं नाभिमात्रं स्यादूरुमात्रं द्वितीयकम् । प्रलम्बतो जानुमात्रं प्रतिमायां निगद्यते ।।'
शिवपवित्रं तु तत्रैव शैवागमे –
'एकादशीत्यथवा सूत्रैस्त्रिंशता वाष्टयुक्तया । पञ्चाशता वा कर्तव्यं तुल्यग्रन्थ्यन्तरालकम् ।।
द्वादशाङ्गुलमानानि व्यासादष्टाङ्गुलानि वा। लिङ्गविस्तारमानानि चतुरङ्गुलिकानि च।। इति।

हेमाद्रिमा विष्णुरहस्यको वचनमा भनिएको छ –१०८ ग्रन्थिको पवित्र उत्तम हुन्छ, ५४ ग्रन्थिको पवित्र मध्यम हुन्छ र २७ ग्रन्थिको पवित्र अधम हुन्छ । नाभिपर्यन्त आउने पवित्रलाई अधम, जाँघसम्मको उचाइ भएकोलाई मध्यम र घुँडासम्म आउने पवित्रलाई उत्तम भनिएको छ ।

शैवागममा शिवजीको पवित्रबारे यसरी बताइएको छ – ८१, ५० वा ३८ तन्तुको शिवको पवित्र बनाउनुपर्दछ । त्यसको ग्रन्थि र मध्यमभाग समान हुनुपर्दछ । त्यसको लम्बाई १२ अङ्गुल, ८ अङ्गुल वा ४ अङ्गुलको हुनुपर्दछ अथवा शिवलिङ्गको उचाइबराबरको हुनुपर्दछ ।

पवित्र निर्माण गर्ने धागोको किसिमबारे हेमाद्रिमा उद्धृत **कालोत्तर** र **युगधर्मको** वचन यसप्रकार छ – सत्ययुगमा मणिको पवित्र, त्रेतामा सुवर्णको पवित्र, द्वापरमा रेशमको पवित्र र कलियुगमा शुद्ध कपासको पवित्र बनाउनु पर्दछ ।

अधिकारिविचारो देवताविशेषनियमश्च

अधिकारिणोऽपि तत्रैव विष्णुरहस्ये –

ब्राह्मणः क्षत्रियो वैश्यस्तथा स्त्री शूद्र एव च । स्वधर्मावस्थिताः सर्वे भक्त्या कुर्युः पवित्रकम् ।।

तथा – **अतोदेवेति मन्त्रेण द्विजो विष्णौ निवेदयेत् । शूद्रस्य मूलमन्त्रो वा येन वा पूजयेद्धरिम् ।।**

एतच्च नित्यम् ।

न करोति विधानेन पवित्रारोपणं तु यः । तस्य सांवत्सरी पूजा निष्फला मुनिसत्तम ।।

तस्माद्भक्तिसमायुक्तैर्नरैर्विष्णुपरायणैः । वर्षे वर्षे प्रकर्तव्यं पवित्रारोपणं हरेः ।।

इति तत्रैवोक्तेः । देवताविशेषे तिथयोऽपि तत्रैव – **धनदश्च रमा गौरी गणेशः सोमराड् गुहः ।।**

भास्करश्चण्डिकाम्बा च वासुकिश्च तथर्षयः । चक्रपाणिर्ह्यनङ्गश्च शिवो ब्रह्मा तथैव च ।।

प्रतिपत्प्रभृतिष्वेताः पूज्यास्तिथिषु देवताः । यथोक्ताः शुक्लपक्षे तु तिथयः श्रावणस्य च ।।

इति । तथा हेमाद्रौ कालोत्तरे – **'चतुर्दश्यामथाष्टम्यां सर्वसाधारणं तु तत्'** इति ।

पवित्रारोपणका अधिकारी एवं देवताहरूको पवित्रारोपणतिथि

विष्णुरहस्यमा पवित्रारोपण तयार गर्न योग्य अधिकारीको विषयमा प्रकाश पार्दै भनिएको छ – आ-आफ्नो धर्मको नित्य पालन गर्ने ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र एवं नारीहरूले पवित्र तयार गर्नुपर्दछ । **ॐ अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।।** (ऋ. १/२२/१६) इत्यादि मन्त्रले द्विजहरूले विष्णुलाई पवित्र अर्पण गर्नुपर्दछ। शूद्रले मूलमन्त्रले अथवा जुन मन्त्रले हरिको पूजा गरिन्छ त्यस मन्त्रले पवित्र अर्पण गर्नुपर्दछ । यो नित्य कर्म हो । **विष्णुधर्ममा** भनिएको छ – जसले प्रतिवर्ष विधानपूर्वक पवित्रारोपण गर्दैन त्यसले वर्षदिनसम्म गरेको पूजा-आराधना निष्फल हुन्छ । तसर्थ नरनारीहरूले भक्तिपूर्वक विष्णुपरायण भई प्रतिवर्ष पवित्रारोपण गर्नुपर्दछ । अरू देवताको पवित्रारोपण गरी आराधना गर्नुपर्ने विषय पनि त्यहीँ बताइएको छ । श्रावणशुक्लको प्रतिपदादेखि पूर्णिमासम्म क्रमैले कुबेर, लक्ष्मी, गौरी, गणेश, चन्द्रमा, गुह, सूर्य, चण्डी, अम्बा, वासुकि, ऋषिगण, चक्रपाणि, वामदेव, शिव, ब्रह्मा यी देवताको पूजा गर्नुपर्दछ । **हेमाद्रिको** कालोत्तरप्रकरणमा श्रावणशुक्लचतुर्दशी र अष्टमीमा सबै देवताको पवित्रारोपण गर्नुपर्दछ भनिएको छ ।

पवित्रारोपणपूजनविधिः

तत्प्रकारस्तु रामार्चनचन्द्रिकायां यथा –

'ततस्तानि पवित्राणि वैणवे पटले शुभे । संस्थाप्य शुचिवस्त्रेण पिधाय पुरतो न्यसेत् ।।

अरत्निसम्मितां वेणीं कुर्यात्षट्त्रिंशता कुशैः । क्रियालोपविघातार्थं यत्त्वया विहितं प्रभो ।।

मयैतत्क्रियते देव तव तुष्ट्यै पवित्रकम् । न मे विघ्नो भवेद्देव कुरु नाथ दयां मयि ।।

सर्वथा सर्वदा विष्णो मम त्वं परमा गतिः । उपवासेन देव ! त्वां तोषयामि जगत्पते ।।

कामक्रोधादयोऽप्येते न मे स्युर्व्रतघातकाः । अद्यप्रभृति देवेश यावद्वैशेषिकं दिनम् ।।

तावद्रक्षा त्वया कार्या सर्वस्यास्य नमोऽस्तु ते।।' इति देवं सम्प्रार्थ्य कुम्भं संस्थाप्य तत्र वंशपात्रे-

ॐ सांवत्सरस्य यागस्य पवित्रीकरणाय भो । विष्णुलोकात्पवित्राद्य आगच्छेह नमोस्तु ते ।।

पवित्रारोपण एवं पूजनविधि

रामार्चनचन्द्रिकामा पवित्रारोपण विधि यसरी बताइएको छ– बाँसको दूनामा देवताहरूको पवित्र राखी चोखो कपडाले ढाकेर ती देवताहरूको सामु राख्नुपर्दछ । ३६ वटा कुशको एकहात परिमाणको पवित्र बनाएर देवताका सामु प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे प्रभु ! हजुरले पवित्रारोपण गर्दा क्रियालोप हुँदैन भनी विधान गर्नुभएअनुसार हजुरलाई खुसी तुल्याउन म पवित्रारोपण गरिरहेको छु । हे नाथ ! मेरो कर्ममा कत्ति पनि विघ्न नपरोस्, म यही प्रार्थना गर्दछु । हे प्रभु! हजुरको ममाथि दया भइरहोस् । हे विष्णु ! हजुर मेरा लागि सबै प्रकारबाट परमगति हुनुहुन्छ । म उपवास गरी हजुरलाई प्रसन्न तुल्याउँछु । मेरा काम, क्रोध आदि भित्री शत्रुहरूले यो व्रतको नाश नगराऊन् । आजदेखि लिएर विशिष्टदिनसम्म हजुरले मेरो रक्षा गर्नुहोस् । हे नाथ ! हजुरलाई फेरि मेरो नमस्कार छ ।' यसरी प्रार्थना गरेपछि घटस्थापना गरेर घटमाथि बाँसको भाँडामा संवत्सरमा गरिने यागको सिद्धि र पवित्रीकरणका लागि – 'हे पवित्र ! तिमी विष्णुलोकबाट यहाँ आउ, म तिमीलाई प्रणाम गर्दछु' भन्नुपर्दछ ।

अनेन मूलेन चावाह्योत्तममध्यमकनिष्ठेषु विष्णुब्रह्मरुद्रान्, सत्त्वरजस्तमांसि, वेदत्रयम्, वनमालायां प्रकृतिं चावाह्य त्रिसूत्र्यां ब्रह्मविष्णुरुद्रान् ग्रन्थिषु क्रिया, पौरुषी, वीरा, विजया, ईशा, अपराजिता, मनोन्मनी, जया, भद्रा, मुक्तिश्चेत्यावाह्य सम्पूज्य –

'ॐ संवत्सरकृतार्चायाः सम्पूर्णफलदोऽपि यत् । पवित्रारोपणायै तत्कुरु कन्धर ते नमः ।।
विष्णुतेजोद्भवं रम्यं सर्वपातकनाशनम् । सर्वकामप्रदं देव तवाङ्गे धारयाम्यहम् ।।'

इति देवकरे मङ्गलसूत्रं बद्ध्वा देवं सम्पूज्य निमन्त्रयेत् ।

ग्रन्थकार भन्दछन् – मूलमा दिइएको **ॐ सांवत्सरस्य०** इत्यादि मन्त्र अथवा तत्तत् देवताका मूलमन्त्रले प्रधानदेवताको आवाहन गरी उत्तम, मध्यम र कनिष्ठ पवित्रहरूमा ब्रह्मा, विष्णु, रुद्र, सत्त्व, रज, तम, ऋग्वेद, यजुर्वेद र सामवेदको आवाहन गरी वनमालामा प्रकृतिको आवाहन गर्नुपर्दछ । त्यसपछि तीन सूत्रहरूमा ब्रह्मा, विष्णु र शिवको आवाहन गरी ग्रन्थिहरूमा क्रिया, पौरुषी, वीरा, विजया, ईशा, अपराजिता, मनोन्मयी, जया, भद्रा र मुक्तिको आवाहन गर्नुपर्दछ । त्यसपछि प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे कन्धर ! सम्पूर्ण पवित्रारोपणसम्बन्धी र वर्षभर गरिएको पूजाका फलदायक तिमीले यस पवित्रारोपणलाई सफल तुल्याऊ । विष्णुको तेजबाट उत्पन्न पापनाशक पवित्रले सबै कामना परिपूर्ण तुल्याउँछ । आज म त्यो पवित्र हजुरको अङ्गमा अर्पण गर्दैछु ।' भन्ने अर्थ भएको **विष्णुतेजोद्भवं** भन्ने मूलमा बताइएको मन्त्र पढी देवताको हातमा मङ्गलसूत्र बाँधेर देवताको पूजा गरी निमन्त्रणा गर्नुपर्दछ ।

'आमन्त्रितोऽसि देवेश पुराणपुरुषोत्तम । प्रातस्त्वां पूजयिष्यामि सन्निधौ भव ते नमः ।।
निवेदयाम्यहं तुभ्यं प्रातरेतत्पवित्रकम् । सर्वथा सर्वदा विष्णो नमस्तेऽस्तु प्रसीद मे ।।'

ततः पुष्पाञ्जलिं दत्त्वा रात्रौ जागरणं कुर्यादिति अधिवासनम् । प्रातर्नित्यपूजां कृत्वा गन्धदूर्वाक्षतयुतं पवित्रमादाय-

'ॐ देवदेव नमस्तुभ्यं गृहाणेदं पवित्रकम् । पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।।
पवित्रकं कुरुष्वाद्य यन्मया दुष्कृतं कृतम् । शुद्धो भवाम्यहं देव त्वत्प्रसादान्महेश्वर ।।'

मूलसम्पुटितेनानेन दत्त्वाङ्गदेवताभ्यो नाम्ना समर्प्य महानैवेद्यं दत्त्वा नीराज्य – **'मणिविद्रुममालाभिः'** इत्यादिभिर्दमनारोपणोक्तमन्त्रैः सम्प्रार्थ्य गुरवे ब्राह्मणेभ्यश्च दत्त्वा स्वयं धारयेत् । तथा –

'मासं पक्षमहोरात्रं त्रिरात्रं धारयेत्तथा । देवे तं सूत्रसन्दर्भं देशकालविवक्षया ।।'

अकरणे तु तत्रैव –

'पवित्रारोपणं काले न करोति कथञ्चन । तदायुतं जपेन्मन्त्रं स्तोत्रं वापि समाहितः ।।' इत्युक्तम् ।

'हे पुराणपुरुषोत्तम ! म हजुरलाई आमन्त्रित गर्दैछु, भोलि बिहान विधिपूर्वक पूजा गर्नेछु, हजुर मेरा सामु आउनुहोस् । क्षीरसागरमा रहेको शेषशय्यामा विराजमान हे नारायण ! म बिहान हजुरको पूजा-आराधना गर्नेछु । हजुर मेरो समीपमा आई विराजमान हुनुहोस् । म यो पवित्र भोलि अर्पण गर्नेछु । हे नारायण ! सबै किसिमबाट सधैं हजुर प्रसन्न हुनुहोस् ।' यसरी प्रार्थना गरी पुष्पाञ्जलि अर्पण गरेर राति जाग्राम बस्नुपर्दछ । यसरी अधिवासन गरिन्छ।

अर्को दिन बिहान सबेरै उठी नित्यपूजा सकेर चन्दन, दूबो, अक्षता, पुष्पसहित पवित्र हातमा लिएर भन्नुपर्दछ – 'हे देवदेव! हजुरलाई नमस्कार छ। वर्षदिनसम्म गरेका पूजा-आराधनालाई पवित्र तुल्याउने यो पवित्र हजुरले ग्रहण गर्नुहोस्। जुन मैले पाप गरेको छु त्यसलाई निराकरण गरी मेरो हृदयलाई पवित्र तुल्याउनुहोस् । हे देवताका पनि देवता ! आज म हजुरको कृपाप्रसादबाट शुद्ध हुनेछु ।' यसरी प्रार्थना गरेपछि **देवदेव०** इत्यादि मन्त्रलाई मूल मन्त्रले सम्पुटित गरी पवित्र टक्र्याएर अङ्गदेवताहरूको नाम लिँदै पवित्र अर्पण गर्नुपर्दछ । त्यसपछि महानैवेद्य टक्र्याई आरती गरेर **मणिविद्रुममालाभिः०** इत्यादि दमनारोपणमा प्रयोग गरिएका मन्त्रले प्रार्थना गरी गुरु र ब्राह्मणलाई पवित्र टक्र्याएर आफूले पनि धारण गर्नुपर्दछ। देश, काल र परिस्थितिअनुसार देवताको प्रतिमामा एकमहिना, १५ दिन, ३ दिन अथवा एकदिन पवित्र रहन दिनुपर्दछ।

पवित्रारोपण नगरिएको स्थितिमा गर्नुपर्ने विषयमा **हेमाद्रि**मा भनिएको छ – उचित समयमा भगवान्मा पवित्रारोपण गर्न नसकेमा देवताको मन्त्र १०००० संख्यामा जप गरी स्तोत्रपाठ गर्नुपर्दछ ।

श्रावणशुक्लचतुर्दशीनिर्णयः

श्रावणशुक्लचतुर्दशी पूर्वयुता ग्राह्या । अत्र वक्तव्यो विशेषश्चैत्रचतुर्दश्यामुक्तः ।

श्रावणशुक्ल चतुर्दशीनिर्णय

श्रावणशुक्लचतुर्दशी लिँदा त्रयोदशीसँग सम्बद्ध लिनुपर्दछ । यसबारे भन्नुपर्ने सम्पूर्ण कुरा चैत्रको चतुर्दशीको प्रकरणमा भनिएको हुँदा यहाँ दोहोऱ्याइएको छैन ।

उपाकर्म

अथोपाकर्म । तत्र बह्वृचानां प्रयोगपारिजाते शौनकः –

'अथातः श्रावणे मासे श्रवणर्क्षयुते दिने । श्रावण्यां श्रावणे मासि पञ्चम्यां हस्तसंयुते ।।

दिवसे विदधीतैतदुपाकर्म यथोदितम् । अध्यायोपाकृतिं कुर्यात्तत्रोपासनवह्निना ।।'

इति । अत्र पौर्णमास्युपसंहारन्यायेन यजुर्वेदिपरेति हेमाद्रिः । अत्र हस्तयुक्ता पञ्चम्युक्ता । कारिकापि – **तन्मासे हस्तयुक्तायां पञ्चम्यां वा तदिष्यते**' इति । केवलपञ्चम्यां हस्तयुतेऽन्यस्मिन् दिने इति तु हेमाद्रिः । उपासनवह्निनेति तु '**कर्मद्वयमिदं केचिल्लौकिकाग्नौ प्रकुर्वते**' इति कारिकोक्तलौकिकाग्निना विकल्प्यते । तत्र '**अप्यध्याप्यैरन्वारब्धः**' इति सूत्रात् सशिष्यत्वे तदधिकारिकस्याचार्याग्नौ नान्यस्याग्नावन्यो जुहुयादिति निषेधाल्लौकिक एव । तदभावे तु स्मार्त इति निगर्वः ।

उपाकर्म

बह्वृच ऋग्वेदीहरूको विषयमा **प्रयोगपारिजात**मा **शौनक**ले भनेका छन् – श्रावणमास श्रवणनक्षत्रले युक्त भएको दिन, श्रावणीपूर्णिमा अथवा श्रावणमासमा पञ्चमीतिथिमा हस्तानक्षत्र भएको दिन शास्त्रअनुसार आफूले अध्ययन गरेका वेदको सिद्धिका लागि औपासन अग्निमा उपाकर्म[२८] गर्नुपर्दछ ।

---

२८. उपाकर्म शब्द र कर्मको धर्मसूत्रसम्बन्धी ग्रन्थहरूमा विस्तृत विवेचन गरिएको पाइन्छ । पारस्करगृह्यसूत्र, मनुस्मृति, आपस्तम्बधर्मसूत्र आदि ग्रन्थहरूमा यसलाई अध्यायोपाकर्म मानिएको छ । वस्तुतः यसको सही नाम वेदाध्ययनको उपाकरण अर्थात् स्वीकार हो । अध्याय शब्दको अर्थ वेद हो त्यसैले उपनिषद्हरूमा पनि **स्वाध्यायोऽध्येतव्यः०** भनेर वेदाध्ययन गर्न उपदेश गरिएको छ । वेदको विधिवत् अध्ययन स्वीकार गरिने कर्म नै उपाकर्म हो । '**ततः सर्वथोत्सृष्टस्य पुनरुपाकरणं स्वीकरणम् इति यावत्**' (पारस्करगृह्यसूत्रको जयरामभाष्य) सामान्यतः यो कर्म श्रावणीपूर्णिमामा गरिन्छ । यसमा सर्वप्रथम अग्निस्थापना गरी प्रतिवेद चार-चार आहुति दिएर सात अन्य आहुति दिइन्छ। तदनन्तर आचार्यद्वारा गरिने अक्षतधानहोम र समिधाहोम गरेपछि आचार्यले वेदमन्त्रको पाठ गर्दछन् । त्यसपछि उत्तरतन्त्र सम्पन्न गरिन्छ । उपाकर्म आरम्भ गर्ने विषयमा विभिन्न वेदका शाखाहरूको अध्ययन गर्नेहरूका छुट्टाछुट्टै नियम छन् । पारस्करगृह्यसूत्रमा भनिएको छ- 'अब वेदाध्ययन गर्ने विषयमा बताइन्छ । अध्याय भनेको वेद हो र उपाकर्म भनेको अध्ययनको स्वीकार हो । **औषधीनां प्रादुर्भावे श्रवणेन श्रावण्यां पौर्णमास्यां श्रावणस्य पञ्चम्यां हस्तेन वा ।।**' – औषधिहरू अर्थात् दुवो आदि प्रशस्त पैदा भएको समय श्रवणनक्षत्रयुक्त श्रावणको पूर्णिमातिथिमा अथवा हस्तानक्षत्र भएको श्रावणपञ्चमीमा वेदाध्ययन स्वीकार गर्नुपर्दछ । अग्निस्थापना गरी आज्यभागसम्मको आहुति दिएपछि ऋग्वेदको अध्ययन गर्नुपर्दछ । '**पृथिव्या अग्नये०**' ऋचाको उच्चारणद्वारा यजुर्वेदको अध्ययन गर्नुपर्दछ । '**अन्तरिक्षा वायवे०**' मन्त्रद्वारा सामवेदको अध्ययन गर्नुपर्दछ र '**दिग्भ्यश्चन्द्रमसः०**' मन्त्रद्वारा आहुति दिनुपर्दछ । मातृकापूजा, नान्दीश्राद्ध गरेपछि विधिवत् उपाकर्म गर्नुपर्दछ । – पारस्करगृह्यसूत्र, द्वितीयकाण्ड, दशमकण्डिकाको गदाधरभाष्य ।

उत्सर्ग – उत्सर्गलाई उत्सर्जन पनि भनिन्छ । यसको अर्थ उपाकर्ममा आरम्भ गरिने वेदाध्ययनलाई केही समयका निमित्त विश्राम दिनु हो । उत्सर्जन गर्दा पवित्र तीर्थ वा नदीको नजिकमा गएर देवता आदिको तर्पण गरी चारपटक गायत्री उच्चारण गर्दै '**विरताः स्मः**' भनिन्छ । त्यसपछि आचार्यले उपाकर्ममा झैं वेदका मन्त्रहरूको पाठ गर्दछन् । उत्सर्गको वास्तविक समय पौषकृष्ण अष्टमी हो । हिजोआज भने दुवै कर्म एकै दिन श्रावणीमा गर्ने प्रचलन छ । पहिले गतवर्षको उपाकर्मको विधिवत् उत्सर्ग गरी त्यसैदिन दोस्रो वर्षका लागि उपाकर्म गरिन्छ । पारस्करगृह्यसूत्रअनुसार पौषमासको रोहिणीनक्षत्र वा मध्यम अष्टकामा वेदाध्ययनलाई विश्रान्ति दिनुपर्दछ । जलको नजिकमा गई देवता, छन्द, वेद, ऋषि, पुराणाचार्य, गन्धर्व, इतराचार्य, सावयवसंवत्सर, पितृगण र आचार्यहरूको तृप्तिका लागि तर्पण दिनुपर्दछ । चारपटक गायत्रीमन्त्र उच्चारण गर्दै '**विरताः स्मः**' हामीले अध्ययनबाट विश्रान्ति लिएका छौं भन्नुपर्दछ । - पारस्करगृह्यसूत्र, द्वितीयकाण्ड, बाह्रौं कण्डिका ।

गणस्नान – यद्यपि उपाकर्म र उत्सर्गका मुख्य कर्म बताइसकिएको छ तर विभिन्न स्मृतिहरूको अनुशीलन गर्दा श्रावणीमा उपाकर्म र उत्सर्गका साथै गणस्नान र ऋषिपूजनजस्ता कर्म पनि गर्नुपर्ने कुरा अवगत हुन्छ । हिजो-आज कर्मकाण्डका ग्रन्थ र व्यवहारमा समेत श्रावणीपूर्णिमालाई ऋषितर्पणी भनी सम्बोधन गरिन्छ । वस्तुतः ऋषि आदिको तर्पण उत्सर्जन कर्मकै अङ्ग हो । कात्यायनस्मृतिमा भनिएको छ–

वेदाश्छन्दांसि सर्वाणि ब्रह्माद्याश्च दिवौकसः । जलार्थिनोऽपि पितरो मरीच्याद्या महर्षयः ।।
उपाकर्मणि चोत्सर्गे स्नानार्थं ब्रह्मवादिनः । पिपासूनुपगच्छन्ति संहृष्टाः ह्यशरीरिणः ।।
समवायश्च यत्रैषां तत्रान्ये बहवो मलाः । नूनं सर्वे क्षयं यान्ति किमुतैकं नदीरजः ।।

श्रावणीका दिन उपाकर्म र उत्सर्गसहित गणस्नानका लागि आचार्य एवं शिष्यगण नदीतट वा जलाशयमा भेला भएपछि सबै वेद, छन्द, ब्रह्मा आदि देवता, तर्पणजलको कामना गर्ने पितृहरू, मरीचि आदि महर्षि, पिपासु ब्रह्मवादीहरू प्रसन्न भई त्यहाँ आउँछन् । आचार्य, शिष्यगण र अमूर्तरूपमा आएका वेद, छन्द, ऋषि, पितृ आदिका समूहको उपस्थितिबाट सम्पूर्ण पापहरू समाप्त हुन्छन् । श्रावणमा नदी रजस्वला हुने हुँदा स्नान गर्दा लाग्ने रजोदोष पनि स्वतः समाप्त हुन्छ । भनिएको छ – **उपाकर्मणि चोत्सर्गे रजोदोषो न विद्यते ।।** यस भनाइबाट नदीहरूका रजोदोषको निवृत्ति हुने कुरा प्रमाणित हुन्छ । उत्सर्गमा गणस्नान गर्नुपर्दछ भन्ने समेत स्मृतिहरूबाट प्रमाणित हुन्छ । आचार्य र शिष्यहरूले एकत्रित भई एकैचोटि स्नान गर्ने हुँदा श्रावणीमा गरिने स्नानलाई गणस्नान भनिन्छ । मन्त्रद्रष्टा ऋषिहरूको तर्पण, पूजन गरिने कार्यलाई ऋषिपूजन भनिन्छ । **कात्यायनस्मृति** आदिको प्रमाणबाट गणस्नानलाई उपाकर्म र उत्सर्गको अङ्ग मान्नुपर्दछ ।

हेमाद्रि भन्दछन्– अध्ययन गरिएका वेदका मन्त्रहरूको सिद्धिका लागि औपासन अग्निमा उपाकर्म गर्नुपर्दछ भन्ने माथिको वचनमा श्रावणमास, श्रवणनक्षत्रले युक्त दिन, पञ्चमीमा हस्तानक्षत्रको योग र श्रावणपूर्णिमामा उपाकर्म गर्नुपर्दछ भनिएकाले उपसंहारन्याय[२९]का आधारमा यजुर्वेदीहरूले श्रावणपूर्णिमाका दिन उपाकर्म गर्नुपर्दछ भन्ने आशय हो ।

माथि श्रावणको हस्तानक्षत्रले युक्त पञ्चमीमा उपाकर्म गर्नुपर्दछ भनिएको छ । त्यसमा **'तन्मासे हस्तयुक्तायां पञ्चम्यां वा तदिष्यते'** अर्थात् श्रावणमासको हस्तानक्षत्रले युक्त पञ्चमीमा उपाकर्म गर्नुपर्दछ भन्ने कारिका पनि प्रमाणका रूपमा रहेको छ । हेमाद्रि भने श्रावणमासको हस्तानक्षत्र भएको दिन र श्रावणमासको पञ्चमीतिथि दुवैमा छुट्टाछुट्टै उपाकर्म गर्न हुन्छ भन्दछन् । **'अध्यायोपाकृतिं कुर्यात् तत्रोपासनवह्निना'** भन्ने प्रयोगपारिजातको वचनमा रहेको उपासनावह्निना पदमा उपासना र वह्नि दुईपद रहेकाले यो वाक्य दुई कर्मात्मक वाक्य हो । उपासनशब्दबाट औपासन अग्नि र वह्निना पदबाट लौकिक अग्नि लिन मिल्ने हुँदा कसैले लौकिक अग्निमा पनि उपाकर्म गर्न सकिन्छ भनेका छन्। त्यसकारण उक्त वाक्यले औपासन अग्निमा गरिने कर्म र लौकिक अग्निमा गरिने कर्म भनी दुई कर्मको विज्ञप्ति गरेको छ ।

अध्याप्यैरन्वारब्धः यस सूत्रको शिष्यहरूले घेरिएका गुरुले उपाकर्म गरून् भन्ने तात्पर्य भएकाले यसबाट शिष्यसहित गुरुलाई नै उपाकर्म गर्ने अधिकार भएको तथ्य सिद्ध हुन्छ । शिष्यले पनि आचार्यको अग्निमा उपाकर्म गरोस् । अरूको अग्निमा होइन भन्ने तात्पर्यबोध हुन्छ । अरूको अग्निमा अरूले होम नगरून् भन्ने वाक्यबाट लौकिक अग्निमा उपाकर्म गर्न हुने कुरा सिद्ध हुन्छ । लौकिक अग्निमा सम्भव नभए स्मार्त अग्निमा उपाकर्म गर्नुपर्दछ ।

यद्यपि दीपिकायां **'वेदोपाकृतिरोषधिप्रजनने पक्षे सिते श्रावणे'** इति शुक्लपक्षोऽपि सर्वेषां मुख्यकालत्वेनोक्तः। वक्ष्यमाणगार्ग्यवचनेन छन्दोगान्प्रति विहितस्य तस्याविरोधिनः सर्वान्प्रति प्रवृत्तिश्च । तथापि श्रावणमाससम्बन्धस्य सूत्रोक्तत्वात्कृष्णपक्षेऽपि कार्यमिति वृद्धाः । तथा च सूत्रम् – **'अथातोऽध्यायोपाकरणमोषधीनां प्रादुर्भावे श्रवणेन श्रावणस्य पञ्चम्यां हस्तेन वा ।'** अत्र श्रवणो मुख्योऽन्ये गौणाः तत्प्राथम्यात् । तस्याहर्द्वययोगे हेमाद्रौ व्यासः –

'धनिष्ठासंयुतं कुर्याच्छ्रावणं कर्म यद्भवेत् । तत्कर्म सकलं ज्ञेयमुपाकरणसंज्ञितम् ।।
श्रवणेन तु यत्कर्म ह्युत्तराषाढसंयुतम् । संवत्सरकृतोऽध्यायस्तत्क्षणादेव नश्यति ।।'

इति । गार्ग्योऽपि –

'उदयव्यापिनि त्वेव विष्णवर्क्षे घटिकाद्वयम् । तत्कर्म सफलं ज्ञेयं तस्य पुण्यं त्वनन्तकम् ।।'

इति । पूर्वेद्युरुत्तराषाढायोगे परेद्युः श्रवणाभावे घटिकाद्वयन्यूने वा पञ्चम्यादौ कार्यम्, न तु पूर्वविद्धायां सङ्गवमात्रे। अपवादाभावात् । किञ्च परेद्युः सङ्गवास्पर्शे निषिद्धपूर्वाग्रहणे किं मानम् । सङ्गववाक्यं श्रवणवाक्यं वेति चेत् तर्हि व्रीहिवाक्यादश्वशफवाक्याच्च माषमिश्राणामप्युपादानं स्यादिति महत्पाण्डित्यम् । निषेधानुप्रवेशान्नैरपेक्ष्यबाधा नेति चेदिहापि तुल्यम् । एतेन पर्वाप्यौदयिकं व्याख्यातम् । निषेधानुप्रवेशस्योभयत्र तुल्यत्वात् ।

यद्यपि दीपिकामा भनिएको छ कि – 'औषधिहरूको उत्पत्ति हुने श्रावणको शुक्लपक्षमा उपाकर्म गर्नुपर्दछ।' यस भनाइबाट शुक्लपक्ष सबै कर्मका लागि मुख्य काल हो भन्ने कुरा सिद्ध हुन्छ । छन्दोगहरूलाई शुक्लपक्षमा कर्म गर्न प्रेरित गर्दै पछि भनिने गार्ग्यको वचनमा पनि शुक्लपक्ष सबैका लागि स्वीकार्य छ तापनि श्रवणनक्षत्रको सम्बन्धका कारण

२९. सामान्यतः कर्मका अनेक विधि देखिँदा अरूलाई छाडी एउटा विशेष विधि ग्रहण गर्नु उपसंहारन्याय कहलाउँछ । भनिएको पनि छ– 'उपसंहारो नाम सामान्यतः प्राप्तस्य विशेषे सङ्कोचनरूपो व्यापारविशेषो विधेः ।' – मीमांसान्यायप्रकाश, पृ. १७३
यहाँ पनि अनेक सामान्य विकल्प छाडी उपाकर्मका लागि श्रावणपूर्णिमा ग्रहण गरिएकाले उपसंहारन्याय फलित भएको छ ।

कृष्णपक्षमा पनि उपाकर्म गर्न हुने देखिन्छ भन्ने बूढापाकाहरूको अभिमत रहेको छ । त्यससम्बन्धी सूत्र यसप्रकार छ – 'औषधिहरूको उत्पत्ति हुने कालमा श्रावणको श्रवणनक्षत्रका दिन अथवा श्रावणको हस्तानक्षत्रले युक्त पञ्चमीका दिन उपाकर्म गर्नुपर्दछ ।' यस सूत्रमा निरूपण गरिएअनुसार उपाकर्ममा श्रवणनक्षत्र मुख्य आधार हो र अरू गौण अर्थात् अप्रधान हुन् भन्ने सिद्ध हुन्छ । किनकि सूत्रमा श्रवणको योगलाई नै प्राथमिकता दिइएको छ । त्यो श्रवणको योग दुई दिन भएमा **हेमाद्रि**मा व्यास भन्दछन् – श्रवणसम्बन्धी उपाकर्म धनिष्ठाको संयोगमा गरिन्छ भने अवश्य नै सफल हुन्छ। त्यो उपाकर्म उत्तराषाढामा गरियो भने वर्षभरि गरेको वेदपाठको फल नष्ट हुन्छ।

प्रयोगपारिजातमा गर्ग भन्दछन् – सूर्योदयव्यापी श्रवणनक्षत्रका दुई घडीमात्र उपलब्ध भए पनि उपाकर्म गर्दा अनन्तफल प्राप्त हुन्छ । पहिलो दिन उत्तराषाढाको योग र दोस्रो दिन श्रवणको अभाव वा दुई घडीभन्दा कम श्रवण भएमा पञ्चमी आदिमा उपाकर्म गर्नुपर्दछ । किनकि त्यहाँ कुनै अपवाद अर्थात् नियमविरुद्धको नियम छैन ।

फेरि दोस्रो दिन श्रवणले सङ्गवकाल स्पर्श नगरेमा र पहिलो दिन उत्तराषाढाको योगमा उपाकर्म गर्न हुँदैन भन्ने कुरामा के प्रमाण छ ? कसैले यस्तो प्रश्न गर्न सक्छन् । त्यसमा हामी के भन्दछौं भने उक्त सङ्गववाक्य र श्रवणवाक्यलाई स्वीकार गर्ने हो भने **व्रीहिभिर्यजेत०** अर्थात् चामलद्वारा होम गर्नुपर्दछ भन्ने व्रीहिवाक्यबाट माष मिसिएको चामल पनि ग्रहण गरिनेछ । यसैगरी अश्वमेध यज्ञमा घोडाको रगत कुनै भाँडोमा थापेर गवय अर्थात् गाईजस्तो वन्यपशुको घाँटीमा, गाईको खुरमा र फलामको स्थालीमा समेत रगत चुहाउनुपर्छ भन्ने अर्थ भएको [३०]अश्वशफवाक्यबाट पनि माषमिश्रित व्रीहिग्रहण गर्न सकिनेछ । यस्तो हुँदाहुँदै के प्रमाण छ भन्ने मानिसको ठूलै पाण्डित्य देखिएको छ । निषेधको अनुप्रवेशबाट निरपेक्षतामा बाधा हुँदैन भन्ने हो भने यहाँ पनि त्यही छ र स्थिति दुवैको बराबर छ । यसबाट पूर्णिमा पनि उदयकालिक लिनुपर्ने सिद्ध हुन्छ। किनकि निषेधको अनुप्रवेश त दुवैतर्फ बराबर छ ।

श्रवणयुतदिने संक्रान्त्यादौ तु –

'उपाकर्म न कुर्वन्ति क्रमात्सामर्ग्यजुर्विदः । ग्रहसंक्रान्तियुक्तेषु हस्तश्रवणपर्वसु ।।'

इति हेमाद्रौ निषेधात्पञ्चम्यादयो ग्राह्याः । मदनरत्नेऽपि –

'यदि स्याच्छ्रावणं पर्व ग्रहसंक्रान्तिदूषितम् । स्यादुपाकरणं शुक्लपञ्चम्यां श्रावणस्य तु ।।'

स्मृतिमहार्णवे – **संक्रान्तिर्ग्रहणं वापि यदि पर्वणि जायते। तन्मासे हस्तयुक्तायां पञ्चम्यां वा तदिष्यते।।**

श्रवणले युक्त दिन वा संक्रान्ति परेमा उपाकर्म गर्न नहुने कुरा बताउँदै हेमाद्रि भन्दछन् – श्रवणनक्षत्रले युक्त भएको दिनमा संक्रान्ति, ग्रहण र सूतक परेमा सामवेदी, ऋग्वेदी र यजुर्वेदीहरूले उपाकर्म गर्दैनन् । हस्ता, श्रवण र पूर्णिमामा ग्रहण एवं संक्रान्ति परेमा उपाकर्म गर्न हुँदैन भनी हेमाद्रिले निषेध गरेकाले त्यो उपाकर्म पञ्चमी आदिमा गर्नुपर्दछ ।

मदनरत्नमा पनि भनिएको छ – श्रावणको पूर्णिमा ग्रहण र संक्रान्तिले दूषित भएमा उपाकर्म श्रावणको पञ्चमीमा गर्नुपर्दछ । **स्मृतिमहार्णव**को भनाइ यसप्रकार छ – श्रावणी पूर्णिमामा ग्रहण वा संक्रान्ति परेमा श्रावणमासको हस्तानक्षत्रले युक्त पञ्चमीमा उपाकर्म गर्नुपर्दछ ।

---

३०. कात्यायनश्रौतसूत्रमा भनिएको छ – अश्वमेधमा प्रयोग गरिने घोडाको रगत पात्रविशेषमा सँगालेर घोडाको खुरमा, गवयको घाँटीमा र फलामको भाँडोमा चुहाउनुपर्दछ । यसपछि स्विष्टकृत् हवन गरी जुन पात्रमा घोडाको रगत जम्मा गरिएको छ त्यसै पात्रबाट **'अग्निभ्यः स्विष्टकृद्भ्यः स्वाहा'** यो मन्त्र उच्चारण गर्दै हवन गर्नुपर्दछ । अनुयाज याग भएकाले घोडाको खुरको आहुति दिइने हुँदा यो विषय प्रतिपादन गर्ने वाक्यलाई अश्वशफवाक्य भनिन्छ । – **कात्यायनश्रौतसूत्र, अध्याय २०, अश्वमेधप्रकरण, कण्डिका – ८ ।**

तत्रापि प्रयोगपारिजाते वृद्धमनुकात्यायनौ –

'अर्धरात्रादधस्ताच्चेत्संक्रान्तिर्ग्रहणं तदा । उपाकर्म न कुर्वीत परतश्चेन्न दोषकृत् ।।'

इति । मदनरत्ने गार्ग्योऽपि –

'यद्यर्धरात्रादर्वाक्तु ग्रहः संक्रम एव च । नोपाकर्म तदा कुर्याच्छ्रावण्यां श्रवणेऽपि वा ।।'

एतेन ग्रहणसंक्रान्तिकाले श्रवणसत्त्वे एव निषेधो नार्वागिति मूर्खशङ्का परास्ता । ग्रहविशिष्टानां हस्तश्रवणपर्वणां प्रत्येकं निषेधे तद्युतोपाकर्मनिषेधे च विशिष्टोद्देशे वाक्यभेदात् पञ्चम्यां संक्रान्तौ निषेधाभावापत्तेश्च। तेनार्धरात्रात्पूर्वं ग्रहसंक्रमसत्त्वे एवोपाकर्मनिषेधो न तद्योग एव । हेमाद्रौ निगमः –

ग्रहयोगो गुरुं हन्ति संक्रान्तिः शिष्यघातिनी । तयोर्हन्त्युत्तराषाढा उपाकर्मणि वैष्णवे ।।

प्रयोगपारिजातमा वृद्धमनु र **कात्यायनले** भनेका छन् – 'आधारातभन्दा अगाडि ग्रहण र संक्रान्ति परेमा पूर्णिमा र श्रवणको योग भए पनि उपाकर्म गर्न हुँदैन । तर त्यसपछि संक्रान्ति र ग्रहण भएमा दोष लाग्दैन ।' **मदनरत्नमा गर्गले** भनेका छन् – 'आधारातभन्दा पहिले ग्रहण र संक्रान्ति परेमा पूर्णिमा र श्रवणको योग भएमा पनि उपाकर्म गर्न हुँदैन ।' यो भनाइबाट ग्रहणकालमा श्रवण भए दोष हुन्छ त्यसभन्दा पहिले दोष लाग्दैन भन्ने मूर्खहरूको शङ्का स्वतः निरस्त भएको छ । ग्रहणले युक्त हस्ता, श्रवण र पूर्णिमालाई छुट्टाछुट्टै निषेध गर्दा तिनमा उपाकर्मको निषेध हुनेछ र विशिष्टसत्रको उद्देश्यका कारण वाक्यभेद भन्ने दोष आइलाग्नेछ । फेरि पञ्चमीमा संक्रान्ति भएमा उपाकर्मको निषेधको अभाव हुनेछ । अर्थात् उपाकर्म गर्न पाइनेछ । त्यसकारण आधारातभन्दा पहिले ग्रहण र संक्रान्ति भएमा मात्र उपाकर्म गर्न निषेध गरिएको छ । हस्ता आदिको योगमा निषेध गरिएको छैन । हेमाद्रिमा उद्धृत **निगमवचनमा** भनिएको छ – वैष्णवहरूको उपाकर्ममा ग्रहणको योगले गुरुहरूको नाश गर्दछ, संक्रान्तिको योगले शिष्यको नाश गर्दछ र उत्तराषाढाको योगले गुरु र शिष्य दुवैको नाश गर्दछ ।

यत्तु – **'प्रतिपन्मिश्रिते नैव नोत्तराषाढसंयुते । श्रवणे श्रावणं कुर्युर्ग्रहसंक्रान्तिवर्जिते ।।'** इति प्रतिपन्मिश्रनिषेधकं वचनं तन्निर्मूलम् ।

अत्र च – **'वेदोपाकरणे प्राप्ते कुलीरे संस्थिते रवौ । उपाकर्म न कर्तव्यं कर्तव्यं सिंहयुक्तके।।'** इति वचनं देशान्तरविषयम् ।

'नर्मदोत्तरभागे तु कर्तव्यं सिंहयुक्तके । कर्कटे संस्थिते भानावुपाकुर्यात्तु दक्षिणे ।।'

इति बृहस्पतिवचनादिति प्रयोगपारिजातेनोक्तम् । पराशरमाधवीयेऽप्येवम् ।

फेरि कहीँ पूर्णिमा प्रतिपदासँग जोडिएको अवस्थामा उपाकर्म गर्न हुँदैन, श्रवण उत्तराषाढासँग जोडिँदा उपाकर्म गर्न हुँदैन र उक्त अवस्थामा ग्रहण एवं संक्रान्ति नभए पनि उपाकर्म गर्न हुँदैन, ग्रहण र संक्रान्तिरहित श्रवणनक्षत्रमा उपाकर्म गर्नुपर्दछ भन्ने वचन पाइन्छ ।

ग्रन्थकार भन्दछन् – प्रतिपदासँग जोडिएको पूर्णिमालाई निषेध गर्ने माथिको वचन प्रमाणहीन छ । 'उपाकर्मको बेला सूर्य कर्कराशिमा भए उपाकर्म गर्न हुँदैन । सूर्य सिंहमा रहेको बेला उपाकर्म गर्नुपर्दछ ।' भन्ने वचन पनि पाइन्छ।

प्रयोगपारिजातमा विष्णुको वचन यसप्रकार छ – 'नर्मदा नदीको उत्तरभागमा सिंहमा सूर्य छँदा उपाकर्म गर्नुपर्दछ। नर्मदाको दक्षिणमा बस्नेहरूले कर्कराशिमा सूर्य छँदा उपाकर्म गर्नुपर्दछ ।' यही कुरा **पराशरमाधवीयमा** पनि भनिएको छ।

सामगानां सिंहस्थरवावुक्तेस्तद्विषय इदं पुरोडाशचतुर्धाकरणवदुपसंह्रियते । तेषामेव देशव्यवस्था न तु बह्वृचादिपरम् । तेषां सूत्रे चान्द्रश्रावणोक्तेः । सौरे पञ्चम्ययोगात् इति तु वयं पश्यामः । यत्तु कालादर्शे –

अध्यायानामुपाकर्म श्रावण्यां तैत्तिरीयकाः । बह्वृचाः श्रवणे कुर्युः सिंहस्थोऽर्को भवेद्यदि ।।

सहस्तशुक्लपञ्चम्यां वा तद्ग्रहणसंक्रमे । असिंहार्के प्रौष्ठपद्यां श्रावणेन व्यवस्थया ।।'

इति । तन्मूलालेखनाच्चिन्त्यम् । सूत्रे हि श्रवणेन श्रावणस्येति चान्द्रमास एवोक्तो न सौरः, तस्य पञ्चम्यभावात्।

सामवेदीहरूले सिंहको सूर्यमा उपाकर्म गर्नुपर्दछ भन्ने वचन पाइन्छ । यसबाट पुरोडाश अर्थात् चरुलाई चार भाग लगाउने वाक्यपछि आग्नेय पुरोडाशलाई चार भाग लगाएझैं उपसंहार गरिएको कुरा बुझ्नुपर्दछ ।[३१] अतएव सिंहस्थ सूर्यमा उपाकर्म गर्ने विषय सामवेदीहरूको मात्र हो । देश व्यवस्था पनि तिनैका लागि हो । बह्वृचहरूका लागि होइन किनकि बह्वृचहरूको उपाकर्म चान्द्रश्रावणमा गर्नुपर्दछ भनिएको छ । सौरमासमा पञ्चमीतिथि हुँदैन भन्ने कुरा हामी बुझ्दछौं । सामान्य वाक्यद्वारा सूत्रमा निर्दिष्ट विशिष्ट नियमलाई बाधा पुऱ्याउने काम हुनसक्दैन । **कालादर्श**मा लेखिएको छ – तैत्तिरीय शाखाका अनुयायीहरूले वेदको उपाकर्म श्रावणी पूर्णिमाभित्र गर्दा सर्वोत्तम फल प्राप्त हुन्छ । ऋग्वेदीहरूले श्रवणनक्षत्रमा सूर्य सिंहमा रहेको बेला उपाकर्म गर्नुपर्दछ । हस्तानक्षत्रसहित शुक्लपञ्चमीमा ग्रहण र संक्रान्ति नभएमा पञ्चमी चान्द्रपूर्णिमा वा श्रवणनक्षत्रमा उपाकर्म गर्नुपर्ने व्यवस्था रहेको छ । **कालादर्श**मा लेखिएका उक्त वचनको प्रमाण दिइएको छैन । त्यसकारणले **कालादर्श**को यो वचन सूत्रसँग मिल्न आउँदैन र चिन्तनीय छ । सूत्रमा श्रवणको योगका कारण नै श्रावणचान्द्रमासमा उपाकर्म गर्नुपर्दछ भन्ने उल्लेख गरिएको छ । सौरमास भनिएको छैन किनकि सौरमासमा पञ्चमी हुँदैन।

श्रुतिलक्षणाभ्यामुपयपरत्वे वृत्तिद्वयविरोधाच्च । तेन सिंहस्थोऽर्को भावी यदि तदा कर्केऽपि ग्रहणसंक्रमे सति असिंहार्के शुक्लपञ्चम्यां श्रावणे वा बह्वृचः प्रौष्ठपद्यां तैत्तिरीया इति व्याख्येयम् । तेषां सौरमासाभावात्।

श्रावणे सस्यानुद्गमादौ तु बह्वृचपरिशिष्टे –

'अवृष्ट्यौषधयस्तस्मिन्मासे तु न भवन्ति चेत् । तदा भाद्रपदे मासि श्रवणेन तदिष्यते ।।'

इति । तत्राप्यनुद्गमे तु – **'कुर्यादेव तद्वार्षिकमित्याचक्षते'** इति सूत्रात् । वर्षर्तौ भवं वार्षिकम् ।

श्रुति र लक्षणाद्वारा सौर र चान्द्रमास दुवै लिने हो भने एउटा शब्दको दुई अर्थका कारण विरोध हुनेछ । यदि सिंहमा सूर्य होऊन् वा कर्कमा, ग्रहण वा संक्रान्ति भएमा सिंहका सूर्य छोडेर श्रावणशुक्लपञ्चमीमा ऋग्वेदीहरूले उपाकर्म गरून्। फेरि तैत्तिरीयशाखा हुनेहरूले भाद्रपूर्णिमामा उपाकर्म गरून् किनभने उनीहरूलाई सौरमासको नियम लाग्दैन । श्रावणमा सस्य अर्थात् अन्न पैदा भएन भने **बह्वृचपरिशिष्ट**मा लेखिएको छ – श्रावणमा वर्षा नभई सस्य पैदा भएन भने भाद्रको श्रवणनक्षत्रमा उपाकर्म गर्नुपर्दछ । भाद्रमा पनि सस्य पैदा भएन भने उपाकर्म लोप नहोस् भन्ने हेतुले भाद्रमासमा नै उपाकर्म गर्नुपर्दछ । किनकि **'कुर्यादेव तद्वार्षिकमाचक्षते'** सूत्रअनुसार भाद्रलाई वर्षाऋतु मानिएकाले भाद्रमा नै उपाकर्म गर्नुपर्दछ । यहाँ **वार्षिकम्**को अर्थ वर्षाऋतुमा हुने भन्ने हो ।

---

३१. **'पुरोडाशं चतुर्धा करोति'** अर्थात् घिउमा पाकेको यज्ञीय चरुलाई चार भाग लगाउनु पर्दछ भनेपछि **'आग्नेयं पुरोडाशं चतुर्धा करोति'** भन्ने विशेष वचनको आडमा सबै पुरोडाशलाई चार भाग नलगाई आग्नेय पुरोडाशको मात्र चार भाग लगाइन्छ । किनकि **'सामान्यविधिरस्पष्टः संह्रियेत विशेषतः'** भन्ने नियमानुसार पुरोडाश विभाजनको सामान्य प्रसङ्ग आग्नेय पुरोडाशको विभाजनरूप विशेष अर्थमा टुङ्ग्याइन्छ वा उपसंहार गरिन्छ । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास (भाग ३), पूर्ववत्, पृ. १७३ ।

त्यसैगरी यहाँको प्रसङ्गमा पनि सबैले सिंहराशिमा सूर्य रहेको बेला उपाकर्म गर्नुपर्ने सामान्य वाक्यलाई सामवेदीहरूले मात्र सिंहस्थसूर्यमा उपाकर्म गर्नुपर्दछ अरूले होइन भनी उपसंहार गरिएको छ ।

शुक्रास्तादावपि उपाकर्मादिविधानम्

एतच्च शुक्रास्तादावपि कार्यम् । '**उपाकर्मोत्सर्जनं च पवित्रदमनार्पणम् ।**' इति दमनारोपे लिखितवचनात्।

'**नित्ये नैमित्तिके जप्ये होमे यज्ञक्रियासु च । उपाकर्मणि चोत्सर्गे ग्रहवेधो न विद्यते ।।**'

इति । प्रयोगपारिजाते संग्रहोक्तेः । पर्वणि ग्रहणे सति पूर्वं त्रिरात्रादिवेधाभावं वक्तुमिदम् । तेन पर्वणि ग्रहणेऽपि चतुर्दश्यां श्रवणे कार्यमिति हेमाद्रिः ।

शुक्र अस्तमा पनि उपाकर्म आदिको विधेयता

यो उपाकर्म शुक्रास्तमा पनि गर्नहुन्छ । दमनारोपणको प्रसङ्गमा अध्ययनारम्भ, उपाकर्म, विसर्जन र पवित्र दमनार्पण शुक्र अस्त हुँदा पनि गर्न हुन्छ भनिएको छ । यसैगरी नित्यकर्म, नैमित्तिक कर्म, जप, होम एवं यज्ञ आदिमा उपाकर्ममा ग्रहणवेधको दोष लाग्दैन भन्ने कुरा **प्रयोगपारिजात** र **हेमाद्रि**मा बताइएको छ । **हेमाद्रि** भन्दछन् – पर्वमा ग्रहण परेको छ भने त्योभन्दा पहिले तीन दिन वेध नलाग्ने कुरा बताउन उक्त 'नित्ये' इत्यादि पद्यमा वेध नहुने कुरा बताइएको छ । त्यसकारण पूर्णिमाका दिन ग्रहण लाग्ने भए पनि श्रवणसहित चतुर्दशीमा उपाकर्म गर्नुपर्दछ ।

प्रथमारम्भे निर्णयः

अस्ते प्रथमारम्भस्तु न भवति ।

'**गुरुभार्गवयोर्मौढ्ये बाल्ये वा वार्धकेऽपि वा । तथाधिमाससंसर्पमलमासादिषु द्विजैः ।।**

प्रथमोपाकृतिर्न स्यात्कृतं कर्म विनाशकृत् ।।' इति तत्रैव कश्यपोक्तेः । अत्र प्रथमारम्भे वृद्धिश्राद्धं कुर्यादिति नारायणवृत्तौ । एतच्चाधिमासे न कार्यमिति हेमाद्रिः ।

'**उपाकर्म तथोत्सर्गः प्रसवाहोत्सवाष्टकाः । मासवृद्धौ परे कार्या वर्जयित्वा तु पैतृकम् ।।**'

इति ज्योतिःपराशरोक्तेः ।

'**उत्कर्षः कालवृद्धौ स्यादुपाकर्मादिकर्मणि । अभिषेकादिवृद्धीनां न तूत्कर्षो युगादिषु ।।**'

इति कात्यायनोक्तेश्च । यत्तु – '**उपाकर्मणि चोत्सर्गे ह्येतदिष्टं वृषादितः ।**' इति ऋष्यशृङ्गवचनं तत्सामगविषयम्। तेषां सिंहार्के एवोक्तेः । एतच्चापराह्णे कार्यम् । '**उपाकर्मापराह्णे स्यादुत्सर्गः प्रातरेव तु।**' इति ।

'**अध्यायानामुपाकर्म कुर्यात्कालेऽपराह्णिके । पूर्वाह्णे तु विसर्गः स्यादिति वेदविदो विदुः ।।**'

इति च हेमाद्रौ गोभिलोक्तेः । वस्तुतस्तु – '**भवेदुपाकृतिः पौर्णमास्यां पूर्वाह्ण एव तु ।**' इति प्रचेतसो वचनात् पूर्ववाक्यं सामगविषयम् । तेषामपराह्ण एवोक्तेरित्यनुपदं वक्ष्यते । दीपिकापि – '**अस्य तु विधेः पूर्वाह्णकालः स्मृतः**' इति ।

उपाकर्मको प्रथम आरम्भसम्बन्धी निर्णय

शुक्रादि अस्त हुँदा उपाकर्मको प्रथमारम्भ हुँदैन भन्ने कुरा बताउँदै **हेमाद्रि**मा उद्धृत **कश्यप**को वचनमा भनिएको छ – पहिलो उपाकर्म गुरु र शुक्र अस्त हुँदा तिनको बाल्य एवं वार्धक्य अवस्था हुँदा, अधिमास, संसर्प अर्थात् क्षयमासभन्दा पहिले पर्ने अधिकमास, मलमास आदि हुँदा गर्न हुँदैन, गरियो भने गरिएका कर्मको नाश हुन्छ । उपाकर्मको प्रथम आरम्भमा वृद्धिश्राद्ध गर्नुपर्छ भन्ने कुरा **नारायणीवृत्ति**मा लेखिएको छ । यो श्राद्ध अधिकमासमा गर्न हुँदैन ।

ज्योतिःपराशरमा यसबारे चर्चागर्दै भनिएको छ– उपाकर्म, उत्सर्ग, जातकर्म र अष्टकाश्राद्ध अधिकमास परेमा त्यसपछिको शुद्धमासमा गर्नुपर्दछ । प्रतिवर्ष गरिने बाबु–आमाको श्राद्ध भने अधिकमासमा नै गर्नुपर्दछ । **कात्यायन**को भनाइ छ – उपाकर्म आदि कृत्यहरूमा कालको वृद्धि भएमा उत्कर्ष अर्थात् श्रेष्ठको ग्रहण, अभिषेक आदि वृद्धि र युगादितिथिहरूमा उत्कर्ष हुँदैन। उपाकर्म र उत्सर्ग आदिमा यो श्राद्ध वृषसंक्रान्तिबाट ग्रहण गर्न इष्ट हुन्छ भन्ने ऋष्यशृङ्गको वचन सामवेदीका निमित्त हो । किनभने उनीहरूलाई सिंहकै सूर्य हुँदा उपाकर्म गर्नु भनिएको छ । यो वृद्धिश्राद्ध अपराह्नमा गर्नुपर्दछ ।

फेरि यो कर्म गर्दा मध्याह्नमा गर्नुपर्छ भन्ने **हेमाद्रि**मा उद्धृत **गोभिल**को भनाइ यसप्रकार छ – उपाकर्म अपराह्नकालमा हुन्छ, उत्सर्ग प्रातःकालमा हुन्छ । वेदको उपाकर्म पराह्नकालमा नै गर्नुपर्दछ । पूर्वाह्नमा उत्सर्जन अर्थात् वेदाध्ययनको विश्राम गर्नुपर्छ भनी वेदका ज्ञाता भन्दछन् । वास्तवमा प्रचेताहरूको भनाइअनुसार उपाकर्म पूर्णिमाको पूर्वाह्नकालमा हुन्छ । यसमा पहिलो वाक्य केवल सामवेदीहरूका लागि मात्र हो । उनीहरूको निमित्त अपराह्न भन्ने शब्दको प्रयोग भएको छ । यसबारेमा हामी छिट्टै विचार गर्नेछौं । **दीपिका**मा भने उपाकर्मविधि पूर्वाह्नमा नै गर्नुपर्छ भनिएको छ ।

याजुषैः पर्वणि उपाकर्म कार्यम्

याजुषास्तु पर्वणि कुर्युः । तच्चापस्तम्बैरौदयिकं ग्राह्यमन्यैस्तु पूर्ववत् ।

पर्वण्यौदयिके कुर्युः श्रावणं तैत्तिरीयकाः। बह्वृचाः श्रवणे कुर्युर्ग्रहसंक्रान्तिवर्जिते ।। इति गार्ग्योक्तेः।

सम्प्राप्तवाग्श्रुतीर्ब्रह्मा पर्वण्यौदयिके पुनः । अतो भूतदिने तस्मिन्नोपाकरणमिष्यते ।।

इति कालिकापुराणाच्च ।

यजुर्वेदीहरूको पूर्णिमामा उपाकर्म गर्ने विधान

यजुर्वेदीहरूले पर्व अर्थात् पूर्णिमामा उपाकर्म गरून्, आपस्तम्बहरूले उदयकालमा उपाकर्म गरून्, अरूले पहिले बताएअनुसार उपाकर्म गरून् । **गार्ग्य** भन्दछन् – तैत्तिरीयशाखामा श्रद्धा गर्ने मानिसहरूले श्रावणीकर्म पर्वको दिन उदयकालमा उपाकर्म गरून् । ऋग्वेदमा श्रद्धा गर्नेहरूले ग्रहण र संक्रान्ति नपरेको श्रवणनक्षत्रमा उपाकर्म गरून् ।

कालिकापुराणमा भनिएको छ – ब्रह्माजीले पूर्णिमाको उदयकालमा वेदको ज्ञान प्राप्त गर्नुभएको हुँदा पूर्णिमाकै दिन उपाकर्म गर्नुपर्दछ र चतुर्दशीका दिन उपाकर्म गर्न हुँदैन ।

दोषसंयुक्ते पर्वणि उपाकर्मनिषेधः

'अथ चेद्दोषसंयुक्ते पर्वणि स्यादुपाक्रिया । दुःखशोकामयग्रस्ता राष्ट्रे तस्मिन् द्विजातयः ।।'

इति मदनरत्नहेमाद्र्यादौ गार्ग्येण दोषोक्तेः । अत्र शिङ्गाभट्टीये विशेषः –

'श्रवणः श्रावणं पर्व सङ्गवस्पृग्यदा भवेत् । तदैवौदयिकं कार्यं नान्यदौदयिकं भवेत् ।।'

दोष परेको पूर्णिमामा उपाकर्मनिषेध

मदनरत्न, हेमाद्रि आदिमा उद्धृत **गार्ग्य**को भनाइ यसप्रकार छ– ग्रहण, संक्रान्ति आदि दोषबाट दूषित पूर्णिमाका दिन उपाकर्म गरिन्छ भने राष्ट्रमा ब्राह्मण, क्षत्रिय र वैश्यहरू दुःख, शोक र रोगले ग्रस्त हुन्छन् । **शिङ्गाभट्टीय** ग्रन्थमा विशेष तथ्य प्रस्तुत गर्दै भनिएको छ – श्रवण तथा श्रावणको पूर्णिमामा सङ्गवको स्पर्श हुन्छ भने उदयकाल लिनुपर्दछ अन्यथा उदयकाल लिनुहुँदैन ।

कर्मकालकथनम्

पराशरमाधवीयेऽपि गार्ग्यः –

'श्रावणी पौर्णमासी तु सङ्गवात्परतो यदि । तदैवौदयिकी ग्राह्या नान्यदौदयिकी भवेत् ।।'

कर्मकालमाह कालादर्शे निगमः –

'श्रावण्या प्रौष्ठपद्या वा प्रतिपत्षण्मुहूर्तकैः । विद्धा स्याच्छन्दसां तत्रोपाकर्मोत्सर्जनं भवेत् ।।'

अत्र पौर्णमासी श्रवणहस्तयोरुपलक्षणम् । तेन तावपि सङ्गवस्पृशौ ।

कर्मकालको विचार

पराशरमाधवीयमा गार्ग्य भन्दछन् – श्रावणको पूर्णिमा सङ्गवदेखि टाढा भएमा त्यही उदयको समय लिनुपर्दछ, अरू लिनुहुँदैन । कर्मकाल बताउँदै **कालादर्शमा** निगमको वाक्य यसरी प्रस्तुत गरिएको छ – श्रावण र भाद्रको पूर्णिमा ६ मुहूर्तजति प्रतिपदाले विद्ध भएमा वैदिकहरूले त्यसबेला उपाकर्म र उत्सर्जन गर्नुपर्दछ । यहाँ पूर्णिमा शब्दले श्रवण र हस्तालाई पनि जनाउँछ, किनकि तिनले पनि सङ्गवकाल स्पर्श गर्दछन् ।

श्रावणीकर्मणि मत-मतान्तरकथनम्

'उदये सङ्गवस्पर्शे श्रुतौ पर्वणि चार्कभे । कुर्युर्नभस्युपाकर्म ऋग्यजुःसामगाः क्रमात् ।।'

इति पृथ्वीचन्द्रः । तेनोदयसङ्गवोभयव्यापिनी मुख्या । परेद्युः सङ्गवाभावे पूर्वेद्युरुदयाभावे चैकैकसत्त्वे पूर्वेद्युश्चतुर्दशी-वेधनिषेधात्सामान्यवाक्यादौदयिकी कर्मपर्याप्ता ग्राह्या न पूर्वा । सङ्गवनिमित्तपूर्वविद्धापवादाभावात्। **'नान्यदौदयिकी'** इत्यस्य पूर्वविद्धापरत्वाभावात् । तेन भाद्रादौ कालान्तरे स्यान्न तु निषिद्धे । न हि व्रीह्यलाभे निषिद्धमाषग्रहणं युक्तम्। अत एव परेद्युः सङ्गवव्याप्तौ पूर्वविद्धानिषेधः । तदभावे तु नेति मूर्खव्यवस्थाप्ययुक्ता, विधिवैषम्यात् । माषनिषेधेऽपि तथापत्तेश्च । पूर्वविद्धावचनसत्त्वे हि सा युज्यते । एवं श्रवणेऽपि ज्ञेयम् । तन्न । **'विष्ण्वर्क्षे घटिकाद्वयम्'** इति पूर्वोक्तविरोधात् । तेन प्राशस्त्यमात्रपरमिदम् । तत्त्वं तु एतच्छुद्धाधिकपरम् । तेन यथाग्निहोत्रादौ सायंप्रातःकालबाधे सामान्ये जीवनावच्छिन्नकाले दर्शादौ वानुष्ठानम्, यथा वा व्रीह्यश्वशफाद्यभावे यागाक्षिप्तनिषिद्धवर्जद्रव्येण, तथात्र सङ्गवाभावे निषिद्धवर्ज्यकर्मपर्याप्तौदयिके कालान्तरे वानुष्ठानं न तु कदाचिन्निषिद्धे । अपवादाभावे उत्सर्गस्यैव प्राप्तेः ।

श्रावणीकर्ममा मत-मतान्तर

पृथ्वीचन्द्र भन्दछन् – 'श्रावणपूर्णिमा श्रावणनक्षत्र र कर्कसंक्रान्तिले सूर्योदयकाल वा सङ्गवकाल स्पर्श गरेमा ऋग्वेदीहरूले श्रावणको श्रवणनक्षत्रमा, यजुर्वेदीहरूले श्रावणीपूर्णिमामा र सामवेदीहरूले संक्रान्तिका दिन क्रमैले उपाकर्म गर्नुपर्दछ ।' यसबाट उदय र सङ्गव दुवैमा व्याप्त हुने संक्रान्ति वा पूर्णिमालाई मुख्य मानिएको कुरा स्पष्ट हुन्छ । पछिल्लो दिन सङ्गवको अभावमा र पहिलो दिन उदयको अभावमा एउटा-एउटा मात्र रहेको हुन्छ भने पूर्वदिनमा चतुर्दशीको वेध निषेध गरिएबाट सामान्य वाक्यको आधारमा कर्मकालमा पर्याप्त उदयकालव्यापिनी पछिल्लो पूर्णिमातिथि लिनुपर्दछ, पहिलो तिथि लिनु हुँदैन । सङ्गवका निमित्त पूर्वविद्धाको अपवाद हुँदैन । **'नान्यत् औदयिकी'** वाक्यमा पूर्वा र परा भनी तोकिएको छैन । श्रवणमा उपाकर्म गर्न अनुकूल भएन भने भाद्र आदि कालान्तरमा गर्नुपर्दछ तर निषिद्धकालमा उपाकर्म गर्न हुँदैन । जस्तै – चामल प्राप्त भएन भने माषग्रहण गर्न हुँदैन । 'यसैले दोस्रो दिन सङ्गवकालसम्म तिथि व्याप्त भएमा

पूर्वविद्धाको निषेध गरिन्छ । दोस्रो दिन सङ्गवकालमा व्याप्त नभएमा पूर्वविद्धाको निषेध हुँदैन' भन्ने मूर्खहरूको व्यवस्था पनि विधिको विषमता हुनाले उचित छैन । विधिको विषमताका कारण माषको निषेधमा पनि त्यही आपत्ति आउन सक्नेछ । 'पूर्वविद्धामा गर्नुपर्छ भन्ने वचन पाइएमा मात्र गर्न सकिन्छ । यसैगरी श्रवणनक्षत्रमा पनि जान्नुपर्दछ ।' यो भनाइ पनि उचित छैन । किनकि श्रवणनक्षत्रमा दुई घडी हुनुपर्ने वचनसँग विरोध पर्न आउँछ । त्यसकारण उक्त भनाइ पूर्णिमाको प्रशंसाका लागि मात्र आएको हो विधिका निमित्त होइन । तत्त्वतः शुद्ध र अधिक श्रवणको उपस्थिति हुनुपर्दछ भन्ने नै हो। त्यसकारण अग्निहोत्र आदिमा जसरी सङ्गवकाल एवं प्रातःकालमा बाधा हुँदा जीवित अवस्थामा अमावास्यामा जसरी व्रीहि, घोडाको खुरको अभावमा पनि निषिद्ध द्रव्यबाहेक यागद्वारा आक्षिप्त द्रव्यद्वारा याग गरिन्छ त्यसैगरी सङ्गवको अभावमा अनिषिद्ध र कर्मकालपर्याप्त समय वा कालान्तरमा कर्म गर्नुपर्दछ । तर कहिल्यै पनि निषिद्धसमयमा उपाकर्मजस्ता कर्म गर्नु हुँदैन । किनकि अपवादको अभावमा उत्सर्ग अर्थात् सामान्यको प्राप्ति हुन्छ ।

कात्यायनादीनां तु दिनद्वये पूर्वाह्णव्याप्तौ एकदेशस्पर्शे वा पूर्वैवेति हेमाद्रिः । यदपि –

'श्रावणी दुर्गनवमी दूर्वा चैव हुताशनी । पूर्वविद्धा प्रकर्तव्या शिवरात्रिर्बलेर्दिनम् ।।'

इति ब्रह्मवैवर्तम्, तद्ब्रह्मपवित्रश्रवणाकर्मादिदैवकर्मविषयमिति हेमाद्रिः । अत एव वचनात्कुलधर्मव्रतादावपि पूर्वैव। मदनरत्नेप्येवम् ।

कात्यायन आदिले दुवै दिन पूर्णिमाले पूर्वाह्णव्याप्ति वा एकदेश स्पर्श गरेमा पहिलो दिन लिनुपर्दछ भनेका छन् भन्ने कुरा हेमाद्रिले समेत उल्लेख गरेका छन् । **ब्रह्मवैवर्त**मा भनिएको छ – 'श्रावणी, दुर्गानवमी, दूर्वाष्टमी, होलिका, शिवरात्रि र वामनद्वादशीतिथि लिँदा पूर्वविद्धा लिनुपर्दछ ।' यस विषयमा हेमाद्रि भन्दछन् – यो भनाइ ब्रह्मपवित्र एवं श्रवणाकर्म आदि दैवकर्मका निमित्त भनिएको हो । अत एव वचनको आधारमा कुलधर्म र व्रतमा पूर्वा नै लिनुपर्दछ ।

मदनपारिजाते – पूर्वविद्धायां श्रावण्यां वाजसनेयिनामुपाकर्मेत्युक्तम् । मदनरत्ने तु – **'पर्वण्यौदयिके कुर्युः श्रावणं तैत्तिरीयकाः ।'** इति बह्वृचपरिशिष्टे बह्वृचान्प्रति कर्मविधानार्थं प्रवृत्ते तत्र तैत्तिरीयककर्मविध्ययोगात् पूर्वोक्तकालिकापुराणादौ सामान्यत औदयिकपर्वप्राप्तेस्तन्निषेधेन बह्वृचानां श्रवणविधानात्तैत्तिरीयकपदमनुवादत्वात् तस्य च प्राप्त्यधीनत्वात् प्राप्तेश्च यजुर्वेदिमात्रपरत्वात्सर्वयजुर्वेद्युपलक्षणार्थम् । अवयुत्यानुवादो वा न तु विधायकम्। येन विशेषविधिनोपसंहारः स्यात् । अनुवादत्वाल्लक्षणा न दोषः । अन्यथा त्वौदयिकपर्वविशिष्टेपाकर्मोद्देशेन कर्तृविधौ कर्तृविशिष्टे वा औदयिकपर्वविधौ वाक्यभेदापत्तेः । तस्मात्तैत्तिरीयकपदाविवक्षया सर्वयजुर्वेदिनामौदयिकमेव पर्वेत्युक्तम्। तन्न । न तावत्परिशिष्टे बह्वृचान्प्रत्येव विधिः । **'धनिष्ठाप्रतिपद्युक्तत्वाष्ट्रऋक्षसमन्वितम्'** इत्यादि । तदुदाहृते एव परिशिष्टे वेदान्तरधर्मविधीनां दर्शनात् । नाप्यनुवादोऽयं कालिकापुराणाद् बह्वृचादीनामपि तदापत्तेः । कुर्युरित्यस्य विधित्वेन तस्यैवार्थवादत्वेनैतत्प्राप्तानुवादित्वाच्च । न च तैत्तिरीयकाणां गृह्ये तद्विधिरस्ति । येनानुवादः स्यात् । न च वाक्यभेदः । तैत्तिरीयकमात्रस्य कर्ममात्रस्य वा उद्देश्यत्वायोगेन हविरार्तिवत् **'अष्टवर्षं ब्राह्मणमुपनयीत'** इतिवच्चागत्या विशिष्टस्योद्देश्यत्वात् । अन्यथोत्तरार्धे बह्वृचपदस्याप्यविवक्षापत्त्या श्रवणस्य सर्वसाधारण्यापत्तेः । तस्माद्धेमाद्रिमतमेव युक्तमिति दिक् । इदं च शिष्यानध्यापयत आवसथ्येग्नौ । अनध्यापयतो नाधिकार इति कर्कः । श्रावण्यामपि ग्रहणादिदुष्टायां कातीयभिन्नैः प्रौष्ठपद्यां कार्यम् । तैस्तु श्रावणपञ्चम्याम् –

संक्रान्तिर्ग्रहणं वापि पौर्णमास्यां यदा भवेत् । उपाकृतिस्तु पञ्चम्यां कार्या वाजसनेयिभिः ।।

इति स्मृतिमहार्णवे वाजसनेयिग्रहणादिति हेमाद्रिः । इदं च सूत्रोक्तकालपरत्वाद् बह्वृचपरमपि । शाङ्ख्यायनैस्तु हस्ते कार्यम् । आपस्तम्बैराथर्वणैश्च प्रौष्ठपद्याम् ।

मदनपारिजातमा भनिएको छ – 'पूर्वविद्धा श्रावणपूर्णिमामा वाजसनेयीहरूले उपाकर्म गर्नुपर्दछ ।' **मदनरत्न**मा भनिएको छ – तैत्तिरीय शाखाका मानिसहरूले पर्वको उदयकालमा श्रावणीकर्म गर्नुपर्दछ । बह्वृचहरूको कर्मविधानका लागि प्रणयन गरिएको **बह्वृचपरिशिष्ट**मा – 'बह्वृचहरूका निमित्त तैत्तिरीयहरूको कर्मविधि उपयुक्त हुँदैन । पहिले उल्लेख गरिएको कालिकापुराण आदिमा सामान्यतः उदयकालिक पर्व ग्रहण गर्नुपर्दछ भनिएकोमा बह्वृचहरूले उदयकालिक पर्व ग्रहण गर्न हुँदैन भनी निषेध गरिएको छ र श्रवणनक्षत्रमा उपाकर्म गर्नुपर्ने कुरा बताइएको छ ।' तैत्तिरीयकपदबाट निर्देश गरिएको विषय विधि नभई अनुवाद हो । अनुवाद जहिले पनि विधिको अधीनमा रहेको हुन्छ । विधि भने वेदमा आधारित हुन्छ । 'पर्वण्यौदयिकं कुर्युः श्रावणं तैत्तिरीयकाः' यस वाक्यले सबै यजुर्वेदीहरूले पूर्णिमाको उदयकालमा उपाकर्म गर्नुपर्छ भन्ने कुरा बताउँछ । उक्त वाक्यले गरेको विधानलाई अवयुत्यानुवाद भनिन्छ । अवयुत्यानुवादको अर्थ– कुनै वस्तुलाई समुदायबाट छुट्याएर अलग-अलग प्रशंसा गर्नु हो । तसर्थ उक्त वचन अवयुत्यानुवाद हो, विधायक होइन। अवयुत्यानुवाद भएकै कारण यजुर्वेदीहरूका निमित्त भनिएको वाक्य हुनाले यजुर्वेदीहरूले पूर्णिमाको उदयकालमा उपाकर्म गर्नुपर्छ भन्दै उपसंहार गरिएको छ । अनुवाद भएकाले यहाँ लक्षणादोष पनि हुँदैन । यसलाई अनुवाद नमानेर विधि मान्ने हो भने उदयकालिक पर्वविशेषमा गरिने उपाकर्मको उद्देश्यबाट कर्ताको विधि र कर्तृविशिष्ट औदयिक पर्वविधिको आधारमा दुई वाक्य हुन गई वाक्यभेद हुने आपत्ति आइलाग्नेछ । यसकारण यहाँ तैत्तिरीयकपदको विवक्षा नगरी सबै यजुर्वेदीहरूका निमित्त उदयकालिक पर्वकाल ग्राह्य हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । ग्रन्थकार भन्दछन् – उक्त भनाइ ठीक छैन । **बह्वृचपरिशिष्ट**मा – बह्वृचहरूका निमित्त विधि बताइएको छैन । त्यहाँ त धनिष्ठा, प्रतिपदा र चित्रानक्षत्रले युक्त भन्ने वाक्यानुसार अरू वेदहरूका धर्म र विधिको मात्र उल्लेख गरिएको छ । उक्त वाक्यलाई अनुवाद पनि भन्न हुँदैन । त्यसो भन्ने हो भने **कालिकापुराण**को आधारमा बह्वृचहरूलाई यही नियम प्राप्त हुनेछ । **कुर्युः** अर्थात् गरून् भन्ने पदमा विधित्व नहुनाले अर्थवादअन्तर्गतको अनुवाद रहेको छ । किनकि तैत्तिरीय शाखाको गृह्यसूत्रमा उपाकर्मको विधि बताइएको छ। त्यसको अनुवाद मान्दा वाक्यभेदको आपत्ति हुँदैन । तैत्तिरीयक पदमा कर्मको उद्देश्य नहुनाले **हविरार्ति** वाक्यमा झैं र **अष्टवर्षं ब्राह्मणमुपनयीत** अर्थात् आठवर्षको बालकको उपाकर्म गरोस् भन्ने वाक्यमा झैं अगत्या विशिष्ट उद्देश्य मान्नुपर्ने हुन्छ । अन्यथा उत्तरार्धमा बह्वृचपदको अविवक्षाको आपत्तिका कारण सबैलाई श्रवणमा उपाकर्म गर्नुपर्ने अवस्था आइलाग्नेछ । यसैले हेमाद्रिको निर्णयलाई नै मार्गदर्शक मान्नुपर्दछ ।

यो उपाकर्म शिष्यलाई पढाइरहेका आचार्यले औपासन अग्निमा आहुति दिएर सम्पन्न गर्नुपर्दछ । जसले शिष्यलाई पढाइरहेका हुँदैनन् तिनीहरूलाई औपासन अग्निमा आहुति दिएर उपाकर्म गर्ने-गराउने अधिकार हुँदैन भन्ने कर्काचार्यको मत रहेको छ । श्रावणीपूर्णिमा ग्रहण आदिका कारण दूषित हुन गएमा कातीयभिन्न शाखाका मानिसहरूले भाद्रपूर्णिमामा उपाकर्म गर्नुपर्दछ । कातीयहरूले श्रावणशुक्लपञ्चमीमा उपाकर्म गर्नुपर्दछ । शाङ्ख्यायनहरूले हस्तानक्षत्रमा उपाकर्म गर्नुपर्दछ । आपस्तम्ब र आथर्वणशाखाका मानिसहरूले भाद्रपूर्णिमामा उपाकर्म गर्नुपर्दछ ।

यत्तु बौधायनः – **'श्रावण्यां पौर्णमास्यामाषाढ्यां वोपाकृत्य'** इत्यूचे, तत् प्रौष्ठपद्यामपि दोषे आषाढ्यां कार्यमित्येवमर्थं तच्छाखीयविषयं वा ।

सामगास्तु श्रावणे हस्ते कुर्युः । '**बह्वृचाः श्रवणे चैव हस्तर्क्षे सामवेदिनः**' इति निर्णयामृते गोभिलोक्तेः। सोप्युत्तमः ।

'**धनिष्ठाप्रतिपद्युक्तं त्वाष्ट्रऋक्षसमन्वितम् । श्रावणं कर्म कुर्वीरन् ऋग्यजुःसामपाठकाः ।।**'

इति मदनरत्ने परिशिष्टोक्तेः । गार्ग्योपि –

'**सिंहे रवौ तु पुष्यर्क्षे पूर्वाह्णेऽविवरे बहिः । छन्दोगा मिलिताः कुर्युरुत्सर्गं स्वस्वच्छन्दसाम्।।**
शुक्लपक्षे तु हस्तेन उपाकर्मापराह्णिकम् ।।' इति । अविवरे – ग्रहादिदोषहीने । विचरेदिति पाठोऽज्ञानकृतः। पुष्यर्क्षे पूर्वाह्णे उत्सर्गः । अपराह्णिकमुपाकर्मेत्यन्वयः ।

बौधायनले जुन श्रावण वा आषाढको पूर्णिमामा उपाकर्म गर्नुपर्ने कुरा बताएका छन् त्यसको तात्पर्य कुनै कारणले भाद्रपूर्णिमा दूषित हुन गएमा आषाढको पूर्णिमामा भए पनि उपाकर्म गर्नुपर्दछ भन्नु हो । यो कुरा बौधायनशाखाका मानिसहरूका निमित्त भनिएको हो । सामवेदीहरूले त श्रावणको हस्तानक्षत्रमा उपाकर्म गर्नुपर्दछ । यस सम्बन्धमा निर्णयामृतमा **गोभिलले** भनेका छन् – बह्वृचहरूले श्रवणनक्षत्र र सामवेदीहरूले हस्तानक्षत्रमा उपाकर्म गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – **गोभिलको** यो भनाइ पनि उत्तम छ । किनकि **मदनरत्नमा** भनिएको छ – धनिष्ठा, प्रतिपदा र चित्रानक्षत्रको योगमा ऋग्वेदी, यजुर्वेदी र सामवेदीले उपाकर्म गर्नुपर्दछ । **गार्ग्यले** पनि भनेका छन् – सिंहमा सूर्य रहँदा पुष्यनक्षत्रमा, ग्रहण आदि दोष नभएको समयमा र पूर्वाह्णकालमा सबै वेदपाठीहरूले मिलेर गाउँदेखि बाहिर तीर्थ आदिमा रहेका महानदी वा जलाशयमा गई आ–आफ्ना वेदको उत्सर्जन गर्नुपर्दछ । त्यसपछि शुक्लपक्षमा हस्तानक्षत्र भएका दिन अपराह्णकालमा उपाकर्म गर्नुपर्दछ । यसको मूल श्लोक **सिंहे रवौ तु०** इत्यादिमा **अविवरे** पद रहेको छ । कसैले **अविवरेको** सट्टा **विचरेत्** भनी उल्लेख गरेका छन् । यसरी उल्लेख गर्नु उनीहरूको अज्ञानबाट भएको त्रुटि हो । पुष्यनक्षत्र भएका दिन पूर्वाह्णमा उत्सर्ग र अपराह्णमा उपाकर्म गर्नुपर्दछ यही अन्वय हो ।

उपाकरणं नाम पक्षद्वयेऽपि स्वाध्यायपाठस्य स्वीकारः । तथा च सूत्रम् – '**षण्मासानधीयीत**' इति । एवञ्च यथागृह्यमुपाकर्म कृत्वा सार्धांश्चतुरः पञ्च षड् वा मासान्मुत्सर्जनकालवशाद् व्यवस्थया स्मृतिसिद्धानध्यायपरिहारेण शुक्लकृष्णपक्षयोः स्वाध्यायमधीयीरन्, अनध्यायेष्वङ्गानि । उत्सर्जनं च यथापूर्वं पक्षद्वयेऽपि स्वाध्यायपाठस्य त्यागः । उत्सर्जनोत्तरं शुक्लपक्षेष्वेव वेदाध्ययनविधानात् ।

उपाकरणको अर्थ दुवै पक्षमा स्वाध्यायपाठ स्वीकार गर्नु हो । त्यससम्बन्धी सूत्र यसप्रकार छ – '**षण्मासानधीयीत**' अर्थात् ६ महिनासम्म वेदाध्ययन गर्नुपर्दछ । यसरी गृह्यसूत्रको नियमअनुसार उपाकर्म गरी साढे चारमहिना, पाँचमहिना अथवा छमहिनासम्म वेदाध्ययन गर्नुपर्दछ । उत्सर्जनकालको अर्थात् वेदाध्ययनलाई विश्राम दिने समयको स्थितिअनुसार उक्त साढे चारमहिना, पाँचमहिना वा छमहिना अध्ययनकालको व्यवस्था गरिएको छ। त्यो अवधिमा पनि स्मृतिले बताएका अनध्यायका दिनहरू छाडी शुक्ल एवं कृष्ण दुवै पक्षमा स्वाध्यायपाठ गर्नुपर्दछ । अनध्यायका दिनहरूमा व्याकरण, ज्योतिष आदि वेदाङ्गहरूको अध्ययन गर्नुपर्दछ। उत्सर्जनको अर्थ उपाकर्ममा जस्तै दुवै पक्षमा स्वाध्यायपाठको त्याग गर्नु हो । उत्सर्जनपछि उपाकर्म नगर्दासम्म शुक्लपक्षमा मात्र वेदको अध्ययन गर्नुपर्ने विधान रहेको छ ।

तथा च मनुः –

यथाशास्त्रं तु कृत्वैवमुत्सर्गं छन्दसां बहिः । विरमेत् पक्षिणीं रात्रिं यद्वाऽप्येकमहर्निशम् ।।

अत ऊर्ध्वं तु छन्दांसि शुक्लेषु नियतः पठेत् ।। इति । अन्यस्तु विशेष पूर्वमेवोक्तः ।

मनु भन्दछन् – शास्त्रानुसार गाउँबाहिर गई वेदाध्ययनलाई विसर्जन गरेर एकपक्षिणी रात्रि अर्थात् ३६ घण्टा वा एकअहोरात्र विश्राम गर्नुपर्दछ । त्यसपछि शुक्लपक्षमा नियमितरूपमा वेदपाठ गर्नुपर्दछ । अरू विशेष कुरा पहिले बताइसकिएको छ ।

वनस्थानामुपाकर्मोत्सर्जनञ्च

प्रयोगपारिजाते गोभिलः –

'उपाकर्मोत्सर्जनं च वनस्थानामपीष्यते । धारणाध्ययनाङ्गत्वाद् गृहिणां ब्रह्मचारिणाम् ।।

उत्सर्जनं च वेदानामुपाकरणकर्म च । अकृत्वा वेदजप्येन फलं नाप्नोति मानवः ।।'

सर्वथा लोपे तु कृच्छ्र उपवासश्च **'वेदोदितानां नित्यानाम्'** इति मनुनाऽभोजनोक्तेः । एवमुत्सर्गेऽपि।

वानप्रस्थहरूले पनि उपाकर्म र उत्सर्जन गर्नुपर्ने विधान

प्रयोगपारिजातमा गोभिल भन्दछन् – वेदको ग्रहण, धारण, ब्रह्मयज्ञ र वेदपारायण गर्ने कर्म वानप्रस्थ, ब्रह्मचारी र गृहस्थ सबैका लागि आवश्यक हुन्छ किनकि उपाकर्म नै वेदको धारण र अध्ययनको प्रमुख अङ्गकर्म हो । मानिसहरूले वेदहरूको उपाकर्म र उत्सर्जन नगरी पाठ गर्दछन् भने वेदाध्ययनको फल प्राप्त हुँदैन । सर्वथा वेदाध्ययन र उत्सर्जनलोप गरेका मानिसहरूले कृच्छ्रनामक प्रायश्चित्त र उपवास गर्नुपर्दछ । मनुले भनेका छन् – वेदोदित नित्यकर्मको त्याग गरेमा भोजन गर्नु हुँदैन अर्थात् उपवास र प्रायश्चित्त गर्नुपर्दछ । यही नियम उत्सर्गमा पनि लागु हुन्छ ।

उत्सर्जनम्

अथ प्रसङ्गादत्रैवोत्सर्जनमुच्यते । तच्च पौषमासे रोहिण्यां तत्कृष्णाष्टम्यां वा कार्यम् ।

'पौषमासस्य रोहिण्यामष्टकायामथापि वा । जलान्ते छन्दसां कुर्यादुत्सर्गं विधिवद्बहिः ।।'

इति याज्ञवल्क्योक्तेः । श्रावण्यां प्रौष्ठपद्यां वोपाकृतौ क्रमेण पौषशुक्लप्रतिपदि माघशुक्लप्रतिपदि वा कार्यम्। **अर्धपञ्चमान्मासानधीयीत'** इति तेनैवोक्तेः । अर्धः पञ्चमो येषु सार्धचतुर इत्यर्थः । यत्तु हारीतः – **'अर्धपञ्चमान्मासानधीत्योर्ध्वमुत्सृजेत् । पञ्चार्धषष्ठान्वा'** इति तदाषाढ्युपाकर्मविषयम् । बौधायनास्तु पौष्यां माघ्यां वा कुर्युः । **'पौष्यां माघ्यां चोत्सृजेत्'** इति तत्सूत्रात्। तैत्तिरीयैस्तु तैष्यां कार्यम् । **'तैष्यां पौर्णमास्यां रोहिण्यां वा विरमेत्'** इति तत्सूत्रात् बह्वृचैऽस्तु माघ्यां कार्यम् । **'अध्यायोत्सर्जनं माघ्यां पौर्णमास्यां विधीयते'** इति कारिकोक्तेः । कातीयास्तु भाद्रपदे कुर्युः । **'उत्सर्गश्चेति नन्दादितिथ्यां प्रौष्ठपदेऽपि वा ।'** इति कात्यायनोक्तेः । सामगास्तु सिंहेऽर्के पुष्ये कुर्युः । तथा च सिंहे रवौ त्विति गार्ग्यवचनं पूर्वमुक्तम् । सर्वैरुपाकर्मदिने वा कार्यम् । **'पुष्ये तूत्सर्जनं कुर्यादुपाकर्मदिनेऽथवा ।'** इति हेमाद्रौ खादिरगृह्योक्तेः । यदा सिंहस्थे सूर्ये सति तन्मध्यस्थहस्तनक्षत्रात्प्राक् पुष्यः कर्कटस्थो भवति तदा तस्मिन्पुष्ये उत्सर्गं कृत्वा तदुत्तरहस्ते उपाकर्म सामगाः कुर्युः ।

'मासे प्रौष्ठपदे हस्तात्पुष्यः पूर्वो भवेद्यदा । तदा च श्रावणे कुर्यादुत्सर्गं छन्दसां तथा ।।'

इति तत्रैव परिशिष्टोक्तेः । अत्र द्वावपि सौरो मासौ ज्ञेयौ । तेषां सौरस्यैवोक्तेः ।

उत्सर्जन विचार

यहाँ उपाकर्मको प्रसङ्गमा उत्सर्जनको विषयमा पनि चर्चा गरिँदैछ । वेदाध्ययनको उत्सर्जन पौषमासको रोहिणीनक्षत्र वा कृष्णपक्षको अष्टमीमा गर्नुपर्दछ । **याज्ञवल्क्यले** भनेका छन् – 'पौषमासको रोहिणीनक्षत्र वा अष्टका अर्थात् कृष्णपक्षको अष्टमीमा गाउँबाहिर जलको नजिकमा गई विधिवत् वेदाध्ययनको उत्सर्जन–विराम गर्नुपर्दछ । श्रावणमासको पूर्णिमातिथिमा उपाकर्म गरेका मानिसहरूले पौषशुक्ल प्रतिपदामा उत्सर्जन गर्नुपर्दछ । भाद्रपूर्णिमामा उपाकर्म गरेका मानिसहरूले माघशुक्ल प्रतिपदामा उत्सर्जन गर्नुपर्दछ । साढे चारमहिना अध्ययन गर्नुपर्दछ भन्ने कुरा पनि उनैले नै बताएका छन् । माथि मूलमा प्रयोग गरिएको '**अर्धपञ्चमः**' – अर्धः पञ्चमो येषु अर्थात् जुन समयावधिमा चारमहिना र आधामहिना रहेका हुन्छन् त्यस अवधिलाई अर्धपञ्चमः भनिन्छ । त्यसलाई संस्कृतमा अर्को शब्दले भन्नुपर्दा सार्द्धचतुरः भनिन्छ । हारीतले जुन साढे चारमहिना अथवा पाँचमहिना अथवा साढे पाँचमहिना अध्ययन गरी उत्सर्जन गर्नुपर्दछ भनेका छन् त्यो आषाढपूर्णिमामा उपाकर्म गरेका मानिसहरूका निमित्त हो ।

बौधायनहरू भन्दछन् – 'पौषपूर्णिमा वा माघपूर्णिमामा उत्सर्जन गर्नुपर्दछ ।' यो भनाइ उनीहरूकै सूत्रअनुसार भनिएको हो । तैत्तिरीयहरूले पौषपूर्णिमामा उत्सर्जन गर्नुपर्दछ । किनकि उनीहरूको सूत्रग्रन्थमा पौष वा रोहिणीनक्षत्रमा उत्सर्जन गर्नुपर्ने कुरा बताएको छ । बह्वृचहरूले माघपूर्णिमामा उत्सर्जन गर्नुपर्दछ किनकि उनीहरूको कारिकामा भनिएको छ – 'वेदाध्ययनको उत्सर्जन माघपूर्णिमामा गर्नुपर्दछ ।' कातीयहरूले भाद्रमासमा उपाकर्म गर्नुपर्दछ । **कात्यायन** भन्दछन् – 'पौषमासको तिथि वा भाद्रपूर्णिमामा उत्सर्जन गर्नुपर्दछ ।' सामवेदीहरूले सिंहमा सूर्य हुँदा उपाकर्म र पौषमहिनामा उत्सर्जन गर्नुपर्दछ किनकि **सिंहे रवौ** भन्ने गार्ग्यवचन पहिले बताइएको छ अथवा सबै वेदका अध्येताहरूले जुन दिन उपाकर्म गरिन्छ त्यसै दिन उत्सर्ग पनि गर्नुपर्दछ । किनकि हेमाद्रिमा उद्धृत गरिएको **खादिरगृह्यसूत्र**मा भनिएको छ – पौषमासमा उत्सर्जन गर्नुपर्दछ अथवा जुन दिन उपाकर्म गरिन्छ त्यसै दिन उत्सर्जन गर्नुपर्दछ । सिंहमा सूर्य रहँदा त्यसको बीचमा जुन हस्तानक्षत्र हुन्छ त्योभन्दा पहिले सूर्य कर्कमा रहँदा जुन पुष्यनक्षत्र हुन्छ त्यसै श्रावणमासको पुष्यनक्षत्रमा उत्सर्जन गरी त्यसपछि सिंहस्थ सूर्यमा पर्ने हस्तानक्षत्रमा सामवेदीहरूले उपाकर्म गर्नुपर्दछ । यस सम्बन्धमा परिशिष्टमा भनिएको छ कि – भाद्रमासमा हस्तानक्षत्र र श्रावणमासमा पुष्यनक्षत्र भएमा श्रावणमासमा वेदको उत्सर्जन गर्नुपर्दछ । यहाँ भाद्र र श्रावणमास भन्नाले चान्द्रमास नलिएर दुवै सौरमास लिनुपर्दछ किनकि तिनीहरूका निमित्त उत्सर्जनका लागि सौरमासकै विधान गरिएको छ ।

अनध्यायविचारः

अत्र विशेषमाह कार्ष्णाजिनिः –

'उपाकर्मणि चोत्सर्गे यथाकालं समेत्य च । ऋषीन्दर्भमयान्कृत्वा पूजयेत्तर्पयेत्ततः ।।'

इति । **'उपाकर्मण्युत्सर्गे च त्रिरात्रं पक्षिणीमहोरात्रं वानध्यायः'** इति मिताक्षरायामुक्तम् ।

उपाकर्म र उत्सर्गमा अनध्याय विचार

उपाकर्मको सम्बन्धमा विशेष तथ्य प्रस्तुत गर्दै **कार्ष्णाजिनिले** भनेका छन् – उपाकर्म र उत्सर्गमा यथासमय

एकत्रित भएर कुशका ऋषि बनाईकन पूजा र तर्पण गर्नुपर्दछ । उक्त दुई कर्ममा तीन रात पक्षिणी अर्थात् लगभग ३६ घण्टाको समय अथवा अहोरात्र अनध्याय गर्नुपर्दछ कुरा मिताक्षरामा भनिएको छ ।[३२]

नदीनां रजोदोषाऽभावः

अत्र नदीनां रजोदोषो नास्ति । **'उपाकर्मणि चोत्सर्गे रजोदोषो न विद्यते'** इति गार्ग्योक्तेः ।

नदीहरूमा रजस्वला दोषको अभाव

उपाकर्म र उत्सर्गमा नदीहरूको रजस्वलादोष लाग्दैन । गार्ग्यले पनि भनेका छन् – उपाकर्म र उत्सर्गमा नदीहरूको रजोदोष लाग्दैन ।

रक्षाबन्धनम्

अत्रैव रक्षाबन्धनमुक्तं हेमाद्रौ भविष्ये –

सम्प्राप्ते श्रावणस्यान्ते पौर्णमास्यां दिनोदये । स्नानं कुर्वीत मतिमान् श्रुतिस्मृतिविधानतः ।।

उपाकर्मादिकं प्रोक्तमृषीणां चैव तर्पणम् । शूद्राणां मन्त्ररहितं स्नानं दानं च शस्यते ।।

उपाकर्मणि कर्तव्यमृषीणां चैव पूजनम् । ततोऽपराह्णसमये रक्षापोटलिकां शुभाम् ।।

कारयेदक्षतैः शस्तैः सिद्धार्थैर्हेमभूषितैः ।। इति । अत्रोपाकर्मानन्तर्यस्य पूर्णातिथावार्थिकस्यानुवादो न तु विधिः । गौरवात् प्रयोगविधिभेदेन क्रमायोगाच्छूद्रादौ तदयोगाच्च। तेन परेद्युरुपाकरणेऽपि पूर्वेद्युरपराह्णे तत्करणं सिद्धम्।

रक्षाबन्धन विचार

हेमाद्रिमा रक्षाबन्धनको सम्बन्धमा **भविष्यपुराण**को वचन उद्धृत गरेर भनिएको छ – श्रावणमासको अन्तमा पूर्णिमाको सूर्योदयमा श्रुति–स्मृति विधानले बुद्धिमान् व्यक्तिहरूले स्नान गर्नुपर्दछ । उपाकर्म आदिमा सबै ऋषिहरूको तर्पण गर्नुपर्दछ । तर यस अवसरमा शूद्रहरूले विनामन्त्र स्नान र दान गर्नुपर्ने कुरा बताइएको छ । उपाकर्ममा ऋषिहरूको पूजन गर्नुपर्दछ । तदनन्तर अपराह्न समयमा रक्षा गर्ने पोटलिका अर्थात् पोका तयार गर्नुपर्दछ । त्यसमा अक्षता, सर्स्यूँ र सुनको प्रतिमा मिसाइएको हुनुपर्दछ ।

ग्रन्थकार भन्दछन् – यहाँ उपाकर्मपछिको पूर्णिमातिथिमा वार्षिककृत्यको अनुवाद गरिएको छ तर त्यो विधि होइन। गौरव र प्रयोगविधिको क्रमको अयोगका कारण शूद्रमा त्यसको योग हुँदैन । त्यसैले दोस्रो दिन गरिने उपाकर्मको सिद्धिको लागि पनि पहिलो दिन अपराह्नमा ऋषिपूजन, रक्षापोटलिकानिर्माण आदि कृत्य गर्नुपर्ने कुरा सिद्ध हुनआउँछ ।

भद्रायां रक्षाबन्धनविचारः

इदं भद्रायां न कार्यम् ।

'भद्रायां द्वे न कर्तव्ये श्रावणी फाल्गुनी तथा । श्रावणी नृपतिं हन्ति ग्रामं दहति फाल्गुनी ।।' इति संग्रहोक्तेः । तत्सत्त्वे तु रात्रावपि तदन्ते कुर्यादिति निर्णयामृते ।

३२. शिष्य, ऋत्विक्, गुरु र सवर्ण दाजुभाइ मरेमा र उपाकर्म एवं उत्सर्गकर्म गरेपछि आफ्नो शाखाको अध्ययन गर्ने श्रोत्रिय मरेमा तीन दिन अनध्याय हुन्छ । अनध्यायमा वेदाध्ययन गर्नु हुँदैन ।

त्र्यहं प्रेतेष्वनध्यायः शिष्यर्त्विग्गुरुबन्धुषु । उपाकर्मणि चोत्सर्गे स्वशाखाश्रोत्रिये तथा ।।

भद्रामा रक्षाबन्धन विचार

रक्षाबन्धन भद्रामा गर्न हुँदैन । संग्रहमा भनिएको छ कि – 'भद्रामा श्रावणीपूर्णिमामा गरिने कर्म र फाल्गुनीपूर्णिमामा गरिने कर्म गर्नुहुँदैन । श्रावणी पूर्णिमामा त्यसरी कर्म गरिएमा राजाको नाश हुन्छ र फाल्गुनीपूर्णिमामा त्यस्तो कर्म गरिएमा ग्रामदाह हुन्छ।' भद्रा रहेमा ती कर्महरू रात्रिमा अर्थात् भद्रा सकिएपछि गर्नुपर्छ भन्ने कुरा **निर्णयामृत**मा बताइएको छ ।[३३]

प्रतिपद्युक्तायां पौर्णमास्यां रक्षाबन्धनविचारः

इदं प्रतिपद्युतायां न कार्यम् ।

'नन्दाया दर्शने रक्षा बलिदानं दशासु च । भद्रायां गोकुलक्रीडा देशनाशाय जायते ।।'

इति मदनरत्ने ब्रह्मवैवर्तात् । भविष्ये – **'उपलिप्ते गृहमध्ये दत्तचतुष्के न्यसेत्कुम्भम् ।**

पीठे तत्रोपविशेद्राजामात्यैर्युतश्च सुमुहूर्ते । तदनु पुरोधा नृपते रक्षां बध्नीत मन्त्रेण ।।'

प्रतिपदासहित पूर्णिमामा रक्षाबन्धनविचार

रक्षाबन्धनको पूर्णिमालाई अथवा श्रावणीपूर्णिमालाई प्रतिपदासंयुक्त बनाउनुहुँदैन । **मदनरत्न**मा उद्धृत **ब्रह्मवैवर्तपुराण**को भनाइ छ कि नन्दातिथिको उदयमा रक्षाबन्धन गर्नुहुँदैन, राष्ट्रमा वा व्यक्तिगत जीवनमा संकट गरेका बेला प्राणीहरूको बलि दिने कर्म गर्नुहुँदैन र भद्रातिथिमा गोकुलक्रीडा अर्थात् गोरु जुधाएर रमिता हेर्ने काम पनि गर्नुहुँदैन। त्यसो गरिएमा देशको नाश हुन्छ ।

भविष्यपुराणमा भनिएको छ– रक्षाबन्धनमा घरको बीचमा लिपपोत गरेर वेदी तयार गरी ४ दिशामा चार कलशको स्थापना गर्नुपर्दछ । शुभ मुहूर्तमा अमात्यहरूका साथ आसनमा बसेका राजाको हातमा पुरोहितले मन्त्रपूर्वक रक्षा बाँध्नु पर्दछ ।

भद्रावर्ज्यग्रहणदिने रक्षाबन्धनविचारः

इदं रक्षाबन्धनं नियतकालत्वाद्भद्रावर्ज्यग्रहणदिनेऽपि कार्यं होलिकावत् । ग्रहसंक्रान्त्यादौ रक्षानिषेधाभावात्। **सर्वेषामेव वर्णानां सूतकं राहुदर्शने** इति तत्कालीनकर्मपर एव न त्वन्यत्र । अन्यथा होलिकायां का गतिः। अत एव –

नित्ये नैमित्तिके जप्ये होमे यज्ञक्रियासु च । उपाकर्मणि चोत्सर्गे ग्रहवेधो न विद्यते ।।

इति नियतकालीने तदभाव इति दिक् । उपाकर्मणि तद्दिनभिन्नपरं तत्र तन्निषेधादित्युक्तं प्राक् ।

भद्रारहित ग्रहणको दिनमा रक्षाबन्धनविचार

रक्षाबन्धन नियत समयमा हुने हुँदा होलिकापर्व मनाइएझैं भद्रालाई छाडेर ग्रहणको दिनमा पनि यो कर्म गर्नुपर्दछ। ग्रहण र संक्रान्ति आदिमा रक्षाबन्धन निषेध गरिएको छैन । सबै वर्णलाई राहुदर्शनमा सूतक लाग्छ । यो तत्कालीन कर्ममा आधारित सूतक हो, अरू कर्मलाई यसले प्रभावित गर्दैन । प्रभावित गर्ने भए होलिकामा गर्ने कर्म हुनसक्ने थिएनन् ।

---

३३. भद्रा भएको अवस्थामा रक्षाबन्धन र चीरदाह अर्थात् होलिकादहन गर्नु हुँदैन । रक्षाबन्धन गरिएमा राजाको नाश हुन्छ भने होलिकादहन गरिएमा ग्रामदाह हुन्छ । रक्षाबन्धन गर्ने दिन श्रावणपूर्णिमामा र होलिकादहन गर्ने दिन फाल्गुनपूर्णिमामा पूरै भद्रा भयो भने भद्राको मुख पर्ने अर्थात् हुने अवधिलाई छोडेर यी दुई कर्म गर्नुपर्ने हुन्छ भन्ने कुरा धर्मशास्त्रहरूमा बताइएको छ ।

यसैले 'नित्य, नैमित्तिक, जप, होम, यज्ञक्रिया, उपाकर्म र उत्सर्गमा ग्रहणको वेध हुँदैन ।' नियतकालमा त्यसमा ग्रहणदोषको अभाव हुन्छ । उपाकर्ममा अरू दिनमा दोष लाग्ने कुरा हामीले शास्त्रार्थको माध्यमबाट पहिले धेरै चर्चा गरिसकेका छौं ।

रक्षाबन्धने मन्त्रप्रयोगः

मन्त्रस्तु- **येन बद्धो बली राजा दानवेन्द्रो महाबलः। तेन त्वामपि बध्नामि रक्षे मा चल मा चल।।**

ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैरन्यैश्च मानवैः । कर्तव्यो रक्षिताचारो द्विजान्सम्पूज्य शक्तितः ।। इति।

रक्षाबन्धनमा मन्त्रप्रयोग

रक्षाबन्धनमा पढिने मन्त्र **येन बद्धो बली राजा०** इत्यादि हो । यसको अर्थ यसप्रकार छ – 'रक्षाबन्धन नगरिएका कारण महाबली दानवराज बलि बाँधिए । त्यसकारण हे रक्षा ! मैले तिमीलाई बाँधेको छु । तिमी यताउति गतिशील नहोऊ।' यसरी रक्षाबन्धन गर्दा यो मन्त्र पढेपछि ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अरू मानवसमुदायले शक्तिअनुसार ब्राह्मणको पूजा गरी रक्षाबन्धन बाँध्ने काम गर्नुपर्दछ ।

हयग्रीवोत्पत्तिः

अत्रैव हयग्रीवोत्पत्तिः । तदुक्तं कल्पतरौ – **'श्रावण्यां श्रवणे जातः पूर्वं हयशिरा हरिः ।**

जगाद सामवेदं तु सर्वकल्मषनाशनम् । स्नात्वा सम्पूजयेत्तं तु शङ्खचक्रगदाधरम् ।।

हयग्रीवको अवतरण

कल्पतरुमा बताइएको छ – 'यसै पूर्णिमाका दिन श्रवणनक्षत्रको पूर्वार्द्धमा हयग्रीव हरिले अवतार लिनुभएको थियो । उहाँले नै सम्पूर्ण पाप नाश गर्ने सामवेद प्रकट गर्नुभएको थियो ।' त्यसैले श्रावणीमा स्नान गरेर शङ्ख, चक्र एवं गदा धारण गर्नुहुने भगवान् हयग्रीवको पूजा गर्नुपर्दछ ।

श्रवणादिकर्मनिरूपणम्

अत्राश्वलायनेन श्रवणाकर्मोक्तम् । **'श्रावण्यां पौर्णमास्यां श्रवणाकर्म'** इति । तत्रास्तमययोगिनी ग्राह्या । **'अस्तमिते स्थालीपाकं श्रपयित्वा'** इति सूत्रात् । अत एव निशीष्टेर्दर्शप्रयोगान्तःपातनियमात्तदङ्गैः प्रसङ्गसिद्धिरुक्ता द्वादशे । अन्यथा परेद्युः प्राप्तौ कः प्रसङ्गः प्रसङ्गस्य । याज्ञिकास्तु पौर्णिमादर्शशब्दयोः पर्वान्त्यक्षणवदहोरात्रवाचित्वात्तत्रैव कर्मकालव्याप्तिर्ग्राह्येति विकृतित्वाच्छेषपर्वेच्छन्ति ।

श्रवणादि कर्मविधान

आश्वलायनले श्रावणीका दिन श्रवणाकर्म गर्नुपर्ने कुरा बताएका छन् । यसमा अस्तकालिक योगिनी अर्थात् पूर्णिमा ग्रहण गर्नुपर्दछ । **अस्तमिते स्थालीपाकं श्रपयित्वा** अर्थात् अस्तकालमा स्थालीपाकको श्रपण गर्नुपर्दछ भन्ने सूत्रअनुसार रात्रिको यज्ञमा अमावास्याको रात्रिकालिक प्रयोगमा आएका नियमका अङ्गहरूबाट श्रवणाकर्म सिद्ध हुन्छ भन्ने कुरा जैमिनिसूत्रको

बाह्रौं अध्यायमा बताइएको छ ।[३४] अन्यथा अर्को दिन त्यसको सिद्धि हुने कुनै प्रसङ्ग रहँदैन । कसैले भन्छन् – पूर्णिमा र अमावास्याको अन्तिम समयका घडीहरू अहोरात्रका वाचक भएकाले श्रवणाकर्मको कर्मकालका रूपमा पर्वान्त लिनुपर्दछ । श्रवणाकर्म विकृतियाग भएकाले पर्वको शेषकाल नै उपयुक्त हुन्छ ।

अशून्यशयनव्रतम्

श्रावणादिमासचतुष्टयकृष्णपक्षद्वितीयासु अशून्यशयनव्रतम् । तत्र चन्द्रोदयव्यापिनी । दिनद्वये सत्त्वे सति परेति निर्णयामृते ।

इति कमलाकरभट्टकृते निर्णयसिन्धौ श्रावणमासः ।

इति आषाढ-श्रावणमासयोर्विधेयानां कृत्यानां निर्णायकं द्वितीयं प्रकरणम्

अशून्यशयनव्रत

श्रावण आदि चारमहिनाका कृष्णपक्षका द्वितीयाहरूमा अशून्यशयनव्रत गरिन्छ । त्यसमा द्वितीयालाई लिँदा चन्द्रोदयव्यापिनी लिनुपर्दछ र दुईदिन द्वितीया भएमा पराद्वितीयाग्रहण गर्नुपर्छ भन्ने कुरा **निर्णयामृत**मा बताइएको छ।

निर्णयसिन्धु द्वितीयपरिच्छेदको आषाढदेखि श्रावणसम्म गरिने कृत्यहरूको निर्णयमा आधारित द्वितीय प्रकरण पूरा भयो ।

३४. निशीष्टिर्दर्शतन्त्रा स्यात् सामिधेन्यादिकं विना (१२/२/१४-१८) उक्त मीमांसासूत्रमा अमावास्याको निशामा गरिने याग प्रसङ्गले दर्शयागका अङ्गकर्महरूबाट नै उपकृत हुन्छ भनिएकाले श्रवणाकर्म अमावास्याको रातमा सम्पन्न गरिने दर्शयागका अङ्गकर्महरूद्वारा नै सिद्ध हुन्छ ।

भाद्रमासीयकृत्यनिर्णायकं तृतीयं प्रकरणम्

भाद्रमासः

सिंहसंक्रान्तौ पुण्यकालः

सिंहे पराः षोडशघटिकाः पुण्यकालः । अन्यत्पूर्ववत् ।

भाद्रसंक्रान्तिमा पुण्यकाल

भाद्रसंक्रान्तिमा संक्रान्तिकालभन्दा पछिका १६ घडीलाई पुण्यकाल मानिएको छ । कसैले संक्रान्तिभन्दा पहिलेका १६ घडीलाई पुण्यकाल मानेका छन् तर त्यो उचित छैन । अरू विषय पहिले बताएसरह हुन्छ ।

सिंहादिप्रसूतौ शान्तिः

अत्र गोप्रसवेऽद्भुतसागरे नारदः –

'भानौ सिंहगते चैव यस्य गौः सम्प्रसूयते । मरणं तस्य निर्दिष्टं षड्भिर्मासैर्न संशयः ।।
तत्र शान्तिं प्रवक्ष्यामि येन सम्पद्यते शुभम् । प्रसूतां तत्क्षणादेव तां गां विप्राय दापयेत् ।।
ततो होमं प्रकुर्वीत घृताक्तै राजसर्षपैः । आहुतीनां घृताक्तानामयुतं जुहुयात्ततः ।।

व्याहृतिभिश्चायं होमः । **'सोपवासः प्रयत्नेन दद्याद् विप्राय दक्षिणाम् ।'** इति ।

तथा सिंहराशौ गते सूर्ये गोप्रसूतिर्यदा भवेत् । पौषे च महिषी सूते दिवैवाश्वतरी तथा ।।
तदानिष्टं भवेत्किञ्चित्तच्छान्त्यै शान्तिकं चरेत् ।।
अस्यवामेति सूक्तेन तद्विष्णोरिति मन्त्रतः । जुहुयाच्च तिलाज्येन शतमष्टोत्तराधिकम् ।।
मृत्युञ्जयविधानेन जुहुयाच्च तथायुतम् । श्रीसूक्तेन ततः स्नायाच्छान्तिसूक्तेन वा पुनः ।।
मध्यरात्रे निशीथे वा यदा गौः क्रन्दते सदा । ग्रामे वा स्वगृहे वापि शान्तिकं पूर्ववद्दिशेत् ।।'

एवं श्रावणे वडवाप्रसवो दिने निषिद्धः । तदुक्तमथर्ववेदिनां गार्ग्यपरिशिष्टे –

'माघे बुधे च महिषी श्रावणे वडवा दिवा । सिंहे गावः प्रसूयन्ते स्वामिनो मृत्युदायिकाः ।।'

इति । अत्र तदुक्तामृताख्या शान्तिः कार्या ।

सिंह आदि राशिमा सूर्य रहँदा गवादि प्रसूति र स्वस्ति-शान्ति

अद्भुतसागरमा नारदले भाद्रमहिनामा गाईले बच्चा जन्माउँदा नराम्रो परिणाम हुन्छ भन्दै बताएका छन् – सिंहराशिमा सूर्य जाँदा जसकी गाईले बच्चा जन्माउँछिन् ती गाईका घरमालिकको ६ महिनाभित्र मृत्यु हुन्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

अब म उक्त दोषको शान्ति गर्ने प्रक्रिया बताउँछु, जुन शान्तिविधिबाट अशुभफल पनि शुभफलका रूपमा परिणत हुन्छ । गाईले बच्चा जन्माउनेबित्तिकै ती गाईलाई ब्राह्मणका निमित्त दान गरेर दिनुपर्दछ । त्यसबेला गोधनीले सेतो सस्र्यूँ घ्यूमा मिसाएर हवन गर्नुपर्दछ । घ्यू मिसिएको सस्र्यूँ १०००० संख्यामा ॐ भूर्भुवः स्वः व्याहृतिद्वारा हवन गर्नुपर्दछ ।

उपवास गरी ब्राह्मणलाई दक्षिणा दिनुपर्दछ । यसैगरी शास्त्रहरूमा अरू वचन पनि पाइन्छन् । जस्तै – सूर्य सिंहराशिमा जाँदा गाईले बच्चा जन्माउँदा, पुसमहिनामा भैंसीले बच्चा जन्माउँदा र श्रावणमहिनामा दिनको समयमा घोडीले बच्चा जन्माउँदा अनिष्ट हुन्छ । अनिष्टनाशका लागि तल लेखिएका मन्त्रहरूद्वारा स्वस्ति–शान्ति गर्नुपर्दछ ।

स्वस्ति-शान्तिविधान

अस्य वामस्य पलितस्य होतुस्तस्य भ्राता मध्यमो अस्त्यश्नः । तृतीयो भ्राता घृतपृष्ठो अस्यात्रा पश्यं विश्पतिं सप्त पुत्रम् ।। सप्त युजन्ति रथमेकचक्रमेको अथवा वहति सप्तनामा । त्रिनाभि चक्रमजरसनर्वं यत्रे मा विश्वा भुवनाधितरतुः ।। इमं रथमधि ये सप्ततस्थुः सप्तचक्रं सप्त वहन्त्यश्वाः । सप्तस्व सारोऽअभि संनवन्ते यत्रा गवां निहिता सप्त धाम ।। को ददर्श प्रथमं जायमानमस्थन्वन्तं यदनस्था बिभर्ति । भूम्याऽअसुर सुगात्माक्वत्कोविदांसमुपगात्प्रष्टुमेतद् ।। पाकः पृच्छामि मनसा विजानन्देवानामेना-निहिता पदानि । वत्सेपष्कयेधिसप्ततं तून्वितस्त्रिरेकवयऽओतवाऽउ ।। – ऋग्वेदसंहिता कामसूक्त । ॐ तद् विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः । दिवीव चक्षुराततम् ।। – ऋ. १/२२/२० ।

यी मन्त्रहरूद्वारा तिल र घ्यू मिसाएर १०८ संख्यामा हवन गर्नुपर्दछ । फेरि मृत्युञ्जयविधिबाट १०००० संख्यामा हवन गर्नुपर्दछ । त्यसपछि श्रीसूक्त अथवा शान्तिसूक्त उच्चारण गर्दै नुहाउनुपर्दछ । मध्यरातमा अथवा रातिमा गाई नराम्ररी कराइन् भने पनि पहिले बताएका विधिले स्वस्ति–शान्ति गर्नुपर्दछ ।

यसैगरी साउनमहिनामा दिनको समयमा घोडीले बच्चा जन्माउनुलाई पनि अशुभ मानिएको छ । अथर्ववेदको अनुसरण गर्नेहरूका लागि **गार्ग्यपरिशिष्ट**मा भनिएको छ कि – बुधवार र माघमहिनामा भैंसी, साउनमहिनामा दिनको समयमा घोडी र भदौमहिनामा गाईले बच्चा जन्माउँदा गोधनीको मृत्यु हुन्छ । यस्तो अवस्थामा अथर्ववेदमा बताइएको विधिले अमृताशान्ति गर्नुपर्दछ ।[३५]

कज्जलीनिर्णयः

भाद्रकृष्णतृतीया कज्जलीसंज्ञा सा परा ग्राह्येति दिवोदासीये उक्तम् । वचनं तु हरितालिकाप्रकरणे वक्ष्यामः ।

कज्जली तृतीया निर्णय

भाद्रमहिनाको कृष्णपक्षको तृतीयालाई कज्जलीतृतीया भनिन्छ । त्यो दिन कज्जलीनामक व्रत गर्ने विधान छ ।

३५. **अष्टादशभ्यः शान्तिभ्यः तिस्रोऽन्याः शान्तयो वराः । अमृता चाभया सौम्या सर्वोत्पातविमर्ददाः ।।
अमृता सर्वदैवत्या ह्यभया ब्रह्मदेवता । सौम्या च सर्वदैवत्या एका स्यात् सर्वकामदा ।।
अभयायाः मणिः कार्यो वरुणस्य भृगूत्तम । शतकाण्डाऽमृतायाश्च सौम्याया शङ्खजो मणिः ।।
तद्दैवत्यास्तथा मन्त्राः सिद्धौ स्यान्मणिबन्धनम् । दिव्यान्तरिक्षभौमादिसमुत्पातार्दना इमाः ।।** – अग्निपुराण २६३/७-११

वैष्णवी, ऐन्द्री ब्राह्मी, रौद्री, वायवी, वारुणी, कौबेरी, भार्गवी, प्राजापत्या, त्वाष्ट्री, कौमारी, आग्नेयी, मारुद्गणी, गान्धर्वी, नैर्ऋतिकी, आङ्गिरसी, याम्या र पार्थिवी । उक्त १८ प्रकारका शान्तिभन्दा पनि महत्त्वपूर्ण शान्ति हुन् – अभयाशान्ति, अमृताशान्ति र सौम्याशान्ति । यी शान्तिद्वारा सबै प्रकारका उत्पातहरूको नाश हुन्छ । सौम्या र अमृतशान्तिमा सबै देवताहरूको आराधना गरिन्छ भने अभयाशान्तिमा प्रजापतिको आराधना गरिन्छ । अभयाशान्तिका लागि वरुणवृक्ष अर्थात् सिप्लिकानका फेंदको काठबाट मणि तयार गर्नुपर्दछ । अमृताशान्तिका लागि दूबाको जराबाट मणि बनाउनुपर्दछ र सौम्या शान्तिका लागि शङ्खमणि धारण गर्नुपर्दछ । ती ती देवताका मन्त्र सिद्ध गरेपछि मणि धारण गर्नुपर्दछ । उक्त अभया, अमृता र सौम्या शान्ति गरेपछि दिव्य, आन्तरिक्ष र भौम उत्पातको शमन हुन्छ । अग्निपुराणको २६२ अध्यायबाट अन्य शान्तिको विषयमा जानकारी लिन सकिन्छ ।

कज्जलीव्रत गर्दा परा तिथि अर्थात् पछिल्लो तिथि लिनुपर्दछ भन्ने कुरा दिवोदासले बताएका छन् । यससम्बन्धी प्रमाण हरितालिका अर्थात् तीजको प्रकरणमा दिनेछौं ।

भाद्रकृष्णचतुर्थी(बहुला)निर्णयः

भाद्रकृष्णचतुर्थी बहुलाख्या मध्यदेशे प्रसिद्धा । सा सायाह्नव्यापिनी ग्राह्या । दिनद्वये तत्त्वे पूर्वा ग्राह्या ।

'गौर्याश्चतुर्थी वटधेनुपूजा दुर्गार्चनं दुर्भरहोलिके च ।

वत्सस्य पूजा शिवरात्रिरेताः परान्विता घ्नन्ति नृपं सराष्ट्रम् ।।'

इति दिवोदासीये वचनात् । **'अत्र वत्सपूजायाः पृथगुपादानात् धेनुपूजाशब्देन बहुलाख्या गृह्यते'** इति स एव व्याचख्यौ । मदनरत्नेऽप्येवम् । अत्र गोपूजा यवान्नाशनं च तत्रैवोक्तम् ।

भाद्रकृष्णचतुर्थी अर्थात् बहुलाचतुर्थीको निर्णय

भाद्रमहिनाको कृष्णपक्षको चतुर्थीलाई बहुलाचतुर्थी पनि भनिन्छ । यस चतुर्थीलाई मध्यदेशका मानिसहरू बढी मान्दछन् । यो तिथि सायाह्नव्यापिनी लिइन्छ । दुवै दिन सायाह्नव्यापिनी भएमा पहिलो दिनको तिथि ग्रहण गर्नुपर्दछ ।

दिवोदासीय ग्रन्थमा भनिएको छ कि – 'गौरीचतुर्थी, वटामावास्याका दिन गरिने धेनुपूजा, दुर्गानवमीपूजा, दुर्भरहोलिकापूजा, वत्सद्वादशीपूजा र शिवरात्रिपूजामा पछिल्लो तिथि लिइन्छ भने राज्यसहित राजाको नाश हुन्छ ।' यहाँ माथि वत्सपूजा भनिएको छ । वत्सपूजा भनेर वत्सशब्दको उल्लेख गरिएकाले धेनुपूजाशब्दबाट बहुलानाम भएको तिथि नै पूजाका लागि ग्रहण गर्नुपर्दछ भन्ने कुरा उनले आफै व्याख्या गरी बताएका छन् । **मदनरत्नमा** पनि त्यही भनिएको छ। यहाँ गोपूजा र यवान्नभोजनको पनि चर्चा गरिएको छ ।

भाद्रकृष्णषष्ठी

भाद्रकृष्णषष्ठी हलषष्ठी । सा सप्तमीयुतेति दिवोदासः ।

भाद्रकृष्ण षष्ठी

भाद्रकृष्णपक्षको षष्ठीतिथिलाई हलषष्ठी भनिन्छ । यस तिथिमा शुभकर्म गर्दा पछिल्लो लिनुपर्दछ भन्ने कुरा दिवोदासले बताएका छन् ।

भाद्रकृष्णसप्तमी

भाद्रकृष्णसप्तम्यां शीतलाव्रतम् । तत्र पूर्वा ग्राह्येति हेमाद्रौ ।

भाद्रकृष्ण सप्तमी

भाद्रकृष्ण सप्तमीतिथिमा शीतलादेवीको व्रत गर्ने विधान रहेको छ । **हेमाद्रिग्रन्थमा** शीतलापूजा गर्दा पूर्वा अर्थात् पहिलो तिथि लिनुपर्दछ भनिएको छ ।

अथ जन्माष्टमीविचारः

अथ जन्माष्टमी । सा च कृष्णादिमासेन भाद्रपदकृष्णाष्टमी ।

तथा भाद्रपदे मासि कृष्णाष्टम्यां कलौ युगे । अष्टाविंशतिमे जातः कृष्णोऽसौ देवकीसुतः ।।
इति कल्पतरौ ब्राह्मोक्तेः । अत्रेदं माधवमतम् । अष्टमी द्वेधा । जन्माष्टमी जयन्ती चेति । तत्राद्या केवलाष्टमी।

जन्माष्टमी विचार

अब श्रीकृष्णजन्माष्टमीको विषयमा विचार गरिँदैछ[३६] । कृष्णमास यो वचनबाट भाद्रमासको कृष्णपक्षको अष्टमीतिथि लिइन्छ । **कल्पतरु**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – कलियुगमा भाद्रमासको कृष्णपक्षको अष्टमीतिथिमा २८ औं युगमा देवकीनन्दन श्रीकृष्णको जन्म भएको थियो ।

जन्माष्टमीको सम्बन्धमा **माधव**को भनाइ यसप्रकार छ – भाद्रपद कृष्णपक्षको अष्टमी दुई प्रकारको हुन्छ – पहिलो जन्माष्टमी र दोस्रो जयन्ती । पहिलो जन्माष्टमी भनेको शुद्ध अष्टमीमात्र हो ।

ये न कुर्वन्ति जानन्तः कृष्णजन्माष्टमीव्रतम्।
ते भवन्ति नराः प्राज्ञ व्याला व्याघ्राश्च कानने।। इति स्कान्दात् ।
दिवा वा यदि वा रात्रौ नास्ति चेद्रोहिणी कला ।
रात्रियुक्तां प्रकुर्वीत विशेषेणेन्दुसंयुताम् ।। इति पुराणान्तरात् ।

श्रावणे बहुले पक्षे कृष्णजन्माष्टमीव्रतम् । न करोति नरो यस्तु भवति क्रूरराक्षसः ।।
इति भविष्योक्तेश्च केवलाष्टम्या एवोपोष्यत्वावगतेः । सैव रोहिणीयुक्ता जयन्ती ।

कृष्णाष्टम्यां भवेद्यत्र कलैका रोहिणी यदि ।
जयन्ती नाम सा प्रोक्ता उपोष्या सा प्रयत्नतः ।। इति वह्निपुराणम् ।

अष्टमी कृष्णपक्षस्य रोहिणीऋक्षसंयुता । भवेत्प्रौष्ठपदे मासि जयन्ती नाम सा स्मृता ।।
इति विष्णुरहस्यादिवचनाच्च । ज्योतिरादिवत्संज्ञया कर्मभेदः । रोहिणीयोगश्चाहोरात्रं मुख्यः, निशीथमात्रे मध्यमः, दिवसादावधमः ।

स्कन्दपुराणमा भनिएको छ – 'जुन मानिसले जानेर–बुझेर पनि कृष्णजन्माष्टमीव्रत गर्दैनन्, ती अर्को जन्ममा सर्प र बाघ भएर जन्मिन्छन् ।' **भविष्यपुराण**मा भनिएको छ – जसले श्रावणमासको कृष्णपक्षमा कृष्णजन्माष्टमीव्रत गर्दैन त्यो अर्को जन्ममा डरलाग्दो राक्षसका रूपमा पैदा हुन्छ ।' यी वचनहरूबाट केवल अष्टमीमा उपवास गर्नुपर्ने कुरा ज्ञात हुन्छ। यदि त्यही अष्टमी रोहिणीनक्षत्रले युक्त भएमा त्यसलाई कृष्णजयन्ती भनिन्छ भन्ने कुरा **अग्निपुराण**मा बताइएको छ ।

---

३६. पुराण एवं कृष्णावतारसम्बन्धी ग्रन्थहरूबाट श्रीकृष्ण भगवान्को अवतरण भाद्रकृष्ण पक्षको अष्टमीको आधारातमा भएको कुरा स्पष्ट हुन्छ । यो अष्टमी दुई प्रकारको हुन्छ । पहिलो रोहिणीको योगले रहित शुद्ध जन्माष्टमी, दोस्रो रोहिणीनक्षत्रको योगले सहित जयन्ती। रोहिणीसहित अष्टमी एकै दिनमात्र भएमा त्यसै दिन उपवास गर्नुपर्दछ । दुवै दिन अष्टमी र रोहिणीको योग भएमा दोस्रो दिन उपवास गर्नुपर्दछ । यदि रोहिणीनक्षत्र दुवै दिनमा हुँदैन भने जुन दिन आधारातमा अष्टमी हुन्छ त्यसै दिन उपवास गर्नुपर्छ भन्ने शास्त्रहरूको निष्कर्ष हो र निर्णयसिन्धुकारको पनि यही मत छ ।

यसबारे **विष्णुरहस्य**को वचन यसप्रकार छ – यदि भाद्रमा कृष्णपक्षको अष्टमी रोहिणीनक्षत्रले युक्त हुन्छ भने त्यसलाई जयन्ती भनिन्छ । **अग्निपुराण**मा भनिएको छ – भाद्रकृष्णपक्षको अष्टमीतिथिमा एक कलामात्र भए पनि रोहिणीनक्षत्र भएमा त्यस अष्टमीलाई जयन्ती भनिन्छ । उक्त तिथिमा प्रयत्नपूर्वक उपवास गर्नुपर्दछ ।

यही कुरा **विष्णुरहस्य**मा यसरी बताइएको छ – भाद्रमासमा कृष्णपक्षको अष्टमी रोहिणीनक्षत्रले युक्त भएमा त्यसलाई जयन्ती भनिन्छ । केही यज्ञ [३७]**ज्योतिः** आदि छुट्टै संज्ञा भएकाले जसरी ज्योतिष्टोमको कर्मभन्दा भिन्न कर्मका वाचक हुन्छन् त्यसरी नै जयन्ती र जन्माष्टमी पनि छुट्टाछुट्टै कृत्य हुन् । केवलाष्टमी जन्माष्टमी हो भने रोहिणीसहित जन्माष्टमीलाई जयन्ती भनिन्छ । अहोरात्र रोहिणीयोग भएमा उत्तम जयन्ती हुन्छ । रातमा मात्र जयन्तीयोग भएमा मध्यम जयन्तीयोग हुन्छ । दिनको सुरुमा यस्तो योग भएमा अधमयोग हुन्छ ।

अहोरात्रं तयोर्योगो ह्यसम्पूर्णो भवेद्यदि । मुहूर्तमप्यहोरात्रे योगश्चेत्तामुपोषयेत् ।। इति वसिष्ठसंहितोक्तेः।
अर्धरात्रे तु योगोऽयं तारापत्युदये सति । नियतात्मा शुचिः स्नातः पूजां तत्र प्रवर्तयेत् ।। इति विष्णुधर्मोक्तेः।
वासरे वा निशायां वा यत्र स्वल्पापि रोहिणी । विशेषेण नभोमासे सैवोपोष्या मनीषिभिः ।।

इति पुराणान्तराच्च । विशेषेणेति श्रुतेर्भाद्रपदेऽपीदम् । **'श्रावणे वा नभस्ये वा'** इति वक्ष्यमाणात् । गौडास्तु निशीथ एव रोहिणीयोगे जयन्ती नान्यथेत्याहुः । तन्न । **'वासरे वा निशायां वा'** इति विरोधात् । योगविशेषाद् गुणात्फलमित्यन्ये। तेऽप्यकरणे दोषश्रुतेरुपेक्ष्याः । तत्र जन्माष्टमीव्रतं नित्यम्, पूर्वोक्तवचनेषु अकरणे निन्दाश्रुतेः।

वर्षे वर्षे तु या नारी कृष्णजन्माष्टमीव्रतम् । न करोति महाप्राज्ञ ! व्याली भवति कानने ।।

इति स्कान्दे वीप्साश्रुतेश्च । **'न करोति नरो यस्तु'** इति पूर्वमुक्तेरत्र स्त्रीलिङ्गमतन्त्रम् ।

वसिष्ठसंहितामा भनिएको छ– अष्टमी र रोहिणीको खण्डयोग भए पनि अर्थात् मुहूर्तमात्र भए पनि उपवास गर्नुपर्दछ । **विष्णुधर्म**मा भनिएको छ – आधारातको समयमा जयन्तीयोग भएमा रोहिणीको उदय हुँदा स्नान गरी स्थिरात्मा एवं शुद्ध भई भगवान्‌को पूजामा प्रवृत्त हुनुपर्दछ । पुराणान्तरको भनाइअनुसार दिन अथवा रातमा जुनसुकै बेला थोरै मात्र भए पनि रोहिणीको योग हुन्छ भने बुद्धिमान् मानिसले विशेषरूपले श्रावणमासमा नै जन्माष्टमीको उपवास गर्नुपर्दछ ।

माथिका वचनमा विशेषरूपले भनिएको छ – यसबाट भाद्र शुक्लपक्षका अष्टमी पनि ग्रहण हुन्छ । श्रावण अथवा भाद्रमहिनामा भन्ने विषयमा चर्चा पछि गरिनेछ ।

गौडहरूले रातमा मात्र अष्टमी र रोहिणीको योगमा जयन्ती हुन्छ, अन्यथा हुँदैन भनेका छन् । **वासरे वा निशायां वा** भन्ने वचनसँग **गौडहरू**को मत बाझिने हुनाले **गौडमत** उचित छैन । योगविशेषको गुणबाट फलप्राप्त हुन्छ भन्ने केही भन्दछन् । यो पनि उपेक्षायोग्य छ । योगविशेषका कारणमात्र फल हुने होइन । अपितु योगविशेषमा गरिने उपवास आदि कर्मबाट फल प्राप्त हुन्छ । किनकि पहिले उल्लेख गरिएका वचनहरूमा उपवास आदि नगर्नेहरूको निन्दा गरिएको छ ।

३७. जैमिनिसूत्रको दोस्रो अध्यायको **'ज्योतिःप्रभृत्यपि भवेद् यजिभेत्तृ'** (२/२/२२१) भन्ने सूत्रको व्याख्यामा भनिएको छ – **'अथैष ज्योतिः, अथैष विश्वज्योतिः, अथैष सर्वज्योतिः, अनेन सहस्रदक्षिणेन यजेत ।'** यहाँनिर ज्योतिः शब्दको प्रयोगका कारण उक्त यज्ञ ज्योतिष्टोमहोम नै हुन् कि अथवा भिन्न यज्ञ हुन् भन्ने प्रश्नको उत्तर दिँदै भनिएको छ – अथशब्दको प्रयोग भएका कारण उक्त कृत्य ज्योतिष्टोमभन्दा भिन्न हुन् । त्यसैले सूत्रमा पनि अथैष ज्योतिः आदिमा प्रयोग गरिएका नाम यज्ञान्तरका हुन् ज्योतिष्टोमका वाचक होइनन् । यसैगरी प्रकृत प्रसङ्गमा पनि **'ज्योतिरादिवत् संज्ञया कर्मभेदः'** भनेर जयन्ती र जन्माष्टमी छुट्टै कर्म भएको विषय बताइएको छ । छुट्टै कर्म भएकाले उपवास र व्रतको विधिमा पनि भिन्नता हुन्छ भनिएको छ ।

स्कन्दपुराणमा – 'पुनःपुनः यसप्रकारको वीप्सावचनद्वारा अर्थात् दोहोर्‍याएको भनाइद्वारा वर्ष-वर्षमा जुन नारीले जन्माष्टमीव्रत गर्दिनन् ती जङ्गलमा सर्पिणी भएर जन्मिन्छिन्' भनिएको छ । यहाँ जुन नारीले भनी नारीले मात्र गर्नुपर्ने भन्ने जस्तो अर्थबोध हुन्छ । त्यस्तो होइन । पूर्ववाक्यहरूमा नरको पनि उल्लेख भएको छ । यहाँ गरिएको नारीशब्दको प्रयोगलाई नर र नारी दुवैका निम्ति प्रयोग गरिएको हो भन्ने सम्झिनुपर्दछ ।

मदनरत्ने स्कान्दे त्वत्र फलमप्युक्तम् ।

'जन्माष्टमीव्रतं ये वै प्रकुर्वन्ति नरोत्तमाः । कारयन्त्यथवा लोकाँल्लक्ष्मीस्तेषां सदा स्थिरा ।।
सिध्यन्ति सर्वकार्याणि कृते जन्माष्टमीव्रते ।।' इति । जयन्तीव्रतं तु नित्यं काम्यं च ।
'महाजयार्थं कुरुतां जयन्तीं मुक्तयेऽनघ । धर्ममर्थं च कामं च मोक्षं च मुनिपुङ्गव ।।
ददाति वाञ्छितानर्थान्ये चान्येऽप्यतिदुर्लभाः ।।' इति स्कान्दादौ फलश्रुतेः ।
'शूद्रान्नेन तु यत्पापं शवहस्तस्थभोजने । तत्पापं लभते कुन्ति ! जयन्तीविमुखो नरः ।।
न करोति यदा विष्णोर्जयन्तीसम्भवं व्रतम् । यमस्य वशमापन्नः सहते नारकीं व्यथाम् ।।'

इत्यकरणे निन्दाश्रुतेश्च । यदा च पूर्वेद्युः परेद्युर्वा रोहिणीयोगस्तदा जन्माष्टमी जयन्त्यामन्तर्भूता ज्ञेया न तु जन्माष्टमीव्रतं पृथक्कार्यं विष्णुशृङ्खलवत् । तदुक्तं माधवेनैव –

यस्मिन्वर्षे जयन्त्याख्यो योगो जन्माष्टमी तदा । अन्तर्भूता जयन्त्यां स्यादृक्षयोगप्रशस्तितः।।

इति । मदनरत्ननिर्णयामृतगौडमैथिलमतेऽप्येवम् ।

मदनरत्नमा स्कन्दपुराणको वचन उद्धृत गर्दै बताइएको छ – जुन उत्तम पुरुषहरूले जन्माष्टमीव्रत गर्दछन् र अरूलाई गर्न लगाउँछन्, तिनीहरू स्थिरलक्ष्मीले सम्पन्न हुन्छन् । जन्माष्टमीव्रत गरेपछि साधकका सबै कार्य सिद्ध हुन्छन्।

जयन्तीव्रत नित्य र काम्य पनि हो । **स्कन्दपुराण** आदिमा भनिएको छ – महाजय र मुक्ति प्राप्त गर्ने उद्देश्यले जयन्तीव्रत गर्नुपर्दछ । यसबाट धर्म, अर्थ, काम एवं मोक्षको प्राप्तिका साथै व्रतालुका सबै मनोरथ र दुर्लभ कार्य पूर्ण हुन्छन् । जयन्तीव्रत नगर्ने मानिसहरूको यत्रतत्र निन्दा पनि सुनिन्छ । जस्तै – जुन मानिस धर्मविमुख भई जयन्तीव्रत गर्न प्रवृत्त हुँदैनन्, तिनले शूद्रान्नभोजनको पाप र शवहस्तभोजनको पाप व्यहोर्नुपर्दछ । जसले श्रीकृष्णको जन्माष्टमीतिथिमा पर्न आउने जयन्तीयोगमा व्रत गर्दैन त्यो यमराजको वशमा पर्दछ र नारकीय कष्टभोग गर्न बाध्य हुन्छ । जब पहिलो दिन अथवा दोस्रो दिन अष्टमी र रोहिणीको योग हुन्छ त्यसबेला जन्माष्टमी जयन्तीभित्र पर्दछ र जयन्तीव्रत गर्दा जन्माष्टमीको व्रत पनि हुनजान्छ । विष्णुशृङ्खलमा झैं छुट्टै जन्माष्टमीव्रत गर्नुपर्दैन ।

माधवले भनेका छन् – जुन वर्ष जन्माष्टमीमा जयन्तीयोग पर्न आउँछ त्यस वर्ष जन्माष्टमी जयन्तीभित्रै अन्तर्भूत हुन्छ । यस्तो स्थितिमा जयन्तीको कारकनक्षत्र रोहिणीको महत्त्व प्रकाशित हुन्छ । **मदनरत्न, निर्णयामृत, गौड र मैथिल** मतमा पनि यही कुरा स्वीकार गरिएको छ ।

हेमाद्र्यादयस्तु –

'रोहिणीसंयुतोपोष्या सर्वाघौघविनाशिनी । अर्धरात्रादधश्चोर्ध्वं कलया वा यदा भवेत् ।।

जयन्ती नाम सा प्रोक्ता सर्वपापप्रणाशिनी ।।' इत्यग्निपुराणादर्धरात्र एव रोहिणीयोगस्य प्राशस्त्यात्। **'मुहूर्तमपि लभ्येत'** इत्यादीनां चार्धरात्रयोगेऽप्युपपत्तेर्न जयन्तीव्रतं भिन्नम् । तत्त्वं तु हेमाद्रिमतेऽपि जयन्तीव्रतं

भिन्नमेव । 'उदये चाष्टमी' इत्यस्य तेन जयन्तीपरत्वोक्तेः । किञ्च

रोहिण्यामर्धरात्रे च यदा कृष्णाष्टमी भवेत् । तस्यामभ्यर्चनं शौरेर्हन्ति पापं त्रिजन्मजम् ।। इति विष्णुधर्मोक्तेः।

'समायोगे तु रोहिण्यां निशीथे राजसत्तम । समजायत गोविन्दो बालरूपी चतुर्भुजः ।।

तस्मात्तं पूजयेत्तत्र यथावित्तानुरूपतः।।' इति वह्निपुराणाच्चार्धरात्रस्य कर्मकालत्वमवसीयते । न प्रयोजकत्वम्। अन्यथा बुधवारादेरपि तत्त्वापत्तेः ।

हेमाद्रि भन्दछन् – 'रोहिणीयुक्त जन्माष्टमी उपवासको योग्य समय हो । यो जन्माष्टमी सबै पापनाश गर्न समर्थ हुन्छ । आधारातभन्दा पहिले अथवा पछि एक कलाको मात्र भए पनि जयन्तीयोग पर्न गएमा त्यसले सबै पापनाश गर्दछ।' **अग्निपुराण**को यस वचनबाट आधारातमा पर्न आउने रोहिणीयोगको प्रशंसा बुझिन्छ । एक मुहूर्त पनि रोहिणी प्राप्त भएमा व्रत गर्नुपर्दछ भन्ने पूर्ववचनबाट अष्टमी र रोहिणीका योगको महत्त्व झन् स्पष्ट हुन्छ । यसरी आधारातमा हुन आउने योगको पनि महत्त्व बताइएकाले रोहिणीयोगमा जन्माष्टमी छुट्टै मनाउनुपर्दैन ।

माथि जे भनिएता पनि उनै **हेमाद्रि**को मतमा पनि जयन्तीव्रत छुट्टै हो । उदयकालिक अष्टमीमा रोहिणीयोग भएमा मात्र जयन्ती पर्ने हुँदा अरू बेलाको योगमा जयन्ती हुँदैन । यसलाई विभिन्न वचनहरूले प्रमाणित गर्दछन् ।

आधारातको समयमा रोहिणीनक्षत्रमा कृष्णाष्टमी तिथि हुँदा कृष्णको पूजा गर्नाले तीन जन्मका पाप नाश हुन्छन् । यो **विष्णुधर्म**को वचन हो । यसमा आधारातको समयमा रोहिणीमा जन्माष्टमी त भनियो तर जयन्ती भनिएन । फेरि **अग्निपुराण**मा भनिएको छ – आधारातको समयमा रोहिणीनक्षत्रको योग हुँदा चतुर्भुज बालरूप भगवान् गोविन्दको अवतरण भयो । यस वचनबाट जन्माष्टमीको पूजाकाल आधारातको समय हो भन्ने बुझिन्छ । जुनकर्मका लागि जुन समय निर्धारित गरिएको हुन्छ त्यो कर्म त्यही समयमा नै गर्नुपर्दछ भन्ने शास्त्रीय वचनअनुसार पहिलो दिनको आधारातमा कृष्णजन्माष्टमी मनाउनुपर्ने हुँदा दोस्रो दिन रोहिणीको योग रहे पनि त्यो योग कृष्णको आराधनाको प्रयोजक बन्न सक्दैन। जहाँ जहाँ रोहिणी हुन्छ त्यहीँ त्यही जन्माष्टमी हुन्छ भन्न थाल्ने हो भने जहिले जहिले बुधवार हुन्छ तहिले तहिले जन्माष्टमी हुन्छ भन्ने पनि आपत्ति हुनसक्छ ।

किञ्च जयन्तीशब्दो रात्रिविशेषवचनः ।

'अभिजिन्नाम नक्षत्रं जयन्ती नाम शर्वरी । मुहूर्तो विजयो नाम यत्र जातो जनार्दनः ।।'

इति ब्रह्माण्डपुराणात् । तेन तद्योगिरोहिण्यां गौणत्वान्न व्रतभेदः । यत्तु **'वासरे वा निशायां वा'** इति तत्कैमुतिकन्यायेन निशीथयोगस्यैव स्तुत्यर्थं पूर्वदिनेऽर्धरात्रयोगाभावे प्राशस्त्यार्थमित्याहुः । यद्यपि –

'दिवा वा यदि वा रात्रौ नास्ति चेद्रोहिणीकला रात्रियुक्तां प्रकुर्वीत विशेषेणेन्दुसंयुताम् ।।'

इत्यनेन रोहिणीयोगाभावेऽर्धरात्रव्याप्तेर्ग्राह्यतोक्ता, तथापि यस्मिन्वर्षे जयन्तीयोगो नास्ति तत्र जयन्तीव्रतलोपे प्राप्ते अष्टमीमात्रेपि जयन्तीव्रतं कार्यं इत्येवं परमिदमिति तदाशयः । अत्र हि **'सत्रायागूर्ये विश्वजिता यजेत । एषामसम्भवे कुर्यादिष्टिं वैश्वानरीं द्विजः ।'** इतिवद्रोहिणीयोगाभावे विधानात्तत्कार्यापत्तिः स्यात् । अत एवोक्तम् – **'जयन्ती नाम शर्वरी'** इति।

जयन्तीशब्दले रात्रिविशेष भन्ने अर्थ बुझाउँछ । यस विषयमा **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ– अभिजित्‌नामकनक्षत्र जयन्तीनामक रात्रि र विजयनामक मुहूर्तमा भगवान्‌को अवतार भयो । यो भनाइबाट अष्टमीको योग भएको रोहिणीमा गौणत्व हुनाले व्रतभेद छैन । दिन अथवा रातमा रोहिणीको योग परेमा भन्ने वचन कैमुतिकन्यायबाट

रात्रिको योगको प्रशंसाका निमित्त हो । पहिलो दिनको आधारातमा रोहिणीयोगको अभावमा आएको स्तुतिपरक वचन हो।

अरूहरूको भनाइ फेरि यस्तो छ– दिन अथवा रातमा रोहिणीका घडी नरहेमा चन्द्रमाले युक्त रात्रिमा अष्टमीव्रत गर्नुपर्दछ । यस वचनबाट रोहिणीको योग नभएमा पनि आधारातसम्म रहने अष्टमीलाई ग्रहण गरी व्रत गर्नुपर्दछ । जुन वर्ष जयन्तीयोग हुँदैन त्यो वर्ष जयन्तीको व्रतलोप नहोस् भन्नका लागि अष्टमीमात्रमा जयन्तीव्रत गर्नुपर्दछ, यही नै यसको तात्पर्य हो ।

मीमांसासूत्रग्रन्थहरूमा प्रायश्चित्तका लागि विश्वजिद् याग गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – [३८]सत्रयागको सङ्कल्प गरेपछि त्यो पूरा गर्न नपाइएको अवस्थामा प्रायश्चित्तका लागि विश्वजित् याग गर्नुपर्दछ । त्यो पनि सम्भव नभएमा वैश्वानर देवतासँग सम्बद्ध वैश्वानर इष्टि गर्नुपर्दछ भनिएझैं यहाँ पनि रोहिणीयोग नहुँदा जयन्तीव्रत गर्न सम्भव हुँदैन र जयन्तीव्रत नगर्दा त्यो दोष आइलाग्ने देखेर भनिएको छ – रोहिणी र अष्टमीको योगबाट जयन्तीयोग बन्ने नभई कृष्णाष्टमीको रातको नाम नै जयन्ती हो भन्ने कुरा बुझ्नुपर्दछ । यसैले **जयन्तीनाम शर्वरी** भनिएको हो ।

यच्च स्कान्दे –

'उदये चाष्टमी किञ्चिन्नवमी सकला यदि । भवते बुधसंयुक्ता प्राजापत्यर्क्षसंयुता ।।

अपि वर्षशतेनापि लभ्यते वाथवा न वा ।।' इति । यच्च पाद्मे –

'प्रेतयोनिगतानां तु प्रेतत्वं नाशितं तु तैः । यैः कृता श्रावणे मासि अष्टमी रोहिणीयुता ।।

किं पुनर्बुधवारेण सोमेनापि विशेषतः । किं पुनर्नवमीयुक्ता कुलकोट्यास्तु मुक्तिदा ।।'

इति तद्दानादिविषयम् । उपवासाश्रवणादित्यनन्तभट्टः, जयन्तीपरमिति हेमाद्रिः । उदये चन्द्रोदय इति केचित् तन्न । चन्द्रोदयसत्त्वेऽसन्देहान्नवमी सकलेत्ययोगान्मानामावाच्च । तेन पूर्वेद्युः सप्तमीवेधे परदिने सूर्योदये घटिकापि ग्राह्या । पूर्वविद्धाष्टमीति पाद्मोक्तेः । इति युक्तम् । अतो न व्रतभेदो नाप्यन्तर्भाव इत्यूचिवान्।

स्कन्दपुराणमा भनिएको छ – उदयकालमा थोरै भए पनि अष्टमी, पूरा दिन नवमी, बुधवार र रोहिणीनक्षत्रसमेतको योग हुन्छ भने त्यो दुर्लभयोग हुन्छ । यस्तो योग १०० वर्षमा पनि पाउन कठिन हुन्छ ।

---

३८. ब्राह्मणद्वारा मात्र गरिने दक्षिणारहित सोमयाग विशेष नै सत्र याग हो । भनिएको छ– **ब्राह्मणकर्तृकोऽदक्षिण उभयतोऽतिरात्रसंस्थाकः सोमयागविशेषः सत्रम्** । यसमा १७ देखि २४ सम्म ब्राह्मण रहेका हुन्छन् । जुन–जुन ब्राह्मण सहमागी हुन्छन् ती यजमानकै रूपमा रहन्छन् । सत्रको फल सबैले समानरूपमा प्राप्त गर्दछन् । कसैले 'म सत्रयाग गर्नेछु' भनी सङ्कल्प गरी समयमा सत्रयाग गर्दैन भने त्यसले प्रायश्चित्तका लागि विश्वजित् याग गर्नुपर्दछ । विश्वजित् गर्न सम्भव नभएमा वैश्वानर इष्टि गर्नुपर्दछ । मूलको अर्थ यही हो । यस सम्बन्धमा मीमांसाको छैठौं अध्यायमा **'सत्रोद्यमे विश्वजिदप्रयुक्तौ'** (६/४/३२–३३) सूत्रको व्याख्या गर्दै भनिएको छ – **'यः सत्राय आगुरते विश्वजिता यज्ञेन इति सत्रसङ्कल्पे निमित्ते विश्वजित् श्रूयते'** अर्थात् जसले सत्रयागको सङ्कल्प गर्दछ त्यसले विश्वजित् याग गर्नुपर्दछ। अथवा सङ्कल्पअनुसार सत्रयाग नगर्नेले विश्वजित् याग गर्नुपर्दछ । यस्तो सन्देह हुँदा त्यसको निराकरण गर्दै भनिएको छ – सत्रयाग गर्नेछु भनी उत्तम सङ्कल्प गरिसकेपछि **अप्रवृत्तौ०** सत्रयागको अनुगमनमा प्रवृत्ति भएन भने त्यस व्यक्तिले विश्वजिद् याग गर्नुपर्दछ । वस्तुतः विश्वजित् त्यो याग हो जसमा यजमानले सर्वस्व दान गर्दछ । जैमिनिले आफ्नो मीमांसासूत्रको चौथो अध्यायमा विश्वजित् यज्ञका सबै पक्षहरूमाथि विचार गरेका छन् । त्यहाँ केही रोचक विषय पनि छन् । तदनुसार यजमानले आफ्ना माता–पिता आदिको दान गर्न पाउँदैन । सम्राट्ले साम्राज्य दान गर्न पाउँदैन । जुन द्रव्य आफ्नो अधीनमा छ त्यो मात्र दान गर्न सक्दछ । प्रकृत प्रसङ्गमा मैले श्रीकृष्णजयन्तीको व्रत गर्नेछु भनी सङ्कल्प गरेपछि रोहिणीयोगको अभावमा जयन्तीयोग नपर्ने हुँदा के गर्ने भन्ने प्रश्न उठ्दछ । **'अभिजित्नामनक्षत्रं जयन्तीनाम शर्वरी जयन्तीशब्दो रात्रिविशेषवचनः'** इत्यादि वचनका आधारमा जयन्तीव्रतमा पनि रातमा पूजा गर्नुपर्दछ र रोहिणी नभए पनि जयन्तीयोगमा गरिने पूजासरह हुन्छ भन्नु नै तात्पर्य हो ।

पद्मपुराणमा फेरि अर्कै किसिमले जन्माष्टमीको महत्त्व बताइएको छ – 'जसले श्रावणमासमा बुधवार अथवा सोमवार, नवमी र रोहिणीनक्षत्रले युक्त कोटि-कोटि कुलको उद्धार गर्ने अष्टमीमा दान-आदि सत्कर्म गर्दछन् तिनले प्रेतयोनिमा परेका पितृहरूको प्रेतभाव नाश गर्दछन् ।' यो भनाइ अरूसँग सम्बन्धित नभई त्यसबेला गरिने दान आदि कर्मको महत्त्व बताउने आशयबाट आएको हो । यसमा उपवास गर्ने विषय कहीँ उल्लेख नगरिएकाले दानको महत्त्व प्रकाशित गर्ने उद्देश्य रहेको बुझ्नुपर्दछ भन्ने कुरा **अनन्त भट्टले** बताएका छन् ।

जयन्ती रात्रिपरक हो भन्ने **हेमाद्रिको** पनि मत रहेको छ । कसैले चन्द्रोदय हुँदा अष्टमी भएमा त्यो जयन्ती हुन्छ भनेका छन् । तर यो भनाइ उचित छैन । चन्द्रोदय हुँदा जयन्ती भन्ने हो भने **नवमी सकला यदि** भन्ने पूर्ववचन गतार्थ हुँदैन र यसको प्रमाण पनि छैन । त्यसकारण पहिलो दिन सप्तमीको वेध भएमा अर्को दिन एक घडीमात्र अष्टमी छ भने त्यही ग्राह्य हुन्छ ।

पद्मपुराणमा पनि पहिलो दिन सप्तमीले वेध भएको, दोस्रो दिनको अष्टमी भनिएको छ । यो नै उचित हो । यसैले व्रतको भेद पनि हुँदैन र जन्माष्टमीमा जयन्तीको अन्तर्भाव पनि हुँदैन ।

गौडास्तु नवमीक्षयपरमिदं वचनम् **नवमी सकला यदि** इति विशिष्योक्तेः । एतत्पूर्वदिने जयन्त्यभावपरमित्याहुः। जयन्त्यादिसर्वापवादोयमिति चूडामण्यादयः । वयंतु, सत्यं व्रतभेदः । लोकास्तु जन्माष्टमीमेवानुतिष्ठन्ति । नहि –

श्रावणे वा नभस्ये वा रोहिणीसहिताष्टमी । यदा कृष्णा नरैर्लब्धा सा सा जयन्तीति कीर्तिता ।।

श्रावणे न भवेद्योगो नभस्ये तु भवेद् ध्रुवम् ।। इति माधवीये । वसिष्ठसहितोक्ताऽपि भाद्रे जयन्ती केनापि न क्रियते। अतः पूर्वेद्युरेवोपवासः । यद्वा गुणात्फलम् । **'सप्तमे ब्रह्मवर्चसकाममुपनयेत्'** इतिवदित्यन्ये । तन्न । नित्यत्वानुपपत्तेः। अत्र गौणमुख्यचान्द्राभ्यामेक एव मास इत्यन्ये । तन्न, एकवाक्ये उभयनिर्देशे वाशब्दद्वयायोगात् । अतो जयन्तीव्रतस्यापि नित्यत्वादुपवासद्वयं कार्यमिति ब्रूमः । अत एव हेमाद्रिमदनरत्नादौ जन्माष्टमीव्रतं जयन्तीव्रतं च भिन्नमुक्तम् ।

गौडहरूले त **नवमी सकला यदि** भनिएका कारण माथिको वचन नवमीको क्षयसँग सम्बद्ध छ भनेका छन् । यस भनाइले नवमीको अघिल्लो दिन जयन्ती नहुने कुराको पनि ज्ञापन गर्दछ । **चूडामणि** आदिले जयन्ती आदि सबै व्रतहरूको अपवाद हो भनेका छन् । हामी भने जन्माष्टमी र जयन्तीव्रतमा भेद मान्दछौं । तर मानिसहरू भने जन्माष्टमीकै अनुष्ठान गर्दछन् । यो ठीक छैन ।

माधवीयमा वसिष्ठसंहिताको वचनमा भनिएको छ – 'श्रावण अथवा भाद्रमहिनामा रोहिणीयुक्त कृष्णपक्षको अष्टमी प्राप्त हुन्छ भने त्यसलाई जयन्ती भनिन्छ । यदि यस्तो योग श्रावणमा हुनसकेन भने भाद्रमा त निश्चितरूपमा प्राप्त हुन्छ ।' यस्तो भनिए तापनि भाद्रमा जयन्तीको उपासना कसैले पनि गर्दैन । तसर्थ कृष्णाष्टमीमा पहिलो दिन नै उपवास गर्नुपर्दछ अथवा गुणबाट नै फल प्राप्ति हुन्छ । सातौं वर्षमा ब्रह्मवर्चसको कामना गर्नेले उपनयन गर्नुपर्दछ भने जस्तो हो भनी कसैले भनेका छन् । यो भनाइ ठीक छैन । यसको नित्यता सिद्ध छैन । यसमा गौण र मुख्य चान्द्रमास एउटै हो भन्ने कुरा कसैले बताएका छन् । यो भनाइ पनि ठीक छैन ।

एउटा वाक्यबाट दुई वाक्यको बोध हुन्छ भने दुइटै वाक्य वा शब्द पढ्नु उपयुक्त हुँदैन । यसैगरी जयन्तीव्रत नित्य हुनाले जन्माष्टमी र जयन्ती दुवैमा उपवास गर्नुपर्दछ भन्ने हाम्रो अभिप्राय हो । **हेमाद्रि, मदनरत्न** आदिमा जन्माष्टमी र जयन्तीका व्रत भिन्न-भिन्नै बताइएका छन् ।

भिन्नकालत्वात्सर्वथा तावदन्तर्भावो नेति सिद्धम् । यद्यपि पूर्वा परा वाल्पापि रोहिणीयुतैव कार्येति ग्रन्थानां तत्त्वं प्रतीयते तदपि जयन्तीपरमेव । इदञ्च काम्यमेवेत्यनन्तभट्टः । तद्दूषणं हेमाद्रौ ज्ञेयम् । नित्यं काम्यमिति तु बहवः। ननु यथा

विष्णुशृङ्खलयोगेन श्रवणद्वादशीवामनजयन्त्यादिसर्वसिद्धिर्यथा वैकादशी स्वल्पापि परा, तथा

कला काष्ठा मुहूर्तापि यदा कृष्णाष्टमी तिथि । नवम्यां सैव ग्राह्या स्यात्सप्तमीसंयुता नहि ।।

इत्यादिवचनादर्धोदयादिवद्योगाधिक्ये फलाधिक्यात्परैव जन्माष्टमी युक्तेति चेत् वार्तमात्थ । नहि तत्र व्रतभेदो द्वयोर्नित्यत्वं द्वयोरकरणे दोषो वा श्रुतः इहत्वेतैस्त्रिभिर्हेतुभिः संज्ञाभेदाद्धर्मभेदात्कालभेदाच्चोपवासभेदः स्पष्ट एव । एकदैवतत्वाच्छ्रवणद्वादशीवन्न पारणालोपदोषोऽपि । तेन व्रतद्वयमेव युक्तम् । द्वयोरपि नित्यत्वात् ।

भिन्नकाल हुनाले जयन्तीको सर्वथा अन्तर्भाव हुनसक्दैन । यद्यपि पहिलो अथवा पछिल्लो अष्टमी थोरै नै भएतापनि रोहिणीयुक्त नै लिनुपर्दछ भन्ने ग्रन्थको आशय बुझिन्छ । त्यो पनि जयन्तीकै सम्बन्धमा हो भन्ने बुझ्नुपर्दछ।

अनन्तभट्टले यस व्रतलाई काम्यव्रत मानेका छन् । यसको मतभेदको विषयमा हेमाद्रि नै हेर्नुपर्दछ । धेरैले यो व्रतलाई नित्य र काम्य दुवै हो भनेका छन् । कसैले भनेका छन् – जस्तै विष्णुशृङ्खलयोग (श्रवणनक्षत्रले युक्त द्वादशी) बाट श्रवणनक्षत्रले युक्त द्वादशीको बोधका साथै वामनावतार भएको द्वादशीसमेतको सिद्धि हुन्छ र जसरी एकादशीको मान थोरै भए पनि एकादशी नै लिइन्छ । त्यसैगरी कृष्णाष्टमी पनि कला-काष्ठा र मुहूर्तमात्र भए पनि नवमीले युक्त भएको परा नै लिनुपर्दछ इत्यादि वचनबाट अर्धोदययोगजस्तै फलको अधिकता हुने कारणले परा अष्टमी नै लिनुपर्दछ भन्ने कुरा गर्दछौ भने दुवै व्रतको भेद नित्यत्व र दुवै नगर्दा हुने दोषबारे कतै केही नभनिएको हुँदा संज्ञाभेद, धर्मभेद र फलभेद यी तीन कारणबाट छुट्टाछुट्टै उपवास हुने कुरा स्पष्टै छ । फेरि दुवै व्रतका देवता एउटै हुनाले श्रवणद्वादशीसमान पारणलोपको दोष पनि हुँदैन । यसर्थ दुवै व्रत उपयुक्त छन् र दुवै नित्य हुन् ।

केचित्तु – **त्रेतायां द्वापरे चैव राजन्कृतयुगे तथा । रोहिणीसहिता चेयं विद्वद्भिः समुपोषिता।।**

अतः परं महीपाल सम्प्राप्ते तामसे कलौ । जन्मना वासुदेवस्य भविता व्रतमुत्तमम् ।।

इति हेमाद्रौ वह्निपुराणात् कलौ जन्माष्टमीव्रतमेव न जयन्तीव्रतमित्याहुः । तत्र । **'तामसे कलौ'** इत्युक्तेः परमश्रेयोहेतोरस्य कलौ पापिनां दुर्लभत्वमुच्यते । तेन कलौ तामसा न करिष्यन्ति किन्तु धन्या एवेत्यर्थः । अन्यथा – **'शूद्राश्च ब्राह्मणाचारा भविष्यन्ति युगे कलौ ।'** इत्यादौ विधिकल्पनापत्तेः । अत्र निशीथवेध एव ग्राह्यः । पूर्वोक्तवचनेषु तस्यैव मुख्यकालत्वोक्तेः।

'अष्टमी शिवरात्रिश्च ह्यर्धरात्रादधो यदि ।
दृश्यते घटिका या सा पूर्वविद्धा प्रकीर्तिता ।।' इति माधवीये पुराणान्तरात् ।
'अर्धरात्रे तु रोहिण्यां यदा कृष्णाष्टमी भवेत् ।
तस्यामभ्यर्चनं शौरेर्हन्ति पापं त्रिजन्मजम् ।।' इति भविष्योक्तेः ।
अष्टमी रोहिणीयुक्ता निश्यर्धे दृश्यते यदि ।
मुख्यकाल इति ख्यातस्तत्र जातो हरिः स्वयम्।। इति वसिष्ठसंहितोक्तेश्च ।

केहीले भनेका छन् – हेमाद्रि र अग्निपुराणका वचनअनुसार सत्य, त्रेता र द्वापरयुगहरूमा विद्वान्हरू रोहिणीयुक्त अष्टमीको व्रत गर्दथे तर तामसी कलियुगमा भने कृष्णजन्माष्टमीको व्रत नै उत्तम व्रत मानिन्छ । यो भनाइअनुसार कलियुगमा जन्माष्टमीव्रत नै गर्नुपर्दछ, जयन्तीव्रत होइन भन्ने उनीहरूको आशय हो ।

ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन किनकि माथिको वचनमा **तामसे कलौ** भन्ने पदहरू परेका छन्, ती पदहरूको साहचर्यबाट परमकल्याणदायक भएका कारण जन्माष्टमीव्रत गर्ने कार्य पापीहरूका लागि दुर्लभ हुनेछ । यसैले

कलियुगमा तामसीहरूले यो पुण्यकर्म गर्ने छैनन् र भाग्यवान् मानिसहरूले मात्र गर्नेछन् अन्यथा शूद्रहरूले कलिमा ब्राह्मणको आचार गर्नेछन् । यस्ता वाक्यहरूमा विधिकल्पना गर्नुपर्ने आपत्ति आइलाग्नेछ ।

कृष्णजन्माष्टमीमा निशीथ (आधारात) को वेध लिनुपर्नेछ । योभन्दा पहिलेका वचनहरूमा आधारातलाई नै मुख्यकाल मानिएको छ । **माधवीय**मा पुराणान्तरको वचन यसप्रकार छ – अष्टमी र शिवरात्रि आधारातपछि एक घडीमात्र भए पनि रहन्छन् भने तिनीहरूलाई पूर्वविद्धा भनिन्छ र ती ग्राह्य हुन्छन् । **भविष्यपुराण**मा भनिएको छ– आधारातको समयमा रोहिणीनक्षत्रले सहित कृष्णाष्टमी भएमा कृष्णको पूजा गर्नाले तीन जन्मका पाप नाश हुन्छन्। यसैगरी **वसिष्ठसंहिता**मा भनिएको छ – रोहिणीयुक्त अष्टमी आधारातमा देखिन्छ भने त्यसलाई मुख्यकाल जान्नुपर्दछ । किनकि त्यसबेला भगवान् श्रीकृष्ण उत्पन्न हुनुभएको थियो ।

अष्टमी द्वेधा

तत्राष्टमी द्वेधा । रोहिणीरहिता तद्युता च । आद्यापि चतुर्धा । पूर्वेद्युरेव निशीथयोगिनी परेद्युरेवोभयेद्युरनुभयेद्युश्चेति। तत्राद्ययोरसन्देह एव कर्मकालव्याप्तेः ।

'जन्माष्टमी रोहिणी च शिवरात्रिस्तथैव च । पूर्वविद्धैव कर्तव्या तिथिभान्ते च पारणम् ।।'

इति भृगूक्तेश्च । अस्मात्केवलरोहिण्युपवासोपि सिद्धः । अन्त्ययोः परैव । प्रातः सङ्कल्पकालव्याप्तेराधिक्यात्। **'वर्जनीया प्रयत्नेन सप्तमीसंयुताष्टमी ।'** इति ब्रह्मवैवर्ताच्च । एवमंशतः समव्याप्तावपि । विषमव्याप्तौ त्वाधिक्येन निर्णयः । रोहिणीयुतापि चतुर्धा । पूर्वेद्युरेव निशीथे रोहिणीयुता परेद्युरेवोभयेद्युरनुभयेद्युश्च । अत्राप्याद्ययोरसन्देहः।

रोहिणीरहित जन्माष्टमी र रोहिणीसहित जन्माष्टमी

सर्वप्रथम अष्टमी दुई प्रकारको हुन्छ – एक रोहिणीसहित र दुई रोहिणीरहित । रोहिणीरहित अष्टमी चार प्रकारको हुन्छ – १. पहिलो दिन आधारातमा देखिने, २. दोस्रो दिन आधारातमा देखिने, ३. दुवै दिन आधारातमा देखिने र ४. दुवै दिन आधारातमा नदेखिने । उक्त चार भेदमध्ये प्रथम भेद र दोस्रो भेदको समयमा कर्मकालको व्याप्तिका सम्बन्धमा कुनै सन्देह छैन । भृगुले भनेका छन् – जन्माष्टमी, रोहिणी र शिवरात्रि यी तीनवटैमा पूर्वविद्धा लिनुपर्दछ । तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ । यस भनाइबाट केवल रोहिणीनक्षत्रमा पनि उपवास गरिने कुरा प्रमाणित हुन्छ ।

माथि बताइएका अष्टमीका चार भेदमध्ये अन्त्यका दुई भेदमा परातिथि लिनुपर्दछ । प्रातःकालमा सङ्कल्पकालको अधिकता हुनाले त्यसो भनिएको हो ।

ब्रह्मवैवर्तको भनाइ छ – प्रयत्नपूर्वक सप्तमीसहित अष्टमीको परित्याग गर्नुपर्दछ । अंशव्याप्ति र समव्याप्तिमा परा नै लिनुपर्दछ । अधिकव्याप्तिमा भने जुन पक्ष अधिक हुन्छ त्योअनुसार निर्णय गर्नुपर्दछ । यसरी रोहिणीरहित अष्टमीका चार भेदको निरूपण गरेपछि रोहिणीसहित अष्टमीका चार भेदको चर्चा गर्दै ग्रन्थकार भन्दछन् – रोहिणीसहित अष्टमी पनि चारप्रकारको हुन्छ – १. पहिलो दिन आधारातमा रोहिणीसहित अष्टमी, २. दोस्रो दिन आधारातमा रोहिणीसहित अष्टमी, ३. दुवै दिन आधारातमा रोहिणीसहित अष्टमी र ४. दुवै दिन आधारातमा रोहिणी नभएको अष्टमी । यी चार भेदमा पनि प्रथम भेद र दोस्रो भेदमा कुनै सन्देह छैन ।

'कार्या विद्धापि सप्तम्या रोहिणीसहिताष्टमी ।' इति पाद्मोक्तेः । **'जयन्त्यां पूर्वविद्धायामुपवासं समाचरेत् ।'** इति गारुडाच्च ।

'सप्तमीसंयुताष्टम्यां निशीथे रोहिणी यदि । भविता साष्टमी पुण्या यावच्चन्द्रदिवाकरौ ।।'
इति वह्निपुराणाच्च । द्वितीयेऽसन्देह एव । तृतीयपक्षे परैव ।

'वर्जनीया प्रयत्नेन सप्तमीसंयुताष्टमी । सऋक्षापि न कर्तव्या सप्तमीसंयुताष्टमी ।।'
इति ब्रह्मवैवर्तात् । चतुर्थ्यपि त्रेधा । पूर्वेद्युर्निशीथेऽष्टमी परेऽह्नि रोहिणी, परेह्न्यष्टमी पूर्वेह्नि रोहिणी, उभयेद्युरुभयस्य निशीथासम्बन्धो वेति । आद्ये परेद्युर्जयन्तीयोगस्य सत्त्वात्परैवेति माधवः । तदुक्तं तेनैव –

यस्मिन्वर्षे जयन्त्याख्यो योगो जन्माष्टमी तदा । अन्तर्भूता जयन्त्यां स्यादृक्षयोगप्रशस्तितः ।। इति ।

पद्मपुराणमा भनिएको छ – रोहिणीसहित अष्टमी भएमा त्यो सप्तमीविद्ध भए पनि ग्राह्य हुन्छ । फेरि **गरुडपुराण**मा भनिएको छ – सप्तमीविद्धा जयन्तीमा उपवास गर्नुपर्दछ । यसैगरी **आग्नेयपुराण**मा भनिएको छ – सप्तमीसहित अष्टमीको आधारातमा रोहिणीनक्षत्र भएमा त्यो अष्टमी सूर्य-चन्द्र रहेसम्म पुण्यफलदायक हुन्छ । दोस्रो पक्षमा कुनै सन्देह छैन । तेस्रो पक्षमा परा अष्टमी नै लिनुपर्दछ किनकि **ब्रह्मवैवर्त**मा भनिएको छ – सप्तमीसहित अष्टमीलाई प्रयत्नपूर्वक छाड्नुपर्दछ । त्यो अष्टमी रोहिणीनक्षत्रले सहित भएमा पनि लिनुहुँदैन । चौथो पक्ष पनि तीन प्रकारको हुन्छ – १. पहिलो दिन आधारातमा अष्टमीतिथि र पछिल्लो दिन रोहिणीनक्षत्र हुनु, २. दोस्रो दिन अष्टमी र पहिलो दिन रोहिणी हुनु, ३. दुवै दिन आधारातमा रोहिणी र अष्टमीको सम्बन्ध नहुनु । प्रथमपक्षमा दोस्रो दिन जयन्ती रहनाले दोस्रो दिन नै उपवास गर्नुपर्छ भन्ने माधवको मत छ । **माधव**को भनाइ यसप्रकार छ – जुन वर्ष जन्माष्टमीमा जयन्तीयोग पर्दछ त्यो वर्ष जन्माष्टमी जयन्तीयोगमा अन्तर्भूत हुन्छ । किनभने रोहिणीयोगमा पर्ने जन्माष्टमीको निकै महत्त्व हुन्छ ।

पूर्वविद्धाष्टमी या तु उदये नवमीदिने । मुहूर्तमपि संयुक्ता सम्पूर्णा साष्टमी भवेत् ।।
कला काष्ठा मुहूर्तापि यदा कृष्णाष्टमी तिथिः । नवम्यां सैव ग्राह्या स्यात्सप्तमीसंयुता नहि ।।
इति पाद्मोक्तेश्च । केचित्तु हेमाद्रौ – **'अष्टम्याः प्राधान्यात्तस्याश्च पूर्वेद्युः कर्मकालव्यापित्वात्पूर्वैव । पाद्मं तु पूर्वेऽह्नि निशीथेऽष्टम्यभावे ज्ञेयम् । अन्तर्भावोक्तिस्तु मूर्खदन्ध्रणामात्रम्'** इति आहुः । अन्ये तु पूर्वविद्धाऽष्टमी-वाक्येन जन्माष्टम्यां सूर्योदये सप्तमीवेधनिषेधात्कलाघटीमात्राप्यौदयिकी ग्राह्या । **'कार्या विद्धापि सप्तम्याः'** इति जयन्तीपरम् । **'जयन्त्यां पूर्वविद्धायामुपवासं समाचरेत् ।'** इत्येकवाक्यत्वात् । तत्रापि द्वयोर्नित्यत्वात्कालभेदाच्चो-पवासद्वयं भवत्येव । यदा तु केवलाष्टमी शुद्धाधिका तदा त्यागहेतोः सप्तमीवेधस्याभावात्पूर्वैव । यदि वा विद्धन्यूना तदा परदिने ग्राह्यतिथेरभावात्पूर्वैव । एवं सर्वाण्यौदयिकवाक्यानि सप्तमीवेधपराणि । ये तु

'जन्माष्टमीं पूर्वविद्धां सऋक्षां सकलामपि । विहाय नवमीं शुद्धामुपोष्य व्रतमाचरेत् ।।'
इति व्यासोक्तेर्विद्धायाः क्षये शुद्धनवम्यामुपवासः । दशमीवेधे द्वादश्युपवासवदित्याहुः ते निर्मूलत्वादुपेक्ष्याः । **'मुहूर्तमपि संयुता'** इति रोहिणीयोगे त्याज्यत्वोक्तेः । तिथ्यन्तपारणवाक्यानां निर्विषयत्वापत्तेः । न च जयन्तीपराणि शुद्धाधिकापराणि वा तानि । भृग्वाद्यैः पूर्वविद्धाष्टम्यामपि तिथ्यन्ते पारणोक्तेः । तेन **'कला काष्ठा'** इति वाक्यान्तरवशाज्जयन्तीपरमेतत् ।

प्रासङ्गिक विषयमा **पद्मपुराण**को भनाइ यसप्रकार छ – सप्तमीविद्धा अष्टमीतिथिले नवमीका दिन उदयकालमा घडीभरमात्र रहे पनि सम्पूर्ण अष्टमीको फल प्रदान गर्दछ । कला, काष्ठा र मुहूर्तमात्र भए पनि नवमीमा अष्टमीको उपस्थिति भएमा कृष्णाष्टमी नवमीका दिन मान्नुपर्दछ तर सप्तमीविद्धा अष्टमी लिनुहुँदैन ।

हेमाद्रिमा कुनै फेरि आफ्नो मत राख्दै भन्दछन् – 'कृष्णजन्माष्टमीमा अष्टमीकै प्रधानता हुने हुँदा पहिलो दिन अष्टमी पूरा कर्मकालव्यापी भएमा पहिलो दिन उपवास, पूजन आदि गर्नुपर्दछ । सप्तमीविद्धा भए पनि पहिलो दिन नै लिनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – **पद्मपुराण**को यो वचन त्यसबेला स्वीकार्य हुन्छ, जुनबेला पहिलो दिन आधारातमा अष्टमी हुँदैन । अन्तर्भावको कुरा त मूर्खहरूको शेखीमात्र हो ।

यस विषयमा अरूको भनाइ यसप्रकार छ – **पूर्वविद्धाष्टमी** भन्ने वाक्यमा जन्माष्टमीमा सूर्योदयकालमा सप्तमीवेध निषेध गरिएकाले कला एवं घडीमात्र भए पनि उदयकालिक अष्टमी नै लिनुपर्दछ । सप्तमीवेधमा पनि उपवास गर्नुपर्दछ भन्ने वचन छ । तर त्यो वचन जयन्तीपरक हो । पूर्वविद्धा जयन्तीमा उपवास गर्नुपर्दछ भन्ने एकवाक्यता रहेकै छ । जेसुकै भनिए तापनि जन्माष्टमी र जयन्ती दुवै नित्य हुनाले र कालभेद हुनाले दुवैमा छुट्टाछुट्टै उपवास गर्नुपर्दछ । जब अष्टमी शुद्ध अथवा अधिक हुन्छ त्यसबेला त्यागको कारण वेधको अभावले पहिलो नै लिनुपर्दछ । अष्टमी विद्धन्यूना भएमा दोस्रो दिन ग्रहण गर्दा तिथिको अभावका कारण पहिलो अष्टमी नै लिनुपर्दछ । यी सबै उदयसम्बन्धी वाक्यहरू सप्तमीविद्धाका लागि प्रयोग गरिएका छन् ।

कसैले फेरि – 'पूर्वविद्धा र रोहिणीसहितको श्रीकृष्णजन्माष्टमी छाडेर शुद्ध नवमीतिथिमा उपवास गर्नुपर्दछ' भनेका छन् । जसले यस भनाइको आडमा विद्धाको क्षय हुँदा शुद्धामा उपवास गर्नुपर्छ भन्ने निर्णय गर्दछन्, यस्तो निर्णय दशमीवेध हुँदा द्वादशीमा उपवास गर्नुपर्छ भनेझैं निर्मूल भएकाले त्यागयोग्य छ । मुहूर्तमात्र पनि संयुक्त भएमा भन्ने वचनद्वारा रोहिणीयोगमा त्याग गर्न भनिएको छ । किनकि तिथिका अन्तमा पारण गर्ने वाक्यमा निर्विषयत्वको आपत्ति आउन सक्छ । कदाचित् कुनै मानिस भन्न सक्दछन् यो भनाइ जयन्तीका विषयमा हो अथवा शुद्धाधिका अष्टमीकै विषयमा हो। तर त्यसो होइन, किनकि भृगु आदिहरूले पूर्वविद्धा अष्टमीमा पनि तिथिको अन्तमा पारण गर्नुपर्ने कुरा बताएका छन् । तसर्थ कला, काष्ठा आदि वाक्यान्तरका आधारमा उक्त पद्मपुराणको वचन जयन्तीका विषयमा नै हो भन्नुपर्दछ ।

तत्त्वं तु अष्टम्याः कर्मकालव्याप्तेः

'दिवा वा यदि वा रात्रौ नास्ति चेद्रोहिणीकला । रात्रियुक्तां प्रकुर्वीत विशेषेणेन्दुसंयुताम् ।।'

इति पूर्वोक्तवाक्यैः रोहिणीयोगाभावे ग्राह्यत्वोक्तेर्वचनात्कर्मकालव्यापिनीं त्यक्त्वा पूर्वा परा वाल्पापि रोहिणीयुता ग्राह्या ।

ग्रन्थकार भन्दछन् – तर सिद्धान्त यस्तो छ – अष्टमी कर्मकालव्यापिनी हुनाले र दिन अथवा रातमा कलामात्र पनि रोहिणी नहुनाले रात्रियुक्त अष्टमी नै ग्रहण गर्नुपर्छ भन्ने पछिल्लो वाक्यमा रोहिणीयोगको अभावमा जन्माष्टमीव्रत गर्नुपर्दछ र जयन्तीव्रतमा कर्मकालव्यापिनीलाई त्यागेर पहिलो अथवा पछिल्लो रोहिणीयुक्ता अष्टमी नै लिनुपर्दछ ।

माधवमदनरत्ननिर्णयामृतानन्तभट्टगौडमैथिलग्रन्थादिष्वप्येवमिति । युक्तं तु उपवासद्वयं कार्यं द्वयोर्नित्यत्वादिति तु वयम् । अन्त्ययोः परैव ।

'सप्तमीसंयुताष्टम्यां भूत्वा ऋक्षं द्विजोत्तम । प्राजापत्यं द्वितीयेऽह्नि मुहूर्तार्धं भवेद्यदि ।।
तदाष्टयामिकं पुण्यं प्रोक्तं व्यासादिभिः पुरा ।।' इति स्कान्दात् ।

'मुहूर्तेनापि संयुक्ता सम्पूर्णा साष्टमी भवेत् ।
किं पुनर्नवमीयुक्ता कुलकोट्यास्तु मुक्तिदा ।।' इति पाद्माच्चेति दिक् ।

माधव, मदनरत्न, निर्णयामृत, गौड, मैथिल ग्रन्थहरूमा पनि यसरी नै बताइएको छ । वास्तवमा दुवै नित्य

हुनाले दुवैमा छुट्टाछुट्टै उपवास गर्नुपर्दछ भन्ने हाम्रो भनाइ छ । दुवैमा परा लिनुपर्दछ भन्ने कुरा **स्कन्दपुराणमा** यसरी बताइएको छ– सप्तमीसहित जन्माष्टमीमा रोहिणीनक्षत्रको योग भई अर्को दिन आधामुहूर्तसम्म अष्टमी रहेमा आठ प्रहरसम्म त्यो तिथि पवित्र र मङ्गलमय हुन्छ ।

फेरि **पद्मपुराणमा** भनिएको छ – मुहूर्तमात्र पनि रोहिणीयुक्त अष्टमी भएमा र पछिबाट नवमीसँग पनि युक्त हुन पुगेमा त्यो अष्टमी कुलका कोटि–कोटि मानिसलाई मुक्ति प्रदान गर्न समर्थ हुन्छ ।

निम्बादित्योपासकास्तु जन्माष्टमीरामनवमीशिवरात्र्यादौ पूर्वेऽह्नि कर्मकालीनां तिथिं त्यक्त्वा त्रिद्विमुहूर्ता परैव तिथिर्ग्राह्या ।

'उदयव्यापिनी ग्राह्या कुले तिथिरुपोषणे । निम्बार्को भगवान्येषां वाञ्छितार्थफलप्रदः ।।'

इति हेमाद्रौ मात्स्योक्तमुक्तिसप्तमीव्रते भविष्योक्तेरित्याहुः । तन्न ।

'यदि द्वितीये दिवसे तु ऋक्षतिथ्योर्युतिः स्यान्न तदोपवासः ।
पूर्वे प्रकुर्याद्दिवसे द्वितीये दिनेशभक्तोऽथ तदा व्रताद्यम् ।।'

इति मात्स्यवाक्येन तत्रैव उपसंहारात्सर्वार्थत्वेन मानाभावात्। ऋक्षतिथ्योर्हस्तसप्तम्योः। अन्यथा ऋषिपञ्चम्यादौ तदापत्तिः शिष्टाचारान्नेति चेत् न । तस्य न्यायवचोविरोधेन हेयत्वात् । इदानीं क्वापि निम्बार्कोपासनाभावाच्चेति सङ्क्षेपः ।

निम्बादित्यका उपासकहरूको यस्तो भनाइ छ – जन्माष्टमी, रामनवमी एवं शिवरात्रि आदिमा पहिलो दिन कर्मकालमा विद्यमान तिथि छाडी पछिल्लो दिन दुई वा तीन मुहूर्तसम्मको तिथि लिनुपर्दछ । यसबारे **हेमाद्रिमा मत्स्यपुराणका** आधारमा वर्णित सप्तमीव्रतको विषयमा **भविष्यपुराणको** कथन यसप्रकार छ – निम्बार्क भगवान्ले जसलाई चिताएको फल दिनुहुन्छ तिनको कुलमा उपवासकालमा उदयव्यापिनी तिथि ग्राह्य हुन्छ । **निम्बादित्यहरूका** उपासकहरूको यो भनाइ उचित छैन किनभने **हेमाद्रि** ग्रन्थमा **मत्स्यपुराणको** वचनबाट विषयको उपसंहार गर्दै भनिएको छ – दोस्रो दिन नक्षत्र र तिथिको योग भएमा उपवास गर्न हुँदैन तर निम्बार्कका भक्तहरूले पहिलो र दोस्रो दिनमा व्रत आदि गरून् । यो **मत्स्यपुराणको** वचनमा सर्वात्मना प्रमाणको अभाव छ । यहाँ **ऋक्षतिथ्योः** भन्नाले हस्ता र सप्तमी बुझ्नुपर्दछ । यो वचन मात्रै हो भने ऋषिपञ्चमी आदिमा आपत्ति हुनसक्छ । शिष्टाचार मानेर मात्र स्वीकार गर्न सकिँदैन । यो मत न्यायवचनको विरोधमा रहेका कारण हेय छ । यस बेला कहीँ पनि निम्बार्कको उपासना गर्ने प्रचलन पनि देखिँदैन ।

पारणानिर्णयः

पारणं तु – **तिथिरष्टगुणं हन्ति नक्षत्रं च चतुर्गुणम् ।**
तस्मात्प्रयत्नतः कुर्यात्तिथिभान्ते च पारणम्।। इति ब्रह्मवैवर्तात् ।

'तिथ्यर्क्षयोर्यदा छेदो नक्षत्रान्तमथापि वा । अर्धरात्रेऽथवा कुर्यात्पारणं त्वपरेऽहनि ।।'

इति हेमाद्रौ वचनाच्चार्धरात्रेप्युभयान्तेऽन्यतरान्ते चेति मुख्यः पक्षः । **'सर्वेष्वेवोपवासेषु दिवा पारणमिष्यते ।'** इति ब्रह्मवैवर्तं त्वन्यविषयम् । दिने मुख्यकाललाभेऽन्यतरान्ते वा ज्ञेयम् ।

पारणनिर्णय

ब्रह्मवैवर्तमा भनिएको छ – विधिपूर्वक पारण नगरिएमा तिथिले आठ गुणा पुण्यको नाश गर्दछ र नक्षत्रले चार

गुणा पुण्यको नाश गर्दछ । त्यसकारण प्रयत्नपूर्वक तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।

हेमाद्रि भन्दछन् – तिथि र नक्षत्रको हानि भएमा अथवा अन्त भएमा पछिल्ला दिनको आधारातमा पारण गर्नुपर्दछ। हेमाद्रिको यो वचनबाट आधारात भए पनि तिथि र नक्षत्रको अन्तमा अथवा दुईमध्ये कुनै एकको अन्तमा पारण गर्नुपर्दछ । यो नै मुख्यपक्ष हो ।

सम्पूर्ण उपवासमा दिनमा नै पारण गर्नुपर्दछ भन्ने **ब्रह्मवैवर्त**को वचन जन्माष्टमीव्रतबाहेक अरू व्रतका विषयमा हो। अथवा दिनमा मुख्य काल पाइएन भने नक्षत्रको अन्तमा अथवा तिथिको अन्तमा पारण गर्नुपर्दछ ।

गौडास्तु – **न रात्रौ पारणं कुर्यादृते वै रोहिणीव्रतात् । तत्र निश्यपि तत्कुर्याद्वर्जयित्वा महानिशाम्।।** इति ब्रह्माण्डपुराणाद्रात्रौ सार्धप्रहरमध्ये कार्यम् । '**महानिशा तु विज्ञेया मध्यमं मध्ययामयोः ।**' तथा – '**मध्यमप्रहरे रात्रेर्विज्ञेया तु महानिशा ।**' इति स्मृत्यन्तरात् । कल्पतरौ मदनरत्ने चैवम् । कामधेनौ गर्गस्तु – '**महानिशा तु विज्ञेया मध्यमं प्रहरद्वयम् ।**' इत्याह । वृद्धशातातपस्तु – '**महानिशा द्वे घटिके रात्रौ मध्यमयामयोः ।**' इत्याह । वेदपाठपरमेतदित्यन्ये । महानिशायामन्यतरान्ते तृतीयदिने पारणम् । '**अपरेऽहनि**' इति पारणोत्तरदिनपरत्वात् उभयान्तापेक्षणादित्याहुः । तत्त्वं तु महानिशातोऽर्वागन्यतरान्तलाभे महानिशानिषेधः, महानिशायामेव लाभे तत्रैव पारणमिति।

गौडहरू भन्दछन् – रोहिणीव्रतबाहेक अरू व्रतमा रातको समयमा पारण गर्नुहुँदैन । रोहिणीव्रतको पारण पनि महानिशा छाडी रातमा गर्नुपर्दछ भन्ने **ब्रह्माण्डपुराण**को वचनअनुसार रातको डेढ प्रहरको बीचमा पारण गर्नुपर्छ भन्ने कुरा अवगत हुन्छ । बीचका दुई प्रहरको मध्यभागलाई महानिशा भन्दछन् । कुनै स्मृतिमा भनिएको छ – बीचको एक प्रहरमात्र महानिशा हो । **कल्पतरु** र **मदनरत्न**मा पनि यस्तै भनिएको छ । **कामधेनुग्रन्थ**मा उद्धृत **गर्ग**को वचन यसप्रकार छ– रातका चारप्रहरमध्ये बीचका दुईप्रहरलाई महानिशा भनिन्छ । **वृद्धशातातप** भन्दछन् – चार प्रहर हुने रात्रिको बीचमा दोस्रो प्रहरको क्रमशः अन्त्य घडी र आधि घडी गरी दुई घडीलाई महानिशा भनिन्छ । तर अरूले **वृद्धशातातप**को भनाइलाई केवल वेदपाठका निम्ति गरिएको परिभाषा हो भनेका छन् । तिथि वा नक्षत्रको अन्तमा हुने महानिशामा तेस्रो दिन पारण गर्नुपर्दछ ।

अपरेऽहनि भनाइको आधारमा उत्तरदिनपरक अर्थबोध गर्नुपर्दछ । उभयान्तको उपेक्षा गरिएको छ । वास्तविक अर्थ के हो भने महानिशाभन्दा पहिले तिथि अथवा नक्षत्रको अन्त हुँदैन भने या त्यस्तो स्थिति हुँदैन भने महानिशाको निषेध हुन्छ । महानिशामा नै तिथि वा नक्षत्रको अन्त भएमा त्यसमा नै पारण गर्नुपर्दछ । यी सबै कुरा जयन्तीपरक हुन् किनभने त्यसमा नक्षत्र र तिथिको योगमा उपवास हुन्छ । जन्माष्टमीमा तिथिको अन्तमा पारण गर्नुपर्दछ ।

दिवोदासस्तु – '**रजनीप्रहरं यावत्प्रवृत्तिः कर्मणो मता । पारणं तावदेवेष्टं प्रमादान्न भवेद्यदि।।**' इति स्कान्दादूर्ध्वं निषेधमाह । तन्निर्मूलम् । अशक्तौ तु वह्निपुराणे – '**भान्ते कुर्यात्तिथेर्वापि शस्तं भारत पारणम्।**' इति । गारुडे विष्णुधर्मे च –

'**जयन्त्यां पूर्वविद्धायामुपवासं समाचरेत् । तिथ्यन्ते वोत्सवान्ते वा व्रती कुर्वीत पारणम् ।।**'

अशक्तौ तु – **तिथ्यन्ते तिथिभान्ते वा पारणं यत्र चोदितम् । यामत्रयोर्ध्वगामिन्यां प्रातरेव हि पारणा।।**

'**स एवोत्सवान्तः**' इति कालादर्शोक्तेश्चेति सङ्क्षेपः ।

दिवोदासले स्कन्दपुराणअनुसार भनेका छन् – रातको एक प्रहरसम्म सबै कर्महरूको प्रवृत्ति हुन्छ त्यसैबेला पारण गर्नुपर्दछ । प्रमादबाट हुनसकेन भने गर्नुहुँदैन । ग्रन्थकार भन्दछन् – तर यो भनाइ प्रमाणहीन छ । अशक्त अवस्थामा भने नक्षत्रको अन्त अथवा तिथिको अन्तमा पारण गर्नुपर्दछ भन्ने कुरा **अग्निपुराण**मा लेखिएको छ । **गरुडपुराण** र **विष्णुधर्म**मा भनिएको छ– पूर्वविद्धा जयन्तीमा सबैले उपवास गर्नुपर्दछ । तिथिको अन्त अथवा उत्सवको अन्तमा पारण गर्नु वेश हुन्छ । असमर्थ अवस्थामा पारण गर्ने विषयमा भनिएको छ– तिथि र नक्षत्रको अन्तमा पारण गर्दा प्रातःकालमा साढे तीन प्रहरभित्र पारण गर्नुपर्दछ। **कालादर्श**मा भनिएको छ – व्रतीहरूले तिथिको अन्त अथवा उत्सवको अन्तमा प्रातःकालमा पारण गर्नुपर्दछ।

देवक्याः सूतिकागृहनिर्माणं प्रतिमास्थापनञ्च

अष्टम्यां विशेषो हेमाद्रौ भविष्ये – **ततोऽष्टम्यां तिलैः स्नातो नद्यादौ विमले जले ।**
सुदेशे शोभनं कुर्याद्देवक्याः सूतिकागृहम् । तन्मध्ये प्रतिमा स्थाप्या सा चाप्यष्टविधा स्मृता ।।
काञ्चनी राजती ताम्री पैत्तली मृन्मयी तथा । वार्क्षी मणिमयी चैव वर्णकैर्लिखिताऽथवा ।।
सर्वलक्षणसम्पूर्णा पर्यङ्के च पटावृते । देवकीं तत्र चैकस्मिन्प्रदेशे सूतिकागृहे ।।
प्रस्नुतां च प्रसूतां च स्थापयेन्मञ्चकोपरि । मां तत्र बालकं सुप्तं पर्यङ्के स्तनपायिनम् ।।
यशोदां तत्र चैकस्मिन्प्रदेशे सूतिकागृहे । तद्वच्च कल्पयेत्पार्थ प्रसूतवरकन्यकाम् ।।
कश्यपो वसुदेवोऽयमदितिश्चैव देवकी । शेषो वै बलभद्रोऽयं यशोदा क्षितिरन्वभूत् ।।
नन्दः प्रजापतिर्दक्षो गर्गश्चापि चतुर्मुखः । गौर्धेनुः कुञ्जरश्चैव दानवाः शस्त्रपाणयः ।।
लेखनीयाश्च तत्रैव कालीयो यमुनाह्रदे । इत्येवमादि यत्किञ्चिच्छक्यते चरितं मम ।।
लेखयित्वा प्रयत्नेन पूजयेद्भक्तितत्परः । मन्त्रेणानेन कौन्तेय देवकीं पूजयेन्नरः ।।

अष्टमीमा देवकीका लागि सूतिकागृहनिर्माण र प्रतिमास्थापना

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को भनाइ यसप्रकार छ – अष्टमीमा नदी आदिको जलमा तिलले नुहाई सफा र पवित्र हुनुपर्दछ । त्यसपछि कुनै पवित्रस्थानमा सूतिकागृह बनाई देवकीको प्रतिमास्थापना गर्नुपर्दछ । प्रतिमा आठ प्रकारको हुनसक्दछ – सुनको प्रतिमा, चाँदीको प्रतिमा, ताँबोको प्रतिमा, पीतलको प्रतिमा, माटाको प्रतिमा, वृक्षको प्रतिमा, मणिको प्रतिमा र रङ्गनिर्मित चित्रप्रतिमामध्ये कुनै पनि हुनसक्छ । उपर्युक्त आधारमध्ये कुनै आधारमा सर्वलक्षणसम्पन्न प्रतिमा तयार गरी सूतिकागृहमा सुन्दर वस्त्रले सजाइएको पलङ्मा लगेर मञ्चमा सजाएर राखी दिनुपर्दछ ।

भर्खर सुत्केरी भएकी र स्तनबाट दूधका धारा बगाउने देवकीको प्रतिमा स्थापना गर्नुपर्ने विषयमा स्वयं भगवान् कृष्णले भन्नुभएको कुरा यसप्रकार छ – त्यस पलङ्मा आमाका स्तन चुसिरहेको अवस्थामा मेरो प्रतिमा राख्नुपर्दछ । त्यहीँ नजिकै अर्को सूतिकागृह बनाएर माता यशोदा र उनीबाट जन्मिएकी कन्या अर्थात् विन्ध्यवासिनीको स्थापना गर्नुपर्दछ । वसुदेवका रूपमा पैदा भएका कश्यप ऋषि, देवकीका रूपमा पैदा भएकी अदिति, नन्दका रूपमा पैदा भएका दक्षप्रजापति, यशोदाका रूपमा पैदा भएकी पृथ्वी, बलरामका रूपमा पैदा भएका शेषनाग, गर्गका रूपमा पैदा भएका ब्रह्माजीजस्ता सबै पात्रहरूको प्रतिमा स्थापना गर्नुपर्दछ । गाई, बाच्छा–बाच्छी, हात्ती, शस्त्रधारी दानवगण आदिको पनि चित्र बनाउनुपर्दछ । यसैगरी यमुनामा रहेका कालीयनागको पनि चित्र बनाउनुपर्दछ । त्यसपछि मेरो चरित्रका विभिन्न घटनाहरू पनि चित्रित गरी राख्नुपर्दछ र भक्तिपूर्वक सबैको पूजा गर्दा मेरो पनि पूजा गर्नुपर्दछ । पूजापछि प्रार्थना गर्नुपर्दछ ।

गायद्भिः किन्नराद्यैः सततपरिवृता वेणुवीणानिनादैः
श्रृङ्गारादर्शकुम्भप्रवरकृतकरैः किङ्करैः सेव्यमाना ।
पर्यङ्के स्वास्तृते या मुदिततरमुखी पुत्रिणी सम्यगास्ते
सा देवी देवमाता जयति सुतनया देवकी कान्तरूपा ।।
पादौ संवाहयन्ती श्रीर्देवक्याश्चरणान्तिके । निषण्णा पङ्कजे पूज्या नमो देव्यै श्रिये इति ।।
अर्धरात्रे वसोर्धारां पातयेद् गुडसर्पिषा । नाडीवर्धापनं षष्ठी नामादेः करणं मम ।।

गायद्भिः किन्नराद्यै० इत्यादि श्लोक उच्चारण गरी देवकीको पूजा गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ– 'बाँसुरी र वीणाको स्वरका साथ गाना गाइरहेका किन्नरकिन्नरीहरूद्वारा घेरिएकी, श्रृङ्गारका सामग्री, ऐना, कलश आदि हातमा लिएका सेवकहरूद्वारा सेवा गरिएकी, पर्यङ्कमा विराजमान, प्रसन्न मुखमण्डलले सुहाएकी र काखमा उत्तम पुत्र लिएकी देवमाता देवकी संसारमा अद्भुत सौभाग्यसम्पन्न नारीका रूपमा सुहाउनुभएको छ । त्यस्ती देवकी देवीलाई प्रणाम गर्दछु । निकटमा रही जुन कमलासना लक्ष्मीले देवकीका पाउ दबाइरहनुभएको छ, ती भगवती लक्ष्मीलाई पनि प्रणाम गर्दछु ।' यसरी पूजा र प्रार्थना गरेपछि आधारातमा गुड र घ्यूद्वारा वसुधाराकर्म सम्पन्न गर्नुपर्दछ । त्यसपछि श्रीकृष्णको नालच्छेदन, जातकर्म, षष्ठीपूजा र नामकर्म आदि संस्कार सम्पन्न गर्नुपर्दछ।

चन्द्रार्घ्यः

ततो मन्त्रेण वै दद्याच्चन्द्रायार्घ्यं समाहितः । शङ्खे तोयं समादाय सपुष्पकुशचन्दनम् ।।
जानुभ्यां धरणीं गत्वा चन्द्रायार्घ्यं निवेदयेत् ।। क्षीरोदार्णवसम्भूत अत्रिगोत्रसमुद्भव ।
गृहाणार्घ्यं शशाङ्केदं रोहिण्या सहितो मम ।। ज्योत्स्नापते नमस्तुभ्यं नमस्ते ज्योतिषां पते ।
नमस्ते रोहिणीकान्त अर्घ्यं नः प्रतिगृह्यताम् ।।

चन्द्रमाका लागि अर्घ्य र चन्द्रप्रार्थना

नामकर्म आदि कार्य सम्पन्न गरेपछि सावधान भई क्षीरोदार्णव० इत्यादि मन्त्र पढ्दै चन्द्रमालाई अर्घ्य दिनुपर्दछ। शङ्खमा जल, पुष्प र चन्दन राखी दुई घुँडाले जमिनमा टेकेर चन्द्रमालाई अर्घ्य दिनुपर्दछ । अर्घ्यमन्त्रको अर्थ यसप्रकार छ - कुनै समयमा क्षीरोदसमुद्रबाट र कुनै समयमा महर्षि अत्रिका आँखाबाट उत्पन्न हुनुहुने हे चन्द्रमा ! हजुरले रोहिणीसहित भई मैले दिएको अर्घ्य स्वीकार गर्नुहोस् । हे चन्द्रिकाका पति ! हजुरलाई नमस्कार गर्दछु । हे ज्योतिका पति! हजुरलाई नमस्कार गर्दछु। हे रोहिणीका प्यारा ! हजुरले मैले दिएको यो अर्घ्य लिनुहोस् ।

देवक्यर्घ्यः

यथा पुत्रं हरिं लब्ध्वा प्राप्ता ते निर्वृतिः परा । तामेव निर्वृतिं देहि सुपुत्रं दर्शयस्व मे ।। इति देवक्यर्घ्यः।

देवकीलाई अर्घ्य एवं प्रार्थना

'हे देवेशी ! हरिरूप श्रीकृष्णलाई पुत्रका रूपमा प्राप्त गरी जसरी हजुरले परम आनन्द प्राप्त गर्नुभएको छ त्यो परमानन्द हामीलाई पनि प्रदान गर्नुहोस् ।' यसरी प्रार्थना गरेपछि देवकीलाई पनि अर्घ्य दिनुपर्दछ ।

विसर्जनम्

ततः पुष्पाञ्जलिं दत्त्वा यामे यामे प्रपूजयेत् । प्रभाते ब्राह्मणान् शक्त्या भोजयेद्भक्तिमान्नरः।।

ॐ नमो वासुदेवाय गोब्राह्मणहिताय च । शान्तिरस्तु शिवं चास्तु इत्युक्त्वा मां विसर्जयेत्।।

इदं प्रतिमासकृष्णाष्टम्यामप्युक्तं मदनरत्ने वह्निपुराणे –

प्रतिमासं च ते पूजामष्टम्यां यः करिष्यति । मम चैवाखिलान्कामान्स सम्प्राप्स्यत्यसंशयम् ।।

तथा – '**अनेन विधिना यस्तु प्रतिमासं नरेश्वर । करोति वत्सरं पूर्णं यावदागमनं हरेः ।।**

दद्याच्छय्यां सुसम्पूर्णां भोगी रत्नैरलङ्कृताम् ।।' इति जन्माष्टमीव्रतम् ।

जन्माष्टमीव्रतको विसर्जन

– अर्घ्य एवं पुष्पाञ्जलि अर्पण गरेपछि प्रत्येक प्रहरमा देवकीको पूजा गर्नुपर्दछ । भक्तिमान् मानिसले अर्को दिन बिहान शक्तिअनुसार ब्राह्मणलाई भोजन गराउनुपर्दछ । त्यसपछि भगवान्को प्रार्थना गरी ब्राह्मण विसर्जन गर्नुपर्दछ । भगवान्ले भन्नुभएको छ कि – 'गाई र ब्राह्मणको सर्वात्मना हित सम्पादन गर्नुहुने भगवान् वासुदेवलाई नमस्कार छ । शान्ति होस् र सबैको कल्याण होस् भनी मेरो विसर्जन गर्नुपर्दछ ।' यहाँसम्म वर्ष–वर्षमा गरिने जन्माष्टमीपूजाको चर्चा गरियो ।

मदनरत्नमा उद्धृत **अग्निपुराण**को वचनमा प्रतिमास कृष्णाष्टमीमा यसैगरी पूजा गर्ने कुरा बताउँदै भनिएको छ – प्रत्येक मासको कृष्णाष्टमीमा पनि यसरी नै पूजा गर्नुपर्दछ । जसले प्रत्येक महिना कृष्णपक्षको अष्टमीमा कृष्णको पूजा गर्दछ त्यसले आफूले चिताएको फल प्राप्त गर्दछ भन्ने कुरामा कुनै सन्देह छैन । यसविधिबाट जसले प्रत्येक महिनामा देवकी, कृष्ण आदिको पूजा गर्दछ त्यसले श्रीकृष्णजन्माष्टमीका दिन गाई एवं रत्नद्वारा सुशोभित शय्यादान गर्नुपर्दछ ।

भाद्रकृष्णामायां कुशग्रहणविधिः

भाद्रामावास्यायां कुशग्रहणमुक्तं हेमाद्रौ हारीतेन –

मासे नभस्यमावास्या तस्यां दर्भोच्चयो मतः । अयातयामास्ते दर्भा विनियोज्याः पुनः पुनः।।

नभाः श्रावणः । तेन दर्शान्तमासे जन्माष्टम्यनन्तरं दर्शो लभ्यते । मदनरत्ने तु – '**मासे नभस्येऽमावास्या तस्यां दर्भोच्चयो मतः** ।' इति मरीचिवाक्यमुक्तम् । नभस्यो भाद्रपदः । तेन महालयान्तर्गतदर्शो लभ्यते। अत्र गौणमुख्यचान्द्राभ्यामेक एव दर्श इत्यन्ये ।

कुशे औंसीमा कुशग्रहण

हेमाद्रिमा उद्धृत **हारीत**को वचनमा कुशे औंसीमा कुश उखेल्न पर्ने कुरा बताउँदै भनिएको छ– 'भाद्रकृष्ण अमावास्या अर्थात् कुशे औंसीका दिन कुशसञ्चय गर्नुपर्दछ । कुशे औंसीमा सञ्चय गरिएको **अयातयाम** (ताजा) कुशलाई बारम्बार शुभकर्ममा प्रयोग गर्न सकिन्छ ।' यहाँ प्रयुक्त **नभोमास** शब्दको अर्थ श्रावण हो । यस वचनबाट दर्शान्तमासमा जन्माष्टमीपछिको अमावास्या लिनुपर्दछ ।[३९]

---

३९. **विरञ्चिना सहोत्पन्न परमेष्ठिनिसर्गज । नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरो भव ।।** यो मन्त्र उच्चारण गरी पूर्वोत्तरमुख गरेर कुशे औंसीका दिन उखलिएको कुश एक वर्षसम्म अयातयाम अर्थात् ताजा मानिन्छ। त्यसैले यो कुरा देवपितृकार्यमा एक वर्षसम्म अयातयाम हुन्छ । अघिपछि कुश उखेल्नु हुँदैन, उखेलिहालेमा पनि त्यो कुश त्यसै दिनलाई मात्र हुन्छ । अघिपछि प्रयोग गर्न मिल्दैन ।

मदनरत्नमा मरीचि भन्दछन् – भाद्रपदको अमावास्यामा कुशच्छेदन गर्नुपर्दछ । यहाँ नभस्यको अर्थ भाद्रमास हो। दर्शान्तमास भन्नाले महालयान्तर्गत अमावास्या प्राप्त हुन्छ । गौण अथवा मुख्य चान्द्रमासमध्ये एउटै अमावास्या लिनुपर्दछ भन्ने कुरा कसैले बताएका छन् ।

हरितालिकाव्रतम्

भाद्रपदशुक्लतृतीयायां हरितालिकाव्रतम् । तत्र परा ग्राह्या ।

मुहूर्तमात्रसत्त्वेपि दिने गौरीव्रतं परे । शुद्धाधिकायामप्येवं गणयोगप्रशंसनात् ।।

इति माधवोक्तेः । चतुर्थीयुक्तायां फलाधिक्यम् । माधवीये आपस्तम्बः–

चतुर्थीसहिता या तु सा तृतीया फलप्रदा । अवैधव्यकरा स्त्रीणां पुत्रपौत्रप्रवर्धिनी ।।

द्वितीयायोगे प्रत्यवायमाह स एव –

द्वितीयाशेषसंयुक्तां या करोति विमोहिता । सा वैधव्यमवाप्नोति प्रवदन्ति मनीषिणः ।। इति ।

हरितालिका

भाद्रपद शुक्लपक्षको तृतीयामा हरितालिकाव्रत (तीजको व्रत) गर्नुपर्दछ । यसमा परा अर्थात् पछिल्लो तृतीया लिनुपर्दछ । माधवीयमा भनिएको छ – तृतीयातिथि मुहूर्तमात्र रहे पनि गौरीको व्रत दिनमा नै गर्नुपर्दछ । गणेशचतुर्थीको योगका कारण यो तृतीयाव्रत तृतीया शुद्ध र अधिक भए पनि पुण्यदायक हुन्छ ।' वस्तुतः चतुर्थीको योगमा यो तृतीया अधिक फलदायक हुन्छ ।

माधवीयमा आपस्तम्बले उल्लेख गरेअनुसार – 'चतुर्थीसहित तृतीया अत्यन्त उत्तम फलदायक हुन्छ । यो तृतीयामा व्रत गर्ने महिलाहरूको वैधव्ययोग नाश हुन्छ र तिनीहरू पुत्र–पौत्र सम्पन्न हुन्छन् ।' द्वितीयासँग योग हुने तृतीयामा हरितालिका व्रत गर्न हुँदैन ।' भन्ने आशय स्पष्ट गर्दै उनैले भनेका छन् कि – 'जुन नारीले विचारै नगरी मोहवश द्वितीयाको अन्तिमभागसँग जोडिएको तृतीयाका दिन व्रत गर्दछिन् तिनले वैधव्यको पीडा व्यहोर्नुपर्दछ' भन्ने कुरा बुद्धिमान्‌हरूले बताएका छन् ।

तृतीयाभेदः

'आद्या मधुश्रावणिका कज्जली हरितालिका। चतुर्थीमिश्रिता स्त्रीभिर्दिवा नक्ते विधीयते ।।

तृतीया नभसः शुक्ला मधुश्रावणिका स्मृता । भाद्रस्य कज्जली कृष्णा शुक्ला च हरितालिका।।

इति दिवोदासोदाहृतवचनाच्च ।

तृतीयाभेद

दिवोदासमा बताइएका वचनहरूलाई उद्धृत गरी बताइन्छ कि – भाद्रकृष्णतृतीयालाई कज्जली वा मधुश्रावणिका भनिन्छ र भाद्रशुक्लतृतीयालाई हरितालिका भनिन्छ । भाद्रकृष्णतृतीया दिन वा रातमा चतुर्थीसँग मिलेमा नारीहरूले राम्रोसँग व्रत गर्नुपर्दछ । श्रावणशुक्लतृतीयालाई मधुश्रावणिका भनिन्छ । भाद्रकृष्णतृतीयालाई कज्जली भनिन्छ र

भाद्रशुक्लतृतीयालाई हरितालिका भनिने कुरा **दिवोदास**द्वारा उदाहरणार्थ प्रयोग गरिएका वचनहरूमा बताइएको छ ।[४०]

भाद्रशुक्लचतुर्थी (वरदचतुर्थी)

भाद्रशुक्लचतुर्थी वरदचतुर्थी । सा मध्याह्नव्यापिनी ग्राह्या । **'प्रातः शुक्लतिलैः स्नात्वा मध्याह्ने पूजयेन्नृप।'** इति हेमाद्रौ भविष्ये तत्रैव पूजोक्तेः । मदनरत्नेप्येवम् । परदिने एवांशेन साकल्येन वा मध्याह्नव्याप्त्यभावे सर्वपक्षेषु पूर्वा ग्राह्या । तथा च बृहस्पतिः –

चतुर्थी गणनाथस्य मातृविद्धा प्रशस्यते । मध्याह्नव्यापिनी चेत्स्यात्परतश्चेत्परेऽहनि ।। इति ।

मातृविद्धा प्रशस्ता स्याच्चतुर्थी गणनायके ।

मध्याह्ने परतश्चेत्स्यान्नागविद्धा प्रशस्यते ।। इति माधवीये स्मृत्यन्तराच्च ।

भाद्रशुक्लचतुर्थी (वरदचतुर्थी)

भाद्रपद शुक्लचतुर्थीलाई वरदचतुर्थी भनिन्छ । उक्त चतुर्थी लिँदा मध्याह्नव्यापिनी लिनुपर्दछ । कुनै राजालाई सम्बोधन गर्दै प्रातःकालमा सेता तिलले स्नान गरेर मध्याह्नमा पूजा गर्नुपर्ने कुरा हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनद्वारा बताइएको छ । **मदनरत्न**मा पनि यही छ । दोस्रो दिनमा नै अंशव्यापिनी अथवा सम्पूर्णव्यापिनी रहेमा र त्यो दिन मध्याह्नव्यापिनीको अभावमा सबै प्रकारबाट पूर्वा नै ग्रहण गर्नुपर्ने देखिन्छ भन्ने कुरा **बृहस्पति**ले बताएका छन् । वास्तवमा गणनाथको चतुर्थी मातृविद्धा अर्थात् तृतीयाविद्धा श्रेष्ठ हुन्छ । त्यो तृतीया मध्याह्नव्यापिनी नभई त्योभन्दा पर रहेमा दोस्रो दिनमा सिद्धिविनायकव्रत गर्नुपर्दछ । गणनाथका निमित्त मातृविद्धा चतुर्थी उत्तम मानिएको छ । मध्याह्नकाको पछिसम्म चतुर्थी रहेमा पञ्चमीविद्धा उत्तम मानिन्छ भन्ने कुरा **माधवीय** र **स्मृत्यन्तर**मा बताइएको छ ।

गणेशस्वरूपकथनम्

तत्र गणेशरूपं स्कान्दे –

एकदन्तं शूर्पकर्णं नागयज्ञोपवीतिनम्। पाशाङ्कुशधरं देवं ध्यायेत्सिद्धिविनायकम् ।। इति।

---

४०. हरितालिका (तीज)को व्रत निराहार (केही पनि नखाईकन) गरेर, जल खाएर र फलमूलादि खाएर पनि बस्न सकिन्छ । यसरी बसिने व्रतलाई क्रमशः निराहार (उपवास) व्रत, जलाहारव्रत र फलाहारव्रत भनिन्छ । **'सर्वतः आत्मानं गोपायेत्'** जसरी भए पनि आत्माको (स्वास्थ्यको) रक्षा गर्नुपर्छ भनिएको छ । आफ्नो स्वास्थ्य विचार गरेर निराहारादि उक्त तीन प्रकारका व्रतमा कुन चाहिँ व्रत बस्दा स्वास्थ्य बिग्रँदैन त्यही व्रत लिनुपर्छ । विविध रोगादिका कारण निराहार बस्न जो मानिस असमर्थ छ त्यस्तो (पुरुष होस् वा महिला) मानिसले जल, सखरखण्ड, पिँडालु, तरुल आदि मूल, केरा, आँप, अम्बा आदि फल, दुध, हवनीय वस्तु, विशुद्ध ब्राह्मणले दिएको पदार्थ, यो खान हुन्छ भनी गुरुको वचनद्वारा अनुमोदित वस्तु र औषधि यी आठ प्रकारका वस्तु व्रत बसेको दिन खान हुन्छ, यी वस्तु खाँदा व्रतभङ्ग हुँदैन भनी स्कन्दपुराणको वचनले ठोकुवा नै गरेको छ । जुन यसप्रकार छ–

अष्टौ तान्यव्रतघ्नानि आपो मूलं फलं पयः । हविर्ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम् ।।

एकादशी, तीज आदिको व्रतमा भोजनचाहिँ गर्न हुँदैन फल, मूल, दुध, जलचाहिँ खान हुन्छ अशक्त मानिसले भनी नारदीयपुराणमा पनि भनिएको छ–

अनुकल्पो नृणां प्रोक्तः क्षीणानां वरवर्णिनि ! । मूलं फलं पयस्तोयमुपभोज्यं भवेच्छुभे ।।

श्रीगणेशको स्वरूप

स्कन्दपुराणमा गणेशचतुर्थीका दिन आराधना गरिने सिद्धिविनायक भगवान् गणेशका ध्येय स्वरूपको यसरी वर्णन गरिएको छ – एक दाँत धारण गर्नुहुने – **एकदन्त**, नाङ्लो झैं फैलिएका र बाटुला कानले सुहाउनुभएका– **शूर्पकर्ण**, सर्पलाई यज्ञोपवीतका रूपमा धारण गर्नुहुने – **नागयज्ञोपवीती** र आफ्ना भुजाहरूमा पाश र अङ्कुश धारण गर्नुहुने – **पाशाङ्कुशधर** भगवान् सिद्धिविनायकको ध्यान गर्नुपर्दछ ।

गणेशार्चने भाद्रशुक्लचतुर्थीविचारः

इयं रविभौमयोरतिप्रशस्ता ।

'भाद्रशुक्लचतुर्थी या भौमेनार्केण वा युता ।
महती सात्र विघ्नेशमर्चित्वेष्टं लभेन्नरः ।।' इति निर्णयामृते वाराहोक्तेः ।

गणेशाराधनामा भाद्रशुक्ल चतुर्थीको विशेषता

रविवार वा मङ्गलवारका दिन भाद्रशुक्ल चतुर्थी परेमा त्यो तिथि अत्यन्त उत्तम मानिएको छ । यस विषयमा **निर्णयामृत**मा वाराहको वचन यसप्रकार छ – भाद्रशुक्लचतुर्थी रविवार अथवा भौमवारले युक्त भएमा अत्यन्त उत्तम मानिन्छ । यस तिथिमा भगवान् विघ्ननायक सिद्धिविनायकको आराधना गर्नाले चिताएको फल प्राप्त हुन्छ ।

चन्द्रदर्शनविचारः

अत्र चन्द्रदर्शनं निषिद्धम् । तथा चापरार्के मार्कण्डेयः –

सिंहादित्ये शुक्लपक्षे चतुर्थ्यां चन्द्रदर्शनम् । मिथ्याभिदूषणं कुर्यात्तस्मात्पश्येन्न तं सदा ।।

इति । चतुर्थ्यां न पश्येदित्यन्वयः । प्रधानक्रियान्वयलाभात् । तेन चतुर्थ्यामुदितस्य पञ्चम्यां न निषेधः । गौडा अप्येवमाहुः ।

गणेशचतुर्थीमा चन्द्रदर्शननिषेध

भाद्रशुक्ल चतुर्थीतिथिमा चन्द्रमाको दर्शन गर्न हुँदैन । **अपरार्क**मा **मार्कण्डेय** भन्दछन् – 'सिंहराशिमा सूर्य रहेका बेला भाद्रशुक्लपक्षको चतुर्थीतिथिमा चन्द्रमाको दर्शन गर्नाले मिथ्यादोष आइलाग्छ । तसर्थ भाद्रशुक्लचतुर्थीमा चन्द्रमाको दर्शन गर्नु हुँदैन ।' **सिंहादित्ये०** इत्यादि पद्यको **तस्मात् तदा तं न पश्येत्** यसप्रकार अन्वय गर्दा चतुर्थीमा चन्द्रदर्शन गर्न हुँदैन भन्ने अर्थ स्पष्ट हुन्छ । यसबाट चतुर्थीमा उदाएका चन्द्रमाको पञ्चमीमा दर्शन गर्न हुन्छ भन्ने कुरा सिद्ध हुन्छ। प्रधानक्रियासँग अन्वय गर्न सुलभ भएको हुँदा चतुर्थीमा निषेधका साथै पञ्चमीमा निषेधको अभाव रहेको अर्थ स्पष्ट हुन्छ। गौडहरूले पनि यही भनेका छन् ।

पराशरोऽपि –

'कन्यादित्ये चतुर्थ्यां तु शुक्ले चन्द्रस्य दर्शनम् । मिथ्याभिदूषणं कुर्यात्तस्मात्पश्येन्न तं सदा।।
तद्दोषशान्तये सिंहः प्रसेनमिति वै पठेत् ।' इति श्लोकस्तु विष्णुपुराणे –
सिंहः प्रसेनमवधीत्सिंहो जाम्बवता हतः । सुकुमारक मा रोदीस्तव ह्येष स्यमन्तकः ।। इति ।

पराशरको भनाइ यसप्रकार छ – कन्याराशिमा सूर्य रहँदा (चान्द्र भाद्रमासमा सूर्य रहँदा) शुक्लपक्षको चतुर्थीतिथिमा चन्द्रदर्शन गरेमा मिथ्यादोष लाग्दछ । त्यसकारण त्यो दिन चन्द्रदर्शन गर्न हुँदैन । संयोगवश चन्द्रदर्शन भएमा त्यसको निवारण गर्न **सिंहः प्रसेनमवधीत्०** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'सिंहद्वारा प्रसेनको मृत्यु भयो । त्यस सिंहलाई जाम्बवान्ले मारे । हे सुकुमारक ! तिमी नरोऊ । यो स्यमन्तकमणि तिम्रो हो ।'

भाद्रशुक्लपञ्चमी ऋषिपञ्चमी

भाद्रपदशुक्लपञ्चमी ऋषिपञ्चमी । सा मध्याह्नव्यापिनी ग्राह्या । '**पूजाव्रतेषु सर्वेषु मध्याह्नव्यापिनी तिथिः**।' इति माधवीये हारीतोक्तेः । दिनद्वये सत्त्वे हेमाद्रिमते परा । '**सिता परयुता स्यात्पञ्चमी**' इति दीपिकोक्तेः, माधवमते पूर्वा । '**सर्वत्र पञ्चमी पूर्वा**' इत्युक्तेः । युग्मवाक्यान्निर्णयस्तु युक्तः । ऋषिपञ्चमी षष्ठीयुतैवेति दिवोदासः।

भाद्रशुक्ल पञ्चमी – ऋषिपञ्चमी

भाद्रशुक्ल पञ्चमी नै ऋषिपञ्चमी हो । यो पञ्चमी मध्याह्नसम्म रहने अर्थात् मध्याह्नव्यापिनी ग्राह्य हुन्छ । **माधवीयमा हारीत**को वचन यसप्रकार छ –सबै किसिमका पूजा र व्रतहरूमा मध्याह्नव्यापिनी पञ्चमीतिथि लिनुपर्दछ । पञ्चमीतिथि दुई दिन भएमा **हेमाद्रि**को मतमा पछिल्लो दिनको मध्याह्नव्यापिनी तिथि लिनुपर्दछ । किनकि **दीपिका**मा भनिएको छ - शुक्लपक्षको पञ्चमी पछिल्लो दिनको लिनुपर्दछ । **माधव**को मतअनुसार भने अघिल्लो दिनको पञ्चमी ग्राह्य हुन्छ किनकि जहाँसुकै पहिलो पञ्चमी लिनुपर्दछ भन्ने वचन पाइन्छ ।

ग्रन्थकार भन्दछन् – यसरी दुई मत प्राप्त भएको अवस्थामा युग्मवाक्यबाट निर्णय गर्नुपर्दछ । **दिवोदास** भन्दछन्- ऋषिपञ्चमी षष्ठीतिथिले संयुक्त हुँदा व्रत र उपवासका लागि उत्तम मानिएको छ ।

प्रतिमासु ऋषिपूजनविचारः

'अत्र ऋषीन्प्रतिमासु पूजयित्वाऽकृष्टभूमिजशाकेन वर्तनम् । एवं सप्तवर्षाणि कृत्वा सप्तकुम्भेषु प्रतिमासु सम्पूज्य परेऽह्नि तत्तन्मन्त्रेणाष्टोत्तरशतं तिलान्हुत्वा सप्त ब्राह्मणान्भोजयेत्' इति निर्णयामृते।

प्रतिमाहरूमा ऋषिपूजनविचार

ऋषिपञ्चमी तिथिमा गौतम, भरद्वाज, विश्वामित्र, कश्यप, जमदग्नि, वसिष्ठ, अत्रि ऋषि र अरुन्धतीका प्रतिमा तयार गरी तिनमा उक्त ऋषि र अरुन्धतीको पूजा गर्नुपर्दछ ।

१. गौतमको आवाहन एवं पूजनमन्त्र
आवाहये गोतमविप्रराजं संसारमोहौघविनाशदक्षम् । महाद्युतिं तर्कविचारदक्षं रक्षाध्वरन्नः सततं शिवाय।।
ॐ अभि त्वा गोतमा गिरा जातवेदो विचर्षणे । द्युम्नैरभि प्रणोनुमः ।। – ऋ.प्र. १/७८/१ ।

२. भरद्वाजको आवाहन एवं पूजनमन्त्र
यज्ञे भरद्वाज महाप्रभाव बहुद्युते त्राहि महामते त्वम् । दयार्णवाधीश बहुज्ञदेव रक्षाध्वरं नो भगवन्नमस्ते।।
ॐ एवा नः स्पृधः समजा समत्स्विन्द्र रारन्धि मिथतीरदेवीः । विद्याम वस्तोरवसा गृणन्तो भरद्वाजा उत इन्द्र नूनम् ।। – ऋ.मं. ६/२५/९ ।

३. विश्वामित्रको आवाहन एवं पूजनमन्त्र

श्रीविश्वमित्राद्भुतशक्तियोगयज्ञे नवसृष्टिविधानिकस्त्वम् ।
आगच्छ योगीश्वर देवदेव गृहाण पूजां भगवन्नमस्ते ।।

ॐ एवा ते वयमिन्द्र भुञ्जतीनां विद्याम सुमतीनां नवानाम् । विद्याम विद्याम वस्तोरवसा गृणन्तो विश्वामित्रा उत त इन्द्र नूनम् ।। – ऋ. १०/८९/१७ ।

४. कश्यपको आवाहन एवं पूजनमन्त्र

आवाहये कश्यपमादितेयमृषिं पुराणं परमेष्ठितुल्यम् । सप्तर्षिमध्ये प्रतनं महेशं रक्षाध्वरन्नो भगवन्नमस्ते।।

ॐ ऋषे मन्त्रकृतां स्तोमैः कश्यपोद्वर्धयन् गिरः । सोमं नमस्य राजानं यो जज्ञे वीरुधां पतिरिन्द्रायेन्दो परिस्रव ।। – ऋ. ९/११४/२९ ।

५. जमदग्निको आवाहन एवं पूजनमन्त्र

आवाहयेऽहं जमदग्निमग्र्यं मुनिप्रवीरं श्रुतिशास्त्रभाजम् ।
कृपानिधीनाममितद्युतीनां तेजोव्रतां बुद्धिमतामृषीणाम् ।।

ॐ प्रसूतो भक्षमकरं चरावपि स्तोमं चेमं प्रथमः सूरिरुन्मृजे । सुते सातेन यद्यागमं वां प्रति विश्वामित्रजमदग्नी दमे ।। – ऋ. १०/१६७/२४ ।

६. वसिष्ठको आवाहन एवं पूजनमन्त्र

वसिष्ठयोगिन् सकलार्थवेत्त आगच्छ यज्ञेऽत्र कृपां विधेहि ।
तेजस्विनामग्रसरोग्रबुद्धे विशाध्वरं नो भगवन्नमस्ते ।।

ॐ उतासी मैत्रावरुणो वसिष्ठोर्वश्या ब्रह्मन्मनसोऽधि जातः । द्रप्सं स्कन्नं ब्रह्मणा दैव्येन विश्वे देवाः पुष्करे त्वाददन्त ।। – ऋ. ७/३३/११ ।

७. अत्रिको आवाहन एवं पूजनमन्त्र

आवाहयेऽत्रिं तपसान्निधानं सोमात्मजं देवमुनिप्रवीरम् ।
पाहि त्वमस्मान्महता महिम्ना रक्षाध्वरं नो भगवन्नमस्ते ।।

ॐ अत्रिर्यद्वामवरोहन्नृबीसमजोहवीन्नाधमानेव योषा । श्येनस्य चिज्जवसा नूतनेनागच्छतमश्विना शन्तमेन ।। – ऋ. ५/७८/४ ।

८. अरुन्धतीको आवाहन एवं पूजनमन्त्र

पुनीहि मां देवि जगन्नुते च तापत्रयोन्मूलनकारिणी च ।
पतिव्रते धर्मपरायणे त्वमागच्छ कल्याणि नमो नमस्ते ।।

ॐ भूर्भुवः स्वः अरुन्धति इह तिष्ठ अरुन्धत्यै नमः अरुन्धतीमावाहयामि स्थापयामि ।।

उक्त मन्त्रहरूबाट सप्तर्षि एवं अरुन्धतीको आवाहन र पूजा गरेपछि नछरीकन वा नरोपीकन पवित्र जमिनमा आफै उम्रिएको साग खानुपर्दछ । सातवर्षसम्म सप्तर्षिका सातकुम्भ र अरुन्धतीको एककुम्भमा पूजा गरी पञ्चमीको दोस्रो दिन ती मन्त्रहरूबाट १०८ संख्यामा तिलद्वारा हवन गरेर सातब्राह्मणलाई भोजन गराउनुपर्दछ भन्ने कुरा निर्णयामृतमा उल्लेख गरिएको छ ।

भाद्रशुक्लषष्ठी(सूर्यषष्ठी)विचारः

भाद्रशुक्लषष्ठी सूर्यषष्ठी । सा सप्तमीयुतैवेति दिवोदासः ।

'शुक्ले भाद्रपदे षष्ठ्यां स्नानं भास्करपूजनम् । प्राशनं पञ्चगव्यस्य अश्वमेधफलाधिकम् ।।'

इति वचनात् । कल्पतरौ भविष्ये –

'येयं भाद्रपदे मासि षष्ठी स्याद्भरतर्षभ । योऽस्यां पश्यति गाङ्गेयं दक्षिणापथवासिनम् ।।

ब्रह्महत्यादिपापैस्तु मुच्यते नात्र संशयः ।।' गाङ्गेयः – स्वामिकार्तिकेयः ।

सूर्यषष्ठी

भाद्रशुक्ल षष्ठीलाई सूर्यषष्ठी भनिन्छ । यो परा अर्थात् सप्तमीसंयुक्त ग्राह्य हुन्छ । **दिवोदास**को भनाइअनुसार 'भाद्रशुक्ल षष्ठीमा नुहाएर सूर्यको पूजा गर्नुपर्दछ । पूजा गर्नुभन्दा पहिले पञ्चगव्यप्राशन गर्नुपर्दछ । यसरी सूर्यपूजा गर्दा अश्वमेध यज्ञको फलप्राप्त हुन्छ ।' **कल्पतरु**ग्रन्थमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – 'भाद्रशुक्ल षष्ठीका दिन जसले दक्षिणापथमा विराजमान भगवान् स्कन्दको दर्शन गर्दछ त्यो ब्रह्महत्या आदि पापबाट मुक्त हुन्छ ।'

भाद्रशुक्लसप्तम्यां मुक्ताभरणव्रतम्

भाद्रपदशुक्लसप्तम्यां मुक्ताभरणव्रतम् । तत्र सप्तमी पूर्वयुता ग्राह्या । **'षण्मुन्योः'** इति युग्मवाक्यात्।

भाद्रशुक्ल सप्तमी निर्णय र मुक्ताभरणव्रत

भाद्रशुक्ल सप्तमीतिथिमा मुक्ताभरणव्रत गर्नुपर्ने विधान गरिएको छ । उक्त व्रत गर्दा षष्ठीसँग जोडिएको सप्तमी अर्थात् पूर्वा लिनुपर्दछ । **षण्मुन्योः** अर्थात् षष्ठी र सप्तमीको जोडा गराउनुपर्छ भन्ने युग्मवाक्यका कारण यसो भनिएको हो ।[४१]

दूर्वाष्टमी

भाद्रपदशुक्लाष्टमी दूर्वाष्टमी । सा पूर्वा ग्राह्या ।

श्रावणी दुर्गनवमी दूर्वा चैव हुताशनी ।
पूर्वविद्धा तु कर्तव्या शिवरात्रिर्बलेर्दिनम् ।। इति हेमाद्रौ वृद्धयमोक्तेः ।
शुक्लाष्टमी तिथिर्या तु मासि भाद्रपदे भवेत् ।
दूर्वाष्टमी तु सा ज्ञेया नोत्तरा सा विधीयते ।। इति पुराणसमुच्चयाच्च । यत्तु –

मुहूर्ते रौहिणेऽष्टम्यां पूर्वा वा यदि वा परा । दूर्वाष्टमी तु सा कार्या ज्येष्ठां मूलं च वर्जयेत् ।।

इति तत्रैव परा कार्येत्युक्तम् । तत्पूर्वदिने ज्येष्ठादियोगे द्रष्टव्यम् । **दूर्वाष्टमी सदा त्याज्या ज्येष्ठामूलर्क्षसंयुता।** तथा –

ऐन्द्रर्क्षे पूजिता दूर्वा हन्त्यपत्यानि नान्यथा ।
भर्तुरायुर्हरा मूले तस्मात्तां परिवर्जयेत् ।। इति तत्रैव तन्निषेधात् ।

---

४१. मुक्ताभरणसप्तमीको व्रत लिँदा **'मम इह जन्मनि जन्मान्तरे वा अखण्डितसन्ततिपुत्रपौत्रवृद्धये मुक्ताभरणव्रते उमामहेश्वरपूजनं करिष्ये'** भनी सङ्कल्प गरी गौरीशङ्करको पूजा गर्नुपर्दछ ।

भाद्रशुक्ल अष्टमी निर्णय र अष्टमीव्रत एवं दूर्वाष्टमी

भाद्रशुक्ल अष्टमीलाई दूर्वाष्टमी पनि भनिन्छ । यो अष्टमी पूर्वा ग्राह्य हुन्छ । **हेमाद्रि**मा उद्धृत **वृद्धयम**को भनाइअनुसार श्रावणी, दुर्गानवमी, दूर्वाष्टमी, भाद्रशुक्ल द्वादशी, होली र शिवरात्रि तिथिहरू पूर्वविद्धा लिनुपर्दछ । **पुराणसमुच्चय**मा भनिएको छ – 'भाद्रशुक्लपक्षको अष्टमी नै दूर्वाष्टमी हो । त्यसमा पराविद्धा तिथि ग्राह्य हुँदैन । प्रातः रौहिण मुहूर्तमा अष्टमी भएमा पूर्वा होस् अथवा परा जुनसुकै अष्टमी भएपनि व्रत गर्नुपर्दछ । तर ज्येष्ठा र मूलनक्षत्रमा भने व्रत गर्नुहुँदैन।' यो कुरा **अपरार्क**मा जसरी भनिएको छ त्यो त अघिल्लो दिन ज्येष्ठा र मूलको योग भएमा पछिल्लो दिन लिनका लागि भनिएको हो । ज्येष्ठा र मूलनक्षत्रले युक्त दूर्वाष्टमीको त्याग गर्नुपर्दछ । यसको फल बताउँदै भनिएको छ– ज्येष्ठानक्षत्रमा दूर्वाष्टमीको व्रत गरिन्छ भने त्यो व्रतबाट सन्ततिको नाश हुन्छ । मूलनक्षत्रमा व्रत गरिन्छ भने त्यसबाट पतिको आयु घट्दछ । तसर्थ ज्येष्ठासंयुक्त र मूलसंयुक्त दूर्वाष्टमीमा व्रत गर्नुहुँदैन भनी निषेध गरिएको छ ।

इदमगस्त्योदये कन्यार्के च न कार्यम् –

शुक्ले भाद्रपदे मासि दूर्वासंज्ञा तथाष्टमी । सिंहार्क एव कर्तव्या न कन्यार्के कदाचन ।।
सिंहस्थे सोत्तमा सूर्येऽनुदिते मुनिसत्तम ।।' इति मदनरत्ने स्कान्दोक्तेः ।
'अगस्त्ये उदिते तात पूजयेदमृतोद्भवाम् । वैधव्यं पुत्रशोकं च दश वर्षाणि पञ्च च ।।'

इति तत्रैव दोषोक्तेश्च । भाद्रपदशुक्लाष्टम्यामगस्त्योदये भाविनि सति पूर्वकृष्णाष्टम्यामेव कुर्यादिति हेमाद्रिः । दीपिकाप्येवम्। इदञ्च व्रतं स्त्रीणां नित्यम् ।

कन्याको सूर्यमा र अगस्त्यको उदयकालमा यो व्रत गर्न हुँदैन । **मदनरत्न**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ– भाद्रमासको शुक्लपक्षको दूर्वाष्टमीमा गरिने दूर्वापूजन सिंहराशिको सूर्यमा गर्नुपर्दछ । कन्याराशिको सूर्यमा गर्नुहुँदैन । सिंहको सूर्यमा पूजा गर्दा पनि सूर्य नउदाउँदै गरेको पूजन उत्तम हुन्छ । त्यहीं नै अगस्त्योदयमा दूर्वाष्टमीव्रतको दोष देखाउँदै भनिएको छ – जुन नारीले अगस्त्योदय भएपछि दूर्वाको पूजन गर्दछिन्, तिनले १५ वर्षसम्म वैधव्यको कष्ट र पुत्रशोक व्यहोर्नुपर्दछ । भाद्रशुक्लअष्टमीमा अगस्त्योदय हुने कुरा पक्कापक्की थाहा भएपछि व्रतालुहरूले दूर्वाष्टमीको व्रत भाद्रकृष्णअष्टमीमा गर्नुपर्दछ भन्ने कुरा **हेमाद्रि**मा भनिएको छ । **दीपिका**मा पनि यसरी नै बताइएको छ । नारीहरूका लागि यो नित्यव्रत हो ।

'या न पूजयते दूर्वां मोहादिह यथाविधि । त्रीणि जन्मानि वैधव्यं लभते नात्र संशयः ।।
तस्मात्सम्पूजनीया सा प्रतिवर्षं वधूजनैः ।।' इति पुराणसमुच्चयात् । यदा ज्येष्ठादिकं विनाष्टमी न लभ्यते तदा तत्रैवोक्तम् –

कर्तव्या चैकभक्तेन ज्येष्ठा मूलं यदा भवेत् । दूर्वामभ्यर्चयेद् भक्त्या न बन्ध्यं दिवसं नयेत्।। इति।

पुराणसमुच्चयमा भनिएको छ – जुन नारीले मोहमा परेर विधिपूर्वक दूर्वाष्टमीमा दूर्वापूजन गर्दिनन् तिनले तीनजन्मसम्म वैधव्यको कष्ट भोग गर्नुपर्दछ, यसमा कुनै सन्देह छैन । त्यसकारण प्रतिवर्ष असल कुलका नारीहरूले दूर्वाष्टमीमा दूर्वापूजन गर्नुपर्दछ । यदि ज्येष्ठा र मूलसँग असम्बद्ध अष्टमी पाइएन भने एकभक्तव्रत गरी भक्तिपूर्वक दूर्वार्चन गर्नुपर्दछ, दिनलाई व्यर्थ तुल्याउनु हुँदैन ।

दूर्वापूजनविधिः

अत्र विधिर्मदनरत्ने भविष्ये –

'शुचौ देशे प्रजातायां दूर्वायां ब्राह्मणोत्तम । स्थाप्य लिङ्गं ततो गन्धैः पुष्पैर्धूपैः समर्चयेत् ।।

दध्यक्षतैर्द्विजश्रेष्ठ अर्घ्यं दद्यात्त्रिलोचने । दूर्वाशमीभ्यां विधिवत्पूजयेच्छ्रद्धयान्वितः ।।'

मन्त्रस्तु – त्वं दूर्वेऽमृतजन्मासि वन्दितासि सुरासुरैः । सौभाग्यं सन्ततिं देहि सर्वकार्यकरी भव।।

यथा शाखाप्रशाखाभिर्विस्तृतासि महीतले । तथा ममापि सन्तानं देहि त्वमजरामरम् ।। इति ।

दूर्वापूजन विधि

मदनरत्नमा भविष्यपुराणको वचन उद्धृत गरी दूर्वापूजनको विधिनिरूपण गर्दै भनिएको छ – पवित्रभूमिमा पैदा भएको दूवोमा शिवलिङ्ग स्थापना गरी चन्दन, पुष्प र धूपद्वारा पूजा गर्नुपर्दछ । दही र अक्षताले सूर्यलाई अर्घ्य दिनुपर्दछ। दूर्वादल र शमीपत्रद्वारा विधिवत् **त्वं दुर्गेऽमृतजन्मासि०** मन्त्रद्वारा पूजा गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे दूर्वा ! तिमी अमृतबाट पैदा भएकी हुँदा अमृतजन्मा कहलाउँछ्यौ । देवता र असुरहरूले तिम्रो वन्दना गर्दछन् । तिमीले मलाई सन्तान र सौभाग्य देऊ एवं मेरा सबै कार्य परिपूर्ण तुल्याऊ । जसरी तिमी आफ्ना शाखा–प्रशाखाले पृथ्वीतलमा फैलिएकै हुन्छ्यौ त्यसरी नै तिमीले मेरा लागि अजर एवं अमर सन्तति प्रदान गर ।'

अनग्निपक्वभोजनविधानम्

अत्रानग्निपक्वं भक्षयेत् ।

'अनग्निपक्वमश्नीयादन्नं दधि फलं तथा । अक्षारलवणं ब्रह्मन्नश्नीयान्मधुनान्वितम् ।।'

इति तत्रैव भविष्योक्तेः । भाद्रपदेऽधिमासे सति निर्णयदीपे स्कान्दे –

'अधिमासे तु सम्प्राप्ते नभस्य उदये मुनेः । अर्वाग्दूर्वाव्रतं कार्यं परतो नैव कुत्रचित् ।।

दूर्वाष्टमीमा आगोमा नपकाइएको भोजन गर्ने विधान

दूर्वाष्टमीव्रत गर्नेले पूजासम्पन्न गरेपछि त्यो दिन अग्निमा पाकेको भोजन गर्न हुँदैन । **भविष्यपुराणमा** बताइएको छ – व्रतालुले अग्निमा नपाकेको अन्न दही र फल भोजन गर्नुपर्छ । आमिषरहित र नुन नभएको भोज्यपदार्थ महसँग खानुपर्दछ । भाद्रमा अधिकमास भएमा **निर्णयदीपमा स्कन्दपुराणको** वचन उद्धृत गर्दै भनिएको छ – भाद्रमहिनामा अधिकमास प्राप्त भएमा र अगस्त्यको उदय भएमा पछिल्लो अष्टमी छाडी अघिल्लो अष्टमीमा दूर्वाव्रत गर्नुपर्दछ ।

ज्येष्ठापूजनम्

अत्रैव ज्येष्ठापूजोक्ता माधवीये स्कान्दे –

मासि भाद्रपदे शुक्लपक्षे ज्येष्ठर्क्षसंयुता। रात्रिर्यस्मिन्दिने कुर्याज्ज्येष्ठायाः परिपूजनम्।। इति।

इयं ज्येष्ठायोगवशेन पूर्वा परा वा ग्राह्या । दिनद्वययोगे परा । पूर्वेऽह्नि रात्रियोगे पूर्वैव ।

नवम्या सह कार्या स्यादष्टमी नात्र संशयः । मासि भाद्रपदे शुक्लपक्षे ज्येष्ठर्क्षसंयुता ।।

रात्रिर्यस्मिन्दिने कुर्याज्ज्येष्ठायाः परिपूजनम् ।। इति तत्रैवोक्तेः । अस्यापवादः –

यस्मिन्दिने भवेज्ज्येष्ठा मध्याह्नादूर्ध्वमप्यणुः । तस्मिन्हविष्यं पूजा च न्यूना चेत्पूर्ववासरे ।। इति।
इदं केवलतिथौ नक्षत्रे चोक्तम् । तत्राद्यं केवलतिथौ कार्यम् । अन्त्यं केवलर्क्षे ।

ज्येष्ठापूजा

भाद्रमासको शुक्लपक्षको अष्टमीतिथिमा ज्येष्ठानक्षत्रले युक्त भएको रात्रिमा ज्येष्ठाको पूजा गर्नुपर्दछ भन्ने कुरा **माधवीयमा** उद्धृत **स्कन्दपुराणको** भनाइ प्रकट गर्दै भनिएको छ– भाद्रमहिनाको शुक्लपक्षको जुन रात ज्येष्ठानक्षत्रसहित हुन्छ त्यसै रातमा ज्येष्ठादेवीको पूजा गर्नुपर्दछ ।' यो तिथि ज्येष्ठाको योगअनुसार पहिलो अथवा पछिल्लो ग्राह्य हुन्छ । दुई दिनसम्म ज्येष्ठा रहेमा पछिल्लो तिथि र पहिलो दिनको रात्रिसम्म मात्र रहेमा अघिल्लो दिनको तिथि लिनुपर्दछ । यो अष्टमी नवमीसँग संयुक्त भएको उत्तम मानिन्छ । ज्येष्ठानक्षत्रको योग रात्रिमा हुँदा नवमीसंयुक्त अष्टमी लिएर ज्येष्ठाको पूजा गर्नुपर्दछ ।

उक्त राशियोगको अपवाद पनि छ – 'जुन दिन मध्याह्नपछि अणुमात्र अर्थात् अत्यल्प समयसम्ममात्र ज्येष्ठानक्षत्र हुन्छ त्यो दिन हविष्य भोजन गरी पूजा गर्नुपर्दछ । मध्याह्नभन्दा पहिलेसम्म मात्र ज्येष्ठानक्षत्रको योग भएमा त्योभन्दा अघिल्लो दिन पूजा गर्नुपर्दछ ।' यी कुरा तिथि र नक्षत्रको योगमा भनिएका हुन् । तिथिको मात्र योगमा पहिलो दिनमा नै गर्नुपर्दछ भने नक्षत्रको मात्र योगमा दोस्रो दिन गर्नुपर्दछ ।

तदुक्तं मात्स्ये –
प्रत्याब्दिकं तिथावुक्तं यज्ज्येष्ठादैवतव्रतम् । प्रतिज्येष्ठाव्रतं यच्च विहितं केवलोडुनि ।।
तिथावेवाचरेदाद्यं द्वितीयं केवलर्क्षतः ।। इति । अत एव मदनरत्ने भविष्ये नक्षत्रमात्रे उक्तम् –
मासि भाद्रपदे पक्षे शुक्ले ज्येष्ठा यदा भवेत् । रात्रौ जागरणं कृत्वा मन्त्रैरेभिश्च पूजयेत् ।। इति।
दाक्षिणात्यास्त्वृक्ष एव कुर्वन्ति । हेमाद्रौ स्कान्देऽपि –
मासि भाद्रपदे शुक्लपक्षे ज्येष्ठर्क्षसंयुते । यस्मिन्कस्मिन्दिने कुर्याज्ज्येष्ठायाः परिपूजनम् ।। इति ।
तथा – **मैत्रेणावाहयेद्देवीं ज्येष्ठायां तु प्रपूजयेत् । मूले विसर्जयेद्देवीं त्रिदिनं व्रतमुत्तमम्** ।। इति ।
मन्त्रस्तु – **एह्येहि त्वं महाभागे सुरासुरनमस्कृते । ज्येष्ठे त्वं सर्वदेवानां मत्समीपगता भव ।।**
इत्यावाह्य **'तामग्निवर्णाम्'** इति सम्पूज्य –
ज्येष्ठायै ते नमस्तुभ्यं श्रेष्ठायै ते नमो नमः । शर्वायै ते नमस्तुभ्यं शाङ्कर्यै ते नमो नमः ।।
ज्येष्ठे श्रेष्ठे तपोनिष्ठे ब्रह्मिष्ठे सत्यवादिनि । एह्येहि त्वं महाभागे गृहाणार्घ्यं सरस्वति ।।' इत्यर्घः ।

यस विषयमा **मत्स्यपुराणमा** भनिएको छ – प्रतिवर्ष ज्येष्ठादेवताको व्रत केवल अष्टमीतिथिमा गर्नुपर्दछ र ज्येष्ठानक्षत्रको व्रत केवल ज्येष्ठानक्षत्रमा गर्नुपर्दछ । यसैकारण **मदनरत्नमा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ– 'भाद्रमासको शुक्लअष्टमीमा ज्येष्ठानक्षत्र भएमा राति जाग्राम गरी मन्त्रहरूद्वारा ज्येष्ठानक्षत्रको पूजागर्नुपर्दछ ।' दाक्षिणात्यहरू भने ज्येष्ठानक्षत्रको मात्रै पूजा गर्दछन् ।

हेमाद्रिमा उद्धृत **स्कन्दपुराणको** वचन यसप्रकार छ – भाद्रमासको शुक्लपक्षमा ज्येष्ठानक्षत्र भएको जुनसुकै दिनमा ज्येष्ठाको पूजा गर्नुपर्दछ । अनुराधानक्षत्रका दिन ज्येष्ठादेवीको आवाहन गर्नुपर्दछ । ज्येष्ठानक्षत्रका दिन ज्येष्ठाको पूजा गर्नुपर्दछ र मूलनक्षत्रका दिन ज्येष्ठादेवीको विसर्जन गर्नुपर्दछ । यसरी यो ज्येष्ठाव्रत तीन दिनसम्म गर्नुपर्ने विधान रहेको छ ।

आवाहन – 'देवता र दानवद्वारा वन्दनायोग्य, सबै देवताहरूमा जेठी हे ज्येष्ठादेवी ! हजुर यहाँ हाम्रो समीपमा आउनुहोस् ।' यसरी आवाहन गरेपछि – **तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनीं कर्म फलेषु जुष्टाम् । दुर्गां देवीं शरणमहं प्रपद्ये सुतरसितरसे नमः।।** (ऋ.) यस मन्त्रद्वारा ज्येष्ठादेवीको पूजा गर्नुपर्दछ । त्यसपछि अर्घ्य दिँदै भन्नुपर्दछ– 'ज्येष्ठा र श्रेष्ठालाई नमस्कार छ । सर्वा र शार्ङ्गीलाई नमस्कार छ । हे ज्येष्ठा ! हे श्रेष्ठा ! हे ब्रह्मिष्ठा ! हे सत्यवादिनी ! हे महाभागा ! हे सरस्वती ! हजुर आउनुहोस् र मैले दिएको यो अर्घ्य स्वीकार गर्नुहोस्।'

भाद्रशुक्लद्वादश्यां पारणविचारः

भाद्रपदशुक्लद्वादश्यां श्रवणयोगरहितायां पारणं कुर्यात् । **'आभाकासितपक्षेषु'** इति दिवोदासोदाहृतवचनात्।

उपोष्यैकादशीं मोहात्पारणं श्रवणे यदि । करोति हन्ति तत्पुण्यं द्वादशद्वादशीभवम् ।।

इति तत्रैव स्कान्दाच्च । अस्य तत्रैव प्रतिप्रसवः । मार्कण्डेयः –

विशेषेण महीपाल श्रवणं वर्धते यदि । तिथिक्षये न भोक्तव्यं द्वादशीं लङ्घयेन्नहि ।। इति ।

केचित्तु – **'यदा त्वपरिहार्यो योगस्तदा श्रवणनक्षत्रे त्रेधाविभक्ते मध्यमविंशतिघटिकायोगं त्यक्त्वा पारणं कार्यम् ।'** तदुक्तं विष्णुधर्मे – **'श्रुतेश्च मध्ये परिवर्तमेति सुप्तिप्रबोधपरिवर्तनमेव वर्ज्यम्'** इति । केचिच्चतुर्धा विभज्य मध्यपादद्वयं वर्ज्यमाहुः । अत्र मूलं चिन्त्यम् ।

भाद्रशुक्ल द्वादशीमा पारणाविचार

दिवोदासको आभाकासितपक्षेषु अर्थात् आषाढ, भाद्र एवं कार्तिकका शुक्लपक्षहरूमा भन्ने पूर्वोक्त वचनअनुसार भाद्रशुक्ल द्वादशीतिथिमा श्रवणनक्षत्रको योग नहुँदा पारण गर्नुपर्दछ । **स्कन्दपुराणमा** यसबारे भनिएको छ – जुन मानिसले एकादशीमा उपवास गरी मोहवश श्रवणनक्षत्रमा पारण गर्दछ भने त्यसले वर्षका १२ द्वादशीको व्रत गर्दा प्राप्त हुने पुण्यलाई नाश गर्दछ ।

उक्त विषयको प्रतिप्रसव अर्थात् एकपक्षमा निषिद्ध विषयलाई अन्यत्र विधान गर्ने कुरा बताउँदै **मार्कण्डेयपुराणमा** भनिएको छ – श्रवणनक्षत्र बढेको स्थिति र एकादशीको क्षय भएको स्थितिमा भोजन गर्न हुँदैन तर द्वादशी पनि नाघ्न हुँदैन। यस्तो अपरिहार्य योगमा के गर्ने ? यस्तो प्रश्न आउँछ । कसैले भनेका छन् कि त्यसबेला श्रवणनक्षत्रलाई तीनभाग लगाएर बीचका २० घडी छाडी पारण गर्नुपर्दछ ।

यसै कुरालाई लिएर **विष्णुधर्ममा** भनिएको छ – श्रवणको मध्यभागमा भगवान् कोल्टे फेर्नुहुन्छ तसर्थ शयन, परिवर्तन र जागरणको स्थितिमा पारण गर्नुहुँदैन । फेरि कसैले – श्रवणनक्षत्रलाई चार भाग लगाएर बीचका दुईभाग अर्थात् १६ घडीदेखि ४५ घडीसम्मको समयमा पारण गर्नुहुँदैन भनेका छन् । ग्रन्थकार भन्दछन् – चारभाग लगाई बीचका दुई भाग छोड्नुपर्छ भन्ने भनाइको प्रमाण भने विचारणीय छ ।

विष्णुपरिवर्तनोत्सवः

अत्रैव विष्णुपरिवर्तनोत्सवं कुर्यात् । सन्ध्यायां विष्णुं सम्पूज्य प्रार्थयेत् । मन्त्रस्तु तिथितत्त्वे उक्तः –

ॐ वासुदेव जगन्नाथ प्राप्तेयं द्वादशी तव । पार्श्वेन परिवर्तस्व सुखं स्वपिहि माधव ।। इति ।

भाद्रशुक्ल द्वादशीमा विष्णुपरिवर्तनोत्सव

भाद्रशुक्ल द्वादशीमा नै विष्णुपरिवर्तनोत्सव मनाउनुपर्दछ । सन्ध्यामा विष्णुको पूजा गरी **ॐ वासुदेव०** इत्यादि मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे वासुदेव ! हे जगन्नाथ ! हजुरको प्यारो द्वादशी आइपुगेको छ । हे माधव ! हजुरले कोल्टे फेर्नुहोस् र सुखपूर्वक शयन गर्नुहोस् ।'

इन्द्रध्वजोत्थापनम्

तत्रैव शक्रध्वजोत्थापनमुक्तमपरार्के गर्गेण –

द्वादश्यां तु सिते पक्षे मासि प्रौष्ठपदे तथा । शक्रमुत्थापयेद्राजा विश्वश्रवणवासवे ।।

इन्द्रध्वजोत्थापन

भाद्रशुक्ल द्वादशीका दिन इन्द्रको लिङ्गो ठड्याउने काम गर्नुपर्ने विषयमा **अपरार्कमा गर्ग** भन्दछन् – भाद्रशुक्लपक्षको द्वादशीतिथिमा अनुराधा, श्रवण एवं धनिष्ठानक्षत्रमध्ये कुनै एक नक्षत्रको योगमा इन्द्रको लिङ्गो ठड्याउनुपर्दछ ।

श्रवणद्वादशी

इयमेव श्रवणद्वादशी । तत्रैकादश्यां द्वादशीश्रवणयोगे सैवोपोष्या ।

श्रवणद्वादशीका रूपमा भाद्रशुक्लद्वादशी

भाद्रशुक्लद्वादशीलाई श्रवणद्वादशी पनि भनिन्छ । भाद्रशुक्लएकादशीको दिन एकादशी, द्वादशी र श्रवणको योग हुँदा उपवास गर्नुपर्दछ ।

विष्णुशृङ्खलयोगकथनम्

एकादशी द्वादशी च वैष्णव्यमपि तत्र चेत् । तद्विष्णुशृङ्खलं नाम विष्णुसायुज्यकृद्भवेत् ।।

इति विष्णुधर्मोक्तेः । नारदीयेऽपि –

संस्पृश्यैकादशीं राजन्द्वादशीं यदि संस्पृशेत् । श्रवणं ज्योतिषां श्रेष्ठं ब्रह्महत्यां व्यपोहति ।।

द्वादशी श्रवणस्पृष्टा स्पृशेदेकादशीं यदि । स एव वैष्णवो योगो विष्णुशृङ्खलसंज्ञितः ।।

इति हेमाद्रौ मात्स्योक्तेश्च । दिनद्वये द्वादशीश्रवणयोगेऽपि पूर्वा । निर्णयामृते त्वस्य पूर्वार्धमन्यथा पठितम् – **द्वादशी श्रवणर्क्षं च स्पृशेदेकादशीं यदि** इति । तेन हेमाद्रिमते एकादश्याः श्रवणयोगाभावेऽपि तद्युक्तद्वादशी–योगमात्रेण विष्णशृङ्खलं भवति ।

विष्णुशृङ्खलनामक दुर्लभयोग

विष्णुधर्ममा भनिएको छ– एकादशी, द्वादशी र श्रवणको योगलाई विष्णुशृङ्खलयोग भनिन्छ । यसमा उपवास गर्दा कर्ताले विष्णुसायुज्य प्राप्त गर्दछ ।

नारदपुराणअनुसार ज्योतिर्मय ताराहरूमा श्रेष्ठ श्रवणनक्षत्रले एकादशीलाई स्पर्श गरी द्वादशीलाई पनि स्पर्श गर्छ

भने त्यो श्रवणले ब्रह्महत्याको दोष पनि नाश गर्दछ । यसै योगलाई विष्णुशृङ्खलयोग भनिन्छ । हेमाद्रिमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ– श्रवणनक्षत्रलाई स्पर्श गर्ने द्वादशीले एकादशीलाई पनि स्पर्श गरेमा विष्णुशृङ्खलनामक वैष्णवयोग हुन्छ । दुवै दिन श्रवणयोग र द्वादशीको योग भएमा पहिलो दिन लिनुपर्दछ । **निर्णयामृत**मा यसको पूर्वार्द्धलाई विपरीतरूपमा उपस्थापित गरिएको छ । तदनुसार द्वादशीले श्रवण र एकादशीलाई स्पर्श गरेमा पनि विष्णुशृङ्खलयोग हुन्छ र द्वादशीको योग हुनुपर्दैन । **हेमाद्रि**को मतमा भने एकादशीमा श्रवणको योग नरहे पनि द्वादशी र श्रवणको योग भएमा विष्णुशृङ्खलयोग हुन्छ ।

निर्णयामृतमते तु –

'श्रवणस्यैकादशीद्वादशीभ्यां योग एव विष्णुशृङ्खलं नान्यथेति । यदा निशीथानन्तरं सूर्योदयावधि द्विकलामात्रमपि श्रवणर्क्षं भवति तदापि पूर्वैव ।' तदुक्तं तत्रैव नारदीये इमां प्रकृत्य –

तिथिनक्षत्रयोर्योगो योगश्चैव नराधिप । द्विकलो यदि लभ्येत स ज्ञेयो ह्यष्टयामिकः ।। इति ।

द्वादशी श्रवणस्पृष्टा कृत्स्ना पुण्यतमा तिथिः । न तु सा तेन संयुक्ता तावत्येव प्रशस्यते ।।

इति मदनरत्ने मात्स्याच्च । दिवोदासीये तु –

रात्रेः प्रथमपादे चेच्छ्रवणं हरिवासरे । तदा पूर्वामुपवसेत्प्रातर्भान्ते च पारणम् ।। इत्युक्तम् ।

इदं तु निर्मूलत्वात्पूर्वविरोधाच्चोपेक्ष्यम् । इयं बुधवारेऽतिप्रशस्ता ।

बुधश्रवणसंयुक्ता सैव चेद् द्वादशी भवेत् । अत्यन्तमहती सा स्याद्दत्तं भवति चाक्षयम् ।।

इति हेमाद्रौ स्कान्दात् । यानि तु पठन्ति –

उत्तराषाढसंयुक्ता श्रोणामध्याह्नगापि वा । आसुरी सैव तारा स्याद्धन्ति पुण्यं पुराकृतम् ।।

उदयव्यापिनी ग्राह्या श्रोणा द्वादशिकायुता । विश्वर्क्षसंयुता सा च नैवोपोष्या शुभेप्सुभिः ।।

इत्यादीनि विष्णुधर्मस्कान्दभविष्यादिवचनानि तानि निर्मूलानि ।

निर्णयामृतको मतमा भने श्रवणनक्षत्रको एकादशी एवं द्वादशीतिथिसँग योग भएमा मात्र विष्णुशृङ्खलयोग हुन्छ, अन्यथा यो योग हुँदैन । आधारातपछि सूर्योदयसम्म दुई कलामात्र भए पनि श्रवणको योग भएमा उपवास आदिका लागि पहिलो दिन नै लिनुपर्दछ ।

यसै विषयमा **नारदीयपुराण**मा भनिएको छ – तिथि एवं नक्षत्रको योग र शिवरात्रि आदिमा दुई कलामात्रको शिवयोग आदि कुनै योग भएमा त्यसलाई आठै प्रहर पूर्ण तुल्याउने योग जान्नुपर्दछ ।

मदनरत्नमा उद्धृत **मत्स्यपुराण**को वचनअनुसार – यदि द्वादशीतिथि श्रवणनक्षत्रले युक्त हुन्छ भने त्यो सम्पूर्ण तिथि पुण्यतिथि कहलाउँछ । श्रवणले संयुक्त नभएमा पनि द्वादशी उत्तम नै हुन्छ ।

दिवोदासीयमा भनिएको छ – 'हरिवासरी एकादशीतिथिमा रात्रिको प्रथम प्रहरमा श्रवणनक्षत्र हुन्छ भने पहिलो दिननै उपवास गर्नुपर्दछ र दोस्रो दिन बिहान नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।' तर यो मत निर्मूल भएका कारण उपेक्षायोग्य छ । द्वादशी र बुधवारको योगलाई अतिपुण्यदायक योग मानिएको छ । यस विषयमा **हेमाद्रि**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – यदि भाद्रशुक्लद्वादशी, बुधवार र श्रवणनक्षत्रको योग हुन्छ भने त्यो अत्यन्त उत्तमयोग हो । यस योगमा गरिने दानले अक्षयफल प्राप्त गराउँछ । उत्तराषाढानक्षत्रले युक्त श्रवणनक्षत्र मध्याह्नकालमा

पनि भएमा त्यसलाई आसुरीतारा भनिन्छ र त्यसले पहिले गरेको पुण्यकर्मको विनाश गर्दछ । श्रवणसहित द्वादशीतिथि लिँदा उदयव्यापिनी लिनुपर्दछ । यदि त्यो द्वादशी उत्तराषाढाले संयुक्त छ भने त्यसमा कल्याण चाहने मानिसहरूले उपवास गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – उक्त सम्बन्धमा जुन **विष्णुधर्म**, **स्कन्दपुराण**, **भविष्यपुराण** आदिमा भनिएका वचन छन् ती निर्मूल वचन हुन् ।

यदपि स्मृत्यर्थसारे '**उदयव्यापिनी ग्राह्या**' इत्युक्तम् । यच्च बृहन्नारदीये – '**उदयव्यापिनी ग्राह्या श्रवणद्वादशी व्रते**' इति, तद्यदा शुद्धाधिका द्वादशी परदिन एवोदये श्रवणयोगः, पूर्वेऽह्नि च तद्भिन्ने काले योगस्तत्परम् । दिनद्वये उदयभोगे पूर्वैव बहुकर्मकालव्याप्तेरित्युक्तम् । मदनरत्ने – यदा त्वेकादश्येव श्रवणयुता न द्वादशी तदापि पूर्वैव ।

यदा न प्राप्यते ऋक्षं द्वादश्यां वैष्णवं क्वचित् । एकादशी तदोपोष्या पापघ्नी श्रवणान्विता।।

इति मदनरत्ने नारदीयोक्तेः । यदा परैवर्क्षयुता तदा परा । तत्र शक्तेनोपवासद्वयं कार्यम् ।

एकादशीमुपोष्यैव द्वादशीं समुपोषयेत् । न चात्र विधिलोपः स्यादुभयोर्दैवतं हरिः ।। इति भविष्योक्तेः।

यत्तु विष्णुधर्मे – **पारणान्तं व्रतं ज्ञेयं व्रतान्ते विप्रभोजनम् ।**
असमाप्ते व्रते पूर्वे नैव कुर्याद् व्रतान्तरम् ।। इति तदेतद्भिन्नपरम् ।

स्मृत्यर्थसारमा उदयव्यापिनी द्वादशी लिनुपर्दछ जुन भनिएको छ र **बृहन्नारदीय**मा श्रवणसहित द्वादशीको व्रतमा श्रवण र द्वादशी उदयव्यापी लिनुपर्दछ भनिएको छ ती भनाइको तात्पर्य द्वादशी शुद्ध अथवा अधिक हुँदा दोस्रो दिनको उदयमा श्रवणयोग छ र पहिलो दिन श्रवणयोग भिन्न कालमा छ भने दोस्रो दिन लिनुपर्दछ । तर दुवै दिन उदयमा श्रवणको योग भएमा अघिल्लो दिन नै उपवास गर्नुपर्दछ किनकि धेरै समयसम्म कर्ममा श्रवणको व्याप्ति हुनसक्दछ।

पछिल्लो दिन श्रवणले युक्त भएमा पछिल्लै दिन उपवास गर्नुपर्दछ । यस्तो समयमा समर्थ पुरुषले दुवै दिन उपवास गर्नुपर्दछ । **भविष्यपुराण**मा भनिएको छ – एकादशीको उपवास गरेर नै द्वादशीको उपवास गर्नुपर्दछ । यसमा एकादशीको पारण नभएकोमा विधिलोप हुँदैन किनकि एकादशी र द्वादशीका देवता एउटै नारायण हुन् ।

पारण गर्ने कालसम्म व्रतको अवधि हुन्छ । व्रतको अन्तमा ब्राह्मणभोजन गराउनुपर्छ । जबसम्म व्रत समाप्ति हुँदैन तबसम्म दोस्रो व्रत गर्नहुँदैन भनी जुन कुरा **विष्णुधर्म**मा भनिएको छ त्यो द्वादशीको व्रतभन्दा छुट्टै व्रतका लागि भनिएको हो भनी बुझ्नुपर्दछ ।

गौडमतम्

अत्र गौडाः – '**शृणु राजन्परं काम्यं श्रवणद्वादशीव्रतम्**' इति स्थूलशीर्षवचनात्काम्यमेवेदम् । तेनाशक्तस्य नित्यैकादशीव्रतमेवेति मन्यन्ते ।

द्वादश्यामुपवासेन शुद्धात्मा नृप सर्वशः । चक्रवर्तित्वमतुलं सम्प्राप्नोत्युत्तमां श्रियम् ।।

इति गौडनिबन्धे मार्कण्डेयोक्तेश्च । दाक्षिणात्यास्तु –

एकादश्यां नरो भुक्त्वा द्वादश्यां समुपोषणात् । व्रतद्वयकृतं पुण्यं सर्वं प्राप्नोत्यसंशयम् ।।

इति वाराहवामनपुराणोक्तेः श्रवणद्वादशीव्रतमेवेत्याहुः । भुक्त्वेति फलाद्याहारपरं नत्वन्नपरम् '**अन्नाश्रितानि पापानि**' इति निषेधात् ।

उपवासद्वयं कर्तुं न शक्नोति नरो यदि ।
प्रथमेऽह्नि फलाहारो निराहारोऽपरेहनि ।। इति दिवोदासीये भविष्योक्तेश्च ।

गौडमत

गौडहरू भन्दछन् – **शृणु राजन् परं काम्यं श्रवणद्वादशीव्रतम्** अर्थात् श्रवणद्वादशीव्रत काम्यव्रत हो त्यस विषयमा सुन भन्ने स्थूलशीर्षको वचनअनुसार यो काम्यव्रत हो । त्यसकारण अशक्त पुरुषले नित्य एकादशीव्रत मात्र गर्नुपर्दछ र काम्यव्रत गर्नुपर्दैन । **गौडनिबन्धमा** उद्धृत **मार्कण्डेयपुराणको** वचन यसप्रकार छ – द्वादशीतिथिमा उपवास गरी शुद्धात्मा बनेको मानिसले चक्रवर्ती पद र उत्तम ऐश्वर्य प्राप्त गर्दछ । **वराहपुराण** र **वामनपुराणको** भनाइ यसप्रकार छ– व्रतालुहरूले एकादशीका दिन भोजन गरी द्वादशीमा उपवास गर्नुपर्दछ । यसबाट दुवै दिन व्रतगरेसमान पुण्य प्राप्त हुन्छ, यसमा कुनै सन्देह छैन । यो भनाइलाई आधार मानेर दाक्षिणात्यहरू श्रवणद्वादशीको व्रत गर्नुपर्ने कुरा बताउँछन् ।

माथि 'एकादशीका दिन भोजन गरी' भन्ने वाक्यप्रयोग गरिएको छ । यसको तात्पर्य एकादशीमा अन्नभोजन नगरी फलाहार ग्रहण गर्नु भनिएको हो किनकि अन्नमा पाप बसेको हुन्छ भन्ने वचनले अन्नभोजनलाई निषेध गरेको छ ।

दिवोदासीयमा उद्धृत **भविष्यपुराणको** वचनमा पनि उक्त सिद्धान्तलाई समर्थन गर्दै भनिएको छ– एकादशी र श्रवणद्वादशी दुवै दिन उपवास गर्न असमर्थ मानिसले एकादशीमा फलाहार गरेर द्वादशीमा निराहार रही व्रत गर्नुपर्दछ ।

अशक्तौ तु गृहीतैकादशीव्रतो यस्तं प्रत्युक्तं मात्स्ये –

द्वादश्यां शुक्लपक्षे तु नक्षत्रं श्रवणं यदि । उपोष्यैकादश्यां तत्र द्वादश्यां पूजयेद्धरिम् ।।

इति पूजयेन्न तूपवसेदित्यर्थः । अगृहीतैकादशीव्रतश्चेदेकादश्यां भुक्त्वा द्वादश्यामुपवसेत् ।

एवमेकादशीं भुक्त्वा द्वादशीं समुपोषयेत् । पूर्ववासरजं पुण्यं सर्वं प्राप्नोत्यसंशयम् ।। इति नारदीयोक्तेः।

पारणं तूभयान्तेऽन्यतरान्ते वा कुर्यात् । **'तिथिनक्षत्रनियमे तिथिभान्ते च पारणम्'** इति स्कान्दात्।

दुवै दिन व्रत गर्न नसक्ने तर एकादशीव्रत गर्ने सङ्कल्प गरिसकेको व्रतालुले गर्नुपर्ने विधिका विषयमा **मत्स्यपुराणमा** भनिएको छ – 'त्यस्ता व्रतीले शुक्लपक्षको द्वादशीमा श्रवण भएमा एकादशीका दिन उपवास गरी द्वादशीका दिन श्रीहरिको पूजा गर्नुपर्दछ' । यहाँ पूजा गर्नुपर्दछ भन्नुको अर्थ पूजा गरी भोजन गर्नुपर्छ तर उपवास गर्नुहुँदैन भन्ने तात्पर्य हो। तर जसले एकादशीव्रत गर्ने सङ्कल्प गरेको छैन त्यसले एकादशीका दिन भोजन गरी द्वादशीमा उपवास गर्नुपर्दछ । यस विषयमा **नारदीयपुराणमा** भनिएको छ – एकादशीमा भोजन गरेर द्वादशीमा उपवास गर्नुपर्दछ । यसो गर्दा एकादशीमा उपवास नगरे पनि गरेसमान फल प्राप्त हुन्छ भन्ने कुरामा सन्देह छैन । **स्कन्दपुराणअनुसार** पारण त एकादशी वा द्वादशीको अन्तमा गर्नुपर्दछ । **स्कन्दपुराणमा** भनिएको छ – तिथि र नक्षत्रको नियमअनुसार व्रत गर्दा तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।

तिथिनक्षत्रसंयोगे उपवासो यदा भवेत् । पारणं तु न कर्तव्यं यावन्नैकस्य संक्षयः ।।

इति नारदीयादिति हेमाद्रिः । यद्यप्यत्र नक्षत्रमात्रान्तेऽपि पारणं प्रतिभाति, तथापि तिथिमात्रान्ते ज्ञेयम्, न त्वृक्षान्ते । तिथिमध्येऽपि –

याः काश्चित्तिथयः प्रोक्ताः पुण्या नक्षत्रयोगतः । ऋक्षान्ते पारणं कुर्याद्विना श्रवणरोहिणीम् ।।

इति विष्णुधर्मे श्रवणान्तमात्रे पारणनिषेधात् । रोहिण्यां तु – **'भान्ते कुर्यात्तिथेर्वापि'** इति वह्निपुराणात् तदन्तेऽप्यस्तु, न त्वत्रैवमस्तीति न ऋक्षान्तोऽनुकल्प इति मदनरत्ने । असम्भवे तु –

तिथ्यन्ते तिथिभान्ते वा पारणं यत्र चोदितम् । यामत्रयोर्ध्वगामिन्यां प्रातरेव हि पारणा ।। इति ज्ञेयम् ।

हेमाद्रिमा उद्‌धृत नारदपुराणको वचनमा भनिएको छ – 'जब तिथि र नक्षत्रको योगमा उपवास गरिन्छ ती दुईमध्ये कुनै एकको समाप्ति जबसम्म हुँदैन पारण गर्नुहुँदैन ।' यो वचनबाट तिथि अथवा नक्षत्रमध्ये कुनै एकको समाप्ति हुँदा पारण गर्नुपर्ने कुरा ज्ञात हुनआउँछ । तर यस वचनको तात्पर्य नक्षत्रको अन्त हुँदा पारण नगरी तिथिको अन्त हुँदा पारण गर्नुमा रहेको छ । तिथिको समाप्ति नहुँदा के गर्ने भन्ने विषयमा **विष्णुधर्म**मा भनिएको छ– 'जुन तिथि नक्षत्रको योगका कारण पुण्यतिथि मानिन्छन् तिनमा श्रवणबाहेक अरू नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।' रोहिणीनक्षत्रको योगमा भने नक्षत्रान्त एवं तिथ्यन्तमा पारण गर्नुपर्दछ भन्ने **अग्निपुराण**को वचनअनुसार पारण गर्नुपर्दछ । रोहिणीनक्षत्र यस प्रसङ्गको विचारणीय पक्ष होइन । नक्षत्रान्त तिथ्यन्तको अनुकल्प भएकाले रोहिणी पनि एउटा अनुकल्प हो । असम्भव परिस्थितिमा के गर्ने भन्ने विषयमा **मदनरत्न**मा भनिएको छ – 'तिथिको अन्त अथवा तिथि–नक्षत्र दुवैको अन्तमा पारणा गर्नुपर्दछ भनी जहाँ भनिएको छ त्यहाँ तिथि दुई प्रहरभन्दा माथि गएमा प्रातःकालमा पारण गर्नुपर्दछ ।'

यत्तु मदनरत्ने – '**द्वादशीवृद्धौ श्रवणवृद्धौ वा श्रवणान्त एव पारणं कुर्यात्**' ।

पारणं तिथिवृद्धौ तु द्वादश्यामुडुसंक्षयात् । वृद्धौ कुर्यात्त्रयोदश्यां तत्र दोषो न विद्यते ।।

इति वह्निपुराणादित्युक्तम् । तत्प्रकरणादेतस्यामेव श्रवणयुक्तैकादश्यां विहितविजयैकादशीव्रतपरं न तु श्रवणद्वादशीपरमिति मदनरत्ने । गौडास्तु श्रवणद्वादशीपरमाहुः ।

द्वादशीको अथवा श्रवणको वृद्धि भएमा श्रवणको समाप्तिमा नै पारण गर्नुपर्दछ भन्ने कुरा **मदनरत्न**मा भनिएको छ। **अग्निपुराण**मा भने वृद्धि भएमा त्रयोदशीमा पारण गर्नुपर्दछ भनिएको छ । **मदनरत्न**मा भनिएको छ कि 'उक्त वचन श्रवणको योगमा विजया भनिने एकादशीको विषयमा भनिएको हो, जुन यहाँ श्रवणयुक्त द्वादशीको प्रसङ्गमा आएको छ।' गौडहरू भने उक्त वचनलाई 'श्रवणद्वादशीका निमित्त नै भनिएको हो' भन्ने मान्यता राख्दछन्।

पारणविचारः

अत्र विधिर्मदनरत्ने विष्णुधर्मे – '**तस्मिन्दिने तथा स्नानं यत्र क्वचन सङ्गमे**' । तथा –

दध्योदनयुतं तस्यां जलपूर्णं घटं द्विजे । वस्त्रसंवेष्टितं दत्त्वा छत्रोपानहमेव च ।।

न दुर्गतिमवाप्नोति गतिमग्र्यां च बिन्दति ।।

पूजा एवं पारण विधि

मदनरत्नमा उद्‌धृत **विष्णुधर्म**को वचनमा भनिएको छ – भाद्रमासको शुक्लपक्षको द्वादशीतिथिमा कुनै नदीको सङ्गममा गई स्नान गर्नुपर्दछ । स्नानान्तमा दही, चामल एवं जलले परिपूर्ण कपडाले ढाकिएको घडा, छाता, जुत्ता ब्राह्मणका निमित्त दान गरी दिनुपर्दछ । यसो गर्नाले उपासकहरूको कहिले पनि दुर्गति हुँदैन र तिनीहरूले उत्तम गति प्राप्त गर्दछन् ।

भगवत्पूजनं भगवत्प्रार्थना च

मन्त्रस्तु भविष्ये – घटे जनार्दनपूजामभिधाय –

नमो नमस्ते गोविन्द बुधश्रवणसंज्ञक । अघौघसंक्षयं कृत्वा सर्वसौख्यप्रदो भव ।।

प्रीयतां देवदेवेशो मम संशयनाशनः ।। इति ।

गौडमत

गौडहरू भन्दछन् – **शृणु राजन् परं काम्यं श्रवणद्वादशीव्रतम्** अर्थात् श्रवणद्वादशीव्रत काम्यव्रत हो त्यस विषयमा सुन भन्ने स्थूलशीर्षको वचनअनुसार यो काम्यव्रत हो । त्यसकारण अशक्त पुरुषले नित्य एकादशीव्रत मात्र गर्नुपर्दछ र काम्यव्रत गर्नुपर्दैन । **गौडनिबन्धमा** उद्धृत **मार्कण्डेयपुराणको** वचन यसप्रकार छ – द्वादशीतिथिमा उपवास गरी शुद्धात्मा बनेको मानिसले चक्रवर्ती पद र उत्तम ऐश्वर्य प्राप्त गर्दछ । **वराहपुराण** र **वामनपुराणको** भनाइ यसप्रकार छ– व्रतालुहरूले एकादशीका दिन भोजन गरी द्वादशीमा उपवास गर्नुपर्दछ । यसबाट दुवै दिन व्रतगरेसमान पुण्य प्राप्त हुन्छ, यसमा कुनै सन्देह छैन । यो भनाइलाई आधार मानेर दाक्षिणात्यहरू श्रवणद्वादशीको व्रत गर्नुपर्ने कुरा बताउँछन् ।

माथि 'एकादशीका दिन भोजन गरी' भन्ने वाक्यप्रयोग गरिएको छ । यसको तात्पर्य एकादशीमा अन्नभोजन नगरी फलाहार ग्रहण गर्नु भनिएको हो किनकि अन्नमा पाप बसेको हुन्छ भन्ने वचनले अन्नभोजनलाई निषेध गरेको छ ।

दिवोदासीयमा उद्धृत **भविष्यपुराणको** वचनमा पनि उक्त सिद्धान्तलाई समर्थन गर्दै भनिएको छ– एकादशी र श्रवणद्वादशी दुवै दिन उपवास गर्न असमर्थ मानिसले एकादशीमा फलाहार गरेर द्वादशीमा निराहार रही व्रत गर्नुपर्दछ ।

अशक्तौ तु गृहीतैकादशीव्रतो यस्तं प्रत्युक्तं मात्स्ये –

द्वादश्यां शुक्लपक्षे तु नक्षत्रं श्रवणं यदि । उपोष्यैकादश्यां तत्र द्वादश्यां पूजयेद्धरिम् ।।

इति पूजयेन्न तूपवसेदित्यर्थः । अगृहीतैकादशीव्रतश्चेदेकादश्यां भुक्त्वा द्वादश्यामुपवसेत् ।

एवमेकादशीं भुक्त्वा द्वादशीं समुपोषयेत् । पूर्ववासरजं पुण्यं सर्वं प्राप्नोत्यसंशयम् ।। इति नारदीयोक्तेः।

पारणं तूभयान्तेऽन्यतरान्ते वा कुर्यात् । **'तिथिनक्षत्रनियमे तिथिभान्ते च पारणम्'** इति स्कान्दात्।

दुवै दिन व्रत गर्न नसक्ने तर एकादशीव्रत गर्ने सङ्कल्प गरिसकेको व्रतालुले गर्नुपर्ने विधिका विषयमा **मत्स्यपुराणमा** भनिएको छ – 'त्यस्ता व्रतीले शुक्लपक्षको द्वादशीमा श्रवण भएमा एकादशीका दिन उपवास गरी द्वादशीका दिन श्रीहरिको पूजा गर्नुपर्दछ' । यहाँ पूजा गर्नुपर्दछ भन्नुको अर्थ पूजा गरी भोजन गर्नुपर्छ तर उपवास गर्नुहुँदैन भन्ने तात्पर्य हो। तर जसले एकादशीव्रत गर्ने सङ्कल्प गरेको छैन त्यसले एकादशीका दिन भोजन गरी द्वादशीमा उपवास गर्नुपर्दछ । यस विषयमा **नारदीयपुराणमा** भनिएको छ – एकादशीमा भोजन गरेर द्वादशीमा उपवास गर्नुपर्दछ । यसो गर्दा एकादशीमा उपवास नगरे पनि गरेसमान फल प्राप्त हुन्छ भन्ने कुरामा सन्देह छैन । **स्कन्दपुराणअनुसार** पारण त एकादशी वा द्वादशीको अन्तमा गर्नुपर्दछ । **स्कन्दपुराणमा** भनिएको छ – तिथि र नक्षत्रको नियमअनुसार व्रत गर्दा तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।

तिथिनक्षत्रसंयोगे उपवासो यदा भवेत् । पारणं तु न कर्तव्यं यावन्नैकस्य संक्षयः ।।

इति नारदीयादिति हेमाद्रिः । यद्यप्यत्र नक्षत्रमात्रान्तेऽपि पारणं प्रतिभाति, तथापि तिथिमात्रान्ते ज्ञेयम्, न त्वृक्षान्ते । तिथिमध्येऽपि –

याः काश्चित्तिथयः प्रोक्ताः पुण्या नक्षत्रयोगतः । ऋक्षान्ते पारणं कुर्याद्विना श्रवणरोहिणीम् ।।

इति विष्णुधर्मे श्रवणान्तमात्रे पारणनिषेधात् । रोहिण्यां तु – **'भान्ते कुर्यात्तिथेर्वापि'** इति वह्निपुराणात् तदन्तेऽप्यस्तु, न त्वत्रैवमस्तीति न ऋक्षान्तोऽनुकल्प इति मदनरत्ने । असम्भवे तु –

तिथ्यन्ते तिथिभान्ते वा पारणं यत्र चोदितम् । यामत्रयोर्ध्वगामिन्यां प्रातरेव हि पारणा ।। इति ज्ञेयम् ।

हेमाद्रिमा उद्धृत **नारदपुराण**को वचनमा भनिएको छ – 'जब तिथि र नक्षत्रको योगमा उपवास गरिन्छ ती दुईमध्ये कुनै एकको समाप्ति जबसम्म हुँदैन पारण गर्नुहुँदैन ।' यो वचनबाट तिथि अथवा नक्षत्रमध्ये कुनै एकको समाप्ति हुँदा पारण गर्नुपर्ने कुरा ज्ञात हुनआउँछ । तर यस वचनको तात्पर्य नक्षत्रको अन्त हुँदा पारण नगरी तिथिको अन्त हुँदा पारण गर्नुमा रहेको छ । तिथिको समाप्ति नहुँदा के गर्ने भन्ने विषयमा **विष्णुधर्म**मा भनिएको छ– 'जुन तिथि नक्षत्रको योगका कारण पुण्यतिथि मानिन्छन् तिनमा श्रवणबाहेक अरू नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ ।' रोहिणीनक्षत्रको योगमा भने नक्षत्रान्त एवं तिथ्यन्तमा पारण गर्नुपर्दछ भन्ने **अग्निपुराण**को वचनअनुसार पारण गर्नुपर्दछ । रोहिणीनक्षत्र यस प्रसङ्गको विचारणीय पक्ष होइन । नक्षत्रान्त तिथ्यन्तको अनुकल्प भएकाले रोहिणी पनि एउटा अनुकल्प हो । असम्भव परिस्थितिमा के गर्ने भन्ने विषयमा **मदनरत्न**मा भनिएको छ – 'तिथिको अन्त अथवा तिथि–नक्षत्र दुवैको अन्तमा पारणा गर्नुपर्दछ भनी जहाँ भनिएको छ त्यहाँ तिथि दुई प्रहरभन्दा माथि गएमा प्रातःकालमा पारण गर्नुपर्दछ ।'

यत्तु मदनरत्ने – **'द्वादशीवृद्धौ श्रवणवृद्धौ वा श्रवणान्त एव पारणं कुर्यात्'** ।

पारणं तिथिवृद्धौ तु द्वादश्यामुडुसंक्षयात् । वृद्धौ कुर्यात्त्रयोदश्यां तत्र दोषो न विद्यते ।।

इति वह्निपुराणादित्युक्तम् । तत्प्रकरणादेतस्यामेव श्रवणयुक्तैकादश्यां विहितविजयैकादशीव्रतपरं न तु श्रवणद्वादशीपरमिति मदनरत्ने । गौडास्तु श्रवणद्वादशीपरमाहुः ।

द्वादशीको अथवा श्रवणको वृद्धि भएमा श्रवणको समाप्तिमा नै पारण गर्नुपर्दछ भन्ने कुरा **मदनरत्न**मा भनिएको छ। **अग्निपुराण**मा भने वृद्धि भएमा त्रयोदशीमा पारण गर्नुपर्दछ भनिएको छ । **मदनरत्न**मा भनिएको छ कि 'उक्त वचन श्रवणको योगमा विजया भनिने एकादशीको विषयमा भनिएको हो, जुन यहाँ श्रवणयुक्त द्वादशीको प्रसङ्गमा आएको छ।' गौडहरू भने उक्त वचनलाई 'श्रवणद्वादशीका निमित्त नै भनिएको हो' भन्ने मान्यता राख्दछन्।

पारणविचारः

अत्र विधिर्मदनरत्ने विष्णुधर्मे – **'तस्मिन्दिने तथा स्नानं यत्र क्वचन सङ्गमे'** । तथा –

दध्योदनयुतं तस्यां जलपूर्णं घटं द्विजे । वस्त्रसंवेष्टितं दत्त्वा छत्रोपानहमेव च ।।

न दुर्गतिमवाप्नोति गतिमग्र्यां च बिन्दति ।।

पूजा एवं पारण विधि

मदनरत्नमा उद्धृत **विष्णुधर्म**को वचनमा भनिएको छ – भाद्रमासको शुक्लपक्षको द्वादशीतिथिमा कुनै नदीको सङ्गममा गई स्नान गर्नुपर्दछ । स्नानान्तमा दही, चामल एवं जलले परिपूर्ण कपडाले ढाकिएको घडा, छाता, जुत्ता ब्राह्मणका निमित्त दान गरी दिनुपर्दछ । यसो गर्नाले उपासकहरूको कहिले पनि दुर्गति हुँदैन र तिनीहरूले उत्तम गति प्राप्त गर्दछन् ।

भगवत्पूजनं भगवत्प्रार्थना च

मन्त्रस्तु भविष्ये – घटे जनार्दनपूजामभिधाय –

नमो नमस्ते गोविन्द बुधश्रवणसंज्ञक । अघौघसंक्षयं कृत्वा सर्वसौख्यप्रदो भव ।।

प्रीयतां देवदेवेशो मम संशयनाशनः ।। इति ।

जनार्दन भगवान्को पूजा र प्रार्थना

कलशमा भगवान् जनार्दनको विधिपूर्वक पूजा गरी **नमो नमस्ते गोविन्दः** इत्यादि मन्त्रले भगवान्को प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे गोविन्द ! हजुरलाई नमस्कार गर्दछु । बुधवार श्रवणनक्षत्र र द्वादशीको योगमा विराजमान हुनुहुने हे देवता ! मेरा सबै पाप नाश गरी मलाई सबै प्रकारका सुख प्रदान गर्नुहोस् । हजुरले ममाथि प्रसन्न हुनुभई मेरा सबै संशय नाश गर्नुहोस् ।'

वामनावतारनिमित्तोपवासकथनम्

वामनावतारनिमित्तोपवासस्तु व्रतहेमाद्रौ भविष्ये –

द्वादश्यास्ते विधिः प्रोक्तः श्रवणेन युधिष्ठिर । सर्वपापप्रशमनः सर्वसौख्यप्रदायकः ।।

एकादशी यदा सा स्याच्छ्रवणेन समन्विता । विजया सा तिथिः प्रोक्ता भक्तानां विजयप्रदा ।। इत्युपक्रम्य–

अथ काले बहुतिथे गते सा गुर्विणी भवेत् । सुषुवे नवमे मासि पुत्रं सा वामनं हरिम् ।।

इत्युक्त्वा – **एतत्सर्वं समभवदेकादश्या युधिष्ठिर । तेनेष्टा देवदेवस्य सर्वथा विजया तिथिः ।।**

एषा व्युष्टिः समाख्याता एकादश्या मया तव । पूर्वमेव समाख्याता द्वादशी श्रवणान्विता ।।

इत्युपसंहारादेकादश्यामेव । व्युष्टिः फलम् ।

वामनावतारनिमित्तक उपवास

वामनावतारका निमित्त गरिने उपवासका सम्बन्धमा हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – 'हे युधिष्ठिर ! सबै पाप नाश गर्ने र सबै प्रकारका सुख प्रदान गर्ने श्रवणसहित द्वादशीको उपवास एवं पूजनको विषयमा मैले बताएँ । श्रवणनक्षत्रसहितको एकादशीतिथिलाई विजया एकादशी भनिएको छ । यसमा उपवास गर्ने मानिसले सर्वत्र विजय प्राप्त गर्नेछन् ।' यसरी विषय उठाएर 'कश्यपपत्नी अदिति धेरै समय बितेपछि गर्भिणी भइन् । गर्भधारणको ९ महिना पूरा भएपछि उनले नारायणरूप भगवान् वामनलाई पैदा गरिन्' भन्ने कुरा उल्लेख गरिएको छ । त्यसपछि भगवान् वामनको अवतरणसम्बन्धी वर्णन गर्दै भनिएको छ – 'हे युधिष्ठिर ! भगवान्को अवतरण एकादशीतिथिमा भएको थियो। यसकारण देवदेव भगवान् हरिलाई यो विजयातिथि प्यारो लाग्छ । मैले हजुरलाई श्रवणएकादशीको फल बताएँ । योभन्दा पहिले श्रवणद्वादशीको चर्चा गरिसकिएको छ' भन्दै वचनको उपसंहार गरिएको छ । तसर्थ एकादशीतिथिमा नै उपवास गर्नुपर्दछ । माथि मूलमा परेको **व्युष्टिः** शब्दको अर्थ फल हो ।

वामनोत्पत्तिकथनम्

भागवतेऽष्टमस्कन्धे तु द्वादश्यां वामनोत्पत्तिरुक्ता –

श्रोणायां श्रवणद्वादश्यां मुहूर्तेऽभिजिति प्रभुः । ग्रहनक्षत्रताराद्याश्चक्रुस्तज्जन्म दक्षिणम् ।।

द्वादश्यां सविताऽतिष्ठन्मध्यन्दिनगतो नृप । विजया नाम सा प्रोक्ता यस्यां जन्म विदुर्हरेः ।।

श्रोणायां चन्द्रे, अभिजिच्छ्रवणप्रथमोंऽशः । गौडा अप्येवम् । अत्र कल्पभेदाद्व्यवस्था ।

वामनावतारको प्रसङ्ग

हेमाद्रिअनुसार एकादशीतिथिमा वामनावतार भएको प्रसङ्ग माथि उल्लेख गरियो । अब यहाँ **श्रीमद्भागवतमा** वर्णन गरिएको वामनावतारको प्रसङ्ग बताइन्छ । **श्रीमद्भागवतको अष्टमस्कन्धमा** भाद्रशुक्ल द्वादशीतिथिमा वामन अवतार भएको तथ्य प्रकाशित गर्दै भनिएको छ– 'श्रवणनक्षत्रमा चन्द्रमा रहेको बेला द्वादशीतिथिमा अभिजित् मुहूर्त (श्रवणनक्षत्रको प्रथम अंश)मा भगवान् वामन पैदा हुनुभयो । वामनावतार हुँदा ग्रह, नक्षत्र, ताराहरूले उहाँको अवतरणलाई पुण्यमय र अनुकूल तुल्याएका थिए । द्वादशीतिथिमा सूर्य मध्याह्नमा रहेका बेला भगवान्को अवतरण भएको द्वादशीतिथिलाई विजयाद्वादशी भनिएको छ ।' **गौडहरूको** पनि यही भनाइ छ । **भविष्यपुराणमा** वामनावतार एकादशीमा भएको भनिएको छ भने **श्रीमद्भागवतमा** द्वादशीमा भएको कुरा बताइएको छ । यो अन्तर हुनुमा कल्पभेद नै कारण हो भन्ने कुरा बुझ्नुपर्दछ । मूलमा प्रयोग गरिएको **श्रोणाशब्दको** अर्थ श्रवणनक्षत्रमा चन्द्रमा रहेको द्वादशी भन्ने हो र **अभिजित्को** अर्थ श्रवणनक्षत्रको प्रथम अंश हो ।

वामनपूजाविधिनिरूपणम्

तद्विधिश्च हेमाद्रौ वह्निपुराणे –

नदीनां सङ्गमे स्नायादर्चयेदत्र वामनम् । सौवर्णवस्त्रसंयुक्तं द्वादशाङ्गुलमुच्छ्रितम् ।।
ततो विधिवत्संपूज्य – हिरण्मयेन पात्रेण दद्यादर्घ्यं प्रयत्नतः ।
नमस्ते पद्मनाभाय नमस्ते जलशायिने । तुभ्यमर्घ्यं प्रयच्छामि बालवामनरूपिणे ।।
नमः कमलकिञ्जल्कपीतनिर्मलवाससे । महाहवरिपुस्कन्धधृतस्कन्धाय चक्रिणे ।।
नमः शार्ङ्गसीरबाणपाणये वामनाय च । यज्ञभुक्फलदात्रे च वामनाय नमो नमः ।।
देवेश्वराय देवाय देवसम्भूतिकारिणे । प्रभवे सर्वदेवानां वामनाय नमो नमः ।।
एवं सम्पूजयित्वा तं द्वादश्यामुदये रवेः । शृङ्गारसहितं तं तु ब्राह्मणाय निवेदयेत् ।।
वामनः प्रतिगृह्णाति वामनोऽहं ददामि ते । वामनं सर्वतोभद्रं द्विजाय प्रतिपादये ।। इति ।

वामनपूजा-विधि

हेमाद्रिमा उद्धृत **अग्निपुराणको** वचनमा भनिएको छ – 'उपासकले नदीको तीरमा गई १२ अङ्गुल अग्लो वस्त्रले सजिएको सुनको सुन्दर प्रतिमामा वामनको पूजा गर्नुपर्दछ ।' विधिवत् पूजा गरेपछि सुवर्णपात्रमा रहेको जलले प्रयत्नपूर्वक अर्घ्य दिनुपर्दछ । अर्घ्य दिने मन्त्रको अर्थ यसप्रकार छ – 'हे पद्मनाभ ! हजुरलाई नमस्कार गर्दछु । हे जलशायी ! हजुरलाई नमस्कार गर्दछु । आज म कमलका केशरझैं पहेंला र निर्मल वस्त्र धारण गरी बालवामनका रूपमा अवतार लिनुहुने हजुरलाई अर्घ्य दिँदैछु' भनेपछि **नमः शार्ङ्ग०** इत्यादि मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'आफ्ना हातहरूमा शार्ङ्गधनु र बाण धारण गर्नुहुने भगवान् वामनलाई नमस्कार गर्दछु । महायुद्धमा शत्रुको काँधमाथि आफ्ना काँध राख्नुहुने चक्रधारी भगवान् वामनलाई नमस्कार गर्दछु । यज्ञमा अर्पित पदार्थ भोजन गरी यजमानलाई फल प्रदान गर्नुहुने भगवान् वामनलाई नमस्कार गर्दछु । देवताहरूका ईश्वर, देवताहरूलाई ऐश्वर्य प्रदान गर्नुहुने महान् देवता, भगवान् वामनलाई नमस्कार गर्दछु । म देवताहरूका आराध्य प्रभु भगवान् वामनलाई नमस्कार गर्दछु ।' यसरी पूजा र प्रार्थना गरी द्वादशीका दिन सूर्योदयसमयमा

स्वर्णिम र सुन्दर वामनको प्रतिमा ब्राह्मणलाई दान गर्नुपर्दछ । त्यसबेला वामनको चिन्तन गर्ने र वामनाकार म व्रतीका घरमा ब्राह्मण बनेर आउनुभएका हजुर ब्राह्मणलाई यो वामनप्रतिमा अर्पण गर्दैछु भनी सर्वतोभद्रमाथि राखिएको वामनको प्रतिमा ब्राह्मणलाई दिनुपर्दछ ।

अनन्तभट्टोऽप्याह – '**श्रवणद्वादश्यां जनार्दननामा विष्णुः पूज्यते । श्रवणैकादश्यां वामनावतारः**' इति । श्रवणयुतशुद्धैकादश्यलाभे तु दशमीविद्धापि श्रवणर्क्षयुता कार्या ।

दशम्यैकादशी यत्र सा नोपोष्या भवेत्तिथिः । श्रवणेन तु संयुक्ता सा चेत्स्यात्सर्वकामदा ।।

इति वह्निपुराणादित्युक्तं मदनरत्ने । पूजा च मध्याह्ने कार्या । '**अह्नो मध्ये वामनो रामरामौ**' इति पूर्वोक्तवचनात्।

अनन्तभट्ट भन्दछन् – 'श्रवणद्वादशीमा जनार्दन नामक विष्णुको पूजा गरिन्छ । श्रवण एकादशीमा भगवान् वामनको अवतार भयो । श्रवणयुक्त एकादशी नपाइएमा एकादशीमात्र भए पनि उपवास गर्नुपर्दछ ।' **मदनरत्नमा** उद्धृत **अग्निपुराणको** वचनमा भनिएको छ – 'दशमीविद्ध एकादशीतिथिमा उपवास गर्नुहुँदैन तर त्यही तिथि श्रवणले युक्त हुन्छ भने त्यसमा उपवास गर्नुपर्दछ र त्यसले सबै कामना पूरा गराउँछ ।' त्यो दिन मध्याह्नमा पूजा गर्नुपर्दछ । **अह्नो मध्ये वामनो रामरामौ** भन्ने पूर्ववचन भएकाले मध्याह्नमा वामन, श्रीराम र बलरामले अवतार लिनुभएका कारण वामनको पूजा पनि मध्याह्नमा गर्नुपर्दछ ।

दुग्धव्रतम्

अत्रैव दुग्धव्रतं सङ्कल्पयेत् । तदुक्तम् – **दुग्धमाश्वयुजे मासि** इति । अत्रेदं चिन्त्यते – दुग्धव्रते पायसादि वर्ज्यं न वेति । नेति केचित् । नहि प्रकृतिवर्जने विकारवर्जनं युक्तम् । दधिघृतादीनामपि वर्जनापत्तेः । न च यत्र प्रकृति-रसोपलम्भस्तद्वर्जनमिति वाच्यम् । मांसविकारस्यौष्ट्रदध्यादेश्चावर्जनापत्तेः । तस्माद्दध्यादिवत्पायसादि भक्ष्यमिति । अत्र ब्रूमः । यत्र विकारे प्रकृतिरसोपलम्भस्तत्प्रत्यभिज्ञा वा तत्र विकारस्यापि निषेधः । अस्ति च मांसविकारे मांसप्रत्यभिज्ञा मांसत्वानपायात् । यत्तु – औष्ट्रदध्यादेरनिषेधापत्तिरिति तन्न । औष्ट्रमिति विकारतद्धितेन निषेधात् ।

दुग्धव्रत

यसै द्वादशीमा दुग्धव्रतको सङ्कल्प लिनुपर्दछ । 'आश्विनमासमा दूध खान हुँदैन' भन्ने शास्त्रीय वचन छ । दूधलाई छाड्ने सङ्कल्प गरी आश्विनमा दुग्धव्रत गर्दा दूधबाट बनेका खीरआदि पदार्थ छोड्नुपर्दछ अथवा पर्दैन भन्ने कुराको विषयमा विचार गरिन्छ । कसैले खीर आदि दूधबाट बनेका पदार्थ छोड्नु पर्दैन भनेका छन् । 'प्रकृतिको निषेध गर्दा त्यसका विकारको त्याग गर्नु उपयुक्त हुँदैन ।'

ग्रन्थकार भन्दछन् – त्यसो हो भने दही र घ्यू पनि छाड्नुपर्ने हुन्छ । जहाँ प्रकृतिका रसको आस्वाद गरिन्छ त्यस्तो विकार छाड्नुपर्दछ पनि भन्नुहुँदैन त्यसो भन्ने हो भने मासुको विकार र उँटको दही आदिमा प्रकृतिको रसास्वाद हुँदैन भने तिनलाई मानिसले निषेध गर्ने छैनन् । त्यसकारण दधिको ग्रहण गरिएझैं खीर पनि ग्राह्य हुनआउँछ । यस्ता तर्क-वितर्क पाइन्छन् । यहाँ हामी भन्दछौं – जुन विकारमा प्रकृतिरसको आस्वादन हुन्छ र प्रकृतिको प्रत्यभिज्ञा अर्थात् पूर्वस्मृति पनि हुन्छ त्यस विकारलाई छाड्नुपर्दछ । मांसको विकारमा मांसत्व रहने हुँदा मांसको विकार हो भन्ने ज्ञान हुन्छ र त्यसलाई छाड्नुपर्दछ । कसैले फेरि उँटको दहीको प्रकृतिपरिज्ञान नहुने विकारको अर्थबाट त्यसको निषेध गर्न नहुने स्थिति

हुनसक्छ भनी भनेका छन् । त्यो उचित छैन । औष्ट्र शब्दमा नै विकारको अर्थमा तद्धितको प्रत्यय भएको हुँदा दही विकार हो भन्ने अर्थ थाहा हुन्छ ।

तथा च विज्ञानेश्वरः – **'औष्ट्रमैकशफं स्त्रैणमारण्यकमथाविकम्'** इत्यत्र **'औष्ट्रमिति विकारतद्धिताच्छकृन्मूत्रादीनामपि निषेधः'** इत्याह । नन्वेवं **'सन्धिन्यनिर्दशावत्सागोपयः परिवर्जयेत्'** इति सन्धिन्यादिक्षीरनिषेधेऽपि दध्यादिग्रहणं स्यात् । सत्यं प्राप्तम् । वचनेन परं निषेधः । तदाहापरार्के शङ्खः –

क्षीराणि यान्यभक्ष्याणि तद्विकाराशने बुधः । सप्तरात्रं व्रतं कुर्यात्प्रयत्नेन समाहितः ।। इति।

व्रतं गोमूत्रयावकम् । तस्मात्पायसे दुग्धरसोपलम्भाद्वर्जनम् । अत एवामिक्षायां दधिसत्त्वेपि माधुर्योपलम्भात्पयोरूपत्वमुक्तं मीमांसकैः । तदुक्तम् – **'पय एव घनीभूतमामिक्षेत्यभिधीयते'** इति । **'दध्यादिषु तु तदभावादवर्जनम्'** इति । एवं दध्यादिव्रते न तक्रादीनां निषेधः । उक्तोभयहेत्वभावादिति केचित् । पूर्वोक्तशङ्खवचनात्सर्वविकारनिषेध इति युक्तं प्रतीमः ।

विज्ञानेश्वरले औष्ट्र अर्थात् ऊँटको विकार, एक खुर हुने जन्तु, स्त्रीजन्तु, जङ्गली जन्तु, भेडा आदिको नाम लिएका छन्। त्यस पद्यमा औष्ट्रशब्दको विकारको चर्चा गर्दा ऊँटका मलमूत्रसमेतको निषेध गरेको पाइन्छ । गर्भिणी गाई, बच्चा पैदा भएको १० दिन पूरा नभएकी गाई, बाच्छा मरेकी गाईको दूध खान हुँदैन भनी निषेध गरिएको छ । यसरी दूधको निषेध गरिए पनि दहीको निषेध नहुन सक्छ । हो, यस्तै हुनुपर्ने हो तर शङ्ख आदिको वचनबाट त्यस्ता गाईको दही पनि निषिद्ध हुन्छ ।

अपरार्कमा शङ्ख भन्दछन् – जुन प्राणीहरूको दूध अभक्ष्य मानिएको छ ती दूधहरूका विकार दही आदि खाएमा सात रातसम्म सावधानीपूर्वक गोमूत्रयावकव्रत अर्थात् गहुँतमा भिजाइएको जौको सातु खाएर गरिने व्रत गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – 'यहाँ **गोमूत्रयावकम्**को अर्थ गहुँतमा भिजाएका जौबाट तयार गरिएको सातु हो।' दूधका विकार दही आदि खाएमा प्रायश्चित्तस्वरूप गोमूत्रयावकव्रत गर्नुपर्ने देखिएकाले खीरमा दूधको रस पाइने हुँदा दूधको विकार खीर पनि खान हुँदैन । मीमांसकहरूले फाटेको दूधमा दही रहे पनि मधुर रस पाइनाले त्यसलाई दूधकै रूप मानेका छन् । दूध नै घनीभूत हुँदा आमिक्षा अर्थात् पनीर बन्दछ । दहीमा दूधको प्रकृतिको आभास नहुनाले दही खान निषेध गरिँदैन । यसरी नै दधि त्यागेर गरिने व्रतमा महीलाई निषेध गरिँदैन । कसैले महीमा प्रकृतिको रसास्वाद र प्रकृतिप्रत्यभिज्ञा अर्थात् पूर्वप्रकृतिको झल्को नपाइनाले निषेध लाग्दैन भनेका छन् । तर हामी भने शङ्खको वचनद्वारा सबै विकारहरूको व्रतमा निषेध गरिएकाले त्यो निषेध युक्तियुक्त भएको विश्वास गर्दछौं ।

भाद्रशुक्लचतुर्दश्याम् अनन्तव्रतम्

भाद्रपदशुक्लचतुर्दश्यामनन्तव्रतम् । तत्र त्रिमुहूर्ताऽप्यौदयिकी ग्राह्येति माधवः । तदुक्तम् – **'उदये त्रिमुहूर्ताऽपि ग्राह्यानन्तव्रते तिथिः'** इति । **'मध्याह्ने भोज्यवेलायाम्'** इति कथायां श्रवणादुपरि हि देवेभ्यो धारयतीतिवद्विधिकल्पनात् **'पूजाव्रतेषु सर्वेषु मध्याह्नव्यापिनी तिथिः'** इति माधवीये वचनान्मध्याह्नव्यापिनी ग्राह्येति तु दिवोदासः । प्रतापमार्तण्डेऽप्येवम्। इदमेव च युक्तम् । निर्णयामृते तु घटिकामात्राऽप्यौदयिकीत्युक्तम्।

तथा भाद्रपदस्यान्ते चतुर्दश्यां द्विजोत्तम । पौर्णमास्याः समायोगे व्रतं चानन्तकं चरेत् ।। इति भविष्योक्तेः ।

मुहूर्तमपि चेद्भाद्रे पूर्णिमायां चतुर्दशी । सम्पूर्णां तां विदुस्तस्यां पूजयेद्विष्णुमव्ययम् ।।

इति स्कान्दाच्चेति । अत्र मूलं चिन्त्यम् । द्व्यहेऽप्यौदयिकत्वे पूर्णत्वात्पूर्वेति युक्तम् । तत्त्वं तु विध्यर्थवादयोर्भिन्नार्थत्वे एकवाक्यतायोगात् सन्दिग्धेष्वेकवाक्यत्वादिति न्यायेन पूर्वा परा वा मध्याह्नव्यापिन्येव मुख्या । माधवस्तु सामान्यवाक्यान्निर्णयं कुर्वन् भ्रान्त एव । अनन्तव्रतस्य पुराणान्तरेष्वभावान्निबन्धान्तरेष्वभावाच्च वचनं निर्मूलमेवेति।

भाद्रशुक्ल चतुर्दशीमा अनन्तव्रत

भाद्रमासको शुक्लपक्षको चतुर्दशीमा अनन्तव्रतको विधान गरिएको छ । त्यसैले यसलाई अनन्तचतुर्दशी पनि भन्ने गरिन्छ । यो तिथिमा व्रत गर्न चाहनेले उदयकालमा तीन मुहूर्तको तिथि लिनुपर्दछ भनी माधवले भनेका छन् – अनन्तव्रतमा उदयकालमा तीन मुहूर्त रहने तिथि ग्रहण गर्नुपर्दछ । तर **दिवोदास**ले फरक मत राख्दै भनेका छन् – 'कथामा मध्याह्नमा भोजनको बेलामा पूजा गर्नुपर्दछ भनेको सुनिएकाले मध्याह्नोत्तरसमयमा देवताहरूलाई दिनुपर्दछ भन्ने विधिकल्पनाले र सबै पूजाव्रतमा मध्याह्नव्यापिनीतिथि लिनुपर्दछ भन्ने वचन पाइनाले अनन्तव्रतमा पनि मध्याह्नव्यापिनीतिथि लिनुपर्दछ ।'

प्रतापमार्तण्डमा पनि यही भनिएको छ र यो भनाइ युक्तियुक्त छ । **निर्णयामृत**मा भने एक घडीमात्र भए पनि उदयकालकै तिथि लिनुपर्दछ भनिएको छ । **भविष्यपुराण**मा भनिएको छ – 'हे द्विजोत्तम ! भाद्रमासको अन्तमा हुने चतुर्दशीतिथिमा पूर्णिमाको योगमा अनन्तव्रत गर्नुपर्दछ ।'

फेरि **स्कन्दपुराण**मा भनिएको छ – 'भाद्रमहिनाको पूर्णिमातिथिमा मुहूर्तमात्र चतुर्दशीको योग परेमा पनि त्यसलाई सम्पूर्ण तिथि जान्नुपर्दछ । त्यसमा नै अविनाशी भगवान् नारायणको पूजा गर्नुपर्दछ ।' **भविष्यपुराण** र **स्कन्दपुराण**का वचन विचारणीय छन् । वस्तुतः जहाँ विधिवाक्य र अर्थवादवाक्यको एकवाक्यता हुँदैन र सन्देह हुन्छ त्यहाँ वाक्यशेषबाट निर्णय गर्नुपर्दछ । **मीमांसा**को यो सिद्धान्तअनुसार पूर्वा वा परा जुन लिँदा पनि मध्याह्नव्यापिनी नै लिनुपर्दछ । ग्रन्थकार भन्दछन् – **माधव** सामान्यवाक्यको निर्णय गर्दागर्दै भ्रान्तिमा परेका छन् । अनन्तव्रतको विषयमा अरू पुराणहरूमा चर्चा नपाइनाले र अन्य निबन्धग्रन्थमा पनि उल्लेख नहुनाले माथिका वचन निर्मूल छन्।

अगस्त्यार्घ्यः

अथागस्त्यार्घ्यः । तत्कालो व्रतहेमाद्रौ भविष्ये –

कन्यायामागते सूर्ये अर्वाग्वै सप्तमे दिने । कन्यायां समनुप्राप्ते ह्यर्घकालो निवर्तते ।।

तेन उदयोत्तरमपि सप्तदिनमध्ये इत्यर्थः । यत्पाद्मे –

आ सप्तरात्रादुदयाद्यमस्य दातव्यमेतत्सकलं नरेण ।
यावत्समाः सप्तदशाथ वा स्युरथोर्ध्वमप्यत्र वदन्ति केचित् ।।

यमस्यागस्त्यस्य । उदयकालश्च दिवोदासीये उक्तः –

उदेति याम्यां हरिसंक्रमाद्रवेरेकाधिके विंशतिमे ह्यगस्त्यः ।
स सप्तमेऽस्तं वृषसंक्रमाच्च प्रयाति गर्गादिभिरप्यभाणि ।।

अगस्त्यार्घ्य

अब अगस्त्यलाई अर्घ्य दिने सम्बन्धमा चर्चा गरिन्छ । व्रतहेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा त्यसको

समयबारे यसरी बताइएको छ – 'कन्याराशिमा सूर्यको प्रवेश हुनुभन्दा सात दिनअघि अगस्त्यलाई अर्घ्य दिनुपर्दछ । कन्यामा सूर्यको प्रवेश भएपछि अर्घ्यको समय निवृत्त हुन्छ ।' यो भनाइको तात्पर्य कन्यामा सूर्यको प्रवेश भएपछि सात दिनभित्र पनि अर्घ्य दिन सकिन्छ भन्ने हो । यस विषयमा **पद्मपुराण**मा भनिएको छ – ती दिनहरूमा सात रातसम्म निरन्तर मानिसहरूले अगस्त्यलाई अर्घ्य दिनुपर्दछ । यो क्रम १७ वर्षसम्म जारी रहनुपर्दछ । कसैले त १७ वर्षपछि पनि अर्घ्य दिनुपर्दछ भनेका छन् । अगस्त्यको उदयसम्बन्धमा **दिवोदास**को भनाइ यसप्रकार छ– सूर्य सिंहराशिमा गएको २१ दिनपछि अगस्त्य दक्षिणदिशामा उदाउँछन् र वृषसंक्रान्तिदेखि सातौं दिनमा अस्ताउँछन् भन्ने कुरा **गर्ग** आदिले बताएका छन् ।

अगस्त्याराधनाविधिः

अत्र विधिर्विष्णुरहस्ये –

काशपुष्पमयीं रम्यां कृत्वा मूर्तिं तु वारुणेः । प्रदोषे विन्यसेत्तां तु पूर्णकुम्भे स्वलंकृताम् ।।

कुम्भस्थां पूजयेत्तां तु पुष्पधूपविलेपनैः । दध्यक्षतबलिं दद्याद्रात्रौ कुर्यात्प्रजागरम् ।।

पूजा च वक्ष्यमाणार्घ्यमन्त्रेण कार्या –

प्रभाते तां समादाय यायात्पुण्यं जलाशयम् । निशावसाने तां पश्यन् जलान्ते प्रतिमां मुनेः ।।

अर्घ्यं दद्यादगस्त्याय भक्त्या सम्यगुपोषितः ।।

मात्स्ये तु – **'अङ्गुष्ठमात्रं पुरुषं तथैव सौवर्णमत्यायतबाहुदण्डम्'** । पूर्वं काशपुष्पमयीत्वमशक्तौ–

चतुर्भुजं कुम्भमुखे निधाय धान्यानि सप्ताङ्कुरसंयुतानि ।

सकाशपुष्पाक्षतशुक्तियुक्तमन्त्रेण दद्याद् द्विजपुङ्गवाय ।।

धेनुं बहुक्षीरवतीं च दद्यात्सवस्त्रघण्टाभरणां द्विजाय ।।

भविष्ये – **विरूढैः सप्तधान्यैश्च वंशपात्रनिधापितैः । सौवर्णरूप्यपात्रेण ताम्रवंशमयेन वा ।।**

मूर्ध्नि स्थितेन नम्रेण जानुभ्यां धरणीं गतः ।।'

अगस्त्यको आराधना विधि

अगस्त्यको आराधना गर्ने विधिका सम्बन्धमा **विष्णुरहस्य**मा भनिएको छ– 'काँसका पुष्पहरूद्वारा अगस्त्यको रमणीय मूर्ति बनाई प्रदोष समयमा त्यो मूर्ति सिङ्गारेर त्यसलाई पानीले भरिएको कलशभित्र राख्नुपर्दछ । कलशस्थ त्यस मूर्तिलाई पुष्प, चन्दन, धूप अर्पण गरी अक्षताको बलि दिएर रात्रिमा जाग्राम गर्नुपर्दछ ।' अर्घ्यमन्त्रद्वारा नै पूजा पनि गर्नुपर्दछ । 'भक्तिपूर्वक उपवास गर्ने कर्ताले प्रातःकालमा त्यो मूर्ति लिई पवित्र जलाशयमा जानुपर्दछ। शेषरात्रि समाप्त भएपछि त्यहाँ जलको निकटमा राखिएको अगस्त्यप्रतिमाको दर्शन गरी अगस्त्यलाई अर्घ्य दिनुपर्दछ ।'

मत्स्यपुराणमा भनिएको छ– लामा–लामा हातले सुहाएको, बूढी औंलाको आकारको चतुर्भुज र रमणीय अगस्त्यको सुवर्णमूर्ति बनाउनुपर्दछ । पहिले **विष्णुरहस्य**मा बताइएअनुसारको सुवर्णमय चतुर्भुजमूर्तिलाई कलशको मुखमा स्थापना गरी अंकुरले युक्त सप्तधान्य, काँसको पुष्प, अक्षता र सिपीले सजाएर दानसङ्कल्प गरी ब्राह्मणलाई दिनुपर्दछ । वस्त्र, अलङ्कार र घण्टका साथ दूध दिने गाई पनि ब्राह्मणलाई दिनुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ– बाँसको पात्रमा राखिएको अंकुरले सम्पन्न सप्तधान्यसहित सुन, चाँदी, ताँबो अथवा बाँसको पात्र शिरमा राखी विनम्र भएर घुँडाले टेक्दै अर्घ्य दिनुपर्दछ ।

विष्णुरहस्ये –

अगस्त्यः खनमानेति पठन्मन्त्रमिमं मुनेः । अर्घ्यं दद्यादगस्त्याय शूद्रे मन्त्रविधिस्त्वयम् ।।

काशपुष्पप्रतीकाश वह्निमारुतसम्भव । मित्रावरुणयोः पुत्र कुम्भयोने नमोऽस्तु ते ।।

विन्ध्यवृद्धिक्षयकर मेघतोयविषापह । रत्नवल्लभ देवेश लङ्कावास नमोस्तु ते ।।

वातापी भक्षितो येन समुद्रः शोषितः पुरा । लोपामुद्रापतिः श्रीमान्योऽसौ तस्मै नमो नमः ।।

येनोदितेन पापानि विलयं यान्ति व्याधयः । तस्मै नमोऽस्त्वगस्त्याय सशिष्याय च पुत्रिणे।।

अगस्त्यः खनमानेति विप्रोऽर्घ्यं विनिवेदयेत् । राजपुत्रि महाभागे ऋषिपत्नि वरानने ।।

लोपामुद्रे नमस्तुभ्यमर्घ्यं मे प्रतिगृह्यताम् । दत्वैवमर्घ्यं कौरव्य प्रणिपत्य विसर्जयेत् ।।

अर्चितस्त्वं यथाशक्त्या नमोऽगस्त्य महर्षये । ऐहिकामुष्मिकीं दत्त्वा कार्यसिद्धिं व्रजस्व मे ।।

विसर्जयित्वागस्त्यं तं विप्राय प्रतिपादयेत् ।। अगस्त्यो मे मनस्थोऽस्तु अगस्त्योऽस्मिन्घटे स्थितः।

अगस्त्यो द्विजरूपेण प्रतिगृह्णातु सत्कृतः ।।

दानमन्त्रः – **अगस्त्यः सप्तजन्माघं नाशयत्वावयोरयम् । अतुलं विमलं सौख्यं प्रयच्छ त्वं महामुने ।।**

विष्णुरहस्यमा भनिएको छ– **अगस्त्यः खनमानः खनित्रैः प्रजामपत्यं बलमिच्छमानः । उभौ वर्णावृषिरुग्रः पुपोष सत्या देवेष्वाशिषो जगाम ।।** – ऋ. द्वितीयाष्टक चतुर्थाध्यायमा रहेको उक्त मन्त्र उच्चारण गर्दै अगस्त्यलाई अर्घ्य दिनुपर्दछ । शूद्रले अर्घ्य दिँदा **कासपुष्पप्रतीकाश०** इत्यादि मन्त्रको उच्चारण गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – काँसपुष्पको कान्तिझैं रमणीय कान्तिले सुहाउनुभएका अग्नि र वायुबाट उत्पन्न एवं मित्रावरुणका पुत्र अगस्त्यलाई नमस्कार गर्दछु । विन्ध्याचलको वृद्धिमा अंकुश लगाउने, बादलबाट बर्सिने पानीमा रहेको विष हटाउनुहुने, रत्नहरू रुचाउनुहुने, लङ्कामा निवास गर्नुहुने हे अगस्त्य ! हजुरलाई नमस्कार गर्दछु । वातापि नामक दानवलाई आफ्नो भोजन तुल्याउनुहुने, समुद्रलाई सुकाउनुहुने र लोपामुद्राका पति अगस्त्यलाई नमस्कार गर्दछु । जसको उदय हुँदा सम्पूर्ण पाप र व्याधि नाश हुन्छन्, शिष्य एवं पुत्रले सम्पन्न ती अगस्त्य ऋषिलाई नमस्कार गर्दछु ।' यसरी अर्घ्यदान र प्रार्थना गरेपछि ब्राह्मणले **अगस्त्यः खनमान०** भन्ने पूर्वोक्त मन्त्रद्वारा अगस्त्यलाई अर्घ्य दिनुपर्दछ । त्यसपछि लोपामुद्राको प्रार्थना गर्दै भन्नुपर्दछ – 'राजपुत्री ! हे महाभागा ! हे ऋषिपत्नी ! हे वरानना ! हे लोपामुद्रा ! हजुरलाई नमस्कार गर्दछु । मैले दिएको अर्घ्य हजुरले ग्रहण गर्नुहोस्' भनी लोपामुद्रालाई अर्घ्य अर्पण गर्दै प्रणाम गरेर विसर्जन गर्नुपर्दछ ।

अगस्त्यको पूजा सम्पन्न गरेपछि प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे अगस्त्यमुनि ! मैले यथाशक्ति हजुरको पूजा गरें । फेरि म हजुरलाई नमस्कार गर्दछु । हजुर इहलोक र परलोकका मेरा कार्य सिद्धि गरी यहाँबाट प्रस्थान गर्नुहोस् ।' यसरी अगस्त्यलाई विसर्जन गरी उनको प्रतिमा ब्राह्मणलाई दिनुपर्दछ । प्रतिमा ब्राह्मणलाई दिँदा ब्राह्मणप्रार्थना यसरी गर्नुपर्दछ – 'हे अगस्त्य ! हजुर यो कलशमा विराजमान हुनुहुन्छ । हजुरले ब्राह्मणका रूपमा यहाँ आई कार्य सम्पन्न गराउनुभयो । त्यसकारण मैले दिएको प्रतिमा स्वीकार गर्नुहोस् । प्रतिमा दान गर्दा **अगस्त्य०** इत्यादि मन्त्र पढ्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे महामुनि अगस्त्य ! हजुरले मेरा सात जन्मका पाप नाश गरी हामी दाता र ग्रहीता दुवैलाई अतुलनीय निर्मल सुख प्रदान गर्नुहोस् ।'

प्रतिग्रहमन्त्रः

प्रतिग्रहमन्त्रो विष्णुरहस्ये –

त्यजेदगस्त्यमुद्दिश्य धान्यमेकं फलं रसम् । होमं कृत्वा ततः पश्चाद्वर्जयेन्मानवः फलम् ।।

होमश्चार्घ्यमन्त्रेणाज्येन । भविष्ये –

दत्त्वार्घ्यं सप्तवर्षाणि क्रमेणानेन पाण्डव । ब्राह्मणः स्याच्चतुर्वेदः क्षत्रियः पृथिवीपतिः ।।

वैश्ये च धान्यनिष्पत्तिः शूद्रश्च धनवान्भवेत् । यावदायुश्च यः कुर्यात्स परं ब्रह्म गच्छति ।। इत्यगस्त्याराधना।

प्रतिग्रहमन्त्र

विष्णुरहस्यमा ब्राह्मणले प्रतिमा ग्रहण गर्दा भन्ने मन्त्र बताउँदै भनिएको छ– 'अगस्त्य मुनिलाई लक्षित गरी अन्न, फल, रस प्रदान गर्नुपर्दछ र ती देय पदार्थ अगस्त्यरूप ब्राह्मणलाई दिनुपर्दछ । उनले प्रतिग्रह लिनुपर्दछ । त्यसपछि होम गरी कर्ताले गरेका कर्मको फलत्याग गर्नुपर्दछ ।' **भविष्यपुराण**मा भनिएको छ – जसले माथि बताएबमोजिम सातवर्षसम्म निरन्तर अगस्त्यलाई अर्घ्य दिन्छन् ती दातामध्ये ब्राह्मण भएमा अर्को जन्ममा चार वेदका ज्ञाता बन्दछन्, क्षत्रिय भएमा पृथ्वीपति बन्दछन्, वैश्य भएमा धनधान्यपति बन्दछन् र शूद्र भएमा धनी बन्दछन् । जसले आजीवन अगस्त्यलाई अर्घ्य प्रदान गर्दछ त्यसले परब्रह्मलाई साक्षात्कार गर्दछ ।

भाद्रपदपूर्णिमायां श्राद्धकथनम्

भाद्रपौर्णमास्यां प्रपितामहात्परांस्त्रीनुद्दिश्य श्राद्धं कार्यम् । तदुक्तं हेमाद्रौ ब्राह्ममार्कण्डेययोः –

नान्दीमुखानां प्रत्यब्दं कन्याराशिगते रवौ । पौर्णमास्यां तु कर्तव्यं वराहवचनं यथा ।। इति ।

भाद्रपूर्णिमामा श्राद्धविधान

भाद्रपूर्णिमाको दिन प्रपितामहभन्दा माथिका नान्दीमुख भनिने पितृहरूको लागि श्राद्ध गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत ब्रह्मपुराण र **मार्कण्डेयपुराण**को वचनमा भनिएको छ– सूर्य कन्याराशिमा गएको समयमा पूर्णिमाका दिन पिता, पितामह र प्रपितामहभन्दा माथिका पितृहरूलाई सम्झिएर वाराह भगवान्को वचनअनुसार प्रतिवर्ष श्राद्ध गर्नुपर्दछ।

नान्दीमुखत्वम्

नान्दीमुखत्वं चोक्तं ब्राह्मे –

पिता पितामहश्चैव तथैव प्रपितामहः । त्रयो ह्यश्रुमुखा ह्येते पितरः परिकीर्तिताः ।।

तेभ्यः पूर्वतरा ये च प्रजावन्तः सुखैधिताः । ते तु नान्दीमुखा नान्दी समृद्धिरिति कथ्यते ।।

एतच्च प्रत्यब्दमित्युक्तेः । पक्षश्राद्धपक्षे सकृन्महालयपक्षे चावश्यकमिति प्रयोगपारिजाते ।

नान्दीमुखशब्दको तात्पर्य

ब्रह्मपुराणमा नान्दीमुखशब्दको अर्थ गर्दै भनिएको छ – पिता, पितामह, प्रपितामह यी तीन पूर्वजलाई अश्रुमुखपितृ भनिन्छ । ती पितृभन्दा माथिका पितृहरू प्रजावान् र सुखी हुनाले तिनलाई नान्दीमुख भनिन्छ । नान्दी भनेको समृद्धि हो। जुन पूर्वजहरू समृद्धिको सम्मुखमा रहन्छन् तिनलाई नान्दीमुख भनिएको छ । यो श्राद्ध प्रतिवर्ष गर्नुपर्दछ । पक्षश्राद्धको निर्णय गर्दा पितृपक्ष लाग्ने पूर्णिमा अर्थात् महालयमा गर्नु आवश्यक हुन्छ भन्ने कुरा **प्रयोगपारिजात**मा भनिएको छ ।

मातामहश्राद्धम्

अत्र मातामहा अपि कार्याः । **'पितरो यत्र पूज्यन्ते तत्र मातामहा अपि'** इति धौम्योक्तेः पितृशब्दस्य च जनकपरत्वे बहुवचनविरोधेन पितृभावापन्नपरत्वात् । वार्षिके तु वचनान्निवृत्तिः । न च जीवत्पितृकस्यान्वष्टकायां मातृश्राद्धे

तदापत्तिः, इष्टापत्तेः । अत एव स उक्तश्राद्धेषु स्वमातृमातामहयोर्दद्यादिति मदनरत्नकालादर्शौ । एतज्जीवत्पितृकश्राद्धे वक्ष्यामः । केचित्तु । अजहल्लक्षणया पित्रादयो यत्र तत्र मातामहास्तेनात्र नेत्याहुः । नचात्र नाम्ना नान्दीश्राद्धधर्मातिदेशः। वैष्णवादिशब्दवद्देवतापरस्य कर्मनाम्नत्वाभावात् । नापि नान्दीमुखत्वं पितृविशेषणं पारिभाषिकत्वादिति दिक् ।

मातामहश्राद्ध

यस अवसरमा मातामहको पनि श्राद्ध गर्नुपर्दछ । धौम्यले भनेका छन् – जुन बेला पितृहरूको पूजन गरिन्छ त्यसबेला मातामह आदिको पनि पूजा गर्नुपर्दछ। पितृशब्दको बाबु भन्ने अर्थ गरी **पितरः** भन्ने बहुवचनको प्रयोग गर्दा धेरै बाबु देखिने हुनाले विरोध हुन्छ । तसर्थ **पितरः**को अर्थ पितृसमान वात्सल्य, स्नेह आदि दिने व्यक्तिहरू भनी गर्नुपर्दछ । वार्षिकश्राद्धमा त एकवचनबाट नै विरुद्ध अर्थको निवृत्ति भइहाल्छ । जसका बाबु बाँचेका छन् त्यसले गर्ने अन्वष्टका र मातृश्राद्धमा पितृशब्दको प्रयोग गर्न पाइने छैन भन्छौ भने त्यो आपत्ति इष्टापत्ति नै हो । त्यसैले त्यहाँ पितृशब्दको सट्टा मातृशब्दको प्रयोग गरिन्छ ।

मातृश्राद्धमा आफ्नी आमा र मातामहका लागि तर्पण, पिण्ड आदि दिनुपर्दछ भन्ने कुरा **कालादर्श** र **मदनरत्न**मा भनिएको छ । यससम्बन्धी धेरै कुरा जीवत्पितृकको प्रकरणमा बताइनेछ । कसैले त [४२]**अजहल्लक्षणा**शब्दले आफ्नो अर्थ नछाडीकन लक्ष्यार्थ बताउने लक्षणाशक्तिद्वारा पिता, पितामह, प्रपितामहहरूको जहाँ उल्लेख हुन्छ त्यहाँ मातामह आदिको उल्लेख हुन्छ भन्दछन् । तर यहाँ त्यस्तो हुँदैन किनकि नान्दीश्राद्धमा नाम उल्लेख गरी श्राद्धधर्मको निर्देश गरिएको हुँदैन । वैष्णव आदि शब्दहरूझैं नान्दीमुखपितृहरू पनि देवभावमा प्राप्त भएका हुन्छन् । देवतावाचक व्यक्तिका कर्मअनुसारका नाम हुँदैनन् । त्यसैले नान्दीमुखशब्द पितृहरूको विशेषण होइन अपितु पारिभाषिक शब्द हो ।

भाद्रपूर्णिमायां पिण्डदानम्

तथा निर्णयदीपे गार्ग्यः –

पौर्णमासीषु सर्वासु निषिद्धं पिण्डपातनम् । वर्जयित्वा प्रौष्ठपदीं यथा दर्शस्तथैव सा ।। इति।

इति श्रीमीमांसकरामकृष्णभट्टात्मजभट्टकमलाकरकृते निर्णयसिन्धौ भाद्रपदमासः समाप्तः ।।

इति भाद्रमासीयकृत्यनिर्णायकं तृतीयं प्रकरणम्

पिण्डदानका लागि भाद्रपूर्णिमा

निर्णयदीपमा **गार्ग्य**को वचनमा भनिएको छ – सबै पूर्णिमाहरूमा पिण्डदान गर्न हुँदैन तर भाद्रपदपूर्णिमामा भने पितृका लागि पिण्डदान गर्नुपर्दछ कि किनकि भाद्रपूर्णिमा अमावास्यासमान हुन्छ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको भाद्रमासमा गरिने कृत्यहरूको निर्णयमा आधारित तृतीय प्रकरण पूरा भयो ।

---

४२. साहित्यशास्त्रमा लक्षणाका अनेक भेद छन् । तीमध्ये अजहल्लक्षणा र जहल्लक्षणा दुई भेद प्रमुख हुन् । अजहल्लक्षणामा मुख्य अर्थको बाध भएपनि कुनै न कुनै रूपमा मुख्यार्थसँग सम्बन्ध रहेको हुन्छ । आफ्नो लक्षणको त्याग नगर्ने हुँदा यसलाई अजहल्लक्षणा भनिन्छ । गङ्गामा घर छ भन्ने वाक्यमा गङ्गाको पानीमाथि घर हुन सम्भव नभएकाले मुख्य अर्थ बाधित भए पनि गङ्गाशब्द गङ्गाको तट भन्ने लक्ष्यार्थमा परिणत हुन्छ । यहाँ गङ्गाशब्दले तट अर्थ बताए तापनि आफ्नो लक्षण गङ्गात्व छोडेको छैन । जहल्लक्षणामा अपकारी व्यक्तिलाई कसैले तिमीले ठूलो गुन लगायौ भन्दछ भने त्यहाँ मुख्य अर्थ पूर्णरूपमा बाधित भएको हुन्छ । पूरा वाक्य विपरीत अर्थमा परिणत हुने हुँदा त्यसलाई जहल्लक्षणा भनिन्छ । – **मम्मट, काव्यप्रकाश**

आश्विनकृष्णपक्षान्तर्गतकृत्यानां निर्णायकं चतुर्थं प्रकरणम्

आश्विनमासः

सूर्यस्य कन्यासंक्रमे पुण्यकालः

कन्यासंक्रमे पराः षोडश घटिकाः पुण्याः । शेषं प्राग्वत् ।

कन्यासंक्रान्तिमा पुण्यकाल

कन्यामा सूर्यको संक्रमण भएपछि पछिल्ला १६ घडीलाई पुण्यकाल मानिन्छ । अरू कुरा पहिलेका संक्रान्तिमा बताएसरह नै हुन्छ ।

महालयविचारः

अथ महालयः । तत्र पृथिवीचन्द्रोदये वृद्धमनुः –

आषाढीमवधिं कृत्वा पञ्चमं पक्षमाश्रिताः । काङ्क्षन्ति पितरः क्लिष्टा अन्नमप्यन्वहं जलम् ।।

कन्यायोगे पुण्यतमत्वमाह शाट्यायनिः – **'कन्यास्थार्कान्वितः पक्षः सोऽत्यन्तं पुण्यमुच्यते ।'** इति । अत्र विशेषमाह वृद्धमनुः –

मध्ये वा यदि वाप्यन्ते यत्र कन्यां व्रजेद्रविः । स पक्षः सकलः श्रेष्ठः श्राद्धषोडशकं प्रति ।।

महालयविचार

महालयको विचार प्रस्तुत गरिँदैछ । यस सम्बन्धमा वृद्धमनुले भनेका छन्– आषाढमासको पूर्णिमादेखि पाँचौं पक्ष अर्थात् आश्विन कृष्णपक्षसम्म पितृगण प्रतिदिन कष्टपूर्वक अन्न र जलको आकांक्षा गर्दछन् ।

शाट्यायनिले भनेका छन् – जुन पक्षमा सूर्य कन्याराशिमा प्रवेश गर्दछन् त्यो पक्ष अत्यन्त पुण्यदायक मानिन्छ। यस विषयमा वृद्धमनुले भनेका छन् – जुन पक्षमा सूर्य कन्याराशिमा प्रवेश गर्दछन् त्यस पक्षको मध्यभाग वा अन्त्यभाग भए पनि श्राद्धका लागि उत्तम मानिन्छ ।[४३]

४३. कन्याराशिमा सूर्य गएको आश्विनकृष्णपक्ष अपरपक्ष, प्रेतपक्ष, पितृपक्ष आदि विविध नामले प्रसिद्ध छ । यो पक्ष पितृहरूको तृप्ति, सन्तुष्टि एवं प्रसन्नताका लागि पुण्यतम पर्व मानिन्छ । यो पर्वमा सोह्रश्राद्ध गर्नुपर्ने भएकाले यसलाई सोह्रश्राद्धपक्ष पनि भनिन्छ । पितृप्रति आस्था, विश्वास र सामर्थ्य हुनेहरूले यो पक्षका प्रत्येक दिन एक-एकवटाका हिसाबले सोह्रवटा श्राद्ध पुऱ्याउनुपर्छ । एकपक्षमा पन्ध्र दिनमात्र हुन्छ, श्राद्ध सोह्रवटा कसरी पुग्छ भन्ने प्रश्न पनि उठ्ने गर्दछ । यसको समाधान शास्त्र प्रवर्तकले यसरी गरेका छन् – कसैको मतमा भाद्रशुक्लपूर्णिमादेखि सुरु गरेर औँसीसम्म सोह्रवटा पुऱ्याउने छ भने कसैले तिथिवृद्धि भएको अवस्थामा मात्र सोह्र पुग्छ भनेका छन् । अन्य कसैले चाहिँ आश्विनकृष्ण प्रतिपदादेखि आश्विनशुक्लप्रतिपदासम्म गरेर सोह्रश्राद्ध पुऱ्याउनुपर्छ भन्ने निश्चय गरेका छन् । यही निर्णय बहुसमर्थित छ । सोह्र पुऱ्याउनेहरूले यसैअनुसार गर्नुपर्छ ।

सोह्रै दिन श्राद्ध गर्न नसक्नेहरूले पञ्चमीदेखि औँसीसम्म गर्ने, त्यति दिन पनि नसके अष्टमीदेखि औँसीसम्म गर्ने, त्यो पनि नसकिने भयो भने दशमीदेखि औँसीसम्म गर्दा पनि शास्त्रसम्मत नै हुन्छ । त्यति दिन पनि सम्भव भएन भने एकदिन मात्र गर्दा पनि हुन्छ भन्ने शास्त्रप्रयोजकहरूको धारणा रहेको छ । यहीअनुसार लोकमा अहिले प्रायः एकदिन मात्र गर्ने चलन छ । एक दिनमात्र गर्नेहरूले बाबुको तिथिमा गर्नुपर्छ । त्यसमा कारणवश गर्न पाइएन भने त्यहीपक्षको अन्त्य औँसीमा गर्नुपर्छ । त्यसमा पनि मिलेन भने

तथा ब्रह्माण्डमार्कण्डेययोः -

कन्यागते सवितरि दिनानि दश पञ्च च । पार्वणेनेह विधिना श्राद्धं तत्र विधीयते ।।

तथा तत्रैव षोडशदिनान्युक्तानि -

कन्यागते सवितरि यान्यहानि तु षोडश । क्रतुभिस्तानि तुल्यानि देवो नारायणोऽब्रवीत् ।।

पार्वणविधिद्वारा श्राद्ध गरिने विषयमा **ब्रह्माण्डपुराण** र **मार्कण्डेयपुराण**मा भनिएको छ – 'सूर्य कन्यामा गएपछि १५ दिनसम्म पार्वणविधिद्वारा श्राद्ध गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – फेरि ती पुराणहरूमा महालयमा सोह्र दिन हुने कुरा बताइएको छ । जस्तै – 'सूर्य कन्याराशिमा गएको समयमा १६ दिन यज्ञसमान पुण्यदायक हुन्छन्' भन्ने कुरा भगवान् नारायणले बताउनुभएको छ ।

षोडशदिनात्मकपक्षविषये हेमाद्रिमतम्

अत्र हेमाद्रिः षोडशत्वं त्रेधा व्याचख्यौ । तिथिवृद्ध्या पक्षस्य षोडशदिनात्मकत्वे श्राद्धवृद्ध्यर्थमेकः पक्षः, भाद्रपदपूर्णिमया सहेति द्वितीयः, आश्विनशुक्लप्रतिपदा सहेति तृतीयः । अन्त्य एव तु युक्तः ।

अहःषोडशकं यत्तु शुक्लप्रतिपदा सह । चन्द्रक्षयाविशेषेण सापि दर्शात्मिका स्मृता ।। इति देवलोक्तेः।

सोह्रदिनको पक्षका विषयमा हेमाद्रिको मत

यसै प्रसङ्गमा हेमाद्रिले पार्वणश्राद्धका १६ दिनको तीन प्रकारबाट व्याख्या गरेका छन् । **पहिलो प्रकार** – तिथिको वृद्धि हुँदै जाँदा १५ दिनको पक्ष १६ दिनको बन्दछ र एउटा श्राद्ध बढ्दछ । **दोस्रो प्रकार** – भाद्रशुक्लपूर्णिमासमेतको योग गर्दा महालयपक्ष १६ दिनको हुन्छ । **तेस्रो प्रकार** – आश्विनशुक्लप्रतिपदासमेतको योग गर्दा १६ दिनको योग हुन्छ।' ग्रन्थकार भन्दछन् – उक्त तीन प्रकारमध्ये अन्तिम प्रकार नै उपयुक्त देखिन्छ ।

यस सम्बन्धमा **देवल**ले पनि भनेका छन् – शुक्लपक्षको प्रतिपदासहित १६ दिन श्राद्धका हुन्छन् । आश्विनशुक्ल-प्रतिपदामा चन्द्रको क्षय हुनाले अथवा चन्द्रमा नदेखिनाले त्यसलाई पनि अमावास्यासरह मान्नुपर्दछ ।

महालयान्तर्गतश्राद्धे पञ्चपक्षाः

तत्र पञ्च पक्षाः । तदुक्तं हेमाद्रौ ब्राह्मे -

आश्वयुक्कृष्णपक्षे तु श्राद्धं कार्यं दिने दिने । त्रिभागहीनं पक्षं वा त्रिभागं त्वर्धमेव वा ।।

दिने दिने इति पक्षपर्यन्तत्वमुक्तम् । त्रिभागहीनमिति पञ्चम्यादिपक्षः, त्रिभागमिति दशम्यादिपक्षः । त्रिभागहीनमिति चतुर्दशीसहितप्रतिपदादिचतुष्टयवर्जनाभिप्रायेणेति कल्पतरुः । अत्र दिनपदं तिथिपरं वीप्सया तत्पक्षीयतिथित्वं श्राद्धव्याप्यतावच्छेदकम् । तेन पञ्चदशतिथिव्यापि श्राद्धं सिध्यति । तेन चतुर्दशीनिषेधोऽन्यकृष्णपक्षपर इति गौडाः। तन्न । **'श्राद्धं शस्त्रहतस्यैव चतुर्दश्यां महालये'** इत्यादिविरोधात् । यच्च कश्चित्पूरणप्रत्ययलोपेन तृतीयभागहीनं

आश्विनशुक्ल पञ्चमीसम्म कुनै एक दिन नन्दातिथि, शुक्रवार आदि निषिद्ध दिन नपारीकन गर्नुपर्ने हुन्छ । त्यहाँ पनि गर्न पाइएन भने गाईतिहारे औंसीमा गर्नुपर्छ । त्यसमा पनि परिस्थितिवश गर्न नमिले वृश्चिकराशिमा सूर्य जानुभन्दा अगाडि कुनै दिन जुराएर मात्र गर्नुपर्छ । पितृहरूको उपेक्षा गरी कसैले श्राद्ध गरेन भने त्यसलाई सुस्केरा हाल्दै कठोर सराप दिई पुत्रादिबाट पिण्ड–पानी पाइन्छ भन्ने आशामा घुमिरहेका पितृहरू निराश भई आफ्ना स्थानतिर लाग्दछन् ।

षष्ठ्यादिपक्षं तृतीयभागमेकादश्यादि तदर्धं त्रयोदश्यादि, उत्तरोत्तरं लघुकालोक्तेरिति । तन्न । गौतमादिवचनेन मूलकल्पनालाघवात् पक्षमित्यनन्वयापत्तेश्च ।

महालयमा श्राद्ध गर्ने दिनसम्बन्धी पाँच पक्ष

शुक्लपक्षको प्रतिपदासहित १६ दिनको संख्या भएका कारण सोह्रसरातको पक्ष भनिने महालयश्राद्धका कसरी सोह्र दिन हुन्छन् र कति दिन श्राद्ध गर्ने भन्ने प्रश्नको उत्तरका रूपमा पाँच पक्ष रहेका छन् । यससम्बन्धमा हेमाद्रिमा उद्धृत ब्रह्मपुराणको भनाइअनुसार उक्त पाँच पक्षलाई यसरी प्रकट गरिएको छ – **प्रथमपक्ष-** आश्विनकृष्णपक्षमा दिन्दिनै श्राद्ध गर्नुपर्दछ । **दोस्रो पक्ष –** पक्षका पन्ध्र दिनलाई ३ भाग लगाउँदा एउटा भाग छाडी दुई भाग अर्थात् १० दिन श्राद्ध गर्नुपर्दछ। **तेस्रो पक्ष –** पूरै १५ तिथिमा श्राद्ध गर्नुपर्दछ । **चौथो पक्ष –** पन्ध्रदिनमध्ये एक तिहाइ दिन अर्थात् पाँचदिन श्राद्ध गर्नुपर्दछ । **पाँचौं पक्ष –** पक्षको आधा अर्थात् अष्टमीदेखि अमावास्यासम्म श्राद्ध गर्नुपर्दछ ।' मूलमा **'आश्विनकृष्णपक्षे तु श्राद्धं कार्यं दिने दिने'** पद्यांशमा प्रयुक्त **'दिने दिने'** पुनरुक्तिबाट पूरा पक्ष श्राद्ध गर्नुपर्ने कुरा अवगत हुन्छ ।

उक्त पाँच पक्षका निमित्त प्रयोग गरिएका विशेष शब्दहरूको व्याख्या गर्दै ग्रन्थकार भन्दछन् – **त्रिभागहीनम्** यो पद तेस्रो भाग नभएको भन्ने अर्थमा प्रयोग गरिएको छ । चतुर्दशी, प्रतिपदा, द्वितीया, तृतीया र चतुर्थी गरी पाँचतिथि निषेध गर्ने अभिप्रायले उक्त शब्दको प्रयोग गरिएको हो । **दिने दिने** प्रयोगमा आएको दिनको अर्थ तिथि हो । **दिने दिने** यस वीप्सा अर्थात् पुनरुक्तिले महालयपक्षका सबै तिथि ग्राह्य हुन्छन् भन्ने तथ्य बुझाउँछ । **त्रिभागहीनम्** पदबाट पञ्चमीदेखि अमावास्यासम्मका तिथि भन्ने अर्थबोध हुन्छ । किनकि पञ्चमीदेखि आरम्भ गरी सूर्य र चन्द्र भेट हुने तिथि अमावास्यासम्म श्राद्ध गर्नुपर्दछ भन्ने वाक्य रहेको छ । आधापक्ष श्राद्ध गर्नुपर्दछ भन्ने अर्थमा प्रयुक्त **अर्धम्** पदले अष्टमीदेखि अमावास्यासम्म श्राद्ध गर्नुपर्ने देखाउँछ । **त्रिभागम्** अर्थात् तीनभागको एकभाग भन्ने शब्दबाट दशमीदेखि अमावास्यासम्म श्राद्ध गर्नुपर्ने बुझिन्छ। **त्रिभागहीनम्** शब्दको अभिप्राय चतुर्दशी र प्रतिपदादेखि चतुर्थीसम्मका तिथिको त्याग गर्नु हो भन्ने कुरा कल्पतरुमा बताइएको छ । **दिने दिने** वीप्सा अर्थात् पुनरुक्तिबाट यसबाट १५ तिथिद्वारा व्याप्त श्राद्ध भन्ने अर्थ सिद्ध हुन्छ र चतुर्दशीमाश्राद्ध गर्न हुँदैन भन्ने शास्त्रीय निषेध अरू कृष्णपक्षका लागि हो महालयका लागि होइन भनी **गौडहरूले** बताएका छन्। ग्रन्थकार भन्दछन् – त्यसो होइन । शस्त्रद्वारा मारिएका मानिसहरूको निमित्त महालयमा चतुर्दशीश्राद्ध गर्नुपर्दछ भन्ने विरोधवाक्य रहेको छ। फेरि कसैको भनाइ छ – पूरणप्रत्ययको लोप भएका कारण तेस्रो भाग नभएको षष्ठी आदि पक्ष, तेस्रो भाग एकादशी आदि पक्ष त्यसको आधा त्रयोदशी आदि पक्षमा उत्तरोत्तर घटाउँदै लगेको हुँदा सबभन्दा कम दिनको पक्ष लिनुपर्दछ । फेरि ग्रन्थकार भन्दछन् – गौतम आदिको मतको स्वीकार र शीघ्र कार्यनिष्पत्ति गर्ने आशयले दिन कम गर्दै लैजाने कुरा स्वीकार गर्न सकिँदैन । यो मत मान्दा पक्षको पनि राम्ररी अन्वय हुन सक्दैन ।

'पञ्चम्यूर्ध्वं च तत्रापि दशम्यूर्ध्वं ततोप्यति' इति विष्णुधर्मोक्तेः । षष्ठ्याद्येकादश्यादिपक्षावपि ज्ञेयाविति तत्त्वम् । कालादर्शेपि –

पक्षाद्यादि च दर्शान्तं पञ्चम्यादि दिगादि च । अष्टम्यादि यथाशक्ति कुर्यादापरपक्षिकम् ।।

पक्षादिः प्रतिपत्, दिक् दशमी दर्शान्तमिति सर्वत्र ।

विष्णुधर्ममा भनिएको छ- पञ्चमी तथा दशमीपछिश्राद्ध गर्नुपर्दछ । षष्ठी आदि र एकादशी आदि पक्ष पनि लिनुपर्दछ भन्ने कुरा जान्नुपर्दछ, यो नै तत्त्व हो । फेरि **कालादर्शमा** प्रतिपदादेखि अमावास्यासम्म, पञ्चमीदेखि अमावास्यासम्म,

दशमीदेखि अमावास्यासम्म र अष्टमी आदिमा यथाशक्ति महालयश्राद्ध गर्नुपर्दछ भनिएको छ । मूलमा प्रयोग गरिएको **पक्षाद्यादि**शब्दको अर्थ **पक्षादि**को प्रतिपदा आदि र **दिगादि**को दशमी आदि भन्ने अर्थ हो । फेरि सबै पक्षमा **दर्शान्तम्** अर्थात् अमावास्यासम्म भन्ने अर्थबोध गर्नुपर्दछ ।

गौतमोऽपि – **'अथापरपक्षे श्राद्धं पितृभ्यो दद्यात् पञ्चम्यादि दर्शान्तमष्टम्यादि दशम्यादि सर्वस्मिंश्च'** इति । तथैकस्मिन्नपि दिने श्राद्धमुक्तं हेमाद्रौ नागरखण्डे –

आषाढ्याः पञ्चमे पक्षे कन्यासंस्थे दिवाकरे । यो वै श्राद्धं नरः कुर्यादेकस्मिन्नपि वासरे ।।

तस्य संवत्सरं यावत्संतृप्ताः पितरो ध्रुवम् ।। इति । अत्र शक्ताशक्तपरा व्यवस्थेति प्राञ्चः । तन्न । तद्वाचकपदाभावात् न त्रयोदश्यादिपक्ष एव नित्यः । तत्रैव निन्दाश्रुतेः । ब्राह्मे – **'एवकारेण तस्यैव पञ्चमपक्षयोगव्यवच्छेदोक्तेः'** इति गौडाः । तन्न । एकस्मिन्नपीति विरोधात् । तेन फलभूमार्थिनान्यानि कार्याणीति तत्त्वम् । तत्र चतुर्दशीश्राद्धाभावे पञ्चम्यादिदशम्यादिपक्षौ तत्सत्त्वे षष्ठ्याद्येकादश्यादिकौ । एवं चतुर्दश्यभावे द्वादश्यादिः । तत्सत्त्वे त्रयोदश्यादिरिति व्यवस्था ।

गौतमको भनाइ छ – महालयमा पितृहरूकोश्राद्ध गर्नुपर्दछ । यी श्राद्ध पञ्चमीदेखि अमावास्यासम्म, अष्टमीदेखि अमावास्यासम्म, दशमीदेखि अमावास्यासम्म पनि हुनसक्छन् । **हेमाद्रि नागरखण्ड**मा महालयभित्र कुनै एक दिन श्राद्ध गरे हुन्छ भन्ने तात्पर्य खुलाइएको छ । आषाढ पूर्णिमादेखि पाँचौं पक्षमा अर्थात् आश्विन कृष्ण पक्षमा सूर्य कन्याराशिमा रहेको स्थितिमा जसले कुनै एक दिन श्राद्ध गर्दछ त्यसका सबै पितृहरू वर्ष दिनसम्म तृप्त हुन्छन् ।

उक्त भनाइको विषयमा प्राचीन विद्वान्हरू भन्दछन् – एकै दिन भएपनि श्राद्ध गर्दछ भन्नुको अर्थ समर्थ र असमर्थका भेदले हो । जो सक्दछ त्यसले पूरा १५ दिन श्राद्ध गरोस्, जो सक्दैन त्यसले १० दिनसम्मश्राद्ध गरोस्, जसले त्यो पनि सक्दैन त्यसले आधा पक्ष श्राद्ध गरोस्, जो त्यसमा पनि असमर्थ छ त्यसले कुनै ५ दिनसम्म श्राद्ध गरोस्, जसले त्यो पनि सक्दैन त्यसले एक दिन भए पनि श्राद्ध गरोस् भन्ने तात्पर्य हो ।

ग्रन्थकार भन्दछन् – पुराना विद्वान्हरूको यो भनाइ उचित छैन किनकि माथिको पद्यमा समर्थ र असमर्थ भनी बताउने कुनै पनि पद छैन । त्रयोदशी आदि पक्ष नै नित्य छ त्यो नगर्दा निन्दावचन सुनिने भय हुन्छ ।

माथि **आश्वयुक्कृष्णपक्षे तु** इत्यादि पद्यमा एव पदको प्रयोग गरिएको छ । त्यो एवकार[४४] पञ्चम पक्षको अयोगको अर्थात् सम्बन्ध नहुनुको व्यवच्छेदक अर्थात् निवारक अर्थात् पञ्चमपक्षको पनि स्वीकार गरिने तथ्यको प्रतिपादक हो भनी **गौडहरू**ले भनेका छन् ।

---

४४. शास्त्रहरूमा वाक्यहरूमा प्रयोग गरिने एव पदको अथवा एवकारका तीन अर्थ बताइएका छन् । त्यसैले **एवकारस्त्रिधामतः** भन्ने वाक्य प्रसिद्ध छ । यसको अर्थ एवकारका तीन भेद हुन्छन् । १. अयोगव्यवच्छेदक, २. अन्ययोगव्यवच्छेदक र ३. अत्यन्तायोगव्यवच्छेदक। अयोगव्यवच्छेदकमा एवकार विशेषणसँग जोडिएको हुन्छ । अन्ययोगव्यवच्छेदकमा एवकार विशेष्यसँग जोडिएको हुन्छ र अत्यन्तायोगव्यवच्छेदकमा एवकार क्रियासँग जोडिएको हुन्छ । अयोगव्यवच्छेदकको उदाहरण – **'शङ्खः पाण्डर एव भवति'** अर्थात् शङ्ख सेतो नै हुन्छ । यहाँ रहेको एवकारले शङ्खमा सेतोबाहेक अरू रङ नहुने कुरा जनाउँछ । अन्ययोगव्यवच्छेदकको उदाहरण – **'पार्थ एव धनुर्धरः'** अर्थात् अर्जुन नै धनुर्धारी हुन् । यहाँ प्रयोग गरिएको एवकारले अर्जुनबाहेक अरू कुनै पनि व्यक्ति धनुर्धारी नहुने कुरा निर्क्यौल गरेको छ । अत्यन्तायोगव्यवच्छेदकको उदाहरण – **'नीलं कमलं भवत्येव'** अर्थात् नीलो कमल हुन्छ नै । यहाँ भवति क्रियासँग जोडिएको एवकारले नीलो कमल हुन्छ नै भनेर अरू किसिमका पनि कमल हुनसक्छन् भन्ने कुरा प्रतिपादन गरेको छ । यसरी एव पदका तीन प्रकारका अर्थ हुने कुरामा विशेषणको सङ्गति, विशेष्यको सङ्गति र क्रियाको सङ्गति कारण बन्दछन् ।

गौडहरूको यो मत उचित छैन किनकि हेमाद्रि नागरखण्डको वचनमा **एकस्मिन्नपि वासरे** भनिएको छ । यसको अर्थ एक दिनमा भए पनि गरोस् भन्ने हो र अरू दिनमा नगरोस् भन्ने होइन । त्यसकारण धेरै फल चाहनेले अरू दिनमा पनि गर्न सक्दछ, यही सार हो । चतुर्दशीश्राद्ध नगर्ने स्थितिमा पञ्चमी आदि पक्ष वा दशमी आदि पक्षमा पनि श्राद्ध गर्न सकिन्छ । चतुर्दशीसमेतलाई लिँदा षष्ठी आदि पक्ष र एकादशी आदि पक्ष पनि लिन सकिन्छ । चतुर्दशीको अभावमा द्वादशी आदि र चतुर्दशी लिँदा त्रयोदशी आदि पनि लिन सकिन्छ । यही व्यवस्था हो ।

विधवाकर्तृकपार्वणश्राद्धानि

विधवायास्तु विशेषः स्मृतिसङ्ग्रहे –

चत्वारः पार्वणाः प्रोक्ता विधवायाः सदैव हि । स्वभर्तृश्वशुरादीनां मातापित्रोस्तथैव च ।।

ततो मातामहानां च श्राद्धदानमुपक्रमेत् । तथा – **श्वश्रूणां च विशेषेण मातामह्यास्तथैव च** इति।

विधवाद्वारा गरिने पार्वणश्राद्ध

स्मृतिसंग्रहमा भनिएको छ – विधवाले चार पार्वणश्राद्ध गर्नुपर्दछ – १. आफ्ना पति र ससुरा आदिको लागि पार्वणश्राद्ध, २. आफ्ना आमा-बाबुको पार्वणश्राद्ध, ३. आफ्ना मातामह आदिको पार्वणश्राद्ध, ४. आफ्नी सासू र मातामहीको पार्वणश्राद्ध ।

असामर्थ्ये श्राद्धत्रयविधानम्

अशक्तौ तु स्मृतिरत्नावल्याम् –

स्वभर्तृप्रभृति त्रिभ्यः स्वपितृभ्यस्तथैव च । विधवा कारयेच्छ्राद्धं यथाकालमतन्द्रिता ।।

विधवा स्वयं सङ्कल्पं कृत्वान्यद्ब्राह्मणद्वारा कारयेदित्युक्तं प्रयोगपारिजाते ।

विधवा पार्वणश्राद्ध गर्न असमर्थ भएमा

विधवा पार्वणश्राद्ध गर्न असमर्थ भएमा **स्मृतिरत्नावली**मा उपाय बताउँदै भनिएको छ – विधवाले आलस्य त्यागेर आफ्ना पति आदि तीन र पिता आदि तीनको श्राद्ध गर्नुपर्दछ । **प्रयोगपारिजात**मा भनिएको छ– विधवा आफू असमर्थ भएमा आफूले सङ्कल्प गरी ब्राह्मणद्वारा श्राद्ध सम्पन्न गराउनुपर्दछ ।

सकृन्महालये वर्ज्यतिथिनिरूपणम्

सकृन्महालये च वर्ज्यतिथ्याद्युक्तम् । पृथ्वीचन्द्रोदयप्रयोगपारिजातादिषु वसिष्ठः –

नन्दायां भार्गवदिने चतुर्दश्यां त्रिजन्मसु । एषु श्राद्धं न कुर्वीत गृही पुत्रधनक्षयात् ।।

जन्मभं तत्पूर्वोत्तरे च त्रिजन्मानि । वृद्धगार्ग्यः –

प्राजापत्ये च पौष्णे च पित्रर्क्षे भार्गवे तथा । यस्तु श्राद्धं प्रकुर्वीत तस्य पुत्रो विनश्यति ।।

प्राजापत्यम् – रोहिणी, **पौष्णम्** – रेवती, **पित्र्यम्** – मघा । अन्यान्यपि प्रत्यरादीनि तत्रैव ज्ञेयानि । केचित्तु–

नन्दाश्वकामरव्यारभृग्वग्निपितृकालभे । गण्डे वैधृतिपाते च पिण्डास्त्याज्याः सुतेप्सुभिः ।।

इति संग्रहात् । **नन्दा**– प्रतिपदा–षष्ठी–एकादशी, **अश्वः**– सप्तमी, **कामः**– त्रयोदशी, **आरः** – भौमः, **भृगुः**– शुक्रः,

अग्निभम्– कृत्तिका, **कालभम्** – भरणी, अत्र पिण्डास्त्याज्या इत्याहुः । तत्र मूलं मृग्यम् । एतच्च सकृन्महालयविषयम्।

सकृन्महालये काम्ये पुनः श्राद्धे खिलेषु च ।
अतीतविषये चैव सर्वमेतद्विचिन्तयेत् ।।इति पृथिवीचन्द्रोदये नारदोक्तेः ।

सकृन्महालयमा त्याज्यतिथि

महालयपक्षका सोह्रै तिथिमा श्राद्ध गर्न नसक्नेले पिताको मृत्युतिथिमा गरिने पार्वणश्राद्धमा त्याग गर्नुपर्ने तिथिका विषयमा **पृथ्वीचन्द्रोदय, पारिजात** आदि ग्रन्थहरूमा वर्णन गरिएको छ । **वसिष्ठ** भन्दछन् – प्रतिपदा, षष्ठी, एकादशी, चतुर्दशी, त्रिजन्म (कर्ताको जन्मनक्षत्र, जन्मभन्दा पहिलो नक्षत्र र जन्मनक्षत्रभन्दा पछिल्लो नक्षत्र) मा श्राद्ध गर्न हुँदैन । यसमा श्राद्ध गर्दा कर्ताका पुत्र र धनको नाश हुन्छ ।[४५]

यसबारे **वृद्धगार्ग्यले** भनेका छन् – रोहिणी, रेवती, मघानक्षत्रमा शुक्रवार श्राद्ध गर्दा पुत्र नाश हुन्छ । त्यसैगरी अरू पनि प्रत्यरि, वध, विपत् आदि नक्षत्र आदिमा पनि श्राद्ध गर्न हुँदैन । कसैले त नन्दा (प्रतिपदा, षष्ठी, एकादशी), सप्तमी, त्रयोदशी, मङ्गलवार, शुक्रवार, कृत्तिका, मघा र भरणीनक्षत्र, गण्ड, वैधृति र व्यतीपातयोगमा पुत्र चाहने मानिसहरूले पिण्डदान गर्न हुँदैन भनेका छन् । यसको प्रमाण अनुसन्धेय छ । यो सकृन्महालयसँग सम्बद्ध विषय हो । पृथ्वीचन्द्रोदयमा उद्धृत नारदको वचनमा भनिएको छ कि – सकृन्महालय, काम्यश्राद्ध, सबै किसिमका श्राद्ध र बिर्सिएका श्राद्धहरूमा माथि बताइएका विषयको आधारमा विचार पुऱ्याउनुपर्दछ ।

अपवादनिरूपणम्

अस्यापवादो हेमाद्रौ पृथ्वीचन्द्रोदये च –

अमापाते भरण्यां च द्वादश्यां पक्षमध्यके । तथा तिथिं च नक्षत्रं वारं च न विचारयेत् ।।

पराशरमाधवीये मदनपारिजातादिषु चैवम् ।

अपवाद

उक्त निषेधको अपवादस्वरूप **हेमाद्रि** र **पृथ्वीचन्द्रोदयको** वचन यसप्रकार छ – अमावास्याको प्रवेश, भरणी, द्वादशी र पक्षको बीचमा परेको तिथि, वार र नक्षत्रको विचार गर्नुहुँदैन । यही कुरा **पराशरमाधवीय** र **मदनपारिजात** आदि ग्रन्थहरूमा पनि बताइएको छ ।

पितृमृताहे निषिद्धदिनेऽपि महालयस्य कर्तव्यता

निर्णयदीपिकायां तु – **'पितृमृताहे निषिद्धदिनेऽपि सकृन्महालयः कार्यः'** इत्युक्तम् ।

आषाढ्याः पञ्चमे पक्षे कन्यासंस्थे दिवाकरे । मृताहनि पितुर्यो वै श्राद्धं दास्यति मानवः ।।

---

४५. महालय (आश्विनकृष्णपक्ष)मा एक दिनमात्र महालयश्राद्ध गर्नेहरूले आफ्ना बाबुको मृततिथिमा गर्नुपर्छ । त्यस दिन जूठो-सूतक आदिका कारण रोकिन गयो भने त्यो रोकिएको चोखिएपछि श्राद्ध गर्दा मात्र नन्दातिथि, शुक्रवारादि वार र जन्मनक्षत्रादि नक्षत्र नपारीकन अर्थात् जुराएर मात्र गर्नुपर्छ भनिएको छ । आशौचादिबाट रोकटोक नभएको अवस्थामा बाबुको मृत्यु भएको तिथिमा एक दिन मात्र गर्नेहरूले र त्यही आश्विनकृष्णको औंसीमा गर्नेहरूले पनि जुराउनुपर्दैन । अर्थात् तिथि, नक्षत्र, वारादिको विचार गरिरहनु पर्दैन । अतः बाबुको तिथि र औंसीमा गरिने श्राद्ध नित्यश्राद्ध हुने भएकाले।

तस्य संवत्सरं यावत्संतृप्ताः पितरो ध्रुवम् ।। इति नागरखण्डोक्तेः ।

या तिथिर्यस्य मासस्य मृताहे तु प्रवर्तते । सा तिथिः पितृपक्षे तु पूजनीया प्रयत्नतः ।।

तिथिच्छेदो न कर्तव्यो विनाशौचं यदृच्छया । पिण्डश्राद्धं च कर्तव्यं विच्छित्तिं नैव कारयेत्।।

अशक्तः पक्षमध्ये तु करोत्येकदिने यदा । निषिद्धेऽपि दिने कुर्यात्पिण्डदानं यथाविधि ।।

इति कात्यायनोक्तेश्च । अत्र मूलं चिन्त्यम् ।

पिताको क्षयतिथिमा निषिद्ध दिन भए पनि पार्वणश्राद्धको विधान

निर्णयदीपिकामा भनिएको छ – पिताको मृत्युदिनमा निषिद्ध दिन पर्न आए पनि सकृन्महालय (पितृपक्षमा एक पटकमात्र गरिने श्राद्ध) गर्नुपर्दछ । यस विषयमा **नागरखण्ड**मा भनिएको छ – आषाढ पूर्णिमाको पाँचौं पक्षमा कन्याराशिमा सूर्य हुँदा पिताको मृततिथिमा जुन मानिसले श्राद्ध गर्दछ, निश्चय नै त्यसका पितृहरू एकवर्षसम्म तृप्त हुन्छन् ।

कात्यायन भन्दछन् – जुन मानिसको जुन मरणतिथि हुन्छ त्यही तिथि पितृपक्षमा माननीय हुन्छ । आशौचबाहेक अरू समयमा स्वेच्छाले श्राद्धको तिथिपरिवर्तन गर्न हुँदैन र पिण्डदानपूर्वक श्राद्ध गर्नुपर्दछ । कहिल्यै पनि श्राद्धविच्छेद गर्नुहुँदैन । फेरि **कात्यायन** भन्दछन् – 'असमर्थ मानिसले पक्षमध्यको कुनै एक दिन निषिद्धै दिन भएतापनि पिण्डदान गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यस भनाइको मूल भने विचारणीय छ ।

पक्षश्राद्धकरणेऽपि नन्दादिषु पिण्डनिषेधाभावः

तथा पक्षश्राद्धकरणेऽपि न नन्दादिषु पिण्डनिषेध इत्याह पराशरमाधवीये कार्ष्णाजिनिः –

नभस्यस्यापरे पक्षे श्राद्धं कार्यं दिने दिने । नैव नन्दादि वर्ज्यं स्यान्नैव निन्द्या चतुर्दशी ।।

इति । अत्र श्राद्धमित्येकवचनाद्दिने दिने इति वीप्सावशाच्च सोमयागवदेकस्याभ्यासेनैकप्रयोगपरमिदम् । अतः **'प्रतिपत्प्रभृतिष्वेकां वर्जयित्वा चतुर्दशीम्'** । इति याज्ञवल्कीयं प्रयोगभेदपरं न तु पञ्चम्यादिपक्षविषयम् । **'प्रतिपत्प्रभृतिषु'** इति विशिष्योक्तेः । निर्णयदीपे, पृथ्वीचन्द्रोदये, मदनपारिजाते चैवम् । अन्यकृष्णपक्षपरं याज्ञवल्कीयम् । एतत्परत्वेनैव **'निन्द्यां चतुर्दशी विरोधात्'** इति गौडाः । तन्न **'श्राद्धं शस्त्रहतस्यैव चतुर्दश्यां महालये'** इति विरोधात् ।

नन्दा आदिमा पिण्डदानविधान

पक्षश्राद्ध गर्दा पनि नन्दा आदि तिथिहरूमा पिण्डनिषेध गरिँदैन भन्ने सम्बन्धमा **पराशरमाधवीय**मा उद्धृत **कार्ष्णाजिनि**को भनाइ यसप्रकार छ – भाद्रमासको अपरपक्षमा (कृष्णपक्षमा) प्रतिदिन श्राद्ध गर्नुपर्दछ । त्यसमा नन्दा आदि तिथि र चतुर्दशीतिथिको पनि त्याग गरिँदैन ।

हेमाद्रिको पूर्वोक्त वचन **श्राद्धं कार्यं दिने दिने**मा श्राद्धं एक वचन र **दिने दिने** वीप्सा वचन भएकाले सोमयागसमान एउटा विषयको अभ्यास गरी अनेकवार प्रयोग गर्नुपर्ने सम्बन्धमा आएको छ ।[४६] यसैले प्रतिपदादेखि लिएर पक्षको अन्त हुँदासम्म चतुर्दशी छाडी सबै तिथिमा श्राद्ध गर्नुपर्दछ भन्ने **याज्ञवल्क्य**को भनाइले एउटै श्राद्धको अनेकवार प्रयोग गर्नुपर्ने कुरा ज्ञात हुन्छ । यो भनाइ पञ्चमी आदि एकादशी आदि पक्षसँग सम्बन्धित छैन । यसले प्रतिपदाश्राद्धको प्रयोग गरी

४६. एउटा सोमयागमा **'मैत्रावरुणं गृह्णाति, आश्विनं गृह्णाति, मैत्रावरुणं यजति, आश्विनं यजति'** यस रूपमा यागको अभ्यास गरिँदा एउटै प्रयोगको अभ्यासबाट सबै देवता वा ग्रहको याग निष्पन्न हुन्छ भन्ने मीमांसाको सूत्र रहेको छ । **सोमेन यागविधिरस्य ग्रहो गुणोक्तः'** – मीमांसानुक्रमणिका, पूर्ववत् २/२/१७-२० ।

प्रतिपदादेखि लिएर प्रायः सबै तिथिमा श्राद्ध गर्नुपर्ने कुरा बताउँछ । **निर्णयदीप, पृथ्वीचन्द्रोदय** र **मदनपारिजातमा** पनि यही कुरा बताइएको छ । यस विषयमा **गौडहरू** भन्दछन् – **याज्ञवल्क्यको** उक्त भनाइ महालयबाहेकको अन्य कृष्णपक्षका सम्बन्धमा आएको हो । महालयका निमित्त आएको हो भन्ने हो भने महालयमा चतुर्दशीतिथि निन्दनीय हुँदैन भन्ने वचनसँग विरोध पर्न आउँछ । ग्रन्थकार भन्दछन् – गौडहरूको यो तर्क उचित छैन र महालयको चतुर्दशीमा शस्त्र-अस्त्रद्वारा मारिएकाको मात्र श्राद्ध गर्नु भन्ने वचन छ ।

तत्त्वं तु – **तिथिनक्षत्रवारादिनिषेधो य उदाहृतः । स श्राद्धे तन्निमित्ते स्यान्नानुषङ्गकृते ह्यसौ।।** इति दिवोदासीये वृद्धगार्ग्योक्तेस्तन्निमित्ते पक्षान्तरे च ज्ञेयः । सकृन्महालये तु वचनान्निषेधः । अन्यत्र न कोपि निषेधः । कार्ष्णाजिनिस्मृतेरिति । अतो नन्दादौ सपिण्डकश्राद्धे पुत्रवतोऽप्यधिकारः । अत्रिरपि –

महालये क्षयाहे च दर्शे पुत्रस्य जन्मनि । तीर्थेऽपि निर्वपेत्पिण्डान् रविवारादिकेष्वपि ।।

पूर्वोक्तनन्दानिषेधस्तु मृताहातिक्रमे सकृन्महालये पौर्णमास्यादिमृतश्राद्धे तन्निमित्ते च ज्ञेयः ।

सिद्धान्त पक्ष यसप्रकार छ – माथि विभिन्न मतहरूमा तिथि, वार, नक्षत्र आदिमा जसरी श्राद्धको निषेध गरिएको छ त्यो नन्दा आदि निमित्तमा गरिने श्राद्धको विषयमा हो । तर नन्दा आदिको सम्बन्धले गरिने महालय आदि श्राद्धको निषेध होइन । भनाइको तात्पर्य के भने नन्दातिथि शुक्रवार आदिमा पुत्रवान् गृहस्थले श्राद्ध गर्न हुँदैन भन्ने वचन नन्दादि निमित्तक हो । परन्तु नन्दा आदिमा पञ्चमी आदिको पक्षबाट गरिने महालयको निषेध होइन ।

दिवोदासीयमा वृद्धगार्ग्यले भनेका छन् – उक्त निषेध नन्दा आदि निमित्तक पक्षान्तरमा गरिने श्राद्धको निषेध हो। सकृन्महालयमा त वचनबाट निषेध हुन्छ। अन्यत्र कहीँ पनि कुनै किसिमबाट निषेध गरिएको छैन भन्ने कुरा **कार्ष्णाजिनिस्मृतिमा** गरिएको बताइएको छैन । त्यसैले पुत्रवान् गृहस्थका लागि नन्दा आदि तिथिमा पिण्डदानपूर्वक गरिने श्राद्ध सम्पन्न गर्न अधिकार छ । यस विषयमा **अत्रि** भन्दछन् – महालय, क्षयाह, अमावास्या, पुत्रजन्म, तीर्थप्राप्ति एवं रविवार आदिमा पिण्डदान गर्नुपर्दछ । पूर्वोक्त नन्दात्मक निषेध त मृताहको अतिक्रमण, सकृन्महालय, पौर्णमासी आदिमा मृत व्यक्तिको श्राद्ध र महालयको निमित्तमा गरिएको हो भनी बुझ्नुपर्दछ ।

विवाहव्रतचूडासु पिण्डदानादिनिषेधः

यत्तु स्मृत्यर्थसारे –

विवाहव्रतचूडासु वर्षमर्धं तदर्धकम् । पिण्डदानं मृदा स्नानं न कुर्यात्तिलतर्पणम् ।। इति ।

विवाह, उपनयन र चूडाकर्मपछि निश्चित अवधिसम्म पिण्डदाननिषेध

विवाह, व्रतबन्ध र चूडाकरणमा क्रमैले विवाहमा एकवर्ष, व्रतबन्धमा ६ महिना र चूडाकरणमा ३ महिनासम्म पिण्डदान, मृत्तिकास्नान र तिलस्नान गर्न हुँदैन भन्ने कुरा स्मृत्यर्थसारमा बताइएको छ ।[४७]

४७. **'विवाहव्रतचूडासु०'** यस वचनको आधारमा विवाह, व्रतबन्ध र चूडासंस्कार कर्म गर्दा नान्दीश्राद्ध गर्नुपर्छ । सो श्राद्ध विवाहको निमित्तमा गरिएको छ भने एकवर्षसम्म, व्रतबन्धको निमित्तमा गरिएको छ भने ६ महिनासम्म र चूडाको निमित्त गरिएको छ भने ३ महिनासम्म बाबु-आमा आदिको प्रत्येक वर्ष गरिने एकोद्दिष्टश्राद्ध, महालयश्राद्ध, तीर्थश्राद्ध आदि कुनै पनि श्राद्ध गर्न हुँदैन भनी लोकमा शास्त्र नबुझेका केही मानिसले आफू पनि नगर्ने र अरूलाई पनि गर्न नदिने गरेको पाइन्छ । यस्तो काम गर्नु–गराउनु सर्वथा शास्त्रविरुद्ध हो भन्ने कुरा– **'तीर्थे संवत्सरे प्रेते पितृयागे महालये। पिण्डदानं प्रकुर्वीत युगादिभरणीमघे।।'** बृहस्पतिको यो वचनले स्पष्ट गरेको छ।

अपवादनिरूपणम्

तस्यात्रापवादो दिवोदासीये बृहस्पतिः –

तीर्थे संवत्सरे प्रेते पितृयागे महालये । पिण्डदानं प्रकुर्वीत युगादिभरणीमघे ।। इति ।

निर्णयदीपे तु 'नन्दादिनिषेधः प्रत्यहभिन्नश्राद्धविषयः । षोडशाहव्यापिश्राद्धप्रयोगैकत्वे तु प्रत्यहं पिण्डदानं कार्यमेव' इत्युक्तम् । तदयमर्थः सम्पन्नः – षोडशाहव्यापिश्राद्धैक्ये न पिण्डनिषेधः । मृताहे सकृन्महालयेपि तथा । प्रत्यहं श्राद्धभेदेपि व्यतीपातादौ तथा । अन्यत्र मृताहातिक्रमे महालये च पिण्डनिषेध इति ।

पिण्डदाननिषेधको अपवाद

स्मृत्यर्थसारको वचनको अपवाद प्रस्तुत गर्दै **दिवोदासीय**मा **बृहस्पति**ले भनेका छन्– तीर्थ, संवत्सर, मृत्युकाल, पितृयाग, महालय, युगादि, भरणी, मघा, आश्विन कृष्णपक्षमा गरिने महालय, गयाश्राद्ध र माता–पिताको मृत्युतिथिमा विवाहित व्यक्तिले सधैं पिण्डदान गर्नुपर्दछ । **निर्णयदीप**मा भनिएको छ – नन्दा आदिको निषेध दिनदिनै श्राद्ध गरिने महालयपक्षभन्दा भिन्न किसिमका श्राद्धका लागि हो । १६ दिनसम्म निरन्तर गरिने एक किसिमको प्रयोगमा आधारित महालयश्राद्ध त गर्नुनै पर्दछ । यसबाट यो सिद्ध हुन्छ कि सोह्रै दिनसम्म एकश्राद्ध गरिने पक्षमा पिण्डको निषेध गरिँदैन।

कुनै त एक पटक मात्र गरिने महालयश्राद्ध र मृत्युका दिनमा पनि पिण्डनिषेध हुँदैन भन्दछन्, तर त्यहाँ निषेध हुन्छ। दिनदिनै गरिने भिन्न–भिन्न श्राद्धमा निषेध हुन्छ र व्यतीपात आदि योगमा निषेध हुन्छ । कहीँ मृत्युतिथिको अतिक्रमण भएमा पनि पिण्डनिषेध हुन्छ ।

संन्यासिनां द्वादश्यां महालयः

संन्यासिनां तु द्वादश्यां श्राद्धं कार्यम्– **यतीनां च वनस्थानां वैष्णवानां विशेषतः ।**

द्वादश्यां विहितं श्राद्धं कृष्णपक्षे विशेषतः ।। पृथ्वीचन्द्रोदये संग्रहोक्तेः।

द्वादशीमा संन्यासीहरूको महालय

संन्यासीहरूका निमित्त द्वादशीमा श्राद्ध गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदय**को संग्रह वचनमा भनिएको छ– संन्यासी, वानप्रस्थ र विशेषतः वैष्णवहरूको द्वादशीमा श्राद्ध गर्नुपर्दछ ।

श्राद्धाकरणे गौणकालः

अत्र पक्षे श्राद्धाकरणे गौणकालमाह हेमाद्रौ यमः –

हंसे कन्यासु वर्षास्थे शाकेनापि गृहे वसन् । पञ्चम्योरन्तरे दद्यादुभयोरपि पक्षयोः ।।

आश्विनकृष्णशुक्लपञ्चम्योर्मध्य इत्यर्थः । तत्राप्यसंभवे भविष्ये –

येयं दीपान्विता राजन्ख्याता पञ्चदशी भुवि । तस्यां दद्यान्न चेद्दत्तं पितृणां वै महालये ।।

तत्राप्यसंभवे भारते –

यावच्च कन्यातुलयोः क्रमादास्ते दिवाकरः । शून्यं प्रेतपरं तावद् वृश्चिकं यावदागतः ।।

ब्राह्मे – **वृश्चिके समतिक्रान्ते पितरो दैवतैः सह । निःश्वस्य प्रतिगच्छन्ति शापं दत्त्वा सुदारुणम् ।।**

श्राद्धको अभावमा गौणकालको व्यवस्था

महालयपक्षमा श्राद्ध नगरिएमा **हेमाद्रि**मा उद्धृत गौणकालसम्बन्धी यमको वचन यसप्रकार छ – सूर्य कन्याराशिमा जाँदा गृहस्थ मानिसले आश्विनकृष्ण पञ्चमी र आश्विन शुक्ल पञ्चमीको बीचमा शाकार्पण गरेर भए पनि श्राद्ध गर्नुपर्दछ । ती दुवै पञ्चमीको बीचमा पनि श्राद्ध गर्न सम्भव भएन भने के गर्ने ? भन्ने प्रश्नको उत्तर दिँदै **भविष्यपुराण**मा भनिएको छ – महालयमा श्राद्ध नगरिएमा गृहस्थले दीपावलीले युक्त कार्तिकमहिनाको अमावास्यामा पिण्डदान गर्नुपर्दछ । यसमा पनि श्राद्ध गर्न नसकेमा **महाभारत**को भनाइ छ – जबसम्म सूर्य कन्या, तुला र वृश्चिकमा रहन्छन् त्यसबेला यमपुर शून्य रहन्छ । जबसम्म सूर्य धनुमा जाँदैनन् तबसम्म पितृहरू सन्तानले दिने श्राद्धको आशाले पृथ्वीतर्फ आउने हुँदा यमपुर रित्तो रहन्छ भन्ने तात्पर्य हो । त्यसकारण वृश्चिकराशिमा सूर्य रहँदैमा श्राद्ध गर्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ – सूर्य वृश्चिकराशिबाट धनुराशिमा गएपछि पितृहरू देवताहरूका साथ तातो सास लिँदै श्राद्ध नगर्ने आफ्ना सन्तानहरूलाई कठोर सराप दिएर फर्किन्छन् ।

यत्तु जातूकर्ण्यः – **आकाङ्क्षन्ति स्म पितरः पञ्चमं पक्षमाश्रिताः ।**
तस्मात्तत्रैव दातव्यं दत्तमन्यत्र निष्फलम् ।। इति तत्फलातिशयहानिपरम् । **'कन्यां गच्छतु वा न वा'** इति तुरीयपादे वा पाठः। तेन कन्यायोगे प्राशस्त्यमात्रम् । अत्र श्राद्धविवेकोक्तं श्राद्धद्वयं हेयम्।

जातूकर्ण्य भन्दछन् – 'आषाढ पूर्णिमाको पाँचौं पक्षमा अर्थात् आश्विनकृष्णपक्षमा पितृहरूले अन्न र तर्पणको इच्छा गर्दछन् त्यसकारण त्यसै पक्षमा पिण्ड र तर्पण दिनुपर्दछ । अरू समयमा दिएको व्यर्थ हुन्छ ।' ग्रन्थकार भन्दछन् – उक्त पद्यमा गरिएको यस्तो निषेध महालयपक्षमा श्राद्ध गरेको जुन उत्तम फल प्राप्त हुन्छ त्यस्तो फल अरू बेला गरेको श्राद्धबाट पाइँदैन भन्ने बुझाउनमात्र हो, श्राद्ध नगर्ने व्यक्तिका लागि निषेध गरिएको होइन ।

जातूकर्ण्यको वचनमा आएको **कन्यां गच्छतु वा न वा** यो भनाइ कन्याका सूर्यको प्रशंसाका निमित्त गरिएको हो। त्यसकारण **श्राद्धविवेक**मा उल्लिखित माथिका ती दुई प्रकारका श्राद्ध हेय छन् ।

पक्वान्नेन श्राद्धसम्पादनम्

इदं च श्राद्धमन्नेनैव कार्यं नामान्नादिना ।

मृताहं च सपिण्डं च गयाश्राद्धं महालयम् ।
आपन्नोऽपि न कुर्वीत श्राद्धमामेन कर्हिचित् ।। इति स्मृतिदर्पणे गालवोक्तेः ।

महालयश्राद्धमा पक्वान्नको प्रयोग

महालयश्राद्धमा प्रसाद, पिण्ड आदिका निमित्त पाकेका अन्नको प्रयोग गर्नुपर्दछ । आमान्न (काँचो अन्न) प्रयोग गर्न हुँदैन । **गालव**ले यस विषयमा भनेका छन् – मृत दिवसमा गरिने एकोद्दिष्टश्राद्ध, सपिण्डनश्राद्ध, गयाश्राद्ध र महालयश्राद्धमा कर्ताले आफू आपत्तिमा परे तापनि काँचो अन्नको प्रयोग नगरी पक्वान्नको नै प्रयोग गर्नुपर्दछ ।

श्राद्धदेवता:

अथात्र देवता: संग्रहे –

ताताम्बात्रितयं सपत्नजननी मातामहादित्रयं सस्त्रि स्त्रीतनयादि तातजननीस्वभ्रातरस्तत्त्रिय: ।
ताताम्बात्मभगिन्यपत्यधवयुक् जायापिता सद्गुरु: शिष्याप्ता: पितरो महालयविधौ तीर्थे तथा तर्पणे।।

अस्यार्थ: – तातत्रयी, पितृत्रयी, अम्बात्रयी च । स्मृत्यर्थसारेऽपि महालये मातृश्राद्धं पृथक् प्रशस्तमिति ।

श्राद्धका देवता

अहिले श्राद्धका तर्पणीय देवताहरूको निरूपण गरिन्छ । **संग्रहग्रन्थ**मा भनिएको छ – 'महालयश्राद्ध, तीर्थश्राद्ध र तर्पणका लागि निर्दिष्ट पितृदेवता यसप्रकार छन् – पिता, पितामह, प्रपितामह, माता, पितामही, प्रपितामही, सौते माता, मातामह, प्रमातामह, वृद्धप्रमातामह, मातामही, प्रमातामही, वृद्धप्रमातामही, पत्नी एवं पुत्र, पिताकी सौते आमा, आफ्ना दाजुभाइ र तिनका पत्नीहरू, पिता एवं माताका दिदीबहिनीहरू, आफ्ना दिदीबहिनी, तिनका पति र छोराछोरीहरू, आफ्ना गुरु एवं शिष्य, आप्त पितृहरू यी सबै महालयश्राद्ध, तीर्थश्राद्ध र तर्पणविधिमा पितृदेवता मानिएका छन् ।' माथि पद्यमा प्रयुक्त **ताताम्बात्रितयम्**को अर्थ पितादेखि ३ र मातादेखि ३ भन्ने हुन्छ । **स्मृत्यर्थसार**मा महालयमा आमाको छुट्टै श्राद्धको प्रशंसा गरिएको छ ।[४८]

४८. महालयश्राद्धका देवता– **तातत्रितयम्** = पिता, पितामह, प्रपितामह । **अम्बात्रितयम्** = मातृ, पितामही, प्रपितामही । **सपत्नजननी**= सौतेनी आमा । **सस्त्रि** = मातामही, प्रमातामही, वृद्धप्रमातामहीसहति **मातामहादित्रयम्** = मातामह, प्रमातामह, वृद्धप्रमातामह । **स्त्री**= आफ्नी पत्नी । **तनयादि** = आफ्ना छोराछोरी । **तातभ्रातर:** = सपत्नीक बाबुका दाजुभाइ (जेठा–कान्छा बाबु) । **जननीभ्रातर:**= पत्नीसहितका आमाका दाजुभाइ (मामाहरू), **स्वभ्रातर:** = पत्नीसहितका आफ्ना दाजुभाइ । **तातभगिन्य:** = सन्तान र पतिसहितका बाबुका दिदीबहिनीहरू (फूपूहरू) । **अम्बाभगिन्य:** = सन्तान र पतिसहितका आमाका दिदीबहिनीहरू (सानीमा–ठूलीआमाहरू)। **आत्मभगिन्य:** = सन्तान र पतिसहितका आफ्ना दिदीबहिनीहरू । **जायापिता** = आफ्नी पत्नीका बाबु (सपत्नीक ससुरा), **सद्गुरु:** = सपत्नीक गायत्रीगुरु । **शिष्याप्ता:** = शिष्य र मित्रहरू । यी पितृहरूले महालयश्राद्धमा र तीर्थश्राद्धमा पिण्ड प्राप्त गर्दछन् भने तर्पणचाहिँ महालय (पार्वण), एकोद्दिष्टादि सबै प्रकारका श्राद्धमा पाउँछन् ।

'**ताताम्बात्रितयं०** ' यो श्लोकले पितृहरूलाई दुई भागमा विभाजन गरेको छ । पार्वणगणीय र एकोद्दिष्टगणीय । पार्वणगणीयमा पिता, पितामह, प्रपितामह, माता, पितामही, प्रपितामह, मातामह, प्रमातामह, वृद्धप्रमातामह र मातामही, प्रमातामही, वृद्धप्रमातामही पर्दछन् भने एकोद्दिष्टगणीयमा चाहिँ पिता, माता, पत्नी, पुत्र, जेठा–कान्छा बाबु आदि पर्दछन् । आश्विनकृष्ण (महालय) पक्ष पितृहरूको तृप्तिका निमित्त पुण्यतम पर्व भएकाले यो पर्वमा पार्वणगणीय एवं एकोद्दिष्टगणीय दुवैतर्फका पितृहरूले पिण्ड पाउने पूर्ण आशा राखेका हुन्छन् । अत: यो महान् पर्वमा उक्त दुवै समूहका सबै पितृहरूलाई तर्पणका साथै पिण्डसमेत प्रदान गर्नु अति उत्तम हुन्छ ।

महालय (आश्विनकृष्ण) पक्षमा पार्वणश्राद्ध गर्नुपर्छ । पार्वण पनि चार प्रकारका हुन्छन् – एकपार्वण, द्विपार्वण, त्रिपार्वण र चतु:पार्वण । बाह्र महिनाका कुनै पनि औँसीमा मर्नेहरूको र आश्विन कृष्णपक्षका कुनै पनि तिथिमा मर्ने मानिसको मृतक, मृतकको बाबु र उसको जिबाबु तीन पुस्तालाई तीन पिण्ड दिएर एकपार्वणविधिले श्राद्ध गर्नुपर्छ भने द्विपार्वणमा सपत्नीक पितृ, पितामह, प्रपितामह र सपत्नीक मातामह, प्रमातामह, वृद्धप्रमातामह ६ पुरुषलाई चारवटा कुशका ब्राह्मण स्थापना गरी ६ वटा पिण्ड प्रदान गर्नुपर्छ । त्रिपार्वणमा पितृपितामह, प्रपितामह, मातृपितामही, प्रपितामही र सपत्नीक मातामह, प्रमातामह, वृद्धप्रमातामह यी तीन पक्षका ९ पितृलाई ९ वटा पिण्ड दिई श्राद्ध गर्नुपर्छ । चतु:पार्वणश्राद्ध चाहिँ पितृ आदि तीन, मातृ आदि तीन, मातामह आदि तीन र मातामही आदि तीन समेत गरी १२ पितृलाई १२ वटै पिण्ड दिएर गरिन्छ । यी पार्वणहरूमा महालयमा कसैले द्विपार्वण, कसैले त्रिपार्वण, कसैले चतु:पार्वण पनि गर्छन् । लोकव्यवहारमा द्विपार्वण गर्ने चलन बढी देखिन्छ । शास्त्रकारहरूमध्ये अधिकको आशय पनि द्विपार्वण गर्नेतर्फमा नै केन्द्रित रहेको पाइन्छ । अन्नदानसम्मका क्रिया द्विपार्वणविधिले गर्दै जाने र पिण्डचाहिँ पार्वणगणीय र एकोद्दिष्टगणीय सबै पितृहरूलाई प्रदान गर्नु अति उत्तम हुन्छ ।

(**अन्वष्टकासु वृद्धौ च प्रतिसंवत्सरं तथा । महालये गयायां च सपिण्डीकरणात् पुरा ।।**

मातुः श्राद्धं सुतः कुर्यादन्यत्र पतिना सह ।। – अन्वष्टकाश्राद्ध, वृद्धिश्राद्ध, सांवत्सरिकश्राद्ध, महालयश्राद्ध, गयाश्राद्ध आदिमा छोराले आमाको छुट्टै श्राद्ध गर्नुपर्दछ । अन्यत्र पतिका साथ गर्नुपर्दछ ।)

विशेषार्थनिरूपणम्

अत्र विशेषः स्मृतिदर्पणे गालवः –

अनेका मातरो यस्य श्राद्धे चापरपक्षिके । अर्घ्यदानं पृथक्कुर्यात्पिण्डमेकं तु निर्वपेत् ।।

जीवन्मातृकस्तु सापत्नमातुरेकोद्दिष्टं कुर्यान्न पार्वणम् । श्राद्धदीपकलिकायां तु पार्वणमुक्तम् ।

अन्वष्टक्यं च यन्मातुर्गयाश्राद्धं महालयम् । पितृपत्नीषु च श्राद्धं कार्यं पार्वणवद्भवेत् ।।'

इति बृहन्मनूक्तेः । सस्त्रीति मातामहानां सपत्नीकत्वेपि विभवे सति मातामहीनां पृथक्कार्यम् ।

अनेक माता हुने पुत्रका पार्वणश्राद्धसम्बन्धी विशेष नियम

माताका निमित्त गरिने श्राद्धका सम्बन्धमा **स्मृतिदर्पणमा गालव** भन्दछन् – जुन मानिसका धेरै माता हुन्छन् त्यसले महालयश्राद्धमा छुट्टाछुट्टै अर्घ्य दिनुपर्दछ तर पिण्ड भने एउटै गरे हुन्छ । जसकी आफ्नी जन्म दिने आमा जीवित हुन्छिन् त्यसले आफ्ना सौते आमाहरूको एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ तर पार्वणश्राद्ध गर्नुपर्दैन ।

श्राद्धकलिका ग्रन्थमा भने सौते आमाहरूको पनि पार्वणश्राद्ध गर्नुपर्दछ भनिएको छ । यस सम्बन्धमा **वृद्धमनु** भन्दछन् – अन्वष्टकाश्राद्ध, महालयश्राद्ध र पिताका अरू पत्नीहरूको श्राद्ध पार्वणसमान हुन्छन् । **मातामहादि त्रयं सस्त्रि** माथिको यस वाक्यमा मातामह आदि स्त्रीसहित भनिएकाले मातामही आदिको श्राद्ध छुट्टै नगरे पनि हुन्छ । तर ऐश्वर्य छ भने मातामही आदिको छुट्टाछुट्टै श्राद्ध गर्नुपर्दछ ।

'**महालये गयाश्राद्धे वृद्धौ चान्वष्टकासु च । ज्ञेयं द्वादशदैवत्यं तीर्थे प्रौष्ठे मघासु च ।।**' इति निगमोक्तेः । हेमाद्रिमते त्वत्र नवदैवत्यमेव ।

'**महालये गयाश्राद्धे वृद्धौ चान्वष्टकासु च । नवदैवत्यमत्रेष्टं शेषं षाट्पौरुषं विदुः ।।**' इति विष्णुधर्मोक्तेः। तातभ्राता पितृव्यः, जननीभ्राता मातुलः, तत्स्त्रियः पितृव्यस्त्रीमातुलानीभ्रातृजायाः । पितृष्वसृमातृष्वसृस्वभगिन्योऽपत्य-भर्तृयुक्ताः । तेन सापत्यायै सधवायै इति प्रयोगो ज्ञेयः । एतासु सतीषु न तद्भर्त्रादेर्दानम् । द्वारलोपात् । जायापिता – श्वशुरः । श्वश्रूरप्यत्रोपलक्ष्या । अत्र मूलं स्मृतिचन्द्रिकायां ज्ञेयम्।

निगममा भनिएको छ – महालयश्राद्ध, गयाश्राद्ध, वृद्धिश्राद्ध, अन्वष्टकाश्राद्ध, तीर्थश्राद्ध, भाद्रपद र मघाका श्राद्धहरूमा बाह्र देवता मान्ने किसिमले श्राद्ध गर्नुपर्दछ । यसमा **हेमाद्रि**ले नौ देवता मान्ने किसिमबाट श्राद्ध गर्नुपर्दछ भनेका छन् ।

विष्णुधर्ममा भनिएको छ – महालयश्राद्ध, गयाश्राद्ध, वृद्धिश्राद्ध र अन्वष्टकाश्राद्धमा नौ देवताको पूजा गरिने श्राद्ध गर्नुपर्दछ । अरू श्राद्धमा ६ देवता मान्नुपर्दछ । पितृव्य अर्थात् बाबुका दाजुभाइ, मातुल अर्थात् आमाका दाजुभाइ, जेठीआमा, कान्छीआमा, माइजू, सानीमा, ठूलीआमा एवं फुपूहरूलाई दिँदा पति र सन्तानसमेतको नाम लिनुपर्दछ । वचन मिलाउँदा **सापत्यायै सभर्तृकायै** भन्नुपर्दछ । यिनीहरू जीवित भएमा यिनका पति आदिलाई पिण्ड दिनुहुँदैन, किनकि द्वारलोप हुन्छ । द्वारलोप हुन्छ भन्नुको अर्थ पिण्डादि दिनको लागि प्रवेशद्वार अवरुद्ध हुन्छ । आफ्ना सम्बन्धीले

प्रदान गर्ने पिण्ड पतिको माध्यमबाट पत्नीलाई प्राप्त हुन्छ र पत्नीको माध्यमबाट पतिलाई प्राप्त हुन्छ त्यसकारण स्त्रीहरू जीवित छँदै तिनका पतिलाई द्वारलोप हुने भएकाले पिण्ड दिनुपर्दैन । जायापिता भनेको ससुरा हो । यसपदबाट सासूलाई पनि जान्नुपर्दछ । यसको मूल स्मृतिचन्द्रिकामा हेर्नुपर्दछ ।

पार्वणैकोद्दिष्टयोर्व्यवस्था

अत्र पार्वणैकोद्दिष्टव्यवस्थोक्ता हेमाद्रौ पुराणान्तरे-

उपाध्यायगुरुश्वश्रूपितृव्याचार्यमातुलाः । श्वशुरभ्रातृतत्पुत्रपुत्रर्त्विक्शिष्यपोषकाः ।।

भगिनीस्वामिदुहितृजामातृभगिनीसुताः । पितरौ पितृपत्नीनां पितुर्मातुश्च या स्वसा ।।

सखिद्रव्यदशिष्याद्यास्तीर्थे चैव महालये । एकोद्दिष्टविधानेन पूजनीयाः प्रयत्नतः ।।' इति ।

इतरेषां पित्रादीनां पार्वणमर्थसिद्धम् । अत्र क्रमान्यत्वेऽप्याचाराद्व्यवस्था ।

पार्वण र एकोद्दिष्टको व्यवस्था

अब पार्वण र एकोद्दिष्टश्राद्धको विषयमा निरूपण गरिन्छ । पुराणान्तरको वचन उद्धृत गरी हेमाद्रिमा भनिएको छ'उपाध्याय अर्थात् पढाउने गुरु, गुरु अर्थात् मन्त्र दिने, सासू, ज्येष्ठपिता-कनिष्ठपिता, आचार्य, मामा, ससुरा, दाजु एवं भाइ, तिनका छोरा, आफ्नो छोरा, ऋत्विक्, शिष्य, पोषक अर्थात् आफ्नो पालन-पोषण गर्ने मानिस, दिदी-बहिनी, स्वामी, छोरी, ज्वाइँ, भाञ्जा, पिताका पत्नीहरूका माता-पिता, मातृष्वसा अर्थात् आमाका दिदी-बहिनी, पितृष्वसा अर्थात् पिताका दिदी-बहिनी, मित्र, धनदाता, शिष्य आदि पितृहरू महालय तथा तीर्थमा एकोद्दिष्टविधिद्वारा पूजनीय हुन्छन् ।' यीबाहेक पितृ, पितामह आदिको पार्वणश्राद्ध गर्नुपर्दछ भन्ने कुरा अर्थबाट सिद्ध छ । माथिको श्लोकमा छन्दका अनुरोधले क्रम यताउति भए पनि आफ्नो कुलाचारद्वारा क्रम मिलाएर श्राद्ध गर्नुपर्दछ ।

अशक्तौ विशेषः

अशक्तौ तु पृथिवीचन्द्रोदये चतुर्विंशतिमते -

एकस्मिन्ब्राह्मणे सर्वानाचार्यादीन्प्रपूजयेत् । दश द्वादश वा पिण्डान्दद्यादकरणं न तु ।।'

श्राद्धमा धेरै ब्राह्मण निम्ता गर्न असमर्थ भएमा

अशक्त अवस्थामा गर्नुपर्ने विधिको विषयमा पृथ्वीचन्द्रोदय र चतुर्विंशतिमतमा भनिएको छ - एउटा ब्राह्मणमा नै उक्त सबै आचार्य आदि पितृहरूको पूजा गर्नुपर्दछ । दश वा बाह्रपिण्ड दिनुपर्दछ । म असमर्थ छु भनेर श्राद्ध नगर्ने काम गर्नु हुँदैन ।

एकोद्दिष्टस्वरूपकथनम्

एकोद्दिष्टस्वरूपं चाह याज्ञवल्क्यः -

एकोद्दिष्टं दैवहीनमेकार्घ्यैकपवित्रकम् । आवाहनाग्नौकरणरहितं त्वपसव्यवत् ।।' इति ।

अत्रैकपाको वैश्वदेवतन्त्रं पिण्डं बर्हिश्चैकमिति स्मृत्यर्थसारे उक्तम् ।

एकोद्दिष्टको स्वरूप

याज्ञवल्क्यले एकोद्दिष्टको स्वरूप बताउँदै भनेका छन् – एकोद्दिष्टमा विश्वेदेव हुँदैनन्, एक अर्घ्यपात्र र एक पवित्र हुन्छ, आवाहन र अग्नौकरण गरिँदैनन् र यो श्राद्ध अपसव्यविधिद्वारा गरिन्छ ।

स्मृत्यर्थसारमा भनिएको छ– एकोद्दिष्टश्राद्धमा एक पाक, एक विश्वेदेव, एक पिण्ड र एक बर्हि (पवित्र) हुन्छन्।

पाणिहोमः

अत्र पाणिहोमः । पिण्डाश्चात्र द्विजान्तिक इत्याह प्रयोगपारिजाते आचार्यः –

काम्ये चाभ्युदयेऽष्टम्यामेकोद्दिष्टमथाष्टमम् । चतुर्ष्वेषु करे होमः पिण्डाश्चात्र द्विजान्तिके ।। इति।

पार्वणैकोद्दिष्टयोः समानतन्त्रत्वे तु अग्निसमीप एव ।

ब्राह्मणको हातमा जलद्वारा होम

अहिले पाणिहोमको विषयमा निरूपण गरिन्छ । एकोद्दिष्टश्राद्धमा ब्राह्मणको हातमा होम र ब्राह्मणकै समीपमा पिण्डदान गर्नुपर्दछ भन्ने कुरा बताउँदै **प्रयोगपारिजातमा आचार्य**ले भनेका छन् – 'काम्य, आभ्युदयिक, अष्टका र आठौं श्राद्ध एकोद्दिष्टमा ब्राह्मणको हातमा हवन गरी ब्राह्मणकै समीपमा पिण्ड दिनुपर्दछ ।' पार्वण र एकोद्दिष्ट एकैपटक गरिँदा अग्निका समीपमा पिण्डदान गर्नुपर्दछ ।

धुरिलोचनौ वैश्वदेवौ

अत्र धुरिलोचनौ वैश्वदेवौ । '**अपि कन्यागते सूर्ये काम्ये च धुरिलोचनौ ।**' इति हेमाद्रावादित्यपुराणात्। अत्र प्रतिदिनं भिन्नप्रयोगत्वाद्दक्षिणाभेदो वा प्रयोगैक्यादन्ते एव वा दक्षिणेति हेमाद्रौ उक्तम् ।

पार्वणश्राद्धमा धुरि र लोचन विश्वेदेव

भाद्रपदको अपरपक्षमा गरिने श्राद्धमा धुरि र लोचन नामक दुई विश्वेदेव हुन्छन् । **हेमाद्रिमा उद्धृत आदित्यपुराणको** वचनमा भनिएको छ – कन्याराशिको सूर्यमा श्राद्ध गर्दा र काम्यश्राद्ध गर्दा धुरि र लोचन नामक विश्वेदेव हुन्छन् । आश्विनकृष्ण पक्षका १५ श्राद्धहरूमा दिनदिनै भिन्दाभिन्दै श्राद्ध हुने भएकाले दक्षिणा पनि दिनदिनै गर्नुपर्दछ अथवा एउटै किसिमको श्राद्धलाई दोहोऱ्याइने हुनाले अन्त्यमा एकैचोटि दक्षिणा दिए पनि हुन्छ।

दर्शश्राद्धादि जीवत्पितृकेण पिण्डसहितं कार्यम्

एतच्च संन्यस्तपितृकादिना जीवत्पितृकेणापि कार्यम् –

वृद्धौ तीर्थे च संन्यस्ते ताते च पतिते सति । येभ्य एव पिता दद्यात्तेभ्यो दद्यात्स्वयं सुतः ।।

इति कात्यायनोक्तेः । यत्तु कौण्डिन्यः –

दर्शश्राद्धं गयाश्राद्धं श्राद्धं चापरपक्षिकम् । न जीवत्पितृकः कुर्यात्तिलैस्तर्पणमेव च ।।

इति, तत्संन्यस्तपित्राद्यतिरिक्तविषयम्, काम्यश्राद्धपरं वा । अत्र बहु वक्तव्यं श्रीपितृकृतजीवत्पितृकनिर्णये ज्ञेयम् । एतच्च जीवत्पितृकेण पिण्डरहितं कार्यम् ।

मुण्डनं पिण्डदानं च प्रेतकर्म च सर्वशः । न जीवत्पितृकः कुर्याद् गुर्विणीपतिरेव च ।।

इति दक्षेण तस्य पिण्डनिषेधात् । अन्वष्टक्यमातृवार्षिकादौ तु वचनाद् भवतीति वक्ष्यामः । तथा छागलेयः –

पिण्डो यत्र निवर्तेत मघादिषु कथञ्चन । साङ्कल्पं तु तदा कार्यं नियमाद् ब्रह्मवादिभिः ।।

साङ्कल्पस्वरूपं च वक्ष्यते ।

पिता जिउँदै भएका मानिसले श्राद्ध गर्नुपर्ने अवस्था

जसका पिता संन्यासी भएका छन् अथवा पतित भएका छन् ती पुत्रले पिता ज्यूँदै रहे पनि वृद्धि आदि श्राद्ध गर्नुपर्दछ । यस सम्बन्धमा **कात्यायन** भन्दछन् – पिता संन्यासी भएमा अथवा पतित भएमा वृद्धि वा तीर्थश्राद्ध गर्दा पिताले जुन पितृहरूका लागि पिण्डदान गर्दथे तिनै पितृका निमित्त पुत्रले पनि पिण्ड दिनुपर्दछ ।

कौण्डिन्य भन्दछन् – 'जसका पिता जीवित छन् त्यो व्यक्तिले अमावास्याश्राद्ध, गयाश्राद्ध, महालयश्राद्धमा तिलद्वारा तर्पण गर्न हुँदैन ।' यसमा ग्रन्थकारको भनाइ छ – **कौण्डिन्य**को यो भनाइ संन्यास लिने पिताभन्दा अतिरिक्त पिताको विषयमा आएको हो अथवा काम्यश्राद्ध विषयलाई लिएर भनिएको हो । यसमा धेरै भन्नुपर्ने कुरा छ । पाठकले मेरा पिताजीद्वारा बनाइएको **जीवत्पितृकनिर्णय** नामक ग्रन्थबाट बुझ्नुपर्दछ । पिता जीवित भएका व्यक्तिले उक्त श्राद्ध पिण्ड नदिईकन गर्नुपर्दछ । किनकि **दक्ष**ले भनेका छन् – मुण्डन, पिण्डदान, प्रेतकर्म, जीवत्पितृक मानिस र गर्भिणीका पतिले गर्न हुँदैन । तर अन्वष्टकाश्राद्ध र मातृश्राद्धमा त पिण्ड दिनुपर्दछ भन्ने वचन छ । यस विषयमा हामी पछि बताउनेछौं। छागलेय भन्दछन् – कुनै कारणबाट मघा आदिमा पिण्ड निषिद्ध गरिन्छ भने त्यसबेला ब्रह्मवेत्ताहरूले साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ । साङ्कल्पिक के हो भन्ने कुरा पछि बताइने छ ।

श्राद्धाङ्गतर्पणनिरूपणम्

अत्र श्राद्धाङ्गतर्पणं पक्षश्राद्धे प्रतिदिनं श्राद्धोत्तरम् । सकृन्महालये तु परेऽह्नि कार्यम् । तदुक्तं नारदीये –

पक्षश्राद्धं यदा कुर्यात्तर्पणं तु दिने दिने । सकृन्महालये चैव परेऽहनि तिलोदकम् ।।

गर्गोऽपि – **'पक्षश्राद्धे हिरण्ये च अनुव्रज्य तिलोदकम्'** इति ।

श्राद्धाङ्गतर्पण

पक्षश्राद्धमा दिनदिनै श्राद्ध सकिएपछि श्राद्धाङ्गतर्पण गर्नुपर्दछ । सकृन्महालय अर्थात् पक्षभित्र एक दिनमात्र गरिने पार्वणश्राद्धमा श्राद्धको दोस्रो दिन तिलोदक दिनुपर्दछ भन्ने कुरा **नारदीयपुराण**मा बताइएको छ । **गर्ग**ले भनेका छन् – पक्षश्राद्ध र हिरण्यश्राद्धमा श्राद्ध सकिएपछि तिलोदक दिनुपर्दछ ।

निषिद्धदिनेऽपि तर्पणकथनम्

तथा प्रयोगपारिजाते गर्गः –

कृष्णे भाद्रपदे मासि श्राद्धं प्रतिदिनं भवेत् । पितृणां प्रत्यहं कार्यं निषिद्धाहेऽपि तर्पणम् ।।

सकृन्महावलये श्वः स्यादष्टकास्वन्त एव हि ।।' इदं निषिद्धदिनेऽपि कार्यम् । **'तिथितीर्थविशेषेषु कार्यं प्रेते च सर्वदा'** इति स्मृत्यर्थसारोक्तेः ।

तीर्थे तिथिविशेषे च गयायां प्रेतपक्षके । निषिद्धेऽपि दिने कुर्यात्तर्पणं तिलमिश्रितम् ।।

इति स्मृतिरत्नावल्यां वचनाच्च ।

निषिद्ध दिनमा पनि तर्पण

प्रयोगपारिजातमा गर्ग भन्दछन् – भाद्रमासको कृष्णपक्षमा प्रतिदिन श्राद्ध गरिन्छ । त्यसबेला निषिद्ध दिन भए पनि दिनदिनै तर्पण गर्नुपर्दछ । सकृन्महालयमा दोस्रो दिन र अन्वष्टकाहरूमा अन्त्यमा तर्पण गर्नुपर्दछ । त्यसैले तर्पण निषिद्ध दिनमा पनि गर्नुपर्दछ ।

स्मृत्यर्थसारमा भनिएको छ – तीर्थमा, तिथिविशेषमा र प्रेतकार्यमा सधैं तर्पण दिनुपर्दछ । **स्मृतिरत्नावली**मा भनिएको छ – तीर्थ, तिथिविशेष, गया, प्रेतपक्ष र निषिद्ध दिनमा पनि तिलमिश्रित तर्पण दिनुपर्दछ ।

मलमासे पार्वणश्राद्धनिषेधः

एतच्च श्राद्धं मलमासे न कार्यम् । तदाह भृगुः –

वृद्धिश्राद्धं तथा सोममग्न्याधेयं महालयम् । राजाभिषेकं काम्यं च न कुर्याद्भानुलङ्घिते ।। इति।

हेमाद्रौ नागरखण्डे –

नभो वाथ नभस्यो वा मलमासो यदा भवेत् । सप्तमः पितृपक्षः स्यादन्यत्रैव तु पञ्चमः ।।

एतच्च पित्रोर्मरणे प्रथमाब्दे कृताकृतमिति त्रिस्थलीसेतौ भट्टाः । इदं च नित्यं काम्यं च ।

मलमासमा पार्वणश्राद्धनिषेध

पक्षश्राद्ध मलमासमा गर्नुहुँदैन । यस विषयमा भृगु भन्दछन् – वृद्धिश्राद्ध, सोमयज्ञ, अन्वाधान, महालय, राज्याभिषेक र काम्यश्राद्ध मलमासमा वर्जित छन् । **हेमाद्रिको नागरखण्ड**मा भनिएको छ – श्रावण अथवा भाद्रमासमा मलमास परेमा पितृपक्ष आषाढदेखि सातौं पक्ष हुन्छ र अरू बेला पाँचौं हुन्छ ।

त्रिस्थलीसेतुमा भट्टहरू भन्दछन् – माता अथवा पिताको मृत्यु हुँदा पहिलो वर्ष पक्षश्राद्ध कृताकृत हुन्छ अर्थात् **कृते** – गरिएमा अभ्युदय हुन्छ, **अकृते** – नगरिएमा कुनै दोष हुँदैन । यो श्राद्ध नित्य र काम्य दुवै हो ।

महालयाकरणे दोषः

पुत्रानायुस्तथारोग्यमैश्वर्यमतुलं तथा ।
प्राप्नोति पञ्चमे दत्त्वा श्राद्धं कामान्सुपुष्कलान् ।। इति जाबाल्युक्तेः ।
वृश्चिके समतिक्रान्ते पितरो दैवतैः सह ।
निःश्वस्य प्रतिगच्छन्ति शापं दत्त्वा सुदारुणम् ।। इति कार्ष्णाजिनिवचनाच्च ।

महालयको फलश्रुति र महालय नगर्दा दोषकथन

जाबालि भन्दछन् – सत्पुत्रले पाँचौं पक्षमा महालयश्राद्ध गरेपछि पुत्र, आयु, आरोग्य, अतुल ऐश्वर्य र सबै मनोरथ प्राप्त गर्दछन् । **कार्ष्णाजिनि** भन्दछन् – वृश्चिक सकिएपछि अर्थात् मार्गशीर्षमास सकिएपछि श्राद्ध नपाएका पितृहरू देवताका साथ तातो सास फेर्दै डरलाग्दो सराप दिएर आफ्नो स्थानमा फर्किन्छन् ।

महालयाकरणे प्रायश्चित्तम्

तदतिक्रमे प्रायश्चित्तमुक्तमृग्विधाने –

दुरो अश्वस्य मन्त्रं च दशमासं द्विमासयोः । महालयं सदा न्यूनं तदा सम्पूर्णमेति तत् ।। इति ।

द्विमासयोः कन्यातुलयोर्महालयश्राद्धं यदा हीनमित्यर्थः ।

महालय नगर्दा प्रायश्चित्त

महालयको अतिक्रमण भएमा ऋग्विधानमा त्यसको प्रायश्चित्त बताउँदै भनिएको छ – जसले पितृहरूको महालयश्राद्ध प्रमादवश गर्दैन त्यसले निम्नलिखित मन्त्र दुई महिनासम्म दिनको १० पटक जप्नुपर्दछ । त्यसबाट महालय नगर्दा भएको न्यूनता पूर्णतामा परिणत हुन्छ । मन्त्र यसप्रकार छ – **दुरो अश्वस्य दुर इन्द्र गोरसि दुरो यवस्य वसुन इनस्पतिः । शिक्षानरः प्रदिवो अकामकर्शनः सखा सखिभ्यस्तमिदं गृणीमसि ।।** – ऋ. १/१५३/२ ।

भरणीश्राद्धम्

अत्र भरण्यां श्राद्धमतिप्रशस्तम् । तदुक्तं पृथिवीचन्द्रोदये मात्स्ये –

भरणी पितृपक्षे तु महती परिकीर्तिता । अस्यां श्राद्धं कृतं येन स गयाश्राद्धकृद्भवेत् ।।

पृथिवीचन्द्रोदये श्रीधरीये बृहस्पतिः –

नभस्यापरपक्षस्य द्वितीया यदि याम्यभे । तृतीया चाग्नितारार्भिः सहिता प्रीतिदा पितुः ।।

भरणीश्राद्ध

पितृपक्षमा भरणीनक्षत्रमा गरिने श्राद्धलाई अति उत्तम मानिएको विषयमा **पृथ्वीचन्द्रोदयमा** उद्धृत **मत्स्यपुराणको** वचनमा भनिएको छ – पितृपक्षमा भरणीनक्षत्रमा गरिने श्राद्ध श्रेष्ठ हुन्छ । (तर यो श्राद्ध पिण्डरहित गर्नुपर्दछ ।) भरणीमा गरिने श्राद्धलाई गयाश्राद्धसमान उत्तम मानिएको छ ।

श्रीधररचित पृथ्वीचन्द्रोदयमा उद्धृत बृहस्पतिको वचनमा भनिएको छ– भाद्रमासको पितृपक्षको द्वितीयातिथिमा भरणीनक्षत्र र तृतीयातिथिमा कृत्तिकानक्षत्रको योगमा श्राद्ध गर्दा पितृहरू अत्यन्त तृप्त हुन्छन् ।

कपिलाषष्ठीपूजनम्

एतत्पक्षे षष्ठी योगविशेषेण कपिलासंज्ञा । तदुक्तं वाराहे –

नभस्यकृष्णपक्षे तु रोहिणीपातभूसुतैः । युक्ता षष्ठी पुराणज्ञैः कपिला परिकीर्तिता ।।

व्रतोपवासनियमैर्भास्करं तत्र पूजयेत् । कपिलां च द्विजाग्र्याय दत्त्वा क्रतुफलं लभेत् ।।

कपिलाषष्ठीपूजन

यस पक्षको षष्ठीमा विशेष योग पर्न आएमा त्यस षष्ठीलाई कपिलाषष्ठी भनिन्छ । **वाराहपुराणमा** भनिएको छ कि भाद्रमासको अपरपक्षमा षष्ठीतिथिका दिन रोहिणी, व्यतीपात र मङ्गलवार परेमा त्यस षष्ठीलाई कपिलाषष्ठी भनिन्छ । त्यो दिन व्रत, उपवास र नियमपूर्वक सूर्यपूजा गर्नुपर्दछ । पूजाको अन्तमा ब्राह्मणलाई कपिला गाई दान गरिदिएमा यज्ञको सम्पूर्ण फल प्राप्त हुन्छ ।

पुराणसमुच्चये –

भाद्रे मास्यसिते पक्षे भानौ चैव करे स्थिते । पाते कुजे च रोहिण्यां सा षष्ठी कपिला भवेत्।।

अत्र दर्शान्तत्वेन महालयो भाद्रपदकृष्णपक्षो ज्ञेय इत्युक्तं निर्णयामृते हेमाद्रौ च । हस्तार्कस्तु फलातिशयार्थः। **'संयोगे तु चतुर्णां वै निर्दिष्टा परमेष्ठिना'** इति तत्रैवोक्तेः ।

पुराणसमुच्चयमा भनिएको छ – भाद्रमासको कृष्णपक्षको षष्ठीतिथिमा सूर्य हस्तानक्षत्रमा गएको बेला व्यतीपात, मङ्गलवार र रोहिणीनक्षत्र भएमा त्यो षष्ठीलाई कपिलाषष्ठी भनिन्छ । यहाँ अमावास्यान्त मासका आधारमा भाद्रपद कृष्णपक्ष महालय हो भन्ने कुरा बुझ्नुपर्दछ । यस सम्बन्धमा **निर्णयामृत** र **हेमाद्रिमा** स्पष्टरूपमा खुलाइएको छ । हस्ताको सूर्यको उल्लेख फलको अतिशयता देखाउन गरिएको हो । पुराणसमुच्चयमा नै भनिएको छ – चारतत्त्वको संयोगमा अपरपक्षको षष्ठी कपिलाषष्ठीका रूपमा पूजित हुन्छ । **परमेष्ठीले** कपिलाषष्ठीका कारक चार तत्त्व बताएका छन् – हस्ताका सूर्य, व्यतीपातयोग, मङ्गलवार र रोहिणीनक्षत्र ।

अत्र विशेषो हेमाद्रौ स्कान्दे –

देवदारुं तथोशीरं कुङ्कुमैला मनःशिलाम् । पत्रकं पद्मकं यष्टि मधु गव्येन पेषयेत् ।।

क्षीरेणालोड्य कल्केन स्नानं कुर्यात्समन्त्रकम् । आपस्त्वमसि देवेश ज्योतिषां पतिरेव च ।।

पापं नाशय मे देव वाङ्मनःकायकर्मजम् । पञ्चगव्यकृतस्नानः पञ्चभङ्गैस्तु मार्जयेत् ।।

पञ्चभङ्गैः पञ्चपल्लवैः । तथा –

रत्नैर्नानाविधैर्युक्तं सौवर्णं कारयेद्रविम् । शक्तितस्तु पलादूर्ध्वं तदर्धं कर्षतोऽपि वा ।।

सौवर्णमरुणं कुर्यान्नौकां चैव तथा रथम् ।। तथा– **अल्पवित्तोपि यः कश्चित्सोपि कुर्यादिमं विधिम्।**

हेमाद्रिमा उद्धृत **स्कन्दपुराणको** वचनमा विशेष तथ्य उद्घाटन गर्दै भनिएको छ – कपिलाषष्ठीमा साधकले देवदारु अर्थात् दियार, उशीर अर्थात् खस, कुंकुम, अलैंची, मैनसिल, तेजपात, पद्मकाष्ठ अर्थात् पैञ्यूँ, जेठीमधु र महलाई एकै ठाउँमा गराई पञ्चगव्यमा मिसाएर पिस्नु पर्दछ । त्यसमा फेरि अलिकति दूध मिसाएर त्यसको लेदोले मन्त्रसहित स्नान गर्नुपर्दछ । पञ्चगव्यले स्नान आरम्भ गर्दा भन्नुपर्दछ – 'हे देवताका स्वामी ! हजुर जलरूप हुनुहुन्छ, ज्योतिहरूका पति ज्योतिरूप हुनुहुन्छ । हे देव ! हजुरले मेरा मन, वाणी र कर्मबाट पैदा भएका पाप नाश गरिदिनुहोस् ।' यसरी प्रार्थना गरेर पञ्चपल्लवले शरीरमा मार्जन गर्नुपर्दछ । तदनन्तर अनेक रत्न र सुवर्णले सूर्यमूर्ति तयार गर्नुपर्दछ । शक्ति भएमा एक पलको अथवा आधा पलको अथवा त्यसको पनि आधाको सुवर्णको प्रतिमा तयार गर्नुपर्दछ । रातो रङ्गको डुंगा र रथ बनाउनुपर्दछ । धन–पैसाको अभावमा पनि हरेक मानिसले यो व्रत गर्नुपर्दछ ।

प्रभासखण्डे – **स्थापयेदव्रणं कुम्भं चन्दनोदकपूरितम् । रक्तवस्त्रयुगच्छन्नं ताम्रपात्रेण संयुतम्।।**

रथो रौक्मपलस्यैव एकचक्रसुचित्रितः । सौवर्णपलसंयुक्तां मूर्तिं सूर्यस्य कारयेत् ।।

ततः सूर्यं कपिलां च षोडशोपचारैः सम्पूज्य दद्यात् ।

प्रभासखण्डमा भनिएको छ – 'चन्दन एवं जलले भरिएको निर्दोष कलशलाई दुई राता कपडाले बेरी त्यसमाथि ताँबोको थाली राख्नुपर्दछ । एक पल अथवा यथाशक्ति सुनद्वारा तयार गरिएको एक पाङ्ग्रा भएको रथ र एक पलको

अथवा माथि बताएअनुसार शक्तिअनुसारको मूर्ति तयार गर्नुपर्दछ ।' त्यसपछि सूर्य र कपिलाको षोडशोपचारले पूजा गर्नुपर्दछ । पूजापछि ब्राह्मणका निमित्त मूर्तिदान गर्नुपर्दछ ।

कपिलायाः प्रार्थना

दिव्यमूर्तिर्जगच्चक्षुर्द्वादशात्मा दिवाकरः । कपिलासहितो देवो मम मुक्तिं प्रयच्छतु ।।

यस्मात्त्वं कपिले पुण्या सर्वलोकस्य पावनी । प्रदत्ता सह सूर्येण मम मुक्तिप्रदा भव ।।

इति । विशेषान्तरं तत्रैव ज्ञेयमिति दिक् ।

कपिलाको प्रार्थना

उक्त पूजन कर्मपछि सूर्यको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे सूर्य ! हजुर दिव्य मूर्ति हुनुहुन्छ, हजुर नै संसारका आँखा हुनुहुन्छ । हजुरका बाहरूप छन् । हजुरले दिनको निर्माण गर्नुहुन्छ । कपिलासहित हजुरले मलाई आशीर्वाद दिनुहोस् ।' त्यसपछि कपिलाको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे कपिला ! हजुर पुण्यात्मा हुनुहुन्छ, हजुरले सबै लोकलाई पवित्र तुल्याउनुहुन्छ । मैले सूर्यसहित हजुरको मूर्ति दान गरेको छु । यसबाट हजुरले मलाई मुक्ति प्रदान गर्नुहोस् ।' इत्यादि । अरू धेरै कुरा कपिलाषष्ठीव्रत विधिबाट जान्नुपर्दछ ।

चन्द्रषष्ठी

इयमेव चन्द्रषष्ठी । सा चन्द्रोदयव्यापिनी ग्राह्या । उभयत्र तथात्वे पूर्वा । तदुक्तं भविष्ये –

तद्वद्भाद्रपदे मासि षष्ठ्यां पक्षे सितेतरे । चन्द्रषष्ठीव्रतं कुर्यात्पूर्ववेधः प्रशस्यते ।।

चन्द्रोदये यदा षष्ठी पूर्वाह्ने चापरेऽहनि । चन्द्रषष्ठ्यसिते पक्षे सैवोपोष्या प्रयत्नतः ।। इति ।

चन्द्रषष्ठी

अमावास्यान्त भाद्रमासको षष्ठीतिथिलाई चन्द्रषष्ठी पनि भन्दछन् । यो षष्ठी लिँदा चन्द्रोदयव्यापिनी लिनुपर्दछ । दुबै दिन चन्द्रोदयव्यापिनी भएमा पहिलो दिनको तिथि लिनुपर्दछ । **भविष्यपुराणमा** भनिएको छ – भाद्रमासको कृष्णपक्षको षष्ठीमा चन्द्रषष्ठीव्रत गर्नुपर्दछ । यसमा पञ्चमीवेधलाई उत्तम मानिएको छ । चन्द्रोदय हुँदा जब षष्ठी पहिलो दिन अथवा दोस्रो दिन हुन्छ त्यस षष्ठीलाई चन्द्रषष्ठी भनिन्छ । त्यो दिन प्रयत्नपूर्वक उपवास गर्नुपर्दछ ।

मघावर्षसंज्ञकश्राद्धम्

अष्टम्यामाश्वलायनेन मघावर्षसंज्ञं श्राद्धमुक्तम् – **'एतेन माघ्यावर्षं प्रौष्ठपद्या अपरपक्षे'** इति । **'इदं सप्तम्यादिषु त्रिष्वहःसु कार्यम्'** इति नारायणवृत्तिः । हरदत्तस्तु मघायुक्तवर्षासु भवं त्रयोदशीश्राद्धमिति व्याचख्यौ । पृथ्वीचन्द्रोदये ब्राह्मे – **आषाढ्याः पञ्चमे पक्षे गया माघ्याष्टमी स्मृता । त्रयोदशी गजच्छाया गयातुल्या तु पैतृके ।।**

मघावर्षसंज्ञकश्राद्ध

आश्वलायनले अष्टमीमा मघावर्षसंज्ञकश्राद्धको विधान गरेका छन् । तदनुसार भाद्रमास अपरपक्षमा मघाश्राद्ध गर्नुपर्दछ। नारायणवृत्तिमा भनिएको छ कि – यो श्राद्ध सप्तमी, अष्टमी र नवमीतिथिमध्ये कुनै एक तिथिमा गर्नुपर्दछ।

हरदत्त भन्दछन् – मघासहित वर्षामा गरिने श्राद्ध भएकाले यसलाई **माघ्यावर्षम्** भनिएको हो । **पृथ्वीचन्द्रोदयमा ब्रह्मपुराणको** मतअनुसार भनिएको छ – आषाढको पूर्णिमादेखि पाँचौं पक्षमा मघाको सूर्य हुँदा गरिने कृष्णपक्षको अष्टमीलाई गयातुल्य मानिएको छ । यसैगरी त्रयोदशी र गजच्छाया (अष्टमी) लाई पनि गयातुल्य मानिएको छ ।

महालक्ष्मीव्रतनिरूपणम्

आश्विनकृष्णाष्टम्यां महालक्ष्मीव्रतम् । तत्र निर्णयामृते पुराणसमुच्चये –

श्रियोऽर्चनं भाद्रपदे सिताष्टमीं प्रारभ्य कन्यामगते च सूर्ये ।

समापयेत्तत्र तिथौ च यावत्सूर्यस्तु पूर्वार्धगतो युवत्या ।। इति ।

तत्रैव – **कन्यागतेऽर्के प्रारभ्य कर्तव्यं न श्रियोऽर्चनम् । हस्तप्रान्तदलस्थेऽर्के तद्व्रतं न समापयेत्।।**

पूजनीया गृहस्थानामष्टमी प्रावृषि श्रियः । दोषैश्चतुर्भिः सन्त्यक्ता सर्वसंपत्करी तिथिः ।।

तथा – **पुत्रसौभाग्यराज्यायुर्नाशिनी सा प्रकीर्तिता । तस्मात्सर्वप्रयत्नेन त्याज्या कन्यागते रवौ ।।**

महालक्ष्मीव्रत

आश्विनकृष्ण अष्टमीमा महालक्ष्मीव्रत गर्नु भनिएको छ । वास्तवमा यो व्रत भाद्रशुक्लअष्टमीदेखि प्रारम्भ गरी आश्विनकृष्णअष्टमीमा पूरा गरिन्छ । यस विषयमा **निर्णयामृत** र **पुराणसमुच्चयको** भनाइ यसप्रकार छ – भाद्रशुक्लअष्टमीका दिन लक्ष्मीको पूजा प्रारम्भ गरी कन्यामा सूर्य नजाँदै समाप्त गर्नुपर्दछ । अथवा त्यो तिथिमा समापन गर्नुपर्दछ जुन तिथिमा सूर्य कन्याको पूर्वार्द्धमा रहेका हुन्छन् । त्यहीँ भनिएको छ – कन्याको सूर्यमा आरम्भ गरी लक्ष्मीपूजा गर्नु हुँदैन। हस्तानक्षत्रको चतुर्थचरणमा सूर्य हुँदा महालक्ष्मीव्रतको समाप्ति गर्न हुँदैन । वर्षाऋतुमा गृहस्थहरूले अष्टमीतिथिमा लक्ष्मीपूजन गर्नुपर्दछ । पुत्रनाश, सौभाग्यनाश, राज्यनाश र आयुष्यनाशजस्ता चार प्रकारका दोषदेखि पर रहेको त्यो निर्दोष अष्टमीले सबै प्रकारका सम्पत्ति प्रदान गर्दछ । सूर्य कन्याराशिमा रहँदा भने अष्टमी त्यागयोग्य हुन्छ । त्यसले पुत्र, सौभागय, राज्य र आयुको नाश गर्दछ ।

त्रिदिनावमदिनलक्षणम्

विशेषेण परित्याज्या नवमीदूषिता यदि ।' इति । दोषचतुष्टयं तत्रैवोक्तम् –

त्रिदिने चावमे चैव अष्टमीं नोपवासयेत् । पुत्रहा नवमीविद्धा स्वघ्नी हस्तार्धगे रवौ ।।'

इति । त्रिदिनावमदिनलक्षणं च रत्नमालायाम् –

यत्रैकः स्पृशति तिथिद्वयावसानं वारश्चेदवमदिनं तदुक्तमार्यैः ।

यः स्पर्शाद्भवति तिथित्रयस्य चाह्नां त्रिद्युस्पृक्कथितमिदं द्वयं च नेष्टम् ।।

एते च सर्वे निषेधाः प्रथमारम्भविषयाः । मध्ये तु सतिसम्भवे ज्ञेयाः । व्रतस्य षोडशाब्दसाध्यत्वेन मध्ये त्यागायोगात् । इयं चन्द्रोदयव्यापिनी ग्राह्या । तत्रैव पूजाद्युक्तेः । परदिने चन्द्रोदयादूर्ध्वं त्रिमूहूर्तव्यापित्वे परैव कार्या, अन्यथा पूर्वैव ।

पूर्वा वा परविद्धा वा ग्राह्या चन्द्रोदये सदा । त्रिमुहूर्तापि सा पूज्या परतश्चोर्ध्वगामिनी ।।

इति मदनरत्ने निर्णयामृते च संग्रहोक्तेः ।

अर्धरात्रमतिक्रम्य वर्तते योत्तरा तिथिः । तदा तस्यां तिथौ कार्यं महालक्ष्मीव्रतं सदा ।।

इति वचनाच्चेति सङ्क्षेपः । इति महालक्ष्मीव्रतनिर्णयः ।

त्रिदिन र अवमदिनका लक्षण

विशेषरूपमा नवमीद्वारा दूषित अष्टमीको त्याग गर्नुपर्दछ । ती चार दोषको विषयमा पनि त्यहीँ बताइएको छ । लक्ष्मीपूजाको उपवासमा त्रिदिन र अवमलाई छाड्नुपर्दछ । त्रिदिनको अर्थ हो जुन वारले एक दिनमा तीनतिथिहरूलाई स्पर्श गर्दछ त्यसलाई **त्रिदिन** अथवा **त्रिद्युस्पृक्** पनि भनिन्छ । जुन वारले एक दिनमा दुईतिथिको अन्तलाई स्पर्श गर्दछ त्यसलाई **अवम** भनिन्छ ।[४१] यी अवस्थाहरूमा अष्टमीमा उपवास गर्नुहुँदैन । नवमीविद्ध अष्टमी पुत्रनाशक हुन्छ । अष्टमीका दिन हस्ताको आधा भागमा सूर्य रहेमा धनको नाश हुन्छ ।

रत्नमालामा त्रिदिन र अवमदिनको लक्षण यसरी बताइएको छ – जुन वारले दुईतिथिको अन्त्यभाग स्पर्श गर्दछ त्यस वारलाई प्राचीनहरूले अवम वार भनेका छन् । जुन वारले तीनतिथि स्पर्श गर्दछ त्यस बारलाई त्रिदिन यद्वा त्रिद्युस्पृक् भनिन्छ । यी दुवैथरि वार अनिष्टकारी हुन्छन् ।

ग्रन्थकार भन्दछन् – यी सबै निषेध महालक्ष्मीव्रतको प्रथम आरम्भका लागि हुन् । व्रत आरम्भ गरेपछि बीचमा पर्ने यस्ता अनिष्ट वर्जनीय हुँदैनन् । महालक्ष्मीव्रत १६ वर्षसम्म गरिने भएकाले बीचमा त्याग गर्नु सम्भव हुँदैन । यो अष्टमी चन्द्रोदयव्यापी लिनुपर्दछ । त्यसमा नै पूजा हुन्छ । दोस्रो दिन चन्द्रोदयभन्दा पहिले तीन मुहूर्त व्याप्त भएमा दोस्रो अष्टमी लिनुपर्दछ, नत्र पहिलो नै लिनुपर्दछ । चन्द्रोदयमा हुने अष्टमी पहिलो अथवा पछिल्लो जुनसुकै लिँदा पनि हुन्छ । यदि ऊर्ध्वगामिनी हुन्छ भने तीन मुहूर्तकै भए पनि पूज्य हुन्छ भन्ने कुरा **मदनरत्न, निर्णयामृत** र **संग्रहमा** बताइएको छ । जुन तिथि आधारात पार गरेर उत्तरा अर्थात् ऊर्ध्वगामी हुन्छ त्यसमा महालक्ष्मीव्रत गर्नुपर्दछ । महालक्ष्मीव्रतको निर्णय यही हो ।

नवम्यामन्वष्टकाश्राद्धकथनम्

अथ नवम्यामन्वष्टकाश्राद्धम् । तत्र कात्यायनः –

अन्वष्टकासु नवभिः पिण्डैः श्राद्धमुदाहृतम् । पित्रादिमातृमध्यं च ततो मातामहान्तकम् ।।

पृथ्वीचन्द्रोदये ब्रह्माण्डे –

पितॄणां प्रथमं दद्यान्मातॄणां तदनन्तरम् । ततो मातामहानां च अन्वष्टक्ये क्रमः स्मृतः ।।

श्राद्धहेमाद्रौ छागलेयः –

केवलास्तु क्षये कार्या वृद्धावादौ प्रकीर्तिताः । अन्वष्टकासु मध्यस्था नान्त्याः कार्यास्तु मातरः।।

दीपिकायां तु मातृश्राद्धमादौ कार्यमित्युक्तम् – **'मातृयजनं त्वन्वष्टकास्वादित'** इति ।

नवमीमा गरिने अन्वष्टकाश्राद्ध

नवमीमा अन्वष्टकाश्राद्ध गरिने कुरा **कात्यायनले** बताएका छन् । तदनुसार नवमी तिथिमा नौ पिण्ड दिएर श्राद्ध

४१. प्रत्येक तिथि सूर्योदयदेखि सूर्योदयसम्म हुनुपर्छ, त्यसो भयो भने त्यस्तो तिथि सम्पूर्ण मानिन्छ । त्यस्तो तिथिमा कुनबेला कुन कर्म गर्ने भन्ने प्रश्न नै आउँदैन । आ–आफ्नो तोकिएको काल कुन हो त्यही कालमा तोकिएको कर्म गर्नुपर्छ । जुन तिथिमा सूर्य उदाउँदैनन् त्यही तिथिलाई टुटेको तिथि भनिन्छ । टुटेको तिथि नै अवमको नामले प्रसिद्ध छ । यस्तो तिथिमा कुनै पनि कर्म गर्नुपर्दा शास्त्र मिलाएर मात्र गर्नु अनिवार्य हुन्छ ।

गरिन्छ । आदिमा पिता, पितामह एवं प्रपितामह, मध्यमा – माता, पितामही एवं प्रपितामही, अन्त्यमा – मातामह, प्रमातामह एवं वृद्धप्रमातामहका निमित्त पिण्डदान गरिन्छ । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **ब्रह्माण्डपुराण**को वचनमा – 'पहिले पिता आदि ३ त्यसपछि माता आदि ३ त्यसपछि मातामह आदि ३ लाई अन्वष्टकामा पिण्ड दिनुपर्दछ' भनी अन्वष्टकाको क्रम बताइएको छ ।

श्राद्धहेमाद्रिमा उद्धृत **छागलेय**को वचन यसप्रकार छ – 'वृद्धिश्राद्ध र एकोद्दिष्टश्राद्धमा केवल पितृ आदिका निमित्त पिण्ड दिनुपर्दछ । अन्वष्टकाश्राद्धमा माता आदिलाई मध्यमा पिण्ड दिनुपर्दछ, अन्त्यमा दिनुहुँदैन ।' **दीपिका**मा भने 'मातृश्राद्ध आदिमा गर्नुपर्दछ' भनिएको छ ।

हेमाद्रौ ब्राह्मेऽपि – **'अन्वष्टकासु क्रमशो मातृपूर्वं तदिष्यते'** इति । अत्र शाखाभेदेन व्यवस्थेति पृथ्वीचन्द्रोदयः। जीवत्पितृकविषयमिति निर्णयदीपः । इदं च जीवत्पितृकेणापि कार्यम् । तदुक्तं निर्णयामृते मैत्रायणीयपरिशिष्टे –

आन्वष्टक्यं गयाप्राप्तौ सत्यां यच्च मृतेऽहनि । मातुः श्राद्धं सुतः कुर्यात्पितर्यपि च जीवति ।।

यद्यपि जीवत्पितृकस्य पञ्चान्वष्टका अवश्यं कर्तव्याः, तथाप्यशक्तस्येयमावश्यकी । **'प्रौष्ठपद्यष्टका भूयः पितृलोके भविष्यति'** इति हेमाद्रौ पाद्मोक्तेः ।

हेमाद्रिको भनाइअनुसार अन्वष्टकाहरूको आरम्भमा माताको यजन गर्नुपर्दछ । **ब्रह्मपुराण**मा पनि यस्तै वचन रहेको छ । तदनुसार– अन्वष्टकाश्राद्धहरूमा मातृपूर्वक क्रमैले श्राद्ध गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदय**मा भनिएको छ – यसमा शाखाभेदअनुसार व्यवस्था गरिन्छ । **निर्णयदीप**मा भनिएको छ – 'यो श्राद्ध जीवत्पितृकका लागि हो' अर्थात् यो श्राद्ध पिता ज्यूँदै भए पनि छोराले गर्नुपर्दछ ।

निर्णयामृतको **मैत्रायणीपरिशिष्ट**मा भनिएको छ – 'छोराले पिता ज्यूँदै भएतापनि माताको अन्वष्टकाश्राद्ध, भाद्रकृष्ण नवमीश्राद्ध, मृत्युश्राद्ध र गयाश्राद्ध गर्नुपर्दछ ।' **हेमाद्रि**मा उद्धृत **पद्मपुराण**को भनाइअनुसार 'पिता ज्यूँदै भएमा पनि छोराले पाँचवटै अन्वष्टकाश्राद्ध गर्नुपर्ने हो तापनि असमर्थ भई अरू गर्न नसकिएमा भाद्रकृष्ण नवमीश्राद्ध त अवश्य गर्नुपर्दछ । भाद्रमासको अष्टका फेरि पितृलोकमा हुनेछ ।'

सर्वासामेव मातृणां श्राद्धं कन्यागते रवौ । नवम्यां हि प्रदातव्यं ब्रह्मलब्धवरा यतः ।।'

इति सूतेनावश्यकत्वोक्तेश्च । अत्र **'सर्वासाम्'** इत्युक्तेः स्वमातरि जीवन्त्यामपि सपत्नमातृभ्यो दद्यात् । तन्मरणे सति तस्यै ताभ्यश्च दद्यादित्युक्तं जीवत्पितृकनिर्णये गुरुभिः । अत्र सर्वासां नामनिर्देशेनैको ब्राह्मणोऽर्घ्यः पिण्डश्च । नामैक्ये तु द्विवचनादिप्रयोग इत्युक्तं नारायणवृत्तौ । अन्वष्टकाश्राद्धं तद्यागश्च गोभिलीयानां मध्यमायामेव न सर्वासु । **'आन्वष्टक्यं मध्यमायामिति गोभिलगौतमौ'** इति छन्दोगपरिशिष्टात् । अत्र भर्तृमरणोत्तरं पूर्वमृतमातृश्राद्धं न कार्यमिति केचिदाहुः । पठन्ति च – **'श्राद्धं नवम्यां कुर्यात्तन्मृते भर्तरि लुप्यते'** इति । तदेतन्निर्मूलत्वान्मूर्खप्रतारणमात्रम्।

श्राद्धदीपकलिकायां ब्राह्मे –

पितृमातृकुलोत्पन्ना याः काश्चित्तु मृताः स्त्रियः । श्राद्धार्हा मातरो ज्ञेयाः श्राद्धं तत्र प्रदीयते।।

इति । अत्र देशाचाराद् व्यवस्था ।

सूतजीले भनेका छन् – सूर्य कन्याराशिमा जाँदा छोराले सबै माताहरूका लागि उक्त नवमीमा श्राद्ध गर्नुपर्दछ ।

किनकि ती माताहरूले ब्रह्माजीबाट वर प्राप्त गरेका छन् । माथिको वचनमा रहेको **सर्वासाम्** पदबाट आफ्नी आमा जीवित रहेता पनि सौतेनी आमाहरूका लागि श्राद्ध गर्नुपर्दछ । माताको मृत्युपछि माता र सौतेनी माता सबैलाई पिण्ड दिनुपर्दछ भन्ने कुरा **जीवत्पितृकनिर्णय**मा हाम्रा गुरुदेवको भनाइ रहेको छ – यस्तो श्राद्ध गर्दा सबैको नाम लिएर एक अर्घ्य, एक ब्राह्मण र एक पिण्डदानको प्रक्रियाअनुसार कार्यसम्पादन गर्नुपर्दछ । एउटै किसिमका नाम भएमा द्विवचन या बहुवचनको प्रयोग गर्नुपर्ने कुरा **नारायणवृत्ति**मा बताइएको छ । **गोभिलीय**हरूका लागि अन्वष्टकाश्राद्ध मध्यम माताका निमित्त हो अरूका लागि होइन भनी **छन्दोगपरिशिष्ट**मा भनिएको छ । त्यहाँ **गोभिल** र **गौतम**को मत प्रस्तुत गरिएको छ– मध्यममाताको निमित्तमात्र अन्वष्टकाश्राद्ध गर्नुपर्दछ ।

यस सम्बन्धमा पितृमरणपछि पितृमरणभन्दा पहिले दिवङ्गत भएकी माताको लागि नवमीश्राद्ध गर्नुपर्दैन भनी कसैले भनेका छन् । तिनीहरूले फेरि नवमीमा माताको श्राद्ध गर्नुपर्दछ तर त्यो श्राद्ध पिताको मृत्युपछि लुप्त हुन्छ अर्थात् त्यो श्राद्ध गर्नुपर्दैन भनेको र पढेको पाइन्छ । तर यो भनाइ अप्रामाणिक छ र मूर्खहरूका निमित्त गरिएको वञ्चनामात्र हो।

श्राद्धकलिकामा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – 'पिता र माताका कुलमा उत्पन्न जुनसुकै नारीहरू दिवङ्गत भएमा ती सबै मातासमान पूजनीय हुन्छन् । बुद्धिमान् मानिसले ती सबैको श्राद्ध मातृनवमीमा गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यस विषयमा देशाचारबाट व्यवस्था गर्नुपर्दछ ।

अनुपनीतेनाऽपि श्राद्धं कार्यम्

इदं चानुपनीतेनापि कार्यम् । तदुक्तं श्राद्धशूलपाणौ मात्स्ये – '**अमावास्याष्टकाकृष्णपक्षपञ्चदशीषु च**' इत्यभिधाय–

एतच्चानुपनीतोपि कुर्यात्सर्वेषु पर्वसु । श्राद्धं साधारणं नाम सर्वकामफलप्रदम् ।।

भार्याविरहितोऽप्येतत्प्रवासस्थोऽपि नित्यशः । शूद्रोऽप्यमन्त्रवत् कुर्यादनेन विधिना बुधः ।। इति।

तेन साग्नेरेवेदमिति परास्तम् । अन्वष्टकातः पृथगेवेदं मातुः श्राद्धमित्यपि परास्तम् । लाघवेन मूलैक्यादष्टका–पदाविशेषाच्च । तेनान्यत्रान्वष्टकाश्राद्धस्याङ्गस्याप्यत्र प्रधानत्वं वचनात् । अवेष्टेरिव राजसूयान्तर्गतायाः '**एतयान्नाद्यकामं याजयेत्**' इति फलार्थत्वम् । अत्राष्टकान्वष्टकापूर्वानुरोधात् । तथाग्निपुराणे –

अन्वष्टकासु वृद्धौ च गयायां च क्षयेऽहनि । अत्र मातुः पृथक् श्राद्धमन्यत्र पतिना सह ।।

व्रतबन्ध नगरेकाले मातृनवमीमा श्राद्ध गर्नुपर्ने कुरा

यो मातृनवमीश्राद्ध व्रतबन्ध नभएका मानिसले पनि गर्नुपर्दछ । यस विषयमा **श्राद्धशूलपाणि**मा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ – 'अमावास्या, अष्टका, कृष्णपक्षको अमावास्या र सबै पर्वमा व्रतबन्ध नगरेका व्यक्तिले पनि यो श्राद्ध गर्नुपर्दछ । मातृनवमी श्राद्ध गर्दा कर्ताका सबै कामना परिपूर्ण हुन्छन् ।'

'भार्या नभएको मानिस (अविवाहित र मृतपत्नीक) एवं परदेशमा रहेको मानिसले पनि यो श्राद्ध गर्नुपर्दछ । यसैगरी शूद्रले पनि विनामन्त्र मातृनवमी श्राद्ध सम्पादन गर्नुपर्दछ ।' यी भनाइहरूबाट अग्निहोत्रीले मात्र यो श्राद्ध गर्नुपर्छ भन्ने मत परास्त भएको छ । अन्वष्टकाभन्दा भिन्न मातृश्राद्ध हो भन्ने कुरा पनि परास्त भएको छ । छोटकरीमा विषय निरूपण गर्ने शैलीका कारण अष्टका र अन्वष्टकाको मूल एउटै भएको र अष्टकाको अपवाद नभएका कारण पनि यहाँ अष्टकाशब्दबाट अन्वष्टका पनि लिइन्छ । फेरि अरू ठाउँमा अन्वष्टकालाई अष्टकाको अङ्ग मानिएता पनि यहाँ पितृपक्षीय अन्वष्टका नै प्रधान हुन्छ । जस्तै – राजसूययज्ञअन्तर्गत 'अवेष्टि'नामक यज्ञ राजसूयको अङ्ग मानिए तापनि **एतया**

अन्नाद्यकामं याजयेत् यो वाक्यद्वारा अवेष्टि यज्ञ राजसूय यज्ञको अङ्ग नभई ब्राह्मणकर्तृक प्रधानयाग बन्दछ ।[५०] त्यसैगरी यहाँ पनि अन्वष्टका अष्टकाको अङ्ग नभई प्रधानकर्मकै रूपमा देखापर्दछ । अतः यहाँ मूलमा रहेको अष्टकापदबाट अन्वष्टका ग्रहण गर्नुपर्दछ । **अग्निपुराण**मा भनिएको छ – अन्वष्टका, वृद्धिश्राद्ध, गयाश्राद्ध र मृताहश्राद्ध आमाको बेग्लै गर्नुपर्दछ । अरू श्राद्ध पतिका साथ गरिन्छन् ।

आपस्तम्बानां त्वष्टकासु च वृद्धौ चेति भाष्यकारैः पाठादष्टकायां मातृकाश्राद्धम् । छन्दोगैस्त्वत्र मातृमातामहश्राद्धे न कार्ये किन्तु त्रिपुरुषमेव ।

न योषिद्भ्यः पृथग्दद्यादवसानदिनादृते । कर्षूसमन्वितं मुक्त्वा तथाद्यं श्राद्धषोडशम् ।।

प्रत्याब्दिकं च शेषेषु पिण्डाः स्युः षडिति स्थितिः ।। इति छन्दोगपरिशिष्टात् ।

'अन्वष्टकासु तेषां कर्षूविधानात्' इति शूलपाणिः । यत्तु –

तमिस्रपक्षे नवमी पुण्या भाद्रपदे हि या । चत्वारः पार्वणाः कार्याः पितृपक्षे मनीषिभिः ।।

इति, तद्देशाचारतो व्यवस्थितं ज्ञेयम् । इदं जीवत्पितृकेणापि सपिण्डं कार्यम् । हेमाद्रौ विष्णुधर्मोत्तरे – **'अन्वष्टकासु च स्त्रीणां श्राद्धं कार्यं तथैव च'** इत्युपक्रम्य **'पिण्डनिर्वपणं कार्यं तस्यामपि नृसत्तम ।'** इति वचनं श्राद्धविधिना पिण्डदाने प्राप्ते पुनस्तत्कीर्तनं यस्य जीवत्पितृकगर्भिणीपतित्वादिना पिण्डदानं निषिद्धं तस्य तत्प्राप्त्यर्थमिति श्रीतातचरणाः।

आपस्तम्बको भनाइ यसप्रकार छ – **अन्वष्टकासु वृद्धौ च** भन्ने भाष्यकारको पाठअनुसार अष्टकामा माताको श्राद्ध गर्नुपर्दछ । सामवेदीहरूको भनाइअनुसार – अष्टकामा माता र मातामहको श्राद्ध गर्नुपर्दैन । तर त्रिपुरुषश्राद्ध भने गर्नुपर्दछ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ – मरणबाहेक अरू समयमा आइमाईहरूको निमित्त छुट्टै श्राद्ध गर्नुपर्दैन । कर्षूसमन्वित अर्थात् सपिण्डीकरणसमेतका श्राद्ध छाडी सुरुमा सोह्रश्राद्ध गर्नुपर्दछ । यसैगरी प्रत्याब्दिकश्राद्ध पनि गर्नुपर्दछ । बाँकी श्राद्धहरूमा ६ पिण्ड दिने व्यवस्था छ । **शूलपाणि**को भनाइअनुसार अन्वष्टकामा पनि तिनीहरूका लागि कर्षू (सपिण्डीकरणश्राद्ध)को विधान गरिएको छ ।

कसैले फेरि भाद्र कृष्ण पक्षमा हुने नवमीतिथि पवित्र हुन्छ त्यसमा बुद्धिमान् मानिसले पितृपक्षका चार पार्वणश्राद्ध गर्नुपर्दछ भनेका छन् । यो कुरा देशाचारअनुसार गर्नुपर्दछ । जीवत्पितृक अर्थात् पिता ज्यूँदै भएका मानिसले पनि यो नवमीश्राद्ध पिण्डसहित सम्पन्न गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत **विष्णुधर्मोत्तर**को वचनमा अन्वष्टकामा स्त्रीहरूको श्राद्ध गर्नुपर्दछ भन्ने वाक्यबाट आरम्भ गरी पितृपक्षको नवमीमा पनि पिण्डदान गर्नुपर्दछ भनिएको छ । श्राद्धविधिबाट पितृपक्षको नवमीमा पिण्डदान गर्नुपर्दछ भन्ने वाक्य छँदाछँदै फेरि दोहोऱ्याउनुको उद्देश्य के हो ? भन्ने प्रश्नको उत्तरमा भनिन्छ कि जसकी पत्नी गर्भिणी हुन्छे त्यसलाई पिण्डदान गर्न निषेध गरिएकोमा त्यसले पनि यो तिथिमा पिण्डदान गरोस् भन्ने अधिकार प्राप्तिका लागि वचन दोहोऱ्याइएको कुरा मेरा पिताश्रीले बताउनुभएको छ।

---

५०. राजसूयप्रकरणमा **'राजसूयेन स्वाराज्यकामो यजेत'** अर्थात् स्वाराज्यको कामना गर्नेले राजसूययज्ञ गर्नुपर्दछ भनिएको छ । राजसूयकै समीपमा यागरूप अनमति, अवेष्टि आदिको पनि उल्लेख गरिएको छ । यसमा ती अनुमति आदि इष्टि राजसूयका अङ्ग हुन् वा स्वतन्त्र याग हुन् भन्ने शङ्का हुन्छ । उक्त शङ्का निवारण गर्दै भनिएको छ– फलको सिद्धि गराउने हेतुता रहेका कारण अनुमति आदिमा मुख्यता रहन्छ त्यसैले 'राजसूयमखस्य यजीतरदङ्गम्' (४/४/१-२) अर्थात् राजसूययागमा यागरूप कर्मबाहेक अरू जुन विषय छन् ती अङ्ग हुन्छन् । अन्य अनुमति आदि त मुख्य नै हुन्छन् भनिएको छ । त्यसैले अनुमति आदि इष्टि राजसूयको अङ्गको रूपमा रहेका मानिँदैनन् । यहाँ पनि अन्वष्टका अष्टकाको अङ्ग बन्दैन ।

सुवासिनीभोजनम्

अत्र सुवासिनीभोजनमुक्तं मार्कण्डेयपुराणे –

मातुः श्राद्धे तु सम्प्राप्ते ब्राह्मणैः सह भोजनम् । सुवासिन्यै प्रदातव्यमिति शातातपोऽब्रवीत् ।।

भर्तुरग्रे मृता नारी सह दाहेन वा मृता । तस्याः स्थाने नियुञ्जीत विप्रैः सह सुवासिनीम् ।।

तथैव मदालसावाक्यम् –

स्त्रीश्राद्धे पुत्र देयाः स्युरलङ्काराश्च योषिते । मञ्जीरमेखलादामकर्णिकाकङ्कणादयः ।।' इति ।

सुवासिनीभोजन

मार्कण्डेयपुराणमा भाद्रपद कृष्णपक्षको नवमीमा सुवासिनी नारीहरूलाई भोजन गराउनुपर्ने कुरा बताउँदै भनिएको छ – आमाका निमित्त गरिने श्राद्धमा ब्राह्मणहरूका साथ सौभाग्यवती नारीहरूलाई पनि भोजन गराउनुपर्दछ भन्ने कुरा शाताতपले बताएका छन् । पतिभन्दा पहिले पत्नी दिवङ्गत भएका अथवा पतिका साथ सती गएका नारीहरूका लागि श्राद्ध गर्दा ब्राह्मण र सुवासिनी नारीहरूलाई आमन्त्रित गरी भोजन गराउनुपर्दछ ।

यस विषयमा मदालसाको वचन यसप्रकार छ – नारीहरूका निमित्त श्राद्ध गर्दा सुवासिनी नारीहरूका लागि नुपूर, मेखला (कन्दनी), पाउजु, चुरा, माला आदि दान गरी दिनुपर्दछ ।

अनुकल्पकथनम्

अत्राशक्तावनुकल्पमाहाश्वलायनः – **'अनडुहो यवसमाहरेदग्निना वा कक्षमुपोषेदेषा मेऽष्टकेति न त्वेवानष्टकः स्यात्'** इति । हेमाद्रौ पितामहः –

अमावास्याव्यतीपातपौर्णमास्यष्टकासु च । विद्वान् श्राद्धमकुर्वाणो नरकं प्रतिपद्यते ।।'

अष्टकाश्राद्धको अनुकल्प

अष्टकाश्राद्ध गर्न असमर्थ पुरुषका लागि अनुकल्प बताउँदै **आश्वलायन** भन्दछन् – आठौं प्रहरमा गोरुहरूलाई हरियो घाँस खुवाउँदा र सुकेका पातपतिङ्गरलाई आगोले डढाउँदा पनि पितृहरू खुसी हुन्छन् । त्यसबाट अष्टकाश्राद्ध नगरे पनि गरेसरहको फल प्राप्त हुन्छ । **हेमाद्रिमा पितामहको** वचन यसप्रकार छ – अमावास्या, व्यतीपात, पूर्णिमा र अष्टकामा जुन विद्वान्ले श्राद्ध गर्दैन त्यो नरकगामी हुन्छ ।

अकरणे प्रायश्चित्तकथनम्

अकरणे च प्रायश्चित्तमुक्तमृग्विधाने –

एभिर्द्युभिर्जपेन्मन्त्रं शतवारं तु तद्दिने । आन्वष्टक्यं यदा न्यूनं सम्पूर्णं याति सर्वथा ।। इति ।

अष्टका नगर्दा प्रायश्चित्त

ऋग्विधानमा अष्टका नगर्नेहरूका लागि प्रायश्चित्त बताइएको छ – अष्टकाको दिन अष्टकाश्राद्ध नगरिएमा – **एभिर्द्युभिः सुमना एभिरिन्दुभिर्निरुन्धानो अमतिं गोभिरश्विना । इन्द्रेण दस्युं दरयन्त इन्दुभिर्युतं द्वेषसः समिषा रभेमहि ।।** – ऋ. १/५३/४, यो मन्त्र १०० पटक जप्नुपर्दछ । जप गरेपछि अन्वष्टकाश्राद्ध नगर्दा भएको न्यूनता पूर्णतामा परिणत हुन्छ ।

द्वादश्यां संन्यासिनः श्राद्धम्

एतत्पक्षे द्वादश्यां विशेषः । पृथ्वीचन्द्रोदये वायवीये –

संन्यासिनोऽप्याब्दिकादि पुत्रः कुर्याद्यथाविधि । महालये तु यच्छ्राद्धं द्वादश्यां पार्वणं तु तत्।। इति।

महालयको द्वादशीमा संन्यासीको श्राद्ध

पृथ्वीचन्द्रोदयमा उद्धृत वायुपुराणको वचन यसप्रकार छ – कुनै पनि पुत्रले आफ्ना दिवङ्गत संन्यासी पिताको संन्यासश्राद्धको विधिबाट आब्दिकश्राद्ध गर्नुपर्दछ । महालयको द्वादशीमा संन्यासीका लागि जुन श्राद्ध गरिन्छ त्यो पार्वणश्राद्ध नै कहलाउँछ ।

त्रयोदशीश्राद्धम्

अथ त्रयोदशीश्राद्धम् । तत्र चन्द्रिका –

त्रयोदशी भाद्रपदी कृष्णा मुख्या पितृप्रिया । तृप्यन्ति पितरस्तस्यां स्वयं पञ्चशतं समाः ।।

मघायुतायां तस्यां तु जलाद्यैरपि तोषिताः । तृप्यन्ति पितरस्तद्वद्वर्षाणामयुतायुतम् ।।

प्रयोगपारिजाते शङ्खः –

प्रौष्ठपद्यामतीतायां मघायुक्तां त्रयोदशीम् । प्राप्य श्राद्धं तु कर्तव्यं मधुना पायसेन च ।।

प्रजामिष्टां यशः स्वर्गमारोग्यं च धनं तथा । नृणां श्राद्धे सदा प्रीताः प्रयच्छन्ति पितामहाः ।।

एतन्नित्यमपि । पृथ्वीचन्द्रोदये विष्णुधर्मे – 'प्रौष्ठपद्यामतीतायां तथा कृष्णत्रयोदशी' इत्युक्त्वा –

एतांस्तु श्राद्धकालान्वै नित्यानाह प्रजापतिः । श्राद्धमेतेष्वकुर्वाणो नरकं प्रतिपद्यते ।।

इत्युक्तेः । एतच्चाविभक्तैरपि पृथक्कार्यम् ।

त्रयोदशीश्राद्ध

त्रयोदशीको श्राद्धको चर्चा गरिन्छ । चन्द्रिकामा भनिएको छ – भाद्रकृष्ण त्रयोदशीतिथि मुख्य तिथि र पितृहरूलाई प्यारो लाग्ने तिथि हो । यसमा श्राद्ध गर्दा पितृहरू पाँच सयवर्षसम्म तृप्त हुन्छन् । यदि त्यही त्रयोदशी मघानक्षत्रले युक्त भएमा त्यसमा जलमात्र दान गरे पनि पितृहरू सन्तुष्ट हुन्छन् र जलदान प्राप्त गरेका ती पितृहरू हजारौं वर्षसम्म तृप्त हुन्छन् ।

प्रयोगपारिजातमा शङ्खको वचन यसप्रकार छ – 'भाद्रमासको पूर्णिमातिथि व्यतीत भएपछि मघासहित त्रयोदशी भेटिँदा मह र खीरद्वारा श्राद्ध गर्नुपर्दछ । यसबाट पितामह आदि पितृहरू प्रसन्न हुन्छन् र तिनले आफूले पाएका सन्तान, यश, स्वर्ग, आरोग्य र धन-धान्य प्रदान गर्दछन् ।' यो श्राद्ध नित्यश्राद्ध पनि हो ।

पृथ्वीचन्द्रोदयमा उद्धृत विष्णुधर्मले भनेका छन् – भाद्रपद पूर्णिमा गएपछि आउने कृष्णपक्षको त्रयोदशीमा इत्यादि उल्लेख गर्दै यो श्राद्धलाई प्रजापतिले नित्यश्राद्ध मानेका छन् । उक्त दिनमा श्राद्ध नगर्ने मानिस नरकगामी हुन्छ भन्ने समेत बताइएको छ । यो श्राद्ध सगोलमा बसेकाले पनि छुट्टाछुट्टै गर्नुपर्दछ ।

तथा च हेमाद्रौ –

विभक्ता वाऽविभक्ता वा कुर्युः श्राद्धं पृथक् सुताः । मघासु च ततोऽन्यत्र नाधिकारः पृथग्विना।।

इति अपरार्के वायवीये –

हंसे हस्तस्थिते या तु मघायुक्ता त्रयोदशी । तिथिर्वैवस्वती नाम सा छाया कुञ्जरस्य तु ।।

अत्र च – **अपि नः स कुले भूयाद्यो नो दद्यात्त्रयोदशीम्। पायसं मधुसर्पिर्भ्यां प्राक्छाये कुञ्जरस्य च।।** इति विष्णुमनुवचने केवलत्रयोदशीश्रुतेर्मघागुण इति कल्पतरुः । शूलपाणिस्तु – **'केवलवाक्यानामर्थवादत्वाद्विधौ च मघायोगश्रुतेर्विधिलाघवाद्विशिष्टमेव निमित्तम्'** इत्याह । वस्तुतस्तु –

'मधुमांसैश्च शाकैश्च पयसा पायसेन च । एष नो दास्यति श्राद्धं वर्षासु च मघासु च ।।'

इति वसिष्ठवचने केवलमघाश्रुतेर्विनिगमनाभावादुभयं भिन्ननिमित्तम्, पूर्वोक्तवचनाच्च योगाधिक्ये फलाधिक्यम् । अत एव याज्ञवल्क्यः । **'तथा वर्षात्रयोदश्यां मघासु च विशेषतः'** इति । त्रयोदशीश्राद्धं नित्यम् । अन्यत्काम्यम्।

यस विषयमा हेमाद्रि भन्दछन् – छोराहरूले सगोल वा छुट्टै बस्दा पनि मघाश्राद्ध गर्नुपर्दछ । अरू श्राद्ध भने नछुट्टिईकन बेग्लै गर्ने अधिकार छैन । **अपरार्क**मा उद्धृत **वायुपुराण**को वचन यसप्रकार छ – हस्तानक्षत्रको सूर्यमा हुने मघाले युक्त त्रयोदशीलाई वैवस्वती र गजच्छाया पनि भन्दछन् । यस विषयमा **कल्पतरु**मा भनिएको छ – 'के हाम्रो वंशमा कसैले त्रयोदशीको आरम्भमा मह र घ्यूसहित पायस प्रदान गरी हामीलाई तृप्त तुल्याउला ? भनी पितृहरू आशा गर्दछन्' भन्ने **विष्णु** र **मनु**को वचनमा केवल त्रयोदशीको उल्लेख हुनाले नै मघाको गुण पनि बुझिन्छ भन्ने कुरा बताइएको छ।

शूलपाणि भन्दछन् – केवलवाक्यहरूमा अर्थवाद अर्थात् प्रशंसामात्र हुनु विधिमा मघायोगको श्रवण हुनु र लाघवसमेत हुनुले त्रयोदशी भन्नासाथ मघासहित त्रयोदशी बुझ्नुपर्दछ ।

उपर्युक्त मतहरूमा जे–जे कुरा भनिए पनि खासकुरा अर्कै छ । यसको वास्तविक तथ्य खुलाउँदै **वसिष्ठ** भन्दछन्– 'मानिसले मधु, मांस, शाक, दूध र पायसद्वारा मघामा श्राद्ध गर्नेछ ।' यस वचनमा केवल मघाको श्रवण छ भन्ने विषयमा मात्र केन्द्रित गराउने कुनै युक्ति नभएका कारण त्रयोदशीमात्र बुझिने कुरामा प्रमाण नरहेकाले त्रयोदशीश्राद्ध र मघाश्राद्धका प्रयोजन अलग–अलग भएको बुझिन्छ । तर दुवैको योग हुँदा गरिने श्राद्धबाट अधिक फल प्राप्त हुने कुरा त छँदैछ। त्यसैभएर नै **याज्ञवल्क्य**ले वर्षाकालको त्रयोदशीमा विशेष गरेर मघासहित त्रयोदशीमा श्राद्ध गर्नुपर्दछ भनेका छन् । अरू श्राद्ध भने काम्यश्राद्ध हुन् ।

'अत्र त्रयोदश्यां बहुपुत्रा युवमारिणस्तु भवन्ति' इत्यापस्तम्बोक्तेर्युवमारित्वमपत्यदोषं सहिष्णोरपत्यमात्रार्थिनः स्मृत्यन्तरोक्तधनार्थिनो वाधिकार इति कल्पतरुः । अपत्यनिन्दया तदर्थिनोऽनधिकारात् फलान्तरकामस्यैवाधिकार इति हलायुधः । एतत्पिण्डरहितं कार्यम् ।

मघायुक्तत्रयोदश्यां पिण्डनिर्वपणं द्विजः । ससन्तानो नैव कुर्यान्नित्यं ते कवयो विदुः ।।

इति बृहत्पराशरोक्तेः । इदं मलमासेऽपि कार्यम् ।

मघात्रयोदशीश्राद्धं प्रत्युपस्थितिहेतुकम् । अनन्यगतिकत्वेन कर्तव्यं स्यान्मलिम्लुचे ।।' इति काठकगृह्योक्तेः । यानि तु अङ्गिरा –

त्रयोदश्यां कृष्णपक्षे यः श्राद्धं कुरुते न हि । पञ्चत्वं तस्य जानीयाज्ज्येष्ठपुत्रस्य निश्चितम् ।।

कल्पतरुमा भनिएको छ – **आपस्तम्ब**ले 'त्रयोदशीमा श्राद्ध गर्दा युवावस्थामा मृत्यु हुने अनेक पुत्र हुन्छन्' भनेकाले युवावस्थामा अनेक पुत्रहरूको मृत्यु सहन गर्ने पिताले त्यो दोष मेटाएर अरू चिरञ्जीवी पुत्रहरूको प्राप्तिका लागि यो श्राद्ध गर्न हुँदैन । यस विषयमा **कल्पतरु**को भनाइ यसप्रकार छ – सन्तानको युवावस्थामा मृत्यु हुनाले खिन्न पिताको अपत्यदोष मेटाउन र अरू **स्मृतिशास्त्र**मा बताइएको समृद्धिप्राप्तिजस्ता लक्ष्यप्राप्त गर्न यो श्राद्ध गरिन्छ । अपत्यदोष हुने निन्दाका कारण यो त्रयोदशीश्राद्ध सन्तान चाहनेका लागि वर्जित छ तर अन्य फलप्राप्तिका लागि

गर्न सकिन्छ भन्ने कुरा **हलायुधले** बताएका छन् । यस्तो श्राद्ध गर्दा पिण्डरहित नै गर्नुपर्दछ भन्ने कुरा बताउँदै **बृहत्पराशर** भन्दछन् – मघासहित त्रयोदशीमा सन्तान भएका द्विजले श्राद्ध गर्न हुँदैन भन्ने कुरा दिव्यदृष्टि भएका महर्षिहरूको भनाइ हो । यो श्राद्ध मलमासमा पनि गर्नुपर्दछ । यस विषयमा **काठकगृह्यसूत्रमा** भनिएको छ – मघामा त्रयोदशीश्राद्ध मघाकै कारण महत्त्वपूर्ण मानिन्छ । त्यस्तो स्थिति सधैं नहुने हुँदा यो श्राद्ध मलमासमा पनि गर्नुपर्दछ । **अङ्गिराको** वचनअनुसार– जुन मानिसले कृष्णपक्षको त्रयोदशीमा श्राद्ध गर्दछ त्यसका जेठा छोराको मृत्यु निश्चित छ ।

त्रयोदशीश्राद्धविचारः

वामनपुराणे – **'त्रयोदश्यां तु वै श्राद्धं न कुर्यात्पुत्रवान् गृही'** इत्यादीनि वचनानि तानि पुत्रवद्विषयाणि वा, महालयस्थभिन्नत्रयोदशीविषयाणि वा, काम्यश्राद्धविषयाणि वा, सपिण्डकश्राद्धविषयाणि वेति केचित् । हेमाद्रि-प्रमुखास्त्वेकवर्गश्राद्धविषयाणि ।

श्राद्धं नैवैकवर्गस्य त्रयोदश्यामुपक्रमेत् । न तृप्तास्तत्र ये यस्य प्रजा हिंसन्ति तस्य ते ।।

इति कार्ष्णाजिनिस्मृतेः । यद्यपि **'पितरो यत्र पूज्यन्ते तत्र मातामहा अपि'** इति धौम्योक्तेर्न केवलपितृवर्गस्य प्राप्तिस्तथापि व्यामोहादिप्राप्तनिषेधोऽयमित्याहुः । वयं तु पश्यामः पुत्रवद्विषयाण्येवेति ।

असन्तानस्तु यस्तस्य श्राद्धे प्रोक्ता त्रयोदशी । सन्तानयुक्तो यः कुर्यात्तस्य वंशक्षयो भवेत् ।।

इति हेमाद्रौ नागरखण्डोक्तेः । पूर्ववाक्यमप्यसन्तानस्यैवैकवर्गनिषेधकमिति । अत्र मघात्रयोदशीमहालययुगादिश्राद्धानां तन्त्रेण प्रयोगः न तु प्रसङ्गसिद्धिरित्यन्यत्र विस्तरः ।

त्रयोदशीश्राद्धविचार

वामनपुराणमा भनिएको छ – 'पुत्रवान् गृहस्थले त्रयोदशीतिथिमा श्राद्ध गर्न हुँदैन' इत्यादि वचन पुत्रवान् गृहस्थको विषयमा भनिएका हुन् अथवा महालयभिन्न त्रयोदशीका विषयमा भनिएका हुन् अथवा काम्यश्राद्धका सम्बन्धमा भनिएका हुन् । कसैले त सपिण्डश्राद्धसम्बन्धी वचन हुन् भनेका छन् । **हेमाद्रि** आदि प्रमुख धर्मशास्त्रीहरूको मतमा एकवर्गश्राद्धसम्बन्धी वचन हुन् । जस्तै – पितृवर्ग, मातामहवर्ग, मातृवर्ग आदि कुनै एक वर्गलाई लिएर भनिएका हुन् ।

त्रयोदशीमा कुनै एक वर्गको श्राद्ध आरम्भ गर्न हुँदैन । यसो गर्दा अरू वर्गका पितृहरू अतृप्त भई रिसाउँछन् र कर्ताको सन्तानमा हानि पुऱ्याउँछन् । आफ्ना पितृहरूको पूजा गर्दा मातामह आदिको पनि पूजा स्वतः हुन्छ भन्ने धौम्यको भनाइअनुसार केवल पितृवर्गको पूजा भन्ने अर्थ लाग्दैन तापनि मोहवश निषेध गरिएको भान हुन्छ । ग्रन्थकार भन्दछन् – हाम्रो भनाइमा त पुत्रवान् गृहस्थले गर्न हुँदैन भन्ने अर्थमा मात्र गरिएको निषेध हो ।

हेमाद्रिको नागरखण्डमा भनिएको छ – 'जसका सन्तान हुँदैनन्, तिनले त्रयोदशीश्राद्ध गर्न हुन्छ तर सन्तान हुने मानिसले त्रयोदशीश्राद्ध गरेमा त्यसको वंशनाश हुन्छ ।' उक्त वाक्यमा सन्तानहीन मानिसका लागि एकवर्गविषयक श्राद्ध निषेध गरिएको छ । मघा, त्रयोदशी, महालय र युगादिश्राद्धहरूको तन्त्रबाट प्रयोग गर्दा प्रसङ्गको सिद्धि हुँदैन ।[५१] यस विषयमा अन्यत्र विस्तारपूर्वक बताइएको पाइन्छ ।

---

५१. अङ्गहरूको एकता र मुख्यमा भेद हुनुलाई तन्त्र भनिन्छ । जस्तै श्राद्धमा विश्वेदेव र पाकादि अङ्गको एकता हुनु र विप्र, अर्घ्य एवं पिण्ड आदिमा भेद हुनु अङ्ग र प्रधानको भिन्नता हो । भनिएको पनि छ – **अङ्गानामैक्यं प्रधानपात्रभेदस्तन्त्रम् । तेन विश्वेदेवपाकाद्यङ्गानामैक्यं विप्रार्घ्यपिण्डादेर्भेद एव । प्रसङ्गसिद्धिस्थले तु प्रधानमपि न भिद्यते ।** – दौलतराम गौड, निर्णयसिन्धु, पृ. ३२४ ।

शस्त्रविषादिविपन्नानां चतुर्दशीश्राद्धम्

अथ चतुर्दशी पृथ्वीचन्द्रोदये प्रचेताः –

वृक्षारोहणलोहाद्यैर्विद्युज्जलविषाग्निभिः । नखिदंष्ट्रिविपन्ना ये तेषां शस्ता चतुर्दशी ।।

ब्राह्मे – **युवानः पितरो यस्य मृताः शस्त्रेण वा हताः । तेन कार्यं चतुर्दश्यां तेषां तृप्तिमभीप्सता।।**

नागरखण्डे – **अपमृत्युर्भवेद्येषां शस्त्रमृत्युरथापि वा । श्राद्धं तेषां प्रकर्तव्यं चतुर्दश्यां नराधिप ।।**

एतच्च प्रायो नाशकशस्त्राग्निविषोदकोद्बन्धनप्रपतनैश्चेच्छतामिति गौतमोक्तदुर्मरणोपलक्षणम् । एकयोगनिर्देशात्।

सर्वेषां तुल्यधर्माणामेकस्यापि यदुच्यते । सर्वेषां तत्समं ज्ञेयमेकरूपा हि ते स्मृताः ।।

इत्युशनसोक्तेश्च । तच्च कृतक्रियाणामेवेति वक्ष्यामः ।

शस्त्र, विष आदिद्वारा मृतव्यक्तिको निमित्त चतुर्दशीश्राद्ध

चतुर्दशीश्राद्धको विषयमा चर्चा गरिन्छ । **पृथ्वीचन्द्रोदयमा प्रचेता**को वचन उद्धृत गर्दै भनिएको छ – रूखबाट खसेर मरेका मानिस, फलाम आदिको प्रहारबाट मरेका मानिस, चट्याङ्मा परेर मरेका मानिस, पानीमा डुबेर मरेका मानिस, विष पान गरेर मरेका मानिस, आगोमा परेर मरेका मानिस र नङ एवं दाह्रा हुने प्राणीबाट मरेका मानिसहरूको श्राद्धका लागि चतुर्दशीतिथि उत्तम मानिएको छ ।

यसबारे **ब्रह्मपुराण**मा भनिएको छ – जसका पिता युवावस्थामा नै मरेर गएका छन् अथवा शस्त्रद्वारा अकालमा मारिएका छन् ती मानिसहरूले मृत पिताको तृप्तिका लागि चतुर्दशीमा श्राद्ध गर्नुपर्दछ । **नागरखण्ड**मा भनिएको छ – जसको अपमृत्यु अथवा शस्त्रद्वारा मृत्यु भएको छ त्यस्ता व्यक्तिहरूको श्राद्ध चतुर्दशीमा गर्नुपर्दछ । अपमृत्यु अथवा दुर्मरण प्रायः शस्त्र, अग्नि, विष, जाल, बन्धन अर्थात् झुण्डिनु, फाँसी आदिबाट र अग्लो ठाउँबाट खसेर जसको मृत्यु हुन्छ तिनका मृत्युका ती सबै कारण दुर्मरणका उपलक्षण हुन् । उक्त सबै प्रकारमध्ये एउटा प्रकारबाट मरेकालाई सबैको प्रतिनिधि मान्नुपर्दछ । 'तीमध्ये एकथरिका निमित्त जे गरिन्छ त्यो अरू सबैका निमित्त पनि गर्नुपर्दछ' भन्ने भनाइ **उशना**को छ । माथि उल्लेख गरिएका दुर्मरणग्रस्त व्यक्तिहरूको चतुर्दशीमा श्राद्ध गर्नका लागि उनीहरूको विधिवत् अन्त्येष्टिसंस्कार भने गरिएको हुनुपर्दछ । यससम्बन्धमा अन्यत्र विस्तारपूर्वक चर्चा गरिनेछ ।

मरीचिः – **विषशस्त्रश्वापदाहितिर्यग्ब्राह्मणघातिनाम् । चतुर्दश्यां क्रियाः कार्या अन्येषां तु विगर्हिताः।।**

अत्र ब्राह्मणघाती तेन हतो न तु ब्रह्महा । तस्य पतितत्वादिति शूलपाणिः । अत्रोद्देश्यविशेषणस्याविवक्षितत्वात्स्त्रीणामपि शस्त्रादिहतानामेकोद्दिष्टं कार्यं न पार्वणमिति श्रीदत्तोपाध्यायः । इदं विषादिहतानामेव न प्रसवादिमृतानामिति वाचस्पतिः ।

मरीचिले भनेका छन् – विष, शस्त्र, हिंस्रक जनावरबाट मरेका र सर्प, पशु एवं ब्राह्मणबाट मरेका मानिसको श्राद्ध चतुर्दशीमा गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – तीबाहेक अरू पितृहरूको निमित्त चतुर्दशीमा श्राद्ध गर्नुहुँदैन, किनकि चतुर्दशीमा गरिने श्राद्धको निन्दा गरिएकोछ । यहाँ मूलमा 'ब्राह्मणघाती' शब्द परेको छ । त्यसको अर्थ ब्राह्मणलाई मार्ने भन्ने होइन अपितु ब्राह्मणबाट मरेको भन्ने बुझ्नुपर्दछ ।

शूलपाणि भन्दछन् – 'ब्राह्मणलाई मार्ने त पतित हुन्छ, यहाँ उद्देश्य अर्थात् विष-शस्त्रादिद्वारा आहत पुरुषहरूको विशेषण अविवक्षित अर्थात् भन्न खोजिएको विषय नहुनाले शस्त्रादिद्वारा आहत स्त्रीहरूको पनि एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ तर

पार्वण गर्न हुँदैन' भन्ने कुरा श्रीदत्त उपाध्यायले बताएका छन् । यस्तो श्राद्ध विष आदिद्वारा मरेका मानिसहरूको निमित्त गर्नुपर्दछ तर प्रसव आदि कारणले मरेका नारीहरूको निमित्त गर्नुहुँदैन ।

यत्तु शाकटायनः –

जलाग्निभ्यां विपन्नानां संन्यासे वा गृहे पथि । श्राद्धं कुर्वीत तेषां वै वर्जयित्वा चतुर्दशीम् ।।

इति, तत् प्रायश्चित्तार्थजलादिमृतविषयमित्याकरे उक्तम् । अत एव वैधत्वात्सहगमनेपि न कार्यमिति हेमाद्रिः । एतच्च दैवयुक्तमेकोद्दिष्टं कार्यमित्युक्तं प्रयोगपारिजाते –

प्रेतपक्षे चतुर्दश्यामेकोद्दिष्टं विधानतः । दैवयुक्तं तु तच्छ्राद्धं पितृणामक्षयं भवेत् ।

तच्छ्राद्धं दैवहीनं चेत्पुत्रदारधनक्षयः । एकोद्दिष्टं दैवयुक्तमित्येवं मनुरब्रवीत् ।।

भविष्येऽपि – **समत्वमागतस्यापि पितुः शस्त्रहतस्य च । चतुर्दश्यां तु कर्तव्यमेकोद्दिष्टं महालये।।**

चतुर्दश्यां तु यच्छ्राद्धं सपिण्डीकरणे कृते । एकोद्दिष्टविधानेन तत्कार्यं शस्त्रघातिनः ।। इति ।

फेरि **शाकटायन**को यस्तो भनाइ छ – संन्यासी अथवा गृहस्थ जोसुकै होस् त्यो यदि जल र अग्निबाट मरेको छ भने त्यसको श्राद्ध चतुर्दशी छाडी अरू तिथिमा गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो भनाइ त्यस्ता जल र अग्निबाट मरेका प्राणीको प्रायश्चित्तका लागि बताइएको हो । अर्को कुरा शास्त्रीय दृष्टिमा सहगमन वैध भएकाले सती जाने नारीको पनि चतुर्दशीमा श्राद्ध गर्न हुँदैन । उक्त स्थितिमा दैवयुक्त श्राद्ध गर्नुपर्दछ । **प्रयोगपारिजात**मा बताइएको छ कि – पितृपक्षमा चतुर्दशीको विधानबाट एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यस्तो श्राद्धलाई दैवश्राद्ध भनिन्छ । दैवश्राद्धबाट पितृहरूले अक्षय्य तृप्ति प्राप्त गर्दछन् । यदि त्यो श्राद्धलाई दैवहीन बनाइएमा पुत्र, पत्नी र धनको नाश हुन्छ । **मनु**ले पनि उक्त एकोद्दिष्टलाई दैवयुक्त नै मानेका छन् ।

भविष्यपुराणमा भनिएको छ – शस्त्रद्वारा मरेका पिताको सपिण्डीकरणबाट पिण्डमेलन गरी उनले पितृत्व प्राप्त गरेपछि महालयको चतुर्दशीतिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

संवत्सरप्रदीपे हारीतः –

विश्वेदेवांश्च तत्रापि पूजयित्वादितोऽमलान् । ये वै शस्त्रहतास्तेषां श्राद्धं कुर्यादतन्द्रितः ।।

अत्रैकोद्दिष्टवचनानां निर्मूलत्वम् । समूलत्वेऽपि पार्वणाशक्तपराणि । विष्ण्वादिवचनैः प्रकरणात् कृष्णपक्षीय-पार्वणावगतेरिति शूलपाणिः । तन्न । वाक्येन प्रकरणस्य बाधात् । पित्रादीनां पार्वणं भ्रात्रादीनामेकोद्दिष्टमिति गौडार्वाञ्चः। तन्न । पितुरित्यनेन विरोधात् विशेषवाक्यवैयर्थ्यापत्तेश्च ।

संवत्सरप्रदीपमा **हारीत**ले भनेका छन् – 'शस्त्रद्वारा मरेको मानिसको श्राद्ध गर्दा सुरुदेखि विश्वेदेव देवताहरूको पूजा गरी निरालस्य भई कर्म गर्नुपर्दछ । यहाँ एकोद्दिष्ट वचनहरूको निर्मूलता (प्रमाणहीनता) छ भन्ने कुरा गरिएको छ । ती वचन समूल भए पनि तिनको आधारमा पार्वणश्राद्ध गर्न मिल्दैन भन्ने मत **शूलपाणि**को रहेको छ । **विष्णु** आदिको वचनबाट प्रकरण अनुसार कृष्णपक्षीय पार्वणश्राद्ध नै निश्चित हुन्छ भन्ने भनाइ उचित छैन किनकि वाक्यले प्रकरणको बाध गर्दछ । प्राचीन **गौडहरू** पितृआदिको पार्वण र दाजु एवं भाइको एकोद्दिष्ट गर्नुपर्दछ भन्दछन्, तर यो **गौडमत** उचित छैन, किनकि **पितुः** यस उल्लेखसँग विरोध हुन्छ र विशेषवाक्य व्यर्थ हुने आपत्ति आइलाग्छ ।

शस्त्रहतनियमनिरूपणम्

अत्र शस्त्रहतस्यैव चतुर्दश्यामिति नियमो न तु चतुर्दश्यामेव शस्त्रहतस्येति । '**श्राद्धं शस्त्रहतस्यैव चतुर्दश्यां महालये**' इति कालादर्शात् । वार्षिकादीनामकरणापत्तेश्च । तेन महालये एव दिनान्तरे पार्वणं मातामहादितृप्त्यर्थं कार्यमेव । पितामहोऽपि शस्त्रहतश्चेदेकोद्दिष्टद्वयं कार्यम् ।

शस्त्रद्वारा आहत मानिसको चतुर्दशीमा श्राद्धसम्बन्धी नियम

शस्त्रद्वारा मरेका मानिसको चतुर्दशीमा श्राद्ध गर्ने कुरा नियम हो । तर, शस्त्रद्वारा आहत मानिसको चतुर्दशीमा मात्र श्राद्ध गर्नुपर्छ भन्ने नियम होइन । 'शस्त्रद्वारा आहत मानिसको महालयको चतुर्दशीमा मात्र श्राद्ध गर्नु पर्छ' भन्ने **कालादर्श**को वचन मात्रै हो भने वार्षिक एकोद्दिष्टश्राद्ध गरिने छैन । त्यसकारण महालयमा नै दिनान्तरमा मातामह आदिको तृप्तिका लागि पार्वणश्राद्ध गर्नु नै पर्दछ । कर्ताका पितामह पनि शस्त्रद्वारा आहत भई मरेका भए पिता र पितामहका लागि दुई एकोद्दिष्ट गर्नुपर्ने हुन्छ ।

तदुक्तं हेमाद्रौ स्मृत्यन्तरे- '**एकस्मिन्द्वयोर्वैकोद्दिष्टम्**' इति । त्रिषु शस्त्रहतेषु पार्वणमेव कार्यम् ।

यत्तु देवस्वामिनोक्तं त्रिष्वपि शस्त्रहतेषु पृथगेकोद्दिष्टत्रयं कार्यं न तु पार्वणमाहत्य वचनाभावादिति, तदयुक्तम्।

पित्रादयस्त्रयो यस्य शस्त्रैर्यातास्त्वनुक्रमात् । स भूते पार्वणं कुर्यादाब्दिकानि पृथक् पृथक् ।।

इति बृहत्पराशरोक्तेः ।

यस विषयमा हेमाद्रिमा उद्धृत **स्मृतिवचन**मा भनिएको छ - पिता र पितामह दुवै शस्त्रद्वारा मारिएका भए चतुर्दशीमा दुईएकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यदि प्रपितामहसमेत शस्त्रद्वारा मारिएका भए पार्वणश्राद्ध नै गर्नुपर्दछ ।

देवस्वामीले पिता, पितामह र प्रपितामह तीनैजना शस्त्रद्वारा मारिएका भए तीनएकोद्दिष्ट गर्नुपर्दछ, पार्वण गर्न हुँदैन भन्ने जुन कुरा गरेका छन् त्यसमा कुनै प्रमाण छैन किनभने **बृहत्पराशर**को यस्तो भनाइ छ - जसका पिता, पितामह एवं प्रपितामह तीनैजना शस्त्रबाट मरेका छन् त्यसले चतुर्दशीमा पार्वणश्राद्ध गर्नुपर्दछ र वार्षिकश्राद्ध भने तिनीहरूको क्षयाहमा छुट्टाछुट्टै गर्नुपर्दछ ।

एकस्मिन्वा द्वयोर्वापि विद्युच्छस्त्रेण वा हते । एकोद्दिष्टं सुतः कुर्यात्त्रयाणां दर्शवद्भवेत् ।।

इति स्मृत्यन्तराच्चेति पृथिवीचन्द्रोदये उक्तम् । अपरार्के हेमाद्रौ चैवम् । यस्तु अत्रैव शस्त्रादिना हतस्तस्य वार्षिकमेव पार्वणमेकोद्दिष्टं वा कार्यं नतु श्राद्धद्वयम् । प्रसङ्गसिद्धेरिति पृथिवीचन्द्रोदये । अत्र श्राद्धाकरणेऽग्रिमापरपक्षे दिनान्तरे पार्वणेनैव कार्यमिति तत्रैवोक्तम् । यद्यपि -

शस्त्रविप्रहतानां च शृङ्गिदंष्ट्रिसरीसृपैः । आत्मनस्त्यागिनां चैव श्राद्धमेषां न कारयेत् ।।

इति छागलेयाद्यैः शस्त्रादिहतानां श्राद्धं निषिद्धं तथापि प्रमादमृतानां श्राद्धार्हत्वात्कार्यम् । वृद्धादिभिन्नबुद्धिपूर्वमृतानां तु न कार्यम् ।

पृथ्वीचन्द्रोदयमा कुनै स्मृतिको वचन उद्धृत गर्दै भनिएको छ - जसका एक अथवा दुई पितृहरू शस्त्रद्वारा र विद्युत्पात अर्थात् चट्याङद्वारा मृत्युमा प्राप्त भएका हुन्छन् त्यसले ती पितृहरूका लागि अलग-अलग एकोद्दिष्टश्राद्ध

गर्नुपर्दछ । तीनैजना शस्त्रद्वारा मरणमा प्राप्त भएका हुन्छन् भने चतुर्दशीश्राद्ध गर्दा अमावास्याश्राद्ध गरेझैं पार्वण नै गर्नुपर्दछ । **अपरार्क** र **हेमाद्रि**मा पनि यस्तै लेखिएको छ ।

चतुर्दशीतिथिमा नै मृत्यु हुने व्यक्तिको वार्षिक पार्वणश्राद्ध अथवा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ तर म एकोद्दिष्ट र पार्वणश्राद्ध दुवै गर्दछु भनी ती दुई श्राद्ध गर्नुहुँदैन अपितु एउटामात्र गर्नुपर्दछ । किनकि प्रसङ्गसिद्धिका लागि अर्थात् चतुर्दशीमा नै मृत्यु हुने मानिसको महालयमा पार्वणविधिले चतुर्दशीश्राद्ध गर्न नहुने नियमको सिद्धिका लागि त्यसो भनिएको हो । संक्रान्ति, व्यतीपात आदिका कारण चतुर्दशीमा पार्वण गरिन्छ । तर चतुर्दशीमा मरेका मानिसको चतुर्दशीमा पार्वण गरिँदैन । चतुर्दशीमा गरिने पार्वण त अरू कुनै तिथिमा गर्नुपर्दछ । यदि महालयमा चतुर्दशी निमित्तकश्राद्ध गरिएन भने त्यो श्राद्ध मार्गशीर्षभित्र कुनै कृष्णपक्ष वा कुनै दिन गर्नुपर्दछ भन्ने कुरा **पृथ्वीचन्द्रोदय**मा उल्लेख गरिएको छ । यद्यपि शस्त्र, ब्राह्मण, सिङ भएका पशु, दाह्रा भएका जनावर एवं सर्पद्वारा मारिएका र आत्महत्या गर्ने मानिसहरूको श्राद्ध गर्न हुँदैन भनी **छागलेय** आदिले यस्ता मृतकहरूको श्राद्ध निषेध गरेका छन् । तथापि प्रमादबाट मर्ने पूज्य एवं श्रद्धेय वृद्धहरूको श्राद्ध गरिदिनु पर्दछ । वृद्धदेखि बाहेक बुद्धिपूर्वक आत्महत्या गर्नेहरूको श्राद्ध गर्नुहुँदैन ।

यत्तु – **'चतुर्दश्यां तर्पणीया लुप्तपिण्डोदकक्रियाः'** इति ब्राह्मे । तद् गौणमिति शूलपाणिः । लक्षणायां मानाभावात् । **'पतितेनापि कर्तव्यं कर्तव्यं पतितस्य च'** इति गयादिवद्विशेषविधिबलात्पतितानामपि कार्यमिति नव्यगौडाः। तत्त्वं तु समत्वमागतस्येत्यादिवशात्कृतक्रियाणां कार्यं नान्येषामिति वयं प्रतीमः ।

ब्रह्मपुराणमा चतुर्दशीतिथिमा मर्ने मानिसहरूका लागि पिण्डदान गर्न हुँदैन, तर्पणमात्र गरिदिनुपर्दछ भनी जुन कुरा भनिएको छ त्यो भनाइ गौण अर्थमा आधारित छ भनी **शूलपाणि**ले बताएका छन् । श्राद्ध निषिद्ध भएकाले त्यसको अभावमा तर्पण गर्नुपर्ने कुरा गौण अर्थलाई लिएर भनिएको हो । गौणबाट नै सादृश्य अर्थमा गौणी लक्षणा हुन्छ । यहाँ लक्षणाबाट अर्थ निकाल्नुपर्ने कुरामा कुनै प्रमाण छैन । पतित व्यक्तिले पनि मरेका पतित पूर्वजहरूप्रति गर्नुपर्ने कर्तव्य गर्नुपर्दछ भन्ने विशेषविधि अनुसार गयाश्राद्ध गरिएझैं पतितको पनि श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **नव्यगौड**हरूले बताएका छन्। वस्तुतः **समत्वमागतस्य०** भन्ने श्लोकअनुसार जसको क्रिया भइसकेको छ, तिनको श्राद्ध चतुर्दशीमा गर्नुपर्दछ अरूको पर्दैन भन्ने हाम्रो धारणा रहेको छ ।

यत्तु मनुः – **न पैतृयज्ञियो होमो लौकिकाग्नौ विधीयते । न दर्शेन विना श्राद्धमाहिताग्नेर्विधीयते।।**

अत्र पूर्वार्धं हेतुत्वेनोक्तम् । तद्यथाश्रुतमेव मन्यन्ते पृथ्वीचन्द्रोदयादयः । आहिताग्नेः पिण्डपितृयज्ञकल्पेन श्राद्धनिषेधार्थमिदं न तु साकल्यादेरपीत्यस्मद्गुरवः । कृष्णपक्षश्राद्धमन्यदिनेषु प्राप्तमाहिताग्नेर्दर्शे नियम्यत इति तु वयम्। दर्शेन पार्वणेन विना श्राद्धं न । तेन क्वापि वार्षिकादावेकोद्दिष्टं नेति हरिहरः । इति चतुर्दशी ।

पितृयज्ञको हवन लौकिक अग्निमा गर्नुहुँदैन । अमावास्याविना अग्निहोत्रीको श्राद्ध गर्न हुँदैन भन्ने कुरा **मनु**ले बताएका छन् । यसमा पितृयज्ञको लौकिक अग्निमा हवन निषेध गर्ने पूर्ववचन नै प्रमाणका रूपमा रहेको छ । उक्त वचनलाई **पृथ्वीचन्द्रोदय** आदि जस्ताको तस्तै स्वीकार गर्दछन् । आहिताग्निहरूले सामान्य पिण्डपितृयज्ञको विधिबाट श्राद्ध गर्न हुँदैन भन्ने निषेध देखाउन उक्त वाक्य आएको हो, सबैका लागि निषेध होइन भन्ने हाम्रा गुरुदेवको भनाइ छ । अग्निहोत्रीले अरू दिनमा गर्नुपर्ने श्राद्ध पनि अमावास्यामा मात्र गर्नुपर्दछ भन्ने नियमन गरिन्छ भन्ने हाम्रो मत छ । आहिताग्निले अमावास्याश्राद्ध र पार्वणश्राद्धबाहेक अन्य श्राद्ध गर्न हुँदैन तसर्थ तिनीहरूले वार्षिकश्राद्ध गर्दा एकोद्दिष्टश्राद्ध गर्नुपर्ने कुरा कहीँ पनि विधान गरिएको छैन ।

अमायां गजच्छायानिर्णयः

अमायां विशेषमाहापरार्के यमः –

हंसे करस्थिते या तु अमावास्या करान्विता । सा ज्ञेया कुञ्जरच्छाया इति बौधायनोऽब्रवीत् ।।

वनस्पतिगते सोमे छाया या प्राङ्मुखी भवेत् । गजच्छाया तु सा प्रोक्ता तस्यां श्राद्धं प्रकल्पयेत् ।।

भारते – **आजेन सर्वलोहेन वर्षासु नियतव्रतः । हस्तिच्छायासु विधिवत्कर्णव्यजनवीजितम् ।।**

श्राद्धं दद्यादिति शेषः ।

अमावास्यामा गजच्छायानिर्णय

अपरार्कमा उद्धृत यमको वचनमा अमावास्याको चर्चा गर्दै भनिएको छ – 'सूर्य हस्तानक्षत्रमा रहेको समयमा हस्तानक्षत्रमा नै अमावास्या हुँदा गजच्छायायोग निष्पन्न हुन्छ ।' यसै योगलाई कुञ्जरच्छाया पनि भनिने कुरा बौधायनले बताएका छन् । अमावास्याको अपराह्णमा [५२]वनस्पतिमा चन्द्रमा जाँदा जुन पूर्वाभिमुख छाया हुन्छ त्यसलाई गजच्छाया भनिन्छ । यस्तो गजच्छायामा पितृहरूका निमित्त श्राद्ध गर्नुपर्दछ ।

महाभारतमा भनिएको छ – नियमपूर्वक व्रतको पालन गरी मघानक्षत्र हुँदा हात्तीको शरीरको छायामा बसेर हात्तीका कानको हावा लिँदै पायस अथवा बोकाको मासु र लौहशाक अर्थात् फलामको जस्तो रङ्का गुण भएको सागद्वारा श्राद्ध गर्नुपर्दछ ।

आश्विनशुक्लप्रतिपदि मातामहश्राद्धकथनम्

आश्विनशुक्लप्रतिपदि दौहित्रस्य मातामहश्राद्धमुक्तम् । हेमाद्रौ सङ्ग्रहे च –

जातमात्रोऽपि दौहित्रो विद्यमानेऽपि मातुले । कुर्यान्मातामहश्राद्धं प्रतिपद्याश्विने सिते ।। इति ।

आश्विनशुक्लप्रतिपदामा मातामहश्राद्ध

हेमाद्रि र संग्रहमा आश्विनशुक्ल प्रतिपदामा द्रौहित्र अर्थात् छोरीतर्फको नातिले मावली बाजेको अर्थात् मातामहको श्राद्ध गर्नुपर्ने कुरा बताइएको छ । तदनुसार भर्खरै व्रतबन्धसम्पन्न गरेका दौहित्रदेखि लिएर सबै दौहित्र अर्थात् नातिले मामा ज्यूँदै भए पनि आश्विनशुक्लप्रतिपदाका दिन मातामहको श्राद्ध गर्नुपर्दछ ।

सङ्गवव्यापिनी प्रतिपदा

इयं सङ्गवव्यापिनी ग्राह्येति निर्णयदीपे उक्तम् ।

प्रतिपद्याश्विने शुक्ले दौहित्रस्त्वेकपार्वणम् । श्राद्धं मातामहं कुर्यात्सपिता सङ्गवे सदा ।।

जातमात्रोऽपि दौहित्रो जीवत्यपि च मातुले । प्रातःसङ्गवयोर्मध्ये आर्यस्य प्रतिपद्भवेत् ।।

इति वचनात् । अत्र समूलत्वं विमृश्यम् ।

---

५२. शास्त्रहरूमा बताइएको छ कि – गजच्छाया द्विविधा यौगिकी पारिभाषिकी च' तदनुसार उक्त अमावास्यामा चन्द्रमा वनस्पतिमा रहेका हुन्छन् त्यसबेला प्रकट हुने चन्द्रमाको पूर्वाभिमुख छायालाई पनि गजच्छाया योग भनिएकोमा त्यसलाई पारिभाषिक योग मान्नुपर्दछ।

त्रिमुहूर्तं वसेदर्के त्रिमुहूर्तं वसेज्जले । त्रिमुहूर्तं वसेद्गोषु त्रिमुहूर्तं वनस्पतौ ।। व्यासद्वारा यो वचन दिइएको हुँदा अपराह्णसमयको तीन मुहूर्त चन्द्रमा वनस्पतिमा बस्दछन् । औंसीको दिनको यही समयलाई गजच्छाया पनि भनिन्छ । यो गजच्छायायोग पितृतृप्तिका लागि अति पुण्यकाल मानिन्छ । यो कालमा श्राद्ध गर्नु अति उत्तम हुन्छ ।

मातामहको श्राद्ध सङ्गवकालमा गर्नुपर्ने

निर्णयदीपको भनाइअनुसार दिनका पाँच भाग – 'प्रातःकाल, सङ्गवकाल, मध्याह्नकाल, अपराह्नकाल र सायँकालमध्ये दोस्रो भागमा पर्ने लगभग ६ घडीको सङ्गवकालमा मातामहको श्राद्ध गर्नुपर्दछ । यसै कुरालाई राम्ररी स्पष्ट गर्दा भन्नुपर्दछ कि दौहित्रले आश्विन शुक्ल प्रतिपदातिथिमा सङ्गवकालमा एकपार्वणविधिबाट मातामहको श्राद्ध गर्नुपर्दछ । भर्खर उपनयन संस्कार सम्पन्न गरेको दौहित्र भए पनि र मामा जीवितै रहेको अवस्थामा पनि त्यसले प्रातःकाल र सङ्गवकालको बीचमा मातामहका निमित्त प्रतिपदाश्राद्ध गर्नुपर्दछ ।' यस वचनको प्रामाण्य अनुसन्धेय छ ।

मलमासे मातामहश्राद्धनिषेधः

इदं च मलमासे न कार्यम् । '**स्पष्टमासविशेषाख्याविहितं वर्जयेन्मले**' इति निषेधात् ।

मलमासमा मातामहश्राद्धको निषेध

यो श्राद्ध मलमासमा गर्न हुँदैन । जहाँ स्पष्ट मासको व्याख्या हुँदैन त्यस्तो मलमासमा यो श्राद्ध वर्जित छ ।

जीवत्पितृकेण मातामहश्राद्धं विधेयम्

इदं च जीवत्पितृकेणैव कार्यमिति शिष्टाः । इदं च शिष्टाचारात्सपिण्डकं कार्यमिति केचित् । पिण्डरहितं तु युक्तम् । जीवत्पितृकस्य –

मुण्डनं पिण्डदानं च प्रेतकर्म च सर्वशः । न जीवत्पितृकः कुर्याद् गुर्विणीपतिरेव च ।।

इति दक्षेण पिण्डनिषेधात् । आन्वष्टक्यवद्विशेषवचनाभावाच्चेति सङ्क्षेपः ।

इति श्रीकमलाकरभट्टकृते निर्णयसिन्धौ महालयनिर्णयः ।

इति आश्विनकृष्णपक्षान्तर्गतकृत्यानां निर्णायकं चतुर्थं प्रकरणम्

पिता जिउँदै भएका व्यक्तिले मातामहको श्राद्ध गर्न हुने

यो श्राद्ध पिता जीवित रहेका दौहित्रले गर्नुपर्दछ भन्ने मत शिष्टहरूको छ । केही विद्वान्हरू शिष्ट आचारका कारण यो श्राद्धमा पिण्ड दिनुपर्दछ भन्दछन् । हाम्रो विचारमा भने पिण्डरहित गर्नु उचित हुन्छ । गर्भिणी नारीको पति र जीवत्पितृक मानिसले मुण्डन, पिण्डदान एवं प्रेतकर्म गर्न हुँदैन भनी **दक्ष**ले पिण्डदान निषेध गरेकाले पिण्ड दिन हुँदैन । यहाँ पिण्ड दिनै पर्छ भन्नका लागि अन्वष्टकामा झैं विशेषवचन पनि छैन । यो प्रसङ्ग यहीँ टुङ्ग्याइन्छ।

निर्णयसिन्धु द्वितीयपरिच्छेदको आश्विनकृष्णपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित चतुर्थ प्रकरण पूरा भयो ।

ॐ

आश्विनशुक्लपक्षान्तर्गतकृत्यानां निर्णायकं पञ्चमं प्रकरणम्

अथ आश्विनमासः

आश्विनशुक्लपक्षः

आश्विनशुक्लप्रतिपदि नवरात्रारम्भः । तन्निर्णयः । तत्र भार्गवार्चनदीपिकायां देवीपुराणे सुमेधा उवाच –

श्रृणु राजन् प्रवक्ष्यामि चण्डिकापूजनक्रमम् । आश्विनस्य सिते पक्षे प्रतिपत्सु शुभे दिने ।।'

इत्युपक्रम्योक्तम् –

शुद्धे तिथौ प्रकर्तव्यं प्रतिपच्चोर्ध्वगामिनी। आद्यास्तु नाडिकास्त्यक्त्वा षोडश द्वादशापि वा।।

अपराह्ने च कर्तव्यं शुद्धसन्ततिकाङ्क्षिभिः ।।' इदं चापराह्णयोगिन्याः प्राशस्त्यं द्वितीयदिने प्रतिपदोऽभावे ज्ञेयम् । तथा तत्रैव देवीपुराणे डामरतन्त्रे च देवीवचः –

अमायुक्ता न कर्तव्या प्रतिपत् पूजने मम । मुहूर्तमात्रा कर्तव्या द्वितीयादिगुणान्विता ।।

आद्याः षोडश नाडीस्तु लब्ध्वा यः कुरुते नरः । कलशस्थापनं तत्र ह्यरिष्टं जायते ध्रुवम् ।।

आश्विनशुक्लप्रतिपदामा नवरात्रारम्भ

आश्विनको शुक्लपक्षको प्रतिपदातिथिमा [५३]नवरात्रको आरम्भ हुन्छ । अहिले नवरात्रसम्बन्धी निर्णय प्रस्तुत गरिँदैछ । **भार्गवार्चनदीपिकामा** उद्धृत **देवीपुराणको** वचनमा **सुमेधाले** – 'हे राजन् ! अहिले म हजुरलाई चण्डिकापूजाको क्रम बताउँछु – आश्विन शुक्लपक्षको प्रतिपदाको मङ्गलदिनमा' यसरी वाक्यारम्भ गरेर फेरि भनेका छन् – शुद्ध अमावास्याले नछोएको प्रतिपदातिथिमा नवरात्रव्रतको शुभारम्भ गर्नुपर्दछ । प्रतिपदा ऊर्ध्वगामी भएमा आरम्भका १२ अथवा १६ घडी त्याग गरी पवित्र सन्ततिको कामनाका साथ अपराह्णमा कर्म अर्थात् नवरात्रव्रत आरम्भ गर्नुपर्दछ । अपराह्णव्यापिनी प्रतिपदाको यो प्रशंसा, दोस्रो दिन द्वितीया नभएका कारण गरिएको हो भन्ने जान्नुपर्दछ । **देवीपुराण** र

५३. देवीपुराणमा नवरात्रको महिमा बताउँदै भनिएको छ –

'महासिद्धिप्रदं धर्म्यं सर्वशत्रुनिबर्हणम् । सर्वलोकोपकारार्थं विशेषादतिवृष्टिषु ।।

क्रत्वर्थं ब्राह्मणाद्यैश्च क्षत्रियैर्भूमिपालने । गोधनार्थं विशा वत्स ! शूद्रैः पुत्रसुखार्थिभिः ।।

सौभाग्यार्थं स्त्रिया कार्यमाढ्यैश्च धनकाङ्क्षिभिः । महाव्रतं महापुण्यं शङ्कराद्यैरनुष्ठितम् ।।

अर्थ – 'नवरात्रको व्रतलाई महासिद्धि दिने, दुर्लभ, सबै शत्रुको संहार गर्ने र सबै प्राणीहरूको उपकार गर्ने विशिष्ट व्रत मानिएको छ। विशेष गरेर अतिवृष्टि आदिमा यो व्रतको विधानले अचूक उपायको काम गर्दछ । ब्राह्मणहरूले यज्ञ सम्पादनका निमित्त, क्षत्रियहरूले पृथ्वी पालनका निमित्त, वैश्यहरूले गोधनको वृद्धिका निमित्त, शूद्रहरूले पुत्रसुखप्राप्तिको निमित्त, नारीहरूले सौभाग्यप्राप्तिको निमित्त र सम्पन्न व्यक्तिहरूले धनप्राप्तिको निमित्त नवदुर्गामा भगवती महिषासुरमर्दिनीको उपासना गर्दछन् । यो महापुण्यदायक महाव्रत हो । यसैले भगवान् शङ्कर, ब्रह्माजी, भगवान् विष्णु, इन्द्र आदि देवताहरूले पनि विभिन्न अवसरमा नवदुर्गामा नवरात्रव्रत गर्नुभएको थियो ।'

कालतत्त्वविवेकको मतमा नवरात्रको तात्पर्य नौ दिन एवं नौ रात्रि हो । नवरात्र केवल समयको वाचक हो अर्थात् त्यो समय जसमा व्रत गरिन्छ । त्यसकारण उनीहरूको दृष्टिमा यो कर्मको नाम होइन । पुरुषार्थचिन्तामणिकारले नवरात्रको अर्थ देवीपूजा व्रत हो भनेका छन् । यो नौ दिन र नौ रात भन्ने अर्थमा होइन । तिथिक्षयमा यो आठ रातको र तिथिवृद्धिमा यो दश रातको पनि हुनसक्छ । निर्णयसिन्धुकार पनि यसै मतका पक्षपाती हुन् ।

डामरतन्त्रमा देवीले भन्नुभएको छ – अमावास्यासँग जोडिएको प्रतिपदातिथिमा मेरो पूजा गर्नुहुँदैन । द्वितीयासँग सम्बद्ध एक मुहूर्तमात्र भएपनि दोस्रो दिनको प्रतिपदा लिनुपर्दछ । जुन मानिसले प्रतिपदाका प्रथम १६ घडीभित्र कलशको स्थापना गर्दछ त्यसले अभीष्ट अर्थात् आफूले चाहेको विषय प्राप्त गर्दछ ।

घटस्थापनाविचारः

मार्कण्डेयदेवीपुराणयोः –

पूर्वविद्धा तु या शुक्ला भवेत् प्रतिपदाश्विनी । नवरात्रव्रतं तस्यां न कार्यं शुभमिच्छता ।।

देशभङ्गो भवेत्तत्र दुर्भिक्षं चोपजायते । नन्दायां दर्शयुक्तायां यत्र स्यान्मम पूजनम् ।। इति ।

स्कान्देऽपि– **प्रतिपद्याश्विने मासि सा शुद्धा शुभदा भवेत्। भाद्रपञ्चदशी कृष्णा तया युक्ता न शस्यते।।**

विरुद्धफलदा सा हि पुत्रदारभयावहा ।।' इति । तथा –

वर्जनीया प्रयत्नेन अमायुक्ता तु पार्थिव । द्वितीयादिगुणैर्युक्ता प्रतिपत्सर्वकामदा ।।'

घटस्थापना विचार

मार्कण्डेयपुराण र देवीपुराणमा भनिएको छ – आश्विनमासको शुक्ल प्रतिपदा अमावास्याद्वारा विद्ध भएमा त्यो दिन मङ्गलफल प्राप्त गर्न चाहने मानिसले नवरात्रव्रतको आरम्भ गर्नुहुँदैन त्यो दिन अमावास्यासँग जोडिएको नन्दा अर्थात् प्रतिपदामा मेरो पूजा आरम्भ गर्दा देशभङ्ग र दुर्भिक्ष हुन्छ । **स्कन्दपुराणमा** भनिएको छ – आश्विनशुक्लप्रतिपदा शुद्धतिथि भएमा त्यसले शुभफल प्रदान गर्दछ । भाद्रपदको अमावास्या आश्विनशुक्लप्रतिपदासँग युक्त भएमा शुभफल प्राप्त हुँदैन त्यसबाट विरुद्ध फल प्राप्त हुन्छ र स्त्री–पुत्रलाई भय दिन्छ । त्यसकारण अमायुक्त प्रतिपदालाई प्रयत्नपूर्वक छाडिदिनुपर्दछ। द्वितीयासँग जोडिएको प्रतिपदाले सबै कामना परिपूर्ण तुल्याउँछ ।

तथा देवीपुराणे –

यो मां पूजयते नित्यं द्वितीयादिगुणान्विताम् । प्रतिपच्छारदीं ज्ञात्वा सोऽश्नुते सुखमव्ययम्।।

यदि कुर्यादमायुक्तां प्रतिपत्स्थापने मम । तस्य शापायुतं दत्त्वा भस्मशेषं करोम्यहम् ।।

आग्रहात्कुरुते यस्तु कलशस्थापनं मम । तस्य संपद्विनाशः स्याज्ज्येष्ठः पुत्रो विनश्यति ।।

अमायुक्ता न कर्तव्या प्रतिपच्चण्डिकार्चने । धनार्थिभिर्विशेषेण वंशहानिश्च जायते ।।

न दर्शकलया युक्ता प्रतिपच्चण्डिकार्चने । उदये द्विमुहूर्तापि ग्राह्या सोदयदायिनी ।।' इति ।

देवीपुराणे – **या चाश्वयुजि मासे स्यात्प्रतिपद्भद्रयान्विता । शुद्धा ममार्चनं तस्यां शतयज्ञफलप्रदम्।।**

देवीपुराणमा स्वयं देवीले भन्नुभएको छ – शरदृतुको जुन प्रतिपदातिथिमा द्वितीयाको पनि युति हुन्छ त्यसमा मेरो पूजन गर्नाले अव्यय–अविनाशी फल प्राप्त हुन्छ । यदि कसैले औंसीसँग जोडिएको प्रतिपदामा मेरो स्थापना गर्दछ भने त्यसलाई हजारौं सराप दिएर मैले खरानी तुल्याउँछु । थाहा पाउँदापाउँदै पनि आफ्नै आग्रहका कारण कसैले अमायुक्त प्रतिपदामा मेरो कलश स्थापना गर्दछ भने त्यसको सम्पत्तिनाश हुनुका साथै जेठो छोराको मृत्यु पनि हुन्छ । धनार्थीहरूले चण्डिकाको अर्चनामा अमायुक्त प्रतिपदा लिन हुँदैन, यसबाट वंशको नाश हुन्छ । चण्डिकाको पूजा गर्दा अमायुक्त प्रतिपदाको एक कला पनि ग्रहण गर्न हुँदैन । अर्को दिन उदयकालमा दुईमुहूर्तमात्र प्रतिपदा भएपनि यो ग्राह्य हुन्छ ।

देवीपुराणमा भनिएको छ – आश्विनमासको प्रतिपदातिथि भद्रा अर्थात् द्वितीयाले युक्त भएमा शुद्ध मानिन्छ । त्यसमा गरिने मेरो अर्चनाबाट सैंकडौं यज्ञ गरेको फल प्राप्त हुन्छ ।

रुद्रयामले– **अमायुक्ता सदा चैव प्रतिपन्निन्दिता मता । तत्र चेत्स्थापयेत्कुम्भं दुर्भिक्षं जायते ध्रुवम् ।। प्रतिपत्सद्द्वितीया तु कुम्भारोपणकर्मणि ।।**' इति । यद्यपि रुद्रयामलं डामरं च निर्मूलं तथाप्यविरोधात् प्रचाराच्च तद्वचनानि लिख्यन्ते । तिथितत्त्वे देवीपुराणेऽपि –

प्रातरावाहयेद्देवीं प्रातरेव प्रवेशयेत् । प्रातः प्रातश्च सम्पूज्य प्रातरेव विसर्जयेत् ।।' तत्रैव–

शरत्काले महापूजा क्रियते या च वार्षिकी । सा कार्योदयगामिन्यां न तत्र तिथियुग्मता ।। तथा–

कुहूकाष्ठोपसंयुक्तां वर्जयेत्प्रतिपत्तिथिम् । राज्यनाशाय सा प्रोक्ता निन्दिता चाश्वपूजने।। इति ।

एषु वचनेषु कलशस्थापनग्रहणात्तदेव प्रथमदिने निषिध्यते न तूपवासादि । तस्य '**प्रतिपद्यप्यमावास्या**' इति युग्मवाक्यात्, '**शुक्ला स्यात्प्रतिपत्तिथिः प्रथमतः**' इति दीपिकोक्तेः, शुक्लपक्षे दर्शविद्धेति माधवोक्तेश्च पूर्वदिने प्राप्तस्य बाधे मानाभावादिति केचित् । वस्तुतस्तु पूर्वोक्तवाक्येषु चण्डिकार्चनपूजाग्रहणादुपवासादेश्चाङ्गत्वात् प्रधान–देवीपूजादावपि परेति युक्तम् ।

रुद्रयामलमा भनिएको छ – जहिले पनि अमावास्यासँग जोडिएको प्रतिपदा निन्दनीय हुन्छ । यदि त्यसबेला घटस्थापना गरिन्छ भने निश्चय नै दुर्भिक्ष हुन्छ , घटस्थापनामा द्वितीयासँग जोडिएको प्रतिपदा नै उत्तम हुन्छ । हुन त **रुद्रयामल** र **डामरतन्त्र** प्रामाणिक ग्रन्थ होइनन् तापनि उक्त मतकै समर्थन भएकाले र त्यस मतकै प्रचार हुनाले त्यहाँका वचन उद्धृत गरिएका हुन् ।

तिथितत्त्व र **देवीपुराण**को वचन यसप्रकार छ – प्रातःकालमा देवीको आवाहन गर्नुपर्दछ । प्रातःकाल अर्थात् पूर्वाह्णकालमा देवीलाई प्रवेश गराउनुपर्दछ । प्रातःकालमा नै पूजा गरी प्रातःकालमा नै विसर्जन गर्नुपर्दछ । त्यहीँ नै फेरि भनिएको छ – शरद्कालमा देवीको वार्षिक महापूजा उदयकालिक तिथिमा नै गर्नुपर्दछ । यसमा दुई तिथिको युग्मभाव हुनुहुँदैन । त्यसैगरी त्यहाँ भनिएको छ – अमावास्याको एक घडीले युक्त भएको प्रतिपदातिथिको त्याग गर्नुपर्दछ । त्यसलाई लिँदा राज्यनाश हुन्छ । त्यहीँ नै भनिएको छ कि यो संयोग आश्विनमासको देवीपूजामा निन्दित छ । यो अमायुक्त प्रतिपदा रेवन्तनामक देवताहरूको घोडाको पीडा शान्तिका लागि गरिने पूजासँग सम्बद्ध छ ।

उक्त वचनहरूमा कलशस्थापनाको विषय ग्रहण गरिएकाले प्रथमदिनमा कलशको स्थापनामात्र निषिद्ध छ । उपवास आदि निषिद्ध छैन । किनकि प्रतिपदामा पनि अमावास्या होस् भन्ने युग्मवाक्य पाइन्छ । **दीपिका**मा शुक्लप्रतिपदा प्रथम तिथि हो भनिएको छ । **माधव**ले पनि शुक्लपक्षमा अमावास्याद्वारा विद्ध प्रतिपदा लिइन्छ भनेका छन् । त्यसकारण अमाविद्ध प्रतिपदामा सर्वप्रथम प्राप्त पूजन कार्यलाई बाधित गर्ने प्रमाण छैन भन्ने कुरा कसैले गरेका छन् । यथार्थमा भन्नुपर्दा पूर्वोक्त वाक्यहरूमा चण्डिकार्चन र पूजापदको ग्रहण गरिएकाले ती उपवासका अङ्ग हुन् । प्रधानदेवीपूजामा त पछिल्लो तिथि नै लिनुपर्दछ । यही नै उचित हो ।

कलशस्थापनग्रहणं तूपलक्षणम् । अतएव देवलः –

व्रतोपवासनियमे घटिकैकापि या भवेत् । सा तिथिस्तद्दिने पूज्या विपरीता तु पैतृके ।। इति ।

अत्र घटिका मुहूर्त इति गौडाः । यदा तु पूर्वदिने सम्पूर्णा शुद्धा च भूत्वा परदिने वर्धते तदा सम्पूर्णत्वादमा–योगाभावाच्च पूर्वैव । यानि च द्वितीयायोगनिषेधकानि वचनानि केचित्पठन्ति तान्यपि शुद्धाधिकानिषेधपराणि।

परदिने प्रतिपदोऽत्यन्तासत्त्वे तु दर्शयुतापि पूर्वैव ग्राह्या । तदाह लल्लः – **'तिथिः शरीरं तिथिरेव कारणं तिथिः प्रमाणं तिथिरेव साधनम्'** इति ।

कलशस्थापनाको ग्रहण एउटा उपलक्षणमात्र हो । यसैले **देवल** भन्दछन् – व्रत र उपवासका नियमहरूमा एक घडीमात्र भए पनि त्यो तिथि पूज्य हुन्छ । यसको विपरीत अवस्थामा त्यो तिथि पितृकार्यका लागि पूज्य हुन्छ। यहाँ एक घडीमात्र भए पनि भन्नुको सट्टा एक मुहूर्त भए पनि भन्ने अर्थ गर्नुपर्दछ भन्ने कुरा **गौडहरूले** गरेका छन्। पहिलो दिन तिथि सम्पूर्ण र शुद्ध भई आगामी दिनमा पनि बढ्दछ भने त्यसको सम्पूर्णता हुने हुँदा र अमाको योग नभएका कारण प्रतिपदा लिँदा पहिलो नै लिनुपर्दछ । जुन द्वितीयाको योग निषेध गर्ने वचन कसैले भन्दछन् – त्यो शुद्धाधिक निषेधमा आधारित वचन हो । अर्को दिन प्रतिपदा कत्ति पनि नरहेमा अमायुक्त पहिलो दिनको प्रतिपदा नै ग्रहण गर्नुपर्दछ । यस विषयमा **लल्ल** भन्दछन् – तिथि नै शरीर हो, तिथि नै कारण हो र तिथि नै साधन हो ।

यानि तु – **'अमायुक्ता प्रकर्तव्या'** इत्यादीनि नृसिंहप्रसादे वचनानि तानि समूलत्वे सत्येतद्विषयाणि । अत्रेदं तत्त्वम् । पूर्वोक्तवाक्यानां सर्वेषां हेमाद्र्याद्यलिखितत्वेन निर्मूलत्वात्तैश्चान्यनिर्णयस्यानुक्तेः सामान्यनिर्णयात्पूर्वप्राप्तावपि गौडनिबन्धेषु विशेषनिर्णयादौदयिकी ग्राह्या । तत्रापि घटिकैकेत्यस्य द्विमुहूर्तस्तुतित्वोक्तेर्द्विमुहूर्ता ग्राह्या । **'उदिते दैवतं भानौ'** इत्यत्र **'द्विमुहूर्तं त्रिरह्नश्च'** इति औदयिक्या द्विमुहूर्तत्वनियमात् । तेन **'उदये द्विमुहूर्तापि'** इत्याद्यनुसारोऽपि मुहूर्तमात्रा कर्तव्येति द्विमुहूर्तस्तुतिः अन्यथा द्विमुहूर्तविधिवैयर्थ्यात् । केचित्तु मुहूर्तमात्रेति वचनात्ततो न्यूनत्वे परा नेत्याहुः । गौडा अप्येवम् । अत्र देवीपूजैव प्रधानम् । उपवासादि त्वङ्गम् ।

नृसिंहप्रसाद नामक ग्रन्थमा अमायोग भएको प्रतिपदा लिनु पर्दछ भन्ने आदि जुन वचन छन् ती प्रामाणिक भएको अवस्थामा यस प्रसङ्गका लागि उपयोगी हुनसक्छन् । यहाँ मेरो निष्कर्ष यो हो कि पूर्वोक्त जति विषय छन्, **हेमाद्रि** आदि प्रामाणिक ग्रन्थमा उल्लेख नगरिएकाले यी अप्रामाणिक छन् । **हेमाद्रि** आदिमा अन्य विशेषनिर्णय पनि गरिएको छैन । अतः सामान्य निर्णयअनुसार र युग्मनिर्णयअनुसार पहिले बताएअनुसारका जे जति कर्तव्य हुन् ती प्राप्त भए पनि **गौड** निबन्धहरूमा विशेष निर्णय गरिएकाले उदयकालिक तिथि लिनुपर्दछ । त्यहाँ पनि एक घडी भन्नाले दुई मुहूर्तको प्रशंसा गरिएको हुँदा **अत्र घटिका मुहूर्त इति गौडा** यसरी मुहूर्त ग्रहण गरिएकाले दुईमुहूर्त नै लिनुपर्दछ । फेरि **उदये दैवतं भानौ पित्र्यं चास्तमिते रवौ । द्विमुहूर्तं त्रिरह्नश्च सा तिथिर्हव्यकव्ययोः ।।** भनाइअनुसार सूर्योदयकालमा देवीपूजन गर्नुपर्दछ भन्ने अर्थ हुन्छ । दुई मुहूर्त र तीन दिनसम्म यस उदयकालिक दुईमुहूर्तको नियमबाट र उदयमा दुईमुहूर्त भए पनि भन्ने नियमबाट मुहूर्तमात्रको उल्लेख भएका ठाउँमा पनि दुईमुहूर्त भन्ने अर्थ बुझ्नुपर्दछ । यसमा दुईमुहूर्तकै प्रशंसा गरिएको बुझ्नुपर्दछ । अन्यथा दुई मुहूर्त भन्ने नियम व्यर्थ हुन्छ । कसैले भने **मुहूर्तमात्रा कर्तव्या** यस नियमको व्याख्या गर्दै मुहूर्तभन्दा कम भएमा अघिल्लै दिन पूजा गर्नुपर्दछ भनेका छन् । **गौडहरूको** पनि यही भनाइ छ ।

अष्टम्यां च नवम्यां च जगन्मातरमम्बिकाम् । पूजयित्वाश्विने मासि विशोको जायते नरः ।।

इति हेमाद्रौ भविष्ये तस्या एव फलसम्बन्धात्, **'नवमीतिथिपर्यन्तं वृद्ध्या पूजाजपादिकम् ।'** इति तत्रैव देवीपुराणात्, **'शरत्काले महापूजा क्रियते या च वार्षिकी'** इति मार्कण्डेयपुराणाच्च पूर्ववचनादष्टमी–नवमीपूजैव प्रधानमन्यत्सर्वमङ्गमिति गौडाः ।

नवरात्रको प्रतिपदादेखि नवमीसम्म देवीपूजा नै प्रधान विषय हो र उपवास आदि त्यसका अङ्ग हुन् । आश्विनमासमा अष्टमी र नवमीतिथिमा जगन्माता अम्बिका भगवतीको पूजा गरी मानिस शोकहीन बन्दछ भन्ने फलश्रुति **हेमाद्रिमा** उद्धृत

भविष्यपुराणको वचनमा रहेको छ । यसमा पूजाको फल बताएर पूजालाई नै प्रधानता दिइएको छ । देवीपुराणको मत पनि यस्तै छ । नवमीतिथिसम्म वृद्धिक्रमले पूजा आदि गर्नुपर्दछ । फेरि मार्कण्डेयपुराणमा – 'शरत्कालमा जुन मेरो वार्षिक पूजा गरिन्छ' भन्ने वचन रहेको छ । यसबाट पनि पूजा प्रधान हो भन्ने कुरा अवगत हुन्छ । पूर्ववचनबाट अष्टमी र नवमीका पूजन प्रधान हुन् र अरू अङ्ग हुन् भन्ने कुरा गौडहरूले गरेका छन् ।

एकाहपक्षकथनं कुण्डपायिनाम्

एकाहपक्षोऽपि कालिकापुराणे –

यस्त्वेकस्यामथाष्टम्यां नवम्यामथ साधकः । पूजयेद् वरदां देवीं महाविभवविस्तरैः।।' इति ।

तत्त्वं तु राजसूयेऽन्ययागैः समप्रधानायाः सहिताया अप्यवेष्टेः **'एतयान्नाद्यकामं याजयेदि'**त्येकत्वान्मध्ये विधानाच्च यथा फलार्थो बहिःप्रयोगस्तथा नवरात्रमध्यस्थाया अष्टम्या नवम्या वा फलार्थः पृथक्प्रयोगः ।

नवरात्रको एकाह पूजापक्ष

कालिकापुराणमाएकाह पूजाको विषयमा प्रकाश पार्दै भनिएको छ – जुन साधक मानिस छ त्यसले नवरात्रको अष्टमी अथवा नवमीमा वरदायिनी भगवतीको आफ्नो वैभवको विस्तार गरी पूजा गर्नुपर्दछ ।

वस्तुतः – राजसूय[५४] यागको प्रकरणमा अरू यागसरह [५५]**अवेष्टि इष्टि**को स्वतन्त्र प्रयोग गर्ने उल्लेख गरिएको छ। त्यसो गर्दा **एतयान्नाद्यं कामं याजयेत्** अर्थात् अवेष्टिद्वारा यथेच्छ अन्न आदिको प्राप्तिका लागि यजन गराउनुपर्दछ भनी राजसूय यज्ञमा अवेष्टिको विधान गरिन्छ । राजसूयको मध्यमा उक्त इष्टिको विधान हुन्छ । जसरी राजसूयभन्दा भिन्न अनेक फलका लागि पनि स्वतन्त्ररूपमा अवेष्टिको प्रयोग गरिन्छ । त्यसैगरी नवरात्रभित्रका अष्टमी, नवमी नवरात्र अन्तर्गतकै दिन भए पनि यिनीहरूको विशेषफलका निमित्त छुट्टै प्रयोग पनि गरिन्छ ।

---

५४. राजसूय अनेक इष्टिहरू सम्पादन गरिने जटिल र दीर्घकालिक यज्ञ हो । यो पूर्ण सोमयज्ञ होइन । केवल क्षत्रियद्वारा अर्थात् राजाहरूद्वारा सम्पादन गरिने यज्ञ भएकाले यसलाई राजसूय भनिन्छ । फाल्गुनमासको शुक्लपक्षको प्रतिपदाका दिन क्षत्रिय यजमानले पवित्रनामक सोमयज्ञको दीक्षा लिएपछिमात्र राजसूय यज्ञ आरम्भ गर्ने अधिकार प्राप्त गर्दछ । राजसूय यज्ञ गर्नाले राजाले सम्राट् पद प्राप्त गर्दछ । भनिएको छ – **राजा राजसूयेन यजेत** अर्थात् राजाले राजसूय यज्ञद्वारा यज्ञपुरुषलाई प्रसन्न तुल्याउनुपर्दछ । दीर्घकालिक यस यज्ञको विस्तृत विधि र विशेषताको जानकारी कात्यायनश्रौतसूत्र, आश्वलायनश्रौतसूत्र, लाट्यायनश्रौतसूत्र, बौधायनश्रौतसूत्र, शतपथब्राह्मण आदि ग्रन्थहरूबाट लिन सकिन्छ । – धर्मशास्त्र का इतिहास, प्रथम भाग, – पिबी काणे, पृ. ५६२–५६३ ।

५५. अवेष्टि इष्टि र नवरात्रमा स्वतन्त्ररूपमा अष्टमी एवं नवमीव्रत
जैमिनिसूत्रको द्वितीय अध्यायमा 'राजा क्षत्रिय उच्यते' (२/३/३) सूत्रमा भनिएको छ– 'अस्ति राजसूयो नाम यागः' राजा राजसूयेन 'स्वाराज्यकामो यजेत' इत्युदाहरणम् । तस्य अवेष्टिनामिका इष्टिः श्रूयते । आग्नेयमष्टकपालं निर्वपेत्, हिरण्यं दक्षिणा, ऐन्द्रम्, एकादशकपालम्, ऋषभो दक्षिणा, वैश्वदेवं चरुम्, पिशङ्गी प्रष्ठौही दक्षिणा, मैत्रावरुणीं आमिक्षाम्, वशा दक्षिणा, बार्हस्पत्यं चरुम्, क्षितिपृष्ठो दक्षिणा । तस्यामेव अवेष्टौ यजमानजातिभेदेन हविषां क्रमव्यत्ययो श्रूयते । यदि ब्राह्मणो यजेत बार्हस्पत्यं मध्ये निधाय आहुतिं हुत्वा तमभिधारयेत्, यदि राजन्य ऐन्द्रम्, यदि वैश्यः वैश्वदेवम्, एतदेवात्र विषयवाक्यम् ।

राजसूय प्रकरणमा एउटा अवेष्टि नामक इष्टिको उल्लेख गरिएको छ । त्यो इष्टि राजसूयको अङ्ग हो वा होइन भन्ने प्रश्नको उत्तरमा भनिन्छ – राजाले नै राजसूय यज्ञ गर्छन् र राजा क्षत्रिय नै हुन्छन् – ब्राह्मणसमेत क्षत्रिले अवेष्टिनामक इष्टिको राजसूयअन्तर्गत नै सम्पादन गर्नुपर्ने कुरा माथिको वाक्यमा बताइएको छ । तसर्थ अवेष्टि इष्टि राजसूयभन्दा भिन्न कर्म हो भन्ने कुरा सिद्ध हुन्छ । जसरी अवेष्टियागमा फलविशेषको प्राप्तिका लागि ब्राह्मणले बार्हस्पत्यकपाल बीचमा राखेर राजसूययज्ञ गरिने ठाउँभन्दा भिन्दै ठाउँमा स्वतन्त्र प्रयोग गर्दछन् त्यसैगरी नवरात्रअन्तर्गतका अष्टमी र नवमीमा गरिने व्रत फलका निमित्त नवरात्रभन्दा भिन्न किसिमबाट पनि गर्न सकिन्छ । नवरात्रभित्र नै अष्टमी–नवमी व्रतको सम्पादन गरिने भए तापनि उक्त व्रत नवरात्रभन्दा भिन्न हुन् भन्ने कुरा मूलमा देखाउन खोजिएको छ ।

रूपनारायणधृतदेवीपुराणे –

महानवम्यां पूजेयं सर्वकामप्रदायिका । सर्वेषु चैव वर्णेषु तव भक्त्या प्रकीर्तिता ।।

कृत्वाप्नोति यशो राज्यपुत्रायुर्धनसम्पदः ।।' सा च काम्या नित्या च ।

एवमन्यैरपि तथा देव्याः कार्यं प्रपूजनम् । विभूतिमतुलां लब्धुं चतुर्वर्गप्रदायकम् ।।' इति,

'यो मोहादथवालस्याद्देवीं दुर्गां महोत्सवे । न पूजयति दम्भाद्वा द्वेषाद्वाप्यत्र भैरव ।।

क्रुद्धा भगवती तस्य कामानिष्टान्निहन्ति वै ।।' इति कालिकापुराणे फलनिन्दाश्रुतेः । **'वर्षे वर्षे विधातव्यं स्थापनं च विसर्जनम्'** इति तिथितत्त्वे देवीपुराणाच्च ।

रूपनारायणमा उद्‌धृत **देवीपुराण**को वचनमा भनिएको छ – 'नवरात्रको महानवमीमा गरिने देवीपूजाले सम्पूर्ण कामना परिपूर्ण तुल्याउँछ । यसैले सबै वर्णका मानिसहरूले देवीपूजा गर्नुपर्दछ । यो कुरा तिम्रो भक्ति देखेर मैले भनेको हुँ । भक्तिपूर्वक पूजा गर्दा यश, राज्य, पुत्र, आयु, धन र सम्पत्ति प्राप्त हुन्छ । यो नवमीपूजा काम्य र नित्य दुवै प्रकारको छ ।

'सबै मानिसहरूले नवरात्रमा भगवतीको पूजा गर्नुपर्दछ । अतुलनीय ऐश्वर्यका साथै धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्न देवीको पूजा सबैले गर्नुपर्दछ ।' फेरि **कालिकापुराण**मा भनिएको छ – 'जसले मोह, आलस्य वा घमण्डले अथवा द्वेषले दुर्गामहोत्सवमा दुर्गापूजा गर्दैन त्यसमाथि भगवती भैरवी रिसाउनुहुन्छ र त्यसका सबै इच्छालाई खरानी तुल्याउनुहुन्छ।' यसरी देवीपूजाको फल र देवीपूजा नगर्ने मानिसको निन्दासमेत गरिएको छ।

तिथितत्त्वमा **देवीपुराण**को मत उद्‌धृत गर्दै भनिएको छ – प्रतिवर्ष देवीको स्थापना र पूजा गर्नुपर्दछ ।

उपवासादिनिरूपणम्

अत्रोपवासादिकमुक्तं हेमाद्रौ भविष्ये –

एवं च विन्ध्यवासिन्यां नवरात्रोपवासतः । एकभक्तेन नक्तेन तथैवायाचितेन च ।।

पूजनीया जनैर्देवी स्थाने स्थाने पुरे पुरे । गृहे गृहे शक्तिपरैर्ग्रामे ग्रामे वने वने ।।

स्नातैः प्रमुदितैर्हृष्टैर्ब्राह्मणैः क्षत्रियैर्नृपैः । वैश्यैः शूद्रैर्भक्तियुक्तैर्म्लेच्छैरन्यैश्च मानवैः ।। इति ।

उपवास आदिको निरूपण

हेमाद्रिमा उद्‌धृत **भविष्यपुराण**को वचनमा उपवाससम्बन्धमा यसरी निरूपण गरिएको छ – भगवती विन्ध्यवासिनीको प्रीतिका लागि नवरात्रमा उपवास, एक पटक भोजन – रात्रिभोजन वा अयाचितभोजन गरी ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, म्लेच्छ एवं अरू सबैले प्रत्येक स्थानमा, नगर, गाउँ–गाउँ, घर–घर एवं प्रत्येक वनमा भगवतीको भक्तिमा लीन भई तत्परताका साथ हर्षपूर्वक देवीको आराधना गर्नुपर्दछ । ठाउँठाउँमा ब्राह्मणहरूले नगर–नगरमा राजा एवं क्षत्रियहरूले, घर–घरमा वैश्यहरूले, गाउँ–गाउँमा शूद्रहरूले, वन–वनमा म्लेच्छ आदिहरूले पूजा गर्नुपर्दछ ।' यस पद्यमा प्रयुक्त अन्यशब्दबाट प्रतिलोम र अनुलोमजातिका सबैले पूजन गर्नुपर्ने स्थिति बताइएको छ ।

किरातानां पूजनविधिः

यत्तु रूपनारायणीये भविष्ये – **'एवं नानाम्लेच्छगणैः पूज्यते सर्वदस्युभिः'** इति, तत्तामसपूजापरम्। **'विना मन्त्रैस्तामसी स्यात्किरातानां तु सम्मता'** इति तत्रैवोक्तेः ।

दस्यु आदिद्वारा विनामन्त्र पूजन

रूपनारायणीयमा उद्धृत भविष्यपुराणको वचनमा तामसी पूजा सम्बन्धमा प्रकाश पार्दै भनिएको छ – नवरात्रमा अनेक वर्गका दस्यु र म्लेच्छगणले भगवतीको जुन पूजा गर्दछन् त्यो तामसी पूजा हो । विनामन्त्र गरिने पूजालाई तामसी पूजा भनिन्छ । किरातहरूले विनामन्त्र गरिने पूजाकर्मलाई मन पराउँछन् ।

पूजायास्त्रैविध्यम्

मदनरत्ने देवीपुराणेऽपि –

कन्यासंस्थे रवौ शक्र शुक्लामारभ्य नन्दिकाम् । अयाची ह्यथवैकाशी नक्ताशी वाथवाम्ब्वदः ।।
भूमौ शयीत चामन्त्र्य कुमारीर्भोजयेन्मुदा । वस्त्रालङ्कारदानैश्च सन्तोष्याः प्रतिवासरम् ।।
बलिं च प्रत्यहं दद्यादोदनं मांसमाषवत् । त्रिकालं पूजयेद्देवीं जपस्तोत्रपरायणः ।। इति ।

नन्दिका प्रतिपत्तिथिरिति मैथिलाः, षष्ठीति गौडाः ।

पूजाका तीन भेद

हे इन्द्र ! सूर्य कन्याराशिमा जाँदा शुक्लपक्षको प्रतिपदा अथवा षष्ठीदेखि पूजा प्रारम्भ गरेर अयाचित अन्नको भोजन, एक समय भोजन अथवा रात्रिभोजन गरी साधकले उपवास गर्नुपर्दछ, भूमिशयन गर्नुपर्दछ र कुमारीहरूको पूजा गरी तिनलाई भोजन गराउनुपर्दछ । दिनदिनै तिनीहरूका निमित्त वस्त्र–अलङ्कार प्रदान गरी सन्तुष्ट तुल्याउनुपर्दछ । दिनदिनै ओदन अर्थात् भात, मांस र माषबलि दिनुपर्दछ । (मांसबलि ब्राह्मणले दिनुहुँदैन ।) जप र स्तोत्रपाठमा तल्लीन भई प्रातः, मध्याह्न र सायंकालमा देवीपूजा गर्नुपर्दछ ।

माथिको पद्यमा आएको नन्दाशब्दको अर्थ – प्रतिपदा, षष्ठी र एकादशी हो । यहाँ भने प्रतिपदामात्र अर्थ हो भनी मैथिलहरूले बताएका छन् । गौडहरूले यहाँको वास्तविक अर्थ षष्ठीतिथि हो भनेका छन् ।

रात्रौ दुर्गापूजनम्

तच्च पूजनं रात्रौ कार्यम् ।

आश्विने मासि मेघान्ते महिषासुरमर्दिनीम् । निशासु पूजयेद् भक्त्या सोपवासादिकः क्रमात् ।।

इति देवीपुराणात् । सङ्ग्रहेऽपि –

आश्विने मासि मेघान्ते प्रतिपद्या तिथिर्भवेत् । तस्यां नक्तं प्रकुर्वीत रात्रौ देवीं च पूजयेत् ।।
रात्रिरूपा यतो देवी दिवारूपो महेश्वरः । रात्रिव्रतमिदं देवि सर्वपापप्रणाशनम् ।।
सर्वकामप्रदं नृणां सर्वशत्रुनिबर्हणम् । रात्रिव्रतमिदं तस्य रात्रौ कर्तव्यतेष्यते ।।
नक्तव्रतमिदं यस्मादन्यथा नरके गतिः ।।' इत्यादिवचनाच्च ।

रात्रिव्रतत्वमेवाभिप्रेत्य माधवेनोक्तम् । तस्य नक्तव्रतत्वादिति न तु रात्रिभोजनात् । ननु –

'मासि चाश्वयुजे शुक्ले नवरात्रे विशेषतः । सम्पूज्य नवदुर्गां च नक्तं कुर्यात्समाहितः ।।
नवरात्राभिधं कर्म नक्तव्रतमिदं स्मृतम् ।'

रात्रिमा दुर्गापूजन

दुर्गापूजन रातमा गर्नुपर्दछ । **देवीपुराण**मा भनिएको छ – 'आश्विनमासमा बादल–वर्षा समाप्त भएपछि उपवास गरीकन भक्तले रातको समयमा क्रमैले महिषासुरमर्दिनी भगवतीको पूजा गर्नुपर्दछ ।' **संग्रहग्रन्थ**मा भनिएको छ – 'आश्विनमासमा वर्षाबादल समाप्त भएपछि प्रतिपदामा नक्तव्रत गर्नुपर्दछ र रातको समयमा भगवतीको पूजा गर्नुपर्दछ । फेरि भगवती रात्रिरूपिणी हुन् भने महेश्वर दिनरूपी हुन् । यो नवरात्रको रात्रिव्रतले सबै पापको नाश गर्दछ । यसैले सबै कामना परिपूर्ण तुल्याउँछ । यस व्रतले सबै शत्रुको संहार गर्दछ । त्यसैले सबैले नवरात्रव्रत गर्नुपर्दछ । नवरात्रमा रात्रिको महत्त्व भएका कारण यसलाई नक्तव्रत पनि भनिन्छ । नवरात्रमा देवीपूजन नगर्ने मानिस नरकमा जान्छ ।'

यस्ता–यस्ता धेरै वचनहरू पाइने हुँदा यो रात्रिव्रत नै हो भन्ने अर्थमा **माधव** भन्दछन् – यो रात्रिव्रत भएकाले यसलाई नवरात्र भनिएको हो किन्तु नौ दिनसम्म रात्रिमा भोजन गर्नाले यसलाई नवरात्र भनिएको होइन । **स्कन्दपुराण** र **माधव**को भनाइमा आश्विनमासको शुक्लपक्षमा विशेषतः नवरात्रमा नवदुर्गाभगवतीको पूजा गरी एकचित्त भएर नौ दिनसम्म गरिने कर्मलाई नक्तव्रत भनिन्छ भन्ने वचन पाइन्छ ।

'आरम्भे नवरात्रस्य' इत्यादि स्कान्दात् माधवोक्तेश्च नक्तमेव प्रधानमिति चेत् । न । **'नवरात्रोपवासतः'** इत्यादेरनुपपत्तेः । तेन पाक्षिकनक्तानुवादोऽयम् । नित्यानित्यसंयोगविरोधात् । नह्यग्निहोत्रे दशमपक्षे प्राप्तस्य **'दध्ना जुहोति'** इत्यस्येन्द्रियकामहोमेऽनुवादो घटते, नित्यवदनुवादायोगात् इत्युक्तं वार्तिके तथात्रापि । तेनात्र तद्वदेव गुणात्फलमिति ज्ञेयम् ।

फेरि **नवरात्रको आरम्भमा॰** इत्यादि वचनबाट उठान गरिएको हुँदा नवरात्रव्रतभन्दा पनि नक्तव्रतको प्राधान्य देखिनाले यो नक्तव्रत नै हो कि त ? भन्ने प्रश्न कसैले गर्न सक्छ त्यसको उत्तरमा हामी भन्दछौं – **भविष्यपुराणमा नवरात्रोपवासतः** भनिएकाले यसलाई नक्तव्रत भन्न मिल्दैन । तसर्थ यसलाई पाक्षिक नक्तव्रतको अनुवाद अर्थात् विकल्प मान्नुपर्दछ । नित्य र अनित्यको संयोग परस्पर विरुद्ध विषय हो । अग्निहोत्रको दशमपक्षमा प्राप्त हुने **दध्ना जुहोति**[५६] यस वाक्यको अर्थ 'प्राप्त दहीद्वारा हवन गर्नुपर्दछ' भन्ने हुन्छ तर इन्द्रियका भोग्यपदार्थको कामना गर्नेले दहीद्वारा हवन गरोस् भन्ने अर्थमा यसको अनुवाद अर्थात् अरू वाक्यद्वारा भनिएको विषयलाई दोहोर्‍याउने कर्म गरिन्छ।

नित्य र अनित्यको वाक्यान्तरबाट प्राप्त अर्थ दोहोर्‍याउनुहुँदैन भन्ने कुरा **वार्तिक**मा भनिएको छ । यहाँ गुणसादृश्यका कारण नवरात्रव्रत नक्तव्रतसमान हो भन्ने अर्थ लगाउनुपर्दछ ।

ननु रात्रेः कर्मकालत्वे तद्व्यापिनी पूर्वैव प्रतिपत्प्राप्नुयात् । मैवम् । न्यायतः प्राप्तावपि पूर्वोक्तवचनैर्बाधात्। यथा पूर्वेद्युः कर्मकालव्यापिनीमपि त्यक्त्वा स्वल्पापि परैव रामनवमीति प्रागुक्तम्, यथा वा निशीथे सतीमपि पूर्वां जन्माष्टमीं त्यक्त्वा रोहिणीयुक्ता परैवेति माधवेनोक्तम्, तथात्रापि ।

---

५६. जैमिनिसूत्रको दोस्रो अध्यायमा **'दध्ना जुहोति, पयसेति न होमभेदः'** (२/२/२४) र **'कर्मान्तरे न समवैति दधीन्द्रियार्थम्'** (२/२/२५) मा **दध्ना जुहोति** र **पयसा जुहोति** यी दुई वाक्यको सम्बन्धमा प्रकाश पारिएको छ । **पयसा जुहोति** वा **दध्ना जुहोति**जस्ता वाक्यले **अग्निहोत्रं जुहोति**मा रहेको जुहोतिपदसँग सम्बन्ध कायम गरी पूर्वप्राप्त हवनकर्ममा द्रव्यरूप गुणको आधान गर्दछन् तर छुट्टै कर्मका प्रतिपादक होइनन् । त्यसैले ती गुणविधिअन्तर्गत पर्दछन् । प्रकृत प्रसङ्गमा पनि नवरात्रभित्रका अष्टमी र नवमीका व्रत नवरात्रव्रतभन्दा भिन्न होइनन् । यिनले अष्टमीमा गरिने र नवमीमा गरिने विशेष कृत्यको विशेषताद्वारा नवरात्रमा गुणाधान गर्दछन् छुट्टै कर्म होइनन् भन्ने तात्पर्य हो ।

कसैले यहाँ रात्रिको कर्मकाल भएपछि रात्रिव्यापिनी पूर्वा प्रतिपदा नै लिए के हुन्छ भनी प्रश्न गर्दछन् । तर त्यो हुँदैन। न्यायअनुसार यो प्रश्न ठीक देखिए पनि पहिलेका ऋषिवचनहरूसँग यो कुराले मेल खाँदैन । रामनवमीको प्रसङ्गमा पूर्वदिन कर्मकालव्यापिनी भए पनि त्यो नवमीलाई छाडी दोस्रो दिनकै नवमी लिनुपर्दछ भनिएझैं र कृष्णजन्माष्टमीमा पहिलो दिन रातमा अष्टमी छँदाछँदै पनि त्यसलाई छाडी रोहिणीयुक्त अष्टमी लिनुपर्दछ भनिएझैं यहाँ पनि दोस्रो प्रतिपदा नै लिनुपर्दछ ।

वस्तुतस्तु रात्रेः कर्मकालत्ववचसां हेमाद्र्याद्यलिखनात्समूलत्वं विमृश्यमेव । '**त्रिकालं पूजयेत्**' इत्यादि पूर्वविरोधाच्च। माधवोक्तिस्तु पाक्षिकनक्तानुवाद इत्युक्तम् । तस्मात्सर्वपक्षेषु परैव प्रतिपदिति सिद्धम् ।

निष्कर्ष के हो भने हेमाद्रि आदिले कहीँ पनि कर्मकालअनुसार तिथिको समन्वय गर्नुपर्दछ भनी उल्लेख गरेका छैनन्। त्यसकारण कर्मकालअनुसार तिथिनिर्णय गर्ने व्यवस्था आफैमा प्रमाणहीन छ । फेरि **देवीपुराण**को – **त्रिकालं पूजयेत् देवीम्** भन्ने वचनसँग विरोध पर्न आउँछ । नवरात्रव्रत पाक्षिक नक्तव्रतको अनुवाद हो भन्ने **माधव**को भनाइ पहिले बताइसकिएको छ। त्यसकारण सबै पक्षबाट विश्लेषण गर्दा यहाँ दोस्रो दिनको तिथि लिनु नै उपयुक्त हुन्छ ।

अत्र केचिन्नवरात्रशब्दो नवाहोरात्रपरः ।

वृद्धौ समाप्तिरष्टम्यां ह्रासे वा प्रतिपन्निशि । प्रारम्भो नवचण्ड्यास्तु नवरात्रमतोऽर्थवत् ।।

इति देवीपुराणादित्याहुः । तन्न । तदुक्तम् –

तिथिवृद्धौ तिथिह्रासे नवरात्रमपार्थकम् । अष्टरात्रे न दोषोऽयं नवरात्रतिथिक्षये ।।' इति ।

सच नवरात्रशब्दः क्वचिल्लक्षणया कर्मवाची । यथा – '**प्रारम्भो नवरात्रस्य**' इत्यत्रेति दिक् ।

कसैले नवरात्रशब्दबाट नौवटा दिन-रातको अर्थ बुझिन्छ भन्दछन् । फेरि **देवीपुराण**मा भनिएको छ – तिथिको वृद्धि हुँदा अष्टमीमा समाप्ति गर्नुपर्दछ, तिथिको क्षय हुँदा प्रतिपदाको रातमा नवदुर्गापूजन प्रारम्भ गर्नुपर्दछ त्यसबाट नवरात्रशब्द बल्ल सार्थक हुन्छ भनिएको छ, तर यो भनाइ उचित छैन । तिथिको ह्रास र वृद्धिका कारण कहिले धेरै दिन र कहिले थोरै दिन हुनसक्छ । फेरि यस्तो कुरामा प्रमाण केही छैन । त्यसकारण नवरात्रशब्द नौ अहोरात्रको वाचक नभएर नौ तिथिको वाचक हो । यस कुरालाई समर्थन गर्दै भनिएको छ – तिथिको वृद्धि र ह्रास हुँदा नवरात्रशब्द सार्थक हुँदैन, तर नौ तिथि भन्ने अर्थ गर्दा तिथिक्षय हुँदा आठ रात हुन आएको स्थितिमा पनि कुनै दोष लाग्दैन । यो नवरात्रशब्द कहीँ लक्षणाशक्तिद्वारा नवरात्रमा गरिने कर्मको वाचक पनि बन्दछ । जस्तै – **प्रारम्भो नवरात्रस्य** यस वाक्यको नवरात्रको प्रारम्भ भन्ने अर्थ भएपनि तात्पर्य चाहिँ नवरात्रमा गरिने कर्मको आरम्भ भन्ने हुन्छ।

वैधृत्यादियोगकथनम्

प्रतिपदि च वैधृत्यादियोगनिषेधो भार्गवार्चनदीपिकायां देवीपुराणे –

त्वाष्ट्रवैधृतियुक्ता चेत्प्रतिपच्चण्डिकार्चने । तयोरन्ते विधातव्यं कलशारोपणं गृह ।।' इति ।

चित्रावैधृतियुक्तापि द्वितीयायुता चेत्सैव ग्राह्येत्युक्तम् । दुर्गोत्सवे –

भद्रान्विता चेत्प्रतिपत्तु लभ्यते विरुद्धयोगैरपि सङ्गता सती ।

सैवापराह्णे विबुधैर्विधेया श्रीपुत्रराज्यादिविवृद्धिहेतुः ।। इति ।

वैधृति आदि योगविचार

भार्गवार्चनदीपिकामा उद्‌धृत **देवीपुराण**को मतअनुसार नवरात्रको प्रतिपदामा वैधृति आदि योग परेमा कलशस्थापना निषेध गरिएको कुरा यसरी बताइएको छ – 'हे गुह ! चण्डीको अर्चनामा अथवा नवदुर्गाको पूजामा चित्रानक्षत्र र वैधृतियोगले युक्त प्रतिपदा भएमा ती नक्षत्र र योग समाप्त भएपछि मात्र आफ्नो घरमा घटस्थापना गर्नुपर्दछ ।'

दुर्गोत्सवमा फेरि चित्रा र वैधृतिले युक्त प्रतिपदा द्वितीयासहित हुन्छ भने त्यसलाई लिन हुन्छ भन्दै विषय प्रस्तुत गरिएको छ – द्वितीयाले अन्वित प्रतिपदा पाइएमा उक्त विरुद्धयोग भए तापनि दुर्गापूजामा अनुकूल योग हुनआउँछ । द्वितीया समन्वित प्रतिपदाको अपराह्णमा बुद्धिमान्ले कलशस्थापना गरी पूजा गर्नुपर्दछ । यसरी गरिएको नवरात्रको आरम्भबाट श्रीसम्पत्ति, पुत्रादि सन्तति र राज्य आदिको वृद्धि हुन्छ ।

वैधृत्यादिपरिहारविषये

यदा तु वैधृत्यादिपरिहारेण प्रतिपन्न लभ्यते तदोक्तं तत्रैव कात्यायनेन –

प्रतिपद्याश्विने मासि भवेद्वैधृतिचित्रयोः । आद्यपादौ परित्यज्य प्रारभेन्नवरात्रकम् ।। इति ।

भविष्येपि –

चित्रावैधृतिसम्पूर्णा प्रतिपच्चेद्भवेन्नृप । त्याज्या ह्यंशास्त्रयस्त्वाद्यास्तुरीयांशे तु पूजनम् ।। इति।

रुद्रयामलेऽपि –

वैधृतौ पुत्रनाशः स्याच्चित्रायां धननाशनम् । तस्मान्न स्थापयेत्कुम्भं चित्रायां वैधृतौ तथा।।
सम्पूर्णा प्रतिपदेव चित्रायुक्ता यदा भवेत् । वैधृत्या वापि मुक्ता स्यात्तदा मध्यंदिने रवौ ।।
अभिजित्तु मुहूर्तं यत्तत्र स्थापनमिष्यते ।।' इति । चित्रादिनिषेधे मूलं चिन्त्यम् ।

प्रतिपदामा वैधृति र चित्रा हुँदा एक-एक चरण छाडी घटस्थापना गर्नुपर्ने

वैधृति र चित्रा सकिएपछि शुद्ध प्रतिपदामा घटस्थापना गर्नुपर्ने **देवीपुराण**को वचनको चर्चा गरिसकिएको छ । तर, चित्रा र वैधृति सकिँदा प्रतिपदा पनि सकिएमा के गर्ने भन्ने विषयमा **कात्यायन**ले उत्तर दिएका छन् – आश्विनमासको शुक्लपक्षको प्रतिपदामा वैधृति र चित्रा रहेमा तिनका सुरुका एक-एक चरण छाडी नवरात्रआरम्भ गर्नुपर्दछ ।

भविष्यपुराणमा यस विषयमा प्रकाश पारिएको छ – सम्पूर्ण प्रतिपदा चित्रा र वैधृतिले ढाकिएमा चित्रा र वैधृतिका सुरुका तीन अंश परित्याग गरी चौथो अंशमा पूजा गर्नुपर्दछ ।

रुद्रयामलमा भनिएको छ – 'वैधृतिमा नवरात्रको आरम्भ गरिएमा पुत्रनाश हुन्छ, चित्रामा आरम्भ गरिँदा धनको नाश हुन्छ । तसर्थ चित्रा र वैधृतिमा घटस्थापना गर्नुहुँदैन । सम्पूर्ण प्रतिपदा नै चित्रा र वैधृतिले युक्त भएको खण्डमा सूर्य मध्याह्नमा रहँदा अभिजित्मुहूर्त हुन्छ । त्यसै मुहूर्तमा घटस्थापना गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – चित्रा-वैधृति आदिमा घटस्थापना किन निषेध गरिएको हो भन्ने कुराको प्रमाण भने अनुसन्धेय छ ।

कलशस्थापनं रात्रौ न विधेयम्

इदं कलशस्थापनं रात्रौ न कार्यम् । '**न रात्रौ स्थापनं कार्यं न च कुम्भाभिषेचनम्**' इति मात्स्योक्तेः ।

रात्रिमा कलशस्थापना गर्न निषेध

रात्रिको समयमा घटस्थापना गर्नुहुँदैन । यस सम्बन्धमा **मत्स्यपुराण**मा भनिएको छ – रातमा कुम्भस्थापना र कुम्भाभिषेक गर्न हुँदैन ।

स्थापनारोपणादिषु प्रातःकालनिर्णयः

भास्करोदयमारभ्य यावत्तु दश नाडिकाः ।
प्रातःकाल इति प्रोक्तः स्थापनारोपणादिषु ।। इति विष्णुधर्मोक्तेश्च।

घटस्थापनामा प्रातःकालको विधान

विष्णुधर्ममा भनिएको छ कि सूर्योदयदेखि लिएर १० घडीसम्मको समयलाई स्थापना, आरोपण आदिका निमित्त प्रातःकाल मानिएको छ ।

मङ्गलस्नानादिकथनम्

रुद्रयामले –

स्नानं माङ्गलिकं कृत्वा ततो देवीं प्रपूजयेत् । शुभाभिर्मृत्तिकाभिश्च पूर्वं कृत्वा तु वेदिकाम्।।
यवान्वै वापयेत्तत्र गोधूमैश्चापि संयुतान् । तत्र संस्थापयेत्कुम्भं विधिना मन्त्रपूर्वकम् ।।
सौवर्णं राजतं वापि ताम्रं मृन्मयजं तु वा ।। इति ।

मङ्गलस्नान र घटस्थापना

रुद्रयामलमा भनिएको छ कि – तिलको तेलद्वारा माङ्गलिकस्नान आदि गरेपछि देवीको पूजा गर्नुपर्दछ । त्यसपछि सर्वप्रथम चोखो माटोले वेदी तयार गरी गहुँका दाना मिसिएका जौका दाना वेदीमा छर्नुपर्दछ । तदनन्तर विधिपूर्वक मन्त्र उच्चारण गर्दै सुवर्ण, चाँदी, ताँबो अथवा माटाको कलशस्थापना गर्नुपर्दछ ।

कलशपूजाविधिः

अथ पूजाविधिः । सा च जयन्तीमन्त्रेण नवाक्षरेण वा कार्या । तदुक्तं दुर्गाभक्तितरङ्गिण्यां देवीपुराणे – **'कुर्याद्देव्यास्तु मन्त्रेण पूजां क्षीरघृतादिभिः'** इत्युक्त्वा –

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी । दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते।।
अनेनैव तु मन्त्रेण जपहोमौ तु कारयेत् ।।' इति, **'ॐ दुर्गे दुर्गे रक्षिणि स्वाहा'** इति नवाक्षरः ।

कलशपूजाविधि र मन्त्र

अब कलशपूजाविधि निरूपण गरिन्छ । कलशको पूजा– **जयन्ती मङ्गला काली भद्रकाली कपालिनी दुर्गा क्षमा शिवा धात्री स्वहा स्वधा नमोऽस्तु ते** मन्त्र अथवा **'ॐ दुर्गे दुर्गे रक्षिणि स्वाहा'** नवाक्षर मन्त्रद्वारा गर्नुपर्दछ।

दुर्गाभक्तितरङ्गिणीमा उद्धृत **देवीपुराण**को वचनमा भनिएको छ – **जयन्ती, मङ्गला०** आदि मन्त्रद्वारा दूध, घ्यू

आदिले पूजा गर्नुपर्दछ र यसै मन्त्रको जप गरी यसैबाट होम गराउनुपर्दछ । अथवा जयन्ती मङ्गला० इत्यादि मन्त्रको सट्टा **ॐ दुर्गे दुर्गे रक्षिणि स्वाहा** यो नवाक्षरमन्त्रले पूजा गराई यसै मन्त्रको जप गर्नुपर्दछ ।

पूजनस्य सङ्कल्पः

तत्र प्रतिपदि प्रातरभ्यङ्गं कृत्वा देशकालौ सङ्कीर्त्य ममेह जन्मनि दुर्गाप्रीतिद्वारा सर्वापच्छान्तिपूर्वकदीर्घायुर्विपुलधनपुत्रपौत्राद्यनवच्छिन्नसन्ततिवृद्धिस्थिरलक्ष्मीकीर्तिलाभशत्रुपराजयसदभीष्टसिद्ध्यर्थं शारदनवरात्रप्रतिपदि विहितकलशस्थापनो दुर्गापूजाकुमारीपूजादि करिष्ये इति सङ्कल्पं कुर्यात् ।

पूजाको सङ्कल्प

आश्विन शुक्ल प्रतिपदाका दिन प्रातःकालमा उठेर स्नान गरी सङ्कल्प गर्नुपर्दछ । सङ्कल्प गर्दा देश, काल आदिको निरूपण गरी 'यस जन्ममा भगवती दुर्गामा प्रीतिद्वारा सबै प्रकारका आपत्ति निवारण गर्दै दीर्घायु, ठूलो वैभव, पुत्र-पौत्रादि, अविच्छिन्न सन्ततिपरम्पराको वृद्धि, स्थिरलक्ष्मी एवं कीर्तिको लाभ, शत्रुपराजय, आफूले चाहेको सत्य अभीष्टको सिद्धिका लागि शरद्कालिक नवरात्रको प्रतिपदामा कलशस्थापना गर्ने म दुर्गाभक्त कर्ताले दुर्गा, कुमारी आदिको पूजा गर्नेछु' भनी सङ्कल्प भन्नुपर्दछ ।

भूमिस्पर्शादिकर्माणि

'महीद्यौः' इति भूमिं स्पृष्ट्वा **'ओषधयः सम्'** इति यवान्निक्षिप्य **'आकलशेषु'** इति कुम्भं संस्थाप्य **'इमं मे गङ्गे'** इति जलेनापूर्य **'गन्धद्वाराम्'** इति गन्धं **'या ओषधीः'** इति सर्वौषधीः **'काण्डात् काण्डात्'** इति दूर्वाः, **'अश्वत्थेव'** इति पञ्चपल्लवान् **'स्योना पृथिवि'** इति सप्तमृदः **'याः फलिनीः'** इति फलं **'स हिरत्नानि'** इति पञ्चरत्नानि हिरण्यं च क्षिप्त्वा **'युवा सुवासाः'** इति वस्त्रेणावेष्ट्य **'पूर्णादर्वि'** इति पूर्णपात्रं निधाय तत्र वरुणं सम्पूज्य जीर्णायां नूतनायां वा प्रतिमायां दुर्गामावाह्य पूजयेत् ।

दुर्गापूजामा पृथ्वीस्पर्श आदि विशेष कर्म

सङ्कल्पपछि तलको मन्त्रले पृथ्वीको स्पर्श गर्नुपर्दछ –

मही द्यौः पृथिवी च न इमं यज्ञं मिमिक्षिताम् । पिपृतां नो भरीमभिः ।। – ऋ. १/२२/१३ ।

यवार्चन

पृथ्वीस्पर्शपछि कलशमा तलको मन्त्रले जौ चढाउनु पर्दछ –

ओषधयः सं वदन्ते सोमेन सह राज्ञा । यस्मै कृणोति ब्राह्मणस्तं राजन् पारयामसि ।। – ऋ. १०/९७/२२।

कलशस्थापना

त्यसपछि तलका मन्त्रले कलशको स्थापना गर्नुपर्दछ –

आ कलशेषु धावति पवित्रे परि षिच्यते । उक्थैर्यज्ञेषु वर्धते ।। – ऋ. ९/१७/४, आ कलशेषु धावति श्येनो वर्म वि गाहते । अभि द्रोणा कनिक्रदत् ।। – ऋ. ९/६७/१४ ।

कलशमा जलपूरण

कलशस्थापनापछि तलका मन्त्रले कलशमा जल भर्नुपर्दछ –

इमं मे गङ्गे यमुने सरस्वती शुतुद्रि स्तोमं सचता परुष्ण्या । असिक्न्या मरुद्वृधे वितस्तयाऽऽर्जीकीये

शुणुह्या सुषोमया ।। – ऋ. १०/७५/५ ।

चन्दन अर्पण

कलशमा जल भरेपछि तलका मन्त्रले कलशमा चन्दन अर्पण गर्नुपर्दछ –

गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।। – ऋ.प. ।

सर्वौषधि समर्पण

चन्दन अर्पण गरेपछि तलको मन्त्रले कलशमा सर्वौषधि चढाउनुपर्दछ –

या ओषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा । मनै नु बभ्रूणामहं शतं धामानि सप्त च ।। – ऋ. १०/९७/१।

दूर्वार्पण

सर्वौषधि समर्पणपछि तलका मन्त्रले कलशमा दूबो चढाउनुपर्दछ –

काण्डात्काण्डात्प्ररोहन्ती परुषः परुषः परि । एवा नो दूर्वे प्र तनु सहस्रेण शतेन च ।। – तै.सं. ४/२/९/३ ।

पञ्चपल्लव समर्पण

दूर्वार्पणपछि तलका मन्त्रले कलशमा पञ्चवल्लव समर्पण गर्नुपर्दछ –

अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता । गोभाज इत् किलासथ यत् सनवथ पूरुषम् ।। – ऋ. १०/९७/५ ।

सप्तमृत्तिका अर्पण

पञ्चपल्लव अर्पण पनि तलका मन्त्रले कलशमा सप्तमृत्तिका अर्थात् सात किसिमको माटो अर्पण गर्नुपर्दछ–

स्योना पृथिवी भवानृक्षरा निवेशनी । यच्छा नः शर्म सप्रथः ।। – ऋ. १/२२/१५ ।

फलसमर्पण

सप्तमृत्तिका अर्पण गरेपछि तलका मन्त्रले कशलमा फल चढाउनुपर्दछ –

याः फलिनीर्या अफला अपुष्पा याश्च पुष्पिणीः । बृहस्पतिप्रसूतास्ता नो मुञ्चन्त्वंहसः ।। – ऋ. १०/९७/१५।

पञ्चरत्न र सुवर्ण अर्पण

फल समर्पण गरिसकेपछि तलका मन्त्रले कलशमा पञ्चरत्न र सुवर्ण चढाउनुपर्दछ –

स हि रत्नानि दाशुषे सुवाति सविता भगः । तं भागं चित्रमीमहे ।। – ऋ. ५/८२/३ ।

कलशमा वस्त्र अर्पण

पञ्चरत्न र सुवर्ण अर्पण गरिसकेपछि कलशलाई तलका मन्त्रले वस्त्रद्वारा वेष्टित गर्नुपर्दछ –

युवा सुवासाः परिवीत आगात् स उश्रेयान् भवति जायमानः । तं धीरासः कवय उन्नयन्ति स्वाध्यो ३ मनसा देवयन्तः ।। – ऋ. ३/८/४ ।

वरुणपूजा र दुर्गाको आवाहन

वस्त्र अर्पण गरेपछि तलका मन्त्र पढी पूर्णपात्र स्थापन गरेर त्यसमा वरुणको पूजा गरी पुरानो अथवा नयाँ प्रतिमामा दुर्गाको आवाहन गर्नुपर्दछ –

पूर्णा दर्वि परा पत सुपूर्णा पुनरापत । वस्नेव विक्रीणावहा इषमूर्जं शतक्रतो ।। – तै.सं. १८४/२ ।

दुर्गापूजनम्

तद्यथा – पूर्वोक्तं मन्त्रमुक्त्वा –

आगच्छ वरदे देवि सर्वदेवसमन्वितम् । इमं घटं समागच्छ तिष्ठ देवगणैः सह ।।

दुर्गे देवि समागच्छ सान्निध्यमिह कल्पय । बलिं पूजां गृहाण त्वमष्टाभिः शक्तिभिः सह ।।

इत्यावाह्य पूर्वोक्तमन्त्रेण षोडशोपचारैः पूजयित्वा माषभक्तबलिं कूष्माण्डादिबलिं वा निवेदयेत् ।।

दुर्गापूजन

दुर्गापूजाको क्रम यसप्रकार छ – सर्वप्रथम जयन्ती मङ्गला आदि पूर्वोक्त मन्त्र अथवा नवाक्षर मन्त्र उच्चारण गरी श्लोकमन्त्र **आगच्छ वरदे देवि !, सर्वतीर्थमयं वारि, दुर्गे देवि समागच्छ** द्वारा आवाहन गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – हे वरदायिनी देवी ! दैत्यहरूको घमण्डलाई माटोमा बनाउनुहुने हे भगवती ! सुन्दर मुखमण्डलद्वारा सुहाउनुभएकी हे दुर्गा! भगवान् शङ्करकी प्रिया हे गौरी ! हजुरलाई नमस्कार गर्दछु, आउनुहोस् । हे भगवती ! पूजित कलशमा रहेको जल सबै तीर्थका जलले युक्त छ, यो कलशमा आउनुहोस् र आवाहन गरिएका देवताहरूका साथमा विराजमान हुनुहोस् । हे दुर्गादेवी ! हजुर यहाँ आउनुहोस् र मेरो नजिकमा विराजमान हुनुहोस् । आफ्ना आठशक्तिहरूका साथ रही मैले अर्पण गर्ने बलि र पूजा ग्रहण गर्नुहोस् ।' यसरी मूलमा बताइएका तीनपद्यमन्त्रद्वारा भगवती दुर्गाको आवाहन गरी पूर्वोक्तमन्त्र, देवीसूक्त वा देवीपूजनसम्बन्धी पौराणिकमन्त्रद्वारा १६ प्रकारका उपचारद्वारा पूजन गर्नुपर्दछ । ती उपचार यसप्रकार छन् – आवाहन, आसन, पाद्य, अर्घ्य, आचमनीय, स्नान, वस्त्र, यज्ञोपवीत, गन्ध, अनुलेपन, पुष्प, धूप, दीप, नैवेद्य अर्थात् उपहार, नमस्कार, प्रदक्षिणा[५७] । त्यसपछि मास, चामल अथवा कुभिण्डो आदि वस्तु टक्र्याई बलिनिवेदन गर्नुपर्दछ ।

कुमारीपूजाविधिः

ततः कुमारीपूजा । तदुक्तं हेमाद्रौ स्कान्दे –

एकैकां पूजयेत्कन्यामेकवृद्ध्या तथैव च । द्विगुणं त्रिगुणं वापि प्रत्येकं नवकं तु वा ।।

कुमारीपूजाविधि

अब कुमारीपूजाको विषयमा निरूपण गरिन्छ । हेमाद्रिमा उद्धृत स्कन्दपुराणको वचनमा भनिएको छ – प्रतिदिन एउटी-एउटी कन्याको पूजा गर्नुपर्दछ । अथवा दिनदिनै एउटी कन्या बढाउँदै पहिलो दिन एउटी, दोस्रो दिन दुइटी, तेस्रो दिन तीनवटी कुमारीहरूको पूजा गर्नुपर्दछ । अथवा पहिलो दिन दुइटी, दोस्रो दिन चारवटी, तेस्रो दिन छवटी कन्याको

---

५७. एका चण्ड्या रवेः सप्त तिस्रः कार्या विनायके । हरेश्चतस्रः कर्तव्याः शिवस्यार्धं प्रदक्षिणाः ।।

यस्तो भनिएको हुँदा देवीको प्रदक्षिणा एकपटक गर्नुपर्ने हुन्छ । नमस्कार अर्थात् प्रणाम गर्दा चाहिँ देवीलाई अष्टाङ्गले नै गर्नुपर्छ । साष्टाङ्गप्रणाम यस्तो हुन्छ–

उरसा शिरसा दृष्ट्या मनसा वचसा तथा । पद्भ्यां कराभ्यां जानुभ्यां प्रणामोऽष्टाङ्ग उच्यते ।।

माता–पिता आदि महागुरु, मान्यजनलाई पनि साष्टाङ्ग प्रणामनै गर्नु भन्ने छ । यहीअनुसार लोकमा बाबु–आमा, पति आदि मान्यजनलाई घोप्टिएर ढोग दिने चलन पनि छ । यस्ता अति मान्नुपर्ने मानिसलाई पत्र लेख्दा पनि आदरका साथ सम्बन्ध उच्चारण गरिसकेपछि साष्टाङ्गदण्डवत् प्रणाम भनी लेख्ने पनि गरिन्छ । दण्ड अर्थात् लहुरोजस्तो सोझो भएर घोप्टिएर माथि भनिएका आठै अङ्गले गरिने नमस्कार वा प्रणामलाई साष्टाङ्गदण्डवत् प्रणाम भनिन्छ ।

हिसाबले अथवा द्विगुणित हिसाबले पूजा गर्नुपर्दछ । अथवा पहिलो दिन तीनवटी, दोस्रो दिन छवटी, तेस्रो दिन नौवटी कन्याको हिसाबले पूजा गर्नुपर्दछ । अथवा दिनदिनै नौ–नौ कन्याका हिसाबले पूजा गर्नुपर्दछ ।

कन्यापूजायाः फलश्रुतिः

तथा – **नवभिर्लभते भूमिमैश्वर्यं द्विगुणेन तु । एकवृद्ध्या लभेत्क्षेममेकैकेन श्रियं लभेत् ।।**
एकवर्षा तु या कन्या पूजार्थे तां विवर्जयेत् । गन्धपुष्पफलादीनां प्रीतिस्तस्या न विद्यते ।।

कन्यापूजाको फलश्रुति

प्रत्येक दिन ९–९ कन्याको हिसाबले पूजा गर्दा भूमिलाभ हुन्छ । प्रत्येक दिन दुईगुणा बढाएर पूजा गर्दा ऐश्वर्यलाभ हुन्छ । दिनदिनै एउटी कन्या थप्दै पूजा गर्दा क्षेमलाभ हुन्छ । दिनदिनै एउटीकन्याको पूजा गर्दा लक्ष्मीप्राप्ति हुन्छ ।

कन्यापूजाविधौ विधिनिषेधौ

तेन द्विवर्षामारभ्य दशवर्षापर्यन्ता एव पूज्याः न त्वन्याः । तासां च क्रमेण – कुमारिका त्रिमूर्तिः कल्याणी रोहिणी काली चण्डिका शाम्भवी दुर्गा सुभद्रेति नामभिः पूजा कार्या । आसां च प्रत्येकं पूजामन्त्राः फलविशेषाश्च तत्रैव ज्ञेयाः । सामान्यतस्तु –

मन्त्राक्षरमयीं लक्ष्मीं मातृणां रूपधारिणीम् । नवदुर्गात्मिकां साक्षात्कन्यामावाहयाम्यहम् ।।
एवमभ्यर्चनं कुर्यात्कुमारीणां प्रयत्नतः । कञ्चुकैश्चैव वस्त्रैश्च गन्धपुष्पाक्षतादिभिः ।।
नानाविधैर्भक्ष्यभोज्यैर्भोजयेत्पायसादिभिः ।।

कन्यापूजामा विधि–निषेध

दुईवर्ष पूरा नभएका कन्याहरूको पूजा गर्नुहुँदैन किनकि त्यस्ता कन्याहरूलाई गन्ध, पुष्प र फलमा खास अभिरुचि हुँदैन । त्यसैले दुईवर्ष पूरा गरेका कन्यादेखि लिएर दशवर्षसम्मका कन्याहरूको पूजा गर्नुपर्दछ । अरू कन्याको पूजा गर्नुहुँदैन । ती कुमारीकारूपमा पूजा गरिने कन्याका नाम यसप्रकार छन् – कुमारीका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा । यी प्रत्येक कुमारीका पूजामन्त्र र फलविशेषका कुरा **देवीपुराण** आदि आकरग्रन्थबाट ज्ञात हुनसक्छ ।

सामान्यरूपमा मन्त्राक्षरमयी लक्ष्मी माताको रूप धारण गर्ने र भगवती साक्षात् नवदुर्गाको रूपमा प्रकट हुने कन्याको आवाहन गर्दछु भनी सबै कन्याको आवाहन गर्नुपर्दछ । यसरी दिनदिनै कन्यापूजन गर्दा जामा, वस्त्र, गन्ध, पुष्प, अक्षता आदि र विभिन्न प्रकारका भक्ष्य, भोज्य पदार्थ, पायस आदि टक्र्याई भोजन गराउनुपर्दछ ।

अग्राह्यकन्यानिरूपणम्

तथा – **ग्रन्थिस्फुटितशीर्णाङ्गीं रक्तपूयव्रणाङ्कितात्म् । जात्यन्धां केकरां काणीं कुरूपां तनुरोमशाम्।।**
सन्त्यजेद्रोगिणीं कन्यां दासीगर्भसमुद्भवाम् ।।

कुमारीपूजामा अग्राह्य कन्या

शरीरमा धेरै गाँठा भएकी, अङ्गभङ्ग भएकी, साह्रै गलेकी, शरीरमा घाउ भई रगताम्मे भएकी र शरीरका घाउ पाकेर

पीपै पीपले भरिएकी, जन्मजात अन्धी, डेढी, कानी, अत्यन्त नराम्री, शरीरमा बाक्ला रौं भएकी, रोगिणी र दासीको गर्भबाट पैदा भएकी कन्याको पूजा गर्नुहुँदैन ।

उद्देश्यानुसारेण विविधजातीयकन्यानां पूजनम्

तथा – **ब्राह्मणीं सर्वकार्येषु जयार्थे नृपवंशजाम् । लाभार्थे वैश्यवंशोत्थां सुतार्थे शूद्रवंशजाम् ।।**

दारुणे चान्त्यजातानां पूजयेद्विधिना नरः ।। इति ।

उद्देश्यअनुसार विभिन्न जातिका कन्याहरूको पूजा

नवरात्रमा कन्यापूजन गर्ने व्रतीले सबै कार्यमा सिद्धि प्राप्त गर्न ब्राह्मणकन्याको पूजा गर्नुपर्दछ, युद्धमा विजय प्राप्त गर्न क्षत्रियकन्याको पूजा गर्नुपर्दछ, विविध किसिमका लाभ प्राप्त गर्न वैश्यकन्याको पूजा गर्नुपर्दछ, पुत्रप्राप्तिका लागि शूद्रकन्याको पूजा गर्नुपर्दछ र कठोरकार्यको सिद्धिका लागि अन्त्यज आदि वंशमा उत्पन्न कन्याको पूजा गर्नुपर्दछ ।

नवरात्रे वेदपारायणम्

अत्र वेदपारायणमप्युक्तं रुद्रयामले–

एवं चतुर्वेदविदो विप्रान्सर्वान्प्रसादयेत् । तेषां च वरणं कार्यं वेदपारायणाय वै ।। इति ।

नवरात्रमा वेदपारायण

रुद्रयामलमा नवरात्रमा वेदपारायण गर्नुपर्ने कुरा यसरी बताइएको छ – चारै वेदका ज्ञाता ब्राह्मणहरूलाई सेवा, सत्कार र सम्मानद्वारा प्रसन्न गराई तिनीहरूलाई वेदपाठका निमित्त वरण गर्नुपर्दछ ।

एकोत्तरादिवृद्ध्या चण्डीपाठविचारः

तथा एकोत्तरादिवृद्ध्या तु नवमीं यावदेव हि । चण्डीपाठं जपेच्चैव जापयेद्वा विधानतः ।।

एकोत्तरवृद्धि गरी चण्डीपाठको विधान

दिनदिनै एक पाठ बढाउँदै ९ दिनसम्म चण्डीपाठ गर्नु र गराउनुपर्दछ र देवीको मन्दिरमा अहोरात्र बत्ती बाल्नुपर्दछ।

चण्डीपाठे प्रणवप्रयोगः

तिथितत्त्वे वाराहीतन्त्रे –

प्रणवं चादितो जप्त्वा स्तोत्रं वा संहितां पठेत् । अन्ते च प्रणवं दद्यादित्युवाचादिपूरुषः ।।

पाठ गर्दा ॐकार प्रयोग

तिथितत्त्व र वाराहीतन्त्रमा भनिएको छ कि स्तोत्रपाठ वा संहितापाठ गर्दा प्रारम्भ र अन्त्यमा ॐकार जप्नुपर्दछ।

पाठकर्मणि पाणौ पुस्तकधारणनिषेधः

आधारे स्थापयित्वा तु पुस्तकं प्रजपेत्सुधीः । हस्तसंस्थापनादेव यस्माद्वै विफलं भवेत् ।।

हातमा पुस्तक राखी पाठ गर्न निषेध

चौकी आदि आधारमा पुस्तक राखेर पाठ गर्नुपर्दछ । हातमा राखी पाठ गर्नाले गरेको पाठ निष्फल हुन्छ ।[५८]

अब्राह्मणादिलिखितपुस्तकपाठनिषेधः

स्वयं च लिखितं यच्च शूद्रेण लिखितं भवेत् । अब्राह्मणेन लिखितं तच्चापि विफलं भवेत् ।।

अब्राह्मणादिलिखित पुस्तकको पाठ निषेध

आफूले सारेको, शूद्रले सारेको र ब्राह्मणदेखि बाहेक अन्यवर्णका मानिसहरूले सारेको पुस्तक अर्थात् पाण्डुलिपिबाट पाठ गरिएमा पाठ निष्फल हुन्छ ।

न्यासस्य अनिवार्यता

ऋषिच्छन्दादिकं न्यस्य पठेत्स्तोत्रं विचक्षणः । स्तोत्रे न दृश्यते यत्र प्रणवं तत्र विन्यसेत् ।।
सर्वत्र पाठ्ये विज्ञेयस्त्वन्यथा विफलं भवेत् ।। एवं नवमीपर्यन्तं प्रत्यहं कुर्यात् ।

न्यासको अनिवार्यता

'विद्वान् एवं बुद्धिमान् मानिसले ऋषि एवं छन्दको न्यास गरी चण्डी आदि स्तोत्रको पाठ गर्नुपर्दछ । जुन स्तोत्रमा न्यास आदि उल्लेख गरिएको हुँदैन, तिनको ॐकारद्वारा न्यास गर्नुपर्दछ । यही व्यवस्थाअनुसार न्यासपूर्वक पाठ गर्नाले चण्डीपाठ सफल हुन्छ । न्यास नगरी गरिएको पाठ निष्फल हुन्छ ।' ग्रन्थकार भन्दछन् – यो क्रम प्रतिपदादेखि नवमीसम्म निरन्तर यसैरूपमा जारी रहनुपर्दछ ।

प्रतिदिनं द्विगुणत्रिगुणादिक्रमेण पाठवृद्धिः

अत्र विशेषो हेमाद्रौ देवीपुराणे –

यदाद्ये दिवसे कुर्याच्चण्डिकापूजनादिकम् । द्विगुणं तद् द्वितीयेऽह्नि त्रिगुणं तत् परेऽहनि ।।
नवमीतिथिपर्यन्तं वृद्ध्या पूजाजपादिकम् ।। इति ।

एतेन नवरात्रे पूजैव प्रधानं उपवासादि त्वङ्गमिति गम्यते । तिथिह्रासे तु तिथिद्वयनिमित्तं पूजादि महालय–श्राद्धवदेकदिने आवृत्त्या कार्यम् । वृद्धौ तद्वदेवावृत्तिः । ततो नवरात्रोपवासादिसङ्कल्पं कुर्यात् ।

दिनहुँ दुई गुणा, तीन गुणा आदि क्रमले पाठवृद्धि

हेमाद्रि र देवीपुराणको भनाइअनुसार 'प्रतिदिन एकोत्तर वृद्धि अर्थात् दिनदिनै पूजा, पाठ र जपमा एकपाठ, एकजप र एकपूजा थप्दै जानुपर्दछ । पहिलो दिन एकपाठ, दोस्रो दिन दुईपाठ, तेस्रो दिन तीनपाठ, चौथो दिन चारपाठ

५८. अध्याय पूरा भएपछि विराम गर्नुपर्दछ, बीचमा विराम गर्नुहुँदैन । बीचमा नै विराम गरिएमा फेरि त्यो अध्याय पूरा पाठ गर्नुपर्दछ । प्रयत्नपूर्वक शुद्धचित्तले पाठ गर्नुपर्दछ । अरू विषय वा कार्यमा मन लगाई अन्यमनस्क भएर पाठ गर्न हुँदैन । भनिएको छ –

अध्यायं प्राप्य विरमेत् न तु मध्ये कदाचन । कृते मध्ये विरामे तु अध्यायादि पठेत् पुनः ।।
शुद्धेनानन्यचित्तेन पठितव्यं प्रयत्नतः । न कार्यासक्तमनसा कार्यं स्तोत्रस्य वाचनम् ।। – नवदुर्गापूजनपद्धति ।

आदि किसिमले पाठ गर्दै त्यसैगरी जप र पूजामा पनि वृद्धि गर्दै लैजानुपर्दछ । यसरी नवमीपर्यन्त दिनदिनै बढाएर पाठ, पूजा र जप गर्नुपर्दछ ।' यसबाट नवरात्रमा प्रधानकर्म पूजा हो र अङ्गकर्म उपवास हो भन्ने कुरा बुझ्नुपर्दछ । तिथि घटेको अवस्थामा दुईतिथिका निमित्त पूजा आदि कार्य महालयश्राद्धमा झैं एकै दिन आवृत्ति गरी दुवै तिथिको पाठ, पूजा सम्पन्न गर्नुपर्दछ । वृद्धिमा पनि महालयमा झैं आवृत्ति गर्नुपर्दछ । त्यसपछि सम्पूर्ण नवरात्रमा उपवास गर्ने उद्देश्यले सङ्कल्प गर्नुपर्दछ।

स्वस्याशक्तौ अन्येन पूजाविधानम्

स्वस्याशक्तावन्येन वा पूजादि कारयेत् । **'स्वयं वाप्यन्यतो वापि पूजयेत्पूजयीत वा'** इति तरङ्गिण्यां देवीपुराणात् ।

आफू अशक्त भएमा अरूद्वारा पूजन

आफू अशक्त भएमा नवरात्रमा अरूद्वारा पूजा, पाठ एवं जप गर्न लगाउनुपर्दछ । **तरङ्गिणीमा उद्धृत देवीपुराणको** वचनमा भनिएको छ – आफू अशक्त भएमा सकेसम्म आफैंले पूजाकर्म सम्पन्न गर्नुपर्दछ, नसकेमा अरूबाट सम्पूर्णकर्म गराउनुपर्दछ ।

शुक्रास्तादौ मलमासे च देवीपूजाया विधिनिषेधौ

इदं च देवीपूजनं शुक्रास्तादावपि कार्यम् । तदुक्तं धर्मप्रदीपे-

नष्टे शुक्रे तथा जीवे सिंहस्थे च बृहस्पतौ । कार्या चैव स्वदेव्यर्चा प्रत्यब्दं कुलधर्मतः ।।

इति । मलमासे तु वचनाभावान्न भवति ।

शुक्रास्त आदिमा देवीपूजाको विधान र मलमासमा त्यसको निषेध

नवरात्रमा देवीपूजा शुक्रको अस्त आदि अवस्थामा पनि गर्नुपर्दछ । यस विषयमा **धर्मप्रदीपमा** भनिएको छ – 'शुक्र र बृहस्पति अस्त भएमा र बृहस्पति सिंहराशिमा गएको समयमा पनि नवरात्रमा कुलधर्मअनुसार नवदुर्गाभगवतीको पूजा गर्नुपर्दछ ।' नवदुर्गाभगवतीको पूजा क्षयमास एवं अधिकमाससमा गर्नुहुँदैन । मलमासमा देवीको पूजा गर्नुपर्दछ भन्ने वचन शास्त्रहरूमा पाइँदैन । (बरु, **मलमासे न कर्तव्यं नवदुर्गोत्सवव्रतम्** अर्थात् मलमासमा नवदुर्गाको व्रत एवं उत्सव गर्नहुँदैन भन्ने वचन पाइन्छ ।)

अश्वपूजनम्

अत्र साश्वस्याश्वपूजनमुक्तम् । मदनरत्ने देवीपुराणे –

आश्वयुक्शुक्लप्रतिपत्स्वातियोगे शुभे दिने । पूर्वमुच्चैःश्रवा नाम प्रथमं श्रियमावहत् ।।

तस्मात्साश्वैर्नरैस्तत्र पूज्योऽसौ श्रद्धया सह । पूजनीयाश्च तुरगा नवमी यावदेव हि ।।

शान्तिः स्वस्त्ययनं कार्यं तदा तेषां दिने दिने । धान्यं भल्लातकं कुष्ठं वचाः सिद्धार्थकास्तथा ।।

पञ्चवर्णेन सूत्रेण ग्रन्थिं तेषां तु बन्धयेत् । वायव्यैर्वारुणैः सौरैः शाक्तैर्मन्त्रैः सवैष्णवैः ।।

वैश्वदेवैस्तथाग्नेयैर्होमः कार्यो दिने दिने ।।

घोडा पाल्ने मानिसद्वारा घोडाको पूजा

मदनरत्नमा उद्धृत **देवीपुराणको** वचनमा भनिएको छ– आश्विनशुक्लपक्षको प्रतिपदातिथि र स्वातिनक्षत्रमा देवता र दानवहरूले समुद्रमन्थन गर्दा उच्चैःश्रवा नामक अश्व अर्थात् घोडा पैदा भएको थियो । उच्चैश्रवानामक त्यो घोडा झलमल्ल कान्तिले सुहाएको थियो । घोडा पाल्ने मानिसहरूले आश्विनशुक्लप्रतिपदाका दिन श्रद्धापूर्वक उच्चैःश्रवा नामक घोडाको प्रतिमास्थापना गरी पूजा गर्नुपर्दछ । त्यसका साथै आफूले पालिराखेका अरू घोडाहरूको पनि प्रतिपदादेखि नवमीसम्म पूजा गर्नुपर्दछ । घोडाहरूको पूजा गर्दा दिनदिनै **शान्तिमयूख** आदि ग्रन्थहरूमा बताएअनुसार शान्तिकर्म गरी स्वस्तिवाचन गर्नुपर्दछ। एउटा कपडामा धान, भलायो, कूट, बोझो, पहेंलो सस्यूँ इत्यादि सामग्री पोको पारी पाँच रङको धागाले बेरेर घोडाको घाँटीमा बाँधिदिनुपर्दछ । त्यसपछि नौदिनसम्म दिनदिनै वेदमा रहेका वायु, वरुण, सूर्य, देवी, विष्णु, वैश्वदेव र अग्निका प्रत्येक मन्त्रले १०८-१०८ आहुति दिएर होम गर्नुपर्दछ ।

नवरात्रे गजपूजनम्

कल्पतरौ त्वेतदग्रेऽन्यदपि –

ज्येष्ठायोगे पुरा तत्र गजाश्चाष्टौ महाबलाः । पृथिवीमाहवन्पूर्वं सशैलवनकाननाम् ।।
कुमुदैरावतौ पद्मः पुष्पदन्तोऽथ वामनः । सुप्रतीकोऽञ्जनो नीलस्तस्मात्ताँस्तत्र पूजयेत् ।।
शाक्रादृक्षात्समारभ्य नवम्यन्तं च पूर्ववत् ।। अश्ववद्धोमादीत्यर्थः ।

नवरात्रमा हात्तीहरूको पूजा

कल्पतरु ग्रन्थमा घोडाको पूजाभन्दा महत्त्व दिएर हात्तीको पूजा गर्ने विधि बताउँदै भनिएको छ – ज्येष्ठानक्षत्रको योगमा प्राचीन समयमा यहाँ आठ दिशाका अत्यन्त बलवान् दिग्गजहरूले पर्वत, वन र घोर जङ्गलले भरिएको पृथ्वीलाई धारण गरेका थिए । ती दिग्गजका नाम यसप्रकार छन् – कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक, अञ्जन र नील। नवदुर्गामा उक्त आठ हात्तीहरूको ज्येष्ठानक्षत्रदेखि लिएर नवमीपर्यन्त पूजा गर्नुपर्दछ । जसरी उच्चैःश्रवा आदि अश्वहरूको पूजा र हवनद्वारा आराधना गरिन्छ त्यसरी नै हात्तीहरूको पनि पूजा एवं होमद्वारा आराधना गर्नुपर्दछ ।

प्रतिपदादिषु द्रव्याद्यर्पणनिरूपणम्

अथ प्रतिपदादिषु विशेषो दुर्गाभक्तितरङ्गिण्यां भविष्ये –

केशसंस्कारद्रव्याणि प्रदद्यात् प्रतिपद्दिने । पक्वतैलं द्वितीयायां केशसंयमहेतवे ।।
दर्पणं च तृतीयायां सिन्दूरालक्तकं तथा । मधुपर्कं चतुर्थ्यां तु तिलकं नेत्रमण्डनम् ।।
पञ्चम्यामङ्गरागं च शक्त्यालङ्करणानि च । षष्ठ्यां बिल्वतरौ बोधं सायंसन्ध्यासु कारयेत् ।।
सप्तम्यां प्रातरानीय गृहमध्ये प्रपूजयेत् । उपोषणमथाष्टम्यामात्मशक्त्या च पूजनम् ।।
नवम्यामुग्रचण्डायाः पूजां कुर्याद्बलिं तथा । सम्पूज्य प्रेषणं कुर्याद्दशम्यां शारवोत्सवैः ।।
अनेन विधिना यस्तु देवीं प्रीणयते नरः । स्कन्दवत्पालयेद्देवी तं पुत्रधनकीर्तिभिः ।।

पट्टदोरमिति गौडपाठः ।

प्रतिपदा आदिमा द्रव्यविशेष समर्पण

दुर्गाभक्तितरङ्गिणीमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – प्रतिपदामा देवीको पूजा गर्दा देवीलाई केश संस्कार गर्ने द्रव्य अर्पण गर्नुपर्दछ । द्वितीयामा पूजन गर्दा चुल्ठो पार्न सघाउने पकाएका तेल आदि र सुगन्धित पदार्थ अर्पण गर्नुपर्दछ । कसैले केशसंयमका लागि रेशमीधागो अर्पण गर्नुपर्दछ भनेका छन् । तृतीयाका दिन पूजा गर्दा देवीलाई सिन्दूर, मेंहदी र दर्पण अर्थात् ऐना अर्पण गर्नुपर्दछ । चतुर्थीमा मधुपर्क, तिलक र आँखामा लगाउने गाजल चढाउनुपर्दछ। पञ्चमीमा जिउमा लगाउने उबटन आदि अङ्गराग र यथाशक्ति अलङ्कार टक्र्याउनुपर्दछ । षष्ठीतिथिमा बेलको वृक्षको फेदमा बसेर सायँकालमा जागरण गर्नुपर्दछ । सप्तमीमा प्रातःकालमा दुर्गालाई घरभित्र ल्याई मध्यभागमा राखी पूजा गर्नुपर्दछ । अष्टमीमा उपवास गरी शक्तिअनुसार पूजा गर्नुपर्दछ । नवमीमा उग्रचण्डाको पूजा गरी बलि दिनुपर्दछ । दशमीमा विधिवत् पूजा गरी तान्त्रिकपद्धति अनुसार उत्सव गर्दै देवीको विसर्जन गर्नुपर्दछ । यस विधिले पूजाद्वारा जसले देवीलाई प्रसन्न तुल्याउँछ त्यसलाई भगवतीले आफ्ना पुत्र कुमारस्वामीसमान माया गरी पालन–पोषण गर्नुहुन्छ र पुत्र, धन, एवं कीर्तिले सम्पन्न तुल्याउनुहुन्छ ।

नवरात्रे विविधकृत्यैर्देवीपूजनादिनिरूपणम्

कृत्यतत्त्वार्णवे लैङ्गे–

कन्यायां कृष्णपक्षे तु पूजयित्वार्द्रभेऽपि वा । नवम्यां बोधयेद्देवीं महाविभवविस्तरैः ।।
शुक्लपक्षे चतुर्थ्यां तु देवीकेशविमोक्षणम् । प्रातरेव तु पञ्चम्यां स्नापयेत्सुशुभैर्जलैः ।।
षष्ठ्यां सायं प्रकुर्वीत बिल्ववृक्षेऽधिवासनम् । सप्तम्यां पत्रिकापूजा अष्टम्यां चाप्युपोषणम् ।।
पूजा च जागरश्चैव नवम्यां विधिवद्बलिः । विसर्जनं दशम्यां तु क्रीडाकौतुकमङ्गलैः ।।

नवरात्रमा देवीपूजनसम्बन्धी अनेक कृत्य र देवीको विसर्जन

कल्पतत्त्वार्णवमा उद्धृत लिङ्गपुराणको वचन यसप्रकार छ – कन्याराशिमा सूर्य हुँदा कृष्णपक्ष र आर्द्रानक्षत्रमा पनि पूजा गरेर नवमीतिथिमा आफ्नो सम्पत्तिअनुसार देवीलाई राम्ररी विसर्जन गर्नुपर्दछ । शुक्लपक्षको चतुर्थीतिथिमा देवीको केशमोचन गराउनुपर्दछ । पञ्चमीमा प्रातःकालमा शुभ जलले स्नान गराउनुपर्दछ । षष्ठीतिथिमा सायँकालमा बेलको वृक्षमुनि गई अधिवासन अर्थात् भगवतीको मूर्तिप्रतिष्ठा गर्नुपर्दछ र सप्तमीतिथिमा विभिन्न पत्रिकाद्वारा पूजा गर्नुपर्दछ । अष्टमीमा उपवास, पूजा र जागरण गर्नुपर्दछ । नवमीतिथिमा विधिवत् बलि दिनुपर्दछ । दशमीतिथिमा क्रीडाकौतुक मङ्गल गरी देवीको विसर्जन गर्नुपर्दछ ।

नवम्यां बोधनासामर्थ्ये विचारः

अत्र नवम्यां बोधनासामर्थ्ये षष्ठ्यां बोधनमिति स्मार्ताः । फलभूमार्थिनः समुच्चय इत्यन्ये ।

नवरात्रको नवमीमा जागरणमा असमर्थ व्यक्तिका निमित्त उपाय

स्मृतिहरूमा भनिएको छ – 'नवमीतिथिमा जागरण असम्भव भएमा षष्ठीमा जागरण गर्नुपर्दछ ।' अरू धेरै फल चाहने मानिसहरूले भने सबै तिथिमा जागरण गर्नुपर्दछ ।

नवम्यां बोधनमन्त्रः

नवम्यां मन्त्रः कालिकापुराणे –

[५९]**इषे मासि सिते पक्षे नवम्यामार्द्रभे दिवा । श्रीवृक्षे बोधयामि त्वां यावत्पूजां करोम्यहम् ।।**

नवरात्रको नवमीमा जागरणप्रार्थनामन्त्र

कालिकापुराणमा भनिएको छ कि – 'आश्विनमासको शुक्लपक्षको नवमीतिथिमा अथवा आर्द्रानक्षत्रको दिनमा हे देवी ! हजुरलाई बिल्ववृक्षमा राखी जागरण गराउँछु । जबसम्म म पूजा गर्छु, हजुर जागा भइदिनुहोस् ।'

स्त्रीव्रतम्

अत्र स्त्रीव्रते विशेषः परिभाषायां ज्ञेयः ।

स्त्रीहरूद्वारा नवरात्रव्रत

नवरात्रमा नारीहरूले गर्नुपर्ने पूजाको विधिसम्बन्धमा विशेष जान्ने इच्छा भएमा यसै ग्रन्थको परिभाषा–प्रकरण हेर्नुपर्दछ।

आशौचे पूजनादौ विचारः

अत्राशौचे विशेषो निर्णयामृते विश्वरूपनिबन्धे–

आश्विने शुक्लपक्षे तु प्रारब्धे नवरात्रके । शावाशौचे समुत्पन्ने क्रिया कार्या कथं बुधैः ।।

सूतके वर्तमाने च तत्रोत्पन्ने सदा बुधैः । देवीपूजा प्रकर्तव्या पशुयज्ञविधानतः ।।

सूतके पूजनं प्रोक्तं दानं चैव विशेषतः । देवीमुद्दिश्य कर्तव्यं तत्र दोषो न विद्यते ।। इति ।

कालादर्शे विष्णुरहस्येऽपि –

पूर्वसङ्कल्पितं यच्च व्रतं सुनियतव्रतैः । तत्कर्तव्यं नरैः शुद्धं दानार्चनविवर्जितम् ।। इति ।

आशौचमा पूजासम्बन्धी विचार

निर्णयामृत र विश्वरूपनिबन्धमा आशौच प्राप्त भएमा गर्नुपर्ने कार्यको उल्लेख गर्दै भनिएको छ – आश्विन शुक्लपक्षको नवरात्रको आरम्भमा मरणाशौच प्राप्त भएमा सज्जन एवं ज्ञानी पुरुषहरूले देवीपूजा कसरी गर्ने भन्ने प्रश्न हुन्छ । त्यसको उत्तरमा भनिएको छ – त्यस्तो आशौच प्राप्त भएमा पशुयज्ञको विधानबाट देवीको पूजा गर्नुपर्दछ । वास्तवमा सूतकमा पूजा र दानलाई महत्त्व दिइएको छ । त्यसकारण सूतक परे पनि पूजा गर्नुपर्दछ, यसमा दोष लाग्दैन।

कालादर्श र विष्णुरहस्यको भनाइ यसप्रकार छ – नवरात्रव्रतको सङ्कल्प पहिले गरिएको छ भने त्यस शुद्ध व्रतलाई दान र पूजारहित भई सम्पन्न गर्नुपर्दछ ।

गौडनिबन्धे तिथितत्त्वेऽप्युक्तम् । आश्विनकृष्णनवम्यादि शुक्लप्रतिपदादि षष्ठ्यादि सप्तम्यादि चैकं कर्म । अतश्च मध्ये आशौचपातेऽपि न दोषः । 'सङ्कल्पो व्रतसत्रयोः' इति विष्णूक्तेरिति । आरब्धं स्वयमेव कार्यम्, अनारब्धं त्वन्येन कारयेदिति दिवोदासः । रजस्वला त्वन्येन कारयेत् । सूतकादिवद्विशेषवचनाभावात् ।

५९. इषे मास्यसिते पक्षे – यस्तो पाठान्तर रहेको छ । उक्त पाठान्तर स्वीकार गर्दा आश्विनकृष्णपक्षको नवमीमा भन्ने अर्थ हुन्छ । नवरात्रको सन्दर्भमा त्यो अर्थ नमिल्ने देखिएकाले 'इषे मासि सिते पक्षे' गराइएको छ ।

गौडनिबन्ध र **तिथितत्त्व**मा पनि भनिएको छ – आश्विनकृष्णनवमीबाट, आश्विनशुक्लप्रतिपदाबाट, आश्विनशुक्लषष्ठीबाट, आश्विनशुक्लसप्तमीबाट एउटा-एउटा कर्म गरिन्छ । यसैले बीचमा आशौच परे पनि दोष लाग्दैन। **विष्णु**को भनाइअनुसार व्रत र यज्ञको सङ्कल्प गरेपछि आशौच पर्न आएमा दोष लाग्दैन । आरम्भ गरिसकिएको छ भने आशौच परे पनि आफै गर्नुपर्दछ । आरम्भ गरिएको छैन भने अरूबाट गराउनुपर्दछ[६०] भन्ने कुरा **दिवोदास**ले भनेका छन्। रजस्वलाले पनि अरूबाट नै दुर्गापूजा गराउनुपर्दछ । रजस्वलाले सूतकमा झैं बार्नुपर्छ । अरू विशेष वचन छैन ।

स्त्रीणां नवरात्रे ताम्बूलादिचर्वणकथनम्

स्त्रीणां च नवरात्रे ताम्बूलादिचर्वणं भवति । तदुक्तं व्रतहेमाद्रौ गारुडे-

गन्धालङ्कारताम्बूलपुष्पमालानुलेपनम् । उपवासे न दुष्यन्ति दन्तधावनमञ्जनम् ।। इति ।

एतत्सभर्तृकोपवासविषयम् । अन्यश्चात्र विशेषः परिभाषायामुक्तः ।

नवरात्रमा नारीहरूको ताम्बूलसेवनसम्बन्धी विचार

नारीहरूले नवरात्रमा देवीको पूजा गर्दा पान-सुपारी चपाउँदा दोष लाग्दैन । **व्रतहेमाद्रि**मा उद्धृत **गरुडपुराण**को वचनमा पनि यही कुरा बताउँदै भनिएको छ – नारीहरूले गन्ध, अलङ्कार, पान, पुष्पमाला, अनुलेपन र दन्तधावनको प्रयोग उपवासमा पनि गर्न हुन्छ ।

ग्रन्थकार भन्दछन् – यो भनाइ सधवा नारीहरूका निमित्त हो । अरू विशेष परिभाषाप्रकरणमा बताइएको छ ।

आश्विनशुक्लपञ्चम्याम् उपाङ्गललिताव्रतम्

आश्विनशुक्लपञ्चम्यामुपाङ्गललिताव्रतं महाराष्ट्रेषु प्रसिद्धम् । तत्र यद्यपि कथायां कालविशेषो नोक्तस्तथापि- **'रात्रौ जागरणं कुर्याद्गीतवादित्रनिःस्वनैः'** इति रात्रौ जागरोक्तेः शक्तिपूजाया रात्रौ प्राशस्त्याच्च रात्रिव्यापिनी ग्राह्येति केचित् ।

---

६०. आश्विनशुक्लप्रतिपदादेखि दशमीसम्मका दश दिनलाई लोकमा दशैं भनिन्छ । दशदिनमा नौ रात हुने हुँदा यो अवधिलाई नवरात्र, नवरात्रमा भगवती दुर्गाको पूजा-उपासना गरिने हुदाँ र यो दुर्गोत्सव शरदृतुमा पर्ने हुँदा शारदोत्सव पनि भनिन्छ । यसमा अखण्डदीपप्रज्वालन, दुर्गापूजा, कुमारीपूजा, वेद-चण्डी आदिको पाठ र बलिदानादि विविध कृत्य गरिन्छन् । यी कृत्यको प्रारम्भ प्रतिपदामा गरिएको विधिपूर्वकको घटस्थापनाबाट हुन्छ । यी कृत्यहरूको प्रारम्भ सूतक (जननाशौच) परिरहेकै अवस्था भए पनि सूतक परेको (सुत्केरी बसेको) घरबाहेकका अरू सपिण्ड दाजुभाइका घरमा गर्न हुन्छ दोष लाग्दैन भन्ने निर्णयामृतको **'सूतके वर्तमाने च....'** यस वचनको निर्णय हो तापनि व्यवहारमा भने सुत्केरो परेको बखत घटस्थापना गरी दुर्गापूजादि नवरात्रकर्म गर्ने चलन छैन र यदि कसैले गरिहालेछ भने पनि लोकविद्विष्ट अर्थात् लोकले निन्दा गर्ने कार्य भनिन्छ । त्यस्तो कार्य धर्म्य नै भए पनि गर्न हुँदैन भन्ने योगीश्वर याज्ञवल्क्यको वचन यसप्रकार छ- **'अस्वर्ग्यं लोकविद्विष्टं धर्म्यमप्याचरेन्न तु'** । यो विशेष वचन भएको हुँदा घटस्थापना गरी नवरात्रकर्म प्रारम्भ गर्न त्यति राम्रो मानिँदैन । यदि प्रारम्भ भइसकेको छ र बीचमा सुत्केरो अर्थात् जननाशौच पर्न गएमा भने कुनै शङ्का नै नराखी नवरात्रका बाँकी सबै कर्म सरासर गर्नु हुन्छ र गर्नु पर्छ पनि । जननाशौचमात्र होइन बीचमा मरणाशौच अर्थात् जूठो नै पर्न गएमा पनि नवरात्रकर्म मृतकको घरमा पत्नी-पुत्रादि क्रियाकर्ता अर्थात् मृतकको घरमा बाहेक अन्य घरका सपिण्डादि दाजुभाइले गर्न हुन्छ । अतः कुनै पनि कर्म **'सङ्कल्पो व्रतसत्रयोः'** विष्णुको यो वचनअनुसार प्रारम्भ गरिसकेपछि त्यसको समाप्ति गरेकै हुनुपर्छ नगर्दा प्रायश्चित्तभागी हुनुपर्छ । समाप्त नगर्दा प्रायश्चित्त लाग्ने हुँदा लोकले निन्दा गर्ने यस्तो स्थितिमा उपवासादि शारीरिक नियम आशौचीले आफैं गर्ने र पाठ-पूजा आदि अन्य कृत्यचाहिँ आशौच नलाग्ने ब्राह्मणादि अरू कुनै व्यक्तिबाट गराई आवाहित एवं स्थापित देवताको विसर्जन गर्नु अनिवार्य हुन्छ । यसको पुष्टि धर्मसिन्धुले यसरी गरेको छ – **सर्वथालोपप्रसक्तावेव ब्राह्मणद्वारा कुर्वन्ति । उपवासादिशरीरनियमः स्वयं कार्यः ।।**

आश्विनशुक्लपञ्चमीमा उपाङ्गललिताव्रत

आश्विनशुक्लपञ्चमीमा उपाङ्गललिताव्रत महाराष्ट्रमा प्रसिद्ध छ । यद्यपि व्रतकथामा उपयुक्त समयबारे उल्लेख गरिएको छैन । गीत र वाद्यद्वारा रातभर जाग्राम गर्नुपर्दछ भन्ने वचन प्रयोग गरिएकाले शक्तिपूजा रातमा नै हुने हुँदा यो पञ्चमी पनि रात्रिव्यापिनी लिनुपर्दछ भन्ने कसैको मत छ ।

नक्तव्रतम्

वस्तुतस्तु वचनं विना रात्रिपूजायां मानाभावाज्जागरस्य चाङ्गत्वाद्युग्मवाक्यात् –

भुक्त्वा जागरणे नक्ते चन्द्राद्यर्घ्यव्रते तथा । ताराव्रतेषु सर्वेषु रात्रियोगो विशिष्यते ।।

इति कालहेमाद्रौ वचनाच्च पूर्वविद्धा ग्राह्या । रात्रिशब्दः पूर्वविद्धावचन इति हेमाद्रिः । अस्य च भुक्त्वा जागरणरूपत्वादिति साधु प्रतीमः । भुक्त्वा जागरणं यत्रेत्येकं पदम् । तस्मिन्व्रते इत्यर्थः । अन्यथा भुक्त्वेत्यसङ्गतेः । दिवोदासीयेऽप्येवम्।

नक्तव्रत अर्थात् रात्रिव्रत

वास्तवमा शास्त्रहरूको वचनविना रातिमा पूजा गर्ने विषयमा प्रमाण नभएकाले जाग्राम उपवासको अङ्ग भएकाले र युग्मवाक्यका कारण पनि रात्रिपूजा विवेचनीय छ ।

गणेशचतुर्थीव्रत र ताराव्रतहरूमा भोजनोत्तर जागरणका लागि रात्रियोग उत्तम मानिएको छ भन्ने **कालहेमाद्रिको** वचनबाट यो पञ्चमी पूर्वविद्धा ग्राह्य हुन्छ । यहाँ रात्रिशब्द पूर्वविद्धा तिथिको वाचक हो भनी **हेमाद्रिले** बताएका छन् । भोजनोत्तर जागरण गर्नुपर्दछ भनिएकाले पूर्वविद्धा नै हो भन्ने विश्वास गर्न सकिन्छ । भोजन गरिएपछि जहाँ जागरण गरिन्छ भन्ने वाक्यलाई एकरूप मान्नुपर्दछ । त्यसो नगर्ने हो भने **भुक्त्वा** पद व्यर्थ हुनेछ भन्ने कुरा **दिवोदासले** भनेका छन् ।

आश्विनशुक्लपक्षे पुस्तकेषु सरस्वतीस्थापनादिविचारः

आश्विनशुक्लपक्षे मूलनक्षत्रे पुस्तकेषु सरस्वतीस्थापनम् । यथोक्तं निर्णयामृते देवीपुराणे–

मूलेषु स्थापनं देव्याः पूर्वाषाढासु पूजनम् । उत्तरासु बलिं दद्याच्छ्रवणेन विसर्जयेत् ।। इति ।

रुद्रयामलेऽपि – **मूलऋक्षे सुराधीश पूजनीया सरस्वती । पूजयेत्प्रत्यहं देव यावद्वैष्णवमृक्षकम् ।।**

नाध्यापयेन्न च लिखेन्नाधीयीत कदाचन । पुस्तके स्थापिते देव ! विद्याकामो द्विजोत्तमः ।।

सङ्ग्रहे – **आश्विनस्य सिते पक्षे मेधाकामः सरस्वतीम् । मूलेनावाहयेद्देवीं श्रवणेन विसर्जयेत् ।।**

मूलस्याद्यपादे आवाहनमिति शिष्टाः । **'श्रवणाद्यपादे च विसर्जयेत्'** ।

आदिभागो निशायां तु श्रवणस्य यदा भवेत् । सम्प्रेषणं तदा देव्या दशम्यां च महोत्सवः ।।'

इति चिन्तामणौ ब्रह्माण्डपुराणात् ।

आश्विनशुक्लमा पुस्तकमा सरस्वतीको स्थापना

आश्विनशुक्ल पक्षको मूलनक्षत्रमा पुस्तकमा सरस्वती स्थापनाको विधान गरिएको छ । यसै विषयमा **देवीपुराणबाट** उद्धृत **निर्णयामृतको** भनाइ छ– 'मूलनक्षत्रमा सरस्वतीको स्थापना गरी पूर्वाषाढामा पूजा गर्नुपर्दछ । उत्तराषाढामा बलि दिएर श्रवणमा विसर्जन गर्नुपर्दछ ।'

यस बारे रुद्रयामलको भनाइ यसप्रकार छ – मूलनक्षत्रमा सरस्वतीको पूजा गर्नुपर्दछ । जबसम्म वैष्णवनक्षत्र अर्थात् श्रवणनक्षत्र रहन्छ तबसम्म पूजा गर्नुपर्दछ । विद्याको कामना गर्ने उत्तम द्विजले सरस्वतीको स्थापना गरेपछि पढाउन, पढ्न र लेख्न पनि हुँदैन ।

मेधावी हुन चाहने व्यक्तिले आश्विनको शुक्लपक्षमा मूलनक्षत्रमा सरस्वतीको आवाहन गरी श्रवणनक्षत्रमा विसर्जन गर्नुपर्दछ । शिष्टहरू भन्दछन् – मूलको प्रथमचरणमा सरस्वतीको आवाहन गरी श्रवणको प्रथमचरणमा विसर्जन गर्नुपर्दछ । चिन्तामणिमा उद्धृत ब्रह्माण्डपुराणको वचनअनुसार – जब रातमा श्रवणनक्षत्रको पहिलो भाग हुन्छ त्यसबेला सरस्वती देवीको विसर्जन गरी दशमीमा विजयोत्सव मनाउनुपर्दछ ।

ज्येष्ठानक्षत्रयुतायां षष्ठ्यां बिल्वाभिमन्त्रणम्

अथ षष्ठी । गौडनिबन्धे देवीपुराणे –

ज्येष्ठानक्षत्रयुक्तायां षष्ठ्यां बिल्वाभिमन्त्रणम् । सप्तम्यां मूलयुक्तायां पत्रिकायाः प्रवेशनम् ।।
पूर्वाषाढायुताष्टम्यां पूजाहोमाद्युपोषणम् । उत्तरेण नवम्यां तु बलिभिः पूजयेच्छिवाम् ।।
श्रवणेन दशम्यां तु प्रणिपत्य विसर्जयेत् ।'

ज्येष्ठानक्षत्रसहित षष्ठीमा बेलको आवाहन

गौडनिबन्धमा उद्धृत **देवीपुराण**को वचनअनुसार ज्येष्ठानक्षत्रले युक्त षष्ठीमा बेलको आवाहन गर्नुपर्दछ । मूलनक्षत्रले युक्त सप्तमीमा फूल्पाती भित्र्याउने काम गर्नुपर्दछ र पूर्वाषाढायुक्त अष्टमीमा पूजा र होम गर्नुपर्दछ । त्यसपछि नवमीतिथिमा बलि दिएर भगवती शिवाको पूजा गर्नुपर्दछ । श्रवणयुक्त दशमीमा देवीलाई प्रणाम गरी विसर्जन गर्नुपर्दछ ।

कालिकापुराणे –

बोधयेद्बिल्वशाखायां षष्ठ्यां देवीं फलेषु च । सप्तम्यां बिल्वशाखां तामाहृत्य प्रतिपूजयेत् ।।
पुनः पूजां तथाष्टम्यां विशेषेण समाचरेत् । विसर्जनं दशम्यां तु कुर्याद्वै शारदोत्सवैः[६१] ।।
धूलिकर्दमनिक्षेपैः क्रीडाकौतुकमङ्गलैः ।।
अत्र सर्वत्र तिथिनक्षत्रयोगादरो मुख्यः कल्पः । तदभावे तु तिथिरेव ग्राह्या ।

कालिकापुराणमा भनिएको छ – नवरात्रको षष्ठीतिथिमा बेलका हाँगा र फलमा देवीको जागरण गराई सप्तमीमा त्यही बेलको हाँगो घर ल्याएर पूजा गर्नुपर्दछ । अष्टमीमा फेरि विशेषपूजा गरी जाग्राम बस्नुपर्दछ र महानिशा हुँदा बलिदान गर्नुपर्दछ । नवमीमा अधिकसंख्यामा बलि प्रदान गरेपछि दशमीमा धूलो र हिलो छ्यापाछ्यापजस्ता अनेक क्रीडाकौतुक र माङ्गलिक कर्म गर्दै शारदनवरात्रको उत्सव गरी देवीको विसर्जन गर्नुपर्दछ ।

यहाँ तिथि र नक्षत्रका योगको आदर गरिन्छ । योगको अभावमा तिथिमात्र भए पनि लिनुपर्दछ । **विद्यापति** भन्दछन् – तिथि देवताहरूको शरीर हो र नक्षत्र तिथिमा आश्रित हुन्छन् । त्यसकारण सबैले तिथिको प्रशंसा गर्दछन् । तिथिविना एक्लै नक्षत्रको प्रशंसा गर्दैनन् ।

---

६१. धेरैजसो निर्णयसिन्धुका प्रकाशित पुस्तकहरूमा **'सारवोत्सवैः'** पाठको प्रयोग गरिएको छ । तदनुसार नवरात्रमा गरिने तान्त्रिक क्रीडाकौतुक भन्ने अर्थ पनि गरिएको पाइन्छ। मिहिरसेन शास्त्रीद्वारा अनूदित निर्णयसिन्धुमा भने **'शारदोत्सवैः'** पाठ रहेको छ । यही नै उचित प्रतीत हुन्छ।

तिथिः शरीरं देवस्य तिथौ नक्षत्रमाश्रितम् । तस्मात्तिथिं प्रशंसन्ति नक्षत्रं न तिथिं विना ।।

इति विद्यापतिलिखितवचनात् ।

तिथिनक्षत्रयोर्योगे द्वयोरेवानुपालनम् । योगाभावे तिथिर्ग्राह्या देव्याः पूजनकर्मणि ।।

इति तत्रैव देवलोक्तेश्च । अत्र च पत्रीप्रवेशात्पूर्वेद्युः सायंकाले षष्ठ्यभावे पूर्वदिनेऽधिवासनं कार्यम् । सायंकालेऽत्यन्तासत्त्वे त्वधिवासनलोपः । '**षष्ठ्यां सायं प्रकुर्वीत बिल्ववृक्षेऽधिवासनम्**' इति पूर्ववचनादिति कल्पतरुः । सायंश्रुतिः फलातिशयमात्रार्था न तु कर्मलोप इत्याचार्यचूडामणिः ।

यस प्रसङ्गमा देवलले भनेका छन् – देवीको पूजा गर्दा तिथि र नक्षत्रको योग भेटिएमा दुवैको पालन गर्नुपर्दछ । त्यस्तो योगको अभावमा तिथिलाई नै ग्रहण गर्नुपर्दछ।

नवरात्रकै प्रसङ्गमा कुरा गर्दा फूल्पाती भित्र्याउने दिनभन्दा अघिल्लो दिन षष्ठीतिथि नरहेमा त्यो भन्दा अघिल्लो दिन अधिवासन गर्नुपर्दछ । सायँकालमा षष्ठी बिल्कुलै नरहेमा अधिवासनको लोप हुन्छ । षष्ठीको सायँकालमा अधिवासन गर्नुपर्दछ भन्ने देवलको वचनमा रहेको **सायम्** शब्दको कथन अधिकफल हुन्छ भन्ने तथ्य देखाउन गरिएको हो । त्यसैले कर्मलोप गर्न हुँदैन भन्ने कुरा **आचार्य चूडामणिले** बताएका छन् ।

बिल्वसमीपे देवीप्रार्थना

अत्र क्रमः । बिल्वसमीपं गत्वा देवीं बिल्वं च सम्पूज्य प्रार्थयेत् । तत्र मन्त्रः –

रावणस्य वधार्थाय रामस्यानुग्रहाय च । अकाले ब्रह्मणा बोधो देव्यास्त्वयि कृतः पुरा ।।
अहमप्याश्रितः षष्ठ्यां सायाह्ने बोधयाम्यतः । श्रीशैलशिखरे जातः श्रीफलः श्रीनिकेतनः ।।
नेतव्योऽसि समागच्छ पूज्यो दुर्गास्वरूपतः ।।' इति ।

बेलको समीपमा देवीको प्रार्थना

बेलवृक्षको नजिकमा गई बेल र देवीको पूजा गरेर प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे देवी ! रावणको वध गर्न र राममाथि अनुग्रह गर्न ब्रह्माजीले अकालमा हजुरको जागरण गराउनुभएको थियो । आज म पनि षष्ठीतिथिको सायँकालमा बिल्वमा रहनुभएकी देवीलाई जगाउँछु । हे बिल्ववृक्ष ! श्रीशैलपर्वतको चुचुरोमा पैदा भएका तिमी 'श्रीनिकेतन' श्रीका परम आश्रय हौ। हे बिल्वफल ! म तिमीलाई लैजाउँदैछु, तिमी आऊ र दुर्गाकै रूपमा पूजित होऊ ।' यसरी बिल्वशाखामा देवीलाई अधिवासन गराई अर्को दिन निमन्त्रणा गरिएका बिल्ववृक्षका हाँगा र पातहरूको बीचमा प्रवेश गरी पूजा गर्नुपर्दछ ।

एवं देवीमधिवास्य परदिने निमन्त्रितबिल्वशाखापत्रीप्रवेशपूजां कुर्यात् । तदुक्तं हेमाद्रौ लैङ्गे–

मूलाभावे तु सप्तम्यां केवलायां प्रवेशयेत् । युग्माभ्यां नवबिल्वस्य फलाभ्यां शाखिकां तथा ।।
तथैव प्रतिमा देव्याः स्नात्वाभ्युक्ष्य प्रवेशयेत् ।' अत्र चोपवासपूजादावौदयिकी सप्तमी ग्राह्या, न तु युग्मवाक्यात्पूर्वा ।

युगाद्या वर्षवृद्धिश्च सप्तमी पार्वतीप्रिया । रवेरुदयमीक्षन्ते न तत्र तिथियुग्मता ।।

इति कृत्यतत्त्वार्णवोदाहृतवचनात् ।

हेमाद्रिमा उद्धृत **लिङ्गपुराण**को वचनमा भनिएको छ – मूलनक्षत्रको अभावमा केवल सप्तमीमा बिल्वशाखामा प्रवेश गर्नुपर्दछ । एक जोडा नयाँ बेलवृक्षका साथ बेलका हाँगा र देवीको प्रतिमालाई स्नान गराई प्रवेश गराउनुपर्दछ । यो दिन उपवास, पूजा आदिमा उदयकालिक सप्तमी लिनुपर्दछ ।

युग्मवाक्यको आधारमा पूर्वा लिनुहुँदैन किनकि **कृत्यतत्त्वार्णव**मा उदाहृत वचनमा भनिएको छ – युगादितिथि, वर्षवृद्धि र पार्वतीले मन पराउने नवरात्रको सप्तमीमा सूर्योदयकै महिमा हुन्छ । तसर्थ त्यही काल उत्तम हुन्छ । यहाँ तिथियुग्मको आधारमा निर्णय गरिँदैन ।

भगवत्याः प्रवेशादिविसर्गान्ताश्च याः क्रियाः । तिथावुदयगामिन्यां सर्वास्ताः कारयेद्बुधः ।।

इति तिथितत्त्वे नन्दिकेश्वरपुराणाच्च । दुर्गाभक्तितरङ्गिण्यामप्येवम् । तत्रापि घटिकातो न्यूनत्वे परा न कार्या। 'व्रतोपवासनियमे घटिकैकापि या भवेत्' इति देवलोक्तेरिति गौडाः । दाक्षिणात्यास्तु पूर्ववचनमदृष्ट्वा युग्मवाक्यात्पूर्वां कुर्वन्ति । पत्रिकापूजा च पूर्वाह्णे एव कार्या । न तु मूलानुरोधान्मध्याह्नादाविति कृत्यतत्त्वार्णवे उक्तम् ।

तिथितत्त्वमा उद्धृत **नन्दीकेश्वरपुराण**को वचन छ कि – भगवतीको प्रवेशदेखि लिएर विसर्जनसम्म जति क्रिया गरिन्छ, ती क्रिया बुद्धिमान् मानिसले उदयकालिक तिथिमा गर्नुपर्दछ । **दुर्गाभक्तितरङ्गिणी**मा पनि यस्तै कुरा बताइएको छ – उदयकालिक तिथि एकघडीभन्दा कम भएमा पछिल्लो दिन कर्म गर्नुपर्दछ । **देवल**को भनाइ छ कि व्रत र उपवासका नियममा तिथि एकघडीमात्र रहे पनि त्यसलाई स्वीकार गर्नुपर्दछ । यो भनाइलाई **गौडहरू**ले पनि स्वीकार गरेकाछन् ।

दाक्षिणात्यहरू यहाँ चर्चा गरिएका मतको उपेक्षा गरी युग्मवाक्यबाट पूर्वा सप्तमी स्वीकार गर्दछन् । **कृत्यतत्त्वार्णव**मा भनिएको छ – पत्रिकापूजा पूर्वाह्णमा नै गर्नुपर्दछ । मूलको अनुरोधमा मध्याह्न आदिमा गर्न हुँदैन ।

नवपत्रिकाः

पत्रिकास्तु– **रम्भा कवी हरिद्रा च जयन्ती बिल्वदाडिमौ ।**
अशोको मानवृक्षश्च धान्यादिनवपत्रिकाः।।' इति तत्रैवोक्ताः ।

फूलपाती

कृत्यतत्त्वार्णवमा नौ प्रकारका पत्रिका अर्थात् फूल्पातीको उल्लेख गरिएको छ । रम्भा अर्थात् केरा, कच्वी अर्थात् कचूर, हलेदो, जयन्ती, बिल्व अर्थात् बेल, दाडिम अर्थात् अनार, अशोक अर्थात् अशोकको वृक्ष, मानवृक्ष अर्थात् अमलताश अथवा मानेकर्कलो, धान्य अर्थात् धान यी नौ पत्रिका मानिएका छन् ।

सप्तम्यां देवीत्रिरात्रकथनम्

अस्यामेव सप्तम्यां देवीत्रिरात्रमुक्तं हेमाद्रौ । प्रतिपदादिनवतिथिषु उपवासकरणासामर्थ्ये सप्तम्यादिदिनत्रये वा कुर्यात् । तदाह धौम्यः –

आश्विने मासि शुक्ले तु कर्तव्यं नवरात्रकम् । प्रतिपदादिपद्धत्या यावच्च नवमी भवेत् ।।[६२]
त्रिरात्रं वापि कर्तव्यं सप्तम्यादि यथाक्रमम् ।।'

६२. 'प्रतिपदादिक्रमेणैव' यस्तो पाठान्तर रहेको छ। वस्तुतः प्रतिपदादिक्रमेणैव यो एउटा अनुष्टुपपद्यको चरण हो । यसमा ८ अक्षर हुनुपर्ने लक्षणविपरीत ९ अक्षर रहेका छन् । त्यसैले प्रतिपदादिपद्धत्या गराइएको छ ।

नवरात्रमा देवीत्रिरात्र

हेमाद्रिमा देवी-त्रिरात्र अर्थात् देवीका तीनरातको विषयमा बताउँदै भनिएको छ – प्रतिपदादेखि नवमीसम्म निरन्तर नौ दिन उपवास गर्न नसक्ने मानिसले सप्तमी, अष्टमी र नवमीतिथिहरूमा उपवास आदि कर्म गर्नुपर्दछ । यसै विषयमा धौम्यले भनेका छन् – आश्विनशुक्ल पक्षमा प्रतिपदादेखि नवमीसम्म नवरात्रव्रत गर्नुपर्दछ । अथवा सप्तमीदेखि नवमीसम्म भए पनि त्रिरात्रव्रत गर्नुपर्दछ ।

आश्विनादिमासचतुष्टये व्रतविचारः

अत एव हेमाद्रौ देवीपुराणे मङ्गलाव्रते–

आश्विने वाथवा माघे चैत्रे वा श्रावणेऽपि वा । कृष्णाष्टम्यादि कर्तव्यं व्रतं शुक्लावधिं हरेः ।।

यावच्छुक्लाष्टमी शक्र उपोष्या तु विधानतः । दानं होमो जपः पूजा कन्या भोज्यास्तथान्वहम् ।।

महाभैरवरूपेण अस्थिमालाधराश्च ये । पूजनीया विशेषेण वस्त्रैर्ग्रामपुरादिषु ।।

इति मासचतुष्टयेऽभिधाय । अन्यत्रापि –

अथवा नवरात्रं च सप्त पञ्च त्रिकं दिवा । एकभक्तेन नक्तेनाऽयाचितोपोषितैः क्रमात् ।। इति ।

पूजयेताश्विने शक्र यावच्छुक्लाष्टमी भवेत् । सर्वकार्याणि सिध्यन्ति शक्र नास्त्यत्र संशयः ।।

इत्युक्तम् । दिवेत्येकरात्रमुक्तम् ।

आश्विन आदि चार मासमा व्रतविचार

हेमाद्रिमा उद्धृत देवीपुराणको मङ्गलाव्रतमा भनिएको छ – आश्विन, माघ, चैत्र अथवा श्रावणमासमा कृष्णपक्षको अष्टमीदेखि शुक्लपक्षको अष्टमीसम्म हरिको व्रत गर्नुपर्दछ । जबसम्म शुक्लपक्षको अष्टमी आउँदैन तबसम्म विधिपूर्वक उपवास गरी दान, होम, जप, पूजा र प्रतिदिन कन्याभोजन गराउने कर्म गर्नुपर्दछ ।

महाभैरवका रूपमा गाउँघरमा भ्रमण गर्ने अस्थिमालाधारी अवधूतहरूलाई वस्त्र प्रदान गरी सम्मान गर्नुपर्दछ । यी चार-चार महिनामा यसरी हरिपूजन गर्नुपर्छ भन्ने कुरा बताएपछि अन्यत्र पनि नवरात्रका ७, ५, ३, १ दिनहरूमा एकभक्त, नक्त वा अयाचित उपवास क्रमैले गर्नुपर्दछ भनिएको छ ।

आश्विनमासमा शुक्लपक्षको अष्टमीसम्म भगवतीको पूजा गर्नुपर्दछ । यसबाट सबै कार्य सिद्ध हुन्छन् भन्ने कुरामा कुनै सन्देह छैन । माथि दिवाशब्दको प्रयोग भएको छ । त्यसको अर्थ अष्टमी वा नवमीको एक रात भन्ने हो ।

गोविन्दार्णवे देवीपुराणे –

नवरात्रव्रतेऽशक्तस्त्रिरात्रं चैकरात्रकम् । व्रतं चरति यो भक्तस्तस्मै दास्यामि वाञ्छितम् ।। इति।

तत्रापि सप्तम्याः पूजने पूर्वोक्तो निर्णयः । अत्र तिथियौगपद्ये तन्त्रेणोपवासः । तिथिद्वयनिमित्तं पूजादिकं तु भेदेन।

गोविन्दार्णवमा देवीपुराणको मत प्रस्तुत गरिएको छ – नवरात्रभर पूरा व्रत गर्न असमर्थ मानिसले तीन रात अथवा एकरात व्रत गरेमा त्यसले चिताएको कार्य पूरा हुन्छ । त्रिरात्रव्रतमा पनि सप्तमीमा देवीपूजनका लागि पूर्वोक्त निर्णय गरिएको हो । सप्तमीमा फूल्पाती भित्र्याउँदा दुईतिथि एकै दिन परेमा तन्त्रद्वारा सामूहिक उपवास मानिन्छ । दुईतिथिको निमित्तमा उपवास एउटै गरिए पनि पूजा भने छुट्टाछुट्टै गर्नुपर्दछ ।

दुर्गागृहादिविचारः

अत्र विशेषो निर्णयामृते भविष्ये –

सप्तम्यां नव गेहानि दारुजानि नवानि च । एकं वा वित्तभावेन कारयेत्सुसमाहितः ।।

दुर्गागृहं प्रकर्तव्यं चतुरस्रं सुशोभनम् ।

त्रिरात्रीय दुर्गामन्दिर

निर्णयामृतमा उद्धृत भविष्यपुराणको वचनमा भनिएको छ – सप्तमीमा नयाँ–नयाँ काठ प्रयोग गरी दुर्गाका लागि अनेक घर तयार गर्नुपर्दछ । आफ्नो आर्थिक क्षमता कम भएमा एउटै घर बनाए पनि हुन्छ । उपाय नै नभएमा पहिलेको दुर्गागृहलाई नै सजाउनुपर्दछ । दुर्गागृहको निर्माण गर्दा चारपाटे र सुन्दर बनाउनुपर्दछ ।

दुर्गागृहे वेदिकाकरणम्

तन्मध्ये वेदिकां कुर्याच्चतुर्हस्तां समां शुभाम् । तस्यां सिंहासनं क्षौमं कम्बलाजिनसंयुतम् ।।

दुर्गागृहमा वेदी

दुर्गागृहको बीचमा चार हात बराबरको वेदी बनाउनुपर्दछ । त्यहाँ सिंहासनमा रेशमी वस्त्र, कमल र मृगचर्म राखी सजाउनुपर्दछ ।

चतुर्भुजादिदुर्गामूर्तिप्रतिष्ठा

तत्र दुर्गां प्रतिष्ठाप्य सर्वलक्षणसंयुताम् । भुजैश्चतुर्भी रुचिरैर्दशभिर्वा विभूषिताम् ।।
तप्तहाटकवर्णाभां त्रिनेत्रां शशिशेखराम् । अनेककुसुमाकीर्णां कपर्देन सुशोभिताम् ।।
नितम्बबिम्बसन्नद्धकिङ्किणीक्वाणनादिनीम् । शूलचक्रदण्डशक्तिवज्रचापासिधारिणीम् ।।
घण्टाक्षमालाकरकपानपात्रलसत्कराम् । तदग्रे छिन्नशिरसं माहिषं रुधिराप्लुतम् ।।
निःसृतार्धतनुं कण्ठनाले चर्मासिधारिणम् । देवीधृतकरग्रीवं शूलेनोरसि ताडितम् ।।
नागपाशेन विक्षिप्तं हर्यक्षेणापि विद्रुतम् । वमद्रुधिरवक्त्रेण धुन्वतोर्ध्वं सटान्रुषा ।।
सर्वतो मातृचक्रेण सेव्यमानां सुरैस्तथा ।।' इति ।

तत्र देवी प्रकर्तव्या हैमी वा राजती तथा। मृद्वार्क्षी लक्षणोपेता खड्गशूले च पूजयेत् ।। वार्क्षी–दारुमयी।

चतुर्भुजादि दुर्गामूर्ति प्रतिष्ठा

दुर्गागृहमा दुर्गामूर्तिको प्रतिष्ठा गर्नुपर्दछ । त्यहाँ स्थापना गरिने दुर्गाको स्वरूपको वर्णन गर्दै भनिएको छ – वेदीको मध्यमा सर्वलक्षणसम्पन्न दुर्गाको मूर्ति स्थापना गर्नुपर्दछ । सुन्दर, चारभुजाले सुहाएको अथवा दशभुजाले सुशोभित, तताएको सुनजस्तो पहेंलो कान्तिको चहकले आनन्ददायक, तीननयनद्वारा विभूषित, शिरमा चन्द्रमा धारण गरी शोभायमान, अनेकथरि पुष्पले आच्छादित, जटाजूटसहित, क्वण–क्वण शब्द गर्ने मेखलाको मधुर ध्वनिले सम्पन्न नितम्बबिम्बद्वारा शोभायमान, शूल, चक्र, दण्ड, शक्ति, वज्र, धनु र तरबार धारण गर्ने, हातमा घण्ट र अक्षमालासमेत भएको र मदिरापात्र

लिएको दुर्गाको मूर्ति स्थापना गर्नुपर्दछ । देवीका अगाडि टाउको काटिएको राँगो र त्यसको रगत चारैतिर फैलिएको देखाउनुपर्दछ । राँगाको आधा शरीर बाहिर निक्लिएको देखाउनुपर्दछ । घाँटीको नालमा ढाल, तरवार धारण गरी राँगाको घाँटीलाई आफ्ना हातले समातेकी देवीले राँगाको छातीमा त्रिशूल रोपिरहेको रूप देखाउनुपर्दछ । भगवतीद्वारा नागपाश फ्याँकी बाँधिएको राँगोमाथि आक्रमण गर्ने सिंहको मुखबाट रगत चुहिरहेको देखाउनुपर्दछ । सिंहले रीसले आफ्नो अयाल अर्थात् घाँटीका रौं कँपाइरहेको देखाउनुपर्दछ । त्यहाँ मातृकाको समूहबाट घेरिएकी, देवताहरूद्वारा सेवा गरिएकी देवीको मूर्ति सुवर्ण, चाँदी, माटो अथवा काठद्वारा तयार गर्नुपर्दछ । यसरी सबै लक्षणले सम्पन्न मूर्ति तयार गरी खड्गशूलधारिणी देवीको पूजा गर्नुपर्दछ ।

देवीमूर्तिस्थापने दिग्विचारः

देवीमूर्तिस्थापने विशेषो दुर्गाभक्तितरङ्गिण्यां देवीपुराणे –

याम्यास्या शुभदा दुर्गा पूर्वास्या जयवर्धिनी । पश्चिमाभिमुखी नित्यं न स्थाप्या सौम्यदिङ्मुखी।।

देवीको मूर्तिस्थापना गर्दा दिशाविचार

दुर्गाभक्तितरङ्गिणीमा उद्धृत देवीपुराणको वचनअनुसार दक्षिणतिर मुख फर्किएको दुर्गाको मूर्तिले शुभफल प्रदान गर्दछ । पूर्वतर्फ मुख फर्किएको दुर्गाको मूर्तिले विजय प्रदान गर्दछ । पश्चिम मुख गरेको दुर्गाको मूर्ति नित्यस्थापनाका लागि उत्तम हुन्छ । तर उत्तरतिर फर्काई देवीको मूर्ति स्थापना गर्न हुँदैन ।

प्रतिमाभावे विचारः

प्रतिमाभावे विशेषस्तत्रैव –

हैमराजतमृद्धातुशैलचित्रार्पितापि वा । खड्गे शूलेऽर्चिता देवी सर्वकामफलप्रदा ।।

यद्यद्यस्यायुधं प्रोक्तं तस्मिंस्तां प्रतिपूजयेत् । देवी भक्त्यार्चिता पुंसां राज्यायुःसुतसौख्यदा ।।

कृत्यतत्त्वार्णवे कालिकापुराणे –

लिङ्गस्थां पूजयेद्देवीं मण्डलस्थां तथैव च । पुस्तकस्थां महादेवीं पावके प्रतिमासु च ।।

चित्रे च त्रिशिखे खड्गे जलस्थां वापि पूजयेत् ।।

प्रतिमाको अभावमा

दुर्गाभक्तितरङ्गिणीमा नै भनिएको छ – प्रतिमा तयार नभएको स्थितिमा सुवर्ण, चाँदी, माटो, धातु, ढुङ्गा, चित्र, तरबार र त्रिशूलमा पूजा गरिएकी देवीले सबै चिताएका फल प्रदान गर्दछिन् । जुन जुन देवताको लागि जुन जुन शस्त्र–अस्त्र बताइएका छन् ती शस्त्र–अस्त्रमा भक्तिपूर्वक ती–ती देवताको पूजा गर्दा मनले चिताएको अभीष्ट प्राप्त हुन्छ । भक्तिपूर्वक आराधना गरिएकी देवीले राज्य, आयु, पुत्र र सुख प्रदान गर्दछिन् ।

कृत्यतत्त्वार्णवमा उद्धृत कालिकापुराणको वचनमा भनिएको छ – लिङ्गमा स्थित देवीको पूजा गर्नुपर्दछ, मण्डलमा स्थित देवीको पूजा गर्नुपर्दछ, पुस्तकमा विराजमान देवीको पूजा गर्नुपर्दछ, अग्निमा चम्किरहेकी देवीको पूजा गर्नुपर्दछ, प्रतिमामा विधिवत् स्थापना गरिएकी देवीको पूजा गर्नुपर्दछ, चित्रमा उतारिएकी देवीको पूजा गर्नुपर्दछ र त्रिशूलमा देवीको पूजा गर्नुपर्दछ र खड्ग एवं जलमा पनि देवीको पूजा गर्नुपर्दछ ।

बिल्वपत्रादिभिश्चण्डिकापूजनम्

बिल्वपत्रैर्यजेद्देवीं तथा जातीप्रसूनकैः । नानापिष्टकनैवेद्यैर्धूपदीपैर्मनोहरैः ।।
भगलिङ्गाभिधानैश्च भगलिङ्गप्रगीतकैः । भगलिङ्गक्रियाभिश्च प्रीणयेद्वरचण्डिकाम् ।।
परैर्नाक्षिप्यते यस्तु यः परान्नाक्षिपत्यपि । तस्य क्रुद्धा भगवती शापं दद्यात्सुदारुणम् ।।

बिल्वपत्र आदिद्वारा चण्डिकाको पूजा

बेलपत्र, जातिपुष्प, मालतीपुष्प, अनेकथरि पीठोबाट तयार गरिएका नैवेद्य र धूप–दीपद्वारा भगवतीको पूजा गर्नुपर्दछ । स्त्री–पुरुषका भग–लिङ्गका नाम, कामेन्द्रियसम्बन्धी गीत र कामेन्द्रियसम्बन्धी चेष्टाद्वारा वरदायिनी चण्डिकालाई खुसी तुल्याउनुपर्दछ ।[६३]

जसलाई अरूले कुनै किसिमको पनि आक्षेप लगाउँदैनन् र जसले अरूलाई पनि कहिल्यै आक्षेप लगाउँदैन त्यस्ता मानिसहरूसँग रिसाएकी भगवतीले तिनीहरूलाई कठोर सराप दिन्छिन् ।[६४]

चित्रमृन्मयादौ स्नानपूजादौ विशेषः

चित्रमृन्मयादौ स्नानाद्यसम्भवे तत्रैवोक्तम् – **'अन्तिके स्थापिते खड्गे स्नापयेद्दर्पणेऽथवा'** इति ।

चित्र र माटोका मूर्तिको स्नान र पूजामा विशेष

चित्र र माटोले तयार गरिएका देवीका मूर्तिलाई स्नान गराउन असम्भव भएकाले चित्र र मूर्तिका सामु रहेका दर्पण वा तरबारलाई नुहाइदिनुपर्दछ ।

सप्तमीपूजाविधिः

अथ सप्तमीपूजाविधिः । प्रतिपद्युक्तविधिना फलसङ्कीर्तनान्ते नवपत्रिकामृन्मयदुर्गापूजाबलिदानानि करिष्य इति सङ्कल्प पूर्वनिमन्त्रितबिल्वसमीपं गत्वा सम्पूज्य- **'आगच्छ सर्वकल्याणि'** इति पूर्वोक्तमन्त्रं पठित्वा –

बिल्ववृक्ष महाभाग सदा त्वं शङ्करप्रिय । गृहीत्वा तव शाखां च देवीपूजां करोम्यहम् ।।
शाखाच्छेदोद्भवं दुःखं न च कार्यं त्वया प्रभो । गृहीत्वा तव शाखां च पूज्या दुर्गेति च स्मृतिः।।
उत्तिष्ठ पत्रिके देवि सर्वकल्याणहेतवे । पूजां गृहाण सकलामस्माकं वरदा भव ।।

---

६३. संसार अग्नि र सोमद्वारा तयार भएको हुँदा अग्नीषोमात्मकं जगत् भन्ने शास्त्रवचन पाइन्छ । शक्तिविना शिवको केही नचल्ने हुँदा शिवको आराधना गर्दा शक्तिको पनि आराधना गर्ने प्रचलन छ । उक्त पद्यमा स्त्री–पुरुषका कामेन्द्रियका नाम आदिको जुन चर्चा गरिएको छ त्यो सृष्टिका प्रवर्तक शिव र भगवतीका चरित्रहरूको कीर्तन गर्ने अर्थमा लिनुपर्छ भन्ने शैव र शाक्तशास्त्रका मनीषीहरूको विचार पाइन्छ ।

६४. 'जसलाई अरूले आक्षेप लगाउँदैनन् र जसले अरूलाई पनि आक्षेप लगाउँदैन त्यस्तो व्यक्तिमाथि क्रुद्ध भएकी भगवतीले कठोर सराप दिन्छिन् ।' यस्तो अर्थ बताउने यो पद्य पनि रहस्यात्मक छ । यसको तात्पर्य के हो भने जुन व्यक्तिले नराम्रो काम गर्छ तर आफ्नो नम्रता, उपहारप्रदान आदि कोमल व्यवहारबाट सबैलाई रिझाएको हुन्छ त्यस्तो मानिस पापी भएतापनि त्यसको विनम्र व्यवहार र त्यसबाट प्राप्त पदार्थहरूबाट खुसी भएका सज्जनहरू पनि त्यसलाई केही भन्न सक्दैनन् भन्ने अर्थमा **परैर्नाक्षिप्यते यस्तु** भनिएको हो । फेरि जसले अरूका अपराधहरू हुँदा पनि लोभानि–पापानिमा परी यथार्थ बोल्न नसकेर सत्यलाई ढाकछोप गरी असत्यलाई साथ दिन्छ त्यो मानिस पनि पापी मानिस हो भन्ने अर्थमा **यः परान्नाक्षिपत्यपि** भनिएको हो । यस्ता व्यक्तिहरूको व्यवहारबाट क्रुद्ध भएकी भगवती दुर्गाले रिसाएर तिनीहरूलाई सराप दिने कुरा पनि स्वाभाविक हो ।

मेरुमन्दारकैलासहिमवच्छिखरे गिरौ । जातः श्रीफलवृक्ष ! त्वमम्बिकायाः सदा प्रियः ।।

इति सम्प्रार्थ्य- '**ॐ छिन्धि छिन्धि फट् फट्**' '**ॐ हुं फट् स्वाहा**' इति छित्त्वा सम्पूज्य- '**ॐ चामुण्डे चल चल**' इति वाद्यघोषेण देवीं तां च गृहं प्रवेश्य-

आरोपितासि दुर्गे त्वं मृन्मय्यां श्रीफलेऽपि च । स्थिरा नितान्तं भूत्वा च गृहे त्वं कामदा भव ।।

इति स्थिरीकृत्य रम्भादिपत्रिकाः पञ्चगव्येन पञ्चामृतेन च स्नापयित्वा वस्त्रेणावेष्ट्य स्थापयेत् । ततः पूर्ववत्सङ्कल्पं कृत्वाऽक्षतानादाय देवीमावाहयेत् ।

सप्तमीपूजाविधि

अब सप्तमीतिथिमा गरिने पूजाको विधि निरूपण गरिन्छ । प्रतिपदामा गरिएको सङ्कल्पअनुसार फलश्रुतिको कीर्तन गरेपछि – **अद्य सप्तम्यां नवपत्रिकामृन्मयदुर्गापूजाबलिदानानि करिष्ये** भन्ने सङ्कल्प गरी पहिले निमन्त्रित गरिएको बेलवृक्षको फेदमा गएर दुर्गा र बेलवृक्षको पूजा गर्नुपर्दछ । त्यसपछि **आगच्छ सर्वकल्याणि** भन्ने माथि उल्लेख गरिएको आवाहन मन्त्र पढी **बिल्ववृक्षमहाभाग०** इत्यादि मूलमा रहेका पद्यमन्त्र जप्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे बिल्ववृक्ष ! हे महाभाग ! हे शङ्करप्रिय ! तिम्रो शाखा अर्थात् हाँगा ग्रहण गरी म देवीको पूजा गर्दैछु ।' फेरि बेलको प्रार्थना गर्नुपर्दछ – 'हे बिल्व ! हाँगा काट्दा तिमीलाई जुन पीडा भयो त्यसमा तिमीले दुःख नमान किनकि तिम्रो हाँगाद्वारा दुर्गापूजा गर्ने कर्मको सम्झना भइरहन्छ । हे बिल्वपत्रपुञ्ज ! तिमी सबै संसारको कल्याण गर्न जाग । हामीले गरेको सम्पूर्ण पूजा ग्रहण गर र हामीलाई वर प्रदान गर । हे श्रीफलवृक्ष ! तिमी मेरु, मन्दार, कैलास र हिमालयपर्वतको शिखरमा पैदा भयौ, तिमी सधैं अम्बिका भगवतीका प्यारा छौ ।' यसरी प्रार्थना गरी **ॐ छिन्धि छिन्धि फट् फट्, ॐ हुँ फट् स्वाहा** यस मन्त्रले हाँगा काटी काटिएको हाँगाको पूजा गरेर **ॐ चामुण्डे चल चल** भन्ने मन्त्र पढ्दै गाना–बजानाका साथ घरमा लगेर देवीगृहमा भित्र्याउनुपर्दछ । त्यसपछि प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे दुर्गा ! हजुर मूर्तिरूप माटो र श्रीफलमा आरोपित हुनुभएको छ । हजुरले यो देवीगृहमा निरन्तर रही हाम्रा मनोरथ पूर्ण गराइदिनुहोस् ।' यसरी प्रार्थना गरी दुर्गालाई स्थिर तुल्याएर कदली अर्थात् केरा आदि नवपत्रिकालाई पञ्चगव्य एवं पञ्चामृतले स्नान गराई कपडाले बेरेर हातमा अक्षता लिई आवाहन गर्नुपर्दछ ।

देव्यावाहनमन्त्राः

तत्र मन्त्रः –

आवाहयाम्यहं देवीं मृन्मय्यां श्रीफले तथा । कैलासशिखराद्देवि विन्ध्याद्रेर्हिमपर्वतात्।।
आगत्य बिल्वशाखायां चण्डिके कुरु सन्निधिम् । स्थापितासि मया दुर्गे पूजये त्वां प्रसीद मे ।।
आयुरारोग्यमैश्वर्यं देहि देवि नमोस्तु ते । दुर्गे दुर्गस्वरूपासि सुरतेजोमयेऽर्चिते ।।
सदानन्दकरे देवि प्रसीद मम सिद्धये । एह्येहि भगवत्यम्ब शत्रुक्षयजयप्रदे ।।
भक्तितः पूजयामि त्वां दुर्गे देवि सुरार्चिते । पल्लवैश्च फलोपेतैः पुष्पैश्च सुमनोहरैः ।।
पल्लवे संस्थिते देवि पूजये त्वां प्रसीद मे । दुर्गे देवि इहागच्छ सान्निध्यमिह कल्पय ।।
यज्ञभागान् गृहाण त्वं योगिनीकोटिभिः सह ।।' इति । ततो मूलमन्त्रेण पाद्यादिगन्धान्तोपचारैः –
अमृतोद्भवं च श्रीवृक्षं शङ्करस्य सदा प्रियम् । बिल्वपत्रं प्रयच्छामि पवित्रं ते सुरेश्वरि ।।

इति बिल्वपत्रम् ।

देवीका आवाहनमन्त्र

आवाहयाम्यहम्० – 'हे देवी ! म माटो र श्रीफलमा हजुरको आवाहन गरिरहेको छु । कैलासशिखर, विन्ध्यशिखर र हिमगिरिशिखरबाट यहाँ आई बिल्वशाखामा विराजमान हुनुहोस् । मैले हजुरलाई यहाँ स्थापित गरेको छु । म हजुरको पूजा गरिरहेको छु र ममाथि प्रसन्न हुनुहोस् ।'

आयुरारोग्यमैश्वर्यम्० ' हे चण्डिका ! आयु, आरोग्य र ऐश्वर्य दिनुहोस् । म हजुरलाई नमस्कार गर्दछु । हे दुर्गा ! हजुर दुर्गस्वरूपा हुनुहुन्छ । हजुर देवताका तेजःपुञ्जको रूपमा प्रकट हुनुभएको छ र हजुर देवताहरूद्वारा पूजित हुनुहुन्छ ।'

सदानन्दकरे०– हे देवी ! हजुर निरन्तर आनन्द दिने आनन्ददायिनी हुनुहुन्छ । मेरो सिद्धिका लागि हजुर प्रसन्न हुनुहोस्। शत्रुको नाश गर्ने हे देवी ! हे अम्बिका ! हजुर आउनुहोस् । देवताहरूद्वारा पूजित हे दुर्गादेवी ! म भक्तिपूर्वक हजुरको पूजा गर्नेछु।

पल्लवैश्च० – वृक्षका पालुवाहरूमा विराजमान हे देवी ! म सुन्दर पुष्प, फल एवं पल्लवद्वारा हजुरको पूजा गर्दैछु । हजुर प्रसन्न हुनुहोस् । हे दुर्गे देवी ! मेरो नजिकमा आई विराजमान हुनुहोस् । हे देवी ! कोटि-कोटि योगिनीहरूका साथमा रही मैले दिएको यज्ञको भाग स्वीकार गर्नुहोस् ।

यसरी आवाहन गरेपछि **जयन्ती मङ्गला०** इत्यादि मूलमन्त्रबाट पाद्य, चन्दन आदि उपचारले देवीको पूजा गर्नुपर्दछ । त्यसपछि बिल्वपत्र टक्र्याउँदै भन्नुपर्दछ – 'हे सुरेश्वरी देवी ! अमृतबाट पैदा भएको शङ्करको प्यारो श्रीवृक्षको हाँगा हजुरका सामु टक्र्याएको छु । म हजुरका निम्ति त्यसै श्रीवृक्षबाट पवित्र बेलपत्र टिपेर अर्पण गर्दछु ।' यसरी प्रार्थना गरेपछि भगवतीलाई बिल्वपत्र अर्पण गर्नुपर्दछ ।

ब्रह्मविष्णुशिवादीनां पूजने द्रोणपुष्पविचारः

ब्रह्मविष्णुशिवादीनां द्रोणपुष्पं सदा प्रियम् । तत्ते दुर्गे प्रयच्छामि सर्वकामार्थसिद्धये ।।

इति द्रोणपुष्पं निवेद्य धूपादिदक्षिणान्तां पूजां मूलेन कृत्वा प्रार्थयेत् ।

ब्रह्मा आदिको पूजा लागि द्रोणपुष्प

ब्रह्मा, विष्णु र शङ्करलाई द्रोणपुष्प अर्थात् गुम्पाती सधैं प्यारो लाग्छ । म मेरा सबै कामनाहरूको सिद्धिका लागि हजुरलाई यो द्रोणपुष्प अर्पण गर्दैछु । यसरी प्रार्थना गरी देवीलाई द्रोणपुष्प अर्पण गरेपछि मूलमन्त्रद्वारा धूपदेखि दक्षिणासम्मका सबै कर्म सम्पन्न गरेर हात जोडी प्रार्थना गर्नुपर्दछ ।

दुर्गाप्रार्थना

ॐ महिषघ्नि महामाये चामुण्डे मुण्डमालिनि । आयुरारोग्यमैश्वर्यं देहि देवि नमोऽस्तु ते ।।
कुङ्कुमेन समालब्धे चन्दनेन विलेपिते । बिल्वपत्रकृतापीडे दुर्गेऽहं शरणं गतः ।।
रूपं देहि यशो देहि भगं भगवति देहि मे । पुत्रान्देहि धनं देहि सर्वान्कामांश्च देहि मे ।।'
सर्वमङ्गलमाङ्गल्ये' इति च सम्प्रार्थ्य पत्रिकाः पूजयेत् ।

दुर्गाप्रार्थना

'हे महिषासुरमर्दिनी ! हे महामाया ! हे चामुण्डा ! हे मुण्डमालाधारिणी देवी ! आयु, आरोग्य र ऐश्वर्य प्रदान गर्नुहोस्, म हजुरलाई बारम्बार प्रणाम गर्दछु । शरीरमा कुङ्कुम अर्थात् केसर घस्नुभएकी, चन्दनको लेपले सिंगारिनुभएकी

र शिरमा शिरफूलका रूपमा बेलपत्र धारण गर्नुभएकी हे देवी ! म हजुरको शरणमा आएको छु । मलाई रूप, सौन्दर्य, कीर्ति, ऐश्वर्य, सन्तति एवं धन-सम्पत्ति प्रदान गर्नुहोस् र मेरा सबै कामना पूरा गराइदिनुहोस् । हे सबै प्रकारका मङ्गलकी स्रोत माङ्गल्यमयी शिवा ! हे सर्वार्थसाधिका ! हे शरण्या ! हे त्र्यम्बका ! हे गौरी ! हे नारायणी ! हजुरलाई नमस्कार छ ।' यसरी प्रार्थना गरेपछि कदलीपत्र अर्थात् केराको पात आदिमा ब्रह्माणी आदि देवीहरूको आवाहन तथा पूजन गर्नुपर्दछ ।

कदल्यादिपत्रेषु ब्रह्मणाद्यावाहनं पूजनञ्च

कदल्यां ब्रह्माणीम्, दाडिमे रक्तदन्तिकाम्, धान्ये लक्ष्मीम्, हरिद्रायां दुर्गाम्, माने चामुण्डाम्, कवौ कालिकाम्, बिल्वे शिवाम्, अशोके शोकरहिताम्, जयन्त्यां कार्तिकीं चावाह्य सम्पूज्य दुर्गायै बलिं दद्यात् । अत्र शस्त्रादिपूजा वक्ष्यते । ततः स्तुतिं पठेत् ।

कदलीपत्र आदिमा ब्रह्माणी आदि देवीहरूको आवाहन एवं पूजन

नवपत्रिकाको पूजा गर्दा कदली अर्थात् केराको पातमा ब्रह्माणी, दाडिममा - रक्तदन्तिका, धान्यमा - लक्ष्मी, हरिद्रामा - दुर्गा, मानवृक्षमा - चामुण्डा, कच्चू वृक्षमा - कालिका, बिल्वमा - शिवा, अशोकमा - शोकरहिता र जयन्तीमा - कार्तिकीको आवाहन गरी पूजा गरेर दुर्गालाई बलि दिनुपर्दछ ।[६५]

६५. कदलीपत्रमा भगवती ब्रह्माणीको आवाहन गर्दै भन्नुपर्दछ - '**दुर्गे देवी ! समागच्छ सान्निध्यमिह कल्पय रम्भारूपेण सर्वत्र शान्तिं कुरु नमोऽस्तु ते ।**' अर्थात् हे दुर्गादेवी ! यहाँ नजिकै आउनुहोस्, केराको पत्रको रूपमा रही जहाँसुकै शान्ति फैलाउनुहोस्। त्यसपछि दाडिममा रक्तदन्तिका भगवतीको आवहन गर्दै भन्नुपर्दछ - '**दाडिम ! त्वं पुरा युद्धे रक्तबीजस्य सम्मुखे । उमाकार्यं कृतं तस्मादस्माकं वरदो भव ।।**' अर्थात् हे दाडिम ! पहिले तिमीले रक्तबीजको सामुमा रहेर भगवती उमाका कार्य सम्पन्न गरेका थियौ, अहिले तिमी रक्तदन्तिकाका रूपमा रही मेरो रक्षा गर ।

त्यसपछि धान्यमा लक्ष्मीको आवाहन गर्दै भन्नुपर्दछ - '**जगतः प्राणरक्षार्थं ब्रह्मणानिर्मितं पुरा । उमाप्रीतिकरं धान्यं तस्मात् त्वं रक्ष मां सदा ।।**' अर्थात् संसारको प्राणरक्षाका लागि ब्रह्माजीले धान्यको सृष्टि गर्नुभयो । यो धान्य अर्पणबाट भगवती उमा प्रसन्न हुनुहुन्छ । हे धान्यरूपमा रहेकी लक्ष्मी ! हजुरले मेरो रक्षा गर्नुहोस् । त्यसपछि बेसारको रूपमा रहेकी दुर्गाको आवाहन गर्दै भन्नुपर्दछ - '**हरिद्रे वरदे देवि उमारूपासि सुव्रते । मम विघ्नविनाशाय पूजां गृह्ण नमोऽस्तु ते ।।**' अर्थात् हे वरदायिनी हरिद्रादेवी ! हजुर पार्वतीरूपमा रहनुभएको छ । हरिद्रामा दुर्गाको रूप लिएर विराजमान हुनुहुने हे देवी ! मेरा विघ्नहरूको विनाशका लागि मैले गरेको पूजा ग्रहण गर्नुहोस् । त्यसपछि मानेकर्कलो अथवा अमलताश वृक्षमा भगवती चामुण्डाको आवाहन गर्दै भन्नुपर्दछ- '**यस्य पत्रे वसेद्देवी मानवृक्ष शचीप्रिय । मम चानुग्रहार्थाय पूजां गृह्ण प्रसीद मे ।।**' अर्थात् जसका पत्रमा चामुण्डादेवी विराजमान हुनुहुन्छ त्यस्ता इन्द्राणीका प्यारा हे मानवृक्ष ! ममाथि अनुग्रह गर्न मेरो पूजा स्वीकार गर र ममाथि प्रसन्न होऊ । त्यसपछि कचूवृक्षमा कालिकाको आवाहन गर्दै भन्नुपर्दछ - '**महिषासुरयुद्धेषु कच्चीभूतासि सुव्रते । मनुष्यानुग्रहार्थाय आगतासि हरप्रिये ।।**' अर्थात् हे सुव्रत कचू ! महिषासुर आदि दुर्जेय दानवहरूको दलन गर्ने कार्यमा तिमी कुशल छौ । कलिलो रूपमा रहेका हे कचू वृक्ष ममाथि दया गर्न तिम्रो अवतरण भएको छ । त्यसपछि विल्ववृक्षमा भगवती शिवाको आवाहन गर्दै भन्नुपर्दछ - '**महादेवप्रियवरो वासुदेवप्रियः सदा । उमाप्रीतिकरो वृक्षो विल्ववृक्ष नमोऽस्तु ते ।।**' अर्थात् हे विल्ववृक्ष ! तिमी भगवान् शङ्करका प्यारा छौ र भगवान् नारायणका पनि उत्तिकै प्यारा छौ । तिमी भगवती पार्वतीलाई प्रसन्न तुल्याउने वृक्ष हौ, म तिमीलाई नमस्कार गर्दछु । त्यसपछि अशोकवृक्षमा भगवती दुर्गाको आवाहन गर्दै भन्नुपर्दछ - '**हरप्रीतिकरो वृक्षो ह्यशोकः शोकनाशनः । दुर्गाप्रीतिकरो यस्मान्मामशोकं सदा कुरु ।।**' अर्थात् हे अशोक ! तिमीले शङ्कर भगवान्को प्रीति बढाउँछौ, सबैका शोक नाश गर्दछौ त्यसैले तिमीलाई अशोक भनिन्छ । तिमी भगवती दुर्गाका प्यारा छौ, शोकरहित भगवतीका आश्रय हे अशोक ! तिमीले मलाई सधैं शोकरहित तुल्याऊ । त्यसपछि जयन्तीमा कार्तिकीदेवीको आवाहन गर्दै भन्नुपर्दछ - '**निशुम्भशुम्भमथने सेन्द्रैर्देवगणैः सह । पूजिताऽसि जयन्ती त्वमस्माकं वरदा भव ।।**' अर्थात् हे कार्तिकी भगवती ! निशुम्भ र शुम्भलाई मार्दा देवताहरूका साथ हजुर पनि सम्मानित हुनुभएको थियो त्यसैले हजुर जयन्तीका रूपमा पनि हुनुहुन्छ । अहिले म जयन्तीमा हजुरको आवाहन गरिरहेको छु।

यसरी नौथरि पत्रिकाहरूमा नौथरि देवीहरूको आवाहन गरेपछि ती सबैको पूजा गरी दुर्गालाई बलि दिनुपर्दछ । बलिमा प्रयोग गरिने शस्त्रहरूको पूजाविधि पछि बताइने छ ।

दुर्गास्तुतिः

तदुक्तं शिवरहस्ये –

दुर्गां शिवां शान्तिकरीं ब्रह्माणीं ब्रह्मणः प्रियाम् । सर्वलोकप्रणेत्रीं च प्रणमामि सदाशिवाम् ।।

मङ्गलां शोभनां शुद्धां निष्कलां परमां कलाम् । विश्वेश्वरीं विश्वमातां[६६] चण्डिकां प्रणमाम्यहम् ।।

सर्वदेवमयीं देवीं सर्वरोगभयापहाम् । ब्रह्मेशविष्णुनमितां प्रणमामि सदा उमाम् ।।

विन्ध्यस्थां विन्ध्यनिलयां दिव्यस्थाननिवासिनीम् । योगिनीं योगमातां[६७] च चण्डिकां प्रणमाम्यहम्।।

ईशानमातरं देवीमीश्वरामीश्वरप्रियाम् । प्रणतोऽस्मि सदा दुर्गां संसारार्णवतारिणीम् ।।

य इदं पठते स्तोत्रं श्रृणुयाद्वापि यो नरः । स मुक्तः सर्वपापैस्तु मोदते दुर्गया सह ।।'

दुर्गास्तुति

उक्त विधिद्वारा नवपत्रिकाहरूमा विभिन्न देवीहरूको पूजा गरेपछि दुर्गाको स्तुति गर्नुपर्दछ । दुर्गास्तुति यसप्रकार छ – 'म दुर्गा,शिवा, शान्तिकरी, ब्रह्माणी, ब्राह्मणप्रिया, सर्वलोकप्रणेतृ शिवालाई प्रणाम गर्दछु । म मङ्गला, शोभना, शुद्धा, निष्कला, परमा, कला, विश्वेश्वरी, विश्वमाता भगवती चण्डिकालाई प्रणाम गर्दछु । म सर्वदेवमयी अर्थात् सबै देवताका तेजबाट प्रकाशित भएकी, सबै किसिमका आधि–व्याधिको नाश गर्नुहुने, ब्रह्मविष्णुशिववन्दिता अर्थात् ब्रह्म, विष्णु र शिवबाट प्रणाम गरिएकी उमाभगवतीलाई प्रणाम गर्दछु । विन्ध्याचलमा विराजमान भएकी विन्ध्यपर्वतमा घर बनाई स्थिररूपमा रहनुहुने, दिव्यसमाजमा निवास गर्न मन पराउनुहुने, भक्तहरूलाई संसारसागरबाट तार्नुहुने भगवती दुर्गाको नित्य वन्दना गर्दछु ।' यसरी जसले यस स्तुतिको पाठ गर्दछ अथवा श्रवण गर्दछ त्यो भक्त सबै पापबाट मुक्त भएर भगवती दुर्गाको समीपमा बस्न पाई रमाउँछ ।'

महाष्टमीनिर्णयः

अथ महाष्टमी । सा च परयुता ग्राह्या ।

शुक्लपक्षेऽष्टमी चैव शुक्लपक्षे चतुर्दशी । पूर्वविद्धा न कर्तव्या कर्तव्या परसंयुता ।।

इति ब्रह्मवैवर्तात् ।

महाष्टमीको निर्णय

अब नवदुर्गाअन्तर्गत महाष्टमीको विषयमा निरूपण गरिँदैछ । यो अष्टमी पछिल्लो लिइन्छ । ब्रह्मवैवर्तपुराणमा भनिएको छ – शुक्लपक्षको अष्टमी लिँदा पूर्वविद्धा अर्थात् सप्तमीविद्धा लिनुहुँदैन र परयुता अर्थात् नवमीयुक्त नै लिनुपर्दछ । त्यसैगरी चतुर्दशी पनि पूर्वविद्धा अर्थात् त्रयोदशीविद्धा नलिई परविद्धा अर्थात् पूर्णिमायुक्त नै लिनुपर्दछ ।

---

६६. आर्षप्रयोग भएकाले 'विश्वमाताम्' लाई शुद्ध मान्नुपर्दछ । त्यसको सट्टा 'विश्वेश्वरीं विश्वप्रसूं चण्डिकां प्रणमाम्यहम्' बनाउने हो भने प्रचलित व्याकरण अनुकूल हुनसक्छ ।

६७. योगमातां पद पनि प्रचलित व्याकरण अनुकूल छैन । त्यसको सट्टा उत्तरार्धमा 'योगिनीं योगजननीं चण्डिकां प्रणमाम्यहम्' बनाउन सकिन्छ ।

सप्तमीसंयुक्ताष्टमीविचारः

मदनरत्ने स्मृतिसंग्रहे –

शरन्महाष्टमी पूजा नवमीसंयुता सदा । सप्तमीसंयुता नित्यं शोकसन्तापकारिणी ।।
जम्भेन सप्तमीयुक्ता पूजिता तु महाष्टमी । इन्द्रेण निहतो जम्भो यस्माद्दानवपुङ्गवः ।।
तस्मात्सर्वप्रयत्नेन सप्तमीमिश्रिताऽष्टमी । वर्जनीया प्रयत्नेन मनुजैः शुभकाङ्क्षिभिः ।।
सप्तमीशल्यसंयुक्तां मोहादज्ञानतोऽपि वा । महाष्टमीं प्रकुर्वाणो नरकं प्रतिपद्यते ।।

सप्तमीसंयुक्त अष्टमी विचार

मदनरत्नमा उद्धृत स्मृतिसंग्रहको वचन यसप्रकार छ– शरत्कालको महाष्टमी जहिले पनि नवमीयुक्त नै पूजाका लागि उपयुक्त हुन्छ । सप्तमीयुक्त भयो भने त्यसले शोक र सन्ताप प्रदान गर्दछ । अघि जम्भले नवरात्र पूजा गर्दा सप्तमीसँग जोडिएको महाष्टमीमा पूजा गरेकाले त्यो दानव जम्भ इन्द्रद्वारा युद्धमा मारियो । त्यसकारण आफ्नो कल्याण चाहने मानिसले सावधान भएर सप्तमीसंयुक्त महाष्टमीलाई छाड्नुपर्दछ । मोहले अथवा अज्ञानले शल्ययुक्त अर्थात् कलामात्र सप्तमी र बाँकी अष्टमी भएको महाष्टमीमा भगवतीको पूजा गर्ने साधक नरकमा जान्छ।

शल्यकथनम्

सप्तमी कलया यत्र परतश्चाष्टमी भवेत् । तेन शल्यमिदं प्रोक्तं पुत्रपौत्रक्षयप्रदम् ।।
तथा – **पुत्रान्हन्ति पशून्हन्ति हन्ति राष्ट्रं सराजकम् । हन्ति जातानजातांश्च सप्तमीसहिताष्टमी ।।**

तेन नात्र त्रिमुहूर्तवेधः । तदा घटिकामात्राप्यौदयिकी ग्राह्या । **'व्रतोपवासनियमे घटिकैकापि या भवेत्'** इति देवलोक्तेः । गौडा अप्येवमाहुः । अत एवोक्तं भोजराजेन – **'न च सप्तमीशल्यसमोपहता'** इति । इयं भौमेऽतिप्रशस्ता ।

अष्टम्यामुदिते सूर्ये दिनान्ते नवमी भवेत् । कुजवारो भवेत्तत्र पूजनीया प्रयत्नतः ।।
इति मदनरत्ने वचनात् ।

सप्तमीशल्यसंविद्धा वर्जनीया सदाष्टमी । स्तोकापि सा महापुण्या यस्यां सूर्योदयो भवेत् ।।
इति मदनरत्ने स्मृतिसमुच्चयवचनात् ।

शल्यको स्वरूप

जहाँ कलामात्र सप्तमी र त्यसपछि अष्टमी हुन्छ त्यसलाई शल्य भनिन्छ । यस्तो शल्यले पुत्र, पौत्र र धन–सम्पत्तिको विनाश गर्दछ । फेरि सप्तमीसहित अष्टमीले पुत्रनाश, पशुनाश र राष्ट्रनाश गर्दछ । उत्पन्न भइसकेका र नभएकाको पनि नाश गर्दछ । यसकारण तीनमुहूर्तको वेध लिन हुँदैन । एकघडी भए पनि उदयकालकै लिनुपर्दछ।

देवल भन्दछन् – व्रत र उपवासको नियममा एकघडी भएपनि हुन्छ । **गौडहरूले** पनि यसै भनेका छन् । **भोजराज** भन्दछन् – सप्तमीको शल्यले युक्त भएको अष्टमीलाई नवरात्रको आराधनामा लिन हुँदैन । तर **स्मृतिसमुच्चयबाट** उद्धृत मदनरत्नको भनाइअनुसार अष्टमीतिथिमा मङ्गलवार परेमा भने त्यो अति उत्तम हुन्छ । भनिएको पनि छ – अष्टमीतिथिमा सूर्योदय हुनु र दिनान्तमा नवमी हुनु त्यसै दिन मङ्गलवार पनि पर्नु अति उत्तम योग हो । तसर्थ यो

अष्टमीतिथि पूजनीय एवं ग्राह्य हुन्छ । मदनरत्नमा उद्धृत स्मृतिसमुच्चयको भनाइ यसप्रकार छ – सप्तमीको कलारूप शल्यद्वारा विद्ध अष्टमीलाई छाडी दिनुपर्दछ । थोरैमात्र भए पनि जुन अष्टमीमा सूर्योदय हुन्छ त्यो अत्यन्त पुण्यदायक हुन्छ।

महानवमीनिर्णयः

'अष्टमी नवमीयुक्ता नवमी चाष्टमीयुता' इति पाद्मवचनाच्च । इयमेव मूलयुक्ता चेन्महानवमीसंज्ञा ।

आश्वयुक्शुक्लपक्षे याऽष्टमी मूलेन संयुता । सा महानवमी प्रोक्ता त्रैलोक्येऽपि सुदुर्लभा ।।

इति हेमाद्रौ स्कान्दात् ।

महानवमीको निर्णय

अष्टमी नवमीले युक्त होस् अथवा नवमी अष्टमीले युक्त होस्, यही नवमी मूलनक्षत्रले पनि युक्त हुन्छ भने यसलाई महानवमी भन्नुपर्दछ भन्ने कुरा **पद्मपुराण**मा बताइएको छ । **हेमाद्रि**मा उद्धृत **स्कन्दपुराण**को भनाइ यसप्रकार छ – आश्विन शुक्लपक्षमा मूलनक्षत्रले युक्त अष्टमीलाई महानवमी भनिन्छ । यस्तो योगलाई त्रिलोकीमा दुर्लभ मानिएको छ।

मूलयुक्ता सप्तमी त्याज्या

मूलयुक्तापि सप्तमीयुता चेत्त्याज्यैवेत्युक्तं निर्णयामृते दुर्गोत्सवे –

मूलेनापि हि संयुक्ता सदा त्याज्याष्टमी बुधैः। लेशमात्रेण सप्तम्या अपि स्याद्यदि दूषिता ।। इति।

महाष्टमी पूर्वेद्युः पूर्वाह्णव्यापित्वे पूर्वाऽन्यथा परैवेति निर्णयदीपमतम् । एतच्च तुच्छत्वादुपेक्ष्यम् ।

मूलयुक्त सप्तमीविद्ध अष्टमीको त्याज्यता

निर्णयामृतको दुर्गोत्सव प्रकरणमा भनिएको छ – लेशमात्र पनि सप्तमीले युक्त छ भने मूलनक्षत्रले युक्त भए पनि सप्तमीविद्ध अष्टमी त्याज्य नै हुन्छ । पहिलो दिन पूर्वाह्णव्यापी भएमा महाष्टमी पहिलो दिन नै लिनुपर्दछ। अन्यथा पछिल्लो दिनको अष्टमी लिनुपर्दछ भन्ने **निर्णयदीप**को मत रहेको छ । यो मत तुच्छ भएकाले उपेक्षणीय छ ।

रूपनारायणधृते देवीपुराणे –

सप्तमीवेधसंयुक्ता यैः कृता तु महाष्टमी । पुत्रदारधनैर्हीना भ्रमन्तीह पिशाचवत् ।।

यत्तु– **सप्तम्यामुदिते सूर्ये परतो याष्टमी भवेत् । तत्र दुर्गोत्सवं कुर्यान्न कुर्यादपरेऽहनि ।।**

इति विश्वरूपनिबन्धवचनं तदाश्विनकृष्णाष्टमीविषयम् ।

कन्यायां कृष्णपक्षे तु पूजयित्वाष्टमीदिने । नवम्यां बोधयेद्देवीं गीतवादित्रनिःस्वनैः ।।

इति देवीपुराणे । तत्रापि पूजोक्तेरिति हेमाद्रौ निर्णयामृते चोक्तम् । यानि तु –

भद्रायां भद्रकाल्याश्च मध्ये स्यादर्चनक्रिया । तस्माद्वै सप्तमीविद्धा कार्या दुर्गाष्टमी बुधैः ।। इति।

रूपनारायणमा उद्धृत **देवीपुराण**को वचनमा भनिएको छ – जसले सप्तमीवेधले युक्त महाष्टमीमा नवरात्रको अष्टमीमा गरिने पूजा गर्दछन् ती पुरुषहरू संसारमा पुत्र, स्त्री एवं धनले हीन भई पिशाचझैं भ्रमण गर्दछन्।

विश्वरूपनिबन्धमा जुन 'सप्तमीमा सूर्य उदाएपछि अष्टमीतिथिको उदय हुन्छ त्यसैमा दुर्गोत्सव गर्नुपर्छ, अर्को

दिन गर्नुहुन्न' भनिएको छ त्यो आश्विनकृष्णपक्षको अष्टमीलाई लिएर भनिएको हो ।

हेमाद्रि र **निर्णयामृत**मा भनिएको छ – कन्याराशिमा सूर्य हुँदा कृष्णपक्षको अष्टमीमा पूजा गरी नवमीमा गीत–सङ्गीतबाट देवीलाई जगाउनुपर्दछ भनी **देवीपुराण**मा भनिएकाले आश्विनकृष्णपक्षमा पनि दुर्गोत्सव हुने कुरा सिद्ध हुन्छ।

फेरि सप्तमीविद्ध अष्टमीमा आराधना गर्न प्रेरित गर्ने जुन वचन छन् तिनको चर्चा गरिन्छ– नवरात्रको सप्तमीतिथिको मध्यमा भद्रकालीको अर्चना हुन्छ त्यसकारण सप्तमीविद्धा दुर्गाष्टमी लिनुपर्दछ भन्ने कुरा **मोहचूलोत्तर**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा बताइएको छ ।

यच्च मोहचूडोत्तरे ब्राह्मे च –

आश्विनस्य सिताष्टम्यामर्धरात्रे तु पार्वती । भद्रकाली समुत्पन्ना पूर्वाषाढासमायुता ।। इति ।

तथा – **तत्राष्टम्यां भद्रकाली दक्षयज्ञविनाशिनी । प्रादुर्भूता महाघोरा योगिनीकोटिभिः सह ।।** इति ।

यच्च मदनरत्ने –

महाष्टम्याश्विने मासि शुक्ला कल्याणकारिणी । सप्तम्यापि युता कार्या मूलेन तु विशेषतः ।।

इति, तानि परदिनेऽष्टम्यभावविषयाणीति मदनरत्ने उक्तम् । यत्तु तत्रैव परदिनेऽष्टमीसत्त्वेपि पूर्वविद्धाविधायकं वचनम् –

यदाष्टमीं तु सम्प्राप्य ह्यस्तं याति दिवाकरः । तत्र दुर्गोत्सवं कुर्यान्न कुर्यादपरेऽहनि ।।

दुर्भिक्षं तत्र जानीयान्नवम्यां यत्र पूज्यते ।।' इति, तत् परदिने दशम्यां नवम्यभावविषयम् ।

आश्विनको शुक्लपक्षको अष्टमीमा आधा रात हुँदा पूर्वाषाढानक्षत्रसहित पार्वती भद्रकाली उत्पन्न हुनुभयो । **मदनरत्न**मा भनिएको छ – आश्विनमासको शुक्ल अष्टमी कल्याणकारी हुन्छ त्यो अष्टमी विशेषतः मूलनक्षत्रले सम्पन्न भएमा सप्तमीविद्धा भए पनि व्रत आदिका लागि ग्राह्य हुन्छ । यसै विषयलाई स्पष्ट गर्दै ग्रन्थकार भन्दछन् – उक्त विषय दोस्रो दिन अष्टमी नभएमा मात्र लागु हुन्छ भन्ने कुरा **मदनरत्न**मा नै भनिएको छ । फेरि दोस्रो दिन अष्टमी भए पनि सप्तमीविद्ध अष्टमी लिनुपर्ने जुन तलको भनाइ छ – 'जब अष्टमीतिथि प्राप्त गरी सूर्य अस्ताउँछन् त्यसमै दुर्गोत्सव गर्नुपर्दछ, अर्को दिन गर्न हुँदैन, जहाँ नवमीका दिन अष्टमीपूजा हुन्छ त्यहाँ अनिकाल लाग्छ ।' उक्त भनाइलाई लिएर ग्रन्थकार भन्दछन्– यो कुरा दोस्रो दिन दशमीमा नवमी नहुँदाका लागि भनिएको हो ।

यदा सूर्योदये न स्यान्नवमी चापरेऽहनि । तदाष्टमीं प्रकुर्वीत सप्तम्या सहितां नृप ।।

इति तत्रैव स्मृतिसंग्रहोक्तेः ।

उत्तरास्तिथयो यत्र क्षयं यान्ति नराधिप । पूर्वाष्टमीं तदा कुर्यादन्यथा त्वशुभं भवेत् ।।

इति दुर्गोत्सर्वोक्तेश्चेति मदनरत्ने । वस्तुतस्तु इदं वचनद्वयं अष्टमीनवम्योः सूर्योदयद्वयासम्बन्धपरम् । अत एव '**नवमी च**' इति चकारादष्टमी च । तिथय इति बहुवचनादष्टमीनवमीदशम्युक्ताः । अन्यथा पूर्वोक्तविरोधादिति दिक् ।

यत्तु – **अहं भद्रा च भद्राहं नावयोरन्तरं क्वचित् । सर्वसिद्धिं प्रदास्यामि भद्रायामर्चिता ह्यहम् ।।**

इति देवीपुराणे, तद्विष्टिकरणमध्ये पूजाविधानार्थम् ।

फेरि **स्मृतिसंग्रह**मा नै भनिएको छ – जब दोस्रो दिन सूर्योदय हुँदा नवमी हुँदैन त्यसबेला सप्तमीविद्ध अष्टमीमा नै अष्टमीको पूजन गर्नुपर्दछ । **मदनरत्न**को **दुर्गोत्सव**मा भनिएको छ – जब पछिल्ला तिथि क्षीण हुन्छन् त्यसबेला पहिलो

अष्टमीमा नै पूजा गर्नुपर्दछ अन्यथा हानि हुन्छ । ती सबै कुराको विचार-विमर्श गरेपछि सिद्धान्तरूपमा भन्न सकिन्छ कि- उक्त दुवै वचन अष्टमी र नवमीको सूर्योदयसँग सम्बद्ध छन् । यसकारण **नवमी च** भनेर पढिएको चकारबाट अष्टमी पनि लिनुपर्दछ । **तिथयः** यस पदको बहुवचनबाट अष्टमी, नवमी र दशमी यी तीन तिथिकै निरूपण गरिएको हो । यसो नमान्ने हो भने सप्तमीको शल्यसम्बन्धमा पहिले बताइएका वचनहरूसँग विरोध पर्न जानेछ । फेरि जुन कुरा देवीपुराणमा भनिएको छ कि म भद्रारूप अर्थात् सप्तमीरूप हुँ, भद्रा मेरो स्वरूप हो, ममा र सप्तमीमा केही अन्तर छैन । सप्तमीमा पूजा गर्दा मैले सम्पूर्ण कार्य सिद्धि प्रदान गर्नेछु ।' उक्त भनाइको आशय के हो भने निर्णय गरिएको अष्टमीतिथिको दिन ठीक तिथिको मध्यभागमा अर्थात् विष्टिनामक करणमा पूजाविधानका लागि भनिएको वचन हो, अरूका लागि होइन ।

विष्टिं त्यक्त्वा महाष्टम्यां मम पूजां करोति यः । तस्य पूजाफलं न स्यात्तेनाहमवमानिता ।।

इति तत्रैवोक्तेरिति निर्णयामृते । तथा कालिकापुराणे –

सप्तम्यां पत्रिकापूजा अष्टम्यां चाप्युपोषणम् । पूजा च जागरश्चैव नवम्यां विधिवद्बलिः ।।

इति । अष्टम्युपवासश्च पुत्रवता न कार्यः ।

उपवासं महाष्टम्यां पुत्रवान्न समाचरेत् । यथा तथा वा पूतात्मा व्रती देवीं प्रपूजयेत् ।।

इति तत्रैवोक्तेः । रूपनारायणीये ब्राह्मे –

अत्यर्थं पूजनीया सा तस्मिन्नहनि मानवैः । उपोषितैर्वस्त्रधूपमाल्यरत्नानुलेपनैः ।।
पशुभिः पानकैर्हृद्यै रात्रौ जागरणेन च । दुर्गागृहे च शस्त्राणि पूजितव्यानि पण्डितैः ।।
वाद्यभाण्डानि चिह्नानि कवचान्यायुधानि च ।।

निर्णयामृतमा फेरि भनिएको छ – विष्टि भद्रा छाडेर जसले महाष्टमीमा मेरो पूजा गर्दछन् तिनले गरेको पूजा व्यर्थ हुन्छ र म अपमानित हुन्छु ।

यसैगरी **कालिकापुराण**मा भनिएको छ – सप्तमीमा फूल्पातीद्वारा पूजा, अष्टमीमा उपवास र नवमीमा जाग्राम गरी विधिपूर्वक बलि दिनुपर्दछ । पुत्रवान्ले अष्टमीमा उपवास गर्न हुँदैन । यस सम्बन्धमा **कालिकापुराण**मा भनिएको छ – छोरा हुने मानिसले अष्टमी अर्थात् केवल अष्टमीमा उपवास गर्नुहुँदैन । पवित्रात्मा व्रतालुले जसरी भएपनि देवीको पूजा गर्नुपर्दछ ।

रूपनारायणीयमा उद्धृत **ब्रह्मपुराण**को भनाइ यसप्रकार छ – 'शुद्ध अष्टमीतिथि अर्थात् विष्टि नभएकोमा मानिसहरूले श्रद्धापूर्वक दुर्गापूजन गर्नुपर्दछ । त्यसदिन उपवास, वस्त्र, धूप, माला, रत्न, अनुलेपन, पशु, मदिरा एवं मधुर पेयपदार्थ आदिबाट पूजा गर्नुपर्दछ । रातमा जाग्राम बस्नुपर्दछ । विद्वान्हरूले दुर्गाघर अर्थात् दशैंघरमा गई शस्त्र, वाद्य, भाँडाकुँडा, चिह्न, कवच एवं आयुधहरूको पूजा गर्नुपर्दछ ।

मूलसंयुक्तमहानवमीविचारः

अत्र विशेषो हेमाद्रौ निर्णयामृते भविष्ये –

आश्वयुक्शुक्लपक्षस्य अष्टमी मूलसंयुता । सा महानवमी नाम त्रैलोक्येऽपि सुदुर्लभा ।।
कन्यागते सवितरि शुक्लपक्षेऽष्टमीयुता । मूलनक्षत्रसंयुक्ता सा महानवमी स्मृता ।।
नवम्यां पूजिता देवी ददात्यभिमतं फलम् । सा पुण्या सा पवित्रा च सा धन्या सुखदायिनी ।।

मूलसंयुक्त महानवमीको विचार

मूलयुक्त महानवमीका विषयमा **हेमाद्रि** र **निर्णयामृत**मा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – आश्विन शुक्लपक्षको अष्टमी मूलनक्षत्रसहित हुन्छ भने त्यसलाई महानवमी भन्दछन् । मूल र महाष्टमीको योग त्रिलोकीमा दुर्लभ योग हो । सूर्य कन्याराशिमा रहँदा शुक्लपक्षको अष्टमी र मूलनक्षत्रले युक्त विशिष्टसमयलाई महानवमी भनिन्छ । यो नवमी अर्थात् मूलाष्टमीयुक्त नवमी पुण्यमय, पवित्र, धन्य र सुखदायक छ । यस महानवमीमा पूजा गरिएकी भगवतीले सम्पूर्ण मनःकामना पूरा गराउनुहुन्छ ।

मुण्डमालिनीचामुण्डापूजनम्

तस्यां सदा पूजनीया चामुण्डा मुण्डमालिनी ।। सदेत्युक्तेर्नित्यताऽपि ।

तस्यां ये ह्युपयुज्यन्ते प्राणिनो महिषादयः । सर्वे ते स्वर्गतिं यान्ति घ्नतां पापं न विद्यते ।।

मूलाष्टमीयुक्त महानवमीमा मुण्डमालिनी आदिको पूजन

'मूलनक्षत्र र अष्टमीयुक्त महानवमीमा चामुण्डा र मुण्डमालिनीदेवीको सधैं पूजा गर्नुपर्दछ ।' यस भनाइमा सधैं भनिएकाले महानवमीको पूजा नित्यपूजा हो भन्ने कुरा ज्ञात हुन्छ । 'उक्त महानवमीका दिन बलिका रूपमा जुन राँगा, बोका आदि प्राणीहरूको प्रयोग गरिन्छ ती सबै स्वर्गमा जान्छन् र बलिका रूपमा पूजिएका पशुमाथि खुकुरी, तरवार आदि प्रहार गर्ने मानिसलाई पाप लाग्दैन ।'

बलिकर्मणि पशुहननविचारः

यावन्न चालयेद्गात्रं पशुस्तावन्न हन्यते । न तथा बलिदानेन पुष्पधूपविलेपनैः ।।

यथा सन्तुष्यते मेषैर्महिषैर्विन्ध्यवासिनी । एवं च विन्ध्यवासिन्यां नवरात्रोपवासतः ।।

एकभुक्तेन नक्तेन स्वशक्त्याऽयाचितेन च । पूजनीया जनैर्देवी स्थाने स्थाने पुरे पुरे ।।

गृहे गृहे भक्तिपरैर्ग्रामे ग्रामे वने वने । स्नातैः प्रमुदितैर्हृष्टैर्ब्राह्मणैः क्षत्रियैर्नृपैः ।।

वैश्यैः शूद्रैर्भक्तियुतैर्म्लेच्छैरन्यैश्च मानवैः । स्त्रीभिश्च कुरुशार्दूल ! तद्विधानमिदं शृणु ।।

बलिकर्ममा पशुहनन

बलिका लागि पशुमाथि प्रहार गर्नुभन्दा पहिले अभिषेक गरिन्छ । अभिषिक्त पशुले शरीर कंपाउनुपर्दछ । जबसम्म त्यसले शरीर कंपाउँदैन तबसम्म त्यसमाथि प्रहार गर्न हुँदैन । मारणीय पशुले शरीर नकंपाएमा गरिएको पूजा, पुष्प, धूप, चन्दन आदि लेपनबाट मात्र देवी प्रसन्न हुनुहुन्न भन्ने कुरा बुझ्नुपर्दछ । पशुले शरीर चलाएपछि उहाँ प्रसन्न हुनुभयो र पूजा पनि फलदायक भयो भन्ने सम्झनुपर्दछ ।[६८] जुन विधिले भेडा, राँगा, बोका आदिको बलिदान गर्दा विन्ध्यवासिनी भगवती प्रसन्न हुनुहुन्छ त्यसरी नै बलिदान गर्नुपर्दछ । एकछाक खाएर नक्तभोजन गरेर अथवा अयाचित भोजन गरेर जुन विन्ध्यवासिनी नवदुर्गाको नवरात्रमा उपासना गरिन्छ त्यसबाट भगवती प्रसन्न हुनुहुन्छ । यसरी उपवास गर्दा प्रसन्न हुनुभएकी देवीको गाउँगाउँ, नगर-नगर र ठाउँठाउँमा पूजा गर्नुपर्दछ । भक्ति भएका मानिसले घर-घरमा, गाउँ-गाउँमा,

६८. ब्राह्मणले भने पशुबलिको सट्टा माष, खिर्चो र कुभिण्डोद्वारा बलिदान गर्नुपर्दछ ।

वन-वनमा पूजा गर्नुपर्दछ । 'हे राजन् ! स्नान गरी शुद्ध भएका र देवीमहोत्सव मनाउँदैछौं भनी हृदयदेखि नै खुसी भएका ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, म्लेच्छ र अरू अनेक वर्गका नरनारीहरूले भगवतीको पूजापछि होम आदि गर्नुपर्दछ । त्यसको विधान मबाट सुन ।'

लौहाभिसारिककर्मविधानम्

जयाभिलाषी नृपतिः प्रतिपत्प्रभृति क्रमात्। लौहाभिसारिकं कर्म कारयेद् यावदष्टमी।। इति।

लौहाभिसारिककर्मविधानं तत्रैवोक्तम् ।

प्रागुदक्प्रवणे देशे पताकाभिरलङ्कृतम् । मण्डपं कारयेद्दिव्यं नवसप्तकरं परम् ।।

आग्नेय्यां कारयेत्कुण्डं हस्तमात्रं सुशोभनम् । मेखलात्रयसंयुक्तं योन्याऽश्वत्थदलाभया ।।

राजचिह्नानि सर्वाणि शस्त्राण्यस्त्राणि यानि च । आनीय मण्डपे तानि सर्वाण्यत्राधिवासयेत् ।।

ततस्तु ब्राह्मणः स्नातः शुक्लाम्बरधरः शुचिः । ॐकारपूर्वकैर्मन्त्रैस्तल्लिङ्गैर्जुहुयाद् घृतम् ।।

शस्त्रास्त्रमन्त्रैर्होतव्यं पायसं घृतसंयुतम् । हुतशेषं तुरङ्गाणां राजानमुपहारयेत् ।।

लोहाभिसारिकं कर्म तेनैवं ऋषिभिः स्मृतम् । धृतपल्ययनानश्वान् गजाँश्च समङ्कृतान् ।।

भ्रामयेन्नगरे नित्यं वन्दिघोषपुरःसरम् । प्रत्यहं नृपतिः स्नात्वा सम्पूज्य पितृदेवताः ।।

पूजयेद्राजचिह्नानि फलमाल्यविलेपनैः । तस्याभिकरणाद्राज्ञो विजयः समुदाहृतः ।।

पूजामन्त्रान्प्रवक्ष्यामि पुराणोक्तानहं तव । यैः पूजिताः प्रयच्छन्ति कीर्तिमायुर्यशो बलम् ।।

नवसप्तकरम् – षोडशहस्तम् ।

लौहाभिसारिक कर्म अर्थात् शस्त्र-अस्त्र आदिको पूजन

विजयको कामना गर्ने राजाले नवरात्रको प्रतिपदा अर्थात् द्वितीयायुक्तदेखि अष्टमीसम्म क्रमैले लौहाभिसारिक कर्म गराउनुपर्दछ । लौहाभिसारिक कर्मको विधि यसरी बताइएको छ – 'पूर्वदिशा वा उत्तर दिशातर्फको होचो भूभागमा ध्वजा-पताकाले सुहाएको १६ हातको भव्यमण्डप तयार गर्नुपर्दछ । **नवसप्तकरम्** भन्ने शब्द मूलमा परेको छ त्यसको अर्थ नौ र सात हातको अर्थात् सोह्रहातको भन्ने बुझ्नुपर्दछ । मण्डपको आग्नेयकोणमा सुन्दर एकहातको कुण्ड बनाउनुपर्दछ। कुण्डमा तीनमेखला हुनुपर्दछ र पीपलको पातको आकारको कुण्डको योनि तयार गर्नुपर्दछ । त्यस मण्डपमा राजाका सबै राजकीय चिह्न र शस्त्र-अस्त्र ल्याई तिनीहरूको प्रतिष्ठा, अधिवासन आदि गराउनुपर्दछ । त्यसपछि स्नान गरेको पवित्र र सेता कपडा लगाएको ब्राह्मणले ॐकारको जप गर्दै ती सबै पदार्थहरूको चतुर्थ्यन्त नाम लिँदै मण्डपनजिकैको कुण्डमा अग्निस्थापना गरी घृताहुति दिनुपर्दछ । त्यसपछि शस्त्र एवं अस्त्रका मन्त्र उच्चारण गर्दै घ्यूका साथ खीरको आहुति दिनुपर्दछ । हवन गरी बाँकी रहेको खीरमध्ये केही राजालाई उपहारका रूपमा दिनुपर्दछ र बाँकी घोडाहरूलाई खुवाउनुपर्दछ। शस्त्र-अस्त्र र राज्यचिह्नहरूको प्रतिष्ठा, अधिवासन, पूजन र तिनका नामबाट गरिने हवनलाई लौहाभिसारिक कर्म भनिन्छ। नवरात्रमा दिनदिनै राजाले नुहाएर पवित्र भई पितृ एवं देवताको पूजा गरेपछि स्तुतिपाठकहरूको मङ्गलगानसहित काठी र लगाम कस्सिएका घोडा र रङ्गीबिरङ्गी मालाले सजिएका हात्तीलाई दिनदिनै नगरपरिक्रमा गराउनुपर्दछ । त्यसपछि राजाले फूल,माला र लेपनद्वारा राजचिह्नहरूको पूजा गर्नुपर्दछ । यसरी पूजा गर्नाले त्यो राजा रणमा विजयी बन्दछ । अब म राजचिह्न र शस्त्र-अस्त्रको पूजामन्त्र बताउँछु, जुन मन्त्रद्वारा पूजित ती राजचिह्न र शस्त्र-अस्त्रले राजालाई कीर्ति, आयु, यश र शक्ति प्रदान गर्दछन् ।

राजचिह्नादिपूजनक्रमे छत्रादिपूजनम्

अथ मन्त्रा विष्णुधर्मोत्तरोक्ताः ।

छत्रस्य – **यथाम्बुदश्छादयति शिवायेमां वसुन्धराम् । तथा छादय राजानं विजयारोग्यवृद्धये ।।**

चामरस्य – **शशाङ्ककरसङ्काश ! क्षीरडिण्डीरपाण्डुर ! । प्रोत्सारयाशु दुरितं चामरामरदुर्लभ ।।**

आश्वानां वृद्ध्यर्थं रेवन्तपूजनमहं करिष्ये ।

सूर्यपुत्र ! महाबाहो ! छायाहृदयनन्दन ! । शान्तिं कुरु तुरङ्गाणां रेवन्ताय नमो नमः ।।

अनेन मन्त्रेण पूजा ।

राजचिह्नादि पूजनक्रममा छत्र आदिको पूजा

अब **विष्णुधर्मोत्तर**मा बताइएका मन्त्रहरूको निरूपण गरिन्छ ।

छत्रमन्त्र – **यथाऽम्बुदश्छादयति०** अर्थात् हे छत्र ! जसरी बादलले लोककल्याणका लागि पृथ्वीलाई ढाक्दछ त्यसरी नै तिमीले विजय एवं वृद्धिका लागि राजालाई ढाकी सुरक्षा दिने काम गर ।

चामरमन्त्र – **शशाङ्ककरसङ्काश०** चन्द्रकिरणझैं कान्तिले सुहाएका, दूध र फिँजझैं उज्ज्वल, देवताहरूका लागि दुर्लभ मानिएका हे चँवर ! तिमीले छिटै हाम्रा पाप पखालिदेऊ ।

रेवन्तपूजन मन्त्र – म अब घोडसवार योद्धाहरूको वृद्धिका लागि रेवन्तनामक अश्वको पूजा गर्दछु भनी सङ्कल्प गरेर **सूर्यपुत्र महाबाहो०** मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – हे महाबाहु ! हे सूर्यपुत्र ! हे छायानन्दन ! तिमीले घोडाहरूमा शक्ति कायम गर । हे रेवन्त ! तिमीलाई नमस्कार छ ।

अश्वपूजनमन्त्राः

अथाश्वस्य –

गन्धर्वकुलजातस्त्वं मा भूयाः कुलदूषकः। ब्रह्मणः सत्यवाक्येन सोमस्य वरुणस्य च।।
प्रभावाच्च हुताशस्य वर्धय त्वं तुरङ्गमान् । तेजसा चैव सूर्यस्य मुनीनां तपसा तथा ।।
रुद्रस्य ब्रह्मचर्येण पवनस्य बलेन च । स्मर त्वं राजपुत्रं त्वं कौस्तुभं च मणिं स्मर ।।
यां गतिं ब्रह्महा गच्छेन्मातृहा पितृहा तथा । भ्रूणहानृतवादी च क्षत्रियश्च पराङ्मुखः ।।
सूर्याचन्द्रमसौ वायुर्यावत्पश्यन्ति दुष्कृतम् । व्रजाश्व ! तां गतिं क्षिप्रं तच्च पापं भवेत्तव ।।
निष्कृतो यदि गच्छेथा युद्धाध्वनि तुरङ्गम ! । रिपून्विजित्य समरे सह भ्रात्रा सुखी भव ।।इति ।

अश्वपूजनमन्त्र

गन्धर्वकुलजातस्त्वं० इत्यादि मन्त्रले घोडाहरूको पूजा गर्नुपर्दछ । मन्त्रार्थ – 'हे अश्व ! तिमी गन्धर्ववंशमा पैदा भएका हौ । तिमीले आफ्नो महान् कुललाई दूषित गराउने छैनौ । ब्रह्मा, सोम तथा वरुणको सत्यवाक्य आत्मसात् गरी अग्निको प्रभावले तिमीले घोडाहरूको वृद्धि गराऊ । हे अश्व ! सूर्यको तेज, मुनिहरूको तपस्या, रुद्रहरूको ब्रह्मचर्य र वायुको बलको आधार लिएर तिमीले राजकुलको र कौस्तुभमणिको सम्झना गर । ब्रह्मघाती, मातृघाती, पितृघाती, गर्भघाती र

असत्यवादी जुन गतिमा प्राप्त हुन्छन् त्यही गतिमा युद्धबाट पीठ फर्काएका कर्तव्यपराङ्मुख क्षत्रियहरू प्राप्त हुन्छन्। तिमी कर्तव्यच्युत हुन चाहन्छौ भने सूर्य, चन्द्रमा, वायुले जति पाप देख्दछन् त्यसै पापगतिमा जाऊ । यदि तिमी प्रायश्चित्त गरी पापमुक्त हुन चाहन्छौ भने युद्धको मार्गमा जाऊ र आफ्ना स्वामी राजाको साथ रही समरमा विजयी बनेर सुखी होऊ ।'

ध्वजपूजनमन्त्राः

अथ ध्वजस्य –

शक्रकेतो महावीर्य श्यामवर्णार्चयाम्यहम् । पत्रिराज ! नमस्तेस्तु तथा नारायणध्वज ! ।।

काश्यपेयारुणभ्रातर्नागारे ! विष्णुवाहन ! । अप्रमेय ! दुराधर्ष ! रणे देवारिसूदन ! ।।

गरुत्मान्मारुतगतिस्त्वयि सन्निहितो यतः। सारवन्त्यायुधान्यत्र रक्ष त्वं च रिपून्दह ।।

ध्वजमन्त्र

शक्रकेतो० इत्यादि मन्त्रले ध्वजाको पूजा गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे शक्रकेतु ! हे महापराक्रमी ! हे श्यामवर्ण ! म तिम्रो पूजा गर्दछु । हे पत्रिराज ! हे नारायणध्वज ! तिमीलाई नमस्कार छ । तिमी कश्यपनन्दन अरुणका भाइ हौ, तिमी नागहरूका शत्रु हौ । हे विष्णुवाहन ! हे अप्रमेय ! प्रमाणद्वारा जान्न नसकिने गुणगौरवले सम्पन्न, हे दुराधर्ष! अरू कसैबाट जित्न नसकिने शक्तिले सुहाएका, हे देवारिसूदन ! देवताका शत्रु दानवहरूलाई पराजित गर्ने,तिमी गरुड हौ। तिम्रो गति वायुसमान छ । तिमीले सार भएका हाम्रा शस्त्रहरूको रक्षा गर्दै शत्रुहरूको दमन गर ।'

पताकापूजनमन्त्राः

अथ पताकायाः –

हुतभुग्वसवो रुद्रा वायुः सोमो महर्षयः । नागकिन्नरगन्धर्वयक्षभूतगणग्रहाः ।।

प्रमथास्तु सहादित्यैर्भूतेशो मातृभिः सह । शक्रः सेनापतिः स्कन्दो वरुणश्चाश्रितास्त्वयि ।।

प्रदहन्तु रिपून्सर्वान्राजा विजयमृच्छतु । यानि प्रयुक्तान्यरिभिरायुधानि समन्ततः ।।

पतन्तूपरि शत्रूणां हतानि तव तेजसा । हिरण्यकशिपोर्युद्धे युद्धे देवासुरे तथा ।।

कालनेमिवधे यद्वद्यद्वत्त्रिपुरघातने । शोभितासि तथैवाद्य शोभयास्मांश्च संस्मर ।।

नीलाञ्श्वेतानिमान्दृष्ट्वा नश्यन्त्वाशु नृपारयः । व्याधिभिर्विविधैर्घोरैः शस्त्रैश्च युधि निर्जिताः ।।

पूतना रेवतीनाम्ना कालरात्रिश्च या स्मृता । दहत्वाशु रिपून्सर्वान्पताके त्वं मयार्चिता ।।

पताकामन्त्र

हुतभुग्वसवः० आदि मन्त्रले पताका पूजन गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'अग्नि, वसु, रुद्र, वायु, सोम, महर्षि, नाग, किन्नर, गन्धर्व, यक्ष, भूतगण, ग्रह, प्रमथ यी सबै आदित्यका साथ र माताहरूका साथ प्राणीहरूका स्वामी भूतेश तिमीभित्र रहेका छन् भने इन्द्र, सेनापति, स्कन्द र वरुण पनि तिमीमा नै आश्रित छन् । ती सबैले शत्रुहरूलाई खरानी तुल्याऊन् । हाम्रा राजाले विजय प्राप्त गरून् । चारैतिरबाट शत्रुले प्रहार गरेका आयुधहरू तिम्रा तेजले शत्रुमाथि नै फर्कियून् । नरसिंह भगवान्ले हिरण्यकशिपुको वध गर्दा, देवताहरूले असुरहरूसँग युद्ध गर्दा, कालनेमिको वध गर्दा

र त्रिपुरको दाह गर्दा तिम्रो जस्तो शोभा थियो त्यो शोभाले हामीलाई सम्पन्न तुल्याऊ र हाम्रो सम्झना गरिराख । हामीले तयार गरेका नीला र सेता पताका देखेर घोर व्याधिले घेरिएका र युद्धमा हारेका हाम्रा अनेक शत्रुहरूको नाश होस् । हामीले सम्झना गर्नासाथ पूतना अर्थात् स्वामी कार्तिकेयकी मातृका, रेवती अर्थात् नवदुर्गामध्येकी एउटी दुर्गा र कालरात्रि अर्थात् कालरात्रिकी अर्की दुर्गाले हाम्रा सबै शत्रुहरूलाई डढाऊन् । हे पताका ! मैले तिम्रो अर्चना गरेको छु । तिमीले मेरो रक्षा गर ।

गजपूजनमन्त्राः

अथ गजस्य –

कुमुदैरावतौ पद्मः पुष्पदन्तोऽथ वामनः । सुप्रतीकोऽञ्जनो नील एतेऽष्टौ देवयोनयः ।।
तेषां पुत्राश्च पौत्राश्च वनान्यष्टौ समाश्रिताः । मन्दो भद्रो मृगश्चैव गजः सङ्कीर्ण एव च ।।
वने वने प्रसूतास्ते यूथानि सुमहान्ति च । पान्तु त्वां वसवो रुद्रा आदित्याः समरुद्गणाः ।।
भर्तारं रक्ष नागेन्द्र स्वामिवत्प्रतिपाल्यताम् । अवाप्नुहि जयं युद्धे गमने स्वस्ति नो व्रज ।।
श्रीस्ते सोमाद्बलं विष्णोस्तेजः सूर्याज्जवोऽनिलात् । स्थैर्यं मेरोर्जयं रुद्राद्यशो देवात्पुरन्दरात् ।।
युद्धे रक्षन्तु नागास्त्वां दिशश्च सह दैवतैः । अश्विनौ सह गन्धर्वैः पान्तु त्वां सर्वतः सदा ।। इति।

हात्तीको पूजामन्त्र

कुमुदैरावतौ० मन्त्रको अर्थ यसप्रकार छ – कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक, अञ्जन, नील यी आठ दिग्गजहरू देवयोनि हुन् । तिनका पुत्र–पौत्र वनमा रहन्छन् । ती भद्र, मन्द्र, मृग, गज र सङ्कीर्णनामक गजराजहरू वनमा नै पैदा भएका हुन् । तिनीहरूका ठूला–ठूला झुण्ड छन् । हे गजराज ! तिमी ती सबै गजहरूका प्रतिनिधि हौ । तिमीलाई वसु, रुद्र, आदित्य र मरुद्गणले रक्षा गरून् । तिमीले आफ्ना स्वामी राजाको रक्षा गर । हे गजराज ! तिमीले युद्धमा विजय प्राप्त गर । युद्धका लागि प्रस्थान गरेर हाम्रो कल्याण गर । तिमीले चन्द्रमाबाट कान्ति, विष्णुबाट बल, सूर्यबाट तेज, वायुबाट वेग, मेरुबाट स्थिरता, रुद्रबाट विजय र इन्द्रबाट यश प्राप्त गर । नागहरूले युद्धमा तिम्रो रक्षा गरून् । दिशाहरूमा रहेका देवता र गन्धर्वहरूका साथ अश्विनीकुमारहरूले पनि तिम्रो रक्षा गरून् ।

खड्गपूजनमन्त्रः

अथ खड्गमन्त्रः –

असिर्विशसनः खड्गस्तीक्ष्णधारो दुरासदः । श्रीगर्भो विजयश्चैव धर्मधारस्तथैव च ।।
एतानि तव नामानि स्वयमुक्तानि वेधसा । नक्षत्रं कृत्तिका ते तु गुरुर्देवो महेश्वरः ।।
रोहिण्यश्च शरीरं ते दैवतं च जनार्दनः । पिता पितामहो देवस्त्वं मां पालय सर्वदा ।।
नीलजीमूतसङ्काशस्तीक्ष्णदंष्ट्रः कृशोदरः । भावशुद्धोऽमर्षणश्च अतितेजास्तथैव च ।।
इयं येन धृता क्षोणी हतश्च महिषासुरः । तीक्ष्णधाराय शुद्धाय तस्मै खड्गाय ते नमः ।। इति ।

खड्गमन्त्र

असिर्विशसनः० इत्यादि पद्यमन्त्रद्वारा खड्गको पूजा गर्नुपर्दछ । मन्त्रार्थ – हे खड्ग ! असि, विशंसन, खड्ग,

तीक्ष्णधार, दुरासद, श्रीगर्भ, विजय र धर्मधार यी तिम्रा नाम हुन् । यी नाम स्वयं ब्रह्माजीले दिनुभएको हो । तिम्रो जन्मनक्षत्र कृत्तिका हो र तिम्रा गुरु स्वयं शिवजी हुनुहुन्छ । रोहिणी तिम्रो शरीर हो । जनार्दन देवता हुनुहुन्छ र स्वयं ब्रह्माजी तिम्रा पिता हुनुहुन्छ । हे खड्गदेव ! तिमीले सधैं मेरो रक्षा गर । तिम्रो स्वरूप नीलो बादलसमान छ । तिम्रा दाह्रा तीखा छन् । तिम्रो मध्यभाग पातलो छ र तिम्रो हृदयको भाव शुद्ध छ । तिमी सहनशक्तिले सम्पन्न छौ र अति तेजस्वी पनि छौ । तिम्रै प्रतापले पृथ्वीको धारण भइरहेको छ । तिम्रै शक्तिबाट महिषासुरजस्ता घोर दानव मृत्युको मुखमा पुगे । तीखो धार भएका शुद्धस्वरूप हे खड्ग ! तिमीलाई नमस्कार छ ।

छुरिकापूजनमन्त्रः

अथ छुरिकायाः –

सर्वायुधानां प्रथमं निर्मितासि पिनाकिना । शूलायुधाद्विनिष्कृष्य कृत्वा मुष्टिग्रहं शुभम् ।।

चण्डिकायाः प्रदत्तासि सर्वदुष्टनिबर्हिणी । तया विस्तारिता चासि देवानां प्रतिपादिता ।।

सर्वसत्त्वाङ्गभूतासि सर्वाशुभनिबर्हिणी । छुरिके ! रक्ष मां नित्यं शान्तिं यच्छ नमोऽस्तु ते ।।

छुरिकामन्त्र

सर्वायुधानाम्० इत्यादि छुरिकामन्त्रको अर्थ यसप्रकार छ – हे छुरिका ! सर्वप्रथम भगवान् शङ्करले तिम्रो निर्माण गर्नुभयो । त्रिशूलनामक आयुधबाट निकालेर मुठ्ठीले धारण गर्न योग्य तुल्याउनुभयो । त्यसपछि सबै दुष्टहरूको वध गर्न समर्थ तिमीलाई चण्डिकाको हातमा सुम्पिनुभयो । भगवती चण्डिकाले तिम्रो विस्तार गरी देवताहरूलाई दिनुभयो । हे छुरिका ! तिमी सम्पूर्ण प्राणीहरूका अङ्गको रूपमा रहेकी छौ । तिमीले सबै अमङ्गल नाश गर्दछ्यौ । नित्य मेरो रक्षा गर। मलाई शान्ति देऊ । म तिमीलाई नमस्कार गर्दछु ।

कट्टारकपूजनमन्त्रः

अथ कट्टाकरपूजा –

रक्षाङ्गानि गजान् रक्ष रक्ष वाजिधनानि च । मम देहं सदा रक्ष कट्टारक ! नमोस्तु ते ।।

कट्टारको मध्यदेशे 'कटारी' इति प्रसिद्धः ।

कटारीपूजाको मन्त्र

रक्षाङ्गानि० इत्यादि कट्टारकमन्त्र अर्थ यसप्रकार छ – 'हे कटारी ! तिमीले मेरा सेनाहरूको रक्षा गर । हात्ती र घोडारूप धनको रक्षा गर । मेरा शरीरको रक्षा गर । म तिमीलाई नमस्कार गर्दछु ।' ग्रन्थकार भन्दछन् – भारतका मध्यप्रदेश, गुजरात, महाराष्ट्र, राजस्थान आदि प्रान्तमा कट्टारकलाई कटारी शब्दबाट सम्बोधन गरिन्छ।

धनुःपूजनमन्त्रः

अथ धनुःपूजा –

सर्वायुधमहामात्र ! सर्वदेवारिसूदन ! । चाप ! मां समरे रक्ष साकं शरवरैरिह ।।

धृतं कृष्णेन रक्षार्थं संहाराय हरेण च । त्रयीमूर्तिगतं देवं धनुरस्त्रं नमाम्यहम् ।।

धनुपूजा मन्त्र

सर्वायुधमहामात्र० इत्यादि धनुमन्त्रको अर्थ यसप्रकार छ – सबै आयुधहरूमा उत्तम, सबै देवताहरूका शत्रुको नाश गर्ने हे धनु ! बाणसहित युद्धमा तिमीले मेरो रक्षा गर । श्रीकृष्णले लोकको रक्षाका लागि तिमीलाई धारण गर्नुभयो र शङ्करले दुष्टसंहारका लागि तिमीलाई धारण गर्नुभयो । तिम्रो तेज ब्रह्मा, विष्णु र शङ्करमा प्राप्त भएको छ । म तिमीलाई नमस्कार गर्दछु।

कुन्तपूजनमन्त्र:

अथ कुन्तपूजा – **प्रास! पातय शत्रूंस्त्वमनया नाकमायया। गृहाण जीवितं तेषां मम सैन्यं च रक्षताम्।।**

भालाको पूजनमन्त्र

प्रासपातय० इत्यादि कुन्त(भाला)मन्त्रको अर्थ यसप्रकार छ – हे कुन्त ! तिमीले यिनै देवमायाद्वारा शत्रुलाई ढलाइदेऊ, तिनका प्राणहरण गर र सधैं मेरो रक्षा गर ।

चर्मपूजनमन्त्र:

अथ चर्मपूजा – **शर्मप्रदस्त्वं समरे चर्मन्! सैन्ये यशोद्यमे । रक्ष मां रक्षणीयोऽहं तापनेय ! नमोऽस्तु ते ।।**

चर्मपूजामन्त्र

शर्मप्रदस्त्वं० इत्यादि चर्मपूजामन्त्रको अर्थ यसप्रकार छ – हे ढाल ! तिमीले वीरहरूलाई संग्रामभूमिमा सुख दिन्छौ । आज तिमीले मेरा सेनाहरूको रक्षा गर । म पनि रक्षायोग्य भएको हुँदा मेरो पनि रक्षा गर । शत्रुहरूलाई सन्तप्त तुल्याउने हे ढाल ! तिमीलाई नमस्कार छ ।

कनकदण्डपूजनमन्त्र:

अथ कनकदण्डमन्त्र: –

प्रोत्सारणाय दुष्टानां साधुसंरक्षणाय च । ब्रह्मणा निर्मितश्चासि व्यवहारप्रसिद्धये ।।
यशो देहि सुखं देहि जयदो भव भूपते: । ताडयस्व रिपून्सर्वान्हेमदण्ड ! नमोऽस्तु ते ।।

सुवर्णदण्डपूजा मन्त्र

प्रोत्सारणाय० इत्यादि सुवर्णदण्डपूजामन्त्रको अर्थ यसप्रकार छ – हे सुवर्णदण्ड ! दुष्टहरूलाई धपाउन, साधुहरूको रक्षा गर्न र लोकव्यवहार चलाउन ब्रह्माजीले तिम्रो निर्माण गर्नुभएको हो । तिमीले हामीलाई यश, सुख र विजय प्रदान गर। राजालाई विजयश्री दिलाइदेऊ । सम्पूर्ण शत्रुहरूलाई ताडना देऊ । तिमीलाई मेरो नमस्कार छ ।

दुन्दुभिपूजनमन्त्रा:

अथ दुन्दुभिमन्त्रा: –

दुन्दुभे ! त्वं सपत्नानां घोरो हृदयकम्पन: । भव भूमिपसैन्यानां तथा विजयवर्धन: ।।
यथा जीमूतघोषेण प्रहृष्यन्ति च बर्हिण: । तथास्तु तव शब्देन हर्षोऽस्माकं मुदावह: ।।
यथा जीमूतशब्देन स्त्रीणां त्रासोऽभिजायते । तथात्र तव शब्देन त्रस्यन्त्वस्मद्द्विषो रणे ।।

दुन्दुभिपूजा मन्त्र

दुन्दुभे त्वं० इत्यादि दुन्दुभि(दमाहा)मन्त्रको अर्थ यसप्रकार छ – हे दुन्दुभि ! तिमी आफ्नो गम्भीर ध्वनिबाट शत्रुको सेनामा कम्प छुटाउँछौ । तिमी विजय दिलाउने वाद्यहरूमा उत्तम वाद्य होऊ । जसरी बादलको गर्जनबाट मयूर प्रसन्न हुन्छन् त्यसैगरी तिम्रो गम्भीर ध्वनि हाम्रा लागि आनन्दमय हर्षको कारण बनोस् । जसरी बादलको गर्जनबाट नारीहरूको हृदयमा त्रास पैदा हुन्छ त्यसरी नै तिम्रो शब्दबाट समरभूमिमा हाम्रा शत्रुहरूले त्रास प्राप्त गरून् ।

शङ्खपूजनमन्त्रः

शङ्खमन्त्रः – **पुण्यस्त्वं शङ्ख! पुण्यानां मङ्गलानां च मङ्गलम्। विष्णुना विधृतो नित्यमतः शान्तिप्रदो भव।।**

शङ्खपूजामन्त्र

पुण्यस्त्वं० इत्यादि शङ्खपूजामन्त्रको अर्थ यसप्रकार छ – हे शङ्ख ! तिमी पुण्यरूप छौ । तिमी मङ्गलका पनि मङ्गलदायक हौ । तिमीलाई भगवान् नारायणले धारण गर्नुहुन्छ । तिमीले हामीलाई शान्ति प्रदान गर ।

सिंहासनपूजनमन्त्रः

अथ सिंहासनमन्त्रः –

विजयो जयदो जेता रिपुघाती शुभङ्करः । दुःखहा धर्मदः शान्तः सर्वारिष्टविनाशनः ।।
एते वै सन्निधौ यस्मात्तव सिंहा महाबलाः । तेन सिंहासनेति त्वं देवैर्मन्त्रैश्च गीयसे ।।
त्वयि स्थितः शिवः शान्तस्त्वयि शक्रः सुरेश्वरः । नमस्ते सर्वतोभद्र भद्रदो भव भूपतेः ।।
त्रैलोक्यजयसर्वस्व! सिंहासन ! नमोऽस्तु ते । तथैव कर्मचिह्नानि स्वानि पूज्यानि शिल्पिभिः ।।

सिंहासनपूजामन्त्र

विजयो जयदः० इत्यादि सिंहासनपूजामन्त्रको अर्थ यसप्रकार छ – 'हे सिंहासन ! विजय दिने, जय दिने, जेता, शत्रुघाती, कल्याणकारी, दुःखनाशक, धर्मदायक, शान्त र सर्वारिष्टनाशक महाबली सिंह तिम्रा वरिपरि रहेका छन् । त्यसकारण देवताहरूद्वारा मन्त्र पढेर तिम्रो स्तुति गरिन्छ । भगवान् शिव तिमीमाथि शान्त मुद्रामा विराजमान हुनुहुन्छ । देवराज इन्द्र पनि तिमीमाथि विराजमान हुन्छन् । सबैतिरबाट भद्रकार्य सम्पादन गर्ने हे सिंहासन ! तिमी राजाका निमित्त भद्रदायक अर्थात् कल्याणदायक बन । त्रिलोकीमाथि विजयका लागि सर्वोत्तम सहयोगी हे सिंहासन ! तिमीलाई नमस्कार छ । लौहाभिसारिक कर्म गर्दा शिल्पीहरूले यसरी नै राजाको कार्यमा आउने सबै राजचिह्नहरूको पूजा गर्नुपर्दछ ।'

लौहाभिसारिककर्मानन्तरं भगवतीपूजनम्

लौहाभिसारिकं कर्म कृत्वैवं मन्त्रपूर्वकम् । नियमं कृत्वाऽष्टम्याञ्च नियमं पूर्वाह्णे स्नानमाचरेत् ।।
कुङ्कुमचन्दनचम्पकचतुःसमैः शैलपिष्टैश्च । [६९]चर्चितगात्रीं देवीं कुसुमैरभ्यर्चयेद्बहुभिः ।।

---

६९. निर्णयसिन्धुका धेरैजसो प्रकाशित पुस्तकहरूमा 'चर्चितगात्रीम्' को सट्टा 'चर्चितगायत्रीम्' पाठ रहेको छ । यस प्रसङ्गमा विशुद्ध ब्रह्मरूपा गायत्रीलाई बलि आदिद्वारा पूजा गरिनु उचित देखिँदैन र गात्रीको ठाउँमा गायत्री गराउँदा छन्द पनि मिल्दैन । भ्रम, सन्देह आदिका कारण एउटा पुस्तकमा जे लेखिएको छ त्यही जस्ताको तस्तै उतार्ने र प्रसङ्ग आदिको पनि विचार नगर्ने अनुवादकहरूका कारण गात्रीमको

कुमुदैः सपद्मपुष्पैः सधूपदीपैः सनैवेद्यैः । मांसैर्बल्युपहारैर्मङ्गलशब्दैः समुच्छलितैः ।।
विहितच्छत्रैर्यानैः स्यन्दनसितशस्त्रधारिजनलोकैः । तुष्टैः पश्वस्त्रादि तु निवेद्यते सर्वमेव भगवत्यै।।
दुर्गा सा पूजनीया च तद्दिने द्रोणपुष्पकैः । ततः खड्गं नमस्कृत्य शत्रूणां वधसिद्धये ।।
इच्छेत विजयं राज्यं सुभिक्षं चात्मने नृपः । पुनः पुनः प्रणम्यार्यां संस्मरन्हृदये शिवाम् ।।
सर्वं कृत्वेति कौरव्य अष्टम्यां जागरं निशि । नटनर्तकगीतैश्च कारयेच्च महोत्सवम् ।।
एवं हृष्टैर्निशां नीत्वा प्रभाते अरुणोदये । घातयेन्महिषान्मेषानग्रतो नतकन्धरान् ।।
शतमर्धशतं वापि तदर्धं वा यथेच्छया । सुरासवभृतैः कुम्भैस्तर्पयेत्परमेश्वरीम् ।।
कापालिकेभ्यस्तद्देयं दासीदासजने तथा । ततोऽपराह्णसमये नवम्यां वै रथे स्थिताम् ।।
भवानीं भ्रामयेद्राष्ट्रे स्वयं राजा सशब्दवान् । कश्चिच्चोपोषितो वीरो विधृतोऽन्येन खड्गवान् ।।
भूतेभ्यस्तु बलिं दद्यान्मन्त्रेणानेन सामिषम् । सरक्तं सजलं चान्नं गन्धपुष्पाक्षतैर्युतम् ।।
त्रींस्त्रीन्वारान्समूलेन दिग्विदिक्षु किरेद्बलिम् ।।

लौहाभिसारिक कर्मपछि भगवतीपूजन

मन्त्रपूर्वक यसरी लौहाभिसारिक कर्म अर्थात् आरतीजस्तै गरिने सैनिकसंस्कारसम्पन्न गरेपछि नियमपूर्वक अष्टमीका दिन पूर्वाह्णमा स्नान गर्नुपर्दछ । त्यसपछि कुंकुम, चन्दन, चम्पा र कस्तूरीमध्ये चार भाग चन्दन, तीन भाग कुंकुम, दुई भाग कस्तूरी र एक भाग कपूर मिलाउँदा चतुःसम[७०] हुन्छ । चतुःसममा राखिने ती सबै पदार्थलाई शिलाजितमा मिलाई पिनेर तयार गरिएको त्यो सुगन्धित चम्पक, कुङ्कुम, चन्दन र कस्तूरीको सुगन्धलेपद्वारा पूजा गरिएकी भगवती दुर्गाको अनेकथरि पुष्प, कुमुद, कमल, धूप, दीप एवं नैवेद्यद्वारा पूजा गर्नुपर्दछ । मांस, मांसबलि, उपहार, मङ्गलशब्द, छत्र, रथ, यान, तीक्ष्णशस्त्र धारण गर्ने मानिसहरूले सबै पशु र अस्त्रआदि भगवतीको तुष्टिका निमित्त अर्पण गर्नुपर्दछ । त्यो दिन द्रोणपुष्पद्वारा भगवती दुर्गाको पूजा गर्नुपर्दछ । त्यसपछि शत्रुको संहार गर्ने कार्यको सिद्धिका लागि तरबारलाई नमस्कार गरी राजाले हृदयदेखि नै बारम्बार भगवती पार्वतीको याद गर्दै विजय, राज्य र सहकालको कामना गर्नुपर्दछ ।

उक्त कर्म सम्पन्न गरेपछि अष्टमीको रातमा नटहरूको नाच एवं गीत गराई जाग्राम गरेर उत्सव मनाउनुपर्दछ । यसरी प्रसन्नचित्तद्वारा रात बिताएपछि प्रातः अरुणोदयकालमा आफ्नो इच्छाअनुसार १००, ५० अथवा २५ काँध झुकाएका बलिष्ठ राँगा-भेडाको बलि दिनुपर्दछ । मदिरा र आसवले भरिएका कुम्भ चढाई परमेश्वरीलाई तृप्त गराउनुपर्दछ । बलिदानमा प्रयोग गरिएका भेडा र राँगाको मासु कापालिक एवं दास-दासीहरूलाई वितरण गर्नुपर्दछ । त्यसपछि नवमीको अपराह्ण समयमा

सट्टा गायत्रीम् गराइएको हुँदा यहाँ संशोधन गरिएको छ । भारतबाट प्रकाशित अनेकौं निर्णयसिन्धुहरूमा चर्चितगायत्रीम् पाठ रहे पनि विद्यावारिधि पं. ज्वालाप्रसाद मिश्रद्वारा अनूदित र प्रकाशक खेमराज श्रीकृष्णदास प्रकाशन मुम्बईबाट वि.सं. २०६६ मा प्रकाशित निर्णयसिन्धुमा मात्र चर्चितगात्रीम् पद रहेको देखिन्छ । यसै पाठलाई उचित मानी यहाँ संशोधन गरिएको छ । यो संशोधित पद प्रसङ्ग, छन्द एवं अर्थ सबै दृष्टिबाट उचित पनि छ ।

७०. कस्तूरीको दुई भाग, चन्दनको चार भाग, कुङ्कुमको तीन भाग र कपूरको एक भाग मिलाउँदा चतुःसमनामक गन्ध तयार हुन्छ । गरुडपुराणमा भनिएको छ– कस्तूरिकाया द्वौ भागौ चत्वारश्चन्दनस्य च । कुङ्कुमस्य त्रयश्चैकः शशिनः स्याच्चतुःसमम्।।

कपूर, चन्दन, दर्प, कुङ्कुम आदि समानरूपमा मिलाई तयार गरिने देवताहरूलाई अत्यन्त राम्रो लाग्ने गन्धलाई सर्वगन्ध भनिन्छ । त्यस विषयमा बताइएको छ – कर्पूरं चन्दनं दर्पकुङ्कुमे च समांशकम् । सर्वगन्धमिति प्रोक्तं समस्तसुरवल्लभम्।।

राजाले रथमा बसेर भगवती भवानीको रथयात्रा चलाउनुपर्दछ । कुनै उपासनारत खड्गधारी वीर पुरुष जसलाई अरूले समातिरहेका छन् त्यसले तल लेखिएको मन्त्र पढी भूतबलि प्रदान गर्नुपर्दछ । रगत, जल, अन्न, गन्ध, पुष्प र अक्षतासहित तीन पटक मूलमन्त्रले दिशा एवं विदिशाहरूमा बलिप्रक्षेप गर्नुपर्दछ ।

बलिदानमन्त्राः

मन्त्राश्च – बलिं गृह्णन्त्विमं देवा आदित्या वसवस्तथा । मरुतश्चाश्विनौ रुद्राः सुपर्णाः पन्नगा ग्रहाः।।

असुरा यातुधानाश्च पिशाचोरगराक्षसाः । डाकिन्यो यक्षवेताला योगिन्यः पूतनाः शिवाः ।।

जृम्भकाः सिद्धगन्धर्वा मालाविद्याधरा नगाः । दिक्पाला लोकपालाश्च ये च विघ्नविनायकाः।।

जगतां शान्तिकर्तारो ब्रह्माद्याश्च महर्षयः । मा विघ्नं मा च मे पापं मा सन्तु परिपन्थिनः ।।

सौम्या भवन्तु तृप्ताश्च भूतप्रेताः सुखावहाः ।। इति । इति महाष्टमी ।

बलिदानमन्त्र

बलिं गृह्णन्त्विमं देवः० यो बलिदानमन्त्र हो । मन्त्रार्थ यसप्रकार छ – 'देवता, आदित्य, वसु, मरुत्, अश्विनीकुमार, रुद्र, सुपर्ण, पन्नग, ग्रह, असुर, यातुधान, पिशाच, उरग, राक्षस, डाकिनी, यक्ष, वेताल, योगिनी, पूतना, शिवा, जृम्भक, सिद्ध, गन्धर्व, मालाकार, विद्याधर, नाग, दिक्पाल र लोकपालका साथै भगवान् विघ्नविनायक, संसारमा शान्ति फैलाउनुहुने ब्रह्मा आदि देवता र महर्षिगण सबैले यो बलि ग्रहण गर्नुहोस् । हाम्रो विघ्नका कारण बनेका शत्रुहरूको नाश गर्नुहोस् । मैले दिएको बलिबाट तृप्त र सुखी भएका भूत–प्रेतहरू पनि सौम्य बनुन् ।' भनी प्रार्थना गर्नुपर्दछ ।

महानवमीनिर्णयः

महानवमी तु पूर्वयुता ग्राह्या । पूर्वोक्तवचनात् । **'नवमी दुर्गाव्रते श्रावणी'** इति दीपिकोक्तेः ।

श्रावणी दुर्गनवमी दूर्वा चैव हुताशनी । पूर्वविद्धा प्रकर्तव्या शिवरात्रिर्बलेर्दिनम् ।।

इति हेमाद्रौ पाद्मोक्तेश्च । भविष्येऽपि –

आश्वयुक्शुक्लपक्षे तु अष्टमी मूलसंयुता । सा महानवमी नाम त्रैलोक्येऽपि सुदुर्लभा ।।

इति । मूलमुपलक्षणम् ।

महानवमीनिर्णय

पहिले बताइएअनुसार महानवमी लिँदा अष्टमीले युक्त पहिलो लिनुपर्दछ । **दीपिकामा** भनिएको छ – श्रावणपूर्णिमा, दुर्गानवमी, दूर्वाष्टमी, शिवरात्रि, फागुपूर्णिमा र यमपञ्चकको अमावास्या लिँदा पूर्वविद्धा लिनुपर्दछ।

हेमाद्रिमा उद्धृत **पद्मपुराणको** वचन यसप्रकार छ – श्रावणी, दुर्गानवमी, दूर्वाष्टमी, फागुपूर्णिमा, शिवरात्रि र यमपञ्चक यी सबैमा पूर्वविद्धा तिथि लिनुपर्दछ ।

भविष्यपुराणमा महानवमीको प्रशंसा गर्दै भनिएको छ – मूलनक्षत्रसहित आश्विनपक्षको शुक्लाष्टमीलाई महानवमी भनिन्छ । यो तिथि त्रिलोकीमा नै दुर्लभतिथि मानिएको छ ।

दुर्गापूजासु नवमी मूलाद्यृक्षत्रयान्विता । महती कीर्तिता तस्यां दुर्गा महिषमर्दिनी ।।

इति मदनरत्ने लैङ्गात् । अत्र पूजयेदित्यग्रे शेषः । यानि तु – **'सा कार्योदयगामिन्याम्'** इत्यादिप्रागुक्तानि तानि नवमीभिन्नतिथिपराणि । नवम्यां विशेषोक्तेः । वेधश्च मुहूर्तत्रयेणैव ज्ञेयः । यद्यपि हेमाद्रिमते मुहूर्तद्वयात्मापि वेधोऽस्ति, तथापि सूर्योदय एव सः । सायं तु त्रिमुहूर्त एव ।

मदनरत्नमा उद्धृत **लिङ्गपुराण**को वचन यसप्रकार छ – दुर्गापूजामा नवमी मूल आदि तीननक्षत्रमध्ये कुनैले युक्त भएमा यो अत्यन्त दुर्लभ र महान् योग बन्दछ।यसमा महिषमर्दिनी भगवती दुर्गाको आराधना गर्नुपर्दछ।

नवमी उदयगामिनी लिनुपर्दछ इत्यादि जुन वचन पहिले भनिएका छन् ती नवमीतिथिलाई मात्र लिएर भनिएका हुन् । माथि बताइएको विशेषयोगसँग सम्बद्ध होइन । यो नवमी विशेषनवमी हो । यहाँ वेध लिँदा तीन मुहूर्तकै लिनुपर्दछ। हुन त **हेमाद्रि**मा दुईमुहूर्तको वेधको चर्चा गरिएको छ तर त्यो सूर्योदयसमयका लागि मात्र हो । सायँकालीन वेध त तीनमुहूर्तकै हुन्छ ।

तदुक्तं दीपिकायाम् – **'त्रिमुहूर्तगा तु सकला सायम्'** इति । माधवोऽपि – **'सायं तूत्तरया तद्वन्न्यूनया न तु विध्यते'** इति । तेन त्रिमुहूर्तयोगे पूर्वा नवमी पूर्वोक्तवचनात् । **'न कुर्यान्नवमीं तात दशम्यां तु कदाचन'** इति स्कान्दे परानिषेधाच्च । त्रिमुहूर्तयोगाभावे तु निषिद्धापि परैव कार्येति निष्कर्षः ।

यत्तु – **'नवम्यां च जपं होमं समाप्य श्रवणेऽपि वा'** इति सङ्ग्रहोक्तेः, **'व्रतं च जागरश्चैव नवम्यां विधिवद्बलिः'** इति देवीपुराणाच्च ।

दीपिकामा भनिएको छ – सायंकालमा तीनमुहूर्त तिथि भएमा सम्पूर्ण तिथि भएसरह हुन्छ । **माधव**ले पनि भनेका छन् – सायंकालमा तीनमुहूर्तकै योगमा नवमी लिनुपर्दछ कममा होइन । त्यसकारण तीनमुहूर्तको योगमा पूर्वा नवमी नै लिनुपर्दछ । कहिले पनि दशमीविद्ध नवमी लिनु हुँदैन भनी **स्कन्दपुराण**मा पछिल्लो नवमीको निषेध गरिएको छ । ग्रन्थकार भन्दछन् – तीनमुहूर्तको योग हुँदैन भने निषेध गरिएता पनि पछिल्लै लिनुपर्दछ । **संग्रह**मा भनिएको छ – जप एवं होम गरी नवमी यद्वा श्रवणमा समाप्त गर्नुपर्दछ । फेरि **देवीपुराण**मा भनिएको छ – नवमीमा व्रत, जाग्राम र विधिवत् बलिदान गर्नुपर्दछ ।

नवम्यां होमबल्यादिनिर्णयः

नवम्यां होमबल्यादि विहितं तत्र –

आश्वयुक्शुक्लनवमी मुहूर्तं वा कला यदि । सा तिथिः सकला ज्ञेया लक्ष्मीविद्याजयार्थिभिः ।।

इति सौरपुराणात् ।

सूर्योदये परं रिक्ता पूर्णा स्यादपरा यदि । बलिदानं प्रकर्तव्यं तत्र देशे शुभावहम् ।।

बलिदाने कृतेऽष्टम्यां पुत्रभङ्गो भवेन्नृप ।। इति मदनरत्ने देवीपुराणाच्च बल्यादौ परा कार्या । उपवासादौ तु पूर्वेति मदनरत्ने उक्तम् । प्रतापमार्तण्डेऽप्येवम् ।

नवमीमा होम र बलिको निर्णय

नवमीमा होम र बलिको विधान गरिएको छ । **सौरपुराण**अनुसार आश्विनको शुक्लनवमी मुहूर्त वा कलामात्र भए

पनि त्यसलाई लक्ष्मी, विद्या र विजय चाहने मानिसहरूले पूर्णातिथि नै मान्नुपर्दछ ।

मदनरत्नमा देवीपुराणको भनाइ छ – सूर्योदयभन्दा पहिले रिक्ता अर्थात् नवमीतिथि र सूर्योदयपछि अपरा अर्थात् त्यसपछिको दोस्रो तिथि, पूर्णा अर्थात् दशमी भएमा त्यसबेला बलिदान गर्नुपर्दछ । त्यसबाट शुभफल प्राप्त हुन्छ।

मदनरत्नमा उद्धृत **देवीपुराणको** वचनमा भनिएको छ – अष्टमीमा बलिदान गर्दा पुत्रनाश हुन्छ । त्यसकारण बलिका लागि परानवमी लिनुपर्दछ भने उपवास आदिका लागि पूर्वानवमी लिनुपर्दछ । **प्रतापमार्तण्डमा** पनि यस्तै भनिएको छ ।

यत्तु – **'अष्टम्यां बलिदानेन पुत्रनाशो भवेद् ध्रुवम्'** इति कालिकापुराणवचनं तत्सन्धिपूजापरम् । **'अष्टमीनवमीसन्धौ तृतीया खलु कथ्यते'** इति तत्रैव तदुक्तेः । कामरूपनिबन्धे –

अष्टम्याः शेषदण्डश्च नवम्याः पूर्व एव च । तत्र या क्रियते पूजा विज्ञेया सा महाफला ।।

अष्टमीमात्रे भवत्येव ।

आश्विने पूजयित्वा तु अर्धरात्रेऽष्टमीषु च । घातयन्ति पशून्भक्त्या ते भवन्ति महाबलाः ।।

तथा – **कन्यासंस्थे रवावीषे शुक्लाष्टम्यां प्रपूजयेत् । सोपवासो निशार्धे तु महाविभवविस्तरैः।।**

कालिकापुराणमा अष्टमीमा बलि दिँदा जुन पुत्रनाश हुन्छ भनिएको छ त्यो त अष्टमी र नवमीको सन्धिमा गरिने तृतीयापूजा अर्थात् सन्धिपूजाको निषेध हो । अष्टमी र नवमीको सन्धिलाई तृतीया भनिन्छ । सायंपूजा प्रथमा, निशीथपूजा द्वितीया र सन्धिपूजा तृतीया मानिन्छन् ।

कामरूपनिबन्धमा लेखिएको छ – अष्टमीको बाँकी भाग र नवमीको पूर्वभागमा गरिएको पूजा अत्यन्त फलदायक हुन्छ । यो पूजा अष्टमीको शेषभागमा नै गरिन्छ । आश्विनमासको शुक्लाष्टमीमा आधा रातको समयमा पूजा गरेर जसले पशुबलि दिन्छन् ती मानिस महाबली हुन्छन् । सूर्य कन्याराशिमा हुँदा आश्विनमासको शुक्लपक्षको अष्टमीमा उपवास गरी रात्रिको आधा भागमा आफ्नो वैभवअनुसारका सामग्रीद्वारा देवीको पूजा गर्नुपर्दछ ।

तथा – **'पशुघातश्च कर्तव्यो गवयाजवधस्तथा'** इति रूपनारायणीये देवीपुराणात् । तत्रैव भविष्ये–

तस्मादियं महापुण्या नवमी पापनाशिनी । उपोष्या सुप्रयत्नेन सततं सर्वपार्थिवैः ।।

निर्णयदीपे तु महानवमी परदिनेऽपराह्णव्यापित्वे परा, अन्यथा पूर्वा ।

आवर्तनात्पूर्वकाले नवमी स्यात् परेऽहनि । दुर्गार्चा तत्र पूर्वेद्युः पूर्वाह्णे त्वष्टमी यदि ।।

इति धौम्यवचनादित्युक्तम् । अस्य तु शारदनवमीविषयत्वं समूलत्वं च विमृश्यम् । यानि तु –

नन्दायां ज्वलते वह्निः पूर्णायां पशुघातनम् । भद्रायां गोकुलक्रीडा तत्र राज्यं विनश्यति ।। इति।

नवम्यामपराह्णे तु बलिदानं प्रशस्यते । दशमीं वर्जयेत्तत्र नात्र कार्या विचारणा ।। इति ।

नन्दाया दर्शने रक्षा बलिदानं दशासु च । भद्रायां गोकुलक्रीडा देशनाशाय जायते ।।

इति ब्रह्मवैवर्तनारदादिवचनानि तानि शुद्धाधिकनिषेधपराणि इति मदनरत्ने ।

रूपनारायणीयमा उद्धृत **देवीपुराणको** वचनमा भनिएको छ – त्यसबेला गवय अर्थात् गाईको आकारको जङ्गली पशु र बोकाको पनि बलि दिनुपर्दछ । त्यहीं **भविष्यपुराणको** वचन छ – अनेक फल दिने पुण्यमुहूर्त भएका

कारण आश्विनशुक्लनवमीलाई पुण्यदायिनी र पापनाशिनी मानिएको छ । त्यसकारण सत्प्रयास गरी सबै राजाहरूले उपवास गर्नुपर्दछ ।

धौम्यको भनाइअनुसार – दोस्रो दिन नवमी अर्थात् मध्याह्नकालभन्दा पहिले भएमा र पहिलो दिन पूर्वाह्नमा अष्टमी भएमा नवमीप्रयुक्त दुर्गापूजन पहिलो दिन नै गर्नुपर्दछ । यो शरत्कालीन नवरात्रविषयक कुरा हो र यसको मूल विवेचनीय छ।

ब्रह्मवैवर्त, नारदीयपुराण आदिमा यस प्रकारका जुन वचन छन् – नन्दा अर्थात् प्रतिपदामा होलिकादाह हुन्छ, पूर्णा अर्थात् पूर्णिमामा पशुघात हुन्छ, भद्रा अर्थात् कार्तिक शुक्लद्वितीयामा गोकुलक्रीडाका कारण राज्यनाश हुन्छ। फेरि नवमीको अपराह्नमा बलिदान राम्रो हुन्छ तर दशमी भने लिनुहुँदैन । यी वचनमा कुनै विचार गर्नुपर्दैन, किनकि नन्दामा दर्शन, रक्षाबन्धन, दिशाहरूमा बलिदान, भद्रामा गोकुलक्रीडाबाट देशको नाश हुन्छ । उक्त **पुराण**हरूका यी वचन शुद्ध अर्थात् नन्दा, पूर्णा, भद्रा भनी यिनको गुण–दोष देखाउनभन्दा पनि निषेधमा आधारित छन् भन्ने कुरा **मदनरत्न**मा भनिएको छ ।

तथा कालिकापुराणे –

नवम्यां बलिदानं तु कर्तव्यं वै यथाविधि । जपं होमं च विधिवत्कुर्यात्तत्र विभूतये ।।

केचित्तु – **'पूर्वाषाढायुताष्टम्यां पूजाहोमाद्युपोषणम्'** इति पूर्वोक्तदेवीपुराणादष्टम्यां होममाहुः । अन्ये तु द्विविधवाक्यवशादष्टम्यामारभ्य नवम्यां समापयन्ति । समुच्चयस्तु युक्तः । रुद्रयामले तु **'विकल्प'** इत्युक्तं तत्तु निर्मूलम् । दुर्गाभक्तितरङ्गिण्यादिगौडग्रन्थेष्वपि नवम्यां होम उक्तः ।

कालिकापुराणको वचन छ – 'विधिपूर्वक नवमीमा बलिदान गर्नुपर्दछ र ऐश्वर्यका लागि जप र होम गर्नुपर्दछ ।' कसैले भन्दछन् – पूर्वाषाढासहित अष्टमीतिथिमा पूजा, होम र उपवास गर्नुपर्दछ । यहाँ पूर्वोक्त **देवीपुराण**का आधारमा अष्टमीमा होम भनिएको हो । अरूले भन्दछन् – अनेक वाक्यहरूका कारण अष्टमीमा होम प्रारम्भ गरी नवमीमा समाप्त गरिन्छ । नवदुर्गामा दिनदिनै कन्यापूजन र होमको विधान गरिएको छ तापनि समुच्चयरूपमा अष्टमी र नवमीमा होम गर्ने निष्कर्ष लिनुपर्दछ । रुद्रयामलमा विकल्पले व्यवस्था गरिएको छ तापनि त्यसमा कुनै प्रमाण छैन । **दुर्गाभक्तितरङ्गिणी** आदिमा पनि नवमीमा नै होम गर्नुपर्दछ भनिएको छ ।

होमे विशेषः

होमे च विशेष उक्तो डामरतन्त्रे –

पायसं सर्पिषा युक्तं तिलैः शुक्लैर्विमिश्रितम् । होमयेद्विधिवद् भक्त्या दशांशेन नृपोत्तम ।।
रुद्राध्याये यथा होमं मन्त्रेणैकेन साधयेत् । तथा स्तोत्रजपे होमं श्लोकेनैकेन साधयेत् ।।
यद्वा सप्तशतीजप्यो होममन्त्रो नवाक्षरः ।। 'ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे' इति नवाक्षर इति केचित्। पूजोक्तो ग्राह्य इति तु युक्तम् । रुद्रयामलेऽपि –

प्रधानद्रव्यमुद्दिष्टं पायसान्नं तिलास्तथा । किंशुकैः सर्षपैः पूगैर्लाजदूर्वाङ्कुरैरपि ।।
यवैर्वा श्रीफलैर्दिव्यैर्नानाविधफलैस्तथा । रक्तचन्दनखण्डैश्च गुग्गुलैश्च मनोहरैः ।।
प्रतिश्लोकं च जुहुयात्सर्वद्रव्याणि च क्रमात् । नवाक्षरेण वा हुत्वा नमो देव्या इतीति च ।। इति।

होममा विशेष

डामरतन्त्रमा होमको विषयमा निरूपण गर्दै भनिएको छ – घ्यू र सेता तिल मिसिएको खीरद्वारा विधिवत् दशांश

हवन गर्नुपर्दछ । जसरी रुद्राध्यायद्वारा होम गर्दा एउटा–एउटा मन्त्र पढेर आहुति दिइन्छ त्यसरी नै सप्तशतीस्तोत्र पाठ गर्दै एक–एक श्लोकद्वारा आहुति दिनुपर्दछ अथवा कसैका मतमा सप्तशतीपाठ गरिसकेपछि सप्तशतीका ७०० पद्यहरूको संख्यामा – **ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे** यो नवार्णमन्त्रद्वारा होम गर्नुपर्दछ । नवदुर्गा पूजाविधिमा जे कुरा भनिएको छ त्यो नै ग्राह्य छ ।

सप्तशती होमका विषयमा **रुद्रयामलमा** पनि भनिएको छ – सप्तशतीहोममा पायसान्न र तिललाई प्रधान पदार्थ मानिएको छ । पलाशका फूल, सर्स्यूँ, सुपारी, लाजा, दूर्वांकुर, जौ, नरिवल, नानाप्रकारका फल, रातो चन्दनको राशि एवं गोकुलधूपजस्ता पदार्थले प्रत्येक श्लोकमा आहुति दिनुपर्दछ अथवा नवार्णमन्त्रले आहुति दिनुपर्दछ अथवा **नमो देव्यै महादेव्यै शिवायै सततं नमः । नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ।।** यस मन्त्रले सबै पदार्थ अर्पण गरी होम गर्नुपर्दछ ।

रहस्ये तु – '**प्रतिश्लोकं च जुहुयात्पायसं तिलसर्पिषा**' इत्युक्तम् । दुर्गाभक्तितरङ्गिण्यां तु तिलैर्जयन्तीमन्त्रेण च होम उक्तः । '**पुरश्चरणकार्ये तु बिल्वपत्रयुतैस्तिलैः**' इति कालिकापुराणाद् बिल्वपत्रैश्च इति स्मार्ताः । तन्न। अन्यत्र मानाभावात् ।

रहस्यमा भनिएको छ – सप्तशतीका प्रत्येक श्लोकको उच्चारण गर्दै तिल, घ्यू मिसिएको खीरद्वारा हवन गर्नुपर्दछ । दुर्गाभक्तितरङ्गिणीमा – **जयन्ती मङ्गला काली भद्रकाली कपालिनी । दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।।** यो मन्त्रले तिलद्वारा हवन गर्नुपर्दछ भनिएको छ ।

पुरश्चरण गर्दा बेलपत्रले हवन गर्नुपर्दछ भनी **कालिकापुराणमा** उल्लेख गरिएको आधारमा स्मार्तहरू बेलपत्रद्वारा हवन गर्ने कुरा बताउँछन् तर यसमा कुनै प्रमाण पाइँदैन ।

बलिदानम्

अथ बलिदानम् – तत्राश्वमेषच्छागमहिषस्वमांसानामुत्तरोत्तरप्राशस्त्यं फलविशेषश्चान्यतोऽवसेय इति दिक् । बलिप्रकारस्तु देवीपुराणे –

कन्यासंस्थे रवौ शक्तः शुक्लाष्टम्यां प्रपूज्य तु । द्रोणपुष्पैश्च बिल्वाम्रजातीपुन्नागचम्पकैः ।।
पञ्चाब्दं लक्षणोपेतं गन्धपुष्पसमन्वितम् । विधिवत्कालि कालीति जप्त्वा खड्गेन घातयेत् ।।

'**ॐ कालि कालिका यज्ञेश्वरि लोहदण्डायै नमः**' इति मन्त्रः । '**तदुत्थरुधिरं मांसं गृहीत्वा पूतनादिषु**' आदिशब्दाच्चरकीविदारीपापराक्षस्यः । '**नैर्ऋतेभ्यः प्रदातव्यं महाकौशिकमन्त्रितम् ।**' मन्त्रस्तु वक्ष्यते । तथा –

तस्याग्रतो नृपः स्नायात्कृत्वा शत्रुं तु पैष्टिकम् । खड्गेन घातयित्वा तु दद्यात्स्कन्दविशाखयोः।।

बलिदान द्रव्यको उत्तरोत्तर उत्तमता र बलिदानविधि

अब बलिदानको विषयमा निरूपण गरिन्छ । बलिदानका लागि घोडा, भेडा, बोका, राँगो र आफ्नै शरीरको मासुलाई उत्तरोत्तर उत्तम मानिएको छ । यी वस्तुबाट गरिने होमको विशेष फल अरू ग्रन्थहरूबाट जान्नुपर्दछ ।

बलिदानप्रकार – **देवीपुराणमा** बलिदानविधि निरूपण गर्ने क्रममा भनिएको छ – समर्थ पुरुषले सूर्य कन्याराशिमा रहेका बेला नवरात्रको शुक्लअष्टमीमा द्रोणपुष्प अर्थात् गुम्पाती, बेलपत्र, आम्रपत्र, जाति अर्थात् चमेली, पुन्नाग अर्थात्

नागकेसर र चाँपका पुष्पले पाँचवर्षको, सुलक्षण र गन्धपुष्पद्वारा पूजित भेडा आदि बलिको पूजा गरेर **ॐ कालि कालि यज्ञेश्वरि लौहदण्डायै नमः** यो मन्त्र उच्चारण गरी तरबारले भेडो आदि बलिलाई छेदन गर्नुपर्दछ । छेदन गर्दा खस्ने रगत र मासु जम्मा गरी पूतना, चरकी, विदारी आदि पापराक्षसीमा जाओस् भन्ने भावना गरेर पछि भनिने मन्त्रले अभिमन्त्रित गरी नैर्ऋतहरूलाई दिनुपर्दछ । राजाले त्यसै बलिकै सामु स्नान गरी पीठोद्वारा शत्रुको मूर्ति तयार गरेर तरबारले छेदन गरी स्कन्द एवं विशाखालाई प्रदान गर्नुपर्दछ ।[७१]

अशक्तौ ब्राह्मणेन कूष्माण्डादिभिर्बलिदानम्

अशक्तौ ब्राह्मणेन च कूष्माण्डादिभिर्बलिदानं कार्यम् । तदुक्तं कालिकापुराणे –

कूष्माण्डमिक्षुदण्डं च मांसं सारघमेव च । एते बलिसमाः प्रोक्तास्तृप्तौ छागसमाः सदा ।।

ब्राह्मणद्वारा कूष्माण्डबलि

ब्राह्मणले सामर्थ्य नभएमा कुभिण्डो आदिद्वारा बलिकर्मसम्पन्न गर्नुपर्दछ ।[७२]

कालिकापुराणमा भनिएको छ – कुभिण्डो, उखु, मासु र मह यी पनि बलिका सामग्री हुन् । यिनीहरूले बोकाको मासुसमान नै तृप्तिप्रदान गर्दछन् ।

रुद्रयामलेऽपि –

छागाभावे तु कूष्माण्डं श्रीफलं वा मनोहरम् । वस्त्रसंवेष्टितं कृत्वा छेदयेच्छुरिकादिना ।।

तथा – **ब्राह्मणेन सदा देयं कूष्माण्डं बलिकर्मणि । श्रीफलं वा सुराधीश छेदं नैव तु कारयेत् ।।**

छेदे विकल्पः । '**माषान्नेन बलिर्देयो ब्राह्मणेन विजानता ।**' कालिकापुराणे –

उत्तराभिमुखो भूत्वा बलिं पूर्वमुखं तथा । निरीक्ष्य साधकः पश्चादिमं मन्त्रमुदीरयेत् ।।
पशुस्त्वं बलिरूपेण मम भाग्यादुपस्थितः । प्रणमामि ततः सर्वरूपिणं बलिरूपिणम् ।।
चण्डिकाप्रीतिदानेन दातुरापद्विनाशनम् । चामुण्डाबलिरूपाय बले ! तुभ्यं नमोऽस्तु ते ।।
यज्ञार्थे बलयः सृष्टाः स्वयमेव स्वयंभुवा । अतस्त्वां घातयाम्यद्य तस्माद्यज्ञे वधोऽवधः ।।
ऐंह्रींश्रीमिति मन्त्रेण तं बलिं मत्स्वरूपिणम् । चिन्तयित्वा न्यसेत्पुष्पं मूर्ध्नि तस्य तु भैरव ! ।।
रसना त्वं चण्डिकायाः सुरलोकप्रसाधकः । ह्रींह्रींखड्गेतिमन्त्रेण ध्यात्वा खड्गं च पूजयेत् ।।
पूजयित्वा ततः खड्गं ॐ हुंफडिति मन्त्रकैः । गृहीत्वा विमलं खड्गं छेदयेद्बलिमुत्तमम् ।।
ॐ ह्रींऐंह्रींकौशिकीति रुधिरेणाप्यायतामिति । बलिदाने तु दुर्गायाः सर्वत्रायं विधिः स्मृतः ।।

रुद्रयामलमा भनिएको छ – बोकाको अभावमा कुभिण्डो अथवा श्रीफललाई कपडाले बेरेर छुरीले छेदन गरी

७१. यहाँ पशुबलि दिएपछि त्यो सबै रगत राजाले आफ्नो शरीरमा लेपन गर्नुपर्दछ, नसकेमा रगतको तिलक लगाउनुपर्दछ । मनले मेरो शत्रु मऱ्यो भन्ने भावना गर्नुपर्दछ । त्यसपछि स्नान गर्नुपर्दछ भन्ने मत पनि पाइन्छ । – दौलतराम गौड, निर्णयसिन्धु, पृ. ३६८ ।

७२. पशुबलि दिने कुरा क्षत्रिय आदिका निमित्त हो । ब्राह्मणले त सात्त्विक निरामिष बलि दिनुपर्ने विधान छ । यसैगरी सुरा र आफ्नो शरीरको रगतद्वारा पूजा गर्नु पनि ब्राह्मणका लागि निषिद्ध विषय हो । ब्राह्मणले मदिरा समर्पण गर्दा ब्राह्मणत्व नष्ट हुन्छ र शरीरको रगत दिँदा ब्रह्महत्या लाग्छ । यसैले पशुबलि राजाले नै दिनुपर्छ भनिएको हो । – पूर्ववत्, पृ. ३६८ ।

बलि अर्पण गर्नुपर्दछ । फेरि त्यहीं नै भनिएको छ – ब्राह्मणले सधैं बलिकर्ममा कुभिण्डोको प्रयोग गर्नुपर्दछ अथवा नरिवल प्रयोग गरे पनि हुन्छ तर कुभिण्डो र नरिवललाई छुरीले छेदन गर्न भने हुँदैन । यसरी छेदनमा दुईमत अर्थात् विकल्प देखिएको छ । यसैगरी कहीँ बुद्धिमान् ब्राह्मणले माषान्नद्वारा बलि दिनुपर्दछ भनिएको छ ।[७३]

---

७३. नवरात्रमा विशेषतः महाअष्टमीमा, त्यसैको रातमा र महानवमीमा भगवती माता दुर्गाको मनुष्यमात्रले विशेष पूजा–उपासना गर्ने विधान छ । तदनुसार लोकमा श्रद्धा, विश्वास र भव्यताका साथ पूजा–उपासना गरिन्छ पनि । त्यो पूजा कसैले सात्त्विक, कसैले राजस र अरू कसैले तामस सामग्रीले गर्दछन् । जगज्जननी दुर्गा भवानीलाई जल, चन्दन, पुष्प, अक्षता, धूप, दीप, नैवेद्य आदि सात्त्विक पदार्थ समर्पण गरेर जसले पूजा गर्दछ त्यसको पूजा सात्त्विक पूजा कहलाउँछ । जसले जल, चन्दन आदिका साथै पशु, पक्षी आदिको बलि दिएर पूजा गर्दछ त्यसको पूजा राजस पूजा मानिन्छ । जल, चन्दन, पशुबलि आदिका साथै जसले मदिरासमेत चढाएर पूजा–उपासना गर्दछ त्यसले गर्ने पूजालाई तामस पूजा भनिन्छ । तामस पूजा मद्यसेवन गर्ने शूद्रजाति र शूद्रसमानका प्रतिलोम आदि अन्य अनेक जातिका लागि पनि स्वीकार्य हुन्छ । राजस पूजा क्षत्रिय आदि तागाधारीका निमित्त विधान गरिएको छ । सात्त्विक पूजाचाहिँ ब्राह्मणका लागि विधान गरिएको हो । ब्राह्मणहरू सबै एकै प्रकृतिका छैनन् । शास्त्रप्रवर्तकहरूले उनीहरूको कर्म र आचरणका आधारमा विभिन्न श्रेणीमा विभाजन गरेका छन् । जुन यस प्रकार छ– ब्रह्मसम, देवसम, ऋषि, ऋषिकल्प, अनूचान, क्षत्रियसम, वैश्यसम, शूद्रसम, शूद्रब्राह्मण, निषादब्राह्मण र अन्त्यजब्राह्मण ।

यी सबैका लागि सात्त्विक पूजाको विधान गरिएको होइन । वेद आदि शास्त्रका मर्मज्ञ, स्नान, संन्ध्या, उपासना, देवपूजा आदि नित्यकर्म गर्ने, वेदाध्ययन आदि षट्कर्ममा लागेका, समदर्शी, सत्यवादी, सदाचारनिष्ठ, संयम, शील आदि ब्राह्मणोचित सबै किसिमका गुणहरूले सम्पन्न ब्रह्मसमदेखि अनूचानसम्मका ब्राह्मणका लागि गरिएको विधान हो । अन्य क्षत्रियसमदेखि अन्त्यजसम्मको तहमा पर्ने नाममात्रका ब्राह्मणका लागि होइन । नाममात्रका ब्राह्मणको स्वरूप महामुनि पराशर र व्यासले पनि यसरी बताएका छन् –

ब्रह्मबीजसमुत्पन्नो मन्त्रसंस्कारवर्जितः । जातिमात्रोपजीवी च स भवेन्नामधारकः ।।
गर्भाधानादिभिर्युक्तस्तथोपनयनेन च । न कर्मविन्न चाऽधीते स भवेन्नामधारकः ।।

यस्ता जन्म–कर्म आदिबाट भ्रष्ट, सन्ध्योपासना नगर्ने नाममात्रका ब्राह्मणले त आफ्नो कुलपरम्परामा चलेको छ भने पशुबलि दिनुपर्ने नै देखिन्छ । सृष्टिकर्ताले सोमयाग, पशुबन्ध आदि श्रौतयज्ञमा र देवदेवीको पूजा–आराधना आदि स्मार्तयज्ञमा विधिपूर्वक बलि दिनका लागि नै पशुपक्षीहरूको सृष्टि गरेका हुन् । अतः दुर्गापूजाजस्तो महान् यज्ञमा पशुहरूको वध गर्दा वधजन्य दोष लाग्दैन किनकि त्यसबाट उनीहरूको मुक्तिमार्ग प्रशस्त हुन्छ । भनिएको पनि छ –

यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयंभुवा । यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधोऽवधः ।।

बाख्रो, भेडा, राँगो आदि पशुहरू, कपिञ्जल आदि पक्षीहरू, कछुवा आदि तिर्यग् जातिका जीवहरू, धान–जौ आदि औषधिहरू र मौलो आदि बनाउन प्रयोग गरिने वृक्षहरू यज्ञका निमित्त प्रयोग गरिन्छन् अथवा विनाश गरिन्छन् भने उनीहरूको निश्चय नै उत्तम गति हुन्छ । भनाइको अर्थ के भने तिनीहरूले स्वर्ग आदि अतुलनीय सुखभोगले सम्पन्न अलौकिक गति प्राप्त गर्दछन् । यसरी यज्ञ आदिमा र देवदेवीको स्थान आदिमा शास्त्रीय विधिअनुसार बलि हुने सुअवसर पाई त्यसैको कारणबाट उत्तम गति प्राप्त गर्न पाउनु भनेको मुक्तिका लागि व्रतोपवासादि अरू कुनै उपाय नभएका विचरा पशुपक्षीहरूका निमित्त अहोभाग्य हो । भनिएको छ –

ओषध्यः पशवो वृक्षास्तिर्यञ्चः पक्षिणस्तथा । यज्ञार्थं निधनं प्राप्ताः प्राप्नुवन्त्युत्सृतीः पुनः ।।
मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि । अत्रैव पशवो हिंस्या नान्यत्रेत्यब्रवीन्मनुः ।।
एंष्वर्थेषु पशून्हिंसन्वेदतत्त्वार्थविद् द्विजः । आत्मानञ्च पशुञ्चैव गमयत्युत्तमां गतिम् ।। – मनुस्मृति

पत्नी, पुत्र, गृह, धन, सम्पत्ति आदि ऐहिक सुखभोगप्रति आकृष्ट भई प्रवृत्तिमार्गमा लागेका मानिसहरूले यज्ञ–यागादि गर्नु, देवदेवीको पूजा–उपासना गर्नु, देवदेवीको मन्दिरमा पशुपक्षी आदिको बलि दिनु, बलि दिइएका पशुपक्षीको मासु प्रसादको रूपमा खानुजस्ता शास्त्रविहित कर्म गर्दा उनीहरूलाई कुनै दोष लाग्दैन किनकि यो गृहस्थहरूको स्वाभाविक धर्म हो । धन, सम्पत्ति, पत्नी, पुत्र, मांस, मैथुन आदि सबै विषयवासना सर्वथा त्याग गरेर मोक्षमार्गतर्फ लाग्नु चाहिँ अति उत्तम पक्ष हो र अक्षय्य पुण्यप्रदान गर्ने उत्तम मार्ग पनि हो । आदिराज मनुले यही कुरालाई यसरी भनेका छन् –

न मांसभक्षणे दोषो न मद्ये न च मैथुने । प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला ।।

कालिकापुराणमा भनिएको छ – बलिकर्ममा कर्ता उत्तरदिशातर्फ फर्किनुपर्दछ र बलिलाई पूर्वमुख गराई राख्नुपर्दछ। यी दुवै कुरा मिलाएपछि कर्ताले माथिका **'पशु त्वं बलिरूपेण०, चण्डिकाप्रीतिदानेन०, यज्ञार्थं बलय सृष्टाः०'** इत्यादि मन्त्रहरू उच्चारण गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – **पशुस्त्वम्** – 'हे पशु ! आज तिमी बलिका रूपमा मेरा भाग्यले मेरो सामु उभिएका छौ । सर्वरूप र बलिरूप तिमीलाई नमस्कार छ ।' **चण्डिकाप्रीति-** 'हे बलि ! चामुण्डको प्रीति र दाताको आपत्तिनाशका लागि चामुण्डाको बलिका रूपमा प्रयोग गरिने तिमीलाई नमस्कार छ ।' **यज्ञार्थं बलयः०-** 'हे बलि ! आफै ब्रह्माजीले यज्ञका लागि पशुहरूको सृष्टि गर्नुभएको हो । त्यसकारण यज्ञमा गरिने हिंसा कहिले पनि हिंसा नमानिने हुँदा आज म तिम्रो हनन गर्दैछु ।'

यसरी प्रार्थना गरिने विषयमा भगवान् शिव भैरवप्रति भन्नुहुन्छ – हे भैरव ! ऐं **श्रीं ह्रीं** यो मन्त्रद्वारा बलिलाई मेरो स्वरूप जानी चिन्तन गर्नुपर्दछ । त्यसपछि बलिको टाउकोमा फूल राखिदिनुपर्दछ । फूल राखेपछि तरबारको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे खड्ग ! तिमी चण्डिका भगवतीको जिभ्रो बनेर रहेका छौ । तिमीले भक्तलाई देवलोक प्रदान गर्दछौ ।' भनी प्रार्थना गर्नुपर्दछ । त्यसपछि **ह्रीं श्रीं खड्ग०** यस मन्त्रले ध्यान गरी तरबारको पूजा गर्नुपर्दछ । उक्त पूजापछि **हूँ फट्** भन्ने मन्त्रले निर्मल तरबार हातमा धारण गरी बलिलाई छेदन गर्नुपर्दछ । छेदन गरिएपछि त्यो बलिलाई उचालेर **ऐं ह्रीं कौशिकीति रुधिरेणाप्यायताम्** मन्त्र पढी बलि अर्पण गर्नुपर्दछ । दुर्गाको निमित्त गरिने बलिदानमा सर्वत्र यही विधि बताइएको छ ।

मत्स्यसूक्ते – **नवम्यां पूर्ववत्पूजा कर्तव्या भूतिमिच्छता । दक्षिणां वस्त्रयुग्मं च आचार्याय निवेदयेत्।।**

मत्स्यपुराणमा भनिएको छ – नवमीतिथिमा ऐश्वर्यप्राप्तिका लागि पहिले बताएको विधिले कुमारीपूजा गरी आचार्यलाई दक्षिणा र दुई वस्त्र प्रदान गर्नुपर्दछ ।

शतचण्डीविधानम्

अथात्र प्रसङ्गाच्छतचण्डीविधानमुच्यते । रुद्रयामले –

शतचण्डीविधानं च प्रोच्यमानं शृणुष्व तत् । सर्वोपद्रवनाशार्थे शतचण्डीं समारभेत् ।।

शतचण्डीविधि

अब यहाँ प्रसङ्गले शतचण्डीविधि निरूपण गरिन्छ । **रुद्रयामलमा** कुनै दुई व्यक्तिको संवादको प्रसङ्गमा भनिएको छ– शतचण्डीविधि श्रवण गर । भक्तहरूले आफ्ना सम्पूर्ण उपद्रवहरूको नाशका लागि शतचण्डीयज्ञको आरम्भ गर्नुपर्दछ ।

मण्डपवेदीविचारः

षोडशस्तम्भसंयुक्तं मण्डपं पल्लवोज्ज्वलम् । वसुकोणयुतां वेदीं मध्ये कुर्यात्त्रिभागतः ।।
पक्वेष्टकचितां रम्यामुच्छ्राये हस्तसम्मिताम् । पञ्चवर्णरजोभिश्च कुर्यान्मण्डलकं शुभम् ।।
पञ्चवर्णवितानं च किङ्किणीजालमण्डितम् । आचार्येण समं विप्रान्वरयेद्दश सुव्रतान् ।।
ऐशान्यां स्थापयेत्कुम्भं पूर्वोक्तविधिना चरेत् । वारुण्यां च प्रकर्तव्यं कुण्डं लक्षणलक्षितम् ।।

मण्डपवेदी विचार

शतचण्डीयज्ञका लागि सोह्रखाँवाहरूद्वारा तयार गरिएको चारैतिरबाट वृक्षका पालुवाद्वारा सिङ्गारिएको मण्डप

तयार गर्नुपर्दछ । उक्त मण्डपलाई तीनभाग लगाई बीचको भागमा आठकोणको वेदी बनाउनुपर्दछ । पाको इँटाद्वारा बनाइएको त्यो वेदी एकहात उचाइको हुनुपर्दछ । पाँच रङ्गद्वारा तयार गरिएको त्यो वेदी हेर्दैमा आकर्षक हुनुपर्दछ । वेदीमाथि पाँचरङ्गका नयाँ कपडाद्वारा झालरसहित तयार गरिएको चँदुवा टाग्नुपर्दछ । आचार्य एवं आचार्यजस्तै उत्तम आचरण भएका दशजना ब्राह्मणको वरणी गर्नुपर्दछ । पहिले बताइएको कुम्भस्थापनाविधिअनुसार ईशानकोणमा कुम्भस्थापना गर्नुपर्दछ र पश्चिमदिशामा सुलक्षण कुण्ड तयार गर्नुपर्दछ ।

मूर्तिप्रमाणम्

मूर्तिं देव्याः प्रकुर्वीत सुवर्णस्य पलेन वै । तदर्धेन तदर्धेन तदर्धेन महामते ।।
अष्टादशभुजां देवीं कुर्याद्वाष्टकरामपि । पट्टकूलयुगच्छन्नां देवीं मध्ये निधापयेत् ।।

मूर्तिप्रमाण

देवीको एक पलको सुवर्ण मूर्ति तयार गराउनुपर्दछ । एक पलको मूर्ति बनाउन नसके आधा पलको मूर्ति बनाउनुपर्दछ। त्यो पनि बनाउन असमर्थ भएमा पच्चीसमासाको सुवर्णमूर्ति बनाउनुपर्दछ । त्यो मूर्ति अठारहात भएको अथवा आठहात भएको हुनुपर्दछ । रेशमी कपडाद्वारा सिंगारिएको उक्त मूर्तिलाई वेदीको बीचमा स्थापना गर्नुपर्दछ ।

नवार्णमन्त्रजपकथनम्

देवीं सम्पूज्य विधिवज्जपं कुर्युर्दश द्विजाः । शतमादौ शतं चान्ते जपेन्मन्त्रं नवार्णकम् ।।
चण्डीं सप्तशतीं मध्ये सम्पुटोऽयमुदाहृतः ।

नवार्णमन्त्र जप

शतचण्डीमा सर्वप्रथम देवीको पूजा गरी दश ब्राह्मणहरूले १०८ सङ्ख्यामा नवार्णमन्त्र जप गर्नुपर्दछ । त्यसपछि सबैले चण्डीपाठ गर्नुपर्दछ । चण्डीपाठ गरेपछि दश ब्राह्मणले १०८ सङ्ख्यामा नवार्णमन्त्रको जप गर्नुपर्दछ । यसरी जप गरेपछि चण्डीपाठ सम्पुटित हुन्छ ।

पाठक्रमे वृद्धिविचारः

एकं द्वे त्रीणि चत्वारि जपेद्दिनचतुष्टयम् । रूपाणि क्रमशस्तद्वत्पूजनादिकमाचरेत् ।।

पाठक्रम

पहिलो दिन एक-एक पाठ, दोस्रो दिन दुई-दुई पाठ, तेस्रो दिन तीन-तीन पाठ, चौथो दिन चार - चार पाठ गर्दा चौथो दिनमा १०० पाठ हुन्छ । यसरी चारदिन पाठ पुऱ्याएपछि तदनुसार पूजा गर्नुपर्दछ ।

पञ्चमदिने पायसादिना दशांशहोमकथनम्

पञ्चमे दिवसे प्रातर्होमं कुर्याद्विधानतः । गुडूचीं पायसं दूर्वां तिलाञ्शुक्लान्यवानपि ।।
चण्डीपाठस्य होमं तु प्रतिश्लोकं दशांशतः ।।

पाँचौ दिनको कर्म

पाँचौ दिन बिहानीमा विधिपूर्वक हवन गर्नुपर्दछ । चण्डीपाठको दशांश हवन गर्दा गुर्जो, खीर, दूवो, सेतो तिल र जौद्वारा आहुति दिनुपर्दछ ।

ग्रहादिहोमकथनम्

होमं कुर्याद् ग्रहादिभ्यः समिदाज्यचरूनक्रमात् । हुत्वा पूर्णाहुतिं दद्याद् विप्रेभ्यो दक्षिणां क्रमात्।।
कपिलां गां नीलमणिं श्वेताश्वं छत्रचामरे । अभिषेकं ततः कुर्युर्यजमानस्य ऋत्विजः ।।
एवं कृतेऽमरेशान ! सर्वसिद्धिः प्रजायते ।। इति ।

ग्रहादिहोम

त्यसपछि ग्रहहोम गर्नुपर्दछ । सर्वप्रथम समिधा, घ्यू र चरुले आहुति दिनुपर्दछ । त्यसपछि पूर्णाहुतिहवन गरी ब्राह्मणहरूलाई क्रमैले दक्षिणा दिनुपर्दछ । दक्षिणाका साथ कपिला गाई, नीलमणि, सेतो घोडा, छाता, चमर आदि वस्तु पनि टक्र्याउनुपर्दछ । त्यसपछि ऋत्विक्गणले पनि यजमानलाई अभिषेक र आशीर्वाद दिनुपर्दछ । यसरी शतचण्डी गरेपछि सबै किसिमका सिद्धि प्राप्त हुन्छन् ।

सहस्रचण्डीविधानम्

अथ सहस्रचण्डी । सा च तत्रैवोक्ता –

सहस्रचण्डीं विधिवत् शृणु विष्णो महामते । राज्यभ्रंशे महोत्पाते जनमारे महाभये ।।
गजमारेऽश्वमारे च परचक्रभये तथा ।। इत्यादिविविधे दुःखे क्षयरोगादिजे भये ।।
सहस्रचण्डिकापाठं कुर्याद्वा कारयेत्तथा । जापकास्तु शतं प्रोक्ता विंशद्धस्तश्च मण्डपः ।।
भोज्याः सहस्रं विप्रेन्द्रा गोशतं दक्षिणां दिशेत् । गुरवे द्विगुणं देयं शय्यादानं तथैव च ।।
सप्तधान्यं च भूदानं श्वेताश्वं च मनोहरम् ।

कार्यानुसार सहस्रचण्डीविधान

अब सहस्रचण्डीको पाठविधि निरूपण गरिँदैछ । सहस्रचण्डी–विधानको विषयमा रुद्रयामलमा सबै कुरा बताइएको छ । त्यहाँ विष्णुलाई सम्बोधन गर्दै भनिएको छ – हे विष्णु ! हे महामति ! हजुरले एकाग्रचित्त भई सहस्र चण्डीको विधान सुन्नुहोस् – राज्यनाश, ठूलो उत्पात, जनधनको क्षति, महाभय, हात्तीहरूको मृत्यु, घोडाहरूको मृत्यु, शत्रुराजाको भयजस्ता अनेक दुःख र रोगव्याधिजन्य कष्ट हुँदा मानिसले सहस्रचण्डीपाठ गर्नु र गराउनुपर्दछ । सहस्रचण्डीयज्ञमा जप गर्ने ब्राह्मण सयजना हुन्छन् । बीसहातको मण्डप बनाउनुपर्छ । हजार अथवा सयं उत्तम ब्राह्मणलाई भोजन गराउनुपर्दछ र सयगाई दक्षिणाको रूपमा टक्र्याउनुपर्दछ । आचार्यलाई अरू ब्राह्मणभन्दा दुईगुणा बढी दक्षिणा दिनुपर्दछ । यसैगरी उनलाई शय्या, सप्तधान्य, पृथ्वी र सेतो वर्णको सुन्दर घोडा पनि दान गरेर दिनुपर्दछ ।

प्रतिमाविचारः

पञ्चनिष्कमिता मूर्तिः कर्तव्या वाऽर्धमानतः । अष्टादशभुजा देवी सर्वायुधविभूषिता ।।

अवारितान्नं दातव्यं सहस्रं प्रत्यहं विभो । शतं वा नियताहारः पयःपानेन वर्तयेत् ।।

एवं यश्चण्डिकापाठं सहस्रं तु समाचरेत् । तस्य स्यात्कार्यसिद्धिस्तु नात्र कार्या विचारणा ।।

इति । एतद् द्वयं यद्यपि महानिबन्धेषु नास्ति तथापि प्रचाररूपत्वादुक्तमिति दिक् ।

प्रतिमा

पाँच निष्क अर्थात् ४ तोला परिमाणको अथवा त्यसको आधापरिमाण भएको सर्वायुधसम्पन्न दुर्गाको सुवर्णप्रतिमा बनाउनुपर्दछ । कर्ताले दिनदिनै १००० अथवा १०० जना ब्राह्मणलाई सीधा दान गर्नुपर्दछ । कर्ताले परिमित आहार गरी दूध पिउनुपर्दछ । यसरी जसले सहस्रचण्डीपाठ स्वयं गर्दछन् अथवा ब्राह्मणद्वारा गराउँछन्, तिनका सबै कार्य पूरा हुन्छन् भन्ने विषयमा कुनै किसिमको विचार गर्नुपर्दैन । यद्यपि शतचण्डीविधान र सहस्रचण्डीविधान ठूला ग्रन्थहरूमा वर्णन गरिएका छैनन्, तथापि ती यज्ञको व्यापक प्रचार देखिएकाले हामीले यहाँ उल्लेख गरेका छौं ।

वाराहीतन्त्रे –

सङ्कटे समुनप्राप्ते दुश्चिकित्स्यामये तथा । जातिभ्रंशे कुलोच्छेदेऽप्यायुषो नाश आगते ।।

वैरिवृद्धौ व्याधिवृद्धौ धननाशे तथा क्षये । तथैव त्रिविधोत्पाते तथा चैवोपपातके ।।

कुर्याद्यत्नाच्छतावृत्तिं ततः सम्पद्यते शुभम् । श्रेयोवृद्धिः शतावृत्ताराज्यवृद्धिस्तथापरा ।।

मनसा चिन्तितं देवि सिद्ध्येदष्टोत्तराच्छतात् । सहस्रावर्तनाल्लक्ष्मीरावृणोति स्वयं स्थिरा ।।

भुक्त्वा मनोरथान् कामान् नरो मोक्षमवाप्नुयात् । चण्ड्याः शतावृत्तिपाठात् सर्वाः सिद्ध्यन्ति सिद्धयः।।

इति शतचण्डीसहस्रचण्डीविधिः ।

बाराहीतन्त्रमा भनिएको छ – सङ्कट पर्दा, उपचार गर्न नसकिने रोग लाग्दा, जातिच्युत हुँदा, वंशनाश हुँदा आयुको नाश नजिकै देखिँदा, शत्रुको वृद्धि हुँदा, व्याधिको वृद्धि हुँदा, धननाश हुँदा, क्षयरोग लाग्दा, तीनप्रकारका उत्पात हुँदा र आफूद्वारा उपपातक हुनजाँदा सप्तशतीको सय आवृत्ति पाठ गराउनुपर्दछ । त्यसबाट कल्याणवृद्धि र राज्यवृद्धि पनि हुन्छ । १०८ आवृत्ति चण्डीपाठबाट मनले चिताएको पुग्छ । १००० आवृत्ति चण्डीपाठ गर्नाले स्थिरलक्ष्मीले आफै वरण गर्दछिन् । १००० आवृत्ति चण्डीपाठ गर्ने–गराउने मानिसले यस लोकका सम्पूर्ण मनोरथ पूरा गरी अन्तमा मोक्ष प्राप्त गर्दछ । १०० आवृत्ति चण्डीपाठबाट सबै सिद्धिहरू प्राप्त हुन्छन् ।

नवरात्रपारणानिर्णयः

अथ नवरात्रपारणानिर्णयः । सा च दशम्यां कार्या ।

आश्विने मासि शुक्ले तु कर्तव्यं नवरात्रकम् । प्रतिपदादिक्रमेणैव यावच्च नवमी भवेत् ।।

त्रिरात्रं वापि कर्तव्यं सप्तम्यादि यथाक्रमम् ।। इति हेमाद्रौ धौम्यवचनात् ।

'नवमीतिथिपर्यन्तं वृद्ध्या पूजाजपादिकम्' इति प्रागुक्तवचनैर्नवमीपर्यन्तं प्रधानभूतपूजाद्यूक्तेरुपवासादेश्चाङ्गत्वेन तत्पर्यन्तत्वादादिशब्देनोपवासोक्तेः । पूर्वोक्तत्रिरात्रव्रते नवम्या अप्युपोष्यत्वाच्च ।

न च पारणान्तत्वेन त्रिरात्रत्वम् । विष्णुत्रिरात्रादौ तथा प्रसक्तेः । न चात्रोपवासे मानाभाव इति वाच्यम् ।

एवञ्च विन्ध्यवासिन्या नवरात्रोपवासतः । एकभक्तेन नक्तेन तथैवायाचितेन च ।।

पूजनीया जनैर्देवी स्थाने स्थाने पुरे पुरे।। इति हेमाद्रौ भविष्योक्तेः, नवरात्रसमाख्यातो नवम्या अप्युपोष्यत्वाच्च।

नवरात्रपारण निर्णय

अब नवरात्रको पारणसम्बन्धी निर्णय प्रस्तुत गर्दैछ । नवरात्रको पारण दशमीमा गर्नुपर्दछ । **हेमाद्रिमा धौम्यले** भनेका छन् – आश्विनशुक्ल पक्षमा नवरात्रव्रत गर्नुपर्दछ । प्रतिपदादेखि लिएर नवमीसम्मको यो व्रत हुन्छ । असमर्थ भएमा सप्तमीदेखि नवमीसम्म तीन रात व्रत गर्नुपर्दछ । नवमीतिथिपर्यन्त वृद्धिरीतिले अर्थात् दिनअनुसार जप, पाठ र पूजा बढाउँदै व्रत गर्नुपर्दछ भन्ने पहिले उल्लेख भएअनुसार नवमीसम्मको पूजालाई मुख्य कर्तव्य मानिएको छ । उपवास आदि यसका अङ्ग हुन् । **पूजाजपादिकम्०** पदमा रहेको आदिशब्दले उपवासलाई बताउँछ । पूर्वोक्त त्रिरात्रव्रतमा नवमीको पनि उपास्यता रहेको छ । नवमीमा पारण मानी पारणान्त रातलाई समेत गणना गरेर तीनरात पुऱ्याउने तर्क गर्नु हुँदैन । अन्यथा पूरा तीनरात उपवास गरी चौथो दिन पारण गरिने विष्णुत्रिरात्रमा पनि तेस्रो दिन नै पारण गर्नुपर्ने हुनसक्छ। तसर्थ नवरात्रमा दशमीमा नै पारण गर्नुपर्दछ ।

फेरि नवरात्रमा उपवास गर्नुपर्छ भन्ने कुनै प्रमाण छैन भनी कसैले आफ्नो तर्क प्रस्तुत गर्लान् त्यसको हामी उत्तर दिन्छौं। जस्तै **हेमाद्रिमा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – 'यसप्रकार एकभक्त, अयाचित र नक्तद्वारा नौ दिनसम्म उपवास गर्दै मानिसहरूले ठाउँ–ठाउँमा, नगर–नगरमा विन्ध्यवासिनी भगवतीको पूजा गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – नवरात्र भन्ने संज्ञाबाट नौरात पूरा भएपछि दशौं दिन पारण गर्नुपर्ने बुझिन्छ र नवरात्रको नवमी पनि उपवास गर्न योग्य हुनआउँछ।

ननु तिथिह्रासेऽष्टावप्युपवासा भवन्तीति कथं समाख्या । तेन कर्मविशेषे नवरात्रशब्दो रूढः । अत एवोक्तं देवीपुराणे – **तिथिवृद्धौ तिथिह्रासे नवरात्रमपार्थकम्** । इति चेन्न । तिथिह्रासेऽपि नवतिथीनामुपोष्यत्वा–न्नवरात्रत्वाक्षतेः । एतेन रात्रीणां प्राधान्यात् ह्रासे अमामादाय नवत्वमिति मूर्खोक्तिः परास्ता ।

यहाँ प्रश्न हुन्छ कि नवरात्रमा तिथिक्षय हुँदा आठ रात हुने हुँदा कसरी नवरात्र भनियो ? यसको उत्तर यो हो कि नवरात्र भनेको दुर्गापूजनमा रूढशब्द हो । त्यसैले जति रात भए पनि त्यसलाई नवरात्र नै भनिन्छ । यस सम्बन्धमा देवीपुराणमा भनिएको छ – तिथिवृद्धि र तिथिह्रासमा नवरात्रशब्द सार्थक हुँदैन भन्ने भनाइ ठीक छैन । वस्तुतः तिथिहरूको ह्रासमा पनि नौतिथिमा उपवास गरिने हुनाले नवरात्रत्वमा कुनै क्षति हुँदैन ।

हाम्रो यो भनाइबाट नवरात्रमा रात्रिको प्रधानताका कारण तिथिको ह्रास हुँदा अमावास्यासमेतलाई जोडी नौ रात गराउनुपर्छ भन्ने मूर्खहरूको भनाइ परास्त भएको छ ।

यत्तु देवीपुराणे –

कन्यासंस्थे रवौ शक्र ! शुक्लामारभ्य नन्दिकाम् । अयाची ह्यथवैकाशी नक्ताशी अथवाऽब्बदः।।

इति व्रतचतुष्टयमुक्तम्, तल्लोहाभिसारिकविषयम् । तस्य –

जयाभिलाषी नृपतिः प्रतिपत्प्रभृतिक्रमात् । लोहाभिसारिकं कर्म कारयेद्यावदष्टमी ।।

इति भविष्ये अष्टमीपर्यन्तमेवोक्तेः । रूपनारायणेन तु नन्दादिव्रतप्रयोगं पृथगेवोक्त्वा तस्य नवम्यां पारणमुक्तम् ।

यदपि निर्णयदीपे – **आश्विने शुक्लपक्षे तु नवरात्रमुपोषितः। नवम्यां पारणं कुर्याद्दशमीमिश्रिता न चेत्।।**
दशमीमिश्रिता यत्र पारणे नवमी भवेत् । दुःखदारिद्र्यदा ज्ञेया तथा व्रतविनाशिनी ।।
इति ब्राह्मनाम्ना लिखितं वचनम् ।

देवीपुराणमा भनिएको छ – हे इन्द्र ! सूर्य कन्याराशिमा रहँदा शुक्लपक्षको प्रतिपदादेखि आरम्भ गरी अयाचितव्रत, नक्तभोजनव्रत, एकभक्तव्रत अथवा मौनव्रत लिनुपर्दछ भनी चार प्रकारका व्रतको उल्लेख गरिएको छ । हाम्रो भनाइ छ – यी व्रत लौहाभिसारिक कर्मका विषय हुन् । आफ्नो विजय चाहने राजाले प्रतिपदादेखि अष्टमीसम्म लौहाभिसारिक गराउनुपर्दछ भनी **भविष्यपुराण**मा अष्टमीपर्यन्त गरिने व्रतको विधान गरिएको छ ।

फेरि **रूपनारायण**ले नन्दाआदि व्रतप्रयोगको छुट्टै उल्लेख गरेर उक्त व्रतको पारण नवमीमा गर्नुपर्दछ भनेका छन्। **निर्णयदीप**मा **ब्रह्मपुराण**को मत उद्धृत गरी भनिएको जुन वचन हो त्यो यसप्रकार छ – आश्विन शुक्ल पक्षमा नौरात उपवास गरी नवमीतिथिमा पारण गर्नुपर्दछ । दशमीमिश्रित नवमीमा पारण गर्नुहुँदैन । दशमीमिश्रित नवमीमा पारण गर्दा जुन नवमी हुन्छ त्यो दुःख-दारिद्र्यदायक र व्रतनाशक पनि हुन्छ ।

अत्र पारणे रुद्रयामलवचनस्य पूर्वपक्षकथनम्

यच्च रुद्रयामले इति वदन्ति –
अष्टम्या सह कार्या स्यान्नवमी पारणादिने । यो मोहाद्दशमीवेधे नवम्यां चण्डिकां यजेत् ।।
पारणं च प्रकुर्याद्वै तस्य पुण्यं निरर्थकम् । नवम्यां पारिता देवी कुलनाशं करोति वै ।।
तस्मात्तु पारणं कुर्यान्नवम्यां विबुधाधिप ।। इत्यादीनि, यदि समूलानि तदा लौहाभिसारिकनन्दादि-व्रतचतुष्टयविषयाणि । तस्याऽष्टमीपर्यन्तमेवोक्तेरित्युक्तं प्राक् ।

अन्यथा महाष्टम्यां परविद्धायां पारणाविधाने पूर्वनिबन्धैर्विरोधो दुर्वारः स्यात् । यानि तु कैश्चिल्लिखितानि नवम्यां पारणविधायकानि वचनानि तानि हेमाद्र्यादिविरुद्धत्वान्निर्मूलानि । समूलत्वेऽपि यदा दिनद्वये नवमी, तदा द्वितीयदिन उपोष्य तिथ्यन्ते पारणा न, किन्तु नवमीमध्ये कार्येत्येवं ज्ञेयानि शिवरात्रिपारणावत् ।

पारणसम्बन्धमा रुद्रयामलको पूर्वपक्षकथन

रुद्रयामलमा पूर्वपक्षका रूपमा जुन कुरा बताइएको छ त्यो यसप्रकार छ – 'पारण गर्ने दिन अष्टमीविद्धा नवमी उपयुक्त हुन्छ । जसले मोहले दशमीविद्धा नवमीमा चण्डिकाको यजनपूजन गर्दछन् र पारण पनि गर्दछन्, तिनको पुण्य व्यर्थ हुन्छ । नवमीमा पारण गर्नाले नै कुलको वृद्धि हुन्छ र दशमीमा पारण गर्नाले कुलको नाश हुन्छ त्यसकारण नवमीमा नै पारण गर्नुपर्दछ, इत्यादि **रुद्रयामल**का वचन प्रामाणिक हुन् भने ती नन्दा आदि चार प्रकारका व्रतसँग सम्बद्ध विषय हुन् । यस प्रसङ्गका लागि भनिएका होइनन्, किनकि ती व्रत अष्टमीपर्यन्त नै हुन्छन्।

ग्रन्थकार भन्दछन् – **रुद्रयामल**को उक्त वचन स्वीकार गर्ने हो भने नवदुर्गामा परविद्धा महाष्टमीमा पारण गर्नुपर्नेछ र सम्पूर्ण पूर्वग्रन्थहरूसँग अनिवार्य विरोध पर्न जानेछ । जो कसैले नवमीमा पारण गर्नुपर्ने वचन भनेका छन् – ती मत हेमाद्रि आदि ग्रन्थहरूको विरुद्ध भएकाले अप्रामाणिक वचन हुन् । यदि केही प्रामाणिक छन् भने पनि तिनको प्रकारान्तरले अर्थ गर्नुपर्दछ । जस्तै – यदि दुईदिन नवमी छ भने त्यसबेला दोस्रो दिन उपवास गरी तिथिको अन्तमा पारण गर्न हुँदैन। किन्तु नवमीकै बीचमा पारण गर्नुपर्छ भन्ने अर्थ लगाउनुपर्दछ ।

पारणे सूतकादिप्राप्तौ विचारः

अत्र केचित् पारणाहे सूतकादिप्राप्तौ तदतिक्रम्य पारणां कुर्यादित्याहुः । तन्मन्दम् ।

काम्योपवासे प्रकान्ते त्वन्तरा मृतसूतके । तत्र काम्यव्रतं कुर्याद्दानार्चनविवर्जितम् ।।

इति माधवीये कौर्मोक्तेः ।

व्रतयज्ञविवाहेषु श्राद्धे होमेऽर्चने जपे । प्रारब्धे सूतकं न स्यादनारब्धे तु सूतकम् ।।

इति विष्णुवचनाच्चाशौचमध्येऽपि तत्कर्तव्यतावगतेः । पारणान्तत्वाद् व्रतस्य । प्रारम्भस्तु तेनैवोक्तः ।

प्रारम्भो वरणं यज्ञे सङ्कल्पो व्रतसत्रयोः । नान्दीमुखं विवाहादौ श्राद्धे पाकपरिक्रिया ।। इति ।

रुद्रयामलेऽपि – **सूतके पारणं कुर्यान्नवम्यां होमपूर्वकम् ।**

तदन्ते भोजयेद् विप्रान् दानं दद्याच्च शक्तितः ।। इति । तदन्ते – सूतकान्ते ।

पारणमा सूतक लागेमा

केही मानिसहरू पारणको दिन सूतक लागेमा सूतक निवृत्त भएपछि मात्र पारण गर्नुपर्छ भन्दछन्, यो मूर्खतापूर्ण वचन हो । **माधवीयमा उद्धृत कूर्मपुराणको वचनमा** भनिएको छ – 'काम्य उपवासको आरम्भमा जननाशौच वा मरणाशौच पर्न आएमा दान र पूजा छाडी व्रत र उपवास गर्नुपर्दछ ।' यसबारे **विष्णु** भन्दछन् – 'व्रत, विवाह, होम, अर्चन तथा जपको प्रारम्भ गरिसकेकोमा सूतक लाग्दैन । आरम्भ नभएकोमा मात्र सूतक लाग्छ ।' ग्रन्थकार भन्दछन् – विष्णुको यो वचनबाट आशौचकै बीचमा पनि व्रत, यज्ञ आदिको कर्तव्यता सिद्ध हुन आउँछ। व्रतको अन्त पारणमा हुने हुँदा व्रतशब्दबाट पारण पनि लिइन्छ र सूतकमा पनि पारण गर्नु हुन्छ । **विष्णुले** नै भनका छन्– यज्ञमा ब्राह्मण वरणलाई प्रारम्भ मानिएको छ । व्रत र सत्रयागमा सङ्कल्पलाई आरम्भ मानिएको छ । विवाह आदिमा नान्दीमुखलाई प्रारम्भ मानिएको छ । श्राद्धमा पिण्डपाकलाई प्रारम्भ मानिएको छ ।' तसर्थ यज्ञमा ब्राह्मणवरण भइसकेपछि सूतक आइलागेमा आशौच लाग्दैन । व्रत र सत्रयागमा सङ्कल्प गरेपछि सूतक आइलागेमा आशौच लाग्दैन । विवाह आदि माङ्गलिक कार्यमा नान्दीमुख श्राद्ध गरेपछि सूतक आइलागेमा आशौच लाग्दैन । श्राद्धमा पिण्डपाक भइसकेपछि सूतक आइलागेमा आशौच लाग्दैन । **रुद्रयामलमा** भनिएको छ – नवरात्रव्रतमा सूतक आइलागेमा नवमीतिथिमा होम गरी पारण गर्नुपर्दछ । सूतक सकिएपछिमात्र ब्राह्मणभोजन र दान आदि कर्म गर्नुपर्दछ ।

स्त्रीणां रजोदर्शने पारणाविचारः

एवं स्त्रीभिरपि रजोदर्शनमध्ये कर्तव्यमेव पारणम् । **संप्रवृत्तेऽपि रजसि न त्याज्यं द्वादशीव्रतम् ।** इति माधवीये ऋष्यशृङ्गवचनात् । द्वादशीव्रतमित्युपलक्षणम् ।

प्रारब्धदीर्घतपसां नारीणां यद्रजो भवेत् । न तत्रापि व्रतस्य स्यादुपरोधः कदाचन ।।

इति तत्रैव सत्यव्रतवचनात् । किञ्च एकादश्यादौ पञ्चषाशौचपाते मासान्ते पारणापत्तिः, मासोपवासान्ते पञ्चषाशौचपाते जीवनासम्भवश्च।

स्त्रीको रजोदर्शन र पारण

नवरात्रव्रतमा रजस्वला नारीहरूले पनि रजोदर्शन–कालमा नै पारण गर्नुपर्दछ ।[७४]

७४. पूजा अरूबाट गराउनुपर्दछ भनिएको पनि छ – **अन्तरा तु रजोयोगे पूजामन्येन कारयेत् ।**

माधवीयमा ऋष्यशृङ्गको वचन यसप्रकार छ – रजोधर्म हुँदा द्वादशीव्रतको त्याग गर्न हुँदैन । द्वादशीव्रतको त्याग गर्न हुँदैन भन्ने वचन उपलक्षण हो अर्थात् उक्त नियम अन्यत्र पनि लागु हुन्छ भन्ने कुरा जनाउने वचन हो । यसबारे **माधवीयमा सत्यव्रत** आफ्नो मत यसरी बताउँछन् – 'दीर्घकालिक तप प्रारम्भ भइसकेपछि नारीहरूको रजोधर्म भएमा व्रतमा कुनै अवरोध हुँदैन ।' सत्यव्रतको भनाइअनुसार त एकादशी आदि व्रतहरूमा महिनामा दुईएकादशी हुँदा पाँच या छपटक आशौच पर्ने भएकाले महिनाको अन्तमा पारण गर्नुपर्नेछ र मासोपवासको अन्तमा पाँच-छपटक आशौच प्राप्त भएमा जीवनमा नै पारण गर्न सम्भव हुने छैन ।

यत्तु नियमस्था यदा नारी प्रपश्येदन्तरा रजः । उपोष्यैव तु ता रात्रीः स्नात्वा शेषं चरेद् व्रतम् ।।

इत्यङ्गिरोवचनम् । यच्च हारीतवचनम् –

नियमस्थव्रतस्था स्त्री रजः पश्येत्कथञ्चन । त्रिरात्रं तु क्षिपेदूर्ध्वं व्रतशेषं समापयेत् ।।

तद्विधवोपवासविषयम् । तासां तत्र भोजननिषेधादिति केचित् । वयं तु प्रागुक्तसत्यव्रतवचने **दीर्घतपसाम्** इति विशेषणोपादानाद् द्वादशीव्यतिरिक्तसकलैकाहोपवासविषयोऽयं निषेधः । त्रिरात्रनवरात्रादिदीर्घव्रतेषु रजोमध्ये एव पारणेति ब्रूमः । आशौचमध्ये तु सर्वापि पारणा भवति प्रागुक्तकौर्मवचनादिति सिद्धम् । अयं चोपवासपारणानिर्णयः सर्वव्रतेषु बोधव्य इत्यलं भूयसा ।

अङ्गिराको वचन छ कि – 'नियममा रहेकी नारीले बीचमा नै रजोवती हुनुपर्‍यो भने ती रजोमय रातहरूमा उपवास गरून् र चार दिनको नुहाएपछि बाँकी व्रत गरून् ।' फेरि यस्तै **हारीतको** वचन छ – 'व्रतको नियममा रहेकी नारीले बीचमा रजोदर्शन गरिन् भने तीन रात बितेपछि बाँकी व्रत पूरा गरून् ।' विधवाहरूलाई व्रत गर्दा भोजन गर्न निषेध गरिएकाले उक्त दुवै मत विधवाको उपवाससँग सम्बद्ध छन् भन्ने कसैको भनाइ छ ।

ग्रन्थकार भन्दछन् – हाम्रो मत यस्तो छ – पहिले बताइएको **सत्यव्रतको** मतमा **दीर्घतपसाम्०** विशेषणको प्रयोग गरिएको छ । द्वादशीलाई छाडेर सम्पूर्ण एक दिनमा गरिने उपवासहरूको निषेध हो । तीन रातमा गरिने वा नौ रात आदिमा गरिने दीर्घव्रतहरूमा रजोमध्यमा नै पारण गर्नुपर्दछ । आशौचको मध्यमा पारण गर्नुहुन्छ भन्ने कुरा त **कूर्मपुराणको** वचनबाट पनि प्रमाणित हुन्छ । उपवासमा पारणको निर्धारण गर्ने यो निर्णय सबै व्रतहरूमा यसरी नै लागु हुन्छ । यस विषयमा धेरै भन्नु आवश्यक छैन ।

दशम्यां देवीविसर्जनविधिः

दशम्यां देवीं विसर्जयेत् । तदुक्तं दुर्गाभक्तितरङ्गिण्यां देवीपुराणे –

ततः प्रातः पूजयित्वा दशम्यां विधिपूर्वकम् । सम्प्रेषणं तु कर्तव्यं गीतवादित्रनिःस्वनैः ।।

रूपं देहि यशो देहि भगं भगवति देहि मे । पुत्रान् देहि धनं देहि सर्वान् कामांश्च देहि मे ।।

महिषघ्नि महामाये चामुण्डे मुण्डमालिनि । आयुरारोग्यमैश्वर्यं देहि देवि नमोऽस्तु ते ।।

दशमीमा देवीविसर्जन

नवरात्र समाप्त भएपछि दशमीमा देवीको विसर्जन गर्नुपर्दछ । **दुर्गाभक्तितरङ्गिणीमा** उद्धृत **देवीपुराणको** वचनमा भनिएको छ – नवरात्रपछि दशमीतिथिमा प्रातः विधिपूर्वक पूजा गरी गीत र बाजागाजाका साथ देवीलाई

विसर्जन गर्नुपर्दछ । विसर्जन गर्ने क्रममा प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे भगवती ! मलाई रूप दिनुहोस्, यश दिनुहोस्, मेरा शत्रुलाई सखाप पारिदिनुहोस्, मलाई ऐश्वर्य, पुत्र र धन दिनुहोस् र मेरा सबै कामना पूर्ण तुल्याउनुहोस् । हे महिषासुरमर्दिनी महामाया ! हे चण्डिका ! हे मुण्डमालिनी ! मलाई आयु, आरोग्य र ऐश्वर्य दिनुहोस् । म हजुरलाई नमस्कार गर्दछु ।'

देव्या उत्थापनमन्त्राः

इति सम्प्रार्थ्य देवीं तु तत उत्थापयेद् बुधः । उत्तिष्ठ देवि चण्डेशि शुभां पूजां प्रगृह्य च ।।
कुरुष्व मम कल्याणमष्टाभिः शक्तिभिः सह । गच्छ गच्छ परं स्थानं स्वस्थानं देवि चण्डिके ।।

देवीलाई उठाउने मन्त्र

माथि बताएअनुसार प्रार्थना गरेपछि बुद्धिमान् नरनारीले देवीको मूर्ति उठाएर प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे चण्डेशी देवी ! हजुर मैले अर्पण गरेको पूजा लिएर उठ्नुहोस् । हजुरले आफ्ना आठवटी शक्तिका साथ मेरो कल्याण गर्नुहोस् । हे देवी चण्डिके ! अब हजुर आफ्नो धाममा जानुहोस्, जानुहोस् ।'

जले प्रवाहकरणमन्त्राः

'व्रज स्रोतोजलं वृद्ध्यै स्थीयतां च जले त्विह' इति उत्थाप्य जलं नीत्वा –
दुर्गे देवि जगन्मातः स्वस्थानं गच्छ पूजिता । संवत्सरे व्यतीते तु पुनरागमनाय वै ।।
इमां पूजां मया देवि यथाशक्त्योपपादिताम् । रक्षार्थं त्वं समादाय व्रज स्थानमनुत्तमम् ।।
इति जले प्रवाहयेत् ।

मूर्तिलाई जलमा प्रवाहित गर्ने मन्त्र

कर्ताले देवीको मूर्तिलाई उठाउँदा – 'हे देवी ! हजुर मेरो वृद्धिका लागि नदीको जलमा जानुहोस् र त्यहीँ स्थिर भई विराजमान हुनुहोस्' भनी मूर्ति उठाएर जलको समीपमा पुऱ्याई प्रार्थना गरी भन्नुपर्दछ – 'हे दुर्गा अम्बिका ! हे जगदम्बिका! हामीहरूद्वारा पूजा गरिएकी हजुर एक संवत्सर अर्थात् वर्ष पूरा भएपछि फेरि यहाँ आउनका लागि आफ्नो धाममा जानुहोस् । हे देवी ! आफ्नो शक्तिअनुसार मैले गरेको पूजा हाम्रै रक्षाका लागि स्वीकार गरी हजुर आफ्नो उत्तम धाममा जानुहोस् ।' यसरी निवेदन गरेपछि मूर्तिलाई जलमा प्रवाहित गराउनुपर्दछ।

जलप्रवाहपछि घरमा गई ब्राह्मणहरूबाट शान्तिकलशका जलको अभिषेक लिएर ब्राह्मणभोजन गराई दक्षिणाप्रदान गर्नुपर्दछ । आफूले बान्धवहरूका साथ भगवतीको प्रसादग्रहण गर्नुपर्दछ ।

विजयादशमी तन्निर्णयश्च

इयमेव विजयादशमी । सा च द्वितीयदिने श्रवणयोगाभावे पूर्वा ग्राह्या । तदुक्तं हेमाद्रौ स्कान्दे –
दशम्यां तु नरैः सम्यक् पूजनीयाऽपराजिता । ऐशानीं दिशमाश्रित्य अपराह्णे प्रयत्नतः ।।
या पूर्णा नवमीयुक्ता तस्यां पूज्याऽपराजिता । क्षेमार्थं विजयार्थं च पूर्वोक्तविधिना नरैः ।।
नवमीशेषयुक्तायां दशम्यामपराजिता । ददाति विजयं देवी पूजिता जयवर्द्धिनी ।।
तथा – **आश्विने शुक्लपक्षे तु दशम्यां पूजयेन्नरः । एकादश्यां न कुर्वीत पूजनं चाऽऽपराजितम् ।।** इति।
यदा तु पूर्वदिने श्रवणयोगाभावः, परदिने चाल्पाऽपि तद्योगिनी, तदा परैव ।

विजयादशमी र त्यसको विधि

शरत्कालको नवरात्रपछिको दशमी नै विजयादशमी हो । दोस्रो दिन श्रवणनक्षत्र नरहेमा पहिलो दिन नै ग्राह्य हुन्छ। यही कुरा **हेमाद्रि**मा उद्धृत **स्कन्दपुराण**को वचनद्वारा प्रतिपादन गरिएको छ – मानिसहरूले दशमीतिथिमा ईशानदिशाको आश्रय लिएर प्रयत्नपूर्वक अपराजिता भगवतीको पूजा गर्नुपर्दछ । जुन पूर्णा अर्थात् दशमी नवमीले युक्त हुन्छ त्यसमा अपराह्णसमयमा क्षेम र विजयका लागि पूर्वोक्त विधिद्वारा अपराजिताको पूजा गर्नुपर्दछ । नवमीको शेषभागले सहित दशमीमा पूजा गरिएकी जयवर्धिनी भगवती अपराजिताले सधैँ विजय प्रदान गर्दछिन् ।

आश्विनको शुक्लदशमीतिथिमा मानिसहरूले अपराजिताको पूजा गर्नुपर्दछ तर आश्विनको शुक्लएकादशीमा अपराजिताको पूजा गर्नुहुँदैन । जब पहिलो दिन श्रवणनक्षत्रको योग हुँदैन र दोस्रो दिन श्रवणनक्षत्रसहित थोरै भए पनि दशमी हुन्छ भने पूजाका लागि दोस्रो दिन नै लिनुपर्दछ ।

तथा च हेमाद्रौ व्रतकाण्डे कश्यपः –

उदये दशमी किञ्चित्सम्पूर्णैकादशी यदि । श्रवणर्क्षं यदा काले सा तिथिर्विजयाभिधा ।।

श्रवणर्क्षे तु पूर्णायां काकुत्स्थः प्रस्थितो यतः । उल्लङ्घयेयुः सीमानं तद्दिनर्क्षे ततो नराः ।। इति।

काले – अपराह्णे । परदिने पराह्णे श्रवणाभावे तु सर्वपक्षेषु पूर्वैव । मदनरत्नेऽप्येवम् ।

हेमाद्रिको **व्रतकाण्ड**मा उद्धृत **कश्यप**को वचनमा भनिएको छ – जुन दिन उदयकालमा केहीमात्र दशमीको योग हुन्छ, बाँकीमा पूरापूर एकादशी उपस्थित हुन्छ र अपराह्णमा श्रवणनक्षत्रको पनि योग हुन्छ भने त्यो तिथि विजयानामबाट सम्बोधित हुन्छ । श्रवणले सहित पूर्णातिथि अर्थात् विजयादशमीका दिन भगवान् रामचन्द्र रावणमाथि विजय प्राप्त गर्न प्रस्थान गर्नुभएको थियो । तसर्थ जीवनमा सधैँ विजय चाहने मानिसले दशमी र श्रवणको योगमा निष्पन्न हुने विजयादशमीमा आफ्नो घरबाट प्रस्थान गरी गाउँ वा नगरको सीमा नाघ्नुपर्दछ । **उदये दशमी०** इत्यादि पद्यमा रहेको **काले** पदको अर्थ अपराह्णकालमा भन्ने हो । अर्को दिन अपराह्णकालमा श्रवण नरहेको अवस्थामा सबै कृत्यहरूमा पूर्वा अर्थात् पहिलो दिनको दशमीतिथि नै लिनुपर्दछ ।

ज्योतिर्निबन्धे रत्नकोशे च नारदः –

ईषत्सन्ध्यामतिक्रान्तः किञ्चिदुद्भिन्नतारकः । विजयो नाम कालोऽयं सर्वकार्यार्थसिद्धिदः ।।

इषस्य दशमीं शुक्लां पूर्वविद्धां न कारयेत् । श्रवणेनापि संयुक्तां राज्ञां पट्टाभिषेचने ।।

सूर्योदये यदा राजन् दृश्यते दशमी तिथिः । आश्विने मासि शुक्ले तु विजयां तां विदुर्बुधाः ।।

अत्रायं निर्गलितोर्थः – अपराह्णो मुख्यः कर्मकालः, तत्रैव पूजाद्युक्तेः । प्रदोषो गौणः । तत्र दिनद्वयेऽपराह्णव्यापित्वे पूर्वा – प्रदोषव्याप्तेराधिक्यात् । दिनद्वये प्रदोषव्यापित्वे परा – अपराह्णव्याप्तेराधिक्यात् । श्रवणस्तु रोहिणीवदप्रयोजकः। दिनद्वयेऽपराह्णस्पर्शे तु पूर्वा, तत्रापि परदिनेऽपराह्णे श्रवणसत्त्वे परैवेति दिक् ।

ज्योतिर्निबन्ध र **रत्नकोश**मा नारदजी भन्नुहुन्छ – आश्विनको शुक्लपक्षमा सायंकालमा थोरै सन्ध्या बितेपछि अर्थात् तारा उदाउने समयमा अथवा तारा केहीमात्र देखिन थालेपछि त्यो समयलाई सबै कार्यमा सिद्धि प्रदान गर्ने विजयकाल भनिन्छ ।[७५]

७५. यस सम्बन्धमा भृगुको पनि यस्तै भनाइ छ र चिन्तामणिग्रन्थमा यसैगरी विजयकाललाई परिभाषित गरिएको छ ।

आश्विनको शुक्लदशमी श्रवणनक्षत्रले युक्त भए पनि राजाहरूको राज्याभिषेकमा भने पूर्वविद्धा अर्थात् नवमीविद्धा लिनुहुँदैन । आश्विनको शुक्लपक्षमा सूर्योदयको समयमा यदि दशमी देखिन्छ भने त्यसलाई विद्वान्हरूले विजया भन्दछन्।

उक्त सबै मतमतान्तरहरूको मन्थन गर्दै ग्रन्थकार भन्दछन् – **अत्रायं निर्गलितोऽर्थः** अर्थात् अब यहाँ सबैको निचोड अर्थ बताउँछु – आश्विनशुक्लदशमीमा मुख्य कर्मकाल अपराह्न नै हो । किनकि शास्त्रहरूमा नै अपराह्नमा पूजा आदिको विधान गरिएको छ। प्रदोषकाल गौण हो । दशमी दुवै दिन अपराह्नकालमा रहेमा पहिलो दिन लिनुपर्दछ । प्रदोषमा भन्दा व्याप्तिको अधिकताका कारण पहिलो दिन लिन भनिएको हो । दुवै दिन प्रदोषकालमा दशमी रहेमा दोस्रो अर्थात् पछिल्लो दिनको दशमी लिनुपर्दछ किनकि पूर्वाह्नव्याप्तिभन्दा अधिकताका कारण पछिल्लो लिन भनिएको हो । श्रवणको योग मुख्य कारक होइन । भए असाध्यै राम्रो, नभए केही बिगार हुँदैन त्यसैले कृष्णजन्माष्टमीमा रोहिणीको योगजस्तै श्रवणको योगलाई विजयाको अप्रयोजक मानिन्छ । दुवै दिन दशमीले अपराह्नस्पर्श गरेमा पहिलो दिन नै लिनुपर्दछ । त्यसमा पनि दोस्रो दिन श्रवणयोग रहेमा भने पछिल्लो दशमी लिनुपर्दछ ।

शमीवृक्षार्चनकथनम्

अत्र विशेषो भार्गवार्चनदीपिकायां भविष्ये –

शमीयुक्तं जगन्नाथं भक्तानामभयङ्करम् । अर्चयित्वा शमीवृक्षमर्चयेच्च ततः पुनः ।।

शमीमन्त्रकथनम् । शमीमन्त्रस्तु हेमाद्रौ गोपथब्राह्मणे –

अमङ्गलानां शमनीं शमनीं दुष्कृतस्य च । दुःस्वप्ननाशिनीं धन्यां प्रपद्येऽहं शमीं शुभाम् ।।

तथा भविष्ये – **शमी शमयते पापं शमी लोहितकण्टका । धारिण्यर्जुनबाणानां रामस्य प्रियवादिनी।।**

करिष्यमाणयात्रायां यथाकालं सुखं मया । तत्र निर्विघ्नकर्त्री त्वं भव श्रीरामपूजिते ।।

गृहीत्वा साक्षतामार्द्रां शमीमूलगतां मृदम् । गीतवादित्रनिर्घोषैरानयेत् स्वगृहं प्रति ।।

ततो भूषणवस्त्रादि धारयेत्स्वजनैः सह ।। इति ।

शमीवृक्षको अर्चना

भार्गवार्चनदीपिकामा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – भक्तहरूलाई अभय दिने भगवान् जगन्नाथको शमीपत्रसहित षोडशोपचार वा अन्य उपचारले अर्चना गरी फेरि [७६]शमीवृक्षकै अर्चना गर्नुपर्दछ । हेमाद्रिमा उद्धृत गोपथब्राह्मणको वचनमा शमीको प्रशंसा गर्दै भनिएको छ – अमङ्गलहरूको नाश गर्ने, पापहरूको शमन गर्ने र दुःस्वप्न नाश गर्ने मङ्गलमय शमीवृक्षको शरणमा जान्छु ।

त्यसैगरी **भविष्यपुराण**मा भनिएको छ – 'जुन शमीवृक्षका राता रङ्गका काँडा हुन्छन्, जसले अर्जुनका बाण धारण गर्दछ र जसले मीठो र प्यारो वचनद्वारा श्रीरामलाई प्रसन्न तुल्याएको थियो त्यो शमीले पापनाश गर्दछ । रामद्वारा पूजा

---

७६. शमीवृक्ष नपाइने ठाउँमा अश्मन्तक (खमारी) वृक्षको अर्चना गर्नुपर्दछ । अश्मन्तकवृक्षको प्रार्थना गर्नुपर्ने मन्त्र यसप्रकार छ –

अश्मन्तक! महावृक्ष! महादोषनिवारण ! । इष्टानां दर्शनं देहि सर्वशत्रून् निवारय ।।

अर्थात् हे महावृक्ष अश्मन्तक (खमारी) ! तिमीले ठूला-ठूला दोष एवं अपराधहरूको नाश गर्दछौ । हामीले चाहेका पदार्थ प्रदान गर । हाम्रा सबै किसिमका शत्रुहरूको नाश गर । – दौलतराम गौड; निर्णयसिन्धु, पृ. ३७७ ।

गरिएका हे शमीवृक्ष ! मैले गर्न लागेको सुखमय यात्रामा तिमीले विघ्ननिवारण गरिदेऊ ।' यसरी प्रार्थना गर्नुपर्दछ । विजयादशमीका दिन अक्षतासहित शमीका फेदको गिलो माटाको साथ गाउँदै बजाउँदै शमीको शाखालाई आफ्नो घरमा ल्याउनुपर्दछ । त्यसपछि बन्धुबान्धवका साथ अलङ्कार, वस्त्र आदि धारण गर्नुपर्दछ ।

बलिनीराजनकथनम्

अत्रैव बलिनीराजनमुक्तं कृत्यरत्ने । तत्र मन्त्रः –

चतुरङ्गबलं मह्यं निररिष्टं व्रजत्विह । सर्वत्र विजयो मेऽस्तु त्वत्प्रसादात्सुरेश्वरि ।। इति ।

गौडनिबन्धे ज्योतिषे –

कृत्वा नीराजनं राजा बलवृद्ध्यै यथाक्रमम् । शोभनं खञ्जनं पश्येज्जलगोगोष्ठसन्निधौ ।।

अस्य फलानि शुभाशुभदेशश्च तत्रैव ज्ञेयाः ।

बलिनीराजन

कृत्यरत्नमा यसैबेला बलिको नीराजन गर्नुपर्ने कुरा बताइएको छ – 'हे सुरेश्वरी ! हजुरको कृपाबाट मैले चार प्रकारका सेनाको बल प्राप्त गरूँ । कुनै प्रकारको अनिष्टविना त्यो चार प्रकारको बल मलाई प्राप्त होस् र मैले सर्वत्र विजयश्री प्राप्त गर्न सकुँ ।'[७७]

गौडनिबन्धमा ज्योतिषवचन यसप्रकार छ – राजाले बलवृद्धिका लागि क्रमानुसार बलिनीराजन गर्नुपर्दछ त्यसपछि जल, गाई वा गोठको नजिकमा गई अथवा पानीभित्र उभिएर सुन्दर खञ्जन चराको दर्शन गरी प्रार्थना गर्नुपर्दछ। खञ्जनको दर्शनफल, शुभ–अशुभ, देश र काल आदि विषयको ज्ञानका लागि **गौडनिबन्ध, मन्त्रस्थितितत्त्व, तिथितत्त्व** आदि ग्रन्थ हेर्नुपर्दछ ।[७८]

आश्विनशुक्लपौर्णमासीनिर्णयः

आश्विनपौर्णमासी परा ग्राह्या । **'सावित्रीव्रतमन्तरेण भवतोऽमापौर्णमास्यौ परे'** इति दीपिकोक्तेः ।

आश्विनशुक्लपौर्णमासी निर्णय

आश्विनमासको पूर्णिमा पछिल्लो दिनको लिइन्छ । **दीपिकामा** भनिएको छ – सावित्रीव्रत छाडी अरू व्रत, उपवास आदिमा आश्विनशुक्लपूर्णिमा परा अर्थात् पछिल्लो लिनुपर्दछ ।

आश्विनपौर्णमास्यां जागरणादिकथनम्

अत्र विशेषस्तिथितत्त्वे लैङ्गे –

आश्विने पौर्णमास्यां तु चरेज्जागरणं निशि । कौमुदी सा समाख्याता कार्या लोकैर्विभूतये ।।

---

७७. सेना चार प्रकारका हुन्छन् – गजसेना, अश्वसेना, रथसेना र पैदलसेना – हस्त्यश्वरथपादातं सेनाङ्गं स्याच्चतुष्टयम् ।। – अमरकोश, २/८/३३ । गजो वाजी रथः पत्तिः सेनाङ्गं स्याच्चतुर्विधम् ।। – अभि. चिन्ता. ३/४१५ ।

७८. खञ्जनको प्रार्थना गर्ने मन्त्र – नीलग्रीव शुभग्रीव सर्वकामफलप्रद । पृथिव्यामवतीर्णोऽसि खञ्जरीट नमोऽस्तु ते ।। – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत् ।

कौमुद्यां पूजयेल्लक्ष्मीमिन्द्रमैरावतस्थितम् । सुगन्धिर्निशि सद्वेष अक्षैर्जागरणं चरेत् ।। तथा-
निशीथे वरदा लक्ष्मीः को जागर्तीति भाषिणी । तस्मै वित्तं प्रयच्छामि अक्षैः क्रीडां करोति यः ।।

आश्विन पूर्णिमामा जागरण आदि

तिथितत्त्वमा उद्धृत **लिङ्गपुराणको** वचनमा आश्विनपूर्णिमामा कौमुदीमहोत्सव मनाउने विषय निरूपण गर्दै भनिएको छ - आश्विन पूर्णिमाको रातमा जागरण गर्नुपर्दछ । आश्विनपूर्णिमालाई कौमुदी पनि भनिन्छ । मानिसहरूले ऐश्वर्य प्राप्त गर्न कौमुदीमहोत्सव मनाउनुपर्दछ । कौमुदीमा लक्ष्मी र ऐरावतमा सवार भएका इन्द्रको पूजा गर्नुपर्दछ । सुगन्धित पदार्थले सम्पन्न भई उत्तम वेषभूषाले सजिएर जुवा खेल्दै रातभर जाग्राम गर्नुपर्दछ । पूर्णिमाको आधा रातमा वरदायिनी लक्ष्मीले आएर भन्नुहुन्छ - **इदानीं - को जागर्ति ?** अर्थात् अहिले आधारातमा को जागा छ ? म आधा रातमा जुवा खेलिरहेको मानिसलाई वर प्रदान गर्दछु ।

आश्वयुजीकर्म

अत्रैवाश्वयुजीकर्मोक्तमाश्वलायनेन - **'आश्वयुज्यमाश्वयुजीकर्म'** इति, तच्छेषपर्वणि कार्यम् । विकृतित्वात् । तत्र पूर्वाह्णव्यापिनी ग्राह्या । दैवकर्मत्वात् । आग्रयणं तु पर्वणि कार्यम् । **शरद्याग्रयणं नाम पर्वणि स्यात्तदुच्यते।** इति शौनकोक्तेः । तत्रापि शेषपर्वणि कार्यमिति प्रागुक्तम् ।

तच्च **'व्रीहिभिरिष्ट्वा व्रीहिभिरेव यजेत् । यवेभ्यो यवैरिष्ट्वा यवैरेव यजेत् व्रीहिभ्यः'** इति श्रुत्या दर्शपौर्णमासयोरेककर्मत्वेनैकद्रव्यनियमाद्दर्शेष्ट्याः परं पौर्णमासेष्ट्याश्च प्राग्भवतीति हेमाद्र्यादयः । **दर्शेष्ट्याः परमुक्तमाग्रयणकं** प्राक्पौर्णमासाच्च तत् । इति दीपिकोक्तेश्च । तच्चाग्रयणं त्रेधा व्रीह्याग्रयणं यवाग्रयणं श्यामाकाग्रयणं चेति ।

आश्विनपूर्णिमामा गरिने कृत्य

आश्वलायनले आश्विनपूर्णिमामा आश्वयुजीकर्म गर्नुपर्ने कुरा बताएका छन् - आश्विनपूर्णिमालाई आश्वयुजी भनिन्छ र त्यसमा गरिने कर्मलाई आश्वयुजीकर्म भनिन्छ । यो विकृतियज्ञ भएकाले यसलाई पूर्णिमाको अन्त्यभागमा सम्पन्न गर्नुपर्दछ । यो दैवकर्म भएकाले पूर्वाह्णव्यापिनी पूर्णिमा लिनुपर्दछ । आग्रयणपर्व अमावास्यामा गर्नुपर्दछ ।

शौनकले भनेका छन् - शरत्कालमा आग्रयणकर्म अमावास्यामा गर्नुपर्दछ । यसलाई पनि शेषपर्वमा गर्नुपर्छ भनी पहिले चर्चा गरिएको छ । **व्रीहिरिष्ट्वा व्रीहिभिरेव यजेत यवेभ्यो यवैरिष्ट्वा यवैरेव यजेत व्रीहिभ्यः** अर्थात् जबसम्म जौ पैदा हुँदैन तबसम्म व्रीहि अर्थात् चामलद्वारा नै यज्ञ गर्नुपर्दछ । फेरि 'धान्य उत्पत्ति नहुँदासम्म जौबाट नै आग्रयण गर्नुपर्दछ, जौबाट नै आग्रहण गर्नुपर्दछ' भन्ने श्रुतिवचनबाट दर्श र पूर्णिमामा गरिने यज्ञ एउटै कर्म देखिनाले दर्शेष्टिपछि र पौर्णमासेष्टिभन्दा पहिले आग्रयण सम्पन्न गरिन्छ भन्ने कुरा **हेमाद्रिले** बताएका छन् । **दीपिकामा** पनि दर्शेष्टिभन्दा पछि र पौर्णमासेष्टिभन्दा पहिले आग्रयण गर्नुपर्छ भन्ने कुरा बताइएको छ । यो आग्रयण तीन प्रकारको हुन्छ - व्रीह्याग्रयण, यवाग्रयण र श्यामाकाग्रयण ।[७९]

(७९. क) आग्रयण कृत्यको विषयमा शतपथब्राह्मण (२/४/३) मा विस्तारपूर्वक बताइएको छ । यसैगरी आपस्तम्ब, आश्वलायन, कात्यायन, बौधायन आदि स्मृतिहरूमा पनि यसको निरूपण गरिएको पाइन्छ । आश्वलायनले आग्रयणको व्युत्पत्ति गर्दै भनेका छन् - **अग्रे अयनम् - भक्षणम्, येन कर्मणा तदाग्रयणम् । प्रथमद्वितीययोर्ह्रस्वदीर्घत्वव्यत्ययः** । अर्थात्

ब्रीहियवाभ्यां यजने मासकथनम्

एषां कालः श्रुतौ – **गृहमेधी ब्रीहियवाभ्यां शरद्वसन्तयोर्यजेत श्यामाकैर्नीवारैर्वर्षास्वापत्कालेनान्येन पुराणैर्वा'** इति । आपस्तम्बोऽपि – **'वर्षासु श्यामाकैर्यजेत शरदि ब्रीहिभिर्वसन्ते यवैर्यथर्तुवैणुयवैः'** इति । तत्रापि श्यामाकाग्रयणमनित्यम् । इतरे तु अनाहिताग्नेर्नित्ये । यवाग्रयणं च कार्यमिति स्मार्तवृत्तावुक्तत्वात् सूत्रे ब्रीहियवदेवतासम्बद्धानामेव मन्त्राणामाम्नायाच्च । आहिताग्नेस्तु यवाग्रयणस्याप्यनित्यत्वम् । **'अपि वा क्रिया यवेषु'** इति सूत्रात् । यद्वा ब्रीह्याग्रयणेन समानतन्त्रता । **'श्यामाकैस्तु प्रस्तरं कुर्यान्नाग्रयणम् । यदि वा तदपि समानतन्त्रम्'** इत्यादिनारायणवृत्तौ परिश्रमवतां सुलभमित्यलम् । इदं च पर्वाभावे शुक्लपक्षे देवनक्षत्रे कृत्तिकादिविशाखान्ते कार्यमिति स्मृत्यर्थसारे उक्तम् । बौधायनीये केशवस्यामिनाऽपि तदेव ।

ब्रीहि र यवद्वारा यजनमा उपयुक्त ऋतु एवं महिना

श्रुतिमा ब्रीहि–आग्रयणको समय बताइएको छ । गृहस्थले ब्रीहि अर्थात् धान एवं यव अर्थात् जौद्वारा क्रमशः शरद् र वसन्तमा यजन गर्नुपर्दछ । वर्षाऋतु अर्थात् श्रावण र भाद्रमा सामाधान र नीवारद्वारा यज्ञ गर्नुपर्दछ अथवा अन्य नवान्नद्वारा यज्ञ गर्नुपर्दछ अथवा पुराना अन्नद्वारा यज्ञ गर्नुपर्दछ ।

आपस्तम्ब भन्दछन् – वर्षामा श्यामाक अर्थात् सामाधानद्वारा यज्ञ गर्नुपर्दछ, शरत्कालमा ब्रीहि अर्थात् चामलद्वारा यज्ञ गर्नुपर्दछ र वसन्तमा यव अर्थात् जौद्वारा यज्ञ गर्नुपर्दछ । ऋतुअनुसार वेणुयव अर्थात् बाँसको बीऊ अथवा इन्द्रजौबाट पनि यज्ञ गर्नुपर्दछ । उक्त कृत्यहरूमा पनि श्यामाकाग्रयण अनित्य छ । ब्रीहिबाट र यवबाट गरिने आग्रयण अनाहिताग्निका लागि नित्य कृत्य हुन् । किनकि **स्मार्तवृत्ति**मा यवाग्रयण गर्नुपर्छ भनिएको छ । सूत्रमा पनि ब्रीहि र यवसँग सम्बद्ध देवताहरूको मन्त्र पाठ

जुन कर्म सम्पन्न गरेपछि सर्वप्रथम नवान्न अथवा प्रथम अन्न भोजन गर्ने अधिकार प्राप्त हुन्छ त्यसलाई आग्रयण भनिन्छ । वस्तुतः आग्रयणशब्द दुइटा पद अग्र र अयनबाट निष्पन्न भएको हो । सोझो हिसाबले अग्रायण भनिनुपर्ने हो तर पहिलो अग्रपदको आदिको अकारलाई आ बनाउने र दोस्रो ग्रा पदको आकारलाई अ बनाउने प्रक्रियाद्वारा आग्रयणशब्दको प्रयोग गर्ने परिपाटी बसाइएको हो । यसरी ह्रस्व हुनुपर्ने ठाउँमा दीर्घ र दीर्घ हुनुपर्ने ठाउँमा ह्रस्व गरी आग्रयणशब्दको निष्पत्ति गरिन्छ। अग्निहोत्रीले आग्रयण नगरीकन धान, जौ र सामाधानको प्रयोग गर्न नहुने भएकाले ती–ती अन्न भित्र्याएपछि आग्रयण गर्नुपर्छ भन्ने शास्त्रहरूको मनाइ छ । यो कर्म पूर्णिमा वा अमावास्याका दिन गर्नुपर्दछ । धान भित्र्याएपछि शरत्कालमा नयाँ चामलद्वारा ब्रीह्याग्रयण गरिन्छ । वसन्तमा जौ भित्र्याएपछि यवाग्रयण गरिन्छ र वर्षाऋतुमा सामाधान भित्र्याएपछि सामाद्वारा श्यामाकाग्रयण गरिन्छ । यो कर्म गर्दा १७ **सामिधेनी०** मन्त्रद्वारा अग्नि प्रज्वलित गरिन्छ । यस कर्मका देवता इन्द्र र अग्नि मानिएका छन्। यसमा दिइने आहुति, पुरोडाश एवं दक्षिणाको सम्बन्धमा पहिले बताइएका स्मृतिग्रन्थहरूमा विस्तृतरूपमा प्रकाश पारिएको छ। – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, पृ. ४६९–५४० ।

ख) आग्रयण पूर्णिमा वा अमावास्यामा गरिन्छ तर नवान्नप्राशनमा समयको नियम छैन । पारस्करगृह्यसूत्रमा **अनाहिताग्नेः नवप्राशनम्** भनी अग्निहोत्र धारण नगर्नेहरूका लागि नवप्राशनको व्यवस्था गरिएको छ । यसैले नवान्नप्राशन र आग्रयण एउटै होइनन् भन्दै पारस्करगृह्यसूत्रका भाष्यकार जयराम भन्दछन् – **नवप्राशनमिति कर्मणो नामधेयम् । न चात्र पौर्णमास्यादिकालनियमः । अनाग्रायणत्वात् ।** कात्यायनश्रौतसूत्रको भूमिकामा भनिएको छ– **अनाहिताग्नेरौपासनिकस्यापि गृह्योक्तरीत्या कर्तव्यमिदं कर्म ।** अर्थात् अग्निहोत्र ग्रहण नगर्नेले पनि आफ्नो गृह्यसूत्रअनुसार आग्रयण गर्नुपर्दछ । उनीहरूले ब्रीहि आग्रयणबाट आरम्भ गरी यवाग्रयणसम्मका सबै कर्म गर्नुपर्दछ । आग्रयणको अर्को नाम नवान्न इष्टि पनि हो । – कात्यायनश्रौतसूत्र, भूमिका भाग, पृ. ४० ।

गर्नुपर्ने कुरा आएको छ । आहिताग्निका निमित्त यवाग्रयण पनि अनित्य मानिएको छ । त्यसै भएर **अपि वा यवेषु** सूत्रमा वापद ग्रहण गरिएको छ, जसको तात्पर्य हुन्छ अथवा यवबाट पनि कर्म गर्नुपर्दछ । अथवा ब्रीहिआग्रयणकै समान देवता र कालको एकता हुनाले यवाग्रयण पनि गर्नुपर्दछ । अर्धधानीको शालाग्निमा र सर्वाधानीको लौकिकाग्निमा गृह्यकर्म हुने हुँदा स्मार्ताग्रायण, श्रौताग्रायणबाट नवान्नप्राशनमा अधिकार हुन्छ । यो समानतन्त्रताको विषय भयो ।

श्यामाकाबाट प्रस्तरनामक इष्टिविशेष गर्नुपर्दछ आग्रयण होइन । श्यामाका अर्थात् सामाधानको चामलबाट र समान तन्त्र भएका ब्रीहि आग्रयण गर्न सकिन्छ भन्ने कुरा अध्ययनमा परिश्रम गर्नेहरूले नारायणवृत्तिबाट अवगत गर्न सक्दछन्।

तात्पर्य के भने श्यामाकचरु असम्भव हुँदा श्यामाकतृणलाई सुखपूर्वक प्रस्तरमा अर्थात् कुशको मुठोमा बिछाएर स्रुवाको स्थापना गर्नुपर्दछ भनिएकाले श्यामाकाग्रयण सिद्ध हुन्छ । यो कर्म पर्वको अभावमा शुक्लपक्षमा कृत्तिकादेखि लिएर विशाखासम्मका देवनक्षत्रमा सम्पन्न गर्नुपर्दछ भन्ने कुरा **स्मृत्यर्थसार**मा बताइएको छ । बौधायनीयमा केशवस्वामीले पनि यही कुरा बताएका छन् ।

परिशिष्टे – **श्यामाकैर्व्रीहिभिश्चैव यवैश्चान्योन्यकालतः । प्राग्यष्टुं युज्यतेऽवश्यं न ह्यत्राग्रयणात्ययः ।।**

त्रिकाण्डमण्डनोऽप्येवम् । यदा त्वेतदाश्विनपौर्णमास्यां क्रियते तदैककालत्वादाश्वयुजीकर्मणोऽस्य च समानतन्त्रता भवति । तदेतद्वृत्तिकृता **'एकबर्हिरिध्माज्य०'** इति सूत्रे स्पष्टमुक्तम् ।

परिशिष्टमा भनिएको छ – श्यामाक(सामा), ब्रीहि र यवद्वारा आ-आफ्नो समयमा आग्रयण गर्नुपर्दछ । परन्तु आग्रयणको लोप गर्न हुँदैन । यही कुरा **त्रिकाण्डमण्डन**ले पनि बताएको छ ।

जब यो कर्म आश्विनपूर्णिमामा गरिन्छ तब एउटै काल हुनाले आश्वयुजी र आग्रयणको समानतन्त्रता हुन्छ । त्यसैले वृत्तिकारले भनेका छन् – दुवै कर्मका एउटै कुश, एउटै इध्म अर्थात् समिधा र एउटै आज्य अर्थात् घिउबाट सम्पादन गर्नुपर्ने कुरा सूत्रमा बताइएको छ ।

नित्ययज्ञाकरणे प्रायश्चित्तादिकथनम्

तस्याकरणे प्रायश्चित्तमुक्तं स्मृतिचन्द्रिकायां कात्यायनेन –

नित्ययज्ञात्यये चैव वैश्वदेवद्वयस्य च । अनिष्ट्वा नवयज्ञेन नवान्नप्राशने तथा ।।

भोजने पतितान्नस्य चरुर्वैश्वानरो भवेत् । कारिकापि–

अकृताग्रयणोऽश्नीयान्नवान्नं यदि वै नरः। वैश्वानराय कर्तव्यश्चरुः पूर्णाहुतिस्तु वा।। इति ।

ऋग्विधाने तु –

समिन्द्रायामन्त्रं च वर्षे वर्षे जपेच्छतम् । आग्रयणं यदा न्यूनं तदा सम्पूर्णमेति तत् ।। इत्युक्तम् ।

एतच्चापदि मलमासे कार्यमन्यथा नेति प्रागुक्तम् । अन्योऽप्याहिताग्न्यादिविशेषः शौनकादेर्ज्ञेय इत्यलं बहुना।

इति आश्विनमासः ।

इति आश्विनशुक्लपक्षान्तर्गतकृत्यानां निर्णायकं पञ्चमं प्रकरणम् ।

आग्रयण नगर्दा प्रायश्चित्त

स्मृतिचन्द्रिकामा आग्रयणेष्टि आदि नगर्दा प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – नित्य यत्र सायंकालिक र प्रातःकालिक यज्ञ नगर्दा, दुई किसिमका वैश्वदेव अर्थात् प्रातःभोजनभन्दा पहिले बलिवैश्वदेव र सायंकालिक भोजनभन्दा पहिले तर्पण नगर्दा, नवीन अन्नप्राशनमा आग्रयणेष्टि नगर्नाले र पतित अन्न भोजन गर्नाले दोष लाग्छ । त्यो दोषनिवारण गर्न वैश्वानर चरु तयार गरी प्रायश्चित्त होम गर्नुपर्दछ ।

कारिकामा पनि भनिएको छ – यदि मानिसले आग्रयणेष्टि नगरी नवान्न भोजन गर्छ भने त्यसले वैश्वानरका लागि चरु तयार गरोस् अथवा पूर्णाहुति गरोस् । (आग्रयणका दिनमा षड्दैवत्यश्राद्ध गर्ने विधान पनि छ ।)[८०]

ऋग्विधानमा भनिएको छ – प्रतिवर्ष उत्तम गृहस्थले – **समिन्द्र राया समिषा रभेमहि सं वाजेभिः पुरुश्चन्द्रैरभिद्युभिः। सं देव्या प्रमत्या वीरशुष्मया गो अग्रयाऽश्वा यत्या रभेमहि ।।** – ऋ. १/५३/५, यो मन्त्र १०० पटक जप गर्नुपर्दछ । त्यसबाट आग्रयणमा भएको न्यूनता परिपूर्ण हुन्छ । यस्तो न्यूनता आपत्ति र मलमासमा पनि हुनसक्छ । अरू प्रमादवश भए-गरिएका न्यूनताको प्रायश्चित्त हुँदैन । अग्निहोत्रीले गर्नुपर्ने विशेषकर्म शौनक आदिका ग्रन्थहरूबाट जान्न सकिन्छ । यस विषयमा अब विस्तृत चर्चा नगरौं ।

निर्णयसिन्धु द्वितीयपरिच्छेदको आश्विनशुक्लपक्षअन्तर्गत नवरात्रमा गरिने कृत्यहरूको निर्णयमा आधारित पञ्चम प्रकरण पूरा भयो ।



८०. हेमाद्रिमा भनिएको छ – **श्यामाकैरिक्षुभिश्चैव पितृणां सार्वकामिकम् । कुर्यादाग्रयणं यस्तु स शीघ्रं सिद्धिमाप्नुयात् ।। नवधान्ये समायाते गृही श्राद्धं समाचरेत् । नवान्नलाभे द्वौ देवा कामकालौ सदैव हि ।।**
अर्थात् पितृहरूका निमित्त सबै कामनाको फल प्रदान गर्ने आग्रहण कर्म जसले सामाधानको चामल र उँखुद्वारा गर्दछ त्यसले छिटै कर्मजन्य सिद्धि प्राप्त गर्दछ । गृहस्थले नयाँ अन्न भित्र्याएपछि श्राद्ध गर्नुपर्दछ । नवान्न भित्र्याउँदा गरिने श्राद्धमा काम र कालनामक विश्वेदेवा हुन्छन् । – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ३८० ।

कार्तिकमासीयकृत्यनिर्णायकं षष्ठं प्रकरणम्

तुलासंक्रान्तौ पुण्यकालः

अथ कार्तिकमासः । तुलासंक्रमे प्रागपरा दश घटिकाः पुण्याः । रात्रौ तु प्रागुक्तम् ।

तुलासंक्रान्तिमा पुण्यकाल

तुलासंक्रान्तिमा पहिलेका १० घडी र पछिल्ला १० घडी पुण्यकाल मानिएका छन् । रात्रिको विषयमा पहिले नै चर्चा भइसकेको छ ।

तुलामकरमेषेषु प्रातःस्नानविधानम्

अथ कार्तिकस्नानम् । तत्र पृथ्वीचन्द्रोदये विष्णुस्मृतिपाद्मयोः –

तुलामकरमेषेषु प्रातःस्नानं विधीयते । हविष्यं ब्रह्मचर्यं च महापातकनाशनम् ।। इति ।

अत्र सौरमास उक्तः । प्राच्याश्चैतदेवाद्रियन्ते ।

तुला, मकर, मेष संक्रान्तिहरूमा प्रातःस्नान विधान

अब कार्तिकस्नानको विषयमा चर्चा गरिन्छ । यसबारे **पृथ्वीचन्द्रोदय** उद्धृत **विष्णुस्मृति** र **पद्मपुराण**को भनाइ यसप्रकार छ – तुला, मकर र मेष संक्रान्तिमा प्रातःस्नान गर्नुपर्दछ । ती संक्रान्तिहरूमा हविष्यभोजन र ब्रह्मचर्यधारण गर्दा ठूला-ठूला पाप नाश भएर जान्छन् । यो सौरमासको कुरा हो । प्राचीन आचार्यहरू सौरमासकै कुरा मन पराउँछन्।

दाक्षिणात्यमते विचारः

दाक्षिणात्यास्तु –

आश्विनस्य तु मासस्य या शुक्लैकादशी भवेत् । कार्तिकस्य व्रतानीह तस्यां वै प्रारभेत्सुधीः ।। इति पाद्मोक्तेः । भार्गवार्चने च –

प्रारभ्यैकादशीं शुक्लामाश्विनस्य तु मानवः । प्रातःस्नानं प्रकुर्वीत यावत् कार्तिकभास्करः ।। इति विष्णुरहस्योक्तेः ।

दाक्षिणात्यमतानुसार विचार

पद्मपुराणको वचनअनुसार **दाक्षिणात्यहरू** भन्दछन् – आश्विनमासको शुक्ल एकादशीदेखि नै कार्तिकमासका व्रतहरूको प्रारम्भ गर्नुपर्दछ। यस सम्बन्धमा **भार्गवार्चनदीपिका**मा उद्धृत **विष्णुरहस्य**को वचन यसप्रकार छ – मानिसहरूले आश्विनमासको शुक्लपक्षको एकादशीतिथिबाट प्रारम्भ गरी कार्तिकमासमा तुलाराशिमा सूर्य रहेसम्म प्रातःकालमा विधिपूर्वक स्नान गर्नुपर्दछ ।

हेमाद्रावादित्यपुराणे – **'पूर्ण आश्वयुजे मासि पौर्णमास्यां समाहितः'** इत्युक्त्वा । **'मासं समग्रं परया च भक्त्या समाप्यते कार्तिकपौर्णमास्याम्'** इत्यन्तेऽभिधानाच्चाश्विनशुक्लैकादश्यां पौर्णमास्यां वारभ्य

कार्तिकशुक्लद्वादश्यां पौर्णमास्यां वा समापयेदित्याहुः । मदनपारिजाते विष्णुः-

कार्तिकं सकलं मासं नित्यस्नायी जितेन्द्रियः । जपन् हविष्यभुक् शान्तः सर्वपापैः प्रमुच्यते ।।

हेमाद्रिमा उद्धृत आदित्यपुराणको वचनमा भनिएको छ – आश्विनमासको पूर्णता भएपछि पूर्णिमाका दिन मनलाई सावधान गराई 'म भक्तिपूर्वक प्रातः स्नान गर्नेछु' भन्दै सङ्कल्प गरेर सम्पूर्ण कार्तिकमास भक्तिपूर्वक प्रातःस्नान एवं पूजाद्वारा बिताई पूर्णिमाका दिन स्नान गर्नुपर्दछ । फेरि अन्त्यमा भनिएको छ – आश्विनमासको शुक्लएकादशीदेखि अथवा पूर्णिमातिथिदेखि स्नान प्रारम्भ गरेर कार्तिकशुक्लद्वादशीमा अथवा पूर्णिमातिथिमा स्नान समाप्त गर्नुपर्दछ ।

मदनपारिजातमा विष्णुको भनाइ छ – कार्तिकमासमा दिनदिनै नुहाउनुपर्छ र जितेन्द्रिय भई बस्नुपर्दछ । आफ्ना इष्टदेवताको मन्त्र र गायत्रीमन्त्रको जप गर्नुपर्दछ । यसरी जप गर्ने क्रममा साधकले हविष्यान्नभोजन गरी शान्तिपूर्वक ईश्वरस्मरण गर्दै समययापन गरेमा त्यो कर्ता सबै पापबाट मुक्त हुन्छ ।

कुरुक्षेत्रादिदेशविशेषे फलकथनम्

अत्र देशविशेषः पाद्मे – कार्तिकं प्रक्रम्य ।

'कुरुक्षेत्रे कोटिगुणो गङ्गायामपि तत्समः । ततोऽधिकः पुष्करे स्याद् द्वारवत्यां च भार्गव ।।

कुरुक्षेत्रादिमा स्नानफल

पद्मपुराणमा कार्तिकपूर्णिमाको वर्णन गर्ने क्रममा देशविशेष वा तीर्थविशेषको महिमा उजागर गर्दै भनिएको छ- कुरुक्षेत्रमा कार्तिकस्नान गर्दा कोटिगुणा फल प्राप्त हुन्छ भने गङ्गास्नान गर्दा पनि उत्तिकै फल प्राप्त हुन्छ । पुष्कर र द्वारकामा कार्तिकस्नान गर्दा कुरुक्षेत्रमा गई गरिएको स्नानबाट प्राप्त हुने पुण्यभन्दा धेरै पुण्य प्राप्त हुन्छ।

मथुरास्नानफलम्

पुण्याः पुर्यश्च सप्तैवं मुनयो मथुराधिका । दुर्लभः कार्तिको विप्रा मथुरायां नृणामिह ।।

यत्रार्चितः स्वकं रूपं भक्तेभ्यः सम्प्रयच्छति ।। इति ।

मथुरामा स्नानफल

हे मुनिहरू ! अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका र द्वारावती गरी सातपुण्य पुरी छन् । तीमध्ये मथुरामा यमुनास्नान गर्दा सर्वाधिक पुण्य प्राप्त हुन्छ । संसारमा मानिसहरूका लागि मथुरामा गरिने कार्तिकस्नानलाई दुर्लभ योग मानिन्छ । जहाँ पूजा गर्दा भगवान् कृष्णले भक्तहरूलाई आफ्नो दिव्यस्वरूपको पनि दर्शन गराउनुहुन्छ।

काश्यां पञ्चनदे कार्तिकस्नानफलम्

इदञ्च स्नानं काशीस्थपञ्चनदेऽप्यतिप्रशस्तम् ।

शतं समास्तपस्तप्त्वा कृते यत्प्राप्यते फलम् । तत्कार्तिके पञ्चनदे सकृत्स्नानेन लभ्यते ।।

कार्तिके बिन्दुतीर्थे यो ब्रह्मचर्यपरायणः । स्नास्यत्यनुदिते भानौ भानुजात्तस्य भीः कुतः ।।

इत्यादि काशीखण्डोक्तेः । भानुजः – यमः ।

काशीमा कार्तिकस्नान

काशीको पञ्चगङ्गाघाटमा कार्तिकस्नान अत्यन्त पुण्यदायक हुन्छ भनिएको छ । त्यस विषयमा **काशीखण्ड**को वचन यसप्रकार छ – सत्ययुगमा १०० वर्षसम्म निरन्तर तपस्या गरेपछि जुन फल प्राप्त हुन्छ त्यो फल कार्तिकमासमा पञ्चगङ्गाघाटमा एकदिन स्नान गर्दा प्राप्त हुन्छ । फेरि **काशीखण्ड**मा नै भनिएको छ कि – कार्तिकमासमा बिन्दुतीर्थमा अर्थात् बिन्दुमाधवतीर्थमा जुन मानिसले ब्रह्मनिष्ठ भई सूर्योदयभन्दा पहिले स्नान गर्दछ त्यसलाई यमराजको भय हुँदैन।

प्रातःस्नानसमयः

इदं च प्रातःस्नानं सन्ध्यां च कृत्वा कार्यम् । तेन विनेतरकर्मानधिकारादिति वर्धमानः । यद्यपि प्रातःसन्ध्यायाः सूर्योदये समाप्तिः, तथापि वचनबलादनुदितहोमवद् भविष्यति ।

प्रातः स्नानसमय

यो विशिष्ट स्नान, नित्यस्नान र सन्ध्यावन्दन गरेपछि गर्नुपर्दछ । **वर्धमान**ले भनेका छन् – प्रातःस्नान र सन्ध्यावन्दन विना अरू कर्ममा अधिकार हुँदैन । यद्यपि प्रातःसन्ध्याको समाप्ति सूर्योदयमा मात्र हुन्छ तापनि वचनको शक्तिबाट अनुदित होम अर्थात् सूर्य नउदाउँदै गरिने होम प्रातःकालमा गरिएझैं प्रातःसन्ध्या सूर्योदयपछि पनि हुनसक्छ ।[८१]

कार्तिकस्नानमन्त्रः

स्नानमन्त्रश्च तत्रैव–

'कार्तिकेऽहं करिष्यामि प्रातःस्नानं जनार्दन । प्रीत्यर्थं तव देवेश दामोदर मया सह ।।
इमं मन्त्रं समुच्चार्य मौनी स्नायाद् व्रती नरः ।। इति ।

कार्तिकस्नानमन्त्र

काशीखण्डमा कार्तिक स्नानका लागि **कार्तिकेऽहं करिष्यामि** इत्यादि मन्त्र बताइएको छ । मन्त्रार्थ यसप्रकार छ- 'हे जनार्दन ! मैले कार्तिकमहिनामा प्रातःस्नान गर्नेछु । हे देवेश ! हजुरको प्रीतिका लागि स्नान गर्नेछु। हे दामोदर ! हजुर सर्वदा मेरो साथमा रहनुहोस् ।' यो मन्त्र उच्चारण गर्दै व्रती मानिसले मौन धारण गरी स्नान गर्नुपर्दछ।

अर्घ्यमन्त्रः

अर्घ्यमन्त्रोऽपि तत्रैव–

व्रतिनः कार्तिके मासि स्नातस्य विधिवन्मम । गृहाणार्घ्यं मया दत्तं दनुजेन्द्रनिषूदन ।।
नित्यनैमित्तिके कृष्ण ! कार्तिके पापनाशने । गृहाणार्घ्यं मया दत्तं राधया सहितो हरे ।।
इमौ मन्त्रौ समुच्चार्य योऽर्घ्यं मह्यं प्रयच्छति । सुवर्णरत्नपुष्पाम्बुपूर्णशङ्खेन पुण्यवान् ।।
सुवर्णपूर्णा पृथिवी तेन दत्ता न संशयः ।। इति ।

---

८१. कात्यायनश्रौतसूत्रअनुसार – प्रातःकालमा सूर्योदय हुनुअगावै अग्निहोत्र सम्पन्न गर्ने विधान गरिएको छ । अनुदितहोम कल्पका आधारमा निर्धारित हुन्छ । यो कल्प यजुर्वेदीको हो अन्यवेदीको होइन । सूर्योदय हुनुभन्दा पहिले गरिने अग्निहोत्र प्रातःकालशब्दको शक्तिबाट सूर्योदयपछि पनि गरिन्छ त्यस्तै यहाँ पनि वचनको शक्तिअनुसार प्रातःकालमा गरिने सन्ध्या सूर्योदय भएपछि पनि गर्न सकिन्छ भन्ने तात्पर्य हो । –दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ३९४ ।

अर्घ्यमन्त्र

काशीखण्डमा नै **व्रतिनः कार्तिके** इत्यादि अर्घ्यमन्त्र पनि बताइएको छ । मन्त्रार्थ यसप्रकार छ – 'हे दैत्यहन्ता! कार्तिकमासमा मैले विधिवत् स्नान गरेको छु । हजुर मेरा दाहिना हुनुहोस् । मैले दिएको अर्घ्य हजुरले ग्रहण गर्नुहोस् । हे हरि ! हे कृष्ण ! पापनाश गर्ने कार्तिकमासमा मैले गरेका नित्य र नैमित्तिककर्मको सम्पूर्तिका लागि मैले दिएको अर्घ्य राधासहित हजुरले ग्रहण गर्नुहोस् ।' भगवान्ले भन्नुभएको छ – 'जसले माथिका दुईमन्त्र उच्चारण गरी मलाई सुवर्ण, रत्न, पुष्प र जलले भरिएको शङ्खद्वारा अर्घ्य चढाउँछ त्यो पुण्यवान् मानिस हो । त्यसले शङ्खबाट अर्घ्य दिँदा सुवर्णले भरिएकी पृथ्वी दान गरेको फल प्राप्त गर्दछ ।'

सम्पूर्णस्नानाशक्तौ त्र्यहं स्नानम्

एवं सम्पूर्णस्नानाशक्तौ त्र्यहं स्नायात् ।

वाराणस्यां पञ्चनदे त्र्यहं स्नातास्तु कार्तिके । अमी ते पुण्यवपुषः पुण्यभाजोऽतिनिर्मलाः ।।

इति काशीखण्डोक्तेः ।

सम्पूर्ण कार्तिकस्नानमा असमर्थ पुरुषले तीनदिन स्नान गर्ने विधान

सम्पूर्ण कार्तिकमासमा स्नान गर्न असमर्थ व्रतालुले कार्तिकमा तीनदिन स्नान गर्नुपर्दछ । काशीखण्डमा भनिएको छ – कार्तिकमहिनामा काशीमा रहेको पञ्चगङ्गाघाटमा जसले तीनदिन स्नान गर्दछन्, ती पुण्यमय शरीर भएका अतिनिर्मल मानिसहरू पुण्यका पात्र बन्दछन् ।

कार्तिकमासे तुलस्यादिमालाधारणकथनम्

अथ मालाधारणम् । तत्र स्कान्दे द्वारकामाहात्म्ये –

निवेद्य केशवे मालां तुलसीकाष्ठसम्भवाम् । वहते यो नरो भक्त्या तस्य वै नास्ति पातकम् ।।

न जह्यात्तुलसीमालां धात्रीमालां विशेषतः । महापातकसंहर्त्रीं धर्मकामार्थदायिनीम् ।।

विष्णुधर्मे–

स्पृशेत्तु यानि लोमानि धात्रीमाला कलौ नृणाम् । तावद्वर्षसहस्राणि वैकुण्ठे वसतिर्भवेत् ।।

मालायुग्मं तु यो नित्यं धात्रीतुलसिसम्भवम् । वहते कण्ठदेशे तु कल्पकोटि वसेद्दिवि ।।

तुलसीकाष्ठसम्भूते माले कृष्णजनप्रिये । बिभर्मि त्वामहं कण्ठे कुरु मां कृष्णवल्लभम् ।।

एवं सम्प्रार्थ्य विधिवन्मालां कृष्णगलेऽर्पिताम् । धारयेत्कार्तिके यो वै स गच्छेद् वैष्णवं पदम् ।।

इति । अत्र मूलं चिन्त्यम् । तथा काशीखण्डे –

कार्तिके मासि मे यात्रा यैःकृता भक्तितत्परैः । बिन्दुतीर्थकृतस्नानैस्तेषां मुक्तिर्न दूरतः ।।

कार्तिकमा तुलसीमाला धारण

अब मालाधारण गर्ने विषयमा निरूपण गरिन्छ । द्वारकामाहात्म्यमा भनिएको छ – जसले भक्तिपूर्वक तुलसीको डाँठबाट माला तयार गरी धारण गर्दछ त्यसका कुनै पनि पाप बाँकी रहँदैनन् । महापातकलाई खरानी तुल्याउने र धर्म,

अर्थ एवं काम पुरुषार्थ प्रदान गर्ने तुलसीको मालालाई कहिले पनि छाड्नु हुँदैन । विशेषतः अमलाको दानाबाट तयार गरिएको माला उत्तम हुन्छ त्यसलाई पनि कहिल्यै छाड्नु हुँदैन ।

विष्णुधर्ममा भनिएको छ – कलियुगमा अमलाको दानाले मानिसका जति रौंको संख्या स्पर्श गर्दछ त्यति वर्षसम्म अमलाको माला धारण गर्ने मानिस वैकुण्ठमा बास गर्दछ । तुलसीको मालाको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे तुलसीको डाँठबाट तयार भएको माला ! कृष्णका भक्तहरूलाई प्यारो लाग्ने हे तुलसीमाला ! म तिमीलाई मेरो कण्ठमा धारण गर्दछु । मलाई कृष्णको प्यारो भक्त तुल्याइदेऊ ।' यसरी प्रार्थना गरेर कृष्णको कण्ठमा अर्पण गरी प्रसादको रूपमा प्राप्त माला धारण गर्ने मानिस विष्णुपदमा प्राप्त हुन्छ । यहाँको मूल विचारणीय छ ।[८२]

काशीखण्डमा वचन छ – जसले भक्तिपूर्वक कार्तिकमासमा मेरो रथयात्रा चलाउँछन् र बिन्दुतीर्थमा स्नान गर्दछन् तिनले छिटै संसारसागरबाट मुक्ति पाउँछन् ।

कार्तिके अगस्त्यादिपुष्पैर्जनार्दनपूजाकथनम्

भार्गवार्चनदीपिकायां नृसिंहपुराणे –

अगस्त्यकुसुमैर्देवं योऽर्चयेच्च जनार्दनम् । दर्शनात्तस्य देवर्षे ! नरकं नाश्नुते नरः ।।

विहाय सर्वपुष्पाणि मुनिपुष्पेण केशवम्। कार्तिके योऽर्चयेद्भक्त्या वाजपेयफलं लभेत् ।।

स्कान्दे कार्तिकमाहात्म्ये –

मालतीमालया विष्णुः केतक्या चैव पूजितः । समाः सहस्रं सुप्रीतो भवेत् ते मधुसूदनः ।।

पृथ्वीचन्द्रोदये पाद्मे –

कार्तिके नार्चितो यैस्तु कमलैः कमलेक्षणः । जन्मकोटिषु विप्रेन्द्र ! न तेषां कमला गृहे ।।

तथा – **कार्तिके केशवे पूजा येषां नाम्ना सुतैः कृता । ते निर्भर्त्स्य रवेः पुत्रं वसन्ति त्रिदिवे सदा।।**

कार्तिकमासमा अगस्त्य आदि पुष्पद्वारा भगवान् जनार्दनको पूजा

भार्गवार्चनदीपिकामा उद्धृत **नृसिंहपुराण**को वचनमा भनिएको छ – जसले अगस्त्यपुष्पद्वारा जनार्दन भगवान्को पूजा गर्दछन् त्यस्ता भक्तपुरुषको दर्शन गर्नाले मानिस नरकमा जाँदैन । कार्तिकमासमा अरू पुष्प छाडी जसले केवल अगस्त्यपुष्पले भगवान् केशवको भक्तिपूर्वक पूजा गर्दछ त्यसले वाजपेययज्ञ[८३] गरेको फल प्राप्त गर्दछ ।

८२. किनकि सम्प्रदायअनुसार विष्णुदीक्षा लिएका वैष्णवले नै अमलाको माला र तुलसीको माला धारण गर्दछन् । सबैले धारण गर्दैनन् । त्यसैले मूल विचारणीय छ भनिएको हो ।

८३. वाजपेयशब्दका अनेक अर्थ बताइएका छन् । तैत्तिरीयब्राह्मण १/३४२ मा भनिएको छ कि– **वाजाप्यो वा एषः । वाज्ञ ह्येतेन देवा ऐप्सन्। सोमो वै वाजपेयः । ....अन्नं वै वाजपेयः ।'** शाङ्ख्यायनश्रौतसूत्र १५/१/४–६ मा भनिएको छ – **पानं वै पेयः । अन्नं वाजः । पानं वै पूर्वमथान्नम् । तयोरुभयोराप्त्यै ।**

वाजपेयशब्दको शाब्दिक अर्थ हो भोजन एवं पेय । शक्तिपान अथवा भोजनको रसपान पनि वाजपेयकै अर्थ हो । यो एक प्रकारको सोमयज्ञ हो । यसमा सोमरसको पान गरिन्छ । यो यज्ञ गर्नाले यजमानले भोजन र शक्ति प्राप्त गर्दछ । यसमा षोडशीयज्ञमा गरिने विधि प्रयोग गरिन्छ । फेरि यो यज्ञ ज्योतिष्टोमयज्ञकै एउटा रूप हो । त्यसो भएतापनि यसका आफ्नै विशेषता छन् । यज्ञमा १७ संख्यालाई महत्त्व दिइएको पाइन्छ । यसमा शस्त्रहरूको संख्या १७ हुन्छ, १७ वटा पशुहरूको बलि दिइन्छ । दक्षिणामा १७ वस्तु प्रदान गरिन्छ । १७ वटै मौला हुन्छन् । ती मौला पनि १७ बित्ता लामा हुन्छन् । यो यज्ञ १७ दिनमा सम्पादन गरिन्छ । यसमा प्रजापतिका लागि १७ वटा प्यालाहरूमा मदिरा भरिन्छ र १७ वटै प्यालामा सोमरस पनि भरिन्छ । यस यज्ञमा १७ वटा रथ हुन्छन् र तिनीमा

स्कन्दपुराणको कार्तिकमाहात्म्यमा भनिएको छ – जसले मालतीको माला अथवा केतकीको माला अर्पण गरी भगवान् विष्णुको पूजा गर्दछ त्यो मानिसमाथि भगवान् मधुसूदन हजारवर्षसम्म प्रसन्न रहनुहुन्छ ।

पृथ्वीचन्द्रोदयमा उद्धृत **पद्मपुराणको** वचनमा भनिएको छ – जसले कार्तिकमहिनामा कमलपुष्पद्वारा भगवान् कमलनयन नारायणको पूजा गर्दैन त्यसका घरमा करोडौं जन्मपर्यन्त लक्ष्मीको वास हुँदैन । त्यहीँ नै भनिएको छ – कार्तिकमासमा जुन–जुन पितृहरूको नाम लिएर तिनका छोराहरूले भगवान् केशवको पूजा गर्दछन् तिनीहरू यमराजलाई तिरस्कार गरी सदा स्वर्गमा निवास गर्दछन् ।

तुलसीदललक्षेण हरेरर्चनम्

तुलसीदललक्षेण कार्तिके योऽर्चयेद्धरिम् । पत्रे पत्रे मुनिश्रेष्ठ मौक्तिकं लभते फलम् ।।

एकलाख तुलसीपत्रद्वारा हरिपूजन

जुन मानिसले एकलाख तुलसीदल समर्पण गरी भगवान् नारायणको पूजा गर्दछन् तिनले तुलसीका पत्रको संख्याअनुसार मोतिसमान फल प्राप्त गर्दछन् अर्थात् तुलसीको प्रत्येक पत्र एकमोतिसमान मूल्य भएको फलप्रदान गर्न समर्थ हुन्छ ।

धातृच्छायायां पिण्डदानादिकथनम्

तथा स्कान्दे कार्तिकमाहात्म्ये –

धात्रीच्छाये तु यः कुर्यात्पिण्डदानं महामुने । मुक्तिं प्रयान्ति पितरः प्रसादान्माधवस्य तु ।।

धात्रीच्छायां समाश्रित्य योऽर्चयेच्चक्रधारिणम् । पुष्पे पुष्पेऽश्वमेधस्य फलं प्राप्नोति मानवः।।

तथा स्कान्दे –

कार्तिके मासि विप्रेन्द्र धात्रीवृक्षोपशोभिते । वने दामोदरं विष्णुं चित्रान्नैस्तोषयेद् विभुम् ।।

मूलेन पायसेनाथ होमं कुर्याद् विचक्षणः । ब्राह्मणान् भोजयेच्छक्त्या स्वयं भुञ्जीत बन्धुभिः ।। इति।

अमलाको छायामा पिण्डदान

कार्तिकमाहात्म्यमा भनिएको छ – हे महामुनि ! जसले अमलावृक्षको छायामा रहेर पितृहरूलाई पिण्डदान गर्दछ त्यसका पितृहरूले भगवान् माधवको कृपाबाट गतिमुक्ति प्राप्त गर्दछन् । जसले अमलाको फललाई शरीरभरि धारण गर्दछ अथवा अमलाको फल पिसेर लेपन गर्दछ अथवा सुकेको अमलाको दानालाई आहारका रूपमा प्रयोग गर्दछ त्यो मानिस नारायणसमान बन्दछ । जसले अमलाको फेदमा भगवान् चक्रधर नारायणको पूजा गर्दछ त्यसले पूजामा प्रयोग गरेका प्रत्येक पुष्पबाट अश्वमेधयज्ञसमान फल प्राप्त गर्दछ ।

स्कन्दपुराणमा भनिएको छ – मानिसहरूले कार्तिकमहिनामा अमलाको वृक्षले सुहाएको वनमा गई भगवान्

घोडाहरू जोतिएका हुन्छन् । वेदीको उत्तरपंक्तिमा १७ दमाहा राखिएका हुन्छन् । यो यज्ञ पृथ्वीमा निर्विरोध राज्य र मृत्युपछि इन्द्रको साम्राज्य प्राप्त गर्न चाहने मानिसले गर्नुपर्दछ । यसको सम्पादन शरदऋतुमा गरिन्छ । ब्राह्मण र क्षत्रियहरूले यो यज्ञ गर्ने अधिकार पाएका छन्, वैश्यलाई अधिकार छैन । यसमा प्रजापतिका लागि १७ वटा बाख्रा अर्पण गर्ने विधान रहेको छ । यसमा सोमरस तयार गरिन्छ। वाजपेययज्ञसम्बन्धी विशेष तथ्य तैत्तिरीयब्राह्मण, आश्वलायनब्राह्मण, ताण्ड्यब्राह्मण, वाजसनेयीसंहिता आदिमा रहेका छन्। जिज्ञासुले त्यहींबाट जानकारी लिनुपर्दछ । – पी. बी. काणे, धर्मशास्त्र का इतिहास, प्रथम भाग, पृ. ५५७–५६० ।

दामोदरको पूजा गरेर अनेकथरि रसका अन्नहरू नैवेद्यका रूपमा समर्पण गर्दै भगवान्‌लाई प्रसन्न एवं सन्तुष्ट तुल्याउनुपर्दछ। विद्वान् मानिसले **ॐ नमो भगवते वासुदेवाय** यो मूलमन्त्रले पायसद्वारा हवन गर्नुपर्दछ र यथाशक्ति ब्राह्मणहरूलाई भोजन गराई आफूले पनि बन्धुजनका साथ भोजन गर्नुपर्दछ ।

कार्तिके द्विदलादिवर्जनम्

तथा कार्तिके द्विदलव्रतं प्रागुक्तम्- **कार्तिके द्विदलं त्यजेत्** इति । पाद्मेऽपि कार्तिकमाहात्म्ये –

राजिकामाढकं चैव नैवाद्यात्कार्तिकव्रती । द्विदलं तिलतैलं च तथान्यन्मतिदूषितम् ।।

स्कान्देपि – **कार्तिके वर्जयेत्तद्वद् द्विदलं बहुबीजकम् । माषमुद्‌गमसूराश्च चणकाश्च कुलित्थकाः।।**

निष्पावा राजमाषाश्च आढक्यो द्विदलं स्मृतम् । नूतनान्यपि जीर्णानि सर्वाण्येतानि वर्जयेत्।।

कार्तिकमा द्विदल-निषेध

कार्तिकमा द्विदल हुने अर्थात् दुईकप्टेरा हुने अन्नको त्याग गर्नुपर्ने कुरा पहिले बताइसकिएको छ । **पद्मपुराणको** कार्तिकमाहात्म्यमा भनिएको छ – कार्तिकमा राधिका अर्थात् राई, आढक अर्थात् रहर, द्विदल अर्थात् दलहन, तिलको तेल र अन्य भावदूषित अन्न खानु हुँदैन ।

स्कन्दपुराणमा भनिएको छ – कार्तिकमा द्विदल, बहुबीजक अर्थात् मेथी, भाण्टा, मास, मुँगी, चना, मसुरो र गहत खान हुँदैन । निष्पाव अर्थात् सानो केराऊ, राजमाष अर्थात् राजमा, आढकी अर्थात् रहरलाई द्विदल भनिन्छ । नयाँ-पुराना सबै द्विदलीय अन्न त्याज्य हुन्छन् ।

औत्पत्तिकद्विदलकथनम्

अत्र केचिदुत्पत्तिसमये दलद्वयं यस्य भवति तद् भूतपूर्वगत्या द्विदलमित्युच्यत इत्याहुः, उदाहरन्ति च–

बीजमेव समुद्‌भूतं द्विदलं चांकुरं विना । दृश्यते यत्र सस्येषु द्विदलं तन्निगद्यते ।। इति ।

द्विदल हुने पदार्थको निर्णय

द्विदलका विषयमा केही मानिसहरू भन्दछन् – उत्पत्तिकालमा नै जसका दुइटा दल स्पष्ट देखिन्छन् तिनलाई पहिले उत्पन्न दुईदलको स्थितिको आधारमा द्विदल भनिन्छ । उदाहरण पनि यसरी दिन्छन् कि जुन सस्यमा विना अंकुर बीजमा नै दुईदल देखिन्छन् त्यो अन्न द्विदल कहलाउँछ ।

अन्यमते द्विदलस्वरूपवर्जनकथनम्

अन्ये तु लक्षणायां मानाभावाद् वचनस्य निर्मूलत्वात् द्विदलात्मकं यस्य स्वरूपं तदेव वर्जयेदित्याहुः ।

अरूको मतमा द्विदलको स्वरूपअनुसार निषेध

अरूले त यस्तो लक्षणा गर्नुमा कुनै प्रमाण नरहेका कारण उक्त वचन निर्मूल हुनाले जसको स्वरूप द्विदलात्मक छ त्यो नै निषिद्ध हुन्छ भनेका छन् ।

कार्तिकमासे तैलादिवर्जनम्

तथा नारदीये –

कार्तिके वर्जयेत्तैलं कार्तिके वर्जयेन्मधु । कार्तिके वर्जयेत्कांस्यं कार्तिके शुक्तसन्धितम् ।।

कांस्यं तत्पात्रभोजनम् । शुक्तं पर्युषितम् । संधितं लवणशाकः ।

कार्तिकमा तेल आदिको निषेध

नारदीयपुराणमा भनिएको छ – कार्तिकमासमा तेलको त्याग गर्नुपर्दछ । कार्तिकमा महको त्याग गर्नुपर्दछ । कार्तिकमासमा काँसको भाँडामा भोजन गर्ने कर्म त्याग गर्नुपर्दछ । कार्तिकमासमा बासी अन्नको त्याग गर्नुपर्दछ र अमिला र नुनिला पदार्थ वा अमिलो र नुनिलो अचारको त्याग गर्नुपर्दछ अथवा नुनिलोपन भएको सागको त्याग गर्नुपर्दछ ।

कार्तिकमासे दीपदानादिकथनम्

तत्रैव– **'कार्तिके विष्णुमूर्त्यग्रे दीपदानाद्दिवं व्रजेत्'** । तथा – **'कार्तिके तु कृता दीक्षा नृणां जन्मविमोचनी।'** तथा –

कार्तिके कृच्छ्रसेवी यः प्राजापत्यपरोऽथवा । एकान्तरोपवासी वा त्रिरात्रोपोषितोऽपि वा ।।

षड् वा द्वादश पक्षे वा मासं वा वरवर्णिनि । एकभक्तेन नक्तेन तथैवायाचितेन वा ।।

उपवासेन भैक्षेण व्रजेत परमं पदम् ।' अन्येऽपि नियमाः प्रागुक्ताः ।

कार्तिकमा दीपदान

नारदीयपुराणमा श्रीरामले भन्नुभएको छ – कुनै पनि मानिसले कार्तिकमासमा विष्णुका मूर्तिसामु दीपदान गर्दछ भने स्वर्गमा प्राप्त हुन्छ । कसैले कार्तिकमासमा मन्त्रदीक्षाग्रहण गर्दछ भने त्यो दीक्षाले त्यस मानिसलाई जन्म–मृत्युको चक्रबाट मुक्ति दिलाउँछ ।

नारदपुराणमा नै श्रीरामले भन्नुभएको छ – 'कार्तिकमासमा जसले कृच्छ्रव्रत[८४] एवं प्राजापत्यव्रत[८५] गर्दछन्,

---

८४. कृच्छ्रशब्द अनेक प्रायश्चित्तहरूमा जोडिएको छ । याज्ञवल्क्यले पनि धेरै किसिमका कृच्छ्रप्रायश्चित्तको उल्लेख गरेका छन् । धर्मशास्त्र का इतिहास, भाग – ३, १०८२ पृष्ठमा पनि यस्तै धेरै प्रायश्चित्तव्रतको विषयमा चर्चा गरिएको छ । सामविधानब्राह्मण (१/२/१) मा लेखिएअनुसार ३ दिन दिनमा मात्र हविष्यभोजन, त्यसपछिका ३ दिन रातमा मात्र हविष्यभोजन, त्यसपछिका ३ दिन कसैसँग मागेर नखाने किसिमबाट अरूले आफै दिएको हविष्यान्न भोजन गर्नु र त्यसपछिका ३ दिनसम्म निराहार रही उपवास गर्नुलाई कृच्छ्रव्रत भनिन्छ । यो प्रायश्चित्त १२ दिनको हुन्छ । यसरी प्रायश्चित्तोपवास गरेपछि व्रती छिट्टै पापमुक्त हुन्छ । भनिएको पनि छ– हविष्यान्नं त्र्यहं नक्ताशी अदिवाशी ततस्त्र्यहमयाचितव्रतः त्र्यहं नाश्नातीति किञ्चनेति, कृच्छ्रद्वादशरात्रविधिः।

८५. प्राजापत्यव्रत – वसिष्ठस्मृति (२३/४३) अनुसार यस प्रायश्चित्तमा पहिलो चार दिन दिनमा मात्र, दोस्रो चार दिन रातमा मात्र, तेस्रो चार दिन अयाचित भोजन गरी चौथो चार दिन पूर्ण उपवास गरिन्छ । यसरी यो प्रायश्चित्त १६ दिनको प्राजापत्य प्रायश्चित्त निष्पन्न हुन्छ ।

यसैगरी सान्तपन, महासान्तपन, पर्णकृच्छ्र, तप्तकृच्छ्र, पादकृच्छ्र, अतिकृच्छ्र, कृच्छ्रातिकृच्छ्र, पराक, सौम्यकृच्छ्र, तुलापुरुष, चान्द्रायण आदि प्रायश्चित्तको विषयमा याज्ञवल्क्यस्मृतिको प्रायश्चित्ताध्यायको पाँचौं प्रायश्चित्त प्रकरणमा बताइएको छ । पीबी काणेद्वारा लिखित धर्मशास्त्रका इतिहासको तृतीय भागको अध्याय ५ पृष्ठ१०८१–१०९५ मा पचासौं प्रायश्चित्तहरूको परिचय प्रदान गरिएको छ। जिज्ञासुहरूले उक्त ग्रन्थहरूको अध्ययनबाट शास्त्रीय प्रायश्चित्तका विभिन्न भेदहरूको बोध गर्न सक्दछन् । – पी.बी. काणे, पूर्ववत्, तृतीय भाग, पृ. १०८१–१०९५ ।

एकान्तरोपवास अर्थात् एकदिन बिराएर उपवास गर्दछन्, तीनरातसम्म निरन्तर भोजन नगरी उपवास गर्दछन्, ६ दिन, १२ दिन, १५ दिन अथवा एकमहिनासम्म एकछाकमात्र भोजन गरी उपवास गर्दछन् अथवा रातमा मात्र भोजन गरी उपवास गर्दछन् अथवा अयाचित अर्थात् नमागीकन प्राप्त भएको अन्न भोजन गरेर उपवास गर्दछन् अथवा भिक्षाबाट प्राप्त अन्न भोजन गरेर उपवास गर्दछन् ती मानिसहरू परमपदमा प्राप्त हुन्छन् ।' अरू पनि धेरै नियम छन्, जुन नियमको चर्चा पहिले विभिन्न प्रसङ्गमा गरिसकिएको छ ।

सात्त्विकान्नस्य निरूपणम्

ग्राह्यमुक्तं स्कान्दे-

व्रीहयो यवगोधूमाः प्रियङ्गुतिलशालयः । एते हि सात्त्विकाः प्रोक्ताः स्वर्गमोक्षफलप्रदाः ।।

सात्त्विक अन्नको ग्राह्यता

साधकले सात्त्विकजनहरूले ग्रहण गर्न योग्य अन्न कार्तिकमा ग्रहण गर्नुपर्ने कुरा बताउँदै **स्कन्दपुराण**मा भनिएको छ - चामल, जौ, गहुँ, प्रियङ्गु, तिल र साठीधानलाई सात्त्विक मानिएको छ । सात्त्विक अन्नको सेवनबाट मानिसले स्वर्ग र मोक्ष प्राप्त गर्दछन् ।

बृन्ताकादीनां वर्जनम्

काशीखण्डे-

ऊर्जे यवान्नमश्नीयाद्देवान्नमथवा पुनः । वृन्ताकं सूरणं चैव शूकशिम्बीश्च वर्जयेत् ।।

पृथ्वीचन्द्रोदये पाद्मे - **'नोर्जो बन्ध्यो विधातव्यो व्रतिना केनचित्क्वचित् ।'** तथा नारदीये-

अव्रतेन क्षिपेद्यस्तु मासं दामोदरप्रियम् । तिर्यग्योनिमवाप्नोति नात्र कार्या विचारणा ।।

अन्यान्यपि ताम्बूलतैलकेशकर्तनादिवर्जनसङ्कल्परूपाणि प्रागुक्तानि ।

कार्तिकमा भण्टा आदि पदार्थको सेवनमा निषेध

स्कन्दपुराण काशीखण्डमा बताइएको छ - कार्तिकमा यवान्न र देवान्न भोजन गर्नुपर्दछ । भाण्टा, सूरण[८६] अर्थात् कन्दविशेष, सिमी, काउछो, जस्ता पदार्थको त्याग गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदयमा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ - कुनै पनि व्रत गर्न रुचि राख्ने मानिसले कार्तिकमासलाई बाँझो बनाउनु हुँदैन अर्थात् कार्तिकमा व्रत, उपवास गर्नुपर्दछ ।

यस सम्बन्धमा **नारदीयपुराण**मा भनिएको छ - जसले भगवान् दामोदरको प्यारो कार्तिकमासलाई विनाव्रत बिताउँछ त्यो अर्को जन्ममा पशुयोनिमा प्राप्त हुन्छ । यसमा विचार गर्नुपर्ने कुनै आवश्यकता छैन । पान खानु, तेल लगाउनु, केश काँट-छाँट गर्नुजस्ता अरू निषिद्ध कर्महरूको विषयमा पहिले बताइसकिएको छ ।

---

८६. एउटै मेट्नोमा लामा-लामा धेरै पात हुने, बाँकोको जस्तो नीलो फूल हुने, हरियो घोंगामा राता वा पहेंला फल लाग्ने एक प्रकारको कन्द । - संस्कृत-नेपाली बृहत् शब्दकोश, म.स.वि. वि.सं. २०५७, पृ. १४४२ ।

आकाशदीपदानकथनम्

तथा कार्तिके आकाशदीप उक्तो निर्णयामृते पुष्करपुराणे–

तुलायां तिलतैलेन सायंकाले समागते । आकाशदीपं यो दद्यान्मासमेकं हरिं प्रति ।।
महतीं श्रियमाप्नोति रूपसौभाग्यसम्पदम् ।। इति ।

आकाशदीपदान

निर्णयामृतमा उद्धृत **पुष्करपुराण**को वचनमा कार्तिकमा आकाशबत्ती बाल्नुपर्ने कुरा यसरी बताइएको छ – सूर्य तुलाराशिमा जाने कार्तिकमहिनामा जसले प्रत्येक दिन सायंकालमा एकमहिनासम्म तिलको तेलमा बत्ती बाली नारायणका लागि आकाशदीप प्रदान गर्दछ त्यसले विपुललक्ष्मी, रूप, सौभाग्य र सम्पत्ति प्राप्त गर्दछ ।

कार्तिकदीपदानविधिः

तद्विधिश्च हेमाद्रावादित्यपुराणे– **दिवाकरेऽस्ताचलमौलिभूते गृहाददूरे पुरुषप्रमाणम् ।**
यूपाकृतिं यज्ञियवृक्षदारुमारोप्य भूमावथ तस्य मूर्ध्नि ।।
यवाङ्गुलच्छिद्रयुतास्तु मध्ये द्विहस्तदीर्घा अथ पट्टिकास्तु ।
कृत्वा चतस्राष्टदलाकृतीस्तु याभिर्भवेदष्टदिशानुसारी ।।
तत्कर्णिकायां तु महाप्रकाशो दीपः प्रदेयो दलगास्तथाष्टौ ।
निवेद्य धर्माय हराय भूम्यै दामोदरायाप्यथ धर्मराजे ।।
प्रजापतिभ्यस्त्वथ सत्पितृभ्यः प्रेतेभ्य एवाथ तमःस्थितेभ्यः ।। इति ।

अपरार्के त्वन्यो मन्त्र उक्तः । यथा–

दामोदराय नभसि तुलायां दोलया सह । प्रदीपं ते प्रयच्छामि नमोऽनन्ताय वेधसे ।। इति ।

कार्तिकमा आकाशदीपदानविधि

हेमाद्रिमा उद्धृत **आदित्यपुराण**को वचनमा आकाशदीपदानविधि यसरी बताइएको छ – सूर्य अस्ताचलशिखरमा प्राप्त भएपछि आफ्नो घरनजिकै मानिसको उचाइ र मौलाको आकार भएको यज्ञीय काष्ठलाई जमिनमा गाडेर त्यसको शिरोभागमा काठका पातला दुईहात लम्बाइ भएका चारवटा फलेक बिछ्याउनुपर्दछ । जुन फलेकका बीचमा जौको आकारका औंलाबराबर प्वाल बनाउनुपर्दछ । ती चारवटा फलेकलाई तिनको प्वाल मौलाको माझमा पर्ने गरी बिछ्याई किला ठोक्दा मौलाको एकातर्फ चारवटा र अर्कोतर्फ चारवटा गरी आठवटा भाग तयार हुन्छन् । ती प्रत्येक फलेकले एक–एक दिशाको प्रतिनिधित्व गर्छन् । ती आठतिर फैलिएका फलेकलाई गोलाकार पट्टिकाले बेरी किला ठोकेपछि आठपाते कमलको आकृति तयार हुन्छ । मौलाको टुप्पाको भागमा विशाल दीपदानी राखी त्यसभित्र महाप्रकाश फैलाउने दीपक प्रज्ज्वलित गर्नुपर्दछ भने पूर्व, पश्चिम, उत्तर, दक्षिण, ऐशान्य, आग्नेय, नैऋत्य र वायव्यकोणतर्फका टुप्पा भएका प्रत्येक फलेकमा आठवटा दीपक बाल्नुपर्दछ । उक्त आठवटा दीपकलाई क्रमैले – **धर्माय नमः, हराय नमः, भूम्यै नमः, दामोदराय नमः, धर्मराजाय नमः, प्रजापतये नमः, पितृभ्यो नमः, तमोमयप्रेतेभ्यो नमः**, यी मन्त्रले धर्म, शिव, भूमि, दामोदर, धर्मराज, प्रजापति, पितृगण र अन्धकारमा बस्न बाध्य भएका प्रेतहरूका निमित्त अर्पण गर्नुपर्दछ ।

अपरार्कमा अर्कै दीपदानमन्त्र – **दामोदराय नभसि०** आदि उल्लेख गरिएको छ । मन्त्रको अर्थ यसप्रकार छ – 'म लक्ष्मीका साथ विराजमान हुनुभएका भगवान् दामोदरका लागि तुलासंक्रान्तिका दिन आकाशदीप दान गर्दछु । अनन्तरूप र सकलका सृष्टिकर्ता भगवान् दामोदरलाई म नमस्कार गर्दछु ।'

कार्तिककृष्णचतुर्थीविचारः

कार्तिककृष्णचतुर्थी करकचतुर्थी । सा चन्द्रोदयव्यापिनी ग्राह्या । दिनद्वये तत्त्वे पूर्वा । तत्रैव पूजाद्याम्नातात् ।

कार्तिककृष्ण चतुर्थीविचार

कार्तिककृष्ण चतुर्थीको नाम करकचतुर्थी हो । यो चन्द्रोदयव्यापिनी लिइन्छ । दुवै दिन चन्द्रोदयव्यापिनी भएमा पहिलो दिनको चतुर्थी लिनुपर्दछ । यसैमा पूजा गर्नुपर्ने विधि शास्त्रहरूमा बताइएको छ ।

कार्तिककृष्णपक्षे गोवत्सद्वादशीविचारः

कार्तिकृष्णद्वादशी गोवत्ससंज्ञा । सा प्रदोषव्यापिनी ग्राह्या । दिनद्वये तत्त्वे पूर्वा । युग्मवाक्यात् । **'वत्सपूजा वटश्चैव कर्तव्या प्रथमेऽहनि'** इति निर्णयामृतेऽभिधानाच्च ।

गोवत्सद्वादशीविचार

कार्तिककृष्ण द्वादशीलाई गोवत्सद्वादशी भनिन्छ । यो तिथि प्रदोषव्यापिनी लिनुपर्दछ। दुवै दिन प्रदोषव्यापिनी भएमा पहिलो दिनको तिथि लिनुपर्दछ । एकादशी र द्वादशीको युग्मवाक्य हुँदा पहिलो दिन नै वत्सपूजा र वटपूजा गर्नुपर्दछ भन्ने **निर्णयामृत**मा बताइएकाले पहिलो तिथि नै लिनुपर्दछ ।

गोपूजने अर्घ्यादिनिरूपणम्

अत्र विशेषो मदनरत्ने भविष्ये–

सवत्सां तुल्यवर्णाञ्च शीलिनीं गां पयस्विनीम् । चन्दनादिभिरालिप्य पुष्पमालाभिरर्चयेत् ।।
अर्घ्यं ताम्रमये पात्रे कृत्वा पुष्पाक्षतैस्तिलैः । पादमूले तु दद्याद्वै मन्त्रेणानेन पाण्डव ।।
क्षीरोदार्णवसम्भूते सुरासुरनमस्कृते । सर्वदेवमये मातर्गृहाणार्घ्यं नमो नमः ।।
ततो माषादिसंसिद्धान्वटकान्विनिवेदयेत् । सुरभि त्वं जगन्मातर्देवि विष्णुपदे स्थिता ।।
सर्वदेवमये ग्रासं मया दत्तमिमं ग्रस । ततः सर्वमये देवि सर्वदेवैरलंकृते ।।
मातर्ममाभिलषितं सफलं कुरु नन्दिनि ।। इति प्रार्थयेत् । तथा –
तद्दिने तैलपक्वं च स्थालीपक्वं युधिष्ठिर । गोक्षीरं गोघृतं चैव दधि तक्रं च वर्जयेत् ।।

गोपूजनमा अर्घ्य आदि

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा गोपूजनमा अर्घ्यप्रदानसम्बन्धी कुरा यसरी बताइएको छ – गोवत्सद्वादशीमा गाईको पूजा गर्दा बाच्छोसहितकी एउटै रङ्गकी सोझी र दूध दिने गाईको जिउभरि चन्दन आदि बेसरी दलेर पुष्पमाला पहिर्‍याई पूजा गर्नुपर्दछ । ताँबोको पात्रमा पुष्प, अक्षता र तिलसहित अर्घ्य तयार गरी गाईका चारपाउमा **क्षीरोदार्णवसम्भूते०** इत्यादि मन्त्रपाठ गर्दै अर्घ्य दिनुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – क्षीरसागरबाट पैदा भएकी, देवता र असुरहरूद्वारा पूजा गरिएकी, आफ्ना अङ्ग–प्रत्यङ्गमा सबै देवताहरूलाई धारण गर्ने हे आमा सुरभि ! मैले दिएको यो अर्घ्य ग्रहण गर्नुहोस् । म हजुरलाई नमस्कार गर्दछु ।' यसरी प्रार्थना गरेपछि गाईलाई माष आदिबाट तयार गरिएका वटुक, रोटी आदि अगाडि राखी निवेदन गर्दै भन्नुपर्दछ – हे सुरभि ! हे जगन्माता ! विष्णुपदमा विराजमान सबै

देवताहरूलाई धारण गर्ने हे देवी ! मैले यो वटुक-रोटी चढाएको छु । यो हजुरको प्यारो भोजन हो । यसलाई ग्रहण गर्नुहोस् ।' 'त्यसपछि प्रार्थना गर्दै अङ्ग-प्रत्यङ्गमा सबै देवतालाई धारण गर्नुहुने हे देवी ! सबै देवताहरूद्वारा शोभायमान हे गोमाता ! हे नन्दिनी ! मेरो यो भोजनरूप उपहारबाट हजुरले मेरा सबै इच्छा पूरा गराउनुहोस् ।' यसरी प्रार्थना गर्नुपर्दछ। त्यो दिन कर्ताले कसौंडीमा पकाइएको र तेलमा पकाइएको भोजन, गाईको दूध, घिउ, दही र मही पनि ग्रहण गर्न हुँदैन।

द्वादश्यादिषु नीराजनविधिः

ज्योतिर्निबन्धे नारदः -

आश्विने कृष्णपक्षे तु द्वादश्यादिषु पञ्चसु । तिथिषूक्तः पर्वरात्रे नृणां नीराजनो विधिः ।।

नीराजयेयुर्देवांस्तु विप्रान् गाश्च तुरङ्गमान् । ज्येष्ठाञ्छ्रेष्ठाञ्जघन्यांश्च मातृमुख्याश्च योषितः ।। इति।

द्वादशी आदिमा नीराजन विधि

ज्योतिर्निबन्धमा नारदजीले भन्नुभएको छ – आश्विनकृष्णपक्ष वा चान्द्रमानबाट कार्तिककृष्णपक्षका द्वादशी आदि पाँचतिथिहरूको पहिलो रातमा मानिसहरूले आरती गर्नुपर्दछ । त्यसबेला भक्तहरूले गाई, घोडा, देवता, ब्राह्मण, श्रेष्ठपुरुष, साना वा कान्छा नर-नारी र आमालगायतका परिवारका मान्यनारीहरूको पनि आरती उतार्नुपर्दछ ।

यमदीपदानम्

निर्णयामृते स्कान्दे- **कार्तिकस्यासितेपक्षे त्रयोदश्यां निशामुखे । यमदीपं बहिर्दद्यादपमृत्युर्विनश्यति।।**

यमदीपदान

निर्णयामृतमा उद्धृत स्कन्दपुराणको वचनमा बताइएको छ – कार्तिककृष्णत्रयोदशीतिथिमा रात पर्न लागेपछि घरबाहिर आई यमराजलाई दीपदान गर्नुपर्दछ । त्यसबाट अपमृत्युको नाश हुन्छ ।

यमदीपदानमन्त्रकथनम्

मन्त्रस्तु- **मृत्युना पाशदण्डाभ्यां कालेन श्यामया सह। त्रयोदश्यां दीपदानात्सूर्यजः प्रीयतां मम ।।** इति।

यमदीपदानमन्त्र

मृत्युना० इत्यादि मन्त्र पढ्दै यमलाई दीप दान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – त्रयोदशीतिथिमा गरिएको यो दीपदानबाट मृत्यु, पाश, दण्ड, काल र कालीका साथ सूर्यपुत्र यमराज ममाथि प्रसन्न होऊन् ।

कार्तिककृष्णचतुर्दश्यामभ्यङ्गस्नानविधिकथनम्

कार्तिककृष्णचतुर्दश्यां प्रभाते चन्द्रोदयेऽभ्यङ्गं कुर्यात् । तदुक्तं हेमाद्रौ निर्णयामृते च भविष्योत्तरे –

कार्तिके कृष्णपक्षे तु चतुर्दश्यामिनोदये । अवश्यमेव कर्तव्यं स्नानं नरकभीरुभिः ।।

इनश्चन्द्रः । मदनरत्ने '**विधूदये**' इति पाठः । '**दिनोदये**' इति पाठात्सूर्योदयोत्तरं त्रिमुहूर्ते स्नानं वदतां गौडानां तदनुसारिणां चाज्ञतैव ।

पूर्वविद्धचतुर्दश्यां कार्तिकस्य सितेतरे । पक्षे प्रत्यूषसमये स्नानं कुर्यात्प्रयत्नतः ।। इति ।

कार्तिक कृष्णचतुर्दशीमा अभ्यङ्ग स्नान विधि

कार्तिक कृष्ण चतुर्दशीतिथिका दिन बिहान अथवा चन्द्रोदय हुने समयमा अभ्यङ्गस्नान, चन्दन उवटन आदि शरीरमा दलेपछि नुहाउने काम गर्नुपर्दछ । यस विषयलाई **हेमाद्रि** र **निर्णयामृत**मा उद्धृत **भविष्योत्तरपुराण**को वचनमा यसरी निरूपण गरिएको छ – 'कार्तिककृष्णचतुर्दशीमा चन्द्रोदय हुँदा नरक जानबाट डराउने सज्जनहरूले अभ्यङ्गस्नान गर्नुपर्दछ ।' माथिको श्लोकमा प्रयुक्त इनः शब्दको अर्थ चन्द्रमा हो ।

ग्रन्थकार भन्दछन् – **मदनरत्न** र **कालादर्श**मा – **इनोदये** को सट्टा **विधूदये** भन्ने पाठ रहेको छ । **दिनोदय** पाठ हो भन्दै यसै आधारमा सूर्योदयपछि तीनमुहूर्तभित्र स्नान गर्नुपर्छ भन्ने गौडहरूको अज्ञानता झल्किन्छ । यिनीहरूले भनेका छन् – 'कार्तिककृष्णपक्षको त्रयोदशीविद्ध चतुर्दशीतिथिमा प्रातःकालमा स्नान गर्नुपर्दछ ।'

स्मृतिदर्पणेऽपि – **चतुर्दशी चाश्वयुजस्य कृष्णा स्वात्यर्क्षयुक्ता च भवेत्प्रभाते ।**
स्नानं समभ्यज्य नरैस्तु कार्यं सुगन्धतैलेन विभूतिकामैः ।। इति । पृथ्वीचन्द्रोदये पाद्मे–
आश्वयुक्कृष्णपक्षस्य चतुर्दश्यां विधूदये । तिलतैलेन कर्तव्यं स्नानं नरकभीरुणा ।। इति ।

'**कर्तव्यं मङ्गलस्नानं नरैर्निरयभीरुभिः**' इति कालादर्शे पाठः । उभयत्राश्वयुगित्यमावास्यान्तं मासमभिप्रेत्योक्तम्। तथा – '**तैले लक्ष्मीर्जले गङ्गा दीपावल्याश्चतुर्दशीम्** ।' प्राप्येति शेषः । '**प्रातःस्नानं तु यः कुर्याद्यमलोकं न पश्यति**' इति । दिनद्वयेऽपि चन्द्रोदये चतुर्दशीसत्त्वे तदभावेऽप्यरुणोदये सम्पूर्णे खण्डे वा दिनद्वये चतुर्दशीसमत्वे च पूर्वदिनेऽभ्यङ्गं कुर्यात् । '**पूर्वविद्धचतुर्दश्याम्**' इति वचनात् । पूर्वदिने परदिन एव वा सत्त्वे सैव ग्राह्या । दिनद्वयेऽप्यसत्त्वे अरुणोदयव्यापिनी ग्राह्या । '**पक्षे प्रत्यूषसमये**' इत्युक्तेः । वक्ष्यमाणवचनाच्च । तदभावे तु चतुर्दशीह्रासं पूर्वेद्युः प्रवेश्य पूर्वेऽह्नि त्रयोदशीमध्य एवाभ्यङ्गं कुर्यादिति दिवोदासः । केचिदत्र वचनमपि साधकत्वेन वदन्ति –

तिथ्यादौ तु भवेद्यावान्ह्रासो वृद्धिः परेऽहनि । तावान् ग्राह्यः स पूर्वेद्युरदृष्टोऽपि स्वकर्मणि ।।

इति । तन्मन्दम् । नहीदं वचनं पूर्वदिनस्यापूर्वं ग्राह्यत्वं विधत्ते । नक्तैकभक्तजन्माष्टम्यादौ दिनद्वये कर्मकालव्याप्त्यभावे सर्वत्र पूर्वदिनस्य ग्राह्यत्वप्रसङ्गात् । किन्तु यत्रैकभक्तादौ दिनद्वये कर्मकालव्याप्त्यभावे वाक्यान्तरेण न्यायेन वा पूर्वदिनस्य ग्राह्यत्वमुक्तम्, तत्र मुख्यकाले तत्तिथेरभावेऽपि तत्रैवानुष्ठानबोधकमिदम् । नचात्र तदस्तीति यत्किञ्चिदेतत्। तेन चतुर्थयामगामिनी ग्राह्या ।

स्मृतिदर्पणमा भनिएको छ – स्वातीनक्षत्रले सहित आश्विनकृष्णचतुर्दशीमा ऐश्वर्यकामना गर्ने मानिसले सुगन्धित तेल लगाई स्नान गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **ब्रह्मपुराण**को वचन यसप्रकार छ – 'आश्विनकृष्णपक्ष (चान्द्रमान) वस्तुतः कार्तिककृष्ण चतुर्दशीमा मङ्गलस्नान गर्नुपर्दछ ।' माथिका कुनै वाक्यमा आश्विनमासको प्रयोग जुन भएको छ त्यो अमान्तमास मानेर गरिएको हो । दीपावलीको चतुर्दशीमा तिलमा लक्ष्मी र जलमा गङ्गा प्राप्त हुन्छिन् । जसले प्रातःस्नान गर्दछ त्यसले यमलोकको दर्शन गर्नुपर्दैन ।

दुवै दिन चन्द्रोदयमा चतुर्थी रहेमा अथवा त्यसो नभई अरुणोदयमा चन्द्रमाको सम्पूर्ण बिम्ब देखिएमा अथवा खण्डबिम्ब देखिएमा र दुवै दिन चतुर्दशी बराबर भएमा पहिलो दिनमा नै अभ्यङ्गस्नान गर्नुपर्दछ किनकि पूर्वविद्ध चतुर्दशीमा स्नान गर्नुपर्दछ भन्ने वचन पाइन्छ । माथि बताइएका कुरा जुन दिन राम्ररी मिल्दछन् त्यही दिन स्नान गर्नुपर्दछ। दुवै दिन चन्द्रोदयमा चतुर्दशी रहेमा अरुणोदयव्यापिनी लिनुपर्दछ । पक्षमा प्रत्यूष अर्थात् प्रातःसन्ध्याकाल भनिएको छ

र यस्तै कुरा पछि पनि भनिनेछ । यस्तो नभएमा चतुर्दशीको ह्रासलाई त्रयोदशीमा प्रविष्ट भएको मानेर त्रयोदशीकै मध्यमा अभ्यङ्ग स्नान गर्नुपर्छ भन्ने कुरा **दिवोदास**ले भनेका छन् । कसैले यहाँ वचनविशेषलाई प्रमाणसाधकका रूपमा लिन्छन्। दोस्रो दिन जति तिथिको अंश ह्रास हुन्छ अथवा जति अंश बढेको हुन्छ, ती दुवै स्थितिमा त्यो ह्रासलाई अघिल्लो दिनको तिथिभित्र नदेखिने गरी प्रविष्ट भएको बुझ्नुपर्दछ र त्यो वृद्धिलाई अघिल्लो दिन ह्रास भएको बुझ्नुपर्दछ । यो वचन हो । तर ग्रन्थकार भन्दछन् – यो मूर्खता हो । उक्त वचनले पहिलो दिनलाई अपूर्वरूपमा ग्राह्य तुल्याउँदैन । नक्त, एकभक्त, जन्माष्टमी आदिमा दुवै दिन कर्मकालव्याप्तिको अभावमा पहिलो दिन नै लिनुपर्दछ भनिएको छ । एकभक्त आदिमा दुवै दिन कर्मकालव्याप्तिको अभावमा वाक्यान्तर वा न्यायान्तरबाट पहिलो दिन नै ग्राह्य हुन्छ भनिएको छ । यहाँ मुख्यकालमा तोकिएको तिथि नभएतापनि त्यसैबेला गर्नु भन्ने कुरा यसबाट बुझिन्छ । त्यसैले यहाँ अरू कुनै समस्या छैन । चतुर्थयाममा जुन तिथि हुन्छ त्यसैलाई ग्रहण गर्नुपर्दछ ।

अत एव सर्वज्ञनारायणः –

तथा कृष्णचतुर्दश्यामाश्विनेऽर्कोदयात्पुरा । यामिन्याः पश्चिमे यामे तैलाभ्यङ्गो विशिष्यते।। इति।

'मृगाङ्कोदयवेलायां त्रयोदश्यां यदा भवेत् । दर्शे वा मङ्गलस्नानं दुःखशोकभयप्रदम् ।।

इति कालादर्शे त्रयोदशीनिषेधाच्च । तेनायमर्थः – 'यथाग्निहोत्रे यावज्जीवं सायंप्रातःकालेषु व्याप्यकालस्य गुरुत्वम्, तथात्र चतुर्दशीचतुर्थयामारुणोदयचन्द्रोदयानामुत्तरोत्तरस्य व्याप्यत्वाद् गुरुत्वमिति ।

त्यसकारण **सर्वज्ञनारायण**ले भनेका छन् – आश्विनकृष्ण चतुर्दशीमा सूर्योदयभन्दा पहिले पश्चिमयाम अर्थात् चतुर्थयाममा तैलाभ्यञ्जन गर्नुपर्दछ । चन्द्रोदयबेलामा जब त्रयोदशी अथवा अमावास्या हुन्छ त्यसमा गरिने मङ्गलस्नानबाट दुःख, शोक र भय प्राप्त हुन्छ भनी **कालादर्श**मा त्रयोदशीको निषेध गरिएको छ। तसर्थ निचोड अर्थ यो हो – जसरी अग्निहोत्रमा सायंकाल र प्रातःकालहरूमा व्याप्यकालको गुरुत्व मानिन्छ त्यसै गरी यहाँ चतुर्दशी, चतुर्थयाम, अरुणोदय र चन्द्रोदयको समयमा चतुर्थयामव्याप्यता वा अरुणोदयव्याप्यता भएकाले उत्तरोत्तर गुरुत्वको सिद्धान्त अँगालेर व्यवहार गर्नुपर्दछ ।

तदपि दिवोदासीये –

त्रयोदशी यदा प्रातः क्षयं याति चतुर्दशी । रात्रिशेषे त्वमावास्या तदाभ्यङ्गे त्रयोदशी ।।

इति वचनं तद्धेमाद्रिनिर्णयामृताद्यलिखितत्वेन निर्मूलम् । समूलत्वेऽपि न चतुर्दश्याः सूर्योदयासम्बन्धित्वरूपः क्षयोऽत्र विवक्षितः । सूर्योदयात्प्राक् समाप्तौ चन्द्रोदयकालसत्त्वे च त्वयैवाङ्गीकारात् । किन्तु अभ्यङ्गकालात्प्राक् यदा ह्रासस्तत्परमिदम् । अत एव सर्वज्ञनारायणेन चतुर्थयाममात्रे स्नानमुक्तम् । तथा चोदाहृतम् – '**तथा कृष्णचतुर्दश्याम्**' इति । ज्योतिर्निबन्धे नारदोऽपि –

इषासितचतुर्दश्यामिन्दुक्षयतिथावपि । ऊर्जादौ स्वातिसंयुक्ते तदा दीपावली भवेत् ।।

कुर्यात्संलग्नमेतच्च दीपोत्सवदिनत्रयम् ।।' ये तु त्रयोदशीमध्ये स्नानमाहुस्तेषामाशयं न विद्म इत्यलं भूयसा । यदपि –

अरुणोदयतोऽन्यत्र रिक्तायां स्नाति यो नरः । तस्याब्दिकभवो धर्मो नश्यत्येव न संशयः ।।'

इति दिवोदासीये भविष्यवचनम् । तन्मुख्यकालेऽरुणोदये चतुर्दश्यभावेऽपि तत्रैव स्नातव्यमित्येवंपरमिति सर्वं सिद्धम् । चतुर्घटिकात्मकोऽरुणोदय इति तत्रैवोक्तम् ।

दिवोदासीय वचन यसप्रकार छ – प्रातः त्रयोदशी भएमा, चतुर्दशी क्षीण भएमा र रात्रिशेषमा अमावास्या भएमा त्रयोदशीमा नै अभ्यङ्गस्नान गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो वचन **हेमाद्रि, निर्णयामृत** आदिमा उल्लेख नगरिएकाले प्रमाणहीन छ । यदि त्यो प्रमाणसहित नै हुन्छ भने पनि चतुर्दशीको सूर्योदयसँग सम्बन्ध नहुने खालको क्षय यहाँ भन्न खोजिएको होइन । सूर्योदयभन्दा पहिले चतुर्दशी समाप्त भएमा पनि चन्द्रोदयकाल रहेमा तिमीले नै अभ्यङ्ग स्नान गर्न हुन्छ भनेका छौ । यहाँ त अभ्यङ्ग गर्नुपर्ने समयभन्दा पहिले चतुर्दशी समाप्त हुँदा हुने ह्रासलाई क्षयशब्दले इङ्गित गरिएको हो । जब त्यो ह्रास अरुणोदयभन्दा पहिले अथवा चतुर्थयामभन्दा पहिले हुन्छ त्यसलाई नै क्षयशब्दबाट उल्लेख गरिएको हो । त्यसैले **सर्वज्ञनारायणले** कृष्णचतुर्दशीमा चतुर्थयाममात्रमा स्नान गर्नुपर्छ भन्दै उदाहरण दिएका छन् – **'तथा कृष्णचतुर्दश्याम्'** अर्थात् कृष्णचतुर्थीमा चतुर्थयाममा मात्र स्नान गर्नुपर्दछ ।

ज्योतिर्निबन्धमा नारदले पनि भनेका छन् – 'आश्विनकृष्णपक्षको चतुर्दशी, अमावास्यामा र स्वातीनक्षत्रसहित कार्तिकमासको प्रारम्भ दिवसमा पनि दीपावली उत्सव मनाउनुपर्दछ । यो उत्सव तीनदिनसम्म मनाउनुपर्दछ ।' जसले त्रयोदशीको बीचमा स्नान गर्नुपर्दछ भन्दछन् तिनीहरूको के आशय हो हामीले बुझेका छैनौं । यस बारे धेरै चर्चा आवश्यक छैन । अरुणोदयबाहेक रिक्तातिथिमा जसले स्नान गर्दछ त्यसले वर्षभर गरेका सत्कर्मको नाश हुन्छ । यसमा संशय छैन भन्ने कुरा **दिवोदासीयमा** उद्धृत **भविष्यपुराणमा** बताइएको छ । मुख्यकाल अरुणोदयमा चतुर्दशी नभएतापनि मुख्यकालमा नै स्नान गर्नुपर्दछ । यो ऊहापोहको तात्पर्य यही हो र सबै द्वारा सिद्ध गरिएको विषय पनि यही हो । अरुणोदय चारघडीको हुन्छ भन्ने कुरा पनि त्यहीँ नै बताइसकिएको छ ।

स्नानकाले अपामार्गादिभ्रामणम्

मदनरत्ने पाद्मे – **अपामार्गमथो तुम्बीं प्रपुन्नाटमथापरम् । भ्रामयेत्स्नानमध्ये तु नरकस्य क्षयाय वै ।।**

प्रपुन्नाटश्चक्रमर्दः । मन्त्रस्तु –

सीतालोष्ठसमायुक्तः सकण्टकदलान्वित । हर पापमपामार्ग भ्राम्यमाणः पुनः पुनः ।।

इति । अस्यामेव प्रदोषे दीपान्दद्यादित्युक्तं हेमाद्रौ स्कान्दे –

ततः प्रदोषसमये दीपान्दद्यान्मनोरमान् । ब्रह्मविष्णुशिवादीनां भवनेषु मठेषु च ।।

इति । दिवोदासीये ब्राह्मे –

अमावास्याचतुर्दश्योः प्रदोषे दीपदानतः । यममार्गाधिकारेभ्यो मुच्यते कार्तिके नरः ।।

खण्डतिथौ तु पूर्वेऽह्नि प्रदोषे दीपान्दत्त्वा परेद्युः स्नायादिति दिवोदासीये उक्तम् ।

शिरमा अपामार्ग घुमाउने कार्य

अपामार्ग घुमाउने सन्दर्भमा **मदनरत्नमा** उद्धृत **पद्मपुराणको** वचन यसप्रकार छ – स्नान गर्ने मानिसले स्नानकालमा आफ्नो शिरमा अपामार्ग, लौकी, प्रपुन्नाट अर्थात् चकौंतेजस्ता पदार्थलाई नरकनाशका लागि शिरमा घुमाउनुपर्दछ । त्यसबेला **सीतालोष्ठसमायुक्त०** इत्यादि मन्त्रको पाठ गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'बारीमा हलाको सियोले निकालेको ढेलामा टाँसिएर रहने काँडादार पातले सुहाएका हे अपामार्ग ! मेरा पाप हरण गर । म तिमीलाई जतिपटक शिरमा घुमाउँछु त्यतिपटक मेरा पापहरू हरण गर्दै जाऊ ।'

उक्त चतुर्दशीको प्रदोषको समयमा दीपदान गर्नुपर्दछ । **स्कन्दपुराणमा** भनिएको छ – प्रदोषसमयमा दीपदान

गर्नुपर्दछ । ब्रह्मा, विष्णु, शिव, गणेश, दुर्गा आदि देवताहरूका मन्दिर र मठहरूमा गई सुन्दर दीपहरूको पङ्क्ति बाली दीपावली गर्नुपर्दछ ।

दिवोदासीयमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ– कार्तिकमासको कृष्णचतुर्दशी र अमावास्याका प्रदोषसमयमा दीपदान गर्नाले मनुष्य यमपरिवारको अधिकारबाट मुक्त हुन्छ । खण्डतिथिमा अघिल्लो दिन प्रदोष समयमा दीपदान गरी पछिल्लो दिन स्नान गर्नुपर्दछ ।

चतुर्वर्त्तियुक्तदीपदानम्

अत्र नरकोद्देशेन चतुर्वर्तियुक्तं दीपदानं कार्यम् । तत्र मन्त्रः –

दत्तो दीपश्चतुर्दश्यां नरकप्रीतये मया । चतुर्वर्तिसमायुक्तः सर्वपापापनुत्तये ।।

नरकबाट त्राण पाउन चारबत्तीको दीपदान

नरकबाट त्राण पाउन चारवटा बत्तीबाट तयार गरिएको दीपदान गर्नुपर्दछ । त्यसबेला **दत्तो दीप०** इत्यादि मन्त्रपाठ गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'नरकको प्रीतिका लागि र सबै पाप निवारण गर्नका लागि मैले चारवटा बत्तीले तयार गरिएको दीपदान गरेको छु ।'

कार्तिकचतुर्दश्यां माषपत्रशाकभोजनम्

तत्रैव लैङ्गे – **माषपत्रस्य शाकेन भुक्त्वा तत्र दिने नरः । प्रेताख्यायां चतुर्दश्यां सर्वपापैः प्रमुच्यते।।**

चतुर्दशीमा माषपत्रभोजन

दिवोदासीयमा उद्धृत **लिङ्गपुराण**को वचनमा भनिएको छ – 'प्रेतनाम भएको कार्तिककृष्णचतुर्दशीका दिन माषको पातको सागसित भोजन गर्नाले मानिस पापबाट मुक्त हुन्छ ।'

यमतर्पणम्

अत्र यमतर्पणमुक्तं मदनपारिजाते वृद्धमनुना – **'दीपोत्सवचतुर्दश्यां कार्यं तु यमतर्पणम्'** । मदनरत्ने ब्राह्मे –

अपामार्गस्य पत्राणि भ्रामयेच्छिरसोपरि । ततश्च तर्पणं कार्यं धर्मराजस्य नामभिः ।।

यमाय धर्मराजाय मृत्यवे चान्तकाय च । वैवस्वताय कालाय सर्वभूतक्षयाय च ।।

औदुम्बराय दध्नाय नीलाय परमेष्ठिने । वृकोदराय चित्राय चित्रगुप्ताय वै नमः ।। इति ।

यमतर्पण

मदनपारिजातमा उद्धृत **वृद्धमनु**को वचनमा भनिएको छ – चतुर्दशीतिथिमा दीपोत्सव र यमतर्पण गर्नुपर्दछ । **मदनरत्न**मा उद्धृत **ब्रह्मपुराण**को भनाइ यसप्रकार छ – कार्तिकचतुर्दशीका दिन अपामार्गका पात जलमा डुबाएर शिरमा घुमाउँदै स्नान गर्नुपर्दछ । त्यसपछि धर्मराजका नामहरूबाट उनलाई तर्पण दिनुपर्दछ । **यमाय नमः** – यमलाई नमस्कार गर्दछु, **धर्मराजाय नमः** – धर्मराजलाई नमस्कार गर्दछु, **मृत्यवे नमः** – मृत्यु देवतालाई नमस्कार गर्दछु । **अन्तकाय नमः**– सबैको अन्त्य गराउने अन्तकलाई नमस्कार गर्दछु । **वैवस्वताय नमः** – सूर्यका छोरा धर्मराजलाई नमस्कार गर्दछु।

कालाय नमः – समयको रूपमा रहेका यमराजलाई नमस्कार गर्दछु । **सर्वभूतक्षयाय नमः** – सबै प्राणीको नाश गर्ने देवतालाई नमस्कार गर्दछु । **औदुम्बराय नमः** – औदुम्बरनामक यमदेवतालाई नमस्कार गर्दछु । **दध्नाय नमः** – दध्ननामबाट सम्बोधन गरिने यमलाई नमस्कार गर्दछु । **नीलाय नमः** – नीलो रूप भएका यमलाई नमस्कार गर्दछु । **परमेष्ठिने नमः** – ब्रह्माको रूपमा रहेका यमलाई नमस्कार गर्दछु । **वृकोदराय नमः** – विशाल उदर भएका यमलाई नमस्कार गर्दछु । **चित्राय नमः** – चित्रनामक यमलाई नमस्कार गर्दछु । **चित्रगुप्ताय नमः** – चित्रगुप्तलाई नमस्कार गर्दछु भनी उक्त चौधनामहरूबाट तर्पण दिनुपर्दछ ।

यमतर्पणविधिः

तर्पणप्रकारस्तु हेमाद्रौ –

एकैकेन तिलैर्मिश्रान्दद्यात्त्रींस्त्रीञ्जलाञ्जलीन् । संवत्सरकृतं पापं तत्क्षणादेव नश्यति ।।

तथा मदनरत्ने स्कान्दे –

दक्षिणाभिमुखो भूत्वा तिलैः सव्यं समाहितः । देवतीर्थेन देवत्वात्तिलैः प्रेताधिपो यतः ।।

तथा – '**यत्रोपवीतिना कार्यं प्राचीनावीतिनाऽथवा**' इति । इदं जीवत्पितृकेणापि कार्यम् । '**जीवत्पितापि कुर्वीत तर्पणं यमभीष्मयोः**' इति पाद्मोक्तेः ।

यमराजलाई तर्पण दिने

हेमाद्रिमा तर्पणको विधि बताउँदै भनिएको छ – 'प्रत्येक तर्पणमा एक-एक तिल मिसिएका तीन-तीनअञ्जुली दिनाले वर्षदिनसम्म गरिएका पापहरू नष्ट हुन्छन् ।' **मदनरत्नमा** उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – 'सव्य भई दक्षिणदिशातर्फ फर्किएर मनलाई सावधान बनाई देवतीर्थबाट तिलद्वारा तर्पण गर्नुपर्दछ ।' जीवत्पितृकले पनि तर्पण गर्दा यज्ञोपवीती वा प्राचीनावीती भई तर्पण दिनुपर्दछ । यो तर्पण पिता जीवित भएका व्यक्तिले पनि गर्नुपर्दछ । **पद्मपुराणमा** भनिएको छ – यमराज र भीष्मको तर्पण पिता जीवित रहेका व्यक्तिले पनि गर्नुपर्दछ ।

भीष्मतर्पणसङ्केतः

अत्र भीष्मतर्पणमप्युक्तं दिवोदासीये । तत्प्रकारस्तु माघे वक्ष्यते । इति नरकचतुर्दशी ।

भीष्मतर्पणको सङ्केत

दिवोदासीयमा भीष्मतर्पण पनि बताइएको छ । हामीले माघमासको प्रकरणमा त्यसको विधि बनाउने छौं ।

कार्तिकामावास्यायां प्रातरभ्यङ्गकथनम्

कार्तिकामावास्यायां प्रातरभ्यङ्गं कुर्यात् । तदुक्तं कालादर्शे –

प्रत्यूष आश्वयुग्दर्शे कृताभ्यङ्गादिमङ्गलः । भक्त्या प्रपूजयेद्देवीमलक्ष्मीविनिवृत्तये ।।

अस्य व्याख्याने आदिशब्दात्पञ्चत्वगुदकस्नानादेरुपसंग्रहः । तदुक्तं पुष्करपुराणे –

स्वातिस्थिते रवाविन्दुर्यदि स्वातिगतो भवेत् । पञ्चत्वगुदकस्नायी कृताभ्यङ्गविधिर्नरः ।।
नीराजितो महालक्ष्मीमर्चयन् श्रियमश्नुते ।। आश्वयुग्दर्श इति दर्शशब्दः प्रत्यूषे स्वातियुक्ततिथिपरः।

कार्तिक अमावास्यामा अभ्यङ्ग स्नान

कार्तिकमहिनाको अमावास्यामा प्रातः अभ्यङ्गस्नान गर्नुपर्दछ । **कालादर्श**मा पनि यही कुरा यसरी बताइएको छ- 'आश्विनकृष्ण पक्षको अमावास्यामा प्रातःकालमा अभ्यङ्गादि स्नानको सङ्कल्प गरी अलक्ष्मीनाशका लागि भक्तिपूर्वक देवीको पूजा गर्नुपर्दछ ।' अभ्यङ्ग आदि मङ्गलपदमा रहेको **अपि** शब्दको व्याख्या गर्दै भनिएको छ - **अपि**शब्दबाट अश्वत्थ अर्थात् पीपल, उदुम्बर अर्थात् डुम्री, प्लक्ष अर्थात् पाँकरी, चूत अर्थात् आँप र न्यग्रोध अर्थात् वटवृक्ष गरी ५ वृक्षका बोक्रासमेत राखी स्नान गर्नुपर्दछ भन्ने अर्थबोध हुन्छ ।

पुष्करपुराणमा भनिएको छ - सूर्य स्वातीनक्षत्रमा रहँदा चन्द्र पनि स्वातीमा नै गएको अवस्थामा पञ्चत्वचाको जलबाट अर्थात् माथि बताइएका वृक्षहरूका बोक्राको जलबाट अभ्यङ्गविधिले स्नान गरी महालक्ष्मीको नीराजन गर्ने मानिसले लक्ष्मी प्राप्त गर्दछ । माथि बताइएको आश्वयुग्दर्शमा प्रयोग गरिएको दर्शशब्द प्रातःकालमा स्वातीनक्षत्रले सहित अमावास्यातिथिको वाचक हो ।

तदुक्तं ब्राह्मे -
ऊर्जे शुक्लद्वितीयायां तिथिषु स्वातिऋक्षगे । मानवो मङ्गलस्नायी नैव लक्ष्म्या वियुज्यते ।।
तत्रैव - **इषे भूते च दर्शे च कार्तिकप्रथमे दिने । यदा स्वातिस्तदाभ्यङ्गस्नानं कुर्याद्दिनोदये ।।**
कश्यपसंहितायां तु दीपावलिदर्शं प्रक्रम्य -
इन्दुक्षयेऽपि संक्रान्तौ रवौ पाते दिनक्षये । तत्राभ्यङ्गो न दोषाय प्रातः पापापनुत्तये ।। इति ।
स्वातियोगं विनाऽप्यभ्यङ्ग उक्तः ।

ब्रह्मपुराणमा भनिएको छ - कार्तिकमासको शुक्लपक्षको द्वितीयातिथि स्वातीनक्षत्रले युक्त हुँदा मङ्गलस्नान गर्ने मानिसको कहिल्यै पनि लक्ष्मीसँग वियोग हुँदैन । **ब्रह्मपुराण**मा नै भनिएको छ - आश्विनमासको चतुर्दशी एवं अमावास्या अर्थात् अमान्तमास पक्ष र कार्तिकको प्रथमदिनमा स्वातीनक्षत्र भएमा दिनको उदयमा अभ्यङ्गस्नान गर्नुपर्दछ । **काश्यपसंहिता**मा दीपावलीका दिन पर्ने अमावास्याको चर्चा गर्दै भनिएको छ - अमावास्या, संक्रान्ति, सूर्यवार, व्यतीपात र दिनक्षयमा पाप निराकरण गर्न प्रातःकालमा अभ्यङ्गस्नान गर्नाले दोष लाग्दैन । यसरी स्वातीको योग नहुँदा पनि अभ्यङ्ग स्नान गर्न हुने कुरा बताइएको छ ।

दीपावलीनामकरणम्

मात्स्ये - **'दीपैर्नीराजनादत्र सैषा दीपावली स्मृता ।'**

दीपावलीको नामकरण

मत्स्यपुराणमा भनिएको छ - 'दीपहरूद्वारा महालक्ष्मीको आरती गरिने भएकाले कार्तिकमासको कृष्णपक्षको अमावास्यालाई दीपावली भनिन्छ ।'

लक्ष्मीपूजनादिविधिः

अत्र विशेषो हेमाद्रौ भविष्ये - **दिवा तत्र न भोक्तव्यमृते बालातुराज्जनात् ।**
प्रदोषसमये लक्ष्मीं पूजयित्वा ततः क्रमात् । दीपवृक्षाश्च दातव्याः शक्त्या देवगृहेषु च ।।

लक्ष्मीपूजाविधि

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – 'लक्ष्मीपूजाका दिन बाल, वृद्ध र आतुरबाहेक अरूले भोजन गर्नुहुँदैन । प्रदोषको समयमा **लक्ष्म्यै नमः** यस नाममन्त्रले लक्ष्मीको पूजा गरेपछि देवमन्दिरमा गई दीपवृक्ष अर्थात् दीपदानीको पुञ्जमा बालिएका दीपपङ्क्ति दान गर्नुपर्दछ ।

प्रभातसमये अमावास्यायां पार्वणश्राद्धम्

तत्रैवाभ्यङ्गमभिधाय– **एवं प्रभातसमये त्वमावास्यां नराधिप । कृत्वा तु पार्वणश्राद्धं दधिक्षीरघृतादिभिः ।।**

अमावास्या तिथिमा प्रातः पार्वणश्राद्ध

लक्ष्मीपूजाका दिन बिहान अभ्यङ्गस्नान गरेपछि दही, दूध एवं पायस आदिद्वारा पार्वणश्राद्ध गर्नुपर्दछ ।

प्रदोषसमये दीपदानम्

दीपान्दत्त्वा प्रदोषे तु लक्ष्मीं पूज्य यथाविधि । स्वलङ्कृतेन भोक्तव्यं सितवस्त्रोपशोभिना ।।

अयं प्रदोषव्यापी ग्राह्यः ।

तुलासंस्थे सहस्रांशौ प्रदोषे भूतदर्शयोः । उल्काहस्ता नराः कुर्युः पितृणां मार्गदर्शनम् ।।

इति ज्योतिषोक्तेः । दिनद्वये सत्त्वे परः ।

दण्डैकरजनीयोगे दर्शः स्यात्तु परेऽहनि । तदा विहाय पूर्वेद्युः परेऽह्नि सुखरात्रिके ।।

इति तिथितत्त्वे ज्योतिर्वचनात् ।

प्रदोषसमयमा दीपदान

प्रदोषकालमा दीपदान गरेपछि यथाविधि लक्ष्मीपूजा गरी सेतो वस्त्र लगाएर भोजन गर्नुपर्दछ । **ज्योतिषशास्त्र**मा भनिएको छ – तुलासंक्रान्तिमा चतुर्दशी र अमावास्याको प्रदोषसमयमा मानिसहरूले हातमा मसाल लिएर पितृहरूलाई बाटो देखाउनुपर्दछ । दुवै दिन प्रदोषकाल भएमा पछिल्लो तिथि लिनुपर्दछ । **तिथितत्त्व**मा उद्धृत **ज्योतिष**को वचनमा भनिएको छ – एकघडी रात्रिको योगसहित अमावास्या दोस्रो दिन पनि भएमा त्यसबेला पहिलो दिन छाडेर दोस्रो दिन सुखरात्रि मनाउनुपर्दछ ।

दिवोदासीये तु प्रदोषस्य कर्मकालत्वात् –

अर्धरात्रे भवत्येव लक्ष्मीराश्रयितुं गृहान् । अतः स्वलंकृता लिप्ता दीपैर्जाग्रज्जनोत्सवाः ।।

सुधाधवलिताः कार्याः पुष्पमालोपशोभिताः ।। इति ब्राह्मोक्तेश्च प्रदोषार्धरात्रव्यापिनी मुख्या । एकैकव्याप्तौ परैव । प्रदोषस्य मुख्यत्वादर्धरात्रेऽनुष्ठेयाभावाच्च । यस्तु –

अपराह्णे प्रकर्तव्यं श्राद्धं पितृपरायणैः । प्रदोषसमये राजन्कर्तव्या दीपमालिका ।।

इति क्रमः स सम्पूर्णतिथावेव प्राप्तेरनुवादो न विधिः । तत्तत्कर्मकालव्याप्तेर्बलवत्त्वात्सम्पूर्णतिथौ प्राप्त्या खण्डतिथाव– प्राप्त्या विध्यनुवादविरोधाच्चेत्युक्तम् ।

दिवोदासीयमा पनि प्रदोषमा कर्म गरिने कुरा बताइएको छ । ब्रह्मपुराणमा भनिएको छ कि अमावास्याको दिन आधारातको समयमा घरहरूमा आश्रय प्राप्त गर्ने उद्देश्यले महालक्ष्मी विचरण गर्नुहुन्छ । त्यसकारण मानिसहरूले राम्रा गरगहनाद्वारा सजिएर चन्दनलेपन गरी पुष्पमालाधारण गर्दै दीपमालाको प्रकाशमा उत्सव मनाई जाग्राम गर्नुपर्दछ । यो अमावास्या प्रदोषव्यापिनी र रात्रिव्यापिनी मुख्य मानिएको छ । प्रदोष र अर्धरात्रमध्ये एक-एकको व्याप्तिमा पछिल्लो अमावास्या लिनुपर्दछ । प्रदोष मुख्य भएकाले आधारातमा अनुष्ठान गर्नु हुँदैन । त्यसैले पछिल्लो तिथि लिइएको हो ।

फेरि पितृभक्तहरूले अपराह्णमा श्राद्ध गर्नुपर्दछ । प्रदोषसमयमा दीपमालिका जगाउनुपर्दछ । यो क्रम हो । यो क्रम सम्पूर्ण तिथिमा प्राप्तिको अनुवाद हो, विधि होइन । तत्तत् कर्मकालमा तिथिको व्याप्ति हुनु मुख्य विषय हो । सम्पूर्ण तिथिमा प्राप्ति हुनु र खण्डतिथिमा अप्राप्ति हुनुले विधि र अनुवादको विरोध हुन्छ । त्यसैले यहाँ विधि नमानी अनुवाद मान्नुपर्दछ ।

दर्शे अलक्ष्मीनिस्सारणम्

अत्रैव दर्शे पररात्रेऽलक्ष्मीनिःसारणमुक्तं मदनरत्ने भविष्ये –

एवं गते निशीथे तु जने निद्रार्धलोचने । तावन्नगरनारीभिः शूर्पडिण्डिमवादनैः ।।

निष्कास्यते प्रहृष्टाभिरलक्ष्मीः स्वगृहाङ्गणात् ।।

कार्तिक अमावास्यामा अलक्ष्मीनिवारण

अमावास्याको प्रसङ्गमा मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा अलक्ष्मीनिस्सारण गर्ने कुरा बताइएको छ- 'आधारात बितेपछि र मानिसहरूलाई निद्राले झपक्क पार्दा आँखा अलि-अलि बन्द हुनथालेपछि नगर वा गाउँ-बस्तीका प्रसन्नहृदयका नारीहरूले नाङ्लो, ठटाउँदै र दमाहा, डमरु आदि बजाउँदै अलक्ष्मीलाई आफ्नो घर-आँगनबाट बाहिर धपाउने काम गरिन्छ ।

कार्तिकशुक्लप्रतिपदि गोक्रीडनम्

कार्तिकशुक्लप्रतिपदि गोक्रीडनमुक्तं निर्णयामृते ।

गोक्रीडा

निर्णयामृतमा कार्तिकशुक्लप्रतिपदामा गोक्रीडन-उत्सव अर्थात् गाई अथवा गोरुहरूको क्रीडा गराउनुपर्दछ भनिएको छ ।

प्रतिपदि रात्रौ बलिपूजनम्

अस्यामेव रात्रौ बलेः पूजोक्ता हेमाद्रौ भविष्ये –

कृत्वैतत्सर्वमेवेह रात्रौ दैत्यपतेर्बलेः । पूजां कुर्यान्नृपः साक्षाद्भूमौ मण्डलके शुभे ।।

बलिमालिख्य दैत्येन्द्रं वर्णकैः पञ्चरङ्गकैः । गृहस्य मध्ये शालायां विशालायां ततोऽर्चयेत् ।।

लोकश्चापि गृहस्यान्तःशय्यायां शुक्लतण्डुलैः । संस्थाप्य बलिराजानं फलैः पुष्पैस्तु पूजयेत् ।।

बलिपूजा

कार्तिकको शुक्लप्रतिपदाको रातमा बलिपूजा गर्ने विधान छ । यसबारे **हेमाद्रिमा** उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – 'रातमा राजाले शास्त्रविहित सबै कार्य सकेपछि मङ्गलमय मण्डप भएको भूमिमा गई बलिपूजा गर्नुपर्दछ । पाँचथरि रङ्ग प्रयोग गरी दैत्यराज बलिको चित्र तयार गरेर घरको माझमा रहेको सभाभवनमा स्थापना गरी पूजा गर्नुपर्दछ । जनताले पनि आफ्नो घरभित्र शय्या तयार गरी त्यसमा सेता अक्षता फैलाएर बलिराजको स्थापना गरी पूजा गर्नुपर्दछ ।'

बलिनमस्कारमन्त्रः

मन्त्रस्तु पाद्मे –

बलिराज नमस्तुभ्यं दैत्यदानववन्दित । इन्द्रशत्रोऽमराराते विष्णुसान्निध्यदो भव ।। इति ।

तथा – **बलिमुद्दिश्य दीयन्ते दानानि कुरुनन्दन । यानि तान्यक्षयाण्याहुर्मयैवं सम्प्रदर्शितम् ।।** इति ।

तदेतत्पूर्वविद्धप्रतिपदि कर्तव्यम् । **'पूर्वविद्धा प्रकर्तव्या शिवरात्रिर्बलेर्दिनम्'** इति हेमाद्रौ पाद्मोक्तेः । माधवोपि – **'बल्युत्सवं च पूर्वेद्युरुपवासवदाचरेत्'** इति । निर्णयामृतेऽपि –

या कुहूः प्रतिपन्मिश्रा तत्र गाः पूजयेन्नृप । पूजनात्त्रीणि वर्धन्ते प्रजा गावो महीपतिः ।। इति ।

बलिनमस्कारमन्त्र

पद्मपुराणमा रहेको – **बलिराज नमस्तुभ्यम्०** इत्यादि मन्त्रद्वारा बलिराजालाई नमस्कार गर्नुपर्दछ ।

मन्त्रार्थ यसप्रकार छ – दैत्य र दानवहरूबाट पूजा गरिएका हे बलिराज ! हजुरलाई नमस्कार छ । देवताहरूका शत्रु र इन्द्र महाराजका प्रबल शत्रु हे बलिराज ! म हजुरको पूजा गरिरहेको छु । ममाथि प्रसन्न भएर मलाई भगवान् नारायणको समीपमा पुऱ्याउनुहोस् । त्यहीं नै भनिएको छ – हे कुरुनन्दन ! बलिलाई दिने उद्देश्यले जति दान दिइन्छ, ती अक्षय हुन्छ भन्ने कुरा मैले दिग्दर्शन गराएको छु ।

उक्त बलिपूजा पूर्वविद्धा प्रतिपदामा गर्नुपर्दछ । **हेमाद्रिमा** उद्धृत **पद्मपुराणको** वचनमा भनिएको छ – 'शिवरात्रि र बलिराज्य अर्थात् यमपञ्चकको प्रतिपदामा पूर्वविद्धा प्रतिपदा लिनुपर्दछ । **माधवले** पनि भनेका छन् – बलिको उत्सव पूर्वविद्धा प्रतिपदामा उपवास गरी मनाउनुपर्दछ । **निर्णयामृतमा** भनिएको छ – प्रतिपदासँग संयुक्त भएको अमावास्यामा गाईको पूजा गर्नुपर्दछ त्यस गोपूजनबाट प्रजा, गाई र राजा सबैको कल्याण हुन्छ ।

द्वितीयायां गोकुलक्रीडानिषेधः

तथा – **'भद्रायां गोकुलक्रीडा स देशो वै विनश्यति ।'** भद्रायां द्वितीयायाम् । तथा –

प्रतिपद्यग्निकरणं द्वितीयायां तु गोर्चनम् । क्षेत्रच्छेदं करिष्येते वित्तनाशं कुलक्षयम् ।। इति ।

तथा – **प्रतिपद्दर्शसंयोगे क्रीडनं तु गवां मतम् । परविद्धेषु यः कुर्यात्पुत्रदारधनक्षयः ।।**

इति देवलवचनाच्च । एते च विधिप्रतिषेधाः पूर्वदिने प्रतिपदः सायाह्नव्यापित्वे द्वितीयदिने चन्द्रदर्शनसम्भवे च ज्ञेयाः ।

द्वितीयामा गोकुलक्रीडा (गोपूजनोत्सव) निषेध

'गोकुलक्रीडा भद्रा अर्थात् द्वितीया तिथिमा गराउन हुँदैन । जहाँ द्वितीयामा गाई-गोरु, बाच्छा-बाच्छीको समूहलाई

क्रीडा गराइन्छ त्यो देश नष्ट हुन्छ ।' यहाँ भद्राको अर्थ द्वितीया हो । फेरि अन्यत्र भनिएको छ – प्रतिपदामा अग्निकरण अर्थात् फागुमा दीपदान र द्वितीयामा गोपूजन गर्नाले क्षेत्रनाश हुन्छ, वित्तनाश हुन्छ र कुलको पनि नाश हुन्छ।

देवलले भनेका छन् – प्रतिपदा र अमावास्याको संयोगमा गाईको पूजा गर्नु सर्वसम्मत विषय हो । तर जसले द्वितीयाविद्ध प्रतिपदामा गोपूजन गर्दछ त्यसका पुत्र, स्त्री र धनको नाश हुन्छ । यो विधि र निषेधको विषय पूर्वदिन प्रतिपदा सायाह्नव्यापिनी भएमा र दोस्रो दिन चन्द्रदर्शनको सम्भावना भएमा जान्नुपर्दछ ।

गवां क्रीडादिने यत्र रात्रौ दृश्येत चन्द्रमाः । सोमो राजा पशून्हन्ति सुरभिः पूजकांस्तथा ।।

इति पुराणसमुच्चयात् । दिनद्वये सायाह्नव्यापित्वे तु परैव ग्राह्या ।

वर्धमानतिथौ नन्दा यदा सार्धत्रियामिका । द्वितीयावृद्धिगामित्वादुत्तरा तत्र चोच्यते ।। इति ।

तथा – **त्रियामगा दर्शतिथिर्भवेच्चेत्सार्धत्रियामा प्रतिपद्विवृद्धौ ।**
दीपोत्सवे ते मुनिभिः प्रदिष्टे अतोऽन्यथा पूर्वयुते विधेये ।।

इति पुराणसमुच्चयादिति निर्णयामृतकारः । सार्धत्रियामिकेत्यनेन चन्द्रदर्शनाभाव उक्तः । द्वितीयायाः पञ्चधाविभक्त-दिनचतुर्थांशरूपापराह्णव्याप्तावेव चन्द्रदर्शनसम्भवात् । वयं त्वेतद्वचनद्वयं पूर्वविद्धासम्भवे वेदितव्यमिति ब्रूमः । दिनद्वये प्रतिपदः सायाह्नव्याप्त्यभावे तु पूर्वैव । रात्रौ बलिपूजाविधानेन कर्मकालव्यापित्वात् । परदिने चन्द्रोदये तन्निषेधादिति दिक् ।

पुराणसमुच्चयमा भनिएको छ – जुन रातमा चन्द्रमा देखिन्छन् त्यस दिन गोपूजन गरेमा पशु, गोधन र गाईको पूजा गर्नेहरूको विनाश हुन्छ । दुवै दिन प्रतिपदा सायंकालसम्म रहेमा पछिल्लो प्रतिपदा लिनुपर्दछ । वर्धमानतिथि अर्थात् वृद्धि हुने अमावास्या तिथिमा जब साढे तीनप्रहर प्रतिपदा हुन्छ, तब द्वितीयाको पनि वृद्धि हुन्छ र त्यसैलाई उत्तरातिथि मानिन्छ ।

पुराणसमुच्चयमा निर्णयामृतको भनाइ छ – तीनप्रहर अमावास्या र साढे तीनप्रहर प्रतिपदाको वृद्धि भएमा यी दुवै तिथिहरूलाई मुनिहरूले दीपोत्सवका लागि उपयुक्त मानेका छन् अन्यथा पूर्वविद्धाग्रहण गर्नुपर्दछ ।

पुराणसमुच्चयको उक्त वचनमा प्रतिपदाको साढे तीनप्रहर वृद्धि भनिएकाले चन्द्रदर्शन नहुने कुरा निश्चित हुन्छ । त्यसपछि द्वितीयाको पाँचभाग लगाउँदा दिनको चौथो भाग अर्थात् अपराह्णको व्याप्तिमा नै चन्द्रदर्शन सम्भव छ । हामी त उक्त दुवै वचनलाई पूर्वविद्धा असम्भव भएमा मात्र प्रयोगका निमित्त भनिएका हुन् भन्दछौं । दुवै दिन प्रतिपदा सायंकालव्यापिनी नभएमा बलिपूजा र गोक्रीडामा पूर्वा नै लिनुपर्दछ । रात्रिमा बलिपूजा गरिने हुँदा त्यो कर्मकालव्यापी हुन्छ । अर्को दिन गरौं भने चन्द्रोदयकालमा त्यो निषिद्ध हुन्छ । तसर्थ पूर्वा नै लिनु उपयुक्त हुन्छ ।

नीराजनमङ्गलमालिकाविचारः

मदनरत्ने तु पूर्वविद्धायां गोक्रीडा । नीराजनमङ्गलमालिके तूत्तरत्र कार्ये ।

कार्तिके शुक्लपक्षे तु विधानद्वितयं भवेत् । नारीनीराजनं प्रातः सायं मङ्गलमालिका ।।

यदा च प्रतिपत्स्वल्पा नारीनीराजनं भवेत् । द्वितीयायां तदा कुर्यात्सायं मङ्गलमालिकाम् ।।

इति ब्राह्मोक्तेः ।

लभ्यते यदि वा प्रातः प्रतिपद् घटिकाद्वयम् । तस्यां नीराजनं कार्यं सायं मङ्गलमालिका ।।

इति भविष्योक्तेः ।

प्रातर्वा यदि लभ्येत प्रतिपद्घटिका शुभा । द्वितीयायां तदा कुर्यात्सायं मङ्गलमालिका ।।
कार्तिके शुक्लपक्षादौ त्वमावास्या घटीद्वयम् । देशभङ्गभयान्नैव कुर्यान्मङ्गलमालिकाम् ।।

इति देवीपुराणाच्चेत्युक्तम् ।

नीराजन र मङ्गलमालिका विचार

मदनरत्नमा पूर्वविद्धा प्रतिपदामा गोपूजन र द्वितीयाविद्धा प्रतिपदामा आरती एवं मङ्गलमालाविधि गर्नुपर्दछ भनिएको छ । यस विषयमा **ब्रह्मपुराण**को वचन यसप्रकार छ – कार्तिकशुक्लमा दुईवटा विधान हुन्छन् – प्रातःकालमा नीराजन र सायंकालमा मङ्गलमालिका । जब प्रतिपदा थोरै हुन्छ त्यसबेला नारीहरूले आरती गर्नुपर्दछ र द्वितीयाको सायंकालमा मङ्गलमालिका गर्नुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ – प्रातःकालमा दुईघडी प्रतिपदा पाइन्छ भने त्यसैमा नीराजन अर्थात् आरती गरी सायंकालमा मङ्गलमालिका गर्नुपर्दछ । **देवीपुराण**मा भनिएको छ – प्रातः प्रतिपदा शुद्ध एकघडी प्राप्त भएमा द्वितीयाको सायंकालमा मङ्गलमालिका गर्नुपर्दछ । कार्तिकशुक्लपक्षको प्रतिपदामा दुईघडी अमावास्या मिसिन आएको छ भने द्वितीयाकै सायंकालमा मङ्गलमालिका गर्नुपर्दछ ।

द्यूतक्रीडानिरूपणम्

अत्र विशेषो हेमाद्रौ ब्राह्मे बलिप्रतिपदं प्रक्रम्य –

तस्माद् द्यूतं प्रकर्तव्यं प्रभाते तत्र मानवैः । तस्मिन् द्यूते जयो यस्य तस्य संवत्सरं जयः ।।
पराजयो विरुद्धश्च लाभनाशकरो भवेत् । दयिताभिश्च सहितैर्नेया सा च भवेन्निशा ।। इति ।

क्रीडाविचार

द्यूत अर्थात् जुवाको विषयमा **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचन यसप्रकार छ – 'बलिप्रतिपदादेखि मानिसहरू जुवा खेल्न सुरु गरून् । त्यो जुवामा जसले जित्दछ त्यसको वर्षभरि नै सर्वत्र विजय हुन्छ । जसले पराजय भोग्दछ त्यसले वर्षभरि नै कतैबाट कुनै लाभ पाउँदैन । प्रतिपदाको रात भने उत्तमपुरुषहरूले विलासवती नारीहरूका साथमा विलास गर्दै बिताउनुपर्दछ।' उक्त द्यूतक्रीडाको निर्देशबाट मानिसहरूले बलिप्रतिपदाका दिन जुवा खेल्नुपर्दछ भन्ने कुरा अवगत हुन्छ ।

गोवर्धनोत्सवः

अत्र गोवर्धनपूजादि मार्गपालीबन्धनादि चोक्तं हेमाद्रौ निर्णयामृते च स्कान्दे –

प्रातर्गोवर्धनं पूज्य द्यूतं चापि समाचरेत् । भूषणीयास्तथा गावः पूज्याश्चावाहदोहनाः ।।

गोवर्धनस्तु गोमयेन कार्यश्चित्रेण वा । मन्त्रस्तु –

गोवर्धन धराधार गोकुलत्राणकारण । बहुबाहुकृतच्छाय[८७] गवां कोटिप्रदो भव ।।

गोमन्त्रस्तु – लक्ष्मीर्या लोकपालानां धेनुरूपेण संस्थिता । घृतं वहति यज्ञार्थे मम पापं व्यपोहतु।।

८७. 'कृष्णबाहुकृतच्छाय' यस्तो पाठान्तर पाइन्छ ।

गोवर्धनोत्सव

हेमाद्रिमा र **निर्णयामृत**मा उद्धृत **स्कन्दपुराण**को वचनमा गोवर्धनपूजा र मार्गपालीपूजा अर्थात् तोरणपूजाबारे यसरी निरूपण गरिएको छ – प्रतिपदाको प्रातःकाल गोवर्धनपूजा गरी जुवा खेल्नुपर्दछ । त्यसपछि गाईहरूलाई सजाएर सम्पूर्ण गाई एवं गोरुहरूको पूजा गर्नुपर्दछ । पूजा गर्दा चित्रात्मक गोबरद्वारा निर्माण गरिएको गोवर्धन पर्वत बनाई विधिपूर्वक पूजा गर्नुपर्दछ ।

गोवर्धनधराधार० इत्यादि गोवर्धनपूजामन्त्र हो । यसको अर्थ यसप्रकार छ – 'हे गोवर्धन ! हे पृथिवीका आधार ! हे गोकुलका रक्षक ! तिमीले एक्लै हजारौं वृक्षहरूले दिने छायाप्रदान गर्दछौ । यो पूजाबाट प्रसन्न भई कोटि–कोटि गोधन मलाई प्रदान गर ।' **लक्ष्मीर्या०** इत्यादि मन्त्रद्वारा गाईको प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'जुन गाई लोकपालहरूकी लक्ष्मी बनेर रहेकी छिन् र जुन गाई यज्ञका लागि घ्यूको भण्डार बनेर रहेकी छिन् तिनले मेरा सबै पाप शमन गरून् ।'

मार्गपालीबन्धनम्

तत्रैव स्कान्दे –

ततोऽपराह्णसमये पूर्वस्यां दिशि भारत । मार्गपालीं प्रबध्नीयात्तुङ्गे स्तम्भेऽथ पादपे ।।
कुशकाशमयीं दिव्यां लम्बकैर्बहुभिर्मुने । दर्शयित्वा गजानश्वान्सायमस्यास्तले नयेत् ।।
कृतहोमे द्विजेन्द्रस्तु बध्नीयान्मार्गपालिकाम् । नमस्कारं ततः कुर्यान्मन्त्रेणानेन सुव्रत ।।

मार्गपालीबन्धन

यस विषयमा **स्कन्दपुराण**मा भनिएको छ – 'हे भारत ! प्रतिपदाको अपराह्णसमयमा पूर्वदिशामा अग्ला स्तम्भ र वृक्षमा मार्गपाली बाँध्नुपर्दछ । हे मुनि ! अनेक लामा डोराहरूबाट तयार गरिएका रङ्गिबिरङ्गी कुशकाँस, पत्रावली आदिका कारण दिव्य देखिने मार्गपाली बाँध्नुपर्दछ । त्यो मार्गपाली हात्ती–घोडालाई देखाउँदै साँझपख तिनीहरूलाई मार्गपालीमुनि लैजानुपर्दछ । मार्गपाली बाँध्नुभन्दा पहिले ब्राह्मणहरूबाट हवन गराउनुपर्दछ ।

मार्गपालि नमस्तेऽस्तु सर्वलोकसुखप्रदे । विधेयैः पुत्रदाराद्यैः पुनरेहि व्रतस्य मे ।।
नीराजनं च तत्रैव कार्यं राष्ट्रजयप्रदम् । राजानो राजपुत्राश्च ब्राह्मणाः शूद्रजातयः ।।
मार्गपालीं समुल्लङ्घ्य नीरुजः स्युः सुखान्विताः ।। तत्रैवादित्यपुराणे –
कुशकाशमयीं कुर्याद् यष्टिकां सुदृढां नवाम् । तामेकतो राजपुत्रा हीनवर्णास्तथान्यतः ।।
गृहीत्वा कर्षयेयुस्तां यथासारं मुहुर्मुहुः । जयेऽत्र हीनजातीनां जयो राज्ञस्तु वत्सरम् ।। इति।

त्यसपछि मार्गपालीला ई **मार्गपालि०** इत्यादि मन्त्रले प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'सबैलाई सुख प्रदान गर्ने हे मार्गपाली ! तिमीलाई नमस्कार छ । मेरा पुत्र, स्त्री र सेवकहरूद्वारा गरिएको व्रतलाई पूर्ण गर्न तिमी आऊ ।' यसरी प्रार्थना गरेपछि मार्गपाली बाँध्नु पर्दछ । त्यसपछि राजाले राष्ट्रलाई विजय दिलाउने उद्देश्यले आरती गर्नुपर्दछ । राजा, राजपुत्र, ब्राह्मण, स्त्री, शूद्र आदि सबै मार्गपालीलाई नाघेपछि रोगरहित र सुखी हुन्छन् ।

यसबारेमा **आदित्यपुराण**मा भनिएको छ – कुश, काँसले निर्माण गरिएको एउटा लामो यष्टिका अर्थात् दण्ड तयार

गरी त्यसको एकातर्फको टुप्पो राजकुमार र अर्कोतर्फको टुप्पो अन्त्यवर्णका मानिसहरूले समाएर परस्पर बलपूर्वक तानातान गर्नुपर्दछ । यसरी परस्पर तानातान गर्दा अन्त्यवर्णका मानिसहरूको विजय भएमा वर्षदिनसम्म त्यस देशका राजा विजयी बनेर रहन्छन् ।

यमद्वितीयानिरूपणम्

यमद्वितीया तु प्रतिपद्युता ग्राह्येत्युक्तं निर्णयामृतादौ । यमद्वितीया मध्याह्नव्यापिनी पूर्वविद्धा चेति हेमाद्रिः ।

यमद्वितीया

यमद्वितीया प्रतिपदासहित लिनुपर्दछ भन्ने कुरा **निर्णयामृत**मा भनिएको छ । **हेमाद्रि** भन्दछन् – यमद्वितीया पूर्वविद्धा र मध्याह्नव्यापिनी लिनुपर्दछ ।

यमपूजनं यमुनास्नानञ्च

अत्र विशेषो हेमाद्रौ स्कान्दे –

ऊर्जे शुक्लद्वितीयायामपराह्णेऽर्चयेद् यमम् । स्नानं कृत्वा भानुजायां यमलोकं न पश्यति ।। इति ।

ऊर्जे शुक्ले द्वितीयायां पूजितस्तर्पितो यमः । वेष्टितो किन्नरैर्हृष्टैस्तस्मै यच्छति वाञ्छितम् ।।

तथा भविष्ये – **प्रथमा श्रवणे मासि तथा भाद्रपदेऽपरा । तृतीयाश्वयुजे मासि चतुर्थी कार्तिके भवेत् ।।**

श्रावणे कलुषा नाम तथा भाद्रे च गीर्मला । आश्विने प्रेतसंचारा कार्तिके याम्यका मता ।।

इत्युक्त्वा प्रथमायां व्रतं द्वितीयायां सरस्वतीपूजा तृतीयायां श्राद्धमुक्त्वा चतुर्थ्यामुक्तम् । अस्यां भगिनीहस्ताद् भोजनम्।

यमपूजन र यमुनास्नान

हेमाद्रिमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – कार्तिकशुक्लद्वितीयातिथिमा अपराह्नसमयमा यमको पूजा गर्नुपर्दछ । यो दिन यमुनानदीमा स्नान गर्ने मानिसले यमलोकको दर्शन गर्नुपर्दैन । कार्तिक शुक्ल द्वितीयामा किन्नरहरूद्वारा घेरिएका यमराजले भक्तहरूद्वारा गरिने तर्पण र पूजाबाट प्रसन्न भई उनीहरूले कामना गरेका वस्तुहरू प्रदान गर्दछन् ।

भविष्यपुराणमा भनिएको छ – शुक्लद्वितीया महत्त्वपूर्ण तिथि हो । शुक्लद्वितीया चारकिसिमका हुन्छन् – पहिलो श्रावणको शुक्लद्वितीया, दोस्रो भाद्रको शुक्लद्वितीया, तेस्रो आश्विनको शुक्लद्वितीया र चौथो कार्तिकको शुक्लद्वितीया। श्रावणको शुक्लद्वितीयालाई कलुषा, भाद्रको शुक्लद्वितीयालाई गीर्मला, आश्विनको शुक्लद्वितीयालाई प्रेतसञ्चारा र कार्तिकको शुक्लद्वितीयालाई याम्यका भनिन्छ । यसरी चारद्वितीयाको नामकरण गरेपछि श्रावणको शुक्लद्वितीयामा व्रत, भाद्रको शुक्लद्वितीयामा सरस्वतीपूजा, आश्विनको शुक्लद्वितीयामा श्राद्ध गर्नुपर्दछ भन्दै चौथो द्वितीया याम्यकाको विषयमा भनिएको छ – याम्यका द्वितीयामा दिदी–बहिनीका हातबाट भोजन गर्नुपर्दछ ।

कार्तिकशुक्लद्वितीयायां भगिनीपूजनम्

कार्तिके शुक्लपक्षस्य द्वितीयायां युधिष्ठिर । यमो यमुनया पूर्वं भोजितः स्वगृहेऽर्चितः ।।

अतो यमद्वितीयेयं त्रिषु लोकेषु विश्रुता । अस्यां निजगृहे विप्र न भोक्तव्यं ततो नरैः ।।

स्नेहेन भगिनीहस्ताद्भोक्तव्यं पुष्टिवर्धनम् । दानानि च प्रदेयानि भगिनीभ्यो विधानतः ।।

स्वर्णालङ्कारवस्त्रान्नपूजासत्कारभोजनैः । सर्वा भगिन्यः सम्पूज्या अभावे प्रतिपन्नकाः ।।

प्रतिपन्नकाः – मातृभगिन्य इति हेमाद्रिः ।

दिदी-बहिनीको पूजन

'हे युधिष्ठिर ! कार्तिकशुक्लपक्षको द्वितीयातिथिमा कुनै दिन यमुनाले यमराजलाई आफ्नो घरमा बोलाएर पूजा गरी राम्ररी भोजन गराएकी थिइन् । त्यसकारण यो द्वितीया संसारमा यमद्वितीयाका नामबाट प्रसिद्ध भयो । यसमा दाजुभाइहरूले आफ्नो घरमा भोजन गर्नुहुँदैन । दिदी-बहिनीका घरमा गई स्नेहपूर्वक पुष्टिवर्धक भोजन गर्नुपर्दछ । दिदीबहिनीका घरमा गएका दाजुभाइले उनीहरूलाई विधिपूर्वक दान दिनुपर्दछ । उनीहरूले सुवर्ण, अलङ्कार, वस्त्र एवं अन्नद्वारा पूजा गरी सबै दिदीबहिनीहरूको सत्कार गर्नुपर्दछ । आफ्नै सहोदर दिदीबहिनी नभएमा जसलाई दिदी-बहिनीझैं व्यवहार गरिन्छ तिनको पूजा गर्नुपर्दछ।' **हेमाद्रि**को भनाइअनुसार आमाका दिदी-बहिनीको पूजा गर्नुपर्दछ । किनकि उनले मूलमा प्रयुक्त **प्रतिपन्ना**शब्दको आमाका दिदी-बहिनी भन्ने अर्थ गरेका छन् ।

भगिनीहस्ताद् भोजनम्

पितृव्यभगिनीहस्तात्प्रथमायां युधिष्ठिर । मातुलस्य सुताहस्ताद् द्वितीयायां तथा नृप ।।

पितृर्मातुः स्वसुः कन्ये तृतीयायां तयोः करात् । भोक्तव्यं सहजायाश्च भगिन्या हस्ततः परम् ।।

सर्वासु भगिनीहस्ताद्भोक्तव्यं बलवर्धनम् ।

यस्यां तिथौ यमुनया यमराजदेवः सम्भोजितः प्रतिजगत्स्वसृसौहृदेन ।

तस्यां स्वसुः करतलादिह यो भुनक्ति प्राप्नोति रत्नसुखधान्यमनुत्तमं सः ।।

दिदी-बहिनीका हातबाट भोजन ग्रहण

भविष्यपुराणमा भनिएको छ – श्रावणको शुक्लद्वितीयामा ठूलोबाबु, कान्छाबाबु आदि पिताका दाजुभाइका छोरीहरूको हातबाट भोजनग्रहण गर्नुपर्दछ । दोस्रो द्वितीया अर्थात् भाद्रको शुक्लद्वितीयामा मामाका छोरीहरूको हातबाट भोजनग्रहण गर्नुपर्दछ । तेस्रो द्वितीया आश्विनको शुक्लद्वितीयामा ठूलीआमा र सानीआमाका छोरीहरू र फुपूहरूका छोरीहरूका हातबाट भोजनग्रहण गर्नुपर्दछ । चौथो कार्तिकको शुक्लद्वितीयामा आफ्ना सहोदर दिदी-बहिनीका हातबाट पुष्टिवर्धक भोजनग्रहण गर्नुपर्दछ ।

जुन कार्तिकको शुक्लद्वितीयामा संसारका दिदीबहिनीले आफ्ना दाजुभाइहरूलाई स्नेह गरेझैं यमुनाले पनि आफ्ना दाजु यमलाई स्नेह गरी राम्ररी भोजन गराएकी थिइन् त्यस कार्तिकको शुक्लद्वितीयामा जसले आफ्ना दिदीबहिनीको हातबाट भोजनग्रहण गर्दछ त्यसले संसारका उत्तमरत्न धन एवं धान्यको सुखभोग गर्दछ ।

यमपरिवारपूजनं यमायार्घ्यदानञ्च

गौडास्तु – यमं च चित्रगुप्तं च यमदूतांश्च पूजयेत् । अर्घ्यश्चात्र प्रदातव्यो यमाय सहजद्वयैः ।।

मन्त्रः – एह्येहि मार्तण्डज पाशहस्त यमान्तकालोकधरामरेश ।

भ्रातृद्वितीयाकृतदेवपूजां गृहाण चार्घ्यं भगवन्नमस्ते ।।

यमपरिवारको पूजन र यमका निमित्त अर्घ्यदान

गौडहरू भन्दछन् – त्यस दिन दिदीबहिनी एवं दाजुभाइहरूले यमराज, चित्रगुप्त र यमदूतहरूको पनि पूजा गर्नुपर्दछ । त्यसरी नै दाजुभाइले दिदीबहिनीहरूको र दिदीबहिनीले दाजुभाइको पूजा गरी यमराजलाई अर्घ्य दिनुपर्दछ । एह्येहि **मार्तण्डज०** यो अर्घ्य दिने मन्त्र हो । मन्त्रार्थ यसप्रकार छ – 'हे मार्तण्डपुत्र ! हे पाशहस्त ! हे यम ! हे अन्तक! हे लोकधर ! हे अमरेश ! हे भगवन् यमराज ! भ्रातृद्वितीयाका दिन गरिएको पूजा र अर्घ्य स्वीकार गर्नुहोस् । हामी हजुरलाई प्रणाम गर्दछौं ।'

भगिनीभिर्भ्रातृप्रार्थना

भ्रातस्तवानुजाताहं भुङ्क्ष्व भोज्यमिदं शुभम् । प्रीतये यमराजस्य यमुनायां विशेषतः ।।

ज्येष्ठाग्रजातेति वदेदिति स्मार्ताः । इत्यन्नदानमित्यप्याहुः । ब्रह्माण्डपुराणेऽपि –

या तु भोजयते नारी भ्रातरं युग्मके तिथौ । अर्चयेच्चापि ताम्बूलैर्न सा वैधव्यमाप्नुयात् ।।

भ्रातुरायुःक्षयो राजन्न भवेत्तत्र कर्हिचित् ।। इति ।

दिदीबहिनीद्वारा दाजुभाइको प्रार्थना

उक्त यमद्वितीयाका दिन दिदीबहिनीहरूले दाजुको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे दाजी ! म हजुरपछि पैदा भएकी हुँ। आज हजुर मेरो घरमा आउनुभएको छ । यम र यमुनाको विशेषप्रीतिका लागि मैले टक्र्याएको भक्ष्य एवं भोज्य पदार्थ ग्रहण गर्नुहोस् ।' यहाँ भ्रातृसम्बोधनको सट्टा ज्येष्ठाग्रज भन्नुपर्दछ र अन्नदान पनि गर्नुपर्दछ समेत भनिएको छ । **ब्रह्माण्डपुराणमा** भनिएको छ – जुन नारीले कार्तिकको शुक्लद्वितीयातिथिमा आफ्ना दाजुभाइलाई भोजन गराउँछिन् र पान–सुपारी टक्र्याएर सत्कार गर्दछिन् तिनले कहिले पनि विधवा हुन पर्दैन र तिनका दाजुभाइको पनि आयु पूरा हुन्छ ।

कार्तिकशुक्लनवम्यां युगादितिथौ पिण्डरहितश्राद्धम्

कार्तिकशुक्लनवमी युगादिः । सा पौर्वाह्णिकी ग्राह्या । शुक्लपक्षस्थत्वात् । अत्रापि पिण्डरहितं श्राद्धं कर्तव्यम्। अन्यत्प्रागुक्तम् ।

कार्तिक शुक्ल नवमी युगादि

कार्तिकशुक्ल नवमीतिथिलाई युगादितिथि भनिन्छ । शुक्लपक्षको तिथि भएकाले पूर्वा लिनुपर्दछ । यस तिथिमा पिण्डरहित श्राद्ध गर्नुपर्दछ ।

विष्णुत्रिरात्रव्रतम्

अत्रैव विष्णुत्रिरात्रमुक्तं हेमाद्रौ पाद्मे –

कार्तिके शुक्लनवमीमवाप्य विजितेन्द्रियः । हरिं विधाय सौवर्णं तुलस्या सहितं विभुम् ।।

पूजयेद्विधिवद्भक्त्या व्रती तत्र दिनत्रयम् । एवं यथोक्तविधिना कुर्याद्वैवाहिकं विधिम् ।। इति ।

विष्णुत्रिरात्रव्रत

हेमाद्रिमा उद्धृत **पद्मपुराण**को वचनमा विष्णुत्रिरात्रव्रतको विधान गरिएको छ । कार्तिक शुक्ल नवमीतिथिमा जितेन्द्रिय भक्तले सुवर्णमय विष्णुप्रतिमा तयार गरी तीनदिनसम्म तुलसीसहित हरिको भक्तिपूर्वक पूजा गर्नुपर्दछ र त्यसपछि शास्त्रको विधिअनुसार तुलसी र विष्णुको विवाह सम्पन्न गराउनुपर्दछ ।

कार्तिकशुक्लैकादश्यां भीष्मपञ्चकव्रतम्

कार्तिकशुक्लैकादश्यां भीष्मपञ्चकव्रतमुक्तं नारदीये –

अतो नरैः प्रयत्नेन कर्तव्यं भीष्मपञ्चकम् । कार्तिकस्यामले पक्षे स्नात्वा सम्यग् व्रते स्थितैः ।।

एकादश्यां तु गृह्णीयाद् व्रतं पञ्चदिनात्मकम् ।। इति ।

कार्तिक शुक्ल एकादशीमा भीष्मपञ्चकव्रत

नारदीयपुराणमा कार्तिक शुक्ल एकादशीमा भीष्मपञ्चकव्रतको विधान गरिएको छ । तदनुसार मानिसहरूले पुण्यप्राप्तिका लागि कार्तिकशुक्लएकादशीमा प्रयत्नपूर्वक भीष्मपञ्चकव्रत प्रारम्भ गर्नुपर्दछ । कार्तिकको शुक्लपक्षमा स्नान गरी शुद्ध भएर आफू व्रतपालन गर्न योग्य भई एकादशीतिथि आएपछि पाँचदिनको भीष्मपञ्चकव्रतको आरम्भ गर्नुपर्दछ ।[८८]

भीष्मपञ्चकव्रतविधिः

तद्विधिस्तु गोमयेन स्नात्वा मौनी पञ्चामृतैः पञ्चगव्यैर्विष्णुं संस्नाप्य सम्पूज्य पायसं निवेद्य द्वादशाक्षरमष्टोत्तरशतं जप्त्वा – **'ॐ नमो विष्णवे'** इति षडक्षरेण घृताक्तान् यवान्व्रीहिंश्चाष्टोत्तरशतं हुत्वा भूमौ स्वपेत् । एवं पञ्चदिनेषु कुर्यात् । विशेषस्त्वाद्येऽह्नि हरेः पादौ कमलैः सम्पूज्य त्रिर्गोमयं प्राश्यम् । द्वितीयेऽह्नि बिल्वपत्रैर्जानुनी सम्पूज्य गोमूत्रम्, त्रयोदश्यां भृङ्गराजेन नाभिं सम्पूज्य क्षीरम्, चतुर्दश्यां करवीरैः स्कन्धं सम्पूज्य दधि, पौर्णमास्यां होमान्ते लौहीं पापप्रतिमां खड्गचक्रहस्तां कृष्णवस्त्रेण वेष्टितां प्रस्थतिलोपरिस्थां कृत्वा धर्मराजनामभिः करवीरैः सम्पूज्य –

यदन्यजन्मनि कृतमिह जन्मनि वा पुनः । तत्सर्वं प्रशमं यातु मत्पापं तव पूजनात् ।।

इति पुष्पाञ्जलिं क्षिप्त्वा कृष्णप्रतिमां च सम्पूज्य विप्राय दत्त्वा विप्रान्सम्भोज्य दक्षिणां दत्त्वा पञ्चगव्यं प्राश्य पौर्णमास्यां नक्तं भुञ्जीतेति लघुनारदीये ।

भीष्मपञ्चकव्रत विधि

अब भीष्मपञ्चकव्रतविधि निरूपण गरिन्छ । गाईका गोबरले स्नान गरी मौनधारण गरेर पञ्चामृत र पञ्चगव्यद्वारा भगवान् विष्णुको प्रतिमालाई स्नान गराई पूजा गरेर नैवेद्यको रूपमा खीर टक्र्याई १०८ पटक **ॐ नमो भगवते वासुदेवाय**

---

८८. ब्रह्मचारी, गृहस्थ वा वानप्रस्थ अथवा संन्यासीले भीष्मपञ्चक व्रत गरेपछि विष्णुको परमधाम प्राप्त गर्दछन् । ब्रह्मघाती, मदिरापान गर्ने, चौर्यकर्म गर्ने, गुरुपत्नीमा गमन गर्ने र असत्यवादी मानिस पनि भीष्मपञ्चक व्रत गर्नाले पातकबाट मुक्त हुन्छन् भन्ने कुरा अन्य शास्त्रहरूमा यसरी बताइएको छ –

ब्रह्मचारी गृहस्थो वा वानप्रस्थोऽथवा यतिः । प्राप्नोति वैष्णवं स्थानं तत् कृत्वा भीष्मपञ्चकम् ।।

ब्रह्महा मद्यपः स्तेयी गुरुगामी सदाऽनृती । मुच्यते पातकान्मर्त्यः कृत्वेदं भीष्मपञ्चकम् ।।

– दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ४१२ ।

मन्त्र जप गर्नुपर्दछ । त्यसपछि **ॐ विष्णवे नमः** मन्त्रले घ्यूमा मुछिएको जौ र चामलको चरु तयार गरी १०८ संख्यामा हवन गरेपछि व्रतालु मानिसले भूमिमा शयन गर्नुपर्दछ । यस्तो दिनचर्या पाँचदिनसम्म निरन्तर जारी रहनुपर्दछ ।

भीष्मपञ्चकको प्रथम दिन भगवान् नारायणका चरणारविन्दको पूजा गरी तीनपटकसम्म गोमयप्राशन गर्नुपर्दछ । दोस्रो दिन द्वादशीमा बेलपत्रले भगवान् नारायणका घुँडाहरूको पूजा गरी गोमूत्रप्राशन गर्नुपर्दछ । तेस्रो दिन त्रयोदशीमा भृङ्गराज अर्थात् भृङ्गीझारले भगवान्को नाभिमा पूजा गरी दुग्धपान गर्नुपर्दछ । चौथो दिन चतुर्दशीमा करवीर अर्थात् कँडेरद्वारा भगवान्का काँधहरूको पूजा गरी दही खानुपर्दछ । पाँचौ दिन पूर्णिमातिथिमा होम गरेपछि खड्ग एवं चरु धारण गर्ने पापको फलामद्वारा प्रतिमा बनाई त्यसमा कालो कपडा बेर्नुपर्दछ । अढाई किलो तिलमाथि यम, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षय, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र, चित्रगुप्त यी धर्मराजका चौध नामबाट करवीरका पुष्पले पूजा गर्नुपर्दछ । पूजा गरी हातमा फूल लिएर **यदन्य०** इत्यादि मन्त्रपाठ गर्दै पुष्पाञ्जलि टक्र्याउनुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'मैले यो जन्म वा अन्य जन्ममा जे-जति पाप गरेको छु, ती सबै पाप हजुरको पूजाबाट समाप्त होऊन् ।' यसरी प्रार्थना गर्दै पुष्पाञ्जलि दिएपछि फलामद्वारा बनाइएको पापप्रतिमाको पूजा गरी त्यो प्रतिमा ब्राह्मणलाई दान गरी दिनुपर्दछ । त्यसपछि ब्राह्मणभोजन गराई दक्षिणा दिएपछि आफूले पञ्चगव्यप्राशन गरी रातको समयमा भोजन गर्नुपर्दछ भन्ने कुरा **लघुनारदीयमा** बताइएको छ ।

पञ्चगव्यप्राशनं षडक्षरेणेति हेमाद्रिः । हेमाद्रौ भविष्ये तु – शाकैर्मुन्यन्नैर्वा पञ्चाहं वर्तनमुक्तम् । अन्तेऽप्युक्तम्–

यद्भीष्मपञ्चकमिति प्रथितं पृथिव्यामेकादशीप्रभृतिपञ्चदशीनिरुद्धम् ।
मुन्यन्नभोजनपरस्य नरस्य तस्मिन्निष्टं फलं दिशति पाण्डव ! शार्ङ्गधन्वा ।। इति ।

हेमाद्रिमा भने **ॐ विष्णवे नमः** यो षडक्षर मन्त्रले पञ्चगव्यप्राशन गर्नुपर्दछ भनिएको छ । हेमाद्रिमा उद्धृत **भविष्यपुराणको** वचनमा साग अथवा कन्दमूल, जौ, गहुँ, फापर आदि मुनिले ग्रहण गर्ने अन्न ग्रहण गरी पाँचदिनसम्म उपवास गर्नुपर्दछ भनिएको छ। यसै प्रसङ्गको अन्तमा **भविष्यपुराणमा** भनिएको छ – 'हे पाण्डव ! पृथ्वीमा कार्तिकमहिनाको शुक्लपक्षको एकादशीदेखि पूर्णिमासम्म जुन भीष्मपञ्चकव्रत प्रसिद्ध छ त्यसमा जुन मानिसले मुनिहरूको अन्न अर्थात् फापर आदि पवित्र अन्न र कन्दमूल सेवन गर्दै पूजा गर्दछन् तिनीहरूलाई शार्ङ्गधनुर्धारी भगवान् नारायणले चिताएको फल प्रदान गर्नुहुन्छ ।

भीष्माय अर्घ्यदानं तर्पणदानञ्च

तथा पाद्मे – **पञ्चाहं पञ्चगव्याशी भीष्मायार्घ्यं च पञ्चसु । अहःस्वपि तथा दद्यान्मन्त्रेणानेन सुव्रत ।।**
सत्यव्रताय शुचये गाङ्गेयाय महात्मने । भीष्मायैतद्ददाम्यर्घ्यमाजन्मब्रह्मचारिणे ।।
'वैयाघ्रपद्यगोत्राय' इति च । **'सव्येनानेन मन्त्रेण तर्पणं सार्ववर्णिकम् ।'** इति ।
वैयाघ्रपदगोत्राय सांकृत्यप्रवराय च । गङ्गापुत्राय भीष्माय प्रदास्येऽहं तिलोदकम् ।।
अपुत्राय ददाम्येतत् सलिलं भीष्मवर्मणे । वसूनामवताराय शन्तनोरात्मजाय च ।।
अर्घ्यं ददामि भीष्माय सोमवंशोद्भवाय च ।।

भीष्मपितामहका निमित्त अर्घ्यदान एवं तर्पणदान

पद्मपुराणमा भनिएको छ – पाँचदिनसम्म पञ्चगव्यप्राशन गरी भीष्मलाई **सत्यव्रताय मुनये०** इत्यादि मन्त्रबाट अर्घ्य

दिनुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'सत्यव्रत, शुचि अर्थात् पवित्र, महात्मा, गाङ्गेय अर्थात् गङ्गाका पुत्र र आजन्म ब्रह्मचारी भीष्मका लागि म अर्घ्य प्रदान गर्दछु ।' त्यसपछि तलका मन्त्रले भीष्मपितामहलाई तर्पण दिनुपर्दछ । वैयाघ्रपद गोत्र र सांकृत्यप्रवर भएका गङ्गानन्दन भीष्मलाई म तिलोदक अर्पण गर्दछु । पुत्ररहित, वसुका अवतार भीष्मबर्मालाई तिलोदक प्रदान गर्दछु । शन्तनुका पुत्र सोमवंशी भीष्मलाई अर्घ्य प्रदान गर्दछु ।

कार्तिकशुक्लद्वादश्यां व्रतपारणम्

कार्तिकशुक्लद्वादश्यां रेवतीनक्षत्रयोगरहितायां पारणं कार्यम् । तदुक्तम् –

आभाकासितपक्षेषु मैत्रश्रवणरेवती । सङ्गमे नहि भोक्तव्यं द्वादश द्वादशीर्हरेत् ।। इति ।

यदा तु रेवतीयोगरहिता द्वादशी सर्वथा न लभ्यते, तदा रेवत्याश्चतुर्थपादं वर्जयेत् । वचनं तु प्रागुक्तम् ।

कार्तिक-शुक्लद्वादशीमा पारण

कार्तिकको शुक्लद्वादशीमा रेवतीनक्षत्रको योग नभएको अवस्थामा पारण गर्नुपर्दछ । प्रसिद्ध शास्त्रीय भनाइ यसप्रकार छ – 'आषाढ, भाद्र र कार्तिकमासका शुक्लएकादशीहरूमा अनुराधा, श्रवण र रेवतीनक्षत्रको संयोग भएमा भोजन गर्नुहुँदैन। यसैगरी आषाढको द्वादशीमा अनुराधा, भाद्रको द्वादशीमा श्रवण र कार्तिकको द्वादशीमा रेवतीको संयोग भएमा पनि भोजन गर्न हुँदैन । तिनमा भोजन गर्दा वर्षभरका १२ द्वादशीमा व्रतको पारण गरी प्राप्त गरेको सम्पूर्ण पुण्यफल नष्ट हुन्छ । कार्तिकमा रेवतीनक्षत्र नभएको द्वादशी नपाइएमा रेवतीको चौथो पाउ छाडी पारण गर्नुपर्दछ ।

कार्तिकशुक्लद्वादश्यां कुम्भदानम्

लघुनारदीये – **कार्तिके शुक्लपक्षस्य कृत्वा चैकादशीं नरः । प्रातर्दत्वा शुभान्कुम्भान्प्रयाति हरिमन्दिरम्।।**

कार्तिक-शुक्लद्वादशीमा कुम्भदान

लघुनारदीयमा बताइएको छ – कार्तिकशुक्ल एकादशीको व्रत उपवास गरेपछि द्वादशीका दिन बिहान मङ्गलमय कुम्भदान गर्नाले मानिस वैकुण्ठधाममा प्राप्त हुन्छ ।

अनन्ता एकादशी

मदनरत्ने वाराहे – **एकादशी सोमयुक्ता कार्तिके मासि भामिनि ।**

उत्तराभाद्रसंयोगे अनन्ता सा प्रकीर्तिता । तस्यां यत्क्रियते भद्रे सर्वमानन्त्यमश्नुते ।।

अनन्तफलप्राप्ति

मदनरत्नमा उद्धृत वराहपुराणको वचनमा भनिएको छ – कार्तिकमासमा एकादशी, सोमवार र उत्तराभाद्रनक्षत्रको योग पर्दछ भने त्यो एकादशीलाई अनन्तएकादशी भनिन्छ । 'हे कल्याणी ! त्यो एकादशीमा जुन कर्म गरिन्छ त्यो अनन्तफलदायक हुन्छ ।'

देवोत्थापनम्

अस्यामेव रात्रौ देवोत्थापनमुक्तं हेमाद्रौ ब्राह्मे –

एकादश्यां च शुक्लायां कार्तिके मासि केशवम् । प्रसुप्तं बोधयेद्रात्रौ श्रद्धाभक्तिसमन्वितः ।। इति ।

मदनरत्ने भविष्ये –

कार्तिके शुक्लपक्षे तु एकादश्यां पृथासुत । मन्त्रेणानेन राजेन्द्र देवमुत्थापयेद् द्विजः ।।

रामार्चनचन्द्रिकादौ तु द्वादश्यामुक्तम् । '**पारणाहे पूर्वरात्रे घण्टादीन्वादयेन्मुहुः**' इति । अत्र देशाचारतो व्यवस्था।

तत्रैव देवदेवस्य स्नानं पूर्वं महद्भवेत् । महापूजां ततः कृत्वा देवमुत्थापयेत्सुधीः ।।

देवोत्थापन

कार्तिकको शुक्लपक्षको एकादशीका दिन राति शेषशायी नारायणको जागरणका लागि प्रार्थना गर्नुपर्ने कुरा बताउँदै हेमाद्रिमा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ – 'कार्तिकको शुक्लपक्षको एकादशीका रातको समयमा श्रद्धा र भक्तिले युक्त भई भगवान् केशवलाई मन्त्रद्वारा जगाउनुपर्दछ ।'

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – 'हे पृथासुत ! हे राजेन्द्र ! कार्तिकको शुक्लपक्षमा द्विजहरूले तल लेखिएको **ब्रह्मेन्द्ररुद्राग्नि०** इत्यादि जागरणमन्त्रद्वारा भगवान्लाई जगाउनुपर्दछ ।'

रामार्चनचन्द्रिका आदिमा भगवान्लाई जागरण गराउने प्रार्थना द्वादशीतिथिमा गर्नुपर्दछ भन्दै पारणको दिन रातको प्रथम प्रहरमा घण्टा बजाएर भगवान्लाई जगाउनुपर्दछ भनिएको छ । घण्टा बजाएपछि भगवान्लाई महास्नान गराएर उहाँको महापूजा गर्नुपर्दछ । त्यसपछिमात्र बुद्धिमान् भक्तले भगवान्लाई जगाउनुपर्दछ ।

देवोत्थाने वाराहपुराणमन्त्राः

मन्त्रास्तु – वाराहपुराणे उक्ताः – '**ॐ ब्रह्मेन्द्ररुद्राग्निकुबेरसूर्यसोमादिभिर्वन्दित वन्दनीय ।**
बुद्ध्यस्व देवेश जगन्निवास मन्त्रप्रभावेण सुखेन देव ।।

इयं तु द्वादशी देव प्रबोधार्थं विनिर्मिता । त्वयैव सर्वलोकानां हितार्थं शेषशायिना ।।
उत्तिष्ठोत्तिष्ठ गोविन्द त्यज निद्रां जगत्पते । त्वयि सुप्ते जगन्नाथ जगत्सुप्तं भवेदिदम् ।।
उत्थिते चेष्टते सर्वमुत्तिष्ठोत्तिष्ठ माधव । गता मेघा वियच्चैव निर्मलं निर्मला दिशः ।।
शारदानि च पुष्पाणि गृहाण मम केशव । इदं विष्णुरिति प्रोक्तो मन्त्र उत्थापने हरेः ।। इति ।

भगवान्को जागरणका लागि मन्त्र

वराहपुराणमा भगवान्लाई जगाउन **ब्रह्मेन्द्ररुद्राग्नि०** इत्यादि जागरणमन्त्रको निरूपण गरिएको छ । मन्त्रार्थ यसप्रकार छ – 'ब्रह्मा, इन्द्र, रुद्र, अग्नि, कुबेर, सूर्य, चन्द्र आदि देवताहरूबाट वन्दना गरिएका, सकल प्राणीहरूका वन्दनीय हे देवेश ! हे जगन्निवास ! हे देव ! मन्त्रका प्रभावले सुखपूर्वक जागा भई उठ्नुहोस् । हे देव ! शेषशायी सकलका स्वामी हजुरले सबै प्राणीहरूको हितका लागि यो द्वादशीको निर्माण गर्नुभएको हो । हे गोविन्द ! उठ्नुहोस्, निद्रात्याग गर्नुहोस् । हे जगन्नाथ ! हजुर निद्राको वशमा पर्नुहुँदा यो संसार पनि निदाउँछ । हजुर जागा हुनुभएपछि यो संसार पनि चेष्टामय हुनेछ । त्यसकारण छिटै जागा हुनुहोस् । हे माधव ! बादल डाँडापारि लागे, आकाश निर्मल भयो, पूर्व आदि दिशा सफा भए, यस्तो रमणीय समयमा जागा भई मैले अर्पण गरेका र शरद्ऋतुमा पैदा भएका पुष्प, पत्र आदि ग्रहण गर्नुहोस् ।' यसरी प्रार्थना गरेपछि **ॐ इदं विष्णुर्विचक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।** (ऋ. १/२२/१७) इत्यादि मन्त्र पढी भगवान्लाई जागा गराउनुपर्दछ ।

चातुर्मास्यव्रतसमाप्तिनिरूपणम्

एवं देवमुत्थाप्य तदग्रे चातुर्मास्यव्रतसमाप्तिं कुर्यात् । तदुक्तं भारते –

चतुर्धा गृह्य वै चीर्णं चातुर्मास्यव्रतं नरः । कार्तिके शुक्लपक्षे तु द्वादश्यां तत्समापयेत् ।।

लघुनारदीये – **'चातुर्मास्यव्रतानां च समाप्तिः कार्तिके स्मृता'** । मन्त्रश्च निर्णयामृते सनत्कुमारेणोक्तः-

इदं व्रतं मया देव कृतं प्रीत्यै तव प्रभो । न्यूनं सम्पूर्णतां यातु त्वत्प्रसादाज्जनार्दन ।। इति ।

चातुर्मास्यव्रतसमाप्ति

पूर्वोक्त विधिबाट भगवान् शेषशायी नारायणलाई जागा गराई उहाँकै सामु चातुर्मास्यव्रतको समापन गर्नुपर्दछ । **महाभारतमा** भनिएको छ – मानिसहरूले आषाढका एकादशी, द्वादशी, पूर्णिमा अथवा श्रावणसंक्रान्ति यी चारदिनमध्ये कुनै एकदिनमा चतुर्मासाव्रत ग्रहण गरी कार्तिक-शुक्लपक्षको द्वादशीमा समापन गर्नुपर्दछ ।

लघुनारदीयमा भनिएको छ – चतुर्मासाव्रतको समाप्ति कार्तिकमहिनामा गर्नुपर्दछ । व्रतसमाप्तिमा **इदं व्रतं** इत्यादि मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – हे प्रभु ! हजुरको प्रीतिका लागि मैले यो व्रत पूरा गरें । हजुरको कृपाले यो व्रत परिपूर्ण र फलदायक बनोस् ।

वाराहपुराणोक्तनारायणजागरणविधिः

अथ वाराहोक्तो बोधिनीविधिः । एकादश्यां रात्रौ कुम्भे घृतपात्रोपरि हैमं माषमितं मत्स्यं पञ्चामृतेन संस्नाप्य कुङ्कुमपीतवस्त्रयुगपद्माद्यैः सम्पूज्य मत्स्यादिदशावतारान्सम्पूज्य जागरं कृत्वा प्रातर्देवमाचार्यं च वस्त्राद्यैः सम्पूज्य-

जगदादिर्जगद्रूपो जगदादिरनादिमान् । जगदाद्यो जगद्योनिः प्रीयतां मे जनार्दनः ।।

इति नत्वा दक्षिणां दत्त्वा ब्राह्मणान्भोजयेदिति । तथा ब्राह्मे –

महातूर्यरवे रात्रौ भ्रामयेत्स्यन्दने स्थितम् । उत्थितं देवदेवेशं नगरे पार्थिवः स्वयम् ।।

चतुरो वार्षिकान्मासान्नियमं यस्य यत्कृतम् । कथयित्वा द्विजेभ्यस्तद्दद्याद्भक्त्या सदक्षिणम् ।।

यस्य भक्ष्यस्य नियमः कृतस्तद्द्रव्यं दद्यादित्यर्थः । इदं शुक्रास्तादावपि कार्यम् । आशौचे तु पूजामन्येन कारयेत्।

वराहपुराणोक्त नारायणजागरणविधि

अब **वराहपुराणमा** वर्णन गरिएको हरिबोधिनीको विधि बताइन्छ । हरिबोधिनी एकादशीको रातमा कलशमाथि घ्यूको पात्र राखी त्यसमाथि सुवर्णको एकमासाको माछाको प्रतिमा बनाएर पञ्चामृतले नुहाइदिनुपर्दछ । कुंकुम, रोली, केसर, दुइटा पहेंला वस्त्र र कमलले पूजा गरी दशै अवतारहरूको समेत पूजा गरेर भगवान् नारायणलाई जगाउनुपर्दछ । द्वादशीका दिन बिहान भगवान् र ब्राह्मणहरूको पूजा एवं सत्कार गरेपछि भगवान्को प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे जनार्दन! हजुर जगत्का आदिबीज हुनुहुन्छ, जगत्को उत्पत्तिका कारण हुनुहुन्छ, हजुर जगत्का स्वरूप पनि हुनुहुन्छ र हजुर अनादि पनि हुनुहुन्छ, ममाथि प्रसन्न हुनुहोस् ।' यसरी प्रार्थना गरी नमस्कार गरेर ब्राह्मणभोजन गराई दक्षिणा गरेपछि आफूले प्रसाद ग्रहण गर्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ – राजाले जागरणमा प्राप्त हुनुभएका भगवान् शेषशायी नारायणको सुन्दर प्रतिमा तयार गराई प्रतिष्ठासमेत गरेर रथारोहण गराएर बाजागाजासहित एकादशीको रातमा अथवा कसैको मतमा द्वादशीको रातमा

नगरपरिक्रमा गराउनुपर्दछ ।

वर्षको चतुर्मासामा व्रत गर्नेले जुन जुन कुरा त्याग गरेर व्रत गरेको छ ती कुरा ब्राह्मणलाई दक्षिणासहित दानको रूपमा दिनुपर्दछ अर्थात् जुन भक्ष्यवस्तुको नियम गरिएको छ त्यो वस्तु दिनुपर्दछ भन्ने तात्पर्य हो । चातुर्मास्यव्रत शुक्रास्तमा पनि गर्नुपर्दछ । आशौच परेका बेला पनि चातुर्मास्यव्रत लिई अरूबाट पूजा गराउनुपर्दछ ।

मन्वादिः

कार्तिकशुक्लद्वादशी पौर्णमासी च मन्वादिः । सा पौर्वाह्णिकी ग्राह्या । अन्यत्प्रागुक्तम् ।

मन्वादितिथिको रूपमा कार्तिकशुक्लद्वादशी र पूर्णिमा

कार्तिकशुक्ल द्वादशी र पूर्णिमालाई मन्वादितिथि मानिएको छ । यी तिथि लिँदा पूर्वा लिनुपर्दछ । अरू कुरा बताइसकिएको छ ।

वैकुण्ठचतुर्दशीनिरूपणम्

कार्तिकशुक्लचतुर्दशी वैकुण्ठसंज्ञा । सा विष्णुपूजायां रात्रिव्यापिनी ग्राह्या । दिनद्वये तद्व्याप्तौ निशीथप्रदोषोभयव्यापिनी ग्राह्या । तदुक्तं हेमाद्रौ भविष्ये –

कार्तिकस्य सिते पक्षे चतुर्दश्यां नराधिप । सोपवासस्तु सम्पूज्य हरिं रात्रौ जितेन्द्रियः ।। इति ।

वैकुण्ठचतुर्दशी

कार्तिक शुक्लचतुर्दशीलाई वैकुण्ठचतुर्दशी भनिन्छ । विष्णुको पूजा गर्दा रात्रिव्यापिनी लिनुपर्दछ । दुवै दिन त्यसको व्याप्ति नभएमा जुन दिन आधारात एवं प्रदोषमा प्राप्त हुन्छ त्यसैलाई लिनुपर्दछ । **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – कार्तिकशुक्लपक्षको चतुर्दशीतिथिमा जितेन्द्रिय भई रात्रिको समयमा नारायणको पूजा गर्नुपर्दछ।

विश्वेश्वरप्रतिष्ठा

अस्या एव विश्वेश्वरप्रतिष्ठादिनत्वात्तत्प्रीत्यर्थं यदोपवासादि क्रियते तदारुणोदयव्यापिनी ग्राह्या । तदुक्तं त्रिस्थलीसेतौ सनत्कुमारसंहितायाम् –

वर्षे च हेमलम्बाख्ये मासे श्रीमति कार्तिके । शुक्लपक्षे चतुर्दश्यामरुणाभ्युदयं प्रति ।।
महादेवतिथौ ब्राह्मे मुहूर्ते मणिकर्णिके । स्नात्वा विश्वेश्वरो देव्या विश्वेश्वरमपूजयत् ।। इति ।
तत्पूर्वदिने चोपवासः कार्यः ।
ततः प्रभाते विमले कृत्वा पूजां महाद्भुताम् । दण्डपाणेर्महाधाम्नि वनेऽस्मिन् कृतपारणः ।।
शिवरहस्येऽपि पूजाजागराद्युक्तम् – ततोऽरुणोदये जाते स्नात्वा स्नात्वा च भस्मना ।
सन्ध्यां समाप्य विश्वेशं मामभ्यर्च्य यथाविधि । मद्भक्तान्भोजयामासुर्ऋषयो बुभुजुस्ततः ।। इति।

विश्वेश्वरप्रतिष्ठा

वैकुण्ठ चतुर्दशी भगवान् विश्वेश्वरको प्रतिष्ठा गर्ने तिथि भएकाले यसमा विश्वेश्वर भगवान्को प्रतिष्ठाका लागि उपवास आदि कर्म गर्दा अरुणोदयव्यापिनी चतुर्दशी लिनुपर्दछ । यही कुरालाई **त्रिस्थलीसेतु**मा **सनत्कुमारसंहिता**को

वचन उद्धृत गरी बताइएको छ – '६० संवत्सरमध्ये हेमलम्बनामक संवत्सरमा समृद्धि र सौन्दर्यको प्रतीक कार्तिकमासको शुक्लपक्षको चतुर्दशीतिथिमा अरुणोदयको समयमा महादेवको तिथि अर्थात् चतुर्दशीतिथिको ब्राह्ममुहूर्तमा भगवान् शिवले पार्वतीसहित भई मणिकर्णिकामा स्नान गरी भगवान् विश्वेश्वरको पूजा गर्नुभयो ।' विश्वेश्वरको प्रतिष्ठा गरिएको चतुर्दशीतिथिको दिन उपवास गर्नुपर्दछ । फेरि त्यहीँ भनिएको छ – 'अर्को दिन निर्मल बिहानीमा अद्‌भुत महापूजा गरी दण्डपाणिभैरवको महाधाम वाराणसीवनमा पारण गर्नुभएको थियो' भन्ने कुरा हेमाद्रि आदिमा बताइएको छ ।

शिवरहस्यमा पूजा र जागरणको विषयमा प्रकाश पारिएको छ – 'ऋषिहरूले अघिल्लो दिन उपवास गरेपछि वैकुण्ठचतुर्दशीका दिन अरुणोदयको समयमा भस्मले स्नान गरी सन्ध्योपासन गरेर विधिपूर्वक विश्वेश्वरको पूजा गरी मेरा भक्तहरूलाई भोजन गराएका थिए त्यसपछि स्वयं पनि भोजन गरेका थिए' ।

कार्तिकव्रतोद्यापनम्

अत्र कार्तिकव्रतोद्यापनं पाद्मे कार्तिकमाहात्म्ये उक्तम् –

अथोर्जव्रतिनः सम्यगुद्यापनविधिं शृणु । ऊर्जशुक्लचतुर्दश्यां कुर्यादुद्यापनं व्रती ।।
तुलस्या उपरिष्टात्तु कुर्यान्मण्डपिकां शुभाम् । तुलसीमूलदेशे च सर्वतोभद्रमेव च ।।
तस्योपरिष्टात्कलशं पञ्चरत्नसमन्वितम् । पूजयेत्तत्र देवेशं सौवर्णं गुर्वनुज्ञया ।।
रात्रौ जागरणं कुर्याद्गीतवाद्यादिमङ्गलैः । ततस्तु पौर्णमास्यां वै सपत्नीकान्द्विजोत्तमान् ।।
त्रिंशन्मितानथैकं वा स्वशक्त्या वा निमन्त्रयेत् । अतो देवा इति द्वाभ्यां जुहुयात्तिलपायसम् ।।
ततो गां कपिलां दद्यात्पूजयेद्विधिवद् गुरुम् ।। इति ।

कार्तिकव्रतोद्यापन

पद्मपुराणको कार्तिकमाहात्म्यमा कार्तिकव्रतको उद्यापनविधि बताइएको छ । कार्तिकमहिनामा मासव्रत गर्नेहरूका लागि व्रतको उद्यापन गर्ने विधि राम्ररी सुन । वस्तुतः व्रत लिनेहरूले कार्तिकको शुक्लचतुर्दशीमा व्रतको उद्यापन गर्नुपर्दछ। तुलसीमठमाथि सानो सुन्दर तोरणसहितको मण्डप निर्माण गर्नुपर्दछ । तुलसीको फेदमा सर्वतोभद्र बनाउनुपर्दछ। सर्वतोभद्रपीठमाथि पञ्चरत्नसहित कलस्थापना गरी पूजा गर्नुपर्दछ । त्यसमा आफ्ना गुरुको आज्ञा लिएर विष्णुको सुवर्णप्रतिमा स्थापन गरी पूजा गर्नुपर्दछ । गीत-वाद्य आदि मङ्गलका साथ रात्रिमा जाग्राम गर्नुपर्दछ । पूर्णिमाका दिन सपत्नीक उत्तम ब्राह्मणहरू ३० जना अथवा एकजना अथवा आफ्नो शक्तिअनुसार निमन्त्रित गरी ब्राह्मणहरू आएपछि उनीहरूबाट तलका दुईमन्त्रद्वारा तिल र पायसको आहुति दिई हवन गराउनुपर्दछ।

मन्त्र – **अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।। इदं विष्णुर्विचक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।** – ऋ. १/२२/१६-१७ । होमपछि विधिवत् आचार्यको पूजा गरी दक्षिणा र गाई दान गर्नुपर्दछ।

कार्तिक्याः पौर्णमास्या निर्णयः

कार्तिकी पौर्णमासी परा ग्राह्या । **'अमापौर्णमास्यौ परे'** इति दीपिकोक्तेः ।

कार्तिकपूर्णिमा-निर्णय

कार्तिकमहिनाको अमावास्या र पूर्णिमा पछिल्ला लिनुपर्दछ भन्ने कुरा **दीपिकामा** बताइएको छ ।

कार्तिकपौर्णमास्यां विशेषयोगः

अत्र विशेषो हेमाद्रौ ब्राह्मे – 'पुण्या महाकार्तिकी स्याज्जीवेन्द्वोः कृत्तिकासु च' । तथा –

आग्नेयं तु यदा ऋक्षं कार्तिक्यां भवति क्वचित् । महती सा तिथिर्ज्ञेया स्नानदानेषु चोत्तमा ।।

यदा तु याम्यं भवति ऋक्षं तस्यां तिथौ क्वचित् । तिथिः सापि महापुण्या मुनिभिः परिकीर्तिता।।

प्राजापत्यं यदा ऋक्षं तिथौ तस्यां नराधिप । सा महाकार्तिकी प्रोक्ता देवानामपि दुर्लभा ।। इति।

कार्तिकपूर्णिमामा विशेषयोग

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – बृहस्पतिवार वा सोमवार कृत्तिकानक्षत्रको योग भएमा कार्तिकपूर्णिमा महापुण्यदायक मानिएको छ । यसैगरी फेरि भनिएको छ – 'कार्तिकपूर्णिमामा कृत्तिकानक्षत्र भएमा त्यो पूर्णिमा महापुण्यदायक हुन्छ । त्यसमा स्नान र दान गर्दा उत्तम फल प्राप्त हुन्छ ।' यदि कार्तिकपूर्णिमामा रोहिणीनक्षत्रको योग हुन्छ भने त्यो योगमा कार्तिकपूर्णिमालाई महापुण्यदायक भनिएको छ । जब कार्तिकपूर्णिमामा प्राजापत्य अर्थात् रोहिणीनक्षत्रको योग हुन्छ त्यसबेला त्यसलाई महाकार्तिकी भनिन्छ । यो महाकार्तिकी पूर्णिमा देवताहरूका निमित्त पनि दुर्लभ मानिएको छ ।

कार्तिकपौर्णमास्यां पद्मकयोगः

पाद्मे – **विशाखासु यदा भानुः कृत्तिकासु च चन्द्रमाः । स योगः पद्मको नाम पुष्करेष्वतिदुर्लभः।।**

पद्मके पुष्करं प्राप्य कपिलां यः प्रयच्छति । स हित्वा सर्वपापानि वैष्णवं लभते पदम् ।।

यमः – **कार्तिक्यां पुष्करे स्नातः सर्वपापैः प्रमुच्यते । माघ्यां स्नातः प्रयागे तु मुच्यते सर्वकिल्विषैः।।**

पद्मकयोग

पद्मपुराणमा भनिएको छ – विशाखानक्षत्रमा सूर्य र कृत्तिकानक्षत्रमा चन्द्रमा भएमा पद्मकनामक योग पर्दछ । पुष्करक्षेत्रमा यस योगलाई दुर्लभ मानिएको छ । जुन मानिसले पद्मकयोग हुँदा पुष्करक्षेत्रमा गई कपिलागाईदान गर्दछ त्यो मानिस सम्पूर्ण पापबाट मुक्त भई वैष्णवधाममा प्राप्त हुन्छ ।

यमस्मृतिमा यमले भनेका छन् – पुष्करतीर्थमा गई कार्तिकपूर्णिमामा स्नान गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छ । यसैगरी माघपूर्णिमामा तीर्थराजप्रयागमा स्नान गर्नाले पनि मानिस सबै पापबाट मुक्त हुन्छ ।

कार्तिकपौर्णमास्यां मत्स्यावतारः

अस्यामेव सायंकाले मत्स्यावतारो जात इत्युक्तं पाद्मे कार्तिकमाहात्म्ये –

वरान्दत्त्वा यतो विष्णुर्मत्स्यरूप्यभवत्ततः । तस्यां दत्तं हुतं जप्तं तदक्षय्यफलं स्मृतम् ।। इति ।

मत्स्यावतारपूर्णिमाका रूपमा कार्तिकपूर्णिमा

कार्तिकपूर्णिमालाई मत्स्यावतार पूर्णिमा पनि भनिन्छ । **पद्मपुराणको** कार्तिकमाहात्म्यमा कार्तिकपूर्णिमाका दिन भगवान् नारायणको मत्स्यावतार भएको चर्चा गर्दै भनिएको छ – भगवान् नारायण वर प्रदान गरी सायंकालमा मत्स्यरूप धारण गरी प्रकट हुनुभयो । मत्स्यावतार भएको यस तिथिमा गरिएका दान, जप र होमबाट अक्षयफल प्राप्त हुन्छ ।

कार्तिकपौर्णमास्यां त्रिपुरोत्सवः

अत्र त्रिपुरोत्सव उक्तो भार्गवार्चनदीपिकायाम् –

पौर्णमास्यां तु सन्ध्यायां कर्तव्यस्त्रिपुरोत्सवः । दद्यादनेन मन्त्रेण प्रदीपांश्च सुरालये ।।

कीटाः पतङ्गा मशकाश्च वृक्षा जले स्थले ये विचरन्ति जीवाः ।
दृष्ट्वा प्रदीपं न च जन्मभागिनो भवन्ति नित्यं श्वपचा हि विप्राः ।।

त्रिपुरोत्सव

भार्गवार्चनदीपिकामा त्रिपुरोत्सवको वर्णन गर्दै भनिएको छ – कार्तिकपूर्णिमाको सन्ध्यामा मानिसहरूले त्रिपुरोत्सव मनाउनुपर्दछ । यसमा देवताको मन्दिरमा गई **कीटा०** इत्यादि मन्त्रद्वारा दीप प्रज्ज्वालन गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ– 'कार्तिक पूर्णिमाको दिन प्रज्ज्वलित गरिएको दीपलाई कीरा, पतङ्ग, लामखुट्टे, वृक्ष, वनस्पति, जल–थलमा विचरण गर्ने हजारौं प्राणी, चाण्डाल, ब्राह्मण आदि ज–जसले दर्शन गर्दछन् तिनले फेरि जन्म लिनुपर्दैन ।'

कार्तिकपौर्णमास्यां वृषोत्सर्गविधाने प्राशस्त्यम्

अत्र वृषोत्सर्गोऽतिप्रशस्तः । तदुक्तं मात्स्ये –

कार्तिक्यां यो वृषोत्सर्गं कृत्वा नक्तं समाचरेत् । शैवं पदमवाप्नोति शिवव्रतमिदं स्मृतम् ।। इति।

कार्तिकपूर्णिमामा वृषोत्सर्ग

कार्तिकपूर्णिमामा वृषोत्सर्ग गर्दा उत्तम फल प्राप्त हुन्छ । **मत्स्यपुराण**मा भनिएको छ – जुन मानिसले कार्तिकपूर्णिमामा नक्तभोजन गरी वृषोत्सर्ग गर्दछ त्यो शिवको धाम कैलाशमा प्राप्त हुन्छ । वृषोत्सर्गलाई शिवव्रत मानिएको छ ।

कार्तिकेयदर्शनमहिमा

अत्र कार्तिकेयदर्शनमुक्तं काशीखण्डे –

कार्तिक्यां कृत्तिकायोगे यः कुर्यात्स्वामिदर्शनम् । सप्तजन्म भवेद्विप्रो धनाढ्यो वेदपारगः ।।

इति श्रीकमलाकरभट्टकृते निर्णयसिन्धौ द्वितीयपरिच्छेदे कार्तिकमासः ।

इति कार्तिकमासीयकृत्यनिर्णायकं षष्ठं प्रकरणम्

कार्तिकेयदर्शनको महिमा

कार्तिकमासमा स्वामी कार्तिकेयको दर्शन पुण्यदायक हुने कुरा बताइएको छ । **स्कन्दपुराणको काशीखण्ड**मा भनिएको छ – 'कार्तिकमासमा कृत्तिकानक्षत्रको योग हुँदा जसले स्वामी कार्तिकेयको दर्शन गर्दछ त्यो मानिस सातजन्मसम्म ऐश्वर्यशाली र वेदविद्यामा पारङ्गत हुन्छ ।'

इति कार्तिकमास

निर्णयसिन्धु द्वितीयपरिच्छेदको कार्तिकमासमासअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित छैठौं प्रकरण पूरा भयो ।

मार्गशीर्षतश्चैत्रकृष्णामावास्यापर्यन्तं विधेयानां कृत्यानां निर्णायकं सप्तमं प्रकरणम्

अथ मार्गशीर्षमासः

वृश्चिकसंक्रान्तौ पुण्यकालनिर्णयः

वृश्चिके पूर्वाः षोडश घटिकाः पुण्याः । शेषं प्राग्वत् ।

वृश्चिकसंक्रान्तिमा पुण्यकाल निर्णय

सूर्य वृश्चिकराशिमा जाँदा संक्रान्ति पूर्वका १६ घडीलाई पुण्यकाल मानिएको छ । अरू विषय पहिले बताएजस्तै जान्नुपर्दछ ।

मार्गशीर्षकृष्णाष्टम्याम् (कालभैरवाष्टम्याम्) उपवासादिविधिः

मार्गशीर्षकृष्णाष्टमी कालाष्टमी । सा च रात्रिव्यापिनी ग्राह्या ।

मार्गशीर्षासिताष्टम्यां कालभैरवसन्निधौ । उपोष्य जागरं कुर्वन्सर्वपापैः प्रमुच्यते ।।

इति काशीखण्डाद्रात्रिव्रतत्वावगतेः ।

मार्गशीर्षकृष्णाष्टमी (कालभैरवाष्टमी) मा उपवास

मार्गशीर्षमासको कृष्णपक्षको अष्टमीलाई कालाष्टमी अथवा कालभैरवाष्टमी पनि भनिन्छ । यो अष्टमी लिँदा रात्रिव्यापिनी लिनुपर्दछ । मार्गशीर्षको कृष्णपक्षको अष्टमीमा भगवान् कालभैरवको समीपमा रही उपवास गरेर जाग्राम गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छन् भन्ने **स्कन्दपुराण काशीखण्डको** भनाइबाट यो मार्गशीर्षकृष्णाष्टमीव्रत रात्रिव्रत हो भन्ने कुरा बुझिन्छ ।

रुद्रव्रतेषु सर्वेषु कर्तव्या सम्मुखी तिथिः ।। इति ब्रह्मवैवर्ताच्च । दिनद्वयेंऽशतो रात्रिव्याप्तावुत्तरैव । भैरवोत्पत्तेः प्रदोषकालीनत्वादिति केचित् । तन्न, शिवरहस्ये मध्याह्ने भैरवोत्पत्तेः श्रवणात् । तथा च तत्रैव – **'नित्ययात्रादिकं कृत्वा मध्याह्ने संस्थिते रवौ'** इत्युपक्रम्य ब्रह्मणा रुद्रेऽवज्ञाते उक्तम् –

तदोग्ररूपादनघान्मत्तः श्रीकालभैरवः । आविरासीत्तदा लोकान् भीषयन्नखिलानपि ।। इति ।

अत्रोपवास एव प्रधानमित्युक्तं तत्रैव –

उपोषणस्याङ्गभूतमर्घ्यदानमिह स्मृतम् । तथा जागरणं रात्रौ पूजा यामचतुष्टये ।।

सन्ध्यायामपि पूजैवोक्ता । (तेन मध्याह्नव्यापिनी युक्ता) दिनद्वयेंऽशतः सम्पूर्णायां वा तद्व्याप्तौ पूर्वैव पूर्वोक्तवचनात् । पारणा तु प्रातरेव । **'यामत्रयोर्ध्वगामिन्यां प्रातरेव हि पारणा'** इति वचनात् ।

ब्रह्मवैवर्तमा भनिएको छ – सबै व्रतमा सम्मुखतिथि लिनुपर्दछ । यो अष्टमी दुवै दिन अंशतः रात्रिव्यापिनी भएमा दोस्रो दिन लिनुपर्दछ किनकि भैरवको उत्पत्ति प्रदोषकालमा भएको हो भनी कसैले भनेका छन् । तर यो मत उचित छैन। किनकि **शिवरहस्यमा** भैरवको मध्याह्नकालमा उत्पत्ति बताइएको छ र त्यहीँ नै – 'सूर्य नित्य यात्रा गर्दै मध्याह्नमा

पुगेपछि' यसरी ग्रन्थको आरम्भ गरी 'ब्रह्माजीले रुद्रलाई नचिनेका कारण निष्पाप उग्ररूप रुद्रबाट संसारलाई भयभीत तुल्याउँदै उन्मत्त कालभैरव प्रकट भए' भनिएको छ । यसबाट पनि भैरवको उत्पत्ति मध्याह्नकालमा भएको भन्ने कुरा अवगत हुन्छ । यो अष्टमी उपवासप्रधान हो । यहाँ उपवासको अङ्ग अर्घ्यदान गर्नुपर्ने कुरा बताइएको छ र रात्रिमा जागरण र रात्रिका चारै याममा पूजा गर्नुपर्ने कुरासमेत निर्देश गरिएको छ । सन्ध्यामा पनि पूजा गर्नु भनिएको छ । त्यसैले यो अष्टमी मध्याह्नव्यापिनी लिनु नै उपयुक्त हुन्छ । दुवै दिन अंशतः अथवा पूर्णतः अष्टमीको व्याप्ति भएमा पहिलो नै लिनुपर्दछ । पहिलेका वचनहरूबाट पनि यही कुरा व्यक्त हुन्छ । नवमीको प्रातःकालमा पारण हुन्छ । तीनप्रहरभन्दा धेरै परसम्म जाने स्थितिमा पहिलो दिनको अष्टमी नै ग्राह्य हुन्छ भन्ने वचन पनि पाइन्छ ।

कालभैरवपूजा

अत्र च कालभैरवपूजोक्ता त्रिस्थलीसेतौ –

कृत्वा च विविधां पूजां महासम्भारविस्तरैः । नरो मार्गासिताष्टम्यां वार्षिकं विघ्नमुत्सृजेत् ।।

तथा – **तीर्थे कालोदके स्नात्वा कृत्वा तर्पणमत्वरः । विलोक्य कालराजानं निरयादुद्धरेत्पितॄन्।।**

इति । इयं च कार्तिक्यनन्तरा गौणचान्द्राभिप्रायेण ।

कालभैरवपूजा

त्रिस्थलीसेतुमा कालभैरवको पूजाविधि बताइएको छ – 'मार्गशीर्षकृष्ण अष्टमीमा ठूला-ठूला सामग्रीको विस्तार गरी पूजा गरेर मानिस वर्षदिनसम्मका अनेक विघ्नबाट मुक्त हुन्छ । कालोदकतीर्थमा नआत्तिईकन स्नान एवं तर्पण गरी कालका राजा कालभैरवको दर्शन गर्नाले नरकमा रहेका पितृहरूको उद्धार हुन्छ ।' कार्तिकपूर्णिमापछि गौण चान्द्रमासको अभिप्रायले यो पूजा निरूपण गरिएको छ ।

मार्गशीर्षशुक्लपञ्चम्यां नागपूजानिर्णयः

मार्गशीर्षशुक्लपञ्चम्यां नागपूजोक्ता हेमाद्रौ स्कान्दे –

शुक्ला मार्गशिरे पुण्या श्रवणे या च पञ्चमी । स्नानदानैर्बहुफला नागलोकप्रदायिनी ।।

इति । इयं नागपूजायां षष्ठीयुतैव ग्राह्या ।

पञ्चमी नागपूजायां कार्या षष्ठीसमन्विता । तस्यां तु तुषिता नागा इतरा सचतुर्थिका ।।

इति मदनरत्ने वचनात् ।

मार्गशीर्षशुक्ल पञ्चमीमा नागपूजन

हेमाद्रिमा उद्धृत स्कन्दपुराणको वचनमा मार्षशीर्षशुक्लपञ्चमीमा पनि नागपूजा गर्नुपर्ने कुरा बताइएको छ – मार्गशीर्षमासको शुक्लपक्षको पञ्चमीतिथि अथवा श्रावणमासको शुक्लपक्षको पञ्चमीतिथिमा स्नान, दान गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ । यो आराधनाले नागहरूलाई सुखप्रदान गर्दछ । नागपूजा गर्दा षष्ठीसँग जोडिएको पञ्चमी लिनुपर्दछ ।

मदनरत्नमा भनिएको छ – नागपूजामा षष्ठीसंयुक्त पञ्चमी लिनुपर्दछ । यसबाट नागहरू प्रसन्न हुन्छन् । अरू कर्ममा यो पञ्चमी लिँदा चतुर्थीसहित नै लिनुपर्दछ ।

मार्गशीर्षशुक्लाष्टमी (चम्पाषष्ठी) निर्णयः

मार्गशीर्षशुक्ला षष्ठी चम्पाषष्ठीति महाराष्ट्रेषु प्रसिद्धा । सोत्तरयुता ग्राह्या । '**षण्मुन्योः**' इति युग्मवाक्यात् । **पूर्वाह्णे दैविकं कुर्याद्** इति वचनादस्य च दैवकर्मत्वात् । इयमेव योगविशेषेण चम्पेत्युच्यते ।

तदुक्तं ब्रह्माण्डपुराणे मल्लारिमाहात्म्ये –

मार्गे भाद्रपदे शुक्ला षष्ठी वैधृतिसंयुता । रविवारेण संयुक्ता सा चम्पेतीह कीर्तिता ।। इति ।

विशाखा भौमयोगेन सा चम्पेतीह कीर्तिता । (विश्रुता) इति मदनरत्ने पाठः ।

मार्गशीर्षेऽमले पक्षे षष्ठ्यां वारेंऽशुमालिनः । शततारागते चन्द्रे लिङ्गं स्याद् दृष्टिगोचरम् ।। इति।

इयं योगवशेन पूर्वा परा वा कार्या । चम्पाषष्ठी सप्तमीयुतेति दिवोदासः ।

मार्गशीर्ष शुक्लषष्ठी (चम्पाषष्ठी)

मार्गशीर्षको शुक्लपक्षको षष्ठीलाई महाराष्ट्रमा चम्पाषष्ठी भनिन्छ । यसलाई लिँदा परा लिनुपर्दछ । **षण्मुन्योः** यो तिथियुग्मवचनमा षष्ठी र सप्तमीलाई लिइएको छ । शास्त्रहरूमा देवकार्य पूर्वाह्णमा गर्नु भनिएको छ । यो देवकार्य हो । यसैले विशेषयोगका कारण यसलाई चम्पाषष्ठी भनिएको हो । **ब्रह्माण्डपुराणको मल्लारिमाहात्म्यमा** भनिएको छ – मार्गशीर्ष अथवा भाद्रमासको शुक्लपक्षको षष्ठी वैधृतियोग र रविवारले युक्त भएमा चम्पाषष्ठी कहलाउँछ ।

मदनरत्नमा फेरि विशाखानक्षत्र र मङ्गलवारको योगमा चम्पाषष्ठी हुने कुरा बताइएको छ । 'मार्गशीर्ष–शुक्लपक्षको षष्ठीतिथिमा सूर्यवार र शतभिषानक्षत्र भएमा शिवलिङ्ग दृष्टिगोचर हुन्छ ।' यो षष्ठी योगको स्थितिअनुसार पूर्वा वा परा दुवै लिन सकिन्छ । **दिवोदासले** भने चम्पाषष्ठीलाई सप्तमीयुक्त अर्थात् परा लिनुपर्दछ भनेका छन् ।

स्कन्दषष्ठी

इयमेव स्कन्दषष्ठी । सा पूर्वयुता ।

कृष्णाष्टमी स्कन्दषष्ठी शिवरात्रिश्चतुर्दशी । एताः पूर्वयुताः कार्यास्तिथ्यन्ते पारणं भवेत् ।।

इति भृगुक्तेः । परेऽह्नि रात्रावाद्ययाममध्ये पारणासम्भवे इदम्, अन्यथोत्तरैवेति दिवोदासः । अब्दपर्यन्तं षष्ठीषु –

सेनाविदारक स्कन्द महासेन महाबल । रुद्रोमाग्निज षड्वक्त्र गङ्गागर्भ नमोऽस्तु ते ।।

इति राजतं स्कन्दं सम्पूज्य विप्राय दद्यादिति दिवोदासः ।

स्कन्दषष्ठी

मार्गशीर्षको शुक्लषष्ठीलाई स्कन्दषष्ठी पनि भनिन्छ । यसलाई लिँदा पञ्चमीयुक्त लिनुपर्दछ । **भृगुले** भनेका छन् – स्कन्दषष्ठी, कृष्णाष्टमी, शिवरात्रि र चतुर्दशीतिथिहरू लिँदा पूर्वयुता लिनुपर्दछ र तिथिको अन्तमा पारण गर्नुपर्दछ ।

यस विषयमा **दिवोदास** भन्दछन् – दोस्रो दिन रात्रिको आद्ययामको बीचमा पारण गर्न सम्भव भए पूर्वा लिनुपर्दछ। अन्यथा उत्तरा नै लिनुपर्दछ । फेरि **दिवोदास** भन्दछन् – वर्षदिनपर्यन्तका सबै षष्ठीहरूमा चाँदीको स्कन्दको प्रतिमा बनाई पूजा गरेर वर्षको अन्तमा त्यो प्रतिमा ब्राह्मणलाई दिनुपर्दछ । त्यसबेला स्कन्दको प्रार्थना गर्दै भन्नुपर्दछ– 'हे सेनाविदारक! हे स्कन्द! हे महासेन! हे महाबल ! रुद्र र पार्वतीको अग्निबाट पैदा भएका हे षड्वक्त्र! हे गङ्गागर्भ ! हजुरलाई नमस्कार गर्दछु' ।

मार्गशीर्षशुक्लचतुर्दश्यां पिशाचमोचनश्राद्धविधिः

मार्गशीर्षशुक्लचतुर्दश्यां पिशाचमोचनतीर्थे श्राद्धं त्रिस्थलीसेतौ भट्टैरुक्तम् । तस्य प्राप्तपैशाच्यस्वपित्राद्युद्देश्यकत्वे पार्वणत्वादपराह्णव्यापिनी ग्राह्या, अज्ञातनामपिशाचाद्युद्देश्यत्वे त्वेकोद्दिष्टत्वान्मध्याह्नव्यापिनीति । कुलधर्मव्रतादौ तूत्तरैव । **चैत्रनभोगतेतरसिता स्यादूर्ध्वम्**' इति दीपिकोक्तेः ।

मार्गशीर्षशुक्लचतुर्दशी र पिशाचमोचनश्राद्ध

मार्गशीर्ष शुक्ल चतुर्दशीमा पिशाचमोचन तीर्थमा गई पितृहरूको उद्धारका लागि श्राद्ध गर्नुपर्दछ भनी **त्रिस्थलीसेतुमा भट्ट**हरूले निरूपण गरेका छन् । यस्तो श्राद्ध पिशाचयोनिमा प्राप्त भएका आफ्ना सबै पितृहरूको उद्धारका उद्देश्यले गरिने हुँदा पार्वण हुन्छ र त्यसमा अपराह्णव्यापिनी चतुर्दशी लिनुपर्दछ । कुनै नाम ज्ञात नभएको खास प्रेतको उद्धारका लागि श्राद्ध गर्दा एकोद्दिष्ट विधिले गर्नुपर्दछ । त्यसबेला मध्याह्नव्यापिनी चतुर्दशी लिनुपर्दछ । कुलधर्मअनुसार धार्मिक कार्य गर्दा दोस्रो दिनको चतुर्दशी लिनुपर्दछ ।

दीपिकामा भनिएको छ – चैत्र र श्रावणमहिनाका चतुर्दशी छाडी अरू चतुर्दशी पछिल्ला लिनुपर्दछ ।

मार्गशीर्षपौर्णमास्यां दत्तात्रेयोत्पत्तिकथनम्

मार्गशीर्षपौर्णमास्यां दत्तात्रेयोत्पत्तिः । तदुक्तं स्कान्दे सह्याद्रिखण्डे –

मार्गशीर्षे तथा मासि दशमेऽह्नि सुनिर्मले । मृगशीर्षयुते पौर्णमास्यां ज्ञस्य च वासरे ।।
जनयामास देदीप्यमानं पुत्रं सती शुभम् । तद्विष्णुमागतं ज्ञात्वा अत्रिर्नामाऽकरोत्स्वयम् ।।
दत्तवान् स्वस्य पुत्रत्वाद्दत्तात्रेय इतीश्वरः ।। इति इयं प्रदोषव्यापिनीति वृद्धाः ।

मार्गशीर्षपूर्णिमा र दत्तात्रेयोत्पत्ति

मार्गशीर्षपूर्णिमामा भगवान् दत्तात्रेयको उत्पत्ति भएको कुरा बताइएको छ । **स्कन्दपुराण**को **सह्याद्रिखण्ड**मा भनिएको छ – 'दशौ दिशा निर्मल गराउने मृगशिरानक्षत्र एवं बुधवारले सहित मार्गशीर्षमासको पूर्णिमातिथिमा पतिव्रता अनुसूयाले दिव्यपुत्र पैदा गरिन् । महर्षि अत्रिले आफ्नो पुत्रका रूपमा स्वयं भगवान् विष्णु आउनुभएको जानेर भगवान्ले मलाई आफ्नै स्वरूपका यी बालक दिनुभयो भन्ने अर्थमा **दत्त** नाम राखे । अत्रिका छोरा भएकाले त्यसमा **आत्रेय** पद जोडियो । **दत्त** र **आत्रेय**लाई एकै ठाउँमा राख्दा **दत्तात्रेय** भयो । स्वयं ईश्वर नै अंशावतार लिएर आउनुभएको हुँदा उहाँको पूरा नाम **दत्तात्रेय ईश्वर** रह्यो ।' वृद्धहरूले दत्तात्रेयपूर्णिमातिथि प्रदोषव्यापिनी लिनुपर्दछ भनेका छन् ।

मार्गशीर्षपौर्णमास्यनन्तराऽष्टमी – अष्टका

मार्गशीर्षपौर्णमास्यनन्तराऽष्टमी अष्टका । एवं पौषादिमासत्रयेऽपि । **'हेमन्तशिशिरयोश्चतुर्णामपरपक्षाणामष्टमीष्वष्टका एकस्यां वा** इत्याश्वलायनोक्तेः । **'एकस्यामष्टम्यां वै कार्या'** इति हरदत्तः क्वचित्पञ्चम्यप्युक्ताः । **प्रौष्ठपद्याष्टका भूयः पितृलोके भविष्यति** । इति पाद्मवचनात् । तत्पूर्वं सप्तमीषु पूर्वेद्युः ।

अष्टकाविचार

मार्गशीर्षपूर्णिमापछि आउने अष्टमीलाई अष्टका भनिन्छ । यसैगरी पौषको पूर्णिमापछि आउने अष्टमी, माघपूर्णिमापछि

आउने अष्टमी र फाल्गुन पूर्णिमापछि आउने अष्टमी पनि अष्टका मानिएका छन् ।[८९]

यस सम्बन्धमा **आश्वलायन** भन्दछन् – हेमन्त र शिशिर ऋतुका चारकृष्णपक्षहरूमा जुन अष्टमी हुन्छन्, तिनलाई नै अष्टका भनिन्छ र तिनमा अष्टकाश्राद्ध गर्नुपर्दछ । अथवा चारमध्ये कुनै एकमा अष्टकाश्राद्ध गर्नुपर्दछ।

हरदत्त भन्दछन् – ती चारअष्टमीमध्ये एउटामा अष्टकाश्राद्ध गर्नुपर्दछ । कहीँ पञ्चमीमा पनि अष्टकाश्राद्ध हुने कुरा बताइएको छ । **पद्मपुराणको** मत यसप्रकार छ – भाद्रमासको अष्टकाश्राद्ध पितृलोकमा हुनेछ । त्यसकारण त्योभन्दा पहिले सप्तमीहरूमा अष्टकाश्राद्ध गर्नुपर्दछ ।

अष्टकाश्राद्धनिर्णयः

तत्परनवमीष्वन्वष्टकासु च श्राद्धमुक्तं कालादर्शे –

मार्गशीर्षे च पौषे च माघे प्रौष्ठे च फाल्गुने । कृष्णपक्षे च पूर्वेद्युरान्वष्टक्यं तथाष्टका ।। इति।

यत्तु विष्णुः – '**अमावास्यास्तिस्त्रोऽष्टकास्तिस्त्रोऽन्वष्टकाः**' इति ।

यच्च कौर्मे – '**अमावास्याऽष्टकास्तिस्त्रः पौषमासादिषु**' इति । तच्चतुर्थ्या अनावश्यकत्वार्थम् । '**या चाप्यन्या चतुर्थी स्यात्तां च कुर्यात्प्रयत्नतः** ' इति वायुब्रह्माण्डपुराणात् । '**श्राद्धमेतेष्वकुर्वाणो नरकं प्रतिपद्यते**' इति विष्णूक्तेरिति शूलपाणिः । शाखाभेदाद् व्यवस्थेति तत्त्वम् । वायुब्रह्माण्डयोः –

आद्याऽपूपैः सदा कार्या मांसैरन्या सदा भवेत् । शाकैः कार्या तृतीया स्यादेष द्रव्यगतो विधिः ।।

अष्टकाश्राद्धनिर्णय

कालादर्शमा भनिएको छ – प्रत्येक अष्टकापछिका प्रत्येक नवमीलाई अन्वष्टका भनिन्छ । तिनमा पनि अन्वष्टकाश्राद्ध गर्नुपर्दछ । मार्गशीर्ष, पौष, माघ, फाल्गुन र भाद्रमासका कृष्णपक्षमा अष्टकाश्राद्धभन्दा पहिलो दिन र त्यसपछि अन्वष्टकाश्राद्ध गर्नुपर्दछ । विष्णुले तीनअमावास्याश्राद्ध, तीनअष्टकाश्राद्ध र तीनअन्वष्टकाश्राद्धमात्र हुन्छन् भनेका छन् ।

फेरि **कूर्मपुराणमा** भनिएको छ – पौष आदि तीनमहिनामा तीनअमावास्याश्राद्ध, तीनअष्टकाश्राद्ध र तीनअन्वष्टकाश्राद्ध हुन्छन् । चतुर्थअष्टकाश्राद्धको आवश्यकता छैन । **वायु र ब्रह्माण्डपुराणमा** चौथो अष्टकाश्राद्ध राम्ररी सम्पन्न गर्नुपर्दछ भनिएको छ । **विष्णुले शूलपाणिको** मत उद्धृत गर्दै भनेका छन् – यी अष्टकाहरूमा श्राद्ध नगर्ने मानिस नरकमा जान्छ ।

माथि जे-जति मतान्तर देखिएका छन्, ती शाखाभेदअनुसार भनिएका हुन् । कर्ताले आफ्नो शाखाअनुसार कर्म गर्नुपर्दछ । **वायुपुराण र ब्रह्माण्डपुराणमा** भनिएको छ – 'पहिलो अष्टकाश्राद्ध मालपूवाबाट, दोस्रो अष्टकाश्राद्ध मासुबाट र तेस्रो अष्टकाश्राद्ध सागबाट गर्नुपर्दछ । अष्टकाश्राद्धहरूमा द्रव्यप्रयोगको विधि यही हो ।'

पौषादिक्रमः

पौषादिक्रमः । अन्वष्टका तु प्रागेव निर्णीता । तत्राष्टम्यपराह्णव्यापिनी ग्राह्या । '**अथाच्छादनपर्यन्तं श्राद्धं पार्वणवद्भवेत्** ।' इत्याश्वलायनकारिकोक्तेरपराह्णकालत्वाच्च पार्वणस्य । पूर्वेद्युरन्वष्टकाश्राद्धयोस्तु अष्टम्यनुरोधेन निर्णयः । अत एव सूत्रम् – '**पूर्वेद्युः पितृभ्यो दद्यादपरेद्युरन्वष्टक्यम्**' इति च ।

---

८९. अष्टकाश्राद्धको विषयमा पारस्करगृह्यसूत्र (३/३) मा भनिएको छ – हेमन्त र शिशिरसम्बन्धी ४ कृष्णाष्टमीहरूमा मालपूवा, साग आदि पदार्थद्वारा इन्द्र, विश्वेदेव, प्रजापति र पितृहरूलाई प्रसन्न तुल्याउन गरिने कर्म नै अष्टकाश्रद्ध हो । – कात्यायनश्रौतसूत्र, भूमिका, पृ. ३२ ।

पौषादिक्रम

तीनअष्टकाश्राद्धको विधि पौष आदिका क्रमले गरिन्छ । अन्वष्टकाश्राद्धको विषयमा पहिले भनिसकिएको छ । अष्टकाश्राद्धमा अपराह्णव्यापिनी अष्टमी लिनुपर्दछ । अन्वष्टकाश्राद्धमा दीपाच्छादनपर्यन्त पार्वणविधिले श्राद्ध हुन्छ भन्ने **आश्वलायन**को भनाइ र पार्वणको समेत अपराह्णकाल भएकाले अन्वष्टकाश्राद्धमा पनि अपराह्णव्यापिनीतिथि भनिएको हो ।

पहिलो दिन अन्वष्टकाश्राद्ध गर्नुपर्दा अष्टमीमा गरिने श्राद्धको नियमअनुसार तय गर्नुपर्दछ । त्यसैले सूत्रमा भनिएको छ – पहिलो दिन पितृहरूका लागि श्राद्ध गर्नुपर्दछ र पछिल्लो दिन अन्वष्टकाश्राद्ध गर्नुपर्दछ ।

अत्र कामकालौ देवौ

अत्र च कामकालौ विश्वेदेवौ । इष्टिश्राद्धे क्रतुदक्षौ देवौ इष्टिश्राद्धं क्रतुदक्षावष्टम्यां कामकलौ इति सायणीये शङ्खोक्तेः ।

काम र कालसंज्ञक विश्वेदेवा

अष्टकाश्राद्ध र अन्वष्टकाश्राद्धमा काम र काल नामक दुईविश्वेदेवा हुन्छन् । **सायणीयमा शङ्ख**ले भनेका छन् - 'इष्टिश्राद्धमा क्रतु एवं दक्ष, अष्टमीमा गरिने अष्टकाश्राद्धमा काम एवं कालनामक विश्वेदेव हुन्छन् ।'

अत्र श्राद्धाकरणे प्रायश्चित्तम्

अत्र श्राद्धाकरणे प्रायश्चित्तमुक्तमृग्विधाने –

एभिर्द्युभिर्जपेन्मन्त्रं शतवारं तु तद्दिने । आन्वष्टक्यं यदा शून्यं सम्पूर्णं याति सर्वथा ।। इति ।

श्राद्ध नगर्दा प्रायश्चित्त

अष्टकाश्राद्ध वा अन्वष्टकाश्राद्ध नगरेमा प्रायश्चित्तविधि बताउँदै ऋग्विधानमा भनिएको छ – अष्टकाश्राद्ध, अन्वष्टकाश्राद्धको न्यूनता हटाउन **ॐ एभिर्द्युभिः सुमना एभिरिन्दुभिर्निरुन्धानो अमतिं गोभिरश्विना । इन्द्रेण दस्युं दरयन्त इन्दुभिर्युतद्वेषसः समिषा रभेमहि ।।** (ऋ. १/५३/४) यस मन्त्रको १०० पटक जप गर्नुपर्दछ । यस जपबाट न्यूनता पूर्णतामा परिणत हुन्छ ।

अशक्तौ

अशक्तौ त्वाश्वलायनः – **'अथ श्वोभूतेऽष्टकाः पशुना स्थालीपाकेन चाप्यनडुहो यवसमाहरेदग्निना वा कक्षमुपोषेदेषा मेऽष्टकेति नत्वेवानष्टकः स्यात्'** इति ।

अष्टकाश्राद्ध गर्न समर्थ नभएमा

आश्वलायनको भनाइ छ – आफु असमर्थ भएमा भोलिपल्ट पशु र स्थालीपाकद्वारा अष्टकाश्राद्ध गर्नुपर्दछ त्यसबेला गोरुका लागि घाँस दिनुपर्दछ र सुकेका पतिङ्गर जलाउनुपर्दछ । यसरी गोरुहरूलाई घाँस दिएर पतिङ्गर डढाई मैले गर्ने यही अष्टकाश्राद्ध हो भनी प्रणाम गरेमा कर्ता अष्टकाश्राद्धहीन बन्दैन र अष्टकाश्राद्ध गरेसरह फल प्राप्त गर्दछ अन्यथा अष्टकाश्राद्धको नाश हुनाले कर्ता अष्टकाहीन बन्दछ ।

मलमासे सति निर्णय:

मार्गशीर्षादिषु मलमासे सति तत्राष्टका न कार्या । चतुर्णामिति ग्रहणादित्युक्तं नारायणवृत्तौ । तथा काठकगृह्येऽपि- **महालयाष्टकाश्राद्धोपाकर्माद्यपि कर्म यत् । स्पष्टमासविशेषाख्याविहितं वर्जयेन्मले ।। इति ।**

अष्टकातिथि मलमासभित्र परेमा

मार्गशीर्ष, पौषआदि मासमा अष्टकातिथि मलमासभित्र परेमा अष्टकाश्राद्ध गर्नहुँदैन । मार्गशीर्ष आदि भन्नाले मार्गशीर्ष, पौष, माघ र फाल्गुनको ग्रहण गरिएको हुँदा कुनै पनि अष्टकामा मलमासमा अष्टकाश्राद्ध गर्नहुँदैन भन्ने कुरा नारायणवृत्तिमा बताइएको छ । काठकगृह्यमा भनिएको छ – मलमासमा स्पष्टरूपमा महिना र नाम नतोएिका महालयश्राद्ध, अष्टकाश्राद्ध, उपाकर्म आदि कर्म गर्न हुँदैन ।

मार्गादिषु रविवारव्रतविधि:

मार्गादिरविवारेषु काम्यं व्रतमुक्तं हेमाद्रौ । तत्र भक्ष्याण्युक्तानि संग्रहे (सौरधर्मे) –

पत्रत्रित्वं तुलस्यास्त्रिपलमथ घृतं मार्गशीर्षादिभक्ष्यं
मुष्टीनां त्रिस्तिलानां त्रिपलदधि तथा दुग्धकं गोमयं च ।
त्रित्वं तोयाञ्जलीनां त्रिमरिचकमथो त्रि:पला: सक्तव: स्यु:
गोमूत्रं शर्करा सद्धविरिति विधिना भानुवारे क्रमेण ।।

इति मार्गशीर्षमास: ।

मार्गशीर्ष आदिमा रविवारव्रत

हेमाद्रिमा मार्गशीर्षदेखि लिएर कार्तिकसम्म एकवर्ष रविवारका दिन गरिने काम्यव्रत बताइएको छ । **संग्रहग्रन्थको सौरधर्मप्रकरणमा** आइतवार भोजन गर्नुपर्ने पदार्थहरूको परिगणना गर्दै भनिएको छ – मार्गशीर्षमा तुलसीका तीनपात, पौषमा तीनपल घ्यू, माघमा तीनमुठी तिल, फाल्गुनमा तीनपल दही, चैत्रमा तीनपल दूध, वैशाखमा तीनपल गोबर, ज्येष्ठमा तीनअञ्जुली पानी, आषाढमा तीनवटा मरिचका दाना, श्रावणमा तीनपल सातु, भाद्रमा तीनपल गहुँत, आश्विनमा तीनपल चिनी र कार्तिकमा तीनपल उत्तम हवि गरी मार्गशीर्षदेखि कार्तिकसम्मका एकवर्षका रविवारहरूमा क्रमैले भोजन गर्नुपर्दछ ।

इति मार्गशीर्षमास

अथ पौषमास:

धनु:सङ्क्रमे पुण्यकालनिर्णय:

धनु:संक्रमे परा: षोडशघटिका: पुण्या: । अन्यत् प्राग्वत् ।

पौषसंक्रान्तिमा पुण्यकाल निर्णय

पौष संक्रान्तिमा संक्रान्तिपछिका १६ घडीलाई पुण्यकाल मानिएको छ । अरू नियम पहिले बताएसरह नै हुन्छन्।

उपाकर्मोत्सर्जननिर्णयः

अत्रोत्सर्जननिर्णयो वक्तव्योऽप्युपाकर्मप्रसङ्गात्प्रागेवोक्तः ।

उपाकर्म र उत्सर्जनको सम्बन्धमा

हुन त पौषमासको प्रकरणमा उत्सर्जननिर्णय अर्थात् वेदाध्ययनलाई विश्रान्ति दिने कर्म उत्सर्गको निर्णय गर्नुपर्ने थियो तर उपाकर्म र उत्सर्गको अन्योन्याश्रित सम्बन्ध रहेकाले श्रावणमासको उपाकर्मप्रसङ्गमा उत्सर्गको पनि वर्णन गरिसकिएको हुँदा यहाँ विस्तार गरिँदैन ।

पौषशुक्लाष्टम्यां स्नानजपादिकम्

कल्पतरौ भविष्ये – **पौषे मासि यदा देवि शुक्लाष्टम्यां बुधो भवेत् ।**

तस्यां स्नानं जपो होमस्तर्पणं विप्रभोजनम् । मत्प्रीतये कृतं देवि ! शतसाहस्त्रिकं भवेत् ।।

पौषशुक्ल अष्टमीमा गरिने कर्तव्य

कल्पतरुमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – पौषशुक्लअष्टमीका दिन बुधवार परेमा स्नान, जप, होम, तर्पण र ब्राह्मणभोजनजस्ता कर्म गरी भगवान्‌लाई प्रसन्न तुल्याउने काम गरिएमा त्यसको सयौं हजारगुणा फल प्राप्त हुन्छ।

रोहिण्यार्द्रायोगे विशेषः

अत्रैव रोहिण्यार्द्रायोगे पुण्यतमत्वं तत्रैव ज्ञेयम् ।

रोहिणी-आर्द्रा योग

कल्पतरुमा नै – 'पौषशुक्लअष्टमीमा रोहिणी अथवा आर्द्राको योग भएमा यो अष्टमी अझ पुण्यदायक हुन्छ' भनिएको छ । यस सम्बन्धी विस्तृत जानकारी **कल्पतरु**बाट नै हुनसक्छ ।

पौषशुक्लैकादशीमन्वादिः

पौषशुक्लैकादशी मन्वादिः । सा चोक्ता प्राक् ।

पौषशुक्ल एकादशी

पौषशुक्लएकादशीलाई मन्वादितिथि भनिन्छ । उक्त मन्वादितिथिको महत्त्वको विषयमा पहिले बताइसकिएको छ ।

पौषपौर्णमासी

पौषपूर्णिमानन्तराः सप्तम्यष्टमीनवम्योऽष्टकाद्याः प्रागुक्ताः ।

पौष पूर्णिमा र अष्टका

पौषपूर्णिमापछि आउने सप्तमी, अष्टमी र नवमीमा अष्टकाश्राद्ध हुन्छ भन्ने कुरा पनि पहिले नै बताइएको छ ।

पौषामावास्यायामर्धोदयनिर्णयः

पौषामावास्यायामर्धोदयो योगविशेषः । तदुक्तं मदनरत्ने महाभारते –

अमार्कपातश्रवणैर्युक्ता चेत्पौषमाघयोः । अर्धोदयः स विज्ञेयः कोटिसूर्यग्रहैः समः ।।

इति पौषमाघयोर्मध्यवर्तिनी पौषीपौर्णमास्युत्तरामावास्येत्यर्थ इति भट्टाः । मदनरत्ने – पौषस्य माघस्य चेत्यर्थ उक्तः । तन्न । हेमाद्रिविरोधात् । तत्र हि माघ एवोक्तः ।

तथा – **दिवैव योगः शस्तोऽयं न तु रात्रौ कदाचन** । इति । इदमर्धमन्यनिबन्धेष्वभावान्निर्णयामृतमात्रोक्तेर्निर्मूलमेव । तेन हेमाद्र्यादिमते रात्रावर्धोदयो भवत्येव । केचित्तु – **'किञ्चिदूनो महोदयः'** इत्याहुस्तन्निर्मूलम् ।

पौष अमावास्यामा अर्धोदययोग

पौषअमावास्यामा अर्धोदयनामक विशेषयोग पर्दछ । यस सम्बन्धमा **मदनरत्न**मा उद्धृत **महाभारत**को वचनमा भनिएको छ – पौष वा माघको अमावास्या रविवार, व्यतीपात र श्रवणनक्षत्रले युक्त भएमा निष्पन्न हुने अर्धोदययोग कोटिसूर्यग्रहणसमान फलदायक हुन्छ । यो अमावास्या पौषमासको पूर्णिमापछिको अमावास्या हो भन्ने अर्थ **भट्ट**हरूले गरेका छन् । **मदनरत्न**मा भनिएको छ – पौष र माघ दुवै ग्रहण गर्नुपर्छ । ग्रन्थकार भन्दछन् – **मदनरत्न**को यो भनाइ ठीक छैन । हेमाद्रिसँग पनि विरोध पर्छ । किनकि हेमाद्रिमा माघ नै भनिएको छ । फेरि **निर्णयामृत**मा भनिएको छ – अर्धोदययोग दिउँसोमा उत्तम हुन्छ, रातमा होइन ।

माथि बताइएको आधाश्लोक अरू निबन्धमा पाइँदैन केवल **निर्णयामृत**को भनाइ हो । त्यसकारण यसलाई प्रामाणिक मान्न मिल्दैन । **हेमाद्रि**का मतमा अर्धोदययोग रातमा नै पर्दछ । कसैले 'रातमा योग परे पनि दिनमा भन्दा केही कम महत्त्वको हुन्छ भनेका छन् ।' यस भनाइलाई प्रमाणित गर्ने कुनै प्रमाण भेटिँदैन ।

हेमाद्रौ मदनरत्ने च स्कान्दे –

माघामायां व्यतीपाते आदित्ये विष्णुदैवते । अर्धोदयं तदित्याहुः सहस्रार्कग्रहैः समम् ।।

तत्रैव – **माघमासे कृष्णपक्षे पञ्चदश्यां रवेर्दिने । वैष्णवेन तु ऋक्षेण व्यतीपाते सुदुर्लभे ।।**

व्रतं कुर्यादित्यग्रेऽन्वयः । तत्रैव –

ब्रह्मविष्णुमहेशानां सौवर्ण्यः पलसंख्यया । प्रतिमास्तु प्रकर्तव्यास्तदर्धेन द्विजोत्तम ।।

साग्रं शतत्रयं शम्भोर्द्रोणानां तिलपर्वतः । कर्तव्यौ पर्वतौ विष्णुरुद्रयोः पूर्वसंख्यया ।।

शय्यात्रयं ततः कुर्यादुपस्करसमन्वितम् ।। अत्र शम्भुः – ब्रह्मा । तिलैर्होमं कृत्वा प्रतिमां दद्यादित्युक्तं स्कान्दे – **अर्धोदये तु सम्प्राप्ते सर्वं गङ्गासमं जलम् । शुद्धात्मानो द्विजाः सर्वे भवन्ति ब्रह्मसम्मिताः ।।**

यत्किञ्चिद्दीयते दानं तद्दानं मेरुसन्निभम् ।। इति ।

हेमाद्रि र **मदनरत्न**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – 'माघमासको अमावास्यामा रविवार, श्रवण र व्यतीपातयोग भएमा दुर्लभयोग हुन्छ त्यसलाई अर्धोदय भन्दछन् । त्यो हजार सूर्यग्रहणबराबर पुण्यदायक हुन्छ ।' त्यहीं नै फेरि भनिएको छ – माघमासको कृष्णपक्षको अमावास्यामा रविवार, श्रवणनक्षत्र र व्यतीपातयोग भएमा दुर्लभयोग हुन आउँछ त्यस योगमा व्रत गर्नुपर्दछ । फेरि त्यहीं नै भनिएको छ – अर्धोदययोगमा व्रत गर्नको लागि ब्रह्मा, विष्णु र महेशका एक-एकपलका अर्थात् ४-४ तोलाका स्वर्णप्रतिमा बनाउनुपर्दछ अथवा आधा-आधापलका अर्थात् २

तोलाका प्रतिमा बनाउनुपर्दछ । फेरि ब्रह्माजीका लागि ३५० द्रोण अर्थात् ६४ पाथीको तिलपर्वत, यसैगरी विष्णुका लागि छुट्टै ३५० द्रोणको तिलपर्वत र शिवजीका लागि पनि ३५० द्रोणको तिलपर्वत बनाउनुपर्दछ । त्यसपछि सम्पूर्ण आवश्यक सामग्रीसहित तीनशय्या तयार गरी दान गर्नुपर्दछ । त्यसपछि तिलद्वारा हवन गरी प्रतिमादान गर्नुपर्दछ भन्ने कुरा स्कन्दपुराणमा यसरी बताइएको छ – अर्धोदययोग हुँदा पृथिवीका सबै जल गङ्गाजलसमान हुने र सबै शुद्धात्मा द्विजहरू ब्रह्मतुल्य हुने भएकाले त्यसबेला जति दान दिइन्छ त्यो सुमेरुपर्वतदान गरेसरह पुण्यदायक हुन्छ ।

अत्र दानविशेषकथनम्

अत्र दानविशेषो निर्णयामृते स्कान्दे –

चतुःषष्टिपलं मुख्यममत्रं तत्र कारयेत् । चत्वारिंशत्पलं वाथ पञ्चविंशतिरेव वा ।।

अमत्रम् – पात्रम् । तच्च कांस्यमयमित्युक्तं तत्रैव । एवं सुघटितं कार्यं कांस्यभोजनमुत्तमम् । इति ।

दानविशेषको निरूपण

निर्णयामृतमा उद्धृत स्कन्दपुराणको वचनमा भनिएको छ – ६४ पला अर्थात् २५६ तोला अथवा ४० पला अर्थात् १६० तोला अथवा २५ पला अर्थात् १०० तोलाको पात्र बनाउनुपर्दछ । त्यो काँसद्वारा निर्मित पात्र सुन्दर र सुगन्धित हुनुपर्दछ। यहाँ काँस भन्नुको तात्पर्य अशक्त व्यक्तिका लागि भनिएको हो । वस्तुतः सकेसम्म सुवर्णपात्र नै बनाउनुपर्दछ ।

तत्र विधिः

तथा – **निधाय पायसं तत्र पद्ममष्टदलं लिखेत् । पद्मस्य कर्णिकायां तु कर्षमात्रं सुवर्णकम् ।।**

तदभावे तदर्द्धं वा तदर्द्धं वापि कारयेत् । भूमौ तु तण्डुलैः शुद्धैः कृत्वाष्टदलमुत्तमम् ।।

अमत्रं स्थापयेत्तत्र ब्रह्मविष्णुशिवात्मकम् । तेषां पूजा ततः कार्या श्वेतमाल्यैस्तु शोभनैः ।।

वस्त्रादिभिरलङ्कृत्य ब्राह्मणाय निवेदयेत् ।। तत्र मन्त्रः–

सुवर्णपायसामत्रं यस्मादेतत्त्रयीमयम् । आपत्तेस्तारकं यस्मात्तद् गृहाण द्विजोत्तम ।।

समुद्रमेखलां पृथ्वीं सम्यग्दातुश्च यत्फलम् । तत्फलं लभते मर्त्यः कृत्वेदं दानमुत्तमम् ।। इति ।

इति पौषमासः ।

अष्टदलकमलमा पूजाविधि

कँसको पात्रमा खीर भरेपछि त्यसमाथि अष्टदल कमल बनाउनुपर्दछ । कमलको कर्णिकामा एकतोला, त्यसको आधा वा त्यसको पनि आधासुनबाट बनाइएको पात्र राख्नुपर्दछ । काँसको पात्रनजिकै भुईंमा चामलले अष्टदल कमल बनाउनुदर्पछ। उक्त अष्टदल कमलमाथि ब्रह्मा, विष्णु र शिवको रूप मानिएको काँसको पात्र स्थापित गर्नुपर्दछ । त्यसपछि कर्ताले त्यस पात्रमा सेता पुष्पमाला आदिले ब्रह्म, विष्णु र शिवको पूजा गरी सुन्दर वस्त्रले ढाकेर ब्राह्मणलाई दानको रूपमा प्रदान गर्नुपर्दछ । पात्रदान गर्दा ब्राह्मणको प्रार्थना गर्नुपर्ने कुरा त्यहाँ यसरी बताइएको छ– 'हे द्विजोत्तम ! ब्रह्मा, विष्णु र शिवद्वारा सुहाएको यो सुवर्णमय पायसपात्रले सबै किसिमका विपत्तिनिवारण गर्दछ । कृपया यो पायसपात्र ग्रहण गरिदिनुहोस् ।' समुद्रको मेखलापर्यन्त फैलिएकी पृथिवीको दान गर्दा जुन फल प्राप्त हुन्छ त्यो फल यो पायसपात्रको दान गर्दा पनि प्राप्त हुन्छ ।

इति पौषमास

अथ माघमासः

माघस्नानविधिकथनम्

अथ माघस्नानम् । तत्र विष्णुः –

तुलामकरमेषेषु प्रातःस्नायी सदा भवेत् । हविष्यं ब्रह्मचर्यं च माघस्नानं महाफलम् ।।

इति सौरमास उक्तः । ब्राह्मे तु सावनमास उक्तः –

एकादश्यां शुक्लपक्षे पौषमासे समारभेत् । द्वादश्यां पौर्णिमायां वा शुक्लपक्षे समापनम् ।। इति।

माघस्नानविधि

अब माघस्नानबारे विचार गरिन्छ । **विष्णुले** भनेका छन् – तुला, मकर र मेषराशिमा सूर्य जाँदा प्रातःकालमा स्नान गर्नुपर्दछ । हविष्यभोजन गरी ब्रह्मचर्य पालन गर्नाले माघस्नान अत्यन्त फलदायक हुन्छ । माघमासमा गरिने स्नान सौरमासअनुसार सम्पन्न गरिने कर्मकाण्ड हो । **ब्रह्मपुराणमा** भने सावनमास भनी उल्लेख गरिएको पाइन्छ । तदनुसार पौषमासको शुक्लपक्षको एकादशीमा प्रारम्भ गरी माघमासको द्वादशी अथवा पूर्णिमामा समाप्त गर्नुपर्दछ ।

माघमासे विष्णोः त्रिकालपूजनम्

पाद्मेऽपि – **पौषस्यैकादशीं शुक्लामारभ्य स्थण्डिलेशयः । मासमात्रं निराहारस्त्रिकालं स्नानमाचरेत्।। त्रिकालमर्चयेद्विष्णुं त्यक्तभोगो जितेन्द्रियः । माघस्यैकादशीं शुक्लां यावद्विद्याधरोत्तम ।।** इति । **त्रिकालस्नानं मासोपवासविषयम्** । निराहार इत्युक्तेः । पृथ्वीचन्द्रोदये त्वन्यथोक्तम् । विष्णुः – **दर्शं वा पौर्णमासीं वा प्रारभ्य स्नानमाचरेत् । पुण्यान्यहानि त्रिंशत्तु मकरस्थे दिवाकरे ।।** इति । अत्र दर्शमिति शुक्लादिमुख्यचान्द्राभिप्रायेण । अयं तु पक्षो नेदानीं प्रचरति ।

माघमा विष्णुको त्रिकालपूजन

पद्मपुराणमा भनिएको छ – पौषशुक्लएकादशीतिथिबाट भूमिशयन आरम्भ गर्नुपर्दछ । एकमहिनासम्म निराहार रही त्रिकालस्नान गर्नुपर्दछ । प्रातः, मध्याह्न र सायंकालमा स्नान गर्ने कर्ताले ती तीनै कालमा भगवान् विष्णुको पूजा गर्नुपर्दछ । स्नानकर्ताले भोग्य पदार्थको त्याग गरी जितेन्द्रिय भई रहनुपर्दछ । 'हे उत्तम विद्याधर ! यी सबै कुरा माघमहिनाको शुक्लपक्षको एकादशीसम्म गर्नुपर्दछ ।' यहाँ त्रिकालस्नान भनिए तापनि त्यो मासोपवास गर्नेहरूका लागि हो व्रतमात्र गर्नेलाई होइन । तर व्रत गर्ने मानिस भने निराहार रहनुपर्दछ किनकि निराहार रहनु भनिएको छ ।

पृथ्वीचन्द्रोदयमा यो कुरा अर्कै तरिकाबाट बताइएको छ । **विष्णु** भन्दछन् – 'अमावास्या अथवा पूर्णिमादेखि आरम्भ गरी स्नान गर्नुपर्दछ । सूर्य मकरमा रहँदाका तीसदिन पुण्यदिन हुन् ।' यहाँ अमावास्याको कथन शुक्लादि मुख्य चान्द्रमासको अभिप्रायले गरिएको छ । यो पक्ष अहिले प्रचलनमा छैन ।

अधिकारिणः

अत्राधिकारिणो भविष्ये –

ब्रह्मचारी गृहस्थो वा वानप्रस्थोऽथ भिक्षुकः । बालवृद्धयुवानश्च नरनारीनपुंसकाः ।। स्नात्वा माघे शुभे तीर्थे प्राप्नुवन्तीप्सितं फलम् ।। पाद्मे – **सर्वेऽधिकारिणो यत्र विष्णुभक्तौ यथा नृप ।**

माघस्नानका अधिकारी

भविष्यपुराणमा भनिएको छ – ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, भिक्षुक, बाल, वृद्ध, युवा, नरनारी र नपुंसकले समेत माघमासमा पुण्यतीर्थमा स्नान गर्दा आफूले चिताएको फल प्राप्त गर्दछन् ।

पद्मपुराणमा भनिएको छ – उक्त सबै नरनारी र नपुंसकसमेत माघस्नानका अधिकारी हुन् ।

उष्णोदकादिस्नानम्

ब्राह्मे – **उष्णोदकेन वा स्नानमशक्ये सति कुर्वते । दृढेषु सर्वगात्रेषु उष्णोदं न विशिष्यते ।।**

उष्णोदकस्नान

शीतोदक अर्थात् चीसो जलले नुहाउन असमर्थ व्यक्तिका सबै अङ्ग दृढ छन् भने तातो जलले नुहाउँदा कुनै विशेष फल प्राप्त हुँदैन ।

विष्णुपूजनविधिकथनम्

वैष्णवामृते गौडनिबन्धे च स्कान्दे –

पौष्यां तु समतीतायां यावद् भवति पूर्णिमा । माघमासस्य तावद्धि पूजा विष्णोर्विधीयते ।।

विष्णुपूजन

पौषमासको पूर्णिमादेखि माघमासको पूर्णिमासम्म विष्णुपूजा गर्ने विधान रहेको छ ।

मूलकभक्षणादिनिषेधकथनम्

पितॄणां देवतानां च मूलकं नैव दापयेत् । ब्राह्मणो मूलकं भुक्त्वा चरेच्चान्द्रायणव्रतम् ।।
अन्यथा याति नरकं क्षत्रविट् शूद्र एव च । वर्जनीयं प्रयत्नेन मूलकं मदिरोपमम् ।।

माघमा मूलासेवन गर्न निषेध

माघमहिनामा देवता र पितृलाई पूजा अथवा श्राद्धमा मूला चढाउन हुँदैन । माघमा ब्राह्मणले मूला खाएपछि चान्द्रायणव्रत[९०] गर्नुपर्दछ । माघमा क्षत्रिय, वैश्य र शूद्र पनि मूलाको सेवन गरेपछि नरकमा जान्छन् । वस्तुतः माघमा मूलाको सेवन मदिरासेवनबराबर मानिएको छ । तसर्थ सबैले प्रयत्नपूर्वक छाडिदिनुपर्दछ ।

---

९०. चन्द्रमाका कलाहरूको चरणवृद्धि र चरणह्रासको क्रमका आधारमा भोजनको गास बढाउँदै र घटाउँदै लगी एक महिनासम्म गरिने कठोर प्रायश्चित्तव्रतको नाम चान्द्रायणव्रत हो । यसै विषयमा याज्ञवल्क्य भन्दछन् –

तिथिवृद्ध्या चरेत् पिण्डान् शुक्ले शिख्यण्डसम्मितान् । एकैकं ह्रासयेत् कृष्णे पिण्डं चान्द्रायणं चरन् ।।

अर्थात् चान्द्रायणव्रत गर्ने मानिसले शुक्लपक्षमा तिथिको वृद्धिअनुसार मयूरको अण्डाबराबरका गाँसहरू लिनुपर्ने विधान रहेको छ । तदनुसार प्रतिपदामा एक गास, द्वितीयामा दुई गास, तृतीयामा तीनगास यस प्रकारले पूर्णिमातिथिमा पुग्दा त्यो दिन १५ गास भोजन गर्नुपर्दछ । त्यसपछि कृष्णपक्षमा गास घटाउने क्रम सुरु हुन्छ । तदनुसार कृष्णपक्षको प्रतिपदामा १४ गास, द्वितीयामा १३ गास, तृतीयामा १२ गाँस इत्यादि किसिमले चतुर्दशीतिथिमा पुग्दा त्यो दिन एक गासमात्र भोजन गर्नुपर्दछ । त्यसपछिको औंसीका दिन निराहार बस्नुपर्दछ । तिथिवृद्धि भई १६ दिनको पक्ष हुँदा गासको संख्या बढाउने र तिथिक्षय भई १४ दिनको पक्ष हुँदा गासको संख्या

माघीयमलमासे स्नानादिविचारः

यदा तु माघो मलमासो भवति तदा काम्यानां तत्र समाप्तिनिषेधान्मासद्वये स्नानं तन्नियमाश्च कार्याः । मासोपवासचान्द्रायणादि तु मलमास एव समापयेत् । तदुक्तं दीपिकायाम् – **'नियतत्रिंशद्दिनत्वाच्छुभे मास्यारभ्य समापयेत मलिने मासोपवासव्रतम्'** इति । मासोपवासपदं चान्द्रायणादेरुपलक्षणम् ।

माघको मलमासमा स्नानादिविचार

माघमासमा मलमास भएमा काम्यव्रतको उद्यापन गर्न निषेध गरिएकाले दुवै महिनामा स्नान र नियमको पालन गर्नुपर्दछ । तर मासोपवास र चान्द्रायण भने मलमासमा नै समाप्त गर्नुपर्दछ ।

यस विषयमा **दीपिकामा** भनिएको छ – 'तीस दिनको नियम भएकाले शुभमासमा आरम्भ गरिएको मासोपवासव्रतलाई मलमासमा समाप्त गर्न हुन्छ ।' यहाँ मासोपवासव्रतशब्दले चान्द्रायण आदि प्रायश्चित्तलाई पनि जनाउँछ ।

स्नानारम्भे मन्त्रः

स्नानारम्भे च मन्त्रो विष्णुनोक्तः –

तत्र चोत्थाय नियमं गृह्णीयाद् विधिपूर्वकम् । माघमासमिमं पूर्णं स्नास्येऽहं देव माधव ।।
तीर्थस्यास्य जले नित्यमिति सङ्कल्प्य चेतसि ।। इति । प्रत्यहं मन्त्रश्च पाद्मे–
दुःखदारिद्य्रनाशाय श्रीविष्णोस्तोषणाय च । प्रातःस्नानं करोम्यद्य माघे पापविनाशनम् ।।
मकरस्थे रवौ माघे गोविन्दाच्युत माधव । स्नानेनानेन मे देव यथोक्तफलदो भव ।।
इमं मन्त्रं समुच्चार्य स्नायान्मौनसमन्वितः ।। इति । प्रत्यहं सूर्यायार्घ्यम् ।

स्नानारम्भमा मन्त्रोच्चारण

स्नानारम्भमा भनिने **दुःखदारिद्र्यनाशाय०** इत्यादि मन्त्र विष्णुले बताएका हुन् । प्रातःकालमा जागा भएपछि विधिपूर्वक नियमस्वीकार गरी – 'हे माधव ! मैले यो माघमास पूरा नहुँदासम्म नियमपूर्वक स्नान गर्नेछु ।' यस्तो सङ्कल्प गरी दिनदिनै प्रातःकालमा उक्त स्नानारम्भमा भनिने मन्त्र पढेर गङ्गा आदि तीर्थको जलमा स्नान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'दुःख र दरिद्रताको नाशका लागि, श्रीविष्णुको प्रसन्नताका लागि र पापहरूको नाशका लागि आज म

घटाउने काम गर्नुपर्दछ । यसरी गास बढाउँदै र घटाउँदै एक महिनासम्म चान्द्रायणव्रत गर्न चाहने मानिसले मुण्डन गरी शुद्धवस्त्र धारण गरेर व्रतारम्भ गर्नुपर्दछ । प्रतिदिन त्रिकालस्नान र सन्ध्या गर्नुपर्दछ । अघमर्षणसूक्त, देवकृत्सूक्त, पावमानीसूक्त एवं तत्समासूक्तका साथै १००० अथवा १०८ संख्यामा गायत्रीजप गर्नुपर्दछ र प्रतिदिन ॐ भूर्भुवः स्वः इत्यादि महाव्याहृतिद्वारा होमका साथै देव–पितृतर्पण पनि गर्नुपर्दछ । भोजनको गासलाई औंलाहरूको टुप्पामा राखेर गायत्रीले अभिमन्त्रित गरी खानु पर्दछ । पहिलो गास खाएपछि आचमन गरी अर्को गाँसलाई त्यसैगरी अभिमन्त्रित गरेर ग्रहण गर्नुपर्दछ । यसै तथ्यलाई प्रकट गर्दै याज्ञवल्क्य भन्दछन् –

कुर्यात्त्रिषवणस्नायी कृच्छ्रं चान्द्रायणं तथा । पवित्राणि जपेत् पिण्डान् गायत्र्या चाभिमन्त्रयेत् ।।

यसरी चान्द्रायणव्रत गर्ने मानिसको अन्य प्रायश्चित्तबाट नमेटिने भयङ्कर पापराशि नष्ट भई त्यो निर्मल बन्दछ । यदि धर्मार्थ चान्द्रायणव्रत गरिएको छ भने त्यो मानिस मृत्युपछि चन्द्रलोकमा प्राप्त हुन्छ । यस तथ्यलाई याज्ञवल्क्यले यसरी व्यक्त गरेका छन् –

अनादृष्टेषु पापेषु शुद्धिश्चान्द्रायणेन तु । धर्मार्थं यश्चरेदेतत् चन्द्रस्यैति सलोकताम् ।।

– याज्ञवल्क्यस्मृति, प्रायश्चित्ताध्याय, ५/३/२३, ३/२५–२६ ।

माघमासमा प्रातःस्नान गर्दछु । हे गोविन्द ! हे माधव ! हे अच्युत ! सूर्य मकरराशिमा रहनुभएका बेला मैले गरेको यस स्नानबाट मलाई यथोक्त फल प्राप्त होस् ।' यो मन्त्र उच्चारण गर्दै मौनधारण गरेर स्नान गर्नुपर्दछ र स्नानकर्ताले दिनदिनै सूर्यलाई अर्घ्य दिनुपर्दछ ।

मन्त्रस्तु पृथ्वीचन्द्रोदये पाद्मे –

सवित्रे प्रसवित्रे च परं धाम जले मम । त्वत्तेजसा परिभ्रष्टं पापं यातु सहस्रधा ।।' इति ।

स्नानकालश्च सूर्योदयः । त्रिस्थलीसेतौ – '**मकरस्थे रवौ यो हि न स्नात्यभ्युदिते रवौ**' इति । '**माघमासे रटन्त्यापः किञ्चिदभ्युदिते रवौ**' इति च पाद्मवचनात् ।

सम्प्राप्ते माघमासे तु तपस्विजनवल्लभे । क्रोशन्ति सर्ववारीणि समुद्गच्छति भास्करे ।।

पुनीमः सर्वपापानि त्रिविधानि न संशयः ।। इति नारदीयोक्तेः ।

यो माघमास्युषसि सूर्यकराभितप्ते स्नानं समाचरति चारुनदीप्रवाहे ।

उद्धृत्य सप्तपुरुषान्पितृमातृवंश्यान्स्वर्गं प्रयात्यमरदेहधरो नरोऽसौ ।। इति भविष्योत्तरवचनाच्च।

पृथ्वीचन्द्रोदयमा उद्धृत **पद्मपुराण**मा प्रस्तुत – **सवित्रे प्रसवित्रे च०** इत्यादि मन्त्र उच्चारण गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे प्रसविता ! हे सविता ! मेरो परमधाम जलमा नै छ । हजुरको तेजबाट मेरो पाप हजार टुक्रा भएर नष्ट होस् ।' माघमासको स्नानकाल सूर्योदयसमय नै हो । त्रिस्थलीसेतुमा भनिएको छ – 'सूर्योदयको समयमा माघमा जसले नुहाउँदैन' इत्यादि वचनमा पनि स्नानकाल सूर्योदय नै हो भनिएको छ । फेरि पद्मपुराणको वचनमा भनिएको छ- 'सूर्य केही उदाएपछि नदीका जलहरू मानिसहरूलाई बेलाउँदै नुहाउन आऊ, भनी चिच्याउँछन्' भन्ने वचनले पनि सूर्योदयको समयमा नै स्नान गर्नुपर्ने कुरा बताएको छ । **त्रिस्थलीसेतु**मा उद्धृत **नारदीय** वचन यसप्रकार छ – तपस्वीहरूको प्यारो महिना माघ आएपछि सूर्योदयको समयमा सबै किसिमका जलले शब्द गर्दछन् र ती शब्द सबै पापनाश गर्न समर्थ हुन्छन् भन्ने कुरामा कुनै सन्देह छैन ।

भविष्योत्तरपुराणमा भनिएको छ – माघमहिनाको बिहानीमा उदाइरहेका सूर्यका सुनौला किरण पर्नाले पहेंलपुर भई टल्किने नदीको प्रवाहमा स्नान गर्ने मानिस आफ्ना मातृवंश एवं पितृवंशका सात–सातपुस्ताको उद्धार गर्दै देवताको रूप लिएर स्वर्गमा जान्छ ।

स्नानकालकथनम्

ब्राह्मे त्वरुणोदय उक्तः ।

अरुणोदये तु सम्प्राप्ते स्नानकाले विचक्षणः। माधवाङ्घ्रियुगं ध्यायन् यः स्नाति सुरपूजितः ।। इति।

स्नानकाल

ब्रह्मपुराणमा माघमहिनामा अरुणोदयकालमा स्नान गर्नुपर्ने कुरा बताउँदै भनिएको छ– जुन बुद्धिमान् मानिसले स्नानको उपयुक्त समय अरुणोदयकाल सामुमा आएपछि भगवान् माधवका दुवै पाउको ध्यान गर्दै स्नान गर्दछ त्यो मानिस देवताहरूबाट सत्कार–सम्मान पाउँदै स्वर्गधाममा प्राप्त हुन्छ ।

अरुणोदयेऽपि स्नानकालकथनम्

तथा – अरुणोदयमारभ्य प्रातःकालावधि प्रभो । माघस्नानवतां पुण्यं क्रमात्तत्रावधारणा ।।

अरुणोदयदेखि सूर्योदयसम्म स्नानको महत्त्व

त्यसैगरी ब्रह्मपुराणमा भनिएको छ – अरुणोदयदेखि लिएर सूर्योदयसम्म माघमा गङ्गा आदि नदीमा स्नान गर्ने मानिसले निश्चय नै पुण्यलाभ गर्दछ ।

तत्र उत्तममध्यमादिभेदाः

उत्तमं तु सनक्षत्रं मध्यमं लुप्ततारकम् । सवितर्युदिते भूप ततो हीनं प्रकीर्तितम् ।। इति ।

तेनात्र शक्त्यपेक्षया व्यवस्था । इदं च स्नानं प्रयागेऽतिप्रशस्तम् ।

स्नानका उच्च-नीच आदि भेद

'बिहानमा तारा आकाशमा देखिँदा गरिने स्नान उत्तम स्नान हुन्छ । तारा आकाशबाट अन्तर्धान भएपछिको समय मध्यम समय हुन्छ र त्यसबेला गरिने स्नान पनि मध्यमस्नान हुन्छ । सूर्योदयपछिको समयलाई हीन यद्वा निम्नकोटिको समय भनिन्छ । त्यसकारण त्यसबेला गरिने स्नान पनि निम्नकोटिकै हुन्छ ।'

स्नानकालको शक्तिअनुसार फलप्राप्ति हुन्छ । यो माघस्नान प्रयागतीर्थमा अत्यन्त उत्तम मानिएको छ ।

तीर्थविशेषे स्नानमाहात्म्यकथनम्

काश्याः शतगुणं प्रोक्तं गङ्गायमुनसङ्गमे । सहस्रगुणिता सापि भवेत्पश्चिमवाहिनी ।।

पश्चिमाभिमुखी गङ्गा कालिन्द्या सह सङ्गता । हन्ति कल्पकृतं पापं सा माघे नृप दुर्लभा ।।

इत्यादिपाद्मादिवचोभ्यः । विस्तरस्तु मत्पितामहकृतप्रयागसेतौ ज्ञेयः ।

तीर्थविशेष र माघस्नान

माघमा गङ्गा र यमुनाको सङ्गममा गरिने स्नान काशीमा गरिने स्नानभन्दा सयगुणा बढी फलदायक हुन्छ । यदि त्यो स्नान पश्चिमवाहिनीमा हुन्छ भने हजारगुणा बढी फलदायक हुन्छ । किनकि पश्चिमवाहिनी गङ्गा यमुनासँग मिसिएको ठाउँमा गरिने स्नानले कल्प-कल्पका पापनाश गर्दछ । यो स्नान माघमा दुर्लभ मानिएको छ । यसको विस्तृत ज्ञान मेरा पितामहद्वारा रचित प्रयागसेतुबाट प्राप्त हुनसक्दछ ।

प्रयागस्मरणपुण्यम्

ब्राह्मे – **यत्र कुत्रापि यो माघे प्रयागस्मरणान्वितः । करोति मज्जनं तीर्थे स लभेद् गाङ्गमज्जनम्।।**

तथा समुद्रेऽप्यतिप्रशस्तम् ।

प्रयागस्मरणको पुण्य

ब्रह्मपुराणमा भनिएको छ – 'जुनसुकै ठाउँमा रहेको मानिसले पनि माघमहिनामा प्रयागको सम्झना गर्दै आफू

रहेका ठाउँका तीर्थहरूमा स्नान गर्दछ भने त्यसले गङ्गास्नानको फल प्राप्त गर्दछ ।' ग्रन्थकार भन्दछन् – यसैगरी समुद्रमा गरिने माघस्नान अत्यन्त उत्तम मानिएको छ ।

माघस्नानेन पौण्डरीकयज्ञफलम्

तदुक्तं पृथ्वीचन्द्रोदये प्रभासखण्डे–

माघे मासि च यः स्नायान्नैरन्तर्येण भावतः । पौण्डरीकफलं तस्य दिवसे दिवसे भवेत् ।।

माघस्नानं काम्यमेवेति भट्टाः । विष्ण्वादिवाक्ये सदावश्यशब्दान्नित्यत्वावगतेर्नित्यं काम्यमिति तु युक्तम् । मासपर्यन्तं स्नानासम्भवे तु त्र्यहमेकाहं वा स्नायात् । **महामाघीं पुरस्कृत्य सस्नौ तत्र दिनत्रयम्** इति लिङ्गात्।

माघस्नान गर्दा पौण्डरीकयज्ञको फल

पृथ्वीचन्द्रोदयमा उद्धृत **प्रभासखण्डको** वचनमा भनिएको छ – 'जुन मानिसले माघमहिनामा निरन्तर प्रीतिपूर्वक स्नान गर्दछ त्यसले प्रतिदिन पौण्डरीक यज्ञको फल प्राप्त गर्दछ ।'[९१] **भट्टहरूले** माघस्नानलाई काम्य मानेका छन् । विष्णु आदिका वाक्यमा सदा र अवश्यशब्दहरूको विन्यास भएकाले माघस्नान नित्य भएको कुरा बुझिन्छ । एकमहिना पूरा स्नान गर्न असम्भव भएमा तीनदिन वा एकदिन स्नान गर्नुपर्दछ ।

'महामाघी अर्थात् माघपूर्णिमालाई अगाडि राखेर तिनले तीनदिन स्नान गरे' भन्ने वचन पाइन्छ । यस वचनरूप अभिज्ञानका कारण असम्भव भएमा तीनदिन वा एकदिनमात्र स्नान गरे हुन्छ भन्ने कुरा प्रमाणित हुन्छ।

माघे प्रयागे दिनत्रयस्नानफलम्

अस्मिन्योगे त्वशक्तोपि स्नायादपि दिनत्रयम् । प्रयागे माघमासे तु त्र्यहं स्नातस्य यत्फलम् ।।

नाश्वमेधसहस्रेण तत्फलं लभते भुवि ।। इति पाद्मादिवचनात् । अत्र मकरसंक्रमो रथसप्तमी माघीति त्र्यहमित्येके। माघशुक्लदशम्यादीत्यन्ये । मकराद्यत्र्यह इत्यपरे । माघमासाद्यत्र्यह इति केचित् स। त्रयोदश्यादीति बहवः ।

माघमा प्रयागराजमा गरिने तीनविशिष्टस्नानको फल

पद्मपुराणको भनाइ छ – 'यस्तो योगमा अशक्तले पनि तीनदिन स्नान गर्नुपर्दछ । प्रयागमा माघमासमा स्नान गर्दा जुन फल प्राप्त हुन्छ त्यो फल हजार अश्वमेधयज्ञ गर्दा पनि पृथ्वीमा प्राप्त हुँदैन ।'[९२]

---

९१. कात्यायनश्रौतसूत्र २३/५/३३ मा सबै प्रकारका कामनाहरूको सिद्धि चाहने यजमानले २१ स्तुत्या भएको पौण्डरीक अहीन याग गर्नुपर्ने कुरा बताइएको छ ।

९२. कात्यायनश्रौतसूत्रको बाह्रौं अध्यायमा भनिएको छ कि – अभिषिक्त सार्वभौम राजाले आफ्ना सम्पूर्ण कामनाहरूको पूर्णताका लागि अश्वमेधयाग गर्नुपर्दछ । अश्वमेधयज्ञ प्राचीन यज्ञहरूमध्ये एक हो । यसको ऋग्वेदमा पनि चर्चा भएको छ । अश्वमेधयज्ञ गर्ने मानिस स्वर्गमा जान्छ भन्ने धारणाले समर्थ पुरुषहरू यो अश्वमेध यज्ञ सम्पन्न गर्दछन् । अश्वका साथै एउटा बोकोलाई अगाडि राखी यज्ञस्थलमा ल्याउने काम गरिन्छ । अश्वलाई आभूषणद्वारा अलङ्कृत गरी त्यसका शरीरमा स्वरुनामक लेपको लेपन गरिन्छ । अश्वलाई अग्निकुण्डका सामु तीन पटक परिक्रमा गराउने काम गरिन्छ । शतपथब्राह्मण १३/१–५ मा र तैत्तिरीयब्राह्मणमा पनि अश्वमेघ यज्ञको वर्णन गरिएको छ । तदनुसार अनेक राजाहरूले यो यज्ञ सम्पादन गरेका थिए । यज्ञस्थलबाट छोडिएको अश्वलाई शत्रुहरूले समातेमा यज्ञ नष्ट गर्नुपर्ने विधान अनुसार यज्ञ नष्ट गरिन्छ । अश्वमेधयज्ञ फाल्गुन–शुक्लपक्षको अष्टमी या नवमीका दिन अथवा ज्येष्ठ–शुक्लपक्षको अष्टमी वा नवमीका दिन गर्ने विधान रहेको छ । आपस्तम्बले चैत्रको पूर्णिमाका दिन आरम्भ गर्नुपर्दछ भनेका छन् । यो यज्ञ प्रारम्भ गर्दा ब्रह्मौदन पकाउने विधान रहेको छ । यो यज्ञ

कसैले मकरसंक्रान्ति, रथसप्तमी र माघपूर्णिमा यी तीनदिन स्नान गर्नुपर्दछ भनेका छन् । कसैले माघ शुक्लदशमी, एकादशी र द्वादशी गरी तीनदिन स्नान गर्नुपर्ने कुरा बताएका छन् । कसैले मकरसंक्रान्तिदेखि तीनदिनलाई स्वीकार गरी स्नान गर्नुपर्छ भनेका छन् । कसैले चान्द्र माघमासका आरम्भका तीनदिनमा स्नान गर्नुपर्ने कुरा स्वीकार गरेका छन् । धेरैले माघ शुक्लत्रयोदशीदेखि तीनदिनलाई उत्तमस्नानका दिन मानेका छन् ।

'महामाघीं पुरस्कृत्य सस्नौ तत्र दिनत्रयम्' इति पाद्मोक्तेः । एतस्यार्थवादत्वाद्यत्किञ्चिद्दिनत्रयमिति भट्टाः। तत्वं तु – **'सन्दिग्धेषु वाक्यशेषात्'** इति न्यायात्त्रयोदश्याद्येवेति । प्रयागं विनापि पाद्मे – **'अस्मिन्त्योगे त्वशक्तोपि स्नायादपि दिनत्रयम्'** इति ।

पद्मपुराणमा महामाघी अर्थात् अमावास्यालाई अगाडि राखेर त्यसमा तीनदिन स्नान गरोस् भनिएको छ । **भट्ट**हरूको भनाइ छ – माथिको भनाइ अर्थवाद भएकाले माघमा कुनै तीनदिन स्नान गर्नुपर्दछ भनिएको हो ।

वस्तुतः **सन्दिग्धेषु वाक्यशेषात्**[१३] अर्थात् सन्दिग्धस्थलमा वाक्यशेषबाट निर्णय गर्नुपर्छ भन्ने मीमांसाको नियमअनुसार वाक्यशेषमा **त्रयोदश्यादीति बहवः** भन्ने भनाइ रहेकाले स्नानका लागि त्रयोदशी आदि तीनदिन लिनुपर्दछ भन्ने सिद्धान्तपक्षको निष्कर्ष हो । प्रयागतीर्थको अभावमा जुनसुकै तीर्थ वा नदी वा जलाशयमा स्नान गर्दा पनि प्रयागस्नानसरह नै हुन्छ । तसर्थ अशक्तले पनि तलाउ, कुवा अथवा ज्यादै असमर्थ भएमा भाँडोमा जल झिकेर भएपनि तीनदिनसम्म स्नान गर्नुपर्दछ ।[१४]

ब्राह्मणले गर्नु हुँदैन । क्षत्रिय राजाले तीन वर्णका रानीहरू र कन्याहरूका साथमा अग्निस्थलमा प्रवेश गरेर यो यज्ञ आरम्भ गर्दछन् । यसमा आवश्यक हुने घोडाको रङ्ग सेतो हुनुपर्दछ । पूरा सेतो घोडा नपाइएमा घोडाको अग्रभाग कालो र पृष्ठभाग सेतो भएमा पनि काम चलाउन सकिने वर्णन पाइन्छ । पुरोहितहरूले अश्वमा पवित्रजल सिञ्चन गरी यो कार्य आरम्भ गर्दछन् । यो यज्ञ गर्नाले यजमान निष्पाप हुने र मृत्युपछि त्यसले स्वर्ग प्राप्त गर्ने कुरा बताइएको छ । महाभारतको आश्वमेधिकपर्वमा अश्वमेधयज्ञको विस्तृत वर्णन गरिएको छ । यस सम्बन्धमा अधिक जानकारी प्राप्त गर्न चाहने मानिसले माथि बताइएका ग्रन्थहरूका साथै महाभारतको आश्वमेधिकपर्व अध्ययन गर्नुपर्दछ। – पी.बी. काणे, भाग १, पूर्ववत्, पृ. ५६५–५७० ।

१३. मीमांसासूत्रको **सन्देहे निर्णयः स्तुतेः** (१/४/१९) सूत्रमा वाक्यार्थमा सन्देह हुन गएमा त्यसलाई निराकरण गर्ने उद्देश्यले वाक्यशेष न्यायको निरूपण गर्ने क्रममा दृष्टान्त उपस्थापित गर्दै भनिएको छ – **अक्ताः शर्करा उपादधाति** – यस वाक्यको अर्थ हो – शर्करालाई अञ्जन गरेर चयनस्थलमा राख्नुपर्दछ । उक्त वाक्यमा अञ्जन गर्नुपर्ने कुरा बताउँदा कुन पदार्थले अञ्जन गर्ने भन्ने नबताइएको हुँदा सन्देह हुन गएको छ । लोकव्यवहारमा तेल, नौनी, घ्यू आदिबाट अञ्जन गरिन्छ । यहाँ शर्करालाई अञ्जन गर्दा यीमध्ये कुन पदार्थ लिने भन्ने सन्देह भएको छ । सन्देह हुँदा स्तुति अर्थात् अर्थवादबाट निर्णय गर्नुपर्दछ भन्ने माथि बताइएका सूत्रको अर्थ हो । यहाँ अर्थवाद के छ त भन्ने प्रश्नको उत्तरमा –**उक्तस्य वाक्यस्य शेषे तेजो वै घृतम्** – अर्थात् उक्त शर्करा वाक्यको शेषमा **तेजो वै घृतम्** भनेर घिउ नै तेज हो भनी घिउको प्रशंसा गरिएकाले अरू पदार्थ छाडी घिउले नै अञ्जन गर्नुपर्ने निर्णय गरिन्छ । त्यसैगरी माघमा तीन दिन स्नान गर्नुपर्दछ भन्ने सन्दर्भमा आएको वाक्य माघको प्रशंसारूप अर्थवाद हो । तीनदिनमध्ये कुन–कुन तीनदिन लिने भन्ने विषयमा माथि मूलमा रहेका अनेक पक्षमध्ये **त्रयोदश्यादीनि बहवः** भनी त्रयोदशीबाट सुरु हुने तीन दिनको उपस्थापन गरिएकाले त्यो पद वाक्यको अन्तमा रहेकाले त्रयोदशी आदि तीनदिन अर्थात् त्रयोदशी, चतुर्दशी, पूर्णिमाका दिन माघस्नान गर्नुपर्ने कुरा निर्णय गरिन्छ ।

१४. कुलाको जल, नदीको जल, नयाँ गाग्रोमा राखेको जल आदि सबै जल रात्रिमा वायुद्वारा ताडित भएपछि गङ्गाजलसरह नै मानिएका हुन्छन् भन्ने शास्त्रमा पाइन्छ । भनिएको छ – **तडागेषु तु वा स्नायात्कूपे भाण्डादिके तिथौ । माघमासे वरारोहे शस्तं वै निम्नगाजलम्।।**

सरित्तोयं महावेगं नवकुम्भस्थितं तथा। वायुना ताडितं रात्रौ गङ्गातोयसमं स्मृतम् ।।

– दौलतराम गौडद्वारा अनूदित निर्णयसिन्धु, पृ. ४४०।

वह्निसेवनादिविचारः

माघस्नाने नियमास्तु नारदीये –

न वह्निं सेवयेत्स्नातो ह्यस्नातोऽपि वरानने । होमार्थं सेवयेद्वह्निं शीतार्थं न कदाचन ।।

अहन्यहनि दातव्यास्तिलाः शर्करयान्विताः । त्रिभागस्तु तिलानां हि चतुर्थः शर्करान्वितः ।।

अनभ्यङ्गी वरारोहे सर्वमासं नयेद् व्रती ।। तथा –

शङ्खचक्रधरं देवं माधवं नाम पूजयेत् । वह्निं हुत्वा विधानेन ततस्त्वेकाशनो भवेत् ।।

भूशय्या ब्रह्मचर्येण शक्तः स्नानं समाचरेत् । अशक्तो ब्रह्मचर्यादौ स्वेच्छा सर्वत्र कथ्यते ।।

व्रतालुले माघमा आगो ताप्न नहुने विषयमा

नारदीयपुराणमा माघस्नानका नियम बताइएका छन् । तदनुसार माघमा स्नान नगर्दै र स्नान गरिसकेपछि पनि आगो ताप्न हुँदैन । हवनका लागि अग्निको सेवन गर्नुपर्दछ तर जाडो हटाउन अग्निको सेवन गर्न हुँदैन । दिनदिनै चिनी र तिल दान गर्नुपर्दछ । दान गर्दा तीनभाग तिल र एकभाग चिनी हुनुपर्दछ । सम्पूर्ण माघमहिनामा अभ्यङ्ग अर्थात् शरीरमा तेल मालिस गर्ने काम गर्न हुँदैन । जुन मानिसले कष्ट सहेर शरीर खुला राखी स्नान गर्दछन्, तिनले पाइला–पाइलामा अश्वमेध यज्ञ गरेको फल प्राप्त गर्दछन् । माघमा स्नानपूर्वक व्रत एवं उपवास गर्ने मानिसले शङ्ख एवं चक्रधारण गर्ने भगवान् माधव अर्थात् लक्ष्मीका पति श्रीनारायणको पूजा गर्नुपर्दछ । विधिपूर्वक हवन गरी एकभक्त रहनुपर्दछ । समर्थ पुरुष भुईंमा सुत्नु पर्दछ र ब्रह्मचर्यमा रहनुपर्दछ । तर ब्रह्मचर्य आदि धारण गर्न असमर्थ पुरुषले भने स्वेच्छया यथाशक्ति नियमपालन गर्नुपर्दछ ।

षट्तिलकथनम्

तथा – **तिलस्नायी तिलोद्वर्ती तिलहोमी तिलोदकी ।**
तिलभुक् तिलदाता च षट्तिला पापनाशनाः ।। इति ।

षट्तिल महत्त्व

माघमासमा तिल मिसिएको जलद्वारा स्नान, तिलबाट शरीरलेपन, तिलद्वारा हवन, तिलद्वारा तर्पण, तिलयुक्त भोजन र तिलको दान गर्दा षट्तिलव्रत हुन्छ । माघमासमा यसरी ६ प्रकारबाट तिलको प्रयोग गरी सम्पन्न गरिने षट्तिलव्रत गर्नाले ६ प्रकारका पापको नाश हुन्छ ।

काश्यां दशाश्वमेधोत्तरस्थप्रयागतीर्थे स्नानकथनम्

तथा प्रयागासम्भवे काश्यां दशाश्वमेधोत्तरस्थप्रयागतीर्थे स्नानमुक्तं काशीखण्डे–

काश्युद्भवे प्रयागे ते तपसि स्नान्ति मानवाः । दशाश्वमेधजनितं फलं तेषां भवेद् ध्रुवम् ।। इति।

दशाश्वमेधसमीपको प्रयागतीर्थमा स्नानको महत्त्व

प्रयागराज तीर्थमा माघस्नान गर्न नसकिएमा काशीमा दशाश्वमेघतीर्थको उत्तरमा रहेको प्रयागतीर्थमा अर्थात् दशाश्वमेधदेखि उत्तरतर्फ र ललिताघाटदेखि दक्षिणतर्फको घाटलाई प्रयागतीर्थ मानिएको छ त्यसमा स्नान गर्नुपर्दछ भन्ने

कुरा स्कन्दपुराण काशीखण्डमा बताइएको छ – जुन मानिसले काशीमा प्रकट भएको प्रयागतीर्थमा माघमहिनामा स्नान गर्दछन्, तिनले दशअश्वमेध गरेको फल प्राप्त गर्दछन् ।

स्नानोत्तरकार्यम्

स्नानोत्तरं मदनपारिजाते विष्णुः –

काष्ठमौनान्नमस्कृत्य पूजयेत्पुरुषोत्तमम् । अवश्यमेव कर्तव्यं माघस्नानमिति श्रुतिः ।।

भविष्ये – **तैलमामलकाश्चैव तीर्थे देयास्तु नित्यशः । ततः प्रज्वालयेद्वह्निं सेवनार्थं द्विजन्मनाम् ।।**

एवं स्नानावसाने तु भोज्यं देयमवारितम् । भोजयेद् द्विजदाम्पत्यं भूषयेद्वस्त्रभूषणैः ।।

कम्बलाजिनरत्नानि वासांसि विविधानि च । चोलकानि च देयानि प्रच्छादनपटास्तथा ।।

उपानहौ तथा गुप्तमोचकौ पापमोचकौ । अनेन विधिना दद्यान्माधवः प्रीयतामिति ।।

स्नानोत्तर कार्य

मदनपारिजातमा विष्णुले बताएका छन् – 'सबै मानिसले प्रयाग आदि तीर्थमा स्नान गरेपछि काष्ठमौनी अर्थात् काठको ठूटो झैं अचल भई तपस्या गर्ने तपस्वीहरूलाई नमस्कार गरी भगवान् पुरुषोत्तमको पूजा गर्नुपर्दछ र माघमा स्नान गर्नुपर्दछ' भन्ने श्रुतिको वचन रहेको छ ।

'तीर्थमा सधैं अमलाका दाना र तिल दान गर्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूको सेवाका लागि आगो सल्काउनुपर्दछ। यस प्रकार माघमा व्रत गरी दान आदि कर्म गर्ने मानिसले ब्राह्मणले भो भो नभन्दासम्म भोजन गराउनुपर्दछ । सपत्नीक ब्राह्मणलाई भोजन गराएर वस्त्र र गहनाले सुशोभित तुल्याउनुपर्दछ । विधिपूर्वक कम्बल, मृगचर्म, रत्न, अनेकप्रकारका वस्त्र, चोलो, पछ्यौरा एवं उत्तरीयजस्ता वस्तु दान गर्नुपर्दछ । जुत्ता, गुल्ममोचक अर्थात् मेथी, चम्सूर, कालो जीरा र ज्वानुबाट तयार गरिएको औषधि र पापमोचक अर्थात् बेसारसमेत त्यसरी दान गर्नुपर्दछ जसरी भगवान् प्रसन्न हुनुहुन्छ।'

पाद्मे – **'भूमौ शयीत होतव्यमाज्यं तिलसमन्वितम्'** । तथा –

अन्नं चैव यथाशक्ति देयं माघे नराधिप । सुवर्णरक्तिकामात्रं दद्याद् वेदविदे तथा ।।

माघान्ते तु विशेषो नारदीये –

माघावसाने सुगभे षड्रसं भोजनं स्मृतम् । सूर्यो मे प्रीयतां देवो विष्णुमूर्तिर्निरञ्जनः ।।

दम्पत्योर्वाससी सूक्ष्मे सप्तधान्यसमन्विते । त्रिंशत्तु मोदका देयाः शर्करातिलसंयुताः ।। इति ।

पद्मपुराणमा भनिएको छ – नित्य माघस्नान गर्ने व्रतालुले भुईंमा सुत्नु पर्दछ र तिलमिश्रित घ्यूद्वारा आहुति दिनुपर्दछ । सकेसम्म अन्नदान गर्नुपर्दछ । वेदविद् विद्वान्का लागि रत्तिभर सुवर्णदान गर्नुपर्दछ ।

नारदीयपुराणमा विशेष कर्तव्य गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – 'विष्णुमूर्ति, निरञ्जन, भगवान् सूर्य प्रसन्न हुनुहोस् भनी माघमासको समाप्तिमा ब्राह्मण आदिलाई छप्रकारका रसले तयार गरिएको भोजन गराउनुपर्दछ ।

माघमासमा व्रतालुले द्विजदम्पतिलाई सप्तधान्य अर्थात् धान, जौ, गहुँ, मुँग, माष, प्रियङ्गु र चना, मिही वस्त्र, चिनी र तिलसहित ३० लड्डु प्रदान गर्नुपर्दछ ।

व्रतोद्यापनकथनम्

अत्र – **'एकादशीविधानेन व्रतस्योद्यापनं तथा'** इति पाद्मवचनात् पूर्वेऽह्नि उपवासपूजनादि कृत्वा परेऽह्नि

तिलचर्वाज्यैरष्टोत्तरशतं होमं कृत्वा – **'सवित्रे प्रसवित्रे च-'** इति पूर्वोक्तं मन्त्रमुक्त्वा –

दिवाकर जगन्नाथ प्रभाकर नमोस्तु ते । परिपूर्णं कुरुष्वेह माघस्नानमुषःपते ।। इति समापयेदिति सङ्क्षेपः।

व्रतोद्यापन

पद्मपुराणमा भनिएको छ – 'माघमासीय व्रतको उद्यापन गर्दा एकादशीका विधिबाट गर्नुपर्दछ । पहिलो दिन उपवास पूजन आदि गरी दोस्रो दिन तिल, चरु र घ्यूद्वारा १०८ पटक होम गर्नुपर्दछ । त्यसपछि **ॐ सवित्रे प्रसवित्रे च परं धाम जले मम । त्वत्तेजसा परिभ्रष्टं पापं यातु सहस्रधा ।।** यो मन्त्रद्वारा प्रार्थना गर्दै समापन गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे दिवाकर ! हे जगन्नाथ ! हे प्रभाकर ! हजुरलाई नमस्कार छ । हे उषाका पति ! यो माघस्नानलाई पूर्ण तुल्याउनुहोस् ।' यही संक्षिप्त उद्यापनविधि हो ।

मकरसंक्रान्तौ पुण्यकालकथनम्

मकरसंक्रान्तौ हेमाद्रिमते परतश्चत्वारिंशद्घटिकाः पुण्याः । **'त्रिंशत्कर्कोटके नाड्यो मकरे तु दशाधिकाः'** इति ब्रह्मवैवर्तात् । माधवमते तु विंशतिः ।

'त्रिंशत्कर्कोटके पूर्वा मकरे विंशतिः पराः' इति वृद्धवसिष्ठोक्तेः । यदा तु सूर्यास्तात्पूर्वं संक्रान्तिर्भवेत् तदोभयमते पूर्वमेव पुण्यकालः । रात्रौ तु प्रदोषे निशीथे वा मकरसंक्रमे माधवमते द्वितीयदिन एव पुण्यम् ।

यद्यस्तमनवेलायां मकरं याति भास्करः । प्रदोषे वार्धरात्रे वा स्नानं दानं परेऽहनि ।।

इति वृद्धगार्ग्यवचनात् । अस्तमनम् – प्रदोषः । प्रदोषे – पूर्वरात्रे ।

मकरसंक्रान्तिको पुण्यकाल

हेमाद्रिको मतमा मकरसंक्रान्तिका पछिल्ला चालीस घडी पुण्यकाल मानिएका छन् । **ब्रह्मवैवर्त**मा भनिएको छ– कर्कसंक्रान्तिका पछिल्ला ३० घडी पुण्यकाल हुन्छन् भने मकरसंक्रान्तिका तीभन्दा १० घडी बढी अर्थात् ४० घडी अधिक पुण्यकाल मानिएका छन् । **माधव**को मतमा भने मकरसंक्रान्तिको पुण्यकाल २० घडी हुन्छ । **वृद्धवसिष्ठ**को भनाइअनुसार कर्कसंक्रान्तिमा पहिलेका २० घडी पुण्यकाल हुन्छन् भने मकरसंक्रान्तिमा पछिल्ला ३० घडी पुण्यकाल मानिएका छन् । सूर्यास्तभन्दा पहिले संक्रान्ति भएमा **हेमाद्रि** र **माधव** दुवैका मतमा पहिलेका ४० घडी पुण्यकाल हुन्छन्। **माधव**का मतमा प्रदोष, रात्रि र अर्धरात्रमा संक्रान्ति भएमा दोस्रो दिनमात्र पुण्यकाल हुन्छ । **वृद्धगार्ग्य**को मतमा प्रदोष र आधारातमा सूर्य मकरमा जान्छन् भने स्नान र दान पछिल्लो दिन गर्नुपर्दछ ।

कार्मुकं तु परित्यज्य झषं संक्रमिते रविः । प्रदोषे वार्धरात्रे वा स्नानं दानं परेऽहनि ।।

इति भविष्योक्तेश्च । **'तदाभोगः परेऽहनि'** इति हेमाद्रौ पाठः । कालादर्शनिर्णयामृतमदनपरिजातादयोऽप्येवमूचुः । दाक्षिणात्याश्चैतदेवाद्रियन्ते । यत्तु हेमाद्रिणाद्यो वाशब्दो यथार्थे द्वितीयस्तथार्थे । यथा प्रदोषे पूर्वेद्युस्तथार्धरात्रे परेऽह्नीत्युक्तं तस्मै नमोस्तु । तेन परेऽह्नि पुण्यं वक्तुं प्रदोषे इति । दिनद्वये पुण्यनिरासार्थमर्धरात्रग्रहणम् । हेमाद्रिस्मृत्यर्थसारानन्तभट्टादिमते तु निशीथात्पूर्वं पश्चाच्च संक्रान्तौ पूर्वदिने परदिने वा पुण्यम्।

धनुर्मीनावतिक्रम्य कन्यां च मिथुनं तथा। पूर्वापरविभागेन रात्रौ संक्रमणं यदा ।।

दिनान्ते पञ्च नाड्यस्तु तदा पुण्यतमाः स्मृताः । उदयेऽपि तथा पञ्च दैवे पित्र्ये च कर्मणि ।।

इति स्कान्दवचनात् । पूर्वापरविभागेनेति मकरकर्कभिन्नविषयम् । पूर्वोक्तवचोविरोधादिति मदनरत्न उक्तम् । **'षडशीतिमुखेऽतीते अतीते चोत्तरायणे'** इत्यादिविरोधाच्च । तेन पूर्वैकवाक्यतयायमर्थः । रात्रौ पूर्वभागे मकरसंक्रमे परेऽह्नि उदये पञ्च नाड्यः पुण्याः, रात्रावपरभागे कर्कसंक्रमे पूर्वदिनान्ते पञ्च नाड्य इति । एवं सर्वेषामविरोधः । मकरे सामान्येन परदिने पुण्यत्वेऽपि पुण्यातिशयार्थमिदम् ।

भविष्यपुराणअनुसार सूर्य प्रदोष वा आधारातमा धनुराशिलाई छाडेर मकरमा जान्छन् भने स्नान र दान दोस्रो दिन गर्नुपर्दछ । **भविष्यपुराण**को पाठ –

कार्मुकं तु परित्यज्य झषं संक्रमते रविः । प्रदोषे वार्धरात्रे वा स्नानं दानं परेऽहनि ।।

यस पद्यपाठको सट्टा **हेमाद्रि**ले यसरी पाठान्तर प्रस्तुत गरेका छन् –

कार्मुकन्तु परित्यज्य झषं संक्रमते रविः । प्रदोषे वार्धरात्रे वा तदा भोगः परेऽहनि ।।

यसअनुसार पुण्यकालको भोग दोस्रो दिन हुन्छ भन्ने अर्थ हुन्छ । यही कुरा **कालादर्श, मदनपारिजात, निर्णयामृत**ले भनेका छन् र **दाक्षिणात्य**हरू पनि यसै मतको आदर गर्दछन् । **हेमाद्रि**ले **प्रदोषे वार्धरात्रे वा** यो **भविष्यपुराण**को वचनमा दुइटा **वा**शब्दका प्रयोगको विश्लेषण गर्दै भनेका छन् – 'पहिलो **वा**शब्द यथार्थका लागि र दोस्रो **वा**शब्द तथार्थका लागि हो । भनाइको तात्पर्य प्रदोषमा संक्रान्ति भएमा पहिलो दिन पुण्यकाल हुन्छ र आधारातमा संक्रान्ति भएमा दोस्रो दिन पुण्यकाल हुन्छ ।' ग्रन्थकार भन्दछन् – यस्तो भन्ने **हेमाद्रि**लाई नमस्कार छ । वास्तवमा दोस्रो दिन पुण्यकाल बताउन प्रदोषको उल्लेख भएको हो र दुवै दिन पुण्यकाल नहुने कुरा बताउन आधारात भनिएको हो । **हेमाद्रि, स्मृत्यर्थसार** एवं **अनन्तभट्ट** आदिको मतमा त आधाराभन्दा पहिले संक्रान्ति परेमा पूर्वदिन अथवा परदिनमा पुण्यकाल हुन्छ ।

धनु, मीन, कन्या र मिथुनलाई अतिक्रमण गरी पूर्वापर विभागले जब रात्रिमा संक्रान्ति पर्दछ, तब दिनान्तको पाँचघडीलाई पुण्यकाल मान्नुपर्दछ । त्यसैगरी अर्को दिन दैव र पित्र्य कर्मका लागि उदयकालका पाँचघडीलाई पनि पुण्यकाल मान्नुपर्दछ । पूर्वापरविभागको अर्थ – मकर र कर्कका भिन्न-भिन्न विषयविभाग हो, अर्थात् मकरमा दोस्रो दिन पुण्यकाल हुन्छ भने कर्कमा अघिल्लो दिन नै पुण्यकाल हुन्छ भन्ने बताउन नै हो । पूर्वापर-विभागको अर्थबाट पूर्वोक्तवचनमा विरोध हुने हुँदा त्यो मकर र कर्क संक्रान्तिभन्दा भिन्न विषयका लागि भनिएको हो भन्ने कुरा **मदनरत्न**मा बताइएको छ । फेरि षडशीतिमुखनामक संक्रान्ति अर्थात् मिथुन, कन्या, धनु र मीनसंक्रान्ति सकिएपछि र उत्तरायण सकिएपछि भन्ने भनाइमा विरोध देखिन्छ ।

पहिले भनिएका विभिन्न वाक्यहरूको एकवाक्यता गर्दा निष्कर्ष यस्तो हुन्छ – रातको पूर्वभागमा मकरसंक्रान्ति पर्दा दोस्रो दिन उदयका पाँचघडी पुण्यकाल हुन्छन् । रातको पछिल्लो भागमा कर्कसंक्रान्ति पर्दा पहिलो दिनको अन्तका पाँचघडी पुण्यकाल हुन्छन् । यसरी एकवाक्यता गरी अर्थ लगाउँदा कसैको पनि विरोध हुँदैन । मकरसंक्रान्तिमा सामान्यतया दोस्रो दिन पुण्यकाल हुने भए तापनि यहाँ पुनः दोस्रो दिनको पुण्यकाल बताउनु अधिक पुण्यद्योतन गर्नका लागि हो ।

देवलयज्ञपार्श्वयोर्मतम्

यत्तु देवलयज्ञपार्श्वौ –

आसन्नसंक्रमं पुण्यं दिनार्धं स्नानदानयोः । रात्रौ संक्रमणे भानोर्विषुवत्ययने दिवा ।।

इति । अत्र माधवः । अयने दिवा जाते तदर्धं पुण्यम् । कर्के पूर्वे मकरेऽन्त्यम् । एतन्मध्यन्दिनायनपरमिति । हेमाद्रिस्तु रात्रौ विषुवत्यासन्नदिनार्धं पुण्यम् । अयने त्वासन्नदिनं पुण्यम् । दिने इति पाठे उभयत्र दिनार्धं पुण्यमित्याह ।

एतदेवोक्तं दीपिकायाम् – '**अथायनमथः पश्चान्निशीथाद्भवेद्यद्यासन्नमहस्तदर्धमथवा पुण्यम्**' इति । तत्त्वं तु आसन्नसंक्रममित्यस्य विषुवत्येवान्वयः । अयने रात्रौ सति दिने पुण्यम् । कस्मिन्नित्यपेक्षायां कर्के पूर्वेऽह्नि मकरे परेऽह्नि इति वाक्यान्तरवशादर्थे उच्यमाने न कोपि विरोधः ।

संक्रान्तिको पुण्यकालसम्बन्धमा देवल र यज्ञपार्श्वको मत

देवल र **यज्ञपार्श्व**को मतानुसार संक्रान्ति आसन्न भएमा स्नान र दानका लागि दिनको आधाभाग पुण्यकाल हुन्छ। रातमा सूर्यसंक्रान्ति पर्दा विषुव अर्थात् मेषसंक्रान्ति एवं तुलासंक्रान्तिमा र अयन अर्थात् कर्कसंक्रान्ति एवं मकरसंक्रान्तिमा दिनमा पुण्यकाल पर्दछ । **हेमाद्रि** भन्दछन् – 'रातमा विषुवत्संक्रान्ति हुन्छ भने समीपवर्ती दिनको आधापुण्यकाल हुन्छ। अयनमा भने समीपको दिन पुण्यकाल हुन्छ ।' यहाँ दिवाको सट्टा **दिने** पाठ गराउने हो भने दुवै पक्षमा दिनको आधा पुण्यकाल हुन्छ भन्ने अर्थ हुन्छ ।

यही कुरा **दीपिका**मा भनिएको छ – संक्रान्तिको समीपको अन्वय विषुवत्मा हुन्छ । अयन रातमा भएमा दिनमा पुण्यकाल हुन्छ । कुन–कुन दिनमा पुण्यकाल हुन्छ भनी प्रश्न उठेमा कर्कसंक्रान्तिमा पहिलो दिन र मकरसंक्रान्तिमा पछिल्लो दिन भनी अर्थ गरेमा कुनै विरोध हुँदैन ।

अनन्तभट्टमतकथनम्

यत्त्वनन्तभट्टः – **अथ संक्रमणं भानोर्निशीथात्प्राग्यदा भवेत् । अयनं विषुवं तत्र प्राग्दिनान्तिमनाडिकाः ।।**
पञ्च पुण्यतमाः पश्चान्निशीथाच्चेद्भवेत्तथा । आद्याः परदिनस्यापि तद्वदित्येष निर्णयः ।। इति ।

अनन्तभट्टको मत

अनन्तभट्ट भन्दछन् – जब विषुव र अयनमा सूर्यसंक्रान्ति आधारातभन्दा पहिले हुन्छ त्यसवेला पूर्वदिनका अन्तिम पाँचघडी पुण्यकाल मानिन्छन् । आधारातपछि सूर्यसंक्रान्ति हुन्छ भने दोस्रो दिनका सुरुका पाँचघडी पुण्यकाल मानिन्छन् । यही निर्णय हो ।

अपरार्कमतम्

अपरार्केऽप्येवम् – **अस्तङ्गते यदा सूर्ये झषं याति दिवाकरः । प्रदोषे वार्धरात्रे वा तदा पुण्यं दिनद्वयम् ।।** इति बौधायनवचनाद्दिनद्वयं वा पुण्यकालः । '**यदा पुण्यं दिनान्तरम्**' इति मदनरत्ने पाठः । गुर्जरप्राच्योदीच्यास्त्विदमेवाद्रियन्ते । अत्रापि पूर्ववद् व्याख्येयम् । तिथितत्त्वादयो गौडग्रन्थास्तु प्रदोषार्धरात्रभिन्ने रात्रेः पूर्वभागे पूर्वदिने परभागे च परदिने पुण्यमन्यसंक्रान्तिवत्, विशिष्य तयोर्निर्देशात् ।

अपरार्कको मत

अपरार्कको पनि यस्तै भनाइ रहेको छ । सूर्य अस्ताएपछि प्रदोष वा आधारातमा मकरमा सूर्यको प्रवेश हुन्छ भने दुवै दिन पुण्यकाल हुन्छ भन्ने **बौधायन**को वचनबाट दुईदिन नै पुण्यकाल हुने कुरा ठहरियो । तर **मदनरत्न**मा भने **तदा पुण्यं दिनद्वयम्** भन्ने पाठको सट्टा **तदा पुण्यं दिनान्तरम्** अर्थात् दोस्रो दिन पुण्यकाल हुन्छ भन्ने पाठ स्वीकार गरिएको छ। गुजरातका निवासी विद्वान् र उदीच्य विद्वान्हरू दोस्रो पाठलाई आदर गर्दछन् । त्यसैले यहाँ पनि पहिलेझैं व्याख्या गर्नुपर्दछ ।

तिथितत्त्व आदि गौडग्रन्थहरूको भनाइ छ – प्रदोष र आधारातबाहेक रात्रिको पूर्वभागमा संक्रान्ति परेमा पहिलो दिन पुण्यकाल हुन्छ । रात्रिको उत्तरभागमा संक्रान्ति परेमा अरू संक्रान्तिसरह दोस्रो दिन पुण्यकाल हुन्छ । प्रदोष र निशीथ अर्थात् आधारातका लागि त छुट्टै निर्देश गरिएको छ ।

प्रदोषनिर्णयः

प्रदोषश्च– **'प्रदोषोऽस्तमयादूर्ध्वं घटिकाद्वयमिष्यते'** इति वत्सोक्त इत्याहुः । तन्न । **'अस्तं गते'** इति त्रितयवैयर्थ्यापत्तेः । अतः प्रदोषपदेन तद्भिन्नैव रात्रिरुच्यते । अत एव – **'यावन्नोदयते रविः'** इति वृद्धगार्ग्यादिभिर्दक्षिणायने पूर्वरात्रौ संक्रमे पूर्वदिनमुक्तम् । वत्सोक्तिरप्यध्ययनादिपरा । इह त त्रिमुहूर्त एव प्रदोषः।

प्रदोषनिर्णय

सूर्यास्तपछि २ घडीको समय प्रदोष हो भन्ने **वत्स**को भनाइ छ । तर यो भनाइ उचित छैन । **अस्तङ्गते यदा सूर्ये** इत्यादि पद्यमा **अस्तङ्गते** र **प्रदोषे** छुट्टाछुट्टै उल्लेख गरिएकाले सूर्यास्तपछिको दुईघडी समयलाई प्रदोष मान्नु उचित हुँदैन। नत्र त्यस पद्यको अर्थ नै व्यर्थ हुनेछ । त्यसकारण प्रदोषपदबाट सूर्यास्तपछिको समयभन्दा भिन्न रात्रि लिनुपर्ने देखिन्छ । यसैले **वृद्धगार्ग्य** आदिहरूले 'जबसम्म सूर्योदय हुँदैन' भन्ने वचनद्वारा दक्षिणायनमा पूर्वरात्रिमा संक्रान्ति हुँदा पहिलो दिन पुण्यकाल मानेका छन् । **वत्स**को उक्ति त 'प्रदोषमा अध्ययन गर्न हुँदैन' इत्यादि अर्थमा प्रयुक्त हुन्छ । यहाँ त प्रदोष भन्नाले सूर्यास्तपछिको तीनमुहूर्त लिनु नै उचित हुन्छ ।

मकरे दानविशेषकथनम्

मकरे दानविशेषो हेमाद्रौ स्कान्दे –

धेनुं तिलमयीं राजन्दद्याद् यश्चोत्तरायणे । सर्वान्कामानवाप्नोति बिन्दते परमं सुखम् ।।

विष्णुधर्मे – **उत्तरे त्वयने विप्रा वस्त्रदानं महाफलम् । तिलपूर्णमनड्वाहं दत्त्वा रोगैः प्रमुच्यते ।।** इति।

मकरसंक्रान्तिमा दानविशेष

हेमाद्रिमा उद्धृत **स्कन्दपुराण**को वचन यसप्रकार छ – जसले उत्तरायणमा तिलधेनु[९५] तयार गरी दान गर्दछ त्यसका सबै कामना पूरा हुन्छन् र त्यसले अन्तमा परमसुख प्राप्त गर्दछ ।

९५. वाराहपुराणमा बाच्छोसहित तिलधेनु तयार गरी ब्राह्मणलाई दिँदा सबै पाप नाश भई दाता विष्णुलोकमा प्राप्त हुने कुरा बताइएको छ। राजा विनीताश्वले तिलधेनु कसरी तयार गरिन्छ र तिलधेनु दान गर्दा के गर्नुपर्छ भनी प्रश्न गरेपछि होतानामक विद्वान् भन्दछन् –

विधानं तिलधेनोश्च त्वं श्रृणुष्व नराधिप । चतुर्भिः कुडवैश्चैव प्रस्थ एक उदाहृतः ।।
सा तु षोडशभिः कार्या चतुर्भिर्वत्सको भवेत् । नासा गन्धमयी तस्या जिह्वा गुडमयी शुभा ।।
पुच्छे च कल्पनीया सा घण्टाभरणभूषिता । ईदृशीं कल्पयत्वा तु स्वर्णश्रृङ्गीं तु कारयेत् ।।
कांस्यदेहां रौप्यखुरां पूर्वधेनुविधानतः । कृत्वा तां ब्राह्मणायाशु दद्याच्चैव नराधिपः ।।
कृष्णाजिनं धेनुवासोनन्दितां कल्पितां शुभाम् । सूत्रेण सूत्रितां कृत्वा सर्वरत्नसमन्विताम् ।।
सर्वौषधिसमायुक्तां मन्त्रपूतां तु दापयेत् ।। – वाराहपुराण ९९/८५–९० ।

अर्थात् – हे राजन् ! तपाईंले तिलधेनु दान गर्ने विधि श्रवण गर्नुहोस् । चार कुरुवाको एक पाथी हुन्छ, त्यसै आधारमा १६ पाथी तिलको तिलधेनु तयार गर्नुपर्दछ । एक पाथी तिलको बाच्छो बनाउनुपर्दछ । राम्ररी पोतिएको जमिनमा कालो मृगचर्म ओछ्याएर त्यसमाथि एउटा पात्र वा कपडामा गाईको भावना गरी १६ पाथी तिल भर्नुपर्दछ । नजिकै अर्को पात्रमा बाच्छाको भावना गरी एक पाथी तिल

विष्णुधर्ममा भनिएको छ – उत्तरायणसंक्रान्तिमा वस्त्रदान गर्नाले उत्तम फल प्राप्त हुन्छ । तिलसहित वृषभदान गर्नाले दाता सबै रोगबाट मुक्त हुन्छ ।

शिवरहस्येपि – **तस्यां कृष्णतिलैः स्नानं कार्यं चोद्वर्तनं शुभैः । तिला देयाश्च विप्रेभ्यः सर्वदैवोत्तरायणे।।**
तिलतैलेन दीपाश्च देयाः शिवगृहे शुभाः ।। कल्पतरौ कालिकापुराणे –
होमं तिलैः प्रकुर्वीत सर्वदैवोत्तरायणे । तान् यो देवाय विप्रेभ्यो हाटकेन समं ददेत् ।।
उत्तरायणमासाद्य नरः कस्मात्स शोचति ।।

शिवरहस्यमा भनिएको छ – मकरसंक्रान्तिमा शुभसूचक काला तिलद्वारा स्नान र शरीरमा तेलको कुबुवा घस्नुपर्दछ । उत्तरायणमा सदा ब्राह्मणका निमित्त तिलदान गर्नुपर्दछ । शिवमन्दिरमा तिलको तेलबाट बत्ती बाल्नुपर्दछ।

कल्पतरुमा उद्धृत **कालिकापुराण**को वचनमा भनिएको छ – उत्तरायणमा सधैं तिलद्वारा हवन गर्नुपर्दछ । देवता र ब्राह्मणका लागि सुवर्णसहित तिलदान गर्नुपर्दछ । उत्तरायणमा यस्ता पुण्यकर्म गर्ने हो भने कसैले पनि आफ्नो गति–मुक्तिका लागि कुनै चिन्ता गर्नुपर्दैन ।

मकरे रात्रौ अपि श्राद्धकथनम्

तथा मकरे रात्रावपि श्राद्धादि भवतीत्युक्तं प्राक् ।

मकरमा रात्रिश्राद्ध

मकरमा सूर्यको प्रवेश हुँदा रात्रिको समयमा पनि श्राद्ध गर्नुपर्दछ ।

माघामावास्यायामर्धोदयः

माघामायां योगविशेषोर्धोदयः प्रागेवोक्तः ।

माघी, अमावास्या र अर्धोदययोग

माघको अमावास्यामा अर्धोदययोग हुने कुरा पहिले बताइसकिएको छ ।

माघकृष्णचतुर्दश्यां यमतर्पणम्

माघकृष्णचतुर्दश्यां यमतर्पणमुक्तं हेमाद्रौ यमेन –
अनर्काभ्युदिते काले माघकृष्णचतुर्दशीम् । स्नातः सन्तर्प्य तु यमं सर्वपापैः प्रमुच्यते ।। इति ।

माघकृष्ण चतुर्दशीमा यमतर्पण

हेमाद्रिमा उद्धृत **यम**को वचनमा भनिएको छ – माघकृष्णचतुर्दशीतिथिमा सूर्योदयभन्दा पहिले स्नान गरी यमलाई तर्पण दिनाले मानिस सबै पापबाट मुक्त हुन्छ ।

राख्नुपर्दछ। दुवैको प्राणप्रतिष्ठा गरी उत्तम वस्त्रले छोपेर राख्नुपर्दछ । माथिबाट सुगन्धित पदार्थ अर्पण गरी नासिकाको कल्पना गर्नुपर्दछ । गुड राखेर जिब्रोको कल्पना गर्नुपर्दछ । पछाडिको भागमा पुच्छरको कल्पना गरी घण्टा, आभरण आदि राख्नुपर्दछ । यसैगरी सुवर्णका सिङ, चाँदीका खुर, सबै प्रकारका औषधि एवं सबै प्रकारका रत्नसमेत राखी तिलपात्रलाई मन्त्रोच्चारणपूर्वक बाच्छोसहित तिलधेनुका रूपमा ब्राह्मणलाई दान गरी दिनुपर्दछ । तिलधेनुको दानबाट पापको नाश हुन्छ, निरन्तर अन्नरसको प्राप्ति हुन्छ र अन्तमा विष्णुलोकको प्राप्ति हुन्छ।

माघशुक्लचतुर्थीनिर्णयः

माघशुक्लचतुर्थी तिलचतुर्थी । सा प्रदोषव्यापिनी ग्राह्या ।

माघशुक्लचतुर्थ्यां तु नक्तव्रतपरायणाः । ये त्वां ढुण्ढेऽर्चयिष्यन्ति तेऽर्च्याः स्युरसुरद्रुहाम् ।।

इति काशीखण्डात् ।

माघमासे चतुर्थ्यां तु तस्मिन्काले उपोषितः । अर्चयित्वा तु यो देवि ! जागरं तत्र कारयेत् ।।

इति त्रिस्थलीसेतौ लैङ्गाच्च ।

माघशुक्लचतुर्थी निर्णय

माघशुक्लचतुर्थीलाई तिलचतुर्थी भन्दछन् । नक्तव्रत हुनाले यो चतुर्थी लिँदा प्रदोषव्यापिनी लिनुपर्दछ । **स्कन्दपुराण काशीखण्ड**मा ढुण्डिराज गणेशलाई सम्बोधन गर्दै भनिएको छ – 'हे ढुण्डिराज गणेश ! माघमासको शुक्लपक्षको चतुर्थीतिथिमा नक्तव्रतमा तत्पर रही जसले हजुरको आराधना गर्दछन्, ती मानिसहरू देवताहरूद्वारा पनि पूजित हुन्छन् ।'

त्रिस्थलीसेतुमा उद्धृत **लिङ्गपुराण**को वचन यसप्रकार छ – माघमासको शुक्लपक्षको चतुर्थीतिथिका दिन प्रदोषकालमा उपवास गरी श्रीगणेशको पूजा गरेर जाग्राम बस्नुपर्दछ ।

कुन्दचतुर्थी

इयमेव कुन्दचतुर्थी । सा प्रदोषव्यापिनी ग्राह्या ।

माघशुक्लचतुर्थ्यां तु कुन्दपुष्पैः सदाशिवम् । सम्पूज्य यो हि नक्ताशी स प्राप्नोति श्रियं नरः ।।

इति कालादर्शे कौर्मोक्तेः ।

कुन्दचतुर्थी

कालादर्शमा उद्धृत **सूर्यपुराण**को वचन यसप्रकार छ – माघको शुक्लचतुर्थीलाई कुन्दचतुर्थी भनिन्छ । यो प्रदोषव्यापिनी लिनुपर्दछ । यस तिथिमा नक्तव्रत गर्दै कुन्दपुष्प अर्थात् वेलीपुष्पजस्तै तर केही लामा र फराकिला पात हुने सुगन्धपूर्ण माघमा फुल्ने फूलद्वारा जसले सदाशिवको पूजा गर्दछ त्यसले स्थिरलक्ष्मी प्राप्त गर्दछ ।

माघशुक्लपञ्चमी (श्रीपञ्चमी) निर्णयः

माघशुक्लपञ्चमी श्रीपञ्चमी तदुक्तं हेमाद्रौ वाराहे –

माघशुक्लचतुर्थ्यां तु वरमाराध्य च श्रियः । पञ्चम्यां कुन्दकुसुमैः पूजां कुर्यात्समृद्धये ।।

इयं माधवमते पूर्वा, हेमाद्रिमते परा । चैत्रशुक्ले श्रीपञ्चमीति दिवोदासः ।

माघशुक्लपञ्चमी श्रीपञ्चमीको निर्णय

माघशुक्लपञ्चमीलाई श्रीपञ्चमी भनिन्छ । **हेमाद्रि**मा उद्धृत **वाराहपुराण**को वचनमा भनिएको छ – माघशुक्ल चतुर्थीमा लक्ष्मीसहित लक्ष्मीपति नारायणको आराधना गरेपछि अर्को दिन माघशुक्लपञ्चमीमा समृद्धिप्राप्तिका लागि कुन्दपुष्पद्वारा भगवती लक्ष्मीको आराधना गर्नुपर्दछ । **हेमाद्रि**को मतअनुसार यो पञ्चमी पूर्वा लिइन्छ भने **माधव**को

मतअनुसार परा लिइन्छ । परम्परा र शास्त्रअनुसार माघशुक्लपञ्चमीलाई श्रीपञ्चमी भनिए तापनि दिवोदासको मतमा भने चैत्रशुक्ल पञ्चमीलाई श्रीपञ्चमी भनिन्छ ।

माघशुक्लसप्तमी (रथसप्तमी)निर्णयः

माघशुक्लसप्तमी रथसप्तमी । सा अरुणोदयव्यापिनी ग्राह्या ।

सूर्यग्रहणतुल्या तु शुक्ला माघस्य सप्तमी । अरुणोदयवेलायां तस्यां स्नानं महाफलम् ।।

इति चन्द्रिकायां विष्णुवचनात् ।

अरुणोदयवेलायां शुक्ला माघस्य सप्तमी । प्रयागे यदि लभ्येत कोटिसूर्यग्रहैः समा ।।

इति वचनाच्च । यत्तु दिवोदासीये –

अचला सप्तमी दुर्गा शिवरात्रिश्च भारत[९६] । द्वादशी वत्सपूजायां सुखदा प्राग्युता सदा ।।

इति षष्ठीयुतत्वमुक्तम् । तद्यदा पूर्वेऽह्नि घटिकाद्वयं षष्ठी सप्तमी च परेद्युः क्षयवशादरुणोदयात्पूर्वं समाप्यते तत्परं ज्ञेयम् । तत्र षष्ठ्यां सप्तमीक्षयं प्रवेश्यारुणोदये स्नानं कार्यम् ।

माघशुक्लसप्तमी रथसप्तमी

माघशुक्लसप्तमीलाई रथसप्तमी भनिन्छ । यो सप्तमी अरुणोदयव्यापिनी लिनुपर्दछ । चन्द्रिकामा उद्धृत विष्णुको वचन यसप्रकार छ – माघशुक्लसप्तमी सूर्यग्रहणसमान पुण्यदायक छ । त्यसमा अरुणोदयकालमा स्नान गर्दा उत्तम फल प्राप्त हुन्छ । फेरि त्यहीं भनिएको छ – यदि माघशुक्लसप्तमी अरुणोदयवेलामा प्रयागमा प्राप्त हुन्छ भने कोटिसूर्यग्रहणसमान फलदायक हुन्छ ।

दिवोदासले भनेका छन् – हे भारत ! अचलासप्तमी अर्थात् रथसप्तमी, नवरात्र, शिवरात्रि र वत्सपूजामा लिइने वत्सद्वादशी आफ्ना पूर्वतिथिहरूसँग जोडिँदा सधैं सुखदायक हुन्छन् । त्यसैले रथसप्तमी लिँदा षष्ठीसहित लिनुपर्दछ । पहिलो दिन षष्ठी दुईघडीमात्र हुन्छ र तिथिक्षयका कारण दोस्रो दिन अरुणोदयभन्दा पहिले सप्तमी समाप्त हुन्छ भने त्यो षष्ठीमा सप्तमीलाई प्रवेश गराई अरुणोदयमा स्नान गर्नुपर्दछ ।

मदनरत्ने भविष्योत्तरे –

माघे मासि सिते पक्षे सप्तमी कोटिभास्करा । कुर्यात्स्नानार्घ्यदानाभ्यामायुरारोग्यसम्पदः ।।

अत्र विधिर्भविष्ये –

स्नात्वा षष्ठ्यामेकभक्तं सप्तम्यां निश्चलं जलम् । रात्र्यन्ते चालयेथास्त्वं दत्त्वा शिरसि दीपकम्।।

---

९६. विभिन्न प्रकाशनबाट प्रकाशित निर्णयसिन्धुहरूमा – 'शिवरात्रिर्महाभरः' यस्तो पाठ देखिन्छ । यस पाठको खासै अर्थ लाग्दैन । बम्बईबाट प्रकाशित मिहिरचन्द्रद्वारा अनूदित निर्णयसिन्धुमा भने माथिको पाठ दिइएको छ त्यो पाठलाई उपयुक्त मानी यहाँ प्रयोग गरिएको छ । तर आदरणीय विद्वान् प्रा.डा. दीर्घराज घिमिरे भन्नुहुन्छ–

भरस्त्वतिशये भारे संग्रामे गरिमण्यपि । घोषके भरणं तु क्लीं धारणे पोषणेऽपि च ।।

उक्त कारिकाअनुसार भरपद असङ्गत देखिँदैन । अमरकोष १/१/६६ मा पनि 'भर' पदको प्रयोग गरिएको छ । (भृ–क्र्यादि), (भृ–भ्वादि) अच्‌बाट हुने देखिन्छ, विवरण पनि देखिन्छ । भरः – पूर्णता । ऋ.सं. १०/१००/२८ र ४/३८/५ मा पनि उक्त पद तथा सायणभाष्य छ । श्रीमद्भागवत १/३/२३ मा पनि भरपदको प्रयोग गरिएको छ । अर्थ गाम्भीर्यका दृष्टिले 'महाभरः'पद शिवरात्रिमा विशेषणतया रहन अनुपयुक्त देखिँदैन ।

तथा जलं प्रक्रम्य –

न केन चाल्यते यावत्तावत्स्नानं समाचरेत् । सौवर्णे राजते पात्रे भक्त्यालाबुमयेऽथ वा ।।

तैलेन वर्तिर्दातव्या महारजनरञ्जिता ।। महारजनम् – कुसुम्भम् ।

'समाहितमना भूत्वा दत्त्वा शिरसि दीपकम् । भास्करं हृदये ध्यात्वा मन्त्रमेनमुदीरयेत् ।।

नमस्ते रुद्ररूपाय रसानां पतये नमः । वरुणाय नमस्तेऽस्तु हरिवास ! नमोऽस्तु ते ।।

'जले परिहरेद्दीपं ध्यात्वा सन्तर्प्य देवताः' इति ।

चन्दनेन लिखेत्पद्ममष्टपत्रं सकर्णिकम् । मध्ये शिवं सपत्नीकं प्रणवेन च संयुतम् ।।

पूर्वादिदलेषु रविभानुविवस्वद्भास्करसवित्रर्कसहस्रकिरणसर्वात्मकान्सम्पूज्य गृहं गच्छेदिति ।

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – माघमासको सप्तमीतिथि करोडौं सूर्यसमान फलदायक हुन्छ । त्यसमा स्नान र अर्घ्यदानद्वारा आयु, आरोग्य र सम्पत्ति प्राप्त हुन्छ ।

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – षष्ठीमा स्नान गरी एकभक्त भएर सप्तमीका दिन प्रातः निश्चलजलको शिरोभागमा दीपकस्थापना गर्नुपर्दछ । रात्रि सकिएपछि निश्चलजललाई चलाउनु पर्दछ । निश्चल जलको परिक्रमा गरी अरूले त्यो जल चलाउनुभन्दा पहिले त्यसमा स्नान गर्नुपर्दछ । स्नानपछि भक्तिपूर्वक सुन, चाँदी अथवा लौकीको पात्रमा तेल राखी बेसारले रङ्गिएका पहेंला बत्ती राखेर बाल्नुपर्दछ । बत्ती बालेपछि एकाग्रचित्त भई जलको शिरोभागमा दीपदान गरी हृदयमा सूर्यको ध्यान गर्दै **नमस्ते रुद्ररूपाय०** आदि मन्त्रपाठ गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ– 'रुद्ररूप हजुरलाई नमस्कार गर्दछु । रसका स्वामी सूर्यलाई नमस्कार गर्दछु । जलेश वरुणलाई नमस्कार गर्दछु । हरिका निवास मानिनुभएका हे सूर्य ! हजुरलाई नमस्कार गर्दछु ।' यसरी सूर्यको ध्यान गरेपछि देवताहरूको समेत ध्यान गरी जलमा बत्ती प्रवाहित गरिदिनुपर्दछ । त्यसपछि चन्दनले कर्णिकासहित अष्टदलकमल लेख्नुपर्दछ । त्यसको माझमा ॐकारसहित गौरीशङ्कर भगवान्को चित्र लेख्नुपर्दछ । यति गरेपछि पूर्वादिक्रमले रवि, भानु, विवस्वान्, भास्कर, सविता, अर्क, सहस्रकिरण र सर्वात्मक यी आठनामबाट प्रसिद्ध सूर्यका रूपहरूको पूजा गरी घरतर्फ प्रस्थान गर्नुपर्दछ।

स्नानमन्त्राः

स्नानमन्त्रश्च काशीखण्डे –

यद्यज्जन्मकृतं पापं मया सप्तसु जन्मसु । तन्मे रोगञ्च शोकञ्च माकरी हन्तु सप्तमी ।।

एतज्जन्मकृतं पापं यच्च जन्मान्तरार्जितम् । मनोवाक्कायजं यच्च ज्ञाताज्ञाते च ये पुनः ।।

इति सप्तविधं पापं स्नानान्मे सप्तसप्तिके । सप्तव्याधिसमायुक्तं हर माकरि सप्तमि ।।

एतन्मन्त्रत्रयं जप्त्वा स्नात्वा पादोदके नरः । केशवादित्यमालोक्य क्षणान्निःकलुषो भवेत् ।।

दिवोदासीये मदनरत्ने च–इक्षुदण्डेन जलं चालयित्वा सप्तार्कपत्राणि बदरीपत्राणि च शिरसि निधाय पूर्वोक्तैर्मन्त्रैः स्नात्वा तिलपिष्टमयापूपैर्हैमं सूर्यं सम्पूज्य विप्राय दद्यात् ।

स्नानमन्त्र

स्कन्दपुराणको **काशीखण्ड**मा **यद्यज्जन्म०** इत्यादि तीनस्नानमन्त्र भनिएका छन् । मन्त्रार्थ यसप्रकार छ – 'मैले

सातजन्मसम्म जे-जति पाप गरेको छु, ती सबै पापका साथ रोग र शोकलाई पनि रथसप्तमीमा गरिने स्नानले समाप्त तुल्याओस् । हे सप्तसप्ति अर्थात् सूर्यकी प्रीतिपात्र मकरसप्तमी ! मैले १. यस जन्ममा गरेको पाप, २. जन्मान्तरमा गरेको पाप, ३. मनबाट गरेको पाप, ४. वचनबाट गरेको पाप, ५. शरीरबाट गरेको पाप, ६. जानेर गरेको पाप वा ७. नजानेर गरेका पाप गरी यी सातप्रकारका पाप र पापसँग जोडिएका व्याधिसमेत हरण गर ।' यसरी तीनमन्त्र पढेर पादोदकतीर्थमा स्नान गरी केशवादित्यको दर्शन गरेपछि मानिस एकक्षणमा निष्पाप बन्दछ ।

दिवोदासीय र **मदनरत्नमा** भनिएको छ – ऊखुले जल चलाएर सातवटा आँकका पात र सातवटा बयरका पात शिरमा राखी पूर्वोक्त तीनमन्त्रले नुहाएर अर्घ्य दिनुपर्दछ । त्यसपछि तिलको पीठोले तयार गरिएका मालपूवा टक्र्याएर सुवर्णमय सूर्यमूर्तिमा पूजा गरी सुवर्णप्रतिमा ब्राह्मणलाई दिनुपर्दछ ।

अर्घ्यमन्त्राः

अर्घ्यमन्त्रो मदनरत्ने –

सप्तसप्तिवह प्रीत सप्तलोकप्रदीपन । सप्तमीसहितो देव गृहाणार्घ्यं दिवाकर ।।

ततः – **जननी सर्वलोकानां सप्तमी सप्तसप्तिके । सप्तव्याहृतिके देवि नमस्ते सूर्यमण्डले ।।**

इति प्रार्थयेत् । सौरागमे–

अर्कपत्रैः सबदरैर्दूर्वाक्षतसचन्दनैः । अष्टाङ्गविधिना चार्घ्यं दद्यादादित्यतुष्टये ।।

अर्घ्यमन्त्र

मदनरत्नमा सप्तसप्तिवहप्रीत० इत्यादि सूर्यको अर्घ्यमन्त्र बताइएको छ । मन्त्रार्थ – 'सातवटा घोडामा सवार भई नित्य आकाशमण्डलमा भ्रमण गर्नुहुने प्रसन्न अनुहारले सुहाउनुभएका, सातै लोकलाई प्रकाश दिएर कल्याण गर्नुहुने, सप्तमीसहित सुहाउनुभएका हे सूर्यनारायण ! मैले दिएको अर्घ्य लिनुहोस् ।' यसरी प्रार्थना गरेपछि **जानकी०** इत्यादि मन्त्रबाट सप्तमीलाई अर्घ्य दिनुपर्दछ । मन्त्रार्थ – 'हे सप्तसप्तिका ! सबै लोककी जननी रथसप्तमी ! हे देव दिवाकर ! सप्तमीसहित भई मैले दिएको अर्घ्य ग्रहण गर्नुहोस् ।'

सौरागममा भनिएको छ – बयरसहित आँकको फूल, दूबो, अक्षता र चन्दनद्वारा अष्टाङ्गविधिले जल, दूध, कुशाग्र, दही, अक्षता, जौ, तिल र सर्स्यूँ यी आठपदार्थसमेत राखी सूर्यको प्रसन्नताको लागि अर्घ्य दिनुपर्दछ ।

दानविशेषकथनम्

अत्र दानविशेषो मदनरत्ने भविष्ये –

ताम्रपात्रे यथाशक्त्या मृन्मये वाथ भक्तिमान् । स्थापयेत्तिलपिष्टं च सघृतं सगुडं तथा ।।

काञ्चनं तालकं कृत्वा अशक्तस्तिलपिष्टजम् । सञ्छाद्य रक्तवस्त्रेण पुष्पैर्धूपैरथार्चयेत् ।।

रथसप्तमीमा दानविशेष

मदनरत्नमा उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – भक्तिमान् मानिसले ताँबो वा माटाको पात्रमा यथाशक्ति घ्यू र गुडसहित तिलको पीठो राख्नुपर्दछ । सुवर्णमय कर्णालङ्कार अर्थात् कर्णफूल बनाउनुपर्दछ अथवा असमर्थ भएमा तिलको पीठोले बनेको कर्णालङ्कारलाई रातो कपडाले छोपेर पुष्प, धूप आदिद्वारा अर्चना गर्नुपर्दछ ।

दानमन्त्रः

दानमन्त्रस्तु – **आदित्यस्य प्रसादेन प्रातःस्नानफलेन च । दुष्टदौर्भाग्यदुःखघ्नं मया दत्तं तु तालकम् ।।** तालकं कर्णाभरणमिति तत्रैवोक्तम् । दीपपात्रमिति हेमाद्रौ । तत्रैव भविष्योत्तरे –

एवंविधं रथवरं रथवाजियुक्तं हैमं च हैमशतदीधितिना समेतम् ।
दद्याच्च माघसितसप्तमवासरे यः सोऽसङ्गचक्रगतिरेव महीं भुनक्ति ।।

दानमन्त्र

दानको मन्त्र **आदित्यस्य प्रसादेन०** इत्यादि रहेको छ । मन्त्रको अर्थ यसप्रकार छ– 'श्रीसूर्यको कृपाले र प्रातःकालिक स्नानको पुण्यले दुःख, दुष्ट, दुर्भाग्यलाई नाश गर्ने कर्णाभरण अथवा दीपपात्र प्रदान गरेको छु ।' माथि पद्यमा प्रयुक्त **तालकम्**शब्दको अर्थ कानमा लगाइने आभूषण हो । तर **हेमाद्रि**को मतमा दीपकपात्र हो । **मदनरत्न**मा उद्धृत **भविष्योत्तरपुराण**को वचन यसप्रकार छ – 'जसले माघशुक्ल सप्तमीतिथिमा सूर्यका लागि सुवर्णद्वारा तयार गरिएका सातघोडाको प्रतिमासमेत रहेको सुवर्णमय सैकडौं किरणद्वारा सुहाएको सुन्दर रथ माघशुक्लसप्तमीमा दान गर्दछ त्यसले सूर्यसमान भई पृथ्वीमा राज्य गर्दछ ।'

माघशुक्लसप्तमी-मन्वादितिथिः

इयं मन्वादिरपि । इयं च शुक्लपक्षस्थत्वात्पौर्वाह्णिकी ग्राह्या । यदा माघो मलमासो भवति तदा मासद्वये मन्वादिश्राद्धं कुर्यात् । **'मन्वादिकं तैर्थिकं च कुर्यान्मासद्वयेऽपि च'** इति स्मृतिचन्द्रिकोक्तेः ।

मन्वादितिथिका रूपमा माघशुक्लसप्तमी

यो सप्तमी मन्वादितिथि पनि हो । शुक्लपक्षको हुनाले पूर्वाह्णव्यापिनी लिनुपर्दछ । माघमासमा मलमास परेको अवस्थामा अशुद्ध र शुद्ध दुवै मासमा मन्वादिश्राद्ध गर्नुपर्दछ । **स्मृतिचन्द्रिका**मा भनिएको छ – मन्वादिश्राद्ध र तीर्थश्राद्ध मलमासका दुवै महिनामा गर्नुपर्दछ ।

माघशुक्लाष्टम्यां (भीष्माष्टम्याम्) तर्पणादिकथनम्

माघशुक्लाष्टमी भीष्माष्टमी । तदुक्तं हेमाद्रौ पाद्मे –

माघे मासि सिताष्टम्यां सतिलं भीष्मतर्पणम् । श्राद्धञ्च ये नराः कुर्युस्ते स्युः सन्ततिभागिनः ।। इति ।

भारतेऽपि – **शुक्लाष्टम्यां तु माघस्य दद्याद् भीष्माय यो जलम् । संवत्सरकृतं पापं तत्क्षणादेव नश्यति।।** इति धवलनिबन्धे स्मृतिः ।

अष्टम्यां तु सिते पक्षे भीष्माय तु तिलोदकम् । अन्नं च विधिवद् दद्युः सर्वे वर्णा द्विजातयः ।।

सर्ववर्णोक्तेर्द्विजातय इति सम्बोधनम् ।

माघशुक्लाष्टमी-भीष्माष्टमी एवं भीष्मतर्पण

माघशुक्लअष्टमीलाई भीष्माष्टमी भनिन्छ । **हेमाद्रि**मा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ – माघशुक्ल–अष्टमीतिथिमा तिलद्वारा भीष्मपितामहलाई तर्पण दिनुपर्दछ । जसले यो तिथिमा भीष्मपितामहलाई तर्पण दिएर श्राद्ध

गर्दछन् ती सन्तानसम्पन्न बन्दछन् ।

महाभारतमा भनिएको छ – माघशुक्लअष्टमीतिथिमा जसले भीष्मपितामहका लागि जलदान गर्दछन् तिनले वर्षभर गरेका पाप तत्काल समाप्त हुन्छन् । **धवलनिबन्ध**मा उद्धृत **स्मृतिवचन**मा भनिएको छ – हे ब्राह्मणहरू ! सबै वर्णका मानिसले माघशुक्लअष्टमीमा भीष्मका लागि तिलोदकका साथै अरू अनेकथरि अन्न पनि दान गर्नुपर्दछ ।

उक्त पद्यमा **सर्वे वर्णाः** सबै वर्णका मानिसहरूले भन्ने अर्थ गर्दा **द्विजातयः** भन्ने परस्पर विरोध पर्न आउँछ, तसर्थ हे **द्विजातयः** ! भनी सम्बोधनको पद बनाउने हो भने विरोध हुन आउँदैन ।

भीष्मतर्पणमन्त्रः

तर्पणमन्त्रस्तत्रैव–

भीष्मः शान्तनवो वीरः सत्यवादी जितेन्द्रियः । आभिरद्भिरवाप्नोति पुत्रपौत्रोचितां क्रियाम् ।।

वैयाघ्रपदगोत्राय सांकृत्यप्रवराय च । अपुत्राय ददाम्येतज्जलं भीष्माय वर्मणे ।।

वसूनामवताराय शन्तनोरात्मजाय च । अर्घ्यं ददामि भीष्माय ह्याबालब्रह्मचारिणे ।। इति ।

भीष्मतर्पणमन्त्र

धवलनिबन्धमा नै **भीष्मः शान्तनवो वीरः** इत्यादि तीनमन्त्र उद्धृत गरिएका छन् । ती मन्त्रद्वारा भीष्मलाई तर्पण दिनुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'भीष्म, शान्तनव अर्थात् शन्तनुका छोरा, वीर, सत्यवादी अर्थात् साँचो बोल्ने, जितेन्द्रिय अर्थात् इन्द्रियमाथि विजय प्राप्त गरेका यस्ता नामद्वारा तर्पणजल दिँदा भीष्मपितामहले पुत्र–पौत्र आदिले प्रदान गर्ने तर्पणजल प्राप्त गर्दछन् । वैयाघ्रपदगोत्र र सांकृत्यप्रवर भएका पुत्रहीन भीष्मवर्माका निमित्त जल प्रदान गर्दछु । वसुहरूका अवतार शन्तनुका छोरा आबालब्रह्मचारी भीष्मलाई अर्घ्य प्रदान गर्दछु ।'

जीवत्पितृकस्यापि तत्तर्पणविधानम्

एतज्जीवत्पितृकस्यापि भवति । **'जीवत्पितापि कुर्वीत तर्पणं यमभीष्मयोः'** इति पाद्मोक्तेरिति जीवत्पितृकनिर्णये पितृचरणैरुक्तम् । एतच्चापसव्येन कार्यमिति दिवोदासीये । अत्र श्राद्धं काम्यम्, तर्पणञ्च नित्यम् ।

ब्राह्मणाद्याश्च ये वर्णा दद्युर्भीष्माय नो जलम् । संवत्सरकृतं तेषां पुण्यं नश्यति सत्तम ।।

इति मदनरत्ने वचनात् ।

जीवत्पितृक(बाबु जिउँदै रहेका)द्वारा भीष्मतर्पण

जसका पिता जीवित रहेका छन् ती व्यक्तिले पनि भीष्मका निमित्त तर्पण दिनुपर्दछ । यही कुरा **पद्मपुराण**मा भनिएको छ – जसका पिता जीवित छन् तिनले पनि यम र भीष्मलाई तर्पण दिनुपर्दछ ।

ग्रन्थकार भन्दछन् – जीवत्पितृकनिर्णयमा हाम्रा **पिताश्री रामकृष्ण भट्ट**ले पनि यही कुरा भन्नुभएको छ । **दिवोदासीय**मा भनिएको छ – भीष्मका निमित्त अपसव्य भएर तर्पण दिनुपर्दछ । भीष्माष्टमीतिथिमा गरिने श्राद्धलाई काम्य र तर्पणलाई नित्य मानिएको छ ।

मदनरत्नमा भनिएको छ – जुन ब्राह्मण आदि वर्णका व्यक्तिहरूले भीष्मपितामहका निमित्त भीष्माष्टमीमा जल प्रदान गर्दैनन् तिनले वर्षदिनसम्म गरेका कर्म निष्फल हुन्छन् ।

माघशुक्लद्वादशीनिर्णयः

माघशुक्लद्वादशी भीष्मद्वादशी ।

त्वया कृतमिदं वीर तव नाम्ना भविष्यति । सा भीष्मद्वादशीत्येषा सर्वपापहरा शुभा ।।

इति हेमाद्रौ पाद्मवचनात् । इयं पूर्वयुता युग्मवाक्यात् ।

माघशुक्लद्वादशी निर्णय

माघशुक्लद्वादशीलाई भीष्मद्वादशी पनि भनिन्छ । **हेमाद्रिमा** उद्धृत **पद्मपुराणको** वचनमा भनिएको छ – 'हे भीष्म ! हजुरले आज यो तिथिमा जुन कठोर काम गर्नुभयो त्यसकारण अबउप्रान्त यो तिथि हजुरकै नामबाट भीष्मद्वादशी भनी प्रसिद्ध हुनेछ । यो तिथि मङ्गलमय र सबै पापहरण गर्न समर्थ हुनेछ ।' युग्मवाक्यमा एकादशी र द्वादशीको जोडालाई पवित्र मानिएका कारण यसलाई पूर्वा अर्थात् एकादशीसंयुक्त लिनुपर्दछ ।

माघीपूर्णिमानिर्णयः

माघी पूर्णिमा परेत्युक्तं प्राक् । तथा हेमाद्रौ ब्राह्मे – **'मघास्थयोश्च जीवेन्द्वोर्महामाघीति कथ्यते'** । तत्रैव ज्योतिषे – **मेषपृष्ठे तथा सौरिः सिंहे च गुरुचन्द्रमाः । भास्करः श्रवणर्क्षे च महामाघीति सा स्मृताः ।।**

तथा भविष्ये – **वैशाखी कार्तिकी माघी तिथयोऽतीव पूजिताः । स्नानदानविहीनास्ता न नेयाः पाण्डुनन्दन।।**

माघपूर्णिमा निर्णय

माघमासको पूर्णिमा परा लिनुपर्दछ । **हेमाद्रिमा** उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – जब माघमासको पूर्णिमाका दिन मघानक्षत्रमा बृहस्पति र चन्द्रमा रहन्छन् तब त्यस तिथिलाई महामाघी भनिन्छ ।

ज्योतिषमा भनिएको छ – मेषराशिमा शनि, सिंहराशिमा बृहस्पति र चन्द्रमा एवं श्रवणनक्षत्रमा सूर्य भएमा महामाघीयोग[१७] निष्पन्न हुन्छ ।

तिलपात्रादिदानकथनम्

तथा – **'तिलपात्राणि देयानि कञ्चुकाः कम्बलास्तथा'** इति ।

महामाघीमा तिलपात्र दान

भविष्यपुराणमा भनिएको छ – माघपूर्णिमामा महामाघीयोग परेका बेला तिलपात्र, चोलो-कुर्ता, कम्बल आदि वस्त्र दान गर्नुपर्दछ ।

अष्टकादिनिर्णयः

माघपूर्णिमानन्तराष्टमी माघी अष्टका । तन्निर्णयः । पूर्वेद्युरन्वष्टकानिर्णयश्च पूर्वमुक्तः । मलमासे चैता न भवन्तीत्येतत्सर्वं मार्गशीर्षप्रकरणेऽभिहितम् । तथा चतसृष्वष्टकास्वशक्तावेषा आवश्यकी । **'हेमन्तशिशिरयो-**

१७. **महामाघी प्रयागे तु नैमिषे फाल्गुनी तथा । शालग्रामे महाचैत्री कृताः पुंसां महाफलाः ।।** – माघमासको पूर्णिमा महामाघी प्रयागमा पुण्यदायक हुन्छ, फाल्गुनपूर्णिमा नैमिषारण्यमा पुण्यदायक हुन्छ र चैत्रपूर्णिमा शालग्रामक्षेत्रमा पुण्यदायक हुन्छ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ । – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ४५० ।

श्चतुर्णामपरपक्षाणामष्टमीष्वष्टका एकस्यां वा' इत्याश्वलायनोक्तेः । तथा माघाष्टकां प्रक्रम्य – **'तामेकाष्टके-त्याचक्षते'** इत्यापस्तम्बवचनाच्चेत्यादि प्रयोगपारिजाते ज्ञेयम् ।

इति श्रीकमलाकरभट्टकृते निर्णयसिन्धौ द्वितीयपरिच्छेदे माघमासः समाप्तः ।

अष्टकादि निर्णय

माघपूर्णिमापछि आउने अष्टमीलाई अष्टका भनिन्छ । त्यसको निर्णय र अन्वष्टकाको निर्णय पहिले बताइसकिएको छ। मलमासमा अष्टका र अन्वष्टका हुँदैनन् भन्ने कुरा पनि मार्गशीर्षमासको प्रकरणमा बताइसकिएको छ । अन्य चारअष्टकामा श्राद्ध आदि गर्न असमर्थ पुरुषले माघको अष्टकामा श्राद्ध गर्नुपर्दछ । हेमन्त र शिशिरका चारअपरपक्षका अष्टमीतिथिमा अथवा तीमध्ये कुनै एकमा अष्टका हुन्छ भन्ने कुरा **आश्वलायन**ले बताएका छन् । फेरि माघमासको अष्टकाको प्रकरणमा यही अष्टकालाई अरू अष्टकाभन्दा उत्तम बताइएको छ भन्ने पनि उल्लेख गरिसकिएको छ । यो चर्चा हामीले **आपस्तम्ब**को भनाइको आधारमा गरेका हौं । अरू कुरा **प्रयोगपारिजात**बाट अवगत गर्नुपर्दछ ।

इति माघमास

फाल्गुनमासः

कुम्भसंक्रान्तौ पुण्यकालः

कुम्भे (पूर्वाः) षोडश घटिकाः पुण्याः । शेषं प्राग्वत् ।

फाल्गुनसंक्रान्तिमा पुण्यकाल

कुम्भ संक्रान्तिका पहिलेका १६ घडी पुण्यकाल मानिएका छन् । अरू विषय पहिलेका संक्रान्तिसरह नै बुझ्नुपर्दछ।

फाल्गुनकृष्णाष्टम्यां विशेषकथनम्

फाल्गुनकृष्णाष्टम्यां विशेषः कल्पतरौ – **फाल्गुनस्य च मासस्य कृष्णाष्टम्यां महीपते** । इत्युपक्रम्य-
जाता दाशरथेः पत्नी तस्मिन्नहनि जानकी । उपोषितो रघुपतिः समुद्रस्य तटे तदा ।।
रामपत्नी च सम्पूज्या सीता जनकनन्दिनी ।। इति ।

फाल्गुनकृष्ण अष्टमीमा विशेष

कल्पतरुग्रन्थमा फाल्गुनकृष्णअष्टमीको विशेषसन्दर्भ प्रकाशित गरिएको छ । त्यहाँ सर्वप्रथम – 'हे राजन् ! फाल्गुनमासको कृष्णपक्षको अष्टमीमा' यस वाक्यबाट प्रसङ्ग आरम्भ गरी बीचमा गएर 'त्यस दिन दशरथका पुत्र श्रीरामचन्द्रकी पत्नी जानकी भगवती पैदा हुनुभयो र त्यसै अष्टमीमा वनवासमा जानुभएका श्रीरामले समुद्रको तीरमा गई उपवास गर्नुभयो' भनिएको छ । तसर्थ यो तिथि सीताजीको प्रादुर्भावतिथि भएकाले यसै दिन जनककी नन्दिनी र श्रीरामकी अर्धाङ्गिनी भगवती सीताको पूजा-उपासना गर्नुपर्दछ ।

फाल्गुनकृष्णचतुर्दशीशिवरात्रिनिर्णयः

फाल्गुनकृष्णचतुर्दशी – शिवरात्रिः । सा च केषुचिद् वचनेषु प्रदोषव्यापिनी ग्राह्येत्युक्तम्, केषुचिन्निशीथव्यापिनी। तत्राद्या माधवीये – **त्रयोदश्यस्तगे सूर्ये चतसृष्वेव नाडिषु । भूतविद्धा तु या तत्र शिवरात्रिव्रतं चरेत् ।।**

फाल्गुनकृष्ण चतुर्दशी शिवरात्रि निर्णय

फाल्गुन कृष्णपक्षको चतुर्दशीतिथिलाई शिवरात्रि भनिन्छ । कुनै वचनमा शिवरात्रिलाई प्रदोषव्यापिनी लिनु भनिएको छ भने कुनै वचनमा अर्धरात्रिव्यापिनी लिनु भनिएको छ । प्रदोषव्यापिनी लिनु भन्ने वचन **माधव**को हो । त्रयोदशीका दिन सूर्य अस्ताएपछि चारघडीभित्र चतुर्दशीविद्ध भएमा त्यसै दिन शिवरात्रिव्रत गर्नुपर्दछ ।

महाशिवरात्रिव्रतनिर्णयकथनम्

स्मृत्यन्तरेऽपि – **प्रदोषव्यापिनी ग्राह्या शिवरात्रिश्चतुर्दशी । रात्रौ जागरणं यस्मात्तस्मात्तां समुपोषयेत् ।।**

अत्र प्रदोषः – रात्रिः । उत्तरार्धे तस्यां हेतुत्वोक्तेः । कामिकेऽपि –

आदित्यास्तमये काले अस्ति चेद् या चतुर्दशी । तद्रात्रिः शिवरात्रिः स्यात्सा भवेदुत्तमोत्तमा।।

इति । द्वितीयापि तत्रैव नारदसंहितायाम् –

अर्धरात्रियुता यत्र माघकृष्णचतुर्दशी । शिवरात्रिव्रतं तत्र सोऽश्वमेधफलं लभेत् ।।

स्मृत्यन्तरेऽपि– **भवेद्यत्र त्रयोदश्यां भूतव्याप्ता महानिशा। शिवरात्रिव्रतं तत्र कुर्याज्जागरणं तथा।।** इति।

महाशिवरात्रिव्रत निर्णय

कुनै **स्मृति**मा भनिएको छ – ‘शिवरात्रि[१८]मा प्रदोषव्यापिनी चतुर्दशी लिनुपर्दछ । रात्रिमा जागरण गरिने हुँदा त्यो दिन उपवास गर्नुपर्दछ ।’ यहाँ प्रदोषशब्दबाट रात्रि भन्ने अर्थ बुझ्नुपर्दछ । उत्तरार्धमा ‘रात्रौ जागरणम्’ भनिएकाले प्रदोषको अर्थ रात्रि भनिएको हो । **कामिकागम**मा भनिएको छ – सूर्यास्तसमयमा चतुर्दशी भएमा त्यस दिनको रात्रिलाई शिवरात्रि भनिन्छ र यस्तो शिवरात्रि उत्तमोत्तम मानिन्छ ।

नारदसंहितामा अर्को किसिमबाट शिवरात्रिलाई परिभाषित गर्दै भनिएको छ – जुन दिन आधारातसम्म माघकृष्ण चतुर्दशी हुन्छ त्यसलाई शिवरात्रि भनिन्छ र त्यसमा व्रत गर्नुपर्दछ । जसले शिवरात्रिव्रत गर्दछ त्यसले अश्वमेधयज्ञको फल प्राप्त गर्दछ । कुनै **स्मृति**मा भनिएको छ– जुन त्रयोदशीको महानिशामा चतुर्दशीतिथि प्राप्त हुन्छ त्यसमा शिवरात्रिव्रत गर्नुपर्दछ।

---

१८. शिवमहापुराणको कोटिरुद्रसंहितामा शिवरात्रिको महत्त्व बताउँदै भनिएको छ – ‘मानिसहरूको हित गर्ने शिवरात्रिसमान अन्य कुनै व्रत छैन । यसबाट मानिसहरूले धर्म प्राप्त गर्दछन् । निष्काम कर्म गर्ने अथवा सकाम कर्म गर्ने सबै प्रकारका भक्तहरू यसबाट लाभान्वित हुन्छन् । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चारवर्ण एवं ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास यी चार आश्रमका मानिसहरूले श्रद्धापूर्वक शिवरात्रिव्रत सम्पन्न गरेमा उनीहरू वर्ण र आश्रमसम्मत आ–आफ्ना उद्देश्य सफल तुल्याउन समर्थ हुन्छन् । यो व्रत नारी, बालक, बालिका, दास, दासी र अन्त्यज वर्णका मानिसहरू सबैले श्रद्धापूर्वक गर्नुपर्दछ । यस व्रतबाट विभिन्न प्राणीहरू, मानवजाति, देवता, पितृ, ऋषि–महर्षि सबैको कल्याण हुन्छ । त्यसैले शिवरात्रिव्रत श्रद्धापूर्वक गर्नुपर्दछ ।’ उक्त अर्थ बताउने मूल यसप्रकार छ–
**शिवरात्रिव्रतादन्यन्नास्ति नृणां हितावहम् । एतत् व्रतं तु सर्वेषां धर्मसाधनमुत्तमम् ।।
निष्कामानां सकामानां सर्वेषाञ्च नृणां तथा । वर्णानामाश्रमाणाञ्च स्त्रीबालानां तथा हरे ! ।।
दासानां दासिकानाञ्च देवादीनां तथैव च । शरीरिणाञ्च सर्वेषां हितमेतद् व्रतं वरम् ।।** – शिवम.पु., कोटिरुद्रसंहिता ३८/२१–२३।

ईशानसंहितायाम् –

माघकृष्णचतुर्दश्यामादिदेवो महानिशि । शिवलिङ्गतयोद्भूतः कोटिसूर्यसमप्रभः ।।

तत्कालव्यापिनी ग्राह्या शिवरात्रिव्रते तिथिः ।। इति ।

अर्धरात्रादधश्चोर्ध्वं युक्ता तत्र चतुर्दशी । तत्तिथावेव कुर्वीत शिवरात्रिव्रतं व्रती ।।

नार्धरात्रादधश्चोर्ध्वं युक्ता यत्र चतुर्दशी । नैव तत्र व्रतं कुर्यादायुरैश्वर्यहानितः ।।

अर्धरात्रश्च द्वितीययामान्त्यतृतीययामाद्यघटीरूप इति माधवः । वचनं तूक्तं प्राक् । एवं सति पूर्वेद्युरेवोभयव्याप्तौ पूर्वैव।

ईशानसंहितामा भनिएको छ – माघकृष्ण चतुर्दशीको महानिशामा करोडौं सूर्यसमान कान्ति भएका लिङ्गरूप भगवान् शिव प्रकट हुनुभयो । तसर्थ शिवरात्रिव्रतमा महानिशाव्यापिनी चतुर्दशी लिनुपर्दछ ।

आधारातभन्दा पहिले र आधारातभन्दा पछि पनि चतुर्दशीतिथि भएमा त्यसै तिथिमा शिवरात्रिव्रत गर्नुपर्दछ । आधारातभन्दा पहिले र पछि पनि चतुर्दशी नभएमा त्यो दिन शिवरात्रिव्रत गर्न हुँदैन, त्यसो गर्दा आयु र ऐश्वर्यको हानि हुन्छ ।

माधवले आधारातको सीमा बताउँदै भनेका छन् – आधारात भन्नाले रात्रिको दोस्रो यामको अन्त्य घडी र तेस्रो यामको पहिलो घडी गरी दुईघडीको समय हो । यस विषयमा पहिले पनि प्रकाश पारिएको छ । यस्तो स्थितिमा पहिलो दिन नै शिवरात्रिव्रत गर्नुपर्दछ ।

जयन्ती शिवरात्रिश्च कार्ये भद्राजयान्विते । इति स्कान्दाच्च । दिनद्वये निशीथव्याप्तौ तु हेमाद्रिमते पूर्वा।

अर्धरात्रात्पुरस्ताच्चेज्जयायोगो यदा भवेत् । पूर्वविद्धैव कर्तव्या शिवरात्रिः शिवप्रियैः ।।

इति पाद्मवचनात् । मदनरत्नेऽप्येवम् । गौडा अप्येवमाहुः ।

स्कन्दपुराणमा भनिएको छ – त्रयोदशीतिथि सूर्यास्तसमयसम्म भएमा र रातमा पूरापूर चतुर्दशी रहेमा जागरणमा शिवरात्रि हुन्छ । मूलमा भनिएको **दिनभुक्ति**को अर्थ सूर्यास्त हुने समय हो ।

स्कन्दपुराणमा भनिएको छ – जयन्ती र शिवरात्रिलाई भद्रा र जयातिथिले युक्त भएमा मनाउनुपर्दछ । जयन्ती अर्थात् कृष्णजयन्तीलाई भद्रा अर्थात् सप्तमीसँग जोडिँदा मनाउनुपर्दछ भने शिवरात्रिव्रत जयातिथिसँग अर्थात् त्रयोदशीसँग योग हुँदा मनाउनुपर्दछ । दुवैदिन रातको आठौं मुहूर्तसम्म जयायोग प्राप्त भएमा हेमाद्रिको भनाइअनुसार पहिलो दिन मनाउनुपर्दछ ।

पद्मपुराणको भनाइअनुसार आधारातभन्दा पहिले जयायोग अर्थात् त्रयोदशीको योग भएमा शिवभक्तहरूले पहिलो दिन नै शिवरात्रिव्रत मनाउनुपर्दछ । **मदनरत्न**मा पनि यही कुरा भनिएको छ र ग़ौडहरूको पनि यस्तै मत रहेको छ ।

निर्णयामृते तु सर्वापि शिवरात्रिः प्रदोषव्यापिन्येव । अर्धरात्रवाक्यानि कैमुतिकन्यायेन प्रदोषस्तावकानीत्युक्तम्। तन्न, अर्धरात्रस्य पूर्वं कर्मकालत्वोक्तेः । परदिने प्रदोषनिशीथोभयव्याप्तित्वात्परैवेति तु माधवः । इदमेव च युक्तं प्रतीमः । परेद्युः प्रागुक्तार्धरात्रस्यैकदेशव्याप्तौ पूर्वेद्युः सम्पूर्णतद्व्याप्तौ च सत्यपि परेद्युः प्रदोषनिशीथोभययोगे पूर्वेद्युः सम्पूर्णव्याप्तेः पूर्वैव ।

निर्णयामृतको भनाइ छ – सम्पूर्ण शिवरात्रि प्रदोषव्यापिनी भएमा ग्राह्य हुन्छ । आधारातसम्म भन्ने वाक्यहरू कैमुतिकन्यायले अर्थात् आधारातको ग्रहण हुन्छ भने प्रदोषव्यापिनीको ग्रहण किन नगर्ने भन्ने तर्कअनुसार गरिने कैमुतिकन्याय-अनुसार प्रदोषको स्तुतिमा आधारित छन् । तर **निर्णयामृत**को यो भनाइ उपयुक्त छैन किनकि आधारातभन्दा पहिले

कर्मकाल बताइएको छ । यदि दोस्रो दिन चतुर्दशी प्रदोष र आधारात दुवै समयमा व्याप्त रहेमा दोस्रो दिनको तिथि नै ग्रहण गर्नुपर्दछ भन्ने **माधवको** मत छ । ग्रन्थकार **कमलाकर भट्ट** भन्दछन् – यही मत युक्तियुक्त छ ।

दोस्रो दिन आधारातको एकभागमात्र चतुर्दशी व्याप्त भएमा पहिलो दिन नै शिवरात्रिव्रत गर्नुपर्दछ । आधारातसम्म सम्पूर्ण चतुर्दशीको व्याप्ति भएमा दोस्रो दिन ग्रहण गर्नुपर्दछ । पहिलो दिन प्रदोष र निशीथ अर्थात् आधारातको योग भएमा पहिलो दिन नै शिवरात्रि ग्रहण गर्नुपर्दछ ।

व्याप्यार्धरात्रं यस्यां तु लभ्यते या चतुर्दशी । तस्यामेव व्रतं कार्यं मत्प्रसादार्थिभिर्नरैः ।।
तदूर्ध्वाधोऽन्विता भूता सा कार्या व्रतिभिः सदा ।। इति माधवधृतेशानसंहितोक्तेः पूर्वेद्युर्निशीथस्य परेद्युः प्रदोषस्येत्येकैकव्याप्तौ तु पूर्वैव । जयायोगस्य प्राशस्त्यात् । तच्चोक्तं नागरखण्डे –
माघफाल्गुनयोर्मध्ये ह्यसिता या चतुर्दशी । अनङ्गेन समायुक्ता कर्तव्या सा सदा तिथिः ।। इति।

माधवद्वारा उद्धृत **ईशानसंहिताको** वचन यसप्रकार छ – जुन दिन आधारातमा चतुर्दशी भेटिन्छ त्यसै दिन शिवको कृपा चाहने मानिसले शिवरात्रिव्रत गर्नुपर्दछ । आधारातपछि र आधारातभन्दा पहिले चतुर्दशी हुँदा नित्य चतुर्दशीव्रत गर्नेहरूले चतुर्दशीव्रत गर्नुपर्दछ । पहिलो दिन आधारातदेखि र पछिल्लो दिन प्रदोषकालसम्म चतुर्दशी रहेमा पहिलो दिन नै शिवरात्रिव्रत गर्नुपर्दछ । किनकि जयायोग हुने हुँदा त्यसको सबैले प्रशंसा गर्दछन् ।

नागरखण्डमा भनिएको छ – माघ र फाल्गुनको बीचमा जुन कृष्णपक्षको चतुर्दशीतिथि हुन्छ त्यसलाई कामदेवको तिथि अर्थात् त्रयोदशीतिथिसँग संयुक्त गराउनुपर्दछ ।

पाद्मे – **अर्धरात्रात्पुरस्ताच्चेज्जयायोगो यदा भवेत् । पूर्वविद्धैव कर्तव्या शिवरात्रिः शिवप्रियैः।।** इति ।
स्कान्देऽपि – **भवेद्यत्र त्रयोदश्यां भूतव्याप्ता महानिशा । शिवरात्रिव्रतं तत्र कुर्याज्जागरणं तथा ।।** इति।
महतामपि पापानां दृष्टा वै निष्कृतिः पुरा । न दृष्टा कुर्वतां पुसां कुहूयुक्तां तिथिं शिवाम् ।।
इति स्कान्दे दर्शयोगस्य निन्दितत्वाच्च । यदा चतुर्दशी पूर्वेद्युर्निशीथादूर्ध्वं प्रवृत्ता परेद्युश्च निशीथादर्वागेव तदा परेद्युरेकव्याप्तिसत्त्वात्परैव ।

माघासिते भूतदिनं हि राजन्नुपैति योगं यदि पञ्चदश्याः ।
जयाप्रयुक्तां न तु जातु कुर्याच्छिवस्य रात्रिं प्रियकृच्छिवस्य ।। इति वचनात् ।

एवं दिनद्वये प्रदोषव्याप्त्यभावे निशीथव्याप्तिसत्त्वात्पूर्वैव । तेन दिनद्वये निशीथव्याप्तौ प्रदोषव्याप्त्या निर्णयः। दिनद्वये प्रदोषव्याप्तौ निशीथेन निर्णयः । एकैकव्याप्तौ तु निशीथेन निर्णय इति ।

पद्मपुराणमा भनिएको छ – आधारातभन्दा पहिले जयायोग भएमा शिवभक्त मानिसहरूले त्रयोदशीविद्धा चतुर्दशीमा शिवरात्रिव्रत गर्नुपर्दछ । **स्कन्दपुराणको** भनाइ छ – त्रयोदशीको महानिशामा चतुर्दशी प्राप्त भएमा त्यसबेला शिवरात्रिव्रत गरी जाग्राम गर्नुपर्दछ ।

स्कन्दपुराणमा अमावास्यासंयुक्त चतुर्दशीको निन्दा गर्दै भनिएको छ – अमावास्यायुक्त चतुर्दशीमा शिवरात्रि मनाउने मानिसहरूले गरेका ठूला-ठूला पापहरूको प्रायश्चित्त पनि देखिँदैन । यसरी **स्कन्दपुराणमा** अमावास्यायुक्त चतुर्दशीको निन्दा गरिएको छ । जब पहिलो दिन चतुर्दशी आधारातपछि प्राप्त हुन्छ, दोस्रो दिन आधारातभन्दा पहिले समाप्त हुन्छ त्यसबेला दोस्रो दिन चतुर्दशीको एकभागमा व्याप्ति भएका कारण दोस्रो दिन नै शिवरात्रि मनाउनु पर्दछ ।

शिवरात्रिपरक निषेधवचन यसप्रकार छ – शिवभक्तहरूले माघकृष्णचतुर्दशीतिथिमा अमावास्याको योग भएमा त्यो चतुर्दशी त्रयोदशीसँग सम्बद्ध भएता पनि शिवरात्रिव्रत गर्नुहुँदैन । फेरि चतुर्दशीका दुवै दिनमा प्रदोषव्याप्तिको अभाव र निशीथमा प्राप्ति भएमा पहिलो दिन नै शिवरात्रिव्रत गर्नुपर्दछ । दुवै दिन आधारातमा चतुर्दशी रहेमा प्रदोषव्याप्तिको आधारमा निर्णय गर्नुपर्दछ । दुवै दिन निशीथमा व्याप्ति भएमा पनि प्रदोषकै आधारमा निर्णय गर्नुपर्दछ । एक-एकको प्राप्तिमा भने निशीथद्वारा निर्णय गर्नुपर्छ ।

रविभौमसोमवारेषु शिवरात्रिः प्रशस्ता

इयं च रविभौमसोमवारेषु शिवयोगे चातिप्रशस्ता ।

वारयोग र शिवरात्रि

यो शिवरात्रिव्रत रवि, सोम र भौमवारको योगमा अति उत्तम मानिएको छ ।

कृत्तिवासेश्वरस्यार्चनम्

हेमाद्रौ तीर्थखण्डे लैङ्गे –

फाल्गुनस्य चतुर्दश्यां कृष्णपक्षे समाहिताः । कृत्तिवासेश्वरं लिङ्गमर्चयन्ति शिवं शुभे ।।

ते यान्ति परमं स्थानं सदाशिवमनामयम् ।।

कृत्तिवासेश्वरको अर्चना

हेमाद्रिको **तीर्थखण्डमा** उद्धृत **लिङ्गपुराणको** वचनमा भनिएको छ – फाल्गुनकृष्णपक्षको चतुर्दशीतिथिमा सावधान भई जसले कृत्तिवासेश्वर शिवलिङ्गमा अर्चना गर्दछन् ती मानिस रोगरहित एवं आनन्दित भई सदाशिवको परमधाम शिवलोकमा प्राप्त हुन्छन् ।

शिवरात्रिपारणानिर्णयः

शिवरात्रिपारणानिर्णयः । शिवरात्रिपारणे तु विरुद्धवाक्यानि दृश्यन्ते । स्कान्दे –

कृष्णाष्टमी स्कन्दषष्ठी शिवरात्रिश्चतुर्दशी । एताः पूर्वयुताः कार्यास्तिथ्यन्ते पारणं भवेत् ।।

जन्माष्टमी रोहिणी च शिवरात्रिस्तथैव च । पूर्वविद्धैव कर्तव्या तिथिभान्ते च पारणम् ।। इति ।

तिथिमध्येऽपि पारणं स्कान्दे उक्तम् –

उपोषणं चतुर्दश्यां चतुर्दश्यां तु पारणम् । कृतैः सुकृतलक्षैश्च लभ्यते वाथवा न वा ।।

ब्रह्माण्डोदरमध्ये तु यानि तीर्थानि सन्ति वै । संस्नातानि भवन्तीह भूतायां पारणे कृते ।।

तिथीनामेव सर्वासामुपवासव्रतादिषु । तिथ्यन्ते पारणं कुर्याद् विना शिवचतुर्दशीम् ।। इति ।

अत्र यामत्रयादर्वाक् चतुर्दशीसमाप्तौ तदन्ते तदूर्ध्वगामिन्यां तु प्रातस्तिथिमध्य एवेति हेमाद्रिमाधवादयो व्यवस्थामाहुः । इत्यादिसामान्यवचनैरेव व्यवस्थासिद्धेरुभयविधवाक्यवैयर्थ्यापत्तेः । वयं तु तिथ्यन्ते पारणं भवेत्- इति कृष्णाष्टम्यादिविषयमेव, न तु शिवरात्रिविषयम् । तदुपादानं तु पूर्वयुतत्वमात्रकथनार्थम् । कथमन्यथा स्कान्दे

एव शून्यहृदयवाक्यवत्तिथिमध्ये पारणविधानं घटते । तस्मात् '**विना शिवचतुर्दशीम्**' इति पर्युदस्तत्वाच्छिवरात्र्याः सर्वप्रकारेषु तिथिमध्य एव पारणेति ब्रूमः । शिष्टाचारोऽप्येवमेव ।

शिवरात्रिव्रतको पारणनिर्णय

अब शिवरात्रिव्रतको पारणबारे निर्णय गरिन्छ । शिवरात्रिव्रतको पारणसम्बन्धमा परस्पर विरुद्ध मतहरू पाइन्छन् । **स्कन्दपुराण**मा भनिएको छ – कृष्णाष्टमी, स्कन्दषष्ठी, शिवरात्रिको चतुर्दशी यी तिथिहरूमा पूर्वविद्धा तिथि लिनुपर्दछ र तिथिको समाप्तिमा पारण गर्नुपर्दछ । जन्माष्टमी, रोहिणी र शिवरात्रिको यही नियम हो । उक्त तिथि पनि पूर्वविद्धा नै ग्राह्य हुन्छन् । तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ । कहीं तिथिको बीचमा पनि पारण गर्नुपर्ने कुरा यसरी बताइएको छ – चतुर्दशीमा उपवास गरी चतुर्दशीतिथिभित्रै पारणा गर्नु दुर्लभ विषय हो । यस्तो योग लाखौं पुण्य गरेपछि पनि जुर्छ कि जुर्दैन भन्ने कुरा विचारणीय छ । चतुर्दशीमा पारण गर्दा ब्रह्माण्डभित्रका जति तीर्थ छन्, तिनमा स्नान–पुण्य गरेको फल प्राप्त हुन्छ । सबै तिथिहरूको उपवास, व्रत आदिमा तिथिको समाप्ति भएपछि पारण गर्नुपर्छ भन्ने नियम छ भने शिवरात्रिको चतुर्दशीमा चतुर्दशीमा नै पारण गर्नुपर्दछ । तीनयामपूर्व चतुर्दशीको समाप्ति भएमा चतुर्दशीको समाप्तिमा पारण गर्नुपर्दछ । त्योभन्दा परसम्म तिथि पुगेमा दोस्रो दिन बिहान तिथिकै बीचमा पारण गर्नुपर्दछ भनी **हेमाद्रि, माधव** आदिले व्यवस्था बाँधेका छन् । तर यो कुरा उचित छैन । किनकि तिथिको अन्तमा अथवा तिथि र नक्षत्रको अन्तमा पारण गर्नुपर्दछ भनी निर्देश गरिएको छ । यदि तिथि तीनयामभन्दा पर गएको स्थितिमा प्रातःकालमा पारण गर्नुपर्छ भन्ने वचनबाट नै व्यवस्था सिद्ध हुने भएकाले माथिका दुवै किसिमका वाक्यहरू व्यर्थ हुने सम्भावना हुन्छ । हामी त तिथिको अन्तमा पारण गर्नुपर्दछ भन्ने कुरा कृष्णजन्माष्टमीका लागि हो, शिवरात्रिका लागि होइन भन्छौं । शास्त्रहरूका वचनजस्तै– कृष्णाष्टमी, स्कन्दषष्ठी, शिवरात्रिको चतुर्दशी । '**एताः पूर्वयुताः कार्यास्तिथ्यन्ते पारणं भवेत्**' जस्ता वचनहरूमा शिवरात्रिमा पनि तिथि र नक्षत्रको अन्तमा पारणा गर्नुपर्दछ भनिएको छ भने त्यो त्रयोदशीयुक्त चतुर्दशी लिनुपर्दछ भन्ने अर्थ बुझाउनका लागि हो, तिथिका अन्तमा पारणा गर्नुपर्दछ भन्ने अर्थमा होइन । **स्कन्दपुराण**को वाक्यमा मात्र किन शून्यहृदय भएका मानिसले बोलेका वचनझैं तिथिको मध्यमा पारणविधान गरियो ? यसको उत्तर हो –

तिथीनामेव सर्वासामुपवासो व्रतादिषु । तिथ्यन्ते पारणां कुर्याद् विना शिवचतुर्दशीम् ।।

अर्थात् अरू सबै व्रत–उपवासमा तिथिको अन्तमा पारण गर्नुपर्दछ तर शिवरात्रिमा तिथिकै बीचमा पारण गर्नुपर्दछ । यसै वचनका आधारमा शिवरात्रितिथिको बीचमा पारण गर्ने कुरा चल्दै आएको छ । यसप्रकारको नियमले शिवरात्रिको व्रतलाई अरू व्रत–उपवासभन्दा छुट्टै विशेषता भएको व्रत हो भन्ने कुरा देखाउँछ । व्रतमा तिथिको अन्तमा पारण गर्नुपर्दछ शिवरात्रिमा होइन भन्ने पर्युदासात्मक निषेधबाट पनि शिवरात्रिको महत्त्व देखिनुका साथै शिवरात्रिमा तिथिकै बीचमा पारण गर्नुपर्ने कुरा स्पष्ट हुन्छ । शिष्टहरूको आचार पनि यही हो ।

दीपिकायां तु रात्रावपि तिथ्यन्त एवोक्तम् – '**व्रततिथेरन्ते निशीथेऽपि वाश्नीयात्**' इति ।

मदनरत्नकालादर्शयोस्तु –

सा ह्यस्तमनपर्यन्तं व्यापिनी चेत्परेऽहनि । दिवैव पारणं कुर्यात्पारणे नैव दोषभाक् ।। इत्युक्तम् । तत्र । तिथिमध्ये पारणविधानान्निषेधे फलायोगाच्च तिथ्यन्तानपेक्षणाद्दोषाप्रसक्त्या चतुर्थपादासङ्गतेः । तेनेदं शिवरात्रिभिन्नव्रतपरं ज्ञेयम् ।

दीपिकामा तिथिको अन्त भएमा रात्रिमा पनि पारण गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – 'व्रत र तिथिको अन्त भएको खण्डमा आधारातमा पनि पारण गर्नुपर्दछ ।'

मदनरत्न र **कालादर्श**मा भनिएको छ – चतुर्दशी यदि दोस्रो दिन सूर्यास्त समयसम्म रहन्छ भने दिनमा नै पारण गर्नुपर्दछ । त्यसो गर्दा दोष लाग्दैन । ग्रन्थकार भन्दछन् – यो मत ठीक छैन किनकि तिथिको मध्यमा पारणको विधान गरिएकाले निषेधमा कुनै फल नदेखिनाले तिथिको अन्तको अपेक्षा नभएका कारण दोष पनि नलाग्ने हुँदा **नैव दोषभाक्** भन्ने चौथो पाद असङ्गत हुन आउँछ । त्यसकारण उक्त भनाइ शिवरात्रिभिन्न अरू कुनै विषयमा केन्द्रित छ भन्नुपर्दछ ।

इदं व्रतं नित्यं चेत्युक्तम्

इदं व्रतं संयोगपृथक्त्वन्यायेन नित्यं काम्यञ्च । तथा च माधवीये स्कान्दे –

परात्परतरं नास्ति शिवरात्रि परात्परम् । न पूजयति भक्त्येशं रुद्रं त्रिभुवनेश्वरम् ।।

जन्तुर्जन्मसहस्रेषु भ्रमते नात्र संशयः ।। इत्यकरणे प्रत्यवायश्रवणात् ।

वर्षे वर्षे महादेवि नरो नारी पतिव्रता । शिवरात्रौ महादेवं नित्यं भक्त्या प्रपूजयेत् ।। इति वीप्साश्रुतेः।

अर्णवो यदि वा शुष्येत क्षीयते हिमवानपि । चलन्त्येते कदाचिद्वै निश्चलं हि शिवव्रतम् ।। इति वचनाच्च नित्यता ।

शिवरात्रिव्रत नित्य र काम्य

शिवरात्रिव्रत संयोगपृथक्त्वन्याय[९९] अर्थात् एउटै कुरालाई दुवै अर्थमा प्रयोग गरिने न्यायका आधारमा नित्य पनि हो र काम्य पनि । **माधवीय**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – 'शिवरात्रिभन्दा ठूलो व्रत कुनै छैन । शिवरात्रिमा परात्पर त्रिभुवनका स्वामी रुद्ररूप ईशको जसले पूजा गर्दैन त्यो मानिस हजारौं हजार जन्मसम्म संसारमा घुमिरहन्छ । त्यसकारण शिवरात्रिव्रत अनिवार्यरूपमा गर्नुपर्दछ ।' यो भनाइबाट शिवरात्रिव्रत नगर्दा प्रत्यवाय अर्थात् दोष लाग्ने हुँदा यो नित्यव्रत हो भनी मान्नुपर्दछ ।

फेरि भनिएको छ – 'हे महादेवी ! प्रतिवर्ष पुरुष वा पतिव्रता नारीले भक्तिपूर्वक शिवरात्रिका दिन महादेवको पूजा गर्नुपर्दछ ।' यहाँ प्रतिवर्षको श्रवणबाट पनि यो नित्यव्रत हो भन्ने सिद्ध हुन्छ । 'सागर सुक्न सक्छ र हिमालय पग्लेर सानो हुनसक्छ। किनकि सागरादि विषय चल हुन् तर शिवरात्रि नित्यव्रत हो।' यस भनाइबाट पनि शिवरात्रिव्रतको नित्यता सिद्ध हुन्छ।

---

९९. अग्निहोत्रमा दध्ना जुहोति वाक्य प्रयोग गरिन्छ यसको अर्थ हो दहीद्वारा हवन गर्दछ । यस वाक्यमा कुनै कामनां व्यक्त गरिएको छैन। तसर्थ यो कामनिरपेक्ष विधान हो । त्यो वाक्यपछि लगत्तै **दध्ना इन्द्रियकामस्य जुहुयात्** अर्थात् इन्द्रियसामर्थ्यको कामना गर्ने व्यक्तिले दहीद्वारा हवन गर्नुपर्दछ भन्ने वाक्य रहेको छ । यसमा इन्द्रियको सामर्थ्य बढाउने कामना रहेकाले यो वाक्य कामसापेक्ष विधान हो । दुवै वाक्यमा दधिशब्दको प्रयोगमा कुनै विरोध छैन । **इन्द्रियकामस्य** भन्ने दोस्रो वाक्यको पदले मात्र कामसापेक्ष र कामनिरपेक्षको अर्थलाई खुलाएको छ । **इन्द्रियकामस्य** पदको संयोगबाट दोस्रो पद संयोगको उदाहरण बन्न पुग्यो भने **इन्द्रियकामस्य** पदलाई पृथक् गर्दा पहिलो वाक्य कामनिरपेक्ष वाक्यका रूपमा रहेको देखिन्छ । यसैगरी '**खादिरे बध्नाति**' र '**खादिरं वीर्यकामस्य यूपम्**' यी दुई वाक्यमा पनि संयोगपृथक्त्वन्याय लागु हुन्छ भन्ने कुरा मीमांसासूत्र '**नित्ये काम्ये च दध्यादि**' (४/३/५-७) मा प्रकट गरिएको छ । यहाँको प्रसङ्गमा पनि '**निश्चलं हि शिवव्रतम्**' जस्ता वाक्यहरूको आधारमा शिवरात्रि नित्यव्रत ठहर्छ र **शिवरात्रिव्रतं नाम सर्वपापविनाशनम् । भुक्तिमुक्तिप्रदायकम्** । यी वाक्यहरूबाट शिवरात्रिव्रत काम्यव्रत पनि ठहर्छ । यहाँ कामनानिरपेक्ष पदको संयोगमा नित्य र कामनासापेक्ष पदको योगमा काम्य पनि ठहर्छ । तसर्थ कामनानिरपेक्ष शिवरात्रिव्रत नित्यव्रत देखिन्छ भने कामनासापेक्ष शिवरात्रिव्रत काम्यव्रत पनि देखिन्छ ।

मम भक्तस्तु यो देवि शिवरात्रिमुपोषकः । गणत्वमक्षयं दिव्यमक्षयं शिवशासनम् ।।
सर्वान् भुक्त्वा महाभोगान् ततो मोक्षमवाप्नुयात् ।। इति स्कान्दात् ।
'द्वादशाब्दिकमेतस्माच्चतुर्विंशाब्दिकं तु वा' इति तत्रैवेशानसंहितावचनात् काम्यता ।
तत्रैव – **शिवरात्रिव्रतं नाम सर्वपापविनाशनम् । आचण्डालमनुष्याणां भुक्तिमुक्तिप्रदायकम् ।।**
अत्र जागरोपवासपूजाः समुदिताः व्रतम्, न तु प्रत्येकम् । समुदितानां फलसम्बन्धात् ।
यत्तु – अथवा शिवरात्रिं च पूजाजागरणैर्नयेत् ।

स्कन्दपुराणमा – शिवजी पार्वतीलाई सम्बोधन गर्दै भन्नुहुन्छ – 'हे देवी ! जुन मेरो भक्तले शिवरात्रिमा उपवास गर्दछ त्यसले अविनाशी शिवगणको पद प्राप्त गर्दछ । यो शिवशासन हो अर्थात् मेरो आदेश हो । त्यसले सम्पूर्ण ऐहिक र पारलौकिक भोग भोगेपछि मोक्ष प्राप्त गर्दछ । **ईशानसंहितामा** भनिएको छ – 'शिवरात्रिव्रतबाट १२ वर्ष यद्वा २४ वर्षका पाप नाश हुन्छन् ।' यो वचनबाट शिवरात्रिव्रत काम्यव्रत भएको पनि ठहर्छ । त्यहीं नै फेरि भनिएको छ – 'शिवरात्रिनामक व्रतले सबै पाप शमन गर्दछ । चाण्डालसम्मका मानिसहरूलाई भुक्ति र मुक्ति प्रदान गर्दछ ।'

शिवरात्रिव्रत भनेको जाग्राम गर्नुमात्र होइन, शिवको पूजामात्र होइन, उपवासमात्र पनि होइन । यो त जाग्राम, पूजा र उपवास गरी तीनवटै कर्मको समन्वित रूप हो । जाग्राम, पूजा र उपवास जोडिँदामात्र शिवरात्रिव्रत बन्दछ र फलप्राप्ति पनि हुन्छ । कसैले पूजा र जाग्राम गरी शिवरात्रिव्रत गर्नुपर्दछ भनेका छन् । ग्रन्थकार भन्दछन् – यो अपूर्ण मत हो ।

व्रतलक्षणम्

तथा – **अखण्डितव्रतो यो हि शिवरात्रिमुपोषयेत् । सर्वात् कामानवाप्नोति शिवेन सह मोदते ।**
कश्चित्पुण्यविशेषेण व्रतहीनोऽपि यः पुमान् । जागरं कुरुते तत्र स रुद्रसमतां व्रजेत् ।।
इत्यादि स्कान्दम्, तदनुकल्पत्वादशक्तपरम् ।

व्रतको लक्षण

जुन मानिसले अखण्डितरूपमा व्रत गर्दै शिवरात्रिमा उपवास गर्दछ त्यसका सबै कामना परिपूर्ण हुन्छन् र त्यो अन्तमा शिवधाममा गई भगवान् शिवको सामीप्य पाएर रमाउँछ । कुनै व्रत नगर्ने मानिस पनि जाग्राममात्र गर्दछ भने विशेष पुण्यका कारण रुद्रसमान बन्ने सौभाग्य पाउँछ भन्ने **स्कन्दपुराणको** वचन रहेको छ ।

ग्रन्थकार भन्दछन् – व्रतको अनुकल्पमा जाग्राममात्रको उल्लेख गरिएकाले उक्त भनाइ व्रत गर्न असमर्थ पुरुषहरूको लागि हो । यद्यपि प्रत्येक महिनाको कृष्णचतुर्दशीलाई पनि कसै-कसैले शिवरात्रि भनेका छन् । त्यो श्रद्धावश गरिएको अभिव्यक्ति हो । वास्तवमा शिवरात्रिव्रत चान्द्रमानले माघकृष्णचतुर्दशी र सौरमानले फाल्गुनकृष्णचतुर्दशीमा रूढ अर्थात् प्रकृति र प्रत्ययको अपेक्षा नगरी केवल समुदायशक्तिबाट फाल्गुनको कृष्णचतुर्दशी भन्ने अर्थको प्रतिपादक छ । माघमासको अन्त्य र फाल्गुनमासको प्रारम्भमा जुन कृष्ण चतुर्दशीतिथि हुन्छ त्यसलाई शिवरात्रि भनिन्छ । यो **हेमाद्रिको** सामान्य वचन हो, कुनै निर्णय होइन । रातको चारै प्रहरमा पूजा एवं पाठ गरिने हुनाले[१००] जुन दिन चतुर्दशीतिथि रातभर वा अधिक रहन्छ त्यो शिवरात्रि हो । दुवै दिन बराबर चतुर्दशी हुन्छ भने पहिलो दिन नै लिनुपर्दछ भन्ने कुरा **हेमाद्रिले** भनेका छन् ।

१००. रातका चारै प्रहरमा शिवरात्रिपूजा क्रम – प्रथम प्रहरमा – **ॐ ह्रौं ईशानाय नमः** भनी दूधले स्नान गराई अर्घ्य दिनुपर्दछ । दोस्रो प्रहरमा – **ॐ ह्रौं अघोराय नमः** यस मन्त्रले दहीद्वारा स्नान गराई अर्घ्य दिनुपर्दछ । तेस्रो प्रहरमा – **ॐ ह्रौं वामदेवाय नमः** यस मन्त्रले घ्यूद्वारा स्नान गराई अर्घ्य दिनुपर्दछ र चौथो प्रहरमा – **ॐ ह्रौं सद्योजाताय नमः** यस मन्त्रले महद्वारा स्नान गराई अर्घ्य दिनुपर्दछ । त्यसपछि दोस्रो दिन बिहान व्रतको समाप्तिपछि पारण गरिन्छ । – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ४६२ ।

प्रतिमासं शिवव्रतं शिवरात्रिव्रतञ्च

माघेतरप्रतिमासशिवरात्रिस्तु – शिवरात्रिशब्दस्य माघकृष्णचतुर्दश्यामेव रूढत्वात् ।

माघमासस्य शेषे या प्रथमा फाल्गुनस्य च । कृष्णा चतुर्दशी सा तु शिवरात्रिः प्रकीर्तिता ।।

इति हेमाद्रौ वचनाच्च नायं निर्णयस्तत्रेति रात्रौ यामचतुष्टये पूजाविधानाद्यस्मिन् दिने अधिका रात्रिव्याप्तिः सा ग्राह्या साम्ये तु पूर्वैवेति हेमाद्रिरूचिवान् । तद्धि चतुर्दश्यां कर्तव्यम् ।

वस्तुतस्तु प्रतिमासकृष्णचतुर्दश्यामपि – **सर्वकामप्रदं कृष्णचतुर्दश्यां शिवव्रतम्** । इत्युपक्रम्य '**चतुर्दशाब्दं कर्तव्यं शिवरात्रिव्रतं शुभम्**' इति हेमाद्रौ कालोत्तरे शिवरात्रिशब्दप्रयोगात्कौण्डपायिनामयनाग्निहोत्रे नैत्याग्निहोत्रधर्मा इव तद्धर्मप्राप्तिः स्यादेव । अतः प्रदोषनिशीथोभयव्याप्त्यैव निर्णय इति वयं प्रतीमः ।

प्रतिमास शिवव्रत र शिवरात्रिव्रत

वास्तवमा प्रतिमास शिवरात्रिव्रतको विषय पनि यत्किञ्चित् स्वीकार्य हुन आउँछ किनकि **हेमाद्रि**मा उद्धृत **कालोत्तर**को वचनमा – 'कृष्णचतुर्दशीमा गरिने सबै किसिमका शिवव्रतले कामना पूर्ण तुल्याउँछन्' भन्ने वाक्यबाट विषय सुरु गरी यसरी १४ वर्षसम्म शिवरात्रिव्रत गर्नुपर्दछ भनिएकाले र त्यसका निमित्त शिवरात्रिशब्दको पनि प्रयोग गरिएकाले **कुण्डपायिनामयनम्**[१०१]नामक मासव्यापी अग्निहोत्रमा जसरी नित्य अग्निहोत्र धर्मको प्राप्ति हुन्छ त्यसरी नै फाल्गुन कृष्णपक्षको महाशिवरात्रिव्रतका धर्महरूको प्रतिमास गरिने शिवरात्रिको शिवव्रतमा पनि प्राप्ति हुन्छ । यसैले शिवरात्रिव्रतका लागि प्रदोष र निशीथको व्याप्ति हुने समय नै उपयुक्त हुन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं ।

अस्यारम्भो हेमाद्रौ निर्णीतः

अस्यारम्भो हेमाद्रौ स्कान्दे –

आदौ मार्गशिरे मासि दीपोत्सवदिनेऽपि वा । गृह्णीयान्माघमासे वा द्वादशैवमुपोषयेत् ।।

तथा – **दीपोत्सवे तथा माघे कृष्णा या तु चतुर्दशी । द्वादशस्वपि मासेषु प्रकुर्यादिह जागरम् ।।**

एवं द्वादशवर्षेषु द्वादशैव तपोधनान् ! । वरयेदिति शेषः । चतुर्दश वा विप्रानाचार्यं च वृत्वा ।

प्रतिमास शिवरात्रिव्रतको आरम्भ

हेमाद्रिमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – मार्गशीर्षमास अथवा दीपावली अथवा माघमासमा सर्वप्रथम १२ शिवरात्रिको व्रत लिनुपर्दछ र १२ उपवास गर्नुपर्दछ । दीपोत्सव र माघमासका कृष्णपक्षको चतुर्दशीमा

१०१. कौण्डपायीहरूको अयनमा '**मासमग्निहोत्रं जुहोति**' भन्ने वाक्य रहेको छ । यसको अर्थ एक महिनासम्म अग्निहोत्र हवन गर्नुपर्दछ । एक माससम्म गरिने अग्निहोत्र भनिएकाले यो अग्निहोत्र कर्म नित्य अग्निहोत्रभन्दा छुट्टै अग्निहोत्र कर्म हो । एक माससम्म मात्र गरिने अग्निहोत्रमा नित्य अग्निहोत्रको धर्मको अतिदेश हुन्छ वा हुँदैन भन्ने सन्देह हुँदा पूर्वपक्षीले नामसाम्य हुँदैमा एउटाका धर्मको अर्कोमा अतिदेश हुँदैन भनेपछि सिद्धान्तपक्ष प्रस्तुत गर्दै भनिएको छ – '**धर्मातिदेशे पदमग्निहोत्रम्**' (मीमांसासूत्र ७/३/१-४) अर्थात् अग्निहोत्र र मासाग्निहोत्रमा मुख्यकर्म अग्निहोत्र नै हो । तर दुवैमा अग्निहोत्र मुख्य हुनसक्दैन । त्यसो भए हरेक अग्निहोत्र नाम लागेका इष्टिहरू पनि मुख्य हुँदै जानेछन् । त्यसकारण '**मासमग्निहोत्रं जुहोति**' यो वाक्यमा प्रयुक्त मासाग्निहोत्र मुख्य कर्म होइन परन्तु अग्निहोत्रका गुणहरूको समावेश भएका कारण निष्पन्न भएकाले नित्य अग्निहोत्रका धर्मको अतिदेश हुन्छ । यस **कुण्डपायिनामयनम्** न्यायको निरूपण **कात्यायनश्रौतसूत्र**को २४ अध्यायको चौथो कण्डिकाको एक्काइसौं सूत्रमा पनि गरिएको छ ।

जसरी जाग्राम गरिन्छ त्यसैगरी १२ महिनाका अरू चतुर्दशीमा पनि जाग्राम गर्नुपर्दछ । १२ वर्षसम्म गरिने यो व्रतमा १२ अथवा १४ तपस्वी ब्राह्मणका साथै उत्तम आचार्यको वरण गर्नुपर्दछ ।

उद्यापनविचारः

कुम्भोपरि न्यसेद्देवमुमया सहितं शिवम् । सौवर्णेऽप्यथ वा रौप्ये वृषभे संस्थितं शुभे ।। इत्युक्तम्।

हैमीं मूर्तिं सम्पूज्य स्थिरं चरं वा लिङ्गं पञ्चामृतसहस्रशतपञ्चाशत्तदर्द्धान्यतमकुम्भैः संस्नाप्य सम्पूज्य जागरणं कृत्वा परेद्युस्तिलान् सहस्रं शतं वा हुत्वा विप्रेभ्यो वस्त्राणि द्वादश गाश्च दत्त्वा आचार्याय धेनुं शय्यां च दत्त्वा विप्रान् भोजयेदिति मदनरत्ने युक्तम् ।

उद्यापनविधि

सुवर्ण वा चाँदीको वृषभमूर्ति निर्माण गरी त्यसमाथि कलश राखेर कलशमाथि गौरी–शङ्करको स्थापना गर्नुपर्दछ। सुवर्ण वा चाँदीको मूर्तिमा पूजा गरी स्थिरलिङ्ग वा चरलिङ्गलाई १००० अथवा १०० अथवा ५० अथवा २५ घडा पञ्चामृतले नुहाइदिनुपर्दछ । त्यसपछि पूजा गरेर जाग्राम गरी अर्को दिन १००० अथवा १०० तिलको आहुति दिएर ब्राह्मणहरूलाई वस्त्रका साथै १२ गाई दिनुपर्दछ र त्यसपछि आचार्यलाई शय्यादान र धेनुदान गर्नुपर्दछ । तदनन्तर ब्राह्मणहरूलाई भोजन गराउनु पर्दछ भन्ने कुरा मदनरत्नमा भनिएको छ ।

माघामावास्यायुगादिः

माघामावास्या युगादिः । तदुक्तम् – **'माघमासे त्वमावास्या'** इति । अन्यत् प्राग्वत् ।

माघको अमावास्या युगादि तिथि

माघको अमावास्या युगादितिथि हो । भनिएको पनि छ – माघको अमावास्या युगादि हो । अरू कुरा पहिलेजस्तै बुझ्नुपर्दछ ।

अत्र विशेषयोगे श्राद्धकथनम्

तथान्योऽपि विशेषो विष्णुपुराणे –

माघासिते पञ्चदशी कदाचिदुपैति योगं यदि वारुणेन ।
ऋक्षेण कालः स परः पितृणां न ह्यल्पपुण्यैर्नृप ! लभ्यतेऽसौ ।।

इति । वारुणम् – शतभिषक् । इदं च कुम्भादित्ये ज्ञेयमिति हेमाद्रिः । भारते –

काले धनिष्ठा यदि नाम तस्मिन् भवेत्तु भूपाल तदा पितृभ्यः ।
दत्तं तिलान्नं प्रददाति तृप्तिं वर्षायुतं तत् कुलजैर्मनुष्यैः ।। इति ।

माघ अमावास्यामा विशेषयोग र श्राद्ध

विष्णुपुराणमा माघको अमावास्याको विशेष महत्त्व देखाउँदै भनिएको छ – 'माघमासको कृष्णपक्षको पञ्चदशी अर्थात् अमावास्याका दिन कदाचित् शतभिषा अथवा पूर्वभाद्रपदनक्षत्रको योग हुन्छ भने त्यो उत्तम समय पितृहरूका

लागि अत्यन्त प्यारो समय हो । थोरै पुण्य भएका मानिसले यस्तो समय पाउँदैनन् ।' मूलमा रहेको **वारुणम्** शब्दको अर्थ शतभिषानक्षत्र हो । यस्तो योग कुम्भको सूर्यमा हुन्छ भन्ने कुरा **हेमाद्रि**ले भनेका छन् ।

महाभारतमा भनिएको छ कि – माघकृष्ण अमावास्यामा धनिष्ठानक्षत्र भएमा उत्तमकुलका मानिसहरूले पितृहरूलाई तिल दिँदा पितृहरू दशहजारवर्षसम्म तृप्त हुन्छन् ।

फाल्गुनपौर्णमास्यां होलिकानिर्णयः

फाल्गुनपौर्णमासी होलिका । सा च सायाह्नव्यापिनी ग्राह्या । **'सायाह्ने होलिकां कुर्यात् पूर्वाह्णे क्रीडनं गवाम्'** इति वचनादिति निर्णयामृते उक्तम् ।

ज्योतिर्निबन्धे तु –

प्रतिपद्भूतभद्रासु याऽर्चिता होलिका दिवा । संवत्सरं च तद्राष्ट्रं पुरं दहति साद्भुतम् ।।

प्रदोषव्यापिनी ग्राह्या पौर्णिमा फाल्गुनी सदा । तस्यां भद्रामुखं त्यक्त्वा पूज्या होला निशामुखे।।

इति नारदवचनात् प्रदोषव्यापिनीत्युक्तम् । हेमाद्रौ मदनरत्ने च भविष्ये –

अस्यां निशागमे पार्थ संरक्ष्याः शिशवो गृहे । गोमयेनोपलिप्ते च सचतुष्के गृहाङ्गणे ।।

इत्यादिना तत्रैव तद्विधानाच्च । तेनेयं पूर्वविद्धा –

श्रावणी दुर्गनवमी दूर्वा चैव हुताशनी । पूर्वविद्धैव कर्तव्या शिवरात्रिर्बलेर्दिनम् ।।

इति वृद्धयमब्रह्मवैवर्तोक्तेश्च । दिनद्वये प्रदोषव्याप्तौ परैव ।

फाल्गुन पूर्णमासी र होलिका

फाल्गुनको पूर्णिमालाई होलिका भनिन्छ । यो सायाह्नव्यापिनी लिइन्छ । **निर्णयामृत**मा भनिएको छ – सायंकालमा होलिका र पूर्वाह्नमा गोपूजन भन्ने वचन पाइन्छ । **ज्योतिर्निबन्ध**मा भनिएको छ – प्रतिपदा, चतुर्दशी र भद्रामा दिनको समयमा होलिकापूजन गरिन्छ भने एकवर्षसम्म त्यो नगर वा त्यो राष्ट्र विपत्तिको अग्निज्वालाले डढिरहन्छ । फाल्गुनको पूर्णिमा प्रदोषव्यापिनी लिनुपर्दछ । त्यसमा भद्रामुख छाडी निशामुखमा होलिकापूजन गर्नुपर्दछ भन्ने **नारद**को वचन हुनाले प्रदोषव्यापिनी पूर्णिमा लिनुपर्दछ ।

हेमाद्रि र **मदनरत्न**मा उद्धृत **भविष्यपुराण**को भनाइ यसप्रकार छ – फाल्गुन पूर्णिमाका दिन रात परेपछि घरको गोबरले लिपेको चारकुने आँगनमा बालकहरूको रक्षाविधान गर्नुपर्दछ भनी विधिनिर्देश गरिएको छ । त्यसकारण यो पूर्वविद्धा नै ग्राह्य हुन्छ । श्रावणी, दुर्गानवमी, दूर्वाष्टमी, होलिका, शिवरात्रि र बलिदिन अर्थात् दीपावली लिँदा पूर्वविद्धा लिनुपर्दछ । यही कुरा **बृहद्यमस्मृति** र **ब्रह्मवैवर्तपुराण**मा भनिएको छ । दुईदिनसम्म पूर्णिमा प्रदोषव्यापिनी भएमा पछिल्लो पूर्णिमा लिनुपर्दछ ।

भद्रानिर्णयः

पूर्वदिने भद्रासत्त्वात् तत्र च होलिकानिषेधात् । तदुक्तं निर्णयामृते मदनरत्ने च पुराणसमुच्चये –

भद्रायां दीपिता होली राष्ट्रभङ्गं करोति वै । नगरस्य च नैवेष्टा तस्मात्तां परिवर्जयेत् ।।

तथा – **भद्रायां द्वे न कर्तव्ये श्रावणी फाल्गुनी तथा । श्रावणी नृपतिं हन्ति ग्रामं दहति फाल्गुनी।।**

तथा- दिनार्धात्परतोऽपि स्यात्फाल्गुनी पूर्णिमा यदि। रात्रौ भद्रावसाने तु होलिका दीप्यते तदा।। इति।

यदा तु पूर्वदिने चतुर्दशी प्रदोषव्यापिनी परदिने च क्षयवशात् सायाह्नात् प्रागेव पूर्णिमा समाप्यते, तदा पूर्वदिने सम्पूर्णरात्रौ भद्रासत्त्वात् तत्र च तन्निषेधात् परेऽहनि प्रतिपद्येव कुर्यात् ।

भद्रा निर्णय

फागुपूर्णिमामा पहिलो दिन भद्रा रहेमा होलिकादाह गर्न हुँदैन । यसै तथ्यलाई **निर्णयामृत, मदनरत्न** र **पुराणसमुच्चयमा** पनि यसरी प्रकट गरिएको छ – भद्रामुखमा होलिकादाह गर्दा राष्ट्रभङ्ग हुन्छ र नगरमा अशान्ति हुन्छ । त्यसकारण भद्रामुखमा होलिकादाह गर्न हुँदैन ।

फेरि त्यहीं भनिएको छ – भद्रामा श्रावणपूर्णिमा र फाल्गुनपूर्णिमाका कार्य गर्न हुँदैन । श्रावणपूर्णिमामा गरिएका कर्मले राजाको नाश गर्दछ भने फाल्गुन पूर्णिमामा गरिएका कर्मले गाउँमा अग्निदाह हुन्छ । दिनको आधा भागपछि पनि फाल्गुनमासको पूर्णिमा रहेमा राति भद्रा सकिएपछि मात्र होलिकादाह गर्नुपर्दछ । यदि पहिलो चतुर्दशी प्रदोषव्यापिनी भएमा र दोस्रो दिन तिथिक्षयको कारणबाट सायंकाल नलाग्दै पूर्णिमा समाप्त भएमा पहिलो दिन सम्पूर्ण रात्रिमा भद्रा रहनाले र भद्रामा होलिकादाह निषेध गरिएकाले प्रतिपदाका दिन होलिकादाह गर्नुपर्दछ ।

सार्धयामत्रयं वा स्याद् द्वितीयदिवसे यदा । प्रतिपद् वर्धमाना तु तदा सा होलिका स्मृता ।।

इति भविष्यवचनादिति निर्णयामृतकारः । मदनरत्नेऽप्येवम् । यत्तु – **'वह्नौ वह्निं परित्यजेत्'** इति भविष्यम् । वह्नौ होलिकायां वह्निं प्रतिपदं वर्जयेदित्यर्थः । तदुक्तभिन्नविषयमिति तत्रैवोक्तम् । अन्ये तु तस्यां भद्रामुखं त्यक्त्वेत्यर्थः।

प्रदोषव्यापिनी चेत्स्याद्यदा पूर्वदिने तदा । भद्रामुखं वर्जयित्वा होलिकायाः प्रदीपनम् ।।

इति नारदवचनात् ।

निशागमे प्रपूज्येत होलिका सर्वदा बुधैः । न दिवा पूजयेत् ढुण्ढां पूजिता दुःखदा भवेत् ।।

इति दिवोदासीये वचनात् ।

यामत्रयोर्ध्वयुक्ता चेत्प्रतिपत्तु भवेत्तिथिः । भद्रामुखं परित्यज्य कार्या होला मनीषिभिः ।।

इति विद्याविनोदेऽभिधानाच्च भद्रामुखं विहाय पूर्वदिने एव कार्येत्याहुः ।

निर्णयामृतकार भन्दछन् – दोस्रो दिन प्रतिपदा साढे तीनप्रहरभन्दा अधिक भएमा त्यसलाई होलिका भन्दछन् । यही कुरा **मदनरत्नमा** पनि भनिएको छ । **भविष्यपुराणमा वह्नौ** = होलिकामा **वह्निम्** = प्रतिपदातिथि छाड्नुपर्छ भनिएको छ । त्यो चर्चित प्रसङ्गभन्दा भिन्न विषय हो । अरूले त **वह्नौ वह्निं परित्यजेत्** वाक्यको तात्पर्य भद्रामुखको परित्याग गर्नुपर्दछ भन्ने हो भनेका छन् ।

यस सम्बन्धमा **नारदको** भनाइ छ – 'पहिलो दिन प्रदोषव्यापिनी भएमा भद्राको मुख छाडेर होलिकादाह गर्नुपर्दछ' । फेरि **दिवोदासीय** वचन – सबै विद्वान् मानिसहरूले निशाको आगमनमा अर्थात् रात परेपछि होलिकाको पूजा गरून् र दिनमा ढुण्ढा अर्थात् हिरण्यकशिपुकी बहिनीको पूजा नगरून् । पूजा गरियो भने दुःखदायक हुन्छ ।

विद्याविनोदमा भनिएको छ – 'तीनप्रहरभन्दा माथि प्रतिपदातिथि भएमा भद्रामुख छाडी बुद्धिमान् मानिसहरूले होलिकादाह गर्नुपर्दछ।' **विद्याविनोदको** यो भनाइअनुसार भद्रामुख छाडी पहिलो दिनमा नै होलिकादाह गर्नुपर्दछ भन्ने बुझिन्छ।

भद्रामुखम्

भद्रामुखं तु – **'नाड्यस्तु पञ्च वदनं गलकस्तथैका'** इति रत्नमालोक्तं ज्ञेयम् । शिष्टाचारोऽप्येवमेव ।

भद्रामुख

रत्नमालामा भद्रामुखको सम्बन्धमा फाल्गुनपूर्णिमाका सुरुका पाँचघडीलाई भद्रामुख[१०२] र त्यसपछिको एकघडीलाई गलक अर्थात् रत्नमाला भनिन्छ । शिष्टाचार पनि यही हो ।

चन्द्रग्रहणे सति

अत्र चेच्चन्द्रग्रहणं तदा ततोऽर्वाङ्निशि भद्रावर्जपौर्णमास्यां होलिकादीपनम् । अथ परेऽह्नि ग्रस्तोदयस्तदा पूर्वदिने भद्रावर्जं रात्रिचतुर्थयामे विष्टिपुच्छे वा होलिका कार्या । ग्रहोत्तरं प्रतिपत्सत्त्वात्पूर्वं च दिवा होलानिषेधादिति दिवोदासचन्द्रप्रकाशौ । वस्तुतस्तु परदिने प्रदोषे पौर्णमासीसत्त्वे कर्मकालस्पर्शे चतुर्थयामादिगौणकालग्रहणे मानाभावाद्भद्राभावाच्च ग्रहणकाल एव होला कार्या ।

न च सर्वेषामेव वर्णानां सूतकं राहुदर्शने । स्नात्वा कर्माणि कुर्वीत शृतमन्नं विवर्जयेत् ।।
इति निषेधात् कथं सूतके होलिकेति वाच्यम् । तस्योत्तरार्द्धशेषत्वात् ।

फाल्गुनपूर्णिमामा चन्द्रग्रहण परेमा

फाल्गुनको पूर्णिमामा चन्द्रग्रहण परेमा पहिलो रातमा भद्रारहित पूर्णिमामा होलिकादाह गर्नुपर्दछ । त्यसपछि दोस्रो दिन ग्रस्तोदय भएमा पहिलो दिन भद्रा छाडेर चतुर्थयाम अथवा विष्टिपुच्छमा होलिकादाह गर्नुपर्दछ ।[१०३] ग्रस्तोत्तर प्रतिपदा रहेमा त्योभन्दा अघिल्लो दिन होलिकादाह निषिद्ध छ भन्ने कुरा **दिवोदास** र **चन्द्रप्रकाशले** गरेका छन् ।

सिद्धान्त भने यस्तो छ – दोस्रो दिन प्रदोषमा पूर्णिमा रहेमा कर्मकालको स्पर्शमा चतुर्थयाम आदि गौणकालको ग्रहण गर्ने विषयमा कुनै प्रमाण नहुनाले भद्रा नभएका कारण ग्रहणकालमा नै होलिकादाह गर्नुपर्दछ ।

यहाँ कसैले शङ्का गर्दछन् – सबै वर्णलाई राहुदर्शनमा सूतक लाग्दछ । त्यसैले स्नानपछि कर्म गर्नुपर्दछ । ग्रहणमा पकाएको अन्न खान हुँदैन भन्ने यस्तो निषेध हुँदाहुँदै ग्रहणको सूतकमा कसरी होलिकादाह हुन्छ ? यसको समाधान गर्दै ग्रन्थकार भन्दछन् – यस्तो शङ्का गर्न हुँदैन **तस्योत्तरार्द्धशेषत्वात्** अर्थात् स्नान नगर्दासम्म अशुद्धि रहन्छ । स्नानपछि अशुद्धि नहुनाले ग्रहणमा पनि नित्य एवं नैमित्तिक कर्ममा अधिकार हुन्छ । उत्तरार्द्धशेषको अर्थ यही हो ।

---

१०२. धर्मसिन्धुमा भद्राको मुख र पुच्छरको लक्षण बताउँदै भनिएको छ – **'पूर्णिमायां भद्रायास्तृतीयपादान्ते घटीत्रयं पुच्छम् । चतुर्थपादाद्यघटीपञ्चकं मुखम् । तथा च मध्यममानेन षष्टिघटीमितायां पूर्णिमायां पूर्णिमाप्रवृत्त्युत्तरं सार्धैकोनविंशतिघटिकोत्तरं घटीत्रयं पुच्छम् । सार्धद्वाविंशतिघटिकोत्तरं घटीपञ्चकं मुखम् । तिथेश्चतुःषष्टिघटीमितत्वे पूर्णिमाया एकविंशतिघटिकोत्तरं पुच्छम् । चतुर्विंशतिघटिकोत्तरं पुच्छम् । एवं तिथेर्मानान्तरेऽप्यूह्यम् ।** अर्थात् पूर्णिमाका दिन भद्राको तेस्रो पाउको अन्तका तीन घडीलाई पुच्छ भनिन्छ र चौथो पाउका सुरुका पाँच घडीलाई मुख भनिन्छ । ६० घडी पूर्णिमा भएमा पूर्णिमा सुरु भएपछि साढे १९ घडीपछिका ३ घडी पुच्छ कहलाउँछन् र साढे २२ घडी पछिका ५ घडीलाई भद्रामुख भनिन्छ। यो मध्यममानको आधारमा गरिएको निरूपण हो । पूर्णिमातिथिको मान ६४ घडीको भएमा पूर्णिमाको २१ घडीपछिका ३ घडी भद्रापुच्छ मानिन्छन् भने २४ घडीपछिका ५ घडी भद्रामुखनामबाट सम्बोधित हुन्छन् । – धर्मसिन्धु, होलिकानिर्णय, अनुवादक – मिहिरचन्द्र, खेमराज श्रीकृष्णदास, प्रकाशन – मुम्बई, वि.सं. २०६१, पृ. २१८–२१९ ।

१०३. धर्मसिन्धुमा पहिले सङ्कल्प गरी सुकेका काठ एवं गोबरका डल्ला जम्मा गरी **अस्माभिः०** इत्यादि मन्त्र पढेर होलिकादाह गर्नुपर्दछ भनिएको छ । मन्त्र यसप्रकार छ – **अस्माभिर्भयसन्त्रस्तैः कृता त्वं होलिके यतः । अतस्त्वां पूजयिष्यामि भूते भूतिप्रदा भव।।**

होलिकापूजामन्त्रकथनम्

पूजामन्त्रस्तु –

असृक्पाभयसन्त्रस्तैः कृत्वा त्वं होलि बालिशैः । अतस्त्वां पूजयिष्यामि भूते भूतिप्रदा भव।। इति।

यत्तु वार्तिककारैर्होलिका आचारप्राप्तेत्युक्तम् । तत्र हेमाद्र्याद्युदाहृतभविष्यवचनानि असिद्धानि कृत्वा चिन्ता ज्ञेया । आर्त्यधिकरणवत् ।

होलिकापूजनमन्त्र

असृक्पाभय० इत्यादि मन्त्रले होलिकाको पूजा गरिन्छ । मन्त्रको अर्थ यसप्रकार छ – 'रक्तपायी राक्षसहरूको त्रासबाट आत्तिएका मूर्ख मानिसहरूले तिम्रो आराधना गर्दछन् त्यसैले म पनि तिम्रो पूजा गर्दैछु । हे होलिका ! तिमीले मलाई ऐश्वर्य प्रदान गर ।'

वार्तिककारहरूले भनेका छन् – होलिका शिष्टाचारबाट प्राप्त हुन्छ । यस विषयमा हेमाद्रि आदिका वचनलाई असिद्ध तुल्याएर मात्र विचार गर्नुपर्दछ । हेमाद्रि आदिका वचनको गौरव रहँदासम्म वार्तिककारको मत आर्त्यधिकरणन्यायले संशोधनीय छ ।[१०४]

मलमासे सति निर्णयः

हुताशनी मलमासे न भवति । इयं मन्वादिरपि । सा तु पौर्वाह्णिकी ग्राह्या । मलमासे सति मन्वादिश्राद्धं मासद्वये कार्यमित्युक्तं प्राक् ।

मलमासमा निर्णय

होलिकाको पूजन मलमासमा गर्न हुँदैन । फाल्गुनपूर्णिमालाई मन्वादि पनि भनिएको छ । यो पूर्वाह्णव्यापिनी ग्राह्य हुन्छ । मलमास भएमा मन्वादिश्राद्ध दुवै मासमा गर्नुपर्छ भन्ने कुरा पहिले चर्चा गरिसकिएको छ ।

गोविन्ददोलोत्सवः

कृत्यचिन्तामणौ ब्राह्मे –

नरो दोलागतं दृष्ट्वा गोविन्दं पुरुषोत्तमम् । फाल्गुन्यां संयतो भूत्वा गोविन्दस्य पुरं व्रजेत् ।।

इति फाल्गुनमासः

गोविन्ददोलोत्सव

कृत्यचिन्तामणिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – फाल्गुनको पूर्णिमातिथिमा मानिसहरूले संयत भई भगवान् गोविन्दको मूर्तिलाई प्राणप्रतिष्ठा गरी झुलामा राखेर उक्त मूर्तिको दर्शन गरेमा ती मानिसहरू गोविन्दधाममा प्राप्त हुन्छन्।

इति फाल्गुनमास

१०४. आर्त्यधिकरणन्यायको उल्लेख मीमांसाको 'आर्ते हविष्येकतरेऽपि यागः' (६/४/२२-२३) सूत्रमा भएको छ । यसमा द्रव्यनाश हुँदा गर्नुपर्ने प्रायश्चित्तको विषयमा विचार गरिएको छ । 'यस्योभयं हविरार्तिमार्च्छेत्, ऐन्द्रं पञ्चशरावमोदन निर्वपेत्' अर्थात् जुन यजमानका दर्श–पूर्णमासयागमा दूध र दही दुवै हवि नाशमा प्राप्त हुन्छन् त्यसले इन्द्रका लागि पाँचवटा पात्रमा भरिएको अन्न हवन गर्नुपर्दछ । दुवै हवि वा एउटै हविको नाश भए पनि प्रायश्चित्त गर्नुपर्दछ । यहाँको प्रसङ्गमा परम्पराप्राप्त भए पनि स्नान गरेपछि कर्म गर्दा हेमाद्रि आदि निबन्धकारहरूको निर्णयअनुसार पूजनमा बाधा हुँदैन । ग्रहण आदि सूतकमा पनि स्नान गरेपछि होलिकापूजनमा बाधा हुँदैन भन्ने अभिप्राय हो ।

चैत्रकृष्णपक्षः[१०५]

चैत्रकृष्णप्रतिपदि वसन्तोत्सवः

चैत्रकृष्णप्रतिपदि वसन्तोत्सवः । सा चौदयिकी ग्राह्या । प्रवृत्ते मधुमासे तु प्रतिपद्युदिते रवौ ।। इति भविष्योक्तेः। दिनद्वये तथात्वे पूर्वा । **वत्सरादौ वसन्तादौ बलिराज्ये तथैव च । पूर्वविद्धैव कर्तव्या प्रतिपत्सर्वदा बुधैः ।।** इति वृद्धवसिष्ठवचनात् ।

चैत्रकृष्ण पक्ष

चैत्रकृष्ण प्रतिपदामा वसन्तोत्सव मनाउनुपर्दछ । वसन्तोत्सवमा चैत्रमासको कृष्णपक्षको उदयकालिक प्रतिपदा लिनुपर्दछ । यस विषयमा **भविष्यपुराण**मा भनिएको छ – चैत्रमास लागेपछि प्रतिपदाको दिन सूर्योदय हुँदा वसन्तोत्सव मनाउनुपर्दछ । दुवै दिन उदयकालमा प्रतिपदा भेटिएमा पहिलो दिन लिनुपर्दछ । यस विषयमा **वृद्धवसिष्ठ** भन्दछन् – वर्षारम्भ, वसन्तारम्भ र बलिराज्य अर्थात् यमपञ्चकमा विद्वान्हरूले पूर्वविद्धा प्रतिपदा लिनुपर्दछ ।

अत्र विशेषः

अत्र विशेषो हेमाद्रौ भविष्ये –

चैत्रे मासि महाबाहो पुण्ये तु प्रतिपद्दिने । यस्तत्र श्वपचं स्पृष्ट्वा स्नानं कुर्यान्नरोत्तमः ।।
न तस्य दुरितं किञ्चिन्नाधयो व्याधयो नृप ।। इति ।

विशेष

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – हे महाबाहो ! चैत्रमासमा पुण्यमय प्रतिपदाको दिनमा चाण्डाललाई स्पर्श गरी जुन उत्तम पुरुषले स्नान गर्दछ त्यसलाई पाप लाग्दैन र त्यसले आधिव्याधि केही पनि व्यहोर्नु पर्दैन ।

---

१०५. निर्णयसिन्धुको यो द्वितीयपरिच्छेदमा चैत्रादि द्वादशमासमा गर्नुपर्ने समस्त कृत्यहरूको उपस्थापन गरिएको छ । उपस्थापित कृत्य गर्नुपर्ने चैत्र–वैशाखादि महिनाहरूको उत्पत्ति कसरी भयो अर्थात् यी महिनाहरूको नाम कसरी रह्यो भन्ने कुरा यहाँ स्पष्ट देखाइन्छ । जुन महिनाको पूर्णिमा चित्रानक्षत्रले युक्त हुन्छ त्यही महिनालाई चैत्र भनिन्छ । त्यस्तै विशाखाले युक्त पूर्णिमा भएको महिना वैशाख हुन्छ । यसरी नक्षत्रले युक्त भएको पूर्णिमाका आधारमा नै अन्य महिनाहरूको पनि नाम रहेको छ । चैत्रदेखि श्रावणसम्मका पाँचमहिनामा चित्रादि दुई–दुई नक्षत्रमध्ये कुनै एक नक्षत्रले युक्त पूर्णिमा युक्त हुनुपर्छ । भाद्र र आश्विनमा चाहिँ शतभिषादि तीन–तीन नक्षत्रमा कुनै एक नक्षत्रले युक्त पूर्णिमा हुनुपर्छ । त्यस्तै कार्तिकदेखि माघसम्मका चार महिनामा कृत्तिकादि दुई–दुई नक्षत्रमध्ये कुनै एक नक्षत्रले युक्त पूर्णिमा हुनुपर्छ । त्यस्तै फाल्गुनचाहिँ पूर्वाफाल्गुन्यादि तीन नक्षत्रमध्ये कुनै एक नक्षत्रले युक्त पूर्णिमा हुनु अत्यावश्यक हुन्छ । हेमाद्रि र माधवद्वारा उद्धृत वचनले यसको पुष्टि यसरी गरेका छन् –

अन्त्योपान्त्यौ त्रिभौ ज्ञेयौ फाल्गुनश्च त्रिभो मतः । शेषा मासा द्विभा ज्ञेयाः कृत्तिकादिव्यवस्थया ।।
द्वे द्वे चित्रादिताराणां परिपूर्णेन्दुसङ्गमे । मासाश्चैत्रादयो ज्ञेयास्त्रिकैः षष्ठान्त्यसप्तमाः ।।

कार्तिक महिनाको पूर्णिमा कृत्तिका वा रोहिणीले, मंसीरको पूर्णिमा मृगशिरा वा आर्द्राले, पौषको पूर्णिमा पुनर्वसु वा पुष्यले, माघको पूर्णिमा अश्लेषा वा मघानक्षत्रले युक्त हुनुपर्छ भने फाल्गुनको पूर्णिमा पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी वा हस्तानक्षत्रले युक्त हुनुपर्छ । त्यस्तै चैत्रको पूर्णिमा चित्रा वा स्वातीले, वैशाखको पूर्णिमा विशाखा वा अनुराधाले, जेठको पूर्णिमा ज्येष्ठा वा मूलले, आषाढको पूर्णिमा पूर्वाषाढा वा उत्तराषाढाले, श्रावणको पूर्णिमा श्रवण वा धनिष्ठानक्षत्रले, भाद्रको पूर्णिमा शतभिषा, पूर्वाभाद्रा वा उत्तराभाद्राले, आश्विनको पूर्णिमा रेवती, अश्विनी वा भरणीनक्षत्रले युक्त हुनुपर्दछ । यसरी पूर्णिमा र नक्षत्रको योगबाट नै चैत्रादि बाह्र महिनाको नाम रहेको हो ।

होलिकाविभूतिवन्दनम्

तथा – **प्रवृत्ते मधुमासे तु प्रतिपद्युदिते रवौ । कृत्वा चावश्यकार्याणि सन्तर्प्य पितृदेवताः ।।**

वन्दयेद्धोलिकाभूमिं सर्वदुःखोपशान्तये ।।

तत्र मन्त्रः – **वन्दितासि सुरेन्द्रेण ब्रह्मणा शङ्करेण च । अतस्त्वं पाहि नो देवि भूते भूतिप्रदा भव ।।** इति।

होलिकाविभूतिवन्दना

चैत्रमास लागेपछि प्रतिपदातिथिमा सूर्योदय हुँदा आवश्यक नित्यकर्म सम्पन्न गरी पितृ र देवताहरूलाई तर्पण दिनुपर्दछ । सबैको सुख–शान्तिका लागि होलिकादाह गरिएको भूमिमा गई **वन्दितासि सुरेन्द्रेण०** इत्यादि मन्त्रले होलिकाको वन्दना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे होलिका देवी ! देवराज इन्द्र, ब्रह्माजी, शिवजी सबैले तिम्रो वन्दना गर्नुभएको छ। हे देवी ! तिमीले रक्षा गर, हे होलिका ! मलाई ऐश्वर्य देऊ ।

आम्रकुसुमप्राशनविधिकथनम्

अत्र चूतकुसुमप्राशनमुक्तं तत्रैव पुराणसमुच्चये –

वृत्ते तुषारसमये सितपञ्चदश्यां प्रातर्वसन्तसमये समुपस्थिते च ।

सम्प्राश्य चूतकुसुमं सह चन्दनेन सत्यं हि पार्थ ! पुरुषोऽथ समाः सुखी स्यात् ।।

तत्र मन्त्रः – **चूतमग्र्यं वसन्तस्य माकन्दं कुसुमं तव । सचन्दनं पिबाम्यद्य सर्वकामार्थसिद्धये ।।** इति।

आम्रकुसुमप्राशनविधि

फाल्गुनशुक्ल पूर्णिमामा आँपका फूल चपाउनुपर्ने विषयमा पुराणसमुच्चयमा भनिएको छ – जाडोको समय व्यतीत भएपछि फाल्गुनपूर्णिमाको दिन प्रातःकालमा वसन्तको उपस्थितिमा चन्दनका साथ आँपका फूलहरू चपाई रसपान गर्नुपर्दछ । यसरी प्राशन गर्ने मनुष्य वर्षदिनसम्म स्वस्थ र सुखी रहन्छ । **चूतमग्र्यं वसन्तस्य०** इत्यादि मन्त्र पाठ गरी आम्रपुष्पको रसपान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – सबै कामनाहरूको सिद्धिका लागि आम्रपत्र र माकन्द अर्थात् आम्रपुष्पको रस चन्दनसहित पान गर्दछु ।

चैत्रामावास्यामन्वादिः

चैत्रामावास्या मन्वादिः । सा च पराह्णव्यापिनी ग्राह्या कृष्णपक्षस्थत्वात् ।

चैत्र अमावास्या

चैत्रकृष्ण अमावास्यालाई मन्वादितिथि मानिएको छ । यो कृष्णपक्षको तिथि भएकाले अपराह्णव्यापिनी लिइन्छ ।

निर्णयसिन्धुकार श्रीकमलाकरभट्टको अभ्यर्थना

एवं निरूपितमिदं गहनं तु कालतत्त्वं विचार्य वचनैश्च नयैश्च सम्यक् ।

तद्दोषदृष्टिमपहाय विवेचनीयं विद्वद्भिरित्यविरतं प्रणतोऽस्मि तेषु ।।१।।

मया सद्वाऽसद्वा यदिह गदितं मन्दमतिना किमेतच्छक्यं वाऽध्यवसितुमपि स्वल्पमतिना ।
तदेवं यत्किञ्चिद् गदितमिह विख्यातमहिमा प्रतापोऽयं सर्वो विकसति तु पित्रोश्चरणयोः ।।२।।
यो भाट्टतन्त्रगहनार्णवकर्णधारः शास्त्रान्तरेषु निखिलेष्वपि मर्मभेत्ता ।
योऽत्र श्रमः किल कृतः कमलाकरेण प्रीतोऽमुना तु सुकृती बुधरामकृष्णः ।।३।।

चैत्रकृष्णपक्षः समाप्तः

इति मार्गशीर्षतश्चैत्रकृष्णामावास्यापर्यन्तं विधेयानां कृत्यानां निर्णायकं सप्तमं प्रकरणम्

इति द्वितीयः परिच्छेदः समाप्तः

निर्णयसिन्धुकार कमलाकर भट्टको अभ्यर्थना

मैले शास्त्रीयवचन र नीतिहरूद्वारा कालतत्त्वको विषयमा राम्ररी विचार गरेर निर्णयसिन्धुनामक निबन्धग्रन्थको दोस्रो परिच्छेद निरूपण गरेको छु । विद्वान्हरूले दोषदृष्टि त्याग गरी यसको विवेचन गर्नुहुनेछ भनी म विद्वद्वशंवद भई उहाँहरूलाई नित्य प्रणाम गर्दछु । मन्द बुद्धि भएको मैले यहाँ सत् वा असत् जे कुरा भनेको छु त्यसको परिशीलन गरी तत्त्वबोध गर्ने काम के अल्पबुद्धि मानिसले गर्न सक्छन्? वस्तुतः मैले यहाँ जे उल्लेख गरें त्यसमा मेरा महामहिम पिताश्रीका चरणकमलको प्रताप नै प्रकट भएको छ ।

यस ग्रन्थमा म कमलाकर भट्टले जति परिश्रम गरेको छु त्यसबाट मीमांसाशास्त्रको अगाध समुद्रका कर्णधार मानिनुभएका, सम्पूर्ण शास्त्रहरूको मर्मबोध गर्न समर्थ, पुण्यात्मा मेरा पिताश्री पण्डित रामकृष्ण भट्ट अवश्य नै प्रसन्न हुनुहुनेछ।

इति द्वितीय परिच्छेद

निर्णयसिन्धु द्वितीयपरिच्छेदको मार्गशीर्षदेखि चैत्रकृष्णपक्षअन्तर्गत गरिने कृत्यहरूको निर्णयमा आधारित सप्तम प्रकरण पूरा भयो ।

ॐ

पराम्बा भगवतीको असीम करुणाबाट पाल्पा-पोरकनी निवासी पतिव्रताशिरोमणि स्वर्गीय माताश्री दिव्यलक्ष्मी ढकाल र सज्जनमुकुटमणि स्वर्गीय पिताश्री चूडामणि ढकालका कनिष्ठ पुत्र नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाण्डौमा प्राध्यापक पदमा कार्यरत डा. वेणीमाधव ढकालद्वारा कमलाकर भट्टरचित निर्णयसिन्धु नामक निबन्धग्रन्थको द्वितीय परिच्छेदको चूडामणिनामक नेपाली टीका सम्पन्न गरियो ।

ॐ

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

तृतीयः परिच्छेदः

यस परिच्छेदमा गर्भाधान, पुंसवन, उपनयन, विवाह आदि संस्कार,
क्षुद्रकाल, मूर्ति-लिङ्गप्रतिष्ठा, प्राणप्रतिष्ठा, पुनःप्रतिष्ठा,
जीर्णोद्धार, कलिमा वर्जनीय विषयजस्ता प्रमुख
कृत्यहरूको परिचय प्रदान गर्दै सम्भावित
समस्या र समाधान प्रस्तुत
गरिएको छ ।

ॐ

संस्कार-परिचय

आधानपुंससीमन्तजातनामान्नचौलकाः ।
मौञ्जी व्रतानि गोदानसमावर्तविवाहकाः ।।
अन्त्यं चैतानि कर्माणि प्रोच्यन्ते षोडशैव तु ।।

गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकरण, उपनयन, यजुर्वेदको व्रत, ऋग्वेदको व्रत, सामवेदको व्रत, अथर्ववेदको व्रत, केशान्त (गोदान), समावर्तन, विवाह र अन्त्यकर्म यी वैदिक सनातन धर्मावलम्बीहरूका मुख्य सोह्र संस्कार मानिएका छन् ।

– वीरमित्रोदयः, संस्कारप्रकाशः

निर्णयसिन्धुः
संस्कारादिनिर्णायकः तृतीयः परिच्छेदः

गर्भाधानादिसूतिकागृहप्रवेशान्तविषयनिर्णयात्मकं प्रथमं प्रकरणम्

अथ प्रकीर्णकनिर्णयः

श्रीरामकृष्णतनयः कमलाकरसंज्ञितः ।
निरूप्य तिथिकृत्यं तु प्रकीर्णं वक्तुमुद्यतः ।।

प्रकीर्णक निर्णय

अब प्रकीर्णक निर्णय शीर्षकमा संस्कार आदि विविध उपयोगी विषयहरूको निरूपण गर्दै ग्रन्थकार भन्दछन्– श्रीरामकृष्णको पुत्र म कमलाकर भट्ट द्वितीय परिच्छेदमा तिथिकृत्यको निर्णय गरेपछि तृतीय परिच्छेदको आरम्भमा प्रकीर्णक अर्थात् विविध विषयका यत्रतत्र छरिएका तर अत्यन्त आवश्यक विषयको निर्णय गर्ने कार्यमा प्रवृत्त भएको छु ।

गर्भाधानसंस्कारः

तत्रादौ संस्कारेषु गर्भाधानम् । तत्र प्रथमरजोदर्शने दुष्टमासग्रहणम्, सङ्क्रमादिफलम्, तत्र शान्त्यादि च पितृकृतप्रयोगदीपिकायां भट्टकृतप्रयोगरत्ने ज्ञेयम् । किञ्चित्तूच्यते ।

गर्भाधानसंस्कार

सबै [1]संस्कारहरूमा प्रथम संस्कार गर्भाधान हो । गर्भाधानको पूर्वपीठिका मानिएको प्रथम रजोदर्शनमा दुष्टमासको ग्रहण, संक्रान्ति आदिको फल र तिनको स्वस्ति–शान्ति आदि विषय मेरा पिता **श्री पं. रामकृष्ण भट्टद्वारा प्रयोगदीपिका** एवं भट्टकृत **प्रयोगरत्नबाट** बुझ्नुपर्दछ तर सामान्य जानकारीका लागि म पनि केही बताउँदैछु ।

---

१. संस्कारपरिचय –

गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च । नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया ।।
कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः । केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ।।
त्रेताग्निसङ्ग्रहश्चैव संस्काराः षोडश स्मृताः ।। – पारस्करगृह्यसूत्र, प्रथम काण्ड, १ कण्डिकाको गदाधरकृत व्याख्याअनुसार निम्नलिखित १६ प्रकारका संस्कार मानिएका छन् – गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, वेदारम्भ, केशान्त अर्थात् व्रतबन्धपछि गुरुकुलमा अध्ययन गर्न गएर घर फर्किनुअघि गरिने गोदानसंस्कार अथवा मुण्डनसंस्कार, समावर्तन, स्नान अर्थात् समावर्तनपछि गरिने स्नान, विवाह र सपत्नीक अग्निदीक्षाग्रहण ।

सूर्यवारादिषु प्रथमरजोदर्शने विचारः

मदनरत्ने नारदः – अमारिक्ताऽष्टमीषष्ठीद्वादशीप्रतिपत्स्वपि । परिघस्य तु पूर्वार्द्धे व्यतीपाते च वैधृतौ ।।
सन्ध्यासूपप्लवे विष्ट्यामशुभं प्रथमार्तवम् । रोगी पतिव्रता दुःखी पुत्रिणी भोगभागिनी (भोगगामिनी)।।
पतिव्रता क्लेशयुक्ता[२] सूर्यवारादिषु क्रमात् ।

रविवार आदिमा प्रथम रजस्वला हुँदा विचार

मदनरत्नमा नारदले भनेका छन् – अमावास्या, रिक्तातिथि अर्थात् ४, ९, १४, अष्टमी, षष्ठी, द्वादशी, प्रतिपदा, परिघयोगको पूर्वार्द्ध, व्यतीपातयोग, वैधृतियोग, सन्ध्याकाल, ग्रहण लागेको समय र भद्रामा प्रथम रजोदर्शन अशुभ मानिएको छ। रविवारमा नारी प्रथम रजोदर्शन भएमा रोगिणी, सोमवारमा पतिव्रता, मङ्गलवारमा दुःखी, बुधवारमा पुत्रवती, बृहस्पतिवारमा भोगभागिनी, शुक्रवारमा पतिव्रता र शनिवारमा प्रथम रजोदर्शन भएमा क्लेशभागिनी हुन्छिन् ।

तिथ्यादौ प्रथमरजोदर्शने विचारः

वैधव्यं सुतलाभश्च मैत्र्यं शत्रुविवर्द्धनम् । मित्रलाभः शत्रुवृद्धिः कुलर्द्धिर्बन्धुनाशनम् ।।
मरणं वंशवृद्धिश्च निराहारः कुलक्षयः । तेजश्च सुतनाशश्च कुलहानिस्तिथिक्रमात् ।।

तिथि आदिमा प्रथम रजोदर्शन

तिथिहरूमध्ये प्रतिपदामा प्रथम रजोदर्शन भए नारी विधवा हुन्छिन्, द्वितीयामा रजोवती भएमा पुत्रप्राप्ति हुन्छ, तृतीयामा मित्रता हुन्छ, चतुर्थीमा शत्रुवृद्धि हुन्छ, पञ्चमीमा मित्रलाभ हुन्छ, षष्ठीमा शत्रुवृद्धि हुन्छ, सप्तमीमा कुलवृद्धि हुन्छ, अष्टमीमा बन्धुनाश हुन्छ, नवमीमा मरण हुन्छ, दशमीमा वंशवृद्धि हुन्छ, एकादशीमा आहारप्राप्तिको अभाव हुन्छ, द्वादशीमा कुलको नाश हुन्छ, त्रयोदशीमा तेजको प्राप्ति हुन्छ, चतुर्दशीमा पुत्रनाश हुन्छ र अमावास्या एवं पूर्णिमामा रजोवती भएमा कुलको हानि हुन्छ ।

प्रथमरजोदर्शने दस्रक्षादिफलकथनम्

गर्गः – सुभगा चैव दुःशीला बन्ध्या पुत्रसमन्विता । धर्मयुक्ता व्रतघ्नी च परसन्तानमोदिनी ।।
सुपुत्रा चैव दुःपुत्रा पितृवेश्मरता सदा । दीना प्रजावती चैव पुत्राढ्या चित्रकारिणी ।।
साध्वी पतिप्रिया नित्यं सुपुत्रा कष्टचारिणी । स्वकर्मनिरता हिंस्रा पुण्यपुत्रादिसंयुता ।।
नित्यं धनचयासक्ता पुत्रधान्यसमन्विता । मूर्खा चाऽज्ञा पुण्यवती दस्रक्षादेः क्रमात्फलम् ।।

प्रथम रजोदर्शनमा नक्षत्रफल

गर्गले भनेका छन् – नक्षत्रक्रमबाट प्रथम रजोदर्शनको फलबोध यसरी गर्नुपर्दछ – अश्विनीमा प्रथम रजोदर्शन भए उत्तम ऐश्वर्यवती, भरणीमा दुःशीला, कृत्तिकामा बन्ध्या, रोहिणीमा पुत्रवती, मृगशिरामा धर्मपरायणा, आर्द्रामा व्रतनाशिनी, पुनर्वसुमा अरूका सन्तान देखेर खुसी हुने, पुष्यमा सुन्दर पुत्रले युक्त भएकी, अश्लेषामा खराब पुत्र भएकी, मघामा पिताको घरमा रमाउने, पूर्वाफाल्गुनीमा दीन–दुःखी, उत्तराफाल्गुनीमा सन्तानसुखले सम्पन्न, हस्तामा पुत्रवती, चित्रामा चित्रकलामा

---

२. क्लेशभागी – यस्तो पाठान्तर पाइन्छ ।

निपुण, स्वातीमा साध्वी, विशाखामा पतिप्रिया, अनुराधामा सुपुत्रवती, ज्येष्ठामा कष्टभागिनी, मूलमा स्वकर्मनिपुण, पूर्वाषाढामा हिंसाप्रिय, उत्तराषाढामा पुण्यवान् पुत्रले युक्त, श्रवणमा नित्य धनसञ्चयमा निपुण, धनिष्ठामा पुत्र र धनधान्यले सम्पन्न, शतभिषा र पूर्वभाद्रपदमा मूर्ख, उत्तरभाद्रपदमा ज्ञानशून्य र रेवतीमा पुण्यवती हुन्छन् ।

प्रथमरजोदर्शने राश्यादिविचारः

नारदः – **कुलीरवृषचापान्त्यनृयुक्कन्यातुलाघटाः । राशयः शुभदा ज्ञेया नारीणां प्रथमार्तवे ।।**

प्रथम रजोदर्शनमा राशि आदिको विचार

नारदले प्रथमरजोदर्शनमा राशिगत फल बताउँदै भनेका छन् – कर्क, वृष, धनु, मीन, मिथुन, कन्या, तुला र कुम्भराशिमा प्रथमरजोदर्शन शुभफलदायक हुन्छ भन्ने कुरा जान्नुपर्दछ । यसको तात्पर्य मेष, सिंह, वृश्चिक र मकरराशिमा प्रथमरजोदर्शन शुभफलदायक हुँदैन ।

प्रथमरजोदर्शने वस्त्रादिविचारः

गर्गः – **सुभगा श्वेतवस्त्रा स्याद् दृढवस्त्रा पतिव्रता । क्षौमवस्त्रा क्षितीशा स्यात् नववस्त्रा सुखान्विता।।**
दुर्भगा जीर्णवस्त्रा स्याद् रोगिणी रक्तवाससा । नीलाम्बरधरा नारी पुष्पिता विधवा ततः ।।
वस्त्रे स्युर्विषमा रक्तबिन्दवः पुत्रमाप्नुयात् । समाश्चेत्कन्यकाञ्चेति फलं स्यात्प्रथमार्तवे ।।

प्रथम रजोदर्शनमा वस्त्र आदिको विचार

गर्गले भनेका छन् – सेतो लुगा लगाएको अवस्थामा प्रथम रजोदर्शन भएमा नारी ऐश्वर्यसम्पन्न हुन्छिन् । मजबुत वस्त्र लगाएको अवस्थामा प्रथमरजोदर्शन भएमा नारी पतिव्रता हुन्छिन् । रेशमी वस्त्र लगाएको अवस्थामा रजोवती भएमा राजपत्नी हुन्छिन् । नयाँ वस्त्र लगाएको अवस्थामा रजोवती भएमा सुखिनी हुन्छिन् । फाटेका वस्त्र लगाएको अवस्थामा रजोवती भएमा भाग्यहीन हुन्छिन् । रातो वस्त्र लगाएको अवस्थामा रजोवती भएमा रोगिणी हुन्छिन् र नीलो वस्त्र लगाएको अवस्थामा प्रथम रजोवती भएमा नारी विधवा हुन्छिन् । प्रथम ऋतुदर्शनमा रज देखिँदा नारीले लगाएका कपडामा विषमसङ्ख्यामा रगतका थोपा देखिएमा तिनले छोरो जन्माउँछिन् । समसङ्ख्यामा रगतका थोपा देखिएमा कन्या जन्माउँछिन् ।

स्त्रीसङ्गवर्जनकथनम्

अत्र स्त्रीसङ्गवर्जनमाह वसिष्ठः – **प्रभूतदोषं यदि दृश्यते तत् पुष्पं तदा शान्तिककर्म कार्यम् ।**
विवर्जयेदेव तदेकशय्यां यावद्रजोदर्शनमुत्तमेऽह्नि ।।

रजस्वला स्त्रीका साथ मैथुननिषेध

वसिष्ठले रजस्वला भएको अवस्थामा स्त्रीहरूसँग सम्पर्क गर्न नहुने कुरा बताउँदै भनेका छन् – रजोदर्शन हुँदा, तिथि, वार, नक्षत्र, राशि, वस्त्र आदिका सम्बन्धले धेरै दोष देखिएमा शान्तिकर्म गर्नुपर्दछ । रजोदर्शनको अवस्थामा पतिले पत्नीसँग एउटै विस्तरामा शयन गर्न हुँदैन । जबसम्म रजोवती नारीको रज बाहिर निस्किरहन्छ तबसम्म सम्पर्क वर्जित छ। रजोदर्शन नभएको उत्तमदिनमा मात्र पति–पत्नीको एउटै शय्या हुनुपर्दछ ।

प्रथमरजोदर्शने मासविचारः

ज्योतिर्निबन्धे वसिष्ठः –

आद्यर्तौ पौषशुक्रोर्जमधुशुचिनभस्याश्वयुक्यापवारा रिक्तामार्काष्टषष्ठ्यः पितृपरसदने रात्रिसन्ध्यापराह्णे।
मिश्रोग्रा मूलतीक्ष्णं विवरमनरुणाल्याधिकास्त्रं गराष्टोत्पातः पापस्य लग्नं न सदरुणजरन्नीलरक्ताम्बरञ्च।।
आद्यर्तौ दुर्भगा नारी विष्कुम्भे चेद्रजस्वला । बन्ध्या चैवातिगण्डे च शूले शूलवती भवेत् ।।
गण्डे तु पुंश्चली नारी व्याघाते चात्मघातिनी । वज्रे च स्वैरिणी प्रोक्ता पाते च पतिघातिनी।।
परिघे मृतवन्ध्या च वैधृतौ पतिमारिणी । शेषाः शुभावहा योगा यथानामफलप्रदाः ।।

प्रथम ऋतुमा मास आदि विचार

ज्योतिर्निबन्धमा वसिष्ठले भनेका छन् – प्रथम रजोदर्शनमा पौष, ज्येष्ठ, कार्तिक, चैत्र, आषाढ, भाद्र एवं आश्विनमासमा, आइतवार, मङ्गलवार एवं शनिवारमा, रिक्तातिथि अर्थात् ४,९,१४ तिथि, अमावास्या, द्वादशी, अष्टमी र षष्ठीतिथिमा, पिताको घरभन्दा बाहिर रहेको अवस्थामा, रात्रि, सन्ध्या एवं अपराह्नको समयमा, मिश्रनक्षत्र अर्थात् कृत्तिका एवं विशाखामा, उग्रनक्षत्र अर्थात् पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपद, भरणी, मघा एवं मूलमा, तीक्ष्णनक्षत्र अर्थात् आर्द्रा, अश्लेषा र ज्येष्ठामा रजस्वला हुनु राम्रो हुँदैन अर्थात् उक्त नक्षत्र, वार, तिथि उपयुक्त हुँदैनन् । रोकिई रोकिईकन रज देखिनु, रज रातो रङ्को नहुनु र थोरै-थोरै हुनु पनि राम्रो लक्षण होइन । गर, वणिज, विष्टि, नाग, चतुष्पद, किस्तुघ्न, शकुनि तथा बब करणमा रजोदर्शन शुभदायक हुँदैन । कुनै किसिमको उत्पात भएको बेला, पापग्रहको लग्न अर्थात् मेष, वृश्चिक, मकर र कुम्भ लग्न चलेको बेला, रातो, नीलो र पुरानो वस्त्र धारण गरेको अवस्थामा रजोदर्शन शुभदायक हुँदैन।

प्रथम रजोदर्शनमा विष्कुम्भयोग भएमा नारी दुर्भगा हुन्छिन्, अतिगण्डयोग भएमा बन्ध्या हुन्छिन्, शूलयोग भएमा कष्टवती हुन्छिन्, गण्डयोग भएमा वेश्या हुन्छिन्, व्याघात योग भएमा आत्मघातिनी हुन्छिन्, वज्रयोग भएमा स्वेच्छाचारिणी हुन्छिन्, व्यतीपातयोग भएमा पतिघातिनी हुन्छिन्, परिघयोग भएमा मृतबन्ध्या हुन्छिन् र वैधृतियोग भएमा पतिघातिनी हुन्छिन् । बाँकी योगमा रजस्वला भएमा ती योगले आफ्नो नामअनुसार शुभ फल प्रदान गर्दछन् । यस सम्बन्धी विशेष तथ्य अरू ग्रन्थहरूबाट बुझ्नुपर्दछ ।[३]

शान्तिकथनम्

शान्तिमाह प्रयोगपारिजाते शौनकः –

सार्तवानां तु नारीणां शान्तिं वक्ष्यामि शौनक । पञ्चमेऽह्नि चतुर्थे वा ग्रहयज्ञपुरःसरम् ।।
तस्मिन्नहनि कर्तव्य ऋतुहोमो विधानतः । आचार्यं वरयेत्प्राज्ञो भुवनेश्वरीतुष्टये ।।
होमार्थं च जपार्थं च वरयेदृत्विजो बहून् । यजमानो द्विजैः सार्धं शान्तिहोमं समाचरेत् ।।
गृहादीशानदिग्भागे देवतापूजनाय च ।

---

३. शास्त्रमा भनिएको छ- हातमा कुचो, काठ-दाउरा, झारपात, नाङ्लो आदि लिएको बेला पहिलो पटक रजस्वला भए नारी कुलटा अर्थात् वेश्या हुन्छिन् भने शय्यामा रहेको बेलामा र जप-तप, ध्यान गर्न लागेको बेलामा रजोवती भएमा भाग्यवती हुन्छिन् –

सम्मार्जनी काष्ठतृणादिशूर्पान् हस्ते दधाना कुलटा तदा स्यात् ।
तल्पोपभोगे तपसि स्थिता चेद् दृष्टं रजो भाग्यवती तदा स्यात् ।। – निर्णयसिन्धु, टिप्पणी मुम्बई प्रकाशन मूलमात्र ।

स्वस्ति-शान्ति

प्रयोगपारिजातमा शौनकले निन्दित समय र परिस्थितिमा प्रथमरजस्वला हुने नारीको सुस्वास्थ्य र सौभाग्यका निमित्त स्वस्ति-शान्ति गर्ने उपाय बताउँदै भनेका छन् - ऋतुदोषमा परेका नारीहरूको शान्ति बताउँछु। रजस्वला भएको पाँचौं यद्वा चौथो दिन ग्रहयज्ञका साथ शान्ति गर्नुपर्दछ । शान्ति गर्ने दिन विधानपूर्वक ऋतुहोम गर्नुपर्दछ । बुद्धिमान् मानिसले भुवनेश्वरीको प्रसन्नताका लागि आचार्यवरण गर्नुपर्दछ । होम र जपका लागि ऋत्विक्हरूको वरण गर्नुपर्दछ । यजमानले ब्राह्मणहरूका साथ शान्तिहोम गर्नुपर्दछ । घरको ऐशान्यकोणमा देवतापूजनका लागि मण्डप बनाउनु पर्दछ ।

द्रोणप्रमाणधान्येन व्रीहिराशित्रयं भवेत् । कुम्भत्रयं न्यसेद्राशौ तन्तुवस्त्रादिवेष्टितम् ।।
पूरयेत्तीर्थसलिलैः प्रतिकुम्भं पृथक्पृथक् । सूक्तेनाथ नवर्चेन प्रसुव आप इत्यथ ।।
ऋचा याः प्रवतस्तद्वद्गायत्र्या च ततः क्रमात् । मध्यकुम्भे क्षितेर्द्धान्यमौषधानि च हेम च ।।
ततश्च पञ्चरत्नानि गन्धपुष्पाक्षतादिकान् । औषधानि च वक्ष्यन्ते मुनिभिः शान्तिकारणात् ।।
उदुम्बरः कुशो दूर्वा राजीववटबिल्वकाः । विष्णुक्रान्ताऽथ तुलसी बर्हिषं शङ्खपुष्पिका ।।
शतावर्यश्वगन्धा च निर्गुण्डी सर्षपद्वयम् । अपामार्गः पलाशश्च पनसो जीवकस्तथा ।।
प्रियङ्गवश्च गोधूमा व्रीहयोऽश्वत्थ एव च । क्षीरं दधि च सर्पिश्च पद्मपत्रं तथोत्पलम् ।।
कुरण्टकत्रयं गुञ्जा वचाभद्रकमुस्तकाः । द्वात्रिंशदौषधानीह यथासम्भवमाहरेत् ।।

द्रोणप्रमाण अर्थात् सुश्रुतको मतमा ४ पाथी र अरूको मतमा ८ पाथी परिमाणको धानलाई तीनभाग लगाई तीनथुप्रा बनाउनुपर्दछ । प्रत्येक थुप्रामाथि कलश स्थापना गर्नुपर्दछ। कलशहरूलाई वस्त्र र डोराले बेर्नुपर्दछ । सबै कलशमा तीर्थका जल राख्नुपर्दछ । त्यसपछि ९ ऋचा भएको तल उद्धृत गरिएको सूक्त पाठ गर्नुपर्दछ -

प्रसुव इत्यादि सूक्त - प्रसुव आपो महिमानमुतमं कारुर्वोचाति सदने विवस्वतः । प्रसप्त सप्त त्रेधा हि चक्रमुः प्रसृत्वरीणामति सिन्धुरोजसा।। प्र तेऽरदरद्वरुणो यातवे पथः सिन्धो यद्वाजाँ अभ्यद्रवस्त्वम् । भूम्या अधि प्रवतां यासि सानुना यदेषामग्रं जागतामिरज्यसि।। दिवि स्वनो यतते भूम्योपर्यनन्तं शुष्मभुदियर्ति भानुना ।। अभ्रादिव प्र स्तनयन्ति वृष्टयः सिन्धुर्यदेतिं वृषभो न रोरुवत्।। अभि त्वा सिन्धो शिशुभिन्न मातरो वाश्रा अर्षन्ति पयसेव धेनवः । राजेव युध्वा नयसि त्वमित् सिचौ यदासामग्रं प्रवतामि नक्षसि ।। इमं मे गङ्गे यमुने सरस्वति शुतुद्रि स्तोमं सचता परुष्ण्या । असिक्न्या मरुद्वृधे वितस्तयाऽऽर्जीकीये शृणुह्या सुषोमया ।। तुष्टामया प्रथमं यातवे सजूः सुसर्त्वा रसया श्वेत्या त्या। त्वं सिन्धो कुभया गोमतीं क्रुमुं मेहन्त्वा सरथं याभिरीयसे ।। ऋजीत्येनो रुशती महित्वा परि जयांसि भरते रजांसि । अदब्धा सिन्धुरपसामपस्तमाऽश्वा न चित्रा वपुषीव दर्शता ।। स्वश्वा सिन्धुः सुरथा सुवासा हिरणमयी सुकृता वाजिनीवती। ऊर्णावती युवतिः सीलमावत्युताधि वस्ते सुभगा मधुवृधम् ।। सुखं रथं युयुजे सिन्धुरश्विनं तेन वाजं सनिषदस्मिन्नाजौ। महान् ह्यस्य महिमा पनस्यतेऽदब्धस्य स्वयशसो विरप्शिनः ।। (ऋ. म. १०, सू. ७५ मं. १-९) त्यसपछि प्रवतमन्त्र र गायत्रीमन्त्र पाठ गर्नुपर्दछ ।

प्रवतमन्त्र- प्रवता हि क्रतूनामा हा पदेव गच्छसि । अभक्षि सूर्ये सचा ।। (ऋ. म. ४ सू. ३१ मं. ५)

गायत्रीमन्त्र - तत् सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ।। (ऋ. म. ३, सू. ६२ मं. १०)

उक्त मन्त्र उच्चारण गर्दै मध्यकुम्भमा धान्य, औषधि र सुवर्णको प्रक्षेप गर्नुपर्दछ । त्यसपछि पञ्चरत्न, गन्ध, पुष्प, अक्षता, औषधिहरूको प्रक्षेपण गर्नुपर्दछ । मुनिहरूद्वारा बताइएका शान्तिकारक औषधि यसप्रकार छन् - डुम्री, कुश,

दूबो, कमल, वर, बेल, विष्णुक्रान्ता अर्थात् पारिजात, तुलसी, कुश, शङ्खपुष्पी, शतावरी अर्थात् कुरिलो, अश्वगन्धा अर्थात् असगन्ध, निर्गुण्डी अर्थात् वैजनीरंगको फूल हुने सिमाली, पहेंलो सर्स्यूँ, कालो सर्स्यूँ, अपामार्ग, पलाश, कटहर, प्रियङ्गु अर्थात् काँगुनो, गहुँ, चामल, पीपल, दूध, दही, घ्यू, कमलका पात, उत्पल अर्थात् कमलको भेद, कुरण्टक अर्थात् चाङ्गे वा कटसरैया, रातिगेडी, बोझो, नागरमोथा, मोथा यी ३२ प्रकारका औषधिमध्ये पाएसम्मका जम्मा गरी कलशहरूमा प्रक्षेपण गर्नुपर्दछ ।

मृत्तिकाश्चौषधादीनि तन्मन्त्रेण क्षिपेत्क्रमात् । कुम्भोपरि न्यसेत्पात्रं कांस्यं मृद्वेणुताम्रजम् ।।
भुवनेश्वरीं न्यसेत्तत्र इन्द्राणीं च पुरन्दरम् । जपेद् गायत्रीमाहोमाच्छ्रीसूक्तं च जपेत्ततः ।।
स्पृशन्वै दक्षिणं कुम्भं ऋत्विगेको जपेदथ । चत्वारि रुद्रसूक्तानि चतुर्मन्त्रोत्तराणि च ।।
संस्पृशन्नुत्तरं कुम्भं श्रीरुद्रं रुद्रसंख्यया । शन्न इन्द्राग्नीसूक्तं च तत्र वै संस्पृशं जपेत् ।।
कुम्भस्य पश्चिमे देशे शान्तिहोमं समाचरेत् । दूर्वाभिस्तिलगोधूमैः पायसेन घृतेन च ।।
तिसृभिश्चैव दूर्वाभिरेकैका चाहुतिर्भवेत् । अष्टोत्तरसहस्रं वा शतमष्टोत्तरं तु वा ।।
गायत्र्यैव तु होतव्यं हविरत्र चतुष्टयम् । तत स्विष्टकृतं हुत्वा समुद्रादूर्मिसूक्ततः ।।
सन्ततामाज्यधारां तां पूर्णाहुतिमथाचरेत् । अथाऽभिषेकं कुर्वीत प्रतिकुम्भस्थितोदकैः ।।
आपोहिष्ठेति नवभिः सूक्तेन च ततः परम् । इन्द्रोऽङ्गं त्र्यृचेनैव पावमानैः क्रमेण तु ।।
उभयं शृणुवच्चैनं स्वस्तिदाविश एकधा । त्रैयम्बकेन मन्त्रेण जातवेदस एकया ।।
समुद्रज्येष्ठा इत्यादि त्रायन्तां च त्रिभिः क्रमात् । इमा आपस्त्र्यृचेनैव देवस्य त्वेति मन्त्रतः ।।
मन्त्रेणाथ तमीशानं त्वमग्ने रुद्र इत्यथ । तमुष्टुहीति मन्त्रेण भुवनपितरं तथा ।।
याते रुद्रेति मन्त्रेण शिवसङ्कल्पमन्त्रतः । इन्द्र त्वा वृषभं पञ्चमन्त्रैश्चैवाभिषेचयेत् ।।
धेनुं पयस्विनीं दद्यादाचार्याय च भूषणैः । सदक्षिणमनड्वाहं प्रदद्याद्रुद्रजापिने ।।
महाशान्तिं प्रजाप्याथ ब्राह्मणान् भोजयेत्ततः ।। इति ।

कलशहरूमा चोखो माटो र औषधि आदि प्रक्षेपण गर्दा ती-ती औषधिसम्बन्धी मन्त्रहरूको उच्चारण गर्नुपर्दछ। कुम्भमाथि काँसको पात्र, माटोको पात्र, बाँसको पात्र अथवा ताँबोको पात्र राख्नुपर्दछ । कुम्भहरूमा भुवनेश्वरी, इन्द्राणी र इन्द्रको स्थापना गर्नुपर्दछ । होमपर्यन्त गायत्रीका साथै निम्न उद्धृत श्रीसूक्तको जप गर्नुपर्दछ ।

श्रीसूक्त- हिरण्यवर्णां हरिणीं सुवर्णरजतस्रजाम् । चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो म आवह ।।१।। तां म आवह जातवेदो लक्ष्मीमनपगामिनीम् । यस्यां हिरण्यं विन्देयं गामश्वं पुरुषानहम् ।।२।। अश्वपूर्वां रथमध्यां हस्तिनादप्रमोदिनीम्। श्रियं देवीमुपह्वये श्रीर्मा देवी जुषताम् ।।३।। कां सोस्मितां हिरण्यप्राकारामार्द्रां ज्वलन्तीं तृप्तां तर्पयन्तीम् । पद्मे स्थितां पद्मवर्णां तामिहोपह्वये श्रियम् ।।४।। चन्द्रां प्रभासां यशसा ज्वलन्तीं श्रियं लोके देवजुष्टामुदाराम् । तां पद्मिनीमीं शरणं प्रपद्येऽलक्ष्मीर्मे नश्यतां त्वां वृणे ।।५।। आदित्यवर्णे तपसोऽधिजातो वनस्पतिस्तव वृक्षोऽथ बिल्वः । तस्य फलानि तमसा नुदन्तु मा यान्तरा याश्च बाह्या अलक्ष्मीः ।।६।। उपैतु मां देवसखः कीर्तिश्च मणिना सह । प्रादुर्भूतोऽस्मि राष्ट्रेऽस्मिन् कीर्तिमृद्धिं ददातु मे ।।७।। क्षुत्पिपासामलां ज्येष्ठामलक्ष्मीं नाशयाम्यहम् । अभूतिमसमृद्धिं च सर्वां निर्णुद मे गृहात्।।८।। गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरीं

सर्वभूतानां तामिहोपह्वये श्रियम्।।९।। मनसः काममाकूतिं वाचः सत्यमशीमहि । पशूनां रूपमन्नस्य मयि श्रीः श्रयतां यशः ।।१०।। कर्दमेन प्रजाभूता मयि सम्भव कर्दम । श्रियं वासय मे कुले मातरं पद्ममालिनीम् ।।११।। आपः सृजन्तु स्निग्धानि चिक्लीत वस मे गृहे । निच देवीं मातरं श्रियं वासय मे कुले ।।१२।। आर्द्रां पुष्करिणीं पुष्टिं पिङ्गलां पद्ममालिनीम्। चन्द्रां हिरणमयीं लक्ष्मीं जातवेदो म आवह ।।१३।। आर्द्रां यः करिणीं यष्टिं सुवर्णां हेममालिनीम् । सूर्यां हिरणमयीं लक्ष्मीं जातवेदो म आवह ।।१४।। तां म आ वह जातवेदो लक्ष्मीमनपगामिनीम् । यस्यां हिरण्यं प्रभूतं गावो दास्योऽश्वान् विन्देयं पुरुषानहम्।।१५।। यः शुचिः प्रयतो भूत्वा जुहुयादाज्यमन्वहम् । सूक्तं पञ्चदर्शञ्च श्रीकामः सततं जपेत्।।१६।। पद्मानने पद्मविपक्षपत्रे पद्मप्रिये पद्मदलायताक्षि । विश्वप्रिये विष्णुमनोऽनुकूले त्वत्पादपद्मं मयि सं निधत्स्व।।१७।। पद्मानने पद्मऊरु पद्माक्षि पद्मसम्भवे । तन्मे भजसि पद्माक्षि येन सौख्यं लभाम्यहम् ।।१८।। अश्वदायि गोदायि धनदायि महाधने । धनं मे जुषतां देवि सर्वकामाँश्च देहि मे ।।१९।। पुत्रपौत्रधनं धान्यं हस्त्यश्वाश्वतरी रथम् । प्रजानां भवसि माता आयुष्मन्तं करोतु मे।।२०।। धनमग्निर्धनं वायुर्धनं सूर्यो धनं वसुः । धनमिन्द्रो बृहस्पतिर्वरुणो धनमश्विना।।२१।। वैनतेय सोमं पिब सोमं पिबतु वृत्रहा । सोमं धनस्य सोमिनो मह्यं ददातु सोमिनः।।२२।। न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः। भवन्ति कृतपुण्यानां भक्त्या श्रीसूक्तजापिनाम्।।२३।। सरसिजनिलये सरोजहस्ते धवलतरांशुकगन्धमाल्यशोभे । भगवति हरिवल्लभे मनोज्ञे त्रिभुवनभूतिकरि प्रसीद मह्यम् ।।२४।। विष्णुपत्नीं क्षमां देवीं माधवीं माधवप्रियाम् । लक्ष्मीं प्रियसखीं भूमिं नमाम्यच्युतवल्लभाम् ।।२५।। महालक्ष्म्यै च विद्महे विष्णुपत्न्यै च धीमहि । तन्नो लक्ष्मीः प्रचोदयात्।।२६।। आनन्दः कर्दमः श्रीदश्चिक्लीत इति विश्रुताः । ऋषयः श्रियः पुत्राश्च श्रीदेवीर्देवता मताः।।२७।। ऋणरोगादिदारिद्र्यपापक्षुदपमृत्यवः । भयशोकमनस्तापा नश्यन्तु मम सर्वदा ।।२८।। श्रीवर्चस्वमायुष्य-मारोग्यमाविधाच्छोभमानं महीयते।। धान्यं पशुं बहुपुत्रलाभं शतसंवत्सरं दीर्घमायुः।।२९।।

एकजना ऋत्विक्ले दक्षिणतर्फको कुम्भस्पर्श गर्दै चारवटा रुद्रसूक्त र रुद्रसूक्तपछिका चारमन्त्र जप गर्नुपर्दछ। फेरि उत्तरतर्फको कुम्भस्पर्श गर्दै रुद्रसूक्तका ११ वटा शं न इन्द्राग्नी इत्यादि मन्त्रको जप गर्नुपर्दछ ।

रुद्रसूक्त – ॐ नमस्ते रुद्र मन्यव उतो त इषवे नमः । नमस्ते अस्तु धन्वने बाहुभ्यामुत ते नमः ।।१।। ॐ या त इषुः शिवतमा शिवं बभूव ते धनुः । शिवा शरव्या या तव तया नो रुद्र मृडय ।।२।। ॐ या ते रुद्र शिवा तनूरघोराऽपापकाशिनी । तया नस्तनुवा शन्तमया गिरिशन्ताभिचाकशीहि ।।३।। ॐ यामिषुं गिरिशन्त हस्ते बिभर्ष्यस्तवे । शिवां गिरित्र तां कुरु मा हिं सीः पुरुषं जगत् ।।४।। ॐ शिवेन वचसा त्वा गिरिशाच्छा वदामसि। यथा नः सर्वमिज्जगदयक्ष्मं सुमना असत् ।।५।। अध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक् । अहींश्च सर्वान् जम्भयन्त्सर्वाश्च यातुधान्यः ।।६।। ॐ असौ यस्ताम्रो अरुण उतबभ्रुः सुमङ्गलः । ये चे मां रुद्रा अभितो दिक्षु श्रिताः सहस्रशोऽवैषां हेड ईमहे ।।७।। ॐ असौ योऽवसर्पति नीलग्रीवो विलोहितः । उतैनं गोपा अदृशन्नदृशन्नुदहार्यः। उतैनं विश्वा भूतानि सदृष्टो मृडयाति नः ।।८।। (तै.सं.का. ४, प्र. ५/१-८)

ॐ नमो हिरण्यबाहवे सेनान्ये दिशां च पतये नमो वृक्षेभ्यो हरिकेशेभ्यः पशूनां पतये नमो नमः सस्पिञ्जराय त्विषीमते पथीनां पतये नमो नमो बभ्लुशाय विव्याधिनेऽन्नानां पतये नमो नमो भवस्य हेत्यै जगतां पतये नमो नमो रुद्रायाऽऽततायिने क्षेत्राणां पतये नमो नमः सूतायाहन्त्याय वनानां पतये नमो नमो रोहिताय स्थपतये वृक्षाणां पतये नमो नमो मन्त्रिणे वाणिजाय कक्षाणां पतये नमो नमो भुवन्तये वारिवस्कृतायौषधीनां पतये नमो नमऽउच्चैर्घोषायाऽऽ-क्रन्दयते पत्तीनां पतये नमो नमः । कृत्स्नवीताय धावते सत्वनां पतये नमः ।। (तै.सं.का. ४/५/२/१)

इन्द्राग्निसूक्त – शं न इन्द्राग्नी भवता मवोभिः शं न इन्द्रावरुणा रातहव्याः । शमिन्द्रासोमा सुविताय शं योः

शं न इन्द्रापूषणा वाजसातौ ।।१।। शं नो भगः शमु नः शंसो अस्तु शं नः पुरन्धिः शमु सन्तु रायः । शं नः सत्यस्य सुयमस्य शंसः शं नो अर्यमा पुरुजातो अस्तु ।।२।। शं नो धाता शमु धर्ता नो अस्तु शं न उरूची भवतु स्वधाभिः। शं रोदसी बृहती शं नो अद्रिः शंनो देवानां सुहवानि सन्तु ।।३।। शं नो अग्निर्ज्योतिरनीको अस्तु शं नो मित्रावरुणावश्विना शम् । शं नः सुकृतां सुकृतानि सन्तु शं न इषिरो अभि वातु वातः ।।४।। शं नो द्यावापृथिवी पूर्वहुतौ शमन्तरिक्षं दृशये नो अस्तु । शं न ओषधीर्वनिनो भवन्तु शं नो रजसस्पतिरस्तु जिष्णुः ।।५।। शं न इन्द्रो वसुभिर्देवो अस्तु शमादित्येभिर्वरुणः सुशंसः । शं नो रुद्रो रुद्रेभिर्जलाषः । शं नस्त्वष्टा ग्नाभिरिह शृणोतु ।।६।। शं नः सोमो भवतु ब्रह्म शं नः शं नो ग्रावाणः शमु सन्तु यज्ञाः । शं नः स्वरूणां मितयो भवन्तु शं नः प्रस्वः शम्बस्तु वेदिः ।।७।। शं नः सूर्य उरुचक्षा उदेतु शं नश्चतस्त्रः प्रदिशो भवन्तु । शं नः पर्वता ध्रुवयो भवन्तु शं नः सिन्धवः शमु सन्त्वापः ।।८।। शं नो अदितिर्भवतु व्रतेभिः शं नो भवन्तु मरुतः स्वर्काः । शं नो विष्णुः शमु पूषा नो अस्तु शं नो भवित्रं शम्बस्तु वायुः।।९।। शं नो देवः सविता त्रायमाणः शं नो भवन्तूषसो विभातीः । शं नः पर्जन्यो भवतु प्रजाभ्यः शं नः क्षेत्रस्य पतिरस्तु शंभुः ।।१०।। शं नो देवा विश्वदेवा भवन्तु शं सरस्वती सह धीभिरस्तु । शमभिषाचः शमु रतिषाचः शं नो दिव्याः पार्थिवाः शं नो अप्याः ।।११।। शं नः सत्यस्य पतयो भवन्तु शं नो अर्वन्तः शमु सन्तु गावः । शं न ऋभवः सुकृतः सुहस्ताः शं नो भवन्तु पितरो हवेषु ।।१२।। शं नो अज एक पाद देवो अस्तु शं नोऽहिर्बुध्न्य१ः शं समुद्रः। शं नो अपां नपात् पेरुरस्तु शं नः पृश्निर्भवतु देवगोपा ।।१३।। आदित्या रुद्रा वसवो जुषन्तेदं ब्रह्म क्रियमाणं नवीयः । शृण्वन्तु नो दिव्याः पार्थिवासो गो जाता उत ये यज्ञियासः ।।१४।। ये देवानां यज्ञियानां मनोर्यजत्रा अमृता ऋतज्ञाः । तेनोरासन्तामुरुणायमद्य यूयं पात स्वस्तिभिः सदा नः ।।१५।। (ऋ.मं. ७ सू. ३५ मं. १-१४)

उक्त सूक्तहरूको पाठपछि कुम्भको पश्चिमभागमा दूबो, तिल, गहुँ, पायस र घ्यूद्वारा शान्तिहोम गर्नुपर्दछ । त्यसपछि तीनवटा दूर्वादल हातमा लिएर एक-एकआहुति दिनुपर्दछ । यहाँ चारथरि हविद्वारा एकहजार आठ अथवा एकसय आठसंख्यामा गायत्रीमन्त्रद्वारा नै हवन गर्नुपर्दछ । त्यसपछि स्विष्टकृत् हवन गरी निम्नलिखित समुद्रादि एघारमन्त्र रहेका सूक्तको पाठ गर्दै निरन्तर घिउ चढाएर पूर्णाहुति दिनुपर्दछ ।

समुद्रादिसूक्त – समुद्रादूर्मिर्मधुमाँ उदारदुपांशुना सममृतत्वमानट् । घृतस्य नाम गुह्यं यदस्ति जिह्वा देवानाममृतस्य नाभिः।।१।। वयं नाम प्रब्रवामा घृतस्याऽस्मिन् यज्ञे धारयामा नमोभिः । उप ब्रह्मा शृणवच्छस्यमानं चतुः शृङ्गोऽवमीद् गौर एतत् ।।२।। चत्वारि शृङ्गा त्रयो यस्य पादा द्वे शीर्षे सप्त हस्तासो अस्य । त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्यां आ विवेश ।।३।। त्रिधा हितं पणिभिर्गुह्यमानं गवि देवासो घृतमन्वविन्वन्। इन्द्र एकं सूर्य एकं जजान वेनादेकं स्वधया निष्टतक्षुः ।।४।। एता अर्षन्ति हृद्यात् समुद्राच्छत व्रजा रिपुणा ना वचक्षे । घृतस्य धारा अभि चाकशीमि हिरण्ययो वेतसो मध्य आसाम ।।५।। सम्यक् स्त्रवन्ति सरितो न धेना अन्तर्हृदा मनसा पूयमानाः । एते अर्षन्त्यूर्मयो घृतस्य मृगा इव क्षिपणो रीयमाणाः ।।६।। सिन्धोरिव प्राध्वने शूघनासो वात प्रमियः पतयन्ति यह्वाः । घृतस्य धारा अरुषो न वाजी काष्ठा भिन्दन्नूर्मिभिः पिन्वमानः ।।७।। अभि प्रवन्त समनेव योषाः कल्याण्य१ः स्मयमानासो अग्निम्। घृतस्य धाराः समिधो न सन्त ता जुषाणो हर्यति जातवेदाः ।।८।। कन्या इव वहतुमेतवा उ अञ्ज्यञ्जाना अभि चाकशीमि। यत्र सोमः सूयते यत्र यज्ञो घृतस्य धारा अभि तत् पवन्ते ।।९।। अभ्यर्षत सुष्टुतिं गव्यमाजिमस्मासु भद्रा द्रविणानि धत्त। इमं यज्ञं नयत देवता नो घृतस्य धारा मधुमत् पवन्ते ।।१०।। धामन् ते विश्वं भुवनमधि श्रितमन्तः समुद्रे हृद्यन्तरायुषि । अपामनीकेस मिथे य आभृतस्तमश्याम मधुमन्तं त ऊर्मिम् ।।११ (ऋ. ४/५८/१-११)

पूर्णाहुतिपछि प्रत्येक कुम्भको जलद्वारा निम्नलिखित आपो हिष्ठा० आदि मन्त्र, श्रीसूक्त, इन्द्रो अग्न इत्यादि

मन्त्र, पावमानीमन्त्र, अभयं शृणुत इत्यादि मन्त्र, स्वस्तिदा विश० इत्यादि मन्त्र, त्र्यम्बकं यजामहे इत्यादि सूक्त र जातवेदसे इत्यादि मन्त्रबाट अभिषेक गर्नुपर्दछ । मन्त्रको क्रम यसप्रकार छ –

आपो हिष्ठा० – आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे ।।१।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।।२।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।३।। (ऋ. १०/९/१–३)

श्रीसूक्त – हिरण्यवर्णाम्० इत्यादि २९ मन्त्र भएको सूक्त जुन यस प्रकरणमा पढिसकिएको छ ।

इन्द्रो अग्न० – इन्द्रो अग्न महद् भयमभी षदय च्युच्यवत् । स हि स्थिरो विचर्षणिः ।।१।। इन्द्रश्च मृडयाति नो नः पश्चादघं नशत् । भद्रं भवाति नः पुरः ।।२।। इन्द्र आशाभ्यस्परि सर्वाभ्यो अभयं करत्। जेता शत्रून् विचर्षणिः ।।३।। (ऋ.मं. २, सू. ४१ मं. १०–१२)

पावमानी० – स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।। रक्षोहा विश्वचर्षणिरभि योनिमयोहतम्। द्रुणा सद्यस्थमासदत् ।। वरिवोधातमो भव मंहिष्ठो वृत्रहन्तमः । पर्षि राधो मघोनाम् ।। इत्यादि (ऋ. ९/१/१–१०)

अभयं शृणुत० – अभयं शृतुवच्च न इन्द्रो अर्वागिदं वचः । सत्राच्या मघवा सोमपीतये धिया शविष्ठ आगमन् ।। (ऋ. मं. ८, सू. ६१, मं. १)

स्वस्तिदा० – स्वस्तिदा विशस्पतिर्वृत्रहा विमृधो वशी । वृषेन्द्रः पुर एतु नः सोमपा अभयङ्करः ।। (ऋ.मं. १०, सू. १५२, मं. २)

त्र्यम्बकम्० – त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात् ।। (ऋ. ७/५९/१२)

जातवेदसे० – जातवेदसे सुनवाम सोममरातीयतो नि दहाति वेदः । स नः पर्षदति दुर्गाणि विश्वा नावेव सिन्धुं दुरितात्यग्निः।। (ऋ.मं. १, सू. ९९, मं. १)

त्यसपछि समुद्रज्येष्ठाः०, त्रायन्ताम्०, इमा आप०, देवस्य त्वा० तमीशानम्० त्वमग्ने रुद्रो०, तमुष्टुहि०, भुवनस्य पितरं०, या ते रुद्र०, शिवसङ्कल्पमन्त्र०, इन्द्र त्वा वृषम्० आदि निम्न उद्धृत ऋचाहरूबाट अभिषेक गर्नुपर्दछ । मन्त्रको क्रम यसप्रकार छ –

समुद्रज्येष्ठा० – समुद्रज्येष्ठाः सलिलस्य मध्यात् पुनाना यन्त्यनिविशमानाः । इन्द्रो या वज्री वृषभो रराद ता आपो देवीरिहमामवन्तु ।।१।। या आपो दिव्या उत वा स्रवन्ति खनित्रिमा उत वा याः स्वयंजा । समुद्रार्था याः शुचयः पावकास्ता आपो देवीरिह मामवन्तु ।।२।। यासां राजा वरुणो याति मध्ये सत्यामृते अवपश्यञ्जनानाम् । मधुश्चुतः शुचयो यः पावकास्ता आपो देवीरिह मामवन्तु ।।३।। यासु राजा वरुणो यासु सोमो विश्वे देवा या सूर्जं मदन्ति । वैश्वानरो यास्वग्निः प्रविष्टस्ता आपो देवीरिह मामवन्तु ।।४।। (ऋ. म. ७ सू. ४९, म. १–४)

त्रायन्ताम्० – त्रायन्तामिह देवास्त्रायतां मरुतां गणः । त्रायन्तां विश्वा भूतानि यथायमपरपा असत् ।।१।। आप इद्वा उभेषजीरापो अभीवचातनीः । आपः सर्वस्य भेषजीस्तास्ते कृणवन्तु भेषजम् ।।२।। हस्ताभ्यां दशशाखाभ्यां जिह्वा वाचः पुरोगवी । अनामयित्नुभ्यां त्वा ताभ्यां त्वोप स्पृशामसि ।।३।। (ऋ.मं. १०, सू. १३७, मं. ५–७)

इमा आपः० – इमा आपः शिवतमा इमाः सर्वस्य भेषजीः । इमा राष्ट्रस्य वर्धनीरिमा राष्ट्रभृतोभृताः ।। याभिरिन्द्रमभ्यषिञ्चत्प्रजापतिः सोमं राजानं वरुणं यमं मनुम् । ताभिरद्भिरभिषिञ्चामित्वामहं राज्ञां त्वमधिराजो भवेह । महान्तं महीनां सम्राजं चर्षणीनां देवीजनित्र्यजीजनन्दद्राजजनित्र्यजीजनत् । देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामग्नयेस्तेजज्ञा सूर्यस्य वर्चसेन्द्रस्येन्द्रियेणाभिषिञ्चामि ।। (तैत्तिरीयसंहिता)

देवस्य त्वा० - देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामग्नेस्तेजसा सूर्यस्य वर्चसेन्द्रियेणाभिषिञ्चामि । (तैत्तरीयसं.) तमीशानं जगतस्तस्थुषस्पतिं धियं जिन्वमवसे हूमहे वयम् । पूषा नो यथा वेदसासद्वृधे रक्षिता पायुरदब्धः स्वस्तये ।। (ऋ. मं. १, सू. ८९, मं. ५)

त्वमग्ने० - त्वमग्ने रुद्रो असुरो महो दिवस्त्वं शर्धो मारुतं वृक्ष ईशिषे । त्वं वातैररुणैर्यासि शंगमस्त्वं पूषा विधतः पासि नु त्मना ।। (ऋ.मं. २, सू. १, मं. ६)

तमुष्टुहि० - तमुष्टुहि यः स्विषुः सुधन्वा यो विश्वस्य क्षयति भेषजस्य । यक्ष्वामहे सौमनसाय रुद्रं नमोभिर्देवमसुरं दुवस्य ।। - ऋ.मं. ५सू. ४२, मं. ११ ।

तमुष्टुहि यो अभिभूत्योजा वन्वन्नवातः पुरुहूत इन्द्रः । अषाल्हमुग्रं सहमानमाभिर्गीर्भिर्वर्ध वृषभं चर्षणीनाम्।। - ऋ.मं. ६, सू. १८, मं. १ ।

तमुष्टुहीन्द्रं यो हसत्वा यः शूरो मघवा यो रथेष्ठाः । प्रतीचश्चिद् योधीयान् वृषण्वान् ववव्रुषश्चित्तमसो विहन्या ।। - ऋ.मं. १, सू. १७३, मं. ५ ।

भुवनस्य० - भुवनस्य पितरं गीर्भिराभी रुद्रं दिवा वर्धया रुद्रभक्तौ । बृहन्तमृष्वमजरं सुषुम्नमृधग्घुवेम कविनेषितासः ।। - ऋ.मं. ६, सू. ४९, मं. १० ।

या ते रुद्र०- या ते रुद्र शिवातनूरघोरा पापकाशिनी । तयानस्त नुवा शं तया गिरिशंताभिचाकशीहि।। - तैत्तरीयसं.।

शिवसङ्कल्प० - यजाग्रतो दूर मुदैतु दैवं तदु सुप्तस्य तथैवैति । दूरं गमं ज्योतिषां ज्योतिरेकन्तन्मे मनः शिवसङ्कल्पमस्तु ।।१।। येन कर्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः । यदपूर्वं यक्ष्ममन्तः प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ।।२।। यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतं प्रजासु । यस्मान्नऽऋते किञ्चन कर्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु ।।३।। येनेदं भूतं भुवनं भविष्यत्परि गृहीतममृतेन सर्वम् । येन यज्ञस्तायते सप्तहोता तन्मे मनः शिवसङ्कल्पमस्तु ।।४।। यस्मिन्नृचः साम यजूँषि यस्मिन् प्रतिष्ठिता रथनाभाविवाराः । यस्मिंश्चित्तं सर्व मोतं प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ।।५।। सुषारथिरश्वा निवयन् मनुष्यान्नीयते भीशुभिर्वाजिन इव । हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसङ्कल्पमस्तु ।।६।। (यजु.३४/१-६)

इन्द्र त्वा०- इन्द्र त्वा वृषभं वयं सुते सोमे हवामहे । स पाहि मध्वो अन्धसः ।।१।। इन्द्र क्रतु विदं सुतं सोमं हर्य पुरुष्टुत । पिबा वृषस्व तातृषिम् ।।२।। इन्द्र प्रणो धितावानं यज्ञं विश्वेभिर्देवेभिः । तिरस्तवा न विश्पते ।।३।। इन्द्र सोमाः सुता इमे तव प्रयन्ति सत्पते । क्षयं चन्द्रास इन्दवः ।।४।। दधिष्वा जठरे सुतं सोममिन्द्र वरेण्यम् । तव द्युक्षास इन्दवः ।।५।। (ऋ.मं. ३, सू. ४०, मं. १-५)

उक्त मन्त्रहरूद्वारा अभिषेक लिएपछि आचार्यका निमित्त अलङ्कारद्वारा अलङ्कृत दूध दिने गाईदान गर्नुपर्दछ । रुद्रजप गर्ने ब्राह्मणलाई दक्षिणासहित वृषभदान गर्नुपर्दछ । महाशान्तिमन्त्रपाठ गरी ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ।

नारदः - तत्र शान्तिं प्रकुर्वीत घृतदूर्वातिलाक्षतैः । प्रत्येकाष्टशतं चैव गायत्र्या जुहुयात्ततः ।।
स्वर्णगोभूतिलान्दद्यात्सर्वदोषापनुत्तये ।। प्रकारान्तरं मदनरत्ने ज्ञेयम् । विस्तरभयान्नोच्यते । ग्रहणे रजोदर्शने तु जातकर्मप्रस्तावे शान्तिं वक्ष्यामः ।

नारदले भनेका छन् - घ्यू, दूबो, तिल र अक्षता अर्पण गर्दै गायत्रीमन्त्रद्वारा हवन गरी शान्तिकर्म गर्नुपर्दछ । हवन गर्दा उक्त प्रत्येक पदार्थद्वारा १०८ आहुति र मन्त्रजप पनि गर्नुपर्दछ । त्यसपछि सबै प्रकारका दोषबाट मुक्ति प्राप्त गर्न

सुवर्ण, गाई, भूमि र तिल दान गर्नुपर्दछ । अरू विशेष कुरा **मदनरत्न** नामक ग्रन्थबाट बुझ्न सकिन्छ । यहाँ विस्तारको भयले उल्लेख गरिएको छैन । ग्रहणमा रजोदर्शन हुँदा गर्नुपर्ने शान्तिको सन्दर्भमा जातकर्मप्रकरणमा बताउनेछौं ।

प्रथममर्तौ विशेषः

अथ प्रथमर्तौ विशेषः स्मृतिचन्द्रिकायाम् –

प्रथमर्तौ तु पुष्पिण्याः पतिपुत्रवतीस्त्रियः । अक्षतैरासनं कृत्वा तस्मिंस्तामुपवेशयेत् ।।
हरिद्रागन्धपुष्पादि दद्यात्ताम्बूलकं स्रजम् । दीपैर्नीराजनं कुर्यात्सदीपे वासयेद् गृहे ।।
लवणापूपमुद्गादि दद्यात्ताभ्यः स्वशक्तितः । इति ।

प्रथम रजोदर्शनमा विशेष माङ्गलिक कर्म

स्मृतिचन्द्रिकामा प्रथम ऋतुकालमा गर्नुपर्ने विशेष तथ्य यसरी प्रतिपादन गरिएको छ – प्रथमरजोदर्शन हुँदा रजस्वला नारीलाई पति एवं पुत्रले सुहाएकी सौभाग्यवती नारीहरूले भुईंमा अक्षता फैलाई त्यसमाथि बसाउनु पर्दछ । रजस्वला नारी अक्षतामाथि बसेपछि तिनलाई बेसार, गन्ध, पुष्प, ताम्बूल र माला टक्र्याउनुपर्दछ । बत्ती बालेर आरती गरी बत्ती बालिएको कोठामा बस्न लगाउनुपर्दछ । यसरी रजस्वलाको निमित्त यथाशक्ति माङ्गलिककर्म सम्पन्न गरेपछि ती सौभाग्यवती नारीहरूलाई नुन, मालपूवा, मुँग आदि पदार्थ दिएर बिदा गर्नुपर्दछ ।

द्वितीयाद्यृतुषु तन्नियमकथनम्

द्वितीयाद्यृतुषु तन्नियममाह प्रयोगपारिजाते दक्षः –

अञ्जनाभ्यञ्जने स्नानं प्रवासं दन्तधावनम् । न कुर्यात्सार्तवा नारी ग्रहाणामीक्षणं तथा ।।
अत्रिरपि – **वर्जयेन्मधु मांसं च पात्रे खर्वे च भोजनम् । गन्धमाल्ये दिवास्वापं ताम्बूलं चास्यशोधनम्।।**
दग्धे शरावे भुञ्जीत पेयं चाञ्जलिना पिबेत् ।।
मदनरत्ने हारीतः – **रजःप्राप्तावधः शयीत भूमौ, कार्ष्णायसे पाणौ मृन्मये वाऽश्नीयात्** – इति ।
विष्णुधर्मे – **आहारं गोरसानाञ्च पुष्पालङ्कारधारणम् । अञ्जनं कङ्कतं गन्धान्पीठशय्याधिरोहणम्।।**
अग्निसंस्पर्शनं चैव वर्जयेत्सा दिनत्रयम् ।। इति ।

द्वितीय आदि ऋतुकालका नियम

प्रयोगपारिजातमा दक्षले द्वितीय आदि ऋतुकालमा पालन गर्नुपर्ने नियम बताएका छन् – रजोवती नारीले गाजल, उबटन अर्थात् पाउडर आदि लगाउने काम, स्नान, परदेशयात्रा र दन्तधावन गर्न हुँदैन एवं ग्रह-नक्षत्रको दर्शन पनि गर्नु हुँदैन । **अत्रिले** भनेका छन् – रजस्वला नारीले मह, मासु ग्रहण गर्न हुँदैन, सानो पात्रमा भोजन गर्न हुँदैन, गन्ध, माला, दिनमा शयन, ताम्बूल र मुखशुद्धिजस्ता विषयको प्रयोग गर्नु हुँदैन । पाकेको माटोको भाँडोमा भोजन गर्नुपर्दछ र अञ्जुलीद्वारा पानी पिउनु पर्दछ । **मदनरत्नमा हारीतले** भनेका छन् – रजस्वला नारीले भुईंमा सुत्नु पर्दछ र फलामको पात्र अथवा हातरूपी पात्र अथवा माटाको पात्रमा भोजन गर्नुपर्दछ ।

विष्णुधर्ममा भनिएको छ – रजस्वला नारीले रजोधर्मका प्रथमतीनदिनसम्म गाईको दूध-दही, घ्यू आदिको

सेवन, पुष्प-अलङ्कार धारण, गाजल लगाउने कार्य, कपाल कोर्ने काम, गन्धसेवन, खाट आदि उच्च आसनमा बस्ने कार्य, शय्यामा शयन र आगो छुने कार्य गर्न हुँदैन ।[४]

प्रथमर्तोः पूर्वं स्त्रीगमनविचारः

तथा प्रथमर्तोः पूर्वं स्त्रीगमनं न कार्यम् ।

प्राग्रजोदर्शनात्पत्नीं नेयाद्गत्वा पतत्यधः । व्यर्थीकारेण शुक्रस्य ब्रह्महत्यामवाप्नुयात् ।।

इति तत्रैवाश्वलायनोक्तेः । एतत्तु दशवर्षात्प्राग्ज्ञेयम् । प्रथमर्तौ गमने गौतमेन विशेषो दर्शितः –

गौरीमपि च रत्यर्थं गच्छेत्पुरुष आकुलः । अन्यथा वीर्यपातो हि सहस्रकुलपातकः ।।

अन्यथापि – तदिच्छया भवतीति विज्ञानेश्वरः ।

प्रथम ऋतुकालभन्दा पहिले स्त्रीसम्भोगसम्बन्धी विचार

प्रथमरजोदर्शनभन्दा पहिले स्त्रीसँग सम्पर्क गर्न हुँदैन । यस विषयमा **आश्वलायनले** भनेका छन् – 'प्रथमरजोदर्शनभन्दा पहिले कुनै पनि पतिले पत्नीसँग सम्भोग गर्न हुँदैन । जुन पतिले त्यसो गर्दछ त्यसको पतन हुन्छ । वीर्य खेर जाने भएकाले त्यसलाई ब्रह्महत्या लाग्दछ ।' **विज्ञानेश्वर** भन्दछन् – यो भनाइ १०वर्षभन्दा कम उमेरकी पत्नीसँग सम्पर्क गर्ने सम्बन्धमा आएको हो ।

प्रथमऋतुगमनका सम्बन्धमा **गौतमले** विशेष तथ्य उजागर गर्दै भनेका छन् – पति कामातुर भएको अवस्थामा विवाहिता गौरी अर्थात् आठवर्षकी पत्नीसँग पनि रतिक्रीडा गर्न हुन्छ अन्यथा वीर्यपात हुँदा हजारकुललाई दूषित गराउने पाप लाग्दछ । **विज्ञानेश्वर** भन्दछन् – सम्भोग पति-पत्नीको सहमतिबाट हुने कुरा हो । गौरी अर्थात् आठवर्ष उमेर भएकी पत्नीले स्वीकार नगरेमा पतिले सम्पर्क गर्न हुँदैन ।

ऋतौ गमनकथनम्

ऋतौ गमनमाह याज्ञवल्क्यः – **'षोडशर्तुनिशाः स्त्रीणां तासु युग्मासु संविशेत्'** इति ।

अनृतावप्याह गौतमः – **'ऋतावुपेयात्सर्वत्र वा प्रतिषिद्धवर्जम्'** इति ।

मनुः– **ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडश स्मृताः। तासामाद्याश्चतस्रस्तु निन्दितैकादशी तथा।।**

त्रयोदशी च शेषाः स्युः प्रशस्ता दश रात्रयः ।।

मदनरत्ने देवलः – **तस्मात्त्रिरात्रं चाण्डालीं पुष्पितां परिवर्जयेत्** । इति ।

---

४. सुश्रुत शरीरस्थानमा भनिएको छ कि – '**मासेनोपचितं काले धमनीभ्यां तदार्तवम् । ईषत्कृष्णं विगन्धञ्च वायुर्योनिमुखं नयेत् ।।**' अर्थात् नारीशरीरमा एक प्रकारको रगत एक महिनासम्म जम्मा हुने गर्दछ । जम्मा हुँदै गर्दा त्यसको रगत कालो हुँदै जान्छ । त्यसमा कटु गन्ध रहेको हुन्छ । त्यसलाई वायुले नसाहरूको माध्यमबाट योनिको मुखमा पुऱ्याउँदा त्यो बाहिर निस्कन थाल्दछ। यसैलाई रजोदर्शन भनिन्छ ।यसै आधारमा परीक्षण गर्नेहरूले त्यो दुर्गन्धित रजमा अनेकौं विषालु कीटाणु हुने कुरा ठम्याएका छन्। यस कारणले नै रजोवती नारी अपवित्र र अस्पृश्य मानिएकी छन् । आर्तवकाल दोषमय भएकाले ब्रह्मचर्य पालन र दिवाशयनत्याग आदि नियमहरूको व्यवस्था गरिएको पाइन्छ । ऋतुका तीनदिनमा मैथुन आदि कर्म वर्जित छन् । यदि त्यसबेला हेल्चेक्र्याइँ गरी सम्भोग गर्दा गर्भ रहेमा त्यसबाट जन्मिने बालक अपाङ्ग, अस्वस्थ र मूर्ख हुन्छ । – माधवाचार्य, क्यों ?, प्रथम भाग, पृ. ४०८-४१३ ।

ऋतुकालमा स्त्रीसम्पर्क

याज्ञवल्क्यले ऋतुकालमा स्त्री-सम्पर्क गर्नुपर्ने कुरा बताउँदै भनेका छन् – १६ रातसम्म ऋतुकाल रहन्छ तिनमा जोडा दिन ४, ६, ८, १०, १२, १४ र १६ औं दिनको रातमा पुत्रप्राप्तिका लागि स्त्रीका साथ सम्पर्क गर्नुपर्दछ। पुत्रीको कामना गर्ने दम्पतीले ५, ७ र १५ औं दिनको रातमा सम्पर्क गर्नुपर्दछ । ऋतुकाल नहुँदा पनि स्त्रीका साथ मैथुन गर्न हुन्छ भन्ने कुरा **गौतमले** यसरी बताएका छन् – पुरुषले ऋतुकालमा नै गमन गर्नुपर्दछ तर वर्जिततिथि छाडी ऋतुकाल नहुँदा पनि पत्नीका साथ सम्भोग गर्दा दोष लाग्दैन । यस सम्बन्धमा **मनु** भन्दछन् – नारीहरूका लागि ऋतुकालका १६ रात स्वाभाविक दिन हुन् । तीमध्ये सुरुका चारदिन र एघारौं एवं तेह्रौं रात पनि निन्दित हुन्छन् । शेष १० रात्रि गर्भाधानका लागि उत्तम मानिएका छन् ।[५]

मदनरत्नमा देवलले भनेका छन् – ऋतुकालका प्रथम चारराततसम्म स्त्रीसम्पर्क निन्दित भएकाले सुरुका तीनरातमा चाण्डाली, ब्रह्मघातिनी र रजकी नामबाट पुकारिने हुँदा रजस्वला नारीसँग पुरुषले सम्पर्क गर्नु हुँदैन ।

ऋतौ गर्भाधाने तिथ्यादिनिर्णयः

तत्र तिथ्यादीनाह श्रीधरः –

षष्ठ्यष्टमीं पञ्चदशीं चतुर्थीं चतुर्दशीमप्युभयत्र हित्वा ।
शेषाः शुभाः स्युस्तिथयो निषेके वाराः शशाङ्कार्यसितेन्दुजानाम् ।।

उभयत्र – पक्षद्वये । **आर्यः** – गुरुः । **सितः** – शुक्रः, **इन्दुजः** – बुधः ।

विष्णुप्रजेशरविमित्रसमीरपौष्णमूलोत्तरावरुणभानि निषेककार्ये ।
पूज्यानि पुष्यवसुशीतकराश्विचित्रादित्याश्च मध्यमफला विफलाः स्युरन्ये ।।

उत्तराशब्देनोत्तरात्रयम् ।

ऋतुकालमा गर्भाधान गर्दा तिथिनिर्णय

श्रीधरले ऋतुकालमा गर्भाधानकर्ममा त्याज्यतिथि एवं वारको निरूपण गर्दै भनेका छन् – ऋतुकालमा षष्ठी, अष्टमी, पूर्णिमा, चतुर्थी र दुवै पक्षका चतुर्दशीमा गर्भाधान गर्न हुँदैन । उक्त तिथि छाडेर बाँकी तिथि, सोमवार, बृहस्पतिवार, शुक्रवार एवं बुधवार गर्भाधानका लागि शुभ मानिएका छन् ।

यसैगरी 'श्रवण, रोहिणी, हस्ता, अनुराधा, स्वाती, रेवती, मूल, ३ उत्तरा, शतभिषानक्षत्र गर्भाधानका लागि उत्तम हुन् भने पुष्य, धनिष्ठा, मृगशिरा, अश्विनी, चित्रा र पुनर्वसु यी नक्षत्र मध्यम हुन्, बाँकी नक्षत्र निष्फल मानिन्छन् ।' ग्रन्थकार भन्दछन् – माथि मूलमा प्रयोग गरिएको उत्तराशब्दबाट तीनोटै उत्तरा बुझ्नुपर्दछ । यहाँ मूलनक्षत्रलाई पूज्यवर्गमा राखिएको छ ।

---

५. पारस्करगृह्यसूत्रमा – **अथ गर्भाधानम् – स्त्रियाः पुष्पवत्याश्चतुरहादूर्ध्वं स्नात्वा विरजायास्तस्मिन्नेव दिवा आदित्यं गर्भमवेक्षते गृहे वा स्नापयित्वा तामभिगच्छेदिति श्रुतेस्तस्मिन् प्रजायाः सम्भवकाले निशायां कुर्यात् । यदि दिवा मैथुनं कुर्यात् क्लीबा अल्पवीर्या अल्पायुषश्च प्रसूयन्ते०** इत्यादि, अर्थात् रजस्वला भई प्रथम चारदिन पूरा भएपछि स्नान गरिसकेकी नारीसँग रातको दोषरहित समयमा सम्पर्क गरी गर्भाधान गर्नुपर्दछ । दिनमा सम्भोग गर्दा नपुंसक, अल्पवीर्य र अल्पायु सन्तान पैदा हुन्छन् । इत्यादि । – प्रथमकाण्ड, १३ औं कण्डिका ।

विष्णवादिदैवत्यनक्षत्राणि

विष्णवादिदैवत्यनक्षत्राण्युक्तानि रत्नमालायाम् –

भेशा दस्रयमाग्निधातृशशिनः शर्वोऽदितिर्वाक्पतिः कद्रूजाः पितरो भगोऽर्यमरवी त्वष्टाह्वयो मारुतः।
शक्राग्नी त्वथ मित्र इन्द्रनिर्ऋती तोयं च विश्वे विधिर्गोविन्दो वसवोऽम्बुपाजचरणाहिर्बुध्न्यपूषाभिधाः।।

उत्तराब्देनोत्तरात्रयम् । अथ मूलस्य पूज्यत्वमुक्तम् ।

विष्णु आदि नक्षत्रदेवताको परिचय

रत्नमालामा नक्षत्रका देवताहरूको निरूपण गर्दै भनिएको छ– 'अश्विनीका – अश्विनीकुमार, भरणीका– यम, कृत्तिकाका – अग्नि, रोहिणीका – ब्रह्मा, मृगशिराका – चन्द्रमा, आर्द्राका – शिव, पुनर्वसुका – अदिति अर्थात् देवमाता, पुष्यका – बृहस्पति, अश्लेषाका – नाग, मघाका – पितृगण, पूर्वाफाल्गुनीका – भग अर्थात् सूर्यविशेष, उत्तराफाल्गुनीका– अर्यमा अर्थात् सूर्यविशेष, हस्ताका – सूर्य, चित्राका – विश्वकर्मा, स्वातीका– वायु, विशाखाका – इन्द्र र अग्नि, अनुराधाका – मित्र अर्थात् सूर्यविशेष, ज्येष्ठाका – इन्द्र, मूलका – राक्षस, पूर्वषाढाका– जल, उत्तराषाढाका– विश्वेदेव, अभिजित्का – ब्रह्मा, श्रवणका – विष्णु, धनिष्ठाका– अष्टावसु, शतभिषाका – वरुण, पूर्वभाद्रपदका – अजचरण अर्थात् सूर्यविशेष, उत्तराभाद्रपदका – अहिर्बुध्न्य अर्थात् सूर्यविशेष, रेवतीका – पूषा अर्थात् सूर्यविशेष अधिष्ठातृदेवता हुन् । ग्रन्थकार भन्दछन् – यहाँ उत्तराशब्दबाट तीनौटै उत्तरा लिनुपर्दछ । मूलनक्षत्रका अधिष्ठाता राक्षस भएता पनि त्यस नक्षत्रलाई पूज्यवर्गमा राखिएको छ ।

याज्ञवल्क्येन तु– **एवं गच्छन् स्त्रियं क्षामां मघां मूलं च वर्जयेत्** इत्युक्तम् । तेन पूर्वत्र मूलं चिन्त्यम्। अत्र **समासु पुत्राः विषमासु कन्या** इति ज्ञेयम् । **युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु** इति हेमाद्रौ शङ्खोक्तेः । तत्राप्युत्तरोत्तराः प्रशस्ताः । तदाहापस्तम्बः – **तत्राप्युत्तरोत्तराः प्रशस्ताः** इति । तत्रैव व्यासः –

रात्रौ चतुर्थ्यां पुत्रः स्यादल्पायुर्धनवर्जितः । पञ्चम्यां पुत्रिणी नारी, षष्ठ्यां पुत्रस्तुमध्यमः ।।
सप्तम्यामप्रजा योषिदष्टम्यामीश्वरः पुमान् । नवम्यां सुभगा नारी दशम्यां प्रवरः सुतः ।।
एकादश्यामधर्मा स्त्री, द्वादश्यां पुरुषोत्तमः । त्रयोदश्यां सुता पापा वर्णसङ्करकारिणी ।।
धर्मज्ञश्च कृतज्ञश्च आत्मवेदी दृढव्रतः । प्रजायते चतुर्दश्यां पञ्चदश्यां पतिव्रता ।।
आश्रयः सर्वभूतानां षोडश्यां जायते पुमान् ।। इति ।

याज्ञवल्क्यले भनेका छन् – 'रजोधर्म हुँदा तपस्विनीका रूपमा रहेकी रजःप्रवाह र नियमपालनका कारण दुब्ली–पातली पत्नीसँग सम्पर्क गर्दा मघा र मूलनक्षत्र छाड्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – **याज्ञवल्क्यले** यहाँ मूलनक्षत्रलाई त्याज्य बताएको हुँदा पूर्वश्लोकमा मूललाई पूज्य वर्गमा राखेको कुरा विचारणीय छ । १६ रात्रिमध्ये ३ रात्रि छाडेर समरात्रिमा सम्पर्क गर्दा पुत्र उत्पन्न हुने र विषमरात्रिमा सम्पर्क गर्दा पुत्री उत्पन्न हुने कुरा बुझ्नुपर्दछ।

हेमाद्रिमा उद्धृत **शङ्खको** वचनमा भनिएको छ – समरातमा सम्पर्क गर्दा छोरा जन्मिने र विषमरातमा सम्पर्क गर्दा छोरी जन्मिने कुरा शास्त्रहरूमा बताइएको छ । त्यसैले जोडारात्रि र विजोडारात्रि दुवैथरि उत्तरोत्तर उत्तम मानिएका छन् ।

आपस्तम्ब भन्दछन् – 'चौथो रातदेखि सोह्रौं रातसम्म रात्रिहरू उत्तरोत्तर उत्तम हुन्छन् ।' यसबारे **व्यासले** भनेका

छन् – 'चौथो रातमा सम्पर्क गर्दा निर्धन र अल्पायु पुत्र पैदा हुन्छ । पाँचौं रातको सम्पर्कबाट पुत्री पैदा हुन्छिन्। छैठौं रातमा सम्पर्क भएमा मध्यमगुणको छोरा जन्मिन्छ । सातौं रातमा सम्पर्क गर्दा सन्तान जन्मिदैनन् । आठौं रातमा सम्पर्क गरेमा ऐश्वर्यशाली पुत्र जन्मिन्छ । नवौं रातमा सम्पर्क गर्दा ऐश्वर्यवती कन्या जन्मिन्छिन् । दशौं रातमा सम्पर्क गर्दा उत्तम पुत्र पैदा हुन्छ । एघारौं रातमा सम्पर्क गर्दा धर्महीन कन्या पैदा हुन्छिन् । बाह्रौं रातमा सम्पर्क गर्दा उत्तमपुत्र पैदा हुन्छ । तेह्रौं रातमा सम्पर्क गर्दा वर्णसङ्कर दोष पैदा गर्ने कन्या जन्मिन्छिन् । चौधौं रातमा सम्पर्क गर्दा धर्मज्ञ, कृतज्ञ, आत्मज्ञानी र सत्यसङ्कल्प पुत्र जन्मिन्छ । पन्ध्रौं रातमा सम्पर्क गर्दा पतिव्रताकन्या जन्मिन्छिन् । सोह्रौं रातमा सम्पर्क गर्दा सम्पूर्ण प्राणीहरूको आश्रयका रूपमा विख्यात र पुरुषोत्तम पुत्र पैदा हुन्छ ।' उक्त वचनका आधारमा एघारौं र तेह्रौं रातलाई निन्द्य मानिएको छ ।

अत्र चतुर्थदिननिषेधेऽपि – **स्नातां चतुर्थे दिवसे रात्रौ गच्छेद्विचक्षणः** इति महाभारतोक्तेः **चतुर्थेऽहनि स्नातायां युग्मासु वा गर्भं सन्दधाति** इति हारीतोक्तेर्विकल्पो ज्ञेयः ।

तत्रापि – **स्नानं रजस्वलायास्तु चतुर्थेऽहनि शस्यते । गम्या निवृत्ते रजसि नानिवृत्ते कथञ्चन।।** इत्यापस्तम्बोक्तेर्व्यवस्था ज्ञेया । अत्र सर्वासु युग्मासु गमनमावश्यकम् । युग्मास्विति बहुवचननिर्देशादिति विज्ञानेश्वरः। तच्चैकस्यां रात्रौ सकृदेव कार्यम् । **सुस्थे इन्दौ सकृत्पुत्रं लक्षण्यं जनयेत्पुमान्** इति याज्ञवल्क्योक्तेः। इदं चर्तौ गमनमन्यकाले प्रतिबन्धादिना गमनासम्भवे श्राद्धैकादश्यादावपि कार्यम् । **ब्रह्मचार्येव पर्वाण्याद्याश्चतस्रश्च वर्जयेत्** इति याज्ञवल्क्योक्तेः । व्याख्यातं चेदं मिताक्षरायाम्– **यत्र श्राद्धादौ ब्रह्मचर्यं विहितं तत्राप्यृतौ गच्छतो न ब्रह्मचर्यस्खलनदोषः** इति । पर्वाणीति बहुत्वेनाष्टमीचतुर्दश्योर्ग्रहणमिति च । मदनरत्नेऽप्येवम् ।

कतिपय स्मृतिग्रन्थमा चौथो रातमा सम्पर्क गर्न निषेध गरिएको भएता पनि **महाभारतमा** चौथो रातमा सम्पर्क गर्न स्वीकृति दिँदै भनिएको छ – 'पतिले चौथो दिन स्नान गरेकी ऋतुमती पत्नीका साथ सम्पर्क गर्नुपर्दछ।'

'चौथो दिनको स्नान गरेकी ऋतुमती पत्नीलाई जोडा रातमा गर्भधारण गराउँछ' भन्ने **हारीतको** वचनबाट विकल्प देखिन्छ । उक्त विविध प्रसङ्ग देखिएता पनि त्यसको समुचित व्यवस्था निरूपण गर्दै **आपस्तम्बले** भनेका छन् – 'रजस्वलाले चौथो दिन स्नान गर्नुपर्दछ । स्नान गरेता पनि रजोनिवृत्ति भएपछि मात्र मैथुन गर्नुपर्दछ । रजोनिवृत्ति भएको छैन भने चौथो रातमा पनि मैथुन गर्नु हुँदैन ।'

ग्रन्थकार भन्दछन् – आपस्तम्बको यो व्यवस्था अत्यन्त उचित व्यवस्था हो ।[६] सबै जोडा रातहरूमा सम्पर्क गर्नुपर्दछ भन्दै **विज्ञानेश्वरले** भनेका छन् – **युग्मासु** अर्थात् जोडा रातहरूमा सम्पर्क गर्नुपर्दछ । उक्त वचनमा बहुवचनको निर्देश भएको कारणबाट यो कुरा आएको हो । जोडा रातमा सम्भोग गर्दा एकपटकमात्र गर्नुपर्दछ ।

याज्ञवल्क्यले भनेका छन् – उत्तम स्थानमा चन्द्रमा भएको बेला एकपटक सम्भोग गर्दा लक्षणवान् सुन्दर पुत्र पैदा हुन्छ । यो ऋतुकालभित्रको कुरा हो । अन्यसमयमा प्रतिबन्ध आदिका कारण मैथुन असम्भव भएमा श्राद्ध र एकादशीको रातमा पनि मैथुन गर्नुपर्दछ । फेरि **याज्ञवल्क्य** भन्दछन् – ब्रह्मचारीले मात्र सुरुका चाररात छाड्नुपर्दछ ।

---

६. रजःप्रवाह कालज, द्रव्यज, रागज र रोगज गरी चार किसिमको हुन्छ । महिना–महिनामा प्रकट हुने रजलाई कालज, भोजनविशेषका कारण प्रकट हुने रजलाई द्रव्यज, मेदोवृद्धिका कारण प्रसव आदि कालमा प्रकट हुने रजलाई रागज र यौनरोगका कारण प्रकट हुने रजलाई रोगज भनिन्छ । उक्त ४ भेदमध्ये रोगज रज प्रकट हुँदा अपवित्रता र अस्पृश्यता नहुने भए पनि रजको निवृत्ति नभएसम्म त्यस्ती स्त्रीसँग सम्पर्क गर्न हुँदैन र तिनलाई पाकादि कर्ममा पनि लगाउन हुँदैन । – माधवाचार्य, पूर्ववत् ।

अरूले पर्वदिन छाड्नुपर्दछ । यस कुराको राम्ररी व्याख्या गर्दै **मिताक्षरा**मा भनिएको छ – जहाँ श्राद्ध आदिमा ब्रह्मचर्यधारण गर्नुपर्ने कुरा बताइएको छ त्यहाँ ऋतुकालमा श्राद्धका दिन पनि पत्नीसँग सम्पर्क गर्दा ब्रह्मचर्यस्खलनको दोष हुँदैन ।

याज्ञवल्क्यको भनाइमा पर्वका लागि **पर्वाणि** यो बहुवचनको रूप प्रयुक्त भएकाले अष्टमी र चतुर्दशीलाई पनि पर्वमा लिइएको बुझ्नुपर्दछ । मदनरत्नमा पनि यही बताइएको छ ।

दिवा-जन्मदिनादौ मैथुननिषेधः

यत्तु हेमाद्रौ शिवरहस्ये –

दिवा जन्मदिने चैव न कुर्यान्मैथुनं व्रती । श्राद्धं दत्त्वा च भुक्त्वा च श्रेयोऽर्थी न च पर्वसु ।।

इति तदनृतुविषयम् । **ब्रह्मचार्येव भवति यत्र तत्राश्रमे वसन्** इति मनूक्तेः । दर्शादौ तु न भवत्येव, पर्वणां पर्युदस्तत्वात् । माधवीये तु –

ऋतुकाले नियुक्तो वा नैव गच्छेत् स्त्रियं क्वचित् । तत्र गच्छन् समाप्नोति ह्यनिष्टं फलमेव तु ।।

इति वृद्धमनूक्तेः । श्राद्धे ब्रह्मचर्यं नियतमित्युक्तम् । पृथ्वीचन्द्रोदयेऽप्येवम् । एतत्सति सम्भवे ज्ञेयम् ।

दिउँसो र जन्मदिन आदिमा मैथुननिषेध

हेमाद्रिमा उद्धृत **शिवरहस्य**को वचनमा भनिएको छ – 'व्रत गर्ने मानिसले दिनको समय र जन्मदिनमा मैथुन गर्न हुँदैन । आफ्नो कल्याण चाहने मानिसले श्राद्ध गरेपछि र श्राद्धमा निमन्त्रित भई भोजन गरेपछि मैथुन गर्नु हुँदैन । यसैगरी पर्वका दिनहरूमा पनि मैथुन गर्नु हुँदैन ।'

ग्रन्थकार भन्दछन् – यो शिवरहस्यको भनाइ ऋतुकालदेखि भिन्न समयका लागि हो । किनकि मनुले भनेका छन्– जुन कुनै आश्रममा रहेको मानिस पनि ऋतुकालमा स्त्रीप्रसङ्ग गरेमा ब्रह्मचारीसमान नै मानिन्छ । अमावास्या आदिमा भने स्त्रीसम्पर्क गर्नु हुँदैन किनकि पर्वहरूमा स्त्रीप्रसङ्ग निषेध गरिएको छ ।

माधवीयमा **वृद्धमनु**ले भनेका छन् – 'श्राद्ध आदि कर्ममा नियुक्त भएको पुरुषले ऋतुकालमा स्त्रीसम्भोग गर्नु हुँदैन । यदि त्यस्तो मानिसले स्त्रीप्रसङ्ग गर्दछ भने अनिष्टफल प्राप्त गर्दछ ।' यसको तात्पर्य श्राद्धमा ब्रह्मचर्यधारण गर्नुपर्दछ भन्नु नै हो। **पृथ्वीचन्द्रोदय**मा पनि यस्तै वचन छ । ग्रन्थकार भन्दछन् – यो कुरा सम्भव भएसम्म राम्रै हो ।

अनेकभार्यस्य ऋतुयौगपद्ये विचारः

अनेकभार्यस्यर्तुयौगपद्ये हेमाद्रौ कश्यपः –

यौगपद्ये तु तीर्थानां विवाहक्रमशो व्रजेत् । रक्षणार्थमपुत्रां वा ग्रहणक्रमशोऽपि वा ।।

इति । ग्रहणम् – ऋतुग्रहणम् ।

अनेक भार्या र ऋतुकाल

अनेक पत्नी भएका मानिसका पत्नीहरू एकैपटक रजस्वला भएमा सम्पर्कको नियम बताउँदै हेमाद्रिमा **कश्यप**ले भनेका छन् – पत्नीहरूको रजोधर्म एकैसाथ भएमा उनीहरूको रक्षाका लागि विवाहको क्रमले ऋतुगमन गर्नुपर्दछ अर्थात् जेठी, माहिली आदिका हिसाबबाट क्रम मिलाएर सम्भोग गर्नुपर्दछ अथवा छोरा नभएकी पत्नीलाई पहिलो ग्राह्यता दिएर पनि ऋतुगमन गर्न सकिन्छ अथवा रजस्वला भएको क्रमबाट पनि ऋतुगमन गर्न सकिन्छ ।

गमनात्पूर्वं सूक्तजपविधानम्

ऋग्विधाने – विष्णुर्योनिं जपेत्सूक्तं योनिं स्पृष्ट्वा त्रिभिर्व्रती । गर्भाधानं ततः कुर्यात् सुपुत्रो जायते ध्रुवम् ।

गर्भाधानभन्दा पहिले सूक्तजपको विधि

ऋग्विधानमा भनिएको छ – पुत्रप्राप्तिका लागि व्रत गर्ने मानिसले स्त्रीप्रसङ्ग गर्नुभन्दा पहिले पत्नीको कामेन्द्रियमा तीनपटक स्पर्श गरी तलका मन्त्र जप्नु पर्दछ –

ॐ विणुर्योनिं कल्पयतु त्वष्टा रूपाणि पिंशतु । आ सिञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते ।। गर्भं धेहि सिनीवालि गर्भं धेहि सरस्वति । गर्भं ते अश्विनौ देवावा धत्तां पुष्करस्रजा ।। हिरण्ययी अरणी यं निर्मन्थतो अश्विना । तं ते गर्भं हवामहे दशमे मासि सूनवे ।। (१०/१८४/१-३) उक्त मन्त्र जप गरी गर्भाधान गर्दा सुलक्षण पुत्र पैदा हुन्छ ।[७]

अगमने दोषकथनम्

अगमने दोषमाह पराशरः –

ऋतुस्नातां तु यो भार्यां सन्निधौ नोपगच्छति । घोरायां भ्रूणहत्यायां पच्यते नात्र संशयः ।।

ऋतुकालमा गमन नगर्दा दोषनिरूपण

पराशरले ऋतुकालमा स्त्रीप्रसङ्ग नगर्ने मानिसलाई दोष लाग्ने कुरा बताउँदै भनेका छन् – 'जसले ऋतुकालमा स्नान गरेकी आफ्नी पत्नीको नजिकमा गई ऋतुदान गर्दैन त्यसलाई भ्रूणहत्याको पाप लाग्दछ । यसमा सन्देह छैन ।'

अस्यापवादकथनम्

अस्यापवादमाह मदनरत्ने व्यासः –

व्याधितो बन्धनस्थो वा प्रवासेष्वथ पर्वसु । ऋतुकालेऽपि नारीणां भ्रूणहत्या प्रमुच्यते ।।

वृद्धां बन्ध्यामसद्वृत्तां मृतापत्यामपुष्पिणीम् । कन्यासूं बहुपुत्रां च वर्जयन्मुच्यते भयात् ।।

वृद्धाम् – गतरजस्काम् ।

दोषको अपवाद

मदनरत्नमा उद्धृत व्यासको वचनमा अपवाद प्रस्तुत गर्दै भनिएको छ – ऋतुमा स्नान गरेकी पत्नीको पति रोगी, कैदी र परदेशी भएमा अथवा ऋतुसमयमा अमावास्या आदि पर्व परेमा ऋतुगमन नगर्दा दोष लाग्दैन । यसरी दोष नलागेपछि त्यो पुरुष भ्रूणहत्याको पापबाट पनि मुक्त हुन्छ । मासिकधर्म बन्द भइसकेकी पत्नी, वृद्धा पत्नी, बाँझी पत्नी, दुराचारिणी पत्नी, जसका सन्तान जन्मनासाथ मर्दछन् त्यस्ती पत्नी, जसको रजोधर्म हुँदै हुँदैन त्यस्ती पत्नी, जसले कन्यामात्र जन्माउँछिन् त्यस्ती पत्नी र जसबाट धेरै पुत्र जन्मिसकेका छन् त्यस्ती पत्नीसँग ऋतुकालमा सम्पर्क नगर्दा भ्रूणहत्या लाग्ने भय हुँदैन ।

---

७. गर्भाधानकर्म यज्ञसमान पवित्र मानिएको छ । उत्तम सन्तान प्राप्तिका लागि देवी–देवताको प्रार्थना गर्दै कामदेवको केन्द्रमा स्पर्श गर्नुमा कुनै कामुकता हुनुहुँदैन । प्राचीनकालका महर्षिहरूमा त्यस्तो इन्द्रियजन्य विकृति हुँदैनथ्यो । पवित्र भावनाका साथ सात्त्विक मनले सहवास गर्दा सत्त्वगुणी सन्तान पैदा हुने कुरा वैदिकपरम्पराको विज्ञानसम्मत सरणि हो । यो सरणि विश्वमा नै विलक्षण छ ।

गर्भाधानाङ्गहोमाकरणे प्रायश्चित्तकथनम्

गर्भाधानाङ्गहोमाकरणे प्रायश्चित्तमाह – पारिजाते आश्वलायनः –

गर्भाधानस्याकरणात्तस्यां जातस्तु दुष्यति । अकृत्वा गां द्विजे दत्त्वा कुर्यात्पुंसवनं पतिः ।।

गर्भाधानं च मलमासशुक्रास्तादावपि कार्यम् ।

उत्सवेषु च सर्वेषु सीमन्तऋतुजन्मसु । सुरासुरेज्ययोश्चैव मौढ्यदोषो न विद्यते ।।

इति ज्योतिर्निबन्धे भृगूक्तेः ।

गर्भाधानको अङ्गभूत होम नगरेमा प्रायश्चित्त

पारिजातमा आश्वलायनले गर्भाधानाङ्ग होम नगरेमा प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै भनेका छन् – 'गर्भाधानको अङ्गस्वरूप होम गर्नुपर्दछ । त्यसो नगरेमा त्यस स्त्रीबाट पैदा हुने सन्तान दोषी हुन्छ । होम गरिएको छैन भने पतिले ब्राह्मणलाई गाईदान गरी पुंसवनसंस्कार गर्नुपर्दछ ।' मलमास र शुक्र एवं बृहस्पति अस्त हुँदा पनि गर्भाधान गर्नुपर्ने सम्बन्धमा **ज्योतिर्निबन्धमा भृगुले** भनेका छन् – 'सबै किसिमका उत्सव, सीमन्तसंस्कार र ऋतुकालमा गुरु एवं शुक्रको अस्तदोष लाग्दैन ।'

ऋतुगमने स्नानविचारः

ऋतुगमने पराशरः – **ऋतौ तु गर्भशङ्कित्वात् स्नानं मैथुनिनः स्मृतम् ।**
अनृतौ तु यदा गच्छेच्छौचं मूत्रपुरीषवत् ।। स्त्रीणां तु न स्नानम् ।

उभावप्यशुची स्यातां दम्पती शयनं गतौ । शयनादुत्थिता नारी शुचिः स्यादशुचिः पुमान् ।।

इति वृद्धशातातपोक्तेः ।

ऋतुगमनपछि स्नान

पराशरले भनेका छन् – ऋतुकालमा सम्भोग गरेपछि गर्भ रहने प्रबल सम्भावना हुने हुँदा गर्भाधान गर्ने पतिले स्नान गर्नुपर्दछ । ऋतुकालबाहेक सम्भोग गर्दा पनि मलमूत्रत्यागमा जस्तो शुद्धि गरिन्छ त्यस्तै शुद्धि गर्नुपर्दछ । **वृद्धशातातपले** भनेका छन् – ऋतुकाल वा ऋतुकालबाहेकको समयमा एउटै शय्यामा शयन गरी मैथुन गर्ने पति एवं पत्नी दुवै अशुद्ध हुन्छन्। शय्यात्याग गरेपछि पत्नी शुद्ध हुन्छिन् भने पुरुष अशुद्ध हुन्छन् तसर्थ पुरुषले स्नान आदि शुद्धिकर्म गर्नुपर्दछ ।[८]

---

८. गर्भाधानका लागि आवश्यक पूर्वाङ्ग गरी ऋतुकालमा उपयुक्त समयमा सहवास गर्दा पनि गर्भ रहेन भने त्यसको उपाय बताउँदै पारस्करगृह्यसूत्रमा भनिएको छ– 'सा यदि गर्भं न दधीत सिंह्याः श्वेतपुष्प्या उपोष्य पुष्येण मूलमुत्थाप्य चतुर्थेऽहनि स्नातायां निशायामुदपेषं पिष्ट्वा दक्षिणस्यां नासिकायामासिञ्चति 'इयमौषधी त्रायमाणा सहमाना सरस्वती अस्या अहं बृहत्याः पुत्रः पितुरिव नाम जग्रभम्' ।। – पा.सू. प्रथमकाण्ड, १३ औं कण्डिका ।

अर्थ – विधिवत् गर्भाधान गरेपछि पनि गर्भ नरहेमा सेतो कण्टकारीको जरा पुष्यनक्षत्रका दिन केही नखाईकन उखेलेर घर ल्याउनु पर्दछ । चौथो दिन रजस्वला नारीले नुहाएपछि रातमा कण्टकारीको जरालाई पानीमा भिजाएर पिँध्नुपर्दछ । त्यसपछि '**इयमौषधि०**' इत्यादि माथिको मन्त्र पढ्दै गर्भधारण गर्न चाहने नारीको दायाँ नाकमा कण्टकारीको रस चुहाउनुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ– औषधिशब्दको व्युत्पत्ति हो '**ओषति दोषान् धत्ते गुणान् इति औषधिः**' अर्थात् जसले दोषलाई डढाउँछ र गुणलाई धारण गर्दछ त्यो औषधि हो । औषधिलाई राम्ररी प्रयोग गर्दा दोषको वेगलाई सहेर पनि त्यसले रक्षा गर्दछ । पुत्रप्रदान गर्ने कारणका रूपमा रही पुत्रदान गरेर कुलको वृद्धि गराउने औषधिको प्रभावबाट मैले कुनै पिताको पुत्र हुने अवसर प्राप्त गरेको थिएँ । अहिले यसै औषधिको प्रतापबाट पैदा हुने मेरो पुत्रले पनि म फलानाको पुत्र हुँ भनी मेरो नाम ग्रहण गरोस् ।

रजोदर्शने कश्चिद्विशेषः

अत्र कश्चिद्विशेष उच्यते । तत्र रात्रौ रजसि जननादौ च रात्रिं त्रिभागां कृत्वा आद्यभागद्वये चेत्पूर्वदिनं ग्राह्यम्, परतस्तूत्तरमिति मिताक्षरायाम् । यत्तु **प्रागर्द्धरात्रात् प्राग्वा सूर्योदयात्पूर्वदिनम् ग्राह्यम्** इत्युक्तम्, तत्र देशाचाराद्व्यवस्था।

रात्रिमा रजोधर्म हुँदा दिन छुट्याउने विधि

मिताक्षरामा भनिएको छ – रातको समयमा रजोदर्शन हुँदा र बालक जन्मँदा रातलाई तीनभाग लगाउनु पर्दछ । सुरुका दुईभागमा रजोदर्शन वा जन्म भएमा अघिल्लो दिन मान्नुपर्दछ भने अन्तिम तेस्रो भागमा रजोदर्शन वा बालक जन्म भएमा पछिल्लो दिन मान्नुपर्दछ । जुन कसैले आधारातभन्दा पहिले अघिल्लो दिन र आधारातपछि दोस्रो दिन मान्ने गरेका छन् अथवा कसैले सूर्योदयभन्दा पहिले पहिलो दिन र सूर्योदयपछि दोस्रो दिन मान्ने गरेका छन् त्यसमा आफ्नो देशमा चलेको आचारअनुसार गर्नुपर्दछ ।[१]

असामयिकरजोदर्शने विशेषः

तथा सप्तदशदिनपर्यन्तं पुनः रजोदर्शने स्नानमात्रम्, अष्टादशे एकरात्रम्, ऊनविंशे द्व्यहः, विंशतिप्रभृति त्रिरात्रमिति तत एव ज्ञेयम् । यत्तु – **चतुर्दशदिनादर्वागशुचित्वं न विद्यते** इति, तत्र स्नानप्रभृतित्वमभिप्रेतम्। एतच्च यस्या विंशतिदिनोत्तरं प्रायशो रजस्तत्रैव । यस्यास्त्वर्वाक् प्रायशो रजस्तत्रोक्तं स्मृत्यर्थसारे – **त्रयोदशदिनादूर्ध्वं प्रायो रजोवतीनामेकादशदिनात्प्रागशुचित्वं नास्ति, एकादशदिन एकरात्रम्, द्वादशे द्विरात्रम्, ऊर्ध्वं** त्रिरात्रम् इति, प्रयोगपारिजातेऽप्येवम् ।

असामयिक मासिक रजोदर्शनमा विशेष

रजोदर्शन भएको १७ दिनभित्रमा फेरि रज देखिन्छ भने स्नान गरेपछि मात्र शुद्धि हुन्छ । १८ औं दिनमा रजोदर्शन भए १ दिनमात्र बार्नु पर्दछ । १९ औं दिनमा रजोदर्शन भए २ दिन बार्नुपर्दछ, २० दिनदेखि उता रजोदर्शन भए पूरै ३ रात बार्नुपर्दछ । कहीँ फेरि १४ दिनभन्दा पहिले रजोदर्शनमा अशुद्धि हुँदैन केवल स्नान गरे हुन्छ भनिएको छ त्यसको तात्पर्य के हो भन्ने शङ्का हुन्छ । उक्त शङ्का समाधान गर्दै भनिएको छ– पूरा महिना पुगेपछि रजस्वला हुनेहरूले कदाचित् १८ दिनमा रजस्वला भए एकदिन, १९ दिन भए २ दिन र २० दिन र त्यसपछि भए ३ दिन वार्नुपर्दछ र त्यस्ता नारीले १७ दिनसम्म रज देखिए पनि वार्नुपर्दैन भन्ने कुरा माथि बताइसकिएको छ । १४ दिनभन्दा पहिले अर्थात् १३ दिनसम्म रजोदर्शन गर्ने नारीहरूले वार्नु नपर्ने र स्नानमात्र गरे हुन्छ भन्नुको तात्पर्य प्रायः २० दिन पुगेपछि रजोवती भइहाल्ने महिलाहरूको लागि हो भन्ने कुरा बुझ्नुपर्दछ । जसको रजोदर्शन प्रायः २० दिन नपुग्दै हुने गर्दछ तिनीहरूको विषयमा **स्मृत्यर्थसारमा** भनिएको छ कि – १३ दिन पुगेपछि रजस्वला भइहाल्ने नारीहरूले ११ दिनभन्दा पहिले रजस्वला भएमा वार्नु पर्दैन । ११ औं दिनमा भए १ रात, १२ औं दिनमा २ रात, १३ औं र १४ औं दिनमा ३ रात बार्नुपर्दछ । १३ दिनअघि रजोवती हुने नारीका लागि ११ दिनभन्दा पहिले अशुद्धि हुँदैन । ११ औं दिन १ रात, १२ औं दिन रजोदर्शन भए २ रात र १३ दिनपछि ३ रात बार्नुपर्दछ । **प्रयोगपारिजातमा** पनि यही कुरा बताइएको छ ।

१. रातमा रजोधर्म, जन्म र मरण भएमा अघिल्लो वा पछिल्लो कुन दिन मान्ने भन्ने विषयमा 'देशाचारबाट व्यवस्था' भनिएको छ तापनि हाम्रो देशमा चलेको आचार अर्थात् चलनचाहिँ रात्रिमानलाई तीन भाग लगाएर अगाडिको दुई भागमा भए अघिल्लो दिन र पछिल्लो भागमा भए पछिल्लो दिन मान्ने हो । यो शास्त्रीय मर्यादाअनुसारको चलन हो । यही चलनको नै सबैले अनुसरण गर्नुपर्दछ ।

रोगादौ तु विशेषकथनम्

रोगजे तु तत्रैव विशेषः सङ्ग्रहे –

रोगेण यद्रजः स्त्रीणामन्वहं हि प्रवर्तते । नाशुचिस्तु भवेत्तेन यस्माद्वैकारिकं मतम् ।।

इति । कर्माधिकारस्तु रजोनिवृत्तावेव ।

साध्वाचारा न तावत्स्यात्स्नाताऽपि स्त्री रजस्वला । यावत्प्रवर्तमानं हि रजो नैव निवर्त्तते ।।

इति श्राद्धहेमाद्रौ शङ्खोक्तेः ।

रोग आदि कारणबाट रजप्रवाह हुँदा विशेष

सङ्ग्रहग्रन्थमा भनिएको छ – कुनै नारी रोगिणी भई विकारवश तिनको शरीरबाट दिनदिनै रज प्रवाहित भएमा तिनलाई अपवित्र मानिँदैन । किनकि त्यो रज मासिकधर्मअनुसार प्रवाहित भएको होइन । अपितु शरीरको विकारबाट नै प्रवाहित भएको हो । यसो हो तापनि ती नारीलाई रजोनिवृत्ति नभएसम्म धार्मिककार्यमा अधिकार हुँदैन ।

यस सम्बन्धमा **श्राद्धहेमाद्रिमा शङ्खको** भनाइ यसप्रकार छ– ऋतुकालपछि पनि नारी तबसम्म धार्मिक आचारमा सहभागिनी हुन पाउँदिनन् जबसम्म तिनको रजोनिवृत्ति हुँदैन ।

तत्रापि स्वकाले शुचिरेवेत्याह ऋष्यशृङ्गः –

रोगजे वर्तमानेऽपि काले निर्याति कालजम् । तस्मात्कालेऽप्रमत्ता स्यादन्यथा सङ्करो भवेत् ।।

तथा रजस्वलाया रजस्वलान्तरस्पर्शेऽकामतः स्नानम्, कामतः उपवासः, पञ्चगव्याशनं च । असवर्णानां तु ब्राह्मण्याः क्षत्रियादिस्पर्शे क्रमेण कृच्छार्थपादोनकृच्छ्रकृच्छ्राणि, क्षत्रियादीनां कृच्छ्रपाद एव, क्षत्रियादीनां हीनवर्णस्पर्शे त्रिरात्रमुपवासः । वैश्याशूद्र्योः पूर्वया स्पर्शेऽहोरात्रं द्विरात्रं च । एतच्च कामतः । अकामतस्तु प्राक् शुद्धेरनशनम्। अकामतश्चाण्डालादिस्पर्शेष्वनशनमेव प्राक् शुद्धेः । कामतस्तु प्रथमेऽह्नि त्र्यहः द्वितीये द्व्यहस्तृतीये एकाहः । श्वस्पर्शे तु द्व्यह एकाहो वा । भुञ्जानायाश्चाण्डालादिस्पर्शे षड्रात्रम् । उच्छिष्टयोः स्पर्शे तु कृच्छ्र इत्यादि मिताक्षरायां ज्ञेयम्। स्मृत्यर्थसारे तु सर्वत्र बालापत्यायाः स्पर्शे स्नाने कृते भुक्तिः, पश्चादनशनप्रत्याम्नाय इति ।

यस विषयमा **ऋष्यशृङ्गको** वचन यसप्रकार छ – रोगद्वारा उत्पन्न रज प्रवाहित भइरहँदा पनि त्यसबाट मासिक कालमा प्रवाहित हुने रज पनि प्रवाहित हुन्छ । तसर्थ यो रज मासिक धर्मको होइन भनी स्वतन्त्रव्यवहार गर्न हुँदैन । यसो गर्दा वर्णसंकरको उत्पत्ति हुने भय हुन्छ । रजस्वला नारीले अज्ञानवश अर्की रजस्वलानारीलाई स्पर्श गर्दछिन् भने उनले स्नान गर्नुपर्दछ । जानी–जानी स्पर्श गरेमा एकदिन उपवास गरी पञ्चगव्यप्राशन गर्नुपर्दछ।

असवर्णजातिहरूका नारीहरूको स्पर्श गरेको विषयमा चर्चा गर्दै भनिएको छ कि – रजस्वला क्षत्रियनारीले रजस्वला ब्राह्मणीनारीलाई स्पर्श गर्दा कृच्छ्रार्ध[१०] प्रायश्चित्त गर्नुपर्दछ । रजस्वला वैश्यनारीले रजस्वला ब्राह्मणीनारीलाई

१०. कृच्छार्धप्रायश्चित्त – आपस्तम्बस्मृतिअनुसार यो ६ दिनमा गरिने प्रायश्चित्त हो । यसमा एक दिन दिउँसोमात्र एकपटक भोजन गरिन्छ, एक दिन सन्ध्याकालमा मात्र एकपटक भोजन गरिन्छ, दुई दिन अयाचित भोजन गरिन्छ र दुई दिन पूर्ण उपवास गरिन्छ । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, पृ. १०८२ ।

स्पर्श गर्दा ऊनकृच्छ्र[११] प्रायश्चित्त गर्नुपर्दछ र रजस्वला शूद्रानारीले रजस्वला ब्राह्मणीनारीलाई स्पर्श गर्दा अतिकृच्छ्र[१२] व्रत गर्नुपर्दछ । क्षत्रियजातिकी रजस्वला नारीलाई हीनजातिका रजस्वलानारीहरूले स्पर्श गर्दा कृच्छ्रार्धपादव्रत गर्नुपर्दछ । रजस्वलाक्षत्रियनारीले हीनजातिका रजस्वलानारीहरूको स्पर्श गरेमा तीनदिनसम्म उपवास गर्नुपर्दछ । वैश्या र शूद्रा रजस्वला नारीले आफूभन्दा माथिल्लो जातका रजस्वला भएका नारीहरूको स्पर्श गरेमा एकअहोरात्र वा दुईअहोरात्र उपवास गर्नुपर्दछ । यो प्रायश्चित्त जानी-जानी स्पर्श गरेको अवस्थाका निमित्त हो ।

रजस्वलाअवस्थामा अज्ञानले चाण्डाल आदि स्पर्श भएमा शुद्धिभन्दा पहिले अनशन गर्नुपर्दछ । जानी-जानी पहिलो दिन स्पर्श गरेमा तीनदिन उपवास बस्नु पर्दछ । दोस्रो दिन स्पर्श गरेमा दुईदिन उपवास बस्नुपर्दछ र तेस्रो दिन स्पर्श गरेमा एकदिन उपवास बस्नुपर्दछ । रजस्वला नारीहरू कुकुरसँग छोइए भने तिनीहरूले एक वा दुईदिन उपवास गर्नु पर्दछ । भोजन गरिरहेकी रजस्वला नारीले चाण्डाल आदिलाई स्पर्श गर्दछिन् भने ६ रातसम्म उपवास बस्नुपर्दछ । जूठोमुखसित रहेका दुईरजस्वला नारीले परस्पर स्पर्श गर्दछन् भने कृच्छ्रव्रत गर्नुपर्दछ । **स्मृत्यर्थसार**मा भनिएको छ - माथि बताइएका जुनसुकै दोष भए पनि रजस्वलाको काखमा दूधमुखे बच्चा रहेको अवस्थामा अरूसँग स्पर्श हुन्छ भने ती नारी स्नानबाट मात्र शुद्ध हुन्छिन् । भोजन गरिसकेपछि स्पर्श भएमा तिनले अनशनव्रत गर्नुपर्दछ ।

रजस्वलास्नानविधिकथनम्

स्नानविधिं चाह पराशरः -

स्नाने नैमित्तिके प्राप्ते नारी यदि रजस्वला । पात्रान्तरिततोयेन स्नानं कृत्वा व्रतं चरेत् ।।
सिक्तगात्रा भवेदद्भिः साङ्गोपाङ्गा कथञ्चन । न वस्त्रपीडनं कुर्यान्नान्यद्वासश्च धारयेत् ।।

रजस्वलाको स्नानविधि

रजस्वलाको स्नानविधि निरूपण गर्दै **पराशर**ले भनेका छन् - रजस्वला नारीले नैमित्तिक स्नान गर्नुपर्ने भएमा नदी वा जलाशयबाट छुट्टै भाँडोमा झिकिएको जलद्वारा स्नान गरी व्रत गर्नुपर्दछ । (अन्य स्मृतिहरूअनुसार रजस्वलाले ग्रह-नक्षत्रदर्शन, दिवाशयन, मधुमांससेवन, दन्तधावन, प्रवासयात्रा, अञ्जन, अभ्यञ्जन आदि विषय त्याग गर्नुपर्दछ ।) रजस्वलाले स्नान गर्दा जसरी भए पनि साङ्गोपाङ्ग सेचन गर्नुपर्दछ तर वस्त्रप्रक्षालन गर्ने र नयाँ वस्त्र धारण गर्ने काम गर्नु हुँदैन ।

रजस्वलाशुद्धिस्नानम्

अथ रजस्वलास्नानं दैवज्ञवल्लभः - **ब्रह्मानुराधाश्विनसौम्यभेषु हस्तानिलाखण्डलवासवेषु ।**
विश्वार्यमर्क्षोत्तरभाद्रभेषु वराङ्गनास्नानविधिः प्रदिष्टः ।।

रजस्वलाको शुद्धिस्नान

रजस्वलास्नानको विषयमा **दैवज्ञवल्लभ** भन्दछन् - रजस्वला नारीले चौथो दिन अवशेष स्नान गर्नुपर्दछ ।

११. ऊनकृच्छ्रप्रायश्चित्त - यो प्रायश्चित्त ९ दिनसम्म गरिन्छ । यसमा ३ दिन दिनमा मात्र भोजन गर्ने प्रावधान छ । ३ दिन अयाचित भोजन गरिन्छ र बाँकी ३ दिन पूर्ण उपवास गरिन्छ । - पी.बी. काणे, पूर्ववत्, पृ. १०८९ ।

१२. अतिकृच्छ्रप्रायश्चित्त - यो प्रायश्चित्तव्रत १२ दिनको मानिएको छ । यसमा प्रारम्भका ३ दिनमा बिहानमात्र एकपटक एक-एक गास भोजन गरिन्छ । त्यसपछिका ३ दिन सन्ध्याकालमा मात्र एक-एक गास भोजन गरिन्छ । त्यसपछिका ३ दिनहरूमा एकपटकमात्र अयाचित भोजन एक गासको मात्रामा गरिन्छ र बाँकी ३ दिन पूर्ण उपवास गरिन्छ । - पी.बी. काणे, पूर्ववत्, पृ. १०८१ ।

समुचित नक्षत्रको अभावमा स्नान नगर्ने कुरा होइन । तर, स्नानका लागि निर्धारित उत्तम नक्षत्र यसप्रकार छन् – रोहिणी, अनुराधा, अश्विनी, मृगशिरा, हस्ता, स्वाती, ज्येष्ठा, धनिष्ठा र ३ उत्तरा ।

ज्वरे तु विशेषः

ज्वरे तूशनाः– **ज्वराभिभूता या नारी रजसा च परिप्लुता। कथं तस्या भवेच्छौचं शुद्धिः स्यात्केन कर्मणा।।**

चतुर्थेऽहनि सम्प्राप्ते स्पृशेदन्या तु तां स्त्रियम् । सा सचैलाऽवगाह्यापः स्नात्वा स्नात्वा पुनः स्पृशेत्।।

दश द्वादशकृत्वो वा आचामेच्च पुनः पुनः । अन्ते च वाससां त्यागस्ततः शुद्धा भवेत्तु सा ।।

इति । इदं चातुरमात्रे ज्ञेयम् । **'आतुरे स्नान उत्पन्ने दशकृत्वो ह्यनातुरः'** इति पराशरोक्तेः ।

ज्वर आउँदा रजस्वलाको स्नानको विशेषविधि

रजोवती नारी ज्वरले आतुर भएको अवस्थामा कसरी तिनको शुद्धि हुनसक्छ भन्ने प्रश्नको उत्तर दिँदै **उशनाले** भनेका छन् – 'ज्वरातुर रजस्वलालाई अरू कुनै शुद्ध नारीले स्पर्श गर्नुपर्दछ । स्पर्श गर्ने नारीले सचैल स्नान गरी पुनः पुनः स्पर्श गरिरहनु पर्दछ । रजस्वलाले पनि पटक-पटक शुद्ध नारीबाट स्पर्श पाएपछि दश वा बाह्र पटक स्पर्श गरेपछि आचमन गर्नुपर्दछ । त्यसपछि रजस्वला हुँदा पहिरिएका वस्त्र त्याग गरी शुद्ध वस्त्र धारण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन्- यो व्यवस्था आतुर रजस्वलाका लागि मात्र हो । यस विषयमा **पराशरले** भनेका छन् – 'रोगिणी स्त्रीले स्नान गर्नुपर्दा रोगविहीन पुरुषले १० पटक स्पर्श गर्नुपर्दछ ।'

रजसोऽज्ञाने तु

रजसोऽज्ञाने तु पराशरमाधवीये प्रजापतिः –

अविज्ञाते मले सा च मलवद्वसना यदि । कृतं गृहेषु दुष्टं स्याच्छुद्धिस्तस्यास्त्रिरात्रतः ।।

देवजानीये कारिकायाम् –

उच्छिष्टा तु द्विजातीनां रजः स्त्री यदि पश्यति। उपवासमधोच्छिष्टे ऊर्ध्वोच्छिष्टे त्र्यहं क्षिपेत् ।। इति।

रजप्रवाहित भएको ज्ञान नभएमा

पराशरमाधवीयमा प्रजापतिले भनेका छन् – कुनै स्त्रीलाई आफू रजस्वला भएको थाहा नहुनु तर कपडामा रजका छिटा देखिनु यस्तो अवस्था आउँछ भने ती नारीद्वारा घरमा गरिएका स्नानादि कर्म निष्फल हुन्छन् र तिनको शुद्धि तीनदिन बारेपछि मात्र हुन्छ ।

देवजानीयकारिकामा भनिएको छ – यदि ब्राह्मण, क्षत्रिय र वैश्यजातिकी कुनै गुप्त रजोधर्म भएकी उच्छिष्ट अर्थात् अपवित्र अवस्थामा नारीले आफ्नो रज देख्दछिन् भने त्यो हेराइ दुईप्रकारको हुन्छ – एकअधरोच्छिष्ट, अर्को ऊर्ध्वोच्छिष्ट । मल र मूत्रत्याग गरेपछि प्रक्षालन आदि गर्नुभन्दा पूर्व अवस्थालाई अधरोच्छिष्ट भनिन्छ यस अवस्थामा रजोदर्शन भएमा एकदिन उपवास गर्नुपर्दछ । भोजन गरेपछि मुख प्रक्षालन नगरिसकेको अवस्थालाई ऊर्ध्वोच्छिष्ट भनिन्छ। ऊर्ध्वोच्छिष्ट अवस्थामा रजोदर्शन भएमा तीनदिन उपवास गर्नुपर्दछ ।

पुंसवनकथनम्

अथ पुंसवनम् । प्रयोगपारिजाते जातूकर्ण्यः –

द्वितीये वा तृतीये वा मासि पुंसवनं भवेत् । व्यक्ते गर्भे भवेत्कार्यं सीमन्तेन सहाथवा ।।

बृहस्पतिः – **तृतीये मासि कर्तव्यं गृष्टेरन्यत्र शोभनम् । गृष्टेश्चतुर्थे मासे तु षष्ठे मास्यथ वाष्टमे ।।**

सकृत्प्रसूता – गृष्टिः । एतेन प्रतिगर्भमपि भवतीति ज्ञायते ।

पुंसवनसंस्कारनिर्णय

अब पुंसवनसंस्कारबारे विचार गरिन्छ । **प्रयोगपारिजातमा जातूकर्ण्यले** भनेका छन् – गर्भ रहेको दोस्रो वा तेस्रो महिनामा पुंसवनसंस्कार गर्नुपर्दछ अथवा गर्भ स्पष्ट भएपछि सीमन्तोन्नयनसंस्कारका साथ पनि पुंसवन गर्न सकिन्छ । **बृहस्पति** भन्दछन् – प्रथम गर्भधारण गर्ने नारीहरूको पुंसवनसंस्कार तेस्रो महिनामा गर्नुपर्दछ । पहिले बच्चा जन्माएका नारीहरूको पुंसवनसंस्कार चौथो, छैठौं वा आठौं महिनामा गर्न सकिन्छ । **गृष्टेरन्यत्र** भन्ने पदको प्रयोगका आधारमा प्रत्येक गर्भमा पुंसवनसंस्कार गर्नुपर्ने कुरा ज्ञात हुन्छ ।[१३]

बह्वृचकारिकाऽपि – **कर्ता स्याद्देवरस्तस्या यस्याः पत्युरसम्भवः। आवर्तत इदं कर्म प्रतिगर्भमिति स्थितिः।।**

ब्राह्मे– **गर्भाधानादिसंस्कर्ता पतिः श्रेष्ठतमः स्मृतः। अभावे स्वकुलीनः स्याद् बान्धवोऽन्यत्र गोत्रजः।।**

मदनरत्ने सत्यव्रतः–

मृतो देशान्तरगतो भर्ता स्त्री यद्यसंस्कृता। देवरो वा गुरुर्वाऽपि वंश्यो वाऽपि समाचरेत् ।।

हेमाद्रौ यमः – **प्रथमे मासि द्वितीये वा यदा पुंनक्षत्रेण चन्द्रमा युक्तः स्यात्** – इति ।

बह्वृचकारिकामा भनिएको छ – जुन महिनामा पतिको कुनै कारणवश पुंसवनसंस्कारमा उपस्थिति सम्भव हुँदैन

१३. **अथ पुंसवनम् । पुरा स्पन्दते इति मासे द्वितीये तृतीये वा यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहरुपवास्याप्लाव्याहते वाससी परिधाप्य न्यग्रोहावरोहाञ्छुङ्गाँश्च निशायामुदपेषं पिष्ट्वा पूर्ववदासेचनम्, हिरण्यगर्भः० अद्भ्यः सम्भृतः० इत्येताभ्याम्। कुशकण्टकं सोमांशुञ्चैके । कूर्मपित्तं चोपस्थे धृत्वा स यदि कामयेत वीर्यवान् स्यादिति विकृत्यैनमभिमन्त्रयते । सुपर्णोऽसीति प्राग् विष्णुक्रमेण ।** – पारस्करगृह्यसूत्र, प्रथमकाण्ड, १४ कण्ठिका ।

अर्थ – **'पुमान् लब्धो भवति येन तत्पुंसवनम्'** यो व्युत्पत्ति हो । जुन संस्कार गर्नाले गर्भमा रहेको शिशु पुरुषरूपमा परिणत हुन्छ त्यो पुंसवनसंस्कार गर्भ रहेको दोस्रो वा तेस्रो महिनामा गरिन्छ । **पुरा – अग्रे स्पन्दते – चलिष्यति** यस अर्थमा भविष्यकाल बताउने उद्देश्यले **यावत् पुरानिपातयोर्लट्** सूत्रबाट लट्लकार गरिएको छ । गर्भ केही समयपछि चलायमान हुनेछ भन्ने विचारले गर्भको सुरक्षा र पुत्रजननका लागि यो संस्कार गर्नुपर्दछ । त्यसैले गर्भ रहेको दोस्रो वा तेस्रो महिनामा जुन दिन चन्द्रमा पुरुषनक्षत्र अर्थात् पुनर्वसु, पुष्य आदिमा रहेको हुन्छ त्यस दिन गर्भिणी पत्नीलाई स्नान गर्न लगाएर उपवास गराई मातृकापूजा, आभ्युदयिकश्राद्ध आदि कर्म गरेर पत्नीलाई नयाँ र भर्खर धोइएका माथिल्लो अङ्ग र तल्लो अङ्गको वस्त्र गरी दुईथरि वस्त्र धारण गर्न लगाउनुपर्दछ । उपवास गरेका दिनको रातमा वटवृक्षका माथिदेखि भुईतर्फ झुण्डिएका शुङ्ग अर्थात् जराजस्ता अङ्कुरलाई पानीमा पिँध्नुपर्दछ । कसैको मतमा पानीसँग मिसिएको वटांकुरमा कुशको टुँडा र सोमलतासमेत मिलाएर राम्ररी पिँध्नुपर्दछ । त्यसपछि पतिले **हिरण्यगर्भसमवर्तताग्रे० र अद्भ्यः सम्भृतः पृथिव्यैः०** इत्यादि दुई मन्त्र उच्चारण गर्दै पत्नीको दायाँ नाकमा तयार गरिएको वटांकुर आदिको पुष्परसले सेचन गर्नुपर्दछ । यदि पतिले मेरी पत्नीको गर्भमा रहेको बालक वीर्यवान् बनोस् भन्ने कामना गर्दछ भने त्यसले कछुवाको पित्तसहित पानीले भरिएको भाँडो पत्नीको कामेन्द्रियमुनि राखेर **सुपर्णोऽसि०** इत्यादि ऋचा पाठ गर्दै पत्नीको तल्लो पेटमा स्पर्श गरी अभिमन्त्रण गर्नुपर्दछ ।

त्यसबेला गर्भिणीको पुंसवन कर्म तिनका देवरले गर्नुपर्दछ । यस पुंसवन कर्मको प्रत्येक गर्भमा आवृत्ति गर्नुपर्दछ । **ब्रह्मपुराण**मा भनिएको छ – गर्भाधान आदि संस्कारको कर्ता पति नै सर्वोत्तम पात्र हो । पतिको अभावमा कुलीन बान्धव वा सगोत्र व्यक्ति नै पुंसवनका लागि ग्राह्य हुन्छन्। **मदनरत्न**मा **सत्यव्रत**को भनाइ यसप्रकार छ– पति मरेमा वा देशान्तरमा गएमा गर्भिणीको पुंसवनसंस्कार भएको छैन भने देवर, गुरु अथवा आफ्नै वंशको व्यक्तिले पुंसवनसंस्कार गर्नुपर्दछ ।

यस विषयमा **हेमाद्रि**मा उद्‌धृत **यम**को वचन यसप्रकार छ – गर्भधारण गरेको प्रथम वा द्वितीयमहिनामा चन्द्रमा पुरुषनक्षत्रमा गएको अवस्थामा पुंसवनसंस्कार गर्नुपर्दछ ।

वराहः – **हस्तो मूलं श्रवणः पुनर्वसुर्मृगशिरस्तथा पुष्यः। पुंसंज्ञकेषु कार्येष्वेतानि शुभानि धिष्ण्यानि।।**

अनुराधाऽपि पुंनक्षत्रम् । **अनुराधान् हविषा वर्द्धयन्तः** इति श्रुतेः । गर्गोऽपि –

पुन्नामा श्रवणस्तिष्यो हस्तश्चैव पुनर्वसुः। अभिजित्प्रौष्ठपाच्चैव अनुराधा तथाश्वयुक् ।।

नृसिंहः – **रिक्तां पर्व च नवमीं त्यक्त्वा पुंसवने शुभाः ।**

ज्योतिर्निबन्धे वसिष्ठः – **मृत्युश्च सौरेस्तनुहानिरिन्दोर्मृतप्रजा पुंसवने बुधस्य ।**
काकी च बन्ध्या भवतीह शुक्रे स्त्रीपुत्रलाभो रविभौमजीवैः ।।

वराह भन्दछन् – हस्ता, मूल, श्रवण, पुनर्वसु, मृगशिरा र पुष्यजस्ता पुरुषसंज्ञक नक्षत्र पुंसवनकार्यमा शुभ मानिएका छन् । अनुराधालाई पनि – **अनुराधान् हविषा वर्धयन्तः** भनी तैत्तीयब्राह्मणमा **अनुराधान्**पदको प्रयोग भएका कारण पुरुषनक्षत्र नै मानिएको छ । **गर्ग**ले भनेका छन् – श्रवण, पुष्य, हस्ता, पुनर्वसु, अभिजित्, पूर्वभाद्रपदा, उत्तरभाद्रपदा, अनुराधा र अश्विनी पुरुषसंज्ञक नक्षत्र हुन् । **नृसिंह** भन्दछन् – चतुर्थी, नवमी, चतुर्दशीतिथि र पर्व छाडी अरू तिथि पुंसवनका लागि उपयुक्त मानिएका छन् । **ज्योतिर्निबन्ध**मा **वसिष्ठ** भन्दछन् – शनिवार पुंसवनकर्म गर्दा मृत्यु हुन्छ, सोमवार पुंसवन गर्दा शरीरको हानि हुन्छ, बुधवार पुंसवन गर्दा सन्तानको मृत्यु हुन्छ, शुक्रवार पुंसवन गर्दा नारी काकबन्ध्या[१४] बन्दछिन्, रविवार, मङ्गलवार र बृहस्पतिवार पुंसवन गरिएमा पुत्रलाभ हुन्छ ।

अनवलोभनकालनिर्णयः

अनवलोभनस्याप्ययमेव कालः । दीपिकायां तु – **'चतुर्थेऽनवलोभनम्'** इत्युक्तम् ।

अनवलोभनसंस्कारको समयनिर्णय

अनवलोभन[१५] गर्भको रक्षाको लागि गरिने संस्कारको पनि यही समय हो । **दीपिका**मा त चौथो महिनामा नवलोभनसंस्कार गर्नुपर्दछ भनिएको छ ।

१४. पोथी कौवाले एउटा बच्चा पैदा गरेपछि फेरि बच्चा पैदा गर्दैन त्यही छाँटले एउटा बच्चा जन्माएपछि फेरि बच्चा नजन्माउने नारीलाई काकबन्ध्या भनिन्छ । यसको अर्थ पोथी कौवाझैं एउटा बच्चा जन्म दिएपछि बाँझी रहेकी नारी हो । – संस्कृत नेपाली बृहत् शब्दकोश, म.सं.वि., पूर्ववत् ।

१५. गर्भ रहेको दोस्रो, तेस्रो वा चौथो महिनामा गर्भको बालक स्राव वा पातद्वारा लुप्त नहोस्, गर्भिणीले मूर्च्छित तथा अशक्त पनि हुनुनपरोस् भनी गरिने रक्षासंस्कारलाई अनवलोभन भनिन्छ । 'पुमाँस्तु सन् न अवलुप्यते येन तद् अनवलोभनम्' यस व्युत्पत्तिअनुसार यो संस्कार गर्भ रक्षाका लागि गरिन्छ भन्ने कुरा ठम्याउनुपर्दछ । यस संस्कारको चर्चा आश्वलायनगृह्यसूत्र, शौनककारिका, शाङ्खायनगृहसूत्र, स्मृत्यर्थसार आदि ग्रन्थमा गरिएको छ । पुंसवन र अनवलोभन यी दुई संस्कार प्राचीन समयमा एकै दिन सम्पन्न गर्ने प्रचलन थियो । आश्वलायनगृह्यसूत्रअनुसार कुनै बाटुलो घरको छायामा पत्नीको दाया नाकको प्वालमा कुनै हरियो वनस्पतिको रस सेचन गर्नुपर्दछ । यो हरियो वनस्पति भनेको दुबो नै हो । त्यसबेला प्रजावत्० र जीवपुत्र० नामक मन्त्रको उच्चारण गरिन्छ । प्रजापतिलाई पाकेका अन्नको आहुति दिइएपछि पतिले पत्नीको मुटुनजिकै स्पर्श गर्दै प्रजापतिलाई सम्बोधन गर्दै प्रार्थना गर्नुपर्दछ । पत्नीको नाकमा रससेचन गर्नु, पत्नीको मुटुमा स्पर्श गर्नु र भ्रूणरक्षाका लागि देवताहरूको प्रार्थना गर्नुजस्ता कृत्यबाट यस संस्कारको विशिष्ट लक्षण प्रकट हुन्छ । – पी.बी. काणे, पूर्ववत्, पृ. १८८-१८९ ।

सीमन्तकथनम्

अथ सीमन्तः । हेमाद्रौ वैजवापः – **अथ सीमन्तोन्नयनं चतुर्थे पञ्चमे षष्ठे च** इति । वसिष्ठः – **चतुर्थे सप्तमे मासि षष्ठे वाप्यथवाष्टमे** । हेमाद्रौ शङ्खः – **गर्भस्पन्दने सीमन्तोन्नयनम्, यावद्वा न प्रसवः** ।

सीमन्तोन्नयनसंस्कार निर्णय

अब सीमन्तसंस्कारबारे विचार गरिन्छ । **हेमाद्रिमा वैजवापले** भनेका छन् – गर्भधारण गरेको चौथो, सातौं, छैठौं वा आठौं मासमा सीमन्तोन्नयनसंस्कार गर्नुपर्दछ । **हेमाद्रिमा** नै **शङ्ख** भन्दछन् – पेटमा गर्भ चल्न थालेपछि सीमन्तोन्नयनसंस्कार गर्नुपर्दछ अथवा जबसम्म प्रसव हुँदैन तबसम्म कुनै शुभसमयमा सीमन्तोन्नयनसंस्कार गर्नुपर्दछ ।

काष्र्णाजिनिः – **गर्भलम्भनमारभ्य यावन्न प्रसवस्तदा । सीमन्तोन्नयनं कुर्याच्छङ्खस्य वचनं यथा।।** मासश्चात्र सौरः सावनो वा । कालविधाने – **चतुर्थषष्ठाष्टममासभाजिसौरेण गर्भे प्रथमे विधेयम् । सीमन्तकर्म द्विजभामिनीनां मासेऽष्टमे विष्णुबलिं च कुर्यात् ।।** वसिष्ठः – **चतुर्थे सावने मासि षष्ठे वाप्यथ वाष्टमे** । ज्योनिर्निबन्धे नारदः – **अरिक्तापर्वदिवसे कुजजीवार्कवासरे।** कालविधाने – **सीमन्ते तिष्यहस्तादितिहरिशशभृत्पौष्णविध्युत्तराख्या । पक्षच्छिद्रं च रिक्तां पितृतिथिमपहायापराः स्युः प्रशस्ताः ।। अदितिः – पुनर्वसुः।**

काष्र्णाजिनि भन्दछन् – **शङ्खले** भनेझैं गर्भ रहेको कुरा थाहा पाएपछि जबसम्म प्रसव हुँदैन तबसम्म सीमन्तसंस्कार गर्नुपर्दछ । कुन मासमा गर्ने भन्ने प्रश्न हुँदा भनिन्छ कि यो कर्म सौरमास अर्थात् संक्रान्तिमास र सावनमास अर्थात् सूर्योदयदेखि सूर्योदयसम्मको दिन स्वीकार गर्ने मास लिनुपर्दछ । **कालविधानमा** भनिएको छ – द्विजनारीहरूको सीमन्त कर्म सौरमासबाट गर्भधारणदेखि चौथो, छैठौं वा आठौं महिनामा गर्नुपर्दछ[१६] । आठौं महिनामा विष्णुबलि पनि गर्नुपर्दछ।[१७]

१६. सीमन्तोन्नयन – सीमन्तोन्नयनसंस्कार पुंसवनसंस्कारजस्तै कर्म हो । पहिलो गर्भमा प्रथममास, छैठौं मास वा आठौं मासमा यो कर्म गरिन्छ । यस कृत्यमा पनि चन्द्रमा र पुरुष नक्षत्रको योगलाई महत्त्व दिइएको छ । यस्तो योग भएको दिनमा पत्नीलाई उपवास र स्नान गर्न लगाई नयाँ र शुद्ध वस्त्र धारण गराई यो कृत्य आरम्भ गरिन्छ । तिल र मुँग मिसिएको थालीपाक तयार गरी त्यसबाट प्रजापतिको प्रीतिका लागि हवन गर्नुपर्दछ । हवनपछि भद्रपीठमा बसालिएकी गर्भिणी नारीको शिरमा एक जोडा डुम्रीको काँचो फलसहित गुच्छा, तीनदर्भपिञ्जुली, तीन डुम्सीका काँडा, बाँण बनाउने काठको चिर्पट, पीपलबाट तयार गरिएका किलाहरू र पूर्णपात्र सँगै राखी स्त्रीको निधारदेखि लिएर शिखास्थानसम्मको केशलाई दुई भागमा विभक्त गरिन्छ त्यसपछि अग्निस्थापना गरी आठ आज्याहुति दिइन्छ । केशलाई दुई भाग लगाउँदा डुम्रीको काँचो फलको गुच्छा, डुम्सीका तीन काँडा र तीन दर्भपिञ्जुलीको प्रयोग गरिन्छ । यस विषयमा अनेक मत पाइन्छन् । विशेष जानकारीका लागि आकरग्रन्थ हेर्नु उचित हुनेछ ।

१७. क) **विष्णुबलि** – भ्रूणको रक्षा र सजिलै सन्तानको उत्पत्ति गराउने उद्देश्यले विष्णुबलिकर्म गरिन्छ । सर्वप्रथम नान्दीश्राद्ध गरी आज्यभागान्त अग्निहोम गरिन्छ । अग्निको दक्षिणतर्फ कमल वा स्वस्तिक आकारको एउटा वेदी तयार गरी त्यसमा विष्णुका निमित्त घिउ र भातका ६४ आहुति दिने काम गरिन्छ । कसै-कसैले विष्णुलाई आहुति नदिएर अग्निलाई दिने गर्दछन् । यसको विशेष वर्णन तैत्तिरीयसंहिता, ऋग्वेद आदि आकरग्रन्थहरूबाट जान्न सकिन्छ । पारस्करगृह्यसूत्रमा भने विष्णुबलिको उल्लेख गरिएको छैन ।

ख) **सोष्यन्तीकर्म** – सोष्यन्तीकर्मको उल्लेख निर्णयसिन्धुमा गरिएको छैन । तर सीमन्तोन्नयनकर्म सँगसँगै पारस्करले यसको उल्लेख गरेका छन् । यो संस्कार जातकर्मभन्दा पहिले गरिन्छ । बच्चा जन्माउन लागेकी महिलाको संस्कार वा कृत्य भन्ने अर्थमा सोष्यन्तीकर्म प्रसिद्ध छ । जसरी हावाले सरोवर वा तालको पानीलाई चारैतिरबाट चलायमान बनाउँछ त्यसरी नै दशौं महिना लागेपछि गर्भ पनि प्रसूतिमारुतद्वारा चलायमान हुन्छ । 'यो गर्भ सजिलै बाहिर आओस्' इत्यादि अर्थ प्रकट गर्ने ऋग्वेदको ५/७८/७-९ ऋचामा सोष्यन्तीकर्मको तात्पर्य प्रकट गरिएको छ । पारस्करले प्रसववेदनामा परेर आत्तिएकी पत्नीलाई पतिले पानीका छिटा छर्दै शीतलता प्रदान गर्नुपर्ने कुरा बताएका छन् । – पारस्करगृह्यसूत्र, प्रथमकाण्ड, १६औं कण्डिका ।

वसिष्ठले भनेका छन् – चौथो, छैठौं वा आठौं सावन महिनामा सीमन्त गर्नुपर्दछ । त्यहीँ नै भनिएको छ – 'सीमन्तसंस्कारमा पुष्य, हस्ता, पुनर्वसु, श्रवण, मृगशिरा, रेवती, रोहिणी, ३ उत्तरा, पक्षच्छिद्र अर्थात् अष्टमी, षष्ठी, द्वादशी, रिक्ता – चतुर्थी, नवमी र चतुर्दशी, अमावास्या र पिताको मृत्युतिथि छाडेर अरू दिन शुभ हुन्छन् ।' मूलमा प्रयुक्त अदितिशब्दको अर्थ पुनर्वसुनक्षत्र हो ।

पक्षच्छिद्रकथनम्

पक्षच्छिद्रं चाह वसिष्ठः –

चतुर्दशी चतुर्थी च अष्टमी नवमी तथा । षष्ठी च द्वादशी चैव पक्षच्छिद्राह्वयाः स्मृताः ।।

क्रमादेतासु तिथिषु वर्जनीयाश्च नाडिकाः । भूताष्टमनुतत्त्वाङ्कदशशेषास्तु शोभनाः ।।

पक्षच्छिद्र तिथिको परिचय

वसिष्ठ पक्षच्छिद्रको अर्थ स्पष्ट गर्दै भन्दछन् – चतुर्दशी, चतुर्थी, अष्टमी, नवमी, षष्ठी र द्वादशीतिथिलाई पक्षच्छिद्र भनिएको छ । यी तिथिहरूमा अत्यावश्यक कार्य गर्नुपर्दा तल लेखिएका घडी छाडेर गर्नुपर्दछ – चतुर्दशीमा प्रारम्भका ५ घडी, चतुर्थीमा प्रारम्भका ८ घडी, षष्ठीमा प्रारम्भका ९ घडी, अष्टमीमा प्रारम्भका १४ घडी, नवमीमा प्रारम्भका २५ घडी र द्वादशीमा प्रारम्भका १० घडी छाड्नुपर्दछ ।

सीमन्तसंस्कारे तिथ्यादिविचारः

कालनिर्णये – **शुभसंस्थे निशानाथे चतुर्थी च चतुर्दशीम् । पौर्णमासीं प्रशंसन्ति केचित्सीमन्तकर्मणि ।।**

बृहस्पतिः – **पूर्वपक्षः शुभः प्रोक्तः कृष्णश्चान्त्यत्रिकं विना। चतुर्दशी चतुर्थी च शुक्लपक्षे शुभप्रदे।।**

नारदः – **विप्रक्षत्रिययोः कुर्याद्दिवा सीमन्तकर्म तत् । वैश्यशूद्रकयोरेतद्दिवा निश्यपि केचन।।**

वाराः पूर्वोक्ता एव । एतच्च सकृदेव कार्यमिति विज्ञानेश्वरः । **सकृच्च संस्कृता नारी सर्वगर्भेषु संस्कृता** इति देवलोक्तेः। **सकृत्प्रतिगर्भं वा कार्यम्** इति हेमाद्रिः।

सकृच्च कृतसंस्काराः सीमन्तेन द्विजस्त्रियः। यं यं गर्भं प्रसूयन्ते स सर्वः संस्कृतो भवेत् ।।

इति हारीतोक्तेः।

सीमन्तोन्नयनं कर्म न स्त्रीसंस्कार इष्यते । केचिद् गर्भस्य संस्कारात्प्रतिगर्भं प्रयुञ्जते ।।

इति हेमाद्रौ विष्णुवचनाच्च ।

स एव – **स्त्री यद्यकृतसीमन्ता प्रसूयेत कथञ्चन । गृहीतपुत्रा विधिवत्पुनः संस्कारमर्हति ।।**

सीमन्तसंस्कारमा तिथि आदि विचार

कालनिर्णयमा भनिएको छ – कुनै मानिस चन्द्रमा शुभस्थानमा रहेको अवस्थामा सीमन्तकर्मका लागि चतुर्दशी, पूर्णिमा र चतुर्थीको महत्त्व बताउने गर्दछन् । **बृहस्पति** भन्दछन् – सीमन्तसंस्कारमा कृष्णपक्ष शुभ हुन्छ तर कृष्णपक्षका अन्तिम तीनतिथि त्रयोदशी, चतुर्दशी र अमावास्या शुभ हुँदैनन् । शुक्लपक्षमा चतुर्थी र चतुर्दशीमात्र शुभ हुन्छन् ।

नारद भन्दछन् – ब्राह्मण र क्षत्रियको सीमन्तसंस्कार दिनमा गर्नुपर्दछ । वैश्य र शूद्रको दिन र रात दुवैमा गर्न हुन्छ भन्ने कसैको भनाइ छ । वारको विषयमा पहिले चर्चा गरिसकिएको छ । यो कर्म एकपटकमात्र गर्नुपर्छ भन्ने मत विज्ञानेश्वरको छ । देवलले भनेका छन् – एकपटक सीमन्तसंस्कार गरिएकी नारी सबै गर्भका लागि संस्कृत मानिन्छिन् । हेमाद्रिले भने एकपटक अथवा प्रत्येकगर्भमा गर्नुपर्ने विकल्पको व्यवस्था बताएका छन् ।

हारीत भन्दछन् – एकपटक सीमन्तसंस्कारद्वारा संस्कृत भएका जुन द्विजनारीहरूले जुन अरू गर्भ पैदा गर्दछन् ती सबै गर्भसंस्कार सम्पन्न मानिन्छन् । हेमाद्रिमा उद्धृत विष्णुको वचन यसप्रकार छ – सीमन्तकर्म नारीजातिको संस्कार होइन । यो गर्भको संस्कार हो । तसर्थ प्रत्येक गर्भमा यो संस्कार गर्नुपर्दछ । विष्णुले नै फेरि भनेका छन् – सीमन्तसंस्कार नगरी कदाचित् कुनै नारीले बालक जन्माउँछिन् भने पनि तिनको संस्कार गर्नुपर्दछ ।

सीमन्तभोजने प्रायश्चित्तम्

सीमन्ते भोजने प्रायश्चित्तमुक्तं पराशरमाधवीये धौम्येन –

ब्रह्मौदने च सोमे च सीमन्तोन्नयने तथा । जातकर्मनवश्राद्धे भुक्त्वा चान्द्रायणं चरेत् ।।

ऋग्विधाने तु– **अराइवे जपेन्मन्त्रं शतवारं न संशयः। सीमन्ते च यदा भुङ्क्ते मुच्यते किल्विषात्तदा।।** इति ।

सीमन्तसंस्कारमा भोजन गरेमा प्रायश्चित्त

पराशरमाधवीयमा सीमन्तसंस्कारमा भोजन गर्नेहरूका लागि प्रायश्चित्त बताउँदै भनिएको छ – ब्रह्मौदन कर्म, सोमयज्ञ, सीमन्तोन्नयन, जातकर्म र नवश्राद्धमा भोजन गर्दा चान्द्रायणव्रत गर्नुपर्दछ ।

ऋग्विधानमा भनिएको छ – सीमन्तसंस्कारमा भोजन गरेको पापबाट मुक्तिका लागि निम्नलिखित **अरा इवे०** इत्यादि मन्त्र १०० पटक जप्नुपर्दछ – **अरा इवेदचरामा अहव प्रप्र जायन्ते अकवा महोभिः । पृश्नेः पुत्रा उपमासो रभिष्ठाः स्वया मत्या सं मिमिक्षुः ।।** (ऋ.सं.अ. ५, मं. ४, सू. ५८, मं. ५) उक्त मन्त्रको जप गरेपछि भोजनकर्ता सबै पापबाट मुक्त हुन्छ।

गर्भिणीतत्पतिधर्मकथनम्

अथ गर्भिणीतत्पतिधर्माः । वराहः – **सामिषमशनं यत्नात्प्रमदा परिर्जयेदतः प्रभृति ।**

गृह्यकारिका – **अङ्गारभस्मास्थिकपालचुह्लीशूर्पादिकेषूपविशेन्न नारी ।**
सोलूखलाद्ये दृषदादिके वा यन्त्रे तु वाद्ये न तथोपविष्टा ।
नो मार्जनीगोमयपिण्डकादौ कुर्यान्नवारिण्यवगाहनं सा ।
अङ्गारभूत्या न नखैर्लिखेत् क्ष्मां कलिं वपुर्भङ्गमथो न कुर्यात् ।।
नो मुक्तकेशी विवसाथ वा स्याद् भुङ्क्ते न सन्ध्यावसरे न शेते ।
नामङ्गलं वाक्यमुदीरयेत्सा शून्यालयं वृक्षतलं न यायात् ।।

विष्णुधर्मोत्तरे- **कटुतीक्ष्णकषायाणि अत्युष्णलवणानि च। आयासं च व्यवायं च गर्भिणी वर्जयेत्सदा।।**

गर्भिणी र तिनका पतिको धर्म

वराह भन्दछन् – गर्भधारण गर्ने नारीले गर्भाधानदेखि लिएर प्रसवकालसम्म प्रयत्नपूर्वक निरामिष भोजन गर्नुपर्दछ। सामिष भोजन गर्नुहुँदैन । गृहकारिकामा भनिएको छ– अँगार, खरानी, हाड, कपाल, चुलो, नाङ्लो, ओखल, सिलौटो,

ढुङ्गा, वाद्ययन्त्र, कुचो, भुस र सुकेको गोबरको डल्लामाथि गर्भिणीनारी बस्न हुँदैन, गर्भिणीले जलाशयमा डुबेर स्नान गर्न हुँदैन, कालो अँगारले कहीँ पनि केही लेख्नु हुँदैन र नङले जमिनमा लेख्नु हुँदैन, कसैसँग झगडा गर्न हुँदैन र व्यायाम आदिद्वारा शरीरलाई मर्काउनु हुँदैन । गर्भिणीनारीले केश खुला राख्न हुँदैन, कुनै पनि बेला नग्न अवस्थामा रहन हुँदैन, सन्ध्याको बेलामा भोजन र शयन गर्न हुँदैन, मुखबाट अमङ्गल वचन बोल्न हुँदैन र एकान्त-शून्य ठाउँमा एवं रूखको फेदमा जान हुँदैन । **विष्णुधर्मोत्तर**मा भनिएको छ – गर्भिणी नारीले तीतो, पीरो, टर्रो, तातो र नुनिलो पदार्थ खान हुँदैन। उनले कुनै पनि कार्यका लागि परिश्रम गर्नु हुँदैन र गर्भावस्थामा पतिसँग सहवास पनि गर्न हुँदैन ।

हेमाद्रौ कौण्डिन्यः-

मुण्डनं पिण्डदानं च प्रेतकर्म च सर्वशः। न जीवत्पितृकः कुर्यात् गुर्विणीपतिरेव च ।।

मिताक्षरायाम्- **उदन्वतोम्भसि स्नानं नखकेशादिकर्तनम्। अन्तर्वत्न्याः पतिः कुर्वन्न प्रजा जायते ध्रुवम्।।**

पृथ्वीचन्द्रोदये गारुडे – **गयायां पिण्डदानस्य न कदाचिन्निराक्रिया ।** अत्र कालेदाप्रत्ययस्मृतेर्निषिद्धाकालस्यैवापवादो न तु जीवत्पितृगर्भिणीपत्याशौचादिनिमित्तस्य । निमित्तसंयोगस्य कालसंयोगाद् भेदेनापवादाभावात्। अग्निहोत्रवद्यावज्जीवपरत्वाभावात् । अन्यथाशौचेऽपि गयायात्रा श्राद्धं च स्यात् । यत्र निमित्तसंयोगस्यापवादो यथाशौचेऽग्निहोत्रादेः, यथा वा जीवत्पितृकस्यापवादो मातुर्गयान्वष्टकादौ तदेव भवति नान्यदिति सङ्क्षेपः।

हेमाद्रिमा **कौण्डिन्य**ले भनेका छन् – पिता ज्यूँदै भएका व्यक्तिले मुण्डन, पिण्डदान र सम्पूर्ण प्रेतकार्य गर्न हुँदैन । यसैगरी गर्भिणी नारीका पतिले पनि मुण्डन, पिण्डदान र प्रेतकार्य गर्न हुँदैन । **मिताक्षरा**मा भनिएको छ– गर्भिणी नारीका पतिले समुद्रको जलमा स्नान र नङ एवं केश काट्ने काम गरेमा सन्तान जन्मिँदैनन् । जन्मे पनि जीवित रहँदैनन् । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **गरुडपुराण**को वचन यसप्रकार छ – गयामा पिण्डदानको कार्य भने जुनसुकै समयमा पनि गर्न सकिन्छ ।

विमर्श – **गयायां पिण्डदानस्य न कदाचिन् निराक्रिया** यस वाक्यमा रहेको **कदाचित्** पदमा कालको अर्थमा दा प्रत्यय लागेको छ । तसर्थ जुनसुकै कालमा पनि गर्न सकिने भनी कालको अपवाद यहाँ प्रस्तुत गरिएको छ तर पिता ज्यूँदै हुनु, पत्नीले गर्भधारण गर्नु, कुनै आशौच आइलाग्नुजस्ता निमित्तको निषेध अर्थात् अपवाद यो वाक्यले गर्न सक्दैन। कालसंयोग र निमित्तसंयोगमा भेद भएकाले निषेधको अभाव हुन्छ अर्थात् आशौच लाग्छ। पिता ज्यूँदै भएका मानिस र गर्भिणीका पतिले गयाश्राद्ध गर्न हुँदैन । गयाश्राद्ध आदि विषय अग्निहोत्रजस्तै आजीवन गरिने विषय होइनन् । सधैं गयाश्राद्ध गर्न सकिने कुरा मात्रै हो भने आशौचमा पनि गयाश्राद्ध गर्नुपर्ने कुरा आउने छ । कहीँ निमित्तसंयोगको निषेध हुन्छ जस्तै आशौचमा अग्निहोत्र गरिन्छ । अग्निहोत्र आजीवन निरन्तर गरिने विषय भएकाले त्यसलाई सम्पन्न गर्दा आशौच आदि निमित्त बाधक बन्दैनन् । तर जीवत्पितृक व्यक्तिले माताका निमित्त गयाश्राद्ध र अन्वष्टकाश्राद्ध गर्न हुँदैन भन्ने अर्थमा निमित्तजन्य निषेध हुन्छ । यही कुरा बुझ्नुपर्दछ । यसरी हेर्दा खास निमित्त नपरेमा जुनसुकै समयमा गयायात्रा एवं श्राद्ध गर्न हुन्छ भन्ने अर्थ बुझ्नुपर्दछ ।

प्रयोगपारिजाते कश्यपः –

गर्भिणी कुञ्जराश्वादिशैलहर्म्यादिरोहणम् । व्यायामं शीघ्रगमनं शकटारोपणं त्यजेत् ।।

शोकं रक्तविमोक्षं च साध्वसं कुक्कुटासनम् । व्यवसायं दिवास्वापं रात्रौ जागरणं त्यजेत् ।।

मदनरत्ने स्कान्दे –

हरिद्रां कुङ्कुमं चैव सिन्दूरं कज्जलं तथा। कूर्पासकं च ताम्बूलं माङ्गल्याभरणं शुभम्।

केशसंस्कारकबरीकरकर्णविभूषणम् । भर्तुरायुष्यमिच्छन्ती दूरयेद् गर्भिणी नहि ।।

बृहस्पतिः – **चतुर्थे मासि षष्ठे वाऽप्यष्टमे गर्भिणी यदा। यात्रा नित्यं विवर्ज्या स्यादाषाढे तु विशेषतः।।**

याज्ञवल्क्यः– **दौहृदस्याप्रदानेन गर्भो दोषमवाप्नुयात् । वैरूप्यं मरणं वापि तस्मात्कार्यं प्रियं स्त्रियाः।।**

दौहृदम् – गर्भिणीप्रियम् ।

प्रयोगपारिजातमा कश्यपले भनेका छन् – गर्भिणी स्त्रीले हात्ती, घोडा, पर्वत एवं ठूला-ठूला महलमा आरोहण गर्न र मैथुन गर्न हुँदैन । छिटो-छिटो हिँड्न हुँदैन, व्यायाम, आसन आदि गर्न हुँदैन र बयलगाडामा सवारी गर्न हुँदैन अर्थात् अहिलेको समयअनुसार प्रचलित साइकल, मोटरसाइकल, मोटर आदिमा चढी यात्रा गर्न हुँदैन । गर्भिणीले शोक गर्न हुँदैन, शल्यक्रिया वा अन्य कुनै तरिकाबाट शरीरको रगत निकाल्न हुँदैन, साहसका काम गर्न हुँदैन, कुक्कुटासन गर्न हुँदैन, परिश्रम वा उद्योग-व्यवसाय गर्न हुँदैन र दिनमा सुत्न र रातमा जाग्न हुँदैन ।

मदनरत्नमा उद्धृत स्कन्दपुराणको वचन यसप्रकार छ – आफ्नो पतिको आयुको वृद्धि गर्न चाहने कुनै पनि गर्भिणी नारीले सधैं बेसार, कुंकुम, सिन्दूर, गाजल, चोली, ताम्बूल, मङ्गलमय आभूषण, केशसंस्कार, जुडो र हात एवं कानका आभूषण सधैं धारण गर्नुपर्दछ ।

बृहस्पतिले भनेका छन् – गर्भिणी नारीले गर्भधारण गरेको चौथो, छैठौं र आठौं महिनामा यात्रा गर्न हुँदैन। यसो भनिएता पनि आषाढमहिनामा भने कुनै हालतमा पनि यात्रा गर्न हुँदैन ।

याज्ञवल्क्य भन्दछन् – गर्भिणी नारीले चाहना गरेका वस्तु अर्थात् दोहदप्रदान नगर्दा गर्भमा दोष आइलाग्छ। त्यो दोषबाट विरूपता अथवा मृत्यु पनि प्रकट हुनसक्छ । त्यसकारण गर्भिणीको निमित्त दौहृद अथवा दोहद वा दुहद अर्थात् गर्भिणीले गरेको प्रियपदार्थको कामनालाई पूर्ण तुल्याउनु पर्दछ ।[१८]

तत्रैवाश्वलायनः– **वपनं मैथुनं तीर्थं वर्जयेद् गर्भिणीपतिः । श्राद्धञ्च सप्तमान्मासादूर्ध्वं चान्यत्र वेदवित्।।**

श्राद्धं तद्भोजनमिति प्रयोगपारिजातः । कालविधाने मुहूर्तदीपिकायां च –

क्षौरं शवानुगमनं नखकृन्तनं च युद्धादिवास्तुकरणं त्वतिदूरयानम् ।

उद्वाहमौपनयनं जलधेश्च गाहमायुःक्षयार्थमिति गर्भिणिकापतीनाम् ।।

रत्नसङ्ग्रहे गालवः– **दहनं वपनं चैव चौलञ्च गिरिरोहणम्। नाव आरोहणं चैव वर्जयेद् गर्भिणीपतिः।।**

अन्यत्रापि – **प्रव्यक्तगर्भापतिरब्धियानं मृतस्य वाहं क्षुरकर्मसङ्गम् ।**

तस्यां तु यत्नेन गयादितीर्थं यागादिकं वास्तुविधिं न कुर्यात् ।।

प्रव्यक्तगर्भा वनिता भवेन्मासत्रयात्परम्। षण्मासात्परतः सूतिर्नवमेऽरिष्टवासिनी ।।

१८. गर्भिणी नारीमा आफ्नो र गर्भस्थ बालकको समेत गरी दुई हृदय हुन्छन्, त्यसैले उनलाई शास्त्रप्रवर्तकहरूले दौहृदा भन्ने संज्ञा दिएका छन् त्यस्ती दुई हृदया नारीले त्यो अवस्थामा खाने, पिउने, चुस्ने, चाट्ने आदि पदार्थ र लगाउने वस्त्र-आभूषणादि जे-जस्तो वस्तु चाहना गर्दछिन् त्यो अवश्य दिनुपर्दछ । नदिइएको खण्डमा गर्भको बच्चाको मरण नै हुनसक्छ अथवा त्यो बच्चा कुरूपता, अपाङ्गता आदि अनेक दोषद्वारा दूषित हुनसक्छ । – माधवाचार्य, पूर्ववत्, प्रथमभाग, पृ. ४१९ ।

आश्वलायन भन्दछन् – वेदको ज्ञाता गर्भिणीका पतिले केशमुण्डन र मैथुन गर्न हुँदैन । गर्भ सातमहिनाको भएपछि श्राद्ध गर्न हुँदैन तर आफूमात्र एउटा पुत्र भएमा भने श्राद्ध गर्नुपर्दछ । यस विषयमा **प्रयोगपारिजात**मा भनिएको छ – उक्त पद्यको **श्राद्धं वर्जयेत्** भन्ने वाक्यको श्राद्धमा गई भोजन नगरोस् भन्ने तात्पर्य हो, आफूले श्राद्ध नगरोस् भनिएको होइन ।

कालविधान र **मुहूर्तदीपिका**मा भनिएको छ – केशको मुण्डन, शवको अनुगमन, नङ काट्ने कार्य, युद्ध गर्ने कार्य, गृहारम्भ आदि वास्तुविधान, प्रवास वा दूरदेशमा गमन, विवाह, उपनयन र समुद्रस्नान गर्नाले गर्भिणीका पतिहरूको आयु क्षीण हुन्छ। **रत्नसंग्रह**मा उद्धृत **गालव**को भनाइ यसप्रकार छ – गर्भिणीका पतिले कुनै किसिमका वस्तुहरू जलाउने काम गर्न हुँदैन, मुण्डन एवं चूडाकरण गर्न गराउन हुँदैन र पर्वतारोहण एवं डुङ्गा चढ्ने कार्य गर्न हुँदैन ।

अन्यत्र पनि भनिएको छ – जुन नारीको गर्भ स्पष्ट भइसकेको हुन्छ तिनका पतिले समुद्रको यात्रा, मृतकको शव बोक्ने कार्य, मुण्डन, मैथुन, गया आदि तीर्थको यात्रा, यज्ञयाग र गृहारम्भ आदि वास्तुविधि गर्न हुँदैन । नारीको गर्भ तीनमहिनापछि प्रकट हुन्छ, ६ महिनापछि प्रसव हुनसक्छ र सामान्यतया नवौं महिनामा गर्भिणीको सूतिकागृहमा वास हुन्छ ।

सूतिकागृहप्रवेशः

गर्गः – **रौहिण्यैन्दवपौष्णेषु स्वातीवारुणयोरपि । पुनर्वसौ पुष्यहस्तधनिष्ठात्र्युत्तरासु च ।।**

मैत्रे त्वाष्ट्रे तथाश्विन्यां सूतिकागारवेशनम् ।। एतच्च सम्भवे । **प्रसूतिसमये काले सद्य एव प्रवेशयेत्** इति वसिष्ठोक्तेः । तच्च नैर्ऋत्यां कार्यम् । **वारुण्यां भोजनगृहं नैर्ऋत्यां सूतिकागृहम्** इति वसिष्ठोक्तेः ।

विष्णुधर्मोत्तरे– **दशाहं सूतिकागारमायुधैश्च विशेषतः। वह्निना तिन्दुकालातैः पूर्णकुम्भैः प्रदीपकैः।।**

मुसलेन तथा वारिवर्णकैश्चित्रितेन च ।। इति ।

इति गर्भाधानादिसूतिकाप्रवेशान्तविषयनिर्णयात्मकं प्रथमं प्रकरणम्

सुत्केरीको सूतिकागृहमा प्रवेशकाल निर्णय

अब गर्भिणी नारीको सूतिकागृह प्रवेशको विषयमा चर्चा गरिन्छ । **गर्ग**ले भनेका छन् – 'रोहिणी, मृगशिरा, रेवती, स्वाती, शतभिषा, पुनर्वसु, पुष्य, हस्ता, धनिष्ठा, ३ उत्तरा, अनुराधा, चित्रा र अश्विनीनक्षत्रमा गर्भिणीले सूतिकागार अर्थात् सुत्केरी बस्ने घरमा प्रवेश गर्नुपर्दछ ।' तर यो कुरा सम्भव भएसम्मका लागि मात्र हो । **वसिष्ठ**ले भनेका छन् – समयमै गर्भिणीलाई प्रसूतिगृहमा प्रवेश गराउनुपर्दछ । प्रसूतिगृह घरको नैर्ऋत्यभागमा बनाउनुपर्दछ। फेरि उनै भन्दछन् – घरको पश्चिमपट्टि भान्छाघर बनाउनुपर्दछ भने नैर्ऋत्यकोणमा सूतिकागार बनाउनुपर्दछ ।

विष्णुधर्ममा भनिएको छ – गर्भिणी सूतिकागारमा प्रवेश गरेपछि सूतिकागृहलाई शस्त्र–अस्त्रले विशेषरूपमा सजाउनुपर्दछ। अग्नि, तेंदुको अर्थात् पश्चिम नेपालमा तिजु वा खल्लुक भनिने वृक्षको दाउराको भुङ्ग्रो, जलले परिपूर्ण कलश, बत्ती, विभिन्न रंगमा रंगिएका र जलले भरिएका जलपात्र, मुसल र अनेकथरिका चित्रले सूतिकागारलाई सजाउनु पर्दछ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको गर्भाधानदेखि सूतिकाप्रवेशसम्मका कृत्यहरूको निर्णयमा आधारित प्रथम प्रकरण पूरा भयो

अथ जातकर्मादिनामकर्मान्तविषयनिर्णयात्मकं द्वितीयं प्रकरणम्

जातकर्म

अथ जातकर्म । पारिजाते वसिष्ठः – **श्रुत्वा जातं पिता पुत्रं सचैलं स्नानमाचरेत् ।**

मनुः – **प्राङ्नाभिवर्द्धनात्पुंसो जातकर्म विधीयते । वर्द्धनम् – छेदनम् ।**

हेमाद्रौ वैजवापः– **जन्मनोऽनन्तरं कार्यं जातकर्म यथाविधि। दैवादतीतकालं चेदतीते सूतके भवेत्।।**

जातकर्मविचार

अब जातकर्मको विषयमा निरूपण गरिन्छ । **पारिजातग्रन्थ**मा उद्धृत **वसिष्ठ**को वचनमा भनिएको छ– 'पिताले पुत्र जन्मिएको थाहा पाउनासाथ सचैलस्नान अर्थात् लगाएका लुगासहित स्नान गर्नुपर्दछ ।' यस वचनको तात्पर्य पिता जुन अवस्थामा हुन्छ त्यसले त्यसै अवस्थामा वस्त्रसहित स्नान गर्नुपर्दछ भन्ने हो ।

मनुले भनेका छन् – नाल काट्नुभन्दा पहिले नै जातकर्म गर्नुपर्दछ । नाल काटेपछि मात्र सूतक लाग्दछ । ग्रन्थकार भन्दछन् – उक्त पद्यमा प्रयुक्त **नाभिवर्धनम्** पदको अर्थ नालछेदन गर्नु हो ।

हेमाद्रिमा **वैजवाप**ले भनेका छन् – बालकको जन्मपछि विधिअनुसार जातकर्म गर्नुपर्दछ । दैवगत्या समय बितेमा अर्थात् निश्चित समयमा जातकर्म गर्न नपाइएमा सूतक सकिएपछि जातकर्म गर्नुपर्दछ ।[१९]

पृथ्वीचन्द्रोदये विष्णुधर्मे – **अच्छिन्ननाभि कर्तव्यं श्राद्धं वै पुत्रजन्मनि ।** पुत्रपदेन कन्यापि गृह्यते। तदाह तत्रैव कार्ष्णाजिनिः –

प्रादुर्भावे पुत्रपुत्र्योर्ग्रहणे चन्द्रसूर्ययोः । स्नात्वाऽनन्तरमात्मीयान् पितॄन् श्राद्धेन तर्पयेत् ।।

एतच्च रात्रावपि कार्यम् । **पुत्रजन्मनि यात्रायां शर्वर्यां दत्तमक्षयम्** इति । तत्रैव व्यासोक्तेः ।

वैजवापः – **जातमात्रकुमारस्य जातकर्म विधीयते । स्तनप्राशनतः पूर्वं नाभिकर्तनतोऽपि वा ।।**

एतेन नैमित्तिकमपीदं जातेष्टिवदाशौचान्ते कार्यमिति शङ्का परास्ता । **जाते कुमारे पितॄणामामोदात्पुण्यं तदहः** इति हारीतोक्तेश्च ।

पृथ्वीचन्द्रोदय र **विष्णुधर्म**मा भनिएको छ – पुत्रजन्म अर्थात् पुत्र शब्दले कन्या पनि लिइन्छ त्यसमा नाल नकाट्दै श्राद्ध गर्नुपर्दछ । (एउटा पुत्रको जातकर्म गरेपछि दोस्रो सन्तान जन्मिएमा जातकर्म अलग–अलग गर्नुपर्दछ, श्राद्ध भने एउटै गरे हुन्छ ।) यसबारे **कार्ष्णाजिनि**ले भनेका छन् – छोरा र छोरीको जन्म समयमा र सूर्य एवं चन्द्रमाको ग्रहणमा स्नान गरेपछि

१९. तैत्तिरीयसंहिता, बृहदारण्यकोपनिषद्, आश्वलायनगृह्यसूत्र, पारस्करगृह्यसूत्र, शाङ्खायनगृह्यसूत्र आदिमा जातकर्मसंस्कारको विस्तृत निरूपण गरिएको छ । गृह्यसूत्रहरूमा बताइएका विधिहरूमा एकरूपता पाइँदैन । पारस्करले नाल काट्नुभन्दा पहिले जातकर्म गर्नुपर्ने कुरा बताएका छन् । निर्णयसिन्धुमा पनि पारस्करकै मतलाई महत्त्व दिइएको छ । यस संस्कारका होम, मेधाजनन, आयुष्य, अंसाभिमर्शन, माताको अभिमन्त्रण, पञ्चब्राह्मणस्थापन, स्तनप्राशन, देवाभिमन्त्रण, गुप्तनामकरण, भूतादिनिःसारणजस्ता मुख्य कृत्य हुन् । मेधाजननका लागि सुवर्णमण्डित अनामिका अङ्गुलिद्वारा बालकलाई **भूः भुवः स्वः** व्याहृति उच्चारण गर्दै मह र घिउ चटाउनुपर्ने कुरा र बालकका दायाँ कान वा नाभिमा आयुष्यजननका लागि आयुष्यमन्त्र पढ्नुपर्ने कुरा **पारस्कर**ले बताएका छन् । विशेष जानकारी त्यहींबाट लिन सकिन्छ । – **पारस्करगृह्यसूत्र**, प्रथमकाण्ड, सोह्रौं कण्डिका एवं **धर्मशास्त्र का इतिहास**, प्रथम भाग, पृ. १९३–१९४ ।

आफ्ना पितृहरूको निमित्त श्राद्ध गर्नुपर्दछ । यस्तो श्राद्ध गर्दा रात्रिको समय छ भने पनि वर्जित हुँदैन ।

पृथ्वीचन्द्रोदयमा नै व्यासले भनेका छन् – पुत्रजन्म हुँदा र यात्राको अवसरमा रातको समयमा गरिएको श्राद्धले अक्षय फल प्रदान गर्दछ । **वैजवाप** भन्दछन् – 'छोरा वा छोरी जन्म हुँदा स्तनपान एवं नालच्छेदनभन्दा पहिले जातकर्म गर्नुपर्दछ ।' यो भनाइबाट यो कर्म नैमित्तिक भएकाले जातेष्टिझैं आशौचान्तमा पनि गर्नुपर्दछ भन्ने शंका परास्त भएको छ। किनकि हारीत भन्दछन् – कुमार वा कुमारी पैदा भएपछि पितृगण रमाउने हुँदा त्यो दिन पुण्यदिन बन्दछ ।

आमश्राद्ध-हेमश्राद्धविधानम्

अत्र श्राद्धमामेन हेम्ना वा कार्यमित्युक्तम् । पृथ्वीचन्द्रोदये आदित्यपुराणे – **जातश्राद्धे न दद्यात्तु पक्वान्नं ब्राह्मणेष्वपि** इति ।

हेमाद्रिस्तु – **पुत्रजन्मनि कुर्वीत श्राद्धं हेम्नैव बुद्धिमान् । न पक्वे न चामेन कल्याणान्यभिकामयन्।।** इति संवर्तोक्तेर्हेम्नैवेत्याह ।

काँचो अन्नद्वारा आमश्राद्ध र सुवर्णद्वारा हेमश्राद्ध

पुत्रजन्मको उपलक्ष्यमा गरिने श्राद्ध आमान्न अथवा सुवर्णद्वारा गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदयमा आदित्यपुराणको** वचन उद्धृत गर्दै भनिएको छ – पुत्रोत्पत्तिको समयमा पक्वान्नद्वारा श्राद्ध गर्न हुँदैन र ब्राह्मणलाई पनि पक्वान्न खुवाउन हुँदैन। (**प्रचेताले** भनेका छन् – स्त्री, शूद्र एवं श्वपचले आमान्नद्वारा पार्वणविधिले श्राद्ध गर्नुपर्दछ ।)

हेमाद्रि भन्दछन् – पुत्रजन्म हुँदा कल्याण चाहने बुद्धिमान् मानिसले पाकेको अन्न वा काँचो अन्न दुवैको प्रयोग गर्नु हुँदैन, अपितु सुवर्णद्वारा नै श्राद्ध गर्नुपर्दछ । **संवर्तको** पनि यस्तो भनाइ पाइएको हुँदा सुवर्णश्राद्ध नै सर्वोत्तम उपाय हो ।

जननाशौचे मरणाशौचे च विचारः

एतच्च जननाशौचे मरणाशौचे च कार्यमित्याह मिताक्षरायां प्रजापतिः –

आशौचे तु समुत्पन्ने पुत्रजन्म यदा भवेत् । कर्तुस्तात्कालिकी शुद्धिः पूर्वाशौचेन शुद्ध्यति ।।

केचित्तु – **मृताशौचस्य मध्ये तु पुत्रजन्म यदा भवेत् । आशौचापगमे कार्यं जातकर्म यथाविधि।।** इति स्मृतिसङ्ग्रहोक्तेराशौचान्ते कार्यमित्याहुः । स्मृत्यर्थसारेऽपि विकल्प उक्तः ।

जननाशौच र मरणाशौचमा पुत्रजन्म भएमा विचार

मिताक्षरामा प्रजापतिले भनेका छन् – पुत्रजन्म हुँदा गरिने श्राद्ध जननाशौच र मरणाशौच यी दुवै आशौच परेमा पनि गर्नुपर्दछ । उनी फेरि भन्दछन् – जब आशौचकालमा पुत्रजन्म हुन्छ त्यसबेला पुत्रको पिता आशौचबाट मुक्त हुन्छ । तसर्थ उक्त श्राद्ध गर्ने अधिकारी बन्दछ । मरणाशौचको बीचमा पुत्रजन्म भएमा आशौच सकिएपछि मात्र यथाविधि श्राद्ध गर्नुपर्दछ भन्ने **स्मृतिसङ्ग्रहको** भनाइ पाइएकाले आशौच सकिएपछि मात्र पुत्रजन्मका लागि गरिने श्राद्ध गर्नुपर्छ भन्ने कुरा केही मानिसले बताएका छन् । **स्मृत्यर्थसारमा** पनि आशौच परेमा आशौचको अन्तमा श्राद्ध गर्नुपर्ने विकल्प देखाइएको छ ।[२०]

२०. **'प्राङ्नाभिवर्धनात् पुंसो जातकर्म विधीयते'** भनिएको हुँदा नाल (नाभि) काट्नुभन्दा अगाडि जातकर्म गर्नुपर्छ, सो कर्मसँग सम्बन्धित वा जातकर्मका अङ्ग मानिएका नान्दीश्राद्ध, स्वर्णमधुघृतप्राशनादि जति पनि कर्म छन् ती सबै मरणाशौच परिरहेको अवस्थामा पनि गर्नुहुन्छ, मरणाशौचले रोकिँदैन । आशौच सकिने बेलासम्म नाल नकाटीकन राख्नु शास्त्रसम्मत र व्यावहारिक पनि नहुने भएकाले आशौचको अन्तमा पुत्रजन्मनिमित्तक श्राद्ध गर्नुपर्ने कुराको जुन विकल्प स्मृत्यर्थसारमा दिइएको छ त्यो सर्वसम्मत होइन ।

मृद्वादिनक्षत्रेष्वेव जातकर्मकथनम्

मृदुध्रुवचरक्षिप्रभेष्वेषामुदयेषु च । गुरौ शुक्रेऽथवा केन्द्रे जातकर्म च नाम च ।।

मृदु आदि नक्षत्रमा जातकर्मविधान

मृदुनक्षत्र – मृगशिरा, चित्रा, अनुराधा र रेवतीनक्षत्रलाई मृदुनक्षत्र भनिन्छ । ध्रुवनक्षत्र – रोहिणी, उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदनक्षत्रलाई ध्रुवनक्षत्र भनिन्छ । चरनक्षत्र – पुनर्वसु, स्वाती, श्रवण, धनिष्ठा र शतभिषानक्षत्रलाई चरनक्षत्र भनिन्छ । क्षिप्रनक्षत्र – अश्विनी, पुष्य, हस्ता, कृत्तिका र विशाखानक्षत्रलाई क्षिप्रनक्षत्र भनिन्छ । उक्त चारवर्गअन्तर्गतका नक्षत्रहरूको उदयमा गुरु एवं शुक्र लग्नका केन्द्रवर्ती भएको अवस्थामा जातकर्म र नामकर्मसंस्कार गर्नुपर्दछ । दारुणनक्षत्र– आर्द्रा, मूल, ज्येष्ठा र अश्लेषा, उग्रनक्षत्र – पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपद, मघा र भरणीनक्षत्र भएमा जातकर्म र नामकर्मसंस्कार गर्न हुँदैन ।

मृदु-ध्रुव-दारुणादिनक्षत्रलक्षणनिरूपणम्

मृद्वादिलक्षणमाह श्रीधरः –

रोहिण्युत्तरभं स्थिरं गिरिशमूलेन्द्रोरगा दारुणं क्षिप्रं नाश्विदिनेशपुष्यमनलेन्द्राग्नी तु साधारणम्।
उग्रं पूर्वमघान्तकं मृदुगति त्वाष्ट्रान्त्यमैत्रं चरं विष्णुस्वातिशतोडुवस्वदितयः कुर्युः स्वसंज्ञाफलम्।।

अत्र सर्वत्र जातकर्मनामकर्मादावुक्तकालातिक्रमे नक्षत्रादिकं ज्ञेयम् ।

देशकालोपघाताद्यैः कालातिक्रमणं यदि । अनस्तगेऽज्येन्दुसिते तत्कार्यं चोत्तरायणे ।।

इति मदनरत्ने नारदोक्तेः ।

बृहस्पतिरपि– **मुख्यालाभे विधिज्ञेन विधिश्चिन्त्योऽप्रमादतः। नक्षत्रतिथिलग्नानां विचार्यैवं पुनः पुनः।।**

सूतके सन्ध्यादौ विशेषं वक्ष्यामः ।

मृदु-ध्रुव-दारुण आदि नक्षत्रका लक्षण

श्रीधरले मृदु आदि नक्षत्रको लक्षण बताउँदै भनेका छन् – 'रोहिणी र ३ उत्तरा स्थिरनक्षत्र भएकाले यिनलाई ध्रुव भनिन्छ । आर्द्रा, मूल, ज्येष्ठा र अश्लेषा कठोर नक्षत्र भएकाले यिनलाई दारुण भनिन्छ । अश्विनी, हस्ता, पुष्य, कृत्तिका र विशाखाको गति तीव्र भएकाले यिनलाई क्षिप्रनक्षत्र भनिन्छ । यी साधारण नक्षत्र हुन् । ३ पूर्वा, मघा र भरणी उग्र भएकाले यिनलाई उग्रनक्षत्र भनिन्छ । चित्रा, रेवती, अनुराधा र मृगशिरा मृदु गतिमा गतिशील हुने नक्षत्र भएकाले यिनलाई मृदुनक्षत्र भनिन्छ । श्रवण, स्वाती, शतभिषा, धनिष्ठा र पुनर्वसु यी चरस्वभावका नक्षत्र भएकाले यिनलाई चरनक्षत्र भनिन्छ । सबै वर्गका नक्षत्रहरूले आ–आफ्नो स्वभावअनुसार फल प्रदान गर्दछन् ।' ग्रन्थकार भन्दछन् – यहाँ जातकर्म, नामकर्म आदिमा कालको अतिक्रमण हुँदा नक्षत्रहरूको स्वभाव बुझेर कर्मसम्पादन गर्नुपर्दछ भनिएको छ ।

मदनरत्नमा नारद भन्दछन् – 'देश, काल एवं दुष्ट उपद्रव आदि कारणबाट जातकर्मको मुख्य समय अतिक्रमण भएमा श्रीसूर्य उत्तरायणमा जाँदा, बृहस्पति, शुक्र एवं चन्द्रमा अस्त नभएको समयमा जातकर्मसंस्कार गर्नुपर्दछ ।' यस विषयमा बृहस्पतिको भनाइ यसप्रकार छ – मुख्य समयको लाभ हुन नसकेमा विधि जान्ने मानिसले तिथि, नक्षत्र एवं लग्नको राम्ररी विचार गरी प्रमादबाट मुक्त भएर उक्त विधि अपनाउनु पर्दछ । सूतकमा सन्ध्या गर्नुपर्छ पर्दैन भन्ने विषयमा पछि बताइने छ ।

जन्मनि दुष्टकालाः

अथ जन्मनि दुष्टकालाः । तत्र गण्डान्तः । ज्योतिर्निबन्धे नारदः -

पूर्णानन्दाख्ययोस्तिथ्योः सन्धिर्नाडीद्वयं तथा । गण्डान्तं मृत्युदं जन्मयात्रोद्वाहव्रतादिषु ।।

कुलीरसिंहयोः कीटचापयोर्मीनमेषयोः । गण्डान्तमन्तरालं स्याद् घटिकार्द्धं मृतिप्रदम् ।।

सार्पेन्द्रपौष्णभेष्वन्त्यषोडशांशो भसन्धयः । तदग्रभेष्वाद्यपादा भानां गण्डान्तसंज्ञकाः ।।

जन्मसमयमा दुष्टकाल

जन्म हुँदा अशुभ समयको विषयमा विचार गरिँदैछ । **गण्डान्त** - अशुभ समयमध्ये एउटा अशुभ समय गण्डान्त पनि हो । **ज्योतिर्निबन्ध**मा गण्डान्तको विषयमा **नारद**ले आफ्नो मत यसरी प्रकट गरेका छन्- नन्दा अर्थात् षष्ठी, एकादशी, प्रतिपदा र पूर्णा अर्थात् पञ्चमी, दशमी र पूर्णिमा यी दुवैथरि तिथिहरूको सन्धिसमयका २ घडीलाई गण्डान्त भनिन्छ । पञ्चमी र षष्ठी, दशमी र एकादशी, पूर्णिमा र प्रतिपदाका ३ जोडा हुन्छन् । पञ्चमीको समाप्तिको एकघडी र षष्ठीको आरम्भको एकघडी गरी यी दुईघडीलाई गण्डान्त भनिन्छ । यसैगरी अरू जोडाहरूको विषयमा पनि जान्नुपर्दछ। यो गण्डान्त जन्म, विवाह, व्रत आदिमा मृत्युदायक हुन्छ । यसैगरी कर्क र सिंह, वृश्चिक र धनु, मीन र मेषका मध्यका आधा घडीलाई पनि गण्डान्त भनिएको छ । यो गण्डान्त पनि शुभकार्यमा मृत्युदायक हुन्छ । यसमा पनि कर्क एवं सिंहको युग्म, वृश्चिक एवं धनुको युग्म र मीन एवं मेषको युग्म गरी तीनयुग्म हुन्छन् । कर्कको अन्तिम १५ पला र सिंहको सुरुको १५ पला गरी ३० पला अर्थात् आधा घडी गण्डान्त हो । यसैगरी अरू युग्मको पनि स्वरूप बुझ्नुपर्दछ । पुनश्च अश्लेषा, ज्येष्ठा र रेवतीका अन्तिम १६ घडी र तीपछि आउने क्रमशः मघा, मूल र अश्विनीका १-१ घडी पनि गण्डान्त कहलाउँछन् ।

रत्नमालायाम् - **पौष्णाश्विन्योः सार्पपित्र्यर्क्षयोश्च यच्च ज्येष्ठामूलयोरन्तरालम् ।**
तद् गण्डान्तं स्याच्चतुर्नाडिकं हि यात्राजन्मोद्वाहकालेष्वनिष्टम् ।।

रत्नसङ्ग्रहे नवनीतारिष्टे -

सर्वेषां गण्डजातानां परित्यागो विधीयते । वर्जयेद्दर्शनं श्रावं तच्च षाण्मासिकं भवेत् ।।

तिथ्यर्क्षगण्डे पितृमातृनाशो लग्ने तु सन्धौ तनयस्य नाशः ।
सर्वेषु नो जीवति हन्ति बन्धून् जीवन्पुनः स्याद्बहुवारणाश्वः ।।

रत्नमालामा भनिएको छ - रेवती, अश्लेषा, मघा, ज्येष्ठा र मूलनक्षत्रका बीचका चार-चार घडी गण्डान्त मानिएका छन् । उक्त नक्षत्रहरूका गण्डान्तमा, जन्म, विवाह र यात्रा अनिष्टदायक हुन्छन् ।

रत्नसंग्रह र नवनीतारिष्टमा भनिएको छ - गण्डान्तमा जन्म लिने सबै बालबालिकाको परित्याग गर्नुपर्दछ। ६ महिनासम्म तिनीहरूलाई हेर्न हुँदैन र तिनीहरूको बोलीसमेत सुन्नु हुँदैन । तिथि र नक्षत्रबाट हुने गण्डान्तमा बालक पैदा भएमा त्यसले बाबु-आमाको नाश गर्दछ । लग्नको सन्धिमा हुने गण्डान्तमा जन्म लिने बालककै नाश हुन्छ । जसको जन्मकालमा तिथि र लग्नका गण्डान्त हुन्छन् त्यो बालक बाँच्दैन र त्यसका बन्धुहरूको पनि नाश हुन्छ । ईश्वरकृपाले

त्यस्तो बालक बाँच्न समर्थ भयो भने त्यो अनेक हात्ती र घोडाको मालिक भई ऐश्वर्यसम्पन्न व्यक्तिका रूपमा प्रसिद्ध हुन्छ।

तिथिगण्डादिभेदेन अनडुहादिदानकथनम्

अथैषां दानमुत्तरगार्ग्ये –

तिथिगण्डे त्वनड्वाहं नक्षत्रे धेनुरुच्यते । काञ्चनं लग्नगण्डे तु गण्डदोषो विनश्यति ।।
उत्तरे तिलपात्रं स्यात्पुष्ये गोदानमुच्यते । अजाप्रदानं त्वाष्ट्रे स्यात्पूर्वाषाढे तु काञ्चनम् ।।
उत्तरापुष्यचित्रासु पूर्वाषाढोद्भवस्य च । कुर्याच्छान्तिं प्रयत्नेन नक्षत्राकारजं बुधः ।।

तिथि गण्डादि भेदका दृष्टिबाट दानविचार

उत्तरगार्ग्यमा गण्डान्तदानको विषयमा भनिएको छ – तिथिगण्डान्तमा गोरुदान गर्नुपर्दछ, नक्षत्रगण्डान्तमा गाईदान गर्नुपर्दछ र लग्नगण्डान्तमा सुवर्णदान गर्नुपर्दछ । यसो गर्दा गण्डदोषको नाश हुन्छ । उत्तराफाल्गुनी, उत्तराषाढा र उत्तराभाद्रपदनक्षत्रको गण्डान्तमा तिलपात्रदान गर्नुपर्दछ । पुष्यनक्षत्रबाट भएको गण्डान्तमा गाईदान गर्नुपर्दछ । चित्रानक्षत्रको गण्डान्तमा बाख्रोदान गर्नुपर्दछ । पूर्वाषाढानक्षत्रबाट भएको गण्डान्तमा सुवर्णदान गर्नुपर्दछ । तीनउत्तरा, पुष्य, चित्रा र पूर्वाषाढाबाट हुने गण्डान्तदोष निवारण गर्न ती नक्षत्रहरूको आकार बनाई बुद्धिमान् मानिसले शान्ति गर्नुपर्दछ ।

शिशुजन्मनि नराकारचक्रे अश्लेषायाः स्थितिः

अथाश्लेषाफलम् – **मूर्द्धास्यनेत्रगलकांसयुगं च बाहुहृज्जानुगुह्यपदमित्यहिदेहभागः ।**
बाणाद्रिनेत्रहुतभुच्छ्रुतिनागरुद्रषण्नन्दपञ्चशिरसः क्रमशस्तु नाड्यः ।।
राज्यं पितृक्षयो मातृनाशः कामक्रियारतिः । पितृभक्तो बली स्वघ्नस्त्यागी भोगी धनी क्रमात् ।।

अश्लेषामा शिशुको जन्म हुँदा नराकारचक्रमा त्यसको स्थिति

अब अश्लेषामा जन्म हुँदा हुने फलको विषयमा विचार गरिन्छ । अश्लेषाको नराकार चक्र बनाउनुपर्दछ । मस्तक, मुख, आँखा, घाँटी, दुवै काँध, दुवै भुजा, हृदय, घुँडा, गुह्य र पाउ यी अश्लेषाका शरीरका भाग हुन् । क्रमशः पाँचघडी, सातघडी, दुईघडी, तीनघडी, चारघडी, एघारघडी, छघडी, नौघडी र पाँचघडी पूर्वोक्त अङ्गहरूमा क्रमशः रहन्छन्। जस्तै – अश्लेषाको नराकार चक्रको शिरमा पाँचघडी, मुखमा सातघडी, आँखामा दुईघडी, घाँटीमा तीनघडी, दुवै काँधहरूमा चारघडी, दुवै भुजाहरूमा आठघडी, हृदयमा एघारघडी, घुँडाहरूमा छ घडी, गुह्यमा नौघडी र खुट्टाहरूमा पाँचघडी रहन्छन् ।

शिरमा रहेको अवस्थामा बालकको जन्म भएमा राज्यप्राप्ति हुन्छ, मुखमा रहेको अवस्थामा बालकको जन्म भएमा पिताको नाश हुन्छ, आँखामा रहेको अवस्थामा बालकको जन्म भएमा माताको नाश हुन्छ, घाँटीमा रहेको अवस्थामा बालकको जन्म भएमा पछि गएर त्यसको कामक्रियामा आसक्त हुन्छ, दुवै काँधमा रहेको अवस्थामा जन्मेको बालक पितृभक्त हुन्छ, दुवै भुजामा रहेको अवस्थामा जन्मिने बालक बलवान् हुन्छ, हृदयमा रहेको अवस्थामा जन्मिने बालक आत्मघाती हुन्छ, घुँडामा रहेको अवस्थामा जन्मिने बालक त्यागी हुन्छ, गुह्यमा रहेको अवस्थामा जन्मिने बालक भोगी हुन्छ र चरणमा रहेको अवस्थामा जन्मिने बालक धनी हुन्छ ।

ज्येष्ठाफलम्

ज्येष्ठाफलं ब्रह्मयामले- ज्येष्ठादौ जननीमाता द्वितीये जननीपिता। तृतीये जननीभ्राता स्वयं माता चतुर्थके।।

आत्मानं पञ्चमं हन्ति षष्ठे गोत्रक्षयो भवेत् । सप्तमे चोभयकुलं ज्येष्ठं भ्रातरमष्टमे ।।

नवमे श्वशुरं हन्ति सर्वं हन्ति दशांशके ।। इति ।

ज्येष्ठामा जन्मिने बालकको फल

ब्रह्मयामलमा ज्येष्ठानक्षत्रमा जन्मिएका शिशुको फल बताउँदै भनिएको छ – ज्येष्ठानक्षत्रको प्रायः ६० घडीको समयलाई १० भाग लगाउँदा प्रत्येक भागमा ६ घडीको समय हुन्छ । ज्येष्ठाका उक्त १० भागमध्ये प्रथम भागमा जन्मिएमा बच्चाकी मातामहीको नाश हुन्छ । दोस्रो भागमा जन्मिएमा मातामहको नाश हुन्छ, तेस्रो भागमा जन्मिएमा मामाको नाश हुन्छ, चौथो भागमा जन्मिँदा बच्चाकै आमाको नाश हुन्छ, पाँचौं भागमा जन्मिएमा बच्चाकै नाश हुन्छ, छैठौं भागमा जन्मिएमा वंशकै नाश हुन्छ, सातौं भागमा जन्मिएमा बच्चाको मातृकुल एवं पितृकुल दुवैको नाश हुन्छ, आठौं भागमा बालकले जन्म लिएमा जेठो दाजुको नाश हुन्छ, नवौं भागमा बालकको जन्म भएमा बच्चाको भावी ससुराको मृत्यु हुन्छ र दसौं भागमा जन्म लिएमा सर्वनाश हुन्छ ।

मूलफलम्

अथ मूलफलम् । भल्लाटः –

अभुक्तमूलसम्भवं परित्यजेत्तु बालकम् । समाष्टकं पिताऽथवा न तन्मुखं विलोकयेत् ।।

तदाद्यपादके पिता द्वितीयके जनन्यथ । धनक्षयस्तृतीयके चतुर्थकः शुभावहः ।।

प्रतीपमन्त्यपादतः फलं तदेव सार्पभे ।।

मूलनक्षत्रमा जन्म र त्यसको फल

अब मूलनक्षत्रमा बालकबालिका जन्म हुँदा हुने परिणामबारे विचार गरिन्छ । **भल्लाट**ले भनेका छन् – अभुक्तमूल अर्थात् ज्येष्ठाको अन्तिम घडी र मूलको प्रारम्भका दुईघडीमा उत्पन्न बालकलाई माता–पिताले त्याग्नुपर्दछ अथवा बच्चाको पिताले त्यसको उमेर आठवर्ष पूरा नहुँदासम्म मुख हेर्नुहुँदैन । मूलनक्षत्रको प्रथमचरणमा बालकको जन्म भएमा पिताको मृत्यु हुन्छ । द्वितीयचरणमा जन्म भएमा माताको मृत्यु हुन्छ । तृतीयचरणमा बालकको जन्म भएमा धनको नाश हुन्छ । चतुर्थचरणमा बालकको जन्म भएमा शुभफलदायक हुन्छ । अश्लेषाको अन्तिमभागको फल नै मूलको चौथो भागको फल हुन्छ । माथि अश्लेषाको प्रसङ्गमा बताइएको पद्यको अन्तिम चरणमा **त्यागी भोगी धनी क्रमात्** भनिएअनुसार अश्लेषाको अन्तिम भागको फल बालक भविष्यमा धनी हुने बताइएको छ । तदनुसार यहाँ पनि **चतुर्थकः शुभावहः** अर्थात् अन्तिम पाउ शुभदायक हुन्छ भनी लेखिएको हो ।

अभुक्तमूलकथनम्

अभुक्तमूलं त्वाह वृद्धवसिष्ठः –

ज्येष्ठान्ते घटिका चैका मूलादौ घटिकाद्वयम् । अभुक्तमूलमित्याहुस्तत्र जातं शिशुं त्यजेत् ।।

केचिज्ज्येष्ठान्त्यं मूलाद्यं च पादमभुक्तमूलमाहुः । कश्यपसंहितायां त्वन्यथोक्तम् –

मूलाद्यपादजो हन्ति पितरं तु द्वितीयजः । मातरं स्वां तृतीयोऽर्थान् सुहृदं तत्तुरीयजः ।।
फलं तदेव सार्पर्क्षे प्रतीपं त्वन्त्यपादतः ।।

अभुक्तमूलको परिचय

वृद्धवसिष्ठले भनेका छन् – ज्येष्ठाको अन्तिम एकघडी र मूलनक्षत्रको प्रारम्भका दुईघडीलाई अभुक्तमूल भनिन्छ । अभुक्तमूलमा पैदा भएका बालकको त्याग गर्नुपर्दछ । कसैले ज्येष्ठाको अन्तिम चरण र मूलको प्रथमचरणलाई अभुक्तमूल भनेका छन् । कश्यपसंहितामा अर्कै किसिमबाट फल बताउँदै भनिएको छ – मूलको पहिलो चरणमा पैदा भएको बालकले पिताको नाश गर्दछ । दोस्रो चरणमा पैदा भएकाले माताको नाश गराउँदछ । तेस्रो चरणमा जन्मिएको बच्चाले धननाश गराउँछ र चौथो चरणमा जन्मिएको बच्चाले मित्रहरूको नाश गर्दछ । यही फल अश्लेषाको अन्तिम चरणको पनि जान्नुपर्दछ ।

मूलवृक्षकथनम्

मूलवृक्षः । जयार्णवे –

मूलं स्तम्भं त्वचा शाखा पत्रं पुष्पं फलं शिखा । वेदाश्च मुनयश्चैव दिशश्च वसवस्तथा ।।
नन्दा बाणा रसा रुद्रा मूलभेदः प्रकीर्तितः ।। मूले मूलविनाशाय स्तम्भे हानिर्धनक्षयः ।।
त्वचि भ्रातृविनाशाय शाखा मातुर्विनाशकृत् । पत्रे सपरिवारः स्यात्पुष्पेषु नृपवल्लभः ।।
फलेषु लभते राज्यं शिखायामल्पजीवितम् ।। अन्यत्र त्वन्यथोक्तम् –
मूले सप्तघटीषु मूलहननं स्तम्भेऽष्टसु स्वक्षयम्, त्वग्दिग्बन्धुविनाशनञ्च विटपे रुद्रैर्हतो मातुलः।
पत्रेऽर्कैः सुकृती, तु बाणकुसुमे मन्त्री फले सागरै राजा वह्निशिखाल्पमायुरिति तन्मूलाङ्घ्रिपे स्यात्फलम्।।

मूलवृक्षनिरूपण

अब मूलवृक्षको विषयमा विचार गरिन्छ – जयार्णवग्रन्थमा बताएअनुसार – मूलवृक्षका जरा, काँध, बोक्रा, हाँगा, पात, फूल, फल र टुप्पो गरी अङ्गविभाजन गरिएको छ । प्रायः ६० घडी मूलका प्रथम चारघडी मूलवृक्षको जरामा रहेका हुन्छन् त्यसपछिका सातघडी काँधमा रहेका हुन्छन् त्यसपछिका १० घडी बोक्रामा रहन्छन् त्यसपछिका आठघडी हाँगामा रहन्छन् त्यसपछिका ९ घडी पातहरूमा रहन्छन् त्यसपछिका ५ घडी फूलहरूमा रहन्छन् त्यसपछिका ६ घडी फलहरूमा रहन्छन् र अन्तिमका ११ घडी टुप्पामा रहन्छन् ।

जरामा रहेको मूलले वंशको जरो नै काट्दछ, काँधमा रहेको मूलले हानि हुन्छ र धनको नाश पनि, बोक्रामा रहेको मूलले दाजु–भाइको नाश गराउँदछ, हाँगामा रहेको मूलले आमाको नाश गराउँछ, पातहरूमा रहेको मूलले परिवारको नाश गराउँछ, फूलमा रहेको मूलले बालकलाई राजाको प्यारो बनाउँछ, फलहरूमा रहेको मूलले राज्यप्राप्ति गराउँछ र टुप्पामा रहेको मूलले अल्पायु बनाउँछ ।

अन्यत्र भने अर्कै प्रकारबाट फलनिर्देश गरिएको छ – मूलको ७ घडीमा जन्म हुँदा वंशको जरो नै समाप्त हुन्छ । काँधका ८ घडीमा आफ्नै नाश हुन्छ । बोक्रामा रहेको १० घडी मूलले बन्धुविनाश हुन्छ । हाँगामा ११ घडी रहँदा मामाको नाश

हुन्छ । पातहरूमा १२ घडी रहँदा पुण्य र शीलको नाश हुन्छ । फूलमा ५ घडी रहँदा राज्यका मन्त्रीको नाश हुन्छ । फलमा ७ घडी रहँदा राजाको नाश हुन्छ र टुप्पामा ३ घडी रहँदा जन्मेको बच्चा अल्पायु हुन्छ। यो मूलवृक्षको फल हो ।[२१]

भूपालवल्लभः - वृषालिसिंहेषु घटे च मूलं दिविस्थितं युग्मतुलाङ्गनान्त्ये ।
पातालगं मेषधनुःकुलीरनक्रेषु मर्त्येष्विति संस्मरन्ति ।।

---

२१. मूलनक्षत्रमा पैदा भएका बालकको स्वस्ति-शान्ति गर्ने विधि पारस्करगृह्यसूत्रको गदाधरकृत व्याख्यामा यसरी बताइएको छ– 'अथातो मूलविधिं व्याख्यास्यामः । मूलांशे प्रथमे पितुर्नेष्टो द्वितीये मातुस्तृतीये धनधान्ययोः, चतुर्थे कुलशोकावहः स्वयम् पुण्यभागी स्यात् । मूलनक्षत्रे मूलविधानं कुर्यात् । सर्वौषध्या सर्वगन्धैश्च संयुक्तं तत्र उदकुम्भं कृत्वा वस्त्रगन्धपुष्परत्नसमन्वितं श्वेतसिद्धार्थकुसुमयुक्तं कुर्यात् । तस्मिन् रुद्रान् जपित्वा प्रतिरथं रक्षोहणं च सूक्तम् । द्वितीयोदकुम्भं कृत्वा चतुःप्रस्रवणसंयुतं तस्मिन् उपरिष्टान्मूलानि धारयेत् वंशपात्रे कृत्वा वस्त्रे बद्ध्वा । तस्मिन् प्रधानानि मूलानि वक्ष्यामि हिरण्यमूलं सप्तधान्यानि प्रथमाः काश्मर्या, सहदेवी, अपराजिता, बालापाठाऽधोपुष्पी, शङ्खपुष्पी, मधुयष्टिका, चक्रांकिता, मयूरशिखा, काकजङ्घा, कुमारीद्वयम्, जीवन्ती, अपामार्गः, भृङ्गराजः, लक्ष्मणा, जाती, व्याघ्रपत्रः, चक्रमर्दकः, सिद्धेश्वराश्वत्थौदुम्बरम्, पलाशप्लक्षवटार्कदूर्वारौहितकशमीशतावरीत्येवमादि मूलशतं पूरयित्वा । तस्मिन् निषिद्धानि मूलानि वक्ष्यामि - वैल्वधवनिम्बकदम्बराजवृक्षौक्षशालाप्रयालुदधिकपित्थकोविदारश्लेष्मान्तकविभीतकशाल्मलीररलुसर्वकण्टकवर्जम् । तत्राभिषेकं कुर्यात् । पितुः शिशोः, जनन्याः देवस्यत्वेति । तत्रासीनान् सम्पातेनाभिषिञ्चति । शिरसो मेऽध्यनुलोमं शिरो मे श्रीर्यश इति। यथा लिङ्गमङ्गानि सम्मृजति । ततः स्नानादूर्ध्वं नैर्ऋतं पायसं श्रपयित्वा आघाराज्यभागौ हुत्वा 'असुन्वन्तः०' इति चतस्रः स्थालीपाकेन जुहुयात्, पञ्चदश आज्याहुतीर्जुहोति कृणुष्वपाज इति पञ्च मानस्तोके इति, द्वे यातेरुद्र इति, षड् अग्निं रक्षा इति, ततः, गौः कृष्णाः तिला हिरण्यमयमूलं सप्तधान्यसहितं आचार्याय दद्यात् । कृष्णोऽनड्वान् ब्रह्मणे दद्यात् । अन्येभ्यो ब्राह्मणेभ्यो सुवर्णं दद्यात् । कृसरपायसेन ब्राह्मणान् भोजयेत् । - पारस्करगृह्यसूत्र, १६ औं कण्डिकाको गदाधरव्याख्या ।

अर्थ – अब हामी मूलनक्षत्रमा पैदा भएका बच्चाको स्वस्ति-शान्ति विधि बताउँछौं । मूलको प्रथमचरण पिताका निमित्त अशुभकारक हुन्छ । द्वितीयचरण माताका निमित्त अशुभकारक हुन्छ । तृतीयचरण धनधान्यको नाशक हुन्छ । चतुर्थचरण कुलका निमित्त शोकदायक हुन्छ तर बालकका निमित्त भने पुण्यदायक बन्दछ । मूलनक्षत्रमा पैदा भएका बालकको मूलविधानद्वारा स्वस्ति-शान्ति गर्नुपर्दछ। सर्वप्रथम पूर्वाङ्गका सबै कर्म गरी सर्वौषधि र सर्वगन्धले पूर्ण जल-कलश तयार गर्नुपर्दछ । त्यसमा वस्त्र, चन्दन, पुष्प र रत्न मिसाई सेतो सर्स्यूँका पुष्प राखिदिनुपर्दछ । रुद्रसूक्त, प्रतिरथसूक्त र रक्षोहणसूक्त पढ्दै विधिवत् कलशको प्रतिष्ठा गर्नुपर्दछ । त्यसपछि दोस्रो कलशको स्थापना गर्नुपर्दछ । त्यस कलशको मुखभागका चार दिशामा कलशको जल बग्ने साना-साना प्वाल वा धाराको आकार बनाउनुपर्दछ । त्यस कलशमाथि बाँसको पात्रमा वस्त्रले बाँधिएका जडिबुटीका मूलहरू राख्नुपर्दछ । क्रमशः– मूलवृक्षको जराको आकारमा सुवर्णनिर्मित जरा, सप्तधान्य, जौ, गहुँ, धान, मुँगी, माष, प्रियंगु अर्थात् दयालो र चना राख्नुपर्दछ । फेरि खमारी, सहदेवी अर्थात् सुनटिकी वृक्षका जरा राखिदिनुपर्दछ । तदनन्तर अपराजिता, जयन्ती, विष्णुकान्ता, घिउकुमारी, गानेगुर्जो, हलहले झार, शङ्खपुष्पी, मधुयष्टिका अर्थात् उखु अथवा जेठिमधु, चक्राङ्किता अर्थात् नागरमोथे, मयूरशिखा अर्थात् सहस्रजरी, काकजङ्घा अर्थात् रातिगेडीको जरा, जीवन्ती अर्थात् गुर्जो, अपामार्ग, भृङ्गराज, लक्ष्मणा अर्थात् सेतो कण्टकारी, जाती अर्थात् चमेली, व्याघ्रपत्र अर्थात् रातो अँडेर, चक्रमर्दक अर्थात् चकौंदे, सिद्धेश्वर अर्थात् चाडे फूल, अश्वत्थ अर्थात् पीपल, औदुम्बर अर्थात् डुम्री, पलाश, प्लक्ष अर्थात् पाँखरी, वट अर्थात् वर, अर्क अर्थात् आँक, दुर्वा अर्थात् दुबो, रौहितक अर्थात् रातो गुराँस, शतावरी अर्थात् कुरिलो इत्यादि सय किसिमका जडिबुटीका जरा कलशमा राख्नुपर्दछ। बेल, धव अर्थात् धयारों अथवा धाइरो, निम्ब अर्थात् नीम, कदम्ब अर्थात् कदम, राजवृक्ष, दही, कपित्थ अर्थात् कैथ, कोविदार अर्थात् कोइरालो, श्लेष्मान्तक अर्थात् लप्सी, विभीतक अर्थात् वर्रो, शाल्मली अर्थात् सिमल, अरलु अर्थात् ऐंसेलु आदि काँडादार वृक्ष-वनस्पतिको प्रयोग गर्न हुँदैन । उक्त कलशका जलले देवायत्वा० इत्यादि मन्त्र पढी बालक र माता-पिताको अभिषेक गर्नुपर्दछ । त्यहाँ बसेका बन्धु-बान्धवहरूको पनि अभिषेक गर्नुपर्दछ । त्यसपछि स्थालीपाक तयार गरी अग्निस्थापना गरेर आघाराज्यहोम गर्नुपर्दछ । असुन्वन्तः० मन्त्रले स्थालीपाकका चार आहुति दिनुपर्दछ । कृणुष्वपाजः० मन्त्रले घिउको १५ आहुति दिनुपर्दछ । मानस्तोके०ले पाँच आहुति, यातेऽग्ने० मन्त्रले दुई आहुति र अग्ने रक्ष०ले ६ आहुति दिनुपर्दछ । सप्तधान्यसहित गाई, कालो तिल, सुवर्णमय मूलवृक्षको जरा आचार्यलाई ब्रह्मालाई कालो गोरु र अरू ब्राह्मणलाई सुनदान गर्नुपर्दछ । त्यसपछि कृसर अर्थात् खिचडीद्वारा ब्राह्मणभोजन सम्पन्न गर्नुपर्दछ।

स्वर्गे मूले भवेद्राज्यं पाताले च धनागमम् । मृत्युलोके यदा मूलं तदा शून्यं समादिशेत् ।।

वसिष्ठः – नैर्ऋत्यभोद्भूतसुतः सुता वा क्षिप्रादवश्यं श्वशुरं निहन्ति ।
तदन्त्यपादे जनितो नहन्ति तस्योत्क्रमेणाहिभवे कलत्रम् ।।
सुरेशताराजनिता धवाग्रजं द्विदैवताराजनिता तु देवरम् ।
पुरन्दरर्क्षे जनितः सुतस्तथा स्वस्याग्रजं हन्ति न पुत्रिका यदि ।।

प्रयोगपारिजाते– मूलजा श्वशुरं हन्ति व्यालजा च तदङ्गनाम्। माहेन्द्रजाग्रजं हन्ति देवरं तु द्विदैवजा।।

भूपालवल्लभले भनेका छन् – वृष, वृश्चिक, सिंह र कुम्भराशिमा चन्द्रमा हुँदा मूल द्युलोकमा रहन्छ । मिथुन, तुला, कन्या र मीनमा चन्द्रमा रहँदा मूल पातालमा बस्दछ । चन्द्रमा मेष, धनु, कर्क र मकरमा रहँदा मूल पृथ्वीमा रहेको हुन्छ । मूल द्युलोक अर्थात् स्वर्गमा रहेको बेला जन्म भएमा राज्यप्राप्ति हुन्छ, पातालमा रहँदा धनप्राप्ति हुन्छ र मृत्युलोकमा रहँदा सर्वनाश हुन्छ ।

वसिष्ठले भनेका छन् – मूलनक्षत्रमा उत्पन्न पुत्र एवं कन्याले ससुराको नाश गर्दछन्, मूलको अन्त्यपादमा उत्पन्न पुत्र एवं कन्याले सासूको नाश गर्दैनन् । यसको विपरीत फल अश्लेषामा हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ । ज्येष्ठानक्षत्रमा उत्पन्न कन्याले जेठाजुको नाश गर्दछिन्, विशाखामा उत्पन्न कन्याले देवरको नाश गर्दछिन् । ज्येष्ठानक्षत्रमा उत्पन्न कुमारले आफ्ना दाजुको नाश गर्दछ र ज्येष्ठामा जन्मिएकी कन्याले भने आफ्ना दिदी बहिनीको नाश गर्दिनन् । **प्रयोगपारिजातमा** भनिएको छ – मूलनक्षत्रमा पैदा भएकी कन्याले ससुराको नाश गर्दछिन् । अश्लेषामा पैदा भएकी कन्याले सासुको नाश गर्दछिन् । ज्येष्ठामा उत्पन्न कन्याले जेठाजुको नाश गर्दछिन् र विशाखामा उत्पन्न कन्याले देवरको नाश गर्दछिन् ।

नृसिंहप्रसादे – धवाग्रजं हन्ति सुरेन्द्रजाता तथैव पत्न्या भगिनीं पुमांश्च ।
द्विदैवजा देवरमाशु हन्याद् भार्यानुजामाशु निहन्ति सूनुः ।।
पत्न्यग्रजामग्रजं वा हन्ति ज्येष्ठर्क्षजः पुमान् । तथा भार्यास्वसारं वा शालकं वा द्विदैवजः ।।
कन्यका देवरं हन्ति विशाखान्त्यसमुद्भवा । आद्यपादत्रये नैव आद्यभे तु पुमान् भवेत् ।।
न हन्याद्देवरं कन्या तुलामिश्रा द्विदैवजा । तदृक्षान्त्योद्भवा वर्ज्या दुष्टा वृश्चिकपुच्छवत् ।।
चित्राद्यर्द्धे पुष्यमध्ये द्विपादे पूर्वाषाढाधिष्ण्यपादे तृतीये ।
जातः पुत्रश्चोत्तरार्द्धे विधत्ते मातापित्रोर्भ्रातरं बालनाशम् ।।[२२]
द्विमासं चोत्तरादोषः पुष्ये चैव त्रिमासकः । पूर्वाषाढाष्टमे मासि चित्रा षाण्मासिकं फलम् ।।
नवमासं तथाऽश्लेषा मूले चाष्टकवर्षकम् । ज्येष्ठा पञ्चदशे मासि पुत्रदर्शनवर्जिता ।।
वसिष्ठः – व्यतीपातेऽङ्गहानिः स्यात्परिघे मृत्युमादिशेत्। वैधृतौ पितृहानिः स्यान्नष्टेन्दावन्धतां व्रजेत्।।
मूले समूलनाशः स्यात्कुलनाशो धृतौ भवेत् । विकृताङ्गश्च हीनश्च सन्ध्ययोरुभयोरपि ।।
पर्वण्यपि प्रसूतौ च सर्वारिष्टभयप्रदः । तद्वत्सदन्तजातश्च पादजातस्तथैव च ।।
विपरीतप्रसूतौ तु नाभिनालेन वेष्टितः । राष्ट्रस्य नृपतेश्चैव स्वस्यापि च विनाशकः ।।
तस्माच्छान्तिं प्रकुर्वीत ग्रहाणां क्रूरचेतसाम् ।।

२२. पित्रोर्भ्रातुः स्वस्य चापि प्रणाशम् – यस्तो पाठान्तर पाइन्छ ।

नृसिंहप्रासादमा भनिएको छ – ज्येष्ठानक्षत्रमा उत्पन्न कन्याले जेठाजुको नाश गर्दछिन् भने ज्येष्ठामा उत्पन्न कुमारले पत्नीका दिदी र भिनाजुको नाश गर्दछ । विशाखामा उत्पन्न कन्याले देवरको नाश गर्दछिन् भने कुमारले सालीको नाश गर्दछ ।

विशाखाको अन्तिमचरणमा पैदा भएकी कन्याले देवरको नाश गर्दछिन् । प्रथम, द्वितीय र तृतीयचरणमा जन्मिएकी हुन् भने कुनै दोष लाग्दैन । तुला राशिसँग मिश्रित विशाखानक्षत्रमा जन्मिएकी कन्याले देवरको नाश गर्दिनन् तर विशाखाको अन्तिमचरणमा जन्मिएकी कन्या भने विच्छीसमान दुष्ट हुन्छिन् । त्यस्ती कन्याको त्याग गर्नुपर्दछ । चित्रानक्षत्रको आधा भाग, पुष्यको बीचको दुईपाउ, पूर्वाषाढाको तेस्रो पाउ वा उत्तरार्धमा उत्पन्न पुत्रले माता–पिता, दाजु र भाइको नाश गर्दछ ।

तीनउत्तरामा पैदा भएको बालक दुईमहिनासम्म दोषी हुन्छ, पुष्यमा पैदा भएको बालक तीनमहिनासम्म दोषी हुन्छ, पूर्वाषाढामा पैदा भएको बालक आठमहिनासम्म दोषी हुन्छ, चित्रानक्षत्रमा पैदा भएको बालक छमहिनासम्म दोषी हुन्छ, अश्लेषामा पैदा भएको बालक नौमहिनासम्म दोषी हुन्छ, मूलमा पैदा भएको बालक आठवर्षसम्म दोषी हुन्छ र ज्येष्ठामा पैदा भएको बालक पन्ध्रमहिनासम्म दोषी हुन्छ । ती–ती नक्षत्रमा पैदा भएका बालकको दर्शन गर्न ती–ती अवधिसम्म निषेध गरिएको छ ।

वसिष्ठले भनेका छन् – व्यतीपातयोगमा बालकको जन्म भएमा अङ्गहानि हुन्छ, परिघमा मृत्यु हुन्छ, वैधृतिमा पितृहानि हुन्छ, चन्द्रमा नदेखिने कुहू नामक अमावास्यामा जन्म भएमा बालक अन्धो हुन्छ ।[२३]

मूलमा बालक जन्मिएमा त्यसको समूलनाश हुन्छ, वैधृतिमा वंशनाश हुन्छ, दुवै सन्ध्यामा जन्मिने बालक हीनाङ्ग र विकृताङ्ग हुन्छ, अमावास्या आदि पर्वमा बालक पैदा भएमा सबै किसिमका अनर्थका साथै भय प्राप्त हुन्छ, दाँतसहित नै पैदा भएको सन्तान, पहिले खुट्टा बाहिर निकाली पैदा भएको सन्तान र विपरीतप्रसूति भई नाभिमा नालवेष्टित भई पैदा भएको सन्तान यी सबैले राष्ट्र, राजा र आफ्नोसमेत नाश गर्दछन् । त्यसकारण क्रूरस्वभावका ग्रह एवं योगहरूको शान्ति गर्नुपर्दछ ।

गर्गः – **कृष्णां चतुर्दशीं षोढां कुर्यादादौ शुभं स्मृतम् । द्वितीये पितरं हन्ति तृतीये हन्ति मातरम् ।।**
चतुर्थे मातुलं हन्ति पञ्चमे वंशनाशनम् । षष्ठे च धननाशः स्यादात्मनो वंशनाशनम् ।।
तस्मात्सर्वप्रयत्नेन शान्तिं कुर्याद्विधानतः ।

गर्गले भनेका छन् – सर्वप्रथम कृष्णपक्षको चतुर्दशीलाई छ भाग लगाउनुपर्दछ । त्यसको पहिलो भागमा बालक शुभदायक हुन्छ, दोस्रो भागमा जन्म हुँदा पिताको नाश हुन्छ, तेस्रो भागमा जन्म हुँदा माताको नाश हुन्छ, चौथो भागमा जन्म हुँदा मामाको नाश हुन्छ, पाँचौं भागमा जन्मँदा वंशनाश हुन्छ र छैठौं भागमा जन्म लिँदा धननाश र आत्मनाश पनि हुन्छ । त्यसकारण कृष्णपक्षको चतुर्दशीमा पैदा भएका सन्तानको दोषनिवारण गर्न सबै किसिमका प्रयत्न गरी विधिपूर्वक स्वस्ति–शान्ति गर्नुपर्दछ ।

पित्रोर्नक्षत्रे जन्मदोषकथनम्

अथ पित्रोर्नक्षत्रे जन्मदोषः । तत्र देवकीर्तिः –

यद्येकस्मिन् धिष्ण्ये जायन्ते दुहितरोऽथ वा पुत्राः । पितुरन्तकरा ह्येते यद्यपरे प्रीतिरतुला स्यात् ।।

गर्गः – **एकस्मिन्नेव नक्षत्रे भ्रात्रोर्वा पितृपुत्रयोः । प्रसूतिश्च तयोर्मृत्युर्भवेदेकस्य निश्चितम् ।।**

२३. दृष्टचन्द्रा सिनीवाली नष्टचन्द्रा कुहुः स्मृता – यो भनाइअनुसार चतुर्दशीविद्धा अमावास्यामा चन्द्रमा देखिने भएकाले त्यसलाई सिनीवाली भनिन्छ, प्रतिपद्विद्धा अमावास्यामा चन्द्रमा नदेखिने हुँदा त्यसलाई कुहू भनिन्छ । कसैसँग विद्ध नभएको अवस्थामा त्यो तिथि विशुद्ध अमावास्या कहलाउँछ ।

माता-पिताको नक्षत्रमा बालकजन्मको दोष

पिता र माताको जन्मनक्षत्रमा जन्मिने बालक दोषी हुन्छ । देवकीर्तिले भनेका छन् – माता वा पिताको नक्षत्रम जन्म लिने कन्या वा पुत्रले माता-पिताकै नाश गर्दछन् । परन्तु फरक फरकनक्षत्रमा जन्म लिने ती सबै सन्तान माता-पिताका प्रीतिपात्र बन्दछन् । गर्गले भनेका छन् – दाजु-भाइ अथवा पिता-पुत्र एउटै नक्षत्रमा जन्मिएका भए तीमध्ये एउटाको निश्चित नै मृत्यु हुन्छ ।

ग्रहणकालप्रसूतौ विचारकथनम्

शौनकः – ग्रहणे चन्द्रसूर्यस्य प्रसूतिर्यदि जायते । व्याधिपीडा तदा स्त्रीणामादौ तु ऋतुदर्शनात् ।।
इत्थं सञ्जायते यस्यास्तस्या मृत्युर्न संशयः ।।

ग्रहणसमयमा जन्म र त्यसको दुष्प्रभाव

शौनकले भनेका छन् – सूर्य वा चन्द्रमाको ग्रहण लाग्दा सन्तान पैदा भएमा नारीहरूलाई ऋतुकालभन्दा पहिले व्याधिजन्य ठूलो पीडा हुन्छ । यसरी जुन नारीले व्याधि-पीडा व्यहोर्नुपर्दछ तिनको निश्चित नै मृत्यु हुन्छ ।

ग्रहणकालप्रसवशान्तिः

शान्तिस्तु – तदृक्षाधिपते रूपं सुवर्णेन प्रकल्पयेत् । सूर्यग्रहे सूर्यरूपं हैमं चन्द्रं तु राजतम् ।।
राहुरूपं प्रकुर्वीत नागेनैव विचक्षणः । त्रयाणां चैव रूपाणां स्थापनं तत्र कारयेत् ।।
आ कृष्णेन, आप्यायस्व, स्वर्भानो, इति पूजामन्त्राः । नक्षत्रदेवतायास्तन्मन्त्रेण । नागः– सीसम् ।
सम्पूज्य तु यजेत्सूर्यं समिद्भिश्चार्कसम्भवैः । चन्द्रग्रहे च पालाशैर्दूर्वाभी राहुमेव च ।।
समिद्भिर्ब्रह्मवृक्षस्य भेशाय जुहुयाद् बुधः । आज्येन चरुणा चैव तिलैश्च जुहुयात्ततः ।।
पञ्चगव्यैः पञ्चरत्नैः पञ्चत्वक्पञ्चपल्लवैः । जलैरोषधिकल्कैश्च अभिषेकं समाचरेत् ।।
मन्त्रैर्वारुणसम्भृतैरापो हि ष्ठादिभिस्त्रिभिः । इमं मे गङ्गे पुरतस्तत्त्वायामीति मन्त्रकैः ।।
यजमानस्ततो दद्याद् भक्त्या प्रतिकृतित्रयम् ।।

ग्रहणकालमा प्रसव भएमा शान्ति

ग्रहणबाट हुने दोषको शान्तिका लागि जुन ग्रहको ग्रहण परेको छ त्यसको सुवर्णप्रतिमा तयार गर्नुपर्दछ । वस्तुतः सूर्यग्रहण भए सूर्यको सुवर्णमूर्ति र चन्द्रग्रहण भए चन्द्रमाको चाँदीको मूर्ति तयार गराउनुपर्दछ । माथि सूर्यग्रहणमा सूर्यको मूर्ति र चन्द्रग्रहणमा चन्द्रमाको मूर्ति स्थापना गर्नुपर्दछ भनिए पनि सूर्य-चन्द्रका साथै राहुको मूर्ति पनि स्थापित गर्नुपर्दछ। राहुको रूप सीसाद्वारा तयार गर्नुपर्दछ । सूर्य-चन्द्रमा एवं राहुको प्रतिमा स्थापित गरी ती प्रतिमाहरूको पूजा गर्दा प्रयोग गरिने मन्त्र यसप्रकार छन् –

सूर्यपूजामन्त्र – **आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च । हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ।।** – ऋ. १/३६/२ । चन्द्रपूजामन्त्र – **आप्यायस्व समेतु ते विश्वतः सोमवृष्ण्यम् । भवा वाजस्य सङ्गथे।।** – ऋ. १/९१/१६, ९/३१/४ । राहुपूजामन्त्र – **स्वर्भानोरध यदिन्द्र माया अवो दिवा वर्त्तमाना अवाहन् । गूहं सूर्यं तमसापव्रतेन तुरीयेण ब्रह्मणाविन्ददत्रिः ।।** – ऋ. ५/४०/६ ।

नक्षत्रका देवताहरूको पूजा र तिनकै मन्त्रद्वारा सूर्य, चन्द्रमा एवं राहुको पूजा गरेपछि बुद्धिमान् मानिसले सूर्यग्रहणको दोषमा आँकको समिधा, चन्द्रग्रहणको दोषमा पलाशको समिधा, राहुको दोषमा दूर्वाङ्कुर र नक्षत्रका स्वामीहरूका लागि पीपलको समिधाद्वारा हवन गर्नुपर्दछ । त्यसपछि चरु, घ्यू र तिलद्वारा हवन गरेर पञ्चगव्य अर्थात् गाईको गहुँत, गोबर, दूध, दही र घ्यू मिलाएर तयार गरिएको पवित्रतासाधक पेय, पञ्चरत्न अर्थात् हीरा, मोती, मुगा, नीलमणि र पुष्पराज अथवा सुन, चाँदी, मोती, रेवडी र मुगा अथवा सुन, हीरा, मोती, नीलमणि र पुष्पराज, पञ्चत्वचा अर्थात् पीपल, डुम्री, पाँकरी, आँप र वरका त्वचा एवं विभिन्न औषधिका गुदीबाट तयार गरिएको जलमिश्रित रसायनबाट तल लेखिएका वरुणसंज्ञकमन्त्रहरूको उच्चारण गर्दै अभिषेक लिनुपर्दछ ।

वरुणसंज्ञकमन्त्र – **इमं मे वरुण श्रुधी हवमद्या च मृडय । त्वामस्युरा चके ।। त्वं विश्वस्य मेधिर दिवश्च ग्मश्च राजसि । स यामनि प्रति श्रुधि ।। उदुत्तमं मुमुग्न्धि नो वि पाशं मध्यमं चृत । अवाधमानि जीवसे ।।** इत्यादि ऋ. १/२५/१९-२१ । **इमं मे गङ्गे यमुने सरस्वति शुतुद्रि स्तोमं सचता परुष्ण्या । असिक्न्या मरुद्वृधे वितस्तयार्जीकीये शृणुह्या सुषोमया ।।** – ऋ. १०/७५/५ । **तत्त्वा यामि ब्रह्मणा वन्दमानस्तदा शास्ते यजमानो हविर्भिः । अहेडमानो वरुणेह बोध्युरुशंस मा न आयुः प्रमोषीः।।** – ऋ. १/२४/११ । उक्त मन्त्रहरूद्वारा अभिषेक लिएपछि यजमानले सूर्य आदिका मूर्तिहरूको दान गर्नुपर्दछ।

अकालप्रसूतिविचारः

मात्स्ये – **अकालप्रसवा नार्यः कालातीतप्रजास्तथा । विकृतप्रसवाश्चैव युग्मप्रसवकास्तथा ।।**
अमानुषा अमुण्डाश्च अजातव्यञ्जनास्तथा । हीनाङ्गा अधिकाङ्गाश्च जायन्ते यदि वा स्त्रियः ।।
पशवः पक्षिणश्चैव तथैव च सरीसृपाः । विनाशं तस्य देशस्य कुलस्य च विनिर्दिशेत् ।।
निर्वासयेत्ता नगरात्ततः शान्तिं समाचरेत् ।।

अकालमा र अस्वाभाविक रूपमा बालकको जन्म भएमा स्वस्ति-शान्ति

मत्स्यपुराणमा भनिएको छ – जुन नारीहरू अकालमा बच्चा पैदा गर्दछन्, जसले प्रसव हुनुपर्ने समयभन्दा पछि बच्चा पैदा गर्दछन्, जसले विकृत रूप र आकारका बच्चा पैदा गर्दछन्, जसले प्रायः जुम्ल्याहा बच्चा पैदा गर्दछन्, जसले मनुष्येतर प्राणीको आकारका बच्चा पैदा गर्दछन्, जसले अङ्ग-उपाङ्ग स्पष्ट नभएका बच्चा पैदा गर्दछन्, जसले हीनाङ्ग र अधिकाङ्ग भएका बच्चा पैदा गर्दछन्, जसले पशु-पक्षी र सर्प पैदा गर्दछन् ती नारीहरूको अलच्छिन प्रसवका कारण त्यस देशको नाश हुन्छ र जुन कुलका ती नारी हुन्छन् त्यस कुलको पनि नाश हुन्छ । यस्ता नारीलाई देशबाट बाहिर पठाई स्वस्ति-शान्ति गर्नुपर्दछ ।

प्रथममुपरि दन्तोत्पत्तौ दन्तेन सह जन्मनि वा विचारः

पाद्मे – **उपरि प्रथमं यस्य जायन्ते च शिशोर्द्विजाः । दन्तैर्वा सह यस्य स्याज्जन्म भार्गवसत्तम ! ।।**
द्वितीये च तृतीये च चतुर्थे पञ्चमे तथा । यदा दन्ताश्च जायन्ते मासे चैव महद् भयम् ।।

अनिष्टदायक दन्तोत्पत्तिसम्बन्धी विचार

पद्मपुराणमा भनिएको छ – जुन बालकका माथिल्ला दाँत पहिले निस्किन्छन्, जुन बालक दाँतसहित नै पैदा

हुन्छन् र जुन बालकका जन्मपछिका दोस्रो, तेस्रो, चौथो वा पाँचौ महिना हुँदा दाँत निस्किन्छन् ती बालक र तिनका परिवारमा ठूलो अनिष्ट हुने भय हुन्छ ।

ऊर्ध्वदन्तजननशान्तिः

मातरं पितरं वाऽथ खादेदात्मानमेव च । गजपृष्ठगतं बालं नौस्थं वा स्नापयेद् द्विज ! ।।
तदभावे तु धर्मज्ञ काञ्चने वा वरासने । सर्वौषधैः सर्वगन्धैर्बीजैः पुष्पैः फलैस्तथा ।।
पञ्चगव्येन रत्नैश्च पताकाभिश्च भार्गव । स्थालीपाकेन धातारं पूजयेत्तदनन्तरम् ।।
सप्ताहं चात्र कर्तव्यं तथा ब्राह्मणभोजनम् । भद्रासने निवेश्यैनं मृद्भिर्मूलैः फलैस्तथा ।।
सर्वौषधैः सर्वगन्धैः सर्वबीजैस्तथैव च । स्नापयेत्पूजयेच्चात्र वह्निं सोमं समीरणम् ।।
पर्वतांश्च तथा ख्यातान् देवदेवञ्च केशवम् । एतेषामेव जुहुयात् घृतमग्नौ यथाविधि ।।
ब्राह्मणानां तु दातव्या ततः सम्पूज्य दक्षिणा ।।

माथिल्लो भागमा दाँत निस्किएमा शान्ति

अशुभ समय र निषिद्धअंशमा दन्तजनन भएका बालक-बालिकाले आफ्ना माता-पिता र आफैलाई पनि खान्छन् । त्यस्ता बालक-बालिकालाई हात्तीको पिठ्यूँमा राख्नुपर्दछ अथवा डुँगामा चढाउनुपर्दछ । हात्तीको पिठ्यूँ वा डुँगामा राख्न नसकिएमा सुवर्णमय सुन्दर आसनमा राखी सर्वौषधि अर्थात् कूट, तालिशपत्र, हलेदो, कचुर, जटामसी, पत्थरकुंकुम, श्रीखण्ड, बोझो र चाँबो, सर्वगन्ध अर्थात् दुईभाग कस्तूरी, चारभाग श्रीखण्ड, तीनभाग पत्थरकुंकुम र चारभाग कपूर मिसाइएको गन्धविशेष र बीज, पुष्प, फल, पञ्चगव्य, पञ्चरत्न र पताकाहरूबाट स्नान गराउनुपर्दछ। स्थालीपाक अर्थात् गाईको दूध राखी कसौंडीमा पकाइएको भोजनविशेष द्वारा ब्रह्माजीको सातदिनसम्म पूजन गरी ब्राह्मणभोजन गराउनुपर्दछ । तदनन्तर अग्नि, चन्द्रमा, वायु, प्रसिद्ध पर्वत, देवताका पनि देवता भगवान् केशवको पूजा गर्नुपर्दछ । उक्त पूजनपछि तत्तत् देवताका मन्त्रहरूबाट अग्निमा विधिपूर्वक घृताहुति दिनुपर्दछ । घृताहुतिपछि ब्राह्मणहरूको पूजा गरी दक्षिणा दिनुपर्दछ ।

ऊर्ध्वदन्तजनने मातुलकष्टं तच्छान्तिविधिश्च

ब्रह्मयामले- प्रथमं दन्तनिर्मुक्तिरूर्ध्वं बालस्य चेद्भवेत्। क्लेशाय मातुलस्येह तदा प्रोक्ता मनीषिभिः।।
सौवर्णं राजतं वापि ताम्रं कांस्यमयं तु वा । दध्योदनेन सम्पूर्णं पात्रं दद्याच्छिशोः करे ।
समन्त्रं भाजनं दत्त्वा स पश्येन्मातुलः शिशुम् ।
तत्र मन्त्रः- रक्ष मां भागिनेय! त्वं रक्ष मे सकलं कुलम्। गृहीत्वा भाजनं सान्नं प्रसन्नो भव मे सदा।।
निर्विघ्नं कुरु कल्याणं निर्विघ्नां च स्वमातरम् । मय्यात्मानमधिष्ठाप्य चिरं जीव मया सह ।।
एवं कृते विधाने तु विघ्नः कोऽपि न जायते ।। इति ।

माथिल्लो भागमा दाँत निस्किएमा मामालाई कष्ट र त्यसको शान्ति

ब्रह्मयामलमा भनिएको छ- बालक-बालिकाका माथिल्ला दाँत पहिले निस्किँदा तिनका मामाहरूलाई कष्ट हुन्छ। त्यसको शान्तिका लागि बुद्धिमान् मुनिहरूले भनेका छन् - सुन, चाँदी, ताँबो अथवा काँसको पात्रलाई दहीभातले भरेर

शिशुको हातमा राखिदिनुपर्दछ । शिशुको हातमा राख्नभन्दा पहिले **रक्ष मां भागिनेय! भागिनेयि!** इत्यादि मन्त्र पढ्नुपर्दछ। मन्त्रको अर्थ यसप्रकार छ – 'हे भाञ्जा अथवा हे भाञ्जी ! तिमीले मेरो र मेरा सम्पूर्ण कुलको रक्षा गर। यो दहीभातसहितको अन्नपात्र ग्रहण गरी ममाथि प्रसन्न होऊ । तिमीले निर्विघ्नरूपमा मेरो कल्याण गर । आफ्नी आमाको कल्याण गर । ममा आफ्नो आत्मा राखी मेरो साथमा धेरै वर्षसम्म बाँच ।' यसरी शान्तिकर्म र प्रार्थना गरेपछि कुनै विघ्न हुँदैन ।

त्रिकप्रसवशान्तिकथनम्

अथ त्रिकप्रसवशान्तिः । शान्तिसर्वस्वे –

सुतत्रये सुता चेत्स्यात्तत्त्रये वा सुतो यदि । मातापित्रोः कुलस्यापि तदाऽनिष्टं महद्भवेत् ।।
ज्येष्ठनाशो धने हानिर्दुःखं वा सुमहद् भवेत् । तत्र शान्तिं प्रकुर्वीत वित्तशाठ्यविवर्जितः ।।
जातस्यैकादशाहे वा द्वादशाहे शुभे दिने । आचार्यमृत्विजो वृत्वा ग्रहयज्ञपुरःसरम् ।।
ब्रह्मविष्णुमहेशेन्द्रप्रतिमाः स्वर्णतः कृताः । पूजयेद्धान्यराशिस्थकलशोपरि शक्तितः ।।
पञ्चमे कलशे रुद्रं पूजयेद्रुद्रसंख्यया । रुद्रसूक्तानि चत्वारि शान्तिसूक्तानि सर्वशः ।।
द्विज एव जपेद्धोमकाले शुचिः समाहितः । आचार्यो जुहुयात्तत्र समिदाज्यतिलांश्चरुम् ।।
अष्टोत्तरसहस्रं वा शतं वा त्रिशतं तु वा । देवताभ्यश्चतुर्वक्त्रादिभ्यो ग्रहपुरःसरम् ।।
ब्रह्मादिमन्त्रैरिन्द्रस्य यत इन्द्रभयामहे । ततः स्विष्टकृतं हुत्वा बलिं पूर्णाहुतिं ततः ।।
अभिषेकं कुटुम्बस्य कृत्वाचार्यं प्रपूजयेत् । हिरण्यं धेनुरेका च ऋत्विजां दक्षिणा ततः ।।
आज्यस्य वीक्षणं कृत्वा शान्तिपाठं तु कारयेत् । प्रतिमा गुरवे दत्त्वा उपस्करसमन्विताः ।।
ब्राह्मणान्भोजयेच्छक्त्या दीनाऽनाथांश्च तर्पयेत् । एवं शान्तिविधानेन सर्वारिष्टं प्रलीयते।। इति ।

अन्येषु मूलाद्यृक्षेषु शान्त्यादि प्रयोगपारिजाते मत्कृते शान्तिरत्ने च ज्ञेयम् ।

तीनछोरापछि छोरी अथवा तीनछोरीपछि छोरा जन्म भएमा गरिने शान्ति

त्रिकप्रसव अर्थात् तीनछोरापछि छोरी र तीनछोरीपछि छोरा पैदा भएकोलाई त्रिकप्रसव भनिन्छ । त्यसको शान्तिविधान निरूपण गरिँदैछ । शान्तिसर्वस्वमा भनिएको छ – तीनछोराहरूको निरन्तर जन्म भएपछि चौथो सन्तानका रूपमा कन्याको जन्म भएमा र तीनछोरीहरूको लगातार जन्म भएपछि चौथो सन्तानका रूपमा छोराको जन्म भएमा त्रिकप्रसव भनिन्छ । यसबाट माता–पिता र कुलमा ठूलो अनिष्ट आइलाग्छ। यस्तो दोष आइलाग्दा जेठा छोराको नाश हुन्छ, धनको हानि हुन्छ र ठूलो दुःख पाइन्छ । यस्तो स्थितिमा छुच्याइँ नगरी स्वस्ति–शान्ति गर्नुपर्दछ ।

बच्चा जन्मिएको एघारौं अथवा बाह्रौं दिनमा अथवा कुनै शुभ दिनमा ऋत्विक् र आचार्यवरण गरी ग्रहयज्ञ सम्पन्न गर्नुपर्दछ । त्यसपछि ब्रह्मा, विष्णु, शिव र इन्द्रका सुनका प्रतिमा तयार गरी तिनलाई धानको थुप्रोमाथि राखिएका कलशमा राख्नुपर्दछ । त्यसपछि आफ्नो शक्तिअनुसार ती प्रतिमाहरूको पूजा गर्नुपर्दछ । पाँचौं कलश रुद्रको हुन्छ । त्यस कलशमा ११ संख्या भएका रुद्रको पूजा गर्नुपर्दछ । त्यसबेला एकजना ब्राह्मणले ब्रह्मसूक्त, पुरुषसूक्त अर्थात् विष्णुसूक्त, महेशसूक्त र इन्द्रसूक्त गरी चारसूक्तहरूको जप गर्नुपर्दछ । स्वस्ति–शान्ति गर्दा जपिने सूक्तहरूको क्रम यसप्रकार छ–

ब्रह्मसूक्त – ब्रह्मा देवानां पदवीः कवीनामृषिर्विप्राणां महिषो मृगाणाम् । श्येनो गृध्राणां स्वधितिर्वनानां सोमः पवित्रमत्येति रेभन् ।। इत्यादि ब्रह्माका मन्त्र – ऋ. ९/९६/६ ।

पुरुषसूक्त – सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । स भूमिं विश्वतो वृत्वात्यतिष्ठद्दशाङ्गुलम् ।। पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् । उतामृतत्वस्येशानो यदन्ने नातिरोहति ।। एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः। पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ।। त्रिपादूर्ध्व उदैत्पुरुषः पादोऽस्येहा भवत्पुनः । ततो विष्वङ् व्यक्रामत्साशनानशने अभि ।। तस्माद्विराडजायत विराजो अधि पुरुषः । सजातो अत्यरिच्यत पश्चाद् भूमिमथो पुरः । यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत । वसन्तो अस्या सीदाज्यं ग्रीष्म इध्मः शरद्धविः ।। तं यज्ञं बर्हिषि प्रौक्षन् पुरुषं जातमग्रतः । तेन देवा अयजन्त साध्या ऋषयश्च ये ।। तस्माद्यज्ञात् सर्वहुतः संभृतं पृषदाज्यम् । पशूँस्ताँश्चक्रे वायव्यानारण्यान् ग्राम्याश्च ये ।। तस्माद्यज्ञात् सर्वहुत ऋचः सामानि जज्ञिरे । छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत।। तस्मादश्वा अजायन्त ये के चोभयादतः । गावोह जज्ञिरे तस्मात्तस्माज्जाता अजावयः ।। यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन् । मुखं किमस्य कौ बाहू का ऊरू पादा उच्येते ।। ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः । ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ।। चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत । मुखादिन्द्रश्चाग्निश्च प्राणाद्वायुरजायत ।। नाभ्या आसीदन्तरिक्षं शीर्ष्णोद्यौः समवर्तत । पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ अकल्पयन्।। सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः ।। देवा यद्यज्ञं तन्वाना अबध्नन्पुरुषं पशुम् । यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् । ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ।।

विष्णुको मन्त्र – विष्णोर्नु कं वीर्याणि प्र वोचं यः पार्थिवानि निममे रजांसि ।। यो अस्कभायदुत्तरं सधस्थं विचक्रमाणस्त्रेधोरुगायः ।। – ऋ. १/१५४/१–६ ।

इन्द्रको मन्त्र – यत इन्द्र भयामहे ततो नो अभयं कृधि । मघवञ्छग्धि तव तन्न ऊतिभिर्वि द्विषो वि मृधो जहि।। – ऋ. ८/६१/१३ ।

उक्त सूक्त एवं मन्त्रहरूको उच्चारण गर्दै आचार्यले समिधा, घ्यू, तिलद्वारा १००८, ३०० वा १०० को संख्यामा हवन गर्नुपर्दछ । ग्रहयज्ञका साथ ब्रह्माका लागि ब्रह्माको मन्त्र, विष्णुका लागि विष्णुको मन्त्र, इन्द्रका लागि इन्द्रको मन्त्रद्वारा हवन गर्नुपर्दछ ।

उक्त देवताहरूका मन्त्रद्वारा हवन गरेपछि स्विष्टकृत्हवन गरी बलिदिने र पूर्णाहुति दिने कार्य सम्पन्न गर्नुपर्दछ । कुटुम्बको अभिषेकपछि आचार्यको पूजा गर्नुपर्दछ । आचार्यलाई सुवर्णदान र गोदान दिएपछि ऋत्विक्हरूलाई दक्षिणा दिनुपर्दछ । घृतच्छाया गरेपछि शान्तिपाठ गर्नुपर्दछ । गुरुलाई सोपस्कर अर्थात् गृहस्थका लागि आहार–विहारमा आवश्यक सबै सामग्रीसहित देवताहरूका प्रतिमाप्रदान गरी यथाशक्ति ब्राह्मणभोजन गराएर दीन–दुःखीहरूलाई पनि भोजनद्वारा तृप्त तुल्याउनु पर्दछ । यसप्रकार शान्ति गरेपछि त्रिकप्रसवबाट हुने समस्त अरिष्टको शान्ति हुन्छ । अन्य मूलादि नक्षत्रमा पैदा हुने बालकहरूको निमित्त आवश्यक शान्तिविधि प्रयोगपारिजात र मैले तयार गरेको शान्तिरत्नबाट बुझ्न सकिन्छ।

बालकजन्मदिनतः षष्ठ्यां रात्रौ जागरणविधिकथनम्

मिताक्षरायां मार्कण्डेयः–

रक्षणीया तथा षष्ठी निशा तत्र विशेषतः । रात्रौ जागरणं कार्यं जन्मदानां तथा बलिः।।
पुरुषाः शस्त्रहस्ताश्च नृत्यगीतैश्च योषितः । रात्रौ जागरणं कुर्युर्दशम्यां चैव सूतके ।।

शिशु जन्मको छैठौं दिन षष्ठीदेवीको पूजन

मिताक्षरामा मार्कण्डेयले भनेका छन् – बच्चा जन्मेको छैठौं रातमा विशेषरूपमा षष्ठीदेवी आदिको पूजा गरी

बालकको रक्षाका निमित्त प्रयत्न गर्नुपर्दछ । जन्मकालका देवताहरूका लागि बलि दिनुपर्दछ ।[२४]

बालकजन्मदिनतः षष्ठे, अष्टमे, प्रथमे दिने च आशौचविचारः

व्यासः– सूतिकावासनिलया जन्मदा नाम देवताः । तासां यागनिमित्तं तु शुद्धिर्जन्मनि कीर्तिता।।

प्रथमे दिवसे षष्ठे दशमे चैव सर्वदा । त्रिष्वेतेषु न कुर्वीत सूतकं पुत्रजन्मनि ।।

अपरार्के ब्राह्मे– कन्याश्चतस्रो राकाद्या वातघ्नी चैव पञ्चमी । क्रीडनार्था च बालानां षष्ठी च शिशुरक्षिणी।।

खड्गे तु पूजनीया वै वैश्यैर्व्रात्यैर्द्विजातिभिः ।।

राका, अनुमतिः, सिनीवाली, कुहूरिति चतस्रः कन्या इत्यर्थः।

पहिलो-छैठौं र दसौं दिनमा जन्मसूतक नलाग्ने

व्यास भन्दछन् – सूतिकावासमा जन्मदा नामक देवताहरू निवास गर्दछन् । तिनीहरूको पूजाका लागि बच्चाको जन्मसमयमा सूतक नलाग्ने व्यवस्था गरिएको छ । तसर्थ बालक-बालिका जन्मिएको दिन, छैठौं दिन र दसौं दिन गरी यी तीनदिनमा जन्मसूतक लाग्दैन ।

अपरार्कमा **ब्रह्मपुराण**को वचन यसप्रकार छ – व्रात्य अर्थात् संस्कारहीन ब्राह्मण, वैश्य एवं अन्य द्विजहरूले जन्मिएका बालक वा बालिकाको स्वस्थ क्रीडाका लागि राका, अनुमति, सिनीवाली एवं कुहू यी चारकन्याका साथै पाँचौं कन्या वातघ्नीको र शिशुरक्षिणी षष्ठीदेवीको तरबारमाथि पूजा गर्नुपर्दछ । माथि मूलमा **चतस्रः कन्याः** भन्नुको अर्थ राका, अनुमति, सिनीवाली र कुहू भनी बुझ्नुपर्दछ ।

दत्तकपुत्रपरिग्रहविधिः

अथ दत्तकपुत्रपरिग्रहविधिः । पारिजाते शौनकः –

शौनकोऽहं प्रवक्ष्यामि पुत्रसंग्रहमुत्तमम् । अपुत्रो मृतपुत्रो वा पुत्रार्थं समुपोष्य च ।।

वाससी कुण्डले दत्त्वा चोष्णीषमङ्गुलीयकम् । बन्धूनन्नेन सम्भोज्य ब्राह्मणांश्च विशेषतः ।।

अन्वाधानादि यत्तन्त्रं कृत्वाज्योत्पवनान्तकम् । दातुः समक्षं गत्वा तु पुत्रं देहीति याचयेत् ।।

दाने समर्थो दाताऽस्मै ये यज्ञेनेति पञ्चभिः । देवस्य त्वेति मन्त्रेण हस्ताभ्यां परिगृह्य च ।।

अङ्गादङ्गेत्र्यृचं जप्त्वा आघ्राय शिशुमूर्द्धनि । गृहमध्ये तमादाय चरुं हुत्वा विधानतः ।।

स्विष्टकृदादिहोमं च कृत्वा शेषं समापयेत् ।।

दत्तकपुत्र स्वीकार गर्ने विधि

अब दत्तकपुत्र ग्रहण गर्ने विधिको विषयमा चर्चा गरिँदैछ । **पारिजात**मा **शौनक**ले भनेका छन् – जसका छोरा पैदा भएनन् अथवा पैदा भए पनि मरेर गए त्यस्ता व्यक्तिले पुत्रप्राप्तिका लागि उपवास गरी दुईकुण्डल, फेटा, औंठीसमेत अरूबाट जन्मिएको बालकलाई दिएर बन्धु एवं ब्राह्मणलाई भोजन गराई अन्वाधान अर्थात् समिधास्थापनादेखि आज्योत्पवनान्त

२४. बालकको जन्म भएको छैठौं दिन छैंठी गर्ने प्रचलन नेपालीसमाजमा छ । विशेषतः छैठौं दिनको रातमा देवीभागवत आदिमा वर्णित षष्ठीदेवीको षोडशोपचारले पूजा गरिन्छ । रातभरि जाग्राम गरी भूत-प्रेत भगाउने काम गरिन्छ । यो विषय मार्कण्डेयपुराण, बृहन्नारदीयपुराण एवं नित्याचारपद्धतिबाट जान्न-बुझ्न सकिन्छ ।

अर्थात् घ्यू पवित्र तुल्याउने सम्मका कार्य तन्त्रद्वारा सम्पन्न गरेपछि बालक दिने दाताको समक्षमा गई 'मलाई तपाईंको पुत्र दिनुहोस्' भनी याचना गर्नुपर्दछ । त्यसपछि पुत्रदान गर्न समर्थ दाताले आफ्नी पत्नीको अनुमति लिएर **ये यज्ञेन०** इत्यादि पाँचमन्त्र उच्चारण गर्दै याचकका निमित्त पुत्रदान गर्नुपर्दछ । याचकले पनि **देवस्यत्वा०** इत्यादि मन्त्र उच्चारण गरी आफ्नो शाखाअनुसार **कामस्तुति०** मन्त्र पढ्दै **अङ्गादङ्गात्०** इत्यादि मन्त्र जप गरेर शिशुको शिर सुँघी वस्त्र, कुण्डल र फेटा धारण गरेका ती शिशुलाई बाजा–गाजाका साथ आफ्नो घरभित्र प्रवेश गराउनुपर्दछ । त्यसपछि आचार्यद्वारा विधिपूर्वक चरुहोम गराई **यस्त्वा हृदा०, तुभ्यमग्ने० र सोमो वदत्०** ऋचाहरूबाट स्विष्टकृत् आदि होम गराई शेषकर्मको समाप्ति गर्नुपर्दछ ।

ये यज्ञेन० इत्यादि पुत्रदानमन्त्र – **ॐ ये यज्ञेन दक्षिणया समक्ता इन्द्रस्य सख्यममृतत्वमानश । तेभ्यो भद्रमङ्गिरसो वो अस्तु पति गृभ्णीत मानवं सुमेधसः ।।१।। य उदानन् पितरो गोमयं वस्वृतेनाभिन्दन् परिवत्सरे बलम् । दीर्घायुत्वमङ्गिरसो वो अस्तु प्रति गृभ्णीत मानवं सुमेधसः ।।२।। य ऋतेन सूर्यमारोहयन् दिव्यप्रथयन् पृथिवीं मातरं वि । सुप्रजास्त्वमङ्गिरसो वो अस्तु प्रति गृभ्णीत मानवं सुमेधसः ।।३।। अयं नाभा वदति वल्गु वो गृहे देवपुत्रा ऋषयस्तच्छृणोतन । सुब्रह्मण्यमङ्गिरसो वो अस्तु प्रति गृभ्णीत मानवं सुमेधसः ।।४।। विरूपास इदृषयस्त इद्गम्भीरवेपसः । ते अङ्गिरसः सूनवस्ते अग्ने परि जज्ञिरे ।।५।।** – ऋ.मं. १०/६२/१–५ ।

त्यसपछि पुत्रयाचना गर्ने व्यक्तिले तलका मन्त्र पढी बालकको हात समाउनुपर्दछ –

देवस्य त्वा० इत्यादि दत्तकग्रहण मन्त्र – **देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामग्नये-स्तेजसा सूर्यस्य वर्चसेन्द्रस्येन्द्रियेणाभिषिञ्चामि ।। देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामग्नेस्तेजसा सूर्यस्य वर्चसेन्द्रियेणाभिषिञ्चामि ।** – तैत्तरीयसं. ।

कामस्तुति० मन्त्र– **कोदात्कस्माऽअदात्कामो दात्कामायादात् । कामो दाता कामः प्रतिग्रहीता कामैतत्ते ।।**
– य.अ. ७म. ४८ ।

आ नो भद्रा क्रतवो यन्तु विश्वतोऽदब्धासो अपरीतास उद्भिदः । देवानो यथा सदमिद् वृधे असन्नप्रायुवो रक्षितारो दिवे दिवे ।।१।। देवानां भद्रा सुमतिर्ऋजूयतां देवानां रातिरभि नो नि वर्त्तताम् । देवानां सख्यमुप सेदिमा वयं देवा न आयुः प्रतिरन्तु जीवसे ।।२।। तान्पूर्वया निविदा हूमहे वयं भगं मित्रमदितिं दक्षमस्त्रिधम्। अर्यमणं वरुणं सोममश्विना सरस्वती नः सुभगा मयस्करत् ।।३।। तन्नो वातो मयो भु वातु भेषजं तन्माता पृथिवी तत्पिताद्यौः। तद्ग्रावाणः सोमसुतो मयोभुवस्तदश्विना शृणुतं धिष्ण्या युवम् ।।४।। तमीशानं जगतस्तस्थुषस्पतिं धियञ्जिन्वमवसे हूमहे वयम् । पूषा नो यथा वेदसामसद्वृधे रक्षिता पायुरदब्धः स्वस्तये ।।५।। स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः । स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।।६।। पृषदश्वा मरुतः पृश्निमातरः शुभंयावानो विदथेषु जग्मयः । अग्निजिह्वा मनवः सूरचक्षसो विश्वे नो देवा अवसा गमन्निह ।।७।। भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः। स्थिरैरङ्गैस्तुष्टुवां सस्तनूभिर्व्यशेम हि देवहितं यदायुः ।।८।। शतमिन्नु शरदो अन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम् । पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्यारीरिषतायुर्गन्तोः ।।९।। अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः । विश्वे देवा अदितिः पञ्च जना अदितिर्जातमदिति-र्जनित्वम्।।१०।।– ऋ. १, ८९, म. १–१०।

त्यसपछि निम्न मन्त्र पढी बालकको शिरमा सुँघ्दै घरमा ल्याई वस्त्र, कुण्डल, फेटा आदि धारण गराइएका बालकलाई बाजा बजाउँदै घरभित्र प्रवेश गराउनुपर्दछ ।

गृहप्रवेश गराउने मन्त्र – **अङ्गादङ्गात्सम्भवसि हृदयादभि जायसे । आत्मा वै पुत्र नामासि सजीव शरदः शतम्।।** गृहप्रवेश गराएपछि विधानपूर्वक चरु हवन गरी निम्न मन्त्रहरूद्वारा स्विष्टकृत् हवन गर्नुपर्दछ –

स्विष्टकृत् हवनमन्त्र – ॐ यस्त्वा हृदा कीरिणा मन्यमानोऽमर्त्यं मर्त्यो जोहवीमि । जातवेदो यशो अस्मासु धेहि प्रजाभिरग्ने अमृतत्वमश्याम् ।। – ऋ. ५/४/१० ।

ॐ तुभ्यमग्रे पर्यवहन् त्सूर्या वहतुना सह । पुनः पतिभ्यो जायां दा अग्ने प्रजया सह ।। – ऋ. १०/८५/३८।

सोमो दददग्गन्धर्वाय गन्धर्वो दददग्नये । रयिं च पुत्रांश्चादादग्निर्मह्यमथो इमाम् ।।१।। इहैव स्तं मा वियौष्टं विश्वमायुर्व्यश्नुतम् । क्रीडन्तौ पुत्रैर्नप्तृभिर्मोदमानौ स्वे गृहे ।।२।। आ नः प्रजां जनयतु प्रजापतिराजरसाय समनक्त्वर्यमा। अदुर्मङ्गलीः पति लोकमा विश शं नो भव द्विपदे शं चतुष्पदे ।।३।। अघोरचक्षुरपतिघ्न्येधि शिवा पशुभ्यः सुमनाः सुवर्चाः । वीरसूर्देवकामा स्योना शं नो भव द्विपदे शं चतुष्पदे ।।४।। इमां त्वमिन्द्र मीढ्वः सुपुत्रां सुभगां कृणु । दशास्यां पुत्रानाधेहि पतिमेकादशं कृधि ।।५।। – ऋ. १०/८५/४१-४५ । स च- ब्राह्मणानां सपिण्डेषु कर्तव्यः पुत्रसङ्ग्रहः । तदभावेऽसपिण्डो वा अन्यत्र तु नैव कारयेत् ।।

ब्राह्मणहरूले आफ्नै सपिण्डसम्बन्धअन्तर्गतका बन्धुहरूको परिवारबाट दत्तकपुत्रको सङ्ग्रह गर्नुपर्दछ । सपिण्डको अभावमा असपिण्ड भए पनि आफ्नै गोत्रका परिवारबाट दत्तकपुत्र ग्रहण गर्नुपर्दछ। तर अन्य परिवारबाट ग्रहण गर्न हुँदैन।

मिताक्षरादौ तु व्याहृतिभिराज्येन होम उक्तः । स च होमोत्तरं जलपूर्वकं देयः, न च वाङ्मात्रेण, व्याहृतिभिर्हुत्वा प्रतिगृह्णीयात्, इति वसिष्ठोक्तेः ।

माता पिता वा दद्यातां यमद्भिः पुत्रमापदि। सदृशं प्रीतिसंयुक्तं स ज्ञेयो दत्रिमः सुतः।। इति मनूक्तेः।

तत्रैव वसिष्ठः – नत्वैवैकं पुत्रं दद्यात्प्रतिगृह्णीयाद्वा, न स्त्री पुत्रं दद्यात्प्रतिगृह्णीयाद्वा, अन्यत्रानुज्ञानाद्भर्तुः इति । इदं च भर्तृसत्त्वे । अन्यथा – 'दद्यान्माता पिता वा यं स पुत्रो दत्रिमः स्मृतः' इति वत्सव्यासवचोविरोधः स्यात् । दानं प्रतिग्रहोपलक्षणम्।

दत्तकपुत्र ग्रहणको समयमा मिताक्षरा आदिमा व्याहृतिहोमको विधान गरिएको छ । वसिष्ठले भनेका छन्- होमपछि दाताले सङ्कल्पपूर्वक पुत्रदान गर्नुपर्दछ । मुखले बोलेर दिएको दान दान हुँदैन । ग्रहणकर्ताले पनि व्याहृतिहोमपछि मात्र दत्तकपुत्रलाई ग्रहण गर्नुपर्दछ । मनु भन्दछन् – माता-पिताले आपत्तिमा जुन पुत्रको दान गर्दछन् त्यस सजातीय प्रीतिको पात्र बालकलाई दत्तकपुत्र वा दत्रिमपुत्र भनिन्छ ।

वसिष्ठले भनेका छन् – जसको एकमात्र पुत्र छ त्यसले पुत्रदान गर्नुहुँदैन । लिनेले पनि त्यस्तो पुत्र लिनु हुँदैन । कुनै पनि स्त्रीले पतिको आज्ञाविना दत्तकपुत्र लिन र दिन हुँदैन । यो निषेध पति जीवित भएका नारीहरूका निमित्त हो । पत्नीलाई दिने र लिने अधिकार नदिने हो भने वत्स र व्यासका वचन व्यर्थ हुन्छन् । किनकि माता र पिताले जसलाई दिन्छन् त्यसलाई दत्तक भनिन्छ भन्ने उनको भनाइ छ । दान भन्ने शब्दबाट ग्रहण गर्ने अर्थ पनि बुझिन्छ ।

यत्तु समन्त्रकहोमस्य पुत्रप्रतिग्रहाङ्गत्वाद् व्याहृत्यादिमन्त्रपाठे च स्त्रीशूद्रयोरनधिकारात् तयोर्दत्तकः पुत्रो न भवत्येवेति शुद्धिविवेके रुद्रधरेणोक्तम् । वाचस्पतिश्चैवमाह । तन्न, भर्तुरनुज्ञया स्त्रिया अपि प्रतिग्रहोक्तेः । यद्यपि मेधातिथिना भार्यात्ववददृष्टरूपं दत्तकत्वं होमसाध्यमुक्तम् । स्त्रियाश्च होमासम्भवस्तथापि व्रतादिवद्विप्रद्वारा होमादि कारयेदिति हरिनाथादयः। सम्बन्धतत्त्वेऽप्येवम् । एवं शूद्रस्यापि, स्त्रीशूद्राश्च सधर्माणः इति स्मृतेः । अत्र एव शूद्रकर्तृकहोमो विप्रद्वारेव पराशरेणोक्तः ।

दक्षिणार्थं तु यो विप्रः शूद्रस्य जुहुयाद्धविः । ब्राह्मणस्तु भवेच्छूद्रः शूद्रस्तु ब्राह्मणो भवेत् ।।

शुद्धिविवेकमा रुद्रधरले पुत्रग्रहण गर्दा समन्त्रकहोम अङ्गकर्म भएकाले र स्त्री–शूद्रलाई होम गर्ने अधिकार नभएकाले स्त्री वा शूद्रले दिने पुत्र दत्तक भनिँदैन भन्ने जुन कुरा गरेका छन् त्यसको उत्तर दिँदै **वाचस्पति** भन्दछन्– स्त्रीसँग पुत्रलाई दत्तकविधिबाट दिने अधिकार छैन भन्ने **रुद्रधर**को भनाइ उचित छैन, किनकि पतिको आज्ञाबाट स्त्रीलाई पनि दिने र लिने अधिकार हुन्छ । यद्यपि **मेधातिथि**ले भार्यात्वका लागि होमादि कर्म आवश्यक भएझैं दत्तकत्व पनि होमसाध्य हुन्छ भनेका छन् । स्त्रीद्वारा होम गर्ने कार्य सम्भव नभएकाले कसरी दत्तकत्व हुन्छ भन्ने प्रश्न उठ्न सक्छ । यसमा **हरिनाथ** आदिले ब्राह्मणद्वारा व्रतहरू गराएझैं ब्राह्मणद्वारा नै होम गराएर स्त्रीले दत्तकविधिबाट पुत्रलाई लिन र दिन सक्छिन् भनेका छन् । माथि मूलमा **'दद्यान्माता'** भन्ने वाक्यबाट माताले पनि पुत्रदान गर्न सक्छिन् भन्ने अर्थबोध भएकाले दान लिनेले दिन पनि सक्ने तात्पर्यबोध हुन्छ ।

सम्बन्धतत्त्वमा पनि यही कुरा बताइएको छ । यसैगरी शूद्रले पनि दत्तकविधिबाट पुत्र दिन र लिन सक्छन् किनकि **स्मृति**मा शूद्र र नारीलाई समान धर्मका हुन्छन् भनिएको छ । यसैले **पराशर**ले भनेका छन् – शूद्रले गर्नुपर्ने होम ब्राह्मणद्वारा सम्पन्न गराउनुपर्दछ । जुन ब्राह्मणले दक्षिणाको लोभले शूद्रका निमित्त होम गर्दछ त्यो ब्राह्मण शूद्र नै बन्दछ र जसका लागि होम गरिएको छ त्यो शूद्र ब्राह्मणका रूपमा परिणत हुन्छ ।

अत्र माधवाचार्यः – **'यो विप्रः शूद्रदक्षिणामादाय तदीयं हविः शान्तिपुष्ट्यादिसिद्धये वैदिकैर्मन्त्रैर्जुहोति तस्य विप्रस्यैव दोषः, शूद्रस्तु होमफलं लभेतैव'** इति व्याचचक्षे । दत्तके विशेषः कालिकापुराणे –

पितुर्गोत्रेण यः पुत्रः संस्कृतः पृथिवीपते । आचूडान्तं न पुत्रः स पुत्रतां याति चान्यतः ।।
चूडोपायनसंस्कारा निजगोत्रेण वै कृताः । दत्ताद्यास्तनयास्ते स्युरन्यथा दास उच्यते ।।
ऊर्ध्वं तु पञ्चमाद्वर्षान्न दत्ताद्याः सुता नृप । गृहीत्वा पञ्चवर्षीयं पुत्रेष्टिं प्रथमं चरेत् ।।
'पञ्चमोर्ध्वं स्वदानेच्छोरेव दानं तु नान्यथा । विक्रयं चैव दानं च न नेयाः स्युरनिच्छवः ।।
दाराः पुत्राश्च सर्वस्वमात्मनैव तु योजयेत् ।।' इति हेमाद्रिमाधवधृतव्यासदक्षादिवचनात् ।

यसबारे **माधवाचार्य** भन्दछन् – जुन ब्राह्मणले शूद्रबाट दक्षिणा लिएर शूद्रको हविद्वारा शान्तिक एवं पौष्टिक कार्यको सिद्धिका लागि वैदिकमन्त्रद्वारा हवन गर्दछ त्यसकै सम्पूर्ण दोष हुन्छ । शूद्रले भने ब्राह्मणद्वारा गरिएको होमको फल पाउँछ ।

कालिकापुराणमा दत्तकपुत्रको सम्बन्धमा विशेष कुरा बताउँदै भनिएको छ – जुन बालकको उसलाई जन्म दिने पिताको गोत्रको आधारमा संस्कार भएको छ त्यसले चूडाकरणसंस्कार नहुँदासम्म दत्तकविधिबाट अरू कसैको पुत्रत्व ग्रहण गर्न सक्दैन । आफ्नै गोत्रका नामबाट जसका चूडाकर्म एवं उपनयनसंस्कार सम्पन्न भएका छन् तिनै दत्तक आदि पुत्र हुनसक्छन् अन्यथा दिइने पुत्र दास कहलाउँछ । पाँचवर्षको उमेरपछि कुनै पनि बालक दत्तक हुनसक्दैनन् । ग्रहण गर्नेले पनि पाँचवर्षसम्मको बालकलाई मात्र ग्रहण गर्न सक्छन् । पाँचवर्षभित्रको बालकलाई ग्रहण गर्ने पिताले सर्वप्रथम पुत्रेष्टि गर्नुपर्दछ ।

हेमाद्रि र **माधवीय**मा उद्धृत **व्यास, दक्ष** आदिको भनाइअनुसार पाँचवर्षको उमेरपछि बालकको इच्छाअनुसार मात्र पुत्रदान गर्न सकिन्छ । कसैले पनि बालकको इच्छाविना त्यसको क्रय–विक्रय एवं दान–प्रतिग्रह गर्ने काम गर्नु हुँदैन। जुनसुकै मानिसले पनि पत्नी र पुत्रका साथ आत्माबाट नै सम्बन्धस्थापना गर्नुपर्दछ ।

यच्च याज्ञवल्क्यः – **स्वकुटुम्बाविरोधेन देयं दारसुतादृते** इति, तदूर्ध्वं स्वदानानिच्छुपुत्रपरम् । तेन सर्वस्वदाने स्वदानेच्छुदारपुत्रदानं सिद्धम् ।

यत्तु विश्वजिदधिकरणं षष्ठे, तत्र पुत्रादीनां ज्ञातित्वेन स्वशब्दवाच्यत्वात् पुत्रत्वेन दानमाशङ्क्य निराकृतम्, जन्यपुँस्त्वस्य दानेनानिष्पत्तेः । दासत्वेन दानं भवत्येव । तस्माद्यथेष्टविनियोगार्हत्वं स्वत्वं भवत्येव । पुत्रे स्वत्वाभावं वदन् पुत्रक्रयविक्रयादिशुनःशेपविक्रयादिश्रौतलिङ्गाद्दासक्रयविक्रयादिव्यवहारायोगात् मूर्ख एव।

योऽपि **नहि ग्रभायारणः सुशेवोऽन्योदर्यो मनसा मन्तवा उ** इति श्रुतौ दत्तकनिषेधः, सोप्यौरसातिशयार्थः। अन्यथा शुनःशेपादिप्रतिग्रहश्रौतलिङ्गविरोधापत्तेः । **उपेयां तव पुत्रताम्** इत्युक्तेः । इदं च श्रौतलिङ्गं स्वयंदत्तक्रीतपरं न दत्तकपरम् । द्वादशविधपुत्रमध्ये **'दत्तात्मा तु स्वयंदत्तः, क्रीतश्च ताभ्यां विक्रीतः'** इति याज्ञवल्क्येन तयोर्दत्तकाद्भेदोक्तेः। तयोश्च **'दत्तौरसेतरेषां तु पुत्रत्वेन परिग्रहः'** इति कलौ निषेधात् । तेन संस्कारोत्तरं स्वयं क्रीतौ न भवतः, तदुत्तरे दत्तको न भवत्येवेति सिद्धम् ।

याज्ञवल्क्यले भनेका छन् – 'आफ्ना कुटुम्बको प्रसन्नतापूर्वक सहमति गरी स्त्री र पुत्रको दान गर्न सकिन्छ।' **याज्ञवल्क्य**को यो वचन आफ्नो दान नचाहने स्त्री-पुत्रका निमित्त भनिएको हो । **विश्वजित्यज्ञ**मा सर्वस्व प्रदान गर्दछ भन्ने अर्थमा सर्वपछि स्व परेकाले स्वपुत्र एवं स्त्रीदान प्रमाणित हुन्छ । यसबाट आफ्नो दान चाहने स्त्री-पुत्रहरूको मात्र दान गर्नुपर्छ भन्ने कुरा सिद्ध हुन्छ ।[२५]

जन्यपुँस्त्व अर्थात् औरसपुत्रत्व दान गरिएको पुत्रबाट निष्पन्न हुनसक्दैन । दासका रूपमा भने दान गर्न सकिन्छ । आफ्नो इच्छाअनुसार जसलाई प्रयोग गर्न सकिन्छ त्यो नै स्वको अर्थ हो । पुत्रमा स्वत्व हुँदैन भन्ने मानिस मूर्ख हो। किनकि पुत्रको क्रय र विक्रय हुनसक्ने कुरा बताउने वैदिक शुनःशेपको प्रसङ्गले पुत्रमा स्वत्व रहने कुरा प्रमाणित गर्दछ। दासको भने क्रय-विक्रय आदि व्यवहार हुँदैन । **न हि ग्रभायारणः सुशेवोऽन्योदर्यो मनसा मन्तवा उ। अधा चिदोकः पुनरित्स एत्या नो वाज्यमीषाडे तु नव्यः ।।** – ऋ. ७/४/८ अर्थात् 'अरूबाट पैदा भएको पुत्र सुखदाता भए पनि अन्य स्त्रीको गर्भबाट पैदा भएका कारण त्यसलाई आत्मैबाट आफ्नो पुत्र मान्न सकिँदैन' यस भनाइमा दत्तकपुत्रको निषेध

२५. **'विश्वजिति सर्वस्वं ददाति'** यस वैदिकवाक्यमा विश्वजित् यज्ञमा सर्वस्व दान गर्नुपर्ने कुरा बताइएको छ । यहाँ सर्वस्वशब्दबाटमाता, पिता, पुत्र, दाजुभाइ, धन-दौलत, नालनाता, आत्मीयवस्तुमध्ये कुन-कुन लिने भन्ने प्रश्न हुन्छ । यसको उत्तरमा भनिएको छ – **'आत्मसम्बन्धत्यागपूर्वकं परकीयस्वत्वापादनं दानम्, इत्युच्यते । दीयमाने च पितरि न भवति दातुः स्वकीयपितृत्वसम्बन्धत्यागः, परकीयपितृत्वापादनं वा । स्वशब्दस्य चत्वारोऽर्थाः – आत्मा, ज्ञातिः, आत्मीयम्, धनञ्चेति । एतेषु ' चैक एवार्थ एकस्मिन् वाक्ये ग्राह्यः । प्रकृते च गवादिधनस्यैव दक्षिणात्वादिहापि तद्वाचित्वमेव स्वशब्दस्य युज्यते तस्माद् धनस्यैव दानं न पित्रादीनां ज्ञातीनामिति । एतदभिप्रेत्याह- 'सर्वस्वे ज्ञातयो न स्युः'** (मी. ६/७/१-२) **अर्थात् सर्वस्वे विश्वजिति ज्ञातयः - पित्रादयः, न स्युः, अपि तु गवादिधनमेवेत्याशयः ।**

अर्थ – कुनै वस्तु कसैलाई दिँदा त्यसमा रहेको आफ्नो कुनै प्रकारको स्वत्व सम्बन्ध हटाएर दान लिने मानिसमा स्वत्व जगाउनु नै दानशब्दको अर्थ हो । कसैले सर्वस्वं ददातिको वचनको आधारमा माता वा पिताको पनि दान गर्ने चाहना गरेमा पिता र मातामा रहेको आफ्नो स्वत्व सम्बन्ध कुनै हालतमा पनि हटाउन सकिँदैन र अरूमा पितृत्वसम्बन्ध उत्पादन गर्न पनि सकिँदैन । स्वशब्दका चार अर्थ हुन्छन् – आफू, माता-पिता-पुत्र आदि, आफ्नै अधिकारमा रहेको कुनै चल-अचल वस्तु र धन । यज्ञ आदिमा गाई आदि धनलाई दक्षिणाको रूपमा प्रदान गर्ने परम्परा रहेझैं विश्वजित् यागमा पनि त्यही अर्थ लिनुपर्दछ भन्ने कुरा स्वशब्दको अर्थ पर्यालोचन गरेपछि बुझिन्छ । त्यसकारण धन नै दिनुपर्दछ पितापुत्र आदिको दान गर्न हुँदैन भन्ने निर्णयका रूपमा जैमिनिले भनेका छन्- सर्वस्वदानमा अर्थात् विश्वजित् यागमा पिता, पुत्र आदि सम्बन्धिजन देय पदार्थ बन्न सक्दैनन् अपितु गाई आदि नै दक्षिणाको रूपमा दिइने विषय हुन् । यस प्रसङ्गबाट माता, पिता, पुत्र आदिको दान गर्न मिल्दैन भन्ने कुरा ठहर गरिन्छ । – मण्डनमिश्र, मीमांसानुक्रमणिका ६/७/१-२ को व्याख्याप्रसङ्ग, चौखम्बा संस्कृत सिरिज, बनारस, वि.सं. १९८७ ।

गरिएको छ । यो निषेध औरसपुत्रको महत्त्व देखाउनका लागि हो । अन्यथा यसबाट **शुनःशेप**लाई पुत्रका रूपमा ग्रहण गरिएको वैदिक प्रसङ्ग व्यर्थ हुनजानेछ । **उपेयां तव पुत्रताम्** अर्थात् म तपाईंको पुत्र बनुँ भन्ने श्रौतप्रमाण क्रीत र स्वयंदत्तपुत्रका लागि हो दत्तकका लागि होइन । १२ प्रकारका पुत्रहरूमध्ये **याज्ञवल्क्य**ले स्वयंदत्त र क्रीतपुत्र दत्तकपुत्रभन्दा भिन्न हुने कुरा बताएका छन् ।

जसले आफूलाई आफै दान गरेका हुन्छन् तिनलाई स्वयंदत्त भनिन्छ । माता–पिताले जसलाई बेच्दछन् त्यसलाई क्रीत भनिन्छ । यी दुवै स्वयंदत्त र क्रीतलाई **याज्ञवल्क्य**ले दत्तकभन्दा भिन्न हुने कुरा बताएका छन् । दत्त र औरसभन्दा छुट्टै कलियुगमा पुत्र हुँदैनन् भन्ने **याज्ञवल्क्य**को वचन रहेको छ । त्यसकारण संस्कारपछि स्वयंदत्तलाई ग्रहण गरिँदैन र त्यसपछि दत्तकपुत्रग्रहण पनि गरिँदैन ।

यमलयोः संस्कारे ज्येष्ठकनिष्ठभावविचारः

अथ यमलयोः संस्कारक्रमार्थं ज्येष्ठकनिष्ठभाव उच्यते । मनुः –

पुत्रः कनिष्ठो ज्येष्ठायां कनिष्ठायां च पूर्वजः । कथं तयोर्विभागः स्यादिति चेत्संशयो भवेत् ।।

सदृशः स्त्रीप्रजातानां पुत्राणामविशेषतः । न मातृतो ज्यैष्ठ्यमस्ति जन्मतो ज्यैष्ठ्यमुच्यते ।।

तेन कनिष्ठायां पूर्वं जात एव ज्येष्ठे न ज्येष्ठायां पश्चाज्जात इत्यर्थः । स एव श्राद्धाधिकारी ।

जन्मज्येष्ठेन चाह्वानं सुब्रह्मण्यास्वपि स्मृतम् । यमयोश्चैव गर्भेषु जन्मतो ज्येष्ठता मता ।।

देवलः– **यस्य जातस्य यमयोः पश्यन्ति प्रथमं सुखम् । सन्तानः पितरश्चैव तस्मिन् ज्येष्ठ्यं प्रतिष्ठितम्।।**

भागवते तु – **द्वौ तदा भवतो गर्भौ सूतिर्वेशविपर्ययात्** । इत्युक्तेः पश्चादुत्पन्नस्य ज्यैष्ठ्यमुक्तम् । अत्र देशाचारतो व्यवस्था । पूर्वमेव तु युक्तम् । **गर्भाष्टमे०** इत्यादौ विशेषनिर्देशे एव गर्भग्रहणं नान्यत्र । अन्यथा तद्वैयर्थ्यात्।

जुम्ल्याहा छोरा–छोरीमध्ये जेठो र कान्छो को हुने भन्ने प्रश्नको निर्णय

एकै पटक पैदा हुने जुम्ल्याहाहरूको संस्कारको क्रमका लागि ज्येष्ठता र कनिष्ठताबारे विचार गरिन्छ । मनुले भनेका छन् – दुईपत्नी भएमा जेठीपट्टिको छोरा कान्छो र कान्छीपट्टिको छोरा जेठो भएमा यी दुवैको व्यवस्था कसरी गर्ने भन्ने विषयमा समानजातिका स्त्रीबाट पैदा भएका बालकहरूमा सामान्यरूपले जुन पहिले जन्मिएको हुन्छ त्यो जेठो हुन्छ र पछिबाट पैदा भएको कान्छो हुन्छ । आमाको क्रमले जेठो र कान्छो भन्ने भाव हुँदैन । जन्मको आधारमा नै ज्येष्ठता हुन्छ । यसबाट पहिले जन्मिएको कान्छी पत्नीको बालक जेठो हुन्छ पछि जन्मिएको जेठीपट्टिको बालक जेठो हुँदैन भन्ने अर्थ स्पष्ट हुन्छ । यसैले कान्छीपट्टिबाट पहिले जन्मिएको बालक नै श्राद्ध गर्ने अधिकारी हुन्छ ।

सोमयागमा गरिने **सुब्रह्मण्याह्वान**मा पनि जसको जन्म पहिले भएको हुन्छ त्यही जेठो हुने कुरा बताइएको छ । जुम्ल्याहाहरूमध्ये पनि जसको पहिलो जन्म हुन्छ त्यसलाई नै जेठो मान्नुपर्दछ । यस विषयमा **देवल**ले भनेका छन् – माता–पिताले जुम्ल्याहामध्ये जुन बालकको मुख पहिले देखेका हुन्छन् त्यही नै प्रथमसन्तान मानिन्छ ।

श्रीमद्भागवतमा भनिएको छ – दुईपटक वीर्य सिञ्चन हुँदा दुईबच्चा गर्भमा रहन्छन् । पहिलो सम्पर्कको वीर्यबाट पैदा हुने बालक तल पुग्छ र पछिल्लो सम्पर्कको वीर्यबाट पैदा हुने बालकमाथि रहन्छ । सूतिकावायुद्वारा सर्वप्रथम माथिल्तिर रहेको पछिल्लो बालक पैदा हुन्छ । त्यसपछि पहिले गर्भ रहेको जेठो बालक पैदा हुन्छ । त्यसकारण पछिल्लो बच्चालाई जेठो मान्नुपर्दछ ।

ग्रन्थकार भन्दछन् – यस्तो मतान्तर देखिँदा देशाचारबाट नै जेठो र कान्छोको क्रम मिलाउनु पर्दछ । हाम्रो दृष्टिमा जुन पहिले पैदा हुन्छ त्यही नै जेठो हुन्छ भन्ने मत उपयुक्त छ । 'गर्भदेखि आठौं वर्षमा व्रतबन्ध गरोस्' इत्यादि वचनमा जहाँ गर्भको विशेषनिर्देश गरिएको छ त्यसबाट गर्भको पनि महत्त्व हुन्छ भन्ने विषय स्पष्ट हुन्छ । शास्त्रहरूमा अन्यत्र गर्भलाई लिएर कुनै व्यवस्था गरिएको छैन ।

सूतिकास्नानकथनम्

अथ सूतिकास्नानम् । ज्योतिषे – **करेन्द्रभाग्यानिलवासवान्त्यमैत्रेन्दवाश्विध्रुवभेऽह्नि पुंसाम् ।**
तिथावरिक्ते शुभमामनन्ति प्रसूतिकास्नानविधिं मुनीन्द्राः ।।

सूतिकास्नानका लागि उत्तम समय

अब सूतिकास्नानबारे विचार गरिन्छ । **ज्योतिषमा** भनिएको छ – हस्ता, ज्येष्ठा, पूर्वाफाल्गुनी, स्वाती, धनिष्ठा, रेवती, अनुराधा, मृगशिरा, अश्विनीनक्षत्र र ध्रुवगणका ३ उत्तरा र रोहिणीनक्षत्र एवं मङ्गल, सूर्य तथा बृहस्पतिवार र रिक्ता-चतुर्थी, नवमी एवं चतुर्दशीबाहेकका तिथिहरूमा सुत्केरीले गर्ने स्नानकर्म शुभ हुन्छ भन्ने कुरा **मुनीन्द्रहरूले** बताएका छन्।

नामकर्मकथनम्

अथ नामकर्म । मदनरत्ने बृहस्पतिः –

द्वादशे दशमे वाऽपि जन्मतोऽपि त्रयोदशे । षोडशे विंशतौ चैव द्वात्रिंशे वर्णतः क्रमात् ।।

याज्ञवल्क्यः – अहन्येकादशे नाम । हेमाद्रौ भविष्ये –

नामधेयं दशम्यां तु द्वादश्यां मासि केचन । अष्टादशेऽहनि तथा वदन्त्यन्ये मनीषिणः ।।

दशम्यामतीतायामिति ज्ञेयम्, **आशौचापगमे नामधेयम्** इति विष्णूक्तेः । गृह्यपरिशिष्टेऽपि **जननाद्दशरात्रे व्युष्टे शतरात्रे संवत्सरे वा नामकरणम्** इति । व्युष्टे – अतीते ।

नामकर्मसंस्कार

अब नामकर्मबारे विचार गरिन्छ । **मदनरत्नमा बृहस्पतिले** भनेका छन् – वर्णक्रमअनुसार ब्राह्मणको बाह्रौं वा एघारौं दिनमा, क्षत्रियको तेह्रौं दिनमा, वैश्यको सोह्रौं या बीसौं दिनमा र शूद्रको बत्तीसौं दिनमा नामकरण गर्नुपर्दछ ।

याज्ञवल्क्य भने एघारौं दिनमा नामकरण गर्नुपर्दछ भन्दछन् । **हेमाद्रिमा भविष्यपुराणको** मत उद्धृत गर्दै भनिएको छ– नामकरण दशौं वा बाह्रौं दिन गर्नुपर्ने भन्ने कसैको भनाइ छ । फेरि कुनै बुद्धिमान् मानिस अठारौं दिनमा नामकर्म गर्नुपर्दछ भन्दछन् । दशौं रात बितेपछि नामकरण गर्नुपर्दछ र आशौचसमाप्त भएपछि नामकरण गर्नुपर्दछ भन्ने **विष्णुको** भनाइ छ । **गृह्यपरिशिष्टमा** भनिएको छ – 'जन्मदेखि दसौं रात्रि बितेपछि अथवा एकसय रात्रि बितेपछि अथवा एकवर्ष बितेपछि पनि नामकर्म गर्न सकिन्छ ।' मूलमा प्रयुक्त **व्युष्टे** पदको अर्थ समाप्त भएपछि भन्ने हो ।

ज्योतिर्निबन्धे गर्गः – **अमासंक्रान्तिविष्ट्यादौ प्राप्तकालेऽपि नाचरेत्** । श्रीधरः –

मित्रादित्यमघोत्तराशतभिषक्स्वातीधनिष्ठाच्युतप्राजेशाश्विशशाङ्कपौष्णादिनकृत्पुष्येषु राशौ स्थिते।
छिद्रां पञ्चदशीं विहाय नवमीं शुद्धेऽष्टमे भार्गवज्ञाचार्यामृतपादनामदिवसे नामानि कुर्याच्छिशोः।।

मनुः – **शर्मान्तं ब्राह्मणस्य स्याद्वर्मान्तं क्षत्रियस्य तु । वैश्यस्य धनसंयुक्तं शूद्रस्य प्रेष्यसंयुतम् ।।**
मदनरत्ने नारदीये– **सूतकान्ते नामकर्म विधेयं स्वकुलोचितम् । नामपूर्वं तु मासस्य मङ्गलं सुसमाक्षरैः ।।**
तत्रैव गार्ग्यः – **मासनाम गुरोर्नाम दद्याद् बालस्य वै पिता ।**

ज्योतिर्निबन्धमा गर्गले भनेका छन् – अमावास्या, संक्रान्ति र भद्राको समयमा निश्चित दिन भए पनि नामकरणसंस्कार गर्नुहुँदैन । श्रीधर भन्दछन् – अनुराधा, पुनर्वसु, मघा, ३ उत्तरा, शतभिषा, स्वाती, धनिष्ठा, श्रवण, रोहिणी, अश्विनी, मृगशिरा, रेवती, हस्ता र पुष्यनक्षत्र, स्थिरलग्न भएको समयमा छिद्रतिथि अर्थात् चतुर्थी, षष्ठी, द्वादशी, चतुर्दशी, पूर्णिमा एवं नवमी छाडेर लग्नदेखि अष्टमभाव शुद्ध भएको बेला शुक्र, बुध र बृहस्पतिवारका दिन अमृतबेलामा नामकरण गर्नुपर्दछ ।[२६]

यसबारे मनु यसरी भन्दछन् – ब्राह्मणको नामको अन्त्यमा शर्मा, क्षत्रियको नामको अन्त्यमा वर्मा, वैश्यको नामको अन्त्यमा श्रेष्ठी वा धनी कसैको मतमा गुप्त र शूद्रको नामको अन्त्यमा दास रहनुपर्दछ ।

मदनरत्नमा नारदको वचन यसप्रकार छ – सूतक सकिएपछि आफ्नो कुलको परम्पराअनुसार नामकरण गर्नुपर्दछ। नामभन्दा पहिले सम अक्षरमा माससँग सम्बन्ध राख्ने मङ्गलमय नाम राख्नुपर्दछ । यसबारे गार्ग्य भन्दछन् – बालकका पिताले महिनासँग सम्बन्ध राख्ने नाम र गुरुसँग सम्बन्ध राख्ने नाम राख्नुपर्दछ ।

स्मृतिसङ्ग्रहे–
कृष्णोऽनन्तोऽच्युतश्चक्री वैकुण्ठोऽथ जनार्दनः । उपेन्द्रो यज्ञपुरुषो वासुदेवस्तथा हरिः ।।
योगीशः पुण्डरीकाक्षो मासनामान्यनुक्रमात् ।।अत्र मार्गशीर्षादिश्चैत्रादिर्वा क्रम इति मदनरत्ने–
तन्मासनाम प्रथमं दद्यात्संबुद्ध्य चैव हि । देवालयगजाश्वानां वृक्षाणां वापिकूपयोः ।।
सर्वापणानां पण्यानां चिह्नार्थं योषितां नृणाम् । काव्यानाञ्च कवीनाञ्च पश्वादीनां च सर्वशः ।।
राजप्रासादवास्तूनां नामकर्म विशिष्यते ।।नाक्षत्रमपि नाम कार्यम् । **'अभिवादनीयं च समीक्षेत तन्मातापितरौ विद्यातामोपनयनात्** इत्याश्वलायनोक्तेः। **'कुलदेवतानक्षत्रसम्बद्धं पिता कुर्यात्'** इति मदनरत्ने शङ्खोक्तेः । तच्च नक्षत्रपादाक्षराद्याक्षरं कुर्यादित्युक्तं परिशिष्टे – **तदक्षरादिकं नाम यस्मिन् धिष्ण्ये यदक्षरम्** इति ।

स्मृतिसंग्रहमा महिनाको नाम बताउँदै भनिएको छ – वैशाखदेखि चैत्रसम्मको क्रमअनुसार कृष्ण, अनन्त, अच्युत, चक्री, वैकुण्ठ, जनार्दन, उपेन्द्र, यज्ञपुरुष, वासुदेव, हरि, योगीश र पुण्डरीकाक्ष नाम राख्नुपर्दछ ।

मदनरत्नमा नामको क्रम मार्गशीर्ष यद्वा चैत्रबाट सुरु गर्नुपर्दछ भनिएको छ । महिनाको नामभन्दा पहिले सम्बोधन अक्षर राख्नुपर्दछ । देवालय, हात्ती, घोडा, वृक्ष, पोखरी, कुवा, सम्पूर्ण वस्तु, पसलमा बेचिने पदार्थ, नारी, पुरुष, काव्य, कवि, पशु–पक्षी, राजमहल, घर आदिको मङ्गलमय नाम राख्नुपर्दछ । उक्त सबैको नाम राम्रो भएमा विशेष प्रभावकारिता पैदा हुन्छ ।

देवालय, हात्ती, घोडा, वृक्ष, इनार, कुवा आदि वस्तु, पसलमा बेच्न योग्य वस्तु, स्त्री–पुरुष, काव्य र कवि, पशु, राजप्रासाद र घर यी सबैको मङ्गलमय नाम राख्नुपर्दछ ।

---

२६. गुरुशुक्रास्तबाल्यवार्धक्यवक्रातिचारकालमासादिनिषेधस्तु नास्ति अर्थात्– नामकरण संस्कारमा गुरु–शुक्रको अस्त, बाल्य, वार्धक्य, वक्र, अतिचार र मलमासको विचार गरिँदैन र नामकरण गर्न सकिन्छ । – दौलतरामगौडद्वारा अनुदित निर्णयसिन्धुको पृष्ठ ५१४ मा उद्धृत।

[२७]**आश्वलायन**को भनाइअनुसार नक्षत्रअनुसारको नाम पनि राख्नुपर्दछ । बालकले उपनयनसंस्कारमा जुन नामबाट अभिवादन गर्दछ त्यो त्यसको व्यावहारिक नाम हो । बालकका माता–पिताले अभिवादन गर्ने छोराको नाम उपनयनसंस्कारमा मात्र थाहा पाउनुपर्दछ । **मदनरत्नमा शङ्खले** भनेका छन् – पिताले कुल, देवता र नक्षत्रसँग सम्बन्ध राख्ने नाम राख्नुपर्दछ । नक्षत्रको नाम राख्दा जुन पाउमा जन्म लिएको छ त्यो पाउको अक्षर नामको आदिमा रहनुपर्दछ ।

सुदर्शनभाष्ये तु – **रोरेममृज्येचिषु वृद्धिरादौ ठात्पे च वान्त्यश्रवणाश्वयुक्षु ।**
शेषेषु नार्वोः कपरः स्वरोऽन्त्यः स्वाप्वोरदीर्घः सविसर्ग इष्टः ।। इत्युक्तम् ।

ठात्पे इति प्रौष्ठपदेत्यत्रादौ ठात्परे च वृद्धिः प्रौष्ठपाद इति । अन्त्यमपभरणीशब्दः श्रुतावुक्तः । तत्र श्रवणादौ च वादिवृद्धिः । अपभरण आपभरण इत्यादि । मदनरत्ने वसिष्ठः –

जन्माहे द्वादशाहे वा दशाहे वा विशेषतः । उत्तरारेवतीहस्तमूलपुष्याः सवारुणाः ।।
श्रावणादितिमैत्रं च स्वाती मृगशिरस्तथा । प्राजापत्यं धनिष्ठा च प्रशस्ता नामकर्मणि ।।

इति जातकर्मादिनामकर्मान्तविषयनिर्णायकं द्वितीयं प्रकरणम्

सुदर्शनभाष्यमा भनिएको छ – रोहिणी, रेवती, मघा, मृगशिरा, पुष्य र चित्रानक्षत्रमा उत्पन्न हुने बालकका नामको पहिलो अक्षर दीर्घ हुनुपर्दछ । ठ अक्षरदेखि पर रहेको उत्तराभाद्रपदको नाममा परवृद्धि हुनुपर्दछ जस्तै – प्रौष्ठपदलाई प्रौष्ठपाद । श्रवणनक्षत्रमा आदिवृद्धि गर्नुपर्दछ । बाँकी नक्षत्रमा क पर भएमा र अन्तिम स्वर भएमा वृद्धि गर्नुपर्छ । स्वाती, पुनर्वसु र रेवतीमा आदिअक्षर ह्रस्व हुनुपर्दछ ।

मदनरत्नमा वसिष्ठले भनेका छन् – जन्मदेखि बाह्रौं दिन अथवा दसौं दिनमा ३ उत्तरा, रेवती, हस्ता, मूल, पुष्य, शतभिषा, श्रवण, पुनर्वसु, अनुराधा, स्वाती, मृगशिरा, रोहिणी र धनिष्ठा यी नक्षत्र नामकर्मका लागि उत्तम मानिएका छन् ।[२८]

निर्णयसिन्धु तृतीयपरिच्छेदको जातकर्मदेखि नामकर्मसम्मका कृत्यहरूको निर्णयमा आधारित द्वितीय प्रकरण पूरा भयो ।

२७. आश्वलायनले भनेका छन् – बालकको नाम दुई अक्षर वा चार अक्षरको राख्नुपर्दछ । प्रतिष्ठा कामना गर्ने मानिसले दुई अक्षरको नाम र ब्रह्मतेजको कामना गर्ने मानिसले चार अक्षरको नाम राख्नुपर्छ भनेका छन् । दुई अक्षरका नाम जस्तै – भद्र, देव, भव, राम आदि र चार अक्षरका नाम भवनाथ, पशुपति, देवदत्त, कृष्णदत्त आदि हुनसक्छन् । बालिकाहरूको नाम विषम अक्षरबाट राख्नुपर्दछ । जस्तै – सावित्री, गायत्री, सुभद्रा आदि ।

२८. पारस्करगृह्यसूत्रमा भनिएको छ– **दशम्यामुत्थाप्य ब्राह्मणान् भोजयित्वा पिता नाम करोति द्व्यक्षरं चतुरक्षरं वा घोषवदाद्यन्तरन्तस्थं दीर्घाभिनिष्ठानं कृतं कुर्यान्न तद्धितम् । अयुजाक्षरमाकारान्तं स्त्रियै तद्धितम् । शर्म ब्राह्मणस्य, वर्म क्षत्रियस्य, गुप्तेति वैश्यस्य ।** – पारस्करगृह्यसूत्र, प्रथमकाण्ड, १७ औं कण्डिका ।

अर्थ – दसौं रात बितेपछि एघारौं दिनको बिहानीपख, ब्राह्मणहरूलाई भोजन गराएपछि पिताले नाम सुनाउँछन् । छोराका लागि निर्धारण गरिने नाम दुई अक्षर वा चार अक्षरको हुनुपर्दछ । कचटतप, खछठथफ, शषसहलाई अघोषवर्ण मानिएको छ । यीबाहेक अरू अक्षर घोषवान् मानिएका छन् । नामको आदिमा घोषवान् अक्षर रहनुपर्दछ । अन्तस्थवर्ण अर्थात् यरलवलाई नामको बीचमा राख्नुपर्दछ । अन्तिम अक्षर द्विमातृक अर्थात् दीर्घ गराउनुपर्दछ । कृदन्तप्रत्ययबाट सिद्ध भएको नाम राम्रो हुन्छ । तद्धितबाट सिद्ध भएको नाम राम्रो हुँदैन । छोरीका लागि विषम अक्षर भएको आकारान्त र तद्धितबाट बनेको नाम राख्नुपर्दछ । नामकरणसंस्कारमा ब्राह्मणको नाम राख्दा मङ्गलवाचक नाम हुनुपर्दछ । जस्तै – शुभङ्कर, प्रियङ्कर । क्षत्रियको शूरता, वीरता द्योतन गर्ने नाम राख्नुपर्दछ । जस्तै – रविबर्मा, शशिबर्मा । वैश्यको गुप्त अर्थात् सम्पन्नता द्योतन गर्ने नाम हुनुपर्दछ। जस्तै – मणिभद्र आदि । यसैगरी कन्याको विषम अक्षर भएको नाम हुनुपर्दछ । जस्तै – दीपिका आदि ।

अथ दोलारोहादिविद्यारम्भान्तविषयनिर्णायकं तृतीयं प्रकरणम्

दोलारोहकथनम्

अथ दोलारोहः । पारिजाते बृहस्पतिः –

दोलारोहस्तु कर्तव्यो दशमे द्वादशेऽपि वा । षोडशे दिवसे चापि द्वाविंशे दिवसेऽपि वा ।।

ज्योतिर्निबन्धे – **करत्रये वैष्णवरेवतीष्वदितिद्वये वाऽऽश्विनकध्रुवेषु ।**
कुर्याच्छिशूनां नृपतेश्च तद्वदान्दोलनं वै सुखिनो भवन्ति ।।

तत्रैव – **आन्दोलाशयने पुंसो द्वादशो दिवसः शुभः । त्रयोदशस्तु कन्याया न नक्षत्रविचारणा ।।**
अन्यस्मिन् दिवसे चेत्स्यात्तिर्यगास्ये प्रशस्यते ।।

दोलारोहण

अब दोलारोहणको विषयमा विचार गरिन्छ । **पारिजातमा बृहस्पतिले** भनेका छन् – जन्मिएको दसौँ, बाह्रौँ, सोह्रौँ दिन अथवा बाइसौँ दिनमा दोलारोहण अर्थात् बालकलाई कोक्रामा सुताउने कार्य गर्नुपर्दछ । **ज्योतिर्निबन्धमा** भनिएको छ – हस्ता, चित्रा, स्वाती, श्रवण, रेवती, पुनर्वसु, पुष्य, अश्विनी, ध्रुवगणका नक्षत्र, ३ उत्तरा तथा रोहिणीनक्षत्रमा बालक र राजालाई दोलारोहण गराउँदा मङ्गल हुन्छ । त्यहीँ नै भनिएको छ – दोलारोहण गराउँदा बालकहरूका निमित्त बाह्रौँ दिन शुभ हुन्छ भने कन्याका लागि तेह्रौँ दिन शुभ हुन्छ । यस कार्यमा नक्षत्रको विचार गर्नु आवश्यक छैन । अन्य कुनै दिनमा दोलारोहण गराउँदा तिर्यगास्य अर्थात् तेर्सो मुख भएका तिर्यङ्मुखवर्गका नक्षत्र हुने दिनमा गराउनुपर्दछ ।

दुग्धपानम्

अथ दुग्धपानम् । नृसिंहः –

एकत्रिंशद्दिने चैव पयः शङ्खेन पाययेत् । अन्नप्राशननक्षत्रे दिवसोदयरात्रिषु ।।

बालकलाई दुग्धपान गराउने समय र विधि

अब बालकलाई दूध पियाउने दिनबारे विचार गरिन्छ । **नृसिंहले** भनेका छन् – बालक जन्मिएको ३१ औं दिनमा अन्नप्राशनका नक्षत्र हुँदा प्रातः र सायंकालमा शङ्खद्वारा दूध पियाउनुपर्दछ ।

कर्णवेधकथनम्

अथ कर्णवेधः । मदनरत्ने वसिष्ठश्रीधरौ –

मासे षष्ठे सप्तमे वाऽष्टमे वा वेध्यौ कर्णौ द्वादशे षोडशेऽह्नि ।
मध्येनाह्नः पूर्वभागे न रात्रौ नक्षत्रे द्वे द्वे तिथी वर्जयित्वा ।।

अथ जन्ममासो वर्ज्यः । ज्योतिर्निबन्धे गर्गः –

मासे षष्ठे सप्तमे वाऽप्यष्टमे मासि वत्सरे । कर्णवेधं प्रशंसन्ति पुष्ट्यायुःश्रीविवृद्धये ।।

मदनरत्ने – **प्रथमे सप्तमे मासि अष्टमे दशमेऽथ वा । द्वादशे च तथा कुर्यात्कर्णवेधं शुभावहम् ।।**

शिशुको कान छेड्ने शुभ समय

अब कान छेड्ने विषयमा विचार गरिन्छ । मदनरत्नमा वसिष्ठ एवं श्रीधरले भनेका छन् – जन्मदेखि बाह्रौं वा सोह्रौं दिनमा अथवा छैठौं, सातौं, आठौं महिनामा कान छेड्नुपर्दछ । मध्याह्नको ठीक पूर्व र रातको समयमा कान छेड्नु हुँदैन । जुन दिन दुईनक्षत्र र दुईतिथि हुन्छन् त्यो दिन कर्णवेध गर्न हुँदैन । यसैगरी जन्ममहिनामा पनि कर्णवेध गर्न हुँदैन।

ज्योतिर्निबन्धमा गर्गले भनेका छन् – छैठौं, सातौं, आठौं एवं बाह्रौं महिनामा बालकको पुष्टि, आयु र श्रीवृद्धिका लागि कर्णवेध गर्नुपर्दछ । मदनरत्नमा भनिएको छ – प्रथम, सप्तम, अष्टम र द्वादश मासहरूमा गरिने कर्णवेध मङ्गलमय हुन्छ ।

हेमाद्रौ व्यासः –

कार्तिके पौषमासे वा चैत्रे वा फाल्गुनेऽपि वा । कर्णवेधं प्रशंसन्ति शुक्लपक्षे शुभे दिने।।

श्रीधरः – **हरिहयकरचित्रासौम्यपौष्णोत्तरार्यादितिवसुषु घटालीसिंहवर्ज्ये सुलग्ने ।**

शशिगुरुबुधकाव्यानां दिने पर्वरिक्तरहिततिथिषु शुद्धे नैधने कर्णवेधः ।।

मदनरत्ने बृहस्पतिः –

द्वितीया दशमी षष्ठी सप्तमी च त्रयोदशी । द्वादशी पञ्चमी शस्ता तृतीया कर्णवेधने ।।

हेमाद्रिमा व्यासले भनेका छन् – कार्तिक, पौष, चैत्र अथवा फाल्गुनमहिनाको शुक्ल पक्ष तथा शुभ दिनमा कर्णवेध गर्नु शुभफलदायक हुन्छ । श्रीधर भन्दछन् – श्रवण, अश्विनी, हस्ता, चित्रा, मृगशिरा, रेवती, ३ उत्तरा, पुनर्वसु र धनिष्ठा यी नक्षत्रहरूमा कुम्भ, वृश्चिक र सिंह लग्न छाडी अरू शुभ लग्न भएको समयमा सोमवार, बृहस्पतिवार, बुधवार र शुक्रवारका दिन अमावास्या, चतुर्थी, नवमी र चतुर्दशीतिथिबाहेक अन्य तिथिहरूमा अष्टमभाव शुद्ध भएको अवस्थामा कर्णवेधसंस्कार गर्नुपर्दछ । मदनरत्नमा बृहस्पति भन्दछन् – द्वितीया, तृतीया, पञ्चमी, षष्ठी, सप्तमी, दशमी, द्वादशी र त्रयोदशीतिथिहरूमा कर्णवेध गर्नु उत्तम हुन्छ ।

सूचीविचारः

सौवर्णी राजपुत्रस्य राजती विप्रवैश्ययोः । शूद्रस्य चायसी सूची मध्यमाऽष्टाङ्गुलात्मिका ।।

हेमाद्रौ देवलः – **कर्णरन्ध्रे रवेश्छाया न विशेदग्रजन्मनः । तं दृष्ट्वा विलयं यान्ति पुण्यौघाश्च पुरातनाः।।**

शङ्खः – **अङ्गुष्ठमात्रसुषिरौ कर्णौ न भवतो यदि । तस्मै श्राद्धं न दातव्यं दत्तं चेदासुरं भवेत् ।।**

कान छेड्ने सियोसम्बन्धी विचार

कर्णवेध गर्दा राजपुत्रका लागि सुवर्णको सियो, ब्राह्मणपुत्र एवं वैश्यपुत्रका लागि चाँदीको सियो र शूद्रपुत्रका लागि फलामको सियो प्रयोग गर्नुपर्दछ । मध्यमाअङ्गुलि प्रयोग गरी ८ अङ्गुलको सियोद्वारा कर्णवेध गर्नुपर्दछ ।

हेमाद्रिमा देवल भन्दछन् – ब्राह्मणका पुत्रको कानको प्वालमा सूर्यको छाया प्रवेश गर्न हुँदैन । ब्राह्मणको कानको प्वालमा सूर्यका किरणहरू पर्दा पुण्यका समूह विलीन हुन्छन् ।

शङ्खको भनाइ यसप्रकार छ – जसको कर्णवेधसंस्कार भएको हुँदैन र पछिसम्म कानमा बूढी औंलाबराबरको प्वाल देखिँदैन त्यस्ता मानिस मरेपछि श्राद्धका अधिकारी हुँदैनन् । यदि तिनका लागि कसैले श्राद्ध गरिदिन्छ भने पनि गरिएका श्राद्धको फल असुरहरूले भोग गर्दछन् ।

ताम्बूलभक्षणकथनम्

अथ ताम्बूलभक्षणम् । चण्डेश्वरः –

सार्द्धमासद्वये दद्यात्ताम्बूलं प्रथमं शिशोः । कपूरादिकसंमिश्रं विलासाय हिताय च ।।

मूलार्कचित्रकरतिष्यहरीन्द्रभेषु पौष्णे तथा मृगशिरोऽदितिवासवेषु ।

अर्केन्दुजीवभृगुबोधनवासरेषु ताम्बूलभक्षणविधिर्मुनिभिः प्रदिष्टः ।।

बालकलाई पान खुवाउने शुभसमय

अब ताम्बूल अर्थात् पानसेवन गराउने विषयमा विचार गरिन्छ । **चण्डेश्वर** भन्दछन् – बालक अढाई महिनाको हुँदा त्यसको विकास र मङ्गलका लागि कपूर आदि मिसाएर पान खुवाउनु पर्दछ । **मुनिहरू** भन्दछन् – मूल, हस्ता, चित्रा, पुष्य, श्रवण, ज्येष्ठा, रेवती, मृगशिरा, पुनर्वसु र धनिष्ठानक्षत्रमा रविवार, सोमवार, बृहस्पतिवार, शुक्रवार र बुधवारमा ताम्बूल खुवाउनुपर्दछ ।

निष्क्रमणविचारः

अथ निष्क्रमणम् । ज्योतिर्निबन्धे – **तृतीये वा चतुर्थे वा मासि निष्क्रमणं भवेत् ।**

यमः – **ततस्तृतीये कर्तव्यं मासि सूर्यस्य दर्शनम् । चतुर्थे मासि कर्तव्यं शिशोश्चन्द्रस्य दर्शनम्।।**

अत्र – **सूर्येन्द्वोर्ये कर्मणी ये च तयोः श्राद्धं न विद्यते** । इति छन्दोगपरिशिष्टात् । **छन्दोगानां निष्क्रमणे वृद्धिश्राद्धं नास्ति** इति कल्पतरुः । व्यासः –

मैत्रे पुष्यपुनर्वसुप्रथमभे पौष्णेऽनुकूले विधौ हस्ते चैव सुरेश्वरे च मृगभे तारासु शस्तासु च ।

कुर्यान्निष्क्रमणं शिशोर्बुधगुरुशुक्रे विरिक्ते तिथौ कन्याकुम्भतुलामृगारिभवने सौम्यग्रहालोकिते।।

बालकलाई घरबाहिर ल्याउने शुभसमय

अब निष्क्रमणबारे चर्चा गरिन्छ । **ज्योतिर्निबन्धमा** भनिएको छ – जन्मदेखि तेस्रो वा चौथो महिनामा सूर्यदर्शन गराउन बालकलाई घरबाट बाहिर निकाल्नुपर्दछ । **यम** भन्दछन् – ताम्बूलभक्षण गराएपछि जन्मदेखि तेस्रो महिनामा बालकलाई घरबाहिर ल्याई सूर्यको दर्शन गराउनुपर्दछ र चौथो महिनामा चन्द्रमाको दर्शन गराउनुपर्दछ । **छन्दोगपरिशिष्टअनुसार** निष्क्रमण गराउँदा सूर्य–चन्द्रको पूजा र वृद्धिश्राद्धको विधान गरिएको छैन ।

उक्त परिशिष्टवचनअनुसार छन्दोगहरूका निमित्त निष्क्रमण र वृद्धिश्राद्धको विधान गरिएको छैन भन्ने कुरा **कल्पतरुमा** बताइएको छ । **व्यास** भन्दछन् – अनुराधा, पुष्य, पुनर्वसु, अश्विनी, रेवती, हस्ता, ज्येष्ठा, मृगशिरा यी नक्षत्रहरूमा चन्द्र र तारा अनुकूल भएको समयमा सोम, बुध, गुरु र शुक्रवारका दिन चतुर्थी, नवमी, चतुर्दशीतिथिबाहेक अरू तिथिहरूमा सिंह, कन्या, तुला र कुम्भलग्नमा शुभग्रहको दृष्टि हुँदा निष्क्रमणसंस्कार गराउनु उत्तम हुन्छ ।

मदनरत्ने – **अन्नप्राशनकाले वा कुर्यान्निष्क्रमणक्रियाम् ।**

विष्णुधर्मे – **दिगीशानां दिने तत्र तथा चन्द्रार्कयोर्द्विजः । पूजनं वासुदेवस्य गगनस्य च कारयेत्।।**

बहिर्निष्कासयेद् गेहात् शङ्खपुण्याहनिस्वनैः । चन्द्रार्कयोर्दिगीशानां दिशां च गगनस्य च ।।

निक्षेपार्थमिमं दद्मि ते मे रक्षन्तु सर्वदा । अप्रमत्तं प्रमत्तं वा दिवारात्रमथापि वा ।।
रक्षन्तु सततं सर्वे देवाः शक्रपुरोगमाः ।। इति । माधवीये मार्कण्डेयः -
अग्रतोऽथ प्रविन्यस्य शिल्पभाण्डानि सर्वशः । शास्त्राणि चैव वस्त्राणि ततः पश्येत्तु लक्षणम् ।।
प्रथमं यत्स्पृशेद् बालस्ततो भाण्डं स्वयं तदा । जीविका तस्य बालस्य तेनैव तु भविष्यति ।।

मदनरत्नमा भनिएको छ - 'अन्नप्राशनको समयमा निष्क्रमण कार्य गराउनु शुभ हुन्छ । **विष्णुधर्ममा** भनिएको छ- ब्राह्मणले दिशाका स्वामीका दिन, सूर्यवार र सोमवारमा वासुदेव र आकाशको पूजन गर्नुपर्दछ । शङ्ख र स्वस्तिवाचनको मङ्गलमय ध्वनिका साथ बालकलाई घरबाट बाहिर निकालेर प्रार्थना गर्दै भन्नुपर्दछ - सूर्य, चन्द्रमा, दिक्पाल, दिशा र आकाशलाई 'म यो बालक नासोको रूपमा सुम्पिरहेको छु । उक्त सबै देवताहरूले मेरा बालकको रक्षा गरून् । दिन-रात प्रमत्त अवस्थामा इन्द्रादि देवताले मेरा बालकको रक्षा गरून् ।'

माधवीयमा मार्कण्डेयले भनेका छन् - यसरी प्रार्थना गरेपछि बालकको अगाडि शस्त्र, अस्त्र, शिल्प, भाँडा, राम्रा-राम्रा वस्त्र राखेर बालकको जीविकाको लक्षण विचार गर्नुपर्दछ । बालकका सामु राखिएका वस्तुहरूमध्ये जुन वस्तुलाई बालकले स्पर्श गर्दछ त्यसैबाट भविष्यमा बालकको जीविका हुन्छ ।

उपवेशनकथनम्

अथोपवेशनम् । प्रयोगपारिजते पाद्मे विष्णुधर्मे च -
पञ्चमे च तथा मासि भूमौ तमुपवेशयेत् । तत्र सर्वे ग्रहाः शस्ता भौमोऽप्यत्र विशेषतः ।।
उत्तरात्रितयं सौम्यं पुष्यर्क्षं शक्रदैवतम् । प्राजापत्यं च हस्तश्च शस्तमाश्विनमित्रभम् ।।
वाराहं पूजयेद्देवं पृथिवीं च तथा द्विजः । रक्षैनं वसुधे देवि सदा सर्वगतं शुभे ।।
आयुःप्रमाणं सकलं निक्षिपस्व हरिप्रिये । अचिरादायुषस्त्वस्य ये केचित्परिपन्थिनः ।।
जीवितारोग्यवित्तेषु निर्दहस्वाचिरेण तान् । वरेण्याशेषभूतानां माता त्वमसि कामधुक् ।।
अजरा चाप्रमेया च सर्वभूतनमस्कृता । चराचराणां भूतानां प्रतिष्ठानाव्यया ह्यसि ।।
कुमारं पाहि मातस्त्वं ब्रह्मा तदनुमन्यताम् ।।

बालकलाई भुईंमा बसाउने संस्कार

अब बालकलाई भुईंमा बसाउने संस्कार अर्थात् उपवेशनबारे विचार गरिन्छ । **प्रयोगपारिजातमा** उद्धृत **पद्मपुराण** र **विष्णुधर्मको** वचन यसप्रकार छ - बालकको जन्मदेखि पाँचौं महिनामा बालकको उपवेशन अर्थात् जमिनमा बसाउने काम गराउनुपर्दछ । त्यसबेला सबै ग्रह उत्तम अवस्थामा रहेको हुनुपर्दछ । मङ्गलको स्थिति झन् राम्रो हुनुपर्दछ । उपवेशन गराउँदा ३ उत्तरा, मृगशिरा, पुष्य, ज्येष्ठा, रोहिणी, हस्ता, अश्विनी र अनुराधा यी नक्षत्र उत्तम मानिएका छन् । शुभ समयमा बालकलाई भुईंमा बसाएपछि भगवान् वाराह र पृथ्वीको पूजा गरी उनको प्रार्थना गर्दै भन्नुपर्दछ - ' हे पृथ्वी ! तपाईंले बालकको सर्वत्र रक्षा गर्नुहोस् । हे हरिप्रिया ! तपाईंले बालकको सम्पूर्ण आयुप्रमाणको रक्षा गर्नुहोस् । यस बालकका चिरायुका प्रतिबन्धक शत्रु र जीवनभर स्वास्थ्यमाथि आइलाग्ने शत्रुहरूलाई खरानी तुल्याउनुहोस् । हे पृथिवी ! तपाईं सबैकी आश्रय र सबैद्वारा वरणीय हुनुहुन्छ, कामधेनुसमान हुनुहुन्छ, अजर र अप्रमेय हुनुहुन्छ, सबै प्राणीहरूद्वारा स्तुति गरिएकी हुनुहुन्छ, स्थावर-जङ्गम सबैकी परम आधार हुनुहुन्छ र अविनाशी पनि हुनुहुन्छ । हे माता पृथिवी ! तपाईंले यी कुमारको रक्षा गर्नुहोस् । तपाईंको यस कर्ममा ब्रह्माजीले अवश्य नै रक्षाको अनुमति दिनुहुनेछ ।'

अन्नप्राशनविचारः

अथान्नप्राशनम् । पारिजाते नारदः –

जन्मतो मासि षष्ठे स्यात्सौरेणान्नाशनं परम् । संवत्सरे वा सम्पूर्णे केचिदिच्छन्ति पण्डिताः ।।

मदनरत्ने लौगाक्षिः – **'षष्ठेऽन्नप्राशनं जातेषु दन्तेषु वा'** इति । शङ्खः – **'संवत्सरेऽन्नप्राशनमर्द्धसंवत्सरे वा'** इति । ज्योतिर्निबन्धे नारदः –

षष्ठे वाप्यष्टमे मासि पुंसां स्त्रीणां तु पञ्चमे । सप्तमे मासि वा कार्यं नवान्नप्राशनं शुभम् ।।
रिक्तां दिनक्षयं नन्दां द्वादशीमष्टमीममाम् । त्यक्त्वाऽन्यतिथयः प्रोक्ताः सितजीवज्ञवासराः ।।
चन्द्रवारं प्रशंसन्ति कृष्णे चान्त्यत्रिकं विना ।।

बालकको पास्नीकर्मको शुभ साइत

अब अन्नप्राशनसंस्कारबारे विचार गरिन्छ ।[२९] **पारिजातमा नारदले** भनेका छन् – सौरमासका प्रमाणले बालकको जन्मदेखि छैठौं महिना हुँदा अन्नप्राशन उत्तम मानिएको छ । केही पण्डितहरू एकवर्ष पूरा भएपछि मात्र अन्नप्राशन कर्म गर्नु भन्दछन् । **मदनरत्नमा लौगाक्षिले** भनेका छन् – 'जन्मदेखि छैठौं महिनामा अथवा बालकका दाँत निस्किएपछि अन्नप्राशन कर्म गर्नुपर्दछ ।' **शङ्खको** भनाइ छ – छमहिना वा एकवर्ष पूरा भएपछि अन्नप्राशन कर्म गर्नुपर्दछ । **ज्योतिर्निबन्धमा नारद** भन्दछन् – 'बालकहरूको अन्नप्राशन छैठौं वा आठौं महिनामा गर्नुपर्दछ भने बालिकाहरूको अन्नप्राशन पाँचौं वा सातौं महिनामा गर्नुपर्दछ । अन्नप्राशनको समयमा चतुर्थी, नवमी, चतुर्दशी, प्रतिपदा, षष्ठी, एकादशी, द्वादशी, अष्टमी, अमावास्यातिथि र तिथिक्षय भएको दिन पनि हुनुहुँदैन । बाँकी तिथिहरू शुभ मानिएका छन् । यसैगरी उक्त कर्ममा बृहस्पति, शुक्र, बुध र सोमवार पनि उत्तम मानिएका छन् । कृष्णपक्षमा भने पछिल्ला तीनतिथि अर्थात् त्रयोदशी, चतुर्दशी र अमावास्या छाडेर अरू तिथि शुभ मानिएका छन् ।'

श्रीधरः – **आदित्यतिष्यवसुसौम्यकरानिलाश्विचित्राजविष्णुवरुणोत्तरपौष्णमिश्राः ।**
बालान्नभोजनविधौ दशमे विशुद्धे छिद्रां विहाय नवमीं तिथयः शुभाः स्युः ।।

वसिष्ठः – **बालान्नभुक्तौ व्रतबन्धने च राजाभिषेके खलु जन्मधिष्ण्यम् ।**
शुभं त्वनिष्टं सततं विवाहे सीमन्तयात्रादिषु मङ्गलेषु ।।

---

२९. पारस्करगृह्यसूत्रमा भनिएको छ– छैठौं महिनामा बालकको पास्नी गर्नुपर्दछ । स्थालीपाक अर्थात् यज्ञीय चरु तयार गरी आज्यभागन्त हवन गरेपछि घिउका दुई आहुति दिनुपर्दछ । त्यसपछि प्राणेनान्नमशीय० देवीं वाचं० इत्यादि मन्त्रद्वारा स्थालीपाकको हवन गर्नुपर्दछ । स्विष्टकृत् हवनसमेत सम्पन्न गरेपछि सबै प्रकारका रस, अन्न र भक्ष्य-भोज्य एउटा पात्रमा झिकी मिलाएर बालकलाई मन्त्ररहित वा हन्तकारमन्त्रले प्राशन गराउनुपर्दछ । पिताले मेरो छोरा सारस्वत शक्तिसम्पन्न विद्वान् बनोस् भनी कामना गरेमा भद्राई चराको मासु ख्वाउनुपर्दछ । अङ्ग सम्पन्न बन्ने कामना गरेमा तित्राको मासु ख्वाउनुपर्दछ । अत्यन्त प्रतापी र वेगवान् बनोस् भन्ने कामना गरेमा माछाको मासु खुवाउनुपर्दछ । आयुष्मान् बनोस् भन्ने कामना गरेमा काकाकुल चराको मासु ख्वाउनुपर्दछ । ब्रह्मचर्यले सम्पन्न र ब्रह्मतेजले दीप्त बनोस् भन्ने कामना गरेमा आटिनामक जलपक्षीको मासु ख्वाउनुपर्दछ । ती सबैको कामना गर्नेले उक्त सबै चरा एवं जलचरको मासु ख्वाउनुपर्दछ । गृह्यसूत्रका व्याख्याता गदाधरको भनाइअनुसार बालकलाई भुईंमा राखेर त्यसका सामु विभिन्न व्यवसायसँग सम्बन्धित वस्तु राखिदिनुपर्दछ । बालकले त्यसबेला जुन पदार्थको स्पर्श गर्दछ त्यसैबाट त्यसको जीविका हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ । – पारस्करगृह्यसूत्र, प्रथमकाण्ड, १९ औं कण्डिका ।

मार्कण्डेयविष्णुधर्मयोः –

ब्रह्माणं शङ्करं विष्णुं चन्द्रार्कौ च दिगीश्वरान् । भुवं दिशश्च सम्पूज्य हुत्वा वह्नौ तथा चरुम् ।।
देवतापुरतस्तस्य धात्र्युत्सङ्गगतस्य च । अलङ्कृतस्य दातव्यमन्नं पात्रे सकाञ्चनम् ।।
मध्वाज्यदधिसंयुक्तं प्राशयेत्पायसं तु वा ।। इति ।

श्रीधर भन्दछन् – 'पुनर्वसु, पुष्य, विशाखा, धनिष्ठा, मृगशिरा, हस्ता, स्वाती, अश्विनी, चित्रा, रोहिणी, श्रवण, शतभिषा, ३ उत्तरा, रेवती र अनुराधानक्षत्रमा लग्नदेखि दशमस्थान शुद्ध भएको अवस्थामा चतुर्थी, षष्ठी, अष्टमी, नवमी, द्वादशी र चतुर्दशीतिथि छाडी अरू तिथिमा अन्नप्राशन गराउनुपर्दछ ।'

वसिष्ठ भन्दछन् – बालक–बालिकाको अन्नप्राशन यज्ञोपवीत र राज्याभिषेक गर्दा जन्मनक्षत्र पनि शुभ मानिएको छ । विवाह, सीमन्त र अरू मङ्गलकार्यमा जन्मनक्षत्र अशुभ हुन्छ ।

मार्कण्डेयपुराण र विष्णुधर्ममा भनिएको छ – ब्रह्मा, विष्णु, शङ्कर, चन्द्रमा, सूर्य, दिशाका स्वामी देवता, पृथिवी र पूर्व आदि दिशाहरूको पूजा गरेपछि अग्निमा चरुको हवन गरी देवताहरूका सामु बालकलाई सजाएर ल्याई त्यसलाई उसकै आमा वा धाईआमाको काखमा राखी दिनुपर्दछ । त्यसपछि सुवर्णमय पात्रमा भोजन गराइने पदार्थ टक्र्याउनुपर्दछ । मह, घ्यू, दहीका साथ उत्तम भोज्य अन्न बालकलाई खुवाउनु पर्दछ । अन्नप्राशन गराउँदा तल लेखिएको मन्त्र जप्नु पर्दछ – **अन्नपतेऽन्नस्य नो देह्यनमीवस्य शुष्मिणः। प्र प्रदातारं तारिष ऊर्जं नो धेहि द्विपदे चतुष्पदे ।।** – यजु. अ. ११, मं. ८३ ।

अब्दपूर्तिकथनम्

अथाब्दपूर्तिः । व्यवहारनिर्णये –

नवाम्बरधरो भूत्वा पूजयेच्च चिरायुषम् । मार्कण्डेयं नरो भक्त्या पूजयेत्प्रयतस्तथा ।।
ततो दीर्घायुषं व्यासं रामं द्रौणिं कृपं बलिम् । प्रह्लादं च हनूमन्तं विभीषणमथार्चयेत् ।।
स्वनक्षत्रं जन्मतिथिं प्राप्य सम्पूजयेन्नरः । षष्ठीं च दधिभक्तेन वर्षे वर्षे पुनः पुनः ।।

तिथितत्त्वे एतन्नामभिस्तिलहोमोऽप्युक्तः । आदित्यपुराणे –

सर्वैश्च जन्मदिवसे स्नातैर्मङ्गलवारिभिः। गुरुदेवाग्निविप्राश्च पूजनीयाः प्रयत्नतः।।
स्वनक्षत्रं च पितरौ तथा देवः प्रजापतिः । प्रतिसंवत्सरं यत्नात् कर्तव्यश्च महोत्सवः ।।

जन्मोत्सवविचार

अब जन्मोत्सवको विषयमा विचार गरिन्छ । व्यवहारनिर्णयमा भनिएको छ – बालक वा अरू सबैको जन्मदिनमा पहिलो वर्ष पूरा भएपछि वा जुनसुकै वर्ष पूरा हुँदा पनि नयाँ वस्त्रधारण गराउनुपर्दछ वा गर्नुपर्दछ । त्यसपछि अष्टचिरञ्जीवीको पूजा गर्नु–गराउनुपर्दछ । भक्तिपूर्वक मार्कण्डेयऋषिको पूजन गर्नुपर्दछ । मार्कण्डेयका साथै दीर्घ आयु भएका व्यास, परशुराम, अश्वत्थामा, कृपाचार्य, बलि, हनुमान् र प्रह्लादको पूजा गर्नु–गराउनुपर्दछ। आफ्नो जन्मनक्षत्रमा र प्रतिवर्ष आफ्नो जन्मतिथिमा उक्त चिरञ्जीवी र षष्ठीदेवीको दही–चामल चढाएर पूजा गर्नुपर्दछ ।

तिथितत्त्वमा अष्टचिरञ्जीवी र षष्ठीको नामबाट तिल हवन गर्नुपर्ने कुरा बताइएको छ । आदित्यपुराणमा लेखिएको

छ – सबै मानिसले आफ्नो जन्मदिनमा मङ्गलजलले स्नान गरी गुरु, देवता, अग्नि र ब्राह्मणहरूको पूजा गर्नुपर्दछ । आफ्नो नक्षत्र, माता-पिता र प्रजापतिको समेत पूजा गरी प्रतिवर्ष जन्मोत्सव मनाउनुपर्दछ ।[३०]

कृत्यचिन्तामणौ –

गुडदुग्धतिलान् दद्याद्धस्ते ग्रन्थौ च बन्धयेत् । गुग्गुलं निम्बसिद्धार्थदूर्वागोरोचनादिकम् ।।
सम्पूज्य भानुविघ्नेशौ महर्षिं प्रार्थयेदिदम् । चिरञ्जीवी यथा त्वं भो भविष्यामि तथा मुने ।।
रूपवान् वित्तवांश्चैव श्रिया युक्तश्च सर्वदा । मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवन ।।
आयुरारोग्यसिद्ध्यर्थं प्रसीद भगवन् मुने । चिरञ्जीवी यथा त्वं तु मुनीनां प्रवर द्विज ।।
कुरुष्व मुनिशार्दूल तथा मां चिरजीविनम् । मार्कण्डेय महाभाग सप्तकल्पान्तजीवन ।।
आयुरारोग्यसिद्ध्यर्थमस्माकं वरदो भव । सतिलं गुडसम्मिश्रमञ्जल्यर्द्धमितं पयः ।
मार्कण्डेयाद्वरं लब्ध्वा पिबाम्यायुर्विवृद्धये ।। इति पयः पिबेत् । तिथितत्त्वे स्कान्दे –
खण्डनं नखकेशानां मैथुनाध्वागमौ तथा । आमिषं कलहं हिंसां वर्षवृद्धौ विवर्जयेत् ।।

तत्रैव दीपिकायाम् –

कृतान्तकुजयोर्वारे यस्य जन्मतिथिर्भवेत् । अनृक्षयोगसम्प्राप्तौ विघ्नस्तस्य पदे पदे ।।
तस्य सर्वौषधिस्नानं गुरुदेवाग्निपूजनम् । कृतान्तः – शनिः । वृद्धमनुः –
मृते जन्मनि संक्रान्तौ श्राद्धे जन्मदिने तथा । अस्पृश्यस्पर्शने चैव न स्नायादुष्णवारिणा ।।

अत्र जन्मतिथिरौदयिकी ग्राह्या ।

युगाद्या वर्षवृद्धिश्च सप्तमी पार्वतीप्रिया । रवेरुदयमीक्षन्ते न तत्र तिथियुग्मता ।।

इति कृत्यतत्त्वार्णवे वचनात् । विशेषो मत्कृतशूद्रधर्मे ज्ञेयः ।

कृत्यचिन्तामणिमा भनिएको छ – जन्मोत्सव मनाउँदा सख्खर, तिल दान गर्नुपर्दछ। हातमा ग्रन्थिबन्धन गर्नुपर्दछ, गुगुल, नीम, पहेंलो सर्स्यूँ, गोरोचन आदि वस्तु पवित्र वस्त्रमा पोको पारेर गाँठो पारी हातमा बाँध्नु पर्दछ । त्यसपछि भगवान् गणेश र सूर्यको पूजा गर्नुपर्दछ । यसरी पूजा गरेपछि मुनिहरूसँग प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे मुनिजन ! जसरी तपाईंहरू चिरञ्जीवी हुनुभएको छ त्यसरी नै म पनि चिरञ्जीवी बनुँ । म रूपवान्, धनवान् र ऐश्वर्यशाली बनुँ । सातकल्पसम्म जीवन धारण गर्नुहुने हे मार्कण्डेय मुनि ! मेरो आयु र आरोग्यसिद्धिका लागि तपाईं ममाथि प्रसन्न हुनुहोस् । हे मुनिप्रवर! तपाईं जसरी चिरञ्जीवी हुनुहुन्छ त्यसरी नै मलाई पनि चिरञ्जीवी बनाउनुहोस् । सातकल्पसम्म जीवित रहनुहुने महाभाग्यशाली हे मार्कण्डेय मुनि ! आयु र आरोग्यको सिद्धिका लागि हाम्रा निमित्त वरदाता बन्नुहोस् । म मार्कण्डेयबाट वर प्राप्त गरेर आयुसिद्धिका लागि तिल र सख्खर मिसिएको दूध पिउँदैछु ।' यसरी प्रार्थना गरेर दूध पिउनुपर्दछ ।

तिथितत्त्वमा उद्धृत **स्कन्दपुराणको** वचन यसप्रकार छ – जन्मोत्सवका दिन कसैले पनि नङ एवं रौं काट्न

३०. पारस्करगृह्यसूत्रका टीकाकार गदाधरले वर्षपूर्ति वा नववर्षप्रवेश हुँदा जन्मोत्सव मनाउँदा सङ्कल्प, गणेशपूजन, मातृकापूजन, जन्मनक्षत्र, वार, योग, करण, तिथिको समेत पूजा गरी अष्टचिरञ्जीवी र षष्ठीदेवीको पूजा गर्नुपर्ने कुरा बताएका छन् । भाष्यचतुष्टयसहित पारस्करगृह्यसूत्र, पृ. २५१-२५२ ।

हुँदैन, मैथुन गर्न हुँदैन, लामो दूरीको पैदल यात्रा गर्न हुँदैन, मासु खान हुँदैन, कसैसँग झगडा गर्न हुँदैन र कुनै प्रकारको पनि हिंसा गर्न हुँदैन ।

दीपिकामा भनिएको छ– 'जसको जन्मतिथि शनिवार वा मङ्गलवारको दिन परेको हुन्छ त्यो दिन उत्तमनक्षत्र र योगसमेत नपरेमा पाइला–पाइलामा विघ्न आउँछन् ।' उक्त पद्यमा प्रयुक्त **कृतान्तकुजयोः** पदमा रहेको **कृतान्त**शब्दको अर्थ शनि हो । शनिको दोष मेटाउन सर्वौषधि अर्थात् दशथरि जडिबुटीको समूह जसमा कूट, तालिशपत्र, हलेदो, कपूर, जटामसी, पत्थरकुंकुम, श्रीखण्ड, बोझो, चाँपो र मोथे रहेका हुन्छन् ती द्वारा स्नान गर्नुपर्दछ र गुरु, देवता एवं अग्निको पूजा गर्नुपर्दछ ।

यसबारे **वृद्धमनु** भन्दछन् – मरणाशौच, जन्मसूतक, संक्रान्ति, श्राद्धको तिथि, जन्मतिथि वा जन्मदिनमा अस्पृश्यको स्पर्श गरिएको अवस्थामा तातो पानीले नुहाउनु हुँदैन । जन्मोत्सव मनाउँदा उदयकालिक तिथि लिनुपर्दछ ।

कृत्यतत्त्वार्णवमा भनिएको छ – युगादितिथि, वर्षवृद्धितिथि र पार्वतीको प्यारो सप्तमीतिथि सूर्योदयकालिक नै ग्राह्य हुन्छन् । उक्त अवसरहरूमा दुईतिथिको युग्मतासम्बन्धी मान्यताअनुसार व्यवहार गर्नु हुँदैन । योभन्दा विशेषतथ्य मैले बनाएको **शूद्रधर्म**नामक ग्रन्थबाट अवगत गर्न सकिनेछ ।

कटिसूत्रकथनम्

अथ कटिसूत्रम् । प्रयोगपरिजाते ब्राह्मे –

प्रतिसंवत्सरान्तर्क्षे वक्ष्ये नृणां विधिं परम् । दत्त्वा गोभूहिरण्यादि तथा स्वर्णादिनिर्मितम् ।।
बध्नीयात्कटिसूत्रं च वासः संगृह्य नूतनम् । दूर्वाऽङ्कुरैरथाज्येन चरुणा च पिनाकिनम् ।।
आयुष्यंहोमं कृत्वा च तर्पयेत्पितृदेवताः ।।

प्रत्येक जन्मदिनमा कन्धनी लगाउनुपर्ने

अब कन्धनीको विषयमा विचार गरिन्छ । **प्रयोगपारिजात**मा उद्धृत **ब्रह्मपुराण**को भनाइ यसप्रकार छ – प्रत्येक मानिसले प्रत्येकवर्षको अन्तमा जुन नक्षत्र हुन्छ त्यसमा गर्नुपर्ने विधि बताउँदैछु । सबै मानिसले आफ्नो नयाँवर्ष प्रारम्भ हुनुभन्दा अघिल्लो दिन जुन नक्षत्र परेको हुन्छ त्यसलाई सम्झिएर गाई, भूमि र सुवर्णदान गरी सुवर्णले बनेको कन्धनी कम्मरमा बाँध्नु पर्दछ । त्यसदिन नयाँ वस्त्रधारण गरी दूबो, घ्यू र चरुद्वारा आयुवृद्धिका लागि भगवान् शङ्करको नाममा हवन गर्नुपर्दछ र पितृदेवताका निमित्त तर्पण गर्नुपर्दछ ।

चौलविचारः

अथ चौलम् । प्रयोगपारिजाते षड्गुरुशिष्यः –

जाताधिकाराज्जन्मादितृतीयेऽब्दे तु चौलकम् । आद्येऽब्दे कुर्वते केचित्पञ्चमेऽब्दे द्वितीयके ।।
उपनीत्या सहैवेति विकल्पाः कुलधर्मतः ।। बृहस्पतिः –
तृतीयेऽब्दे शिशोर्गर्भाज्जन्मतो वा विशेषतः। पञ्चमे सप्तमे वापि स्त्रियाः पुंसोऽपि वा समम्।।
तत्रैव नारदः –
जन्मतस्तु तृतीयेऽब्दे श्रेष्ठमिच्छन्ति पण्डिताः । पञ्चमे सप्तमे वापि जन्मतो मध्यमं भवेत् ।।
अधमं गर्भतः स्यात्तु नवमैकादशेऽपि वा ।। इति ।

चौलविचार (चूडाकर्म)

अब चूडाकर्मको विषयमा विचार गरिन्छ ।[३१] प्रयोगपारिजातमा षड्गुरुशिष्यले भनेका छन् – उत्पन्न भएको आधारमा वर्षगणना गरिने प्रक्रियाअनुसार जन्मदेखि तेस्रो वर्षमा मुण्डन अर्थात् चूडाकर्म गरिन्छ । केही भन्दछन् – पहिलो वर्ष, दोस्रो वर्ष, पाँचौं वर्ष, सातौं वर्षमा अथवा उपनयनको समयमा चूडाकर्म गर्नुपर्दछ । यी विकल्पहरूको प्रयोग आफ्नो कुल-परम्पराअनुसार गर्नुपर्दछ । बृहस्पति भन्दछन् – बालकको चूडाकर्म जन्मदेखि अथवा गर्भदेखि पाँचौं अथवा सातौं वर्षमा गर्नुपर्दछ ।

नारद भन्दछन् – विद्वान्हरू जन्मदेखि तेस्रो वर्षमा चूडाकर्म गर्नु श्रेष्ठ हुन्छ भन्दछन् । जन्मदेखि पाँचौं वा सातौं वर्षमा गरिने चूडाकर्म मध्यम हुन्छ । गर्भदेखि नवम र एघारौं वर्षमा गरिने चूडाकर्म अधम हुन्छ ।

पारिजाते बृहस्पतिः – **उत्तरायणगे सूर्ये विशेषात्सौम्यगोलके ।**
शुक्लपक्षे शुभं प्रोक्तं कृष्णपक्षे शुभेतरत् । अशुभोऽन्त्यत्रिभागः स्यात्कृष्णपक्षे त्रिधाकृते ।।
तत्रैव वसिष्ठः – **द्वित्रिपञ्चमसप्तम्यामेकादश्यां तथैव च । दशम्याञ्च त्रयोदश्यां कार्यं क्षौरं विजानता ।।**
नृसिंहीये – **षष्ठ्यष्टमी चतुर्थी च नवमी च चतुर्दशी । द्वादशी दर्शपूर्णे द्वे प्रतिपच्चैव निन्दिताः ।।**
वसिष्ठः – **रवेरङ्गारकस्यैव सूर्यपुत्रस्य चैव हि । निन्दिता दिवसाः क्षौरे शेषाः कार्यकराः शुभाः ।।**
ज्योतिर्निबन्धे बृहस्पतिः – **पापग्रहाणां वारादौ विप्राणां शुभदं रवेः ।**
क्षत्रियाणां क्षमासूनोर्विट्शूद्राणां शनौ शुभम् ।।
हस्ताश्विविष्णुपौष्णाश्च श्रविष्ठादित्यपुष्यभम् । सौम्यचित्रे नवक्षौरे उत्तमा नव तारकाः ।।
त्रीण्युत्तराणि वायव्यं रोहिणी वारुणं तथा । क्षौरे षण्मध्यमाः प्रोक्ताः शेषा द्वादश गर्हिताः ।।
निधने जन्मनक्षत्रे वैनाशे चन्द्रमेऽष्टमे । विपत्करे वधे क्षौरं प्रत्यरौ च विवर्जयेत् ।।
अथ लग्नशुद्धिरन्ये च योगा ज्योतिर्विद्भ्यो ज्ञेयाः । अन्ये च विशेषाः श्मश्रुकर्मनिर्णये वक्ष्यन्ते ।

पारिजातमा बृहस्पति भन्दछन् – उत्तरायणका सूर्य उत्तरी गोलार्द्धमा रहेका बेला शुक्लपक्षमा चूडाकरण गर्नु उत्तम हुन्छ र कृष्णपक्षमा अशुभ हुन्छ । कृष्णपक्षमा पनि त्यसलाई तीनभाग लगाउँदा अन्तिमतिथि एकादशीदेखि

३१. सबै धर्मशास्त्रीहरूले आ-आफ्ना धर्मशास्त्रीय ग्रन्थहरूमा चूडाकरण, चौड वा चौलसंस्कारको वर्णन गरेका छन् । पारस्करले सांवत्सरिकस्य चूडाकरणम् वचनबाट विषयको आरम्भ गरी विस्तृतरूपमा यस संस्कारको निरूपण गरेको पाइन्छ । उनको भनाइअनुसार जन्मको प्रथम, द्वितीय, तृतीय, पञ्चम वा सप्तम वर्षमा यो संस्कार सम्पन्न गर्नुपर्दछ अथवा उपनयन सँगसँगै पनि यसलाई सम्पन्न गर्न सकिन्छ । कसैले आफ्नो कुलाचारअनुसार गर्न चाहेमा त्यसो गर्दा पनि हुन्छ । चूडाकर्म बीज र गर्भबाट उत्पन्न दोषको निराकरण, बल, आयु र वर्चको वृद्धि एवं ईश्वरभक्तिका उद्देश्यले सम्पन्न गरिन्छ । पारस्करगृह्यसूत्रअनुसार तयार गरिएका चूडाकर्मपद्धतिहरूमा छोराको पहिलो पटक केश खौरिने कर्मलाई चूडाकर्म भनिएको छ । यसमा ग्रहशान्ति, मातृकापूजा, नान्दीश्राद्ध, जुटिकाबन्धन, पुण्याहवाचन, प्रायश्चित्तहोम, गोदान, पञ्चभूसंस्कारसहित अग्निस्थापना, आज्यहोम, संस्रवप्राशन, पूर्णपात्रदान, प्रणीताविमोक, चूडाकर्म, चिसो-तातो जल मिसाउने कर्म, कपाल भिजाउने कार्य, केशभित्र कुशस्थापन, छुरास्पर्श, केशकर्तन, पूर्णाहुति, तिलककरणजस्ता विषय समावेश गरिएका हुन्छन् । तदनुसार यो संस्कार छुट्टै अथवा व्रतबन्धका दिन सम्पन्न गरिन्छ । यो कर्म जन्मप्रधान हो, कर्मप्रधान होइन र यसमा शुक्लपक्ष मुख्य मानिएको छ । कृष्णपक्षको अन्तिम तिथि एकादशीदेखि अमावास्यासम्म वर्जित छन् । गुरु-शुक्रको वार्धक्य एवं अस्त र मलमास पनि वर्जित छन् । – पी.बी. काणे, धर्मशास्त्र का इतिहास, प्रथम भाग, पृ. २०४ ।

अमावास्यासम्म अशुभ मानिएका छन् । **पारिजातमा** नै **वसिष्ठको** भनाइ यसप्रकार छ – बुद्धिमान् मानिसले द्वितीया, तृतीय, पञ्चमी, सप्तमी, दशमी, एकादशी र त्रयोदशीमा क्षौरकर्म गर्नुपर्दछ ।

नृसिंहीयमा भनिएको छ – क्षौरकर्ममा प्रतिपदा, चतुर्थी, षष्ठी, अष्टमी, नवमी, द्वादशी, चतुर्दशी, अमावास्या र पूर्णिमा निन्दित छन् । **वसिष्ठ** भन्दछन् – सूर्यवार, मङ्गलवार र शनिवार क्षौरका लागि निन्दित हुन्छन् र बाँकी बारहरूमा क्षौरकर्म गर्नु उत्तम हुन्छ ।

ज्योतिर्निबन्धमा बृहस्पति भन्दछन् – पापबारहरूमध्ये पहिलो बार अर्थात् रविवारका दिन ब्राह्मणहरूले क्षौरकर्म गर्दा शुभफल प्राप्त हुन्छ । मङ्गलवार क्षत्रियहरूका लागि लाभदायक हुन्छ । वैश्य र शूद्रका लागि शनिवार उत्तम मानिएको छ । हस्ता, अश्विनी, श्रवण, रेवती, धनिष्ठा, पुष्य, पुनर्वसु, मृगशिरा एवं चित्रा यी ९ नक्षत्र चूडाकर्ममा उत्तम मानिएका छन् । ३ उत्तरा, स्वाती, रोहिणी र शतभिषा गरी ६ नक्षत्र क्षौरकर्ममा मध्यम मानिएका छन् । बाँकी १२ नक्षत्र निन्दित मानिएका छन् ।[३२] लग्नशुद्धि र योगहरूका विषयमा ज्योतिशास्त्रका विद्वान्हरूबाट जान्न सकिन्छ । अरू विशेष कुरा **श्मश्रुकर्मनिर्णय** प्रसङ्गमा बताइनेछ ।

एतच्च शिशोर्मातरि गर्भिण्यां न कार्यम् । तदाह ज्योतिर्निबन्धे मदनरत्ने च वृद्धगार्ग्यः –

पुत्रचूडाकृतौ माता यदि सा गर्भिणी भवेत् । शस्त्रेण मृत्युमाप्नोति तस्मात् क्षौरं विवर्जयेत् ।।

अस्यापवादमाह तत्रैव नारदः –

सूनोर्मातरि गर्भिण्यां चूडाकर्म न कारयेत् । पञ्चाब्दात्प्रागथोर्ध्वं तु गर्भिण्यामपि कारयेत् ।।

यदि गर्भविपत्तिः स्याच्छिशोर्वा मरणं यदि । सहोपनीत्या कुर्याच्चेत्तदा दोषो न विद्यते ।।

बृहस्पतिः – **गर्भिण्यां मातरि शिशोः क्षौरकर्म न कारयेत् । व्रताभिषेकेऽप्येवं स्यात् कालो वेदव्रतेष्वपि।।**

अभिषेकः – समावर्तनम् । गर्भिण्यामपि पञ्चमासपर्यन्तं न दोष इत्युक्तं मुहूर्तदीपिकायां गर्गेण – **पञ्चममासादूर्ध्वं मातुर्गर्भस्य जायते मृत्युः** इति ।

बालककी आमा गर्भिणी भएमा चूडाकर्म गर्न हुँदैन । **वृद्धगार्ग्यले नवरत्न र ज्योतिर्निबन्धमा** भनेका छन्– कुनै बालककी माता गर्भिणी भएको अवस्थामा चूडाकर्म गरिएमा त्यस बालकको शस्त्रद्वारा मृत्यु हुन्छ । त्यसकारण त्यसबेला उक्त कर्म गर्न हुँदैन ।

वृद्धगार्ग्यको वचनलाई निषेध गर्दै **ज्योतिर्निबन्धमा नारद** भन्दछन् – बालककी आमा गर्भिणी भएमा पाँचवर्षभन्दा पहिले चूडाकर्म हुँदैन तर बालकले पाँचवर्षको उमेर नाघेपछि माता गर्भिणी भए पनि बालकले चूडाकर्म गर्न हुन्छ। चूडाकर्म गर्ने बेला माताको गर्भस्राव भएमा अथवा जन्मिएका बालकको मरण भएमा चूडाकर्म उपनयनकासाथ गर्नुपर्दछ। त्यसो गर्दा कुनै किसिमको दोष लाग्दैन । **बृहस्पति** भन्दछन् – बालककी आमा गर्भिणी भएमा बालकको मुण्डन गर्न

३२. निधनं जन्मनक्षत्रे विनाशश्चन्द्रमेऽष्टमे । विपत्करे वधे क्षौरं प्रत्यरौ च विवर्जयेत् ।। – जन्मनक्षत्रमा क्षौर गर्दा मृत्यु हुन्छ । अष्टम चन्द्रमा हुँदा क्षौरकर्म गरिए विनाश हुन्छ । विपत्, मृत्यु र प्रत्यरिनक्षत्रमा पनि नामअनुसारको अशुभ फल हुने हुँदा क्षौरकर्म गर्न हुँदैन । जन्मनक्षत्रलाई जन्म, दोस्रो नक्षत्रलाई संपत्, तेस्रो नक्षत्रलाई विपत्, चौथो नक्षत्रलाई क्षेम, पाँचौं नक्षत्रलाई प्रत्यरि, छैठौं नक्षत्रलाई साधक, सातौं नक्षत्रलाई वध अथवा मृत्यु, आठौं नक्षत्रलाई मित्र र नवौं नक्षत्रलाई अतिमित्र भनिन्छ । यही क्रमले २७ नक्षत्रलाई दोहोर्‍याउनु पर्दछ । यी नक्षत्रका जे–जस्ता नाम छन्, तिनै अनुसारको फल प्राप्त हुन्छ । – दौलतराम गौड, **निर्णयसिन्धु**, पुर्ववत्, चौलप्रकरणमा उद्धृत पद्य ।

हुँदैन । व्रतको अभिषेक गर्न हुँदैन अर्थात् समावर्तन गर्नु हुँदैन र वेदव्रतमा पनि मुण्डन कर्म गर्न हुँदैन ।

मुहूर्तदीपिकामा गर्ग भन्दछन् – माता गर्भिणी भए पनि पाँचमहिनाभित्रको गर्भ भएमा मुण्डनकर्म गर्दा कुनै दोष लाग्दैन । पाँचमहिनापछि उक्त कर्म गर्दा माताको गर्भमा रहेका बालकको मृत्यु हुन्छ ।

मदनरत्ने बृहस्पतिः – **पुत्रचूडाकृतौ माता गर्भिणी यदि सा भवेत् । विपद्यते गुरुस्तत्र दम्पती शिशुरब्दतः ।।**
गर्भे मातुः कुमारस्य न कुर्याच्चौलकर्म तु । पञ्चमासादधः कुर्यादत ऊर्ध्वं न कारयेत् ।।
गर्गः – **ज्वरस्योत्पादनं यस्य लग्नं तस्य न कारयेत् । दोषनिर्गमनात्पश्चात्स्वस्थो धर्मं समाचरेत् ।।**
लग्नमिति मङ्गलोपलक्षणम् । ज्योतिर्गर्गः –
विवाहोत्सवयज्ञेषु माता यदि रजस्वला । तदा स मृत्युमाप्नोति पञ्चमं दिवसं विना ।।
वसिष्ठः – **यस्य माङ्गलिकं कार्यं तस्य माता रजस्वला । अर्धं तदेव ।।**
तत्रैव बृहस्पतिः – **प्राप्तमभ्युदयश्राद्धं पुत्रसंस्कारकर्मणि ।**
पत्नी रजस्वला चेत्स्यान्न कुर्यात्तत्पिता तदा ।। पितेति कर्तृमात्रोपलक्षणम् ।

मदनरत्नमा बृहस्पति भन्दछन् – पुत्रको चूडाकर्मको समयमा माता गर्भिणी हुन्छिन् भने एकवर्षभित्र माता–पिता र बालकको मृत्यु हुन्छ । माता गर्भिणी भएमा पाँचमहिनाभित्रको गर्भ छ भने बालकको चौलकर्म गर्न हुन्छ तर पाँचमहिना नाघिसकेको गर्भ छ भने चौलकर्म गर्न हुँदैन । **गर्ग** भन्दछन् – 'माङ्गलिक कार्यमा ज्वर उत्पन्न भएमा अर्थात् ज्वरो आएमा त्यसको माङ्गलिककार्य गर्न हुँदैन । ज्वरादिदोषको समाप्तिपछि मात्र धर्मको आचरण गर्नुपर्दछ ।' यहाँ मूलमा प्रयुक्त लग्नको अर्थ माङ्गलिककर्म हो ।

ज्योतिर्गर्ग भन्दछन् – विवाह उत्सव र यज्ञहरूमा माता रजस्वला हुन्छिन् र यज्ञ सम्पन्न गरिन्छ भने जसको विवाह गरिन्छ अथवा जसका लागि यज्ञको आयोजना गरिन्छ त्यो छोरा मृत्युमा प्राप्त हुन्छ । पाँचौं दिनपछि ती कार्य गरिएमा दोष लाग्दैन । **वसिष्ठ** भन्दछन् – जुन पुत्रको माङ्गलिककार्य गरिएको छ तिनकी माता रजस्वला भएकी छिन् भने त्यस्ता पुत्रको मृत्यु हुन्छ । रजस्वला भएको पाँचौं दिनपछि माङ्गलिककर्म गरेमा दोष लाग्दैन ।

बृहस्पति भन्दछन् – 'पुत्रको संस्कारमा आभ्युदयिकश्राद्ध आरम्भ गरेपछि पुत्रकी माता रजस्वला हुन्छिन् भने पुत्रको पिता वा अन्य कुनै कर्ताले आभ्युदयिकश्राद्ध गर्न हुँदैन ।' यहाँ मूलमा प्रयुक्त **पितृशब्द** कर्ताको उपलक्षक हो ।

सङ्कटे तु वाक्यसारे उक्तम् –
अलाभे सुमुहूर्तस्य रजोदोषे ह्युपस्थिते । श्रियं सम्पूज्य विधिवत्ततो मङ्गलमाचरेत् ।।
एतच्च मण्डनोत्तरं न कार्यम् । **न मण्डनाच्चापि हि मुण्डनं च गोत्रैकतायां यदि नाब्दभेदः** । इति मदनरत्ने वसिष्ठोक्तेः । तत्रैव कात्यायनः –
कुले ऋतुत्रयादर्वाङ् मण्डनान्न तु मुण्डनम् । प्रवेशान्निर्गमो नेष्टो न कुर्यान्मङ्गलत्रयम् ।।
तथा वृद्धमनुः – **एकमातृजयोरेकवत्सरे पुरुषस्त्रियोः । न समानक्रियां कुर्यान्मातृभेदे विधीयते ।।**
आशौचे तु सङ्ग्रहे – **सङ्कटे समनुप्राप्ते सूतके समुपागते । कूष्माण्डीभिर्घृतं हुत्वा गां च दद्यात्पयस्विनीम् ।।**
चूडोपनयनोद्वाहप्रतिष्ठादिकमाचरेत् ।। इति ।

शुभ मुहूर्त नपाइएको अवस्थामा के गर्ने भन्ने कुराको उत्तर दिँदै **वाक्यसार**मा भनिएको छ – राम्रो मुहूर्त नभएमा लक्ष्मीको पूजा गरी विधिवत् मङ्गलकर्म आरम्भ गर्नुपर्दछ । यसबारे **वसिष्ठ** भन्दछन् – मण्डनपछि अर्थात् विवाहपछि मुण्डनकर्म हुँदैन । एउटै कुलका मानिसको विवाह जुन वर्षमा भएको छ त्यसै वर्ष मुण्डन गर्न हुँदैन, तर अर्को वर्ष भने दोष लाग्दैन । **कात्यायन** भन्दछन् – एउटा कुलमा तीनपुस्ताभित्र तीनऋतुभन्दा पहिले मण्डनपछि मुण्डन गर्न हुँदैन । जुन वर्ष बुहारी भित्र्याइएको छ त्यसैवर्ष छोरी दिने काम गर्न हुँदैन । एउटै वर्षमा तीनवटा मङ्गलकर्म पनि गर्न हुँदैन। **वृद्धमनु** भन्दछन् – एउटी आमाबाट पैदा भएका छोरा-छोरीहरूको एकै वर्षभित्र विवाह आदि मङ्गलसमान मङ्गलकर्म गर्न हुँदैन। आमा फरक भएमा भने मङ्गलकार्य गर्दा दोष लाग्दैन ।

संग्रहमा भनिएको छ – आपत्तिको समय, जननाशौच र मरणाशौच आइलागेमा निम्नलिखित कूष्माण्डसंज्ञकमन्त्रद्वारा हवन गर्नुपर्दछ ।

कूष्माण्डसंज्ञकमन्त्र – **यद्देवा देवहेडनं देवासश्च कृमा वयम् ।। अग्निर्मातस्मादेनसो विश्वान् मुञ्चत्वं हसः।। यदिदिवा यदिनक्तमेनांसि च कृमा वयम् ।। वायुर्मा तस्मादेनसो विश्वान् मुञ्चत्वं हसः ।। यदिजाग्रद्यदिस्वप्नऽएनांसि च कृमा वयम् । सूर्यो मातस्मादेनसो विश्वान्मुञ्चत्वं हसः ।।** – यजु. अ. २, मं. १४-१६ ।

उक्त मन्त्रद्वारा हवन गरेपछि दूध दिने गाई दान गरी चूडाकर्म, उपनयन, विवाह र देवप्रतिष्ठासमेत गर्न हुन्छ ।

ज्योतिर्निबन्धे – **षष्ठेऽब्दे षोडशे वर्षे विवाहाब्दे तथैव च ।**
अन्तर्वत्न्यां च जायायां नेष्यते मुण्डनं क्वचित् ।। अन्योऽपि विशेषो विवाहप्रकरणे वक्ष्यते । दीपिकायाम् –

न चूडा जन्मभाग्नेयदारुणेषु शनौ कुजे । प्रतिपद्भद्ररिक्तासु विद्यारम्भस्तु पञ्चमे ।।

प्रयोगरत्ने – **मध्ये शिरसि चूडा स्याद्वसिष्ठानां तु दक्षिणे ।**
उभयोः पार्श्वयोरत्रिकश्यपानां शिखा मता ।। माधवीयेऽप्येवम् ।

आपस्तम्बस्त्वाह – **तूष्णीं केशान्विनीय यथर्षिः शिखा निदधाति तथर्षिप्रवरसङ्ख्यया । तासां मध्यशिखावर्जमुपनयने वपनं कार्यम्, प्रतिदिशं प्रवपति** इत्युपनयने तेनैवोक्तेः । **रिक्तो वा एषोऽनपिहितो यन्मुण्डस्तस्मै तदपिधानं यच्छिखा** इति श्रुतेः, **विशिखो व्युपवीतश्च यत्करोति न सत्कृतम्** इति निषेधाच्च । सत्रे तु – **वचनात्सशिखं वपनम्** इति सुदर्शनभाष्ये उक्तम् । यत्तु – **कुमारा विशिखा इव** इति लिङ्गम्, तच्छन्दोगपरम् ।

ज्योतिर्निबन्धमा भनिएको छ– छैठौं वर्ष, सोह्रौं वर्ष अथवा विवाह गर्ने वर्षमा पत्नी रजस्वला भएमा मुण्डनसंस्कार गर्न हुँदैन । **दीपिका**मा भनिएको छ – जन्मनक्षत्र, कृत्तिका, मूल, ज्येष्ठा, अश्लेषा एवं आर्द्रानक्षत्र, शनिवार, मङ्गलवार, प्रतिपदा, द्वितीया, सप्तमी, द्वादशी, चतुर्थी, नवमी र चतुर्दशीतिथिमा चूडाकर्म गर्न हुँदैन । विद्याको प्रारम्भ भने पाँचौं वर्षमा प्रारम्भ गर्नुपर्दछ ।

प्रयोगरत्नमा भनिएको छ – सबैको शिखा अर्थात् टुप्पी माझमा हुनुपर्दछ । वसिष्ठगोत्रका मानिसहरूको शिखा शिरको मध्यभागको दायाँतर्फ हुनुपर्दछ र अत्रि एवं कश्यप गोत्रका मानिसहरूको शिखा दायाँ एवं बायाँभागमा फैलिएको हुनुपर्दछ । **माधवीय**मा पनि यस्तै भनिएको छ ।

आपस्तम्ब भन्दछन् – मौनपूर्वक केश काट्न लगाई ऋषिहरूको प्रवरसङ्ख्याअनुसार शिखाको स्थापना गर्नुपर्दछ।

उपनयनमा बीचको शिखा छाडी अरू शिखा काट्न लगाउनुपर्दछ । उनैले उपनयन गर्दा बीचको शिखाका चारैतिरका शिखाहरूको मुण्डन गर्नुपर्छ भनेका छन् । श्रुतिमा भनिएको छ कि – खुला वा नढाकिएको टाउकाको ढकनी शिखा[३३] अर्थात् टुप्पी नै हो । उपनयन नगरिएको मानिस र शिखा नभएको मानिसले जे गर्छ त्यो कर्म राम्रो हुँदैन । यसरी श्रुतिमा शिखा नभएका मानिसलाई कर्म गर्नबाट निषेध गरिएको छ । सुदर्शनभाष्यको भनाइअनुसार सत्रयागमा भने शिखासहित नै मुण्डन गर्नुपर्दछ। ग्रन्थकार भन्दछन् – **कुमारा विशिखा इव** भन्ने वेदवाक्यमा शिखाहीन कुमारहरूको संकेत गरिएको हुँदा उपनीत कुमारहरूको शिखा हुँदैन कि भन्ने शंका गर्नु हुँदैन। यो वाक्य सामवेदीहरूका निमित्त प्रयोग गरिएको हो, अरूका निमित्त होइन ।

अपरार्के मदनरत्ने च लौगाक्षिः – **दक्षिणतः कमुञ्जा वसिष्ठानामुभयतोऽत्रिकश्यपानां मुण्डा भृगवः पञ्चचूडा आङ्गिरसो वाजिमेकं मङ्गलार्थं शिखिनोऽन्ये यथाकुलधर्मं वा** इति ।

कमुञ्जा – शिखा । **वाजिः** – केशपङ्क्तिः ।

स्मृतिदर्पणे – **एका शिखा दक्षिणतो वसिष्ठगोत्रस्य पञ्चाङ्गिरसो भृगोऽस्तु ।**
नैका शिखा कश्यपगोत्रजानां शिखोभयत्रापि यथाकुलं वा ।।

एतच्छूद्रातिरिक्तविषयम् । **शूद्रस्यानियताः केशवेशाः** – इति वसिष्ठोक्तेः ।

यत्तु पाद्मे – **न शिखी नोपवीती स्यान्नोच्चरेत् संस्कृतां गिरम्** इति शूद्रमुपक्रम्योक्तम् । तदसच्छूद्रस्येति

---

३३. शास्त्रहरूमा शिखाको महत्त्व बताइएको छ । देवल भन्दछन् –

सदोपवीतिना भाव्यं सदा वद्धशिखेन च । विशिखो व्युपवीतश्च यत् करोति न तत्कृतम् ।।
शिखां छिन्दन्ति ये मोहाद् द्वेषादज्ञानतोऽपि वा । तप्तकृच्छ्रेण शुध्यन्ति त्रयो वर्णा द्विजातयः ।।

उक्त पद्यहरूमा व्यक्त आशयअनुसार सनातनधर्मावलम्बी हिन्दूद्विजहरूले सधैं यज्ञोपवीतधारण गर्नुपर्दछ र ग्रन्थिसहित शिखाधारण गर्नुपर्दछ । शिखा र सूत्र नभएको व्यक्तिले जुनसुकै धार्मिक कर्म गरे पनि त्यो नगरे बराबर हुन्छ । ब्राह्मण, क्षत्रिय एवं वैश्यले यदि मोह, द्वेष वा अज्ञानले शिखा काटेर फ्याँकिदिन्छन् भने ती अशुद्ध र दोषी हुन्छन् । तिनले आफूलाई चोख्याउन तीनपटक तप्तकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ । सुश्रुतमा भनिएको छ – मस्तकाभ्यन्तरोपरिष्टात् शिरासन्धिसन्निपातो रोमावर्तोऽधिपतिस्तत्रापि सद्योमरणम्। अर्थात् मस्तकको भित्रीभागभन्दा माथि जहाँ रोमावर्त (भँवर) परेको हुन्छ, त्यो सम्पूर्ण नाडीहरूको मिलनबिन्दु हो । त्यसलाई अधिपतिमर्म भनिन्छ । त्यहाँ चोट लाग्दा मानिसको मृत्यु हुन्छ । त्यही शिखास्थान हो त्यसलाई शिखागुच्छको आवरणभित्र राख्नुपर्दछ । यसैले शारीरिक बनोट र मर्मस्थलको रक्षणीयता बोध गरी ऋषिहरूले शिखाधारणको परम्पराप्रवर्तन गरेका हुन् । यसको शास्त्रीय महत्ता र कवचरूपता अवगत गर्दै अरबौं हिन्दूहरूको विशिष्ट पहिचान कायम गर्ने उद्देश्यले समेत शिखाधारण गरी स्वस्थ, सुन्दर र स्वाभिमानी हिन्दूका रूपमा आफूलाई उभ्याउनु हाम्रो कर्तव्य हो ।

शिखाधारणको परम्परामा गोत्र र प्रवरअनुसार एउटा, दुइटा वा पाँचवटासम्म शिखा रहने गरेको कुरा शास्त्रहरूबाट बुझिन्छ। त्यो आफ्नो कुलाचारसम्मत विषय हो । जति शिखा राखे पनि शिखा राख्नु महत्त्वपूर्ण विषय हो । वीर्य, आयु, पवित्रता र सुन्दरतामा वृद्धि गर्ने हिसाबले पनि शास्त्रहरूले शिखाधारणको महत्त्व बताएका छन् । शिखाले हाम्रो चेतनालाई सधैं उद्दीप्त बनाउँछ । कालो वस्तुले जहिले पनि सूर्यका किरणबाट अधिक ताप प्राप्त गर्दछ । काला रौंका कारण कपालको क्षेत्रमा कालोपनको अधिकता हुनाले सूर्यको सर्वाधिक ताप शिरोभागमा पर्दछ । बढी ताप परेका मानिसको चिन्तनशक्ति मन्थर हुने हुँदा चिन्तनशक्तिलाई तीव्र बनाउन मर्मस्थल (शिखास्थान)मा शिखाधारण गर्ने परम्परा ऋषिहरूले बसालेका हुन् । त्यसैले मनुले पनि स्नान, दान, जप, होम, सन्ध्या र देवपूजनमा शिखामा ग्रन्थिबन्धन गर्नुपर्छ भनेका छन् । पाश्चात्य वैज्ञानिकहरूले पनि हाम्रो शिखाविज्ञानलाई अत्यन्त आदर गरेको विषय विभिन्नग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । तसर्थ सनातनधर्मानुयायी हिन्दूले बल, आयु, तेज आदिको वृद्धि गरी वैदिककर्म सम्पादनका निमित्त शिखाधारण गर्नुपर्दछ । – माधवाचार्य, क्यों, पूर्ववत्, पूर्वभाग, पृ. ४४९-४६३ ।

केचित् । विकल्प इति तु युक्तम् । अत एव हारीतः –

स्त्रीशूद्रौ तु शिखां छित्वा क्रोधाद्वैराग्यतोऽपि वा । प्राजापत्यं प्रकुर्यातां निष्कृतिर्नान्यथा भवेत्।।

एतत्परिग्रहपक्षे । अत्र देशभेदाद्व्यवस्थेति दिक् ।

ज्योतिर्निबन्धे – **नर्मदोत्तरदेशे तु सिंहस्थे देवमन्त्रिणि । शुभकर्म न कुर्वीत निषेधो नास्ति दक्षिणे।।**

अपरार्क र **मदनरत्न**मा **लौगाक्षि**ले भनेका छन् – वसिष्ठगोत्र हुने मानिसहरूको कमुञ्जा अर्थात् शिखा दायाँतर्फ हुन्छ, अत्रि–कश्यप गोत्र हुनेहरूको शिखा दायाँ–बायाँ दुवैतर्फ हुन्छ । भृगुगोत्रका मानिसहरूको पूरै शिर मुडिएको हुन्छ। आङ्गिरसगोत्र हुनेहरू शिरको माझमा पाँचशिखा राख्दछन् । कुनै मानिस मङ्गलका लागि केशपंक्ति धारण गर्दछन् अरूले आफ्नो कुशधर्मअनुसार शिखा राख्दछन् ।' उक्त प्रसङ्गमा मूलमा रहेको **कमुञ्जा** शब्दको अर्थ शिखा हो र **वाजि**को अर्थ केशपंक्ति हो । **स्मृतिदर्पण**मा भनिएको छ – वसिष्ठगोत्र हुनेहरूको एउटा शिखा हुन्छ जुन शिरको मध्यभागको दायाँतर्फ रहेको हुन्छ । आङ्गिरसगोत्र हुनेहरूका पाँचशिखा हुन्छन् । भृगुहरू मुण्डित हुन्छन् । तिनीहरूको शिखा हुँदैन । कश्यपगोत्रमा जन्मिएका मानिसहरूको दुवैतर्फ शिखा हुन्छ अथवा कुलाचार पनि गरिन्छ । यो नियम शूद्रवर्णका लागि होइन । किनकि **वसिष्ठ**को मतमा शूद्रहरूको केशविन्यास निश्चित हुँदैन ।

पद्मपुराणमा शूद्रको सम्बन्धमा भनिएको छ कि – 'शूद्रले शिखासूत्र धारण गर्नुहुँदैन र संस्कृतवाणी उच्चारण गर्न पनि हुँदैन ।' यो भनाइ सबै शूद्रहरूका लागि होइन । केवल असत्आचार गर्ने शूद्रका लागि हो भन्ने कसैको मत छ । **कमलाकर** शूद्रको शिखासूत्रादिधारणको विषयमा विकल्प मात्र उपयुक्त हुन्छन् भन्दछन् । यस सम्बन्धमा **हारीत**ले भनेका छन् – 'स्त्री र शूद्रले रीसले शिखा काटेमा प्राजापात्यव्रत गर्नुपर्दछ ।' यो शिखासूत्रग्रहणको पक्षमा आएको वचन हो । विकल्प नभएको भए स्त्री, शूद्रले शिखा काट्न हुँदैन भन्ने वचन आउने थिएन। यस्तो विषयमा देशाचारबाट व्यवस्था गर्नु नै राम्रो हुन्छ । **ज्योतिर्निबन्ध**मा भनिएको छ – नर्मदानदीदेखि उत्तरदिशातर्फ रहेको भूभागमा बृहस्पति सिंहराशिमा गएको समयमा शुभकर्म गर्न हुँदैन । तर दक्षिणदिशाको भूभागमा भने शुभकर्म गर्न निषेध गरिएको छैन ।

अथ मुण्डनसंस्कारादौ भोजने तथा स्त्रीणां संस्कारे क्रमविचारः

अत्र (मुण्डनसंस्कारादौ भोजने विचारः) भोजने प्रायश्चित्तमुक्तं पराशरमाधवीये –

निवृत्ते चूडहोमे तु प्राङ्नामकरणात्तथा । चरेत्सान्तपनं भुक्त्वा जातकर्मणि चैव हि ।।

अतोऽन्येषु तु संस्कारेषूपवासेन शुद्ध्यति ।।

एते संस्काराः स्त्रीणाममन्त्रकाः कार्याः । होमस्तु समन्त्रक इति प्रयोगपारिजाते । आश्वलायनोऽपि- **होमकृत्यं तु पुंवत्स्यात्स्त्रीणां चूडाकृतावपि** इति ।

मनुरपि – **अमन्त्रिका तु कार्येयं स्त्रीणामावृदशेषतः** इति । होमोऽप्यमन्त्रक इत्येके । **संस्काराः स्त्रीणामहोमकास्तूष्णीं स्युः** इति स्मृत्यर्थसारे । **होमो न** इति वृत्तिकृत् ।

मुण्डनसंस्कार आदिमा भोजन र नारीहरूको संस्कारसम्बन्धी विचार

अहिले मुण्डनसंस्कारमा भोजनको विषयमा विचार गरिँदैछ । मुण्डनसंस्कार आदिमा भोजन गरेमा त्यसको प्रायश्चित्त बताउँदै **पराशरमाधवीय**मा भनिएको छ– चूडाकरण होम गरेपछि नामकरण र जातकर्ममा भोजन गर्न हुँदैन, गरेमा सान्तपननामक

प्रायश्चित्त गर्नुपर्दछ ।[३४] यीबाहेक अरू संस्कारमा भोजन गर्दा उपवास गरेपछि शुद्धि हुन्छ । स्त्रीहरूको जातकर्म, नामकरण र चौलसंस्कार अमन्त्रक अर्थात् मन्त्रवाचन नगरीकन सम्पन्न गर्नुपर्दछ ।

प्रयोगपारिजातमा भनिएअनुसार ती समयमा होम भने मन्त्र पढेर नै गर्नुपर्दछ । यस सम्बन्धमा **आश्वलायनले** पनि भनेका छन् – नारीहरूको चूडाकरणमा पनि पुरुषहरूको चूडाकरणमा झैं मन्त्रसहित नै होम गर्नुपर्दछ ।

मनु पनि भन्दछन् – नारीहरूको सम्पूर्ण अनुष्ठानपद्धति विनामन्त्र गर्नुपर्दछ । कसैको मतमा होम समन्त्रक गर्नुपर्दछ । **स्मृत्यर्थसारमा** भनिएको छ – होमलाई छाडी स्त्रीहरूका अरू संस्कार विनामन्त्र सम्पन्न गर्नुपर्दछ । कसैले स्त्रीहरूको यस कार्यमा होम गर्नुपर्दैन भनेका छन् ।[३५]

विद्यारम्भकथनम्

अथ विद्यारम्भः । मदनरत्ने नृसिंहः –

अक्षरस्वीकृतिं कुर्यात्प्राप्ते पञ्चमहायने । उत्तरायणगे सूर्ये कुम्भमासं विवर्जयेत् ।।

दीपिकायाम् – **वर्षे पर्जन्यके काले षष्ठीं रिक्तां शनिं कुजम् ।**
अनध्यायान्विना नत्वा देवं ग्रन्थकृतं गुरुम्।। श्रीधरः –

हस्तादित्यसमीरमित्रपुरुजित्पौष्णाश्विचित्राच्युतेष्वाराक्यंशदिनोदयादिरहिते राशौ स्थिरे चोभये।
पक्षे पूर्णनिशाकरे प्रतिपदं रिक्तां विहायाष्टमीं षष्ठीमष्टमशुद्धभाजि भवने प्रोक्ताक्षरे स्वीकृतिः ।।

विष्णुधर्मोत्तरे –

पूजयित्वा हरिं लक्ष्मीं तथा देवीं सरस्वतीम् । स्ववेदं[३६] सूत्रकारांश्च स्वां विद्यां च विशेषतः ।।
एतेषामेव देवानां नाम्ना तु जुहुयाद् घृतम्। दक्षिणाभिर्द्विजेन्द्राणां कर्तव्यं चात्र पूजनम् ।। इति ।

विद्यारम्भविचार

अब विद्या आरम्भ गर्ने विषयमा विचार गरिन्छ । यस सम्बन्धमा **मदनरत्नमा नृसिंह** भन्दछन् – बालकको उमेर चारवर्ष पूरा भई पाँचौं वर्षमा लागेपछि सूर्य उत्तरायणमा गएका बेला कुम्भसंक्रान्ति छाडेर अर्थात् गुरुलाई पूर्वमुख र शिशुलाई पश्चिमाभिमुख गराई अक्षरारम्भ गराउनुपर्दछ । **दीपिकामा** भनिएको छ – वर्षाऋतुको समयमा षष्ठी र रिक्तातिथि, शनि एवं मङ्गलवार तथा अनध्यायका दिनहरू छाडी देवता, ग्रन्थकार र गुरुलाई नमस्कार गरेर विद्यारम्भ गर्नुपर्दछ ।

श्रीधर भन्दछन् – हस्ता, पुनर्वसु, स्वाती, अनुराधा, ज्येष्ठा, रेवती, अश्विनी, चित्रा र श्रवणनक्षत्रमा मङ्गलवार एवं

---

३४. गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । जग्ध्वा परेऽह्न्युपवसेत् कृच्छ्रं सान्तपनं चरन् ।। – याज्ञवल्क्यस्मृति, प्रायश्चित्तप्रकरण, श्लो. ३१४ ।

अर्थ – यो सान्तपनप्रायश्चित्त दुई दिनको हुन्छ – पहिलो दिन अन्य आहार परित्याग गरी गहुँत, गोबर, दूध, दही, घिउ र कुशोदक एकै ठाउँमा मिसाएर पिउनुपर्दछ । दोस्रो दिन पूरै उपवास बस्नुपर्दछ । यसो गरेपछि सान्तपनकृच्छ्र प्रायश्चित्त पूरा हुन्छ ।

३५. गर्भाधानदेखि चूडासम्मका आठवटा – गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन र चूडासंस्कार बीजगर्भसमुद्भव अर्थात् शुक्रशोणितसम्बद्ध समस्तदोष अर्थात् पापनाशका निम्ति बालकको मन्त्रपूर्वक गरिन्छन् भने बालिकाको चाहिँ उक्त संस्कार विनामन्त्र गरिन्छन् –

एवमेनः शमं याति बीजगर्भसमुद्भवम् । तूष्णीमेताः क्रियाः स्त्रीणां विवाहस्तु समन्त्रकः ।। – याज्ञवल्क्य० २/१३ ।

३६. 'स्वविद्याम्' – यस्तो पाठान्तर पाइन्छ ।

शनिवार तिनीहरूको नवांश लग्न आदि छाडेर स्थिर अर्थात् मेष, सिंह, कुम्भ र वृश्चिक र द्विस्वभाव अर्थात् मिथुन, कन्या, धनु र मीनलग्नमा शुक्लपक्षमा प्रतिपदा, षष्ठी, अष्टमी, चतुर्थी, नवमी र चतुर्दशीतिथि छाडी बाँकी तिथिहरूमा अष्टमभाव शुद्ध भएको लग्नमा अक्षरारम्भ गराउनु मङ्गलदायक हुन्छ । **विष्णुधर्मोत्तर**मा भनिएको छ – अक्षरारम्भ गराउँदा भगवान् नारायण, भगवती लक्ष्मी, विद्याकी देवी सरस्वती, आफ्नो शाखाको वेद, सूत्रकार र कुलपरम्परागत विद्यालाई विशेषरूपमा उक्त देवताहरूकै नामबाट पूजा गरी घृताहुति दिनुपर्दछ । दक्षिणा दिएपछि ब्राह्मणहरूको सत्कारपूजन गर्नुपर्दछ ।[३७]

धनुर्विद्याविचारः

अथ धनुर्विद्या । दीपिकायाम् –

अदितिगुरुयमार्कस्वातिचित्राग्निपित्र्यध्रुवहरिवसुमूलेष्विन्दुभागान्त्यभेषु ।
शनिशशिबुधवारे विष्णुबोधे विपौषे सुसमयतिथियोगे चापविद्याप्रदानम् ।।

धनुर्विद्या आरम्भ गर्ने समय

अब धनुर्विद्याको आरम्भ गर्ने विषयमा विचार गरिन्छ । **दीपिका**मा भनिएको छ – पुनर्वसु, पुष्य, भरणी, हस्ता, स्वाती, चित्रा, कृत्तिका, मघा, ३ उत्तरा, रोहिणी, श्रवण, धनिष्ठा, मूल र मृगशिराको अन्त्यभागमा शनि, सोम र बुधवारमा भगवान् नारायण हरिबोधिनी एकादशीमा जाग्नुभएपछि पौषमहिना छाडेर अरू महिनामा शुभसमय र शुभतिथि जुराई धनुर्विद्याको आरम्भ गर्नु मङ्गलदायक हुन्छ ।

अनुपनीतस्य विशेषकथनम्

अथानुपनीतस्य विशेषः । गौतमः – **प्रागुपनयनात्कामचारवादभक्षाः** इति । भक्षणं लशुनादेरपीति हरदत्तः। अपरार्के वृद्धशातातपः –

शिशोरभ्युक्षणं प्रोक्तं बालस्याचमनं स्मृतम् । रजस्वलादिसंस्पर्शे स्नानमेव कुमारके ।।
प्राक् चूडाकरणाद्बालः प्रागन्नप्राशनाच्छिशुः । कुमारकस्तु विज्ञेयो यावन्मौञ्जीनिबन्धनम् ।।

आपस्तम्बोऽपि – **अन्नप्राशनात्प्रयतो भवत्यासंवत्सरादित्येके** इति ।

गौतमोऽपि – **न तदुपस्पर्शनादाशौचम्** । **तस्यानुपनीतस्य चाण्डालादिस्पृष्टस्यापि स्पर्शान्न स्नानम्** । **इदं च षष्ठवर्षात्प्राक् ऊर्ध्वं तु स्नानं भवत्येव ।। बालस्य पञ्चमाद् वर्षाद् रक्षार्थं शौचमाचरेत्।** इति स्मृतेः। कामचारादिकेऽप्येवम् ।

ऊनैकादशवर्षस्य पञ्चवर्षात्परस्य च । चरेद् गुरुः सुहृच्चैव प्रायश्चित्तं विशुद्धये ।।
अतो बालतरस्यास्य नापराधो न पातकम् । इति स्मृतेरिति हरदत्तः । स्मृत्यर्थसारेऽप्येवम् ।

इति दोलारोहादिविद्यारम्भान्तविषयनिर्णायकं तृतीयं प्रकरणम्

---

३७. बालकले पाँचवर्षमा टेकेपछि उत्तरायणमा प्रतिपदा, चतुर्थी, षष्ठी, अष्टमी, वनमी, चतुर्दशीतिथि छाडी आइतवार र मङ्गलवारबाहेकका बारहरूमा विद्यारम्भ गर्नुपर्दछ । लक्ष्मीनारायण, सरस्वती, आफ्ना वेद र सूत्रकारहरूको पूजा गरेपछि यिनैका नामबाट हवन गर्नुपर्दछ। गुरु पूर्वतिर फर्किएको र शिष्य पश्चिमतिर फर्किएको स्थितिमा विद्यारम्भ गराउनुपर्दछ भन्ने कुरा अपरार्कमा बताइएको छ । – पी.बी. काणे, पूर्ववत्, पृ. २०६ ।

यज्ञोपवीतसंस्कार नगरिएका बालकहरूको सम्बन्धमा विचार

यज्ञोपवीतसंस्कार नभएका बालकहरूको बारेमा विशेष तथ्य प्रकाशित गरिन्छ । **गौतम** भन्दछन् – यज्ञोपवीतसंस्कारभन्दा पहिले बालकहरूले आफ्नो इच्छाअनुसार आचरण, कुराकानी र भोजन गर्न सक्दछन् ।

हरदत्त भन्दछन् – यस्तो बालक लसुन खाँदा पनि दोषी मानिँदैन । **अपरार्क**मा **वृद्धशातातप** भन्दछन् – व्रतबन्ध नगरिएका बालक रजस्वला नारीसँग छोइएमा जलको अभिषेकपछि शुद्ध हुन्छन्, शिशुहरू छोइएमा आचमन गर्दा शुद्ध हुन्छन्, कुमारहरू छोइएमा स्नान गर्दा शुद्ध हुन्छन् । अन्नप्राशनभन्दा पहिले बच्चालाई शिशु भनिन्छ । चूडाकरणभन्दा पहिले बालक भनिन्छ र उपनयनभन्दा पहिले कुमार भनिन्छ ।

आपस्तम्ब भन्दछन् – अन्नप्राशनको समय अथवा एकवर्षको उमेरभन्दा पहिले बालकहरू शुद्ध रहन्छन् भन्ने कसैको भनाइ छ । **गौतम** भन्दछन् – बालकले रजस्वला आदिको स्पर्श गरे पनि कुनै किसिमको आशौच लाग्दैन अर्थात् अशुद्धि हुँदैन । व्रतबन्ध नगरेका बालक चाण्डाल आदिसँग छोइएमा पनि त्यसले स्नान गर्नु पर्दैन । यो नियम छवर्षभन्दा कम उमेरका बालकका लागि हो, पाँचवर्ष पुगेका बालकले भने स्नान गर्नुपर्दछ ।

स्मृतिविशेषमा भनिएको छ – पाँचवर्षदेखि बालकको रक्षाका निमित्त सबै प्रकारका शौचहरूको प्रयोग गर्नुपर्दछ । कामाचार, कामवाद र कामभोजन पनि छवर्षको उमेरभन्दा पहिलेमात्र गर्न हुन्छ । पाँचवर्षदेखि माथि एघारवर्षभन्दा केही कम उमेर भएका बालकहरूबाट भए-गरिएका कामाचार, कामवाद र कामभोजनजस्ता दोषको प्रायश्चित्त गुरु, आचार्य र मित्रले गर्नुपर्दछ । ती बालकहरूद्वारा गरिने कर्मबाट अपराध र पातक लाग्दैन । यो कुरा **स्मृति**मा लेखिएको छ भन्ने भनाइ **हरदत्त**को रहेको छ र **स्मृत्यर्थसार**मा पनि यही तथ्य प्रकाशित गरिएको छ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको दोलारोहणदेखि विद्यारम्भसम्मका कृत्यहरूको निर्णयमा आधारित तृतीय प्रकरण पूरा भयो ।



अथ उपनयनसंस्कारनिर्णयात्मकं चतुर्थं प्रकरणम्

अथोपनयनविचारः

अथोपनयनम् । आश्वलायनः -

गर्भाष्टमेऽष्टमे वाब्दे पञ्चमे सप्तमेऽपि वा । द्विजत्वं प्राप्नुयाद्विप्रो वर्षे त्वेकादशे नृपः ।।

मनुः - **ब्रह्मवर्चसकामस्य कार्यं विप्रस्य पञ्चमे । राज्ञो बलार्थिनः षष्ठे वैश्यस्यार्थार्थिनोऽष्टमे ।।**

विष्णुः - **षष्ठे तु धनकामस्य विद्याकामस्य सप्तमे । अष्टमे सर्वकामस्य नवमे कान्तिमिच्छतः ।।**

आपस्तम्बः - **'गर्भाष्टमेषु ब्राह्मणमुपनयीत'** बहुवचनं गर्भषष्ठगर्भसप्तमयोः प्राप्त्यर्थमिति सुदर्शनभाष्ये। केचित्तु विप्रस्य षष्ठं न मन्यन्ते ।

उपनयनविचार

अब उपनयनको विषयमा विचार गरिन्छ । **आश्वलायन** भन्दछन् - गर्भदेखि आठौँ या जन्मदेखि आठौँ वर्षमा अथवा पाँचौँ वर्षमा अथवा सातौँ वर्षमा द्विजत्वप्राप्तिका लागि ब्राह्मणको उपनयनसंस्कार गर्नुपर्दछ र क्षत्रियको उपनयनसंस्कार एघारौँ वर्षमा गर्नुपर्दछ ।[३८]

मनुले भनेका छन् - ब्राह्मणको ब्रह्मवर्चस बढाउनका लागि पाँचौं वर्षमा उपनयन गर्नुपर्दछ, क्षत्रियको बलवृद्धिका निमित्तमा छैठौँ वर्षमा उपनयन गर्नुपर्दछ र वैश्यको धनवृद्धिका लागि आठौँ वर्षमा उपनयनसंस्कार गर्नुपर्दछ ।

विष्णु भन्दछन् - धनकामनापूर्ण गराउन छैठौँ वर्षमा, विद्याकामना सफल तुल्याउन सातौँ वर्षमा, सम्पूर्ण कामनाहरूको पूर्तिका लागि आठौँ वर्षमा र कान्ति यद्वा सौन्दर्यको इच्छा पूरा गराउन नवौँ वर्षमा उपनयन गर्नुपर्दछ ।

---

३८. शास्त्रहरूमा व्रतबन्धसंस्कारको अर्थमा उपानय, उपनयन, उपनीति, मौञ्जीबन्धन एवं वटुकरणजस्ता शब्दको प्रयोग गरिएको पाइन्छ । उपनयनको अर्थ वेदको अध्ययनका लागि वटुलाई आचार्यको नजिकमा पुऱ्याउनु भन्ने हो अथवा उपनयनसंस्कार त्यो संस्कार हो जसमा वटुलाई आचार्यको समीपमा पुऱ्याइन्छ । **आपस्तम्बधर्मसूत्र**अनुसार उपनयनसंस्कार विद्याध्ययन गर्न चाहने वटुका निमित्त सम्पादन गरिन्छ । यस संस्कारमा आचार्यले वटुलाई गायत्रीमन्त्रको उपदेश गर्छन् । जैमिनिले पनि **'संस्कारस्य तदर्थत्वात् विद्यायां पुरुषश्रुतिः'** (६/१/३५) सूत्रमा विद्याप्राप्तिका लागि उपनयन संस्कार गराइन्छ त्यसैले वटुलाई आचार्यको नजिकमा लैजाने काम हुन्छ भनेका छन् । उपनयनको सम्बन्धमा वैदिकसाहित्यमा विस्तृत वर्णन गरिएको पाइन्छ । **पारस्करगृह्यसूत्र**मा उपनयनसंस्कारको विषय स्पष्टरूपमा खुलाइएको छ । तदनुसार - ब्राह्मण वटुको आठौं वर्षमा, क्षत्रियकुमारको एघारौं वर्षमा र वैश्यकुमारको बाह्रौं वर्षमा उपनयन गर्नुपर्दछ । यो संस्कार सम्पन्न गर्दा पूर्वाङ्गका दिन ब्राह्मणवरण, पुण्याहवाचन, स्वस्तिवाचन, गणेशपूजन, मातृकापूजन, आभ्युदयिकश्राद्ध आदि कृत्य गरिन्छन् । दोस्रो दिन ग्रहशान्ति, पञ्चभूसंस्कार, अग्निस्थापना, दण्ड, मेखला, वस्त्र, कौपीन आदि परिधापन, सूर्यदर्शन, होम, संस्रवप्राशन, पूर्णपात्रदान, प्रणीताविमोक, अनुशासनशिक्षा, मन्त्रदान, समिधादान, पूर्णाहुति, तिलकदान, अभिवादन, भिक्षाजस्ता प्रमुख कृत्य सम्पन्न गरिन्छन् ।

उपनयनसंस्कारमा भिक्षायाचना गर्ने क्रममा ब्राह्मण वटुले आफ्नो आमाको नजिकमा गई **'हे भवति ! भिक्षां मे देहि'** भन्नुपर्दछ । क्षत्रियवटुले **'भवत्'** शब्दलाई माझमा प्रयोग गरी **'भिक्षां हे भवति ! मे देहि'** भन्नुपर्दछ । वैश्यवटुले **'भवत्'** शब्दलाई अन्तिममा प्रयोग गरी **'भिक्षां मे देहि भवति!'** भन्नुपर्दछ । भिक्षाप्राप्त गरेपछि वटुले त्यो सम्पूर्ण भिक्षा गुरुलाई निवेदन गर्नुपर्दछ । सायंकालिक सन्ध्योपासन गरेपछि त्यसदिनको कृत्यको समाप्ति हुन्छ । त्यसपछि समावर्तनसंस्कारसम्म दण्डधारण, अग्निपरिचरण, गुरुसेवा, भिक्षाचर्या, मधु, मांस, उच्छिष्ट, क्षार र आमिष पदार्थको त्याग, सत्यभाषण आदि कर्म निरन्तर वटुलाई गर्न लगाउनुपर्दछ । यी कर्मपछि वेदाध्ययन र वेदाध्ययनपछि समावर्तनसंस्कार गर्नुपर्दछ । - पारस्करगृह्यसूत्र १-५ कण्डिका ।

आपस्तम्बले भनेका छन् – गर्भदेखि आठौँ वर्षमा ब्राह्मणको उपनयन गर्नुपर्दछ । यस वाक्यको विवेचन गर्दै सुदर्शनभाष्यमा भनिएको छ कि– **गर्भाष्टमेषु** यस शब्दमा रहेको बहुवचनले गर्भदेखि छैठौँ अथवा गर्भदेखि सातौँ वर्षमा पनि उपनयन गर्नुपर्ने कुरा जनाउँदछ। कुनै धर्मशास्त्रीहरू ब्राह्मणको छैठौँ वर्षमा उपनयनसंस्कार शुभ हुँदैन भन्दछन् ।

आपस्तम्बः – अथ काम्यानि । **सप्तमे ब्रह्मवर्चसकाममष्टमे आयुष्कामं नवमे तेजस्कामं दशमेऽन्नाद्यकाममेकादशे इन्द्रियकामं द्वादशे पशुकाममुपनयेत्** ।। गौणकालमाह मनुः –

आषोडशाद् ब्राह्मणस्य सावित्री नातिवर्तते । आद्वाविंशत् क्षत्रबन्धोराचतुर्विंशतेर्विशः ।।

ज्योतिर्निबन्धे – **अग्रजा बाहुजा वैश्याः स्वावधेरूर्ध्वमब्दतः। अकृतोपनयाः सर्वे वृषला एव ते स्मृताः ।।**

आपस्तम्बले काम्य उपनयनको चर्चा गर्दै भनेका छन् – ब्रह्मवर्चसकामना गर्नेको लागि सातौँ वर्षमा, आयुष्यकामना गर्नेको आठौँ वर्षमा, तेजको कामना गर्नेको लागि नवौँ वर्षमा, अन्न आदि कामना गर्नेको लागि दसौँ वर्षमा, इन्द्रियकामना गर्नेको लागि एघारौँ वर्षमा र पशुकामना गर्नेको लागि बाह्रौँ वर्षमा उपनयन गर्नुपर्दछ ।

मनुले गौणकालको विषयमा भनेका छन् – १६ वर्षसम्म ब्राह्मण, २२ वर्षसम्म क्षत्रिय र २४ वर्षसम्म वैश्यले गायत्री ग्रहण गर्न सक्दछन् । आ–आफ्ना वर्णलाई तोकिएको वर्षसीमापछि गायत्री लिने अधिकार कसैलाई पनि हुँदैन ।

ज्योतिर्निबन्धमा भनिएको छ – ब्राह्मण, क्षत्रिय र वैश्यको निर्धारित अवधिमा यज्ञोपवीत नभएमा तिनलाई शूद्रसमान जान्नुपर्दछ अर्थात् यज्ञोपवीत नभएका ती ब्राह्मण आदिलाई पतित मान्नुपर्दछ ।

गर्गः – **विप्रं वसन्ते क्षितिपं निदाघे वैश्यं घनान्ते व्रतिनं विदध्यात् ।**
माघादिशुक्रान्तिकपञ्चमासाः साधारणा वा सकलद्विजानाम् ।।

हेमाद्रौ ज्योतिषे – **माघादिषु च मासेषु मौञ्जी पञ्चसु शस्यते ।** कालादर्शे वृद्धगार्ग्यः –

माघादिमासषट्के तु मेखलाबन्धनं मतम् । चूडाकरणमन्नं च श्रावणादौ विवर्जयेत् ।।[३९]

मैत्रेयसूत्रेऽपि – **'वसन्तो ग्रीष्मः शरदित्यृतवो वर्णानुपूर्वेण माघादिषण्मासा वा सर्ववर्णानामेतदुदगयनमनयोर्विकल्पः'** इति ।

गर्गले भनेका छन् – ब्राह्मणको वसन्तऋतुमा, क्षत्रियको ग्रीष्मऋतुमा र वैश्यको शरद्ऋतुमा उपनयन गर्नुपर्दछ। माघदेखि लिएर पाँचमहिनासम्म अर्थात् ज्येष्ठसम्मका ५ महिना ब्राह्मण, क्षत्रिय र वैश्य सबैको उपनयनसंस्कार गर्नका लागि साधारणमास मानिएका छन् । **हेमाद्रिमा ज्योतिषको** भनाइ छ – माघदेखि लिएर जेठसम्मका महिनामा सबैका निमित्त उपनयनसंस्कार गर्नु उत्तम हुन्छ । **कालादर्शमा वृद्धगार्ग्यले** भनेका छन् – माघ आदि ६ महिनामा मेखलाबन्धन गर्नुपर्दछ र चूडाकरण एवं अन्नप्राशनसंस्कार श्रावण आदि महिनाहरूमा गर्नुहुँदैन ।

मैत्रेयसूत्रमा भनिएको छ – वसन्त, ग्रीम र शरद् ऋतुहरूमा ब्राह्मण, क्षत्रिय र वैश्यको क्रमैले उपनयनसंस्कार गर्नुपर्दछ र माघ आदि ६ महिनामा जसलाई उत्तरायण भनिन्छ त्यसमा सर्वसामान्यको उपनयनसंस्कार गर्नुपर्दछ । माघ

३९. उपनयनसंस्कार ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन वर्णका कुमारको मात्र गरिन्छ । द्विजत्व (जातित्व) प्राप्ति र वेदाध्ययनाधिकार प्राप्तिका निम्ति गरिने यो संस्कार माघ आदि ६ महिना (उत्तरायण)मा मात्र गर्नुपर्ने हुन्छ । चूडाकर्म पनि उत्तरायणमा नै गर्नु वेश हुन्छ। अन्नप्राशनसंस्कार श्रावण आदि मासमा गर्न हुँदैन भन्ने वृद्धगार्ग्यको वचनलाई 'सौरेणान्नाशनं परम्' नारदको यो वचनले परास्त गरिदिएको छ । अन्नप्राशनसंस्कारमा सौरमान लिनुपर्ने भएकाले श्रावण आदिमा गर्न हुँदैन भन्ने प्रश्न नै उठ्न सक्दैन ।

आदि ६ महिना वा उत्तरायणमा उपनयन गर्नु पर्दछ भनिएकाले यहाँ विकल्प देखिन्छ । विकल्प देखिनुको तात्पर्य – तीनै वर्णले चाहे वसन्त आदि ऋतुमा उपनयन गरून् चाहे माघ आदि ६ महिनामा गरून् भन्नु नै हो ।।

तत्त्वविमर्शः

अत्रेदं तत्त्वम् – नात्र वसन्तेनोत्तरायणस्य सङ्कोचः श्राद्धे दर्शस्यापराह्णविधिनैवाधाने वसन्तादेः कृत्तिकादिनेव सायंप्रातर्विधिना यावज्जीवविधेरिव युक्तः । आद्ययोः परस्परव्यभिचारान्नियमः, अन्त्ये निमित्ते साङ्गकर्मोक्तेः कालापेक्षा, इह तूत्तरायणं विना वसन्तस्याभावान्न नियमः, न वा निमितत्त्वम्। न च 'एकं वृणीते' इतिवदवयुत्यानुवादः, तद्वद्वाक्य-भेदापरिहारात् । उत्तरायणविधिवैयर्थ्यात्त्वनुकल्पोऽयमिति । माघ आदिर्येषां पञ्चानाम्, एवं षट् ।

तत्त्वविमर्श

वसन्तद्वारा गरिने उत्तरायणको सङ्कोच अमावास्यामा गरिने श्राद्धलाई अपराह्णमा गर्नुपर्छ भनी सम्पूर्ण अमावास्यालाई अपराह्णमा सङ्कुचित बनाएजस्तो होइन । फेरि जस्तै वसन्तमा अग्निको आधान गर्नुपर्दछ भन्ने वाक्यमा वसन्तभिन्न पर्ने कृत्तिकानक्षत्रमा मात्र गर्ने गरी खुम्च्याएजस्तो पनि होइन । फेरि आजीवन अग्निहोत्रविधि अँगालेर हवन गर्नुपर्दछ भन्ने वाक्यलाई सायंकाल र प्रातःकालमा अग्निहोत्र गर्नुपर्दछ भनी कालविशेषमा गर्ने गरी छोट्याएजस्तो पनि होइन । अमावास्याश्राद्ध र अपराह्णविधि, वसन्तऋतु र कृत्तिकानक्षत्र यी दुईवर्गमा अमावास्याविना अपराह्णविधि औचित्यहीन बन्दछ र वसन्तविना कृत्तिकाको पनि कुनै औचित्य हुँदैन । त्यसैले यहाँ व्यभिचारदोष छ । यो दोष हटाउन नियम बनाइयो – वसन्तको कृत्तिकामा मात्र अग्निको आधान गर्नुपर्दछ र अमावास्याश्राद्ध अपराह्णमा मात्र गर्नुपर्दछ । तेस्रो उदाहरणमा साङ्गकर्मको लागि उचित कालको अपेक्षा गरिएको छ । जस्तै– जबसम्म बाँचिन्छ तबसम्म अग्निहोत्र गर्नुपर्दछ तर कतिबेला गर्ने भन्ने कुरा खुलाइएको छैन । **सायं प्रातर्जुहुयात्** भन्ने वाक्यमा यावत् जीवन सायंकाल र प्रातःकालमा अग्निहोत्र गर्नुपर्दछ भनिएकाले अग्निहोत्रका लागि सायंकाल र प्रातःकालको व्यवस्था गरियो । प्रकृत प्रसङ्गमा त उत्तरायणविना वसन्तको प्राप्ति नै हुँदैन । त्यसैले यहाँ न नियम छ, न त निमित्त नै अर्थात् सम्पूर्ण उत्तरायण छाडी केवल वसन्तमा उपनयन गर्नुपर्दछ भन्ने नियम शास्त्रमा छैन । फेरि उत्तरायणको सङ्कोच गरी वसन्तमा मात्र गर्नुपर्ने कारण पनि केही छैन । कसैले शङ्का गर्न सक्छन् होइन, **'न चैकं वृणीते नाम'** यस वाक्यमा धेरै ब्राह्मणको प्राप्ति हुँदा पनि एउटै ब्राह्मणवरण गरे हुन्छ भने सिद्धकथनरूप अनुवाद मानेझैं यहाँ पनि उत्तरायणको विधिबाट यज्ञोपवीत सिद्ध हुने भएपछि वसन्तमा यज्ञोपवीत गर्नुपर्दछ भन्ने वाक्यको अर्थ उत्तरायणविधिबाट यज्ञोपवीत गर्दा सार्थक हुने भएतापनि सिद्धकथनरूप अनुवाद माने के हुन्छ ? ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । त्यसो गर्दा यहाँ वाक्यभेदनामक दोषको निराकरण गर्ने उपाय हुने छैन । फलस्वरूप यहाँ दुईवाक्य हुनेछन् – एक– उत्तरायणमा यज्ञोपवीत गर्नुपर्दछ र दोस्रो– वसन्तमा यज्ञोपवीत गर्नुपर्दछ । यसरी दुईवाक्य हुँदा वाक्यभेदनामक दोष हुनेछ । तसर्थ यो विधि लागु नहुने हुँदा वसन्तमा यज्ञोपवीत गर्नुपर्दछ भन्ने वाक्यलाई अनुकल्प मान्नुपर्दछ भन्ने कुरा नै निचोड हो ।

पारिजाते बृहस्पतिः – **झषचापकुलीरस्थो जीवोऽप्यशुभगोचरः । अतिशोभनतां दद्याद्विवाहोपनयादिषु।।**

वृत्तशते – **न जन्मधिष्ण्ये न च जन्ममासे न जन्मकालीनदिने विदध्यात् ।**
ज्येष्ठे न मासि प्रथमस्य सूनोस्तथा सुताया अपि मङ्गलानि ।।

पारिजातमा बृहस्पतिले भनेका छन् – मीन, धनु र कर्क राशिको बृहस्पतिलाई अशुभगोचरकै भए पनि विवाह,

उपनयन आदिमा अत्यन्त पुण्यदायक मान्नुपर्दछ ।

वृत्तशत भन्ने ग्रन्थमा लेखिएको छ – जन्मनक्षत्र, जन्ममहिना, जन्मकालीन तिथि अथवा जन्मगतेमा जेठो छोराको जेठमहिनामा विवाह, व्रतबन्ध गर्नुहुँदैन । यसैगरी जेठमहिनामा जेठी कन्याको पनि मङ्गलकार्य गर्नुहुँदैन ।

जन्ममासत्यागासामर्थ्ये विचारः

राजमार्तण्डः – **जातं दिनं दूषयते वसिष्ठो ह्यष्टौ च गर्गो नियतं दशात्रिः ।**
जातस्य पक्षं किल भागुरिश्च शेषाः प्रशस्ताः खलु जन्ममासि ।।
जन्ममासे तिथौ भे च विपरीतदले सति । कार्यं मङ्गलमित्याहुर्गर्गभार्गवशौनकाः ।।
जन्ममासनिषेधेऽपि दिनादि दश वर्जयेत् । आरभ्य जन्मदिवसाच्छुभाः स्युस्तिथयोऽपराः ।।

जन्ममहिना त्याग गर्न असमर्थ हुँदा गर्नुपर्ने विधि

राजमार्तण्डमा भनिएको छ – वसिष्ठऋषिको मतअनुसार जन्मदिन दूषित हुन्छ । गर्ग ऋषिको मतमा आठौँ दिन दूषित हुन्छ । अत्रिऋषिको मतमा जन्मदेखि दसौँ दिन दूषित हुन्छ । भृगुऋषिको मतमा जन्मदेखि पन्ध्रौँ दिन दूषित हुन्छ। बाँकी दिन जन्ममासका पनि उत्तम हुन्छन् ।

गर्ग, भार्गव र शौनकले भनेका छन् – जन्ममहिनाको जुन पक्षमा जन्म भएको छ त्यसको दोस्रो पक्षमा जन्मतिथि, जन्मनक्षत्र र अरू दिनहरूमा पनि मङ्गलकार्य गर्न हुन्छ । जन्ममहिनाको निषेध गरिए तापनि पूरा निषेध गर्नुपर्दैन । जन्मदिनको आरम्भदेखि १० दिन छाडिदिए हुन्छ । त्यस महिनाका अरू तिथिहरू मङ्गलदायक नै हुन्छन् ।

ग्रन्थान्तरे – **व्रते जन्मत्रिखारिस्थो जीवोऽपीष्टोऽर्चनात्सकृत् । शुभातिकाले तुर्याष्टव्ययस्थो द्विगुणार्चनात्।।**
शुद्धिर्नैव गुरोर्यस्य वर्षे प्राप्तेऽष्टमे यदि । चैत्रे मीनगते भानौ तस्योपनयनं शुभम् ।।
जन्मभादष्टमे सिंहे नीचे वा शत्रुभे गुरौ । मौञ्जीबन्धः शुभः प्रोक्तश्चैत्रे मीनगते रवौ ।।

अर्को ग्रन्थमा भनिएको छ – यज्ञोपवीतसंस्कारमा प्रथम–तेस्रो–छैठौँ र दसौँ बृहस्पति भएतापनि एकपटक पूजा गरेपछि उत्तम फलदायक हुन्छ । कर्मको काल व्यतीत भएपछि अर्थात् व्रतबन्धको निर्धारित वर्ष वा अवधि काटिसकेपछि संस्कार गर्दा छैठौँ, आठौँ र बाह्रौं बृहस्पतिलाई दुईपटक पूजा गर्नुपर्दछ र त्यो बृहस्पति शुभदायक हुन्छ ।

जुन कुमारको आठौँ वर्षमा बृहस्पति शुद्ध हुँदैनन् त्यसको चैत्रमासमा सूर्य मीनराशिमा गएको बेला उपनयनसंस्कार गर्नु शुभदायक हुन्छ । जन्मराशिबाट आठौँ राशिमा, सिंहराशिमा, मकरराशिमा र शत्रुग्रहको राशिमा बृहस्पति भएमा चैत्रमासको मीनराशिको सूर्यमा यज्ञोपवीतसंस्कार गर्दा शुभ हुन्छ ।

नारदः – **बालस्य बलहीनोऽपि शान्त्या जीवो बलप्रदः । यथोक्तवत्सरे कार्यमनूक्ते चोपनायनम्।।**
शान्तिश्चाग्रे वक्ष्यते । ज्योतिर्निबन्धे नृसिंहः –
तृतीया पञ्चमी षष्ठी द्वितीया चापि सप्तमी । उभयोः पक्षयोश्चैव विशेषेण सुपूजिताः।।
धर्मकामौ सिते पक्षे कृष्णे च प्रथमां तथा । शुक्लत्रयोदशीं केचिदिच्छन्ति मुनयस्तथा ।।

नारदले भनेका छन् – बालकको जन्माङ्गमा बृहस्पति बलहीन भएतापनि स्वस्ति–शान्ति गर्नाले बृहस्पति बलवान् बन्दछन् । निर्धारितसमयमा या वर्षमा उपनयन गर्नुपर्दछ । यसमा आवश्यक शान्तिको विषयमा हामी पछि बताउनेछौँ।

ज्योतिर्निबन्धमा उद्धृत नृसिंहको वचनमा भनिएको छ– दुवै पक्षका तृतीया, पञ्चमी, षष्ठी, द्वितीया र सप्तमी यी तिथिहरू सर्वोत्तम मानिएका छन् । धर्म अर्थात् दशमी र काम अर्थात् त्रयोदशी शुक्लपक्षमा उत्तम हुन्छन् । कृष्णपक्षको प्रतिपदा एवम् शुक्ल पक्षको त्रयोदशी यी दुईतिथिलाई पवित्र मानी मुनिहरू कर्मसम्पादनमा लिन चाहन्छन् ।

उपनयनसंस्कारे तिथ्यादिविचारः

टोडरानन्दे वसिष्ठः – **नैमित्तिकमनध्यायं कृष्णे च प्रतिपद्दिनम्। मेखलाबन्धने शस्तं चौले वेदव्रतेष्वपि।।**

प्रशस्ता प्रतिपत्कृष्णे न पूर्वापरसंयुता । एतदतीतकालस्यार्तस्य वटोरुपनयनविषयम् ।

प्रशस्ता प्रतिपत्कृष्णे कदाचिच्छुभगे विधौ । चन्द्रं बलयुते लग्ने वर्षाणामतिलङ्घने ।।

इति व्यासोक्तेरित्याहुः । एवं सप्तम्यपि तस्या गलग्रहत्वोक्तेः ।

उपनयनसंस्कारमा तिथि आदि विचार

टोडरानन्दमा वसिष्ठले भनेका छन् – 'नैमित्तिक अनध्याय गरिएको दिनमा परेको कृष्णपक्षको प्रतिपदा मेखलाबन्धन अर्थात् उपनयनसंस्कार, चौल र वेदव्रत उपाकर्म एवं उत्सर्गका निमित्त उत्तम मानिएको छ । प्रतिपदा कृष्णपक्षको उत्तम हुन्छ। प्रतिपदा लिँदा पूर्वविद्धा र परविद्धा दुवै लिनुहुँदैन अर्थात् अमावास्यासँग जोडिएको र द्वितीयासँग जोडिएको दुवै प्रतिपदा ग्राह्य हुँदैनन् । ग्रन्थकार भन्दछन् – यो नियम उपनयनको निर्धारितकाल समाप्त भएका र रोगी बालकहरूको लागि हो ।

व्यास भन्दछन् – कृष्ण पक्षको प्रतिपदा त्यतिबेला उत्तम हुन्छ जब यसमा शुभ चन्द्रमा पनि रहेका हुन्छन्। चन्द्रमा लग्नमा बलवान् भई बसेमा प्रतिपदातिथिमा उपनयनसंस्कारको निर्धारितअवधिमा संस्कार नभएका मानिसहरूको संस्कार गर्नु शुभ हुन्छ । यसैगरी सप्तमीलाई पनि सम्झनुपर्दछ, किनकि त्यसलाई पनि गलग्रह अर्थात् अघिल्लो दिन अनध्याय भएकाले भोलिपल्ट स्वाध्याय गरिने तिथि मानिएको छ ।

बृहस्पतिः – **शुक्लपक्षः शुभः प्रोक्तः कृष्णश्चान्त्यत्रिकं विना ।** तथा – **मिथुने संस्थिते भानौ ज्येष्ठमासो न दोषकृत् ।** मदनरत्ने नारदः –

विनर्तुना वसन्तेन कृष्णपक्षे गलग्रहे । अपराह्णे चोपनीतः पुनः संस्कारमर्हति ।।

बृहस्पतिले भनेका छन् – उपनयनसंस्कारका लागि शुक्लपक्ष सम्पूर्ण शुभ हुन्छ र कृष्णपक्षका अन्तिमका तीनतिथि त्रयोदशी, चतुर्दशी एवं अमावास्या छाडेर अरू तिथिहरू शुभ हुन्छन् । फेरि, सूर्य मिथुनमा रहेको बेला जेठमहिनामा पनि उपनयन गर्नुमा कुनै दोष हुँदैन । **मदनरत्नमा नारदले** भनेका छन् – वसन्तऋतुविना अरू कुनै ऋतुमा कृष्णपक्षमा र गलग्रहयोग हुँदा अपराह्ण[४०] समयमा जसको व्रतबन्ध गरिएको हुन्छ त्यसको फेरि व्रतबन्ध गर्नुपर्दछ ।

अपराह्णलक्षणकथनम्

अपराह्णस्त्रेधाविभक्तदिनतृतीयांश इत्युक्तं तत्रैव ।

---

४०. **'ऊर्ध्वं सूर्योदयात् पूर्वं मुहूर्तानां तु पञ्चकम् । पूर्वाह्णः प्रथमः प्रोक्तो मध्याह्नस्तु ततः परम् । अपराह्णस्ततः प्रोक्तो मुहूर्तानां तु पञ्चकम् ।।'** अर्थात् – स्कन्दपुराणअनुसार सूर्योदयपछिको ५ मुहूर्तको समयलाई पूर्वाह्ण, त्यसपछिका ५ मुहूर्तको समयलाई मध्याह्न र मध्याह्नपछिको ५ मुहूर्तको समयलाई अपराह्ण भनिन्छ । सामान्यतया २ घडीको एक मुहूर्त हुन्छ । – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ५४५ ।

अपराह्णकालको लक्षण

मदनरत्नमा नै भनिएको छ – दिनलाई तीनभाग गरेर त्यसको तृतीय भागलाई अपराह्ण भनिन्छ ।

गलग्रहलक्षणम्

वसन्ते गलग्रहो न दोषायेत्यर्थः ।

नारदः– **कृष्णपक्षे चतुर्थी च सप्तम्यादिदिनत्रयम् । त्रयोदशीचतुष्कं च अष्टावेते गलग्रहाः ।।**

वसिष्ठः – **पापांशकगते चन्द्रे अरिनीचस्थितेऽपि च । अनध्याये चोपनीतः पुनः संस्कारमर्हति ।।**

अनध्यायस्य पूर्वेद्युस्तस्य चैवापरेऽहनि । व्रतबन्धं विसर्गं च विद्यारम्भं न कारयेत् ।।

गलग्रहलक्षण

वसन्तमा गलग्रहयोग परेमा दोष लाग्दैन भनिएको छ । यहाँनिर त्यो गलग्रह के हो भन्ने जिज्ञासा उत्पन्न हुन्छ । त्यस विषयलाई स्पष्ट पार्दै **नारदले** भनेका छन् – 'कृष्णपक्षको चतुर्थी, सप्तमी, अष्टमी, नवमी र त्रयोदशीपछिका चारतिथिहरूलाई गलग्रह भनिन्छ ।' **वसिष्ठ** भन्दछन् – चन्द्रमा पापग्रहको नवांशमा जाँदा, चन्द्रमा शत्रु र नीचग्रहको घरमा रहँदा र अनध्याय परेको बेला कसैको उपनयनसंस्कार गरिएको छ भने त्यसको पुनः संस्कार गर्नुपर्दछ । अनध्यायभन्दा पूर्वदिन र दोस्रो दिन गलग्रह मानिएकाले व्रतबन्ध, वेदोत्सर्ग र वेदारम्भ गराउनु हुँदैन ।

राजमार्तण्डः– **आरम्भानन्तरं यत्र प्रत्यारम्भो न सिद्ध्यति । गर्गादिमुनयः सर्वे तमेवाहुर्गलग्रहम्।।**

ज्योतिर्निबन्धे– **अष्टकासु च सर्वासु युगमन्वन्तरादिषु । अनध्यायं प्रकुर्वीत तथा सोपपदास्वपि।।**

राजमार्तण्डले भनेका छन् – बह्वृचशाखाभन्दा भिन्नशाखा भएका मानिसहरूको वेदारम्भ उपनयनकै दिनमा हुन्छ। त्यसको दोस्रो दिन अनध्यायका कारण वेदारम्भ गरिँदैन । वेदारम्भ नगरिने दिनमा उपनयनसंस्कार गरियो भने त्यसलाई गर्ग आदि मुनिहरूले गलग्रह भनेका छन् । **ज्योतिर्निबन्धमा** भनिएको छ – सबै अष्टका, युगादि, मन्वादि र सोपपदातिथिहरूमा पनि अनध्याय गर्नुपर्दछ ।

सोपपदापरिगणनम्

सोपपदास्तु स्मृत्यर्थसारे –

सिता ज्येष्ठे द्वितीया च आश्विने दशमी सिता । चतुर्थी द्वादशी माघे एताः सोपपदाः स्मृताः ।।

एवं प्रदोषदिनं वर्ज्यम् ।

सोपपदाको परिगणना

स्मृत्यर्थसारमा सोपपदाको अर्थ बताइएको छ – 'ज्येष्ठशुक्लपक्षको द्वितीया, आश्विनशुक्लपक्षको दशमी र द्वादशी, माघका चतुर्थी र द्वादशी यी तिथिहरूलाई सोपपदा भनिएको छ ।' अष्टका, युगादि, मन्वादि र सोपपदादि तिथिहरूमा झैं प्रदोषको दिनमा पनि उपनयन आदि कर्म गर्न हुँदैन ।

प्रदोषस्वरूपकथनम्

प्रदोषस्वरूपमाह गोभिलः –

षष्ठी च द्वादशी चैव अर्द्धरात्रोननाडिका । प्रदोषमिह कुर्वीत तृतीया तूनयामिका ।।

प्रदोषको स्वरूप

गोभिलले प्रदोषको स्वरूप यसरी बताएका छन् – आधारातभन्दा एकघडी कम षष्ठी, द्वादशी र तृतीया भएमा प्रदोष मान्नुपर्दछ ।

उपनयने प्रशस्ताः तिथयः

ज्योतिर्निबन्धे व्यासः – **या चैत्रवैशाखसिता तृतीया माघस्य सप्तम्यथ फाल्गुनस्य ।**
कृष्णे द्वितीयोपनये प्रशस्ता प्रोक्ता भरद्वाजमुनीन्द्रमुख्यैः ।।

अत्रापि कृष्णप्रतिपद् ज्ञेयम् ।

व्रतबन्धका लागि उत्तमतिथि

ज्योतिर्निबन्धमा व्यासले भनेका छन् – चैत्र र वैशाखमहिनाका शुक्ल पक्षका तृतीया, माघमासको शुक्लपक्षको सप्तमी र फाल्गुनमासको कृष्णपक्षको द्वितीया उपनयनका लागि उत्तम हुने कुरा भरद्वाज आदि उत्तममुनिहरूले बताएका छन् । यहाँ पनि कृष्णप्रतिपदा उत्तम हुने कुरा बुझ्नुपर्दछ ।

वृद्धगार्ग्यमतमाह

यत्तु बृहद्गार्ग्यः –

अनध्याये प्रकुर्वीत यस्तु नैमित्तिको भवेत् । सप्तमी माघशुक्ले तु तृतीया चाक्षया तथा ।।

बुधत्रयेन्दुवाराश्च शस्तानि व्रतबन्धने ।। इति । तत्प्रायश्चित्तार्थोपनयनविषयम् ।

स्वाध्यायवियुजो घस्राः कृष्णप्रतिपदादयः । प्रायश्चित्तनिमित्ते तु मेखलाबन्धने मताः ।।

इति तेनैवोक्तेरिति निर्णयामृतकालादर्शौ ।

वृद्धगार्ग्यको मत

वृद्धगार्ग्यले भनेका छन् – निमित्तवश गरिने कर्मलाई अनध्यायमा सम्पन्न गर्नपर्दछ । माघमहिनाको शुक्लपक्षको सप्तमी, अक्षयतृतीया, बुधवार, गुरुवार र शुक्रवार यज्ञोपवीत कंर्ममा उत्तम मानिएका छन् । ग्रन्थकार भन्दछन् – यो प्रायश्चित्तपूर्वक गरिने उपनयनका लागि बताइएको विषय हो । **निर्णयामृत र कालादर्शमा वृद्धगार्ग्यले** भनेका छन् – स्वाध्याय नहुने दिनहरूमा अर्थात् अनध्यायका दिनहरूमा कृष्णपक्षको प्रतिपदा आदिमा प्रायश्चित्तका लागि गरिने व्रतबन्ध उत्तम हुन्छ ।[४१]

---

४१. व्रतबन्ध भइसकेका द्विजजातिले लशुन, छत्राक अर्थात् च्याउ, कुक्कुट अर्थात् कुखुरो आदि अभक्ष्यपदार्थ जानी–जानी भक्षण गरेमा अमेरिका–बेलायत आदि अगम्य देशको गमन गरेमा उनीहरू जातिबाट च्युत हुन्छन् त्यस्ता मानिस पुनः आ–आफ्नै जातमा फर्कन चान्छन् भने तिनीहरूले प्रायश्चित्त गर्नुपर्दछ । त्यो प्रायश्चित्त भनेको पुनः उपनयनसंस्कार नै हो । त्यही संस्कार गर्नको लागि नै वृद्धगार्ग्यले यो वचन प्रतिपादन गरेका हुन्।

यद्यपि 'अथोपेतपूर्वस्य' इत्युक्त्वा 'अनिरुक्तं परिदानं कालश्च' इत्याश्वलायनेन पुनरुपनयने कालानियम उक्तस्तथापि निमित्तानन्तरमेव सः । तदानीमकरणे तु पूर्वोक्तकालो ज्ञेयः । प्रतिवेदमुपनयने कालानियम इति तु युक्तम् ।

गर्गः – **ग्रहे रवीन्दोरवनिप्रकम्पे केतूद्गमोल्कापतनादिदोषे ।**
व्रते दशाहानि वदन्ति तज्ज्ञास्त्रयोदशाहानि वदन्ति केचित् ।।

यद्यपि **अथोपेतपूर्वस्य०** भन्ने वचनबाट वाक्यारम्भ गरी **अनिरुक्तं परिधानं कालश्च** भनेर आश्वलायनले पुनः उपनयनका लागि कालको कुनै नियम छैन भन्ने जुन कुरा बताएका छन् त्यो पनि अरू नै निमित्तका लागि हो । उचित समयमा उपनयन नगरिएका वटुहरूका लागि पहिले बताइएका समय नै लिनु पर्दछ । यतिबेला तिनको चर्चा गरिँदैन । प्रत्येक वेदका अनुयायीहरूका लागि कालको नियम नहुनु उपयुक्त नै हो ।

गर्ग भन्दछन् – सूर्यग्रहण र चन्द्रग्रहणमा, भुइँचालो जाँदा, केतुको उद्गम हुँदा र उल्कापतनमा दशदिनसम्म उपनयनसंस्कार गर्न हुँदैन भन्ने कुरा विद्वान्हरू बताउँछन् । कसैले फेरि उक्त परिस्थितिहरूमा १३ दिनसम्म उपनयन गर्न हुँदैन भनेका छन् ।

सङ्कटे तु चण्डेश्वरः – **दाहे दिशां चैव धराप्रकम्पे वज्रप्रपातेऽथ विदारणे च ।**
केतौ तथोल्कांशुकणप्रपाते त्र्यहं न कुर्याद् व्रतमङ्गलानि ।।

तत्रैव – **वेदव्रतोपनयने स्वाध्यायाध्ययने तथा । न दोषो यजुषां सोपपदास्वध्ययनेऽपि च ।।**

संकट हुँदाको बेला निषेध गर्नुपर्ने विषयमा **चण्डेश्वर** भन्दछन् – दिशाहरू डढेको बेला, भुइँचालो जाँदा, चट्याङ पर्दा, वस्तुहरू छिन्नभिन्न हुँदा, उल्काका कणहरूको भुइँमा पतन हुँदा ३ दिनसम्म कुनै पनि व्रत र यज्ञोपवीत एवं मङ्गलकार्य गर्न हुँदैन। त्यहीँ नै फेरि भनिएको छ – सोपपदा अर्थात् ज्येष्ठशुक्लपक्षको द्वितीया, आश्विनशुक्लपक्षको दशमी, माघमहिनाको शुक्लपक्षको चतुर्थी तथा द्वादशी आदि तिथिहरूमा वेदव्रत, उपनयन र स्वाध्याय गर्दा यजुर्वेदीहरूलाई कुनै दोष लाग्दैन ।

उपनयने नक्षत्रादिनिर्णयः

हेमाद्रौ ज्योतिषे – **हस्तत्रये पुष्यधनिष्ठयोश्च पौष्णाश्विसौम्यादितिविष्णुभेषु ।**
शस्ते तिथौ चन्द्रबलेन युक्ते कार्यौ द्विजानां व्रतबन्धमोक्षौ ।।

ज्योतिर्निबन्धे नारदः – **श्रेष्ठान्यर्कत्रयान्त्येज्यचन्द्रादित्युत्तराणि च ।**
विष्णुत्रयाश्विमित्राब्जयोनिभान्युपनायने ।।

उपनयनमा नक्षत्रादिनिर्णय

हेमाद्रिमा उद्धृत ज्योतिषको वचनमा भनिएको छ – द्विजहरूले हस्ता, चित्रा, स्वाती, पुष्य, धनिष्ठा, रेवती, अश्विनी, मृगशिरा, पुनर्वसु र श्रवणनक्षत्रहरूमा तथा शास्त्रविहित तिथिहरूमा चन्द्रबल भएको बेला व्रतबन्ध र समावर्तन गर्नुपर्दछ । **ज्योतिर्निबन्धमा नारद** भन्दछन् – हस्तादेखि तीननक्षत्र अर्थात् हस्ता, चित्रा, स्वाती, रेवती, पुष्य, मृगशिरा, पुनर्वसु, ३ उत्तरा अर्थात् उत्तराफाल्गुनी, उत्तराषाढा र उत्तराभाद्रपदा, श्रवण, धनिष्ठा शतभिषा, अश्विनी, अनुराधा र रोहिणीनक्षत्र उपनयनमा शुभदायक हुन्छन् ।

बृहस्पतिः – **त्रिषूत्तरेषु रोहिण्यां हस्ते मैत्रे च वासवे । त्वाष्ट्रे सौम्यपुनर्वस्वोरुत्तमं ह्युपनायनम् ।।**

ज्योतिर्निबन्धे– **पूर्वाहस्तत्रये सार्पश्रुतिमूलेषु बह्वृचाम् । यजुषां पौष्णमैत्रार्कादित्यपुष्यमृदुध्रुवैः।।**

सामगानां हरीशार्कवसुपुष्योत्तराश्विभैः । धनिष्ठादितिमैत्रार्केष्विन्दुपौष्णेष्वथर्वणाम् ।।

बृहस्पति भन्दछन् – ३ उत्तरा अर्थात् उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्रपदा, रोहिणी, हस्ता, अनुराधा, धनिष्ठा, चित्रा, मृगशिरा र पुनर्वसुनक्षत्रहरूमा उपनयनसंस्कार गर्नु उत्तम हुन्छ ।

ज्योतिर्निबन्धमा भनिएको छ– ३ पूर्वा अर्थात् पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपद, हस्तत्रय अर्थात् हस्ता, चित्रा र स्वाती, अश्लेषा, श्रवण तथा मूलनक्षत्रहरूमा ऋग्वेदशाखाअन्तर्गतका मानिसहरूको उपनयन गर्नु शुभ हुन्छ । यजुर्वेदीहरूका निमित्त – रेवती, अनुराधा, हस्ता, पुनर्वसु, पुष्य, मृदु अर्थात् मृगशिरा, चित्रा, अनुराधा, रेवती, ध्रुव अर्थात् ३ उत्तरा, रोहिणी शुभ मानिएका छन् । सामवेदीहरूका निमित्त – श्रवण, आर्द्रा, हस्ता, धनिष्ठा, पुष्य, ३ उत्तरा र अश्विनीनक्षत्र शुभ मानिएका छन्। यसैगरी अथर्ववेदीहरूका निमित्त – धनिष्ठा, पुनर्वसु, अनुराधा, हस्ता, मृगशिरा र रेवतीनक्षत्र शुभ मानिएका छन् ।

राजमार्तण्डस्तु ब्राह्मणस्य पुनर्वसुं निषेधयति –

ताराचन्द्रानुकूलेषु ग्रहाब्देषु शुभेष्वपि । पुनर्वसौ कृतो विप्रः पुनः संस्कारमर्हति ।।

ज्योतिर्निबन्धे नारदः –

सर्वेषां जीवशुक्रज्ञवाराः प्रोक्ता व्रते शुभाः । चन्द्रार्कौ मध्यमौ ज्ञेयौ सामबाहुजयोः कुजः ।।

शाखाधिपतिवारश्च शाखाधिपबलं तथा । शाखाधिपतिलग्नं च दुर्लभं त्रितयं व्रते ।।

राजमार्तण्डले ब्राह्मणहरूका निमित्त – पुनर्वसु अनुकूल हुँदैन भन्ने मत प्रस्तुत गर्दै भनेका छन् – तारा अर्थात् जन्म, सम्पत्, विपत्, क्षेम, प्रत्यरि, साधक, वध, मित्र, अतिमित्रनक्षत्र र चन्द्रमा अनुकूल हुँदा ग्रह तथा वर्ष पनि शुभ भएको स्थितिमा पुनर्वसुनक्षत्रमा ब्राह्मणको यज्ञोपवीतसंस्कार गरिएको रहेछ भने सबै कुरा शुभ हुँदाहुँदै पनि पुनः उपनयन गर्नुपर्दछ।

ज्योतिर्निबन्धमा नारद भन्दछन् – बृहस्पतिवार, शुक्रवार र बुधवार सबै वर्णका वटुहरूको यज्ञोपवीतसंस्कारका लागि शुभ हुन्छन् । सोमवार र रविवार मध्यम हुन्छन् । सामवेदी तथा क्षत्रियहरूका लागि यज्ञोपवीतसंस्कारमा मङ्गलवार उत्तम मानिएको छ । शाखाका अधिपतिका वारहरू क्रमशः ऋग्वेदका बृहस्पति, अथर्ववेदका बुध, सामवेदका मङ्गल र यजुर्वेदका शुक्र, शाखास्वामीको बल र शाखाधिपतिको लग्न यी तीनकुरा यज्ञोपवीतमा दुर्लभ हुन्छन् । कदाचित् प्राप्त भएमा ज्यादै उत्तम हुन्छ ।

शाखाधिपाः

शाखाधिपाश्च रत्नसङ्ग्रहे – **ऋगथर्वसामयजुषामधिपा गुरुसौम्यभौमसिताः ।**
जीवसितौ विप्राणां क्षत्रस्यारोष्णगू विशां चन्द्रः ।। इति ।

वेदका शाखाहरूका अधिपति

रत्नसंग्रहमा शाखाधिपहरूको परिचय दिँदै भनिएको छ – ऋग्वेदका स्वामी बृहस्पति हुन्, अथर्ववेदका स्वामी बुध हुन्, सामवेदका स्वामी मङ्गल हुन् र यजुर्वेदका स्वामी शुक्र हुन् । ब्राह्मणवर्णका अधिपति गुरु र शुक्र हुन्, क्षत्रियका अधिपति मङ्गल एवं शुक्र हुन् र वैश्यका अधिपति चन्द्रमा हुन् ।

विविधशाखीयानामुपनयने वारनिर्णयः

पारिजाते बृहस्पतिः – बह्वृचानां गुरोर्वारे यजुर्वेदजुषां बुधे । सामगानां धरासूनोरथर्वविदुषां रवेः । अत्र लग्नशुद्ध्यादि दैवज्ञेभ्यो ज्ञेयम् । विस्तरभयान्नोच्यते ।

विविध शाखाका वटुहरूको उपनयनमा वारनिर्णय

पारिजातमा बृहस्पतिले भनेका छन् – ऋग्वेदीहरूले बृहस्पतिवार, यजुर्वेदीहरूले बुधवार, सामवेदीहरूले मङ्गलवार र अथर्ववेदीहरूले रविवारका दिन उपनयन गर्नुपर्दछ । लग्नशुद्धि आदि हेर्ने काम ज्योतिषीहरूबाट गराउनुपर्दछ । विस्तारभयले अरू कुरा भनिँदैन ।

पूर्वसन्ध्यायां मेघगर्जने उपनयनसंस्कारकर्मनिषेधकथनम्

लल्लः – व्रतेऽह्नि पूर्वसन्ध्यायां वारिदो यदि गर्जति । तद्दिने स्यादनध्यायो व्रतं तत्र विवर्जयेत् ।।

पूर्वसंध्यामा मेघगर्जन हुँदा उपनयनसंस्कारको निषेध

लल्लले भनेका छन् – व्रतबन्ध गर्नुभन्दा पहिलो दिन सन्ध्याकालमा मेघको गर्जन हुन्छ भने त्यस दिनलाई अनध्याय मान्नुपर्दछ र यज्ञोपवीत आदि व्रतको त्याग गर्नुपर्दछ ।

नान्दीश्राद्धान्तरं गर्जने बह्वृचातिरिक्तानामुपनयनसंस्कारादौ विचारः

ज्योतिर्निबन्धे – नान्दीश्राद्धं कृतं चेत्स्यादनध्यायस्त्वकालिकः । तदोपनयनं कार्यं वेदारम्भं न कारयेत् ।।

एतद् बह्वृचातिरिक्तानाम्, तेषां तद्दिने वेदारम्भाभावात् । अतस्तेषामुपनयनं न भवत्येव । ऐतरेयोपनिषदि – मृगादिज्येष्ठान्तं वर्षर्तुः, तं विना वर्षादौ त्रिरात्रम्, अनध्याय इति वेदभाष्ये उक्तम् । एतच्च प्रातः स्तनिते, सायं स्तनिते तु दिवैव चरुं श्रपयित्वा सायंसन्ध्योत्तरं होमं कुर्यात् ।

नान्दीश्राद्धपछि गर्जन भएमा

ज्योतिर्निबन्धमा भनिएको छ – नान्दीश्राद्ध गरिसकेपछि असामयिकरूपमा मेघगर्जन भएका कारण अनध्याय आइलागेमा उपनयनसंस्कार गर्नुपर्दछ तर वेदारम्भ गराउनु हुँदैन । ग्रन्थकार भन्दछन् – यो कुरा ऋग्वेदशाखाभन्दा अतिरिक्त शाखाका मानिसहरूका लागि हो । ऋग्वेदीहरूले त उपनयनका दिन वेदारम्भ नै गराउँदैनन् । यस्तो अनध्याय आइलाग्दा उनीहरू उपनयन नै गर्दैनन् । ऐतरेयोपनिषद्मा मृगशिरानक्षत्रदेखि लिएर ज्येष्ठानक्षत्रसम्म वर्षाऋतु मानिएको छ । वर्षाऋतुमा तीनदिन अनध्याय हुन्छन् । यो कुरा वेदभाष्यमा बताइएको छ । प्रातःकालमा गर्जन भएमा तीनदिन अनध्याय गर्नुपर्दछ भने सायंकालको गर्जन भएमा दिनमा चरु पकाएर सन्ध्यापछि होम गर्न हुन्छ ।

सायं मेघगर्जने ओदनपचननिषेधकथनम्

न सन्ध्यागर्जिते काले न वृष्ट्युत्पातदूषिते । ब्रह्मौदनं पचेदग्नौ पक्वमन्नं निवर्तते ।।
ब्रह्मौदनं पचेदग्नौ पक्वमन्नं न दुष्यति ।। इति सङ्ग्रहोक्तेरिति प्रयोगरत्ने भट्टचरणाः ।

सायँकालिक मेघगर्जनमा ओदनपाक निषेध

सन्ध्याकालमा मेघगर्जन भएमा र वृष्टि आदिको उत्पातबाट समय दूषित भएमा देवताका लागि ब्रह्मौदन अर्थात् यज्ञ गराउने ब्रह्मालाई दिइने भोजन पकाउन हुँदैन, पकाएपछि गर्जन हुन्छ भने त्यो दूषित हुँदैन भन्ने यो कुरा संग्रहमा भनिएको छ भनी प्रयोगरत्नमा भट्टहरूले बताएका छन् ।

मेघगर्जने शान्तिः

अत्र शान्तिरप्युक्ता । नृसिंहप्रसादे –

ब्रह्मौदनविधेः पूर्वं प्रदोषे गर्जितं यदि । तदा विघ्नकरं ज्ञेयं वटोरध्ययनस्य तत् ।।

मेघगर्जनमा शान्ति

मेघगर्जनको दोष निवारण गर्न नृसिंहप्रसादमा शान्ति बताइएको छ । त्यहाँ भनिएको छ – ब्रह्मौदनविधिभन्दा पहिले प्रदोषमा मेघको गर्जन भएमा ब्रह्मचारीले अध्ययन गर्दछन् भने त्यो अध्ययनले विघ्न उत्पादन गर्दछ भन्ने कुरा बुझ्नुपर्दछ।

शान्तिप्रयोगकथनम्

तस्य शान्तिप्रकारं तु वक्ष्ये शास्त्रानुसारतः । प्रधानं पायसं साज्यं द्रव्यं शान्तियजौ भवेत् ।।
सूक्तं बृहस्पतेर्विद्वान् पठेत्प्रज्ञाविवृद्धये । गायत्री चैव मन्त्रः स्यात्प्रायश्चित्तं तु सर्पिषा ।।
धेनुं सवत्सकां दद्यादाचार्याय पयस्विनीम् । ब्राह्मणान् भोजयेत्पश्चात्ततो ब्रह्मौदनं चरेत् ।।

शान्तिको प्रयोग

मेघगर्जनको शान्तिविधि म शास्त्रअनुसार बताउँछु । शान्तिहवनमा पायस र घृत प्रधानद्रव्य हुन् । विद्वान्हरूले बुद्धि बढाउनको निमित्त बृहस्पतिसूक्त जप गर्नुपर्दछ ।

बृहस्पतिसूक्त – **यस्तस्तम्भ सहसा वि ज्मो अन्तान् बृहस्पतिस्त्रिषधस्थो रवेण । तं प्रत्नास ऋषयो दीध्यानाः पुरो विप्रा दधिरे मन्द्रजिह्वम् ।।१।। धुनेतयः सुप्रकेतं मदन्तो बृहस्पते अभि ये नस्ततस्रे । पृषन्तं सृप्रमदब्धमूर्वं बृहस्पते रक्षतादस्य योनिम् ।।२।। बृहस्पते या परमा परावदत आत ऋतस्पृशो निषेदुः । तुभ्यं खाता-अवता अद्रिदुग्धा मध्वः श्चोतन्त्यभितो विरप्शम् ।।३।। बृहस्पतिः प्रथमं जायमानो महो ज्योतिषः परमे व्योमन् । सप्तास्यस्तुविजातो रवेण वि सप्तरश्मिरधमत्तमांसि ।।४।। स सुष्टुभा स ऋक्वता गणेन बलं रुरोज फलिगं रवेण । बृहस्पतिरुस्त्रिया हव्यसूदः कनिक्रदद्वावशतीरुदाजत् ।।५।। एवा पित्रे विश्वदेवाय वृष्णे यज्ञैर्विधेम नमसा हविर्भिः । बृहस्पते सुप्रजा वीरवन्तो वयं स्याम पतयो रयीणाम् ।।६।। स इद्राजा प्रतिजन्यानि विश्वा शुष्मेण तस्थावभि वीर्येण । बृहस्पतिं यः सुभृतं बिभर्ति वल्गूयति वन्दते पूर्वभाजम् ।।७।। स इत्क्षेति सुधित ओकसि स्वे तस्मा इडा पिन्वते विश्वदानीम् । तस्मै विशः स्वयमेवा नमन्ते यस्मिन् ब्रह्मा राजनि पूर्व एति ।।८।। अप्रतीतो जयति सं धनानि प्रतिजन्यान्युत या सजन्या । अवस्यवे यो वरिवः कृणोति ब्रह्मणे राजा तमवन्ति देवाः ।।९।। इन्द्रश्च सोमं पिबतं बृहस्पतेऽस्मिन् यज्ञे मन्दसाना वृषण्वसू । आ वां विशन्त्विन्दवः स्वाभुवोऽस्मे रयिं सर्ववीरं नि यच्छतम् ।।१०।। बृहस्पत इन्द्र वर्धतं नः सचा सा वां सुमतिर्भूत्वस्मे। अविष्टं धियो जिगृतं पुरन्धीर्जजस्तमर्यो वनुषामरातीः।।११।।** – ऋ.४ अ.५ सू.५०, म. १–११।

बृहस्पतिसूक्तको जपपछि गायत्रीमन्त्र जप गर्नुपर्दछ र गायत्रीमन्त्रद्वारा घिउ चढाएर प्रायश्चित्तहोम गर्नुपर्दछ। आचार्यलाई पयस्विनी अर्थात् दूध दिने र बाच्छासहितको गाई दान गर्नुपर्दछ । ब्राह्मणभोजन गराएपछि ब्रह्मौदनविधि सम्पन्न गर्नुपर्दछ।

उपनयने अधिकारिकथनम्

उपनयने चाधिकारिणो माधवीये वृद्धमनुनोक्ताः –

पिता पितामहो भ्राता ज्ञातयो गोत्रजाऽग्रजाः । उपानयेऽधिकारी स्यात्पूर्वाभावे परः परः ।।

प्रयोगरत्ने – **पितैवोपनयेत्पुत्रं तदभावे पितुः पिता । तदभावे पितुर्भ्राता तदभावे तु सोदरः ।।**

उपनयन गराउने अधिकारीह

माधवीयमा वृद्धमनुले उपनयनका अधिकारीहरूको विषयमा अभिमत व्यक्त गरेका छन् । उनको भनाइअनुसार पिता, पितामह, दाजुभाइ अर्थात् असहोदरसपिण्ड, असगोत्र सपिण्ड– मातामह आदि, सगोत्र सपिण्ड– पितृव्य आदि अधिक आयु भएका ज्येष्ठ भ्राताहरूको उपनयन गराउने अधिकार छ । पूर्व–पूर्वको अभावमा उत्तर–उत्तरको अधिकार छ अर्थात् पिताको अभावमा पितामह, पितामहको अभावमा दाजुभाइ तिनको अभावमा असगोत्र सपिण्ड – मातामहादि तिनीहरूको अभावमा सगोत्र सपिण्ड – पितृव्य आदि तिनीहरूको अभावमा वटुकका अग्रजले उपनयनको कार्य सम्पन्न गराउनुपर्दछ।

प्रयोगरत्नमा भनिएको छ – पिताले नै पुत्रको उपनयनकार्य सम्पन्न गराउनुपर्दछ । पिताको अभावमा पितामहले गराउनुपर्दछ, तिनको पनि अभावमा पिताका दाइ–भाइले गराउनुपर्दछ र तिनीहरूको पनि अभावमा आफ्नै सहोदर दाजुले गराउनुपर्दछ ।

क्षत्रियादेः पुरोहित एव कर्ता

पितेति विप्रपरं न क्षत्रियादेः । तेषां पुरोहित एव उपनयनस्य दृष्टार्थत्वात्, तेषां चाध्यापनेऽनधिकारात्।

क्षत्रिय आदिको पुरोहित नै कर्ता हुने

क्षत्रिय आदिको पुरोहित नै कर्ता हुन्छ । पितृशब्दले ब्राह्मणहरूको पिता भन्ने बुझाउँछ, अरू वर्णको पिता भन्ने अर्थ बुझाउँदैन । क्षत्रिय आदि वर्णका उपनयन गर्ने अधिकारी पुरोहित नै हुन्छन् । किनकि क्षत्रिय र वैश्यको अध्यापन गर्ने अधिकार हुँदैन ।

पितृव्यस्य ज्येष्ठभ्रात्रभावे अधिकारकथनम्

अत्र पितृव्यस्य ज्येष्ठभ्रात्रभावेऽधिकारः । **'असंस्कृतास्तु संस्कार्या भ्रातृभिः पूर्वसंस्कृतैः ।'** इति याज्ञवल्क्योक्तेः । तेनेदमविभक्तपरम्, पूर्वं तु विभक्तपरम् । मातू रजोदोषे तु प्रागुक्तम् ।

जेठो दाजु नभएमा जेठाबा–कान्छाबाद्वारा शिशुको उपनयन

वटुको दाजु पनि नभएमा पितृव्य अर्थात् जेठाबा–कान्छाबाको अधिकार हुन्छ । **याज्ञवल्क्यले** भनेका छन् – पितापछि छुट्टिएका दाजुहरूले उपनयन नगरिएका भाइहरूको संस्कार गराउने काम गर्नुपर्दछ । त्यसबेला परिवारको सामूहिकद्रव्यको प्रयोग गर्नुपर्दछ । यो भनाइले नछुट्टिएका दाजु–भाइको कर्तव्यबोध हुन्छ । योभन्दा पहिले छुट्टिएका दाजुहरूका विषयमा बताइएको छ । आमा रजस्वला हुँदा के गर्नुपर्छ भन्ने कुरा पनि पहिले बताइसकिएको छ ।

उपनयने षण्ढमूकादीनां विशेषकथनम्

अथ षण्ढमूकादीनां विशेषः । प्रयोगपारिजाते ब्राह्मे –

ब्राह्मण्यां ब्राह्मणाज्जातो ब्राह्मणः स इति श्रुतिः । तस्माच्च षण्ढबधिरकुब्जवामनपङ्गुषु ।।
जडगद्गदरोगार्तशुष्काङ्गविकलाङ्गिषु । मत्तोन्मत्तेषु मूकेषु शयनस्थे निरिन्द्रिये ।।
ध्वस्तपुंस्त्वेषु चैतेषु संस्काराः स्युर्यथोचितम् । मत्तोन्मत्तौ न संस्कार्याविति केचित्प्रचक्षते ।।
कर्मस्वनधिकाराच्च पातित्यं नास्ति चैतयोः । तदपत्यं च संस्कार्यमपरे त्वाहुरन्यथा ।।
संस्कारमन्त्रहोमादीन् करोत्याचार्य एव तु । उपनेयाँश्च विधिवदाचार्यस्य समीपतः ।।
आनीयाग्निसमीपं वा सावित्रीं स्पृश्य वा जपेत् । कन्यास्वीकरणादन्यत्सर्वं विप्रेण कारयेत् ।।
एवमेव द्विजैर्जातौ संस्कार्यौ कुण्डगोलकौ । इति । स्मृत्यर्थसारेऽप्येयम् । कुण्डगोलकयोः संस्कार्यत्वं श्राद्धे निषेधश्च क्षेत्रजपुत्रविषयः । अन्यस्य अब्राह्मण्येनोपनयाद्यप्राप्तेरित्यपरार्कः ।

मूक र नपुंसकको उपनयनमा विशेष

प्रयोगपारिजातमा ब्रह्मपुराणको वचन उद्धृत गर्दै भनिएको छ – ब्राह्मणद्वारा ब्राह्मणीमा उत्पन्न वटुक ब्राह्मण हुन्छ भन्ने कुरा वेदमा बताइएको छ । ब्राह्मणबाट उत्पन्न भएका नपुंसक, बहिरा, पुड्के, लङ्गडा, जड, भकभके, रोगी, सुकेका, विकलाङ्ग, मत्त अर्थात् मात्तिएका, उन्मत्त अर्थात् पागल, लाटा, निद्रालु, इन्द्रियहीन र पुंस्त्वशक्ति नभएका वटुहरूको पनि संस्कार गर्नुपर्दछ ।

कसैले भन्दछन् – मत्त, नशामा चूर रहने र उन्मत्त अर्थात् पागलको संस्कार गर्नुहुँदैन । किनकि तिनीहरूको कर्ममा अधिकार हुँदैन । अधिकार नभएकाले उनीहरूलाई पतित हुनुपर्ने अवस्था पनि आउँदैन । तर अरू मानिसहरू भन्दछन् – उन्मत्त र मत्तको पनि संस्कार गर्नुपर्दछ । मन्त्रद्वारा उनीहरूका संस्कारको होम आचार्यले नै सम्पन्न गर्दछन् ।

उपनयन गराउन सक्ने ऊ योग्य आचार्यको समीपमा अथवा अग्निको समीपमा ती वटुहरूलाई ल्याएपछि उनीहरूलाई स्पर्श गर्दै आचार्यले गायत्रीजप गर्नुपर्दछ । विवाहकर्ममा कन्यादान छाडेर अरू सबै काम ब्राह्मणद्वारा गराउनुपर्दछ । यसरी नै ब्राह्मणले ल्याइताका रूपमा ल्याइएका पत्नीहरूबाट जन्मिएका कुण्ड र गोलकको पनि संस्कार गर्नुपर्दछ ।[४२] **स्मृत्यर्थसार**मा पनि यही कुरा बताइएको छ – कुण्ड र गोलकको संस्कार तथा श्राद्धमा निषेध क्षेत्रज अर्थात् सवर्णाबाट उत्पन्न पुत्रका लागि हो । अरूको हकमा ब्राह्मणत्व नहुनाले उपनयनको प्राप्ति नै हुँदैन भन्ने अपरार्कको मत रहेको छ ।

उपनयनात्पूर्वं कुमारस्य भोजनविचारः

उपनयनं च कुमारं भोजयित्वा कार्यम् । **'प्रागेवैनं तदहर्भोजयन्ति'** इति मदनपारिजाते गोभिलोक्तेः ।

उपनयनपूर्व कुमारलाई भोजन गराउने विषयमा

कुमारलाई भोजन गराएर उपनयन गराउनुपर्दछ । **मदनपारिजात**मा **गोभिल**ले पनि भनेका छन् – उपनयनभन्दा पहिले बालकलाई भोजन गराउनुपर्दछ ।

४२. परदारेषु जायेते द्वौ सुतौ कुण्डगोलकौ । पत्यौ जीवति कुण्डः स्यात् मृते भर्तरि गोलकः ।। अर्थात् – कुनै विप्रनारीद्वारा पतिको जीवनकालमा नै परपुरुषसँग पोइला गई पैदा गरिने बालकलाई कुण्ड भन्दछन् र पति मरेपछि कुनै विप्रनारीले परपुरुषबाट जुन सन्तान पैदा गर्दछिन् त्यस सन्तानलाई गोलक भनिन्छ ।

गायत्र्युपदेशे मतमतान्तरविचारः

गायत्र्युपदेशश्चोत्तरतोऽग्नेः कार्यः । **'उत्तरेणाग्निमुपविशतः प्राङ्मुख आचार्यः प्रत्यङ्मुख इतरोऽधीहि भोः'** इति शाङ्खायनसूत्रोक्तेः । यद्यपि कात्यायनेन – **'अथास्मै सावित्रीमन्वाहोत्तरतोऽग्नेः प्रत्यङ्मुखाय'** इत्युक्त्वा दक्षिणतस्तिष्ठत आसीनाय वैके, इति विकल्प उक्तः । तथापि कातीयानामेव सः। बह्वृचानां तूत्तर एव वेदैक्यात् ।

गायत्री उपदेशमा मतमतान्तर

गायत्रीको उपदेश अग्निकुण्डभन्दा उत्तरतर्फ गर्नुपर्दछ । 'अग्निभन्दा उत्तरतर्फ बसी पश्चिमतर्फ अभिमुख बालकलाई पूर्वतिर मुख भएका आचार्यले भनुन् – हे बालक ! तिमी अध्ययन गर । (**अधीहि भोः**)' भन्ने कुरा शाङ्खायनसूत्रमा भनिएको छ । **कात्यायन**ले भने आफ्नो मत राख्दै भनेका छन् – 'अग्निको उत्तरदिशामा गई पश्चिम फर्केर गायत्री उपदेश गर्नुपर्दछ ।' यसरी आफ्नो दायाँतर्फ बसेका बालकलाई उपदेश गर्नुपर्दछ भनिएको छ । तर जे भनिएको छ त्यो **कात्यायनशाखा**का मानिसहरूका निमित्त हो । **बह्वृचशाखा**का मानिसहरूका निमित्त त उत्तरतर्फ नै सावित्रीदान गर्नुपर्ने कुरा बताइएको छ किनकि उनीहरूको र ऋग्वेदीहरूको वेद एउटै हो ।

भिक्षायां विशेषः

भिक्षायां विशेषमाह कात्यायनः – **मातरमेवाग्रे भिक्षेत्** । पराशरमाधवीये –

मातरं वा स्वसारं वा मातुर्वा भगिनीं निजाम् । भिक्षेत भिक्षां प्रथमं या चैनं न विमानयेत्।।

भिक्षामा विशेष

कात्यायनले भिक्षामा विशेष कुरा उजागर गर्दै भनेका छन् – सर्वप्रथम आमासँग नै गएर भिक्षा माग्नुपर्दछ । पराशरमाधवीयमा भनिएको छ – आमा, दिदी-बहिनी र आमाका दिदी-बहिनीहरूको सामु गई सर्वप्रथम भिक्षा माग्नुपर्दछ। सर्वप्रथम तिनीहरूसँग गएर भिक्षा माग्नुपर्दछ जसले वटुको अपमान गर्दैनन् ।

संस्कारलोपे प्रायश्चित्तकथनम्

अथ संस्कारलोपे शौनकः – **आरभ्याधानमाचौलात् कालेऽतीते तु कर्मणाम् ।**

व्याहृत्याग्निं तु संस्कृत्य हुत्वा कर्म यथाक्रमम्। एतेष्वैकैकलोपे तु पादकृच्छ्रं समाचरेत् ।।

चूडायामर्द्धकृच्छ्रः स्यादापदि त्वेवमीरितम् । अनापदि तु सर्वत्र द्विगुणं द्विगुणं चरेत् ।।

संस्कार लोप भएमा प्रायश्चित्त

संस्कार लोप हुँदा प्रायश्चित्त गर्नुपर्ने कुरा **शौनक**ले बताएका छन् । तदनुसार गर्भाधानदेखि लिएर चूडाकरणसंस्कारसम्मका नौकर्महरू हुन्छन् । ती कर्म समयमा गरिएनन् भने '**ॐ भूः स्वाहा, ॐ भुवः स्वाहा, ॐ स्वः स्वाहा, ॐ भूर्भुवः स्वाहा**' यी व्याहृतिहरूद्वारा अग्निको संस्कार र हवन गरेपछि क्रमानुसार समस्त कर्मको सम्पादन गर्नुपर्दछ ।

उक्त नौसंस्कारमध्ये कुनै एकसंस्कार लोप भएमा पादकृच्छ्रनामक प्रायश्चित्त गर्नुपर्दछ । चूडाकरणसंस्कार नगरेमा अर्धकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । यो आपत्ति हुँदाका लागि गरिएको प्रायश्चित्त-व्यवस्था हो । आपत्ति नहुँदा त सबै कर्महरूको दुईगुणा प्रायश्चित्त गर्नुपर्दछ ।

पारिजाते कात्यायनः – **लुप्ते कर्मणि सर्वत्र प्रायश्चित्तं विधीयते ।**
प्रायश्चित्ते कृते पश्चाल्लुप्तं कर्म समाचरेत् ।। स्मृत्यर्थसारे चैवम् ।

कारिकायां तु – **प्रायश्चित्ते कृतेऽतीतं लुप्तं कर्म कृताकृतम् ।** इत्युक्तम् ।
प्रायश्चित्ते कृते पश्चादतीतमपि कर्म वै । कार्यमित्येक आचार्या नेत्यन्ये तु विपश्चितः ।। इति ।

पारिजातमा कात्यायन भन्दछन् – सबै ठाउँमा कर्मलोप भएपछि प्रायश्चित्तविधान गरिएको छ । प्रायश्चित्त गरेपछि लोप गरिएको कर्म सम्पन्न गर्नुपर्दछ । **स्मृत्यर्थसारमा** पनि यही कुरा बताइएको छ । कारिकामा भनिएको छ कि प्रायश्चित्त गरेपछि जुन कर्म लोप भएका छन् ती कर्मलाई कृताकृत मान्नुपर्दछ अर्थात् गरे वा नगरेसरह मान्नुपर्दछ । कुनै **आचार्यले** भनेका छन् – प्रायश्चित्त गरेपछि जुन कर्म छुटेका छन् तिनलाई पूरा गर्नुपर्दछ । यो मत अरू विद्वान्हरू मान्दैनन् ।

त्रिकाण्डमण्डने तु– **कालातीतेषु कार्येषु प्राप्तवत्स्वपरेषु च। कालातीतानि कृत्वैव विदध्यादुत्तराणि तु।।** इत्युक्तम् । तत्र सर्वेषां तन्त्रेण नान्दीश्राद्धं कुर्यात्, देशकालकर्त्रैक्यात् ।
गणशः क्रियमाणानां मातॄणां पूजनं सकृत् । सकृदेव भवेच्छ्राद्धमादौ न पृथगादिषु ।।
इति छन्दोगपरिशिष्टात् । एतद् बहूनामपत्यानां युगपत्संस्कारकरणविषयमिति वोपदेवः । अतीतसंस्काराणां युगपत्करण इत्यन्ये । तत्रापि चौलस्योपनीत्या सहेति पक्षे उपनीतिदिन एवानुष्ठानं न पूर्वदिने, सहत्वस्य दिवसैक्ये सन्निकृष्टतरत्वात्। वृद्धाचारोऽप्येवम् ।

त्रिकाण्डमण्डनमा भनिएको छ – 'पहिले गर्नुपर्ने संस्कारहरूको समय बितिसकेपछि अरू संस्कार गर्ने बेला आइपुगेमा छुटेका संस्कारहरू सम्पन्न गरेर मात्र आउने संस्कार पूरा गर्नुपर्दछ ।' यसरी छुटेका संस्कार गर्दा देश, काल र कर्ता एउटै हुने भएकाले एकैचोटि सबैको निमित्तमा नान्दीश्राद्ध गर्नुपर्दछ । **छन्दोगपरिशिष्टमा** भनिएको छ कि क्रमैले गरिने कर्महरूमध्ये माताहरूको पूजन एकपटकमात्र गरिन्छ । सुरुमा एकपटक नान्दीश्राद्ध गरेपछि संस्कारअनुसारको पृथक् पृथक् नान्दीश्राद्ध गर्नुपर्दैन ।

छुटेका कर्महरूमध्ये मातृकापूजन एकैपटक गरिन्छ र नान्दीश्राद्ध पनि एकैपटक गरिन्छ, अलग–अलग गर्नुपर्दैन भन्ने भनाइको विषयमा **बोपदेवले** भनेका छन् – 'यो मातृकापूजन र नान्दीश्राद्धको एकैपटकमात्र गर्ने विधि संस्कार छुटेका मानिसहरूका निमित्त होइन अपितु धेरै पुत्रहरूको एकैसाथमा संस्कार गर्ने विषयमा प्रतिपादन गरिएको हो ।' अरू कसैले भन्छन् – बोपदेवको मत ठीक छैन । उक्त वचन त जसका संस्कार सम्पन्न गरिएका छैनन् तिनीहरूको विषयमा हो । जब मुण्डन यज्ञोपवीत कै साथ हुन्छ तब उपनयनको दिनमा नै नान्दीमुखश्राद्ध गर्नुपर्दछ, पहिलो दिन गर्नुपर्दैन । एकै दिन गर्दा श्राद्धको सामीप्यका कारण कर्ममा उत्कर्ष अर्थात् सङ्कोच पैदा हुन्छ । वृद्धहरूको आचार पनि यही हो ।

उपनयनदिने मध्याह्नसन्ध्याकथनम्

उपनीतिदिने मध्याह्नसन्ध्यामाह पारिजाते जैमिनिः –
यावद् ब्रह्मोपदेशस्तु तावत्सन्ध्यादिकं न च । ततो मध्याह्नसन्ध्यादि सर्वं कर्म समाचरेत् ।।
इति । ब्रह्म – गायत्री । यत्तु वचनम् –
उपायने तु कर्तव्यं सायंसन्ध्ये उपासनम् । आरभेद् ब्रह्मयज्ञं तु मध्याह्ने तु परेऽहनि ।।
इति, तच्छाखान्तरविषयमिति पारिजातः । विकल्प इति युक्तं पश्यामः ।

उपनयनका दिन मध्याह्नसन्ध्या

जैमिनिले पारिजातमा उपनयन गर्ने दिन मध्याह्नकालमा सन्ध्या गर्नुपर्ने विषयमा भनेका छन् – 'जबसम्म गुरुका मुखबाट गायत्रीको उपदेश गरिँदैन तबसम्म सन्ध्या गर्न हुँदैन । गुरुबाट गायत्री प्राप्त गरेपछि मध्याह्नसन्ध्या आदि सबै कर्म प्रारम्भ गर्नुपर्दछ ।' यहाँ मूलमा ब्रह्मोपदेश भनिएको छ । त्यसको अर्थ गायत्रीको उपदेश भन्ने हो । कहीँ यस्तो वचन पाइन्छ कि– 'उपनयनमा सायंकालिक सन्ध्या उपासना गर्नुपर्दछ । ब्रह्मयज्ञ दोस्रो दिनको मध्याह्नकालमा आरम्भ गर्नुपर्दछ'। यो अरू शाखाको भनाइ हो भन्ने कुरा **पारिजातमा** बताइएको छ । यदि विकल्प छ भने पनि हामीले त्यसलाई ठीक नै मानेका छौं ।

उपनयनाग्निधारणविचारः

उपनयनाग्निस्त्रिरात्रं धार्यः **'त्र्यहमेतमग्निं धारयन्ति'** इत्यापस्तम्बोक्तेः । बौधायनसूत्रे तु सदा धारणमप्युक्तम्– उपनयनादिरग्निस्तमौपासनमित्याचक्षते, पाणिग्रहणादित्येके, नित्यो धार्योऽगतो निर्मन्थ्यः, इति । इदं जातारणिपक्षे, अन्यथा मन्थनासम्भवात् ।

उपनयनसंस्कारको अग्निलाई तीनदिनसम्म राख्नुपर्ने

उपनयनको अग्नि तीनदिनसम्म राख्नुपर्दछ । **आपस्तम्बले** भनेका छन् कि – उपनयनको अग्निलाई तीनदिनसम्म जस्ताको तस्तै राख्नुपर्दछ । **बौधायनसूत्रमा** भने 'सधैं राख्नुपर्दछ' भनिएको छ । कोही भन्दछन् कि 'उपनयन आदिको अग्निलाई औपासनअग्नि भनिन्छ त्यसकारण त्यसलाई विवाहसम्म राख्नुपर्दछ ।' कसैले भन्दछन् – नित्यधारण गर्नुपर्दछ, किनकि अरणिमन्थन गरेर निकालिएको अग्नि हो । तर यो भनाइ जुन अग्निलाई मन्थन गरेर निकालिएको छ त्यसकै पक्षमा आधृत छ किनभने सधैं मन्थन गरेर अग्नि उत्पादन गर्न सम्भव हुँदैन ।

ब्रह्मयज्ञे विशेषमाह

ब्रह्मयज्ञे विशेषमाह तत्रैव जैमिनिः –

अनुपाकृतवेदस्य कर्तव्यो ब्रह्मयज्ञकः । वेदस्थाने तु सावित्री गृह्यते तत्समा यतः ।।

इति । येषां तद्दिने एव वेदारम्भस्तेषां नेदमिति दिक् ।

ब्रह्मयज्ञको विशेष कृत्य

ब्रह्मयज्ञको विषयमा **जैमिनिले** केही विशेष कुरा उजागर गर्दै भनेका छन् – 'जुन वटुकको उपनयन गर्ने दिन वेदारम्भ हुँदैन त्यसले ब्रह्मयज्ञ गर्नुपर्दछ । वेदको स्थानमा आचार्यको समीपमा रही गायत्रीमन्त्रको ग्रहण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो नियम जसले त्यसै दिन वेदारम्भ गर्दछन् तिनका लागि होइन ।

ब्रह्मचारिधर्माः

अथ ब्रह्मचारिधर्माः । याज्ञवल्क्यः –

माधुमांसाञ्जनोच्छिष्टशुक्तस्त्रीप्राणिहिंसनम् । भास्करालोकनाश्लीलपरिवादादि वर्जयेत् ।।

ब्रह्मचारी धर्म

अब हामी ब्रह्मचारी धर्मको विषयमा बताउँछौं । **याज्ञवल्क्य**ले भनेका छन् कि ब्रह्मचारीले मधु र मांस सेवन गर्न हुँदैन, अञ्जन एवं गाजल लगाउन हुँदैन, जूठो र अमिलिएको बासीपदार्थ खान हुँदैन र स्त्रीजाति एवं प्राणीहरूको हिंसा गर्नुहुँदैन, सूर्यको दर्शन गर्नुहुँदैन, अश्लील परिहास एवं विवाद गर्नुहुँदैन र कसैको निन्दा गर्नुहुँदैन ।

मनुः – अभ्यङ्गमञ्जनं चाक्ष्णोरुपानच्छत्रधारणम् । वर्जयेदिति प्रकृतम् ।

पारिजाते कौर्मे – **नादर्शं चैव वीक्षेत नाचरेद्दन्तधावनम् । गुरूच्छिष्टं भेषजार्थं प्रयुञ्जीत, न कामतः ।।**

एतन्निषिद्धमध्वादिविषयम्, अन्यस्य गुरूच्छिष्टस्य सर्वदा प्राप्तेः । '**स चेद्व्याधीयीत कामं गुरोरुच्छिष्टं भेषजार्थं सर्वं प्राश्नीयात्**, इति वसिष्ठोक्तेः । ज्येष्ठभ्रातुरित्यपि ज्ञेयम् । '**पितुर्ज्येष्ठस्य भ्रातुरुच्छिष्टं भोज्यम्**' इत्यापस्तम्बोक्तेः । गुरुपुत्रे तु स्मृत्यर्थसारे उक्तम् – **गुरुवद् गुरुपुत्रः स्यादन्यत्रोच्छिष्टभोजनात् ।**

मनुले भनेका छन् – ब्रह्मचारीले अभ्यञ्जन गर्न हुँदैन, आँखामा गाजल लगाउन हुँदैन, जुत्ता र छाता धारण गर्न हुँदैन । **पारिजात**मा **कूर्मपुराण**को वचनअनुसार भनिएको छ – 'ब्रह्मचारीले ऐना हेर्न हुँदैन, दन्तधावन गर्न हुँदैन, गुरुको जूठो पूरा औषधिका लागि प्रयोग गर्नुपर्दछ तर आफ्नो इच्छाअनुसार ग्रहण गर्न हुँदैन ।' गुरुको उच्छिष्ट औषधिका लागि प्रयोग गर्नुपर्छ भन्ने कुरा महजस्ता विषयका लागि हो, अरू जूठो त जहिले पनि ब्रह्मचारीले प्राप्त गर्दछ । **वशिष्ठ**ले भनेका छन् – यदि ब्रह्मचारीलाई रोग लाग्यो भने उसले गुरुको जूठो मह आदि पदार्थ औषधिका रूपमा खाओस् । आफ्ना दाजूको जूठो खाने विषयमा पनि यही नियम लागू हुन्छ । **आपस्तम्ब**ले भनेका छन् कि माता, पिता र दाजुको जूठो जहिले पनि भोजनयोग्य हुन्छ । गुरुपुत्रको उच्छिष्टभोजनको विषयमा **स्मृत्यर्थसार**मा भनिएको छ कि 'जसरी औषधिका रूपमा गुरुको जूठो सेवन गरिन्छ त्यसैगरी गुरुपुत्रको जूठो पनि सेवन गर्नुपर्दछ ।'

प्रचेताः – **ताम्बूलाभ्यञ्जनं चैव कांस्यपात्रे च भोजनम् । यतिश्च ब्रह्मचारी च विधवा च विवर्जयेत् ।।**

यमः – **मेखलामजिनं दण्डमुपवीतं च नित्यशः । कौपीनं कटिसूत्रं च ब्रह्मचारी तु धारयेत् । अग्नीन्धनं भैक्ष्यचर्यामधःशय्यां गुरोर्हितम् ।।** कुर्यादिति शेषः ।

प्रचेताले भनेका छन् – संन्यासी, ब्रह्मचारी र विधवा स्त्रीले ताम्बूल, अभ्यञ्जन र काँस्यपात्रमा भोजन गर्नुहुँदैन ।

यमले भनेका छन् – ब्रह्मचारीले नित्य मेखला, मृगचर्म, दण्ड, कौपीन अर्थात् लङ्गोटी र कटिसूत्रधारण गर्नुपर्दछ । अग्निका लागि इन्धन अर्थात् दाउरा, भिक्षावृत्ति र भूमिशयनका नियम पालन गर्दै ब्रह्मचारीले सर्वदा गुरुको हित गर्नुपर्दछ ।

मेखलाविचारः

मेखलामाह आश्वलायनः – '**तेषां मेखला मौञ्जी ब्राह्मणस्य धनुर्ज्या क्षत्रियस्यावी वैश्यस्य**' इति । आचार्यः – **त्रिवृता मेखला कार्या त्रिवारं स्यात्समावृता । तद्ग्रन्थयस्त्रयः कार्याः पञ्च वा सप्त वा पुनः ।।**

मनुः – **मौञ्जी त्रिवृत्समा श्लक्ष्णा कार्या विप्रस्य मेखला । त्रिवृता ग्रन्थिनैकेन त्रिभिः पञ्चभिरेव वा ।।**

मेखलाविचार

आश्वलायनले ब्रह्मचारीले धारण गर्ने मेखलाको विषयमा बताउँदै भनेका छन् – ब्राह्मणले मूँजको मेखला,

क्षत्रियले धनुषको ताँदोको मेखला र वैश्यले भेडाको ऊनबाट बनाइएको मेखला धारण गर्नुपर्दछ । **आचार्यले** भनेका छन् – तीनदोब्री पारिएको सूतलाई तीनपटकसम्म बाटेर बराबर बनाउनुपर्दछ । मोटो र पातलो बनाउनु हुँदैन । मेखलामा तीन, पाँच अथवा सातवटा गाँठा पार्नुपर्दछ ।

मनुले भनेका छन् – मूँजको तीनगुना दोब्र्याइएको समान आकारको र चिल्लो मेखलालाई तेब्र्याएर एक, तीन अथवा पाँचवटा गाँठा दिएपछि ब्राह्मणले धारण गर्नुपर्दछ । मूँज आदि पदार्थ नपाइएमा कुश, अश्मन्तक अर्थात् मूँजजस्तै प्राचीनकालमा कन्धनी बनाउने काम प्रयोग गरिने एकथरि घाँस, कोइरालो, काभ्रो, बोहरी, खरको पनि मेखला बनाउन सकिन्छ । गाँठो पार्दा प्रवरसंख्याको नियमले पार्नुपर्दछ भन्ने वृद्धहरूको भनाइ छ । अर्थात् जसको एकप्रवर हुन्छ त्यसको मेखलामा एकग्रन्थि, दुईप्रवर हुनेको दुईग्रन्थि इत्यादि किसिमले ग्रन्थिहरू बनाउनुपर्दछ ।

दण्डकथनम्

अथ दण्डाः । मनुः –

ब्राह्मणो बैल्वपालाशौ क्षत्रियो वाटखादिरौ । पैलवौदुम्बरौ वैश्यो दण्डानर्हन्ति धर्मतः ।।

एषामभावे गौतमः – **'यज्ञियो वा सर्वेषां मूर्धललाटनासा(ग्र)प्रमाणः'** इति ।

वटुको दण्ड

अब दण्डको विषयमा विचार गरिन्छ । **मनुले** भनेका छन् कि – बेल र पलाँशको दण्ड ब्राह्मणका लागि उपयुक्त हुन्छ । वर तथा खयरको दण्ड क्षत्रियका निमित्त राम्रो हुन्छ । पिलु अर्थात् दाँते ओखरको दण्ड र डुम्रीको दण्ड वैश्यका लागि उपयोगी हुन्छ । सबै वर्णका वटुहरूले आ–आफ्नो वर्णका निमित्त अधिकृत दण्डहरूलाई धर्मपूर्वक धारण गर्नुपर्दछ । उक्त दण्डहरूको अभावमा **गौतमले** भनेका छन् कि यदि माथि बताइएका विभिन्न वृक्षका दण्डहरू उपलब्ध नभएमा यज्ञमा प्रयोग गरिने काठबाट दण्ड तयार गर्नुपर्दछ । जसको उँचाई पैतालादेखि शिरसम्म अथवा निधारसम्म अथवा नाकको टुप्पासम्म हुनुपर्दछ ।

अजिनम्

अजिनमाहाश्वालायगृह्यसूत्रम्– **अहतेन वाससा संवीतमैणेयेन वाऽजिनेन ब्राह्मणं रौरवेण क्षत्रियमाजेन वैश्यम्** इति । यद्यप्यैणेयशब्देन मृगीचर्मैवोच्यते **एण्या ढञ्** इति पाणिनिस्मृतेः, **'ऐणेयमेण्याश्चर्माद्यमेणस्यैणमुभे त्रिषु'** इत्यमरकोशाच्च, तथापि **कृष्णरुरुवस्ताान्यजिनानि** इति शङ्खोक्तेः, **सर्वेषां वा रौरवम्** इति यमोक्तेश्च मृगचर्मणा सह विकल्पो ज्ञेयः । वस्त्राजिनयोस्तु विकल्पः **कार्पासं वाऽविकृतम्** इति गौतमोक्तेः।

वटुको मृगचर्म

आश्वलायनले मृगचर्मको विषयमा बताउँदै भनेका छन् कि 'ब्राह्मणले धारण गर्ने नयाँ वस्त्र एकपटक पखालिएको मृगचर्मबाट बनेको हुन्छ, क्षत्रियले धारण गर्ने वस्त्र चित्रमृगबाट बनेको हुन्छ र वैश्यले धारण गर्ने वस्त्र बाख्राको छालाबाट बनाइएको हुन्छ ।' हुन त मूलमा बताएको **ऐणेयशब्दले** मृगीको छालालाई बुझाउँछ । किनकि **'एण्या ढक्'** यो पाणिनीय सूत्रबाट ऐणीको छालालाई ऐणेय र एणको छालालाई ऐण यसरूपमा निष्पत्ति गरिएको छ । यी दुवै शब्द तीनै लिङ्गमा प्रयुक्त हुन्छन् । **'ऐणेयमेण्याश्चर्माद्यमेणस्यैणमुभे त्रिषु'** यो **अमरकोशको** वचनअनुसार मृगीको छालालाई नै ऐणेय

भनिन्छ । कालो रुरुमृग र बाख्राको अथवा सबै प्रकारका मृगहरूको छालालाई सामूहिकरूपमा रुरु भनिन्छ भन्ने यमको वचन छ । मृगचर्मका साथमा मृगीचर्मलाई प्रयोग गर्ने कुरामा विकल्प हुन्छ भन्ने जान्नुपर्दछ । गौतमले भनेका छन् कि वस्त्र र अजिनमा पनि विकल्प छ । वस्त्रको चर्चा गर्दा विकार नभएको शुद्ध हुनुपर्दछ भनिएको छ ।

यज्ञोपवीतकथनम्

अथ यज्ञोपवीतम् । मनुः – कार्पासमुपवीतं स्याद्विप्रस्योर्ध्ववृतं त्रिवृत् । पारिजाते देवलः –

कार्पासक्षौमगोवालशणवल्वतृणोद्भकम् । यथासम्भवतो धार्यमुपवीतं द्विजातिभिः ।।
शुचौ दशे शुचिः सूत्रं संहताङ्गुलिमूलके । आवर्त्य षण्णवत्या तत्त्रिगुणीकृत्य यत्नतः ।।
अब्लिङ्गकैस्त्रिभिः सम्यक् प्रक्षाल्योर्ध्ववृतं त्रिवृत् । अप्रदक्षिणवृत्य सावित्र्या त्रिगुणीकृतम् ।।
ततः प्रदक्षिणावर्तं समं स्यान्नवसूत्रकम् । त्रिरावेष्ट्य दृढं बध्वा ब्रह्माविष्णवीश्वरान्नमेत् ।।

तन्नवतन्तु कार्यम् । **सावित्र्या त्रिगुणं कुर्यान्नवसूत्रं तु तद्भवेत्** । इति तेनैवोक्तेः ।

यज्ञोपवीतनिर्माण-विचार

अब यज्ञोपवीतको विषयमा विचार गरिन्छ । मनुले भनेका छन् – ब्राह्मणको यज्ञोपवीत कपासबाट बनेको हुन्छ। यसलाई तेब्र्याएर माथिबाट बाटिएको हुन्छ ।

पारिजातमा देवल भन्दछन् – कपास, रेशम, गाईका रौं, सनपाट र बल्वज अर्थात् खरबाट तयार गरिएको जनै ब्राह्मण, क्षत्रिय, वैश्यले लगाउनुपर्दछ । पवित्र ठाउँमा, पवित्र धागोले कान्छीऔंलादेखि तर्जनीसम्मका चारऔंलामा ९६ पटक लपेटिएको धागोलाई तेब्र्याएर सावधानीपूर्वक बाट्नुपर्दछ । यसरी बाटिएको धागोलाई जलसम्बन्धी मन्त्र उच्चारण गरी राम्ररी पखाल्नुपर्दछ । यसरी तेब्र्याइएको धागोलाई फेरि माथिबाट वामावर्त गराई तेब्र्याएपछि गायत्रीजप गर्दै फेरि तेब्र्याउनुपर्दछ । त्यसपछि तेब्र्याएर बाया र वायाँपट्टिबाट बाटेपछि त्यसलाई त्रिगुणित गराई बाट्दा ३ सरा बन्दछन् । ती तीनसरालाई गायत्रीमन्त्र उच्चारण गर्दै बाटेर शिरमा शिखा पारेपछि तीनसरा पूर्ण हुन्छन् र ती तीनसराका देवता ब्रह्मा, विष्णु र शङ्करलाई नमस्कार गर्नुपर्दछ । यसरी प्रत्येक सराभित्र ३–३ सरा रहेका कारण यज्ञोपवीत ९ सरा भएको मानिन्छ ।[४३]

---

४३. **जनै बाट्ने तरिका** – प्युरी वा कपासबाट धागो कात्नुपर्दछ । अथवा बजारमा पाइने काँचो धागो ल्याउनुपर्दछ । यो धागोलाई बूढी औंलाको बीचदेखि कायतीर्थ (कान्छी औंला र करभको बीच) सम्म जाने गरी ९६ पटक आफ्नो हातमा बेर्नुपर्दछ । यसलाई तेब्र्याउनुपर्दछ । यो धागोलाई खिरिलो हुने गरी बाट्नुपर्दछ । यसरी बाटिएको धागोलाई पुनः तेब्र्याई खिरिलो हुने गरी बाट्नुपर्दछ । धागोको टुप्पा-टुप्पामा पवित्राकार ग्रन्थि (गाँठो) बनाउनुपर्दछ । अब यो धागो शिखा बनाउन उपयुक्त हुन्छ ।

शिखापार्ने तरिका – धागोको टुप्पोलाई दाहिने हातको औंलाका छेउहरूले समाती धागोलाई तलतिर लर्काउनुपर्दछ । यो धागोलाई देब्रे हातको बूढी औंला र अरू चार औंलाको बीचमा पर्ने गरी देब्रे हात उल्टो पारी हातले घुमाउनुपर्दछ र देब्रे हातलाई ऐना हेरेजस्तै गरी आफ्नो अगाडि पार्नुपर्दछ । धागोको टुप्पोलाई माझी औंला र साहिँली औंलाको बीचबाट हत्केलामा ल्याई यो धागोको टुप्पोलाई माथिबाट एकपटक घुसार्नुपर्दछ । यो घुसारेको टुप्पोलाई नखुस्कने गरी देब्रे हातको बूढी औंलामा बेर्नुपर्दछ । अब तल रहेको रहेको गुजुल्टो धागोलाई तल रहेको आफ्नो दाहिने घुँडा वा दुई गोडाले च्यापेको लठ्ठीमा तलतिर घुसारी फेरि हाततर्फ ल्याउनुपर्दछ । बूढी औंला र चोर औंलाको बीचबाट ल्याइएको यो धागोको गुजुल्टोलाई माझी र साहिँली औंलाको बीचबाट एकपटक तलतिर घुसार्नुपर्दछ । फेरि यो गुजुल्टो धागोलाई माझी र साहिँली औंलाको बीचबाट ल्याई तल रहेको दुई धागोको बीचबाट ल्याई हत्केलामा रहेको धागोमा दुईपटक घुसार्नुपर्दछ । यो गुजुल्टो धागोलाई हत्केलाको धागो जहाँ गएको छ उहीँ–उहीँ लैजानुपर्दछ । फेरि पूर्ववत् दुईपटक यही काम गर्नुपर्दछ । अन्त्यमा गुजुल्टो धागोको टुप्पो र पहिले देब्रे हातको बूढी औंलामा बेरेको दुई धागोको टुप्पो

छन्दोगपरिशिष्टे- **त्रिवृदूर्ध्ववृतं कार्यं तन्तुत्रयमधोवृतम् । त्रिवृतं चोपवीतं स्यात्तस्यैको ग्रन्थिरिष्यते।।** ऊर्ध्ववृतं दक्षिणं करमूर्ध्वं कृत्वा बलितम् । भृगुः - **वामावर्तवलितं त्रिगुणं कृत्वा दक्षिणावर्तवलितं त्रिगुणं कार्यम्** । स एकस्तन्तुरेवं त्रितन्तुकमित्यर्थः ।

छन्दोगपरिशिष्टमा बताइएको छ - कुनै शुद्ध स्थानमा कन्या आदिद्वारा तयार गरिएको पवित्र धागोलाई **भूः** शब्द उच्चारण गर्दै ९६ पटक आवर्तन गरी औंलाहरूको फेंदमा बेर्नुपर्दछ । त्यसलाई पाखा झिकेर फेरि **भुवः** शब्द उच्चारण गर्दै दोस्रो पटक औंलाहरूमा बेर्नुपर्दछ । फेरि **स्वः** शब्द उच्चारण गर्दै तेस्रो पटक औंलाहरूको मूलमा बेर्नुपर्दछ । त्यसपछि त्यो तन्तु समूहलाई **आपोहिष्ठा०, शन्नोदेवी० तत्सवितुः०** इत्यादि ३ मन्त्र पढ्दै पानीमा भिजाएर बायाँहातमा राखी तीनपटक फट्कार्नुपर्दछ । फट्कारेपछि उक्त ३ व्याहृति उच्चारण गर्दै ९६ पटक दोब्र्याइएको त्यो पवित्र तन्तुलाई एकैपटक बाट्नुपर्दछ । फेरि उनै व्याहृतिद्वारा तेब्र्याएर गायत्रीमन्त्रद्वारा बाटी एउटा रूप कायम गर्नुपर्दछ । फेरि बायाँपट्टिबाट तेब्र्याएपछि एउटा तन्तु तयार हुन्छ । पुनः गायत्रीद्वारा क्रमशः दक्षिणावर्त तेब्र्याउँदा नौतन्तु तयार हुन्छन् । **देवलले** भनेका छन् कि - त्यस बाँटिँदै आएको धागोलाई गायत्रीद्वारा तेब्र्याउँदा नौतन्तु हुन्छन् । **छन्दोगपरिशिष्ट**मा भनिएको छ - वामावर्त गराई माथिल्तिरबाट तेब्र्याइएको सूत्रलाई दक्षिणावर्त गरी तलतिरबाट तेब्र्याउँदा यज्ञोपवीत तयार हुन्छ । त्यसको बीचमा ब्रह्मग्रन्थि बनाउनुपर्दछ । त्यसलाई बायाँ हात उचाली धारण गर्नुपर्दछ ।

भृगु भन्दछन् - वामावर्त गराई तेब्र्याइएको तन्तुलाई दक्षिणावर्त गराई फेरि तेब्र्याउनुपर्दछ । यसरी एउटा तन्तु तयार हुन्छ । त्यो तयार भएको एउटा तन्तु तीनतन्तु मानिन्छ ।

यज्ञोपवीतधारणे विचारः

कात्यायनः - **पृष्ठदेशे च नाभ्यां च धृतं यद्विन्दते कटिम् । तद्धार्यमुपवीतं स्यान्नातिलम्बं न चोच्छ्रितम्।।**

वसिष्ठः - **नाभेरूर्ध्वमनायुष्यमधो नाभेस्तपःक्षयः । तस्मान्नाभिसमं कुर्यादुपवीतं विचक्षणः ।।**

पारिजाते देवलः- **उपवीतं वटोरेकं द्वे तथेतरयोः स्मृते। एकमेव यतीनां स्यादिति शास्त्रस्य निश्चयः।।**

यज्ञोपवीतधारणमा विचार

कात्यायनले भनेका छन् कि पिठ्यूँदेखि नाभिसम्म धारण गरिएको यज्ञोपवीतले कटिस्पर्श गर्दछ भने त्यो धारण गर्न उपयोगी यज्ञोपवीत[४४] मानिन्छ । न त यो लामो हुन्छ, न यो सानो हुन्छ ।

जोडी पवित्राकार ग्रन्थि (गलेगाँठो) बनाउनुपर्दछ । यसलाई फेरि पवित्राकार ग्रन्थि बनाई ग्रन्थिको बीचमा देब्रे हातका औंला राखी धागो सेप्तै जानुपर्दछ । यसरी बनेको पवित्राकार ग्रन्थिलाई यौटै ग्रन्थिमा परिणत गर्दा एक्ले जनै हुन्छ । यस्तै अर्को एक्ले बनाई मिसाउँदा एकजोर जनै बन्छ ।

४४. यज्ञोपवीत - यज्ञोपवीतको विषयमा विचार गरिएको पाइन्छ । शतपथब्राह्मण (१/१/१/२) मा भनिएको छ - **'यज्ञो वै विष्णुः'** अर्थात् चराचरमा व्याप्त परमात्मा नै यज्ञ हुन् । यज्ञोपवीत यज्ञ र उपवीत दुई शब्दको योगबाट निष्पन्न भएको छ । त्यसको तात्पर्य खुलाउँदै स्मृतिसारमा भनिएको छ - **यज्ञाख्यः परमात्मा य उच्यते चैव होतृभिः । उपवीतं ततोऽस्येदं तस्माद् यज्ञोपवीतकम् ।।** अर्थात् होताहरूले यज्ञपुरुषको नामबाट प्रसिद्ध परमात्मालाई प्राप्त गराउने साधन भएका कारण सुसंस्कृत तन्तुसमूहलाई यज्ञोपवीत भनेका हुन् । यज्ञोपवीतको अर्को नाम ब्रह्मसूत्र हो । त्यस सम्बन्धमा स्मृतिप्रकाशमा भनिएको छ - **सूचनात् ब्रह्मतत्त्वस्य वेदतत्त्वस्य सूचनात् । तत्सूत्रमुपवीतत्वाद् ब्रह्मसूत्रमिति स्मृतम् ।।** अर्थात् यज्ञोपवीतरूप सूत्रले द्विजातिलाई ब्रह्मतत्त्व र वेदज्ञानको सूचना प्रदान गर्ने हुँदा त्यसलाई ब्रह्मसूत्र भनिन्छ । यज्ञोपवीतधारण गराइने उपनयनसंस्कारमा गुरुले शिष्यको दायाँकाँधमा हात राख्दै भन्दछन् - **मम व्रते ते**

वसिष्ठले भनेका छन् – नाभिभन्दा ठीक माथि यज्ञोपवीत हुँदा आयुको नाश हुन्छ । नाभिभन्दा तल रहँदा तपस्याको क्षय हुन्छ । यसैले बुद्धिमान् मानिसले यज्ञोपवीतलाई नाभिको बराबरमै राख्नुपर्दछ ।

पारिजातमा देवल भन्दछन् – ब्राह्मण ब्रह्मचारीले एउटा यज्ञोपवीतधारण गर्नुपर्दछ । क्षत्रिय र वैश्यब्रह्मचारीले दुई–दुईवटा यज्ञोपवीतधारण गर्नुपर्दछ । त्रिदण्डी संन्यासीले एउटामात्र धारण गर्नुपर्दछ । यो शास्त्रको नियम हो । **'स एव बहूनि वाऽऽयुष्कामस्य । तत्र मन्त्रमाह स एव 'यज्ञोपवीतमिति वा व्याहृत्या वापि धारयेत् ।'** अर्थात् आयुको कामनाका निमित्त तीनदेखि लिएर चालीससम्मको संख्यामा यज्ञोपवीत धारण गर्नुपर्ने कुरा कतै बताइएको छ । धारण गर्दा **यज्ञोपवीतं०** इत्यादि मन्त्र अथवा व्याहृति उच्चारण गर्नुपर्ने कुरा विधान गरिएको छ । त्यो मन्त्र यसप्रकार छ – **'ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् । आयुष्मग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।। यज्ञोपवीतमसि यज्ञस्य त्वा यज्ञोपवीतेनोपनह्यामि ।'** व्याहृति यसप्रकार छन् – **ॐ भूः स्वाहा, ॐ भुवः स्वाहा, ॐ स्वः स्वाहा, ॐ भुर्भूवः स्वः स्वाहा ।**

हेमाद्रौ – **यज्ञोपवीते द्वे धार्ये श्रौते स्मार्ते च कर्मणि । तृतीयमुत्तरीयार्थे वस्त्राभावे तदिष्यते ।।**
देवलः – **सावित्र्या दशकृत्वोऽद्भिर्मन्त्रिताभिस्तदुक्षयेत् । विच्छिन्नं वाप्यधो यातं भुक्त्वा निर्मितमुत्सृजेत्।।**
मनुः – **मेखलामजिनं दण्डमुपवीतं कमण्डलुम् । अप्सु प्रास्य विनष्टानि गृह्णीतान्यानि मन्त्रवत्।।**

हेमाद्रिमा भनिएको छ – श्रौत र स्मार्त कर्ममा दुइटा यज्ञोपवीत धारण गर्नुपर्दछ । वस्त्र नहुँदा वस्त्रको स्थानमा पनि

हृदयं दधामि मम चित्तमनुचित्तं तेऽस्तु । मम वाचमेकमना जुषस्व बृहस्पतिष्ट्वा नियुनक्तु मह्यम् ।। अर्थात् हे शिष्य ! मेरो व्रतका लागि म तिम्रो हृदय ग्रहण गर्दछु । तिमीले सधैं आफ्नो चित्त मेरो अनुकूल बनाउनुपर्दछ । मेरो वचन एकाग्र भई श्रवण गर्नुपर्दछ, देवगुरु बृहस्पतिले तिमीलाई मसँग एकाकार गराऊन् । मन्त्रदानपछि यसरी शिक्षा दिएर गुरुले शिष्यलाई ब्रह्मचर्यका नियम बताउँदै विद्याध्ययन गराउने शास्त्रीय निर्देश रहेको छ । उपनयन संस्कारमा गुरुले शिष्यलाई लगाइदिने पवित्र यज्ञोपवीत निर्माण गर्ने सम्बन्धमा कात्यायनपरिशिष्टमा भनिएको छ – **'अथातो यज्ञोपवीतनिर्माणप्रकारं वक्ष्यामः । ग्रामाद् बहिस्तीर्थे वा गोष्ठे वा गत्वाऽनध्यायवर्जितपूर्वाह्ने कृतसन्ध्याष्टोत्तरशतं सहस्रेण यथाशक्ति गायत्रीं जपित्वा ब्राह्मणेन तत्कन्यया सुभगया धर्मचारिण्या वा कृतं सूत्रमादाय भूरिति प्रथमां षण्णवतिं मिनोति, भुवरिति द्वितीयां स्वरिति तृतीयां मीत्वा पृथक् पलाशपत्रे संस्थाप्य आपोहिष्ठेति तिसृभिः शन्नोदेव्यनेन सावित्र्या वा चाभिषिच्य वामहस्ते कृत्वा त्रिः सन्ताड्य व्याहृतिभिस्त्रिवलितं कृत्वा पुनस्ताभिस्त्रिगुणितं कृत्वा पुनस्त्रिवृत्तं कृत्वां प्रणवेन ग्रन्थिं कृत्वा ओङ्कारमग्निं नागान् यमं पितॄन् प्रजापतिं वायुं सूर्यं विश्वान् देवान् नवतन्तुषु क्रमेण विन्यस्य सम्पूजयेत् । देवस्येति उपवीतमादाय उद्वयंतमसस्वेत्यादीना आदित्याय दर्शयित्वा यज्ञोपवीतमित्यनेन धारयेदित्याह भगवान् कात्यायनः ।'** – माधवाचार्य, क्यों ?, पूर्ववत् ।

यज्ञोपवीतका तन्तुहरूले ४ वेदअन्तर्गत कर्मकाण्डका ८० हजार मन्त्र र उपासनाकाण्डका १६ हजार मन्त्र गरी ९६ हजार मन्त्रको प्रतिनिधित्व गर्दछन् । ९६ सराले वैदिक सनातन धर्मावलम्बीहरूको जीवन कर्मकाण्ड र उपासनाकाण्डसँग सम्बन्धित वैदिक ऋचासँग सम्बद्ध हुन्छ भन्ने कुरा प्रतीत गराउँछन् । ९६ सरालाई तीन गुणा गरी लपेटिनुले यज्ञोपवीतमा ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन वर्णको अधिकार हुने कुरा बुझाउँछ । त्यसपछि फेरि तेब्राइन्छ । यज्ञोपवीत धारण गर्ने वैदिक सनातनीलाई मात्र ब्रह्मचर्याश्रम, गृहस्थाश्रम र वानप्रस्थाश्रममा अधिकार हुने कुरा प्रमाणित हुन्छ । ती ९ सरालाई तेब्राउनुले वैदिकहरूले तिर्नुपर्ने देवऋण, पितृऋण र ऋषिऋणलाई जनाउँछ । यसरी तयार भएका तीन सरालाई तीन गुणा बनाई बाट्दा एउटा ब्रह्मग्रन्थि तयार हुन्छ । त्यसले वैदिकहरूको अद्वैतवाद सिद्ध हुन्छ । वैदिकहरूले श्रौत र स्मार्त दुवै कर्म गर्नुपर्ने हुँदा दुई यज्ञोपवीत धारण गर्नुपर्ने कुरा बताइएको छ । जनै बाट्दा पहिलो चरणका ९६ साराको छुट्टै महत्त्व छ । २५ तत्त्व, ३ गुण, १५ तिथि, ७ वार, २७ नक्षत्र, ४ वेद, ३ काल र १२ महिना यी सबै जोड्दा ९६ हुन्छ किनकि यज्ञोपवीतका ती ९६ सराले वेद आदि शास्त्र र कालतत्त्वको पनि प्रतिनिधित्व गर्दछन् । ब्रह्मग्रन्थि तयार गरेपछि तयार हुने तीन सराले ३ वेद, ३ लोक, ३ गुण, ३ प्रधान देवता, ३ अग्नि र ३ द्विजहरूलाई जनाउँछन् । ९६ सराबाट तयार भएको जनैलाई ब्रह्मसूत्र भनिन्छ । ब्रह्म भनेको वेद हो र गायत्री वेदमाता हुन् । गायत्रीमा २४ अक्षर हुन्छन् । २४ अक्षरलाई ४ पुरुषार्थले गुणा गर्दा ९६ हुन्छ ।

अर्को यज्ञोपवीत धारण गर्नुपर्दछ । देवलले भनेका छन् – यज्ञोपवीत चुँडिएमा गायत्रीमन्त्रजप गर्दै दशपटकसम्म जलले अभिमन्त्रित गर्नुपर्दछ । भुइँमा खसेको, चुँडेको र भोजन गरेपछि निर्माण गरिएको यज्ञोपवीत त्याग गर्नुपर्दछ ।

मनु भन्दछन् – मेखला, मृगचर्म, पलाँश आदि दण्ड, यज्ञोपवीत र कमण्डलु नष्ट भएमा अथवा विकृत भएमा तिनीहरूलाई पानीमा बगाइदिएर मन्त्रद्वारा अन्य मेखला आदि धारण गर्नुपर्दछ ।

मेखलादिविनाशे प्रायश्चित्तकथनम्

अथैतल्लोपे प्रायश्चित्तम् । मनुः –

अकृत्वा भैक्ष्यचरणमसमिध्य च पावकम् । अनातुरः सप्तरात्रमवकीर्णिव्रतं चरेत् ।।

मेखला आदिको नाशहुँदा प्रायश्चित्त

यज्ञोपवीतसंस्कारको लोप भएमा प्रायश्चित्त गर्नुपर्ने कुरा मनुले यसरी बताएका छन् – ब्रह्मचारीले यज्ञोपवीतसंस्कार लोप भएमा भिक्षा माग्ने काम र अग्निमा समिधा दिने काम गर्न हुँदैन । प्रायश्चित्तका लागि ७ दिनसम्म धैर्यपूर्वक अवकीर्णिव्रत अर्थात् अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अक्रोधको पालन, गुरुसेवा र शुद्ध आहार गरी सम्पन्न गरिने व्रत गर्नुपर्दछ ।

अमत्या आपदि त्यागे

अमत्या आपदि त्यागे तु याज्ञवल्क्यः –

भैक्ष्याग्निकार्ये त्यक्त्वा तु सप्तरात्रमनातुरः । कामावकीर्ण इत्याभ्यां जुहुयादाहुतिद्वयम् ।।

उपस्थानं ततः कुर्यात्समासिञ्चन्त्वनेन तु । मन्त्रास्तु मिताक्षरायां ज्ञेयाः ।

आपत्तिमा संस्कारत्याग गरिएमा

आफ्नो बुद्धि–विवेकको प्रयोग गर्न नपाई आपत्ति परेर संस्कारत्याग भएमा याज्ञवल्क्यले विशेष कुरा बताउँदै भनेका छन् – जो मानिस रोगी छैन त्यसले भिक्षा र अग्निकार्यको त्याग गरेमा प्रायश्चित्त गर्नुपर्दछ । प्रायश्चित्त गर्ने क्रममा उपवास गर्दै निम्नलिखित कामावकीर्ण शीर्षकान्वित दुईमन्त्रद्वारा दुईआहुति दिनुपर्दछ । मन्त्र यसप्रकार छ – **कामावकीर्णोऽस्म्यवकीर्णोऽस्मि कामकामाय स्वाहा । कामावपन्नोस्म्यवपन्नोऽस्मि कामकामाय स्वाहा ।।** (याज्ञवल्क्यस्मृति पृ. ४४२), **कामावकीर्णोऽस्म्यवकीर्णोऽस्मि कामकामाय स्वाहा । कामाभिदुग्धो (द्रुग्धो)ऽस्म्यभिदुग्धो (द्रुग्धो) ऽस्मि कामकामाय स्वाहा ।।** – पारस्करगृह्यसूत्र, द्वितीयकाण्ड ।

त्यसपछि **'संमा सिञ्चन्तु'** शीर्षकान्वित दुईमन्त्रले उपस्थान गर्नुपर्दछ । मन्त्र यसप्रकार छन् – **संमा सिञ्चन्तु मरुतः समिन्द्रः सं बृहस्पतिः । समायमग्निः सिञ्चन्तां यशसा ब्रह्मवर्चसेन ।।** (याज्ञवल्क्यस्मृति), **संमासिञ्चन्तु मरुतः समिन्द्रः संबृहस्पतिः । सम्मायमग्निः सिञ्चतु प्रजया च धनेन च ।।** (मिताक्षराबाट उद्धृत) ।

सकृल्लोपे

सकृल्लोपे तु ऋग्विधाने –

मानस्तोके जपेन्मन्त्रं शतसङ्ख्यं शिवालये । अग्निकार्यं विना भुक्तौ न पापं ब्रह्मचारिणः ।।

स्मृत्यर्थसारे तु – **सन्ध्याग्निकार्यलोपे स्नात्वाऽष्टसहस्रं जपः । भिक्षालोपेऽष्टशतम् । अभ्यासे द्विगुणं**

पुनः संस्कारश्चेत्युक्तम् । अपरार्के संवर्तः –

यः सन्ध्यां चैव नोपास्ते अग्निकार्यं यथाविधि । गायत्र्यष्टसहस्रं तु जपेत्स्नात्वा समाहितः ।।

एकपटक संस्कारलोप भएमा प्रायश्चित्त

एकपटकमात्र संस्कार लोप भएमा ऋग्विधानमा भनिएको छ कि – शिवालयमा गएर १०० पटक **'मानस्तोके'** मन्त्रको जप गर्नुपर्दछ । त्यो मन्त्र यसप्रकार छ – **मानस्तोके तनये मान आयौ मा नो गोषु मा नो अश्वेषु रीरिषः। वीरान् मा नो रुद्र भामिनो वधीर्ह विष्मन्तः सदमित् त्वा हवामहे ।।** (ऋ.मं. १, सू. ११४, मं. ८) अग्निकार्य नगरी भोजन गर्दा ब्रह्मचारीलाई पाप लाग्दैन ।

स्मृत्यर्थसारमा भनिएको छ– सन्ध्या र अग्निकार्य लोप हुँदा ब्रह्मचारीले स्नान गरेर **मानस्तोके०** मन्त्रको ८००० जप गर्नुपर्दछ । भिक्षालोप गरेमा त्यही मन्त्र १०८ पटक जप्नु पर्दछ । बारम्बार सन्ध्या र अग्निकार्यको लोप भएमा जतिपटक लोप हुन्छ त्यसको दुईगुणा जप गरी त्यसको संस्कार गर्नुपर्दछ । **अपरार्कमा संवर्तले** भनेका छन् – जुन ब्रह्मचारीले विधिपूर्वक सन्ध्याको उपासना र अग्निको उपासना गर्दैन त्यसले स्नान गरी सावधान भएर ८००० गायत्री जप गर्नुपर्दछ।

अग्निकार्यं सन्ध्याद्वये कार्यम् । **'अग्निकार्यं ततः कुर्यात्सन्ध्ययोरुभयोरपि'** । इति याज्ञवल्क्योक्तेः । सायमेव वा 'सायमेव वाग्निमिन्धीतेत्येके' इति लौगाक्षिणोक्तेः । पारिजाते वृद्धशातातपः –

ब्रह्मचारी तु योऽश्नीयान्मधु मांसं तथैव च । प्राजापत्यं चरेत्कृच्छ्रं व्रतशेषं समापयेत् ।।

ऋग्विधाने – तं वो धिया जपेन्मन्त्रं लक्षं चैव शिवालये । ब्रह्मचारी स्वधर्मेषु न्यूनं चेत्पूर्णमेव तत् ।।

याज्ञवल्क्यले भनेका छन्– दुवै सन्ध्यामा सायँकाल र प्रातःकाल समिधा दिने काम र अग्निकार्य आ–आफ्नो गृह्यसूत्रअनुसार गर्नुपर्दछ। **लौगाक्षि** भन्दछन्– 'कसैले सायँकालमा मात्र अग्नि जगाउनुपर्दछ भनेका छन्।' **पारिजातमा वृद्धशातातप** भन्दछन् – जुन ब्रह्मचारीले मधु र मांसको सेवन गर्दछ त्यसले प्राजापत्यकृच्छ्रनामक[४५] प्रायश्चित्त गरेपछिमात्र शेषव्रतको समाप्ति गर्नुपर्दछ ।

ऋग्विधानमा भनिएको छ – मधु–मांस सेवन गर्ने ब्रह्मचारीले – **तं वो धिया नव्यस्या शविष्ठं प्रत्नं प्रत्नवत् परितं सयध्यै । स नो वक्षदनिमानः सुवह्नेन्दो विश्वान्यति दुर्गहाणि ।।** (ऋ.मं.६, सू. २२, मं. ७), **तं वो धिया परमया पुराजामजरमिन्द्रमभ्यनूष्यर्कैः । ब्रह्मा च गिरो दधिरे समस्मिन् महाँश्च स्तोमो अधि वर्धदिन्द्रे ।।** (ऋ.मं. ६, सू. ३८, मं. ३) उक्त दुईमन्त्रको एकलाख संख्यामा जप गर्नुपर्दछ । यसबाट ब्रह्मचारीको व्रतपालनमा भएका सम्पूर्ण न्यूनताहरूबाट हुने दोष समाप्त हुन्छ र व्रत पूर्ण हुन्छ ।

स्त्रीसङ्गे विशेषः

स्त्रीसङ्गे तु मनुः –

अवकीर्णी तु काणेन गर्दभेन चतुष्पथे । पाक (स्थाली) यज्ञविधानेन यजेत निर्ऋतिं निशि ।।

विस्तरस्तु मिताक्षरादौ ज्ञेयः ।

---

४५. **यथाकथञ्चित् त्रिगुणः प्राजापत्योऽयमुच्यते ।** अर्थ – तीन दिन प्रातःकालमा, तीन दिन सायंकालमा भोजन गर्नुपर्दछ । त्यसपछिका ३ दिनमा अयाचित भोजन गर्नुपर्दछ । त्यसपछिका ३ दिन उपवास बसेपछि १२ दिनको हुने यो प्राजापत्यकृच्छ्रव्रत पूर्ण हुन्छ । – **याज्ञवल्क्यस्मृति, प्रायश्चित्तप्रकरण, श्लो. ३१९ ।**

स्त्रीप्रसङ्गमा विशेष

मनुले स्त्रीप्रसङ्ग गर्ने ब्रह्मचारीको सम्बन्धमा विशेष कुरा बताएका छन् । धर्मशास्त्रमा स्त्रीप्रसङ्ग गर्ने ब्रह्मचारीलाई अवकीर्णी[४६] भनिन्छ । त्यस्तो ब्रह्मचारीले स्थालीपाकयज्ञको विधानबाट रात्रिको समयमा नैर्ऋत्यदिशामा पर्ने चौबाटोमा गई गर्दभआलम्भन अर्थात् गधाको यज्ञीय हिंसा गर्ने कार्य गर्नुपर्दछ र नैर्ऋत्यदेवताको यजन अर्थात् यज्ञ गर्नुपर्दछ । यसको विस्तृत विधि मिताक्षरा आदिबाट जान्न सकिन्छ ।

उपवीतनाशे कथनम्

उपवीतनाशे तु हारीतः – **मनोज्योतिरित्येका त्वमग्ने व्रतपा असि** इति तिस्रः । आज्याहुतीर्हुत्वा पुनः प्रतीयात् । तत्रैव मरीचिः –

ब्रह्मसूत्रं विना भुङ्क्ते विण्मूत्रं कुरुतेऽथवा । गायत्र्यष्टसहस्रेण प्राणायामेन शुध्यति ।।

जनै चुँडिएमा प्रायश्चित्त

यज्ञोपवीतको नाश हुँदा गरिने प्रायश्चित्तको विषयमा हारीतले भनेका छन् – **'मनोज्योतिः'** इत्यादि निम्नलिखित दुईमन्त्रद्वारा चारआहुति दिएर यज्ञोपवीत धारण गर्नुपर्दछ । मन्त्र यसप्रकार छन् – **मनो ज्योतिर्जुषतामाज्यं विच्छिन्नं यज्ञं समिमं दधातु । बृहस्पतिस्तनुता मिमं नो विश्वे देवा इह मादयन्ताम् ।।** (तैत्तिरीयसंहिता १/५/३), **त्वमग्ने व्रतपा असि देव आ मर्त्येष्वा । त्वं यज्ञेष्वीड्यः ।। त्वमसि प्रशस्यो विदथेषु सहन्त्य । अग्ने रथीरध्वराणाम् ।। स त्वमस्मदप द्विषो युयोधि जातवेदः । अदेवीरग्ने अरातीः ।।** (ऋ.मं. ८, सू. ११, मं. १–३)

मरीचि भन्दछन् – जसले यज्ञोपवीतधारण नगरीकन भोजन गर्दछ अथवा मलमूत्र त्याग गर्दछ त्यो ब्रह्मचारी गायत्रीमन्त्रको आठहजार जप गरी प्राणायाम गरेपछि शुद्ध हुन्छ ।

ब्राह्मणाभिवादने कथनप्रकारः

मनुः – **भोः शब्दं कीर्तयेदन्ते स्वस्य नाम्नोऽभिवादने । आयुष्मान् भव सौम्येति वाच्यो विप्रोऽभिवादने।।**
अकारश्चास्य नाम्नोन्ते वाच्यः पूर्वाक्षरः प्लुतः । शर्मन्निति नकारात्पूर्वमित्यर्थः ।

ब्राह्मणलाई अभिवादन गर्ने विधि

मनुले भनेका छन् – ब्राह्मणलाई अभिवादन गर्दा आफ्नो नामको अन्तमा भो शब्दको उच्चारण गर्नुपर्दछ । जस्तै– **'अभिवादये शुभशर्माहं भो !'** । अभिवादन गरेपछि ब्राह्मणले पनि – **'हे सौम्य ! आयुष्मान् भव'** अर्थात् हे बालक! तिमी आयुष्मान् होऊ भन्नुपर्दछ । अभिवादन गर्ने मानिसको नामको अन्तिमअक्षरको पूर्ववर्ती अकारको स्वरलाई दीर्घ उच्चारण गर्नुपर्दछ । जस्तै – शर्मन् भन्नुपर्दा 'न'भन्दा पहिले 'म'को अकार छ त्यो 'म'को अकारलाई प्लुतस्वरमा उच्चारण गर्नुपर्दछ भन्ने भनाइको तात्पर्य यही हो ।

४६. ब्रह्मचर्य अवस्थामा रहेको ब्रह्मचारीले स्त्रीप्रसङ्ग गरी वीर्यपात गरेर ब्रह्मचर्य खण्डित गरेमा त्यसलाई अवकीर्णी भनिन्छ । त्यस्तो ब्रह्मचारीले शुद्धिका लागि औंसीका दिन चौबाटोमा गएर गर्दभ अर्थात् गधाको आलम्भन गरेपछि त्यसको छाला ओढेर एक वर्षसम्म भिक्षा माग्नुपर्दछ । भिक्षा माग्दा 'म अवकीर्णी हुँ, मलाई भिक्षा दिनुहोस्' भनी आफ्नो दोष आफ्नै मुखबाट प्रचार गर्नुपर्दछ । पारस्करले पनि भनेका छन् – **'अथातोऽवकीर्णिप्रायश्चित्तम् । अमावास्यायां चतुष्पथे गर्दभं पशुमालभते .... ।'** इत्यादि । – पारस्करगृह्यसूत्र, तृतीयकाण्ड, बाह्रौं कण्डिका ।

अभिवादनप्रत्यभिवादनादौ विशेषः

अभिवादनप्रत्यभिवादनादौ विशेषः स्मृत्यर्थसारे परिजातादौ ज्ञेयः । यमः –

ज्यायानपि कनीयांसं सन्ध्यायामभिवादयेत् । विना शिष्यं च पुत्रं च दौहित्रं दुहितुः पतिम् ।।

अभिवादन र प्रत्यभिवादनका विशेष तथ्य

अभिवादन र प्रत्यभिवादनका विशेष तथ्यहरू **स्मृत्यर्थसार** र **पारिजात** आदि ग्रन्थहरूमा वर्णन गरिएका छन् । विशेष जान्न चाहनेले त्यहीँ अध्ययन गर्नुपर्दछ । अभिवादन-प्रत्यभिवादनको सम्बन्धमा **यमले** भनेका छन् – सन्ध्या समय हुँदा ठूला मानिसले पनि सानालाई नमस्कार गर्नुपर्दछ । तर आफ्नो शिष्य, छोरा, छोरीपट्टिको नाति र छोरी-ज्वाइँलाई भने नमस्कार गर्नुहुँदैन ।

पुनरुपनयनादिहेतुत्वकथनम्

अथ पुनरुपनयनम् । पारिजाते शातातपः – **लशुनं गृञ्जनं जग्ध्वा पलाण्डुं च तथा शुनः ।**

उष्ट्रमानुषकेभाश्वरासभीक्षीरभोजनात् । उपायनं पुनः कुर्यात्तप्तकृच्छ्रं चरेन्मुहुः ।। इति ।

पुनः उपनयन गर्नुपर्ने कारणको निरूपण

अब पुनः उपनयन गर्नुपर्ने विषयमा विचार गरिन्छ । **पारिजातमा शातातपले** भनेका छन् – लसुन, गाजर र प्याजको सेवन गरेपछि पुनः उपनयन गर्नुपर्दछ । यसैगरी मानुषी ऊँटनी, कुकुर्नी, हथिनी, घोडी र गधीको दूध पिएपछि पनि पुनः उपनयन गर्नुपर्दछ । यसरी उपनयन गर्दा तप्तकृच्छ्रनामक प्रायश्चित्त गर्नुपर्दछ ।[४७] कहीँ कहीँ त पुनः उपनयन गर्नुपर्दा त्यस्ता दोषी व्यक्तिको जातकर्मादि सम्पूर्ण संस्कार पनि गर्नुपर्ने कुरा बताइएको छ ।

जीवितावस्थायां मनुष्यस्यागमने विचारः

हेमाद्रौ वृद्धमनुः –

जीवन् यदि समागच्छेद् घृतकुम्भे निमज्य च । उद्धृत्य स्नापयित्वास्य जातकर्मादि कारयेत् ।।

मृत भनिएको मानिस जीवित अवस्थामा घर फर्केमा

हेमाद्रिमा वृद्धमनुले भनेका छन् – मृत घोषणा गरिएको मानिस जीवित अवस्थामा घरमा फर्किएर आएमा त्यसलाई घिउले भरिएको गाग्रोमा डुबाएर स्नान गराएपछि सम्पूर्ण जातकर्म आदि संस्कार गराउनुपर्दछ ।

प्रेतशय्याप्रतिग्रहणे विचारः

तत्रैव पाद्मे – प्रेतशय्याप्रतिग्राही पुनः संस्कारमर्हति ।

प्रेतशय्याग्रहण गर्ने मानिसको पुनः व्रतबन्ध गर्नुपर्ने

पद्मपुराणमा भनिएको छ – जुन मानिसले कुनै मृत व्यक्तिको एघारौँ दिनको प्रेतशय्याको दान लिन्छ त्यसको पनि पुनः उपनयनसंस्कार गराउनुपर्दछ ।

---

४७. तप्तक्षीरघृताम्बूनामेकैकं प्रत्यहं पिबेत् । एकरात्रौपवासश्च तप्तकृच्छ्र उदाहृतः ।। अर्थात् पहिलो दिन तताएको दूध २ पल, दोस्रो दिन तताएको घिउ एक पल, तेस्रो दिन तततएको जल ३ पल र चौथो दिन उपवास गरेपछि तप्तकृच्छ्रप्रायश्चित्त हुन्छ । – याज्ञवल्क्यस्मृति, प्रा.अ., श्लो. ३१७ ।

पुनः संस्कारहेतुत्वकथनम्

चन्द्रिकायां बौधायनः –

सिन्धुसौवीरसौराष्ट्रान् तथा प्रत्यन्तवासिनः । अङ्गवङ्गकलिङ्गान्ध्रान् गत्वा संस्कारमर्हति ।।

हेमाद्रौ प्रायश्चित्तकाण्डे वृद्धगौतमः –

खरमुष्ट्रं च महिषमनड्वाहमजं तथा । वस्तमारुह्य मुखजः क्रोशे चान्द्रं विनिर्दिशेत् ।।

पुनः संस्कारहेतु कथन

बौधायनले चन्द्रिकामा भनेका छन् – सिन्धु, सौवीर, सौराष्ट्र र ती देशहरूका समीपमा रहेका साना देश एवं अङ्ग, वङ्ग, कलिङ्ग र आन्ध्रदेशमा यात्रा गरेर फर्केपछि पुनः यज्ञोपवीतसंस्कार गर्नुपर्दछ ।

हेमाद्रिको प्रायश्चित्तकाण्डमा उद्धृत वृद्धगौतमको वचनमा भनिएको छ– कुनै ब्राह्मणले गधा, ऊँट, राँगो, गोरु, बोको र भेडामा चढेर एककोशसम्म भ्रमण गरेमा त्यसले चान्द्रायणव्रत गर्नुपर्दछ ।

मार्कण्डेयः – **खरमारुह्य विप्रस्तु योजनं यदि गच्छति । तप्तकृच्छ्रत्रयं प्रोक्तं शरीरस्य विशोधनम् ।। पुनर्जन्म प्रकुर्वीत घृतगर्भविधानतः ।** मदनरत्ने मिताक्षरायां च स्नानमात्रमुक्तम् ।

मनुः – **अज्ञानात्प्राश्य विण्मूत्रं सुरासंसृष्टमेव च । पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः ।।**

मार्कण्डेयले भनेका छन् – गधामाथि सवार भएर जुन मानिस चारकोशसम्म भ्रमण गर्दछ त्यसले आफ्नो शरीरको शुद्धिका लागि तीनपटकसम्म तप्तकृच्छ्रनामक प्रायश्चित्त गर्नुपर्दछ र घृतगर्भविधानले[४८] पुनर्जन्मको संस्कार गर्नुपर्दछ । मदनरत्न र मिताक्षरामा भने यस्तो कठोर प्रायश्चित्तको व्यवस्था नगरी केवल स्नानमात्रले शुद्ध हुने कुरा बताइएको छ ।

मनुले भनेका छन् – ब्राह्मण, क्षत्रिय र वैश्यले थाहा नपाएर विष्ठा, मूत्र र मदिरा एवं मदिरासँग मिसिएको वस्तु खान्छन् भने तिनीहरूको पुनः संस्कार गर्नुपर्दछ ।

मिताक्षरायां पराशरः –

यः प्रत्यवसितो विप्रः प्रव्रज्यातो विनिर्गतः । अनाशकनिवृत्तश्च गार्हस्थ्यं चेच्चिकीर्षति ।।

स चरेत्त्रीणि कृच्छ्राणि त्रीणि चान्द्रायणानि च । जातकर्मादिभिः सर्वैः संस्कृतः शुद्धिमाप्नुयात् ।।

मिताक्षरामा पराशरले भनेका छन् कि कुनै ब्राह्मण संन्यास लिएर भोगमा प्रवृत्त भई तपोनिवृत्त र संन्यासधर्मबाट च्युत भएपछि फेरि गृहस्थधर्ममा आउन चाहन्छ भने त्यसले तीनवटा कृच्छ्र र तीनवटा चान्द्रायण गर्नुपर्दछ । त्यसपछि जातकर्म आदि सबै संस्कार पूरा गरेमा त्यो शुद्ध हुन्छ ।

बौधायनसूत्रे – **अथोपनीतस्य व्रतानि भवन्ति नान्यस्योच्छिष्टं भुञ्जीतान्यत्र पितृज्येष्ठाभ्याम्, न स्त्रिया सह भुञ्जीत,**

---

४८. हेमाद्रिमा उद्धृत वृद्धमनुको भनाइ यसप्रकार छ – जीवन् यदि समागच्छेद् घृतकुम्भे निमज्य च । उद्धृत्य स्नापयित्वास्य जातकर्मादि कारयेत् ।। अर्थ – 'मृत घोषित गरिएको मानिस श्मशानघाटबाट ज्यूँदै फर्किएमा घृतकुम्भमा डुब्की लगाउन लगाएपछि जातिसंस्कार गरी भित्र्याउनुपर्दछ ।' यसरी वृद्धमनुद्वारा भनिएझैं यहाँ पनि गधामा सवार भई चारकोशसम्म भ्रमण गर्ने प्रमादी मानिसलाई घृतकुम्भमा डुबाएर पुनः संस्कार गर्नुपर्दछ भनिएको छ ।

मधुमांसश्राद्धसूतकान्नानि, दशाहसन्धिनीक्षीरं छत्राकनिर्यासौ, विलापनं गणान्नम्, गणिकान्नमिति । एतेषु पुनः संस्कारः । प्रतिषिद्धदेशगमनमित्येके । अथाप्युदाहरन्ति –

सुराष्ट्रसिन्धुसौवीरमवन्तीं दक्षिणापथम् । एतानि ब्राह्मणो गत्वा पुनः संस्कारमर्हति ।।

अथ पुनःसंस्कारं व्याख्यास्यामो देवयजनप्रभृत्यग्निमुखात्कृत्वा पालाशीं समिधमाज्येनाङ्क्त्वाभ्याधाय वाचयति- **पुनस्त्वादित्या रुद्रा वसवः०** कामाः स्वाहा इति । अथ व्रात्यप्रायश्चित्ते जुहोति **यन्म आत्मनो मिन्दाभूत्० पुनरग्निश्चक्षुरदात्** इति द्वाभ्याम् । अथ पक्वाज्जुहोति- **सप्त ते अग्ने समिधः सप्त जिह्वाः सप्त० घृतेन स्वाहा** इति ।

बौधायनसूत्रमा भनिएको छ – उपनीत बालकका लागि निर्धारित व्रतको विषयमा बताइन्छ । कहिल्यै पनि बालकले पिता र जेठा दाजुको जुठोबाहेक अरू कसैको पनि जूठो खानु हुँदैन । स्त्रीहरूका साथ बसेर भोजन गर्नुहुँदैन । मह, मासु, श्राद्ध र सूतकको अन्न खान हुँदैन । ब्याएका गाईको १० दिनसम्मको दूध खानु हुँदैन । च्याउ र वृक्षको चोप खान हुँदैन । अरूलाई रुवाएर ग्रहण गरिएको अन्न, गणान्न अर्थात् धेरैको स्वामित्व भएको अन्न र गणिकान्न अर्थात् वेश्याको अन्न खान हुँदैन । उक्त अन्न खाएमा पुनः संस्कार गर्नुपर्दछ । कसैले त निषिद्ध देशमा गएर फर्किएपछि फेरि संस्कार गर्नुपर्छ भनेका छन् । यहाँ ती वचन उदाहरणका रूपमा प्रस्तुत गरिन्छन् – सौराष्ट्र, सिन्धु, सौवीर, अवन्ती अर्थात् उज्जैन र दक्षिण देशमा गएपछि ब्राह्मणले फेरि संस्कार गर्नुपर्दछ । यसपछि पुनः संस्कार कसरी गरिन्छ भन्ने कुरा व्याख्या गर्नेछौं। देवयजनदेखि आरम्भ गरेर अग्निमुखपर्यन्तका कार्यलाई सम्पन्न गरी पलाँशको समिधा घ्यूमा डुबाएर अग्निमा हवन गर्दै निम्नलिखित मन्त्र जप गर्नुपर्दछ – **पुनस्त्वादित्या रुद्रा वसवः समिन्धतां पुनर्ब्रह्माणो वसुनीथ यज्ञैः । घृतेन त्वं तन्वं वर्धयस्व सत्याः सन्तु यजमानस्य कामाः स्वाहा ।।** (का.सं. १२/८५) त्यसपछि व्रात्यप्रायश्चित्तका निमित्तमा तलका **यन्मे** र **पुनरग्नि** भन्ने दुईमन्त्रबाट हवन गर्नुपर्दछ । मन्त्र निम्नानुसार रहेका छन् – **यन्म आत्मनो मिन्दाभूदग्निस्तत्पुनराहार्जातवेदाविचर्षणिः स्वाहा ।।१।। पुनरग्निश्चक्षुरदात्पुनरिन्द्रो बृहस्पतिः । पुनर्मे अश्विना युवं चक्षुराधत्तमक्ष्योः स्वाहा ।।२।।** त्यसपछि चरुद्वारा **सप्तते अग्ने समिधः०** इत्यादि निम्नानुसारको मन्त्रबाट आहुति दिनुपर्दछ – **सप्त तेऽअग्ने समिधः सप्त जिह्वाः सप्त ऋषयः सप्त धाम प्रियाणि । सप्त होत्राः सप्त धात्वा यजन्ति सप्त योनीरापृणस्व घृतेन स्वाहा ।।** (काण्वसं. १८/७९)

अथाज्याहुतीरुपजुहोति – येन देवाः पवित्रेणेति तिसृभिरनुछन्दसं स्विष्टकृत्प्रभृति सिद्धमाधेनुवरप्रदानात् अथापरमा परिदानात्कृत्वा पालाशीं समिधमाधायाथ व्रात्यवत्प्रायश्चित्ते जुहोत्यथ व्याहृतीर्जुहोति । अथापरो ब्राह्मणवचनादेव सावित्र्या शतकृत्वो घृतमभिमन्त्र्य प्राश्य कृतप्रायश्चित्तो भवति । गुरोर्वाप्युच्छिष्टं भुञ्जीत । अथाप्युदाहरन्ति – **'वपनं दक्षिणादानं मेखलादण्डमजिनभैक्ष्यचर्याव्रतानि च निवर्सन्ते पुनः संस्कारकर्मणि'** इति ।

त्यसपछि आज्याहुतिद्वारा हवन गर्नुपर्दछ । **येनदेवा पवित्रेण०** इत्यादि निम्नानुसारका तीनमन्त्र जप गर्दै आज्याहुति दिनुपर्दछ – **येन देवाः पवित्रेणात्मानं पुनते सदा । तेन सहस्रधारेण पवमान्यः पुनन्तु माम् । प्राजापत्यं पवित्रं शतोद्यामं हिरण्मयम् । तेन ब्रह्मविदो वयं पूतं ब्रह्म पुनीमहे ।। इन्द्रः पुनीती सह मा पुनातु सोमः स्वस्त्या वरुणः समीच्या । यमो राजा प्रमृणाभिः पुनातु मा जातवेदा मूर्जयन्त्या पुनातु ।।** (ऋ.परि. १७ मं. ३-५) यसरी ३ मन्त्रद्वारा आज्याहुति दिएपछि वेदका मन्त्रहरूद्वारा **स्विष्टकृत्**देखि **आधेनुवरप्रदान** अर्थात् ब्रह्मदक्षिणान्तसम्मका कार्यहरू गरी पलाँशको समिधाले हवन गरेर व्रात्यप्रायश्चित्तको हवन गर्नुपर्दछ । त्यसपछि व्याहृतिहोम गर्नुपर्दछ । व्याहृतिहोम गरेपछि

ब्राह्मणको वचनबाट नै गायत्रीद्वारा सयपटक घ्यूले अभिमन्त्रण गरी घृतप्राशन गरेपछि प्रायश्चित्त हुन्छ अथवा घृतप्राशनको सट्टा गुरुको जूठोभोजन खाँदा पनि प्रायश्चित्त हुन्छ । त्यसपछि गरिने कर्मको निरूपण गर्दै भनिएको छ – पुनः संस्कार गर्दा मुण्डन, दक्षिणादान, मेखला–दण्ड–मृगचर्मधारण, भिक्षाटन र व्रत यी कर्म आवश्यक हुँदैनन् ।

आश्वलायनगृह्येऽपि – अथोपेतपूर्वस्य इत्यादिना पुनःसंस्कार उक्तः । तथा पित्रादिव्यतिरेकेण ब्रह्मचारिणः प्रेतकर्मकरणे पुनरुपनयनमित्यपरार्कादयः । त्रिस्थलीसेतौ –

कर्मनाशाजलस्पर्शात् करतोयाविलङ्घनात् । गण्डकीबाहुतरणात्पुनः संस्कारमर्हति ।।

आश्वलायनगृह्यसूत्रमा पनि पुनः संस्कार गर्नुपर्छ भन्ने कुरा बताइएको छ । त्यसैगरी **अपरार्क** आदिमा – 'जसको पहिले संस्कार भइसकेको छ त्यसले पिता–माताभन्दा बाहेक अरू कुनै व्यक्तिको प्रेतकर्म गरेमा त्यसको पुनः संस्कार गर्नुपर्दछ ।' **त्रिस्थलीसेतु**मा भनिएको छ कि कर्मनाशा नदीको जलस्पर्श गर्नाले, करतोयानदीलाई नाघ्नाले र गण्डकीनदीलाई बाहुद्वारा पौडी खेलेर तर्नाले ब्राह्मण आदिको पुनः संस्कार गर्नुपर्दछ ।

गौडास्तु – **करतोयाजलस्पर्शात् कर्मनाशाविलङ्घनात्** इति यत् पठन्ति । तन्न, दानधर्मेषु करतोयास्नाने प्राशस्त्योक्तेः ।

करतोये सदानीरे सरिच्छ्रेष्ठेऽति विश्रुते । आप्लावयसि पौराणां पापं हर करोद्भवे ।।

इति स्मृतिदर्पणचन्द्रिकालिखितस्नानमन्त्राच्च ।

गौडहरू भन्दछन् कि करतोयानदीको जलस्पर्श गर्नाले र कर्मनाशानदीलाई नाघ्नाले संस्कार गर्नुपर्ने कुरा जो भनिएको छ त्यो उचित छैन, किनकि दान–धर्ममा करतोयानदीमा गरिने स्नानको प्रशंसा गरिएको छ । **स्मृतिदर्पणचन्द्रिका**मा उद्धृत स्नानको मन्त्रमा भनिएको छ – 'हे करतोया नदी ! तिम्रो सर्वोत्तमजलमा जसले स्नान गर्दछ त्यसका शरीरका पाप हरण गर ।'

पराशरः – **अजिनं मेखला दण्डो भैक्ष्यचर्या व्रतानि च । निवर्तन्ते द्विजातीनां पुनः संस्कारकर्मणि ।।**

हरदत्तस्तु – य एकं वेदमधीत्यान्यं वेदमध्येतुमिच्छति तस्य पुनरुपनयनम्, तेन प्रतिवेदमुपनयनं कर्तव्यम्, इत्याह । अन्ये नेतन्मन्यन्ते । सर्वेभ्यो वै वेदेभ्यः सावित्र्यनूच्यते इत्यापस्तम्बोक्तेः ।

पराशरले भनेका छन् – मृगचर्म, मेखला, दण्ड, भिक्षाटन र व्रत यी कुराहरू पुनः संस्कार गर्दा आवश्यक हुँदैनन्।

हरदत्तले भनेका छन् – 'जसले आफ्नो शाखाको एउटा वेद पढेर फेरि अर्को वेद पढ्ने इच्छा गर्दछ त्यसले पुनः संस्कार गर्नुपर्दछ र यसैगरी प्रत्येक वेद पढ्दा उपनयनादि संस्कार गर्नुपर्दछ ।' अरू विद्वान्हरू हरदत्तको यो भनाइ मान्दैनन् । **आपस्तम्ब**ले भनेका छन् कि सबै वेद अध्ययन गर्दा गायत्रीमन्त्र जप गरेपछि प्रायश्चित्त हुन्छ ।

तद्विधिः कारिकायाम्– **वेदान्तमधीत्यैव ऋग्वेदं ये त्वधीयते । उपनीतिरियं तेषामलङ्करणवर्जिता ।।**
यद्वै तदुपनीतस्य प्रायश्चित्तं यदा भवेत् । कृताकृतं च वपनं मेधाजननमेव च ।।
मेधाजननसद्भावे व्रतचर्या भवेदिह । अनुप्रवचनीयं च तदभावे द्वयं न हि ।।
परिदानं न कार्यं स्यान्निमित्तानन्तरं त्विदम् । पूर्वस्या वाचयेत्स्थाने तत्सवितुर्वृणीमहे ।। इति ।

कारिकामा भनिएको छ कि जसले आफ्नो शाखाको वेद अध्ययन गरेपछि अर्को शाखाको वेद पढ्दछन् र अन्तमा ऋग्वेद पढ्दछन् ती मानिसहरूले लगाएका वेषभूषात्याग गराई उपनयन गराउनुपर्दछ । जब उपनयनको प्रायश्चित्त गरिन्छ त्यसबेला मुण्डन र मेधासंस्कार गरे पनि हुन्छ, नगरे पनि हुन्छ । मेधाजननसंस्कार सम्पन्न गर्नाले व्रतचर्या पूरा हुन्छ र वटुलाई मेधासंस्कारपछि अनुप्रवचनीय अर्थात् उपदेश दिने काम र दिएको उपदेशलाई वटुकै मुखबाट उच्चारण गराउने काम हुन्छ । मेधाजननसंस्कार नहुँदा व्रतचर्या र प्रवचनीय उपदेश गर्न पाइँदैन ।

पुनः संस्कारमा परिदान अर्थात् तिमी कसका ब्रह्मचारी हौ, अब म तिमीलाई उपदेश दिन्छु भनी मन्त्रको उच्चारण पनि गर्नुपर्दैन किनकि यो निमित्तान्तरमा गरिने विषय हो । मन्त्रोपदेश गर्ने गुरुले परिदानको स्थानमा बालकको मुखबाट **तत्सवितुर्वृणीमहे०** इत्यादि निम्नानुसारको मन्त्र जप गराउनुपर्दछ – **तत् सवितुर्वृणीमहे वयं देवस्य भोजनम् । श्रेष्ठं सर्वधातमं तुरं भगस्य धीमहि ।।** (ऋ.मं. ७५, सू. ८२, मं. १)

यत्तु हारीतः – द्विविधाः स्त्रियः ब्रह्मवादिन्यः सद्योवध्वश्च । तत्र ब्रह्मवादिनीनामुपयनमग्नीन्धनं वेदाध्ययनं स्वगृहे च भैक्ष्यचर्या इति, **सद्योवधूनामुपनयनं कृत्वा विवाहः कार्यः**, इति । तद्युगान्तरविषयम् ।

पुराकल्पेषु नारीणां मौञ्जीबन्धनमिष्यते । अध्यापनं च वेदानां सावित्रीवाचनं तथा ।। इति यमोक्तेः।

हारीतले भनेका छन् – नारीहरू दुईप्रकारका हुन्छन् – ब्रह्मवादिनी र सद्योवधू । तीमध्ये ब्रह्मवादिनीहरूले उपनयन, अग्नीन्धन अर्थात् अग्निमा समिधा राख्ने काम, वेदाध्ययन र भिक्षाटन गर्नुपर्दछ । सद्योवधूहरूको त उपनयन गरेपछि विवाह गरिदिनुपर्दछ भन्ने वचन छ । ग्रन्थकार भन्दछन् – यो कलियुगको विषय नभई अरू युगको विषय हो ।

यमले पनि भनेका छन् कि पुराना कल्पहरूमा नारीहरूलाई यज्ञोपवीत लगाइदिने, वेद पढाउने र गायत्रीमन्त्रहरूको उपदेश गर्ने कार्य सबैका लागि अभीष्ट थियो ।

अनध्यायकथनम्

अथानध्यायाः । पारिजाते हारीतः –

प्रतिपत्सु चतुर्दश्यामष्टम्यां पर्वणोर्द्वयोः । श्वोऽनध्यायेऽद्य शर्वर्यां नाधीयीत कदाचन ।।

वेदाध्ययनको विश्रामसम्बन्धी निर्णय

अनध्याय[४९] अर्थात् वेदाध्ययनको विश्रामबारे विचार गरिन्छ । प्रयोग **पारिजातमा बृहस्पतिले** भनेका छन् कि –

४९. पारस्करगृह्यसूत्रमा भनिएको छ– '**वातेऽमावास्यायां सर्वानध्यायः । श्राद्धाशने चोल्कावस्फूर्जद्भूमिचलनाद्युत्पाते ऋतुसन्धिषु चाकालम् । उत्सृष्टेष्वभ्रदर्शने सर्वरूपे च त्रिरात्रं त्रिसन्ध्यं वा । भुक्त्वार्द्रपाणिरुदके निशायां सन्धिवेलयोरन्तःशवे गामेऽन्तर्दिवाकीर्त्ये । धावतोऽभिशस्तपतितदर्शनाश्चर्याभ्युदयेषु च तत्कालम् । नीहारे वावित्रशब्दे आर्तस्वने ग्रामान्ते श्मशाने श्वगर्दभोलूकशृगालसामशब्देषु शिष्टाचरिते च तत्कालम् । गुरो प्रेतेऽपोभ्यवेयात् दशरात्रं चोपरमेत् । सतानूनत्रिणि सब्रह्मचारिणि च त्रिरात्रम् । एकरात्रमसब्रह्मचारिणि । अर्धषष्ठान् मासान् अधीत्य उत्सृजेयुः । अर्धसप्तमान् वा । अथेमाचृचां जपन्ति उभा कवी युवा नो नो धर्मः परापतत् । परिसख्यस्य धर्मिणो विसख्यानि विसृजामह' इति । त्रिरात्रं सहोस्य विप्रतिष्ठेरन् ।** – द्वितीयकाण्ड, ११ कण्डिका ।

अर्थ – ठूलो हावा-हुरी चल्दा र औंसीतिथिका दिन अनध्याय गर्नुपर्दछ । श्राद्धभोजनमा पनि अनध्याय गर्नुपर्दछ । उल्का पतन हुँदा, चट्याङ पर्दा, भूइँचालो जाँदा, गाउँमा आगो लागि हुँदा, एउटा ऋतुको बिदाइ एवं अर्को ऋतुको आगमनमा तात्कालिक अनध्याय गर्नुपर्दछ । वेदहरूको विधिपूर्वक उत्सर्जन गरेपछि प्रचण्ड मेघ देखिएमा र हावा, हुरी, बादल, चट्याङ एकैचोटि भएमा

प्रतिपदा, चतुर्दशी, अष्टमी, अमावास्या, पूर्णिमा र त्यो दिन जसको दोस्रो दिन अनध्याय परेको छ त्यस्तो अघिल्लो रातमा अध्ययन गर्न हुँदैन ।

नारदः – **अयने विषुवे चैव शयने बोधने हरेः । अनध्यायस्तु कर्तव्यो मन्वादिषु युगादिषु ।।**

निर्णयामृते– **चातुर्मास्यद्वितीयासु मन्वादिषु युगादिषु । अनध्यायस्तु कर्तव्यो या च सोपपदा तिथिः।।**

गर्गः – **शुचावूर्जे तपस्ये च या द्वितीया विधुक्षये । चातुर्मास्यद्वितीयास्ताः प्रवदन्ति मनीषिणः ।।**

स्मृत्यर्थसारेऽपि – '**आषाढीकार्तिकीफाल्गुनीसमीपस्थद्वितीयासु च**' इति ।

मनुः – **उपाकर्मणि चोत्सर्गे त्रिरात्रं क्षपणं स्मृतम् । अष्टकासु त्वहोरात्रमृत्वन्तासु च रात्रिषु ।।** इति।

नारदले भनेका छन् – अयन अर्थात् कर्क एवं मकरसंक्रान्तिमा, विषुव अर्थात् तुला-मेष संक्रान्तिमा, हरिशयनी एकादशी, हरिबोधिनी एकादशी एवं मन्वादि तथा युगादि तिथिहरूमा अनध्याय गर्नुपर्दछ अर्थात् अध्ययन गर्नुहुँदैन । **निर्णयामृतमा** भनिएको छ – चातुर्मास्यका द्वितीयातिथि, मन्वादितिथि, युगादितिथि र सोपपदातिथिहरूमा[५०] अनध्याय गर्नुपर्दछ । **गर्गले** भनेका छन् – आषाढ, कार्तिक र फाल्गुनका कृष्णपक्षका द्वितीयातिथिमा, अमावास्या र चातुर्मास्यका द्वितीयाहरूमा बुद्धिमान्हरूले अनध्याय गर्दछन् ।

स्मृत्यर्थसारमा भनिएको छ – आषाढ, कार्तिक र फाल्गुनका समीपमा रहने द्वितीयातिथिहरूमा अनध्याय गर्नुपर्दछ। **मनुले** भनेका छन् – उपाकर्म अर्थात् वेदारम्भ र उत्सर्ग अर्थात् वेदाध्ययनको विश्रान्ति गर्दा तीनरातसम्म अनध्याय हुन्छ। अष्टकाहरूमा अहोरात्र अनध्याय हुन्छ । ऋतुको अन्तमा एकदिन अनध्याय हुन्छ ।

उत्सर्गे च – '**मनूक्तपक्षिण्यहोरात्राभ्यां त्र्यहस्य विकल्पः**' इति विज्ञानेश्वरः । **अष्टकाशब्देन सप्तम्यादित्रयं ज्ञेयम्** । तिस्रोऽष्टकास्त्रिरात्रमन्त्यामेके इति गौतमोक्तेः । '**ऋत्वन्तास्विति सौरऋत्वन्तासु, चान्द्रान्तस्य पर्वत्वेनैव निषेधसिद्धेः**' इति सर्वज्ञनारायणः । एते नित्याः ।

विज्ञानेश्वरले भनेका छन् – उत्सर्गको विषयमा मनुले बताएको तीनरातको सट्टा पक्षिणी अथवा अहोरात्र अनध्याय गर्ने कुरा विकल्पका रूपमा प्रस्तुत गरिएको छ । अष्टकाशब्दले सप्तमी, अष्टमी र नवमी जान्नुपर्दछ । अष्टका तीन हुन्छन् ।

तीन रात वा तीन सन्ध्याकालसम्म अनध्याय गर्नुपर्दछ । भोजन गरेपछि हात चिसा रहेसम्म अनध्याय गर्नुपर्दछ । पानीभित्र रहेको अवस्थामा र मध्यरातमा पनि अनध्याय गर्नुपर्दछ । दिन र रातको सन्धिकाल दुवै सन्ध्यामा अनध्याय गर्नुपर्दछ । आफू बसेको गाउँ वा सहरमा लास पऱ्यो भने लास त्यहाँ रहँदासम्म अनध्याय गर्नुपर्दछ । चाण्डाल र दिवाकीर्ति अर्थात् चाण्डाल जुन ठाउँमा उपस्थित हुन्छ त्यहाँ चाण्डाल रहेसम्म अनध्याय गर्नुपर्दछ । कहीँ आफू दौडिएर गएको अवस्थामा निन्दित र पतित मानिस देखिएमा, आश्चर्यजनक विषय वा इन्द्रजाल देखिएमा, पुत्रजन्म र विवाह उत्सव आदिमा जबसम्म ती दृश्यहरू देखिने र भोगिने कार्य हुन्छ तबसम्म अनध्याय गर्नुपर्दछ । आफ्ना गुरुको मृत्यु हुँदा स्नानपूर्वक उदकदानका लागि दश अहोरात्रसम्म अनध्याय गर्नुपर्दछ । सोमयज्ञमा घृतस्पर्श गर्ने ब्राह्मण र सहाध्यायीको मृत्यु भएमा तीन रात अनध्याय गर्नुपर्दछ । आफ्नो सहपाठी नभए पनि वेदाध्ययन गर्ने अर्कै गुरुको शिष्य कुनै ब्रह्मचारी मर्दछन् भने एक रात अनध्याय गर्नुपर्दछ । उपाकर्म गरेपछि साढे ६ महिना वा साढे सात महिना अध्ययन गरी विधिपूर्वक वेदाध्ययनको विसर्जन गरेपछि अनध्याय गर्नुपर्दछ । उत्सर्जन गर्दा गुरु-शिष्यले मिलेर जलको छेउमा गई विधिपूर्वक उभाकवीययुवा० इत्यादि ऋचाको उच्चारण गर्नुपर्दछ । यसरी अध्ययनको उत्सर्जन गरेपछि गुरु र शिष्य तीन रात सँगै बस्नुपर्दछ । त्यसपछि गुरु-शिष्य आ-आफ्ना घर जान सक्छन् ।

५०. **सीता ज्येष्ठे द्वितीया च आश्विने द्वादशी सिता । चतुर्थी द्वादशी माघे एताः सोपपदाः स्मृताः ।।** अर्थ – ज्येष्ठशुक्लपक्षको द्वितीयातिथि, आश्विनशुक्लपक्षको द्वादशी, माघशुक्लपक्षका चतुर्थी र द्वादशीलाई सोपपदातिथि भनिन्छ ।

'**अष्टकासु**' यसरी बहुवचनको प्रयोग गरिएकाले अष्टकाशब्दबाट सबै अष्टका लिनुपर्दछ । कसै-कसैले अन्तिम अष्टकामात्रै लेनुपर्दछ भनेका छन् । **गौतम**को भनाइ छ कि सबै अष्टकाहरूमा अध्ययन गर्न हुँदैन । **सर्वनारायण** भन्दछन् - ऋतुको अन्तमा सौरमासको प्रमाणबाट अनध्याय गर्नुपर्दछ । पर्वहरूमा चान्द्रमासअनुसार अनध्याय स्वतःसिद्ध छ ।

नैमित्तिकानध्यायकथनम्

नैमित्तिकानप्याह याज्ञवल्क्यः -

त्र्यहं प्रेतेष्वनध्यायः शिष्यर्त्विग्गुरुबन्धुषु । उपाकर्मणि चोत्सर्गे स्वशाखाश्रोत्रिये तथा ।।
सन्ध्यागर्जितनिर्घातभूकम्पोल्कानिपातने । समाप्य वेदं द्युनिशमारण्यकमधीत्य च ।।
पञ्चदश्यां चतुर्दश्यामष्टम्यां राहुसूतके । ऋतुसन्धिषु भुक्त्वा वा श्राद्धिकं प्रतिगृह्य च ।।
पशुमण्डूकनकुलश्वाहिमार्जारमूषकैः । कृतेऽन्तरे त्वहोरात्रं शक्रपाते तथोच्छ्रये ।।
ग्रहणे द्युनिशोक्तावपि ग्रस्तास्ते त्र्यहमित्युक्तं प्राक् ।

विशेष कारण परेमा अनध्यायसम्बन्धी निर्णय

अब नैमित्तिक अनध्यायको विषयमा निरूपण गरिन्छ । **याज्ञवल्क्यले** भनेका छन् - 'शिष्य, ऋत्विक्, गुरु र बन्धुहरूको मरणमा तीनदिन अनध्याय गर्नुपर्दछ । उपाकर्म, उत्सर्ग र आफ्नो शाखाका श्रोत्रियको मृत्यु भएमा अहोरात्र अनध्याय गर्नुपर्दछ । सन्ध्याकालमा, मेघगर्जनमा, आकाशमा उत्पातको ध्वनि सुनिँदा, भूकम्प जाँदा, उल्कापतन अर्थात् ताराको पतन हुँदा, वेद र ब्राह्मणग्रन्थको अध्ययन समाप्त गरी आरण्यक पढेपछि अहोरात्र अनध्याय हुन्छ । अमावास्या, पूर्णिमा, चतुर्दशी, अष्टमी, सूर्यग्रहण वा चन्द्रग्रहण, ऋतुहरूको सन्धिकाल, श्राद्ध-भोजन, शय्या आदि दान लिएको अवस्था, पशु, भ्यागुता, न्याउली, कुकुर, सर्प, बिरालो र मूसा यिनीहरू आफ्नो बीचबाट गएमा अहोरात्र अनध्याय हुन्छ। इन्द्रको लिंगो ढलाउँदा र उठाउँदा पनि अहोरात्र अनध्याय हुन्छ ।' (कसैको मतमा इन्द्रको लिंगो ढलाउँदा तीनदिन अनध्याय गर्नुपर्दछ भनिएको छ ।) ग्रहणमा दुईरात अनध्याय भनिए तापनि ग्रस्तास्त अर्थात् ग्रहण लाग्दै अस्त हुनुमा तीनदिन अनध्याय हुन्छ ।

स्मृत्यर्थसारे तु - रात्रौ तु ग्रहे तिस्रो रात्रीः, दिवा च त्र्यहम् इत्युक्तम् । ऋतुः - सौरः । भुक्त्वेत्युत्सवविषयम्। **ऊर्ध्वं भोजनादुत्सवे** इति गौतमोक्तेः । श्राद्धिकं महैकोद्दिष्टभिन्नम् । तत्र तु त्र्यहमिति मनुः । स्मृत्यर्थसारे चैवम्।

यत्तु - '**पश्वाद्यन्तराये त्र्यहमुपवासो विप्रवासश्च** इति गौतमोक्तम्, तत्प्रथमाध्ययने ।

स्मृत्यर्थसारमा भनिएको छ - 'रात्रिमा सम्पूर्ण ग्रहण भएमा तीनरात अनध्याय हुन्छ । दिनमा सम्पूर्ण ग्रहण भएमा तीनदिन अनध्याय हुन्छ ।' खण्डग्रहणमा दुईदिन अनध्याय हुन्छ । यस प्रकरणमा ऋतुशब्दले सौरमासलाई ग्रहण गर्नुपर्दछ। **भुक्त्वा** पदको प्रयोगबाट उत्सव आदिमा भोजन गरेको कुरा बुझ्नुपर्दछ । किनकि **गौतमले** भनेका छन्- भोजनभन्दा पहिले उत्सव अर्थात् विवाह र यज्ञोपवीतसंस्कारमा अनध्याय गर्नुपर्दछ । पार्वणश्राद्धसम्बन्धी उत्सव एकोद्दिष्टभन्दा भिन्न हुन्छ । त्यसबेला तीनदिन अनध्याय गर्नुपर्दछ भन्ने कुरा **स्मृत्यर्थसारमा** र **मनुस्मृतिमा** भनिएको छ ।

गौतमले - 'पशु, भ्यागुता आदि गुरु-शिष्यको बीचबाट जाँदा तीनदिन उपवास पनि गर्नुपर्दछ' भनेका छन् । ग्रन्थकार भन्दछन् - यो सधैंका लागि होइन, प्रथम अध्ययनमा मात्र लागु हुन्छ ।

याज्ञवल्क्यः – श्वक्रोष्टृगर्दभोलूकसामबाणार्तनिःस्वने । अमेध्यशवशूद्रान्त्यश्मशानपतितान्तिके।।
देशेऽशुचावात्मनि च विद्युत्स्तनितसम्प्लवे । भुक्त्वार्द्रपाणिरम्भोन्तरर्धरात्रेऽतिमारुते ।।
पांशुप्रवर्षे दिग्दाहे संध्यानीहारभीतिषु । धावतः पूतिगन्धे च शिष्टे च गृहमागते ।।
खरोष्ट्रयानहस्त्यश्वनौवृक्षेरिणरोहणे । सप्तत्रिंशदनध्यायानेतांस्तात्कालिकान् विदुः ।।

वर्षातोऽन्यत्र गर्जवृष्टिविद्युतां यौगपद्ये आकालिकः, वर्षासु तात्कालिक इति नारायणः । बाणः – वंशः । शततन्तुः – वीणा इति हरदत्तः । अमेध्याः – सूतिकादयः । स्तनितम् – गर्जः । ऐतरेयोपनिषदि अपर्तौ वर्षे त्रिरात्रमिति मृगादिज्येष्ठान्तं वर्षर्तुः तं विना वर्षादौ त्रिरात्रमनध्याय इति वेदभाष्ये उक्तम्।

याज्ञवल्क्यले भनेका छन् – 'सामवेदको अध्ययनकालमा कुकुर, स्याल, गधा, उल्लू, बाँस र दुःखित व्यक्तिको स्वर सुनिएमा अनध्याय गर्नुपर्दछ । अपवित्र वस्तु, शव, शूद्र, अन्त्यज, श्मशानभूमि र पतित रहेको ठाउँमा स्पर्श गर्दा, अपवित्र स्थलमा, आत्मा अपवित्र हुँदा, बिजुलीको शब्द सुनिँदा र मेघको बारम्बार गर्जन हुँदा अनध्याय गर्नुपर्दछ । भोजन गरेर चुठेपछि भिजेको हातले अध्ययन गर्नुहुँदैन । जलको बीचमा, आधारातमा, आँधी चल्दा, धूलो फैलिएको अवस्थामा, आकाश डढेको देखिएमा, सन्ध्याको समयमा, डर लागेको अवस्थामा, दौडिरहेको अवस्थामा, दुर्गन्ध चलिरहेको अवस्थामा र शिष्ट व्यक्ति आफ्नो घरमा आउँदा बुद्धिमान् मानिसले अध्ययन गर्नुहुँदैन । गधा, ऊँट, हात्ती, घोडा, डुंगा, वृक्ष र ऊसरभूमिमा आरोहण गरेको अवस्थामा अनध्याय हुन्छ । यहाँ सबै गरी ३७ प्रकारका अनध्यायको चर्चा गरियो । यिनीहरूलाई नैमित्तिक अनध्याय भनेर जान्नुपर्दछ ।' माथिको प्रकरणमा प्रयोग गरिएका शब्दहरूका अर्थ यसप्रकार छन् – **बाण**को अर्थ बाँस हो र हरदत्तको मतमा **शततन्तु**को अर्थ वीणा हो । **अमेध्या**को अर्थ सुत्केरी आदि र **स्तनितम्**को अर्थ गर्जन हो । **नारायण** भन्दछन्– वर्षा नभएको स्थितिमा बिजुलीको गर्जन र वृष्टि भएमा आकालिक अर्थात् अल्पकालिक अनध्याय हुन्छ र वर्षा भएमा भने वर्षा होउञ्जेल अनध्याय हुन्छ। विनाऋतु वर्षा भएमा तीनदिन अनध्याय हुन्छ । मृगशिरानक्षत्रदेखि लिएर ज्येष्ठानक्षत्रसम्म सूर्य रहने समयलाई वर्षाऋतु भनिन्छ । वर्षाऋतु छाडी अरू समयमा वर्षा हुँदा तीनरात अनध्याय हुन्छ भन्ने **ऐतरेयोपनिषद्**को भनाइ **वेदभाष्य**मा उद्धृत गरिएको छ ।

सन्ध्यागर्जे तु विशेषः

सन्ध्यागर्जे तु हारीतः – सायं सन्ध्यास्तनिते रात्रिः, प्रातःसन्ध्यास्तनितेऽहोरात्रम्, रात्रौ 'विद्युत्यपररात्र्यवधिः, विद्युति नक्तं चापररात्रात्' इति गौतमोक्तेः । 'तृतीयदिनांशोत्तरं तु विद्युति सर्वरात्रम्' इत्याह स एव । त्रिभागादिप्रवृत्तौ सर्वमिति, अर्द्धरात्रे मध्ययामद्वये इति विज्ञानेश्वरः । मध्यदण्डचतुष्टय इति निर्णयामृते ।

सन्ध्यागर्जनमा विशेष

हारीतले सन्ध्यागर्जनमा विशेष अनध्याय बताउँदै भनेका छन् – 'सायँसन्ध्याको समयमा गर्जन हुँदा एकरात अनध्याय हुन्छ । प्रातः सन्ध्याको समयमा गर्जन हुँदा एकअहोरात्र अनध्याय हुन्छ र रातको समयमा बिजुलीको शब्द हुँदा अर्को रातको त्यही अवधिसम्म अनध्याय हुन्छ' भन्ने कुरा **गौतम**ले बताएका छन् ।' दिनको तेस्रो भागपछि बिजुली चम्किँदा पूरारात अनध्याय हुन्छ भन्ने कुरा पनि उनैले नै भनेका छन् । दिनका बाँकी तीनभागमध्ये जुनसुकै भागमा बिजुली चम्किए पनि पूरादिन अनध्याय हुन्छ । आधारातको समयमा दुईप्रहर स्वाध्याय गर्नुहुँदैन भन्ने कुरा **विज्ञानेश्वर**ले बताएका छन् । मध्यरातका चारघडीमा अनध्याय गर्नुपर्दछ भन्ने कुरा **निर्णयामृत**मा बताइएको छ ।

विवादादौ अनध्यायकथनम्

मनुः – न विवादे न कलहे न सेनायां न सङ्गरे । न भुक्तमात्रे नाजीर्णे न वमित्वा न सूतके । रुधिरे च स्रुते गात्राच्छस्त्रेण च परिक्षते ।।

विवाद आदिमा अनध्याय

मनुले भनेका छन् कि – विवाद र झगडा हुँदा, सेनाको जमघट हुँदा, देशमा संग्राम हुँदा, भोजनपछि हात चिसो रहेको अवस्थामा, खाएको अन्न अजीर्ण भएको अवस्थामा, वमन भएको अवस्थामा, सूतक लाग्दा, शरीरबाट रगत निस्कँदा र शस्त्रद्वारा घाउ लाग्दा अध्ययन गर्नहुँदैन ।

श्लेष्मान्तकादीनां छायासु अनध्यायकथनम्

कौर्मे – श्लेष्मान्तकस्य छायायां शाल्मलेर्मधुकस्य च । कदाचिदपि नाध्येयं कोविदारकपित्थयोः।।

लप्सी आदिको छायाँमा अनध्याय

कूर्मपुराणमा भनिएको छ– लप्सी, सिमल, मधूक अर्थात् महुआ, कोइरालो र कैथ वृक्षहरूको छायाँमा बसेर अध्ययन गर्नुहुँदैन ।

शयनादौ अनध्यायनिर्णयः

मनुः – शयानः प्रौढपादश्च कृत्वा चैवावसक्थिकाम् । नाधीयीताऽऽमिषं जग्ध्वा सूतकान्नाद्यमेव च।।
प्रौढपादः पादोपरि पाददाता, आसनारूढपादो वेति हरदत्तः । सोपपदास्वपि प्रागुक्तम् ।

शयन आदिमा अनध्याय

मनुले भनेका छन् कि – 'शयन गरेको अवस्था, एउटा खुट्टामाथि अर्को खुट्टा राखेर सुतिरहेको अवस्था, आवसक्थिका अर्थात् घुँडाहरूलाई पिठ्यूँमा पुऱ्याई वस्त्र आदिले बाँधेको अवस्था, मासु खाएको अवस्था र प्रायश्चित्तको अन्न खाएको अवस्थामा अध्ययन गर्न हुँदैन ।' प्रौढपादको अर्थ खुलाउँदै हरदत्तले भनेका छन् – खुट्टामाथि खुट्टा राख्ने अथवा दुवै खुट्टा पसारेर सुत्ने मानिसलाई पनि प्रौढपाद भनिन्छ । सोपपदाको प्रसङ्गमा पनि यसको चर्चा भइसकेको छ।

श्रवणद्वादश्यादौ अनध्यायकथनम्

स्मृत्यर्थसारे– श्रवणद्वादशीमहाभरण्योः प्रेतद्वितीयायां रथसप्तम्याकाशे शवदर्शने चाहोरात्रम् ।

श्रवण, द्वादशी आदिमा अनध्याय

स्मृत्यर्थसारमा भनिएको छ – श्रावणद्वादशी, महाभरणी – भाद्रमहिनामा पर्ने भरणी, महानवमी – आश्विन शुक्लपक्षको नवमी, द्वादशी – कार्तिकशुक्लद्वादशी, प्रेतद्वितीया – यमद्वितीया, रथसप्तमी – माघशुक्लसप्तमी र आकाशमा शवदर्शन गर्दा अहोरात्र अनध्याय हुन्छ ।

असपिण्डगुर्वादिमरणेऽनध्यायकथनम्

असपिण्डे गुरौ मृते त्रिरात्रम् । आचार्ये उपाध्याये च पक्षिणी । आचार्याभार्यापुत्रशिष्येष्वहोरात्रम् । अग्न्युत्पातेन विप्रमृतौ त्रिरात्रम् । अयने विषुवे च पक्षिणी अकालवृष्टौ च ।

असपिण्ड गुरु आदिको मरणमा अनध्याय

असपिण्ड गुरुको मृत्युमा तीनरात अनध्याय हुन्छ । आचार्य र उपाध्यायको मृत्युमा पक्षिणी लगभग ३६ घण्टाको समयसम्म अनध्याय हुन्छ । आचार्यकी पत्नी, पुत्र र शिष्यको मृत्युमा एकअहोरात्र आशौच हुन्छ । अग्निको कारणबाट गाई र ब्राह्मणको मृत्यु भएमा तीनरात अनध्याय हुन्छ । अयन, विषुव र असामयिक वर्षामा पक्षिणी अनध्याय हुन्छ ।

आरण्यमार्जारादीनामन्तरागमनेऽनध्यायकथनम्

आरण्यमार्जारसर्पनकुलपञ्चनखादेरन्तरागमने त्रिरात्रम् । आरण्यश्वशृगालादिवानररजकादौ द्वादशरात्रम्। खरवराहोष्ट्रचाण्डालसूतिकोदक्याशवादौ मासम् । गोगवयाजानास्तिकादौ त्रिमासम् । शशमेषश्वपाकादौ षण्मासम्। गजगण्डसारससिंहव्याघ्रमहापापिकृतघ्नादावब्दमनध्यायः । शोभनदिने चानध्यायः ।

जङ्गली बिरालो, दुंसी आदि गुरु-शिष्यको बीचमा जाँदा हुने अनध्याय

जङ्गली बिरालो, सर्प, न्याउली, पञ्चनख अर्थात् दुंसी, गोहोरो, खरायो, कछुवा, गैंडा आदि गुरु र शिष्यको बीचबाट गएमा तीनदिन अनध्याय हुन्छ । जङ्गली कुकुर, स्याल, बाँदर, धोवी आदि गुरु-शिष्यको बीचबाट गएमा १२ रातसम्म अनध्याय हुन्छ । गधा, सुँगुर, ऊँट, चाण्डाल, सुत्केरी, रजस्वला तथा शव गुरु-शिष्यको बीचबाट गएमा अथवा लगिएमा एकमहिनासम्म अनध्याय हुन्छ । अध्ययनकालमा गाई, नीलगाई, बाख्रा र नास्तिक आदि मानिस गुरु-शिष्यको बीचबाट जाँदा तीनमहिना अनध्याय हुन्छ । खरायो, भेडा, चाण्डाल आदि गुरु-शिष्यको बीचबाट गएमा ६ महिना अनध्याय हुन्छ । हात्ती, गैंडा, सारस, सिंह, बाघ, महापापी मानिस र कृतघ्न मानिस गुरु-शिष्यको बीचबाट गएमा एकवर्षसम्म अनध्याय हुन्छ । शोभनदिनमा पनि अनध्याय गर्नुपर्दछ भनिएको छ अर्थात् लेशमात्र प्रतिपदा भएको दिन र एककलामात्र अष्टमी भएको दिनलाई शोभन दिन भनिन्छ । लेशादिमत्त्वका कारण त्यो दिन दूषित हुन्छ । गाईंको दूध राख्ने गबुआमा मदिरा पऱ्यो भने गबुआ दूषित भएझैं लेश परेको दिन पनि दूषित हुन्छ ।

विवाहाद्युत्सवे अनध्यायनिर्णयः

विवाहप्रतिष्ठोद्यापनादिष्वासमाप्तेः सगोत्राणामनध्यायः ।

उदयेऽस्तमये वापि मुहूर्तत्रयगामि यत् । तद्दिनं तदहोरात्रमनध्यायविदो विदुः ।।

केचिदाहुः क्वचिद्देशे यावत्तद्दिननाडिका । तावदेव त्वनध्यायो न तन्मिश्रे दिनान्तरे ।।

विवाह आदि उत्सवमा अनध्याय

विवाह, प्रतिष्ठा, उद्यापन आदि कर्म आरम्भ गरेपछि समाप्ति नहुँदासम्म समानगोत्र भएका मानिसहरूले अनध्याय गर्नुपर्दछ । विवाह आदिको तिथि उदय वा अस्त समयमा ३ मुहूर्तसम्म रहेमा त्यो तिथि अहोरात्रव्यापी तिथिसमान हुन्छ। तसर्थ पूरा अहोरात्र अनध्याय गर्नुपर्दछ । कसैले भनेका छन् - जुन ठाउँमा दिनको जति घडी हुन्छ त्यत्ति समयभर अनध्याय गर्नुपर्दछ । त्यो तिथि अघिल्लो वा पछिल्लो दिनमा पनि मिसिएको छ भने ती दिनहरूमा अनध्याय गर्नुपर्दैन।

प्रदोषे अनध्यायकथनम्

प्रदोषं त्वाह प्रजापतिः - **षष्ठी च द्वादशी चैव अर्द्धरात्रोननाडिका । प्रदोषे न त्वधीयीत तृतीया नवनाडिका।।**

प्रदोष आदिमा अनध्याय

प्रजापतिले भनेका छन् – षष्ठी र द्वादशीमा आधारातको एकघडी पहिलेसम्म अनध्याय हुन्छ र चतुर्थीको प्रदोष पूर्वरातमा तृतीया नौघडीसम्म रहेमा पनि अनध्याय हुन्छ ।

प्रदोषकालकथनम्

निर्णयामृते गर्गः – **रात्रौ यामत्रयादर्वाक् सप्तमी वा त्रयोदशी । प्रदोषः स तु विज्ञेयः सर्वविद्याविगर्हितः ।।**

प्रदोषकाल कथन

निर्णयामृतमा गर्ग भन्दछन् – रातमा दुईप्रहरभन्दा पहिले सप्तमी वा त्रयोदशी भएमा अघिल्लो दिन प्रदोष हुन्छ र त्यो प्रदोष सबै विद्याको अध्ययनका लागि निन्दित मानिएको छ । (रातमा नौघडीसम्म चतुर्थी देखिएमा पनि त्यो दिनलाई प्रदोष जान्नुपर्दछ त्यसलाई पनि विद्याध्ययनका लागि निन्दित मान्नुपर्दछ ।)

अङ्गेतिहासादीनां नाध्यायकथनम्

कौर्मे – **अनध्यायस्तु नाङ्गेषु नेतिहासपुराणयोः । न धर्मशास्त्रेष्वन्येषु पर्वण्येतानि वर्जयेत् ।।**

शौनकः – **नित्ये जपे च काम्ये च क्रतौ पारायणेऽपि च ।**

नानध्यायोऽस्ति वेदानां ग्रहणे ग्राहणे स्मृतः ।। इत्यनध्यायाः ।

वेदाङ्ग आदिका अनध्याय हुने विषयमा

कूर्मपुराणमा भनिएको छ – वेदाङ्ग, इतिहास, पुराण र धर्मशास्त्रका निमित्त अनध्याय हुँदैन । यी विषयबाहेक अरू विषयका निमित्त पर्वहरू वर्जित छन् । नित्यकर्म जप, काम्यकर्म, यज्ञ, पुराणपारायण, वेद पढाउने काम र पढ्ने काममा पनि अनध्याय हुँदैन भन्ने शौनकको मत रहेको छ ।

महानाम्न्यादिव्रतम्

अथ [५१]महानाम्न्यादिव्रतम् । श्रीधरः –

तिथिनक्षत्रवारांशवर्गोदयनिरीक्षणम् । चौलवत्सर्वमाख्यातं सगोदानव्रतेषु च ।। एतेषां लोपे शौनकः–
व्रतानि विधिना कृत्वा स्वशाखाध्ययनं चरेत् । अकृत्वाभ्यस्यते येन स पापी विधिघातकः ।।
प्रत्येकं कृच्छ्रमेकैकं चरित्वाऽऽज्याहुतीः शतम् । हुत्वा चैव तु गायत्र्या स्नायादित्याह शौनकः ।।
स्मृत्यर्थसारे तु – **'त्रीन् षड् वा दश वा कृच्छ्रान् कृत्वा पुनर्व्रतं चरेत्'** इत्युक्तम् ।

महानाम्नी आदि व्रत नगरी वेदाध्ययनमा दोष हुने

श्रीधरले भनेका छन् – महानाम्नीव्रतमा तिथि, नक्षत्र, वार, नवांश, षड्वर्ग, उदय अर्थात् लग्न हेरेर चूडाकर्ममा गरेजस्तै

५१. स्मृतिहरूमा महानाम्नीव्रत, महाव्रत, उपनिषद् गोदान आदि व्रत बताइएका छन् । यजुर्वेदीहरूले प्राजापत्य, ऐन्द्र, आग्नेय र सौम्यव्रत गर्नुपर्दछ । सामवेदीहरूले केशान्तव्रत, गोदानव्रत, महानाम्नीव्रत र ज्येष्ठसामव्रत गर्नुपर्दछ । अथर्ववेदीहरूले गोदानव्रत, सावित्रीव्रत, वेदव्रत र विसर्जनव्रत गर्नुपर्दछ भन्ने पनि स्मृतिहरूमा बताइएको छ । – दौलतराम गौड, निर्णयसिन्धु, पूर्ववत्, पृ. ५६८ ।

गोदान अर्थात् केशान्त पनि गर्नुपर्दछ । **शौनकले** भनेका छन् – यी कुराहरू लोप भएमा व्रत गरेर विधिपूर्वक आफ्नो शाखाको अध्ययन गर्नुपर्दछ । जसले व्रत नगरीकन शाखाका ग्रन्थहरूको अध्ययन गर्दछ त्यसलाई विधिघाती र पापी भनिन्छ। यस्तो भएमा एक-एककृच्छ्रव्रत गरी गायत्रीमन्त्रद्वारा सयपटक घृताहुति दिनुपर्दछ ।

स्मृत्यर्थसारमा भनिएको छ – व्रत नगरीकन स्वशाखाका ग्रन्थहरूको अध्ययन गर्ने मानिसले ३ कृच्छ्र अथवा ६ कृच्छ्र र कसैको मतमा १० कृच्छ्र गरेर फेरि व्रत गर्नुपर्दछ ।

समावर्तनकथनम्

अथ समावर्तनम् । सुरेश्वरः –

भौमभानुजयोर्वारि नक्षत्रे च व्रतोदिते । ताराचन्द्रविशुद्धौ च स्यात्समावर्तनक्रिया ।।

बौधायनसूत्रे तु – **'रोहिण्यां तिष्ये उत्तरयोः फाल्गुन्योर्हस्ते चित्रायामैन्द्रे विशाखायां वा स्नायात्'** इत्युक्तम्।

समावर्तनसंस्कार निरूपण

अब समावर्तनको सम्बन्धमा चर्चा गरिन्छ । **सुरेश्वरले** भनेका छन् – मङ्गलवार, शनिवार एवं व्रतमा विधान गरिएका नक्षत्र, तारा र चन्द्रमाको शुद्धि भएको अवस्थामा समावर्तनकर्म सम्पन्न गर्नुपर्दछ ।

बौधायनसूत्रमा भनिएको छ – रोहिणी, पुष्य, दुवै उत्तरा अर्थात् उत्तराभाद्र एवं उत्तराषाढा, पूर्वाफाल्गुनी एवं उत्तराफाल्गुनी, हस्ता, चित्रा, ज्येष्ठा र विशाखामा समावर्तनका निमित्त स्नान गर्नुपर्दछ ।

वसिष्ठः – **स्नानं मध्याह्नकाले तु होरायां कारयेच्छुभम् । पूर्वाह्णे तदभावे तु कुर्यात्स्नानं यथाविधि।।**

'सर्वत्रऋतवो विवाहस्य' इति सूत्रात् यदा दक्षिणायने विवाहस्तदा समावर्तनमपि तत्रैव । अन्यथोदगयने समावर्तने **'अनाश्रमी न तिष्ठेत्'** इति विरोधः स्यादित्युक्तं सुदर्शनभाष्ये । एतच्च ब्रह्मचारिव्रतलोपप्रायश्चित्तं कृत्वा कार्यम् ।

वसिष्ठले भनेका छन् – मध्याह्नकालमा शुभग्रहको होरा आएको बेला स्नान गर्नु कल्याणदायक हुन्छ । त्यस्तो समय नमिलेमा पूर्वाह्नकालमा विधिपूर्वक स्नान गर्नुपर्दछ । समावर्तनका लागि विवाहका निमित्त बताइएका ऋतुहरू नै उपयुक्त हुन्छन् अर्थात् सबै ऋतुमा विवाह गर्न सकिन्छ । जब दक्षिणायनमा विवाह हुन्छ भने समावर्तन पनि दक्षिणायनमा गर्नुपर्दछ । उत्तरायणमा समावर्तन गर्दा **'अनाश्रमी न तिष्ठेत'** अर्थात् 'विना कुनै आश्रम बस्न हुँदैन' यो भनाइअनुसार विरोध पर्नेछ भन्ने कुरा **सुदर्शनभाष्यमा** बताइएको छ र यस्तो कर्म उत्तरायणमा गरिएमा ब्रह्मचर्यव्रतको लोप हुने हुँदा प्रायश्चित्त गर्नुपर्दछ ।

तदाह बौधायनः – **शौचसन्ध्यादर्भभिक्षाग्निकार्यराहित्यकौपीनोपवीतमेखलाजिनधारणदिवास्वापच्छत्रपादुकास्रग्विधारणोद्वर्तनानुलेपनाञ्जनद्यूतनृत्यगीतवाद्यादिभिरतो ब्रह्मचारी कृच्छ्रत्रयं चरेन्महाव्याहृतिहोमं च कुर्यात् ।**

बौधायनले भनेका छन् – शौच अर्थात् पवित्रता, सन्ध्याकर्म, कुशधारण, भिक्षाटन र अग्निकार्य नगरीकन, कौपीन, यज्ञोपवीत, मेखला, दण्ड, मृगचर्म आदि धारण गर्ने, दिनमा शयन गर्ने, छाता, खराऊ एवं माला धारण गर्ने, अङ्गोद्वर्तन अर्थात् शरीरमा पाउडर आदि लगाउने, अनुलेपन अर्थात् चन्दन आदि लगाउने, अञ्जन अर्थात् गाजल आदि लगाउने, जुवा, नाच, गान र वाद्यमा आसक्त ब्रह्मचारीले तीनकृच्छ्र गर्नुपर्दछ र महाव्याहृतिद्वारा हवन गर्नुपर्दछ ।

समावर्तनोत्तरं पूर्वमृतानां त्रिरात्रमाशौचकथनम्

समावर्तनोत्तरं पूर्वमृतानां त्रिरात्रमाशौचं कार्यम् । **आदिष्टी नोदकं कुर्यादाव्रतस्य समापनात् । समाप्ते तूदकं दत्त्वा त्रिरात्रमशुचिर्भवेत्** ।। इति मनूक्तेः । आदिष्टी ब्रह्मचारीति विज्ञानेश्वरः । ब्रह्मचर्ये यदि कश्चिन्न मृतस्तदा त्रिरात्रमध्ये विवाहः कार्योऽन्यथा नेति सिद्ध्यति । जनने तु सत्यपि न त्रिरात्रम्, तत्रातिक्रान्ताशौचाभावादुदकं दत्त्वेति वचनाच्चेति दिक् । तत्रापि विकल्पः ।

पितर्यपि मृते नैषां दोषो भवति कर्हिचित् । आशौचं कर्मणोऽन्तेस्यात् त्र्यहं वा ब्रह्मचारिणाम्।। इति छन्दोगपरिशिष्टात् ।

समावर्तनोत्तर आशौचविधान

ब्रह्मचारीले समावर्तन गरेपछि आफू ब्रह्मचर्य धारण गरिरहेको अवस्थामा आफ्ना कुलका मानिसहरू मरेमा तीनरात आशौच बार्नुपर्दछ ।[५२]

मनुले भनेका छन् कि – 'ब्रह्मचारीले व्रतको समाप्ति नहुँदासम्म अञ्जुली दिन हुँदैन । व्रत समाप्त भएपछिमात्र अञ्जुली दिएर तीनरात आशौच बार्नुपर्दछ ।' ब्रह्मचारीलाई **आदिष्टी** भनिन्छ भन्ने कुरा विज्ञानेश्वरले बताएका छन् । ब्रह्मचर्य व्रत गरेको अवस्थामा कसैको मृताशौच नपरेमा समावर्तनपछि तीनदिनभित्र विवाह गर्न सकिन्छ अन्यथा हुँदैन। त्यस्तो अवस्थामा आफ्नो कुलमा जननाशौच पर्‍यो भने तीनदिनको आशौच बार्नुपर्दैन । यहाँ अतिक्रान्त अर्थात् व्यतीत आशौच नहुनाले उदकदान अर्थात् जल दिने काम गर्नुपर्दछ । यो ऋषिहरूको वचन हो । यसैलाई मार्गदर्शन मान्नुपर्दछ। तर यसमा पनि विकल्प रहेको छ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ – पिता मरेपछि पनि ब्रह्मचारीहरूलाई दोष लाग्दैन। व्रतको हवन गरिसकेपछि तीनदिनमात्र बारे हुन्छ ।

स्नातकव्रतानि

स्नातकव्रतान्याह व्यासः –

यज्ञोपवीतद्वितयं सोदकं च कमण्डलुम् । छत्रं चोष्णीषममलं पादुके चाप्युपानहौ ।।
रौक्मे च कुण्डले वेदः कृतकेशनखः शुचिः ।। वेदः – दर्भवटुः ।

स्नातकव्रत

स्नातकहरूको व्रत बताउँदै **व्यास** भन्दछन् – 'दुईयज्ञोपवीत, जलले भरिएको कमण्डलु, छाता, सफा सुन्दर फेटा, खराऊ, जुत्ता, सुनका कुण्डल, कुशको पुञ्ज साथमा लिई, केश र नङ नकाटीकन पवित्र अवस्थामा ब्रह्मचारी रहनुपर्दछ।' यस पद्यमा वेदशब्दले कुशवटु भन्ने अर्थ बुझ्नुपर्दछ ।

---

५२. आशौच बार्नु गृहस्थको मात्र धर्म एवं कर्तव्य मानिने हुँदा गृहस्थाश्रममा प्रवेश नै नगरेका ब्रह्मचारीलाई कसैको पनि आशौच नबार्दा खास कुनै दोष लाग्दैन तापनि आफ्नो सन्ध्यावन्दनादि नित्यकर्म नछोडीकन बाबु, आमा, गुरु, आचार्य, उपाध्याय र मातामहको वहन-दहन पिण्डोदकदानादि क्रिया गर्ने र आशौच बार्ने काम गर्न सक्छ । यो काम गर्दा ऊ ब्रह्मचर्यव्रतबाट च्युत हुँदैन । माथि उल्लिखित व्यक्तिबाहेक अरूको गरेमा निश्चय नै व्रतच्युत हुन्छ । यस्तो व्रतच्युत ब्रह्मचारी कृच्छ्रप्रायश्चित्त गरी पुनः संस्कार गरेपछि मात्र शुद्ध हुन्छ र पुनः आफ्नो ब्रह्मचर्यव्रतमा प्रविष्ट हुनसक्छ । प.स्मृ. ३/१९, म.स्मृ. ५/९१,या.स्मृ. ३/१५, च.चि. पृ. १७१४ ।

मनुः – **उपानहौ च वासश्च धृतमन्यैर्न धारयेत् । उपवीतमलङ्कारं स्रजं करकमेव च ।।**

अन्यान्यपि बह्वृचगृह्यस्मृत्यादिभ्यो ज्ञेयानि ।

मनुले भनेका छन् – 'अरूले धारण गरेका जुत्ता, वस्त्र, यज्ञोपवीत, अलङ्कार, माला र कमण्डलु ब्रह्मचारीले धारण गर्नुहुँदैन ।' यस्तै अरू पनि ब्रह्मचारीका नियम छन् ती नियमलाई आफ्ना गृह्यसूत्र र स्मृतिहरूबाट जान्नुपर्दछ।

छुरिकाबन्धः

अथ छुरिकाबन्धः । ज्योतिर्निबन्धे नारदः –

छुरिकाबन्धनं वक्ष्ये नृपाणां प्राक्करग्रहात् । विवाहोक्तेषु मासेषु शुक्लपक्षेऽप्यनस्तगे ।।

जीवे शुक्रे च भूपुत्रे चन्द्रताराबलान्विते । मौञ्जीबन्धर्क्षतिथिषु कुजवर्जितवासरे ।।

सङ्ग्रहे – **शूद्राणां राज्यपुत्राणां मौञ्ज्यभावेऽस्त्रबन्धनम् । मौञ्जीबन्धोक्ततिथ्यादौ कार्यं भौमदिनं विना ।।**

इति उपनयनसंस्कारनिर्णयात्मकं चतुर्थं प्रकरणम्

छुरिकाबन्ध

अब छुरिकाबन्धको विषयमा भनिन्छ । **ज्योतिर्निबन्धमा नारदले भनेका छन्** – राजा वा राजपुत्रहरूको विवाहभन्दा पहिले गरिने छुरिकाबन्धको नियम बताउँछु । विवाहका लागि उपयुक्त मानिएका मासहरूमा शुक्लपक्षमा गुरु र शुक्रको उदय हुँदा, मङ्गल, चन्द्रमा र नक्षत्रहरू बलवान् भएको अवस्थामा उपनयनका लागि तोकिएका नक्षत्र एवं तिथिहरूमा मङ्गलवारबाहेक अरू वारहरूमा छुरिकाबन्धन गर्नुपर्दछ ।

संग्रहमा भनिएको छ – शूद्रका राजपुत्रहरूले मौञ्जीबन्धनको अभावमा अस्त्रबन्धन गर्नुपर्दछ । यो कर्म मङ्गलवार छाडी उपनयनका लागि बताइएका तिथि आदिमा गर्नुपर्दछ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको उपनयनसंस्कारका कृत्यहरूको निर्णयमा आधारित चतुर्थ प्रकरण पूरा भयो ।

अथ विवाहसंस्कारनिर्णयात्मकं पञ्चमं प्रकरणम्

विवाहे कन्यापरीक्षणम्

अथ विवाहः । याज्ञवल्क्यः – (आचाराध्याये)

अविलुप्तब्रह्मचर्यो लक्षण्यां स्त्रियमुद्वहेत् । अनन्यपूर्विकां कान्तामसपिण्डां यवीयसीम् ।

अरोगिणीं भ्रातृमतीमसमानार्षगोत्रजाम् ।। लक्षण्याम् – बाह्याभ्यन्तरलक्षणैर्युक्ताम् । **बाह्यानि** – काशीखण्डादौ प्रसिद्धानि । **आन्तराणि** – आश्वलायनादीनि '**अष्टौ पिण्डान् कृत्वा**' इत्यादीनि ।

विवाहका लागि कन्या परीक्षण

अब विवाहको चर्चा गरिन्छ ।[५३] **याज्ञवल्क्यले** आफ्नो **स्मृतिको आचाराध्यायमा** भनेका छन् – जसको ब्रह्मचर्य खण्डित भएको छैन त्यस्तो ब्रह्मचारीले अत्यन्तसुन्दर लक्षण भएकी कुमारीसँग विवाह गर्नुपर्दछ । कुमारीको विशेषता बताउँदै भनिएको छ – पहिले कसैलाई पनि वाग्दानद्वारा प्रदान नगरिएकी, अत्यन्त राम्री, सपिण्डभित्र नपर्ने, वरभन्दा कान्छी, कुनै रोग नभएकी, दाजु–भाइ भएकी, एउटै प्रवर र गोत्र नभएकी र नारीहरूका सबै उत्तम लक्षणहरूले सम्पन्न अर्थात् बाहिरी एवं भित्री

---

५३. वि उपसर्गपूर्वक वह धातुबाट घञ् प्रत्यय गरेपछि निष्पन्न हुने विवाहशब्दको अर्थ विशिष्ट वहन हो । विशिष्ट वहनको तात्पर्य परकीय कन्यामा स्वत्व उत्पादन गर्दै संस्काराधान गर्नु हो । यो संस्कार कन्यामा भार्यात्व उत्पादन गर्ने संस्कार हो । तसर्थ विवाह कन्याको मात्र संस्कार नभई पुरुषको पनि संस्कार हो । जस्तै उपनयनमा बालकको वेद अध्ययन गर्ने योग्यतारूप संस्कारको आधान गरिन्छ त्यसैगरी विवाहमा स्त्री र पुरुषमा अग्निको आधान, अग्निहोत्र, पाकयज्ञ आदि वैदिककर्म गर्ने योग्यता पैदा गराइन्छ । वेदका मन्त्रहरूमा विवाह संस्कारको उल्लेखमात्र नभई विवाहसम्बन्धी अनेकौं ऋचासमेत रहेकाले यो संस्कारलाई अनादिसंस्कार मान्नुपर्दछ । वर र कन्यालाई देवऋण, ऋषिऋण र पितृऋणबाट मुक्त गराउन गरिने यो संस्कार हिन्दूहरूको पावन एवं मङ्गलमय उत्सव हो ।

कसैले विवाहसंस्कार पुरुषमा पतित्व उत्पादन गर्ने संस्कार पनि हो भनेका छन् । तर मीमांसाको '**पाणिग्रहणाद्धि सहत्वं कर्मसु**' भन्ने सिद्धान्तअनुसार यो संस्कार कन्याको उपनयनस्थानीय संस्कार हो, पुरुषको संस्कार होइन तापनि कन्याकै संस्कारका लागि पुरुषको पनि अपेक्षा गरिएको हुन्छ । कसैले फेरि कन्यादानलाई पनि विवाहसंस्कारघटक मानेको पाइन्छ । तर त्यसो होइन । कन्यादान नगरिने स्वयंवर विवाहमा वरलाई स्वयम् वरण गर्ने कन्याको विवाहसंस्कार हुन्छ र पत्नीत्वको आधान पनि हुन्छ, त्यसैले कन्यादानलाई घटकको रूपमा चर्चा गर्नुको उद्देश्य कन्यादानको प्रशंसामात्र हो । फेरि कन्यादान विवाहको घटक नभए पनि वैदिक विवाहप्रक्रियामा कन्यादान उपेक्षा गरिने विषय भने होइन, यथासम्भव हुनु नै जाति । कन्यादान नभए पनि विवाहसंस्कार नहुने होइन । अर्को कुरा यज्ञ आदिमा पत्नीको सहभागिता समप्रधान विषय होइन त्यहाँ पुरुषकै प्राधान्य हुन्छ । चारवेदमा ज्ञानकाण्डका मन्त्रभन्दा दुईगुणा अधिक कर्मकाण्डसम्बन्धी मन्त्रहरू रहेका छन् । ती मन्त्रहरूको कर्ममा प्रयोग गर्दा कर्महरूको सिद्धि हुन्छ । कर्म गर्ने आधार दम्पति हुन्छन् । त्यसैले यज्ञ आदि कर्म गर्न दम्पतिको आवश्यकता हुने हुनाले दाम्पत्यजीवनको आरम्भ गर्नका लागि विवाहसंस्कार गरिन्छ । विवाहविना दाम्पत्य हुन सक्दैन । ऋग्वेदको आठौं अध्यायमा **गृभ्णामि ते सौभगत्वाय हस्तम्** – इत्यादि मन्त्रमा वरले भन्दछ – सौभाग्य, माङ्गल्य, यज्ञ–यागको सम्पादन, उत्तम दाम्पत्य र असल सन्तान प्राप्त गर्ने उद्देश्यले आज म तिम्रो पाणिग्रहण गर्दैछु । यही मन्त्रको आधारमा आजभोलि विवाहलाई पाणिग्रहणसंस्कार पनि भन्ने गरिन्छ । यस संस्कारका दान, प्रतिग्रह, पाणिग्रहण, लाजाहोम, अश्मारोहण, सप्तपदी, जयादि होम प्रधान कर्म हुन् । मधुपर्क, दिउँसो सूर्यदर्शन, राति ध्रुवदर्शन, हृदयालम्भन, अभिषेक र चतुर्थी अङ्ग कर्म हुन् । शाखाको उच्चारण, ग्रन्थिबन्धन, अन्तःपटकरण, कन्यालाई बायाँभागमा बसाउने कर्म आचारपरम्पराबाट प्राप्त भएका हुन् । यो धर्मप्राण विवाहसंस्कार पवित्र दाम्पत्यजीवन बिताउँदै शुद्ध, स्वस्थ र सुन्दर सन्तान पैदा गरी समाजमा वैदिक धर्म र संस्कृतिको रमणीय साम्राज्य कायम गर्ने उद्देश्यले आजसम्म पालन गरिएको देखिन्छ । यसलाई यथावत् रूपमा अग्रसारित गर्न निर्णयसिन्धुजस्ता निबन्धग्रन्थ, गृह्यसूत्र र अनेकौं स्मृतिमा बताएअनुसार विधि पुऱ्याएर कर्म सम्पन्न गर्नु वैदिक सनातन धर्मका अनुयायीहरूको परम कर्तव्य हो । – **पारस्करगृह्यसूत्र र मीमांसासूत्रअनुसार निरूपित तथ्य**

लक्षणले युक्त भएकी कन्यासँग विवाह गर्नुपर्दछ । बाह्यलक्षण **स्कन्दपुराण**को काशीखण्डमा बताइएको छ । आभ्यन्तर लक्षणको बारेमा **आश्वलायन**ले पिण्डपरीक्षाको विधि बताएका छन् ।[५४]

मातृसपिण्डकन्यया विवाहनिषेधकथनम्

मनुः – **असपिण्डा च या मातुरसगोत्रा च या पितुः । सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने।।**

दत्त्रिममातुर्गृहीता असपिण्डा सगोत्रा । तत्कुलनिवृत्तये चकारान्मातुरसगोत्रा दत्तस्य पितुर्जनककुले पितुरसगोत्रापि सपिण्डत्वान्निषिद्धेत्यन्यश्चकारः । **असपिण्डाम्** – सापिण्ड्यरहिताम् ।

माताको सपिण्डभित्रका कन्यासँग विवाह निषेध

मनु भन्दछन् – 'जुन कन्या माता एवं पिताको सपिण्ड्यभित्रकी हुँदैनन् र पिताको गोत्रभित्रकी हुँदैनन् ती कन्या द्विजातिका निमित्त विवाह, मैथुन र यज्ञकर्मका लागि उपयुक्त हुन्छिन् ।' दत्तकपुत्रकी मातातर्फको गोत्रलाई पनि असपिण्ड गोत्र मान्नुपर्दछ । उसको कुल पनि विवाहका निमित्त ग्राह्य नहोस् भन्नका लागि माथि मूलमा चकार पढिएको छ । यसबाट माताको गोत्रमा नपर्ने र दत्तकका पिताको गोत्रमा नपर्ने कन्यासँग विवाह गर्नुपर्दछ भन्ने कुरा बुझिन्छ । मूलमा रहेको **असपिण्डा** पदको अर्थ सापिण्ड्यसम्बन्ध नभएकी भन्ने बुझ्नुपर्दछ ।

सापिण्ड्यनिर्वचनम्

तच्चैकशरीरावयवान्वयेन भवति । एकस्य हि पितुर्मातुर्वा शरीरस्यावयवाः पुत्रपौत्रादिषु साक्षात्परम्परया वा शुक्रशोणितादिरूपेणानुस्यूताः । यद्यपि पत्न्याः पत्या सह भ्रातृपत्नीनाञ्च परस्परं नैतत्सम्भवति तथापि आधार–त्वेनैकशरीरावयवान्वयोऽस्त्येव । **'अस्थिभिरस्थीनि'** इति मन्त्रलिङ्गात् । एकस्य हि पितृशरीरस्यावयवाः पुत्रद्वारा तास्वाहिता इति मदनरत्नपारिजातविज्ञानेश्वरादयः । वाचस्पतिशुद्धिविवेकशूलपाण्यादिगौडमैथिलादयोऽप्येवम् ।

---

५४. पिण्डपरीक्षाको विधि – **अष्टौ पिण्डान् कृत्वा ऋतमग्रे प्रथमम्० इत्यादिना पिण्डानभिमन्त्र्य कुमारीं ब्रूयात्- एषामेकं गृहाणेति । क्षेत्राच्चेदुभयतः स्याद् गृह्णीयाद् अन्नवती । अस्याः प्रजा भविष्यन्तीति विन्द्यात्, गोष्ठात् पशुमती, वेदीपुरुषाद् ब्रह्मवर्चस्विनी, अविदासिनो ह्रदात् सर्वसम्पन्ना, देवनात् कितवी, चतुष्पथाद् विप्रवाजिनी, इरिणाद् अधन्या, श्मशानात् पतिघ्नीति । – आश्वलायनगृह्यसूत्र १/५**

अर्थ – कन्याको आभ्यन्तर गुणपरीक्षाका लागि धान भएको खेत, गौशाला, पूजा गरेको वेदी, तलाउ, जूवा खेल्ने ठाउँ, चौबाटो, मरुभूमि र मसानबाट चोखो माटो ल्याएर आठवटा डल्ला तयार गर्नुपर्दछ । त्यसपछि ऋतमग्रे० इत्यादि मन्त्रबाट पिण्डहरूलाई अभिमन्त्रण गरी कुमारीलाई भन्नुपर्दछ कि 'तिमी आठपिण्डमध्ये एउटा पिण्ड उठाऊ ।' कुमारीले धान भएका खेतको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान अन्नसम्पत्तिले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । गौशालाबाट ल्याएको पिण्ड उठाएमा कुमारीबाट जन्मिने सन्तान पशुधनले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । यज्ञको वेदीबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान ब्रह्मचर्य र ब्रह्मतेजले युक्त हुनेछन् भन्नुपर्दछ । तलाउबाट ल्याएको पिण्ड उठाएमा कुमारीबाट जन्मिने सन्तान सम्पूर्ण समृद्धिले सम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ । जूवा खेल्ने ठाउँबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान छलकपटले युक्त हुनेछन् भन्ने बुझ्नुपर्दछ । चौबाटोबाट ल्याएको माटो उठाएमा तिनका सन्तान स्वैराचारी हुनेछन् भन्ने बुझ्नुपर्दछ । मरुभूमि वा कुनै घाँस पात नभएको ठाउँबाट ल्याएको माटो उठाएमा जन्मिने सन्तान दुर्भाग्यसम्पन्न हुनेछन् भन्ने बुझ्नुपर्दछ र मसानबाट ल्याएको माटो उठाएमा कुमारीबाट जन्मिने सन्तान आफ्ना पति वा आफ्ना मालिकका हत्यारा हुनेछन् भन्ने बुझ्नुपर्दछ ।

सापिण्ड्यको अर्थ प्रतिपादन

सपिण्डशब्दले शरीरको सम्बन्धबाट भएका छोरा, नाति, पनातिलाई बुझाउँछ । एउटै माता-पिताका शरीरका अवयवहरू पुत्र, पौत्र, आदि परम्पराबाट रगत र वीर्यका रूपमा तीनपुस्तासम्म मिलेर रहेका हुन्छन् । पत्नीको पतिका साथ र भाइका पत्नीहरूको आपसमा यो सपिण्डसम्बन्ध हुँदैन तापनि आधारसम्बन्धले अर्थात् पत्नीरूपी आधारमा पतिले सन्तति उत्पादन गर्ने हुनाले पति-पत्नीको सापिण्ड्यसम्बन्ध मान्नुपर्दछ । **'अस्थिभिरस्थीनि'** अस्थिका साथमा अस्थि मिलाउँछु भन्ने मन्त्रको भनाइबाट एउटै पिताका शरीरका अवयव छोराद्वारा बुहारीमा सारिएका हुन्छन् । अर्थात् पतिले पत्नीमा गर्भाधान गर्दा पतिको वीर्य पत्नीको गर्भाशयमा बढ्ने हुँदा पति-पत्नीको सम्बन्ध हुनजान्छ भन्ने कुरा **मदनरत्न**, **पारिजात** र **विज्ञानेश्वर**ले बताएका छन् । **वाचस्पति**, **शुद्धिविवेक**, **शूलपाणि**, **गौड** र **मैथिल**हरूको पनि यही भनाइ छ ।[५५]

श्रुतावपि - **'एतत्षाट्कौशिकं शरीरं त्रीणि पितृतस्त्रीणि मातृतोऽस्थिस्नायुमज्जानः पितृतस्त्वङ्-मांसरुधिराणि मातृतः'** इति, **'प्रजामनुप्रजायसे'** इति च । चन्द्रिकापरार्कमेधातिथिमाधवादयस्तु एकपिण्डदान-क्रियान्वयित्वं सापिण्ड्यम् ।

श्रुतिमा पनि भनिएको छ - यो शरीर ६ कोषले बनेको छ । यसमा तीनपितातर्फका कोष र तीनमातातर्फका कोषहरू हुन्छन् । पिताको वीर्यबाट हाड, नसा, बोसो बन्दछन् । माताको शोणितबाट छाला, मासु र रगतको निर्माण हुन्छ। यसैले भनिएको छ - मनुष्य सन्तानका रूपमा पैदा हुन्छ । यो कुरा **चन्द्रिका**, **अपरार्क**, **मेधातिथि**, माधव आदिको भनाइ हो । वास्तवमा एउटै व्यक्तिले गरिने पिण्डदानको क्रियामा समन्वित हुन आउने जुन-जुन व्यक्तिहरू छन् वा पुस्ताहरू छन् तिनको सम्बन्धलाई सापिण्ड्य भन्नुपर्दछ ।

चतुर्थादीनां लेपभागित्वकथनम्

लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः । पिण्डदः सप्तमस्तेषां सापिण्ड्यं साप्तपौरुषम् ।।

---

५५. सापिण्ड्यसम्बन्धबारे भनिएको छ- **स चायमेकः शरीरी स्वीयाभिरष्टाविंशतिकलाभिः समन्वितः पितुरेकविंशतिकलाभिः पितामहस्य पञ्चदशकलाभिः, प्रपितामहस्य दशकलाभिः, वृद्धप्रपितामहस्य षट्कलाभिः, अतिवृद्धप्रपितामहस्य त्रिकलाभिः, परमातिवृद्धपितामहस्य एककलया सम्बद्धं सप्तकोशं चतुरशीतिकलं शरीरं लब्ध्वा पित्रादीनामनृणो भवति । स पुनः स्वभागादेकविंशतिकलाः पितुर्भागात् पञ्चदशकलाः, पितामहभागाद् दशकलाः प्रपितामहसकाशाद् षट्कलाः, वृद्धप्रपितामहसकाशात् त्रिकलाः, अतिवृद्धप्रपितामहसकाशाद् एककलाञ्च पुत्रे, तदनन्तराः ताः ताः पञ्चदशदिकाः कलाः पौत्रे, ततो दशादिकाः कलाः प्रपौत्रे, पुनः षडादिकाः कला वृद्धप्रपौत्रे, पुनस्त्र्यादिकाः कला अतिवृद्धप्रपौत्रे, पुनरेकां कलां परमातिवृद्धप्रपौत्रे न्यूप्य पितृलब्धभागानां पुत्रादिषु अन्वयात् स्वयमनृणो भवति ।**

अर्थात् सोमात्मक आफ्ना २८ कलाले सम्पन्न पुरुष आफ्ना पिताबाट प्राप्त २१ कला, पितामहबाट प्राप्त १५ कला, प्रपितामहबाट प्राप्त १० कला, वृद्धप्रपितामहबाट प्राप्त ६ कला, अतिवृद्धप्रपितामहबाट प्राप्त ३ कला, परमातिवृद्धप्रपितामहबाट प्राप्त १ कला समेत ८४ कलाले सम्पन्न भई आफ्ना पिता आदि पूर्वपुरुषहरूको ऋणबाट मुक्त हुन्छ । त्यसले फेरि आफ्नो पुत्रमा आफ्नो भागबाट २१ कला, पिताको भागबाट १५ कला, पितामहको भागबाट १० कला, प्रपितामहको भागबाट ६ कला, वृद्धप्रपितामहको भागबाट ३ कला र अतिवृद्धप्रपितामहको भागबाट १ कला गरी ५६ कला अग्रसारित गर्दछ । त्यसको पुत्र पनि आफ्ना २८ कलासहित पुर्खाबाट प्राप्त ५६ कला योग गर्दा ८४ कलाले सम्पन्न पुरुष बन्दछ । यसरी पिता-पुर्खाबाट प्राप्त गरेको कला पुत्र आदिमा सारेपछि आफू ऋणमुक्त बन्दछ । यसरी सन्तान-दरसन्तान सातपुस्तासम्म सबैले आ-आफ्ना कला अगाडि सार्ने काम गर्दछन् । यिनै कलाहरूका कारण सापिण्ड्यसम्बन्ध सातपुस्तासम्म रहने कुरा शास्त्रहरूमा बताइएको छ । – मधुसूदन ओझा, शुद्धिसिद्धान्तपञ्जिकाअन्तर्गत आशौचपञ्जिका, पृ. २७ ।

इति मात्स्योक्तेः । न च पितृव्यादिष्वेतन्नास्तीति वाच्यम्, तत्कर्तृकश्राद्धे देवतैक्येन तत्सत्त्वात् । देवदत्तकर्तृकश्राद्धे हि ये देवताभूतास्तेषां मध्ये यः कश्चिदन्यकर्तृकश्राद्धेऽनुप्रविशति तेषां सापिण्ड्यम् । तद्भार्याणामपि भर्तृकर्तृकश्राद्धे सहाधिकारित्वेन तदन्वयात् । **'एकत्वं सा गता भर्तुः पिण्डे गोत्रे च सूतके'** इति स्मृतेश्च । श्रुतीनाञ्च वैराग्यार्थत्वात् तस्याः सापिण्ड्यनिर्मित्तत्वे मानाभावात् । न च मातुलादिष्वेतन्नास्तीति वाच्यम्, मातामहरूपदैवतैक्यात् ।

चौथोदेखि छैठौं पुस्तासम्मका पितृहरू लेपभागका अधिकारी हुने

मत्स्यपुराणमा भनिएको छ – पिता, पितामह, प्रपितामहभन्दा पछिल्लो वृद्धप्रपितामहदेखि गणना गरिने पछिल्लो तीनपुस्ताले श्राद्ध गर्दा गरिने पिण्डदानको लेपभाग मात्र पाउँछन् । पिता, पितामह, प्रपितामह पिण्डका अधिकारी हुन्छन्। पिता, पितामह, प्रपितामह तीनपुस्ता त्यसभन्दा पछि वृद्धपितामह आदि तीनपुस्ता र कर्तासमेत गरी सातपुस्ता हुन्छ । त्यहाँ (सातपुस्ता)सम्म सापिण्ड्य रहन्छ । यसरी सपिण्डता सातपुस्ताभित्र पर्ने विषय हो।

जेठा बुबा, कान्छा बुबामा सापिण्ड्यसम्बन्ध हुँदैन भनेर कसैले भन्छन् तर यस्तो भन्न हुँदैन । किनकि जेठा बाबु अथवा कान्छा बाबुले श्राद्ध गर्दा श्राद्धका पितृदेवता एउटै हुनाले सापिण्ड्यसम्बन्ध रहेको हुन्छ । जस्तै – देवदत्तले श्राद्ध गर्दा जुन पितृदेवता हुन्छन्, ती पितृदेवतालाई अर्को भाइ श्यामदत्तले श्राद्ध गर्दा आफ्नै देवता मानेर पूजा गर्दछ। यसकारण देवदत्त र श्यामदत्तको सापिण्ड्यसम्बन्ध हुन्छ । जेठी आमा वा कान्छी आमाले पनि आफ्ना पतिले गरेको श्राद्धमा समान अधिकार पाएको हुँदा उनीहरूको पनि सापिण्ड्यसम्बन्ध हुन्छ । किनकि जेठी आमा, कान्छी आमा आदिका पतिका पिण्डको पितामह, प्रपितामह एउटै भएको हुँदा सम्बन्ध रहेको हुन्छ । स्मृतिमा ती पत्नी आफ्ना पतिको पिण्ड, गोत्र र सूतकमा एउटै भावमा अर्थात् पतिकै भावमा प्राप्त भएकी हुन्छिन् भनिएको छ । पति–पत्नी, दाजु–भाउजू, भाइ–बुहारी सबै एकतामा प्राप्त हुन्छन् अर्थात् एउटै परिवार मानिन्छन् ।

श्रुतिहरूमा वेदान्तपक्ष प्रबल भएकाले सापिण्ड्यसम्बन्धको निर्वचनमा श्रुतिलाई प्रमाण मान्नु हुँदैन भनिएको छ । अर्कोतर्फ मामाआदिहरूसँग सापिण्ड्यसम्बन्ध हुँदैन भनेर कसैले भन्छन् भने त्यो पनि उचित छैन, किनकि मामाका पितृदेवता मातामह आफ्ना पनि पितृदेवता हुनाले मामा र भानिजको सापिण्ड्यसम्बन्ध कायम हुन्छ ।

गुरुशिष्यनृपतीनां न सापिण्ड्यकथनम्

ननु गुरुशिष्यादेरपि श्राद्धदेवतात्वात्सपिण्डत्वं स्यात् । **किं बहुना सर्वाभावे तु नृपतिः कारयेत्तस्य रिक्थतः** । इति मार्कण्डेयपुराणाद्राज्ञोऽपि श्राद्धकर्तृत्वात्सापिण्ड्यप्रसङ्गः ।

गुरु, शिष्य र राजाको सापिण्ड्य विचार

गुरु र शिष्यको पनि श्राद्धको देवता एउटै हुनाले सापिण्ड्य छ । धेरै कुरा के भनौँ जसको कोही आफ्नो मान्छे हुँदैन त्यसको श्राद्ध राजाले गर्नुपर्दछ भन्ने **मार्कण्डेयपुराण**को वचनबाट राजा पनि श्राद्धको कर्ता हुन आएकाले सापिण्ड्यसम्बन्धको प्रसङ्ग हुनआउँछ । यसमा के गर्ने ?

पितृसापिण्ड्यं सप्तमपौरुषं मातृसापिण्ड्यं पञ्चपौरुषम्

सत्यम्, **'पञ्चमात्सप्तमादूर्ध्वं मातृतः पितृतस्तथा'** इति याज्ञवल्क्यवचनेन मातापितृसम्बन्ध एव तत्सत्त्वात्। ऊर्ध्वं **'सापिण्ड्यं निवर्तते'** इति शेषः । ननु पञ्चमत्वाद्यत्र नियम्यते, न मातृत इत्यादि, वाक्यभेदात् । मैवम्,

मातृकुले पञ्चमत्वस्य पितृकुले सप्तमत्वस्य च बोधने तुल्यत्वात् । पौरुषेयत्वाददोष इति चेत् तुल्यमन्यत्रापि, अन्यकर्तृके राज्ञस्तत्पितृणां वा देवतात्वाभावाच्च । किञ्च अवयवान्वयपक्षे यथा योगरूढ्या परिहारस्तथेहापि। तेन मातृकुले पितृकुले चैकपिण्डदानक्रियान्वयित्वं सापिण्ड्यमित्याहुः । तेनैकस्य पित्रादयः षट् पुत्रादयश्च षट् सपिण्डा भवन्ति।

पितृसापिण्ड्य सातपुस्तासम्म र मातृसापिण्ड्य पाँचपुस्तासम्म

त्यो कुरा ठीक हो । माताको कुलमा पाँचपुस्तासम्म र पिताको कुलमा सातपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहन्छ भन्ने **याज्ञवल्क्य**को वचनबाट यो सम्बन्ध माता र पिताका कारण भएको हो भन्ने कुरा ज्ञात हुन्छ । तोकिएको पुस्तापछि अर्थात् मातातर्फको पाँचपुस्ता र पितातर्फको सातपुस्तापछि सापिण्ड्यसम्बन्ध रहँदैन । कसैले भन्न सक्छन् – यहाँ पञ्चमत्वको नियमन गरिएको छ तर यो नियमन मातृपदको आधारमा गरिएको छैन, किनकि यसमा दुईवाक्य हुन जानाले वाक्यभेद पर्न गएको छ । ग्रन्थकार भन्दछन् – यस्तो प्रश्न उचित छैन, किनकि माताको आधारमा मातृकुलसमुदायमा पञ्चमत्व र पिताको आधारमा पितृकुलसमुदायमा सप्तमत्वको बोधन गरिएको हुँदा यहाँ वाक्यभेद परेको छैन र अर्थभेद पनि देखिँदैन । वाक्यभेद माने के हुन्छ भनी कसैले भन्दछन् भने यस्ता हजारौं वाक्यमा वाक्यभेद मान्नुपर्ने समस्या आइलाग्नेछन् । अरूद्वारा गरिने क्रियामा विचार गरिन्छ । जसको कुनै आफन्त छैन त्यस्ता मृत व्यक्तिको राजाले क्रिया गर्नु-गराउनु पर्दछ भनिएकाले त्यस्ता व्यक्तिको राजासँग सापिण्ड्यसम्बन्ध हुन्छ कि भनी प्रश्न उठाउनु हुँदैन, किनकि राजाका पितृहरू मृत व्यक्तिका आफन्त अर्थात् पितृदेवता होइनन् । अवयवान्वयपक्षमा जसरी योगरूढिबाट अवयवान्वयको परिहार हुन्छ त्यसैगरी यहाँ पनि पञ्चमत्व र सप्तमत्वको अवयवान्वयार्थ नभई **मातृतः** पञ्चमत्व र **पितृतः** सप्तमत्वको अर्थ खुल्ने गरी योगरूढिद्वारा अर्थ गरिन्छ । त्यसैले समुदायमूलक अर्थबोधद्वारा यहाँ मातृकुल र पितृकुलको एकपिण्डदान क्रियाको अन्वय गरिन्छ । अतः एकव्यक्तिको पितृ आदि ६ पुस्तासँग र पुत्र आदि ६ पुस्तासँग सापिण्ड्यसम्बन्ध कायम हुन्छ ।

अत्र केचिदुभयतः सापिण्ड्यनिवृत्तावेवोद्वाहो नान्यथेत्याहुः । शुद्धचिन्तामणिवाचस्पतिहरदत्तादयस्तु सगोत्रत्व-वत्सापिण्ड्यस्य सप्रतियोगिकत्वेन संयोगवदुभयनिरूप्यत्वात् एकतो निवृत्तावन्यतो निवृत्तेरावश्यकत्वान्मूलपुरुष-मारभ्याष्टमो वरो मूलपुरुषमारभ्य द्वितीयातृतीयादिकां कन्यामुद्वहेदित्याहुः ।

यहाँ कसैले भन्दछन् – दुवै पक्षको सापिण्ड्य निवृत्त भएमा मात्र विवाह सम्पन्न हुन्छ अन्यथा हुँदैन । **शुद्धिचिन्तामणि, वाचस्पति, हरदत्त** आदिले भनेका छन् – मातातर्फको सापिण्ड्यनिवृत्ति हुँदा पितातर्फको पनि सापिण्ड्यनिवृत्ति हुन आवश्यक छ । त्यसकारण मूलपुरुषदेखि लिएर आठौं पुस्ताको वर र मूलपुरुषदेखि लिएर दोस्रो अथवा तेस्रो पुस्ताकी कन्यासँग विवाह गर्नुपर्दछ भनेका छन् ।

शिष्टास्तु न वधूवरयोः स्वतः सापिण्ड्यं किन्तु कूटस्थसन्ततित्वात् तत्सापिण्ड्येनैव । अतोऽष्टमवरं प्रति कन्याया असापिण्ड्येऽपि कन्यायाः कूटस्थेन सापिण्ड्यात्तत्सन्ततिस्थत्वाद्वरस्तां प्रति सपिण्ड एवेत्यविवाहः । सापिण्ड्यासापिण्ड्ययोः प्रतियोगिभेदेनाविरोधादित्याहुः । इदमेव च युक्तम् । आशौचेऽप्येवं सापिण्ड्यं ज्ञेयम् । यत्र तु मध्ये विच्छिन्नमपि सापिण्ड्यं मण्डूकप्लुतिवदनुरनुवर्तते । यथा कूटस्थात्पञ्चम्योः कन्ययोः पुत्रौ तत्र निवृत्तिः, तदपत्ययोस्त्वनुवृत्तिस्तत्रापि न सापिण्ड्यासापिण्डययोर्दोषः, सम्बन्धिभेदात् । तेन तत्र न विवाहः ।

तर शिष्ट मानिसहरू यसो भन्छन् – वधू र वरको परस्परमा सापिण्ड्य हुँदैन तर कूटस्थका सन्तान भएकाले सापिण्ड्यसम्बन्ध

रहन्छ । यसकारण आठौं पुस्ताको वरसँग कन्याको साक्षात् सापिण्ड्यसम्बन्ध नरहेतापनि कन्याका कूटपितृहरूको सापिण्ड्य भएका कारण वर-कन्याको सापिण्ड्यसम्बन्ध हुनआउँछ । तसर्थ जबसम्म सापिण्ड्यसम्बन्ध निवृत्त हुँदैन तबसम्म विवाह हुन सक्दैन । सापिण्ड्य असापिण्ड्यको प्रतियोगी भएका कारण विरोध छैन भन्ने कुरा ऋषिहरूले भनेका छन् । आशौचमा पनि यही नियम लागु हुन्छ । पितृ, पितामह, प्रपितामह आदिमा विभिन्न कारणले अर्थात् पतन आदि कारणले सापिण्ड्यसम्बन्धको विच्छेद भएमा त्यसलाई मण्डूकप्लुतिन्याय – भ्यागुतो कुनै वस्तु नाघेर उफ्रिएर पर गएझैं भन्ने अर्थ बताउने न्यायले त्यसको माथिल्लो पुस्तामा लगेर जोड्नुपर्दछ ।

कूटस्थबाट पाँचौं पुस्ताका दुईकन्या जसको विवाह फरक-फरक गोत्रमा भएको छ । कुनै तर्फ पुत्र हुन सक्छन् र कुनै तर्फ कन्या हुनसक्छन् । त्यहाँ गएपछि सापिण्ड्यको निवृत्ति हुन्छ । सापिण्ड्य निवृत्त भएका वर-कन्याको सम्बन्ध गाँसिएपछि फेरि सापिण्ड्यसम्बन्ध रहन्छ । त्यसकारणले यहाँ सापिण्ड्य – असापिण्ड्यको कुनै दोष लाग्दैन । किनभने पुरानो सम्बन्ध र नयाँ सम्बन्धमा भेद पर्न गएको छ । सापिण्ड्यसम्बन्ध निवृत्त भएपछि कायम गरिएको विवाहसम्बन्धबाट जन्म लिने वर-कन्याहरूको पुनः सापिण्ड्य कायम भएकै कारण विवाह हुँदैन ।

कूटस्याद् गणना

अत्र कूटस्थमारभ्य गणना कार्या । तदुक्तम् – **वध्वा वरस्य वा तातः कूटस्थाद्यदि सप्तमः । पञ्चमी चेत्तयोर्माता तत्सापिण्ड्यं निवर्तते** । इति । **कूटस्थः** – मूलपुरुषः ।

कूटस्थबाट गणना

कूटस्थको अर्थ मूलपुरुष हो । मूलपुरुषबाट गणना गर्नुपर्दछ । वधू या वरको पिता कूटस्थबाट सातपुस्ता माथिको हुन्छ र वधू एवं वरका माताहरूको पाँचपुस्ताभन्दा माथिको सम्बन्ध हुन्छ भने उनीहरूको परस्पर सापिण्ड्य निवृत्त हुन्छ।

मूलपुरुषलक्षणम्

विश्वरूपनिबन्धे – **एवमुक्तप्रकारेण पितृबन्धुषु सप्तमात् । ऊर्ध्वमेव विवाह्यत्वं पञ्चमान् मातृबन्धुतः।। सन्तानो भिद्यते यस्मात्पूर्वजादुभयत्र च । तमादाय गणेद्धीमान् वरं यावच्च कन्यकाम् ।।**

मूलपुरुषको लक्षण

विश्वरूपनिबन्धमा भनिएको छ – माथि बताइएको तरिकाबाट पिताका बन्धुहरूमा सातपुस्तामाथि र माताका बन्धुहरूमा पाँचपुस्तामाथिका सन्तानहरूको सापिण्ड्य रहँदैन । त्यसकारण गणना गर्दा बुद्धिमान् मानिसले कूटस्थबाटै अर्थात् मूलपुरुषबाटै पुस्ताको गणना आरम्भ गर्नुपर्दछ । मूलपुरुषबाट वर सातौं पुस्तामा र कन्या पाँचौं पुस्तामा रहेमा विवाह हुन्छ ।

स्मृतितत्त्वे नारदः– **आ सप्तमात्पञ्चमाच्च बन्धुभ्यः पितृमातृतः । अविवाह्या सगोत्रा च समानप्रवरा तथा।।** अत्र बन्धुभ्य इति पञ्चमीनिर्देशात्पितुः पितृष्वसृपुत्रात्सप्तमीम्, मातुः मातृष्वसृपुत्राच्च पञ्चमीमपि त्यजेत् । एवमन्यबन्धुषु ज्ञेयम् ।

स्मृतितत्त्वमा नारदले भनेका छन् – 'पिता र माताका बन्धुहरूमा क्रमशः सातौं र पाँचौं पुस्तासम्म सम्बन्ध कायम गर्न हुँदैन र समानगोत्र र प्रवरकी कन्याका साथमा पनि सम्बन्ध कायम गर्न हुँदैन।' माथि वाक्यमा **बन्धुभ्यः** भनी पञ्चमी

विभक्तिको निर्देश गरिएकाले फुपूका पुत्रबाट सातौं कन्या, ठूली आमाका पुत्रबाट पाँचौं कन्याको त्याग गर्नुपर्दछ । किनभने मूलपुरुष त पितामह नै हुन्छन् त्यसकारणले पितामहबाट नै गन्नुपर्दछ र अर्कोतर्फ मातामहलाई मूलपुरुष मानेर मातामहबाट गन्नुपर्दछ । मामा, फुपू, ठूलीआमा, सानीआमाबाट पुस्ताको गणना गर्नुहुँदैन ।

गोत्रत्रयम्

तत्रापि त्रिगोत्रात्ययेऽर्वागपि विवाहं कुर्यात् वक्ष्यमाणवचनात् । त्रिगोत्रगणना च मातामहगोत्रापेक्षया, न तु स्वापेक्षया । अन्यथा पितुः पितामहदुहितुर्दौहित्रीपुत्री परिणेया स्यात् । वध्वाः मातामहगोत्रापेक्षया तु त्रिगोत्रान्तर्गतेन विवाहप्रसङ्गादिति सम्बन्धतत्त्वादयो गौडग्रन्थाः ।

सात पुस्तापछि तीनगोत्र फेरिएमा मात्र विवाह हुनसक्ने

पुस्ता पुगेर विवाह गर्दा पनि तीनवटा गोत्र फेरिएको अवस्थामा मात्र विवाह गर्न हुन्छ भन्ने कुरा पछि बताइने वचनबाट सिद्ध हुन्छ । मातामहको गोत्रबाट तीनगोत्र नाघेपछि विवाह गर्न हुने कुरा बताइएको छ, आफ्नो गोत्रबाट होइन। अन्यथा पिताका पितामहकी कन्यातर्फकी जुन पनातिनी अर्थात् पितामहकी कन्या तिनकी कन्या, तिनकी पनि कन्या र तिनकी पनि जुन कन्या हुन्छिन् ती पनि विवाह योग्य हुन आउनेछन् । त्यसकारण मातामहको गोत्रको अपेक्षाबाट तीनगोत्रको अन्तरमा विवाहसम्बन्ध कायम गर्नुपर्दछ भन्ने कुरा **गौडग्रन्थ**हरूमा बताइएको छ ।

सम्बन्धविवेके शूलपाणिरप्याह पञ्चमात्सप्तमाच्चार्वागपि त्रिगोत्रान्तरिता विवाह्या ।

असम्बन्धा भवेन्मातुः पिण्डेनैवोदकेन वा । सा विवाह्या द्विजातीनां त्रिगोत्रान्तरिता च या ।।

इति बृहन्मनूक्तेः। '**सन्निकर्षेऽपि कर्तव्यं त्रिगोत्रात् परतो यदि**' इति देवलोक्तेश्च । एतच्च दाक्षिणात्या न मन्यन्ते।

यत्तु वसिष्ठः – **पञ्चमीं सप्तमीं चैव मातृतः पितृतस्तथा** । इति ।

सम्बन्धविवेकमा शूलपाणिले भनेका छन् – 'पिण्डदान र जलदानबाट आमाको सम्बन्धमा पर्ने कन्या छन् भने पाँच र सातपुस्ता पुगनुभन्दा पहिले पनि तीनगोत्रको अन्तर परेकी ती कन्यासँग पनि विवाह गर्न सकिन्छ । बृहन्मनुले भनेका छन् – सौतेनी आमाबाट जन्मिएका सन्तानको सातपुस्ता र पाँचपुस्ता नपुगे पनि तीनगोत्रको अन्तर परेमा विवाह गर्न हुन्छ ।

देवलले भनेका छन् – तीनगोत्रभन्दा पर भएमा सन्निकर्ष अर्थात् नजिकमा पनि विवाह गर्न सकिन्छ अर्थात् सात अथवा पाँचपुस्ताको नियम मान्नुपर्दैन । यो **देवलको** भनाइलाई **दाक्षिणात्य**हरूले मानेका छैनन् ।

माथि विभिन्न विद्वान्हरूका जे–जस्ता भनाइ रहे पनि **वसिष्ठले** निष्कर्ष उपस्थापित गर्दै भनेका छन् – माताबाट पाँचौं पुस्ताकी र पिताबाट सातौं पुस्ताकी कन्या विवाहका लागि ग्राह्य हुन्छिन् ।

यच्च विष्णुपुराणम् –

पञ्चमी मातृपक्षाच्च पितृपक्षाच्च सप्तमीम् । गृहस्थ उद्वहेत्कन्यां न्यायेन विधिना नृप ।

इति, तत्पञ्चमीं सप्तमीमतीत्येति व्याख्येयम् ।

पञ्चमे सप्तमे चैव येषां वैवाहिकी क्रिया । क्रियापरा अपि हि ते पतिताः शूद्रतां गताः ।।

इत्यपरार्के मरीचिवचनात् ।

विष्णुपुराणमा भनिएको छ – मातृपक्षबाट पाँचौं पुस्ताकी र पितृपक्षबाट सातौं पुस्ताकी कन्यालाई विधिपूर्वक गृहस्थले विवाह गरी भित्र्याउनुपर्दछ । यहाँ मातृपक्षबाट पाँचौं पुस्ताकी भन्ने अर्थको सट्टा मातृपक्षबाट पाँचौं पुस्ताकी कन्या छाडेर छैठौं पुस्ताकी कन्या भन्ने अर्थ गर्नुपर्दछ । उनको भनाइअनुसार माथिका प्रसङ्गहरूमा सातौं पुस्ताकी र पाँचौं पुस्ताकी कन्या भन्ने जति पनि वचन आएका छन् तिनमा पाँचौं पुस्तापछिकी अर्थात् छैठौं पुस्ताकी अथवा सातौं पुस्तापछिकी अर्थात् आठौं पुस्ताकी भन्ने अर्थ गर्नुपर्दछ ।

अपरार्कमा **मरीचि**ले भनेका छन् – पाँचौं पुस्ता ननाघीकन र सातौं पुस्ता ननाघीकन जुन वर–कन्याको विवाह हुन्छ, तिनीहरू विभिन्न असल क्रियामा तत्पर रहे तापनि पतित अथवा शूद्र मानिन्छन् ।

सपिण्डतानिरूपणम्

हारलतायां शङ्खलिखितौ –

सपिण्डता तु सर्वेषां गोत्रतः साप्तपौरुषी । पिण्डश्चोदकदानञ्च आशौचं च तदानुगम् ।।

सपिण्डताबारे पुनः कथन

हारलताग्रन्थमा **शङ्ख** र **लिखित** भन्दछन् – ब्राह्मण आदिको गोत्र (कूटस्थ सन्तान)बाट सातपिँढीसम्म सपिण्डता हुन्छ । त्यसमा पिण्डदान, उदकदान र आशौच पनि तदनुसार पालन गर्नुपर्दछ ।[५६]

---

५६. सापिण्ड्य तीनप्रकारको हुन्छ – विवाहसापिण्ड्य, आशौचसापिण्ड्य र दायसापिण्ड्य । यी सापिण्ड्य दुईकिसिमबाट सिद्ध हुन्छन् – एकशरीरावयवान्वयबाट र एकपिण्डदानक्रियान्वयबाट ।

क) **एकशरीरावयवान्वयबाट सिद्ध हुने सापिण्ड्य-** उक्त सापिण्ड्यलाई वेदले यसरी निश्चित गरेको छ– अस्थि, स्नायु, मज्जा यी तीनवटा धातु बाबुबाट र त्वक्, मांस, रुधिर यी तीनवटा धातु आमाबाट समेत गरी छवटा धातुको पूर्ण सम्मिश्रणबाट मनुष्य शरीर निर्माण हुन्छ । '**एतत् षाट्कौशिकं शरीरम्, प्रजामनु प्रजायसे**' भनिएको हुँदा यी धातुहरू बाबुको शुक्र र आमाको शोणितको माध्यमबाट छोराछोरीमा साक्षात् रूपले प्राप्त हुन्छन् भने नाति, पनाति, जनाति, सनाति र खनाति यी पाँचपुस्तामा चाहिँ क्रमशः प्राप्त हुँदै जान्छन् । छोरा, नाति आदिमा सर्दै जाने शुक्र र शोणितको एउटा पूर्ण कोश बाबु आमामा रहेको हुन्छ । त्यो कोश अट्ठाईस अंशको मानिएको छ । त्यसबाट ६ अंश छोराछोरीमा प्राप्त हुन्छ भने नातिमा पाँच, पनातिमा चार, जनातिमा तीन, सनातिमा दुई र खनातिमा एकअंश प्राप्त हुन्छ । यसको पुष्टि यसरी गरिएको छ– **षट्कलः पुत्रे, पञ्चकलः पौत्रे, चतुष्कलः प्रपौत्रे, त्रिकलो वृद्धप्रपौत्रे, द्विकलोऽतिवृद्धप्रपौत्रे, एककलस्तु परमातिवृद्धप्रपौत्रे, इति** । आशौचपञ्जिका[illegible]रले यसरी सातपुस्तासम्म एउटा शरीरको अवयवको अन्वय अविच्छिन्नरूपमा हुने भएकोले नै ती दाजुभाइहरू सपिण्ड मानिएका हुन् भनेका छन् । **सण्डिता तु पुरुषे सप्तमे विनिवर्तते ।** (मनु ५/६०) – स्वपत्नी, भ्रातृपत्नी आदिमा वीर्य र रजको पुत्रपौत्रादिमा जस्तो प्रत्यक्ष सम्बन्ध हुँदैन तापनि वैवाहिक मन्त्रद्वारा उनीहरूमा पत्नीत्व स्थापित गरी आधारत्वेन पतिको शरीरका अवयवको (शुक्रको) अन्वय राख्ने गरेको हुन्छ त्यसैले तिनीहरू पनि पूर्णरूपले सपिण्डमा नै गनिन्छन् ।

मम व्रते ते हृदयं दधामि मम चित्तमनुचित्तं तेऽस्तु । – पा.गृ.सू. १/८/८, **प्राणैस्ते प्राणान्सन्दधामि अस्थिभिरस्थीनि०** । पा.गृ.सू. १/११/५ । उक्त वचन नै सापिण्ड्यसम्बन्धका प्रमापक हुन् ।

ख) एकपिण्डदानक्रियान्वयबाट सिद्ध हुने सापिण्ड्य–

शास्त्रप्रयोजकहरूले एकपिण्डदानक्रियान्वयबाट सिद्ध हुने सापिण्ड्य निम्नानुसार हुने कुरा बताएका छन् – पितृ, पितामह र प्रपितामह तीनपुस्ताका पितृहरूले पिण्ड प्राप्त गर्दछन् भने त्यसभन्दा माथिका वृद्धप्रपितामह आदि तीनपुस्ताका पितृहरूले लेपमात्र पाउँछन् । पिण्डदाता सातौं पुस्ताको हुन्छ । त्यसैले यी सातपुस्ताभित्रका दाजुभाइहरू सपिण्डभित्रका हुन्छन् । **मत्स्यपुराण**को वचनले यसको पुष्टि यसरी गरेको छ–

लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः । पिण्डदः सप्तमस्तेषां सापिण्ड्यं साप्तपौरुषम् ।।

गोत्रलक्षणम्

गोत्रम् – सन्तानम् । आशौचं तानभिव्याप्य गच्छतीत्यर्थः । शुद्धिविवेके शुद्धिचिन्तामणौ च ब्राह्मे –

सर्वेषामेव वर्णानां विज्ञेया साप्तपौरुषी । सपिण्डता ततः पश्चात्समानोदकधर्मता ।।

गोत्रलक्षण

गोत्रको अर्थ सन्तान हो । त्यसकारण सन्तानलाई प्राप्त गरेर आशौच अगाडि बढ्दछ भन्ने अर्थ हो । **शुद्धिविवेक** र **चिन्तामणिमा ब्रह्मपुराणबाट** उद्धृत वचन यसप्रकार छ – ब्राह्मण आदि सबै वर्णको सपिण्डता सातपुस्तासम्म रहन्छ। त्यसपछि केबल समानोदकता र सधर्मता हुन्छन् ।

समानोदकधर्मलक्षणम्

ततः कालवशात्तत्र विस्मृतौ नामगोत्रतः । समानोदकसंज्ञा तु तावन्मात्रापि नश्यति । सप्तोर्ध्वं त्रयः सोदका, ततो गोत्रजाः ।

समानोदकधर्मको लक्षण

तदनन्तर समयको प्रभावले नाम र गोत्र पनि बिर्सिने काम हुन्छ । नाम र गोत्र बिर्सिएपछि समानोदक संज्ञा पनि रहँदैन । सातपिँढीपछि तीनपिँढीसम्मलाई सोदक भनिन्छ । दशपुस्तापछि गोत्रज भन्ने संज्ञा हुन्छ ।

सापिण्ड्यलक्षणम्

तत्रैव ब्राह्मे – अविभक्तधनास्त्वेते सपिण्डाः परिकीर्तिताः । तेनाविभक्तधनाभावे विभक्तसपिण्डो धनहारी, नान्यथेत्यर्थः । तेन विवाहे आशौचे धनग्रहणे च त्रिधा सापिण्ड्यं सिद्धम् ।

यत्तु **'पञ्चमीं मातृतः परिहरेत्सप्तमीं पितृतस्त्रीन् मातृतः', 'पञ्च पितृतो वा'** इति पैठीनसिस्मृतौ **'त्रीनित्यनुकल्पः'** इति माधवोक्तेः ।

सापिण्ड्य लक्षण

ब्रह्मपुराणमा भनिएको छ – जबसम्म धनको अंशबण्डा हुँदैन, तबसम्म सपिण्ड भनिन्छ । अंशबण्डा भएपछि सपिण्डभित्रका छुट्टी–भित्र हुने मानिसहरूले सम्पत्तिमा बराबरी हक पाउँछन् । सपिण्डताको सम्बन्ध टुटेपछि अंश पाउने कुरा हुँदैन । यसरी विवाह, आशौच र अंशबण्डा यी तीनआधारमा सापिण्ड्यसम्बन्ध सिद्ध हुन्छ ।

माधवले भनेका छन् – पिताबाट सातौं र आमाबाट पाँचौं पुस्ताकी कन्यालाई विवाह गर्न हुँदैन तर **पैठीनसिस्मृतिमा** आमाबाट तेस्री र पिताबाट पाँचौं कन्यासँग विवाह गर्न हुन्छ भनी अनुकल्प प्रस्तुत गरिएको छ ।

जेठा–कान्छा बाबु आदिमा यस्तो एकपिण्डदानक्रियान्वय हुँदैन तापनि देवताको ऐक्यले तिनीहरूसँग पनि सापिण्ड्य हुन्छ। जस्तै– रामले गर्ने श्राद्धमा जुन जुन पितृ देवताको रूपमा लिइन्छन् तीमध्ये कुनै एक वा दुई वा सबैले श्याम आदि अन्य कसैले गर्ने श्राद्धमा पनि लिइन्छन् भने ती श्राद्धकर्तामा परस्परमा सापिण्ड्य हुन्छ । स्वपत्नी, भ्रातृपत्नी र जेठी–कान्छी आमा आदि चाहिँ सहाधिकारित्वेन सपिण्डभित्र पर्ने हुन्छन् । यसरी शास्त्रप्रवर्तकहरूले सातपुस्तासम्म नै सापिण्ड्य हुने कुरा निश्चित गरेका छन् ।

कन्यापरिग्रहविचारकथनम्

पञ्चमीं सप्तमीं चैव मातृतः पितृतस्तथा । दशभिः पुरुषैः ख्यातात् श्रोत्रियाणां महाकुलात् ।।
उद्वहेत्सप्तमादूर्ध्वं तदभावे तु सप्तमीम् । पञ्चमीं तदभावे तु पितृपक्षेऽप्ययं विधिः ।।
सप्तमीं च तथा षष्ठीं पञ्चमी च तथैव च । एवमुद्वाहयेत्कन्यां न दोषः शाकटायनः ।।
तृतीयां च चतुर्थीं वा पक्षयोरुभयोरपि । विवाहयेन्मनुः प्राह पाराशर्योऽङ्गिरा यमः ।।
यस्तु देशानुरूपेण कुलमार्गेण चोद्वहेत् । नित्यं स व्यवहार्यः स्याद्वेदाच्चैतत्प्रदृश्यते ।।

इति चतुर्विंशतिमतात् ।

चतुर्थीमुद्वहेत्कन्यां चतुर्थः पञ्चमोऽपि वा । पराशरमते षष्ठीं पञ्चमो न तु पञ्चमीम् ।।

इति पराशरोक्तेश्चानुकल्पत्वेनापदि पञ्चम्यादिपरिणयनं कार्यमिति प्रतीयते । अत्र हि तदभावे इति स्पष्टमेवानुकल्पत्वमुक्तम्, तन्न यथाश्रुतं ज्ञेयम्, पूर्वोक्तमरीचिवचोविरोधात् । वस्तुनि विकल्पासम्भवात् ।

कन्यापरिग्रहको विचार

चतुर्विंशतिमतमा भनिएको छ – आमाबाट पाँचौं र बाबुबाट सातौं कन्या विवाह गर्न हुन्छ । तर त्यो कुल दशपुस्तासम्म उत्तम कुलका रूपमा समाजमा प्रख्यात भएको हुनुपर्दछ अथवा वेदपाठीहरूको उत्तम कुल हुनुपर्दछ। सकेसम्म सातपुस्ता नाघेकी कन्यासँग विवाह गर्नुपर्दछ । सातपुस्ता नभएमा सातौं पुस्ताकी कन्यासँग विवाह गर्नुपर्दछ । यसैगरी मातृपक्षमा पाँचौं पुस्ता नाघेकी कन्यासँग विवाह गर्नुपर्दछ । त्यो सम्भव नभएमा पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्नुपर्दछ । **शाकटायन**ले भनेका छन् – सातौं, छैंठौं र पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्दा दोष लाग्दैन । **मनु, पराशर, अङ्गिरा** र **यम**ले भनेका छन् – दुवै पक्षका तेस्रो पुस्ताका र चौथो पुस्ताकी कन्यासँग विवाह गर्न हुन्छ । **चतुर्विंशतिमत**मा भनिएको छ – देश र कालअनुसार कुलधर्ममा जस्तो नियम चलेको छ, तदनुसार विवाह गर्नुपर्दछ । वेदमा पनि कुलधर्मलाई अनुसरण गर्नु भनिएको छ ।

चौथो या पाँचौं पुस्ताको वरले चौथो पुस्ताकी कन्यासँग विवाह गर्नुपर्दछ । पाँचौं पुस्ताको वरले छैठौं पुस्ताकी कन्यासँग विवाह गर्न हुन्छ तर पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्न हुँदैन अर्थात् पाँचौं पुस्ताको वरले पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्न हुँदैन । यो **पराशर**को भनाइ हो ।

यहाँ **पराशर**को मतमा जुन अनुकल्प अर्थात् विकल्प देखाइएको छ त्यो ठीक छैन । अनुकल्पका कारण आपत्तिकालमा पाँचौं पुस्ताकी कन्यासँग विवाह गर्न हुन्छ भन्ने अर्थ प्रतीत हुन्छ । हामीले त सुनेअनुसारका मतहरू यस ग्रन्थमा संग्रह गरेका छौं । पहिले **मरीचि**ले जुन कुरा गरेका छन् त्यससँग **पराशर**को मत मिल्दैन । पितृपक्षबाट सातपुस्ता नाघेकी कन्या र मातृपक्षबाट पाँचपुस्ता नाघेकी कन्याको विवाह नै सर्वोत्तम विवाह हो । वस्तुतः पाँचौं पुस्ता नाघेकी कन्या र सातौं पुस्ता नाघेको वर भन्ने **मरीचिमत**को कुनै विकल्प हुँदैन ।

पञ्चमसप्तमकन्योद्वाहे दोषकथनम्

पञ्चमात्सप्तमाद्धीमान्यः कन्यामुद्वहेद् द्विजः । गुरुतल्पी स विज्ञेयः सगोत्रां चैवमुद्वहन् ।। इति विष्णूक्तेः । पराशरस्य मूलाभावाच्च । तस्मान्मदनपारिजाताद्युक्तदिशा दत्तकसापत्नसम्बन्धाद्यनुप्रवेशे ब्राह्मणादीनां क्षत्रियादिसपिण्डविषये वा पूर्वोक्तानि ज्ञेयानि, न त्वनुकल्प इति भ्रमितव्यम् ।

पाँचौं पुस्ता र सातौं पुस्ताकी कन्यासँग विवाह गर्दा हुने दोषसम्बन्धी विमर्श

विष्णुले भनेका छन् – जुन बुद्धिमान् द्विजले पाँचौं पुस्ता र सातौं पुस्ताकी कन्यासँग विवाह गर्दछ र समानगोत्रकी कन्यासँग विवाह गर्दछ त्यसलाई गुरुतल्पी अर्थात् गुरुकी पत्नीसँग व्यभिचार गर्दा जुन पाप लाग्छ त्यस्तै पापले युक्त भएको पापी ठान्नुपर्दछ । **पराशरले** जुन कुरा माथि भनेका छन् त्यसको कुनै प्रमाण छैन । **मदनपारिजातमा** भनिएका द्व्यामुष्यायण दत्तकको मातृकुल र सापत्न मातामह कुलमा विवाह गर्ने सम्बन्धमा पहिले सापिण्ड्यसम्बन्धको प्रसङ्गमा बताइएका नियमअनुसार **पराशरको** वचन आएको हुनुपर्दछ । दत्तकपुत्रसम्बन्धी र सौतेनी आमासम्बन्धी सापिण्ड्यको प्रवेश ब्राह्मण आदिमा हुँदा ती ब्राह्मण वा क्षत्रिय आदिले पनि **पराशरको** मतमा तीनपुस्ता या चारपुस्ताकी कन्या विवाह गर्न सक्दछ भन्ने अर्थ गर्नुपर्दछ । यसलाई अनुकल्प मात्रै भ्रममा पर्नु हुँदैन ।

यत्तु स्मृतिचन्द्रिकामाधवादय आहुः – **'तृतीये पुरुषे सङ्गच्छामहे चतुर्थे सङ्गच्छामहे'** इति शतपथश्रुतेः, **'तृप्तां जहुर्मातुलस्येव योषा भागस्ते पैतृष्वसेयी वपामिव** इति, **गर्भे नु नौ जनिता दम्पतीकः'** इति च मन्त्रवर्णात् ।

स्मृतिचन्द्रिका, माधव आदिले जुन कुरा गरेका छन् त्यो – 'कुमारले सापिण्ड्य निवृत्त भएपछि तेस्रो पुस्ताकी अथवा चौथो पुस्ताकी कन्यासँग विवाह गर्न हुन्छ' भन्ने कुरा **शतपथश्रुतिको** वचनअनुसार आएको हो ।

तृतीये पुरुषे सङ्गच्छामहे चतुर्थे सङ्गच्छामहे अर्थात् तेस्रो पुरुषका साथ हामी विवाह गर्दछौं, चौथो पुरुषका साथ विवाह गर्दछौं भन्ने श्रुतिको वचन– **आयाहीन्दु पथिभिरीलितेभिर्यज्ञमिमं नो भागधेयं जुषस्व । तृप्तां जुहुर्मातस्येव योषामागस्ते पैतृस्वसेयीं वपामिव ।।** अर्थात् 'हे इन्द्र ! तपाईं उत्तम मार्ग अँगालेर हाम्रो यज्ञमा आउनुहोस्, तपाईंले आएर घिउमा डुबाइएको बोंसोलाई आफ्नो भाग मानेर ग्रहण गर्नुहोस् । मामाकी छोरीलाई भानिजले आफ्नो भाग भनी भोग गरेझैं फुपूकी छोरीलाई भागको रूपमा प्राप्त गरी मामाको छोरा रमाएझैं तपाईं पनि यो वपा अर्थात् बोसों ग्रहण गरी रमाउनुहोस् ।' यस तथ्यलाई प्रमाणित गर्न यम–यमीको संवाद पनि महत्त्वपूर्ण साक्ष्यका रूपमा रहेको छ– **'गर्भे नु जनिता दम्पती कर्देव त्वष्टा सविता विश्वरूपः । नकिटस्य प्रमिमन्ति व्रतानि वेद नावस्य पृथिवी उत द्यौः ।।** – ऋ. १०/११, मं. ५ । **न वा उते तन्वा पापमाहुर्यः स्वसारं निगच्छात् । अन्येन मत्प्रमुदः कल्पयस्व न ते भ्राता सुभगे वष्ट्येतत् ।।** –ऋ. १०/११/१२ । अर्थ – 'यमीले आफ्ना दाजु यमलाई सम्भोगका निमित्त अनुरोध गरिन्, यमले निषेध गरे । त्यसबेला उनले भनिन् – प्रजापति विश्वरूप विश्वात्मा सविता त्वष्टाले हामीहरूका सन्तानका रूपमा मेरा गर्भबाट दम्पति भई पैदा हुनेछन् । हाम्रा सन्तानको भावी दाम्पत्यको निश्चय भइसकेका कारण हामीहरूको दाम्पत्य कायम हुनुपर्दछ । त्यसबेला यमले भने– म तिम्रो शरीरसँग आफ्नो शरीरको सम्पर्क गराउन चाहन्न । जुन पुरुष आफ्नो बहिनीसँग सम्भोग गर्न चाहन्छ त्यो पापी हो । तिमीले अरूसँग विवाह गरी मेरो मोद बढाऊ, तिम्रो दाजु म यम यस्तो अनैतिक कर्म गर्न चाहन्न ।' उक्त मन्त्रहरूको लाक्षणिक अर्थले पनि पुस्ता मिलाएर नै विवाह गर्नुपर्ने कुरा देखाउँछ ।

मातृष्वसृपितृष्वसृकन्याभिर्विवाहविचारः

मातृष्वसृसुतां केचित्पितृष्वसृसुतां तथा । विवहन्ति क्वचिद्देशे सङ्कोच्यापि सपिण्डताम् ।।

ति शातातपोक्तेश्च मातुलकन्योद्वाहः कार्यः । यद्यपि पितृष्वसृकन्योद्वाहोऽपि प्राप्तस्तथापि – **'अस्वर्ग्यं लोकविद्विष्टं र्ग्यमप्याचरेन्न तु'** इति निषेधाद्वचनान्तरेण तदुद्वाहस्याविधानाच्च न कार्यः । अयं तु दाक्षिणात्यशिष्टाचारात्कार्य

इति। न च पूर्वोक्तश्रुतीनामर्थवादमात्रता मानान्तरेणासिद्धौ 'उपरि हि देवेभ्यो धारयति' इतिवदनुवादानुपपत्या विधिकल्पनात्।

यत्तु शातातपः- **मातुलस्य सुतामूढ्वा मातृगोत्रां तथैव च। समानप्रवरां चैव त्यक्त्वा चान्द्रायणं चरेत्।।**

उद्वहेद् दक्षिणे विप्रो मातुलस्य च वै सुताम् । उत्तरे नोद्वहेद् विप्रो ह्येष धर्मः सनातनः ।।

फुपू आदिका छोरीसँग विवाहसम्बन्धमा विचार

कुनै विद्वान्ले 'बहिनीकी छोरी अथवा मामाकी छोरीसँग पनि विवाह गर्न हुन्छ' भनेका छन् । कुनै मानिस पिताकी दिदी-बहिनीका छोरीहरू अर्थात् पिताका भाञ्जीहरूसँग सपिण्डताको सङ्कोच गरेर विवाह गर्नुपर्ने कुरा बताउँछन् । मामाकी छोरीसँग विवाह गर्न हुन्छ भन्ने **शातातप**को भनाइ हो । यद्यपि आफ्ना फुपूकी छोरीका साथ पनि विवाह गर्न हुने कुरा ऋषिहरूको वचनबाट प्राप्त हुन्छ तापनि त्यो स्वर्गको साधक नहुने हुँदा र विद्वान्हरूबाट निन्दित भएको हुँदा यस्तो कर्म कसैले गर्न हुँदैन । कुनै ऋषिले गर्न हुने बताए पनि धेरै ऋषिहरूले विवाह नगर्नु भनेकाले यो कर्म गर्नु हुँदैन ।

दाक्षिणात्यहरूले आफ्नो परम्परागत शिष्टाचारको आधारमा जुन गर्दैआएका छन् त्यसबारे केही भन्नुछैन । तेस्रो पुस्ता वा चौथो पुस्तामा विवाह गर्नेछौं भन्ने **शतपथश्रुति**को वचन, **गर्भे नु नौ जनिता दम्पतीकः** - हामीले विश्वरूप दम्पति पैदा गर्नेछौं' भन्ने यमीको मन्त्रवर्ण र सानीआमा-ठूलीआमाका एवं फुपूका छोरीलाई सापिण्ड्य संकोच गरी विवाह गर्न हुन्छ भन्ने **शातातप**का वचन अर्थवाद होइनन् किनकि ती कुरा अरू प्रमाणबाट पनि सिद्ध भएका छन् । वर्तमान प्रसङ्गमा मामाकी छोरीसँग विवाह गर्ने कुरा प्रसङ्गले प्राप्त भएको कुरा होइन । त्यसो हुँदा यसलाई अर्थवाद भन्न मिल्दैन। **'उपरि हि देवेभ्यो धारयति'** अर्थात् परलोकको कर्म देवताहरूकै लागि गरिन्छ भन्ने वैदिकवाक्यअनुसार हवनको समयमा हवनका सामग्री र समिधा लिएर आवहनीय अग्निको नजिकै जान्छ त्यसबेला माथि दिइएको वाक्यद्वारा स्तवन गर्दछ । यहाँ त्यस्तो प्रसङ्ग नभएकाले मामाकी छोरीसँग विवाह गर्ने कुरालाई विधिवाक्य नै मान्नुपर्दछ ।

जुन **शातातप**ले भनेका छन् - मामाकी छोरीसँग विवाह मात्र गर्नुहुँदैन अपितु मामाको गोत्र र प्रवर भएका कन्याहरूसँग पनि विवाह गर्नुहुँदैन । यदि कसैले गर्छ भने त्यसले चान्द्रायणव्रत गर्नुपर्दछ । दक्षिणमा ब्राह्मणले मामाकी छोरीसँग विवाह गर्न हुन्छ तर उत्तरमा ब्राह्मणले मामाकी छोरीसँग विवाह गर्न हुँदैन, यो सनातन धर्म हो ।

यच्च मनुः - **पैतृष्वसेयीं भगिनीं स्वस्रीयां मातुरेव च । मातुश्च भ्रातुस्तनयां गत्वा चान्द्रायणं चरेत्।।**
एतास्तिस्रस्तु भार्यार्थे नोपयच्छेत बुद्धिमान् ।।

यच्च व्यासः - **मातुः सपिण्डा यत्नेन वर्जनीया द्विजातिभिः** । इति तद्गान्धर्वादिविवाहोढमातृविषयम् । तत्र पितृगोत्रानिरुक्तेः। अत एव मार्कण्डेयपुराणे - **गान्धर्वादिविवाहेषु पितृगोत्रेण धर्मवित्** इति ।

जुन **मनु**ले भनेका छन् - फुपूकी छोरी, सानीमा-ठूलीमाका छोरीहरू र मामाकी छोरीका साथ गमन गर्दा चान्द्रायणव्रत गर्नुपर्दछ । बुद्धिमान् मानिसले उक्त तीनथरि कन्याका साथ गमन गर्ने काम र भार्याको निमित्त प्राप्त गर्ने काम पनि गर्नुहुँदैन ।

फेरि **व्यास**ले जुन भनेका छन् - 'द्विजातिहरूले विवाह गर्दा माताका सपिण्डहरूसँग सम्बन्ध गाँस्न हुँदैन ।' **पराशर**का अनुयायी भन्दछन् - यो भनाइ गान्धर्व आदि विवाहविधिबाट विवाहित माताको विषयमा आधारित छ । गान्धर्व आदि विवाहद्वारा विवाहितमा पितृसापिण्ड्य हुन्छ । **मार्कण्डेयपुराण**मा भनिएको छ - गान्धर्व आदि विवाहमा धर्मको ज्ञाता मानिसले पिताको गोत्रलाई आधार बनाई असगोत्र कन्यासँग विवाह गर्नुपर्दछ ।

ब्राह्मादिविवाहे तु परिणेयैवेति । भट्टसोमेश्वरोऽपि तृतीयेऽध्याये वाक्यपादे मातुलकन्योद्वाहमुदाहृत्य स्मृतिविरोधेनाचारप्राप्तस्यास्य वार्तिके बाधोक्तावपि पूर्वोक्तश्रौतलिङ्गबलीयस्त्वादस्य कर्तव्यतामाह । तदेतद्दत्तकस्य पालकदत्रिममातृसोदरकन्याविषयत्वेनासवर्णमातुलकन्याविषयत्वेन युगान्तरपरत्वेन चोपपन्नमपि अविचारितमरणीयं यथा, तथास्तु, तथापि कलौ तावन्निषिद्धमेव । **'गोत्रान्मातुः सपिण्डाच्च विवाहो गोवधस्तथा'** इत्यादित्यपुराणात् ।

ब्राह्म आदि विवाहमा त शास्त्रीय विवाहविधि नै अपनाइने हुँदा मामाकी छोरीसँग विवाह गर्दा दोष लाग्दैन । **भट्ट सोमेश्वरले वाक्यपाद**को तृतीय अध्यायमा– मामाकी छोरीका साथ विवाहको प्रसङ्ग ल्याएर स्मृतिको विरोध देखाउँदै लोकको कुनै भागमा चलनचल्ती रहे तापनि यो नगर्ने कुरा हो भनिएको आए पनि श्रुतिमा देखाइएको प्रमाणको आधारमा श्रुति सबभन्दा बलियो हुने हुँदा मामाकी छोरीका साथ विवाह गर्नुपर्ने कुरा पनि देखाइएका छन् । तर यो आफ्नै पेटबाट जन्मिएका औरस पुत्रहरूको सम्बन्धमा नभएर दत्तक आदि एघार प्रकारका पुत्रहरूबाट जन्मिएका कन्याको विषयमा हुनाले अर्थात् असवर्ण मामाको कन्याको विषयमा हुनाले र कुनै–कुनै युगमा यसरी मामा आदिकी छोरीसँग विवाह पनि गरिने देखिएकाले उपयुक्त लागेतापनि अहिले विचार गर्दा विचार नपुऱ्याएर अनुभव गरिएको क्षणिक रमणीयतामात्र हो। शास्त्रको प्रमाणले युगान्तरमा ठीक देखिए पनि कलिमा भने वर्जित हुनाले यसरी विवाह गर्नु निषिद्ध छ । त्यसो हुँदा यस विषयमा विस्तार गर्नु आवश्यक छैन । **आदित्यपुराण**मा भनिएको छ – माताको गोत्रमा विवाह, सापिण्ड्यसम्बन्धमा विवाह र गोवधकलिमा वर्जित छन् ।

माधवीये बौधायनोऽप्यस्य निन्दामाह – **'पञ्चधा विप्रतिपत्तिर्दक्षिणतस्तथोत्तरत ऊर्णाविक्रयोऽनुपेतेन स्त्रिया च सह भोजनं पर्युषितभोजनं मातुलपितृष्वसृदुहितृपरिणयनम्'** इति । **'अथोत्तरतः सीधुपानादिकमुक्त्वा इतर इतरस्मिन् कुर्वन् दुष्यति इतर इतरस्मिन्'** इति ।

माधवीयमा **बौधायन**ले पनि यस्तो विवाहको निन्दा गर्दै – लोकमा पाँचप्रकारका विवादका विषय रहेको तथ्य यसरी खुलाइएका छन्– दक्षिणबाट उत्तरमा आई ऊन बेच्नु र उत्तरबाट दक्षिणमा गई ऊन बेच्नु, उपनयन संस्कार नगरिएका बालक र पत्नीसँग एउटै आसनमा बसेर भोजन गर्नु, बासी भोजन गर्नु, मामा र फुपूका छोरीहरूसँग विवाह गर्नु, उत्तरका मानिसहरूले रक्सी पिउनु र बेच्नु । ती सबै आ–आफ्नो देशमा ठीक मानिए तापनि अरू देशमा गएर गर्दा दूषित मानिएका छन् ।

भट्टसोमेश्वरेणापि स्मृतिविरुद्धानां मातुलकन्योद्वाहादीनामस्माद्वचनादप्रामाण्यमित्युक्तम् । बृहस्पतिरपि –
उदूह्यते दाक्षिणात्यैर्मातुलस्य सुता द्विजैः। मत्स्यादाश्च नराः पूर्वे, व्यभिचाररताः स्त्रियः।।
उत्तरे मद्यपाश्चैव स्पृश्या नृणां रजस्वलाः ।। इत्यनाचारत्वमाह । अत एव हेमाद्रौ मात्स्ये कर्णाटकादीनां त्कारिणां श्राद्धे निषेधः ।

भट्ट सोमेश्वरले मामाकी छोरीसँग विवाह गर्नुजस्ता कर्म **बौधायनस्मृति** आदिको विरुद्ध भएकाले अप्रामाणिक हुन्छ भनेका छन् ।[५७]

५७. हरिवंशमहापुराणमा श्रीकृष्ण र सत्यभामाको सगोत्रविवाहको चर्चा गर्दै श्रीकृष्ण नारायणका अंश भएकाले उहाँलाई सगोत्रविवाहजन्य दोष नलाग्ने कुरा प्रतिपादन गरिएको पाइन्छ । वस्तुतः भगवान् श्रीकृष्ण, अर्जुन, प्रद्युम्न आदिले मामाकी छोरी एवं फुपूकी छोरीहरूसँग गर्नुभएको विवाहलाई दुराचार भन्नु हुँदैन किनकि ती विवाह युगान्तरमा घटेका हुन् । अर्को कुरा सगोत्रविवाहको दोष जति ब्राह्मणलाई लाग्दछ त्यति क्षत्रिय आदिलाई लाग्दैन । फेरि भगवान् नारायणका अंश ती देवताले गरेको काम मनुष्यहरूका लागि अनुकरणीय पनि हुँदैन। **बौधायन**द्वारा भनिएको पनि छ – **अनुष्ठितञ्च यद् देवैर्मुनिभिर्यदनुष्ठितम्। नानुष्ठेयं मनुष्यैस्तत् तदुक्तं धर्ममाचरेत् ।।** अर्थात् देवता र मुनिहरूले जुन कुरा वैयक्तिक जीवनमा गर्दछन्, त्यसको अनुसरण मानिसहरूले गर्नुहुँदैन बरु उनीहरूले बताएअनुसार धर्मको पालन गर्नुपर्दछ । – निर्णयसिन्धु, कृष्णंभट्टीटीका ।

बृहस्पति भन्दछन् – दक्षिणका मानिसहरू मामाकी छोरीसँग विवाह गर्छन् । पूर्व देशका मानिसहरू माछा खान्छन् र नारीहरू व्यभिचार गरेर दिन बिताउँछन् । उत्तरदेशका मानिसहरू रक्सी खान्छन् र रजस्वला हुँदा पनि बार्दैनन् । यी सबै अनाचार हुन् । **हेमाद्रिमा मस्त्यपुराणको** वचन उद्धृत गर्दै भनिएको छ – कर्नाटकदेशका माछा–मासु खाने र व्यभिचार गर्ने ब्राह्मणहरूलाई श्राद्धमा निमन्त्रणा गर्न हुँदैन ।

मातुलकन्योद्वाहे दोषकथनम्

बोपदेवेनापि लिखितं ब्राह्मम् –

यत्र मातुलजोद्वाही यत्र वै वृषलीपतिः । श्राद्धं न गच्छेत्तद्विप्र ! कृतं यच्च निरामिषम् ।। इति ।

मामाकी छोरीसँग विवाह गर्दा दोष लाग्ने

बोपदेवद्वारा **ब्रह्मपुराणको** वचन उद्धृत गर्दै भनिएको छ– हे ब्राह्मण ! जुन ठाउँमा मामाकी छोरीसँग विवाह गर्ने मानिस हुन्छ र जुन ठाउँमा शूद्रा स्त्रीसँग विवाह गर्ने मानिस हुन्छ त्यस ठाउँमा गई ब्राह्मणले श्राद्ध गराउन हुँदैन । फेरि जुन श्राद्धमा स्मृतिविहित मांसको प्रयोग गरिँदैन त्यस्तो श्राद्धमा पनि ब्राह्मण सहभागी हुनुहुँदैन ।

मातृतः पञ्च पितृतः सप्त त्यक्त्वा कन्योद्वाहः

तस्मान्मातृतः पञ्च पितृतः सप्त त्यक्त्वोद्वहेदिति सिद्धम् । सम्बन्धविवेके सुमन्तुः –

ब्राह्मणानामेकपिण्डस्वधानामादशमाद्धर्मविच्छित्तिर्भवति, आसप्तमाद्रिक्थविच्छित्तिर्भवति । आतृतीयात्पिण्डविच्छित्तिः, अन्यथा पिण्डशौचक्रियाविच्छेदाद् ब्रह्महतुल्यो भवति ।।

अस्यार्थमाह शूलपाणिः – जीवत्पित्रादित्रिकस्य वृद्धप्रपितामहादयस्त्रयः श्राद्धदेवतात्वात्पिण्डभाजो भवन्ति, तदूर्ध्वं त्रयो नवपुरुषपर्यन्ता लेपभाजः, श्राद्धकर्ता च दशम इति दशमादूर्ध्वं सापिण्ड्यनिवृत्तिः । दशमादित्युपलक्षणम् । तेन पितृपितामहजीवने नवपुरुषपर्यन्तम्, पितृजीवने चाष्टपुरुषपर्यन्तं सापिण्ड्यमिति ज्ञेयम् । अपुत्रधनग्रहणे सन्निहिताभावे सप्तपुरुषपर्यन्तमधिकारः धनग्राहिणामारभ्य तृतीयः पौत्रः तदूर्ध्वं श्राद्धविच्छेदः । अन्यथा धनहारित्वेऽपुत्रश्राद्धाद्यकरणे ब्रह्महेत्यर्थः । आ तृतीयादित्यनूढकन्याविषयम्, **'अप्रत्तानां तु स्त्रीणां त्रिपुरुषी विज्ञायते'** इति वसिष्ठोक्तेः । एतच्चाशौचविषयं सापिण्ड्यम्, न तु विवाहादौ । तत्र पूर्वोक्तवचनैः पञ्चमत्वसप्तमत्वनियमादिति मेधातिथिप्रमुखा दाक्षिणात्याः । वाग्दानोत्तरमेतदिति शुद्धिविवेकः। मातृकुलविषयं कानीनकन्याविषयं चैतत् ।

साप्तपौरुष नियम

माथि विभिन्न आचार्यहरूका मतहरूको निचोड यही हो कि मातादेखि पाँचौं पुस्ता र पितादेखि सातौं पुस्ता छाडेर विवाहसम्बन्ध कायम गर्नुपर्दछ ।

सम्बन्धविवेकनामक ग्रन्थमा **सुमन्तुले** भनेका छन् – एक पिण्ड र स्वधा भएका ती ब्राह्मणहरूको दशपुस्तापछि धर्मसम्बन्ध समाप्त हुन्छ । सातौं पुस्तादेखि अंशको अधिकार समाप्त हुन्छ । तेस्रो पुस्तादेखि पिण्ड दिने काम समाप्त हुन्छ । यसको विपरीत आचरण गरियो भने पिण्ड, आशौच आदि क्रियामा व्यवधान पर्न जाने हुँदा व्यवधान गर्ने मानिस ब्रह्मघाती नै कहलाउँछ । उक्त सूत्रात्मक वाक्यको अर्थ गर्दै **शूलपाणि** भन्दछन् – जसका पिता आदि तीन अर्थात् पिता, पितामह, प्रपितामह जीवित छन् त्यसका निमित्त वृद्धप्रपितामह आदि तीनश्राद्धका देवता हुनाले पिण्डका भागी हुन्छन् ।

त्यसपछिका तीनपुस्ता लेपभागका अधिकारी हुन्छन् र श्राद्ध गर्ने मानिस दशौं पुस्ताको हुन्छ । यसप्रकार दशपुस्तापछिमात्र सापिण्ड्यको निवृत्ति हुन्छ । धनग्रहण गर्ने अर्थात् अंशको भाग लिनेहरूको सातपुस्तापछि अधिकारनिवृत्ति हुन्छ । धन ग्रहण गर्ने मानिसको तेस्रो पुस्तालाई पौत्र भनिन्छ, पौत्रपछि श्राद्धको विच्छेद हुन्छ । जुन कन्याको विवाह भएको छैन, तिनीहरूको सापिण्ड्य पनि तीनपुस्तासम्म रहन्छ – यो **वसिष्ठ**को भनाइ हो । ग्रन्थकार भन्दछन् – यसलाई आशौचविषयक सापिण्ड्य भन्नुपर्दछ विवाहविषयक होइन ।

माथि पाँचपुस्ता र सातपुस्ताको हामी चर्चा गर्दै आइरहेका छौं त्यो **मेधातिथि** आदि **दाक्षिणात्य ऋषिहरूको** मतअनुसार गरिएको हो । **शुद्धिविवेककार** भन्दछन् – 'सापिण्ड्यसम्बन्ध कन्याको वाग्दान गरेपछि आरम्भ हुन्छ ।' ग्रन्थकार भन्दछन् – तर यो भनाइ मातृकुलको सम्बन्धमा र संस्कार नगरिएकी कन्याबाट जन्मिएकी कन्याको सम्बन्धमा बुझ्नुपर्दछ अन्यथा तलको **कूर्मपुराण**को वचनसँग विरोध पर्न जानेछ ।

अन्यथा – **अप्रत्तानां तथा स्त्रीणां सापिण्ड्यं साप्तपौरुषम्। प्रत्तानां भर्तृसापिण्ड्यं प्राह देवः प्रजापतिः।।** इति कौर्मेण विरोधः स्यादिति रत्नाकरस्मृतितत्त्वादिगौडग्रन्थाः । युक्तं चैतत्, अन्यथा कन्योत्पत्तौ पुरुषत्रयपर्यन्तमेव सूतकं स्यान्नोर्ध्वम् । सापत्नमातामहकुले त्वाह मिताक्षरायां शङ्खः –

यद्येकजाता बहवः पृथक्क्षेत्राः पृथक्जनाः । एकपिण्डाः पृथक्शौचाः पिण्डस्त्वावर्तते त्रिषु।।

पृथक्क्षेत्राः भिन्नजातीयस्त्रीषु जाताः । पृथग्जनाः सजातीयभिन्नमातृषु जाताः । अत्र त्रिपुरुषं सापिण्ड्यमिति विज्ञानेश्वरो व्याचख्यौ । पृथ्वीचन्द्रोदये सापिण्ड्यदीपिकायां चैवम् । मदनपारिजाते तु पृथक्क्षेत्रजाः भिन्नमातृजाः, पृथग्जनाः भिन्नजातीयाः । एतद्विजातीयसापत्नमातृकुलविषयम् । इति वसिष्ठोक्तेः । सप्तमीमिति ब्राह्मणादीनां क्षत्रियादिदारोत्पन्नपितृकुलविषयं चेत्युक्तम्, तत्स्वकपोलकल्पितत्वात् ग्रन्थान्तरविरोधाच्च निर्मूलम्, **'पितृपत्न्यः सर्वा मातरः'** इत्युक्त्वा सुमन्तुना **'तदपत्यानि भागिनेयानि'** इति पृथङ्निषेधाच्च । अन्यथा सपिण्डत्वेन निषेधात् सपत्नमातुलत्वादिनिर्देशो व्यर्थः अत एव तेन स्मृतिकौमुद्यां सवर्णसापत्नमातामहकुलपरत्वेन तथैव शङ्खवचनं व्याख्यातम्। तेन वासिष्ठं **'पञ्चमीं सप्तमीमतीत्य'** इति व्याख्येयम् । तस्मात्प्राच्यैव व्याख्या युक्ता ।

प्रयोगरत्ने भट्टैः स्मृतितत्त्वादिगौडग्रन्थेषु च सपत्नमातामहकुले यावदुक्तं वाचनिकमेव सापिण्ड्यमुक्तम्।

कूर्मपुराणमा भनिएको छ – 'अप्रत्त अर्थात् विवाह नभएका नारीहरूको सापिण्ड्यसम्बन्ध सातपुस्तासम्म रहन्छ। विवाहित स्त्रीहरूको सापिण्ड्यसम्बन्ध आफ्ना पतिको सापिण्ड्यमा जोडिन आउँछ भन्ने कुरा प्रजापतिले भनेका छन् ।' यसको विपरीत भयो भने यस कूर्मपुराणको वचनसँग विरोध हुन आउँछ भन्ने कुरा **रत्नाकर, स्मृतितत्त्वादि गौडग्रन्थ**हरूले भनेका छन् । यो उचित पनि हो । कन्याको उत्पत्ति हुँदा तीनपुस्तासम्म मात्र सूतक हुन्छ त्योभन्दा पछि रहँदैन ।

आफ्नी सौतेनी माताका पिता अर्थात् सापत्न मातामह तिनका कुलको विषयमा **मिताक्षरा**मा **शङ्ख**ले भनेका छन्– बाबु एउटै भए तापनि दुईप्रकारका अथवा धेरै प्रकारका आमाहरूबाट उत्पन्न छोराहरूको पितृकुलको सापिण्ड्य रहन्छ र मातृकुलको सापिण्ड्य सौतेनीपट्टिका अरू भाइहरूलाई रहँदैन । पिण्ड भने उनीहरूले आ–आफ्ना मातामहका तीनपुस्ताका पितृहरूलाई छुट्टाछुट्टै दिने गर्दछन् ।

भिन्न–भिन्न माताहरूमा उत्पन्न भएकालाई पृथक्जन भनिन्छ । **विज्ञानेश्वर**ले भनेका छन् – यिनीहरूको तीनपुस्तासम्म सापिण्ड्य रहन्छ । **पृथ्वीचन्द्रोदय र सापिण्ड्यदीपिका**मा पनि यही कुरा गरिएको छ । **मदनपारिजात**मा **पृथक्क्षेत्राः**

पदको अर्थ अलग–अलग आमाहरूबाट उत्पन्न भएका भन्ने गरिएको छ र यसैगरी **पृथक्जनाः** यस पदको अर्थ भिन्न–भिन्न जातिका आमाहरूबाट उत्पन्न भन्ने अर्थ हुन्छ । यो वर्णन सौतेनी माताको कुलसँग आधारित हो । आफ्नै वर्णकी सौतेनी आमाको कुलमा चारपुस्तासम्म सापिण्ड्य हुन्छ ।

वसिष्ठले – 'मातादेखि पाँचौं पुस्ता र पितादेखि सातौं पुस्ता भनेका छन् । यो पितादेखि सातौं पुस्ता भन्ने अर्थमा सातौंको अर्थ ब्राह्मण आदिबाट क्षत्रिय आदि पत्नीमा उत्पन्न पिताको वंशलाई लिएर भनिएको हो, तर यो कपोलकल्पित र अप्रामाणिक भएकाले हेय छ ।' **सुमन्तु** भन्दछन् – एउटा छोराको निमित्त पिताले विवाह गरेर ल्याएका अथवा ल्याइते रूपमा भित्र्याएका सबै पिताका पत्नीहरू आमा हुन्छन् । तिनीहरूका छोरीहरूका छोरा भानिज हुन्छन् भनी त्यसकारण वैवाहिकसम्बन्ध कायम गर्न निषेध गरिएको छ । त्यसकारण सौतेनी आमाको वंशलाई आफ्नी आमाको वंशभन्दा फरक देख्नु हुँदैन । सापिण्ड्यसम्बन्ध नरहँदा त्यो कुलसँग अनर्थपूर्ण वैवाहिकसम्बन्ध कायम हुने भय हुन्छ । यसैले **स्मृतिकौमुदीमा** सवर्ण, सापत्न माताको जुन मातृकुल छ त्यो पितृकुल समान छ भन्ने कुरा **शङ्ख**को वचनद्वारा बताइएको छ । **वसिष्ठले** भने पाँचपुस्ता नाघेपछि छैठौं पुस्ता र सातपुस्ता नाघेपछि आठौं पुस्तामा विवाहसम्बन्ध कायम गर्नुपर्दछ भन्ने अर्थ गरेका छन्। यसकारण प्राचीन ऋषिहरूको व्याख्या उचित मान्नुपर्दछ । **प्रयोगरत्नमा** भट्टहरूले र **स्मृतितत्त्व** आदि गौडग्रन्थहरूमा गौडहरूले सपत्न मातामह कुलमा वचनद्वारा नै सापिण्ड्य हुने कुरा बताएका छन्।

यथाह सुमन्तुः – 'मातृपितृसम्बद्धा आ सप्तमादविवाह्या भवन्ति, आ पञ्चमादन्येषां पितृपत्न्यः सर्वा मातरस्तद्भ्रातरो मातुलास्तद्भगिन्यो मातृष्वसारस्तद्दुहितरश्च भगिन्यस्तदपत्यानि भागिनेयानि, अन्यथा सङ्करकारिणः स्युस्तथाध्यापयितुरेतदेव' इति । आ पञ्चमादिति मातृकुले त्रिगोत्रान्तरितविषयं वेति प्राच्याः ।

मात्स्ये – **समानप्रवरा चैव शिष्यसन्ततिरेव च । ब्रह्मदातुर्गुरोश्चैव सन्ततिः प्रतिषिध्यते ।।**

तद्भगिन्यो मातृष्वसार इति तु आकरे न पठितम् । क्वचिद्वचनादविवाहः । यथा गृह्यपरिशिष्टे – **अविरुद्धसम्बन्धामुपगच्छेत** इत्युक्त्वा विरुद्धसम्बन्धः स्वयमेवोक्तः । यथा – **भार्यास्वसुर्दुहिता पितृव्यपत्नी स्वसा च** इति ।

सुमन्तुले भनेका छन् – माता र पितासँग सम्बन्ध राख्ने परिवारमा सातपुस्तासँग विवाह हुँदैन र अरूको हकमा पाँचपुस्तासम्म विवाह हुँदैन । पिताका सबै पत्नीहरू आमा हुन् । ती आमाहरूबाट जन्मिएका दाजु–भाइ हुन् । सौतेनी आमाका दाजुभाइ सबै मामा हुन् । तिनका बहिनीहरू आमाका बहिनीहरू हुन् । फुपू र ठूलीआमा, सानीमाका छोरा–छोरीहरू दाइ–भाइ हुन् । यसरी मानेर व्यवहार गर्नुपर्छ । अन्यथा आफ्नै नातामा सम्बन्ध कायम हुन जाँदा वर्णसंकरदोष आइलाग्नेछ । अध्ययन–अध्यापन गर्ने गराउने गुरु–शिष्य परम्परामा पनि यही नियम लागु हुन्छ । प्राचीन विद्वान्हरूले पाँचपुस्तासम्म विवाह हुँदैन भनेर माताको वंशमा तीनगोत्र पार भएपछिमात्र विवाह हुन्छ भनेका छन् । एउटै प्रवर भएका कुलको सन्तान, शिष्यको सन्तान, गायत्री मन्त्र सुनाउने गुरुको सन्तानसँग विवाह निषिद्ध हुन्छ । तिनका बहिनी, तिनीपट्टिका फुपूहरूको विषयमा आकरग्रन्थहरूमा केही भनिएको छैन । तर, **क्वचित्** भन्ने शब्द परेकाले तिनीहरूसँग पनि विवाह हुँदैन ।

गृह्यपरिशिष्टमा भनिएको छ – जुन कुलमा विवाह गर्दा कुनै विरोध हुँदैन त्यसै कुलका कन्याहरूसँग विवाह गर्नुपर्दछ। पत्नीका दिदी–बहिनीका छोरीहरू र आफ्नी कान्छी आमाकी बहिनीसँग सम्बन्ध कायम गर्ने कुरा पनि स्वतः विरुद्ध हुन्छ ।

बौधायनः – **मातुः सपत्न्या भगिनीं तत्सुतां च विवर्जयेत् । (पितृव्यपत्न्या भगिनीं तत्सुतां च विवर्जयेत् ।)** अतो मातृष्वसुः सापत्नपुत्रकन्याप्यविवाह्या । **'सापत्नमातृकुलजाम्'** इति मदनपारिजातोक्तेरिति केचित् । केचित्तु–

'ज्येष्ठो भ्राता पितुः समः' इति मनूक्तेस्तत्पत्न्या मातृत्वात्तत्पितुर्मातामहत्वाज्ज्येष्ठभ्रातृपत्नीभगिनी न विवाह्या ।

बौधायनले भनेका छन् – आमाकी सौताकी बहिनी र तिनकी छोरीसँग पनि विवाह गर्न हुँदैन । यसैगरी आमाकी बहिनीकी सौताकी छोरी पनि विवाह योग्य हुँदिनन् ।

मदनपारिजातमा भनिएको छ – आमाकी सौताको मातृकुलमा उत्पन्न भएका कन्याहरूको त्याग गर्नुपर्दछ । कोही भन्छन् – जेठा दाजु पितासमान हुन्छन् । यो भनाइबाट जेठी भाउजू आमासमान हुन्छिन् । उनका पिता पूज्य मातामहवर्गमा पर्ने हुँदा भाउजूकी बहिनी पनि विवाहयोग्य हुँदिनन् ।

तथा– **उत्पादकब्रह्मदात्रोर्गरीयान् ब्रह्मदः पिता** । इति मनूक्तेर्गुरुणा त्रिपुरुषं सापिण्ड्यम्, सखापि निर्वाप्यः, अतस्तेषां कन्या नोद्वाह्याः ।

गायत्र्या उपदेष्टुश्च कन्यां नैवोद्वहेद् द्विजः । गुरोश्च कन्यां शिष्यो वा तत्सन्तत्यापि नेष्यते ।।

पुरुषत्रयपर्यन्तं भ्रात्रादेर्नैतदिष्यते । वाक्सम्बन्धकृतानां तु स्नेहसम्बन्धभागिनाम् । विवाहोऽत्र न कर्तव्यो लोकगर्हा प्रसज्यते । इति वचनाच्चेत्याहुः । तत्र मूलं चिन्त्यम् ।

मनुले भनेका छन् – आफूलाई जन्माउने पिता र वेदमन्त्र पढाउने गुरु यी दुईभन्दा ब्रह्मज्ञान दिने अथवा वेदको ज्ञान दिने पिता उत्तम मानिएको छ । यसैले गुरुका साथ तीनपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहन्छ । यसैगरी मित्रसँग पनि त्यही सम्बन्ध रहन्छ । यसकारण गुरु र मित्रको तीनपुस्तासम्म विवाह हुनसक्दैन । त्यसो हुँदा तिनकी कन्याहरू आफ्नो कुलमा विवाहयोग्य हुँदैनन् । द्विजले गायत्री उपदेश गर्ने गुरुकी छोरीसँग विवाह गर्न हुँदैन । गायत्री उपदेश नदिए तापनि चौधविद्या र चौंसठ्ठीकलामध्ये कुनै विद्या र केही कला पढाउने अध्यापककी कन्यासँग पनि विवाह गर्न हुँदैन । आफ्ना शिष्य र शिष्यका सन्तानसँग पनि विवाहसम्बन्ध कायम गर्न हुँदैन । तीनपुस्तासम्म गुरुभाइकी कन्याका सन्ततिसँग विवाह वर्जित गरिएको छ । कसैले थाहा नपाएर वाग्दान गरेता पनि वर-कन्यामा परस्पर प्रेम भएतापनि लोकमा निन्दा हुने कारणबाट विवाह गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – यस वचनको मूल चिन्तनीय छ ।

दत्तकविषये

दत्तकविषये तूच्यते । तत्र गौतमः – **'ऊर्ध्वं सप्तमात्पितृबन्धुभ्यो बीजिनश्च मातृबन्धुभ्यः पञ्चमात्'** इति । बन्धुग्रहणान्न दत्तकमात्रपरमिदम्, किन्तु सन्तानेऽपि । एतत् क्षेत्रजादिसर्वद्व्यामुष्यायणपरमिति हरदत्तः।

दत्तकपुत्रको विषयमा

अब दत्तकका विषयमा विचार गरिन्छ । **गौतमले** भनेका छन् – सातपुस्तासम्म पिताका बन्धुहरू र पाँचपुस्तासम्म माताका बन्धुहरू नाघेर दत्तकले विवाह गर्नुपर्दछ । यहाँ बन्धुशब्दको ग्रहणबाट सन्तान भन्ने अर्थ पनि बुझ्नुपर्दछ । **हरदत्तले** भनेका छन् – जहाँ क्षेत्रज भन्ने शब्द आउँछ त्यसबाट दुइटा गोत्र हुने द्व्यामुष्यायणको ग्रहण गरिन्छ ।

अत्र स्मृतिचन्द्रिका – **'नियोगात् य उत्पादयति तस्माद्बीजिनोप्यूर्ध्वं सप्तमादित्यर्थः'** इति । दत्तकस्य जनकविषयमेतदिति सापिण्ड्यमीमांसायाम् । तेन दत्तकस्य जनककुले साप्तपौरुषं जननीकुले पाञ्चपौरुषं सापिण्ड्यम्, दत्तक्रीतादिपुत्राणां बीजवप्तुः सपिण्डता। **'सप्तमी पञ्चमी चैव गोत्रित्वं पालकस्य च'** इति बृहन्मनूक्तेः, **'बीजिनश्च'**

इति गौतमोक्तेश्च । पालकपितृकुले तु पञ्चपुरुषम्, पालकमातृकुले त्रिपुरुषम् । तथा चापरार्के पैठीनसिः – **'त्रीन् मातृतः पञ्च पितृतः पुरुषानतीत्योद्वहेत्'** इति । एतत्स एव व्याचख्यौ – 'दत्तकादीन् पुत्रान् पितृपक्षतो निवृत्त-पिण्डगोत्रार्षेयान् प्रत्येतदुच्यते पञ्च पितृत इति, नान्यान् प्रति' इति ।

स्मृतिचन्द्रिकामा भनिएको छ – जसले आफ्नी पत्नीमा अरू पुरुषलाई आज्ञा दिएर नियोगविधिद्वारा सन्तान उत्पन्न गर्छ त्यसले जसको वीर्य आफ्नी पत्नीको गर्भमा नियोगद्वारा परेको छ त्यस मानिसको सातपुस्तासम्म विवाह गर्न हुँदैन। **सापिण्ड्यमीमांसा** ग्रन्थमा दत्तक पुत्रका उत्पादक पिताको विषयमा पनि यही कुरा भनिएको छ । यसकारण दत्तकको जनककुलमा सातपुस्तासम्म र मातृकुलमा पाँचपुस्तासम्म सापिण्ड्य हुन्छ ।

बृहन्मनुले भनेका छन् – दत्तक, क्रीत आदि पुत्रहरूलाई पैदा गर्ने पिताहरूको सपिण्डता सात र पाँचपुस्तासम्म हुन्छ। दत्तक आदि पुत्रहरूको गोत्र त आफूलाई पैदा गर्ने पिताको नभएर आफूलाई पालन गर्ने पिताको हुन्छ ।

गौतमले भनेका छन् – जसको वीर्यबाट ती पैदा भएका हुन् त्यसैको सापिण्ड्य मान्नुपर्दछ । पालन गर्ने पिताको कुलमा पाँचपुस्तासम्म र पालन गर्ने माताको कुलमा तीनपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहन्छ ।

पैठीनसिले भनेका छन् – माताबाट तीनपुस्ता र पिताबाट पाँचपुस्ता पार भएपछि मात्र विवाह गर्नुपर्दछ । यो सबै दत्तक आदि पुत्रको विषयमा हो । उनले दत्तक आदि पुत्रहरूको पिताको पक्षबाट सापिण्ड्य निवृत्त भएपछि मात्र विवाह हुनसक्ने कुरा आफ्नो व्याख्यामा उल्लेख गरेका छन् । पालक पिताबाट पाँचपुस्ता नाघेपछि मात्र दत्तकपुत्रले विवाह गर्न हुन्छ । अरू क्रीतपुत्र आदिको विषयमा त्यहाँ केही पनि बताइएको छैन ।

यत्तु वृद्धगौतमः – **स्वगोत्रेषु कृता ये स्युर्दत्तक्रीतादयः सुताः ।**
विधिना गोत्रमायान्ति न सापिण्ड्यं विधीयते ।।
यच्च वसिष्ठः – **अन्यशाखोद्भवो दत्तः पुत्रश्चैवोपनायितः ।**
स्वगोत्रेण स्वशाखोक्तविधिना स्यात्स्वशाखभाक् ।। इति ।

वृद्धगौतमले भनेका छन् – दत्तक, क्रीत आदि पुत्रहरू विधिपूर्वक आफ्नै गोत्रमा पर्न आउँछन् । त्यसो हुँदा उनीहरूको सापिण्ड्यको चर्चा आवश्यक छैन । **वसिष्ठले** भनेका छन् – अरू शाखामा उत्पन्न भएका दत्तक पुत्र आफ्नो शाखाको विधिद्वारा उपनयनसंस्कार गरेपछि आफ्नै गोत्र र आफ्नै शाखामा सामेल हुन आउँछन् ।

यच्च नारदः – **धर्मार्थं वर्द्धिताः पुत्रास्तत्तद्गोत्रेण पुत्रवत् । अंशपिण्डविभागित्वं तेषु केवलमीरितम्।।**
तत्पालककुले साप्तपौरुषं सापिण्ड्यं नेत्येवं परं न तु सर्वथा सापिण्ड्यनिषेधपरमिति सापिण्ड्यमीमांसायाम्। मदनपारिजातादपि दत्तकानुप्रवेशेऽल्पं सापिण्ड्यं प्रतिभाति । तथाहि, तेन त्रीनतीत्येत्युदाहृत्य यस्य माता दत्तपुत्री प्रतिगृहीत्रा पुत्रीकृता तस्याः प्रतिगृहीतृकुले त्रीनतीत्येति, पञ्च पितृत इति यस्य दत्तपुत्रः पिता तस्य दत्तस्य यज्जनककुलं तद्विषयमित्युक्तम् । वस्तुतस्तु पूर्ववचसां महानिबन्धेषु क्वाप्यनुपलम्भादपरार्कादि-लिखनाभावात् पूर्वोक्तव्यवस्थायाश्च प्रातिभज्ञानतुल्यत्वाद्यैरेतल्लिखितं तेषामेव शोभते ।

नारदले भनेका छन् – धर्मदृष्टि राखेर पालन गरिएका पुत्रहरू आफ्नै गोत्रका पुत्रसरह अंशका हकदार हुन्छन् र तिनीहरूले पालन गर्ने धर्मपितालाई विधिपूर्वक पिण्डदान गर्नुपर्दछ । पालकवंशमा सातपुस्तासम्म सापिण्ड्य हुँदैन भन्ने

एउटा वचन छ । तर यस वचनको विश्लेषण गर्दै विद्वान्‌हरूले भनेका छन् – सापिण्ड्य हुँदैन भन्नु एकपक्षीय कुरा हो । कुनै अवस्थामा सातपुस्तासम्म पनि सापिण्ड्य हुनसक्छ ।

मदनपारिजातग्रन्थमा भनिएको छ – 'पछिबाट त्यो कुलमा प्रवेश भएका कारण दत्तकपुत्रको अल्पसापिण्ड्य हुन्छ । तीनपुस्ता नाघेर भन्नुको अर्थ जसरी आमा दत्तककी छोरी हुन्छिन्, ग्रहण गर्नेले उनलाई छोरी मानेका हुन्छन्, दत्तकवंशकाले ग्रहण गर्ने मानिसको वंशमा ३ पुस्ता छाडेर विवाह गर्न हुन्छ । यसको तात्पर्य के हो भने तीनपुस्ता छाडेर दत्तकका सन्तानले पालकका सन्तानसँग विवाह गर्न हुन्छ। पिताको पाँचपुस्तासम्म सम्बन्ध कायम गर्न हुँदैन भनेर जुन कुरा गरिएको छ त्यो दत्तकलाई जन्माउने बाबुको कुलसँग सम्बन्धित विषय हो भन्नु पर्दछ ।' सिद्धान्त कुरा के हो भने पहिले बताइएका ठूला **निबन्धग्रन्थ**हरूमा यस्तो चर्चा नभएकाले **अपरार्क** आदि ग्रन्थहरूमा पनि यसको चर्चा नभएकाले र भ्रमजनक ज्ञानजस्तो भएकाले जसले माथिका नियमहरू बताएका छन् त्यो अरूमा लागु हुँदैन र जसले नियम बताएका छन्, तिनलाई मात्र त्यो सुहाउँछ ।

मम तु पालककुले एकपिण्डदानक्रियान्वयिस्वरूपं साप्तपौरुषमेव सापिण्ड्यम् । 'बीजिनश्च' इति गौतमोक्तेर्जनककुलेऽपि तावदेव 'त्रीन् मातृतः' इत्यादि तु सवर्णसापत्नमातृकुलपरम्, 'यद्येकजाता बहवः' इति शाङ्खैकवाक्यत्वादिति युक्तं प्रतिभाति । अत एवास्य द्व्यामुष्यायणत्वं हेमाद्रिप्रवरमञ्जरीवृत्तिकृन्नारायणादिभिरुक्तम् ।

मेरो मत यो छ कि पालककुलमा एकपिण्डदान-क्रियामा अन्वित हुने सातपुस्तासम्म सापिण्ड्य रहन्छ भने बीजदाता जनकको कुलमा पनि सातैपुस्तासम सापिण्ड्य कायम रहन्छ भन्ने कुरा **गौतम**ले भनेका छन् । मातृकुलसँग तीनपुस्तामात्रै सापिण्ड्य हुन्छ भन्ने वचन पनि आएका छन् । ती वचन सौतेनी आमाको मातृकुलसँग सम्बन्धित हुन् । एउटैबाट जन्मिएका धेरै छोरा भन्ने शङ्ख ऋषिको एकवाक्यताबाट पनि माथि भनेको कुरा प्रमाणित हुन्छ । दुईपिताबाट जन्मिएका दत्तक आदि पुत्रहरूमा दुवैतर्फ सातपुस्तासम्म सापिण्ड्य रहने कुरा **हेमाद्रि**, **प्रवरमञ्जरी**, वृत्तिकार **नारायण** आदिले बताएका छन् ।

भट्टसोमेश्वरेणापि **'पृथायाः कुन्तिभोजस्य पालककन्यात्वेऽपि ऊर्ध्वं सप्तमात्पितृबन्धुभ्यो बीजिनश्च'** इति गौतमोक्तेर्दत्त्रिमायाः पृथायाः जनकस्य शूरसेनस्य कुलेऽपि साप्तपौरुषं पालककुलेऽपि तावदेव सापिण्ड्यमुक्तम् **'अपि वा कारणाग्रहणे'** (जै.सू. ४/१/३-५) इत्यत्र ।

भट्ट सोमेश्वरले भनेका छन् – कुन्ती कुन्तिभोजकी पालित कन्या भएतापनि उनके आफ्ना पितृबन्धुबाट सातपुस्तासम्म र आफूलाई जन्माउने जनकबाट सातपुस्तासम्म सापिण्ड्य रहने कुरा **गौतम**ले भनेकाले पालक र बीजदाता दुवै पक्षसँग सातपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहने कुरा स्पष्ट हुन्छ । यस उदाहरणबाट कुन्तीको कुन्तिभोज र शूरसेनको कुलसँग समानरूपमा सापिण्ड्य रहेको कुरा स्पष्ट हुन्छ । उक्त चर्चाको तात्पर्य के हो भने जन्माउने कुल र पालन गर्ने कुल दुवैको सापिण्ड्यसम्बन्ध समान हुन्छ भन्ने नै हो । उक्त विषय **जैमिनिसूत्रको अपि वा कारणाग्रहणे** (४/१/३-५) सूत्रमा पनि बताइएको छ ।

सापिण्ड्यदीपिकायां तु दत्तक्रीतादीनां जनकगोत्रेणोपनयने कृते जनककुले साप्तपौरुषं सापिण्ड्यम्, पालकमातापितृकुले त्रिपुरुषम्, पिण्डनिर्वापान्निर्वाप्यलक्षणं त्रिपुरुषं सापिण्ड्यम्, पालकगोत्रेणोपनयने तत्कुले साप्तपौरुषमित्युक्तम् । तत्र,

चूडोपायनसंस्कारा निजगोत्रेण वै कृताः । दत्ताद्यास्तनयास्ते स्युरन्यथा दास उच्यते ।।

इति कालिकापुराणादुपनयनान्तरं दत्तकनिषेधात् । त्रिपुरुषमित्यत्रापि मूलं मृग्यमित्यलं बहुना ।

सापिण्ड्यदीपिकामा भनिएको छ– पैदा गर्ने गोत्रका पिताद्वारा दत्तक, क्रीत आदि छोराहरूको उपनयन गरिएमा पैदा गर्ने पिताको वंशसँग सातपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहन्छ र पालक माता–पिताको कुलमा तीनपुस्तासम्म सापिण्ड्य रहन्छ । तर, पालक गोत्रमा उपनयन गरियो भने त्यसको सातपुस्तासम्म नै सापिण्ड्य हुन्छ भनिएको छ तर हामीलाई यो कुरा उचित लाग्दैन । पालकगोत्रमा नै आएर चूडाकर्म र उपनयन गरिएमा ती पुत्रहरू दत्तक कहलाउँछन्। पालक वंशमा उपनयन, चूडाकर्म गरिएन भने तिनीहरू दास कहलाउँछन् भन्ने कुरा **कालिकापुराण**मा बताइएको छ । यसबाट उपनयनपछि आफ्ना जन्म दिने बाबुलाई छोडेर पालन गर्ने बाबुका घरमा दत्तकपुत्रका रूपमा रहने कुरा निषिद्ध छ । फेरि तीनपुस्तासम्म सापिण्ड्य रहन्छ भन्ने कुरा पनि कुनै प्रमाणद्वारा प्रमाणित भएको छैन । अतः यस्तो अप्रामाणिक वचनको विषयमा धेरै शब्द खर्च गर्नु पनि आवश्यक हुँदैन ।

मातृपितृद्वारकसापिण्ड्यवतीनां कन्यानामियं सङ्ख्या रामवाजपेयिनोक्ताः –

उद्वोढुः पितरौ पितुश्च पितरौ तज्जन्मकृद्दम्पती द्वन्द्वं तस्य चतुष्कमष्ट च ततोऽप्यस्य क्रमात् षोडश।
वंशारम्भकदम्पतीप्रमितिरित्यासप्तकक्षं रदा एकैकान्वयकन्यकाः पितृकुले त्वासप्तकक्षं ब्रुवे ।।

राम वाजपेयीले माता र पिताबाट सापिण्ड्यसम्बन्ध हुने कन्याहरूको संख्या यसरी बताएका छन् – वरका माता–पिता दुई, ती दुवैलाई जन्म दिने माता–पिता चार, ती चारैका माता–पिता आठ, ती आठैका माता–पिता सोह्र, ती सोह्रका माता–पिता बत्तीस, ती बत्तीसकै प्रत्येक वंशका सातपुरुषसम्मका कन्यालाई हामी सपिण्ड भन्दछौं, यही वंशको आरम्भको प्रमाण हो ।

यद्यप्येकस्य बहवः सुताः स्युस्तदपीह तु । सम्बन्धसाम्यादेकैव गणितेत्यवधार्यताम् ।।
एकस्मान्मिथुनात्सुतोऽथ दुहिता द्वन्द्वद्वयं तद् द्वयात् तस्माद् द्वन्द्वचतुष्कमष्ट च ततोऽतः षोडशातो रदाः।।
यावत्सप्तमकक्षमग्निऋतवः कन्या इहैकान्वये ता दन्तैर्गुणिता रसैकखदृशो वंशे सपिण्डाः पितुः ।।
मातुर्जन्मददम्पती च मिथुनं द्वन्द्वं तयोः सागराः तस्याः पञ्चमकक्षमश्वमितिरित्येकान्वयः पुंसुते ।
द्वन्द्वाद् द्वन्द्वयुगं ततोऽब्धय इतोऽष्टौ पञ्चकक्षं शरक्षोण्यः सप्तगुणाः शराभ्रविधवो मातुः सपिण्डाः कुले।।
कुलद्वयस्य कन्यकायुता मिथः सपिण्डकाः । हिमांशुदृग्धरादृशो विवाहकर्मवर्जिताः ।। इति ।

एतच्च सर्ववर्णसाधारणम्, सर्वत्र सापिण्ड्यसद्भावादिति विज्ञानेश्वरोक्तेः ।

यद्यपि एउटा मानिसका धेरै छोरी हुनसक्छन् । तर यहाँ चर्चा गर्दा सम्बन्ध समान भएकाले जति छोरी भए पनि एउटैको गणना गरिएको हो भन्ने कुरा बुझ्नुपर्दछ । सर्वप्रथम एकजोडा त्यो जोडाबाट उत्पन्न पुत्र र पुत्री – यसलाई दोस्रो स्थानमा राखिन्छ। तेस्रो स्थानमा ती पुत्र र पुत्रीका छोरा र छोरी गरी दुइटा युगल हुन्छन् । चौथो स्थानमा ती दुईयुगलबाट चारयुगल पैदा हुन्छन्। पञ्चम स्थानमा चारयुगलबाट आठयुगल पैदा हुन्छन् । छैठौं स्थानमा आठयुगलबाट १६ युगल पैदा हुन्छन् । सातौं स्थानमा १६ युगलबाट पैदा भएका ३२ युगल हुन्छन् । यस रीतिबाट अन्वय गर्दै जाँदा सातौं पुस्तासम्म ६३ कन्या हुन्छन् । यी सबैलाई ३२ ले गुणा गर्दा २०१६ जना कन्या पिताको वंशमा सपिण्ड हुन्छन् ।

प्रथम वर – १, वरका माता–पिता–२, तेस्रो पिँढीमा वरकी माताका माता–पिता, उक्त क्रमले चौथो स्थानमा दुईयुगल, पञ्चम स्थानमा चारयुगल, यस रीतिबाट माताको पाँचौं पुस्तासम्म सातयुगल हुन्छ । यसलाई पुरुषपक्षमा वंश भनिन्छ भने माताको कुलमा सपिण्ड भनिन्छ ।पहिलो युगल हामीले लिइसकेका छौं । यसैले एउटै युगलको अन्वय पुत्र

र कन्याको रूपमा लिइन्छ । यसरी एकयुगलबाट दुईयुगल त्यसबाट चारयुगल त्यसबाट आठयुगल गर्दा पाँचपुस्तासम्म १५ युगल हुन्छन् । त्यसलाई ७ ले गुणा गर्दा वरका माताको कुलका सपिण्डी १०५ जना हुन्छन् ।

मातृकुल र पितृकुलका कन्याहरूलाई परस्पर मिलाएर गणना गर्दा २१२१ सपिण्ड हुन्छन् । यी सबै सपिण्ड विवाहमा वर्जित छन् । **विज्ञानेश्वर**ले भनेका छन् – यो गणना गरेर यति हुन्छन् भन्ने कुरा सर्वसाधारण हो । यत्तिका लामो हिसाब गर्नुभन्दा सातपुस्ता र पाँचपुस्तासम्म सापिण्ड्य रहन्छ भनिदिए हुन्छ ।

पञ्चमात्सप्तमादूर्ध्वं मातृतः पितृतः क्रमात् । सपिण्डता निवर्तेत सर्ववर्णेष्वयं विधिः ।।

इति हरनाथधृतदेवलवचनाच्च । सम्बन्धतत्त्वे सुमन्तुः – **'पितृष्वसृसुतां मातृष्वसृसुतां मातुलसुतां मातृसगोत्रां समानार्षेयीं विवाह्य चान्द्रायणं चरेत्परित्यज्यैनां मातृवद्बिभृयात्'** इति दिक् । ऋषेरिमार्षं प्रवरः, गोत्रं प्रसिद्धम्, समाने आर्षगोत्रे यस्य तस्माज्जाता या न भवति ताम् ।

हरनाथद्वारा उद्धृत **देवल**को वचनमा भनिएको छ – माताबाट पाँचपुस्तापछि र पिताबाट सातपुस्तापछि सापिण्ड्यसम्बन्ध समाप्त हुन्छ । यो सबै वर्णहरूको विधि हो ।

सम्बन्धतत्त्वमा सुमन्तुले भनेका छन् – पिताका दिदी–बहिनीका छोरीहरू, आमाका दिदी–बहिनीका छोरीहरू, मामाकी छोरी, मामाको समान गोत्र भएका र समान प्रवर भएका बन्धुहरूको परिवारमा विवाह गरियो भने चान्द्रायण गर्नुपर्दछ र विवाह गरिएकी कन्यालाई पत्नीको सट्टा आमाको व्यवहार गरेर आजीवन पालन–पोषण गर्नुपर्दछ । **'समानार्षेयीं'** पदको व्याख्या गर्दै भनिएको छ – ऋषिको सम्बन्ध भएका कारण प्रवरलाई आर्ष भनिन्छ र गोत्र त प्रसिद्ध नै छ । यसकारण समान प्रवर र गोत्रमा जो उत्पन्न भएकी छन् ती समानार्षेयी भइन् । विवाह गर्दा यसको विपरीत असमानार्षेयी अर्थात् गोत्र र प्रवर समान नभएकी कन्यासँग विवाह गर्नुपर्दछ ।

सङ्क्षेपेण गोत्रप्रवरनिर्णयः

अथ सङ्क्षेपेण गोत्रप्रवरनिर्णयः । तौ च भिन्नौ निषेधे निमित्तम्, 'सगोत्राय दुहितरं न प्रयच्छेत्' इत्यापस्तम्बोक्तेः, **'असमानप्रवरैर्विवाहः'** इति गौतमोक्तेश्च ।

संक्षेपमा गोत्र-प्रवर निर्णय

अब संक्षेपमा गोत्र र प्रवरको निर्णय गरिन्छ । गोत्र र प्रवर भिन्न भएकाले निषेध गर्ने प्रसङ्गमा दुवैको उल्लेख गरिएको हो । **आपस्तम्ब**ले भनेका छन् – आफ्नी कन्या समानगोत्र भएका वरलाई दिन हुँदैन । यसैगरी **गौतम**ले भनेका छन् – आफ्नी कन्या समानप्रवर भएका वरलाई दिन हुँदैन ।

गोत्रलक्षणम्

तत्र गोत्रलक्षणमाह प्रवरमञ्जर्यां बौधायनः –

विश्वामित्रो जमदग्निर्भरद्वाजोऽथ गौतमः । अत्रिर्वसिष्ठः कश्यप इत्येते सप्त ऋषयः ।।

सप्तानामृषीणामगस्त्याष्टमानां यदपत्यं तद् गोत्रम् ।। इति ।

यद्यपि केवलभार्गवेष्वार्ष्टिषेणादिषु केवलाङ्गिरसेषु च हारीतादिषु च नैतत्, भृग्वङ्गिरसोरुक्तेष्वनन्तर्गतेः, तथाप्यत्रेष्टापत्तिरेवेति केचित् अत एव स्मृत्यर्थसारे प्रवरैक्यादेवात्राविवाह उक्तः । यद्यपि वसिष्ठादीनां न गोत्रत्वं

युक्तम्, तेषां सप्तर्षित्वेन तदपत्यत्वाभावात्, तथापि तत्पूर्वभाविवसिष्ठाद्यपत्यत्वेन गोत्रत्वं युक्तम् । अत एव पूर्वेषां परेषां चैतद् गोत्रम् । अत्र विशेषोऽस्मत्कृते प्रवरदर्पणे ज्ञेयः ।

गोत्रलक्षण

प्रवरमञ्जरीमा **बौधायन**ले गोत्रको लक्षण गर्दै भनेका छन् कि विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वसिष्ठ र कश्यप यी सातऋषि हुन् । यी ऋषिहरूका साथै आठौं ऋषि अगस्त्यका जति सन्तान संसारमा फैलिएका छन्, तिनलाई गोत्र भनिन्छ । यद्यपि भार्गव, आष्टिर्षेण आदिमा आङ्गिरसमा र हारीत आदिमा सप्तर्षिको सन्ततिसम्बन्ध रहेको छैन । भृगु र आङ्गिरस पनि सातऋषिको वर्गमा पर्दैनन् । यहाँ इष्टापत्ति के हुन्छ भने गोत्र र प्रवरको एकतामा विवाहको निषेध गरिएको छ, अब माथि बताइएका ऋषिहरूको सातऋषिसँग सम्बन्ध छैन । त्यसो हुँदा ती ऋषिका सन्तान गोत्र र प्रवरभित्र पर्छन् कि पर्दैनन् ? किनकि सातऋषि र आठौं अगस्त्यको सन्तानमा मात्र गोत्रत्व रहेको हुनाले ती गोत्र र प्रवरबाट वर्जित ऋषि हुने भए । यसमा के गर्नुपर्दछ ? यसको उत्तरमा ग्रन्थकार भन्दछन् – उक्त ऋषिहरू सबै प्राचीन **वसिष्ठ** आदिका सन्तान हुनाले तिनलाई वसिष्ठ आदिका गोत्रसँग समान मानेर व्यवहार गर्नु उचित हुन्छ । यस सम्बन्धमा मैले बनाएको **प्रवरदर्पण**नामक पुस्तकबाट पनि धेरै कुरा जान्न सकिन्छ ।

प्रवरपरिचयः

प्रवरास्तु प्रवरणानि प्रवराः । कल्पकारा हि वासिष्ठेति होता, **'वसिष्ठवदित्यध्वर्युः'** इत्यादिना येषां प्रवरणमामनन्ति ते प्रवराः । तच्च वरणं यद्यपि गोत्रभूतस्यापि क्वचिद् दृश्यते तथापि पूर्ववदृषिभेदो द्रष्टव्यः। अन्यथा तेषां त्र्यार्षेये **'एकार्षे'** इत्यादिनिर्देशानुपपत्तेः । अन्ये तु तद्गोत्राणां त्र्यार्षेय इति भेदमाहुरिति दिक् ।

तत्त्वं तु गोत्रभूतस्य पितृपितामहप्रपितामहा एव प्रवराः । **'पितैवाग्रेऽथ पुत्रोऽथ पौत्रः'** इति शतपथश्रुतेः, **'परं परं प्रथमम्'** इत्याश्वलायनोक्तेश्च ।

प्रवरपरिचय

उत्तम प्रकृतिको वरणलाई प्रवर भनिन्छ अर्थात् जसलाई उत्तम पात्र मानेर यज्ञमा वरण गरिन्छ तिनलाई प्रवर भन्दछन् । अर्को अर्थमा अग्निप्रार्थनालाई पनि प्रवर भनिएको छ । **कल्पसूत्र**मा **कल्पसूत्र**का कल्पकार, होता र अध्वर्युको नामबाट जसको वरण गरिन्छ ती प्रवर हुन् भनिएको छ । **कल्पसूत्र**मा **आश्वलायन**हरूको मन्त्र छ – **'अग्ने महाँ असि ब्राह्मण भारत'** इत्यादि र **'अग्निर्देवो होता देवान्'** इत्यादि यी दुईमध्ये पहिलो मन्त्र होता र दोस्रो अध्वर्युको मन्त्र हो । यसमा वसिष्ठ हुन्छन् । वसिष्ठसमान अध्वर्युले अग्निको प्रार्थना गर्दछ । आदिशब्दबाट भार्गव, च्यवन, आप्तवान्, और्व, जामदग्नि आदि होताको ग्रहण गरिएको छ । जुन ऋषिहरूले अग्निप्रार्थना गरेका थिए तिनको परम्परा नै प्रवर हो । कहीँ कहीँ यो प्रवरलाई गोत्रका रूपमा पनि लिएको देखिन्छ । तर, गोत्र नभएर प्रवरको अर्थ ऋषिभेद नै हो। एउटै वसिष्ठमा पनि वसिष्ठ, वृद्ध वसिष्ठ र युवा वसिष्ठ आदि भेद रहेका हुन्छन् । अन्यथा युवा वसिष्ठका तीनप्रवर र अरू कुनैको एकप्रवर हुन्छ भन्ने भनाइ असङ्गत हुनेछ । वस्तुतः यही नै उत्तम मार्ग हो । ग्रन्थकार भन्दछन् – एउटा गोत्रको मानिसका लागि पिता, पितामह र प्रपितामह यी प्रवर हुन् । तीनप्रवरमध्ये पहिलो पिताको, दोस्रो पितामहको र तेस्रो प्रपितामहको प्रतीक मानिएको हुन्छ । शतपथश्रुति अनुसार – पहिलो पिता, दोस्रो पुत्र र तेस्रो पौत्र हुन्छ । **आश्वलायन**ले पनि पछिल्लो प्रथम हुन्छ भनेका छन् ।

अत्र विशेषमाह बौधायनः –

एक एव ऋषिर्यावत्प्रवरेष्वनुवर्तते । तावत्समानगोत्रत्वमन्यत्रभृग्वाङ्गिरसां गणात् ।।[५८] इति ।

स्मृत्यर्थसारे – **व्रियमाणतया वापि सत्तया वाऽनुवर्तनम् । एकस्य दृश्यते यत्र तद्गोत्रं तस्य कथ्यते।।**

भृग्वाङ्गिरोगणेषु चु माधवीये स्मृत्यन्तरे –

पञ्चार्षे त्रिषु सामान्यादविवाहस्त्रिषु द्वयोः । मृग्वङ्गिरोगणेष्वेवं शेषेष्वेकोऽपि ज्ञेयम् ।।

शेषगोत्रेष्वेको समानः प्रवरो विवाहं वारयेदित्यर्थः । बौधायनोऽपि – भृग्वङ्गिरसावधिकृत्य '**द्व्यार्षेयसन्निपातेऽविवाहस्त्र्यार्षेयाणाम्, त्र्यार्षेयसन्निगतेऽविवाहः, पञ्चार्षेयाणाम्**' इति । भृग्वङ्गिरोगणेष्वपि जमदग्निगौतम–भरद्वाजेष्वेकप्रवरसाम्ये सर्वेषामप्यसाम्ये वा सगोत्रत्वादेवाविवाह इति दिक् ।

बौधायनले भनेका छन् – प्रवरहरूमा एउटा ऋषिको नाम हुन्छ भने त्यही नामसमानकै गोत्र हुन्छ । नामसमानको गोत्र भएन भने त्यो भृगु र आङ्गिरसको वर्गमा रहेको हुन्छ । **स्मृत्यर्थसार**मा भनिएको छ – वरण गर्नाले अथवा नामबाट जहाँसम्म एउटै ऋषिलाई विभिन्नकर्ममा प्रयोग गरिन्छ त्यसलाई गोत्र भन्दछन् ।

माधवीयमा भनिएको छ – भृगु र अङ्गिरागणमा पाँचप्रवर भएका मानिसहरूको तीनप्रवर भएका मानिसहरूसँग समानता देखिएमा तीनप्रवर भएका मानिसहरूको दुईप्रवर भएका मानिसहरूसँग पनि समानता देखिएमा विवाह हुँदैन । यो कुरा भृगु र अङ्गिरागणमा लागु हुन्छ । अन्यत्र त एउटै प्रवरमा पनि समान प्रवर भएकासँग विवाहको निषेध गरिएको छ ।

बौधायनले भृगु र अङ्गिरालाई आधार बनाएर भनेका छन् – 'दुई प्रवर भएका मानिसको तीनप्रवर भएका मानिसका कुनै दुईप्रवरसँग समानता भएमा विवाह हुँदैन । यस्तै किसिमबाट तीनप्रवर हुने मानिसको पाँचप्रवर हुने मानिसका कुनै तीनप्रवरसँग समानता रहेमा विवाह हुँदैन ।' भृगु, अङ्गिरा, जमदग्नि, गौतम र भारद्वाज यिनमा एउटा प्रवर समान भएमा पनि परस्पर विवाह हुँदैन र प्रवर असमान हुँदा यदि गोत्र समान हुन्छ भने पनि परस्पर विवाह हुँदैन ।

गोत्रप्रवरनिरूपणम्

अत्र गोत्राणि प्रवराश्चोच्यन्ते । तत्र बौधायनः –

गोत्राणां तु सहस्राणि प्रयुतान्यर्बुदानि च । ऊनपञ्चाशदेवैषां प्रवरा ऋषिदर्शनात् ।।

अत्र **सप्त भृगवः** । वत्सा विदा आर्ष्टिषेणा यास्कामित्रयुवो वैन्याः शुनका इति । वत्सानां भार्गवच्यावनाप्नावानौर्वजामदग्न्येति, भार्गवौर्वजामदग्न्येति वा, भार्गवच्यावनाप्नवानेति वा । **विदानां पञ्च**– भार्गवच्यावनाप्नवानौर्ववैदेति भार्गवौर्वजामदग्न्येति वा । एतौ द्वौ जामदग्न्यसंज्ञौ आर्ष्टिषेणानां भार्गवच्यावनाप्नवानार्ष्टिषेणानूपेति, भार्गवार्ष्टिषेणानूपेति वा एषां त्रयाणां परस्परमविवाहः । वात्स्यानां भार्गवच्यावनाप्नवानेति । वत्सपुरोधसयोः पञ्च । भार्गवच्यावनाप्नवानवात्सपौरोधसेति। वैजवनिमतिथयोः पञ्च । भार्गवच्यावनाप्नवानबैजमतिथेति । एते त्रयः क्वचित् । एषामपि पूर्वैरविवाहः । अत्र तत्तद्गणस्था ऋषयोऽन्यश्च विशेषो मत्कृते प्रवरदर्पणे ज्ञेयः ।

यास्कानां भार्गववैतहव्यसावेतसेति मित्रायुवां भार्गवदाध्रश्वदैवोदासेति, भार्गवच्यावनदैवोदासेति वा, बाध्रश्वेत्येको वा । वैन्यानां भार्गववैन्यपार्थेति । एत एव श्वैताः । शुनकानां शुनकेति वा । गार्त्समदेति वा भार्गवगार्त्समदेति द्वौ वा । भार्गवशौनहोत्रगार्त्समदेति त्रयो वा । वेदविश्वज्योतिषां भार्गववेदवैश्वज्योतिषेति । शाठरमाठराणां भार्गवशाठरमाठरेति ।

५८. तावत् समानगोत्रत्वं त्यक्त्वा भृग्वङ्गिरोगणम् – यस्तो पाठ हुनु उचित देखिन्छ ।

एतौ द्वौ क्वचित् । यास्कादीनां स्वगणं त्यक्त्वा सर्वैर्विवाहः । तदुक्तं स्मृत्यर्थसारे-

यास्का मित्रयुवो वैन्याः शुनकाः प्रवरैक्यतः। स्वं स्वं हित्वा गणं सर्वे विवहेयुः परावरैः।। इति।

गोत्र र प्रवरको निरूपण

अब हामी गोत्र र प्रवर बताउँदैछौं । **बौधायन**ले भनेका छन् – गोत्र त हजार, दशलाख त के कुरा अरबौं छन् । ती अरबौं गोत्रमध्ये ४९ प्रमुख गोत्र छन् । तिनलाई ऋषिहरूले दर्शन गरेका छन् । वस्तुतः ८ ऋषिका सन्तान नै गोत्र कहलाउँछन्।

१. भृगुगोत्रनिरूपण

४९ प्रमुख गोत्रमध्ये भृगुको सन्तानका सातगण छन् । ती गण पनि गोत्र नै हुन् । ती यसप्रकार छन् – वत्स, विद, आर्ष्टिषेण, यास्क, मित्रयुव, वैन्य र शुनक । यी प्रत्येक गणभित्र फेरि उपगण र गोत्र हुन्छन् ।

१. **वत्सहरू** (जामदग्न्यहरू) – यस गणभित्र मार्कण्डेय, माण्डूकेय, माण्डव्य आदि ७६ गोत्र छन् । तिनैलाई वत्स भनिन्छ । वत्सहरूमा केही पाँचप्रवर र केही तीनप्रवर छन् । भार्गव, च्यावन, आप्नवान, और्व, जामदग्न्य यी पाँचप्रवर हुन् अथवा भार्गव, और्व, जामदग्न्य यी तीनप्रवर पनि छन् । त्यसैगरी भार्गव, च्यावन, आप्नवान गरी अरू तीनप्रवर पनि रहेका छन् । (**कात्यायन, लौगाक्षिसूत्र** आदिमा दार्भ्य आदि ५४ गोत्र, **मस्त्यपुराण**मा नाडायन आदि ४२ गोत्र र अन्यत्र बलभृत् आदि २२ गोत्रसमेतलाई वत्सवर्गमा राखिएको छ ।)

(वत्सगणअन्तर्गतकै वात्स्य गणमा – भार्गव, च्यावन, आप्नवान गरी तीनप्रवर, वत्सपुरोधाअन्तर्गत – भार्गव, च्यावन, आप्नवान, वत्सपौरोधस गरी पाँचप्रवर । वत्स गणअन्तर्गत वैजमथित गणमा – भार्गव, च्यावन, आप्नवान, वैज र मथित गरी पाँचप्रवर हुन्छन् । यी तीनगण निर्णयसिन्धुमा निर्देश गरिएभन्दा अधिक छन् । यिनीहरूको वत्सगण, विदगण र आर्ष्टिषेण गणका मानिसहरूसँग विवाह हुँदैन ।)

२. **विदहरू** (जामदग्न्यहरू) – यस गणअन्तर्गत **बौधायन**ले बताएका विदस, ऐल आदि १३ गोत्र रहेका छन् । तिनका प्रवर यसप्रकार छन् – भार्गव, च्यावन, आप्नवान, और्व, वैद गरी पाँचप्रवर, अथवा भार्गव, और्व, जामदग्न्य गरी तीनप्रवर यी दुवै समूह जामदग्न्य कहलाउँछन् । (**कात्यायन**ले बताएका पौलस्त्य आदि आठगोत्र र **मस्त्यपुराण**मा बताइएका जमदग्नि आदि चारगोत्रलाई पनि विदको समूहमा राखिएको छ ।)

३. **आर्ष्टिषेण** (केवल भृगु) – आर्ष्टिषेण गोत्र हुने वर्गमा नैरथ्य आदि ९ गोत्र हुनेहरू पनि सम्मिलित हुन्छन् । तिनीहरूलाई आर्ष्टिषेण भनिन्छ। तिनीहरूमध्ये कसैको भार्गव, च्यावन, आप्नवान, आर्ष्टिषेण र अनूप गरी पाँचप्रवर रहेका छन् भने केही समूहको भार्गव, आर्ष्टिषेण र अनूप गरी तीनप्रवर रहेका छन् । (**कात्यायन**का मतमा नैकषि आदि ६ गोत्र, **मस्त्यपुराण**मा बताइएका भृगु, अन्दीय आदि पाँचगोत्रलाई समेत आर्ष्टिषेण भनिन्छ ।) वत्स, विद र आर्ष्टिषेणहरूको समान प्रवर भएकाले परस्पर विवाह हुँदैन । वात्स्यहरूका भार्गव, च्यावन, आप्नुवान गरी तीनप्रवर हुन्छन् । वत्स र पुरोधाका पाँचप्रवर हुन्छन् – भार्गव, च्यावन, आप्नुवान, वात्स्य र पौरोधस । वैजवनि र मतियका पाँचप्रवर हुन्छन् – भार्गव, च्यावन, आप्नुवान, वैज र मतिय । कहीँ यिनलाई तीनप्रवरवाला पनि मानिएको छ । यिनीहरूको परस्पर विवाह हुँदैन । यहाँ ती–ती गणका ऋषि र प्रवरसम्बन्धमा मैले बनाएको प्रवरदर्पणबाट जान्न सकिन्छ ।

४. **यास्क** (केवल भृगु) – यास्क गोत्र हुने वर्गअन्तर्गत मौन, मूक, वाधुल इत्यादि २६ गोत्र भएकालाई पनि सम्मिलित गराइन्छ । तिनीहरूका भार्गव, वैतहव्य, सावेदस गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**ले बताएका वाधुल आदि ११ लाई र **मस्त्यपुराण**मा बताइएका वीत, हव्य आदि २६ लाई पनि यास्कसमूहमा राखिएको छ ।)

५. **मित्रयु** (केवल भृगु) – मित्रयु गोत्र हुने वर्गअन्तर्गत रौक्यायण, नाशार्य, इजनगेष्टायन आदि १५ गोत्रलाई पनि

सम्मिलित गराइन्छ । तिनीहरूका भार्गव, दाध्यश्व, दैवोदास गरी तीनप्रवर हुन्छन् अथवा भार्गव, च्यवन, दैवोदास गरी तीनप्रवर हुन्छन् अथवा दाध्यश्व एकप्रवर हुन्छ । (**कात्यायन**अनुसार आश्वलायन आदि ९ गोत्र र **मस्त्यपुराण** अनुसार शालायनि आदि ४ गोत्रलाई पनि मित्रयुवर्गमा राखिएको छ ।)

६. **वैन्य** (केवल भृगु) – वैन्यगोत्र हुने वर्गअन्तर्गत पार्थ, वाक्सल, श्येत गरी तीनगोत्र पनि पर्दछन् । तिनीहरूका भार्गव, वैन्य र पार्थ गरी तीनप्रवर हुन्छन् । यिनैलाई श्वेत पनि भनिन्छ ।

७. **शुनक** (केवल भृगु) – शुनकवर्गमा याज्ञप्य आदि **कात्यायन**ले बताएका १० गोत्र, **मस्त्यपुराण**मा भनिएका शाक्त्यायन, श्रोण्यसनक आदि गोत्रहरू भएका मानिस पनि शुनक कहलाउँछन् । तिनीहरूको एकप्रवरमात्र शौनक पाइन्छ अथवा गार्त्समद भन्ने एकप्रवर पनि पाइन्छ अथवा भार्गव–गार्त्समद गरी दुईप्रवर पनि पाइन्छन् अथवा भार्गव, शौनहोत्र र गार्त्समद गरी तीनप्रवर पनि पाइन्छन् ।

शुनकगणअन्तर्गत वेदविश्वज्योतिष र शाठरमाठर नामक दुइटा गण अन्यत्र उल्लेख गरिएका पाइन्छन् । तीमध्ये वेदविश्वज्योतिषअन्तर्गत भार्गव, वेद, वैश्वज्योतिष गरी तीनप्रवर र शाठरमाठर गणअन्तर्गत – भार्गव, शाठर, माठर गरी तीनप्रवर हुने कुरा बताइएको छ । कहीँ दुईप्रवर पनि मानिएको छ । यास्क आदिको आफ्नो गण छाडी सबैका साथ विवाह हुन्छ । यसै तथ्यलाई **स्मृत्यर्थसार**मा स्पष्ट गर्दै भनिएको छ – यास्क, मित्रयुव र शुनकले एउटै प्रवर भएका कारण आ–आफ्नो गण छाडी अन्य प्रवरहरूमा विवाह गर्नुपर्दछ ।

आङ्गिरसगोत्रनिरूपणम्

अथाङ्गिरसः । ते गौतमाः, भारद्वाजाः, केवलाङ्गिरसश्चेति त्रिधा । अत्र गौतमा दश – आयास्याः, शरद्वन्ताः, कौमण्डाः, दीर्घतमसः, औशनसाः, कारेणुपालेयाः, राहूगणाः, सोमराजकाः, वामदेवाः, बृहदुक्थ्याश्चेति । तत्रायास्यानामाङ्गिरसायास्यगौतमेति । शरद्वतानामाङ्गिरसगौतमशारद्वतेति । कौमण्डानामाङ्गिरससौतथ्यकाक्षीवतगौतमकौमाण्डेति वा, आङ्गिरसायास्यौशिजगौतमकाक्षीवतेति वा, आङ्गिरसौतथ्यगौतमौशिकाक्षीवतेति वा, आङ्गिरसौशिजकाक्षीवतेतित्रयो वा । दीर्घतमसामाङ्गिरसौतथ्यकाक्षीवतगौतमदैर्घतमसेति, आङ्गिरसौतथ्यदैर्घतमसेति त्रयो वा । औशनसानामाङ्गिरसगौतमौशनसेति त्रयः । कारेणुपालेयानामाङ्गिरसगौतमकारेणुपालेति त्रयः । राहुगणानामाङ्गिरसराहूगणगौतमेति । सोमराजकानामाङ्गिरससोम–राजकगौतमेति । वामदेवानामाङ्गिरसवामदेव्यगौतमेति । बृहदुक्थानामाङ्गिरसबार्हदुक्थगौतमेति, आङ्गिरसवामदेवबार्हदुक्थेति वा । उतथ्यानामाङ्गिरसौतथ्यगौतमेति । औशिजानाम् – 'आङ्गिरससौशिजकाक्षीवत' इत्यापस्तम्बः, आङ्गिरसायास्यौशिज–गौतमकाक्षीवत्' इति कात्यायनः । एतौ द्वौ क्वचित् । राघुवानामाङ्गिरसराघुवगौतमेति केचित् । तत्र मूलं चिन्त्यम् । एषां सर्वेषां गौतमानामविवाहः ।

आङ्गिरसगोत्रको निरूपण

आङ्गिरसगोत्रअन्तर्गत तीनगण रहेका छन् – गौतम, भारद्वाज र केवलाङ्गिरस । यस अनुच्छेदमा तीनगणमध्ये गौतमगणका भेदहरूको निरूपण गरिँदैछ – आयास्य, शरद्वान्, कौमण्ड, दीर्घतमा, औशनस, कारेणुपालेय, राहूगण, सोमराजक, वामदेव र बृहदुक्थ्य गरी दशथरि गोत्रका मानिस गौतमगणका मानिएका छन् ।

आयास्य – ओणी, चेषक, वाक्षि, मूढरथ आदि २० गोत्रका मानिसहरूलाई आयास्य भनिन्छ । ती आयास्यहरूका आङ्गिरस, आयास्य र गौतम गरी तीनप्रवर हुन्छन् ।

शरद्वान् – अभिजिति, रौहिण्य, क्षीरकरम्भ आदि ९ गोत्रका मानिसलाई शरद्वान् भनिनछ । तिनीहरूलाई

समूहमा भन्दा शारद्वतः भनिन्छ । तिनीहरूका आङ्गिरस, गौतम र शारद्वत गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**को भनाइअनुसार तौलेय आदि ३५ गोत्र र **मस्त्यपुराण**मा बताइएका उतथ्य आदि ३० गोत्रसमेतलाई शरद्वान् भनिन्छ।

कौमण्डगण – यसअन्तर्गत महामन्थ, रेषण, मासुर, अक्षक, अष्टरेभ्य आदि ७ वर्ग छन् । तिनीहरूको आङ्गिरस, औतथ्य, काक्षीवत, गौतम र कौमण्ड गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, आयस्य, औशिज, गौतम, काक्षीवत गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, औतथ्य, गौतम, औशिज, काक्षीवत गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, औशिज, काक्षीवत गरी तीनप्रवर हुन्छन् ।

दीर्घतमा – दीर्घतमावर्गका मानिसहरूको आङ्गिरस, औतथ्य, काक्षीवत, गौतम र दैर्घतमा गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, औतथ्य र दैर्घतमा गरी तीनप्रवर हुन्छन् ।

औशनस – यस वर्गमा विशि आदि सातगोत्र रहेका छन् । तिनीहरूको आङ्गिरस, गौतम, औशनस गरी तीनप्रवर हुन्छन् ।

कारेणुपालेय – यसअन्तर्गत वास्तव्य आदि ६ गोत्र हुन्छन् । तिनीहरूको आङ्गिरस, गौतम र कारेणुपालेय गरी तीनप्रवर हुन्छन् ।

राहूगण – राहुगणका मानिसहरूको आङ्गिरस, राहूगण र गौतम गरी तीनप्रवर हुन्छन् ।

सोमराजक – सोमराजक गोत्र भएका मानिसहरूको आङ्गिरस, सोमराजक र गौतम गरी तीनप्रवर हुन्छन् ।

वामदेव – यसअन्तर्गत वामदेव गोत्र भएका मानिसहरूको आङ्गिरस, वामदेव्य र गौतम गरी तीनप्रवर हुन्छन् ।

बृहदुक्थ – यस अन्तर्गत आङ्गिरस, बार्हदुक्थ्य र गौतम गरी तीनप्रवर हुन्छन् अथवा आङ्गिरस, वामदेव्य र बार्हदुक्थ्य गरी तीनप्रवर हुन्छन् । कहीँ कहीँ उतथ्य, औशिज र राघुवनामक तीनगण अधिक उल्लेख गरिएको पाइन्छ।

उतथ्य – यस अन्तर्गत – उतथ्यगोत्रका मानिसहरूका आङ्गिरस, औतथ्य र गौतम गरी तीनप्रवर हुन्छन् ।

औशिज– यस अन्तर्गत – औशिजगोत्रका मानिसहरूका आङ्गिरस, औशिज र काक्षीवत गरी तीनप्रवर हुन्छन् भन्ने कुरा **आपस्तम्ब**ले बताएका छन् । **कात्यायन**ले भने आङ्गिरस, आयास्य, औशिज, गौतम र काक्षीवत गरी पाँचप्रवर हुन्छन् भनेका छन् ।

राघुव – यिनीहरूका आङ्गिरस, राघुव र गौतम गरी तीनप्रवर हुन्छन् भनी कसैले बताएका छन् तर यसको प्रमाण भेटिएको छैन । सगोत्री भएकाले यिनीहरूको परस्परमा विवाह हुँदैन । माथि बताएका सबै गण र उपगण आङ्गिरसगोत्रअन्तर्गत मानिएका छन् ।

भरद्वाजगोत्रनिरूपणम्

अथ भरद्वाजाः । ते चत्वारः – भरद्वाजाः गर्गाः, ऋक्षाः, कपय इति । भरद्वाजानामाङ्गिरसबार्हस्पत्य–भारद्वाजेति त्रयः । गर्गाणामाङ्गिरसबार्हस्पत्यभरद्वाजसैन्यगार्ग्येति पञ्च, आङ्गिरससैन्यगार्ग्येति वा । अन्त्ययोर्व्यत्ययो वा, भरद्वाजगार्ग्यसैन्येति वा । गर्गभेदानामाङ्गिरसतैत्तिरकापिभुवेति । ऋक्षाणां कपिलानां चाङ्गिरसबार्हस्पत्यभरद्वाजवान्दनमातवचसेति पञ्च, आङ्गिरसवान्दनमातववसेति त्रयो वा । कपीनामाङ्गिरसमहीयवौरुक्षयसेति । आत्मभुवामाङ्गिरसभारद्वाजबार्हस्पत्यमन्त्र–वरात्मभुवेति पञ्च । अयं क्वचित् । भरद्वाजानां सर्वेषामविवाहः ।

भरद्वाजगोत्रको निरूपण

आङ्गिरस गोत्रभित्रका गणमध्ये दोस्रो गणमा पर्ने भरद्वाजहरू चारप्रकारका हुन्छन् – भरद्वाज, गर्ग, ऋक्ष र कपि। (काम्यायण, मङ्गदेव, अश्व आदि गरी ८० किसिमका भारद्वाजहरू हुन्छन् । **कात्यायन**को मतानुसार मार्कण्डेय आदि ४४

गोत्र, **आपस्तम्ब**ले बताएका कृक्क र ऊर्जायन, **मस्त्यपुराण**ले बताएका शिलातल्य आदि १६ लाई पनि भारद्वाजवर्गअन्तर्गत राखिन्छ ।) भरद्वाजहरूका आङ्गिरस, बार्हस्पत्य र भारद्वाज गरी तीनप्रवर हुन्छन् ।

गर्ग – यस वर्गमा साम्भरायण, सखीन आदि २२ गोत्रका गर्गहरू हुन्छन् । तिनीहरूको आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, शैन्य र गार्ग्य गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, शैन्य र गार्ग्य गरी तीनप्रवर हुन्छन् अथवा आङ्गिरस, गार्ग्य, शैन्य गरी तीनप्रवर हुन्छन् अथवा भारद्वाज, गार्ग्य र शैन्य गरी तीनप्रवर हुन्छन् । तित्तिरि, कापिभुव, स्वन्दिति, खण्डित आदि गर्गहरूका भेद रहेका छन् । गर्गका भेदहरूको आङ्गिरस, शैन्य, गार्ग्य गरी तीनप्रवर हुन्छन् भन्ने कुरा **कात्यायन**ले भनेका छन्। आङ्गिरस तैत्तिरि, कापिभुव गरी तीनप्रवर हुन्छन् भन्ने कुरा **मस्त्यपुराण**मा बताइएको छ । **कात्यायन**को मतमा कालायन आदि १८, **मस्त्यपुराण**को मतमा सभाराटि आदि ४० गोत्रलाई पनि गर्गवर्गमा राखिएको छ ।

ऋक्ष – यस वर्गमा **कात्यायन**ले बताएका रौक्षायण आदि ९ गोत्र रहेका छन् । तिनीहरूका आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, वान्दन, मातवचस गरी पाँचप्रवर हुन्छन् अथवा आङ्गिरस, वान्दन, मातवचस गरी तीनप्रवर हुन्छन् ।

कपि – यस वर्गमा वैतल आदि ९ गोत्र रहेका छन् । तिनीहरूका – आङ्गिरस, महीयव, औरुक्षयस गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**को मतमा तरी आदि १५ गोत्र, तरस्वद् आदि ६ गोत्रको हिरण्यकेशिसूत्रमा अधिक गणना गरिएको छ । **मस्त्यपुराण**मा कपैत आदि १२ गोत्रलाई पनि कपिवर्गमा राखिएको छ ।)

आत्मभू – यस वर्गमा आत्मभूगोत्र भएका मानिसहरूको आङ्गिरस, भारद्वाज, बार्हस्पत्य, मन्त्रवर, आत्मभू गरी पाँचप्रवर हुन्छन् । कहीँ कहीँ त आत्मभूगणको पनि चर्चा गरिएको छ । यी सबै भारद्वाजहरूको परस्परमा विवाह हुँदैन। **बौधायन**ले यिनीहरूको विवाह हुँदैन भनेका छन् । भारद्वाज, आरस, कपि, गर्ग, रौक्षायण यी चारसमूहलाई पनि भरद्वाजअन्तर्गतै राखिएको छ भन्ने कुरा स्मृत्यर्थसारमा लेखिएको छ । यिनीहरूको गौतम आदिहरूका साथ दुई अथवा तीनप्रवरको समानता नहुनाले र समान गोत्र नहुनाले पनि विवाह हुन्छ ।

केवलाङ्गिरसगोत्रनिरूपणम्

अथ केवलाङ्गिरसः । (ते च षट् – हारीताः, कृत्साः, काण्वाः, रथीतराः, मुद्गलाः, विष्णुवृद्धाश्चेति) । हारीतानामाङ्गिरसाम्बरीषयौवनाश्वेति । आद्यो मान्धाता वा । कुत्सानामाङ्गिरसमान्धातृकौत्सेति । कण्वानामाङ्गिरसा-जमीढकाण्वेति । आङ्गिरसघोरकाण्वेति वा । रथीतराणामाङ्गिरसवैरूपराथीतरेति, आङ्गिरसवैरूपपार्षदश्वेति वा, अष्टादंष्ट्रपार्षदश्ववैश्वरूपेति वा, अन्त्ययोर्व्यत्ययो वा । मुद्गलानामाङ्गिरस (भार्म्यार्श्वमौद्गल्येति, आद्यस्तार्क्ष्यो वा, आङ्गिरसतार्क्ष्यमौद्गल्येति वा । विष्णुवृद्धानामाङ्गिरस-) पौरुकुत्स्यत्रासदस्यवेति । एषां स्वगणं विहाय सर्वैर्विवाहो भवति । हारितकुत्सयोस्तु न भवति ।

केवलाङ्गिरसगोत्रको निरूपण

आङ्गिरस गोत्रअन्तर्गतको तेस्रो गण केवलाङ्गिरसभित्र पनि छवटा छुट्टै गोत्र हुने छवटै गण रहेका छन् – हारीत, कुत्स, कण्व, रथीतर, मुद्‌गल र विष्णुवृद्ध ।

हारीत – यस वर्गका सांख्यदर्भ, सौभाग आदि १७ गोत्रका मानिसलाई हारीत भनिन्छ । तिनीहरूका आङ्गिरस, आम्बरीष र यौवनाश्व गरी तीनप्रवर हुन्छन्, अथवा मान्धाता, आम्बरीष र यौवनाश्व गरी तीनप्रवर हुन्छन् । (कुत्स, पिङ्ग, ङ्कुदर्भ यी तीन**आश्वलायन**ले बताएका गोत्र। **मस्त्यपुराण**ले बताएका– खाण्डायन आदि १६ गोत्र पनि हारीतवर्गमा पर्दछन्।)

कुत्स – कुत्सहरूका अङ्गिरस, मान्धाता र कौत्स गरी तीनप्रवर हुन्छन् ।

कण्व – औपमर्कटायनि, भास्कल, पौलाहल्य आदि ९ गोत्रका मानिसहरूलाई कण्व भनिन्छ । तिनीहरूका आङ्गिरस, आजमीढ र कण्व गरी तीनप्रवर हुन्छन् अथवा आङ्गिरस, घोर र काण्व गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**को मतानुसार भरुण्ड आदि १० गोत्रका मानिसहरू र **मस्त्यपुराण**अनुसार आर्षादि आदि १२ गोत्रका मानिसहरूलाई पनि कण्ववर्गमा राखिएको छ ।)

रथीतर – हस्तिदासक, द्वायनादि १३ रथीतरवर्गका मानिसहरूका आङ्गिरस, वैरूप, राथीतर गरी तीनप्रवर हुन्छन् अथवा आङ्गिरस, वैरूप र पार्षदश्व गरी तीनप्रवर हुन्छन् अथवा अष्टादंष्ट्र, वैरूप, पार्षदश्व गरी तीनप्रवर हुन्छन् अथवा अन्त्यका दुईप्रवरलाई आदिमा उल्लेख गरेर जस्तै – वैरूप, पार्षश्व र अष्टादंष्ट्र गरी तीनप्रवर हुन्छन्।

मुद्गल – सूनिच्छत्र, हयतारण आदि १२ गोत्रलाई मुद्गलगोत्रमा राखिएको छ । तिनीहरूका आङ्गिरस, भार्मांश्व र मौद्गल्य गरी तीनप्रवर हुन्छन् अथवा तार्क्ष्य, भार्मांश्व र मौद्गल्य गरी तीनप्रवर हुन्छन् अथवा आङ्गिरस, तार्क्ष्य र मौद्गल्य गरी तीनप्रवर हुन्छन्। (**मत्स्यपुराण**मा बताइएका सात्य, मुग्र आदि १० गोत्रका मानिसहरूलाई पनि मुद्गलवर्गभित्र लिइन्छ।)

विष्णुवृद्ध – शठ, मर्षण, मद्रण आदि ११ गोत्रलाई विष्णुवृद्ध भनिएको छ । तिनीहरूका आङ्गिरस, पौरुकुत्स्य र त्रासदस्य गरी तीनप्रवर हुन्छन् । (हिरण्यकेशिसूत्रमा उल्लेख गरिएका उपमिति आदि १० गोत्र र मस्त्यपुराणअनुसारका जत्रेण आदि ७ गोत्रलाई विष्णुवृद्धवर्गमा राखिएको छ ।)

अथात्रिगोत्रनिरूपणम्

अथात्रयः । ते चत्वारः – अत्रयः, वाद्भुतकाः, गविष्ठिराः, मुद्गला इति । आद्यानामात्रेयार्चनानसश्यावाश्वेति । वाद्भुतकानाम्– अत्रेयार्चनानसवाद्भुतकेति । धनञ्जयानामात्रेयार्चनानसधानञ्जयेति क्वचित् । गविष्ठिराणामात्रेयार्चनानसगाविष्ठिरेति, आत्रेयगाविष्ठिरपौर्वातिथेति वा । मुद्गलानामात्रेयार्चनानसपौर्वातिथेति । वामरथ्यसुमङ्गलबैजवापानामात्रेयार्चनानसातिथेति, आत्रेयार्चनानसगाविष्ठिरेति वा । सुमङ्गलानामत्रिसुमङ्गलश्यावाश्वेति केचित् । अत्रेः पुत्रिकापुत्राणामात्रेयवामरथ्यपौत्रिकेति। अत्रीणां सर्वेषामविवाहः ।

अत्रिगोत्रको निरूपण

अत्रिगोत्रमा ४ गण रहेका छन् – अत्रि, वाद्भुतक, गविष्ठिर र मुद्गल । तिनमा धनञ्जय, वामरथ्य, सुमङ्गल र बालेयसमेत जोडी ८ गण मानिएको पाइन्छ ।

अत्रि – अत्रिगणअन्तर्गत भूमिच्छान्दि, छन्दोग्य आदि ५० गोत्र रहेका छन् । तिनीहरूका आत्रेय, अर्चनानस, श्यावाश्व गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**को मतमा शाङ्खरि आदि २० गोत्र र साङ्ख्येय आदि १२ गोत्रलाई अत्रिवर्गमा राखिएको छ। अरू स्मृतिकारहरूको मतमा मात्स्य–शाकटायन आदि १६ गोत्रसमेत त्यस वर्गमा पर्दछन् ।)

वाद्भुतक – वाद्भुतकगोत्रअन्तर्गत रहेका अत्रिहरूका आत्रेय, अर्चनानस, वाद्भुतक गरी तीनप्रवर हुन्छन्।

धनञ्जय – धनञ्जय गोत्र हुने अत्रिवर्गका मानिसहरूका आत्रेय, अर्चनानस, धनञ्जय गरी तीनप्रवर हुन्छन् ।

गविष्ठिर – गविष्ठिरवर्गअन्तर्गत लाक्षि, व्याडि, अवरोधकृत् आदि १० गोत्र हुन्छन् । **कात्यायन**को मतानुसार पूर्वातिथ आदि १६ गोत्र हुन्छन् । **मस्त्यपुराण**मा गाविष्ठिर आदि गोत्रको चर्चा भएको छ । ती सबैको आत्रेय, अर्चनानस, गाविष्ठिर गरी तीनप्रवर हुन्छन् । अथवा आत्रेय, गविष्ठिर एवं पौर्वातिथ गरी तीनप्रवर हुन्छन् ।

मुद्गल – मुद्गलगणअन्तर्गत व्याल, सन्धि, अर्णव, बोधाक्ष आदि ११ गोत्र हुन्छन् । तिनीहरूका आत्रेय,

अर्चनानस, पौर्वातिथ गरी तीनप्रवर हुन्छन् । वामरथ्य, सुमङ्गल र वैजवापहरूका आत्रेय, अर्चनानस र आतिथ गरी तीनप्रवर हुन्छन् अथवा आत्रेय, अर्चनानस र गाविष्ठिर गरी तीनप्रवर हुन्छन् ।

सुमङ्गल – सुमङ्गलगणअन्तर्गतका मानिसहरूको अत्रि, सुमङ्गल र श्यावाश्व गरी तीनप्रवर हुन्छन् । कसैले यी प्रवरहरूलाई नै गण पनि बताएका छन् ।

बालेय – बालेयगणअन्तर्गत हालेय, केरेय, वामरथ्य आदि ७ गोत्र हुन्छन् । यिनीहरू अत्रिकी धर्मपुत्रीका सन्तान हुन् । यिनीहरूको आत्रेय, वामरथ्य र पौत्रिक गरी तीनप्रवर हुन्छन् ।

यी सबै अत्रिवर्गका गोत्रहरूको परस्पर विवाह हुँदैन । किनकि यिनीहरूका प्रवर र गोत्रसमान छन् । (अत्रिका छोरीपट्टिका सन्तानको वसिष्ठगणसँग विवाह हुँदैन । यहाँभन्दा पहिले भृगुगण आदिमा जुन समान नाम भएका गोत्र, प्रवरहरू छन्, तिनीहरूको गोत्र, प्रवर नमिलेको र ऋषि पनि छुट्टै भएको अवस्थामा परस्परमा विवाह गर्न हुन्छ, अन्यथा हुँदैन ।)

विश्वामित्रगोत्रनिरूपणम्

अथ विश्वामित्राः । ते दश – कुशिकाः, लौहिताः, रौक्षकाः, कामकायनाः, अजाः, कताः, धनञ्जयाः, अघमर्षणाः, पूरणाः, इन्द्रकौशिका इति । कुशिकानाम् – वैश्वामित्रदेवरातौदलेति । लोहितानाम् – वैश्वामित्राष्टकलौहितेति, अन्त्ययोर्व्यत्ययो वा, वैश्वामित्रमाधुच्छन्दसाष्टकेति वा, (वैश्वामित्राष्टकेति द्वौ वा ।) रौक्षकाणाम् – वैश्वामित्रगाथिनरैवणेति वैश्वामित्ररौक्षकरैवणेति वा । कामकायनानाम् – वैश्वामित्रदेवश्रवसदैवतरसेति । अजानाम् – वैश्वामित्रमाधुच्छन्दसाजेति, वैश्वामित्राश्मरथ्यवाधूलेति वा । (धनञ्जयानाम् – विश्वामित्रमाधुच्छन्दसधानञ्जयेति, वैश्वामित्रमाधुच्छन्दसाघमर्षणेति वा । कतानाम् – वैश्वामित्रकात्याकीलेति) अघमर्षणानाम् – वैश्वामित्राघमर्षणकौशिकेति । पूरणानाम् – वैश्वामित्रपौरणेति द्वौ, वैश्वामित्रदेवरातपौरणेति वा । इन्द्रकौशिकानाम् – वैश्वामित्रेन्द्रकौशिकेति द्वौ । एते बौधायनोक्ताः । रौहिणानाम्– वैश्वामित्रमाधुच्छन्दसरौहिणेति । रेणूनाम् – वैश्वामित्रगाथिनरैणवेति । वेणूनाम् – वैश्वामित्रगाथिनवैणवेति । जह्नूनाम्– वैश्वामित्रशालङ्कायनकौशिकेति । आश्मरथ्यानाम् – वैश्वामित्राश्मरथ्यवाधूलेति । उदवेणूनाम् – वैश्वामित्रगाथितवैवणेति। एते आश्वालायनमात्स्योक्ताः । अन्यैस्त्वन्येऽपि षड्गणा उक्ताः । तेऽन्यत्र मत्कृतौ ज्ञेयाः । एषां विश्वामित्राणामविवाहः।

विश्वामित्रगोत्रको निरूपण

विश्वामित्र – विश्वामित्र गोत्रअन्तर्गत **बौधायन**द्वारा निर्दिष्ट दशगोत्र हुने दशगण रहेका छन् – कुशिक, लोहित, रौक्षक, कामकायन, अज, कत, धनञ्जय, अघमर्षण, पूरण र इन्द्रकौशिक । (**आश्वलायन** र **मस्त्यपुराण**ले बताएका ६ गण निम्नअनुसार छन् – रौहिण, रेणु, वेणु, जह्नु, आश्मरथ्य र उदवेणु ।)

कुशिक – कुशिकगणअन्तर्गत कर्णजङ्घ, वारक्य, औदल्य आदि ४२ कुशिकहरू हुन्छन् । तिनीहरूका वैश्वामित्र, देवरात, औदल गरी तीनप्रवर हुन्छन् । (**आपस्तम्ब**ले बताएका देवरात आदि १० गोत्र, यज्ञवद आदि ४ गोत्र, केशिसूत्रमा बताइएका वैकृति आदि १५ गोत्र, **मस्त्यपुराण**मा बताइएका सौरथ्य आदि ४ गोत्र र यीभन्दा बाहेक अरू पनि कुशिक रहेका छन् ।)

लोहित – लोहितगणअन्तर्गत दाडकि आदि ६ गोत्र रहेका छन् । तिनीहरूका वैश्वामित्र, अष्टक र लौहित गरी तीनप्रवर हुन्छन् अथवा अष्टक, लौहित र वैश्वामित्र गरी तीनप्रवर हुन्छन् अथवा वैश्वामित्र, माधुच्छन्दस र अष्टक गरी तीनप्रवर हुन्छन् अथवा वैश्वामित्र र अष्टक गरी दुईप्रवर हुन्छन् ।

रौक्षक – रोक्षकगणअन्तर्गत सौद्वहलादि चारवर्ग रहेका छन् । तिनीहरूका वैश्वामित्र, गाथिन, रैवण गरी तीनप्रवर हुन्छन् अथवा वैश्वामित्र, रौक्षक, रैवण गरी तीनप्रवर हुन्छन् ।

कामकायन – कामकायनगणअन्तर्गत श्रौमत आदि पाँचगोत्र हुन्छन् । तिनीहरूका विश्वामित्र, देवश्रवस, दैवतरस गरी तीनप्रवर हुन्छन् ।

अज – यिनीहरूका विश्वामित्र, माधुच्छन्दस र अज गरी तीनप्रवर हुन्छन् अथवा वैश्वामित्र, अश्मरथ, बाधूल गरी तीनप्रवर हुन्छन् ।

धनञ्जय – कारीषि आदि ६ वर्गका धनञ्जय गोत्रका मानिसहरू हुन्छन् । तिनीहरूको वैश्वामित्र, माधुच्छन्दस, धानञ्जय गरी तीनप्रवर हुन्छन् अथवा वैश्वामित्र, माधुच्छन्दस, अघमर्षण गरी तीनप्रवर हुन्छन् । (कर्मधि आदि ७ गोत्र **मस्त्यपुराण**मा बताइएका छन् ।)

कत – कतवर्गअन्तर्गत सेरन्ध आदि ८ गोत्र हुन्छन् । तिनीहरूको वैश्वामित्र र कात्याकील यी दुईप्रवर हुन्छन् । (इन्दुवर्य आदि ११ गोत्र, लौगाक्षि र **मस्त्यपुराण**ले बताएका तुङ्गायणि आदि ८ गोत्र हुन्छन् । यसैगरी **आश्वलायन**, **कात्यायन** र **महाभारत**ले बताएका अरू पनि कतवर्गका गोत्रहरू हुन्छन् ।)

अघमर्षण – यिनीहरूका वैश्वामित्र, अघमर्षण र कौशिक गरी तीनप्रवर हुन्छन् ।

पूरण – यिनीहरूको वैश्वामित्र, पौरण गरी दुईप्रवर हुन्छन् अथवा वैश्वामित्र, देवरात र पौरण गरी तीनप्रवर हुन्छन्।

इन्द्रकौशिक – यिनीहरूका वैश्वामित्र र इन्द्रकौशिक गरी दुईप्रवर हुन्छन् । यी **बौधायन**द्वारा बताइएका विश्वामित्रगण हुन् ।

अब **आश्वलायन** र **मात्स्यपुराण**अन्तर्गतका गणहरूको वर्णन गरिन्छ ।

रौहिण – यिनीहरूका वैश्वामित्र, माधुच्छन्दस र रौहिण गरी तीनप्रवर हुन्छन् ।

रेणु – यिनीहरूका वैश्वामित्र, गाथिन, रैणव गरी तीनप्रवर हुन्छन् ।

वेणु – यिनीहरूका वैश्वामित्र, गाथिन, वैणव गरी तीनप्रवर हुन्छन् ।

जह्नु – यिनीहरूका वैश्वामित्र, शालङ्कायन र कौशिक गरी तीनप्रवर हुन्छन् ।

आश्मरथ्य – यिनीहरूका वैश्वामित्र, आश्मरथ्य र वाधूल गरी तीनप्रवर हुन्छन् ।

उदवेणु – यिनीहरूका वैश्वामित्र, गाथिन र वैणव गरी तीनप्रवर हुन्छन् ।

यी विश्वामित्रवर्गका गोत्रहरूको परस्परमा विवाह हुँदैन । ग्रन्थकार भन्छन् – अरूले अरू ६ गणको चर्चा गरेका छन् । तिनीहरूको जानकारी मैले बनाएको प्रवरदर्पणबाट लिन सकिन्छ ।

कश्यपगोत्रनिरूपणम्

अथ कश्यपाः । ते पञ्च – निध्रुवाः कश्यपाः, रेभाः, शण्डिलाः, लौगाक्षयश्च । निध्रुवाणां काश्यपावत्सारनध्रुवेति। कश्यपानां काशयपावत्सारासितेति । रेभाणां काश्यपावत्साररैभ्येति । शण्डिलानां काश्यपावत्सारशण्डिल्येति । अन्त्यस्थाने देवलो वा, सितो वा, शाण्डिलासितदेवलेति वा काश्यपासितदेवलेति वा, अन्त्ययोर्व्यत्ययो वा, देवलासितेति द्वौ वा । लौगाक्षीन् वक्ष्यामः । एषां कश्यपानामविवाहः ।

कश्यपगोत्रको निरूपण

कश्यपगोत्र अन्तर्गत निध्रुव, कश्यप, रेभ, शाण्डिल र लौगाक्षि गोत्र हुने पाँचगण रहेका छन् ।

निध्रुव – छाङ्गरी, मठर, ऐतिशायन आदि ९० प्रकारका निध्रुवहरू छन् । तिनीहरूका काश्यप, आवत्सार र नैध्रुव गरी तीनप्रवर हुन्छन् । (**कात्यायन**को मतमा आप्रायणादि ४७ गोत्र, **मस्त्यपुराण**ले बताइएका भवनन्दी आदि २८ गोत्र र स्वापशान्त आदि १६ गोत्रलाई पनि निध्रुव गणअन्तर्गत मानिएको छ ।)

कश्यप – कश्यपहरूका काश्यप, आवत्सार, आसित गरी तीनप्रवर हुन्छन् ।

रेभ – रेभहरूका काश्यप, आवत्सार र रैभ्य गरी तीनप्रवर हुन्छन् ।

शण्डिल – शण्डिलहरूका कोहल, पाचक, वापिक आदि ३१ गोत्र हुन्छन् । ती सबैका काश्यप, आवत्सार, शाण्डिल्य गरी तीनप्रवर हुन्छन् अथवा काश्यप, आवत्सार र देवल गरी तीनप्रवर हुन्छन् अथवा काश्यप, आवत्सार र असित गरी तीनप्रवर हुन्छन् अथवा शाण्डिल, असित र देवल गरी तीनप्रवर हुन्छन् अथवा काश्यप, असित र देवल गरी तीनप्रवर हुन्छन् अथवा असित, देवल र शाण्डिल गरी तीनप्रवर हुन्छन् अथवा देवल र असित गरी दुईप्रवर हुन्छन् । (शाण्डिलवर्गअन्तर्गत **कात्यायन**को मतमा सम्पच आदि २५ गोत्र, **मस्त्यपुराण**ले बताएका सम्पत्ति आदि १४ गोत्र र जावंश आदि १० गोत्र रहेका छन् ।)

लौगाक्षि – कश्यपवर्गअन्तर्गतका लौगाक्षिहरूका दुईगोत्र हुनाले यिनीहरूको विषयमा द्विगोत्रप्रकरणमा वर्णन गरिनेछ।

वसिष्ठगोत्रनिरूपणम्

अथ वसिष्ठाः । ते पञ्च – वसिष्ठाः, कुण्डिनाः, उपमन्यवः, पराशराः, जातूकर्ण्याश्चेति । वासिष्ठानां वासिष्ठेन्द्रप्रमदाभरद्वस्विति, वासिष्ठेत्येको वा । कुण्डिनानां वासिष्ठमैत्रावरुणकौण्डिन्येति । उपमन्यूनां वासिष्ठेन्द्रप्रमदा-भरद्वस्विति, वासिष्ठाभरद्वस्विन्दप्रमदेति वा, आद्ययोर्व्यत्ययो वा । पराशराणां वासिष्ठशाक्त्यपाराशर्येति । जातूकर्ण्यानां वसिष्ठात्रिजातूकर्ण्येति । वसिष्ठानां सर्वेषामविवाहः, अन्त्यस्यात्रिभिश्च ।

वसिष्ठगोत्रको निरूपण

वसिष्ठगोत्रअन्तर्गत वसिष्ठ, कुण्डिन, उपमन्यु, पराशर र जातूकर्ण्य गोत्र हुने ५ वर्ग रहेका छन् ।

वसिष्ठ – वसिष्ठगणअन्तर्गत वैतालकि, हरकिस, अवखादि ३३ गोत्र रहेका छन् । तिनीहरूको वासिष्ठ, ऐन्द्रप्रमद, आभरद्वसु गरी तीनप्रवर हुन्छन् अथवा वासिष्ठ एकप्रवर हुन्छ । (**कात्यायन**ले बताएका औपवत आदि २९ र **मस्त्यपुराण**ले बताएका वैष्णव्यादि १४ र रावणि आदि ६ गोत्र पनि वसिष्ठगणअन्तर्गत रहेका छन् ।)

कुण्डिन – यस वर्गमा लोहितायन, गुग्गुलि आदि २० गोत्र रहेका छन् । तिनीहरूको वासिष्ठ, मैत्रावरुण, कौण्डिन्य यी तीनप्रवर हुन्छन् । (कसैले औपवस्थ आदि ९ कातीय र पालोह, गापेन आदि गोत्रलाई पनि कुण्डिनवर्गमै मानेका छन् ।)

उपमन्यु – उपगव, माण्डलेखि, कापिञ्जल आदि २२ प्रकारका उपमन्यु हुन्छन् । तिनीहरूका वासिष्ठ, ऐन्द्रप्रमद, आभरद्वसु यी तीनप्रवर हुन्छन् अथवा वासिष्ठ, आभरद्वसु, ऐन्द्रप्रमद यी तीनप्रवर हुन्छन् अथवा ऐन्द्रप्रमद, वासिष्ठ, आरभद्वसु यी तीनप्रवर हुन्छन् । (शैलालि आदि २६ कातीय, **मस्त्यपुराण**ले बताएका २० महाकण्व र १७ रास्फेय वर्गका मानिसहरूलाई पनि उपमन्यु गोत्रअन्तर्गत नै मानिएको छ ।)

पराशर – कण्डू, शिवाजि, वाजिमती आदि ३० पराशरवर्गका मानिसहरू रहेका छन् । तिनीहरूका वासिष्ठ, शाक्त्य, पराशर्य गरी तीनप्रवर हुन्छन् । (**लौगाक्षि** सूत्रमा बताइएका वाहनी आदि २० गोत्र र पार्थिव आदि १० गोत्रका मानिसहरूलाई पनि पराशरवर्गअन्तर्गत राखिएको छ ।)

जातूकर्ण्य – जातूकर्ण्यहरूका वसिष्ठ, अत्रि र जातूकर्ण्य यी तीनप्रवर हुन्छन् । वसिष्ठवर्गअन्तर्गतका मानिसहरूको परस्परमा विवाह हुँदैन । जातूकर्ण्यको त अत्रिगोत्र हुनेहरूसँग पनि विवाह हुँदैन ।

अगस्त्यगोत्रनिरूपणम्

अथागस्त्याः । ते चत्वारः – इध्मवाहाः, साम्भवाहाः, सोमवाहाः, यज्ञवाहाश्चेति । आद्यानामागस्त्यदार्ढ्यच्युतैध्मवाहेति, आगस्त्येको वा । सोमवाहानामागस्त्यदार्ढ्यच्युतसोमवाहेति । साम्भवाहानां साम्भवाहोन्त्यः, यज्ञवाहानां यज्ञवाहोऽन्त्यः, आद्यौ पूर्वोक्तावेव । पूर्णमासानामागस्त्यपौर्णमासपारणेति । हिमोदकानामागस्त्यहैमवर्चिहैमोदकेति। पाणिकानामागस्त्यपैनायकपाणिकेति । एते षट् क्वचित् । अगस्तीनां सर्वेषामविवाहः ।

अगस्त्यगोत्रको निरूपण

अगस्त्य गोत्रअन्तर्गत मुख्य चारगण रहेका छन् – इध्मवाह, साम्भवाह, सोमवाह र यज्ञवाह । (कसैको मतमा सारवाह, दर्भवाह, अगस्ति, पूर्णमास, हिमोदक र पाणिक गरी ६ गण बताइएका छन् ।)

इध्मवाह – इध्मवाहगणअन्तर्गत विशालादि, अखलायन, औपदहन्य आदि १७ गोत्र रहेका छन् । तिनीहरूका आगस्त्य, दार्ढ्यच्युत, ऐध्मवाह गरी तीनप्रवर हुन्छन् र कसैको मतमा आगस्त्यमात्र एकप्रवर पनि हुन्छ । (**कात्यायन**द्वारा बताइएका उपकुल आदि १५ र अरू कसैले बताएका सैवक आदि २९ गोत्रलाई पनि इध्मवाहवर्गअन्तर्गत राखिएको छ ।)

साम्भवाह – यिनीहरूका आगस्त्य, दार्ढ्यच्युत र साम्भवाह गरी तीनप्रवर हुन्छन् ।

सोमवाह – यिनीहरूका आगस्त्य, दार्ढ्यच्युत र सोमवाह गरी तीनप्रवर हुन्छन् ।

यज्ञवाह – यिनीहरूका आगस्त्य, दार्ढ्यच्युत र यज्ञवाह गरी तीनप्रवर हुन्छन् ।

(कसैको मतमा तल लेखिएका ६ गण पनि अगस्त्यगणअन्तर्गत रहेका छन् । तिनीहरूको क्रमशः विवरण प्रस्तुत गरिन्छ–

सारवाह – यिनीहरूका आगस्त्य, दार्ढ्यच्युत, सारवाह गरी तीनप्रवर हुन्छन् ।

दर्भवाह – यिनीहरूका आगस्त्य, दार्ढ्यच्युत, दर्भवाह गरी तीनप्रवर हुन्छन् ।

अगस्ति – यिनीहरूका आगस्त्य, मादिन्द्र, मायोभुव गरी तीनप्रवर हुन्छन् ।

पूर्णमास – यिनीहरूका आगस्त्य, पौर्णमास र पारण गरी तीनप्रवर हुन्छन् ।

हिमोदक – यिनीहरूका आगस्त्य, हैमवर्चि र हैमोदक गरी तीनप्रवर हुन्छन् ।

पाणिक – यिनीहरूका आगस्त्य, पैनायक र पाणिक गरी तीनप्रवर हुन्छन् ।)

अगस्त्यगणका व्यक्तिहरूको परस्पर विवाह हुँदैन ।

द्विगोत्रप्रवरनिर्णयः

अथ द्विगोत्राः । शौङ्गशैशिरीणामाङ्गिरसबार्हस्पत्यभारद्वाजकात्याक्षीलेति पञ्च, कात्याक्षीलयोः स्थाने शौङ्गशैशिरिर्वा, आङ्गिरसकात्याक्षीलेति त्रयो वा । एषां भरद्वाजैर्विश्वामित्रैश्चाविवाहः । एवं कपिलानां कतानाञ्च । संकृतिपूतिमाषादीनामाङ्गिरसगौरिवीतिसांकृत्येति, शाक्त्यगौरिवीतिसांकृत्येति वा, (अन्त्ययोर्व्यत्ययो वा) एषां स्वगणस्थैर्वसिष्ठैः शौङ्गशैशिरैर्लौगाक्षिभिश्चाविवाहः। कश्यपैरपीति प्रयोगपारिजाते । लौगाक्षीणां काश्यपावत्सारवासिष्ठेति, काश्यपावत्सारासितेति वा । एतेऽहर्वसिष्ठा नक्तंकश्यपाः। एषां वसिष्ठैः कश्यपैः संकृतिभिश्चाविवाहः । देवरातस्य जामदग्न्यैर्विश्वामित्रैश्चाविवाह इति प्रयोगपारिजाते । तदयुक्तम् ।

बह्वृचश्रुतौ- **यथैवाङ्गिरसः सन्नुपेयां तव पुत्रताम् । आङ्गिरसो जन्मना स्यामाजीगर्तिः श्रुतः कविः ।।** इत्यङ्गिरोगणस्थत्वेन भार्गवजामदग्न्यत्वस्मृतेर्हरिवंशादिस्मृतेश्च बाधात् । तेन द्वौ देवरातौ एकआङ्गिरसः श्रुत्युक्तः, अन्यो भार्गवः । तयोः कल्पभेदेप्याङ्गिरसेन देवरातेन जामदग्न्यैर्भवत्येव विवाहः, भार्गवेण तु नेति तत्त्वम् । धनञ्जयानां विश्वामित्रैरत्रिभिश्चाविवाहः । जातूकर्ण्यानां वसिष्ठैरत्रिभिश्चाविवाहः । एवं दत्तकक्रीतकृत्रिमस्वयंदत्तपुत्रिकापुत्रादीनामुत्पादक-पालकयोः पित्रोर्गोत्रप्रवरा वर्ज्या इति प्रवरमञ्जरीनारायणवृत्तिप्रयोगपारिजातादयः । अत्र सर्वत्रोपपत्तयः मूलं च मत्कृते प्रवरदर्पणे ज्ञेयमिति दिक् ।

द्विगोत्रप्रवरनिर्णय

अब दुईगोत्र हुने मानिसहरूको विषयमा चर्चा गरिन्छ । शौङ्ग र शिशिर यी दुईगोत्री हुन् । यिनीहरूको आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, कात्या र क्षील यी पाँचप्रवर हुन्छन् । कात्या र क्षीलको स्थानमा शौङ्ग र शिशिर पनि भन्ने गर्दछन् अथवा आङ्गिरस, कात्या र क्षील गरी तीनप्रवर पनि मान्दछन् । यिनीहरूको भारद्वाज र विश्वामित्र गोत्रका साथमा विवाह हुँदैन । यसैगरी कपिल र कतहरूको पनि परस्परमा विवाह हुँदैन । संकृति र पूतिमाष आदि दुईगोत्रीहरूको आङ्गिरस, गौरिवीति र सांकृत्य यी प्रवर हुन्छन् अथवा शाक्त्य, गौरिवीती र सांकृत्य यी तीनप्रवर हुन्छन् । अथवा गौरिवीती, सांकृत्य र शाक्त्य यी तीनप्रवर हुन्छन् । यी सबैको आफ्ना गणहरूका मानिसहरूसँग र वसिष्ठ, शुङ्ग एवं शिशिरसँग वैवाहिकसम्बन्ध हुँदैन । फेरि यिनीहरूको लौगाक्षिहरूसँग पनि विवाहसम्बन्ध हुँदैन । **प्रयोगपारिजात**मा भनिएको छ कि यिनीहरूको काश्यपहरूका साथ पनि विवाह हुँदैन । लौगाक्षिहरूका काश्यप, अवत्सार र वासिष्ठ गरी तीनप्रवर हुन्छन् अथवा काश्यप, आवत्सार एवं असित गरी तीनप्रवर हुन्छन् । लौगाक्षिहरूलाई दिनमा वसिष्ठ र रातमा कश्यप मानिन्छ। यिनीहरूको वसिष्ठ, कश्यप र संकृति आदि गोत्रका कुलका साथ वैवाहिकसम्बन्ध हुँदैन । **प्रयोगपारिजात**मा भनिएको छ कि देवरातगोत्रवाला मानिसहरूको जामदग्न्य र विश्वामित्रगोत्रवाला मानिसहरूसँग विवाह हुँदैन तर **प्रयोगपारिजात**को यो भनाइ उचित छैन। बह्वृच श्रुतिमा भनिएको छ कि 'म आङ्गिरस भए तापनि तिम्रो पुत्र हुनेछु,' अजीगर्तको छोराले श्रुतिको बलबाट कविनाम लिएर अङ्गिराको गणमा प्रवेश गरे । यसैले **भार्गव र जामदग्न्य स्मृति**को बाध **हरिवंश**आदि **स्मृति**बाट हुन्छ । **श्रुति**मा दुईथरि देवरातगोत्र मानिएको छ । दुईथरिमध्ये एउटा देवरात भार्गवसँग सम्बद्ध छन् । यसरी दुवै देवरातको नाम एकभए तापनि गोत्र फरक छ । यी दुवैको कल्पभेदले परस्परमा विवाह हुनसक्छ । भार्गवगोत्रका मानिसहरूसँग भने विवाह हुँदैन। धनञ्जयगोत्रका मानिसहरूको विश्वामित्र र अत्रि गोत्रका मानिसहरूसँग विवाह हुँदैन। जातूकर्ण्यगोत्रका मानिसहरूको वसिष्ठ र अत्रि गोत्रका मानिसहरूसँग विवाह हुँदैन । यसैगरी दत्तक, क्रीत, कृत्रिम, स्वयंदत्त, पुत्रिकापुत्र आदि पुत्रहरू उत्पन्न गर्ने र पालन गर्ने माता-पिताका गोत्र र प्रवरहरूमा परस्पर विवाह हुँदैन । यो कुरा **प्रवरमञ्जरी, नारायणवृत्ति, प्रयोगपारिजात** आदि ग्रन्थहरूमा बताइएको छ । यी सबैको मूल मैले बनाएको **प्रवरदर्पण**बाट अवगत गर्न सकिन्छ ।

क्षत्रियवैश्ययोस्तु पुरोहितगोत्रप्रवरौ

क्षत्रियवैश्ययोस्तु पुरोहितगोत्रप्रवरावेवेति सर्वसिद्धान्तः । यद्यपि बह्वृचपरिशिष्टे कपिभरद्वाजयोर्विवाह उक्तस्तथापि-

भरद्वाजाश्च कपयो गर्गा रौक्षायणा इति । चत्वारोऽपि भरद्वाजगोत्रैक्यान्नान्वयुर्मिथः ।।

कपिगर्गभरद्वाजा मिथो रौक्षायणा द्विजाः । नोद्वहेयुः सगोत्रत्वात् प्रवरैक्याच्च कुत्रचित् ।।

इति स्मृत्यर्थसाराद्युक्तेरविवाह एव तयोरिति ।

क्षत्रिय र वैश्यका गोत्र र प्रवर

सबै सिद्धान्तहरूमा क्षत्रिय र वैश्यहरूको उनीहरूका पुरोहितको जुन गोत्र र प्रवर हुन्छ त्यही गोत्र र प्रवर हुन्छ भनिएको पाइन्छ । यद्यपि **बह्वृचपरिशिष्टमा** कपि र भरद्वाज गोत्रका मानिसहरूको परस्पर विवाह हुनसक्ने कुरा बताइएको छ तर, भरद्वाज, कपि, गर्ग र रौक्षायण यी चारगोत्रका मानिसहरूको भरद्वाज गोत्रसँग एकता हुनाले परस्पर विवाह हुनसक्दैन । **स्मृत्यर्थसारमा** पनि भनिएको छ – कपि, गर्ग, भरद्वाज, रौक्षायण यी द्विजहरू एउटै प्रवर र एउटै गोत्रमा रहेका हुनाले यिनीहरूले परस्परमा विवाह गर्न हुँदैन तसर्थ कपि र भरद्वाजगोत्रका मानिसहरूको परस्पर वैवाहिकसम्बन्ध कायम हुनसक्दैन ।[५९]

स्वगोत्राद्यज्ञाने विचारः

स्वगोत्राद्यज्ञाने तु सत्याषाढः – अथाज्ञानबन्धोः पुरोहितप्रवरेणाचार्यप्रवरेण वेति ।

आचार्यगोत्रप्रवरानभिज्ञस्तु द्विजः स्वयम् । दत्त्वात्मानं तु कस्मैचित् तद्गोत्रप्रवरो भवेत् ।।

यद्वा स्वगोत्रप्रवरविधुरो जमदग्निजः । विवाहं च न तेनैव गोत्रेण तु समाचरेत्।। इति कश्चित्।

दिवोदासीयेऽपि – स्वगोत्रप्रवराज्ञाने जमदग्निमुपाश्रयेत् ।

आफ्नो गोत्र थाहा नभएमा

आफ्नो गोत्रको ज्ञान अभावमा के गर्ने भन्ने प्रश्नको उत्तर दिँदै **सत्याषाढले** भनेका छन् कि जसका बन्धु–बान्धवहरू को थिए र को हुन् भन्ने थाहा हुँदैन तिनीहरूको गोत्र एवं प्रवर पुरोहित या आचार्यको गोत्र एवं प्रवरबाट निर्धारित हुन्छ । जुन द्विजलाई आफ्ना गोत्र र प्रवरको ज्ञान हुँदैन तिनले कुनै ऋषिको शरणमा गएर उनलाई गुरु मानी उनको गोत्र र प्रवर ग्रहण गर्नुपर्दछ। जमदग्निका छोरा परशुरामको गोत्र र प्रवर थिएन । कुनै त्यस्तो मानिस जसको गोत्र र प्रवर थाहा छैन त्यसले परशुरामको गोत्र र प्रवर लिएर संसारमा व्यवहार गर्न सक्दछ भन्ने कुरा कसैले बताएका छन् । दिवोदासीयग्रन्थमा पनि आफ्नो गोत्र र प्रवरको ज्ञान नभएमा जमदग्निको शरणमा जानु भनिएको छ ।

मातृगोत्रवर्जननिर्णयः

अथ मातृगोत्रवर्जननिर्णयः । शातातपः –

मातुलस्य सुतामूद्वा मातृगोत्रां तथैव च । समानप्रवरां चैव गत्वा चान्द्रायणं चरेत् ।।

---

५९. जहाँसम्म प्रवरमा एउटा ऋषिको नामसम्म मिल्दछ ती सबै समान गोत्री मानिन्छन् तर भृगु र अङ्गिराको भने फरक हुन्छ । **माधवीयमा** कुनै स्मृतिको वचन उद्धृत गर्दै भनिएको छ – तीनप्रवर हुनेहरूको बीचमा दुईप्रवरमा समानता हुँदा वैवाहिक सम्बन्ध कायम गर्न मिल्दैन भन्ने वाक्य स्मृतिहरूमा पाइन्छ । त्यसैले भृगु र अङ्गिराको एउटै प्रवर मिल्दा पनि विवाह हुँदैन भनिएको छ । प्रवरहरूको विषयमा कतिपय ठाउँमा देशाचारले पनि काम गर्दछ । आभीरदेशमा त देशाचारकै प्रधानता हुन्छ । चतुर्विंशति मतमा भनिएको छ – देश र कुलअनुसार विवाह गर्ने मानिस व्यवहारमा निपुण मानिन्छ भन्ने कुरा वेदमा पनि वर्णन गरिएको पाइन्छ । भृगुले पनि यसै कुरालाई समर्थन गर्दै भनेका छन् – 'विद्या जानेका तीनजना विद्वान्हरूको समुदाय, देश, नगर, गाउँमा धर्म भनेर जुन कुरालाई परिभाषित गरिन्छ त्यो धर्म हो ।' त्यस धर्मलाई आफ्नो ठाउँबाट विचलित गराउनुहुँदैन । यही कुरा चतुर्विंशतिमतमा पनि भनिएको छ – जुन देशमा परम्परागतरूपमा ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रहरूमा जुन आचार प्रचलित छ त्यसैलाई नै सदाचार भनिन्छ । तर स्मृति र आचारको विरोध भए स्मृति नै प्रबल हुन्छ । वस्तुतः विधिनिषेधहीन आचारलाई मात्रै भन्नुको अर्थ देशाचार एवं कुलाचार मान्नु नै हो । – **बौधायनपरिशिष्ट**

यद्यपि – **सगोत्रां मातुरप्येके नेच्छन्त्युद्वाहकर्मणि । जन्मनाम्नोरविज्ञानेऽप्यूद्वहेदविशंकितः ।।** इति व्यासोक्तेरज्ञातनामत्वे न सगोत्रत्वदोषस्तथापि नेदं कलौ प्रवर्तते । **गोत्रान्मातुः सपिण्डाच्च विवाहो गोवधस्तथा।** इति कलिवर्ज्यत्वोक्तेः । इदं मातृगोत्रवर्जनं माध्यन्दिनीयानामेव । **'मातृगोत्रं माध्यन्दिनीयानामपुत्रायाश्च'** इति सत्याषाढोक्तेरिति कश्चित्, (कश्चिन्महाराष्ट्रकल्पितं तन्निर्मूलम्, अन्यथा गुर्जरादेः कातीयस्य कुतो न निषेधः ।) तन्निर्मूलम्। अत एवाह प्रवरमञ्जरीकारः– **'दोषस्यातिगुरुत्वात् सर्वेषां मातृगोत्रं वर्ज्यम्'** इति ।

यत्तु – (गुर्जरादीनां माध्यन्दिनीयानामप्याचरणाच्च एकस्मिन् प्रवरे) –

एकस्मिन् प्रवरे तुल्ये मातृगोत्रे वरस्य च । तमुद्वाहं न कुर्वीत सा कन्या भगिनी स्मृता ।।

इति मातृकुले प्रवरचिन्तनमुक्तम्, तदासुरादिविवाहोढापरमिति दिक् । विस्तरस्तु ग्रन्थान्तरेभ्यो ज्ञेयः ।

मातृगोत्रमा विवाहनिषेध

अब मातृगोत्रमा विवाह आदि सम्बन्ध गर्न हुँदैन भन्ने विषयमा विचार गरिन्छ । **शातातपले** भनेका छन् – 'मामाकी छोरी अथवा मामाको गोत्रमा जन्मिएकी कुनै कन्या अथवा आफ्नै समान प्रवर भएकी कुनै कन्यासँग विवाह गरेपछि चान्द्रायणव्रत गरेर प्रायश्चित्त गर्नुपर्दछ ।' यद्यपि कसैले विवाह कर्ममा आफ्नी माताको गोत्रलाई स्वीकार गर्दैनन्। तर कुल, जन्मसमय र ठाउँको जानकारी नभएमा कुनै शंका नगरी विवाह गर्नुपर्दछ भन्ने **व्यास**को भनाइ हो । 'अज्ञात नाम र गोत्रमा विवाह गर्दा दोष लाग्दैन ।' यसो भनिए तापनि कलिमा भने यस्तो नियम वर्जित छ । किनभने कलिमा माताको गोत्र र माताको सपिण्डमा विवाह गर्न र गोवध गर्न हुँदैन भनिएको छ ।

तर कसैले माताको गोत्रमा विवाह गर्न नहुने कुरा माध्यन्दिनीयशाखाका लागि मात्र हो अरूलाई होइन भनेका छन्। **सत्याषाढ**ले भनेका छन् कि माताको गोत्रमा विवाह गर्न निषेध माध्यन्दिनीयशाखा र पुत्रहीन व्यक्तिका निमित्त गरिएको छ। **सत्याषाढ**को यो वचन प्रमाणहीन छ । यसैले **प्रवरमञ्जरीकार**ले भनेका छन् – 'मातृगोत्रमा विवाह गर्दा ठूलो पाप लाग्ने भएकाले सबैले माताको गोत्रमा विवाह गर्न हुँदैन ।' गुर्जर आदि देशमा माध्यन्दिनीयशाखाका मानिसहरूले पनि एउटै प्रवरमा विवाह गर्दछन् त्यो उनीहरूको अज्ञानबाट वा देशाचार एवं कुलाचारबाट आएको कुरा हो, अनुकरणीय छैन । किनभने ग्रन्थहरूमा मातृगोत्रमा विवाह गर्न हुँदैन, समानप्रवर एवं समानगोत्र भएकी कन्यासँग विवाह गर्न हुँदैन र यस्ता कन्याहरू बहिनीसमान हुन्छन् भन्ने बताइएको छ । यसरी मातृगोत्रमा प्रवरसम्मको चिन्तन गर्नुपर्छ भन्ने कुरा ऋषिहरूले आ–आफ्ना स्मृतिहरूमा बताएका छन् । यो प्रवरचिन्तनको व्यवस्था यहाँ आसुरादि विवाहद्वारा ल्याइने कन्याहरूको निमित्तमा कायम गरिएको हो । यसको विस्तार अरू ग्रन्थहरूबाट बुझ्नुपर्दछ ।

सगोत्रादिविवाहे प्रायश्चित्तकथनम्

सगोत्रादिविवाहे प्रायश्चित्तमुक्तं स्मृत्यर्थसारे –

इत्थं सगोत्रसम्बन्धविवाहविषये स्थिते । यदि कश्चिज्ज्ञानतस्तां कन्यामूढ्वोपगच्छति ।।

गुरुतल्पव्रताच्छुद्धेद्गर्भस्तज्जोऽन्त्यतां व्रजेत् । भोगतस्तां परित्यज्य पालयेज्जननीमिव ।।

अज्ञानादैन्दवैः शुद्ध्येत्त्रिभिर्गर्भस्तु काश्यपः ।।

एवं सापिण्ड्येऽपि – **सपिण्डापत्यदारेषु प्राणत्यागो विधीयते ।** इति बृहद्यमोक्तेः ।

तिथितत्त्वे बौधायनेः – **सपिण्डां सगोत्रां चेदमत्योपयच्छेन्मातृवदेनां बिभृयात् ।।**

एउटै गोत्रमा विवाह हुँदा प्रायश्चित्त-व्यवस्था

स्मृत्यर्थसारमा सगोत्रमा विवाह गर्दा प्रायश्चित्तको व्यवस्था गर्दै भनिएको छ – कसैले अज्ञानपूर्वक सगोत्र कन्याका साथमा सम्बन्ध कायम गर्छ वा विवाह गर्छ भने गुरुतल्पव्रत गरेपछि त्यो मानिस शुद्ध हुन्छ । विवाह गरेर गर्भसमेत रहेको रहेछ भने त्यस गर्भलाई त्याग गर्नुपर्दछ, गर्भबाट जन्मिएको बालक चाण्डाल हुन्छ । पत्नीसँग भोग गर्न हुँदैन र आजीवन आमा मानेर पालन गर्नुपर्दछ । अज्ञानबाट भएको विवाहको प्रायश्चित्तका लागि तीनचान्द्रायणव्रत गर्नुपर्दछ । तीनचान्द्रायणव्रत गरेपछि यदि गर्भसमेत रहेको रहेछ भने पनि गर्भको पनि शुद्धि हुन्छ भन्ने कुरा **कश्यपले** बताएका छन् । यसैगरी सापिण्ड्यसम्बन्ध भएका परिवारका कन्याहरूसँग विवाह हुन गएमा माथि भनेजस्तै प्रायश्चित्त गर्नुपर्दछ । **बृहद्यमले** भनेका छन् कि – सपिण्डका सन्तानसँग अथवा नारीहरूसँग सम्बन्ध कायम भएमा कि त प्राणत्याग गर्नुपर्दछ, कि त गुरुतल्पविधिबाट व्रत गर्नुपर्दछ । **तिथितत्त्वमा बौधायनले** भनेका छन् – अज्ञानबाट सपिण्ड र सगोत्रकी कन्यासँग विवाह भएमा ती कन्याको आमासरह पालन-पोषण गर्नुपर्दछ ।

कन्याविवाहकालनिरूपणम्

कन्याविवाहकाल उक्तो ज्योतिर्निबन्धे –

षडद्बमध्ये नोद्बाह्या कन्या वर्षद्वयं यतः । सोमो भुङ्क्ते ततस्तद्वद्गन्धर्वश्च तथाऽऽनलः ।।

कन्याको विवाहकाल निरूपण

ज्योतिर्निबन्धमा भनिएको छ – छवर्षको उमेरसम्म कहिल्यै पनि कन्याको विवाह गर्न हुँदैन । किनकि जन्मिएको दुईवर्षसम्म चन्द्रमाले भोग गर्दछन् । दुईवर्ष गन्धर्वहरूले भोग गर्दछन् र दुईवर्ष अग्निले भोग गर्दछन् । यसरी छवर्षसम्म देवताहरूको भोगकाल रहेकाले त्यसभित्र विवाह गर्न हुँदैन ।

राजमार्तण्डः – **अयुग्मे दुर्भगा नारी युग्मे तु विधवा भवेत् । तस्माद्गर्भान्विते युग्मे विवाहे सा पतिव्रता।।**

मासत्रयादूर्ध्वमयुग्मवर्षे युग्मेऽपि मासत्रयमेव यावत् ।

विवाहशुद्धिं प्रवदन्ति सन्तो वात्स्यादयः स्त्रीजनिजन्ममासात् ।। पराशरमाधवीये तु –

जन्मतो गर्भाधानाद्वा पञ्चमाद्वात्परं शुभम् । कुमारीवरणं दानं मेखलाबन्धनं तथा ।। इत्युक्तम्।

राजमार्तण्डमा भनिएको छ – जन्मदेखि बिजोडावर्षमा विवाह गर्दा कन्या अभागिनी हुन्छिन् । जोडावर्षमा विवाह गर्दा विधवा हुन्छिन् । त्यसकारणले गर्भलाई जोडेर जोडावर्षमा विवाह गर्नुपर्दछ । गर्भले युक्त जोडावर्षमा विवाह गर्दा कन्या पतिव्रता हुन्छिन् । विजोडावर्षमा कन्याको जन्ममहिनादेखि तीनमहिनापछि र जोडावर्षमा कन्याको जन्ममहिनादेखि तीनमहिनासम्म विवाहका दोषहरूको शुद्धि गरेपछि कन्याको भविष्य उज्ज्वल हुन्छ भन्ने कुरा वात्स्य आदि सन्तहरूले बताएका छन् ।

पराशरमाधवीयमा भनिएको छ – कन्याको वरण, कन्यादान र मेखलाबन्धन जन्म अथवा गर्भबाट पाँचवर्ष बितेपछि शुभ हुन्छ ।

सम्बन्धतत्त्वे यमः –

कन्या द्वादशवर्षाणि याऽप्रदत्ता वसेद् गृहे । ब्रह्महत्या पितुस्तस्याः सा कन्या वरयेत्स्वयम् ।।

भारते – **त्रिंशद्वर्षः षोडशाब्दां भार्यां विन्देत नग्निकाम् । द्व्यष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः ।।**
अतोऽप्रवृत्ते रजसि कन्यां दद्यात्पिता सकृत् ।
तत्रैव – **सप्तसंवत्सरादूर्ध्वं विवाहः सार्ववर्णिकः । कन्यायाः शस्यते राजन्नन्यथा धर्मगर्हितः ।।**

सम्बन्धतत्त्वनामक ग्रन्थमा **यम**ले भनेका छन् – १२ वर्षको उमेरसम्म विवाह नभएकी कन्या आमा–बाबुको घरमा रहन्छिन् भने कन्याको पितालाई ब्रह्महत्याको दोष लाग्दछ । १२ वर्षकी कन्याले आफ्ना बन्धु, माता–पिताले विवाह नगरिदिएमा आफै राम्रो वर खोजेर स्वयंवर गर्नुपर्दछ ।

महाभारतमा भनिएको छ – ३० वर्षको धर्ममा निरत वरले त्वरापूर्वक १६ वर्षकी नग्निका अर्थात् रजस्वला नभएकी कन्यासँग विवाह गर्नुपर्दछ अथवा १६ वर्षको ब्रह्मचर्यधर्ममा रहेको वरले आठवर्षकी कन्यासँग विवाह गर्नुपर्दछ अन्यथा त्यो गृहस्थ धर्मपालन गर्दा दुःखी हुन्छ । वस्तुतः कन्यापिताले रजोधर्मभन्दा पहिले नै कन्यादान गर्नुपर्दछ । फेरि **महाभारत**मा नै भनिएको छ – सातवर्षको उमेर पुगेपछि सबै वर्णका मानिसहरूले छोरीको विवाह गरिदिनुपर्दछ अन्यथा धर्मविहीन भएका कारण निन्दित हुन्छ ।

राजमार्तण्डः– **राहुग्रस्ते तया युद्धे पितृणां प्राणसंशये । अतिप्रौढा च या कन्या चन्द्रलग्नबलेन तु।।**
मनुः – **त्रिंशवर्षो वहेत् कन्यां हृद्यां द्वादशवार्षिकीम् । त्र्यष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः ।।**
यद्यपि – **विवाहस्त्वष्टवर्षायाः कन्यायाः शस्यते बुधैः** इति संवर्तोक्तेः **अतः ऊर्ध्वं रजस्वला** इत्यादेश्च दशवर्षादूर्ध्वं विवाहो निषिद्धः, तथापि दातुरभावे द्वादशषोडशाब्दे ज्ञेये ।
त्रीणि वर्षाण्यृतुमती काङ्क्षेत पितृशासनम् । इति पराशरमाधवीये बौधायनोक्तेश्च ।

राजमार्तण्डमा भनिएको छ – ग्रहणकालमा, युद्धकालमा, माता–पिताको प्राणसंशय हुँदा कन्या अतिप्रौढा र अतिबाला भएपनि चन्द्रबल र लग्नबल मिलाएर विवाह गरिदिनुपर्दछ ।

मनुले भनेका छन् – ३० वर्षको वरले १२ वर्षकी सुन्दर कन्यासँग विवाह गर्नुपर्दछ । अथवा २४ वर्षको वरले आठवर्षकी कन्यासँग विवाह गर्नुपर्दछ । विवाहमा विचार नगरीकन छिटो–छिटो कर्म गर्ने मानिस गृहस्थधर्ममा दुःखी हुन्छ। **संवर्त**ले भनेका छन् कि यद्यपिं विद्वान्हरूले आठवर्षकी कन्याको विवाह गर्न निर्देश गरेका छन् । उनीहरूको दृष्टिमा आठवर्षपछि कन्या रजस्वला हुन्छिन् त्यसैले कन्याको दशवर्ष उमेर पुगेपछि विवाह निषिद्ध छ । तर कन्यादाता कोही नभएमा त्यस्ती कन्याको १२ वर्षको उमेरदेखि १६ वर्षको उमेरसम्म विवाह गर्न हुन्छ ।

पराशरमाधवीयमा बौधायनले भनेका छन् – रजस्वला भएकी कन्याले तीनवर्षसम्म पिताको घरमा रही आफन्तहरूले विवाह गरिदिने आशाले प्रतीक्षा गर्नुपर्दछ ।

मनुः – **स्त्रीसम्बन्धे दशैतानि कुलानि परिवर्जयेत् । हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम् ।।**
क्षय्यामयाव्यपस्मारिश्वित्रिकुष्ठिकुलानि च । नर्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम् ।।
न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषणनामिकाम् ।

यमः – **'तस्मादुद्वाहयेत्कन्यां यावन्नर्त्तुमती भवेत् ।'** तथा मूलजादीनां फलं प्रागुक्तम् । तथा वर्णवश्यग्रहमैत्र्यादिघटितविचारो ज्योतिर्विद्भ्यो ज्ञेयः । विस्तरात्तु नोच्यते ।

कुनै पनि कुलकी कन्यासँग विवाह गरी सम्बन्ध जोड्नुभन्दा पहिले त्यस कुलको राम्ररी परीक्षण गर्नुपर्दछ । यदि त्यो कुल संस्कारहीन, पुरुषसन्ततिरहित, वेदाध्ययनशून्य, लोमश (धेरै रौँ भएका मानिसले युक्त), अर्श (बबासीर) रोगले ग्रस्त, क्षयरोग लागेका मानिसहरूले युक्त, मन्दाग्नि (अपच) रोगका रोगीहरूले युक्त, मृगी (छारे) रोग हुने मानिसले युक्त, कुष्ठरोगी मानिसले युक्त र नदी–वृक्ष आदिका नामबाट नामकरण गरिएकी कन्याको उपस्थितिसहित उक्त दशप्रकारका दोषले दोषी छ भने त्यस्तो कुलमा विवाह गर्न हुँदैन । आफ्नो नाममा नक्षत्र, वृक्ष, म्लेच्छ, पहाड, पक्षी, सर्प र दासीको अर्थ बुझाउने पदले युक्त भएकी र डरलाग्दो नाम भएकी कन्यासँग पनि विवाह गर्न हुँदैन भन्ने कुरा **मनु**ले बताएका छन्।

यमले भनेका छन् – 'कन्या रजस्वला नहुँदै उनको विवाह गरिदिनुपर्छ ।' मूलनक्षत्रमा जन्मिएका कन्याहरूको विषयमा वर्णन हामीले गरिसकेका छौं । विवाह गर्दा वर्ण, वैश्य, तारा, योनि, ग्रहमैत्री, गणमैत्री, भकूट, नाडी आदिको विचार गरेर अथवा ज्योतिषीहरूबाट त्यससम्बन्धी विचार गराएर विवाह गर्नुपर्दछ । धेरै कुरा **ज्योतिष**का ग्रन्थ र विद्वान्हरूबाट जान्नुपर्दछ ।

गुर्वर्कबलकथनम्

अथ गुर्वर्कबलं ज्योतिर्निबन्धे गर्गः –

स्त्रीणां गुरुबलं श्रेष्ठं पुरुषाणां रवेर्बलम् । तयोश्चन्द्रबलं श्रेष्ठमिति गर्गेण भाषितम् ।।

जन्मत्रिदशमारिस्थः पूजया शुभदो गुरुः । विवाहेऽथ चतुर्थाष्टद्वादशस्थो मृतिप्रदः ।।

विवाहमा बृहस्पति र सूर्यको बल विचार

अब बृहस्पति र सूर्यको बलका सम्बन्धमा विचार गरिन्छ । **ज्योतिर्निबन्धमा गर्ग** भन्दछन् कि – कन्याहरूका निमित्त गुरुबल हेर्नुपर्दछ र पुरुषहरूका निमित्तमा सूर्यबल उत्तम मानिएको छ । दुवैको सामान्यरूपमा चन्द्रबल हेर्नुपर्दछ किनकि दुवैका लागि चन्द्रबल उत्तम हुन्छ । जन्मकुण्डलीमा लग्न, तेस्रो स्थान, दशौं स्थान र छैठौं स्थानमा रहेका बृहस्पति अरिष्टकारक हुन्छन् । यस्तो भएमा बृहस्पतिको पूजा गर्नुपर्दछ, अनि ती फलदायक हुन्छन् । विवाहमा चौथो स्थान, आठौं स्थान र बाह्रौं स्थानमा रहेका बृहस्पतिले मृत्यु दिन्छन् ।

देवलः – **नष्टात्मजा धनवती विधवा कुशीला पुत्रान्विता हतधवा सुभगा विपुत्रा ।**
स्वामिप्रिया विगतपुत्रधवा धनाढ्या बन्ध्या भवेत्सुरगुरौ क्रमशोऽभिजन्मा ।।

बृहस्पतिः – **झषचापकुलीरस्थो जीवोऽप्यशुभगोचरः । अतिशोभनतां दद्याद्विवाहोपनयादिषु ।।**

देवलले भनेका छन् – कन्याको लगनमा रहेका बृहस्पतिले सन्तानको नाश गर्दछन्, दोस्रो स्थानमा रहेका बृहस्पतिले धनको नाश गर्दछन्, तेस्रो स्थानमा रहेका बृहस्पतिले कन्यालाई विधवा तुल्याउँछन्, चौथा बृहस्पतिले शील–स्वभाव नभएकी तुल्याउँछन्, पञ्चम स्थानका बृहस्पतिले पुत्रवती बनाउँछन्, छैठौं स्थानका बृहस्पतिले पतिहीन तुल्याउँछन् अर्थात् तिनका पति चाँडै मर्छन्, सप्तमस्थानका बृहस्पतिले सौभाग्यवती बनाउँछन्, अष्टमस्थानका बृहस्पतिले पुत्ररहित तुल्याउँछन्, नवौं स्थानका बृहस्पतिले स्वामीकी प्यारी तुल्याउँछन्, दशौं स्थानका बृहस्पतिले कन्यालाई पुत्र र पतिबाट वञ्चित बनाउँछन्, एघारौं स्थानका बृहस्पतिले समृद्धिमती बनाउँछन् र बाह्रौं स्थानका बृहस्पतिले बन्ध्या तुल्याउँछन् ।

बृहस्पतिले भनेका छन् – अशुभगोचरमा रहेको अवस्थामा पनि मीन, धनु र कर्कका बृहस्पतिले विवाह र व्रतबन्ध आदिमा अत्यन्त शुभफल प्रदान गर्दछन् ।

लल्लः – द्वादशदशमचतुर्थे जन्मनि षष्ठाष्टमे तृतीये च । प्राप्ते पाणिग्रहणे जीवे वैधव्यमाप्नोति ।।
गर्गः – सर्वत्रापि शुभं दद्यात् द्वादशाब्दात्परं गुरुः । पञ्चषष्ठाब्दयोरेव शुभगोचरता मता ।।
सप्तमात्पञ्चवर्षेषु स्वोच्चस्वर्क्षगतो यदि । अशुभोऽपि शुभं दद्याच्छुभर्क्षेषु किं पुनः ।।
रजस्वलायाः कन्याया गुरुशुद्धिं न चिन्तयेत् । अष्टमेऽपि प्रकर्तव्यो विवाहस्त्रिगुणार्चनात् ।
अर्कगुर्वोर्बलं गौर्या रोहिण्यर्कबला स्मृता । कन्या चन्द्रबला प्रोक्ता वृषली लग्नतो बला ।।
अष्टवर्षा भवेद्गौरी नववर्षा च रोहिणी । दशवर्षा भवेत्कन्या अत ऊर्ध्वं रजस्वला ।।

लल्लले भनेका छन् – विवाहमा बृहस्पति बाह्रौं भाव, दशौं भाव, चौथो भाव, छैटौं भाव, आठौं भाव र तेस्रो भावमा रहेमा कन्या विधवा हुन्छिन् ।

गर्गले भनेका छन् – कन्या १२ वर्ष नाघेकी छन् भने तिनका निमित्तमा जुनसुकै स्थानमा रहेको बृहस्पतिले पनि राम्रो फल दिन्छ । पाँच र छवर्षको उमेरमा मात्र बृहस्पतिको शुभगोचर हेर्नुपर्दछ । सातवर्षदेखि पाँचवर्षसम्म अर्थात् १२ वर्षको उमेरसम्म आफ्नो नक्षत्रमा उच्चता प्राप्त गरे पनि गोचरमा अशुद्ध भएमा बृहस्पतिले कल्याणदायक फल दिन्छ। यदि त्यो अवस्थामा राम्रा नक्षत्रमा बसेको छ भने त के भन्नु, अत्यन्त राम्रो फल दिन्छ। जुन कन्या रजस्वला भइसकेकी छन् र विवाह भएको छैन त्यस्ती कन्याको विवाहमा बृहस्पतिलाई शुद्ध तुल्याउने चिन्ता गर्नुपर्दैन । आठौं स्थानमा बृहस्पति रहेका छन् भने पनि बृहस्पतिको तीनगुणा पूजा गरेपछि विवाह गर्न हुन्छ । आठवर्षकी गौरीकन्यामा बृहस्पति र सूर्यको बल, नौवर्षकी रोहिणीकन्यामा सूर्यबल र दशवर्षकी कन्यामा चन्द्रमाको बल हेर्नुपर्दछ भने रजस्वला भएकी कन्यामा लग्नबल हेर्नुपर्दछ । आठवर्षकी कुमारीलाई गौरी भनिन्छ, नौवर्षकी कुमारीलाई रोहिणी भनिन्छ र दशवर्षकी कुमारीलाई कन्या भनिन्छ । त्यसपछिका सबै कुमारीहरू प्रकटरूपमा नभए पनि अप्रकट रूपमा रजस्वला नै मानिन्छन् ।

बृहस्पतिशान्तिकथनम्

अथ बृहस्पतिशान्तिः । शौनकः –

कन्यकोद्वाहकाले तु आनुकूल्यं न विद्यते । ब्राह्मणस्योपनयने गुरोर्विधिरुदाहृतः ।।
सुवर्णेन गुरुं कृत्वा पीतवस्त्रेण वेष्टयेत् । ईशान्यां धवलं कुम्भं धान्योपरि निधाय च ।।
दमनं मधुपुष्पं च पलाशं चैव सर्षपान् । मांसीं गुडूच्यपामार्गौ विडङ्गीं शङ्खिनीं वचाम् ।।
सहदेवीं हरिक्रान्तां सर्वौषधिं शतावरीम् । बलाञ्च सहदेवीञ्च निशाद्वितयमेव च ।।
कृत्वाज्यभागपर्यन्तं स्वशाखोक्तविधानतः । ग्रहोक्तमण्डलेऽभ्यर्च्य पीतपुष्पाक्षतादिभिः ।।
देवपूजोत्तरे काले ततः कुम्भानुमन्त्रणम् । अश्वत्थसमिधश्चाज्यं पायसं सर्पिषा युतम् ।।
यवव्रीहितिलाः साज्या मन्त्रेणैव बृहस्पतेः । अष्टोत्तरशतं सर्वं होमशेषं समापयेत् ।।
पुत्रदारसमेतस्य अभिषेकं समाचरेत् । कुम्भाभिमन्त्रणोक्तैश्च समुद्रज्येष्ठमन्त्रतः ।।
प्रतिमां कुम्भवस्त्रं च आचार्याय निवेदयेत् । ब्राह्मणान् भोजयेत्पश्चाच्छुभदः स्यान्न संशयः।।

इति बृहस्पतिशान्तिः ।

विवाहमा प्रतिकूल बृहस्पतिको शान्ति

अब बृहस्पतिको शान्तिविधि बताइन्छ । शौनकले भनेका छन् कि– कन्याको विवाहमा र ब्राह्मणको उपनयन

संस्कारमा बृहस्पति अनुकूल नभएमा बृहस्पतिशान्ति गर्नुपर्दछ । सुवर्णको बृहस्पतिको मूर्ति निर्माण गरेर त्यसलाई पहेंलो वस्त्रले बेर्नुपर्दछ । ईशानकोणमा सेतो वर्णको कलशलाई धानमाथि राख्नुपर्दछ । त्यसपछि दमन (दमना), मधुपुष्प - महुवाको फूल, पलाँश, सर्स्यूं, जटामसी, गुडूची - गुर्जो, अपामार्ग - अपाङ, वायुविडङ्ग- वायुनाशक औषधिविशेष, शङ्खपुष्पी - अपराजिता वा आँकुरी फूल, सहदेवी - दँयालो, सुनटिकी, कालो भृङ्गराज, सर्पको काफल, प्रियङ्गु, कालो भृङ्गराज, विष्णुक्रान्ता - नीलो रङको अपराजिता, रानी गींठा, नीलो फूल हुने शङ्खपुष्पी, सर्वौषधि - दशथरि जडिबुटीको समूह - कूठ, तालीशपत्र, हलेदो, कचूर, जटामसी, पत्थर कुंकुम, श्रीखण्ड, बोंझो, चाँपो, मेथे; शतावरी - कुरिलो, बला- जयन्ती फूल, नीलो कटसरैया, बेसार, दारुहल्दी - चुत्रो, यिनीहरूलाई जम्मा गरी आफ्नो शाखामा बताइएको विधानबाट आज्यभागपर्यन्त अग्निस्थापना गरेर ग्रहमण्डलको पूजा गर्नुपर्दछ । पहेंला पुष्प र अक्षता चढाई ग्रहमण्डलको पूजा गर्नुपर्दछ । देवपूजाको उत्तरकालमा कलशहरूलाई अभिमन्त्रण गर्नुपर्दछ । त्यसपछि पीपलको समिधा, घ्यू र घ्यूमा मिसिएको खीर, जौ, चामल र तिललाई घ्यूमा मिलाएर बृहस्पतिको मन्त्रद्वारा १०८ पटक हवन गरी पूर्णाहुति दिनुपर्दछ। बृहस्पतिको मन्त्र यसप्रकार छ - **बृहस्पते अति यदर्यो अर्हाद् द्युमद् विभाति क्रतुमज्जनेषु । यद् दीदयच्छवस ऋतप्रजात तदस्मा सु द्रविणं धेहि चित्रम् ।।** - ऋ.मं. २/२३/१५ ।

यसरी बृहस्पतिको मन्त्रले पूर्णाहुति दिएपछि यज्ञान्तमा पुत्र एवं स्त्रीसहित कलशको अभिमन्त्रणमा बताइएका समुद्रज्येष्ठा० आदि मन्त्रद्वारा अभिषेक लिनुपर्दछ । मन्त्र यसप्रकार छन्- **समुद्रज्येष्ठाः सलिलस्य मध्यात्पुनाना यन्त्यनिविशमानाः। इन्द्रो या वज्री वृषभो रराद् ता आपो देवीरिह मामवन्तु ।। या आपो दिव्या उतवा स्रवन्तिं खनित्रिमा उत वा याः स्वयंजाः । समुद्रार्था याः शुचयः पावकास्ता आपो देवीरिह मामवन्तु ।। यासां राजा वरुणो याति मध्ये सत्यानृते अवपश्यञ्जनानाम् । मधुश्चुतः शुचयो याः पावकास्ता आपो देवीरिह मामवन्तु ।। यासु राजा वरुणो यासु सोमो विश्वे देवा यासूर्जं मदन्ति । वैश्वानरो यात्वग्निः प्रविष्टस्ता आपो देवीरिह मामवन्तु ।।** - ऋ.मं. ७, सू. ४९, म. १-४ ।

त्यसपछि प्रतिमा, कलश र वस्त्र आचार्यलाई दिनुपर्दछ । दक्षिणा गरी ब्राह्मणलाई भोजन गराउँदा कल्याण हुने कुरामा कुनै शंका गर्नुपर्दैन ।

गुर्वादित्यादिषु विवाहादिनिषेधकथनम्

शौनकः - **गुर्वादित्ये व्यतीपाते वक्रातिचारगे गुरौ । नष्टे शशिनि शुक्रे वा बाले वृद्धेऽथवा गुरौ ।।**
पौषे चैत्रेऽथ वर्षासु शरद्यधिकमासके । केतूद्गमे निरंशेऽर्के सिंहस्थेऽमरमन्त्रिणि ।।
विवाहव्रतयात्रादिपुरहर्म्यगृहादिकम् । क्षौरं विद्योपविद्यां च यत्नतः परिवर्जयेत् ।।

गुर्वादित्य आदि योगमा विवाह आदि कार्यको निषेध

शौनकले भनेका छन् - बृहस्पति र सूर्यको योगमा, व्यतीपातमा, गुरु वक्र र अतिमार्गी हुँदा, चन्द्रमा नष्ट हुँदा, शुक्रास्तमा, गुरु र शुक्र बाल तथा वृद्ध अवस्थामा रहँदा, पौष एवं चैत्रमासमा, वर्षा एवं शरद् ऋतुमा, अधिकमासमा, केतु तारा देखिँदा र गुरु सिंहराशिको प्रथम अंशमा रहँदा विवाह, व्रत, यात्रा, नगरनिर्माण, गृहनिर्माण, क्षौरकर्म, विद्या एवं उपविद्याको अध्ययन यत्नपूर्वक त्याग गर्नुपर्दछ ।

मदनपारिजाते ज्योतिःसागरे -

बाले शुक्रे वृद्धे शुक्रे वृद्धे जीवे नष्टे जीवे । बाले जीवे जीवे सिंहे सिंहादित्ये जीवादित्ये ।।

तथा मलिम्लुचे मासि सुराचार्येऽतिचारगे । वापीकूपविवाहादिक्रियाः प्रागुदितास्त्यजेत् ।
सिंहस्थं मकरस्थं च गुरुं यत्नेन वर्जयेत् ।।
लल्लः – **अतिचारगतो जीवस्तं राशिं नैति चेत्पुनः । लुप्तः संवत्सरो ज्ञेयः सर्वकर्मबहिष्कृतः ।।**

मदनपारिजात र **ज्योतिःसागरमा** भनिएको छ कि – शुक्र एवं बृहस्पति बालक अथवा वृद्ध एवं अस्त हुँदा, सिंहराशिमा बृहस्पति हुँदा, सिंहराशिमै सूर्य एवं बृहस्पति भएको अवस्थामा, मलमासमा, बृहस्पति अतिचार अवस्थामा हुँदा कुवा, तलाऊ आदि निर्माण गर्ने काम र विवाह गर्न हुँदैन । यसैगरी बृहस्पति सिंह र मकरराशिमा हुँदा प्रयत्नपूर्वक शुभकर्म परित्याग गर्नुपर्दछ । **लल्लले** भनेका छन् – अतिचारमा रहेको बृहस्पति फर्किएर फेरि अघिल्लो राशिमा नआउँदासम्मको कालावधिलाई लुप्तसंवत्सर भनिन्छ । उक्त समयमा सबै किसिमका धार्मिक क्रिया गर्नुहुँदैन ।

सिंहस्थगुरोरपवादकथनम्

सिंहस्थगुरोरपवादमाह पराशरः –
गोदाभागीरथीमध्ये नोद्वाहः सिंहगे गुरौ । मघास्थे सर्वदेशषु तथा मीनगते रवौ ।।
वसिष्ठोऽपि – **विवाहो दक्षिणे कूले गौतम्या नेतरत्र तु । भागीरथ्युत्तरे कूले गौतम्या दक्षिणे तथा।।**
विवाहो व्रतबन्धश्च सिंहस्थेज्ये न दुष्यति ।।

सिंहस्थ गुरुको अपवाद

पराशरले भनेका छन् गोदावरी नदी र गङ्गानदीको बीचको भूभागमा बृहस्पति सिंहराशिमा रहँदा विवाह गर्न हुँदैन। बृहस्पति मघानक्षत्रमा र सूर्य मीनराशिमा रहँदा सबै देशहरूमा विवाह गर्न हुँदैन ।

वसिष्ठले भनेका छन् – सूर्य सिंहराशिमा रहँदा गौतमीनदीको दक्षिणतर्फ रहेका देशहरूमा विवाह गर्न हुन्छ, अन्यत्र हुँदैन । भागीरथीको उत्तरवर्ती इलाका र गौतमीको दक्षिणवर्ती इलाकामा सिंहराशिको बृहस्पतिमा विवाह र व्रतबन्ध गर्दा कुनै दोष लाग्दैन ।

कन्यादातृक्रमनिरूपणम्

कन्यादातृक्रममाह याज्ञवल्क्यः –
पिता पितामहो भ्राता सकुल्यो जननी तथा । कन्याप्रदः पूर्वनाशे प्रकृतिस्थः परः परः ।।
अप्रयच्छन् समाप्नोति भ्रूणहत्यामृतावृतौ । गम्यं त्वभावे दातृणां कन्या कुर्यात्स्वयंवरम् ।।

कन्यादाताहरूको क्रम निरूपण

याज्ञवल्क्यले कन्यादाताहरूको यसरी क्रम निरूपण गरेका छन् – सर्वप्रथम पिता त्यसपछि पितामह, दाजु अथवा भाइ, कुलको कुनै पुरुष र माता यो कन्यादाताहरूको मुख्य क्रम हो । उक्त व्यक्तिहरूमा क्रमशः पहिलो नहुँदा दोस्रो व्यक्ति कन्यादाता हुन्छ र यसैगरी उत्तरोत्तर कन्यादाताको क्रम रहन्छ । कन्यादान नगर्दा प्रत्येक ऋतुकालमा अर्थात् रजस्वला भएको १६ दिनसम्म कन्यादातालाई भ्रूणहत्या गरेको पाप लाग्दछ । कन्यादाताहरू कुनै नभएमा कन्याले आफै स्वयंवरविधिद्वारा योग्य वरको चयन गर्नुपर्दछ ।

भ्रातृणां संस्कृतानामेवाधिकारकथनम्

भ्रातृणां संस्कृतानामेवाधिकारमाह एव । याज्ञवल्क्यः -

असंस्कृतास्तु संस्कार्या भ्रातृभिः पूर्वसंस्कृतैः । भगिन्यश्च निजादंशाद्दत्त्वांशं तु तुरीयकम् ।।

अत्र चकारेण पूर्वसंस्कृतैरित्यस्यानुवृत्तेर्विवाहपर्याप्तद्रव्यदाने स्वांशचतुर्थभागदाने वा संस्कृतग्रहणं व्यर्थं स्यात्, अतः कर्तृनियमोऽयम् । तेनानुपनीतभ्रातृमात्रादिसत्त्वे मात्रादेरेवाधिकारो न भ्रातुरित्युक्तं सम्बन्धतत्त्वादौ।

यज्ञोपवीत गरेका दाजुभाइको मात्र कन्यादानमा अधिकार

उपनयनसंस्कार गरेका दाजुभाइमात्र कन्यादानका अधिकारी हुन्छन् भन्ने कुरा बताउँदै **याज्ञवल्क्य**ले भनेका छन्- पिताको मृत्युपछि भाइहरू छुट्टी-भिन्न भएका छन् भने र तीमध्ये कसैको व्रतबन्ध भएको छैन भने सर्वप्रथम सबै दाजुभाइहरूले मिलेर असंस्कृतलाई संस्कृत तुल्याउनुपर्दछ अर्थात् संस्कार नभएकाको संस्कार गरिदिनुपर्दछ । त्यसपछि सबैले आ-आफ्नो अंशबण्डाबाट चतुर्थांश धन दिएर दिदी एवं बहिनीहरूको विवाह गरिदिनुपर्छ । (यसबारे **याज्ञवल्क्यस्मृतिको मिताक्षरामा** विस्तारपूर्वक वर्णन गरिएको छ ।) उक्त श्लोकको तेस्रो पाउमा अतिन्यूनत्व दोष छ । त्यहाँ प्रयोग गरिएको 'च'बाट प्रथम-द्वितीय पाउमा प्रयोग गरिएका पदहरूको अर्थ अनुवृत्ति गरिन्छ । यसबाट संस्कार नभएको भाइ र मातामध्ये माताले नै कन्यादान गर्नुपर्छ भन्ने अर्थ स्पष्ट हुन्छ । किनकि संस्कार नभएका भाइको कन्यादानमा अधिकार हुँदैन ।

कन्यास्वयंवरे नान्दीश्राद्धकथनम्

कन्यास्वयंवरे मातुर्दातृत्वे च ताभ्यामेव नान्दीश्राद्धं कार्यम् । तत्र च स्वयं प्रधानसङ्कल्पमात्रं कृत्वान्यब्राह्मणद्वारा कारयेदिति प्रयोगपारिजाते । वरस्तु संस्कृतभ्रात्राद्यभावे स्वयमेव नान्दीश्राद्धं कुर्यात् न माता, **पुत्रेषु विद्यमानेषु नान्यं वै कारयेत्स्वधाम्।** इति निषेधाद् उपनयनेन कर्माधिकारस्य जातत्वाच्चेति पृथ्वीचन्द्रोदयः ।

कन्या स्वयंवरमा नान्दीश्राद्ध

कन्याको स्वयंवरमा र माताले कन्यादान गर्दा यी दुईपरिस्थितिमा ती दुवैले नान्दीश्राद्ध गर्नुपर्दछ । त्यस अवस्थामा कन्या र माताले सङ्कल्प आफै गरी ब्राह्मणहरूद्वारा अरू कर्म गराउनुपर्दछ भन्ने कुरा **प्रयोगपारिजात**मा बताइएको छ । उक्त विवाहमा व्रतबन्ध गरेका दाजुभाइ नभएको परिस्थितिमा वरले आफै नान्दीश्राद्ध गरोस् तर माताबाट नगराओस् किनकि 'छोराहरू रहँदारहँदै माताले अरूबाट स्वधा (श्राद्ध) गराउनु हुँदैन भनिएको छ ।' किनकि छोराले उपनयनद्वारा कर्ममा अधिकार प्राप्त गरेको हुन्छ भन्ने कुरा **पृथ्वीचन्द्रोदय**मा बताइएको छ ।

माधवीयेऽपरार्के च नारदः -

पिता दद्यात्स्वयं कन्यां भ्राता वाऽनुमत पितुः । मातामहो मातुलश्च सकुल्यो बान्धवस्तथा ।।

माता त्वभावे सर्वेषां प्रकृतौ यदि वर्तते । तस्यामप्रकृतिस्थायां कन्यां दद्युः स्वजातयः ।।

सकुल्यः - पितृपक्षीयः, **बान्धवः** - मातृवंशजः ।

माधवीय र अपरार्कमा नारदले भनेका छन् - पिताले स्वयं कन्यादान गरून् । पिताको आज्ञाले दाजु-भाइले गरून् । त्यसपछि मातामह, मामा, जेठा बुबा, कान्छा बुबा र उनका छोराहरू र बान्धवहरूको क्रम आउँछ । कन्यादान गर्ने

अधिकारी कुनै पनि नभएमा माता स्वस्थ छिन् भने उनैले कन्यादान गर्नुपर्दछ । माता अस्वस्थ भएमा माताका बन्धुवर्गादिले कन्यादान गर्नुपर्दछ । पितृपक्षका मानिसहरूलाई सकुल्य भनिन्छ र माताका वंशजलाई बान्धव भनिन्छ । यी दुवैले माता प्रकृतिस्थ अर्थात् स्वस्थ नभएमा क्रमशः कन्यादान गर्ने अधिकार प्राप्त गर्नेछन्।

मदनपारिजाते कात्यायनः –

स्वयमेवौरसीं दद्यात्पितृभावे स्वबान्धवाः । मातामहस्ततोऽन्यां हि माता वा धर्मजां सुताम् ।।

ततोऽन्यामौरसीभिन्नां धर्मजां नियोगात् क्षेत्रजां मातामहो मातुलो वा दद्यात् । तेनौरसीदाने पितृबन्धुषु सत्सु मातामहादीनां नाधिकारः, अनुमतिं विना । अस्यापवादस्तत्रैव –

दीर्घप्रवासयुक्तेषु पौगण्डेषु च बन्धुषु । माता तु समये दद्यादौरसीमपि कन्यकाम् ।।

मनुः – यदा तु नैव कश्चित्स्यात्कन्या राजानमाव्रजेत् ।

मदनपारिजातमा कात्यायनले भनेका छन् – 'पिताले औरस कन्याको दान आफै गर्नुपर्दछ । पिताको अभावमा बान्धवहरूले गर्नुपर्दछ । बान्धवहरूको अभावमा मातामहले गर्नुपर्दछ अथवा धर्मद्वारा उत्पन्न गरिएकी कन्याको कन्यादान स्वयं माता पनि गर्न सक्दछिन् ।' तर औरसभिन्न नियोगबाट पैदा भएकी क्षत्रज कन्याको दान मातामह अथवा मामाले गर्नुपर्दछ। औरस कन्याको दान गर्दा पिताका बन्धुहरू छन् भने मातामह आदिको अधिकार हुँदैन । तर, अनुमति पाएमा उनीहरूले कन्यादान गर्न सक्दछन् । यसको अपवाद त्यहीं **मदनपारिजातमा** बताइएको छ । 'कन्याका बान्धव लामो समयदेखि परदेशमा भएमा अथवा पाँचवर्षमात्र आयुका छन् भने औरसकन्यालाई स्वयं माताले समयमा कन्यादान गरिदिनुपर्छ ।'

मनुले भनेका छन् – कुनै पनि कन्यादान गर्ने अधिकारी नरहेमा कन्याले आफै त्यो देशका राजाको समीपमा गई कन्यादानका लागि अनुरोध गर्नुपर्दछ ।

परकीयकन्यादाने विशेषः

परकीयकन्यादाने विशेषो मदनरत्ने स्कान्दे –

आत्मीकृत्य सुवर्णेन परकीयां तु कन्यकाम् । धर्मेण विधिना दानमसगोत्रेऽपि युज्यते ।।

अत्र प्रकृतिस्थग्रहणादप्रकृतिस्थेन कृतमकृतमेव–

स्वतन्त्रो यदि तं कार्यं कुर्यादप्रकृतिं गतः । तदप्यकृतमेव स्यादस्वातन्त्र्यस्य हेतुतः ।।

इत्यपरार्के नारदोक्तेः । यदि तु सप्तपदीविवाहहोमादिप्रधानं जातं तदाङ्गवैकल्येऽपि नावृत्तिर्विवाहस्य । गौडा अप्येवमाहुः।

अरूकी कन्याको दान गर्दा विशेष

मदनरत्नमा स्कन्दपुराणको वचन यसप्रकार छ कि अरूकी कन्यालाई सुवर्ण आदि धातुद्वारा खरिद गरी आफ्नी कन्या तुल्याएर धर्मको विधिबाट असपिण्ड वरलाई दिनुपर्दछ । तर कन्याको सगोत्रमा दान गरिदिनुहुँदैन ।

माथि माताले कन्यादान गर्ने प्रसङ्गमा उनी प्रकृतिस्थ हुनुपर्छ भनिएको छ । उनी अप्रकृतिस्थ अर्थात् अस्वस्थ र प्रम[illegible] रहेमा गरेको कन्यादान नगरेसरह हुन्छ भन्ने कुरा **अपरार्कमा नारदले** बताएका छन् । तर अस्वस्थ अवस्थामा नै विव[illegible]हहोम, सप्तपदी आदि प्रधान कार्य गरिएका रहेछन् भने विवाहको अङ्गमा पूर्णता नभएको कारणले मात्र विवाहलाई [illegible]रि दोहोऱ्याउन हुँदैन । यही कुरा **गौडहरूले** पनि भनेका छन् ।

गौर्यादिदानकथनम्

तत्रैव मरीचिः –

गौरीं ददन्नाकपृष्ठं वैकुण्ठं रोहिणीं ददत् । कन्यां ददद् ब्रह्मलोकं रौरवं तु रजस्वलाम् ।।

गौरी आदि कन्यादानको फल

मरीचिले भनेका छन् – आठवर्षकी गौरी कन्यालाई दान गर्ने व्यक्ति स्वर्गमा जान्छ, रोहिणी अर्थात् नौवर्षकी कन्याको दान गर्ने व्यक्ति वैकुण्ठलोकमा जान्छ र दशवर्षकी कन्यालाई दान गर्ने व्यक्ति ब्रह्मलोकमा जान्छ तर रजस्वला भइसकेकी कन्याको दान गर्ने व्यक्ति रौरवनरकमा जान्छ ।

विवाहादौ मासनिर्णयः

अथ मासनिर्णयः । तत्र जन्ममासे विशेषः प्रागुक्तः ज्योतिःप्रकाशे व्यासः –

माघफाल्गुनवैशाखे यद्यूढा मार्गशीर्षके । ज्येष्ठे वाऽऽषाढमासे च सुभगा वित्तसंयुता ।।

श्रावणे वापि पौषे वा कन्या भाद्रपदे तथा । चैत्राश्वयुक्कार्तिकेषु याति वैधव्यतां लघु ।।

नारदः – **माघफाल्गुनवैशाखज्येष्ठमासाः शुभप्रदाः । कार्तिको मार्गशीर्षश्च मध्यमौ, निन्दिताः परे ।।**

विवाह आदिमा मास निर्णय

विवाह आदिका लागि मासनिर्णय गरिन्छ । जन्ममाससम्बन्धी विचार पहिले गरिसकिएको छ । **ज्योतिःप्रकाशमा** व्यासले भनेका छन् – माघ, फाल्गुन, वैशाख, मार्गशीर्ष, ज्येष्ठ वा आषाढमा कन्याको विवाह गरिदिँदा ती कन्या सौभाग्यवती र श्रीसम्पत्तिले युक्त हुन्छिन् । जुन कन्याको श्रावण, पौष, भाद्रपद, चैत्र, आश्विन र कार्तिकमासमा विवाह गरिन्छ, ती कन्या छिट्टै विधवा हुन्छिन् । **नारदले** भनेका छन् – माघ, फाल्गुन, वैशाख र ज्येष्ठ यी सौरमास विवाहमा कल्याणदायक हुन्छन् । कार्तिक र मार्गशीर्षमासलाई मध्यम मानिएको छ । अरू महिना निन्दित हुन्छन्।

वसिष्ठः – **पौषेऽपि कुर्यान्मकरस्थितेऽर्के चैत्रे भवेन्मेषगतो यदा स्यात् ।**
प्रशस्तमाषाढकृतं विवाहं वदन्ति गर्गो मिथुनस्थितेऽर्के ।।

आचार्यचूडामणौ ज्योतिर्गर्गराजमार्तण्डौ –

माङ्गल्येषु विवाहेषु कन्यासंवरणेषु च । दश मासाः प्रशस्यन्ते चैत्रपौषविवर्जिताः ।

वसिष्ठले भनेका छन् – ‘पौषमासमा मकरसंक्रान्ति परेमा, पौषमासमा लग्न जुराएर विवाह गर्न हुन्छ र चैत्रमासमा मेषको सूर्य परेमा पनि जुराएर विवाह गर्न हुन्छ । आषाढमासमा मिथुनको सूर्यमा पनि विवाह गर्नु उत्तम मानिएको छ ।’ गर्गले ‘सूर्य मिथुनराशिमा रहँदा आषाढमासमा विवाह गर्नु उत्तम हुन्छ’ भनेका छन् ।[६०]

६०. **‘सौरो मासो विवाहादौ’** भनिएको हुँदा सौरमानअनुसार माघमहिना लागिसकेको छ तर चान्द्रमानले पौषमा नै छ भने त्यस्तो पौषमा विवाह गर्न हुन्छ । चान्द्रमानले चैत्र नै छ तर सौरमानले वैशाख लागिसकेको छ भने त्यस्तो चैत्रमासमा विवाह गर्नुहुन्छ । त्यस्तै चान्द्रमानअनुसार श्रावणमहिना लागिसकेको छ र सौरमानअनुसार सूर्य मिथुनराशिमा नै छन् भने त्यस्तो असारमा पनि विवाह गर्नहुन्छ भन्ने गर्ग ऋषिको भनाइ रहेको छ । यस्तो परेमा लोकमा पनि विवाह आदि कर्म गर्ने गरिन्छ ।

ज्योतिर्गर्ग र **राजमार्तण्डले आचार्यचूडामणिमा** भनेका छन् कि – सबै माङ्गलिक कार्य, विवाहसम्बन्धी कार्म र कन्याको स्वयंवर कर्मका लागि चैत्र एवं पौषबाहेक सबै दशमहिना उत्तम हुन्छन् ।

आपस्तम्बः – सर्वऋतवो विवाहस्य शैशिरौ मासौ परिहार्योत्तमं च नैदाघम् । अत्र '**माघफाल्गुनाषाढवर्जं नव मासा मुख्यः कालः**' इति सुदर्शनभाष्ये इडविलायां ब्रह्मविद्यातीर्थैश्चोक्तम् । बौधायनसूत्रेऽपि – '**सर्वे मासा विवाहस्य, शुचितपस्तपस्यमित्येके ।**' तेन '**पूर्वोत्तरौ शिशिरसम्बन्धिनौ मासौ पौषचैत्रौ विहाय**' इति निर्णयामृतव्याख्यानं मौर्ख्यकृतमित्युपेक्ष्यम् । **निशि चेत्सर्वेषु द्वादशेष्वधिमासेषु उद्वहेत्**' इति कालादर्शः । ये तु ज्योतिषे माघादिविधयस्ते गृह्यसूत्राणां द्विजपरत्वेन प्राबल्याच्छूद्रादिपराः ।

आपस्तम्बले भनेका छन् – 'शिशिरका दुईमहिना र ग्रीष्मऋतुको आषाढमासलाई छाडेर अरू ऋतुहरू विवाहका निमित्त उत्तम मानिएका छन् ।' यहाँ माघ, फाल्गुन र आषाढमास छाडी अरू नौमहिना मुख्यकाल मानिएका छन् भन्ने कुरा **सुदर्शनभाष्य** र **इडविलामा** ब्रह्मविद्याका आचार्यहरूले बताएका छन्।

बौधायनसूत्रमा भनिएको छ कि – 'सबै महिना विवाहका लागि उपयुक्त हुन्छन् ।' कसैले भनेका छन् कि– 'आषाढ, माघ र फाल्गुन विवाहकर्मका लागि उपयुक्त हुन्छन् ।' यसबाट शिशिर लाग्नुभन्दा पहिलेको पौष र शिशिर सकिएपछिको चैत्रमास छाडी, पौष र चैत्र छाडी विवाह गर्नुपर्दछ भन्ने **निर्णयामृतको** व्याख्यान मूर्खतापूर्ण छ र त्यसको उपेक्षा गर्नुपर्दछ ।

कालादर्शमा भनिएको छ – रात्रिमा मुहूर्त भेटिन्छ भने बाह्र महिनामध्ये जुनसुकै महिनामा जहिले पनि विवाह गर्न हुन्छ । ज्योतिषमा जुन माघमास आदिका विधिहरू बताइएका छन्, ती **गृह्यसूत्रहरूको** द्विजत्व, क्षत्रियत्व र वैश्यत्वमा अधिकार हुनाले र शूद्रको चर्चा कहीँ नभएकाले माघ, फाल्गुन आदिमा शूद्रको विवाह गर्नुपर्दछ भन्ने अर्थमा आधारित छन् ।

ज्योतिषे – **वात्स्यो वर्षमनूनमिच्छति तथा रैभ्योऽयनं चोत्तरम्,**
श्रीवासोऽन्तमृतुं विहाय मुनयो माण्डव्यशिष्या जगुः ।
चैत्रं प्रोज्झ्य पराशरः परिणये पौषं च दौर्भाग्यदम्,
ह्याषाढादिचतुष्टयं न हितदं कैश्चित्प्रदिष्टं बुधैः ।।

ज्योतिषमा भनिएको छ – **वात्स्यमुनि** पूरै वर्षलाई विवाहयोग्य मान्दछन् । **रैभ्यमुनि** उत्तरायणलाई उत्तम मान्दछन्। **माण्डव्यका** शिष्यहरू वसन्त ऋतुलाई उत्तम मान्दछन् । **पराशर** ऋषि चैत्र र दुर्भाग्य दिने पौषमासलाई छाडी अरू सबै दशमहिना उत्तम हुन्छन् भन्दछन् । तर, आषाढ, श्रावण, भाद्र, आश्विन यी चारमहिना विवाहका लागि हितकारक हुन्छन् भन्ने कुरा कुनै पनि आधिकारिक ऋषिले बताएका छैनन् ।

चण्डेश्वरः – मार्गे मासि तथा ज्येष्ठे क्षौरं परिणयं व्रतम् । ज्येष्ठपुत्रदुहित्रोस्तु यत्नेन परिवर्जयेत् ।।
कृत्तिकास्थं रविं त्यक्त्वा ज्येष्ठपुत्रस्य कारयेत् । उत्सवादिषु कार्येषु दिनानि दश वर्जयेत् ।।

चण्डेश्वर भन्दछन् – मार्गशीर्षमास र ज्येष्ठमासमा विवाह र व्रत गर्न हुँदैन । जेठमहिनामा जेठी छोरी र जेठा छोराको विवाह यत्नपूर्वक निषेध गर्नुपर्दछ । कृत्तिकानक्षत्रमा गएका सूर्यलाई छाडेर जेठमा पनि जेठो छोराको विवाह गर्न छ र जेठमा उत्सव आदि कार्यका निमित्त प्रारम्भिक दशदिन छाड्नुपर्दछ ।

रत्नकोशे –

जन्मर्क्षे जन्मदिवसे जन्ममासे शुभं त्यजेत् । ज्येष्ठमास्याद्यगर्भस्य शुभं वर्जं स्त्रिया अपि ।।

पराशरः – **अज्येष्ठा कन्यका यत्र ज्येष्ठपुत्रो वरो यदि । व्यत्ययो वा तयोस्तत्र ज्येष्ठो मासः शुभप्रदः ।।**

रत्नकोशमा भनिएको छ – जन्मनक्षत्र, जन्मतिथि र जन्ममासमा शुभकार्य गर्न हुँदैन । जेठमहिनामा जेठो छोरा र जेठी छोरीको शुभकार्य गर्न हुँदैन ।

मिहिरः – **ज्येष्ठस्य ज्येष्ठकन्याया विवाहो न प्रशस्यते । तयोरन्यतरे ज्येष्ठे ज्येष्ठो मासः प्रशस्यते।।**

द्वौ ज्येष्ठौ मध्यमौ प्रोक्तावेकं ज्येष्ठं सुखावहम् । ज्येष्ठत्रयं न कुर्वीत विवाहे सर्वसम्मतम् ।।

यत्तु **'सार्वकालमेके विवाहम्'** इति तदासुरादिविवाहविषयम् । **'धर्म्येषु विवाहेषु कालपरीक्षणम्, नाधर्म्येषु'** इति गृह्यपरिशिष्टात् । रत्नमालायामप्येवम् । तेनासुरादयो माघचैत्रादिनिषिद्धकालेष्वपि भवन्ति । मासाः सौराः **'सौरो मासो विवाहादौ'** इत्युक्तेः । झषो न निन्द्यो यदि फाल्गुने स्यात् अजस्तु वैशाखगतो न निन्द्यः । इति त्वपवादः ।

मिहिरले भनेका छन् – जेठमा जेठो वरको जेठी कन्यासँग विवाह गर्न राम्रो हुँदैन । तर वर–कन्यामध्ये एकजनामात्र जेठमा जन्मिएको भए जेठमा पनि विवाह गर्न हुन्छ । भनिएको छ – विवाहमा दुईजेठ मध्यम हुन्छन्, एकजेठ सुखदायक हुन्छ तर तीनजेठमा विवाह गर्नै हुँदैन ।[६१]

यदि कसैले वर्षका पूरै मास विवाहयोग्य छन् भनेका छन् त्यो आसुर आदि विवाहलाई लिएर भनिएको हो । किनकि **गृह्यपरिशिष्ट**मा बताइएको छ – धर्मपूर्वक गरिने विवाहमा कालको परीक्षा गर्नुपर्दछ । अधर्मपूर्वक गरिने विवाहमा कालको परीक्षा हुँदैन । **रत्नमाला**मा पनि यही कुरा भनिएको छ । यसबाट आसुर, राक्षस आदि विवाह माघ, चैत्र आदि निषिद्ध समयमा पनि हुन्छन् । विवाहका निमित्त मासको विचार गर्दा जहिले पनि सौरमास लिनुपर्दछ किनभने श्रुति र श्रुतिसम्मत शास्त्रहरूमा विवाहमा सौरमास लिनुपर्दछ भनिएको छ । यदि फाल्गुनमा मीनसंक्रान्ति पर्छ भने विवाहका लागि चैत्रमहिना निन्दनीय हुँदैन । यसैगरी मेषसंक्रान्ति वैशाखमा परेमा पनि निन्दनीय हुँदैन । ग्रन्थकार भन्दछन् – यी विषय अपवाद हुन् ।

वेधादिदशदोषकथनम्

अथ दशदोषाः । व्यवहारोच्चये – **वेधश्च लत्ता च तथैव पातः खर्जूरवेधो दशयोगचक्रम् । युतिश्च जामित्रमुपग्रहश्च बाणाख्यवज्रे च दशैव दोषाः ।।** एषां लक्षणं ज्योतिषे ज्ञेयम् ।

वेध आदि दशदोषको निरूपण

अब वेध आदि दशदोषबारे विचार गरिन्छ । **व्यवहारोच्चय**मा भनिएको छ – विवाह गर्दा ग्रहवेध, लत्ता, पात, खर्जूरवेध, दशयोगचक्र, युति, जामित्र, उपग्रह, बाण र वज्र यी दोष हुन्छन् । यिनको परिहार गर्नुपर्दछ । यी दोषहरूको

६१. **'ज्येष्ठद्वन्द्वं मध्यमं संप्रदिष्टं त्रिज्येष्ठञ्चेन्नैव युक्तं कदापि'** भनिएको हुँदा जेठो केटो, जेठी केटी र जेठ महिना यस्तो तीनजेठ पर्न गएमा विवाह गर्न हुँदैन । लोकव्यवहारमा पनि विवाहमा तीनजेठ पारिँदैन ।

लक्षण ज्योतिःशास्त्रमा बताइएको छ । ती वेधहरू यसप्रकार छन् – **ग्रहवेध** – एउटा ग्रहद्वारा अर्को ग्रह विद्ध हुनुलाई ग्रहवेध भनिन्छ । **लत्तादोष** – सूर्य, पूर्णचन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि र राहुले आफू बसेको नक्षत्रदेखि अगाडि–पछाडिका १२, २२, ३, ७, ८, ९ संख्यक नक्षत्रलाई लात्तीले दूषित गर्दा उत्पन्न हुने दोषलाई लत्तादोष भनिन्छ । यसमा सूर्यले अघिको, पूर्णचन्द्रले पछिको, मङ्गलले अघिको र बुधले पछिको, गुरुले अघिको, शुक्रले पछिको, शनिले अघिको र राहुले पछिको ग्रहलाई दूषित गराउँछन् । **पात** – सूर्य र चन्द्रमाको क्रान्तिवृत्तको साम्यावस्थालाई पात भनिन्छ। **खर्जूरवेध** – यसलाई एकार्गलानामक दुष्टयोग पनि भनिन्छ । व्याघात, गण्ड, वैधृति, वज्र आदि योगमध्ये कुनै दुष्टयोग भएका दिन अभिजित्सहित चन्द्रमा सूर्यनक्षत्रदेखि विषमनक्षत्रमा भएमा खर्जूरवेधनामक एकार्गला दोष हुन्छ । **दशयोगचक्र**– सूर्य र चन्द्र रहेका नक्षत्रका संख्या जोडी आएको योगफललाई २७ संख्याले भाग गर्दा ०, १, ४, ६, १०, ११, १५, १८, १९ अथवा २० अङ्क शेष रहेमा दशयोग हुन्छ । **युति** – शुभग्रह र पापग्रहको योगमा आधारित दोष । **जामित्र** – विवाह लग्न वा चन्द्रलग्नबाट सातौं भावमा दुष्ट ग्रह रहेमा उत्पन्न हुने दोषलाई जामित्र भनिन्छ । **उपग्रह** – सूर्य आक्रान्त नक्षत्रबाट चन्द्र आक्रान्त नक्षत्र ५, ८, १०, १४, ७, १९, १५, १८, २१, २४, २२ र २५ संख्यामा रहँदा उत्पन्न हुने दोष । **बाण** – शुक्लपक्षको प्रतिपदादेखि जति तिथि बितेका छन् तिनको योग गरी ९ ले भाग गर्दा शेष रहने अङ्क बाण भनिन्छ । ती मध्ये कुनै रोगबाण, कुनै चोरबाण, कुनै मृत्युबाण आदि हुन्छन् । **वज्र** – ज्योतिषसम्बन्धी विष्कुम्भ आदि २७ योगमध्ये १५औं योग ।

अतिचारगे गुरौ

अतिचारगे गुरौ तु वसिष्ठः – **अतिचारगते जीवे वर्जयेत्तदनन्तरम् । विवाहादिषु कार्येषु अष्टाविंशतिवासरान्।।**

गुरुको अतिचारमा विवाह गर्दा

वसिष्ठ भन्दछन् – बृहस्पति अतिचारमा रहेमा अर्थात् बृहस्पति अत्यन्त शीघ्रगतिद्वारा आफ्नो मध्यमभोगकालभन्दा पहिले नै एउटा राशि छाडेर अर्को राशिमा प्रविष्ट भएमा विवाह आदि कार्यका निमित्त २८ दिन छाडी दिनुपर्दछ ।

घातचन्द्रविचारः

रत्नमालायाम् – **एकपञ्चनवयुग्मषट्दशत्रीणिसप्तचतुरष्टलाभदः ।**
द्वादशाजवृषभादिराशितो घातचन्द्र इति कीर्तितो बुधैः ।।

नारदः – **भूबाणनन्दहस्ताश्च रसदिक्वह्निशैलजाः । वेदा वसुशिवादित्या घातचन्द्रो यथाक्रमम्।।**
यात्रायां युद्धकार्येषु घातचन्द्रं विवर्जयेत् । विवाहे सर्वमाङ्गल्ये चौलादौ व्रतबन्धने ।।
घातचन्द्रो नैव चिन्त्य इति पाराशरोऽब्रवीत् ।।

विभिन्न राशिका मानिसहरूको लागि घातचन्द्रविचार

रत्नमालामा घातचन्द्रबारे यसरी भनिएको छ – मेषराशि भएका मानिसहरूका लागि मेषको चन्द्रमा घात हुन्छ, वृषराशिका मानिसहरूका निमित्त सिंहको चन्द्रमा घात हुन्छ, मिथुनराशिका मानिसहरूका निमित्त धनुको चन्द्रमा घात हुन्छ, कर्कराशिका मानिसको निमित्त वृषको चन्द्रमा घातक हुन्छ, सिंहराशिका मानिसहरूको निमित्त कन्याको चन्द्रमा घात हुन्छ, कन्याराशिका मानिसहरूका निमित्त मकरको चन्द्रमा घात हुन्छ, तुलाराशिका मानिसहरूको निमित्त मिथुनको

चन्द्रमा घात हुन्छ, वृश्चिकराशिका मानिसहरूको निमित्त तुलाको चन्द्रमा घात हुन्छ, धनुराशिका मानिसहरूको निमित्त कर्कको चन्द्रमा घात हुन्छ, मकरराशिका मानिसहरूका निमित्त वृश्चिकको चन्द्रमा घात हुन्छ, कुम्भराशिका मानिसहरूका निमित्त कुम्भको चन्द्रमा घात हुन्छ र मीनराशिका मानिसहरूका लागि मीनकै चन्द्रमा घात हुन्छ ।

नारदले पनि एक, पाँच, नौ, दुई, छ, दश, तीन, सात, चार, आठ, एघार र बाह्र क्रमशः मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीनराशिका मानिसहरूका निमित्त चन्द्रमा घातक हुन्छ भन्ने कुरा बताएका छन्। यात्रामा र युद्धकार्यमा घातचन्द्रको त्याग गर्नुपर्दछ । पराशरले भनेका छन् कि विवाह, मङ्गलकार्य, चूडाकरण, व्रतबन्ध आदिमा घातचन्द्रको विचार गर्नुपर्दैन ।

ज्योतिर्निबन्धे – **विवाहचौलव्रतबन्धयज्ञे पट्टाभिषेके च तथैव राज्ञाम् ।**
सीमन्तयात्रासु तथैव जाते नो चिन्तनीयः खलुः घातचन्द्रः ।।

नारदः – **अकालजा भवेयुश्चेद्विद्युन्नीहारवृष्टयः । प्रत्यर्कपरिवेषेन्द्रचापाभ्रध्वनयो यदि ।।**
दोषाय मङ्गले नूनं न दोषायैव कालजाः ।। इति ।

ज्योतिर्निबन्धमा भनिएको छ – विवाह, चूडाकर्म, व्रतबन्ध, राज्याभिषेक, सीमन्तोन्नयन र यात्रामा घातचन्द्रको चिन्ता गर्नुपर्दैन । नारदले भनेका छन् – असामयिक बिजुली चम्किँदा, हिमपात हुँदा र वर्षाकालमा सूर्यका चारैतर्फ मण्डल पर्दा, इन्द्रधनु देखिँदा र मेघगर्जन हुँदा कुनै पनि मङ्गलकार्य गर्न हुँदैन किनकि उक्त सबै अवस्था दूषित मानिएका छन् ।

अकालवृष्टिस्वरूपकथनम्

अकालवृष्टिस्वरूपमाह लल्लः – **'पौषादिचतुरो मासाः प्रोक्ता वृष्टिरकालजा'** इति । शार्ङ्गधरः–
निर्घाते क्षितिचलने ग्रहयुद्धे राहुदर्शने चैव । आ पञ्चदिनात्कन्या परिणीता नाशमुपयाति ।।
उल्कापातेन्द्रचापप्रबलघनरजोधूमनिर्घातविद्युद्-
वृष्टिप्रत्यर्कदोषादिषु सकलबुधैस्त्याज्यमेवैकरात्रम् ।
दुःस्वप्ने दुर्निमित्ते ह्यशुभफलदृशो दुर्मनोभ्रान्तबुद्धौ
चौले मौञ्जीनिबन्धे परिणयनविधौ सर्वदा त्याज्यमेव ।।

अकालवृष्टिको स्वरूपविचार

अकाल वृष्टिको स्वरूप बताउँदै लल्लले भनेका छन् – 'पौष, माघ, फाल्गुन र चैत्र यी चारमहिनामा हुने वर्षालाई अकालज भनिन्छ ।' शार्ङ्गधरले भनेका छन् – 'वज्रपात, भूकम्प, ग्रहयुद्ध, राहुदर्शन यी अवस्थामा पाँचदिनभित्र विवाह गरिएकी कन्याको नाश हुन्छ । उल्कापात, इन्द्रेणी, आँधिबेहरी, धूवाँको मुस्लो र चट्याङ पर्दा, घनघोर वर्षा हुँदा, सूर्य ग्रहण आदिबाट ढाकिँदा विद्वान्हरूले एकरात सबै शुभकर्म छाडिदिनुपर्छ । दुःस्वप्न देखिँदा, दुष्टनिमित्त अनुभव गर्दा, अशुभ फल देखिँदा, मन खराब हुँदा र बुद्धि भ्रान्त हुँदा चूडाकर्म, मौञ्जीबन्धन र विवाह गर्न हुँदैन ।

ज्योतिःप्रकाशे –
अर्वाक् षोडश नाड्यः संक्रान्तेः पुण्यदाः परतः । उपनयनव्रतयात्रापरिणयनादौ विवर्ज्यास्ताः।।

गर्गः – दिग्दाहे दिनमेकं च ग्रहे सप्तदिनानि तु । भूकम्पे च समुत्पन्ने त्र्यहमेव तु वर्जयेत् ।।
उल्कापाते त्रिदिवसं धूमे पञ्च दिनानि च । वज्रपाते चैकदिनं वर्जयेत्सर्वकर्मसु ।।
दर्शनादर्शनाद्राहुकेत्वोः सप्तदिनं त्यजेत् । यावत्केतूद्गमस्तावदशुभः समयो भवेत् ।।

ज्योतिःप्रकाशमा भनिएको छ – संक्रान्तिपछिका १६ घडी र संक्रान्ति पहिलेका १६ घडी पुण्यदायक हुन्छन् । उक्त घडीहरूमा उपनयन, व्रत, यात्रा, विवाह आदि शुभकार्य गर्न हुँदैन ।

गर्गले भनेका छन् दिशाहरू डढेको अवस्थामा एकदिन, ग्रहयुद्ध हुँदा ७ दिन र भूकम्प हुँदा तीनदिन शुभ कर्म गर्न हुँदैन। उल्कापातमा तीनदिनसम्म, धूवाँको मुस्लो देखिँदा पाँचदिनसम्म र चट्याङ पर्दा एकदिन सबै शुभकार्य गर्न हुँदैन। राहु र केतुको दर्शन अथवा अदर्शनमा सातदिनसम्म मङ्गलकार्य गर्न हुँदैन । किनकि केतुको उदय नहुँदासम्मको समयलाई अशुभसमय मानिएको छ ।

नान्दीश्राद्धे भूकम्पादेरपवादकथनम्

अस्यापवादोऽद्भुतसागरे –

अथ दिवसत्रयमध्ये मृदुपानीयं यदा भवति । उत्पातदोषशमनं तदैव सम्प्राहुराचार्याः ।।
सम्बन्धत्त्वे – भूकम्पादेर्न दोषोऽस्ति वृद्धिश्राद्धे कृते सति ।

नान्दीश्राद्धमा भूकम्पको अपवाद

अद्भुतसागरमा भनिएको छ – भूकम्प भएको तीनदिनभित्र नदी वा जलाशयको पानी निर्मल भएमा मात्र उत्पातदोषको शान्ति हुन्छ भन्ने कुरा आचार्यहरूले बताएका छन् ।

सम्बन्धतत्त्वमा भनिएको छ कि वृद्धिश्राद्ध (आभ्युदयिकश्राद्ध) गर्ने हो भने भूकम्प आदिको दोष लाग्दैन।

कन्यायाः वैधव्ययोगकथनम्

अथापरिहार्ये कन्यावैधव्ययोगे विशेष उच्यते । मार्कण्डेयपुराणे –

बालवैधव्ययोगे तु कुम्भद्रुप्रतिमादिभिः । कृत्वा लग्नं रहः पश्चात्कन्योद्वाह्येति चापरे ।।

कन्याको कुण्डलीमा रहेको वैधव्ययोग

कुनै कन्याको कुण्डलीमा अपरिहार्यरूपमा वैधव्ययोग देखिएमा उपाय बताउँदै मार्कण्डेयपुराणमा भनिएको छ- कन्याको बालवैधव्ययोग भएमा एकान्तमा गई कलश अथवा वृक्ष अथवा प्रतिमा आदिसँग लगनगाँठो पारी विवाह गरेपछिमात्र अरूसँग विवाह गर्नुपर्दछ भन्ने कुरा केही विद्वान्हरूले बताएका छन् ।

पुनर्भूदोषाभावकथनम्

अत्र पुनर्भूदोषाभाव उक्तो विधानखण्डे –

स्वर्णाम्बुपिप्पलानां च प्रतिमा विष्णुरूपिणी । तया सह विवाहे तु पुनर्भूत्वं न जायते ।।

पुनर्भूदोषाभावकथन

विधानखण्डमा प्रतिमा आदिसँग विवाह गर्दा दोष लाग्दैन भन्ने कुरा बताउँदै भनिएको छ – सुवर्ण, जल र पीपल आदि वृक्षबाट विष्णुको स्वरूप देखिने प्रतिमा बनाएर विवाह गर्दा पुनर्विवाह गरेको दोष लाग्दैन ।

कुम्भविवाहकथनम्

सूर्यारुणसंवादे –

विवाहात्पूर्वकाले च चन्द्रताराबलान्विते । विवाहोक्ते च तां कन्यां कुम्भेन सह चोद्वहेत् ।।

सूत्रेण वेष्टयेत्पश्चाद्दशतन्तुविधानतः । कुङ्कुमालङ्कृतं देहं तयोरेकान्तमन्दिरे ।।

ततः कुम्भं च निःसार्य प्रभज्य सलिलाशये । ततोऽभिषेचनं कुर्यात्पञ्चपल्लववारिभिः ।।

कुम्भविवाह विधि

सूर्यारुण-संवादमा बताइएको छ – विवाहभन्दा पहिले चन्द्रताराको अनुकूलता मिलाई नयाँ कलशमा गन्ध, पुष्प आदि सामग्री राखेर कन्याको सौभाग्यका निमित्त, जन्मलग्नबाट विभिन्न वर्जित वा निन्दित स्थानहरूमा रहेका मङ्गल आदि ग्रहको दोष हटाउन र पतिको दीर्घकालसम्म जीवनरक्षा गर्न म कुम्भ विवाह गर्दछु भनेर सङ्कल्प गरी '**वरुणाङ्गस्वरूपाय कुम्भाय नमः**' यसमन्त्रबाट कलशमा बेसार र कुंकुमको लेपन गर्नुपर्दछ । त्यसपछि कुमारीको शरीरमा पनि बेसार र कुंकुमलेपन गरी 'यी अमुक गोत्रकी कन्या म तपाईंलाई दिन्छु' भन्ने सङ्कल्प गरेर दशसूत भएको धागोले कुम्भ र कन्यालाइ बाँध्नुपर्दछ । त्यसपछि कुम्भ र कन्याको विवाह गर्नुपर्दछ । दशसूत भएको धागोद्वारा विधानपूर्वक वेष्टन गरेपछि कुम्भ र कन्यालाई एकान्तमा कुंकुमबाट अलंकृत तुल्याउनुपर्दछ । त्यसरी कुम्भसँग विवाह गरेपछि कुम्भलाई घरबाट निकालेर जलाशयमा लगी फुटाएर प्रवाहित गरिदिनुपर्दछ । कुम्भप्रवाहपछि घरमा आएर पञ्चपल्लव अर्थात् पीपल, डुम्री, पाँखरी, आँप र वर वृक्षका पातलाई कलशको जलमा चोभी अभिषेक गरिदिनुपर्दछ ।

कुम्भप्रार्थना

कुम्भप्रार्थना तत्रैव –

वरुणाङ्गस्वरूपाय जीवनानां समाश्रय । पतिं जीवय कन्यायाश्चिरं पुत्रसुखं कुरु ।।

देहि विष्णो वरं देव कन्यां पालय दुःखतः । ततोऽलङ्कारवस्त्राढ्यां वराय प्रतिपादयेत् ।।

इति कुम्भविवाहः।

कुम्भको प्रार्थना

त्यहीं नै अभिषेकपछि '**वरुणाङ्गस्वरूपाय०**' इत्यादि मन्त्रले कुम्भको प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'जीवहरूका आश्रयका रूपमा रहनुभएका वरुण भगवान्का अङ्ग हे कलश ! तपाईंले यी कन्यालाई आफ्ना पतिका साथमा दीर्घकालसम्म जीवित राखिदिनुहोस् र यिनलाई पुत्रसुख पनि प्रदान गर्नुहोस् । हे विष्णु ! हे देव ! तपाईंले दुःखबाट यी कन्याको रक्षा गर्नुहोस् र यिनको रक्षा हुने वर पनि प्रदान गर्नुहोस् ।' यसरी प्रार्थना गरेपछि अलङ्कार एवं बहुमूल्य वस्त्रद्वारा सुहाएकी कन्यालाई उपयुक्त वरका साथ विवाह गरिदिनुपर्छ ।

मूर्तिदानम्

मूर्तिदानमपि तत्रैवोक्तम् –

ब्राह्मणं साधुमामन्त्र्य सम्पूज्य विविधार्हणैः । तस्मै दद्याद्विधानेन विष्णोर्मूर्तिं चतुर्भुजाम् ।।
शुद्धवर्णसुवर्णेन वित्तशक्त्याथवा पुनः । निर्मितां रुचिरां शङ्खगदाचक्राब्जसंयुताम् ।।
दधानां वाससी पीते कमलोत्पलमालिनीम् । सदक्षिणां च तां दद्यान्मन्त्रमेतमुदीरयेत् ।।
यन्मया प्राचि जनुषि घ्नन्त्या पतिसमागमम् । विषोपविषशस्त्राद्यैर्हतो वातिविरक्तया ।।
प्राप्यमानं महाघोरं यशः सौख्यधनापहम् । वैधव्याद्यतिदुःखौघनाशाय शुभलब्धये ।।
बहुसौभाग्यलब्धैश्च महाविष्णोरिमां तनुम् । सौवर्णीं निर्मितां शक्त्या तुभ्यं सम्प्रददे द्विज ।।
अनघाद्याहमस्मीति त्रिवारं प्रजपेदिति । एवमस्त्विति तस्याशीर्गृहीत्वा स्वगृहं विशेत् ।।
ततो वैवाहिकं कुर्याद्विधिं दाता मृगीदृशः ।। अन्येऽप्यश्वत्थविवाहवृक्षसेचनादयस्तत्रैव ज्ञेयाः । विस्तरभयान्नोच्यन्ते।

मूर्तिदान

सूर्यारुणसंवादमा नै कुम्भप्रार्थना गरेपछि मूर्तिदानको विधि बताउँदै भनिएको छ – उत्तम ब्राह्मणलाई बोलाएर विविध प्रकारले पूजा गरी उनलाई विधिपूर्वक चतुर्भुज नारायणको मूर्ति दिनुपर्दछ । शुद्ध वर्णको सुवर्णले अथवा आफ्नो गच्छेअनुसार एकपल, आधा पल त्योभन्दा पनि आधा सुवर्णले बनेको सुन्दर, शङ्ख, चक्र, गदा र पद्मले सुहाएको, पहेंलो रंगका दुईवस्त्रले सुहाएको, कण्ठमा सुन्दर माला पहिराइएको उक्त प्रतिमालाई दक्षिणासहित **'यन्मया प्राचि०'** इत्यादि मन्त्र उच्चारण गर्दै प्रदान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – अतिविरक्त भएकी मैले आफ्नो पूर्वजन्ममा विष, उपविष, शस्त्र आदिबाट पतिको हत्या गरें र पतिसँग प्राप्त गरिने समागमको सुखलाई पनि नष्ट गरें । त्यसबाट मैले सुख र धनलाई नाश गर्ने महाभयङ्कर अपयश प्राप्त गरें । त्यसैकारणले आफ्ना कुण्डलीमा वैधव्य आदि दोष दिने ग्रहहरूलाई धारण गर्दै पैदा भएँ। हे ब्राह्मण देव ! ती सबै दोषहरू नाश गर्न, कल्याण प्राप्त गर्न र पतिका साथमा सौभाग्यमय दाम्पत्यजीवन बिताउन, आफ्नो शक्तिअनुसार सुवर्णद्वारा तयार गरिएको यो महाविष्णुको प्रतिमा तपाईंका निमित्त अर्पण गर्दैछु । तपाईंलाई यो मूर्ति दान गरेपछि आजैका दिनदेखि म पापरहित भएँ, म पापरहित भएँ, म पापरहित भएँ यो वचन तीनपटक जप्नुपर्दछ र ब्राह्मणले पनि **'एवमस्तु'** भन्नुपर्दछ । ब्राह्मणबाट आशीर्वाद ग्रहण गरी कन्याले आफ्नो घरमा प्रवेश गर्नुपर्दछ । त्यसपछि कन्यादाताले आफ्नी सुन्दरकन्यालाई शास्त्रीय विधिले विवाह गरिदिनुपर्दछ । यस्ता दोषहरू निवारण गर्नका लागि अश्वत्थविवाह, वृक्षसेचन आदि विधिहरू मार्कण्डेय आदि पुराणहरूमा बताइएका छन् । त्यहाँबाट अवगत गर्दा विशेष जानकारी हुनेछ । विस्तारको भयले हामी अरू कुरा बताउँदैनौं ।

प्रतिकूलादिकथनम्

अथ प्रतिकूलादि । ज्योतिर्निबन्धे गर्गः –

कृते तु निश्चये पश्चान्मृत्युर्भवति कस्यचित् । तदा न मङ्गलं कुर्यात्कृते वैधव्यमाप्नुयात्।।

प्रतिकूल परिस्थितिमा विवाह आदि मङ्गलकार्यमा अवरोध

अब प्रतिकूल आदि विषयको निर्णय गरिन्छ । ज्योतिर्निबन्धमा गर्गले बताएका छन् कि – शास्त्रीयविधिबाट

वाग्दान आदि कर्म गरी विवाहको निधो गरिएपछि बीचमा कसैको मृत्यु पर्न आउँछ भने मङ्गल अर्थात् विवाह कार्य गर्नुहुँदैन । विवाह गरिएमा कन्या छिटै विधवा हुन्छिन् ।

विवाहनिश्चये सति वधू-वरगृहे कस्यचिन्मृतौ निर्णयः

ज्योतिर्मेधातिथिः – **वधूवरार्थे घटिते सुनिश्चिते वरस्य गेहेऽप्यथ कन्यकायाः ।**

मृत्युर्यदि स्यान्मनुजस्य कस्यचित् तदा न कार्यं खलु मङ्गलं बुधैः ।। मङ्गलम् – विवाहः ।

स्मृतिचन्द्रिकायाम्–

कृते वाङ्निश्चये पश्चान्मृत्युर्भवति गोत्रिणः । तदा न मङ्गलं कार्यं नारीवैधव्यदं ध्रुवम् ।।

कुरो छिनिएपछि वर अथवा वधूको घरमा कसैको मृत्यु भएमा

ज्योतिर्मेधातिथिले भनेका छन् कि – 'वधू र वरको विवाहलग्न निश्चित भइसकेपछि वर अथवा वधूको घरमा कुनै मनुष्यको मृत्यु भएमा बुद्धिमान्हरूले मङ्गल अर्थात् विवाह कार्य गर्नुहुँदैन ।' उक्त पद्यहरूमा प्रयुक्त मङ्गलशब्दको अर्थ विवाह हो । **स्मृतिचन्द्रिका**मा भनिएको छ – वाग्दान भएपछि वर अथवा कन्याको कुलमा कुनै सगोत्रको मृत्यु भएमा विवाह गर्न हुँदैन । विवाह गरियो भने कन्या विधवा हुन्छिन् ।

भृगुः – **वाग्दानानन्तरं यत्र कुलयोः कस्यचिन्मृतिः । तदोद्वाहो नैव कार्यः स्ववंशक्षयदोषतः ।।**

शौनकः – **वरवध्वोः पिता माता पितृव्यश्च सहोदरः । एतेषां प्रतिकूलं च महाविघ्नप्रदं भवेत् ।।**

पिता पितामहश्चैव माता चैव पितामही । पितृव्यः स्त्रीसुतो भ्राता भगिनी चाविवाहिता ।।

एभिरत्र विपन्नैश्च प्रतिकूलं बुधैः स्मृतम् ।। अन्यैरपि विपन्नैस्तु केचिदूचुर्न तद्भवेत् ।।

माण्डव्यः – **वाग्दानानन्तरं माता पिता भ्राता विपद्यते । विवाहो नैव कर्तव्यः स्ववंशस्थितिमिच्छता।।**

भृगुले भनेका छन् – वाग्दानपछि वर या कन्याको कुलमा कसैको मृत्यु भएमा विवाह गर्न हुँदैन, गरियो भने वंशकै नाश हुन्छ ।

शौनकले भनेका छन् कि वर अथवा कन्याका माता-पिता, जेठा बाबु, कान्छा बाबु, सहोदर दाजुभाइका हृदयमा विवाहसम्बन्धी प्रतिकूल भावना पैदा भएमा विवाह गर्न हुँदैन, गरियो भने ठूलो विघ्न आइलाग्छ ।

पिता, पितामह, माता, पितामही, जेठा बुबा, कान्छा बुबा, पहिले विवाह गरिसकेको खण्डमा प्रथम पत्नीबाट उत्पन्न पुत्र, दाजुभाइ र बहिनी (जसको विवाह भएको छैन) यिनीहरूको अकस्मात् मृत्यु भएमा विद्वान्हरूले त्यो विवाहका निमित्त प्रतिकूल संकेत हो भन्ने कुरा बुझ्नुपर्दछ । अरू सगोत्र आदिको मृत्यु भएमा भने त्यस्तो महाविघ्न उत्पन्न हुँदैन भन्ने कुरा कसैले भनेका छन् । **माण्डव्य**ले भनेका छन् – वाग्दानपछि माता-पिता या दाजुभाइको मृत्यु भएमा आफ्नो वंशको प्रतिष्ठा चाहने मानिसले विवाह गर्न हुँदैन ।

संकटे समुत्पन्ने निर्णयकथनम्

सङ्कटे तु मेधातिथिः –

वाग्दानानन्तरं यत्र कुलयोः कस्यचिन्मृतिः । तदा संवत्सरादूर्ध्वं विवाहः शुभदो भवेत् ।।

मेधातिथिले भनेका छन् – वाग्दानपछि वर या कन्याको वंशमा कसैको मृत्यु भएमा एकवर्ष पर्खेर विवाह गरेमा शुभदायक हुन्छ ।

पित्रादीनामाशौचकथनम्

स्मृतिरत्नावल्याम् – **पितुरब्दमशौचं स्यात्तदर्धं मातुरेव च । मासत्रयं तु भार्यायास्तदर्धं भ्रातृपुत्रयोः ।।**

अन्येषां तु सपिण्डानामाशौचं मासमीरितम् ।

माता-पिता आदिको आशौच

स्मृतिरत्नावलीमा भनिएको छ कि – 'पिताको मृत्यु भएमा एकवर्षको आशौच लाग्छ । माताको मृत्यु भएमा ६ महिनाको आशौच लाग्छ, पत्नीको मृत्यु भएमा ३ महिनाको आशौच लाग्छ, दाजुभाइ एवं छोराको मृत्यु भएमा ४५ दिनको आशौच लाग्छ । अन्य सपिण्डवर्गका बन्धुहरूको मृत्यु भएमा एकमहिनाको आशौच लाग्छ ।' यस्तो आशौचमा विवाह गर्नुहुँदैन भन्ने अभिप्राय हो ।

विनायकशान्तिः

तदन्ते शान्तिकं कृत्वा ततो लग्नं विधीयते । ज्योतिःप्रकाशे –

प्रतिकूलेऽपि कर्तव्यो विवाहो मासतः परः । शान्तिं विधाय गां दत्त्वा वाग्दानादि चरेत्पुनः।।

शान्तिम् – विनायकशान्तिम् । तथा च मेधातिथिः –

सङ्कटे समनुप्राप्ते याज्ञवल्क्येन योगिना । शान्तिरुक्ता गणेशस्य कृत्वा तां शुभमाचरेत्।। इति ।

विनायकशान्ति

पिता-माता आदिको मृत्युअनन्तर शास्त्रले तोकेको आशौचको अवधि बिताएपछि स्वस्ति-शान्ति (विनायक शान्ति) गरेर कन्याको विवाह गरिदिनुपर्दछ ।

ज्योतिःप्रकाशमा भनिएको छ– प्रतिकूल परिस्थितिमा एकमहिनापछि विवाह गर्नुपर्दछ । (एकवर्षपछि विनायक शान्ति गरेर विवाह गर्नु मुख्य कल्प हो । ६ महिनापछि अथवा एकमहिनापछि कर्म गर्नु अनुकल्प हो ।)

मेधातिथिले भनेका छन् – संकट आइलागेमा योगी **याज्ञवल्क्य**ले **याज्ञवल्क्यस्मृति**मा गणेशशान्तिको व्यवस्था गरेका छन् । त्यो गणेशशान्ति गरेपछि संकटनाश हुन्छ र अनि मङ्गलकर्मको आरम्भ गर्नुपर्दछ ।

प्रतिकूले सति विचारः

प्रतिकूले न कर्तव्यो गच्छेद्यावदृतुत्रयम् । प्रतिकूलेऽपि कर्तव्यमित्याहुर्बहुविप्लवे ।

प्रतिकूले सपिण्डस्य मासमेकं विवर्जयेत् ।।

प्रतिकूल अवस्थामा मङ्गलकार्य निषेध

प्रतिकूल अवस्था भएमा तीनऋतु अर्थात् ६ महिनासम्म मङ्गल कार्य गर्न हुँदैन । राष्ट्रमा अनेक संकट आइलागेको अवस्थामा ग्रह-नक्षत्र आदि प्रतिकूल भएता पनि विवाह आदि शुभकर्म गर्नुपर्दछ । सपिण्डभित्रका मानिसहरूको

परिवारमा प्रतिकूल घटना हुँदा एकमहिनासम्म विवाह गर्न हुँदैन ।[६२]

ज्योतिःसागरे – **दुर्भिक्षे राष्ट्रभङ्गे च पित्रोर्वा प्राणसंशये । प्रौढायामपि कन्यायां नानुकूल्यं प्रतीक्ष्यते ।।**

मेधातिथिः – **पुरुषत्रयपर्यन्तं प्रतिकूलं स्वगोत्रिणाम् । प्रवेशनिर्गमौ तद्वत् तथा मण्डनमुण्डने ।।**

प्रेतकर्माण्यनिर्वर्त्य चरेन्नाभ्युदयक्रियाम् । आचतुर्थं ततः पुंसि पञ्चमे शुभदं भवेत् ।।

ज्योतिषसागरमा भनिएको छ– दुर्भिक्ष अर्थात् अनिकाल आदि परेको अवस्थामा राष्ट्रभंग भएको अवस्थामा, माता–पिताको प्राण संकटमा परेको अवस्थामा र प्रौढ अर्थात् उमेर पुगेकी अविवाहित कन्या घरमा रहेको अवस्थामा भने विवाहका लागि ग्रहको अनुकूलता एवं प्रतिकूलताको प्रतीक्षा गर्न हुँदैन अर्थात् विवाह गरिदिनुपर्दछ ।

मेधातिथिले भनेका छन् – तीनपुस्तासम्मका सगोत्रीहरूमा नराम्रो घटना परेमा वधूप्रवेश, वधूनिर्गम, विवाह र चौलजस्ता कार्य गर्नु प्रतिकूल हुन्छ । प्रवेश अर्थात् छोराको विवाह, निर्गम अर्थात् छोरीको विवाह, मुण्डन अर्थात् चूडाकर्म, मण्डन अर्थात् विवाह–व्रत आदि कर्म सम्पादन गर्दा प्रतिकूल फल प्राप्ति हुन्छ ।[६३] चारपुस्तासम्मका सपिण्डभित्र मृत्युजस्ता घटना पर्दा सपिण्डीकरणश्राद्ध नगरीकन आभ्युदयिकश्राद्ध गर्नुहुँदैन ।

रजोदर्शने निर्णयः

अथ रजोदोषे निर्णयः – माधवीये –

प्रारम्भात्प्राग्विवाहस्य माता यदि रजस्वला । निवृत्तिस्तस्य कर्तव्या सहत्वश्रुतिचोदनात् ।।

प्रारम्भात् – नान्दीश्राद्धात्, 'नान्दीमुखं विवाहादौ' इत्यादिना तस्यैव प्रारम्भोक्तेः ।

रजोदर्शनमा निर्णय

माधवीयमा भनिएको छ– 'विवाहका लागि नान्दीश्राद्ध गर्नुभन्दा पहिले कन्याकी माता रजस्वला भएमा सहत्वश्रुतिद्वारा उक्त दोषको निवृत्ति गराउनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – पद्यमा उल्लिखित **प्रारम्भात्**पदबाट विवाहमा नान्दीमुखश्राद्ध गर्नुभन्दा पहिले भन्ने अर्थ गर्नुपर्दछ । किनकि कुन कर्म केबाट प्रारम्भ भएको मानिन्छ भन्ने कुरा निरूपण गर्ने प्रसङ्गमा 'विवाह आदि मङ्गलकार्यमा नान्दीमुखश्राद्धलाई प्रारम्भ मान्नुपर्दछ' भन्ने वचनद्वारा नान्दीमुखश्राद्धलाई नै विवाहको प्रारम्भ बताइएको छ ।

६२. बाबु, आमा र पतिको एकवर्ष, सौतिनी आमाको र गुणवती पत्नीको ६ महिना, औरस छोराको र सहोदर दाजुभाइको पैंतालीस दिन, चारपुस्ताभित्रका अन्य दाजुभाइहरूको एकमहिना आशौचको दोष लाग्छ । सो अवधिभित्र विवाह–व्रतबन्ध आदि कुनै पनि मङ्गलकर्म गर्न हुँदैन । बाबु–आमा र पतिको आशौचमा बाहेक अतिसंकट परेको अवस्थामा माथि दिइएका व्यक्तिहरूको आशौचको दोषमा उक्त अवधि नाघेपछि वा एकमहिना नाघेपछि मासिक अपकर्ष अर्थात् खिची गर्न लगाई शास्त्रदर्शित शान्ति गरेर विवाह आदि मङ्गलकार्य गर्न हुन्छ । पत्नी, पुत्र, पितामह, पितामही र चारपुस्ताभित्रका अन्य दाजुभाइको आशौचमा श्रीपूजनादि शान्ति गर्नुपर्दछ भने सहोदर दाजुभाइ, भाउजू–बुहारी, जेठा–कान्छा बाबु र जेठी–कान्छी आमाको मरणदोषमा विनायकशान्ति गर्नुपर्ने शास्त्रीय निर्णय छ । पत्नी–पुत्रादिको मृत्युबाट उत्पन्न शोक–सन्ताप सम्पूर्णरूपमा शान्त भइसकेको र शोकसन्तप्त सबैको मनमा रमाइलो लाग्न सक्छ भने मात्र यस्ता शान्ति गरी विवाहादि मङ्गलकार्य गर्न हुन्छ नत्र हुँदैन ।

६३. **पुत्रोद्वाहः प्रवेशाख्यः कन्योद्वाहस्तु निर्गमः । मुण्डनं चौलमित्युक्तं व्रतोद्वाहौ तु मण्डनम् ।।**

– प्रवेशको अर्थ छोराको विवाह हो, निर्गमको अर्थ छोरीको विवाह हो, मुण्डनको अर्थ चौलकर्म हो र मण्डनको अर्थ व्रत एवं विवाह हो । – **कात्यायन ।**

मेधातिथिः – चौले च व्रतबन्धे च विवाहे यज्ञकर्मणि । भार्या रजस्वला यस्य प्रायस्तस्य न शोभनम्।।
वधूवरान्यतमयोर्जननी चेद्रजस्वला । तस्याः शुद्धेः परं कार्यं माङ्गल्यं मनुरब्रवीत् ।।
वृद्धमनुः – विवाहव्रतचूडासु माता यदि रजस्वला । तदा न मङ्गलं कार्यं शुद्धौ कार्यं शुभेप्सुभिः।।
गर्गः – यस्योद्वाहादिमाङ्गल्ये माता यदि रजस्वला । तदा न तत्प्रकर्तव्यमायुःक्षयकरं यतः ।।

मेधातिथिले भनेका छन् – चौल, व्रतबन्ध, विवाह र यज्ञकर्ममा पत्नी रजस्वला भएमा कार्य गर्न हुँदैन किनकि गरेको कार्यबाट शुभ हुँदैन । वधू या वरकी आमा रजस्वला भएमा मङ्गलकार्य रोकिदिनुपर्छ । माता शुद्ध भएपछि मात्र मङ्गल कार्य आरम्भ गर्नुपर्दछ भन्ने **मनुको** भनाइ रहेको छ । **वृद्धमनुले** भनेका छन् – 'आफ्नो कल्याण चाहने मानिसहरूले विवाह, व्रत र चूडाकर्मको समयमा माता रजस्वला भएमा मङ्गलकार्य गर्न हुँदैन । माता शुद्ध भएपछि मात्र मङ्गलकार्य गर्नुपर्दछ ।' **गर्ग** भन्दछन् – 'विवाह आदि मङ्गलकार्यको समयमा माता रजस्वला हुन्छिन् भने गर्न आँटेको मङ्गलकार्य गर्न हुँदैन किनकि उक्त मङ्गलकार्य आरम्भ गरेमा आयुको नाश हुन्छ ।

नान्दीश्राद्धोत्तरं रजोदोषे

नान्दीश्राद्धोत्तरं रजोदोषे तु कपर्दिकारिकासु –
सूतिकोदक्ययोः शुद्ध्यै गां दद्याद्धोमपूर्वकम् । प्राप्ते कर्मणि शुद्धिः स्यादितरस्मिन्न शुद्ध्यति ।।
अलाभे सुमुहूर्तस्य रजोदोषे च सङ्गते । श्रियं सम्पूज्य तत्कुर्यात्पाणिग्रहणमङ्गलम् ।।
हैमीं माषमितां पद्मां श्रीसूक्तविधिनार्चयेत् । प्रत्यृचं पायसं हुत्वा अभिषेकं समाचरेत् ।। इति ।

नान्दीश्राद्धपछि रजस्वला भएमा

नान्दीमुखश्राद्ध गरिएसकेपछि रजोदोष पर्न आएमा गर्नुपर्ने कर्तव्य बताउँदै **कपर्दिकारिकाहरूमा** भनिएको छ – सूतिका अर्थात् सुत्केरी र रजस्वलाको शुद्धिका लागि होमपूर्वक गाईदान गर्नुपर्दछ । नान्दीश्राद्ध गरिसकेपछि प्रारम्भ गरिएको त्यस कार्यमा रजस्वलाको दोष पर्न आउँदा होमपूर्वक गरिने गोदानले शुद्धि हुन्छ । तर, नान्दीश्राद्ध नगर्दै रजस्वला भएमा त त्यसबेला कार्य गर्न हुँदैन ।

शुभकर्म प्रारम्भ गर्न लागेको दिनबाहेक अर्को शुभ मुहूर्त नभएको अवस्थामा रजोदोष आइपरेमा भगवती लक्ष्मीको पूजा गरेर मङ्गलमय विवाहसंस्कार सम्पन्न गर्नुपर्दछ । त्यसबेला लक्ष्मीको एकमासा सुवर्णको मूर्ति तयार गरी श्रीसूक्तको जप गरेर पूजा गर्नुपर्दछ । श्रीसूक्तका प्रत्येक मन्त्रद्वारा पायस अर्थात् खीर हवन गरी अभिषेक लिनुपर्दछ ।[६४]

सूतकादिसङ्कटे

सूतकादिसङ्कटे तु – **कूमाण्डीभिर्घृतं हुत्वा पयस्विनीं गां च दत्त्वा विवाहादि कुर्यात्** – इति च वक्ष्यते ।

---

६४. धर्मसिन्धुको तृतीयपरिच्छेदअन्तर्गत शान्तिप्रकरणमा श्रीशान्तिविधि निरूपण गर्दै भनिएको छ– श्रिये जातः० इत्यादि मन्त्रबाट श्री अर्थात् लक्ष्मीको पूजन, इदं विष्णुः० इत्यादि मन्त्रबाट विष्णुको पूजन, गौरीमिर्माय० इत्यादि मन्त्रबाट गौरीको पूजन, त्र्यम्बकं० इत्यादि मन्त्रबाट रुद्रको पूजन र परं मृत्योः० इत्यादि मन्त्रबाट यमको पूजन गरेपछि 'भूः स्वाहा मृत्युर्नश्यतां स्नुषायै सुखं वर्धताम्' मन्त्रद्वारा १०८ पटक तिलसहित घिउको आहुति दिनुपर्दछ । तदनन्तर शेषहोम सम्पन्न गरी आचार्यलाई दक्षिणास्वरूप गाई दिएपछि श्रीशान्ति सम्पन्न हुन्छ ।

सूतकादि संकट परेमा

सूतक आदि संकट परेमा कूष्माण्डीनामक ऋचाहरूद्वारा घृताहुति दिएर हवन गरी लैनी गाई दान गरेपछि विवाह गर्नुपर्दछ । यो कुरा पछि पनि बताइनेछ । कूष्माण्डीऋचा यस प्रकार छ – **यद्देवा देवहेडनं देवासश्च कृमा वयम् ।। अग्निर्मातस्मादेनसो विश्वान् मुञ्चत्वं हसः।। यदिदिवा यदिनक्तमेनांसि च कृमा वयम् ।। वायुर्मा तस्मादेनसो विश्वान् मुञ्चत्वं हसः ।। यदिजाग्रद्यदिस्वप्नऽएनांसि च कृमा वयम् । सूर्यो मातस्मादेनसो विश्वान्मुञ्चत्वं हसः ।।** – यजु. अ. २, मं. १४-१६ ।

एकक्रियानिर्णयः

अथैकक्रियानिर्णयः । ज्योतिर्निबन्धे वृद्धमनुः –

एकमातृजयोरेकवासरे (वत्सरे) पुरुषस्त्रियोः । न समानक्रियां कुर्यान्मातृभेदे विधीयते ।।

एतेन एकस्य पुंसो विवाहद्वयमेकदिने निषिद्धम्, मातृभेदाभावात् ।

नारदः – **पुत्रोद्वाहात्परं पुत्रीविवाहो न ऋतुत्रये । न तयोर्व्रतमुद्वाहान्मण्डनादपि मुण्डनम् ।।**

वाराहः – **विवाहस्त्वेकजातानां षण्मासाभ्यन्तरे यदि । असंशयं त्रिभिर्वर्षैस्तत्रैका विधवा भवेत्।।**

एउटी आमाबाट पैदा भएका छोरा-छोरीको एकवर्षभित्र विवाह निषेध

ज्योतिर्निबन्धमा वृद्धमनुले भनेका छन् – 'एउटै माताबाट उत्पन्न छोरा र छोरीको एकवर्षभित्र समान क्रिया अर्थात् विवाह आदि शुभकर्म गर्न हुँदैन अर्थात् वर्ष फिरेपछि गर्दा भने कुनै दोष हुँदैन । तर आमाहरू अलग-अलग भएमा भने विवाह आदि कर्म गर्नहुन्छ ।' यसबाट एउटा पुरुषको एकदिनमा दुईविवाह गर्ने काम निषिद्ध छ किनकि माता एउटै भएकीले मातृभेदको अभाव छ । **नारद** भन्दछन् – छोराको विवाह गरेपछि ३ ऋतुभित्र अर्थात् ६ महिनाभित्र छोरीको विवाह गर्नुहुँदैन । यसैगरी व्रत र विवाहपछि पनि ६ महिनासम्म चौलकर्म गर्न हुँदैन। **वाराहले** भनेका छन् – एकमाताबाट उत्पन्न सन्तानहरूको ६ महिनाभित्र विवाह भएमा तीनवर्षभित्र कन्या विधवा हुन्छिन् ।

मदनरत्ने वसिष्ठः – **न पुंविवाहोर्ध्वमृतुत्रयेऽपि विवाहकार्यं दुहितुः प्रकुर्यात् ।**
न मण्डनाच्चापि हि मुण्डनं च गोत्रैकतायां यदि नाब्दभेदः ।।
एकोदरभ्रातृविवाहकृत्ये स्वसुर्न पाणिग्रहणं विधेयम् ।
षण्मासमध्ये मुनयः समूचुर्न मुण्डनं मण्डनतोऽपि कार्यम् ।।

एतदपवादस्तत्रैव – **ऋतुत्रयस्य मध्ये चेदन्याब्दस्य प्रवेशनम् । तदा ह्येकोदरस्यापि विवाहस्तु प्रशस्यते।।**

मदनरत्नमा वसिष्ठले भनेका छन् – पुरुषको विवाहपछि तीनऋतु अर्थात् ६ महिनाभित्र कन्याको विवाह गर्न हुँदैन । एकगोत्रमा विवाहपछि एकवर्षको अन्तराल नभएमा मुण्डनसंस्कार गर्न हुँदैन । एकमाताबाट उत्पन्न दाजु-भाइहरूको विवाह कार्य गर्दा दिदी-बहिनीको विवाहकार्य गर्न हुँदैन । विवाहपछि ६ महिनाको बीचमा मुण्डन अर्थात् चौलकर्म गर्न हुँदैन भन्ने कुरा मुनिहरूले बताएका छन् । त्यहीँ नै अपवाद देखाउँदै भनिएको छ – यदि ६ महिनाभित्र नै अर्को वर्षको प्रवेश हुन्छ भने एउटै माताबाट उत्पन्न वर-कन्याहरूको विवाह गर्नु उत्तम हुन्छ ।

सारावल्याम् – फाल्गुने चैत्रमासे तु पुत्रोद्वाहोपनायने । भेदादब्दस्य कुर्वीत नर्तुत्रयविलङ्घनम्।।

संहिताप्रदीपे – ऊर्ध्वं विवाहात्तनयस्य नैव कार्यो विवाहो दुहितुः समार्द्धम् ।

अप्राप्य कन्यां श्वसुरालयं च वधूः प्रवेश्या स्वगृहं च नादौ ।।

मदनरत्ने वसिष्ठः – द्विशोभनं त्वेकगृहेऽपि नेष्टं शुभं तु पश्चान्नवभिर्दिनैस्तु ।

आवश्यकं शोभनमुत्सवो वा द्वारेऽथवाचार्यविभेदतो वा ।।

एकोदरप्रसूतानां नाग्निकार्यत्रयं भवेत् । भिन्नोदरप्रसूतानां नेति शातातपोऽब्रवीत् ।।[६५]

सारावलीमा भनिएको छ – फाल्गुन र चैत्रमहिनामा सहोदर दाजु–भाइको विवाह भएको अवस्थामा वर्ष फिरेपछि अर्थात् वैशाखपछि विवाह गर्न हुन्छ । यसमा तीनऋतुपछि मात्र विवाह गर्न हुन्छ भन्ने नियम लागु हुँदैन ।

संहिताप्रदीपमा भनिएको छ – छोराको विवाह गरेपछि ६ महिनासम्म छोरीको विवाह गर्नुहुँदैन । कन्यालाई आफ्नो ससुराको घरमा पठाएपछि मात्र बुहारीलाई आफ्नो घरमा प्रवेश गराउनुपर्छ ।

मदनरत्नमा वसिष्ठले भनेका छन् – एकघरमा एकैसाथ दुइटा शुभकार्य गर्ने हो भने मङ्गलप्राप्ति हुँदैन । एउटा शुभ कार्य गरेको ९ दिनपछि मात्र दोस्रो शुभकार्य गर्नुपर्दछ । आवश्यकता परेमा शुभकार्य र उत्सवका द्वार फरक बनाई भिन्दाभिन्दै आचार्यहरूबाट गराउनुपर्दछ । एउटै पेटबाट उत्पन्न भएका तीनछोरा–छोरीहरूको एकै पटक मङ्गल कार्य गर्न हुँदैन । अलग–अलग माताबाट उत्पन्न भएका छोरा–छोरीहरूको भने एकसाथमा मङ्गलकार्य गर्दा कुनै दोष नलाग्ने कुरा शातातपले बताएका छन् ।

ज्योतिर्निबन्धे कात्यायनः –

कुले ऋतुत्रयादर्वाङ्मण्डनान्न तु मुण्डनम् । प्रवेशान्निर्गमो नेष्टो न कुर्यान्मङ्गलत्रयम् ।।

कुर्वन्ति मुनयः केचिदन्यस्मिन्वत्सरे लघु । लघु वा गुरु वा कार्यं प्राप्तं नैमित्तिकं तु यत् ।।

पुत्रोद्वाहः प्रवेशाख्यः कन्योद्वाहस्तु निर्गमः । मुण्डनं चौलमित्युक्तं व्रतोद्वाहौ तु मङ्गलम् ।।

चौलं मुण्डनमेवोक्तं वर्जयेन्मण्डनात्परम् । मौञ्जी चोभयतः कार्या ततो मौञ्जी न मुण्डनम्।।

अभिन्नवत्सरेऽपि स्यात्तदहस्तत्र भेदयेत् । अभेदे तु विनाशः स्यान्न कुर्यादेकमण्डपे ।।

ज्योतिर्निबन्धमा कात्यायनले भनेका छन् – कुलमा विवाहपछि तीनऋतुभित्र मुण्डन अर्थात् चौलकर्म गर्न हुँदैन। वधूप्रवेशपछि ३ ऋतुभित्र कन्याको विवाह गराउने काम गर्नुहुँदैन । तीनमङ्गलकार्य एकैचोटि गर्न हुँदैन । कुनै मुनिहरू एउटा मङ्गलकार्यको दोस्रो वर्ष सानो मङ्गलकार्य गर्न हुन्छ भन्दछन् । सानो या ठूलो मङ्गलकार्य नैमित्तिक प्राप्त भएमा गर्नैपर्दछ । पुत्रको विवाहलाई प्रवेश भनिन्छ, कन्याको विवाहलाई निर्गम भनिन्छ, मुण्डनलाई चौल भनिन्छ र व्रत एवं विवाहलाई मङ्गल भनिन्छ ।

घरमा विवाहकर्म सम्पन्न गरेपछि मुण्डनकर्म गर्न हुँदैन । मुण्डनकर्म र विवाहकर्मभन्दा पहिले र पछि पनि उपनयनकर्म गर्न हुन्छ । एउटै वर्षमा गर्नुपरेमा पनि दिन फरक पारेर गर्नुपर्दछ । एउटै तिथि र समयमा गरियो भने विनाश हुन्छ । एउटै मण्डपमा दुईशुभकार्य गरिएमा पनि राम्रो हुँदैन ।

---

६५. कुनै निर्णयसिन्धुमा – '**भिन्नोदरप्रसूतानामिति शातातपोऽब्रवीत् ।**' यस्तो पाठ रहेको देखिन्छ ।

सङ्कटे तु कपर्दिकारिकासु वराहमिहिरश्च –

उद्वाह्य पुत्रीं न पिता विदध्यात् पुत्रान्तरस्योद्वहनं कदाचित् ।
यावच्चतुर्थं दिनमत्र पूर्वं समाप्य चान्योद्वहनं विदध्यात् ।।

कश्यपः – मौञ्जीबन्धस्तथोद्वाहः षण्मासाभ्यन्तरेऽपि वा । पुत्र्युद्वाहं न कुर्वीत विभक्तानां न दोषकृत्।।

कपर्दिकारिकाहरूमा वराहमिहिरले भनेका छन् – पिताले कन्याको विवाह गरेपछि पुत्रको विवाह कहिल्यै पनि गर्नुहुँदैन । संकटकालमा एउटा विवाह गरेको चारदिनपछि दोस्रो विवाह गर्न सकिन्छ तर चारदिनभन्दा पहिले गर्न हुँदैन। कश्यपले भनेका छन् – मौञ्जीबन्धन र विवाहपछि ६ महिनाभित्र कन्याको विवाह गर्न हुँदैन । तर छोराहरू छुट्टिएको अवस्थामा भने दोष लाग्दैन ।

विवाहमध्ये श्राद्धपाते निर्णयः

ज्योतिर्निबन्धे – विवाहमारभ्य चतुर्थिमध्ये श्राद्धं दिनं दर्शदिनं यदि स्यात् ।
वैधव्यमाप्नोति तदाशु कन्या जीवेत्पतिश्चेदनपत्यता स्यात् ।।

तथा – विवाहमध्ये यदि चेत्क्षयाहस्तत्र स्वमुख्याः पितरो न यान्ति ।
वृत्ते विवाहे परतस्तु कुर्याच्छ्राद्धं स्वधाभिर्न तु दूषयेत्तम् ।।

ये वा भद्रं दूषयन्ति स्वधाभिः इति श्रुतेश्च ।

विवाहमध्यमा श्राद्ध पर्न आउँदा

विवाहदेखि चतुर्थीकर्मको बीचमा श्राद्धको तिथि वा औंसी परेमा विवाहित कन्या छिट्टै विधवा हुन्छिन् । यदि पति बाँच्यो र ती कन्या विधवा भइनन् भने पनि तिनीहरूका सन्तान पैदा भए पनि मर्दछन् । विवाहको बीचमा माता-पिताको मृततिथि परेमा श्राद्ध गर्न थालिएमा मुख्य पितृहरू आउँदैनन् तसर्थ श्राद्ध गर्न हुँदैन । विवाह समाप्त भएपछि श्राद्ध गर्नुपर्दछ । विवाहको बीचमा स्वधा उच्चारण गरेर विवाहलाई दूषित तुल्याउन हुँदैन । श्रुतिमा पनि भनिएको छ[६६]– 'जसले स्वधा उच्चारण गरी मङ्गललाई दूषित तुल्याउँछन्' यस भनाइबाट मङ्गलकार्यको बीचमा स्वधासम्बन्धी पितृकर्म गर्न नहुने कुरा स्पष्ट हुन्छ ।

मासिकविषये

मासिकविषये कालहेमाद्रौ शाट्यायनिः –

प्रेतश्राद्धानि सर्वाणि सपिण्डीकरणं तथा । अपकृष्यापि कुर्वीत कर्तुं नान्दीमुखं द्विजः ।।

मासिकश्राद्धको विषयमा

मासिकश्राद्धको विषयमा कालहेमाद्रिमा शाट्यायनिले भनेका छन्– द्विजले नान्दीमुखश्राद्ध गर्नका लागि

६६. ये पाकशंसं विहरन्त एवैर्यवा भद्रं दूषयन्ति स्वधाभिः । अहथे वातान् प्रददातु सोम आ वा दधातु निर्ऋतेरुपस्थे ।। – ऋ. ५/१०४/९ । अर्थात् जुन राक्षसहरूले आफ्नो सिद्धान्तमा अटल रही सत्यभाषण गर्ने मलाई आफ्नो आत्मीय तर कुटिलतापूर्ण तरिकाबाट विपरीत मार्गमा पुऱ्याउँछन् र शक्ति प्रयोग गरी मलाई दूषित तुल्याउँछन्, ती सबैलाई सोम अर्थात् न्यायाधीशले उनकै कुकृत्यका लागि दण्डित गरून् अथवा पापदेवताको समीपमा फ्याँकिदिऊन् । – दौलतराम गौडद्वारा सम्पादित नि.सि., पृ. ६१८ बाट उद्धृत ।

सबै किसिमका मासिकश्राद्ध र सपिण्डीकरणश्राद्धलाई अरू कुनै समयमा गर्नुपर्दछ । तर नान्दीमुखश्राद्ध भने छोड्नुहुँदैन । यसलाई सर्वप्रथम सम्पादन गर्नुपर्दछ ।

वृद्धिं विनापकर्षे दोषकथनम्

वृद्धिं विनापकर्षे दोषमाह तत्रैवोशनाः –

वृद्धिश्राद्धविहीनस्तु प्रेतश्राद्धानि यश्चरेत् । स श्राद्धी नरके घोरे पितृभिः सह मज्जति ।। इति ।

मेधातिथिः – **प्रेतकर्माण्यनिर्वर्त्य चरेन्नाभ्युदयक्रियाम् । आचतुर्थं ततः पुंसि पञ्चमे शुभदं भवेत् ।।**

स्मृत्यन्तरे – **सपिण्डीकरणादर्वागपकृष्य कृतान्यपि । पुनरप्यपकृष्यन्ते वृद्ध्यत्तरनिषेधनात् ।।**

वृद्धिश्राद्ध गर्नुपर्ने अवस्था नआईकन आशौच छोट्याइएमा दोष

वृद्धिश्राद्ध गर्नुपर्ने स्थिति नआएको अवस्थामा प्रेतश्राद्ध आदिको अपकर्ष गरेमा दोष[६७] हुने कुरा बताउँदै **उशनाले** भनेका छन् – 'जसले वृद्धिश्राद्ध नगरीकन प्रेतश्राद्धको अपकर्ष गर्दछ त्यो श्राद्ध गर्ने मानिस पितृहरूसहित घोर नरकमा डुब्दछ।

मेधातिथिले भनेका छन् – प्रेतकर्म नगरीकन चारपुस्तासम्मका मानिसहरूले वृद्धिश्राद्ध गर्न हुँदैन । पाँचौं पुस्तामा गएपछि भने त्यो आभ्युदयिककर्म मङ्गलदायक हुन्छ ।

कुनै **स्मृतिमा** भनिएको छ– सपिण्डीकरणभन्दा पहिले अपकर्ष गरेर मासिक आदि श्राद्धहरू गरिएको भए पनि तिनलाई फेरि अपकर्ष गरेर सम्पन्न गर्नुपर्दछ अर्थात् चौल, उपनयन, विवाह, गर्भाधान आदि कार्यहरूका लागि अपकर्ष गरेर मृततिथिमा श्राद्ध गरेको भएमा यो नियम लागु हुन्छ । वृद्धिश्राद्ध गरेपछि प्रेतकर्म निषिद्ध हुन्छ ।

स्मृतिसारावल्याम् – **भ्रातृयुगे स्वसृयुगे भ्रातृस्वसृयुगे तथा ।**
एकस्मिन्मण्डपे चैव न कुर्यान्मण्डनद्वयम् ।। सहोदरविषयमेतत् ।

यमः – **एकोदरप्रसूतानामेकस्मिन् वासरे पुनः । विवाहं नैव कुर्वीत मण्डनोपरि मुण्डनम् ।।**

गार्ग्यः – **भ्रातुयुगे स्वसृयुगे भ्रातृस्वसृयुगे तथा । न कुर्यान्मङ्गलं किञ्चिदेकस्मिन्मण्डपेऽहनि।।**

एकस्मिन् वासरे प्राप्ते कुर्याद्यमलजातयोः । क्षौरं चैव विवाहं च मौञ्जीबन्धनमेव च ।।

स्मृतिसारावलीमा भनिएको छ – दुईदाजु–भाइ, दुईदिदी–बहिनी अथवा एकदाजु वा भाइ र दिदी वा बहिनीको एउटै मण्डपमा मङ्गल गर्न हुँदैन अर्थात् एउटै मण्डपमा दुईथरि विवाह गर्न हुँदैन । **यमले** भनेका छन् – एउटै पेटबाट पैदा भएका कन्या वा कुमारहरूको एकै दिनमा विवाह र विवाहपछि घरमा चूडाकर्म गर्न हुँदैन ।

गार्ग्यले भनेका छन् – दुईसहोदर दाजुभाइहरूको दुईसहोदर दिदीबहिनीहरूको र सहोदर दाजु–भाइ एवं दिदी–बहिनीको एकै दिनमा एउटै मण्डपमा कुनै पनि मङ्गलकार्य गर्न हुँदैन । एकैचोटि उत्पन्न भएका जुम्ल्याहाहरूको क्षौरकर्म, विवाह एवं व्रतबन्ध एकैदिन गर्न हुन्छ ।

---

६७ विवाह–व्रतबन्धादि संस्कारमा वृद्धि अर्थात् नान्दीमुखश्राद्ध गर्नुपर्छ । यो श्राद्ध वृद्धिनिमित्तक हुन्छ । आशौच परिरहेको बखत विवाह आदि मङ्गलकार्य अतिसंकट परेमा मात्र गर्न हुन्छ । त्यस्तो संकट परेमा मात्र मासिक अपकर्ष गर्न हुन्छ अन्यथा हुँदैन । आशौच परेको अवस्थामा वृद्धिश्राद्ध गर्नुपर्ने बाध्यता उत्पन्न हुँदा प्रेतावस्थामा रहेको मृतक प्रेतत्वबाट निवृत्त हुने एउटा बलियो उपाय बन्न जान्छ । बाबु–आमा र पतिको आशौचमा बाहेक अरूको आशौचमा मात्र मासिक खिचेर वृद्धिश्राद्ध गर्नुपर्ने हुन्छ ।

ज्योतिर्विवरणे – एकोदरयोरेकदिनोद्वहने भवेन्नाशः । नद्यन्तर एकदिने केप्याहुः सङ्कटे च शुभम्।।
ऊर्ध्वं विवाहाच्छुभदो नरस्य नारीविवाहो न ऋतुत्रयं स्यात् ।
नारीविवाहात्तदहेऽपि शस्तं नरस्य पाणिग्रहमाहुरार्याः ।।

ज्योतिर्विवरणमा भनिएको छ कि – एउटै पेटबाट उत्पन्न भएका दुईदाजुभाइको एकै दिन विवाह गरिएमा कुलको नाश हुन्छ। तर नदीको व्यवधानमा एउटा विवाह वारि र अर्को विवाह पारि अथवा देशको व्यवधानमा अर्थात् एउटा देशमा एउटा विवाह, अर्को देशमा अर्को विवाह र संकटकालमा भने एकैदिन विवाह गर्न शुभ मानिन्छ ।

पुरुषको विवाहपछि तीनऋतु अर्थात् ६ महिनाभित्र कन्याको विवाह शुभदायक हुँदैन । तर कन्याको विवाहपछि कुमारको विवाह उसै दिन गरिन्छ भने मङ्गलदायक हुन्छ भन्ने कुरा आर्यहरूले भनेका छन् ।

भिन्नमातृजयोस्तु एकवासरे विवाहविचारः

भिन्नमातृजयोस्तु एकवासरे विवाहमाह मेधातिथिः –

पृथङ्मातृजयोः कार्यो विवाहस्त्वेकवासरे । एकस्मिन् मण्डपे कार्यः पृथक् वेदिकयोस्तथा ।।
पुष्पपट्टिकयोः कार्यं दर्शनं न शिरःस्थयोः । भगिनीभ्यामुभाभ्याञ्च यावत्सप्तपदी भवेत् ।।

अलग-अलग आमाबाट जन्मिएका छोराहरूको एकै दिन विवाह गर्ने विषयमा विचार

अलग-अलग आमाहरूबाट उत्पन्न भएका छोराहरूको एकै दिनमा विवाह हुन्छ भन्ने कुरा मेधातिथिले बताएका छन्। तदनुसार पिता एउटै भएता पनि फरक-फरक माताबाट पैदा भएका छोराहरूको एकैदिन एउटै मण्डपमा तर वेदी अलग-अलग बनाएर विवाह गर्न हुन्छ । अलग-अलग माताबाट उत्पन्न भएका छोराहरूको एउटाको उपनयन र अर्कोको विवाह यी दुईसंस्कार पनि गर्न हुन्छ । फरक-फरक माताबाट पैदा भएका दुईदिदी-बहिनीको एउटै मण्डपमा एकैदिन विवाह गर्दा सप्तपदीको कृत्य नसकिएसम्म दुवै दिदी-बहिनीले एक-अर्काको शिरमा रहेको पुष्पपट्टिका अर्थात् पुष्प एवं मालाद्वारा सजाइएको मुकुट हेर्न हुँदैन ।

यमयोस्तु विशेषकथनम्

यमयोस्तु विशेषः भट्टकारिकायाम् –

एकस्मिन् वत्सरे चैकवासरे मण्डपे तथा । कर्तव्यं मङ्गलं स्वस्त्रोर्भ्रात्रोर्यमलजातयोः ।।

जुम्ल्याहाहरूको विवाहमा विशेष

भट्टकारिकामा भनिएको छ कि – एकवर्षभित्र एकैदिन एउटैमण्डपमा एकैचोटि जुम्ल्याहा बहिनी र दाजु अथवा दिदी र भाइको मङ्गलकार्य गर्न हुन्छ ।

प्रत्युद्वाहादिनिषेधः

ज्योतिर्निबन्धे नारदः – **प्रत्युद्वाहो नैव कार्यो नैकस्मै दुहितृद्वयम् ।**
न चैकजन्ययोः पुंसोरेकजन्ये तु कन्यके । नैवं कदाचिदुद्वाहो नैकदा मुण्डनद्वयम् ।।
नैकजन्ये तु कन्ये द्वे पुत्रयोरेकजन्ययोः । न पुत्रीद्वयमेकस्मै प्रदद्यात्तु कदाचन ।। इति ।

साटो आदि गरी गरिने विवाह आदिको निषेध

ज्योतिर्निबन्धमा नारदले भनेका छन् – प्रत्युद्वाह अर्थात् ज्वाइँको बहिनीसँग आफ्ना छोराको विवाह गर्ने काम, एउटै वरलाई दुइटी कन्या दिने काम, एउटै माताबाट उत्पन्न दुईसहोदर दाजुभाइलाई एउटै माताबाट उत्पन्न दुईसहोदर दिदीबहिनी दिने काम गर्न हुँदैन । एकैचोटि उत्पन्न भएका छोराहरूको एकैचोटि उत्पन्न भएका कन्याहरूसँग विवाह गर्न हुँदैन र एकैचोटि दुईभाइको मुण्डन पनि गर्न हुँदैन । एउटै मातापिताको जोडाबाट उत्पन्न भएका दुईकन्याहरूलाई एउटै माताको जोडाबाट पैदा भएका दुईवरहरूका साथ कहिल्यै पनि विवाह गरिदिन हुँदैन र एउटै वरलाई दुइटी कन्या पनि दिनु हुँदैन ।

विवाहात्प्राक् कन्यारजोदर्शने विचारः

कन्याया रजोदर्शने तु अपरार्के संवर्तः –

माता चैव पिता चैव ज्येष्ठभ्राता तथैव च । त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ।।

हारीतः – **पितृगेहे तु या कन्या रजः पश्यत्यसंस्कृता । सा कन्या वृषली ज्ञेया तत्पतिर्वृषलीपतिः ।।**

देवलात्रिकश्यपाः –

पितुर्गेहे तु या कन्या रजः पश्यत्यसंस्कृता। भ्रूणहत्या पितुस्तस्याः सा कन्या वृषली स्मृता ।।

यस्त्यां समुद्वहेत्कन्यां ब्राह्मणो ज्ञानदुर्बलः । अश्राद्धेयमपाङ्क्तेयं तं विद्याद् वृषलीपतिम् ।।

विवाहभन्दा पहिले कन्या रजस्वला भएमा

अपरार्कमा संवर्तले भनेका छन् – रजस्वला भएकी कन्या देखेपछि माता–पिता र जेठो दाजु यी तीनजना नरकमा जान्छन् । त्यसकारण रजस्वला नहुँदै कन्याको विवाह गरिदिनुपर्छ ।

हारीतले भनेका छन् – पिताको घरमा बसेकी जुन अविवाहित कन्याले आफ्नो रजको दर्शन गर्दछिन् ती कन्याः वृषली अर्थात् शूद्रासरह हुन्छिन् र तिनको पतिलाई वृषलीपति भनिन्छ ।

देवल, अत्रि र कश्यप भन्दछन् – जुन अविवाहित कन्याले पिताको घरमा आफू रजोवती भई रजोदर्शन गर्दछिन् ती वृषलीरूपमा परिणत भएकी कन्याका पितालाई भ्रूणहत्या गरेको पाप लाग्दछ । ज्ञानले दुर्बल भएको कुनै ब्राह्मणले त्यस्ती कन्यासँग विवाह गर्दछ भने त्यो ब्राह्मण श्राद्धकर्म गराउन अयोग्य हुन्छ र ब्राह्मणहरूमध्ये पनि पङ्क्तिदूषक ब्राह्मण कहलाउँछ र त्यसलाई वृषलीपति भनेर जान्नुपर्दछ ।

माधवीये बौधायनः – **त्रीणि वर्षाण्यृतुमती काङ्क्षेत पितृशासनम् ।** विष्णुः – **ऋतुत्रयमुपास्यैव कन्या कुर्यात्स्वयं वरम् ।** अत्र वरस्य दोषाभावमाह यमः –

कन्या द्वादशवर्षाणि याऽप्रदत्ता वसेद् गृहे । भ्रूणहत्या पितुस्तस्याः सा कन्या वरयेत्स्वयम्।।

एवञ्चोपनतां पत्नीं नावमन्येत्कदाचन । न तु तां बन्धकीं विद्यान्मनुः स्वायम्भुवोऽब्रवीत् ।।

बौधायनले माधवीयमा भनेका छन् – 'ऋतुमती कन्याले रजस्वला भएको तीनवर्षको अवधिसम्म पिताको अनुशासनमा रहेर पिता, दाजू आदिले मेरो विवाह गरिदिन्छन् भनी प्रतीक्षा गर्नुपर्दछ ।' चारवर्षपछि त आफूलाई अनुकूल हुने वरलाई पतिको रूपमा आफै वरण गर्नुपर्दछ भन्ने अभिप्राय हो ।

विष्णुले भनेका छन् – रजस्वला भएपछि कन्याले जम्मा ३ ऋतु अर्थात् ६ महिनासम्म पर्खिनुपर्छ र त्यसपछि

पनि विवाह नगरिदिएमा कन्याले आफैं उत्तम वरलाई वरण गर्नुपर्दछ । **यमले** भनेका छन् – जुन कन्या १२ वर्षसम्म विवाह नगरीकन पिताको घरमा बस्दछिन् तिनको पितालाई भ्रूणहत्या लाग्दछ तसर्थ कन्याले आफै पतिको वरण गर्नुपर्दछ। स्वयंवरमा विवाहित पत्नीका पतिले कहिले पनि यो स्वयंवरविधिबाट मेरो घरमा आएकी पत्नी हो भनेर अपमान गर्न हुँदैन किनकि उनी आफै पापिनी र व्यभिचारिणी होइनन् भन्ने कुरा स्वायंभुव **मनुले** भनेका छन् ।

मनुः – **अलङ्कारं नाददीत पितृदत्तं स्वयंवरा । भ्रातृकं मातृदत्तं वा स्तेना स्याद्यदि तं हरेत् ।।**

वरं प्रत्याह – **पित्रे न दद्याच्छुल्कं तु कन्यामृतुमतीं हरन् । स हि स्वाम्यादतिक्रामेदृतूनां प्रतिबाधनात्।।**

मनुले भनेका छन् – स्वयंवर गरेर पतिको वरण गर्ने कन्याले पिताले दिएको, माताले दिएको र दाजुले दिएको अलङ्कार, वस्त्र आदि ग्रहण गर्न हुँदैन । यदि ग्रहण गर्दछिन् भने तिनलाई चोरसमान जान्नुपर्दछ । वरको विषयमा भनिएको छ कि रजस्वलाकन्यासँग विवाह गर्ने वरले ती कन्याको पितालाई यदि चलनअनुसार केही दिनुपर्ने रहेछ भने दिनु हुँदैन। किनकि कन्याको ऋतुकालमा सन्तानको उत्पत्तिलाई रोक्ने काम गरेकाले पितामा कुनै किसिमको अधिकार रहँदैन ।

रजस्वलाया विवाहे प्रायश्चित्तकथनम्

अत्र प्रायश्चित्तमुक्तमाश्वलायनेन –

कन्यामृतुमतीं शुद्धां कृत्वा निष्कृतिमात्मनः । शुचिं च कारयित्वा तामुद्वहेदानृशंस्यधीः ।।
पिता ऋतून् स्वपुत्र्यास्तु गणयेदादितः सुधीः । दानावधि गृहे यत्नात्पालयेच्च रजोवतीम् ।।
दद्यात्तदृतुसंख्या गाः शक्तः कन्यापिता यदि । दातव्यैकापि निःस्वेन दाने तस्या यथाविधि ।।
दद्याद्वा ब्राह्मणेष्वन्नमतिनिःस्वः सदक्षिणम् । तस्यातीतर्तुसङ्ख्येषु वराय प्रतिपादयेत् ।।
उपोष्य त्रिदिनं कन्या रात्रौ पीत्वा गवां पयः । अदृष्टरजसे दद्यात्कन्यायै रत्नभूषणम् ।।
तामुद्वहन् वरश्चापि कूष्माण्डैर्जुहुयाद् द्विजः ।। इति ।

रजस्वला कन्याको विवाह गर्नुपर्दा प्रायश्चित्तव्यवस्था

रजस्वलाधर्म शुरु भएकी कन्यासँग विवाह गर्नुभन्दा पहिले प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै **आश्वलायनले** भनेका छन् – रजस्वलाधर्म प्रारम्भ भएकी कन्यासँग विवाह गर्ने मानिसले कन्यालाई शुद्ध तुल्याएर आफ्नो आत्मालाई पनि निष्पाप तुल्याउन प्रायश्चित्त गरी गराई कन्याका साथमा विवाह गर्नुपर्दछ । पिताले आफ्नो छोरीको रजस्वलाधर्म कहिलेदेखि भएको हो त्यसको गणना गरी कन्यादान गर्ने दिनसम्म यत्नपूर्वक ती रजोधर्म भएकी कन्याको रक्षा गर्नुपर्दछ ।

कन्याको पिता समर्थ भएमा रजस्वला भएपछि जति ऋतु व्यर्थ गएका छन् तिनको गणना गरी ऋतुको संख्याअनुसार गाईदान गर्नुपर्दछ तर असमर्थ छ भने त्यसले सम्पूर्ण ऋतुहरूको प्रायश्चित्तको लागि विधिपूर्वक एउटी गाई दान गरेर दिनुपर्दछ । अत्यन्त दरिद्र भएका कारण कन्याका पिताले भने ब्राह्मणहरूलाई अन्न र दक्षिणा टक्र्याउनुपर्छ । रजस्वला भएकी कन्याको ऋतुकाल सकिएपछि उनलाई उपयुक्त वरका हातमा दिनुपर्दछ ।

जुन कन्याको मासिकधर्म सुरु भएको छ त्यस्ती कन्याले तीनदिनसम्म उपवास गरी रातमा गाईको दूध पिउनुपर्दछ। मासिकधर्म सुरु नभएकी कन्यालाई भने कन्याका पिताले रत्नहरूका गहना दिनुपर्दछ । रजस्वला भएकी कन्याका साथमा विवाह गर्ने वरले पूर्वोक्त कूष्माण्डीऋचाहरूद्वारा हवन गरेपछि मात्र कन्याका साथमा विवाह गर्नुपर्दछ।

विवाहमण्डपे एव कन्या यदि रजस्वला भवति तदा किं कार्यम्

मदनपारिजाते यज्ञपार्श्वः –

विवाहे वितते यज्ञे होमकाल उपस्थिते । कन्यामतुमतीं दृष्ट्वा कथं कुर्वन्ति याज्ञिकाः ।।

स्नापयित्वा तु तां कन्यामर्चयित्वा यथाविधि । युञ्जानामाहुतिं हुत्वा ततस्तन्त्रं प्रवर्तयेत् ।।

बौधायनसूत्रम् (चतुर्थप्रश्ने प्रथमाध्याये) – अथ यदि कन्योपसाद्यमाना वोह्यमाना वा रजस्वला स्यात्तामनुमन्त्रयेत्- **पुमांसौ मित्रावरुणौ पुमांसावश्विनावुभौ । पुमानिन्द्रश्च सूर्यश्च पुमांसं च वर्धयामि ।।** इति । अथ द्वादशरात्रमलङ्कृत्य प्राशयेत्पञ्चगव्यमथ शुद्धां कृत्वा विवहेत् । अत्र गान्धर्वाद्यष्टौ विवाहास्तद्व्यवस्था चाकरे ज्ञेया।

विवाहमण्डपमा नै कन्या रजस्वला भएमा विशेषविधि

मदनपारिजातमा यज्ञपार्श्वले भनेका छन् – विवाहको समयमा होमकर्म आरम्भ गर्दा कन्या ऋतुमती भइन् भने कसरी याज्ञिकहरूले यज्ञ सम्पन्न गर्छन् ? यस्तो प्रश्न हुनसक्छ त्यसको उत्तरमा भनिन्छ – विवाहको मण्डपमा बसाइएकी कन्या मण्डपमै ऋतुमती भएमा ती कन्यालाई स्नान गराई यथाविधि कन्याको पूजा गरेपछि – **युञ्जानः प्रथमं मनस्तत्त्वाय सविता श्रियः । अग्निं ज्योतिर्निचाय्य पृथिव्या अध्याऽभरत् ।।** – तैत्तरीयसंहिता ४/१/१/१, यस मन्त्रबाट आहुति दिएर विवाहको होम आरम्भ गर्नुपर्दछ ।

बौधायनसूत्रको चतुर्थ प्रश्नको **प्रथम अध्याय**मा भनिएको छ – 'कन्याको पतिगृहका लागि प्रस्थान गर्ने समय वा विवाहको समयमा उनी रजस्वला भएमा निम्नलिखित मन्त्रद्वारा कन्याको आवाहन गर्नुपर्दछ – '**पुमांसौ मित्रावरुणौ पुमांसावश्विनावुभौ । पुमानिन्द्रश्च सूर्यश्च पुमांसं च वर्धयामि ।।**' अर्थात् 'मित्र र वरुण यी दुवै पुरुषसंज्ञक देवता हुन्। अश्विनीकुमार पनि पुरुष हुन्, इन्द्र र सूर्य पनि पुरुष हुन् । यी कन्याले यस्तै पुरुषहरूको वृद्धि गर्दछिन् ।' त्यसपछि १२ रातसम्म तिनलाई वस्त्र र गहनाले अलङ्कृत गराएर पञ्चगव्य खुवाई शुद्धि गरेपछि विवाह गरिदिनुपर्दछ । यहाँ गान्धर्व आदि ८ विवाहको चर्चा गरिएको छ । ती विवाह कुन विधिले गरिन्छन् त्यसबारे **आकरग्रन्थ**हरूको अवलोकन गर्नुपर्दछ।[६८]

६८. मनुले भनेका छन् – **ब्राह्मो दैवस्तथा चार्षः प्राजापत्यस्तथाऽऽसुरः । गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमो मतः ।।** अर्थात् ब्राह्मविवाह, दैवविवाह, आर्षविवाह, प्राजापत्यविवाह, आसुरविवाह, गान्धर्वविवाह, राक्षसविवाह र पैशाचविवाह गरी विवाह आठप्रकारको हुन्छ । **ब्राह्मविवाह** – कन्यालाई सजाएर सङ्कल्पपूर्वक वैदिक विधिले प्रदान गरिने विवाह ब्राह्म विवाह कहलाउँछ । यस विवाहबाट पहिलेका दशपुस्ता एवं पछिका दशपुस्ता पवित्र हुन्छन् र दाता स्वयम् पनि पवित्र बन्दछ । **दैवविवाह** – यज्ञमा वरण गरिएका ऋत्विक्‌लाई वैदिक विधिबाट कन्या प्रदान गरिने विवाहलाई दैव विवाह भनिन्छ । यसबाट पहिलेका सात र पछिल्ला सातपुस्ता पवित्र हुन्छन् । **आर्षविवाह** – यज्ञमा वरण गरिएका ऋत्विक्‌बाट गाईको जोडा दिएर कन्यादान गरिँदा आर्षविवाह हुन्छ । यस विवाहबाट पहिलेका ६ पुस्ता र पछिल्ला ६ पुस्ता पवित्र हुन्छन् । **प्राजापत्यविवाह** – मलाई तपाईंको कन्या दिनुहोस् भनी प्रार्थना गर्ने सुपात्र वरलाई तिमीहरूले सँगै रही धर्माचरण गर भनी कन्यादान गर्दा प्राजापत्यविवाह हुन्छ । यसबाट पहिलेका ६ पुस्ता, पछिल्ला ६ पुस्ता र आफूसमेत गरी १३ पुस्ता पवित्र हुन्छन् । **आसुरविवाह** – मूल्य लिएर कन्या प्रदान गर्दा आसुर विवाह हुन्छ। **गान्धर्वविवाह** – वर र कन्याले परस्पर प्रेम गरी सहमतिपूर्वक विवाह गरेमा गान्धर्वविवाह भनिन्छ । **राक्षसविवाह** – युद्ध गरी कन्यालाई अपहरण गरेर सम्पन्न गरिने विवाह कर्मलाई राक्षसविवाह भनिन्छ । **पैशाचविवाह** – कन्या निदाएको अवस्था अथवा अन्यमनस्क भएको अवस्थामा छलपूर्वक हरण गरी गरिने विवाहलाई पैशाच विवाह भनिन्छ । यस विषयमा आचाराध्यायमा याज्ञवल्क्य भन्दछन् – **ब्राह्मो विवाह आहूय दीयते शक्त्यलङ्कृता । तज्जः पुनात्युभयतः पुरुषानेकविंशतिम् ।**

यज्ञस्थऋत्विजे दैव आदायार्षस्तु गोद्वयम् । चतुर्दश प्रथमजः पुनात्युत्तरजस्तु षट् ।।

इत्युक्त्वा चरतां धर्मं सह या दीयतेऽर्थिने । स कायः पावयेत् तज्जः षट् षड वंशान् सहात्मना ।।

आसुरो द्रविणादानाद् गान्धर्वः समयान्मिथः । राक्षसो युद्धहरणात् पैशाचः कन्यकाच्छलात् ।। – या.स्मृ. १/३/५८-६० ।

मनुः – **षडानुपूर्व्या विप्रस्य क्षत्रस्य चतुरोऽवरान् । विट्शूद्रयोस्तु तानेव विद्याद्धर्म्यानराक्षसान् ।।** चतुरः – आसुरगान्धर्वराक्षसपैशाचान् । तान् – राक्षसवर्ज्यान् वैश्यशूद्रयोः । स एव – **'आसुरं वैश्यशूद्रयोः'**। हेमाद्रौ पैठीनसिः – **राक्षसो वैश्यस्य, पैशाचः शूद्रस्य** । प्रचेताः– **पैशाचोऽसंस्कृतप्रसूतानां प्रतिलोमजानां च** । मनुः – **राज्ञस्तथासुरो वैश्ये शूद्रे चान्त्यस्तु गर्हितः ।**

मनुले भनेका छन् – ब्राह्मणले क्रमशः ब्राह्म, दैव, आर्ष, प्राजापत्य, गान्धर्व र आसुर ६ विधिबाट विवाह गर्नुपर्दछ। क्षत्रियले आसुर, गान्धर्व, राक्षस र पैशाच विधिबाट विवाह गर्नुपर्दछ । वैश्य र शूद्रले आसुर, गान्धर्व र पैशाच विधिले विवाह गर्नुपर्दछ । फेरि उनै भन्दछन् – आसुर विवाह वैश्य र शूद्रका लागि उपयुक्त हुन्छन् । **हेमाद्रि**मा **पैठीनसि**ले भनेका छन् – राक्षस विवाह वैश्यका लागि र पैशाच विवाह शूद्रका लागि निर्धारित गरिएका छन् । **प्रचेता**ले भन्दछन्– संस्कार नभईकन उत्पन्न भएका र प्रतिलोमजातिबाट उत्पन्न भएका वर–कन्याको विवाह पैशाचविधिबाट हुन्छ। **मनु**ले भनेका छन् – क्षत्रियले आसुरविधिबाट विवाह गर्न हुँदैन र वैश्य एवं शूद्रले पैशाच विधिबाट विवाह गर्न हुँदैन।

क्षत्रियादेः सङ्कटे पैशाचमाह माधवीये वत्सः –

सर्वोपायैरसाध्या स्यात्सुकन्या पुरुषस्य या । चौर्येणापि विवाहेन सा विवाह्या रहःस्थिता ।।

गान्धर्वादिविवाहेष्वप्युदकपूर्वकं दानमाह तत्रैव यमः –

नोदकेन न वाचा वा कन्यायाः पतिरुच्यते । पाणिग्रहणसंस्कारात्पतित्वं सप्तमे पदे ।।

माधवीयमा क्षत्रिय आदि जातिमाथि संकट पर्न आएमा तिनीहरूले पैशाच विधिबाट पनि विवाह गर्न हुन्छ भन्ने कुरा बताउँदै **वत्स** भन्दछन् – संकटकालमा यदि कुनै पुरुषले राम्री कन्या कुनै उपायबाट पनि प्राप्त गर्न नसकेमा एकान्तमा रहेकी ती कन्यालाई चौर्यविधिबाट अथवा पैशाचविधिबाट अपहरण गरी विवाह गर्नुपर्दछ । गान्धर्व आदि विवाहमा पनि सङ्कल्पपूर्वक वाग्दानका साथै पाणिग्रहणसंस्कारद्वारा कन्यादान गर्नुपर्ने कुरा बताउँदै **यम**ले भनेका छन् – गान्धर्वविवाहमा पनि जल र वाणीद्वारा कन्यादान गरेको हुनुपर्दछ । तर सङ्कल्पपूर्वक गरिएको दान र वाग्दानमात्रले कुनै पनि वर कन्याको पति बन्न सक्दैन । पाणिग्रहण संस्कारद्वारा [६९]सप्तपदीको सप्तमपद पूरा गरेपछि मात्र कुनै कुमार कन्याको पति मानिन्छ ।

६९. सप्तपदी हिन्दू विवाहसंस्कारको एउटा विशिष्ट अङ्ग हो । विवाहवेदीको उत्तरपट्टि एउटा वस्त्र ओछ्याएर त्यसमा सिन्दूर, अबीर, केसरीले दक्षिणदेखि उत्तरसम्म क्रमैले सातवटा मण्डल गोलाकार वा वर्गाकार कोष्ठ वा सीमारेखा तयार गरी वरले क्रमैसित तलका मन्त्र पढ्दै वधूलाई क्रमशः मण्डलहरूमा एक–एक गरेर पहिले दायाँ पाउले टेक्न लगाउँदै ७ पाइला उत्तरतर्फ हिँडाउनुपर्दछ ।

पहिलो मण्डलमा टेक्दा भन्ने मन्त्र– **ॐ एकमिषे विष्णुस्त्वा नयतु** अर्थात् अन्नवृद्धिका निमित्त विष्णुले तिमीलाई एकपाइला अगाडि हिँडाउन् । दोस्रो मण्डलमा टेक्दा भन्ने मन्त्र – **ॐ द्वे ऊर्जे विष्णुस्त्वा नयतु** अर्थात् दुईशक्तिका निमित्त विष्णुले तिमीलाई दोस्रो पाइला हिँडाउन् । तेस्रो मण्डलमा टेक्दा भन्ने मन्त्र – **त्रीणि रायस्पोषाय विष्णुस्त्वा नयतु** अर्थात् धनको परिपोषका निमित्त विष्णुले तिमीलाई तेस्रो पाइला अगाडि बढाऊन् । चौथो मण्डलमा टेक्दा भन्ने मन्त्र – **ॐ चत्वारि मायोभवाय विष्णुस्त्वा नयतु** अर्थात् सुखप्राप्तिका निमित्त विष्णुले तिमीलाई चारपाइला अगाडि बढाउन् । पाँचौं मण्डलमा टेक्दा भन्ने मन्त्र – **पञ्च पशुभ्यो विष्णुस्त्वा नयतु** अर्थात् पशुलाभका निमित्त विष्णुले तिमीलाई पाँचपाइला अगाडि बढाउन् । छैठौं मण्डलमा टेक्दा भन्ने मन्त्र – **ॐ षड्ऋतुभ्यो विष्णुस्त्वा नयतु** अर्थात् ऋतुसमय–प्राप्तिका निमित्त विष्णुले तिमीलाई ६ पाइला अगाडि बढाउन् । सातौं मण्डलमा टेक्दा भन्ने मन्त्र – **सखे सप्तपदा भव, सा मामनुव्रता भव विष्णुस्त्वा नयतु** अर्थात् हे सङ्गिनी ! तिमी सातै पाइलामा घनिष्ठ भएर रहने मेरी सङ्गिनी होऊ । मसँग हितचित्त मिलाई मेरो धर्ममा रहने होऊ ।

यस विषयमा **पारस्करगृह्यसूत्र**मा बताइएको छ – **अथैनामुदीचीं सप्तपदानि प्रक्रामयति, एकमिषे, द्वे ऊर्जे, त्रीणि रायस्पोषाय, चत्वारि मायोभवाय, पञ्च पशुभ्यः, षड् ऋतुभ्यः, सखे सप्तपदा भव सामा मनुव्रता भव विष्णुस्त्वा नयतु इति सर्वत्र अनुसज्जते** । – प्रथमकाण्ड, अष्टम कण्डिका ।

पराशरमाधवीये देवलोऽपि –

गान्धर्वादिविवाहेषु पुनर्वैवाहिको विधिः । कर्तव्यश्च त्रिभिर्वर्णैः समर्थेनाग्निसाक्षिकः ।।

त्रैवर्णोक्तेर्गान्धर्वादौ विप्रवर्जमधिकार उक्तः तत्रैव परिशिष्टे –

गान्धर्वासुरपैशाचा विवाहो राक्षसश्च यः । पूर्वं परिग्रहस्तेषु पश्चाद्धोमो विधीयते ।।

पराशर माधवीयमा देवलले भनेका छन् – गान्धर्व आदि विवाहमा तीनवर्णका मानिस समर्थ भएमा फेरि अग्निलाई साक्षी राखेर विवाहविधि सम्पन्न गर्नुपर्दछ । यहाँ तीनवर्णका मानिस भन्नाले ब्राह्मणसहित तीनवर्णलाई गान्धर्व आदि विवाहमा अधिकार छ भन्ने कुरा **पराशरमाधवीयको परिशिष्टमा** यसरी भनिएको छ – गान्धर्व, आसुर, पैशाच र राक्षस विवाहमा पहिले कन्यालाई भित्र्याउनुपर्दछ अनिमात्र विवाहहोम गर्नुपर्दछ ।

कन्याया बलादपहरणे

अतो होमादावकृते भार्यात्वाभावाद् वरान्तराय देया । तथा च तत्रैव वसिष्ठबौधायनौ –

बलादपहृता कन्या मन्त्रैर्यदि न संस्कृता । अन्यस्मै विधिवद् देया यथा कन्या तथैव सा ।। इति।

अत्र मन्त्रसंस्काराभावेऽन्यस्मै दानस्य सर्वविवाहेषु साम्याद्बलादपहारे राक्षसपैशाचयोर्विशेषवचनं व्यर्थम्। तेन तयोर्यदि न संस्कृता संस्कृता वेत्यावृत्य कन्यानुमत्यभावेऽन्यस्मै देयेति व्याख्येयम् ।

बलपूर्वक कन्याको अपहरण हुँदा विशेष

कुनै वरले कुनै कन्याको बलात् अपहरण गर्दा होमसंस्कार नगरेको अवस्थामा कन्यामा भार्यात्वको उत्पत्ति नहुनाले कन्याका पिताले अपहरण गर्ने पुरुषबाट कन्यालाई छुटाई दोस्रो वरसँग विवाह गरिदिनुपर्दछ । त्यसकारण होम आवश्यक हुन्छ । यसै विषयमा **वसिष्ठ** र **बौधायनले** भनेका छन् – बलात् अपहरण गरिएकी कन्याको यदि मन्त्रद्वारा संस्कार भएको छैन भने त्यस्ती कन्यालाई कन्यादाताहरूले अर्को वरलाई विधिवत् प्रदान गर्नुपर्दछ । अपहरणमा परेता पनि ती कन्या पहिले जस्ती थिइन् उस्तै मानिन्छिन् ।

माथिका वचनहरूबाट मन्त्रसंस्कारको अभावमा अर्को वरलाई दिने निर्णय हुन आउँदा सबै विवाहमा एउटै विधि देखिन्छ अर्थात् गान्धर्व, आसुर, पैशाच र राक्षस यी चारविवाह विधिहरूमा कुनै तात्त्विक अन्तर देखिँदैन । यस्तो अवस्थामा यी-यी विवाहहरूका विशेष वचन व्यर्थ हुने भए । त्यसकारण यदि संस्कार गरिएकी अथवा संस्कार नगरिएकी कन्याले अपहरणकारी व्यक्तिसँग विवाह गर्न मेरो मञ्जुरी छैन भनेमा त्यस्ती कन्याको दोस्रो वरसँग विवाह हुनसक्छ । तर कन्याले अपहरण गर्ने मानिसलाई नै रुचाएको अवस्थामा उसैसँग विवाह हुन्छ ।

मदनपारिजाते नारदः – **पाणिग्रहणिका मन्त्रा नियतं दारलक्षणम् ।**

तेषां च निष्ठा विज्ञेया विद्वद्भिः सप्तमे पदे ।। स्मृतिचन्द्रिकायामपरार्के चैवम्।

मदनपारिजातमा नारदले भनेका छन् – पाणिग्रहण गराउने वेदका मन्त्रमा सुशील नारीहरूका लक्षणहरूको निर्धारण गरिएको छ । ती मन्त्रहरूमा बताइएका विधिअनुसार विद्वान्हरूले सप्तमपदमा अर्थात् सप्तपदीको सप्तम पदमा– **सखे सप्तपदा भव सा मामनुव्रता भव** अर्थात् हे सखी ! तिमी प्रथमपदमा प्रार्थना गरिएको अन्नवृद्धि, दोस्रो पदमा प्रार्थना गरिएको बलवृद्धि, तेस्रो पदमा प्रार्थना गरिएको धनवृद्धि, चौथो पदमा प्रार्थना गरिएको सुखप्राप्ति, पाँचौं

पदमा प्रार्थना गरिएको पशुवृद्धि, छैठौं पदमा प्रार्थना गरिएको ऋतुधर्मको प्राप्ति र सातौं पदमा प्रार्थना गरिएको अन्योन्य साहचर्य र कर्महरूको सहानुष्ठान गर्दा मेरी सच्चा जीवन सङ्गिनी बन' यसरी गरिने प्रार्थनामा निष्ठा राख्नुपर्दछ । **स्मृतिचन्द्रिका** र **अपरार्क**मा पनि यही भनिएको छ ।

विवाहादावाशौचप्राप्तौ निर्णयः

आशौचे तु याज्ञवल्क्यः -

दाने विवाहे यज्ञे च सङ्ग्रामे देशविप्लवे । आपद्यपि च कष्टायां सद्यः शौचं विधीयते ।।

केषामित्यपेक्षिते ब्रह्मपुराणे उक्तम् -

दातुः प्रतिगृहीतुश्च कन्यादाने च नो भवेत् । विवाहयित्र्याः[७०] कन्याया लाजहोमादिकर्मणि ।। इति।

विवाहको बीचमा आशौच पर्न आएमा तत्काल शुद्धिको विधान

याज्ञवल्क्यले विवाहमा आशौच प्राप्त भएमा तत्काल शुद्धिको विधान गर्दै भनेका छन् - दानमा अर्थात् पहिले संकल्प गरिसकिएको देय पदार्थलाई बीचमा आशौच परेमा पनि दान गर्न सकिन्छ त्यसमा दोष लाग्दैन । विवाह भन्नाले चौल, उपनयन आदिसहित विवाह बुझ्नुपर्दछ । यज्ञ भन्नाले वृषोत्सर्ग, प्रतिष्ठा आदि यज्ञ बुझ्नुपर्दछ । संग्राम भन्नाले युद्ध र युद्धका लागि गरिने यात्रासमेत बुझ्नुपर्दछ । देशविप्लव भन्नाले देशको आएको आपत्ति र त्यसको निराकरण लागि गरिने शान्तिकर्मसमेत बुझ्नुपर्दछ । आपत्ति भन्नाले देशबाट भाग्नुपर्ने अवस्था र शारीरिक एवं मानसिक कष्टसमेत बुझ्नुपर्दछ । उक्त सबै अवस्थाहरूमा आशौच परेता पनि तिनको तत्काल शुद्धि गर्न सकिन्छ ।

विभिन्न परिस्थितिमा आशौच पर्दा कसको शुद्धि गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर दिँदै **ब्रह्मपुराण**मा भनिएको छ - कन्या दिने र कन्या लिने दुवैको शुद्धि हुन्छ र लाजाहोम गर्ने कर्म गर्दै विवाहसंस्कारमा जुटेकी कन्याको तत्काल शुद्धि हुन्छ ।

व्रतयज्ञविवाहेषु श्राद्धे होमेऽर्चने जपे । आरब्धे सूतकं न स्यादनारब्धे तु सूतकम् ।।

इति विष्णुवचनाच्च । प्रारम्भस्तेनैवोक्तः -

प्रारम्भो वरणं यज्ञे सङ्कल्पो व्रतसत्रयोः । नान्दीमुखं विवाहादौ श्राद्धे पाकपरिक्रिया ।।

इति । वरणमिति मधुपर्कपरम् ।

गृहीतमधुपर्कस्य यजमानाच्च ऋत्विजः । पश्चादाशौचे पतिते न भवेदिति निश्चयः ।।

इति ब्राह्मोक्तेः । मधुपर्कात्पूर्वं तु भवत्येवाशौचमिति शुद्धिविवेकः । रामाण्डारभाष्येऽप्येवम् ।

विष्णुले भनेका छन् - व्रत, यज्ञ, विवाह, श्राद्ध, होम, अर्चन र जप आरम्भ गरिसकेको अवस्थामा कुनै पनि सूतक लाग्दैन तर सङ्कल्प गरेपछि कार्य आरम्भ भएको छैन भने सूतक लाग्दछ ।

कुनै पनि कर्मको प्रारम्भ कतिबेला हुन्छ भन्ने विषयमा **विष्णु**ले नै भनेका छन् - यज्ञमा ब्राह्मणवरणलाई प्रारम्भ मानिन्छ। व्रत र सत्रयाग[७१]मा संकल्पलाई प्रारम्भ मानिन्छ । विवाहमा नान्दीमुखलाई प्रारम्भ मानिन्छ । श्राद्धमा पाकक्रियालाई

---

७०. दीर्घकालिक यज्ञसम्बन्धी कृत्यलाई सत्रयाग भनिन्छ । जुन कृत्यको सीमा १२ दिनदेखि एकवर्षभन्दा बढी पनि हुनसक्छ । सत्रलाई सुविधाअनुसार रात्रिसत्र र सांवत्सरिक सत्रका रूपमा विभाजन गरिएको छ । यो यज्ञ प्रजापतिको प्रसन्नताका लागि गरिन्छ । यसैले सत्रको समाप्तिभन्दा एकदिन पहिले महोत्सवका रूपमा प्रजापति महाव्रत मनाइन्छ र प्रजापतिलाई पशुबलि पनि दिइन्छ । सत्रयज्ञसम्बन्धी विस्तृत जानकारी **आश्वलायन, लाट्यायन र कात्यायनका सूत्रग्रन्थहरूबाट** लिन सकिन्छ । - **धर्मशास्त्र का इतिहास**, पूर्ववत्, पृ. ५७०-५७३ ।

७१. धेरैजसो प्रकाशित पुस्तकहरूमा **'विवाहविष्णोः कन्यायाः'** भन्ने प्रयोग गरिएको पाइन्छ ।

प्रारम्भ मानिन्छ । यहाँ वरणशब्दबाट मधुपर्क भन्ने अर्थ ग्रहण गर्नुपर्दछ ।

ब्राह्मपुराणमा भनिएको छ – यजमानबाट ऋत्विक्ले मधुपर्क ग्रहण गरिसकेको भएमा आशौच थाहा भयो भने त्यो आशौच लाग्दैन, यसमा कुनै संशय छैन । **शुद्धिविवेककारले** भनेका छन् – मधुपर्क ग्रहण गर्नुभन्दा पहिले आशौचको ज्ञान भएमा आशौच लाग्दछ अन्यथा लाग्दैन । **रामाण्डारभाष्यमा** पनि यही कुरा बताइएको छ ।

यज्ञादौ नान्दीमुखश्राद्धस्य कालविचारः

नान्दीमुखावधिश्च स्मृत्यन्तरे –

एकविंशत्यहर्यज्ञे विवाहे दश वासराः । त्रिषट्चौलोपनयने नान्दीश्राद्धं विधीयते ।।

नान्दीमुखको अवधि

कुनै स्मृतिमा नान्दीमुखको अवधि निर्धारण गरिएको छ । यज्ञमा २१ दिन (सूतक आदिको सम्भावनामा २१ दिनभित्र नै गरिएको यज्ञको नान्दीमुख), विवाहमा १० दिन, चूडाकरणमा ३ दिन र उपनयनमा ६ दिन पहिले नान्दीश्राद्ध गर्नुपर्ने कुरा बताइएको छ ।

आरम्भाभावे लग्नान्तराभावे च विचारः

आरम्भाभावे लग्नान्तराभावे गद्यविष्णुः – **न देवप्रतिष्ठाविवाहयोः पूर्वसंभृतयोरपि ।।** इति ।

विवाहमा आरम्भको अभाव र अर्को लग्नको अभाव

विवाह आरम्भ नगरिसकेको अवस्थामा आशौच पऱ्यो भने र त्यसबेला लग्न छैन भने के गर्ने ? यसको उत्तर दिँदै **गद्यविष्णुले** भनेका छन् – पहिलेदेखि सामग्री तयार गरिएको भए देवताको प्रतिष्ठा र विवाहमा आशौच लाग्दैन।

अत्र सूतके प्राप्ते प्रायश्चित्तकथनम्

अत्र प्रायश्चित्तमाह मदनपारिजाते विष्णुः –

अनारब्धविशुद्ध्यर्थं कूष्माण्डैर्जुहुयात् घृतम् । गां दद्यात्पञ्चगव्याशी ततः शुद्ध्यति सूतकी ।।

सूतक लागेमा प्रायश्चित्त

प्रायश्चित्तको विषयमा **मदनपारिजातमा विष्णुले** भनेका छन् – आरम्भ नगरिएको कर्ममा आशौच आइलाग्यो भने सूतक लागेको मानिसले पञ्चगव्य खानुपर्दछ त्यसपछि आरम्भ नगरिएको कर्मको शुद्धिका लागि कूष्माण्डीऋचाहरूद्वारा घृताहुति दिएर होम गर्नुपर्दछ । होमान्तमा गोदान गर्नुपर्दछ । यसरी उक्त कर्महरू सम्पन्न गरेपछि सूतक लागेको मानिस शुद्धि हुन्छ ।

चूडोपनयनादीनां प्रारम्भे सूतकप्राप्तौ विचारः

सङ्ग्रहेऽपि – **सङ्कटे समनुप्राप्ते सूतके समुपागते । कूष्माण्डीभिर्घृतं हुत्वा गां च दद्यात्पयस्विनीम्।।**

चूडोपनयनोद्वाहप्रतिष्ठादिकमाचरेत् । यदैव सूतकप्राप्तिस्तदैवाभ्युदयक्रिया ।।

चूडा-उपनयन आदिको आरम्भमा सूतक लागेमा

संग्रहग्रन्थमा भनिएको छ – संकटको अवस्थामा सूतक लागेमा कूष्माण्डसंज्ञक मन्त्रहरूबाट घृताहुति दिई हवन गरेर लैनी गाई दान गर्नुपर्दछ । चूडाकरण, उपनयन, विवाह, प्रतिष्ठा आदि कर्म गर्दागर्दै सूतक प्राप्त भएमा तत्काल आभ्युदिक कर्म गर्नुपर्दछ ।

विवाहोत्सवयज्ञेषु मृतादिसूतकप्राप्तौ ब्राह्मणभोजने विशेषः

अन्नादिषु विशेषः षट्त्रिंशन्मते –

विवाहोत्सवयज्ञेषु त्वन्तरामृतसूतके । परैरन्नं प्रदातव्यं भोक्तव्यं च द्विजोत्तमैः ।।

भुञ्जानेषु तु विप्रेषु त्वन्तरामृतसूतके । अन्यगेहोदकाचान्ताः सर्वे ते शुचयः स्मृताः ।।

परैः – असगोत्रैः । एतदाशौचात्पूर्वमपृथक्कृतान्नविषयम् । तत्र शेषमन्नं त्याज्यमित्यर्थः । पृथक्कृतेषु तु बृहस्पतिराह–

विवाहोत्सवयज्ञेषु त्वन्तरामृतसूतके ।पूर्वसङ्कल्पितान्नेषु न दोषः परिकीर्तितः ।। इति ।

विवाह आदिमा सूतक लाग्दा ब्राह्मणभोजनमा विशेष

षट्त्रिंशन्मतमा भनिएको छ – 'विवाह, उत्सव र यज्ञको बीचमा मरणाशौच वा जननाशौच आइलागेमा यज्ञमा वरण गरिएका ब्राह्मण आदिलाई यज्ञका कर्ताभन्दा छुट्टै गोत्रका मानिसहरूले भोजन गराउनुपर्दछ अर्थात् जसको घरमा आशौच परेको छ त्यसको गोत्रभन्दा भिन्न गोत्रका मानिसहरूले भोजन गराउनुपर्छ भन्ने तात्पर्य हो ।' यहाँ मूलमा प्रयुक्त 'परैः' पदको अर्थ असगोत्र मानिसहरूद्वारा भन्ने हो ।

ब्राह्मणले भोजन गर्दागर्दै बीचैमा जननाशौच वा मरणाशौच प्राप्त भएमा त्यहाँ दिइएको जललाई प्रयोग नगरी भिन्न गोत्रका मानिसले ल्याएको जलले आचमन गरेपछि ती सबै ब्राह्मण पवित्र हुन्छन् । यो आशौचभन्दा पहिले तयार गरिएको भोजनको विषयमा भनिएको कुरा हो । ब्राह्मणले पकाएर भाँडामा रहेको बाँकी अन्न भने आशौच थाहा पाएपछि भोजन गर्न हुँदैन । बृहस्पतिले भनेका छन् – विवाह, उत्सव र यज्ञको बीचमा मरणाशौच र जननाशौच आइपरेमा ब्राह्मणलाई भोजन गराउने संकल्प गरी तयार गरिएको अन्नमा कुनै पनि दोष लाग्दैन ।

धर्मार्थविवाहकरणे फलविचारः

धर्मार्थविवाहकरणे फलमुक्तं महाभारते –

ज्ञात्वा स्ववित्तसामर्थ्यादेकं चोद्वाहयेद् द्विजम् । तेनाप्याप्नोति तत्स्थानं शिवभक्तो नरो ध्रुवम् ।।

अपरार्के दक्षः – **मातापितृविहीनं तु संस्कारोद्वाहनादिभिः । यः स्थापयति तस्येह पुण्यसङ्ख्या न विद्यते।।**

मदनरत्ने भविष्ये – **विवाहादिक्रियाकाले तत्क्रियासिद्धिकारणम् ।**
यः प्रयच्छति धर्मज्ञः सोऽश्वमेधफलं लभेत् ।।

धर्मार्थ विवाहको फल

महाभारतमा भनिएको छ – आफ्नो आर्थिक क्षमता राम्ररी बुझेर कुनै मानिसले एउटामात्र ब्राह्मणको पनि विवाह गरी घरजम गराएमा त्यो विवाह गराउने मानिस आफूले गरेको पुण्यकर्मका कारण भगवान् शिवका भक्त जुन धाममा

प्राप्त हुन्छन् त्यसै धाममा प्राप्त हुन्छ । **अपरार्क**मा **दक्ष**ले भनेका छन् – जसले आमा–बाबु नभएका टुहुरा बालकहरूको उपनयनसंस्कार र विवाह संस्कार गरी जीवनमार्गमा स्थापित गराउँछ यहाँ त्यसको पुण्यसङ्ख्या गनेर सकिँदैन ।

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – विवाह आदि कर्म गर्ने समयमा ती कर्मको सिद्धिका लागि जुन धर्मज्ञ मानिसले दान गर्दछ त्यसले अश्वमेधयज्ञ गरेको फल प्राप्त गर्दछ ।

विवाहोत्तरकन्यागृहे भोजनविचारः

कन्यागृहे भोजननिषेधोऽपि तत्रैव –

अप्रजायां तु कन्यायां न भुञ्जीत कदाचन । दौहित्रस्य मुखं दृष्ट्वा किमर्थमनुशोचति ।।

अपरार्के आदित्यपुराणे –

विष्णुं जामातरं मत्वा तस्य कोपं न कारयेत् । अप्रजायां तु कन्यायां नाश्नीयात्तस्य वै गृहे ।।

ब्रह्मदेयां न वै कन्यां दत्त्वाश्नीयात्कदाचन । अथ भुञ्जीत मोहाच्चेत्पूयाख्ये नरके वसेत् ।।

विवाहपछि कन्यागृहमा भोजन

मदनरत्नमा नै भनिएको छ – छोरा–छोरी पैदा नगरेकी विवाहित कन्याको घरमा भोजन गर्न हुँदैन तर छोरा–छोरी जन्माएकी कन्याको घरमा भोजन गर्न हुन्छ । छोरीतर्फको छोरालाई दौहित्र भनिन्छ । दौहित्रको अनुहार हेरेपछि छोरीको घरमा भोजन गर्दा पुण्य प्राप्त हुन्छ। **अपरार्क**मा उद्धृत **आदित्यपुराण**को वचनमा भनिएको छ – आफ्ना जामाता अर्थात् ज्वाइँलाई विष्णुस्वरूप मानेर तीमाथि कहिले पनि क्रोध गर्नुहुँदैन । आफूले दिएकी कन्याबाट सन्तान पैदा नभएसम्म ती कन्याको घरमा कहिले पनि भोजन गर्न हुँदैन । वेदमन्त्रको उच्चारण गरेर ब्राह्मविवाहको विधानले प्रदान गरेकी कन्याको घरमा कहिले पनि भोजन गर्न हुँदैन । मोहमायाले भोजन गरिन्छ भने भोजनकर्ता पूयनामक नरकमा पर्दछ ।

माङ्गल्यकार्येषु नूतनवस्त्रधारणविचारः

तत्रैव काश्यपः – **अहतं यन्त्रनिर्मुक्तं वासः प्रोक्तं स्वयम्भुवा ।**
शस्तं तन्माङ्गलिक्येषु तावत्कालं न सर्वदा ।। यन्त्रनिर्मुक्तम् – नूतनम् ।

माङ्गल्यकार्यमा नयाँ वस्त्रधारणसम्बन्धी विचार

कश्यपले भनेका छन् – भर्खर तयार भएको वस्त्र अर्थात् यन्त्रबाट निकालिएको नयाँ वस्त्र धारण गरी विवाहमण्डपमा बस्दा प्रोक्षणद्वारा शुद्ध गरिन्छ । तर त्यो शुद्धि विवाहकालका निमित्तमात्र हुन्छ, विवाहकालपछि त्यो वस्त्र शुद्ध मानिँदैन ।

विवाहादौ स्त्रिया सह भोजने विचारः

विवाहमध्ये स्त्रिया सह भोजनेऽपि न दोष इत्याह हेमाद्रौ प्रायश्चित्तकाण्डे गालवः –

विवाहकाले यात्रायां पथि चौरसमाकुले । असहायो भवेद्विप्रस्तदा कार्यं द्विजन्मभिः ।।

विवाहमा स्त्रीका साथमा भोजन

विवाहको बीचमा स्त्रीका साथ भोजन गर्दा दोष लाग्दैन भन्ने कुरा **हेमाद्रि**को **प्रायश्चित्तप्रकरण**मा **गालव**ले भनेका

छन् तर विवाहको अतिरिक्त समयमा पति–पत्नीले सँगै बसेर भोजन गर्दा दोष लाग्छ । विवाहकालमा, यात्रामा, चोरले घेरिएको मार्गमा यदि कुनै ब्राह्मण असहाय अवस्थामा रहन बाध्य भए भने तिनले ब्राह्मण, क्षत्रिय, वैश्य र स्त्रीसँग बसेर भोजन गर्दा दोष लाग्दैन ।

विवाहभिन्नकाले स्त्रिया सह भोजने प्रायश्चित्तकथनम्

एकयानसमारोह एकपात्रे च भोजनम् । विवाहे पथि यात्रायां कृत्वा विप्रो न दोषभाक् ।।
अन्यथा दोषमाप्नोति पश्चाच्चान्द्रायणं चरेत् ।। मिताक्षरायामप्येवम् ।

स्त्रीका साथमा एउटै पात्रमा भोजनको प्रायश्चित्त

विवाहकालमा, मार्गमा, यात्राको समयमा स्त्री र द्विजातिहरूका साथ एउटै यानमा सवारी गर्दा र एउटै पात्रमा भोजन गर्दा ब्राह्मणलाई दोष लाग्दैन अन्यथा दोष लाग्दछ । दोषका निमित्त चान्द्रायणव्रत गर्नुपर्दछ भन्ने कुरा **मिताक्षरामा** पनि बताइएको छ ।

विवाहे नक्षत्रकथनम्

रत्नमालायाम् – **मूलमैत्रमृगरोहिणीकरैः पौष्णमारुतमघोत्तरान्वितैः ।**
भौमसौरिरविवारवर्जिते पाणिपीडनविधिर्विधीयते ।।

विवाहका उपयोगी नक्षत्र

मूल, अनुराधा, मृगशिरा, रोहिणी, हस्ता, रेवती, स्वाती, मघा, उत्तराफाल्गुनी, उत्तराषाढा र उत्तराभाद्रनक्षत्र, मङ्गल, शनि र रविवारभन्दा भिन्न सोम, वृहस्पति, बुध र शुक्रवारमा विवाहसंस्कार गर्नुपर्ने कुरा **रत्नमामालामा** विधान गरिएको छ ।

अनिष्टनक्षत्रादौ दानकथनम्

अत्रानिष्टनक्षत्रादौ दानमुक्तं ज्योतिषे –

विपत्तारे गुडं दद्यान्निधने तिलकाञ्चनम् । प्रत्यरौ लवणं दद्याच्छागं दद्यात्त्रिजन्मसु ।।
चन्द्रे च शङ्खं लवणं च तारे तिथौ विरुद्धे त्वथ तन्दुलांश्च ।
धान्यं च दद्यात्करणे च वारे योगे विरुद्धे कनकं प्रदेयम् ।।

अनिष्ट नक्षत्र आदि भएमा दान

कारणवश अनिष्टकालमा विवाह आदि गर्नुपर्‍यो भने त्यसका निमित्त दान गर्ने विधान गर्दै **ज्योतिषग्रन्थमा** भनिएको छ – जन्म अथवा नामनक्षत्रबाट तेस्रो नक्षत्र अर्थात् विपत् तारामा गुड अर्थात् सक्खर दान गर्नुपर्दछ । जन्मनक्षत्र वा नामनक्षत्रबाट सातौं नक्षत्र अर्थात् निधनतारामा तिल र सुवर्ण दान गर्नुपर्दछ । जन्म वा नामनक्षत्रबाट पाँचौं नक्षत्र अर्थात् प्रत्यरितारामा नून दान गर्नुपर्दछ । तीनवटै जन्मतारामा अर्थात् कुनै व्यक्तिको अश्विनीनक्षत्रमा जन्म भएको छ भने अश्विनी प्रथम जन्मतारा भयो, मघा दोस्रो जन्म तारा भयो, यसैगरी त्यसबाट नवम ज्येष्ठा तेस्रो जन्म तारा भयो । उक्त ताराहरूमा विवाह आदि गर्नुपर्दा बाख्रो दान गर्नुपर्दछ, चन्द्रमा प्रतिकूल भएमा शङ्खदान गर्नुपर्दछ, नक्षत्र प्रतिकूल भएमा नूनदान गर्नुपर्दछ, तिथि प्रतिकूल भएमा चामलदान गर्नुपर्दछ, वार र करण प्रतिकूल भएमा धानदान गर्नुपर्दछ र योग प्रतिकूल भएमा सुवर्णदान गर्नुपर्दछ ।

विवाहे मण्डपादिकथनम्

विवाहे मण्डपमाह वसिष्ठः – **षोडशारत्निकं कुर्याच्चतुर्द्वारोपशोभितम् ।**

मण्डपं तोरणैर्युक्तं तत्र वेदिं प्रकल्पयेत् । अष्टहस्तं तु रचयेन्मण्डपं वा त्रिषट्करम् ।।

विवाहका लागि मण्डप तयार गर्ने शुभसमय

वसिष्ठले विवाहको मण्डपविषयमा बताउँदै भनेका छन् – विवाहका लागि चारै दिशामा चारद्वारले सुहाएको तोरणले सम्पन्न १६ हातको मण्डप तयार गरेपछि त्यसको बीचमा वेदी (२० कोणको श्रीधरी वेदी) बनाउनुपर्दछ । माथि १६ हातको मण्डप भनिए पनि आठहात वा अठारहातको पनि मण्डप बनाउन सकिन्छ ।

अवशिष्टनक्षत्रेषु तैलहरिद्रालेपनादिकथनम्

दैवज्ञमनोहरः – **चित्रा विशाखा शततारकाश्विनी ज्येष्ठाभरण्यौ शिवभाच्चतुष्टयम् ।**

हित्वा प्रशस्तं फलतैलवेदिकाप्रदानकं कण्डनमण्डपादिकम् ।।

हेमाद्रौ व्यासः – **कण्डनदलनयवारकमण्डपमृद्वेदिवर्णकाद्यखिलम् ।**

तत्सम्बन्धितगतागतमृक्षे वैवाहिके कुर्यात् ।। यवारकं 'चिकसा' इति प्रसिद्धम्।

वैवाहिके तु दिवसे शुभे वाथ तिथौ शुभे । चतुर्थिकं प्रकुर्वीत विधिदृष्टेन कर्मणा ।।

तेल, बेसार, लेपन आदि कर्मका लागि नक्षत्र

दैवज्ञ मनोहरले भनेका छन् – चित्रा, विशाखा, शतभिषा, अश्विनी, ज्येष्ठा, भरणी, आर्द्रा, पुनर्वसु, पुष्य र अश्लेषानक्षत्र छाडेर बाँकी नक्षत्रहरूमा फलदान, बेसार मिसिएको तेल लगाउने काम, मण्डपनिर्माण, वेदीनिर्माण, कुटपीस गर्नेजस्ता वैवाहिक कर्म गर्दा उत्तमफल प्राप्त हुन्छ ।

हेमाद्रिमा व्यासले भनेका छन् – 'धान कुट्ने, अन्नको खोस्टा फ्याँक्ने, जौ आदि कुटेर सुकाउने, मण्डप एवं माटाको वेदी बनाउने, घरमा रंगरोगन गर्ने सम्पूर्ण काम र विवाहसम्बन्धी ओहोर–दोहोर गर्ने काम विवाहका लागि शुभ मानिएका नक्षत्रहरूमा गर्नुपर्दछ ।' मूलमा प्रयुक्त **यवारक**शब्दको अर्थ कुटेर सुकाएको जौ उल्टिनु हो । महाराष्ट्रको भाषामा त्यस कर्मलाई चिकसा भनिन्छ । 'विवाहको शुभनक्षत्र र शुभतिथिमा शास्त्रोक्तविधिले चतुर्थीकर्म गर्नुपर्दछ ।'

विवाहवेदिकाकथनम्

वेदीमाह नारदः – **हस्तोच्छ्रितां चतुर्हस्तैश्चतुरस्त्रां समन्ततः ।**

स्तम्भैश्चतुर्भिः सुश्लक्ष्णां वामभागे तु सद्मनि । समां तथा चतुर्दिक्षु सोपानैरतिशोभिताम् ।।

प्रागुदक्प्रवणारम्भां स्तम्भैर्हंसशुकादिभिः । एवंविधामारुरुक्षेन्मिथुनं साग्निवेदिकाम् ।। इति ।

सप्तर्षिमते – **मङ्गलेषु च सर्वेषु मण्डपो गृहमानतः । कार्यः षोडशहस्तो वा द्विषट्हस्तो दशावधिः।।**

स्तम्भैश्चतुर्भिरेवात्र वेदीमध्ये प्रतिष्ठिता ।। हस्तो वध्वाः । सोपानं पश्चिमत उपरिभागे उक्तपरिमाणाद्भिन्नम्।

विवाहमा वेदीसम्बन्धी विचार

नारदले भनेका छन् – घरको बायाँभागमा एकहात अग्लो, चारैतिरबाट चारहात चौडा, चतुष्कोण आकारको, चारसुन्दरस्तम्भले सुहाएको वेदी बनाउनुपर्दछ । माथिबाट वेदी सम आकारको हुनुपर्दछ । चारै दिशामा सुन्दर सिँढीहरू

बनाइएको हुनुपर्दछ । वेदी पूर्व वा उत्तरतर्फ झुकेको हुनुपर्दछ । वेदीका स्तम्भहरूमा हाँस, सुगा पक्षीहरूका चित्रहरू सजाइएको हुनुपर्दछ । अग्निस्थापना गरेपछि कन्या र वर दुवैलाई उक्त सुन्दर वेदीमा लैजानुपर्दछ।

सप्तर्षिको मत यसप्रकार छ – सम्पूर्ण मङ्गलकार्यमा आफ्नो घरको आकारअनुसार मण्डपको निर्माण गर्नुपर्दछ। सोह्रहातको, बाह्रहातको अथवा दशहातको मण्डप बनाउनुपर्दछ । वेदीको मध्यमा चारस्तम्भको प्रतिष्ठा गर्नुपर्दछ । सोह्रहात, बाह्रहात वा दशहातमध्ये जुनसुकै परिमाणको मण्डप बनाए पनि वधूको हातको नापो लिएर त्यसको तयारी गर्नुपर्दछ । पश्चिमतर्फ सिँढी राख्नुपर्दछ र त्यो सिँढीको प्रमाण माथि बताइएको प्रमाणभन्दा भिन्न हुनुपर्दछ ।

मृदाहरणम्

अथ मृदाहरणम् । ज्योतिर्निबन्धे नारदः –

कर्तव्यं मङ्गलेष्वादौ मङ्गलायाङ्कुरार्पणम् । नवमे सप्तमे वापि पञ्चमे दिवसेऽपि वा ।।
तृतीये बीजनक्षत्रे शुभवारे शुभोदये । सम्यग्गृहाण्यलङ्कृत्य वितानध्वजतोरणैः ।।
सह वादित्रनृत्याद्यैर्गत्वा प्रागुत्तरां दिशम् । तत्र मृत्सिकतां श्लक्ष्णां गृहीत्वा पुनरागतः ।।
मृन्मयेष्वथवा वैणवेषु पात्रेषु योजयेत् । अनेकबीजसंयुक्तां तोयपुष्पोपशोभिताम् ।।

माटीमङ्गल

माटीमङ्गलको सम्बन्धमा विचार गरिन्छ । **नारदले ज्योतिर्निबन्धमा** भनेका छन् – विवाह आदि मङ्गलकार्यको प्रारम्भमा मङ्गलकार्यका लागि अङ्कुरार्पण (जौ छर्ने काम) गर्नुपर्दछ । नवौं, सातौं, पाचौं या तेस्रो दिनमा, बीजनक्षत्र अर्थात् रोहिणी, श्रवण, ३ उत्तरा, मघा, हस्ता, पुष्य, अश्विनी, रेवती, मृगशिरा, शतभिषा, स्वाती र विशाखामा शुभवार र शुभ लग्नको उदयमा चँदुवा, ध्वजा, तोरण आदिले आफ्नो घरलाई राम्ररी सजाएर बाजा र नाचगानका साथ ईशानकोणमा गई मसिनो बलौटे माटो खनेर घरमा ल्याउनुपर्दछ । अनेकथरिका बीजहरू छरेर जल र पुष्पले सजाइएको माटोलाई माटाको अथवा बाँसको भाँडोमा राखिदिनुपर्दछ ।

अङ्कुरार्पणविचारः

शौनकः – **आधानं गर्भसंस्कारं जातकर्म न नाम च । हित्वान्यत्र विधातव्यं मङ्गलेऽङ्कुरवापनम्।।**
बृहस्पतिः – **आत्यन्तिकेषु कार्येषु कार्यं सद्योऽङ्कुरार्पणम्** । अत्रैव वाग्दानं हरिद्रावन्दनञ्च कार्यम् ।

अङ्कुरार्पण-विचार

शौनकले आधान, गर्भसंस्कार, जातकर्म र नामकरण छाडी अरू संस्कारहरूमा मङ्गलकार्य गर्दा जमरा राख्ने काम गर्नुपर्दछ भनेका छन् । **बृहस्पतिले** भनेका छन् – 'आवश्यक कार्यहरूमा तत्काल नै अङ्कुरार्पण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – त्यसबेला वाग्दान र बेसारको पूजा गर्ने काम पनि गर्नुपर्दछ ।

कन्यावरणम्

ज्योतिःप्रकाशे – **चतुर्थो मण्डपः श्रेष्ठः सप्तमः पञ्चमस्तथा । नवमैकादशौ श्रेष्ठौ नेष्टौ षष्ठतृतीयकौ ।।**
विवाहभे स्वोदये वा कन्यावरणमाचरेत् ।।

कन्यावरण

प्रथम– आठहातको, द्वितीय– दशहातको, तृतीय– बाह्रहातको, चतुर्थ– चौधहातको, पञ्चम– सोह्रहातको, षष्ठ– अठारहातको, सप्तम– बीसहातको, अष्टम– पच्चीसहातको, नवम– पचासहातको, दशम– सयहातको र एकादश– हजारहातको गरी कन्यावरण कालमा प्रयोग गरिने मण्डप एघार प्रकारका हुन्छन् । **ज्योतिःप्रकाशमा** भनिएको छ कि – उक्त एघारथरि मण्डपमध्ये कन्यावरणकालमा चतुर्थमण्डप अर्थात् चौधहातको मण्डप, पञ्चममण्डप अर्थात् सोह्रहातको मण्डप, सप्तममण्डप अर्थात् बीसहातको मण्डप, नवममण्डप अर्थात् पचासहातको मण्डप र एकादशमण्डप अर्थात् हजारहातका मण्डप उत्तम मानिएका छन् । तृतीय अर्थात् बाह्रहातको मण्डप र षष्ठ अर्थात् अठारहातको मण्डपलाई अनिष्टदायक मानिएको छ । माथि बताएका मण्डपमध्ये कुनै श्रेष्ठ मण्डपमा विवाहनक्षत्र वा ती नक्षत्रको उदयलग्नमा कन्याको वरण गर्नुपर्दछ ।[७२]

वरस्य वरणम्

वरस्यापि वरणमाह चण्डेश्वरः –

उपवीतं फलं पुष्पं वासांसि विविधानि च । देयं वराय वरणे कन्याभ्रात्रा द्विजेन वा ।। इति ।

वरवरण

चण्डेश्वरले भनेका छन् कि – वरको वरणी गर्दा कन्याको भाइ अथवा दाजु अथवा पुरोहितले यज्ञोपवीत, फल, पुष्प र अनेक प्रकारका कपडा तयार गरी वरको हातमा राखिदिनुपर्दछ ।

---

७२. यहाँसम्म विवाहका विभिन्न पक्षमा विचार गरिएको छ । विवाहको सम्बन्धमा **पारस्करगृह्यसूत्रको** भनाइ उल्लेखनीय छ – **आवसध्याधानं दारकाले'** अर्थात् विवाहमा गृह्याग्निको आधान गर्नुपर्दछ । **षडर्घ्या भवन्ति** अर्थात् आचार्य, ऋत्विक्, वर; राजा, प्रियव्यक्ति र स्नातक यी अर्घ्य दिएर स्वागत गर्न योग्य हुन्छन् । **पञ्चसु बहिःशालायां विवाहे चूडाकरणे उपनयने केशान्ते सीमन्तोन्नयने च** अर्थात् विवाह, चूडाकरण, उपनयन, केशान्त र सीमन्तोन्नयन गर्दा घरबाहिर मण्डप तयार गरी अग्निशालामा होम गरिन्छ । **कुमार्या भ्राता शमीपलाशमिश्रान् लाजान् अञ्जलिना अञ्जलौ आवपति** अर्थात् कुमारीले आफ्नो भाइद्वारा अञ्जुलिमा राखिएको लाजा अग्निमा हवन गर्दछिन् । **आयुष्मान् अस्ति मे पतिः, मम ज्ञातय एधन्ताम् समृद्धिसाधनभूतानां लाजानां हवनम्, मम तवच वशीकरणकारिणो लाजाः** अर्थात् लाजा होम गर्दै कुमारीले प्रार्थनाको स्वरमा भन्दछिन् – मेरा पति आयुष्मान् होऊन्, मेरा सम्बन्धीजनहरूको वृद्धि होस्, म अहिले समृद्धिका साधक लाजाहरूको हवन गरिरहेकी छु । यी लाजाहरू मेरा पति र मेरो परस्पर वशीकरणका साधन बनुन् । **गृभ्णामिते हस्तं सौभगत्वाय** अर्थात् वरले कन्याको दायाँ हात समाउँदै भन्दछ 'म सौभाग्यका लागि तिम्रो हात समाइरहेको छु ।' **विवहावहै सह रेतो दधावहै प्रजां प्रजनयावहै पुत्रान् विद्यावहै बहून्** अर्थात् पतिले पत्नीको हात समाती भन्दछ – हामीले एक–अर्कालाई वहन गरेका छौं, एकसाथ रही हामीले गर्भाधान गर्नेछौं, उत्तम सन्तान पैदा गर्नेछौं र धेरै पुत्रका आमा–बाबु बन्नेछौं । यसरी विवाहमा पति–पत्नीले प्रीतिपूर्वक सुखी र समृद्ध दाम्पत्यजीवन बिताउनका लागि प्रार्थना गर्ने कुरा रमणीय छ । – पूर्ववत्, कण्डिका १–६ ।

पारस्करगृह्यसूत्र प्रथमकाण्डका ४–८ कण्डिकाहरूमा माध्यन्दिनीय शुक्लयजुर्वेदाध्यायीहरूको लागि विवाहविधि बताइएको छ । त्यसकै आधारमा निर्णयसिन्धु आदि निबन्धग्रन्थ र प्रचलित विवाहपद्धतिहरूमा विवाहविधिनिरूपण गरिएको पाइन्छ । **पारस्करगृह्यसूत्र** र तिनका भाष्यकार गदाधर आदि विद्वान्हरूको व्याख्याअनुसार विवाहसंस्कार सम्पन्न गर्ने क्रमको सूक्ष्म विवरण यसप्रकार छ– विवाहका लागि घटीस्थापना, पूर्वाङ्ग, वरयात्रा, वधूगृहमा जन्तीसहित वरको प्रवेश, सौभाग्यवती महिलाहरूद्वारा मङ्गलगान र आरती गरी वरको स्वागत, कन्याका पिताबाट वरले मधुपर्क ग्रहण गर्ने कार्य, वरपूजन, कन्याद्वारा गौरीपूजन, अग्निस्थापना, वरद्वारा वधूलाई वस्त्रप्रदान, गोडधुवाई, कन्यादान, विवाहहोम, लाजाहोम, अग्निपरिक्रमपूर्वक सप्तपदी परिक्रमा, अभिषेक, सूर्यदर्शन वा ध्रुवको दर्शन, स्विष्टकृत् होम, आशीर्वाद, तिलकप्रदान र समापन । माध्यन्दिनीय शाखाका हिन्दूहरूको विवाहको क्रम यही हो । **निर्णयसिन्धुमा** प्रतिपादित विषय र **पारस्करगृह्यसूत्रका** विषयमा धेरै समानता रहेको पाइन्छ ।

वाग्दानोत्तरं वरमरणे विचारः

वाग्दानोत्तरं वरमरणेऽपरार्कः स्मृतिचन्द्रिकायां वसिष्ठः –

अद्भिर्वाचा च दत्तायां म्रियेतोर्ध्वं वरो यदि । न च मन्त्रोपनीता स्यात्कुमारी पितुरेव सा ।।

वाग्दानपछि वरको मृत्यु भएमा

वाग्दानपछि वरको मृत्यु भएमा कन्या अविवाहित कुमारी नै मानिन्छिन् भन्ने कुरा बताउँदै **अपरार्क** र **स्मृतिचन्द्रिकामा वसिष्ठ** भन्दछन् – जल अथवा वाणीद्वारा वाग्दान गरिसकेपछि वरको मृत्यु भएमा मन्त्रद्वारा संस्कार नगरीकन केवल वाणीद्वारा कन्याप्रदान गरेर अथवा जलद्वारा सङ्कल्प गरी कन्याप्रदान गरेर मात्र कुनै पनि कुमारीमा भार्यात्वको उत्पादन हुँदैन अर्थात् कुनै पनि कुमारी भार्या बन्न सक्दिनन् र उनी पिताकै कुमारी रहन्छिन् । यस्तो स्थितिमा कन्यालाई अन्य वरका हातमा सम्पनु पर्दछ।

अप्राप्तमैथुनाया उद्वाहितकन्यायाः पुनर्विवाहविचारः

यत्तु नारदः –

उद्वाहितापि सा कन्या न चेत्सम्प्राप्तमैथुना । पुनः संस्कारमर्हेत यथा कन्या तथैव सा ।। इति।

विवाहित कन्या अक्षतयोनि भएमा पुनर्विवाहको प्रसङ्ग

नारदले भनेका छन् – जसको विवाह भइसकेको छ ती कन्याको आफ्ना पतिका साथमा मैथुनसम्बन्ध भएको छैन भने त्यस अवस्थामा कुनै संकट आइलागेमा पुनः संस्कार गरेर तिनलाई अन्य वरको हातमा दिन सकिन्छ अर्थात् ती कन्या विवाह भएतापनि विवाह नभएसरहकी हुन्छिन् ।

अयोग्यवरेण विवाहितायाः पुनर्विवाहः

यच्च कात्यायनः – **वरो यद्यन्यजातीयः पतितः क्लीब एव च ।**

विकर्मस्थः सगोत्रो वा दासो दीर्घामयोऽपि वा ।। ऊढापि देया सान्यस्मै सहावरणभूषणा ।।

इति । इदं कलौ निषिद्धम् । **'देवरेण सुतोत्पत्तिर्दत्ता कन्या न दीयते'** इत्यादित्यपुराणे कलौ निषेधात् । दत्ताशब्द ऊढापरः **'ऊढायाः पुनरुद्वाहम्'** इति हेमाद्रावुक्तेः । अत एव सगोत्रसपिण्डादिविवाहेऽपि – **भोगतस्तां परित्यज्य पालयेज्जननीमिव** । इत्युक्तम् ।

अयोग्य वर भएमा पुनर्विवाह

कात्यायनले भनेका छन् – 'वर अन्यजातीय, पतित, नपुंसक, आचरणहीन, सगोत्र, शूद्र र दीर्घरोगी भएको थाहा भएमा विवाहित कन्यालाई गहना र वस्त्रले सजाएर दोस्रो वरलाई दिनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – **कात्यायनले** यसो भनेता पनि कलिमा यसरी पुनर्विवाह गर्नु निषिद्ध छ । **आदित्यपुराणमा** देवरबाट सन्तान जन्माउने काम र विवाहित कन्यालाई पुनः विवाह गरिदिने काम कलियुगमा गर्न हुँदैन भनिएको छ ।

मूलमा परेको **दत्ताशब्दको** अर्थ विवाहित कन्या भन्ने हो । तर **हेमाद्रिले** भने 'विवाहित कन्याको पनि फेरि विवाह हुनसक्छ' भनेका छन् । अत एव सगोत्र, सपिण्ड आदि कन्याका साथ विवाह भएको अवस्थामा भनिएको छ कि 'त्यस्ती कन्यासँग मैथुन गर्न हुँदैन र मातासमान मानेर पालन गर्नुपर्दछ ।'

वरस्य देशान्तरगमने विचारः

देशान्तरगमने तु कात्यायनः – **वरयित्वा तु यः कश्चित्प्रणश्येत्पुरुषो यदा ।**
ऋत्वागमांस्त्रीनतीत्य कन्याऽन्यं वरयेद्वरम् ।।

अपरार्के नारदोऽपि – **प्रतिगृह्य तु यः कन्यां वरो देशान्तरं व्रजेत् ।**
त्रीनृतून् समतिक्रम्य कन्यान्यं वरयेद्वरम् ।।

वर देशान्तरमा गई नफर्केमा पुनर्विवाह

कात्यायन भन्दछन् – कन्यालाई वरण गरेर कुनै पुरुष हराउँछ अथवा देशान्तरमा जान्छ र प्रतीक्षा गर्ने पत्नीका सम्पूर्ण क्रिया व्यर्थ हुन्छन् भने आगामी तीनऋतुकालसम्म अर्थात् ६ महिनासम्म पर्खिंदा नआएपछि कन्याले अन्य वरका साथमा विवाह गर्नुपर्दछ ।

अपरार्कमा नारदले भनेका छन् – जसले वाग्दानद्वारा कन्यालाई स्वीकार गरी कन्यापितालाई शास्त्रअनुसार दिनुपर्ने शुल्क दिएर देशान्तरमा गई बेपत्ता भएको छ भने तीनऋतु अर्थात् ६ महिनासम्म अथवा आगामी ३ रजोदर्शन काल अर्थात् ३ महिनासम्म पनि फर्केर आउँदैन भने कन्याले पुरानो वरको आशा नगरी नयाँ वरसँग विवाह गर्नुपर्दछ ।

शुल्कदाने महत्त्वपूर्णविचारः

शुक्लदाने तु मनुवसिष्ठौ –

कन्यायां दत्तशुल्कायां म्रियते यदि शुल्कदः । देवराय प्रदातव्या यदि कन्याऽनुमन्यते ।।

चन्द्रिकायां कात्यायनः –

प्रदाय शुल्कं गच्छेद्यः कन्यायाः स्त्रीधनं तथा । धार्या सा वर्षमेकं तु देयाऽन्यस्मै विधानतः ।।
अनेकेभ्यो हि दत्तायामनूढायां तु तत्र वै । पूर्वागतश्च सर्वेषां लभेताद्यवरस्तु ताम् ।।
पश्चाद्वरेण यद्दत्तं तस्याः प्रतिलभेत सः । अथागच्छेन्नवोढायां दत्तं पूर्ववरो हरेत् ।।

शुल्कदानसम्बन्धी महत्त्वपूर्ण विचार

मनु र वसिष्ठले भनेका छन् – कन्यालाई शुल्क दिएपछि यदि शुल्कदाता वरको मृत्यु हुन्छ भने ती कन्याको विवाह वरका भाइ अर्थात् देवरसँग गरिदिनुपर्दछ । यदि कन्याले देवरका साथ विवाह गर्न स्वीकार गर्दछिन् भने विवाह गरिदिनुपर्दछ, स्वीकार गर्दिनन् भने कन्यालाई अन्य कुनै वरको हातमा सुम्पनुपर्दछ ।

कात्यायनले चन्द्रिकामा भनेका छन् – कुनै वरले कन्यालाई शुल्क अथवा स्त्रीधन दिएर परदेशमा गयो भने एकवर्षसम्म वरकै नाममा ती कन्याको रक्षा गर्नुपर्दछ । एकवर्षपछि पनि आएन भने अथवा कुनै पत्तो पाइएन भने विधानपूर्वक अर्को वरलाई दिनुपर्दछ । अविवाहित कन्यालाई अनेकौं वरहरू हेर्न आउँदा माता-पिताले धेरैलाई वाग्दान गरेका छन् भने जुन वर सबभन्दा पहिले विवाह गर्न आउँछ त्यसैलाई कन्या दिनुपर्दछ ।

वाग्दान प्राप्त गर्ने धेरै वरमध्ये कुनै एकवरलाई कन्यादान गरेपछि अरू वरहरूले दिएका शुल्कहरू जे जति छन् ती फर्काइदिनुपर्दछ । कन्याशुक्ल दिएर विदेशिएको वर आउँदा कन्याको विवाह भइसकेको अवस्थामा त्यसलाई कन्याशुल्क फिर्ता गरिदिनुपर्दछ ।

याज्ञवल्क्यः – **सकृत्प्रदीयते कन्या हरंस्तां चौरदण्डभाक् । दत्तामपि हरेत्पूर्वाच्छ्रेयांश्चेद्वर आव्रजेत् ।।**

पूर्वस्य दोषसत्त्वे इदमिति विज्ञानेश्वरः । सम्बन्धतत्त्वे वसिष्ठः –

कुलशीलविहीनस्य पश्चाद्धि पतितस्य च । अपस्मारिविधर्मस्य रोगिणो वेषधारिणः ।।

दत्तामपि हरेत्कन्यां सगोत्रोढां तथैव च ।।

मनुः – **षण्ढान्धबधिरादीनां विवाहोऽस्ति यथोचितम् । विवाहासम्भवे तेषां कनिष्ठो विवहेत्तदा ।।**

पितृव्यपुत्रे सापत्ने परदारसुतेषु च । विवाहाधानयज्ञादौ परिवेदो न दूषणम् ।।

अन्यद्वक्तव्यं विस्तरभीतेर्नोच्यत इति दिक् ।

याज्ञवल्क्यले भनेका छन् – 'कन्यादान एकपटकमात्र गरिन्छ । कन्याको हरण गर्दा अपहरण गर्ने व्यक्ति चोरसमान मानिन्छ । प्रथम वरभन्दा उत्तम वर आएमा आफूले वाग्दान गरेको कन्या उत्तम वरलाई दिनुपर्दछ ।' यस सम्बन्धमा **विज्ञानेश्वरले** भनेका छन् – पहिलो वरमा दोष भएमा मात्र दोस्रो वरलाई दिन सकिन्छ अन्यथा पहिलो वरलाई नै दिनुपर्दछ । **सम्बन्धतत्त्वमा वसिष्ठले** भनेका छन् – कुल र शील नभएको विवाहपश्चात् पतित भएको, मृगीरोगले युक्त, परधर्मको अनुयायी, रोगी र अनेकथरि रूप धारण गर्ने वरलाई कन्यादान गरी दिएको छ भने कन्यादाताहरूले कन्यालाई फर्काउनुपर्दछ । यसैगरी अज्ञानवश सगोत्रमा कन्या परेकी रहेछन् भने पनि उनलाई फर्काउनुपर्दछ ।

मनुले भनेका छन् – 'नपुंसक, अन्धो, बहिरो आदि मानिसहरूको पनि यथोचित विवाह हुने गर्दछ । यदि समयमा तिनीहरूको विवाह भएन भने तिनीहरूका कान्छा भाइहरूले विवाह गर्नुपर्दछ । आफ्ना जेठा बुबा, कान्छा बाबुका छोराहरू र सौतेनी आमापट्टिका दाजु पर्ने कुमारहरूको विवाह नहुँदै पनि विवाह गर्न निषिद्ध छैन । किनकि विवाह, आधान र यज्ञ कर्ममा उक्त नाता पर्ने कुमारहरू जेठा–कान्छा जे भएता पनि सम्बद्ध कुमारको विवाह आदि कर्म गर्न हुन्छ। यसमा क्रमभङ्ग गरेर विवाह आदि गरेको दोष लाग्दैन ।' यहाँ धेरै भन्नुपर्ने थियो तर ग्रन्थविस्तार हुने भयका कारण यत्तिमात्र ।

नान्दीश्राद्धे विशेषकथनम्

अत्र नान्दीश्राद्धे विशेषं तदधिकारिविशेषं चाग्रे वक्ष्यामः। इदं चाद्यविवाहे पिता कुर्यात् । द्वितीयादौ वर एव कुर्यात्।

नान्दीश्राद्धं पिता कुर्यादाद्ये पाणिग्रहे पुनः । अत ऊर्ध्वं प्रकुर्वीत स्वयमेव तु नान्दिकम् ।। इति स्मृतेः।

त्रिकाण्डमण्डनोऽपि – **पित्रोस्तु जीवतोः कुर्यात्पुनः पाणिग्रहं यदा ।**
पितुर्नान्दीमुखं श्राद्धं नोक्तं तस्य मनीषिभिः ।।

रेणुकारिका – **उक्ते काले विवाहाङ्गं कुर्यान्नान्दीमुखं पिता ।**
देशान्तरे विवाहश्चेत्तत्र गत्वा भवेदिदम् ।।

नान्दीश्राद्धमा विशेष

नान्दीश्राद्ध र त्यसका अधिकारीका विषयमा पछि विस्तारपूर्वक चर्चा गरिनेछ । 'कुनै पनि कुमारको विवाह गर्दा नान्दीश्राद्ध पिताले गर्नुपर्दछ । दोस्रो विवाह गर्दा भने वर आफैले गर्नुपर्दछ ।' **स्मृतिमा** भनिएको छ कि 'पहिलो विवाहमा पिताले नान्दीश्राद्ध गर्नुपर्दछ भने त्यसपछिका विवाहहरूमा आफै वरले नान्दीश्राद्ध गर्नुपर्दछ ।'

त्रिकाण्डमण्डनमा भनिएको छ कि पिता र माता जीवित रहेकै अवस्थामा यदि वरको दोस्रो विवाह हुन्छ भने पनि

पिताले नान्दीमुखश्राद्ध गर्न हुँदैन भन्ने कुरा विद्वान्हरूले बताएका छन् ।

रेणुकारिकामा भनिएको छ – शास्त्रीय विधिअनुसार पिताले विवाहको अङ्ग नान्दीश्राद्ध गर्नुपर्दछ । यदि विवाह अर्कै देशमा हुन्छ भने पनि पिताले त्यहीँ गएर नान्दीश्राद्ध गर्नुपर्दछ ।

लग्नघटीस्थापनविधिः

लग्नघटीस्थापनमाह नारदः –

षडङ्गुलमितोत्सेधं द्वादशाङ्गुलमायतम् । कुर्यात्पातालवत्ताम्रपात्रं तद्दशभिः पलैः ।।

ताम्रपात्रे जलैः पूर्णे मृत्पात्रे वाथवा शुभे । मण्डलार्द्धोदयं वीक्ष्य रवेस्तत्र विनिक्षिपेत् ।।

तत्र मन्त्रः – **मुख्यं त्वमसि यन्त्राणां ब्रह्मणा निर्मितं पुरा ।**

भव भावाय दम्पत्योः कालसाधनकारणम् ।। इति ।

लग्नघटीस्थापनाविधि

नारदले भनेका छन् – छ अंगुल गहिरो, बाह्र अंगुल चौडा, १० पलको अर्थात् १६ तोलाको ताँबोको पात्रको पिँधलाई समतल बनाउनुपर्दछ । त्यस्तो ताँबोको पात्रमा अथवा माटाले बनेको कुनै राम्रो पात्रमा जल भरिदिनुपर्दछ । सूर्यको मण्डल आधा उदाएपछि त्यो पात्रको दर्शन गरी त्यसमा सूर्यका किरणहरूको प्रवेश गराउनुपर्दछ । त्यसमा पढिने मन्त्र **मुख्यं त्वमसि०** इत्यादि हो । त्यसको अर्थ यसप्रकार छ – 'हे यन्त्र ! तिमी यन्त्रहरूमा प्रधान छौ, पहिले ब्रह्माले तिम्रो निर्माण गरेका हुन्, वर र कन्याको शुभ–अशुभको जानकारीका लागि लग्नसाधनको कारण अथवा उपाय तिमी नै होऊ।'

स्नातकादीनां मधुपर्कविचारः

वरस्य मधुपर्कमाह याज्ञवल्क्यः –

प्रतिसंवत्सरं त्वर्घ्याः स्नातकाचार्यपार्थिवाः । प्रियो विवाह्यश्च तथा यज्ञं प्रत्यृत्विजः पुनः ।।

मधुपर्कविचार

याज्ञवल्क्यले वरको मधुपर्कका सम्बन्धमा भनेका छन् – स्नातक (ब्रह्मचारी), आचार्य, राजा, जसको विवाह गरिँदैछ ती कुमार र ऋत्विक्हरू मधुपर्कद्वारा अर्घ्य अर्पण गर्न योग्य अर्घ्यव्यक्ति मानिएका छन् ।

अत्र मधुपर्के विशेषः

अत्र विशेषो गृह्यपरिशिष्टे –

वरस्य या भवेच्छाखा तच्छाखागृह्यचोदितः । मधुपर्कः प्रदातव्यो ह्यन्यशाखेऽपि दातरि ।।

अत्र वरदातृशब्दौ ऋत्विगाद्युपलक्षणम् । तदाहुः – **'अर्च्यशाखया मधुपर्कः'** इति । **'अर्च्यस्य यच्छाखीयं कर्म तच्छाखया मधुपर्कः'** इति याज्ञिकाः । जयन्तस्तु – **वरणवत्सर्वत्र यजमानशाखयैव मधुपर्क** इत्याह । तत्तु नाद्रियन्ते वृद्धाः ।

मधुपर्कमा विशेष

गृह्यपरिशिष्टमा भनिएको छ – वरको शाखाअनुसार वरलाई मधुपर्कप्रदान गर्नुपर्दछ । यदि आफ्नो शाखाभन्दा

भिन्न शाखाका वर रहेछन् भने पनि उनकै शाखाअनुसार उनलाई अर्घ्य दिनुपर्दछ । यहाँ वर, दाता, ऋत्विक् आदि उपलक्षण हुन् । **शास्त्र**मा भनिएको छ– जसको पूजा गरिन्छ तिनकै शाखाअनुसार मधुपर्क दिनुपर्दछ । **जयन्त**ले भनेका छन् – 'यजमानको शाखाअनुसार नै मधुपर्क गर्नुपर्दछ ।' तर वृद्धहरूले **जयन्त**को भनाइलाई आदर गरेका छैनन् ।

विष्टरादिप्रकारकथनम्

अत्र पञ्चाशता भवेद् ब्रह्मा तदर्द्धेन तु विष्टरः इत्यादि गृह्यपरिशिष्टादेर्विष्टरादिलक्षणं मधुपर्कादिविधिश्च स्वगृह्यादेर्ज्ञेयः ।

विष्टरप्रकार

पचासकुशबाट तयार गरिएका ब्रह्मा हुन्छन्, ब्रह्माभन्दा आधा कुशबाट तयार गरिएको विष्टर हुन्छ अर्थात् पच्चीस कुशबाट विष्टर तयार गरिन्छ भन्ने कुरा **गृह्यपरिशिष्ट**मा लक्षणसमेत बताइएको छ । कसरी मधुपर्क गर्ने भन्ने विषयमा आफ्नो शाखाको गृह्यसूत्रद्वारा विधि जानेर मधुपर्क गर्नुपर्दछ ।

कन्यादाने प्रपितामहादीनामुच्चारणक्रमकथनम्

कन्यादाने प्रपितामहपूर्वकमित्युक्तं स्मृत्यर्थसारे –

नान्दीमुखे विवाहे च प्रपितामहपूर्वकम् । नाम सङ्कीर्तयेद्विद्वानन्यत्र पितृपूर्वकम् ।।

नान्दीमुखे इति बह्वृचाद्यतिरिक्तविषयम् । गृह्यपरिशिष्टे पित्राद्यानुलोम्याम्नातात् ।

कन्यादानमा प्रपितामह आदिको नाम उच्चारण

स्मृत्यर्थसारमा भनिएको छ कि विद्वान्ले नान्दीमुखश्राद्धमा र विवाहमा पिता, पितामह र प्रपितामह तीनवटैको नाम लिएर व्यवहार गर्नुपर्दछ । अरू कर्महरूमा पिताको मात्र नाम लिए हुन्छ । नान्दीमुखकर्ममा बह्वृचशाखाको छुट्टै नियम छ । **गृह्यपरिशिष्ट**मा पिता आदिको उच्चारण गर्दा अनुलोमविधिबाट गर्नुपर्ने कुरा बताइएको छ ।

कन्यादाने विचारः

व्यासः – **भुक्त्वा समुद्वहेत्कन्यां सावित्रीग्रहणं तथा । उपोषितः सुतां दद्यादर्चिताय द्विजाय तु ।।**

भुक्त्वेति मधुपर्के वैधभोजनपरम् ।

गृह्यपरिशिष्टे – **कन्यां वरयमाणानामेष धर्मो विधीयते । प्रत्यङ्मुखा वरयन्ति प्रतिगृह्णन्ति प्राङ्मुखाः।**

कन्यादानविचार

व्यास भन्दछन् – 'कुनै पनि वरले भोजन गरेर कन्याका साथ विवाह गर्नुपर्दछ र कुनै पनि कुमारले उपनयनसंस्कारमा भोजन गरेपछि गायत्रीमन्त्र ग्रहण गर्नुपर्दछ । तर कन्यादाताले भने उपवासपूर्वक पूजित कुमारलाई कन्या दिनुपर्दछ।' ग्रन्थकार भन्दछन् – यहाँ भोजन गर्नु भन्नुको अर्थ विधिसम्मत मधुपर्क ग्रहण गर्नु हो । **गृह्यपरिशिष्ट**मा भनिएको छ – कन्यावरण गर्ने वरले आफू पूर्वमुख भएर पश्चिमतर्फ फर्केकी कन्याको पाणिग्रहण गर्नुपर्दछ ।

मदनरत्ने हेमाद्रौ च ऋष्यशृङ्गः –

वरगोत्रं समुच्चार्य प्रपितामहपूर्वकम् । नाम सङ्कीर्तयेद्विद्वान् कन्यायाश्चैवमेव हि ।।
तिष्ठेत्पूर्वमुखो दाता वरः प्रत्यङ्मुखो भवेत् । मधुपर्कार्चितायैनां तस्मै दद्यात्सदक्षिणाम् ।।
उदपात्रं ततो गृह्य मन्त्रेणानेन दापयेत् । गौरीं कन्यामिमां विप्र यथाशक्तिविभूषिताम् ।।
गोत्राय शर्मणे तुभ्यं दत्तां विप्र समाश्रय । भूमिं गां चैव दासीं च वासांसि च स्वशक्तितः ।।
महिषीं वाजिनश्चैव दद्यात्स्वर्णमणीनपि । ततः स्वगृह्यविधिना होमाद्यं कर्म कारयेत् ।।
यथाचारं विधेयानि माङ्गल्यकुतुकानि च ।। एतत्कन्यादानं त्रिः कार्यमिति शौनकः ।

मदनरत्नमा ऋष्यशृङ्गले भनेका छन् – 'प्रपितामहको क्रमले पितामह र पिताको नाम एवं गोत्रको उच्चारण गर्दै वरको गोत्रको राम्ररी उच्चारण गर्नुपर्दछ। यसैगरी कन्याको नाम र गोत्र पनि विद्वान्हरूले राम्ररी उच्चारण गर्नुपर्दछ । कन्यालाई दक्षिणासहित मधुपर्कद्वारा पूजा गरिएको वरको हातमा दिनुपर्दछ । दिने मानिस पूर्वतिर र वर पश्चिमतिर फर्केको हुनुपर्नेछ । जलपात्र हातमा लिएर '**गौरीं कन्याम्०**' इत्यादि मन्त्रद्वारा यथाशक्ति शृङ्गार गरिएकी गौरी कन्याको दान गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – हे विप्र ! अमुक गोत्र र अमुक शर्मा, तपाईंलाई म कन्या दिँदैछु । तपाईंले आफ्नो आश्रयमा लिनुहोस् ।' त्यसपछि कन्यादाताले आफ्नो शक्तिअनुसार भूमि, गाई, दासी, वस्त्र, भैंसी, घोडा र सुवर्णमणि पनि वरलाई दिनुपर्दछ । यसरी कन्यादान गरेपछि आफ्नो गृह्यसूत्रअनुसार होम गराउनुपर्दछ । आफ्नो कुलाचारअनुसार मङ्गल र क्रीडाकौतुक आदि कर्म गर्नु-गराउनुपर्दछ ।' कन्यादानमा दान गर्ने वचनलाई तीनपटक उच्चारण गर्नुपर्दछ भन्ने कुरा **शौनकले** बताएका छन् ।

गृहप्रवेशनीयहोमे विशेषकथनम्

गृहप्रवेशनीयहोमे विशेषमाहाश्वलायनः –

अर्धरात्रे व्यतीते तु परेद्युः प्रातरेव हि । गृहप्रवेशनीयः स्यादिति यज्ञविदो विदुः ।। इति ।

गृहप्रवेशहोममा विशेष

आश्वलायनले भनेका छन् कि आधा रात बितेपछि अर्को दिन प्रातःकालमा नै गृहप्रवेशको लागि हवन गराउनुपर्ने कुरा यज्ञका ज्ञाताहरूले बताएका छन् ।

औपानसहोमे विचारः

औपासनहोमे विशेषमाह शौनकः –

यदि रात्रौ विवाहाग्निरुत्पन्नः स्यात्तथा सति । उपक्रम्योत्तरस्याह्नः सायं परिचरेदमुम् ।।

यदि रात्रौ नवनाडीमध्येऽग्न्युत्पत्तिस्तदा तदैव होमारम्भः, तदुत्तरं चेत्परदिने सायमारम्भ इति सुदर्शनभाष्ये उक्तम्।

औपासनहोममा विशेष

शौनक भन्दछन् – विवाहको अग्नि रात्रिको समयमा उत्पन्न भएमा त्यसबेलादेखि आरम्भ गरेर दोस्रो दिनको सायँकालसम्मका कर्म यसै अग्निमा सम्पन्न गर्नुपर्दछ । यदि रातमा नौघडीभित्रै अग्नि उत्पन्न भएमा त्यसै दिन त्यसै रात हवनको आरम्भ गर्नुपर्दछ । यदि दोस्रो दिनमा अग्नि उत्पन्न भएमा दोस्रो दिनको सायँकालमा हवनकार्यको आरम्भ गर्नुपर्दछ भन्ने कुरा **सुदर्शनभाष्यमा** बताइएको छ ।

देवकोत्थापनकथनम्

अथ देवकोत्थापनम् -

समे च दिवसे कुर्याद् देवकोत्थापनं बुधः । षष्ठं च विषमं नेष्टं मुक्त्वा पञ्चमसप्तमौ ।।

देवोत्थापन

विद्वान्हरूले जोडादिनमा विवाहका देवताको विसर्जन गर्नुपर्दछ भनेका छन् । विषमदिनहरूमा पाँचौं र सातौं दिन छाडेर देवविसर्जन गर्नुपर्दछ । समदिवसहरूमध्ये पनि छैठौं दिवस अनिष्टदायक हुन्छ ।

विवाहोत्तरं निषेधादिकथनम्

निर्णयदीपे गार्ग्यः -

नान्दीश्राद्धे कृते पश्चाद्यावन्मातृविसर्जनम् । दर्शश्राद्धं क्षयश्राद्धं स्नानं शीतोदकेन च ।।

अपसव्यं स्वधाकारं नित्यश्राद्धं तथैव च । ब्रह्मयज्ञं चाध्ययनं नदीसीमातिलङ्घनम् ।।

उपवासव्रतं चैव श्राद्धभोजनमेव च । नैव कुर्युः सपिण्डाश्च मण्डपोद्वासनावधि ।।

विवाहपछि निषिद्ध कर्म

निर्णयदीपमा गार्ग्यले भनेका छन् - नान्दीश्राद्ध गरेपछि जबसम्म मातृका आदिको विसर्जन हुँदैन, तबसम्म अमावास्याश्राद्ध, वार्षिकश्राद्ध, चिसो जलले स्नान गर्ने कार्य, अपसव्य हुने कार्य, पितृयज्ञ, नित्यश्राद्ध, ब्रह्मयज्ञ, अध्ययन, नदी र नगरसीमाको उल्लंघन, उपवास, व्रत, श्राद्धभोजन जस्ता कार्यहरू घरका मानिसहरूले मात्र नभई सपिण्डभित्र पर्ने मानिसहरूले पनि गर्न हुँदैन ।

विवाहादौ स्पृश्यास्पृश्यविचारः

बृहस्पतिः - **तीर्थे विवाहे यात्रायां सङ्ग्रामे देशविप्लवे । नगरग्रामदाहे च स्पृष्टास्पृष्टं न दुष्यति।।**

विवाह आदिमा स्पृश्यास्पृश्य विचार

बृहस्पतिले भनेका छन् - तीर्थ, विवाह, यात्रा र संग्राममा, देशमा उपद्रव फैलिँदा, नगर वा गाउँमा आगलागी हुँदा छुवाछुतको कुनै दोष लाग्दैन ।

मङ्गलोत्तरं स्नानादिविचारः

योगियाज्ञवल्क्यः -

न स्नायादुत्सवेऽतीते मङ्गलं विनिवर्त्य च । अनुव्रज्य सुहृद्बन्धूनर्चयित्वेष्टदेवताम् ।।

मङ्गलपछि स्नानविचार

योगी याज्ञवल्क्य भन्दछन् - विवाहोत्सव सकिएपछि मङ्गलमय मण्डप आदिको संरचनालाई रूपान्तरण गरी नथन्क्याउँदै र इष्टदेवताको पूजा नगर्दै आफ्ना बन्धु-बान्धव एवं इष्टमित्रका साथ स्नान गर्ने काम गर्नुहुँदैन ।

ज्योतिषे – स्नानं सचैलं तिलमिश्रकर्म प्रेतानुयानं कलशप्रदानम् ।
अपूर्वतीर्थामरदर्शनं च विवर्जयेन्मङ्गलतोऽब्दमेकम् ।।

मासषट्कं विवाहादौ व्रतप्रारम्भणेऽपि च । जीर्णभाण्डादि न त्याज्यं गृहसम्मार्जनं तथा ।।
ऊर्ध्वं विवाहात्पुत्रस्य तथा च व्रतबन्धनात् । आत्मनो मुण्डनं नैव वर्षं वर्षार्द्धमेव च ।।
अभ्यङ्गे सूतके चैव विवाहे पुत्रजन्मनि । माङ्गल्येषु च सर्वेषु न धार्यं गोपिचन्दनम् ।।

ज्योतिषमा भनिएको छ – मङ्गलकार्य भएपछि एकवर्षसम्म सचैलस्नान तिलमिश्रितकर्म, प्रेतलाई लिएर दाहार्थ श्मशानयात्रा र श्राद्धीयकलशको दानजस्ता गर्न हुँदैन । जुन तीर्थमा कहिले पनि गइएको छैन त्यहाँ जान हुँदैन र देवदर्शन गर्न हुँदैन । विवाह आदि र व्रतको आरम्भमा ६ महिनासम्म पुराना भाँडा र घरको कुचो फ्याँक्नु हुँदैन । छोराको विवाह सम्पन्न भएपछि एकवर्षसम्म र छोराको उपनयन सम्पन्न भएपछि ६ महिनासम्म आफ्नो मुण्डनकर्म गर्नुहुँदैन । उबटन लगाएको अवस्था, मरणाशौच, विवाह, पुत्रजन्म र अन्य सबै माङ्गलिककार्यहरूमा गोपीचन्दन लगाउन हुँदैन ।

विवाहितायाः पति-पितृगृहनिवासविचारः

ज्योतिर्निबन्धे –

उद्वाहात्प्रथमे शुचौ यदि वसेद्भर्तुर्गृहे कन्यका, हन्यात्तज्जननीं क्षये निजवपुर्ज्येष्ठे पतिं ज्येष्ठकम्।
पौषे च श्वशुरं पतिं च मलिने चैत्रे स्वपित्रालये, तिष्ठन्ती पितरं निहन्ति न भयं तेषामभावे भवेत्।।

निबन्धे – **विवाहात्प्रथमे पौषे आषाढे चाधिमासके । न सा भर्तुर्गृहे तिष्ठेच्चैत्रे पितृगृहे तथा ।।**

विवाहको प्रथमवर्षमा कन्याको पति र पितृगृहमा निवाससम्बन्धी विचार

ज्योतिर्निबन्धमा भनिएको छ – विवाहपछि पहिलो आषाढमहिनामा यदि कन्या आफ्नो पतिका घरमा निवास गर्छिन् भने तिनले आफ्ना पतिकी माताका साथै आफ्नो शरीरको पनि नाश गर्दछिन् । सद्योविवाहिता नारी पतिको घरमा जेठमहिनामा बस्छिन् भने जेठाजुको नाश गर्छिन्, पुसमा बस्छिन् भने ससुराको नाश गर्छिन् र मलमासमा बस्छिन् भने पतिको नाश गर्छिन् । विवाहपछि चैत्रमहिनामा आफ्नो पिताको घरमा बस्छिन् भने पिताको नाश गर्दछिन् । उक्त महिनाबाहेक अरू महिनामा पति वा पिताको घरमा रहँदा कुनै भय हुँदैन ।

निबन्धमा भनिएको छ – विवाहपछि पहिलो वर्ष पौष, आषाढ र अधिकमासमा कन्या पतिको घरमा बस्नु हुँदैन र चैत्रमहिनामा पिताको घर बस्नु हुँदैन ।

विवाहोत्तरकाले पिण्डदानादिविचारः

हेमाद्रौ स्मृत्यन्तरे – **विवाहव्रतचूडासु वर्षमर्द्धं तदर्द्धकम् । पिण्डदानं मृदा स्नानं न कुर्यात्तिलतर्पणम्।।**
(तथा अर्घं पूर्ववत् । सपिण्डा नैव कुर्वीरन्नद्भिः स्नानमृतुत्रये । तीर्थे संवत्सरे प्रेते पितृयज्ञे महालये। कृतोद्वाहोऽपि कुर्वीत पिण्डनिर्वपणं सदा ।)

विवाहपछि पिण्डदानसम्बन्धी विचार

हेमाद्रिमा स्मृत्यन्तरको वचनमा भनिएको छ – विवाहपछि एकवर्षसम्म, व्रतबन्धपछि ६ महिनासम्म र चूडाकरणपछि

३ महिनासम्म पिण्डदान, मृत्तिकास्नान र तिलतर्पण गर्न हुँदैन ।

(माथि मूलमा आधा श्लोकमात्र लिइएको छ, किनकि त्यसको अर्थ यो भन्दा पहिले निरूपण गरिएको श्लोकमा बताएसमान छ ।) विवाहित पुरुषका सपिण्डीहरूले पनि ३ ऋतुसम्म जलद्वारा स्नान गर्नुहुँदैन र विवाह गरेको मानिसले पनि तीर्थश्राद्ध, संवत्सरश्राद्ध, प्रेतश्राद्ध, पितृयज्ञ र महालयश्राद्धमा पिण्डदान गर्नुपर्दछ ।

वधूप्रवेशकथनम्

अथ वधूप्रवेशः । जयतुङ्गे -

मार्गशीर्षे तथा माघे माधवे ज्येष्ठसंज्ञके । सुप्रशस्ते भवेद्वेश्मप्रवेशो नवयोषिताम् ।।

नारदः - **आरभ्योद्वाहदिवसात् षष्ठे वाऽप्यष्टमे दिने । वधूप्रवेशः सम्पत्त्यै दशमेऽथ समे दिने ।।**

सङ्ग्रहे - **विवाहमारभ्य वधूप्रवेशो युग्मे तिथौ षोडशवासरान्तात् ।**
ऊर्ध्वं ततोऽब्दे युजि पञ्चमान्तादतः परस्तान्नियमो न चास्ति ।।

नारदः - **समे वर्षे समे मासे यदि नारी गृहं व्रजेत् । आयुष्यं हरते भर्तुः सा नारी मरणं व्रजेत् ।।**

वधूप्रवेश

जयतुङ्गमा भनिएको छ - मार्गशीर्ष, माघ, वैशाख तथा ज्येष्ठमहिनाका शुभदिनमा नवीन (भर्खर विवाह गरिएका) नारीहरूको गृहप्रवेश गराउनुपर्दछ । नारदले भनेका छन् - विवाहको दिनदेखि गणना गरी छैठौं, आठौं, दशौं अथवा जोडा दिनमा वधूप्रवेश गराउँदा सम्पत्तिलाभ हुन्छ ।

संग्रहमा भनिएको छ - विवाहदिनदेखि गणना गरी १६ दिनसम्म जोडातिथिमा वधूप्रवेश गराउनुपर्दछ । सोह्र दिनभित्र वधूप्रवेश गराउन अनुकूल हुँदैन भने त्यसपछिका पाँचवर्षभित्र विषमवर्षमा वधूप्रवेश गराउनुपर्दछ । पाँचवर्षसम्म पनि वधूप्रवेश हुन सकेन भने कुनै नियम छैन । नारदले भनेका छन् - जोडावर्ष र जोडामहिनामा विवाहित स्त्री पहिलो पटक घरमा प्रवेश गर्दछिन् भने तिनले पतिको आयुनाश गर्दछिन् र आफैले पनि छिट्टै मृत्युवरण गर्दछिन् ।

प्रयोगरत्ने तु - **वधूप्रवेशः प्रथमे तृतीये शुभप्रदः पञ्चमकेऽथ वाऽह्नि ।**
द्वितीयके वाथ चतुर्थके वा षष्ठे वियोगामयदुःखदः स्यात् ।। इत्युक्तम् । तत्र मूलं चिन्त्यम् ।

वृद्धवसिष्ठोऽपि - **षष्ठाष्टमे वा दशमे दिने वा विवाहमारभ्य वधूप्रवेशः ।**
पञ्चाङ्गसंशुद्धदिनं विनापि विधावसद्गोचरगेऽपि कार्यः ।।

लल्लः - **स्वभवनपुरप्रवेशे देशानां विप्लवे तथोद्वाहे । नववध्वा गृहगमने प्रतिशुक्रविचारणा नास्ति।।**

माण्डव्यः - **नित्ययाने गृहे जीर्णे प्राशनान्तेषु सप्तसु । वधूप्रवेशे माङ्गल्ये न मौढ्यं गुरुशुक्रयोः ।।**

प्रयोगरत्नमा भनिएको छ - 'विवाहको दिनदेखि प्रथम, तृतीय र पाँचौं दिनमा वधूप्रवेश मङ्गलमय हुन्छ । दोस्रो, चौथो र छैठौं दिन वधूप्रवेश भएमा त्यसको फल वियोग, रोग र दुःख हुन्छ ।' ग्रन्थकार भन्दछन् - यस्तो भनिएतापनि यसको प्रमाण भने विचारणीय छ । वृद्धवसिष्ठले भनेका छन् - विवाहको दिनदेखि आरम्भ गरेर छैठौं, आठौं र दशौं दिनमा पञ्चाङ्ग र दिनशुद्धि नगरिएमा र चन्द्रमा निषिद्ध गोचरमा रहेमा पनि वधूप्रवेश गराउन हुन्छ ।

लल्लले भनेका छन् - आफ्नो घरमा प्रवेश गर्दा, नगरमा प्रवेश गर्दा, देशमा उपद्रव हुँदा, विवाहकालमा र भर्खर

विवाह गरिएकी वधूको गृहप्रवेशमा सम्मुख शुक्रको विचार गरिँदैन । दैनिक सवारी साधनद्वारा गरिने यात्रा र जीर्ण घरमा प्रवेश गर्दा तथा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, निष्क्रमण, नामकरण र अन्नप्राशन यी सातकार्यमा र मङ्गलमय वधूप्रवेशमा बृहस्पति र शुक्रको अस्त अवथाको विषयमा विचार गर्नुपर्दैन भनेर माण्डव्यले भनेका छन् ।

ज्योतिःप्रकाशे –

वामे शुक्रे नवोढायाः सुखं हानिश्च दक्षिणे । धनं धान्यं च पृष्ठस्थे सर्वनाशः पुरःस्थिते ।।
नवोढायास्तु वैधव्यं यदुक्तं सम्मुखे भृगौ । तदेव विबुधैर्ज्ञेयं केवलं तु द्विरागमे ।।
पूर्वतोऽभ्युदिते शुक्रे प्रयायाद्दक्षिणापरे । पश्चादभ्युदिते चैव यायात्पूर्वोत्तरे दिशौ ।।

ज्योतिःप्रकाशमा भनिएको छ – शुक्र बायाँ भागमा भएमा नवीन वधूको गृहप्रवेश सुखदायक हुन्छ, शुक्र दायाँ भएमा हानि हुन्छ, शुक्र पछाडि भएमा धन–धान्य प्राप्त हुन्छ र शुक्र सम्मुख भएमा सर्वनाश हुन्छ ।

विद्वान्हरूले जान्नुपर्दछ कि सम्मुख शुक्र भएमा नववधूले वैधव्ययोग व्यहोर्नुपर्दछ भन्ने नियम द्विरागमनमा पनि लागु हुन्छ । यदि शुक्र पूर्वदिशामा उदाएका छन् भने दक्षिण र पश्चिमदिशामा यात्रा गर्नुपर्दछ । पश्चिमदिशामा उदाएका छन् भने पूर्व र उत्तरदिशामा यात्रा गर्नुपर्दछ ।

व्यवहारतत्त्वे – **पौष्णात्कराच्च श्रवणाच्च युग्मे हस्तत्रये मूलमघोत्तरासु ।**
पुष्ये च मैत्रे च वधूप्रवेशो रिक्तेतरे व्यर्ककुजे च शस्तः ।।

गर्गः – **व्यतीपाते च संक्रान्तौ ग्रहणे वैधृतावपि । श्राद्धं विना शुभं नैव प्राप्तकालेऽपि मानवः ।।**

तथा – **अमासंक्रान्तिविष्ट्यादौ प्राप्तकालेऽपि नाचरेत् ।।** इति ।

व्यवहारतत्त्वमा भनिएको छ – रेवती, हस्ता र श्रवणनक्षत्रका दोस्रा–दोस्रा नक्षत्र, हस्तादेखि तेस्रो नक्षत्र र मूल, मघा एवं ३ उत्तरा, पुष्य, अनुराधानक्षत्र, चतुर्थी, नवमी एवं चतुर्दशीबाहेक सबै तिथि र आइतवार तथा मङ्गलवारबाहेकका सबै वारमा वधूप्रवेश उत्तम मानिएको छ ।

गर्गले भनेका छन् – व्यतीपात, संक्रान्ति, ग्रहण र वैधृतियोग हुँदा मानिसले श्राद्धबाहेक अन्य कुनै शुभकर्म गर्नुहुँदैन । अमावास्या, संक्रान्ति, भद्रा आदिमा अरू सबै लक्षण मिलेता पनि शुभकर्म गर्न हुँदैन ।

द्विरागमनकथनम्

अथ द्विरागमनम् । ऋक्षोच्चये –

माघफाल्गुनवैशाखे शुक्लपक्षे शुभे दिने । गुर्वादित्यविशुद्धौ स्यान्नित्यं पत्नीद्विरागमः ।।

बादरायणः –

नीहारांशुदिनोत्तरादितिगुरुब्रह्मानुराधाश्विनीशुक्रे भास्करवायुविष्णुवरुणत्वाष्ट्रे प्रशस्ते तिथौ।
कुम्भाजालिगते रवौ शुभकरे प्राप्तोदये भार्गवे जीवज्ञास्फुजितां दिने नववधूवेश्मप्रवेशः शुभः ।।

द्विरागमन

द्विरागमनको विषयमा विचार गरिन्छ । ऋक्षोच्चयमा भनिएको छ – माघ, फाल्गुन र वैशाखको शुक्ल पक्षमा,

शुभ दिनमा, बृहस्पति र सूर्यको शुद्धि भएको बेला पत्नीको द्विरागमन उत्तम मानिएको छ ।

बादरायणले भनेका छन् – मृगशिरा, ३ उत्तरा, पुनर्वसु, पुष्य, रोहिणी, अनुराधा, अश्विनी, ज्येष्ठा, स्वाती, श्रवण, चित्रा, उत्तमतिथि, कुम्भ, मेष र वृश्चिकका सूर्य, शुभलग्नको उदय, शुक्रको उदय र बृहस्पति, बुध एवं शुक्रवारमा[७३] नवीन वधूको गृहप्रवेश कल्याणकारक हुन्छ ।

पुनर्विवाहकथनम्

अथ पुनर्विवाहः । श्रीधरीये –

पुनर्विवाहं वक्ष्यामि दम्पत्योः शुभवृद्धिदम् । लग्नेन्दुलग्नयोर्दोषे ग्रहतारादिसम्भवे ।।

विवाहे चापि दम्पत्योराशौचादिसमुद्भवे । तस्य दोषस्य शान्त्यर्थं पुनर्वैवाह्यमिष्यते ।।

याज्ञवल्क्यः –

सुरापी व्याधिता धूर्ता बन्ध्यार्थघ्न्यप्रियंवदा । स्त्रीप्रसूश्चाधिवेत्तव्या पुरुषद्वेषिणी तथा ।।

पुनर्विवाहसम्बन्धमा

श्रीधरीयमा भनिएको छ – स्त्री–पुरुषको शुभ र वृद्धिको लागि पुनर्विवाह गर्ने विधान छ । (पहिले विवाह भएपछि हाम्रो विवाहसमयमा पञ्चाङ्गशुद्धि थिएन भन्ने कुरा थाहा पाएका कुनै वर–कन्याले फेरि विवाह गर्ने कर्मलाई यहाँ पुनर्विवाह भनिएको हो ।)

लग्न तथा चन्द्रलग्नको दोषमा, ग्रह तथा तारा आदिको दोषमा र अन्य अशुभ समयमा दुष्टयोग सम्भव हुँदा विवाह गरिएको भएमा अथवा विवाहकालमा नै आशौच आदि परेको थाहा भएमा ती सबै दोषहरूलाई निवारण गर्न दम्पतिको दोषनिवृत्तिका लागि उनीहरूले फेरि विधिपूर्वक विवाह गर्नुपर्दछ ।

याज्ञवल्क्यले भनेका छन् – मदिरापान गर्ने, दीर्घरोगी, छल, कपट एवं ठगी गर्न सिपालु, बन्ध्या, धननाश गर्ने, अप्रिय बोल्ने, कन्यामात्र पैदा गर्ने र पतिसँग द्वेष गर्ने पत्नी छन् भने ती हुँदाहुँदै पनि पतिले दोस्रो विवाह गर्नुपर्दछ ।

मनुः – **बन्ध्याष्टमेऽधिवेद्याब्दे दशमे तु मृतप्रजा ।**
एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी ।।

सङ्ग्रहे तु – **अप्रजां दशमे वर्षे स्त्रीप्रजां द्वादशे त्यजेत् । मृतप्रजां पञ्चदशे सद्यस्त्वप्रियवादिनीम् ।।**

एकामुत्क्रम्य कामार्थमन्यां लब्धुं य इच्छति । समर्थस्तोषयित्वार्थैः पूर्वोढामपरां वहेत् ।।

मनुले भनेका छन् – स्त्री बन्ध्या भएमा विवाह गरेको आठौं वर्षमा, बालकहरू जन्मँदै मर्दै गर्ने स्त्री भएमा विवाहको दशौं वर्षमा, कन्यामात्र पैदा गर्ने स्त्री भएमा विवाहको एघारौं वर्षमा दोस्रो विवाह गर्नुपर्दछ । तर, अत्यन्त कठोर वचन बोल्ने पत्नी छन् भने पतिले तुरुन्त नै दोस्रो विवाह गर्नुपर्दछ । **सङ्ग्रहमा** भनिएको छ– पत्नी सन्तान जन्माउन असमर्थ भएमा विवाहको दशवर्षपछि दोस्रो विवाह गर्नुपर्दछ, पत्नीले कन्यामात्र जन्माउँछिन् भने विवाहको बाह्रवर्षपछि दोस्रो विवाह

---

७३. भारतका विभिन्न प्रकाशनबाट प्रकाशित निर्णयसिन्धुका हिन्दी अनुवादहरूमा आस्फुजित्शब्दको अर्थ सोमवार मानिएको छ । तर त्यो ठीक नभएकाले ज्योतिःशास्त्रका विज्ञहरूको भनाइको आधारमा शुक्रवार भन्ने अर्थ गरिएको छ ।

गर्नुपर्दछ, पत्नीमा सन्तान हुन्छन् तर जन्मँदै मर्दै गर्छन् भने प्रथम विवाहको १५ वर्षपछि दोस्रो विवाह गर्नुपर्दछ, प्रथम विवाहित पत्नी कठोर वचन बोल्ने दुष्टस्वभावकी छन् भने पहिलो विवाहपछि छिट्टै दोस्रो विवाह गर्नुपर्दछ ।

जुन मनुष्यले आफ्नी पत्नी छँदाछँदै उनलाई नाघेर विषयभोगका लागि दोस्री स्त्रीसँग विवाह गर्ने इच्छा गर्दछन् तिनले समर्थ भएमा प्रथम विवाहिता पत्नीलाई धन आदिद्वारा प्रसन्न तुल्याएपछिमात्र दोस्री कन्यासँग विवाह गर्नुपर्दछ ।

याज्ञवल्क्यः – **आज्ञासम्पादिनीं दक्षां वीरसूं प्रियवादिनीम् ।**
त्यजन् दाप्यस्तृतीयांशमद्रव्यो भरणं स्त्रियाः ।।

मनुः – **अधिविन्ना तु या नारी निर्गच्छेद्रुषिता गृहात् ।**
सा सद्यः सन्निरोधव्या त्याज्या वा कुलसन्निधौ ।। इति ।

याज्ञवल्क्यले भन्दछन् – जुन पुरुषले आज्ञाकारिणी, काम गर्न सिपालु, उत्तम पुत्र पैदा गर्ने र मीठो बोल्ने पत्नीको त्याग गर्दछ र उनी छँदाछँदै अर्की स्त्रीसँग विवाह गर्दछ भने शासकले त्यसको धन-सम्पत्तिको तेस्रो भाग जेठी श्रीमतीलाई दिलाइदिनुपर्छ । यदि ऊसँग धन नभएमा त्यसबाट जेठी पत्नीको भरण-पोषणको व्यवस्था मिलाइदिनुपर्दछ।

मनुले भनेका छन् – आफ्ना पतिले दोस्रो विवाह गरेपछि पत्नी रिसाएर घरबाट बाहिर जान चाहन्छिन् भने तिनलाई अनुनय-विनय गरी फर्काएर घरभित्र सुरक्षापूर्वक राख्नुपर्दछ अथवा तिनलाई कुलको समीपमा अर्थात् उनका पिताको घरमा पठाइदिनुपर्दछ ।

हेमाद्रौ कात्यायनः – **अग्निशिष्टादिशुश्रूषां बहुभार्यः सवर्णया ।**
कारयेत्तद्बहुत्वं चेच्च्येष्ठया गर्हिता न चेत् ।। इति ।

याज्ञवल्क्यः – **सत्यामन्यां सवर्णायां धर्मकार्यं न कारयेत् ।**
सवर्णासु विधौ धर्म्ये ज्येष्ठया न विनेतरा ।।

हेमाद्रिमा कात्यायनले भनेका छन् – धेरै स्त्री भएको मनुष्यले गृह्याग्नि र घरमा आएका शिष्ट मनुष्यहरूको सेवा आफ्नै वर्णकी पत्नीबाट गराउनुपर्दछ । यदि आफ्नै वर्णका पत्नीहरू पनि धेरै छन् भने जेठी पत्नी अनिन्द्य आचारले सम्पन्न भएमा जेठीबाट अन्यथा अरू सदाचारवती सवर्णपत्नीहरूबाट अग्नि र आगन्तुकको सेवा गराउनुपर्दछ ।

याज्ञवल्क्यले भनेका छन् – आफ्नै वर्णकी स्त्री जीवित र सक्रिय छँदाछँदै अर्की असवर्णपत्नीद्वारा धर्मकार्य गराउनु हुँदैन । सवर्णा स्त्री पनि धेरै भएमा धार्मिककार्यको विधान जेठीबाहेक अरूबाट गराउनु हुँदैन ।

द्वितीयविवाहहोमे अग्निविचारः

द्वितीयविवाहहोमेऽग्निमाह कात्यायनः –

सदारोऽन्यान्पुनर्दारानुद्वोढुं कारणान्तरात् । यदीच्छेदग्निमान् कर्तुं क्व होमोऽस्य विधीयते ।
स्वाग्नावेव भवेद्धोमो लौकिके न कदाचन ।।

द्वितीय विवाहहोममा अग्निको विचार

दोस्रो विवाहको होममा **कात्यायनले** अग्निको निर्णय गर्दै भनेका छन् – पत्नी भएको अग्निहोत्री मानिसले कुनै

कारणबाट दोस्रो विवाह गर्ने इच्छा गर्दछ भने त्यसले आफ्नै अग्निहोत्रको अग्निमा हवन गर्नुपर्दछ तर लौकिक अग्निमा हवन गर्नुहुँदैन ।

त्रिकाण्डमण्डनोऽपि – **आद्यायां विद्यमानायां द्वितीयामुद्वहेद्यदि ।**
तदा वैवाहिकं कर्म कुर्यादावसथेऽग्निमान् ।।

सुदर्शनभाष्ये तु – **'द्वितीयविवाहहोमो लौकिके एव न पूर्वौपासने'** इत्युक्तम् । इदं चासम्भवे । तत्र चाग्निद्वयसंसर्गः कार्यः ।

त्रिकाण्डमण्डनमा भनिएको छ – पहिली पत्नी रहँदारहँदै अग्निहोत्री मानिसले दोस्री नारीसँग विवाह गर्दछ भने त्यसले विवाहसम्बन्धी सबै कर्म आवसथ्यअग्निमा अर्थात् गृह्याग्निमा गर्नुपर्दछ ।

सुदर्शनभाष्यमा भनिएको छ कि – 'दोस्रो विवाहको हवन लौकिक अग्निमा नै गर्नुपर्दछ । पहिले बताइएको औपासनअग्निमा गर्नुहुँदैन ।' ग्रन्थकार भन्दछन् – लौकिकअग्निमा हवन गर्ने कुरा औपासनअग्निमां हवन गर्ने सम्भव नहुँदाका लागि हो । त्यस्तो अवस्थामा औपासनअग्नि र लौकिकअग्निको सम्बन्ध गराउनुपर्दछ ।[७४]

अग्निद्वयसंसर्गविधिकथनम्

तदाह शौनकः –

अथाग्न्योर्गृह्ययोर्योगं सपत्नीभेदजातयोः । सहाधिकारसिद्ध्यर्थमहं वक्ष्यामि शौनकः ।।
अरोगामुद्वहेत्कन्यां धर्मलोभभयात्स्वयम् । कृते तत्र विवाहे च व्रतान्ते तु परेऽहनि ।।
पृथक्स्थण्डिलयोरग्निं समाधाय यथाविधि । तन्त्रं कृत्वाज्यभागान्तमन्वाधानादिकं ततः ।।
जुहुयात्पूर्वपत्न्यग्नौ तयान्वारब्ध आहुतीः । अग्निमीले पुरोहितं सूक्तेन नवर्चेन तु ।।
समिध्येनं समारोप्य अयं ते योनिरित्यृचा । प्रत्यवरोहेत्यनया कनिष्ठाग्नौ निधाय तम् ।।
आज्यभागान्ततन्त्रादि कृत्वारभ्य तदादितः । समन्वारब्ध एताभ्यां पत्नीभ्यां जुहुयाद् घृतम् ।।
चतुर्गृहीतमेतामिर्ऋग्भिः षड्भिर्यथाक्रमम् । अग्नावग्निश्चरतीत्यग्निनाग्निः समिध्यते ।।
अस्तीदमिति तिसृभिः पाहि नो अग्न एकया । ततः स्विष्टकृदारभ्य होमशेषं समापयेत् ।।
गोयुगं दक्षिणा देया श्रोत्रियायाहिताग्नये । पत्न्योरेका यदि मृता दग्ध्वा तेनैव तां पुनः ।।
आदधीतान्यया सार्द्धमाधानविधिना गृही ।। इति ।

औपासनअग्नि र लौकिकअग्निको संयोगविधि

शौनकले भनेका छन् – अब म यसपछि दुईपत्नी हुने अग्निहोत्रीले दुईप्रकारका अग्निको सम्बन्ध कसरी गर्ने र अग्निको अधिकार कसरी प्राप्त गर्ने भन्ने विषयमा बताउँछु । मानिसले धर्मलोप नहोस् भनी रोग नभएकी कन्यासँग विवाह गर्नुपर्दछ । विवाहपछि व्रतको अन्त हुने दिन दुईवेदी (स्थण्डिल)मा अलग–अलग विधिपूर्वक अग्निको स्थापना

७४. अग्निहोत्रीले देशान्तरमा विवाह गरेको अवस्थामा औपासन अग्नि समीपमा नरहेका कारण लौकिक अग्निमा नै विवाहहोम र गृहप्रवेश होम गराउनुपर्दछ । कालान्तरमा दुवै अग्निको संयोग गराउनुपर्दछ । अग्निद्वयसम्पर्कको विधि प्रयोगरत्नामक ग्रन्थबाट अवगत गर्नुपर्दछ – पं. दौलतराम गौडद्वारा अनूदित निर्णयसिन्धुको टिप्पणी ।

गर्नुपर्दछ । समुच्चयविधिबाट अग्निस्थापनाद्वारा आज्यभागान्त अन्वाधान आदि कर्म सम्पन्न गर्नुपर्दछ । फेरि पहिलेझैं आफ्नी पत्नीद्वारा स्पर्श गरिएको अग्निमा पतिले **अग्निमीडे पुरोहितं०** यो नौऋचा भएको सूक्तले हवन गर्नुपर्दछ ।

अग्निमीडे० – ॐ अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् ।।१।। अग्निः पूर्वेभिर्ऋषिभिरीड्यो नूतनैरुत । स देवाँ एह वक्षति ।।२।। अग्निना रयिमश्नवत् पोषमेव दिवे दिवे । यशसं वीरवत्तमम् ।।३।। अग्ने यं यज्ञमध्वरं विश्वतः परिभूरसि । स इद् देवेषु गच्छति ।।४।। अग्निर्होता कविक्रतुः सत्यश्चित्रश्रवस्तमः । देवो देवेभिरागमत् ।।५।। यदङ्ग दाशुषे त्वमग्ने भद्रं करिष्यसि । तवेत् तत् सत्यमङ्गिरः ।।६।। उप त्वाग्ने दिवे दिवे दोषावस्तर्धिया वयम् । नमो भरन्त एमसि ।।७।। राजन्तमध्वराणां गोपामृतस्य दीदिविम् । वर्धमानं स्वे दमे ।।८।। स नः पितेव सूनवेऽग्ने सूपायनो भव । सचस्वा नः स्वस्तये ।।९।।

फेरि अग्निलाई प्रज्ज्वलित गरी **ॐ अयं ते योनिर्ऋत्वियो यतो जातो अरोचथाः । तं जानन्नग्न आ सीदा था नो वर्धया गिरः ।।** (ऋ. ३/२९/१०) यस ऋचाले हवन गर्नुपर्दछ । त्यसपछि कान्छी पत्नीका साथ रही – **प्रत्यवरोहजातवेदः पुनरूपं देवेभ्यो हव्यं वहनः प्रजानन् ।। प्रजां पुष्टिं रयिमस्मासुधेह्यथा भव यजमानाय शंयोः ।।** (ऋग्वेद ब्रह्मकर्म-समुच्चय) । यस ऋचाबाट हवन गर्नुपर्दछ । यसरी हवन गरेपछि आज्यभागान्त कार्यलाई समुच्चयबाट गरी आरम्भ गरिएको कार्यलाई दुवै पत्नीका साथ रही चारपटकसम्म घ्यू ग्रहण गरेर फेरि – **अग्नावग्निश्चरति प्रविष्ट ऋषीणां पुत्रो अधिराज एषः । स्वाहाकृत्य ब्रह्मणा ते जुहोमि देवानां मिथुया कर्मागधेयम् ।।** – तैत्तरीयसं. १/३/७/१४ ।, **अग्निनाग्निः समिध्यते कविर्गृहपतिर्युवा । हव्यवाड् जुह्वास्यः ।।** – ऋ. १/१२/६ ।, **अस्तीदमधिमन्थनमस्ति प्रजननं कृतम् । एतां विश्पत्नीमा भराग्निं मन्थाम पूर्वथा ।।१।। अरण्योर्निहितो जातवेदा गर्भ इव सुधितो गर्भिणीषु । दिवे दिवे ईड्यो जागृवद्भिर्हविष्मद्भिर्मनुष्येभिरग्निः ।।२।। उत्तानायामव भरा चिकित्वान् सद्यः प्रवीता वृषणं जजान । अरुषस्तूपो रुशदस्य पाज इडायास्पुत्रो वयुनेऽजनिष्ट ।।३।।** – ऋ. ३/२९/१-३ ।, यी तीनऋचाबाट हवन गर्नुपर्दछ। त्यसपछि **पाहि नौ अग्न एकया पाह्युपत द्वितीयया । पाहि गीर्भिस्तिसृभिरूर्जां पते पाहि चतसृभिर्वसो।।** (ऋ. ८/६०/९) यस ऋचाले हवन गरेपछि स्विष्टकृत्बाट आरम्भ गरेर होमशेष समाप्त गर्नुपर्दछ । अन्तमा अग्निहोत्री वेदपाठीका लागि दक्षिणाका रूपमा दुइटा गाई दिनुपर्दछ । दुईपत्नीमध्ये एउटीको पहिले मृत्यु भएमा यसै अग्निबाट दाहसंस्कार गर्नुपर्दछ । त्यसपछि गृहस्थले दोस्री पत्नीका साथ आधानविधिद्वारा अग्निको आधान गर्नुपर्दछ ।

बौधायनगृह्यसूत्रे तु (३/३८) अथ यदि गृहस्थस्तु द्वे भार्ये बिन्देत कथं तत्र कुर्यादिति, यस्मिन् काले विन्देतोभावाग्नी परिचरेत् । अपराग्निमुपसमाधाय संपरिस्तीर्याज्यं विलाप्योत्पूय स्रुक्स्रुवं निष्टप्य संमृज्य स्रुचि चतुर्गृहीतं गृहीत्वाऽन्वारब्धायां यजमानो जुहोति – **नमस्ते ऋषे गद अव्यधायै त्वा स्वधायै त्वा । मा न इन्द्राभितस्त्वदृष्वारिष्टासः । एवाब्रह्मन् तवेदस्तु स्वाहा** । इति ।

अथ समारोपयति- **अयं ते योनिर्ऋत्विज** इति । अथ पूर्वाग्निमुपसमाधाय आजुह्वानः, **उद्बुध्यस्वाग्ने** इति समिधमाधाय संपरिस्तीर्य आज्यं विलाप्योत्पूय स्रुक्स्रुवं निष्टव्य संमृज्य स्रुचि चतुर्गृहीतं गृहीत्वा द्वयोर्भार्ययोरन्वारब्धयो-र्यजमानोऽजुहोति यो ब्रह्मा ब्रह्मण इत्येतेन सूक्तेनैकैकं चतुर्गृहीतं जुहोति प्रसिद्धाग्निमुखात्कृत्वा पक्वाञ्जुहोति **'समितं सङ्कल्पेथामिति पुरोनुवाक्याम् अनूच्या अग्ने पुरीष्य'** इति याज्यया जुहोति- अथाज्याहुतीरुपजुहोति **'पुरीष्य-स्त्वमग्ने'** इत्यन्तादनुवाकस्य । स्विष्टकृत्प्रभृति सिद्धमाधेनुवरप्रदानात् । याज्यया जुहोति अथाग्रेणाग्निं दर्भस्तम्भेषु हुतशेषं निदधाति **ब्रह्मयज्ञानम्, पिताविराजमिति** द्वाभ्यामिति । (द्वाभ्यां संसर्गविधिकार्यः) ।

बौधायनगृह्यसूत्रमा भनिएको छ – गृहस्थका दुईभार्या भएमा कसरी यज्ञ वा अग्नि सेवा गर्नुपर्दछ ? यस प्रश्नको

उत्तरमा भनिएको छ – उपयुक्त समय आएपछि गृहस्थले अग्निको पूजा गर्नुपर्दछ । दोस्रो अग्नि स्थापना गरी चारैतिर कुश ओछ्याएर कचौरामा घ्यू राखी घ्यूलाई अग्निमा तताएर उत्प्लवन अर्थात् उफारीकन स्रुचि र स्रुवालाई अग्निमा तपाएर कुशहरूद्वारा सम्मार्जन गरी स्रुचिनामक पात्रमा चारपटकसम्म घ्यू ग्रहण गरेर पत्नीबाट अन्वारब्ध भई यजमानले **'नमस्ते ऋषे गद अव्यथा यै त्वा स्वधायै त्वा मान इन्द्रामितस्त्व वृष्वारि रिष्टारनः एवा ब्रह्मन् तवेदस्तु स्वाहा'** मन्त्रले हवन गर्नुपर्दछ । त्यसपछि यजमानले **अयं ते योनिर्ऋत्वियो यतो जातो अरोचथाः । तं जानन्नग्न आ सीदाथा नो वर्धया गिरः ।।** – ऋ. ३/२९/१० यस मन्त्रले दोस्रो अग्निलाई औपासन अग्निमा मिलाउनुपर्दछ । त्यसपछि पूर्वाग्नि अर्थात् औपासन अग्निको स्थापना गरी – **आजुह्वान ईड्यो वन्द्यश्चाऽऽया ह्यग्ने वसुभिः सजोषाः । त्वं देवानामसि यह्व होता स एनान् यक्षीषितो यजीयान् ।** (ऋ.वे. १०/११०/३) **आजुह्वानो न ईड्यो देवाँ आवक्षि यज्ञियान् । अग्ने सहस्त्रसा असि ।।** (ऋ.वे. १/१८८/३) र **उद्बुध्यस्वाग्ने प्रति जागृह्येनमिष्टापूर्ते सँ सृजेथामयं च । पुनः कृण्वँ स्त्वा पितरं युवानमन्वाताँ सीत् स्वयि तन्तुमेतम् ।।** (तै. ४/७/१३/१२) यी ऋचाद्वारा समिधाधान गरी परिस्तरण गरेर स्रुचि र श्रुवा तताई शुद्ध गरी चारपटक घिउ लिएर दुवै पत्नीद्वारा अन्वारब्ध भई तलका मन्त्र पढेर हवन गर्नुपर्दछ ।

हवनमन्त्र – यो ब्रह्मा ब्रह्मण उज्जभार प्राणेश्वरः कृत्तिवासाः पिनाकी । ईशानो देवस्स न आयुर्दधातु तस्मै जुहोमि हविषा घृतेन स्वाहा ।। विभ्राजमानस्सरिरस्य मध्याद्रोचमानो धर्मरुचिर्य आगात् । स मृत्युपाशादपनुद्य घोरादिहायुषेणो घृतमत्तु देवस्स्वाहा ।। ब्रह्मज्योतिर्ब्रह्मपत्नीषु गर्भमादधातपुरुरूपं जयन्तम् । सुवर्णरं भग्रहमर्कमर्चं तमायुषे वर्धयामो घृतेन स्वाहा ।। श्रियं लक्ष्मीमौपलाम्बिकां गां षष्ठीं जयामिन्द्रसेनेत्युदाहुः । तां विद्यां ब्रह्मयोनिं सरूपामिहायुषे तर्पयामो घृतेन स्वाहा ।। दाक्षायण्यस्सर्वयोन्यस्स योन्यस्सहस्त्रशो विश्वरूपाः । ससूनवस्सपतयस्सयूथ्या इहायुषेणो घृतमिदं जुषन्तां स्वाहा ।। दिव्या गणा बहुरूपाः पुराणा आयुश्छिदो नः प्र मथन्तु वीरान् । तेभ्यो जुहोमि बहुधा घृतेन मा नः प्रजां रीरिषो मोत वीरान् स्वाहा ।। एकः पुरस्ताद्य इदं बभूव यतो बभूवुर्भुवनस्य गोपाः । यमप्येति भुवनं साम्पराये स नो हविर्घृतमिहायुषेऽत्तु देवस्स्वाहा ।। वसून् रुद्रानादित्यान् मरुतोऽथ साध्यान् ऋभून् यक्षान् गन्धर्वांश्च पितॄंश्च विश्वान्। भृगून् सर्पांश्चाङ्गिरसोथ सर्वान् घृतं हुत्वा स्वायुष्यायाम शश्वत्स्वाहा ।। (बौधायनगृह्यसूत्र, म. १४–२१)

त्यसपछि पहिले चारपटक ग्रहण गरिएको घिउलाई स्रुचिमा राखेर अग्नितर्फ मुख फर्काई तल लेखिएका पुरोनुवाक्या र याज्याद्वारा हवन गर्नुपर्दछ ।

समितं सङ्कल्पेथां सम्प्रियौ रोचिष्णु सुमनस्यमानौ । इषमूर्जमभि संवसानौ सं वां मनां सि सं व्रता समु चित्ताव्याऽकरम्।। (तै.सं. ४, का. २, प्र. ५/१), **अग्ने पुरीष्याधि भवा त्वं नः । इषमूर्जं यजमानाय धेहि ।।**

उक्त अनुवाकद्वारा नै स्विष्टकृत्देखि लिएर गोदानसम्मका कार्य गरेपछि – **ब्रह्म जज्ञानं प्रथमं पुरस्तादिद्व सीमतः सुरुचो वेन आवः । स बुध्निया उपमा अस्य षिष्ठाः सतश्च योनिमसतश्च विवः ।।** – तै.सं. ४/२/६/४ । **पिताविराजामृषभो रयीणाम् अन्तरिक्षं विश्वरूप आविवेश । तमर्कैरभ्यर्चन्ति वत्सं ब्रह्मसन्तं ब्रह्मणा वर्धयन्तः ।** – तै.ब्रा. २/८/८ यी मन्त्रद्वारा दर्भस्तम्बमा अर्थात् कुशको मुठोमा अग्नि राखी अवशिष्ट हवन प्रक्षेपण गर्नुपर्दछ । उक्त दुईमन्त्रद्वारा नै संसर्गविधि पनि सम्पन्न गर्नुपर्दछ ।

द्वितीयविवाहकालः

द्वितीयादिविवाहे काल उक्तः सङ्ग्रहे –

प्रमदामृतिवासरादितः पुनरुद्वाहविधिर्वरस्य च । विषमे परिवत्सरे शुभो युगले चापि मृतिपदो भवेत्।।

द्वितीयविवाहकालको निर्णय

दोस्रो विवाहको विषयमा **कालसंग्रह**मा भनिएको छ – पत्नीको मरणदिनलाई आधार मानी विषमवर्षमा वरको दोस्रो विवाहको विधि सम्पन्न गर्नु उत्तम मानिएको छ । समवर्षमा यदि दोस्रो विवाह गरिन्छ भने त्यो मृत्युदायक हुन्छ ।

तृतीयविवाहे विचारः

तृतीयविवाहस्य निषेधो मात्स्ये – **उद्वहेद्रतिसिद्ध्यर्थं तृतीयां न कदाचन ।**

मोहादज्ञानतो वापि यदि गच्छेत्तु मानुषीम् । नश्यत्येव न सन्देहो गर्गस्य वचनं यथा ।। इति ।

सङ्ग्रहे – **तृतीयां यदि चोद्वाहेत्तर्हि सा विधवा भवेत् । चतुर्थादिविवाहार्थं तृतीयेऽर्कं समुद्वहेत् ।।**

तृतीयविवाहकालको निर्णय

मत्स्यपुराणमा तेस्रो विवाहको निषेध गर्दै भनिएको छ – 'मनुष्यले विषयवासनाका लागि तेस्रो विवाह गर्न हुँदैन। मोह वा अज्ञानका कारण यदि मानुषीकन्याका साथ तेस्रो विवाह गर्दछ भने विवाह गर्ने व्यक्तिको नाश हुन्छ भन्ने कुरामा संशय छैन । यो **गर्ग** ऋषिको वचन हो ।'

संग्रहग्रन्थमा भनिएको छ – कुनै व्यक्तिले तेस्री कन्याको साथमा विवाह गर्दछ भने त्यो कन्या विधवा हुन्छे। तेस्रो विवाह नगरी चौथो विवाह गर्नुपर्दछ तर तेस्रो विवाहको पूर्तिका लागि आँक आदि वनस्पतिका साथमा विवाह गर्नुपर्दछ ।

अर्कविवाहविधिः

तद्विधिस्तु – 'रविशन्योर्हस्ते वा वरः सङ्कल्पस्वस्तिवाचनं नान्दीश्राद्धं कृत्वाऽऽचार्यं वृत्वा आ कृष्णेनेति छायायुतं सूर्यमर्के सम्पूज्य गुडौदनं दत्त्वा वस्त्रेण तन्तुभिरावेष्ट्य –

त्रिलोकवासिन् सप्ताश्व छायया सहितो रवे । तृतीयोद्वाहजं दोषं निवारय सुखं कुरु ।।

इति संप्रार्थ्य जलेन त्रिः सिञ्चेत् ।

मम प्रीतिकरा येयं मया सृष्टा पुरातनी । अर्कजा ब्रह्मणा सृष्टा ह्यस्माकं प्रतिरक्षतु ।।

नमस्ते मङ्गले ! देवि ! नमः सवितुरात्मजे ! । त्राहि मां कृपया देवि ! पत्नीत्वं मे इहागता ।।

अर्क ! त्वं ब्रह्मणा सृष्टः सर्वप्राणिहिताय च । वृक्षाणामादिभूतस्त्वं देवानां प्रीतिवर्द्धनः ।।

तृतीयोद्वाहजं पापं मृत्युं चाशु विनाशय ।। इति ।

ततः आचार्यः **'कश्यपगोत्रामादित्यस्य प्रपौत्रीं सवितुः पौत्रीमर्कस्य पुत्रीमर्ककन्याममुकगोत्राय वराय दास्ये'** इति वाग्दानं कृत्वा वरस्य मधुपर्कं कृत्वाऽन्तःपटं धृत्वा 'स्वस्ति न' इति सूक्तं जप्त्वा पूर्ववत्कन्यां दत्त्वा अर्ककन्यामिमामित्यूहेन कन्यादानमन्त्रमुक्त्वा दक्षिणां दद्यात् । ततो गायत्र्यावेष्टितसूत्रेण बृहत्सामेति मन्त्रेण कङ्कणं बद्ध्वार्कस्य चतुर्दिक्षु कुम्भेषु विष्णुं सम्पूज्याग्निं प्रतिष्ठाप्याघारान्ते सङ्गोभिरिति, इदं बृहस्पतये न मम ।

यस्मै मया कृतमिदं कर्म स्थावरेषु जरायुणा । अर्कापत्यानि नो देहि तत्सर्वं क्षन्तुमर्हसि ।।

इति नमेत् । इति दिक् । इति निर्णयसिन्धौ विवाहः ।

इति विवाहसंस्कारनिर्णयात्मकं पञ्चमं प्रकरणम्

अर्कविवाहविधि

अर्कविवाह विधि यसप्रकार छ – रविवार अथवा शनिवारका दिन हस्तानक्षत्र परेमा वरले अर्कविवाहको सङ्कल्प गरी तलका स्वस्तिवाचन मन्त्रपाठ गर्नुपर्दछ ।

स्वस्तिवाचन – **स्वस्ति नो मिमीतामश्विना भग: स्वस्ति देव्यदितिरनर्वण: । स्वस्ति पूषा असुरो दधातु न: स्वस्ति द्यावापृथिवी सुचेतुना ।। स्वस्तये वायुमुप ब्रवामहे सोमं स्वस्ति भुवनस्य यस्पति: । बृहस्पतिं सर्वगणं स्वस्तये स्वस्तस्य आदित्यासो भवन्तु न: ।। विश्वे देवा नो अद्या स्वस्तये वैश्वानरो वसुरग्नि: स्वस्तये । देवा अवन्त्वृभव: स्वस्तये स्वस्ति नो रुद्र: पात्वंहस: ।। स्वस्ति मित्रावरुणा स्वस्ति पथ्ये रेवति । स्वस्ति न इन्द्रश्चाग्निश्च स्वस्ति नो अदिते कृधि ।। स्वस्ति पन्थामनु चरेम सूर्याचन्द्रमसाविव । पुनर्ददताघ्नता जानता सं गमेमहि ।।** – ऋ. ५/५१/११–१५ । **यसपछि ॐ आ कृष्णेन रजसा वर्तमानो निवेश यन्नमृतं मर्त्यं च । हिरण्ययेन सविता रथेनाऽऽदेवो याति भुवनानि पश्यन् ।।** – ऋ. १/३५/२ यस मन्त्रद्वारा छायाँसहित सूर्यनारायणको आँकमा पूजन गरी सक्खर र भात नैवेद्यका रूपमा टुक्र्याएर वस्त्रद्वारा आँकवृक्षका तन्तुहरूलाई बेरेर प्रार्थना गर्नुपर्दछ । 'हे त्रिलोकबासी ! हे सप्ताश्व ! हे सूर्य ! हजुर छायासहित यहाँ आउनुहोस् र मैले गर्न लागेको तेस्रो विवाहमा उत्पन्न हुने दोषहरूको निवारण गर्नुहोस् । त्यसपछि मलाई सुखी तुल्याउनुहोस् ।' यसरी प्रार्थना गरेपछि जलले तीनपटकसम्म आँकलाई सेचन गरी प्रार्थना गर्नुपर्दछ– यी मेरी पत्नी मेरो प्रीति बढाउने साधन हुन् । यी पुरातन माया पनि हुन् । यिनको रचना ब्रह्माजीले गर्नुभएको हो र ब्रह्माजीले सूर्यबाट उत्पन्न गराउनुभएको पनि हो । यिनले हाम्रो रक्षा गरून् । हे मङ्गला ! हे सविताकी छोरी ! तिमीलाई नमस्कार छ । हे देवी ! तिमी पत्नीका रूपमा यहाँ उपस्थित भएकी छौ, कृपा गरेर मेरो रक्षा गर । हे अर्कवृक्ष! ब्रह्माजीले सबै प्राणीको हितका निमित्त तिम्रो रचना गर्नुभएको हो । तिमी वृक्षहरूका आदिकारण हौ र देवताको प्रीति बढाउँछौ । मैले गर्न लागेको तेस्रो विवाहबाट उत्पन्न हुने पाप र मृत्युलाई शीघ्र विनाश गर ।' त्यसपछि आचार्यले काश्यप गोत्र भएकी आदित्यकी पनातिनी, सविताकी नातिनी र आँकको छोरी अर्ककन्या अमुकगोत्र भएका वरलाई दिन्छु, भनी वाग्दान गरेर वरको मधुपर्क गरेपछि अन्त:पट धारण गरेर **स्वस्तिन०** यो सूक्तको पाठ गर्दै कन्यालाई साथमा लिएर **अर्ककन्यामिमाम्** यस प्रकार ऊह गरी कन्यादानको मन्त्र उच्चारण गर्दै दक्षिणा दिनुपर्दछ । त्यसपछि गायत्री उच्चारण गर्दै बेरिएको सूत्रबाट – **बृहत्साम नक्षत्रमृद्वृद्धगृवृष्णियं त्रिष्टुभौज: शुभितमुग्रवीरम्। इन्द्र स्तोमेन पञ्चदशेन मध्यमिदं वा तेन सगरेण रक्ष ।।** – तै. सं.का. ४/४/२/४ मन्त्र पढ्दै हातमा बाला लगाइदिएर आँकका चारै दिशामा रहेका कलशहरूमा विष्णुको पूजन गरी अग्निको स्थापना गरेर आघारान्तमा – **सं गोभिराङ्गिरसो नक्षमाणे भग इवेदर्यमणं निनाय । जने मित्रो न दम्पती अनवक्ति बृहस्पते वाजधाशूँरिवाजौ।।** – ऋ. १०/६८/२ यस मन्त्रद्वारा हवन गरी **इदं बृहस्पतये न मम** भन्नुपर्दछ । फेरि **ॐ यस्मै त्वा कामकामाय वयं सम्राट् यजामहे । तमस्मभ्यं कामं दत्वाऽयथेदं त्वं घृतं पिब स्वाहा ।।** – पारस्करगृ. का.१, क.९ टि.) यस ऋचाले हवन गरी **इदमग्नये न मम** भनी अलग–अलग वा समस्तरूपमा व्याहृतिहरूद्वारा घृताहुति गरेर आचार्यका लागि दुईगाई दान गरी म जरायुले स्थावरहरूका लागि यो काम गरें, मलाई सन्तान प्रदान गर, हे अर्कवृक्ष! मेरा अपराध क्षमा गर भनी नमस्कार गर्नुपर्दछ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको विवाहसंस्कारका कृत्यहरूको निर्णयमा आधारित पञ्चम प्रकरण पूरा भयो ।

अथाधानशूद्रसंस्कारक्षुद्रकालोत्सर्गविधिनिर्णयात्मकं षष्ठं प्रकरणम्

आधानकालः

अथाधानम् । रत्नमालायाम् – **प्राजापत्ये पूषभे सद्विदैवे पुष्ये ज्येष्ठास्वैन्दवे कृत्तिकासु ।**
अग्न्याधानं ह्युत्तराणां त्रयेऽपि चित्रादित्ये कीर्तितं गर्गमुख्यैः ।।

गृह्याग्नि स्थापनाकाल

अब **आधान** अर्थात् गृह्याग्निको स्थापनाको सम्बन्धमा विचार गरिन्छ । **रत्नमालामा** भनिएको छ कि – रोहिणी, रेवती, विशाखा, पुष्य, ज्येष्ठा, मृगशिरा, कृत्तिका, ३ उत्तरा, चित्रा र हस्ता यी नक्षत्रहरूमा **गर्ग** आदि मुनिहरूले आधान गर्नुभनेका छन्।

नक्षत्राणां कथनम्

आश्वलायनः – **'अग्न्याधेयं कृत्तिकासु रोहिण्यां मृगशिरसि फाल्गुनीषु विशाखयोरुत्तरयोः प्रौष्णपदयोरेतेषां कस्मिंश्चिद्वसन्ते पर्वणि ब्राह्मण आदधीत । ग्रीष्मवर्षाशरत्सु क्षत्रियवैश्यौ, उपक्रुष्टो यस्मिन् कस्मिंश्चिदृतावादधीत । सोमेन यक्षमाणो नर्तुं पृच्छेन्न नक्षत्रम् ।।'** सोमाधाने ऋत्वाद्यनालोचनमार्तपरम्। **कात्यायनः** – श्रीकामानामपि वर्षासूक्तम् । अथो खलु यदैवेनं श्रद्धोपनमेदथादधीत सैवास्यर्द्धिरिति, सोमेन यक्ष्यमाणो नर्तुं पृच्छेन्न नक्षत्रम्, तदेतदार्तस्यातिवेलं वा श्रद्धायुक्तस्य भवतीति बौधायनोक्तेरिति ।

आधानका लागि शुभ नक्षत्र

आश्वलायन भन्दछन् – कृत्तिका, रोहिणी, मृगशिरा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, विशाखा, उत्तराभाद्रपद र उत्तराषाढा यी नक्षत्रमध्ये कुनै एकनक्षत्रमा अग्निको आधान गर्नुपर्दछ ।

वसन्तऋतुमा ब्राह्मणले कुनै पर्वका दिन अग्न्याधान[७५] कृत्य गर्नुपर्दछ । क्षत्रिय र वैश्यले ग्रीष्म, वर्षा र शरद् ऋतुमा आधान गर्नुपर्दछ । उपक्रुष्ट अर्थात् शूद्रले कुनै पनि ऋतुमा आधान गर्न हुन्छ । सोमयज्ञ गर्ने मानिसले ऋतु र नक्षत्रको जिज्ञासा गर्न हुँदैन । **कात्यायनसूत्रमा** लक्ष्मीको कामना गर्ने मानिसले वर्षाऋतुमा अग्निको आधान गर्नुपर्ने कुरा बताइएको छ । ग्रन्थकार भन्दछन् – यसो भनिएता पनि यसको तात्पर्य रोगीहरूले ऋतुहरूको विचार नगर्नु भन्ने हो ।

यसैले जसलाई श्रद्धा हुन्छ, त्यसैले अग्निको आधान गर्नुपर्दछ । अग्निको आधान नै उसका लागि समृद्धि हो । सोमयज्ञ गर्दा ऋतु र नक्षत्रको विचार गर्नुपर्दैन । कुनै रोगीको सङ्कल्प भएतापनि कारणवश समयमा अग्निको आधान हुन नसकेमा त्यसले कुनै बेला पनि श्रद्धापूर्वक अग्निको आधान गर्नुपर्दछ भन्ने **बौधायनको** भनाइ रहेको छ ।

७५. अग्न्याधान – अग्न्याधानलाई अग्न्याधेय पनि भनिन्छ । यो इष्टि **गौतमले** बताएका सात हविर्यज्ञमध्ये पर्दछ । यस इष्टिमा यजमान र यजमानकी पत्नीद्वारा चार पुरोहितको सहयोगबाट कृत्य सम्पादन गरिन्छ । यो इष्टि दुई दिनको हुन्छ प्रथम दिनलाई उपवसथ भनिन्छ। यो दिन इष्टिको आरम्भककर्म गर्दा नै व्यतीत हुन्छ । दोस्रो दिनलाई यजनीय भनिन्छ । गृह्याग्नि, दक्षिणाग्नि एवं आवाहनियाग्निको स्थापना गर्नको लागि प्रज्वलित अँगारलाई विशिष्ट मन्त्र उच्चारण गर्दै विशिष्ट कालमा विशिष्टस्थलमा राख्नु नै अग्न्याधान हो । यस इष्टिमा अरणि ल्याउने कार्यदेखि पूर्णाहुतिसम्मका कार्य हुन्छन् । पूर्णाहुतिपछि कर्ताले आहिताग्नि अर्थात् अग्निहोत्रिको कोटिमा प्रवेश पाउँछ । अग्न्याधेय त्यो इष्टि हो जुन सबै ठूला यज्ञमा अधिकार प्राप्तिका लागि सर्वप्रथम सम्पादन गरिन्छ । यसमा गृह्याग्निबाट सभ्य र आवसथ्य अग्नि पनि प्रज्वालन गरिन्छ । यस इष्टिको पूर्ण जानकारीका लागि **तैत्तिरीयब्राह्मण, शतपथब्राह्मण, आपस्तम्बगृह्यसूत्र, कात्यायनश्रौतसूत्र, बौधायनसूत्र** आदि ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ । – पिवी काणे, धर्मशास्त्र का इतिहास, प्रथम भाग, पृ. ५१७ ।

मदनरत्ने वृद्धगार्ग्यः – पुष्याग्नेयत्र्युत्तरादित्यपौष्णज्येष्ठाचित्रार्कद्विदैवेन्दुभेषु ।
कुर्युर्वह्न्याधानमाद्यं वसन्तग्रीष्मोष्मान्तेष्वेव विप्रादिवर्णाः ।।

कालादर्शे – अग्निहोत्रं दर्शपूर्णमासावप्युत्तरायणे । उपक्रम्य यथाकालमुपासीरन् द्विजातयः ।।
सोमं च पशुबन्धं च सर्वाश्च विकृतीरपि । सौम्यायने यथाकालं विदध्युर्गृहमेधिनः ।।

अत्र विशेषः पूर्वमुक्तः ।

मदनरत्नमा वृद्धगार्ग्यले भनेका छन् – ब्राह्मण आदिले यथासमय पुष्य, कृत्तिका, ३ उत्तरा, धनिष्ठा, पुरुषनक्षत्र, ज्येष्ठा, चित्रा, विशाखा र रोहिणीनक्षत्रहरूमा क्रमशः वसन्त, ग्रीष्म र शरद् ऋतुमा अग्निको आधान गर्नुपर्दछ ।

कालादर्शमा भनिएको छ – अग्निहोत्र[७६] उत्तरायणमा गर्नु पर्ने नियम भएकाले अग्निको आधान पनि उत्तरायणमा गर्नु नै उचित हुन्छ । दर्शपूर्णमास[७७] यज्ञ पनि उत्तरायणमै गर्नुपर्दछ । गृहस्थहरूले सोमयज्ञ[७८], पशुबन्ध[७९]

---

७६. अग्निहोत्र – **गौतमद्वारा** बताइएका सात हविर्यज्ञमध्ये यो दोस्रो हविर्यज्ञ हो । अग्न्याधेय गरेको सायंकालदेखि गृहस्थले अग्निहोत्र गर्नुपर्दछ। अग्निहोत्रीले प्रातः र सायंकाल गरी दिनको दुई पटक नित्य अग्निहोत्र गर्नुपर्दछ । **शतपथब्राह्मणमा** भनिएको छ कि – अग्निहोत्र हविर्यज्ञ मृत्युसम्म गरिने यज्ञ हो । गृहस्थहरूले प्रातः सूर्योदयभन्दा पहिले र सायं सूर्यास्तभन्दा पहिले अग्निहोत्रको कृत्य सम्पादन गर्नुपर्दछ । यस कर्ममा अग्निहोत्रीहरूले आफूले जानी–नजानी गरेका पापबाट त्राणका लागि अग्निदेवतासँग मन्त्रोच्चारणपूर्वक प्रार्थना गर्दछन् । यस कृत्यको विधि **गौतमसूत्र, तैत्तिरीयब्राह्मण, शतपथब्राह्मण** आदि ग्रन्थहरूबाट बुझ्न सकिन्छ । धर्मशास्त्र का इतिहास, पूर्ववत्, पृ. ५१७–५२४ ।

७७. दर्शपूर्णमास – **आश्वलायनले** भनेका छन् कि गृह्याग्नि, दक्षिणाग्नि र आहवनियाग्निको प्रतिष्ठापछि गृहस्थले जीवनभर दर्शपूर्णमास यज्ञ गर्नुपर्दछ । यस यज्ञमा दर्श र पूर्णमास दुई पद रहेका छन् । दर्शको अर्थ हो अमावास्या । अमावास्या त्यो दिन हो जुन दिन सूर्य र चन्द्र सँगै रहेका हुन्छन् । पूर्णिमा त्यो तिथि हो जुन तिथिमा सूर्य र चन्द्र अधिकतम दूरीमा रहन्छन् । जुन दिन चन्द्रमा पूर्ण कलाका साथ उदाउँछन् त्यो दिनलाई पूर्णिमा भनिन्छ । अमावास्याको अर्थमा प्रयोग गरिने दर्शशब्दले अमावास्यामा चन्द्रलाई सूर्यले मात्र दर्शन गर्छन् भन्ने अर्थ बुझाउँछ । अमावास्या र पूर्णिमाका दिन सम्पन्न गरिने इष्टिलाई दर्शपूर्णमास भनिन्छ । दर्शपूर्णमास इष्टि सम्पन्न गर्नका लागि कर्ताले अग्न्याधेय नामक हविर्यज्ञ गरेकै हुनुपर्दछ । पूर्णिमाका दिन गरिने यो इष्टि दुई दिनमा सम्पन्न हुन्छ । प्रथम दिनलाई उपवसथ र दोस्रो दिनलाई यजनीय भनिन्छ । यसमा शाखाहरण, बर्हिराहरण, सायंदोह, ब्रह्मवरण, निर्वाप, पत्नीसन्नहन, बर्हिरास्तरण आदि कृत्य गरिन्छ । अमावास्यामा गरिने इष्टि दर्शेष्टि कहलाउँछ । दर्शेष्टिका लागि पनि पूर्णमास इष्टिको जस्तै विधि–विधान रहेको छ। उक्त दुवै इष्टि छुट्टाछुट्टै गरिए पनि दुवैको घनिष्ट सम्बन्ध छ । एउटा विना अर्को अपूर्ण हुन्छ । सबै श्रौतसूत्र र **आश्वलायन** एवं आपस्तम्ब आदिका कृतिहरूबाट यसको विस्तृत जानकारी पाउन सकिन्छ । – पूर्ववत्, पृ. ५२४–५३४ ।

७८. सोमयज्ञ – सोमयज्ञको आदर्शरूप अग्निष्टोम हो । मुख्यरूपमा यज्ञ तीन प्रकारका मानिएका छन् – इष्टि, पशु र सोम । तीमध्ये सोमयज्ञ सात प्रकारको हुन्छ – अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, अतिरात्र , वाजपेय र आप्तोर्याम । अग्निष्टोमलाई सोमयज्ञको आदर्शरूप मानिएको छ । सोमयज्ञका अनेकरूप छन् । एक दिनमा गरिनेलाई एकाह भनिन्छ , एकदिनदेखि १२ दिनसम्म गरिनेलाई अहीन भनिन्छ, १२ दिनदेखि वर्षौंसम्म गरिनेलाई सत्र भनिन्छ, द्वादशाहनामक यज्ञ अहीन र सत्र दुवैका गुणले युक्त भएकाले अहीन एवं सत्र यज्ञको नामबाट सम्बोधित हुन्छ । ज्योतिष्टोम यज्ञ बहुधा पाँच दिनमा सम्पन्न गरिन्छ । जैमिनिको मतअनुसार ब्राह्मण, क्षत्रिय र वैश्य वर्णका मानिसहरूले यो यज्ञ गर्न सक्दछन् । यस यज्ञमा अग्निको स्तुति गरिने हुनाले यसलाई अग्निष्टोम भनिन्छ । यो प्रतिवर्ष वसन्तऋतुमा अमावास्या वा पूर्णिमा तिथिमा आरम्भ गरिन्छ । यस यज्ञका अनेक कृत्य र विशेषता रहेका छन् । ती सबैको जानकारी शतपथब्राह्मण, ऐतरेयब्राह्मण, तैत्तिरीयब्राह्मण र श्रौतसूत्रहरूबाट प्राप्त गर्न सकिन्छ । – पूर्ववत्, पृ. ५४५–५५५ ।

७९. पशुबन्ध – पशुबन्ध वा निरूढ पशुबन्ध । सोमयज्ञको अभिन्न अङ्गका रूपमा सम्पादन गरिने पशुबन्ध स्वतन्त्र यज्ञ हो । स्वतन्त्र पशुबन्ध यज्ञलाई निरूढ पशुबन्ध अर्थात् आँत निकालिएका पशुको आहुति दिइने यज्ञ भनिन्छ । अन्य गौण पशुयज्ञ सौमिक कहलाउँछन्। निरूढ पशुबन्ध सोमयागमा प्रयुक्त पशुबलिको परिमार्जनमात्र हो भन्ने कुरा जैमिनिले ७/१/१३ सूत्रमा बताएका छन् । यो यज्ञ पूर्णिमा र अमावास्याबाहेकका दिनहरूमा पनि आरम्भ गर्न सकिन्छ । मनुले अयनारम्भमा पशुबन्धयज्ञ गर्नुपर्ने कुरा बताएका छन् । निरूढपशुबन्ध यज्ञ दुई दिनमा गरिने पशुयज्ञ हो । यसको विषयमा शतपथब्राह्मण, तैत्तिरीयसंहिता आदिबाट धेरै कुरा बुझ्न सकिन्छ । – पूर्ववत्, पृ. ५४१–५४२ ।

र विकृति[८०] इष्टि पनि उत्तरायणमै सम्पन्न गर्नुपर्दछ ।

अग्निहोत्रकालः

अग्निहोत्रकाल उक्तश्छन्दोगपरिशिष्टे –

उदितेऽनुदिते चैव समयाध्युषिते तथा । सर्वथा वर्तते यज्ञ इतीयं वैदिकी श्रुतिः ।।

एषां स्वरूपं तत्रैव – '**रात्रेस्तु षोडशे भागे ग्रहनक्षत्रभूषिते ।**

कालं त्वनुदितं ज्ञात्वा होमं कुर्याद्विचक्षणः ।। तथा प्रभातसमये नष्टे नक्षत्रमण्डले ।

रविर्यावन्न दृश्येत समयाध्युषितं च तत् ।। रेखामात्रं प्रदृश्येत रश्मिभिश्च समन्वितः ।

उदितं तद्विजानीयात्तत्र होमं प्रकल्पयेत् ।।

आश्वलायनः – **उपोदये व्युषिते उदिते वा सायं तु स एव 'अस्तमिते होमः'** इति ।

अग्निहोत्रकाल

छन्दोगपरिशिष्टमा अग्निहोत्रकाल बताउँदै भनिएको छ – सूर्यको उदित अवस्था, अनुदित अवस्था र समयाध्युषित अवस्था राम्ररी बुझेर समयमा यज्ञ आरम्भ गर्नुपर्दछ भन्ने वैदिक उक्ति हो ।

उदित, अनुदित र समयाध्युषितको समय बताउँदै त्यहीँ भनिएको छ – रातको १६औँ भागमा पर्ने ग्रह–नक्षत्रले भूषित समयलाई अनुदित भनिन्छ । त्यस समयमा बुद्धिमान् मानिसले होम गर्न हुँदैन । पूर्वतर्फ सूर्यका किरणहरूको रेखामात्र देखिएको अर्थात् पूर्व डोरो परेको अवस्थालाई उदितकाल भनी जान्नुपर्दछ र यसमा हवन गर्न हुन्छ । प्रातःकालमा नक्षत्र अस्ताएपछि सूर्य नदेखिँदैको अवस्थालाई समयाध्युषित भनिन्छ । **आश्वलायन**ले भनेका छन् – उदयको समीपवर्ती उपोदयकालमा हवन गर्नुपर्दछ । अध्युषित – उषाकाल र उदितकालको अन्तरालमा सूर्यमण्डल एकहात माथि आएको समयलाई अध्युषित भनिन्छ। त्यस समयमा हवन गर्नुपर्दछ। सायँकालमा भने सूर्य अस्ताएको तीनमुहूर्तपछि अर्थात् चौथो मुहूर्तमा हवन गर्नुपर्दछ।

गौणकालमाह स एव – **प्रदोषान्तो होमकालः । सङ्गवान्तः प्रातः ।** इति ।

छन्दोगपरिशिष्टे – **यावत् सम्यङ् न भाव्यन्ते नभस्यृक्षाणि सर्वतः । न च लोहितिमापैति तावत्सायं तु हूयते।** औपासनेऽप्येवम् '**तस्याग्निहोत्रेण । प्रादुष्करणहोमकालौ व्याख्यातौ ।।** इत्याश्वलायनोक्तेः।

आश्वलायनले गौणकाल बताउँदै भनेका छन् – प्रदोषान्त रात्रिको तीनमुहूर्तपछिको चौथो मुहूर्तलाई हवनकाल मानिएको छ । जुन समयमा गाईहरू–बाच्छा–बाच्छीहरूका साथमा चर्न निस्किन्छिन् त्यसकाललाई सङ्गवकाल भनिन्छ। सङ्गवकालसम्म प्रातःकालको होम गर्ने विधान छ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ – जबसम्म आकाशमा चारैतिर

८०. आपस्तम्बको भनाइअनुसार दर्शपूर्णमासयाग सबै यागका प्रकृति हुन् । अरू याग विकृति हुन् । दर्श र पूर्णमासको योगका कारण दर्शपूर्णमास याग दुई किसिमको मानिएतापनि दर्शविना पूर्णमास अपूर्ण हुन्छ र पूर्णमासविना दर्श अपूर्ण हुन्छ । यी दुई यागको सम्पादन गर्ने पर्व फरक भए पनि यी दुई एकजिउ नै मानिएका छन् । दर्शप्रकृतिक तीन याग र पूर्णमासप्रकृतिक तीन याग गरी दर्शपूर्णमास यागका ६ भेद मानिएका छन् । दर्शयागअन्तर्गत – आग्नेयपुरोडाशयाग, इन्द्रदेवताक दधिद्रव्यकयाग र इन्द्रदेवताक पयोद्रव्यकयाग गरी तीन याग हुन्छन् । पूर्णमासयागअन्तर्गत – आग्नेय अष्टाकपाल पुरोडाशयाग, अग्निषोमीय आज्यद्रव्यक उपांशुयाग र अग्निषोमीय एकादशकपाल पुरोडाशयाग पर्दछन् । यी ६ प्रकारका याग नै प्रकृतियाग हुन् । दर्शपूर्णमासयागका आवश्यक सबै अङ्गको अतिदेश गरी सम्पन्न गरिने अरू सबै याग विकृति इष्टि कहलाउँछन् । भनिएको छ – **यत्र समग्राङ्गोपदेशः सा प्रकृतिः, यत्रान्यतोऽङ्गप्राप्तिः सा विकृतिः** । – कात्यायनश्रौतसूत्रको भूमिका, पृ. ३४ ।

ताराहरू राम्ररी उदाएका हुँदैनन् र तिनीहरूको लालिमा हटेको हुँदैन तबसम्म सायँकाल मानिन्छ र त्यसमा हवन गर्नुपर्दछ। औपासन अग्निमा हवन गर्ने विधि पनि यही हो । अग्निहोत्रहोमबाट प्रादुष्करण अर्थात् अपराह्नमा गार्हपत्यहोम, प्रातः तारा अस्ताएपछि प्रदोषान्त होम र पूर्वाह्नमा सङ्गवान्त समयसम्म प्रातःहोम गर्नुपर्ने कुरा बताई होमकालको व्याख्या गरिएको छ भन्ने कुरा **आश्वलायनले** भनेका छन् ।

आवसथ्याधानविचारः

अथावसथ्याधानम् । पारस्करः – **आवसथ्याधानं दारकाले, दायाद्यकाल एकेषाम्** ।। इति । **दायाद्यकालः**– विभागकालः ।

गृह्याग्निको आधान

अब आवसथ्य अर्थात् गृह्याग्निको आधानको विषयमा चर्चा गरिन्छ । **पारस्करले** भनेका छन् – गृह्यअग्निको आधान विवाहकालमा चतुर्थीकर्मपछि गर्नुपर्दछ । अंशबण्डा गर्ने समयमा आवसथ्याधान गर्नुपर्दछ भन्ने कसैको मत छ। पिताका द्रव्यको दाजु–भाइका साथ अंशबण्डा लगाउने काललाई दायाद्यकाल अर्थात् विभागकाल भनिन्छ ।

मदनरत्ने व्यासः – **अग्निर्वैवाहिको येन न गृहीतः प्रमादिना । पितर्युपरते तेन ग्रहीतव्यः प्रयत्नतः ।।**
योऽगृहीत्वा विवाहाग्निं गृहस्थ इति मन्यते । अन्नं तस्य न भोक्तव्यं वृथापाको हि स स्मृतः।।
ज्येष्ठभ्रातरि पितरि वा साग्नौ कनिष्ठस्य पुत्रस्य वाग्न्यभावेऽपि न दोषः । तदाह तत्रैव गार्ग्यः –
पितृपाकोपजीवी वा भ्रातृपाकोपजीवकः । ज्ञानाध्ययननिष्ठो वा न दुष्येताग्निना विना ।।

मदनरत्नमा व्यासले भनेका छन् – प्रमादका कारण जसले वैवाहिक अग्नि ग्रहण गर्दैन त्यसले आफ्नो पिताको मृत्युपछि प्रयत्नपूर्वक ग्रहण गर्नुपर्दछ । जसले विवाहको अग्निलाई ग्रहण नगरी आफूलाई गृहस्थ मान्दछ त्यसको घरको अन्न ग्रहण गर्न हुँदैन । किनकि त्यसलाई व्यर्थमा पाकक्रिया गर्ने व्यक्ति भनिन्छ । जेठो दाजु वा पिताले अग्निहोत्रको कर्म गरेमा कान्छो छोराले अग्निहोत्र नगरे पनि दोष लाग्दैन । **गार्ग्यले** भनेका छन् – जुन मानिस पिताको अथवा दाजुको पाकबाट जीवित छ र स्वयं ज्ञान एवं अध्ययनमा संलग्न छ भने अग्निग्रहण नगरेमा त्यसलाई दोष लाग्दैन ।

गृहस्थस्यापि अध्ययनकथनम्

गृहस्थस्याप्यध्ययनमाह सत्यव्रतः –
अनधीत्य द्विजो वेदं स्नात्वोद्वाह्य यथा तथा । अधीते ब्रह्मचर्येण साङ्गवेदं गुरोर्गृहे ।।
इदं चाधानं ज्येष्ठेऽकृताधाने न कार्यम् ।

गृहस्थले पनि वेदाध्ययन गर्नुपर्ने

सत्यव्रतले गृहस्थले पनि अध्ययन गर्नुपर्छ भन्दै भनेका छन् – 'जसले वेद नपढीकन स्नान गरेर विवाह गर्दछ भने त्यसले गुरुको घरमा गई अङ्गसहित वेदको सामान्य अध्ययन गर्नुपर्दछ ।' जेठो दाजुले गृह्यअग्निको आधान नगरेको अवस्थामा कान्छो भाइले पनि गर्नुहुँदैन ।

परिवेत्तादिनिर्णयः

दाराग्निहोत्रसंयोगं कुरुते योऽग्रजे स्थिते । परिवेत्ता स विज्ञेयः परिवित्तिस्तु पूर्वजः ।।

इति मनुः । शातातपोक्तेः । स्मार्तेऽप्येवम् । तत्रैव गार्ग्योक्तिः -

सोदर्ये तिष्ठति ज्येष्ठे न कुर्याद्दारसङ्ग्रहम् । आवसथ्यं तथाधानं पतितस्तु तथा भवेत् ।। इति ।

दाजु छँदाछँदै पहिले विवाह र अग्निहोत्र गर्ने परिवेत्ताको विषयमा

मनु र **शातातपले** भनेका छन् - जसले जेठो दाजु छँदाछँदै विवाह र अग्निहोत्रको होम ग्रहण गर्दछ त्यसलाई परिवेत्ता भनिन्छ । त्यसको अविवाहित ठूलो दाजुलाई परिवित्ति भनिन्छ । स्मार्तअग्निको ग्रहणमा पनि यही नियम लागु हुन्छ । आफ्नो सहोदर ठूलो दाजु रहँदारहँदै सानो भाइले विवाह र आवसथ्यआधान अर्थात् स्मार्तअग्निको आधान गर्न हुँदैन । आधान गरेमा त्यो पतित हुन्छ भन्ने कुरा **गार्ग्यले** पनि भनेका छन् ।

आज्ञायां त्वदोषमाह सुमन्तुः -

ज्येष्ठो भ्राता यदा तिष्ठेदाधानं नैव चाश्रयेत् । अनुज्ञातस्तु कुर्वीत शङ्खस्य वचनं यथा ।।

वृद्धवसिष्ठः - **अग्रजस्तु यदाऽनग्निरादध्यादनुजः कथम् । अग्रजानुमतः कुर्यादग्निहोत्रं यथाविधि।।**

हारीतः - **सोदराणां तु सर्वेषां परिवेत्ता कथं भवेत् । दारैस्तु परिविद्यन्ते नाग्निहोत्रेण नेज्यया।।**

अधिकारिणोऽपि भ्रातुरनुज्ञया कुर्याद् इति मदनपारिजातः । विवाहस्त्वनुज्ञयापि नेत्यर्थः । सोदरोक्तेरसोदराणां सापत्नदत्तकादीनां न दोषः । तदाह हेमाद्रौ वसिष्ठः -

पितृव्यपुत्रान् सापत्नान् परनारीसुतांस्तथा । दाराग्निहोत्रसंयोगे न दोषः परिवेदने ।।

परनारीसुताः - दत्तकादयः ।

दाजुबाट आज्ञा पाई दाजुभन्दा पहिले अग्निहोत्रग्रहण र विवाह गर्दा दोष नलाग्ने कुरा बताउँदै **सुमन्तु** भन्दछन् - माथि जे भनिएता पनि जेठो दाजुले तिमीले अग्निहोत्र ग्रहण गर अथवा विवाह गर भनी आज्ञा दिएपछि अग्निग्रहण वा विवाह गरेमा दोष लाग्दैन । **शङ्खले** पनि भनेका छन् - ठूलो दाजुले अग्निको आधानमा तत्परता नदेखाएमा भाइले आज्ञा लिएर अग्निग्रहण गर्नुपर्दछ । **वृद्धवसिष्ठ** भन्दछन् - जेठो दाजु अग्निको आधान गर्ने कर्मबाट रहित छ भने सानो भाइले दाजुको आज्ञा लिएर विधिपूर्वक अग्निहोत्र गर्नुपर्दछ । **हारीतले** भनेका छन् - सबै भाइ सहोदर भएमा तिनीहरू कसरी परिवेत्ता हुन्छन् ? भन्ने प्रश्नको उत्तरमा क्रम नाघेर विवाह गर्नाले ती भाइहरू परिवेत्ता कहलाउँछन् तर क्रम नाघेर अग्निहोत्र ग्रहण गर्दा र यज्ञ गर्दा साना भाइहरू परिवेत्ता अर्थात् क्रम उल्लङ्घन गर्ने मानिँदैनन् ।

मदनरत्नमा पारिजातले भनेका छन् - साना भाइहरू यज्ञ गर्न अधिकारी भएता पनि उनले जेठा दाजुको आज्ञा लिएर अग्निको आधान गर्नुपर्दछ । तर, जेठा दाजुहरू छँदाछँदै कान्छो भाइले विवाह गर्ने काम भने दाजुहरूले आज्ञा दिए पनि गर्न हुँदैन । सौतेली आमापट्टिका दाजुभाइहरू र दत्तक दाजुभाइमा भने यो नियम लागु हुँदैन । **हेमाद्रिमा वसिष्ठ** भन्दछन् - जेठाबा- कान्छाबाका छोराहरू, सौतेली आमापट्टिका छोराहरू र दत्तक आदि दाजु-भाइहरूको क्रम उछिनेर विवाह गरेमा अथवा अग्निग्रहण गरेमा परिवेदन अर्थात् क्रमभङ्ग गरी गरिएका विवाहको दोष लाग्दैन ।

देशान्तरे विशेषः

देशान्तरे विशेषमाह स एव –

अष्टौ दश द्वादश वर्षाणि वा ज्येष्ठभ्रातरमनिविष्टमप्रतीक्षमाणः प्रायश्चित्ती भवति ।। इति ।

देशान्तरमा विशेष

देशान्तरको विषयमा विशेष तथ्य प्रकाशित गर्दै वसिष्ठले नै भनेका छन् – देशान्तरमा गएका जेठा दाजुको आठ, दश वा बाह्रवर्षसम्म प्रतीक्षा गर्नुपर्दछ । बाह्रवर्षसम्म प्रतीक्षा नगर्ने मानिसले प्रायश्चित्त गर्नुपर्दछ ।

क्लीबादौ दोषाभावः

क्लीबादावप्यदोषमाह कात्यायनः –

देशान्तरस्थक्लीबैकवृषणानसहोदरान् । वेश्यानिष्ठांश्च पतितशूद्रतुल्यातिरोगिणः ।।
जडमूकान्धबधिरकुब्जवामनखञ्जकान् । अतिवृद्धानभार्यांश्च कृषिसक्तान्नृपस्य च ।।
धनवृद्धिप्रसक्ताँश्च कामतोऽकारिणस्तथा । कुटिलोन्मत्तचौरांश्च परिविन्दन् न दुष्यति ।।

दाजु नपुंसक भएमा दोषाभाव

कात्यायनले भनेका छन् कि – देशान्तरमा रहेको दाजु नपुंसक, एउटा अण्डकोश भएको, सोतेली आमापट्टिबाट जन्मिएको, वेश्यासँग माया गर्ने, पतित, शूद्रसमान आचरण गर्ने, अत्यन्त रोगी, अत्यन्त मूर्ख, लाटो, अन्धो, बहिरो, कुजो, बाउन्ने, लङ्गडो, अत्यन्त बूढो, कृषिकर्ममा आसक्त, राजसेवा गरी धन कमाउने काममा आसक्त, आफ्नो इच्छाले काम नगरी अरूको आज्ञामा चल्ने, कुटिल, उन्मत्त र चोर भएमा परिवेदन अर्थात् उछिनेर गरिएको विवाहको दोष लाग्दैन ।

आशार्केऽपि – **उन्मत्तः किल्विषी कुष्ठी पतितः क्लीब एव वा ।**
राजयक्ष्मामयावी च न न्यायः स्यात् प्रतीक्षितुम् ।।

एवं ज्येष्ठे छिन्नहस्तादावपि न परिवेतृत्वम् । तदाह त्रिकाण्डमण्डनः –

दर्शेष्टिं पौर्णमासेष्टिं सोमेज्यामग्निसङ्ग्रहम् । अग्निहोत्रं विवाहं च प्रयोगे प्रथमे स्थितम् ।।
न कुर्याज्जनके ज्येष्ठे सोदरे चाप्यकुर्वति । क्षेत्रजादावनीजाने विद्यमानेऽपि सोदरे ।।
नाधिकारविघातोऽस्ति भिन्नौदर्येऽपि चौरसे । पङ्ग्वन्धमूकबधिरपतितोन्माददूषणे ।।
संन्यस्ते छिन्नहस्तादौ यद्वा षण्ढादिदूषणे । जनके सोदरे ज्येष्ठे कुर्यादेवेतरः क्रियाम् ।।

इति, **'आरोहतं दशजं शक्वरीर्मम'** इत्याधाने मन्त्रवर्णाच्च । **शक्वरीः** – अङ्गुलीः ।

आशार्कमा भनिएको छ – उन्मत्त, पापी, कुष्ठरोगी, नपुंसक, क्षयरोग लागेको र आउँको रोग लागेको दाजु छ भने त्यसको विवाह गरेपछि मात्र विवाह गर्नुपर्छ भनी भाइलाई पर्खाउनु हुँदैन । पर्खाउँदा न्याय हुँदैन । जेठो दाजुको हात काटिएको अवस्थामा परिवेदनको अर्थात् क्रमलङ्घनको दोष लाग्दैन । यही कुरा **त्रिकाण्डमण्डनमा** यसरी भनिएको छ– अमावास्यामा गरिने दर्शेष्टि, पूर्णिमामा गरिने पौर्णमासेष्टि, सोमयज्ञ, अग्निचयन, अग्निहोत्रग्रहण तथा विवाहको प्रथम आरम्भजस्ता

कार्य पिताको जीवित अवस्थामा जेठो दाजु उक्त कर्म गर्न नसक्ने भएमा कान्छो भाइले ती सबै कर्म गर्नुहुँदैन।

[८१]भिन्न सहोदर अर्थात् क्षेत्रज, सौतेली आमापट्टिबाट जन्मिएको र सहोदर दाजुले उक्त यज्ञ आदि कर्म नगर्दा भाइलाई अधिकारघात गरेको दोष लाग्दैन । पिता र जेठो दाजु लङ्गडो, अन्धो, लाटो, बहिरो, पतित, पागल, संन्यासी, हातका औंला टेढा भएको र नपुंसक आदि दोषले दूषित भएमा कान्छो भाइले विवाह गर्ने अधिकार पाउँछ र अग्न्याधान गर्ने अधिकार पनि पाउँछ । यसलाई निम्नअनुसारको आधानमन्त्रले पनि प्रमाणित गर्दछ – **आरोहतं दशतं शक्क्वरीर्मम। ऋतेनाग्न आयुषा वर्चसा सह । ज्योग्जीवन्त उत्तरामुत्तरां समाम् । दर्शमहं पूर्णमासं यज्ञं यथा यजै । ऋत्वियवती स्थो अग्निरेतसौ । गर्भं दधाथां ते वामहं ददे । तत्सत्यं यद्वीरं बिभृथः । वीरं जनयिष्यथः । ते मत्प्रातः प्रजनिष्येथे। ते मा प्रजा ते प्रजनयिष्यथः ।।** – तै.ब्रा. १/२/१/१४ । उक्त आधानमन्त्रमा भनिएको छ कि – 'मेरा दशस्थानमा अङ्गुलि छन् ।' यसको तात्पर्य हो – यज्ञ आदि गर्दा कर्तामा औंला कम हुनुजस्तो अङ्गुलिदोष हुनुहुँदैन ।

तन्त्ररत्नेऽप्युक्तम् – **'अङ्गवैकल्यात्पूर्वमाहिताग्नित्वेऽधिक्रियेतैव नित्येषु । आधानं तु न कुर्यात्तस्य नैमित्तिकत्वात्'** इति । एवं चतुरङ्गुलेऽपि । ज्येष्ठेऽनधिकारात्कनिष्ठस्य न दोषः षडङ्गुलकाणविकर्णादेस्त्वस्त्येवाधिकार इति कनिष्ठस्य दोष एव, एकादशसु दशान्तर्गतेः । **'शरीरकार्श्यं वा विप्रतिषिद्धम्** – इति । हिरण्यकेशिसूत्रे, कर्माशक्तिहेतोरेवाङ्गवैकल्यस्य निषेधात् । अत एव द्राह्यायणसूत्रे – **'याज्यश्च प्रथमैस्त्रिभिर्गुणैः'** (व्याख्यातः)। इति । न्यूनाङ्गस्याप्यधिकार उक्तः ।

तन्त्ररत्नमा भनिएको छ – कुनै व्यक्ति अङ्गविकलंता हुनुभन्दा पहिले नै अग्निहोत्रको नियमअनुसार आहिताग्नि बनेको भए त्यसको नित्यकर्ममा अधिकार हुन्छ तर नैमित्तिककर्म भएकाले त्यसको अग्निको आधानमा अधिकार हुँदैन। चारऔंला भएका मानिसहरूको अग्निको आधानमा अधिकार हुँदैन । जेठो दाजु यस्तै दोषहरूबाट दूषित भई अधिकारच्युत भएमा सानो भाइले त्यो काम गर्दा कत्ति पनि दोष लाग्दैन । ६ औंला भएको, कानो र बहिरो मानिसलाई भने अधिकार हुन्छ । त्यसकारण तिनीहरूलाई नाघेर काम गर्दा कान्छो भाइलाई दोष लाग्दछ । औंला बढी हुँदा एघारऔंला हुन्छन् । एघारभित्र दश पनि पर्ने हुनाले बढी औंला भएकालाई दोषी नमानिएको हो । हिरण्यकेशिसूत्रमा भनिएको छ – अङ्गहीनताको दोष लाग्ने कुरा शरीरको दुर्बलताका कारण नै हो, अरू होइन । त्यसकारण शरीर दुर्बल नभएमा न्यूनाधिक अङ्ग भएकालाई पनि अधिकार प्रदान गरिएको छ । यसैले **द्राह्यायणसूत्रमा** भनिएको छ – अङ्गदोष भएता पनि आर्षेय अर्थात् बहुश्रुत अनूचान अर्थात् कल्पसूत्रको अध्येता र साधुचरण अर्थात् साधु आचारले सम्पन्न भएको अङ्गहीन व्यक्तिले आधान आदिमा अधिकार प्राप्त गर्दछ ।

अपरार्के उशनाः – **पिता पितामहो यस्य अग्रजो वाथ कस्यचित् ।**

तपोऽग्निहोत्रमन्त्रेषु न दोषः परिवेदने ।। पितुराज्ञायामप्यदोषमाह मदनरत्ने सुमन्तुः–

पित्रा यस्य तु नाधानं कथं पुत्रस्तु कारयेत् । अग्निहोत्रेऽधिकारोऽस्ति शङ्खस्य वचनं यथा ।।

इति । नाधानं कृतमित्यर्थः । एतदनुज्ञायामेवेति हेमाद्रिः । यत्तु – **पितुः सत्यप्यनुज्ञाते नादधीत कदाचन ।** इति।

---

८१. भिन्न सहोदरको अर्थ– सहोदर तीन प्रकारका हुन्छन् – १. एउटै माता–पिताबाट पैदा भएका, २. एउटै माताबाट पैदा भएका र ३. एउटै पिताबाट पैदा भएका । एउटै माता–पिताबाट पैदा हुनेलाई औरस, एउटै माताबाट पैदा हुनेलाई क्षेत्रज र एउटै पिताबाट पैदा हुनेलाई भिन्नोदर्य भनिन्छ । – पं. दौलतराम गौड, निर्णयसिन्धु, पृ. ६६६ ।

तत्सत्यधिकारे ज्ञेयम् ।

अपरार्कमा **उशना**ले भनेका छन् – जसका पिता र पितामह उपस्थित हुन्छन् र जो कसैको जेठो दाजु हुन्छ भने त्यसले तपस्या अर्थात् वानप्रस्थ र संन्यासग्रहण, अग्निहोत्र र वेदाध्ययनमा क्रम नाघेमा कुनै दोष लाग्दैन ।

पिताको आज्ञाले कुनै काम गर्दा पनि छोरालाई कुनै दोष लाग्दैन भन्ने कुरा बताउँदै **सुमन्तु**ले **मदनरत्न**मा भनेका छन् – जसको पिताले अग्निको आधान गरेका छैनन् त्यसले कसरी अग्निको आधान गर्छ ? भन्ने प्रश्न हुँदा **शङ्ख**ले भनेका छन् – अग्निहोत्रमा त्यसको अधिकार हुन्छ । **हेमाद्रि** भन्दछन् – त्यसले बाबु आदिको आज्ञा लिएर नै अग्निहोत्र गर्नुपर्दछ।'

कसैले भनेका छन् – 'पिताको आज्ञा भएता पनि आधान नगरोस् ।' ग्रन्थकार भन्दछन् – यो भनाइ अन्य किसिमबाट अधिकार प्राप्त गरेरमात्र अग्निहोत्रको आरम्भ गर्नुपर्दछ भन्ने आशयले भनिएको हो ।

शूद्रसंस्कारकथनम्

अथ शूद्रसंस्काराः । यमः –

शूद्रोऽप्येवंविधः कार्यो विना मन्त्रेण संस्कृतः । न केनचित्समसृजच्छन्दसा तं प्रजापतिः ।।

छन्दसा – मन्त्रेण ।

व्यासोऽपि – **गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च । नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया।।**

कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः । केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ।।

त्रेताग्निसङ्ग्रहश्चैव संस्काराः षोडश स्मृताः ।। इत्युक्त्वाह –

नवैताः कर्णवेधान्ता मन्त्रवर्जं स्त्रियाः क्रियाः । विवाहो मन्त्रतस्तस्याः शूद्रस्यामन्त्रतो दश।। इति।

शूद्रसंस्कारको निरूपण

यमले भनेका छन् – शूद्रले मन्त्रको उच्चारण नगरीकन कार्य गर्नुपर्दछ । किनकि प्रजापतिले शूद्रलाई कुनै मन्त्रको उच्चारण गरेर रचना गरेका होइनन् ।

व्यास भन्दछन् – गर्भाधान, पुंसवन, सीमन्त, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण, कर्णवेध, यज्ञोपवीत, वेदारम्भ, केशान्त, समावर्तन, विवाह, विवाहाग्निपरिग्रह र त्रेताग्निसंग्रह अर्थात् ३ अग्निको ग्रहण गरी १६ संस्कार हुन्छन् । यसरी संस्कारको परिगणना गरेपछि **व्यास** भन्दछन् – नारीहरूका कर्णवेधसम्मका ९ संस्कार विनामन्त्र गर्नुपर्दछ र विवाह भने मन्त्रसहित हुन्छ । शूद्रका गर्भाधान, पुंसवन, सीमन्त, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण, कर्णवेध र विवाह दशै संस्कार विनामन्त्र सम्पन्न गर्नुपर्दछ ।

मदनरत्ने हिरण्यगर्भदाने तु –

गर्भाधानं पुंसवनं सीमन्तोन्नयनं यथा । कुर्युर्हिरण्यगर्भस्य ततस्ते द्विजपुङ्गवाः ।।

इत्युक्त्वा- जातकर्मादिकाः कुर्यात्क्रियाः षोडश चापराः । इत्यत्र **'स्त्रिया जातकर्मनामकरणनिष्क्रमान्नप्राशनचूडा-विवाहाः षट्, शूद्राणां तु षडेते पञ्चमहायज्ञाश्चेत्येकादश'** इत्युक्तम् । रूपनारायणहरिहरभाष्ययोरप्येवम् ।

शार्ङ्गधरस्तु – **द्विजानां षोडशैव स्युः शूद्राणां द्वादशैव तु । पञ्चैव मिश्रजातीनां संस्काराः कुलधर्मतः।।**

वेदव्रतोपनयनमहानाम्नीमहाव्रतम् । विना द्वादश शूद्राणां संस्कारा नाममन्त्रतः ।। इत्याह ।

मदनरत्नमा हिरण्यगर्भदानको प्रसङ्गमा भनिएको छ कि – उत्तम द्विजहरूले शूद्रको गर्भाधान, पुंसवन एवं सीमन्तोन्नयन संस्कार गराउनुपर्दछ र जातकर्म आदि अरू १६ कर्म पनि शूद्रको गराउनुपर्दछ । नारीहरूका लागि जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण र विवाह यी संस्कार मानिएका छन् । शूद्रका पनि गर्भाधान जातकर्म आदि ६ संस्कारका साथै पाँचमहायज्ञको सम्पादनसमेत गरी एघारकर्म रहेका छन् भन्नेसमेत त्यहीं बताइएको छ । **रूपनारायण** र **हरिहरभाष्य**मा पनि शूद्रका एघारसंस्कार नै बताइएका छन् ।

शार्ङ्गधर भन्दछन् – ब्राह्मण, क्षत्रिय र वैश्यका १६ संस्कार हुन्छन् । शूद्रका १२ संस्कार हुन्छन् । मिश्र जातिका ५ संस्कार हुन्छन् । तर ती संस्कार केवल नाममन्त्रबाट गरिन्छन् । वेदव्रत, उपनयन, महानाम्नी र महाव्रतलाई छाडेर शूद्रका १२ संस्कार पनि नाममन्त्रबाट मात्र गरिन्छन् ।

अपरार्कस्तु – गर्भाधानमृतौ पुंसः, इत्यत्राह । **'एतच्चातुर्वर्ण्यपरं न द्विजातिमात्रपरम् । तथा सत्युपनयनं विधाय वाच्यं स्यात्'** इति । तेन तन्मतेऽष्टौ भवन्ति । ब्राह्मे तु – **विवाहमात्रसंस्कारं शूद्रोऽपि लभतां सदा । इत्युक्तम् । अत्र सदसच्छूद्रगोचरत्वेन देशभेदाद् व्यवस्था ।**

अपरार्कले – 'पुरुषले ऋतुकालमा गर्भाधान गर्नुपर्दछ' भन्ने नियमको व्याख्या गर्दा भनेका छन् – यो नियम ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका निमित्तसमेत हो, द्विजातिमात्रको लागि होइन । यस्तो अर्थ गर्दा उपनयनसमेत गरी भन्ने तात्पर्यबोध हुनेछ । यसबाट उनीहरूका मतमा शूद्रहरूका आठसंस्कार हुनेछन् । **ब्रह्मपुराण**मा भनिएको छ – 'शूद्रहरूका लागि विवाहसंस्कारमात्र प्राप्त हुन्छ, उपनयनसंस्कार प्राप्त हुँदैन ।' ग्रन्थकार भन्दछन् – शूद्रहरूका सत् शूद्र र असत् शूद्र दुईभेद हुनाले देशको आचारअनुसार सत् शूद्रको उपनयन पनि गर्न सकिन्छ ।

यत्तु मनुः – **न शूद्रे पातकं किञ्चिन्न च संस्कारमर्हति** । इति । तदर्थमाह मेधातिथिः – **'यत्सामान्यतो निषिद्धं स्तेयानृतादि न तदतिक्रमेऽस्य पापं तथा द्विजानाम् । उपनयनरूपं संस्कारं च नार्हति'** इति । ते च तूष्णीं कार्याः ।

शूद्रो वर्णश्चतुर्थोऽपि वर्णत्वाद्धर्ममर्हति । वेदमन्त्रस्वधास्वाहावषट्कारादिभिर्विना ।। इति व्यासोक्तेः। **अमन्त्रस्य तु शूद्रस्य विप्रो मन्त्रेण गृह्यते ।** इति । मरीच्युक्तेश्च । इयं परिभाषा सर्वार्था, तेन शूद्रधर्मेषु विप्रेण मन्त्रः पठनीयः सोऽपि पौराण एवेति शूलपाणिः । एवं स्त्रीणामपीति दिक् ।

मनुले भनेका छन् – शूद्रलाई पाप पनि लाग्दैन त्यसैले संस्कार पनि गर्नुपर्दैन । यसको अर्थ खुलाउँदै **मेधातिथि** भन्दछन् – संस्कार नगरेमा पाप लाग्दैन भनिएको हो । चोरी, डकैती, असत्यभाषण आदि काम गर्दा भने शूद्रलाई पनि पाप लाग्छ र शूद्रहरूको उपनयनसंस्कार पनि हुँदैन । तर, सत् शूद्रको देशको व्यवस्थाअनुसार उपनयनसंस्कार गर्दा मन्त्र नपढीकन मौन भएर गर्नुपर्दछ । **व्यास**ले भनेका छन् – 'शूद्र चतुर्थ वर्ण हुनाले सबै पर्वमा स्वाहा, स्वधा, वषट्कार आदिको उच्चारण नगरीकन धर्म गर्न योग्य हुन्छ ।' **मरीचि**ले भनेका छन् – 'कुनै पनि कर्म गर्दा ब्राह्मणले मन्त्र उच्चारण गरी गर्नुपर्दछ भने शूद्रले विनामन्त्र गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो परिभाषाअनुसार शूद्रले धर्मसम्पादन गर्दा ब्राह्मणले मन्त्र उच्चारण गर्नुपर्दछ भनिएको हो । तर त्यो मन्त्र वैदिकमन्त्र होइन, पौराणिक मन्त्र हो भन्ने कुरा **शूलपाणि**ले भनेका छन् । यही नियम स्त्रीहरूको संस्कारमा पनि लागु हुन्छ ।

क्षुद्रकालाः

अथ क्षुद्रकालाः । तत्र जलाशयस्य वराहः –

हस्ते चाम्बुपपौष्णकेशवमघामित्रोत्तरारोहिणीदेवेज्येषु च शुक्रसौम्यशशभृद्वागीशवारांशके।
रिक्तां छिद्रतिथिं विहाय वृषभे नक्रे कुलीरे घटे मीने कूपतडागकर्म मुनयः शंसन्ति शुद्धेऽष्टमे।।
हस्ते मृगानुराधापुष्यधनिष्ठोत्तराणि रोहिण्यः । शतभिषगित्यारम्भे कूपानां शस्यते भगणः।।

ससाना कर्मका लागि निर्धारित क्षुद्रकाल

अब क्षुद्रकालको विषयमा निर्णय गरिन्छ – जलाशय आदि निर्माणमा उपयोगी नक्षत्रहरूको निरूपण गर्दै **वराह** भन्दछन् – हस्ता, शतभिषा, रेवती, श्रवण, मघा, अनुराधा, ३ उत्तरा र रोहिणीनक्षत्र, बृहस्पतिवार, शुक्रवार, बुधवार र सोमवार, बृहस्पतिको नवांश वा कालहोरामा, रिक्ता र क्षिद्रतिथि छाडेर वृष, मकर, कर्क, कुम्भ र मीनलग्नमा अष्टम स्थान शुद्ध हुँदा मुनिहरूले कुवा, तलाउ आदि निर्माण गर्दा उत्तम फल प्राप्त हुन्छ भनेका छन् । हस्ता, मृगशिरा, (मतान्तरमा मघा), अनुराधा, पुष्य, धनिष्ठा, ३ उत्तरा, रोहिणी र शतभिषानक्षत्र कुवा बनाउन आरम्भ गर्दा उत्तम मानिएका छन् ।

हेमाद्रौ भविष्ये – **तस्मिन् सलिलसम्पूर्णे कार्तिके तु विशेषतः ।**
मुनयः केचिदिच्छन्ति व्यतीते चोत्तरायणे । न कालनियमस्तत्र सलिलं तत्र कारणम् ।।

दीपिकायाम् –

मार्तण्डेन्दूडुशुद्धौ मुरजिदशयने माघषट्कस्य शुक्ले मूलाषाढोत्तराश्विश्रवणगुरुकरे पौष्णशाक्राजचान्द्रे।
मैत्रे ब्राह्मे च पूर्णामदनरवितिथौ सद्वितीयातृतीये कार्या तोयप्रतिष्ठा ज्ञगुरुसितदिने कालशुद्धे सुलग्ने।।

हेमाद्रिमा भविष्यपुराणको वचन छ – कार्तिकमहिनामा जलले परिपूर्ण कुवाको प्रतिष्ठा गर्नुपर्दछ । कसैले उत्तरायणमा गर्नुपर्दछ भनेका छन् । यसमा कालको नियम छैन, जल नै प्रमुख कारण हो ।

दीपिकामा भनिएको छ – हरिबोधिनी एकादशीमा नारायण जाग्नु भएपछि सूर्य, चन्द्र र ताराको शुद्धि हुँदा माघ आदि ६ महिनाका शुक्लपक्षमा मूल, पूर्वाषाढा, ३ उत्तरा, अश्विनी, श्रवण, पुष्य, हस्ता, रेवती, ज्येष्ठा, मृगशिरा, अनुराधा र रोहिणीनक्षत्र, पञ्चमी, दशमी, पूर्णिमा, त्रयोदशी, सप्तमी, द्वितीया र तृतीयातिथि, बुध, गुरु र शुक्रवार शुद्ध समय र उत्तम लग्नमा, कुवा-तलाउ आदिको जलाशयको प्रतिष्ठा गर्नुपर्दछ ।

वापीकूपादिनिर्माणकालः

वराहः – **आग्नेये यदि कोणे ग्रामस्य गृहस्य (पुरस्य) वा भवति कूपः ।**
नित्यं स करोति भयं दाहं च स मानसं प्रायः ।।
नैर्ऋत्ये बालभयं वनिताक्षयं च वायव्ये । दिक्त्रयमेतत्त्यक्त्वा शेषास्तु शुभावहाः कूपाः ।।

वापीकूप निर्माणकाल

वराहले भन्दछन् – घर, गाउँ र नगरको आग्नेयकोणमा कुवा रहेमा त्यसले नित्य भय पैदा गर्दछ र मनमा ताप पैदा

गर्दछ । नैर्ऋत्यकोणमा कुवा भएमा बालकहरूलाई डर हुन्छ भने वायव्यकोणमा कुवा भएमा स्त्रीहरूको नाश हुन्छ । यी तीनदिशा छोडेर अरू ५ दिशा कुवाको निर्माणका लागि कल्याणकारक हुन्छन् ।

ईशानकोणादिषु निर्मितानां वापीकूपादीनां फलनिरूपणम्

वास्तुशास्त्रे – भूतिं पुष्टिं पुत्रहानिं पुरन्ध्रीनाशं मृत्युं सम्पदं शत्रुबाधाम् ।
किञ्चित्सौख्यं शम्भुकोणादि कुर्यात्कूपो मध्येगेहमर्थक्षयं च ।।

ईशानादिकोणमा निर्मित कुवा, तलाउ आदिको फल

वास्तुशास्त्रमा भनिएको छ– ईशानकोण आदिबाट क्रमैले कुवा बनाउनुपर्दछ । ईशानकोणमा रहेको कुवाले ऐश्वर्य दिन्छ, पूर्वदिशामा रहेको कुवाले पुष्टि दिन्छ, आग्नेयकोणको कुवाले पुत्रको नाश गर्छ, दक्षिणदिशाको कुवाले स्त्रीको नाश गर्छ, नैर्ऋत्यकोणको कुवाले मृत्यु दिन्छ, पश्चिमदिशाको कुवाले सम्पत्ति दिन्छ, वायव्यकोणको कुवाले शत्रुलाई बाधा दिन्छ, उत्तरदिशाको कुवाले केही सुख प्रदान गर्छ र घरको माझमा बनाइएको कुवाले घर र सम्पत्तिको नाश गर्दछ।

उत्सर्गविधिकथनम्

उत्सर्गविधिश्चोक्तो बह्वृचपरिशिष्टे – अथातो वापीकूपतडागयज्ञं व्याख्यास्यामः । पुण्येऽहन्युदकसमीपेऽग्निं समाधाय वारुणं चरुं श्रपयित्वाज्यभागान्ते आज्याहुतीर्जुहुयात् – **'समुद्रज्ज्येष्ठा'** इति प्रत्यृचम्, ततो हविषाऽष्टौ तत्त्वायामीति पञ्च, **'त्वन्नो अग्ने'**, इति द्वे, **'इमं मे वरुण'** इति च, स्विष्टकृतं नवमम् । मार्जनान्ते धेनुं तारयेत्। अवतीर्यमाणामनुमन्त्रयेत–

इदं सलिलं पवित्रं कुरुष्व शुद्धाः पूता अमृताः सन्तु नित्यम् ।
मां तारयन्ती कुरु तीर्थाभिषेकं तरते तीर्यते च ।। इति ।

पुच्छाग्रान्वारब्ध उत्तीर्य **आपो अस्मान्मातरः शुन्धयन्तु**– इति । अपराजितायां दिश्युत्थापयेत् । **सूयवसाद्भगवती**– इति । हिङ्कृतं चेद् – **हिं कृण्वती**– इति । अलङ्कृतां विप्राय दद्यादितरां वा शक्त्या दक्षिणाम् । तत उत्सृजे-द्देवपितृमनुष्याः प्रीयन्तामिति । ततो ब्राह्मणान् भोजयित्वा स्वस्त्ययनं वाचयीत– इति। विस्तरस्तु मात्स्योक्तोऽस्मत्कृते जलाशयोत्सर्गविधौ ज्ञेयः ।

आफूले तयार गरेका धर्मशाला, मन्दिर आदिलाई लोकार्पण गर्ने कार्य

बह्वृचपरिशिष्टमा [८२]उत्सर्गविधि बताउँदै भनिएको छ – अब हामी इनार, कुवा, तलाउको पूजनविधि बताउनेछौं । पुण्य

---

८२. अथातो वापीकूपतडागारामदेवतायतनानां प्रतिष्ठापनं व्याख्यास्यामः। तत्रोदगयने आपूर्यमाणपक्षे पुण्याहे तिथिवारनक्षत्रकरणे च गुणान्विते तत्र वारुणं यवमयं चरुं श्रपयित्वा आज्यभागौ इष्ट्वा आज्याहुतीर्जुहोति । त्वन्नो अग्ने० इमं मे वरुण०, तत्त्वायामि० येते शतम्० अयाश्चाग्ने०, उदुत्तमम्० उरूं हि० वरुणस्योत्तम्भनम्०, अग्नेरनीकम्० इति दशवारं हुत्वा स्थालीपाकस्य जुहोति अग्नये स्वाहा, सोमाय स्वाहा, वरुणाय स्वाहा, यज्ञाय स्वाहा, उस्राय स्वाहा, भीमाय स्वाहा, शतक्रतवे स्वाहा, व्युष्ट्यै स्वाहा, स्वर्गाय स्वाहा इति यथोक्तं स्विष्टकृत् प्राशनान्ते जलचराणि क्षिप्त्वाऽलङ्कृत्य गां तारयित्वा पुरुषसूक्तं जपम्, आचार्याय वरं दत्त्वा कर्णवेष्टकौ वासांसि धेनुर्दक्षिणा ततो ब्राह्मणभोजनम्।

अर्थ– पोखरी, कुवा, तलाउ, बगैंचा, देवमन्दिरहरूको प्रतिष्ठाको विषयमा व्याख्या गर्नेछौं । सूर्य उत्तरायणमा गएको बेला शुक्लपक्षमा पुण्यदिनमा नक्षत्र, तिथि, वार र करण उत्तम भएको अवस्थामा वरुण देवतालाई जौको चरु पकाएर आज्यभाग हवन

दिनमा जलको नजिकै अग्निको स्थापना गरी वरुणलाई चरु अर्पण गरेर आज्यभागान्तमा – **समुद्रज्येष्ठाः सलिलस्य मध्यात् पुनाना यन्त्यनिविशमानाः । इन्द्रो या वज्री वृषभो रराद् ता आपो देवीरिहमामवन्तु ।। या आपो दिव्या उत वा स्रवन्ति खनित्रिमा उत वा याः स्वयंजा । समुद्रार्था याः शुचयः पावकास्ता आपो देवीरिह मामवन्तु ।। यासां राजा वरुणो याति मध्ये सत्यामृते अवपश्यञ्जनानाम् । मधुश्चुतः शुचयो यः पावकास्ता आपो देवीरिह मामवन्तु । यासु राजा वरुणो यासु सोमो विश्वे देवा या सूर्जं मदन्ति । वैश्वानरो यास्वग्निः प्रविष्टस्ता आपो देवीरिह मामवन्तु ।।** (ऋ. म. ७ सू. ४९, म. १-४) उक्त ८ ऋचा पढ्दै आज्याहुति दिनुपर्दछ ।

तदनन्तर यी मन्त्र पढ्दै प्रत्येक मन्त्रद्वारा पाँचआहुति दिनुपर्दछ – **तत्त्वायामि ब्रह्मणा वन्दमानस् तदा शास्ते यजमानो हविर्भिः । अहेडमानो वरुणेह बोध्युरुशंस मा न आयुः प्रमोषीः ।। तदिन्नक्तं तद् दिवा मह्यमाहुस् तदयं केतो हृद आ वि चष्टे । शुनः शेपो यमह्वद् गृभीतः सो अस्मान् राजा वरुणो मुमोक्तु ।। शुनःशेपो ह्यह्वद् गृभीतस्त्रिष्वादित्यं द्रुपदेषु बद्धः । अवैनं राजा वरुणः ससृज्याद् विद्वाँ अदब्धो विमुमोक्तु पाशान् । अव ते हेडो वरुण नमोभिरव यज्ञेभिरीमहे हविर्भिः । क्षयन्नस्मभ्यमसुरे प्रचेता राजन्नेनांसि शिश्रथः कृतानि । उदुत्तमं वरुण पाशमस्मदवाधमं वि मध्यमं श्रथाय । अथा वयमादित्य व्रते तवानागसो अदितये स्याम ।।** (ऋ.म. १, सू. २४, मं. ११-१५) । त्यसपछि तलका मन्त्रले दुई-दुई आहुति दिनुपर्दछ – **त्वन्नो अग्ने तव देव पायुभिर्मघोनो रक्ष तन्वश्च वन्द्य । त्राता तोकस्य तनये गवामस्यनिमेषं रक्षमाणस्तव व्रते ।** (ऋ.म. १/३१/१२) । **स त्वं नो अग्नेऽवमो भवोती नेदिष्ठो अस्या उषसो व्युष्टौ । अव यक्ष्व नो वरुणं रराणो वीहि मृलीकं सुहवो न एधि ।।** (ऋ.मं. ४ सू. ४, मं. ५) त्यसपछि तलको ऋचाबाट एकआहुति दिनुपर्दछ – **इमम्मे वरुण श्रुधी इवमद्या च मृलय । त्वामवस्युरा चके ।** (ऋ.म. १सू, २५ मं.१९) । तदनन्तर स्विष्टकृत् गरी नवम आहुति दिनुपर्दछ । मार्जनपछि जलमा धेनुलाई तार्ने काम गर्नुपर्दछ । त्यसपछि जलबाट बाहिर निस्किरहेकी धेनुको – **इदं सलिलं पवित्रं कुरुष्व शुद्धाः पूता अमृताः सन्तु नित्यम् । मां तारयन्ती कुरु तीर्थाभिषेकं तरते तीर्यते च ।।** मन्त्रले आवाहन गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे धेनु ! तिमीले यो जललाई पवित्र तुल्याऊ, यो जल नित्यपवित्र र अमृतमय बनोस् । मलाई पनि तिमीले संसारबाट पार गराउँदै तीर्थाभिषेक देऊ । जसले अरूलाई तार्ने काम गर्छ त्यो आफै पनि तर्छ ।'

त्यसपछि तलको मन्त्र पढ्दै गाईको पुच्छरको टुप्पो समातेर जलाशयकर्ता यजमान पनि तलाउभित्र पसी वल्लो किनारादेखि पल्लो किनारासम्म तर्नु पर्दछ । त्यसपछि **आपोऽस्मान्मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु । विश्वं हि रिप्रं प्रवहन्ति देवी रुदिदाभ्यः शुचिरापूत एमि ।।** (ऋ.१०/१७/१०) जलाशय तरेपछि यजमानले ईशानदिशामा गई तलका मन्त्र पढ्दै गाईलाई तलाउबाट माथि निकाल्नुपर्दछ – **सूयवसाद्भगवती हि भूया अथो वयं भगवन्तः स्याम । अद्धि तृणमघ्न्ये विश्वदानीं पिब शुद्धमुदकमाचरन्ती ।।** त्यसपछि तलाउबाट जमिनतर्फ उक्लिँदै गरेकी गाईले **'हंवाँ'**को स्वर निकालेमा यजमानले दशपटकसम्म तलका मन्त्रको जप गर्नुपर्दछ – **हिङ्कृण्वती वसुपत्नी वसूनां वत्समिच्छन्ती मनसाभ्यागात् । दुहामश्विभ्यां पयो अघ्न्येयं सा वर्धतां महो सौभगाय ।।** (ऋ.१सू. १६४, मं २७) उक्त मन्त्र जप गरेपछि वस्त्र एवं

गरेपछि घिउको आहुति दिनुपर्दछ । घिउको आहुति दिँदा **त्वन्नो अग्ने, इमं मे वरुण०, तत्त्वायामि०, येने शतम्०, अयाश्चाग्ने०, उदुत्तमम्०, उरूं हि०, वरुणस्योत्तम्भनम्०, अग्नेरनीकम्** यी ऋचाहरूद्वारा दशपटक हवन गरेपछि स्थालीपाकमा रहेको चरुलाई अग्नि, सोम, वरुण, यज्ञ, उग्र, भीम, शतक्रतु, व्युष्टि, स्वर्ग यी नाममा चतुर्थी विभक्ति लगाई आहुति दिनुपर्दछ । त्यसपछि स्विष्टकृत् आदि कर्म समाप्त गरेपछि तलाउमा जलचर प्राणी छोड्नुपर्दछ । त्यसपछि सिंगारिएकी गाईलाई तलाउभित्र वारपार गराई पुरुषसूक्त जप गर्नुपर्दछ । पुरुषसूक्त जपपछि आचार्यलाई उनले रुचाएको वस्तु, कान ढाक्ने कपडा, अन्य वस्त्र, गाई र दक्षिणा दिएपछि त्यहाँ आमन्त्रित सबै ब्राह्मणहरूलाई दक्षिणा दिएर भोजन गराउनुपर्दछ । – **पारस्करगृह्यसूत्रको परिशिष्टकण्डिका-१ ।**

आभूषणद्वारा शृङ्गार गरिएकी गाई ब्राह्मणलाई दिनुपर्दछ । यजमानको सामर्थ्य भएमा त्यसले अर्की गाई पनि दक्षिणाको रूपमा प्रदान गरी देवता, पितृ र मनुष्यहरूको प्रसन्नताका लागि जलाशयको उत्सर्जन अर्थात् सम्पूर्ण प्राणीहरूले जलपान गरून् भनी आफ्नो स्वत्वनिवारण गर्दै सबै प्राणीका निमित्त त्याग गर्नुपर्दछ । तदनन्तर ब्राह्मणहरूलाई भोजन गराएर स्वस्तिवाचन गराउनुपर्दछ । विशेष विस्तार त **मत्स्यपुराण**अनुसार मैले बनाएको **जलाशयोत्सर्गविधि**बाट अवगत हुनेछ ।

कूपादेरुत्सर्गाकरणे दोषः

कूपादेरुत्सर्गाकरणे दोष उक्तो भविष्ये –

सदा जलं पवित्रं स्यादपवित्रमसंस्कृतम् । कुशाग्रेणापि राजेन्द्र न स्प्रष्टव्यमसंस्कृतम् ।।

तथा – **वापीकूपतडागादौ यज्जलं स्यादसंस्कृतम् । अपेयं तद्भवेत्सर्वं पीत्वा चान्द्रायणं चरेत् ।।**

कुवा आदिको लोकार्पण नगर्दा दोष

भविष्यपुराणमा कुवा आदिको उत्सर्जन नगर्दा दोष हुने कुरा बताउँदै भनिएको छ – जल सधैं पवित्र हुन्छ जुन जलको संस्कार भएको हुँदैन त्यो जल सधैं अपवित्र हुन्छ, संस्कार नगरिएको जललाई कुशको टुप्पाले पनि स्पर्श गर्न हुँदैन ।

कूपादेः पदमा रहेको आदि शब्दबाट इनार लिनुपर्दछ । त्यसैगरी इनार, कुवा, तलाउ आदिको जल असंस्कृत हुन्छ। त्यसकारण अपेय पनि हुन्छ । जसले यस्तो अपेय जललाई संस्कार नगरीकन पान गर्दछ त्यसले चान्द्रायणव्रत गर्नुपर्दछ ।

वृक्षारोपणम्

अथ वृक्षारोपणम् । चण्डेश्वरः– **आदित्यचान्द्रपितृतिष्यविशाखपौष्णमूलोत्तरात्रयतुरङ्गमवारुणाश्च ।**
एतेषु तारकगणेषु हितं नराणां वृक्षादिरोपणमिहोपदिशन्ति धीराः ।।

इति आधानशूद्रसंस्कारक्षुद्रकालोत्सर्गविधिनिर्णयात्मकं षष्ठं प्रकरणम्

वृक्षारोपणका लागि उपयुक्त नक्षत्र

अहिले वृक्षारोपणको विषयमा निरूपण गरिन्छ । **चण्डेश्वर**ले भनेका छन् – मृगशिरा, मघा, पुष्य, विशाखा, रेवती, मूल, ३ उत्तरा, अश्विनी र शतभिषा यी नक्षत्रहरूमा वृक्षारोपण गर्दा मानिसहरूको कल्याण हुन्छ भन्ने कुरा धीर पुरुषहरूले उपदेश दिएका छन् ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको आधान, शूद्रसंस्कार, क्षुद्रकाल, उत्सर्गविधि सम्बन्धी विषयको निर्णयमा आधृत छैठौं प्रकरण पूरा भयो ।

अथ मूर्तिलिङ्गप्रतिष्ठापार्थिवपूजनजीर्णोद्धारनिर्णयात्मकं सप्तमं प्रकरणम्

मूर्तिप्रतिष्ठानिर्णयः

अथ मूर्तिप्रतिष्ठा । वसिष्ठः – **हस्तत्रये मित्रहरित्रये च पौष्णद्वयादित्यसुरेज्यभेषु ।**
तिस्रोत्तराधातृशशाङ्कभेषु सर्वामरस्थापनमुत्तमं स्यात् ।।

मूर्तिप्रतिष्ठाको निर्णय

अब मूर्तिप्रतिष्ठाको विषयमा विचार गरिन्छ । **वसिष्ठले** भनेका छन् – हस्ता, चित्रा, स्वाती, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषा, रेवती, अश्विनी, पुनर्वसु, मूल, पुष्य, ३ उत्तरा, रोहिणी र मृगशिरानक्षत्रहरूमा सबै देवताहरूको मूर्तिप्रतिष्ठा गर्नु उत्तम मानिएको छ ।

चैत्रादिमासेषु देवताप्रतिष्ठाविचारः

मात्स्ये – **चैत्रे वा फाल्गुने वापि ज्येष्ठे वा माधवे तथा । माघे वा सर्वदेवानां प्रतिष्ठा शुभदा भवेत्।।**

चैत्रादिमासमा देवताप्रतिष्ठाको विचार

मत्स्यपुराणमा भनिएको छ – चैत्र, फाल्गुन, ज्येष्ठ, वैशाख अथवा माघमासमा सबै देवताहरूको प्रतिष्ठा गर्दा शुभफल प्राप्त हुन्छ ।

नारदमते विचारः

नारदस्तु चैत्रं निषेधति – **विचैत्रेष्वेव मासेषु माघादिषु च पञ्चसु** । इति । तेनात्र विकल्पः । अत्र माघमासो विष्णुप्रतिष्ठाव्यतिरिक्तविषयः, **'माघे कर्तुर्विनाशाय फाल्गुने शुभदा भवेत्'** इति विष्णुधर्मोक्तेरिति हेमाद्रिः ।

नारदको मतमा विचार

नारदऋषिले चैत्रमहिनामा देवप्रतिष्ठा गर्नुहुँदैन भनेका छन् । उनको भनाइअनुसार चैत्रमहिना छाडेर माघ आदि ५ महिनामा देवताको प्रतिष्ठा गर्नुपर्दछ । उक्त भनाइअनुसार विकल्प देखिन्छ । **हेमाद्रि** भन्दछन् – माघमहिना विष्णुप्रतिष्ठाभन्दा अरू देवताको प्रतिष्ठाका लागि उपयुक्त हुन्छ । माघमासमा विष्णुको प्रतिष्ठा गर्दा कर्ताको नाश हुन्छ र फाल्गुनमासमा विष्णुको प्रतिष्ठा गर्दा कल्याण प्राप्त हुन्छ भन्ने कुरा **विष्णुधर्मोत्तरमा** बताइएको छ ।

प्रतिपदादितिथिषु प्रतिष्ठाविचारः

मत्स्यपुराणे –

दृढा धनकरी स्फीता तथा प्रतिपदि स्मृता । द्वितीयायां धनोपेता तृतीयायां धनप्रदा ।।
चतुर्थ्यां नाशमाप्नोति यमस्य स्यात्सुखावहा । विनायकस्य देवस्य तथा तत्र हितप्रदा ।।
पञ्चम्यां श्रीयुता कर्तुर्वरदा च तथा भवेत् । षष्ठ्यां लक्ष्मीयुता नित्यं सप्तम्यां रोगनाशिनी ।।

अष्टम्यां धान्यबहुला नवम्यां च विनश्यति । भद्रकाल्याः कृता तत्र कर्तुर्भवति तुष्टये ।।
धर्मवृद्धिकरी ज्ञेया दशम्यां तु तथा तिथौ । एकादश्यां तथा युक्ता द्वादश्यां सर्वकामदा ।।
त्रयोदश्यां तथा ज्ञेया चतुर्दश्यां विनश्यति । कृष्णपक्षे पञ्चदश्यां कर्तुः क्षयकरी भवेत् ।।
पञ्चदश्यां तथा शुक्ले सर्वकामकरी भवेत् ।।

प्रतिपदा आदि तिथिमा प्रतिष्ठा विचार

मत्स्यपुराणमा भनिएको छ – प्रतिपदामा देवताहरूको प्रतिष्ठा गर्दा दृढता, धन र समृद्धि प्राप्त हुन्छ । द्वितीयामा देवताको प्रतिष्ठा गर्दा धन–सम्पन्नता प्राप्त हुन्छ । तृतीयामा प्रतिष्ठा गर्दा धनको प्राप्ति हुन्छ । चतुर्थीमा यम र गणेशदेवताबाहेक अरू देवताको प्रतिष्ठा गर्दा नाश हुन्छ । यमको प्रतिष्ठा गर्दा सुख र गणेशको प्रतिष्ठा गर्दा कल्याण प्राप्त हुन्छ । पञ्चमीतिथिमा देवताको प्रतिष्ठा गर्दा लक्ष्मी प्राप्त हुन्छिन् र कर्ताले वरदान प्राप्त गर्दछ । षष्ठीतिथिमा देवताको प्रतिष्ठा गर्दा मानिस लक्ष्मीसम्पन्न बन्दछ । सप्तमीमा गरिएको देवप्रतिष्ठाले रोगनाश गर्दछ । अष्टमीमा गरिने देवप्रतिष्ठाले धान्यवृद्धि गर्दछ । नवमीमा देवप्रतिष्ठा गर्दा नाश हुन्छ तर भद्रकाली भगवतीको पूजा गर्नाले कर्ताले सन्तुष्टि प्राप्त गर्दछ । दशमीतिथिमा देवप्रतिष्ठा गर्दा धर्मको वृद्धि हुन्छ । एकादशीमा देवप्रतिष्ठा गर्दा सम्पूर्ण इच्छा पूर्ण हुन्छन् । त्यो एकादशी द्वादशीयुक्त भएमा त्यसले सम्पूर्ण मनोरथ पूर्ण गर्दछ । त्रयोदशीमा प्रतिष्ठा गर्दा सम्पूर्ण इच्छा पूर्ण हुन्छन् । चतुर्दशीमा देवप्रतिष्ठा गर्दा नाश हुन्छ । कृष्णपक्षको अमावास्यामा देवप्रतिष्ठा गर्दा कर्ताको नाश हुन्छ । शुक्लपक्षको पूर्णिमामा देवप्रतिष्ठा गर्दा सम्पूर्ण कामना पूर्ण हुन्छन् ।

मत्स्यपुराणादिमते नक्षत्रविशेषे प्रतिष्ठाविचारः

आषाढे द्वे तथा मूलमुत्तरात्रयमेव च । ज्येष्ठाश्रवणरोहिण्यः पूर्वाभाद्रपदस्तथा ।।
हस्तोऽश्विनी रेवती च पुष्यो मृगशिरस्तथा । अनुराधा तथा स्वाती प्रतिष्ठासु प्रशस्यते ।।
श्रीपतिः – रोहिण्युत्तरपौष्णवैष्णवकरादित्यश्विनीवासवानूराधैन्दवजीवभेषु गदितं विष्णोः प्रतिष्ठापनम्।
पुष्यश्रुत्यभिजित्सुरेश्वरकयोर्वित्ताधिपस्कन्दयोर्मैत्रे तिग्मरुचेः करे निर्ऋतिभे दुर्गादिकानां शुभम्।।
गणपरिवृढरक्षोयक्षभूतासुराणां प्रथमफणिसरस्वत्यादिकानां च पौष्णे ।
श्रवसि सुगतनाम्नो वासवे लोकपानां निगदितमखिलानां स्थापनं च स्थिरेषु ।।
तेजस्विनी क्षेमकृदग्निदाहविधायिनी स्याद् धनदा दृढा च ।
आनन्दकृत्कल्पविनाशिनी च सूर्यादिवारेषु भवेत्प्रतिष्ठा ।।

मत्स्यपुराणको मतमा नक्षत्रविशेषमा देवप्रतिष्ठा

मत्स्यपुराणमा भनिएको छ – पूर्वाषाढा, उत्तराषाढा, मूल, उत्तराभाद्र, उत्तराफाल्गुनी, ज्येष्ठा, श्रवण, रोहिणी, पूर्वाभाद्र, हस्ता, अश्विनी, रेवती, पुष्य, मृगशिरा, अनुराधा र स्वाती यी नक्षत्र देवप्रतिष्ठाका लागि उत्तम मानिएका छन् ।

श्रीपतिले भनेका छन् – रोहिणी, ३ उत्तरा, रेवती, श्रवण, हस्ता, पुनर्वसु, अश्विनी, धनिष्ठा, अनुराधा, मृगशिरा एवं पुष्यनक्षत्रहरूमा भगवान् विष्णुको प्रतिष्ठा कल्याणदायक हुन्छ । पुष्य, श्रवण एवं अभिजित्नक्षत्रमा इन्द्र र ब्रह्माको प्रतिष्ठा उत्तम मानिएको छ । अनुराधानक्षत्रमा कुबेर एवं स्वामी कार्तिकेयको प्रतिष्ठा मङ्गलदायक हुन्छ । हस्तानक्षत्रमा सूर्यको

प्रतिष्ठा र मूलनक्षत्रमा दुर्गाको प्रतिष्ठा पनि शुभदायक मानिएको छ। रेवतीनक्षत्रमा गणेश आदि देवता, प्रमथगण, दक्ष, भूत, असुर, कामदेव, नाग एवं सरस्वती आदि शक्तिहरूको स्थापना मङ्गलदायक हुन्छ । श्रवणनक्षत्रमा सुगतनामक जैनदेवताको र धनिष्ठानक्षत्रमा लोकपालहरूको स्थापना गर्नु उत्तम हुन्छ । सम्पूर्ण देवताहरूको स्थापना गर्दा स्थिरलग्नमा गर्नुपर्दछ । यसबाट कल्याण प्राप्ति हुन्छ ।

सूर्यआदि वारहरूमा प्रतिष्ठा गर्ने विषयमा विचार गरिन्छ । क्रमैले सूर्यवारका दिन देवताको प्रतिष्ठा गर्दा तेज प्राप्त हुन्छ । सोमवार कल्याण प्राप्त हुन्छ, मङ्गलवार अग्निदाह हुन्छ, बुधवार धनदायक हुन्छ, बिहीवार प्रतिष्ठा गर्दा दृढता प्राप्त हुन्छ । शुक्रवार देवप्रतिष्ठा गर्दा आनन्द प्राप्त हुन्छ र शनिवार देवप्रतिष्ठा गर्दा कल्प अर्थात् शक्ति–सामर्थ्यको नाश हुन्छ।

दक्षिणायने मातृभैरवादीनां प्रतिष्ठाकथनम्

माधवीये वैखानसः – **मातृभैरववाराहनरसिंहत्रिविक्रमाः । महिषासुरहन्त्र्यश्च स्थाप्या वै दक्षिणायने।।** वै शब्दोऽप्यर्थे ।

दक्षिणायनमा मातृका, भैरव आदिको प्रतिष्ठा

माधवीयमा वैखानसले भनेका छन् कि 'मातृका, भैरव, वाराह, नरसिंह, त्रिविक्रम अर्थात् वामन र महिषासुरमर्दिनी दुर्गा भगवतीको दक्षिणायनमा स्थापना गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ मूलमा **वै**शब्द 'पनि' अर्थ बुझाउने **अपि**को अर्थमा प्रयोग गरिएको छ। त्यसकारण दक्षिणायनमा नै प्रतिष्ठा गर्नुपर्दछ भन्ने नियम छैन र आवश्यकताले उत्तरायणमा पनि गर्न सकिन्छ भन्ने तात्पर्य हो ।

लिङ्गप्रतिष्ठायां विशेषः

लिङ्गप्रतिष्ठायां विशेषो हेमाद्रौ लक्षणसमुच्चये –

उत्तराशागते भानौ लिङ्गस्थापनमुत्तमम् । दक्षिणे त्वयने पूज्यं त्रिवर्षार्द्धे भयावहम् ।।
स्वगृहे स्थापनं नेष्टं तस्माद्वै दक्षिणायने । स्थापनं तु प्रकर्तव्यं शिशिरादावृतुत्रये ।।

लिङ्गप्रतिष्ठामा विशेष

हेमाद्रिमा लक्षणसमुच्चयको मत उद्धृत गरी लिङ्गप्रतिष्ठासम्बन्धमा विशेष तथ्य उपस्थापित गर्दै भनिएको छ – उत्तरायणमा सूर्य हुँदा लिङ्गको स्थापना उत्तम हुन्छ । दक्षिणायनमा सूर्य हुँदा स्थापना गरिने लिङ्गले तीनवर्षको आधा अर्थात् डेढवर्षसम्म भय दिन्छ । आफ्नो घरमा दक्षिणायनमा लिङ्गको स्थापना गर्नुहुँदैन । तसर्थ आफ्नै घरमा शिशिर आदि तीनऋतुमा लिङ्गको स्थापना गर्नुपर्दछ ।

लिङ्गस्थापने मासादिविचारः

प्रावृषि स्थापितं लिङ्गं भवेद्वरदयोगदम् । हेमन्ते ज्ञानदं चैव शिशिरे सर्वभूतिदम् ।।
लक्ष्मीप्रदं वसन्ते च ग्रीष्मे च जयशान्तिदम् । यतीनां सर्वकाले च लिङ्गस्यारोपणं मतम् ।।

लिङ्गस्थापनमा मासादि विचार

शरदृतुमा स्थापना गरिएको लिङ्गप्रतिष्ठा वरदायक र योगदायक हुन्छ । हेमन्तमा गरिएको लिङ्गप्रतिष्ठाले ज्ञान

प्रदान गर्दछ । शिशिरऋतुमा गरिएको लिङ्गप्रतिष्ठाले सबै प्रकारका ऐश्वर्यप्रदान गर्दछ । वसन्तऋतुमा गरिएको लिङ्गप्रतिष्ठाले लक्ष्मी प्राप्ति गराउँछ । ग्रीष्मऋतुमा गरिएको लिङ्गप्रतिष्ठाले विजय र शान्ति प्रदान गर्दछ । यो नियम गृहस्थहरूका लागि हो । संन्यासीहरूले त सबै समयमा लिङ्गको स्थापना गर्न सक्दछन् ।

रत्नावल्याम् – **माघफाल्गुनवैशाखज्येष्ठाषाढेषु पञ्चसु । मासेषु शुक्लपक्षेषु लिङ्गस्थापनमुत्तमम् ।।**

विष्णोरप्याह तत्रैव वैखानसः –

मार्गशीर्षादिमासौ द्वौ निन्दितौ ब्रह्मणा पुरा । मासेषु फाल्गुनः श्रेष्ठश्चैत्रो वैशाख एव च ।।

वृषे वाप्याश्वयुङ्मासे श्रावणे मासि वा भवेत् ।।

बौधायनसूत्रे विष्णुप्रतिष्ठामुपक्रम्य – '**द्वादश्यां श्रोणायां वा यानि चान्यानि पुण्यनक्षत्राणि ।**' इति । कृत्तिकादिविशाखान्तेष्वित्यर्थः ।

रत्नावलीमा भनिएको छ कि माघ, फाल्गुन, वैशाख, ज्येष्ठ र आषाढ यी पाँचमहिनाका शुक्लपक्षहरूमा शिवलिङ्गको स्थापना उत्तम हुन्छ । **वैखानसमा विष्णुले** भनेका छन् – ब्रह्माजीले मार्गशीर्ष र पौषमासको निन्दा गर्नुभएको छ । मासहरूमा फाल्गुन, चैत्र र वैशाख श्रेष्ठ मानिएका छन् । ज्येष्ठ, आश्विन अथवा श्रावणमासमा पनि लिङ्गप्रतिष्ठा गर्न सकिन्छ ।

बौधायनसूत्रमा विष्णुको प्रतिष्ठाको चर्चा आरम्भ गर्दै भनिएको छ कि – 'शुक्लपक्षको कुनै द्वादशीमा जुन दिन पुण्यदायकनक्षत्र रहेका हुन्छन् तिनमा विष्णुको प्रतिष्ठा गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – पुण्यदायकनक्षत्र भन्नाले कृत्तिकादेखि लिएर विशाखासम्मका नक्षत्रलाई भनिएको हो ।

सर्वदेवप्रतिष्ठासु मासविशेषफलम्

सर्वदेवेषु मासविशेषो हेमाद्रौ विष्णुधर्मे –

माघे कर्तुर्विनाशाय फाल्गुने शुभदा भवेत् । लोकानन्दकरी चैत्रे वैशाखे वरसंयुता ।।

आज्ञायुता सदा ज्येष्ठे आषाढे धर्मवृद्धिदा । श्रावणे धनहीना स्यात् प्रोष्ठपादे विनश्यति ।।

आश्विने नाशमाप्नोति वह्निना कार्तिके तथा । सौम्ये सौभाग्यमतुलं पौषे पुष्टिरनुत्तमा ।।

दोषान्विताधिमासे स्यात् कर्तुरात्मन एव च ।। इति ।

अत्र श्रावणाश्विनयोर्निषेधो मार्गशीर्षविधिश्च विष्णुव्यतिरिक्तविषयः । पूर्वोक्तवचनादिति हेमाद्रिः । माघश्रावणभाद्रपदनिषेधः शिवव्यतिरिक्तविषयः, तत्र तस्योक्तेः ।

सबै देवताहरूको प्रतिष्ठामा मासविशेषको फल

सबै देवताहरूको प्रतिष्ठामा महिनाहरूबाट प्राप्त हुने फल बताउँदै **हेमाद्रिमा विष्णुधर्मले** भनेका छन् – 'माघमासमा देवताको प्रतिष्ठा गर्ने मानिसको नाश हुन्छ । फाल्गुनमा शुभदायक हुन्छ । चैत्रमा गरिने देवप्रतिष्ठाले संसारलाई नै आनन्दप्रदान गर्दछ । वैशाखमा गरिने विष्णुप्रतिष्ठाले वर प्रदान गर्दछ । ज्येष्ठमहिनामा गरिने विष्णुप्रतिष्ठाले आज्ञाशक्ति प्रदान गर्दछ । आषाढमा गरिने प्रतिष्ठाले धर्मको वृद्धि गर्दछ । श्रावणमा धननाश गराउँछ । भाद्रपद र आश्विनमा विनाश गराउँछ । कार्तिकमासमा देवताको प्रतिष्ठा गर्दा अग्निदाह हुन्छ । मार्गशीर्षमासमा अतुलनीय सौभाग्य प्राप्त हुन्छ । पौषमासमा सर्वोत्तम पुष्टि प्राप्त हुन्छ । अधिकमासमा देवप्रतिष्ठा गर्न हुँदैन । त्यसले कर्तालाई नै दूषित तुल्याउँछ ।'

ग्रन्थकार भन्दछन् – उक्त भनाइमा श्रावण र आश्विनमासलाई निषेध गरिएको छ र मार्गशीर्षमासलाई राम्रो मानिएको छ। यो फलनिरूपण विष्णुबाहेक अरू देवताको प्रतिष्ठाका लागि हो भनी बुझ्नुपर्दछ । माघ, श्रावण र भाद्रमा देवप्रतिष्ठाको जुन निषेध गरिएको छ त्यो निषेध शिवको प्रतिष्ठाका निमित्त हो भनी बुझ्नुपर्दछ ।

देवीस्थापने विशेषः

देवीस्थापने तत्रैव विशेषो देवीपुराणे – **देव्या माघेऽश्विने मासे उत्तमा सर्वकामदा ।**

तथा – **न तिथिर्न च नक्षत्रं नोपवासोऽत्र कारणम् । सर्वकालं प्रकर्तव्यं कृष्णपक्षे विशेषतः ।**

अन्यश्चात्र विचारो हेमाद्रौ ज्ञेयः ।

देवीस्थापनमा विशेष

देवीपुराणमा देवीप्रतिष्ठाको विषयमा विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ कि – 'देवीको प्रतिष्ठा आश्विन र माघमासमा उत्तम र सम्पूर्ण कामनादायक हुन्छ । देवीको प्रतिष्ठामा तिथि, नक्षत्र र उपवासलाई विशेष महत्त्व दिइएको छैन । सबै समयमा गर्न सकिन्छ । त्यसमा पनि विशेष गरी कृष्णपक्षमा देवीप्रतिष्ठा गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – योभन्दा अरू धेरै विषयको जिज्ञासा भएमा हेमाद्रिरचित **चतुर्वर्गचिन्तामणि** हेर्नुपर्दछ ।

अर्थमन्त्रलक्षणहीनदेवप्रतिष्ठाया दोषनिरूपणम्

नारदः – **हन्त्यर्थहीना कर्तारं मन्त्रहीना तु ऋत्विजम् । स्त्रियं लक्षणहीना तु न प्रतिष्ठासमो रिपुः ।।**

सदोष प्रतिष्ठा र विनाशप्राप्ति

नारदपुराणमा भनिएको छ – धनको राम्ररी प्रयोग नगरी गरिएको प्रतिष्ठाले कर्ताको नाश गर्दछ । मन्त्रको राम्ररी प्रयोग नगरी गरिएको प्रतिष्ठाले ऋत्विक्हरूको नाश गर्दछ । श्रद्धा आदि उत्तम लक्षणरहित प्रतिष्ठाले स्त्रीको नाश गर्दछ । उक्त किसिमबाट विधि नपुऱ्याई प्रतिष्ठा गर्दा प्रतिष्ठा नै आफ्नो शत्रु बन्दछ ।

अधिकारिकथनम्

अत्राधिकारिण उक्ताः कृत्यकल्पतरौ देवीपुराणे –

वर्णाश्रमविभेदेन देवाः स्याप्यास्तु नान्यथा । ब्रह्मा तु ब्राह्मणैः स्थाप्यो गायत्रीसहितः प्रभुः ।।

चतुर्वर्णैस्तथा विष्णुः प्रतिष्ठाप्य सुखार्थिभिः । भैरवोऽपि चतुर्वर्णैरन्त्यजानां तथा मतः ।।

मातरः सर्वलोकैस्तु स्थाप्याः पूज्याः सुरोत्तमाः । लिङ्गं गृही यतिर्वापि संस्थाप्य तु यजेत्सदा ।।

प्रतिष्ठाका अधिकारी

कृत्यकल्पतरु र **देवीपुराण**मा प्रतिष्ठाका अधिकारीको विषयमा चर्चा गर्दै भनिएको छ– वर्ण र आश्रमका भेदले देवताहरूको स्थापना गर्नुपर्दछ । नियमविपरीत स्थापना गर्न हुँदैन । ब्राह्मणहरूले गायत्रीसहित ब्रह्माजीको स्थापना गर्नुपर्दछ । ब्राह्मणलगायत चारवर्णका मानिसहरूले सुखको प्राप्तिका लागि विष्णुको स्थापना गर्नुपर्दछ । ब्राह्मणादि चारवर्ण र अन्त्यज वर्णका मानिसले भैरवको स्थापना गर्नुपर्दछ । सबै मानिसहरूले देवताहरूमा उत्तम देवता मानिएका मातृकाहरूको स्थापना गर्नुपर्दछ । गृहस्थ अथवा संन्यासीहरूले सधैं शिवलिङ्गको स्थापना गरी पूजा गर्नुपर्दछ ।

शिवसर्वस्वे भविष्ये –

यस्तु पूजयते लिङ्गं देवादिं मां जगत्पतिम् । ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रो वा मत्परायणः ।।
तस्य प्रीतः प्रदास्यामि शुभाँल्लोकाननुत्तमान् ।।

तिथितत्त्वे स्कान्दे –

शूद्रः कर्माणि यो नित्यं स्वीयानि कुरुते प्रिये । तस्याहमर्चां गृह्णामि चन्द्रखण्डविभूषिते ।।
ब्रह्मचारी गृहस्थो वा वानप्रस्थश्च सुव्रते । एवं दिने दिने देवं पूजयेदम्बिकापतिम् ।।
संन्यासी देवदेवेशं प्रणवेनैव पूजयेत् । नमोऽन्तेन शिवेनैव स्त्रीणां पूजा विधीयते ।।

एतच्च पुराणप्रसिद्धजीर्णलिङ्गपूजाविषयम् ।

शिवसर्वस्वमा उद्‌धृत **भविष्यपुराणको** वचन यसप्रकार छ – ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र मेरो भक्ति गर्दै मत्परायण भएर देवताहरूका पनि देवता अर्थात् देवाधिदेव महादेवका रूपमा प्रसिद्ध मेरो पूजा गर्दछन् भने तिनीहरूमाथि प्रसन्न भएर मैले अत्यन्त उत्तम लोक र धाम प्रदान गर्दछु ।

तिथितत्त्वमा उद्‌धृत शिवजीले पार्वतीलाई भन्नुभएको **स्कन्दपुराणको** वचनमा भनिएको छ – हे चन्द्रखण्डद्वारा विभूषित भएकी पार्वती ! जुन शूद्रले नित्यनियम पालन गर्दछ त्यसले भक्तिपूर्वक गरेको पूजा म ग्रहण गर्दछु । ब्रह्मचारी, गृहस्थ र वानप्रस्थले भक्तिपूर्वक नित्य अम्बिकापति शिवको पूजा गर्नुपर्दछ । देवाधिदेव महादेवको पूजा गर्दा संन्यासीले प्रणव अर्थात् **ॐकार** मन्त्रको प्रयोग गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – नारीहरूले **शिवाय नमः** यस मन्त्रले पूजा गर्नुपर्दछ भन्ने नियम पुराणप्रसिद्ध जीर्णलिङ्गको पूजाको विषयमा प्रतिपादन गरिएको हो ।

त्रिस्थलीसेतुमते लिङ्गादिस्पर्शनादौ विचारः

यानि तु त्रिस्थलीसेतौ नारदीये –

यः शूद्रेणार्चितं लिङ्गं विष्णुं वा प्रणमेन्नरः न तस्य निष्कृतिर्दृष्टा प्रायश्चित्तायुतैरपि ।।
नमेद्यः शूद्रसंस्पृष्टं लिङ्गं वा हरिमेव वा । स सर्वयातनाभोगी यावदाचन्द्रतारकम् ।।
पाखण्डपूजितं लिङ्गं नत्वा पाखण्डतां व्रजेत् । आभीरपूजितं लिङ्गं नत्वा नरकमश्नुते ।।
योषिद्भिः पूजितं लिङ्गं विष्णुं वापि नमेत्तु यः । स कोटिकुलसंयुक्त आकल्पं रौरवं वसेत् ।।

इत्यादीनि, तानि नूतनस्थापितलिङ्गादिविषयाणि ।

यदा प्रतिष्ठितं लिङ्गं मन्त्रविद्भिर्यथाविधि । तदाप्रभृति शूद्रश्च योषिद्वापि न संस्पृशेत् ।।

इति तत्रैवोक्तेः।

त्रिस्थलीसेतुको मतमा लिङ्गादिस्पर्श विचार

त्रिस्थलीसेतुमा शिवलिङ्ग स्पर्श गर्ने विषयमा केन्द्रित **नारदपुराणको** वचन यसप्रकार छ – जुन मानिसले शूद्रद्वारा स्पर्श गरिएको शिवलिङ्ग वा नारायणप्रतिमालाई नमस्कार गर्दछ, जुन मानिसले शूद्रद्वारा पूजा गरिएको लिङ्ग वा विष्णुलाई प्रणाम गर्दछ त्यसको पाप लाखौं प्रायश्चित्त गरेर पनि काटिँदैन । जबसम्म आकाशमा चन्द्रमा र तारा रहन्छन् तबसम्म त्यसले अनेक नारकीय यातना भोग्नुपर्दछ । पाखण्डीहरूद्वारा पूजा गरिएको लिङ्गलाई नमस्कार गर्ने मानिस

पाखण्डमै प्राप्त हुन्छ । आभीर अर्थात् भिल्ल जातिका नर-नारीहरूद्वारा पूजा गरिएको लिङ्गलाई नमस्कार गर्ने मानिस नरकमा जान्छ । जुन मानिसले नारी जातिद्वारा पूजा गरिएका शिवलिङ्ग र विष्णुप्रतिमालाई नमस्कार गर्दछ त्यो करोडौं कुलका मानिसहरूसहित कल्पपर्यन्त नरकमा निवास गर्दछ । ग्रन्थकार भन्दछन् – यी वचनहरू नयाँ स्थापना गरिएका लिङ्ग र प्रतिमाको विषयमा आधारित छन् । मन्त्रका ज्ञाताहरूले जब विधिपूर्वक लिङ्गको प्रतिष्ठा गर्दछन् त्यसबेलादेखि नै शूद्र या नारीहरूले त्यसको स्पर्श गर्न हुँदैन भन्ने नियम पनि **त्रिस्थलीसेतु**मा नै प्रतिपादन गरिएको छ ।

प्रतिष्ठायां शूद्रादीनामधिकारविचारः

प्रतिष्ठायां तु शूद्रादीनां नाधिकारः ।

स्त्रीणामनुपनीतानां शूद्राणां च नरेश्वरः । स्थापने नाधिकारोऽस्ति विष्णोर्वा शङ्करस्य वा ।।

यः शूद्रसंस्कृतं लिङ्गं विष्णुं वापि नमेन्नरः । इहैवात्यन्तदुःखानि पश्यत्यामुष्मिके किमु ।।

शूद्रो वानुपनीतो वा नारी वा पतितोऽपि वा । केशवं वा शिवं वापि स्पृष्ट्वा नरकमश्नुते ।। इति ।

बृहन्नारदीयस्कान्दोक्तेरिति त्रिस्थलीसेतौ पितामहचरणाः । चतुर्वर्णैरिति पूर्वोक्तवचनाद्विष्ण्वादिप्रतिष्ठायां शूद्रस्य विकल्प इति तु युक्तं पश्यामः ।

प्रतिष्ठामा शूद्रको अधिकारविचार

देवताको प्रतिष्ठामा शूद्र आदिको अधिकार हुँदैन । विष्णु र शङ्करको प्रतिष्ठामा उपनयन नगरेका द्विज, नारी र शूद्रको पनि अधिकार हुँदैन । जुन मनुष्यले शूद्रद्वारा स्थापना गरिएका लिङ्ग वा प्रतिमालाई नमस्कार गर्दछ त्यसले यो जीवनमा अत्यन्त कष्ट व्यहोर्दछ भने परलोकको त कुरै नगरौं ।

शूद्र, उपनयन नगरिएका द्विज, स्त्री र पतित यी सबै विष्णु प्रतिमा र शिवलिङ्गको स्पर्श गरेपछि नरकमा प्राप्त हुन्छन् भन्ने कुरा **बृहन्नारदीयपुराण**मा **स्कन्दपुराण**को मतअनुसार भनिएको भनी **त्रिस्थलीसेतु**मा मेरा पितामहले बताउनुभएको छ । चारै वर्णले विष्णुको प्रतिष्ठा गरी पूजा गर्नुपर्दछ भनी पहिले अरू कसैले भनेकोमा यहाँ शूद्रलाई निषेध गरिएको छ। तसर्थ यसमा विकल्प रहेको कुरा उचित छ ।

शिवपूजने दिग्विचारः

तत्रैव गौतमः – **शिवार्चनं सदाप्येवं शुचिः कुर्यादुदङ्मुखः ।**

वाचस्पतिधृतम् (मतम्) – **प्राक्पश्चिमोदगास्यस्तु प्रातः सायं निशासु च ।।** इति प्रयोगपारिजाते ।

शिवपूजनमा दिशाको विचार

बृहन्नारदीयपुराणमा नै **गौतमऋषि** भन्दछन् – मनुष्यले पवित्र भएर उत्तरदिशातिर फर्की भगवान् शिवको पूजा गर्नुपर्दछ । **वाचस्पति**मा उद्धृत मतमा भनिएको छ – प्रातःकाल पूर्वतिर फर्केर, सायँकाल पश्चिमतर्फ फर्केर र रातमा उत्तरतर्फ फर्केर शिवपूजा गर्नुपर्दछ । **प्रयोगपारिजात**मा पनि यही विधि बताइएको छ ।

प्रतिमाविचारः

गृह्यपरिशिष्टे – प्रतिमाः प्राङ्मुखीरुदङ्मुखो यजेताऽन्यत्र प्राङ्मुखः । एतच्च स्थिरप्रतिमाविषयम् । अन्यत्र

चलार्चासु । अथ प्रतिमाः भार्गवार्चनदीपिकायां भविष्ये –

सौवर्णी राजती ताम्री मृन्मयी च तथा भवेत् । पाषाणधातुयुक्ता च रीतिकांस्यमयी तथा ।।

शुद्धदारुमयी वापि देवतार्चा प्रशस्यते ।। रीतिः – पित्तलम् ।

प्रतिमाविचार

गृह्यपरिशिष्टमा भनिएको छ कि जुन प्रतिमाहरूको मुख पूर्वदिशातिर फर्केको छ तिनको पूजा उत्तराभिमुख भएर गर्नुपर्दछ । अरू देवताहरूको पूजा पूर्वाभिमुख भएर गर्नुपर्दछ । यो नियम पनि चलप्रतिमालाई छाडेर स्थिरप्रतिमाको सम्बन्धमा बताइएको हो । **भविष्यपुराण**मा प्रतिमाहरूको विषयमां चर्चा गर्दै भनिएको छ कि देवताहरूको प्रतिमानिर्माण गर्दा स्वर्ण, चाँदी, ताँबो, माटो, चाँदी, ढुङ्गा, धातु, पित्तल, काँच र शुद्ध काठको प्रयोग गर्नुपर्दछ । तिनमा पूजा गर्दा उत्तम फल प्राप्त हुन्छ ।

गृहे प्रतिमाविचारः

यावद्देव वितस्तिं तु आरभ्याङ्गुष्ठपर्वणः । गृहेषु प्रतिमा कार्या नाधिका शस्यते बुधैः ।।

पञ्चरात्रे तु – **मृद्दारुलाक्षागोमेदमधूच्छिष्टमयी न तु** ।। इति निषेध उक्तः ।

घरमा प्रतिमा स्थापनासम्बन्धी विचार

बूढी औंलाको पर्वदेखि आरम्भ गरेर कान्छी औंलासम्म पुग्दा एकबित्ता अर्थात् बाह्रऔंलाको परिमाण हुने हुँदा उक्त वितस्ति(बित्ता) प्रमाणको प्रतिमा घरभित्र स्थापना गरी पूजा गर्नुपर्दछ । त्योभन्दा ठूलो परिमाणको प्रतिमा घरमा पूज्न हुँदैन भन्ने कुरा विद्वान्हरूले भनेका छन् ।

पञ्चरात्रमा माटो, काठ, लाहा, गोमेद र मैनजस्ता पदार्थबाट प्रतिमा बनाउनु हुँदैन भनिएको छ ।

प्रतिमाया अष्टौ भेदाः

भागवते – **शैली दारुमयी लौही लेप्या लेख्या च सैकती । मनोमयी मणिमयी प्रतिमाष्टविधा स्मृता ।।**

काष्ठं मधूकस्यैव – **तत्र काष्ठेषु मधूकमानीय च वसुन्धरे । कृत्वा तत्प्रतिमां चैव प्रतिष्ठाविधिनार्चयेत्।।** इति वाराहोक्तेः ।

प्रतिमाका आठभेद

भागवतमा भनिएको छ – शिलाको प्रतिमा, काठको प्रतिमा, फलामको प्रतिमा, भित्तामा रङ्ग पोतेर बताइएको प्रतिमा, चित्रकारीद्वारा तयार गरिएको प्रतिमा, बालुवाबाट बनाइएको प्रतिमा, मानसिक ध्यानमा तयार गरिएको प्रतिमा र मणिबाट तयार गरिएको प्रतिमा गरी आठप्रकारका प्रतिमा हुन्छन् । ग्रन्थकार भन्दछन् – यहाँ काठ भन्नाले महुवाको मात्र काठ लिइन्छ, अरू काठ लिइँदैन ।

वाराहपुराणमा भनिएको छ – महुवाको काठ ल्याई त्यसबाट राम्रो आकारको प्रतिमा बनाएर प्रतिष्ठाविधिले प्रतिष्ठा गरी पूजा गर्नुपर्दछ ।

देवीपुराणमते गृहे प्रासादादौ च प्रतिमापूजनविचारः

देवीपुराणे – **सप्ताङ्गुलं समारभ्य यावच्च द्वादशाङ्गुलम् । गृहेष्वर्चा समाख्याता प्रासादे चाधिका शुभा।।**

देवीपुराणको मतमा प्रतिमापूजन

देवीपुराणमा भनिएको छ – सातअङ्गुलदेखि लिएर बाह्रअङ्गुलसम्म परिमाणको प्रतिमा घरमा पुज्नुपर्दछ । तर ठूला-ठूला मन्दिरहरूमा भने ठूलै प्रतिमा कल्याणकारक हुन्छ ।

देवानां प्राणप्रतिष्ठाविचारः

तिथितत्त्वे कालिकापुराणे च –

प्रतिमायाः कपोलौ द्वौ स्पृष्ट्वा दक्षिणपाणिना । प्राणप्रतिष्ठां कुर्वीत तस्य देवस्य वा हरेः ।।
अन्येषामपि देवानां प्रतिमासु च पार्थिव । प्राणप्रतिष्ठा कर्तव्या तस्यां देवत्वसिद्धये ।।
वासुदेवस्य बीजेन तद्विष्णोरित्यनेन वा । तथैव हृदयेऽङ्गुष्ठं दत्त्वा शश्वच्च मन्त्रवित् ।।
एभिर्मन्त्रैः प्रतिष्ठां तु हृदयेऽपि समाचरेत् । अस्यै प्राणाः प्रतिष्ठन्तु अस्यै प्राणाः क्षरन्तु च ।।
अस्यै देवत्वमर्चायै मामहेति च कश्चन ।।

हयशीर्षपञ्चरात्रे – **अर्चकस्य तपोयोगादर्चनस्यातिशायनात् । आभिरूप्याच्च बिम्बानां देवः सान्निध्यमृच्छति।।**

देवताहरूको प्राणप्रतिष्ठा

तिथितत्त्वमा उद्धृत **कालिकापुराणको** वचन यसप्रकार छ – प्रतिमाका दुवै गालाहरूमा दाहिने हातले स्पर्श गरेर त्यसमा जुन देवताको प्रतिमा हो ती देवताको प्राणप्रतिष्ठा गर्नुपर्दछ अथवा नारायणको प्राणप्रतिष्ठा गर्नुपर्दछ । अरू देवताहरूको प्रतिमामा पनि ती देवताको सिद्धिका लागि माथिकै विधिबाट प्राणप्रतिष्ठा गर्नुपर्दछ ।

वासुदेवको बीजमन्त्र **ॐ नमो भगवते वायुदेवाय वा ॐ तद् विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः । दिवीव चक्षुराततम् ।।** (ऋ. १/२२/२०) यी मन्त्र उच्चारण गर्दै देवप्रतिमाको हृदयमा बूढी औंला राखेर देवत्वसिद्धिका लागि प्रतिष्ठा गर्नुपर्दछ । 'यस मूर्तिमा प्राण प्रतिष्ठित होऊन्, यस मूर्तिमा प्राणहरूको सञ्चार होस्, यस मूर्तिमा पूजाका लागि देवत्व प्राप्ति होस् र जोसुकैले यस मूर्तिमा भगवान्को पूजन गर्न सकोस्' यसरी प्रार्थना गर्नुपर्दछ ।

हयशीर्षपञ्चरात्रमा भनिएको छ कि पूजक अर्थात् पूजा गर्ने मानिसको तपको योगबाट पूजा गर्ने मानिसद्वारा प्रगाढ भक्तिपूर्वक गरिएको पूजाबाट र भगवान्को बिम्ब अथवा देवताहरूको बिम्ब ध्यान गर्दै पूजा गर्दा ती देवताहरूकै स्वरूपमा पूजक परिणत हुने भएका कारणबाट छिट्टै देवताहरूको दर्शन प्राप्त हुन्छ ।

प्रतिमादीनां नित्यस्नाने विचारः

प्रयोगपारिजाते व्यासः – **प्रतिमापट्टयन्त्राणां नित्यं स्नानं न कारयेत् । कारयेत्पर्वदिवसे यदा वा मलधारणम्।।**

प्रतिमाहरूलाई नित्य स्नान गराउने सम्बन्धमा

प्रयोगपारिजातमा व्यासले भनेका छन् – प्रतिमा र रेशमी वस्त्र आदिमा लेखिएका यन्त्रहरूलाई नित्य स्नान गराउनु हुँदैन । पर्वदिनमा अथवा ती प्रतिमा वस्त्र आदि मैला भएको अवसरमा स्नान गराउनुपर्दछ ।

तिथितत्त्वादिमते लिङ्गपूजने विचारः

लिङ्गे विशेषस्तिथितत्त्वे भविष्ये –

मृद्भस्मगोशकृत्पिष्टताम्रकांस्यमयं तथा । कृत्वा लिङ्गं सकृत्पूज्य वसेत्कल्पायुतं दिवि ।।

वार्क्षं वित्तप्रदं लिङ्गं स्फाटिकं सर्वकामदम् । कृत्वा पूजय विप्रेन्द्र ! लप्स्यसे वाञ्छितं फलम् ।।

तत्रैव कालकौमुद्यां स्कान्दे –

अक्षादल्पपरीमाणं न लिङ्गं कुत्रचिन्नरः । कुर्वीताङ्गुष्ठतो ह्रस्वं न कदाचित्समारभेत् ।।

'अक्षोऽशीतिर्गुञ्जाः । गुञ्जाः पञ्चाद्यमोषकः, ते षोडशाक्षः कर्षोऽस्त्री, इत्यमरकोशात् ।

तिथितत्त्व आदि ग्रन्थका मतमा लिङ्गपूजनसम्बन्धी विचार

तिथितत्त्वमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ कि – माटो, भस्म, गोबर, पिठो, ताँबो र काँचको लिङ्ग बनाएर जसले एकपटक भए पनि शिवको पूजन गर्दछ त्यो लाखौं वर्षसम्म स्वर्गमा वास गर्दछ । जसले धन–सम्पत्ति प्रदान गर्ने काठको शिवलिङ्ग र सबै कामना पूरा गर्ने स्फटिकशिवलिङ्गको पूजा गर्दछ त्यसले चाहेको फल प्राप्त गर्दछ ।

कालकौमुदीमा उद्धृत **स्कन्दपुराण**को मत छ कि अक्षभन्दा अर्थात् १६ मासाभन्दा सानो लिङ्ग कहिले पनि बनाउनु हुँदैन । बूढीऔंलाभन्दा सानो लिङ्ग पनि कहिले बनाउनु हुँदैन । **अमरकोश**अनुसार असीरत्तिको एकअक्ष हुन्छ। ५ रत्तिको १ मासा हुन्छ । १६ मासाको एकअक्ष हुन्छ । यसैलाई कर्ष पनि भन्दछन् ।

नवविधचरलिङ्गे श्रेष्ठादिकथनम्

प्रयोगपारिजाते क्रियासारे –

नवाष्टसप्ताङ्गुलिकं लिङ्गं श्रेष्ठमिहोच्यते । षट्पञ्चकचतुर्मानं मध्यमं त्रिविधं स्मृतम् ।।

त्रिद्व्येकाङ्गुलमानं यत्त्रिविधं तत्कनीयसम् । एवं नवविधं प्रोक्तं चरलिङ्गं यथाक्रमम् ।।

नौप्रकारका चरलिङ्गको उत्तम, मध्यम भाव आदि विचार

प्रयोगपारिजातमा उद्धृत **क्रियासार**को वचन यसप्रकार छ – नौ, आठ र सातअङ्गुलको शिवलिङ्ग उत्तम हुन्छ। छ, पाँच र चारअङ्गुलको शिवलिङ्ग मध्यम हुन्छ । तीन, दुई र एकअङ्गुलको शिवलिङ्ग कनिष्ठ हुन्छ । यसैले नै चरलिङ्ग क्रमानुसार नौप्रकारको हुन्छ भनिएको हो ।

पञ्चसूत्रीनिर्णयः

अथ पञ्चसूत्रीनिर्णयः । गौतमीतन्त्रे – **लिङ्गमस्तकविस्तारो लिङ्गोच्छ्रायसमो मतः ।**

परिधिस्तत्त्रिगुणितस्तद्वत्पीठं व्यवस्थितम् । प्रणालिका तथैव स्यात्पञ्चसूत्रविनिर्णयः ।।

अत्रेदं तत्त्वम् । लिङ्गमस्तकविस्तारं लिङ्गोच्चतासमं कृत्वा तत्त्रिगुणसूत्रवेष्टनार्हलिङ्गस्थौल्यं कृत्वा तत्समं वृत्तं चतुरस्रं वा पीठविस्तारमधश्चोर्ध्वं च कुर्यात् । पीठोच्चता तु लिङ्गोच्चतातो द्विगुणा । पीठमध्ये लिङ्गाद् द्विगुणस्थूलं पीठोच्चतातृतीयांशेन कण्ठं कृत्वा तस्योर्ध्वमधश्च समं वप्रद्वयं त्रयं वा कृत्वा लिङ्गविस्तारषष्ठांशेन पीठोपरि बाह्यमेखलां कृत्वा तदन्तः संलग्नं तत्समं खातं च कृत्वा पीठाद्बहिर्लिङ्गसमदीर्घां पीठार्द्धदीर्घां वा मूले दैर्घ्यसमविस्तारां तृतीयांशेन मध्ये खातां पीठवत्समेखलां प्रणालिकां कुर्यादिति । अत्र मूलं सिद्धान्तशेखरे शैवागमे च ज्ञेयम् ।



जलहरीभन्दा माथिल्लो लिङ्गको उचाइ	= २२ इ.
लिङ्गको शीर्षभागको परिधि	= २२ इ.
लिङ्गको मोटाइ	= २२ इ.
जमिनदेखि जलहरीसम्म जम्मा पीठको उचाइ	= ४४ इ.
नालीको घाँटी	$= \frac{२२}{३}$ इ.
वप्रको चौडाइ वा गहिराइ	$= \frac{२२}{६}$ इ.
जलहरीको बाहिरी परिधि	= २२ × ३ = ६६ इ.

सूचना - यो चित्र नमुनामात्र हो । जुन उचाइ, चौडाइ, परिधि आदिको मान माथि तोकिएको छ त्यो पुस्तकको पानामा अटाउने कुरा होइन । यस चित्रद्वारा उक्त मानअनुसार शिवलिङ्गस्थापना गर्नुपर्ने निर्देशन गरिएको छ ।

पञ्चसूत्री-निर्णय

अब पञ्चसूत्रीको निर्णय गरिन्छ । **गौतमीतन्त्र**अनुसार पञ्चसूत्रअन्तर्गत शिवलिङ्गको मस्तक विस्तार, लिङ्गको उँचाइ, लिङ्गको गोलाइ, लिङ्गवेदी र प्रणाली रहेका छन् । ती पाँचसूत्रहरूको निरूपण गरिँदैछ ।

१. लिङ्गमस्तकविस्तार – लिङ्गको ऊर्ध्वभागको वरिपरिको परिधि अर्थात् घेरो ।

२. लिङ्गको उचाइ- शिवलिङ्गको जलहरि (योनि वा अर्घ) भन्दा लिङ्गको माथिल्लो भाग अर्थात् लिङ्गको उचाइ ।

३. परिधि- शिवलिङ्गको तल्लो भागमा रहेको योनिको जस्तो आकार वा अर्घको जस्तो आकार वा जलहरिको आकार भएको क्षेत्रको वरिपरिको घेरो । जसको प्रमण लिङ्गौच्च्यको तीनगुना हुन्छ ।

४. पीठ – जलहरि (योनि वा अर्घ) को उचाइ र जलहरिभन्दा तलको ढुङ्गा वा इँटको उचाइसमेतको भाग । जसको प्रमाण लिङ्गौच्च्यभन्दा दुईगुना अग्लो हुन्छ ।

५. प्रणालिका – जलहरि (योनि वा अर्घ)को उत्तरपट्टि रहेको शिवजीलाई स्नान गराउँदा जल वा निर्माल्य झर्ने नाली यी पाँचविषयको निर्णय गर्ने सूत्र अर्थात् आधारभूत विषयलाई पञ्चसूत्री निर्णय भनिन्छ ।

पञ्चसूत्रीको व्याख्या – शिवलिङ्गको शीर्षभागको वरिपरिको घेरो, शिवलिङ्गको जति उचाइ छ त्यति नै कायम गर्नुपर्दछ । शिवलिङ्गको शीर्षभागको घेरोको ३ गुना ठूलो धागोद्वारा शिवलिङ्गलाई वरिपरि तीनपटक बेर्न पुग्ने गरी शिवलिङ्गको मोटाइ बनाउनुपर्दछ । शिवलिङ्गको मोटाइ जलहरि वा योनि वा अर्घको बीचमा टम्म मिल्ने गरी जलहरिको तल्लो भागदेखि माथि र जलहरिको तल्लोभागदेखि तल वृत्ताकार वा वर्गाकार (लम्बाइ-चौडाइ बराबर भएको) खाडल बनाई पीठमाथि शिवलिङ्गलाई सिधा हुने गरी स्थापित गर्नुपर्दछ । यसो गर्दा जलहरि र सोभन्दा तल रहेको ढुङ्गा वा इँटको उचाइ गरी पीठको उचाइ लिङ्गको उचाइको दुईगुना हुन जान्छ । पीठको उत्तरपट्टिको भागको बीचमा लिङ्गको मोटाइ वा उचाइको दुईगुना माथि लिङ्गको उचाइको १/३ भागद्वारा जल बग्ने प्रणाली (नाली) को घाँटी बनाउनुपर्दछ । यसको तलमाथि बराबरको दुई अथवा तीनवप्र (जलहरिको छेउदेखि तीनचापाकार रेखाद्वारा बन्ने क्षेत्र) बनाउनुपर्दछ । लिङ्गको वरिपरिको घेराको १/६ भाग चौडा हुने गरी पीठको वरिपरि बाहिरी मेखला बनाउनुपर्दछ । यो मेखलाको भित्रपट्टिको वप्रक्षेत्रको गहिराइ पनि लिङ्गौच्च्यको १/६ भाग नै गर्नुपर्दछ । पीठभन्दा बाहिरपट्टि लिङ्गौच्च्य वा पीठको आधा भाग लामो भएको फेदपट्टि लम्बाइ र चौडाइ समान भएको लिङ्गविस्तारको १/३ गहिरो भएको पीठमा जस्तै मेखलाले युक्त भएको प्रणाली (नाली) अर्थात् जल बग्ने बाटो बनाउनुपर्दछ । यसमा अरू प्रमाण **सिद्धान्तशेखर** र **शैवागम**हरूमा हेर्नुपर्दछ ।[८३]

शिवसूर्यार्चनं विना सर्वत्र शंखस्य उपयोगिता

तिथितत्त्वे ब्राह्मे – **सर्वत्रैव प्रशस्तोऽब्जः शिवसूर्यार्चनं विना ।**

शिव-सूर्यार्चनमा शङ्खग्रहणनिषेध

तिथितत्त्वमा ब्रह्मपुराणको वचन छ कि – शिव र सूर्यको पूजामा बाहेक अन्यत्र शङ्खवादन उत्तम मानिएको छ।

गृहे लिङ्ग-शालग्राम-चक्रादीनां संख्याविषये विचारः

तत्रैव वाराहपाद्मयोः –

गृहे लिङ्गद्वयं नार्च्यं शालग्रामद्वयं तथा । द्वे चक्रे द्वारकायास्तु नार्च्यं सूर्यद्वयं तथा ।।
शक्तित्रयं तथा नार्च्यं गणेशत्रयमेव च । द्वौ शङ्खौ नार्चयेच्चैव भग्नां च प्रतिमां तथा ।।

---

८३. पञ्चसूत्रीव्याख्यामा प्रा. श्री श्रीकृष्ण अधिकारीको सहयोग रहेको छ ।

नार्चयेच्च तथा मत्स्यकूर्मादिदशकं तथा । गृहेऽग्निदग्धा भग्नाश्च नार्चाः पूज्या वसुन्धरे ।।
एतासां पूजनान्नित्यमुद्वेगं प्राप्नुयाद् गृही ।। शालग्रामाः समाः पूज्याः समेषु द्वितयं नहि ।।
विषमा नैव पूज्यास्तु विषमेष्वेक एव हि । शालग्रामशिला भग्ना पूजनीया सचक्रका ।।
खण्डिता स्फुटिता वापि शालग्रामशिला शुभा ।।

घरमा शिवलिङ्ग, शालग्राम आदिको संख्यासम्बन्धी विचार

वाराहपुराण र पद्मपुराणमा भनिएको छ – घरमा दुईलिङ्ग, दुईशालग्राम, दुईद्वारका(गोमती)चक्र र दुईसूर्यको पूजा गर्नुहुँदैन । तीनशक्ति, तीनगणेश, दुईशङ्ख र टुटे-फुटेका प्रतिमाको पूजा गर्नुहुँदैन । मत्स्य, कूर्म आदि दशअवतारको एकैचोटि पूजा गर्न हुँदैन । अग्निले डढेका र टुटे-फुटेका प्रतिमाहरूको घरमा पूजा गर्न हुँदैन । यस्ता मूर्तिहरूको पूजा गर्नाले गृहस्थले नित्य उद्वेग प्राप्त गर्दछ । शालग्रामको पनि सममात्रामा अर्थात् चार, छ, आठ आदि संख्यामा पूजा गर्नुपर्दछ । तर दुईशालग्रामको पूजा गर्न हुँदैन । विषमशालग्रामको पूजा कहिले पनि गर्न हुँदैन तर विषममध्ये एकसंख्याको शालग्रामको पूजा गर्न हुन्छ । टुटे-फुटेको भए तापनि शालग्रामको चक्राङ्कितशिला उत्तम मानिएको छ । चक्राङ्कितशिलामा पूजा गर्नुपर्दछ ।

सुवर्णसहितशालग्रामशिलादाने पृथ्वीदानफलम्

वाराहे – दद्याद्भक्ताय यो देवि! शालग्रामशिलां नरः। सुवर्णसहितां दिव्यां पृथ्वीदानफलं लभेत्।।

सुवर्णसहित शालग्राम दान गर्दा पृथिवीदानको फलप्राप्ति

वाराहपुराणमा लेखिएको छ कि – मनुष्यले भक्तिभावपूर्वक सुवर्णसहित दिव्य शालग्रामशिला भगवान्का भक्तलाई प्रदान गर्दछ भने त्यसले पृथिवीदान गरेको फल प्राप्त गर्दछ ।

शतसङ्ख्याकशालग्रामशिलापूजने फलम्

तत्रैव – यः पुनः पूजयेद् भक्त्या शालग्रामशिलाशतम् । तत्फलं नैव शक्तोऽहं वक्तुं वर्षशतैरपि ।।
विष्णुपुराणे – ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रश्च पृथिवीपते । स्वधर्मतत्परो विष्णुमाराधयति नान्यथा।।

नित्य सय शालग्रामको पूजा र त्यसको फल

वाराहपुराणमा नै भनिएको छ कि – जसले भक्तिपूर्वक नित्य शालग्रामशिलाको पूजा गर्दछ त्यसको फल सयवर्षसम्म बताउँदा पनि सकिँदैन । विष्णुपुराणमा भनिएको छ – ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी सबैले आ-आफ्नो धर्ममा तत्पर रहेर विष्णुको आराधना गर्नुपर्दछ । तर आ-आफ्नो धर्मपालन नगरेको अवस्थामा भने शालग्रामको पूजा वा विष्णुको पूजा गर्न हुँदैन ।

अविभक्तानां पृथग्देवपूजाकथनम्

अविभक्तानामपि पृथग्देवपूजामाह प्रयोगपारिजाते आश्वलायनः –
पृथगप्येकपाकानां ब्रह्मयज्ञो द्विजन्मनाम्[८४] । अग्निहोत्रं सुरार्चा च सन्ध्या नित्यं भवेत्पृथक् ।।

८४. मूलमा 'द्विजातीनाम् ' यस्तो पाठ रहेको छ ।

नछुट्टिएका दाजु-भाइहरूले अलग-अलग देवपूजा गर्ने बारे

प्रयोगपारिजातमा आश्वलायनले भनेका छन् – जो अलग-अलग शयन गर्दछन् र भोजन एउटै भान्छामा गर्छन् भने यस्ता नछुट्टिएका दाजुभाइले ब्रह्मयज्ञ, अग्निहोत्र, देवपूजा र सन्ध्या अलग-अलग गर्नुपर्दछ ।

क्षत्रियादिपूजने विचारः

तत्रैव विष्णुधर्मे –

शालग्रामशिलां वापि चक्राङ्कितशिलां तथा । ब्राह्मणः पूजयेन्नित्यं क्षत्रियादिर्न पूजयेत् ।।

इदं स्पर्शसहितपूजाविषयम् ।

क्षत्रियहरूको पूजनमा विचार

विष्णुधर्ममा भनिएको छ – 'चक्राङ्कित शालग्रामशिलाको पूजा ब्राह्मणले नित्य गर्नुपर्दछ तर क्षत्रियहरूले गर्नु हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो भनाइ स्पर्शपूर्वक गरिने पूजाका लागि हो । क्षत्रिय आदिले पनि स्पर्श नगरीकन पूजा गर्न हुन्छ ।

स्त्रीशूद्रादीनां केशवशिवस्पर्शनविचारः

शूद्रो वाऽनुपनीतो वा नारी वा पतितोऽपि वा । केशवं वा शिवं वापि स्पृष्ट्वा नरकमश्नुते ।।
ब्राह्मण्यपि हरं विष्णुं न स्पृशेच्छ्रेय इच्छती । सनाथा मृतनाथा वा तस्या नास्तीह निष्कृतिः ।।
स्त्रीणामनुपनीतानां शूद्राणां च जनेश्वरः । स्पर्शने नाधिकारोऽस्ति विष्णोर्वा शङ्करस्य वा ।।

इति स्कान्दात् । स्पर्शरहिता तु तयोर्भवत्येव ।

शालग्रामं न स्पृशेत्तु हीनवर्णो वसुन्धरे । स्त्रीशूद्रकरसंस्पर्शो वज्रस्पर्शाधिको मतः ।।
मोहाद्यः संस्पृशेच्छूद्रो योषिद्वापि कदाचन । स्वपते नरके घोरे यावदाभूतसंप्लवम् ।।
यदि भक्तिर्भवेत्तस्य स्त्रीणां वापि वसुन्धरे । दूरादेवास्पृशन् पूजां कारयेत्सुसमाहितः ।।

इति वाराहोक्तेः । शालग्रामशिलामात्रनिषेधो न प्रतिमादौ –

सर्ववर्णैस्तु सम्पूज्याः प्रतिमाः सर्वदेवताः । लिङ्गान्यपि तु पूज्यानि मणिभिः कल्पितानि च ।।

इति तत्रैवोक्तेः ।

नारी, अनुपनीत वटु आदिलाई प्रतिमा र लिङ्गस्पर्श गर्न अनधिकार

स्कन्दपुराणमा भनिएको छ – स्त्रीहरू, उपनयन नगरेका द्विजहरू, पतित र शूद्रहरूलाई पनि विष्णु र शङ्करका प्रतिमा वा लिङ्गको स्पर्श गर्ने अधिकार छैन । तर, स्पर्श नगरीकन ती सबैले ती दुवैको पूजा गर्न हुन्छ । **वाराहपुराणमा** भनिएको छ – हीन जातिका व्यक्तिले शालग्रामको स्पर्श गर्न हुँदैन । स्त्री र शूद्रको हातबाट शालग्रामको स्पर्श भयो भने त्यो वज्रभन्दा पनि अधिक कष्टदायक हुन्छ । कुनै शूद्र वा स्त्रीले मोहपूर्वक शालग्रामको स्पर्श गरेमा तिनीहरूको प्रलयपर्यन्त नरकमा बास हुन्छ । यदि नारी र शूद्रहरूमा शालग्रामप्रति भक्ति छ भने तिनीहरूले टाढैबाट स्पर्श नगरीकन सावधान भएर पूजाकर्म गर्नुपर्दछ । शालग्रामशिलाको स्पर्श निषिद्ध छ तर देवप्रतिमाको स्पर्श निषिद्ध छैन भन्दै त्यहीँ बताइएको छ – सबै देवताहरूको प्रतिमा, कल्पितप्रतिमा एवं मणिलिङ्गको सबै वर्णका मानिसहरूले पूजा गर्नुपर्दछ ।

वर्णिभिः पूज्यानां लिङ्गादीनां सङ्ख्याविचारः

चत्वारो ब्राह्मणैः पूज्यास्त्रयो राजन्यजातिभिः । वैश्यैर्द्वावेव सम्पूज्यौ तथैकः शूद्रजातिभिः ।।

इति स्कान्दाच्च । अन्ये तु दीक्षितादीक्षितविषयत्वेन व्यवस्थामाहुः ।

वर्णको आधारमा पूजा गरिने प्रतिमा-लिङ्ग आदिको सङ्ख्या

स्कन्दपुराणमा भनिएको छ – 'ब्राह्मणले चारप्रतिमा वा चारलिङ्गको पूजा गर्नुपर्दछ, क्षत्रियले तीनप्रतिमा वा लिङ्गको, वैश्यले दुईप्रतिमा वा लिङ्गको र शूद्रजातिका मानिसहरूले एकप्रतिमा वा लिङ्गको पूजा गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – अरूले भने दीक्षित र अदीक्षितका भेदबाट पूजा गरिने लिङ्ग एवं प्रतिमाको संख्यानिर्धारण गर्नुपर्दछ ।

द्रव्यानुसारेण प्रतिमाया नव भेदाः

विष्णुधर्मे – **तयोरसम्भवेऽर्चा वै सा चेह नवधा स्मृता । रत्नजा हेमजा चैव राजती ताम्रजा तथा।।**

रैतिक्यर्चा तथा लौही शैलजा द्रुमजा तथा । अधमाधमा च विज्ञेया मृन्मयी प्रतिमा च या ।।

एषां फलानि तत्रैव ज्ञेयानि ।

द्रव्यअनुसार नौप्रकारका प्रतिमा

विष्णुधर्ममा – 'लिङ्ग र मणिलिङ्गको अभावमा नौप्रकारको प्रतिमा बताइएको छ । तदनुसार रत्न, सुवर्ण, चाँदी, ताँबो, पित्तल, फलाम, शिला, काठ र माटाको प्रतिमा बनाउनुपर्दछ । माटोद्वारा तयार गरिएका प्रतिमालाई अधम प्रतिमा जान्नुपर्दछ।' ग्रन्थकार भन्दछन् – यी प्रतिमाहरूमा पूजा गर्दा प्राप्त गरिने फलको विषयमा **विष्णुधर्म**बाट अवगत गर्नुपर्दछ।

गृहे चतुरङ्गुलाधिकमूर्तिपूजाविचारः

नार्च्या गृहेऽश्मजा मूर्तिश्चतुरङ्गुलतोऽधिका । न वितस्त्यधिका धातुसम्भवा श्रेय इच्छता ।।

एवं लक्षणसम्पन्ना पारंपर्यक्रमागता । उत्तमा सा तु विज्ञेया गुरुदत्तापि तत्समा ।।

तत्रैव पाद्मे शालग्रामं प्रक्रम्य –

तत्राप्यामलकीतुल्या पूज्या सूक्ष्मैव या भवेत् । यथा यथा शिला सूक्ष्मा तथा स्यात्तु महत्फलम्।।

घरमा चारअङ्गुलभन्दा ठूला प्रतिमाको पूजा गर्न निषेध

कल्याणको कामना गर्ने मानिसले घरमा चारअङ्गुलभन्दा अधिक परिमाणको शिलाको मूर्ति पूज्न हुँदैन । एकबित्ताभन्दा अधिक परिमाणको धातुमूर्तिको पूजा गर्नुहुँदैन । यसप्रकार लक्षणले युक्त परम्पराबाट पूजिँदै आएको मूर्तिलाई उत्तम मूर्ति जान्नुपर्दछ । गुरुले कृपा गरेर दिएको मूर्ति पनि अत्यन्त उत्तम मानिन्छ । **पद्मपुराणमा** शालग्रामको वर्णन प्रारम्भ गर्दै भनिएको छ – शालग्रामहरूमा पनि अमलाको दानासमान आकारको जुन सूक्ष्म शालग्रामशिला हुन्छ त्यो नै पूजनीय हुन्छ । जति शिला सूक्ष्म हुन्छ, उत्तिनै त्यसको पूजनबाट ठूलो फल प्राप्त हुन्छ ।

शालग्रामशिवनाभिपरीक्षाकथनम्

तथा – **यवमात्रं तु गर्तः स्याद्यवार्द्धं लिङ्गमुच्यते । शिवनाभिरिति ख्यातस्त्रिषु लोकेषु दुर्लभः ।।**

तत्रैव – **शालग्राममयी मुद्रा संस्थिता यत्र कुत्रचित् । वाराणस्या यवाधिक्यं समन्ताद्योजनत्रयम्।।**

शिवनाभिनामक सूक्ष्मशालग्राम रहने भूमिको पवित्रता

जौको आकारको शिवशालग्रामलाई गर्त भनिन्छ । त्यो गर्तको आधा परिमाणको शिवशालग्राम लिङ्ग हुन्छ। यस्तो चक्ररहित सूक्ष्मलिङ्गलाई शिवनाभि भन्दछन् । यो शिवनाभि तीनै लोकमा दुर्लभ मानिएको छ । **पद्मपुराणमा** नै भनिएको छ कि जहाँ कहीँ शालग्रामको मुद्रा रहेको हुन्छ, चारैतिरबाट मापन गर्दा तीनयोजनसम्मको त्यो क्षेत्र वाराणसीभन्दा पनि पुण्यदायक मानिन्छ ।

शालग्रामशिलासमीपे मरणे मोक्षकथनम्

यो मृतस्तत्समीपे तु मृतो वा नीयतेऽन्तिकम् । स वै मोक्षमवाप्नोति सत्यं सत्यं न चान्यथा ।।

तत्रैव – **चक्राङ्कमिथुनं पूज्यं नैकं चक्राङ्कमर्चयेत् । चक्राङ्कमिथुनात्सार्द्धं शालग्रामं प्रपूजयेत् ।।**

तत्रैव वाराहे – **म्लेच्छदेशे शुचौ वापि चक्राङ्को यत्र तिष्ठति । योजनानां तथा त्रीणि मम क्षेत्रं वसुन्धरे।।**

तत्रैव शालग्रामं – **प्रक्रम्य – क्रयक्रीता परिज्ञेया मध्यमा याचिताऽधमा ।** प्रयोगपारिजाते वाराहे–

एवं लक्षणसम्पन्ना पारम्पर्यक्रमागता । उत्तमा सा तु विज्ञेया गुरुदत्तापि तत्समा ।।

शालग्रामशिला समीपमा मृत्यु हुँदा मोक्षप्राप्ति

जुन मानिसले शालग्रामशिलाको समीपमा प्राणत्याग गर्दछ अथवा जसलाई अन्यत्र मरेपछि शालग्रामशिलाको समीपमा पुऱ्याइन्छ त्यस्ता दुईथरि मानिसहरूले निश्चय नै मोक्ष प्राप्त गर्दछन् । यो सत्य कुरा हो, यसमा अन्यथा हुँदैन । पद्मपुराणमा नै भनिएको छ – चक्राङ्क अर्थात् शालग्रामको युग्मपूजा गर्नुपर्दछ । एकशालग्रामको पूजा गर्नुहुँदैन ।

वाराहपुराणमा भनिएको छ – म्लेच्छदेश वा पवित्रदेश जहाँ चक्राङ्क (शालग्राम) रहेको हुन्छ त्यहाँको तीनयोजनसम्म फैलिएको क्षेत्र नारायणको क्षेत्र मानिन्छ । **पद्मपुराणमा** नै शालग्रामको वर्णन प्रारम्भ गर्दै भनिएको छ – जुन शालग्रामशिला मूल्य दिएर खरिद गरिन्छ त्यसलाई मध्यम मान्नुपर्दछ, जसलाई मागेर प्राप्त गरिन्छ त्यसलाई अधम मान्नुपर्दछ । प्रयोगपारिजातमा **वाराहले** भनेका छन् – लक्षणसम्पन्न कुलपरम्पराबाट प्राप्त शालग्राम उत्तम मानिन्छ । गुरुले दिएको शालग्राम पनि उत्तम मानिन्छ ।

पार्थिवपूजाकथनम्

अथ पार्थिवपूजा । नन्दिपुराणे –

आयुष्मान् बलवान् श्रीमान् पुत्रवान् धनवान् सुखी । वरमिष्टं लभेल्लिङ्गं पार्थिवं यः समर्चयेत्।

तस्मात्तु पार्थिवं लिङ्गं ज्ञेयं सर्वार्थसाधकम् ।। तत्रैव –

गोभूहिरण्यवस्त्रादिबलिपुष्पनिवेदने । ज्ञेयो नमः शिवायेति मन्त्रः सर्वार्थसाधकः।।

सर्वमन्त्राधिकश्चायमोङ्काराद्यः षडक्षरः ।।

पार्थिवपूजाको फल

अब पार्थिवपूजाको विषयमा विचार गरिन्छ । **नन्दिपुराणमा** भनिएको छ – जसले पार्थिवलिङ्गको पूजा गर्दछ त्यसले आयु, बल, लक्ष्मी, पुत्र, धन, सुख र इच्छितफल प्राप्त गर्दछ । त्यसकारण पार्थिवलिङ्गले सबै अर्थहरूको प्राप्ति गराउँछ भन्ने कुरा बुझ्नुपर्दछ । **नन्दिपुराणमा** नै फेरि भनिएको छ कि गाई, पृथिवी, सुवर्ण, वस्त्र, बलि तथा पुष्पको

निवेदन गर्दा **नमः शिवाय** मन्त्र सर्वोत्तम र सर्वार्थसाधक हुन्छ भन्ने कुरा जान्नुपर्दछ । यस मन्त्रको शिरमा **ॐकार** लगाउँदा षडक्षर मन्त्र बन्दछ अर्थात् **ॐ नमः शिवाय** बन्दछ । यो मन्त्र सबै मन्त्रहरूमा उत्तम मन्त्र हो ।

शिवस्य प्रसिद्धमूर्तीनां पूर्वादिक्रमेण स्थापनविचारः

भविष्ये – **मूर्तयोऽष्टौ शिवस्यैताः पूर्वादिक्रमयोगतः । आग्नेय्यन्ताः प्रपूज्यास्तु वेद्यां लिङ्गे शिवं यजेत् ।।**

अत्र '**न प्राचीमग्रतः शम्भोः**' इति रुद्रयामले निषेधान्नान्तरालं शिवं प्राची किन्तु प्रसिद्धैव ।

तिथितत्त्वे देवीपुराणे – **मृदाहरणसङ्घट्टे प्रतिष्ठाह्वानमेव च । स्नपनं पूजनं चैव विसर्जनमतः परम् ।।**

हरो महेश्वरश्चैव शूलपाणिः पिनाकधृक् । शिवः पशुपतिश्चैव महादेव इति क्रमात् ।

पूर्वादिक्रमले शिवका प्रसिद्ध मूर्तिहरूको स्थापना

भविष्यपुराणमा भनिएको छ – शिवका आठमूर्ति हुन्छन् । तिनलाई पूर्वादिक्रमले आग्नेयकोणसम्म क्रमशः पूजन गर्नुपर्दछ र वेदीमा लिङ्गको स्थापना गरी भगवान् शिवको पूजा गर्नुपर्दछ । **रुद्रयामलग्रन्थ**मा पूर्वाभिमुख भएर शिवको पूजा गर्न हुँदैन भनी निषेध गरिएको छ । दुईदिशाको बीचमा पर्ने अन्तराललाई पनि लिन हुँदैन । पूर्वदिशा लिँदाखेरि प्रसिद्ध पूर्वदिशालाई नै लिनुपर्दछ, अन्तराललाई लिनु हुँदैन ।

तिथितत्त्वमा **देवीपुराण**को वचन छ – **हराय नमः** यस मन्त्रले चोखो ठाउँबाट माटो ल्याई त्यसलाई शुद्ध बनाएर त्यसमा पवित्र जल छर्केपछि **महेश्वराय नमः** यस मन्त्रद्वारा जल र माटो मिलाएर पिण्ड तयार गर्नुपर्दछ । त्यस पिण्डबाट शिवलिङ्ग तयार गर्नुपर्दछ । त्यसपछि **शूलपाणये नमः** यस मन्त्रले शिवलिङ्गको प्रतिष्ठा गर्नुपर्दछ । **पिनाकधृते नमः** मन्त्रले आवाहन गरी पञ्चाक्षर मन्त्र **शिवाय नमः** द्वारा पाद्य, अर्घ्य, आचमनीय जल दिएर **पशुपतये नमः** मन्त्रले शुद्धोदकद्वारा स्नान गराउनुपर्दछ । त्यसपछि **महादेवाय नमः** मन्त्रले आचमनीय, वस्त्र, यज्ञोपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, फल, ताम्बूल, दक्षिणा टक्र्याएर नीराजन, प्रदक्षिणा र नमस्कार गर्नुपर्दछ ।

बिल्वस्य शुष्कपत्रसमर्पणम्

स्कान्दे – **शुष्काण्यपि च पत्राणि श्रीवृक्षस्य निवेदयेत् ।** तत्रैव भविष्ये –

धत्तूरकैश्च यो लिङ्गं सकृत्पूजयते नरः । स गोलक्षफलं प्राप्य शिवलोके महीयते ।।

बेलका सुकेका पात पनि शिवलाई प्यारो लाग्ने बारे

स्कन्दपुराणमा भनिएको छ कि बेलका सुकेका पात पनि भगवान् शिवलाई निवेदन गर्नुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ – जुन मानिसले एकपटक भए पनि धतुराको पातद्वारा लिङ्गको पूजा गर्दछ त्यसले एकलाख गाईदान गरेको फल प्राप्त गरी अन्तमा शिवलोकमा बस्ने पुण्य अवसर प्राप्त गर्दछ ।

धत्तूरपुष्पद्वारा शिवलिङ्गपूजनफलम्

तत्रैव भविष्ये– **धत्तूरकैश्च यो लिङ्गं सकृत् पूजयते नरः । स गोलक्षफलं प्राप्य शिवलोके महीयते।।**

धतुरो अर्पण गरी शिवलिङ्गपूजनको फल

भविष्यपुराणमा नै भनिएको छ – जुन मानिसले धतूरो चढाई शिवलिङ्गमा पूजा गर्दछ त्यसले एकलाख गाईदान गरेको पुण्य प्राप्त गर्दछ र त्यो अन्तमा शिवलोकमा गई सुहाउँछ ।

देवताविशेषे वाद्यविशेषनिषेधः

योगिनीतन्त्रे – **शिवागारे झल्लकं च सूर्यागारे च शङ्खकम् । दुर्गागारे वंशवाद्यं मधुरीं च न वादयेत्।।**

देवताविशेषका लागि निषिद्ध गरिएका वाद्यविशेष

योगिनीतन्त्रमा भनिएको छ कि शिवजीको मन्दिरमा झल्लक अर्थात् काँसको करताल वा झ्याँझ, सूर्यको मन्दिरमा शङ्ख, दुर्गाको मन्दिरमा बाँसुरी र मधुरी अर्थात् बाँसुरीकै आकारको सानो वाद्यविशेष बजाउन हुँदैन । ब्रह्माको मन्दिरमा दमाहा र लक्ष्मीको मन्दिरमा घण्ट बजाउन हुँदैन ।

शिवनिर्माल्यस्नानम्

श्राद्धहेमाद्रौ स्कान्दे – **स्पृष्ट्वा रुद्रस्य निर्माल्यं सवासा आप्लुतः शुचिः** । प्रयोगपारिजाते क्रियासारे– **मध्यमानामिकामध्ये पुष्पं संगृह्य पूजयेत् । अङ्गुष्ठतर्जन्यग्राभ्यां निर्माल्यमपनोदयेत् ।।**

शिवनिर्माल्य-स्नान

श्राद्धहेमाद्रिमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – रुद्रको निर्माल्य (शिवजीलाई स्नानादि गराएको जल) स्पर्श गरेर वस्त्रसहित स्नान गरेपछि मात्र मानिस शुद्ध हुन्छ ।

प्रयोगपारिजातमा उद्धृत **क्रियासार**को वचनमा भनिएको छ – मध्यमा र अनामिकाको बीचमा धारण गरिएको पुष्पद्वारा पूजा गर्नुपर्दछ र बूढी औंला एवं तर्जनीले निर्माल्य हटाउनुपर्दछ ।

चण्डेशाय शिवनिर्माल्यार्पणम्

अपनीतं च निर्माल्यं चण्डेशाय निवेदयेत् । अशून्यमस्तकं लिङ्गं सदा कुर्वीत पूजकः ।।

चण्डेशलाई शिवनिर्माल्य अर्पण

शिवलिङ्गबाट निर्माल्य हटाई चण्डेशलाई अर्पण गर्नुपर्दछ । शिवपूजन गर्ने उपासकले शिवलिङ्गलाई रित्तो राख्नु हुँदैन।

सूतकादौ शिवपूजनविचारः

शूलपाणौ लैङ्गे – **वरं प्राणपरित्यागः शिरसो वापि कर्तनम् । न चैवापूज्य भुञ्जीत शिवलिङ्गे महेश्वरम्।।**
सूतके मृतके चैव न त्याज्यं शिवपूजनम् ।

सूतकमा शिवपूजनसम्बन्धी विचार

शूलपाणिमा उद्धृत **लिङ्गपुराण**को वचनमा भनिएको छ – बरु प्राण त्याग्ने काम उत्तम हुन्छ अथवा टाउको छिनाल्ने काम उत्तम हुन्छ तर शिवलिङ्गमा भगवान् शिवको पूजा नगरीकन भोजन गर्नु उत्तम हुँदैन । सूतक र मृतक आशौचमा पनि शिवपूजनको त्याग गर्न हुँदैन अर्थात् आफूले नगरी अरू व्यक्तिहरूद्वारा गराउनुपर्दछ ।

विना भस्मत्रिपुण्ड्रादौ पूजनविचारः

तिथितत्त्वे लैङ्गे – **विना भस्मत्रिपुण्ड्रेण विना रुद्राक्षमालया । पूजितोऽपि महादेवो न स्यात्तस्य फलप्रदः ।।**
तस्मान्मृदापि कर्तव्यं ललाटे वै त्रिपुण्ड्रकम् ।।

भस्मत्रिपुण्ड्र धारण नगरी शिवपूजा गर्न निषेध

तिथितत्त्वमा लिङ्गपुराणको वचन छ कि भस्मको त्रिपुण्ड्र नलगाईकन र रुद्राक्षको माला धारण नगरीकन यदि कसैले महादेवको पूजा गर्दछ भने त्यो पूजा फलदायक हुँदैन । तसर्थ माटोद्वारा भए पनि निधारमा त्रिपुण्ड्र धारण गर्नुपर्दछ।

रुद्राक्षधारणे विशेषफलकथनम्

रुद्राक्षधारणे विशेषः शिवरहस्ये –

एकवक्त्रः शिवः साक्षाद् ब्रह्महत्यां व्यपोहति । अवध्यत्वं प्रतिस्त्रोतो वह्निस्तम्भं करोति च ।।

द्विवक्त्रो हरगौरी स्याद् गोवधाद्यघनाशकृत् । त्रिवक्त्रो ह्यग्निजन्माथ पापराशिं प्रणाशयेत् ।।

चतुर्वक्त्रः स्वयं ब्रह्मा नरहत्यां व्यपोहति । पञ्चवक्त्रस्तु कालाग्निरगम्याभक्ष्यपापनुत् ।।

षड्वक्त्रस्तु गुहो ज्ञेयो भ्रूणहत्यादि नाशयेत् । सप्तवक्त्रस्त्वनन्तः स्यात्स्वर्णस्तेयादिपापहृत् ।।

विनायकोऽष्टवक्त्रः स्यात्सर्वानृतविनाशकृत् । भैरवो नववक्त्रस्तु शिवसायुज्यकारकः ।।

दशवक्त्रः स्मृतो विष्णुर्भूतप्रेतभयापहः । एकादशमुखो रुद्रो नानायज्ञफलप्रदः ।।

द्वादशास्यस्तथादित्यः सर्वरोगनिवर्हणः । त्रयोदशमुखः कामः सर्वकामफलप्रदः ।।

चतुर्दशास्यः श्रीकण्ठो वंशोद्धारकरः परः ।। इति ।

एकमुखेदेखि चौधमुखेसम्मका रुद्राक्षको धारण र त्यसको फल

शिवरहस्यमा भनिएको छ कि – एकमुख भएको रुद्राक्ष साक्षात् **शिवस्वरूप** हो । त्यसलाई धारण गर्दा ब्रह्महत्यासम्मका पाप नाश हुन्छन् । त्यसले मानिसलाई अवध्यत्व प्रदान गर्दछ अर्थात् त्यो मानिस कसैद्वारा पनि मारिँदैन। अग्निको स्तम्भन गर्दछ अर्थात् विपरीत प्रवाहबाट आएको अग्निलाई पनि रोकी दिन्छ । भनाइको तात्पर्य के हो भने प्रवाहद्वारा फैलिएका अग्निका विशाल ज्वालाहरूलाई पनि एकमुखे रुद्राक्षले स्तम्भन गरेर शान्त बनाइदिन्छ ।

दुई मुख भएको रुद्राक्षलाई **हरगौरीरुद्राक्ष** भनिन्छ, त्यसले गोवध गरेका पापसमेत नाश गरिदिन्छ । तीनमुखको रुद्राक्षलाई **अग्निजन्मा** भनिन्छ, त्यसले पापको समूहलाई खरानी तुल्याउँछ । चारमुख भएको रुद्राक्ष **ब्रह्माको स्वरूप** मानिएको छ त्यसले मानिसले गरेका ब्रह्महत्यादि पापहरू नाश गरिदिन्छ । पाँचमुख भएको रुद्राक्षलाई **कालाग्नि** भनिन्छ यसलाई धारण गर्ने मानिसले अगम्या स्त्रीसँग सम्पर्क भएको पापलाई नष्ट गरिदिन्छ, यसैगरी यस रुद्राक्षले नखाने कुरा खाएको पाप पनि नाश गरिदिन्छ । छमुख भएको रुद्राक्षलाई **गुह** भनिन्छ त्यसले भ्रूणहत्या अर्थात् गर्भहत्याको नाश गर्दछ। सातमुख भएको रुद्राक्षलाई **अनन्त** भनिन्छ त्यसलाई धारण गर्दा सुन चोरेको पाप नष्ट हुन्छ । आठमुख भएको रुद्राक्षलाई **विनायक** भनिन्छ त्यसले असत्यभाषणका पापहरू नाश गर्दछ । नौमुख भएको रुद्राक्षलाई **भैरव** भनिन्छ त्यसको धारण गर्नाले शिवसायुज्य प्राप्त हुन्छ । दशमुख भएको रुद्राक्षलाई **विष्णु** भनिन्छ त्यसको धारण गर्नाले भूत, प्रेतका भय नाश हुन्छन् । एघारमुखको रुद्राक्षलाई **रुद्र** भनिन्छ यसलाई धारण गर्दा अनेकौं यज्ञ गरेका फल प्राप्त हुन्छन् । बाह्रमुखको रुद्राक्षलाई **आदित्य** भनिन्छ यसलाई धारण गर्दा अनेकौं रोग नष्ट हुन्छन् । तेह्रमुखको रुद्राक्षलाई **काम** भनिन्छ यसको धारण गर्नाले मानिसका सबै कामनाहरू परिपूर्ण हुन्छन् । चौधमुखको रुद्राक्षलाई **श्रीकण्ठ** भनिन्छ यसको धारण गर्नाले वंशको उद्धार हुन्छ ।

रुद्राक्षादिधारणे तत्प्रतिष्ठायां च विचारः

तथा – **विना मन्त्रेण यो धत्ते रुद्राक्षं भुवि मानवः । स याति नरकान् घोरान् यावदिन्द्राश्चतुर्दश । पञ्चामृतं पञ्चगव्यं स्नानकाले प्रयोजयेत् । रुद्राक्षस्य प्रतिष्ठायां मन्त्रं पञ्चाक्षरं तथा ।। त्र्यम्बकादिकमन्त्रं च तथा तत्र प्रयोजयेत् ।।**

यद्वा – **'ॐ अघोर ॐ ह्रैं अघोरतर ॐ ह्रौं ह्रां नमस्ते रुद्ररूपाय ह्रैं स्वाहा'** अनेनाऽभिमन्त्र्य धारयेत्।

रुद्राक्षधारण र प्रतिष्ठासम्बन्धी विचार

जुन मनुष्यले पृथिवीमा विनामन्त्र रुद्राक्ष धारण गर्दछन् तिनीहरू जबसम्म चौध इन्द्रको शासन चल्छ तबसम्म घोर नरकमा रहन्छन् । स्नानगर्दा पञ्चामृत र पञ्चगव्यको प्रयोग गर्नुपर्दछ । रुद्राक्षको प्रतिष्ठा गर्दा पञ्चाक्षर **नमः शिवाय** र **त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । ऊर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात् ।।** (ऋ. ७/५९/१२) अथवा **ॐ अघोर ॐ ह्रैं अघोरतर ॐ ह्रौं ह्राँ नमस्ते रुद्ररूपाय ह्रैं स्वाहा** यी मन्त्रहरूद्वारा रुद्राक्षलाई अभिमन्त्रित गरी धारण गर्नुपर्दछ ।

कामनाभेदेन रुद्राक्षधारणादौ विचारः

तथा – **अष्टोत्तरशतं कार्या चतुष्पञ्चाशदेव वा । सप्तविंशतिमाना वा ततो हीनाधमा स्मृता ।।**

प्रजापतिः – **मोक्षार्थी पञ्चविंशत्या धनार्थी त्रिंशता जपेत् । पुष्ट्यर्थी पञ्चविंशत्या पञ्चदश्याभिचारके।। सप्तविंशतिरुद्राक्षमालया देहसंस्थया । यत्करोति नरः पुण्यं सर्वं कोटिगुणं भवेत् ।। यो ददाति द्विजेभ्यश्च रुद्राक्षं भुवि सम्मुखम् । तस्य प्रीप्तो भवेद्रुद्रः स्वपदं च प्रयच्छति ।।** इति।

कामनाभेदले रुद्राक्षधारणसम्बन्धी विचार

मानिसहरूले रुद्राक्षहरू जम्मा गरी १०८ दाना, ५४ दाना अथवा २७ दानाका मालाहरू बनाउनुपर्दछ । तीभन्दा कम दानाको मालालाई हीन र अधम भनिएको छ । **प्रजापतिले** भनेका छन् – मोक्ष चाहने मानिसले २५ दानाको माला, धनको चाहना गर्नेले ३० दानाको माला, पुष्टि चाहनेले २५ दानाको माला र अभिचार अर्थात् मारणकार्यका लागि प्रतिबद्ध मानिसले १५ दानाको माला बनाउनुपर्दछ । जुन मानिसले शरीरमा २७ दानाको रुद्राक्ष माला धारण गरेर कर्म गर्दछ त्यसले करोडौं गुना पुण्य प्राप्त गर्दछ । जसले यस पृथिवीमा ब्राह्मणहरूका लागि भगवान् शिवको सम्मुखमा रुद्राक्षदान गर्दछ त्यसबाट भगवान् शिव प्रसन्न हुनुहुन्छ र अन्तमा आफ्नो पद दिनुहुन्छ ।

शरीरे संख्याभेदेन रुद्राक्षधारणकथनम्

पदार्थादर्शे वोपदेवः – **रुद्राक्षान् कण्ठदेशे दशनपरिमितान्मस्तके विंशति द्वे
षट् षट् कर्णप्रदेशे करयुगलकृते द्वादश द्वादशैव ।
बाह्वोरिन्दोः कलाभिर्नयनयुगकृते एकमेकं शिखायां
वक्षस्यष्टाधिकं यः कलयति शतकं स स्वयं नीलकण्ठः ।।**

शरीरका अङ्गहरूमा सङ्ख्याभेदले रुद्राक्षधारण

पदार्थादर्शमा वोपदेवले भनेका छन् – घाँटीमा ३२ दाना, मस्तकमा ४० दाना, बायाँ कान एवं दाया कानमा ६–६ दाना, बायाँ हात र दायाँ हातमा १२–१२ दाना, दुवै पाखुराहरूमा १६–१६ दाना, दुवै आँखाहरूमा ४–४ दाना, शिखामा एकदाना र छातीमा १०८ दाना रुद्राक्ष धारण गर्ने मानिसले स्वयं नीलकण्ठ भगवान्को स्वरूप धारण गर्दछ ।

महास्नाने पञ्चामृतस्य परिमाणकथनम्

हेमाद्रौ शिवधर्मे – **स्नानं पलशतं ज्ञेयं अभ्यङ्गं पञ्चविंशतिः । पलानां द्वे सहस्रे तु महास्नानं प्रकीर्तितम्।**

पञ्चविंशत्पलं लिङ्गे त्वभ्यङ्गं कारयेदथ । शिवस्य सर्पिषा स्नानं प्रोक्तं पलशतेन च ।

तावता मधुना चैव दध्ना चैव ततः पुनः । तावतैव च क्षीरेण गव्येनैव भवेत्ततः ।।

भूयः सार्द्धसहस्रेण पलानामैक्षवेण च । रसेन कारयेत्स्नानं भक्त्या चोष्णाम्बुना ततः ।।

विष्ण्वादौ तु स्कान्दे – **क्षीराद्दशगुणं दध्ना घृतेनैव दशोत्तरम् । घृताद्दशगुणं क्षौद्रं क्षौद्राच्चैक्षवजं तथा ।।**

ब्राह्मे – **देवानां प्रतिमा यत्र घृताभ्यङ्गक्षमा भवेत् । पलानि तत्र देयानि श्रद्धया पञ्चविंशतिः ।।**

इदं क्रोडीकृताभिप्रायेण ।

महास्नानमा पञ्चामृतको परिमाण

हेमाद्रिमा उद्धृत **शिवधर्म**को वचन यसप्रकार छ – सयपल पञ्चामृतले शिवजीलाई स्नान गराउनुपर्दछ । २५ पल पञ्चामृतद्वारा अभ्यङ्ग गराउनुपर्दछ र २ हजारपल पञ्चामृतद्वारा महास्नान गराउनुपर्दछ । शिवलिङ्गमा २५ पल पञ्चामृतद्वारा अभ्यङ्ग गराएपछि शिवलाई एकसयपल घ्यूले नुहाइदिनुपर्छ । यसैगरी सय-सयपल मधु (मह), दही र दूधले पनि क्रमशः स्नान गराउनुपर्दछ । भक्तिपूर्वक १५ सय पल उखुको रसले नुहाइदिनुपर्दछ । यसरी विभिन्न पदार्थद्वारा स्नान गराएपछि मन्द तातो जलले नुहाइदिनुपर्दछ । **स्कन्दपुराण**मा भनिएको छ – दूधभन्दा १० गुणा अधिक दही, दहीभन्दा १० गुणा अधिक घ्यू, घ्यूभन्दा १० गुणा अधिक बढी मह र महभन्दा १० गुणा अधिक उखुको रसको परिमाणद्वारा स्नान गराइदिनुपर्दछ । **ब्रह्मपुराण**मा भनिएको छ – 'जहाँ देवताहरूका प्रतिमा हुन्छन् त्यहाँ श्रद्धापूर्वक २५ पल घ्यूद्वारा अभ्यङ्ग गर्नुपर्दछ ।' यो क्रोडीकृत अर्थ हो । यसको तात्पर्य भिन्न-भिन्न स्थानमा बताइएका प्रमाणहरूलाई एकत्रित गरी समुच्चयका रूपमा समर्पण गर्नु भन्ने नै हो ।

विष्वक्सेनादीनां नैवेद्यविभागकथनम्

तत्रैव संग्रहे- **विष्वक्सेनाय दातव्यं नैवेद्यस्य शतांशकम् । पादोदकं प्रसादं च लिङ्गे चण्डेश्वराय तु ।।**

विष्वक्सेन आदिलाई नैवेद्यविभाग

सङ्ग्रहग्रन्थमा भनिएको छ कि पूजा गर्दा विष्वक्सेनका लागि सयभागमा एकभाग नैवेद्य छुट्याउनुपर्दछ । चण्डेश्वरलाई लिङ्गमा पादोदक र प्रसाद चढाउनुपर्दछ ।

पञ्चायतनस्थापनप्रकारः

पञ्चायतनसन्निवेशमाह बोपदेवः । पदार्थादर्शश्च –

शम्भौ मध्यगते हरीनहरभूदेव्यो हरौ शङ्करेभास्येनागसुता रवौ हरगणेशाजाम्बिकाः स्थापिताः।

देव्या विष्णुहरैकदन्तरवयो लम्बोदरैजेश्वरेनाम्बाः शङ्करभागतोऽतिसुखदा व्यस्तास्तु हानिप्रदाः।।

शङ्करभागतः – ईशानकोणादारभ्य प्रदक्षिणमित्यर्थः । अत्र दिक्स्वरूपमुक्तं प्रयोगपारिजाते मन्त्रशास्त्रे –

देवस्य मुखमारभ्य दिशं प्राचीं प्रकल्पयेत् । तदादि परिवाराणामङ्गाद्यावरणस्थितिः ।।

अत्र क्रमः पाद्मे – **रविर्विनायकश्चण्डी ईशो विष्णुस्तु पञ्चमः । अनुक्रमेण पूज्यन्ते व्युत्क्रमे तु महद्भयम्।।**

तथा – **पूज्यपूजकयोर्मध्ये प्राची प्रोक्ता विचक्षणैः ।**

पञ्चायतन-स्थापनाको विचार

पदार्थादर्शमा **बोपदेव**को वचनमा पञ्चायतन देवताहरूको स्थापनाको विषयमा भनिएको छ– '(१) जहाँ बीचमा भगवान् शिव हुनुहुन्छ त्यस शिवपञ्चायतनमा क्रमैले ईशानमा विष्णु, आग्नेयमा सूर्य, नैर्ऋत्यमा गणेश र वायव्यमा देवीको स्थापना गर्नुपर्दछ । (२) जहाँ मध्यमा विष्णु हुनुहुन्छ यस विष्णुपञ्चायतनमा क्रमैले ईशानमा शिव, आग्नेयमा गणेश, नैर्ऋत्यमा सूर्य र वायव्यमा देवीको स्थापना हुन्छ । (३) सूर्यलाई मध्यमा राखिने सूर्यपञ्चायतनमा ईशानमा शङ्कर, आग्नेयमा गणेश, नैर्ऋत्यमा दुर्गा र वायव्यमा विष्णुको स्थापना हुन्छ । (४) गणेश मध्यमा हुने गणेशपञ्चायतनमा ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा सूर्य र वायव्यमा दुर्गाको स्थापना हुन्छ । (५) दुर्गालाई बीचमा राखिने देवीपञ्चायतनमा ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा गणेश र वायव्यमा सूर्यको स्थापना हुन्छ ।

माथि बताएविपरीत क्रमले पञ्चायतनको स्थापना गरियो भने हानि हुन्छ । पञ्चायतनका देवताको स्थापना गर्दा जलिहे पनि ईशानकोणबाट आरम्भ गरेर वायव्यकोणसम्म पुऱ्याउनुपर्दछ । पाञ्चायनको स्थापनामा दिशाको स्वरूप बताउँदै **प्रयोगपारिजात**मा भनिएको छ – देवताको मुखबाट आरम्भ गरेर पूर्वदिशाको कल्पना गर्नुपर्दछ । तदनुसार पञ्चायतन परिवारका सबै देवताहरूको स्थापना गर्नुपर्दछ । त्यसैक्रमले अङ्ग र आवरणको पनि रचना गर्नुपर्दछ ।

पद्मपुराणमा क्रमबारे यसरी भनिएको छ – सूर्य, गणेश, दुर्गा, शङ्कर र विष्णु यो क्रमले पूजा गर्नुपर्दछ । विपरीत क्रमले पूजा गर्दा ठूलो भय उत्पन्न हुन्छ । पूज्य र पूजकको बीचको भाग पूर्वदिशा हुन्छ भनेर विद्वान्हरूले भनेका छन् ।

केशवादिमूर्तिकथनम्

अथ केशवादिमूर्तयः । वोपदेवः –

केविगोवादापुहयप्रजाविकृममात्रिना । वाधो नृहशानश्रीपा शाच्चगे वि गपे चपे ।।

अत्र केविगवित्याद्यैः केशवविष्ण्वादिचतुर्विंशतिमूर्तयोऽभिधीयन्ते । शात् शङ्खात् चगे चक्रगदे ज्ञेये इत्यर्थः । शिष्टे भुजे पद्मं त्वर्थतः सिद्धम् । अत्र दक्षिणोर्ध्वकरक्रमेण ज्ञेयम्, **'दक्षिणोर्ध्वकरक्रमात्'** इति हेमाद्रौ वचनात् तेन हेमाद्रिणा संवादः । विशब्देन विपरीतं गवे इत्यर्थः । अत्रापि शादित्यनुवृत्तिः । शङ्खाद् गदाचक्रे इत्यर्थः । गवे इत्यत्रापि शादनुवर्तते। शङ्खाद् गदापद्मे इत्यर्थः । विपरीते पद्मगदे इत्यत्रापि शङ्खाज्ज्ञेये । चपे चक्रपद्मे । शङ्खाच्चक्रे इत्यर्थः । वि इति अत्रापि, पद्मचक्रे इत्यर्थः । तेन चगे इत्यष्टौ मूर्तयः । गपे इत्यष्टौ मूर्तयः । च पे इत्यत्र च अत्र मूलं हेमाद्रौ ज्ञेयम् ।

केशव, विष्णु आदिका आयुधहरूको परिचय

बोपदेवले भनेका छन् – मूलमा रहेको पद्यमा प्रयुक्त **के** अक्षरको अर्थ **केशव**, विको अर्थ **विष्णु**, गोको अर्थ **गोविन्द**, **वा** को अर्थ **वामन** अथवा **वादरायणि**, दाको अर्थ **दामोदर**, पुको अर्थ **पुरुषोत्तम**, हको अर्थ **हृषीकेश**, यको अर्थ **प्रद्युम्न** अथवा **यज्ञपुरुष**, प्रको अर्थ **प्रजापति**, जको अर्थ **जगन्नाथ**, विको अर्थ **व्यास**, कृको अर्थ **कृष्ण**, म को अर्थ **मधुसूदन**, माको अर्थ **माधव**, त्रिको अर्थ **त्रिविक्रम**, नाको अर्थ **नारायण**, वाको अर्थ **वासुदेव**, धाको अर्थ **धाता**, नृको अर्थ **नृसिंह**, हको अर्थ **हरि**, शाको अर्थ **शालग्राम**, नको अर्थ **नरपति**, श्रीको अर्थ **श्रीश** र पाको अर्थ **पद्मनाभ** हो । यहाँ सुरुमा **केविग** आदिबाट केशव आदि विष्णुका चौबीस मूर्तिहरूलाई बताइएको छ । तल्लो लाइनमा रहेको शात्पदको अर्थ शङ्खदेखि भन्ने र **चगे**को अर्थ 'चक्र र गदा' भन्ने जान्नुपर्दछ । भगवान्को बाँकी भुजामा कमल हुन्छ भन्ने कुरा अर्थबाट नै सिद्ध हुन्छ ।

हेमाद्रिको कथनानुसार यहाँ दक्षिण अर्थात् दाया र माथिल्लो हातको क्रमबाट भगवान्का हातमा रहने गदा आदि आयुधहरूको परिज्ञान गर्नुपर्दछ । शङ्ख, पद्म, गदा र चक्र यी चारभगवान्का आयुध हुन् । विष्णुका गदा, पद्म, चक्र र शङ्ख आयुध हुन्छन् । यहाँनिर आयुधहरूलाई विपरीत क्रमले गणना गर्दा **शात्**पदको अनुवृत्ति गर्नुपर्दछ अर्थात् शङ्ख भन्ने पहिले बताइएको अर्थलाई अनुहरण गरेर ल्याउनुपर्दछ । यसको अर्थ **शात्** भनेको शङ्खदेखि पर गदा र चक्र भन्ने हुन्छ । त्यसपछि फेरि **गपे** ल्याउनुपर्दछ, यसको अर्थ हुन्छ गदापछि पद्म । विपरीत गणना गर्दा पनि शङ्खपछि पद्म र गदाको क्रम आउँछ । फेरि **चपे** पद रहेको छ, यसमा पनि **शात्**को अनुवृत्ति गर्नुपर्दछ अर्थात् शङ्खपछि चक्र र पद्म भन्ने अर्थ आउँछ। **वि**देखि पर पनि पद्म र चक्र यो अर्थ हो । यसबाट **गपे**-गदा र पद्म प्रमुख हुने आठमूर्ति र **चपे**- चक्र र पद्म प्रमुख हुने आठमूर्तिहरू हुन्छन् भन्ने कुरा सिद्ध हुन्छ । यसको मूल **हेमाद्रिमा** हेर्नुपर्दछ ।[८५]

---

८५. निर्णयसिन्धुको सूत्रात्मक २४ मूर्तिहरूको वर्णनलाई स्पष्ट गर्दै धर्मसिन्धुमा भनिएको छ-

केशवादेश्चतुर्बाहोर्दक्षिणोर्ध्वकरक्रमात् । शङ्खचक्रगदापद्मायुधैः केशव उच्यते ।।१।।
नारायणः पद्मगदाचक्रशङ्खायुधैः क्रमात् । माधवश्चक्रशङ्खाभ्यां पद्मेन गदया भवेत् ।।२।।
गोविन्दो गदया पद्मशङ्खचक्रैः क्रमाद् भवेत् । विष्णुः पद्मेन शङ्खेन चक्रेण गदया क्रमात् ।।३।।
शङ्खपद्मगदाचक्रैर्मधुसूदन ईरितः । त्रिविक्रमो गदाचक्रशङ्खपद्मैरनुक्रमात् ।।४।।
वामनः शङ्खचक्राभ्यां पद्मेन गदयापि च । चक्रेण गदया शङ्खपद्माभ्यां श्रीधरः स्मृतः ।।५।।
हृषीकेशः स्मृतश्चक्रपद्मशङ्खगदायुधैः । पद्मनाभः पद्मचक्रगदाशङ्खैः क्रमात् स्मृतः ।।६।।
दामोदरः शङ्खगदाचक्रपद्मैरुदीर्यते । सङ्कर्षणः शङ्खपद्मचक्रायुधगदायुधैः ।।७।।
वासुदेवश्चक्रगदापद्मशङ्खाख्यलक्षणैः । प्रद्युम्नः स्याच्छङ्खगदापद्मचक्रैः क्रमाद् धृतैः ।।८।।
अग्निरुद्धो गदाशङ्खपद्मचक्रैरनुक्रमात् । पद्मशङ्खगदाचक्रायुधैः स्यात् पुरुषोत्तमः ।।९।।
अधोक्षजो गदाशङ्खचक्रपद्मैः करस्थितैः । नरसिंहः पद्मगदाशङ्खचक्रायुधो भवेत् ।।१०।।
अच्युतः पद्मचक्राभ्यां शङ्खेन गदया क्रमात् । जनार्दन ! पद्मशङ्खगदापद्माद्यबाहुभिः ।।११।
उपेन्द्रो गदया चक्रपद्मशङ्खान्वितैः करैः । चक्रपद्मगदाशङ्खैः करस्थैः स्यात् क्रमाद् हरिः ।।१२।।
श्रीकृष्णाख्यो गदापद्मचक्रशङ्खैर्मतो विभुः । इति प्रोक्ताः केशवादिचतुर्विंशतिमूर्तयः ।।१३।।

माथिबाट दायाँ हातदेखि क्रमशः शङ्ख, चक्र, गदा, पद्म धारण गर्ने भगवान् नारायणका २४ मूर्तिहरूको शङ्ख, चक्र आदि धारण क्रम यसप्रकार छ- १. केशव – शङ्ख, चक्र, गदा, पद्म । २. नारायण – पद्म, गदा, चक्र, शङ्ख । ३. माधव – चक्र, शङ्ख, पद्म, गदा । ४. गोविन्द – गदा, पद्म, शङ्ख, चक्र । ५. विष्णु – पद्म, शङ्ख, चक्र, गदा । ६. मधुसूदन – शङ्ख, पद्म, गदा, चक्र । ७. त्रिविक्रम – गदा, चक्र, शङ्ख, पद्म। ८. वामन – शङ्ख, चक्र, पद्म, गदा । ९. श्रीधर – चक्र, गदा, शङ्ख, पद्म । १०. हृषीकेश – चक्र, पद्म, शङ्ख, गदा । ११. पद्मनाभ– पद्म, चक्र, गदा, शङ्ख । १२. दामोदर – शङ्ख, गदा, चक्र, पद्म । १३. सङ्कर्षण – शङ्ख, पद्म, चक्र, गदा । १४. वासुदेव – चक्र, गदा, पद्म, शङ्ख। १५. प्रद्युम्न – शङ्ख, गदा, पद्म, चक्र । १६. अनिरुद्ध – गदा, शङ्ख, पद्म, चक्र । १७. पुरुषोत्तम – पद्म, शङ्ख, गदा, चक्र । १८. अधोक्षज– गदा, शङ्ख, चक्र, पद्म । १९. नरसिंह – पद्म, गदा, शङ्ख, चक्र । २०. अच्युत – पद्म, शङ्ख, चक्र, गदा । २१. जनार्दन – चक्र, शङ्ख, गदा, पद्म । २२. उपेन्द्र – गदा, चक्र, पद्म, शङ्ख । २३. हरि – चक्र, पद्म, गदा, शङ्ख । २४. श्रीकृष्ण – गदा, पद्म, चक्र, शङ्ख ।

निर्णयसिन्धुको नामावली र धर्मसिन्धुको नामावलीमा केही अन्तर देखिन्छ । निर्णयसिन्धुमा केशव, विष्णु, गोविन्द, बादरायण, दामोदर, पुरुषोत्तम, हृषीकेश, यज्ञपुरुष, प्रजापति, जगन्नाथ, व्यास, कृष्ण, मधुसूदन, माधव, त्रिविक्रम, नारायण, वासुदेव, धाता, नृसिंह, हरि, शालग्राम, नरपति, श्रीश र पद्मनाभ गरी २४ नाम रहेका छन् ।

दुवैतर्फ मिल्दा नाम यसप्रकार छन् – केशव, गोविन्द, विष्णु, माधव, पद्मनाभ, त्रिविक्रम, हृषीकेश, दामोदर, श्रीकृष्ण, नारायण, नरसिंह, हरि, मधुसूदन, पुरुषोत्तम, वासुदेव, कृष्ण । यसरी १६ नाम दुवैतिर समानरूपमा रहेको पाइन्छ ।

निर्णयसिन्धुका फरक नाम – यज्ञपुरुष, प्रजापति, व्यास, बादरायण, धाता, शालग्राम, नरपति र श्रीश ।

धर्मसिन्धुका फरक नाम – श्रीधर, वामन, अधोक्षज, उपेन्द्र, अनिरुद्ध, प्रद्युम्न, जनार्दन र सङ्कर्षण ।

बौधायनसूत्रोक्तलिङ्गप्रतिष्ठाकथनम्

अथ बौधायनसूत्रम् । त्रैविक्रमीं चानुसृत्य लिङ्गार्चाप्रतिष्ठोच्यते । यजमानः पूर्वोक्तकाले पूर्वेद्युर्दशद्वादशषोडशान्यतरहस्तं मण्डपं कृत्वाऽऽग्नेये हस्तमात्रं चतुरस्रं कुण्डं स्थण्डिलं वा पूर्वतो हस्तमात्रां वेदीं नैर्ऋते वास्तुमण्डलं मध्ये वेदीं तदुपरि सर्वतोभद्रं च कृत्वा प्राणानायम्यास्यां मूर्तौ लिङ्गे वा देवस्य सान्निध्यसिद्ध्यर्थं दीर्घायुर्लक्ष्मीसर्वकामसमृद्ध्यक्षय्य-सुखकामोऽमुकमूर्तिप्रतिष्ठां करिष्ये- इति सङ्कल्प्य गणेशपूजनपुण्याहवाचनमातृकापूजननान्दीश्राद्धानि कृत्वाचार्यं चतुरः ऋत्विजश्च वृत्वा वस्त्राद्यैः पूजयेत् । अथाचार्यो 'यदत्र संस्थितम्' इति सर्षपान् विकीर्यापो हिष्ठेति कुशोदकेन भूमिं प्रोक्ष्य देवा आयान्तु यातुधाना अपयान्तु, विष्णो देवयजनं रक्षस्वेति भूमौ प्रादेशं कृत्वाऽस्मत्कृततुलापद्धतिमार्गेण मण्डपप्रतिष्ठां कृत्वा अकृत्वा वा पूर्वरात्रौ हिरण्योपधानं देवं पञ्चगव्यहिरण्ययवदूर्वाश्वत्थपलाशपर्णान्युदकुम्भे प्रक्षिप्य ताभिरद्भिरापो हिष्ठेति तिसृभिर्हिरण्यवर्णेति चतसृभिः पवमानः सुवर्चन इत्यनुवाकेनाभिषिच्य व्याहृतिभिश्च इदं विष्णुरिति पुष्पफलयवदूर्वाः समर्प्य नमस्ते रुद्र मन्यव इति रुद्रे ततो रक्षोहणमिति हस्ते कङ्कणं बद्ध्वा वाससाच्छाद्य अवते हेड, उदुत्तममिति च जलेऽधिवासयेत् । इदं बौधायनोक्तम् ।

बौधायनसूत्रमा बताइएको लिङ्गप्रतिष्ठाविधि

अब **बौधायनसूत्र** र **त्रैविक्रमी**अनुसार लिङ्गको पूजा-प्रतिष्ठाबारे विचार गरिन्छ । यजमानले पहिले बताइएको उत्तम समयमा पहिलो दिन १०, १२ अथवा १६ हातको मण्डप तयार गरी मण्डपको आग्नेयकोणमा एकहातको चतुष्कोण कुण्ड वा स्थण्डिल बनाएर पूर्वदिशातर्फ एकहातको वेदी र नैर्ऋत्यकोणमा वास्तुमण्डल बनाउनुपर्दछ । मध्यमा वेदी हुनुपर्दछ । वेदीमाथि सर्वतोभद्र बनाएर राखेपछि प्राणायाम गरेर मूर्ति अथवा लिङ्गमा देवताको सान्निध्यसिद्धिका लागि दीर्घायु, लक्ष्मीप्राप्ति, सम्पूर्ण कामनाहरूको परिपूर्णता, समृद्धि र अक्षयसुखको प्राप्तिका लागि म मूर्ति प्रतिष्ठा गर्दछु भनी सङ्कल्प गरेर गणेशपूजन, पुण्याहवाचन, मातृकापूजन, नान्दीश्राद्ध सम्पन्न गरेपछि आचार्यका साथ चारऋत्विक्‌हरूको वरण गर्नुपर्दछ । यसरी वरण गर्दा वस्त्र आदि टक्र्याएर ब्राह्मणहरूको सत्कार गर्नुपर्दछ । त्यसपछि आचार्यले –

यदत्र संस्थितं भूतं स्थानमाश्रित्य सर्वदा । स्थानं त्यक्त्वा तु तत्सर्वं यत्रस्थं तत्र गच्छतु ।।
अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् । सर्वेषामविरोधेन प्रतिष्ठाकर्म समारभे ।।

यस मन्त्रबाट चारैतिर सर्स्यूँ छर्कनु पर्दछ । त्यसपछि –

आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे ।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।। – ऋ. १०/९/१-३ ।

यस मन्त्रले कुश मिसिएको जलद्वारा पृथिवीको प्रोक्षण गर्नुपर्दछ । **देवा आयान्तु यातुधाना अपयान्तु** यस वाक्यले देवताहरू आऊन्, राक्षसहरू जाऊन्, हे विष्णु ! यस यज्ञको रक्षा गर' भन्नुपर्दछ । यसपछि जलप्रोक्षण गरिएको भूमिमा प्रादेश अर्थात् एकपसेरमात्र नापेर मैले बताएको तुलादानपद्धतिबाट मण्डपप्रतिष्ठा गरी अथवा नगरीकन पहिलो रात्रिमा सुवर्ण राखेर देवताहरूको पञ्चगव्य तयार गर्नुपर्दछ । सुवर्ण, जौ, दूबो, पीपल र पलाँशका पातलाई जलसहित कलशमा राखेर त्यो जलबाट **आपोहिष्ठा०** इत्यादि पूर्वोक्त ३ मन्त्रद्वारा,

ॐ हिरण्यवर्णाः शुचयः पावका यासु जातः कश्यपो यास्विन्द्रः । अग्निं या गर्भं दधिरे विरूपास्ता न आपः शंस्योना भवन्तु ।।१।। ॐ या साँराजा वरुणो याति मध्ये सत्यानृत अवपश्यञ्जनानाम् । मधुश्चुतः शुचयो याः पावकास्ता न आपः शंस्योना भवन्तु ।।२।। ॐ या सा देवा दिवि कृण्वन्ति भक्षं या अन्तरिक्षे बहुधा भवन्ति । याः

पृथिवीं पयसोन्दन्ति शुक्रास्ता न आपः शंस्योना भवन्तु ।।३।। ॐ शिवेन मा चक्षुषा पश्यताऽऽपः शिवया तनुवोप स्पृशत त्वचं मे । सर्वां अग्नीं रप्सुषदो हुवे वो माय वर्च्चो बलामोजो निधत्त ।।४।। – तै.सं. ५/६/१/१ यी चारमन्त्रद्वारा र–

ॐ पवमानः सुवर्जनः पवित्रेण विचर्षणिः । यः पोता स पुनातु मा ।। पुनन्तु मा देवजनाः पुनन्तु मनवो धिया। पुनन्तु विश्व आयवः जातवेदः पवित्रवत् । पवित्रेण पुनाहि मा शुक्रेण देव दीद्यत् । अग्ने कृत्वा क्रतूँरनु । यत्ते पवित्रमर्चिषि अग्ने विततमन्तरा । ब्रह्म तेन पुनीमहे ।। उमाभ्यां देव सवितः पवित्रेण स्रुवेन च । इदं ब्रह्म पुनीमहे ।। वैश्वदेवी पुनती देव्यागात् यस्ये बह्वीस्तनुवो वीतपृष्ठाः । तया मदन्तः स्त्रध माद्येषु वयँस्याम पतयो रयीणाम् ।। वैश्वानरो रश्मिभिर्मा पुनातु वातः प्राणंनषिरो मयीभूः । द्यावापृथिवी पयसा पयोभिः । ऋतावरी यज्ञिये मा पुनीताम् । बृहद्भिः सवितस्तृभिः वर्षिष्ठैर्देवमन्मभिः । अग्ने दक्षैः पुनाहि मा ।। येन देवा अपुनत येनाऽऽपो दिव्यंकशः । दिव्येन ब्रह्मणा इदं ब्रह्म पुनीमहे । यः पावमानीरध्येति ऋषिभिः संभृतं रसम् । सर्वं स पूतमश्नाति स्वदितं मातरिश्वना ऋषिभिः संभृतं सम्। तस्मे सरस्वती दुह क्षीरं सर्पिर्मधूदकम् ।। पावमानीः स्वस्त्ययनीः सुदुघा हि पयस्वतीः ऋषिभिः संभृतो रसः । ब्राह्मणेष्वभृतं हितम् । पावमानीदिशन्तु नः इमं लोकमथो अमुम् । कामान्समर्धयन्तु न देवीर्देवैः समाभृताः । पावमानीः स्वस्त्ययनी सुदुघा हि घृतश्चुतः । ऋषिभिः संभृतो रसः ब्राह्मणेष्वमृतं हितम् ।। येन देवाः पवित्रेण आत्मानं पुनते सदा। तेन सहस्रधारेण पावमान्यः पुनन्तु मा ।। प्राजापत्यं पवित्रं शतोद्यामं हिरण्मयम् । तेन ब्रह्मविदो वयं पूतं ब्रह्म पुनीमहे।। इन्द्रः सुनीती सह मा पुनातु सोमः स्वस्त्या वरुणः समीच्या । यमो राजा प्रमृणाभिः पुनातु मा । जातवेदा मोर्जयन्त्या पुनातु । – तै.सं. १/४/८/१ । ॐ पवमानस्स्वर्जनः पवित्रेण विचर्षणिः । यः पोता स पुनातु मा – काठकसंहिता ३८५/२०–१६३ । उक्त अनुवाक एवं मन्त्रद्वारा अभिषेक गर्नुपर्दछ ।

त्यसपछि व्याहृति र ॐ इदं विष्णुर्वि चक्रमे त्रेधा निदधे पदम् । समूढ मस्य पांसुरे ।। – ऋ. १/२२/१७ । मन्त्रद्वारा फल, जौ र दूबो समर्पण गरी ॐ नमस्ते रुद्र मन्यव उतो त इषवे नमः । नमस्ते अस्तु धन्वने बाहुभ्यामुत ते नमः ।। – तै.सं. ४/५/११ । यस मन्त्रद्वारा रुद्रकलशमा फल, जौ र दूबो समर्पण गर्नुपर्दछ ।

त्यसपछि – ॐ रक्षोहणं वाजिनमा जिघर्मि मित्रं प्रथिष्ठमुप यामि शर्म । शिशानो अग्निः क्रतुभिः समिद्धः स नो दिवा स रिषः पातु नक्तम् ।। – ऋ. १०/८७/१ । उक्त मन्त्र उच्चारण गर्दै हातमा कङ्कण बाँधीकन प्रतिमालाई ढाक्नुपर्दछ ।

त्यसपछि निम्न मन्त्रद्वारा जलमा अधिवासन गराउनुपर्दछ– ॐ अव ते हेलो वरुण नमोभिरव यज्ञेभिरीमहे हविर्भिः। क्षयन्नस्मभ्यमसुर प्रचेता राजन्नेनांसि शिश्रयः कृतानि ।। – ऋ. १/२४/१४ र ॐ उदुत्तम वरुण पाशमस्तदवाधर्म वि मध्यमं श्रथाय । अथा वयमादित्य व्रते तवानागसो आदितये स्याम ।। – ऋ. १/२४/१५ । यो अधिवासनको विधि बौधायनले बताएअनुसार रहेको छ ।

ततश्चललिङ्गे अर्चायां वा अत्राग्निं प्रतिष्ठाप्य गोक्षीरे नीवारचरुं कृत्वा विष्णुश्चेत् कृसरमपि श्रपयित्वा आज्यभागान्ते पलाशोदुम्बराश्वत्थशम्यपामार्गसमिद्भिराज्येन चरुणा तिलैर्वा प्रत्येकमष्टाविंशतिमष्टौ वाऽऽहुतीर्लोकपालमूर्तिपतिभ्यो हुत्वा संस्थाप्य देवमन्त्रेण पूर्वोक्तसमित्तिलनैवारचर्वाज्यैरष्टसहस्रमष्टशतमष्टविंशति वा हुत्वा 'अग्निर्यजुर्भिः' इत्यनुवाकेन दशाहुतीर्जुहुयात् । प्रतिद्रव्यं होमान्ते देवं पादनाभिशिरःसु स्पृशेत् । आज्यहोमे चोत्तरतः सजलकुम्भे संपातान् नयेत्। तेषां मन्त्राः । इन्द्रायेन्द्रो इतीन्द्रस्य, स्योनेति पृथिवीमूर्तेः, अघोरेभ्यः इति तत्पतेः, शर्वस्य, अग्न आयाहीत्यग्नेः, अग्निं दूतं पुरोदधे त्यग्निमूर्तेः, नमः शर्वाय च पशुपतये चेति पशुपतेः, यमाय सोममिति यमस्य, असि हिवीरिति यजमानमूर्तेः, स्तुहि श्रुतं तत्पते उग्रस्य, असुन्वन्तम् नैर्ऋतेः, आ कृष्णेन सूर्यमूर्तेः, यो रुद्रो अग्नौ इति तत्पते रुद्रस्य,

इमं मे शतवरुणस्य, शन्नो देवी – इति जलमूर्तेः, नमो भवायेति भवस्य, आ नो नियुद्भिरिति वायोः, वात आवातु वायुमूर्तेः । तमीशानं तत्पतेरीशानस्य, आप्यायस्वेति कुबेरस्य, वयं सोम इति सोममूर्तेः, तत्पुरुषाय महादेवस्य, अभित्वा ईशानस्य, आदित्प्रत्नस्येत्याकाशस्य, नम उग्राय चेति तत्पतेर्भीमस्य, ततो देवस्य पादौ स्पृशेत् । एवं द्वितीये हुत्वा नाभिं, तृतीये मध्यम्, चतुर्थे उरः, पञ्चमे शिरः स्पृष्ट्वा प्रतिपर्यायं सम्पातजलेन देवमभिषिञ्चेत् । ततः स्विष्टकृतादिहोमशेषं समाप्यार्चां शोधयेत् । स्थिरलिङ्गार्चादौ तु नेदानीमग्निस्थापनहोमादि कार्यम् ।

अधिवासनपछि चल लिङ्गमा अथवा मूर्तिमा अग्निप्रतिष्ठा गरी गाईको दूधमा नीवार (साठीको चामल) मिसाएर चरु बनाउनुपर्दछ । यज्ञका देवता विष्णु भएमा खिचडी अर्पण गरेर आज्यभागको अन्तमा पलाँश, डुम्री, पीपल, शमी र अपामार्गका समिधा तयार गरी घिउ, चरु या तिलले लोकपालमूर्तिको लागि २८–२८ आहुति दिएर हवन गर्नुपर्दछ । हवनपछि स्थापित देवताका मन्त्रले समिधा, तिल, साठी धान, चरु र घ्यूद्वारा १००८, १०८ अथवा २८–२८ पटक हवन गर्नुपर्दछ । तदनन्तर तलको अनुवाकमन्त्रद्वारा दशआहुति दिनुपर्दछ –

अग्निर्यजुर्भिस्सविता स्तोमैरिन्द्र उक्थामदैर्बृहस्पतिश्छन्दोभिर्विष्णुर्दीक्षातपोभ्यामदितिस्सदोहविधाना-मादित्या आज्यैर्मित्रावरुणौ धिष्ण्येभिर्मरुतोऽपश्च बर्हिश्च त्वष्टा समिधाश्विना आशिश पूषा स्वगाकारैः पृथिव्यग्नेर्वातस्य सेनेन्द्रस्य धेना बृहस्पतेः पथ्या पूष्णो गायत्री वसूनां त्रिष्टुब्रुद्रानां जगत्यादित्यानामनुष्टुप्मित्रस्य विराड्वरुणस्य पङ्क्तिर्विष्णोर्दीक्षा सोमस्य ।। – काठकसंहिता ९/३८ । **अग्निर्यजुर्भिः । सवितास्तोमैः । इन्द्र उक्थामदैः । मित्रावरुणावाशिषा । अङ्गिरसो धिष्णियैरश्मिभिः मरुतः सदोहविर्धानाभ्याम् । आपः प्रोक्षणीभिः । ओषधयो बर्हिषा । अदितिर्वेद्या । सोमो दीक्षया । त्वेष्टेध्मेन । विष्णुर्यज्ञेन । वसव आज्येन । आदित्या दक्षिणाभिः । विश्वे देवा ऊर्जा । पूषा स्वगाकारेण । बृहस्पतिः पुरोधया । प्रजापतिरुद्गीथेन । अन्तरिक्षं पवित्रेण । वायुः पात्रैः । अहं श्रद्धया । दीक्षया पात्रैरेकं च ।।** – तैत्तिरीयाण्यकसं. ३/८/१ ।

त्यसपछि प्रत्येक द्रव्यहोमको अन्त्यमा देवताका चरण, नाभि र शिरको स्पर्श गर्नुपर्दछ । आज्यहोम गर्दा उत्तरतर्फ जल राखिएको कुम्भमा सम्पात चुहाउनुपर्दछ । त्यसका मन्त्र यसप्रकार छन् – **इन्द्रायेन्दो मरुत्वते पवस्व मधुमत्तमः । ऋतस्य योनिमासदम् ।।** – ऋ. ९/६४/२२ यस मन्त्रले इन्द्रका लागि, **ॐ स्योना पृथिवि भवानृक्षरा निवेशनी । यच्छा नः शर्म सप्रथः ।।** – ऋ. १/२२/१५ यस मन्त्रले पृथिवी मूर्तिका लागि, **ॐ अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः। सर्वेभ्यः सर्वसर्वेभ्यो नमस्ते रुद्ररूपेभ्यः स्वाहा ।** – ऋ. ६/१६/१० यस मन्त्रले अघोरपतिको लागि, **ॐ अग्न आ याहि वीतये गृणानो हव्यदातये । नि होता सत्सि बर्हिषि ।।** यस मन्त्रले अग्निका लागि, **ॐ अग्निं दूतं पुरो दधे हव्यवाहमुप ब्रुवे । देवाँ आ सादयादिह ।।** – ऋ. ८/४४/३ यस मन्त्रले अग्निमूर्तिका लागि, **ॐ नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपते च नमो नीलग्रीवाय च शितिकण्ठाय च नमः कपर्दिने च व्युप्तकेशाय च नमः सहस्राक्षाय च शतधन्वने च नमो गिरिशाय च शिपिविष्टाय च नमो मीढुष्टमाय चेषुमते च नमो ह्रस्वाय च वामनाय च नमो बृहते च वर्षीयसे च नमो वृद्धाय च संवृध्वने च नमो अग्रियाय च प्रथमाय च नम आशवे चाजिराय च नमः शीघ्रियाय च शीभ्याय च नम ऊर्म्याय चावस्वन्याय च नमः स्रोतस्याय च दीप्याय च ।।** – तै.सं. ४/५/५/१ यस मन्त्रले पशुपतिका लागि, **ॐ यमाय सोमं सुनुत यमाय जुहुता हविः । यमं ह यज्ञो गच्छत्यग्निदूतो अरंकृतः।।** – ऋ. १०/१४/१३ यस मन्त्रले यमका लागि, **ॐ असि हि वीर सेन्योऽसि भूरि पराददिः। असि दभ्रस्य चिद् वृधो यजमानाय शिक्षसि सुन्वते भूरि ते वसु ।।** – ऋ. १/८१/२ यस मन्त्रले यजमानमूर्तिका लागि, **ॐ स्तुहि श्रुतं गर्तसदं युवानं मृगं न भीममुपहत्नुमुग्रम्। मृडा जरित्रे रुद्र स्तवानो अन्यं ते अस्मिन्नि वपन्तु सेनाः।।** – तै.सं. ४/५/१०/८ यस

मन्त्रले उग्रका लागि, ॐ असुन्वन्तं समं जहि दूणाशं यो न ते मयः । अस्मभ्यमस्य वेदनं दद्धि सुरिश्चिदोहते ।। – ऋ. १/१७६/४ यस मन्त्रले निर्ऋतिका लागि, ॐ आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च । हिरणमयेन सविता रथेनाऽऽदेवो याति भुवनानि पश्यन् ।। – ऋ. १/३५/२ यस मत्रले सूर्यमूर्तिका लाग । ॐ यो रुद्रो अग्नौ यो अप्सु य ओषधीषु यो रुद्रो विश्वा भुवनाऽऽविवेश तस्मै रुद्राय नमो अस्त्वाहुतिभागा वा अन्ये रुद्रा हविर्भागाः ।। – तै.का. ५/५/९/९ यस मन्त्रले रुद्रका लागि । ॐ इमं मे वरुण श्रुधी हवमद्या च मृडय । त्वामवस्युरा चके ।। – ऋ. १/२५/१९ यस मन्त्रले वरुणका लागि, ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं योरभि स्त्रवन्तु नः ।। – ऋ. १०/९/४ यस मन्त्रले जलमूर्तिका लागि, ॐ नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च नमः कपर्दिने च व्युप्तकेशाय च नमः सहस्त्राक्षाय च शतधन्वने च नमो गिरिशयाय च शिपिविष्टाय च नमो मीढुष्टमाय चेषुमते च नमो हस्वाय च वामनाय नमो बृहते च वर्षीयसे च नमो वृद्धाय च संवृध्वने च नमो अग्रियाय च प्रथमाय च नमः आशवे चाजिराय नमः शीघ्रियाय च शीभ्याय च नमः ऊर्म्याय चावस्वत्याय च नमः स्त्रोतस्याय च द्वीप्याय ।। – तै. का. ४/५/५ यस मन्त्रले भवका लागि, ॐ आ नो नियुद्भिः शतिनीभिरध्वरं सहस्त्रिणीभिरुप याहि यज्ञम् । वायो अस्मिन्, सवने मादयस्व यूयं पात स्वस्तिभिः सदा नः ।। – ऋ. ७/९२/५ यस मन्त्रले वायुका लागि, ॐ वात आ वातु भेषजं शम्भु मयोभु नो हृदे । प्राण आयूँषि तारिषत ।। – ऋ. १०/१८६/१ यस मन्त्रले वायुमूर्तिका लागि, ॐ तमीशानं जगतस्तस्थुषस्पतिं धियं जिन्वमवसे हूमहे वयम् । पूषा नो यथा वेदसाम सद् वृधे रक्षिता पायुरदब्धः स्वस्तये ।। – ऋ. १/८९/५ यस मन्त्रले ईशानका लागि, ॐ आ प्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् । भवा वाजस्य संगथे ।। – ऋ. १/९१/१६ यस मन्त्रले कुबेरका लागि, ॐ वयं सोम व्रते तव मनस्तनूषु बिभ्रतः । प्रजावन्तः सचेमहि ।। – ऋ. १०/५७/६ यस मन्त्रले सोममूर्तिका लागि, ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि । तन्नो रुद्रः प्रचोदयात् ।। यस मन्त्रले महादेवको लागि, ॐ अभित्वा देव सवितरीशानं वार्याणाम् । सदावन्भागमी महे ।। – ऋ. १/२४/४, अभित्वा शूर नो नुमोऽदुग्धा इव धेनवः । ईशानमस्य जगतः स्वर्दृशमीशानमिन्द्र तस्थुषः ।। – ऋ. ७/३२/२२ यी मन्त्रले ईशानका लागि, ॐ आदित् प्रत्नस्य रेतसो ज्योतिष्पश्यन्ति वासम् । परो यदिध्यते दिवा ।। – ऋ. ८/६/३० यस मन्त्रले आकाशका लागि, ॐ नम उग्राय च भीमाय च नमो अग्रेवधाय च दूरेवधाय च नमो हन्त्रे च हनीयसे च नमो वृक्षेभ्यो हरिकेशेभ्यो नमस्ताराय ।। – तै.सं. ४/५/८/४ यस मन्त्रले भीमका लागि हवन गर्नुपर्दछ ।

यसरी सूर्यादि देवताहरूका नाममा हवन गरेर देवताहरूको चरणस्पर्श गर्नुपर्दछ । दोस्रोपटक हवन गरी नाभिस्पर्श गर्नुपर्दछ । तेस्रोपटक हवन गरी शरीरको मध्यभागमा स्पर्श गर्नुपर्दछ । चौथोपटक हवन गर्दा शरीरको छातिमा स्पर्श गर्नुपर्दछ । पाँचौंपटक हवन गर्दा शिरमा स्पर्श गर्नुपर्दछ । प्रत्येक नामको हवन गर्दा सम्पातजलले आराध्य देवताको अभिषेक गर्नुपर्दछ । फेरि स्विष्टकृत् आदि होमशेष गरेर प्रतिमाको शोधन गर्नुपर्दछ । स्थिरलिङ्गरूप अर्चा भएमा अग्निस्थापन एवं होम आदि कर्म गर्नुपर्दैन ।

ततो देवं नत्वा –

ॐ स्वागतं देवदेवेश विश्वरूप नमोऽस्तु ते। शुद्धेऽपि त्वदधिष्ठाने शुद्धिं कुर्मः सहस्व ताम्।।

इति सम्प्रार्थ्य **'उत्तिष्ठ ब्रह्मणस्पते'** इति सऋत्विगुत्थाप्य पूर्वमकृतेऽग्न्युत्तारणे अधुना वा कार्यम् । **'अग्निः सप्तिम्'** इति सूक्तमग्निपदहीनं पठित्वा तत्सहितं पुनः पठेत्। एवमष्टसहस्रमष्टशतमष्टविंशति वा पठन् जलं पातयेत्। ततोऽर्चां द्वादशवारं मृदा जलेन च प्रक्षाल्य मन्त्रवत् पञ्चगव्यं कृत्वा **'पयः पृथिव्याम्० आपो राजानम्०** इति च

संस्नाप्य, आ प्यायस्व०, दधिक्राब्णः०, तेजोऽसि०, मधुवाता०, आयं गौः०' इति पञ्चामृतैः संस्नाप्य लिङ्गं चेत् 'नमस्ते रुद्र मन्यवे' इत्यष्टाभिः संस्थाप्य घृतेनाभ्यज्योद्वर्तनेनोद्वर्त्योष्णोदकेन प्रक्षाल्य गन्धं दत्त्वा सम्पातोदकेनाभिषिच्य सपल्लवैश्चतुर्भिः कुम्भैः आपो हि ष्ठा० इति त्रिभिः 'आ कलशेषु' इति प्रत्येकं 'समुद्रज्येष्ठा०' इति चतुर्भिः 'आ कलशेषु' इति च मिलितैः संस्नाप्यौदुम्बरादिपीठेऽर्चामुपवेश्य परितोऽष्टदिक्षु सजलकुम्भान् संस्थाप्य तेषु गन्धपुष्पदूर्वाः क्षिप्त्वा आद्ये सप्तमृदः, द्वितीये – पुष्करपर्णशमीविकङ्कताश्मन्तकत्वचः पल्लवाँश्च, तृतीयादिषु सप्तधान्यं पञ्चरत्नफलपुष्पाणि कुशदूर्वागोरोचनसम्पातोदकसर्वौषधीः क्षिप्त्वा क्रमेण आपो हि ष्ठा० इति तिसृभिः 'हिरण्यवर्णाः' इति चतुर्भिः पवमानानुवाकेन चाभिषिञ्च्यैककुम्भे शमीपलाशवटखदिरबिल्वाश्वत्थविकङ्कतपनसाम्रशिरीषोदुम्बराणां पल्लवान् कषायांश्च क्षिप्त्वा अश्वत्थेव इत्यभिषिञ्च्य पञ्चरत्नोदकेन हिरण्यवर्णाः० इति संस्थाप्य वाससी दत्त्वा उपवीतादि दीपान्तं कृत्वा 'हिरण्यगर्भः०, य आत्मदा०, यः प्राणतः०, यस्ये मे०, येन द्यौः०, यं क्रन्दसी०, आपो ह यत्०, यश्चिदापो० इत्यष्टौ पिष्टदीपान् दत्त्वा सुवर्णशलाकया तैजसपात्रस्थं मधु घृतं च गृहीत्वा चित्रं देवानाम्०, तेजोऽसि० इति मन्त्राभ्याम्–

'ॐ नमो भगवते तुभ्यं शिवाय हरये नमः । हिरण्यरेतसे विष्णो विश्वरूपाय ते नमः ।।

इति च दक्षिणसव्ये देवनेत्रे मन्त्रावृत्त्या लिखेत् । 'अञ्जन्ति त्वा०' इत्यञ्जनेन मधुना वाऽङ्क्त्वा 'देवस्य त्वा सवितुः प्रसवे० इन्द्रस्येन्द्रियेणानज्मि' इति मध्वाज्यशर्कराभिरङ्क्त्वा तेनैवाञ्जनेन पुनरञ्जयेत् । अत्रानज्मीति शेषः । स्थिरलिङ्गे तु – स्वर्णसूच्या गन्धेन । 'ॐ नमो भगवते रुद्राय हिरण्यरेतसे पराय परमात्मने विश्वरूपायोमाप्रियाय नमः' इत्यञ्जनादिनाऽञ्जयेत् । ततः आदर्शभक्ष्यादि दर्शयेत् । ततः कर्ता आचार्याय गामृत्विग्भ्यश्च दक्षिणां दद्यात् ।

अथाचार्यः प्रत्यृचमादौ प्रणवं वदन् पुरुषसूक्तेन स्तुत्वा वंशपात्रे पञ्चवर्णोदनेन देवस्य नीराजनं कारयित्वा रुद्राय चतुष्पथादौ दद्यात् । मन्त्रस्तु – 'ॐ नमो रुद्राय सर्वभूताधितये दीप्तशूलधरायोमादयिताय विश्वाधिपतये रुद्राय वै नमो नमः शिवमगर्हितं कर्मास्तु स्वाहा' इति । अश्वत्थपर्णे भूतेभ्यो नम इति । केचिदेतद्रात्रौ स्थिरप्रतिष्ठायामिच्छन्ति ।

यसरी यज्ञ समाप्त गरेपछि यजमानले देवताहरूलाई नमस्कार गर्दै भन्नुपर्दछ – हे देवदेवेश !, हे विश्वरूप ! हजुरलाई नमस्कार छ । हजुरको सिंहासन पवित्र भएता पनि हामी फेरि पवित्र तुल्याउँछौं । यो हाम्रो धृष्टता हो । यसलाई क्षमा गर्नुहोस् ।' यसरी प्रार्थना गरी ॐ उत्तिष्ठ ब्राह्मणस्पते देवयन्तस्त्वेमहे । उपप्रयन्तु मरुतः सुदानव इन्द्र प्राशूर्भवा सचा ।। – ऋ. १/४०/१ । मन्त्रको उच्चारण गर्ने ऋत्विक्सहित उभिएर पहिले अग्न्युत्तारण गरिएको छैन भने प्रतिमाको अग्न्युत्तारण गर्नुपर्दछ । त्यसबेला ॐ अग्निः० इत्यादि मन्त्रहरूको पाठ गर्दै जलधारा लगाउनुपर्दछ । ॐ अग्निः सप्तिं वाजंभरं ददात्यग्निर्वीरं श्रुत्यं कर्मनिष्ठाम् । अग्नी रोदसी वि चरत्समञ्जन्नग्निर्नारीं वीर कुक्षिं पुरन्धिम् ।।१।। ॐ अग्नेरप्नसः समिदस्तु भद्राऽग्निर्मही रोदसी आ विवेश ।अग्निरेकं चोदयत्समत्स्वग्निर्वृत्राणि दयते पुरूणि ।।२।। ॐ अग्निर्ह त्यं जरतः कर्णमावाऽग्निरद्भ्यो निरदहज्जरूथम् । अग्निरत्रिं धर्म उरुष्यदन्तरग्निर्नृमेधं प्रजयासृजत्सम् ।।३।। ॐ अग्निर्दाद् द्रविणं वीरपेशा अग्निर्ऋषिं यः सहस्रा सनोति । अग्निर्दिवि हव्यमा ततानाग्नेर्धामानि विभृता पुरुत्रा ।।४।। ॐ अग्निमुक्थैर्ऋषयो वि ह्वयन्तेऽग्निं नरो यामनि बाधितासः । अग्निं वयो अन्तरिक्षे पतन्तोऽग्निः सहस्रा परियाति गोनाम् ।।५।। ॐ अग्निं विश ईडते मानुषीर्या अग्निं मनुषो नहुषो वि जाताः । अग्निर्गन्धर्वीं पथ्यामृतस्याग्नेर्गव्यूतिर्घृत आ निषत्ता ।।६।। ॐ अग्नये ब्रह्म ऋभवस्ततक्षुरग्निं महामवोचामा सुवृक्तिम् । अग्ने

प्राव जरितारं यविष्ठाऽग्ने महि द्रविणमा यजस्व ।। - ऋ. म. १०/८०/१-७ । अग्निः सप्तिम् सूक्तमा रहेका मन्त्रहरूको प्रथम पाठ अग्निपद छाडी गर्नुपर्दछ । फेरि दोस्रो पाठ अग्निसहित पढ्नुपर्दछ । यसप्रकार १००८, १०८ अथवा २८ पटक पढ्दै जलले अभिषेक गर्नुपर्दछ ।

त्यसपछि देवताको मूर्तिलाई १२ पटकसम्म माटो र जलले प्रक्षालन गरी मन्त्रजपपूर्वक पञ्चगव्य बनाएर **ॐ पयः पृथिव्यां पय ओषधीषु पयो दिव्यन्तरिक्षे पयो धाम् । पयस्वतीः प्रदिशः सन्तु मह्यम् ।।** - तै.सं. ४/७/१२/६, **ॐ आ वो राजानमध्वरस्य रुद्रं होतारं सत्ययजं रोदस्योः । अग्निं पुरा तनयित्नो रचिन्ताद्धिरण्यरूपमवसे कुणुध्वम् ।।** - तै.सं. १/३/१४/१, **ॐ आवो राजानमध्वरस्य रुद्रं होतारं सत्ययजं रोदस्योः । अग्निं पुरा तनयित्नोरचित्तादहिरण्यरूपमवसे कृणुध्वम् ।।** - ऋ. ४/३/१ यी मन्त्रहरूले दुग्धस्नान गराउनुपर्दछ ।

तलका मन्त्रले पञ्चामृतस्नान गराउनुपर्दछ - **ॐ आप्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् । भवा वाजस्य सङ्गथे ।।** - ऋ. १/९१/१६ । **ॐ दधिक्राव्णो अकारिषं जिष्णोरश्वस्य वाजिनः । सुरभि नो मुखा करत् प्राण आयूंषि तारिषत् ।।** - ऋ. ४/३९/६ । **ॐ तेजोऽसि तेजो मयि धेहि वीर्यमसि वीर्यं मयि धेहि बलमसि बलं मयि धेह्योजोऽस्योजो मयि धेहि । मन्युरसि मन्युं मयि धेहि सहोऽसि सहो मयि धेहि ।।** - काण्वसंहिता २१/८ । **ॐ तेजोऽसि तेजोऽनु प्रेह्यग्निस्ते तेजो मा वि नैदग्नेर्जिह्वाऽसि सुभूर्देवानां धाम्ने धाम्ने देवेभ्यो यजुषे-यजुषे भव शुक्रमसि ज्योतिरसि तेजोऽसि ।।** - तै.सं. १/१/१० । **तेजोऽसि शुक्रमस्य मृतमसि धामनामासि प्रियं देवानामनाधृष्टं देवयजनमसि ।।** - शु.य. १/३१ । **ॐ तेजोऽसि तेजोमयि धेहि । वीर्यमसि वीर्यं मयि धेहि । बलमसि बलं मयि धेहि ।।** - तै.सं. २/२/१ । **ॐ मधुवाता ऋतायते मधु क्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधीः ।।१।। ॐ मधु नक्तमुतोषसो मधुमत् पार्थिवं रजः । मधु द्यौरस्तु नः पिता ।।२।। ॐ मधुमान्नो वनस्पतिर्मधुमां अस्तु सूर्यः । माध्वीर्गावो भवन्तु नः ।।३।।** - ऋ. १/९/६-८ । **ॐ आयं गौ पृश्निरक्रमीदसदन् मातरं पुरः । पितरं च प्रयन्त्स्वः ।।** - ऋ. १०/१८९/१ ।

शिवलिङ्गको प्रतिष्ठा गर्ने प्रसङ्गमा तलका मन्त्रले स्नानादि गराउनुपर्दछ - **ॐ नमस्ते रुद्र मन्यव उतो त इषवे नमः । नमस्ते अस्तु धन्वने बाहुभ्यामुत ते नमः ।।१।। ॐ या त इषुः शिवतमा शिवं बभूव ते धनुः । शिवा शरव्या या तव तया नो रुद्र मृडय ।।२।। ॐ या ते रुद्र शिवा तनूरघोराऽपापकाशिनी । तया न स्तनुवा शन्तमया गिरिशन्ताभि चाकशीहि ।।३।। ॐ यामिषुं गिरिशन्त हस्ते बिभर्ष्यस्तवे । शिवां गिरित्र तां कुरु मा हिं सीः पुरुषं जगत् ।।४।। ॐ शिवेन वचसा त्वा गिरिशाच्छा वदामसि । यथा नः सर्वमिज्जगदयक्ष्मं सुमना असत् ।।५।। अध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक् । अहींश्च सर्वान् जम्भयन्त्सर्वाश्च यातुधान्यः ।।६।। ॐ असौ यस्ताम्रो अरुण उतबभ्रुः सुमङ्गलः । ये चे मां रुद्रा अभितो दिक्षु श्रिताः सहस्रशोऽवैषां हेड ईमहे ।।७।। ॐ असौ योऽवसर्पति नीलग्रीवो विलोहितः । उतैनं गोपा अदृशन्नदृशन्नुदहार्यः । उतैनं विश्वा भूतानि सदृष्टो मृडयाति नः ।।८।।** - तै.सं.का. ४/५/१-८ । यी आठमन्त्रले स्नान गराएर घ्यूद्वारा अभ्यञ्जन एवं उद्वर्तन अर्थात् तेल, बुकुवा आदिको मालिस गरी मन्द तातो जलले प्रक्षालन गरेर गन्ध टक्र्याएपछि सम्पातजलले अभिषेक गर्नुपर्दछ ।

अभिषेकपछि - त्यसपछि पञ्चपल्लवले सुहाएका चारकुम्भहरूबाट तलका मन्त्रहरू उच्चारण गर्दै लिङ्गस्नान गराउनुपर्दछ । **आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे ।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।** - ऋ. १०/९/१-३, यी तीनमन्त्र ।

ॐ आ कलशेषु धावति पवित्रे परि षिच्यते । उक्थैर्यज्ञेषु वर्धते ।। - ऋ. ९/१७/४, यो एकमन्त्र,

ॐ समुद्रज्येष्ठाः सलिलस्य मध्यात् पुनाना यन्त्यनिविशमानाः । इन्द्रो या वज्री वृषभो रराद ता आपो देवीरिह मामवन्तु ।।१।। ॐ या आपो दिव्या उत वा स्रवन्ति खनित्रिमा उत वा याः स्वयंजाः । समुद्रार्था याः शुचयः पावकास्ता आपो देवीरिह मामवन्तु ।।२।। ॐ यासां राजा वरुणो याति मध्ये सत्यानृते अवपश्यञ्जनानाम्। मधुश्चुतः शुचयो याः पावकास्ता आपो देवीरिह मामवन्तु ।।३।। ॐ यासु राजा वरुणो यासु सोमो विश्वे देवा यासूर्जं मदन्ति । वैश्वानरो यास्वग्निः प्रविष्टस्ता आपो देवीरिह मामवन्तु ।।४।। – ऋ. ७/४९/१-४, यी चारमन्त्र,

ॐ आ कलशेषु धावति श्येनो वर्म वि गाहते । अभि द्रोणा कनिक्रदत् ।। – ऋ. ९/६७/१४ यो एकमन्त्रसमेतले प्रतिमाहरूको सामूहिक स्नान गराउनुपर्दछ ।

त्यसपछि डुम्रीको काठबाट बनाइएको अथवा ताँबोबाट बनाइएको पीठमा लिङ्ग राखी त्यसका चारैतिर आठदिशाहरूमा जलले भरिएका कलशहरूको स्थापना गरेर ती कलशहरूमा गन्ध, पुष्प र दूबो राखिदिनुपर्दछ । पहिलो कलशमा सप्तमृत्तिका अर्थात् सातठाउँको माटो, दोस्रो कलशमा पुष्कर अर्थात् कमल, पर्ण, शमी, विकङ्कत अर्थात् मिहेल, अश्मन्तक अर्थात् काभ्रो, बोइहरी, चरिअमिलो, कोइरालो को त्वचा र पञ्चपल्लव राखेपछि तेस्रोलगायत सबै कलशमा सप्तधान्य, पञ्चरत्न, फल, पुष्प, कुश, दूवो, गोरोचन, सम्पातजल, गन्ध, फल र सर्वोषधि राखेर क्रमैले **आपोहिष्ठा०** यी तीनमन्त्रद्वारा **हिरण्यवर्णा०** इत्यादि चारमन्त्रद्वारा तथा **पवनमानानुवाकद्वारा** लिङ्गको अभिषेक गरी एउटा छुट्टै कुम्भमा शमी, पलाँश, वट, खयर, बेल, पीपल, मिहेल, कटहर, शिरीष र डुम्रीका पातहरू र बुकुवा राख्नुपर्दछ।

तदनन्तर तल लेखिएका मन्त्रहरू उच्चारण गर्दै लिङ्गस्नान गराउनुपर्दछ – **ॐ अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता । गोभाज इत् किलासथ यत् सनवथ पुरुषम् ।।** – ऋ. १०/९७/५ र **ॐ हिरण्यवर्णाः शुचयः पावका यासु जातः कश्यपो यास्विन्द्रः । अग्निं या गर्भं दधिरे विरूपास्ता न आपः शंस्योना भवन्तु ।।१।। ॐ यासाँ राजा वरुणो याति मध्ये सत्यानृते अवपश्यञ्जनानाम् । मधुश्चुतः शुचयो याः पावकास्ता न आपः शंस्योना भवन्तु ।।२।। ॐ यासां देवा दिवि कृण्वन्ति भक्षं या अन्तरिक्षे बहुधा भवन्ति । याः पृथिवीं पयसोन्दन्ति शुक्रास्ता न आपः शंस्योना भवन्तु ।।३।। ॐ शिवेन मा चक्षुषा पश्यताऽऽपः शिवया तनुवोप स्पृशत त्वचं मे । सर्वाँ अग्नीं रप्सुषदो हुवे वो मयि वर्च्चो बलमोजो नि धत्त ।।४।।** – तै.सं. ५/६/१/१-४ । उक्त यी मन्त्रहरूद्वारा प्रतिमा वा लिङ्गलाई स्नान गराएर वस्त्र टक्र्याएपछि यज्ञोपवीतदेखि धूपदीप अर्पणसम्मका कर्म गर्नुपर्दछ ।

त्यसपछि – **ॐ हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् । स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ।।१।। ॐ य आत्मदा बलदा यस्य विश्व उपासते प्रशिषं यस्य देवाः । यस्य छायामृतं यस्य मृत्युः कस्मै देवाय हविषा विधेम ।।२।। ॐ यः प्राणतो निमिषतो महित्वैक इद्राजा जगतो बभूव । य ईशे अस्य द्विपदश्चतुष्पदः कस्मै देवाय हविषा विधेम ।।३।। ॐ यस्येमे हिमवन्तो महित्वा यस्य समुद्रं रसया सहाहुः । यस्येमाः प्रदिशो यस्य बाहू कस्मै देवाय हविषा विधेम ।।४।। ॐ येन द्यौरुग्रा पृथिवी च दृढा येन स्वः स्तभितं येन नाकः । यो अन्तरिक्षे रजसो विमानः कस्मै देवाय हविषा विधेम ।।५।। ॐ यं क्रन्दसी अवसा तस्तभाने अभ्यैक्षेतां मनसा रेजमाने । यत्राधि सूर उदितो विभाति कस्मै देवाय हविषा विधेम ।।६।। ॐ आपो ह यद्बृहतीर्विश्वमायन् गर्भं दधाना जनयन्तीरग्निम् । ततो देवानां समवर्ततासुरेकः कस्मै देवाय हविषा विधेम ।।७।। ॐ यश्चिदापो महिना पर्यपश्यद् दक्षं दधाना जनयन्तीर्यज्ञम् । यो देवेष्वधि देव एक आसीत् कस्मै देवाय हविषा विधेम ।।८।।** – ऋ. १०/१२१/१-८, यी आठमन्त्रद्वारा पिठोको बत्ती दिएर सुवर्णको शलाका अथवा सुइराले तैजसपात्रमा रहेको मह र घ्यू ग्रहण गरी तलका मन्त्रले मूर्ति वा लिङ्गको आँखामा गाजल लगाएझैं लगाइदिनुपर्दछ ।

मन्त्र – **ॐ चित्रं देवानामुदगादनीकं चक्षुर्मित्रस्य वरुणस्याग्नेः । आप्रा द्यावापृथिवी अन्तरिक्षं सूर्य आत्मा जगतस्तस्थुषश्च ।।** – ऋ. १/११५/१, र **ॐ तेजोऽसि तेजो मयि धेहि वीर्यमसि वीर्यं मयि धेहि बलमसि बलं मयि धेह्योजोऽस्योजो मयि धेहि । मन्युरसि मन्युं मयि धेहि सहोऽसि सहो मयि धेहि ।।** – काण्वसंहिता २१/८, **ॐ तेजोऽसि तेजोऽनु प्रेह्यग्निस्ते तेजो मा वि नैदग्नेर्जिह्वाऽसि सुभूर्देवानां धाम्ने धाम्ने देवेभ्यो यजुषे-यजुषे भव शुक्रमसि ज्योतिरसि तेजोऽसि ।।** – तै.सं. १/१/१०, **तेजोऽसि शुक्रमस्य मृतमसि धामनामासि प्रियं देवानामनाधृष्टं देवयजनमसि ।।** – शु.य. १/३१, **ॐ तेजोऽसि तेजोमयि धेहि । वीर्यमसि वीर्यं मयि धेहि । बलमसि बलं मयि धेहि ।।** – तै.सं. २/२/१, यी मन्त्र र **ॐ नमो भगवते तुभ्यं शिवाय हरये नमः । हिरण्यरेतसे विष्णो विश्वरूपाय ते नमः ।।** यस मन्त्रद्वारा देवताका दायाँ–बायाँ आँखाहरूमा मन्त्रको आवृत्ति गर्दै अञ्जन गर्नुपर्दछ ।

तदनन्तर – **ॐ अञ्जन्ति त्वामध्वरे देवयन्तो वनस्पते मधुना दैव्येन । यदूर्ध्वस्तिष्ठा द्रविणेह धत्ताद् यद् वा क्षयो मातुरस्या उपस्थे ।।** – ऋ. ३/८/१, यस मन्त्रले देवताहरूका मूर्तिमा अञ्जन र मधुको अङ्कन गरेर **ॐ देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णोहस्ताभ्याम् । इन्द्रस्येन्द्रियेण । श्रियै यशसे बलायाभिषिञ्चामि ।।** – तै.२८/६/५ यस मन्त्रद्वारा मह, घ्यू र चिनी अङ्कन गर्नुपर्दछ ।

त्यसपछि फेरि गाजल टक्र्याएर अञ्जन गर्नुपर्दछ । स्थिरलिङ्ग भएमा सुनको सुइरोले गन्ध टक्र्याउनुपर्दछ । **ॐ नमो भगवते०** इत्यादि मन्त्रले अञ्जन गर्नुपर्दछ । यसरी अञ्जन गरेपछि भगवान्को मूर्ति वा लिङ्गलाई ऐना र भक्ष्य पदार्थ देखाउनुपर्दछ । त्यसपछि यजमानले आचार्यलाई गाई र ऋत्विक्हरूलाई दक्षिणा दिनुपर्दछ । दक्षिणा गरेपछि आचार्यले प्रत्येक ऋचाको आदिमा **ॐकार** लगाएर पूर्वोक्त पुरुषसूक्त- **सहस्रशीर्ष०** आदि मन्त्रद्वारा स्तुति गरी बाँसको पात्रमा राखिएका पाँचरङ्गले रंगाएका अन्ननिर्मित प्रसाद टक्र्याई नीराजन गरेर रुद्रका निमित्त **ॐ नमो रुद्राय०** इत्यादि मन्त्र पढ्दै चौबाटोमा लगेर राखिदिनुपर्दछ ।

मन्त्रको अर्थ यसप्रकार छ – 'रुद्रलाई नमस्कार छ, सर्वभूताधिपतिलाई नमस्कार छ, दीप्तशूलधारी देवलाई नमस्कार छ, आमोद प्रदान गर्ने देवतालाई नमस्कार छ र विश्वका अधिपति रुद्र भगवान्लाई नमस्कार छ । मैले गरेको कर्म अनिन्दित र कल्याणकारी बनोस्, मैले गरेको हवन सुहुत होस् । पीपलका पातमा मैले भूतहरूका निमित्त वस्तुहरू अर्पण गरेको छु । ती भूतहरूलाई नमस्कार छ ।' स्थिरप्रतिष्ठाको कामना गर्ने कसैले यस कर्मलाई रातको समयमा गर्नुपर्दछ भनेका छन् ।

सर्वतोभद्रे देवानामावाहनम्

अथाचार्यः सर्वतोभद्रे देवानावाहयेत् । मध्ये – ब्रह्माणम्, पूर्वादिदिक्षु इन्द्रादिलोकपालान्, ईशानेन्द्राद्यन्तरालेषु– वसून्, रुद्रान्, आदित्यान्, अश्विनौ, विश्वान् देवान् पितॄन्नागान्, स्कन्दवृषौ, ब्रह्मेशानाद्यन्तरालेषु – दक्षं विष्णुं दुर्गाम्, स्वधाकारम्, मृत्युरोगान्, समुद्रान्, सरितः, मरुतः, गणपतिञ्चेति । मध्ये एव पृथिवीं मेरु संस्थाप्य देवं चावाह्य प्रागादिक्रमेण – वज्रम्, शक्तिम्, दण्डम्, खड्गम्, पाशम्, अङ्कुशम्, गदाम्, शूलम्, तद्वाह्ये – गौतमम्, भरद्वाजम्, विश्वामित्रम्, कश्यपम्, जमदग्निम्, वसिष्ठमत्रिमरुन्धतीञ्च, तद्बाह्ये – नवग्रहान्, तद्बाह्ये – ऐन्द्रीम्, कौमारीम्, ब्राह्मीम्, वाराहीम्, चामुण्डाम्, वैष्णवीम्, माहेश्वरीम्, वैनायकीमिति एता नामभिरावाह्य सम्पूज्य अर्चायां देवं तन्मन्त्रेणावाह्य मण्डलमध्येऽर्चां **'सुप्रतिष्ठो भव०'** इति निवेश्य सम्पूज्य वह्नौ मण्डलदेवतानां नामभिस्तिलाज्येन दशदशाहुतीर्हुत्वा पुष्पाञ्जलिं समर्प्य **'नमो महत्०'** इति देवं नत्वा मण्डलादुत्तरतः स्वस्तिके मञ्चकं तदुपरि शय्यां

कृत्वा '**उत्तिष्ठ०**' इति देवमुत्थाय मङ्गलघोषैः शय्यायां देवमारोप्य पुरुषसूक्तोत्तरनारायणाभ्यां स्तुत्वा देवे न्यासं कुर्यात् । **पुरुषात्मने नमः । प्राणात्मने नमः, प्रकृतितत्त्वाय नमः, बुद्धितत्त्वाय नमः, अहङ्कारतत्त्वाय नमः, मनस्तत्त्वाय नमः इति सर्वाङ्गे । तद्यथा – प्रकृतितत्त्वाय नमः । बुद्धितत्त्वाय नमः – हृदि । शब्दतत्त्वाय नमः – शिरसि । स्पर्शतत्त्वाय नमः – त्वचि । रूपतत्त्वाय नमः – हृदि ।** एवं हृद्येव रसगन्धश्रोत्रत्वक्चक्षुर्जिह्वा-प्राणवाक्पाणिपादपायूपस्थपृथिव्यप्तेजोवाय्वाकाशसत्त्वरजस्तमोदेहतत्वानि विन्यसेत् । ततः पुरुषसूक्ताद्यमृग्द्वयं करयोः, तदुत्तरं जानुनोः, तदुत्तरं कट्योः, '**तं यज्ञम्**, इति तिस्रः नाभिहृत्कण्ठेषु, '**तस्मादश्वा**' इति द्वयं बाह्वोः, '**ब्राह्मणोऽस्य**' इति द्वयं नासयोः, '**नाभ्या**' इति द्वयमक्ष्णोः, अन्त्यां शिरसि । केचित्तत्त्वन्यासमन्यथा आहुः । पुरुषप्रकृत्यहङ्कारतत्त्वानि, शब्दस्पर्शरूपरसगन्धतन्मात्राणि, आकाशवायुतेजोपृथिवीश्रोत्रत्वक्चक्षुरसनाघ्राणवाक्पाणिपादयूपस्थमनस्तत्त्वानीति। केचिदेतानि स्थिरलिङ्गादावेवेच्छन्ति । ततः 'सुखशायी भव' इति शय्यायां देवं स्वापयित्वा मण्डलशय्ययोरन्तराले न गन्तव्यम् इति प्रैषं दत्त्वा स्विष्टकृदादिहोमशेषं समाप्य मण्डलदेवताभ्यो नामभिः पायसेन चरुणा वा बलिं दद्यात् । नीवारचरुशेषेण दिग्बलिम् । नेदं स्थिरप्रतिष्ठायाम् । स्थिरलिङ्गादौ त्वयं विशेषः – अग्निस्थापनहोमवर्ज्यं सर्वं पूर्ववत् कृत्वा इदानीमग्निस्थापनं कृत्वा पूर्वोक्तहोमं कुर्यात् नात्र नैवारश्चरुः ।

सर्वतोभद्रमा देवताहरूको आवाहन

रुद्रको आराधनापछि आचार्यले सर्वतोभद्रमा देवताहरूको आवाहन गर्नुपर्दछ । त्यसको विधि यसप्रकार छ – सर्वतोभद्रको माझमा ब्रह्माको, पूर्व आदि दिशाहरूमा इन्द्र आदि लोकपालहरूको, ईशान र पूर्वको अन्तरालमा वसु, रुद्र, आदित्य, अश्विनी, विश्वदेव, पितृ, स्कन्द र वृषको आवाहन गर्नुपर्दछ । मध्य र ईशानको अन्तरालमा दक्ष, विष्णु, स्वधा, मृत्यु, रोग, समुद्र, नदी, मरुत् र गणाधिपको आवाहन गर्नुपर्दछ । मध्यमा पृथिवी र मेरुको स्थापना गरेर देवताहरूको आवाहन गरेपछि पूर्व आदि क्रमले वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अंकुश, गदा र शूलको आवाहन गर्नुपर्दछ । त्यसपछिको बाहिरी आवरणमा गौतम, भरद्वाज, विश्वामित्र, कश्यप, जमदग्नि, वसिष्ठ, अत्रि र अरुन्धतीको आवाहन गर्नुपर्दछ। त्योभन्दा बाहिरको आवरणमा नवग्रहको आवाहन गरेपछि त्यसको बाहिरी आवरणमा ऐन्द्री, कौमारी, ब्राह्मी, वाराही, चामुण्डा, वैष्णवी, माहेश्वरी र वैनायकी शक्तिहरूको नाममन्त्रले आवाहन र पूजा गर्नुपर्दछ । अर्चामा प्रमुख आराध्य देवको उनैका मन्त्रले आवाहन गरेर मण्डलको माझमा प्रतिमालाई **सुप्रतिष्ठितो भव** भनेर राखीकन पूजा गर्नुपर्दछ । मण्डलदेवताहरूका नाममन्त्रले तिल र घ्यूद्वारा प्रत्येकका निमित्त अग्निमा १०-१० आहुति दिएर पुष्पाञ्जलि समर्पण गर्नुपर्दछ ।

त्यसपछि **ॐ नमो महद्भ्यः क्षुल्लकेभ्यश्च वो नमो नमो रथिभ्योऽरथेभ्यश्च वो नमो नमो रथेभ्यो रथपतिभ्यश्च वो नमो नमः ।।** – तै.सं. ४/५/४/७ मन्त्रले देवताहरूलाई नमस्कार गरेर मण्डलदेखि उत्तरतर्फ स्वस्तिकमाथि मञ्च राख्नुपर्दछ । मञ्चमाथि शय्या राखेर **ॐ उत्तिष्ठ ब्रह्मणस्पते देवयन्तस्त्वे महे । उप प्रयन्तु मरुतः सुदानव इन्द्र प्राशूर्भवा सचा ।।** – ऋ. १/४०/१ यस मन्त्रले देवतालाई उठाएर मङ्गलघोषपूर्वक शय्यामा देवताको प्रतिमा राखी पुरुषसूक्त र उत्तरनारायणसूक्तहरूद्वारा स्तुति गरी देवताको न्यास गर्नुपर्दछ । न्यासको प्रकार यस्तो छ – **पुरुषात्मने नमः, प्राणात्मने नमः, प्रकृतितत्त्वाय नमः, बुद्धितत्त्वाय नमः, अहङ्कारतत्त्वाय नमः** र **मनस्तत्त्वाय नमः** भनेर देवताका सबै अङ्गमा न्यास गर्नुपर्दछ । **प्रकृतितत्त्वाय नमः** र **बुद्धितत्त्वाय नमः** मन्त्रले हृदयमा, **शब्दतत्त्वाय नमः** मन्त्रले शिरमा, **स्पर्शतत्त्वाय नमः** मन्त्रले त्वचामा र **रूपतत्त्वाय नमः**ले हृदयमा न्यास गर्नुपर्दछ । **शब्दतत्त्वाय नमः**ले शिरमा

र **स्पर्शतत्त्वाय नमः**ले त्वचामा न्यास गर्नुपर्दछ । यसरी नै हृदयमा रस, गन्ध, श्रोत्र, त्वक्, चक्षु, जिह्वा, घ्राण, वाक्, पाणि, पाद, पायु, उपस्थ, पृथिवी, जल, तेज, वायु, आकाश, सत्त्व, रज, तम यी देहतत्त्वहरूको न्यास गर्नुपर्दछ । त्यसपछि पुरुषसूक्तका शुरुका दुईमन्त्रहरूले हातहरूमा न्यास गर्नुपर्दछ । त्यसपछिका दुईमन्त्रहरूले घुँडामा त्यसपछिका दुईमन्त्रहरूले कटिमा न्यास गर्नुपर्दछ। त्यसपछि **तं यज्ञम्** आदि तीनमन्त्रले नाभिमा, हृदय र कण्ठमा **तस्मादश्वा०** आदि दुईमन्त्रले बाहुमा, **ब्राह्मणस्य** आदि दुईमन्त्रले नाकमा, **नाभ्या** आदि दुईमन्त्रले दुईआँखामा, अन्त्यको मन्त्रले शिरमा न्यास गर्नुपर्दछ।

कोही विद्वान्हरू तत्त्वन्यासको अर्कै प्रकार रहेको कुरा बताउँछन् । पुरुष, प्रकृति, महत्, अहङ्कारतत्त्व, शब्द, स्पर्श, रूप, रस, गन्ध र तिनका तन्मात्राहरू आकाश, वायु, तेज, जल, पृथिवी, श्रोत्र, छाला, आँखा, जिब्रो, नाक, वाक्, पाणि, पाद, पायु, उपस्थ तथा मन यी तत्त्वहरूको पुरुषसूक्तबाट न्यास गर्नुपर्दछ । कसैले स्थिरलिङ्गमा मात्र यस्तो न्यास गर्नुपर्ने कुरा बताएका छन् । त्यसपछि 'सुखशायी भव अर्थात् तपाईंले सुखपूर्वक शयन गर्नुहोस्' भनी देवतालाई शय्यामा सुताएपछि सबै मानिसलाई तपाईंहरू अब मण्डल र शय्याको बीचमा आई-जाई गर्नुहुँदैन' भन्ने किसिमको प्रैष (आदेश) दिएर स्विष्टकृत् आदि होमशेष समाप्त गरी मण्डलदेवताहरूका लागि नाममन्त्रले खीर अथवा चरुद्वारा बलि दिनुपर्दछ । नीवारधान्यको चरुशेषद्वारा दिशाहरूलाई बलि दिनुपर्दछ । यो चलप्रतिष्ठाको कुरा हो । स्थिरप्रतिष्ठामा यस्तो गर्नुपर्दैन । स्थिरलिङ्गको अर्चनामा अग्निस्थापनाहोम छाडेर पहिले बताएजस्तै होम गर्नुपर्दछ । यो विशेष तथ्य हो । यहाँ नीवारचरुको आवश्यकता हुँदैन ।

विष्णुश्चेत् पूर्वोक्तहोमं कृत्वा पुरुषसूक्तेन प्रत्यृचमाज्यं हुत्वा **'इदं विष्णुः०'** इति पादौ स्पृष्ट्वा पुनस्ता एवं हुत्वा **'विष्णोर्नुकम्०'** इति नाभिं स्पृशेत् । पुनस्ता एव हुत्वा **'अतो देवा०'** इति शिरः स्पृष्ट्वा पुनस्ता एव हुत्वा पुरुषसूक्तेन सर्वाङ्गं स्पृशेत् । स्थिरलिङ्गं चेदग्निस्थापनादि पूर्वोक्तसमिधाज्यतिलाहुतीर्हुत्वा **'या त इ षु०'** इत्यनुवाकान्तं **'द्रापे०'**, **'सहस्त्राणि०'** इत्यनुवाकाभ्यां प्रत्यृचमाज्यं हुत्वा, **'सर्वो वै रुद्रः०'** इति मूलं स्पृशेत् । पुनस्ता एव हुत्वा **'कद्रुद्राय०'** इति मध्यमम्, पुनस्ता एव हुत्वा नमो हिरण्यबाहवे-इत्युग्रम्, पुनस्ता एव हुत्वा **'सर्वरुद्रेण०'** सर्वाङ्गं स्पृशेत् । ततो **'धामन्त०'** इति पूर्णाहुतिं जुहुयान्न वा । एवमधिवासनं कृत्वा परेद्युः सद्यो वा पीठिकां स्नापयित्वा **'महीमूषु०'** इति देवमुत्थाप्य पुष्पाञ्जलिं दत्त्वा पुरुषसूक्तेन स्तुत्वा **'उदुत्यम्०'** इत्युत्थाप्य **'कनिक्रदत्०'** इति सूक्तेन विष्णुं **'सद्योजातम्०'** इति पञ्चानुवाकैर्लिङ्गं गृहं प्रवेश्य पीठिकायां इन्द्रादीनामभीरष्टरत्नानि क्षिप्त्वा सप्तधान्यरूप्यवृषमनःशिलाः क्षिप्त्वा पायसेन संलिप्य प्रवणेनाङ्गन्यासं कृत्वा सुवर्णशलाकामन्तरितां कृत्वा सुलग्ने **'प्रतितिष्ठ परमेश्वर०'** इत्युक्त्वा **'अतो देवा०'** इति विष्णुं रुद्रेण च लिङ्गं स्थापयेत् ।

आराध्य देवता विष्णु भएमा पहिले बताएको विधिले हवन गरेर पुरुषसूक्तका प्रत्येक ऋचाले हवन गर्नुपर्दछ । त्यसपछि - **ॐ इदं विष्णुर्वि चक्रमे त्रेधा निदधे पदम् । समूढमस्य पांसुरे ।।** - ऋ. १/२२/१७ । यस मन्त्रले देवताका चरणस्पर्श गरी उक्त मन्त्रले नै हवन गरेर **ॐ विष्णोर्नुकं वीर्याणि प्रवोचं यः पार्थिवानि विममे रजांसि । यो अस्कभायदुत्तरं सधस्थं विचक्रमाणस्त्रेधोरुगायः ।।** - ऋ. १/१५४/१ । यस मन्त्रले भगवान्को नाभिस्पर्श गरी उक्त **विष्णोर्नुकम्** मन्त्रद्वारा नै हवन गरेर **ॐ अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।।** - ऋ. १/२२/१६ यस मन्त्रले भगवान्को शिरस्पर्श गरी **अतो देवा** मन्त्रले नै हवन गरेर पुरुषसूक्त पाठ गर्दै सबै अङ्गहरूको स्पर्श गर्नुपर्दछ । स्थिरलिङ्ग भएमा भने अग्निस्थापना गरेर पूर्वोक्त विधिले समिधा, घ्यू र तिलले आहुति गरी **ॐ या त इषुः शिवतम शिवं बभूव ते धनुः । शिवा शरव्या या तव तया नो रुद्र मृडय ।।** - तै.सं. ४/५/१ यस अनुवाकको अन्तमा रहेका **ॐ द्रापे अन्धसस्पते दरिद्रन्नीललोहित । एषां पशूनां मा भेर्माऽरो मो एषां किं चनाऽममत् ।।** - तै.सं.

४/५/१०/१, ॐ सहस्राणि सहस्रधा बाहुवोस्तव हेतयः । तासामीशानो भगवः पराचीना मुखा कृधि ।। – तै.सं. ४/५/१०/१२, सहस्राणि सहस्रशो ये रुद्रा अधिभूम्याम् । तेषां सहस्रयोजनेऽव धन्वानि तन्मसि ।। – तै.सं. ४/५/११/१, यी अनुवाकहरूका प्रत्येक मन्त्रले घ्यूद्वारा हवन गर्नुपर्दछ ।

त्यसपछि – ॐ सर्वो वै रुद्रस्तस्मै रुद्राय नमो अस्तु । पुरुषो वै रुद्रः सन्महो नमो नमः । विश्वं भूतं भुवनं चित्रं बहुधा जातं जायमानं च यत् । सर्वो ह्येष रुद्रस्तस्मै रुद्राय नमो अस्तु ।। – तैत्तरीयारण्यक अ. २४ यसले मूलको स्पर्श गर्नुपर्दछ । फेरि यिनै मन्त्रले हवन गरी ॐ कद्रुवाय प्रचेतसे मीलहुष्टमाय तव्यसे । वोचेम शुन्तमं हृदे।। – ऋ. १/९/४/१ ले मध्य अङ्गको स्पर्श गर्नुपर्दछ । फेरि उक्त मन्त्रले नै हवन गरेर ॐ नमो हिरण्यबाहवे सेनान्ये दिशां च पतये नमो वृक्षेभ्यो हरिकेशेभ्यः पशूनां पतये नमो नमः सस्पिञ्जराय त्विषीमते पथीनां पतये नमो नमो बभ्लुशाय विव्याधिनेऽन्नानां पतये नमो नमो भवस्य हेत्यै जगतां पतये नमो नमो रुद्रायाऽऽततायिने क्षेत्राणां पतये नमो नमः सूतायाहन्त्याय वनानां पतये नमो नमो रोहिताय स्थपतये वृक्षाणां पतये नमो नमो मन्त्रिणे वाणिजाय कक्षाणां पतये नमो नमो भुवन्तये वारिवस्कृतायौषधीनां पतये नमो नमऽउच्चैर्घोषायाऽऽक्रन्दयते पत्तीनां पतये नमो नमः । कृत्स्नवीताय धावते सत्वनां पतये नमः ।। – तै.सं.का. ४/५/२/१, यस मन्त्रले उग्ररूप महादेवको प्रीतिका लागि हवन गर्नुपर्दछ ।

तदनन्तर – ॐ सर्वो वै रुद्रस्तस्मै रुद्राय नमो अस्तु । पुरुषो वै रुद्रः सन्महो नमो नमः । विश्वं भूतं भुवनं चित्रं बहुधा जातं जायमानं च यत् । सर्वो ह्येष रुद्रस्तस्मै रुद्राय नमो अस्तु ।। – तैत्तरीयारण्यक अ. २४ यस मन्त्रले अङ्गहरूको स्पर्श गर्नुपर्दछ । त्यसपछि ॐ धामन् ते विश्वं भुवनमधि श्रितमन्तः समुद्रे हृद्यऽन्तरायुषि । अपामनीके समिथे य आभृतस्तमश्याम मधुमन्तं त ऊर्मिम् ।। – ऋ. ४/५८/११, मन्त्रले पूर्णाहुति दिनुपर्दछ अथवा यसरी पूर्णाहुति नै कुलपरम्परामा प्रचलन छैन भने नगरे पनि हुन्छ । यसप्रकार अधिवासन अर्थात् प्रतिष्ठा गरेर दोस्रो दिन अथवा त्यसै दिन पीठिकालाई स्नान गराई – ॐ महीमूषु मातरं सुव्रतानामृतस्य पत्नीमवसे हुवेम । तुविक्षत्रामजरन्तीमुरूचीं सुशर्माणमदितिं सुप्रणीतिम् ।। – तै.सं. १/५/१८ मन्त्रले आवाहन गर्नुपर्दछ । त्यसपछि ॐ अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः । विश्वे देवा अदितिः पञ्च जना अदितिर्जातमदितिर्जनित्वम् ।। – ऋ. १/८९/१० यस मन्त्रले स्तुति गरी ह्रीं नमः मन्त्रद्वारा पूजन गरेर यसै मन्त्रले पूर्णाहुतिहवन गर्नुपर्दछ ।

त्यसपछि – ॐ उत्तिष्ठ ब्राह्मणस्पते देवयन्तस्त्वेमहे । उपप्रयन्तु मरुतः सुदानव इन्द्र प्राशूर्भवा सचा ।। – ऋ. १/४०/१ मन्त्रले आराध्यदेवलाई उठाएर पुष्पाञ्जलि गरी पुरुषसूक्तद्वारा स्तुति गर्नुपर्दछ । त्यसपछि – ॐ उदुत्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ।। – ऋ. १/५०/१ यस मन्त्रले देवतालाई उठाएर – कनिक्रदज्जनुषं प्रब्रुवाण इयर्ति वाचमरितेव नावम् । सुमङ्गलश्च शकुने भवासि मा त्वा का चिदभिभा विश्व्याविदत् ।।१।। ॐ मा त्वा श्येन उद्विधीन्मा सुपर्णो मा त्वा विददिषुमान्वीरो अस्ता । पित्र्यामनु प्रदिशं कनिक्रदत्सुमङ्गलो भद्रवादी वदेह ।।२।। ॐ अव क्रन्द दक्षिणतो गृहाणां सुमङ्गलो भद्रवादी शुकन्ते। मा नः स्तेन ईशत माघशंसो बृहद्वदेम विदथे सुवीराः।।३।। – ऋ.मं. २. अ.४, सू.४२, मं. १-३ यस सूक्तले विष्णुको स्तुति गरी ॐ सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः। भवे भवे नातिभवे भवस्य मां भवोद्भवाय नमः ।।१।। वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ।।२।। अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः । सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ।।३।। तत्पुरुषाय विद्महे महादेवाय धीमहि । तन्नो रुद्रः प्रचोदयात् ।।४।। ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदाशिवोम् ।।५।। – तैत्तरीयारण्यक. अ. १७-२१ आदि पाँचअनुवाकमन्त्रद्वारा शिवलिङ्गलाई घरमा प्रवेश गराएर पीठिकामा इन्द्र आदिका नामबाट आठरत्नहरू राखी सप्तधान्य,

चाँदी, वासा, मैनसिल आदि छर्केर खीरले लिपीकन प्रणवले अङ्गन्यास गर्नुपर्दछ । त्यसपछि सुवर्णशलाकालाई बीचमा राखेर उत्तमलग्नमा **ॐ प्रतिष्ठ परमेश्वर !, ॐ अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।।** – ऋ. १/२२/१६, यस मन्त्रले शिवलिङ्ग वा विष्णुप्रतिमाको स्थापना गर्नुपर्दछ ।

अथ प्राणप्रतिष्ठा

ततः प्राणप्रतिष्ठा । चलार्चादौ त्वधिवासनान्ते परेद्युः 'उत्तिष्ठ ब्रह्मणस्पते' इति दैवमुत्थाप्य पुरुषसूक्तोत्तरनारायणाभ्यां स्तुत्वा घृते व्रीहिचरुं कृत्वा तद्देवतामन्त्रेण दशाहुतीर्हुत्वा नामभिर्जुहुयात् । अग्नये स्वाहा, सोमाय स्वाहा, धन्वन्तरये स्वाहा, कुह्वै स्वाहा, अनुमत्यै स्वाहा, प्रजापतये स्वाहा, ब्रह्मणे स्वाहा, अग्नये स्वाहा, सोमाय स्वाहा, अग्नयेऽन्नादाय स्वाहा, अग्नयेऽन्नपतये स्वाहा, प्रजापतये स्वाहा, विश्वेभ्यो देवेभ्यः स्वाहा, सर्वेभ्यो देवेभ्यः स्वाहा, भूर्भुवः स्वः स्वाहा, अग्नये स्विष्टकृते स्वाहा इति । ततः **'सप्त ते अग्ने' 'पुनस्त्वा'** इत्याभ्यां पूर्णाहुतिः । तत आचार्योऽभिमन्त्र्य तेनैवाभिषिञ्चेत् । ततः **'उत्तिष्ठे'** इति देवमुत्थाप्य **'विश्वतश्चक्षुः'** इत्युपस्थाय देवं ध्यात्वा जपेत् । ब्रह्मणे नमः । एवम् विष्णवे नमः, रुद्राय नमः, ततः – इन्द्रादिदेवेभ्यो अष्टावसुभ्यो रुद्रेभ्यो आदित्येभ्योऽश्विभ्यां मरुद्भ्यः कुबेराय गङ्गादिमहानदीभ्योऽग्नीषोमाभ्यामिन्द्राग्निभ्यां द्यावापृथिवीभ्यां धन्वन्तरये सर्वेशाय विश्वेभ्यो देवेभ्यो ब्रह्मणे नम इति । ततः सम्पातोदकेन यजमानमभिषिच्य देवं ध्यात्वा **'ॐ प्रतितिष्ठ परमेश्वर'** इति पुष्पाञ्जलिं निवेद्य सच्चिदानन्दं ब्रह्मैव भक्तानुग्रहाय गृहीतविग्रहं करकरणाद्यवयविनं शङ्खचक्राद्यायुधवन्तं निजवाहनाद्युपेतं निजहृत्कमलेऽवस्थितं सर्वलोकसाक्षिणमणीयांसं **'परमेष्ठ्यसि परमां श्रियं गमय'** – इति मन्त्रेण पुष्पाञ्जलावागतं विभाव्याऽर्चायां विन्यस्य प्राणप्रतिष्ठां कुर्यात् ।

प्राणप्रतिष्ठा

शिवलिङ्ग र विष्णुको स्थापना गरेपछि प्राणप्रतिष्ठा गर्नुपर्दछ । चलप्रतिमा वा लिङ्गको अधिवासनपछि अर्को दिन **उत्तिष्ठ ब्रह्मणस्पते०** इत्यादि मन्त्रको उच्चारण गरी देवतालाई उठाएर पुरुषसूक्त र उत्तरनारायणसूक्तद्वारा स्तुति गर्नुपर्दछ। स्तुति गरेपछि धानलाई चरुको रूपमा घिउमा मुछेर ती–ती देवताहरूका मन्त्रहरूबाट दश–दश आहुति हवन गर्नुपर्दछ । हवन गर्दा नाममन्त्र जस्तै – अग्नि, सोम, धन्वन्तरि, कुहू, अनुमति, प्रजापति, परमेष्ठी, ब्रह्मा, यिनीहरूलाई चतुर्थ्यन्त बनाएर हवन गर्नुपर्दछ । **अग्नयेऽन्नादाय स्वाहा, अग्नयेऽन्नपतये स्वाहा, प्रजापतये स्वाहा, विश्वेभ्यो देवेभ्यः स्वाहा, सर्वेभ्यो देवेभ्यः स्वाहा, भूर्भुवः स्वाहा, अग्नये स्विष्टकृते स्वाहा** यसरी स्विष्टकृत्सम्म हवन गर्नुपर्दछ ।

त्यसपछि **ॐ सप्त तेऽग्ने समिधः सप्त जिह्वाः सप्तर्षयः, सप्त धाम प्रियाणि । सप्त होत्राः सप्तधा त्वा यजन्ति सप्त योनीरा पृणस्वा घृतेन ।** – तै.सं. १/५/२/१४ । **ॐ पुनस्त्वाऽऽदित्या रुद्रा वसवः समिन्धतां पुनर्ब्रह्माणो वसुनीथ यज्ञैः । घृतेन त्वं तनुवो वर्धयस्व सत्याः सन्तु यजमानस्य कामाः ।** – तै.सं. ४/२/३/१३, उक्त दुईमन्त्रले पूर्णाहुति गर्नुपर्दछ ।

तदनन्तर आचार्यले – **या ओषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा । मनै नु बभ्रूणामहं शतं धामानि सप्त च।।** – ऋ. १०/९७/१, यस मन्त्रद्वारा पुष्प, फल र सर्वौषधि समर्पण गरी सम्पातजललाई ताँबोको पात्रमा राखेर जुन देवताको प्राणप्रतिष्ठा गर्न लागिएको छ तिनैको मन्त्रद्वारा सय पटक अभिमन्त्रण गरी त्यसै मन्त्रबाट नै अभिषेक गर्नुपर्दछ ।

त्यसपछि – **ॐ उत्तिष्ठ ब्राह्मणस्पते देवयन्तस्त्वेमहे । उपप्रयन्तु मरुतः सुदानव इन्द्र प्राशूर्भवा सचा ।।** –

ऋ. १/४०/१, यस मन्त्रले देवतालाई उठाएर **ॐ विश्वतश्चक्षुरुत विश्वतोमुखो विश्वतो बाहुरुत विश्वतस्पात् । सं बाहुभ्यां धमति सं पतत्रैर्द्यावाभूमी जनयन् देव एकः ।।** – ऋ. १०/८१/३, यस मन्त्रद्वारा उपस्थापन गरी देवताको ध्यान गर्दै जप गर्नुपर्दछ ।

जपका मन्त्रहरू यसप्रकार छन् – **ॐ ब्रह्मणे नमः, ॐ विष्णवे नमः, ॐ रुद्राय नमः** । त्यसपछि इन्द्रादि देवता, अष्टावसु, रुद्र, आदित्य, अश्विनीकुमार, मरुत्, कुबेर, गङ्गा आदि महानदी, अग्नीषोम, इन्द्राग्नि, द्यावापृथिवी, धन्वन्तरि, सर्वेश, विश्वेदेव र ब्रह्माको पनि नामजप गर्नुपर्दछ । पुनः सम्पातजलले यजमानलाई अभिषेक दिएर देवताको ध्यान गर्दै **ॐ प्रतितिष्ठ परमेश्वर !** इत्यादि मन्त्रबाट पुष्पाञ्जलि निवेदन गर्नुपर्दछ ।

तदनन्तर – **सच्चिदानन्दं ब्रह्मैव भक्तानुग्रहाय गृहीतविग्रहं करकरणाद्यवयविनं शङ्खचक्राद्यायुधवन्तं निजवाहनाद्युपेतं निजहृत्कमलेऽवस्थितं सर्वलोकसाक्षिणमणीयांसं परमेष्ठ्यसि परमां श्रियं गमय** । यस मन्त्रद्वारा पुष्पाञ्जलि ग्रहण गर्न देवताहरू आएको भावना गरी न्यास र पूजा गरेर प्राणप्रतिष्ठा गर्नुपर्दछ । उक्त मन्त्रको अर्थ यसप्रकार छ – 'सच्चिदानन्द ब्रह्म नै भक्तहरूमाथि अनुग्रह गर्न शरीर धारण गरी हात, खुट्टा आदि अङ्ग एवं शङ्ख-चक्र आदि आयुधले सम्पन्न भई आ-आफ्ना वाहनहरूमा सवारी भएर कमलरूपी हृदयमा विराजमान हुनुभएका सबै लोकका साक्षी हुनुहुन्छ । हे अणुरूप !, हे परमेष्ठी ! तपाईंले हामीलाई उत्तम श्री प्रदान गर्नुहोस् ।'

प्राणप्रतिष्ठाया विनियोगादयः

अस्य श्रीप्राणप्रतिष्ठामन्त्रस्य ब्रह्माविष्णुरुद्रा ऋषयः, ऋग्यजुःसामानि छन्दांसि, क्रियामयवपुः प्राणाख्या देवता, आं बीजम्, क्रौं शक्तिः, प्राणप्रतिष्ठायां विनियोगः । ततो ऋष्यादीन् क्रमेण शिरोमुखहृदयगुह्यपादेषु विन्यस्य ॐ कं खं गं घं ङं अं पृथिव्यप्तेजोवाप्वाकाशात्मने आं हृदयाय नमः । ॐ चं छं जं झं ञं इं शब्दस्पर्शरूपरसगन्धात्मने ईं शिरसे स्वाहा । ॐ टं ठं डं ढं णं उं श्रोत्रत्वक्चक्षुर्जिह्वाघ्राणात्मने ऊं शिखायै वषट् । ॐ तं थं दं धं नं एं वाक्पाणिपादपायूपस्थात्मने ऐं कवचाय हुम् । ॐ पं फं बं भं मं ॐ वचनादानविहरणोत्सर्गानन्दात्मने औं नेत्रत्रयाय वौषट् । ॐ यं रं लं वं शं षं सं हं लं क्षं अं मनोबुद्ध्यहङ्कारचित्तात्मने अः अस्त्राय फट् । एवं आत्मनि देवे च कृत्वा देवं स्पृष्ट्वा जपेत् – ॐ ह्रीं क्रों यं रं लं वं शं षं सं हं सः देवस्य प्राणा इह प्राणाः । ॐ आं ह्रीं क्रों अं यं रं लं वं शं षं सं हं सः देवस्य जीव इह स्थितः । ॐ आं ह्रीं क्रों यं रं लं वं शं षं सं हं सः देवस्य सर्वेन्द्रियाणि । ॐ आं ह्रीं क्रों अं यं रं लं वं शं षं सं हं सः देवस्य वाङ्मनश्चक्षुःश्रोत्रघ्राणप्राणा इहागत्य स्वस्तये सुखेन सुचिरं तिष्ठन्तु स्वाहेति ।

ततोऽर्चाहृद्यङ्गुष्ठं दत्त्वा जपेत् –

अस्यै प्राणाः प्रतिष्ठन्तु अस्यै प्राणाः क्षरन्तु च । अस्यै देवत्वमर्चायै मामहेति च कश्चन ।।

इति । ततः प्रणवेन संरुध्य सजीवं ध्यात्वा '**ध्रुवा द्यौः**' इति ऋचं जप्त्वा कर्णे गायत्रीं देवमन्त्रं च जप्त्वा पुरुषसूक्तेनोपस्थाय पादनाभिशिरःसु स्पृष्ट्वा '**इहैवैधि**' इति त्रिर्जपेत् ।

प्राणप्रतिष्ठाका विनियोग, न्यास एवं ध्यान

विनियोग – 'यस प्राणप्रतिष्ठामन्त्रका ब्रह्मा, विष्णु र रुद्र ऋषि हुन् । ऋग्वेद, यजुर्वेद र सामवेद छन्द हुन् । क्रिया शरीर हो, प्राणनामक देवता हुन्, **आम्** बीज हो, **क्रों** शक्ति हो र प्राणप्रतिष्ठामा यसको विनियोग गरिन्छ ।' भनी विनियोग गरेर ऋषि आदिहरूको क्रमले आफ्नो शरीरका शिर, मुख, हृदय, गुह्य, पाद यी अङ्गहरूमा न्यास गरी देवताका पनि ती

अङ्गस्पर्श गर्दै न्यास गर्नुपर्दछ ।

अङ्गन्यास गरेपछि – **ॐ कं खं गं घं ङं अं** पृथिवी, जल, तेज, वायु, आकाशरूप परमात्मालाई नमस्कार छ भनी पूर्जा गर्दै **आं हृदयाय नमः** मन्त्रले हृदयस्पर्श गर्नुपर्दछ । **ॐ चं छं जं झं ञं इं** शब्द, स्पर्श, रूप, रस, गन्धरूप परमात्मालाई नमस्कार छ भनी **इं शिरसे स्वाहा** मन्त्रले शिरस्पर्श गर्नुपर्दछ । **ॐ टं ठं डं ढं णं उं** कान, छाला, आँखा, जिह्वा र घ्राणरूपमा रहनुभएका परमात्मालाई नमस्कार छ भनी **ॐ शिखायै वषट्** मन्त्रले शिखास्पर्श गर्नुपर्दछ । **ॐ तं थं दं धं नं एं** वाणी, हात, पाउ, पायु, उपस्थस्वरूप परमात्मालाई नमस्कार छ भनी **ऐं कवचाय हुम्** मन्त्रले भुजा स्पर्श गर्दै कवचन्यास गर्नुपर्दछ । **ॐ पं फं बं भं मं ओं** वचन, आदान, विहार, उत्सर्ग र आनन्दरूप परमात्मालाई नमस्कार छ भनी **ओं नेत्रत्रयाय वौषट्** मन्त्रले तीननेत्रलाई स्पर्श गर्नुपर्दछ । त्यसपछि **ॐ यं रं लं वं शं षं सं हं क्षं अं** मन, बुद्धि, अहङ्कार, चित्त, आत्मा आदिका रूपमा रहनुभएका परमात्मालाई नमस्कार छ भनी **अः अस्त्राय फट्** मन्त्र उच्चारण गरी चुड्की बजाउनुपर्दछ ।

यसरी आफ्नो र देवताका अङ्गहरूको न्यास गरेपछि देवतालाई स्पर्श गरेर तलका मन्त्रहरूको जप गरी प्रार्थना गर्नुपर्दछ – **ॐ ह्रीं क्रों यं रं लं वं शं षं सं हं सः** प्रतिष्ठा गरिने देवताका प्राण यहाँ रहेका छन्, **ॐ आं ह्रीं क्रों अं यं रं लं वं शं षं सं हं सः हं सः** प्रतिष्ठा गरिने देवताको जीव यहाँ रहेको छ, **ॐ आं ह्रीं क्रों यं रं लं वं शं षं सं हं सः** प्रतिष्ठा गरिने देवताका सबै इन्द्रियहरू यहाँ रहेका छन्, **ॐ आं ह्रीं क्रों अं यं रं लं वं शं षं सं हं सः** प्रतिष्ठा गरिने देवताका वाणी, मन, आँखा, कान, घ्राण र प्राणहरू यस मूर्तिमा आएर लोकशान्तिका लागि सुखपूर्वक दीर्घकालसम्म रहून् ।

त्यसपछि मूर्तिको हृदयमा आफ्नो बूढी औंला राखेर भन्नुपर्दछ – यस मूर्तिमा प्राणहरूको प्रतिष्ठा गर्नुहोस्, यस मूर्तिमा प्राणहरूको सञ्चार गर्नुहोस्, यस मूर्तिमा प्रतिष्ठा गरिएका देवताको पूजाका निमित्त मलाई कसैले पनि वर्जना नगरोस् अर्थात् मलाई टाढा नगराओस् । तदनन्तर प्रणवद्वारा प्राणरोधन गरी जीवसहित अर्चाविग्रहको ध्यान गरेर –

ॐ ध्रुवा द्यौर्ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे । ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम् ।। – ऋ. १०/१७३/४ यो मन्त्र जपी देवताको कानमा गायत्री र देवताको मन्त्र फुकेर पुरुषसूक्तबाट उपस्थान गर्नुपर्दछ । उपस्थान गरेपछि मूर्तिका पाउ, नाभि र शिरलाई छोएर – **ॐ इहेवैधि माप च्योष्ठाः पर्वत इवाविचाचलिः । इन्द्र इवेह ध्रुवस्तिष्ठेह राष्ट्रमु धारय ।।** – ऋ. १०/१७३/२, यस मन्त्रको तीनपटक जप गर्नुपर्दछ ।

कर्तुः प्रार्थना

ततः कर्ता – **स्वागतं देवदेवेश मद्भाग्यात्त्वमिहागतः । प्राकृतं त्वमदृष्ट्वा मां बालवत्परिपालय ।।**

धर्मार्थकामसिद्ध्यर्थं स्थिरो भव शुभाय नः । सान्निध्यं तु सदा देव स्वार्चायां परिकल्पय ।।

यावच्चन्द्रावनीसूर्यास्तिष्ठन्त्यप्रतिघातिनः । तावत्त्वयाऽत्र देवेश स्थेयं भक्तानुकम्पया ।।

भगवन् देवदेवेश त्वं पिता सर्वदेहिनाम् । येन रूपेण भगवंस्त्वया व्याप्तं चराचरम् ।।

तेन रूपेण देवेश स्वार्चायां सन्निधौ भव ।। इति नमेत् । एतदन्तं सर्वदेवानां समानम् । देवमन्त्रश्च मूलमन्त्रो वैदिको वा ग्राह्यः।

कर्ताद्वारा प्रार्थना

हे देवदेवेश ! तपाईंलाई स्वागत गर्दछु, मेरा भाग्यले तपाईं यहाँ आउनुभएको छ । मलाई प्राकृत मनुष्य नजानेर

एउटा शिशु जान्नुहोस् र शिशुभावले नै मेरो रक्षा गर्नुहोस् । हामीहरूको कल्याण गर्न धर्म, अर्थ र कामनामक पुरुषार्थको समृद्धि गर्न हे देव ! तपाईं यस मूर्तिमा स्थिर भएर रहनुहोस् । जब तपाईंको पूजा गर्छौं त्यसबेला तपाईं यस मूर्तिमा आएर हाम्रो समीपमा रहनुहोस् । जबसम्म कसैद्वारा तिरस्कृत नभईकन, चन्द्रमा, सूर्य र पृथिवीको अस्तित्व रहन्छ तबसम्म आफ्ना भक्तहरूमाथि कृपा गरेर तपाईं यस मूर्तिमा स्थिर भइरहनुहोस् । हे भगवन् ! हे देवदेवेश ! तपाईं सबै देहधारीहरूका पिता हुनुहुन्छ । तपाईंद्वारा चर र अचर सबै ढाकिएका छन् । जसरी तपाईंले चर र अचरलाई ढाक्नु हुन्छ त्यसैगरी आफ्नो पूजा गर्दा पनि यस मूर्तिलाई ढाकेर रहनुहोस् ।' यसरी मन्त्रद्वारा भगवान्लाई नमस्कार गर्नुपर्दछ । यो सबै देवताका लागि निरूपण गरिएको सामान्यप्राणप्रतिष्ठा विधि हो । कुनै पनि देवताको प्राणप्रतिष्ठा गर्दा वेदमा रहेका ती देवतासम्बन्धी मन्त्रहरूको प्रयोग गर्नुपर्दछ ।

आवाहनं पूजनञ्च

अथाचार्यः कर्ता वा लिङ्गमर्चां वा ॐ भूः पुरुषमावाहयामि, ॐ भुवः पुरुषमावाहयामि, ॐ स्वः पुरुषमावाहयामि, ॐ भूर्भुवः स्वः पुरुषमावाहयामीत्यावाह्य प्रणवेनासनं दत्त्वा तेनैव दूर्वाश्यामाकविष्णुक्रान्तापद्ममिश्रं पाद्यम् । '**इमा आपः शान्ताश्शिवा शिवतमाः पूता पूततमा मेध्या मेध्यतमा अमृता अमृतरसाः पाद्या आचमनीया अर्घ्यास्ता जुषन्तां प्रतिगृह्यन्तां प्रतिगृह्णातु भगवान् महाविष्णुर्विष्णवे नमः** – इति पाद्यम् '**भगवान् महादेवो रुद्राय नमः**' इति लिङ्गे, एवं देवतान्तरेषूह्यम् । **इमा आपः आचमनीयास्ता जुषताम्**' इति एलालवङ्गकङ्कोलकर्पूरमिश्रमाचनीयम्, **अपोभिः क्षीरकुशाग्रैश्चाक्षतैर्यवतण्डुलैः यवैः सिद्धार्थकैश्चैव अर्घ्या** इत्यर्घ्यम् । ततो वेदमन्त्रैः संस्थाप्य प्रणवेन च रत्नाम्बुकलशेन संस्नाप्य '**इदं विष्णुः**' इति विष्णौ नमो अस्तु नीलग्रीवाय' इति लिङ्गे प्रतिसरं विस्रंस्य वस्त्रं यज्ञोपवीतञ्च दत्त्वा –

इमे गन्धाः शुभा दिव्याः सर्वगन्धैरलङ्कृताः । पूता ब्रह्मपवित्रेण पूताः सूर्यस्य रश्मिभिः ।। इति गन्धम्।
इमे माल्याः शुभा दिव्याः सर्वमाल्यैरङ्कृताः। पूता ब्रह्मपवित्रेण पूताः सूर्यस्य रश्मिभिः ।। इति माल्यम्।
इमे पुष्पा शुभा दिव्याः सर्वगन्धैरलङ्कृताः । पूता ब्रह्मपवित्रेण पूताः सूर्यस्य रश्मिभिः ।। इति पुष्पम् ।[८६]
वनस्पतिरसोद्भूतो गन्धाढयो गन्ध उत्तमः । आघ्रेयः सर्वदेवानां घूपोऽयं प्रतिगृह्यताम् ।। इति धूपम् ।

इति दीपं दत्त्वा विष्णौ सङ्कर्षणवासुदेवप्रद्युम्नानिरुद्धपुरुषोत्तमाधोक्षजनृसिंहाच्युतजनार्दनोपेन्द्रहरिकृष्णेति–द्वादशनामभिः केशवादिद्वादशनामभिर्वा पुष्पाणि समर्प्य तैरेव तर्पणं कृत्वा पायसघृताप्लुत-पूर्णशरावगुडौदनहरिद्रौदनादि 'पवित्रं ते विततम्' इति निवेद्य सङ्कर्षणादिपूर्वोक्तनामभिर्द्वादश कृसराहुतीर्हुत्वा तेनैव शार्ङ्गिणे स्वाहा, श्रियै स्वाहा, सरस्वत्यै स्वाहा, विष्णवे स्वाहा इति हुत्वा विष्णोर्नुकवीर्याणि' 'तदस्य प्रियमभिपाथो' 'प्रतद्विष्णु स्तवते' परोमात्रया तन्वां वृधानः, विचक्रमे पृथिवीमेष एताम्, त्रिर्देव पृथिवीमेष एताम् इति जुहुयात् । पुनः द्वादशनामभिर्जुहुयात् ।

---

८६. माल्य र पुष्पका लागि इमे माल्याः, इमे पुष्पाः जस्तो प्रयोग गरिँदैन । तर विद्वान् ग्रन्थकारले जानी जानी प्रयोग गरेको विषय विचारणीय छ । त्यसको सट्टा –

इदं माल्यं शुभं दिव्यं सर्वमाल्यैरलङ्कृतम् । पूतं ब्रह्मपवित्रेण पूतं सूर्यस्य रश्मिभिः ।।
इदं पुष्पं शुभं दिव्यं सर्वगन्धैरलङ्कृतम् । पूतं ब्रह्मपवित्रेण पूतं सूर्यस्य रश्मिभिः ।।
यसरी रूपान्तरण गर्न सकिन्छ ।

आवाहन र पूजन

यसरी प्राणप्रतिष्ठा गरेपछि आचार्यले अथवा यजमानले शिवलिङ्ग अथवा देवताको मूर्तिलाई **ॐ भूः पुरुषमावाहयामि** (म भूः पुरुषलाई आवाहन गर्दछु), **ॐ भुवः पुरुषमावाहयामि** (म **भुवः** पुरुषलाई आवाहन गर्दछु), **ॐ सुवः पुरुषमावाहयामि** (म **सुवः** पुरुषलाई आवाहन गर्दछु), यसरी मन्त्रहरूद्वारा आवाहन गरेपछि **ॐ भूर्भुवः सुवः पुरुषमावाहयामि** यस मन्त्रले संयुक्तरूपमा आवाहन गरी **ॐ** मन्त्रद्वारा आसन अर्पण गर्नुपर्दछ।

त्यसपछि **ॐकारद्वारा** नै दूबो, सामा र विष्णुक्रान्ता अर्थात् नीलो रंगको अपराजिता पुष्प अर्पण गरी कमल मिसिएको पाद्यजल अर्पण गर्नुपर्दछ । यो जल शान्त छ, शिवमय छ, अत्यन्त शिवमय छ, मेध्य छ, मेध्यतम छ, अमृत छ र अमृतरससमान छ, यस्तो पाद्यजल ग्रहण गरेर तपाईंले ममाथि प्रीति गर्नुहोस् । हे भगवन् महाविष्णु ! तपाईंले यो जल ग्रहण गरी मेरो नमस्कारलाई स्वीकार गर्नुहोस् । म तपाईंलाई निरन्तर नमस्कार गर्दछु भनी पाद्यजल अर्पण गर्नुपर्दछ। **भगवान् महादेवो रुद्राय नमः**, यस मन्त्रले लिङ्गमा जल अर्पण गर्नुपर्दछ । यसैगरी अरू देवताहरूका मूर्तिमा पनि पाद्यजल अर्पण गर्नुपर्दछ । **इमा आपः आचमनीयास्ता जुषन्ताम्** – अर्थात् यी जल आचमन गर्न योग्य छन्, तपाईंले यो जल सेवन गर्नुहोस् भन्ने अर्थको मन्त्र पढी अलैंची, ल्वाङ, कङ्कोल (अशोकपत्र) र कपूर मिसिएको आचमनीय जल अर्पण गर्नुपर्दछ । दूध, कुशको अग्रभाग, अक्षता, जौ, चामल र पहेंलो सर्स्यूँ मिसिएको जलद्वारा अर्घ्य प्रदान गर्नुपर्दछ ।

त्यसपछि मन्त्रहरूद्वारा स्नान गराएर **ॐ इदं विष्णुर्वि चक्रमे त्रेधा निदधे पदम् । समूढ मस्य पांसुरे स्वाहा ।।** – ऋ. १/२२/१७, यस मन्त्रले विष्णुमा, **ॐ नमो अस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे । अथो ये अस्य सत्वानोऽहं तेभ्योऽकरं नमः ।।** – तै.सं. ४/५/१/९, यस मन्त्रले लिङ्गमा प्रतिसर अर्थात् पुष्पमाल्य वा कङ्कण अर्पण गरी वस्त्र र यज्ञोपवीत चढाउनुपर्दछ । त्यसपछि चन्दन चढाउँदै भन्नुपर्दछ – यो चन्दन शुभ छ, दिव्य छ, सबै प्रकारका सुगन्धले अलङ्कृत छ, ब्रह्मपवित्र र सूर्यका किरणले पवित्र छ, यो लिनुहोस् । त्यसपछि माला अर्पण गर्दै भन्नुपर्दछ – यो माला शुभ र दिव्य छ, सबै प्रकारका मूल्यवान् पुष्पहरूद्वारा अलङ्कृत छ, ब्रह्मपवित्र र सूर्यका किरणले पवित्रतम भएको छ, यो ग्रहण गर्नुहोस् । त्यसैगरी पुष्प चढाउँदै भन्नुपर्दछ – यी पुष्प शुभ र दिव्य छन् । नानाथरि सुगन्धले सुवासित छन् । ब्रह्मपवित्रसमान छन् र सूर्यका किरणले पवित्र छन् ।

त्यसपछि धूप अर्पण गर्दै भन्नुपर्दछ – वनस्पतिरसबाट उत्पन्न उत्तमगन्धको मुहान यस धूपले सबै गन्धहरूमा उत्तमगन्ध धारण गर्दछ, सबै देवताहरूद्वारा सुंघ्न योग्य छ, यो धूप ग्रहण गर्नुहोस् । त्यसपछि बत्ती देखाउँदै भन्नुपर्दछ – यो ज्योतिः शुक्र र तेजको रूपमा रहेको छ । यो देवताका निमित्त अत्यन्त प्रियतम छ । सबै प्राणीहरूको प्रकाशरूप यो ज्योति ग्रहण गर्नुहोस् । यसरी बत्ती टक्र्याएपछि **सङ्कर्षण, वासुदेव, प्रद्युम्न, अनिरुद्ध, पुरुषोत्तम, अधोक्षज, नृसिंह, अच्युत, जनार्दन, उपेन्द्र, हरि** र **श्रीकृष्ण** यी १२ नामले भगवान् विष्णुमा पुष्प अर्पण गर्नुपर्दछ । यिनै नामले अथवा केशव आदि १२ नामले तर्पण दिएर भगवान्लाई खीर, गुड, भात, चित्रौदन अर्पण गर्नुपर्दछ ।

अर्पण गर्दा उच्चारण गरिने मन्त्र यसप्रकार छ – **पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुगात्राणि पर्यषि विश्वतः । अतप्ततनूर्न तदामो अश्नुते शृतास इद्वहन्तस्तत् समाशत ।।** – ऋ. ९/८३/१ । त्यसपछि सङ्कर्षण आदि पूर्वोक्त १२ नाम उच्चारण गर्दै खिचडीले युक्त आहुति दिएर, उक्त खिचडीद्वारा नै **शार्ङ्गिणे स्वाहा, श्रियै स्वाहा, सरस्वत्यै स्वाहा** र **विष्णवे स्वाहा** यी नाममन्त्रले हवन गरेपछि तलका वैदिकमन्त्रले हवन गर्नुपर्दछ ।

हवनमन्त्र – **ॐ विष्णोर्नु कं वीर्याणि प्र वोचं यः पार्थिवानि विममे रजांसि । यो अस्कभायदुत्तरं सधस्थं विचक्रमाणस्त्रेधोरुगायः ।।** – ऋ. १/१५४/१, **ॐ तदस्य प्रियमभि पाथो अश्यां नरो यत्र देवयवो मदन्ति ।**

उरुक्रमस्य स हि बन्धुरित्था विष्णोः पदे परमे मध्व उत्सः ।। – ऋ. १/१५४/५, ॐ परो मात्रया तन्वा वृधान न ते महित्वमन्वश्नुवन्ति । उभे ते विद्म रजसी पृथिव्या विष्णो देव त्वं परमस्य वित्से ।। – ऋ. ७/९९/१, ॐ वि चक्रमे पृथिवीमेष एतां क्षेत्राय विष्णुर्मनुषे दशस्यन् । ध्रुवासो अस्य कीरयो जनास उरुक्षितिं सुजनिमा चकार ।। – ऋ. ७/१००/४, ॐ त्रिर्देवः पृथिवीमेष एतां वि चक्रमे शतर्चसं महित्वा । प्र विष्णुरस्तु तवसस्तवीयान् त्वेषं ह्यस्य स्थविरस्य नाम ।। – ऋ. ७/१००/६, यी मन्त्रले हवन गर्नुपर्दछ । त्यसपछि पूर्वोक्त सङ्कर्षण आदि १२ नामबाट हवन गर्नुपर्दछ ।

लिङ्गे तु दीपान्तं कृत्वा भवाय देवाय नमः, शर्वाय नमः, ईशाय नमः, पशुपतये नमः, रुद्राय नमः, उग्राय नमः, भीमाय नमः, महते देवाय नम इति पुष्पाणि दत्त्वा तैरेव तर्पणं कृत्वा 'पवित्रं ते' इति पायसं गुडौदनं च निवेद्य पूर्वोक्तनामभिः कृसरं हुत्वा '**भवस्य देवस्य पत्न्यै स्वाहा**' इत्याद्यष्टभिर्गुडौदनं च निवेद्य पूर्वोक्तनामभिः भवाय देवाय सुताय स्वाहा' इत्याद्यैर्हरिद्रौदनं हुत्वा '**त्र्यम्बकं यजामहे**' '**मा नो महान्तमुत मानो, मानस्तोके**' '**आरात्ते गोघ्नमुत पुरुषघ्ने, विकिरिद्र विलोहित' सहस्राणि सहस्रशः**' इति एतैर्हुत्वा शिवाय स्वाहा, शङ्कराय स्वाहा, सहमानाय स्वाहा, शितिकण्ठाय स्वाहा, कपर्दिने स्वाहा, ताम्राय स्वाहा, अरुणाय स्वाहा, अवगुरमाणाय स्वाहा, हिरण्यबाहवे स्वाहा, सस्पिञ्जराय स्वाहा, बभ्लुशाय स्वाहा इति च जुहुयात् । ततः स्विष्टकृदादि शेषं समाप्य पूर्वोक्तसर्वहविर्भिर्विष्णवे लिङ्गाय वा बलिं दद्यात् ।

मन्त्रस्तु – **त्वामेकमाद्यं पुरुषं पुरातनं नारायणं विश्वसृजं यजामहे ।**
त्वमेव यज्ञो विहितो विधेयस्त्वमात्मनात्मन् प्रतिगृह्णीष्व हव्यम् ।।

इति । लिङ्गे तु नारायणपदे रुद्रं शिवमिति वदेत् ।

ततोऽश्वत्थपर्णे '**भूर्भुवः स्वरोम्**' इति हुतशेषं निधाय अग्निना सह प्रदक्षिणीकृत्य '**विश्वभुजे आत्मने परमात्मने नमः**' इति नत्वा अङ्गुलीयककुण्डलद्वयवस्त्रयुग्मेनाचार्यं पूजयित्वा आचार्याय शतं तदर्द्धं तदर्द्धं द्वादश तिस्र एकां वा गां दत्त्वा ऋत्विग्भ्योऽपि दक्षिणां दत्त्वा दशद्वादश वा विप्रान् भोजयेदिति सङ्क्षेपः ।

प्रासादमात्रे नूतने तु मात्स्योक्तजलाशयप्रतिष्ठाविधिमेव कुर्यात् । गोरुत्तारणपात्रीप्रक्षेपादि तु न भवति द्वारलोपात्। वारुणहोमस्थाने वास्तुहोमः । अन्यत्तद्वदेव । इति लिङ्गार्चाप्रतिष्ठाविधिः ।

लिङ्गको प्रतिष्ठा गर्दा दीप अर्पण गर्नेसम्मका कर्म गरेर भव, शर्व, ईशान, पशुपति, रुद्र, उग्र, भीम र महादेव यी अष्टमूर्तिका रूपमा रहेका शिवका मूर्तिहरूलाई **ॐ भवाय नमः, ॐ शर्वाय नमः, ॐ ईशानाय नमः, ॐ पशुपतये नमः, ॐ रुद्राय नमः, ॐ उग्राय नमः, ॐ भीमाय नमः, ॐ महादेवाय नमः** यी मन्त्रले तर्पण दिनुपर्दछ ।

तदनन्तर – **ॐ पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुर्गात्राणि पर्येषि विश्वतः । अतप्ततनूर्न तदामो अश्नुते शृतास इद्वहन्तस्तत् समाशत ।।** – ऋ. ९/८३/१ यस मन्त्रले पायस र गुडौदन अर्पण गर्नुपर्दछ । फेरि पूर्वोक्त भव आदि आठनाम मन्त्रले खिचडीद्वारा हवन गरी – **भवस्य देवस्य पत्न्यै स्वाहा, शर्वस्य देवस्य पत्न्यै स्वाहा, ईशानस्य देवस्य पत्न्यै स्वाहा, पशुपतेर्देवस्य पत्न्यै स्वाहा, रुद्रस्य देवस्य पत्न्यै स्वाहा, उग्रस्य देवस्य पत्न्यै स्वाहा, भीमस्य देवस्य पत्न्यै स्वाहा, महादेवस्य देवस्य पत्न्यै स्वाहा** यी नाममन्त्रले बेसार र भातद्वारा हवन गनुपर्दछ ।

त्यसपछि – **भवस्य देवस्य सुताय स्वाहा** इत्यादि रूपले आठै नामबाट फेरि गुड र भातद्वारा हवन गर्नुपर्दछ । तदनन्तर – **ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात् ।।** – ऋ. ७/

५९/१२, ॐ मा नो महान्तमुत मा नो अर्भकं मा न उक्षन्तमुत मा न उक्षितम् । मा नो वधीः पितरं मोत मातरं मा नः प्रियास्तन्वो रुद्र रीरिषः ।। – ऋ. १/११४/७, ॐ मानस्तोके तनये मा न आयौ मा न गोषु मा नो अश्वेषु रीरिषः । वीरान् मा नो रुद्र भामितो वधीर्हविष्मन्तः सदमित् त्वा हवामहे ।। – ऋ. १/११४/८, ॐ आरात् ते गोघ्न उत पूरुषघ्ने क्षयद्वीराय सुम्नमस्मे ते अस्तु । रक्षा च नो अभि च देव ब्रूह्यथा च नः शर्म यच्छ द्विबर्हाः ।। – तै.सं. ४/५/१०/७, ॐ विकिरिद्र विलोहित नमस्ते अस्तु भगवः । यास्ते सहस्रं हेतयोऽन्यमस्मन्नि वपन्तु ताः ।। – तै.सं. ४/५/१०/११, ॐ सहस्राणि सहस्रशो ये रुद्रा अधिभूम्याम् । तेषां सहस्रयोजनेऽव धन्वानि तन्मसि ।। – तै.सं. ४/५/१०/१ यी मन्त्रहरूले हवन गरी शिव, शङ्कर, सहमान, शितिकण्ठ, कपर्दी, ताम्र, अरुण, अवगुरमाण, हिरण्यबाहु, सस्पिञ्जर र बभ्लुश नाममा चतुर्थी विभक्ति लगाएर हवन गर्नुपर्दछ ।

त्यसपछि स्विष्टकृत् आदि होमशेष समाप्त गरी सबै हविहरूद्वारा विष्णु अथवा शिवलाई बलि दिनुपर्दछ । बलिदान गर्दा भनिने **त्वामेकमाद्यम्०** इत्यादि मन्त्रको अर्थ यसप्रकार छ – 'एक, आद्य पुरातन पुरुष विश्वस्रष्टा नारायणको हामी अर्चना गर्दछौं । तपाईं नै यज्ञ हुनुहुन्छ । तपाईंले यज्ञको विधान पनि गर्नुहुन्छ । तपाईंले आफूद्वारा विधान गरिएको आफ्नो हव्य ग्रहण गर्नुहोस् ।' लिङ्गको अर्चना गर्दा भने नारायणपदका स्थानमा रुद्र अथवा शिवपद उच्चारण गर्नुपर्दछ । त्यसपछि पीपलको पातमा **भूर्भुवः स्वरोम्०** यस मन्त्रद्वारा हुतशेष हवि राखेर हातमा लिई अग्निका साथमा प्रदक्षिणा गरेर **विश्वभुजे आत्मने परमात्मने नमः** यस मन्त्रले नमस्कार गरी आचार्यलाई १००, ५०, २५, १२, ३ अथवा १ गाई दिएर ऋत्विक्हरूलाई पनि दक्षिणा दिनुपर्दछ । त्यसपछि १२ ब्राह्मणलाई भोजन गराउनुपर्दछ।

नयाँ दरबार अथवा घरको प्रतिष्ठा गर्दा **मत्स्यपुराण**ले बताएको जलाशयप्रतिष्ठा–विधिद्वारा प्रतिष्ठाकर्म गराउनुपर्दछ। नयाँ घरको प्रतिष्ठामा गाईको उत्तारण, पात्रप्रक्षेपजस्ता कार्य हुँदैनन् । किनकि त्यसमा द्वारलोप हुन्छ । वारुणीहोमको स्थानमा वास्तुहोम गरिन्छ । अरू कर्म भने उस्तै हुन् ।

देवानां पुनः प्रतिष्ठायाः कारणानि

अथ पुनःप्रतिष्ठा । तामधिकृत्य हयशीर्षपञ्चरात्रे –

चाण्डालमद्यसंस्पर्शदूषिता वह्निनाऽथवा । अपुण्यजनसंस्पृष्टा विप्रक्षतजदूषिता ।। संस्कार्येति शेषः।

पदार्थादर्शे ब्राह्मे – **खण्डिते स्फुटिते दग्धे भ्रष्टे मानविवर्जिते । यागहीने पशुस्पृष्टे पतिते दुष्टभूमिषु।।**

अन्यमन्त्रार्चिते चैव पतितस्पर्शदूषिते । दशस्वेतेषु नो चक्रुः सन्निधानं दिवौकसः ।।

यागः – पूजा । पशुः – गर्दभादि ।

देवताहरूको पुनः प्रतिष्ठाका कारण

अब देवताहरूको पुनः प्रतिष्ठाको विषयमा विचार गरिन्छ । देवताको पुनः प्रतिष्ठा गर्नुपर्ने कारण बताउँदै **हयशीर्षपञ्चरात्र**मा बताइएको छ – 'चाण्डाल अथवा मदिराको स्पर्शले मूर्ति दूषित भएपछि त्यसको पुनः प्रतिष्ठा गराउनुपर्दछ । अथवा चाण्डालद्वारा स्पर्श गरिएको अग्निद्वारा मूर्ति दूषित हुँदा पनि प्रतिष्ठा गराउनुपर्दछ । पुण्यहीन मानिसहरूको स्पर्श हुँदा र ब्राह्मणको रगत मूर्तिमा पर्दा पनि मूर्ति दूषित हुन्छ । तसर्थ मूर्तिको संस्कार गर्नुपर्दछ ।'

पदार्थादर्शमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – 'खण्डित अर्थात् टुटे-फुटेको, जलेको, भ्रष्ट भएको, प्रमाणहीन, यज्ञपूजाहीन, गधा आदि पशुद्वारा स्पर्श गरिएको, अधर्मी व्यक्तिद्वारा स्पर्श गरिएको, अपवित्र अथवा खराब भूमिमा राखिएको, निर्धारित मन्त्रबाहेक अरू मन्त्रद्वारा पूजिएको र पतितको स्पर्शबाट दूषित मूर्तिहरूमा देवताको उपस्थिति हुँदैन ।'

त्यसो हुँदा यी १० प्रकारका अवस्थामा देवताको सन्निधान नहुने भएका कारण ती मूर्तिहरूको पुनः प्रतिष्ठा गर्नुपर्दछ ।

पञ्चरात्रे - खण्डिता स्फुटिता दग्धा यस्मादर्चा भयावहा ।
तस्मात्समुद्धरेत्तां तु पूर्वोक्तविधिना नरः ।।

सिद्धान्तशेखरे - **चौरचण्डालपतितश्वोदक्यास्पर्शने सति। शिवाद्यपहतौ चैव प्रतिष्ठां पुनराचरेत्।।**

पञ्चरात्रे - **अङ्गादङ्गादिसन्धाने प्रतिष्ठां पुनराचरेत् । जलाधिवासविहितनेत्रोन्मीलनवर्जिताम् ।।**

शुद्धिविवेके विष्णुः - **'द्रव्यवत्कृतशौचानां देवतार्चानां भूयः प्रतिष्ठापने शुद्धिः'** इति । अर्चाः - प्रतिमाः । तद्द्रव्यस्य ताम्रादेरुक्तशौचं कृत्वा पुनःप्रतिष्ठां कुर्यादित्यर्थः । स्मृत्यर्थसारेऽप्येवम् ।

पञ्चरात्रमा भनिएको छ - खण्डित भएको, टुटेको, डढेको मूर्तिमा पूजा गर्दा ठूलो भय हुन्छ, तसर्थ पहिले बताएको विधानअनुसार उक्त मूर्तिको उद्धार गर्नुपर्दछ । मूर्तिमा दोष आइलाग्दा अथवा मूर्ति खण्डित हुँदा भक्तहरूले उपवास गर्नुपर्दछ । **विष्णुधर्मपुराण**मा भनिएको छ - राज्यको नाश र देवताको पूजामा विघ्न हुँदा उपवास गर्नुपर्दछ ।

सिद्धान्तशेखरमा भनिएको छ - चोर, चाण्डाल, पतित, कुकुर र रजस्वला नारीको स्पर्शबाट शिव आदि देवताका लिङ्ग वा मूर्ति दूषित भएमा मूर्तिको पुनः प्रतिष्ठा गर्नुपर्दछ ।

पञ्चरात्रमा भनिएको छ - एउटा मूर्तिको अङ्गसँग अर्को मूर्तिको अङ्ग जोडिएमा पनि दोष लाग्छ । त्यसको फेरि प्रतिष्ठा गर्नुपर्दछ । फेरि प्रतिष्ठा गर्दा जलाधिवास र नेत्रोन्मीलन गराउनुपर्दैन ।

शुद्धिविवेकमा **विष्णु**ले भनेका छन् - द्रव्यहरूलाई झैं निरन्तर स्नान गराएर चोख्याएपछि पूजा गरिने देवताहरूका मूर्तिहरूको पुनः प्रतिष्ठा गर्दा शुद्धि हुन्छ । जसरी ताँबो आदि द्रव्यहरूको पवित्रताका लागि अग्निद्वारा शुद्धि गराइन्छ त्यसैगरी मूर्तिहरूको पनि पुनः प्रतिष्ठा गर्नुपर्दछ । यही कुरा **स्मृत्यर्थसार**मा पनि भनिएको छ ।

बौधायनसूत्रमते- पुनःप्रतिष्ठाविधिकथनम्

तद्विधिर्बौधायनसूत्रे- **'पूर्वप्रतिष्ठितस्याबुद्धिपूर्वमेकरात्रं द्विरात्रमेकमासं द्विमासं वाऽर्चनादिविच्छेदे शूद्ररजस्वलाद्युपस्पर्शने पूर्वोक्ते काले पुण्याहं वाचयित्वा युग्मान् ब्राह्मणान् भोजयित्वा निशायां जलाधिवासं कृत्वा श्वोभूते कलशपूर्णेन पञ्चगव्येन तत्तन्मन्त्रैः स्नापयित्वाऽन्यं कलशं शुद्धोदकेनापूर्य तस्मिन्नवरत्नानि प्रक्षिप्य तं कलशं तत्तद्गायत्र्याष्टसहस्रमष्टशतमष्टाविंशतिवारं वाऽभिमन्त्र्य तेनोदकेन देवं स्नापयेत्ततः शुद्धोदकेन स्नापयेदष्टसहस्रमष्टशतमष्टाविंशतिं वा पुरुषसूक्तेन मूलमन्त्रेण च । ततः पुष्पाणि यथासम्भवमर्चयित्वा गुडौदनं निवेदयेत्'** इति । बुद्धिपूर्वं तु विच्छेदे पूर्वोक्तां प्रतिष्ठां पुनः कुर्यात् पूर्वोक्तविष्णुवचनात्। इदं मलमासशुक्रास्तादावपि कार्यमिति मदनरत्ने हेमाद्रौ च ।

बौधायनसूत्रको मतमा पुनः प्रतिष्ठाविधि

पुनः प्रतिष्ठाको विधि बताउँदै **बौधायनसूत्र**मा भनिएको छ - अज्ञानपूर्वक पहिले प्रतिष्ठा गरिएको मूर्तिको एकरात, दुईरात, एकमहिना अथवा दुईमहिनासम्म पूजाको विच्छेद भएको अवस्थामा अथवा शूद्र, रजस्वला आदिले स्पर्श गरेको स्थितिमा त्यसको पुनः प्रतिष्ठा गर्ने प्रसङ्ग आएपछि सर्वप्रथम पुण्याहवाचन गर्नुपर्दछ । जोडाब्राह्मणलाई भोजन गराएर रात्रिमा मूर्तिलाई जलाधिवास गराउनुपर्दछ । दोस्रो दिन कलशमा भरिएको पञ्चगव्यले मन्त्रहरूद्वारा स्नान गराएर अरू कलशलाई पनि

पवित्र जलले परिपूर्ण तुल्याई कलशमा नवरत्न राखी कलशमा रहेको जललाई गायत्रीद्वारा ८०००, १०८ अथवा २८ पटक अभिमन्त्रण गरेपछि अभिमन्त्रित जलले देवतालाई स्नान गराइदिनुपर्दछ ।

स्नानपछि शुद्धोदकले स्नान गराउनुपर्दछ । फेरि १००८, १०८ अथवा २८ पटक पुरुषसूक्तका मूल मन्त्रले हवन गर्नुपर्दछ । हवनपछि पुष्पहरूले यथासम्भव पूजा गरी गुड र ओदन निवेदन गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो अज्ञानवश प्रतिष्ठा गरिएका मूर्तिहरूको पुनः प्रतिष्ठाको विषयमा गरिने विधि हो । तर, बुद्धिपूर्वक नै नराम्रो गरी प्रतिष्ठा गरिएको छ भने पहिले बताइएको सम्पूर्ण प्रतिष्ठाविधि अँगाली पुनः प्रतिष्ठा गर्नुपर्दछ भन्ने कुरा **विष्णु**ले बताएका छन् । यस्तो पुनः प्रतिष्ठाको कार्य मलमास, शुक्रास्त आदि समयमा पनि गर्न हुने कुरा **मदनरत्न** र **हेमाद्रि**मा बताइएको छ ।

देवार्चाप्रासादभेदने विधिकथनम्

देवार्चाप्रसादभेदने तु शूलपाणौ काश्यपः – **'वापीकूपारामसेतुसभातडागवप्रदेवतायतनभेदने प्रायश्चित्तं चतस्र आज्याहुतीर्जुहुयात् – 'इदं विष्णुः', 'मा नस्तोके', 'विष्णोः कर्माणि', पादोऽस्य' इति यां देवतामुत्सादयति तस्यै देवतायै ब्राह्मणान् भोजयेत्'** इति ।

शङ्खलिखितौ – प्रतिमारामकूपसंक्रमध्वजसेतुनिपातभङ्गेषु तत्समुत्थानं प्रतिसंस्कारोऽष्टशतं च निपातितानामिति। **समुत्थानम्** – प्रतिक्रिया । **प्रतिसंस्कारः** – पुनःप्रतिष्ठा । **अष्टशतं पणाः** – दण्डश्चेत्यर्थः ।

देवमूर्ति र मन्दिरको भेदनमा आवश्यक संस्कार

देवताको मूर्ति खण्डित भएमा र मन्दिर भत्किएमा गर्नुपर्ने संस्कारको विषयमा **शूलपाणिग्रन्थ**मा **काश्यप**ले यसरी बताएका छन् – इनार, कुवा, बगैंचा, पुल, सभा, तलाऊ, सिँढी र देवताको स्थान भत्किँदा वा भत्काइँदा प्रायश्चित्त गर्नुपर्दछ । प्रायश्चित्त गर्दा सर्वप्रथम इदं **विष्णुः०, मानस्तोके०, विष्णोः कर्माणि० पादोऽस्य०** यी मन्त्रद्वारा चारपटक घृताहुति दिनुपर्दछ । जुन देवताको मूर्ति र मन्दिरको भेदन भएको छ ती देवताको मन्दिर वा मूर्ति हटाउँदा ती देवताको प्रसन्नताका निमित्त ब्राह्मणभोजन गराउनुपर्दछ । **शङ्ख** र **लिखित**ले भनेका छन् – प्रतिमा, बगैंचा, कुवा, ध्वज र पुल खसेमा वा टुटेमा फेरि संस्कार गर्नुपर्दछ र जसले मूर्ति वा अरू बगैंचा आदिलाई भत्काउने वा टुटाउने काम गर्दछ त्यसलाई १०८ पण ताम्रमुद्रा दण्ड दिनुपर्दछ ।

जीर्णोद्धारविधिकथनम्

अथ जीर्णोद्धारः । स च लिङ्गादौ दग्धे भग्ने चलिते वा कार्यः । अयं चानादिसिद्धप्रतिष्ठितलिङ्गादौ भङ्गादिदुष्टेऽपि न कार्यः, तत्र तु महाभिषेकं कुर्यादिति त्रिविक्रमः । कर्ताऽमुकदेवस्य जीर्णोद्धारं करिष्ये इत्युक्त्वा पुण्याहं वाचयित्वा नान्दीश्राद्धं कृत्वा आचार्यमृत्विजश्च वृत्वा पीठे मण्डलदेवता आवाह्य लिङ्गे – **ॐ व्यापकेश्वरहृदयाय नमः' 'ॐ व्यापकेश्वरशिरसे स्वाहा'** इति । एवं षडङ्गं कृत्वा देवतान्तरे मूलमन्त्रेण षडङ्गं कृत्वा अर्चयेत् । अघोरमन्त्रमष्टोत्तरशतं जप्त्वाऽग्निं प्रतिष्ठाप्याघोरेण घृतसर्षपैः सहस्रं हुत्वा इन्द्रादिभ्यो नाम्ना बलिं दत्त्वा जीर्णदेवं प्रणवेन सम्पूज्य ब्रह्मादिमण्डलदेवानां होमं पूर्वोक्तं कृत्वा देवं प्रार्थयेत् –

जीर्णभग्नमिदं चैव सर्वदोषावहं नृणाम् । अस्योद्धारे कृते शान्तिः शास्त्रेऽस्मिन् कथिता त्वया।।
जीर्णोद्धारविधानं च नृपराष्ट्रहितावहम् । तदधस्तिष्ठतां देव प्रहरामि तवाज्ञया ।। इति ।

ततः क्षीराज्यमधुदूर्वाभिः समिद्भिश्चाष्टोत्तरसहस्रं शतं वा देवमन्त्रेण हुत्वा, अङ्गानां दशांशेन लिङ्गचालनार्थं

सहस्रं शतं वा पायसेन हुत्वा लिङ्गं प्रार्थयेत् –

लिङ्गरूपं समागत्य येनेदं समधिष्ठितम् । यायास्त्वं सम्मितं स्थानं सन्त्यज्यैव शिवाज्ञया ।।

अत्र स्थाने च या विद्या सर्वविद्येश्वरैर्युता । शिवेन सह सन्तिष्ठ' इति मन्त्रितजलेनाभिषिञ्च्य विसर्जयेत्। ततोऽस्त्रमन्त्रितेन खनित्रेण खात्वा लिङ्गमादाय नद्यादौ वामदेवेन लिङ्गं प्रणवेन मूर्तिं क्षिपेत् । दारुजं तु मधुनाऽभ्यज्याघोरेण दहेत् । हेमरत्नादिमयं तु दग्धं चलितं वा पुनस्तत्रैव स्थापयेत् । ततः शान्त्यै अघोरेण तिलैः सहस्रं हुत्वा प्रार्थयेत्।

भगवन् भूतभव्येश लोकनाथ जगत्पते । जीर्णलिङ्गसमुद्धारः कृतस्तवाज्ञया मया ।।

अग्निना दारुजं दग्धं क्षिप्तं शैलादिकं जले । प्रायश्चित्ताय देवेश ! अघोरास्त्रेण तर्पितम् ।।

ज्ञानतोऽज्ञानतो वापि यथोक्तं न कृतं यदि । तत्सर्वं पूर्णमेवास्तु त्वत्प्रसादान्महेश्वर ।।

ततो यजमानः प्रार्थयेत् –

गोविप्रशिल्पिभूतानामाचार्यस्य च यज्वनः । शान्तिर्भवतु देवेश अच्छिद्रं जायतामिदम् ।।

जीर्णोद्धार विधि

अब जीर्णोद्धारको विषयमा विचार गरिन्छ । शिवलिङ्ग वा देवप्रतिमा डढेमा, टुटेमा वा यता–उता सरेमा जीर्णोद्धार गर्नुपर्दछ । यो जीर्णोद्धार अनादिसिद्ध शिवलिङ्ग र स्वयम्भू प्रतिमाहरूमा भने अङ्गभङ्ग आदि भएता पनि पुनः प्रतिष्ठा गर्न हुँदैन। त्यस्ता सिद्ध लिङ्गहरूमा र सिद्ध देवमूर्तिहरूमा महाभिषेक गर्नुपर्ने कुरा त्रिविक्रमले बताएका छन् । जीर्णोद्धार गर्दा कर्ताले **अमुकदेवस्य जीर्णोद्धारं करिष्ये** अर्थात् म अमुक देवताको जीर्णोद्धार गर्नेछु भन्ने सङ्कल्प लिएर पुण्याहवाचन गरी नान्दीश्राद्ध गरेर आचार्य र ऋत्विक्हरूको वरण गरी पीठमा मण्डलदेवताको आवाहन गर्नुपर्दछ।

आवाहनपछि – **ॐ व्यापकेश्वरहृदयाय नमः** इत्यादि रूपमा षडङ्गन्यास गरेर लिङ्गबाहेक देवताहरूका मूर्तिको जीर्णोद्धारको प्रसङ्ग भएमा ती देवताकै मूलमन्त्रले षडङ्गन्यास गरेर पूजा गर्नुपर्दछ । अघोर मन्त्र १०८ पटक जपेर अग्निको प्रतिष्ठा गरी अघोर मन्त्रद्वारा नै १००० पटक घ्यू र सर्स्यूँले हवन गरी इन्द्रादि देवताको नामबाट बलि दिएर जीर्णदेवताको लिङ्ग वा मूर्तिलाई **ॐकार**ले पूजा गर्नुपर्दछ । त्यसपछि तिल र घ्यूद्वारा ब्रह्मा आदि मण्डलदेवताका लागि हवन गरी देवताको प्रार्थना यसरी गर्नुपर्दछ ।

प्रार्थना – 'हे देव ! जीर्ण अथवा टुटे–फुटेको तपाईंको यो मूर्तिले मानिसहरूमा सबै दोष उत्पन्न गर्दछ । यसको कसरी उद्धार गर्नुपर्छ भन्ने कुरा हजुरले शास्त्रमा बताउनुभएको छ । जीर्णोद्धारको विधानबाट राजा र राष्ट्रको हित हुन्छ । त्यसकारण हे देव ! मूर्ति वा लिङ्गको अधोभागमा रहेका राक्षस आदि माथि बस्नुहोस् ।'

यसरी प्रार्थना गरेपछि घ्यू, खीर, मह, दूबो र समिधाद्वारा १००० पटक अथवा १०० पटक हवन गरेर अङ्गहरूका निमित्त दशांशहवन गरी लिङ्गको सञ्चालन गर्न १००० वा १०० पटक खीरले हवन गरेर लिङ्गको प्रार्थना गर्नुपर्दछ – 'हे देव! तपाईंले लिङ्गको रूपमा आएर यस स्थानलाई अलङ्कृत गर्नुभएको थियो । अहिले शिवको आज्ञाबाट तपाईं यो स्थान त्याग गरी आफ्नो अभीष्ट स्थानमा जानुहोस् । यस स्थानमा सबै विद्येश्वरहरूले युक्त भएका जति विद्याहरू छन् ती पनि शिवकै साथमा गएर रहून् ।' यसरी अभिमन्त्रित जलले अभिषेक गर्दै विसर्जन गर्नुपर्दछ ।

त्यसपछि मन्त्रद्वारा मन्त्रित कोदालो, बञ्चरो, खुर्पीद्वारा खनेर लिङ्गलाई झिकी नदीमा पुऱ्याएर वामदेवमन्त्रले लिङ्गलाई नदीमा प्रक्षेपण गर्नुपर्दछ । यदि काठको लिङ्ग रहेछ भने त्यसमा मह दलेर अघोरमन्त्रले त्यसको दाह गर्नुपर्दछ।

सुन, रत्न आदिको लिङ्ग छ भने त्यसलाई विधिपूर्वक शुद्ध गरी त्यसै ठाउँमा राख्नुपर्दछ र शान्तिका लागि **अघोरमन्त्रले** तिलद्वारा १००० हवन गरी प्रार्थना गर्नुपर्दछ ।

प्रार्थना – हे भगवन् ! हे भूतभव्येश ! हे लोकनाथ ! हे जगत्पति ! मैले तपाईंको आज्ञाले जीर्ण लिङ्गको उद्धार गरेको छु । मैले काठको मूर्तिलाई आगामा डढाएको छु, पत्थरको मूर्तिलाई जलमा प्रक्षेपण गरेको छु र प्रायश्चित्तका लागि **अघोरास्त्रमन्त्रबाट** तर्पण दिएको छु । मैले जानेर वा नजानेर वेदले बताएको कर्म पूरा गरेको छैन भने हजुरको कृपाबाट त्यो परिपूर्ण होस् । त्यसपछि यजमानले प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे देवेश ! गाई, ब्राह्मण, शिल्पी, मनुष्य, आचार्य एवं यजमान सबैलाई शान्ति प्राप्त होस् र गरिएको कार्य निर्दुष्ट होस् ।'

मूर्तौ विशेषप्रार्थना

मूर्तौ तु विशेषः –

त्वत्प्रसादेन निर्विघ्नं देहं निर्मापयत्यसौ । वासं कुरु सुरश्रेष्ठ तावत्त्वं चाल्पके गृहे ।।

वसन् क्लेशं सहित्वेह मूर्तिं वै तव पूर्ववत् । यावत्कारयते भक्तः कुरु तस्य च वाञ्छितम् ।। इति।

ततो नवां मूर्तिं लिङ्गं वा कृत्वोक्तविधिना स्थापयेत् । मूलं त्वग्निपुराणे स्पष्टम् । इति जीर्णोद्धारः।

इति मूर्तिलिङ्गप्रतिष्ठापार्थिवपूजनजीर्णोद्धारनिर्णयात्मकं सप्तमं प्रकरणम्

मूर्तिमा विशेष प्रार्थना

यजमान भन्दछन् – 'तपाईंको कृपाले शिल्पीले तपाईंको प्रतिमाको निर्विघ्नतया निर्माण गरून् । तपाईं प्रतिमारूपी सानो घरमा आनन्दपूर्वक निवास गर्नुहोस् । क्लेशलाई सहेर पनि भक्तमाथि कृपा गर्न तपाईं यहाँ विराजमान हुनुपर्दछ । जब भक्तले मूर्तिलाई जीर्णोद्धार गरेर सही तुल्याउँछन् त्यस अवस्थामा तपाईंले उनलाई अभीष्ट फल दिनुपर्दछ ।' यसरी प्रार्थना गरेपछि नयाँ मूर्ति वा लिङ्गलाई पुरानो ठाउँमा विधिपूर्वक पुनः स्थापना गर्नुपर्दछ । यसको मूल **अग्निपुराणमा** राम्ररी खुलाइएको छ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको मूर्ति र लिङ्गको प्रतिष्ठा, पार्थिवपूजन एवं जीर्णोद्धारजस्ता कर्महरूको निर्णयमा आधारित सप्तम प्रकरण पूरा भयो ।



अथ तुलसीग्रहणकृष्यादिकलिवर्ज्यान्तविषयनिर्णयात्मकमष्टमं प्रकरणम्

तुलसीग्रहणविचारः

अथ तुलसीग्रहणम् । देवयाज्ञिककृतस्मृतिसारे –

वैधृतौ च व्यतीपाते भौमभार्गवभानुषु । पर्वद्वये च संक्रान्तौ द्वादश्यां सूतकद्वये ।।

तुलसीं ये विचिन्वन्ति ते छिन्दन्ति हरेः शिरः । विष्णुधर्मोत्तरे –

रविवारं विना दूर्वां तुलसीं द्वादशीं विना । जीवितस्याविनाशाय प्रविचिन्वीत धर्मवित् ।।

तथा – **संक्रान्तावर्कपक्षान्ते द्वादश्यां निशि सन्ध्ययोः । यैश्छिन्नं तुलसीपत्रं तैश्छिन्नं हरिमस्तकम्।।**

पाद्मे – **द्वादश्यां तुलसीपत्रं धात्रीपत्रं च कार्तिके। लुनाति स नरो गच्छेन्निरयानतिगर्हितान् ।।**

रुद्रयामले- **द्वादश्यां च दिवास्वापस्तुलस्यवचयस्तथा । विष्णोश्चैव दिवास्नानं वर्जनीयं सदा बुधैः।।**

विष्णुधर्मे – **न छिन्द्यात्तुलसीं विप्रो द्वादश्यां वैष्णवः क्वचित् ।**

देवार्थे तुलसीच्छेदो होमार्थे समिधां तथा । इन्दुक्षये न दुष्येत गवार्थे तु तृणस्य च ।।

तुलसीग्रहण विचार

अब तुलसीग्रहण गर्ने विषयमा विचार गरिन्छ । **देवयाज्ञिकले** बनाएको **स्मृतिसारमा** भनिएको छ – वैधृति एवं व्यतीपातमा मङ्गल एवं शुक्रवार, अमावास्या एवं पूर्णिमा, संक्रान्ति एवं द्वादशी, जननाशौच एवं मरणाशौचमा जसले तुलसीका पात टिप्ने काम गर्दछन् तिनले नारायणको शिरश्छेदन गर्दछन् ।

विष्णुधर्मोत्तरमा भनिएको छ – आफ्नो जीवनलाई सुचारुरूपमा सुरक्षित राख्न धर्मवेत्ता मानिसले रविवारका दिन दूबो र द्वादशीतिथिमा तुलसी टिप्न हुँदैन । यसैगरी संक्रान्ति, रविवार, अमावास्या एवं पूर्णिमा, द्वादशी, रात्रि र सन्ध्यामा जसले तुलसीको पात टिप्ने काम गर्दछन् तिनले हरिको शिरलाई छेदन गर्दछन् ।

पद्मपुराणमा बताइएको छ – द्वादशीतिथिमा तुलसीपत्र टिप्ने मानिस र कार्तिकमासमा अमलाका पात टिप्ने मानिस नरकमा जान्छन् । **रुद्रयामलमा** बताइएको छ – द्वादशीतिथिमा दिनमा शयन, तुलसीपत्रको छेदन र विष्णुलाई दिउँसो स्नान गराउने काम गर्नु हुँदैन । **विष्णुधर्ममा** बताइएको छ – वैष्णवब्राह्मणले कहिले पनि द्वादशीतिथिमा तुलसीको छेदन गर्न हुँदैन । देवताको कार्यका लागि तुलसीको छेदन, होमका लागि समिधाहरूको छेदन र गाईका लागि तृणको छेदन भने अमावास्यामा पनि गर्न हुन्छ, दूषित हुँदैन ।

तुलसीग्रहणमन्त्रः

ग्रहणमन्त्रस्तु पाद्मे – **तुलस्यमृतनामासि सदा त्वं केशवप्रिये ! ।**
केशवार्थं विचिन्वामि वरदा भव शोभने ।। इति ।

तुलसीग्रहण मन्त्र

पद्मपुराणमा – **तुलस्यमृतनामासि०** इत्यादि तुलसीग्रहण यो मन्त्र बताइएको छ । त्यसको अर्थ यसप्रकार छ – 'हे केशवप्रिया तुलसी ! तिम्रो नाम अमृतमय छ । म केशवका निमित्त तिमीलाई ग्रहण गर्दैछु । हे शोभना ! तिमी वरदायिनी बन।'

समित्पुष्पादीनां ग्रहणे समयविचारः

पारिजाते दक्षः – **समित्पुष्पकुशादीनां द्वितीयः प्रहरो मतः ।**

समिधा र पुष्पको ग्रहणमा समयविचार

पारिजातमा दक्षले भनेका छन्– समिधा, पुष्प र कुशको ग्रहण एवं छेदन गर्न दिनको दोस्रो प्रहर उत्तम मानिएको छ।

पुष्पादिपर्युषितविचारः

अथ पुष्पादेः पर्युषितत्वम् । भार्गवार्चने भविष्ये –

प्रहरं तिष्ठते जाती करवीरमहर्निशम् । तुलस्यां बिल्वपत्रेषु सर्वेषु जलजेषु च ।।

न पर्युषितदोषोऽस्ति मालाकारगृहेऽपि च ।बृहन्नारदीये –

वर्ज्यं पर्युषितं पुष्पं वर्ज्यं पर्युषितं जलम् । न वर्ज्यं तुलसीपत्रं न वर्ज्यं जाह्नवीजलम् ।।

तत्रैव पाद्मे – **न तुलसी पर्युषितं विल्वं तु त्रिदिनावधि । पद्मं पञ्चदिनात्त्याज्यं शेषं पर्युषितं विदुः ।।**

पुष्प आदिको बासीपनको विचार

पुष्प आदिको बासीपनको विषयमा विचार गरिन्छ । **भविष्यपुराण**को भार्गवार्चनप्रसङ्गमा भनिएको छ– जातीपुष्प एकप्रहरसम्म, करवीरपुष्प एकअहोरात्रसम्म ताजा मानिन्छ । तुलसीपत्र, बिल्वपत्र, जलमा फुल्ने फूल र मालीको घरमा रहेका फूलमा बासीपनको दोष लाग्दैन ।

बृहन्नारदीयमा भनिएको छ – बासीपुष्प र जलको त्याग गर्नुपर्दछ, तर तुलसीपत्र र गङ्गाजीको जल कहिले पनि बासी नहुने हुँदा तिनको त्याग गर्न हुँदैन । **पद्मपुराण**मा भनिएको छ – तुलसी कहिले पनि वासी हुँदैन, बेलपत्र तीनदिनसम्म बासी हुँदैन र कमलको पुष्प पाँचदिनसम्म बासी हुँदैन । निश्चित अवधिपछि बेलपत्र र कमलपुष्प बासी हुन्छन्।

स्कान्दे – **पालाशं दिनमेकं तु पङ्कजं च दिनत्रयम् । पञ्चाहं विल्वपत्रं च दशाहं तुलसीदलम् ।।**

पदार्थादर्शे वोपदेवस्त्वन्यथाह –

विल्वापामार्गजातीतुलसीशमीशताकेतकीभृङ्गदूर्वा-
मन्दाम्भोजाहिदर्भा मुनितिलतसरब्रह्मकह्लारमल्ल्यः ।
चम्पाश्वारातिकुम्भीदमनमरुबका बिल्वतोऽहानि शस्ता
स्त्रिंशत्त्र्येकार्यरीशोदधिनिधिवसुभूभूयमा भूय एवम् ।।

अस्यार्थः – **शता** – शतावरी । **मन्दः** – मन्दारः । **अहिः** – नागकेशरः । **मुनिः** – अगस्त्यः । **अश्वारातिः**– करवीरः । **कुम्भी** – पाटला इति कैदेवनिघण्टुः । **अरयः** – षट् । **ईशाः** – एकादश । **उदधयः** – चत्वारः । **निधयः** – नव । **वसवः** – अष्टौ । **भूः** – एकः । **यमौ** – द्वौ । बिल्वमारभ्याऽहिपर्यन्तं गणयित्वा दर्भमारभ्य पुनःस्त्रिंशदादि गणयेदित्यर्थः। एतद्दिनोत्तरं पर्युषितानीत्यर्थः । टोडरानन्दे स्कान्दे दमनमुपक्रम्य –

तस्य माला भगवतः परमप्रीतिकारिणी । शुष्का पर्युषिता वापि न दुष्टा भवति क्वचित् ।।

स्कन्दपुराणमा भनिएको छ – पलाश एकदिनपछि बासी हुन्छ, कमल तीनदिनपछि बासी हुन्छ, बिल्वपत्र पाँचदिनपछि बासी हुन्छ र तुलसीपत्र दशदिनपछि बासी हुन्छ ।

पदार्थादर्शमा वोपदेवले अर्कै प्रकारबाट निरूपण गरेका छन् – बेलपत्र तीसदिन, अपामार्ग तीनदिन, जाती (चमेलीको भेद) एकदिन, तुलसी छदिन, शमी एघारदिन, शतावरी (कुरिलो) चारदिन, केतकी नौदिन, भृङ्गराज आठदिन, दूबो एकदिन, मन्दार एकदिन, कमल दुईदिन, नागकेशर एकदिन, कुश तीसदिन, अगस्त्य वृक्ष तीनदिन, तिल एकदिन, तगर छदिन, ब्राह्मी एघारदिन, कह्लार चारदिन, चमेली नौदिन, चम्पा आठदिन, करवीर एकदिन, पाटल एकदिन, दमनाको फूल एकदिन, मरुवक (मरुवा) दुईदिन र बकुल (मौलसिरी) एकदिनसम्म बासी हुँदैनन् । माथि फूलका दुईवर्ग छन् । प्रथम वर्ग यसप्रकार छ – बेल, अपामार्ग, जाती, तुलसी, शमी, शतावरी, केतकी, भृङ्गराज, दूबो, मन्दार । यिनीहरूको दिनसंख्या क्रमशः यसप्रकार छ – ३०,३,१,६,६,११,४,९,८,१,१ २ । दोस्रो वर्ग यसप्रकार छ – कुश, अगस्त्य, तिल, तसर, ब्राह्मी, मल्लार, मल्ली, चम्पा, करवीर, कुम्भी, दमन, मौलसिरी । यिनीहरूको दिनसंख्या यसप्रकार छ- ३०,३,१,६,६,११,४,९,८,१,१, २ ।

टोडरानन्दमा उद्धृत **स्कन्दपुराण**को वचनमा दमनाको विषयमा भनिएको छ कि – दमना भगवान् शिवलाई परमप्रीति दिने हुन्छ । यो सुकेमा वा बासी भएमा पनि दूषित हुँदैन ।

तिथितत्त्वे मात्स्ये – **बिल्वपत्रं च माध्यं च तमालामलकीदले ।**
कह्लारं तुलसी चैव पद्मं च मुनिपुष्पकम् । एतत्पर्युषितं न स्यात्कुशाश्च कलिकास्तथा ।।
स्मृतिसारावल्याम् – **जलजानां च सर्वेषां पत्राणामहतस्य च । कुशपुष्पस्य रजतसुवर्णकृतयोरपि ।।**
न पर्युषितदोषोऽस्ति तीर्थतोयस्य चैव हि । मुकुलैर्नार्चयेद्देवं चम्पकैर्जलजैर्विना ।।

तिथितत्त्वमा मत्स्यपुराणबाट उद्धृत वचनमा भनिएको छ – बिल्वपत्र, कुन्द, तमाल, अमलाको पात, कह्लार अर्थात् कमलको भेद, तुलसी, कमल, अगस्त्यपुष्प, कुश र कलिका अर्थात् कोपिला कहिले पनि बासी हुँदैनन् ।

स्मृतिसारावलीमा भनिएको छ – जलमा उत्पन्न हुने कमल आदिको पात, अखण्डित कुशपुष्प, रजत र सुवर्णद्वारा निर्मित पुष्प एवं तीर्थको जल कहिले पनि बासी हुँदैनन् । चाँपोको फूल र जलमा उत्पन्न हुने फूलहरूद्वारा देवताको अर्चना गर्नुपर्दछ । चम्पकपुष्प र कमलपुष्प नभएमा कलिकामात्र अर्पण गरी कहिल्यै पनि देवताको पूजा गर्न हुँदैन ।

शिवनिर्माल्यनिर्णयकथनम्

अथ शिवनिर्माल्यनिर्णयः । सिद्धान्तशेखरे –
धराहिरण्यगोरत्नताम्ररौप्यांशुकादिकान् । विहाय शेषं निर्माल्यं चण्डेशाय निवेदयेत् ।।
अन्यदन्नादि पानीयं ताम्बूलं गन्धपुष्पकम् । दद्याच्चण्डाय निर्माल्यं शिवभुक्तं तु सर्वशः ।।
आचार्यशिवचण्डानामाज्ञाभङ्गे तु लक्षकम् । धनस्य भक्षणे तेषां पादोनं लक्षमीरितम् ।।
निर्माल्ये भक्षिते लक्षपादतः शुद्धिरीरिता । दानं च भक्षणसमं तदर्द्धं तदुपेक्षणे ।।
अकामाद्भक्षणे यद्वा निर्माल्यस्य जपेत्सुधीः । ब्रह्मपञ्चकसाहस्रमर्द्धेन सहितं ततः ।।
कामतो भक्षणे दीक्षा प्रायश्चित्तं न चान्यतः । निर्माल्यलङ्घनेऽघोरं प्रजपेदयुतं ततः ।।
स्पर्शश्च लङ्घनसमो विक्रयो भक्षणेन च ।

शिवनिर्माल्यको निर्णय

अब शिवनिर्माल्य ग्रहण गर्ने विषयमा विचार गरिन्छ । **सिद्धान्तशेखर**मा भनिएको छ – पृथिवी, सुवर्ण, गाई, रत्न, ताँबो, चाँदी, वस्त्र आदि छाडेर अरू बाँकी विषय चण्डेश भगवान्‌लाई निर्माल्यको रूपमा निवेदन गर्नुपर्दछ । अन्य अन्न आदि विषय जल, ताम्बूल, गन्ध र पुष्प शिवलाई निवेदन गरिएका सम्पूर्ण पदार्थ जसलाई निर्माल्य भनिन्छ, ती पनि चण्डेशलाई अर्पण गर्नुपर्दछ । आचार्य, शिव तथा चण्डको आज्ञाभङ्ग भएमा एकलाख गायत्रीजपबाट शुद्धि हुन्छ, उनीहरूको धन देवस्वका रूपमा खाएमा ७५ हजार गायत्रीजपबाट शुद्धि हुन्छ र निर्माल्यभक्षण गरेमा सवालाख गायत्रीजपबाट शुद्धि हुन्छ । शिव र चण्डलाई दिनुपर्ने दानको विषयमा उपेक्षा गर्दा पचासहजार गायत्री जपेपछि शुद्धि हुन्छ । अज्ञानका कारण निर्माल्यको भक्षण गरेमा ५५०० गायत्रीजपबाट शुद्धि हुन्छ ।

इच्छापूर्वक निर्माल्यभक्षण गरेमा शिवदीक्षा ग्रहण गर्नुपर्दछ । अरू कुनै उपाय छैन । शिवको निर्माल्य नाघेमा अघोरमन्त्रको दशहजार जप गर्नुपर्दछ । शिवनिर्माल्यको स्पर्श पनि लङ्घनसमान हुन्छ । त्यसकारण स्पर्श गर्दा पनि त्यसैगरी दशहजार जप गर्नुपर्दछ । शिवनिर्माल्यको कसैले खरिद–बिक्री गर्दछ भने त्यसलाई पनि शिवनिर्माल्य खाएजस्तै पाप लाग्दछ । त्यस्तो मानिसले शिवनिर्माल्यको भक्षण गर्दा जुन प्रायश्चित्त बताइएको त्यही गर्नुपर्दछ ।

स्मृत्यर्थसारेऽपि – **शैवसौरनिर्माल्ये नैवेद्यभक्षणे चान्द्रम्, अभ्यासे द्विगुणम्, अत्यभ्यासे प्रपतनम्, अन्यनिर्माल्येऽप्यनापद्येवम्,** इति । इदं च ज्योतिर्लिङ्गाद्यतिरिक्तविषयम् । तथा च पुरुषार्थप्रबोधे भविष्ये –

ज्योतिर्लिङ्गं विना लिङ्गं यः पूजयति सत्तमः । तस्य नैवेद्यनिर्माल्यभक्षणात्तप्तकृच्छ्रकम् ।।
शालग्रामोद्भवे लिङ्गे बाणलिङ्गे स्वयम्भुवि । रसलिङ्गे तथार्षे च सुरसिद्धप्रतिष्ठिते ।।
हृदये चन्द्रकान्ते च स्वर्णरूप्यादिनिर्मिते । शिवदीक्षावता भक्तेनेदं भक्ष्यमितीर्यते ।।
तथा – बाणलिङ्गे स्वयंभूते चन्द्रकान्ते हृदि स्थिते । चान्द्रायणसमं ज्ञेयं शम्भोर्नैवेद्यभक्षणम् ।।
लिङ्गे स्वयम्भुवे बाणे रत्नजे रसनिर्मिते । सिद्धप्रतिष्ठिते चैव न चण्डाधिकृतिर्भवेत् ।।
यत्र चण्डाधिकारोऽस्ति तद्भोक्तव्यं न मानवैः । चण्डाधिकारो नो यत्र भोक्तव्यं तत्र भक्तितः ।।

स्मृत्यर्थसारमा भनिएको छ – शिव र सूर्यको निर्माल्यग्रहण गरेमा र नैवेद्यभक्षण गरेमा चान्द्रायणव्रत गर्नुपर्दछ । बारम्बार भक्षण गरियो भने दुईगुणा चान्द्रायण गर्नुपर्दछ र आजीवन यसरी निर्माल्य र नैवेद्यको भक्षण गरिएमा प्रतपननामक प्रायश्चित्त गनुपर्दछ । यहाँ कसैले **प्रपतनम्**को अर्थ पतन हो भनेका छन् । आपत्ति नपरेको समयमा अरू निर्माल्यभक्षण गरेमा पनि यही नियम लागु हुन्छ । ग्रन्थकार भन्दछन् – यो प्रायश्चित्तविधान ज्योतिर्लिङ्गदेखि अतिरिक्तलिङ्गको विषयमा जान्नुपर्दछ।

पुरुषार्थप्रबोधमा **भविष्यपुराण**को वचन छ कि – जुन उत्तम पुरुषले ज्योतिर्लिङ्गबाहेक अरू लिङ्गको पूजा गर्दछ, त्यसले निर्माल्य र नैवेद्यभक्षण गर्दछ भने तप्तकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । दीक्षित शिवभक्तले शालग्रामलिङ्ग, स्वयम्भूलिङ्ग, बाणलिङ्ग, रसलिङ्ग, आर्षलिङ्ग, देवता एवं सिद्धद्वारा प्रतिष्ठा गरिएको लिङ्ग, हृदयलिङ्ग, चन्द्रकान्तमणिद्वारा बनाइएको लिङ्ग, सुवर्णलिङ्ग र रजतलिङ्गको निर्माल्य एवं नैवेद्यको भक्षण गर्न हुन्छ ।

यसैगरी फेरि भनिएको छ – स्वयं उत्पन्न बाणलिङ्गमा, चन्द्रकान्तमणिलिङ्गमा र हृदयलिङ्गमा अर्पित शिवको नैवेद्य खाँदा चान्द्रायणव्रत गरेसमान पुण्य प्राप्त हुन्छ । स्वयम्भूलिङ्गमा, बाणलिङ्गमा, रत्नलिङ्गमा, रसनिर्मितलिङ्गमा र सिद्धहरूद्वारा प्रतिष्ठा गरिएको लिङ्गमा चण्डको अधिकार हुँदैन । जहाँ चण्डको अधिकार हुन्छ ती लिङ्गहरूमा चढाइएका नैवेद्य र लिङ्गहरूको निर्माल्य खान हुँदैन । जहाँ चण्डको अधिकार छैन त्यहाँ भक्तिपूर्वक नैवेद्यग्रहण गर्न हुन्छ ।

त्रैविक्रम्याम्- **बाणलिङ्गे च लौहे च सिद्धलिङ्गे स्वयम्भुवि। प्रतिमासु च सर्वासु चण्डश्चाधिकृतो भवेत्॥**

अत्र - **ब्रह्महापि शुचिर्भूत्वा निर्माल्यं यस्तु धारयेत् । तस्य पापं महच्छीघ्रं नाशयिष्ये महाव्रते ॥**

इति स्कान्दादशुचिना न ग्राह्यं शिवनिर्माल्यम्, किन्तु स्नात्वेति स्मार्ताः । अनुपनीतेन न ग्राह्यमिति श्रीदत्तः । शिवदीक्षाहीनैर्न ग्राह्यमिति शैवाः । तिथितत्त्वे हेमाद्रौ च परिशिष्टे -

अग्राह्यं शिवनैवेद्यं पत्रं पुष्पं जलं फलम् । शालग्रामशिलासङ्गात् सर्वं याति पवित्रताम् ॥

पञ्चायतनपूजायां तन्त्रेण निवेदितमित्यर्थः ।

त्रैविक्रमीमा भनिएको छ - 'बाणलिङ्ग, लौहलिङ्ग, सिद्धलिङ्ग, स्वयम्भूलिङ्ग र सबै किसिमका प्रतिमाहरूमा चण्डको अधिकार हुन्छ । यी लिङ्गहरूमा गएर जसले निर्माल्य धारण गर्दछ त्यो ब्रह्मघाती भए पनि पवित्र हुन्छ । त्यसका सबै पापहरू छिटै नाश हुन्छन्' भन्ने कुरा **स्कन्दपुराण**मा बताइएको छ । 'अपवित्र अवस्थामा कहिले पनि शिवनिर्माल्य ग्रहण गर्न हुँदैन र स्नान गरेपछि ग्रहण गर्न हुन्छ' भन्ने कुरा **स्मार्त**हरूले बताएका छन् । 'जसको व्रतबन्ध भएको हुँदैन त्यसले पनि शिवनिर्माल्य ग्रहण गर्न हुँदैन' भन्ने कुरा **श्रीदत्त**ले बताएका छन् । शैवहरू भने फरक मत राख्दै भन्दछन् कि 'शिवदीक्षा नलिएका मानिसले शिवनिर्माल्य ग्रहण गर्न हुँदैन ।'

तिथितत्त्व र **हेमाद्रि**को परिशिष्टमा भनिएको छ कि 'शिवको नैवेद्य, पत्र, पुष्प, फल र जल आफ्नो उपभोगका लागि ग्रहण गर्न हुँदैन । तर यी सबै कुरा शालग्रामशिलाको सम्बन्ध रहेमा पवित्र हुन्छन् र ग्रहण गर्न योग्य मानिन्छन् । ग्रन्थकार भन्दछन् - 'पञ्चायतनदेवताको (पाँच देवता - विष्णु, शिव, सूर्य, गणेश र दुर्गा यिनीहरूको) पूजामा नैवेद्य आदि सबै पदार्थ एकैचोटि निवेदन गर्नुपर्दछ ।' त्यसरी अर्पण गर्दा शालग्रामसमेतको पूजा हुनाले पञ्चायतनदेवताको नैवेद्य सबैले ग्रहण गर्न योग्य मानिन्छ ।

शिवपुराणे - **ये वीरभद्रशपिताः शिवभक्तिपराङ्मुखाः । शम्भोरन्यत्र देवेषु ये भक्ता ये न दीक्षिताः॥ तेषामनर्हमीशस्य तत्प्रसादचतुष्टयम् ॥**

काशीखण्डे - **जलस्य धारणं मूर्ध्नि विश्वेशस्नानजन्मनः । एष जालन्धरो बन्धः समस्तसुरवल्लभः ॥**

तथा - **स्नापयित्वा विधानेन यो लिङ्गस्नपनोदकम् । त्रिः पिबेत् त्रिविधं पापं तस्येहाशु विनश्यति ॥ लिङ्गस्नपनवार्भिर्यः कुर्यान्मूर्ध्न्यभिषेचनम् । गङ्गास्नानफलं तस्य जायतेऽत्र विपाप्मनः ॥** इदं पूर्ववाक्य-वशाद्विश्वेश्वरविषयमिति केचित् । काशीस्थपुराणप्रसिद्धसर्वलिङ्गविषयं काशीखण्डे रत्नेश्वराख्याने तथैव दर्शनादित्यन्ये।

शिवपुराणमा भनिएको छ - जसलाई वीरभद्रले सराप दिएका छन्, जुन मानिस शिवभक्तिबाट टाढा छ, जुन मानिस शिवबाहेक अन्य देवताको भक्त छ, जसले शिवदीक्षा लिएको छैन त्यसले शिवको नैवेद्य, पत्र-पुष्प, फल र जल ग्रहण गर्न हुँदैन । **काशीखण्ड**मा भनिएको छ कि विश्वेश अर्थात् काशीविश्वनाथको स्नानको जललाई शिरमा धारण गर्नुलाई जालन्धरबन्ध भनिन्छ । यो जालन्धरबन्ध सबै देवताका निमित्त अत्यन्त प्यारो छ । त्यसैगरी त्यहाँ भनिएको छ- जसले शिवलिङ्गलाई नुहाइदिएको जल तीनपटक पान गर्दछ त्यसका तीनप्रकारका पाप छिटै नाश हुन्छन् । जसले शिवलिङ्गलाई नुहाइदिएको जलले शिरमा अभिषेचन गर्दछ त्यो मानिस पापमुक्त हुन्छ र त्यसले गङ्गास्नान गरेको फल प्राप्त गर्दछ । यहाँ विश्वेशशब्दले काशी विश्वनाथलाई बताइएको हो भन्ने कुरा कसैको मत छ भने कोही **काशीखण्ड**मा रत्नेश्वर शिवलिङ्गको आख्यानमा यही कुरा बताइएकाले यो रत्नेश्वरसम्बन्धी विषय हो, भन्दछन् ।

कृषिकथनम्

अथ कृषिः राजमार्तण्डः –

ऋक्षेषूत्तरपौष्णवैष्णवमघामूलानुराधाश्विनीप्राजापत्यकरद्विदैवतगुरुप्रालेयपादेषु च ।

निर्दोषैर्वृषभैर्हलैश्च सुमनोमालाभिरभ्यर्चितैर्दत्त्वा क्षेत्रपतेर्बलिं हलधरः क्षेत्रं ततः कर्षयेत् ।।

प्राजेशश्रवणोत्तरादितिमघामार्तण्डतिष्याश्विनीपौष्णानुष्णमरीचयः शतभिषक् स्वाती विशाखा तथा।

जीवार्केन्दुसितेन्दुनन्दनदिने लग्ने च सौम्योदये । सस्यानां वपने तथैव लवने शस्तास्तथा रोपणे ।।

चण्डेश्वरः – हस्तचित्रादितिस्वातिरेवत्यां श्रवणत्रये । स्थिरलग्ने गुरोर्वारे बीजं धार्यं ज्ञशुक्रयोः ।।

ॐ धनदाय सर्वलोकहिताय देहि मे धान्यं स्वाहा ।' लेखयित्वा इमं मन्त्रं धान्यागारे निधापयेत्। सस्यवृद्धिं परां कुर्यात्पूजितं प्रतिपूजयेत् ।

दक्षिणदिङ्मुखगमनं गमनमभिनवासु नारीषु । व्ययमपि सस्यधनानां न बुधा बुधवासरे कुर्युः।।

शनिवारे च नो कार्यो धनधान्यव्ययो बुधैः ।

कृषिकथन

अब कृषिको विषयमा विचार गरिन्छ । **राजमार्तण्डमा** भनिएको छ – तीनउत्तरा, रेवती, श्रवण, मघा, मूल, अनुराधा, अश्विनी, रोहिणी, हस्ता, विशाखा, पुष्य र शतभिषानक्षत्रमा निर्दोष गोरुलाई राम्ररी फूलमालाले पूजा गरी क्षेत्रपतिलाई बलिदान दिएर पूजित हलोद्वारा हलीले कृषि (जोताइ) आरम्भ गर्नुपर्दछ ।

रोहिणी, श्रवण, ३ उत्तरा, पुनर्वसु, मघा, हस्ता, पुष्य, अश्विनी, रेवती, मृगशिरा, शतभिषा, स्वाती र विशाखानक्षत्र, बृहस्पति, रवि, सोम, शुक्र र बुधवारमा यी ग्रहका लग्न हुँदा र लग्नमा शुभग्रहको उदय हुँदा बीऊ छर्ने काम गर्नुपर्दछ । धानका खेतहरूबाट घाँस आदि गोड्ने काम गर्नुपर्दछ र यस्तै योगमा धानको रोपाइँ पनि गर्नुपर्दछ ।

चण्डेश्वरले भनेका छन् – हस्ता, चित्रा, पुनर्वसु, स्वाती, रेवती, श्रवण, धनिष्ठा र शतभिषानक्षत्रमा स्थिरलग्नको उदय हुँदा बृहस्पति, बुधवार र शुक्रवारमा बीऊ छर्नुपर्दछ । आफ्नो धान्यागारमा अर्थात् धान राख्ने कोठारमा **ॐ धनदाय सर्वलोकहिताय देहि मे धान्यं स्वाहा** यो मन्त्र लेखेर राख्नुपर्दछ र पूजा गर्नुपर्दछ । यसरी पूजित मन्त्रको स्थापना भएबाट किसानले आफ्ना खेतहरूमा सस्यको वृद्धि गराउँछ र त्यसबाट सम्पूर्ण पुण्यकर्महरू सम्पन्न गर्दछ । विद्वान्ले बुधवारका दिन आफ्नो खेतबाट ल्याएर धान्यागारमा राखेको धान्य कसैलाई दिनु हुँदैन र यसैगरी उक्त समयमा नवीन वधूहरूले पनि दक्षिणदिशाको यात्रा गर्नुहुँदैन । शनिवारका दिन विद्वान् मानिसले धन र धान्यको व्यय गर्न हुँदैन।

वस्त्रधारणविचारः

अथ वस्त्रम् । श्रीपतिः –

रोहिणीषु करपञ्चकेऽशुभे त्र्युत्तरासु च पुनर्वसुद्वये । रेवतीषु वसुदैवते च भे नव्यवस्त्रपरिधानमिष्यते।।

जीर्णं रवौ सततमम्बुभिरार्द्रमिन्दौ भौमे शुचे बुधदिने तु भवेद्धनाय ।

ज्ञानाय मन्त्रिणि भृगौ प्रियसङ्गमाय मन्दे मलाय च नवाम्बरधारणं स्यात् ।।

रोहिणीगुरुपुनर्वसूत्तरे या बिभर्ति नववस्त्रभूषणे ।

सा न योषिदवलम्बते पतिं स्नानमाचरति वारुणेऽपि या ।।

वस्त्रधारणविचार

अब वस्त्रधारणको विषयमा विचार गरिन्छ । **श्रीपतिले** भनेका छन् – रोहिणी, हस्ता, चित्रा, स्वाती, विशाखा, अश्विनी, तीनउत्तरा, पुनर्वसु, पुष्य, रेवती र धनिष्ठानक्षत्रमा नवीन वस्त्र धारण गर्नुपर्दछ । रविवारका दिन नयाँ वस्त्र धारण गर्दा छिटै फाट्दछ । सोमवारमा नयाँ वस्त्र धारण गर्दा त्यो जलार्द्र अर्थात् पानीबाट भिजिरहने भइरहन्छ । मङ्गलवार नयाँ वस्त्र धारण गर्दा शोक प्राप्त हुन्छ । बुधवार नयाँ वस्त्र धारण गर्दा धन प्राप्त हुन्छ । बृहस्पतिवार नयाँ वस्त्र धारण गर्दा ज्ञान प्राप्त हुन्छ । शुक्रवार नवीन वस्त्र धारण गर्दा प्रियजनसँग भेट हुन्छ र शनिवार नयाँ वस्त्र धारण गर्दा मलिनता प्राप्त हुन्छ। रोहिणी, पुष्य, पुनर्वसु र ३ उत्तरा यी नक्षत्रहरूमा जुन नारीले नयाँ वस्त्र र गहना धारण गर्दछिन् र जुन नारीले शतभिषामा प्रसूतिस्नान गर्दछिन् तिनले आफ्ना पतिको प्रेम र आधार पाउन सक्दिनन् ।

अलङ्कारवलयादिकथनम्

अथालङ्कारवलयादि । दैवज्ञवल्लभः –

नासत्यपूषवसुभिः करपञ्चकेन मार्तण्डभौमगुरुदानवमन्त्रिवारे ।
मुक्तासुवर्णमणिविद्रुमशङ्खदन्तरक्ताम्बराणि विधृतानि भवन्ति सिद्ध्यै ।।

ज्योतिर्निबन्धे – **हस्तानुराधमृगपूषधनिष्ठयुक्तचित्रोत्तरासु च पुनर्वसुरोहिणीषु ।**
लग्ने स्थिरे रवि सुतेन्दुजजीववारे हेमादिधारणविधिः कथितो नराणाम् ।।

तत्रैव श्रीपतिः – **पौष्णाश्विनीवसुकरादिषु पञ्चभेषु कौसुम्भहेममणिविद्रुमकाचशङ्खाः ।**
नार्या धृताः सुतसुखार्थकरा भवन्ति ब्राह्मोत्तरादितिगुरुष्वसुखाय भर्तुः ।।

तत्रैव – **शङ्खादिवररत्नानि पुष्यादित्युत्तरासु च । रोहिण्यां चैव गृह्णीत भर्तुर्जीवितकाङ्क्षिणी ।।**

अलङ्कार, वलयादिविचार

अब अलङ्कार, आभूषण र बाला अर्थात् कङ्कण आदिको विषयमा विचार गरिन्छ । **दैवज्ञवल्लभले** भनेका छन्– अश्विनी, रेवती, धनिष्ठा, हस्ता, चित्रा, स्वाती, विशाखा र अनुराधानक्षत्रमा रविवार, मङ्गलवार, गुरुबार तथा शुक्रवारमा मोती, सुवर्ण, मणि, मुँगा, शङ्ख, हात्तीदाँत र रातो वस्त्रधारण गर्नाले सिद्धि प्राप्त हुन्छ ।

ज्योतिर्निबन्धमा भनिएको छ– हस्ता, अनुराधा, मृगशिरा, रेवती, धनिष्ठा, चित्रा, ३ उत्तरा, पुनर्वसु र रोहिणीनक्षत्र एवं शनि, बुध र बृहस्पतिवारमा स्थिरलग्नको उदय हुँदा सुवर्ण आदि धातुहरूको धारण गर्दा कल्याण प्राप्त हुन्छ ।

श्रीपतिले भनेका छन् – रेवती, अश्विनी, धनिष्ठा, हस्ता, चित्रा, स्वाती, विशाखा र अनुराधानक्षत्रहरूमा रातो रङ्गका वस्त्र, सुवर्ण, मणि, मुँगी, काँच र शङ्ख धारण गर्ने नारीहरू पुत्रसुख र धनले सम्पन्न हुन्छन् । जुन नारीहरूले रोहिणी, ३ उत्तरा, पुनर्वसु र पुष्यनक्षत्रमा उक्त वस्तुहरू धारण गर्दछन् र तिनले पतिबाट पीडा अनुभव गर्नुपर्दछ । उनले नै भनेका छन् कि – पुष्य, पुनर्वसु, ३ उत्तरा र रोहिणीनक्षत्रमा पतिको दीर्घ आयु चाहने नारीहरूले शङ्ख आदि उत्तम रत्न धारण गर्नुपर्दछ ।

सूचीकर्मकथनम्

अथ सूचीकर्म –

वासवादितिभत्वाष्ट्रमैत्रचन्द्राश्विनीषु च । सूचीकर्म तनुत्राणमेभिर्ऋक्षैः प्रशस्यते ।।

सूचीकर्म (सियोले कपडा सिउने काम)को विचार

अब सूचीकर्म अर्थात् सियोले कपडा सिउने काम बारे विचार गरिन्छ । धनिष्ठा, पुनर्वसु, चित्रा, अनुराधा, मृगशिरा र अश्विनीनक्षत्रमा शरीरको रक्षार्थ कपडाको सिलाइ गर्नु–गराउनु उत्तम मानिएको छ ।

शय्याविचारः

अथ शय्या – **हस्तादितिब्रह्मगुरूत्तराणि पौष्णाश्विमूलेन्दुभचित्रभानि ।**
वारेषु जीवेन्दुसितेन्दुजानां शय्यासनारम्भणमुत्तमं स्यात् ।।

शय्याविचार

अब शय्याकर्मको विषयमा विचार गरिन्छ । हस्ता, पुनर्वसु, रोहिणी, पुष्य, तीनउत्तरा, रेवती, अश्विनी, मूल, मृगशिरा र चित्रानक्षत्र, बृहस्पति, सोम, शुक्र र बुधवारमा नयाँ विस्तरामा शयन गर्ने र नयाँ आसनमा बस्ने कामको शुभारम्भ राम्रो मानिएको छ ।

शस्त्रधारणकथनम्

अथ शस्त्रधारणम् –

पुष्ये चादितिचित्रपद्मतनये शुक्रोत्तरा–रेवती–
स्वातीवाजिविशाखमित्रसहिते भानौ गुरौ भार्गवे ।
कुम्भे कीटगृहे वृषे मृगपतौ चेन्दौ शुभैर्वीक्षिते
सन्नाहः शरखड्गकुन्तछुरिका धार्या नृपाणां हिताः ।।

शस्त्रधारण–विचार

अब शस्त्रधारण विषयमा विचार गरिन्छ । पुष्य, पुनर्वसु, चित्रा, रोहिणी, ज्येष्ठा, ३ उत्तरा, रेवती, स्वाती, अश्विनी, विशाखा र अनुराधा यी नक्षत्र एवं रविवार, बृहस्पतिवार र शुक्रवारका दिन कुम्भ, वृश्चिक, वृष र सिंहको चन्द्रमा शुभ ग्रहद्वारा देखिएको अवस्थामा कवच, बाण, तरबार, भाला, छुरी आदि धारण गर्नु राजाहरूका निमित्त उत्तम मानिएको छ।

स्वामिसेवाकथनम्

अथ स्वामिसेवा । चण्डेश्वरः –

रोहिण्युत्तरपौष्णेषु वसुवारुणयोरपि । सेवेत स्वामिनं भृत्यः शुभवारोदये तथा ।।

ज्योतिर्निबन्धे – **दासीदासादिभृत्यानां कुर्यात्संग्रहणं बुधे । स्थिरलग्ने शुभैर्दृष्टे मन्दवारे विशेषतः ।।**

स्वामीसेवा–विचार

अब स्वामीसेवाको मुहूर्तबारे विचार गरिन्छ । **चण्डेश्वर** भन्दछन् – रोहिणी, ३ उत्तरा, रेवती, धनिष्ठा र शतभिषानक्षत्रमा शुभवारको उदय हुँदा कुनै पनि जागिर खान चाहने मानिसले देश, संस्था वा स्वामीको सेवा आरम्भ गर्नुपर्दछ ।

ज्योतिर्निबन्धमा भनिएको छ – शासक वा धनी–मानी मानिसले विशेष गरेर बुधवारका दिन स्थिरलग्नमा अथवा शुभग्रहहरूले युक्त भएको शनिवारको दिन सेवक–सेविकाको संग्रह गर्नुपर्दछ ।

गजाश्वदोलारोहणकथनम्

अथ गजाश्वदोलाः । स एव – **पौष्णप्रजेशादितिभद्वयानि हस्तादिषट्कश्रवणोत्तराणि ।**
दोलादिमातङ्गतुरङ्गमाणामारोहणेऽभीष्टफलप्रदानि ।।

घोडा, हात्ती र पालकीमा चढी यात्रा गर्ने साइत

ज्योतिर्निबन्धमा नै भनिएको छ– अब घोडा–हात्तीको सवारी सम्बन्धमा विचार गरिन्छ । रेवती, रोहिणी, पुनर्वसु, पुष्य, हस्ता, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, श्रवण, ३ उत्तरा यी नक्षत्रहरूमा पालकी, हात्ती, घोडा आदिमा सवारी गर्दा अभीष्टफलको प्राप्ति हुन्छ ।

नृत्यकथनम्

अथ नृत्यम् – **हस्तः पुष्यो वासवं रोहिणी च ज्येष्ठा पौष्णं वारुणं चोत्तराश्च ।**
पूर्वाचार्यैः कीर्तितश्चक्रवर्ती नृत्यारम्भे शोभनोऽयं भवर्गः ।।

नृत्य विचार

अब नृत्यसम्बन्धमा विचार गरिन्छ । हस्ता, पुष्य, धनिष्ठा, रोहिणी, ज्येष्ठा, रेवती, शतभिषा, ३ उत्तरा, यी नक्षत्रहरूको समूह नृत्यारम्भ गर्ने कार्यका लागि चक्रवर्ती योग अर्थात् अत्यन्त उत्तमयोग मानिएको छ । यी नक्षत्रहरूको संयोगलाई नै चक्रवर्तीयोग भनिएको छ ।

राजदर्शनकथनम्

अथ राजदर्शनम् । श्रीपतिः – **मृगाश्विपुष्यश्रवणश्रविष्ठाहस्तध्रुवत्वाष्ट्रभपूषभानि ।**
मैत्रेण युक्तानि नरेश्वराणां विलोकने भानि शुभप्रदानि ।।

राजदर्शन–विचार

अब राजदर्शनसम्बन्धमा विचार गरिन्छ । **श्रीपतिले भनेका छन्** – मृगशिरा, अश्विनी, पुष्य, श्रवण, धनिष्ठा, हस्ता, ३ उत्तरा, रोहिणी, चित्रा, रेवती र अनुराधा यी नक्षत्र राजा अथवा शासकहरूको दर्शनका लागि उत्तम मानिएका छन् ।

क्रय–विक्रयादिकथनम्

अथ क्रयविक्रयौ – **भाद्रद्वयत्रिदशमन्त्रिदिवाकरेषु मूलानिलोत्तरतुरङ्गमरेवतीषु ।**
सारङ्गपाणिरजनीकरमैत्रभेषु लाभः सदैव भवति क्रयविक्रयाभ्याम् ।।

खरिद–बिक्रीसम्बन्धी विचार

अब खरिद–बिक्रीसम्बन्धी विषयमा विचार गरिन्छ । पूर्वाभाद्रपद, उत्तराभाद्रपद, मूल, स्वाती, ३ उत्तरा, रेवती, श्रवण, मृगशिरा र अनुराधानक्षत्र एवं बृहस्पतिवार र रविवारका दिन खरिद–बिक्री गर्दा लाभ हुन्छ । कसैले यहाँ त्रिदशमन्त्रिदिवाकरेषु पदको प्रयोगका कारण बृहस्पतिवार र रविवारको सट्टा पुष्यनक्षत्र एवं सूर्यस्वामी हुने पुनर्वसुनक्षत्र अनुपर्दछ भनेका छन् ।

वस्त्रे तु विशेषः

वस्त्रे तु – **चित्रा शतभिषा स्वाती रेवती चाश्विनी शुभा। श्रवणश्च तथा प्रोक्तो वस्त्राणां क्रयणे शुभः।।**

वस्त्र खरिद-बिक्रीसम्बन्धी विचार

अब कपडाहरूको खरिद-बिक्री गर्ने विषयमा बताइन्छ । चित्रा, शतभिषा, स्वाती, रेवती, अश्विनी र श्रवणनक्षत्रमा कपडाको खरिद-बिक्री लाभदायक हुन्छ ।

सेतुकथनम्

अथ सेतुः – **स्वातीयुक्ते मन्दवारे वृषलग्ने शुभे दिने । सेतूनां बन्धनं कार्यं ध्रुवभे चार्कजीवयोः ।।**

पुलनिर्माण-विचार

पुल बनाउने मुहूर्तको विषयमा विचार गरिन्छ । स्वातीनक्षत्रले युक्त भएको शनिवार, वृषलग्न, शुभ दिन, ध्रुवनक्षत्र, रवि एवं बृहस्पतिवारका दिन पुल बनाउने कार्य आरम्भ गर्नुपर्दछ ।

पशुकृत्यकथनम्

अथ पशुकृत्यम् । श्रीपतिः – **चित्रोत्तरावैष्णवरोहिणीषु चतुर्दशीदर्शदिनाष्टमीषु ।**
स्थानप्रवेशं गमनं विदध्यात् पुमान् पशूनां न कदाचिदेव ।।

चण्डेश्वरः – **हस्तमूलविशाखासु रेवत्यां श्रवणे तथा । मैत्रे च वारुणे श्रेष्ठं पशुक्रयणमुच्यते ।।**
पूर्वात्रयामृतमयूखहुताशनेषु इन्द्राग्निवाजिसुरवारणशङ्करेषु ।
एतेषु गोमहिषदन्तितुरङ्गमादिनानाप्रकारपशुजातिगतिः प्रशस्ता ।।

पशुकृत्य-विचार

अब पशुकृत्यको सम्बन्धमा विचार गरिन्छ । **श्रीपति** भन्दछन् – चित्रा, ३ उत्तरा, श्रवण र रोहिणीनक्षत्र, चतुर्दशी, अमावास्या र अष्टमीतिथिका दिन पुरुषहरूले कहिले पनि पशुहरू बस्ने ठाउँमा प्रवेश गर्न र तिनको नजिकमा जान हुँदैन।

चण्डेश्वरले भनेका छन् – 'हस्ता, मूल, विशाखा, अश्विनी, रेवती, श्रवण, अनुराधा र शतभिषानक्षत्रमा पशुहरूको खरिद गर्नु उत्तम हुन्छ । पूर्वाफाल्गुनी, पूर्वभाद्र, पूर्वाषाढा, मृगशिरा, कृत्तिका, विशाखा, अश्विनी, धनिष्ठा, शतभिषा र आर्द्रानक्षत्रमा गाई, भैंसी, हात्ती, घोडा र अन्य पशुहरूको संग्रह गर्नु र तिनीहरूको बथानमा प्रवेश गर्नु उत्तम हुन्छ ।'

जदन्तच्छेदकथनम्

अथ गजदन्तच्छेदः । ज्योतिर्निबन्धे – **त्वाष्ट्रे वैष्णव अश्विन्यामादित्ये वसुदैवते ।**
दन्तिनां शुभदं कर्म पुष्ये हस्ते च कीर्तितम् ।।

हात्तीको दाँत झिक्ने मुहूर्त

अब हात्तीको दाँत टुक्र्याउने विषयमा विचार गरिन्छ । **ज्योतिर्निबन्धमा** भनिएको छ कि – चित्रा, श्रवण, अश्विनी, पुनर्वसु, धनिष्ठा, पुष्य र हस्तानक्षत्रमा हात्तीको दाँत टुक्र्याउने कार्य लाभदायक हुन्छ ।

निक्षेपकथनम्

अथ निक्षेपः –

भरणी त्रीणि पूर्वाणि आर्द्राश्लेषा मघा तथा । चित्रा ज्येष्ठा विशाखा च मूलं मृगपुनर्वसू ।।
एभिर्दत्तं प्रयुक्तञ्च यद्यन्निक्षिप्यते धनम् । पृष्ठतो धावमानस्य धनिनो नोपपद्यते ।।

धननिक्षेप-विचार

अब धन राख्ने मुहूर्तको विषयमा विचार गरिन्छ – भरणी, ३ पूर्वा, आर्द्रा, अश्लेषा, मघा, चित्रा, ज्येष्ठा, विशाखा, मूल, मृगशिरा र पुनर्वसुनक्षत्रमा कसैलाई दिएको, काममा लगाएको र कहीँ निक्षेप गरिएको धन जति दौडधूप गरे पनि धनको स्वामीले फिर्ता पाउँदैन ।

ऋणमोक्षकथनम्

अथ ऋणमोक्षः । श्रीधरः – **वागीशमन्ददिवसांशकलग्नयुक्ते रिक्तासु मन्ददिवसे कुलिकोदये च ।**
मैत्राद्द्वितीयपदमैत्रमुहूर्तयुक्ते राश्युद्‌गमे च ऋणमोक्षमुशन्ति सन्तः ।।

ऋणमोक्ष-विचार

अब ऋण चुकाउने उपयुक्त समयको विषयमा विचार गरिन्छ । **श्रीधर** भन्दछन् – बृहस्पति र शनिका नवांशयुक्त लग्न, रिक्तातिथि, बृहस्पति एवं शनिवार, कुलिकयोग अर्थात् रविवारको चौथोमुहूर्त, सोमवारको छैठौंमुहूर्त, मङ्गलवारको आठौंमुहूर्त, बुधवारको दशौंमुहूर्त, बृहस्पतिवारको बाह्रौंमुहूर्त, शुक्रवारको चौधौंमुहूर्त, शनिवारको दोस्रोमुहूर्त र उदयकालमा अर्थात् कुनै राशिको उदयकालमा ऋण चुक्ता गर्ने कार्य उत्तम फलदायक हुन्छ ।

राजमुद्राकथनम्

अथ राजमुद्रा – **मृदुध्रुवक्षिप्रचरेषु भेषु योगे प्रशस्ते शनिचन्द्रवर्जम् ।**
वारे तिथौ पूर्णजयाह्वये च मुद्राप्रतिष्ठा शुभदा हि राज्ञाम् ।।

राजमुद्रा-विचार

अब राजमुद्राको मुहूर्तको विषयमा विचार गरिन्छ । मृदु अर्थात् मृगशिरा, चित्रा, अनुराधा र रेवती, ध्रुव अर्थात् रोहिणी एवं ३ उत्तरा, क्षिप्र अर्थात् पुष्य, अश्विनी, अभिजिन्नक्षत्र र हस्ता, रविवार, मङ्गलवार, बुधवार, बृहस्पतिवार एवं शुक्रवार, पूर्णा अर्थात् पञ्चमी, दशमी, पूर्णिमा, जया अर्थात् तृतीया, अष्टमी र त्रयोदशी तिथिमा शासकले मुद्राप्रवर्तन गर्ने कार्य गर्नुपर्दछ ।

'नौ'विचारः

अथ नौः । चण्डेश्वरः – **पौष्णाश्विनीतुरगवारुणमित्रचित्राशीतोष्णरश्मिवसवोऽनलवन्त्यमूनि ।**
वारे च जीवभृगुनन्दनके प्रशस्ते नौकादिसङ्घटनवाहनमेषु कुर्यात् ।।

नौका (डुँगा)-विचार

अब डुँगा चलाउने मुहूर्तको विषयमा विचार गरिन्छ । चण्डेश्वर भन्दछन् – रेवती, अश्विनी, स्वाती, शतभिषा,

अनुराधा, चित्रा, मृगशिरा, हस्ता, धनिष्ठा र कृत्तिकानक्षत्र, बृहस्पति र शुक्रवारको दिनमा डुँगा बनाउने काम र डुँगा चलाउने काम आरम्भ गर्नु उत्तम हुन्छ ।

भोगकथनम्

अथ भोगः - **गुरुकरविभानुराधाविधातृपौष्णाश्विरोहिणीषु स्यात् ।**
स्वात्युत्तरासु कुर्याच्छयनाशनभोगभोगादि ।।

शय्या आदि भोगकथन

अब शय्या आदिको भोगको मुहूर्तको विषयमा विचार गरिन्छ – पुष्य, हस्ता, अनुराधा, रोहिणी, रेवती, अश्विनी, स्वाती र ३ उत्तरामा शय्यामा शयन र भोग आदि कर्म आरम्भ गर्नु उत्तम मानिएको छ ।

श्मश्रुकर्मकथनम्

अथ श्मश्रुकर्म । श्रीपतिः – **पुष्ये पौष्णे चाश्विनीष्वैन्दवे च शाक्रे हस्ताद्ये त्रिके भेप्यदित्याम् ।**
क्षौरं कार्यं वैष्णवादित्रये च मुक्त्वा भौमादित्यपाताङ्गिवारान् ।।
न स्नातभुक्तोत्कटभूषितानामभ्यङ्ग्यात्रासमरोत्सुकानाम् ।
क्षौरं विदध्यान्निशि सन्ध्ययोर्वा जिजीविषूणां नवमे न चाह्नि ।।

त्रिस्थलीसेतौ वृद्धगार्ग्यः –
रव्यारसौरवारेषु रात्रौ पाते व्रताहनि । श्राद्धाहः प्रतिपद्रिक्ताभद्राः क्षौरेषु वर्जयेत् ।।

क्षौरकर्म-विचार

अब क्षौरकर्मबारे विचार गरिन्छ । **श्रीपतिले** भनेका छन् – पुष्य, रेवती, अश्विनी, मृगशिरा, ज्येष्ठा, हस्ता, चित्रा, स्वाती र पुनर्वसुनक्षत्रमा सोमवार, बुधवार, बृहस्पतिवार र शुक्रवारका दिन क्षौरकर्म मङ्गलदायक हुन्छ ।

दीर्घजीवनको चाहना गर्ने मानिसहरूले स्नान, भोजन, अलङ्कारधारण, मालिस अर्थात् मसाज, यात्रा, युद्धको आरम्भजस्ता कामहरू दुवै सन्ध्या र रात्रिको समयमा गर्न हुँदैन । क्षौरकर्म गरेको नवौंदिनमा पनि क्षौरकर्म गर्नु हुँदैन ।

त्रिस्थलीसेतुमा वृद्धगार्ग्यले भनेका छन् कि रवि, मङ्गल र शनिवार, रात्रिको समय, व्यतीपातयोग, व्रतको दिन, श्राद्धको दिन, प्रतिपदा, रिक्ता र भद्रातिथिमा क्षौरकर्म गर्न हुँदैन ।

गार्ग्यः – **षष्ठ्यमापूर्णिमापातचतुर्दश्यष्टमी तथा । आसु सन्निहितं पापं त्रिषु तैले भगे क्षुरे ।।**
राजमार्तण्डः – **देवकार्ये पितुः श्राद्धे रवेरंशपरिक्षये । क्षौरकर्म न कुर्वीत जन्ममासे च जन्मभे ।।**
बृहस्पतिः –
राजकार्ये नियुक्तानां नराणां भूपजीविनाम् । श्मश्रुलोमनखच्छेदे नास्ति कालविशोधनम् ।।
तथा – **क्षौरं नैमित्तिकं कार्यं निषेधे सत्यपि ध्रुवम् । पित्रादिमृतिदीक्षासु प्रायश्चित्ते च तीर्थके ।।**
केचित्तूत्तरार्धमन्यथा पठन्ति – मुण्डनस्य निषेधेऽपि कर्तनं तु विधीयते ।। इति ।
नारदः – **नृपविप्राज्ञया यज्ञे मरणे बन्धमोक्षणे । उद्वाहेऽखिलवारर्क्षे तिथिषु क्षौरमिष्टदम् ।।**

गार्ग्य भन्दछन् – षष्ठी, अमावास्या, पूर्णिमा, चतुर्दशी, अष्टमीतिथि र व्यतीपातयोगमा तेल लगाउने, स्त्रीसम्पर्क र क्षौरकर्म गर्दा पाप लाग्छ । **राजमार्तण्ड** भन्दछन् – देवकार्य, पितृश्राद्ध, जन्ममास र जन्मनक्षत्रमा क्षौरकर्म गर्न हुँदैन ।

बृहस्पतिले भनेका छन् – राजकार्यमा नियुक्त भएका र राजाको आश्रममा रही जीविका गर्ने मानिसहरूले दाह्री खौरने र नङ काट्ने विषयमा समयको विचार गर्नुपर्दैन । तिनैले भनेका छन् – पिता आदिको मरण हुँदा, दीक्षाग्रहण गर्दा, प्रायश्चित्त गर्दा र निमित्तवश निषिद्ध समयमा पनि क्षौरकर्म गर्न हुन्छ । कसैले उक्त श्लोकको उत्तरार्द्धलाई अर्कै ढङ्गले पढेका छन् – 'मुण्डनस्य निषेधेऽपि कर्तनं तु विधीयते ।' अर्थात् मुण्डनको निषेध गरिएता पनि केही काँट–छाँट गर्न हुन्छ।

नारदले भनेका छन् – राजा र ब्राह्मणको आज्ञाले यज्ञ, मरण, बन्धनबाट मुक्ति, विवाहजस्ता कार्य आइपर्दा सबै वार, सबै नक्षत्र र सबै तिथिमा क्षौरकर्म गर्दा कल्याण प्राप्त हुन्छ ।

भारते – **प्राङ्मुखः श्मश्रुकर्माणि कारयीत समाहितः । उदङ्मुखोऽथवा भूत्वा तथायुर्विन्दते महत् ।**
अपरार्के – **उदङ्मुखो वा वपनं कारयेत्सुधीः । केशश्मश्रुलोमनखान्युदक्संस्थानि वापयेत् ।।**
दक्षिणं कर्णमारभ्य धर्मार्थं पापसंक्षये । शिखाद्ये नवसंस्कारे शिखाद्यन्तं शिरो वपेत् ।।
यतीनां तु विशेषो निगमे– **'कक्षोपस्थशिखावर्जं ऋतुसन्धिषु वापयेत्'** इति। अन्येऽपि विधिप्रतिषेधाः प्रागुक्ताः।

महाभारतमा भनिएको छ – पूर्वदिशातिर अथवा उत्तरदिशा फर्किएर सावधान मनले क्षौरकर्म गर्नुपर्दछ । यसरी उत्तर वा पूर्वदिशातर्फ फर्केर क्षौरकर्म गर्दा आयुको वृद्धि हुन्छ ।

अपरार्कमा भनिएको छ – 'बुद्धिमान् पुरुषले उत्तरदिशातिर फर्केर अथवा पूर्वदिशातिर फर्केर कपाल, दाह्री, जुँघा, रौँ र नङ काट्नुपर्दछ ।' धर्मको इच्छा राख्ने र पापनाशको इच्छा गर्ने कुनै पनि व्यक्तिले नयाँ संस्कार गर्दा दायाँ कानदेखि आरम्भ गरेर शिखासम्म मुण्डन कार्य गराउनुपर्दछ । वेदमा संन्यासीहरूको विषयमा विशेष नियम बताउँदै भनिएको छ– संन्यासीले ऋतुकालका सन्धिहरूमा काखी, उपस्थ र शिखाका रौँ छाडी क्षौरकर्म गर्नुपर्दछ ।

इन्धनसंग्रहविचारः

अथेन्धनसंग्रहः – **ब्रह्मानिलार्कमघमूलत्रिपूर्वरौद्रपौष्णानुराधगुरुविष्णुविशाखयुक्ते ।**
वारे कुजार्कभृगुनन्दनसोमजानां श्रेष्ठेन्धनस्य करणं भवति प्रशस्तम् ।।

इन्धनसङ्ग्रह विचार

दाउरासंग्रह गर्ने विषयमा विचार गरिन्छ – रोहिणी, स्वाती, हस्ता, मघा, मूल, ३ पूर्वा, आर्द्रा, रेवती, अनुराधा, पुष्य, श्रवण र विशाखानक्षत्रमा मङ्गल, रवि, शुक्र र बुधवारका दिन इन्धन–दाउरा संग्रह गर्ने कार्य गर्नुपर्दछ ।

नवान्नविचारः

अथ नवान्नम् । श्रीपतिः – **रेवतीश्रुतिपुनर्वसुहस्तब्राह्मतः पृथगपि द्वितये च ।**
त्र्युत्तरेषु गदितं पृथुकानां प्राशनं च सनवान्नविधानम् ।।

नवान्नप्राशन विचार

अब नवीन अन्नको भोजन गर्ने विषयमा विचार गरिन्छ । **श्रीपति**ले भनेका छन् – रेवती, श्रवण, पुनर्वसु, हस्ता, रोहिणी

र ती पछिका दुईनक्षत्र अर्थात् मृगशिरा एवं आर्द्रा र ३ उत्तरा यी नक्षत्रहरूमा बालकहरूको अन्नप्राशनसंस्कार र नवान्नभोजन कर्म गर्नु शुभ हुन्छ ।

नवभोजनपात्रकथनम्

अथ नवभोजनपात्रम् । ज्योतिर्निबन्धे –

भोज्यपात्रं सुधासिद्धौ घटयेद्वा समाहरेत् । तत्रान्नप्राशनप्रोक्ते काले भोजनमाचरेत् ।।

नयाँ भोजनपात्रको निर्माण गर्ने समय

ज्योतिर्निबन्धमा भनिएको छ – नयाँ भोजनपात्र अमृतबेलामा बनाउनुपर्दछ अथवा उक्त बेलामा खरिद गरी ल्याउनु पर्दछ र माथि बताइएको नवान्नप्राशनको मुहूर्तमा भोजन गर्नुपर्दछ ।

नवपर्णफलादिभक्षणविचारः

अथ नवपर्णफलादिभक्षणम् । चण्डेश्वरः –

मूलाश्विमैत्रकरतिष्यहरीन्द्रभेषु पौष्णोत्तरैन्दवपुनर्वसुवासवेषु ।
वारेषु भूमितनयार्कजवारवर्जं ताम्बूलनूतनफलाद्यशनं हिताय ।।

ताम्बूल आदि भक्षणविचार

अब नयाँ ताम्बूल र फल भक्षण गर्ने सम्बन्धमा विचार गरिन्छ । **चण्डेश्वर** भन्दछन् – मूल, अश्विनी, अनुराधा, हस्ता, पुष्य, श्रवण, ज्येष्ठा, रेवती, ३ उत्तरा, मृगशिरा, पुनर्वसु र धनिष्ठानक्षत्रमा शनिवार एवं मङ्गलवार छाडेर अन्य वारहरूमा नयाँ ताम्बूल र फल खानु उत्तम हुन्छ ।

होमे आहुतिपातविचारः

अथ होमे आहुतिपातः । ज्योतिषे – **तरणिविद्भृगुभास्करिचन्द्रमाः कुजसुरेज्यविधुन्तुदकेतवः ।**
रविभतो दिनभं गणयेत्क्रमात्प्रतिखगं त्रितयं न्यसेत् ।।
दिनकरार्कितमःकुजकेतवो हुतभुजेरशुभास्त्वितरे शुभाः ।
दहनचक्रमिदं प्रविलोक्यतां दहनकर्मणि सर्वसमृद्धये ।।

हवनमा आहुतिपातसम्बन्धी-विचार

अब हवनमा आहुति-प्रक्षेपणसम्बन्धी विषयमा विचार गरिन्छ । **ज्योतिषमा** भनिएको छ – सूर्यको नक्षत्रबाट सम्बद्ध दिनको नक्षत्रसम्म गणना गर्नुपर्दछ । तीन-तीन नक्षत्रको क्रमले ग्रहहरूको मुखमा आहुतिपात जान्नुपर्दछ । पहिला तीननक्षत्रमा सूर्यको मुखमा, त्यसपछिका तीननक्षत्रमा बुधको मुखमा, त्यसपछिका तीननक्षत्रमा शुक्रको मुखमा, त्यसपछिका तीननक्षत्रमा शनिको मुखमा, त्यसपछिका तीननक्षत्रमा चन्द्रमाको मुखमा, त्यसपछिका तीननक्षत्रमा मङ्गलको मुखमा, त्यसपछिका तीननक्षत्रमा बृहस्पतिको मुखमा, त्यसपछिका तीननक्षत्रमा राहुको मुखमा र त्यसपछिका तीननक्षत्रमा केतुको मुखमा आहुतिपात गर्नुपर्दछ ।

उक्त सम्बन्धमा सूर्य, शनि, राहु, मङ्गल र केतुको मुखमा आहुतिपात अमङ्गलदायक हुन्छ । अन्य ग्रहहरूको मुखमा आहुतिपात मङ्गलदायक हुन्छ । सबै प्रकारको समृद्धि प्राप्त गर्नको लागि यो दहनचक्रलाई विचार गरेर हवन कार्य गर्नुपर्दछ ।

क्रूरग्रहमुखे हवने सञ्जाते विचारः

अथ शान्तिरुक्ता –

क्रूरग्रहमुखे चैव सञ्जाते हवने शुभे । शान्तिं विधाय गां दद्याद् ब्राह्मणाय कुटुम्बिने ।।

आयसीं प्रतिमां कृत्वा निक्षिपेत्तामधोमुखीम् । गोमूत्रमधुगन्धाद्यैरर्चितां प्रतिमां ततः ।।

स्वस्थां निधाय सम्पूज्य तत्र होमो विधीयते ।

क्रूरग्रहको मुखमा हवन भएमा स्वस्ति-शान्ति

विष्णुधर्ममा क्रूर ग्रहको मुखमा हवन भएमा शान्तिकर्म बताउँदै भनिएको छ – क्रूर ग्रहको मुखमा शुभ हवन भयो भने शान्ति गरेर कुटुम्बी ब्राह्मणलाई गाई दिनुपर्दछ । फलामको प्रतिमा बनाएर त्यसलाई अधोमुख बनाई राख्नुपर्दछ । उक्त प्रतिमालाई गहुँत, मह, गन्ध आदिले पूजा गरेर सोझ्याउनुपर्दछ अर्थात् ऊर्ध्वमुख तुल्याउनुपर्दछ । सोझ्याएपछि पूजा गरी हवन गर्नुपर्दछ ।

नित्ये नैमित्तिके दुर्गाहोमादौ च विचारः

अत्रापवादः क्रियासारे – **नित्ये नैमित्तिके दुर्गाहोमादौ न विचारयेत् ।**

नित्य-नैमित्तिक दुर्गा होम आदिमा विचार

माथि बताइएका कुराको पनि अपवाद बताउँदै क्रियासारमा भनिएको छ– नित्य एवं नैमित्तिक कर्म र दुर्गाको हवनमा मुहूर्तको विचार गर्नुपर्दैन । (नित्य एवं नैमित्तिक कर्म जस्तै – विवाह, दैनिक हवन, संस्कार, शान्तिकर्म, दुर्गापाठको दशांश हवनमा अग्निचक्र जुराइँदैन ।)

ज्वरादौ फलकथनम्

अथ ज्वरादौ फलम् । श्रीपतिः –

स्वात्यश्लेषारौद्रपूर्वासु शाक्रे रोगोत्पत्तिर्बाधते यस्य पुंसः ।
तद्भैषज्यव्यापृतो निष्प्रयत्नः स्याद् दुग्धाब्धेर्लब्धजन्मापि वैद्यः ।।
व्याध्युत्पत्तिर्यस्य पौष्णे समित्रे प्राणत्राणं जायते तस्य कृच्छ्रात् ।
वैश्वे सोम्ये रोगमुक्तिस्तु मासाद्विंशत्या स्याद्वासराणां मघासु ।।
पक्षाद्धस्ते वासवे सद्विदैवे मूलाश्विन्योरग्निधिष्ण्ये नवाहात् ।
याम्ये त्वाष्ट्रे वैष्णवे वारुणे च नैरुज्यं स्यान्नूनमेकादशाहात् ।।
आहिर्बुध्न्ये तिष्यसंज्ञे यमाख्ये प्राजापत्यादित्ययोः सप्तरात्रात् ।
रोगान्मुक्तिर्जायते मानवानां निःसन्दिग्धं जल्पितं गर्गमुख्यैः ।।

ज्वरादि फलकथन

अब ज्वर-उत्पत्तिको फल बताइन्छ - **श्रीपतिले** भनेका छन् कि स्वाती, अश्लेषा, आर्द्रा, ३ पूर्वा र ज्येष्ठानक्षत्रमा जुन व्यक्तिको शरीरमा ज्वर आदि रोगको उत्पत्ति हुन्छ त्यस्ता व्यक्तिहरूलाई क्षीरसागरबाट उत्पन्न भएका भगवान् धन्वन्तरिजस्ता वैद्यले पनि बचाउन सक्दैनन् । जसको रोग एवं ज्वरोत्पत्ति रेवती र अनुराधानक्षत्रमा हुन्छ त्यसका प्राण कठिन प्रयत्नबाट मात्र जोगाउन सकिन्छ। उत्तराषाढा र मृगशिरानक्षत्रमा ज्वर एवं व्याधिले ग्रस्त भएको मानिस एकमहिनासम्म दुःख पाएर रोगबाट मुक्त हुन्छ । मघानक्षत्रमा रोगोत्पत्ति हुने मानिस बीस दिनपछि रोगबाट मुक्त हुन्छ ।

हस्ता, धनिष्ठा, विशाखानक्षत्रमा रोग लागेमा रोगी १५ दिनपछि रोगबाट मुक्त हुन्छ । मूल, अश्विनी र कृत्तिकानक्षत्रमा रोग लागेमा रोगी ९ दिनपछि रोगबाट मुक्त हुन्छ । भरणी, चित्रा, श्रवण र शतभिषानक्षत्रमा रोग लागेमा रोगी ११ दिनपछि त्यसबाट मुक्त हुन्छ । उत्तराभाद्रपद, पुष्य, उत्तराफाल्गुनी, रोहिणी र पुनर्वसुनक्षत्रमा व्याधि उत्पन्न भएमा रोगीले सातरातपछि त्यसबाट मुक्ति प्राप्त गर्दछ भन्ने कुरा गर्ग आदि ऋषिहरूले बताएका छन् । यी वचन सन्देह गर्न योग्य छैनन् ।

ज्योतिषे - **एकाहो निधनं दशाहमनलाद् बाणा वियत्पर्वताः**
सप्ताङ्का विलयश्च मासयुगलं मासो मृतिः पक्षकः ।
द्वौ मासावथ विंशतिर्दश निशाः पक्षान्तपक्षा नखा
मासौ पक्षदशान्तपक्षककुभः पीठादिनान्यश्विभात् ।।

ज्योतिषमा बताइएको छ -अश्विनीनक्षत्रमा रोग लागेमा रोगी १ दिनपछि रोगबाट मुक्त हुन्छ । भरणीनक्षत्रमा रोग लागेमा रोगीको मृत्यु हुन्छ । कृत्तिकानक्षत्रमा रोग लागेमा रोग लागेको १० दिनपछि रोगी रोगबाट मुक्त हुन्छ । रोहिणीनक्षत्रमा रोग लागेमा रोगी ३ दिनपछि रोगबाट मुक्त हुन्छ । मृगशिरानक्षत्रमा रोग लागेमा रोगी ५ दिनपछि रोगबाट मुक्त हुन्छ । आर्द्रानक्षत्रमा रोग लागेमा रोगी तत्काल रोगबाट मुक्त हुन्छ । पुनर्वसु र पुष्यनक्षत्रमा रोग लागेका व्यक्ति ७ दिनपछि रोगबाट मुक्त हुन्छन् । अश्लेषानक्षत्रमा रोग लागेमा रोगी ९ दिनपछि रोगबाट मुक्त हुन्छ । मघानक्षत्रमा रोग लागेमा रोगीको मृत्य हुन्छ । पूर्वाफाल्गुनीनक्षत्रमा रोग लागेमा रोगी २ महिनापछि रोगबाट मुक्त हुन्छ । उत्तराफाल्गुनीमा रोग लागेमा रोगी एकमहिनापछि रोगबाट मुक्त हुन्छ । हस्तानक्षत्रमा रोग लागेमा रोगीको मृत्यु हुन्छ । चित्रानक्षत्रमा रोग लागेमा रोगी १५ दिनपछि रोगबाट मुक्त हुन्छ । स्वाती र विशाखानक्षत्रमा रोग लागेमा रोगी २ महिनापछि रोगबाट मुक्त हुन्छ । अनुराधानक्षत्रमा रोग लागेमा रोगी २० दिनपछि रोगबाट मुक्त हुन्छ । ज्येष्ठानक्षत्रमा रोग लागेमा रोगी १० दिनपछि रोगबाट मुक्त हुन्छ, मूलनक्षत्रमा रोग लागेमा रोगी १ रातपछि रोगबाट मुक्त हुन्छ । पूर्वाषाढामा रोग लागेमा रोगी पन्ध्रदिनभित्र रोगबाट मुक्त हुन्छ । उत्तराषाढामा रोग लागेमा रोगी १५ दिनपछि रोगमुक्त हुन्छ । श्रवणनक्षत्रमा रोग लागेमा रोगी २० दिनपछि रोगबाट मुक्त हुन्छ । धनिष्ठामा रोग लागेमा रोगी २ महिनापछि रोगबाट मुक्त हुन्छ । शतभिषामा रोग लागेमा रोगी १५ दिनमा रोगबाट मुक्त हुन्छ । पूर्वाभाद्रपदमा रोग लागेमा रोगी १५ दिनमा रोगबाट मुक्त हुन्छ र रेवतीमा रोग लागेमा रोगी १० दिनपछि रोगबाट मुक्त हुन्छ ।

दैवज्ञः - **उरगवरुणरौद्रा वासवेन्द्रत्रिपूर्वा यमदहनविशाखाः पापवारेण युक्ताः ।**
तिथिषु नवमिषष्ठी द्वादशी वा चतुर्थी भवति मरणयोगो रोगिणां कालहेतुः ।

दैवज्ञले भनेका छन् – अश्लेषा, शतभिषा, आर्द्रा, धनिष्ठा, ज्येष्ठा, पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपदा, भरणी, कृत्तिका र विशाखानक्षत्र पापवारले युक्त भएमा र ती वारमा नवमी, षष्ठी, द्वादशी अथवा चतुर्थीतिथिको योग हुन गएमा रोगीहरूको मरणयोग हुन्छ ।

कुम्भे नक्षत्रदेवताप्रतिमाशान्तिकथनम्

अथ शान्तिः – कुम्भे हैमीं नक्षत्रदेवताप्रतिमां सम्पूज्य द्वादशदलेषु सङ्कर्षणादिद्वादशमूर्तीर्द्वादशादित्यान् वा सम्पूज्य दूर्वासमित्तिलक्षीराज्यैर्गायत्र्या तद्देवतायै अष्टोत्तरशतं हुत्वा दध्यौदनं बलिं दत्त्वाऽऽचार्याय गां प्रतिमां च दत्त्वा विप्रान् भोजयेदिति सङ्क्षेपः । विशेषस्तु व्रतहेमाद्रौ पदार्थादर्शे च ज्ञेयः ।

कलशस्थ नक्षत्र देवताको प्रतिमामा पूजाद्वारा स्वस्ति-शान्ति विधान

अब स्वस्ति-शान्तिको विषयमा विचार गरिन्छ । कलशमा नक्षत्रदेवताको सुवर्णप्रतिमा राखी पूजा गरेर १२ दलहरूमा सङ्कर्षण आदि देवताको र १२ सूर्यहरूको पूजन गरेपछि दूवो, समिधा, तिल, खीर र घ्यूद्वारा गायत्री मन्त्रले ती-ती देवताको प्रसन्नताको लागि १०८ पटक हवन गर्नुपर्दछ । हवनपछि दही र भातले बलि दिएर आचार्यलाई गाई र प्रतिमा दान दिनुपर्दछ । सहयोगी ब्राह्मणहरूलाई दक्षिणा दिएर भोजन गराउनुपर्दछ भन्ने कुरा यहाँ सङ्क्षेपमा बताइएको छ। विशेष जान्न चाहनेले **व्रतहेमाद्रि** र **पदार्थादर्श**नामक ग्रन्थहरूको अवलोकन गर्नुपर्दछ ।

भेषजविचारः

अथ भेषजम् । चण्डेश्वरः –

मूलानुराधमृगतिष्यपुनर्वसौ च पौष्णाश्विनीश्रवणशक्रकरत्रये च ।
वारेषु वाक्पतिदिनेषु सितेन्दुशस्ते भैषज्यभक्षणममीषु हितं नराणाम् ।।

औषधिसेवनको समयविचार

अब औषधिसेवनको समयबारे विचार गरिन्छ । **चण्डेश्वरले** भनेका छन् – मूल, अनुराधा, मृगशिरा, पुष्य, पुनर्वसु, रेवती, अश्विनी, श्रवण, ज्येष्ठा, हस्ता, चित्रा र स्वातीनक्षत्रहरूमा बृहस्पति, शुक्र एवं सोमवारका दिन औषधिसेवन आरम्भ गर्नु रोगार्त मनुष्यहरूका लागि हितकारक हुन्छ ।

आरोग्यस्नानकथनम्

अथारोग्यस्नानम् । श्रीपतिः –

इन्दोर्वारे भार्गवे च ध्रुवेषु सार्पादित्यस्वातियुक्तेषु भेषु ।
पित्र्ये चान्ते वापि कुर्यात्कदाचिन्नैव स्नानं रोगनिर्मुक्तजन्तुः ।।
चरे विलग्ने रविभौमवासरे रिक्ते तिथौ स्याद् बहुले च पक्षे ।
धिष्ण्ये चरे रोगनिपीडितानां स्नानं नराणां निरुजत्वकारि ।।

आरोग्यस्नान

अब आरोग्यस्नानको विषयमा विचार गरिन्छ । **श्रीपतिले** भनेका छन् – रोगबाट निवृत्त भएको मानिसले सोम

एवं शुक्रवार, ३ उत्तरा, रोहिणी, अश्लेषा, पुनर्वसु, स्वाती, मघा र रेवतीनक्षत्रमा स्नान गर्नुपर्दछ । चरलग्न अर्थात् मेष, कर्क, तुला र मकरलग्न, रवि एवं मङ्गलवार, चतुर्थी, नवमी एवं चतुर्दशीतिथि, शुक्लपक्ष, चरनक्षत्र अर्थात् श्रवण, धनिष्ठा, शतभिषा, स्वाती र पुनर्वसुमा रोगपीडित व्यक्तिहरूले स्नान गर्दछन् भने ती रोगबाट मुक्त हुन्छन् ।

दन्तधावनविचारः

अथ दन्तधावनम् । पृथ्वीचन्द्रोदये विष्णुः –

प्रतिपद्दर्शषष्ठीषु चतुर्दश्यष्टमीषु च । नवम्यां भानुवारे च दन्तकाष्ठं विवर्जयेत् ।।

नारदः – **चतुर्दश्यष्टमीपौर्णमासीसङ्क्रमणेषु च । नन्दासु च नवम्यां च दन्तकाष्ठं विवर्जयेत् ।।**

श्राद्धे यज्ञे च नियमे तथा प्रोषितभर्तृका । व्यतीपाते च संक्रान्त्यां नन्दाभूताष्टपर्वसु ।।

तैलं क्षौरं रतिं मांसं दन्तकाष्ठं च वर्जयेत् ।।

वसिष्ठः – **शन्यर्कशुक्रवारेषु कुजाहे व्रतवासरे । जन्माहे श्राद्धदिवसे दन्तकाष्ठं विवर्जयेत् ।।**

हेमाद्रौ स्कान्दे – **अभ्यङ्गे जलधिस्नाने दन्तधावनमैथुने । जाते च निधने चैव तत्कालव्यापिनी तिथिः ।।**

संवर्तः – **रवौ विवाह आशौचे वर्जयेद् दन्तधावनम् ।**

व्यासः – **अलाभे दन्तकाष्ठानां निषिद्धायां तथा तिथौ । अपां द्वादशगण्डूषैर्विदध्याद्दन्तधावनम् ।।**

दतिवनसम्बन्धी विचार

अब दन्तधावनको विषयमा विचार गरिन्छ । **पृथ्वीचन्द्रोदयमा** विष्णुले भनेका छन् – प्रतिपदा, अमावास्या, षष्ठी, चतुर्दशी, अष्टमी, नवमीतिथि र रविवारका दिन दन्तधावन गर्न हुँदैन । **नारद** भन्दछन् – चतुर्दशी, अष्टमी, पूर्णिमा, संक्रान्ति, नन्दातिथि अर्थात् प्रतिपदा, षष्ठी, एकादशी र नवमीमा दन्तधावन गर्न हुँदैन । श्राद्ध, यज्ञ, व्रत, व्यतीपातयोग, संक्रान्ति, प्रतिपदा, षष्ठी, एकादशी, चतुर्दशी, अष्टमी, अमावास्या एवं पूर्णिमातिथिमा प्रोषितभर्तृका अर्थात् जसका पति परदेशमा गएका छन् ती नारीले रति अर्थात् प्रेम, नङ काट्ने काम, मांसभक्षण र अङ्ग-प्रत्यङ्गमा तेल लगाउने काम गर्न हुँदैन ।

वसिष्ठ भन्दछन् – शनि, रवि, शुक्र एवं मङ्गलवार, व्रतका दिन, जन्मदिन र श्राद्धका दिनमा दन्तधावन गर्न हुँदैन। हेमाद्रिमा उद्धृत **स्कन्दपुराणको** वचनमा भनिएको छ – अभ्यङ्ग अर्थात् उबटन, समुद्रस्नान, दन्तधावन, मैथुन, जन्म र मृत्युको समयमा जुन तिथि रहेको हुन्छ त्यही तिथि लिनुपर्दछ । **संवर्तले** भनेका छन् – आशौच, विवाह र रविवारका दिन दन्तधावन गर्न हुँदैन । **व्यासले** भनेका छन् – दन्तधावनका लागि दतिवन नपाइएमा र दतिवन गर्न हुँदैन भनी निषेध गरिएका दिनहरूमा जलले १२ पटक कुल्ला गर्दा दतिवन गरेसरह हुन्छ ।

आमलकस्नानविचारः

अथामलकस्नानम् । व्यासः – **श्रीकामः सर्वदा स्नानं कुर्वीतामलकैर्नरः ।**

सप्तमीं नवमीं चैव पर्वकालं विवर्जयेत् । चन्द्रसूर्योपरागे च स्नानमामलकैस्त्यजेत् ।।

यत्तु – **नवमी दशमी चैव तृतीया च त्रयोदशी । प्रतिपद् द्वादशी कृष्णा स्नानं तासु विवर्जयेत् ।।**

यच्च – **दर्शे स्नानं न कुर्वीत मातापित्रोस्तु जीवतोः । पुत्रः कुर्वन्निराचष्टे पित्रोरुन्नतिजीविते ।।**

इति कण्वयमाद्यैः स्नानमात्रं निषिद्धम्, तद्भोगार्थस्नानपरं न नित्यनैमित्तिकपरमिति हेमाद्रिः ।

आमलकस्नान

अब अमलाको कल्क अर्थात् लेदोद्वारा गरिने स्नानबारे विचार गरिन्छ । **व्यास** भन्दछन् – मनुष्यले श्रीप्राप्तिका लागि अमलाले स्नान गर्नुपर्दछ, तर सप्तमी, नवमी र पर्वकाल अर्थात् अमावास्या, पूर्णिमा, चन्द्रग्रहण एवं सूर्यग्रहमा अमलास्नान गर्न हुँदैन । **क्रतुले** भनेका छन् कि षष्ठी, सप्तमी, नवमी, त्रयोदशी, संक्रान्ति र रविवारका दिन अमलास्नान गर्न हुँदैन ।

कण्व, यम आदि भन्दछन् – नवमी, दशमी, तृतीया, त्रयोदशी, प्रतिपदा र कृष्णपक्षको द्वादशीमा पनि अमलास्नान गर्न हुँदैन । फेरि जसका माता-पिता जीवित छन् त्यसले अमावास्यातिथिमा अमलास्नान गर्न हुँदैन त्यस्तो छोराले स्नान गरेमा माता-पिताको उन्नतिमा अवरोध र जीवनको नाश हुन्छ ।' यसरी **कण्व, यम** आदिले जुन स्नानमात्र निषेध गरेको वेषय छ त्यो भोगार्थस्नानको निषेधमा आधारित भएको हुँदा नित्य, नैमित्तिक कर्मका लागि गरिने स्नानको निषेध होइन भन्ने **हेमाद्रिको** अभिमत रहेको छ ।

तैलस्नाननिषेधकथनम्

तथ तैलस्नाननिषेधः । कात्यायनः –

पक्षादौ च रवौ षष्ठ्यां रिक्तायां च तथा तिथौ । तैलेनाभ्यज्यमानस्तु चतुर्भिः परिहीयते ।।

गर्गः – **पञ्चदश्यां चतुर्दश्यामष्टम्यां रविसंक्रमे । द्वादश्यां सप्तमीषष्ठ्योस्तैलस्पर्शं विवर्जयेत् ।।**

न च कुर्यात्तृतीयायां त्रयोदश्यां तिथौ तथा । शाश्वतीं गतिमन्विच्छन् दशम्यामपि पण्डितः ।।

तैलस्नाननिषेध

अब तैलस्नानको निषेधबारे विचार गरिन्छ । **कात्यायनले** भनेका छन् – प्रतिपदा, षष्ठी र रिक्तातिथिमा जसले तेल लगाएर नुहाउँछ त्यो मानिस धर्म, अर्थ, काम एवं मोक्षनामक पुरुषार्थको प्राप्तिमा असफल हुन्छ ।

गर्गले भनेका छन् कि – पूर्णिमा, चतुर्दशी, अष्टमी, सूर्यसंक्रान्ति (कहीँ यसको अर्थ रविवार पनि भनिएको छ र यहाँ **सूर्यसंक्रमेको** सट्टा **सूर्यवासरेपद** राखिएको छ ।), द्वादशी, सप्तमी र षष्ठीमा तेलको स्पर्श गर्न हुँदैन । उत्तम गति चाहने बुद्धिमान् मानिसले तृतीया, त्रयोदशी र दशमीतिथिमा तेलको स्पर्श गर्न हुँदैन ।

तत्रैवायुर्वेदे –

षष्ठ्यां दिनक्षयेऽष्टम्यामेकादश्यां च पर्वसु । द्वादश्यां च चतुर्दश्यां पञ्चम्यां प्रतिपत्तिथौ ।।

व्रते श्राद्धदिने जन्मत्रितये श्रवणार्द्रयोः । ज्येष्ठोत्तराफाल्गुनीषु व्यतीपाते च वैधृतौ ।।

विष्टियोगे च संक्रान्तौ मन्वादिषु युगादिषु । नाभ्यङ्गं तत्र बालानां वृद्धानां तु न दोषकृत् ।। इति।

व्यवहारतत्त्वे – **संक्रान्तिभद्राव्यतिपातवैधृतौ षष्ठ्यष्टमीपर्वसु नाऽर्कभूसुते ।**

स्नाने द्वितीया दशमी च गर्हिता षष्ठ्याद्यमाद्या रदधावनेऽधमाः ।।

आयुर्वेदमा भनिएको छ – षष्ठी, तिथिक्षय भएको दिन, अष्टमी, एकादशी, अमावास्या, पूर्णिमा, द्वादशी, चतुर्दशी, पञ्चमी, प्रतिपदा, व्रत र श्राद्धको दिन, आफ्नो जन्मदिनदेखि तीनदिनसम्म अथवा जन्मनक्षत्र, त्योदेखि पहिलो र दोस्रो नक्षत्रमा, श्रवण, आर्द्रा, ज्येष्ठा, उत्तराफाल्गुनी, व्यतीपात, वैधृति, विष्टियोग, संक्रान्ति, मन्वादि र युगादिमा तेल लगाउन हुँदैन, तर वृद्ध र बालकलाई तेल लगाउँदा दोष लाग्दैन ।

व्यवहारतत्त्वमा भनिएको छ कि – संक्रान्ति, भद्रा, व्यतीपात, वैधृति, षष्ठी, प्रतिपदा, अष्टमी, पूर्णिमा, अमावास्या, द्वितीया, दशमी, रविवार, मङ्गलवार दन्तधावनका लागि अधम दिन मानिएका छन् ।

तैलस्नाने अपवादकथनम्

अस्यापवादमाह तत्रैव प्रचेताः –

सार्षपं गन्धतैलञ्च यत्तैलं पुष्पवासितम् । अन्यद्रव्ययुतं तैलं न दुष्यति कदाचन ।।

आयुर्वेदे – निषिद्धतिथिवारर्क्षग्रहणेष्वपि रात्रिषु । किञ्चिद् गोघृतयुक्तं वा विप्रपादरजोन्वितम्।।

भानौ दूर्वान्वितं भौमे भूयुक्तं पुष्पयुग्गुरौ । सर्वेषां सर्वदा तैलमभ्यङ्गेषु न दुष्यति ।।

तैलस्नानको अपवाद

प्रचेताले तैलस्नानको अपवाद प्रकट गर्दै भनेका छन् – सर्स्यूंको तेल, सुगन्धित तेल, पुष्पद्वारा सुवासित गराइएको तेल र अन्यद्रव्य मिसाइएको तेल कहिले पनि दूषित हुँदैन ।

आयुर्वेदमा भनिएको छ – निषिद्ध गरिएका तिथि, वार, नक्षत्र, ग्रहण र रात्रिमा अलिकति गाईको घ्यू मिसाएर वा ब्राह्मणको चरणको धूलो मिसाएर तेल लगाउनुपर्छ, त्यस्तो तेल दूषित हुँदैन । रविवारका दिन दूबो, मङ्गलवारका दिन माटो, बृहस्पतिवारका दिन फूल मिसाएर तेल लगाउँदा दोष लाग्दैन ।

मङ्गलेषु अदोषकथनम्

मङ्गलेष्वप्यदोषः- **माङ्गल्यं विद्यते स्नानं वृद्धिपर्वोत्सवेषु च ।**

स्नेहपात्रसमायुक्तं मध्याह्नात् प्राक् तदिष्यते।। इति मदनपारिजाते कात्यायनोक्तेः।

हेमाद्रौ बृहन्मनुः – **तैलाभ्यङ्गो नार्कवारे न भौमे नो संक्रान्तौ वैधृतौ विष्टिषष्ठ्योः ।**

पर्वष्वष्टम्यां च नेष्टः स इष्टः प्रोक्तान्मुक्त्वा वासरे सूर्यसूनोः ।।

मङ्गलकर्ममा तेलले नुहाउँदा दोष नलाग्ने

मङ्गलकर्ममा तैलस्नानको दोष नलाग्ने तथ्य प्रकाशित गर्दै **मदनपारिजातमा** उद्धृत **कात्यायनको** वचनमा भनिएको छ – वृद्धि, पर्व र उत्सवहरूमा तेल भरिएको पात्र हातमा लिएर मङ्गलस्नान गर्नुपर्दछ । यस्तो मङ्गलस्नान मध्याह्नभन्दा पहिले गर्नुपर्दछ। **हेमाद्रिमा बृहन्मनु** भन्दछन् – रविवार, मङ्गलवार, संक्रान्ति, वैधृति, विष्टि, षष्ठी, अमावास्या, पूर्णिमा र अष्टमीमा तेल लगाउन हुँदैन । उक्त सबै निषिद्धतिथि र दिन छाडी शनिवारको दिन तेल लगाउन हुन्छ ।

तिलस्नाननिषेधकथनम्

तिलस्नाननिषेधस्तु षट्त्रिंशन्मते –

तथा सप्तम्यमावास्यासंक्रान्तिग्रहजन्मसु । धनपुत्रकलत्रार्थी तिलपिष्टं न संस्पृशेत् ।।

तिलस्नाननिषेध

षट्त्रिंशन्मतमा भनिएको छ – सप्तमी, अमावास्या, संक्रान्ति, ग्रहण र जन्मदिनमा धन, पुत्र र पत्नीको कामना गर्ने मानिसले तिलको धूलो र तिलको स्पर्श गर्न हुँदैन ।

अथ गृहारम्भादौ विचारः

अथ गृहारम्भः । ज्योतिर्निबन्धे बादरायणः –

वैशाखे फाल्गुने पौषे श्रावणे मार्गशीर्षके । सूत्रारम्भः शिलान्यासः स्तम्भारम्भः प्रशस्यते ।।

नारदः – **सौम्यफाल्गुनवैशाखमाघश्रावणकार्तिकाः । मासाः स्युर्गृहनिर्माणे पुत्रारोग्यधनप्रदाः ।।**

अत्र वृषसिंहवृश्चिकाः – **'वैशाखश्रावणकार्तिकाः सौरा ज्ञेयाः'** इति कालादर्शः ।

गृहारम्भ-विचार

अब गृहारम्भको विषयमा विचार गरिन्छ । **ज्योतिर्निबन्धमा बादरायणले** भनेका छन् – वैशाख, फाल्गुन, पौष, श्रावण र मार्गशीर्षमहिनामा गृहनिर्माणका लागि सूत्रारम्भ अर्थात् धागोले जमिन नाप्ने काम, धागो लगाई गृहनिर्माण गर्ने काम, शिलान्यास र खाँबा गाँड्ने काम गर्नुपर्दछ । **नारद** भन्दछन् – फाल्गुन, वैशाख, माघ, श्रावण र कार्तिकमा गृहनिर्माण गर्दा पुत्र, आरोग्य र धनप्राप्ति हुन्छ । **कालादर्शमा** भनिएको छ कि यहाँ वृष, सिंह र वृश्चिक भन्नाले वैशाख, श्रावण र कार्तिक यी सौरमास बुझ्नुपर्दछ ।

तत्रैव कारणतन्त्रे –

स्थिरमासे स्थिरे राशौ स्थिरेंऽशे नववेश्मनाम् । कुर्वीत स्थापनं शङ्कोः शम्भुस्थापनमेव वा ।।

कार्तिकनिषेधस्तुलापरः ।

कुम्भे मासेऽपि सर्वेषां मन्दिराणामुपक्रमम् । महर्षयः प्रशंसन्ति धान्यागारं विहाय च ।।

निषेधो धान्यग्रहपरः ।

पाकभोजनशालादौ मार्गशीर्षश्च फाल्गुनः । रथ्यागेहमठादौ च सहस्यः शुचिरेव तु ।।

पौषाषाढनिषेधस्तु प्रधानगृहपरः, न प्रधानगृहारम्भं कुर्यात्पौषे शुचावपि ।। इति तत्रैवोक्तेः ।

कारणतन्त्रमा भनिएको छ – स्थिरमहिना, स्थिरराशि र स्थिरअंशमा नयाँ घरको निर्माणका लागि शंकुस्थापन वा ाम्भस्थापन गर्नुपर्दछ । यहाँ स्थिरमास भन्नी कार्तिकमासलाई निषेध गर्नुको कारण तुलासंक्रान्तिको निषेध हो ।

फाल्गुन र माघमहिनामा मन्दिरनिर्माण आरम्भ गर्नुपर्दछ । फाल्गुनमा धान्यगृह छाडी अरू घर बनाउने कुरालाई ाहर्षिहरूले प्रशंसा गरेका छन् । यहाँ धान्यागारको निषेध धान्यग्रहण गर्ने विषयको निषेध हो ।

पाकशाला र भोजनशाला आदिको निर्माणमा मार्गशीर्ष र फाल्गुन पवित्र मानिएका छन् । रथ्या, घर र मठ आदिको निर्माणमा पौष एवं आषाढमासलाई पवित्र मानिएको छ । तर पौष र आषाढमहिनाको जुन निषेध गरिएको छ त्यो मुख्य घरको निर्माणका सम्बन्धमा जान्नुपर्दछ । त्यहीं नै भनिएको छ कि प्रधान घरको प्रारम्भ पौष र आषाढमा गर्न हुँदैन ।

ज्योतिस्तत्त्वे – **पूर्वापरास्यन्तु नभोऽन्त्यपौषे याम्योत्तरास्यं सहसि द्वितीये ।**
कार्यं गृहं जीवबुधर्क्षगार्के नीचास्तगौ जीवसितौ च हित्वा ।।

रत्नमालायाम् – **कर्कनक्रहरिकुम्भगतेऽर्के पूर्वपश्चिममुखानि गृहाणि ।**
तौलिमेषवृषवृश्चिकपाते दक्षिणोत्तरमुखानि वदन्ति ।

वराहः –

दक्षिणपूर्वे कोणे कृत्वा पूजां शिलां न्यसेत्प्रथमाम् । शेषाः प्रदक्षिणेन स्तम्भाश्चैवं समुत्थाप्याः ।।

राजमार्तण्डमा भनिएको छ कि – घाँस–फुसबाट बनाइने घरका विषयमा आय, व्यय र मासको विचार गर्नुपर्दैन त्यस्ता घरको शिलान्यास गर्ने विषयमा पनि विचार गर्नुपर्दैन । फेरि पहिलेदेखि बनेका घरको पनि शिलान्यास गर्नुपर्दैन।

व्यवहारतत्त्वमा भनिएको छ – निषिद्ध समयमा पनि आफ्नो अनुकूल शुभ दिनमा तृण तथा काठबाट बनाइने घरको आरम्भ गर्दा महिनाको दोष लाग्दैन । **चण्डेश्वर**ले भनेका छन् – पूर्णिमातिथिदेखि लिएर अष्टमीतिथिसम्म पूर्वतर्फ मुख भएका घर बनाउन हुँदैन । नवमीतिथिदेखि चतुर्दशीतिथिसम्म उत्तरतर्फ मुख भएका घर बनाउनु हुँदैन । अमावास्यादेखि अष्टमीसम्म पश्चिमदिशातर्फ मुख भएका घर बनाउन हुँदैन । नवमीतिथिबाट आरम्भ गरेर शुक्लपक्षको चतुर्दशीतिथिसम्म दक्षिणतर्फ मुख भएका घर बनाउन हुँदैन । ध्रुवनामक नक्षत्रका दिनमा वास्तुचक्रारोपण गर्नुपर्दछ । दिनमा, सायाह्नमा र रातमा वास्तुचक्रारोपण गर्दा महानिशालाई वर्जित गर्नुपर्दछ ।

वाराहपुराणमा भनिएको छ – वास्तुचक्रारोपण गर्दा दक्षिण तथा पूर्वको आग्नेयकोणमा पूजा गरेर शिलान्यास गर्नुपर्दछ । बाँकी शिलाहरूलाई उक्त क्रमले नै स्थापना गर्नुपर्दछ । जसरी शिलास्थापना गरिएको छ त्यही क्रमले खम्बाहरूको स्थापना गर्नुपर्दछ ।

कालादर्शे वास्तुशास्त्रे – **खाते चैव शिलान्यासे वृषचक्रं प्रशस्यते ।** तच्चोक्तं शान्तिरत्ने –

चतुर्हस्तप्रमाणं तु खात्वा गर्तं समन्ततः । कुम्भोदकैः सेचयेयुः शान्तिपाठपुरःसरम् ।।

तत ईशानदिग्भागे साक्षतं रत्नपञ्चकम् । साज्यं कुम्भं स्थिरं मुक्त्वा वास्तुपूजनपूर्वकम् ।।

कुम्भोपरि शिलान्यासः कर्तव्यस्तदनन्तरम् ।।

कालादर्शमा **वास्तुशास्त्र**को प्रकरणमा भनिएको छ कि – जग पुर्ने र शिलान्यास गर्ने कार्यमा वृषचक्र (सूर्यको नक्षत्रबाट सातनक्षत्रसम्म अनिष्टदायक त्यसपछिका ११ नक्षत्र इष्टदायक त्यसपछिका १० नक्षत्र अनिष्टदायक हुन्छन्) हेर्नु उत्तम मानिएको छ । **शान्तिरत्न**मा भनिएको छ – जग पुर्ने काम गर्दा चारैतिरबाट चारहातको खाल्डो खनेर शान्तिपाठ गर्दै कलशको जलले सेचन गर्नुपर्दछ । त्यसपछि ईशानदिशातर्फ अक्षता, पञ्चरत्न, घ्यूले भरिएका कुम्भहरूको स्थापना गरेर वास्तुपूजा गर्दै कुम्भमाथि शिलान्यास गर्नुपर्दछ ।

गृहप्रवेशविचारः

अथ गृहप्रवेशः । बृहस्पतिः –

नन्दायां दक्षिणद्वारं भद्रायां पश्चिमेन तु । जयायामुत्तरं द्वारं पूर्णायां पूर्वतो विशेत् ।।

वसिष्ठः – **कृत्वा शुक्रं पृष्ठतो वामतोऽर्कं विप्रान् पूज्यानग्रतः पूर्णकुम्भम् ।**
हर्म्यं रम्यं तोरणस्रग्वितानैः स्त्रीभिः स्रग्वी गीतवाद्यैर्विशेच्च ।।

गृहप्रवेशमा विचार

अब गृहप्रवेशको विषयमा विचार गरिन्छ । **बृहस्पति**ले भनेका छन् – नन्दा अर्थात् प्रतिपदा, षष्ठी, एकादशीतिथिमा दक्षिणद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । भद्रा अर्थात् द्वितीया, सप्तमी, द्वादशीतिथिमा पश्चिमद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । जया

हुन्छन् । कार्तिक, माघ, चैत्र, ज्येष्ठ, आश्विन, आषाढ र भाद्रपदमहिनामा घर बनाउन हुँदैन । द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, त्रयोदशी, दशमी, पूर्णिमा र एकादशीतिथिमा गृहनिर्माणको आरम्भ गर्नु कल्याणदायक हुन्छ । विशेष गरेर शुक्लपक्षका तिथिहरूमा अझ शुभदायक हुन्छ । **व्यवहारसारमा** भनिएको छ – श्रवण, मृगशिरा, रेवती, हस्ता, रोहिणी, पुष्य, अश्विनी र ३ उत्तरानक्षत्रमा घरको शिलान्यास गर्नुपर्दछ । **वास्तुप्रदीपमा** भनिएको छ – अधोमुख अर्थात् मूल, अश्लेषा, मघा, पूर्वाफाल्गुनी, पूर्वाभाद्रपद, पूर्वाषाढा, विशाखा, भरणी एवं कृत्तिकानक्षत्रमा खाडल अर्थात् खात खन्नुपर्दछ भने ऊर्ध्वमुख अर्थात् आर्द्रा, ३ उत्तरा, रोहिणी, पुष्य, श्रवण, धनिष्ठा, शतभिषानक्षत्रमा शिलान्यास गर्नुपर्दछ । तिर्यङ्मुख अर्थात् हस्ता, अनुराधा, स्वाती, पुनर्वसु, ज्येष्ठा, अश्विनी, चित्रा, मृगशिरा र रेवतीनक्षत्रमा ढोकाको खापा र यान अर्थात् सवारीसाधन बनाउनुपर्दछ । मृदुसंज्ञक अर्थात् मृगशिरा, चित्रा, अनुराधा एवं रेवती र ध्रुवसंज्ञक अर्थात् ३ उत्तरा र रोहिणीनक्षत्रहरूमा घरमा प्रवेश गर्नुपर्दछ ।

लल्लः – **स्नानं च पाकं शयनं च भोज्यं गजालयं वाजिगृहं धनस्य ।**
देवस्य पूर्वादिदिशि क्रमेण मध्ये सभा भूपनिवेशनाय ।।

शिल्पशास्त्रे – **कन्यासिंहे तुलायां भुजगपतिमुखं शम्भुकोणेग्निखातं**
वायव्ये स्यात्तदास्यं त्वलिधनमकरे ईशखातं वदन्ति ।
कुम्भे मीने च मेषे निर्ऋतिदिशि मुखं खातवायव्यकोणे
चाग्नेः कोणे मुखं वै वृषमिथुनगते कर्कटे रक्षखातम् ।।

तत्त्वचिन्तामणौ – **यत्र दैर्घ्यं गृहादीनां द्वात्रिंशद्धस्ततोऽधिकम् ।**
न तत्र चिन्तयेद्धीमान् गुणानायव्ययादिकान् ।।

लल्लले भनेका छन् – स्नानघर – पूर्वमा, पाकशाला – आग्नेयमा, शयनघर – दक्षिणमा, भोजनघर – वायव्यमा, हात्ती बस्ने ठाउँ – पश्चिममा, घोडा बाँध्ने ठाउँ – नैर्ऋत्यमा, धनस्थान – उत्तरमा र देवस्थान – ईशानदिशामा बनाउनुपर्दछ। यी आठैदिशाको बीचमा राजाले आफूलाई बस्ने राजसभाको निर्माण गर्नुपर्दछ ।

शिल्पशास्त्रमा भनिएको छ – कन्या, सिंह र तुलासंक्रान्तिमा शेषनागको मुख ईशानकोणमा भएमा आग्नेयकोणमा घरको जग खन्नुपर्दछ । वृश्चिक, धन र मकर संक्रान्तिमा शेषनागको मुख वायव्यकोणमा भएमा ऐशान्यकोणमा घरको जग खन्नुपर्दछ । कुम्भ, मीन र मेष संक्रान्तिमा शेषनागको मुख नैर्ऋत्यकोणमा भएमा वायव्यकोणमा जग खन्नुपर्दछ । वृष, मिथुन र कर्क संक्रान्तिमा शेषनागको मुख आग्नेयकोणमा भएमा नैर्ऋत्यकोणमा घरको जग खन्नुपर्दछ ।

तत्त्वचिन्तामणिमा भनिएको छ – यदि घर बनाउने ठाउँमा घरको लम्बाइ ३२ हातभन्दा धेरै भएमा बुद्धिमान् मनुष्यले आयव्यय आदि गुणको चिन्ता गर्नुपर्दैन ।

राजमार्तण्डः – **आयव्ययौ मासशुद्धिं तृणागारे न चिन्तयेत् । शिलान्यासादि नो कुर्यात्तथागारे पुरातने।।**
व्यवहारतत्त्वे – **निषिद्धेष्वपि कालेषु स्वानुकूले शुभे दिने । तृणकाष्ठगृहारम्भे मासदोषो न विद्यते।।**
चण्डेश्वरः – **पूर्णादि त्वष्टमीं यावत्पूर्वास्यं वर्जयेद् गृहम् । उत्तरास्यं न कुर्वीत नवम्यादिचतुर्दशीम्।।**
अमावास्याष्टमीं यावत्पश्चिमास्यं विवर्जयेत् । नवम्यादौ तथा याम्यं यावत्कृष्णां चतुर्दशीम् ।।
ध्रुवं दृष्ट्वाऽथवा स्मृत्वा कर्तव्यं वास्तुरोपणम् । सायाह्नवर्ज्यदिवसे रात्रौ त्यक्त्वा महानिशम् ।।

वराहः –

दक्षिणपूर्वे कोणे कृत्वा पूजां शिलां न्यसेत्प्रथमाम् । शेषाः प्रदक्षिणेन स्तम्भाश्चैवं समुत्थाप्याः ।।

राजमार्तण्डमा भनिएको छ कि – घाँस-फुसबाट बनाइने घरका विषयमा आय, व्यय र मासको विचार गर्नुपर्दैन त्यस्ता घरको शिलान्यास गर्ने विषयमा पनि विचार गर्नुपर्दैन । फेरि पहिलेदेखि बनेका घरको पनि शिलान्यास गर्नुपर्दैन। **व्यवहारतत्त्व**मा भनिएको छ – निषिद्ध समयमा पनि आफ्नो अनुकूल शुभ दिनमा तृण तथा काठबाट बनाइने घरको आरम्भ गर्दा महिनाको दोष लाग्दैन । **चण्डेश्वर**ले भनेका छन् – पूर्णिमातिथिदेखि लिएर अष्टमीतिथिसम्म पूर्वतर्फ मुख भएका घर बनाउन हुँदैन । नवमीतिथिदेखि चतुर्दशीतिथिसम्म उत्तरतर्फ मुख भएका घर बनाउनु हुँदैन । अमावास्यादेखि अष्टमीसम्म पश्चिमदिशातर्फ मुख भएका घर बनाउन हुँदैन । नवमीतिथिबाट आरम्भ गरेर शुक्लपक्षको चतुर्दशीतिथिसम्म दक्षिणतर्फ मुख भएका घर बनाउन हुँदैन । ध्रुवनामक नक्षत्रका दिनमा वास्तुचक्रारोपण गर्नुपर्दछ । दिनमा, सायाह्नमा र रातमा वास्तुचक्रारोपण गर्दा महानिशालाई वर्जित गर्नुपर्दछ ।

वाराहपुराणमा भनिएको छ – वास्तुचक्रारोपण गर्दा दक्षिण तथा पूर्वको आग्नेयकोणमा पूजा गरेर शिलान्यास गर्नुपर्दछ । बाँकी शिलाहरूलाई उक्त क्रमले नै स्थापना गर्नुपर्दछ । जसरी शिलास्थापना गरिएको छ त्यही क्रमले खम्बाहरूको स्थापना गर्नुपर्दछ ।

कालादर्शे वास्तुशास्त्रे – **खाते चैव शिलान्यासे वृषचक्रं प्रशस्यते** । तच्चोक्तं शान्तिरत्ने –

चतुर्हस्तप्रमाणं तु खात्वा गर्तं समन्ततः । कुम्भोदकैः सेचयेयुः शान्तिपाठपुरःसरम् ।।

तत ईशानदिग्भागे साक्षतं रत्नपञ्चकम् । साज्यं कुम्भं स्थिरं मुक्त्वा वास्तुपूजनपूर्वकम् ।।

कुम्भोपरि शिलान्यासः कर्तव्यस्तदनन्तरम् ।।

कालादर्शमा **वास्तुशास्त्र**को प्रकरणमा भनिएको छ कि – जग पुर्ने र शिलान्यास गर्ने कार्यमा वृषचक्र (सूर्यको नक्षत्रबाट सातनक्षत्रसम्म अनिष्टदायक त्यसपछिका ११ नक्षत्र इष्टदायक त्यसपछिका १० नक्षत्र अनिष्टदायक हुन्छन्) हेर्नु उत्तम मानिएको छ । **शान्तिरत्न**मा भनिएको छ – जग पुर्ने काम गर्दा चारैतिरबाट चारहातको खाल्डो खनेर शान्तिपाठ गर्दै कलशको जलले सेचन गर्नुपर्दछ । त्यसपछि ईशानदिशातर्फ अक्षता, पञ्चरत्न, घ्यूले भरिएका कुम्भहरूको स्थापना गरेर वास्तुपूजा गर्दै कुम्भमाथि शिलान्यास गर्नुपर्दछ ।

गृहप्रवेशविचारः

अथ गृहप्रवेशः । बृहस्पतिः –

नन्दायां दक्षिणद्वारं भद्रायां पश्चिमेन तु । जयायामुत्तरं द्वारं पूर्णायां पूर्वतो विशेत् ।।

वसिष्ठः – **कृत्वा शुक्रं पृष्ठतो वामतोऽर्कं विप्रान् पूज्यानग्रतः पूर्णकुम्भम् ।**
हर्म्यं रम्यं तोरणस्त्रग्वितानैः स्त्रीभिः स्त्रग्वी गीतवाद्यैर्विशेच्च ।।

गृहप्रवेशमा विचार

अब गृहप्रवेशको विषयमा विचार गरिन्छ । **बृहस्पति**ले भनेका छन् – नन्दा अर्थात् प्रतिपदा, षष्ठी, एकादशीतिथिमा दक्षिणद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । भद्रा अर्थात् द्वितीया, सप्तमी, द्वादशीतिथिमा पश्चिमद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । जया

अर्थात् तृतीया, अष्टमी, त्रयोदशीतिथिमा उत्तरद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । पूर्णा अर्थात् पञ्चमी, दशमी, पूर्णिमातिथिमा पूर्वद्वारबाट गृहप्रवेश गर्नुपर्दछ । **वसिष्ठले** भनेका छन् – मङ्गलमय माला धारण गरी सुहाएको गृहपतिले तोरण, माला र चँदुवाले सजिएको घरमा प्रवेश गर्दा शुक्रलाई पछाडि पारेर सूर्यलाई बायाँ भागमा राखी ब्राह्मणहरूको पूजा गरेपछि जलपूर्ण कलश अगाडि राखेर आफ्नो परिवारका सौभाग्यवती महिलाहरूका साथ बाजागाजा र मङ्गलगानका साथ प्रवेश गर्नुपर्दछ ।

व्यवहारतत्त्वे – **सौम्यायने श्रावणमार्गपौषे जन्मर्क्षलग्नोपचयोदयेंऽशे ।**
वामं गतेऽर्के गृहवास्तुपूजां कृत्वा विशेद्वेश्म भकूटशुद्धम् ।।

वास्तुशास्त्रे – **लग्नात् प्रागादितो दिक्षु द्वौ द्वौ राशी नियोजयेत् ।**
एकमेकं न्यसेत्कोणे सूर्यं वामं विचिन्तयेत् ।।

व्यवहारतत्त्वमा भनिएको छ – उत्तरायण, श्रावण, मार्गशीर्ष र पौषमासमा जन्मनक्षत्र र लग्नको वृद्धि हुँदा एवं तिनकै नवांशमा सूर्यलाई बायाँ राखेर घरको वास्तुपूजा गरी आठप्रकारका [८८]कूटमध्ये नक्षत्रकूटको शुद्धि भएको अवस्थामा घरमा प्रवेश गर्नुपर्दछ । **वास्तुशास्त्रमा** भनिएको छ – पूर्व आदि दिशाहरूमा २-२ राशिलाई नियोजन गरी एउटा-एउटालाई कोणहरूमा राख्नुपर्दछ र सूर्यलाई बायाँ बनाउने कुरामा विचार पुऱ्याउनुपर्दछ ।

वसिष्ठः – **चन्द्रजार्यसितवासरेषु च श्रीकरं सुतमहार्थलाभदम् ।**
सूर्यसूनुदिवसे स्थिरप्रदं किन्तु चौरभयमत्र निर्दिशेत् ।।

रत्नकोशे – **पुष्ये धनिष्ठामृगवारुणेषु स्वायम्भुवर्क्षे सकलोत्तरासु ।**[८९]
अक्षीणचन्द्रे शुभदो नृपस्य तिथावरिक्ते च गृहप्रवेशः ।।

नारदः – **प्रवेशो मध्यमो ज्ञेयः सौम्यकार्तिकमासयोः । माघफाल्गुनवैशाखज्येष्ठमासेषु शोभनः ।।**
अकपाटमनाच्छन्नमदत्तबलिभोजनम् । गृहं न प्रविशेद्धीमान् आपदामाकरो हि यत् ।।

ज्येष्ठः – छुद्रगृहपरः ।

वसिष्ठले भनेका छन् – बुधवार, बृहस्पतिवार र शुक्रवारका दिन गृहप्रवेश गर्दा लक्ष्मी, पुत्र, धन र लाभ प्राप्त हुन्छ। शनिवारको दिन गृहप्रवेश स्थिरतादायक हुन्छ तर त्यसमा चोरको भय हुने कुरा **ज्योतिषीले** निर्देश गर्नुपर्दछ । **रत्नकोशमा** भनिएको छ – पुष्य, धनिष्ठा, मृगशिरा, शतभिषा, ३ उत्तरा, पूर्ण चन्द्रमा र रिक्तातिथिबाहेक अन्य तिथिहरूमा राजाको गृहप्रवेश शुभदायक हुन्छ ।

नारदले भनेका छन् – 'मार्गशीर्ष एवं कार्तिकमासमा गरिने गृहप्रवेश मध्यम हुन्छ । माघ, फाल्गुन, वैशाख र ज्येष्ठमहिनामा गरिने गृहप्रवेश शुभदायक एवं उत्तम हुन्छ । जुन घरमा ढोकाका खापा र ढोका हुँदैनन्, जुन घर छाइएको छैन, जुन घरका निमित्त बलि र भोजन प्रदान गरिएको छैन त्यस्तो घरमा बुद्धिमान् व्यक्तिले कहिल्यै पनि प्रवेश गर्नुहुँदैन। यस्तो घरलाई आपत्तिको समुद्र मानिएको छ ।' ग्रन्थकार भन्दछन् – यहाँ 'ज्येष्ठमास'को उल्लेख साना-साना घरमा प्रवेश गर्दा ज्येष्ठमहिना उत्तम हुन्छ भन्ने कुरा बताउनका लागि गरिएको हो ।

८८. **वर्णो वश्यं तथा तारा योनिश्च ग्रहमैत्रकम् । गणमैत्रं भकूटञ्च नाडी चैते गुणाधिकाः ।।** – मुहूर्तचिन्तामणि ६/२१ । उक्त प्रमाणअनुसार वर्णकूट, वश्यकूट, नक्षत्रकूट, योनिकूट, ग्रहकूट, गणकूट, राशिकूट र नाडीकूट गरी ८ कूट हुन्छन् । प्राच्यसम्मत वर्णकूटसमेत गणना गर्दा ९ कूट हुन्छन् । यी कूटहरूको जानकारी ज्योतिषका ग्रन्थहरूबाट गर्न सकिन्छ ।

८९. **त्रिषु चोत्तरासु** – मूलमा यस्तो पाठ रहेको छ ।

वृद्धगार्ग्यः – भानोश्च भौमस्य विहाय वारौ शूलादियोगानशुभान्न वापि ।
रिक्ता तिथिश्चापि मृदुध्रुवर्क्षे सौम्यायने च प्रविशेद् गृहाणि ।।

रत्नमालायाम् – त्वाष्ट्रमित्रशशिपूषदैवतान्यामनन्ति मुनयो मृदून्यथ ।
मैत्रगे हरति भूषणाम्बरोद्गीतमङ्गलविधानमेषु च ।। रोहिण्युत्तरात्रयं च ध्रुवानि।

वृद्धगार्ग्यले भनेका छन् – रविवार एवं मङ्गलवार छाडी शूल आदि अशुभयोग र रिक्तातिथिलाई छाडेर मृदु एवं ध्रुवसंज्ञकनक्षत्र हुँदा उत्तरायणमा गृहप्रवेश गर्नुपर्दछ ।

रत्नमालामा भनिएको छ – 'चित्रा, अनुराधा, मृगशिरा तथा पुष्यनक्षत्रका देवताहरूलाई मुनिहरूले मृदु नाम दिएका छन् । उक्त नक्षत्र र ध्रुवसंज्ञकनक्षत्र अर्थात् रोहिणी र ३ उत्तरानक्षत्रमा मित्रकार्य, गृहप्रवेश, भोग, भूषण, वस्त्र, गीत एवं मङ्गलकार्य गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – रोहिणी र ३ उत्तरालाई ध्रुवनक्षत्र मानिएको छ ।

वास्तुपूजानन्तरं गृहप्रवेशः

प्रवेशश्च वास्तुपूजां कृत्वा कार्यः –

जीर्णोद्धारे तथोद्याने तथा गृहनिवेशने । नवप्रासादभवने प्रासादपरिवर्तने ।।
द्वाराभिवर्तने तद्वत्प्रासादेषु गृहेषु च । वास्तुप्रशमनं कुर्यात्पूर्वमेव विचक्षणः ।। इति मात्स्योक्तेः।

तत्रैव – **कृत्वाग्रतो द्विजवरानथ पूर्णकुम्भं दध्यक्षताम्रदलपुष्पफलोपशोभम् ।**
दत्त्वा हिरण्यवसनानि तथा द्विजेभ्यो माङ्गल्यशान्तिनिलयं स्वगृहं विशेच्च ।।
गृह्योक्तहोमविधिना बलिकर्म कुर्यात् प्रासादवास्तुशमने च विधिर्य उक्तः ।
सन्तर्पयेद् द्विजवरानथ भक्ष्यभोज्यैः शुक्लाम्बरः स्वभवनं प्रविशेत्सुरूपम् ।।

वास्तुपूजा र गृहप्रवेश

मत्स्यपुराणमा वास्तुपूजापछि गृहप्रवेश गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – वास्तुपूजा गरेपछि मात्र गृहप्रवेश गर्नुपर्दछ । जीर्णोद्धार हुँदा उद्यानको निर्माण सम्पन्न हुँदा गृहप्रवेश गर्दा, नयाँ दरबार बनाउँदा, संरचना परिवर्तन गर्दा र ढोका फेर्ने काम गर्दा दरबार वा भवनहरूमा बुद्धिमान् मानिसले वास्तुशान्ति गर्नुपर्दछ । त्यसपछि मात्र प्रवेश उत्तम हुन्छ। मत्स्यपुराणमा नै भनिएको छ कि गृहप्रवेश गर्दा श्रेष्ठ ब्राह्मणहरूलाई अगाडि लगाएर जलले भरिएका कलशमा दही, अक्षता, आँपका पात, पुष्प, फल सजाई ब्राह्मणलाई सुवर्ण र वस्त्र दिएर प्रसन्न तुल्याईकन मङ्गल र शान्तिको धाम भन्न सकिने नयाँ घरमा प्रवेश गर्नुपर्दछ । त्यसबेला गृह्यसूत्रअनुसार होमविधिबाट बलिकर्म सम्पन्न गर्नुपर्दछ । यो विधि प्रासादवास्तुको प्रकरणमा बताइएको छ । भक्ष्यपदार्थ एवं भोज्यपदार्थहरूबाट ब्राह्मणहरूलाई तृप्त तुल्याई सेता वस्त्र धारण गरेर आफ्नो भवनमा प्रवेश गर्नुपर्दछ ।

कलिवर्ज्यानि

अथ कलिवर्ज्यानि । बृहन्नारदीये –

समुद्रयातुः स्वीकारः कमण्डलुविधारणम् । द्विजानामसवर्णासु कन्यासूपयमस्तथा ।।

देवराच्च सुतोत्पत्तिर्मधुपर्के पशोर्वधः । मांसदानं तथा श्राद्धे वानप्रस्थाश्रमस्तथा ।।
दत्ताक्षतायाः कन्यायाः पुनर्दानं परस्य च । दीर्घकालं ब्रह्मचर्यं नरमेधाश्वमेधकौ ।।
महाप्रस्थानगमनं गोमेधश्च तथा मखः । इमान् धर्मान् कलियुगे वर्ज्यानाहुर्मनीषिणः ।।

कमण्डलुः – **'सोदकं च कमण्डलुम्'** इत्युक्तः, मृन्मयो वा । दत्ता – ऊढा ।

कलिवर्ज्य-प्रसङ्ग

अब कलिकालमा गर्न नहुने विषयको चर्चा गरिन्छ । **बृहन्नारदीयपुराण**मा भनिएको छ – 'समुद्रयात्रा गरी फर्किएर आएका मानिसलाई स्वीकार गर्ने काम, संन्यासग्रहण, ब्राह्मणहरूको असवर्ण कन्याहरूसँग विवाह, देवरबाट छोरा–छोरी जन्माउने कार्य, मधुपर्कमा पशुको वध, श्राद्धमा मांसदान, वानप्रस्थ आश्रमको ग्रहण, विवाहित तर अक्षतयोनि कन्याको पुनर्विवाह, दीर्घकालिक ब्रह्मचर्य, नरमेध, अश्वमेध, महाव्याधिपीडित व्यक्तिद्वारा मृत्युका निमित्त हिमालयादि उत्तम स्थानतर्फ महाप्रयाण र गोमेध यी कृत्य कलियुगमा गर्न नहुने कुरा पण्डितहरूले बताएका छन् ।' ग्रन्थकार भन्दछन्– यस प्रसङ्गमा मूलमा रहेको **कमण्डलु** शब्दबाट पानीले भरिएको कमण्डलु अथवा माटाले बनेको कमण्डलु भन्ने अर्थ पनि लाग्न सक्छ । यसैगरी **दत्ता** शब्दबाट विवाहित कन्या भन्ने कुरा बुझ्नुपर्दछ ।

ऊढायाः पुनरुद्वाहनिषेधः

ऊढायाः पुनरुद्वाहं ज्येष्ठांशं गोवधस्तथा । कलौ पञ्च न कुर्वीत भ्रातृजायां कमण्डलुम् ।।

इति हेमाद्रौ वचनात् । ऊढायाः – **पुरा पुरुषसंयोगान्मृते देयेति केचन** । इत्यादिभिर्विवाह्यतोक्ता ।

विवाहित कन्याको पुनर्विवाह गर्न निषेध

'विवाहित कन्याको पुनर्विवाह, अंशबण्डा गर्दा जेठो छोरालाई बीसौं भाग अधिक अंश दिने कार्य, भाउजूलाई पत्नीका रूपमा स्वीकार गर्ने कार्य, गोवध र संन्यासग्रहण यी पाँचविषय कलियुगमा वर्जित छन् ।' यो वचन **हेमाद्रि**मा रहेकाले विवाहितकन्याको प्रथमपुरुषसँग संयोग भएपछि त्यसको मृत्यु भएमा विवाहितकन्यालाई अक्षतयोनि भए अर्को वरसँग विवाह गरिदिनुपर्दछ भन्ने कसैले भनेका छन् । उक्त भनाइबाट पुनर्विवाह गर्नुपर्दछ भन्ने बुझिन्छ ।

सगोत्रसपिण्डकन्याविवाहनिषेधः

हेमाद्रौ ब्राह्मे –

गोत्रान्मातुः सपिण्डाच्च विवाहे गोवधस्तथा । नराश्वमेधौ मद्यञ्च कलौ वर्ज्यं द्विजातिभिः ।।

गोत्राद् गोत्रजायाः पितृष्वसुः, मातृसपिण्डान्मातुलात् तत्कन्याया विवाहः कलौ न कार्यः । तेन यानि तद्विधायकानि तानि युगान्तरविषयाणि।

सगोत्र एवं सपिण्ड कन्यासँग विवाह गर्न निषेध

कलियुगमा सगोत्र एवं सपिण्ड कन्यासँग विवाह गर्न नहुने तथ्य निरूपण गर्दै **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – 'कलियुगमा माताको गोत्रका कन्या र माताको सपिण्डवर्गका कन्याहरूसँग विवाह गर्न हुँदैन, गोहत्या गर्न हुँदैन, शुक्लयजुर्वेद तीसौं अध्यायको ५औं मन्त्रदेखि ५२औं मन्त्रसम्ममा उल्लेख गरिएको नरमेधयज्ञ गर्न

हुँदैन। कात्यायनश्रौतसूत्रको भूमिकामा समग्ररूपमा वर्णन गरिएको अश्वमेधयज्ञ पनि कलियुगमा वर्जित छ। यसैगरी कलियुगमा द्विजातिहरूले मद्यपान गर्नुहुँदैन।' ग्रन्थकार भन्दछन् – आफ्नै गोत्रमा उत्पन्न फुपूहरू र माताका सपिण्डहरू एवं मामाकी छोरीसँग कलियुगमा विवाह गर्न हुँदैन। कुनै शास्त्रमा उक्त कुरा गर्न भनिएको छ भने पनि त्यो कलियुगका लागि होइन र अन्ययुगका निमित्त विधान गरिएको हो भनी बुझ्नुपर्दछ।

कलौ मातुलकन्याविवाहनिन्दा

तथा च व्यासः – **तृतीयां मातृतः कन्यां तृतीयां पितृतस्तथा। शुल्केन चोद्वहिष्यन्ति विप्राः पापविमोहिताः॥** इति कलौ तन्निन्दामाह। मातृतस्तृतीयां मातुलकन्यामित्यर्थः। उक्तं चैतत्प्राक्। मद्यं '**स्त्रीभ्यश्च सुरामाचामम्**' इत्यादिना विहितमपि वर्ज्यम्।

कलिमा मामाकी छोरीसँग गरिने विवाहको निन्दा

व्यासले भनेका छन् – 'पापमा प्रवृत्त हुने ब्राह्मण आदिले कलिमा माताको तेस्रो पुस्ताकी कन्या र पिताको तेस्रो पुस्ताकी कन्यासँग खरिद गरेर यदि विवाह गर्दछन् भने यस्तो कर्मलाई विशेष गरेर कलियुगमा निन्दनीय मानिएको छ।' ग्रन्थकार भन्दछन् – यहाँ माताको तेस्रोपुस्ताकी कन्या भन्नाले मामाकै छोरीलाई बुझ्नुपर्दछ। आश्वलायनगृह्यसूत्रमा नारीजातिले मदिराले आचमन गर्नुपर्दछ र त्यसपछि अन्वष्टका गर्नुपर्दछ भनिएको छ। यो विधान पनि कलियुगका लागि होइन।

कलिनिषिद्धविषयाः

हेमाद्रौ आदित्यपुराणे –

विधवायाः प्रजोत्पत्तौ देवरस्य नियोजनम्। बालायाः क्षतयोन्यास्तु वरेणान्येन संस्कृतिः॥
कन्यानामसवर्णानां विवाहश्च द्विजन्मभिः। आततायिद्विजाग्र्याणां धर्मयुद्धेन हिंसनम्॥
द्विजस्याब्धौ तु नौयातुः शोधितस्यापि संग्रहः। सत्रदीक्षा च सर्वेषां कमण्डलुविधारणम्॥
महाप्रस्थानगमनं गोसंज्ञप्तिश्च गोसवे। सौत्रामण्यामपि सुराग्रहणस्य च सङ्ग्रहः॥
अग्निहोत्रहवन्याश्च लेहो लीढापरिग्रहः। वृत्तस्वाध्यायसापेक्षमघसङ्कोचनं तथा॥[१०]
प्रायश्चित्तविधानं च विप्राणां मरणान्तिकम्। संसर्गदोषस्तेयान्यमहापातकनिष्कृतिः॥
संसर्गदोषः– 'तत्संसर्गी च पञ्चमः' इत्युक्तः।

कलिनिषिद्ध विविध विषय

विधवाभाउजूले देवरका साथमा नियोग गर्ने सम्बन्धमा हेमाद्रिमा उद्धृत आदित्यपुराणको वचनमा भनिएको छ– देवरले सन्तान उत्पत्तिका लागि विधवा भाउजूसँग सम्पर्क गर्ने कार्यलाई नियोग भनिन्छ। यो कलियुगमा निषिद्ध छ। क्षतयोनि कन्यालाई अरू वरसँग विवाह गरिदिने कुरा र असवर्णकन्याहरूका साथमा ब्राह्मणको विवाह गर्ने विषय पनि कलियुगमा निषिद्ध छन्।

---

१०. दौलतराम गौडद्वारा अनूदित निर्णयसिन्धुमा 'वृत्तस्वाध्यायसापेक्षमद्यसङ्कोचनं तथा' यस्तो मूलपाठ समावेश गरिएको छ। वस्तुतः त्यो पाठ त्रुटिपूर्ण छ।

'धर्मयुद्धमा आततायी ब्राह्मणहरूको हत्या, डुँगामा सवार भई समुद्रयात्रा गरेर फर्किएर आएपछि प्रायश्चित्त गरेका ब्राह्मणसँग समान व्यवहार, सामाजिकरूपमा सत्रदीक्षाग्रहण, संन्यासग्रहण र हिमालयमा गई हिउँमा देहपात गर्ने उद्देश्यले पाण्डवहरूको जस्तो महाप्रस्थान, गोसवयज्ञमा गोहत्या, सौत्रामणीयज्ञमा सुरापानको उद्देश्यले सुरापात्रग्रहण, अग्निहोत्रको सुरोमा लागेको पदार्थलाई चाट्ने कार्य र अग्निहोत्रको सुरो ग्रहण गर्ने कार्य, ब्राह्मणद्वारा गरिने अग्निहोत्रको अनुष्ठान र वेदाध्ययनमा आशौचलाई छोट्याउने काम र बाह्मणका निमित्त मरणान्तप्रायश्चित्तविधानजस्ता कर्म कलिमा वर्जित छन् ।'

पञ्चमहापातकहरूमध्ये पहिलो ब्रह्महत्या, दोस्रो मदिरापान, तेस्रो स्तेय अर्थात् चोरी, चौथो गुरुपत्नी गमन र पाँचौं महापातक हो– उक्त चारप्रकारका पातकहरूसँग संसर्ग । कुनै ब्राह्मणले जानी–जानी उक्त पाँचप्रकारका महापातकहरूमध्ये संसर्गजन्यमहापातक र स्तेय अर्थात् चोरी यी दुईमहापातकबाहेक ब्रह्महत्या, मदिरापान र गुरुपत्नीगमनजस्ता महापातक गरेमा त्यस ब्राह्मणका निमित्त कलियुगमा मरणान्तप्रायश्चित्तको व्यवस्था गरिएको छैन ।

महापापादौ मरणान्तप्रायश्चित्तविचारः

स्तेयं च तदन्यानि महापातकानि ब्रह्महत्यासुरापानगुरुतल्पानि त्रीणि, तेषां कामकृतानां मरणान्तिकं प्रायश्चित्तं विप्राणां कलौ नेत्यर्थः । मरणान्तिके हि जातिवधनिमित्तं द्वादशाब्दं द्विगुणं ब्रह्मवधनिमित्तं च द्विगुणं भवति तत् चतुर्थे नास्ति निष्कृतिः, इति निषिद्धम् । न चात्महत्याविधिना तद्बाधः, तेन ह्यात्महत्यानिमित्तस्यैव बाधो न जातिवधनिमित्तस्य भिन्नविषयत्वात्।

महापापमा मरणान्तप्रायश्चित्तको विचार

चोरीबाहेक ब्रह्महत्या, सुरापान, गुरुपत्नीगमनजस्ता महापातक इच्छापूर्वक गरिएको छ भने त्यसबाट उन्मुक्ति पाउन कलिमा ब्राह्मणका लागि मरणान्तिकप्रायश्चित्तविधान गरिएको छैन । मरणोपरान्त गरिने प्रायश्चित्तमा जातिवधका निमित्त २४ वर्ष र ब्रह्मवधका निमित्त त्यसको दुईगुणा अर्थात् ४८ वर्ष प्रायश्चित्त बताइएको छ । गुरुपत्नीगमननामक चौथो महापापको निवारण गर्ने कुनै उपाय छैन । त्यसकारण यो महापातक निषिद्ध गरिएको आत्महत्याद्वारा निस्तार गर्न सकिन्छ भन्न पनि हुँदैन । आत्महत्या स्वयं महापातक हो र आत्महत्याद्वारा आत्महत्यामूलक अपराधको निराकरण हुनसक्ला तर जातिवधको निस्तार त्यसबाट हुँदैन किनकि गुरुपत्नीगमन आत्महत्याभन्दा छुट्टै प्रकृतिको अपराध हो ।

संसर्गिणः प्रायश्चित्तकथनम्

संसर्गिणस्तु कामतोऽपि व्रतस्यैवोक्तेर्न मरणान्तिकम् । नापि स्तेये तत्र राज्ञो वधकर्तृकत्वात् । तेन तयोर्मरणान्तिकाभावात्तयोरेव निष्कृतिर्नान्येषां त्रयाणाम् । युगान्तरे तु कलौ निषेधबलादेव प्रवृत्तिः । एतद्विप्रपरं न क्षत्रियादेः । तदुक्तम् **'विप्राणां मरणान्तिकम्'** इति । विशेषोऽस्त्वस्मत्कृते प्रायश्चित्तरत्ने ज्ञेयः ।

वरातिथिपितृभ्यश्च पशूपाकरणक्रिया । दत्तौरसेतरेषां तु पुत्रत्वेन परिग्रहः ।।
सवर्णान्याङ्गनादुष्टैः संसर्गः शोधितैरपि । अयोनौ सङ्ग्रहे वृत्ते परित्यागो गुरुस्त्रियः ।।
परोद्देशात्मसन्त्यागः उद्दिष्टस्यापि वर्जनम् । प्रतिमाभ्यर्चनार्थाय सङ्कल्पश्च सधर्मकः ।।

संसर्गीको प्रायश्चित्त व्यवस्था

पाँचमहापातकमध्ये पाँचौं संसर्गनामक महापातक चारमहापातकीहरूसँग संसर्ग गर्दा उत्पन्न हुन्छ । कामनापूर्वक संसर्ग गर्ने महापातकीका लागि मरणान्तिक प्रायश्चित्तको विधान गरिएको छैन बरु व्रतको विधान गरिएको छ । चोरीनामक महापातक गर्नेलाई पनि मरणान्तिकप्रायश्चित्तको विधान गरिएको छैन । यस अपराधको लागि मृत्युदण्ड दिने अधिकार राजालाई मात्र छ ।चोरी र संसर्गबाट महापातक लाग्ने अपराधीहरूका लागि प्रायश्चित्तको विधान गरिएको छ । तर ब्रह्महत्या, सुरापान र गुरुपत्नीगमनजस्ता तीनमहापातकका लागि प्रायश्चित्त नै छैन । युगान्तरमा त कलियुगमा प्रायश्चित्तनिषेध गरिएका कारण महापातकको प्रायश्चित्त हुनसक्छ । यो प्रायश्चित्तविधान ब्राह्मणहरूका लागि हो, क्षत्रिय, वैश्य र शूद्रका निमित्त होइन । किनकि शास्त्रहरूमा ब्राह्मणहरूका लागि मरणान्तिकप्रायश्चित्तको व्यवस्था गरिएको कुरा बताइएको छ । यसको विशेष तथ्य मैले बनाएको **प्रायश्चित्तरत्नमा** उल्लेख गरिएको छ ।

वर, अतिथि र पितृहरूका निमित्त पशुवध गर्नु, दत्तक र औरसबाहेक अरू किसिमका पुत्रहरूको संग्रह गर्नु, आफ्नो वर्णबाहेकका स्त्रीहरूसँग संसर्ग गर्ने व्यक्तिले पापको प्रायश्चित्त गरे तापनि यो पूर्वापराधी भएकाले त्यसका साथ सङ्गत गर्न हुँदै भन्ने कुरा विचार नगरी त्यस्तासँग सङ्गत गर्नु, योनिबाहेक अन्यत्र वीर्यपात गर्नु, आफ्ना गुरुकी पत्नीको भरण-पोषण नगरी उनको उपेक्षा वा त्याग गर्नु, अरूका निमित्त आफ्नो आत्मा बेच्नु, आफूले स्वीकृत गरिएका वचनको पालन नगर्नु र वेतन लिएर मूर्तिपूजा गर्नुजस्ता कर्म कलिमा निषेध गरिएका छन् ।

अस्थिसञ्चयनादूर्ध्वमङ्गस्पर्शनिषेधकथनम्

अस्थिसञ्चयनादूर्ध्वमङ्गस्पर्शनमेव च ।

अस्थिचयनपछि अङ्गस्पर्श गर्न निषेध

अस्थिचयनपछि अङ्गस्पर्श निषेध गरिएको छ । वस्तुतः मृत मानिसको अस्थिचयन गरेपछि अस्थिचयन गर्ने मानिसले अरूसँग छोइने काम कलिमा गर्न हुँदैन ।

विप्राणां शामित्रादिनिषेधकथनम्

शामित्रं चैव विप्राणां सोमविक्रयणं तथा । षड्भक्तानशने चान्नहरणं हीनकर्मणः ।।

माधवीये पृथ्वीचन्द्रोदये च –

शूद्रेषु दासगोपालकुलमित्रार्द्धसीरिणाम् । भोज्यान्नता गृहस्थस्य तीर्थसेवातिदूरतः ।।
शिष्यस्य गुरुदारेषु गुरुवद् वृत्तिशीलता । आपद्वृत्तिर्द्विजाग्र्याणामश्वस्तनिकता तथा ।।
प्रजार्थं तु द्विजाग्र्याणां प्रजारणिपरिग्रहः । ब्राह्मणानां प्रवासित्वं मुखाग्निधमनक्रिया ।।
बलात्कारादिदुष्टस्त्रीसंग्रहो विधिचोदितः ।

ब्राह्मणहरूका निमित्त शामित्र आदि विधिको निषेध

बलिका निमित्त स्तम्भमा बाँधिएका पशुको यज्ञमा वध गर्न हुँदैन, सोमलता अर्थात् गानेगुर्जो आदि बेच्न हुँदैन, तीन-तीनदिनमा भोजन गर्ने कार्य गर्न हुँदैन, अनशनव्रत गर्न हुँदैन र हीनकर्म गर्ने मानिसबाट अन्नग्रहण गर्न हुँदैन । उक्त पद्यमा ब्राह्मणले शूद्रान्न ग्रहण गर्न नहुने कुरा बताइए तापनि **माधवीय** र **पृथ्वीचन्द्रोदयमा** भनिएको छ कि ब्राह्मणले

शूद्रहरूमध्ये दास, गाई पाल्ने, कुलमित्र र व्यवसायमा साझेदार हीनवर्णका गृहस्थको अन्न ग्रहण गर्न हुन्छ, अरू शूद्रको अन्न ग्रहण गर्न हुँदैन । आपनो घरदेखि अत्यन्त टाढा रहेको तीर्थको सेवा, शिष्यहरूले गुरुपत्नीहरूसँग गुरुसमान व्यवहार, ब्राह्मणद्वारा आपत्कालमा अरू वर्णको वृत्ति अँगाल्ने कार्य, भोलिका लागि आवश्यक वस्तुको संग्रह नगर्ने कार्य, जातकर्महोममा सन्ततिको जीवनका लागि अरणिमा अग्निमन्थन गर्ने काम, ब्राह्मणको व्यर्थमा सदाप्रवासी हुने कार्य, मुखबाट आगो फुक्ने कार्य, बलात्कारबाट दूषित भएकी नारीलाई शास्त्रोक्त विधिले स्वीकार गर्ने कार्य पनि कलियुगमा वर्जित मानिएका छन् ।

यतीनां सर्ववर्णेषु भिक्षाचर्यनिषेधकथनम्

यतेश्च सर्ववर्णेषु भिक्षाचर्या विधानतः ।

संन्यासीहरूको भिक्षाचर्या

जसले आफ्ना इन्द्रियहरूलाई वशमा गरेका छन् त्यस्ता संन्यासीहरूलाई यति भनिन्छ । यिनीहरूले सबै वर्णका गृहस्थहरूको घरबाट विधिपूर्वक भिक्षाग्रहण गर्ने कार्य पनि कलिमा वर्जित छ ।

नवोदकादौ विचारः

नवोदके दशाहं च दक्षिणा गुरुचोदिता । ब्राह्मणादिषु शूद्रस्य पचनादिक्रियापि च ।।
भृग्वग्निपतनैश्चैव वृद्धादिमरणे तथा । गोपीतशिष्टे पयसि शिष्टैराचमनक्रिया ।।
पितापुत्रविरोधेषु साक्षिणां दण्डकल्पनम् । यतेः सायंगृहत्वं च सूरिभिस्तत्त्वदर्शिभिः ।।
एतानि लोकगुप्त्यर्थं कलेरादौ महात्मभिः । निवर्तितानि विद्वद्भिर्व्यवस्थापूर्वकं बुधैः ।।

नवोदक-विचार

वर्षाको १० दिनभित्रको पानी ग्रहण गर्नु, मरणाशौचको १० दिनभित्र गुरुको आज्ञाबाट दक्षिणा ग्रहण गर्ने कार्य गर्नु, ब्राह्मणहरूका घरमा शूद्रले भान्छे भई भोजन तयार गर्ने कार्य गर्नु, पर्वतबाट हामफालेर र अग्निमा हामफालेर आत्महत्या गर्ने कार्य गर्नु, गाईले खाएर बाँकिरहेको जलले आचमन गर्ने कार्य गर्नु, पिता र पुत्रको विरोधमा साक्षी बक्ने साक्षीहरूलाई दण्डको कल्पना गर्नु, सायँकालमा संन्यासीले कुनै गृहस्थका घरमा निवास गर्नुजस्ता विषयलाई तत्त्वदर्शी महात्माहरूले लोकको रक्षानिमित्त कलियुगमा निषेध गरेका छन् ।

कृतप्रायश्चित्तविमर्शः

सुराग्रहणस्य तत्कर्तुः संग्रहो व्यवहारकः । न च मद्यं चेति सामान्येन निषिद्धस्यानेनोपसंहार इति वाच्यम्। निषेधस्य निवृत्तिमात्रफलत्वेन विशेषानपेक्षत्वात्, **'न हिंस्यात्'** इत्यस्य **'न ब्राह्मणं हन्यात्'** इत्यनेनोपसंहारे हिंसान्तरस्यादोषत्वापपत्तेश्च । निरूपितं चैतद्धेमाद्रिणान्यत्रेत्युपरम्यते । सुराग्रहस्योद्देश्यस्य सौत्रामणिविशेषणाविवक्षया वाजपेयेऽपि निषेधः । सौत्रामण्यां तु **'पयोग्रहा वा स्युः'** इत्यापस्तम्बोक्तेर्वैकल्पिकपयोग्रहैरप्यधिकारः ।

वाजपेये तु तत्प्राप्तौ मानाभावात्सोमसुरयोः सहत्यागेनांशे सुराद्रव्यत्वात्तत्प्रख्यतया यागनामत्वेन तां विना संज्ञायोगात् कलौ नाधिकार इति युक्तं प्रतीमः । त्रिकाण्डमण्डनादिलिखनं तु निर्मूलमनाकरञ्च ।

वृत्तेति – **'एकाहाद् ब्राह्मणः शुद्ध्येद्योग्निवेदसमन्वितः'** इत्युक्तेः । अघस्याशौचस्य संकोचः । **'न तस्य निष्कृतिर्दृष्टा भृग्वग्निपतनादृते'** इत्युक्तस्य प्रायश्चित्तस्य विधानमुपदेशः । **'कलौ कर्तैव लिप्यते'** इति

व्यासोक्तेः, पतितसंसर्गे दोषसत्त्वेऽपि पातित्यं नेत्यर्थः, अन्यथा '**संसर्गः शोधितैरपि**' इति विरोधापत्तेः।

स्तेयभिन्ने महापापे रहस्यमृते प्रायश्चित्तं नेत्यर्थः । सवर्णान्या असवर्णान्या क्षत्रियादितया दुष्टैः अयोनौ शिष्यादौ। '**चतस्रस्तु परित्याज्याः शिष्यगा गुरुगा च या**' इत्युक्तस्त्यागः । परोद्देशेन ब्राह्मणद्यार्थमात्मत्यागः । यद्वा परोद्देशात्मत्यागो दानं '**मनसा पात्रमुद्दिश्य**' इत्युक्तम् । उद्दिष्टस्य त्यक्तस्य वर्जनं '**प्रतिग्रहसमर्थोऽपि**' इत्युक्तम् । वेतनग्रहणेन प्रतिमापूजा । स्वाशौचकालाविज्ञेयं स्पर्शनं तु त्रिभागतः । इत्युक्तः स्पर्शः ।

षडिति – '**उपोषितस्त्र्यहं स्थित्वा धान्यमब्राह्मणाद्धरेत्**' इत्युक्तमन्नचौर्यम् । आपदि – क्षात्रादिवृत्तिः । '**मुखेनैव धमेदग्निम्**' इत्युक्तं धमनम् । '**दशाहेनैव शुद्ध्येत भूमिष्ठं च नवोदकम्**' इत्युक्तौ दशाहः । '**गुरवे तु वरं दत्त्वा**' इत्युक्त्वा दक्षिणा । शूद्रेषु दासगोपालेति ।

कन्दूपक्वं स्नेहपक्वं यच्च दुग्धेन पाचितम् । एतान्यशूद्रान्नभुजो भोज्यानि मनुरब्रवीत् ।।

इत्यपरार्के सुमन्तूक्ता शूद्रस्य पाकक्रिया । '**पितापुत्रविवादे तु साक्षिणां त्रिपणो दमः**' इत्युक्तः । '**सायंगृहत्वं विधूमे सन्नमुसले**' इत्युक्तम् ।

पूर्वोक्त प्रायश्चित्त-व्यवस्थाको विवेचन

माथि कलिवर्ज्यप्रसङ्गमा प्रतिपादन गरिएका पद्यहरूमा निहित केही विशेषवाक्य र पदको विवेचन गरिँदैछ । जुन पद्यमा मदिरापद ग्रहण गरिएको छ त्यहाँ मदिरापदबाट मदिरा निर्माण गर्ने र मदिरापान गर्ने दुवैलाई बुझ्नुपर्दछ । अर्थात् मदिरापदबाट मदिराको व्यवहार बुझ्नुपर्दछ । निर्माण गर्नु र पिउनु दुवै व्यवहार हुन् । यसको तात्पर्य मदिरापान गर्ने र मदिरा बनाउने दुवै पतित हुन् । यहाँ कसैले भन्न सक्छन् – माथि उल्लेख गरिएको **नराश्वमेधौ मद्यञ्च कलौ वर्ज्यं** द्विजातिभिः पद्यांशमा प्रयुक्त **मद्यञ्च** पदमा निषिद्ध व्यवहारको समाप्ति वा उपसंहार गरिएको छ । यस सामान्यवाक्यबाट मदिराका अरू भेद ग्राह्य हुनसक्छन् ? यो भनाइ ठीक होइन । यहँ मद्यंनिषेधको फल सबै मादक पदार्थबाट निवृत्ति नै हो । यहाँ विशेषको अपेक्षा गरिएको छैन । अन्यथा **न हिंस्यात्** अर्थात् हिंसा गर्न हुँदैन भन्ने वाक्यको ब्राह्मणको हिंसा गर्न हुँदैन भने उपसंहार गर्ने हो भने अरू किसिमका हिंसामा कुनै दोष लाग्ने छैन । यी सबै विषयको **हेमाद्रिले चतुर्वर्गचिन्तामणि** आदि ग्रन्थहरूमा विस्तृत विवेचन गरेको हुँदा उक्त विषयको विवेचन यहीं टुंग्याइन्छ । सुराग्रहणको उद्देश्यबाट सौत्रामणीयज्ञ[११]मा विशेषको विवक्षा नगरिएकाले कलिमा वाजपेययज्ञमा पनि सुरालाई निषेध गरिएको कुरा बुझ्नुपर्दछ । सौत्रामणीयज्ञमा

११. सौत्रामणी पशुयाग हो । सुत्रामा अर्थात् इन्द्रको प्रसन्नताका लागि गरिने याग भएकाले यसलाई सौत्रामणी भनिन्छ । यो याग दुई किसिमको हुन्छ – स्वतन्त्र सौत्रामणीयाग र अङ्गभूत सौत्रामणीयाग । स्वतन्त्ररूपमा गरिने सौत्रामणीयागलाई प्रधान मानिन्छ भने अग्निचयन गरेपछि सौत्रामणीकै अङ्गको रूपमा सम्पन्न गरिने यागलाई अङ्गभूत याग भनिन्छ । प्रधान सौत्रामणी नित्य, काम्य र नैमित्तिक गरी तीन प्रकारको हुन्छ । फलको उद्देश्य नराखी गरिने सौत्रामणीयाग हविर्यज्ञअन्तर्गत मानिन्छ । समृद्धिका लागि गरिने सौत्रामणीलाई काम्ययाग भनिन्छ । सोमवमन आदि निमित्त पैदा भएपछि त्यसको दोष हटाउन गरिने सौत्रामणीयागलाई नैमित्तिक भनिन्छ । स्वतन्त्र सौत्रामणीमा ब्राह्मणको मात्र अधिकार हुन्छ । अङ्गभूत सौत्रामणीयागमा क्षत्रिय र वैश्य पनि अधिकारी मानिएका छन् । यसमा तीनथरि पशु हुन्छन् – भेंडा, बोका र साँढे । यिनै पशुसमुदायबाट गरिने यज्ञको संज्ञा सौत्रामणी हो । आपस्तम्बले यसैगरी तीनथरि पशुद्वारा निष्पन्न गरिने सौत्रामणीलाई नित्य याग मानेका छन् । अरू कुनै कोकिलसौत्रामणीमा पाँच पशु हुने कुरा बताइएको छ । त्यसमा प्रथम पशु- ऐन्द्र, द्वितीय पशु – अज, तृतीय मेष, चतुर्थ – वृषभ र पञ्चम पशु वायोधस मानिएका छन् । आपस्तम्बको मतमा तीन पशु हुने सौत्रामणी नित्य हो भने अरूको मतमा पाँच पशु हुने सौत्रामणी नित्य हो । यो याग चार दिनमा सम्पन्न गरिन्छ । यसमा तीन दुग्धपात्र र तीन सुरापात्र हुन्छन् । पात्रहरूका देवता – अश्विनी, सरस्वती, इन्द्र अर्थात् सुत्रामा मानिएका छन् । यसमा होमका लागि मदिरा पनि तयार गर्नुपर्ने हुन्छ । पहिलो दिन द्वादशीतिथिमा प्रातः अग्निहोत्र हवन गरेपछि अदिति देवता

ब्राह्मणले दुग्धपान गर्नुपर्दछ भन्ने **आपस्तम्ब**को वचनबाट दुग्धपान गर्नेहरूको पनि विकल्पले मद्यमा अधिकार देखिन आउँछ । वाजपेययज्ञमा दूध प्रयोग गरिने कुरामा कुनै प्रमाण नभएकाले सोम र मद्यको त्याग गर्ने हो भने वाजपेयको अंशमा मदिराप्रयोग नगरेको खण्डमा वाजपेयनाम नै सार्थक हुँदैन । यसैले मदिराप्रयोग गरिने वाजपेययज्ञलाई कलिमा वर्जित गरिएको छ । यो वर्जना उचित हो ।

माथि **वृत्तस्वाध्यायसापेक्षमघसङ्कोचनं तथा** भनिएको छ । यसको तात्पर्य वेदाध्ययन र अग्निहोत्र गर्ने मानिसहरूको आशौचको सङ्कोच अर्थात् आशौच घटाउने काम कलिमा हुँदैन भन्ने हो । यसै कुरालाई स्पष्ट गर्दै ग्रन्थकार भन्दछन् - शास्त्रमा '**एकाहाद् ब्राह्मणः शुद्धेद्योग्निवेदसमन्वितः**' भनिएको छ । 'अग्निहोत्र गर्ने र वेदाध्ययन गर्ने ब्राह्मण दशदिन बार्नुपर्ने आशौचमा पनि एकदिन बारेपछि शुद्ध हुन्छ' भन्ने अर्थ हो । यस भनाइको विपरीत ग्रन्थकार भन्दछन् - कलियुगमा यो नियम लागु हुँदैन । अर्थात् यसरी आशौचलाई सङ्कोच गर्न पाइँदैन । पाँचमहापातक गर्ने मानिसहरूको प्रायश्चित्त भीरमा गएर लड्नु, आगाको ज्वालामा हामफाल्नुबाहेक अरू हुँदैन भन्ने कुरा बताइएको छ । यो उपदेश कलियुगमा लागु हुँदैन । यसैगरी चारमहापातकका दोषी पतितहरूसँग संसर्ग गर्ने व्यक्तिको संसर्गदोषलाई पाँचौं दोष मानिएको छ । तर कलियुगमा कर्तामात्र लिप्त हुन्छ संसर्गी लिप्त हुँदैन भन्ने कुरा **व्यास**ले बताएका छन् । यसको तात्पर्य हो – उग्र चारमहापातक गर्ने पतितहरूसँग संसर्ग गर्दा दोष लागे पनि स्वयं संसर्गी व्यक्ति पतित मानिँदैन । यदि पतित मात्रे हो भने त्यस्तो कर्मको प्रायश्चित्त गरी शुद्ध गराइएको व्यक्ति भन्ने अर्थमा '**संसर्गः शोधितैरपि**' भन्ने वाक्यको प्रयोग गरिने थिएन ।

माथि '**स्तेयभिन्ने महापापे रहस्यकृते प्रायश्चित्तं न**' भन्ने कुरा मूलमा लेखिएको छ । चोरीबाहेक अरू महापापमा रहस्यकृत प्रायश्चित्त हुँदैन भन्ने त्यसको तात्पर्य हो । मूलमा त्यागशब्दको प्रयोग गरिएको छ । सवर्णबाहेक असवर्ण क्षत्रिय आदिमा मैथुन आदि गर्नु, शिष्यासँग मैथुन गर्नु, गुरुपत्नीसँग मैथुन गर्नुजस्ता कर्म गर्ने पातकीहरू त्यागयोग्य हुन्छन् भन्नु नै त्यसको तात्पर्य हो । ब्राह्मण, गाई आदिको जीवन बचाउन आफ्नो मरण गराउने जस्तो कार्यलाई अरूका निमित्त गरिएको आत्मत्याग भनिन्छ अथवा असल उद्देश्यले सुपात्रमा दान गर्नुलाई पनि त्याग भनिन्छ । यस्तो त्यागलाई माथिको प्रसङ्गमा उल्लेख गरिएको हो, अरू किसिमको त्याग होइन । '**उद्दिष्टस्यापि वर्जनम्**' भनिएको छ । यसको अर्थ स्वीकार गरिएको विषयलाई होइन भनी निषेध गर्नु भन्ने अर्थ हो । '**सङ्कल्पश्च सधर्मकः**' भन्ने वाक्यको तात्पर्य प्रतिमाको पूजाको लागि वेतन ग्रहण गर्ने व्यक्तिको कार्य हो । यसैगरी आशौचको समयलाई तीनभाग लगाई तेस्रो भागबाट आशौचीलाई स्पर्श गर्नुहुन्छ भन्ने कुरा बताउन स्पर्शशब्दको उल्लेख गरिएको हो । **षडभक्त** भन्ने पद माथि उल्लेख गरिएको छ । यसको तात्पर्य तीनदिन उपवास गरेर ब्राह्मणभिन्न अरूका घरमा धनधान्य ग्रहण गर्नु वा चोरी गर्नु हो । माथि **आपद्वृत्ति** भन्ने शब्द प्रयोग गरिएको छ । त्यसको तात्पर्य आपत्तिको समयमा क्षत्रिय आदिको व्यवसाय गर्नु भन्ने हो ।

धमनशब्दको प्रयोग भएको छ । मुखबाट आगो फुक्ने कामलाई धमन भनिन्छ । जल १० दिनमा पवित्र हुने कुरा गरिएको छ । यसको तात्पर्य वर्षाकालमा भुईंमा खसेको जल १० दिनपछि मात्र शुद्ध हुन्छ भन्ने हो । यसैगरी **दक्षिणा**पदको प्रयोग भएको छ । यसको तात्पर्य गुरुगृहमा अध्ययन गरी गुरुलाई दक्षिणा दिएर घर फर्किनुपर्छ भन्ने हो । शूद्रको भोजन

हुने चरु तयार गर्नुपर्दछ । ऐन्द्र पशुको हवनपछि चरुहवन अथवा चरुहवनपछि ऐन्द्र पशुको हवन गर्ने वैकल्पिक व्यवस्था रहेको छ। सौत्रामणीमा दुग्धपात्रका साथ सुरापात्रको विधान गरिएता पनि स्मृति एवं पुराण आदिमा मदिराग्रहण निषिद्ध भएकाले '**सौत्रामण्यां सुराग्रहः**' भनी निर्णयसिन्धुकारले कलिमा सुराग्रहण निषेध गरेका छन् । यसैले आपस्तम्बले मदिरापात्रको सट्टा दुग्धपात्रको प्रयोग गर्ने विकल्प उपस्थापित गरेका छन्। यसैगरी वाजपेयमा पनि सुराग्रहणको विधान गरिएता पनि कलिमा निषिद्ध भएकाले सुराग्रहण गर्न हुँदैन भनिएको छ । याज्ञिकहरूले भने ताँबोको पात्रमा रहेको गाईको दूधलाई सुरासमान मानिएकाले ताँबोको पात्रमा गाईको दूध राखी त्यसैलाई सुराको प्रतिनिधि मानेर त्यो सहित सोमपात्रका साथ वाजपेय याग गर्दछन् । पाँच पशु प्रयोग गरिने सौत्रामणीलाई कोकिलसौत्रामणी भनिन्छ । योबाहेक राजसूयको अङ्गभूत सौत्रामणी पनि रहेको छ । **कात्यायनश्रौतसूत्र**को भूमिका, पृ. ४०–४१ ।

ग्रहण गर्न योग्य हुन्छ भन्ने कुरा माथि आएको छ । शूद्रहरूमा दास र गोपाल यी दुईथरिले बनाएको मात्र भोजनग्रहण गर्न हुन्छ । वस्तुतः ती दास र गोपालहरूले फलामको कराईमा घिउ र दूधबाट तयार गरिएका वस्तुहरू ग्रहण गर्न योग्य हुन्छ भन्ने तात्पर्य हो ।

मनुले पनि शूद्रको घरको भोजन नगर्ने व्यक्तिले उक्त प्रकारको भोजन ग्रहण गर्न हुन्छ भनेका छन् । यो कुरा अपरार्कमा उल्लेख गरिएको छ । त्यहाँ सुमन्तुले शूद्रको पाकक्रियालाई समर्थन गरेका छन् । पिता र पुत्रको विवादमा साक्षीहरूलाई दण्ड नहुने कुरा अन्ययुगका निमित्त व्यवस्था गरिएको विषय माथि चर्चामा आएको छ । तर, कलियुगमा त पिता र पुत्रको विवादमा साक्षी बस्ने मानिसहरूलाई तीनपण दण्ड दिनुपर्छ भनिएको छ । सायँकालमा संन्यासीहरू गृहस्थको घरमा जान हुँदैन भन्ने चर्चा माथि भएको छ । यसको तात्पर्य हो – घरको धूँवा हराएपछि र ढिकीबाट आउने मुसलको शब्द सुन्न छाडिएपछि संन्यासी गृहस्थको घरमा जान हुन्छ ।

पृथ्वीचन्द्रेण तु – **अटन्ति वसुधां विप्राः पृथिवीदर्शनाय तु । अनिकेता ह्यनाहारा यत्र सायंगृहास्तु ते।** इति विष्णुपुराणोक्तो निषिद्धः । तेनाज्ञातशीलपन्थादेः श्राद्धादौ विनियोगो न कार्यः कलावित्यर्थ उक्तः । एतानि वर्ज्यानीत्यर्थः।

पृथ्वीचन्द्रोदयमा उद्धृत **विष्णुपुराण**को वचनमा भनिएको छ – विद्वान् ब्राह्मण र संन्यासीहरू पृथिवीमा पृथिवीको दर्शन गर्न घुम्ने गर्दछन् । तिनीहरूले एकै ठाउँ भोजन बनाउँदैनन् र एकै ठाउँमा भोजन पनि गरिरहँदैनन् । यस्ता घुमन्ते विद्वान् र संन्यासी सायँकालमा जुन ठाउँमा बस्दछन् त्यसलाई सायँगृह भनिन्छ । जसको स्वभाव, सम्प्रदाय, कुल आदिको ज्ञान हुँदैन त्यस्ता घुमन्ते संन्यासी वा ब्राह्मणहरूलाई कलिमा श्राद्धमा निमन्त्रणा दिनुहुँदैन भन्ने माथिका वचनको तात्पर्य हो । उक्त सबै विषय कलियुगमा निषिद्ध गरिएका छन् ।

कलौ पञ्चनिषेधाः

निगमः – **अग्निहोत्रं गवालम्भं संन्यासं पलपैतृकम् । देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जयेत्।**
अग्निहोत्रं तदर्थमाधानम्, एतच्च सर्वाधानपरम् । अर्धाधानं स्मृतं श्रौतस्मार्ताग्न्योस्तु पृथक्कृतिः।।
सर्वाधानं तयोरैक्यकृतिः पूर्वयुगाश्रिता । इति लौगाक्षिवचनादिति स्मृतिचन्द्रिकायाम् । एतेन –
चत्वार्यब्दसहस्राणि चत्वार्यब्दशतानि च । कलेर्यदा गमिष्यन्ति तदा त्रेतापरिग्रहः ।।
संन्यासश्च न कर्तव्यो ब्राह्मणेन विजानता ।। इति व्यासवचनं व्याख्यातम् ।

कलिका पाँचनिषिद्ध विषय

निगममा बताइएको छ – 'अग्निहोत्र, गवालम्भ, संन्यास, मांसद्वारा पितृश्राद्ध र देवरबाट पुत्र जन्माउने कार्य कलियुगमा गर्न हुँदैन ।' यहाँ प्रयोग गरिएको अग्निहोत्रको अर्थ श्रौत र स्मार्त अग्निहरूको एकत्रीकरण गरी गरिने आधान हो । **स्मृतिचन्द्रिका**मा निहित **लौगाक्षि**को वचनमा भनिएको छ कि – 'अर्धाधान भनेको श्रौत र स्मार्त अग्निहरूको पृथक्करण हो । सर्वाधानमा ती दुवै अग्निहरूको एकीकरण गर्ने कार्य कलियुगबाहेक अन्य युगहरूका निमित्त व्यवस्था गरिएको छ, कलियुगका लागि होइन ।' 'कलियुगका चारहजार चारसय वर्ष बितेपछि शास्त्रको ज्ञाता ब्राह्मणले दक्षिणाग्नि, आहवनीयाग्नि र गार्हपत्याग्निको ग्रहण गर्न हुँदैन अर्थात् अग्निहोत्रग्रहण गर्न हुँदैन र संन्यासग्रहण गर्न पनि हुँदैन भन्ने तात्पर्य बुझ्नुपर्दछ।' यसरी **व्यास**का वचनको व्याख्या गरियो ।

यावद्वर्णविभागस्तावत्संन्यासाग्निहोत्रयोर्विधानम्

सर्वाधानेऽपि विशेषमाह देवलः –

यावद्वर्णविभागोऽस्ति यावद्वेदः प्रवर्तते । संन्यासं चाग्निहोत्रं च तावत्कुर्यात्कलौ युगे ।। इति।

अत्र पूर्वयुगाश्रितेति लौगाक्षिवाक्ये पूर्वयुगानि कृतादीनीत्येकोऽर्थः । अन्ये तु युगस्य पूर्वं कालेः पूर्वभागः । स 'चत्वार्यब्दसहस्राणि' इतिपूर्वोक्तवाक्याच्चतुश्चत्वारिंशच्छतवर्षावच्छिन्नः । तस्मिन् भागे सर्वाधानं कार्यम् । तदुत्तरं तु यावद्वर्णविभागोऽस्तीति वाक्याद्वर्णविभागपर्यन्तमर्द्धाधानमित्याहुः । संन्यासस्त्रिदण्डः ।

इति तुलसीग्रहणकृष्यादिकलिवर्ज्यान्तविषयनिर्णयात्मकमष्टमं प्रकरणम्

इति तृतीयः परिच्छेदः समाप्तः

वर्णविभागअनुसार संन्यास र अग्निहोत्रको व्यवस्था

सर्वाधान र संन्यासको विषयमा **देवलले** भनेका छन् कि 'कलियुगमा पनि जबसम्म वर्णव्यवस्था कायम रहन्छ र जबसम्म वेदहरूको अध्ययन–अध्यापन हुन्छ, तबसम्म संन्यास लिने कार्य र अग्निहोत्र गर्ने कार्य गर्दै जानुपर्दछ ।' यहाँ पूर्वयुगाश्रित भनेर मूलमा बताइएको छ । यसको अर्थ सत्ययुग आदिका लागि व्यवस्था गरिएको भन्ने अर्थ हो । अरू मानिसहरू भन्दछन् कि कलिको चारहजार चारसय वर्षलाई पूर्वयुग मान्नुपर्दछ अर्थात् चारहजार चारसय वर्ष कलिभित्रको समयमा सर्वाधानद्वारा अग्निहोत्रग्रहण गर्न हुन्छ । माथि **यावद्वर्णविभागोऽस्ति** भनिएको छ – 'जबसम्म कलियुगमा वर्णव्यवस्था रहन्छ' यस वाक्यबाट वर्णव्यवस्था रहँदासम्म अर्धाधान गर्नुपर्ने कुरा बताइएको छ । संन्यासको अर्थ हो – त्रिदण्डधारण । त्रिदण्डीको अर्थ – ज्ञानबलबाट जसले मन, वचन र कर्म तीनतत्त्वलाई दमन गर्न सक्दछन् ती त्रिदण्डी हुन् । एक– वागदण्ड, दुई – मनोदण्ड र तीन– कायदण्ड । जसले यी तीनदण्ड धारण गर्दछन् तिनलाई त्रिदण्डी भनिन्छ भन्ने कुरा **मनुले** बताएका छन्। **कूर्मपुराण, महानिर्वाणतन्त्र** आदिमा पनि त्रिदण्डीको अर्थ यसरी नै बताइएको छ ।

निर्णयसिन्धु तृतीयपरिच्छेदको तुलसीग्रहण, कृषिदेखि लिएर कलिवर्ज्य प्रकरणसम्मका कृत्यहरूको निर्णयमा आधारित अष्टम प्रकरण पूरा भयो ।

ॐ

पराम्बा भगवतीको असीम करुणाबाट पाल्पा–पोरकनी निवासी पतिव्रताशिरोमणि स्वर्गीय माताश्री दिव्यलक्ष्मी ढकाल र सज्जनमुकुटमणि स्वर्गीय पिताश्री चूडामणि ढकालका कनिष्ठ पुत्र नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाण्डौमा प्राध्यापक पदमा कार्यरत डा. वेणीमाधव ढकालद्वारा कमलाकर भट्टरचित निर्णयसिन्धु नामक निबन्धग्रन्थको तृतीय परिच्छेदको चूडामणिनामक नेपाली टीका सम्पन्न गरियो ।

ॐ

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

चतुर्थः परिच्छेदः

यस परिच्छेदमा श्राद्धनिर्णय, श्राद्धभेद, श्राद्धदेश, श्राद्धाधिकारी, श्राद्धका देवता, श्राद्धका ब्राह्मण, श्राद्धकर्ता र भोक्ताका नियम, श्राद्धमा प्रयोज्य पदार्थ, श्राद्धविधि, विकिरदान, पिण्डदान, श्राद्धविघ्न, श्राद्धसम्पात, तर्पण, जीवत्पितृकश्राद्ध, वृद्धिश्राद्ध, तीर्थश्राद्ध आदिको परिचय दिएर ती ती कर्महरूमा आइपर्ने समस्या र समाधान प्रस्तुत गरिएको छ ।

ॐ

श्राद्धपरिचय एवं महत्त्व

नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धं सपिण्डनम् ।
पार्वणञ्चेति विज्ञेयं गोष्ठ्यां शुद्ध्यर्थमष्टमम् ।।
कर्माङ्गं नवमं प्रोक्तं दैविकं दशमं स्मृतम् ।
यात्रास्वेकादशं प्रोक्तं पुष्ट्यर्थं द्वादशं स्मृतम् ।।

नित्यश्राद्ध, नैमित्तिकश्राद्ध, काम्यश्राद्ध, वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, पार्वणश्राद्ध, गोष्ठीश्राद्ध, शुद्धिश्राद्ध, कर्माङ्गश्राद्ध, दैविकश्राद्ध, यात्राश्राद्ध र पुष्टिश्राद्ध गरी श्राद्ध बाह्र प्रकारका हुन्छन् ।

यजुषां पिण्डदानं तु बह्वृचानां द्विजार्चनम् ।
श्राद्धशब्दाभिधेयं स्यादुभयं सामवेदिनाम् ।।

यजुर्वेदीहरूका निमित्त पिण्डदान कर्म, ऋग्वेदीहरूका निमित्त ब्राह्मणपूजन कर्म र सामवेदीहरूका निमित्त पिण्डदान एवं ब्राह्मणपूजन दुवै कर्म श्राद्ध कहलाउँछन् ।

श्राद्धमहत्त्व

आयुः प्रजां धनं विद्यां स्वर्गं मोक्षं सुखानि च ।
प्रयच्छन्ति तथा राज्यं प्रीता नृणां पितामहाः ।।

मानिसहरूले श्राद्धद्वारा प्रसन्न तुल्याइएका पितृहरूले आफ्ना सन्ततिलाई आयु, सन्तान, धन, विद्या, राज्य, सुख, स्वर्ग र मोक्ष प्रदान गर्दछन् ।

– निर्णयसिन्धुः, चतुर्थः परिच्छेदः

निर्णयसिन्धुः
श्राद्धनिर्णयात्मकः चतुर्थः परिच्छेदः

श्राद्धलक्षणभेददेशकालनिर्णयात्मकं प्रथमं प्रकरणम्

श्राद्धनिर्णयः

नानानिबन्धवैमत्यभ्रान्तचित्तोद्दिधीर्षया । कमलाकरसंज्ञेन क्रियते श्राद्धनिर्णयः ।।

श्राद्धनिर्णय

धर्मशास्त्रसम्बन्धी विभिन्नथरिका निबन्धग्रन्थहरूमा देखिएको मतभेदका कारण द्विविधाग्रस्त चित्त भएका जिज्ञासुहरूका जिज्ञासाशमन गराई तिनीहरूलाई निश्चिन्त तुल्याउनका लागि म **कमलाकर भट्टद्वारा** श्राद्धनिर्णय[१] प्रस्तुत गरिँदैछ ।

श्राद्धस्वरूपकथनम्

तत्स्वरूपमाह पृथ्वीचन्द्रोदये मरीचिः –

प्रेतं पितॄंश्च निर्दिश्य भोज्यं यत्प्रियमात्मनः । श्रद्धया दीयते यत्र तच्छ्राद्धं परिकीर्तितम् ।।

ब्राह्मणस्वीकारान्तश्चतुर्थ्यन्तपदोपनीतपित्राद्युद्देश्यकस्त्यागः श्राद्धमित्यर्थः । तत्र यद्यपि होमपिण्डभोजनानि प्रधानमिति हेमाद्रिः– **होमश्च पिण्डदानञ्च तथा ब्राह्मणभोजनम् । श्राद्धशब्दाभिधेयं स्यादेकस्मिन्नौपचारिकम्।।** इति श्रीधरश्च, तथापि क्वचिद्विशेषं वक्ष्यामः । निमित्तभेदे भोजनस्य पिण्डानां वा निषेधो न प्राधान्यं विरुणद्धि असोमयाजिनो दधिपयोयागवत् ।

श्राद्धस्वरूपनिरूपण

पृथ्वीचन्द्रोदयमा श्राद्धको स्वरूप स्पष्ट गर्दै मरीचिले भनेका छन् – जुन कर्ममा आफूले रुचाएको प्यारो भोज्य

१. श्राद्धभन्दा ठूलो र कल्याणकारी कर्म अरू कुनै छैन । त्यसैले विद्वान् मानिसले प्रयत्नपूर्वक पितृहरूको श्राद्ध गर्नुपर्दछ भन्ने सुमन्तुको भनाइ वीरमित्रोदयको श्राद्धप्रकाशमा उद्धृत गरिएको छ । गृहस्थको लागि देवकार्यभन्दा पनि पितृकार्य विशेष मानिन्छ भन्ने कुरा ब्रह्मवैवर्तमा बताइएको छ । यमस्मृतिमा यमले भनेका छन् –

ये यजन्ति पितॄन् देवान् ब्राह्मणाँश्च हुताशनान् । सर्वभूतान्तरात्मानं विष्णुमेव यजन्ति ते ।।

– जसले पितृ, देवता, ब्राह्मण र अग्निको अर्चना गर्दछन् तिनले सबै प्राणीमा अन्तर्यामी भई बस्ने भगवान् विष्णुकै अर्चना गरिरहेका हुन्छन् । नागरखण्डमा भनिएको छ – जसले विधिपूर्वक आफ्नो शक्तिअनुसार पितृहरूको श्राद्ध गर्दछ त्यसले संसारलाई नै तृप्ति प्रदान गर्दछ । मानिसले श्रद्धाभक्तिपूर्वक सागपातमात्रले भएता पनि पितृहरूको तृप्तिका लागि श्राद्ध गर्दा त्यसको कुलमा कसैले पनि दुःखी हुनुपर्दैन । यसै तथ्यलाई अवगत गरी कात्यायनले श्राद्धसूत्रमा भनेका छन् – **श्रद्धान्वितः श्राद्धं कुर्वीत शाकेनापि** – कात्यायनश्राद्धसूत्रम्, कण्डिका – १ ।

पदार्थ प्रेत र पितृलाई लक्षित गरी श्रद्धापूर्वक प्रदान गरिन्छ त्यसलाई श्राद्ध भन्दछन् । ब्राह्मणहरूको स्वीकारपर्यन्त चतुर्थी विभक्ति अन्तमा भएका पद प्रयोग गरी पितृ आदिका उद्देश्यले गरिने वस्तुसमर्पण नै श्राद्ध हो ।

हेमाद्रि भन्दछन् – श्राद्धमा होम[२], पिण्ड र ब्राह्मणभोजन यी तीनविषय प्रधान हुन्छन् ।

श्रीधरले भनेका छन् – होम अर्थात् **अग्नये कव्यवाहनाय स्वाहा, सोमाय पितृमते स्वाहा** यी मन्त्रद्वारा गरिने होम, पिण्डदान र ब्राह्मणभोजन मुख्य विषय हुन् । कसैले यी तीनमध्ये एउटैमात्रलाई श्राद्ध भन्दछ भने त्यो औपचारिक अथवा आरोपित कथन हो ।' यस बारेमा विशेष निरूपण अन्यत्र गरिनेछ । निमित्तभेदले कुनै श्राद्धमा ब्राह्मणभोजन र पिण्डदान निषिद्ध हुन्छ भने फेरि त्यस कर्मलाई कसरी श्राद्ध भन्न सकिन्छ ? किनकि ब्राह्मणभोजन र पिण्डदान नै श्राद्धका मुख्य अङ्ग हुन् । मुख्य अङ्ग नै निषिद्ध भएपछि त्यो कसरी श्राद्ध हुनसक्छ । यसको उत्तरमा ग्रन्थकार भन्दछन् – निमित्त भेदले ब्राह्मणभोजन र पिण्डनिषेध गरिएता पनि श्राद्धको जुन प्राधान्य छ त्यसको विरोध हुँदैन । जस्तै दूध र दहीलाई सान्नाय्य भन्दछन् । सान्नाय्यद्वारा गरिने यागलाई सान्नाय्ययाग भनिन्छ । अनेक याग गर्दागर्दै पनि सोमयाग नगर्नेलाई सान्नाय्ययागमा अधिकार हुँदैन । जसले सोमयाग गरेको छैन, अमावास्यामा गरिने सान्नाय्ययाग पनि गरेको छैन त्यसले ऐन्द्राग्न पुरोडाश गरेपछि दर्शपूर्णमासयागमा अधिकार पाउँछ । त्यसैगरी अग्नौकरण, ब्राह्मणभोजन र पिण्डदानमा समष्टिगत श्राद्धता रहेकाले तीनअङ्ग नपुऱ्याउनेलाई श्राद्धमा अधिकार नभए तापनि ब्राह्मणभोजन वा पिण्डदान जस्तो कुनै अङ्ग निषिद्ध भएको अवस्थामा अतिदेशवशात् समष्टिगत श्राद्धको प्राधान्यमा बाधा हुँदैन र त्यसले श्राद्धसंज्ञा पाउँछ ।

यच्च शूलपाणिः – **नित्यश्राद्धमदैवं स्यादर्घ्यपिण्डविवर्जितम्** इति हारीतीये नित्यश्राद्धमघादौ पिण्डनिषेधोऽस्ति। न च प्राप्तिं विना सः । न चातिदेशं विना प्राप्तिः । न चाङ्गत्वेन विनातिदेशः । प्रधानस्यानतिदेशात् ।

सप्तमे उपकारकत्वेनातिदेशोक्तेः । तेन भोजनं प्रधानम्, पिण्डोऽङ्गम् । पिण्डदानमात्रविधिस्त्वङ्गभूतात्कर्मान्तरमेव, प्रकरणान्तरन्यायादिति, तन्न,

जातश्राद्धे न दद्यात्तु पक्वान्नं ब्राह्मणेष्वपि । न पक्वं भोजयेद्विप्रान् सच्छूद्रोऽपि कदाचन ।।

इत्याद्यैर्जातश्राद्धे शूद्रश्राद्धादौ भोजनस्य निषेधेनाङ्गत्वापत्तेः । **न तौ पशौ करोति** इतिवदुपजीव्यविरोधेन विकल्पापत्तेश्च। तेन श्राद्धशब्दाभिधेयत्वेनोभयप्राप्तौ निषेधः पर्युदासो वा **दीक्षितो न ददाति न जुहोति नासोमयाजी सन्नयेत्** इतिवदिति तत्त्वम् ।

शूलपाणि भन्दछन् – नित्यश्राद्धमा विश्वेदेवनामक देवता र अर्घ्य एवं पिण्ड दिने कार्य हुँदैनन् भन्ने कुरा हारीतले भनेका छन् ।[३] नित्यश्राद्ध एवं मघाश्राद्ध आदिमा पिण्डनिषेध गरिएको छ । यस्तो पिण्डनिषेध पिण्ड दिनुपर्छ भन्ने वचनको

---

२. होमशब्दले यहाँ अग्नौकरणलाई जनाउँछ । अग्नौकरण भनेको अग्नि वा जलमा गरिने हवन हो । यो हवन पार्वणश्राद्धमा मात्र कुशवटुका अगाडि दुनामा राखिएको जलमा गरिन्छ । एकोद्दिष्टश्राद्धमा चाहिँ गर्न पर्दैन ।

एकोद्दिष्टं देवहीनमेकार्घ्यैकपवित्रकम् । आवाहनाग्नौकरणरहितं ह्यपसव्यवत् ।। (याज्ञवल्क्यस्मृतिः, १/२५१)

माध्यन्दिनीय वाजसनेयीहरूद्वारा सम्मानित यसै प्रमाणवचनका आधारमा एकोद्दिष्टमा अग्नौकरण गर्नु नपर्ने भएको हो । पार्वणश्राद्धमा घिउ, चामल आदि जुन पदार्थले अग्नौकरण गरिन्छ त्यही पदार्थले वा त्यसैको विकारले पिण्ड दिनुपर्ने शास्त्रीय निर्णय रहेकाले हाम्रो व्यवहारमा घिउ-चामल मिलाएर अग्नौकरण गरिन्छ । यसैगरी पिण्ड पनि घिउ राखेर पकाइएको वा दूधसमेत राखेर पकाइएको चामल (पायस)बाट तयार गरी प्रदान गरिन्छ ।

३. श्राद्ध नित्य, नैमित्तिक र काम्य तीनप्रकारका हुन्छन् । प्रत्येक दिन र अमावास्या, अष्टका आदिमा गरिने श्राद्ध नित्य हो । यो श्राद्धमा विश्वेदेव ब्राह्मण स्थापना, हस्तार्घ र पिण्डदानादि कार्य गर्नुपर्दैन, केवल अन्न-जल-फल-मूलादि पितृप्रिय वस्तु प्रदान गरेर गरिन्छ । मनुस्मृतिमा यही कुरा भनिएको छ । **'अन्नं पितृमनुष्येभ्यः' कुर्यादहरहः श्राद्धमन्नाद्येनोदकेन वा । पयोमूलफलैर्वापि पितृभ्यः प्रीतिमावहन् ।।** – मनु. ३/८२ ।

प्राप्ति भएपछि मात्र सम्भव हुन्छ । पिण्डकरणविना प्राप्ति सम्भव हुँदैन । पिण्डकरण श्राद्धको अङ्ग नभएको भए प्राप्ति नै हुने थिएन । प्रधानको अतिदेश हुँदैन र अङ्गको मात्र अतिदेश हुन्छ ।[४]

४.(क) निर्णयसिन्धुका केही प्रकाशनहरूमा निम्नलिखित मूलभाग समावेश गरिएको पाइन्छ । यहाँ अर्थसहित त्यो मूलभाग प्रस्तुत गरिँदैछ ।

नान्दीमुखानां प्रत्यब्दं कन्याराशिगते रवौ । पौर्णमास्यां प्रकर्तव्यं वराहवचनं यथा ।।

इति पौर्णमास्यां श्राद्धं विहितम् । तत्र नान्दीमुखाः के इत्याकाङ्क्षायां ब्राह्मे –

पिता पितामहश्चैव तथैव प्रपितामहः । त्रयो ह्यश्रुमुखा एते पितरः सम्प्रकीर्तिताः ।।

तेभ्यः पूर्वतरा ये च प्रजावन्तः सुखैधिताः । ते तु नान्दीमुखा नान्दी समृद्धिरिति कथ्यते ।।

इति वचनोक्ताः । एवञ्च तस्मिन् श्राद्धे पित्रादित्रयार्घ्यानां प्रसन्नमुखत्वरूपं विश्वेदेवव्यावृतं नान्दीमुखत्वं पारिभाषिकम् । तदुक्तम् – **'प्रसन्नमुखसंज्ञास्तु मङ्गलीया यतस्तु ते'** इति । अत एवात्र न नान्दीमुखधर्मातिदेशः। नान्दीमुखशब्दस्य देवतापरस्य कर्मनामत्वाभावात्। नापि नान्दीमुखं पितृविशेषणं पारिभाषिकत्वात् । **तथा चैतस्य श्राद्धस्य कन्याराशिगते रवौ** इति विधानात् । तन्निमित्तावपि कन्यागते सूर्ये **काम्ये च धुरिलोचनौ** इति वाक्यात् धुरिलोचनौ विश्वेदेवौ । वृद्धिश्राद्धे तु –

मातृश्राद्धं तु पूर्वं स्यात् पितॄणां तदनन्तरम् । ततो मातामहानाञ्च वृद्धौ श्राद्धत्रयं स्मृतम् ।।

इत्यादिवाक्यानुरोधेन मातादित्रयमातामहादित्रयाणां देवतात्वे सिद्धे तेषामेव विश्वेदेवसाधारणम् । ऊर्ध्ववक्त्रादिरूपं नान्दीमुखम् । अत एवात्र वचनम् – **'ऊर्ध्ववक्त्रास्तु ये तत्र ते नान्दीमुखसंज्ञिताः'** इति ।

नान्दीमुखेभ्यो देवेभ्यः प्रदक्षिणकुशासनम् । पितृभ्यस्तन्मुखेभ्यश्च प्रदक्षिणमिति स्थितिः ।।

इति पराशरवचनाद् विश्वेषां देवानां पितॄणाञ्च विशेषणम् । तथा च नान्दीश्राद्धमिति कर्मनामधेयम् । अत एवात्र – **नान्दीमुखे सत्यवसू सङ्कीर्त्यौ वैश्वदेविके** इति वचनात् सत्यवसू विश्वेदेवौ । अत्र पितृशब्दस्य सपिण्डीकरणान्तश्राद्धजन्यपितृभावापत्तिपरत्वेन मातृपितृमातामहादिसाधारण्यात् सर्वत्र नान्दीमुखत्वं विशेषणम्। एवं प्रदक्षिण पित्रोर्वृद्धौ नान्दीमुखान् यजेत् । दीर्घकर्कन्धुमिश्रान् पिण्डान् यवैः क्रियेति याज्ञवल्क्योक्तेरिति ग्रन्थान्तरे । कलौ श्राद्धे मधु नैव देयम् ।

अक्षता गौः पशुश्चैव श्राद्धे मांसं तथा मधु । देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जितम् ।।

इति श्राद्धदीपकलिकामदनपारिजातयोर्निगमोक्तेः । पञ्चेति न परिसङ्ख्या दोषत्रयापत्तेः । कलावन्यनिषेध-वाक्यवैयर्थ्यापत्तेश्च । अतश्च प्रदर्शनमात्रार्थमेतत् । एतद् वाक्योपात्तत्वविधिना च पञ्चत्वोपपत्तिः । यत्तु –

यच्छ्राद्धं मधुना हीनं तद्रसैः सकलैरपि । मिष्टान्नैरपि सम्भुक्तैः पितॄणां नैव तृप्तये ।।

अणुमात्रमपि श्राद्धे यदि न स्याच्च माक्षिकम् । नामापि न च गृह्णीयात् पितॄणां प्रीतिकारकम् ।।

इति च हेमाद्रौ ब्राह्मवचनम् । यच्च –

कथञ्चिदपि विप्रेभ्यो न दत्तं भोजने मधु । पिण्डास्तु नैव दातव्याः कदाचिन्मधुना विना ।।

इति श्राद्धदीपकलिकायां नागरखण्डवचनम् । यच्च –

मुन्यन्नं ब्राह्मणस्योक्तं मांसं क्षत्रियवैश्ययोः । मधुप्रधानं शूद्रस्य सर्वेषां चाविरोधि यत् ।।

एतद् हेमाद्रौ पुलस्त्यवचनम्, तत् कलियुगातिरिक्तविषयम् ।

कसैले भनेका छन् – पितृहरूको नान्दीमुखश्राद्ध प्रतिवर्ष कन्याको सूर्यमा पूर्णिमातिथिमा गर्नुपर्दछ । **वाराहपुराणको** यस वाक्यबाट पूर्णिमामा श्राद्ध गर्नुपर्ने विधान अवगत हुन्छ । ती नान्दीमुख को हुन् भन्ने जिज्ञासा हुँदा **ब्रह्मपुराणको** वचन उद्धृत गर्दै भनिएको छ – पिता, पितामह र प्रपितामहलाई अश्रुमुख भनिन्छ । तीभन्दा पहिलेका प्रजा र सुख-शान्तिका कारण वृद्धिमा प्राप्त भएका पितृहरू नान्दीमुख अथवा वृद्धिमुख कहलाउँछन् । नान्दीको अर्थ समृद्धि हो । नान्दीमुखश्राद्धमा पिता आदि तीनद्वारा अर्घ्य दिन योग्य ती पितृहरूको प्रसन्नमुख संज्ञा हुन्छ । विश्वेदेवसहित ती नान्दीमुख हुन् । ती मङ्गलादाता पनि हुन्छन् । नान्दीमुख नाम पितृहरूको विशेषण होइन। अत एव सामान्य श्राद्धमा नान्दीमुखका धर्मको अतिदेश हुँदैन । देवताबोधक नान्दीमुखशब्दको कर्म पनि नाम होइन । यो पारिभाषिक सङ्केतमात्र हो । यस श्राद्धको कन्यागत सूर्यमा गर्नुपर्ने विधान गरिएकाले यसका निमित्त कन्याका सूर्यको आवश्यकता देखिन्छ र यो काम्यश्राद्ध भएकाले यसमा धूरि र लोचननामक विश्वेदेव रहन्छन् । वृद्धश्राद्धमा त वचनको अनुरोधबाट पहिले मातृश्राद्ध त्यसपछि पितृश्राद्ध फेरि मातामहश्राद्ध गरिन्छन् । त्यसकारण माता आदि तीन र मातामह आदि तीन पनि देवता सिद्ध हुन्छन् । तिनै विश्वेदेवसहित ऊर्ध्वमुख र नान्दीमुख कहलाउँछन् । यसैले यहाँ **पराशरको** वचन पाइन्छ कि ऊर्ध्वमुख आदि रूप

मीमांसाको सातौं अध्यायमा जो उपकारक हुन्छ त्यसको अतिदेश हुन्छ भनिएको छ । त्यसकारण श्राद्धमा भोजनलाई प्रधान विषय र पिण्डलाई अङ्ग मानिन्छ । भोजन प्रधान भएकाले पिण्डदानविधि कर्मान्तर नै हो भन्ने **शूलपाणि**को मत उचित छैन । किनकि जुन पदार्थ जुन किसिमको उपकारका कारण जुन अङ्गका रूपमा स्थापित हुन्छ त्यो पदार्थ सम्बन्धिरूपले आफ्नो उपकारद्वारा अङ्गतामा प्राप्त हुन्छ । त्यसकारण प्रकृतिझैं विकृति पनि व्यवहारयोग्य हुन्छ । यहाँ पनि पिण्डदानविधिले अङ्गता प्राप्त गर्दछ ।

नान्दीमुख हुन्छन् । यस वचनबाट देवता र पितृहरू नान्दीमुख देवता कहलाउँछन् । विश्वेदेव र पितृलाई प्रदक्षिणक्रमले आसन दिनुपर्दछ । यसबाट नान्दीमुख कर्मको नाम पनि सिद्ध हुन्छ । नान्दीमुखमा सत्य र वसु विश्वेदेव हुन्छन् भनिएकाले सत्य र वसुलाई विश्वेदेव मान्नुपर्दछ । सपिण्डीकरणश्राद्धबाट पितृभावमा प्राप्त भएकालाई पितृ भनिने हुँदा तिनको विशेषण नान्दीमुखत्व हो । **याज्ञवल्क्य**ले भनेका छन् – प्रदक्षिणक्रमबाट वृद्धिश्राद्धमा नान्दीमुख पितृलाई दही, वयरसँग मिसिएको पिण्ड दिनुपर्दछ । यवद्वारा कर्म गरेर पिण्ड दिनुपर्दछ । फेरि ग्रन्थान्तरमा लेखेको पाइन्छ कि – कलिमा श्राद्ध गर्दा मधु अर्पण गर्न हुँदैन । **श्राद्धदीपकलिका** र **मदनपारिजात**मा भनिएको छ – अक्षता, गोरूपपशु, श्राद्धमा मांसप्रदान एवं मधु प्रदान, देवरबाट सन्तान जन्माउने कार्य कलिमा निषिद्ध छन् । यी पाँचविषयको निषेध खालि गणनामात्र होइन । किनकि पालन नगर्दा तीनप्रकारका दोष आइलाग्छन् – १) स्वार्थत्याग र परार्थको कल्पना, २) निषेधको बाध, ३) कलिमा निषिद्ध अन्य विषयको अर्थहीनताको आपत्ति । अत यो प्रदर्शनमात्र हो । पाँचसंख्याको सिद्धि उक्त वाक्यबाट हुनेछ । फेरि हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ कि – जुन श्राद्धमा मधुको प्रयोग गरिँदैन त्यो श्राद्ध सम्पूर्ण रसद्वारा विहीन हुन्छ त्यस श्राद्धमा अनेकथरि मिष्टान्न तयार गरिए पनि मधुहीन भएका कारण त्यो श्राद्ध पितृका लागि तृप्तिकारक बन्न सक्दैन। अणुमात्र पनि मधुको प्रयोग गरिएको हुँदैन भने पितृको तृप्तिका लागि मधु मधु मधु भन्नुपर्दछ ।

श्राद्धदीपकलिकामा उद्धृत **नागरखण्ड**को वचनमा भनिएको छ कि – कुनै रूपमा श्राद्धभोजनमा विप्रहरूलाई मह दिइएको छैन भने पनि पिण्डदानमा महको प्रयोग गर्नुपर्दछ । **हेमाद्रिमा पुलस्त्य**ले जुन भनेका छन् कि – ब्राह्मणका लागि मुनि अन्न- अर्थात् फापर । क्षत्रिय र वैश्यका लागि – मांस र शूद्रका लागि मधु उत्तम मानिएका छन् । मधु त सबैका लागि उपयुक्त छ । यस विषयमा ग्रन्थकार भन्दछन् कि – यो भनाइ कलियुगदेखि अतिरिक्त युगको विषय हो ।

न च – **यथाप्रचारं प्रदेयन्तु मधुमांसादिकं तथा । देशाचाराः परिग्राह्यास्तत्तद्देशोद्भवैर्नरैः ।।**

अन्यथा पतितो ज्ञेयः सर्वधर्मबहिष्कृतः ।। इति श्राद्धं प्रवृत्त्य बृहन्नारदीये वचनाद् देशाचाराद् व्यवस्थेति वाच्यम्, कलिनिषेधवैयर्थ्यापत्तेः । तस्मात् कलौ श्राद्धे मधुनैव देयमिति सिद्धम् । केचित्तु कथञ्चिदपि विप्रेभ्य इत्यादि नागरखण्डवचने काले दाप्रत्ययस्मरणेन निषिद्धस्य कलिकालादेः सर्वस्यापवादाद् भोजने मधुनिषेधेऽपि पिण्डे मधु कलौ देयमेव । कलौ मधुनिषेधवाक्यानां भोजनपरत्वात् तेन – **सर्वकालं तिला ग्राह्याः पितृकृत्ये विशेषतः । भोज्यपात्रे तिलान् दृष्ट्वा निराशाः पितरो ययुः ।।** यथा भोजने तिलनिषेधेऽपि न पिण्डे तन्निषेधः, तथा अत्र पिण्डे न मधुनिषेध इत्याहुः ।

मधु र मांस आदिको उपयोग आफ्नो कुलको आचारअनुसार गर्नुपर्दछ । ती-ती देशका मानिसले आ-आफ्नो देशाचारको पालन गर्नुपर्दछ । यसो नगरेमा सबै धर्मबाट बहिष्कृत भएको मानिस पतित मानिन्छ । यस्तो वचन **बृहन्नारदीय**मा पाइएकाले देशमा जे चलेको छ त्यही चलाउनुपर्दछ भन्ने कुरा जसरी भनिएको छ त्यसो गर्न हुँदैन । त्यसो गर्ने हो भने शास्त्रले गरेको कलिको निषेध वचन व्यर्थ हुन आउनेछ । त्यसकारण श्राद्धमा मधु प्रदान गर्न हुँदैन भन्ने कुरा सिद्ध हुनआउँछ । कलियुगमा पनि पिण्डमा महको प्रयोग गर्नैपर्छ । बाह्मण भोजनमा भने महप्रदान गर्न हुँदैन । त्यस्तै तिलको प्रयोग पनि पिण्डमा गर्नुपर्छ '**भोज्यपात्रे तिलान् दृष्ट्वा निराशाः पितरो गताः**' भनिएकाले सिधामा र ब्राह्मण भोजनादिमा चाहिँ गर्न हुँदैन ।

केही भन्छन् – **नागरखण्ड**को वचनमा कदाचित्शब्दमा प्रयुक्त दाप्रत्ययको आधारमा भन्न सकिन्छ कि – दाको अर्थ समय हो । यसबाट सम्पूर्ण कलिकालमा श्राद्धभोजनमा मधुको प्रयोग निषेध भए तापनि पिण्डमा मधुको प्रयोग गर्नुपर्दछ । कलिमा मधुको निषेध भोजनमा आधारित निषेध हो । यसैले भनिएको छ कि – पितृकृत्यमा विशेषरूपमा सर्वत्र तिलकै ग्रहण गर्नुपर्दछ । तर भोज्यात्रमा तिलको प्रयोग गर्नु हुँदैन । भोज्यपात्रमा तिलको दर्शन गरेपछि निराश भएका पितृहरू फर्किन्छन् । जसरी भोजनमा तिलनिषेध गरिए तापनि श्राद्धीय कर्ममा तिलको निषेध गरिँदैन त्यसरी नै भोजनमा मधुको निषेध गरिए तापनि श्राद्धीय पिण्डको अर्चनामा मधु निषिद्ध हुँदैन ।

(ख) एउटा वस्तुको गुण वा धर्मलाई अर्कोमा संक्रमण गराउने वा सार्ने शास्त्रीय आदेशलाई अतिदेश भनिन्छ ।

जातकर्मश्राद्धमा ब्राह्मणलाई पनि भोजन गराउन हुँदैन, असल शूद्रले कहिल्यै पनि ब्राह्मणलाई पाकेको अन्न भोजन गराउनु हुँदैन इत्यादि वचनहरू छन् । उक्त वचनबाट जातकश्राद्ध र शूद्रश्राद्धमा भोजनको निषेध गरिएका कारण श्राद्धमा ब्राह्मणभोजनलाई जुन अङ्ग मानिएको छ त्यसको अङ्गत्वमा आपत्ति आइलाग्नेछ । त्यहाँ **न तौ पशूकरोति**[५] वाक्यमा झैं उपजीव्य विरोध आइलाग्नेछ ।[६] उक्त वाक्यमा 'आग्नये स्वाहा' एवं 'सोमाय स्वाहा' मन्त्रद्वारा आज्यभागनामक दुईआहुतिको निषेध गरिएकाले विकल्प मान्नुपर्ने विवशता छ । यहाँ पनि श्राद्धशब्दका कारण 'दीक्षित यजमानले असोमयाजीले झैं न त हवन गर्छ न त दिन्छ' भनेझैं ब्राह्मणभोजन र पिण्डदान दुवैको निषेध गरिएको छ । यसो हो तापनि असोमयाजीले दधिपयोगयाग नगर्दा दर्शपूर्णमासयागमा क्षति नभएझैं श्राद्धमा पनि ब्राह्मणभोजन र पिण्डदानको निषेध गरिएतापनि श्राद्धको प्राधान्यमा कुनै क्षति हुँदैन ।[७]

कर्मप्रदीपेऽपि –

यजुषां पिण्डदानं तु बह्वृचानां द्विजार्चनम् । श्राद्धशब्दाभिधेयं स्यादुभयं सामवेदिनाम्।।

तच्च **पितॄन् यजेत, पितृभ्यो दद्यात्** इत्युभयप्रयोगदर्शनाद्यागदानाभयात्मकम् । एतेन नायं यागः । (देवतोद्देशेन त्यागो यागः) यागोद्देश्या च देवतेत्यात्माश्रयादिति गौडमतमपास्तम् । वैधशब्दविशेषोद्देश्यकत्वस्य तस्य इदमिति स्वत्वारोपप्रतियोगित्वस्य वा देवतात्वात् ।

कर्मप्रदीपमा भनिएको छ – यजुर्वेदीहरू पिण्डदानलाई श्राद्ध मान्दछन् । ऋग्वेदीहरू ब्राह्मणपूजनलाई श्राद्ध मान्दछन् भने सामवेदीहरू श्राद्धशब्दबाट पिण्डदान र ब्राह्मणपूजन दुवै कुरा ग्रहण गर्दछन् । पितृहरूको पूजा गर्नुपर्दछ र पितृहरूलाई दिनुपर्दछ भन्ने दुईप्रकारका वाक्य प्रयोग देखिनाले श्राद्ध यागात्मक र दानात्मक दुवै ठहर्छ। पितृहरू देवता हुन् भने तिनका उद्देश्यले गरिने श्राद्ध याग हो । ब्राह्मणहरूको पूजा गरी तिनलाई दान दिइने हुँदा श्राद्ध दान पनि हो । त्यसकारण श्राद्धमा यागात्मकता र दानात्मकता दुवै रहेको छ । यसैले श्राद्ध उभयात्मक हो भन्नुमा विरोध पर्दैन । यस भनाइबाट **गौडहरूको** – 'देवताको उद्देश्यले गरिने त्याग नै याग हो र यागका उद्देश्यभूत देवता आत्माश्रय हुन्छन्' भन्ने यो भनाइ खण्डित हुन्छ । विधिबोधित शब्दविशेषको खास उद्देश्य हुन्छ। तसर्थ **'इदम्'** अर्थात् **'यो'** अर्थ हुने शब्दबाट पितृहरूमा स्वत्वत्यागको प्रतियोगिता हुने हुँदा अर्थात् ग्रहणकारिता हुने हुँदा पितृहरू देवता पनि हुन् ।[८]

---

५. 'पशुयागमा विधि र निषेध दुवै हुँदैनन्' भनी विकल्प ग्रहण गरिएझैं यहाँ पनि विकल्प ग्रहण गर्नुपर्ने हुन्छ ।

६. दर्शपूर्णमासयाग एउटा वैदिक कर्म हो । पूर्णिमामा तीनयागको सम्पादन गरिन्छ – १) आग्नेयपुरोडाशयाग, २) आज्यद्रव्यक उपांशुयाग, ३) अग्निषोमीय एकादशपुरोडाशयाग । यसैगरी अमावास्यामा पनि तीनयाग हुन्छन् – १) आग्नेयपुरोडाशयाग, २) इन्द्रदेवताकदधिद्रव्यकयाग, ३) ऐन्द्रदेवताकद्रव्ययाग । यसरी अमावास्या र पूर्णिमामा गरी ६ याग हुन्छन् । ऐष्टिकपाशुक र सौमिकमध्ये पाशुकयागमा आघाराज्यभाग चाहिँदैन भन्ने यहाँको तात्पर्य हो । यी ६ याग सम्पन्न गर्ने अधिकार सोमयज्ञ गर्ने सोमयाजीलाई मात्र हुन्छ । जसले सोमयाग गरेको छैन त्यसलाई सान्नाय्ययाग गर्ने अधिकार हुँदैन र पूर्णिमामा गरिने अग्निषोमीय पुरोडाशयागमा पनि अधिकार हुँदैन भन्ने कुरा बताउँदै भनिएको छ – **'नासोमयाजी सन्नयेत् अन्यगतं एतस्य वा पयः'** अर्थात् जसले सोमयाग गरेको छैन त्यसले अमावास्यामा आग्नेयपुरोडाश सान्नाय्यको सट्टा ऐन्द्राग्नपुरोडाशयाग गर्नुपर्दछ । यसैगरी पूर्णिमामा पनि अग्निषोमीयलाई छाडी अरू दुईयाग गर्न पाउँछ । यसो हुँदा दर्शपूर्णमास यागको प्राधान्यमा कुनै क्षति हुँदैन । यसै दृष्टान्तका आधारमा श्राद्धमा तीनप्रकारका कर्म हुन्छन् – अग्नौ करण, ब्राह्मणभोजन र पिण्डनिर्वाप । हेमाद्रि भन्दछन् – पिण्ड र ब्राह्मणभोजन प्रधान हुन् । निर्णयसिन्धुकार भन्दछन् – निमित्तभेदले भोजन र पिण्डको निषेधबाट प्राधान्यमा क्षति हुँदैन । जसरी असोमयाजीले दधिपयोयाग नगर्दा दर्शपूर्णमासयागमा कुनै क्षति हुँदैन ।

७. असोमयाजीले दही र दूधद्वारा यज्ञ गर्दा दर्शपूर्णमासमा कुनै क्षति हुँदैन भन्दा निषेध नभएर पर्युदास रहेको छ तर **दीक्षितो न ददाति न जुहोति** यसमा प्रसज्यप्रतिषेध रहेकाले निषेध नै प्रधान छ ।

८. उद्देश्यत्व र प्रतियोगित्व रहेमा मात्र देवता हुन्छन् भन्ने कुरा शास्त्रको आशय हो । जस्तै **'इन्द्राय स्वाहा'** भन्ने वाक्यमा इन्द्रपदमा उद्देश्यत्व रहेको छ भने स्वाहापदमा प्रतियोगित्व रहेको हुन्छ ।

कल्याणमार्गे श्राद्धस्य प्राशस्त्यकथनम्

तत्रैव सुमन्तुः – **श्राद्धात्परतरं नान्यच्छ्रेयस्करमुदाहृतम् ।**

कल्याणमार्गमा श्राद्धको प्रशंसा

कल्याणमार्गमा प्रवृत्त गराउने श्राद्धको प्रशंसा गर्दै सुमन्तु भन्दछन् – श्राद्धबराबर दोस्रो कुनै कल्याणको मार्ग छैन।

श्राद्धाकरणे प्रत्यवायकथनम्

आदित्यपुराणे – **न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः । श्राद्धं न कुरुते तत्र तस्य रक्तं पिबन्ति ते।।**

श्राद्ध नगर्दा दोष

आदित्यपुराणमा भनिएको छ – जुन मानिसले पितृहरू हुँदैनन् र श्राद्ध गर्नु व्यर्थ छ भन्ने कुरा मनमा सोचेर पितृहरूको श्राद्ध गर्दैन त्यस मानिसको रगत त्यसकै पितृले पिउने गर्दछन् ।

श्राद्धभेदकथनम्

तद्भेदानाह विश्वामित्रः –

नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धं सपिण्डनम् । पार्वणं चेति विज्ञेयं गोष्ठ्यां शुद्ध्यर्थमष्टमम् ।।
कर्माङ्गं नवमं प्रोक्तं दैविकं दशमं स्मृतम् । यात्रास्वेकादशं प्रोक्तं पुष्ट्यर्थं द्वादशं स्मृतम् ।। इति ।

एषां लक्षणानि भविष्ये –

अहन्यहनि यच्छ्राद्धं तन्नित्यमिति कीर्तितम् । वैश्वदेवविहीनं तदशक्तावुदकेन तु ।।
एकोद्दिष्टं तु यच्छ्राद्धं तन्नैमित्तिकमुच्यते । तदप्यदैवं कर्तव्यमयुग्मान् भोजयेद् द्विजान् ।।
कामाय विहितं काम्यमभिप्रेतार्थसिद्धये । वृद्धौ यत्क्रियते श्राद्धं वृद्धिश्राद्धं तदुच्यते ।।
गन्धोदकतिलैर्मिश्रं कुर्यात्पात्रचतुष्टयम् । अर्घ्यार्थं पितृपात्रेषु प्रेतपात्रं प्रसेचयेत् ।।
'ये समानाः' इति द्वाभ्यामेतत् ज्ञेयं सपिण्डनम् । नित्येन तुल्यं शेषं स्यादेकोद्दिष्टं स्त्रिया अपि ।।

एतदुभयमेव स्त्रियाः । तेन स्त्रीकर्तृकं स्त्रीसम्प्रदानकं चेत्युभयनियम इति कल्पतरुः ।

अमावास्यां यत्क्रियते तत्पार्वणमिति स्मृतम् । क्रियते पर्वणि यद्वा तत्पार्वणमिति स्थितिः।।

अत्र पर्व – **चतुर्दश्यष्टमी चैव अमावास्या च पूर्णिमा । पर्वाण्येतानि राजेन्द्र रविसंक्रमणं तथा ।।** इति तु विष्णुपुराणोक्तं संक्रान्त्यादि ।

गोष्ठ्यां यत्क्रियते श्राद्धं गोष्ठीश्राद्धं तदुच्यते । बहूनां विदुषां सम्यक् सुखार्थं पितृतृप्तये ।।
क्रियते शुद्धये यत्तु ब्राह्मणानां तु भोजनम् । शुद्ध्यर्थमिति तत्प्रोक्तं वैनतेय ! मनीषिभिः ।।
निषेककाले सोमे च सीमन्तोन्नयने तथा । ज्ञेयं पुंसवने चैव श्राद्धं कर्माङ्गमेव च ।।
देवानुद्दिश्य यच्छ्राद्धं तत्तु दैविकमुच्यते । गच्छन् देशान्तरं यस्तु श्राद्धं कुर्यात्तु सर्पिषा ।।
यात्रार्थमिति तत्प्रोक्तं प्रवेशे च न संशयः । शरीरोपचये श्राद्धमर्थोपचय एव च ।।
पुष्ट्यर्थमेतद्विज्ञेयमौपचायिकमुच्यते ।

गोष्ठ्यां श्राद्धकर्तृसमुदाये सम्भूय सामग्रीसम्पादनेन (श्राद्धमित्यर्थः) युगपत्तीर्थादिप्राप्तौ विदुषां श्राद्धं सम्पदा सुखार्थं भिन्नपाकाशक्तौ बहुपितृकश्राद्धमेकः कुर्यादिति कल्पतरुः शङ्खधरश्च । शुद्धिश्राद्धं प्रायश्चित्ताङ्गमिति मैथिलाः।

अत्र पार्वणैकोद्दिष्टवृद्धिसपिण्डीकरणात्मकं चतुर्विधमेव मुख्यम् । तस्यैवायं प्रपञ्चः ।

श्राद्धका भेद

विश्वामित्र श्राद्धका भेद बताउँदै भन्दछन् – नित्यश्राद्ध, नैमित्तिकश्राद्ध, काम्यश्राद्ध, वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, पार्वणश्राद्ध, गोष्ठीश्राद्ध, शुद्धिश्राद्ध, कर्माङ्गश्राद्ध, दैविकश्राद्ध, यात्राश्राद्ध र पुष्टिश्राद्ध गरी श्राद्ध बाह्र प्रकारका हुन्छन् । **भविष्यपुराणमा** उक्त श्राद्धहरूको लक्षण बताइएको छ ।

नित्यश्राद्ध – दिनदिनै गरिने श्राद्धलाई नित्यश्राद्ध भनिन्छ । यो श्राद्ध वैश्वदेवरहित हुन्छ । असमर्थ व्यक्तिले जलद्वारा भए पनि नित्यश्राद्ध गर्नुपर्दछ ।

नैमित्तिकश्राद्ध – माता–पिता आदि मध्ये कसैको मृत्युतिथिमा गरिने एकोद्दिष्टश्राद्धलाई नैमित्तिकश्राद्ध भनिन्छ । यसमा पनि विश्वेदेवको स्थान रहँदैन र बिजोडा ब्राह्मणलाई भोजन गराउनुपर्ने हुन्छ ।

काम्यश्राद्ध – अभीष्टसिद्धिका लागि गरिने श्राद्धलाई काम्यश्राद्ध भनिन्छ ।

वृद्धिश्राद्ध – अभ्युदय वा वृद्धि हुँदा गरिने श्राद्धलाई वृद्धिश्राद्ध वा आभ्युदयिकश्राद्ध भनिन्छ ।

सपिण्डनश्राद्ध – सपिण्डनश्राद्धमा गन्ध, जल र तिलमिश्रित चारवटा पात्र तयार गर्नुपर्दछ । ती पात्रहरूमा अर्घ्यको निमित्त – **ये समाना समनसः पितरो यमराज्ये । तेषां लोकः स्वधा नमो यज्ञो देवेषु कल्पताम् । ये समानाः समनसो जीवा जीवेषु मामकाः । तेषां श्रीर्मयिकल्पतामस्मिँल्लोके शतं समाः ।।** (य.अ. १९, म. ४५–४६) इत्यादि मन्त्रबाट प्रेतपात्रको जल आदि मिसाउनुपर्दछ । बाँकी कर्म नित्यश्राद्धसमान हुन्छन् । माताका लागि पनि सपिण्डीकरण र एकोद्दिष्टश्राद्ध गरिन्छन् । **कल्पतरुमा** भनिएको छ– 'स्त्रीका निमित्त पनि सपिण्डन र एकोद्दिष्टश्राद्ध गरिनुपर्दछ ।' यो भनाइबाट स्त्रीहरूका निमित्त गरिने श्राद्ध र स्त्रीहरूले गर्ने श्राद्ध भनी दुवै कुरा बुझ्नुपर्दछ ।

पार्वणश्राद्ध – अमावास्यामा गरिने श्राद्धलाई पार्वणश्राद्ध भनिन्छ अथवा महालय एवं पर्वहरूमा गरिने श्राद्धलाई पार्वण भनिन्छ ।

पर्वविचार – **विष्णुपुराणमा** भनिएको छ – चतुर्दशी, अष्टमी, अमावास्या, पूर्णिमा र संक्रान्तिलाई पर्व भनिन्छ।

गोष्ठीश्राद्ध – अनेक विद्वान्हरूले परस्पर मिलेर सुख–सम्पत्ति र पितृहरूको तृप्तिका लागि सामूहिकरूपमा गर्ने श्राद्धलाई गोष्ठीश्राद्ध भनिन्छ ।

शुद्धिश्राद्ध – शुद्धिका निमित्त ब्राह्मणभोजन गराई सम्पन्न गरिने श्राद्धलाई विद्वान्हरूले शुद्धिश्राद्ध भनेका छन्।

कर्माङ्गश्राद्ध– गर्भाधानको समय, सोमयज्ञको आरम्भ, सीमन्तोन्नयन र पुंसवनमा गरिने श्राद्धलाई कर्माङ्गश्राद्ध भनिन्छ ।

दैविकश्राद्ध – देवताहरूको उद्देश्यले गरिने श्राद्धलाई दैविकश्राद्ध भनिन्छ ।

यात्राश्राद्ध – देशान्तरमा जाने बेला घ्यूद्वारा गरिने श्राद्धलाई यात्राश्राद्ध भनिन्छ । यो श्राद्ध यात्रासम्पन्न गरी घर फर्केपछि पनि गरिन्छ ।

पुष्टिश्राद्ध – शरीर र अर्थको वृद्धिका लागि वा पुष्टिका लागि गरिने श्राद्धलाई पुष्टिश्राद्ध भनिन्छ । यसको अर्को नाम औपचायिकश्राद्ध पनि हो ।

धेरै विद्वान्हरूको समूहमा श्राद्ध गर्न चाहने मानिसहरूले मिलेर सामग्री जम्मा गरी श्राद्ध गर्नुपर्दछ । **कल्पतरु र शङ्खधरको** वचन यसप्रकार छ – एकैचोटि तीर्थमा पुगेका मानिसहरूले छुट्टाछुट्टै पाककर्म गर्न नमिल्ने हुँदा श्राद्धको सामग्री जम्मा गरी सबैलाई सुख दिने उद्देश्यले सबैले मिलेर एउटै भान्सा तयार गरी बहुपितृकश्राद्ध गर्नुपर्दछ । **मैथिल** विद्वान्हरूले शुद्धिश्राद्धलाई प्रायश्चित्तको एउटा अङ्ग मानेका छन् । श्राद्धका जति भेदहरू बताइएता पनि पार्वण, एकोद्दिष्ट, आभ्युदयिक र सपिण्डीकरण गरी चारश्राद्ध नै मुख्य हुन् । अरू श्राद्ध त यी चारश्राद्धकै विस्तार हुन् ।

श्राद्धदेशाः

मनुः – **शुचिं देशं विविक्तं तु गोमयेनोपलेपयेत् । दक्षिणाप्रवणं चैव प्रयत्नेनोपपादयेत् ।।**

पृथ्वीचन्द्रोदये विष्णुधर्मे –

दक्षिणाप्रवणे देशे तीर्थादौ तु गृहेऽपि वा । भूसंस्कारादिसंयुक्ते श्राद्धं कुर्यात्प्रयत्नतः ।।

तत्रैव प्रभासखण्डे – **तीर्थादष्टगुणं पुण्यं स्वगृहे ददतः शुभे ।**

भारते – **तस्य देशाः कुरुक्षेत्रं गया गङ्गा सरस्वती । प्रभासं पुष्करं चेति तेषु श्राद्धं महाफलम् ।।**

श्राद्धभूमिविचार

अब श्राद्ध गर्ने भूमिको विषयमा विचार गरिन्छ । **मनु**ले भनेका छन् – कोइला, हाड आदि अशुद्ध पदार्थ नभएको एकान्त र शुद्ध भूमिलाई गोबरले पोत्नु पर्दछ । दक्षिणतर्फ ओरालो पारिएको जमिनमा श्राद्ध गर्नुपर्दछ । प्रकृत्या जमिन त्यस्तो उपलब्ध छैन भने प्रयत्नपूर्वक दक्षिणतर्फ ओरालो हुने गरी श्राद्धभूमि तयार गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदय र **विष्णुधर्म**मा भनिएको छ – दक्षिणदिशातर्फ ओरालो पारिएको ठाउँमा चाहे त्यो तीर्थको ठाउँ होस् अथवा घरको नै ठाउँ होस् भूसंस्कार गरेपछि मार्जनीद्वारा बढार–बुढुर गरी प्रयत्नपूर्वक श्राद्ध गर्नुपर्दछ । **प्रभासखण्ड**मा भनिएको छ – आफ्नो घरमा गरिएको श्राद्ध तीर्थमा गरिने श्राद्धभन्दा आठगुणाअधिक फलदायक हुन्छ ।[१]

महाभारतमा श्राद्धको भूमिबारे विचार गरिन्छ भन्दै उत्तम क्षेत्रहरूको यसरी निरूपण गरिएको छ – कुरुक्षेत्र, गया, गङ्गा, सरस्वती, प्रभास एवं पुष्कर क्षेत्रमा गरिएको श्राद्ध महाफलदायक हुन्छ ।

स्कान्दे – **तुलसीकाननच्छाया यत्र यत्र भवेद् द्विज । तत्र श्राद्धं प्रदातव्यं पितृणां तृप्तिहेतवे ।।**

माधवीये श्राद्धोपक्रमे व्यासः – **महोदधौ प्रयागे च काश्यां च कुरुजाङ्गले ।**

शङ्खः – **गङ्गायमुनयोस्तीरे पयोष्ण्यमरकण्टके । नर्मदाबाहुदातीरे भृगुलिङ्गे हिमालये ।।**

गङ्गाद्वारे प्रयागे च नैमिषे पुष्करे तथा । सन्निहत्यां गयायां च दत्तमक्षय्यतां व्रजेत् ।।

अपि जायेत सोऽस्माकं कुले कश्चिन्नरोत्तमः । गयाशीर्षे वटे श्राद्धं यो नो दद्यात्समाहितः ।।

स्कन्दपुराणको भनाइ यसप्रकार छ – जहाँ तुलसीदलको छाया हुन्छ त्यस ठाउँमा पितृहरूको तृप्तिका लागि श्राद्ध गर्नुपर्दछ । **माधवीय**ले श्राद्धप्रकरणमा उद्धृत गरेको **व्यास**को वचन यसप्रकार छ – समुद्रको तट, काशी र कुरुजाङ्गल अर्थात् कुरुक्षेत्रमा श्राद्ध गर्नुपर्दछ । **शङ्ख**को भनाइ यसप्रकार छ– गङ्गा र यमुनाको तटमा, विन्ध्यपर्वतको दक्षिणमा रहेको पयोष्णी नदीको तटमा, अमरकण्टकमा, नर्मदा र बाहुदा नदीको तीरमा, भृगुलिङ्गमा, हिमालय, हरिद्वार, प्रयाग, नैमिषारण्य,

१.क) **भूसंस्कार** – **मार्जन** – घुरपात बढार्ने काम, **दाह** – सुकेका पात–पतिङ्गर आदि डढाएर जमिनको फोहोर–मैला सफा गर्ने काम, **फाल**– हलाको फालीले जोतेर मित्री दोषनिवारण गर्ने काम, **गोक्रमण** – गाईको खुरद्वारा जमिन कुल्चाउने काम, **सेक** – गहुँत, गोबर, दूध र पानी मिसाएर जमिनमा छर्कने काम, **उल्लेखन** – ताच्छ्ने वा कोदालाले खन्ने काम, **लेप** – गोबर एवं माटोले पोत्ने काम गर्दा भूसंस्कार हुन्छ अर्थात् जमीन शुद्ध हुन्छ । घरमा श्राद्ध गर्दा मार्जन र लिपाइबाट भूशुद्धि हुन्छ । भनिएको छ– भूशुद्धिर्मार्जनाद् दाहात् फालाद् गोक्रमाणात्तथा । सेकादुल्लेखनाल्लेपाद् गृहे मार्जनलेपनात् ।। – **याज्ञवल्क्यस्मृतिः १/१८८ ।**

ख) मृत (छिन्न) तिथिमा गरिने एकोद्दिष्टश्राद्ध, आश्विनकृष्णपक्ष एवं कुनै पनि औंसीमा मर्नेको निमित्त तीनपिण्ड दिएर गरिने एकापार्वणश्राद्ध र आश्विनकृष्णपक्षमा गरिने द्विपार्वण, त्रिपार्वण वा चतुःपार्वणश्राद्ध पितृहरूको एकवर्षसम्मको तृप्तिका लागि पायसपिण्ड दिएर गर्नुपर्छ, यस्तो श्राद्ध घरमा वा शुद्धस्थलमा गर्नुपर्छ । तीर्थश्राद्ध जुन वखत तीर्थमा पुगिन्छ त्यसैबेला जौको पिण्ड दिएर सबै पितृको गर्नुपर्छ। अतः पायसपिण्ड दिएर गरिने श्राद्धचाहिँ तीर्थमा गएर गर्नुभन्दा घरमा गर्नु आठगुणा बढी फल मिल्ने हुन्छ भनिएको छ ।

पुष्कर र गयाको समीपमा श्राद्ध, तर्पण एवं दान गर्दा अक्षयफल प्राप्त हुन्छ ।

पितृहरू भन्दछन् – हाम्रो कुलमा त्यस्तो कुनै श्रेष्ठ पुरुष पैदा होला ? जसले गयाशिर र वटवृक्षको समीपमा गई प्रयत्न र एकाग्रतापूर्वक हाम्रो श्राद्ध गर्नेछ ।[१०]

पुत्राणां मध्ये यद्येकस्यापि पुत्रस्य गयागमनकथनम्

एष्टव्या बहवः पुत्रा यद्येकोऽपि गयां व्रजेत् । यजेत वाश्वमेधेन नीलं वा वृषमुत्सृजेत् ।।

पुत्रहरूमध्ये एउटै पुत्रको पनि गयायात्राबाट पितृतप्ति

सद्गृहस्थले धेरै छोराहरूको कामना गरोस् अथवा धेरै छोराहरू पैदा गरोस् तीमध्ये एउटामात्र भए पनि गया पुगेमा र एउटै मात्र छोराले भए पनि वृषोत्सर्गमा नीलवृष छाडेमा त्यसबाट पितृहरू तृप्त हुन्छन् ।

गयाशिरः कथनम्

आदित्यपुराणे – **पञ्चक्रोशं गयाक्षेत्रं क्रोशमेकं गयाशिरः । महानद्याः पश्चिमेन यावद् गृध्रेश्वरो गिरिः ।।**
उत्तरे ब्रह्मयूपस्य यावद्दक्षिणमानसम् । एतद्गयाशिरो नाम त्रिषु लोकेषु विश्रुतम् ।। इति ।
शूलपाणौ बृहस्पतिः – **गयायां धर्मपृष्ठे च सरसि ब्रह्मणस्तथा । गयाशीर्षेऽक्षयवटे पितॄणां दत्तमक्षयम् ।।**
धर्मारण्यं धर्मपृष्ठं धेनुकारण्यमेव च । दृष्ट्वैतानि पितॄंश्चार्चन् वंशान् विंशतिमुद्धरेत् ।।

गयाशिरको परिचय

गयाक्षेत्रको विस्तार पाँचकोशमा भएको छ । त्यसमध्ये गयाशिर एककोशमा फैलिएको छ । महानदीदेखि पश्चिमतर्फ गृध्रेश्वर पर्वतसम्म र महानदीदेखि उत्तरमा ब्रह्मयूपदेखि दक्षिणमानससम्म फैलिएको स्वर्ग, मर्त्य एवं पातालमा विख्यात गयाशिर रहेको छ । **शूलपाणि** ग्रन्थमा उद्धृत **बृहस्पति**को भनाइ यसप्रकार छ – गया, धर्मपृष्ठ, ब्रह्मकूट, गयाशिर र अक्षयवटमा पितृहरूका निमित्त श्राद्ध गर्नाले अक्षय फल प्राप्त हुन्छ । धर्मारण्य, धर्मपृष्ठ वन र धेनुकारण्यको दर्शन गर्दै पितृहरूको पूजा गर्ने मानिसले आफ्ना बीस पुस्ताको उद्धार गर्दछ ।

गयाशिरसि शमीपत्रप्रमाणेन पिण्डकथनम्

त्रिस्थलीसेतौ वायवीये –
शमीपत्रप्रमाणेन पिण्डं दद्याद्गयाशिरे । उद्धरेत्सप्तगोत्राणि कुलमेकोत्तरं शतम् ।।

---

१०. बृहस्पतिस्मृतिको वचनमा भनिएको छ– कुनै पनि पिताले नरक जान नपरोस् भनी छोराको कामना गर्दछन् । पितृहरू भन्दछन् – हाम्रो कुन छोराले गया गई हामीलाई पिण्ड पानी देला ? हाम्रा लागि वृषोत्सर्ग गरिदेला ? हाम्रा लागि अग्निहोत्र, तपस्या, सत्य–निष्ठा, वेदाध्ययन, अतिथिसेवा र वलिवैश्वदेव गरिदेला ? कुन छोराले अग्निहोत्र सञ्चालन, बाग–बगैंचा, कुवा–तलाउ एवं देवमन्दिरको निर्माण गरिदेला ? कुन छोराले वृद्धावस्थामा हाम्रो हेरचाह गर्ला ? कुन छोराले नित्यश्राद्ध गरी हामीलाई दिनहुँ तृप्त तुल्याउला ? कुन छोराले वृषोत्सर्ग र इष्टापूर्त गरी हाम्रो उद्धार गर्ला ? –
काङ्क्षन्ति पितरः पुत्रान् नरकापातभीरवः । गयां यास्यति यः कश्चिद् योऽस्मान् सन्तारयिष्यति ।।
करिष्यति वृषोत्सर्गमिष्टापूर्तं तथैव च । पालयिष्यति वृद्धत्वे श्राद्धं दास्यति चान्वहम् ।।
– महामहोपाध्याय मित्रमिश्र, सम्पादक पं. पद्मप्रसाद भट्टराई, चौखम्बा संस्कृत सीरीज, बनारस सिटी, वि.सं. १९९१, पृ. १४१।

गयाशिरमा शमीपत्रप्रमाणको पिण्डदान

त्रिस्थलीसेतुमा उद्‌धृत **वायुपुराण**को वचनमा भनिएको छ – जसले गयाशिरमा गई शमीपत्रप्रमाणको पिण्ड प्रदान गर्दछ त्यसका ७ गोत्र र १०१ कुलको उद्धार हुन्छ ।[११]

सप्त गोत्राणि

सप्त गोत्राणि तु –

पिता माता च भार्या च भगिनी दुहिता तथा । पितृमातृष्वसा चैव सप्त गोत्राणि वै विदुः ।। इति।

एषां गोत्राणामेकोत्तरशतं कुलं पुरुषा इत्यर्थः । ते चोक्तास्तत्रैव –

तत्त्वानि विंशति नृपा द्वादशैकादश दश । अष्टाविति च गोत्राणां कुलमेकोत्तरशतम् ।।

तत्त्वानि – चतुर्विंशतिः । ये च द्वादश पूर्वा द्वादश पराः । एवमग्रेऽपि ।

प्रयोगपारिजाते पाद्मे –

शालग्राममयी मुद्रा संस्थिता यत्र कुत्रचित् । वाराणस्यां यवाधिक्यं समन्ताद्योजनत्रयम् ।।

तथा – **यत्किञ्चित्पैतृकं कुर्यात् सपिण्डं वा तदन्तिके । विष्णुलोकं स गच्छेत्तु लभते शाश्वतं पदम्।।**

तत्रैव वाराहे – **म्लेच्छदेशे शुचौ वापि चक्राङ्को यत्र तिष्ठति । योजनानां तथा त्रीणि ममक्षेत्रं वसुन्धरे।।**

चक्राङ्कस्य तु सान्निध्ये यत्कर्म क्रियते नरैः । स्नानं दानं तपः श्राद्धं सर्वमक्षयतां व्रजेत् ।।

सात प्रकारका बन्धु

पिता, माता, पत्नी, दिदी–बहिनी, छोरी, पितृष्वसा र मातृष्वसा यी सातबन्धु हुन् । उक्त सातगोत्रका १०१ पुरुषहरूलाई कुल भनिन्छ । त्यहीं नै भनिएको छ – पिताको आफूभन्दा माथि र तल १२–१२ पुस्ता, माताका २० पुस्ता, पत्नीका १६ पुस्ता, दिदी–बहिनीका १२ पुस्ता, छोरीका ११ पुस्ता, पितृष्वसाका १० पुस्ता र मातृष्वसाका ८ पुस्ता गरी १०१ कुल हुन्छन् र यसैगरी अरू पनि जान्नुपर्दछ ।

प्रयोगपारिजातमा उद्‌धृत **पद्मपुराण**को वचन यसप्रकार छ – वाराणसीमा जहाँसुकै जौको दानाभन्दा केही ठूलो आकारको शालग्रामको मुद्रा चारैतर्फबाट योग गर्दा तीनयोजनभित्र कहीँ रहेकोछ । शालग्राममुद्राको समीपमा जसले पितृहरूका निमित्त यत्किञ्चित् श्राद्ध आदि कार्य गर्दछ त्यसले विष्णुलोकमा गई नित्य एवं अविनाशी पद प्राप्त गर्दछ ।

वराहपुराणमा वराह भगवान्‌ले पृथ्वीलाई सम्बोधन गर्दै भन्नुभएको छ – म्लेच्छदेश होस् अथवा पवित्रदेश जहाँ शालग्राममुद्रा रहेको हुन्छ त्यसको तीनयोजनसम्म फैलिएको भूभाग मेरो क्षेत्र हो ।

शालग्रामको समीपमा मानिसहरूले स्नान, दान, तपस्या, श्राद्ध आदि जुन कर्म गर्दछन् ती सबै अक्षय हुन्छन् ।

---

११. **पिता माता च भार्या च भगिनी दुहिता तथा । पितृमातृस्वसा चैव सप्त गोत्राणि वै विदुः ।।**
एषां गोत्राणां पुरुषाः क्रमेण चतुर्विंशतिर्विंशतिषोडशद्वादशैकादशदशाष्टावित्येकोत्तरशतसङ्ख्याया तेषामुद्धार इत्यर्थः ।
– आमा, बाबु, पत्नी, दिदी–बहिनी, छोरी, फुपू र सानीआमा–ठूलीआमा यी सातगोत्र कहलाउँछन् । उक्त गोत्रहरूको क्रमानुसार पिताका १२ पूर्ववर्ती र १२ उत्तरवर्ती गरी २४ कुल, माताका २० कुल, पत्नीका १६ कुल, दिदी–बहिनीका १२ कुल, छोरीका ११ कुल, फुपूका १० कुल र ठूलीआमा–सानीआमातर्फका ८ कुल गरी जम्मा १०१ कुलका लागि गयाशिरमा गई पिण्डदान गर्दा ती सबैको उद्धार हुन्छ। – काशीनाथ उपाध्याय, धर्मसिन्धु, तृतीय परिच्छेद, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, पुनर्मुद्रित संस्करण ई. २००९ ।

निषिद्धदेशाः

अथ निषिद्धदेशाः । पृथ्वीचन्द्रोदये स्कान्दे –

त्रिशङ्कोर्वर्जयेद्देशं सर्वं द्वादशयोजनम् । उत्तरेण महानद्या दक्षिणेन तु कीकटात् ।।

देशस्त्रैशङ्कवो नाम श्राद्धकर्मणि वर्जितः।। वायवीये– **प्रणष्टाश्रमधर्माश्च देशा वर्ज्याः प्रयत्नतः।**

यमः – **रुक्षं कृमिहतं क्लिन्नं सङ्कीर्णानिष्टगन्धिकम् । देशं त्वनिष्टशब्दञ्च वर्जयेच्छ्राद्धकर्मणि ।।**

श्राद्धका लागि निषिद्ध देश

अब श्राद्धका निमित्त निषिद्ध गरिएका देश वा ठाउँबारे विचार गरिन्छ । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – १२ योजन परिमाणको त्रिशंकुको देश श्राद्ध गर्नका लागि निषिद्ध छ । महानदीदेखि उत्तर र कीकटदेखि दक्षिणको १२ योजन परिमाणको भूभागलाई त्रिशङ्कुक्षेत्र भनिन्छ । यो भूभाग श्राद्धकर्ममा वर्जित छ ।[१२]

वायुपुराणमा भनिएको छ – जुन देशमा वर्णाश्रम धर्म नष्ट भएको छ त्यस देशमा श्राद्ध गर्नुहुँदैन । त्यस्तो देशको त्याग गर्नुपर्दछ । **यम**ले भनेका छन् – रुख्खा–सुख्खा जमिन भएको, नानाथरिका कीट–पतंगले ढाकिएको, हिलोले भरिएको, अनेकथरिका जीवजन्तुले व्याप्त, दुर्गन्धले पूर्ण र दुःखदायक आवाजले भरिएको ठाउँ वा देशमा श्राद्ध गर्न हुँदैन ।

तत्रैव शङ्खः – **गोगजाश्वादिजुष्टेषु कृत्रिमायां तथा भुवि । न कुर्याच्छ्राद्धमेतेषु पारक्यासु च भूमिषु।।**

यमः – **परकीयप्रदेशेषु पितृणां निर्वपेत्तु यः । तद्भूमिस्वामिपितृभिः श्राद्धकर्म विहन्यते ।।**

ब्राह्मभारतयोरपि –

परकीयगृहे यस्तु स्वान् पितृंस्तर्पयेद्यदि । तद्भूमिस्वामिनस्तस्य हरन्ति पितरो बलात् ।।

अग्रभागं ततस्तेभ्यो दद्यान्मूल्यं च जीवितम् ।। श्राद्धार्हाणामग्रभागं श्राद्धं तदनर्हाणां शूद्राणां तु मूल्यमिति केचित् । षोडशीपिण्डेऽबान्धवानामपि पिण्डोक्तेः । **येऽबान्धवा बान्धवा वा** इत्यादि तर्पणबाधापत्तेश्च नामगोत्रपूर्वं श्राद्धनिषेधो नान्यत्रेति गौडाः । विप्रासुतस्य शूद्रापुत्रश्राद्धनिषेधो नान्यत्र । अग्रदानं चान्नत्यागात्पूर्वं कार्यमिति मैथिलाः, तन्न, अग्रभागस्य श्राद्धपरत्वे मानाभावात् । इदं च स्वाम्यनुज्ञाऽभावे ।

शङ्ख भन्दछन् – गाई, घोडा, हात्ती आदिले भरिएको जमिन, कृत्रिम जमिन र अरूको स्वामित्व रहेको जमिनमा श्राद्ध गर्नु हुँदैन । **यम** भन्दछन् – 'जसले अरूको जमिनमा श्राद्ध गर्दछ त्यसले गरेको श्राद्धलाई त्यस भूमिको स्वामीका पितृहरूले नष्ट गरिदिन्छन् ।' यसबारे **ब्रह्मपुराण** र **महाभारत**को वचन यसप्रकार छ – यदि कसैले अरूको घरमा आफ्ना पितृहरूलाई तृप्ति प्रदान गर्न श्राद्धादि कर्म गर्दछ भने त्यो कर्म त्यस घरको स्वामीका पितृहरूले हठपूर्वक हरण गर्दछन्। तसर्थ श्राद्धकर्ताले गृहस्वामीका पितृहरूका लागि जीवनरूप मूल्य चुकाउनुपर्दछ । यसबारे केही भन्दछन् – घरस्वामीका श्राद्धयोग्य पितृहरूका लागि अग्रभागका रूपमा श्राद्ध गर्नुपर्दछ । जो श्राद्धका अयोग्य शूद्र आदि छन् तिनका निमित्त मूल्य तिर्नुपर्दछ । **षोडशीपिण्ड**मा अबान्धवका लागि पनि पिण्ड दिनुपर्दछ भन्ने कुरा बताउँदै भनिएको छ – श्राद्धका लागि अयोग्य ठानिएका भूस्वामी पितृहरूका निमित्त मूल्य तिर्नुपर्छ भन्ने हो भने **ये बान्धवा बान्धवा॰** इत्यादि पद्यको नियमअनुसार तर्पण दिन बाधा हुनेछ । यसैलाई लिएर **गौडहरू** भन्दछन् – नामगोत्रपूर्वक श्राद्ध गर्नु निषिद्ध छ तर

१२. कीकटदेश निषिद्ध भएतापनि कीकटदेशअन्तर्गत पर्ने गया र पुनपुना भने पवित्र मानिएका छन् ।

सामूहिकरूपमा नामगोत्र नलिईकन श्राद्ध गर्दा कुनै दोष लाग्दैन । ब्राह्मणीपुत्रले शूद्रापुत्रको श्राद्ध गर्न हुँदैन ।

अरूका घरमा श्राद्ध गरिएका कारण दिइने अग्रभाग अन्नदानभन्दा पहिले दिनुपर्छ भनी **मैथिलहरू** भन्दछन् । तर हाम्रो विचारमा त्यसो गर्नुहुँदैन । अग्रभाग श्राद्धको अङ्ग हो भन्ने कुरामा कुनै प्रमाण छैन । श्राद्धको अङ्ग नभएपछि श्राद्धको बीचमा अग्रभाग दिन मिल्दैन। अग्रभाग नदिईकन अन्नदान गर्न हुँदैन भन्ने निषेध वचन पनि शास्त्रमा पाइँदैन । अन्नदानभन्दा पहिले अग्रभाग दिँदा त्यो अग्रभाग श्राद्धको अङ्ग नभएका कारण व्यवधान हुने आपत्ति हुन्छ । अग्रभागलाई अङ्ग नै मान्ने ठोस प्रमाण पाइँदैन । गृहस्वामीले आज्ञा नदिएको अवस्थामा मात्र ती समस्या देखिन्छन् । गृहस्वामीको आज्ञाले श्राद्ध गरेमा खण्डित हुने समस्या आउँदैन ।

तदुक्तं तत्रैव ब्राह्मे- **स्वनुलिप्तेषु गेहेषु स्वेष्वनुज्ञापितेषु च । श्राद्धमेतेषु दातव्यं वर्ज्यमेतेषु नोच्यते।।**
किरातेषु कलिङ्गेषु कौङ्कणेषु खशेष्वपि च । सिन्धोरुत्तरकूलेषु नर्मदायाश्च दक्षिणे ।।
पूर्वेण करतोयाया न देयं श्राद्धमुच्यते ।। इदं काम्यविषयम् । अन्यथा तत्रत्यानां सर्वश्राद्धाकरणापत्तेः।
नर्मदादक्षिणेऽपवादः स्कान्दे –
सह्यस्य चोद्भवो यत्र यत्र गोदावरी नदी । पृथिव्यामपि कृत्स्नायां स प्रदेशोऽतिपावनः ।।

ब्रह्मपुराणको वचन छ – राम्ररी पोतेर चोख्याइएका आफ्ना घर र आज्ञाप्राप्त गरी श्राद्ध गर्न लागिएका अरूका घरमा पनि श्राद्ध गर्नुपर्दछ । यसमा कुनै कुरा वर्जित हुँदैन । किरातदेश, कलिङ्ग, कोङ्कण, खसदेश, सिन्धुनदीको उत्तरी किनारा, नर्मदानदीको दक्षिणी किनारा र करतोयानदीको पूर्वी किनारामा श्राद्ध गर्न हुँदैन भनिएको छ । तर यो भनाइ काम्यश्राद्धको निषेधमा आधारित छ । अन्यथा त्यहाँका बासिन्दाहरूले सबै किसिमका श्राद्ध गर्न नपाउने कुरा आइलाग्नेछ। यस्तो निषेध हुँदाहुँदै पनि **स्कन्दपुराण**मा अपवाद उपस्थापित गर्दै भनिएको छ– जहाँ सह्याचलको उद्भव भएको छ र जहाँ गोदावरीनदी बगेकी छन् त्यो नर्मदाको दक्षिणीभेग सम्पूर्ण पृथ्वीमा अतिपावन मानिएको छ ।

परकीयत्वापवादकथनम्

परकीयत्वापवाद आदित्यपुराणे –
अटवीपर्वताः पुण्या नदीतीराणि यानि च । सर्वाण्यस्वामिकान्याहुर्नहि तेषु परिग्रहः ।।
वनानि गिरयो नद्यस्तीर्थान्यायतनानि च । देवखाताश्च गर्ताश्च न स्वाम्यं तेषु विद्यते ।।

'पराइको भूमि' भन्ने भनाइ नआउने ठाउँहरू

आदित्यपुराणमा स्थलविशेषमा परकीयत्वदोष नलाग्ने अपवादवचन उपस्थापित गर्दै भनिएको छ – वन, पर्वत र नदीका तीरवर्ती भूभागमा कोही पनि भूस्वामी हुँदैन । त्यसकारण त्यहाँ श्राद्ध गर्दा कसैलाई अग्रभाग वा मूल्य दिनुपर्दैन। वन, पर्वत, नदी, तीर्थ, देवमन्दिर वा यज्ञभूमि, प्राकृतिक वा देवतासम्बन्धी पोखरी वा जलाशय अथवा कसैको मतमा [१३]देवमन्दिरनजिकै रहेको जलाशय र कुवा आदिको कोही पनि स्वामी हुँदैन ।

---

१३. **अखातं देवखातकम् । देवेन खातमित्यर्थः** अर्थात् देवखात भनेको मानवनिर्मित जलाशय होइन, प्राकृतिकरूपमा निर्मित जलाशय वा कुनै देवताविशेषले खनेर तयार गरेको जलाशय भन्ने अर्थ हो ।

अथ श्रुति-स्मृतिविहितकर्मविचारः

स्मृतिसारे – **नैकवासा न च द्वीपे नान्तरिक्षे कदाचन । श्रुतिस्मृत्युदितं कर्म न कुर्यादशुचिः क्वचित् ।।**

श्रुति-स्मृतिविहित कर्मविचार

स्मृतिसारमा भनिएको छ – कुनै पनि मानिसले **श्रुति** र **स्मृति**ले विधान गरेका कर्म एउटामात्र वस्त्र धारण गरी कुनै द्वीपमा अर्थात् चारैतिर पानी र बीचमा थुम्को परेको ठाउँ र अन्तरिक्षमा गर्न हुँदैन र कर्ताले आफू अशुद्ध अवस्थामा रहँदा पनि कुनै कर्म गर्नु हुँदैन ।

म्लेच्छदेशादौ श्राद्धविचारः

दिवोदासीये – **म्लेच्छदेशे तथा रात्रौ सन्ध्यायां विप्रवर्जिते । न श्राद्धमाचरेद्विद्वान्न चाकाशे कथञ्चन।।**

म्लेच्छ आदि देशमा श्राद्धविचार

दिवोदासीयमा भनिएको छ – म्लेच्छदेशमा अर्थात् वर्णाश्रमधर्म नभएको देशमा, रात्रिको समयमा, ब्राह्मण नभएको देशमा र आकाशमा विद्वान् मानिसले श्राद्धको आरम्भ गर्नुहुँदैन ।

श्राद्धकालः

अथ श्राद्धकालाः – ते च संक्रान्तियुगादिमहालयादयः प्रायेण पूर्वपरिच्छेदद्वये उक्ता एव केचित्तूच्यन्ते । पृथ्वीचन्द्रोदये वृद्धपराशरः – **श्राद्धं वृद्धावचन्द्रेभच्छायाग्रहणसंक्रमे । नवोदके नवान्ने च नवच्छत्रे तथा गृहे ।।**

नवैक्षवेषु चेहन्ते पितरो हि मघास्वपि । पितरः स्पृहयन्त्यन्नमष्टकासु मघासु च ।।

इति शातातपपाठः । **नवोदके** – नवकूपादाविति केचित् । **वर्षोपक्रमे** – आर्द्राप्रवेशे इति गौडाः ।

श्राद्धकालविचार

अहिले श्राद्धकालको विषयमा विचार गरिँदैछ । श्राद्धकालका सम्बन्धमा यसै **निर्णयसिन्धु**का प्रथम, द्वितीयपरिच्छेदमा संक्रान्ति, युगादि, महालय आदि बारे विस्तृत विचार गरिएको छ । फेरि पनि केही बताइन्छ । **पृथ्वीचन्द्रोदय**मा **वृद्धपाराशर** भन्दछन् – 'घरमा वृद्धि हुँदा, अमावास्यातिथिमा, गजच्छायायोगमा, ग्रहणमा, संक्रान्तिमा, नयाँ वृष्टिको आरम्भमा अथवा नयाँ कुवा, तलाउ आदि निर्माण गर्दा, नयाँ अन्न भित्र्याउँदा, नवान्नप्राशनमा, नयाँ बनाएको घरमा, नयाँ ऊखु भित्र्याउँदा, अष्टका र मघानक्षत्रमा पितृहरूले आफ्ना सन्तानबाट श्राद्धका अन्नको चाहना गर्छन् । यो **शातातप**को भनाइ हो ।' माथि मूलमा प्रयुक्त **नवोदक**शब्दको नयाँ कुवा, इनार आदि बनाउँदा भन्ने अर्थ कसैले गरेका छन् र **वर्षोपक्रमे** भन्ने शब्दको अर्थ **गौड**हरूको भनाइअनुसार आर्द्राप्रवेशकाल हो ।

नवान्नश्राद्धे विशेषकथनम्

नवान्नश्राद्धे विशेषो ज्योतिषे –

ज्येष्ठाशेषार्द्धगे सूर्ये मृगनेत्रानिशात्मके । नवान्नैर्भोजनश्राद्धं जन्मचन्द्रतिथौ न च ।।

आश्लेषाकृत्तिकाज्येष्ठामूलाजपदगेषु च । भृगुभौमदिने रिक्तातिथौ नाद्यान्नवौदनम् ।।

तत्रैव – **वृश्चिके शुक्लपक्षे तु नवान्नं शस्यते बुधैः** । अतः कृष्णपक्षे नेति गौडाः । मैथिलास्तु- **'अकृताग्रयणं चैव धान्यजातं नरोत्तम'** इति वाराहोक्तेः प्रतिधान्यं श्राद्धमाहुः । तत्र, जातपदस्य श्राद्धयोग्यसमूहपरत्वात्।

नवान्नश्राद्धमा विशेष

ज्योतिषमा नवान्नश्राद्धबारे विशेष कुरा राख्दै भनिएको छ – सूर्य ज्येष्ठानक्षत्रको उत्तरार्द्धमा गएका बेला रात्रिका घडीहरू बढ्दै गएको प्रसङ्गमा नयाँ अन्नद्वारा सङ्कल्पश्राद्ध गर्न हुँदैन । जन्मतिथि र जन्मनक्षत्रमा श्राद्ध गर्न हुँदैन । यसैगरी अश्लेषा, कृत्तिका, ज्येष्ठा, मूल, पूर्वाभाद्रपदनक्षत्र, गुरु–मङ्गलवार र रिक्तातिथि अर्थात् चतुर्थी, नवमी एवं चतुर्दशीतिथिमा सङ्कल्पश्राद्ध गर्न हुँदैन ।

ज्योतिषमा भनिएको छ – मार्गशीर्षको शुक्लपक्षमा नवान्नभोजन गर्नुलाई विद्वान्हरूले प्रशंसा गरेका छन्। त्यसकारण मार्गशीर्षको कृष्णपक्षमा नवान्नभोजन गर्नु हुँदैन । **मैथिलहरू** भने यसबारे छुट्टै मत राख्दछन् । उनीहरूको भनाइअनुसार आग्रयण नगरीकन कुनै पनि धान्यबाट उत्पन्न पदार्थ खान हुँदैन भन्ने **वराहको** वचन भएकाले 'प्रत्येक धान्यबाट श्राद्ध गर्नुपर्दछ । त्यसकारण मार्गशीर्ष कृष्णपक्षमा भित्र्याइने धान्यबाट पनि कृष्णपक्षमा श्राद्ध गर्नुपर्ने देखिन्छ।' तर ग्रन्थकार भन्दछन् – **मैथिलहरूको** भनाइ उचित छैन, **धान्यजातशब्दको** अर्थ प्रत्येक धान्यको भन्ने अर्थ होइन, अपितु श्राद्धयोग्य धान्यसमूह भन्ने नै हो ।

शङ्ख-पद्मलक्षणादिकथनम्

हेमाद्रौ जातूकर्ण्यः – **ग्रहोपरागे च सुते च जाते पित्र्ये गयायामयनद्वये च ।**
नित्यञ्च शङ्खे च तथैव पद्मे दत्तं भवेन्निष्कसहस्रतुल्यम् ।।
शङ्खं प्राहुरमावास्यां क्षीणचन्द्रां द्विजोत्तमाः । अष्टकासु भवेत्पद्मं तत्र दत्तं तथाऽक्षयम् ।।

शङ्ख एवं पद्मको लक्षणनिरूपण

हेमाद्रिमा जातूकर्ण्य भन्दछन् – ग्रहण, पुत्रजन्म, गयामा गरिने पितृश्राद्ध, पुण्यकर्म र मकरसंक्रान्तिमा, **शङ्ख** अर्थात् क्षीणचन्द्रमा भएको अमावास्यामा र **पद्म** अर्थात् अष्टकामा गरिने श्राद्धमा दिइएको दानले एकहजार निष्क बराबर अर्थात् चारतोला सुनको एकनिष्क हुने हुँदा चारहजार तोला सुनबराबर फल प्रदान गर्दछ । उत्तम विद्वान्हरूले क्षीण चन्द्रमा भएको अमावास्यालाई शङ्ख भन्ने नामकरण गरेका छन् र अष्टकातिथिहरूलाई पद्म भनेका छन् । शङ्ख अर्थात् अमावास्या र पद्म अर्थात् अष्टकामा प्रदान गरिने दानले अक्षय फल प्रदान गर्दछ ।

तत्रैव शङ्खः – **यदा विष्टिर्व्यतीपातो भानुवारस्तथैव च । पद्मकं नाम तत्प्रोक्तमयनाच्च चतुर्गुणम्।।**
याज्ञवल्क्यः – **अमावास्याऽष्टका वृद्धिः कृष्णपक्षोऽयनद्वयम् । द्रव्यं ब्राह्मणसम्पत्तिर्विषुवत्सूर्यसंक्रमः।।**
व्यतीपातो गजच्छाया ग्रहणं चन्द्रसूर्ययोः । श्राद्धं प्रति रुचिश्चैते श्राद्धकालाः प्रकीर्तिताः ।।

कृष्णपक्षः सर्वोऽपि । **शाकेनाप्यपरपक्षं नातिक्रमेत मासि मासि वाऽशनम्** इति स्मृतेः । **ऊर्ध्वं वा चतुर्थ्या यदहः सम्पद्यते ऋते चतुर्दशीम्** इति कात्यायनोक्तेः, **मासि मासि कार्यमपरपक्षस्यापराह्णः श्रेयान्** इत्यापस्तम्बोक्तेश्च वीप्सया सर्वं कृष्णपक्षेषु नित्यम् । तेनोपसंहारान्महालयपरत्वं परास्तम् । अत्र प्रत्यहम्, पञ्चम्यादि, यदहः सम्पत्तिर्वा इति त्रयः पक्षाः । यदैकदिने श्राद्धं तदा दार्शं पृथगेव, याज्ञवल्क्येनामावास्यायाः पृथङ्निर्देशात् ।

एतेन कृष्णपक्षे **यदहः सम्पद्यते अमावास्यायां तु विशेषेण** इति निगमोक्तेर्गुणोऽपरपक्षश्राद्धस्यामावास्येति शूलपाणिमतमपास्तम् । **अशक्तौ दर्शेनापि मासिकश्राद्धसिद्धिः** इति नारायणवृत्तिः । निरग्निकानां कस्मिँश्चिद्दिने आहिताग्नेस्तु दर्शे एव **न दर्शेन विना श्राद्धमाहिताग्नेर्द्विजन्मनः**' इति मनूक्तेः ।

शङ्खको भनाइ छ – विष्टि, व्यतीपात र रविवारको योग भएको समयलाई पद्मक भनिन्छ । यसमा गरिने पुण्यको फल अयनारम्भमा गरिने कर्मको फलभन्दा चारगुणा बढी हुन्छ । **याज्ञवल्क्य** भन्दछन् – अमावास्या, अष्टका अर्थात् हेमन्त र शिशिर ऋतुका कृष्णपक्षका चारअष्टमी, वृद्धि अर्थात् पुत्रजन्म आदि अवसर, कृष्णपक्ष, दक्षिणायन र उत्तरायण अर्थात् कर्क एवं मकरसंक्रान्ति, कृशर, माष आदि द्रव्यको प्राप्ति, ब्राह्मणसम्पत्ति, मेष र तुलासंक्रान्ति, सूर्यको एकराशिबाट अर्को राशिमा संक्रमणकाल, व्यतीपात, गजच्छाया, सूर्य–चन्द्र ग्रहण र श्राद्ध गर्ने इच्छाको उदय यी सबै काललाई श्राद्धकाल मान्नुपर्दछ । सम्पूर्ण कृष्णपक्ष पनि श्राद्धकाल हो । **स्मृति**मा भनिएको छ – सागपात अर्पण गरेर भए पनि कृष्णपक्षमा श्राद्ध गर्नुपर्दछ । असल पुत्रले कृष्णपक्षको उल्लङ्घन गर्नु हुँदैन ।

कात्यायनले भनेका छन् – 'चतुर्थीभन्दा पछि चतुर्दशी छाडी कृष्णपक्षको जुनसुकै तिथिमा पनि श्राद्ध गर्न सकिन्छ'। **आपस्तम्ब**को भनाइ छ – 'प्रत्येक महिनामा श्राद्ध गर्नुपर्दछ । त्यसमा पनि कृष्णपक्षको अपराह्नमा श्राद्ध गर्नु कल्याणदायक हुन्छ ।' यस प्रसङ्गको मूलमा प्रत्येक महिनाको अर्थ **मासि मासि** भनी दोहोर्‍याइएकाले सम्पूर्ण पक्षमा श्राद्ध गर्नुपर्ने नित्य विधेयता प्राप्त हुन्छ । यो भनाइबाट 'महालयपक्षमा मात्र श्राद्ध गर्नुपर्दछ' भन्ने कसैको भनाइ खण्डित हुन्छ । कृष्णपक्षमा श्राद्ध गर्दा दिनदिनै गर्नु, पञ्चमीदेखि गर्नु, अथवा त्यस पक्षको जुन दिन श्राद्धका लागि सामग्री वा ब्राह्मणसम्पत्ति प्राप्त हुन्छ त्यस दिन गर्नु भनी तीनमत रहेका छन् । यदि कृष्णपक्षमा कुनै एकदिनमात्र गर्ने हो भने अमावास्याबाहेक कुनै तिथिमा गर्नुपर्दछ । किनकि **याज्ञवल्क्य**ले प्रत्येक अमावास्यामा छुट्टै श्राद्ध गर्नुपर्ने कुरा बताएका छन् । कृष्णपक्षमा जुन दिन प्राप्त हुन्छ त्यो दिन श्राद्ध गर्नुपर्दछ । विशेष गरेर गौण अपरपक्षको अमावास्याका दिन श्राद्ध गर्नुपर्दछ भन्ने **शूलपाणि**को मत **याज्ञवल्क्य**को मतबाट परास्त हुन्छ । कृष्णपक्षको कुनै एकदिन श्राद्ध गर्न नसकेको खण्डमा **याज्ञवल्क्य**को निर्देशअनुसार अमावास्यामा नित्य गरिने श्राद्धबाट पनि मासिकश्राद्धको सिद्धि हुन्छ भन्ने कुरा **नारायणवृत्ति**मा भनिएको छ । अग्निहोत्र नलिनेहरूले जुनसुकै दिन पनि श्राद्ध गर्न हुन्छ तर अग्निहोत्रीले त अमावास्याबाहेक अरू दिनमा श्राद्ध गर्नु हुँदैन । **मनु**ले यस विषयमा भनेका छन् – विना अमावास्या अग्निहोत्रीले श्राद्ध गर्नु हुँदैन ।

सर्वकृष्णपक्षाशक्तौ विचारः

सर्वकृष्णपक्षाशक्तौ मात्स्ये–

अनेन विधिना श्राद्धं त्रिरब्दस्येह निर्वपेत् । कन्याकुम्भवृषस्थेऽर्के कृष्णपक्षे च सर्वदा ।।

कर्कोऽपि – **आहिताग्नेः संवत्सरे त्रिः श्राद्धनियमः** इति ।

देवलः – **अनेन विधिना श्राद्धं कुर्यात्संवत्सरं सकृत् । द्विश्चतुर्वा यथा श्राद्धं मासे मासे दिने दिने।।**

कृष्णपक्षेष्वपि महालयस्य श्रेष्ठत्वम् । तच्चोक्तं प्राक् ।

सबै कृष्णपक्षमा श्राद्ध गर्न नसकिएमा विचार

सबै कृष्णपक्षमा श्राद्ध गर्न नसकिएमा उपाय बताउँदै **मत्स्यपुराण**मा भनिएको छ – प्रत्येक महिनाको कृष्णपक्षको कुनै एकदिनमा गरिने श्राद्धको विधिअनुसार वर्षमा तीनपटक कृष्णपक्षमा श्राद्ध गर्नुपर्दछ । ती तीनदिन यसप्रकार छन्– सूर्य कन्याराशि, कुम्भराशि र वृषराशिमा जाँदा कृष्णपक्षमा सधैं श्राद्ध गर्नुपर्दछ । **कर्क**ले भनेका छन् – अग्निहोत्रीले

वर्षमा तीनपटक श्राद्ध गर्ने विधान छ । देवल भन्दछन् – उक्त विधिबाट वर्षमा एकपटक, दुईपटक, चारपटक, प्रतिमास अथवा प्रतिदिन श्राद्ध गर्नुपर्दछ । यो यथाशक्तिको कुरा हो । कृष्णपक्षमा पनि महालयको कृष्णपक्ष अति उत्तम हुन्छ । यसको महत्त्व बताइसकिएको छ ।

व्यतीपाते विशेषमाह

व्यतीपाते विशेषमाह हेमाद्रौ शङ्खः –

फलं लक्षं समुत्पत्तौ भ्रमणे कोटिरुच्यते । पतने शतकोट्यस्तु पाते वै दत्तमक्षयम् ।।

ज्योतिःशास्त्रे – **द्वाविंशतिस्तथोत्पत्तौ भ्रमणे चैकविंशतिः । पतने दश नाड्यस्तु पतिते सप्त नाडिकाः।।**

अन्त्यौ च द्वौ व्यतीपातौ प्रागुक्तौ ।

व्यतीपातमा श्राद्ध गर्दा विशेष फलप्राप्ति

हेमाद्रिमा शङ्खले व्यतीपातयोग परेको बेला प्रकट हुने विशेषतालाई बताउँदै भनेका छन् – व्यतीपातयोगमा मध्यमानबाट ६० घडीको समय हुन्छ । व्यतीपातका चारभाग लगाउँदा १५ घडी उत्पत्ति, १५ घडी भ्रमण, १५ घडी पतन र १५ घडी पात गरी ६० घडी पूरा हुन्छन् । उत्पत्तिमा श्राद्ध गर्दा लाख गुणा, भ्रमणमा श्राद्ध गर्दा कोटिगुणा, पतनमा श्राद्ध गर्दा १०० कोटिगुणा र पातमा श्राद्ध गर्दा अक्षय फल प्राप्त हुन्छ । ज्योतिषशास्त्रमा भनिएको छ – उत्पत्तिमा २२, भ्रमणमा २१, पतनमा १० र पातमा ७ घडी हुन्छन् । अन्त्यका दुईव्यतीपात अर्थात् पतन र पातको महत्त्व बताइसकिएको छ ।

श्रोत्रियपुरुषागमे श्राद्धम्

हेमाद्रौ मार्कण्डेयः –

यदा च श्रोत्रियोऽभ्येति गृहं वेदविदग्निचित् । तेनैकेनापि कर्तव्यं श्राद्धञ्च विधिवच्छुभम् ।।

इदं चापिण्डं कार्यमिति हेमाद्रिः । एतज्जीवत्पितृकोऽपि कुर्यात् –

उद्वाहे पुत्रजनने पित्र्येष्ट्यां सौमिके मखे । तीर्थे ब्राह्मण आयाते षडेते जीवतः पितुः ।।

इति मैत्रायणीयपरिशिष्टोक्तेः ।

श्रोत्रिय पुरुषको आगमनमा श्राद्ध

हेमाद्रिमा उद्धृत मार्कण्डेयको वचन यसप्रकार छ – जुन बेला वेदका ज्ञाता अग्निहोत्री विद्वान् घरमा आउँछन् त्यसबेला ती एउटैको उपस्थितिमा पनि श्राद्ध गर्नुपर्दछ । हेमाद्रिको मतअनुसार यस्तो श्राद्ध पिण्डरहित हुन्छ । यस्तो श्राद्ध पिता जीवित रहेका गृहस्थले पनि गर्नुपर्दछ । विवाह, पुत्रोत्पत्ति, पित्र्य इष्टि, सोमयाग, तीर्थ र ब्राह्मणको आगमन यी छ अवस्थामा पिता ज्यूँदै भएका मानिसले पनि श्राद्ध गर्नुपर्दछ ।

तिथिविशेषे फलविशेषः

तिथिविशेषे फलविशेषो याज्ञवल्क्येनोक्तः –

कन्यां कन्यावेदिनश्च पशून् वै सत्सुतानपि । द्यूतं कृषिञ्च वाणिज्यं द्विशफैकशफाँस्तथा ।।

ब्रह्मवर्चस्विनः पुत्रान् स्वर्णरौप्ये सकुप्यके । ज्ञातिश्रैष्ठ्यं सर्वकामानाप्नोति श्राद्धदः सदा ।।

प्रतिपत्प्रभृतिष्वेकां वर्जयित्वा चतुर्दशीम् ।। एताः कृष्णपक्षस्था एव । महालये तु फलभूमेति पृथ्वीचन्द्रोदयः।

तिथिविशेषमा फलविशेष

तिथिविशेषमा श्राद्ध गर्दा फलविशेष प्राप्त हुने कुरा **याज्ञवल्क्य**ले यसरी बताएका छन् – शीलवती कन्या, उत्तम जामाता अर्थात् ज्वाइँ, उत्तम पशु, सदाचारी पुत्र, द्यूतमा विजय, उत्तम उब्जनी, वाणिज्यमा लाभ, गाई आदि दुईखुर हुने पशु, एकखुर हुने घोडा आदि पशु, ब्रह्मवर्चस्वी पुत्र, सुवर्ण, चाँदी, ताँवो, सिसा, बन्धुवर्गमा श्रेष्ठताजस्ता फल श्राद्ध गर्ने मानिसले पाउँछ । श्राद्ध गर्न चाहने मानिसले चतुर्दशीतिथि छाडी प्रतिपदा आदि तिथिमा गर्नुपर्दछ । यी तिथि भनेका कृष्णपक्षका नै हुन् । महालयमा श्राद्ध गर्दा धेरै फल प्राप्त हुन्छ भन्ने कुरा **पृथ्वीचन्द्रोदयमा** बताइएको छ ।

अमावास्यादितिथौ श्राद्धाऽकरणे नरकगमनम्

पौर्णमास्यां हेमाद्रौ पितामहः –

अमावास्याव्यतीपातपौर्णमास्यष्टकासु च । विद्वान् श्राद्धमकुर्वाणो नरकं प्रतिपद्यते ।।

एतन्माघ्यादिपरम् ।

व्रीहिपाके च कर्तव्यं यवपाके च पार्थिव । पौर्णमासी तथा माघी श्रावणी च नृपोत्तम ।

प्रौष्ठपद्यामतीतायां तथा कृष्णा त्रयोदशी । एतांस्तु श्राद्धकालान् वै नित्यानाह प्रजापतिः ।।

इति विष्णुधर्मोक्तेः । विष्णुः – **'माघीप्रौष्ठपद्यूर्ध्वं कृष्णा त्रयोदशी'** इति । अत्र माघी पौर्णमासीति कल्पतरुः । **'श्रावण्यूर्ध्वमपि मघायोगसम्भवात्त्रयोदशीविशेषणम्'** इति गौडाः ।

अमावास्या आदि तिथिमा श्राद्ध नगर्दा नरकप्राप्ति

हेमाद्रिमा पूर्णिमाको प्रसङ्गमा आएको **पितामह**को वचन यसप्रकार छ – अमावास्या, व्यतीपात, पूर्णिमा र अष्टकामा श्राद्ध नगर्ने मानिस नरकमा प्राप्त हुन्छ । यहाँ पूर्णिमाशब्दले माघी पूर्णिमालाई लक्षित गरेको छ । **विष्णुधर्म**को भनाइ यसप्रकार छ – धान र जौ पाकेपछि श्राद्ध गर्नुपर्दछ । माघपूर्णिमा, श्रावणपूर्णिमा र भाद्रपूर्णिमापछिको कृष्णत्रयोदशी यी नित्य श्राद्धकाल हुन् भन्ने कुरा **प्रजापतिले** भनेका छन् । **विष्णुको** मतअनुसार माघमासको पूर्णिमा र भाद्रमासको पूर्णिमापछिको त्रयोदशी पनि श्राद्धकाल हो । **कल्पतरुको** मतमा माथि बताइएको पूर्णिमाले माघकै पूर्णिमालाई जनाउँछ। **विष्णुधर्मम**मा उल्लिखित पद्यमा परेको **माघीशब्द** पूर्णिमाको विशेषण नभई त्रयोदशीको विशेषण हो भन्ने **गौडहरूको** मत रहेको छ ।

कृत्तिकादिनक्षत्रेषु श्राद्धविचारः

याज्ञवल्क्यः – **स्वर्गं ह्यपत्यमोजश्च शौर्यं क्षेत्रं बलं तथा । पुत्रं श्रेष्ठ्यञ्च सौभाग्यं समृद्धिं मुख्यतां शुभम् ।।**

प्रवृत्तचक्रतां चैव वाणिज्यप्रभृतीनपि । अरोगित्वं यशो वीतशोकतां परमां गतिम् ।।

धनं वेदान् भिषक्सिद्धिं कुप्यं गामप्यजाविकम् । अश्वानायुश्च विधिवद् यः श्राद्धं सम्प्रयच्छति ।।

कृत्तिकादिभरण्यन्तं स कामान् प्राप्नुयादिमान् ।। फलान्तराण्यपि भारते कौर्मादौ ज्ञेयानि ।

कृत्तिका आदि नक्षत्रमा श्राद्धविचार

याज्ञवल्क्य भन्दछन् – जसले कृत्तिकादेखि भरणीसम्मका नक्षत्रहरूमा श्राद्ध गर्दछ त्यसले क्रमशः स्वर्ग, सन्तान, शक्ति, शूरता, क्षेत्र, बल, पुत्र, श्रेष्ठता, सौभाग्य, समृद्धि, मुख्यता, कल्याण, प्रवृत्ति, राज्य, व्यापार आदि, अरोगिता, यश,

शोकहीनता, परमगति, धन, वेद, ब्रह्मविद्या, कुशलता, कुप्य अर्थात् सुन-चाँदी आदि धातु, गाई, भेडा-बाख्रा, घोडा, आयु आदि प्राप्त गर्दछ । **महाभारत एवं कूर्मपुराण** आदिमा नक्षत्रहरूमा गरिने श्राद्धका विशेषफल बताइएका छन् ।

श्राद्धस्य विष्कुम्भादियोगेषु तदेव फलम्

माधवीये मरीचिः – **कृत्तिकादिषु ऋक्षेषु श्राद्धे यत्फलमीरितम् । विष्कुम्भादिषु योगेषु तदेव फलमिष्यते।।**

विष्कुम्भ आदि योगमा श्राद्धको फल

माधवीयमा मरीचि भन्दछन् – कृत्तिका आदि नक्षत्रमा श्राद्ध गर्दा जुन फल प्राप्त हुन्छन् ती फल विष्कुम्भ आदि २७ योगमा श्राद्ध गर्दा पनि प्राप्त हुन्छन् ।

सूर्यादिदिवसेषु ववादिकरणेषु च सकृत् श्राद्धकरणे फलकथनम्

बृहस्पतिः – **आरोग्यं चैव सौभाग्यं शत्रूणाञ्च पराजयम् । सर्वान्कामान् प्रियां विद्यां धनमायुर्यथाक्रमम्।।**
सूर्यादिदिवसेष्वेतच्छ्राद्धकृल्लभते फलम् ।। ववादिकरणेष्वेतच्छ्राद्धकृल्लभते नरः ।।
अन्यानि च षण्णवतिश्राद्धादीनि प्रागुक्तानि ।

सूर्य आदि वार एवं वव आदि करणमा श्राद्धको फल

रविवार आदि वारहरूमा श्राद्ध गर्नेले क्रमशः आरोग्य, सौभाग्य, शत्रुपराजय, सम्पूर्ण कामना सिद्धि, ज्ञान, धन एवं आयुजस्ता फल प्राप्त गर्दछन् । यसैगरी बब आदि करणमा श्राद्ध गर्नेले पनि क्रमशः उक्त फल प्राप्त गर्दछन् । अरू ९६ किसिमका श्राद्धको बारेमा चर्चा गरिसकिएको छ ।[१४]

दुःस्वप्नादिदर्शने स्वेच्छया श्राद्धसम्पादनम्

मार्कण्डेयपुराणे – **श्राद्धार्हद्रव्यसम्पत्तौ तथा दुःस्वप्नदर्शने । जन्मर्क्षे ग्रहपीडासु श्राद्धं कुर्वीत चेच्छया।।**

इति श्राद्धलक्षणभेददेशकालनिर्णयात्मकं प्रथमं प्रकरणम्

दुःस्वप्नदर्शन आदिमा श्राद्धविधान

मार्कण्डेयपुराणमा भनिएको छ – श्रद्धालु उत्तम गृहस्थले श्राद्धयोग्य पवित्र सम्पत्ति प्राप्त हुँदा, दुःस्वप्न दर्शन हुँदा, आफ्नो जन्मनक्षत्र प्राप्त हुँदा र ग्रहपीडा हुँदा आफ्नो इच्छाले श्राद्ध गर्नुपर्दछ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धलक्षण, भेद, देश र कालको निर्णयमा आधारित आधारित प्रथम प्रकरण पूरा भयो ।

१४. शिवभट्टका पुत्र गोविन्द र रघुनाथले षण्णवतिश्राद्धनामक ग्रन्थमा ९६ प्रकारका श्राद्धहरूको विवरण प्रस्तुत गरेका छन् । वर्षका १२ अमावास्यामा गरिने १२ श्राद्ध, वर्षका युगादितिथिमा गरिने ४ श्राद्ध, वर्षका मन्वन्तर आदि तिथिहरूमा गरिने १४ श्राद्ध, वर्षभरका १२ संक्रान्तिहरूमा गरिने १२ श्राद्ध, वर्षभरका १३ वैधृतियोगमा गरिने १३ श्राद्ध, वर्षभरका १३ व्यतीपातयोगमा गरिने १३ श्राद्ध, महालय अर्थात् पितृपक्षका १६ दिनमा गरिने १६ श्राद्ध, वर्षभरका ४ अष्टकामा गरिने ४ श्राद्ध, वर्षभरका ४ अन्वष्टकामा गरिने ४ श्राद्ध र वर्षभरका ४ अष्टकाको पूर्ववर्ती ४ सप्तमीमा गरिने ४ श्राद्ध गरी जम्मा ९६ श्राद्ध हुन्छन् ।

श्राद्धाधिकारिपितृविश्वेदेवनिर्णयात्मकं द्वितीयं प्रकरणम्

श्राद्धाधिकारिणः

अथ श्राद्धाधिकारिणः । चन्द्रिकायां सुमन्तुः –

मातुः पितुः प्रकुर्वीत संस्थितस्यौरसः सुतः । पैतृमेधिकसंस्कारं मन्त्रपूर्वकमादृतः ।।

तत्रैव हेमाद्रौ शङ्खः –

पितुः पुत्रेण कर्तव्या पिण्डदानोदकक्रिया । पुत्राभावे तु पत्नी स्यात्तदभावे तु सोदरः ।।

अत्र यद्यपि पुत्रपदं क्षेत्रजादि द्वादशविधपुत्रपरम् ।

श्राद्धका अधिकारी

अब श्राद्धका अधिकारीहरूको विषयमा विचार गरिँदैछ । **चन्द्रिकामा सुमन्तु** भन्दछन् – औरस पुत्रले दिवङ्गत माता-पिताको सपिण्डन आदि श्राद्ध मन्त्रपूर्वक गर्नुपर्दछ । **हेमाद्रिमा शङ्ख** भन्दछन् – पुत्रले पिताको पिण्डदान र उदकक्रिया गर्नुपर्दछ । पुत्रको अभावमा पत्नीले गर्नुपर्दछ । पत्नीको अभावमा दाजु अथवा भाइले गर्नुपर्दछ । यहाँ पुत्रपदको अर्थ औरसपुत्र मात्र नभई १२ प्रकारका पुत्रमध्ये कुनै पनि पुत्र हो ।

याज्ञवल्क्यमते द्वादशपुत्राः

ते च द्वादशपुत्रा याज्ञवल्क्येनोक्ताः –

औरसो धर्मपत्नीजस्तत्समः पुत्रिकासुतः । क्षेत्रजः क्षेत्रजातस्तु सगोत्रेणेतरेण वा ।।

गृहे प्रच्छन्न उत्पन्नो गूढजस्तु सुतः स्मृतः । कानीनः कन्यकाजातो मातामहसुतो मतः ।।

अक्षतायां क्षतायां वा जातः पौनर्भवः सुतः । दद्यान्माता पिता वा यं स पुत्रो दत्तको भवेत्।।

क्रीतश्च ताभ्यां विक्रीतः कृत्रिमः स्यात्स्वयंकृतः । दत्तात्मा तु स्वयंदत्तो गर्भे विन्नः सहोढजः ।।

उत्सृष्टो गृह्यते यस्तु सोऽपविद्धो भवेत्सुतः । पिण्डदोंऽशहरश्चैषां पूर्वाभावे परः परः ।। इति।

याज्ञवल्क्यको मतमा १२ प्रकारका पुत्र

याज्ञवल्क्यले १२ प्रकारका पुत्रहरूको विषयमा बताउँदै भनेका छन् – १. धर्मपूर्वक विवाहिता पत्नीबाट उत्पन्न औरसपुत्र , २. औरसपुत्रकै समान दौहित्र अर्थात् छोरीको छोरा, ३. क्षेत्रजपुत्र अर्थात् नपुंसक, रोगी आदि पति भएमा धर्मपूर्वक सगोत्र वा सपिण्ड दोस्रो व्यक्तिसँग सम्पर्क गर्ने पत्नीबाट उत्पन्न पुत्र, ४. गूढजपुत्र अर्थात् घरभित्र पैदा भएको तर कसको वीर्यबाट पैदा भएको हो भन्ने कुरा गुप्त राखिएको पुत्र, ५. कानीनपुत्र अर्थात् अविवाहित किशोरीको कोखबाट उत्पन्न पुत्र जसलाई मातामहकै छोरा मान्न सकिन्छ, ६. पौनर्भवपुत्र अर्थात् पहिले अरूसँग विवाह गरेकी क्षतयोनि अथवा अक्षतयोनि नारी जसलाई दोस्रो पुरुषले पछिबाट भित्र्याएको हुन्छ त्यस्ती पत्नीबाट उत्पन्न पुत्र, ७. दत्तकपुत्र अर्थात् कुनै माता-पिताले तपाईंले छोरा मानेर पालन-पोषण र संस्कारसमेत गर्नुहोस् भनी केही लिएर प्रदान गरिएको पुत्र, ८. क्रीतपुत्र अर्थात् जन्मदिने माता-पितालाई धन दिएर खरिद गरिएको पुत्र, ९. कृत्रिमपुत्र अर्थात् आफैले अबदेखि म तपाईंको पुत्र भएँ भनी आफूलाई सुम्पने स्वयंक्रीतपुत्र, १०. स्वयंदत्तपुत्र अर्थात् माता-पिता नभएका कारण

प्रलोभनमा परेर आफूलाई पुत्रका रूपमा स्वीकार गर्ने पुत्र, ११. सहोढपुत्र अर्थात् विवाहको समय कन्याका गर्भमा रहेको र पछि जुन घरमा विवाह भयो त्यहीं पैदा हुने पुत्र र १२. अपविद्धपुत्र अर्थात् माता-पिताद्वारा अथवा तीमध्ये कुनै एकद्वारा मूल आदि नक्षत्रमा पैदा भएका कारण त्याग गरिएको पुत्र गरी १२ प्रकारका पुत्र मानिएका छन्। यी १२ प्रकारका पुत्रहरूमा पहिलोको अभावमा पछि-पछिका पुत्रहरू क्रमशः पिण्डदाता र अंशप्राप्तकर्ता हुन्छन्।

कलियुगे पुत्रग्रहणे विचारः

तथापि - **दत्तौरसेतरेषां तु पुत्रत्वेन परिग्रहः** इति हेमाद्रावादित्यपुराणे कलावितरेषां पुत्रत्वनिषेधादौरस-दत्तकपरमेव । यद्यपि - **पिण्डदोंऽशहरश्चैषां पूर्वाभावे परः परः** इति याज्ञवल्क्योक्तेरौरसाभावे दत्तकप्राप्तिः, तथाप्यौरसाभावे पौत्रः तदभावे प्रपौत्रः, तदभावे दत्तकादय इति ज्ञेयम् ।

पुत्रेण लोकान् जयति पौत्रेणानन्त्यमश्नुते । अथ पुत्रस्य पौत्रेण ब्रध्नस्याप्नोति विष्टपम् ।।

इति जीमूतवाहनधृतवसिष्ठहारीतशङ्ख-लिखितोक्तेः । **लोकानन्त्यं दिवः प्राप्तिः पुत्रपौत्रप्रौत्रकैः** इति याज्ञवल्क्योक्तेश्च।

पुत्रः पौत्रश्च तत्पुत्रः पुत्रिकापुत्र एव च । पत्नी भ्राता च तज्जश्च पिता माता स्नुषा तथा ।
भगिनी भागिनेयश्च सपिण्डः सोदकस्तथा । असन्निधाने पूर्वेषामुत्तरे पिण्डदाः स्मृताः ।।

इति स्मृतिसंग्रहे प्रपौत्रानन्तरं पुत्रिकापुत्रोक्तेस्तत्समत्वाच्च दत्तकस्य । यद्यपि बृहस्पतिना -

पौत्रश्च पुत्रिकापुत्रः स्वर्गप्राप्तिकरावुभौ । रिक्थे च पिण्डदाने च समौ तौ परिकीर्तितौ ।।

इति पौत्रसाम्यमुक्तम् । याज्ञवल्क्येन च **औरसो धर्मपत्नीजस्तत्समः पुत्रिकासुतः** इत्यौरससाम्यम् । तथापि **लोके राजसमो मन्त्री** इत्यादौ किञ्चिन्न्यूनेन समशब्दप्रयोगाद्गौणमुख्ययोः साम्यायोगाच्च स्तुत्यर्थं तन्न तु समविकल्प इति भ्रमितव्यम्।

पुत्रः पौत्रः प्रपौत्रो वा भ्राता वा भ्रातृसन्ततिः । सपिण्डसन्ततिर्वापि क्रियार्हा नृप जायते ।।
तेषामभावे सर्वेषां समानोदकसन्ततिः । मातृपक्षसपिण्डेन सम्बन्धो यो जलेन वा ।।
कुलद्वयेऽपि चोच्छिन्ने स्त्रीभिः कार्या क्रिया नृप । तत्सङ्घातगतैर्वापि तद्रिक्थात् कारयेन्नृपः।।

इति विष्णुपुराणाच्च । प्रपौत्रानन्तरं दत्तकादय इति पृथ्वीचन्द्रमदनरत्नकालादर्शादयः । मदनपारिजातेऽप्येवम्।

कलियुगमा पुत्रग्रहणसम्बन्धी विचार

याज्ञवल्क्यले १२ प्रकारका पुत्रहरूको निरूपण गरेता पनि कलियुगमा औरस र दत्तकबाहेक अरू किसिमका पुत्रलाई पुत्रका रूपमा ग्रहण गरिँदैन किनकि **हेमाद्रि** र **आदित्यपुराणमा** दत्तक र औरसदेखि भिन्न पुत्रहरूको पुत्रत्व निषेध गरिएको छ । यसबाट **हेमाद्रि** र **आदित्यपुराणको** अभिमत औरस र दत्तकलाई मात्र पुत्र मान्ने पक्षमा रहेको बुझिन्छ । हुन त पिण्डदान गर्ने र अंश पाउने मुख्य अधिकारी औरसपुत्र नै हुन्छ । पहिलो नपाइएमा दोस्रो तहको पुत्रले अधिकार पाउँछ भन्नुको अर्थ **याज्ञवल्क्यको** भनाइअनुसार औरस नभएमा दत्तकले पिण्डदान गर्ने र अंश पाउने अधिकार राख्दछ । **याज्ञवल्क्यद्वारा** यसो भनिएता पनि हाम्रो मतमा औरसवर्गका छोरा नरहेमा पौत्र, पौत्र नभएमा प्रपौत्र, प्रपौत्र पनि नरहेमा बल्ल दत्तकले अवसर पाउँछ । यही कुरा अरू सबैले बुझ्नुपर्दछ । त्यसपछि पहिलोको अभावमा उत्तरोत्तर अधिकार प्राप्त हुँदै जान्छ । पुत्रद्वारा लोकहरूमाथि विजय प्राप्त हुन्छ । पौत्रद्वारा अनन्तलोकको प्राप्ति हुन्छ । प्रपौत्रद्वारा नारायणलोकको प्राप्ति हुन्छ भन्ने कुरा जीमूतवाहनद्वारा उद्धृत **वसिष्ठ, हारीत, शङ्ख** एवं **लिखितहरूको** वचनमा निरूपण गरिएको छ ।

याज्ञवल्क्यले पनि आचाराध्यायमा पुत्र, पौत्र एवं प्रपौत्रद्वारा अनन्तलोक र स्वर्गको प्राप्ति हुने कुरा बताएका छन् । छोरा, नाति, पनाति, छोरीको छोरा, पत्नी, दाजु एवं भाइ, दाजु वा भाइको छोरा, पिता–माता, बुहारी, दिदी वा बहिनी, भानिज, सपिण्ड एवं सोदक यी पूर्वपूर्वको अभावमा उत्तर उत्तर अधिकारी हुने कुरा **स्मृतिसंग्रह**मा उल्लेख गरिएको छ । यस भनाइमा प्रपौत्रपछि छोरीतर्फको नातिको उल्लेख गरिएको छ । दत्तकपुत्रलाई छोरीतर्फको नातिसमान मानिएको छ । यस कारण औरसपुत्रपछि दत्तकको क्रम हुँदैन भन्ने यहाँको तात्पर्य हो । यद्यपि **बृहस्पति**ले पौत्र र दौहित्रले स्वर्गमा पुऱ्याउँछन् भन्दै दायग्रहण अर्थात् अंशप्राप्ति र पिण्डदानमा ती दुवै समानरूपमा अधिकारी हुन्छन् भनेर पौत्र र दौहित्रको समानता पनि देखाएका छन् । यसैगरी **याज्ञवल्क्य**ले धर्मपत्नीबाट उत्पन्न पुत्रलाई औरस भनिन्छ र छोरीको छोरा औरससमान हुन्छ भनेका छन् । यसरी भनिएता पनि लोकव्यवहारमा 'राजासमान मन्त्री' भन्ने वाक्यको प्रयोग गर्दा समानशब्दले बराबर भन्ने अर्थ खुलाए तापनि केही महत्त्व कम भएकै कारण २० मा १९ मानिन्छ । मुख्य र गौण कार्य सम्पादन गर्नुपर्दा मुख्यलाई नै ग्रहण गर्नुपर्दछ भन्ने न्यायबाट छोरापट्टिको नाति र छोरीपट्टिको नातिलाई एउटै कोटिमा रहेको बुझ्नु हुँदैन । जुन समानता बताइयो त्यो त प्रशंसामात्र हो । तसर्थ यो प्रयोग समविकल्पात्मक हो भन्ने भ्रममा पर्नु हुँदैन । पुत्र, पौत्र, प्रपौत्र, दाजु, भाइ, दाजु एवं भाइका सन्तान, मातृपक्ष र सोदकसम्बन्ध भएका मानिसहरूले क्रमअनुसार पिण्डदान गर्नुपर्दछ । पितृकुल र मातृकुलका पुरुषहरू समाप्त भएमा नारीहरूले पिण्डदान आदि कार्य गर्नुपर्दछ अथवा राजाले त्यस कुलका मानिसहरूलाई प्रयोग गरी मृतकहरूको सम्पत्तिबाट उनीहरूको पिण्डदान आदि कार्य गराउनुपर्दछ भन्ने कुरा **विष्णुपुराण**मा उल्लेख गरिएको छ । प्रपौत्रपछि मात्र दत्तक आदि पुत्रहरूको क्रम हुन्छ भन्ने कुरा **पृथ्वीचन्द्र, मदनरत्न, कालादर्श** आदिमा बताइएको छ । यही कुरा **मदनपारिजात**मा पनि उल्लेख गरिएको पाइन्छ ।

बोपदेवरुद्रधरादयस्तु – **पुत्रेषु विद्यमानेषु नान्यो वै कारयेत्स्वधाम्** इति सुमन्तूक्तौ –

पितामहः पितुः पश्चात् पञ्चत्वं यदि गच्छति । पौत्रेणैकादशाहादि कर्तव्यं श्राद्धषोडशम् ।।

नैतत्पौत्रेण कर्तव्यं पुत्रवाँश्चेत्पितामहः इति छन्दोगपरिशिष्टे च पुत्रशब्दस्य द्वादशविधसुतपरत्वात्, '**पूर्वाभावे परः परः**' इत्यस्यानन्यपरत्वाच्च, दत्तकाद्यभावे पौत्रादीनामप्यधिकार इत्याहुः, तद्गौणमुख्ययोः साम्यायोगाद्दत्तके सति पौत्रस्यांशहरत्वस्याप्यभावापत्तेः पुत्रपदस्यौरसमात्रपरत्वाच्चिन्त्यम् । अत एव निषेधादुपनीतपौत्रसत्त्वेऽप्यनुपनीतपुत्रस्यैवाधिकारः, औरसश्चानुपनीतोऽपि कुर्यादित्याह ।

बोपदेव, रुद्रधर आदिले सिद्धान्त पक्ष प्रस्तुत गर्दै भनेका छन् – छोराहरू छँदाछँदै अरूले स्वधाकर्म अर्थात् श्राद्ध गर्नु हुँदैन, यो **सुमन्तु**को भनाइ हो । यदि पिताको मृत्युपछि पितामहको मृत्यु हुन्छ भने नातिले एकादशाह आदि १६ श्राद्ध गर्नुपर्दछ । तर पितामहका अरू छोरा भएमा नातिले गर्नु पर्दैन ।

छन्दोगपरिशिष्टमा पुत्रशब्दद्वारा १२ प्रकारका पुत्र ग्रहण गरिने कुरा बताइएको छ । पूर्व–पूर्वको अभावमा क्रमअनुसार उत्तर–उत्तर पुत्रको ग्रहण गरिन्छ । यो भनाइले दोस्रो अर्थलाई बाधा दिँदैन । दत्तक आदि पुत्रको अभावमा पौत्र आदिको पनि अधिकार हुन्छ भनिएको छ । पौत्रमा गौण र मुख्यको समानता गर्ने ठाउँ नहुँदा दत्तक छोरा भएमा पौत्रले अंशहरण गर्ने पिण्डदान गर्ने कुरा आउँदैन । यो **छन्दोगपरिशिष्ट**को भनाइ चिन्तनीय छ । वस्तुतः पुत्र भनेको औरसपुत्रलाई नै हो, दत्तक आदिलाई होइन । यसैगरी उपनीत पौत्र भएता पनि पिताको काम गर्दा अनुपनीत पुत्रको अधिकार रहन्छ । वचन पनि यस्तै छ– 'अनुपनीत औरसपुत्रले पनि पिण्डदानादि क्रिया गरोस् ।'

श्राद्धविधौ एकमात्रपुत्रस्य विचारः

पृथ्वीचन्द्रोदये सुमन्तुः –

श्राद्धं कुर्यादवश्यं तु प्रमीतपितृको द्विजः । व्रतस्थो वाऽव्रतस्थो वा एक एव भवेद्यदि ।। वृद्धमनुः-

कुर्यादनुपनीतोऽपि श्राद्धमेको हि यः सुतः । पितृयज्ञाहुतिं पाणौ जुहुयाद् ब्राह्मणस्य सः ।।

एको मुख्य औरस इत्यर्थः ।

एकमात्र पुत्रद्वारा गरिने श्राद्धसम्बन्धी विचार

पृथ्वीचन्द्रोदयमा सुमन्तु भन्दछन् – जसका पिता मरेका छन् त्यो द्विज एकमात्र छोरा हो भने उपनीत अथवा अनुपनीत जुनसुकै स्थितिमा भए पनि त्यसले बाबुको श्राद्ध गर्नुपर्दछ ।[१५] वृद्धमनु भन्दछन् – 'व्रतबन्ध नगरेको पुत्रले यदि त्यो एकमात्र पुत्र हो भने बाबुको श्राद्ध गर्नुपर्दछ । ब्राह्मणको हातमा पितृयज्ञको आहुति प्रदान गर्नुपर्दछ ।' मूलमा प्रयुक्त एकशब्दको अर्थ मुख्य यद्वा औरस भन्ने हो ।

मनुः – **नह्यस्मिन् युज्यते कर्म किञ्चिदामौञ्जिबन्धनात् । नाभिव्याहारयेद् ब्रह्म स्वधानिनयनादृते।।**

ब्रह्म – वेदः । सुमन्तुरपि –

नाभिव्याहारयेद् ब्रह्म यावन्मौञ्जी निबध्यते । मन्त्राननुपनीतोऽपि पठेदेवैक औरसः ।

अयं मन्त्रपाठस्त्रिवर्षकृतचूडस्यैव ।

अनुपेतोऽपि कुर्वीत मन्त्रवत्पैतृमेधिकम् । यद्यसौ कृतचूडः स्याद्यदि स्याच्च त्रिवत्सरः ।।

इति सुमन्तूक्तेः । यत्तु व्याघ्रः –

कृतचूडस्तु कुर्वीत उदकं पिण्डमेव च । स्वधाकारं प्रयुञ्जीत वेदोच्चारं न कारयेत् ।। इति ।

यच्च स्मृतिसंग्रहे –

कृतचूडोऽनुपेतश्च पित्रोः श्राद्धं समाचरेत् । उदाहरेत्स्वधाकारं न तु वेदाक्षराण्यसौ ।।

इति, तत्प्रथमवर्षचूडाविषयमिति माधवमदनरत्नपृथ्वीचन्द्राः । त्रिवर्षोर्ध्वं मन्त्रवत्त्वस्य विकल्प इति चन्द्रिका वोपदेवश्च। दत्तकादिपरो निषेध इति वयम् ।

मनु भन्दछन् – मौञ्जीबन्धनभन्दा अर्थात् यज्ञोपवीतसंस्कारभन्दा पहिले पिता छँदाछँदै पुत्रले वैदिककार्यमा योगदान गर्नु हुँदैन । अनुपनीत द्विजले श्राद्धमा स्वधाशब्द छाडी वेदको उच्चारण गर्न हुँदैन । मूलमा प्रयुक्त 'ब्रह्म'शब्दको अर्थ वेद हो। सुमन्तु भन्दछन् – जबसम्म व्रतबन्ध हुँदैन तबसम्म द्विजबालकले वेदको उच्चारण गर्न हुँदैन । तर एउटामात्र पुत्र छ र त्यो पनि अनुपनीत छ भने त्यसले मन्त्रको उच्चारण गर्न सक्छ । तर यो अधिकार तेस्रोवर्षमा चूडाकर्म गरेको द्विज बालकले मात्र पाउँछ । उनैले भनेका छन् – अनुपनीत पुत्रले पनि मन्त्रद्वारा पितृयज्ञ गर्नुपर्दछ। तर, चूडाकर्म गरिएको र तीनवर्षको उमेर पुगेको भए मात्र यो अधिकार प्राप्त हुन्छ ।[१६]

---

१५. चूडाकर्मको काल पहिलो वा तेस्रो वर्ष हो, यो अवधिमा चूडा गरिएको छ भने त्यस्तो पुत्रले बाबुको दाहसंस्कार गर्न सक्छ, चूडा गरिएको उपनयन नगरिएको अनुपनीतिलाई बाबुको दशयात्रादि क्रिया र अन्य श्राद्धादि कुनै पनि कर्म गर्ने अधिकार हुँदैन ।

१६. तीन वर्षको उमेर पुगेको र चूडाकर्म गरेको भए बाबु–आमाको दाहसंस्कार गर्ने अधिकार औरस छोरालाई हुन्छ । चूडाकर्म गरी शिखास्थापन गरेको छैन भने तीनवर्ष नाघेको अर्थात् ७–८ वर्ष उमेर पुगेकै भए पनि व्रतबन्ध नगरेसम्म बाबु–आमाको क्रियाकाष्ठा एवं श्राद्धादि गर्ने अधिकार उसलाई हुँदैन ।

व्याघ्रले भनेका छन् – जसको चूडाकर्म भएको छ त्यसले उदकदान, पिण्डदान र स्वधाशब्दको प्रयोग गरेतापनि त्यसका मुखबाट वेदका मन्त्रहरूको उच्चारण गराउनुहुँदैन । यसैगरी **स्मृतिसंग्रह**मा भनिएको छ – चूडाकर्म भएको तर यज्ञोपवीत नभएको बालकले माता–पिताको श्राद्ध गर्नुपर्दछ । त्यसले स्वधावाचन गर्नुपर्दछ, तर वेदका मन्त्र पढ्न हुँदैन। उक्त **व्याघ्र** र **स्मृतिसंग्रह**का वचन एकवर्षको उमेरमा चूडाकर्म गरेका बालकका निमित्तमात्र हो भन्ने कुरा **माधव**, **मदनरत्न** र **पृथ्वीचन्द्र**को भनाइ छ । तीनवर्षको उमेरमा चूडाकर्म सम्पन्न गरेका बालकका लागि मन्त्रोच्चारणमा वैकल्पिक व्यवस्था छ भन्ने कुरा **चन्द्रिका** र **वोपदेव**को मत रहेको छ । **निर्णयसिन्धुकार** भन्दछन् – हाम्रो मतमा वेदका मन्त्र पढ्न हुँदैन भन्ने निषेध दत्तक आदि पुत्रका निमित्तमा गरिएको हो ।

और्ध्वदेहिककर्मणि विचारः

मदनरत्ने स्कान्दे – **यज्ञेषु मन्त्रवत्कर्म पत्नी कुर्याद्यथा नृप । तथौर्ध्वदेहिकं कर्म कुर्यात्सा धर्मसंस्कृता।।**

अशक्तौ तु कात्यायनः – **असंस्कृतेन पत्न्या च ह्यग्निदानं समन्त्रकम् । कर्तव्यमितरत्सर्वं कारयेदन्यमेव हि ।।**

पुत्रश्च न जन्मतोऽधिकारी किन्तु वर्षोत्तरमित्याह कालादर्शः – **चौलादाद्याब्दिकादर्वाक् न कुर्यात्पैतृमेधिकम्।**

मदनरत्ने सुमन्तुरपि – **पुत्रश्चोत्पत्तिमात्रेण संस्कुर्यादृणमोचनात् । पितरं नाब्दिकाच्चौलात्पैतृमेधेन कर्मणा।।**

एतच्चौरसस्यैव । दत्तकादीनां तूपनीतानामेवाधिकार इति कालादर्शः ।

और्ध्वदेहिक कर्मको विचार

मदनरत्नमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – जसरी पत्नीले यज्ञमा मन्त्र पढेर कार्य गर्दछिन् त्यसैगरी पतिधर्मद्वारा संस्कारमा प्राप्त भएकी पत्नीले और्ध्वदेहिक कार्य पनि मन्त्रसहित नै गर्नुपर्दछ । **कात्यायन** भन्दछन् – पुत्रको संस्कार नभएको भए पत्नीले मृतपतिको शवमा मन्त्रसहित दागबत्ती दिनुपर्दछ । बाँकी अन्य कर्म अरूद्वारा गराउनुपर्दछ । पुत्र जन्मँदैमा कुनै कर्मको अधिकारी हुँदैन, वर्षअनुसार अधिकारी हुन्छ भन्ने मत **कालादर्श**मा यसरी प्रकट गरिएको छ– 'जन्मेको एकवर्ष नपुग्दासम्म बालकको चूडाकर्म र पितृकर्म हुँदैन' । **मदनरत्न**मा **सुमन्तु** भन्दछन् – 'पुत्रले जन्म लिएपछि पिताको ऋणमुक्तिका लागि संस्कार गर्नुपर्दछ, तर मुण्डनपूर्व भने त्यसले पितृकर्म गर्नु हुँदैन ।' यो नियम औरसका लागि हो । दत्तक आदि पुत्र उपनयनपछि मात्र पितृकर्म गर्न अधिकारी हुन्छन् भन्ने कुरा **कालादर्श**मा उल्लेख गरिएको छ ।

पृथ्वीचन्द्रोदयेऽपि स्कान्दे –

पित्रोरनुपनीतोऽपि विदध्यादौरसः सुतः । और्ध्वदेहिकमन्ये तु संस्कृताः श्राद्धकारिणः ।।

इति । अन्यत्रापि दर्शमहालयादावनुपनीतस्याधिकारोऽस्माभिः पूर्वमुक्तः । प्रपौत्राभावे दत्तकादय एकादश पुत्राः तदभावे भर्तुः पत्नी, तस्याश्च सः,

अपुत्रा शयनं भर्तुः पालयन्ती व्रते स्थिता । पत्न्येव दद्यात्तत्पिण्डं कृत्स्नमंशं लभेत च ।।

इति वृद्धमनूक्तेः ।

भार्यापिण्डं पतिर्दद्याद् भर्तुर्भार्या तथैव च । श्वश्र्वादेश्च स्नुषा चैव तदभावे सपिण्डकाः ।। इति ।

यस सम्बन्धमा **पृथ्वीचन्द्रोदय**मा उद्धृत **स्कन्दपुराण**को वचन यसप्रकार छ – उपनयनसंस्कार नगरेको औरसपुत्रले

पनि माता–पिताको अन्तिम संस्कार गर्नुपर्दछ । दत्तक आदि पुत्रहरू संस्कार गरेपछि मात्र श्राद्धका अधिकारी हुन्छन् ।[१७] अन्यत्र अमावास्याश्राद्ध, महालयश्राद्ध आदिमा व्रतबन्ध नगरेका पुत्रको अधिकार हुन्छ भन्ने कुरा हामीले भनिसकेका छौं। प्रपौत्रको अभावमा मात्र दत्तक आदि एघारथरिका पुत्रहरूको अधिकार हुन्छ । ती पुत्रहरू पनि नभएमा पत्नीले पतिको श्राद्ध गर्नुपर्दछ र पतिले पत्नीको श्राद्ध गर्नुपर्दछ । **वृद्धमनुले** भनेका छन् – पुत्र नभएकी स्त्रीले व्रतमा रहेर आफ्ना पतिका शय्याको रक्षा गर्दछिन् तसर्थ पत्नीले नै पिण्डदान गर्नुपर्दछ र पतिको सम्पूर्ण धन प्राप्त गर्ने अधिकारिणी हुन्छिन् । पुत्रको अभावमा पत्नीले पतिको लागि पिण्डदान गर्नुपर्छ र पतिले पनि पत्नीको लागि पिण्डदान गर्नुपर्दछ । पतिको अभावमा बुहारीले सासु आदिका निमित्त पिण्डदान गर्नुपर्दछ । बुहारी पनि नभएमा सपिण्डभित्रका मानिसहरूले पिण्डदान गर्नुपर्दछ।

पुत्राभावे तु पत्नी स्यात्पत्न्यभावे तु सोदरः । इति च हेमाद्रौ शङ्खोक्तेः । पृथ्वीचन्द्रोदयस्तु –

कानीनगूढसहजपुनर्भूतनयाश्च ये । पत्न्यभावेऽधिकुर्युस्ते अप्रशस्ता स्मृता हि ते ।।

इति स्मृतिसंग्रहात् पत्न्यभावे कानीनादय इत्याह । पत्युरपि सपत्नीपुत्रे सति नाधिकारः, पितृपत्न्यः सर्वा भातरः, इति समुन्तूक्तेः ।

विदध्यादौरसः पुत्रो जनन्या और्ध्वदेहिकम् । तदभावे सपत्नीजः क्षेत्रजाद्यास्तथा स्मृताः ।।

तेषामभावे तु पतिस्तदभावे सपिण्डकाः ।। इति मदनरत्ने कात्यायनोक्तेश्च ।

'बह्वीनामेकपत्नीनामेष एव विधिः स्मृतः । एका चेत्पुत्रिणी तासां सर्वासां पिण्डदस्तु सः ।।

इति बृहस्पतिवचनाच्च । अपरार्केऽप्येवम् । तेन यच्छुद्धिविवेके उक्तम् – **सत्यपि सपत्नीपुत्रे पत्युरेवाधिकारः,** इति तन्निरस्तम् ।

हेमाद्रिमा शङ्ख भन्दछन् – पुत्रको अभावमा पत्नीले पिण्डदान गर्नुपर्दछ । पत्नी पनि नभएमा सहोदर दाजु अथवा भाइले पिण्डदान गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदयमा** भनिएको छ – पत्नीको अभावमा कानीन, गूढज, सहोढज र पुनर्भू पुत्र पिताको श्राद्धका अधिकारी हुन्छन् । ती पुत्र अप्रशस्त मानिएका छन् भन्ने **स्मृतिसंग्रहमा** उल्लेख गरिएकाले कानीन आदिको अधिकार देखिन्छ । सौतातर्फको छोरा भएमा पतिले पत्नीको श्राद्ध गर्नु हुँदैन । **सुमन्तुले** भनेका छन् कि पुत्रका लागि पिताका सबै पत्नीहरू आमा नै हुन् ।

मदनरत्नमा कात्यायनले भनेका छन् – औरसपुत्रले माताको और्ध्वदेहिक कर्म गर्नुपर्दछ । औरस नभएमा सौतातर्फका पुत्रले गर्नुपर्दछ । त्यस्ता पुत्र पनि नभएमा क्षेत्रज पुत्रले उक्त कर्म गर्नुपर्दछ । क्षेत्रज पुत्र पनि नभएको अवस्थामा स्वयं पतिले गर्नुपर्दछ । पति पनि नभएको अवस्थामा सपिण्डभित्रका मानिसहरूले गर्नुपर्दछ ।

बृहस्पति भन्दछन् – जुन पुरुषका धेरै पत्नीहरू छन् त्यसका लागि विधि यही हो । धेरै पत्नीमध्ये जुनसुकै पत्नीबाट छोरा भए पनि सबै पत्नीहरू पुत्रवती मानिन्छन् र त्यही एउटा पुत्रले सबै आमाहरूको श्राद्ध गर्दछ । **अपरार्कमा** पनि यही भनिएको छ । तर **शुद्धिविवेकमा** भनिएको छ – 'सौतातर्फको पुत्र उपस्थित भए पनि मृतपत्नीको श्राद्ध आदि कर्म गर्ने अधिकार पतिमा नै हुन्छ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन ।

---

१७. याज्ञवल्क्यले जुन १२ प्रकारका पुत्र देखाएका छन् तिनीहरूमा औरस र दत्तकपुत्रमात्र कलियुगका लागि हुन्, अन्य क्षेत्रजादि दशकिसिमका पुत्रचाहिँ युगान्तरका लागि हुन् कलियुगका निम्ति होइनन् ।

अपुत्राया अपि भार्याया श्राद्धविचारः

यच्च तत्रैव कात्यायनः – **न भार्यायाः पतिर्दद्यादपुत्राया अपि क्वचित्** ।

पतिलाई पुत्रहीन पत्नीको श्राद्ध गर्न निषेध

मदनरत्नमा कात्यायन भन्दछन् – पतिले कहिल्यै पनि पुत्रहीन भार्याका निमित्त पिण्डदान गर्नुहुँदैन ।[१८]

कुलद्वयेऽपि चोत्सन्ने क्रियाविचारः

यच्च विष्णुपुराणम् – **कुलद्वयेऽपि चोत्सन्ने स्त्रीभिः कार्या क्रिया नृप** इति । यच्च मार्कण्डेयपुराणम् – **सर्वाभावे स्त्रियः कुर्युः स्वभर्तृणाममन्त्रकम्** इति तदासुरादिविवाहोढाविषयम्।

दुवै कुल नष्ट भएमा क्रियाविचार

विष्णुपुराणमा भनिएको छ – पितृकुल एवं मातृकुल दुवै नष्ट भएमा पत्नीले श्राद्ध आदि क्रिया गर्नुपर्दछ। मार्कण्डेयपुराणमा भनिएको छ – श्राद्ध गर्ने कुनै पनि अधिकारी नभएमा स्त्रीले विना मन्त्र आफ्ना पतिको श्राद्ध गर्नुपर्दछ । यस विषयमा निर्णयसिन्धुकार भन्दछन् – विनामन्त्र पत्नीले पतिको श्राद्ध गर्ने कुरा आसुरविधिबाट विवाह गरिएकी पत्नीका लागि मात्र हो ।

क्रयक्रीता पत्नीविषये विचारः

धर्म्यैर्विवाहैरूढा या सा पत्नी परिकीर्तिता । क्रयक्रीता तु या नारी न सा पत्न्यभिधीयते ।।
न सा दैवे न सा पित्र्ये दासीं तां मुनयो विदुः ।। इति माधवीये शातातपोक्तेः ।

क्रयक्रीता नारीको विषयमा विचार

माधवीयमा शातातपको भनाइ उद्धृत गर्दै भनिएको छ – धर्मपूर्वक विवाह गरी भित्र्याइएकी नारीलाई पत्नी भनिन्छ । पैसा वा वस्तु प्रदान गरी किनेर ल्याइएकी नारीलाई पत्नी भनिँदैन । क्रीता नारी देवकार्य एवं पितृकार्य दुवैमा उपयुक्त हुँदिनन् । मुनिहरूले त्यस्ता नारीलाई दासीको संज्ञा दिएका छन् ।

पत्युःश्राद्धविषये विचारः

यत्तु शुद्धिरत्नाकरः शूलपाणिश्च –

अपुत्रस्य च या पुत्री सापि पिण्डप्रदा भवेत् । तस्य पिण्डान् दशैकं वा एकाहेनैव निक्षिपेत् ।।
इति जाबालोक्तेः ।

भर्तुर्धनहरा पत्नी तां विना दुहिता स्मृता । अङ्गादङ्गात्सम्भवति पुत्रवद् दुहिता नृणाम् ।।
इति बृहस्पतिना दुहितुर्धनहारित्वोक्तेश्च पुत्राभावे कन्या, तदभावे सपत्नीपुत्र इत्याहतुः । तत्पूर्वविरोधात् । **'मातुर्दुहितरः शेषमृणात्ताभ्य ऋतेऽन्वयः'** इति दुहितुर्मातृधनग्राहित्वेन पुत्रस्य तच्छ्राद्धानधिकारापत्तेश्चोपेक्ष्यम् । वचनं तु

१८. पुत्र-बन्धु-बान्धवादि कोही नभएको अवस्थामा पुत्रहीन पत्नीको क्रियाकाष्ठा र श्राद्धादि पनि पतिले गर्नुपर्छ, अड्काउनु हुँदैन । यो शास्त्रीय मर्यादा हो ।

भ्रातृपुत्राद्यभावविषयम् । पत्यभावे अविभक्तस्य सोदरः पूर्वोक्तशङ्खवचनात् । विभक्तस्य तु दुहिता, धनहारित्वात्, पूर्वोक्तजाबालवचनाच्च । तत्राप्यूढानूढसमवाये ऊढैव ।

दुहिता पुत्रवत्कुर्यान्मातापित्रोस्तु संस्कृता । आशौचमुदकं पिण्डमेकोद्दिष्टं सदा तयोः ।।

इति भरद्वाजोक्तेः । तदभावे दौहित्रः, धनहारित्वात् ।

पतिको श्राद्धसम्बन्धी विचार

पतिको श्राद्धसम्बन्धमा **शुद्धिरत्नाकर** र **शूलपाणि**को भनाइ यसप्रकार छ – अपुत्र अर्थात् पुत्रहीन मानिसकी जुन पुत्री हुन्छिन् ती पनि पिण्डदानकी अधिकारिणी हुन्छिन् । उनीले अपुत्र पिताका दशपिण्ड अथवा एकपिण्ड एकैदिननमा गर्नुपर्दछ भन्ने **जाबाल**को मत हो । पतिको धन-सम्पत्ति लिने पत्नी हुन् । त्यसकारण उनले पनि पतिको क्रिया गर्नुपर्दछ। पत्नी नभएको स्थितिमा छोरीले क्रिया गर्नुपर्दछ । किनकि मानिसको अङ्गबाट जसरी छोरा जन्मन्छन् त्यसैगरी छोरी पनि जन्मिन्छन् भनेर **बृहस्पति**ले छोरीलाई पनि धन-सम्पत्तिकी अधिकारिणी मानेकाले छोरीको अभावमा छोरीकी छोरी अधिकारिणी हुन्छिन्, ती पनि नभएमा मात्र सौतापट्टिको छोरा अधिकारी हुने कुरा बताएका छन् । यस कुरामा पहिले भनिएका तथ्यहरूको विरोध देखिनाले र ऋणबाहेक माताको धन कन्याले पाउँछिन्, कन्या नभएमा वंशका मानिसले पाउँछन् भन्ने भनाइ पाइएकाले कन्यालाई मात्र मातृधनको अधिकार देखिनाले पुत्रले आमाको श्राद्ध गर्नु नपर्ने समेत देखिने हुँदा माथि भनिएको मत उपेक्षणीय छ । पत्नीले पतिका निमित्त पिण्डदान गरून् भन्ने वचन भाइ र छोरा नभएको अवस्थाका निमित्त हो । पत्नी नभएमा जो छुट्टी-भिन्न भएको छैन त्यस्तो सहोदरले पिण्डदान आदि कर्म गर्नुपर्दछ । पहिले बताइएको **शङ्ख**को वचनअनुसार छुट्टी-भिन्न भएको परिस्थितिमा पूर्वोक्त **जाबाल**को वचनअनुसार छोरी नै अधिकारिणी हुन्छिन् । किनकि तिनले माताको धन प्राप्त गरेकी हुन्छिन् । तर छोरीमध्ये विवाहिता छोरी हो कि अविवाहिता छोरी भन्ने संशय हुँदा विवाहिता छोरीलाई नै अंश प्राप्त गर्ने र कर्म गर्ने अधिकार रहेको कुरा बुझ्नुपर्दछ । यस सन्दर्भमा **भारद्वाज**को वचन यसप्रकार छ – विवाहिता छोरीले छोराले झैं माता-पिताको आशौच बार्ने, उदकदान गर्ने, पिण्डदान गर्ने र एकोद्दिष्टश्राद्ध गर्ने काम गर्नुपर्दछ ।[१९] छोरी नभएमा छोरीतर्फको नाति – दौहित्रले गर्नुपर्दछ । किनकि छोरीको छोराले पनि मातामह-पितामहबाट धन प्राप्त गर्ने हुनाले उनको कर्तव्य बताइएको हो ।

मातापित्रोरुपाध्यायाचार्ययोरौर्ध्वदेहिकम् । कुर्वन्मातामहस्यापि व्रती न भ्रश्यते व्रतात् ।।

इति चन्द्रिकायां वृद्धमनूक्तेः ।

यथा व्रतस्थोऽपि सुतः पितुः कुर्यात्क्रियां नृप । उदकाद्यां महाबाहो दौहित्रोऽपि तथार्हति ।।

इत्यपरार्के भविष्योक्तेश्च ।

एतद्धनहारिण आवश्यकं नान्यस्येत्याह तत्रैव स्कन्दः –

श्राद्धं मातामहानां तु अवश्यं धनहारिणा । दौहित्रेणार्थनिष्कृत्यै कर्तव्यं पूर्वमुत्तरम् ।।

१९. पिता, माता र पति महागुरु मानिन्छन् । महागुरु जीवित रहेसम्म कसैको पनि दशगात्रक्रिया र श्राद्धतर्पणादि कुनै पनि पितृकृत्य गर्न हुँदैन । विवाहिता छोरीको पति नै महागुरु हुने हुँदा पति भएकी सधवा नारीले बाबु-आमाको क्रिया एवं श्राद्धादि आफैंले गर्ने अधिकार हुँदैन, बाबु-आमाको धन-सम्पत्ति खाएकी छन् भने अधिकार प्राप्त अन्य कसैलाई लगाएर गराउनुपर्छ । विधवाले चाहिँ बाबु-आमाको क्रिया गर्न हुन्छ। यदि दाजु-भाइ आदि क्रियाधिकार प्राप्त अन्य कोही छैनन् भने शास्त्रले तोकेजति दिन बाबु-आमाको आशौच बार्ने र उदकदान गर्ने काम चाहिँ विवाहिता सधवा छोरीले पनि गर्नुपर्छ । छोरीको उपनयनस्थानीय कर्म विवाह नै भएको हुँदा अविवाहिता छोरीलाई भने बाबु-आमाको पिण्डदानादि क्रिया गर्ने, आशौच बार्ने, जलाञ्जलि दिने आदि कुनै पनि अधिकार शास्त्रले दिएको छैन ।

इति । तेन 'दौहित्रोऽत्र पुत्रीकृतः' इति देवयाज्ञिकोक्तिः परास्ता । अत्र पत्नीदौहित्रसमवायेंऽशहरत्वात् पत्न्येव कुर्यात् । दौहित्रभ्रातृपुत्रसत्त्वे विभक्तस्य दौहित्रः, अविभागे भ्रातृपुत्रः । भ्रातृतत्पुत्रसत्त्वे कनिष्ठश्चेत् भ्रातैव । ज्येष्ठश्चेत्तत्पुत्रः कुर्यादिति दाक्षिणात्यग्रन्थाः । हारलतादौ तु –

भ्रातुर्भ्राता स्वयं चक्रे तद्भार्या चेन्न विद्यते । तस्य भ्रातृसुतश्चक्रे यस्य नास्ति सहोदरः ।।

इति ब्राह्मोक्तेः । '**पत्नी कुर्यात्सुताभावे तदभावे सहोदरः**' इति कौर्माच्च ज्येष्ठभ्रातैव कुर्यान्न तत्पुत्रः । यत्तु नानुजस्य तथाग्रजः, इति तत् कनिष्ठभ्रातृसत्त्वविषयम् । यच्च मनुः –

बह्वीनामेकपत्नीनामेका चेत् पुत्रिणी भवेत् । सर्वास्तास्तेन पुत्रेण प्राह पुत्रवतीर्मनुः ।।

इति, तत्सोदराभावविषयमित्युक्तम् । एतेन पुत्रत्वातिदेशोऽयम् । अतस्तस्मिन् सति एकादश पुत्राः प्रतिनिधियो न कार्याः, स एव पिण्डदोंऽशहरश्च, इति वाचस्पतिमनुटीकाकल्पतरुरत्नाकरादयः परास्ताः, द्वादशविधपुत्राभावे '**पत्नीदुहितरः**' इति याज्ञवल्क्योक्तेश्च । तस्माद्दत्तपुत्रप्रशंसेयमिति विज्ञानेश्वरः, अविभक्तविषयं वा ।

चन्द्रिकामा वृद्धमनु भन्दछन् – माता, पिता, उपाध्याय, आचार्य र मातामहको और्ध्वदेहिक संस्कार गर्ने व्रती कहिले पनि व्रतबाट च्युत हुँदैन ।[२०]

अपरार्कमा उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – व्रतमा रहेको पुत्रले पिताको क्रिया गर्नुपर्दछ र छोरीको छोरा दौहित्रले पनि त्यसरी नै मातामहको क्रिया गर्नुपर्दछ । दौहित्रले मातामहको श्राद्ध गर्ने सन्दर्भमा शास्त्रहरूमा चर्चा भएको छ । तदनुसार **स्कन्दपुराणमा** धन–सम्पत्ति प्राप्त गर्ने छोरीतर्फको नातिले मात्र मातामहको श्राद्ध आदि कर्म गर्नुपर्दछ, अरूले पर्दैन भन्ने कुरा यसरी बताइएको छ – मातामह आदिको श्राद्ध सम्पत्ति पाउने छोरीपट्टिको छोराले गर्नुपर्दछ । आफूले लिएको धनको प्रायश्चित्तका लागि दौहित्रले मातामहादि दोस्रो पक्षको श्राद्ध गर्नुपर्दछ । उक्त वचनबाट त्यही दौहित्रलाई श्राद्धकर्तव्यमा लिनुपर्दछ जसलाई मातामहले छोरासमान मानेर राखेका हुन्छन् भन्ने देवयाज्ञिकको भनाई परास्त हुन्छ । जहाँ पत्नी र छोरीतर्फका नाति उपस्थित हुन्छन् त्यहाँ श्राद्ध कसले गर्ने भन्ने प्रश्न हुँदा अंश खाने हुनाले पत्नीले नै गर्नुपर्दछ । छोरीतर्फका नाति र दाजु अथवा भाइको छोराहरूमध्ये कसले श्राद्ध आदि गर्ने भन्ने प्रश्न भएमा दाजुभाइ छुट्टी–भिन्न भएको अवस्थामा दौहित्रले गर्नुपर्दछ, नछुट्टिएको अवस्थामा दाजु वा भाइको छोराले गर्नुपर्दछ । दाजु यद्वा भाइ र दाजु वा भाइको छोरामध्ये कसले श्राद्ध गर्नुपर्दछ भन्ने प्रश्न भएमा भाइ भएमा भाइले नै गर्नुपर्दछ । भाइ नभएमा दाजुले गर्नुपर्दछ । दाजु वा भाइका छोरामध्ये कसले गर्नुपर्छ भन्ने प्रश्न भएमा भाइको छोराले गर्नुपर्दछ भन्ने कुरा दाक्षिणात्य ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ।

हारलता आदि ग्रन्थमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – दाजु वा भाइको श्राद्ध मृतककी पत्नी नभएमा दाजु वा भाइले गर्नुपर्दछ । जसका सहोदर दाजु वा भाइ जीवित हुँदैनन् त्यसको श्राद्ध आदि कार्य दाजु वा भाइको छोराले गर्नुपर्दछ । **कूर्मपुराणमा** भनिएको छ – पुत्र नभएमा पत्नीले श्राद्ध गर्नुपर्दछ । पत्नी पनि नभएमा सहोदर दाजु वा भाइले श्राद्ध आदि क्रिया गर्नुपर्दछ । तर यसरी श्राद्ध आदि कार्य गर्दा ठूलो दाजु जीवित भएमा उसले नै श्राद्ध आदि गर्नुपर्दछ । ठूलो दाजुको मृत्यु भएको अवस्थामा माहिला दाजुले नै गर्नुपर्दछ तर उनका छोराले गर्नु हुँदैन । जुन जेठो दाजुले अनुजको क्षय आदि श्राद्ध गर्न हुँदैन भनिएको छ त्यो सबभन्दा कान्छो भाइको अधिकारनिषेधका लागि भनिएको विषय हो ।

मनुले फेरि यससम्बन्धमा जुन कुरा गरेका छन् त्यो यसप्रकार छ – सौताहरूमध्ये एउटी सौताबाट मात्र छोरा पैदा भएको छ भने त्यसै एउटा छोराको कारण सबै सौता पुत्रवती मानिन्छन् । मनुले यो कुरा आफ्नो छोरा नभएको सन्दर्भमा

२०. छोरीपट्टिको नाति र छोरापट्टिको नाति समान हुनाले र धन–सम्पत्ति प्राप्त गर्ने पनि हुनाले त्यसलाई मातामहको श्राद्ध गर्ने अधिकार छ।

भनेका हुन् । यो सौताको पुत्रमा आफ्नो पुत्रताको अतिदेश, आदेश वा स्थानान्तरण हो ।[२१] तसर्थ सौताको पुत्र छँदाछँदै एघार प्रकारका अन्य पुत्रहरूलाई श्राद्ध आदि कर्ममा प्रतिनिधि बनाउन हुँदैन । सौताको पुत्र नै पिण्डदाता हुन्छ र त्यो नै धनसम्पत्तिको अधिकारी पनि हुन्छ । यो भनाइबाट **वाचस्पति**, **मनुस्मृति**का टीकाकार, **कल्पतरु** र रत्नाकर आदि परास्त भएका छन् । १२ प्रकारका छोराहरूमध्ये कुनै पनि प्रकारका छोराहरू नभएमा पत्नी वा कन्याको अधिकार हुन्छ भन्ने **याज्ञवल्क्य**को अभिमत छ । यो भनाइबाट दत्तक पुत्रको महत्त्व बढेको छ र यो निरूपण अंशबण्डा नभएका पुत्रहरूको विषयमा केन्द्रित छ भन्ने **विज्ञानेश्वर**को मत रहेको छ ।

मदनरत्ने स्मृतिसंग्रहे –

पुत्रः कुर्यात्पितुः श्राद्धं पत्नी च तदसन्निधौ । धनहार्यथ दौहित्रस्ततो भ्राता च तत्सुतः ।।

भ्रातुः सहोदरो भ्राता कुर्याद्दाहादि तत्सुतः । ततस्त्वसोदरो भ्राता तदभावे च तत्सुतः ।।

इति भ्रातृपुत्राभावे क्रमेण पितृमातृस्नुषास्वसृतत्पुत्रादयो धनहारित्वात् । भगिनीतत्सुतयोर्विशेषमाह मदनरत्ने कात्यायनः-

अनुजा वाग्रजा वापि भ्रातुः कुर्वीत संस्क्रियाम् । ततः स्वसोदरात्तद्वत्क्रमेण तनयस्तयोः ।।

अपरार्के कार्ष्णाजिनिः –

पुत्रः शिष्योऽथवा पत्नी पिता भ्राता स्नुषा गुरुः । स्त्रीहारी धनहारी च कुर्यात्पिण्डोदकक्रियाम्।।

मार्कण्डेयपुराणे–

पुत्रो भ्राता च तत्पुत्रः पत्नी माता तथा पिता। वित्ताभावेऽपि शिष्यश्च कुर्वीरन्नौर्ध्वदेहिकम्।।

तेन धनहारी एतद्भिन्न इति कालादर्शः । अत्र पाठक्रमो न विवक्षितः पूर्ववाक्येष्वथ ततः शब्दादिभिः श्रौतक्रमोक्तेः। **'अथ जिह्वाया अथ वक्षसः'** इतिवत् ।

मदनरत्न र **स्मृतिसंग्रह**मा भनिएको छ – पुत्रले नै पिताको श्राद्ध गर्नुपर्दछ । पुत्रको अभावमा पत्नीले गर्नुपर्दछ । पत्नीको अभावमा धन–सम्पत्ति भोग गर्ने छोरीतर्फको नातिले गर्नुपर्दछ । छोरीतर्फको नाति नभएमा आफ्नो सहोदर दाजु वा भाइले गर्नुपर्दछ । सहोदर दाजु वा भाइको अभावमा तिनका छोराहरूले गर्नुपर्दछ । दाजुभाइका छोराहरूको अभाव

---

२१. **अन्यत्रैव प्रणीतायाः कृत्स्नाया धर्मसन्ततेः । अन्यत्र कार्यतः प्राप्तिरतिदेशोऽभिधीयते ।।** – मीमांसानुक्रमणिका ।
– अन्य कुनै विषयमा रहेको धर्मगुणलाई कार्यवश अन्यत्र प्रयोगका लागि गरिने आदेश वा स्थानान्तरणलाई अतिदेश भनिन्छ । अतिदेश मुख्यतयाः दुईप्रकारको हुन्छ – कार्यातिदेश र धर्मातिदेश । जस्तै – **ईषौ श्येनसमोविधिः** मीमांसासूत्र– ७/१/१३–१६ मा भनिएको छ कि– श्येनयागमा जुन विधि हुन्छ त्यस्तै विधि इषुयागमा पनि प्रवर्तन गर्नुपर्दछ । यहाँ विधिमा मात्र समानता हुन्छ । अनुवादमा समानता हुँदैन किनकि विधिमा मात्रै अतिदेश गरिएको छ । यो कार्यातिदेशको उदाहरण हो । धर्मातिदेशको उदाहरण यसप्रकार छ– **'धर्मातिदेशे पदमग्निहोत्रम्'** (मीमांसा ७/३/१–४), **'मासमग्निहोत्रं जुहोति'** यो वाक्य कौण्डपायीहरूको अयनमा सुनिन्छ । यो मासाग्निहोत्र नित्य अग्निहोत्रभन्दा फरक हो । यहाँ सन्देह हुन्छ – नित्य अग्निहोत्रका धर्मको मासाग्निहोत्रमा अतिदेश अर्थात् स्थानान्तरण हुन्छ कि हुँदैन । यस विषयमा पूर्वपक्ष भन्दछ– नित्य अग्निहोत्रका धर्मको मासाग्निहोत्रमा स्थानान्तरण हुने कुरामा कुनै प्रमाण छैन । यसबारे सिद्धान्तपक्षको भनाइ यसप्रकार छ– अग्निहोत्रशब्दको प्रयोग मुख्यरूपमा नित्य अग्निहोत्रमा नै गरिन्छ । **'अग्नये होत्रम् – अग्निहोत्रम्'** अर्थात् अग्निका लागि हवन । यसरूपमा गरिएको व्युत्पत्तिअनुसार समान नाम भएका दुवै अग्निहोत्रको धर्म अग्निको आराधना गर्नु नै हो। तसर्थ धर्मातिदेशमा अग्निहोत्रपद नै प्रमाण भएकाले धर्मातिदेश हुन्छ । यसरी कार्यातिदेश र धर्मातिदेशको स्वरूपलाई स्पष्ट बुझ्न सकिन्छ। सामान्य र विशेषका रूपमा पनि अतिदेशका अन्य उदाहरणहरू पनि पाइन्छन् ।

हुँदा क्रमैले पिता, माता, दिदी, बहिनी र भानिजहरूले धनग्राही भएमा श्राद्ध आदि क्रिया सम्पन्न गर्नुपर्दछ । **मदनरत्नमा कात्यायनले** भनेका छन् कि अनुजा अर्थात् बहिनी अथवा अग्रजा अर्थात् दिदीले अग्रज अर्थात् दाजु वा अनुज अर्थात् भाइको क्रिया गर्नुपर्दछ । यसैगरी सहोदर दिदी वा बहिनीसरह तिनका छोराहरूले पनि क्रिया गर्नुपर्दछ ।

अपरार्कमा काष्र्णाजिनिले भनेका छन् – पुत्र, शिष्य वा पत्नी, पिता वा भाइ, पुत्रवधू, गुरु, कन्याग्रहण गर्ने ज्वाइँ र धन-सम्पत्ति खाने मानिसले पिण्डोदक क्रिया गर्नुपर्दछ । **मार्कण्डेयपुराणमा** भनिएको छ – पुत्र अर्थात् १२ प्रकारका पुत्र, दाजु एवं भाइ अर्थात् सहोदर एवं असहोदर, दाजु वा भाइका छोरा, पत्नी, माता, पिता र शिष्य यी सबैले धनको अभाव भए पनि और्ध्वदेहिक क्रिया गर्नुपर्दछ । **कालादर्शमा** भनिएको छ – माथि बताइएका अधिकारीभन्दा धनहारी छुट्टै हुन्छ । पूर्ववाक्यहरूमा **अथ, ततः** आदि शब्दबाट श्रौतक्रम बताउँदा – **अथ जिह्वायाः, अथ वक्षसः** भनेजस्तै यहाँ पठित व्यक्तिका नामहरूको निरूपण गर्दा क्रमको विवक्षा गरिएको छैन ।

पृथ्वीचन्द्रोदये वृद्धमनुः –

स्नुषास्वस्त्रीयतत्पुत्रज्ञातिसम्बन्धिबान्धवाः । पुत्राभावे तु कुर्वीरन् सपिण्डान्तं यथाविधि ।।

मार्कण्डेयपुराणे – **पुत्राद्युत्सन्नबन्धोश्च सखापि श्वसुरस्य च । जामाता स्नेहवत्कुर्यादखिलं पैतृमेधिकम् ।।**

चन्द्रिकायां वृद्धशातातपः –

मातुलो भागिनेयश्च स्वस्त्रीयो मातुलस्य च । श्वशुरस्य गुरोश्चैव सख्युर्मातामहस्य च ।।

शुद्धिविवेके पृथ्वीचन्द्रोदये च ब्राह्मे –

दत्तानां वाप्यदत्तानां कन्यानां कुरुते पिता । चतुर्थेऽहनि तास्तेषां कुर्वीरन् सुसमाहिताः ।।

दत्ताः – वाग्दत्ताः ।

मातामहानां दौहित्राः कुर्वन्त्यहनि चापरे । तेऽपि तेषां प्रकुर्वन्ति द्वितीयेऽहनि सर्वदा ।।

जामातुः श्वशुराश्चक्रुस्तेषां तेऽपि च संयुताः । मित्राणां तदपत्यानां श्रोत्रियाणां गुरोस्तथा ।।

भागिनेयसुतानाञ्च सर्वेषां त्वपरेऽहनि । राज्ञोऽसति सपिण्डे तु निरपत्ये पुरोहितः ।।

मन्त्री वा तदशौचं तु पुरा चीर्त्वा करोति सः ।। अत्र द्वितीयादौ श्राद्धविधानमस्थिसञ्चयपरम् ।

पृथ्वीचन्द्रोदयमा वृद्धमनु भन्दछन् – पुत्रवधू, भाञ्जा, भाञ्जाको छोरा, आफ्ना ज्ञाति, सम्बन्धी र बान्धव यी सबैले पुत्रको अभावमा सपिण्डनान्त कर्म गर्नुपर्दछ । **मार्कण्डेयपुराणमा** भनिएको छ – जसका छोरा आदि कुनै पनि बन्धु हुँदैनन् त्यस व्यक्तिको कुनै मित्र र ज्वाइँले मृतसंस्कार गर्नुपर्दछ ।

चन्द्रिकामा वृद्धशातातप भन्दछन् – मामाले भाञ्जाको र भाञ्जाले मामाको श्राद्ध गर्नुपर्दछ । उत्तम गृहस्थले ससुरा, गुरु, मित्र र मातामहको पनि श्राद्ध गर्नुपर्दछ । उक्त सबै व्यक्तिहरूका पत्नीहरू, दिदी-बहिनी, माता-पिताको श्राद्ध गर्नुपर्दछ भन्ने कुरा वेदका ज्ञाता बताउँछन् । **शुद्धिविवेक, पृथ्वीचन्द्रोदय र ब्रह्मपुराणमा** भनिएको छ कि वाग्दान गरिएकी अथवा नगरिएकी कन्याको क्रियाकर्म बाबुले गर्नुपर्दछ । ती कन्याहरूले पनि पिताको मृत्यु हुँदा चौथोदिन पिताको और्ध्वदेहिक कर्म सम्पन्न गर्नुपर्दछ । दौहित्रहरूले अर्थात् छोरीतर्फका नातिहरूले मातामहको कार्य दोस्रोदिन सम्पन्न गर्नुपर्दछ । मातामह आदिले दौहित्र आदिको कर्म पनि दोस्रोदिन नै सम्पन्न गर्नुपर्दछ । ससुराहरूले ज्वाइँहरूको कर्म गर्नुपर्दछ र ज्वाइँहरूले पनि ससुराहरूको कर्म गर्नुपर्दछ । मित्र, मित्रका सन्तान, वेदपाठी गुरु, भाञ्जा एवं भाञ्जाका

सन्तान आदि सबैको कर्म दोस्रो दिन गर्नुपर्दछ । राजाका सपिण्ड मानिस नभएमा वा राजा अपत्यहीन भएमा पुरोहितले कर्म गर्नुपर्दछ । सपिण्डसन्तान नभएमा मन्त्री वा पुरोहितले आशौच सकिएपछि राजाको कर्म गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यहाँ दोस्रोदिन गर्नुपर्दछ भनेर जुन कर्मको निर्देश गरिएको छ त्यो अस्थिसञ्चयपरककर्मको निर्देश हो ।

और्ध्वदेहिककर्मणि औरसादिपुत्राणां विचारः

कालादर्शे – **दाहादिमन्त्रवत्पित्रोर्विदध्यादौरसः सुतः । तदभावे तु पौत्रश्च प्रपौत्रः पुत्रिकासुतः ।।**
दौहित्रो धनहारी च भ्राता तत्पुत्र एव च । पिता माता स्नुषा चैव स्वसा तत्पुत्र एव च ।।
सपिण्डः सोदको मातुः सपिण्डश्च सहोदकः । स्त्री च शिष्यर्त्विगाचार्या जामाता च सखापि च ।।
उत्सन्नबन्धो रिक्थेन कारयेदवनीपतिः ।।

और्ध्वदैहिककर्ममा औरस आदि पुत्रहरूको कर्तव्यसम्बन्धी विचार

औरसपुत्रले मन्त्रोच्चारण गर्दै माता एवं पितालाई दागबत्ती दिने काम गर्नुपर्दछ । पुत्रको अभावमा पौत्रले गर्नुपर्दछ। पौत्रको अभावमा प्रपौत्र, दौहित्र एवं धर्मपुत्रीको पुत्र, अंशधन प्राप्त गर्ने व्यक्ति, भाइ वा दाजु, भाइ वा दाजुको पुत्र, पिता, माता, पुत्रवधू, दिदी वा बहिनी, दिदी वा बहिनीका छोराहरू, सपिण्ड, सोदक, मातातर्फका सपिण्ड र सोदक, स्त्री, शिष्य, ऋत्विक, आचार्य, ज्वाइँ र मित्रले दाहसंस्कार आदि क्रिया गर्नु वा गराउनुपर्दछ । जसका कुनै पनि बान्धव छैनन् त्यसको दाह आदि क्रिया राजाले गराउनुपर्दछ ।[२२]

पुत्राभावे विचारः

गौतमः – **पुत्राभावे सपिण्डा मातृसपिण्डाः शिष्याश्च दद्युस्तदभावे ऋत्विगाचार्यौ ।।**

पुत्रको अभावमा विचार

गौतम भन्दछन् – पुत्रको अभावमा सपिण्ड, मातृसपिण्ड अथवा शिष्यहरूले दाह आदि सम्पूर्ण क्रिया गर्नुपर्दछ।

सर्ववर्णलिङ्गिनां प्रीत्या श्राद्धविचारः

यत्तु चन्द्रिकायां वृद्धशातातपः – **'प्रीत्या श्राद्धं प्रकर्तव्यं सर्वेषां वर्णलिङ्गिनाम्'** इति तत्सवर्णविषयम्।

सबै वर्णका मानिसको कल्याणका लागि श्राद्ध

चन्द्रिकामा वृद्धशातातप भन्दछन् – 'सबै वर्णका मानिसहरूको कल्याणका लागि सज्जन व्यक्तिहरूले प्रीति एवं श्रद्धापूर्वक श्राद्ध गरी ती सबैको उद्धार गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो नियम सवर्णव्यक्तिका लागि निर्देश गरिएको हो।

अन्यवर्णानां श्राद्धकर्मणि ब्राह्मणस्य विचारः

ब्राह्मणस्त्वन्यवर्णानां न कुर्यात्कर्म किञ्चन । कामाल्लोभाद् भयान्मोहात्कृत्वा तज्जातितां व्रजेत्।।

२२. जसको सन्तान, बन्धु–बान्धव कोही छैनन् भने त्यस्ताको धन–सम्पत्ति पनि राज्यले नै ग्रहण गर्नुपर्छ र क्रियाकाष्ठा एवं श्राद्धादि पनि राज्यको तर्फबाट नै गराइदिनुपर्ने शास्त्रीय व्यवस्था छ । क्रिया–श्राद्धादि गर्ने पनि कोही छैन, धनसम्पत्ति पनि छैन भने त्यस्तो मानिस मरेमा पनि त्यसको क्रिया श्राद्धादि कर्म राज्यको तर्फबाट नै हुनुपर्छ । कोही र केही पनि नभएको मानिसको क्रिया गर्ने – गराउने जिम्मा शास्त्रले राज्यलाई नै दिएको छ । नगरे–नगराए राज्य नै प्रायश्चित्तभागी हुनुपर्ने कुरा शास्त्रप्रतिपादित छ ।

इति ब्राह्मोक्तेः ।

न ब्राह्मणेन कर्तव्यं शूद्रस्याप्यौर्ध्वदैहिकम् । शूद्रेण वा ब्राह्मणस्य विना पारशवात् क्वचित् ।।

इति पारस्करोक्तेश्च । **पारशवः** – ऊढशूद्रापुत्रः ।

अन्य वर्णका मानिसहरूको श्राद्धकर्ममा ब्राह्मणको सहभागिताबारे विचार

ब्रह्मपुराणमा भनिएको छ – ब्राह्मणले अरू वर्णका मानिसहरूको श्राद्ध आदि कुनै कर्म गर्नु हुँदैन । यदि काम, क्रोध, भय वा मोहले ब्राह्मणले अरू वर्णका मानिसहरूको श्राद्ध आदि कर्म गर्दछ भने त्यो ब्राह्मण जुन जातिको कर्म गर्न लागेको छ त्यसै जातिमा परिणत हुन्छ । त्यसको ब्राह्मणत्व रहँदैन । **पारस्कर**को भनाइ छ – ब्राह्मणले शूद्रको और्ध्वदैहिक कर्म गर्नुहुँदैन । पारशव अर्थात् शूद्रामा ब्राह्मणद्वारा उत्पन्न गरिएको पुत्रबाहेक शूद्रले पनि ब्राह्मणका लागि कुनै कर्म गर्न हुँदैन । माथि मूलमा प्रयोग गरिएको **पारशव**शब्दको अर्थ ब्राह्मणद्वारा भित्र्याइएकी शूद्राबाट जन्मेको पुत्र भन्ने हो ।

पत्न्यादीनामधिकारक्रमकथनम्

अत्रेदं तत्त्वम् । सर्वत्र पुत्रादेः पूर्वस्याभावे पत्न्यादेरधिकार उक्तः । तत्राभावोऽसन्निधिर्नाशश्चोच्यते । अत एव पूर्वत्र '**असन्निधाने पूर्वेषाम्**' इत्युक्तम् । तत्रासन्निधौ पत्न्यादेः सर्वत्राधिकारे प्राप्ते –

प्रोषितावसिने पुत्रः कालादतिचिरादपि । एकादशाद्याः क्रमशो ज्येष्ठस्य विधिवत्क्रियाः ।।

ज्येष्ठेनैव तु यत्कृतम् इत्याद्यैर्देशान्तरे अपवादात् पुत्रनाश एव पत्न्यादेः सपिण्डनादावधिकारः ।।

असन्निधौ तु तत्पूर्वमेव नोर्ध्वम् । अतोऽनधिकारिणा भ्रात्रादिना कृतमप्यकृतमेवेति पुनरावर्तनीयम् । मासिकापकर्षोऽप्यावर्तनीयः । एकादशाहमासिकानि नावर्तते, तज्ज्यायसापि कर्तव्यं सपिण्डीकरणं पुनः । इतिवद् वृत्तिविधानाभावादिति केचित् । तन्न, अस्य निर्मूलत्वात् । अतस्तदपि कनिष्ठकृतमावर्तते । वृद्धिशौचपिण्डपितृयज्ञार्थं तु कृतं नावर्तते ।

नासपिण्ड्योऽग्निमान् पुत्रः पितृयज्ञं समाचरेत् । न पार्वणं नाभ्युदयं कुर्वन्न लभते फलम् ।।

इति, '**वृद्ध्युत्तरनिषेधनात्**' इति '**भ्राता वा भ्रातृपुत्रो वा**' इत्यादिहारीतादिवचोभ्यः कनिष्ठादेरप्यधिकारात् । यथात्र ज्येष्ठकर्तृत्वबाधस्तथा पुत्रकर्तृत्वस्याऽपि बाधः । सपिण्डने तु बहु वक्तव्यं तन्निर्णये वक्ष्यामः ।

पत्नी आदिको अधिकारक्रमनिरूपण

पत्नी आदिको अधिकारनिरूपण गर्ने क्रममा प्रथमपक्षको रूपमा पुत्रको अधिकार हुने र त्यसको अभावमा द्वितीयपक्षको रूपमा पत्नी आदिको अधिकार हुने कुरा बताइएको छ । पुत्र आदिको अभावमा भन्ने किसिमबाट अभावशब्दको प्रयोग गरिन्छ । **अभाव**शब्दका अर्थ असन्निधि अर्थात् समीपमा नरहनु र नाश हुनु पनि हुन् । यसैले पनि पूर्व प्रसङ्गमा पूर्व-पूर्वको समीपमा नरहनुमा भनिएको छ । पूर्वपक्षको अर्थात् पुत्रपक्षको सामीप्यको अभावमा पत्नी आदिले सर्वत्र अधिकार प्राप्त गर्दछन् । 'पिता परदेशमा मरेको धेरै दिनपछि थाहा हुँदा एघारौं आदि सबै क्रिया ज्येष्ठ पुत्रले गरे' भन्ने र 'ज्येष्ठ पुत्रले जुन क्रिया गरे' भन्ने समेत वचनहरू पौराणिक ग्रन्थहरूमा पाइन्छन् । देशान्तरमा अपवाद हुनाले पुत्रको नाश हुँदामात्र पत्नी आदिको सपिण्डनमा अधिकार हुन्छ । यसबाट यहाँ असन्निधिको अर्थ नाश नै हो । असन्निधिमा ज्येष्ठ पुत्रलाई मात्र अधिकार हुन्छ तर माहिला आदिलाई हुँदैन । यसैले अधिकार नपाएका माहिला, साहिँला आदि छोराले क्रिया गरे पनि जेठो छोरो फर्केर आएपछि फेरि क्रिया दोहोऱ्याउनुपर्दछ । सपिण्डनपूर्वक गरिने सोह्रश्राद्धको अपकर्ष अर्थात् सङ्कोच गरी पुनरावृत्ति

गर्नुपर्दछ । कसैले भन्दछन् – एकादशाह कर्म र सोह्रमासिकश्राद्धको पुनरावृत्ति हुँदैन । सपिण्डन भने ज्येष्ठ पुत्रले दोहोऱ्याउनुपर्दछ। यो मत सुनिएकाले एकादशाह कर्म र मासिकको आवृत्ति गर्ने विधान नभएको कुरा स्पष्ट हुन्छ ।

ग्रन्थकार भन्दछन् – माथि जेसुकै भनिएता पनि यसको कुनै प्रमाण नहुनाले यो भनाइ उचित छैन । तसर्थ कनिष्ठपुत्रले गरेका मासिकश्राद्ध र एकादशाह पनि दोहोऱ्याउनुपर्दछ । तर, कनिष्ठपुत्रले गरेको वृद्धिश्राद्ध र श्रौत-पिण्ड-पितृयज्ञका कार्य भने दोहोरिँदैनन् । असपिण्ड अग्निहोत्री पुत्रले पिताको और्ध्वदैहिक क्रिया गर्न हुँदैन त्यसले पार्वण र आभ्युदयिक श्राद्ध पनि गर्न हुँदैन । यदि आग्रहवश गर्दछ भने त्यसले फल प्राप्त गर्दैन । यहाँ वृद्धिश्राद्धपछि गरिने कार्यको निषेध गरिएको छ । हारीतले दाजुभाइ वा दाजुभाइको छोरा भनेकाले कनिष्ठपुत्रलाई पनि अधिकार प्राप्त हुन्छ। जसरी यहाँ ज्येष्ठकर्तृकमा बाध छ त्यसरी नै पुत्रकर्तृकमा पनि बाध छ । सपिण्डनका सम्बन्धमा धेरै भन्नुछ । त्यो सपिण्डनप्रकरणमा बताइनेछ ।

अधिकारविशेषेण क्रियायाः त्रैविध्यकथन्

अधिकारविशेषेण क्रियाव्यवस्थोक्ता विष्णुपुराणे –

पूर्वाः क्रिया मध्यमाश्च तथा चैवोत्तराः क्रिया । त्रिप्रकाराः क्रियाः ह्येतास्तासां भेदान् शृणुष्व मे ।।

आदाहादादशाहाच्च मध्ये याः स्युः क्रिया नृप । ताः पूर्वा मध्यमा मासि मास्येकोद्दिष्टसंज्ञिताः ।।

प्रेते पितृत्वमापन्ने सपिण्डीकरणादनु । क्रियन्ते याः क्रियाः पुत्रैः प्रोच्यन्ते ता नृपोत्तराः ।।

पितृमातृसपिण्डैश्च समानसलिलैस्तथा । तत्सङ्घातगतैश्चैव राज्ञा वा धनहारिणा ।।

पूर्वा मध्याश्च कर्तव्याः पुत्राद्यैरेव चोत्तराः । दौहित्रैर्वा नरश्रेष्ठ कार्यास्तत्तनयैस्तथा ।।

मृताहनि तु कर्तव्याः स्त्रीणामप्युत्तराः क्रियाः ।। दौहित्रतत्पुत्रयोर्धनहारिणोरिदम् । एवमन्यस्य धनहर्तुः, **'यश्चार्थहरः स पिण्डदायी'** इत्यापस्तम्बोक्तेः ।

अधिकारविशेषले क्रियाका तीनभेद

विष्णुपुराणमा अधिकारविशेष अनुसार क्रियाका तीनभेद बताइएको छ । तदनुसार पूर्वक्रिया, मध्यमक्रिया र उत्तरक्रिया गरी क्रियाका तीनभेद हुन्छन् । तिनका भेद सुन्नुहोस् । दाहसंस्कारदेखि १० दिनसम्मको क्रियालाई **पूर्वक्रिया** भनिन्छ । प्रत्येक मासमा जुन मासिकश्राद्ध गरिन्छ त्यसलाई **मध्यमक्रिया** भनिन्छ । सपिण्डीकरणपछि प्रेतको पितृत्व प्राप्तिका लागि गरिने क्रियालाई **उत्तरक्रिया** भनिन्छ ।[२३]

पिता, माता, सपिण्ड, सोदक, सपिण्ड एवं सोदक, समुदायमा रहेका बन्धु, मृतकको धन ग्रहण गर्ने राजा यिनीहरूले कुनै पनि मृतकको पूर्वा र मध्यमा क्रिया मात्र गर्न पाउँछन् । उत्तरा क्रिया त पुत्र, दौहित्र वा तिनका छोराले मात्र गर्ने अधिकार छ । मृत्यु हुने दिनमा अर्थात् वर्षदिनको वार्षिकतिथिमा स्त्रीहरूको पनि उत्तरा क्रिया गर्नुपर्दछ । यो कार्य धन लिने दौहित्र र तिनका पुत्रले गर्नुपर्दछ । अथवा अरू कुनै धनहारी जो छ, त्यसले गर्नुपर्दछ । **आपस्तम्ब**ले भनेका छन् कि जसले मृतकबाट धनसम्पत्ति प्राप्त गरेको छ त्यसले पिण्डदान गर्नुपर्दछ ।

धनहारिणा प्रेतस्य प्रेतकार्याकरणे विचारः

प्रेतस्य प्रेतकार्याणि अकृत्वा धनहारकः । वर्णानां यद्वधे प्रोक्तं तद्व्रतं प्रयतश्चरेत् ।।

---

२३. वर्षदिनमा सपिण्डीकरण गर्ने प्रचलनअनुसार माथिको कुरा बताइएको हो । वर्तमान समयमा बाह्रौं दिनमा सपिण्डीकरण गर्ने प्रचलन छ । एघारौं दिनमा सोह्रमासिक सामूहिक रूपमा गरिन्छ । यसरी हेर्दा १० दिनसम्मको क्रिया पूर्वा, एघारौं दिनमा गरिने सोह्रमासिकश्राद्ध आदि मध्यमा र बाह्रौं दिनमा सपिण्डीकरणपछि गरिने क्रियालाई उत्तरा क्रिया मान्नुपर्दछ ।

इति पृथ्वीचन्द्रोदये व्याघ्रपादोक्तेः । मदनरत्ने स्कान्देऽपि – **'मलमेतन्मनुष्याणां द्रविणं यत्प्रकीर्तितम् ।'** इत्युक्त्वा–

ऋषिभिस्तस्य निर्दिष्टा निष्कृतिः पावनी परा । आदेहपतनात्तस्य कुर्यात्पिण्डोदकक्रियाम् ।। इत्युक्तम्।

यसबारे **पृथ्वीचन्द्रोदयमा व्याघ्रपादले** यसरी भनेका छन् – जसले धन लिएर पनि प्रेतको उद्धारका लागि प्रेत कार्य गर्दैन त्यसले ब्राह्मण आदि वर्णको वध गर्दा जुन दण्ड तोकिएको छ र जुन व्रत गर्न भनिएको छ, त्यो दण्ड पाउँछ र त्यो व्रत गर्नुपर्दछ । **मदनरत्न** र **स्कन्दपुराणमा** धनलाई मयलसरह मान्दै भनिएको छ – धन–पैसा, बोसो, रगत, वीर्य, कानको मयल, नाकको मयल, आँखाको मयल, दिशा, पिसाब, पसिना, खकार, आँसु, नङको मयलजस्तो हुन्छ । त्यस्तो धन ग्रहण गर्ने मानिसले प्रायश्चित्तका रूपमा धनदाताको मृत्युपछि आजीवन पिण्डदान र जलदान गर्नुपर्दछ।

पुत्रस्यौर्ध्वदेहिकविचारः

क्रियानिबन्धे कात्यायनः –

न च माता न च पिता कुर्यात्पुत्रस्य पैतृकम् । नाग्रजश्च तथा भ्राता भ्रातृणां तु कनीयसाम् ।।

पृथ्वीचन्द्रोदये बौधायनः –

पित्रा श्राद्धं न कर्तव्यं पुत्राणां तु कथञ्चन । भ्रात्रा चैव न कर्तव्यं भ्रातृणां च कनीयसाम् ।।

पुत्रको और्ध्वदैहिक विचार

क्रियानिबन्धमा कात्यायनले भनेका छन् – माता–पिताले पुत्रको और्ध्वदेहिक कार्य गर्न हुँदैन र जेठा दाजुहरूले कान्छो भाइको और्ध्वदेहिक कार्य पनि गर्नु हुँदैन । **पृथ्वीचन्द्रोदयमा बौधायन** भन्दछन् – पिताले कुनै हालतमा पनि छोराहरूको क्रिया गर्न हुँदैन । जेठा दाजुले आफूभन्दा कान्छा भाइहरूको क्रिया गर्नु हुँदैन ।

गयायां विशेषकथनम्

यदि स्नेहेन कुर्यात्तां सपिण्डीकरणं विना । गयायां तु विशेषेण ज्यायानपि समाचरेत् ।।

गयामा विशेष

यदि स्नेहले पिताले पुत्रको र दाजुले भाइको क्रिया एवं श्राद्ध गर्न चाहन्छन् भने सपिण्डीकरण श्राद्धबाहेक अरू कार्य गर्न सक्दछन् । गयामा गएको समयमा दाजुले भाइको पनि श्राद्ध गर्न हुन्छ ।

अन्येषामभावे पित्रा पुत्रश्राद्धं विधेयम्

अन्याभावे पित्रादिरपि कुर्यात् ।

उत्सन्नबान्धवं प्रेतं पिता भ्राताऽथवाऽग्रजः । जननी चापि संस्कुर्यान्महदेनोऽन्यथा भवेत् ।।

इति सुमन्तूक्तेः ।

अरूको अभावमा बाबुले छोराको किरिया गर्नुपर्ने

यसबारे सुमन्तु भन्दछन् – अरू कोही नरहेको अवस्थामा पिता आदिले पनि छोरालाई पिण्ड र तर्पण दिनुपर्छ । तदनुसार जसको क्रिया गर्ने कुनै बान्धव हुँदैनन् त्यसको संस्कार पिता, भाइ, दाजु अथवा माताले गर्नुपर्दछ।

ब्रह्मचारिणां तु

ब्रह्मचारिणां तु शुद्धिविवेके पृथ्वीचन्द्रोदये च ब्राह्मे –

असमाप्तव्रतस्यापि कर्तव्यं ब्रह्मचारिणः । श्राद्धं तु मातापितृभिर्न तु तेषां करोति सः ।।

श्राद्धं मासिकाब्दिकादि सर्वं कार्यमित्यर्थः । नत्विति निषेधोऽन्यसत्त्वे । यत्तु छन्दोगपरिशिष्टे –

न त्यजेत्सूतके कर्म ब्रह्मचारी स्वयं क्वचित् । न दीक्षणात्परं यज्ञे न कृच्छ्रादि तपश्चरन् ।।

पितर्यपि मृते नैषां दोषो भवति कर्हिचित् । आशौचं कर्मणोऽन्ते स्यात् त्र्यहं वा ब्रह्मचारिणाम् ।।

यच्च याज्ञवल्क्यः – **'न ब्रह्मचारिणः कुर्युरुदकं पतितास्तथा'** इति । तदप्यन्यसत्त्वे, अन्याभावे तु ब्रह्मचारिणाऽपि कार्यम्, पूर्वोक्तवृद्धमनुवचनात् ।

आचार्यपित्र्युपाध्यायान्निर्हृत्यापि व्रती व्रती । सङ्कटान्नं च नाश्नीयान्न च तैः सह संवसेत् ।।

इति तेनैवोक्तेः । **'ब्रह्मचारिणः शवकर्मिणो व्रतान्निवृत्तिरन्यत्र मातापित्रोः'** इति वसिष्ठोक्तेः । अत्राशौचमेकाहं वक्ष्यामः । प्रागुपनयनान्मृतस्य तु पञ्चवर्षोत्तरं सपिण्डीकरणवर्ज्यं षोडशश्राद्धादि सर्वं कार्यमित्युक्तं देवजानीये, **'असंस्कृतानां भूमौ पिण्डं दद्यात्संस्कृतानां कुशेषु'** इति प्रचेतोवचनाच्च । एतच्चाग्रे वक्ष्यामः ।

ब्रह्मचारीहरूको श्राद्ध

शुद्धिविवेक एवं **पृथ्वीचन्द्रोदय**मा उद्धृत ब्रह्मचारीको श्राद्धसम्बन्धी **ब्रह्मपुराण**को वचन यसप्रकार छ – 'व्रत समाप्त नगरेको ब्रह्मचारी पुत्र मरेमा बाबुआमाले मासिक, वार्षिक आदि श्राद्ध गर्नुपर्दछ । तर ब्रह्मचारी पुत्रले भने अरू दाजु वा भाइ रहेसम्म माता एवं पिताको श्राद्ध गर्नु हुँदैन।' यहाँ गर्नुहुँदैन भन्ने निषेध अरू श्राद्धकर्ता भएमा मात्र लागु हुन्छ।

छन्दोगपरिशिष्टमा भनिएको छ – ब्रह्मचारीले सूतकमा पनि आफ्नो कर्म त्याग गर्न हुँदैन । यज्ञमा दीक्षा लिएपछि र सूतक लागेपछि पनि कर्मत्याग गर्न हुँदैन र कृच्छ्र आदि व्रत गर्दा सूतक आइलागे पनि कर्मत्याग गर्न हुँदैन । व्रतमा दीक्षित भएको ब्रह्मचारीलाई माता–पिताको मृत्युमा पनि सूतक लाग्दैन । तर व्रत समाप्त भएपछि ब्रह्मचारीले तीनदिन आशौच बार्नुपर्दछ । **याज्ञवल्क्य**ले भनेका छन् – 'ब्रह्मचारीहरूले मृतक बाबु–आमालाई अञ्जुलि दिनुहुँदैन । यदि अञ्जुलि दिन्छन् भने ती ब्रह्मचारी पतित मानिन्छन् ।' यो निषेध पनि ब्रह्मचारीका दाजु वा भाइ रहेमा मात्र लागू हुन्छ अन्यथा ब्रह्मचारीले पनि अञ्जुलिदान आदि कार्य गर्नुपर्ने कुरा पहिले बताइएको **वृद्धमनु**को वचनबाट अवगत हुन्छ । **वृद्धमनु**को भनाइ यसप्रकार छ – आचार्य, पिता एवं उपाध्यायहरूको दाहसंस्कार गरेतापनि व्रत गर्ने ब्रह्मचारी व्रतबाट च्युत हुँदैन । तर त्यसले सूतक लागेका घरको अन्न खान हुँदैन र अरू सूतक बार्नेहरूका साथ शयन पनि गर्न हुँदैन ।

यस बारे **वसिष्ठ** भन्दछन् – ब्रह्मचारीले शवदाह आदि कर्म गरेमा त्यसको व्रत खण्डित हुन्छ, तर आमा–बाबुको शवदाह आदि कर्म गर्ने ब्रह्मचारीको व्रत भने खण्डित हुँदैन । **देवजानीय**मा भनिएको छ – कुनै बालक पाँचवर्षको उमेरपछि उपनयनभन्दा पहिले मरेमा त्यसको सपिण्डीकरणबाहेक सोह्रश्राद्ध आदि सबै कर्म गर्नुपर्दछ । फेरि **प्रचेता**ले संस्कार नभएका बालकको लागि पिण्ड दिँदा भुईंमा दिनुपर्दछ र संस्कार भएका बालकका लागि पिण्ड दिँदा कुशमाथि दिनुपर्छ भनेका छन् । विशेष कुरा पछि बताइनेछ ।

अविभक्तानां विशेषः

अविभक्तानां विशेषमाह पृथ्वीचन्द्रोदये मरीचिः –

बहवः स्युर्यदा पुत्राः पितुरेकत्रवासिनः । सर्वेषां तु मतं कृत्वा ज्येष्ठेनैव तु यत्कृतम् ।।

द्रव्येण चाविभक्तेन सर्वैरेव कृतं भवेत् ।। ज्येष्ठस्य कर्तृत्वेऽपि सर्वे फलभागिन इत्यर्थः । तेन ये ब्रह्मचर्यपरान्नवर्जनादयः फलसंस्कारास्ते सर्वेषां भवन्तीति सिद्धम् । संसृष्टिनामप्येवम्, तुल्यत्वात् ।

अंशबण्डा नभई एउटै परिवारमा बसेका छोराहरूका सम्बन्धमा

पृथ्वीचन्द्रोदयमा मरीचिले भनेका छन् – पिताका धेरै पुत्रहरू छुट्टी–भिन्न नभएको अवस्थामा सबैको सहमतिबाट जेठा छोराले जुन पिण्डदान आदि कर्म गर्दछ त्यो सबै भाइले गरेसरह हुन्छ । सम्पत्तिको भागबण्डा नभएका कारण सबै छोराहरूले छुट्टा–छुट्टै गर्नुपर्दैन । जेठाले गरेको कर्म सबैका लागि हुने भएतापनि प्रत्येक छोराले ब्रह्मचर्यधारण गर्नुपर्दछ, अरूको अन्न खानु हुँदैन भन्ने जस्ता नियमहरू जति छन् तिनको पालन राम्ररी गर्नुपर्दछ । एकपटक अंशबण्डा गरी फेरि मिसिएका अर्थात् संसृष्टी छोराहरूले पनि यही नियमपालन गर्नुपर्दछ । नछुट्टिईकन सँगै रहेका र छुट्टिएपछि फेरि सम्पत्ति मिसाई एकाघरमा रहेका छोराहरूको क्रियामा कुनै अन्तर रहेको छैन ।

विभक्तानां विशेषः

विभक्तानां विशेषमाहोशनाः –

नवश्राद्धं सपिण्डत्वं श्राद्धान्यपि च षोडश । एकेनैव तु कार्याणि संविभक्तधनेष्वपि ।

लघुहारीतः–

सपिण्डीकरणान्तानि यानि श्राद्धानि षोडश । पृथङ्नैव सुताः कुर्युः पृथग्द्रव्या अपि क्वचित्।।

ऊर्ध्वं सपिण्डीकरणात्सर्वे कुर्युः पृथक् पृथक् ।। मदनरत्ने –

विभक्तास्तु पृथक्कुर्युः प्रतिसंवत्सरादिकम् । एकेनैवाविभक्तेषु कृते सर्वैस्तु तत्कृतम् ।।

एतेनाब्दिकादिष्वविभक्तानामनियम इति वदन् शूलपाणिः परास्तः ।

छुट्टी-भिन्न भएका छोराहरूको कर्तव्य

उशनाले छुट्टिएका छोराहरूबारे विशेष तथ्य निरूपण गर्दै भनेका छन् – नवश्राद्ध, सपिण्डनश्राद्ध र सोह्र मासिकश्राद्ध सम्पत्तिको भागबण्डा भएको भए पनि जेठो छोराले मात्र गर्नुपर्दछ । यसबरे **लघुहारीतले** भनेका छन् – सपिण्डीकरणसम्मका १६ श्राद्ध छुट्टिएका भए पनि छोराहरूले छुट्टाछुट्टै गर्नु हुँदैन । सपिण्डीकरणपछिका कर्म भने सबैले छुट्टाछुट्टै गर्नुपर्दछ । मदनरत्नमा भनिएको छ – प्रतिवर्ष मृततिथिमा गरिने सांवत्सरिकश्राद्ध छुट्टिएपछि छुट्टाछुट्टै गर्नुपर्दछ । सँगै बसेका छोराहरूमा जेठा छोराले अथवा कुनै एकछोराले श्राद्ध गरेपछि सबैले गरेको हुन्छ । **मदनरत्नको** यो भनाइबाट वार्षिकश्राद्ध सँगै बसेका छोराहरूमध्ये एउटैले गरे हुन्छ अथवा सबैले गर्दा पनि हुन्छ भन्ने कुरामा नियम छैन भन्ने **शूलपाणिको** मत परास्त भएको छ।

श्राद्धे दत्तकादीनामधिकारकथनम्

दत्तकस्तु जनकस्य पुत्राद्यभावे दद्यान्न तत्सत्त्वे–

गोत्ररिक्थे जनयितुर्न भजेद्दत्रिमः सुतः । गोत्ररिक्थानुगः पिण्डो व्यपैति ददतः स्वधा ।।

इति मनूक्तेः – इदं जनकस्य पुत्रसत्त्वविषयम् । तच्च प्रवरमञ्जर्यां कात्यायनलौगाक्षिभ्यां स्पष्टमुक्तम् । अथ ये दत्तकक्रीतकृत्रिमपुत्रिकापुत्राः परपरिग्रहेणानार्षेया जातास्ते द्व्यामुष्यायणा भवन्ति । यथा – 'शौङ्गशैशिरीणां यानि चान्यान्येवं सुत्पत्तीनि कुलानि भवन्ति' इत्यादिना द्वयोः पित्रोः प्रवरात् उक्त्वा उक्तम् । 'अथ यद्येषां स्वासु भार्यास्वपत्यं न स्यात्

रिक्थं हरेयुः पिण्डं चैभ्यस्त्रिपुरुषं दद्युर्यद्युभयोर्न स्यादुभाभ्यामेव दद्युरेकस्मिंच्छ्राद्धे पृथगुद्दिश्यैकपिण्डे द्वावनुकीर्तयेत्परिगृहीतारं चोत्पादयितारं तृतीयात्पुरुषात्' इति ।

श्राद्धमा दत्तक आदि पुत्रको अधिकारविचार

दत्तक पुत्रले आफ्ना माता-पिताका अरू पुत्र नभएको अवस्थामा पिण्ड र उदकदान गर्नुपर्दछ । अरू पुत्र भएमा दत्तकले श्राद्ध आदि कर्म गर्नु पर्दैन ।

मनु भन्दछन् - दत्तक पुत्रले आफूलाई जन्म दिने पिताको धन लिँदैन र गोत्रको पनि व्यवहार गर्दैन । दत्तकले स्वधापूर्वक दिएको पिण्ड ग्रहण गर्ने पितालाई प्राप्त हुन्छ । यो नियम दत्तकलाई जन्माउने बाबुका अरू छोराहरू भएमा मात्र लागू हुन्छ भन्ने कुरा **प्रवरमञ्जरीमा कात्यायन** र **लौगाक्षिले** स्पष्ट भनेका छन् । जुन दत्तक, कृत्रिम एवं पुत्रिकापुत्र आदि पुत्रका भेद छन् तिनले अरू मानिसको गोत्र स्वीकार गर्ने हुँदा ती अनार्षेय अर्थात् ऋषिको प्रवर र गोत्रदेखि रहित भएकाले तिनलाई द्व्यामुष्यायण भनिन्छ । जस्तै 'शौंग र शैशिरहरूका कुल आफू उत्पन्न भएका र अरूका गरी दुईथरि हुन्छन् । त्यस्तै यिनीहरूका पनि दुईथरि कुल हुन्छन् ।' यस वाक्यप्रमाणबाट जन्म दिने र दत्तकको रूपमा ग्रहण गर्ने दुवै पिताका प्रवरहरूको उल्लेख गर्दै भनिएको छ - यदि दत्तक पुत्र लिने पिताहरूका आफ्ना सन्तान नभएमा दत्तक पुत्रले अंशभाग पाउँछन् र ती पितासमेत त्रिपुरुष - पितामह, प्रपितामहलाई पिण्ड दिन्छन् । यदि आफूलाई जन्म दिने पितातर्फ अरू छोरा नभएमा धर्मपिता र जन्मदाता पिता दुवैका लागि दत्तकले पिण्ड-पानी दिनुपर्दछ । एउटै श्राद्धमा एउटै पिण्डमा दुवै पिताका अलग-अलग नाम गोत्र उल्लेख गरी ग्रहण गर्ने पिता र जन्म दिने पिताका तीनपुस्ताको उल्लेख गर्दै पिण्डदान गर्नुपर्दछ ।

हेमाद्रौ काष्र्णाजिनिः -

यावन्तः पितृवर्ग्याः स्युस्तावद्भिर्दत्तकादयः । प्रेतानां योजनं कुर्युः स्वकीयैः पितृभिः सह ।।
द्वाभ्यां सहाथ तत्पुत्राः पौत्रास्त्वेकेन तत्समम् । चतुर्थपुरुषे छन्दस्तस्मादेषा त्रिपूरुषी ।।
साधारणेषु कालेषु विशेषो नास्ति वर्गिणाम् । मृताहे त्वेकमुद्दिश्य कुर्युः श्राद्धं यथाविधि ।। इति ।

अस्यार्थमाह हेमाद्रिः - दत्तकादयो जनकपालकयोः कुले प्रेतानां स्वस्ववर्गीयैः सपिण्डनं कुर्युः । दत्तकानां पुत्रास्तु पितुर्दत्तकस्य पितृभ्यां जनकपालकाभ्यां स्वपितामहाभ्यां सपिण्डनं कुर्युः । तेषां पौत्राः स्वपितरं दत्तकेन पितामहेन तज्जनकेन च सपिण्डयेयुः । चतुर्थोऽपि तत्कुलस्थ एव । तेषां प्रपौत्रस्तु दत्तकस्य प्रपितामहस्य पालककुलस्थं चतुर्थं योजयेन्न वा । छन्दः - इच्छा । दर्शमहालयादौ तु द्वयोः पित्रोः पितामहयोः प्रपितामहयोर्वा श्राद्धं देयम् । तत्र द्वयोः पित्राद्योः पृथक् पिण्डदानं द्वयोरुद्देशेनैको वेति ।

हेमाद्रिमा उद्धृत **काष्र्णाजिनि**को मत यसप्रकार छ - दत्तक आदि पुत्रहरूले आफ्ना जति पितृवर्ग छन्, तिनका साथ प्रेतको पिण्ड मिलाउने काम गर्नुपर्दछ । दत्तकका पुत्रहरूले दुईपितृवर्गका साथ प्रेतको पिण्डयोजन गर्नुपर्दछ । दत्तकका नातिहरूले एकपितृवर्गका साथ प्रेतपिण्ड योजन गर्नुपर्दछ । दत्तकका पनातिहरूले इच्छा भएमा उभयवर्गी पितृहरूका साथ पिण्डमेलन गरून् अन्यथा आवश्यक छैन । दत्तकद्वारा गरिने श्राद्ध त्रिपुरुषी हुन्छ । साधारण समयमा यस्तो वर्गीकरणको आवश्यकता हुँदैन । मृताहमा त जसको लागि श्राद्ध गरिँदैछ त्यसको उल्लेख गरी विधिपूर्वक श्राद्ध गर्नुपर्दछ ।

माथि **काष्र्णाजिनि**द्वारा बताइएको सूत्रात्मक वचनको तात्पर्य खुलाउँदै **हेमाद्रि** भन्दछन् - 'दत्तक आदिले जनककुल र पालककुलका प्रेतहरूको आ-आफ्ना वर्गमा सपिण्डन गर्नुपर्दछ । दत्तकका छोराहरूले सपिण्डन गर्दा

दत्तकका जनकपिता र पालकपिता दुवै गरी दुवैतर्फका पितामह एवं प्रपितामहमा सपिण्डन गर्नुपर्दछ । दत्तकका पौत्रहरूले आफ्ना पिताको सपिण्डन दत्तकका पितामह र जनक पितामहका साथ गर्नुपर्दछ । दत्तकका जनकपक्षीय प्रपौत्रले दत्तकका प्रपितामहको पालक प्रपितामहका साथ पिण्डको संयोजन गरे पनि हुन्छ, नगरे पनि हुन्छ । जनकपक्ष र पालकपक्षका पितामहहरूलाई एउटै पिण्डदान गर्नुपर्दछ अथवा जनकपक्षका प्रपितामहलाई मात्र एउटापिण्ड दिए पनि हुन्छ ।' मूलमा प्रयुक्त 'छन्द'शब्दको अर्थ इच्छा हो । अमावास्या, महालय आदिमा दत्तकले दुवै प्रकारका पिता, पितामह एवं प्रपितामहलाई पिण्ड दिनुपर्दछ । दुवैतर्फका पिताको जोडा, पितामहको जोडा र प्रपितामहको जोडालाई पिण्ड दिँदा सबै जोडाका उद्देश्यले एउटै पिण्ड दिए पनि हुन्छ ।

अत्र केचित् आवयोरयमिति परिभाष्य यो दत्तस्तस्येदं द्वयो: पित्रो: श्राद्धम्, यत्त्वपरिभाष्य दत्त: स ग्रहीतुरेव स पालकायैव दद्यादित्याहु: । अत्र मूलं त एव प्रष्टव्या: । वस्तुतस्तु जनकस्य पुत्रपत्न्याद्यभावे दत्तको द्वयोर्दद्यादन्यथा पालकायैव प्रागुक्तकात्यायनवचनात् । मानवीयमप्येतद्विषयमेव । गोत्रं तु श्राद्धे पालकस्यैव विवाहादौ तूभयोरित्यादि मत्कृतप्रवरदर्पणे ज्ञेयम् । यस्तु मूल्यक्रीतायां परभार्यायां दास्यां चोत्पन्न: स वीजिन एव दद्यात् । मूल्यं विना स्वयमुपनतायां तु क्षेत्रिण एव । तदुक्तं पृथ्वीचन्द्रोदये कौर्मे –

अनियोगात्सुतो यस्तु शुल्कतो जायते त्विह । प्रदद्याद्वीजिने पिण्डं क्षेत्रिणे तु ततोऽन्यथा ।। इति।

क्षेत्रजादेर्विशेषस्तु कलौ तदभावान्नोच्यत इति दिक् ।

यहाँ कसैले भनेका छन् – 'तपाईंहरू दुईपितृका लागि भनी जुन एउटा पिण्ड दिइन्छ त्यो दुवै पिताको हुन्छ । केही नभनीकन दिएको पिण्ड पालकपिताको हुन्छ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ कुन आधारमा भनिएको हो भन्नेले मात्र जानुन्, हामी जान्दैनौं । वास्तवमा जन्मदाता पिताका पुत्र, पत्नी आदि नरहेमा दत्तकले दुवै तर्फका पिता आदिको श्राद्ध गर्नुपर्दछ । अन्यथा पूर्वोक्त **कात्यायन** वचनअनुसार पालकलाई पिण्ड आदि दिनुपर्दछ । **मनुवचन**को तात्पर्य पनि यही हो । पालक पिताको गोत्र नै दत्तकको गोत्र हुन्छ । विवाह आदिमा भने त्यसले दुवैतर्फको गोत्र उच्चारण गर्नुपर्दछ । त्यसको विस्तृत वर्णन मैले बनाएको **प्रवरदर्पण**बाट जान्न सकिन्छ ।

मूल्यद्वारा खरिद गरिएकी अरूकी पत्नी र दासीबाट जन्मेको जुन पुत्र छ त्यसले जसको वीर्यबाट पैदा भएको हो, उसैलाई पिण्ड दिनुपर्दछ । विनामूल्य आफै आएकी आइमाईबाट जन्मेको पुत्रले मातामा जसको अधिकार छ त्यसै मालिकलाई बाबु मानी पिण्डदान गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदयमा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ – नियोगविना पिताभन्दा अतिरिक्त पुरुषबाट जन्मिएको छोराले जसको वीर्यबाट जन्मिएको हो त्यसैलाई पिण्ड दिनुपर्दछ । नियोगबाट जन्म भएका पुत्रले त नियोग गर्न लगाउने पितालाई पिण्ड दिनुपर्दछ । क्षेत्रज आदि पुत्रहरूका सम्बन्धमा विशेष कुरा भनिँदैन किनकि कलियुगमा क्षेत्रज आदि पुत्रहरूको मान्यता रहेको छैन ।

जारजानां विशेष:

जारजानां विशेषमाह अपरार्के नारद: –

जायन्ते त्वनियुक्तायामेकेन बहुभिस्तथा । अरिक्थभाजस्ते सर्वे बीजिनामेव ते सुता: ।।
दद्युस्ते बीजिने पिण्डं माता चेच्छुक्लतो हृता । अशुक्लोपहृतायां तु पिण्डदा वोढुरेव ते ।।

जारज पुत्रहरूको विषयमा

अपरार्कमा नारदले जारज पुत्रहरूको विषयमा भनेका छन् – विना नियोग परपुरुषबाट पैदा भएका पुत्रहरू धनका हकदार हुँदैनन् । ती जसको वीर्यबाट पैदा भएका हुन् तिनैका पुत्र हुन्छन् । त्यस्ता पुत्रले आफ्नी आमा मूल्यबाट किनिएकी भए जसको वीर्यबाट पैदा भएका हुन् त्यसलाई पिण्ड दिनुपर्दछ । मूल्यद्वारा आमाको खरिद नगरिएको स्थितिमा आमासँग विवाह गर्ने पितालाई पिण्ड दिनुपर्दछ ।

धर्मार्थश्राद्धकरणे फलम्

धर्मार्थं श्राद्धकरणे फलमाह चन्द्रिकायां शातातपः –

प्रीत्या श्राद्धं तु कर्तव्यं सर्वेषां वर्णलिङ्गिनाम् । एवं कुर्वन्नरः सम्यङ्महतीं श्रियमाप्नुयात् ।।

गयायामपि तत्रैव ब्रह्मवैवर्ते –

आत्मजो वाऽथवान्योऽपि गयाशीर्षे यदा तदा । यन्नाम्ना पातयेत्पिण्डं तन्नयेद् ब्रह्म शाश्वतम् ।।

धर्मार्थ श्राद्धको फल

मानिसले सबै वर्ण र आश्रमका व्यक्तिहरूको कल्याणका लागि प्रीतिपूर्वक धर्मार्थ श्राद्ध गरिदिनुपर्दछ । यसरी परोपकार वा धर्मभावनाले अरूको राम्रोसँग श्राद्ध गरिदिने मानिसले प्रचुरमात्रामा श्रीसम्पत्ति प्राप्त गर्दछ । **ब्रह्मवैवर्तपुराणमा** गयामा गई अरूका लागि श्राद्ध गरिदिने व्यक्तिले ब्रह्मपद पाउने कुरा बताउँदै भनिएको छ – आफ्नो छोरा वा अरू कुनै मानिसले जुनसुकै समयमा गयामा गई जसको नामबाट पिण्डप्रदान गर्दछ त्यो पिण्ड पाउने पितृले शाश्वत ब्रह्मपद पाउँदछ।

यदा फलभूमार्थिना द्विस्त्रिर्वा क्रियते तदा विचारः

एतच्च यदा फलभूमार्थिना द्विस्त्रिर्वा क्रियते तदा प्रेतशिलाश्राद्धवर्ज्यं कुर्यात्, तस्य प्रेतत्वविमोक्षार्थत्वात्तस्य च जातत्वादिति केचित् । वस्तुतस्तु संन्यासिश्राद्धवदत्रापि सर्वं कार्यम् । साङ्गेऽधिकारादिति युक्तं प्रतीमः । संन्यस्त-पित्रादिस्तु पितुः पित्रादिभ्यः सर्वश्राद्धेषु दद्यादित्युक्तं प्राक्, वक्ष्यते च जीवत्पितृकश्राद्धे ।

अधिक फल कामनाका लागि गयाश्राद्ध

धेरै फल चाहने मानिसले २–३ पटक गयामा गई श्राद्ध गर्ने इच्छा गरेमा प्रेतशिलामा श्राद्ध गर्ने कार्यबाहेक गयाश्राद्ध गर्नुपर्दछ । किनकि प्रेतशिलामा गरिने श्राद्धले प्रेतत्वबाट मुक्ति दिलाउँछ । त्यो एकपटकमात्र गरिएको हुन्छ । त्यसलाई दोहोऱ्याउनु व्यर्थ हुन्छ भन्ने कसैको मत छ । सिद्धान्त त यो छ कि संन्यासीका निमित्त गरिने श्राद्धझैं यहाँ सबै अङ्ग पुऱ्याएर श्राद्ध गर्नुपर्दछ भन्ने **कमलाकरको** मत छ । जसका पिताले संन्यासधर्म लिएका छन् त्यसले आफ्ना पितामह आदिका निमित्त सबै अङ्ग पुऱ्याएर श्राद्ध गर्नुपर्दछ । यस विषयमा यसपछि पनि जीवत्पितृक–श्राद्धप्रकरणमा प्रकाश पारिनेछ ।

स्त्रीशूद्राणां श्राद्धादौ अमन्त्रककर्मविचारः

अत्र स्त्रीशूद्राणां श्राद्धं मन्त्रवर्ज्यं तूष्णीं भवति ।

स्त्रीणाममन्त्रकं श्राद्धं तथा शूद्रासुतस्य च । प्राग्द्विजाश्च व्रतादेशात्ते च कुर्युस्तथैव तत् ।।

इति हेमाद्रिमरीचिवचनात् ।

अयमेव विधिः प्रोक्तः शूद्राणां मन्त्रवर्जितः । अमन्त्रस्य तु शूद्रस्य विप्रो मन्त्रेण गृह्यते ।।

इति ब्राह्मोक्तेश्च । **गृह्यते** – सम्बध्यते । अस्य श्राद्धप्रकरणे पाठेऽपि परिभाषात्वान्न प्रकरणे सङ्कोचो युक्तः । तेन शूद्रस्य स्नानदानादावपि विप्रेण मन्त्रपाठः कार्यः । '**अमन्त्रस्य**' इति विशेषणात् स्त्रिया अपीति शूलपाणिः । यत्तु तेनोक्तं मन्त्रजन्यनियमादृष्टसिद्धिस्तु नमस्कारेण, '**अनुमतोऽस्य नमस्कारो मन्त्रः**' इति गौतमोक्तेरिति । तत्र, दृष्टद्वारैव हि तत्प्राप्तिर्न स्वातन्त्र्येण । अन्यथा नखविर्पूतेप्यवघातजन्यदृष्टार्थं सोऽपि क्रियेतेति यत्किञ्चिदेतत् । तेन '**पितॄणां नामगोत्रतः**' इत्यादौ यत्र द्विजानामपि नाममन्त्र उक्तस्तत्र प्रतिप्रसवमात्रार्थं युक्तं न तिलावपनादावपि ।

स्त्री र शूद्रको श्राद्ध आदिमा अमन्त्रक कर्मसम्बन्धी विचार

स्त्री र शूद्रको श्राद्ध विनामन्त्रपूर्वक गर्नुपर्छ भन्ने बारे **हेमाद्रि**मा उद्धृत **मरीचि**को वचनमा भनिएको छ – स्त्री र शूद्रको श्राद्ध मन्त्रप्रयोग नगरीकन गरिन्छ । संस्कारभन्दा पहिले मरेका द्विजहरूको श्राद्ध पनि विनामन्त्र नै गर्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ – शूद्रहरूको श्राद्धकर्म मन्त्रप्रयोगविना गर्ने विधान छ । मन्त्रप्रयोग नगरिने शूद्रको श्राद्धमा ब्राह्मणले मात्र मन्त्रोच्चारण गर्नुपर्दछ । **ब्रह्मपुराण**को यो वचन श्राद्धप्रकरणमा पढिएको भएता पनि यो परिभाषा भएकाले यसलाई संकुचन गर्नुपर्ने कुरा केही छैन । यसबाट शूद्रद्वारा गरिने स्नान, दान आदि कर्ममा पनि ब्राह्मणद्वारा मन्त्रपाठ गराउनुपर्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

शूलपाणि भन्दछन् – **अमन्त्रकस्य** भन्ने मूलमा रहेको विशेषणबाट स्त्रीद्वारा गरिने स्नान, दानमा पनि ब्राह्मणद्वारा मन्त्रपाठ गरिनुपर्ने कुरा बुझिन्छ । अरूले मन्त्रोच्चारणपूर्वक गरिने कर्मको अदृष्टसिद्धि त तिनीहरूले गर्ने नमस्कारबाट प्राप्त हुन्छ भन्ने कुरा **गौतम**ले बताएका छन् । त्यो होइन, शूद्रलाई दृष्टद्वारा नै नमस्कार गर्ने आज्ञा प्राप्त हुन्छ, स्वतन्त्र कारणबाट होइन। धानको बोक्रा नङबाट पनि हटाउन सकिन्छ तापनि अदृष्टका लागि ढिकीमा कुटेर भुस हटाउने काम गर्नुपर्दछ । पितृहरूका लागि पिण्ड–पानी दिँदा नाम–गोत्र उच्चारण गरेरमात्र दिनुपर्दछ भन्ने वाक्यबाट द्विजहरूले नामगोत्रको उच्चारण गर्नुपर्ने स्वतः सिद्ध भएता पनि फेरि उल्लेख गरिनु प्रतिप्रसव अर्थात् निषेधको निषेध वा पुनर्विधानका लागि हो। तिलवपन आदिका लागि होइन ।

अत्र केचित् – वैदिकमन्त्रो विप्रस्य, पौराणस्तु शूद्रैः पठनीयः –

नहि वेदेष्वधिकारः क्वचिच्छूद्रस्य विद्यते । पुराणेष्वधिकारो मे दर्शितो ब्राह्मणैरिह ।।

इति तत्रैव पाद्मोक्तेरित्याहुः । गौडा अप्येवम् । तन्न, '**नाध्येतव्यमिदं शास्त्रं वृषलस्य तु सन्निधौ**' इति कौर्मपुराणनिषेधेन वेदस्य दूरापास्तत्वात् ।

अध्येतव्यं ब्राह्मणेन वैश्येन क्षत्रियेण च । श्रोतव्यमेव शूद्रेण नाध्येतव्यं कदाचन ।।

श्रौतं स्मार्तं च वै धर्मं प्रोक्तमस्मिन्नृपोत्तम । तस्माच्छूद्रैर्विना विप्र न श्रोतव्यं कदाचन ।।

इति तत्रैव पुराणाधिकारे भविष्योक्तेश्च । एतेन '**नाध्येतव्यम्**' इति निषेधो मन्त्रेतरपुराणपर इति श्रीदत्तादिमतमपास्तम्। तेन पौराणमन्त्राणामेव विप्रेण पाठो न वैदिकानामिति । द्विजस्त्रियस्तु सङ्कल्पमात्रं स्वयं कृत्वा वैदिकमन्त्रयुक्तं सर्वं ब्राह्मणद्वारा कारयेयुरिति प्रयोगपारिजातः । अत एव '**स्त्रीणाम्**' इत्यकृतविवाहस्त्रीपरमिति हेमाद्रिराह । '**अनुपनीतस्तु वैदिकमन्त्रयुक्तं सर्वं स्वयमेव कुर्यात्**' इत्युक्तं प्राक् । यत्तु '**प्राग्द्विजाश्च व्रतादेशात्**' इति तदशक्तविषयमचूडविषयं वेति दिक् ।

यस सम्बन्धमा कसैले भनेका छन् – ब्राह्मणले वैदिकमन्त्र पढ्नुपर्दछ । शूद्रले पौराणिकश्लोक पढ्नुपर्दछ ।

पद्मपुराणमा भनिएको छ – 'शूद्रलाई कहीँ पनि वेदमा अधिकार छैन । ब्राह्मणको माध्यमबाट पुराणमा अधिकार हुने कुरा मैले बताएको छु ।' **गौड**हरू पनि यही भन्दछन् । ग्रन्थकार भन्दछन् – यो भनाइ पनि उचित छैन । शूद्रका समीपमा शास्त्रको अध्ययन गर्नु हुँदैन भनी **कूर्मपुराण**ले पुराणको अध्ययननिषेध गरेकाले वेदमा अधिकार हुने कुरा त धेरै टाढाको विषय हो । यसबारे पुराणाधिकारमा **भविष्यपुराण**को उक्ति उद्धृत गरिएको छ । 'ब्राह्मण, क्षत्रिय र वैश्यले पुराणशास्त्र पढून् तर शूद्रलाई पढ्ने अधिकार हुँदैन । उनीहरूले अरूका मुखबाट श्रवण गर्नुपर्दछ । पुराणमा श्रुति र स्मृतिमा उपदिष्ट धर्मको चर्चा गरिएको छ । तसर्थ शूद्रले ब्राह्मणलाई नजिकै राखेर पुराणश्रवण गर्नुपर्दछ ।' यो भनाइबाट **नाध्येतव्यम्** अर्थात् शूद्रले अध्ययन गर्न हुँदैन भन्ने पाठमा गरिएको निषेध मन्त्रबाहेक पुराणपरक हो भन्ने श्रीदत्त आदिको मत खण्डित हुन्छ । अतः ब्राह्मणले शूद्र आदिका सामु पुराणका मन्त्रहरूको पाठ गर्नुपर्दछ र वैदिकमन्त्रको पाठ गर्नुहुँदैन भन्ने कुरा सिद्ध हुन्छ ।

द्विजस्त्रीहरूले कर्मको आरम्भमा स्वयं सङ्कल्प गरी वैदिक मन्त्रले गराइने सम्पूर्ण कार्य ब्राह्मणद्वारा गराउनुपर्छ भन्ने कुरा **प्रयोगपारिजात**मा उल्लेख गरिएको छ । **हेमाद्रि** र **मरीचि**को वचनमा '**स्त्रीणाममन्त्रकम्**' भनिएकोमा स्वयं **हेमाद्रि** भन्दछन् – त्यो वचन विवाह नगरिएकी स्त्री भन्ने अर्थमा आएको हो । व्रतबन्ध नगरेका द्विजले वैदिकमन्त्र उच्चारणपूर्वक सम्पूर्णकर्म स्वयं गर्नुपर्दछ भन्ने कुरा पहिले बताइएको छ । पहिले जुन 'व्रतबन्ध भएपछि मात्र द्विजहरूले कर्म गर्नुपर्दछ' भनिएको छ त्यो अशक्तका लागि मात्र हो अथवा त्यसको विषयमा भनिएको हो जसको मुण्डन भएको छैन।

शूद्रस्य सदा आमश्राद्धादिकथनम्

शूद्रस्य तु सदाऽऽमश्राद्धमेव । '**सदा चैव तु शूद्राणामामश्राद्धं विधीयते**' इति सुमन्तूक्तेः ।

पृथ्वीचन्द्रोदये मात्स्येऽपि –

एवं शूद्रोऽपि सामान्यं वृद्धिश्राद्धं च सर्वदा । नमस्कारेण मन्त्रेण कुर्यादामान्नवत्सदा ।।

तत्रैव वृद्धपराशरः –

आमान्नेन तु शूद्रस्य तूष्णीं तु द्विजपूजनम् । कृत्वा श्राद्धं तु निर्वाप्य सजातीनाशयेदथ ।।

स एव – '**आमं शूद्रस्य पक्वान्नं पक्वमुच्छिष्टमुच्यते ।**' हेमाद्रौ भविष्ये –

धर्मेप्सवस्तु धर्मज्ञा यदि शूद्राः प्रकुर्वते । अग्नौकरणमन्त्रश्च नमस्कारो विधीयते ।।

आवाहनादि कर्तव्यं तथा शूद्रेण तच्छृणु । देवानां देवनाम्ना तु पितॄणां नामगोत्रतः ।।

पिण्डादीन्निर्वपेद्वीर नामतो गोत्रतस्तथा ।।

शूद्रहरूले आमान्नद्वारा सधैं श्राद्ध गर्नुपर्ने विधान

शूद्रहरूले सधैं आमान्नद्वारा श्राद्ध गर्नुपर्दछ । यसबारे **सुमन्तु** भन्दछन् – शूद्रहरूले सम्पूर्ण श्राद्ध गर्दा विधिपूर्वक आमान्नले गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदय**मा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – शूद्रले सामान्यश्राद्ध र वृद्धिश्राद्ध आमान्न टक्र्याएर नमस्कार गरी सम्पन्न गर्नुपर्दछ ।

वृद्धपराशरले भनेका छन् – शूद्रले मौनपूर्वक ब्राह्मणपूजन गरी आमान्नद्वारा पिण्डदान गरेर सजातिलाई भोजन गराउनुपर्दछ । वस्तुतः शूद्रको निमित्त काँचो अन्न नै पाकेको अन्न हो । शूद्रले गर्ने श्राद्धमा पाकेको अन्नलाई उच्छिष्टसरह

मानिन्छ । हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – धर्मको विषयमा ज्ञान गर्न चाहने र धर्म जान्ने शूद्रहरूले श्राद्ध गर्दा **अग्नौकरण०** मन्त्रलाई नमस्कारमन्त्र मानेर प्रयोग गर्नुपर्दछ । कसरी शूद्रले आवाहन आदि कर्म गर्नुपर्दछ भन्ने जिज्ञासा भएमा सुन्नुहोस् – शूद्रहरूले देवताहरूको आवाहन देवनामबाट गर्नुपर्दछ, आफ्ना पितृहरूको आवाहन नाम र गोत्रको प्रयोग गरी गर्नुपर्दछ र नाममन्त्रद्वारा नै पिण्डदान गर्नुपर्दछ ।

श्राद्धे तर्पणादौ च गोत्राभावे विचारः

शूद्राणां गोत्राभावेऽपि काश्यपं गोत्रं ज्ञेयम्, '**तस्मादाहुः सर्वाः प्रजाः काश्यप्यः**' इति श्रुतेः, '**गोत्रनाशे तु काश्यपः**' इति व्याघ्रपादोक्तेश्चेति हेमाद्रिः । एवमन्यत्र गोत्राज्ञाने । एवं तर्पणादिषु ज्ञेयम् ।

गोत्र नभएका मानिसको श्राद्ध र तर्पणमा काश्यप गोत्रको प्रयोग

यद्यपि शूद्रको कुनै गोत्र हुँदैन तापनि तिनले आफूलाई काश्यपगोत्रीय मानी व्यवहार गर्नुपर्दछ । श्रुतिमा संसारका सबै मानिसको गोत्र काश्यप हो भनिएको छ । **व्याघ्रपाद**ले पनि आफ्नो गोत्र थाहा नभएमा काश्यपगोत्र जान्नु भनी निरूपण गरेका छन् । यसैगरी अन्यत्र पनि गोत्रको ज्ञान नभएमा काश्यपगोत्रको प्रयोग गर्नु भन्ने वचन पाइन्छ । तर्पण आदि कार्यमा पनि त्यसरी नै गोत्रको प्रयोग गर्नुपर्ने कुरा बुझ्नुपर्दछ ।

गृहपाकेन पिण्डदानविचारः

तत्रैव भविष्ये –

शूद्रस्तु गृहपाकेन न पिण्डान्निर्वपेत्तथा । सक्तुमूलं फलं तस्य पायसं वा भवेत्स्मृतम् ।।

गौतमः – '**अनुमतोऽस्य नमस्कारो मन्त्रः**' इति । '**देवताभ्यः पितृभ्यश्च**' इत्ययं नस्कारमन्त्र इति केचित्। विज्ञानेश्वरोऽप्येवमाह । हेमाद्रिस्तु – '**शूद्रोऽप्यमन्त्रवत्कुर्यादनेन विधिना बुधः**' इति मात्स्ये मन्त्र–निषेधान्नामन्त्रेणेत्याह ।

शूद्रले गर्ने श्राद्धमा गृहपाकद्वारा पिण्डदाननिषेध

भविष्यपुराणमा भनिएको छ – शूद्रले घरमा तयार गरिएको पाकबाट पिण्डदान गर्नुहुँदैन । किन्तु सातु, कन्दमूल, फल वा पायसले पिण्ड दिनुपर्दछ । **गौतम** भन्दछन् – शूद्रलाई नमस्कारान्त मन्त्रप्रयोग गर्ने अनुमति प्रदान गरिएको कुरा कसैले बताएका छन् – त्यो नमस्कार मन्त्र यसप्रकार छ –

देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः ।।

विज्ञानेश्वरको पनि यस्तै मत छ । **हेमाद्रि**ले भनेका छन् – **मत्स्यपुराण**मा शूद्रले विनामन्त्र श्राद्ध गर्नुपर्दछ भनिएकाले नाममन्त्रले मात्र श्राद्ध गर्नुपर्दछ ।

राजकार्यादौ नियुक्तस्य श्राद्धविचारः

पृथ्वीचन्द्रोदये स्कान्दे –

राजकार्ये नियुक्तस्य बन्धनिग्रहवर्तिनः । व्यसनेषु च सर्वेषु श्राद्धं विप्रेण कारयेत् ।।

राजकार्य आदिमा नियुक्त व्यक्तिले गर्ने श्राद्धसम्बन्धी विचार

पृथ्वीचन्द्रोदयमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – राजकाजमा खटिएको, जेलमा परेको र आपत्तिमा परेको मानिसले ब्राह्मणद्वारा श्राद्ध गराउनुपर्दछ ।

यवनादिम्लेच्छानां श्राद्धे विचारः

यत्तु भारते राजधर्मेषु –

यवनाः किराता गान्धाराश्चीनाः शवरबर्बराः । शकास्तुषाराः कङ्काश्च पह्लवाश्चान्ध्रमद्रकाः ।। इत्युक्त्वा-

ब्रह्मक्षत्रप्रसूताश्च वैश्याः शूद्राश्च मानवाः । कथं धर्मांश्चरिष्यन्ति सर्वे विषयवासिनः ।। इति चोक्त्वा-

वेदधर्मक्रियाश्चैव तेषां धर्मो विधीयते । पितृयज्ञास्तथा कूपाः प्रपाश्च शयनानि च ।।

दानानि च यथाकालं द्विजेभ्यो विसृजेत् सदा ।। तथा –

दक्षिणा सर्वयज्ञानां दातव्या भूतिमिच्छता । पाकयज्ञा महार्हाश्च कर्तव्याः सर्वदस्युभिः ।।

इति म्लेच्छादीनां श्राद्धविधानं तदपि सज्जातीयभोजनद्रव्यदानादिपरं न तु श्राद्धपरमिति ।

यवन-म्लेच्छ आदिले गर्ने श्राद्धसम्बन्धी विचार

महाभारतको राजधर्मप्रकरणमा – यवन, किरात, गान्धारदेशवासी अर्थात् अफगानिस्तानी, चीनदेशमा वास गर्ने, शबर अर्थात् आदिवासी, बर्बरजातिका मानिस, शकजातिका मानिस, तुषारजातिका मानिस अर्थात् हिमालयमा बस्ने जातिविशेष, कङ्क अर्थात् कङ्कजातिका मानिस, पल्लव अर्थात् पल्लव देशका मानिस र आन्ध्र एवं मद्रासका मानिसहरूको उल्लेख गरेपछि ब्राह्मण एवं क्षत्रियबाट उत्पन्न मानिस, वैश्य, शूद्र र वर्णाश्रमेतर संस्थामा आबद्ध सबै देशवासीले कसरी धर्म थाम्ने छन् भन्ने कुरा उठाएर समाधान गर्दै भनिएको छ – 'वेद र शास्त्रले बताएका कर्मको पालन गर्नु ती सबैको धर्म हो । तिनीहरूले पितृयज्ञ गर्नु, कुवा-पोखरी-तलाउ आदि निर्माण गर्नु, शय्या-अन्न आदि दान गरी समयअनुसार ब्राह्मणलाई प्रदान गर्नु, यज्ञ गरेपछि उपयुक्त दक्षिणा दिनु र मूल्यवान् पाक तयार गरी वितरण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो वचनबाट म्लेच्छ आदिलाई पनि श्राद्धको विधान गरिएको कुरा स्पष्ट हुन्छ । यिनीहरूले उक्तकर्म गर्दा सजातीय मानिसहरूलाई भोजन एवं दान दिने विषयमा नै यो वर्णन सीमित छ र दानग्रहण गर्ने वा भोजन गर्ने अर्थमा यहाँ श्राद्धको तात्पर्य रहेको छैन ।

नामगोत्रोच्चारणेन श्राद्धीयवस्तूनां पितृसन्निधौ उपस्थितिः

अथ श्राद्धपितरः । हेमाद्रौ मात्स्यदेवलौ –

नामगोत्रं पितृणां तु प्रापकं हव्यकव्ययोः । अग्निष्वात्तादयस्तेषामाधिपत्ये व्यवस्थिताः ।।

नाममन्त्रास्तदादेशा भवान्तरगतानपि । प्राणिनः प्रीणयन्त्येव तदाहारत्वमागतान् ।।

देवो यदि पिता जातः शुभकर्मानुयोगतः । तस्यान्नममृतं भूत्वा देवत्वेऽप्यनुगच्छति ।।

गान्धर्वे भोगरूपेण पशुत्वे च तृणं भवेत् । श्राद्धान्नं वायुरूपेण नागत्वेऽप्युपतिष्ठति ।।

पानं भवति यक्षत्वे राक्षसत्वे तथाऽऽमिषम् । दनुजत्वे तथा मद्यं प्रेतत्वे रुधिरोदकम् ।।

मनुष्यत्वेऽन्नपानादि नानाभोगकरं भवेत् ।। अत्र पित्रादिशब्दैर्जनकादीनामेव देवतात्वमुच्यते न वस्वादीनाम्, **'असावेतत्ते इति यजमानस्य पित्रे'** इति शतपथश्रुतेः, **'यस्य पिता प्रेतः स्यात् स पित्रे पिण्डं निधाय'** इति विष्ण्वादिस्मृतेश्च । यत्तु मनुदेवलौ –

वसवः पितरो ज्ञेयाः रुद्रा ज्ञेयाः पितामहाः । प्रपितामहास्तथादित्याः श्रुतिरेषां सनातनी ।।

नामगोत्रको माध्यमबाट पितृहरूले श्राद्धमा दिएका वस्तु प्राप्त गर्ने सम्बन्धमा

अहिले श्राद्धका पितृहरूको निरूपण गरिँदैछ । **हेमाद्रि**मा उद्धृत **मत्स्यपुराण** र **देवल**को मत यस प्रकार छ – पितृहरूका नाम र गोत्रले हव्य एवं कव्यलाई उनीहरूसमक्ष पुऱ्याउँछन् । पितृहरूका अधिपतिमा अग्निष्वात्त आदि पितृहरू व्यवस्थित गरिएका छन् । नाम र मन्त्र एवं उनका आदेशहरूद्वारा दिइएका वस्तुले जन्मान्तरमा पुगेका प्राणीहरूसमक्ष अनुकूल आहारका रूपमा परिणत भएर उनीहरूलाई प्रसन्न तुल्याउँछन् । यदि आफ्ना पिता शुभकर्मका कारण देवता बनेर रहेका छन् भने छोराले दिएको कव्य अमृत बनेर ती देवतारूप पिताका सामु प्राप्त हुन्छ । गन्धर्वयोनिमा पिता रहेका भए दिएको वस्तु भोगका रूपमा परिणत हुन्छ । पिता पशुयोनिमा प्राप्त भएका भए दिइएको वस्तु तृणको रूपमा परिणत हुन्छ। पिता नागयोनिमा जन्मिएका भए त्यो अन्न वायुको रूप लिएर पिताको समक्षमा प्राप्त हुन्छ । पिता यक्षयोनिमा भए श्राद्धमा दिएको अन्न उनका सामु पेयपदार्थका रूपमा उपस्थित हुन्छ । पिता राक्षसयोनिमा प्राप्त भएका भए त्यो अन्न पिताका सामु मांसाहारका रूपमा प्राप्त हुन्छ । पिता दनुजयोनिमा जन्मिएका भए श्राद्धमा दिइएको अन्न मदिराको रूपमा प्राप्त हुन्छ र पिता प्रेतरूपमा नै रहेका भए त्यो अन्न रगतका रूपमा परिणत हुन्छ ।

यदि पिता मनुष्यका रूपमा प्राप्त भएका छन् भने त्यो पिण्ड पेय पदार्थ अन्न–पान आदि अनेक भोग्य पदार्थका रूपमा पिताका सामु प्राप्त हुन्छ । श्राद्ध आदिमा पिता, पितामह एवं प्रपितामहशब्दबाट व्यवहार गरिने पितृदेवता जनक, जनकका जनक र तिनका पनि जनक हुन् । वसु, रुद्र र आदित्य होइनन्, किनभने **शतपथश्रुति**मा **असावेतत्ते** मन्त्रद्वारा प्रदान गरिने कव्य यजमानका पिताका लागि हो भनिएको छ । फेरि **विष्णुस्मृति** आदिमा जसका पिता प्रेत बनेका छन् त्यस कर्ताले प्रेतका निमित्त पिण्ड दिनुपर्छ भनिएको छ । **मनु** र **देवल**ले भनेका छन् कि पितालाई वसु, पितामहलाई रुद्र र प्रपितामहलाई आदित्यका रूपमा जान्नुपर्दछ । यो सनातन श्रुति हो ।

यच्च याज्ञवल्क्यः – **वसुरुद्रादितिसुताः पितरः श्राद्धदेवताः** इति । तदभेदध्यानार्थम्। यानि तु हेमाद्रौ नन्दिपुराणे – **विष्णुः पिताऽस्य जगतो दिव्यो यज्ञः स एव च । ब्रह्मा पितामहो यज्ञो ह्यहञ्च प्रपितामहः ।।** इति । यच्च भविष्ये –

अनिरुद्धः स्वयं ज्ञेयः प्रद्युम्नश्च पिता स्मृतः । सङ्कर्षणस्तज्जनको वासुदेवस्तु तत्पिता ।।

स्वयम् – कर्ता । यत्तु तत्रैव –

प्रथमो वरुणो ज्ञेयः प्राजापत्यस्तथापरः । तृतीयोऽग्निः स्मृतः पिण्डो ह्येष पिण्डविधिः स्मृतः।।

यच्च मनुः –

सोमपा नाम विप्राणां क्षत्रियाणां हविर्भुजः । वैश्यानामाज्यपा नाम शूद्राणां तु सुकालिनः ।।

यच्च आदित्यपुराणे –

मासाश्च पितरो ज्ञेया ऋतवश्च पितामहाः । संवत्सरः प्रजानाञ्च सुष्ठूक्तः प्रपितामहः ।।

याज्ञवल्क्य भन्दछन् – वसु, रुद्र र आदित्य नामक श्राद्धदेवता नै पितृ हुन् । यो भनाइ पिताको वसुरूपमा, पितामहको रुद्ररूपमा र प्रपितामहको आदित्यरूपमा पनि अभेदध्यान गर्नुपर्दछ भन्ने अर्थमा आएको छ । **हेमाद्रि** र **नन्दिपुराण**मा भनिएको छ – विष्णु यस संसारका पिता हुन्, उनै दिव्ययज्ञ पनि हुन्, ब्रह्मालाई पितामह र रुद्रलाई प्रपितामहका रूपमा जान्नुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ – श्राद्धकर्तालाई अनिरुद्धका रूपमा जान्नुपर्दछ, पितालाई प्रद्युम्न भनेर जान्नुपर्दछ र प्रपितामहलाई सङ्कर्षण अर्थात् बलराम जान्नुपर्दछ । त्यसपछि प्रपितामहलाई वासुदेव श्रीकृष्ण जान्नुपर्दछ । फेरि त्यहीँ नै भनिएको छ – प्रथमपिण्ड वरुण, द्वितीयपिण्ड प्राजापत्य र तृतीयपिण्ड अग्निका रूपमा रहेका छन् । पिण्डदान गर्दा यही कुरा सम्झेर काम गर्नुपर्दछ । **मनु**ले जुन कुरा भनेका छन् त्यो यसप्रकार छ – विप्र अर्थात् ब्राह्मणका सोमपा, क्षत्रियहरूका हविर्भुज र वैश्यहरूका आज्यपा नामक पितृदेवता हुन्छन् । शूद्रहरूका पितृदेवता सुकालिन हुन् । **आदित्यपुराण**को कथन यसप्रकार छ – सन्तानहरूका लागि १२ महिना पिताको रूपमा, ६ ऋतु पितामहका रूपमा र संवत्सर प्रपितामहका रूपमा रहेका हुन्छन् ।

यच्च नन्दिपुराणे –

अग्निष्वात्ता ब्राह्मणानां पितरः परिकीर्तिताः । राज्ञां बर्हिषदो नाम विशां काव्याः प्रकीर्तिताः ।।

सुकालिनस्तु शूद्राणां व्यामा म्लेच्छान्त्यजादिषु ।। अत्रावाहनादिषु पित्रादयः समुच्चयेन विकल्पेन वा यथाचारं तत्तद्देवतारूपेण वाच्या इति हेमाद्र्यादयः । हेमाद्रौ ब्राह्मे –

पार्वणं कुरुते यस्तु केवलं पितृहेतुकम् । मातामह्यं न कुरुते पितृहा स प्रजायते ।।

धौम्यः – **पितरो यत्र पूज्यन्ते तत्र मातामहा ध्रुवम् । अविशेषेण कर्तव्यं विशेषान्नरकं व्रजेत् ।।**

अस्यापवादमाह कात्यायनः –

कर्षूसमन्वितं मुक्त्वा तथाऽद्यं श्राद्धषोडशम् । प्रत्याब्दिकञ्च शेषेषु पिण्डाः स्युः षडिति स्थितिः ।।

कर्षूसमन्वितम् – सपिण्डीकरणम् । दशादौ सपत्नीकानामेव देवतात्वम् ।

स्वेन भर्त्रा समं श्राद्धं माता भुङ्क्ते सुधासमम् । पितामही च स्वेनैव तथैव प्रपितामही ।। इति तत्रैवोक्तेः ।

नन्दिपुराणको भनाइ यसप्रकार छ – 'ब्राह्मणका पितृदेवता अग्निष्वात्त, क्षत्रियहरूका पितृदेवता वर्हिषद्, वैश्यहरूका पितृदेवता काव्य, शूद्रहरूका पितृदेवता सुकालिन, म्लेच्छ र अन्त्यजहरूका पितृदेवता व्यामनामबाट प्रसिद्ध छन् ।' आवाहन आदि गर्दा पिता आदिको नाम समूहात्मकरूपमा लिन सकिन्छ अथवा विकल्पले प्रत्येकको अलग–अलग नाम पनि लिन सकिन्छ । आ–आफ्ना कुलपरम्पराबाट प्राप्त भएका देवताको रूपमा पितृहरूको उल्लेख गर्नुपर्दछ भनी **हेमाद्रि** आदिले भनेका छन् ।

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – जसले केवल पिताका निमित्त पार्वणश्राद्ध गर्दछ र मातामहको श्राद्ध गर्दैन त्यसलाई पितृघाती भनिन्छ । **धौम्य** भन्दछन् – जहाँ पितृहरूको पूजन गरिन्छ त्यहाँ मातामहको पनि निश्चितरूपमा पूजा गर्नुपर्दछ । त्यस कारण मातामह आदि पितृलाई आफ्ना पितृभन्दा भिन्न देखेर भेदपूर्ण व्यवहार गर्न हुँदैन । त्यसो गर्ने कर्ता नरकमा जान्छ ।

कात्यायनले माथिको भनाइको अपवाद देखाउँदै भनेका छन् – कर्षू अर्थात् सपिण्डीकरणले युक्त आद्य १६ मासिकश्राद्ध तथा वार्षिकश्राद्धबाहेक अन्यत्र ६ पिण्ड दिनुपर्ने स्थिति रहेको छ । **कर्षूसमन्वितम्** पदको अर्थ सपिण्डीकरणसहित भन्ने हो । अमावास्या आदि पर्वमा गरिने श्राद्धमा पिता एवं माता, पिता एवं पितामही, प्रपितामह एवं प्रपितामही देवता मानिएका छन् । अतः माताले पिताको श्राद्ध गर्दा दिएको श्राद्धान्नलाई पिताका साथ अमृतको रूपमा भोग गर्दछिन् । यसैगरी पितामही र प्रपितामहीले पनि आ–आफ्ना पतिका साथ श्राद्धान्नलाई अमृतका रूपमा भोग गर्दछन् ।

चन्द्रिकायां चतुर्विंशतिमते –

क्षयाहे वर्जयित्वैकं स्त्रीणां नास्ति पृथक् क्रिया । केचिदिच्छन्ति नारीणां पृथक् श्राद्धं महर्षयः ।।

अन्वष्टकासु वृद्धौ च गयायाञ्च क्षयेऽहनि । अत्र मातुः पृथक् श्राद्धमन्यत्र पतिना सह ।।

इति कात्यायनोक्तेश्च । अस्य निर्मूलतां वदन्तो गौडास्त्वज्ञा एव । अत्र '**भागः**' इत्यध्याहारः, अन्यथा '**सपतिकायै मात्रे**' इति प्रयोगापत्तेः । 'अत्र मातृशब्दो जनन्यामेव मुख्यः । तेन सपत्नमातृभ्यो न दद्यात् । एवं पितामह्यादिशब्दैः पितृजनन्यादय एवोच्यन्ते इति तत्सपत्नीभ्यो न देयम्' इति हेमाद्रिः । '**कारुण्येन तु महालयादौ देयम्**' इति स एव।

चतुर्विंशतिमत र **चन्द्रिकामा कात्यायनले** भनेका छन् – 'माता, पितामही आदि स्त्रीजातिका निमित्त मृताहमा गरिने वार्षिकश्राद्धबाहेक अरू छुट्टै श्राद्ध गर्नुपर्दैन । तर कुनै महर्षि नारीपितृहरूका लागि पनि छुट्टाछुट्टै श्राद्ध गर्नुपर्ने बताउँछन् ।' **कात्यायनले** भनेका छन् – 'अन्वष्टकाश्राद्ध, वृद्धिश्राद्ध, गयाश्राद्ध, क्षयाहश्राद्धमा माताको पृथक् श्राद्ध गर्नुपर्दछ। अरू श्राद्धमा माताको श्राद्ध पतिका साथ नै गर्नुपर्दछ ।' यो मतलाई निर्मूल भन्ने **गौडहरू** स्वयं अज्ञ नै हुन् । **कात्यायनको** वचनमा पर्न आएको '**पतिना सह**' पदमा पितृपक्ष गौण र मातृपक्ष प्रधान हुने दोष आइलाग्ने छ । तसर्थ '**पतिना सह मातुर्भागः**' भन्ने वाक्य अध्याहार गर्नुपर्दछ । उक्त पद्यमा प्रयुक्त **मातुः** पदले जन्म दिने जननी अर्थात् मुख्य आमालाई नै जनाउँदछ । यसैले अन्वष्टका आदि श्राद्धमा सपत्नमातालाई पिण्ड दिनुपर्दैन । यसैगरी **पितामहीशब्दबाट** पितालाई जन्म दिने बूढीआमाको बोध हुन्छ । त्यसकारण सपत्नपितामही आदिलाई दिनुपर्दैन र हृदयमा सकलमाताहरूप्रति करुणा जागेमा महालयादिमा छुट्टै श्राद्ध गर्नुपर्दछ ।

श्राद्धे विश्वेदेवाः

अथ विश्वेदेवाः । हेमाद्रौ शङ्खबृहस्पती –

इष्टिश्राद्धे क्रतूदक्षौ सत्यौ नान्दीमुखे वसू । नैमित्तिके कामकालौ काम्ये च धुरिलोचनौ ।।

पुरूरवार्द्रवौ चैव पार्वणे समुदाहृतौ । तत्रैव –

उत्पत्तिं नाम चैतेषां न विदुर्ये द्विजातयः । अयमुच्चारणीयस्तैः श्लोकः श्रद्धासमन्वितैः ।।

आगच्छन्तु महाभागा विश्वेदेवा महाबलाः । ये यत्र विहिताः श्राद्धे सावधाना भवन्तु ते ।। इति।

इष्टिश्राद्धं श्राद्धं (इच्छाश्राद्धम्) प्रति रुचिरित्युक्तम् इति कल्पतरुः । आधानादिकर्माङ्गम्, इत्यन्ये । नैमित्तिकमेकोद्दिष्टम् **एकोद्दिष्टं तु यच्छ्राद्धं तन्नैमित्तिकमुच्यते** इति भविष्योक्तेः । एतद्यद्यपि **एकोद्दिष्टं देवहीनम्** इति तत्र विश्वेदेवनिषेधस्तथापि नवश्राद्धे द्वादशमासिके च कामकालौ ज्ञेयौ ।

नवश्राद्धं दशाहानि नवमिश्रं तु षड्ऋतून् । अतः परं पुराणं वै त्रिविधं श्राद्धमुच्यते ।।

यस्मिन्नेव पुराणे वा विश्वेदेवा न लेभिरे । आसुरं तद्भवेच्छ्राद्धं वृषलं मन्त्रवर्जितम् ।।

इति बह्वृचपरिशिष्टात् ।

एतच्च बह्वृचानामेव, तेषामेवोक्तेः। अन्येषां तु **नात्र विश्वेदेवाः** इति कात्यायनोक्तेस्तन्निषेधः । एवेति पृथ्वीचन्द्रोदयः । अन्ये तु नैमित्तिकं सपिण्डीकरणमाहुः । भविष्ये यद्यप्येकोद्दिष्टं तच्छब्देनोक्तम्, तथापि – **तदप्यदैवं कर्तव्यमयुग्मान् भोजयेद् द्विजान्** इति तत्रैव विश्वेदेवनिषेधात् । यद्यपि सपिण्डीकरणेंऽशत एकोद्दिष्टत्वं तथापि – **सपिण्डीकरणं श्राद्धं दैवपूर्वं नियोजयेत्** इति वचनात्तत्परत्वम् ।

श्राद्धका विश्वेदेवहरू

विश्वेदेवको विषयमा निरूपण गरिन्छ । **हेमाद्रि**मा उद्धृत **शङ्ख** र **बृहस्पति**को वचनमा भनिएको छ – इष्टिश्राद्धमा क्रतु एवं दक्ष, नान्दीमुख श्राद्धमा सत्य र वसु, नैमित्तिक श्राद्धमा काम र काल, काम्यश्राद्धमा धुरि र लोचन, पार्वणश्राद्धमा पुरुरव र आर्द्रवलाई विश्वेदेव मानिएको छ । **हेमाद्रि**मा भनिएको छ कि जुन द्विजहरूले विश्वेदेवको नाम र उत्पत्ति प्रसङ्ग जान्दैनन् तिनीहरूले श्रद्धापूर्वक तल लेखिएको मन्त्रपढी आवाहन गर्नुपर्दछ –

आगच्छन्तु महाभागा विश्वेदेवा महाबलाः । ये यत्र विहिता श्राद्धे सावधाना भवन्तु ते ।।

अर्थात् महाभाग एवं महाबली विश्वेदेवहरू यस श्राद्धमा जो आउन योग्य हुनुहुन्छ उहाँहरू आउनुहोस् ।

इष्टिश्राद्धको अर्थ इच्छाश्राद्ध अथवा जुन श्राद्धप्रति रुचि हुन्छ त्यो श्राद्ध भन्ने अर्थ **कल्पतरु**मा बताइएको छ । कसैले इष्टिश्राद्धको अर्थ आधान एवं सोमयाग भन्ने गरेका छन् । नैमित्तिक श्राद्ध भनेको एकोद्दिष्टश्राद्ध हो । **भविष्यपुराण**मा भनिएको छ कि जुन एकोद्दिष्टश्राद्ध हो त्यसलाई नै नैमित्तिक श्राद्ध भनिन्छ । हुन त एकोद्दिष्टमा विश्वेदेवहरूको पूजन आदि निषेध गरिएको छ तापनि दशाहभित्र गरिने ९ श्राद्ध र १२ महिनाको अन्तमा गरिने श्राद्धमा काम र कालसंज्ञक विश्वेदेव हुन्छन् भन्ने कुरा जान्नुपर्दछ ।

बह्वृचपरिशिष्टमा भनिएको छ – नवश्राद्ध भनेको मृतकका लागि पहिलो दिनदेखि लिएर दशौं दिनसम्म गरिने अधम श्राद्ध हो । ६ ऋतुमा गरिने श्राद्धलाई नवमिश्रश्राद्ध भनिन्छ । त्यसपछि पुराणश्राद्ध हुन्छ । मृतक कान्छा भाइको वार्षिकश्राद्ध र शस्त्र आदिद्वारा आहत भएका मानिसको चतुर्दशीमा गरिने श्राद्धलाई पुराणश्राद्ध भनिन्छ । यसरी नवश्राद्ध नवमिश्रित ऋतुश्राद्ध र पुराणश्राद्ध गरी मुख्य तीनप्रकारको हुन्छ । जुन पुराणसंज्ञक श्राद्धमा विश्वेदेव हुँदैनन् त्यसलाई आसुरश्राद्ध भनिन्छ । मन्त्रवर्जित श्राद्धलाई वृषलश्राद्ध भनिन्छ । उक्त नियम बह्वृच अर्थात् ऋग्वेदी)हरूका लागि हो । किनकि आफैले त्यो कुरा बताएका छन् ।

पृथ्वीचन्द्रोदयमा भनिएको छ– अरूका विश्वेदेव हुँदैनन् भन्ने **कात्यायन**को वचन छ । अरू विद्वान्ले नैमित्तिक सपिण्डीकरण मानेका छन् । यद्यपि **भविष्यपुराण**मा तत्शब्दले एकोद्दिष्टको निर्देश गरिएको छ तापनि त्यसलाई पनि विश्वेदेवरहित नै मानिएको छ । त्यसको वचन यसप्रकार छ – 'एकोद्दिष्टलाई अदैव मानिन्छ त्यसमा विश्वेदेवरहित अयुग्म संख्याका ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ ।' यसरी विश्वेदेवको निषेध गरिएको पाइन्छ । यद्यपि सपिण्डीकरणमा अंशतः एकोद्दिष्टत्व रहेको छ तापनि सपिण्डीकरणश्राद्ध विश्वेदेव राखेर नै गर्नुपर्दछ । यो वचनले सपिण्डीकरणमा विश्वेदेवले स्थान प्राप्त गर्दछन् ।

हेमाद्रावादित्यपुराणे –

विश्वेदेवौ क्रतुर्दक्षः सर्वास्विष्टिषु कीर्तितौ । नित्ये नान्दीमुखे श्राद्धे वसुसत्यौ च पैतृके ।
नवान्नालम्भने देवौ कालकामौ सदैव हि । अपि कन्यागते सूर्ये काम्ये च धुरिलोचनौ ।।
पुरूरवार्द्रवौ चैव विश्वेदेवौ तु पार्वणे । क्वचिद्विश्वेदेवापवादमाह हेमाद्रौ शातातपः –
नित्यं श्राद्धमदैवं स्यादेकोद्दिष्टं तथैव च । मातुः श्राद्धं च युग्मैः स्याददैवं प्राङ्मुखैः पृथक् ।।
योजयेद्देवपूर्वाणि श्राद्धान्यन्यानि यत्नतः ।। नान्दीश्राद्धे भिन्नप्रयोगपक्षे मातृश्राद्धमदैवमिति हेमाद्रिः ।

इति श्राद्धाधिकारिपितृविश्वेदेवनिर्णयात्मकं द्वितीयं प्रकरणम्

हेमाद्रिमा उद्धृत **आदित्यपुराण**को वचनमा भनिएको छ– सबै प्रकारका यज्ञहरूमा क्रतु एवं दक्ष विश्वेदेव हुन्छन्। नित्यश्राद्ध एवं नान्दीमुखश्राद्धमा वसु र सत्य विश्वेदेव हुन्छन् । नवान्न भित्र्याउँदा गरिने पैतृकश्राद्धमा काल र कामनामक विश्वेदेव हुन्छन् । कन्याका सूर्यमा गरिने श्राद्धमा र काम्यश्राद्धमा धुरि र लोचननामक विश्वेदेव हुन्छन् । पार्वणश्राद्धमा पुरूरव र आर्द्रवनामक विश्वेदेव हुन्छन् ।

कहीँ विश्वेदेवको अपवाद हुन्छ भन्ने कुरा **हेमाद्रि**मा **शातातप**ले यसरी बताएका छन् – नित्यश्राद्ध र एकोद्दिष्टश्राद्ध विश्वेदेवरहित हुन्छन् । माताको श्राद्ध पनि पूर्वमुख गरेका ब्राह्मणयुग्मद्वारा गरिन्छ र विश्वेदेवरहित हुन्छ । अरू श्राद्ध विश्वेदेवसहित हुन्छन् । **हेमाद्रि**ले नान्दीश्राद्धको भिन्न प्रयोग गर्ने पक्षमा मातृश्राद्ध विश्वेदेवरहित हुन्छ भनेका छन् ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धका अधिकारी, श्राद्धका पितृ र विश्वेदेवको निर्णयमा आधारित द्वितीय प्रकरण पूरा भयो ।



श्राद्धीयब्राह्मणश्राद्धकर्तृभोक्तृनियमनिर्णयात्मकं तृतीयं प्रकरणम्

श्राद्धे ग्राह्यब्राह्मणनिरूपणम्

अथ विप्राः । तेषूत्तममध्यमाधमभेदेन त्रिविधाः । तत्राद्याः । अत्र मदीयाः श्लोकाः –

त्रिणाचिकेतस्त्रिमधुश्च बह्वृचोऽप्याथर्वणो याजुषसामगौ च ।
षडङ्गविच्च त्रिसुपर्णवेत्ताऽप्यथर्वशीर्ष्णोऽध्ययने रतश्च ।।
शतायुर्वेदार्थविदौ प्रवक्ता स्याद् ब्रह्मचारी च तथाग्निचिच्च ।
सीदद्वृत्तिः सत्यवाक्पुरुषैः स्वैर्मातापित्रोः पञ्चभिः ख्यातवंशः ।।
पत्नीयुक्तो ज्येष्ठसामा पुराणवेत्ता पुत्री चेतिहासेष्वभिज्ञः ।
योगी भिक्षुः सामगो ब्रह्मवेत्ता पञ्चाग्निश्च श्रोत्रियस्तत्सुतो वा ।।
शम्भुध्यायी श्रीशपादाब्जसेवी पान्थश्चैते तूत्तमाः सम्प्रदिष्टाः ।
भिक्षुर्योगी पान्थ एते त्वलभ्या भाग्याल्लब्धाश्चेत्तदा भोजनीयाः ।।

श्राद्धे विप्रेषूपविष्टेषु पश्चात्सम्प्राप्ताश्चेद् विप्रपङ्क्तौ तु भोज्याः । अत्र मूलं हेमाद्रौ ज्ञेयम् ।

श्राद्धमा ग्राह्य ब्राह्मण

अब श्राद्धमा ग्रहण गर्न हुने ब्राह्मणहरूको विषयमा विचार गरिन्छ । ब्राह्मण उत्तम, मध्यम र अधम गरी तीनप्रकारका हुन्छन् । तिनमा सर्वप्रथम उत्तमब्राह्मणहरूको निरूपण गरिन्छ । यस विषयमा मैले बनाएका श्लोकहरूमा बताइएको तथ्य यसप्रकार छ–

उत्तमब्राह्मण – **त्रिणाचिकेत** – त्रिणाचिकेत नामक **'पीतोदका जग्धतृणा'** इत्यादि वेदका मन्त्र अध्ययन गरेको अथवा ज्ञानद्वारा संसार क्षणिक छ भन्ने कुरा जान्ने, राग–द्वेष–ईर्ष्या नभएको अथवा **'उशन् ह वाजः श्रवसः'** इत्यादि तीनअनुवाकद्वारा विधान गरिएका नाचिकेतनामक अग्निको चयन गर्ने एवं तिनको ज्ञान गर्ने ब्राह्मणलाई उत्तमब्राह्मण भनिन्छ। **त्रिमधु** – **'मधुवाता ऋतायते'** इत्यादि तीनऋचाहरूको अध्ययन गरेको अथवा त्रिमधुनामक व्रतको अनुष्ठान गर्दै त्रिमधुनामक ऋग्वेदको एकभागको अध्ययन सम्पन्न गरेको ब्राह्मणलाई उत्तमब्राह्मण भनिन्छ । **बह्वृच** – ऋग्वेद पढेको, **आर्थर्वणः** – अथर्ववेद पढेको, **याजुषः** – यजुर्वेद अध्ययन गरेको, **सामगः** – सामवेद अध्ययन गरेको, **षडङ्गवित्** – ज्योतिष, व्याकरण, कल्प, शिक्षा, छन्द र निरुक्तनामक वेदका ६ अङ्गहरूको ज्ञाता, **त्रिसुपर्णवेत्ता** – **मधुमेति माम्** इत्यादि तैत्तिरीयशाखाअन्तर्गतका तीनयजुको ज्ञाता अर्थात् तीनसुपर्णको ज्ञाता, अथर्वशीर्षको अध्ययनमा तत्पर, **शतायुः**– ज्योतिषशास्त्रअनुसार आफू सयवर्षसम्म बाँच्ने कुरा थाहा पाएको, **वेदार्थवित्** – सबै वेदका अर्थको ज्ञाता, राम्रो वाणी उच्चारण गर्ने, ब्रह्मचारी, **अग्निचित्** – अग्निचिति जान्ने, जीविकाका लागि काम नगर्ने, सत्यवाणीको व्यवहार गर्ने प्रपितामह, पितामह एवं पिताका वंशमा पैदा भएको, बाबु–आमातर्फका पाँचपुस्ताका विख्यातपुरुषका वंशमा जन्मिएको, विवाहित, सामवेदको ज्येष्ठभागको अध्ययन गर्ने, पुराणज्ञ, पुत्रवान्, इतिहासको ज्ञाता, योगी, **भिक्षु** – विष्णु वा शिवको ध्यानमा मग्न, सामवेदको स्वर जान्ने, ब्रह्मज्ञ, **पञ्चाग्नि** – गार्हपत्य, दक्षिण, आहवनीय, सभ्य र आवसथ्य नामक पाँचअग्नि धारण गर्ने अर्थात् अग्निहोत्री अथवा छान्दोग्यउपनिषद्मा पढिएको पञ्चाग्निविद्या जान्ने, **श्रोत्रिय** – वेदपाठी अथवा वेदपाठीको पुत्र, शम्भुको ध्यान गर्ने अथवा नारायणका पाउ–कमलको सेवा गर्ने, **पान्थः** – अतिथिका रूपमा

विचरण गर्ने विद्वान्हरूलाई उत्तमब्राह्मण मानिएको छ । यीमध्ये भिक्षु, योगी र पान्थ ब्राह्मण दुर्लभ हुन्छन् । भाग्यले यी भेटिए भने यिनलाई श्राद्धमा श्रद्धापूर्वक भोजन गराउनुपर्दछ । 'श्राद्धमा ब्राह्मणहरू भोजनका लागि पङ्क्तिमा बसिसकेपछि भिक्षु, पान्थ, योगी र ब्राह्मण आएमा पहिले ब्राह्मणहरू बसेको पङ्क्तिमा राखेर यिनीहरूलाई भोजन गराउनुपर्दछ ।' यसको मूल हेमाद्रिमा रहेको छ ।

तत्रैव नारदः- **यो वै यतीननादृत्य भोजयेदितरान् द्विजान् । विजानन् वसतो ग्रामे कव्यं तद्याति राक्षसान्।।**

दीपकलिकायां दक्षः -

विना मांसेन मधुना विना दक्षिणयाऽऽशिषा । परिपूर्णं भवेच्छ्राद्धं यतिषु श्राद्धभोजिषु ।।

एतच्च ज्ञानविषयम् ।[२४] त्रिणाचिकेतस्त्रिसुपर्णो यजुर्वेदैकदेशौ तद्व्रतेन तदध्यायिनौ, **'यस्य सप्त पूर्वं सोमपाः स त्रिसुपर्णः'** इति वोपदेवः । सत्रिमधुर्ऋग्वेदैकदेशस्तदध्यायी । केचिन्नाचिकेतं चयनं त्रिः कृतवानित्यर्थमाहुस्तद्धेमाद्रिविरुद्धम्। हेमाद्रौ गौतमः- **'युवभ्यो दानं प्रथमं पितृवयसः'** इत्येके । मात्स्ये मनुः-

यश्च व्याकुरुते वाचं यश्च मीमांसतेऽध्वरम् । सामस्वरविधिज्ञश्च पङ्क्तिपावनपावनः ।।

हेमाद्रिमा उद्धृत नारदको वचनमा भनिएको छ - जसले आफ्नै गाउँ-छिमेकमा रहेका यति-संन्यासीहरूको अनादर गरी भिन्दै गाउँका ब्राह्मणहरूलाई भोजन गराउँछन् तिनले आफ्ना पितृलाई प्रदान गरेको पिण्ड राक्षसले प्राप्त गर्दछन् । **दीपकलिका**मा दक्षले भनेका छन् - 'यतिहरूले आई श्राद्धमा भोजन गरेमा मांस, मधु र दक्षिणाविना उनीहरूको आशीर्वादले मात्र श्राद्ध पूर्ण हुन्छ ।' यो कथन ब्रह्मज्ञानीहरूका विषयमा हो । त्रिणाचिकेत र त्रिसुपर्ण यी दुवै यजुर्वेदका अंश हुन् । व्रतपूर्वक यजुर्वेदका ती अंशहरूको अध्ययन गर्नेलाई त्रिणाचिकेत र त्रिसुपर्ण भनिन्छ।

वोपदेवले भनेका छन् - **त्रिसुपर्ण** - जसका सातपुर्खाले सोमयाग गरेका हुन्छन् तिनलाई त्रिसुपर्ण भनिन्छ । **त्रिमधु**- त्रिमधुको अर्थ ऋग्वेदको एकभाग पढाउने मानिस हो । **त्रिणाचिकेत** - कसैले त्रिणाचिकेतको अर्थ जसले तीनपटक अग्निचयन गरेको छ त्यो व्यक्ति भन्ने गर्दछन् तर यो अर्थ **हेमाद्रिग्रन्थ**को विरुद्ध छ । **हेमाद्रिमा गौतम**ले भनेका छन् - पिता हुने उमेरमा पुगेका युवाहरूलाई श्राद्धमा सर्वप्रथम दान दिनुपर्दछ ।[२५] **मत्स्यपुराण**मा उद्धृत **मनु**को वचन यसप्रकार छ - **पङ्क्तिपावन** - जसले राम्ररी वाणी व्यक्त गर्दछन्, जसले यज्ञको उत्तम विचार गर्दछन् र जसले सामस्वरको विधि जानेका छन् तिनलाई पङ्क्तिपावन भनिन्छ ।

श्राद्धयोग्यब्राह्मणविचारः

कौर्मे - **असमानप्रवरको ह्यसगोत्रस्तथैव च । असम्बन्धी च विज्ञेयो ब्राह्मणः श्राद्धसिद्धये ।।**

गारुडे - **श्राद्धेषु विनियोज्यास्ते ब्राह्मणा ब्रह्मवित्तमाः । ये योनिगोत्रमन्त्रान्तेवासिसम्बन्धवर्जिताः।।**

मनुः - **न मित्रं भोजयेच्छ्राद्धे धनैः कार्योऽस्य सङ्ग्रहः। नारिं न मित्रं यं विद्यात्तं श्राद्धे भोजयेद् द्विजम्।।**

द्वयोर्भ्रात्रोः श्राद्धे भोजनं निषिद्धम् ।

पितृपुत्रौ भ्रातरौ द्वौ निरग्निं गुर्विणीपतिम् । सगोत्रप्रवरं चैव श्राद्धेषु परिवर्जयेत् ।।

इति श्राद्धदीपकलिकायां जातूकर्ण्योक्तेः ।

२४. एतच्च ज्ञानिविषयम् - यस्तो पाठान्तर पाइन्छ ।

२५. वीरमित्रोदय आदि ग्रन्थहरूमा भनिएको छ - पिताको श्राद्धमा युवालाई, पितामहको श्राद्धमा प्रौढ उमेरका विद्वान्लाई र प्रपितामहको श्राद्धमा वृद्ध ब्राह्मणलाई दान दिनुपर्दछ ।

गोत्र र प्रवरका दृष्टिमा श्राद्धयोग्य ब्राह्मण

जुन ब्राह्मणको प्रवर र गोत्र आफ्नो गोत्र र प्रवरभन्दा फरक-फरक हुन्छ ती आफूसँग असम्बद्ध ब्राह्मणलाई श्राद्धको सिद्धिका लागि वरण गर्नुपर्दछ । **गरुडपुराणमा** भनिएको छ – श्राद्धमा योनिसम्बन्ध अर्थात् मामा आदि नातामा नपर्ने, सगोत्रसम्बन्ध नभएका, वेदाध्ययनबाट पनि असम्बद्ध र शिष्यादिसम्बन्धरहित ब्रह्मज्ञब्राह्मणलाई निमन्त्रणा गर्नुपर्दछ।

मनु भन्दछन् – श्राद्धमा आफ्ना मित्र बनेर रहेका ब्राह्मणलाई पनि भोजन गराउनु हुँदैन । त्यस्ता मित्रलाई धनधान्यको उपहार दिएर आफ्नो बनाइराख्नुपर्दछ । जुन ब्राह्मण मित्र एवं शत्रु कुनै पनि वर्गमा पर्दैन त्यसलाई श्राद्धमा भोजन गराउनुपर्दछ । **श्राद्धदीपकलिकामा जातूकर्ण्यले** भनेका छन् – ब्राह्मणजातिका सहोदर दाजु-भाइलाई भोजन गराउने काम निषिद्ध छ । ब्राह्मणका पिता, पुत्र, दुईसहोदर ब्राह्मण, अग्निहोत्र नगर्ने ब्राह्मण, गर्भवती स्त्रीको पति ब्राह्मण, समान गोत्र एवं प्रवर भएको ब्राह्मणलाई पनि श्राद्धमा भोजन गराउनुहुँदैन ।

मध्यमब्राह्मणाः

अथ मध्यमाः । हेमाद्रौ कौर्मगार्ग्यौ –

नैकगोत्रे हविर्दद्याद्यथा कन्या तथा हविः । अभावे ह्यन्यगोत्राणामेकगोत्राँस्तु भोजयेत् ।।

अत्र केचित्स्वशाखीयान्मुख्यानाहुः पठन्ति च –

निमन्त्रयीत पूर्वेद्युः स्वशाखीयान् द्विजोत्तमान् । स्वशाखीयद्विजाभावे द्विजानन्यान्निमन्त्रयेत् ।।

इति । इदं तु निर्मूलत्वाद्धेमाद्रिणा दूषितत्वाच्चोपेक्ष्यम् ।

मनुरपि – **यत्नेन भोजयेच्छ्राद्धे ब्राह्मणं वेदपारगम् । शाखान्तगमथाध्वर्युं छन्दोगं तु समाप्तिगम् ।।**

एषामन्यतमो यस्य भुञ्जीत श्राद्धमर्चितः । पितॄणां तस्य तृप्तिः स्याच्छाश्वती साप्तपौरुषी ।।

अत्र मामकः श्लोकः – **मातामहो मातुलभागिनेयदौहित्रजामातृगुरुस्वशिष्याः ।**

ऋत्विक् च याज्यश्वशुरौ स्वबन्धुश्यालौ गुणाढ्यास्त्वनुकल्पभूताः ।।

'बान्धवो मातृष्वसृपितृष्वसृमातुलपुत्राः' इति वोपदेवः । अत्र मूलं हेमाद्रौ ज्ञेयम् । सगुणस्वस्त्रीयाद्यतिक्रमे दोष एव ।

सप्त पूर्वान्सप्त परान्पुरुषानात्मना सह । अतिक्रम्य द्विजानेतान् नरके पातयेत् खग ।।

सम्बन्धिनस्तथा सर्वान् दौहित्रं विट्पतिं तथा । भागिनेयं विशेषेण तथा बन्धुं खगाधिप ।।

इति मदनरत्ने भविष्योक्तेः । अत एव याज्ञवल्क्यः – **'ब्राह्मणप्रातिवेश्यानामेतदेवानिमन्त्रणे'** इति गुण्यतिक्रमे दशपणं दण्डमाह । आसन्नमात्रपरमिदम् ।

मध्यम ब्राह्मण

अब मध्यमवर्गका ब्राह्मणहरूको निरूपण गरिन्छ । यस सम्बन्धमा **हेमाद्रिमा** उद्धृत **कूर्मपुराण** र **गार्ग्यको** भनाइ यसप्रकार छ – एउटै गोत्रमा अर्थात् आफ्नै गोत्रमा हवि र कन्या दिनु हुँदैन । जसरी कन्यालाई असमान गोत्र र प्रवर भएका वरलाई प्रदान गरिन्छ त्यसरी नै हवि पनि असमान गोत्र र प्रवरमा मात्र देय हुन्छ । श्राद्धहरूमा विभिन्नगोत्रका ब्राह्मणहरूको प्राप्ति नभएमा एउटैगोत्रका ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ । कसैले आफ्नै वेदको शाखा अध्ययन गर्ने उत्तमब्राह्मणलाई

भोजन गराउनुपर्दछ र स्वशाखीय ब्राह्मण नपाइएमा अरू ब्राह्मणलाई बोलाउनुपर्दछ भनेका छन् । ग्रन्थकार भन्दछन् – यो मत निर्मूल भएकाले र **हेमाद्रि**द्वारा पनि निन्दित भएकाले उपेक्षायोग्य छ ।

मनु भन्दछन् – 'वेदमा पारङ्गत, सबै वेदका शाखा राम्ररी पढेको, ऋत्विक्, छन्दशास्त्रको ज्ञाता, वेदको अन्तिम भागसम्म अध्ययन गरेको विद्वान्लाई श्राद्धमा राम्ररी भोजन गराउनुपर्दछ।' माथि उल्लेख गरिएका ब्राह्मणहरूमध्ये एकप्रकारको ब्राह्मणले मात्र जसको घरमा श्राद्धका दिन सत्कारप्राप्त गरी भोजन गर्दछ त्यसबाट सातपुस्तासम्मका पितृहरूले नित्य तृप्तिलाभ गर्दछन् । उक्त विषयमा मैले बनाएको पद्य **मातामहो मातुल०** इत्यादिमा मेरो भनाइ प्रकट गरेको छु । उक्त पद्यको अर्थ यसप्रकार छ – मावली बूढाबाबु अर्थात् मातामह, मामा, भाञ्जा, छोरीको छोरा अर्थात् दौहित्र, ज्वाईं, गुरु, उपाध्याय, आफ्नै शिष्य, ऋत्विक्, आफ्नो यजमान, ससुरा, बान्धव, सालो यी सबै सम्बन्धीजनहरू आचार-विचारबाट अत्यन्त उत्तम भएमा यिनीहरूलाई अनुकल्पका रूपमा भोजन गराउनुपर्दछ । मूलमा परेको 'बान्धव'शब्दको अर्थ यसप्रकार छ – फुपूका सन्तान, ठूलीआमा–सानीआमाका सन्तान र मामाका सन्तानलाई बान्धव भनिन्छ भन्ने मत **वोपदेव**को रहेको छ । यसको मूल **हेमाद्रि**मा छ । आफ्ना भाञ्जा आदि पूज्यपुरुष गुणवान् छन् भने तिनलाई छाडेर अरू बान्धव वा ब्राह्मणलाई भोजन गराउँदा दोष लाग्छ ।

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचन यसप्रकार छ – आफूभन्दा सातपुस्ता पहिलेका, आफूसहित सातपुस्ता पछिका, स्वसम्बन्धी ब्राह्मणहरूको अतिक्रमण गर्दा मानिस नरकमा जान्छ । ती यसप्रकार छन् – सम्पूर्ण सम्बन्धी मातामह आदि, छोरीतर्फको नाति, विट्पति – बहिनी ज्वाईं वा दिदीका श्रीमान् अर्थात् भिनाजु, विशेषरूपमा भाञ्जा र बन्धुगण यिनीहरूलाई श्राद्धमा त्याग्न हुँदैन । **याज्ञवल्क्य** भन्दछन् – आफ्नो छिमेकमा रहेका ब्राह्मणलाई पनि श्राद्धमा नबोलाउने काम गर्न हुँदैन । यस्ता गुणीहरूको अतिक्रमण गर्ने मानिसलाई श्राद्धमा दशपण दण्डविधान गरिएको छ । ग्रन्थकार भन्दछन् – यो ज्यादै नजिकका छिमेकी ब्राह्मणलाई तिरस्कार गर्दा दिइने दण्ड हो ।

मूर्खे तु विशेषः

मूर्खे तु न दोषः ।

ब्राह्मणातिक्रमो नास्ति मूर्खे वेदविवर्जिते[२६] । ज्वलन्तमग्निमुत्सृज्य न हि भस्मनि हूयते ।।

इति कात्यायनोक्तेः । विप्रस्यापि दोषः, **'अविद्वान् प्रतिगृह्णानो भस्मीभवति दारुवत्'** इति मनूक्तेः । अपरार्के अत्रिः–

षड्भ्यस्तु पुरुषेभ्योऽर्वागश्राद्धेयास्तु गोत्रिणः । षड्भ्यस्तु परतो भोज्याः श्राद्धे स्युर्गोत्रजा अपि।।

एतच्च ब्राह्मणालाभे, अपिशब्दात् ।

छिमेकी मूर्ख ब्राह्मणलाई श्राद्धमा नबोलाउँदा दोष नलाग्ने

छिमेकमा रहेका मूर्ख एवं दुष्ट ब्राह्मणलाई नबोलाउँदा कुनै दोष लाग्दैन । **कात्यायन**ले भनेका छन् – ब्राह्मणको अतिक्रमण गर्न हुँदैन तर मूर्ख र वेदज्ञान नभएका ब्राह्मण छन् भने तिनको त्याग गर्नुपर्दछ । बलेको आगो छाडेर कसैले पनि खरानीमा होम गर्दैन । मूर्ख र वेदविमुख भईकन पनि श्राद्धभोजन गर्ने ब्राह्मणलाई पनि दोष लाग्छ । जुन ब्राह्मणले आफू अपठित हुँदाहुँदै पनि लोभमा परेर श्राद्धभोजन, दानग्रहण आदि कर्म गर्दछ त्यो ब्राह्मण आगोमा परी खरानी बनेको काठझैं समाप्त हुन्छ ।

२६. मूर्खे चैव विवर्जिते – यस्तो पाठान्तर पाइन्छ ।

अपरार्कमा अत्रि भन्दछन् – आफ्नो ६ पुस्ताभित्रका सगोत्रीहरूलाई श्राद्धमा बोलाउनु हुँदैन । ६ पुस्तापछिका सगोत्रीलाई बोलाउनुपर्दछ । ती गोत्रज भए पनि **अपि**शब्दको प्रयोगका कारण अन्य गोत्रका ब्राह्मणको अभावमा तिनलाई निमन्त्रणा गर्नुपर्दछ भनिएको हो ।

भिन्नगोत्रीयाणां ब्राह्मणानामप्राप्तौ विचारः

असम्भवे हेमाद्रौ गौतमः – **शिष्याँश्चैके सगोत्राँश्च भोजयेदूर्ध्वं त्रिभ्यो गुणवतः ।।**

आपस्तम्बः – **ब्राह्मणान् भोजयेद्योनिगोत्रमन्त्रान्तेवास्यसम्बन्धिनः । गुणहान्यां तु परेषां समुदितः सोदर्योऽपि भोजयितव्यः । एतेनान्तेवासिनो व्याख्याताः'** इति । अत्र विशेषमाहात्रिः –

पिता पितामहो भ्राता पुत्रो वाऽथ सपिण्डकः । न परस्परमर्घ्याः स्युर्न श्राद्धे ऋत्विजस्तथा ।।

ऋत्विक्पुत्रादयोऽप्येते सकुल्या ब्राह्मणाः स्मृताः । वैश्वदेवे नियोक्तव्या यद्येते गुणवत्तराः ।।

सगोत्रा न नियोक्तव्याः स्त्रियश्चैव विशेषतः ।

श्राद्धका लागि गोत्रान्तरका ब्राह्मण नभेटिएमा उपायनिर्देश

हेमाद्रिमा गौतमले भनेका छन् – गोत्रान्तरका ब्राह्मणहरू नभेटिएमा कसैले तीनपुस्ता नाघिसकेका गुणवान् सगोत्र र शिष्यहरूलाई भोजन गराउनुपर्दछ भनेको पाइन्छ । **आपस्तम्बले** भनेका छन् – 'श्राद्धमा योनि, गोत्र, मन्त्र र शिष्यका रूपमा असम्बद्ध ब्राह्मणलाई भोजन गराउनुपर्दछ । अन्यगोत्रका ब्राह्मणहरूमा धेरै दोष देखिएमा यद्वा तिनमा उत्तम गुणको अभाव भएमा आफ्नै सहोदरलाई पनि भोजन गराउनुपर्दछ । यसबाट गुणवान् शिष्य पनि श्राद्धमा भोजन गराउन योग्य हुन्छ भन्ने कुरा बुझिन्छ ।' यस भनाइबाट अन्तेवासीको अर्थ पनि खुलस्त भएको छ ।

अत्रिले यसबारे विशेष तथ्य प्रकाशित गर्दै भनेका छन् – पिता, पितामह, भाइ एवं दाजु, ऋत्विक्, ऋत्विक्का छोरा, पुत्र र सपिण्ड यी श्राद्धमा परस्पर पूज्य हुँदैनन् । गुणी र श्रेष्ठ भएमा आफ्नै कुलका ब्राह्मणलाई पनि श्राद्धमा नियुक्त गर्नुपर्दछ । विशेषतः समानगोत्रका नारीहरूलाई श्राद्धमा आमन्त्रित गर्नुहुँदैन ।

श्राद्धवर्ज्यब्राह्मणाः

अथ वर्ज्याः । अत्र मामकाः श्लोकाः –

वर्ज्यान् प्रवक्ष्ये त्वथ रोगिवैरिहीनाधिकाङ्गान् कितवान् कृतघ्नान् ।
नक्षत्रशास्त्रेण च जीवमानान् भैषज्यवृत्त्यापि च राजभृत्यान् ।।
सङ्गीतकायस्थकुसीदवृत्त्या वेदक्रयेणापि कवित्ववृत्त्या ।
देवार्चनेनापि च जीवमानान् स्वाध्यायदाराग्निसुतोज्झकाणान् ।।
दुर्बालखल्वाटकुनख्यधर्मिनटाँश्च पौनर्भवकृष्णदन्तान् ।
अगारदाही गरदः समुद्रयायी च कुण्डाश्यथ कूटकारी ।।
बालाँश्च योऽध्यापयते स्वपुत्रादवाप्तविद्यस्त्वथ कुण्डगोलौ ।
अग्रेदिधिष्वाः पतिरस्त्रकर्ता सोमक्रयी तैलिककेकराक्षौ ।।
युद्धाचार्यः पक्षिणां पोषकश्च स्रोतोभेत्ता वृक्षसंरोपकश्च ।
मेषाणां वा माहिषाणां च पुष्ट्या स्वीयस्त्रीषु प्रहितैर्यश्च जारैः ।।

जीवत्यध्येतुश्च दत्तानुयोगाद् द्रव्यप्राप्त्यै वेदमुद्घाटयन्तः ।
ग्रामयाजिपशुकेशविक्रयिस्तेन शिल्पिपितृवादकारकान् ।
अर्थकामरतशूद्रयाजकश्मश्रुहीनजटिमुण्डनिर्घृणान् ।।
यस्य चैव गृहिणी रजस्वला स्वार्थपाकरतशापदायकान् ।
क्लीबकुष्ठ्यतिविलोहितेक्षणान्कुब्जवामनमृषाभिशापिनः ।।
पुत्रहीनमथकूटसाक्षिणं प्रातिहाविकमयाज्ययाजकम् ।
स्वात्मदातृपरिवेतृयाजकस्तेनहिंस्रकमुखान् विवर्जयेत् ।।

अत्र मूलं हेमाद्रौ पृथ्वीचन्द्रोदये च ज्ञेयम् ।

श्राद्धमा बोलाउन नहुने ब्राह्मण

अब श्राद्धमा त्याग गर्न योग्य ब्राह्मणहरूको निरूपण गरिन्छ । 'रोगीब्राह्मण, शत्रुब्राह्मण, हीनाङ्गब्राह्मण, अधिकाङ्ग-ब्राह्मण, जुवाडेब्राह्मण, कृतघ्नब्राह्मण, नक्षत्रशास्त्रद्वारा फल बताएर जीविका गर्ने ज्योतिषीब्राह्मण, आयुर्वेद वृत्तिबाट जीविका गर्ने वैद्यब्राह्मण, सरकारी कर्मचारीब्राह्मण, सङ्गीतद्वारा जीविका गर्ने नटब्राह्मण, अभिनेताब्राह्मण, गायक एवं वाद्यवादकब्राह्मण, व्याज लगाएर जीविका गर्ने ब्राह्मण, कविता बनाएर वा सुनाएर जीविका गर्ने कविब्राह्मण, वेदविक्रयी-ब्राह्मण, देवपूजाद्वारा जीविका गर्ने ब्राह्मण, वेद, पत्नी, पुत्र एवं अग्निलाई त्याग गर्ने ब्राह्मण, एउटा आँखा नभएको ब्राह्मण, निन्दनीय केश भएको ब्राह्मण, शिरमा केश नभएको खल्वाटब्राह्मण, निन्दनीय नङ भएको कुनखीब्राह्मण, धर्ममा आस्था नभएको अधर्मीब्राह्मण, नटवृत्तिद्वारा जीविका गर्ने ब्राह्मण, ल्याइते स्वास्नीको पति ब्राह्मण, स्वभावैले काला दाँत भएको ब्राह्मण, द्वेषले अरूका घरमा आगो लगाउने ब्राह्मण, पैसाका लागि मुर्दा जलाउने काम गर्ने ब्राह्मण, कृत्रिम वा अकृत्रिम विषको विक्रेताब्राह्मण, समुद्र नाघेर समुद्रपारिका देशमा जाने ब्राह्मण, कुण्डभोजीब्राह्मण[२७], गोलकभोजीब्राह्मण[२८], दिदीको विवाह नहुँदै आफ्नो विवाह गर्ने बहिनीको पति ब्राह्मण, अस्त्र बनाउने ब्राह्मण, सोमलता बेचविखन गर्ने ब्राह्मण, तिलको व्यापार र तेलको विक्रय गर्ने ब्राह्मण, केकराक्ष अर्थात् डेरा आँखाले हेर्ने अथवा बिरालोले झैं हेर्ने ब्राह्मण, युद्धकला सिकाउने ब्राह्मण, पक्षिपालन गर्ने ब्राह्मण, खेतमा पानीको कुला भत्काउने ब्राह्मण, धन लिएर वृक्षारोपण गर्ने ब्राह्मण, भेडा एवं भैंसी पाल्ने ब्राह्मण, आफ्नी स्त्रीलाई गुप्तरूपमा नाठाहरूको जिम्मा दिई त्यस कर्मबाट जीविका गर्ने ब्राह्मण, विद्यार्थीहरूको अनुरोधमा पैसा लिएर वेद पढाउने ब्राह्मण, ग्रामयाजक अर्थात् गाउँभरि डुलेर यजमानी गर्ने ब्राह्मण, कम्बल आदि ऊनी कपडा बेच्ने ब्राह्मण, ब्राह्मण एवं कन्या आदिको सुन चोर्ने ब्राह्मण, शिल्पवृत्ति लिएर जीविका गर्ने ब्राह्मण, आफ्ना माता-पितासँग कलह गर्ने ब्राह्मण, धन र विषयभोगमा लम्पट ब्राह्मण, शूद्रका घरमा गई यज्ञ गराउने ब्राह्मण, दाह्री-जुंघा नराख्ने ब्राह्मण, जटाधारी ब्राह्मण, शिर मुडाएर संन्यासी भएको ब्राह्मण, रजस्वला पत्नीको पति ब्राह्मण, पञ्चमहायज्ञशून्य अर्थात् भूतयज्ञ, देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, ऋषियज्ञ नगर्ने ब्राह्मण, कठोर सराप दिने ब्राह्मण, नपुंसक ब्राह्मण, कुष्ठरोगी ब्राह्मण, राता आँखा भएको ब्राह्मण, कुँजो ब्राह्मण, बाउन्ने ब्राह्मण, असत्य सराप गर्ने ब्राह्मण, अपुतो ब्राह्मण, असत्य साक्षी बक्ने ब्राह्मण, चौकिदारी गर्ने ब्राह्मण, यज्ञ गराउन नहुने मानिसका घरमा गई यज्ञ गराउने

२७. जीवित लोग्ने छाडेर पोइल गएकी आइमाईबाट जन्मिएका व्यक्तिलाई कुण्ड भनिन्छ, ती कुण्डहरूका घरमा गई भोजन गर्ने ब्राह्मण कुण्डभोजी हुन्छ ।

२८. लोग्ने मरेर पोइल गएकी आइमाईबाट जन्मिएको पुत्रलाई गोलक भनिन्छ, त्यस्तो गोलकका घरमा गई भोजन गर्ने ब्राह्मण गोलकभोजी हुन्छ।

ब्राह्मण, आत्मा बेचेर काम गर्ने ब्राह्मण, दाजुको विवाह नहुँदै विवाह गर्ने मानिसका घरमा यजमानी गर्ने ब्राह्मण, चोरब्राह्मण, हिंस्रकब्राह्मण आदिलाई श्राद्धमा भोजन गराउनु हुँदैन ।' यसको मूल **हेमाद्रि** र **पृथ्वीचन्द्रोदय** आदिमा हेर्नुपर्दछ ।[२९]

महाभारते वर्णिता अयोग्यब्राह्मणाः

भारते दानधर्मेषु श्राद्धवर्ज्यविप्राधिकारे –

कितवो भ्रूणहा यक्ष्मी पशुपालो निराकृतिः । ग्रामप्रेष्यो वार्धुषिको गायकः सर्वविक्रयी ।।
सामुद्रिको राजभृत्यस्तैलिकः कूटकारकः । पित्रा विवदमानश्च यस्य चोपपतिर्गृहे ।।
अभिशस्तस्तथा स्तेनः शिल्पं यश्चोपजीवति । पर्वकारश्च सूची च मित्रध्रुक् पारदारिकः ।।
अव्रतानामुपाध्यायः काण्डपृष्ठस्तथैव च । श्वभिश्च यः परिक्रामेद्यः शुना दष्ट एव च ।।
परिवित्तिस्तथा स्तेनो दुश्चर्मा गुरुतल्पगः । कुशीलवो देवलको नक्षत्रैर्यश्च जीवति ।।
ईदृशा ब्राह्मणा ज्ञेया अपाङ्क्तेया युधिष्ठिर । तथा– **'ऋणकर्ता च यो राजन् यश्च वार्धुषिको नरः ।'**

काण्डपृष्ठः – स्वशाखां त्यक्त्वा परशाखयोपनीतस्तदध्यायी च । क्षत्रियवैश्यवृत्तौ नारदस्तु –

तस्यामेव तु यो वृत्तौ ब्राह्मणो वसते रसात् । काण्डपृष्ठश्च्युतो मार्गात् सोऽपाङ्क्तेयः प्रकीर्तितः ।।

इत्याह । हारीतः –

शूद्रापुत्राः स्वयंदत्ता ये चैते क्रीतकाः सुताः । ते सर्वे मनुना प्रोक्ताः काण्डपृष्ठा न संशयः ।।

महाभारतमा वर्णित अयोग्यब्राह्मण

महाभारतमा दान–धर्मको वर्णनका क्रममा श्राद्धमा बोलाउन नहुने ब्राह्मणहरूको विषयमा भनिएको छ – धूर्त,

२९. अन्यत्र स्मृतिहरूमा पनि अयोग्य ब्राह्मणहरूको विषयमा बताइएको छ । वेदाध्ययनशून्य, शस्त्रकर्ता, कृतघ्न, ब्रह्मचर्यभ्रष्ट, हीनौष्ठ, छिन्नलिङ्ग, खल्वाट, सङ्कल्प–विकल्पशून्य, नृत्यगायनमा तत्पर, दुर्ब्राह्मण, शौचाचारशून्य, अत्यन्त रोगी, एउटामात्र अण्ड भएको, वञ्चक, परधर्मव्याख्याता, पैसा दिएर कन्याको योनिच्छेदन गर्ने, व्यर्थमा दोषारोपण गर्ने, भेडापालन आदि व्यवसाय गरी जीविका गर्ने, वेश्यामा अनुराग गर्ने, पशु–पक्षीको वध गर्ने, इन्द्रजाल अपनाउने, अन्य आश्रमका नियम–धर्ममा हस्तक्षेप गर्ने, वैराग्य नभईकन संन्यासधर्ममा दीक्षित हुने, संन्यासी भएपछि संन्यासवेशको त्याग गर्ने, वेश्यापति, आत्मघात गर्न तयार हुने, अरू पुरुषलाई कुलनारीहरूसँग सम्पर्क गराई ती नारीहरूलाई भ्रष्ट गराउने, पञ्चयज्ञ नगरी भोजन गर्ने, धनी–मानीहरूको प्रशस्ति गाएर जीविका गर्ने, पुस्तक बेच्ने, पुस्तक लेखेर जीविका गर्ने, शवहरूलाई घाटमा पुऱ्याउने व्यवसाय गर्ने, अतिरञ्जनापूर्वक कथावाचन गर्ने, सर्पसँग क्रीडा गर्ने, आश्रमधर्मबाट च्युत भएको, अत्यन्त पहेंलो वर्णको, ऋण लिएर नतिर्ने, गुदामैथुन गर्ने, परोक्षमा अपकार गर्ने, अधर्मी–नास्तिकलाई उसको रुचि नभए पनि जवर्जस्ती धर्मको उपदेश दिने, धर्मका लागि पैसा उठाएर अधर्मका कार्यमा खर्च गर्ने, माता–पिता एवं गुरुको त्याग गर्ने, शस्त्रनिर्माता, वेद बिर्सने, पुत्रसँग अध्ययन गर्ने, शूद्रका घरमा यजमानी गर्ने, मगन्ते स्वभावको, शास्त्रविरुद्ध आचरण गर्ने, अत्यन्त क्रोधी, आफ्नै गुरुसँग प्रतिस्पर्धा गर्ने, निष्ठुरभाषी, गुरुतल्पगामी, वस्त्र रंगाउने काम गर्ने, गुरुत्यागी, गुड र नूनको बिक्रेता, अत्यन्त तर्क गर्ने, सन्तान नभएको, नास्तिक वृत्ति भएको, नारीहरूलाई कर्ता बनाएर यज्ञ गराउने, बाख्रा पाल्ने, ब्रह्मचर्य भङ्ग गर्ने, अगम्या स्त्रीहरूसँग गमन गर्ने, हिंसामा रुचि राख्ने, सावित्री आदि मन्त्रहरूको तिरस्कार गर्ने, राजाको दूत भएर काम गर्ने, तराजुमा गलत जोख्ने काम गर्ने, स्वाध्याय नगर्ने, बाजा बजाएर जीविका गर्ने, वेदका पुस्तक चोर्ने एवं लुकाउने, भारी बोकेर जीविका गर्ने, धेरै भोजन गर्ने, सुगाले झैं रटेका कुरा बोल्ने तर भित्री ज्ञान नभएको, पतितको सङ्गत गरेर जीविका गर्ने, दोस्रो विवाह गर्ने, व्रत लिएर बीचमा नै त्याग गर्ने, मानिसहरूका कुरा यता–उति गराउने, फिरन्ते स्वभावको, शरीरमा दाद आदि रोग भएको, तिरस्कृत भएर जीविका गर्ने, विवाहिता पत्नीको त्याग गर्ने र आइमाईको झैं चेष्टा एवं स्वभाव भएको ब्राह्मणलाई श्राद्धमा निमन्त्रणा गर्न हुँदैन ।

गर्भघाती, क्षय अर्थात् राजयक्ष्मानामक रोगले ग्रस्त, पशुपालक, वेद पढेर बिर्सने, गाउँको हल्कारा, गायक, सबै कुरा बेचविखन गर्ने, व्याज लिएर जीविका गर्ने, हस्तरेखा हेरेर जीविका गर्ने, राजकर्मचारी, तैलविक्रेता, साक्षी बनेर असत्य बोल्ने, बाबु-आमासँग विवाद गर्ने, आफ्नो घरमा आफ्नै पत्नीको जारलाई आवागमन गर्न दिने, कलङ्कित चरित्र भएको, चोर, शिल्पजीवी, बहुरूपिया, पर्वकार अर्थात् पर्वकालमा धर्म-कर्मको सट्टा अरू काम गर्ने, कपडा सिलाएर जीविका गर्ने, मित्रद्रोही, परस्त्रीलम्पट, व्रत नगर्ने मानिसहरूको गुरु, शस्त्र बनाएर जीविका गर्ने, कुकुरसँग क्रीडा गर्ने, कुकुरद्वारा टोकिएको, काण्डपृष्ठ अर्थात् आफ्नो शाखाको वेद छाडी अरू शाखाको वेद अध्ययन गर्ने, वेश्याहरूद्वारा जीविका गर्ने, आफ्नो कुल छाडेर अरूको कुलमा जाने, परिवित्ति अर्थात् जसको कान्छो भाइको विवाह पहिले भएको छ, चर्मरोगी, गुरुपत्नीगामी, नाटकको पात्र एवं कृषिजीवी, नटको रूपमा काम गर्ने, देवलक अर्थात् देवताको मन्दिरमा पूजा गरी जीविका गर्ने, नक्षत्रवक्ता आदि चरित्रहीन व्यक्तिहरू ब्राह्मणको पङ्क्तिमा राखी भोजन गराउन योग्य हुँदैनन् । जसले ऋण लिएर काम गर्छ, व्याजमा धन लगाएर जीविका गर्छ, आफ्नो कुल छाडेर अरूको कुलमा प्रवेश गर्छ, आफ्नो शाखा छाडेर अरूको शाखामा प्रवेश गरी व्रतबन्ध गर्छ र परशाखाको अध्ययन गर्छ त्यस्तो ब्राह्मण पनि पूज्य ब्राह्मणको पङ्क्तिमा बस्न योग्य हुँदैन।

नारद भन्दछन् - ब्राह्मण क्षत्रिय र वैश्यको व्यवसायमा रमाउने मार्गच्युत ब्राह्मणलाई काण्डपृष्ठ भनिन्छ र त्यस्तो ब्राह्मण पूज्य ब्राह्मणहरूले भोजन गर्दा तिनीहरूको पंक्तिमा बस्न अयोग्य हुनाले अपाङ्क्तेय कहलाउँछ । **हारीत** भन्दछन् - ब्राह्मणद्वारा शूद्रकन्यामा पैदा गरिएका, स्वयंदत्त पुत्रका रूपमा रहेका, खरिद गरेर पुत्र बनाइएका ब्राह्मणहरूलाई पनि मनुले जुन काण्डपृष्ठनामबाट चिनाएका छन् त्यसमा कुनै संशय छैन ।

हेमाद्र्यादिमते श्राद्धे अनिमन्त्रणीया ब्राह्मणाः

अन्येऽपि हेमाद्रौ मात्स्ये -

त्रिशङ्कून् बर्बरानन्ध्रान् चीनद्राविडकौङ्कणान् । कर्णाटकाँस्तथाऽऽभीरान् कलिङ्गाँश्च विवर्जयेत्।।

तत्रैव सौरपुराणे -

अङ्गवङ्गकलिङ्गाँश्च सौराष्ट्रान् गुर्जराँस्तथा । आभीरान् कौङ्कणाँश्चैव द्राविडान् दाक्षिणायनान् ।।

आवन्त्यान् मागधाँश्चैव ब्राह्मणाँस्तु विवर्जयेत् । चन्द्रिकायां यमः -

काणाः कुब्जाश्च षण्ढाश्च कृतघ्ना गुरुतल्पगाः । मानकूटास्तुलाकूटाः शिल्पिनो ग्रामयाजकाः।।

राजभृत्यान्धबधिरमूकखल्वाटपङ्गवः । वणिजो मधुहर्त्तारो गरदा वनदाहकाः ।।

समयानां च भेत्तारः प्रदाने ये निवारकाः । प्रव्रज्योपनिवृत्ताश्च वृथा प्रव्रजिताश्च ये ।।

यश्च प्रव्रजिताज्जातः प्रवज्यावसितश्च यः । अवकीर्णी च वीरघ्नो गुरुघ्नः पितृदूषकः ।।

हेमाद्रि आदिको मतमा श्राद्धमा बोलाउन नहुने ब्राह्मण

हेमाद्रिमा उद्धृत मत्स्यपुराणको वचनमा अरू पनि त्याग्न योग्य ब्राह्मणहरूको उल्लेख गरिएको छ । तदनुसार त्रिशङ्कुदेश, वर्णाश्रमधर्महीनदेश, आन्ध्रप्रदेश, चीन, द्राविडदेश, कोंकणप्रान्त, कर्णाटकदेश, आभीरप्रदेश, कलिङ्गदेश आदिमा पैदा भएका ब्राह्मण पनि पङ्क्तिमा राख्न योग्य हुँदैनन् ।

सौरपुराणमा भनिएको छ - अङ्ग, वङ्ग, कलिङ्ग, सौराष्ट्र, गुर्जर, आभीरप्रदेश, कोंकण, द्राविड आदि देशका र अवन्ती एवं मगधदेशका ब्राह्मण पनि श्राद्धका निमित्त ग्राह्य हुँदैनन् ।

चन्द्रिकामा यमले भनेका छन् – काना, कुजा, नपुंसक, कृतघ्न, गुरुकी पत्नीसँग गमन गर्ने, मानकूट अर्थात् धान्य आदिको तौलमा ठगी गर्ने, तुलाकूट अर्थात् तुला जोख्दा ठगी गर्ने, शिल्पजीवी, गाउँ–गाउँमा भ्रमण गरी विभिन्न वर्णका मानिसहरूका घरमा यजमानी गर्ने, राजकर्मचारी, अन्धा, बहिरा, लाटा, खल्वाट अर्थात् कपालका रौं खुइलिएका, लङ्गडा, वैश्यवृत्ति गर्ने, मह चोर्ने अथवा मह काढ्ने, विष ख्वाउने, वनमा डढेलो लगाउने, मर्यादाभङ्ग गर्ने, दान दिन लाग्दा निषेध गर्ने, संन्यासधर्म लिएर सबै परित्याग गर्ने, विना वैराग्य संन्यास लिने, संन्यासीबाट पैदा भएको, संन्यासधर्म लिएर संन्याश्रमको मर्यादा दूषित गराउने, ब्रह्मचर्यबाट स्खलित, वीरघ्न अर्थात् अग्नित्याग गर्ने अथवा बालकहरूको हत्या गर्ने, गुरुघ्न अर्थात् गुरुको हत्या गर्ने र माता–पितालाई दोष लगाउने ब्राह्मणहरू श्राद्धमा गर्हित हुन्छन् ।

श्राद्धकाशिकायां कात्यायनः –

द्विर्नग्नः किलदुश्चर्मा शुक्लोऽतिकपिलस्तथा । छिन्नोष्ठछिन्नलिङ्गश्च नैव केतनमर्हति ।।

द्विर्नग्नः पित्रोर्वंशे त्रिपुरुषं विच्छिन्नवेदाग्निः । हेमाद्रौ मरीचिः –

अविद्धकर्णः कृणश्च लम्बकर्णस्तथैव च । वर्जनीयाः प्रयत्नेन ब्राह्मणाः श्राद्धकर्मणि ।।

ब्राह्मे – **मूकश्च पूतिनासश्च छिन्नाङ्गश्चाधिकाङ्गुलिः । गलरोगी गडुमान् स्फुटिताङ्गश्च सज्वरः।।**

षण्ढतूयरमन्दाश्च श्राद्धेष्वेतान् विवर्जयेत् ।

श्राद्धकाशिकामा कात्यायनले भनेका छन् – 'द्विर्नग्न अर्थात् जसका पिताको वंशमा तीनपुस्तासम्म वेदको अध्ययन टुटेको छ, नपुंसक, निन्दनीय छाला भएको, धेरै गोरो, धेरै पहेंलो, ओंठ काटिएको र लिङ्ग काटिएको मानिस पनि श्राद्धमा पूजनीय हुँदैन ।' ग्रन्थकार भन्दछन् – मूलमा प्रयुक्त द्विर्नग्नशब्दले जसका माता–पिताको वंशमा तीनपुस्तासम्म वेदाध्ययन र अग्निहोत्र छुटेका हुन्छन् त्यस्तो ब्राह्मणलाई जनाउँछ ।

हेमाद्रिमा उद्धृत **मरीचिको** वचन यसप्रकार छ – अविद्धकर्ण अर्थात् कान नछेडेको, साह्है कालो वर्णको, लामा कान भएको ब्राह्मणलाई पनि श्राद्धमा पूज्न हुँदैन । **ब्रह्मपुराणमा** भनिएको छ – लाटो, नाकबाट दुर्गन्ध आउने, शरीरको कुनै अङ्ग छिन्न भएको, धेरै औंला भएको, घाँटीको रोगी, कुप्रो, शरीरका अङ्ग–प्रत्यङ्ग फुटेको, ज्वरग्रस्त, नपुंसक, तूबर अर्थात् युवावस्थामा पनि जुंघा नभएको र जडब्राह्मणलाई श्राद्धमा पूज्न हुँदैन ।

लम्बकर्णकथनम्

लम्बकर्णश्चाह तत्रैव गोभिलः –

हनुमूलादधः कर्णौ लम्बौ तु परिकीर्तितौ । द्वयङ्गुलौ त्र्यङ्गुलौ शस्ताविति शातातपोऽब्रवीत्।।

चन्द्रिकायां यमः – **द्वयङ्गुलातीतकर्णस्य भुञ्जते पितरो न तु ।**

लामा कान हुने ब्राह्मणको विषयमा विचार

गोभिल भन्दछन् – हनु अर्थात् च्यूँडोभन्दा तल जाने कानलाई लम्बकर्ण भनिन्छ । दुईअङ्गुल वा तीनअङ्गुलमात्र तल झरेका कान उत्तम हुन्छन् । तर त्यो भन्दा पनि तल गएका कान उत्तम हुँदैनन् भन्ने **शातातपको** मत रहेको छ ।

चन्द्रिकामा यमले भनेका छन् – दुईअङ्गुलभन्दा तल गएका कान हुने मानिसलाई लम्बकर्ण भनिन्छ । तिनलाई दिएको पदार्थबाट पितृहरू तृप्त हुँदैनन् ।

क्लीबभेदकथनम्

षण्ढश्चात्र चन्द्रिकोक्तः सप्तविधो ग्राह्यः । यथा –

षण्ढको वातजः षण्ढः षण्डः क्लीबो नपुंसकः । कीलकश्चेति सप्तैवं क्लीबभेदाः प्रकीर्तिताः ।।

पराशरमाधवीये तु चतुर्दशविधा उक्ताः तेषां स्वरूपाणि तत्रैव ज्ञेयानि ।

नपुंसकका भेद

श्राद्धमा भोजन गराउन नहुने नपुंसकबारे विचार गर्दा **चन्द्रिकामा** बताइएका ७ प्रकारका नपुंसकलाई श्राद्धमा वर्जित मानिएको छ । ती नपुंसक यसप्रकार छन् – **षण्डक** – जसको मूत्रबाट फिँज निस्किँदैन, **वातज** – वायुदोषबाट नपुंसक भएको व्यक्ति, **षण्ढ** – अरू पुरुषद्वारा आफ्नो गुदा वा मुखमा वीर्यपतन गराएर मात्र पत्नीसँग मैथुन गर्न सक्ने नपुंसक, **पण्ड** – बच्चा जन्माउन नसक्ने नपुंसक, **क्लीब** – लिङ्गमा चैतन्य नभएको नपुंसक, **नपुंसक** – वीर्यहीन पुरुष, जसका **ईर्ष्यालुनपुंसक, आसेक्यनपुंसक, कुम्भीकनपुंसक, सुगन्धिनपुंसक** र **षण्डनपुंसक** गरी पाँचभेद हुन्छन्, **कीलक**- संवेदनशील अङ्गहरूमा अरूले स्पर्श गरेपछि मात्र उत्तेजित हुने नपुंसक । यी सातभेद नपुंसकका हुन् । **पराशर माधवीयमा** चौधप्रकारका नपुंसकहरूको वर्णन गरिएको छ । तिनको स्वरूप त्यहीँबाट बुझ्नुपर्दछ ।

यज्ञकर्तुरन्नग्रहणविचारः

चन्द्रिकायां शातातपः –

अग्निष्टोमादिभिर्यज्ञैर्ये यजन्त्यल्पदक्षिणैः । तेषामन्नं न भोक्तव्यमपाङ्क्तास्ते प्रकीर्तिताः ।।

एतच्च शक्तौ सत्याम् । अपरार्के भारते –

अव्रती कितवः स्तेनः प्राणिविक्रयकोऽपि वा । पश्चाच्चेत्पीतवान्सोमं सोऽपि केतनमर्हति ।।

श्राद्धदीपकलिकायां यमः – '**अपत्नीकश्च वर्ज्यः स्यात्सपत्नीकोऽप्यनग्निकः ।**'

यज्ञकर्ताको अन्नग्रहणसम्बन्धमा विचार

चन्द्रिकामा शातातपले भनेका छन् – थोरै दक्षिणा लिएर जसले अग्निष्टोम आदि यज्ञ गराउँछन्, तिनीहरूको अन्न खान हुँदैन । किनकि ती अपाङ्क्तेय हुन् । यो शक्तिपरक निर्वचन हो । **अपरार्कमा** र **महाभारतमा** भनिएको छ – वेदअनुसार व्रत नगर्ने, जुवाडे, चोर र प्राणीहरूको विक्रय गरी जीविका गर्ने मानिसले पनि पछि गएर सोमयाग गरी सोमरस पान गर्दछन् भने ती पनि श्राद्धमा निमन्त्रणायोग्य हुन्छन् । **श्राद्धकलिकामा यमले** भनेका छन् – अग्निहोत्री ब्राह्मण पत्नीहीन छन् भने तिनलाई पनि श्राद्धमा बोलाउनु हुँदैन । अग्निहोत्र नलिएका ब्राह्मण भने सपत्नीक भए पनि श्राद्धमा वर्जनीय हुन्छन् ।

प्रतिमादिविक्रयकरणे विचारः

तत्रैवाश्वलायनः –

प्रतिमाविक्रयं यो वै करोति पतितस्तु सः । जीवनार्थं परास्थीनि धृत्वा तीर्थं प्रयाति यः ।।
मातापित्रोर्विना सोऽपि पतितः परिकीर्तितः ।। तत्रैव जातूकर्ण्यः –

यत्र मातुलजोद्वाही यत्र वा वृषलीपतिः । श्राद्धं न गच्छेत्तद्विप्राः कृतं यच्च निरामिषम् ।।
पितृपुत्रौ भ्रातरौ द्वौ निरग्निं गुर्विणीपतिम् । सगोत्रप्रवरं चैव श्राद्धेषु परिवर्जयेत् ।।

प्रतिमा आदि बिक्री गर्ने ब्राह्मणलाई बोलाउन नहुने

श्राद्धद्वीपकलिकामा आश्वलायनले भनेका छन् – जसले प्रतिमा बेच्ने काम गर्दछ त्यो मानिस निश्चय नै पतित हो । माता-पिताको अस्तुबाहेक अरू मानिसहरूका अस्तु बोकेर तीर्थमा पुऱ्याउनेलाई पनि पतित मान्नुपर्दछ । त्यहीँ नै **जातूकर्ण्यले** भनेका छन् – माकाको छोरी विवाह गर्ने र शूद्रकी छोरीसँग विवाह गर्ने मानिसलाई श्राद्धमा निमन्त्रणा गरिएमा त्यो श्राद्धको अन्न पितृहरूले पाउँदैनन् । यसैगरी जसमा विधिपूर्वक मांस टक्र्याइएको हुँदैन त्यो श्राद्ध पनि पितृले पाउँदैनन् । श्राद्धमा पिता एवं पुत्र, अग्निहोत्र नगर्ने दुईसहोदर दाजुभाइ, गर्भिणीका पति र समान गोत्र एवं प्रवर भएका ब्राह्मणलाई निमन्त्रणा गर्न हुँदैन ।

शङ्खचक्राद्यङ्कितब्राह्मणग्रहणे विचारः

बृहन्नारदीये – **शङ्खचक्रं मृदा यस्तु कुर्यात्तप्तायसेन वा । स शूद्रवद् बहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः ।।**

शङ्खचक्राद्यङ्कनञ्च गीतनृत्यादिकं तथा । एकजातेरयं धर्मो न जातु स्याद् द्विजन्मनः ।।

तेन ये तप्तमुद्रादिविधयस्ते शूद्रविषया इति । पृथ्वीचन्द्रोदये –

शिवकेशवयोरङ्कान् शूलचक्रादिकान् द्विजः । न धारयेत मतिमान् वैदिके वर्त्मनि स्थितः ।।

इत्याश्वलायनोक्तेश्च । **नृत्यञ्चोदराद्यर्थं निषिद्धम्** इति श्रीधरस्वामी । अन्येऽपि निषिद्धा निबन्धेषु ज्ञेया इति दिक् ।

अत्र विप्राणां ग्राह्यत्वोक्त्यैव तद्वर्ज्यानां निषेधे सिद्धे पुनर्वर्ज्यपरिगणनं निषिद्धवर्ज्यनिर्गुणप्राप्त्यर्थमिति विज्ञानेश्वरः।

शङ्ख र चक्रले डामिएका ब्राह्मणलाई श्राद्धमा बोलाउन नहुने

बृहन्नारदीयमा भनिएको छ – जुन ब्राह्मणले माटोले अथवा तताएको फलामले आफ्ना अङ्गहरूमा शङ्ख र चक्र अङ्कित गर्दछ त्यो ब्राह्मण सम्पूर्ण ब्रह्मकार्यमा शूद्रसमान बहिष्कार्य हुन्छ । शरीरमा शङ्ख, चक्र अङ्कित गर्नु र नाचगान गरी जीविका गर्नु शूद्रजातिको धर्म हो, ब्राह्मणको होइन । यसैले जुन तप्तमुद्रा आदि विषय शास्त्रमा वर्णन गरिएका छन् ती शूद्रपरक हुन् भन्ने कुरा बुझ्नुपर्दछ ।

पृथ्वीचन्द्रोदयमा भनिएको छ – वैदिकमार्गमा रहेको बुद्धिमान् ब्राह्मणले शिवको त्रिशूल र विष्णुका शङ्ख, चक्र आदि चिह्न शरीरमा अङ्कित गर्नुहुँदैन भन्ने मत **आश्वलायनको** छ । **श्रीधरस्वामीले** जीविकाका लागि नाचगान गर्नु निषिद्ध छ भनेका छन् । अरू यस्तै प्रकारका निषेध गर्नुपर्ने विषयका सम्बन्धमा धर्मशास्त्रका निबन्धग्रन्थहरूमा विस्तृतरूपमा चर्चा गरिएको पाइन्छ । ग्रहण गर्न योग्य ब्राह्मणको उल्लेख गरेपछि ग्रहण गर्न अयोग्य ब्राह्मणको ज्ञान स्वतः हुने हुँदा निषिद्ध ब्राह्मणको चर्चा किन भन्ने प्रश्न हुनसक्छ । यसरी निषिद्ध ब्राह्मणको चर्चा गर्नुको तात्पर्य गुण एवं दोष दुवै नभएका ब्राह्मणको आवश्यकता हुँदा ग्रहण गर्न सकिने तथ्य बताउनु नै हो ।

कुष्ठिकाणादेरपवादः

कुष्ठिकाणादेरपवादो हेमाद्रौ वसिष्ठः –

अपि चेन्मन्त्रविद्युक्तः शारीरैः पङ्क्तिदूषणैः । अदूष्यं तं यमः प्राह पङ्क्तिपावन एव सः ।।

क्वचिद्विप्राणां जातिमात्रेण ग्राह्यत्वमुक्तम् ।

कुष्ठरोगी र कानाको विषयमा

हेमाद्रिमा वसिष्ठ भन्दछन् – कुनै पनि ब्राह्मण आफ्नो शरीरमा उत्पन्न पङ्क्तिलाई दूषित गर्ने कुष्ठरोग र काणत्व आदि दोषले युक्त भएता पनि यदि त्यसले वेदको अर्थ जानेको छ भने त्यसलाई दोषी मान्नु हुँदैन र पङ्क्तिपावन भन्नुपर्दछ भनी कर्मविपाकका ज्ञाता यमले बताएका छन् । कसैले फेरि ब्राह्मणजातिमा उत्पन्न भएकै कारण ती दूषित अङ्ग भएका मानिसहरू पनि ग्राह्य हुन्छन् भनेका छन् ।

गयास्थितब्राह्मणानामेव भोजने विचारः

चन्द्रिकायामाग्नेये –

यदि पुत्रो गयां गच्छेत्कदाचित्कालपर्ययात् । तानेव भोजयेद्विप्रान् ब्राह्मणा ये प्रकल्पिताः ।।

ब्रह्मणा कृतसंस्थाना विप्रा ब्रह्मसमाः स्मृताः । अमानुषा गयाविप्रा ब्रह्मणा ये प्रकल्पिताः ।।

तेषु तुष्टेषु सन्तुष्टाः पितृभिः सह देवताः ।।

गयाका ब्राह्मणहरूलाई नै भोजन गराउने सम्बन्धमा विचार

स्मृतिचन्द्रिकामा उद्धृत अग्निपुराणको वचनमा भनिएको छ – कदाचित् कसैको कुनै सत्पुत्र गया गएमा त्यसले श्राद्ध गर्दा त्यहाँका स्थानीय बासिन्दा ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ किनकि ती गयाका ब्राह्मणहरू भगवान् ब्रह्माद्वारा पुरोहितका रूपमा कल्पना गरी सृष्टि गरिएका हुन् । ब्रह्माद्वारा कर्मकाण्ड गर्न भनी गयामा सृष्टि गरिएका ब्राह्मण ब्रह्मासमान नै पूज्य हुन्छन् । वास्तवमा ती ब्राह्मण मानिस होइनन् । गयाका ब्राह्मण प्रसन्न भएमा पितृहरूका साथ देवता पनि प्रसन्न हुन्छन् ।

अक्षयवटश्राद्धे ब्राह्मणभोजनविचारः

तत्रैव – **न विचार्यं कुलं शीलं विद्यां च तप एव च । पूजितैस्तैस्तु सन्तुष्टा देवाः सपितृगुह्यकाः ।।**

गयायां निर्गुणा अपि ते एव भोज्या इति हेमाद्रिः । अक्षयवटश्राद्धे एव तन्नियमो नान्यत्रेति त्रिस्थलीसेतौ पितामहचरणाः ।

अक्षयवटश्राद्धमा ब्राह्मणभोजनविचार

स्मृतिचन्द्रिकामा भनिएको छ कि – गयामा श्राद्ध गर्दा त्यहाँका ब्राह्मणहरूको कुल, शील, विद्या, तपस्या र परिवारसम्बन्धी कुराको जिज्ञासा एवं विचार गर्नुहुँदैन । ती ब्राह्मणहरूको पूजा गर्दा श्राद्धकर्ताका पितृहरू, गुह्यक र देवता पनि प्रसन्न हुन्छन् । हेमाद्रिमा भनिएको छ – 'गयामा रहेका गुणहीन ब्राह्मण पनि पूज्य र भोज्य हुन्छन् ।' ग्रन्थकार भन्दछन् – गुणहीन ब्राह्मण पूज्य हुने नियम अक्षयवटमा गरिने श्राद्धका लागि मात्र हो । अरू ठाउँमा गरिने श्राद्धका निमित्त होइन भनी हाम्रा पितामहले त्रिस्थलीसेतुमा बताउनुभएको छ ।

तीर्थेषु ब्राह्मणपरीक्षाविचारः

पृथ्वीचन्द्रोदयेऽपि पाद्मे –

तीर्थेषु ब्राह्मणं नैव परीक्षेत कदाचन । अन्नार्थिनमनुप्राप्तं भोज्यं तं मनुरब्रवीत् ।।

स्कान्देऽपि – **ब्राह्मणान्न परीक्षेत तीर्थे क्षेत्रनिवासिनः ।**

तीर्थहरूमा ब्राह्मणपरीक्षा

पृथ्वीचन्द्रोदयमा उद्धृत **पद्मपुराण**को वचनमा ब्राह्मण परीक्षाबारे यसरी अभिमत राखिएको छ – कहिल्यै पनि तीर्थमा ब्राह्मणको परीक्षा गर्न हुँदैन । अन्नको इच्छा गरी आएका ब्राह्मणहरू भोजन गराउन योग्य हुन्छन् र परीक्षायोग्य हुँदैनन् भन्ने कुरा **मनु**ले बताएका छन् । **स्कन्दपुराण**मा भनिएको छ – तीर्थमा गई त्यस तीर्थको वरिपरि रहने ब्राह्मणहरूको कुल एवं शीलको परीक्षा गर्नु हुँदैन ।

पित्र्ये कर्मणि ब्राह्मणपरीक्षा

मनुः – **न ब्राह्मणं परीक्षेत दैवे कर्मणि धर्मवित् । पित्र्ये कर्मणि तु प्राप्ते परीक्षेत प्रयत्नतः ।।**

असम्भवपरमेतदिति मेधातिथिः ।

पितृकार्यमा ब्राह्मणपरीक्षा

मनुले भनेका छन् – धर्मको ज्ञाता मानिसले देवताका लागि गरिने दैवकर्ममा ब्राह्मणको परीक्षा गर्नु हुँदैन तर पितृकर्ममा कुल, शील, विद्या र तपस्याका दृष्टिबाट ब्राह्मणको परीक्षा गर्नुपर्दछ । **मेधातिथि** भन्दछन् – दैवकर्ममा ब्राह्मणको परीक्षा गर्न हुँदैन भन्ने **मनु**को भनाइ ब्राह्मणको प्राप्ति असम्भव भएमा मात्र लागु हुन्छ ।

कूटकाणादीनां ब्राह्मणानां श्राद्धभोजने विचारः

हेमाद्रौ व्यासः – **गायत्रीसारमात्रोऽपि वरं विप्रः सुयन्त्रितः । नायन्त्रितश्चतुर्वेदी सर्वाशी सर्वविक्रयी।।**

काणाः कूटाश्च कुब्जाश्च दरिद्रा व्याधितास्तथा । सर्वे श्राद्धे नियोक्तव्या मिश्रिता वेदपारगैः ।।

कपटी र काना आदि ब्राह्मणहरूको सम्बन्धमा विचार

हेमाद्रिमा उद्धृत **व्यास**को वचन यसप्रकार छ – गायत्रीको तत्त्वमात्र जान्ने, संयमी ब्राह्मणहरू श्राद्धका निमित्त उत्तमब्राह्मण मानिएका छन् भने असंयमी ब्राह्मणहरू चारै वेदका ज्ञाता भए पनि उत्तम कहलाउँदैनन्। जे पायो त्यही खाने र विचारै नगरी सबै कुराको बेचविखन गर्ने ब्राह्मण कहिले पनि उत्तम मानिँदैनन् । गायत्रीको तत्त्वमात्र जानेका भए पनि संयमी छन् भने एउटा आँखा नभएका काना र कूटकर्म गर्ने अर्थात् बाहिर एउटा र भित्र अर्कै विचार लिने, कुप्रा, दरिद्र, व्याधिग्रस्त ब्राह्मणहरूलाई पनि दैविकश्राद्धमा वैदिक ब्राह्मणहरूका साथ समावेश गरी एउटै पङ्क्तिमा भोजन गराउनुपर्दछ।

विप्रनिमन्त्रणप्रकारः

अथ विप्रनिमन्त्रणम् । चन्द्रिकायां वाराहे –

वस्त्रशौचादि कर्तव्यं श्वः कर्तास्मीति जानता । स्थानोपलेपनं कृत्वा ततो विप्रान्निमन्त्रयेत् ।।

दन्तकाष्ठञ्च विसृजेद् ब्रह्मचारी शुचिर्भवेत् ।

श्राद्धमा ब्राह्मण निमन्त्रणा गर्ने विधि

अब श्राद्धमा ब्राह्मणनिमन्त्रणाको विषयमा विचार गरिन्छ । यस सम्बन्धमा **चन्द्रिका**मा प्रस्तुत **वराह**को वचन यसप्रकार छ – 'भोलि म श्राद्ध गर्नेछु' भन्ने कुरा राम्ररी अवगत गरेको कर्ताले आज वस्त्रप्रक्षालन आदि कार्य गर्नुपर्दछ ।

जुन ठाउँमा श्राद्ध गर्ने हो त्यहाँ राम्ररी लिपपोत गर्नुपर्छ । त्यसपछि ब्राह्मणलाई निम्ता दिन जानुपर्दछ । श्राद्धकालमा दतिवन गर्न हुँदैन । त्यसकारण दतिवन गर्ने काठलाई समेत फ्याँकेर ब्रह्मचर्यमा रही पवित्र बन्नुपर्दछ ।

द्विजानां निमन्त्रणे महत्त्वपूर्णविचारः

तत्रैव प्रचेताः – **दक्षिणं चरणं विप्रः सव्यं वै क्षत्रियस्तथा । पादावादाय वैश्यो द्वौ शूद्रः प्रणतिपूर्वकम् ।।**

बृहस्पतिः – **उपवीती ततो भूत्वा देवार्थं तु द्विजोत्तमान् । अपसव्येन पित्र्येऽथ स्वयं शिष्योऽथवा सुतः ।।**

प्रचेताः – **सवर्णं प्रेषयेदाप्तं द्विजानां तु निमन्त्रणे ।**

निमन्त्रणाको शास्त्रीयविधि

प्रचेताले भनेका छन् – ब्राह्मणजातिका यजमानले ब्राह्मणपुरोहितको दायाँ पाउ स्पर्श गरी, क्षत्रियले बायाँ पाउ स्पर्श गरी, वैश्यले दुवै पाउ स्पर्श गरी र शूद्रले नमस्कार गर्दै श्राद्ध गराउनका लागि ब्राह्मणलाई निमन्त्रणा टक्र्याउनुपर्दछ।

बृहस्पतिले भनेका छन् – देवकार्यमा सव्य भएर ब्राह्मणनिमन्त्रणा गर्नुपर्दछ । पितृकार्यमा भने शिष्य वा पुत्रले अपसव्य भएर ब्राह्मणनिमन्त्रणा गर्नुपर्दछ । **प्रचेताले** भनेका छन् – ब्राह्मणनिमन्त्रणा गर्दा आफू जान नसकेमा आत्मीय र आफ्नै वर्णको मानिसलाई पठाउनुपर्दछ ।

राजकार्यादौ नियुक्तस्य श्राद्धविचारः

पृथ्वीचन्द्रोदये स्कान्दे –

राजकार्ये नियुक्तस्य बन्धनिग्रहवर्तिनः । व्यसनेषु च सर्वेषु श्राद्धं विप्रेण कारयेत् ।।

राजकार्यमा नियुक्त व्यक्ति आदिले गर्नुपर्ने श्राद्धका सम्बन्धमा

राजकार्यमा नियुक्त कर्मचारी आदिले गर्नुपर्ने श्राद्धका सम्बन्धमा **पृथ्वीचन्द्रोदयमा** उद्धृत **स्कन्दपुराणको** वचन यसप्रकार छ – राजकार्यमा नियुक्त व्यक्तिले, बन्धनमा परेका व्यक्तिले, जनतालाई दण्ड र पुरस्कारद्वारा वशीभूत तुल्याउने व्यक्तिले र संकटमा परेका व्यक्तिले गर्नुपर्ने श्राद्ध ब्राह्मणद्वारा गराउनुपर्दछ ।

ब्राह्मणान्नस्य वृषलान्नस्य च अभोज्यता

चन्द्रिकायां यमः –

अभोज्यं ब्राह्मणस्यान्नं वृषलेन निमन्त्रितम् । तथैव वृषलस्यान्नं ब्राह्मणेन निमन्त्रितम् ।।

शूद्रसम्पर्की ब्राह्मण र ब्राह्मणसम्पर्की शूद्रको अन्न खान नहुने

चन्द्रिकामा यम भन्दछन् – जुन ब्राह्मणले शूद्रलाई निमन्त्रणा गर्न पठाउँछन् त्यस्ता ब्राह्मणको अन्न खान हुँदैन । यसैगरी जुन शूद्रले ब्राह्मणलाई निमन्त्रणा गर्न पठाउँछन् त्यस्ता शूद्रको अन्न पनि खान हुँदैन ।

सप्तादिसंख्यासु श्रोत्रियाणां निमन्त्रणकथनम्

तत्रैव पैठीनसिः – **'सप्त पञ्च द्वौ वा श्रोत्रियान्निमन्त्रयेत् ।'** आश्वलायनगृह्यसूत्रे – **'एकैकमेकैकस्य द्वौ द्वौ त्रींस्त्रीन्वा वृद्धौ फलभूयस्त्वम्'**, द्वाविति वृद्धिश्राद्धे । गौतमः – **नवावरान्भोजयेदयुजो वा यथोत्साहम् ।**

याज्ञवल्क्यः – **द्वौ दैवे प्राक् त्रयः पित्र्ये उदगेकैकमेव वा । मातामहानामप्येवं तन्त्रं वा वैश्वदेविकम् ।।**

दीपकलिकायां पराशरः –

सम्पत्तावथ पात्राणामेकैकस्य त्रयस्त्रयः । पित्रादेर्ब्राह्मणाः प्रोक्ताश्चत्वारो वैश्वदेविके ।।

वृद्धयाज्ञवल्क्यः– **दशैकं पञ्च वा विप्रान् पार्वणे विनियोजयेत् ।** अत्र वैश्वदैवे द्वौ चतुरो वोपवेश्य पित्र्यादीनामेकैकस्य स्थाने एकं त्रीन् पञ्च सप्त नव वोपवेशयेदिति निक्षुण्णोऽर्थः । मनुः –

द्वौ दैवे पितृकृत्ये त्रीनेकैकमुभयत्र वा । भोजयेत्सुसमृद्धोऽपि न प्रसज्येत विस्तरे ।।

सत्क्रियां देशकालौ च शौचं ब्राह्मणसम्पदः । पञ्चैतान् विस्तरो हन्ति तस्मान्नेहेत विस्तरम् ।।

पृथ्वीचन्द्रोदये शातातपः –

द्वौ दैवेऽथर्वणौ विप्रौ प्राङ्मुखावुपवेशयेत् । पित्र्ये तूदङ्मुखाँस्त्रींश्च बह्वृचाध्वर्युसामगान् ।।

अत्यशक्तौ हेमाद्रौ देवलः –

एकेनापि हि विप्रेण षट्पिण्डं श्राद्धमाचरेत् । षडर्घ्यान् दापयेत्तत्र षड्भ्यो दद्यात्तथा हविः ।।

गोभिलः– **यद्येकं भोजयेच्छ्राद्धे छन्दोगं तत्र भोजयेत् । ऋचो यजूंषि सामानि त्रितयं तत्र विद्यते ।।**

श्राद्धमा निमन्त्रणीय श्रोत्रिय ब्राह्मणको संख्या

श्रोत्रियलाई निमन्त्रणा गर्ने सम्बन्धमा **चन्द्रिकामा पैठीनसि**को वचन यसप्रकार छ – पार्वणश्राद्धमा ७, ५ अथवा २ वेदपाठीहरूलाई निमन्त्रण गर्नुपर्दछ । **आश्वलायनसूत्र**मा लेखिएको छ – एक–एक पितृका लागि एक–एक अथवा दुई–दुई वा तीन–तीन ब्राह्मण निमन्त्रणा गर्नुपर्दछ । जतिधेरै ब्राह्मण निमन्त्रणा गरिन्छ उतिधेरै फल प्राप्त हुन्छ । वृद्धिश्राद्धमा दुईब्राह्मणलाई निमन्त्रणा दिनुपर्दछ । **गौतम** भन्दछन् – विषमसंख्यामा जति सकिन्छ ब्राह्मणलाई भोजन गराउनुपर्दछ ।

याज्ञवल्क्य भन्दछन् – वैश्वेदेवश्राद्धमा दुईब्राह्मणलाई पूर्वाभिमुख गराई राख्नुपर्दछ । पितृका निमित्त गरिने श्राद्धमा उत्तराभिमुख गराई एकब्राह्मणको स्थापना गर्नुपर्दछ । **दीपिका**मा पराशरको भनाइ यसप्रकार छ – घरमा सम्पत्ति प्राप्त हुँदा र उत्तमब्राह्मणले प्रवेश गर्दा गरिने श्राद्धमा पितृहरूका निमित्त तीन–तीनब्राह्मणको स्थापना गर्नुपर्दछ । आफूसँग धन–सम्पत्ति प्रशस्त भएमा विश्वेदेवका लागि चार–चारब्राह्मणको स्थापना गर्नुपर्दछ। **वृद्धयाज्ञवल्क्य** भन्दछन्– श्राद्धमा वेदका ज्ञाता एघार वा पाँचब्राह्मणलाई श्रद्धापूर्वक र विधिपूर्वक निमन्त्रणा गर्नुपर्दछ । यहाँ विश्वेदेवका निमित्त दुई वा चारब्राह्मण राखी पिता, पितामह र प्रपितामहका लागि एक, तीन, पाँच, सात वा नौब्राह्मण राख्नुपर्दछ भन्ने निष्कर्ष हो ।[३०]

---

३०. ब्राह्मणनिमन्त्रणा गर्ने सम्बन्धमा शास्त्रप्रवर्तकहरूमा मतैक्य पाइँदैन तथापि बहुसमर्थित मत यस्तो रहेको छ – युगको प्रभावका कारण शुद्ध ब्राह्मण नपाइने हुँदा ब्राह्मणको अनुकल्पमा कुशवटुस्थापना गरी श्राद्धको काम चलाउनुपर्ने शास्त्रीयनिर्णय रहेकाले हाम्रो व्यवहारमा पनि कुशको ब्राहण नै राखेर श्राद्ध गर्ने गरिन्छ । एकोद्दिष्टश्राद्धमा विश्वेदेव राख्न नपर्ने हुँदा एउटामात्र कुशको ब्राह्मण दक्षिणतर्फ उत्तराभिमुख गराई स्थापना गरिन्छ र तिनैको निमन्त्रणा हस्तार्घ, पादार्घ, पूजा आदि गरी श्राद्ध सम्पन्न गरिन्छ ।

पार्वणश्राद्धमा चाहिँ सो श्राद्धको स्वरूपको आधारमा कुशवटुको संख्या निर्धारण गरिन्छ । जस्तै – एकपार्वणश्राद्धमा एकविश्वेदेव र एकपितृ गरी २ ब्राह्मण । द्विपार्वणमा २ विश्वेदेव र २ पितृ गरी ४ ब्राह्मण । त्रिपार्वणमा ३ विश्वेदेव र ३ पितृ गरी ६ ब्राह्मण । चतुःपार्वणमा ४ विश्वेदेव र ४ पितृ ब्राह्मण समेत गरी ८ वटा कुशका वटु स्थापना गर्नुपर्दछ । विश्वेदेव ब्राह्मणहरू पश्चिमतर्फ पूर्व फर्काएर राख्नुपर्छ भने पितृब्राह्मणहरू दक्षिणतिर उत्तराभिमुख गराई स्थापना गर्नुपर्छ । श्राद्धकर्ताले दक्षिण फर्केर श्राद्ध कर्म गर्नुपर्ने हुन्छ । श्राद्धकै दिन श्राद्ध सुरु गरेपछि यिनै कुशवटुको निमन्त्रणा पूजा–आजा सबै शास्त्रोक्त कर्म गरी श्राद्ध सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ ।

मनुको वचन छ – देवश्राद्धमा दुईब्राह्मण र पितृश्राद्धमा तीनब्राह्मणलाई भोजन गराउनुपर्दछ अथवा दुवैथरि श्राद्धमा एक–एक ब्राह्मणलाई भोजन गराउनुपर्दछ । यजमान धनी भएता पनि श्राद्धमा ब्राह्मणको धेरै विस्तार गर्न हुँदैन । कहिलेकाहीँ विस्तार पनि घातक हुन्छ । विशेषगरेर ब्राह्मण आदिको विस्तारले उत्तम कर्म गर्दा, शौचमा, देश–कालमा र ब्राह्मणसम्पत्तिमा आघात पर्दछ । तसर्थ विस्तार गर्ने चाहना गर्नु हुँदैन ।

पृथ्वीचन्द्रोदयमा शातातप भन्दछन् – वैश्वदेवश्राद्धमा अथर्ववेदका ज्ञाता दुईब्राह्मणलाई पूर्वाभिमुख गराई राख्नुपर्दछ। पितृश्राद्धमा ऋग्वेद, यजुर्वेद र सामवेदका ज्ञाता तीनब्राह्मणलाई उत्तराभिमुख गराएर राख्नुपर्दछ।

अत्यन्त अशक्तअवस्थामा गरिने श्राद्धका विषयमा **हेमाद्रिमा देवल** भन्दछन् – अति अशक्तअवस्था भएमा श्राद्धमा कर्ताले एउटै ब्राह्मणद्वारा ६ वटा पिण्ड दिनुपर्दछ । ६ वटै अर्घ्य दिएर ६ वटै ब्राह्मणका निमित्त हवि दिनुपर्दछ ।

गोभिल भन्दछन् – यदि श्राद्धमा एउटा ब्राह्मणलाई मात्र भोजन गराउने आफ्नो सामर्थ्य छ भने सामवेदका ज्ञाता ब्राह्मणलाई भोजन गराउनुपर्दछ । किनकि त्यस्ता ब्राह्मणमा ऋग्वेद, यजुर्वेद र सामवेदका गुणहरू हुन्छन् । त्यसबाट चारवेदका ज्ञाता ब्राह्मणहरूलाई भोजन गराएसरह पुण्य प्राप्त हुन्छ ।

वैश्वदेवे विशेषः

अत्र वैश्वदेवे विशेषमाह तत्रैव वसिष्ठः –

यद्येकं भोजयेच्छ्राद्धे दैवं तत्र कथं भवेत् । अन्नं पात्रे समुद्धृत्य सर्वस्य प्रकृतस्य च ।।

देवतायतने कृत्वा ततः श्राद्धं समाचरेत् । प्रास्येदग्नौ तदन्नं तु दद्याद्वा ब्रह्मचारिणे ।।

एतच्च सपिण्डीकरणवर्जं ज्ञेयम्, **'नत्वेवैकं सर्वेषाम्', 'काममनाद्ये'** इत्याश्वलायनोक्तेः, अस्यार्थ उक्तो नारायणवृत्तौ – आद्यं सपिण्डकरणं तद्वर्जेषु (सर्व) श्राद्धेषु कामं त्र्याणामेकं भोजयेत्, सपिण्डीकरणे तु नियतं त्रिभिर्भाव्यम् इति । अनाद्येऽभोजने पार्वणवर्जिते वा आमहेमश्राद्धादौ वा । अन्नाभावे चेति व्याख्यान्तरं तत्रैव ज्ञेयम् । कारिकाऽपि– **दैवे पित्र्येऽथ वैकैकं सपिण्डीकरणं विना** । इति । अत्रैकविप्रे साग्नेर्विशेषमाह पृथ्वीचन्द्रोदये प्रचेताः –

एकस्मिन् ब्राह्मणे दैवे साग्नेरग्निर्भवेत्सदा । अनग्नेः कुशमुष्टिः स्यात् श्राद्धकर्मणि सर्वतः ।।

विश्वेदेवश्राद्धमा विशेषविधि

वसिष्ठले वैश्वदेवश्राद्धको विशेषतथ्य प्रकाशित गर्दै भनेका छन् – यदि वैश्वदेवश्राद्धमा एउटा ब्राह्मणलाई मात्र भोजन गराइन्छ भने त्यो श्राद्धलाई कसरी वैश्वदेवश्राद्ध भन्ने यस्तो शङ्का हुन्छ । यसको उत्तरमा भनिन्छ कि – अन्नपात्रका सम्पूर्ण वस्तु निकालेर देवताको मन्दिरमा लगी राख्नुपर्दछ र श्राद्ध गर्नुपर्दछ । वैश्वदेवश्राद्धमा प्रयोग गरिएको अग्निलाई अग्निमा नै फ्याँक्नु पर्दछ । त्यस श्राद्धमा दान गरिएको अन्न अग्निमा अर्पण गर्नुपर्दछ अथवा कुनै ब्रह्मचारीलाई दिनुपर्छ। तर यो नियम सपिण्डीकरणश्राद्धमा लागु हुँदैन । यस विषयमा **आश्वलायन**ले भनेका छन् कि **'नत्वेवैकं सर्वेषां काममनाद्ये' अनाद्ये** अर्थात् सपिण्डीभिन्न सबै श्राद्धमा चाहेका खण्डमा एउटा ब्राह्मणलाई भोजन गराउनु र एउटैमात्रलाई खुवाउनु भन्ने नियम होइन ।

आश्वलायनको सूत्रात्मक वचनको व्याख्या गर्दै **नारायणवृत्ति**मा भनिएको छ – **आद्यम्**को अर्थ सपिण्डीकरण हो । त्यो बाहेकका अरू श्राद्धमा इच्छानुसार तीनब्राह्मणका ठाउँमा एउटै ब्राह्मणलाई भोजन गराए हुन्छ । तर सपिण्डीकरणमा निश्चितरूपमा तीनब्राह्मणको उपस्थिति हुनैपर्दछ । **आश्वलायनसूत्र**मा रहेको 'अनाद्ये' पदको प्रकारान्तरबाट पनि अर्थ गरिएको पाइन्छ – सपिण्डीकरण भन्ने एउटा अर्थ हुन्छ । **अनाद्ये**को अर्को अर्थ पार्वणरहित भन्ने पनि हुन्छ । फेरि

भोजनरहित भन्ने अर्थ गरेमा भोजनरहित आमश्राद्ध र हेमश्राद्ध पनि हुन्छन् । **अनाद्ये** भनेको अन्नको अभावमा भन्ने अर्थ पनि गरिएको पाइन्छ । तसर्थ यसको विशेष व्याख्या **आश्वलायनसूत्र**मा नै हेर्नुपर्दछ ।[३१]

कारिकामा भनिएको छ – वैश्वदेव र पितृश्राद्धमा धेरै ब्राह्मण गराउन नसकेमा एक-एक जना ब्राह्मण खुवाए पनि हुन्छ । तर सपिण्डीकरणमा भने तीनजना ब्राह्मणलाई भोजन गराउनुपर्दछ, एकजनालाई मात्र भोजन गराएर हुँदैन । अग्निहोत्री ब्राह्मणद्वारा गरिने वैश्वदेवश्राद्धमा एउटा ब्राह्मण हुन्छन् र अग्नि राखिएको हुन्छ । अग्निहोत्र नगर्ने ब्राह्मणद्वारा गरिने वैश्वदेवश्राद्धमा कुशको मुठो राखिएको हुन्छ ।

विप्रालाभे विचारः

सर्वथा विप्रालाभे तत्रैव हेमाद्रौ सत्यव्रतः –

निधाय दर्भनिचयमासनेषु समाहितः । प्रैषानुप्रैषसंयुक्तं सर्वं श्राद्धं प्रकल्पयेत् ।।

'अत्रानन्यभावात्सत्रे ऋत्विक्कार्ये यजमानविधौ न दक्षिणा' इति केचित् । तन्न, अदृष्टार्थाया दक्षिणायाः प्राप्तेः – **सर्वं तत्त्रिजटे तुभ्यं यच्च श्राद्धमदक्षिणम्'** इति पाद्मात् ।

विदध्याद्धौत्रमन्यश्चेद्दक्षिणार्द्धहरो भवेत् । स्वयं चेदुभयं कुर्यादन्यस्मै प्रतिपादयेत् ।।

इति छन्दोगपरिशिष्टाच्च । एवं यतिश्राद्धेऽपि ।

ब्राह्मणको प्राप्ति नहुँदा विशेष व्यवस्था

श्राद्धमा कसैगरी पनि ब्राह्मण नपाइएमा के गर्ने भन्ने विषयमा **हेमाद्रि**मा **सत्यव्रत**को मत यस्तो रहेको छ – कर्ताले आसनमा कुशमुष्टि राखेर प्रैष[३२] र अनुप्रैषसहित अथवा आज्ञा र अन्वाज्ञासहित सम्पूर्ण श्राद्धकर्म सम्पन्न गर्नुपर्दछ । यहाँ केही मानिस भन्दछन् – सत्रनामक[३३] द्वादशाह यज्ञमा झैं अरू कोही नभएमा ऋत्विक्ले स्वयं यजमानको कार्य गर्दा दक्षिणा दिनुपर्दैन । ग्रन्थकार भन्दछन् – यो भनाइ ठीक छैन । किनकि ब्राह्मणलाई दक्षिणा नदिएमा पुण्यप्राप्ति हुँदैन वा अदृष्ट बन्दैन । यज्ञ र दक्षिणाको नित्य सम्बन्ध छ । **पद्मपुराण**को वचन छ – 'हे त्रिजटा राक्षसी ! सम्पूर्ण दक्षिणाहीन

---

३१. **आमैर्वा फलमूलैर्वा प्रदानमात्रं हिरण्येन वा प्रदानमात्रम्' इति बौधायनः । अन्ये त्वनाद्ये दुर्भिक्षे इति अन्ये त्वनाद्य आद्याभावेऽन्नाभावे सम्पदभावः ।** – आश्वलायनगृह्यसूत्रम् ।

३२. दर्शपूर्णमास यागको अवसरमा अध्वर्युनामक ऋत्विक् ब्रह्मानामक ऋत्विक्सँग भन्दछन् – **'ब्रह्मन्नपः प्रणेष्यामि'** अर्थात् मैले प्रणीतापात्रमा जल राख्नेछु । त्यो सुनेर ब्रह्मानामक अध्वर्यु भन्दछन् – **'प्रणय'** अर्थात् प्रणीतापात्रमा जल राख । अध्वर्युले पनि **'कस्त्वा०'** इत्यादि मन्त्र पाठ गर्दै प्रणीतापात्रलाई गार्हपत्य एवं आवहनीय अग्निको समीपमा लगेर राखिदिन्छन् । यस्तो आज्ञालाई प्रैष भनिन्छ । ब्रह्माद्वारा गरिने प्रैषपछि अध्वर्युले कुनै यज्ञसम्बन्धी कर्म गर्न मैत्रावरुणलाई 'यज' भनी आज्ञा दिन्छन्, यस्तो अन्वाज्ञालाई अनुप्रैष भनिन्छ । – कात्यायनश्रौतसूत्रवृत्ति, अध्याय २-३ ।

३३. सत्रनामक द्वादशाह यज्ञको विषयमा कात्यायनश्रौतसूत्रको भूमिका भागमा भनिएको छ – **'अथेदानीं द्वादशाहस्वरूपं निरूप्यते । स उभयात्मकः सत्ररूपोऽहीनरूपश्च । सत्रात्मको ब्राह्मणकर्तृक एव भवति । तत्रापि समानकल्पा आहिताग्नयोऽनुष्ठितागिष्टोमसंस्थाः सप्तदशप्रभृति चतुर्विंशतिपर्यन्ता अधिकारिणः । अत्र सर्वे यजमाना एव । सत्रजन्यं फलं सर्वेषामेव । अतो दक्षिणा नास्त्यत्र। सर्वेषां यजमानत्वेऽपि सप्तदशपक्षे एको गृहपतिर्वाच्यः । अन्ये च ब्रह्मत्वादिकं कार्यं कुर्वन्ति । गृहपतिश्च याजमानं करोति दीक्षादिकं यजमानकार्यं सर्वेषामेव ।** अर्थ – द्वादशाह दुईथरि हुन्छ – सत्ररूप र अहीनरूप । सत्रात्मक याग १२ दिनमा सम्पन्न गरिन्छ । यसमा आहिताग्नि, सोमयाजी, १७ देखि २४ संख्यामा रहेका सबै ब्राह्मणले नै यजमानका रूपमा कार्य गर्दछन् । त्यसैले यसमा दक्षिणा गर्ने काम हुँदैन। सबै यजमान मानिए तापनि एउटा ब्राह्मणले विशिष्ट यजमान अर्थात् गृहपतिका रूपमा कार्य गर्दछन् । सत्रमा द्रव्यत्यागरूप कर्म गरिने हुँदा ती ब्राह्मणलाई गृहपति भनिन्छ । – कात्यायनश्रौतसूत्र, भूमिका ५४-५५ पृष्ठ ।

श्राद्धको फल तिमीले पाउने छौ ।' यसबाट दक्षिणाहीन श्राद्धको फल राक्षसहरूले पाउने कुरा स्पष्ट हुन्छ । **छन्दोगपरिशिष्टमा** भनिएको छ – ऋत्विक्ले गर्ने श्राद्धमा अरू कुनै ब्राह्मणले होम गर्छ भने त्यसले आधादक्षिणा पाउँछ । यदि आफैले दुवै काम गर्दछ भने त्यो दक्षिणा अरू ब्राह्मणलाई दिनुपर्दछ । संन्यासीले गर्ने श्राद्धमा पनि यही नियम लागु हुन्छ ।

यज्ञादिसम्भारेषु दर्भसंख्याविचार:

कात्यायनः – **यज्ञवस्तुनि मुष्टौ च स्तम्बे दर्भवटौ तथा । दर्भसंख्या न विहिता विष्टरास्तरणेषु च ।।**

कुशको संख्या विचार

कात्यायन भन्दछन् – यज्ञवस्तु, कुशको मुठो, कुशको वटु, कुशको गुच्छा र विष्टररूप आसन फैलाउने काम गन्ती नगरिएका कुशहरूबाट गरिन्छ । जसको टुप्पातर्फ गाँठो पारिएको हुन्छ त्यसलाई विष्टर भनिन्छ र विष्टरलाई फैलाउने कार्यलाई विस्तरास्तरण भनिन्छ । यी सबै कार्यमा कति कुश राख्ने भन्ने विषयमा संख्या तोकिएको छैन ।

मातृश्राद्धे विप्रालाभे विचार:

मातृश्राद्धे तु विप्रालाभे सुवासिन्योऽपि भोजनीया इत्याहापरार्के वृद्धवसिष्ठः –

मातृश्राद्धे तु विप्राणामलाभे पूजयेदपि । पतिपुत्रान्विता भव्या योषितोऽष्टौ कुलोद्भवाः ।।

इति । अष्टाविति वृद्धिश्राद्धविषयम् ।

माताको श्राद्धमा ब्राह्मण नपाइएमा सौभाग्यवतीहरूलाई भोजन

मातृश्राद्धमा ब्राह्मणको प्राप्ति भएन भने सौभाग्यवती नारीहरूलाई भोजन गराउनुपर्छ भन्ने तथ्य खुलाउँदै **अपरार्क**मा **वृद्धवसिष्ठ** भन्दछन् – आमाको श्राद्धमा ब्राह्मणहरू पाइएनन् भने पति र पुत्रले सुहाएका र कुलीन आठवटी सौभाग्यवती नारीहरूलाई भोजन गराउनुपर्दछ । ग्रन्थकार भन्दछन् – उक्त प्रसङ्गमा आठवटी नारीहरूलाई भन्नुको तात्पर्य वृद्धिश्राद्धमा हो भन्ने कुरा सम्झनुपर्दछ ।

शालग्रामादिसन्निधौ श्राद्धकरणे महत्त्वकथनम्

पाद्मे उत्तरखण्डे –

सकृदभ्यर्चितं लिङ्गं शालग्रामशिलाञ्च यः । पीठे संस्थापयित्वा तु श्राद्धञ्च कुरुते नरः ।।

पितरस्तस्य तिष्ठन्ति कल्पकोटिशतं दिवि ।

शालिग्रामको समीपमा गरिने श्राद्धको महत्त्व

पद्मपुराणको उत्तरखण्डमा भनिएको छ – भर्खर पूजा गरिएको शिवलिङ्ग र शालग्रामसमेतलाई श्राद्धपीठमा राखी ती दुवैको समक्षमा कसैले श्रद्धापूर्वक पितृहरूको श्राद्ध गर्दछ भने त्यसका पितृहरू सयकरोडकल्पसम्म स्वर्गमा विराजमान हुन्छन् ।

ब्राह्मणनिमन्त्रणे नियमादिकथनम्

चन्द्रिकायां मात्स्ये – **पठन्निमन्त्र्य नियमाञ्छ्रावयेत्पैतृकान् बुधः । अक्रोधनैः शौचपरैः सततं ब्रह्मचारिभिः ।।**

भवितव्यं भवद्भिश्च मया च श्राद्धकारिणा ।

यत्तु मनुः - **सर्वायासविनिर्मुक्तैः कामक्रोधविवर्जितैः । भवितव्यं भवद्भिर्नः श्वोभूते श्राद्धकर्मणि ।।** इति । तत्पूर्वेद्युर्निमन्त्रणपरं न तदहः । तत्रैव देवलः -

असम्भवे परेद्युर्वा ब्राह्मणाँस्तान्निमन्त्रयेत् । अज्ञातीनसमानार्षानयुग्मानात्मशक्तितः ।।

ब्राह्मण-निमन्त्रणापछि नियम सुनाउने कार्य

चन्द्रिकामा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ - यजमानले ब्राह्मणनिमन्त्रणा गरेपछि आफ्नो घरमा आएका ब्राह्मणहरूलाई पितृश्राद्धका नियम श्रवण गराउनुपर्दछ । श्रवण गराउने वचन यसप्रकार छ - 'म श्राद्ध गर्ने यजमान र श्राद्धका निमित्त निमन्त्रणा गरिएका तपाईं ब्राह्मणदेवहरू सबैले क्रोध गर्न हुँदैन, शुद्ध रहनुपर्छ र ब्रह्मचर्य धारण गर्नुपर्दछ ।' यस विषयमा **मनु**ले - यजमानले भन्नुपर्ने कुरा बताउँदै भनेका छन् - 'भोलिको श्राद्धकर्ममा तपाईंहरू सबै काम एवं क्रोधले रहित भई सबै प्रकारका परिश्रमदेखि मुक्त हुनुपर्दछ ।' ग्रन्थकार भन्दछन् - यो श्राद्धको अघिल्लो दिन निमन्त्रणा गर्दा भनिने वचन हो । श्राद्धका दिन भनिने वचन होइन ।

यस सम्बन्धमा **देवल**को भनाइ छ - अघिल्लो दिन ब्राह्मणहरू नभेटिएमा श्राद्धकै दिन भए पनि आफ्नो नातामा नपर्ने, फरक गोत्र र प्रवर भएका विजोडाब्राह्मणहरूलाई आफ्नो शक्तिअनुसार निमन्त्रणा गर्नुपर्दछ । **कात्यायन** भन्दछन्- भोजन गर्न समर्थ ब्राह्मणले अनिन्द्य आचार-विचार भएका यजमानद्वारा निमन्त्रणा गरिएपछि अस्वीकार गर्न हुँदैन ।

श्राद्धकर्तृभोक्तृनियमाः

अथ श्राद्धकर्तृभोक्तृनियमाः । तत्र निमन्त्रितविप्रत्यागेऽपरार्के यमः -

केतनं कारयित्वा तु योऽतिपातयति द्विजम् । ब्रह्महत्यामवाप्नोति शूद्रयोनौ च जायते ।।

आमन्त्र्य ब्राह्मणं यस्तु यथान्यायं न पूजयेत् । अतिकृच्छ्रासु घोरासु तिर्यग्योनिषु जायते ।।

प्रमादात्त्यागे तु हारीतः -

प्रमादाद्विस्मृतं ज्ञात्वा प्रसाद्यैनं प्रयत्नतः । तर्पयित्वा यथान्यायं सर्वं तत्फलमश्नुते ।।

प्रमादाभावे तु नारायणः -

एतस्मिन्नेनसि प्राप्ते ब्राह्मणो नियतः शुचिः । यतिचान्द्रायणं कृत्वा तस्मात्पापात्प्रमुच्यते ।।

श्राद्धकर्ता र भोक्ताका नियम

अब श्राद्धकर्ता र भोक्ताको नियम बताइन्छ । निमन्त्रित ब्राह्मणलाई त्याग गरेको अवस्थामा यजमानलाई ब्रह्महत्याको दोष लाग्छ भन्ने कुरा बताउँदै **यम** भन्दछन् - जुन कर्ताले आफूले दिएको निमन्त्रणा प्राप्त गरी घरमा आएका ब्राह्मणको स्वागत-सत्कार गर्दैन र श्रद्धापूर्वक भोजन गराउँदैन त्यसले ब्रह्महत्या गरेको फल भोग्दछ र फलभोगपछि शूद्रयोनिमा पैदा हुन्छ। वस्तुतः जसले निमन्त्रणा गरेर विधिपूर्वक ब्राह्मणको सत्कार गर्दैन त्यो यजमान अत्यन्त कष्टदायक पशुयोनिमा पैदा हुन्छ।

प्रमादले ब्राह्मणको अनादर गर्ने यजमानलाई लक्षित गर्दै **हारीत** भन्दछन् - प्रमादवश बोलाएका ब्राह्मणलाई बिर्सिएर बेवास्ता गरेमा यजमानलाई ठूलो दोष लाग्दछ । तर आफ्नो प्रमाद थाहा पाएपछि ती ब्राह्मणलाई प्रयत्नपूर्वक खुसी तुल्याई श्राद्ध गरेमा श्राद्धको सम्पूर्ण फल प्राप्त गर्दछ । जानी-जानी निर्दोष ब्राह्मणको अपमान गरेमा कर्ताले यतिचान्द्रायण व्रत गर्नुपर्ने कुरा ताउँदै नारायण भन्दछन् - निम्त्याइएका ब्राह्मणको जानी-जानी अपमान गरेमा ठूलो पाप लाग्दछ । त्यस पापबाट मुक्ति पाउन कर्ताले सावधान भई पवित्र भएर यतिचान्द्रायण गर्नुपर्दछ । त्यसबाट त्यो यजमान पापमुक्त बन्दछ ।

आमन्त्रितब्राह्मणस्य अन्यत्रगमने दोषः

यमः – **आमन्त्रितस्तु यो विप्रो भोक्तुमन्यत्र गच्छति । नरकाणां शतं गत्वा चाण्डालेष्वभिजायते ।।**

तत्रैव देवलः – **पूर्वं निमन्त्रितोऽन्येन कुर्यादन्यप्रतिग्रहम् । भुक्ताहारोऽथवा भुङ्क्ते सुकृतं तस्य नश्यति।।**

ब्राह्मणले यजमानप्रति विश्वासघात गरेमा

उक्त विषयमा **यम** भन्दछन् – यजमानद्वारा निम्त्याइएको ब्राह्मणले निमन्त्रणा स्वीकार गरेपछि श्राद्धका दिन निमन्त्रणा गर्ने यजमानका घरमा नगई अन्य कुनै यजमानका घर गएर भोजन गर्दछ भने त्यो ब्राह्मण सयवटा नरकमा नारकीय पीडा भोगेपछि पृथ्वीमा चाण्डालयोनिमा पैदा हुन्छ ।

यस विषयमा **देवलले** भनेका छन् – पहिले अरू मानिसबाट पाएको निमन्त्रणा स्वीकार गरेपछि दोस्रो मानिसले पनि निमन्त्रणा गरेको अवस्थामा पहिले गरिएको निमन्त्रणालाई बेवास्ता गरी दोस्रो निमन्त्रणा गर्ने यजमानका घरमा गई दान लिएमा र भोजन गरेमा त्यसले आफ्नै पुण्यको भोजन गर्दछ अर्थात् त्यसका सबै पुण्य नष्ट हुन्छन् ।

विप्रस्य विलम्बने दोषः

यदि विप्रो विलम्बते तदोक्तमादित्यपुराणे –

आमन्त्रितश्चिरं नैव कुर्याद्विप्रः कदाचन । देवतानां पितॄणाञ्च दातुरन्नस्य चैव हि ।।
चिरकारी भवेद् द्रोही पच्यते नरकाग्निना ।।

ब्राह्मणले विलम्ब गरेमा

आदित्यपुराणमा यजमानबाट पाएको निमन्त्रणा स्वीकार गरेपछि भोजनका लागि विलम्ब गर्ने ब्राह्मण देवता–पितृको द्रोही मानिन्छ भन्ने कुरा यसरी प्रकट गरिएको छ – श्राद्धमा आमन्त्रित ब्राह्मणले कहिल्यै पनि यजमानको घरमा जान विलम्ब गर्न हुँदैन । विलम्ब गर्ने ब्राह्मण देवता एवं पितृको र दाता एवं अन्नको पनि द्रोही मानिन्छ । यस्तो विलम्बकारी ब्राह्मणले नरकको आगोमा परी असह्य वेदना भोग्नुपर्दछ ।

पृथ्वीचन्द्रोदये यमः –

निमन्त्रितस्तु यो विप्रो ह्यध्वानं याति दुर्मतिः । भवन्ति पितरस्तस्य तं मासं पांशुभोजनाः ।।
आमन्त्रितस्तु यः श्राद्धे हिंसां वै कुरुते द्विजः । तं मासं पितरस्तस्य भवन्ति रुधिराशनाः ।।
निमन्त्रितः प्रकुर्यात्तु कलहं चेद् द्विजः क्वचित् । भवन्ति पितरस्तस्य तं मासं मलभोजनाः ।।
आमन्त्रितस्तु यः श्राद्धे भारमुद्वहते द्विजः । पितरस्तस्य तं मासं भवन्ति स्वेदभोजनाः ।।

शङ्खः – **निमन्त्रितस्तु यः श्राद्धे मैथुनं सेवते द्विजः । श्राद्धं दत्त्वा च भुक्त्वा च युज्यते महतैनसा।।**

पृथ्वीचन्द्रोदयमा यम भन्दछन् – कुनै यजमानद्वारा श्राद्धभोजनका लागि आमन्त्रित गरिएको ब्राह्मणले निमन्त्रणा स्वीकार गरिसकेपछि टाढा जाने उद्देश्यले लामो बाटो हिँड्दछ भने त्यो महिनामा त्यसका पितृहरूले धूलोमात्र भोजन गर्नुपर्दछ । निमन्त्रित ब्राह्मणले यजमान वा अरू कसैसँग झगडा गर्दछ भने त्यस ब्राह्मणका पितृहरूले त्यो पूरा महिना मलभोजन गर्नुपर्ने हुन्छ । जुन ब्राह्मणले श्राद्धमा आमन्त्रित भएपछि शान्त रहनुपर्नेमा त्यसो नगरी ठूला–ठूला भारी बोक्ने

काम गर्दछ त्यस ब्राह्मणका पितृहरूले त्यस महिनाभरि पसिना पिउनु पर्दछ । श्राद्धमा आमन्त्रित ब्राह्मणले हिंसा गर्दछ भने त्यो महिनाभरि त्यसका पितृहरूले रगतपान गर्नुपर्दछ ।

शङ्ख भन्दछन् – श्राद्धमा निमन्त्रित ब्राह्मणले मैथुन गर्दछ भने त्यो ठूलो पापमा पर्दछ । यसैगरी श्राद्धमा पिण्ड दिने मानिसले पनि मैथुन गरेमा त्यसले पनि ठूलो पाप व्यहोर्नु पर्दछ ।

श्राद्धे ऋतावपि मैथुननिषेधः

ऋतुकाले नियुक्तो वा नैव गच्छेत् स्त्रियं क्वचित् । तत्र गच्छन्नवाप्नोति ह्यनिष्टानि फलानि तु ।।

इति तत्रैव माधवीये वृद्धमनूक्तेः ।

श्राद्धं करिष्यन् कृत्वा वा भुक्त्वा वाऽपि निमन्त्रितः । उपोष्य च तथा भुक्त्वा नोपेयाच्च ऋतावपि।।

भोक्ष्यन् करिष्यन् श्वः श्राद्धं पूर्वरात्रौ प्रयत्नतः । व्यवायं भोजनं चापि ऋतावपि विवर्जयेत् ।।

इति तत्रैवाश्वलायनोक्तेश्च । विज्ञानेश्वरेण तु श्राद्धे ऋतौ गच्छतोऽपि न दोष इत्युक्तं तत्त्वगतिकगतित्वे ज्ञेयम् । बृहस्पतिः –

द्विनिशं ब्रह्मचारी स्यात् श्राद्धकृद् ब्राह्मणैः सह । अन्यथा वर्तमानौ तु स्यातां निरयगामिनौ ।।

पुनर्भोजनमध्वानं भारमायासमैथुनम् । श्राद्धकृच्छ्राद्धभुक्चैव सर्वमेतद्विवर्जयेत् ।।

स्वाध्यायं कलहं चैव दिवास्वापं तथैव च ।।

श्राद्धमा ऋतुकाल परे पनि मैथुननिषेध

श्राद्धको बेला आफ्नी पत्नीको ऋतुकाल परेमा पनि मैथुन गर्न हुँदैन । श्राद्धमा निमन्त्रणा पाएको मानिसले उपवास बसेपछि र श्राद्धभोजन गरेपछि ऋतुकाल भए पनि स्त्रीप्रसङ्ग गर्नुहुँदैन । यदि त्यसो गर्दछ भने त्यसले अनिष्टफल प्राप्त गर्दछ भन्ने कुरा **माधवीयमा वृद्धमनु**ले बताएका छन् ।

वृद्धमाधवीयमा उद्धृत **आश्वलायन**को वचन यसप्रकार छ – श्राद्ध गर्ने मानिसले श्राद्ध नगर्दै अघिल्लो दिन र श्राद्ध गर्ने दिन ऋतुकाल भए पनि स्त्रीप्रसङ्ग र भोजन गर्न हुँदैन । यसैगरी श्राद्धमा निमन्त्रित ब्राह्मणले श्राद्धभन्दा अघिल्लो दिन ऋतुकाल भए पनि उपवास बस्नुपर्दछ र मैथुन गर्नु हुँदैन। ग्रन्थकार भन्दछन्– जुन **विज्ञानेश्वर**ले श्राद्धमा ऋतुदान गर्दा कुनै दोष लाग्दैन भनेका छन् त्यो त अर्को कुनै उपाय नभएको अवस्थालाई लक्षित गरी भनिएको हो ।

बृहस्पति भन्दछन् – श्राद्ध गर्ने यजमान र आमन्त्रित ब्राह्मणले श्राद्धको अघिल्लो एकछाकी गर्ने दिनको रात र श्राद्ध गर्ने रात दुईरात ब्रह्मचर्यधारण गर्नुपर्दछ । यसको विपरीत आचरण गरेमा ती दुवै नरकगामी हुन्छन् ।

श्राद्धकर्ता र श्राद्धमा निमन्त्रित भई भोजन गर्ने ब्राह्मण यी दुवैले श्राद्धको भोजन गरेपछि पुनर्भोजन गर्न हुँदैन, लामो बाटोको यात्रा गर्नुहुँदैन, गह्रौं भारी बोक्न हुँदैन, परिश्रम एवं मैथुन गर्न हुँदैन, कलह गर्न हुँदैन, वेदपाठ गर्न हुँदैन र दिनको समयमा शयन गर्न पनि हुँदैन ।

रुधिरस्त्रावे तु श्राद्धकाशिकामते विचारः

यत्तु श्राद्धकाशिकायां पुराणसमुच्चये –

कृत्वा तु रुधिरस्त्रावं न विद्वान् श्राद्धमाचरेत् । एकं द्वे त्रीणि वा विद्वान् दिनानि परिवर्जयेत् ।।

इति । तन्निर्मूलम् ।

रगत बगिरहेको अवस्थामा श्राद्ध गर्न निषेध

श्राद्धकाशिकामा उद्धृत **पुराणसमुच्चय**को वचनमा भनिएको छ – बुद्धिमान् मानिसले शरीरबाट चोट-खोटका कारण रगत बगेको अवस्थामा अथवा आन्तरिक दोष भई नाक-मुखबाट रगत बगेको अवस्थामा श्राद्ध गर्नु हुँदैन । एकदिन, दुईदिन अथवा तीनदिन श्राद्ध गर्नु हुँदैन । ग्रन्थकार भन्दछन् – **पुराणसमुच्चय**को यो वचन अप्रामाणिक छ ।

अष्टवस्तूनां वर्जनकथनम्

पृथ्वीचन्द्रोदये यमः – **पुनर्भोजनमध्वानं भाराध्ययनमैथुनम् । सन्ध्यां प्रतिग्रहं होमं श्राद्धभोक्ताऽष्ट वर्जयेत् ।।**

तत्र सन्ध्यानिषेधः प्रायश्चित्तात् पूर्वं ज्ञेयः । यथाऽहोशनाः –

दशकृत्वः पिबेदापो गायत्र्या श्राद्धभुग्द्विजः । ततः सन्ध्यामुपासीत जपेच्च जुहुयादपि ।।

गौडास्तु – **सायं सन्ध्यां परान्नञ्च छेदनञ्च वनस्पतेः । अमावास्यां न कुर्वीत रात्रिभोजनमेव च ।।**

द्यूतञ्च कलहं चैव सायंसन्ध्यां दिवाशयम् । श्राद्धकर्ता च भोक्ता च पुनर्भुक्तिञ्च वर्जयेत् ।।

इति कामधेनौ वाराहाद्युक्तेः श्राद्धकर्तुरपि सायंसन्ध्यानिषेधमाहुः । शिष्टास्त्वस्य निर्मूलत्वमाहुः । होमनिषेधस्तु स्वविषयः ।

सूतके च प्रवासे च अशक्तौ श्राद्धभोजने । एवमादिनिमित्तेषु हावयेन्न तु हापयेत् ।।

इति छन्दोगपरिशिष्टात् । तत्रैवादित्यपुराणे – **निमन्त्रितस्तु न श्राद्धे कुर्याद्भार्यादिताडनम् ।** चन्द्रिकायां प्रचेताः–

श्राद्धभुक् प्रातरुत्थाय प्रकुर्याद्दन्तधावनम् । श्राद्धकर्ता न कुर्वीत दन्तानां धावनं बुधः ।।

श्राद्धमा आठप्रकारका वस्तुहरूको निषेध

पृथ्वीचन्द्रोदयमा **यम** भन्दछन् – पुनर्भोजन, लामो बाटोको यात्रा, भारी बोक्ने काम, अध्ययन, मैथुन, सन्ध्योपासन, दानग्रहण र हवन यी आठकर्म श्राद्धमा भोजन गर्ने ब्राह्मणले गर्न हुँदैन । उक्त आठकर्ममध्ये सन्ध्याको निषेध प्रायश्चित्तभन्दा पहिलेका निमित्त हो । **उशना** भन्दछन् – श्राद्धमा निमन्त्रित भई भोजन गर्ने ब्राह्मणले गायत्रीजप गर्दै दशपटक जलपान गर्नुपर्दछ । त्यसपछि सन्ध्या गरेर जपमन्त्रले हवन गर्नुपर्दछ ।

गौडहरू भन्दछन् – श्राद्धकर्ता र श्राद्धभोक्ताले अमावास्यातिथि र सायँकालमा सन्ध्या गर्न हुँदैन, परान्नभोजन गर्न हुँदैन, रात्रिमा भोजन गर्नु हुँदैन, वृक्ष-वनस्पति काट्न हुँदैन, जुवा खेल्न हुँदैन, झगडा गर्न हुँदैन, दिनमा सुत्नु हुँदैन र एकपटक भोजन गरेपछि फेरि भोजन गर्न हुँदैन भनी **कामधेनु**मा **वराह** आदिले बताएका छन् । श्राद्धकर्ताले पनि सायँकालमा सन्ध्या गर्न हुँदैन । होमको निषेध ब्राह्मणहरूकै निमित्तमा हो । **छन्दोगपरिशिष्ट**मा भनिएको छ कि सूतक, परदेशवास, असामर्थ्य, श्राद्धभोजन आदि निमित्त उपस्थित भएपछि अरूद्वारा हवन गराउनुपर्दछ तर हवन रोक्नु हुँदैन ।

आदित्यपुराणमा भनिएको छ – श्राद्धमा निमन्त्रणा पाएका ब्राह्मणले आफ्नी पत्नीको शरीरमा हातपात गर्नुहुँदैन। **चन्द्रिका**मा **प्रचेता**ले भनेका छन् – श्राद्धभोजनका लागि निमन्त्रित ब्राह्मणले बिहानै उठी दन्तधावन गर्नुपर्दछ तर श्राद्धकर्ताले भने श्राद्धका दिन दन्तधावन गर्नु हुँदैन ।

दन्तधावनादिविषयाणां विचारः

हेमाद्रौ जाबालिः –

दन्तधावनताम्बूले तैलाभ्यङ्गमभोजनम् । रत्यौषधं परान्नञ्च श्राद्धकृत्सप्त वर्जयेत् ।। इति ।

श्राद्धकर्ताले दन्तधावन आदिको त्याग गर्नुपर्ने

हेमाद्रिमा जाबालि भन्दछन् – श्राद्धकर्ताले निम्नलिखित सातविषयको परित्याग गर्नुपर्दछ – दन्तधावन, ताम्बूलसेवन, तैलाभ्यङ्ग, उपवास, मैथुन, औषधिसेवन र परान्नभोजन ।

श्राद्धोपवासदिवसे दन्तधावने दोषकथनम्

विष्णुरहस्ये – **श्राद्धोपवासदिवसे खादित्वा दन्तधावनम् । गायत्र्या शतसम्पूतमम्बु प्राश्य विशुद्ध्यति।।**

श्राद्धका दिन दन्तधावन गरेमा गायत्रीजप गर्नुपर्ने

विष्णुरहस्यमा भनिएको छ – श्राद्ध र उपवासका दिनमा दन्तधावन गरेमा सयपटक गायत्री जपेपछि मात्र शुद्धि प्राप्त हुन्छ ।

श्राद्धभोक्तुरष्टौ त्याज्यविषयाः

पुनर्भोजनमध्वानं यानमायासमैथुनम् । दानं प्रतिग्रहो होमः श्राद्धभुक् त्वष्टवर्जयेत् ।।

श्राद्धभोक्ताका आठत्याज्य विषय

श्राद्धमा भोजन गर्ने ब्राह्मणले पुनर्भोजन, लामो दूरीको यात्रा, घोडा–हात्ती एवं बयलगाडाको सवारी, परिश्रम, मैथुन, दान एवं दानग्रहण र होमजस्ता कार्य गर्न हुँदैन ।

सोमोत्पत्तौ विशेषः

सोमोत्पत्तौ – **वनस्पतिगते सोमे यस्तु हिंस्याद्वनस्पतिम् । घोरायां भ्रूणहत्यायां युज्यते नात्र संशयः।।**

एतद्विहितेध्मादिव्यतिरेकेण ।

वनस्पतिगते सोमेऽनडुहो यस्तु वाहयेत् । नाश्नन्ति पितरस्तस्य दश वर्षाणि पञ्च च ।।

वनस्पतिगते सोमे मन्थनं यस्तु कारयेत् । गावस्तस्य विनश्यन्ति चिरकालमुपस्थिताः ।।

सोमको उत्पत्तिमा विशेष

'सोमको उत्पत्ति हुँदा अर्थात् अमावास्यातिथिमा वनस्पति काट्न नहुने कुरा बताउँदै भनिएको छ कि जसले सोमतत्त्व वनस्पतिमा रहेका बेला वनस्पति काट्ने काम गर्दछन् ती मानिसले भ्रूणहत्याको घोर पाप व्यहोर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो निषेध शास्त्रविहित समिधा एवं दाउराको ग्रहण गर्दा लागु हुँदैन । सोम वनस्पतिमा रहँदा जसले गोरु जोत्ने काम गर्छ वा गराउँछ त्यसले दिएको अन्न त्यसका पितृहरूले दशवर्षसम्म खाँदैनन् । जसले सोम वनस्पतिमा रहँदा दही मथ्ने काम गर्दछ त्यसको घरमा सुरक्षित रहेका गाई–गोरु पनि नष्ट हुन्छन् ।

वनस्पतिगतस्वरूपकथनम्

वनस्पतिगतस्वरूपमाह पृथ्वीचन्द्रोदये व्यासः –

त्रिमुहूर्तं वसेदर्के त्रिमुहूर्तं जले वसेत् । त्रिमुहूर्तं वसेत् गोषु त्रिमुहूर्तं वनस्पतौ ।।

सोमतत्त्वको जलादिमा स्थिति

पृथ्वीचन्द्रोदयमा व्यासले वनस्पति आदिमा गएका सोमतत्त्वको स्वरूप बताउँदै भनेका छन् – सोमतत्त्व तीनमुहूर्तसम्म पानीमा रहन्छ, तीनमुहूर्त गाईमा रहन्छ, तीनमुहूर्त वनस्पतिमा रहन्छ र तीनमुहूर्त सूर्यमा रहन्छ ।

विप्रनिमन्त्रणानन्तरं कर्तुः क्षौरादिविचारः

कालिकायां वृद्धमनुः –

निमन्त्र्य विप्राँस्तदहर्वर्जयेन्मैथुनं क्षुरम् । प्रमत्ततां च स्वाध्यायं क्रोधाशौचे तथाऽनृतम् ।।

केचिन्निमन्त्रणात् पूर्वं शुद्ध्यर्थं पूर्वेऽह्नि क्षौरं कुर्वन्ति । तत्र मूलं मृग्यम् ।

मरीचिः – **षष्ठ्यां पर्वसु पक्षादौ रिक्ताभद्रातिथिष्वपि । पाते श्राद्धे व्रताहे च क्षौरं वर्ज्यं निशासु च ।।**

ब्राह्मणनिमन्त्रणापछि कर्ताले मुण्डन गर्नुपर्ने

कालिकामा वृद्धमनु भन्दछन् – ब्राह्मणहरूलाई श्राद्धभोजनको निमन्त्रणा दिएपछि त्यो दिन मैथुन र क्षौरकर्म गर्नु हुँदैन, प्रमत्तता देखाउन हुँदैन, स्वाध्याय गर्न हुँदैन, क्रोध, अशुद्धि, असत्य भाषण एवं असत्य व्यवहार गर्न हुँदैन । कसैले त ब्राह्मणनिमन्त्रण गर्नुभन्दा पहिलो दिन नै शुद्धिका निमित्त क्षौरकर्म गर्दछन् । यो विषय विचारणीय छ ।

मरीचिले भनेका छन् – षष्ठीतिथि, अमावास्या आदि पर्वदिन, प्रतिपदा, रिक्तातिथि, भद्रा, व्यतीपातयोग, श्राद्धदिन र व्रतदिन एवं रात्रिको समयमा क्षौरकर्म गर्नुहुँदैन ।

कर्तुरशक्त्या तत्पुत्रादिश्राद्धकरणे नियमादिविचारः

यदा कर्तुरशक्त्या तत्पुत्रशिष्यादिः श्राद्धं करोति तदा कर्त्रा प्रतिनिधिना च प्रागुक्तनियमाः कार्याः ।

न शक्नोति स्वयं कर्तुं यदा ह्यनवकाशतः । श्राद्धं शिष्येण पुत्रेण तदाऽन्येनापि कारयेत् ।।

नियमानाचरेत्सोऽपि नियतांश्च वसुन्धरे । यजमानोऽपि तान्सर्वानाचरेत्सुसमाहिताः ।।

इति हेमाद्रौ वाराहोक्तेः ।

कर्ता असमर्थ हुँदा शिष्य आदिद्वारा श्राद्ध गराउनुपर्ने

जब कर्ता अशक्त भई त्यसका पुत्र एवं शिष्यले श्राद्ध गर्नुपर्ने हुन्छ त्यसबेला ती प्रतिनिधिहरूले पनि पूर्वोक्त नियमको पालन गर्नुपर्दछ। **हेमाद्रिमा** उद्धृत **वराहपुराणको** वचनमा भनिएको छ कि– हे पृथिवी! आफ्नै कारणवश अथवा फुर्सद नहुनाले कर्ताले श्राद्ध गर्न नभ्याएमा त्यस बेला आफ्नो शिष्य वा प्रतिनिधिद्वारा श्राद्ध गराउनुपर्दछ । प्रतिनिधिले पनि उक्त सबै नियमहरूको पालन गर्नुपर्दछ । प्रतिनिधि वा यजमानले श्राद्धको नियमपालनमा असावधानी गर्नु हुँदैन ।

स्त्रीणां व्यवहाराद् पितॄणां नैराश्यम्

स्त्रियास्तु पाद्मे – **मुक्तकच्छा तु या नारी मुक्तकेशी तथैव च । हसते वदते चैव निराशाः पितरो गताः।।**

श्राद्धकर्ताका स्त्रीहरूको गलत व्यवहारबाट पितृहरूलाई निराशा

स्त्रीको व्यवहारसम्बन्धमा **पद्मपुराणमा** भनिएको छ – श्राद्धका दिन यजमानकी पत्नीले केश खोलेर नाभि देखाउँदै

मुक्त हाँसो हाँस्ने काम गर्दछिन् र ऊँचा स्वरले कुरा गर्दछिन् भने तिनको त्यो व्यवहार देखेर पितृहरू निराश भई फर्किन्छन् ।

श्राद्धदिने बालकादीनां भोजनादिविचारः

आश्वलायनः - **श्राद्धेऽह्नि भोजयेद्वास्तौ न बालानपि यत्नतः ।**
प्राक् पिण्डदानाद् गन्धाद्यैर्नालङ्कुर्यात्स्वविग्रहम्।। वास्तौ - गृहे ।

पिण्डदानभन्दा पहिले बालक आदिलाई भोजन गराउन नहुने

आश्वलायन भन्दछन् - घरमा श्राद्धका दिन पिण्डदान गर्नुभन्दा पहिले प्रयत्नपूर्वक साना-साना बच्चा-बच्चीहरूलाई पनि भोजन गर्न दिनु हुँदैन । आफू कर्ताले पनि चन्दन आदि वस्तुद्वारा आफ्नो शरीरलाई अलङ्कृत गराउनु हुँदैन । यहाँ मूलमा रहेको '**वास्तौ**' शब्दको अर्थ घरमा भन्ने हो ।

श्राद्धवस्तुकथनम्

अथ श्राद्धवस्तूनि । तत्रादौ कुशाः । पृथ्वीचन्द्रोदये दक्षः - **समित्पुष्पकुशादीनां द्वितीयः परिकीर्तितः।** अष्टधा भक्ते दिने द्वितीयो भाग इत्यर्थः । तत्रैव यमः -

समूलस्तु भवेद्दर्भः पितॄणां श्राद्धकर्मणि । मूलेन लोकान् जयति शक्रस्य सुमहात्मनः ।।
व्यासः - **तर्पणादीनि कार्याणि पितॄणां यानि कानिचित् । तानि स्युर्द्विगुणैर्दर्भैः सप्तपत्रैर्विशेषतः।।**
शालङ्कायनः - **सपिण्डीकरणं यावदृजुदर्भैः पितृक्रियाः । सपिण्डीकरणादूर्ध्वं द्विगुणैर्विधिवद्भवेत्।।**

श्राद्धमा प्रयोग गरिने पदार्थ

अब श्राद्धमा प्रयोग गरिने वस्तुहरूका विषयमा विचार गरिन्छ । **कुशविचार** - श्राद्धीय वस्तुहरूमध्ये सर्वप्रथम गणनायोग्य कुश हो । त्यसको विषयमा बताइन्छ । **पृथ्वीचन्द्रोदयमा दक्ष** भन्दछन् - समिधा, कुश र फल आदि ग्रहण गर्ने उचित समय दिनका ८ भागमध्ये दोस्रो भाग हो । यसैलाई स्पष्ट गर्दै ग्रन्थकार भन्दछन् - मूलमा द्वितीयशब्द परेको छ । त्यसको अर्थ हो दिनको आठभाग लगाउँदा जुन दोस्रो भाग पर्न आउँछ त्यसमा समिधा, कुश, फल आदि ग्रहण गर्नुपर्दछ ।

कुशको सम्बन्धमा **यम** भन्दछन् - पितृहरूको श्राद्धकर्ममा जरासहित कुशको प्रयोग गर्नुपर्दछ । जरासहित कुशको प्रयोगबाट सज्जनले इन्द्र आदि महान् देवताहरूका लोकमाथि विजय प्राप्त गर्दछ । यसबारे **व्यास** भन्दछन् - पितृहरूका तर्पण आदि जुनसुकै कार्य विशेषरूपमा दोब्र्याइएका र सातपाते कुशहरूद्वारा सम्पन्न गर्नुपर्दछ । **शालङ्कायन** भन्दछन् - सपिण्डीकरणसम्मका क्रियाहरूमा एउटा-एउटा कुशको प्रयोग गर्नुपर्दछ । सपिण्डीकरणपछिका कार्य विधिवत् दोब्र्याइएका कुशहरूबाट गर्नुपर्दछ ।

कुशपवित्रलक्षणं धारणक्रमश्च

शङ्खः - **अनन्तर्गार्भिणं साग्रं कौशं द्विदलमेव च । प्रादेशमात्रं विज्ञेयं पवित्रं यत्र कुत्रचित् ।।**
हारीतः - **पवित्रं ब्राह्मणस्यैव चतुर्भिर्दर्भपिञ्जुलैः । एकैकं न्यूनमुद्दिष्टं वर्णे वर्णे यथाक्रमम्।।**
स्मृत्यर्थसारे - **सर्वेषां वा भवेद् द्वाभ्यां पवित्रं ग्रथितं नवम् ।** रत्नावल्याम् - **द्वयोस्तु पर्वणोर्मध्ये**

पवित्रं धारयेत् बुधः । हेमाद्रौ स्कान्दे –

अनामिकाधृता दर्भा ह्येकानामिकयापि वा । द्वाभ्यामनामिकाभ्यां तु धार्ये दर्भपवित्रके ।।

पवित्राभावे तु तत्रैव सुमन्तुः –

समूलाग्रौ विगर्भौ तु कुशौ द्वौ दक्षिणे करे । सव्ये चैव तथा त्रीन् वै बिभृयात् सर्वकर्मसु ।।

बौधायनः – हस्तयोरुभयोर्द्वौ द्वावासनेऽपि तथैव च । दर्भग्रहणे मन्त्रमाह शङ्खः –

विरञ्चिना सहोत्पन्न परमेष्ठिनिसर्गज । नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरो भव ।।

स्मृत्यर्थसारे – हुंफट्कारेण मन्त्रेण सकृच्छित्त्वा समुद्धरेत् । भारद्वाजः –

प्रेतक्रियार्थं पित्रर्थमभिचारार्थमेव च । दक्षिणाभिमुखश्छिन्द्यात्प्राचीनावीतिको द्विजः ।।

कुशाभावेऽपरार्के सुमन्तुः –

कुशाः काशाः शरो गुन्द्रो यवा दूर्वाऽथ बिल्वजाः । गोकेशमुञ्जकुन्दाश्च पूर्वाभावे परः परः ।।

काशादौ विशेषमाह शङ्खः –

काशहस्तस्तु नाचामेत् कदाचिद्विधिशङ्कया । प्रायश्चित्तेन युज्येत दूर्वाहस्तस्तथैव च ।।

पृथ्वीचन्द्रोदये यमः – **मासि मास्युद्धृता दर्भा मासि मास्येव चोदिताः** । षट्त्रिंशन्मते – **मासेन स्यादमावास्या दर्भो ग्राह्यो नवः स्मृतः** । गृह्यपरिशिष्टे –

ये च पिण्डाश्रिता दर्भा यैः कृतं पितृतर्पणम् । अमेध्याऽशुचिलिप्ता ये तेषां त्यागो विधीयते ।।

लघुहारीतः –

पथि दर्भाश्रितौ दर्भा ये दर्भा यज्ञभूमिषु । स्तरणासनपिण्डेषु षट् कुशान् परिवर्जयेत् ।।

ब्रह्मयज्ञे च ये दर्भा ये दर्भाः पितृतर्पणे । हता मूत्रपुरीषाभ्यां तेषां त्यागो विधीयते ।।

हेमाद्रौ –

अन्यानि च पवित्राणि कुशदूर्वात्मकानि च । हेमात्मकपवित्रस्य ह्येकां नार्हन्ति वै कलाम् ।।

इति श्राद्धीयब्राह्मणश्राद्धकर्तृभोक्तृनियमनिर्णयात्मकं तृतीयं प्रकरणम्

कुश एवं पवित्रको लक्षण र धारण गर्ने विधि

कुश एवं पवित्रको लक्षण र धारणविधि सम्बन्धमा **शङ्खको** मत यसप्रकार छ – जुन कुशको भित्र गर्भ हुँदैन, जुन कुश जरासहित हुन्छ त्यस्ता एककुरैत लम्बाइ भएका दुईकुशबाट तयार गरिएको वस्तुलाई पवित्र भनिन्छ । यस्तो पवित्रलाई जुनसुकै कर्ममा प्रयोग गर्न सकिन्छ। **हारीत** भन्दछन् – ब्राह्मणको कर्ममा चारकुशको, क्षत्रियको कर्ममा तीनकुशको, वैश्यको कर्ममा दुईकुशको र शूद्रको कर्ममा एककुशको पवित्र तयार गर्नुपर्दछ ।

स्मृत्यर्थसारमा भनिएको छ – सबै वर्णहरूका लागि पवित्र नयाँ र ग्रन्थियुक्त हुनुपर्दछ । **रत्नावलीमा** भनिएको छ– बुद्धिमान् मानिसले औंलाका दुईपर्वको बीचमा पवित्र धारण गर्नुपर्दछ । हेमाद्रिमा उद्धृत **स्कन्दपुराणको** वचन यसप्रकार छ – कर्ताले आफ्नो अनामिका औंलामा धेरै कुश धारण गर्नुपर्दछ । एउटा अनामिकामा एककुश अथवा

दुईअनामिकामा दुईकुशका पवित्र धारण गर्नुपर्दछ । पवित्र नभएको अवस्थामा के गर्ने भन्ने प्रश्नमा **सुमन्तु** भन्दछन् - सबै कर्ममा भित्र गर्भ नभएका जरासहित दुईकुश दायाँ हातमा र तीनकुश बायाँ हातमा धारण गर्नुपर्दछ ।

बौधायन भन्दछन् - दुईहात र आसनमा दुई-दुई कुश धारण गर्नुपर्दछ । **शङ्ख**ले कुशग्रहण गर्ने मन्त्र **नुद पापानि०** आदि बताएका छन् । मन्त्रको अर्थ यसप्रकार छ - हे कुश ! तिमी ब्रह्माजीको आज्ञाले उहाँकै साथ पैदा भएका हौ, मेरा सबै पाप हरण गर र सबै प्रकारका कल्याण प्रदान गर । **स्मृत्यर्थसार**मा भनिएको छ - कुशलाई हुँफट्कार मन्त्रद्वारा छेदन गरी उखेल्नु पर्दछ । **भारद्वाज** भन्दछन् - प्रेत क्रिया, पितृक्रिया र अभिचारक्रियाका निमित्त दक्षिणाभिमुख भई सव्य भएर कुश उखेल्नु पर्दछ ।

कुशको अभाव भएमा के गर्ने भन्नेविषयमा **सुमन्तु** भन्दछन् - कुश, काँस, सरकण्डा, जौ, दूबो, बाबियो खर, गाईका रौं, गुन्द्र - सानो जातको गूँद, मूँज र कुन्द यी पवित्र वस्तु हुन् । कुशको अभावमा काँस, काँसको अभावमा सरकण्डा यस किसिमले पूर्व-पूर्वको अभावमा उत्तरोत्तर वस्तुको ग्रहण गर्नुपर्दछ । कर्ताले कहिले पनि काँस हातमा लिएर आचमन गर्न हुँदैन र दूबो हातमा लिएर पनि आचमन गर्न हुँदैन अन्यथा प्रायश्चित्त गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदयमा **यम** भन्दछन् - प्रत्येक महिनाको औंसीतिथिमा उखेलिएका कुशले त्यसै महिनालाई मात्र काम दिन्छन्, अरू महिनालाई दिँदैनन् । **षट्त्रिंशन्मत**मा बताइएको छ - अमावास्यादेखि लिएर अर्को अमावास्याको चतुर्दशीसम्म मात्र उखेलिएको कुश काम लाग्छ । अर्को मास लागेपछि नयाँ कुश ग्रहण गर्नुपर्दछ । **गृह्यपरिशिष्ट**मा भनिएको छ - जुन कुश पिण्डमा चढाइएका हुन्छन्, जुन कुशले पितृतर्पण गरिएको हुन्छ, जुन कुश अशुद्ध पदार्थको संसर्गमा हुन्छन् ती सबै अपवित्र हुनाले तिनको त्याग गर्नुपर्दछ ।

लघुहारीत भन्दछन् - बाटोमा खसेका, चितामा चढाइएका, यज्ञभूमिमा बिछ्याइएका, बिस्तरा, आसन र पिण्डमा परेका कुश अपवित्र हुन्छन्, तिनको त्याग गर्नु पर्दछ । ब्रह्मयज्ञ एवं पितृतर्पणमा प्रयोग गरिएका कुश एवं मूत्र र विष्ठा लागेका कुश त्याग गर्न योग्य हुन्छन् । **हेमाद्रि**मा भनिएको छ - कुश र दूबोद्वारा तयार गरिएका जति पनि पवित्र हुन्छन् तिनले सुवर्णनिर्मित पवित्रको एककलाको पनि बराबरी गर्न सक्दैनन् । त्यसकारण सुवर्णनिर्मित पवित्रको पितृकर्ममा ज्यादै महत्त्व छ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धमा पूजनीय ब्राह्मण, श्राद्धकर्ता एवं श्राद्धभोक्ताका नियमसम्बन्धी निर्णयमा आधारित तृतीय प्रकरण पूरा भयो ।

अथ श्राद्धहविःश्राद्धीयत्याज्यवस्तुनिर्णयात्मकं चतुर्थं प्रकरणम्

श्राद्धे हविर्विचारः

अथ हविः । हेमाद्रौ प्रचेताः –

कृष्णमाषास्तिलाश्चैव श्रेष्ठाः स्युर्यवशालयः । महायवा व्रीहियवास्तथैव च मधूलिकाः ।।

कृष्णाः श्वेताश्च लोहाश्च ग्राह्याः स्युः श्राद्धकर्मणि ।। महायवा – वेणुबीजम् । मधूलिका – यावनाला इति हेमाद्रिः कल्पतरुश्च ।

भारते – **वर्धमानतिलं श्राद्धमक्षय्यं मनुरब्रवीत् । सर्वकामैः स यजते यस्तिलैर्यजते पितॄन् ।।**

चन्द्रिकायां देवलः –

इष्टापूर्ते मृताहे च दर्शवृद्ध्यष्टकासु च । पात्रेभ्यस्तेषु कालेषु देयं नैव कुभोजनम् ।।

सायणीये – **अगोधूमं च यच्छ्राद्धं माषमुद्गविवर्जितम् । तैलपक्वेन रहितं कृतमप्यकृतं भवेत् ।।**

श्राद्धमा प्रयोग गरिने हविको निर्णय

अब श्राद्धमा प्रयोग गरिने हविको विषयमा निर्णय गरिन्छ । **हेमाद्रि**मा उद्‌धृत **प्रचेता**को भनाइ यसप्रकार छ – कालो माष, तिल, जौ, साठीको चामल, महायव अर्थात् बाँसको बिउ, धान, जौ, मधूलिका अर्थात् सेतो गहुँ, सेतो, कालो र रातो रंगको शालिधान्यलाई श्राद्धकर्ममा ग्रहण गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – महायवको अर्थ वेणुबीज, मधूलिकाको सेतो गहुँ हो भन्ने कुरा **हेमाद्रि** र **कल्पतरु**ले बताएका छन् ।

महाभारतमा भनिएको छ – जुन श्राद्धमा अधिकमात्रामा तिलको प्रयोग गरिन्छ त्यो श्राद्ध अक्षयफलदायक हुन्छ। जसले तिलद्वारा पितृपूजन गर्दछ त्यसले पितृहरूबाट सम्पूर्ण कामना प्राप्त गर्दछ । **चन्द्रिकामा देवल** भन्दछन् – इष्टापूर्त अर्थात् यज्ञ र उपकारक देवपूजन, क्षयतिथि, अमावास्या, वृद्धिश्राद्ध र अष्टकाहरूमा उत्तमब्राह्मणहरूलाई निन्दित भोजन गराउनु हुँदैन । **सायणीय**मा लेखिएको छ कि जुन श्राद्धमा गहुँका पकवान हुँदैनन्, माष एवं मुँगीको प्रयोग हुँदैन र तेलमा पकाएका पकवान पनि हुँदैनन् त्यो श्राद्ध गरिएता पनि गरिएजस्तो हुँदैन ।

हेमाद्रावत्रिः – **अगोधूमं च यच्छ्राद्धं कृतमप्यकृतं भवेत् ।**

तत्रैव ब्राह्मे – **यवैर्व्रीहितिलैर्माषैर्गोधूमैश्चणकैस्तथा । सन्तर्पयेत् पितॄन् मुद्गैः श्यामाकैः सर्षपद्रवैः।। नीवारैर्हरिश्यामाकैः प्रियङ्गुभिरथार्चयेत् ।** हेमाद्रौ कार्ष्णाजिनिः –

यदिष्टं जीवतश्चासीत्तद्द्यात्तस्य यत्नतः । स तृप्तो दुस्तरं मार्गं ततो याति न संशयः ।।

हेमाद्रिमा **अत्रि**को वचन यसप्रकार छ – गहुँको प्रयोग नहुने श्राद्ध गरे पनि गरेजस्तो हुँदैन । **हेमाद्रि**मा उद्‌धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – जौ, चामल, गहुँ, तिल, माष, चना, मुँगी, सामाधान, सर्स्यूँको तेल, नीवार अर्थात् वनधान्य, हरिश्यामक अर्थात् कालो अगहनी धान र कागुनो अर्पण गरी पितृहरूलाई तृप्त तुल्याउनुपर्दछ ।

हेमाद्रिमा उद्‌धृत **कार्ष्णाजिनि**को वचन यसप्रकार छ – जसको श्राद्ध गरिन्छ ती पितृले आफू जीवित हुँदा जस्ता कुरा रुचाउँथे ती पदार्थ श्राद्धमा श्रद्धापूर्वक तयार गर्नुपर्दछ । यसरी पितृले रुचाएको वस्तु टक्र्याइ श्राद्ध गरेपछि ती पितृ प्रसन्न हुन्छन् र अप्ठ्यारो स्थितिमा छन् भने पनि आनन्दपूर्वक अगाडि बढ्दछन् भन्ने कुरामा कुनै सन्देह छैन ।

कलिकायामाश्वलायनः -

कदल्यादिफलैः शस्तैर्मूलैरार्द्रादिकैरपि । गोरसैर्मधुना दध्ना श्राद्धे सन्तर्पयेत्पितॄन् ।।

कदल्याम्रफलादीनि श्राद्धे सम्पादयेत्सुधीः ।। हेमाद्रौ पृथ्वीचन्द्रोदये च मार्कण्डेयः -

गोधूमैरिक्षुभिर्मुद्गैः सतीनैश्चणकैरपि । श्राद्धेषु दत्तैः प्रीयन्ते मासमेकं पितामहाः ।।

विदार्या च भरुण्डैश्च तिलैः शृङ्गाटकैस्तथा । कञ्चुकैश्च तथा कन्दैः कर्कन्धूबदरैरपि ।।

पालेवतैरारुकैश्चाप्यक्षोटैः पनसैस्तथा । काकोल्या क्षीरकाकोल्या तथा पिण्डालुकैः शुभैः ।।

लाजाभिश्च सधानाभिस्त्रपुसोर्वारुचिर्भटैः । सर्षपाराजशाकाभ्यामिङ्गुदै राजजम्बुभिः ।।

प्रियालामलकैर्मुख्यैः फल्गुभिश्च तिलण्टकैः । वेत्राङ्कुरैस्तालकन्दैश्चुक्रिकाक्षीरिकावचैः ।।

लोचैः समोचैर्लकुचैस्तथा वै बीजपूरकैः । मुञ्जातकैः पद्मफलैर्भक्ष्यभोज्यैश्च संस्कृतैः ।।

रागखाण्डवचोष्यैश्च त्रिजातकसमन्वितैः । दत्तैस्तु मासं प्रीयन्ते श्राद्धेषु पितरो नृणाम् ।।

एषां कोशहेमाद्र्यादिव्याख्यावैद्यकाद्यनुसारेण मध्यदेशभाषया नामान्युच्यन्ते -

सतीनैः - कालायैः, '**कलायस्तु सतीनकः**' इत्यमरः । वटुरीति प्रसिद्धैः । विदार्या तत्कन्देन । **भरुण्डम्**- जलजं मखाणा इति प्रसिद्धं श्राद्धमञ्जर्याम् । (भू) कूष्माण्डमित्यन्ते । **शृङ्गाटकम्** - सिंघाडा । **कञ्चुकः** - कञ्चनारः। **कन्दः** - सूरणः, '**अर्शोऽघ्नः सूरणः कन्दः**' इत्यमरः । **कर्कन्धूः** - वन्यं सूक्ष्मं बदरम् । **पालेवतम्**- कोशातकी । **आरुकम्** - अरुई । **अक्षोटम्** - अखरोटः । काकोलीक्षीरकाकोल्यौ गौडेषु प्रसिद्धे । **पिण्डालकम्**- सुथनी । (महाराष्ट्राणां मोहलकन्द इति प्रसिद्धम्) । **त्रपुसादयस्त्रयः** - कर्कटीभेदाः । **चिर्भटम्** - खर्बुजम् । सर्षपा इति दीर्घश्छान्दसः । **प्रियालम्** - चिरौञ्जी । **फल्गु** - उदुम्बरम् । **तिलण्टकम्** - पटोलम् । **तालकन्दः**- कन्दविशेषः । **चुक्रिका** - तिन्तिणी, बिम्बा (बिम्बी) । **क्षीरिका** - खिरणी । **मोचम्** - कदलीफलम् । **लकुचम्**- बडहरम् । मुञ्जातकं गौडदेशे प्रसिद्धम् । **पद्मफलम्** - कमलगट्टा । **रागखाण्डवः** - पानादिविशेषः ।

पिप्पलीशुण्ठियुक्तस्तु मुद्गयूषस्तु खाण्डवः । रागखाण्डवतां याति शर्करासंयुतं तु तत् ।।

इत्युक्तः पानविशेषः । त्रिजातम् - लवङ्गैलापत्रकाणि ।

कलिकामा आश्वलायन भन्दछन् - केरा आदि उत्तम फल, उत्तम कन्दमूल, अदुवा, दूध, घ्यू, मह, दही आदि टक्र्याएर श्राद्धमा पितृहरूलाई तृप्त तुल्याउनु पर्दछ । बुद्धिमान् मानिसले श्राद्धमा पितृहरूको तृप्तिका लागि केरा र आँपका फल खोजी-खोजी जम्मा गर्नुपर्दछ ।

हेमाद्रि र **पृथ्वीचन्द्रोदय**मा उद्धृत **मार्कण्डेय**को वचन यसप्रकार छ - श्राद्धहरूमा गहुँबाट बनेका पदार्थ, ऊखु, मुँगी, केराऊ, चना आदि पदार्थ टक्र्याउँदा पितृहरू एक महिनासम्म तृप्त हुन्छन् । **विदारीकन्द** - बिराले लहरो, **भरुण्ड**- मखाना, तिल, **शृङ्गाटक** - सिंघडा अथवा अदुवा, **कञ्चुक** - कचनार अथवा कोइरालो, **कन्द** - तरुल आदि कन्द, **कर्कन्धु** - सानो बयर, बयर, **पालेवत** - ज्यामिर, आरु, अखरोट, कटहर, **काकोली** - कल्छे लहरो, **क्षीरकाकोली** - दूधे कल्छे लहरो, पिडालु, धानका लावा, **त्रपुस** - काँक्राका भेद, **चिरभट** - खर्बुजा, सर्स्यूँ, **राजशाक** - बेथेको साग, **राजजम्बू** - खजुर वा गुलाफ जामुन, **प्रियाल** - चिरौंजी, **फल्गु**- डुम्री, **तिलण्टक** - परवर, वेतको अंकुर, **तालकन्द**- मूलाको एक भेद, **चुक्रिका**- चरिअमिली अथवा चुक, **क्षीरिका** - पाँखरी, बोझो, **लोच** - केराको बोट, **मोच** - केरा, **लकुच** - बडहर, **बीजपूरक** - बिमिरो, **मुञ्जातक** - मुँजराकन्दको गानो, **पद्मफल** - कमलको गट्टा एवं राम्ररी तयार गरिएका भक्ष्य-भोज्य,

रागखाण्डव – अत्यन्त आनन्ददायक पेय अर्थात् पिप्पली–सोंठी मिसिएको मुँगीको रसमा अमिलो पदार्थ र चिनी मिसाउँदा रागखाण्डव तयार हुन्छ । त्यसमा त्रिजातक अर्थात् ल्वाङ, अलैंची र दालचिनी मिसाउँदा जुन सुवास र मधुरता पैदा हुन्छ त्यसले रागखाण्डव अनुपम पेय बन्दछ । यस्तो पेयप्रदान गर्दा एक महिनासम्म पितृहरू तृप्त हुन्छन् ।

विभिन्न **कोशग्रन्थ**, **हेमाद्रि**को व्याख्या र **आयुर्वेदशास्त्र**अनुसार मध्यदेशको भाषामा माथि बताइएका वस्तुहरूका नामहरूको पर्याय ग्रन्थकारले यसरी प्रस्तुत गरेका छन् – **सतीनक**को अर्थ अमरकोशमा कलाय भनिएको छ जसलाई नेपाली भाषामा केराऊ भनिन्छ र मध्यदेशको भाषामा बटूरी भनिन्छ । **श्राद्धमञ्जरी**मा **भरुण्ड**को अर्थ जलज अथवा मखाणा पनि भनिएको छ । अरूले भूकुष्माण्ड भनेका छन् । **शृङ्गाटक**को अर्थ कसैको मतमा अदुवा हो भने कसैले सिंघाडा भनेका छन्। **कञ्चुक**को अर्थ कचनार हो । **कन्द**लाई **अमरकोश**मा सूरण र अर्शोघ्न भनिएको छ । वनमा हुने साना–साना बयरलाई **कर्कन्धु** भनिन्छ । **पालेवत**को अर्थ कोशातकी हो । **आरुकम्**को अर्थ आरु हो र **अक्षोट** भनेको मध्यदेशको भाषामा अखरोट हो र नेपाली भाषामा ओखर हो । **क्षीरकाकोली** र **काकोली** **गौड** देशमा प्रसिद्ध छन् । **पिण्डालक** भनेको सुधनी हो । महाराष्ट्रमा यसलाई मोहलीकन्द भन्दछन्, नेपालीमा पिँडालु भनिन्छ । **त्रपुस** काँक्राको भेद हो। **चिरभट**को अर्थ खर्बुजा हो । **सर्षपा**को अर्थ सर्स्यूँ हो । यहाँ आकारान्त सर्षपाशब्दको प्रयोग छन्दका अनुरोधले भएको हो । **प्रियाल** भनेको चिरौंजी हो । **फल्गु**को अर्थ डुम्री र ताँबो हो । **तिलण्टक**को अर्थ परवर हो । **तालकन्द** तरुलविशेषको नाम हो । **चुक्रिका** भनेको इमली वा चरिअमिली हो । अमरकोशमा '**चुक्रिका तिन्तिडी बिम्बा**' भनी इमलीका नाम प्रस्तुत गरिएका छन् । क्षीरिकालाई **क्षीरिणी** पनि भनिन्छ । **मोच**को अर्थ केराको फल, **लकुच**को अर्थ बडहर हो । **कुँजातक** **गौड** देशमा प्रसिद्ध छ । **पद्मफल** भनेको कमलको गट्टा हो । **रागखाण्डव** – पिपली र सोंठी मिसाइएको मुँगीको झोलमा चिनी मिसाउँदा रागखाण्डव तयार हुन्छ। यो पेय पदार्थ हो । ल्वाङ, अलैंची र दालचिनीको धूलो मिसाउँदा **त्रिजात** भन्ने पदार्थ तयार हुन्छ।

मदनरत्ने कौर्मे – **कालशाकञ्च वास्तूकं मूलकं कृष्णनालिका** । प्रशस्तानीति शेषः । हेमाद्रौ पृथ्वीचन्द्रोदये च वायुपुराणे –

कालशाकं महाशाकं द्रोणशाकं तथार्द्रकम् । बिल्वामलकमृद्वीकापनसाम्रातदाडिमम् ।।
चव्यं पालिवताक्षोटं खर्जूरं च कसेरुकम् । कोविदारश्च कन्दश्च पटोलं बृहतीफलम् ।।
पिप्पली मरिचं चैव एला शुण्ठी च सैन्धवम् । शर्करागुडकर्पूरबदरीद्रोणपत्रकम् ।।
तथा – **मधुकं रामठं चैव कर्पूरं गुडमेव च । श्राद्धकर्मणि शस्तानि सैन्धवं त्रपुसं तथा ।।**
कसेरुः कोविदारश्च तालकन्दस्तथा विसम् । तमालं शतकन्दश्च मध्वालुः शीतकन्दकम् ।।
कालेयं कालशाकं च सुनिषण्णं सुवर्चलम् । मांसं शाकं दधि क्षीरं चाम्बुवेत्राङ्कुरस्तथा।।
कट्फलं कौङ्कणी द्राक्षा लकुचं मोचमेव च । तिन्दुकं ग्रीवकं चारं कर्कन्धुर्मधुसाह्वयम् ।।
वैकङ्कतं नारिकेलं शृङ्गाटकपरूषकम् । पिप्पलीमरिचे चैव पटोलं बृहतीफलम् ।।
एवमादीनि चान्यानि स्वादूनि मधुराणि च । नागरं चार्द्रकं देयं दीर्घमूलकमेव च ।।

इति । तथा – शर्कराक्षीरसंयुक्ताः पृथुका नित्यमक्षयाः । **रामठम्** – हिङ्गुः । **द्रोणशाकम्** – गूम इति प्रसिद्धम् । **मृद्वीका** – द्राक्षा । **आम्रातकम्** – आम्बाडा इति प्रसिद्धो वृक्षस्तत्फलम् । **पालिवतम्** – जम्बीरम् । पालिआलमिति गौडप्रसिद्धं वा । **खर्जूरम्** – खर्जूर इति प्रसिद्धम् । **कसेरुः** – जलजः कन्दः । **कोविदारः** – कञ्चनारः (कचनार)। **तालकन्दः** – तालमूली । **विसम्** – भसीडम् । **शतकन्दः** – शतावरी । **शीतकन्दः** – शालूकं, सेरुकीति प्रसिद्धम्। **कालेयम्** – करालसंज्ञः शाकः, दारुहरिद्रा वेति पृथ्वीचन्द्रोदयः । सुनिषण्णं कर्कटीसदृशं सुलटीया इति

गौडप्रसिद्धम् । **सुवर्चलम्** – शाकविशेषः । **कट्फलम्** – श्रीपर्णीवृक्षफलम् । **कौङ्कणी** – अम्लरसा द्राक्षा । **तिन्दुकम्** – डिण्डिममिति कैदेवः तिन्दुफलं वा । **ग्रीवकम्** – फलविशेषः । **चारम्** – क्षुद्रतालम् । **मधुसाह्वयम्**– मधूकपुष्पं फलं वा । **वैकङ्कतम्** – चैञ्चीति गौडाख्यातम् । **परूषकम्** – पुरूसमिति प्रसिद्धम् । **नागरम्** – शुण्ठी।

मदनरत्नमा उद्धृत **कूर्मपुराणको** वचनमा भनिएको छ – **कालशाक** – करेमूको साग, **वास्तुक** – बेथे अर्थात् बथुवा, मूला, **कृष्णनालिका** – कालो नरिचो यी वस्तु श्राद्धमा उत्तम मानिएका छन् । **हेमाद्रि** र **पृथ्वीचन्द्रोदयमा** उद्धृत **वायुपुराणको** वचन यसप्रकार छ – **कालशाक** – करेमूको साग, **महाशाक** – कालशाकको एउटा भेद, **द्रोणशाक** – गुम्पाती, अदुवा, बेल, अमला, अङ्गुर, कटहर, **आम्रातक** – अमारो, दाडिम, **चव्य** – चाँपो, **पालेवत** – ज्यामिर, ओखर, **खर्जूर** – खजुर, **कसेरु** – जलकन्द, कोइरालो, कन्द, परवर, **बृहतीफल**– वनभण्टा, पिप्पली, मरीच, अलैंची, सोंठी, सैन्धव नून, शक्कर, गुँड, कपूर, बयर र **द्रोणपत्र** – गुम्पातीको पात श्राद्धकर्ममा श्रेष्ठ मानिएका छन् । यसैगरी जेठीमधु, हिँङ, कपूर, गुँड, सैन्धव नून र काँक्रो पनि श्राद्धकर्ममा उत्तम मानिएका छन् । उक्त पद्यमा रहेको रामठशब्दको अर्थ हिङ हो । यसैगरी त्यहीँ नै भनिएको छ – **कसेरु** – जलकन्द, कोइरालो, **तालकन्द** – बाटुलो मूला, **विस** – कमलको जरा, तमाल, **शतकन्द** – कुरिलो, **मध्वालु** – गुलियो आलु, कालेय अर्थात् दारुहरिद्रा, **कालशाक** – करेमु, **सुनिषण्ण** – काँक्राको आकारको फल, **सुवर्चल** – वीरे नुन, मांस, शाक, दही, दूध, जल, वेतका अङ्कुर, काफल, **द्राक्षा** – दाख, लिची, केरा, लौका, **ग्रीवक** – फलविशेष, **चार** – चिरौंजी, **क्षुद्रताल** – सानो आकारको बेल, **कर्कन्धु** – जङ्गली सानो खाले बयर, जेठीमधु, **वैकंकत** – अतिबलाको फल, नरिवल, सिंघाडा, **परुषक** – फालसा, पिप्पली, मरीच, परवर, **बृहतीफल** – वनभण्टा र यस्तै अरू मधुर एवं स्वादुफल श्राद्धकर्ममा ग्राह्य हुन्छन् । यसैगरी श्राद्धमा **नागर** अर्थात् सोंठी, अदुवा र ठूलो खाले मूला पनि ग्राह्य मानेका छन् । चिनी मिसाएको दूध र मालपूवा टक्र्याउँदा पितृहरूले अक्षय तृप्ति प्राप्त गर्दछन् ।

माथि श्लोकमा बताइएका विशेष शब्दहरूको अर्थ गर्दै ग्रन्थकार भन्दछन् – **कालशाकम्** इत्यादि पद्यमा रहेको **द्रोणशाकको** अर्थ मध्यदेशको भाषामा गूम हो । **मृद्वी** भनेको द्राक्षा हो । **आम्रातम्** भनेको आम्बाडा भनिने वृक्ष हो । त्यसको फललाई पालिवन्त वा जम्बीर भनिन्छ । यसैलाई गौडदेशको भाषामा पालिआल भनिन्छ । **खर्जूरम्**को खजुर भन्ने अर्थ प्रसिद्ध छ । **कसेरु** भनेको पानीमा उम्रिने कन्दविशेष हो । **कोविदार** कञ्चनारजस्तै फल हुने कोइरालो हो । **तालकन्दको** अर्थ ठूलो मूला हो । **विसलाई** मध्यदेशको भाषामा भसीड भनिन्छ । **शतकन्दको** अर्थ शतावरी हो । **शालुक** भनेको सेरुकी हो । **कालेय** भनेको करालनामक शाकविशेष हो । **पृथ्वीचन्द्रोदयमा कालेयको** अर्थ दारुहरिद्रा हो भनिएको छ । **सुनिषण्णको** अर्थ काँक्रो हो । यसलाई गौडदेशको भाषामा सुलटिया भनिन्छ । **सुवर्चल** भनेको विशेष शाक हो । **कट्फलको** अर्थ श्रीपर्णीवृक्षको फल हो, नेपाली भाषामा काफल भनिन्छ । **कौंकणीको** अर्थ अमिलो दाख हो । **तिन्दुकको** अर्थ मध्यदेशको भाषामा तिन्दुफल भनिन्छ । **ग्रीबकको** अर्थ फलविशेष हो । **चार** भनेको क्षुद्रताल हो । **महुसको** अर्थ जेठीमधु हो । **गौडभाषामा वैकंकतको** अर्थ चैंची हो । **परुषकम्** भनेको परुसा हो । **नागर** भनेको सोंठी हो ।

पृथ्वीचन्द्रोदये ब्राह्मे –

आम्रमाम्रातकं बिल्वं दाण्डिमं बीजपूरकम् । प्राचीनामलकं क्षीरं नारिकेलं परूषकम् ।।

नारङ्गकञ्च खर्जूरं द्राक्षा नीलकपित्थकम् । एतानि फलजातानि श्राद्धे देयानि यत्नतः ।।

मात्स्ये – **अन्नं तु सदधिक्षीरं गोघृतं शर्करान्वितम् । मासं प्रीणन्ति सर्वान्वै पितृनित्याह केशवः ।।**

याज्ञवल्क्यः – **हविष्यान्नेन वै मासं पायसेन तु वत्सरम् । मात्स्यहारिणकौरभ्रच्छाकुनच्छागपार्षतः।।**

ऐणरौरववाराहशाशैर्मांसैर्यथाक्रमम् । मासवृद्ध्याऽभितृप्यन्ति दत्तैरिह पितामहाः ।।

खड्गामिषं महाशल्कं मधु मुन्यन्नमेव च । लोहामिषं कालशाकं मांसं वार्ध्रीणसस्य च ।।

पृथ्वीचन्द्रोदयमा उद्धृत **ब्रह्मपुराण**को वाक्यमा भनिएको छ – आँप, आम्रातक अर्थात् अमारो, बेल, दाडिम, बिमिरो, पुरानो अमला, दूध, नरिवल, **परुषक** – फालसा, नारङ्गी, खजुर, मुनक्का र माल्दा आँप श्राद्धमा खोजी-खोजी अर्पण गर्नुपर्दछ । **मत्स्यपुराण**मा **भगवान् केशव** भन्नुहुन्छ – दूध र दहीमा मुछिएको अन्न र चिनी मिसिएको गाईको घ्यू अर्पण गर्दा पितृहरू एक महिनासम्म तृप्त हुन्छन् ।

याज्ञवल्क्य भन्दछन् – श्राद्धकर्ममा हविष्यान्न अर्पण गर्दा पितृहरू एक महिनासम्म तृप्त हुन्छन् । खीर अर्पण गर्दा एकवर्षसम्म तृप्त हुन्छन् । **याज्ञवल्क्य**ले नै भनेका छन् – माछा, मृग, **उरभ्र** – भेडो, पक्षी, बोका, **पृषत्** – चित्तल मृग, रुरुमृग, **वराह** – बँदेल, खरायो यिनीहरूको मांसबाट पितृहरू तृप्त हुन्छन् । यिनमा पनि माछाको मासुबाट एकमहिनासम्म, मृगको मासुबाट दुईमहिनासम्म, भेडाको मासुबाट तीनमहिनासम्म, पक्षीको मासुबाट चारमहिनासम्म, बोकाको मासुबाट पाँचमहिनासम्म, चित्तलमृगको मासुबाट छमहिनासम्म, रुरुमृगको मासुबाट सातमहिनासम्म, बँदेलको मासुबाट आठमहिनासम्म र खरायोको मासुबाट नौमहिनासम्म तृप्त हुन्छन् । गैंडाको मासु, **महाशल्य** – दुम्सीको मासु, मधु, **मुनि अन्न** – नीवार, फापर आदि, शस्त्रद्वारा आहत मृग आदिको मासु, **कालशाक** – करेमुको साग र **वार्ध्रीणस** – मुख, कान र नाकबाट एकैचोटि पानी पिउने सेतो बोकाको मासु श्राद्धमा अर्पण गरेपछि कर्ता र भोक्ताले प्रसादको रूपमा ग्रहण गर्नुपर्दछ।

वार्ध्रीणसलक्षणकथनम्

निगमः – **त्रिःपिबं त्विन्द्रियक्षीणं श्वेतं वृद्धमजापतिम् । वार्ध्रीणसं तु तं प्राहुर्याज्ञिकाः श्राद्धकर्मणि।।**

वार्ध्रीणसो जरच्छागः इति मेधातिथिः ।

वार्ध्रीणसशब्दबाट पुकारिने बूढो बोकाको लक्षण

निगममा भनिएको छ कि – जसका तीन इन्द्रिय अर्थात् मुख, कान र नाकले एकैचोटि पानी पिउने गर्दछन् त्यस्तो इन्द्रिय क्षीण भएको सेतो वर्णको बूढो बोकालाई श्राद्धकर्ममा याज्ञिकहरूले वार्ध्रीणस भनी प्रयोग गर्ने गर्दछन् । **मेधातिथि**ले भने अरू कुनै लक्षण नबताएर बूढो बोकालाई वार्ध्रीणस भनेका छन् ।

छागादीनां विचारः

कात्यायनः – **छागोस्त्रमेषानालभ्य शेषाणि क्रीत्वा लब्ध्वा वा स्वयं मृतान् वाहृत्य पचेत्** । इति ।

कौर्मे – **क्रीत्वा लब्ध्वा स्वयं वाऽथ मृतानाहृत्य वा द्विजः । दद्याच्छ्राद्धे प्रयत्नेन तदस्याक्षयमश्नुते।।**

बोका, गोरु र भेडासम्बन्धी विचार

कात्यायनले भनेका छन् – **छाग**– बोका, **उस्र** – गोरु, **मेष** – भेडालाई श्राद्धमा आलम्भन गर्नुपर्दछ । यसरी आलम्भन गर्ने कार्यमा आफ्नो घर यीमध्ये कुनै नभएमा किनेर या आफन्तको माध्यमबाट प्राप्त गरेर पनि श्राद्धमा प्रयोग गर्नुपर्दछ । कतै पनि पाइएन भने यी तीनवटै पशु मरेका रहेछन् भने तिनको मासु पनि श्राद्धमा प्रयोग गर्न सकिन्छ । अरूद्वारा मारिएका पशुको भने प्रयोग गर्न हुँदैन । **कूर्मपुराण**मा भनिएको छ – द्विजजातिले किनेर अथवा कसैबाट जीवित पशु प्राप्त गरी अथवा भर्खरै मरेका पशु प्राप्त गरेर प्रयत्नपूर्वक श्राद्धमा अर्पण गर्दा त्यसका पितृहरूले अक्षय्य तृप्तिलाभ गर्दछन् ।

श्राद्धे दत्तस्य मांसस्याभक्षणे दोषकथनम्

श्राद्धे दत्तस्य मांसस्याभक्षणे दोषमाह मनुः –

नियुक्तस्तु यथान्यायं यो मांसं नात्ति मानवः । स प्रेत्य पशुतां याति सम्भवानेकविंशतिम् ।।

अत्र बहुषु वचनेषु श्राद्धे मांसमधुनोः प्राशस्त्योक्तेः । **विना मांसेन यच्छ्राद्धं कृतमप्यकृतं भवेत्** । इति हेमाद्रौ देवलोक्तेः ।

श्राद्धमा अर्पित मासु नखाँदा दोष

प्रसादको रूपमा रहेको मासु नखाँदा दोष लाग्ने कुरा बताउँदै मनु भन्दछन् – श्राद्धकार्यमा नियुक्त द्विजले विधिपूर्वक अर्पण गरिएको प्रसादरूप मासु खाँदैन भने मरेपछि २१ जन्मसम्म पशुयोनिमा प्राप्त हुन्छ ।

धर्मशास्त्रका धेरै वचनहरूमा मधु र मांसको प्रशंसा गरिएको वचन पाइन्छ । हेमाद्रिमा उद्धृत **देवल**को वचनमा भनिएको छ – मांस अर्पणविना गरिएको श्राद्ध गरेता पनि नगरेसरह हुन्छ ।

श्राद्धे माक्षिकमहत्त्वम्

यच्छ्राद्धं मधुना हीनं तद्रसैः सकलैरपि । मिष्टान्नैरपि संयुक्तं पितॄणां नैव तृप्तये ।।

अणुमात्रमपि श्राद्धे यदि न स्याच्च माक्षिकम् । नामापि कीर्तनीयं स्यात् पितॄणां प्रीतये ततः ।।

इति हेमाद्रौ ब्राह्मोक्तेश्च मांसमधुनोः श्राद्धे नियतत्वं गम्यते । गौडनिबन्धे मात्स्यसूक्ते –

मध्वभावे गुडो देयः क्षीरस्य च तथा दधि । न लभ्यते घृतं यत्र कुर्यात् घृतवतीजपम् ।।

श्राद्धकलिकायां नागरखण्डे –

कथञ्चिद्यदि विप्रेभ्यो न दत्तं भोजने मधु । पिण्डास्तु नैव दातव्याः कदाचिन्मधुना विना ।।

श्राद्धमा महको महत्त्व

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचन यसप्रकार छ – श्राद्धमा मधुको प्रयोग गरिँदैन भने सम्पूर्ण रस र मिष्टान्नले परिपूर्ण भएता पनि त्यो श्राद्ध अपूर्ण हुन्छ र त्यस श्राद्धबाट पितृहरू तृप्त हुँदैनन् । यदि श्राद्धमा अणुमात्र भए पनि मह हुँदैन भने पितृहरूको तृप्तिका लागि **मधु मधु मधु** भनी तीनपटक मधुशब्दको उच्चारण गर्नुपर्दछ । उक्त **हेमाद्रि**मा उद्धृत वचनहरूबाट श्राद्धकर्ममा मधु र मांसको नियमित प्रयोग गर्नुपर्ने देखिन्छ ।

गौडनिबन्धमा उद्धृत **मत्स्यसूक्त**मा भनिएको छ – श्राद्धमा मधु उपलब्ध नभएमा गुँड दिनुपर्दछ । दूध उपलब्ध नभएमा दहीले काम चलाउनु पर्दछ तर जहाँ घ्यू पाइँदैन त्यहाँ निम्न उद्धृत घृतवती ऋचाको जप गर्नुपर्दछ ।

घृतवती ऋचा – **घृतवती भुवनानामभिश्रियोर्वी पृथ्वी मधुदुघे सुपेशसा । द्यावापृथिवी वरुणस्य धर्मणा विष्कभिते अजरे भूरिरेतसा ।।** (ऋ. ६/७०/१)

श्राद्धकलिकामा उद्धृत **नागरखण्ड**को वचनमा भनिएको छ कि कुनै रूपमा पनि ब्राह्मणहरूलाई भोजनमा मह प्रदान गरिएको छैन भने पनि पिण्डमा मह अर्पण गर्नुपर्दछ । विनामह पिण्डदान गर्नु हुँदैन ।

श्राद्धे मांसनिषेधः

बृहत्पराशरस्तु मांसं निषेधति –

यस्तु प्राणिवधं कृत्वा मांसैस्तर्पयते पितॄन् । स विद्वाँश्चन्दनं दग्ध्वा कुर्यादङ्गारविक्रयम् ।।

क्षिप्त्वा कूपं यथा किञ्चिद् बाल आदातुमिच्छति । पतत्यज्ञानतः सोऽपि मांसेन श्राद्धकृत्तथा ।।

श्राद्धमा मांस निषेध

बृहत्पराशरले मांसको निषेध गर्दै भनेका छन् – जुन मानिसले प्राणीहरूको वध गरेर मासुद्वारा पितृहरूलाई तृप्त तुल्याउँछ त्यसले चन्दनको काठ पोलेर अँगार बेच्ने काम गर्दछ । जस्तै कुनै बालकले कुनै वस्तु कुवामा फ्याँकेपछि फेरि कुनै तरिकाले फ्याँकिएको वस्तु प्राप्त गर्न चाहन्छ त्यसैगरी अज्ञानी मानिसले पनि मासुद्वारा श्राद्ध गर्दछ ।

सर्वथान्नाभावे मांसग्रहणविचारः

स एव- **सर्वथान्नं यदा न स्यात् तदैवामिषमाश्रयेत् । ब्राह्मणश्च स्वयं नाद्यात्तच्च श्वादिहतं यदि।।**

अन्नको अभावमा मांसग्रहण

उनैले फेरि भनेका छन् – कुनै प्रकारबाट पनि श्राद्धकर्मका लागि अन्न नपाइएमा मात्र मासुको प्रयोग गर्नुपर्दछ। तर त्यो मासुका लागि प्रयोग गरिने मृत पशु, कुकुर आदिबाट मारिएको हुनुहुँदैन ।

श्रीमद्भागवतेऽपि मांसनिषेधः

भागवतेऽपि – **न दद्यादामिषं श्राद्धे न चाद्याद्धर्मतत्त्ववित् । मुन्यन्नैः स्यात्परा प्रीतिर्यथा न पशुहिंसया।।**

तथेति शेषः । अत्र केचित् –

मुन्यन्नं ब्राह्मणस्योक्तं मांसं क्षत्रिवैश्ययोः । मधुप्रधानं शूद्रस्य सर्वेषां चाविरोधि यत् ।।

इति हेमाद्रौ पुलस्त्योक्त्या व्यवस्थामाहुः ।

श्रीमद्भागवतमा श्राद्धकर्ममा मांसप्रयोग निषेध

श्रीमद्भागवतमा भनिएको छ – धर्मतत्त्वका ज्ञाता पुरुषले श्राद्धमा मासु अर्पण गर्न हुँदैन र प्रसादको रूपमा खान पनि हुँदैन । पितृगण जति मुनिहरूले सेवन गर्ने अन्नबाट तृप्त हुन्छन् त्यति पशुको हिंसाबाट हुँदैनन् । ग्रन्थकार भन्दछन्– उक्त **श्रीमद्भागवतमहापुराणका** पद्यको **'मुन्यन्नैः यथा परा प्रीतिः पशुहिंसया तथा न'** यसरी अन्वय गर्नका लागि तथा शब्दको अध्याहार गरी अर्थ गर्नुपर्दछ । **हेमाद्रिमा** उद्धृत **पुलस्त्यको** वचनअनुसार नीतिनिर्धारण गर्दै कसैले भनेका छन् – श्राद्धकर्ममा ब्राह्मणले मुनिहरूले प्रयोग गर्ने नीवार, फापर आदि अन्नको प्रयोग गर्दा पितृगण प्रसन्न हुन्छन् । क्षत्रिय र वैश्यले मासुको प्रयोग गर्दा तिनका पितृ प्रसन्न हुन्छन् । शूद्रले मधु अर्पण गर्दा तिनका पितृ प्रसन्न हुन्छन् । मधु भने शूद्रलाई मात्र आवश्यक नभई ब्राह्मण, क्षत्रिय र वैश्यका निमित्त पनि श्राद्धमा उपयोगी अर्पणीय पदार्थ हो ।

कलौ पञ्चवस्तूनां निषेधः

पृथ्वीचन्द्रोदयस्तु – **अक्षता गोपशुश्चैव श्राद्धे मांसं तथा मधु । देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जयेत्।।** इति निगमोक्तेः । **वराऽतिथिपितृभ्यश्च पशूपाकरणक्रिया** । इति कलिवर्ज्येषु हेमाद्रावादित्यपुराणात् । **मांसदानं तथा श्राद्धे वानप्रस्थाश्रमस्तथा** । इत्युक्त्वा – **इमान् धर्मान् कलियुगे वर्ज्यानाहुर्मनीषिणः** इति बृहन्नारदीयेऽभिधानाच्च मांसविधिः कलिव्यतिरिक्तविषयः । कलौ मांसनिषेधानां च देशाचाराद् व्यवस्था ।

कलिमा ५ निषिद्ध विषय

पृथ्वीचन्द्रोदयमा **निगम**को भनाइ उद्धृत गर्दै भनिएको छ – '**अक्षता** – अक्षतयोनि विवाहित कन्यासँग विवाह गर्ने कार्य, गोमेध यज्ञ, श्राद्धमा मांसभोजन एवं मधुको अर्पण र देवरबाट पुत्र पैदा गर्ने कार्य कलियुगमा वर्जित छन् ।' कलिमा वर्जित वस्तुको निरूपण गर्ने प्रसङ्गमा **हेमाद्रि**मा **आदित्यपुराण**बाट उद्धृत वचनमा भनिएको छ – कलियुगमा वर, अतिथि र पितृहरूलाई पशुवध गरी तृप्त गराउने कार्य गर्नु हुँदैन ।

बृहन्नारदीयमा भनिएको छ – 'श्राद्धमा मांसार्पण र वानप्रस्थआश्रमको अनुगमन गर्ने कार्य कलिमा वर्जित छन्।' ग्रन्थकार भन्दछन् – यसरी **बृहन्नारदीय**समेतमा भनिएकाले श्राद्धमा मासु दिने कार्य कलियुगदेखि भिन्न अरू युगमा पालन गर्नुपर्ने देखिन्छ । कलिमा श्राद्धमा मांसप्रयोग गर्न निषेधवचनहरूको पालन गर्ने सम्बन्धमा देशाचारअनुसार चल्नुपर्दछ ।

मांसनिषेधो देशाचारश्च

तथा च बृहन्नारदीये श्राद्धं प्रकृत्य –

यथाचारं प्रदेयं तु मधुमांसादिकं तथा । देशाचाराः परिग्राह्यास्तत्तद्देशीयजैर्नरैः ।।

अन्यथा पतितो ज्ञेयः सर्वधर्मबहिष्कृतः ।। इति ।

यस्मिन् देशे पुरे ग्रामे त्रैविद्यैर्नगरेऽपि वा । यो यत्र विहितो धर्मस्तं धर्मं न विचारयेत् ।।

इति भृगूक्तेश्चेत्याह । तन्न, होलाकाधिकरणन्यायेन देविशेषव्यवस्थापकपदकल्पनायोगात् । निरूपितं चैतत्पितामहचरणैर्मांसमीमांसायामिति दिक् ।

मांसनिषेध र देशाचार

कलियुगमा गरिने श्राद्धमा मासुको प्रयोग निषेध गरिएको भए तापनि देशाचारअनुसार चल्नुपर्दछ भन्ने कुरा बताउँदै **बृहन्नारदीयपुराण**मा श्राद्धवर्णनको आरम्भमा भनिएको छ – 'आफ्नो देशको आचारअनुसार श्राद्धमा मधु र मांस अर्पण गर्नुपर्दछ । प्रत्येक देशका मानिसहरूले देशाचारको पालना गर्नु जरुरी छ । देशाचारको पालन नगर्ने मानिसलाई सबै धर्मबाट बहिष्कृत र पतित मान्नुपर्दछ ।' यस विषयमा **भृगु**ले पनि भनेका छन् – जुन देश, नगर र गाउँमा जस्तो धर्म चलेको छ, वेदविद्या जानेका मानिसले जुन धर्मको निरूपण गरेका छन् ती धर्मको पालन गर्ने सन्दर्भमा कुनै विचार गर्नुपर्दैन ।

यो **भृगु**को भनाइप्रति असहमत हुँदै हाम्रा **पितामह** भन्नुहुन्छ – '**मीमांसाको होलाकाधिकरणन्याय**[३४]बाट धर्मको पालनमा देशविशेषमा चलेको व्यवस्थाअनुसार चल्नुपर्ने कुरा उचित हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो कुरा उहाँले **मांस–मीमांसा** नामक ग्रन्थमा भन्नुभएको हो ।

---

३४. मीमांसाको प्रथम अध्यायको तृतीय पादको होलाकाधिकरणमा – होलाककर्मको विषयमा विचार गरिएको छ । होलाकादि शिष्टाचार देशविशेषमा प्रसिद्ध छ । चैत्रकृष्ण प्रतिपदातिथिमा होलाकानामक उत्सव गरिन्छ । यो उत्सव प्रायः भारतको पूर्वभागमा मानिसहरूले मनाउने गर्दछन् । उक्त प्रकरणमा भनिएको छ कि – भारतको पूर्वी भागमा त्यो उत्सव प्रसिद्ध भएकाले पूर्वमा बस्ने मानिसहरूले मात्र त्यसलाई मान्दछन्, अरूले मनाउनु पर्दैन । तर – '**होलाककर्मानियमेन कार्यम्**' (१/३/१५–२३) मीमांसासूत्रमा भनिएको छ कि– साधारण श्रुतिअनुसार यो सबैद्वारा अनुष्ठान गरिने उत्सव हो, कुनै देशविशेषका लागि निर्धारित उत्सव होइन । जसरी होलाकानामक उत्सव सबैका लागि निर्धारित गरिएको छ त्यसैगरी कलिमा निषेध गरिएका पाँच विषयको पनि सर्वत्र निषेध गरिन्छ । त्यसकारण श्राद्धमा मांसको प्रयोग गर्ने कुरा कलिबाहेक अरू युगका निमित्त निर्देश गरिएको विषय हो ।

मांसादिदाने तृप्तिविचारः

मनुः – **संवत्सरं तु गव्येन पयसा पायसेन च । वार्ध्रीणसस्य मांसेन तृप्तिर्द्वादशवार्षिकी ।।**

त्रिपिबं त्विन्द्रियक्षीणं श्वेतं वृद्धमजापतिम् । वार्ध्रीणसं तु तं प्राहुर्याज्ञिकाः श्राद्धकर्मणि ।।

मांसप्रयोगबाट पितृतृप्ति

मनुको भनाइ छ कि गाईको दूध र खीर टक्र्याउँदा पितृहरूलाई एकवर्षसम्मको तृप्ति प्राप्त हुन्छ । सेतो रंगको बूढो वार्ध्रीणस भनिने बोकाको मासु टक्र्याउँदा पितृहरूले बाह्रवर्षसम्म तृप्ति प्राप्त गर्दछन् । याज्ञिकहरूले बूढो, इन्द्रिय क्षीण भई मुख, नाक र कानबाट एकैचोटि पानी खाने सेतो रंगको श्राद्धकर्ममा प्रयोग गरिने बोकालाई वार्ध्रीणस भनेका छन् ।

क्षीरादौ विशेषः

क्षीरादौ विशेषमाह हेमाद्रौ सुमन्तुः –

पयो दधि घृतं चैव गवां श्राद्धेषु पावनम् । महिषीणां घृतं प्राहुः श्रेष्ठं न तु पयः क्वचित् ।।

याज्ञवल्क्यः – **सन्धिन्यनिर्दशाऽवत्सागोपयः परिवर्जयेत् । औष्ट्रमैकशफं स्त्रैणमारण्यकमथाविकम् ।।**

हेमाद्रौ हारीतः – नवसूतायाः सप्तरात्रादित्येके, दशरात्रादित्यपरे, मासेनोपेयुषं भवतीति धर्मविदः । एतद्रजोभावपरम्।

दूध एवं घ्यूको सम्बन्धमा

हेमाद्रिमा उद्धृत सुमन्तुको वचनमा दूध आदिको विषयमा चर्चा गर्दै भनिएको छ कि श्राद्धहरूमा गाईको दूध, घ्यू र दही अतिपवित्र मानिएका छन् । भैंसीको घ्यू पनि उत्तिकै श्रेष्ठ हुन्छ तर दूध पवित्र मानिँदैन ।

याज्ञवल्क्य भन्दछन् – **सन्धिनी** – गोरु लागेको तर दूध दिने गाईको दूध, **अनिर्दशा** – व्याएर १० दिन नपुगेको गाईको दूध र **अवत्सा** – बच्चा मरेका गाईको दूध श्राद्धमा प्रयोग गर्न हुँदैन । उँटनीको दूध, एक खुर हुने घोडी आदि जनावरको दूध, वनका पशुको दूध र भेडाको दूध पनि श्राद्धमा वर्जित छ ।

उक्त सम्बन्धमा **हेमाद्रिमा उद्धृत हारीतको** वचनमा भनिएको छ – **नवसूता** – भर्खर व्याएकी गाईको दूध सात रात बितेपछि मात्र ग्राह्य हुन्छ । अरूको मतमा १० रातपछि मात्र ग्राह्य हुन्छ । **धर्मतत्त्वका** ज्ञाता भन्दछन् – व्याएकी गाईको दूध एकमहिनासम्म पिउन योग्य हुँदैन । यो नियम पनि रजको अभाव भएमा मात्र लागू हुन्छ ।

त्याज्यदुग्धविचारः

देवलः– **अजाऽविमहिषीणां तु पयः श्राद्धेषु वर्जयेत् । विकारान् पयसश्चैव माहिषं तु घृतं हितम्।।**

तत्रैव ब्राह्मे– **माहिषं चामरं मार्गमाविकैकशफोद्भवम् । स्त्रैणमौष्ट्रं याचितञ्च दधि क्षीरं घृतं त्यजेत्।।**

त्यागयोग्य दूधसम्बन्धी विचार

देवल भन्दछन् – श्राद्धमा बाख्रा, भेडा र भैंसीको दूध वर्जित छ । यसैगरी ती दूधका विकार पनि निषिद्ध छन् । भैंसीको घ्यू भने हितकारक भएकाले ग्राह्य मानिएको छ । **हेमाद्रिमा** उद्धृत **ब्रह्मपुराणको** भनाइ यसप्रकार छ– भैंसी, चौंरी गाई, मृग, भेडा, एकखुर हुने घोडा आदि जीव र उँटनीको दूध, दही र घ्यू श्राद्धमा वर्जित हुन्छन् । यसैगरी कसैसँग मागेर ल्याइएका दूध, दही र घ्यू पनि वर्जित हुन्छन् । गुँड र मरिच मिसिएको वस्तु, मार्सीधान, दही, फाटेको मही र स्वादहीन एवं दहीको कण मिसिएको मही पनि श्राद्धमा त्याज्य हुन्छ ।

आरण्यमहिषीक्षीरग्रहणे विचारः

माहिषापवादोऽपरार्के ब्राह्मे –

देयं तक्रं तु सद्यस्कं नवनीतादनुद्धृतम् । आरण्यमहिषीक्षीरं शर्करास्त्रुतिसंयुतम् ।।

मध्वक्तं तु हितञ्चैव दद्यात्तदमृतं यतः ।। स्त्रुतिः – क्षीररसः । श्राद्धकौमुद्यां चैवम् ।

वनभैंसीको दूधको प्रयोगसम्बन्धी विचार

अपरार्कमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – 'जुन दहीबाट मथेपछि नौनी निकालिएको हुँदैन, त्यो ताजा भैंसीको दहीबाट तयार गरिएको मही श्राद्धमा दिनुपर्दछ । दूधमा लागेको तर र चिनीको झोल मिसिएको वनभैंसीको दूध पनि श्राद्धका लागि उपयोगी मानिएको छ । मह मिसिएको र नवनीत नझिकिएको महीलाई श्राद्धमा अमृतसमान मानिएको छ । तसर्थ श्राद्धकर्ताले उक्त मही टक्र्याउनु पर्दछ ।' यही कुरा **श्राद्धकौमुदी**मा पनि बताइएको छ । मूलमा प्रयुक्त स्त्रुतिशब्दको अर्थ दूधको तर हो ।

गोधूमादिनिर्मितपर्युषितान्नभक्षणे विचारः

यद्यपि याज्ञवल्क्येन –

अन्नं पर्युषितं भोज्यं स्नेहाक्तं चिरसंस्थितम् । अस्नेहा अपि गोधूमयवगोरसविक्रियाः ।।

इति । पर्युषितं दध्यादिभोज्यमुक्तम् ।

गहुँ आदिद्वारा निर्मित बासी भोजनसम्बन्धी विचार

यद्यपि **याज्ञवल्क्य**ले घ्यू आदि पदार्थले युक्त धेरै दिनको बासी अन्न पनि श्राद्धमा खान हुन्छ भनेका छन् र उनैले जसमा चिल्लो–चाप्लो केही परेको हुँदैन त्यस्ता गहुँका विकार अर्थात् गहुँबाट बनेका वस्तु पनि खान हुन्छ र बासी दही आदि पदार्थ पनि भोज्य हुन्छन् भनेका छन् ।

गुडमरीचाक्तस्य पर्युषितत्त्वकथनम्

तथापि गुडमरीचाक्तस्य पर्युषितदोषोऽत्रोच्यत इति हेमाद्रिः ।

गुँड-मरिच मिसिएको बासी पदार्थसम्बन्धी विचार

गुँड र मरिच मिसिएको दही भएमा बासीपनको दोष लाग्ने हुँदा **याज्ञवल्क्य**को भनाइ अस्वीकार्य छ भन्ने कुरा हेमाद्रिले बताएका छन् ।

श्राद्धेषु कालशाकादीनां कथनम्

तत्रैव ब्राह्मे –

कालशाकं तण्डुलीयं वास्तुकं मूलकं तथा । शाकमारण्यकं चैव दद्याच्छ्राद्धेषु नित्यशः ।।

तन्दुलीयम् – सूक्ष्मपत्रमिति हेमाद्रिः । महाराष्ट्राणां माठ इति प्रसिद्धम् । आरण्यकं फाञ्जीचूकादि । तत्रैव –

दाडिमं मागधी चैव नागरार्द्रकतिन्तिणी । आम्रातकं जीरकं च कुम्बरं (कुवरं)चैव योजयेत् ।।

मागधी – पिप्पली । नागरम् – शुण्ठी । कुम्बरम् – कुस्तुम्बरम्, धनिया इति प्रसिद्धम् । वायवीये – **अगस्त्यस्य शिखास्ताम्राः काषायाः सर्व एव च ।** शिखा – नवपल्लवाः । प्रभासखण्डे – **आरामस्य तु सीमन्ताः कलायाः सर्व एव च ।** सीमन्ताः – नवपल्लवाः । कौर्मे – **तमालं शतकन्दं च मध्वालुः शीतकन्दली ।** मध्वालुः – मोहलकन्दः । **शीतकन्दली** – रतालु इति प्रसिद्धम् ।

श्राद्धमा कालशाक आदिको ग्राह्यतासम्बन्धी विचार

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – कालशाक – करेमूको साग, साना पात हुने साग, बेथे, मूला र वनमा पाइने वन्यसाग पनि श्राद्धमा ग्राह्य हुन्छन् ।

ग्रन्थमा गरिएको व्याख्याअनुसार **ब्रह्मपुराण**को उक्त पद्यमा पर्न आएका विशेष शब्दमध्ये **तन्दुलीय**को अर्थ साना पात हुने साग हो । मराठाहरूले त्यसलाई माठ भन्दछन् । **आरण्यकशाक**को अर्थ मध्यदेशको भाषामा फाँजी चूच हो । **हेमाद्रि**मा भनिएको छ – 'श्राद्धमा दाडिम, पिपली, सोंठी, अदुवा, इमली, **आम्रातक** – अमारो, जीरा र धनियाको पनि प्रयोग गर्नुपर्दछ ।' ग्रन्थमा उल्लेख भएअनुसार **मागधी**शब्दको अर्थ पिपली र **नागर**को अर्थ सोंठी हो । **कुवर**को अर्थ धनियाँ हो । **वायवीयपुराण**मा लेखिएको छ कि अगस्त्य वृक्षका नयाँ–नयाँ पालुवा र टर्रा पदार्थ पनि श्राद्धमा अर्पणीय हुन्छन्। **प्रभासखण्ड**मा लेखिएको छ कि **आराम** – अगस्त्य वृक्षका नयाँ पातहरूलाई **कलाय** भनिन्छ । **कूर्मपुराण**मा भनिएको छ – तमाल, **शतकन्द**– कुरिलो, **मध्वालु** – गुलियो आलु र **शीतकन्दली** – रतालु पनि श्राद्धमा अर्पणीय पदार्थ हुन्।

श्राद्धे त्याज्यवस्तुकथनम्

अथ वर्ज्यम् । मार्कण्डेयपुराणे –

यच्चोत्कोचादिना प्राप्तं पतिताद्यदुपार्जितम् । अन्यायकन्याशुक्लार्थं द्रव्यं चात्र विगर्हितम् ।।

पित्रर्थं मे प्रयच्छस्वेत्युक्त्वा यच्चाप्युपाहृतम् । चन्द्रोदये शङ्खः –

भूस्तृणं सुरसा शिग्रु पालङ्क्की मृचुकं तथा । कूष्माण्डालाबुर्वार्ताककोविदारांश्च वर्जयेत् ।।

पिप्पली मरिचं चैव तथा वै पिण्डमूलकम् । कृतं च लवणं सर्वं वंशाग्रञ्च विवर्जयेत् ।।

राजामाषान् मसूरांश्च कोद्रवान् कोरदूषकान् । लोहितान् वृक्षनिर्यासान् श्राद्धकर्मणि वर्जयेत् ।।

भूस्तृणम् – काश्मीरदेशे प्रसिद्धम् । **सुरसा** – निर्गुण्डीति माधवः । तुलसीति पृथ्वीचन्द्रः । सा च भक्ष्यत्वेन निषिद्धा न पुष्पत्वेनेति गौडाः । **पालङ्क्की** – पालक इति प्रसिद्धा । **मृचुकम्** – जलजः शाकः । **'ससुकम्'** इति पाठे खदिरशाक इति हेमाद्रिः। मरिचान्यार्द्राणीति हेमाद्रिः। **कृतलवणम्** – सांभरभिन्नम्। **'सैन्धवं लवणं चैव तथा मानससम्भवम्। यच्च सामुद्रिकं भवेत्'** इति शूलपाणौ पाठः । **पवित्रे परमे ह्येते प्रत्यक्षे अपि नित्यशः ।** इति वायवीयोक्तेः, **मानसम्** – साम्भरम् ।

श्राद्धमा निषिद्ध वस्तु

अब श्राद्धमा निषिद्ध वस्तुहरूको निरूपण गरिन्छ । **मार्कण्डेयपुराण**मा भनिएको छ – जुन धन घूस आदि अनैतिककार्यबाट प्राप्त हुन्छ, जुन धन पतितमानिसहरूबाट प्राप्त हुन्छ, जुन धन अन्याय गरेर प्राप्त हुन्छ, जुन धन कन्या बेचेर प्राप्त हुन्छ, जुन धन 'म मेरा पिता–पुर्खाको श्राद्ध गर्दैछु, यस श्राद्धकार्यमा सहयोग गर' भनी कसैसँग मागेर प्राप्त गरिन्छ ती सबै धनलाई

निन्दित मानिएको छ । उक्त सबै प्रकारका धनहरूको श्राद्धमा उपयोग गर्न हुँदैन ।

चन्द्रोदयमा शङ्खले भनेका छन् – **भूस्तृणनामक शाक** – कसैको मतमा कलम्बी र कसैको मतमा भूतिक, तुलसी अथवा निर्गुण्डी, **शिग्रु** – सैजन, **पालङ्की** – पालुङ्गो, **मुचुक** – करेमुको शाक, **कूष्माण्ड**– कुभिण्डो, **अलाबु** – लौका, **वार्ताक** – वनभण्टा, **कोविदार** – कोइरालो, पिप्पली, मरीच, **पिण्डमूलक** – सलगम, निर्माण गरिएका सबै प्रकारका पदार्थ, नून, बाँसको मुना, राजमा, मसूरो, कोदो, **कोरदूषक** – वनकोदो, सिमल वा पलाशको चोप र वृक्षबाट निस्कने रातो चोपसमेत श्राद्धमा वर्जित छन् ।

ग्रन्थमा उक्त पद्यका विशिष्ट शब्दको व्याख्या गर्दै भनिएको छ– **भूस्तृण** – कश्मीरदेशमा प्रसिद्ध वस्तु हो, सुरसाको अर्थ निर्गुण्डी हो भनी **माधवले** भनेका छन् । **पृथ्वीचन्द्रले** सुरसाको अर्थ तुलसी हो भनेका छन् । यो तुलसी श्राद्धमा भक्ष्य पदार्थका रूपमा प्रयोग गर्न निषेध गरिएको छ । तर पुष्पका रूपमा प्रयोग गर्ने विधान गरिएको छ । **पालङ्की**को अर्थ पालुङ्गो हो । **मुचुक** भनेको जलमा पैदा हुने शाकविशेष हो । **ससुक** भन्ने पाठान्तर स्वीकार गर्दा यसको अर्थ **खदिरशाक** हुन्छ भन्ने हेमाद्रिको मत हो । जलमा भिजाइएको मरिच श्राद्धमा प्रयोग गर्न हुने कुरा बताइएको छ । प्रशोधन गरिएको नुनलाई साम्भर भनिन्छ । श्राद्धमा साम्भरबाहेक अरू किसिमका नूनको प्रयोग गर्नुपर्दछ । **शूलपाणिले** भनेका छन् – सिन्धु नदीको नुन, साम्भरनुन र समुद्रको नुन ग्राह्य हुन्छ । **वायवीयपुराण**मा पनि उक्त सबै नुनहरूलाई पवित्र मानिएको छ ।

यत्तु भविष्यम् – **तर्जन्या दन्तकाष्ठञ्च प्रत्यक्षलवणं तथा** । इति । तत्र (प्रत्यक्षलवणम्) क्षारलवणं खारीति प्रसिद्धं निषिद्धम्, **भुक्त्वा तु क्षारलवणं त्रिरात्रं तु वने वसेत्** । इति ब्राह्मोक्तेरिति शूलपाणिः । क्षीरलवणमिति पाठात् क्षीरमिश्रं लवणं निषिद्धमिति वाचस्पतिः । राजमाषाः – रतरा इति प्रसिद्धाः । **कोरदूषकाः** – वनकोद्रवाः। चन्द्रिकायां शङ्खः – **पिण्डालुकञ्च तुण्डीरं करमर्दं च नालिकाम् । कूष्माण्डं बहुबीजानि श्राद्धे दत्त्वा व्रजत्यधः।।**

पिण्डालकं महाराष्ट्रेषु पेण्डरमिति प्रसिद्धम् । तुण्डीरं बिम्बीफलमिति कैदेवः । **करमर्दम्** – करबन्दमिति प्रसिद्धम्। तत्रैव – **विडालोच्छिष्टमाघ्रातं श्राद्धे यत्नेन वर्जयेत् । कूष्माण्डं महिषीक्षीरमाढक्यो राजसर्षपाः।।**

चणका राजमाषाश्च घ्नन्ति श्राद्धं न संशयः ।।

बृहत्पराशरः – **करीरफलपुष्पाणि विडङ्गमरिचानि च । जम्भारिका सुजम्बीरा सुपक्वं बीजपूरकम्।।**

जम्ब्बलावूनि पिप्पल्यः पटोलं पिण्डमूलकम् । मसूराञ्जनपुष्पं च श्राद्धे दत्त्वा पतत्यधः ।।

जम्बू – सूक्ष्मम् ।

भविष्यपुराणमा श्राद्ध गर्दा तर्जनी औंलाद्वारा दतिवनको काठ चलाउने कामलाई र समुद्रबाट उत्पन्न हुने खारा नुनलाई निषेध गरिएको छ । **ब्रह्मपुराणमा शूलपाणिले** भनेका छन् – श्राद्धमा खारा नुनको प्रयोग गरेपछि तीन रातसम्म वनमा बसी तपस्या गर्नुपर्दछ । यहाँ **क्षारलवण**को सट्टा **क्षीरलवण** भन्ने पाठ मात्रै हो भने दूधमा मिसिएको नुन खान हुँदैन भन्ने अर्थ हुने कुरा **वाचस्पतिले** बताएका छन् । **राजमाष** भनेको मध्यदेशको भाषामा रतरा हो भने नेपालीमा राजमा भनिन्छ। कोरदूषकको अर्थ जङ्गली कोदो हो ।

चन्द्रिकामा शङ्खको भनाइ छ कि – '**पिण्डालुक** – पिँडालु, **तुण्डीर** – बिम्बीफल, **करमर्द** – करौंदी वा अमला, **नालिका** – कमलदण्ड, **कूष्माण्ड** – कुभिण्डो, **बहुबीज** – सरीफा अथवा बिमिरोलाई श्राद्धमा चढाउने दाता नरकमा जान्छ ।' **पिण्डालुकलाई** महाराष्ट्रमा पेण्डर भनिन्छ । **कैदेवले तुण्डीरको** अर्थ बिम्बीफल हो भनेका छन् । **करमर्दशब्द** करबन्दको अर्थमा प्रसिद्ध छ । त्यहीँ नै भनिएको छ – 'बिरालोले जुठ्याएको पदार्थ र सुँघिएको पदार्थलाई श्राद्धमा

प्रयत्नपूर्वक निषेध गर्नुपर्दछ । कुभिण्डो, भैंसीको दूध, चना र राजमाको प्रयोग गरियो भने श्राद्ध निष्फल हुन्छ ।'

बृहत्पराशरले भनेका छन् कि करीर – वसन्तमा पात नपलाउने वृक्षविशेषका फल र पुष्प, वायुविडिङ्ग, मरिच, ज्यामिर, कागती, पाकेको बिमिरो, जामुनाको फल, लौका, पिप्पली, परवर, मोटो मूला, मसुरो र अगुरुपुष्प श्राद्धमा अर्पण गर्दा दाताको पतन हुन्छ ।

माधवीये चतुर्विंशतिमते – **'यावनालान् कुलत्थांश्च वर्जयन्ति विपश्चितः ।' यावनालाः** – जोंधला इति। अत्र यानि चणकादीनि विहितनिषिद्धानि तेषां विकल्पः । अन्यथा –

श्यामाकैश्चणकैः शाकैर्नीवारैश्च प्रियङ्गुभिः । गोधूमैश्च तिलैर्मुद्‌गैर्मासं प्रीणयते पितॄन् ।।

गौधूमैरिक्षुभिर्मुद्‌गैः सतीनैश्चणकैरपि ।। इति हेमाद्रौ कौर्मविष्णुधर्मादिविरोधः स्यात् । पिप्पलीमरीचादेस्तु प्रत्यक्षस्य निषेधो न त्वन्यद्रव्यमिश्रस्य ।

सौवीरतिक्तैर्लवणादिभिस्तु पाकस्य सिद्धिर्महतीह यैस्तु ।
तद्‌बीजपूरान्मरिचादियोगात्सिद्धिप्रदेयं न तु दुष्यतीह ।।

इति पृथ्वीचन्द्रोदये बृहत्पराशरोक्तेः । तत्रैव –

दातुश्च यस्मिन्मनसोऽभिलाषः श्रद्धा भवेद्यत्र च दीयमाने ।
श्राद्धेषु देयं विधिवत्तदेव तद्दत्तमक्षय्यमिति ब्रुवन्ति ।। एतन्निषिद्धेतरविषयम् ।

माधवीयमा उद्‌धृत **चतुर्विंशतिमत**मा भनिएको छ – विद्वान्‌हरू **यावनाल** – जुनेलो र **कुलत्थ** – माषलाई श्राद्धमा वर्जित गर्दछन् । जुन चना आदि अन्न छन्, तिनीहरूको कहीँ निषेध र कहीँ विधान देखिनाले विकल्प छ भन्ने कुरा प्रमाणित हुन्छ । विकल्प नभएको भए **श्यामाक** – सामाधान, चनाको साग, **नीवार** – वनधान्य, **प्रियङ्गु** – कागुनु, दयाँलोको फल, गहुँ, तिल र मुँगी प्रदान गर्नाले पितृहरूले एकमहिनासम्म तृप्ति गर्नेछन् भन्ने कुरा आउने थिएन । गहुँ, उखु, मुँगी, केराउ र चनाबाट पनि पितृहरूलाई एकमहिनासम्म तृप्ति प्राप्त हुन्छ भन्ने वाक्यबाट पनि यो कुरा प्रमाणित हुन्छ ।

हेमाद्रिमा उद्‌धृत गरिएका **कूर्म** एवं **विष्णुधर्म**का वचनहरूमा पनि कहीँ विधि र कहीँ निषेध देखिन आउँछ । तसर्थ उक्त पदार्थ समर्पण गर्ने वा नगर्ने विषयमा वैकल्पिक व्यवस्था रहेको कुरा स्पष्ट हुन्छ । पिप्पली र मरीचलाई सोझै प्रयोग गर्न निषेध गरिएता पनि अरू पदार्थमा मिसाएको अवस्थामा निषेध गरिएको छैन ।

पृथ्वीचन्द्रोदयमा **वृद्धपराशर**ले भनेका छन् – '**सौवीर** – जौ वा गहुँको सिर्का, तीता पदार्थ एवं नुनिला पदार्थबाट पाकसिद्धि हुन्छ । **बीजपूर** – बिमिरो एवं मरीचको योगबाट त्यो पाक आस्वाददायक हुन्छ । तसर्थ उक्त वस्तुहरूको प्रयोग गर्दा कुनै दोष उत्पन्न हुँदैन ।' फेरि उनै भन्दछन् – जुन पदार्थ प्रदान गर्नका लागि दाताको मनमा तीव्र इच्छा प्रकट हुन्छ र जुन पदार्थ अर्पण गर्दा दाताको मनमा श्रद्धा पैदा हुन्छ ती वस्तु श्राद्धमा अर्पण गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – उक्त भनाइ निषेध नगरिएका पदार्थहरूलाई लिएर आएको हो ।

चन्द्रिकायाम् –

कृष्णधान्यानि सर्वाणि वर्जयेच्छ्राद्धकर्मणि । न वर्जयेत्तिलाँश्चैव मुद्गमाषाँस्तथैव च ।।

मात्स्ये – **मसूरशणनिष्पावराजमाषकुसुम्भिकाः । पद्मबिल्वार्कधत्तूरपारिभद्राटरूषकाः ।।**

न देयाः पितृकार्येषु पयश्चाजाविकं तथा । कोद्रवोद्दारवरककपित्थमधुकातसी ।।

एतान्यपि न देयानि पितृभ्यः श्राद्धमिच्छता ।। निष्पावाः – वल्लाः ।

चन्द्रिकामा भनिएको छ – सबै किसिमका कालो रंग भएका धान्यवर्गका पदार्थ श्राद्धमा वर्जित छन् तर तिल, माष र मुँगी भने वर्जित हुँदैनन् । यस सम्बन्धमा **मत्स्यपुराणमा** भनिएको छ – मसुरो, सनपाट, सिमी, राजमा, **कुसुम्भिका** – बर्रेको साग, वर, कमल, बेल, आँक, मदार, नीम, **आटरूषक** – असुराको फूल, भेडा-बाख्राको दूध, कोदो, **कचनार** – कोइरालो, वनको मुँगी, खयर, जेठीमधु, **अतसी** – तिसी पनि पितृलाई प्रसन्न तुल्याउन चाहने कर्ताले श्राद्धमा वर्जित गर्नुपर्दछ । माथि मूलमा प्रयोग गरिएको **निष्पावशब्दको** अर्थ नाङ्लो फट्केर अन्न सफा गर्ने काम हो र अरू कसैको मतमा सिमी पनि हो ।

यत्तु मार्कण्डेयः – **प्रियङ्गवः कोविदारा निष्पावाश्चात्र शोभनाः** इति । तत्र **निष्पावः** – श्वेतशिम्बीति दानसागरे श्राद्धप्रकाशे चोक्तम् । बिल्वं च रक्तं निषिद्धम् – **जम्बीरं रक्तबिल्वं च शालस्यापि फलं त्यजेत्** इति ब्राह्मोक्तेः । **पारिभद्रे निम्बतरुः** इत्यमरः । रक्तमन्दार इति हेमाद्रिः । **उद्दारः** – काञ्चनारः, **मधुकम्** – ज्येष्ठी मध्वीति चन्द्रिका, **वरकाः** – वनमुद्गाः । हेमाद्रौ ब्रह्माण्डे –

आसनारूढमन्नाद्यं पादोपहतमेव च । अमेध्यैर्जङ्गमैः स्पृष्टं शुष्कं पर्युषितञ्च यत् ।।
द्विःस्विन्नं परिदग्धञ्च तथैवाग्रावलेहितम् । शर्कराकीटपाषाणैः केशैर्यच्चाप्युपद्रुतम् ।।
पिण्याकं मथितं चैव तथातिलवणं च यत् । सिद्धाः कृताश्च ये भक्ष्याः प्रत्यक्षलवणीकृताः ।।
वाससा चावधूतानि वर्ज्यानि श्राद्धकर्मणि ।। द्विःस्विन्नम् – यत् सकृत्पाकेन भक्ष्यमपि हिङ्गुजीरकादिसंस्कारार्थं पुनः पच्यते तद्वर्ज्यम् । यत्तु ते शाकान्नविकारादि द्विःपाकेन भक्षणार्हं न तन्निषिद्धम् । **अग्रावलेहितम्** – आस्वादितपूर्वम् । पर्युषितस्य सदा निषेधेऽपि पुनर्वचनम् ।

अपूपाश्च करम्भाश्च धाना वटकसक्तवः । शाकं मांसमपूपं च सूपं कृसरमेव च ।।
यवागूः पायसं चैव यच्चान्यत्स्नेहसंयुतम् । सर्वं पर्युषितं भोज्यं शुक्तं चेत्परिवर्जयेत् ।।
इति माधवीये यमकवटकादेरपि पर्युषितस्य निषेधार्थमिति चन्द्रिकादयः ।

मार्कण्डेयले भनेका छन् – 'कागुनु, कोइरालो र सिमी श्राद्धमा उत्तम मानिएका छन् ।' यहाँ प्रयोग गरिएको **निष्पावशब्दको** अर्थ सिमी हो भन्ने कुरा दानसागर र श्राद्धप्रकाशमा बताइएको छ । श्राद्धमा बेलहरूमध्ये रातो बेलको मात्र निषेध गरिएको छ । **ब्रह्मपुराणमा** भनिएको छ कि ज्यामिर, रातो बिल्वफल र सखुवा श्राद्धमा निषिद्ध छन् ।

माथिका पद्यहरूमा प्रयुक्त शब्दहरूमध्ये **पारिभद्रशब्दको** अर्थ नीम हो । **अमरकोशमा** पनि भनिएको छ – **पारिभद्रे निम्बतरुः** । **हेमाद्रिले** भने **पारिभद्रको** अर्थ रातो मदार हो भनेका छन् । **आटरूषको** अर्थ असुरोको फूल हो। **उद्दारको** अर्थ कचनार हो । **मधुकको** अर्थ जेठीमधु हो । **वरकशब्दको** अर्थ वनमुँगी हो ।

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ– 'आफू बस्ने आसनमा राखिएको अन्न, खुट्टाले स्पर्श गरेको अन्न, अपवित्र जीवहरूद्वारा स्पर्श गरिएको अन्न, वासी अन्न, रस नभएको अन्न, दुईपटक पकाएको अन्न, पकाउँदा डढेको अन्न, पकाउँदा-पकाउँदै कसैले चाखेको अन्न, कङ्कण, कीरा, ढुङ्गा र रौं परेको अन्न, मन्थन गरिएको दही, नुन धेरै परेको पदार्थ, नुन परेका मिष्टान्न आदि सिद्ध पदार्थ, कपडा हल्लाएर पैदा गरिएको हावा परेको अन्न आदि सबैलाई श्राद्धमा प्रयोग गर्न हुँदैन ।'

माथि मूलमा रहेका शब्दहरूको अर्थ खुलाउँदै ग्रन्थकार भन्दछन् – पहिलो पटक पकाएपछि खानेयोग्य भइसकेको पदार्थलाई हिङ, जीरा आदि झान्ने उद्देश्यले फेरि पकाइन्छ भने त्यस अन्नलाई **द्विःस्विन्न** भन्दछन् । यस्तो पदार्थ श्राद्धमा वर्जित हुन्छ । तर जुन तीतो साग र अन्नका विकार हुन्छन् ती भने दोस्रो पटक पकाउँदा पनि खानयोग्य हुन्छन् । त्यस्ता पदार्थ श्राद्धमा निषिद्ध हुँदैनन् । **अग्रावलेहितशब्द**को अर्थ पहिले चाखिएको पदार्थ हो । वासी पदार्थ जहाँसुकै निषेध गरिएता पनि फेरि यहाँ निषेध गर्नुको तात्पर्यमा केही रहस्य छ । खासकुरा के हो भने केही विद्वान्हरूले कतिपय वासी पदार्थलाई पनि खानयोग्य मानेका कारण त्यस्ता पदार्थको निषेध गर्न पुनः **पर्युषित** भन्ने शब्द आएको हो । जस्तै **अपूप**– जौ र गहुँबाट बनेको मालपूवा, **करम्भ** – दही मिसिएको भोज्य पदार्थ अथवा किचकिन्नी लहरो, धान, **वटक** – माष आदिबाट बनेको बारा, सातु, साग, मासु, **अपूप** – चामलबाट बनेको मालपूवा, **सुप** – दाल, **कृसर** – खिचडी, **यवागू**– जौको पीठोबाट तयार गरिएको स्वादिष्ट भोज्य पदार्थ, खीर यस्तै अरू घ्यू–तेलमा तयार गरिएका भोज्य पदार्थ वासी भए पनि भोजन गर्न योग्य हुन्छन्, तर यी पदार्थहरूमा अमिलोपन अनुभव भएमा भने त्याग गर्नुपर्दछ ।' यसरी **माधवीयमा** उद्धृत **यम**को मतमा स्वीकृत गरिएका वासी पदार्थलाई निषेध गर्न यहाँ पुनः **पर्युषितशब्द**को उल्लेख गरिएको हो भन्ने कुरा **चन्द्रिका** आदिमा बताइएको छ ।

वर्ज्येषु विश्वामित्रः –

कपित्थं कुरुकं चैव नारिकेलं च पैनिकम् । जम्बूफलादिपक्वं च पिण्याकं तन्दुलीयकम्।।

हेमाद्रौ षट्त्रिंशन्मते 'वर्ज्या मर्कटकाः श्राद्धे राजमाषास्तथैव च ।' **मर्कटकाः** – लाका इति प्रसिद्धाः ।

पैठीनसिः – **वृन्ताकं नलिकापोतकुसुम्भाश्मन्तकानि च । शाकानामभक्ष्याः** । इति । **पोतम्**– पोई इति प्रसिद्धम्, **कुसुम्भम्** – कुरडु इति महाराष्ट्रे प्रसिद्धम् । मार्कण्डेयः –

वर्ज्याश्चाभिषवा नित्यं शतपुष्पा गवेधुकाः । जम्बीरकफलं वर्ज्यं कोविदाराश्च नित्यशः ।।

अभिषवः – शुक्लमिति चन्द्रिकाः, सन्धानकमिति पृथ्वीचन्द्रः । **शतपुष्पाः** – ओंवा इति प्रसिद्धम् ।

शाट्यायनः– **मारिषं नालिका चैव रक्ता या च कलम्बिका । असुरान्नमिदं सर्वं पितॄणां नोपतिष्ठते।।**

मारिषम् – मध्यदेशे मरसा इति, महाराष्ट्रे राजगिरा इति च प्रसिद्धम् । **कलम्बिका** – वेण्वाकृतिपत्रम् । तत्रैव – **गान्धारिका पटोलानि श्राद्धकर्मणि वर्जयेत्** । **गान्धारिका** – तन्दुलीयमिति चन्द्रिका । **जवासाख्या दुरालभा** इति कैदेवः ।

श्राद्ध आदिमा वर्जित पदार्थको निरूपण गर्दै **विश्वामित्र** भन्दछन् – कैथ, **कुरुक** – वृक्ष वा वस्तुविशेष, नरिवल, **पैनिक** – स्थूलता बढाउने पदार्थ वा पाकेको जामुनो, खली र चामलको माड पनि श्राद्धमा कुनै रूपमा पनि प्रयोग गर्न नहुने कुरा बताइएको छ । हेमाद्रिमा उद्धृत **षट्त्रिंशत्मत**को वचनमा भनिएको छ – मकै र राजमा पनि श्राद्धमा वर्जित हुन्छन्। **मर्कटकशब्द**को अर्थ ग्रन्थकारको भनाइअनुसार लाका हो ।

पैठीनसि भन्दछन् – भन्टा र सागहरूमध्ये **नलिका** – नाडीसाग, **पोत** – पोईसाग, **कुसुम्भ** – बर्रेको साग, **अश्मन्तक** – मालधेनुको साग श्राद्धमा अभक्ष्य मानिएका छन् । ग्रन्थकार भन्दछन् – मूलमा परेको **पोतशब्द**को अर्थ पोईसाग हो । **कुसुम्भम्** – **कुसुम्भ** – महाराष्ट्रमा कुरुडु सागको नामबाट प्रसिद्ध छ ।

मार्कण्डेय भन्दछन् – **अभिषवा शतपुष्पा** – सेतो सोंफ, **गवेधुका** – जंगली गहुँ, ज्यामिरको फल र कोइरालोजस्ता

पदार्थ सधैं त्यागयोग्य हुन्छन् । **चन्द्रिका**को मतमा **अभिषवा**को अर्थ सेतो वर्णको भन्ने हो । **पृथ्वीचन्द्र**ले त्यसको अर्थ सन्धान भनेका छन् । मध्यदेशको भाषामा **शतपुष्पा**को अर्थ ओंवा हुन्छ ।

शाट्यायन भन्दछन् – '**मारिष** – मालसाको साग, **नलिका** – नाडीसाग, **रक्तकलम्बिका** – रातो करमभाजीको साग र करेमुको सागलाई असुरान्न भनिएको छ । उक्त पदार्थ श्राद्धमा प्रयोग गर्न योग्य हुँदैनन् । प्रयोग गरिएमा पितृले प्राप्त गर्दैनन् ।' मध्यदेशको भाषामा **मारिष**को अर्थ मरसा हो र यसलाई महाराष्ट्रको भाषामा राजगिरा भनिन्छ । **कलम्बिका**- बाँसको आकारका पात हुने वृक्षको नाम हो । **शाट्यायन** फेरि भन्दछन् – **गान्धारिका** – गाँजा र **पटोल**-परवर पनि श्राद्धमा निषिद्ध छन् । **चन्द्रिका**मा गान्धारिकाको अर्थ चामलको माड हो भनिएको छ । कैदेवले यसको अर्थ **दुरालभा**- काठे बोटको लहरा हो भनेका छन् ।

भारते – **हिङ्गुं द्रव्येषु शाकेषु अलावुं लशुनं तथा । कुकुण्डकान्यलाबूनि कृष्णं लवणमेव च ।।**

पुनरलावुग्रहणमुभयालावुनिषेधार्थमिति पृथ्वीचन्द्रः । **कुकुण्डकम्** – वर्तुलं छत्राकम् । तत्रैव – **कुस्तुम्बुरुं कलिङ्गोत्थं वर्जयेदम्लवेतसम्** । हेमाद्रौ ब्राह्मे –

वृन्ताकं पञ्चशिम्बञ्च लोमशानि फलानि च । कलिङ्गं रक्तचारञ्च वीणाकं धृतचारकम् ।।
कपालं काचमारीचे करञ्जं पिण्डमूलकम् । गृञ्जनं चुक्रिकाञ्चैव गाजरं जीवकं तथा ।।

वृन्ताकम् – श्वेतम्, **कण्डूरां श्वेतवृन्ताकं कुम्भाण्डञ्च विवर्जयेत्** इति देवलोक्तेः । तेन कृष्णस्यानिषेध इति चन्द्रिकामाधवौ । वस्तुतस्तु सदा श्वेतनिषेधात् पुनः श्राद्धे निषेधो व्यर्थः । तेन भक्ष्यस्य कृष्णवृन्ताकस्यापि निषेधार्थमिति वयम् । **कण्डूरा** – कपिकच्छुः (कण्डूरं प्रावृषेणी फलम्) । **कुम्भाण्डम्** – वृत्तालावूः । पञ्चशिम्बं वल्लमसूरराजमाषमठकुलित्थाः । **लोमशानि** – कपित्थानि । **रक्तचारम्** – लोहितचारफलम् । **वीणाकम्** – दीर्घकृष्णकर्कटी । घृतचारकं चिरस्थितचारफलम् चारोलीति प्रसिद्धम् । **कपालम्** – नारिकेलम् । **काचम्** – कचुवृक्षफलम् । **मारीचम्** – आर्द्रमरीचानि । **गृञ्जनम्** – पलाण्डुभेदः । पश्चिमदिशि प्रसिद्धं न तु गाजरम्, तस्य पृथगुक्तेः । **हेमाद्रिणा** तु गृञ्जनं गाजरमेवोक्तम् । गौडश्राद्धकौमुद्यामप्येवम् । तच्चिन्त्यम् । चुक्रिका चिरकालशुक्तं पानकम् । चन्द्रिकायां हारीतः – **न वटप्लक्षोदुम्बरशेलुदधित्थनीपमातुलिङ्गानि भक्षयेत्** । **शेलुः** – श्लेष्मान्तकः भोंकरसंज्ञः । **दधित्थम्** – कपित्थम् ।

महाभारतमा भनिएको छ – 'द्रव्यहरूमा हिँङ, सागहरूमा **अलाबु** – बाटुलो लौका, लशुन, **कुक्कुण्डक** - बाटुलो आकारको च्याउ र **अलाबु** – अरू सबै प्रकारका लौका र कालो नुन श्राद्धमा त्याज्य हुन्छन् ।' यहाँ दुईपटक अलाबु पदको उल्लेख गर्नुको तात्पर्य गोलो लौका र अरू सबै प्रकारका लौकाको निषेधका लागि हो भनी **पृथ्वीचन्द्र**ले भनेका छन् । मूलमा प्रयुक्त **कुक्कुण्डकम्** शब्दको अर्थ बाटुलो आकार हुने च्याउ हो ।

महाभारतमा नै फेरि भनिएको छ – '**कुस्तुम्बुरु** – धनियाँ र कलिङ्गदेशमा पैदा हुने **अम्लवेतस** – शंखत्रो पनि श्राद्धमा त्याज्य हुन्छन् ।' हेमाद्रिमा उद्‌धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – भन्टा, पाँच प्रकारका सिमी – भटमास, मसुरो, राजमा, सिमी र माष, **कलिङ्ग** – तरबुजा, लालचिँरौजी, ठूलो काँक्रो, **चारौली** – पुरानो चिरौंजी, नरिवल, **काच**-कचु वृक्षको फल, बाटुलो खुर्सानी, **मारीच** – भिजाएको मरीच, **करञ्ज** – प्याजको एक भेद, **गृञ्जन** – तमाखुका पात अथवा विषलिप्त शस्त्रद्वारा मारिएका मृगको मासु, गाजर, चूक, **जीवक** – जीरा आदि पदार्थ पनि श्राद्धमा वर्जित छन् ।

भण्टा भन्ने अर्थ बोध गराउने **वृन्ताक**शब्दबाट सेतो भण्टा बुझ्नुपर्दछ । किनकि **देवल**ले भनेका छन् कि –

'कण्डूरा – काउछो अथवा कटहर, **श्वेतवृन्ताक** अर्थात् सेतो भण्टा र **कुम्भाण्ड** अर्थात् बाटुलो लौका श्राद्धमा प्रयोग गर्न हुँदैन।' देवलले सेतो भण्टाको प्रयोग गर्न निषेध गरेकाले कालोभण्टाको प्रयोग गर्न हुने भन्ने **चन्द्रिका** र **माधव**को मत रहेको छ । ग्रन्थकार भन्दछन् – सेतोभण्टा जहाँसुकै निषिद्ध मानिएकाले फेरि त्यसलाई श्राद्धमा निषेध गर्ने कार्य अर्थहीन छ। त्यसैले यहाँ पुनः निषेध गर्नु कालोभण्टा पनि श्राद्धमा प्रयोग गर्न हुँदैन भन्ने तात्पर्य बुझाउनका लागि हो । मूलमा प्रयोग गरिएको **कण्डूराशब्द**को अर्थ काउछो हो भने **कण्डूरम्**को अर्थ काउछाको फल हो । मूलमा प्रयोग गरिएको **कुम्भाण्डशब्द**को अर्थ बाटुलो लौका हो । **पञ्चशिम्बपद**ले भटमास, मसुरो, राजमा, सिमी र माष यी पाँच वस्तुलाई बुझाउँछ । **लोमशानि फलानि**को अर्थ खयरका फल भन्ने हुन्छ । **रक्तचार**को अर्थ रातो चिरौंजी हो । **वीणाकशब्द**ले कालो र ठूलो आकारको काँक्रो भन्ने अर्थ बुझाउँछ । **घृतचारकशब्द**ले पुरानो चिरौंजी अथवा चारौलीको फल भन्ने अर्थबोध हुन्छ । **कपाल**को अर्थ नरिवल हो । **काचशब्द**बाट कचुवृक्षको फल भन्ने अर्थ बुझिन्छ । **मारीचशब्द** भिजाएको मरीच भन्ने अर्थमा प्रयोग गरिन्छ। प्याजको भेदलाई **करञ्ज** भनिन्छ र यो पश्चिमदिशामा प्रसिद्ध छ । कसैले **गृञ्जन** भनेको गाजर हो भनेका छन् त्यो होइन, किनकि मूलमा गाजरशब्दको छुट्टै प्रयोग गरिएको छ । **हेमाद्रि**ले भने **गृञ्जन**को अर्थ गाजर नै हो भनेका छन् । **गौडश्राद्धकौमुदी**मा पनि यही भनिएको कुरा चिन्तनीय छ । **चुक्रिका**को अर्थ चरिअमिली वा चूक भन्ने हो । **चन्द्रिकामा हारीत**ले भनेका छन् कि वर, पाँखरी, डुम्री, शेलु अर्थात् लप्सी, दधित्थ अर्थात् खयर, नीम र मातुलिङ्ग – बेलको पनि श्राद्धमा प्रयोग गर्न हुँदैन ।

मदिरातुल्यवस्तूनां कथनम्

स्मृतिसारे – **क्षीरे तु लवणं दत्त्वा उच्छिष्टेऽपि च यद् घृतम् । स्नानं रजकतीर्थेषु ताम्रे गव्यं सुरासमम् ।।**

गौडनिबन्धसागरे स्मृतिः –

नारिकेलोदकं कांस्ये ताम्रपात्रे स्थितं मधु । गव्यं च ताम्रपात्रस्थं मद्यतुल्यं घृतं विना ।।

ताम्रपात्रे धृतं मांसं यच्च गव्यं घृतेतरत् । आमिषं तु गवां मांसं दधि मद्यं पयो रजः ।।

द्रव्यान्तरयुतं मांसं पयसा संयुतं दधि । पयोऽनुदधृतसारं च ताम्रपात्रे न दुष्यति ।।

मदिरासमान मानिएका वस्तुहरूको निरूपण

स्मृतिसारमा भनिएको छ कि – दूधमा नुन, जूठो वस्तुमा घ्यू र ताँबोको भाँडामा दूध आदि राखिन्छ भने ती सबै वस्तु मदिरासमान हुन्छन् । धोवीले कपडा धुने तीर्थहरूमा स्नान पनि सुरास्नानसमान मानिएको छ ।

गौडनिबन्धसागरमा उद्धृत **स्मृति**को वचनमा भनिएको छ – काँसको पात्रमा राखिएको नरिवलको जल, ताँबोको पात्रमा राखिएको मह र ताँबोकै पात्रमा राखिएको गाईको दूधमा यदि घिउ राखिँदैन भने ती सबै वस्तु मदिरासमान हुन्छन् । घिउबाहेक ताँबोको भाँडोमा राखिएको गोरस मासुसमान हुन्छ । ताँबोको पात्रमा राखिएको मासु गाईको मासुसमान हुन्छ, ताँबोको भाँडामा राखेको दही मदिरासमान हुन्छ र ताँबोको भाँडामा राखिएको गाईको दूध रगतबराबर हुन्छ । तर अरू द्रव्य मिसिएको मासु, दूध मिसिएको दही र दूधबाट निस्किएको मखखन ताँबोको भाँडोमा राखिँदा दूषित हुँदैन ।

श्राद्धे ग्राह्यजलनिरूपणम्

अथ जलम् । याज्ञवल्क्यः – **शुचि गोतृप्तिकृत्तोयं प्रकृतिस्थं महीगतम् ।**

श्राद्धमा ग्रहण गर्नहुने जलको निरूपण

अब जलको विषयमा निरूपण गरिन्छ । **याज्ञवल्क्यले** भनेका छन् कि – निर्मल, गाईलाई तृप्ति प्रदान गर्ने र जमिनमा स्थिररूपमा रहेको जल पवित्र हुन्छ त्यस्तो भूमिको जल श्राद्धका निमित्त ग्राह्य मानिएको छ ।

श्राद्धे त्याज्यजलकथनम्

वर्ज्यं जलमुक्तं हेमाद्रौ ब्रह्माण्डे –

दुर्गन्धि फेनिलं क्षारं पङ्किलं पल्वलोदकम् । न भवेद्यत्र गोतृप्तिर्नक्तं यच्चाप्युपाहृतम् ।।

यन्न सर्वार्थमुत्सृष्टं यच्चाभोज्यनिपानजम् । तद्वर्ज्यं सलिलं तात सदैव श्राद्धकर्मणि ।।

निपानः – जलाशयः । शुद्धितत्त्वे शङ्खः –

स्नानमाचमनं दानं देवतापितृतर्पणम् । शूद्रोदकैर्न कुर्वीत तथा मेघाद्विनिःसृतैः ।।

श्राद्धमा त्याज्य जल

हेमाद्रिमा उद्धृत **ब्रह्माण्डपुराणको** वचनमा भनिएको छ – दुर्गन्धले युक्त भएको जल, फिँज भएको जल, नुनिलो जल, माटो मिसिएको जल, गहिरो खाडलको जल, जसबाट गाईलाई तृप्ति हुँदैन त्यस्तो जल, रात्रिको समयमा झिकेर ल्याइएको जल र जसका स्वामीले अरूका निमित्त पानी पिउन भनी आज्ञा दिएका छैनन् त्यस्तो जलाशयको जल र दूषित एवं अभोज्य पदार्थले भरिएको जलाशयको जल श्राद्धका लागि सदैव त्याज्य हुन्छन् ।[३५]

शुद्धितत्त्वमा शङ्खले भनेका छन् – शूद्रको स्वामित्वमा रहेको जल र आकाशबाट खसेको जलबाट स्नान, आचमन, दान, देवता एवं पितृको तर्पण गर्न हुँदैन ।

गङ्गाजले विचारः

हेमाद्रावादित्यपुराणे –

चिरं पर्युषितं वाऽपि शूद्रस्पृष्टमथापि वा । जाह्नव्याः स्नानदानादौ पुनात्येव सदा पयः ।।

गङ्गाजलसम्बन्धी विचार

हेमाद्रिमा उद्धृत **आदित्यपुराणको** वचनमा भनिएको छ कि – गङ्गाजीबाट धेरै पहिलेदेखि ल्याएर बासी बनाई राखिएको र शूद्रद्वारा स्पर्श गरिएको गङ्गाजल पनि स्नान–दान आदिमा पवित्र नै मानिन्छ ।

रात्रौ जलग्रहणे विचारः

कात्यायनः – **अपो निशि न गृहीयान्न पिबेच्च कदाचन । उद्धृत्याग्निमुपर्यग्नेर्धाम्नो धाम्न इतीरयेत् ।।**

रजोदोषे तु प्रागुक्तम् ।

३५. बासी जल, अपवित्र व्यक्तिबाट स्पर्श गरिएको जल, अन्त्यजहरूको जलाशयको जल, प्रतिष्ठा नगरिएको जलाशयको जल, अरूद्वारा पिउन खोजिएको जल, कुश, तिल, सुवर्ण, चाँदी आदि नराखीकन राखिएको जल, अभोज्य अन्नहरू राखिएको खाडलमा जम्मा भएको जल, पतितहरूद्वारा बनाइएको जलाशयको जल, शूद्रका घरबाट आएको जल, दुर्गन्धित जल र रातको समयमा झिकाइएको जल वर्जित हुन्छन् भन्ने कुरा श्राद्धविवेकको दोस्रो परिच्छेदमा बताइएको छ ।

रात्रिमा जलग्रहणसम्बन्धी विचार

कात्यायनले भनेका छन् कि रातको समयमा जलाशयबाट जलग्रहण गर्न हुँदैन र जलपान गर्न पनि हुँदैन । राति जल ग्रहण गर्नुपरेमा अग्निको स्थापना गरी अग्निका समक्ष निम्न उद्धृत ऋचा पाठ गर्नुपर्दछ – **धाम्नो धाम्नो राजँस्ततो वरुणनो मुञ्च । यदादुरघ्न्याऽइति वरुणेति शपामहे ततो वरुणनो मुञ्च ।।** (य.अ. ६, मं. २२)

पर्युषितगङ्गाजलादिग्रहणे विचारः

नारदीये – **त्यजेत्पर्युषितं पुष्पं त्यजेत्पर्युषितं जलम् । न त्यजेज्जाह्नवीतोयं तुलसीं पद्मबिल्वकम् ।।**

बासी गङ्गाजल आदिको ग्रहण

नारदीयपुराणमा भनिएको छ कि – श्राद्धकर्ममा बासी फूल र बासी जल त्याग गर्नुपर्दछ । तर, गङ्गाजल, तुलसी, कमल र बेलपत्र यी वस्तु बासी भए पनि अपवित्र हुँदैनन् र त्याग गर्नुपर्दैन ।

कुतपानां परिगणनम्

अन्यान्यपि पृथ्वीचन्द्रोदये मात्स्ये –

मध्याह्नः खड्गपात्रं च तथा नेपालकम्बलः । रौप्यं दर्भास्तिला गावो दौहित्रश्चाष्टमः स्मृतः ।।

पापं कुत्सितमित्याहुस्तस्य सन्तापकारिणः । अष्टावेते यतस्तस्मात् कुतपा इति विश्रुताः ।।

ब्राह्मे – **यतिस्त्रिदण्डः करुणा राजतं पात्रमेव च । दौहित्रं कुतपः कालश्छागः कृष्णाजिनं तथा ।।**

शस्तानीति शेषः । दौहित्रम् – खड्गपात्रमिति कल्पतरुः ।

कुतपहरूको परिगणना

पृथ्वीचन्द्रोदयमा उद्धृत मत्स्यपुराणको वचनमा भनिएको छ कि – दिनको मध्याह्नकाल, खड्गपात्र, नेपालमा बनेको कम्बल, चाँदी, कुश, तिल, गाई र छोरीपट्टिको नाति अर्थात् दौहित्र यी आठलाई कुतप भनिन्छ । वस्तुतः पापको दोस्रो नाम कुत्सित हो । यी माथि बताइएका आठै वस्तुले पापलाई सन्तप्त तुल्याउने हुँदा यिनलाई कुतप भनिएको हो ।

ब्रह्मपुराणमा भनिएको छ – त्रिदण्डी संन्यासी, दया, चाँदीको पात्र, दौहित्र, मध्याह्नकाल, बोको र मृगचर्म यी विषय श्राद्धमा श्रेष्ठ मानिएका छन् । ग्रन्थकार भन्दछन् – यहाँ प्रयोग गरिएको दौहित्रशब्दको अर्थ छोरीतर्फको नाति भन्ने नभई खड्गपात्र अर्थात् खगौतो हो भन्ने कुरा कल्पतरुमा उल्लेख गरिएको छ ।

दौहित्रादिलक्षणकथनम्

अपरार्के स्मृत्यन्तरे – **अपत्यं दुहितुश्चैव खड्गपात्रं तथैव च । घृतञ्च कपिलाया गोर्दौहित्रमिति कीर्तितम् ।।**

दौहित्र आदिको लक्षण

अपरार्कमा उद्धृत स्मृतिवचनमा भनिएको छ कि आफ्नी छोरीतर्फको छोरा, खड्गपात्र र कपिला गाईको घ्यू यी वस्तुलाई दौहित्र भनिन्छ ।

प्रकारान्तरेण दौहित्रलक्षणकथनम्

ब्रह्माण्डे – **अमावास्यागते सोमे या तु खादति गौस्तृणम् । तस्या गोर्यद्भवेत्क्षीरं तद्दौहित्रमुदाहृतम्।।**

प्रकारान्तरबाट दौहित्रको लक्षण

चन्द्रमा अमावास्यामा जाँदा गाईले जुन घाँस खान्छिन् त्यस घाँसबाट बनेको गाईको दूधलाई दौहित्र भनिन्छ ।

श्राद्धे सप्त पवित्राणि

स्मृतिसङ्ग्रहे– **उच्छिष्टं शिवनिर्माल्यं वान्तञ्च मृतकर्पटम् । श्राद्धे सप्तपवित्राणि दौहित्रः कुतपस्तिलाः।।**

उच्छिष्टम्– वत्सस्य दुग्धमित्यर्थः । **शिवनिर्माल्यम्**– गङ्गोदकम् । **वान्तम्**– मधु । **मृतकर्पटम्**– तसरीपट्टम्।

श्राद्धका सात पवित्र वस्तु

स्मृतिसंग्रहमा भनिएको छ कि – उच्छिष्ट – बाच्छाले चुसेर बाँकी रहेको दूध, **शिवनिर्माल्य** – गङ्गाजल, **वान्त**– मह, **मृतकर्पट** – अनेकथरि कीराद्वारा तयार गरिएको रेशम र सोसरहका वस्त्र, **दौहित्र** – छोरीतर्फको नाति, **कुतपकाल**– मध्याह्नकाल र तिल यी सातवस्तु श्राद्धमा पवित्र मानिएका छन् ।

तिलानां श्राद्धे विचारः

तिलेष्वापस्तम्बः –

अटव्यां ये समुत्पन्ना अकृष्टफलितास्तथा । ते वै श्राद्धे पवित्राः स्युस्तिलास्ते न तिलाः स्मृताः ।।

अभावे – **'ग्राम्याः, गौराः कृष्णास्तथारण्यास्तथैव त्रिविधास्तिलाः'** इति ब्राह्मोक्तेः ।

श्राद्धमा तिल प्रयोगसम्बन्धी विचार

आपस्तम्बले भनेका छन् कि – जङ्गलमा पैदा भएको तिल र नजोतिएको जमिनमा पैदा भएको तिललाई श्राद्धमा अत्यन्त पवित्र मानिएको छ । यस्तो अत्यन्त पवित्रतिललाई सामान्यतिल मात्र हुँदैन । **ब्रह्मपुराणमा** भनिएको छ कि– माथि बताइएको तिल उपलब्ध नभएमा गाउँमा पैदा हुने तिल र सेतो तथा कालो वर्णको जङ्गलीतिललाई पनि ग्राह्य नै मानिएको छ।

श्राद्धकाले कुक्कुटादीनां त्यागः

अथ वर्ज्यानि चन्द्रिकायां यमः –

कुक्कुटो विड्वराहश्च काकश्चाथ विडालकः । वृषलीपतिश्च वृषलः षण्ढोऽवीरा रजस्वलाः ।।

एते तु श्राद्धकाले वै वर्जनीयाः प्रयत्नतः । खञ्जः काणः कुणिः श्वित्री दातुः प्रेष्यकरस्तथा ।।

न्यूनाङ्गोऽप्यतिरिक्ताङ्गस्तमप्यपनयेत्ततः ।।

श्राद्धकालमा कुखुरा आदि त्याज्य प्राणी र वस्तुहरूको निरूपण

चन्द्रिकामा यमले भनेका छन् कि – कुखुरो, मयल खाने सुँगुर, कौवा, बिरालो, शूद्रा नारीको पति, शूद्र, नपुंसक, पति र छोरा नभएकी स्त्री र रजस्वला स्त्री यी श्राद्धमा प्रयत्नपूर्वक त्याज्य मानिएका छन् । लङ्गडो, कानो, कुणि – जसको

एउटा हात कारणवश सुकेको हुन्छ, शरीरमा सेतो दाग भएको, दाताको घरमा अथवा अन्यत्र गई सेवा गर्ने, न्यून अङ्ग भएको र अधिक अङ्ग भएको व्यक्तिलाई पनि श्राद्धमा आमन्त्रित गर्नहुँदैन ।

त्याज्यैर्हव्यकव्याद्यन्नदर्शने विचारः

वायवीये – **अन्नं पश्येयुरेते तु यदि वै हव्यकव्ययोः । उत्सृष्टव्यं प्रधानार्थं संस्कारस्त्वापदि स्मृतः ।।**

त्याज्य व्यक्तिको नजर श्राद्धका हविमा पर्न जाँदा

वायुपुराणमा भनिएको छ कि – माथि बताइएका त्याज्य व्यक्तिहरूले श्राद्धमा प्रयोग गरिने हव्य र कव्यरूप अन्नलाई देखेमा श्राद्धमा प्रयोग गरिने मुख्य अन्नको त्याग गर्नुपर्दछ र यदि आपत्तिकाल छ भने त्यस अन्नलाई पवित्र वस्तुले संस्कार गरी प्रयोग गर्नुपर्दछ ।

निन्दितजनवीक्षितान्नविचारः

सुमन्तुः – चाण्डालादिवीक्षितमन्नमभोज्यमन्यत्र मृद्भस्महिरण्योदकस्पर्शात् ।

श्राद्धान्नमा निन्दित व्यक्तिको नजर पर्दा

सुमन्तुले भनेका छन् – चाण्डाल आदिद्वारा दर्शन गरिएको अन्न श्राद्धमा भोजनयोग्य हुँदैन । तर त्यसमा माटो, भस्म र सुन-पानी छर्केको जल पर्दछ भने भोजन गर्दा दोष लाग्दैन ।

अन्नदोषनिवारणकथनम्

तत्रैव जमदग्निः – **शुद्धवत्योऽथ कूष्माण्ड्यः पावमान्यस्तरत्समाः । पूतेन वारिणा दर्भैरन्नदोषमपोनुदेत्।।**

अन्नदोषको निवारण

जमदग्निले भनेका छन् – अशुद्ध व्यक्तिद्वारा देखिएको र अरू कुनै कारणबाट दूषित भएको अन्नमा शुद्धवती ऋचा, कूष्माण्डी ऋचा, पावमानी ऋचा र तरत्समा ऋचाको उच्चारण गर्दै कुशद्वारा पवित्र जल छर्कनाले अन्नको दोष निवारण हुन्छ । ती ऋचाहरू क्रमशः यसप्रकार छन् –

शुद्धवती ऋचा – **एतोन्विद्रं स्तवाम सखायः स्तोभ्यं नरम् । कृष्टीर्यो विश्वा अभ्यस्त्येक इत् ।। अगोरुधाय गविषे द्युक्षाय दस्म्वं वचः । घृतात् स्वादीयो मधुनश्च वोचत ।। यस्यामितानि वीर्या ३ न राधः पर्येतवे । ज्योतिर्न विश्वमभ्यस्त दक्षिणा ।।** (ऋ. अ.सू. २४, मं. १९-२१)

कूष्माण्डी ऋचा– **यद्देवा देवहेडनं देवासश्च कृमा वयम् । आदित्यास्तस्मान्मामुञ्चतर्तस्यर्ते नमामित स्वाहा ।।१।। देवाजीवनकाम्या यद्वाचानृतमूदिम । तस्मान्न इदमुञ्चत विश्वेदेवाः सजोषसः स्वाहा ।।२।। ऋतेन द्यावा पृथिवी ऋतेन त्वं सरस्वति । कृतान्नः पाह्येनसो यत्किञ्चानृतसूदिम स्वाहा ।।३।।** इत्यादयः ।

पावमानी ऋचा – **स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।।१।। रक्षो हा विश्वचर्षणिरभियोनिमयोहतम् । द्रुणा सधस्थमासदत् ।।२।। वरिवोधातमो भव मंहिष्ठो वृत्रहन्तमः । पर्षि राधो मघोनाम् ।।३।। अभ्यर्ष महानां देवानां वीतमन्धसा । अभि वाजमुत श्रवः ।।४।। त्वामच्छा चरामसि तदिदर्थं दिवेदिवे । इन्द्रो त्वे न आशसः ।।५।। पुनाति ते परिश्रुतं सोमं सूर्यस्य दुहिता । वारेण शश्वता तना ।।६।।**

तमीमण्वीः समर्य आ गृभ्णन्ति योषणो दश । स्वसारः पार्ये दिवि ।।७।। तमीं हिन्वन्त्यग्रुवो धमन्ति बाकुरं दृतिम्। त्रिधातु वारणं मधु ।।८।। अभीऽ३ मगघ्न्या उत श्रीणन्ति धेनवः शिशुम् । सोममिन्द्राय पातवे ।।९।। अस्येदिन्द्रो मदेष्वा विश्वा वृत्राणि जिघ्नते । शूरो मघा च मंहते ।।९।। (ऋ. ९/१/१-१०) इत्यादयः ।

य इन्दोः पवमानस्याऽनु धामान्यक्रमीत् । तमाहुः सु प्रजा इति यस्ते सोमाविधन्मन इन्द्रायेन्द्रो परि श्रव ।।१।। ऋषे मन्त्रकृतां स्तोमैः कश्यपोद्वर्धयन् गिरः । सोमं नमस्य राजानं यो जज्ञे वीरुधां पतिरिन्द्रायेन्दो परि श्रव ।।२।। सप्त दिशो नानासूर्याः सप्त होतार ऋत्विजः । देवा आदित्या ये सप्त तेभिः सोमाभि रक्ष न इन्द्रायेन्दो परि श्रव ।।३।। यत्ते राजञ्छृतं हविस्तेन सोमाभि रक्ष नः । आरातीवा मा नस्तारीन्मो च नः किं चनाममदिन्द्रायेन्दो परि स्त्रव ।।४।। (ऋ. ९/११४/१-४)

पवस्व विश्वचर्षणेऽभि विश्वानि काव्या । सखा सखिभ्य ईड्यः ।।१।। ताभ्यां विश्वस्य राजसि ये पवमान धामनी । प्रतीची सोम तस्थतुः ।।२।। परि धामानि यानि ते त्वं सोमासि विश्वतः । पवमान ऋतुभिः कवे ।। इत्यादयः (ऋ. ९/६६/१-३०) ।

त्वं सोमासि धारयुर्मन्द्र ओजिष्ठो अध्वरे । पवस्व मंहयद्रयिः ।।१।। त्वं सुतो नुमादनो दधन्वान् मत्सरिन्तमः। इन्द्राय सूरिरन्धसा ।।२।। त्वं सुष्वाणो अद्रिभिरभ्यर्षकनिक्रदत् । द्युमन्तं शुष्ममुत्तमम् ।।३।। इत्यादयः (ऋ. ९/६७)।

तरत्समा ऋचा - तरत् स मन्दी धावति धारा सुतस्यान्धसः । तरत् स मन्दी धावति ।।१।। उस्त्रा वेद वसूनां मर्तस्य देव्यवसः । तरत् स मन्दी धावति ।।२।। ध्वस्त्रयोः पुरुषन्त्योरा सहस्त्राणि दद्महे । तरत् स मन्दी धावति ।।३।। आ ययोस्त्रिंशतं तना सहस्त्रास्ति च दद्महे । तरत् स मन्दी धावति ।।४।। (ऋ. ९/१-४)

श्राद्धभूमौ पादुकादीनां वर्जनकथनम्

चन्द्रोदये - पादुकोपानहौ छत्रं चित्ररक्ताम्बरं तथा । रक्तपुष्पं च मार्जारं श्राद्धभूमौ विवर्जयेत् ।।

निर्णयदीपे - घण्टानिनादो हयसन्निधानं शम्बूकशङ्खौ कदलीदलञ्च ।
उन्मत्तजात्यर्कहयारिजानि श्राद्धस्य वैगुण्यकराण्यमूनि।। हयारिजम्- महिषीक्षीरादि।

श्राद्धभूमिमा खराउ आदिको प्रयोगनिषेध

चन्द्रोदयमा भनिएको छ कि - 'खराउ, जुत्ता, छाता, रङ्गिबिरङ्गी रातो कपडा, रातो फूल र बिरालो यी वस्तुहरूलाई श्राद्धभूमिमा रहन दिनु हुँदैन । निर्णयदीपमा भनिएको छ - घण्टा बजाएको शब्द, घोडाको हिनहिनाहट, घोडाको सामीप्य, शम्बूक - शङ्ख बनाउने घोंघी कीरा, केराको पात, धतूरो, चमेली, आँकको फूल र भैंसीको दूध यी पदार्थले श्राद्धकर्मलाई निम्नस्तरमा पुऱ्याउँछन् ।' यहाँ हयारिजम् भन्ने पद प्रयोग गरिएको छ त्यसको अर्थ भैंसीको दूध हो ।

श्राद्धदिनकृत्यम्

अथ श्राद्धदिनकृत्यम् । चन्द्रोदये उशनाः - गोमयोदकैर्भूमिभाजनशौचं कुर्यात् ।

श्राद्ध दिनमा गर्नुपर्ने कर्तव्य

चन्द्रोदयमा उशनाले भनेका छन् - सर्वप्रथम गोबर एवं जलले श्राद्धभूमि, श्राद्धीय भोजन तयार गरिने भान्साको भूमि र श्राद्धमा प्रयोग गरिने पात्रहरूको शुद्धि गर्नुपर्दछ ।

काञ्जिकादीनामेकोद्दिष्टे पार्वणे च विचारः

पराशरः – **काञ्जिकं दधि तक्रं च शृतं चाशृतमेव च । पूर्वमेव न दातव्यमेकोद्दिष्टेऽथ पार्वणे ।।**

श्राद्धमा काञ्जी, दही आदिको निषेध

पराशरले भनेका छन् कि – काञ्जिक, दही, मही यी पकाएका हुन् वा नपकाएका यिनलाई एकोद्दिष्ट र पार्वण श्राद्धमा भोजन गर्ने समयमा पहिले पस्किनु हुँदैन । अरू वस्तुहरू पस्केपछि पछिबाट दिन हुन्छ ।

गृह्याग्निशिशुदेवादीनां पिण्डदानात्पूर्वं दाने विचारः

हेमाद्रौ पराशरः –

गृह्याग्निशिशुदेवानां ब्रह्मचारितपस्विनाम् । तावन्न दीयते किञ्चिद्यावत्पिण्डान्न निर्वपेत् ।।

पिण्डदानभन्दा पहिले बालक आदिलाई केही दिन नहुने विषयमा

हेमाद्रिमा पराशरले भनेका छन् – घरको अग्नि, बालक, देवता, ब्रह्मचारी र तपस्वी यिनीहरूलाई पिण्डदान नगरेसम्म केही पनि दिनु हुँदैन ।

महानसादिभूमौ तिलादिविकरणकथनम्

कौर्मे – तिलानवकिरेत्तत्र सर्वतो बन्धयेदजान् ।

भान्साघरमा तिल छर्ने सम्बन्धमा

भान्साघर आदिको भूमिमा तिल छर्कनु पर्दछ र घरमा बाख्रा पाल्ने चलन भएमा तिनीहरूलाई बाँधेर राख्नुपर्दछ।

पाकनिर्माणकर्तुर्विचारः

तत्रैव देवलः – **तथैव यन्त्रितो दाता प्रातः स्नात्वा सहाम्बरः । आरभेत नवैः पात्रैरन्नारम्भञ्च बान्धवैः ।।**

अत्रात्मनेपदात्स्वयमेव पाकः कार्यः । अशक्तौ पत्न्या तदभावे बान्धवैः । **ततस्तानि पपाचाशु सीता जनकनन्दिनी** इति पाद्मलिङ्गादिति हेमाद्रिः । श्राद्धदीपकलिकायामाश्वलायनः –

समानप्रवरैर्मित्रैः सपिण्डैश्च गुणान्वितैः । कृतोपकारिभिश्चैव पाककार्यं प्रशस्यते ।।

पाकनिर्माणकर्ता र त्यसको कर्तव्य

देवलले भनेका छन् – 'भान्सामा पकाउने कर्ताले संयमपूर्वक प्रातः सचैलस्नान गरेर शुद्ध कपडा फेरेपछि आफ्ना बान्धवहरूका साथमा रही नयाँ पात्रमा अन्नको पाकक्रिया आरम्भ गर्नुपर्दछ ।' यहाँ आरम्भ गर्नुपर्दछ भन्नाले कर्ता आफैले पाकक्रिया गर्नुपर्दछ भन्ने अर्थ बुझ्नुपर्दछ । यदि आफू असमर्थ छ भने पत्नीले पाकक्रिया गर्नुपर्दछ । पत्नी पनि असमर्थ भएमा बान्धवहरूले त्यो काम गर्नुपर्दछ । माथिको पद्यमा **'आरभेत'** भन्ने आत्मनेपदी क्रिया भएकाले कर्ताले आफै गर्नुपर्दछ भन्ने अर्थ गरिएको हो । हेमाद्रिमा उद्धृत **पद्मपुराण**को वचनमा भनिएको छ कि – 'जनकनन्दिनी सीताले श्रीरामद्वारा गरिने श्राद्धमा आफै सम्पूर्ण पाकक्रिया सम्पन्न गर्नुभयो ।' यस वचनबाट पनि श्राद्धमा पत्नीले पाकक्रिया गर्न हुँदोरहेछ भन्ने कुरा ज्ञात हुन्छ ।

श्राद्धदीपकलिकामा आश्वलायनले भनेका छन् – आफ्नै प्रवर भएका मित्र र गुणी सपिण्डभित्रका बन्धु र आफ्नो उपकार गर्ने उपकारी मानिसहरूद्वारा पाकक्रिया गराउनु उत्तम हुन्छ ।

निष्पन्नेषु पाकेषु पुनः स्नानकथनम्

व्यासः – **गृहिणी चैव सुस्नाता पाकं कुर्यात्प्रयत्नतः । निष्पन्नेषु च पाकेषु पुनःस्नानं समाचरेत् ।।**

श्राद्धभोजन तयार गर्ने धर्मपत्नीद्वारा पुनः स्नान

व्यासले भनेका छन् कि – 'श्राद्धकर्ताकी पत्नीले राम्ररी नुहाएर सावधानीपूर्वक श्राद्धको पवित्रभोजन तयार गर्नुपर्दछ र वस्तुहरू पाकिसकेपछि फेरि स्नान गर्नुपर्दछ ।'

रजस्वला-पाखण्डा-पुंश्चली-पतितादीनां पाकनिर्माणे विचारः

पृथ्वीचन्द्रोदये ब्राह्मे –

रजस्वलां च पाखण्डां पुंश्चलीं पतितां तथा । त्यजेच्छूद्रां तथा बन्ध्यां विधवां चान्यगोत्रजाम् ।।

व्यङ्गकर्णीं चतुर्थाहःस्नातामपि रजस्वलाम् । वर्जयेच्छ्राद्धपाकार्थममातृपितृवंशजाम् ।।

मातृपितृवंशजभिन्नां त्यजेदित्यर्थः । स्मृतिसारे –

न पाकं कारयेत्पुत्रीमन्यां वाप्यन्यगोत्रजाम् । मृतबन्ध्यां च गर्भघ्नीं गर्भिणीं चैव दुर्मुखीम् ।।

पाकक्रियामा रजस्वला, पुँश्चली आदि नारीको निषेध

पृथ्वीचन्द्रोदयमा उद्धृत ब्रह्मपुराणको भनाइ छ – रजस्वला, पाखण्डी अर्थात् विधर्मी, पुँश्चली अर्थात् वेश्या, पतिता, शूद्रा, बाँझी, विधवा, अन्यगोत्रकी, टेढा कान भएकी, रजस्वला भई चौथो दिनको स्नान गरेकी र आफ्ना माता-पिताभन्दा भिन्नवंशकी नारीहरूबाट पाकक्रिया गराउन हुँदैन ।

स्मृतिसारमा भनिएको छ – कन्या, अन्य गोत्रकी नारी, जसका सन्तान जन्मँदै मर्दै गर्छन् त्यस्ती नारी, गर्भपात भइरहने नारी, पापको प्रायश्चित्त गरेकी नारी, गर्भिणी नारी र कटुवचन बोल्ने नारीबाट श्राद्धको पाकक्रिया गराउन हुँदैन ।

पाकनिर्माणे सुवर्णादिपात्राणां प्रयोगः

पाकभाण्डानि तु हेमाद्रौ नागरखण्डे –

सौवर्णान्यथ रौप्याणि कांस्यताम्रोद्भवानि च । मार्तिकान्यपि भव्यानि नूतनानि दृढानि च ।।

तत्रैवादित्यपुराणे –

पचेदन्नानि सुस्नातः पात्रेषु शुचिषु स्वयम् । स्वर्णादिधातुजातेषु मृन्मयेष्वपि वा द्विजः ।।

अच्छिद्रेष्वविलिप्तेषु तथाऽनुपहतेषु च । नायसेषु न भिन्नेषु दूषितेष्वपि कर्हिचित् ।।

पूर्वं कृतोपयोगेषु मृन्मयेषु न तु क्वचित् ।।

पाकक्रियामा सुवर्णपात्र आदिको प्रयोग

हेमाद्रिको नागरखण्डमा भनिएको छ – 'श्राद्धमा पाकक्रिया गराउनका लागि पात्रहरूको प्रयोग गर्दा सुवर्ण,

चाँदी, काँस, ताँबो र माटोद्वारा तयार गरिएका सुन्दर, नवीन र सुदृढ पात्रहरूको प्रयोग गर्नुपर्दछ । आदित्यपुराणमा भनिएको छ – राम्ररी नुहाएर द्विजले पवित्र पात्रमा श्राद्धको अन्न पकाउनुपर्दछ । ती पात्र सुवर्ण आदि धातु र माटोद्वारा बनाइएका हुनुपर्दछ । ती पात्रमा प्वाल हुनुहुँदैन । पात्रहरूमा राँग आदि कुनै किसिमको पदार्थ लेपन गरिएको हुनुहुँदैन। पहिले अपवित्रवस्तु राखिने गरेका पात्रहरूको पनि प्रयोग गर्नुहुँदैन । ती पात्रहरू टुटेका–फुटेका, नराम्रा हुनुहुँदैन । फलामका पात्रको प्रयोग गर्न हुँदैन । पहिले काममा ल्याइएका माटोका पात्रहरूको पनि श्राद्धमा प्रयोग गर्न हुँदैन ।

वायुपुराणे – **न कदाचित्पचेदन्नमयःस्थालीषु पैतृकम् । अयसो दर्शनादेव पितरोऽपि द्रवन्ति हि।। कालायसं विशेषेण निन्दन्ति पितृकर्मणि । फलानां चैव शाकानां छेदनार्थानि यानि तु ।। महानसेऽपि शस्त्राणि तेषामेव हि सन्निधिः । इष्यते नेतरस्यात्र शस्त्रमात्रस्य दर्शनम् ।। श्राद्धदेशे तु विदुषा पितृणां तृप्तिमिच्छता । महानसे नियुक्तानामपि कार्यं न दर्शनम् ।।** तत्रैव – **पच्यमानस्तु भाण्डेषु भक्त्या ताम्रमयेषु च । समुद्धरति वै घोरात् पितॄन् दुःखमहार्णवात्।। तैजसानामभावे तु पिठरे मृन्मयेऽपि च । नवे शुचौ प्रकुर्वीत पाकं पित्रर्थमादरात् ।।** तत्रैवादित्यपुराणे– **पक्वान्नस्थापनार्थे तु शस्यन्ते दारुजान्यपि । दर्व्यादीन्यपि कार्याणि यज्ञियैरपि दारुभिः ।।**

वायुपुराणमा भनिएको छ – पितृहरूका निमित्त फलामका भाँडाहरूमा श्राद्धको भोजन पकाउन हुँदैन । फलाम देखेपछि पितृहरू श्राद्धस्थलबाट भागेर जान्छन्। पितृकर्ममा फलाम अत्यन्त निन्दित मानिएको छ । भान्सामा ती शस्त्रहरू मात्र राखिएको हुनुपर्दछ जुन फल र साग काट्नमा प्रयोग गर्न सकिन्छ । अरू शस्त्रहरू राख्नु वा दर्शन गर्नु उपयुक्त हुँदैन। श्राद्धकर्ताले आफ्ना पितृको तृप्तिको इच्छा राखेर श्राद्ध गरिने ठाउँ र श्राद्धका लागि अन्न पकाइने ठाउँमा गई शस्त्रको दर्शन गर्न हुँदैन । त्यहीं नै भनिएको छ कि – 'श्राद्धकर्ताले ताँबोका भाँडाहरूमा भक्तिपूर्वक श्राद्धान्न पकाएर आफ्ना पितृहरूलाई भयङ्कर दुःखरूपी समुद्रबाट पार गराउँछ ।' धातुका पात्रहरूको अभावमा माटोका नयाँ र पवित्र भाँडाहरूमा आदरपूर्वक पाकक्रिया सम्पन्न गर्नुपर्दछ । आदित्यपुराणमा भनिएको छ कि – पाकेका अन्न राख्नको लागि काठका पात्र पनि प्रयोग गर्न सकिन्छ । त्यस्ता काठका पात्रहरूको प्रयोग गर्दा यज्ञमा प्रयोग गरिने पवित्र काठहरूबाट तयार भएका पात्रहरू चयन गर्नुपर्दछ । यसैगरी पन्यू र डाडुजस्ता पात्रहरू पनि यज्ञीय काठबाटै तयार गराउनुपर्दछ ।

विवाहादौ यज्ञकाले च नूतनभाण्डग्रहणविचारः

यमः – **विवाहे प्रेतकार्ये च मातापित्रोः क्षयेऽहनि । नवभाण्डानि कुर्वीत यज्ञकाले विशेषतः ।।**

विवाह आदि कर्म र यज्ञकालमा नयाँ पात्रको प्रयोग

विवाह, प्रेतकार्य, आमा–बाबुको एकोद्दिष्टश्राद्ध र यज्ञहरूमा विशेष गरेर नयाँ पात्रको प्रयोग गर्नुपर्दछ ।

पाकाग्निकथनम्

पृथ्वीचन्द्रोदयेऽङ्गिराः –

शालाग्नौ तु पचेदन्नं लौकिके वापि नित्यशः । यस्मिन्नग्नौ पचेदन्नं तस्मिन् होमो विधीयते ।।

मनुः - **वैवाहिकेऽग्नौ कुर्वीत गृह्यं कार्यं यथाविधि। पञ्चयज्ञविधानं च पङ्क्तिं चान्वाहिकीं द्विजः।।**

श्राद्धस्य गृह्यत्वं चोक्तमपरार्केण ।

पाकका लागि उपयुक्त अग्नि

अब पाकका निमित्त प्रयोग गरिने अग्निका सम्बन्धमा विचार गरिन्छ । **हेमाद्रिमा प्रजापतिले** भनेका छन् कि - 'जसले घरमा नित्य अग्निको उपासना गर्दछन्, तिनीहरूको पवित्र अग्निकुण्डमा रहेको अग्निलाई औपासनअग्नि भनिन्छ। अग्निको उपासना गर्नेहरूले औपासनअग्निमा नै श्राद्धको पाकक्रिया सम्पन्न गर्नुपर्दछ । त्यसै अग्निमा अग्नौकरणनामक श्राद्धको कर्म पनि सम्पन्न गरिन्छ ।

पृथ्वीचन्द्रोदयमा अङ्गिराले भनेका छन् - अग्निहोत्रीले गृह्याग्निमा श्राद्धको पाकक्रिया सम्पन्न गर्नुपर्दछ अथवा लौकिकअग्निमा पनि पाकक्रिया गर्न सकिन्छ । जुन अग्निमा अन्न पकाइन्छ त्यसैमा वैश्वदेवहोम पनि गरिन्छ ।

मनु भन्दछन् - 'विवाहको समयमा स्थापित गरिने अग्निमा विधिपूर्वक गृह्यसूत्रमा बताइएका कर्म, सायंकाल र प्रातःकालका होम, अष्टका आदि श्राद्ध, पाँचमहायज्ञअन्तर्गत गरिने बलिवैश्वदेवका पाक सम्पन्न गर्नुपर्दछ ।' **अपरार्कले** श्राद्धमा पाकक्रिया गरिने अग्निलाई नै गृह्याग्नि मानेका छन् ।

पाककर्मणि विशेषः

अत्र विशेषः कर्मप्रदीपे -

प्रातर्होमं तु निर्वर्त्य समुद्धृत्य हुताशनात् । शेषं महानसे कृत्वा तत्र पाकं समाचरेत् ।।

पाकान्तेऽग्निं तमाहृत्य गृह्याग्नौ तु पुनः क्षिपेत् । ततोऽस्मिन् वैश्वदेवादि कर्म कुर्यादतन्द्रितः ।।

तदभावे लौकिके ।

ततः पचेयुरन्नानि निर्वापानन्तरं शनैः । वैवाहिकेऽग्नावन्यत्र लौकिके वापि संयतः ।।

इति कलिकायां सङ्ग्रहोक्तेः । पित्रर्थं निर्वापं कृत्वेत्यर्थः, अत एव हेमाद्रौ वायुपुराणे - '**पित्रर्थं निर्वपेद् भूमौ कूर्चे वा दर्भसंस्कृते**' इति ।

पाककर्म सम्बन्धमा विशेष

कर्मप्रदीपमा श्राद्धसम्बन्धमा विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ - प्रातःकालमा हवन समाप्त गरेपछि अग्निकुण्डबाट अलिकति अग्नि निकालेर भान्सामा लगी त्यसैबाट पाकक्रिया सम्पन्न गर्नुपर्दछ । पाकसम्पन्न भएपछि भान्सामा प्रयोग गरिएको अग्निलाई फेरि गृह्याग्निमा लगेर मिसाइदिनुपर्दछ । त्यसपछि त्यस अग्निमा आलस्यत्याग गरीकन वैश्वदेव आदि कर्म सम्पन्न गर्नुपर्दछ । गृह्याग्नि नभएमा लौकिक अग्निमा गर्नुपर्दछ । त्यसपछि पितृहरूका निमित्त दिइने दानादि कर्म गर्नुपर्दछ । दानादि कर्म गरेपछि विवाहमा प्रयोग गरिने अग्निमा पाकक्रिया सम्पन्न गर्नुपर्दछ अथवा लौकिकअग्निमा सम्पन्न गर्नुपर्दछ भन्ने कुरा **कलिकासंग्रहमा** पनि बताइएको छ । **निर्वापशब्दको** अर्थ पितृका निमित्त गरिने दान हो । **हेमाद्रिमा** उद्धृत **वायुपुराणको** वचन छ कि - एक मुठी कुश बिछ्याएर पितृका लागि पिण्ड दिनुपर्दछ।

तत्रैव पाद्ममात्स्ययोः -

अग्निमान्निर्वपेत्पैत्रं चरुं वा सममुष्टिभिः । पितृभ्यो निर्वपामीति सर्वं दक्षिणतो न्यसेत् ।।

चरुग्रहणान्नशाकादाविति हेमाद्रिः । पिण्डपितृयज्ञार्थपाकविशेषयोऽयं निर्वाप इति तु युक्तम् । अयं चेतरेषामग्निः । आश्वलायनानां तु **'गुरुणाऽभिमृता अन्यतो वाऽपक्षीयमाणा अमावास्यायां शान्तिकर्म कुर्वीरन्'** इत्यादि सूत्रेण पचनाग्नेस्त्यागमुक्त्वा **'इहैवायमितरो जातवेदा'** इत्यर्द्धर्चेन, **'शमीमयीभ्यामरणीभ्यामग्निं मन्थेत्स पचनाग्निर्भवति'** इति सूत्रे वृत्तौ चोक्तेः पचनाग्नावेव पाकः ।

पद्मपुराण र **मत्स्यपुराण**मा भनिएको छ कि अग्निहोत्रीले पितृसम्बन्धी अन्न अथवा चरु तयार गरी 'म पितृहरूलाई दिन्छु' भन्ने वचन पढेर ती अन्न दक्षिणदिशातिर राखिदिनुपर्दछ । त्यहाँ चरु भन्नाले अन्न र सागलाई भनिएको हो भन्ने कुरा **हेमाद्रि**मा बताइएको छ । पितृपिण्डयज्ञका लागि जुन कुरा पकाइन्छ त्यसैलाई निर्वाप भनिन्छ । निर्वापशब्दको यही अर्थ युक्तियुक्त छ । अग्निग्रहण नगर्ने अरू मानिसका निमित्त सामान्य घरको अग्नि नै ग्राह्य हुन्छ । जसका गुरु मरेका छन् अथवा जो गुरुद्वारा मारिएका छन् वा क्षयमा प्राप्त भएका मानिसहरू छन् तिनीहरूको अमावास्यामा शान्तिकर्म गर्नुपर्दछ भन्ने **आश्वलायन** सूत्रको वचनअनुसार पाकाग्नित्याग गरेर **'इहैवायमितरो जातवेदाः'** यो आधामन्त्र पढीकन शमीद्वारा तयार गरिएका अरणिको मन्थन गरी अग्नि पैदा गर्नुपर्दछ । यसै अग्निलाई पचनाग्नि भन्दछन् । यो कुरा उक्त सूत्रको वृत्तिमा स्पष्ट गरिएको छ ।

बौधायनेनाप्युक्तम् – **'आहृत्य पचनाग्निमौपासनं वाऽभिप्रव्रजन्ति'** इति । स्मार्ताग्नौ पाकस्त्वन्यशाखाविषय इति केचित् । वस्तुतस्तु पूर्वोक्तस्य सर्वाधानविषयत्वं युक्तम् । शिष्टाचारेऽपि न पचनो दृश्यते । अण्डविलायामपि **'सर्वाधानपक्षे वैश्वदेवं श्राद्धञ्च पचनेऽग्नौ कुर्यादन्यथौपासने'** इत्युक्तम् । अग्नौकरणं तु प्रयोगपारिजातादिभिराब्दिकादिसर्वश्राद्धेषु पिण्डपितृयज्ञव्यतिषङ्गोक्तेर्लौकिके पचने वा पाके कृतेऽपि गृह्याग्नौ पक्वचरुणैव कार्यमिति प्रतिभाति। मदनरत्नेऽप्येवम् । विधुरोच्छिन्नाग्न्यादेस्तु **पृष्टोदिवि**विधानेनाग्निसम्पादनमित्युक्तं हरिहरभाष्ये । इति पाकाग्निः ।

बौधायनले भनेका छन् – पचनाग्नि तयार गरी अथवा अग्निहोत्रको उपासना गरिने औपासनअग्नि ग्रहण गरी स्मार्तअग्निमा पाक गर्ने कुरा अरू शाखाका निमित्त हो तर माध्यन्दिनीयशाखाका लागि होइन । ग्रन्थकार भन्दछन् – निष्कर्ष यो छ कि पहिले बताइएको अग्निग्रहणसम्बन्धी विषय सर्वाधानमा आधारित छ । शिष्टाचारमा पनि सामान्य अग्निमा अग्निहोत्रीले पाकक्रिया गरेको देखिँदैन । अग्निहोत्र नलिने व्यक्तिहरूले त औपासनअग्निको सट्टा लौकिक अग्निमा नै श्राद्धको पाक गर्दछन् । **अण्डविला**नामक ग्रन्थमा सर्वाधानपक्षमा वैश्वदेव र श्राद्ध पचनाग्निमा गर्नुपर्दछ भनिएको छ । पचनाग्नि नभेटिएमा औपासन अग्नि अर्थात् अर्धाधानमा गर्न भनिएको छ । **प्रयोगपारिजात** आदि ग्रन्थमा वार्षिकश्राद्धहरूमा अग्नौकरण लौकिकअग्निमा अथवा पचनाग्निमा गर्नुपर्दछ भनिएको छ । तर, चरुको प्रयोग गर्दा गृह्याग्निमा पाकेका चरुबाट नै आहुति दिनुपर्दछ भन्ने प्रतीत हुन्छ । **मदनरत्न**ले पनि यही भनेका छन्।

कात्यायनशाखाका द्विजहरूको अग्निशालामा रहेको अग्नि कारणवश निभ्न गएमा तिनीहरूले **'पृष्ठोदिवि'** विधानबाट अग्निको सम्पादन गर्नुपर्दछ भन्ने कुरा **हरिहरभाष्य**मा बताइएको छ । यहाँसम्म पाकाग्निको चर्चा गरियो ।

द्विजानां समीपे आमलकोदकानां प्रेषणकथनम्

चन्द्रिकायां मार्कण्डेयः –

अह्नः षट्सु मुहूर्तेषु गतेषु प्रयतान् द्विजान् । प्रत्येकं प्रेषयेत्तेषां प्रदायामलकोदकम् ।।

देवलः – **ततो निवृत्ते मध्याह्ने कृत्तरोमनखान् द्विजान् । अभिगम्य यथान्यायं प्रयच्छेद्दन्तधावनम् ।।**

तैलमभ्यञ्जनं स्नानं स्नानीयं च पृथग्विधम् । पात्रैरौदुम्बरैर्दद्याद् वैश्वदेविकपूर्वकम् ।।

औदुम्बरैः – ताम्रमयैः । **'अत्र क्षौरामलकस्नानादि निषिद्धतिथ्यादिव्यतिरिक्तविषयम्'** इति हेमाद्रिर्माधवश्च। यत्तु चन्द्रिकायां प्रचेताः –

तैलमुद्वर्तनं स्नानं दद्यात्पूर्वाह्ण एव तु । श्राद्धभुग्भ्यो नखश्मश्रुच्छेदनं तु न कारयेत् ।।

इति । तन्निषिद्धतिथ्यादिविषयम् । निषिद्धतिथ्यादि तु प्रागुक्तम् ।

ब्राह्मणहरूको समीपमा अमला मिसिएको जल पठाउने कार्य

चन्द्रिकामा मार्कण्डेयले भनेका छन् – 'दिनको ६ मुहूर्त बितेपछि श्राद्धकर्ताले प्रत्येक ब्राह्मणको घरमा अमला मिसिएको जल पठाउनुपर्दछ । **देवल** भन्दछन् – अमलाजल पठाएपछि मध्याह्नकालको समयमा दाह्री–नङ काटेका ब्राह्मणहरूको नजिकै गएर विधिपूर्वक दतिवन टक्र्याउनुपर्दछ । शरीरमा लगाउनका लागि तेल र उद्वर्तन अर्थात् उबटन दिनुपर्दछ । वैश्वदेवब्राह्मणलगायत सबै ब्राह्मणहरूलाई ताँबोको भाँडो टक्र्याउनुपर्दछ । यी वस्तुहरू टक्र्याउँदा पहिले वैश्वदेवब्राह्मणलाई र पछिबाट पितृब्राह्मणलाई टक्र्याउनुपर्दछ ।'

यहाँ माथि बताइएको क्षौर आदि सामग्री टक्र्याउने कुरा र तेल आदि दिने कुरा यो निषिद्धतिथिमा गरिने श्राद्धको प्रायश्चित्तका लागि हो । अमला मिसिएको जलद्वारा नुहाउन लगाउनु पनि अमावास्या आदि निषिद्धतिथिभन्दा अरू तिथिमा श्राद्ध गर्नुपर्दा शुद्धीकरणका लागि हो भन्ने कुरा **माधव** र **हेमाद्रिले** बताएका छन् ।

चन्द्रिकामा प्रचेताले भनेका छन् – 'तेल, उबटन र स्नान पूर्वाह्णकालमा गर्नुपर्दछ । श्राद्धभोजन गर्ने मानिसहरूले भने नङ र दाह्री काट्न हुँदैन ।' यो वचन पनि निषिद्धतिथि आदिकै लागि हो ।

अभ्यङ्गे वर्ज्यकालस्य विचाराऽभावः

अभ्यङ्गे तु कलिकायां कात्यायनः –

तैलमुद्वर्तनं देयं ब्राह्मणेभ्यः प्रयत्नतः । तैरभ्यङ्गश्च कर्तव्यो वर्ज्यकालं न चिन्तयेत् ।।

अभ्यङ्गमा वर्ज्य समयको विचार गर्नु नपर्ने

तेल, उबटन आदि लगाउने विषयमा **कात्यायनले** भनेका छन् – ब्राह्मणहरूका निमित्त तेल र उबटन प्रदान गर्नुपर्दछ । उनीहरूले तेल र अभ्यङ्ग लगाउनुपर्दछ । समयको विचार गर्नुपर्दैन ।

स्नानानन्तरं दैवे पित्र्ये च कर्मणि अधिकारकथनम्

अपरार्के प्रचेताः –

स्नातोऽधिकारी भवति दैवे पित्र्ये च कर्मणि । श्राद्धकृच्छुक्लवासाः स्यान्मौनी च विजितेन्द्रियः।।

स्नानपछि मात्र दैव र पित्र्यकर्ममा अधिकार

अपरार्कमा प्रचेताले भनेका छन् – श्राद्धकर्ताले नुहाएर सेता वस्त्र धारण गरी मौनी र जितेन्द्रिय भएर दैव र पितृकर्म गर्नुपर्दछ, अन्यथा श्राद्धमा अधिकार हुँदैन ।

श्राद्धकर्तृभिस्ताम्बूलादित्यागो विधेयः

हेमाद्रौ जाबालिः – **ताम्बूलं दन्तकाष्ठञ्च स्नेहस्नानमभोजनम् । रत्यौषधं परान्नानि श्राद्धकर्ता विवर्जयेत्।।**

श्राद्धकर्ताले ताम्बूल आदिको त्याग गर्नुपर्ने

श्राद्धकर्ताले ताम्बूल, दतिवन, तेल स्नान, मैथुन, औषधिसेवन, परान्नसेवन त्याग गर्नुपर्दछ र विनाभोजन पनि रहनु हुँदैन।

वस्त्रे विशेषकथनम्

वस्त्रे विशेषमाह तथैव भृगुः –

नग्नः स्यान्मलवद्वासा नग्नः कौपीनकेवलः । द्विकच्छोऽनुत्तरीयश्च अकच्छोऽवस्त्र एव च ।।

नग्नः काषायवासाः स्यान्नग्नश्चार्द्रपटः स्मृतः । नग्नो द्विगुणवस्त्रः स्यान्नग्नो रक्तपटः स्मृतः ।।

नग्नस्तु स्निग्धवस्त्रः स्यान्नग्नः स्यूतपटस्तथा ।।

वस्त्रधारणसम्बन्धी विशेष

भृगुले भनेका छन् कि श्राद्धकर्ताले मलिनवस्त्र लगाएमा त्यो नाङ्गो कहलाउँछ, लंगौटीमात्र लगाउने श्राद्धकर्ता पनि नाङ्गै मानिन्छ । नाइटो र नितम्बमा मात्र काछ बाँधेर कछाड लगाउनेलाई पनि नाङ्गो भनिन्छ । उपर्ना अर्थात् माथि ओढ्ने वस्त्र धारण नगर्नेलाई नाङ्गो भनिन्छ । कछाड र उपर्ना दुवै नलगाउनेलाई नाङ्गो भनिन्छ । गेरुवारंगको कपडा लगाउनेलाई नाङ्गो भनिन्छ । चिसा कपडा लगाउनेलाई नाङ्गो भनिन्छ । कपडा दोब्र्याएर लगाउनेलाई नाङ्गो भनिन्छ । रातालुगा लगाउनेलाई नाङ्गो भनिन्छ । चिल्ला वा चिप्ला कपडा लगाउनेलाई नाङ्गो भनिन्छ । सिलाएका कपडा लगाउनेलाई पनि नाङ्गो भनिन्छ ।

पितृकर्मादौ ऊर्ध्वपुण्ड्रधारणम्

ततः कर्ता ऊर्ध्वपुण्ड्रं कुर्यात् ।

जपे होमे तथा दाने स्वाध्याये पितृकर्मणि । तत्सर्वं नश्यति क्षिप्रमूर्ध्वपुण्ड्रं विना कृतम् ।।

इति हेमाद्रावुक्तेः ।

यज्ञो दानं जपो होमः स्वाध्यायः पितृकर्म च । वृथा भवति विप्रेन्द्रा ऊर्ध्वपुण्ड्रं विना कृतम् ।।

इति बृहन्नारदीयात् । **'ऊर्ध्वं च तिलकं कुर्याद्दैवे पित्र्ये च कर्मणि'** इति वृद्धपराशरोक्तेश्च ।

पितृकर्म आदिमा ऊर्ध्वपुण्ड्रधारण

हेमाद्रिमा भनिएको छ – जप, होम, दान, स्वाध्याय र पितृकार्यमा ऊर्ध्वपुण्ड्र धारण गरिएन भने गरिएका कर्म तत्काल नाश हुन्छन् । बृहन्नारदीयमा भनिएको छ – हे ब्राह्मणहरू ! यज्ञ, दान, जप, होम, स्वाध्याय र पितृकर्ममा ऊर्ध्वपुण्ड्र लगाइँदैन भने ती सबै कर्म व्यर्थ हुन्छन् । वृद्धपराशरले भनेका छन् – देवकार्य र पितृकार्यमा ऊर्ध्वपुण्ड्र तिलक लगाउनुपर्दछ ।

अन्यमते तु विचारः

अन्ये तु – **ऊर्ध्वपुण्ड्रं द्विजातीनामग्निहोत्रसमो विधिः ।**

श्राद्धकाले तु सम्प्राप्ते कर्ता भोक्ता च तत्त्यजेत् ।।

अरू विद्वान्हरूले भनेका छन् कि – द्विजहरूका लागि ऊर्ध्वपुण्ड्रधारण गर्ने विधि अग्निहोत्रसमान हो । श्राद्धकालमा श्राद्धकर्ता र भोजनकर्ता ब्राह्मण दुवैले ऊर्ध्वपुण्ड्रतिलकको त्याग गर्नुपर्दछ ।

श्राद्धदिने रङ्गवल्लीतिलकादिप्रयोगनिषेधः

वामहस्ते च दर्भास्तु गृहे रङ्गावलिं तथा । ललाटे तिलकं दृष्ट्वा निराशाः पितरो गताः ।। इति सङ्ग्रहोक्तेः।

श्राद्धको दिन रङ्गवल्ली र तिलक प्रयोग गर्ने निषेध

संग्रहग्रन्थमा भनिएको छ कि – श्राद्ध गर्ने समयमा बायाँ हातमा कुश, घरमा रङ्गवल्ली र मस्तकमा तिलक देखेर पितृहरू निराश भई फर्कन्छन् । तसर्थ श्राद्धकालमा बायाँ हातमा कुश लिन हुँदैन, घरमा रङ्गवल्ली गर्न हुँदैन र निधारमा तिलकधारण गर्नुहुँदैन ।

कमलाकरमते विचारः

ऊर्ध्वपुण्ड्रं त्रिपुण्ड्रं वा चन्द्राकारमथापि वा । श्राद्धकर्ता न कुर्वीत यावत्पिण्डान् न निर्वपेत् ।। इति विश्वप्रकाशे वचनाच्च न कार्यमित्याहुः । अत्राचाराद् व्यवस्था । अत एव बृहन्नारदीये – **'ऊर्ध्वपुण्ड्रञ्च तुलसीं श्राद्धे नेच्छन्ति केचन'** इति । ऊर्ध्वपुण्ड्रविधिर्विप्रविषयः । निषेधः कर्तृपर इति पृथ्वीचन्द्रः ।

कमलाकरको मतमा विचार

ऊर्ध्वपुण्ड्र र त्रिपुण्ड्रतिलक पिण्डदान नगरेसम्म धारण गर्न हुँदैन भन्ने कुरा **विश्वप्रकाशमा** भनिएकाले कर्ताले ऊर्ध्वपुण्ड्र धारण गर्न हुँदैन । तर, जुन देशमा जस्तो आचार चलेको छ त्योअनुसार गर्नु भन्ने शिष्टपरम्परा रहेकाले आचारपक्षलाई पनि ध्यान दिएर श्राद्धकर्ताले तिलक लगाउने वा नलगाउने निर्णय गर्नुपर्दछ । **बृहन्नारदीयमा** भनिएको छ कि श्राद्धमा कसैले पनि तुलसी र ऊर्ध्वपुण्ड्र तिलकको प्रयोग हेर्न चाहँदैनन् । यो ऊर्ध्वपुण्ड्र तिलक लगाउने विधि केवल ब्राह्मणका लागि हो । तर धारण गर्न हुँदैन भन्ने निषेध कर्ताका लागि हो भन्ने कुरा **पृथ्वीचन्द्रोदयमा** बताइएको छ।

यत्तु हेमाद्रौ देवलः –

ललाटे पुण्ड्रकं दृष्ट्वा स्कन्धे माल्यं तथैव च । निराशाः पितरो यान्ति दृष्ट्वा च वृषलीपतिम् ।। इति तद्गन्धेन त्रिपुण्ड्रविषयम् । **'प्राक्पिण्डदानाद्गन्धाद्यैर्नालङ्कुर्यात्स्वविग्रहम्'** इत्याश्वलायनोक्तेः । **'पुण्ड्रं वर्तुलम्'** इत्यपरार्के मदनरत्ने च । पृथ्वीचन्द्रस्तु **पुण्ड्रं त्रिपुण्ड्रम्** ।

ऊर्ध्वं च तिलकं कुर्यान्न कुर्याद्वै त्रिपुण्ड्रकम् । निराशाः पितरो यान्ति दृष्ट्वा चैव त्रिपुण्ड्रकम् ।। इति वृद्धपराशरोक्तेः । भोक्तुस्तिर्यग्लेपो भवत्येव ।

वर्जयेत्तिलकं भाले श्राद्धकाले च सर्वदा । तिर्यगप्यूर्ध्वपुण्ड्रं वा धारयेत्तु प्रयत्नतः ।। इति व्यासोक्तेरित्याह ।

हेमाद्रिमा देवलले भनेका छन् – 'निधारमा ऊर्ध्वपुण्ड्र, काँधमा माला र घरमा वृषलीपति अर्थात् शूद्रा नारीको पतिलाई देखेर पितृहरू निराश हुन्छन् ।' ग्रन्थकार भन्दछन् – यहाँ ऊर्ध्वपुण्ड्रको चर्चा चन्दनद्वारा बनाइएको त्रिपुण्ड्रधारणको विषयमा गरिएको हो ।

आश्वलायनले भनेका छन् – कुनै पनि श्राद्धकर्ताले पिण्डदानभन्दा पहिले आफ्नो शरीरलाई गन्ध आदि पदार्थबाट अलङ्कृत तुल्याउन हुँदैन । त्रिपुण्ड्रको अर्थ गर्दै **अपरार्क** र **मदनरत्न**मा भनिएको छ – पुण्ड्रको अर्थ बाटुलो हो । पुण्ड्रशब्दबाट बाटुलोतिलक भन्ने अर्थ बुझ्नुपर्दछ भन्ने कुरा पृथ्वीचन्द्रले बताएका छन् ।

बृहत्पराशरले भनेका छन् – कर्ताले त्रिपुण्ड्रधारण गर्न हुँदैन, ऊर्ध्वपुण्ड्रतिलकधारण गर्न हुन्छ । त्रिपुण्ड्रतिलक देखेर पितृहरू निराश हुन्छन् । तर, श्राद्धभोक्ताले भने त्रिपुण्ड्र लगाउन हुन्छ । **व्यास**ले भनेका छन् – श्राद्धकर्ताले कहिल्यै पनि श्राद्धकालमा कुनै किसिमको तिलक लगाउन हुँदैन तर ऊर्ध्वपुण्ड्रधारण गर्नुपर्दछ ।

सदर्भहस्तेन तिलकनिषेधः

पृथ्वीचन्द्रोदये ब्राह्मे –

सदर्भेण तु हस्तेन यः कुर्यात्तिलकं बुधः । आचम्य स विशुद्ध्येत दर्भत्यागेन चैव हि ।।

हातमा कुश रहँदा तिलकनिषेध

पृथ्वीचन्द्रोदयमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – जुन बुद्धिमान् मानिसले कुशसहित हातबाट तिलक लगाउँछ त्यो मानिस कुशको त्याग गरी आचमन गरेपछि शुद्ध हुन्छ ।

श्राद्धारम्भकालनिर्णयः

श्राद्धारम्भे कालमाहाऽपरार्के गौतमः –

आरभ्य कुतपे श्राद्धं कुर्यादारौहिणं बुधः । विधिज्ञो विधिमास्थाय रौहिणं तु न लङ्घयेत् ।। एतदेकोद्दिष्टे।

श्राद्धारम्भ समय

अपरार्कमा **गौतम**ले श्राद्धको आरम्भ गर्ने विषयमा भनेका छन् – 'दिनको मध्याह्नकाललाई कुतपकाल भनिन्छ। वस्तुतः दिनलाई १५ भाग लगाउँदा जुन अष्टम मुहूर्त हो त्यसलाई कुतप भनिन्छ र नवौं मुहूर्तलाई रौहिण भनिन्छ । विधिको ज्ञाता श्राद्धकर्ताले कुतपसमयमा विधिपूर्वक श्राद्ध आरम्भ गरी रौहिण समयमा समाप्त गर्नुपर्दछ । तर रौहिणकाल नाघेपछि श्राद्ध गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – यो एकोद्दिष्टश्राद्धका लागि भनिएको वचन हो ।

पार्वणश्राद्धारम्भकालनिर्णयः

पार्वणे तूक्तं मात्स्ये – **ऊर्ध्वं मुहूर्तात्कुतपाद्यन्मुहूर्तचतुष्टयम् । मुहूर्तपञ्चकं ह्येतत् स्वधाभवनमिष्यते।।**

मध्याह्ने सर्वदा यस्मान्मन्दीभवति भास्करः । तस्मादनन्तफलदस्तत्रारम्भो विशिष्यते ।।

पार्वणश्राद्धारम्भ समय

पार्वणश्राद्ध आरम्भ गर्ने विषयमा **मत्स्यपुराण**मा भनिएको छ – कुतपमुहूर्तभन्दा पछि क्रमशः चारमुहूर्त हुन्छन्– रौहिण, इन्द्र, इन्द्राणी र निर्ऋति । निर्ऋतिपछि आउने मुहूर्तलाई स्वधाभवन भनिन्छ । मध्याह्नकालमा जब सूर्य मन्दकान्तिका हुन्छन् त्यसबेला स्वधाभवन मुहूर्तमा श्राद्ध आरम्भ गरेमा अनन्तफल प्राप्त हुन्छ । त्यसकारण पार्वणश्राद्धकर्ताले स्वधाभवन मुहूर्तमा श्राद्धारम्भ गर्नुपर्दछ ।

श्राद्धपरिभाषा

अथ श्राद्धपरिभाषा । चन्द्रिकायां कात्यायनः –

दक्षिणं पातयेज्जानु देवान् परिचरन् सदा । पातयेदितरं जानु पितॄन् परिचरन् सदा ।।

बौधायनः – **प्रदक्षिणं तु देवानां पितॄणामप्रदक्षिणम् । देवानामृजवो दर्भाः पितॄणां द्विगुणास्तथा।।**

श्राद्धपरिभाषा

अब श्राद्धपरिभाषा बताइन्छ । **चन्द्रिकामा कात्यायनले** भनेका छन् कि देवताहरूको पूजा गर्दा दायाँ घुँडा मार्नुपर्दछ र पितृको श्राद्ध गर्दा बायाँ घुँडा मार्नुपर्दछ । **बौधायनले** भनेका छन् – देवकार्यमा उत्तर फर्केर पूजन गर्नुपर्दछ भने पितृकार्यमा दक्षिण फर्केर पूजा गर्नुपर्दछ । यहाँ प्रदक्षिण भनेको उत्तर फर्कनु हो र अप्रदक्षिण भनेको दक्षिण फर्कनु हो। भनिएको पनि छ – **उदङ्मुखस्तु देवानां पितॄणां दक्षिणामुखः** । देवताहरूको पूजा गर्दा कुशहरू ऋजु अर्थात् नदोब्र्याईकन राखिएका हुन्छन् भने पितृकार्यमा दोब्र्याइएका हुन्छन् अर्थात् द्विगुणित हुन्छन् ।

आवाहनादौ गोत्रकथनम्

पृथ्वीचन्द्रोदये शङ्खः –

आवाहनार्घ्यसङ्कल्पे पिण्डदानान्नदानयोः । पिण्डाभ्यञ्जनकाले तु तथैवाञ्जनकर्मणि ।।

अक्षय्यासनयोः पाद्ये गोत्रं नाम प्रकाशयेत् ।। तत्रैव परिशिष्टे –

क्षणे च पिण्डदाने च गन्धधूपाक्षये तथा । सङ्कल्पे चासने दीपे अञ्जनाभ्यञ्जने तथा ।।

अन्नार्घ्यदानाद्यन्तेषु गोत्रं नाम कीर्तयेत् ।। कलिकायां संग्रहे –

आसनावाहने पाद्ये अन्नदाने तथैव च । अक्षय्ये पिण्डदाने च षट्सु नामानि कीर्तयेत् ।।

आवाहन आदिमा गोत्रको उच्चारण

पृथ्वीचन्द्रोदयमा शङ्खले भनेका छन् – आवाहन, अर्घ्य, सङ्कल्प, पिण्डदान, अन्नसङ्कल्प, पिण्डाभ्यञ्जन, अञ्जनकर्म, अक्षयोदक, आसन र पाद्य दिने कर्म गर्दा कर्ताले गोत्र र नामको उच्चारण गर्नुपर्दछ ।

त्यहीं **परिशिष्टमा** भनिएको छ – श्राद्धकर्ममा मुहूर्त, पिण्डदान, गन्ध, धूप, अक्षयोदकदान, सङ्कल्प, आसन, दीप, अञ्जन, अभ्यञ्जन, अन्न र अर्घ्य दिँदा गोत्र र नामको उच्चारण गर्नुपर्दछ । **कलिका र संग्रहमा** भनिएको छ – आसन, आवाहन, पाद्य, अन्नदान, अक्षय्योदकदान र पिण्डदानसमेत छ कर्ममा नामको उच्चारण गर्नुपर्दछ ।

सम्बन्धादीनां क्रमेण कथनम्

मात्स्ये – **सम्बन्धं प्रथमं ब्रूयाद् गोत्रं नाम तथैव च । पश्चाद्रूपं विजानीयात् क्रम एष सनातनः ।।**

सम्बन्ध आदिको उच्चारणक्रम

मत्स्यपुराणमा भनिएको छ – पहिले सम्बन्ध बताउनुपर्दछ त्यसपछि गोत्र र नामको उच्चारण गर्नुपर्दछ । अन्तमा पितृका रूपको स्मरण गर्नुपर्दछ । यो सनातन क्रम हो ।

शाखाभेदेन गोत्रे सकारस्य प्रयोगकथनम्

तत्रैव – सकारेण तु वक्तव्यं गोत्रं सर्वत्र धीमता । सकारः कुतपो ज्ञेयस्तस्माद्यत्नेन तं वदेत् ।।

यथा काश्यपसगोत्रेति ।

पराशरसगोत्रस्य वृद्धस्य तु महात्मनः । भिक्षोः पञ्चशिखस्याहं शिष्यः परमधार्मिकः ।।

इति मोक्षधर्मेषु प्रयोगाच्च । तेन गोत्रसगोत्रयोः पर्यायत्वाच्छाखाभेदाद् व्यवस्थेति शूलपाणिः । एतद्येषामाम्नातं तेषामेव । हेमाद्रौ बृहत्प्रचेताः –

गोत्रं स्वरान्तं सर्वत्र गोत्रस्याक्षय्यकर्मणि । गोत्रस्तु तर्पणे प्रोक्त एवं दाता न मुह्यति ।।

सर्वत्रैव पितः प्रोक्तः पिता तर्पणकर्मणि । पितुरक्षय्यकाले तु पित्रे सङ्कल्पने तथा ।।

शर्मन्नर्घ्यादिके कार्यं शर्मा तर्पणकर्मणि । शर्मणोऽक्षय्यकाले तु पितॄणां दत्तमक्षयम् ।।

स्वरान्तम् – सम्बुद्ध्यन्तमिति हेमाद्रिः ।

शाखाभेदले गोत्रमा सकारको प्रयोग

मत्स्यपुराणमा नै भनिएको छ कि – बुद्धिमान् व्यक्तिले श्राद्ध गर्दा अमुकगोत्र भन्नुको सट्टा अमुकसगोत्र भन्नुपर्दछ अर्थात् सकारको प्रयोग गर्नुपर्दछ । सकारलाई कुतप अर्थात् अत्यन्तपवित्र मानिएको छ । त्यसैले श्राद्धमा यत्नपूर्वक सकारको प्रयोग गर्नुपर्दछ । 'पराशरसगोत्र वृद्धमहात्मा पञ्चशिख भिक्षुको म परमधार्मिक शिष्य हुँ' यसरी मोक्षधर्महरूमा वाक्यप्रयोग गरिएको देखिएको छ । उक्त वाक्यमा पराशरसगोत्र भनिएकाले सकारलाई पवित्र मानिँदोरहेछ भन्ने कुरा प्रमाणित हुन्छ । गोत्र र सगोत्र वास्तवमा पर्यायकै रूपमा प्रयोग गरिन्छन् । जुन शाखामा सकारको प्रयोगपरम्परा चलेको छ त्यस शाखाका मानिसहरूले सकारको प्रयोग गर्नुपर्दछ, जुन शाखामा यस्तो परम्परा छैन, उनीहरूले नगरे पनि हुन्छ भन्ने कुरा **शूलपाणि**ले बताएका छन्।

हेमाद्रिमा **बृहत्प्रचेता**ले भनेका छन् – सर्वत्र गोत्रको अन्तमा स्वरान्तशब्दको अर्थात् सम्बोधनको प्रयोग गर्नुपर्दछ। अक्षय्य कर्ममा षष्ठी विभक्ति गराई **गोत्रस्य**को प्रयोग हुन्छ । तर्पणमा प्रथमान्त **अमुकगोत्रः** पदको प्रयोग हुन्छ । यसरी विभक्ति मिलाएर श्राद्ध गर्नाले श्राद्ध दिने मानिस कहिले पनि मोहमा प्राप्त हुँदैन । जहिले पनि सम्बोधन गर्दा **पितः** भन्नुपर्दछ । तर्पणमा **पिता** भन्नुपर्दछ । अक्षय्यकालमा **पितुः** भन्नुपर्दछ । सङ्कल्पमा **पित्रे** भन्नुपर्दछ । अर्घ्य आदिमा **शर्मन्** भन्नुपर्दछ । तर्पणकर्ममा **शर्मा** भन्नुपर्दछ र अक्षय्यकालमा **शर्मणः** भन्नुपर्दछ। यसप्रकार विभक्ति मिलाएर श्राद्ध कर्म गर्दा दिएका विषयहरू पितृले प्राप्त गर्दछन् र त्यो अक्षय्य पनि हुन्छ ।' माथि प्रयोग गरिएको स्वरान्तशब्दको अर्थ सम्बोधन हो भन्ने कुरा **हेमाद्रि**ले बताएका छन्।

गोत्रस्याऽपरिज्ञाने काश्यपगोत्रप्रयोगः

तत्रैव चन्द्रिकायां च स्मृत्यन्तरे –

गोत्रस्य त्वपरिज्ञाने काश्यपं गोत्रमुच्यते । यस्मादाह श्रुतिः सर्वाः प्रजाः कश्यपसम्भवाः ।।

गोत्रको ज्ञान नभएमा काश्यप गोत्रको प्रयोग

चन्द्रिकामा उद्धृत **स्मृतिवचन**मा भनिएको छ कि – कसैको गोत्र थाहा हुँदैन भने त्यसको काश्यप गोत्र मानी श्राद्ध आदि कर्म सम्पन्न गर्नुपर्दछ । किनकि **वेद**मा भनिएको छ – सबै प्राणीहरू महर्षि कश्यपबाट पैदा भएका हुन् । त्यसकारण जसको गोत्र थाहा हुँदैन तिनका निमित्त काश्यपगोत्र भन्नु उपयुक्त हुन्छ ।

विवाहे तु विशेषः

यत्तु सत्याषाढः – '**अथाऽज्ञातबन्धोः पुरोहितगोत्रेणाचार्यगोत्रेण वा**' इति तद्विवाहपरम् ।

विवाहमा विशेष

सत्याषाढले भनेका छन् कि – आफ्ना बन्धुको गोत्र ज्ञान नभएमा पुरोहितको गोत्रबाट अथवा आचार्यको गोत्रबाट कार्य सम्पन्न गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो पुरोहित गोत्र र आचार्य गोत्रको प्रयोग गर्ने कुरा केवल विवाहका लागि हो, अरू कर्मका लागि होइन ।

नामोच्चारणे विशेषः

नामोच्चारणे विशेषमाह हेमाद्रौ बौधायनः –

शर्मान्तं ब्राह्मणस्योक्तं वर्मान्तं क्षत्रियस्य तु । गुप्तान्तं चैव वैश्यस्य दासान्तं शूद्रजन्मनः ।।

नामोच्चारणमा विशेष

श्राद्ध गर्दा नाम उच्चारण गर्ने सम्बन्धमा **बौधायनले** भनेका छन् कि – ब्राह्मणको नामान्तमा शर्मा, क्षत्रियको नामान्तमा वर्मा, वैश्यको नामान्तमा गुप्त र शूद्रको नामान्तमा दासशब्दको उच्चारण गर्नुपर्दछ ।

पित्रादिनामाऽज्ञाने विचारः

पित्रादिनामाऽज्ञाने तत्रैव –

पृथिवीषत्पिता वाच्यस्तत्पिता चान्तरिक्षसत् । अभिधानाऽपरिज्ञाने दिविषत्प्रपितामहः ।।

पित्रादीनां नाम यदा पुत्रैर्न ज्ञायते तदा ।। आपस्तम्बसूत्रेऽप्येवम् । एतदन्यशाखापरम् । आश्वलायनानां तूक्तं तत्सूत्रे – '**यदि नामान्यविद्वांस्तत्पितृपितामहप्रपितामहेति ब्रूयात् ।**' तत्कारिकापि – '**नामानि चेन्न जानीयात्तत्तेत्यादि वदेत् क्रमात् ।**' तत्तेति सम्बन्धमात्रपरम् । तेन पितृव्यादावपि तथेति गौडाः । स्त्रीणां तु दान्तं नाम ज्ञेयम् । '**दान्तं नाम स्त्रीणाम्**' इति पृथ्वीचन्द्रोदये गोभिलोक्तेः । केचिद्देवीशब्दान्तमाहुः । अन्ये तु देवीदा इति द्वयो समुच्चयमाहुः ।

पितृहरूको नाम नजानेमा विचार

बौधायनसूत्रमा भनिएको छ कि – 'पितृ आदिको नाम ज्ञात नभएमा पिताको निमित्त पृथिवीषत्, पितामहको निमित्त अन्तरिक्षसत् र प्रपितामहको निमित्त दिविषत्शब्दको प्रयोग गर्नुपर्दछ ।' यो नियम छोराले पिता आदिको नाम थाहा नपाएको अवस्थाका निमित्त हो । **आपस्तम्बसूत्रमा** पनि यही भनिएको छ । तर ग्रन्थकार भन्दछन् – यो शाखान्तरका लागि गरिएको व्यवस्था हो । **आश्वलायनहरूले** भनेका छन् कि – यदि कुनै मानिसलाई आफ्ना बाबु–बाजेको नाम थाहा छैन भने त्यसले पितृ, पितामह र प्रपितामह भन्नुपर्दछ । **कारिकामा** पनि बताइएको छ कि – नाम थाहा नभएमा तत् तत् इत्यादि क्रमले भन्नुपर्दछ। तत् यो सम्बन्धमात्रपरक हो । यसैले पितृव्य आदिमा पनि तत् तत् नै प्रयोग गर्नुपर्दछ भन्ने कुरा **गौडहरूले** बताएका छन् । स्त्रीहरूका निमित्त दकारान्त नाम प्रयोग गर्नुपर्दछ । जस्तै कुनै पितृको नाम देवी छ भने तिनको अन्तमा देवीदा, यशोदा छ भने यशोदादा गराउनुपर्दछ । दान्तनाम स्त्रीहरूको हुन्छ भन्ने कुरा **पृथ्वीचन्द्रोदयमा गोभिलले** बताएका छन् । कसैले स्त्रीहरूका

निमित्तमा उनीहरूको नामका पछाडि देवी जोड्नुपर्दछ भनेका छन् । जस्तै – तुलसी नाम छ भने तुलसीदेवी । कसैले फेरि देवीपद जोडेपछि नाम र दाको समुच्चय अर्थात् सहप्रयोग गर्नुपर्दछ भनेका छन् । जस्तै – यशोदाको यशोदादेवीदा ।

श्राद्धे विभक्तिपूर्वकमेव दानम्

हेमाद्रौ नारायणः –

विभक्तिभिस्तु यत्किञ्चिद्दीयते पितृदैवते । तत्सर्वं सफलं ज्ञेयं विपरीतं निरर्थकम् ।।

चन्द्रिकास्मृत्यर्थसारयोश्च नारदीये –

अक्षय्यासनयोः षष्ठी द्वितीयावाहने तथा । अन्नदाने चतुर्थी स्याच्छेषाः सम्बुद्धयः स्मृताः ।।

यत्तु व्यासः– **चतुर्थी चासने नित्यं सङ्कल्पे च विधीयते। प्रथमा तर्पणे प्रोक्ता सम्बुद्धिमपरे जगुः।।**

इति । अत्र शाखाभेदाद् व्यवस्थेति हेमाद्रिः ।

श्राद्धमा विभक्तिपूर्वक वाक्यप्रयोग गर्दा पितृतृप्ति

हेमाद्रिमा **नारायण**ले भनेका छन् कि – पितृदेवताका निमित्त जुन कुरा दान गरिन्छ त्यो विभक्तिपूर्वक दिनु पर्दछ। विभक्तिपूर्वक दान गरेमा मात्र दिएको वस्तु पितृदेवताहरूले प्राप्त गर्दछन् । विभक्ति प्रयोग गरिएन भने त्यो निरर्थक हुन्छ। **चन्द्रिका** र **स्मृत्यर्थसार**मा उद्धृत **नारदीय** वचनमा भनिएको छ – अक्षय्य र आसनमा षष्ठीविभक्तिको प्रयोग गर्नुपर्दछ। आवाहन गर्दा द्वितीयाविभक्तिको प्रयोग गर्नुपर्दछ । अन्नदानमा चतुर्थीविभक्तिको प्रयोग गर्नुपर्दछ । अरू बाँकी कर्ममा सम्बोधनविभक्तिको प्रयोग गर्नुपर्दछ । **व्यास**ले भनेका छन् – आसन र अन्नदानमा नित्य चतुर्थीविभक्ति हुन्छ । तर्पणमा प्रथमाविभक्ति हुन्छ । तर कसैले तर्पणमा पनि सम्बोधनविभक्तिको प्रयोग गर्नुपर्दछ भनेका छन् । **हेमाद्रि** भन्दछन् – यो शाखाभेद अनुसार गरिएको व्यवस्था हो ।

हेमाद्रौ भृगुः – **अर्घ्यावनेजनं पिण्डमन्नं प्रत्यवनेजनम् । सम्बुद्धिं तत्र कुर्वीत शेषे षष्ठी विधीयते ।।**

तत्रैव मातुर्विशेषो नागरखण्डे –

मातर्मात्रे तथा मातुरासने कल्पनेऽक्षये । गोत्रे गोत्रायै गोत्रायाः प्रथमाद्या विभक्तयः ।।

देवि देव्यै तथा देव्या एवं मातुश्च कीर्तयेत् ।।

हेमाद्रिमा उद्धृत **भृगु**को वचनमा भनिएको छ – अर्घ्य, अवनेजन, पिण्ड, अन्नसङ्कल्प र प्रत्यवनेजन यिनमा सम्बोधनको प्रयोग गर्नुपर्दछ । शेष कर्ममा षष्ठीविभक्तिको प्रयोग गर्नुपर्दछ ।

नागरखण्डमा माताको लागि विशेषशब्दप्रयोगको व्यवस्था गर्दै भनिएको छ कि माताको श्राद्धमा आसन दिँदा सम्बोधनविभक्ति – **मातः**, वस्त्र आदि दिँदा चतुर्थी – **मात्रे**, अक्षय्योदक दिँदा षष्ठीविभक्ति – **मातुः** प्रयोग गर्नुपर्दछ । त्यसैगरी गोत्रशब्द प्रयोग गरी सङ्कल्प गर्दा – सम्बोधनमा – **अमुकगोत्रे !**, वस्त्रादि दानमा – **अमुकगोत्रायै**, अक्षय्योदक दानमा – **अमुकगोत्रायाः**को प्रयोग गर्नुपर्दछ ।

यज्ञोपवीतधारणविचारः

हेमाद्रौ प्रभासखण्डे –

यज्ञोपवीतिना कार्यं दैवं कर्म प्रदक्षिणम् । प्राचीनावीतिना कार्यं पितृकर्माऽप्रदक्षिणम् ।।

यज्ञोपवीतधारण-विचार

हेमाद्रिको **प्रभासखण्ड**मा भनिएको छ – 'यज्ञोपवीतलाई सव्य बनाएर अर्थात् यज्ञोपवीती भई देवकर्म गर्नुपर्दछ र यज्ञोपवीतलाई अपसव्य बनाएर अर्थात् प्राचीनावीती भई पितृकर्म गर्नुपर्दछ ।' यज्ञोपवीती भनेको सव्य भएको व्यक्ति र प्राचीनावीती भनेको अपसव्य भएको व्यक्ति हो ।

अनुपनीतशूद्रादीनां विषये

अनुपनीतस्त्रीशूद्रादेस्तूत्तरीयेणैव सव्यापसव्ये ज्ञेये । तस्योपवीतस्थानीयत्वात् । **'अपसव्यं क्रमाद्वस्त्रं कृत्वा कश्चित्सगोत्रजः'** इति ब्राह्माच्चेति वाचस्पतिः । यत्तु केचित् **'सदोपवीतिना भाव्यम्'** इत्यस्य पुरुषार्थत्वात् प्राचीनावीतकालेप्युपवीतान्तरेण तत्कार्यमेवेति । तन्न । विशेषबाधात् ।

अनुपनीत कुमार, स्त्री र शूद्र आदिको विषयमा

व्रतबन्ध नगरेका बालक, स्त्री र शूद्र आदिले श्राद्ध गर्दा उत्तरीयबाट नै सव्य र अपसव्यको व्यवस्था मिलाउनुपर्दछ किनकि उत्तरीय नै उनीहरूका निमित्त यज्ञोपवीतस्थानीय वस्तु हो । **वाचस्पति**ले भनेका छन् – 'सगोत्री मानिसले वस्त्रलाई अपसव्य बनाएर श्राद्धकर्म सम्पन्न गरून् ।' यो भनाइ **ब्रह्मपुराण**मा उल्लेख गरिएको छ । फेरि कसैले – जहिले पनि श्राद्ध गर्दा यज्ञोपवीत धारण गर्नुपर्दछ भन्ने वचन पाइन्छ । यसो भनिएकाले जब कर्मवश अपसव्य हुनुपर्दछ त्यसबेलामा यज्ञोपवीतको धारण विपरीत हुनजान्छ । अतः त्यसबेला अर्को यज्ञोपवीत धारण गरेर मात्र सव्य र अपसव्यको व्यवस्था मिलाउनुपर्दछ भनेका छन् । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । किनकि **'सदोपवीतिना भाव्यम्'** यस विशेष वाक्यबाट नै अपसव्य अवस्थामा रहेको यज्ञोपवीत पनि धारण गरिने नै भएको हुँदा दोस्रो यज्ञोपवीतको प्रयोग गर्नुपर्दैन। किनकि यसको विपरीत आएको सामान्यवचनलाई यस विशेषवचनले बाध गर्दछ ।

प्राचीनावीती भूत्वा पिण्डाघ्राणम्

जमदग्निः –

सूक्तस्तोत्रजपं त्यक्त्वा पिण्डाघ्राणञ्च दक्षिणाम् । आह्वानं स्वागतं चार्घ्यं विना च परिवेषणम् ।।
विसर्जनं सौमनस्यमाशिषां प्रार्थनं तथा । विप्रप्रदक्षिणां चैव स्वस्तिवाचनकं विना ।।
पितॄनुदिश्य कर्तव्यं प्राचीनावीतिना सदा ।।

सव्य भई पिण्ड आघ्राणसम्बन्धी विचार

जमदग्निले भनेका छन् कि – 'पितृसूक्तको जप, **'सप्तव्याधा०'** इत्यादि स्तोत्र जप, पिण्ड सुँघ्ने काम, दक्षिणा, आवाहन, अर्घ्य र परिवेषण सव्य भई गर्नुपर्दछ यीबाहेक विसर्जन, **शिवा आपः सन्तु** इत्यादि सौमनस्यप्रार्थना, **गोत्रन्नो वर्धताम्०** इत्यादि आशीर्वादको प्रार्थना, ब्राह्मणदक्षिणा र स्वस्तिवाचन यी कर्महरू अपसव्य भएर गर्नुपर्दछ ।'

आचमनकथनम्

हेमाद्रौ संग्रहे –

आदौ विप्राङ्घ्रिशौचान्तेऽभ्यर्चने विकिरे कृते । पिण्डानप्यर्चयित्वा च विसृज्य ब्राह्मणाँस्तथा ।।
आचामेच्छ्राद्धकर्ता च स्थानेष्वेतेषु सप्तसु । आद्यन्तयोर्द्विराचामेच्छेषेषु तु सकृत्सकृत् ।।

तत्रैव – **श्राद्धारम्भेऽवसाने च पादशौचार्चनान्तयोः । विकिरे पिण्डदाने च षट्स्वाचमनमिष्यते ।।**

आचमनविचार

हेमाद्रिमा भनिएको छ कि – 'श्राद्धको प्रारम्भमा ब्राह्मणको चरणप्रक्षालन गरेपछि, पूजा गरेपछि, विकिर दिएपछि, पिण्डको पूजा गरेपछि र ब्राह्मणको विसर्जन गरेपछि आचमन गर्नुपर्दछ । उक्त श्राद्धको आरम्भमा, ब्राह्मणचरणको प्रक्षालन गर्दा, विकिर दिँदा, पिण्डपूजन गर्दा, पिण्ड सेलाउँदा, ब्राह्मणविसर्जन गर्दा र श्राद्धान्तमा गरी सातपटक आचमन गर्नुपर्दछ । आदि र अन्तमा दुईपटक आचमन गर्नुपर्दछ भने अरूमा एक-एकपटक आचमन गर्नुपर्दछ ।' त्यहीं भनिएको छ कि – श्राद्धको आरम्भ, श्राद्धको समाप्ति, ब्राह्मणको चरणप्रक्षालन, पूजा, विकिर र पिण्डदान गरी ६ ठाउँमा आचमन गर्नुपर्दछ । '**आदौ विप्राङ्घ्रिशौचान्ते०**' इत्यादि पद्यमा सात अवसरमा आचमन गर्नुपर्दछ भनिएतापनि '**श्राद्धारम्भे०**' इत्यादि पद्यमा छ अवसरमा मात्र आचमन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । कसरी सात पुऱ्याउने भन्ने शङ्का हुन्छ । त्यसको समाधान '**पिण्डान् अर्चयित्वा विसृज्य च तथा ब्राह्मणान् विसृज्य**' यसरी अन्वय गरेपछि हुन्छ ।

श्राद्धदिवसे दानाध्ययनदेवार्चाजपहोमव्रतादिकर्मसु विचारः

आश्वलायनः – **दानाध्ययनदेवार्चाजपहोमव्रतादिकान् । न कुर्याच्छ्राद्धदिवसे प्राग्विप्राणां विसर्जनात् ।।**

एतन्नित्यवर्ज्यमिति बोपदेवः। इदं विष्णुभिन्नदेवपरम् ।

विष्णोर्निवेदितान्नेन यष्टव्यं देवतान्तरम् । पितृभ्यश्चापि तद्देयं तदानन्त्याय कल्पते ।।

पितृशेषं तु यो दद्याद्धरये परमात्मने । रेतोधाः पितरस्तस्य भवन्ति क्लेशभागिनः ।।

इति स्कान्दात् । '**पितरः सर्वे मनुष्या विष्णुनाशितमन्नमश्नन्ति**' इति श्रुतेः ।

'**यः श्राद्धकाले हरिभुक्तशेषं ददाति भक्त्या पितृदेवतानाम् ।**

तेनैव पिण्डांस्तुलसीविमिश्रानाकल्पकोटिं पितरस्तु तृप्ताः ।।

इति ब्राह्मोक्तेश्चेति श्रीधरस्वामिनृसिंहपरिचर्यादयः । एतत्सर्वं निबन्धविरोधान्निर्मूलम् ।

श्राद्ध गर्ने दिन दान-अध्ययन आदि कर्मको विचार

आश्वलायनले भनेका छन् – श्राद्ध गर्ने दिन ब्राह्मण विसर्जनभन्दा पहिले दान, अध्ययन, देवपूजा, जप, होम र व्रत आदि कर्म गर्न हुँदैन । **बोपदेव**ले भनेका छन् कि – यी नित्य वर्जित विषय हुन् र यी विष्णुभिन्न देवतामा आधारित विषय हुन्। **स्कन्दपुराण**मा भनिएको छ कि – 'विष्णुका लागि निवेदन गरिएको अन्नबाट अरू देवताको पूजा गर्नुपर्दछ। त्यही अन्न पितृहरूलाई दिनुपर्दछ । त्यसबाट अनन्तफलको प्राप्ति हुन्छ । पितृलाई निवेदन गरी बाँकी रहेको अन्नद्वारा कसैले हरिको पूजा गर्दछ भने त्यसका पितृहरू वीर्यभक्षण गरी कष्टपूर्वक रहन बाध्य हुन्छन् ।' **वेद**मा भनिएको छ – पितृ र मानिसहरूले विष्णुलाई अर्पण गरेपछि बाँकी रहेको अन्न भोजन गर्दछन् । **ब्रह्मपुराण**मा भनिएको छ – जसले श्राद्धको समयमा भगवान् नारायणलाई चढाएर बाँकी रहेको अन्न भक्तिपूर्वक पितृ र देवताहरूलाई अर्पण गर्दछ र त्यही बाँकी रहेको अन्नमा तुलसी मिसाएर पितृहरूलाई पिण्ड प्रदान गर्दछ भने त्यसका पितृहरू करोडौंकल्पसम्म तृप्त हुन्छन् । यो तथ्य **श्रीधरस्वामी** र **नृसिंहपरिचर्या**मा **नृसिंह** आदिले बताएका छन् । ग्रन्थकार भन्दछन् – यी सबै कुराहरू परस्पर निबन्धग्रन्थमा बाझिएका हुनाले र प्रमाण पनि नहुनाले निराधार छन् ।

श्राद्धाह्नि नृवराहादीनां पूजनम्

अत्र विशेषो हेमाद्रौ विष्णुधर्मे – **'श्राद्धाह्नि तु समभ्यर्च्य नृवराहं जनार्दनम् ।'** शिवपुराणे – **पूजयित्वा शिवं भक्त्या पितृश्राद्धं प्रकल्पयेत् ।** पूर्वनिषेधस्तु विहितभिन्नपरः ।

श्राद्धका दिन नृसिंह, वराह आदिको पूजा

हेमाद्रिमा उद्धृत **विष्णुधर्म**को वचनमा भनिएको छ कि – 'श्राद्धका दिनमा नृसिंह, वराह र जनार्दनको पूजा गर्नुपर्दछ।' शिवपुराणमा भनिएको छ – 'भक्तिपूर्वक शिवजीको आराधना गरेर पितृहरूको श्राद्ध गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – पहिले श्राद्धको दिन केही पनि गर्न हुँदैन भनेर जुन निषेधवचन प्रयोग गरिएको थियो त्यो अन्य विषयमा आधारित निषेध हो ।

देवपितृब्राह्मणपूजनक्रमनिर्धारणम्

तथा हेमाद्रौ – **देवार्चा दक्षिणाङ्गादिः पादजान्वंसमूर्धसु । शिरोंऽसजानुपादेषु वामाङ्गादिषु पैतृकम्।।**

देवब्राह्मण र पितृब्राह्मणको पूजामा क्रमविचार

हेमाद्रिमा भनिएको छ कि – देवताको पूजा दायाँतर्फका अङ्ग– खुट्टा, घुँडा, काँध र मस्तकका क्रमले गर्नुपर्दछ भने पितृको पूजा बायाँतर्फका अङ्ग– शिर, काँध, घुँडा र चरणको क्रमबाट गर्नुपर्दछ ।

श्राद्धादौ दर्भत्यागः

कलिकायां स्मृत्यन्तरे –

श्राद्धारम्भे तु ये दर्भाः पादशौचे विसर्जयेत् । अर्चनादौ तु ये दर्भा उच्छिष्टान्ते विसर्जयेत् ।।
मार्जनादौ तु ये दर्भाः पिण्डोत्थाने विसर्जयेत् । उत्तानादौ तु ये दर्भा दक्षिणान्ते विसर्जयेत्।।
प्रार्थनादौ तु ये दर्भा नमस्कारे विसर्जयेत् ।।

श्राद्धमा कुशत्यागसम्बन्धमा विचार

कलिकामा **स्मृत्यन्तर**बाट उद्धृत वचनमा भनिएको छ – श्राद्धको आरम्भमा जुन जुन कुशको प्रयोग गरिन्छ ती कुशलाई पादप्रक्षालनमा प्रयोग गर्नुहुँदैन र तिनलाई विसर्जन गर्नुपर्दछ । पूजामा जुन कुशको प्रयोग गरिन्छ, तिनलाई उच्छिष्टको अन्तमा विसर्जन गर्नुपर्दछ । मार्जन गर्दा लिएका कुशलाई पिण्ड उठाउने समयमा त्याग गर्नुपर्दछ । पात्रहरूलाई उत्तानो गराउँदा राखिएका कुशलाई दक्षिणादान गरेपछि विसर्जन गर्नुपर्दछ । प्रार्थना गर्दा हातमा लिएका कुशलाई नमस्कार गरेपछि विसर्जन गर्नुपर्दछ ।

ऊहविचारः

ऊहमाह विष्णुः – **मातामहानामप्येवं श्राद्धं कुर्याद्विचक्षणः । मन्त्रोहेन यथान्यायं शेषाणां मन्त्रवर्जितम्।।**

यथान्यायमिति यत्र बहुवचनान्तः पितृशब्दस्तत्र सर्वपितृवाचित्वान्नोहः । तत्रापि **'शुन्धतां पितरः'** इत्यत्रोह एव । सर्वपितृवाचित्वे उत्तरमन्त्रद्वयवैयर्थ्यात्। बहुवचनं तु नोह्यते । प्रकृतावसमर्थत्वात्पाशानितिवत् । ऋगन्ते च नोहः। तस्मादृचं नोहेदिति निषेधात् । एकोद्दिष्टेऽप्येवम् । प्रेतैकोद्दिष्टे तु **'एकवन्मन्त्रानूहेतैकोद्दिष्टे'** इति विष्णूक्तेरूहः। अत्र बहुवचनस्याप्यूहो वचनात् । वृद्ध्यादौ तु विशेषं वक्ष्यामः । शेषाणामिति पितृव्याद्येकोद्दिष्टे आवाहनादिमन्त्रवर्ज्यं कार्यमिति कल्पतरुः । ऊहयोग्यपितृपदवान् मन्त्र एव तत्र प्रयोज्यो न तूहः । नापि पितृपदरहितः प्रयोज्य इति शूलपाणिः । अर्थान्तरं चोक्तं प्राक्।

ऊहविचार

विष्णुले ऊह[३६] अर्थात् मन्त्र र संस्कारलाई अन्यथा परिणत गराउने विषयमा विचार गर्दै भनेका छन् – 'बुद्धिमान् मानिसले नियमअनुसार आफ्ना मातामहको पनि श्राद्ध गर्नुपर्दछ ।' **एतद्वः पितरो वासः, अमीमदन्त पितरो, यथाभागमावृषायिषत, ऊर्जं वहन्तीरमृतं घृतं पयः कीलालं परिश्रुतम् । स्वधास्थ तर्पयत मे पितॄन्**' जस्ता वाक्यहरूमा बहुवचनान्त पितृशब्दको प्रयोग भएको छ । यस्ता स्थलमा पितृशब्द सबै पितृहरूको वाचक भएकाले ऊह गर्नुपर्दैन । परन्तु '**शुन्धन्तां पितरः**' यस वाक्यमा भने ऊह गर्नुपर्दछ । '**शुन्धन्तां पितामहाः, शुन्धन्तां प्रपितामहाः**' यी वाक्यमा पितामह र प्रपितामहशब्दको उपादान गर्नाले माथिल्लो वाक्यको पितृशब्दले केवल आफ्ना बाबुलाई जनाउँछ । ऊह नगर्ने हो भने उत्तरवर्ती दुवै मन्त्र व्यर्थ हुनेछन्, यो अर्थ हो । यसरी नै '**शुन्धन्तां मातामहाः**' इत्यादि वाक्यमा र '**शुन्धन्तां मातरः**' इत्यादि वाक्यमा ऊह हुनेछ र जहाँ '**पितृभ्यः स्वधोच्यताम्, पितामहेभ्यः स्वधोच्यताम्, प्रपितामहेभ्यः स्वधोच्यताम्**' यी शुन्धनमन्त्र हुन्, यिनीहरूको पनि माथि बताएको विधिबाट ऊह हुन्छ । प्रकृतिमा बहुवचनमा ऊह गरिँदैन । '**पाशान् इतिवत्**' वाक्यमा प्रकृतिमा असमर्थता भएको कारण बहुवचनमा ऊह हुँदैन '। '**ऊह्यौ विकृत्यां खलु पाशमन्त्रौ**' मीमांसासूत्र (९/३/१०-१४) को भनाइअनुसार पाशमन्त्रको विकृतिमा ऊह गर्न सकिन्छ तर प्रकृतिमा ऊह गरिँदैन '**अदितिः पाशान् प्रमुमुक्त्वैतान् इति**' यस वाक्यमा जसरी ऊह गरिँदैन त्यसरी नै बहुवचनान्त शब्दमा ऊह गरिँदैन ।

ऋगन्तमा अर्थात् '**पितॄन् हविषे अत्तवे । आयन्तु न पितरः**' इत्यादि ऋग्वेदका मन्त्रहरूमा ऊह हुँदैन । यिनीहरूमा ऊह हुँदैन भनेर निषेध गरिएकाले मात्र ऊह गरिँदैन । एकोद्दिष्टमा पनि यही हो । **विष्णुले** भनेका छन् कि – प्रेतको एकोद्दिष्टमा पितृघटित मन्त्रहरूमा पितृपदको स्थानमा प्रेतपद जोड्नुपर्दछ । एकोद्दिष्टमा एकार्थवाचक मन्त्रहरूको ऊह गर्नुपर्छ भन्ने विष्णुको वचन भएकाले ऊह गर्नुपर्दछ । प्रेतको एकोद्दिष्टमा बहुवचनान्तको ऊह '**एतद्वः पितरः**' इत्यादिमा '**एतत्ते प्रेत**' इत्यादि ऊह गरिन्छ, यो अर्थ हो । यो कुरा **विष्णु** र **आश्वलायनले** बताएका छन् । वृद्धि आदि श्राद्धमा गरिने ऊहको विषयमा विशेष तथ्य पछि प्रकाशित गरिनेछ । **कल्पतरुमा** भनिएको छ कि – अवशिष्ट आफ्ना पितृव्य आदिको एकोद्दिष्टमा आवाहन आदि मन्त्रलाई त्याग गरेर कर्मसम्पादन गर्नुपर्दछ । **शूलपाणिले** भनेका छन् कि– ऊह गर्न योग्य पितृपद भएको मन्त्रलाई नै त्यहाँ प्रयोग गर्नुपर्दछ । तर ऊह गर्दा ऊहशब्दको प्रयोग गर्नुहुँदैन । पितृपदरहित वाक्यको प्रयोग गर्नु हुँदैन । प्रयोग गरियो भने त्यो श्राद्ध स्त्री र शूद्रको झैं अमन्त्रकश्राद्ध हुनेछ ।

ऊहनिषेधः

बह्वृचकारिकापि –

अर्घ्यप्रदानमन्त्रे तु मात्रादिपदमावपेत् । शुन्धन्तामिति पित्रादौ मात्रादिपदमावपेत् ।।

मातृश्राद्धे पिण्डदाने – '**ये च त्वामत्रानु**' इत्यत्र नोह इति वृत्तिकृत् । तथा –

मातुःश्राद्धेऽप्यनूहेन कुर्यात्पिण्डानुमन्त्रणम् । दशादानमुपस्थानं तद्वत्कार्यमिति स्थितिः ।।

---

३६. श्राद्धप्रकरणमा मन्त्रको ऊह गर्ने प्रसङ्ग आउँछ । त्यो ऊहको अर्थ मन्त्र र संस्कारको अन्यथा परिणति हो । जहाँ पितृशब्द बहुवचनमा राखिएको हुन्छ, जस्तै '**एतद्वः पितरो वासः, अमीमदन्त पितरः**' इत्यादि स्थलमा सबै पितृशब्दले सबै पितृहरूको वाचन गरेका कारण यहाँ ऊह गर्न पर्दैन । तर, जहाँ '**शुन्धन्तां पितरः**'जस्तो वाक्यको प्रयोग गरिन्छ, त्यहाँ ऊह गर्नुपर्दछ । किनकि यहाँ पितृशब्दलाई सबै पितृहरूको वाचक मात्रै हो भने पछि आउने दुईटा मन्त्र 'शुन्धन्तां मातरः, शुन्धन्तां प्रपितामहाः' व्यर्थ हुनेछन् । त्यसकारण 'शुन्धन्तां पितरः' वाक्यमा पितृशब्दको बहुवचनको प्रयोग भएता पनि यसले पितालाई मात्र जनाउँछ । सबै पितृलाई जनाउँदैन । यहाँ ऊह गरेर सबै पितृलाई बुझाउने शब्दलाई पितालाई मात्र बुझाउने अर्थमा अन्यथा परिणत गरियो । यही नै ऊह हो ।

प्रवाहणमनूहेन तद्वत्प्राशनमिष्यते ।। तथा –

आयन्तुनस्तिलोऽसीति उशन्तस्त्वेति यानि तु । अनूह्यः पितृशब्दोऽत्र पितृसामान्यवाचकः ।।

आपस्तम्बानां तु वक्ष्यते ।

ऊहको निषेध

बह्वृचकारिकामा भनिएको छ – अर्घ्यप्रदान गर्दा भनिने मन्त्रमा मातृशब्द जोड्नुपर्दछ, '**शुन्धन्तांल्लोकाः पितृषदनाः पितृषदनमसि । उद्दिवंस्तमानान्तरिक्षं पृण दृंहस्व पृथिव्याम् ।।** (काण्वसं. ५/३५)' यस मन्त्रमा पितृपदको स्थानमा मातृपदको प्रयोग गर्नुपर्दछ । मातृश्राद्ध गर्दा पिण्डदानमा '**अमुकगोत्र अमुकशर्मन् यजमानपितः ये च त्वा मनु एतत्ते पिण्डान्नं स्वधा ।।** (कात्यायनश्रौ.सू. ४/१/१२)' यस मन्त्रमा **याभ्यः, ताभ्यः** भनेर ऊह गरिँदैन । यो वृत्तिकारको मत हो। माताको श्राद्धमा पनि पिण्डानुमन्त्रण, दशादान – वस्त्रको टुप्पामा रहेको धागो चढाउने काम र उपस्थान पनि पहिलेको वाक्यमा जस्तै ऊह नगरीकन गर्नुपर्दछ । उपस्थानका मन्त्र यसप्रकार छन् – **यन्मे माता प्रलुलोभ यच्चचारानुव्रतम् । तन्मे रेतः पिता वृक्तां माभ्युरन्योपपद्यताम् ।। ॐ पितृभ्यः स्वधायिभ्यः स्वधा नमः पितामहेभ्यः स्वधायिभ्यः स्वधा नमः प्रपितामहेभ्यः स्वधायिभ्यः स्वधा नमः । अक्षन्नपितरोमीमदन्त पितरोतीतृपन्त पितरः पितरः शुन्धध्वम् ।।** (यजु. १९/३६)

पिता पितामहश्चैव तथैव प्रपितामहः । तृप्तिमायान्तु पिण्डेन मया दत्तेन भूतले ।।

मातामहस्तत्पिता च पिता तस्यापि तृप्यतु । द्विजानां तर्पणाद् होमात्पिण्डादानाच्च मे दिवि ।।

'**परेत पितरः सोम्या गम्भीरैः पथिभिः पूर्व्यैः । अथा पितृन्सुविदत्रीं अपीत यमेन येसधमादं मदन्ति।।** (तै. १/८/५/२) । यी मन्त्रद्वारा पिण्डलाई आग्नेयदिशातर्फ बढाएर कुटुम्बसहित भई यजमानले पिण्डलाई नमस्कार गर्नुपर्दछ।

यसैगरी – '**आ यन्तु नः पितरः सोम्यासोऽग्नि ष्वात्ताः पथिभिर्देववानैः । अस्मिन् यज्ञे स्वधया मदन्तोऽधि ब्रुवन्तु तेऽवन्त्वस्मान् ।।**' (काण्वसं. अ.२१, मं. ५९) '**तिलोऽसि सोमदेवत्यो गोसवो देवनिर्मितः । प्रत्लवद्भिः प्रत्लस्वधयेहि पितृनिमान् लोकान् प्रीणयाहि नः स्वधा नमः ।** (बौधायनगृह्यसूत्र) । **तिलोऽसि सोमदैवत्यो गोसवो देवनिर्मितः । प्रत्नम (व)द्भिः पृक्तः स्वधया पितॄँल्लोकान् प्रीणाहि नः स्वाहा** (श्राद्धप्रकाश) ।' '**उशन्तस्त्वा नि धीमह्युशन्तः समिधीमहि । उशन्नुशत आ वह पितृन् हविष्ये अत्तवे ।।**' (ऋ. १०/१६/१२) यी मन्त्रहरूमा ऊह हुँदैन किनकि यहाँ सामान्य पितृवाचकशब्दको प्रयोग गरिएको छ । **आपस्तम्बहरूको** विषयमा फेरि बताइनेछ ।

स्नातकद्वारा स्नातकानां समर्चना

हेमाद्रौ मार्कण्डेयः – '**स्नातः स्नातान् समाहूतान् स्वागतेनार्चयेत् पृथक् ।**'

यजमानद्वारा स्नातक ब्राह्मणको पूजन

हेमाद्रिमा मार्कण्डेयले भनेका छन् कि श्राद्धकर्ताले स्नान गरी स्नान गरेका निमन्त्रित ब्राह्मणहरूलाई स्वागत गर्दै पृथक् पृथक् पूजा गर्नुपर्दछ ।

स्नातकेभ्यः सुवर्णकुशप्रदानम्

कलिकायां नारदीये –

प्रायश्चित्तशुिद्धात्मा तेभ्योऽनुज्ञां प्रगृह्य च । दद्याद्वै ब्रह्मदण्डार्थं हिरण्यं कुशमेव च ।।

स्नातकहरूलाई सुवर्ण र कुशदान

कलिकामा उद्धृत **नारदपुराणको** वचनमा भनिएको छ – प्रायश्चित्त गरी विशुद्ध आत्मा भएको कर्ताले ब्राह्मणको आज्ञाअनुसार ब्रह्मदण्डका लागि ब्राह्मणलाई सुवर्ण र कुश टक्र्याउनुपर्दछ ।

प्राचीनावीतिना सङ्कल्पविधानम्

तत्रैव सङ्ग्रहे –

तिथिवारादिकं ज्ञात्वा सङ्कल्प्य च यथाविधि । प्राचीनावीतिना कार्यं सर्वं सङ्कल्पनादिकम् ।।

सम्बन्धं प्रथमं ब्रूयान्नामगोत्रे तथैवच । वस्वादिरूपतां चापि स्वपितृणामनुक्रमात् ।।

अपसव्य भएर सङ्कल्प गर्नुपर्ने

संग्रहमा भनिएको छ – श्राद्धकर्ताले तिथि, वार आदि राम्ररी बुझेर विधिपूर्वक श्राद्धको सङ्कल्प गर्नुपर्दछ । सङ्कल्पको अर्थ विधिपूर्वक धार्मिक वा पैतृक कर्म गर्ने प्रतिज्ञा हो । कुनै ऐच्छिक पुण्यकालमा फलको प्राप्तिले गरिने कर्ममा पनि यसरी नै सङ्कल्प गर्नुपर्दछ । श्राद्धकर्ममा अपसव्य भएर सङ्कल्प गर्नुपर्दछ । सङ्कल्प गर्दा सर्वप्रथम सम्बन्ध बताएर अनि नाम र गोत्रको उच्चारण गर्नुपर्दछ । क्रमशः आफ्ना पितालाई – वसु, पितामहलाई – रुद्र र प्रपितामहलाई– आदित्य भन्नुपर्दछ ।

विप्रनिमन्त्रणप्रकारः

चन्द्रोदये नारदीये – **श्राद्धार्थं समनुप्राप्तान् विप्रान् भूयो निमन्त्रयेत्** । आपस्तम्बस्तु **पूर्वेद्युर्निमन्त्रणं परेद्युर्द्वितीयं तृतीयमामन्त्रणम्** इत्याह । यूयं मया निमन्त्रणीया इति निवेदनरूपं आद्यम् । तद्विधिमाह शौनकः –

गृहीत्वामुकसंज्ञस्यामुकगोत्रस्य चामुके । श्राद्धे तु वैश्वदेवार्थं करणीयः क्षणस्त्वया ।।

इत्येवं श्राद्धकृद् ब्रूयादोंतथेति वदेत्तु सः । श्राद्धस्य कर्ता स ब्रूयात्तं प्राप्नोतु भवानिति ।।

स वदेत् प्राप्नवानीति इतरस्तं प्रति द्विजः ।।

देवौ पार्वणे पुरूरवाद्रवौ वाच्यौ **'पित्रादेरप्यनेनैव वृणीत विधिना द्विजान् ।'**

विप्रनिमन्त्रण-विधि

चन्द्रोदयमा उद्धृत **नारदीय मतमा** बताइएको छ कि पहिले नै निमन्त्रणा दिई आफ्नो घरमा आएका ब्राह्मणहरूलाई घरमा आएपछि पनि फेरि राम्ररी निमन्त्रणा गर्नुपर्दछ । **आपस्तम्बले** भनेका छन् – पहिलो दिन निमन्त्रणा गर्नुपर्दछ, दोस्रो दिन आमन्त्रणा गर्नुपर्दछ, फेरि तेस्रो दिन पनि आमन्त्रण दिनुपर्दछ । यसको विधि यसप्रकार छ – 'मैले हजुरहरूलाई हिजो, अस्ति निमन्त्रणा गरिसकेको छु, अहिले पनि निमन्त्रणा गरिरहेको छु । हजुरहरूले मेरो कार्य सम्पन्न गर्नुपर्दछ' भनी निवेदन गर्दछु ।

निमन्त्रणको विधि बताउँदै **शौनकले** भनेका छन् – कर्ताले ब्राह्मणलाई भन्नुपर्दछ – 'अमुक नामका र अमुक गोत्रका मेरा अमुकसम्बन्धीको यो श्राद्धमा वैश्वदेवका निमित्त हजुरलाई उपस्थित भइदिन अनुरोध गर्दछु ।' यसरी कर्ताले प्रार्थना गरेपछि ब्राह्मणले ॐ भनेर स्वीकृति दिनुपर्दछ । फेरि श्राद्धकर्ताले भन्नुपर्दछ – 'हजुर अब यही श्राद्धभूमिमा प्राप्त हुनुहोस् ।' त्यसपछि ब्राह्मणले भन्नुपर्दछ – 'अब म तपाईंको निवेदनअनुसार श्राद्धभूमिमा जाँदैछु ।'

पार्वणश्राद्धमा देवब्राह्मण र पितृब्राह्मण गरी दुईथरि ब्राह्मणहरू हुन्छन् । ती विश्वेदेवका प्रतिनिधि हुन्छन् । देवपक्षका वैश्वदेवलाई पुरूरव र आर्द्रव भनिन्छ । पितृपक्षमा पनि यसैगरी ब्राह्मणहरूको वरण गर्नुपर्दछ ।

पिण्डपितृयज्ञार्थं परिस्तरणादिकथनम्

ततः कर्ता बह्वृचोऽनाहिताग्निः पिण्डपितृयज्ञं परिस्तरणादीध्माधानान्तं कुर्यात् । **'अर्धाधानिनोऽप्येवम्'** इति प्रयोगपारिजाते परिशिष्टे च । भाष्यकारमते आब्दिकेऽप्येवम् । वृत्तिकारमते नेदम् ।

पिण्डपितृयज्ञका निमित्त परिस्तरण आदि

ऋग्वेदी कर्ता रहेछ र त्यो अग्निहोत्र नगर्ने किसिमको रहेछ भने त्यसले पिण्डपितृयज्ञको परिस्तरणदेखि लिएर समिधा बिच्छ्याउनेसम्मका कार्यहरू गर्नुपर्दछ । अर्धाधानीले पनि यसैगरी परिस्तरण आदि कार्य गर्नुपर्दछ भन्ने कुरा **प्रयोगपारिजात** र **परिशिष्टमा** बताइएको छ । **भाष्यकारको मतअनुसार** आब्दिकश्राद्धमा पनि यसरी नै कार्यसम्पादन गर्नुपर्दछ । **वृत्तिकारको मतमा** भने यसरी कार्य गर्न हुँदैन ।

द्वारदेशे मण्डलविधिकथनम्

हेमाद्रौ शम्भुः-

सम्मार्जितोपलिप्ते तु द्वारि कुर्वीत मण्डले। उदक्प्लवमुदीच्यं स्याद्दक्षिणं दक्षिणाप्लवम्।।

व्याघ्रः -

उत्तरेऽक्षतसंयुक्तान् पूर्वाग्रान् विन्यसेत् कुशान् । दक्षिणे दक्षिणाग्राँस्तु सतिलान् विन्यसेत् कुशान्।।

तत्रैव बौधायनः - **चतुरस्रं त्रिकोणं च वर्तुलं चार्धचन्द्रकम् । कर्तव्यमानुपूर्व्येण ब्राह्मणादिषु मण्डलम्।।**

तत्रैव लौगाक्षिः - **हस्तद्वयमितं कार्यं वैश्वदेविकमण्डलम् । दक्षिणे तु चतुर्हस्तं पितृणामङ्घ्रिशोधने।।**

कालिकायां संग्रहे तु -

प्रादेशमात्रं देवानां चतुरस्रं तु मण्डलम् । त्यक्त्वा षडङ्गुलं तस्माद्दक्षिणे वर्तुलं तथा ।।

इत्युक्तम् । यत्तु स्मृत्यन्तरे -

गर्तः पञ्चाङ्गुलो विप्रे जानुमात्रो महीभुजि । प्रादेशमात्रो वैश्ये च साधिकः स तु शूद्रके।।

तिर्यगूर्ध्वप्रमाणेन व्याख्यातो दैवपित्र्ययोः । चतुरस्रं वर्तुलं च कथितं गर्तलक्षणम् ।।

द्वारदेशमा मण्डलविधि

हेमाद्रिमा शम्भुले भनेका छन् - 'आफ्नो घरको अगाडि आँगनमा राम्ररी गोबरले लिपेर मण्डल बनाउनुपर्दछ । देवकार्य गर्दा त्यो मण्डल वा वेदीलाई उत्तरतर्फ होचो आकारको बनाउनुपर्दछ । पितृकार्य गर्दा भने त्यसलाई दक्षिणतर्फ होचो हुँदै गएको बनाउनुपर्दछ । **व्याघ्रले** भनेका छन् - उत्तरतर्फको मण्डलमा चामलसहित कुशलाई पूर्वाग्र बनाई राख्नुपर्दछ भने दक्षिणतर्फको मण्डलमा तिलसहित कुशलाई दक्षिणाग्र बनाई राख्नुपर्दछ । **बौधायनले** भनेका छन् - ब्राह्मणका लागि चारकुने मण्डल, क्षत्रियका लागि तीनकुने मण्डल, वैश्यका लागि बाटुलो आकारको मण्डल र शूद्रको लागि अर्धचन्द्राकार मण्डल बनाउनुपर्दछ । **लौगाक्षिले** भनेका छन् - विश्वदेवका लागि मण्डल बनाउँदा दुईहातको परिमाणमा बनाउनुपर्दछ । दक्षिणतर्फ पितृका लागि चारहातको मण्डल बनाउनुपर्दछ र त्यसको नजिकमा ब्राह्मणको पाउ

धुने व्यवस्था मिलाउनुपर्दछ ।

कलिका र **संग्रहमा** भनिएको छ – देवताका लागि एककुरैतको चारकुने मण्डल बनाउनुपर्दछ । त्यसपछि ६ अङ्गुल भूमि छोडेर दक्षिणतर्फ अर्को बाटुलो आकारको एककुरैतसम्म फैलिएको मण्डल बनाउनुपर्दछ । **स्मृत्यन्तरमा** भनिएको छ – ब्राह्मणको कार्यमा पाँचअंगुल गहिरो खाडल बनाउनुपर्दछ । क्षत्रियका लागि घुँडासम्मको गहिरो खाडल बनाउनुपर्दछ । वैश्यका लागि एककुरैतको खाडल बनाउनुपर्दछ र शूद्रका लागि वैश्यको भन्दा अझ गहिरो खाडल बनाउनुपर्दछ। देवकार्यमा तेर्सो आकारमा खाडल बनाउनुपर्दछ र पितृकार्यमा माथिदेखि तलसम्म गहिरिँदै गएको खाडल बनाउनुपर्दछ । यसरी चारकुने र बाटुलो गरी दुईथरि खाडल बनाउनुपर्छ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ ।

ब्राह्मणपादप्रक्षालनविचारः

पादप्रक्षालनं प्रोक्तमुपवेश्यासने द्विजान् । तिष्ठँश्चेत् क्षालनं कुर्यात् निराशाः पितरो गताः ।।

इति । तत्समूलत्वे मण्डलाग्रे पृथक् ज्ञेयम् ।

ब्राह्मणको पादप्रक्षालन

'आसनहरूमा ब्राह्मणहरूलाई बसालेपछि उनीहरूको पाउ धुनुपर्दछ । ब्राह्मणलाई उभ्याएर पाउ धुनु हुँदैन त्यसो गर्दा पितृहरू निराश भएर फर्कन्छन् ।' यो भनाइ प्रामाणिक भएमा वेदीनजिकै छुट्टै ब्राह्मणको पाउ धुने काम गर्नुपर्दछ भन्ने कुरा ग्रन्थकारले भनेका छन् ।

गोमयग्रहणविचारः

तत्र गोमये हेमाद्रौ भृगुः –

अत्यन्तजीर्णदेहाया बन्ध्यायाश्च विशेषतः । आर्ताया नवसूताया न गोर्गोमयमाहरेत् ।।

गाईको गोबर संग्रह गर्ने विषयमा

गाईको गोबर संग्रह गर्ने विषयमा हेमाद्रिमा उद्धृत भृगुको भनाइ यसप्रकार छ – जुन गाईको शरीर अत्यन्त जीर्ण-शीर्ण भएको छ, जुन गाई बाँझी छिन्, जुन गाई रोगले अत्यन्त ग्रस्त भएकी छन् र जुन भर्खरै व्याएकी छन् ती सबै गाईको गोबर श्राद्धकर्मका लागि ग्रहण गर्न हुँदैन अर्थात् यस्ता गाईबाहेकका गाईको गोबर सङ्ग्रह गर्नुपर्दछ ।

पादाभिषेचने विचारः

मात्स्ये – **अक्षताभिः सपुष्पाभिस्तदभ्यर्चापसव्यवत् । विप्राणां क्षालयेत्पादावभिवन्द्य पुनः पुनः।। प्रत्यङ्मुखस्थितः कुर्याद्विप्रपादाभिषेचनम् ।।** तत्रैव भविष्ये – **प्रक्षालयेद्विप्रपादान् शन्नोदेवीरित्यृचा।**

ब्राह्मणको पादाभिषेकसम्बन्धी विचार

मत्स्यपुराणमा भनिएको छ कि अपसव्य भईकन पहिले फूल र अक्षताले पूजा गरी ब्राह्मणको पाउ पखाल्नुपर्दछ। पाउ पखालेपछि बारम्बार नमस्कार गर्नुपर्दछ । उभिएर पश्चिमतिर फर्की ब्राह्मणका पाउमा जलले अभिषेक गर्नुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ – ब्राह्मणको पादप्रक्षालन गर्दा निम्नलिखित मन्त्र उच्चारण गर्नुपर्दछ – **ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं योरभि स्त्रवन्तु नः ।।** (ऋ. १०/९/४)'

पाद्यजलदानविचारः

पृथ्वीचन्द्रोदये वृद्धवसिष्ठः – **'न कुशग्रन्थिहस्तस्तु पाद्यं दद्याद् विचक्षणः'** ।

पाद्यजलसम्बन्धी विचार

पृथ्वीचन्द्रोदयमा वसिष्ठले भनेका छन् कि – हातमा कुश वा कुशको मुठो लिएर ब्राह्मणको पाउ पखाल्ने कार्य गर्न हुँदैन ।

भार्यास्त्रावितवारिणा पादप्रक्षालनम्

कलिकायां संग्रहे – **'ततः प्रक्षालयेत्पादौ भार्यास्त्रावितवारिणा ।'**

श्रीमतीको लगाएको जलधाराद्वारा ब्राह्मणको पादप्रक्षालन

कलिका र संग्रहग्रन्थमा भनिएको छ– ब्राह्मणको पाउ पखाल्दा श्रीमतीले जल खन्याउने र श्रीमान्ले पाउ धुने काम गर्नुपर्दछ ।

पत्न्यां वामे नीरप्रदायां श्राद्धस्यासुरत्वम्

तथा – **श्राद्धकाले यदा पत्नी वामे नीरप्रदा भवेत् । आसुरं तद्भवेच्छ्राद्धं पितृणां नोपतिष्ठते ।।**

पत्नीले बायाँ भागमा रही जलधारा दिएमा त्यो श्राद्ध आसुरश्राद्ध मानिने

त्यहीं भनिएको छ– श्राद्धकालमा ब्राह्मणको पाउ धुँदा पत्नीले बायाँभागमा रहेर जल खन्याउने काम गर्दछिन् भने त्यो श्राद्ध आसुरश्राद्ध मानिन्छ र पितृका समीपमा प्राप्त हुँदैन ।

पित्रादिकर्मसु पादप्रक्षालनविचारः

तत्रैव – **'नाधः प्रक्षालयेत्पादौ कर्ता पित्रादिकर्मसु ।'** पाद्यानन्तरमर्घ्यमपि दद्यादिति हेमाद्रिः ।

पितृकर्ममा पादप्रक्षालन

कलिका र संग्रहमा नै भनिएको छ कि – 'कर्ताले पिता आदिको श्राद्धमा ब्राह्मणका पाउ धुनुपर्छ तर पाइताला धुने काम गर्नुहुँदैन।' यसरी पाउ धोएपछि ब्राह्मणलाई अर्घ्य पनि अर्पण गर्नुपर्दछ भन्ने कुरा **हेमाद्रिले** बताएका छन् ।

मण्डलादुत्तरे आचमनीयजलदानम्

तत्रैव लौगाक्षिः – **'मण्डलादुत्तरे देशे दद्यादाचमनीयकम् ।'**

आचमनीय दान

लौगाक्षिले भनेका छन् कि पितृकर्मका लागि बनाइएको वेदीको उत्तरतर्फ गई कर्ताले ब्राह्मणलाई आचमनीय जल टक्र्याउनुपर्दछ ।

पादप्रक्षालनोत्तरमुभयत्र द्विराचमनकथनम्

तत्रैव – **विधाय क्षालनं तेषां द्विराचमनमिष्यते । स्वयं चापि द्विराचामेद्विधिज्ञः श्रद्धयान्वितः ।।**

दुईपटक आचमन

त्यहीं नै भनिएको छ कि – विधि जानेको कर्ताले ब्राह्मणको पादप्रक्षालन गरेपछि ब्राह्मणलाई दुईपटक आमचन गर्न लगाउनुपर्दछ । स्वयं कर्ताले पनि श्रद्धापूर्वक दुईपटक आचमन गर्नुपर्दछ ।

पादप्रक्षालनजलेन आचमननिषेधः

हेमाद्रौ नारदीये – **यत्राचमनवारीणि पादप्रक्षालनोदकैः । सङ्गच्छन्ते बुधाः श्राद्धमासुरं तत्प्रचक्षते।।**

पादप्रक्षालनको जलले आचमननिषेध

हेमाद्रिमा उद्धृत नारदीयपुराणको वचनमा भनिएको छ कि – पाउ धुने जल र आचमन गर्ने जल छुट्टाछुट्टै हुनुपर्दछ । आचमन गर्ने जलमा चरण धुने जल मिसियो भने त्यो श्राद्ध आसुरश्राद्ध कहलाउँछ ।

आसने उपवेशनप्रकारः

हेमाद्रौ व्यासः – **सव्येनैवासनं धृत्वा दक्षिणे दक्षिणं करम् । व्याहृतिभिः समस्ताभिरासनेषूपवेशयेत्।।**
समाध्वमिति चैवोक्त्वा दक्षिणं जानु संस्पृशन् । आस्यतामिति तान्ब्रूयादासनं संस्पृशन्नपि ।।

ब्राह्मणलाई आसनमा बसाउने विधि

हेमाद्रिमा उद्धृत व्यासको वचनमा भनिएको छ कि सव्य आफ्नो दायाँहातले ब्राह्मणको दायाँहात समाएर उनीहरूलाई आसनमा बसाउनुपर्दछ । त्यसबेला '**ॐ भूर्भुवः स्वः**' यी तीन व्याहृतिको उच्चारण गर्नुपर्दछ । ब्राह्मणको दायाँ घुँडाको स्पर्श गर्दै 'तपाईंहरू विराजमान हुनुहोस्' भनेर आसनस्पर्श गर्दै ब्राह्मणहरूलाई बसाउनुपर्दछ ।

ब्राह्मणसङ्ख्याकथनम्

हेमाद्रौ शातातपः –

द्वौ दैवेऽथर्वणौ विप्रौ प्राङ्मुखावुपवेशयेत् । पित्र्ये तूदङ्मुखाँस्त्रींश्च बह्वृचाध्वर्युसामगान् ।।

याज्ञवल्क्यः – '**द्वौ दैवे प्राक्त्रयः पित्र्ये उदगेकैकमेव वा** ।' यत्तु हेमाद्रौ हारीतः – **दक्षिणाग्रदर्भेषु प्राङ्मुखान् ब्राह्मणान् भोजयेत् उदङ्मुखानित्येके** इति तन्मैत्रायणीयविषयम् । **प्राङ्मुखान् भोजयेदुदङ्मुखानित्येके** इति तत्परिशिष्टाद् विकल्प इति हेमाद्रिः ।

ब्राह्मणको संख्या

हेमाद्रिमा शातातपले भनेका छन् – 'विश्वेदेव ब्राह्मण राखी गरिने दैवश्राद्धमा दुई अथर्ववेदी ब्राह्मणहरूलाई पूर्वतिर फर्काएर बसाउनुपर्दछ । पितृकर्ममा ऋग्वेदी, यजुर्वेदी र सामवेदी तीन ब्राह्मणलाई उत्तरतर्फ फर्काएर बसाउनुपर्दछ। यससम्बन्धमा याज्ञवल्क्यले भनेका छन् कि वैश्वदेवकार्यमा दुईब्राह्मण पूर्वमुख र पितृकार्यमा तीनब्राह्मण अथवा

एक ब्राह्मणलाई उत्तरमुख गराएर राख्नुपर्दछ । **हेमाद्रिमा हारीतले** भनेका छन् – दक्षिणाग्र कुशमा विराजमान भएका ब्राह्मणहरूलाइ पूर्व फर्काएर भोजन गराउनुपर्दछ । कसैले भनेका छन् – ब्राह्मणहरूलाई उत्तराभिमुख गराई भोजन गराउनुपर्दछ । तर यो मैत्रायणीयको सम्बन्धमा भनिएको वचन हो । वस्तुतः पूर्वमुख ब्राह्मणहरूलाई नै भोजन गराउनुपर्दछ । कसैले उत्तरतर्फ फर्किएका ब्राह्मणलाई भोजन गराउनुपर्दछ भनेका छन् । त्यो **मैत्रायणीय परिशिष्ट**को मत हो । यसलाई हेमाद्रिले वैकल्पिक मानेका छन् ।

भोजनकाले भिक्षुकादीनामागमने विचारः

माधवीये यमः –

भिक्षुको ब्रह्मचारी वा भोजनार्थमुपस्थितः । उपविष्टेष्वनुप्राप्तः कामं तमपि भोजयेत् ।।

भोजनकालमा भिक्षुकहरू आउँदा गर्नुपर्ने कर्तव्य

माधवीयमा उद्धृत **यम**को वचनमा भनिएको छ कि – श्राद्धमा पूजित ब्राह्मणहरू भोजन गर्न बसेपछि कुनै ब्रह्मचारी वा संन्यासी श्राद्ध गर्ने ठाउँमा उपस्थित हुन्छन् र तिनीहरूले भोजन गर्न चाहन्छन् भने श्रद्धापूर्वक भोजन गराउनुपर्दछ । उनीहरूले नचाहेको अवस्थामा भोजन नगराउँदा कुनै प्रत्यवाय लाग्दैन ।

भोजनसमये अतिथिविचारः

कौर्मे – '**अतिथिर्यस्य नाश्नाति न तच्छ्राद्धं प्रचक्षते ।**'

भोजनसमयमा आएका अतिथिलाई भोजनप्रदान

कूर्मपुराणमा भनिएको छ कि – जुन श्राद्धमा कुनै अतिथिले आएर भोजन गर्दैन त्यस श्राद्धलाई श्राद्ध भनिँदैन ।

भोजने विप्रनियमकथनम्

विप्रनियमो माधवीये –

पवित्रपाणयः सर्वे ते च मौनव्रतान्विताः । उच्छिष्टोच्छिष्टसंस्पर्शं वर्जयन्तः परस्परम् ।।

भोजन गर्दा ब्राह्मणका नियम

माधवीयमा ब्राह्मणहरूका नियमको विषयमा चर्चा गर्दै भनिएको छ – श्राद्धभोजन गर्दा सबै ब्राह्मणका हातमा पवित्र हुनुपर्दछ । सम्भव भएसम्म सबैले मौनव्रत लिएको हुनुपर्दछ । ब्राह्मणहरूले परस्परमा एउटाको जूठो अर्कोले स्पर्श गर्न हुँदैन ।

आसनानि

तत्रासनानि । पृथ्वीचन्द्रोदये यमः – '**आसनं कुतपं दद्यादितरद्वा पवित्रकम् ।**' हेमाद्रौ चमत्कारखण्डे–

पितृणां घटितं हैमं राजतं वापि चासनम् । येन ताम्रमयं दत्तमासनं पितृकर्मणि ।।

स वै दिव्यासनारूढो नहि प्रच्यवते दिवः ।।

आसन

आसनको सम्बन्धमा **पृथ्वीचन्द्रोदयमा** उद्धृत **यमको** वचनमा भनिएको छ – श्राद्धकर्ता र ब्राह्मणको आसन पवित्र हुनुपर्दछ । ब्राह्मणलाई नेपाल कम्बलको आसन अथवा त्यस्तै अरू कुनै पवित्र आसन दिनुपर्दछ । **हेमाद्रिको चमत्कारखण्डमा** भनिएको छ कि – जुन श्राद्धकर्ताले श्राद्धमा आफ्ना पितृहरूका निमित्त सुवर्ण वा चाँदीको आसन प्रदान गर्दछ र जसले ताँबोको आसन प्रदान गर्दछ त्यो मानिस देवलोकको दिव्य आसनमा आसीन हुन्छ र स्वर्गबाट च्युत हुँदैन ।

आसनादौ विचारः

हेमाद्रौ नागरखण्डे – '**अयःशङ्कुमयं पीठं प्रदेयं नोपवेशने ।**' कलिकायां संग्रहे –
क्षौमं दुकूलं नैपालमाविकं दारुजं तथा । तार्णं पार्णं वृसीं चैव विष्टरादि च विन्यसेत् ।।
अग्निदग्धान्यायसानि भग्नानि च विसर्जयेत् ।। हेमाद्रौ छागलेयः –
पश्चाद्भागादुपक्रम्य प्राच्यां पंक्तिर्यथा भवेत् । दक्षिणा संस्थिता ह्येषा पितॄणां श्राद्धकर्मणि ।।
पुलस्त्यः – **श्रीपर्णी वारुणी क्षीरी जम्बुकाम्रकदम्बकम् । सप्तमं बाकुलं पीठं पितॄणां दत्तमक्षयम्।।**
संग्रहे – **शमी च काश्मरी शेलुः कदम्बो वारुणस्तथा । पञ्चासनानि शस्तानि श्राद्धे देवार्चने तथा।।**

निषिद्ध र विहित आसन

हेमाद्रिको नागरखण्डमा भनिएको छ कि – फलामको कीला भएको आसन ब्राह्मणका निमित्त उपयुक्त हुँदैन । **कलिकामा संग्रहको** वचन छ कि – श्राद्धमा रेशमी कपडा, ऊनी कपडा, दुपट्टा, नेपालकम्बल, भेडाको रौंबाट बनेको कपडाको आसन, देवदारु वृक्षबाट तयार गरिएको आसन, उत्तम वृक्षका पातबाट तयार गरिएको आसन, पवित्र तृणबाट तयार गरिएको आसन, ऋषिहरू बस्ने आसन र कुशासन ग्रहण गर्नुपर्दछ । आगोमा डढेको आसन, फलामबाट बनेको आसन र भाँचिएको वा च्यातिएको आसन प्रयोग गर्न हुँदैन ।

हेमाद्रिमा छागलेयले भनेका छन् कि – श्राद्धकर्ममा देवब्राह्मणलाई पश्चिमतर्फ पूर्वाभिमुख गराएर आसनमा बसाउनुपर्दछ भने पितृब्राह्मणलाई दक्षिणतर्फको पङ्क्तिमा उत्तराभिमुख गराई बसाउनुपर्दछ । **पुलस्त्यले** भनेका छन् – खमारी, **वारुणी** – सिप्लिकान आदि वृक्षहरूबाट तयार गरिएको र जलबाट प्रभावित नहुने काठ, जामुना, दूध हुने काठ, आँप, कदम, मौलसिरी यी वृक्षको काठबाट तयार गरिएको आसनमा बसेर पितृहरूका निमित्त दिएको पिण्डपानी अक्षय्य हुन्छ । शमी, खमारी, बोहरी, कदम, सिप्लिकान वृक्षका काठबाट निर्मित आसन श्राद्ध र देवताको अर्चनामा अत्यन्त पवित्र र उत्तम मानिएका छन् ।

दैवे पित्र्ये च ब्राह्मणसंख्याकथनम्

कारिका – '**द्वौ दैवे प्राङ्मुखौ पित्र्ये त्रीन्विप्रानुदगाननान् ।**' पैठीनसिः – '**कुतपः श्राद्धवेलायां श्रोत्रियो यदि दृश्यते ।**'

दैव र पित्र्यकर्ममा ब्राह्मणको संख्या

पार्वणश्राद्धमा देवकार्यका लागि पूर्वाभिमुख दुईब्राह्मण र पितृकार्यका लागि उत्तराभिमुख तीनब्राह्मणलाई बसाउनुपर्दछ। **पैठीनसिले** भनेका छन् – श्राद्ध गरिरहेको समयमा यदि कुनै वेदपाठी विद्वान् श्राद्धस्थलमा देखिन्छन् भने त्यो समयलाई कुतपसमय अर्थात् अत्यन्त पवित्रसमय भनी जान्नुपर्दछ ।

नीविबन्धनविचारः

आश्वलायनः – **'नीवीवासोदशान्तेन स्वरक्षार्थे प्रबन्धयेत् ।'** वृद्धयाज्ञवल्क्यस्तु – **'दक्षिणे कटिदेशे तु तिलैः सह कुशत्रयम् ।'** यत्तु कातीयम् – **'नीवी कार्या दशागुप्तिर्वामकुक्षौ कुशैः सह ।'** इति तद्वृद्धिश्राद्धे । **'पितॄणां दक्षिणे पार्श्वे विपरीता तु दैविके ।'** इति स्मृत्यन्तरात् । वामे दक्षिणे वेत्याचाराद् व्यवस्थेति मदनपारिजाते।

नीविबन्धनविचार

आश्वलायनले भनेका छन् कि – आफ्नो रक्षाका लागि कमरमा राखिएको वस्त्रलाई धोतीको टुप्पामा नीवीको रूपमा गाँठो पार्नुपर्दछ । **वृद्धयाज्ञवल्क्यले** भनेका छन् – दाहिने कटिभागमा तिलका साथमा तीनवटा कुशका टुक्रा राख्नुपर्दछ । **कातीयले** – जुन 'कपडाले ढाकिएको बायाँ कुक्षिमा कुशसहित कम्मरको वस्त्रलाई धोतीको टुप्पामा गाँठो पारेर जुन राखिन्छ त्यसलाई नीविबन्धन भन्दछन् ।' भनेका छन्, त्यो नीविबन्धन गर्ने कुरा वृद्धिश्राद्धमा मात्र हो । पितृहरूको कर्ममा दायाँ भागमा र विश्वेदेवको कार्यमा बायाँ भागमा नीविबन्धन गर्नुपर्दछ भन्ने कुरा कुनै स्मृतिमा भनिएको पाइन्छ । यस विषयमा ग्रन्थकार भन्दछन् – यो बायाँ अथवा दायाँ नीविबन्धन गर्ने कुरा आफ्नो कुलाचारअनुसार गर्नुपर्दछ ।

श्राद्धे ब्राह्मणाज्ञापालनम्

आचार्यः – **प्राणायामत्रयं कृत्वा गायत्रीस्मरणं तथा । श्राद्धं कर्तास्मीति वदेद् विप्रैर्वाच्यं कुरुष्व च।।**

श्राद्धमा ब्राह्मणको आज्ञापालन

आचार्यले भनेका छन् कि श्राद्धकर्ताले तीनपटक प्राणायाम गरी गायत्रीमन्त्र स्मरण गर्दै 'म श्राद्धकर्ता श्राद्ध गर्न चाहन्छु, हजुरहरूले आज्ञा दिनुहोस्' भनेर ब्राह्मणहरूसँग निवेदन गर्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूले पनि 'तपाईंले श्राद्ध गर्नुहोस्' भनी आज्ञा दिनुपर्दछ ।

मन्त्रेण गृहे तिलविकरणं तथा प्रोक्षणञ्च

ब्राह्मे – **ततस्तिलान् गृहे तस्मिन् विकिरेच्चाप्रदक्षिणम् । श्रद्धया परया युक्तो जपेदपहता इति ।।**

स्मृत्यर्थसारे – **'अपहता०** इति तिलान् विकीर्य **उदीरताम्०** इत्यृचा प्रोक्षेत् ।

श्राद्ध गर्ने घरमा तिल छर्कने कार्य

ब्रह्मपुराणमा भनिएको छ कि – ब्राह्मणबाट आज्ञा प्राप्त भएपछि कर्ताले अपसव्य भई श्राद्धभूमिको चारैतर्फ तिल छर्कनु पर्दछ । श्रद्धावान् भएर **'ॐ अपहता असुरा रक्षांसि वेदिषदः।'** (य.वे.अ. २) यो मन्त्र जप गर्नुपर्दछ । **स्मृत्यर्थसारमा** भनिएको छ – **अपहता असुरा०** इत्यादि मन्त्र र **'उदीरतामवर उत्परास उन्मध्यमाः पितरः सोम्यासः । असुं य ईयुरवृका ऋतज्ञास्ते नोऽवन्तु पितरो हवेषु ।।'** (ऋ. १०/१५/१) मन्त्र पढेर चारैतिर जलसेचन गर्नुपर्दछ। कसैले तिल छरेपछि तलको मन्त्र पढ्नुपर्दछ भनेका छन् – **देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः ।।**

दृष्टिदोषशुद्ध्यर्थं प्रोक्षणकथनम्

पराशरः – **तद्विष्णोरिति मन्त्रेण गायत्र्या च प्रयत्नतः । प्रोक्षयेदन्नजातं तु शूद्रदृष्ट्यादिशुद्धये ।।**

दृष्टिदोष-निवारणका लागि प्रोक्षण

पराशरले भनेका छन् कि – श्राद्धको अन्न आदि पदार्थहरूमा परेको निन्दित मानिसको दृष्टिदोष निवारण गर्न र शुद्धिका लागि निम्नलिखित मन्त्रहरू पढेर जल छर्कनुपर्दछ । मन्त्र यसप्रकार छन् – **'तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः । दिवीव चक्षुराततम् ।।'** (ऋ. १/२२/२०) **'तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ।।'** (ऋ. ३/६२/१०)

श्राद्धभूमौ गयादिदेवानां ध्यानम्

हेमाद्रौ ब्रह्माण्डे –

श्राद्धभूमौ गयां ध्यात्वा ध्यात्वा देवं गदाधरम् । वस्वादींश्च पितॄन् ध्यात्वा ततः श्राद्धं प्रवर्तते ।।

देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः ।।

आदिमध्यावसानेषु त्रिरावृत्तं जपेद् बुधः । पितरः क्षिप्रमायान्ति राक्षसाः प्रद्रवन्ति च ।।

तत्रैव स्कान्दे – **तिला रक्षन्त्वसुराद् दर्भा रक्षन्तु राक्षसात् । पङ्क्तिं वै श्रोत्रियो रक्षेदतिथिः सर्वरक्षकः ।।**

श्राद्धभूमिमा गया आदिको ध्यान

हेमाद्रिमा उद्धृत ब्रह्माण्डपुराणको वचनमा भनिएको छ कि – श्राद्धकर्ताले श्राद्धभूमिमा गया, भगवान् गदाधर एवं वसु आदि पितृहरूको ध्यान गरेर श्राद्धको आरम्भ गर्नुपर्दछ । त्यसले प्रार्थना गर्दै भन्नुपर्दछ – 'देवता, पितृहरू, महायोगीहरू, स्वाहा र स्वधा यी दुवै देवीलाई समेत नित्य नमस्कार गर्दछु' । यो प्रार्थनामन्त्र श्राद्धको आरम्भ, मध्य र अन्तमा गरी तीनपटक बुद्धिमान् श्राद्धकर्ताले जप्नुपर्दछ । यस मन्त्रद्वारा आवाहन गरिँदा पितृहरू छिटै आउँदछन् र राक्षसहरूले पलायन गर्दछन् । स्कन्दपुराणमा भनिएको छ – 'तिलले असुरहरूबाट रक्षा गरून्, कुशले राक्षसहरूबाट रक्षा गरून्, वेदपाठी ब्राह्मणले ब्राह्मणपंक्तिको रक्षा गरून् र श्राद्धमा आउने अतिथिले सम्पूर्ण श्राद्धकर्मको रक्षा गरून्' भनी प्रार्थना गर्नुपर्दछ ।

पाकादिप्रोक्षणमन्त्रकथनम्

वसिष्ठः – **'शुद्धवतीभिः कूष्माण्डीभिः पावमानीभिश्च पाकादि प्रोक्षयेत्'** इति ।

पाकादि प्रोक्षणमन्त्र

वसिष्ठले भनेका छन् कि – **'एतोन्विद्रं स्तवाम सखायः०'** इत्यादि शुद्धवती ऋचा, **'यद्देवा देवहेडनं देवासश्च०'** इत्यादि कूष्माण्डी मन्त्र र **'स्वादिष्ठया मदिष्ठया पवस्व०'** इत्यादि पावमानी मन्त्रहरूको उच्चारण गरी पाकवस्तु र श्राद्धीय पदार्थहरूमा तिल छर्कनुपर्दछ ।

देवार्चाकथनम्

अथ देवार्चा । तत्र प्रत्युपचारमाद्यन्तयोरपो दद्यादित्युक्तं वृत्तौ स्मृत्यर्थसारे च । हेमाद्रौ ब्राह्मे –

आसनेष्वासनं दद्याद् वामे वा दक्षिणेऽपि वा । पितृकर्मणि वामे च दैवे दद्यात्तु दक्षिणे ।।

प्रचेताः – **आसनेष्वासनं दद्यान्नतु पाणौ कदाचन । धर्मोऽसीत्यथ मन्त्रेण गृह्णीयुस्ते तु तान् कुशान् ।।**

'धर्मोऽसि विशिराजा प्रतिष्ठितः' इति मन्त्रः । गालवः –

दर्भानादाय हस्ताभ्यां गृहीत्वा दक्षिणे करे । दैवे क्षणः क्रियतां तु निरङ्गुष्ठं करं ततः ।।

ॐ तथेति द्विजा ब्रूयुस्ते प्राप्नोतु भवानिति । कर्ता ब्रूयात्ततो विप्रः प्राप्नुवानीति वै वदेत् ।।

देवपूजन विचार

अब देवताको पूजासम्बन्धी विचार गरिन्छ । श्राद्धमा देवपूजा गर्दा प्रत्येक उपचारको आदि र अन्तमा जल दिनुपर्छ भन्ने कुरा **स्मृत्यर्थसार**मा बताइएको छ । **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ कि – ब्राह्मणका हातमा जल दिएपछि बायाँ र दायाँ आसनमा पुनः आसनका रूपमा कुश राखिदिनुपर्दछ । पितृकर्ममा बायाँतर्फ र देवकर्ममा दायाँतर्फ कुश राख्नुपर्दछ ।

यस विषयमा **प्रचेता**ले भनेका छन् – आसनमाथि आसन राखी दिनुपर्दछ तर आसन ब्राह्मणको हातमा कहिले पनि दिनु हुँदैन । ब्राह्मणले पनि **'धर्मोऽसि विशि राजा प्रतिष्ठितः'** यो मन्त्र पढ्दै कुशको आसन ग्रहण गर्नुपर्दछ । **गालव**ले भनेका छन् – श्राद्धकर्ताले आसनरूप कुशलाई दुवै हातले समातेर उठाई फेरि दायाँ हातमा लिएर देवपितृसम्बन्धी ब्राह्मणलाई 'आसन प्रदान गर्ने यो क्षण तपाईंलाई प्राप्त भएको छ' भन्नुपर्दछ । त्यसबेलामा आसनग्रहण गर्दा ब्राह्मणले हातको बूढी औंलालाई हत्केलामा ल्याउनुपर्दछ । ब्राह्मणले पनि आसन ग्रहण गरेपछि 'ॐ मैले स्वीकार गरें' यो वचन भन्नुपर्दछ । कर्ताले पनि 'यो आसन तपाईंका निमित्तमा प्राप्त होस्' भन्नुपर्दछ । ब्राह्मणले फेरि 'मैले प्राप्त गरें' भन्नुपर्दछ।

पृथ्वीचन्द्रोदये बृहन्नारदीये –

यवैर्दर्भैश्च विश्वेषां देवानामिदमासनम् । दत्त्वेति भूयो दद्याद्वै दैवे क्षण इति क्षणम् ।।

'तच्च षष्ठ्या चतुर्थ्या वा कार्यम्' इति स एव । **'ततोर्घ्यं कल्पयेत्'** इति मन्वादयः । शौनकजयन्ताभ्यामर्घ्यरहितस्य देवार्चनस्योक्तेः । **'आश्वलायनानां दैवेऽर्घ्यदानं न'** इति वोपदेवः । तन्न । परिशिष्टप्रयोगपारिजातविरोधात्। वृद्धिश्राद्धे तु दैवेऽप्यर्घ्यं दद्यात् । **'देवेभ्योऽपि पृथग्दद्यादिहार्घ्यं श्रुतिचोदनात् ।'** इति शौनकोक्तेः ।

पृथ्वीचन्द्रोदयमा उद्धृत **बृहन्नारदीयपुराण**को वचनमा भनिएको छ कि – विश्वदेव देवताहरूलाई जौ र कुशसहित आसन दिएपछि कर्ताले 'क्षण-क्षण' शब्दको उच्चारण गर्नुपर्दछ । आसन अर्पण गर्दा षष्ठी या चतुर्थी विभक्तिको प्रयोग गर्नुपर्दछ । आसनप्रदान गर्ने कार्य सकिएपछि कर्ताले अर्घ्य दिने काम गर्नुपर्दछ भन्ने कुरा **मनु**ले बताएका छन् । **शौनक** र जयन्तले भने देवपितृहरूको पूजा गर्दा अर्घ्यको प्रयोग नगर्नु भनी बताएका छन् ।

यस विषयमा **वोपदेव** भन्दछन्– '**आश्वलायन**हरूको मतमा देवपक्षमा अर्घ्यदान हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन किनभने **परिशिष्ट** र **प्रयोगपारिजात**ले अर्घ्य दिनु भनेका छन् । वृद्धिश्राद्धमा देवकार्यमा पनि अर्घ्य दिनुपर्दछ । यहाँ त पार्वणश्राद्धमा देवता र पितृसम्बन्धी अर्घ्यको विषयमा विचार गरिएको हो । यसमा वेदले अर्घ्य दिनु नै भनेको छ भन्ने मत **शौनक**को रहेको छ ।

अर्घ्यपात्रकथनम्

अथार्घ्यपात्रम् । पृथ्वीचन्द्रोदये मात्स्यपाद्मयोः –

पात्रं वनस्पतिमयं तथा पर्णमयं पुनः । जलजं वापि कुर्वीत तथा सागरसम्भवम् ।।

ब्राह्मे – **सौवर्णताम्ररौप्याश्मस्फाटिकं शङ्खशुक्तयः । भिन्नान्यपि हि योज्यानि पात्राणि पितृकर्मणि।।**

हेमाद्रौ प्रजापतिः –

सौवर्णं राजतं ताम्रं खड्गं मणिमयं तथा । यज्ञियं चमसं वापि अर्घ्यार्थं पूरयेद् बुधः ।।

अत्र विप्रैकत्वद्वित्वचतुष्टादावर्घ्यपात्रे द्वे एव । मानवसूत्रे तु – '**द्वे दैविके त्रीणि पित्र्ये एकैकमुभयत्र वा**' इत्युक्तम् तदेकविप्रपरं पात्रालाभपरं चेति हेमाद्रिः । मदनरत्ने तु दैवे एकपात्रमुक्तम् । पृथ्वीचन्द्रोदयेऽपि – '**त्रीणि पैतृकपात्राणि द्वे द्वे वै वैश्वदेविके**' इति ।

अर्घ्यपात्रविचार

अब अर्घ्यपात्रसम्बन्धी विचार गरिन्छ । **पृथ्वीचन्द्रोदयमा** उद्धृत **मत्स्यपुराण** र **पद्मपुराणको** भनाइ छ कि – वनस्पतिबाट बनेका पात्र, पातबाट बनेका पात्र अथवा जलमा पैदा भएका पदार्थबाट बनेका पात्र, अथवा समुद्रबाट उत्पन्न भएका लतावृक्षहरूबाट बनेका पात्रलाई अर्घ्यपात्रका रूपमा प्रयोग गर्नुपर्दछ । **हेमाद्रिमा प्रजापतिले** भनेका छन् कि – बुद्धिमान्ले सुन, चाँदी, ताँबो, गैंडाको खाग, मणि र यज्ञीय चमसको पात्र अर्घ्यका निमित्त संग्रह गर्नुपर्दछ । श्राद्धमा ब्राह्मण एक अथवा चार जति भए पनि अर्घ्यपात्र भने दुइटामात्र हुन्छन् ।

मानवसूत्रमा भनिएको छ कि – वैश्वदेवमा दुई पात्र र पितृकर्ममा तीन पात्र हुन्छन् । अथवा दुवैतर्फ एउटा–एउटा अर्घ्यपात्र राखे पनि हुन्छ । **मानवसूत्रको** यो भनाइ – एउटा ब्राह्मण हुँदाका निमित्त हो । अर्घ्यपात्रको प्राप्ति नभएमा पनि यस्तो व्यवस्था गरिन्छ भनी **हेमाद्रिले** भनेका छन् । **मदनरत्नले** भनेका छन् कि देवकार्यमा एउटामात्र पात्र हुन्छ । **पृथ्वीचन्द्रोदयमा** भनिएको छ – पितृकार्यमा तीनपात्र र देवकर्ममा दुईपात्र हुन्छन् ।

बृहत्पराशरोक्तेर्द्वे एवेत्याह । बह्वृचानां तु दैवे विप्रद्वित्वेप्येकमर्घ्यपात्रमर्धशो दद्यादित्युक्तं परिशिष्टे प्रयोगपारिजाते च । कलिकायां हारीतः – '**दत्तमक्षय्यतां याति खाड्गेनार्घ्यं तु यत्कृतम् ।**' वृद्धमनुः –

मृण्मयं दारुजं पात्रमयःपात्रं च यद् भवेत् । राजतं दैविके कार्ये शिलापात्रं च वर्जयेत् ।।

पुराणसमुच्चये –

मृत्स्नाभवं तथा कांस्यमारक्तं जन्तुसम्भवम् । त्रपुसीसलोहभवं सदा पात्रं च वर्जयेत् ।।

तत्रैव – **अष्टाङ्गुलं भवेत्पात्रं पितॄणां राजतं शुभम् । दशाङ्गुलं तु देवानां सौवर्णं शक्तितः कृतम्।।**

बृहत्पराशरले दुइटामात्र पात्र हुने कुरा बताएका छन् । **ऋग्वेदीहरूको** बनाइ छ कि – देवकार्यमा दुइटा ब्राह्मण भए तापनि ब्राह्मणभेदले पात्र धेरै पनि हुनसक्छन् । तर **परिशिष्ट** र **प्रयोगपारिजातमा** भनिएको छ कि धेरै पात्र नगराएर एउटै अर्घ्यपात्रबाट काम चलाउनु पर्दछ । **कलिकामा हारीतले** भनेका छन् – गैंडाको खागबाट दिइने अर्घ्यबाट पितृहरूले अक्षयतृप्ति प्राप्त गर्दछन् । **वृद्धमनुले** भनेका छन् – माटो, देवदारु, फलाम, चाँदी र ढुङ्गाबाट बनेका पात्र देवकार्यमा प्रयोग गर्न हुँदैन । **पुराणसमुच्चयमा** भनिएको छ – माटोबाट बनेको पात्र, काँसबाट बनेको पात्र, विभिन्न रङ्गले रङ्गाइएको पात्र, लाहाबाट बनाइएको पात्र, सिसाको पात्र, फलाम–टिनबाट बनाइएको पात्र र राँगबाट बनेको पात्रको त्याग गर्नुपर्दछ । त्यहीं नै भनिएको छ कि पितृकार्यमा आठअंगुल लामो चाँदीको पात्र शुभदायक हुन्छ । देवकार्यमा दशअङ्गुल लामो सुवर्णपात्र मङ्गलदायक हुन्छ ।

पवित्रविचारः

स्थापयेदर्घ्यपात्रे द्वे न्युब्जे तत्र कुशोपरि । द्वे द्वे पवित्रे विधिवत्पात्रयोश्चोपरि क्षिपेत् ।।

यज्ञपार्श्वः – **पवित्रेस्थेति मन्त्रेण पवित्रे छेदयेत्तु ते । ओषधीमन्तरे कृत्वा अङ्गुष्ठाङ्गुलिपर्वणोः ।।**

स्फ्येन काष्ठेन लोहेन न मृन्मयनखादिभिः ।।' वसिष्ठः –

तूष्णीं प्रोक्ष्याम्भसा पात्रे कुर्यादूर्ध्वबिले ततः । पूरयेत्पात्रयुग्मं तु कृत्वोपरि पवित्रके ।।

पवित्रसम्बन्धी विचार

अर्घ्यपात्रमा कुश राखेर ती दुवै अर्घ्यपात्रलाई उल्ट्याएर कुशमाथि स्थापना गर्नुपर्दछ र ती कुशका टुक्राहरूलाई घोप्टाइएका अर्घ्यपात्रमाथि राख्नुपर्दछ । **यज्ञपार्श्व**ले भनेका छन् – पवित्रको छेदन गर्दा '**पवित्रेस्थो वैष्णव्यो सवितुर्वः प्रसव उत्पुनामि। अच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः ।।** (का.सू. अ. १ म.१६)' यो मन्त्रको प्रयोग गर्नुपर्दछ । कुशलाई अङ्गुष्ठ र अङ्गुलीको पर्वको बीचमा राखेर '**स्फ्य**' – यज्ञवेदीमा रेखा कोर्ने तलवारको आकारको काठद्वारा छेदन गर्ने काम गर्नुपर्दछ । फलाम, माटो वा नङले कुशको छेदन गर्नुहुँदैन । **वसिष्ठ**ले भनेका छन् – मौन भई जलले दुवै अर्घ्यपात्रमा प्रोक्षण गरेर तिनीहरूलाई सुल्ट्याउनुपर्दछ । त्यसपछि तिनीहरूमा जल भरी माथिबाट पवित्र राख्नुपर्दछ ।

पात्रे जलादिप्रक्षेपणम्

वृद्धपराशरः – **पात्रद्वयमथार्घ्यार्थं तैजसं चैकवस्तुनः । प्राङ्मुखोऽमरतीर्थेन शन्नोदेव्योदकं क्षिपेत्।।**

यवोसीति यवांस्तत्र तूष्णीं पुष्पाणि चन्दनम् ।।' मानवसूत्रे – '**सुमनसः प्रक्षिप्योत्पूय यवान् प्रक्षिप्य**' इति । यवोऽसीति मन्त्रः । पाद्मे –

यवोसि धान्यराजो वा वारुणो मधुमिश्रितः । निर्णोदः सर्वपापानां पवित्रमृषिभिः स्मृतम् ।।

'**राजो वा वारुणो मधुसंयुतः**' इति परिशिष्टपाठः । गोभिलेन तु – **यवोऽसि सोमदैवत्यः** इति तिलमन्त्रोऽत्र स्वाहायुक्त उक्तः ।

पात्रमा जलप्रक्षेप

वृद्धपराशरले भनेका छन् – पवित्र राखिसकेपछि अर्घ्यका लागि सुन, चाँदी र ताँबोबाट बनेका पात्रमा पूर्वतिर फर्केर देवतीर्थबाट '**शं नो देवीरभिष्टय०**' इत्यादि पूर्वनिर्दिष्ट मन्त्रद्वारा जल राख्नुपर्दछ । यसैगरी '**यवोऽसि**' इत्यादि मन्त्रद्वारा जौ राख्नुपर्दछ । त्यसपछि मौन भई फूलचन्दन चढाउनुपर्दछ ।

मानवसूत्रमा भनिएको छ – 'फूल चढाएपछि फेरि जल चढाएर जौ चढाउनुपर्दछ ।' **पद्मपुराण**मा जौ चढाउँदा **यवोऽसि०** इत्यादि मन्त्रको प्रयोग गर्नुपर्ने कुरा बताइएको छ । परिशिष्टमतमा जौको प्रार्थनाका लागि **यवोऽसि, धान्यराजो वा वारुणो मधुसंयुतः** इत्यादि रूपले केही परिवर्तित पद्य प्रस्तुत गरिएको छ । जसको अर्थ यसप्रकार छ – 'तिमी जौ हौ र धान्यहरूका राजा पनि हौ । तिमी रस र मधुबाट सम्पन्न छौ । तिमीले हाम्रा सबै पाप हटाऊ । ऋषिहरूले तिमीलाई पवित्र पदार्थ भनी प्रशंसा गरेकाले तिमी पवित्र छौ ।' गोभिलले त स्वाहायुक्त तिलमन्त्र **तिलोऽसि**लाई **यवोऽसि** बनाई प्रस्तुत गरेका छन् – **यवोऽसि सोमदैवत्यो गोसवो देवनिर्मितः । प्रत्नमद्भिः पृक्तः सर्वान् लोकान् प्रीणाहि नः स्वाहा ।।**

आवाहनमन्त्रोच्चारणम्

हेमाद्रौ यमः – **यवहस्तस्ततो देवान् विज्ञाप्यावाहनं प्रति । आवाहयेदनुज्ञातो विश्वेदेवास इत्यृचा ।।**

वृद्धपराशरः – **ततः सव्यकरं न्यस्य विप्रदक्षिणजानुनि । देवानावाहयिष्येऽहमिति वाचमुदीरयेत् ।।**
आवाहयेत्यनुज्ञातो विश्वेदेवास आ गत । विश्वेदेवाः शृणुतेममिति मन्त्रद्वयं पठेत् ।।

आवाहन मन्त्रको उच्चारण

हेमाद्रिमा यमले भनेका छन् – पितृहरूको आवाहन गर्दा जौ हातमा लिएर 'म आवाहन गर्दैछु' भन्ने कुरासमेत ब्राह्मणहरूलाई बताएर ब्राह्मणहरूबाट आज्ञा पाएपछि तलको ऋचाबाट आवाहन गर्नुपर्दछ । '**विश्वेदेवास आ गत शृणुता म इमं हवम् । एदं बर्हिर्निषीदत ।।**' (ऋ. २/४१/१३) वृद्धपराशरले भनेका छन् – आवाहन गरेपछि ब्राह्मणको दायाँघुँडामाथि आफ्नो दायाँहात राखेर म विश्वदेवाको आवाहन गर्दछु भन्नुपर्दछ । 'आवाहन गर' भनी ब्राह्मणले आज्ञा दिएपछि निम्नमन्त्र पाठ गर्नुपर्दछ – '**विश्वे देवाः शृणुतेमं हवं मे अन्तरिक्षे य उप द्यविष्ठ । ये अग्निजिह्वा उतवा यत्रजा आसद्यास्मिन्बर्हिषि मादयध्वम् ।।**' (ऋ. ६/५२/१३)

विश्वेदेवानामज्ञाने विचारः

श्राद्धविशेषे विश्वेदेवानामज्ञाने हेमाद्रौ बृहस्पतिः –

उत्पत्तिं नाम चैतेषां न विदुर्ये द्विजातयः । अयमुच्चारणीयस्तैर्मन्त्रः श्रद्धासमन्वितैः ।।
आगच्छन्तु महाभागा विश्वेदेवा महाबलाः । ये अत्र विहिताः श्राद्धे सावधाना भवन्तु ते ।।

इदं चावाहनमर्घ्यपात्रासादनात्प्राक् हेमाद्रिणोक्तम् । तत्र कातीयैः प्राक्कार्यं तथैव तत्सूत्रात् । अन्यैस्तदुत्तरम्।

विश्वेदेवहरूको ज्ञान नहुँदा गर्नुपर्ने कर्तव्य

हेमाद्रिमा उद्धृत बृहस्पतिको वचनमा भनिएको छ – श्राद्धविशेषमा विश्वेदेवहरूको ज्ञान नभएमा ती श्राद्धकर्ताले श्रद्धायुक्त भएर '**आगच्छन्तु महाभागा०**' इत्यादि मूलमा लेखिएका पद्यको पाठ गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ– 'हे महाभाग महाबली विश्वेदेव ! तपाईंहरू आउनुहोस् । यो श्राद्धमा जुन जुन विश्वेदेवहरूको अधिकार छ, उहाँहरू सावधान हुनुहोस् ।' हेमाद्रिले भनेका छन् कि – यो आवाहन अर्घ्यपात्र स्थापनाभन्दा पहिले गर्नुपर्दछ, यो क्रममा होइन। ग्रन्थकार भन्दछन् – कातीयहरूको सूत्रमा त्यही क्रम बताइएको हुँदा उनीहरूले पहिले आवाहन गरून् तर अरूले अर्घ्यपात्रस्थापनापछि आवाहन गर्नुपर्दछ ।

विश्वदेवादिपूजने शरीराङ्गक्रमः

पृथ्वीचन्द्रोदये शङ्खः – **सयवं पुष्पमादाय चरणादिशिरोन्तकम् । अर्चयेत्यर्चनं कुर्यादन्तरे चोदकं तथा।।**
पित्र्ये तु मूर्धादिपादान्तम् ।

पादप्रभृति मूर्धान्तं दैविके पूजनं भवेत् । शिरःप्रभृति पादान्तं नमो व इति पैतृके ।।
इति मदनरत्ने प्रचेतसोक्तेः । कलिकायां संग्रहे –

तिष्ठन् कृताञ्जलिर्भूत्वा पठेन्मन्त्रं समाहितः । विश्वेदेवाः शृणुत इत्यागच्छन्त्वपरं ततः ।।

विश्वदेव आदिको पूजामा अङ्गक्रम

पृथ्वीचन्द्रोदयमा उद्धृत **शङ्ख**को वचनमा भनिएको छ – देवपक्षका वैश्वदेव ब्राह्मणहरूको जौ र फूलद्वारा चरणदेखि लिएर शिरपर्यन्त पूजा गर्नुपर्दछ । यसरी पूजा गर्दा ती ब्राह्मणहरूको आज्ञा लिएर गर्नुपर्दछ र बीचमा जल दिनुपर्दछ । पितृपक्षका ब्राह्मणहरूको पूजा गर्दा शिरदेखि पाउसम्मको क्रमले पूजा गर्नुपर्दछ । **मदनरत्न**मा **प्रचेता**ले भनेका छन् कि – देवपक्षमा चरणदेखि शिरसम्म र पितृपक्षमा शिरदेखि चरणसम्म निम्ननिर्दिष्टमन्त्रद्वारा पूजा गर्नुपर्दछ । मन्त्र – '**नमो व पितरः इषे नमो वः पितरः ऊर्जे नमो वः पितरः शुष्माय नमो वः पितरो घोराय नमो वः पितरो जीवाय नमो वः पितरो रसाय । स्वधा वः पितरो नमो वः पितरो नम एता युष्माकं पितर इमा अस्माकं जीवा यो जीवन्त इह सन्तः स्याम ।।** (आश्व. गृ.) **कलिका**मा भनिएको छ कि – उभिएर हात जोडी एकाग्रचित्त भएर '**विश्वेदेवा शृणुत०**' इत्यादि पूर्वपठित र '**आगच्छन्तु महाभागा०**' इत्यादि पूर्वपठित मन्त्रको पनि पाठ गर्नुपर्दछ ।

अर्घ्यपात्रदानम्

हेमाद्रौ जातूकर्ण्यः –

ततोऽर्घ्यपात्रसम्पत्तिं वाचयित्वा द्विजोत्तमान् । तदग्रे चार्घ्यपात्रं तु स्वाहार्घ्या इति विन्यसेत् ।।

गार्ग्यः – **दत्त्वा हस्ते पवित्रञ्च कृत्वा पूजाञ्च पादतः। या दिव्या इति मन्त्रेण हस्तेष्वर्घ्यं विनिक्षिपेत्।।**

संग्रहे – '**विश्वेदेवा इदं वोऽर्घ्यमिति दानं समादिशेत् ।**' तदन्ते स्वाहा नम इति वाच्यम् । '**या दिव्या इति मन्त्रेण स्वाहाकारं नमोऽन्तकम् ।**' इति हेमाद्रौ नागरखण्डात् । आथर्वणसूत्रे तु – '**पाद्यमर्घ्यमाचमनीयमिति द्विजकरे निनयेत्**' इत्यस्यैव त्रयमुक्तम् ।

अर्घ्यपात्र दान

अर्घ्यपात्रदानका सम्बन्धमा **हेमाद्रि**मा उद्धृत **जातूकर्ण्य**को वचन यसप्रकार छ – यसरी पूजा गरेपछि श्राद्धमा स्थापना गरिएका उत्तम ब्राह्मणहरूलाई 'अर्घ्यपात्र सम्पन्न भयो' भनी प्रश्न गरी उनीहरूले '**सुसम्पन्नम्**' भनी अर्घ्यपात्र सम्पन्न भएको कुरा बताएपछि ती अर्घ्यपात्रलाई '**स्वधार्घ्याः**' यस वाक्यात्मक मन्त्रबाट स्थापन गर्नुपर्दछ । **गार्ग्य**ले भनेका छन् – ब्राह्मणको हातमा कुशको पवित्र अर्पण गरेर चरणदेखि पूजा प्रारम्भ गरी तल उद्धृत गरिएको मन्त्रद्वारा ब्राह्मणको हातमा अर्घ्य दिनुपर्दछ । मन्त्र – '**या दिव्या आपः पयसा सम्बभूवुर्या अन्तरिक्ष्या उत पार्थिवीर्याः । हिरण्यवर्णा यज्ञियास्ता न आपः शिवा शं स्योना: भवन्तु ।।**' (आश्व.गृ.अ.ख.१५पृ. १६२)

संग्रहमा भनिएको छ कि '**विश्वेदेवा इदं वोऽर्घ्यम्**' अर्थात् 'हे विश्वेदेव ! यो अर्घ्य तपाईंहरूका लागि हो' भनेपछि अन्तमा '**स्वाहा नमः**' यी दुइटा पदको उच्चारण गर्नुपर्दछ । '**या दिव्या०**' यस मन्त्रको अन्तमा स्वाहा तथा नमः भन्नुपर्दछ । यो हेमाद्रिमा उद्धृत **नागरखण्ड**को मत हो । आथर्वणसूत्रमा भने पाद्य, अर्घ्य र आचमनीय ब्राह्मणको हातमा दिनुपर्दछ भन्दै उक्त पाद्यादिप्रदानलाई नै तीन कर्म मानिएको छ ।

अर्घ्यादिदाने हस्तप्रयोगः

गभस्तिः – **अर्घ्यं पिण्डप्रदानं च स्वस्त्यक्षय्ये तथैव च । गन्धपुष्पादिकं सर्वं हस्तेनैव तु दापयेत् ।।**

प्रतिविप्रं या दिव्येत्यावृत्तिः । बह्वृचानां त्वनेन दत्तार्घ्यानुमन्त्रणम् । ततः पात्रं देवेभ्यः स्थानमसीति न्युब्जमुत्तानं वा कार्यमिति गारुडे उक्तम् । एतदापस्तम्बानां नियतमन्येषां न ।

आफ्नै हातले अर्घ्य, पिण्ड आदि दिनुपर्ने

गभस्तिले भनेका छन् कि – श्राद्धकर्ममा अर्घ्य, पिण्ड, स्वस्तिवाचन, अक्षय्यजल, गन्ध, पुष्प आदि अर्पण गरिने वस्तु श्राद्धकर्ताले आफ्नै हातबाट प्रदान गर्नुपर्दछ । अर्घ्य दिँदा प्रत्येक ब्राह्मणका लागि **'या दिव्या०'** आदि मन्त्रको आवृत्ति गर्नुपर्दछ । ऋग्वेदीहरूले त **'प्रसृष्टा अनुमन्त्रयेत्'** यस वाक्यद्वारा अर्घ्यको अभिमन्त्रणमात्र गर्नुपर्दछ भनिएको छ। अर्घ्य दिएपछि पात्रलाई **'देवेभ्यः स्थानमसि'** यो वाक्य पढेर उत्तानो गराई राख्नुपर्दछ भन्ने कुरा गरुडपुराणमा बताइएको छ । ग्रन्थकार भन्दछन् – यो कर्म आपस्तम्बहरूका लागि मात्र हो, अरू शाखाका मानिसहरूका लागि होइन ।

ब्राह्मणपूजने यथाशक्तिद्रव्यार्पणम्

हेमाद्रौ विष्णुधर्मे –

गन्धैः पुष्पैश्च धूपैश्च वस्त्रैश्चाप्यथ भूषणैः । अर्चयेद् ब्राह्मणान् शक्त्या श्रद्दधानः समाहितः ।।

पृथ्वीचन्द्रोदये मार्कण्डेयः – **'चन्दनागरुकर्पूरकुङ्कुमानि प्रदापयेत् ।'** विष्णुः – **'चन्दनकुङ्कुम-कर्पूरागरुपद्मकान्यनुलेपनाय'** इति । व्यासः – **'अपवित्रकरो गन्धैर्गन्धद्वारेति पूजयेत् ।'**

यथाशक्ति द्रव्यद्वारा ब्राह्मणपूजन

हेमाद्रिमा उद्धृत **विष्णुधर्मको** वचनमा भनिएको छ कि – कर्ताले एकाग्रचित्त र श्रद्धासम्पन्न भई आफ्नो शक्तिअनुसार वस्त्र, आभूषण, पुष्प, गन्ध, धूप आदि पदार्थ प्रदान गरेर ब्राह्मणहरूको पूजा गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदयमा** उद्धृत **मार्कण्डेयको** वचनमा भनिएको छ – चन्दन, अगर, कपूर र कुंकुम ब्राह्मणलाई चढाउनुपर्दछ ।

विष्णुले भनेका छन् – चन्दन, कुंकुम, अगर, कपूर र पद्मक – बिन्दुजाल अर्थात् हात्तीको गण्डमण्डलबाट थोपा-थोपा गरी चुहिने मदजलको लेप अनुलेपनका लागि प्रदान गर्नुपर्दछ । **व्यासले** भनेका छन् – कर्ताले आफ्नो हातमा पवित्र धारण नगरीकन **'गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपाह्वये श्रियम्।।'** (ऋ.प.) यस मन्त्रद्वारा ब्राह्मणको पूजा गर्नुपर्दछ ।

कलिकायां स्मृतिः – **गन्धद्वारेति वै गन्धमायने ते च पुष्पकम् । धूरसीत्यमुना धूपमुद्दीप्यस्वेति दीपकम्।।**
युवं वस्त्राणि मन्त्रेण वस्त्रं दद्यात्प्रयत्नतः । आसने स्वासनं ब्रूयादर्घ्येऽस्त्वर्घ्यं द्विजोत्तमः ।।
सुगन्धिश्च सुपुष्पाणि सुमाल्यानि सुधूपकः । सुज्योतिश्चैव दीपे तु स्वाच्छादनमिति क्रमः ।।

कलिकामा उद्धृत **स्मृतिवचनमा** भनिएको छ – उत्तम कर्ताले प्रयत्नपूर्वक **'गन्धद्वाराम्'** इत्यादि मन्त्रद्वारा गन्ध, **'ॐ आयने ते परायणे दूर्वा रोहन्तु पुष्पिणीः । ह्रदाश्च पुण्डरीकाणि समुद्रस्य गृहा इमे ।।'** (ऋ. १०/१४२/८) मन्त्रद्वारा पुष्प, **'धूरसि धूर्व धूर्वन्तं धूर्व तं योस्मान् धूर्वति । धूर्व तं यं वयं धूर्वामः ।।** (का.सं.अ. १ मं. ११), **धूरसि धूर्व धूर्वन्तं धूर्वतं योऽस्मान् धूर्वीत तं धूर्वयं वयं धुर्वामः । देवानामसि वह्नितमं सस्नितमं पप्रितमं जुष्टतमम् ।।** (यजु. १/८) यी मन्त्रद्वारा धूप, **'उद्दीप्यस्व जातवेदोऽपघ्नन्निर्ऋतिं मम । पशूनाँश्च मह्यमावह जीवनं च दिशो दश।।'** (तै.आ. प्र.१ अनु.१) मन्त्रद्वारा दीप, **'ॐ युवं वस्त्राणि पीवसा वसाथे युवोरच्छिद्रा मन्तवो ह सर्गाः । अवातिरतमनृतानि विश्व ऋतेन मित्रावरुणा सचेथे ।।'** (ऋ. १/१५२/१) मन्त्रद्वारा वस्त्रदान गर्नुपर्दछ । आसन टक्र्याएर **'स्वासनम्'** भन्नुपर्दछ । अर्घ्य टक्र्याएर **'स्वर्घ्यम्'** भन्नुपर्दछ । यसैगरी गन्ध टक्र्याएर **'सुगन्धिः'** भन्नुपर्दछ । माला टक्र्याएर **'सुमाल्यम्'** भन्नुपर्दछ । धूप टक्र्याएर **'सुधूपः'** भन्नुपर्दछ । दीप टक्र्याएर **'सुज्योतिः०'** भन्नुपर्दछ । आच्छादन टक्र्याएर **'स्वाच्छादनम्'** भन्नुपर्दछ । पूजाको क्रम यही हो ।

श्राद्धे विप्रतिलकादिनिरूपणम्

विप्राणां गन्धेन वर्तुलं त्रिपुण्ड्रं वा न कार्यम् । हेमाद्रौ देवलः –

ललाटे पुण्ड्रकं दृष्ट्वा स्कन्धे मालां तथैव च । निराशाः पितरो यान्ति दृष्ट्वा च वृषलीपतिम् ।।

पुण्ड्रकं वर्तुलमित्यपरार्के । मदनरत्ने च – '**पुण्ड्रं त्रिपुण्ड्रं वर्तुलमर्धचन्द्रं च ।**'

ऊर्ध्वञ्च तिलकं कुर्यान्न कुर्याद्वै त्रिपुण्ड्रकम् । ऊर्ध्वञ्च तिलकं कुर्याद्दैवे पित्र्ये च कर्मणि ।।

निराशाः पितरो यान्ति दृष्ट्वा चैव त्रिपुण्ड्रकम् ।। इति वृद्धपराशरोक्तेः । तिर्यग्लेपो भवत्येव ।

वर्जयेत्तिलकं भाले श्राद्धकाले च सर्वदा । तिर्यगप्यूर्ध्वपुण्ड्रं वा धारयेत्तु प्रयत्नतः ।।

इति व्यासोक्तेरिति पृथ्वीचन्द्रः ।

श्राद्धमा यजमान र ब्राह्मणले लगाउने तिलक

ब्राह्मणले चन्दनद्वारा बाटुलो टीका अथवा त्रिपुण्ड्रकतिलक यजमानलाई लगाइदिन हुँदैन । **हेमाद्रिमा देवलले** भनेका छन् कि – 'यजमानको निधारमा त्रिपुण्ड्र, काँधमा माला र त्यसको घरमा शूद्रा स्त्रीको पतिलाई देखेर निराश भएका पितृहरू फर्किएर जान्छन् ।' **अपरार्कमा** भनिएको छ – 'वर्तुल भनेको बाटुलो आकारको पुण्ड्रक हो । **मदनरत्नमा** भनिएको छ – पुण्ड्रलाई त्रिपुण्ड्र, वर्तुल र अर्धचन्द्र भनिन्छ । **वृद्धपराशरले** भनेका छन् – ब्राह्मणले ऊर्ध्वतिलक लगाउनुपर्दछ, त्रिपुण्ड्र लगाउनु हुँदैन । दैव र पित्र्य कर्ममा ऊर्ध्वतिलक नै राम्रो हुन्छ । त्रिपुण्ड्र लगाउन हुँदैन किनकि त्रिपुण्ड्रदेखेर पितृहरू निराश भई फर्किन्छन् । तेर्सो टीका अथवा ऊर्ध्वतिलक लगाउन हुन्छ । **पृथ्वीचन्द्रोदयले व्यासको** वचन उद्धृत गर्दै भनेका छन् – श्राद्धकालमा मस्तकमा तिलकधारण गर्न हुँदैन तर ऊर्ध्वपुण्ड्र भने धारण गर्न हुन्छ ।

श्राद्धे तुलस्यादिग्रहणविचारः

यत्तु नारदीये – '**ऊर्ध्वपुण्ड्रं च तुलसीं श्राद्धे नेच्छन्ति केचन ।**' इति । तत् कर्तृपरम् ।

श्राद्धमा तुलसी आदिको प्रयोग

नारदीयपुराणमा भनिएको छ – कुनै सज्जन श्राद्धमा ऊर्ध्वपुण्ड्र र तुलसीको प्रयोग गर्ने कुरा रुचाउँदैनन् । ग्रन्थकार भन्छन् – यो कर्ताको इच्छाको विषय हो ।

श्राद्धे रक्तचन्दनकस्तूर्यादिग्रहणे विचारः

हेमाद्रौ ब्राह्मे – **पूतिकं मृगनाभिं च रोचनं रक्तचन्दनम् । कालेयकं तूग्रगन्धं तुरुष्कं चापि वर्जयेत् ।।**

कस्तूर्यां विकल्प इति हेमाद्रिः ।

श्राद्धमा रक्तचन्दन र कस्तूरी चढाउने विषयमा

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – श्राद्धमा पूतिक अर्थात् सुगन्धित तृणविशेष, कस्तूरी, गोरोचन, रक्तचन्दन, कालेय अर्थात् दारुहल्दी, उग्रगन्ध अर्थात् केवरा अथवा बोझो र तुरुष्क अर्थात् लोहवान यी पदार्थहरूको त्याग गर्नुपर्दछ । **हेमाद्रिले** भनेका छन् – कस्तूरीको विषयमा विकल्प छ । कसैले कस्तूरीलाई श्राद्धमा चढाउन पर्ने वस्तुहरूमध्ये परिगणना गरेका छन् ।

सपवित्रहस्तेन ब्राह्मणानां स्पर्शनिषेधः

वृद्धशातातपः – **पवित्रं तु करे कृत्वा यः समालभते द्विजान् । राक्षसानां भवेच्छ्राद्धं निराशैः पितृभिर्गतैः ।।**

पवित्र हातमा राखी ब्राह्मणहरूको स्पर्श गर्न निषेध

वृद्धशातातपले भनेका छन् – जसले श्राद्धमा हातमा पवित्र धारण गरी ब्राह्मणहरूको स्पर्श गर्दछ भने त्यसले गरेको श्राद्ध राक्षसका निमित्त हुन्छ पितृहरूका निमित्त हुँदैन त्यसका पितृहरू निराश भएर फर्किन्छन् ।

श्राद्धे ग्राह्यपुष्पविचारः

पुष्पं तु ब्राह्मे – **जातीयचम्पकलोध्राश्च मल्लिका बाणबर्बरी । चूताशोकाटरूषं च तुलसी शतपत्रकम् ।।**
कुब्जकं तगरं चैव भृङ्गमारण्यकेतकी । यूथिकामतिमुक्तं च श्राद्धे योग्यानि भो द्विजाः ।।
कमलं कुमुदं पद्मं पुण्डरीकं च यत्नतः । इन्दीवरं कोकनदं कह्लारं च निवेदयेत् ।।

श्राद्धमा ग्राह्य पुष्प

ब्रह्मपुराणमा भनिएको छ कि **जाती**– मालतीको फूल, **चम्पक** – चाँपो, **लोध्र** – लोध, **मल्लिका** – बेलीपुष्प, **बाण**– कटसरैया, **बर्बरी** – बाँबरी, आँप, अशोक, **आटरुष** – असुराको फूल, सयपत्री, **कुब्जक** – गुलाफ, तगर, **भृङ्ग**– भृङ्गराज, अरण्यकेतकी, रामबाँस, **यूथिका** – जुही, **अतिमुक्ता** – मरुवा फूल अथवा लहरे चमेली, **कमल** – गाढा रातोपन भएको कमल, **कुमुद** – सामान्य सेतो कमल, **पद्म** – सामान्य कमल, **इन्दीवर** – नीलकमल, **पुण्डरीक**– अत्यन्त सेतो कमल, **कोकनद** – रातो कमल, **कह्लार** – सायँकालमा फूल्ने अति सुगन्धित सेतो कमल यी पुष्पहरू पितृहरूलाई निवेदन गर्नुपर्दछ।

हेमाद्रौ वायुभविष्ययोः –
सुकुमारैः किसलयैर्यवदूर्वाङ्कुरैरपि । सम्पूजनीयाः पितरः श्रेयस्कामेन सर्वदा ।।
स्कान्दे – **जातिश्च सर्वा दातव्या मल्लिका श्वेतयूथिका । जलोद्भवानि सर्वाणि कुसुमानि च चम्पकम् ।।**
तत्रैव वृद्धमनुः – **'न नियुक्तः शिखावर्ज्यं माल्यं शिरसि धारयेत् ।'**

हेमाद्रिमा वायुपुराण र भविष्यपुराणको वचन उद्धृत गर्दै भनिएको छ – कल्याणको कामना गर्ने श्राद्धकर्ताले सुकुमार पालुवा, जौ र दूर्वाङ्कुरद्वारा पनि पितृहरूको नित्यपूजा गर्नुपर्दछ । **स्कन्दपुराणमा** भनिएको छ – श्राद्धकर्ताले प्रयत्नपूर्वक खोजी–खोजी जाती, बेलीपुष्प, सेतो बिँही र जलमा फूल्ने सबै किसिमका फूलका साथै चम्पासमेत पितृहरूलाई श्रद्धापूर्वक अर्पण गर्नुपर्दछ । **वृद्धमनुले** भनेका छन् – श्राद्धमा निमन्त्रणा प्राप्त गरेका ब्राह्मणले शिखाबाहेक शिरको कुनै पनि भागमा मालाधारण गर्नुहुँदैन ।

पितृणां देवनाञ्च कृते निषिद्धपुष्पाणि

वर्ज्यानि पृथ्वीचन्द्रोदये भविष्ये –
केतकीं तुलसीपत्रं बिल्वपत्रञ्च वर्जयेत् । द्रोणञ्च करवीरञ्च धत्तूरं किंशुकं तथा ।।
माधवीये स्मृत्यर्थसारे च तुलसी निषिद्धा । तुलसीनिषेधो निर्मूल इति हेमाद्रिः । समूलत्वेऽपि पिण्डपरः ।
तुलसीगन्धमाघ्राय पितरस्तुष्टमानसाः । प्रयान्ति गरुडारूढास्तत्पदं चक्रपाणिनः ।।
इति प्रयोगपारिजाते पाद्मोक्तेरिति वोपदेवः । वृद्धपराशरः –

न जातीकुसुमैर्विद्वान् बिल्वपत्रैश्च नार्चयेत् । जपादिकुसुमं झिण्टी रूपिका सकुरण्टिका ।।
पुष्पाणि वर्जनीयानि श्राद्धकर्मणि नित्यशः ।। हेमाद्रौ शङ्खः –
उग्रगन्धीन्यगन्धीनि चैत्यवृक्षोद्भवानि च । पुष्पाणि वर्जनीयानि रक्तवर्णानि यानि च ।।
जलोद्भवानि देयानि रक्तान्यपि विशेषतः ।।

पितृ र देवताका लागि निषिद्ध पुष्प

पृथ्वीचन्द्रोदयमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ– केतकी, तुलसी, वेल, द्रोण– गुम्पाती, करवीर, धतूरो र पलाशका फूल पितृहरूलाई अर्पण गर्न हुँदैन । **माधवीय**मा र **स्मृत्यर्थसार**मा पनि तुलसी अर्पण गर्न हुँदैन भनिएको छ । **हेमाद्रि**ले भने तुलसीको निषेधमा कुनै प्रमाण छैन, यदि प्रमाण छ भने तुलसीलाई पिण्डमा चढाउन हुँदैन तर पितृपूजामा चढाउन हुन्छ भनेका छन् । 'तुलसीको गन्ध सुँघेर प्रसन्न भएका पितृहरू गरुडमा सवार भई भगवान् चक्रपाणिको धाममा जान्छन्' भन्ने तथ्य **पद्मपुराण**बाट **प्रयोगपारिजात**मा उद्धृत गरिएको वचनमा बताइएको विषय **बोपदेव**ले निरूपण गरेका छन्।

बृहत्पराशरले भनेका छन् – विद्वान् मानिसले श्राद्धमा जातीपुष्पले पितृहरूको पूजा गर्नुहुँदैन । बाह्रमासे फूल, झिन्टी अर्थात् नीलो कटसरैयापुष्प, रूपिका अर्थात् आँकको फूल र कुरण्टिका अर्थात् रातो कटसरैया यी पुष्पहरूलाई श्राद्धमा वर्जित गर्नुपर्दछ । **हेमाद्रि**मा **शङ्ख**ले भनेका छन् – उग्रगन्ध भएका पुष्प, विनागन्धका पुष्प, मसानघाट वरिपरिका वृक्षहरूमा पैदा भएका पुष्प र राता पुष्पलाई श्राद्धमा परित्याग गर्नुपर्दछ । तर जलमा उत्पन्न भएका राता पुष्प भने विशेषरूपमा पितृलाई अर्पण गर्नुपर्दछ ।

अङ्गिराः – '**न जातीकुसुमानि दद्यान्न कदलीपत्रम् ।**' इति जात्यां विकल्प इति हेमाद्रिः । निषेधः पिण्डविषयः।
कुन्दं शम्भौ च नो दद्यान्नोन्मत्तं गरुडध्वजे । पिण्डे जातीञ्च नो दद्याद्देवीमर्केण नार्चयेत् ।।
इति वृद्धयाज्ञवल्क्योक्तेरिति बोपदेवः । स्मृतिसारे –
अगस्त्यं भृङ्गराजं च तुलसी शतपत्रिका । चम्पकं तिलपुष्पं च षडेते पितृवल्लभाः ।।
केतकीं करवीरञ्च बकुलं कुन्दकं तथा । पाटलां चैव जातीं च श्राद्धे यत्नेन वर्जयेत् ।।
केचित्पिण्डे तुलसीमाहुः –
पितृपिण्डार्चनं श्राद्धे यैः कृतं तुलसीदलैः । प्रीणिताः पितरस्तैस्तु यावच्चन्द्रार्कमेदिनी ।।
इति मार्कण्डेयोक्तेः ।

अङ्गिराले भनेका छन् – श्राद्धमा जातीपुष्प र केराको पात चढाउन हुँदैन । **हेमाद्रि**ले जातीपुष्पमा विकल्प छ, यो पिण्डमा चढाउन निषेध गरिएको हो, तर पूजामा चढाउन हुन्छ भनेका छन् । भगवान् शम्भुलाई कुन्द अर्थात् माघमा फुल्ने चमेलीको आकारको सुगन्धित सेतो पुष्प चढाउन हुँदैन, नारायणलाई धतूरो चढाउन हुँदैन, पिण्डमा जातीपुष्प चढाउन हुँदैन र देवीलाई आँकको पुष्प चढाउन हुँदैन भन्ने कुरा **वृद्धयाज्ञवल्क्य**ले भनेका हुन् भनी **वोपदेव**ले आफ्नो ग्रन्थमा उद्धृत गरेका छन्।

स्मृतिसारमा भनिएको छ – अगस्त्यपुष्प, भृङ्गराज, तुलसी, सयपत्री, चम्पा र तिलपुष्प गरी ६ किसिमका पुष्प पितृहरूका निमित्त अत्यन्त प्रिय हुन्छन् । केतकी, करवीर, मौलसरी, कुन्द, पाटला अर्थात् रातो लोध र जातीपुष्प श्राद्धमा यत्नपूर्वक निषेध गर्नुपर्दछ । कसैले पिण्डमा पनि तुलसी अर्पण गर्नुपर्दछ भनेका छन् । तिनीहरूको भनाइअनुसार जसले तुलसीका पत्रहरू चढाएर पितृपिण्डको पूजा गर्दछन् तिनीहरूले आफ्ना पितृहरूलाई सूर्य, चन्द्रमा र पृथ्वी रहेसम्म प्रसन्न तुल्याउँछन् भन्ने **मार्कण्डेय**को वचनलाई प्रमाणका लागि अग्रसारित गरेका छन् ।

श्राद्धे धूपविचारः

धूपस्तत्रैव विष्णुधर्मे– **धूपस्तु गुग्गलुर्देयस्तथा चन्दनसारजः । अगरुश्च सकर्पूरस्तुरुष्कत्वक् तथैव च ।।**

विष्णुः – **'घृतमधुयुक्तं गुग्गुलुं श्रीखण्डदेवदारुसरलादि दद्यात्'** इति ।

श्राद्धमा धूपविचार

विष्णुधर्ममा धूपको विषयमा चर्चा गर्दै भनिएको छ – श्राद्धमा **गुग्गुलु** – गोकुलधूप, चन्दन, **अगरु** – अगर, कपूर र लोहवानको धूप दिनुपर्दछ । **विष्णु**ले भनेका छन् – घ्यू र महले युक्त गोकुलधूप, श्रीखण्ड र **देवदारु** – दियार, सल्लो आदिको धूप पितृलाई अर्पण गर्नुपर्दछ ।

श्राद्धे निषिद्धधूपाः

तत्रैव देवलः – **ये हि प्राण्यङ्गजा धूपा हस्तपादाहताश्च ये ।**

न ते श्राद्धे नियोक्तव्या ये च के चोग्रगन्धयः । घृतं न केवलं दद्याद्दुष्टं वा तृणगुग्गुलुम् ।।

श्राद्धमा निषिद्ध धूप

देवलले भनेका छन् कि प्राणीको अङ्ग कस्तूरी आदिबाट उत्पन्न भएका धूप, हात र पाउले छोइएका धूप र उग्रगन्ध भएका धूपलाई श्राद्धमा प्रयोग गर्न हुँदैन । घिउमात्रले धूप दिनु हुँदैन अर्थात् घिउमा केही मिसाएर धूप दिनुपर्दछ । उग्रगन्ध दिने तृणगोकुलको धूप दिन हुँदैन ।

दीपकविचारः

दीपमाह विष्णुः – **घृतेन दीपो दातव्यस्तिलतैलेन वा पुनः । वसामेदोद्भवं दीपं प्रयत्नेन विवर्जयेत् ।।**

दीपविचार

विष्णुले श्राद्धमा प्रयोग गर्नुपर्ने दीपको विषयमा भनेका छन् – श्राद्धमा घिउ अथवा तिलको तेल प्रयोग गरी बत्ती बाल्नुपर्दछ । कुनै प्राणीविशेषको बोंसो वा चर्वी प्रयोग गरी बालिएको बत्ती प्रयोग गर्नुहुँदैन ।

वस्त्रविचारः

वस्त्रं ब्राह्मे – **कौशेयं क्षौमकार्पासं दुकूलमहतं तथा । श्राद्धेष्वेतानि यो दद्यात्कामानाप्नोति चोत्तमान् ।।**

वस्त्रविचार

ब्रह्मपुराणमा वस्त्रसम्बन्धी चर्चा गर्दै भनिएको छ – **कौशेय** – कृमिहरूको मुखबाट निस्किएको न्यालद्वारा तयार गरिएका वस्त्र, **क्षौम** – रेशमी कपडा, ऊनी कपडा, कपासबाट तयार गरिएको कपडा र प्रयोग नगरिएको नयाँ दुपट्टा जसले श्राद्धमा पितृका निमित्त अर्पण गर्दछ त्यसका मनोरथ पूरा हुन्छन् ।

वस्त्राभावे यज्ञोपवीतदानम्

हेमाद्रौ ब्रह्मवैवर्ते –

यज्ञोपवीतं दातव्यं वस्त्राभावे विजानता । पितृभ्यो वस्त्रदानस्य फलं तेनाश्नुतेऽखिलम् ।।

वस्त्रको अभावमा यज्ञोपवीत दान

हेमाद्रिमा उद्धृत **ब्रह्मवैवर्तपुराण**को वचनमा भनिएको छ – बुद्धिमान् श्राद्धकर्ताले वस्त्र अर्पण गर्ने स्थिति नभएमा यज्ञोपवीत अर्पण गर्नुपर्दछ । यज्ञोपवीत अर्पण गर्दा पनि वस्त्रदानबाट पाइने सम्पूर्ण फल प्राप्त हुन्छन् ।

वस्त्राभावे निष्क्रयदानम्

तत्रैव पाद्मे – '**निष्क्रयो वा यथाशक्ति वस्त्राभावे प्रदीयते ।।**

वस्त्रको अभावमा निक्रय दिनुपर्ने

पद्मपुराणमा भनिएको छ कि – वस्त्र नभएमा आफ्नो शक्तिअनुसार निष्क्रय दिनुपर्दछ ।

धात्वादिनिर्मितदीपिकादानम्

अन्यान्यपि च देयानि । तत्रैव कालिकापुराणे –

धात्वादिनिर्मिता रम्या दीपिकाः श्राद्धकर्मणि । पितॄनुद्दिश्य यो दद्यात्स भवेद्भाजनं श्रियः ।।

धातुनिर्मित दीपदानीको दान

कालिकापुराणमा श्राद्धमा अन्य देय वस्तुहरूको पनि चर्चा गर्दै भनिएको छ – जसले श्राद्धमा आफ्ना पितृहरूका निमित्त धातुबाट बनेको दीपदानी प्रदान गर्दछ त्यो व्यक्ति लक्ष्मीको अत्यन्त प्यारो बन्दछ ।

धूपपात्रादिदानम्

यो धूपदानं पात्रं तु पात्रमारार्तिकस्य च । दद्यात्पितृभ्यः प्रयतस्तस्य स्वर्गेऽक्षया गतिः ।।

धूप-दानादि विचार

जसले पितृहरूका निमित्त आरतीको पात्र र धूपदानीको पात्र अर्पण गर्दछ त्यसको अनन्तकालसम्म स्वर्गमा वास हुन्छ।

कञ्चुकादिदानस्य महत्त्वम्

विष्णुधर्मे –

यः कञ्चुकं तथोष्णीषं पितृभ्यः प्रतिपादयेत् । ज्वरोद्भवानि दुःखानि स कदाचिन्न पश्यति ।।

कञ्चुक आदि दानको महत्त्व

विष्णुधर्ममा भनिएको छ – जसले श्राद्धमा कमीज-कुर्ता वा चोलो र फेटा पितृहरूलाई प्रदान गर्दछ त्यसले जीवनमा ज्वरबाट हुने पीडा भोग्नुपर्दैन ।

स्त्रीणां श्राद्धे सिन्दूरादिदानमहत्त्वम्

स्त्रीणां श्राद्धे तु सिन्दूरं दद्युश्चण्डातकानि च । निमन्त्रिताभ्यः स्त्रीभ्यो ये ते स्युः सौभाग्यसंयुताः।।

स्त्रीहरूको श्राद्धमा सिन्दूरादि दानको महत्त्व

जुन श्राद्धकर्ताले स्त्रीहरूको श्राद्धमा निम्ता गरिएका सौभाग्यवती नारीहरूलाई सिन्दूर, चोलो, पछ्यौरा, साडी आदि लगाउने वा ओढ्ने कपडा दिन्छन् ती सौभाग्यसम्पन्न बन्दछन् ।

श्राद्धे कृष्णवर्णवस्त्रादिदाननिषेधः

हेमाद्रावादित्यपुराणे –

न कृष्णवर्णं दातव्यं नापि कार्पाससम्भवम् । पितृभ्यो नापि मलिनं नोपभुक्तं कदाचन ।।

नच्छिद्रितं नापदशं न धौतं कारुणापि च ।। कार्पासनिषेधोऽन्यसम्भवे ।

श्राद्धमा कालो वस्त्र आदिको दान गर्न निषेध

हेमाद्रिमा उद्धृत **आदित्यपुराण**को वचनमा भनिएको छ – कालो रङ्गको वस्त्र, कपासबाट बनेको वस्त्र, मलिन वस्त्र र एकपटक लगाइएको वस्त्र, प्वाल परेको वस्त्र, किनारा नभएको वस्त्र र **कारु** अर्थात् धोवीद्वारा धोइएको वस्त्र श्राद्धमा दिनु हुँदैन । ग्रन्थकार भन्दछन् – यहाँ कपासको जुन निषेध गरिएको छ त्यो रेशमी वस्त्र, कौशेय वस्त्र र ऊनी वस्त्र भएमामात्र गरिएको निषेध हो। ती नभएमा कपासबाट बनेका वस्त्रको दान गर्न हुन्छ ।

श्राद्धे यज्ञोपवीतदानविचारः

तत्रैव – **पितॄन् सत्कृत्य वासोभिर्दद्याद्यज्ञोपवीतकम् । यज्ञोपवीतदानेन विना श्राद्धं तु निष्फलम्।।**

एतद्यतिस्त्रीशूद्रस्त्रीश्राद्धेऽपि देयमिति हेमाद्रिः ।

श्राद्धमा यज्ञोपवीतदानको विचार

हेमाद्रिमा भनिएको छ कि – वस्त्रहरूद्वारा पितृहरूको सत्कार गरेर यज्ञोपवीत दान गर्नुपर्दछ । यज्ञोपवीतको दान नगरीकन गरिएको श्राद्ध निष्फल हुन्छ । **हेमाद्रि**ले भनेका छन् – जसले संसार त्यागेको छ र इन्द्रियलाई वशमा पारेको छ त्यस्ता संन्यासीको लागि गरिने श्राद्ध, स्त्रीजातिका निमित्त गरिने श्राद्ध र शूद्रका निमित्त गरिने श्राद्धमा पनि वस्त्र, यज्ञोपवीत आदि वस्तुको दान गर्नुपर्दछ ।

श्राद्धे कमण्डल्वादिदानम्

तत्रैव नृसिंहपुराणे –

कमण्डलुं ताम्रमयं श्राद्धेषु प्रददाति यः । काष्ठेन निर्मितं वापि नारिकेलमथापि वा ।।

दद्यात् कमण्डलुं श्राद्धे स श्रीमानभिजायते । यो मृत्तिकाविरचितान् श्राद्धेषु च घटान् शुभान् ।।

प्रदद्यात्करकान् वापि सोऽक्षयं बिन्दते सुखम् ।।

श्राद्धमा कमण्डलु आदिको दान

नृसिंहपुराणमा भनिएको छ कि – जसले श्राद्धमा ताँबोबाट बनेको कमण्डलु, काठबाट बनेको कमण्डलु र नरिवलबाट बनेको कमण्डलु प्रदान गर्दछ त्यो श्रीसम्पन्न हुन्छ । जसले माटोबाट बनाइएको सुन्दर गाग्रो र कमण्डलु वा करुवा दान गर्दछ त्यसले पनि अक्षयसुख प्राप्त गर्दछ ।

श्राद्धे उपानच्छत्रादिदाने विचारः

तत्रैव – **उपानच्छत्रवस्त्राणि भुक्तिपात्रं कमण्डलुम् । शयनासनयानानि दर्पणव्यजनानि च ।।**
अन्नं सुसंस्कृतं गन्धांस्ताम्बूलं दीपचामरे । पितृभ्योः यः प्रयच्छेत्तु विष्णुलोकं स गच्छति ।।
सौरपुराणे – **चामरं तालवृन्तं च श्वेतच्छत्रं च दर्पणम् । दत्त्वा पितॄणामेतानि भूमिपालो भवेदिह।।**

श्राद्धमा छाता, जुत्ता आदि दानसम्बन्धी विचार

हेमाद्रिमा भनिएको छ – जसले आफ्ना पितृहरूका निमित्त जुत्ता, छाता, कपडा, भोजनपात्र, कमण्डलु, शय्या, आसन, सवारी-साधन, ऐना, पंखा, राम्ररी तयार गरिएको अन्न, गन्ध, ताम्बूल, दीपक र चमर प्रदान गर्दछ त्यो कर्ता विष्णुलोकमा प्राप्त हुन्छ । सौरपुराणमा भनिएको छ – जसले चमर, ताडपत्रको पंखा, सेतो छाता र ऐना पितृहरूलाई अर्पण गर्दछ त्यो मानिस अर्को जन्ममा पृथ्वीपति हुन्छ ।

अलङ्कारादीनां दाने अश्वमेधफलकथनम्

तत्रैव नन्दिपुराणे –
अलङ्काराः प्रदातव्या यथाशक्ति हिरणमयाः । केयूरहारकटकमुद्रिकाकुण्डलादयः ।।
तथा – **स्त्रीश्राद्धेषु प्रदेयाः स्युरलङ्कारास्तु योषिताम् । मञ्जीरमेखलादामकर्णिकाकङ्कणादयः ।।**
तथा – **आदर्शव्यजनच्छत्रशयनासनपादुकाः । मनोज्ञाः पट्टवासाश्च सुगन्धाश्चूर्णमुष्टयः ।।**
अङ्गारधानिकाः शीते योगपट्टाश्च यष्टयः । कटिसूत्राणि रौप्याणि मेखलाश्चैव कम्बलाः ।।
कर्पूरादेश्च भाण्डानि ताम्बूलायतनं तथा । भोजनाधारयन्त्राणि पतद्ग्राहाँस्तथैव च ।।
तथाञ्जनशलाकाश्च केशानाञ्च प्रसाधनम् । एतान् दद्यात्तु यः सम्यक् सोऽश्वमेधफलं लभेत् ।।

वस्त्र, अलङ्कार आदिको दानबाट अश्वमेधको फलप्राप्ति

नन्दिपुराणमा भनिएको छ – **केयूर** – बाजुबन्द, हार, **कटक** – चूरा, औंठी, **कुण्डल** – कर्णाभरण आदि सुवर्णका अलङ्कार पितृहरूको श्राद्धमा शक्तिअनुसार प्रदान गर्नुपर्दछ । नारीजातिका निमित्त गरिने श्राद्धहरूमा नारीहरूका अलङ्कार, सजावटका वस्तुहरू, पाउजेव, **मेखला** – कन्दनीका रूपमा प्रयोग गरिने डोरो, **कर्णिका** – कर्णफूल र **कङ्कण** – बाला प्रदान गर्नुपर्दछ । उक्त पदार्थहरूका साथै ऐना, पंखा, छाता, शय्या, आसन, खराउ, सुन्दर रेशमी कपडा, सुगन्धित चूर्ण, शीतकालमा **अंगारधानी** – मकल, **योगपट्ट** – पिठ्यूँ-कम्मरदेखि लिएर घुँडासम्म ढाक्ने वस्त्र, लठ्ठी, चाँदीले बनेको कटिसूत्र, मेखला, कम्बल, कपूर, भाँडावर्तन, पानदान, भोजन राख्ने पात्र, भोजन ग्रहण गर्ने पात्र, सुर्मा एवं सुर्मा लगाउने सिन्का र काइँयो दान गर्ने मानिसले अश्वमेधयज्ञ गरेको फल प्राप्त गर्दछ ।

सौवर्णादिभोजनपात्रदानस्य महत्त्वम्

स्कान्दे– **सौवर्णं राजतं वापि कांस्येनाप्यथ निर्मितम् । दत्त्वा भोजनपात्रं तु सम्राट् भवति भूतले।।**

सुवर्ण आदि पात्रदानको महत्त्व

स्कन्दपुराणमा भनिएको छ – जसले श्राद्धमा सुवर्ण, चाँदी र काँसद्वारा बनेका पात्रमा निमन्त्रित ब्राह्मण आदि

व्यक्तिहरूलाई भोजन गराउँछ त्यो मानिस अर्को जन्ममा पृथ्वीमा पैदा भई सम्राट् बन्दछ ।

बन्दीकृतमनुष्याणां विचारः

वामनपुराणे – **बन्दीकृतास्तु ये केचित्स्वयं वा यदि वा परैः । येन केनाप्युपायेन यस्तान्मोचयते नरः।। पितरस्तस्य गच्छन्ति शाश्वतं पदमव्ययम् ।।**

बन्दी बनाइएका मानिसहरूलाई मुक्त गराएको फल

वामनपुराणमा भनिएको छ कि – जुन मानिस आफै वा अरूद्वारा जेल परेका छन् त्यस्ता मानिसहरूलाई जसले कुनै उपायद्वारा त्यसबाट मुक्त बनाउँछ त्यसलाई बन्दी मानिसका पितृहरूले सनातनपद प्राप्त हुने आशीर्वाद दिन्छन् ।

वासो दत्त्वा परिपूर्णत्वं कथनम्

पराशरः – **'वाचयेत् परिपूर्णत्वं वासो दत्त्वा विधानतः ।।**

वस्त्रदान र पूर्णताको वचन

पराशरले भनेका छन् कि श्राद्धमा विधिपूर्वक ब्राह्मणलाई वस्त्र दिएपछि उनका मुखबाट '**श्राद्धं परिपूर्णम्** अर्थात् श्राद्ध परिपूर्ण भयो' भन्ने वचन भन्न लगाउनुपर्दछ ।

आसने मतमतान्तरनिर्देशपूर्वकं विचारः

नारदीये – **देवैश्च समनुज्ञातो यजेत्पितृगणं त्वथ** । तत्र पित्र्ये आसनाद्यशेषमर्चनकाण्डं वैश्वदेविकं ज्ञेयम्। विशेषस्तूच्यते । तत्रासने द्विगुणभुग्नाः कुशाः । अत्रावाहनमासनात्पूर्वं वार्घ्यपूरणोत्तरं वाग्नौकरणोत्तरं वेति स्मृतिषु पक्षा उक्ताः । एषां शाखाभेदेन व्यवस्था । द्वितीयपक्ष एव बहुसम्मतः ।

आसनको सम्बन्धमा मतमतान्तर निर्देशनपूर्वक विचार

नारदीयपुराणमा भनिएको छ – देवताहरूको आज्ञा लिएर पितृहरूको पूजा गर्नुपर्दछ । पितृहरूलाई आसन आदि अर्पण गर्दा विश्वेदेव ब्राह्मणलाई आसन अर्पण गर्दाझैं सामान टक्र्याएर पूजा गर्नुपर्दछ ।

ग्रन्थकार विशेष कुरा निरूपण गर्दै भन्दछन् – आसनमा दोब्र्याइएका र छिनालिएका कुश राख्नुपर्दछ । आवाहन गर्ने सम्बन्धमा आसनभन्दा पहिले गर्नुपर्दछ भन्ने एउटा मत छ, अर्घ्य दिएपछि आवाहन गर्नुपर्दछ भन्ने दोस्रो मत छ र अग्नौकरण गरेपछि आवाहन गर्नुपर्दछ भन्ने तेस्रो मत छ । कुन पक्ष ग्रहण गर्ने भन्ने निर्णय आफ्नो शाखाअनुसार गर्नुपर्दछ। तर हाम्रो विचारमा 'अर्घ्य दिएपछि आवाहन गर्नुपर्दछ' भन्ने दोस्रो मत नै बहुसम्मत देखिन्छ ।

अर्घ्यपात्रमर्घ्यनिर्माणविधिश्च

तत्रार्घ्यमाहाश्वलायनः – 'तैजसाश्ममयमृन्मयेषु त्रिषु पात्रेष्वेकद्रव्येषु वा दर्भान्तर्हितेष्वपि आसिच्य शन्नोदेवीरभिष्टय इत्यनुमन्त्रितासु तिलानावपति – '**तिलोसि सोमदेवत्यो गोसवो देवनिर्मितः । प्रत्नवद्भिः प्रत्तः स्वधया पितृनिमाँल्लोकान् प्रीणयाहि न स्वधा नमः**' इति । **अश्ममयम्** – स्फाटिकादि । **मृन्मयम्** – हस्तकृतमेव ।

अर्घ्यपात्र र अर्घ्यनिर्माण गर्ने विधि

आश्वलायनले अर्घ्यको विषयमा चर्चा गर्दै भनेका छन् – सुन, चाँदी र ताँबोको पात्रमा; **स्फटिक**– सूर्यकान्तमणि-चन्द्रकान्तमणि आदि रूपमा प्रसिद्ध पत्थरमणिको पात्रमा र आफ्नै हातले बनाएको माटाको पात्रमा अर्घ्य बनाउनुपर्दछ । उक्त पात्रहरूको अभावमा एउटै द्रव्यबाट तयार गरिएका पात्रको माझमा कुश राखेर जल राख्नुपर्दछ । त्यसपछि '**शं नो देवीरभिष्टय०**' इत्यादि पहिले बताइएको मन्त्रद्वारा प्रतिष्ठा गरेर ती अर्घ्यपात्रमा तिल राख्नुपर्दछ । तदनन्तर '**तिलोऽसि**' इत्यादि मूलमा बताइएको मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे तिल ! तिम्रा देवता सोम हुन् । देवताहरूले स्वर्गजस्ता विशेष लोकहरूको प्राप्तिका निमित्त तिमीलाई बनाएका हुन् । प्रयत्नवान् पुरुषहरूद्वारा स्वधारूपमा प्रदान गरिएका तिमीले हाम्रा पितृहरू र पितृलोकलाई तृप्त तुल्याऊ ।' माथि मूलमा प्रयोग गरिएको '**अश्ममय**' को अर्थ काँचमणि हो, **मृण्मय**को अर्थ आफ्नै हातले बनाएको माटाको पात्र हो ।

मृत्तिकापात्रविचारः

कुलालचक्रनिष्पन्नमासुरं दैविकं न तत् । तदेव हस्तघटितं दैविकं केवलं तथा ।।

इति छन्दोगपरिशिष्टात् । अन्यान्यपि पात्राणि पूर्वमुक्तानि ।

माटाको पात्रसम्बन्धी विचार

कुम्हालेको चाकद्वारा तयार गरिएको माटाको भाँडोलाई आसुर मानिएको छ । तसर्थ त्यो देवताका निमित्त योग्य हुँदैन । आफ्नै हातले बनाएको माटाको पात्र देवतासम्बन्धी हुन्छ र त्यसबाट देवताहरू प्रसन्न हुन्छन् भन्ने कुरा **छन्दोगपरिशिष्ट**मा बताइएको छ । अरू पात्रको सम्बन्धमा योभन्दा पहिले चर्चा गरिसकिएको छ।

अन्नाभावे द्विजाभावे च पात्रासादने विचारः

मनुः – **अन्नाभावे द्विजाभावे यद्येको ब्राह्मणो भवेत् । पात्राण्यासादयेत्त्रीणि न तु ब्राह्मणसंख्यया ।।**

दत्तकादेः कर्तुर्द्विपितृत्वादावपि वचनात् त्रीण्येव पात्राणीति हरिहरः । माधवीये वैजवापः –

अर्घ्ये पितृणां त्रीण्येव कुर्यात्पात्राणि धर्मवित् । एकस्मिन्वा बहुषु वा ब्राह्मणेषु यथाविधि ।।

हेमाद्रावप्येवम् । अत्रानुमन्त्रणं सकृत् । तिलोऽसीत्यस्य प्रतिपात्रमावृत्तिः पितृशब्दस्यानूहश्चेति वृत्तिकृत् । दर्भश्च त्रिगुणं पवित्रम् ।

अन्न र ब्राह्मणको अभावमा पात्रस्थापना

मनुले भनेका छन् – अन्न र ब्राह्मणको अभावमा एउटैमात्र ब्राह्मण उपलब्ध भएमा तीनवटा अर्घ्यपात्रको स्थापना गर्नुपर्दछ । ब्राह्मणको संख्याअनुसार गर्नुहुँदैन । दत्तक आदि पुत्र श्राद्धकर्ता भएमा उनीहरूले दुईवटा पितालाई तृप्त तुल्याउनुपर्ने हुँदा तीनअर्घ्यपात्रको स्थापना गर्नुपर्दछ भन्ने कुरा **हरिहर**ले बताएका छन् ।

माधवीयमा बैजवापले भनेका छन् – धर्मका ज्ञाता व्यक्तिले ब्राह्मण एक वा अनेक जतिभएपनि विधिपूर्वक पितृहरूका निमित्र अर्घ्य दिनको लागि तीनवटा पात्रको स्थापना गर्नुपर्दछ । **हेमाद्रि**ले पनि यही कुरा बताएका छन् । यहाँ '**अनुमन्त्रण**' अर्थात् मन्त्रद्वारा आवाहन र प्रतिष्ठा एकैचोटि गर्नुपर्दछ । '**तिलोऽसि**' यस मन्त्रको आवृत्ति भने प्रत्येक

पात्रमा छुट्टाछुट्टै गर्नुपर्दछ । पितृशब्दको ऊह हुँदैन भन्ने कुरा **वृत्तिकार**ले बताएका छन् । सामान्य कुश एउटामात्र कुशको हुन्छ भने पवित्र तीनसरो कुशको हुन्छ ।

पितृपात्रविचारः

तिस्रस्तिस्रः शलाकास्तु पितृपात्रेषु पार्वणे । एकोद्दिष्टे शलाकैकां निधायोदकमाहरेत् ।।

इति हेमाद्रौ चतुर्विंशतिमतात् । तत्रैव विष्णुः – '**दक्षिणाग्रदर्भेषु दक्षिणापवर्गचमसेषु पवित्रान्तर्हितेष्वप आसिञ्चेत्। 'शन्नो देवीरिति मन्त्रेण जलसेचनं बह्वृचभिन्नविषयम्**' । अत्रास्मिन्पक्षे प्रतिपात्रं मन्त्रावृत्तिः। कारिकायाम् – '**गन्धपुष्पाणि चैतेषु पात्रेषु प्रक्षिपेदथ** ।' ब्राह्मे –

जलं क्षीरं दधि घृतं तिलतण्डुलसर्षपान् । कुशाग्रमधुपुष्पाणि दत्त्वाचामेत्ततः स्वयम् ।।

पितृपात्रको विचार

पार्वणश्राद्धमा पितृपात्रमा कुशका तीन–तीन शलाका – सलाईं राखिएका हुन्छन् भने एकोद्दिष्टमा एउटै शलाका राखिएर जल भरिएको हुन्छ, यो कुरा **हेमाद्रि**मा उद्धृत **चतुर्विंशतिमत**अनुसार भनिएको हो । त्यहीं नै **विष्णु**ले भनेका छन् – दक्षिणाग्र कुशमा दक्षिण दिशातर्फ झुकाएर राखिएका **चमसपात्र** अर्थात् श्राद्ध एवं यज्ञमा प्रयोग गरिने चम्चाको आकारको पात्रमा पवित्र राखेर जलले अभिषिञ्चन गर्नुपर्दछ । ऋग्वेदीहरूबाहेक अरू वेदका अनुयायीहरूले जलद्वारा आसेचन गर्दा **शं नो देवी०** इत्यादि मन्त्रको प्रयोग गर्नुपर्दछ । यहाँ दक्षिणतर्फ झुकाइएका पात्रहरूमा जलको आसेचन गर्दा प्रत्येक पात्रमा मन्त्रको आवृत्ति गर्नुपर्दछ । **कारिका**मा भनिएको छ – ती पात्रहरूमा गन्ध र पुष्प राख्नुपर्दछ । **ब्रह्मपुराण**मा भनिएको छ – ती पात्रहरूमा जल, दूध, दही, घ्यू, तिल, चामल, कुशका टुप्पा, मह र पुष्प चढाउनुपर्दछ। यसरी चढाएपछि कर्ताले आचमन गर्नुपर्दछ ।

जातूकर्ण्यः – **ततोऽर्घ्यपात्रसम्पत्तिं वाचयित्वा द्विजोत्तमान् । तदग्रे चार्घ्यपात्राणि स्वधार्घ्या इति विन्यसेत्।।** ततस्तिलहस्तो विप्रसव्यजानौ दक्षिणकरं न्यस्यावाहनं पृच्छेत् । अत्र गोत्रसंबन्धनामानि द्वितीयान्तत्वं च प्रागुक्तम् । वैजवापगृह्ये – '**तिष्ठन् पितृनावाहयिष्यामीत्यामन्त्रयेत्** ।' कौर्मे –

अपसव्यं ततः कृत्वा पितृणां दक्षिणामुखः । आवाहनं ततः कुर्यादुशन्तस्त्वेत्यृचा बुधः ।।

आवाह्य तदनुज्ञातो जपेदायन्तुनस्ततः ।। अत्र सव्यस्यापि प्रागुक्तेर्विकल्पः । अत्राद्यमन्त्रावृत्त्या–ऽस्मत्पितरममुकशर्माणममुकगोत्रं वसुरूपमावाहयामीत्युक्त्वा मूर्धादिपादान्तं तिलान्विकीर्यायन्तुन इति सर्वान्ते सकृज्जपे–दिति निबन्धाः । अत्रोपवेशनसंवेशनपाद्यार्घ्याचमनीयान्यपि हेमाद्रिणोक्तानि तान्यथर्ववेदिनां नियतानि नान्येषाम् । तेषाञ्च प्रपितामहादिपित्रन्तं प्रातिलोम्येन सर्वः प्रयोगः।

जातूकर्ण्यले भनेका छन् – अर्घ्य तयार गरेपछि कर्ताले '**अर्घ्यपात्रं सुसम्पन्नम्**' भनी प्रश्न गर्दा ब्राह्मणले '**सुसम्पन्नम्**' भन्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूका अगाडि '**स्वधार्घ्याः**' भनी अर्घ्यपात्रको स्थापना गर्नुपर्दछ । त्यसपछि हातमा तिल लिएर श्राद्धकर्ताले ब्राह्मणको बायाँ घुँडामा आफ्नो दायाँ हात राखेर आवाहनका लागि आज्ञा माग्नुपर्दछ । यसरी वाक्य उच्चारण गर्दा गोत्र, सम्बन्ध र नामलाई द्वितीया विभक्तिले युक्त गराउनुपर्दछ भन्ने कुरा हामीले पहिले बताइसकेका छौं ।

वैजवापगृह्यमा भनिएको छ – कर्ताले उभिएर '**पितृन् आवाहयिष्यामि**' अर्थात् मैले पितृको आवाहन गर्दछु भनी आमन्त्रण गर्नुपर्दछ । **कूर्मपुराण**मा भनिएको छ – त्यसपछि अपसव्य भई पितृहरूको दक्षिणतर्फ रहेर निम्नलिखित मन्त्रद्वारा

आवाहन गनुपर्दछ – '**उशन्तस्त्वा निधीमह्युशन्तः समिधीमहि । उशन्नुशत आ वह पितॄन् हविषे अत्तवे ।।**' (ऋ. १०/१६/१२) यसरी आवाहन गरेपछि ब्राह्मणहरूको आज्ञा लिएर निम्नलिखित मन्त्र जप गर्नुपर्दछ – '**आ यन्तु नः पितरः सोम्यासोऽनिष्वात्ता मध्ये दिवः स्वधया मादयन्ते । तेभ्यः स्वराडसुनीतिमेतां यथावशं तन्वं कल्पयाति ।।**' (काण्वसंहिता २१/५९) यसरी मन्त्रोच्चारण गर्दा सव्य अवस्थामा रहनुपर्दछ भन्ने कुरा पहिले बताइएको छ । तर यसमा विकल्प छ ।

प्रथम मन्त्र '**उशन्तस्त्वा**' को आवृत्ति गरेपछि '**अस्मत् पितरममुकशर्माणममुकगोत्रं वसुरूपमावाहयामि**' यो वचन भनेर शिरदेखि पाउसम्म तिल छर्नुपर्दछ । त्यसपछि '**आ यन्तु नः**' यस मन्त्रलाई अन्तमा एकपटक जप गर्नुपर्दछ भन्ने कुरा निबन्धकारहरूले बताएका छन् । यहाँ **उपवेशन** – बसाउने काम र **संवेशन** – कुश आदिको आसन टक्र्याउने काम गरेपछि पाद्य, अर्घ्य र आचमनीय पनि अर्पण गर्नुपर्दछ भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् । तर ग्रन्थकार भन्दछन् – उक्त सबै विषय अथर्ववेदका अध्येताहरूका लागि हो, अरूका निमित्त होइन । किनकि अथर्ववेदीहरूको श्राद्धमा अरूको भन्दा विपरीतविधि अँगालिएको हुन्छ । उनीहरूले पितृहरूको स्मरण गर्दा पितादेखि प्रपितामहसम्म लैजाँदैनन् अपितु प्रपितामहदेखि पितासम्मको उल्लेख गर्दै कर्म सम्पन्न गर्दछन् ।

वाराहे – '**गन्धपुष्पार्चनं कृत्वा दद्याद्धस्ते तिलोदकम् ।**' गार्ग्यः – '**शिरस्तः पादतो वापि सम्यगभ्यर्चयेत्ततः ।**' '**ततः स्वधार्घ्या इति पितृपितामहादिविप्राग्रे प्रत्येकं निवेदयेत्**' इति कारिकायां वृत्तौ च । आश्वलायनः– '**प्रसव्येनेतरपाण्यङ्गुष्ठान्तरेणोपवीतित्वाद्दक्षिणेन वा सव्योपगृहीतेन पितरिदं ते अर्घ्यं पितामहेदं ते अर्घ्यं प्रपितामहेदं ते अर्घ्यमित्यप्पूर्वं ताः प्रतिग्राहयिष्यन् सकृत्सकृत्स्वधा अर्घ्या इति प्रसृष्टा अनुमन्त्रयीत ।।**

वराहपुराणमा भनिएको छ – गन्ध र पुष्पले पूजा गरेपछि ब्राह्मणका हातमा तिलोदक दिनुपर्दछ । **गार्ग्य**ले भनेका छन् – तिलोदक दिएपछि शिरदेखि चरणसम्म र चरणदेखि शिरसम्म पूजा गर्नुपर्दछ । त्यसपछि **स्वधार्घ्याः** यो वचन उच्चारण गरी अर्घ्यपात्रलाई पितृ, पितामह आदिका प्रतिनिधि ब्राह्मणहरूका अगाडि छुट्टाछुट्टै निवेदन गर्नुपर्दछ भन्ने कुरा **कारिका** र वृत्तिमा बताइएको छ ।**आश्वलायन**ले भनेका छन् – पितृकर्म अपसव्य भई गर्नुपर्दछ । दाहिने हातको बूढी औंलाको माझबाट अर्घ्य दिनुपर्दछ, हातबाट कर्म गर्दा दायाँतर्फबाट बायाँतर्फ लगेमा प्राचीनावीती अर्थात् अपसव्य हुन्छ, बायाँबाट दायाँतर्फ लगेमा उपवीती अर्थात् सव्य हुन्छ । बायाँ हात शिष्टद्वारा निन्दित हुनाले दायाँ हातद्वारा नै अर्घ्य दिनुपर्दछ । हे पिता ! यो अर्घ्य तपाईंका निमित्त हो, हे पितामह ! यो अर्घ्य तपाईंका निमित्त हो, हे प्रपितामह ! यो अर्घ्य तपाईंका निमित्त हो' यसरी प्रार्थना गर्दै अर्घ्यदान गर्नुपर्दछ । तर अर्घ्यदानभन्दा पहिले थोरै–थोरै शुद्ध जल टक्र्याउनुपर्दछ । एकपटक **स्वधार्घ्याः** यस वाक्यबाट अर्घ्यजल ग्रहण गराउनुपर्दछ । अर्घ्यजल ग्रहण गराएपछि त्यसलाई अनुमन्त्रण गर्नुपर्दछ ।

या दिव्या आपः पृथिवि सम्बभूवुर्या अन्तरिक्षा उत पार्थिवीर्याः ।
हिरण्यवर्णा यज्ञियास्ता न आपः शं स्योना भवन्तु ।। इति ।

अर्घ्यादि प्रागन्धादेर्यज्ञोपवीतमेव । अर्घ्यदानात् प्रागन्या अपो दद्यात् । यद्यप्यत्र सव्येन दक्षिणेन वार्घ्यं दद्यादित्युक्तं तथा दक्षिणेनेत्यभिमतोऽर्थः । कारिकायां वृत्तौ चैवम् । 'पित्रादेस्त्रिभिः पात्रैर्दद्यात् । पितुः स्थाने विप्रत्रयं चेदेकमर्घ्यं विभज्य दद्यात् । त्रयाणां स्वधा अर्घ्या इति सकृत्प्रश्नः । एवं पैतामहादावपि । अन्यजलदानमर्घ्यमन्त्राश्च प्रतिविप्रमावर्तन्ते।

अभिमन्त्रणको मन्त्र मूलमा '**या दिव्या आपः०**' इत्यादि लेखिएको छ । त्यसको अर्थ यसप्रकार छ – 'जुन श्रेष्ठजल पृथ्वीमा उत्पन्न छ, अथवा जुन जल अन्तरिक्षबाट उत्पन्न भएको छ, सुवर्णजस्तै सुन्दर र यज्ञका लागि उपयुक्त ती सबै जल हाम्रा लागि कल्याणकारक होऊन् ।' अर्घ्य र गन्धसमर्पण गर्नुभन्दा पहिले पितृहरूका निमित्त यज्ञोपवीत

दिनुपर्दछ । त्यसपछि अर्घ्य दिनुपर्दछ । अर्घ्य दिएपछि शुद्ध जल दिनुपर्दछ । यद्यपि यहाँ बायाँ वा दायाँ हातले अर्घ्य दिनु भनिएको भएतापनि दायाँहातबाट नै दिनुपर्दछ । यो अभीष्ट अर्थ हो । **कारिका** र **वृत्तिमा** पनि यही छ । पिता आदिलाई छुट्टाछुट्टै तीनपात्रद्वारा अर्घ्य दिनुपर्दछ । पिताको स्थानमा तीनब्राह्मण भएमा एउटा अर्घ्यलाई तीनभाग लगाएर दिनुपर्दछ। तीनवटैलाई **स्वधार्घ्याः** भन्ने वचन प्रयोग गर्नुपर्दछ । यसरी नै पितामह आदिका लागि पनि जान्नुपर्दछ । अरू जलदानमन्त्र र अर्घ्यमन्त्र प्रतिब्राह्मण आवृत्ति गर्नुपर्दछ ।

तेषु गन्धादौ च प्रतिविप्रं पदार्थानुसमयः काण्डानुसमयो वा । पित्रादित्रयाणामेकविप्रपक्षे त्रिभिः पात्रैरेकस्यैवार्घ्यं दद्यात्' इति वृत्तिः । कारिकापि – '**स्वधाऽर्घ्या इत्यपोर्घ्यास्ता उपवीती निवेदयेत् ।**' निवेदनात्प्राक् प्राचीनावीतमेवेत्यर्थः।

अर्घ्यं सशेषमादाय दक्षिणेन तु पाणिना । सव्यहस्तगृहीतेन निनयेत् पितृतीर्थतः ।।
दत्त्वा दत्त्वा निनीतास्ता यादिव्यार्चानुमन्त्रयेत् ।'

पिता, पितामह र प्रपितामहका लागि पितृदेवता भएर रहेका ब्राह्मणहरूलाई गन्ध आदि अर्पण गर्दा दुइटा प्रविधि अपनाउन सकिन्छ एउटा – पदार्थानुसमय र अर्को काण्डानुसमय । **पदार्थानुसमयको** अर्थ हो – सबै ब्राह्मणहरूको एकैचोटि आवाहन, एकैचोटि प्रार्थना, एकैचोटि पुष्प-गन्धादि अर्पण गरी पूजा सम्पन्न गर्नु । **काण्डानुसमयको** अर्थ हो– प्रत्येकको निमित्त आवाहनदेखि आरतीसम्मको कर्म छुट्टाछुट्टै गर्नु । पिता, पितामह र प्रपितामहहरूका निमित्त एउटै ब्राह्मण रहेको अवस्थामा तिनीहरूका निमित्त राखिएका तीनवटा अर्घ्यपात्रको अर्घ्य एक-एक गरी ब्राह्मणलाई अर्पण गर्नुपर्दछ भन्ने कुरा वृत्तिकारले बताएका छन् । **कारिकामा** पनि भनिएको छ कि – सव्य भएर **स्वधार्घ्याः** यस वाक्यद्वारा जल अर्पण गर्नुपर्दछ । जल अर्पण गर्नुभन्दा पहिले अपसव्यमा रहनुपर्दछ भन्ने अर्थ स्पष्ट हुन्छ । दाहिने हातबाट शेष अर्घ्य ग्रहण गरी पितृतीर्थद्वारा चढाउनुपर्दछ । जल चढाएपछि '**या दिव्या०**' इत्यादि पूर्वप्रतिपादित मन्त्रद्वारा पूजा गरी **अनुमन्त्रण** अर्थात् मन्त्रद्वारा आवाहन गर्नुपर्दछ ।

यत्तु – '**या दिव्या इति मन्त्रेण हस्तेष्वर्घ्यं विनिक्षिपेत् ।**' इति । यच्च वाराहे – '**तिलाम्बुना चापसव्यं दद्यादर्घ्यादिकं द्विजः ।**' इति । यच्च व्यासः –

गोत्रसम्बन्धनामानि पितॄणामनुकीर्तयन् । एकैकस्य तु विप्रस्य अर्घ्यपात्रं विनिक्षिपेत् ।।

इति तद्बह्वृचातिरिक्तविषयम् । तत आचामेत् । एवं मातामहेष्वपि ।

इति श्राद्धीयहविःश्राद्धीयत्याज्यवस्तुनिर्णयात्मकं चतुर्थं प्रकरणम्

कसैले फेरि '**या दिव्या०**' इत्यादि मन्त्रबाट हातमा अर्घ्य दिनुपर्दछ भनेका छन् । यसका साथै **वराहपुराणमा** पनि ब्राह्मणले तिल, जलसहित अर्घ्य अपसव्य भएर दिनुपर्दछ भनेका छन् । फेरि **व्यासले** पनि पितृहरूको गोत्र, सम्बन्ध र नाम उच्चारण गर्दै एक-एक ब्राह्मणलाई छुट्टाछुट्टै अर्घ्यपात्र दिनुपर्दछ भनेका छन् । यी उक्त भनाइहरू विरुद्ध देखिन्छन्। यसको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – यी **वराहपुराण**, **व्यास** आदिका मतहरू **बह्वृच शाखादेखि** भिन्न शाखाका व्यक्तिहरूका निमित्तमा हो । यसरी अर्घ्य दिएपछि आचमन गर्नुपर्दछ । जसरी पितृपक्षका निमित्त यो व्यवस्था निरूपण गरियो त्यसरी नै मातृपक्षका मातामह आदिका निमित्तमा पनि व्यवस्था गर्नुपर्ने कुरा बुझ्नुपर्दछ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धमा प्रयोग गरिने हवि र श्राद्धमा त्याज्य वस्तुको निर्णयमा आधारित चतुर्थ प्रकरण पूरा भयो ।

अथ संस्रव-ब्राह्मणभोजन-पिण्डदानादिविषयनिर्णयात्मकं पञ्चमं प्रकरणम्

श्राद्धे संस्रवनिरूपणम्

आश्वलायनः – **'संस्रवान् समवनीय ताभिरद्भिः पुत्रकामो मुखमनक्ति'** । संस्रवः – शेषः । **'संस्रवो हि परिशिष्टो भवति'** इति शतपथश्रुतेः । केचित्तु हस्तगलिताम्बु वदन्ति । समवनीयान्त्ये द्वे पात्रे पितृपात्रे आसिच्येति वृत्तिः । **'प्रथमे पात्रे संस्रवान् समवनीय'** इति कातीयसूत्राच्च ।

ब्राह्मे तु – प्रतिबिम्बावलोकनमुक्तम् । स्कान्दे त्वायुःकामस्य नेत्रासेचनमुक्तम् । पित्र्यविप्रैः प्राङ्मुखस्य कर्तुरभिषेकः कार्य इति केचित् ।

संस्रवको अर्थ र त्यसको एकीकरण

संस्रव भनेको अर्घ्यको शेषभाग हो । श्राद्धकर्ताले अर्घ्यपात्रहरूमा रहेका जललाई एकत्रित गरेर त्यो जलबाट आफ्नो मुखमा सेचन गर्नुपर्दछ भन्ने कुरा **आश्वलायन**ले बताएका छन् । **संस्रव**को अर्घ्यको शेष हो त्यसैलाई बाँकी रहेको जल पनि भनिन्छ भन्ने कुरा **शतपथश्रुति**मा बताइएको छ । कसैले श्राद्धकर्ताको हातबाट भुईंमा खस्ने जललाई पनि संस्रव भन्ने गरेका छन् ।

वृत्तिमा भनिएको छ कि – पितामह र प्रपितामहका अर्घ्यपात्रहरूको संस्रवजल अर्थात् बाँकी रहेको जल एकत्रित गरेर पिताको पात्रमा आसेचन गर्नुपर्दछ । **कातीयसूत्र**मा पनि दोस्रो र तेस्रो अर्घ्यपात्रको जल प्रथमपात्रमा जम्मा गर्नुपर्दछ भनिएको छ । **ब्रह्मपुराण**मा जम्मा गरिएको जलमा आफ्नो प्रतिबिम्ब हेर्नुपर्दछ भन्ने कुरा बताइएको छ । **स्कन्दपुराण**मा आयुको कामना गर्ने श्राद्धकर्ताले एउटा पात्रमा एकत्रित गरिएको संस्रवजलद्वारा आँखामा सेचन गर्नुपर्दछ भनिएको छ। कसैले भनेका छन् कि – पितृब्राह्मणले संस्रवजलद्वारा पूर्वमुख गरी रहेका कर्ताको अभिषेक गर्नुपर्दछ ।

आश्वलायनः – **नोद्धरेत्प्रथमं पात्रं पितॄणामर्घ्यपातितम् । आवृतास्तत्र तिष्ठन्ति पितरः शौनकोऽब्रवीत् ।।**

'यावद्विप्रविसर्जनम्' इति तुर्यपादे यमीयः पाठः । अत्र वृत्तिः – **पितृपात्रं समवनयनदेशान्न चालयेदाश्राद्धसमाप्तेः । यस्मात्तत्र तृतीयपात्रेणावृताः'** इति । यद्वा **'प्रथमपात्रमेव न्यग्बिलं कुर्यात्'** इति । कामाभावेऽपीदमेव शेषप्रतिपादनम् । हेमाद्रौ कौर्मे –

संस्रवांश्च ततः सर्वान् पात्रे कुर्यात्समाहितः । पितृभ्यः स्थानमसीति न्युब्जं पात्रं निधापयेत् ।।

आश्वलायन भन्दछन् – पितृहरूको अर्घ्यमा बाँकी रहेको जल जुन अर्घ्यपात्रमा जम्मा गरिएको हुन्छ त्यो अर्घ्यपात्रलाई श्राद्ध नसकिएसम्म त्यो ठाउँबाट हटाउन हुँदैन । पहिलो पात्रमा पितृहरूको अर्घ्यजल जम्मा गरेर राखिएको हुन्छ र त्यहाँ पितृहरू विराजमान हुन्छन् भन्ने कुरा **शौनक**ले बताएका छन् । त्यसकारण त्यो पात्रलाई त्यहाँबाट हटाउन हुँदैन। जबसम्म श्राद्धको विसर्जन हुँदैन तबसम्म हटाउन हुँदैन भन्ने अर्थमा **'यावद्विप्रविसर्जनम्०'** भन्ने पाठान्तर मानिएको छ। अर्थात् **'पितरः शौनकोऽब्रवीत्'** भन्ने मूलको अन्तिमचरणलाई उक्तरूपमा बदलिएको छ । यो **यमस्मृति**को भनाइ हो ।

वृत्तिकारले भनेका छन् – पितृहरूको अर्घ्यजल जुन अर्घ्यपात्रमा जम्मा गरिएको छ त्यो अर्घ्यपात्रलाई श्राद्धको

समाप्ति नहुँदासम्म चलाउन हुँदैन । किनकि त्यो जल तेस्रो पात्रले ढाकेर राखिएको हुन्छ ।[३७] **हेमाद्रि**मा उद्धृत **कूर्मपुराण**को भनाइ छ कि सबै संस्रवपात्रलाई सावधानीपूर्वक **'पितृभ्यः स्थानमसि'** यो वाक्य पढेर **न्यग्बिलं कृत्वा** – उल्ट्याएर भुईंमा राख्नुपर्दछ ।

शूलपाणौ यमस्तु–

पैतृकं प्रथमं पात्रं तस्मै पैतामहं न्यसेत् । प्रपितामहं ततो न्यस्य नोद्धरेन्न च चालयेत् ।।

इत्याह । अथ – **संस्रवानानीय तृतीयेनाच्छाद्य न्युब्जीकुर्यात्** इति सर्वैकवाक्यतयार्थ इति केचित् । अत्रिः–

गन्धादिभिस्तदभ्यर्च्य तृतीयेनापिधापयेत् । पितृभ्यः स्थानमसीति शुचौ देशेऽर्चितेऽर्चयेत्।।

अर्चनं न्युब्जीकृतेऽपि तुल्यम् । **'न्युब्जमुत्तरतो न्यसेत्'** इति प्रचेतसोक्तेः । सर्वविप्रोत्तरतो न्यसेदिति हेमाद्रिकल्पतरू । विप्रवामे इति हलायुधः । कर्तुर्वामे इति शूलपाणिः । **'उत्तानं विवृतं वापि पितृपात्रं न तद्भवेत्'** इत्युशनसोक्तेर्न्युब्जतैव साधुः, मातामहादिसंस्रवानपि पितृपात्र एव गृहीत्वा प्रयाजवत्तन्त्रेण न्युब्जीकुर्यात् इति शूलपाणिः । एकोद्दिष्टे तूहेन न्युब्जतेति पितृभक्तौ श्रीदत्तः ।

शूलपाणिमा **यम**ले भनेका छन् – पिताको प्रथम पात्रमा पितामहको पात्र राख्नुपर्दछ । त्यसमाथि प्रपितामहको पात्र राखेर त्यसलाई उठाउने र चलाउने काम गर्नुहुँदैन । कसैले भनेका छन् – संस्रवहरूलाई जम्मा गरेर घोप्ट्याएपछि तेस्रो पात्रले ढाकिदिनुपर्दछ । सबै मतको सारांश यही हो । **अत्रि** भन्दछन् – चन्दन आदिले त्यस पात्रको पूजा गर्नुपर्दछ। **'पितरथ ते गन्धः, पितरिदं ते पुष्पम्'** इत्यादि वाक्य पढेर सबै कुरा अर्पण गरेपछि प्रथम र द्वितीयपात्रलाई तृतीयपात्रले ढाकिदिनुपर्दछ । त्यसपछि **'पितृभ्यः स्थानमसि'** भनेर तिनीहरूको पूजा गर्नुपर्दछ । पूजा गर्दा घोप्ट्याइएका पात्रहरूमा पनि पूर्वविधिबाट नै गन्ध, पुष्प आदिका वाक्य पढ्नुपर्दछ ।

प्रचेताले भनेका छन् कि – त्यो घोप्ट्याइएको पात्रलाई श्राद्धभूमिको उत्तरतर्फ राखिदिनुपर्दछ । **हेमाद्रि** र **कल्पतरु**ले भनेका छन् कि ती पात्रलाई ब्राह्मणको उत्तरतर्फ राखिदिनुपर्दछ । **हलायुध**को भनाइ छ – ती पात्रलाई ब्राह्मणहरूको बायाँ भागमा राख्नुपर्दछ । **शूलपाणि**को मतमा ती पात्रहरूलाई कर्ताको बायाँ भागमा राखिदिनुपर्दछ । **उशना**ले भनेका छन् – पिताको पात्रलाई उत्तानो र खुला मुख गराई राख्नुहुँदैन । त्यसकारण तिनको भनाइअनुसार पात्रलाई घोप्ट्याएरै अर्थात् उल्ट्याएरै राख्नु उचित हुन्छ ।

मातामह आदिका अर्घ्यपात्रका संस्रवहरूलाई पनि पिताको पात्रमा ल्याएर जम्मा गर्नुपर्दछ । यसोगरी जम्मा गर्दा प्रयाजमाझैं[३८] घोप्ट्याउनुपर्दछ । प्रयाजमा झैं न्युब्जीकरण गर्नुपर्दछ भन्ने कुरा **शूलपाणि**को मतअनुसार बताइएको हो ।

---

३७. पिताको अर्घ्यपात्रको जल पितामहको अर्घ्यपात्रमा र पितामहको अर्घ्यपात्रको जल प्रपितामहको अर्घ्यपात्रमा राखिदिनुपर्दछ । त्यसपछि प्रपितामहको अर्घ्यपात्रको जल फेरि पितामहको अर्घ्यपात्रमा ल्याएर राख्नुपर्दछ । तदनन्तर पितामहको अर्घ्यपात्रको जल पिताको अर्घ्यपात्रमा राख्नुपर्दछ । यसरी प्रथम पात्रमा जल जम्मा गरेपछि त्यो प्रथमपात्रलाई घोप्ट्याएर राख्नुपर्दछ । कुनै कामनाको अभाव भए तापनि यही शेष जललाई संस्रव जल भनिएको हो । यसमा प्रथम पात्रमा पितृहरू रहन्छन् भन्ने कुरालाई पनि यसै प्रक्रियाले जनाउँछ र यो पात्र अन्तिमसम्म राखिन्छ । यसैले श्राद्धको समाप्तिसम्म त्यो पात्रलाई उठाउन हुँदैन ।

३८. मीमांसा सिद्धान्तअनुसार **'घृतवतीम्'** मन्त्र उच्चारण गरेपछि अध्वर्युले स्रुचि ग्रहण गरेर यजतिदेशमा गई **'ओ श्रावय'** यो मन्त्र पढेर **'समिधो यज'** भनी होतालाई भन्नुपर्दछ । त्यसपछि पुरोनुवाक्यारहित **'समिधो यजति तनूनपातं यजति, इडो यजति, बर्हिर्यजति, स्वाहा यजति'** यी मन्त्र एकैपटक पढेर समिधाले सम्पन्न अग्निमा हवन गर्नुपर्दछ । यहाँ आहुतिको भेद भएता पनि एकै पटक आहुति

एकोद्दिष्ट श्राद्धमा ऊह गरेर '**पित्रे स्थानमसि**' यो मन्त्र उच्चारण गर्दै न्युब्जीकरण गरिन्छ भन्ने कुरा **पितृभक्ति** भन्ने ग्रन्थमा **श्रीदत्त**ले बताएका छन् ।

यमोऽपि –

स्पृष्टमुत्तानमन्यत्र नीतमुद्घाटितं तथा । पात्रं दृष्ट्वा व्रजन्त्याशु पितरस्तं शपन्ति च ।।

वैश्वदेवे उत्तानमिति मदनपारिजातः । वैजवापः –

तस्योपरि कुशान् दत्त्वा प्रदद्याद्देवपूर्वकम् । गन्धपुष्पाणि धूपञ्च दीपं वस्त्रोपवीतके ।।

अत्र गन्धादेर्दैवे पित्र्ये च पदार्थानुसमयस्य याज्ञवल्क्योक्तकाण्डानुसमयेन विकल्पो ज्ञेयः । बह्वृचानां तु सूत्रे दैवानुक्तेः काण्डानुसमय एव। अत्र प्राचीनावीती नामगोत्रसंबुद्ध्याद्युक्तं प्रागन्यदैववत्तदन्ते आचमनं च।

यमले भनेका छन् कि – हातले स्पर्श गरिएको सिधापात्रको जललाई अन्यत्र लगेर खुला राखेमा खुला पात्र देखेर पितृहरू फर्किन्छन् र कर्तालाई सराप दिन्छन् । त्यसकारण पात्रहरूको न्युब्जीकरण गर्नुपर्दछ । वैश्वदेवमा त पात्र खुला नै राखिन्छ भन्ने **मदनपारिजात**को मत छ ।

वैजवापले भनेका छन् कि न्युब्जीकरण गरिएको पात्रमाथि कुश राखेर देवपूर्वक गन्ध, पुष्प, धूप, दीप, वस्त्र र यज्ञोपवीत चढाउनुपर्दछ । यहाँ देवब्राह्मण र पितृब्राह्मण गरी दुई किसिमबाट गरिने श्राद्धकर्ममा गन्ध आदि समर्पण गर्ने विधि पदार्थानुसमय अर्थात् सामूहिक पूजनको विधि नै हो भन्ने कुरा **याज्ञवल्क्य**ले बताएका छन् । अलग-अलग गरी सबैको पूजा गर्ने काण्डानुसमय विधिलाई वैकल्पिक जान्नुपर्दछ । ऋग्वेदीहरूको सूत्रमा देव-पितृको उल्लेख नगरिएको हुँदा त्यहाँ काण्डानुसमय विधिलाई नै अँगाल्नुपर्दछ । यो कर्म गर्दा अपसव्य भएर गर्नुपर्दछ । नाम, गोत्र र सम्बोधनका लागि विभक्ति लगाएर गरिने प्रयोगको विषयमा बताइसकिएको छ । पितृब्राह्मणतर्फका अर्घ्यहरूको पूजा गर्ने क्रममा देवब्राह्मणहरूको पूजाको अन्तमा आचमन गर्न पर्छ भनिएझैं यहाँ पनि आचमन गर्नुपर्ने कुरा बताइएको छ ।

हेमाद्रौ कालिकापुराणे –

निर्वर्त्य ब्राह्मणादेशात् क्रियामेवं यथाविधि । भाजनानि ततो दद्याद्धस्तशौचं पुनः क्रमात् ।।

आदेशात्पात्राणि दद्यादित्यन्वयः । तेन तत्रापि प्रश्नानुज्ञे ज्ञेये ।

हेमाद्रिमा उद्धृत **कालिकापुराण**को वचनमा भनिएको छ कि – ब्राह्मणहरूको आज्ञाले माथि बताएको विधिबाट क्रिया समाप्त गरी भोजनका निमित्त अन्नहरू राखिने ठूला-ठूला पात्रहरू टक्र्याउनुपर्दछ । त्यसपछि क्रमैले सबैको हात धुलाउनुपर्दछ अर्थात् हस्तशौच गर्नुपर्दछ । यहाँ ब्राह्मणकै आदेशले पात्रहरू टक्र्याउनुपर्दछ भन्ने अर्थ निस्कने गरी पदहरूको अन्वय गर्नुपर्दछ । प्रश्न र आज्ञा दुवैको क्रम पनि पहिले बताइएका कर्महरूमा जस्तै रहेको हुन्छ ।

गरिन्छ । यो मीमांसाको प्रक्रियाझैं श्राद्धमा पनि अर्घ्यपात्र न्युब्जीकरणमा पितृ, पितामह, प्रपितामह एवं मातामह, प्रमातामह, वृद्धप्रमातामह आदि नामभेद भएता पनि माथि गरिएको प्रयाजमा झैं एकै पटक प्रपितामहको अर्घ्यको जल पितामहको पात्रमा, पितामहको पात्रको जल पिताको पात्रमा राखेर फेरि पिताको पात्रको जल पितामहको पात्रमा, पितामहको पात्रको जल प्रपितामहको पात्रमा राखेपछि एकैचोटि न्युब्जीकरण हुन्छ । यसैगरी मातामह आदिहरूका पात्रको पनि पार्वण आदि श्राद्धमा न्युब्जीकरण हुन्छ ।

मतमतान्तरनिर्देशपूर्वकं श्राद्धे मण्डलकरणविचारः

तत्रैव ब्राह्मे – **मण्डलानि च कार्याणि नैवारैश्चूर्णकैः शुभैः । गौरमृत्तिकया वापि भस्मना गोमयेन वा ।।**

भृगुः – **भस्मना वारिणा वापि कारयेन्मण्डलं ततः। चतुःकोणं द्विजाग्र्यस्य त्रिकोणं क्षत्रियस्य तु।। मण्डलाकृति वैश्यस्य शूद्रस्याभ्युक्षणं स्मृतम् ।।** बह्वृचपरिशिष्टे तु – **'दैवे चतुरस्रं पित्र्ये वृत्तं मण्डलं कृत्वा क्रमेण सयवान् सतिलांश्च दर्भान् दद्यात्'** इत्युक्तम् ।

श्राद्धमा मण्डलकरण विचार

ब्रह्मपुराणको भनाइ छ – कल्याणकारक **नीवारधान्य**को अर्थात् वनधान्यको पीठो, सेतो माटो, भस्म र गोबरले मण्डल बनाउनुपर्दछ । भृगुले भनेका छन् – भस्म अथवा जलबाट पनि मण्डल गराउनुपर्दछ । ब्राह्मणको निमित्त श्राद्ध गर्दा चतुष्कोण, क्षत्रियको निमित्त त्रिकोण, वैश्यको निमित्त गोलाकार मण्डल बनाउनुपर्दछ । शूद्रका निमित्त त जलको सेचनमात्र गरेपछि पुग्छ । **बह्वृचपरिशिष्ट**मा भनिएको छ कि देवकार्यमा चतुष्कोण र पितृकार्यमा गोलाकार मण्डल बनाएर क्रमैले जौ, तिल र कुश राख्नुपर्दछ ।

मण्डलहीने तु विचारः

मार्कण्डेयः – **यातुधानाः पिशाचाश्च क्रूरा ये चैव राक्षसाः । हरन्ति रसमन्नस्य मण्डलेन विवर्जितम्।।**

मण्डलहीन कर्मको विचार

मार्कण्डेयले भनेका छन् – श्राद्धकर्म गर्दा मण्डल बनाइएन भने त्यहाँ टक्र्याइने अन्नको रस राक्षस, पिशाच र क्रूर राक्षसले भोजन गर्दछन् ।

श्राद्धे भोजनपात्राणां निरूपणम्

हेमाद्रौ हारीतः – **'भूमावेव निदध्यान्नोपरि पात्राणि'** इति । तानि च हेमाद्रावत्रिराह – **'भोजने हैमरौप्याणि दैवे पित्र्ये यथाक्रमम्'** । हारीतः – **'राजतपार्णताम्रकांस्यपात्राणि भोजने'** इति । तत्रैव वाराहे –

सौवर्णानीह रौप्याणि कांस्यानि तदसम्भवे । अन्यान्यपि हि कार्याणि दारुजान्यपि जानता ।।
नायसान्यपि कार्याणि पैत्तलानि न तु क्वचित् । न च सीसमयानीह शस्यन्ते त्रपुजान्यपि ।।
अत्रिः – **पञ्चाशत्पलिकं कांस्यं द्व्यधिकं भोजनाय वै । गृहस्थैस्तु सदा कार्यमभावे हेमरौप्ययोः ।।**
पालाशेभ्यो विना न स्युः पर्णपात्राणि भोजने ।।

श्राद्धमा भोजनपात्र विचार

हेमाद्रिमा उद्धृत हारीतको वचनमा भनिएको छ – पात्रहरू भुईंमा नै राख्नुपर्दछ । कुनै आसन दिएर पात्र राख्ने काम गर्नुहुँदैन । अत्रिले भनेका छन् कि देवकार्यमा सुवर्णद्वारा निर्मित भोजनपात्र र पितृकार्यमा चाँदीद्वारा निर्मित भोजनपात्र राखिनुपर्दछ । हारीतले भनेका छन् – भोजनपात्र चाँदी, ताँबो, काँस र **पर्ण** – पातद्वारा तयार गरिएका हुनसक्छन् ।

वाराहपुराणमा भनिएको छ – सुवर्ण, चाँदी वा काँसका पात्र प्रयोग गर्नुपर्दछ । ती पात्रहरूको प्रयोग गर्न सम्भव नभएमा बुद्धिमान् मानिसले काठ आदिका पात्रहरू प्रयोग गर्नुपर्दछ । श्राद्धमा फलामका पात्र प्रयोग गर्नुहुँदैन र कुनै पनि अवस्थामा पित्तलका पात्र प्रयोग गर्न हुँदैन । यसैगरी सिसा र लाहाद्वारा बनाइएका पात्र पनि प्रयोग गर्नुहुँदैन । गृहस्थले श्राद्धमा भोजनका निमित्त ५२ पलको काँसको पात्र तयार गर्नुपर्दछ । काँसको पात्र नभएमा सुवर्ण र चाँदीको पात्र तयार गर्नुपर्दछ । भोजनमा पलाशका पातबाहेक अरू पातबाट तयार गरिएका पात्रको प्रयोग गर्न हुँदैन ।

श्राद्धे कांस्यपात्रनिषेधः

पृथ्वीचन्द्रस्तु – '**कांस्यपात्रे हविर्दृष्ट्वा निराशाः पितरो गताः ।**' इति ब्राह्मोक्तेः कांस्यपात्रनिषेधमाह ।

श्राद्धमा काँस्यपात्रको प्रयोगनिषेध

पृथ्वीचन्द्रोदयको भनाइ छ कि – 'काँसको पात्रमा हवि देखेर पितृहरू निराश भई फर्कन्छन्' भन्ने कुरा **ब्रह्मपुराण**को निषेधवचन छ । यसरी ब्रह्मपुराणले काँस्यपात्रको प्रयोग गर्न निषेध गरेको छ ।[39]

बोपदेवमते तु कदल्यादिपात्रविचारः

बोपदेवस्तु स्मृतिसंग्रहमुदाजहार –

श्राद्धे पलाशपात्राणि मधूकौदुम्बराणि च । पारिकाकुटजप्लक्षक्रकचानि क्रमाज्जगुः ।।

कदलीचूतपनसजम्बुपुन्नागचम्पकाः । अलाभे मुख्यपात्राणां ग्राह्याः स्युः पितृकर्मणि ।। इति ।

बोपदेवको मतमा केराको पातमा भोजन

बोपदेवद्वारा **स्मृतिसंग्रह**बाट उद्धृत वचनमा भनिएको छ– श्राद्धमा पलाशका पात, महुवा वा अशोक वृक्षका पात, डुम्रीका पात, **पारिका** – ठूला-ठूला पात हुने वृक्षविशेषका पात र **कुटज** – इन्द्रजौका पात र बाँझका पातहरू ठूलो-ठूलो आकारका र फूल सुगन्धित हुने हुनाले यिनको प्रयोग गर्नुपर्दछ । पाँखरीका पात, केराका पात, केंवराका पात, आँपका पात, कटहरका पात, जामुनाका पात, **नागकेशर** – चिलाउनेका पात र चमेलीका पातलाई पनि क्रमैले लिन सकिन्छ । मुख्य पात्रहरू नपाइएमा उक्त वृक्षहरूका पातद्वारा भोजनपात्र निर्माण गरी पितृकर्ममा ग्रहण गर्नुपर्दछ ।

हेमाद्रिमते भोजनपात्रविचारः

हेमाद्रौ तु कदलीपात्रनिषेधमाहाङ्गिराः – '**न जातीकुसुमानि दद्यान्न कदलीपत्रम्**' इति । क्रतुः –

असुराणां कुले जाता रम्भा पूर्वपरिग्रहे । तस्या दर्शनमात्रेण निराशाः पितरो गताः ।।

हेमाद्रिको मतमा भोजनपात्र विचार

हेमाद्रिमा भनिएको छ – केरा र जातीको पात प्रयोग गर्न **अङ्गिरा**ले निषेध गर्दै भनेका छन् – श्राद्धमा चमेली-

---

३९. अरू स्मृतिकारहरूले भने – ५० पलभन्दा कम परिमाणको काँस्यपात्रको प्रयोग गर्ने कुराको मात्र निषेध हो त्योभन्दा धेरै परिमाणको काँस्यपात्रको प्रयोग निषिद्ध गरिएको छैन' भनेका छन् ।

मालतीको फूल र केराको पात अर्पण गर्न हुँदैन ।[40] क्रतुले भनेका छन् – केरा असुरको कुलमा पैदा भएको हो । तसर्थ श्राद्धमा केराको पात देखेर पितृहरू निराश भएर फर्किन्छन् ।

भस्ममर्यादां कृत्वा मन्त्रद्वयेन विप्रहस्तशोधनकथनम्

एवं पात्राण्यासाद्य भस्ममर्यादां कृत्वा विप्रहस्तशोधनं कुर्यात् । तत्र **'पिशङ्ग' 'रक्षाणो'** इति मन्त्रद्वयं केचित्पठन्ति । मात्स्ये–

अकृत्वा भस्ममर्यादां यः कुर्यात्पाणिशोधनम् । आसुरं तद्भवेच्छ्राद्धं पितॄणां नोपतिष्ठते ।।

तथैव ब्रह्माण्डे – **प्रक्षाल्य हस्तपात्रादि पश्चादद्भिर्विधानवत् । प्रक्षालनजलं दर्भैस्तिलैर्मिश्रं क्षिपेच्छुचौ।।**

मण्डलोपरीति हेमाद्रिः ।

भस्ममर्यादा र ब्राह्मणको हात धुने कार्य

यसरी पात्रहरू राखेपछि **भस्ममर्यादा** गरेपछि अर्थात् खरानीले श्राद्धवेदीलाई चारैतिरबाट घेरेपछि ब्राह्मणको हात पखाली दिनुपर्दछ । ब्राह्मणको हात पखाल्दा कसै–कसैले तल लेखिएका मन्त्र पाठ गर्ने गर्दछन् – **'पिशङ्गभृष्टिमम्भृणं पिशाचिमिन्द्र सं मृण । सर्वं रक्षो नि बर्हय ।।** (ऋ. १/१३३/५), **'पिशङ्गरूपः सुभरो वयोधाः श्रुष्टी वीरो जायते देवकामः । प्रजा त्वष्टा विष्यतु नाभिमस्मे अथा देवानामप्येतु पाथः ।।'** (ऋ. २/३/९, तै. सं. ३/१/११/२) **'रक्षा णो अग्ने तब रक्षणेभी रारक्षाणः सुमख प्रीणानः । प्रति ष्फुर वि रुज वीड्वंहो जहि रक्षो महि चिद् वावृधानम् ।।'** (ऋ. ४/३/१४)

मत्स्यपुराणमा भनिएको छ – भस्ममर्यादा नगरीकन जलद्वारा हातको शुद्धि गर्दा त्यो श्राद्ध आसुरश्राद्धका रूपमा परिणत हुन्छ र पितृले त्यसको फल प्राप्त गर्दैनन् । **ब्रह्माण्डपुराणमा** भनिएको छ – 'जलद्वारा विधिपूर्वक हात र पात्रको प्रक्षालन गरेर प्रक्षालित जललाई कुश–तिलसहित पवित्रदेशमा लगी राखिदिनुपर्दछ ।' यस विषयमा **हेमाद्रि** भन्दछन् – ब्राह्मणको हात प्रक्षालन गरेको जल मण्डलमा खन्याउनुपर्दछ ।

श्राद्धे अग्नौकरणम्

अथाग्नौकरणम् । हेमाद्रौ मार्कण्डेयः –

आहिताग्निस्तु जुहुयाद्दक्षिणाग्नौ समाहितः । अनाहिताग्निश्चौपासनेऽग्न्यभावे द्विजेऽप्सु वा ।।

वायवीये – **आहृत्य दक्षिणाग्निं तु होमार्थं वै प्रयत्नतः । अग्न्यर्थं लौकिकं वापि जुहुयात्कर्मसिद्धये।।**

आहिताग्निः – सर्वाधानी । अर्धाधानी तु गृह्य एवेति चन्द्रिकापरार्कमिताक्षरामाधवादयः । तस्यापि दक्षिणाग्नौ लौकिको गृह्य इति हेमाद्रिः कल्पतरुश्च । आद्यपक्ष एव तु युक्तो बहुसम्मतश्च । यद्यपि स्मार्ताग्नौकरणं श्रौते दक्षिणाग्नौ न युक्तं तथापि वचनाद्भवतीति हेमाद्रिचन्द्रिकादयः । इदं दर्शश्राद्ध एव । आब्दिकादिषु तु सर्वाधानी पाणौ अर्धाधानी गृह्ये कुर्यादिति हेमाद्रिर्माधवादयश्च ।

पक्षान्तं कर्म निर्वर्त्य वैश्वदेवञ्च साग्निकः । पिण्डयज्ञं ततः कुर्यात्ततोऽन्वाहार्यकं बुधः ।।

इति लौगाक्ष्यादिभिः क्रमोक्तेर्विहृतदक्षिणाग्निसत्त्वात् । अत एवात्र वचने साग्निकः आहिताग्निरुक्तो हेमाद्रिणा । एतदापस्तम्बादीनामेव । आश्वलायनस्याहिताग्नेः पाणावेवेति वृत्तिः । अर्धाधानिनो गृह्ये एव व्यतिषङ्गेणेति प्रयोगपारिजाते परिशिष्टे च ।

४०. कसैले पहेंलो जातीपुष्पलाई मात्र निषेध गरेका छन् । तर हाम्रो मतमा सम्पूर्ण जातीपुष्पकै निषेध छ ।

श्राद्धमा अग्नौकरण

अब अग्नौकरणको विषयमा वर्णन गरिन्छ । **हेमाद्रि**मा उद्धृत **मार्कण्डेय**को वचनमा भनिएको छ – अग्निहोत्री कर्ताले दक्षिणाग्निको कुण्डमा स्वस्थचित्त भई हवन गर्नुपर्दछ । अग्निहोत्र नगर्ने मानिसलाई अनाहिताग्नि भनिन्छ । यी अनाहिताग्निहरूले औपासन अग्निमा हवन गर्नुपर्दछ । दुवै किसिमको हवनको अभावमा ब्राह्मणको हातमा जल दिनुपर्दछ अथवा जलमा जलद्वारा हवन गर्नुपर्दछ । यसलाई पनि हवन भनिन्छ । **वायुपुराण**मा भनिएको छ कि – औपासन अग्निको कार्यका लागि दक्षिणाग्नि अथवा लौकिक अग्नि ल्याएर कार्यसिद्धिका लागि हवन गर्नुपर्दछ । सबै अग्निको आधान गर्ने आहिताग्नि वा अग्निहोत्रीलाई शास्त्रको भाषामा सर्वाधानी भनिन्छ । स्मार्तअग्निमा मात्र आधान गर्ने अग्निहोत्रीलाई अर्धाधानी भनिन्छ । अर्धाधानीहरूले आफ्नै घरमा प्रयोग गरिने अग्निमा हवन गर्नुपर्दछ भन्ने कुरा **चन्द्रिका**, **अपरार्क**, मिताक्षरा, **माधवीय** आदिमा बताइएको छ ।

कल्पतरुमा भनिएको छ – अनाहिताग्नि– अग्निहोत्र नगर्नेले पनि दक्षिणाग्निमा नै हवन गर्नुपर्दछ । लौकिक अग्नि भनेको गृह्याग्नि हो । यी माथि आएका दुइटा मतमा पछिल्लो मत उपयुक्त छैन । पहिलो नै उपयुक्त छ र बहुसम्मत पनि छ । स्मार्तहरूले गर्ने अग्नौकरण श्रौत दक्षिणाग्निमा गर्न हुँदैन । तर कहीं वचनले गर्न हुन्छ भनिएको स्थितिमा स्मार्तहरूले पनि दक्षिणाग्निमा हवन गर्न सक्छन् भन्ने कुरा **हेमाद्रि** र **चन्द्रिका**मा बताइएको छ । उक्त वर्णन अमावास्यामा गरिने श्राद्धका लागि हो । वार्षिकश्राद्ध आदिमा त सर्वाधानीहरूले हातमा र अर्धाधानीहरूले घरको अग्निमा हवन गर्नुपर्दछ भन्ने मत **हेमाद्रि** र **माधव**ले प्रस्तुत गरेका छन् ।

अग्निहोत्रीले देवताहरूलाई चरु पकाएर आहुति दिइने पक्षान्तश्राद्ध वा दर्शपूर्णमासश्राद्ध गरेपछि वैश्वदेव यज्ञ समाप्त गरेर पिण्डपितृयज्ञ गर्नुपर्दछ । त्यसपछि **अन्वाहार्य** – दर्शपौर्णमास यज्ञको चरुरूप दक्षिणा गर्नुपर्दछ । यो कुरा **लौगाक्षि** आदिले भनेका छन् । त्यसकारण गृहस्थले दक्षिणाग्निमा हवन गर्न हुँदैन । यहाँ वचनहरूमा साग्निक वा आहिताग्नि जे–जस्ता शब्द प्रयोग गरिएका छन् ती सबैले अग्निहोत्री भन्ने अर्थ बुझाउँछन् । यो विषय **आपस्तम्ब** शाखाका अनुयायीहरूका निमित्त हो । **आश्वलायन**को मतमा आहिताग्निले त हातमा नै जल दिएर हवन गर्दछन् भन्ने कुरा **वृत्ति**मा बताइएको छ । अर्धाधानी अर्थात् स्मार्त अग्निमा मात्र आधान गर्ने व्यक्तिले **व्यतिषङ्ग** – परस्पर सम्पर्कका आधारमा गृह्य अग्निमा नै हवन गर्नुपर्दछ भन्ने कुरा **प्रयोगपारिजात** र **परिशिष्ट**मा बताइएको छ ।

बोपदेवस्त्वाह होमशब्दः पिण्डपितृयज्ञपरः ।

पितृयज्ञे तु जुहुयाद्दक्षिणाग्नौ समाहितः । श्राद्धे स्वौपासनाग्नौ तु निरग्निर्लौकिकेऽनले ।।

अनग्निर्दूरभार्यश्च पार्वणे समुपस्थिते । सन्धायाग्निं ततः कुर्याद्धोममग्निं समुत्सृजेत् ।।

इति त्रिकाण्डमण्डनोक्तेः । श्राद्धे गृह्याग्नावेवेति लौकिकाग्न्यादिविधानञ्च तैत्तिरीयादिविषयम् । बह्वृचस्य त्वनग्नेरपि पाणिहोम एव । अग्निपाणी विना सूत्रे विधानान्तरानुक्तेः । **'अग्न्यभावे तु विप्रस्य पाणावेवोपपादयेत्'** इति मनूक्तेश्च । वृत्तावप्येवम् ।

बोपदेवले भनेका छन् – यहाँ प्रयोग गरिएको होमशब्द पिण्डपितृयज्ञपरक हो । **त्रिकाण्डमण्डन**मा भनिएको छ– अग्निहोत्रीले पिण्डपितृयज्ञमा एकाग्रचित्तले दक्षिणाग्निमा हवन गर्नुपर्दछ र श्राद्धमा औपासन अग्निमा हवन गर्नुपर्दछ । अग्निहोत्र नलिने मानिसले त लौकिक अग्निमा हवन गर्नुपर्दछ । अग्नि नहुने मानिसका तीन कारण हुनसक्छन् – एउटा अग्निहोत्र कर्म स्वीकार नगर्नु, दोस्रो – कसैको विवाह नै नहुनु वा विवाह भएर सम्बन्धविच्छेद हुनु र पत्नी टाढा रहनु।

यसरी रहेका मानिस निरग्निक कहलाउँछन् । यस्ता मानिसले पार्वणश्राद्ध गर्दा लौकिक अग्नि जलाएर हवन गरेपछि अग्निको त्याग गर्नुपर्दछ । यिनले हवन गर्ने गृह्याग्निमा नै हो । लौकिक अग्निको विधान तैत्तिरीयशाखाको लागि गरिएको छ । अग्निहोत्र नगर्ने ऋग्वेदीहरूले पनि हातमा नै हवन गर्नु भनिएको छ । श्राद्धमा गरिने होम दुई किसिमको हुन्छ – एउटा अग्निमा गरिने होम र अर्को हातमा जल दिएर गरिने होम । यी दुईबाहेक अरू होमको सूत्रमा विधान गरिएको छैन। मनुले पनि भनेका छन् कि – अग्निमा हवन नगर्ने परिस्थितिमा ब्राह्मणको हातमा नै हवन गर्नुपर्दछ । **वृत्तिकार**ले पनि यही कुरा बताएका छन् ।

क्वचित्साग्नेरपि पाणिहोम उक्तो गृह्यपरिशिष्टे –

अन्वष्टक्यं च पूर्वेद्युर्मासिमास्यथ पार्वणम् । काम्यमभ्युदयेऽष्टम्यामेकोद्दिष्टं तथाष्टमम् ।।
चतुर्ष्वाद्येषु साग्नीनां वह्नौ होमो विधीयते । पित्र्यब्राह्मणहस्ते स्यादुत्तरेषु चतुर्ष्वपि ।।

इति । एकोद्दिष्टं सपिण्डीकरणम् । शुद्धे तन्निषेधात् । बह्वृचभाष्यकारास्तु सर्वैरेकोद्दिष्टेषु पाणिहोममाहुः । इदं च बह्वृचानामेव।

गृह्यपरिशिष्टमा कहीं कहीं अग्निहोत्रीले पनि ब्राह्मणका हातमा जल चढाएर पाणिहोम गर्नुपर्ने कुरा बताइएको छ। **गृह्यपरिशिष्ट**मा भनिएको छ कि **अन्वष्टका**मा अर्थात् हेमन्त र शिशिरका कृष्णपक्षका नवमीतिथिहरूमा अन्वष्टकाश्राद्ध गरिन्छ । ती नवमीभन्दा पहिलेका अष्टमीका दिनमा पार्वणश्राद्ध हुन्छ । पुत्रकामनाले कृत्तिका आदि नक्षत्रमा एकोद्दिष्टश्राद्ध गरिन्छ। अभ्युदय हुँदा हेमन्त र शिशिरका कृष्णपक्षका अष्टमीतिथिहरूमा एकोद्दिष्ट गर्ने विधान छ । सुरुका चारअष्टकाहरूमा साग्निक अर्थात् अग्निहोत्रीले पनि अग्निमा नै हवन गर्नुपर्दछ ।[४१] उत्तरवर्ती चारअष्टकाहरूमा पितृब्राह्मणका हातमा जल अर्पण गरी पाणिहोम गरिन्छ । एकोद्दिष्टश्राद्ध भन्नाले सपिण्डीकरणश्राद्ध बुझ्नुपर्दछ । शुद्धएकोद्दिष्टमा पाणिहोम निषेध गरिएको छ । **बह्वृचभाष्यकार**हरूले भनेका छन् कि – सबै एकोद्दिष्टश्राद्धहरूमा पाणिहोम गर्नुपर्छ । ग्रन्थकार भन्दछन्– यो बह्वृचहरूका निमित्त मात्र हो ।

अत्रेदं तत्त्वम् । **'स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य'** इति सूत्रे **'नात्रापूर्वः स्थालीपाकश्चोद्यते । सर्वश्राद्धेषु प्रसङ्गात्तेनानुवादोऽयम्'** इति वृत्तिकारोक्तेः पार्वणे आर्थिकस्यानङ्गस्य व्यतिषङ्गस्य वार्षिकादिष्वनतिदेशादर्धाधानिनोऽपि पाणिहोम एवेति वृत्तिस्वरसः । एवं मासिकादावपि ।

षोडशे मासिके श्राद्धे सपिण्डीकरणे तथा । पाणावेव तु होतव्यमन्यत्राग्नौ तु हूयते ।।

इति बोपदेवोदाहृतवचनाच्च ।

४१. **अष्टका** – पारस्करगृह्यसूत्रमा भनिएको छ– **ऊर्ध्वमाग्रहायण्यास्तिस्रोऽष्टकाः।।१।। ऐन्द्री वैश्वदेवी प्राजापत्या पित्र्येति० ।।२।।**
मार्गशीर्ष, पौष, माघ र भाद्रमासका पूर्णिमापछि आउने अष्टमीलाई अष्टका भनिन्छ । मार्गशीर्षपूर्णिमापछिको अष्टमीमा अपूपले, पौषपूर्णिमापछिको अष्टमीमा मांसले, माघपूर्णिमापछिको अष्टमीमा शाकले र भाद्रपूर्णिमापछिको अष्टमीमा शाकले हवन गरिने कृत्यलाई अष्टका भनिन्छ । इन्द्र, विश्वेदेव, प्रजापति र पितृप्रधानदेवता भएको कृत्यलाई अष्टकाकृत्य भनिन्छ । आश्वलायनले मार्गशीर्ष, पौष, माघ र फाल्गुनपूर्णिमापछिका कृष्णपक्षका चार अष्टमीलाई अष्टका मानेका छन् । – आश्वलायनगृह्यसूत्र २/४/१ ।
अष्टकाकृत्यलाई सात पाक यज्ञ र ४० संस्कारमध्ये परिगणना गरेको पाइन्छ । पारस्करगृह्यसूत्रमा ४ अष्टकामा हिरण्यकेशिसूत्रमा निरूपित एकअष्टकाको योग गर्दा ५ अष्टका हुन्छन् भन्ने मत पनि छ । **अन्वष्टका** – उक्त चारअष्टकाको दोस्रो दिन अर्थात् चारवटै नवमीमा गरिने कृत्यलाई अन्वष्टकाश्राद्ध भनिन्छ । अष्टका र अन्वष्टकासम्बन्धी विशेष वर्णन पी.बी. काणेको धर्मशास्त्र का इतिहासमा हेर्न सकिन्छ । **पूर्वेद्युः** – अष्टमीहरूमा अष्टका र नवमीहरूमा अन्वष्टका भएझैं सप्तमीमा गरिने कृत्यलाई **पूर्वेद्युः** भनिन्छ ।
– पी.बी. काणे, पूर्ववत्, भाग – ३ पृ. १२०७ – १२११ ।

यहाँ रहस्य यसप्रकार छ कि – स्थालीपाकसहित पिण्डका लागि अन्न निकालेर भन्ने अर्थ बुझाउने **'स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य'** यस सूत्रमा अपूर्व अर्थात् नयाँ स्थालीपाकको विधान गरिएको छैन । पहिलेका अरू श्राद्धहरूमा पनि स्थालीपाकको प्रसङ्ग आएको छ । एकपटक चर्चा गरिएको विधिलाई दोस्रो पटक चर्चा गरिँदा अनुवाद भनिन्छ । त्यसकारण यो वचन पनि अनुवाद हो भन्ने कुरा वृत्तिकारले बताएका छन् । वार्तिककारको वचनको अर्थबाट प्राप्त अग्निमा गरिने होम पार्वणको अङ्ग हुँदैन । स्थालीपाक र चरुहोमको सहानुष्ठानको पालन वार्षिक, पार्वण आदि श्राद्धमा गरिँदैन । स्थालीपाक र चरुहोमको सहानुष्ठानमा पार्वणको अङ्गता नहुनाले वा त्यस्तो हुनुपर्छ भन्ने अतिदेशनासमेत नहुनाले अर्धाधानीले पनि पाणिहोम नै गर्नुपर्दछ । यही कुरा मासिक आदिमा पनि जान्नुपर्दछ । **वोपदेवले** भनेका छन् कि सोह्र मासिकश्राद्ध र सपिण्डीकरणश्राद्धमा पनि पाणिहोम अर्थात् ब्राह्मणको हातमा नै हवन गर्नुपर्दछ । ती कर्मबाहेक अन्यत्र अग्निमा नै हवन गर्नुपर्दछ ।

भाष्यकारमते तु – सूत्रे स्थालीपाकेनेति करणत्वान्नित्यवच्छ्रवणाच्च पार्वणे साङ्गम् । ततः काम्यादिषु तदभावे कार्यस्य पिण्डदानस्याप्यभावः । एतदेवानुसृत्य विकृतावपि वार्षिकादौ व्यतिषङ्ग उक्तः प्रयोगपारिजाते परिशिष्टे च । तेनैतन्मतेऽर्धाधानिनोऽग्नावेव । वस्तुतस्तु 'स्थालीपाके सहशाखया प्रस्तरं प्रहरति' इतिवत्सहभावमात्रश्रुतेः । पत्नीवते त्वष्टुरुपलक्षणमिव नाङ्गत्वम् । तत्त्वे वा नाङ्गानुरोधेन प्रधानभूतपिण्डदानत्यागो युक्तः । तेन व्यतिषङ्गाभावेप्यग्नौ होमो भवतीति बोपदेवः । अनाहिताग्नेर्गृह्याग्निमतस्तु सर्वमतेऽग्नावेव । वार्षिकादौ वृत्तिमते व्यतिषङ्गो न, अन्यमते त्वस्ति । अत्र यथाचारमनुष्ठेयम् ।

भाष्यकारका मतमा उक्त सूत्रमा स्थालीपाकका लागि तृतीयाविभक्ति प्रयोग गरी **'स्थालीपाकेन सह'** भनिएको छ । यसरी तृतीयाको प्रयोग गरिएकाले नित्यकर्म बुझिन्छ र स्थालीपाक पार्वणश्राद्धको अङ्ग हो भन्ने कुरा स्पष्ट हुन्छ । काम्य आदि श्राद्धमा स्थालीपाकको चर्चा गरिएको हुँदैन र पिण्डदान पनि गरिँदैन । यसै कुरालाई अनुसरण गरेर वार्षिक आदि विकृतिमा पनि व्यतिषङ्ग – दुवै कर्म सँगसँगै गरिन्छ भन्ने कुरा **प्रयोगपारिजात** र परिशिष्टमा बताइएको छ । यिनीहरूको मतमा अर्धाधानी अर्थात् स्मार्त अग्निहोत्रीले अग्निमा नै हवन गर्नुपर्दछ ।

सिद्धान्त यस्तो छ कि **'स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य'** अर्थात् 'स्थालीपाकका साथ पिण्डका लागि अन्न झिकेर श्राद्ध गर्नुपर्दछ' भन्ने प्रसङ्गमा **'सूक्तवाकेन प्रस्तरं प्रहरति'** वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसको स्पष्ट अर्थ यो हो कि सूक्तवाकमन्त्रद्वारा प्रस्तर अर्थात् कुशको मुठोलाई अग्निमा राखिदिनुपर्दछ । यहाँ प्रस्तरको अर्थ कुशको मुठो हो । सूक्तवाकमन्त्रमा भनिएका अग्नि आदि देवता हुन् । कुशरूपी द्रव्य र अग्निरूपी देवताको सम्बन्ध हुनाले यो याग हो । यसरी प्रहरतिशब्दबाट याग भन्ने अर्थ बुझिन्छ । यसैले यहाँ पनि तृतीयाको सम्बन्ध भएका कारण स्थालीपाकलाई श्राद्धको अङ्ग मानिन्छ । **'पत्नीवत'** यस मन्त्रमा त्वष्टा पद उपलक्षण हो, अङ्ग होइन । अङ्गत्व बाधित भएका कारण प्रधानपिण्डदानको त्याग हुन्छ । त्यसकारण व्यतिषङ्गको अभावमा पनि अग्निमा हवन हुन्छ भन्ने कुरा **वोपदेवले** बताएका छन् । अग्निहोत्री र अग्निहोत्र नगर्ने सबैले अग्निमै हवन गर्नुपर्दछ भन्ने **वोपदेवको** मत छ । वार्षिकश्राद्धमा त **वृत्तिकारको** मतले दुवै कर्म सँगसँगै गर्ने काम हुँदैन, अरूको मतमा भने हुन्छ । त्यसकारण आफ्नो कुलको आचार अनुसार अनुष्ठान गर्नुपर्दछ ।

आश्वलायनः – **'उद्धृत्य घृताक्तमन्नमनुज्ञापयत्यग्नौ करिष्ये करवै करवाणीति वा प्रत्यभ्यनुज्ञा क्रियतां कुरुष्व कुर्वित्यथाग्नौ जुहोति यथोक्तं पुरस्तात्'** इति । व्यतिषङ्गपक्षे इदमिति वृत्तिः । करवै करवाणी-त्यत्राग्नावित्यनुषङ्गः । पुरस्तात् पिण्डपितृयज्ञे । तच्चैवम् – **'मेक्षणेनावदायावदानसम्पदा जुहुयात्सोमाय पितृमते**

स्वधा नमोऽग्नये कव्यवाहनाय स्वधा नम इति स्वाहाकारेण वाग्नौ पूर्वं यज्ञोपवीती मेक्षणमनुप्रहृत्य' इति। अवदानसम्पदा उपस्तरणाद्यपेक्षयेत्यर्थः । व्यतिषङ्गपक्षे अतिप्रणीतेऽयं होमोऽन्यथा मुख्ये । **'अतिप्रणीतेऽग्ना-विध्ममुपसमाधाय'** इति बह्वृचपरिशिष्टात् । केचित्तस्य रक्षोनिबर्हणार्थत्वान्मुख्ये वदन्ति । तदेतद्विरोधाच्चिन्त्यम् । प्रयोगपारिजातेप्येवम् ।

आश्वलायन भन्दछन् – पिण्डपितृयज्ञमा स्थालीपाकबाट अन्न झिकेर घ्यूमा मुछीकन पितृ आदिलाई अर्पण गर्नका निमित्त कर्ताले ब्राह्मणहरूसँग आज्ञा लिन्छ – **'अग्नौ करिष्ये'** म अग्निमा हवन गर्दछु । अथवा **'अग्नौ करवै'** अथवा **'अग्नौ करवाणि'** म अग्निमा हवन गर्छु भनी विभिन्न रूपका वाक्यहरूबाट प्रश्न गरेपछि ब्राह्मणले **'अग्नौ कुरुष्व'** अथवा **'अग्नौ क्रियताम्'**, अथवा **'अग्नौ कुरु'** इत्यादि रूपमा आज्ञा दिन्छन् । त्यसपछि कर्ताले अग्निमा हवन गर्दछ । यो पहिले बताइएको विधिअनुसारको प्रक्रिया हो । व्यतिषङ्ग अर्थात् सहानुष्ठाको पक्षमा **करवै, करवाणि** यी क्रियापदका साथ **अग्नौ**को सम्बन्ध हुन्छ । त्यसपछि यो वाक्य पिण्डपितृयज्ञमा पनि प्रयोग गरिन्छ।

माथि मूलमा **'मेक्षणेनावदायावदानसम्पदा जुहुयात्सोमाय पितृमते स्वधा नमोऽग्नये कव्यवाहनाय स्वधा नमः'** मेक्षण – दाबिलाको आकारको यज्ञपात्रले अवदानसम्पदाद्वारा हवन गर्दछ । **'सोमाय पितृमते स्वधा नमः'**, **'अग्नये कव्यवाहनाय स्वधा नमः'** अथवा **'स्वाहा'** मात्र द्वारा मेक्षणलाई ताडन गरेर अवदानसम्पदा अर्थात् पलाशको पातमा घिउ लेपन गरी त्यो पातमाथि हवि राखेर हविमाथि घिउ छोड्ने कर्म गरी हवन गरिन्छ । **जमदग्निको मत** मान्ने मानिसहरूले तीनपटक हवि राख्दछन् । चौथोपटक दोहोऱ्याउँदा प्रथम आज्य राख्दछन् । त्यसपछि हविको अवदान राख्दछन् । त्यसमाथि घ्यू राख्दछन् । यसलाई चतुरावर्तपक्ष भनिन्छ । पञ्चावर्तपक्षमा तीनपटक हवि राखिन्छ । उपस्तरण आदि अपेक्षाकृत हुन् भनिएको छ । यो होम व्यतिषङ्गपक्षमा गर्नुपर्दछ अन्यथा मुख्य अग्निमा हवन गर्नुपर्दछ। अतिप्रणीत अर्थात् दक्षिणाग्नि कुण्डबाट छुट्याएको अग्निमा समिधा राख्नुपर्दछ भन्ने कुरा **बह्वृचपरिशिष्ट**मा बताइएको छ । कसैले यो कर्मलाई राक्षस हटाउन गरिने हुँदा मुख्य कर्म हो भनेका छन् । तर, यहाँ **अतिप्रणीते** भनी सप्तमी विभक्तिको प्रयोग गरिएकाले विरोध छ । **प्रयोगपारिजात**मा पनि विरोधकै कुरा गरिएको छ ।

शौनकः –

स्वाहाकारेण होमे तु भवेद्यज्ञोपवीतवान् । तत्र प्रागग्नये हुत्वा पश्चात्सोमाय हूयते ।।
अग्नौ यज्ञोपवीत्येव प्रक्षिपेन्मेक्षणं ततः ।। छन्दोगपरिशिष्टे –
अग्नौकरणहोमश्च कर्तव्य उपवीतिना । अपसव्येन वा कार्यो दक्षिणाभिमुखेन च ।।

कातीयानां त्वपसव्येनैव, पिण्डपितृयज्ञवद्धुत्वेति सर्वातिदेशात् । सव्यं तु छन्दोगपरम् । गोभिलेनैतदुत्तर-मेवापसव्योक्तेः । **'छन्दोगा जुहुयुः सव्येनापसव्येन याजुषाः'** इति वृद्धयाज्ञवल्क्योक्तेश्च ।

शौनकले भनेका छन् – स्वाहाकार यज्ञमा सव्य भएर रहनुपर्दछ । त्यसमा सर्वप्रथम अग्निका लागि **अग्नये स्वाहा**, सोमका लागि **सोमाय स्वाहा** भनेर हवन गर्नुपर्दछ । त्यसपछि यज्ञोपवीती भएर नै मेक्षणपात्र[४२]द्वारा प्रक्षेप गर्नुपर्दछ। **छन्दोगपरिशिष्ट**मा भनिएको छ कि – अग्नौकरणहोम सव्य वा अपसव्य दुवै रीतिबाट गर्न सकिन्छ तर हवन

४२. चरु चलाउनका लागि र चरुलाई निकाल्नको लागि बनाइएको पात्रविशेषलाई मेक्षणपात्र भनिन्छ । यो दाबिलाको आकारको चार अंगुल चौडा र अगाडिपट्टि चुच्चो परेको हुन्छ ।

गर्दा दक्षिणतिर फर्केर गर्नुपर्दछ । **कातीय**हरूले त अपसव्य भएर नै गर्नुपर्दछ भनेका छन् । किनकि उनीहरूको मतमा पिण्डपितृयज्ञजस्तै गरी अग्नौकरण होम गर्नुपर्दछ भनिएकाले सम्पूर्ण पदार्थहरूमा र क्रियामा पिण्डपितृयज्ञजस्तै विधान हुन्छ । सव्य हुने कुरा त छन्दोगशाखाका अनुयायीहरूका लागि हो । **गोभिल**ले पहिले सव्य भएर कर्म आरम्भ गरी उत्तरार्धमा अपसव्यले कर्म समाप्त गर्नुपर्दछ भनेका छन् । छन्दोगशाखाका अनुयायीहरूले सव्य भएर हवन गरून् र यजुर्वेदीहरूले अपसव्य भएर हवन गरून् भन्ने कुरा **वृद्धयाज्ञवल्क्य**ले बताएका छन् ।

श्राद्धे पाणिहोमकथनम्

अथ पाणिहोमः । आश्वलायनः – **'अभ्यनुज्ञायां पाणिष्वेव वा'** इति । पिण्डपितृयज्ञकल्पाभावेनाग्न्यभावे काम्यादिष्वित्यर्थः । तेन बह्वृचानामेकोद्दिष्टे पाणिहोमो भवत्येव । निषेधोऽन्यपरः । पाणिष्विति बहुवचनात्सर्वविप्रपाणिषु होम इति वृत्तिः । एवं मातामहेऽपि । शौनकोऽपि –

सर्वेषामुपविष्टानां विप्राणामथ पाणिषु । विभज्य जुहुयात्सर्वं सोमायेत्यादिमन्त्रतः ।।

श्राद्धमा पाणिहोम

अब पाणिहोमको विषयमा चर्चा गरिन्छ । **आश्वलायन**ले भनेका छन् कि – ब्राह्मणहरूले हातमा गरिने होमको विधि जान्दछन् भने हातमा हवन गर्नुपर्दछ । यहाँ 'म अब हातमा हवन गर्छु' भन्ने सोधाई र 'तिमीले हवन गर' भन्ने उत्तर दुवै कुरा हुँदैनन् । पितृपिण्डयज्ञको सादृश्य नभएकाले र अग्निको पनि प्रयोग नगरिने हुँदा यहाँ काम्यकर्मसमान विधि अँगालेर पाणिहोम गर्नुपर्दछ । ऋग्वेदीहरूले एकोद्दिष्टमा पनि पाणिहोम गर्दछन् । पाणिहोम गर्नुहुँदैन भन्ने निषेध अरूका लागि हो । **पाणिषु** भन्ने बहुवचनको प्रयोग गरिएका कारण सबै ब्राह्मणका हातमा हवन गरिन्छ भन्ने **वृत्तिकार**को मत छ। यसैगरी मातामहको श्राद्धमा पनि पाणिहोम गर्नुपर्दछ । **शौनक**ले भनेका छन् कि– श्राद्धदेशमा बसेका पिता, पितामह आदि पितृका ब्राह्मणहरूका हातमा विभाग गरेर **सोमाय पितृमते स्वाहा** मन्त्रले जलद्वारा हवन गर्नुपर्दछ ।

यत्तु हेमाद्रौ कात्यायनः –

पित्र्ये यः पङ्क्तिमूर्धन्यस्तस्य पाणावनग्निकः । हुत्वा मन्त्रवदन्येषां तूष्णीं पात्रेषु निक्षिपेत् ।।

इति तद्बह्वृचातिरिक्तानाम् । यत्तु तत्रैव मात्स्ये –

अग्न्यभावे तु विप्रस्य पाणौ वाथ जलेऽपि वा । अजकर्णेऽश्वकर्णे वा गोष्ठे वाथ शिलान्तिके ।।

इति तत्तीर्थश्राद्धविषयम् । **'तद्यदपां समीपे स्याच्छ्राद्धं ज्ञेयो विधिस्तदा ।'** इति तत्रैव कात्यायनोक्तेः । निर्जलेऽजकर्णादौ । यत्तु चन्द्रोदये यमः – **'दैवविप्रकरेऽनग्निः कृत्वाग्नौकरणं द्विजः ।'** इति तदभार्यपरम् ।

अपत्नीको यदा विप्रः श्राद्धं कुर्वीत पार्वणम् । पित्र्यविप्रैरनुज्ञातो विश्वेदेवेषु हूयते ।।

इति तत्रैव कात्यायनोक्तेः । हूयते इति छान्दसो व्यत्ययः ।

हेमाद्रिमा **कात्यायन**ले भनेका छन् – पिताको कार्यमा श्राद्धमा आएका सर्वोत्तम ब्राह्मणको हातमा मन्त्रद्वारा जलले होम गरेर अन्य ब्राह्मणका पात्रमा मौन भईकन जल छोडिदिनुपर्दछ । यो विषय ऋग्वेदीहरूबाहेक अरूका लागि हो । **मत्स्यपुराण**मा भनिएको छ – अग्निको अभावमा ब्राह्मणको हातमा, जलमा, बाख्राको कानमा, घोडाको कानमा, गौशालामा अथवा शिलाको समीपमा जलहोम गर्नुपर्दछ। **ग्रन्थकार** भन्दछन्– यो तीर्थश्राद्धका लागि गरिएको विधान हो।

कात्यायनले भनेका छन् – जलका समीपमा श्राद्ध गरिन्छ भने तब माथिको विधि अङ्गीकार गर्नुपर्दछ । तर निर्जलप्रदेशमा श्राद्ध गरेको अवस्थामा बाख्राको कानमा जल दिनुपर्दछ । **चन्द्रोदयमा यम**ले भनेका छन् – 'अग्निहोत्र नलिने ब्राह्मणले देवब्राह्मणको हातमा अग्नौकरण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो स्त्रीसंग्रह नगरेका कर्ताका निमित्त हो । पत्नी नभएका ब्राह्मणले पार्वणश्राद्ध गर्दा पितृब्राह्मणहरूको आज्ञा लिएर वैश्वदेवब्राह्मणका हातमा हवन गर्नुपर्दछ भन्ने कुरा कात्यायनले बताएका छन् । मूलमा प्रयुक्त '**हूयते**' पद '**जुहोति**'को ठाउँमा गरिएको छान्दस व्यत्यय हो ।

हेमाद्रौ वायवीये– '**विधुरो दैविके कुर्याच्छेषं पित्र्ये निवेदयेत् ।**' दैवविप्रानेकत्वे तत्रैव –

वैश्वदेवे यदैकस्मिन् भवेयुर्द्व्यादयो द्विजाः । तदैव पाणौ होतव्यं स्याद्विधिर्विहितस्तदा ।।

सोऽप्याद्यः । '**प्रथमं वा नियम्येत्**' इति न्यायात् । तेन मृतभार्यस्य दैवे होमः । अनुपनीतब्रह्मचार्यादेस्तु पित्र्ये । '**अग्न्यभावः स्मृतस्तावद्यावद्भार्यां न विन्दति ।**' इति हेमाद्रौ जातूकर्ण्योक्तेः । सभार्यनष्टाग्नेरपि पित्र्यविप्रकरे इति पृथ्वीचन्द्रः । उपवीतित्वेन दैवे होमः, प्राचीनावीतेन पित्र्ये । यद्वा सर्वत्र दैवपित्र्यकरयोर्विकल्प इति हेमाद्रौ मदनरत्ने पारिजाते च । यदा तु पितृमातामहयोर्दैवपित्र्यविप्रभेदस्तदा भेदेन पाणिहोम इत्यपरार्कचन्द्रिकादयः। यदा तु दैवं तन्त्रं तदा तन्त्रेण सकृदेव पाणिहोम इति केचित् । हेमाद्रिस्तु– '**मातामहस्य भेदेऽपि कुर्यात्तन्त्रे च साग्निकः ।**' इति कातीयस्मृतेर्भेदमाह। एवं पित्र्येऽपि । माधवीयेप्येवम् । एवं साग्नेरपि विदेशादौ पाणिहोमो ज्ञेयः। यत्तु कर्केणाग्निं विना श्राद्धमेव नास्तीत्युक्तम्, तत्सपिण्डीकरणवार्षिकाद्यकरणापत्तेर्यत्किञ्चिदेव । यत्तु बृहन्नारदीये–

अनग्निर्दूरभार्यश्च पार्वणे समुपस्थिते । भ्रातृभिः कारयेच्छ्राद्धं साग्निकैर्विधिवद् द्विजः ।।

क्षयाहदिवसे प्राप्ते स्वस्याग्निर्दूरगो यदि । तथैव भ्रातरः स्युश्चेल्लौकिकाग्नाविति स्थितिः ।।

औपासनाग्नौ दूरस्थे समीपे भ्रातरि स्थिते । यद्यग्नौ जुहुयाद्वापि पाणौ वा स हि पातकी ।।

औपासनाग्नौ दूरस्थे केचिदिच्छन्ति सत्तमाः । पाणावेव तु होतव्यमिति नैतत्समञ्जसम् ।।

इति तद्वृद्धानादरादुपेक्ष्यम् ।

हेमाद्रिमा उद्धृत **वायुपुराण**को वचनमा भनिएको छ – विधुरले अर्थात् स्त्री नभएको मानिसले देवब्राह्मणको हातमा जल दिएर बाँकी रहेको जल पितृब्राह्मणलाई निवेदन गर्नुपर्दछ । देवब्राह्मण धेरै भएमा के गर्ने भन्ने प्रश्नको उत्तरमा भनिएको छ – वैश्वदेवश्राद्धमा दुईभन्दा बढी ब्राह्मण भएमा तिनीहरूको हातमा हवन गर्नुपर्दछ । त्यसमा पनि सर्वप्रथम पहिलो ब्राह्मणलाई दिनुपर्दछ । यो न्याय हो । जसकी पत्नी मरेर गएकी छन् त्यसले देवब्राह्मणको हातमा हवन गर्नुपर्दछ। व्रतबन्ध नभएको कर्ता, ब्रह्मचारीले पितृब्राह्मणको हातमा हवन गर्नुपर्दछ । जबसम्म भार्याग्रहण हुँदैन अर्थात् विवाह गर्दिन तबसम्म अग्निमा हवन गर्न हुँदैन भन्ने कुरा **हेमाद्रिमा जातूकर्ण्य**ले बताएका छन् । सपत्नीकले पनि अग्नि नष्ट भएको अवस्थामा पितृब्राह्मणका हातमा हवन गर्नुपर्दछ भन्ने कुरा **पृथ्वीचन्द्र**ले बताएका छन् । देवब्राह्मणको हातमा हवन गर्दा सव्य भएर गर्नुपर्दछ भने पितृब्राह्मणको हातमा हवन गर्दा अपसव्य भएर गर्नुपर्दछ । यी सबै कुरा **हेमाद्रि, मदनरत्न** र **पारिजात**मा बताइएको छ । जब पितृपक्ष र मातामहपक्षका देवब्राह्मण र पितृब्राह्मणमा भेद हुन्छ त्यस अवस्थामा उनीहरूका निमित्त अलग–अलग पाणिहोम गर्नुपर्दछ भन्ने कुरा **अपरार्क** र **चन्द्रिका** आदिले बताएका छन् । जब भेद नगरीकन एउटै विधिबाट सबैलाई हवन गरिन्छ त्यस अवस्थामा एकपटक नै पाणिहोम गरे हुन्छ, अलग–अलग गर्नुपर्दैन भन्ने कुरा कसैले बताएका छन् ।

हेमाद्रिले भनेका छन् – पितृ–पितामह पक्ष र मातामह पक्षमा भेद देखिए पनि अग्निहोत्रीले भने भेद नदेखीकन एउटै तन्त्रले कार्य गर्नुपर्दछ भन्ने कुरा **कातीयस्मृति**मा बताइएको छ । यसैगरी **माधवीय**मा पनि यही कुरा बताइएको छ। साग्निक यदि विदेशमा गएको हुन्छ भने त्यहाँ अग्निको अभाव हुने हुँदा त्यसले ब्राह्मणकै हातमा हवन गर्नुपर्दछ । **कर्क**ले जुन – 'विनाअग्नि पार्वणश्राद्ध गर्न हुँदैन' भनेका छन् त्यो भनाइ सपिण्डीकरण, वार्षिकश्राद्ध आदि गर्दा अग्निप्रयोग नगरी नहुने आपत्ति आइलाग्ने हुँदा उपेक्षायोग्य छ । **बृहन्नारदीय**मा भनिएको छ – पार्वणश्राद्ध आएको समयमा जुन ब्राह्मणले अग्निहोत्र लिएको छैन र जुन ब्राह्मणकी स्त्री टाढा हुन्छिन् त्यो व्यक्तिले आफै श्राद्ध नगरी आफ्ना अग्निहोत्री दाजुभाइबाट श्राद्ध सम्पन्न गराउनुपर्दछ । वार्षिक क्षयतिथि प्राप्त भएको अवस्थामा र अग्नि टाढा भएको अवस्थामा दाजुभाइ पनि नजिकमा नभएको स्थितिमा कर्ताले लौकिकअग्निमा हवन गर्नुपर्दछ । औपासनअग्नि टाढा भएमा र दाजुभाइ नजिक रहेमा यदि कर्ताले पाणिहोम गर्दछ भने अथवा अग्निमा होम गर्दछ भने त्यो निश्चय नै पातकी हुन्छ । कुनै उत्तम पुरुष औपासन अग्नि टाढा भएको अवस्थामा पाणिहोम गर्नुपर्दछ भन्दछन् त्यो भनाइ उचित छैन र त्यसलाई वृद्धपरम्पराले पनि आदर गरेको छैन ।

हेमाद्रौ यमः – **अग्नौकरणवत्तत्र होमो विप्रकरे भवेत् । पर्युक्ष्य दर्भानास्तीर्य यतो ह्यग्निसमो द्विजः।।**
मेक्षणेन करेण वा होमः । मेक्षणप्रहरणं नेति वृत्तिः । स्मृतिरत्नावल्याम् –
नानुज्ञा पाणिहोमे स्यान्न स्तः पर्यूहनोक्षणे । नाग्ने तमद्यादिति च न स्यातामिध्ममेक्षणे ।।
कर्काचार्योप्येवमाह । माधवीये चन्द्रिकायां चानुज्ञादि सर्वं भवतीत्युक्तम् ।

हेमाद्रिमा **यम**ले भनेका छन् – श्राद्धमा अग्नौकरणमा झैं ब्राह्मणको हातमा होम गरिन्छ । जलको छिटाले चारैतिरबाट बिच्छ्याइएका कुशलाई सिञ्चन गरेर अग्नितुल्य मानिएका ब्राह्मणका हातमा हवन गर्दा अग्निमै हवन गरेसमान हुन्छ । यसरी हवन गर्दा मेक्षण – दाबिलाको आकारको पात्रद्वारा गर्नुपर्दछ । तर मेक्षणको प्रहार भने गर्न हुँदैन भन्ने **वृत्तिकार**को मत छ । **स्मृतिरत्नावली**मा भनिएको छ – कर्ताले पाणिहोम गर्दा ब्राह्मणसँग आज्ञा लिनुपर्दैन । त्यसमा कुशलाई जम्मा गर्ने, उक्षण – सेचन गर्ने काम हुँदैनन् । समिधा र मेक्षण यी दुवै हुँदैनन् । **कर्काचार्य**ले पनि यो कुरालाई समर्थन गरेका छन् तर **माधवीय** र **चन्द्रिका**मा भने पाणिहोम गर्दा पनि ब्राह्मण आदिको आज्ञा लिनुपर्दछ भनिएको छ ।

पाणिहोमे प्रश्नादिविषयः

पाणिहोमे प्रश्नाद्याहापरार्के शौनकः – **'अनग्निश्चेदाज्यं गृहीत्वा भवत्स्वेवाग्नौकरणम्'** इति पूर्ववत्तथास्तु इति । आश्वलायनः – **'यदि पाणिष्वाचान्तेष्वन्यदन्नमनुदिशत्य-न्नमन्ने सृष्टं दत्तमृध्नुकम्'** इति पाणौ हुतं (अन्नम्) पात्रे निधाय विप्रैराचम्य भोजनार्थमन्ने परिविष्टे हुतशेषं पात्रेषु दद्यादित्यर्थः । सृष्टं – प्रभूतम् । नैमित्तिकं चेदमाचमनं न हुतभक्षणनिमित्तम् ।

पाणिहोममा प्रश्न

पाणिहोममा प्रश्न गर्नुपर्ने सम्बन्धमा **अपरार्क**मा **शौनक**ले भनेका छन् – यदि कर्ता अग्निहोत्री छैन भने त्यसले हातमा घ्यू लिएर ब्राह्मणहरूसँग प्रश्न गर्नुपर्दछ – हे ब्राह्मणहरू ! मैले तपाईंहरूमा अग्नौकरण गर्नेछु । यो प्रश्न सुनेर ब्राह्मणहरूले **'तथास्तु'** भनी आज्ञा दिनुपर्दछ । **आश्वलायन**ले भनेका छन् कि माथि प्रश्नको कुरा गरियो त्यो प्रश्नपछि गरिने

कर्मको विधानमा दुइटा अर्थ निकालिएका छन् । पात्रहरूमा भोजनका लागि अन्न दिइन्छ भन्ने एउटा अर्थ हो । जसले ब्राह्मणको हातमा हवन गरेको छ त्यसले आचमन गरेपछि दोस्रोथरि अन्न दिन्छ भन्ने दोस्रो अर्थ हो । यी दुई अर्थमध्ये कुन सही हो भन्ने सम्बन्धमा कसैले भनेका छन् – 'पाणिहोम गरिसकेपछि बाँकी रहेको भोजन पात्रमा राखेर हवनबाट बाँकी रहेको अन्नलाई पनि पात्रमा राखोस् । आचमन गरेपछि ब्राह्मणहरूका अगाडि अन्न पस्केर दिने काम गरोस् ।' अब यहाँ मूलमा **'सृष्ट'** भन्ने पदको प्रयोग गरिएको छ त्यसको अर्थ धेरै हो । **'दत्तमृध्नुकम्'** यसको अर्थ दिइएको समृद्धिदायक अन्न हो । यहाँ आचमनको कुरा बताइएको छ त्यो प्रसाद या भोजन लिएपछि गरिने आचमन होइन ।

अन्नं पाणितले दत्तं पूर्वमश्नन्त्यबुद्धयः । पितरस्तेन तृप्यन्ति शेषान्नं न लभन्ति ते ।।

यच्च पाणितले दत्तं यच्चान्यदुपकल्पितम् । एकीभावेन भोक्तव्यं पृथग्भावो न विद्यते ।।

इति बह्वृचपरिशिष्टात् । हेमाद्रावप्याचमने हेत्वर्थवाद उक्तः । **'पाण्यास्यो हि द्विजः स्मृतः'** इति । भाष्ये त्वाचान्तेषु भक्षितेषु । चमु भक्षणे भक्षणोत्तरं च नाचमनं अग्निसाम्यात् । पूर्वनिषेधस्तु सपिण्डीकरणे ज्ञेयः । ददातिचोदितत्वात् न त्वत्र जुहोतिचोदितत्वादित्युक्तम् । नत्वेतद् बहुसम्मतम् । यत्तु बौधायनेन – **'तस्मिंस्तु प्राशिते दद्याद्यदन्नं प्रकृतं भवेत्'** इति भक्षणमुक्तं तत् तच्छाखीयानामेवेति हेमाद्रिः ।

बह्वृचपरिशिष्टमा भनिएको छ – हातमा दिएको अन्न मूर्ख पुरुषहरूले पहिले खान्छन् त्यसबाट पितृहरू तृप्त हुन्छन् तर हातमा दिइएको भोजनद्वारा तृप्त पितृहरूले पकाएको भाँडोमा रहेको अन्न खाँदैनन् । त्यसैले हातमा दिएको अन्न र पकाएको अन्न एकै ठाउँमा गराई भोजन गराउनुपर्छ छुट्टाएर गराउन हुँदैन भनिएको छ । **हेमाद्रि**मा पनि आचमनको हेत्वर्थवाद – प्रशंसा गरिएको छ र हात नै ब्राह्मणको मुख हो भनिएको छ । पाणिहोममा हातलाई नै द्विजको मुख मानिएको छ । त्यसो हुँदा सामान्य मुखभन्दा हातरूपी मुखलाई नै महत्त्व दिइएको कुरा प्रतीत हुन्छ । यहाँ **भाष्य**मा भनिएको छ – मूलमा प्रयोग गरिएको **'आचान्तेषु'** पदको अर्थ भोजन गरिसकेका ब्राह्मणहरू भन्ने हुन्छ । वास्तवमा **आचान्त**शब्दलाई हेर्दा यो शब्द चमुधातुबाट बनेको हो । चमुधातुको अर्थ खानु हो । खाएपछि आचमन गरिँदैन। ब्राह्मण अग्निसमान भएकाले भोजनपछि आचमन गर्ने काम हुँदैन । पहिलेको निषेध सपिण्डीकरणश्राद्धमा लागु हुने कुरा हो भनी बुझ्नुपर्दछ भन्ने तथ्य **ददाति** क्रियाबाट गरिएको प्रेरणाद्वारा अवगत हुन्छ । किनकि त्यहाँ जुहोति भनिएको छैन । **भाष्य**को यो भनाइलाई धेरै **आचार्य** स्वीकार गर्दैनन् । **बौधायन**ले जब पाणिहोमको अन्न ब्राह्मणले भोजन गरिसक्छन् त्यसपछि मात्र श्राद्धका निमित्त तयार गरिएको अन्न ब्राह्मणलाई दिनुपर्दछ भनी जुन विधान गरेका छन्, त्यो **बौधायनशाखा**का मानिसहरूका लागि हो अरूलाई होइन भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् ।

तत्रैव यमः – **पित्र्यपाणिहुताच्छेषं पितृपात्रेषु निक्षिपेत् । अग्नौकरणशेषं तु न दद्याद् वैश्वदेविके।।** एतदग्निहोमेऽपि समम् । कर्कस्तु सूत्रे हुतशेषं दत्त्वेत्यविशेषात्सर्वविप्रेषु दद्यादित्याह । तत्रैव वृद्धवसिष्ठः– **पित्र्यविप्रकरे हुत्वा शेषं पात्रेषु निक्षिपेत् । पिण्डेभ्यः शेषयेत्किञ्चिन्न दद्याद् वैश्वदेविके ।।** अथापस्तम्बानां सूत्रे – **'उद्ध्रियतामग्नौ च क्रियतामित्यामन्त्रयते काममुद्ध्रियतां काममग्नौ च क्रियतामित्यतिसृष्ट उद्धरेज्जुहुयाच्च'** ।

यमले भनेका छन् – पितृब्राह्मणको हातमा हवन गरेपछि शेषअन्नलाई पितृपात्रमा राख्नुपर्दछ । अग्नौकरण गरी

बाँकी रहेको अन्न वैश्वदेव देवताहरूलाई दिन हुँदैन । **कर्क**ले पनि आफ्नो सूत्रमा भनेका छन् कि हवन गरेर शेष रहेको अन्न देवब्राह्मण र पितृब्राह्मण भन्ने फरक नगरी सबैलाई दिनुपर्दछ । **वृद्धवसिष्ठ**ले भनेका छन् – पितृब्राह्मणको हातमा हवन गरेपछि शेष अन्न पात्रमा नै छाडिदिनुपर्दछ र पिण्डका लागि केही बचाएर राख्नुपर्दछ । परन्तु विश्वेदेव ब्राह्मणहरूलाई दिन हुँदैन । **आपस्तम्बधर्मसूत्र**मा भनिएको छ – **'उद्धरिष्यामि अग्नौ करिष्यामि'** भनेर यजमानले ब्राह्मणहरूसँग अग्नौकरणका लागि आज्ञा माग्दछ त्यसपछि ब्राह्मणले **'काममुद्ध्रियतामग्नौ च क्रियताम्'** यस मन्त्रले यथेष्ट अन्न झिकेर अग्नौकरण गर भनी आज्ञाप्रदान गर्दछन् । यसरी आज्ञा प्राप्त गरेपछि यजमानले ब्राह्मणका निमित्त पाकेको अन्नबाट अलिकति अन्न अरू पात्रमा छुट्याएर बाँकी अन्नले हवन गर्नुपर्दछ।

नष्टाग्निविधुरादेर्विशेषः

नष्टाग्निविधुरादेर्विशेषो बृहन्नारदीये –

नष्टाग्निर्दूरभार्यश्च पार्वणे समुपस्थिते । संधायाग्निं ततो होमं कृत्वा तं विसृजेत्पुनः ।।

अयाश्चेति तत्कालेऽग्निं संधाय हुत्वा त्यजेदित्यर्थः । एतदापस्तम्बानामेव । पाणिहोमस्तु छन्दोगादीनाम्।

अग्नि नष्ट भएका ब्राह्मणको विषयमा विशेष

अग्नि नष्ट भएका र पत्नी नभएका व्यक्तिका निमित्त विशेष तथ्य प्रकाशित गर्दै **नारदीयपुराण**मा भनिएको छ – जसको अग्नि नष्ट भएको छ र जसकी पत्नी टाढा छिन् अथवा जसको विवाह नै भएको छैन त्यस्तो व्यक्तिले पार्वणश्राद्ध उपस्थित भएमा अग्निस्थापना गरेर हवन गरेपछि अग्निको विसर्जन गर्नुपर्दछ । तलको मन्त्रले अग्निस्थापना र विसर्जन गर्नुपर्दछ – '**अयाश्चाग्नेऽस्यनभिशस्तिश्च सत्यमित्त्वमया असि । अयास्सन्मनसा कृतोऽयास्सन्हव्यमूहिषेऽया नो धेहि भेषजम् ।।** (काठकसं. ५/२१)' ग्रन्थकार भन्दछन् – माथि जे भनिएता पनि यो **आपस्तम्बशाखा**का निमित्त गरिएको विशेष विधान हो, छन्दोग आदि शाखाका मानिसहरूले त हातमा नै हवन गर्दछन् ।

विश्वप्रकाशेऽपि –

साग्निरौपासनेऽनग्निरग्नौ कुर्वीत लौकिके । पाणौ होमं प्रशंसन्ति नत्वापस्तम्बशाखिनाम् ।।

स्नातका विधुरा वा स्युर्यदि वा ब्रह्मचारिणः । अग्नौकरणहोमं तु कुर्युस्ते लौकिकेऽनले ।।

अयाश्चाग्ने मनोज्योतिरुद्बुध्य व्याहृतीर्हुनेत् ।।

ततोऽनुज्ञातोऽग्नीन्धनाद्याज्यभागान्ते यन्मे मातेत्याद्यैर्जुहुयात् । तत्र सप्तान्नाहुतयः षडाज्यस्येति त्रयोदश । व्यत्ययो वा । यथा – 'यन्मे माता प्रलुलोभ तन्मे रेतः पितामहो वृङ्क्तामन्तर्दधे ऋतुभिरिति तन्नाम्ना पितामहाय द्वौ । यन्मे प्रपितामही प्रलुलोभ तन्मे रेतः प्रपितामहो वृङ्क्तामन्तर्दधे ऋतुभिरिति तन्नाम्ना प्रपितामहाय द्वौ । मातामहेषु तूहः– 'यन्मे मातामही प्रलुलोभ तन्मे रेतो मातामहो वृङ्क्ताम् । अन्यं मातुः पितामहाद्दधे । यन्मे मातुः प्रपितामही प्रलुलोभ तन्मे रेतो मातु प्रपितामहो वृङ्क्ताम् । अन्यं मातुः प्रपितामहाद्दधे । सर्वत्राप्यमुष्या इत्यत्र ङेऽन्तं तत्तन्नाम योज्यम् ।

विश्वप्रकाशमा भनिएको छ – अग्निहोत्र लिएका मानिसहरूले औपासन–अग्निमा र अग्निहोत्र नलिएका मानिसहरूले लौकिक–अग्निमा हवन गर्नुपर्दछ । पाणिहोमको प्रशंसा गरिन्छ तर यो होम **आपस्तम्बशाखा**का मानिसहरूका लागि विधान गरिएको छैन । स्नातक, विधुर अर्थात् स्त्री नभएका अथवा ब्रह्मचारी यी सबैले अग्नौकरणहोम लौकिकअग्निमा

गर्नुपर्दछ । त्यसमा माथि बताइएको 'अयाश्चाग्ने' भन्ने मन्त्रका साथै तलका मन्त्रहरू पढी हवन गर्नुपर्दछ । मन्त्रहरू – **मनो ज्योतिर्जुषतामाज्यं विच्छिन्नं यज्ञं समिमन्दधातु । या इष्टा उषसो निम्रुचश्च ताः सन्दधामि हविषा घृतेन स्वाहा।।** (तै.सं. १/५/३, १/५/१०) **उद्बुध्यध्वं समनसः सखायः समग्निमिन्ध्वं बहवः सनीडाः । दधिक्रामग्निमुषसं च देवीमिन्द्रावतोऽवसे निह्वये वः ।।** (ऋ. १०/१०१/१) **ॐ भूर्भुवः स्वः ।**

ब्राह्मणबाट आज्ञा लिएर अग्नि जलाई आज्यभाग हवन गरिसकेपछि **'यन्मे माता'** इत्यादि माथि लेखिएका मन्त्रहरूद्वारा सातपटक अन्नको आहुति र छपटक घिउको आहुति दिनुपर्दछ । यसरी तेह्रआहुति हुन्छन् अथवा विपरीत क्रमले छपटक अन्नको आहुति र सातपटक घिउको आहुति दिनुपर्दछ । पिता आदिको क्रम – **यन्मे माता र या तिष्ठन्ति** यस मन्त्रबाट दुईआहुति पिताको नामबाट दिनुपर्दछ । **यन्मे पितामही तथा अन्तर्दधे पर्वतै०** यस मन्त्रबाट दुईआहुति पितामहको नाममा दिनुपर्दछ । आहुति दिने क्रम यसप्रकार छ –

पिताका नाममा आहुति दिँदा पढिने मन्त्र – **'यन्मे माता प्रलुलोभ चरत्यननुव्रता । तन्मे रेतः पिता वृङ्क्तां माऽऽभुरन्योऽवपद्यताम् । अमुष्मै (रामाय) स्वाहा । यास्तिष्ठन्ति या धावन्ति या आर्द्रोघ्नीः परितस्थुषीः । अद्भिर्विश्वस्य भर्त्रीभिरन्तरन्यं पितुर्दधे (रामाय) स्वाहा ।'** यस मन्त्रबाट पिताको नाममा दुईआहुति दिनुपर्दछ ।

पितामहका नाममा आहुति दिँदा पढिने मन्त्र – **'यन्मे पितामही प्रलुलोभ चरत्यननुव्रता । तन्मे रेतः पितामहो वृङ्क्तां माऽभुवरन्योऽवपद्यताम् । अमुष्मै (कृष्णाय) स्वाहा । अन्तर्दधे पर्वतैरन्तर्मत्या पृथिव्या दिवा दिग्भिरनन्ताभिरन्तरन्यं पितामहाद्धे (कृष्णाय) स्वाहा ।'** यस मन्त्रबाट पितामहको निमित्त दुईआहुति दिनुपर्दछ।

प्रपितामहका नाममा आहुति दिँदा पढिने मन्त्र – **'यन्मे प्रपितामही प्रलुलोभ प्रपितामहो वृङ्क्तां माऽभुवरन्योऽवपद्यताम् अमुष्मै (लक्ष्मणाय) स्वाहा । अन्तर्दध ऋतुभिस्सर्वैरहोरात्रैः ससन्धिकैः । अर्धमासैश्च मासैश्चामन्तरन्यं प्रपितामहाद्धे।। अमुष्मै (लक्ष्मणाय) स्वाहा ।'** यस मन्त्रबाट प्रपितामहका नाममा दुईआहुति दिनुपर्दछ ।

मातामहका नाममा आहुति दिँदा पढिने मन्त्र – मातामहलाई आहुति दिँदा ऊह गर्नुपर्दछ । **'यन्मे मातामही प्रलुलोभ चरन्त्यनुव्रता । तन्मे रेतः मातामहो वृङ्तामाभुवरन्योवपद्यताम् । अमुष्मै (महादेवाय) स्वाहा । यास्तिष्ठिन्ति या धावन्ति या आर्द्रोग्नी परितस्थुषीः । आभिर्विश्वस्य भत्रीभिरन्तूरन्यं मातामहाद्धे । अमुष्मै (महादेवाय) स्वाहा।'** यस मन्त्रबाट मातामहलाई दुईआहुति दिनुपर्दछ ।

प्रमातामहका नाममा आहुति दिँदा पढिने मन्त्र – **'यन्मे मातुः पितामही प्र. पितामहो वृङ्क्तां माऽभुवरन्योऽवपद्यताम्। अमुष्मै (नीलकण्ठाय) स्वाहा । अन्तर्दधे पर्वतैरन्तर्मह्या पृथिव्या दिवा । आभिर्विश्वस्य भर्त्रीभिरतूरन्यं मातामहाद्धे मातुः पितामहाद्धे । अमुष्मै (नीलकण्ठाय) स्वाहा ।'** यस मन्त्रबाट प्रमातामहलाई दुईआहुति दिनुपर्दछ ।

वृद्धप्रमातामहका नाममा आहुति दिँदा पढिने मन्त्र – **'यन्मे मातः प्रपितामही प्र. रेतो मातुः प्रपितामहो वृ. अमुष्मै (हरिरामाय) स्वाहा । अन्तर्दध ऋतुभिस्सर्वैरहोरामैस्स सन्धिकैः अर्धमासैश्च मासैश्चामन्तरन्यं प्रपितामहाद्धे। अमुष्मै (हरिरामाय) स्वाहा ।'** यस मन्त्रबाट वृद्धप्रमातामहलाई दुईआहुति दिनुपर्दछ । सर्वत्र **'अमुष्मै'** चतुर्थीपदबाट उनको नामको योजना गर्नुपर्दछ ।

यद् गृह्यसंग्रहे –

योज्यः पित्रादिशब्दानां स्थाने मातामहादिकः । अन्नहोमे तथा स्पर्शे जलपिण्डादिदानके ।।

यन्मे मातामहीत्यादि तत्रोदाहरणं भवेत् ।। ततो ये चेत्येकान्नाहुतिः । ततः स्वाहा पित्र्ये इत्याद्यैराज्यं

हुत्वा स्विष्टकृतं हुत्वा सर्वभक्ष्यं किञ्चिदादायोदगुष्णं भस्मापोह्य तत्र तूष्णीं स्वाहाकारेण जुहोति । परिषेचनान्तं स्थालीपाकवत् ।

अयमग्नौकरणहोमो मासिकश्राद्ध एव । **'तच्च स्मार्ताग्न्यभावे न कार्यम्'** इति केचित् । कार्यमेवेति बहवः । अतएव सर्वाधानिनो होमवर्ज्यं मासिकश्राद्धमुक्तं सुदर्शनभाष्ये । महालये तद्वदित्येके प्रकरणान्तरत्वात् । कर्मान्तरत्वेन स्मार्तपार्वणवत्कार्यम् इति त्वस्मद्गुरवः । आब्दिकादिषु तु स्मार्तपार्वणविधिरेव । एवं मातृवार्षिकादिषु। मासि श्राद्धविकृतावष्टकायां मातृश्राद्धे वैकृतहोमेन प्राकृतहोमबाधः । **'अन्वष्टकासु मातृश्राद्धं न'** इति भाष्ये । तत्रापि श्राद्धान्तरवत् क्रियमाणे तु यन्मे मातेत्यादौ गुणत्वेऽपि मातृप्राधान्यं विवक्षितम् । **'मासिश्राद्धेन कल्पो व्याख्यातः'** इति सूत्रात् । **'आग्नेय्येव मनोता कार्या'** इति वचनादग्निशब्दस्यैव वैकृतदेवताभिधायित्वम् । तेनामुष्मा इत्यत्र **'अमुकशर्मभ्यां पितृभ्याम्'** इत्याद्यूहः कार्यः । **'तच्च मासिकश्राद्धं जीवत्पित्रादीनां व्युत्क्रममृतपित्रादीनाञ्च कार्यम्'** इत्युक्तं सुदर्शनभाष्ये ।

गृह्यसंग्रहमा भनिएको छ कि – अन्नहोम, स्पर्श, जलदान, पिण्डदान आदि शब्दमा पिता आदि शब्दहरूको स्थानमा मातामह आदि शब्दको योजना गर्नुपर्दछ । त्यहाँ **'यन्मे मातामही'** इत्यादि उदाहरण माथि देखाइसकिएको छ।

त्यसपछि **'ये चेह पितरो ये च नेह याश्च विद्मयाँ उ चन प्रविद्म । त्वं वेत्थ यति जातवेदः स्वधाभिर्यज्ञं सुकृतं जुषस्व ।।'** (ऋ. १०/१५/१३) यो मन्त्रले अन्नको एकआहुति दिनुपर्दछ । **'स्वाहा पित्रे, पित्रे स्वाहा'** – यी दुई मन्त्रबाट आज्याहुति दिएर फेरि यिनै मन्त्रबाट **'स्वाहा पित्रे, पित्रे स्वाहा'** बाट फेरि हवन गरी **'स्वधा स्वाहा'** यस मन्त्रबाट पाँचौं आहुति दिनुपर्दछ । त्यसपछि **'अग्नये कव्यवाहनाय स्वाहा'** यो छैठौं मन्त्रबाट छैठौं आहुति दिनुपर्दछ।

उक्त ६ आहुति दिएपछि स्विष्टकृत् आदि हवन गरेर सबै प्रकारका अन्नमध्येबाट केही अन्न लिएर उत्तरदिशातर्फ गई केही तातो खरानी लिएर मौन भई स्वाहाकारद्वारा हवन गर्नुपर्दछ । जलद्वारा भोजनपात्रलाई सेचन गर्दा स्थालीपाककै प्रक्रिया अपनाउनुपर्दछ । यो अग्नौकरण होम मासिकश्राद्धमा नै गरिन्छ । यो स्मार्तअग्निको अभावमा गर्न हुँदैन भन्ने कसैको मत रहेको छ । धेरैले गर्नुपर्दछ भनेका छन् । यसैले सर्वाधानीका निमित्त होमरहित मासिकश्राद्ध गर्नुपर्दछ भनेर **सुदर्शनभाष्य**मा बताइएको छ ।

कसैले महालयमा पनि यसै प्रक्रियाबाट होमरहित श्राद्ध गर्नुपर्दछ भनेका छन् । हाम्रा गुरुहरूले भन्नुभएको छ – यो कर्मान्तर भएकाले यसलाई स्मार्तहरूले गर्ने पार्वणश्राद्धझैं गर्नुपर्दछ । आब्दिकश्राद्धहरूमा त स्मार्तपार्वणविधि नै स्वीकार गरिन्छ । आमाको वार्षिकश्राद्धमा पनि यही प्रक्रियाले गर्नुपर्दछ । मासिकश्राद्धको विकृति अष्टकामा मातृश्राद्ध गर्दा विकृतिहोमबाट प्राकृतहोमको बाध हुन्छ । अन्वष्टकामा मातृश्राद्ध हुँदैन भन्ने कुरा भाष्यमा बताइएको छ । अन्वष्टकाश्राद्धमा पनि अरू श्राद्धमा झैं विधि अपनाउँदा **'यन्मे माता'** इत्यादिमा अप्रधानता भए पनि माताको प्राधान्य विवक्षित छ । मासिकश्राद्धद्वारा कल्पश्राद्धको व्याख्या हुन्छ भन्ने सूत्रमा उल्लेख गरिएको छ । **'आग्नेय्येव मनोता कार्या'** यस मन्त्रबाट अग्निशब्दको उच्चारणद्वारा नै विकृति देवताको पनि ग्रहण हुन्छ ।[४३] जसका पिता जीवित छन् तिनीहरूले मासिकश्राद्ध गर्दा विपरीत क्रमले मरेका पितृहरूको श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **सुदर्शनभाष्य**मा बताइएको छ ।

---

४३. अग्निषोमीय पशुप्रकरणमा – **'त्वं ह्यग्ने प्रथमो मनोता'** यो वाक्य मनोतापदघटित छ । यो ब्राह्मणवाक्य हो । पशुको देवता अर्कै हुन्छ । त्यहाँ **'आग्नेयीमनोता'** मन्त्र भन्नुपर्दछ । यस वचनबाट अग्निषोमीयमा **'आग्नेयीमनोता'** मन्त्रको पनि पाठ गरिन्छ । विकृतिमा **'मनोता'** मन्त्रमा वैकृत देवतावाचक पद राखेर मन्त्र पढ्नुपर्दछ । यसैले आहुतिप्रकरणमा **'अमुकशर्मभ्यां पितृभ्याम्'** भनेर ऊह गर्नुपर्दछ ।

तत्प्रकारस्तु वक्ष्यते । मातापित्रोर्द्वित्वादौ तु नोहः । **'तस्मादृचं नोहेत्'** इति निषेधात्, प्रकृतावूहाभावाच्च पत्नीं सन्नह्येतिवत् । उपदेशिमते तूहः । यथा – **'यन्मे मातरौ प्रलुलोभतुश्चरत्यावननुवृते'** इत्याद्यस्मत्पितृकृतमासिकश्राद्धनिर्णये ज्ञेयमिति दिक् । अन्यत्प्राग्वत् ।

त्यसको विधि पछि बताइनेछ । माता र पिताको द्वित्व गरिएको मन्त्रमा ऊह हुँदैन । किनकि ऋचाको ऊह नगर्नु भन्ने निषेधवाक्य छ । पत्नी दुईभन्दा धेरै भएमा पनि ऊह हुँदैन ।[४४] प्रकृतिमा ऊहको अभाव हुन्छ तर कसैको उपदेशबाट भने ऊह गर्न सकिन्छ । जस्तै **'यन्मे मातरौ प्रलुभतुश्चरत्यावननुवृते'** इत्यादिमा ऊह गरिन्छ । यी सम्बन्धी धेरै कुरा मेरा पिताजीद्वारा बनाइएको **मासिकश्राद्धनिर्णय**बाट अवगत गर्नुपर्दछ ।

श्राद्धे भोजनपरिवेषणम्

अथ परिवेषणम् । 'तच्चोपवीत्येवाज्येन देवपूर्वम् **'आमासुपक्वम्'** इति पात्राण्युपस्तीर्य कुर्यात्' इति हेमाद्रिः।

श्राद्धमा अन्नपरिवेषण

अब श्राद्धमा भोजन पस्किने विषयमा विचार गरिन्छ । **हेमाद्रि** भन्दछन् – श्राद्धमा सव्य भएर घ्यूबाट तयार भएका अन्नलाई देवपूर्वक '**आमासु पक्वमैरय आ सूर्यं रोइयो दिवि । धर्मं न सामन् तपता सुवृक्तिभिर्जुष्टं गिर्वणसे बृहत्।।**' (ऋ. ८/८९/७) यो मन्त्रबाट ब्राह्मणहरूका सामु पात्रमा पस्कनुपर्दछ ।

आज्याहुतिं विना परिवेषणनिषेधः

भारते दानधर्मेऽपि –

आज्याहुतिं विना नैव यत्किञ्चित् परिविष्यते । दुराचारैश्च यद्भुक्तं तं भागं रक्षसां विदुः ।।

तत्रैव शौनकः – **'विधिना देवपूर्वं तु परिवेषणमाचरेत् ।'**

आज्याहुतिविना परिवेषणनिषेध

महाभारतको **दानधर्मप्रकरण**मा भनिएको छ कि – जहाँ घ्यूको आहुति नदिईकन अन्न पस्किने कार्य गरिन्छ त्यो भोजन यदि दुराचारीहरूले भोग गर्दछन् भने राक्षसहरूले पाउँछन् । त्यसकारण घ्यूको आहुति दिएरमात्र भोजन पस्कनुपर्दछ। **शौनक**ले भनेका छन् – विधिपूर्वक देवशब्दको उच्चारण गर्दै भोजन पस्किनुपर्दछ ।

स्वयं परिवेषणे विचारः

तत्रैव धर्मः – **'फलस्यानन्तता प्रोक्ता स्वयञ्च परिवेषणे ।'**

आफै परिवेषण गर्ने कार्यको महत्त्व

श्राद्धकर्ताले आफै अन्नलाई पात्रमा पस्कँदा अनन्तफल प्राप्त गर्दछ भन्ने कुरा धर्मले बताएका छन् ।

---

४४. दर्शपूर्णमास याग गर्दा कसैका दुई वा धेरै पत्नी भएमा **'पत्नीं सन्नह्य'** भन्ने एक वचनान्त वाक्यबाट नै विधि गरिन्छ । बहुवचनका लागि ऊह गरिँदैन । किनकि प्रकृतिमा ऊह गर्ने नियम छैन ।

भार्यया परिवेषणम्

तत्रैव वायुभविष्ययोः – **'भार्यया श्राद्धकाले तु प्रशस्तं परिवेषणम् ।'**

श्राद्धमा भार्याद्वारा परिवेषण

वायुपुराण र भविष्यपुराणमा भनिएको छ कि श्राद्ध गर्दा पत्नीले पाकेको अन्न परिवेषण गर्नु अर्थात् पस्किनु उत्तम हुन्छ ।

नापवित्रेण नैकेन हस्तेन परिवेषणम्

ब्रह्माण्डे – **नापवित्रेण नैकेन हस्तेन न विना कुशम् । नायसेनायसेनैव श्राद्धे तु परिवेषयेत् ।।**

पवित्रविना परिवेषणनिषेध

ब्रह्माण्डपुराणमा भनिएको छ कि – पवित्र धारण नगरीकन भोजन पस्किनु हुँदैन, एउटा हातले पस्किनु हुँदैन, कुश नलिईकन पस्किनु हुँदैन र फलामका डाडु-पन्यूबाट फलामका पात्रमा पस्किनु हुँदैन ।

आयसपात्रेण परिवेषणनिषेधः

वसिष्ठः – **आयसेन तु पात्रेण यदन्नं संप्रदीयते । भोक्ता विष्ठासमं भुङ्क्ते दाता च नरकं व्रजेत् ।।**

पैठीनसिः – **'सीसकायसरीतिपात्राण्ययज्ञियानि ।'**

फलामको पात्रद्वारा श्राद्धभोजन पस्कन नहुने

वसिष्ठले भनेका छन् कि – श्राद्धमा फलामको पात्रमा पाकेको भोजन राखेर पस्किने काम गरिन्छ भने त्यो अन्न भोजन गर्ने मानिसले विष्ठातुल्य भोजन गर्दछ र पस्किने मानिस नरकमा जान्छ । **पैठीनसिले** भनेका छन् – सिसाका भाँडा, फलामबाट तयार गरिएका भाँडा र पित्तलबाट तयार गरिएका भाँडा यज्ञका लागि योग्य हुँदैनन् । तसर्थ यी भाँडाहरूबाट श्राद्धमा भोजन पस्किन हुँदैन ।

सौवर्णपात्रादिना परिवेषणकथनम्

तत्रैव हारीतः – **सौवर्णराजताभ्यां च खड्गेनौदुम्बरेण वा । दत्तमक्षय्यतां याति फल्गुपात्रेण वा पुनः ।।**

सुवर्णपात्रद्वारा परिवेषण

हारीतले भनेका छन् – सुवर्णको पात्र, चाँदीको पात्र, गैंडाको खागबाट तयार गरिएको पात्र, ताँबोबाट तयार भएका पात्र र फल्गु अर्थात् डुम्री वृक्षबाट तयार गरिएको पात्रमा राखिएको अन्न ब्राह्मणलाई प्रदान गरिएमा त्यसबाट अक्षय्य पुण्य प्राप्त हुन्छ ।

दर्व्या घृतान्नादिपरिवेषणम्

कार्ष्णाजिनिः – **दर्व्या देयं घृतं चान्नं समस्तव्यञ्जनानि च । उदकं चैव पक्वान्नं नो दर्व्या तु कदाचन।।**

अन्न पस्किँदा डाडुको प्रयोग

श्राद्धकर्ममा भोजन पस्किँदा डाडुबाट घ्यू, साधारण अन्न र व्यञ्जन टक्र्याउनुपर्दछ । तर पाकेको अन्न कहिले पनि डाडुले पस्किनु हुँदैन ।

पङ्क्तौ परिवेषणे विचारः

यमः – '**पङ्क्त्या विषमदातुश्च निष्कृतिर्नैव विद्यते ।**'

पङ्क्तिमा परिवेषण

एउटै पंक्तिमा बसेका ब्राह्मणहरूलाई भोजन पस्किँदा कसैलाई धेरै र कसैलाई थोरै गरी पङ्क्तिभेद गरिन्छ भने यसरी पंक्तिभेद गर्ने मानिसले नरक भोग्नुपर्दछ । त्यसले गरेका पापको कुनै प्रायश्चित्त हुँदैन ।

भोज्यपात्रे तिलान् दृष्ट्वा पितृणां निराशत्वकथनम्

पृथ्वीचन्द्रोदये पराशरः –

सर्वदा च तिला ग्राह्याः पितृकृत्ये विशेषतः । भोज्यपात्रे तिलान् दृष्ट्वा निराशाः पितरो गताः ।।

भोजन गर्ने पात्रमा तिलप्रयोग गर्ने निषेध

पृथ्वीचन्द्रोदयमा उद्धृत पराशरको वचनमा भनिएको छ – पितृकार्यमा सर्वदा तिलग्रहण गर्नुपर्दछ । तर पितृकार्यकै लागि तयार गरिएको भोजनको पात्रमा तिल देखेर पितृहरू निराश भई फर्किन्छन् । तसर्थ भोजनपात्रमा तिलको प्रयोग गर्न हुँदैन ।

हस्तदत्तलवणव्यञ्जनादिविचारः

चन्द्रिकायां वृद्धशातातपः –

हस्तदत्तास्तु ये स्नेहा लवणव्यञ्जनादयः । पितृणां नोपतिष्ठन्ति भोक्ता भुञ्जीत किल्विषम् ।।
तस्मादन्तरितं कुर्यात्पर्णेनाथ तृणेन वा । घृतपात्रे विशेषो ग्रन्थान्तरे –
ओदने परमान्ने च पात्रमासाद्य मुग्धधीः । घृतेन पूरयेत्पात्रं तद्घृतं रुधिरं भवेत् ।।

हातद्वारा पस्किएको व्यञ्जनहरूको विषयमा

चन्द्रिकामा वृद्धशातातपले भनेका छन् – हातले दिएको घ्यू, नुन एवं व्यञ्जन पितृहरूले प्राप्त गर्दैनन् र भोजन गर्ने भोक्ताले पापभोजन गर्दछ । त्यसकारण कुनै पवित्र पात वा टपरी, दूना, बोता आदिमा राखी ती पदार्थहरू टक्र्याउनुपर्दछ। ग्रन्थान्तरमा भोजन गर्दा टक्र्याइने घ्यूको पात्रसम्बन्धमा भनिएको छ – मूर्ख बुद्धि भएको मानिसले भात अथवा खीरमाथि अर्को सानो पात्र राखेर त्यस पात्रलाई घ्यूले भर्दछ भने त्यो घ्यू रगतसमान हुन्छ ।

भूमावेव घृतपात्रस्थापननिर्देशः

'**घृतादिपात्राणि भूमौ स्थापयेन्न भोजनपात्रे**' इति मदनरत्ने ।

घिउको पात्र स्थापना गर्ने विषयमा

मदनरत्नमा भनिएको छ कि भोजन पस्किँदा घ्यूले भरिएका पात्र भुईंमै राख्नुपर्दछ तर भोजनपात्रमाथि राख्नु हुँदैन।

हस्तदत्तलवणव्यञ्जनभोजने विधिनिषेधविचारः

संग्रहे – **हस्तदत्तं तु नाश्नीयाल्लवणव्यञ्जनादिकम् । अपक्वं तैलपक्वं च हस्तेनैव प्रदीयते ।।**

हातले दिएको नुन, व्यञ्जन आदि ग्रहण गर्न नहुने

संग्रहमा भनिएको छ – हातले दिएको नुन, व्यञ्जन आदि पदार्थ भोजन गर्न हुँदैन । नपाकेको र तेलद्वारा बनेको वस्तु भने हातले नै दिनुपर्दछ ।

पात्रालम्भनकथनम्

पात्रालम्भनमुक्तं चतुर्विंशतिमते – **'उत्तानं दक्षिणं सव्यं नीचं पात्राण्युपस्पृशेत् ।'** याज्ञवल्क्यः – **दत्त्वान्नं पृथिवीपात्रमिति पात्राभिमन्त्रणम् । कृत्वेदं विष्णुरित्यन्ने द्विजाङ्गुष्ठं निवेशयेत् ।।**

बौधायनः – ब्राह्मणानाम् – **'विप्राङ्गुष्ठेनानखेनानुदिशति', 'पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखेऽमृतेऽमृतं जुहोमि ब्राह्मणानां त्वा विद्यावतां प्राणापानयोर्जुहोम्यक्षितमसि मे पितृणां क्षेष्ठा अमुत्रामुष्मिँल्लोके'** इति । आज्यं जुहोम्यग्रे स्वाहाशब्दः कातीयसूत्रे उक्तः । पैत्रे स्वधाशब्दः ।

पात्रस्पर्शविचार

पात्रको स्पर्श गर्ने सम्बन्धमा **चतुर्विंशतिमत**मा भनिएको छ – दायाँभागमा रहेको पात्रलाई सोझै माथिबाट स्पर्श गर्नुपर्दछ । बायाँभागमा राखिएको पात्रलाई तलबाट स्पर्श गर्नुपर्दछ । **याज्ञवल्क्य**ले भनेका छन् – श्राद्धकर्ममा ब्राह्मणभोजनका निमित्त टक्र्याइने अन्नपात्रहरूमा पस्किसकेपछि **'पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि स्वाहा'** यस मन्त्रले पात्रहरूलाई अभिमन्त्रण गरेर **'इदं विष्णु०'** इत्यादि पूर्वप्रतिपादित मन्त्रद्वारा त्यस अन्नमा ब्राह्मणको बूढी औंलाको स्पर्श गराउनुपर्दछ । त्यसको विधि यसप्रकार छ – **'इदमन्नम्, इमा आपः, इदमाज्यम्, इदं हविः, पुनरन्ने'** यसप्रकार अन्नमा, जलमा, घ्यूमा र हविमा स्पर्श गराउनुपर्दछ । **बौधायन**ले भनेका छन् – ब्राह्मणको हातका नङ र बूढी औंलालाई छाडेर हातले **'पृथिवी ते पात्रं द्यौरपिधानम्'** इत्यादि मन्त्र पढ्दै स्पर्श गराउनुपर्दछ । यहाँ कसैले **'जुहोमि'**पछि **'स्वाहा'** शब्दको प्रयोग गर्दछन् तर पितृकार्यमा **'स्वाहा'**को सट्टा **'स्वधा'** भन्नुपर्दछ ।

माथि उल्लिखित मन्त्रको अर्थ – श्राद्धकर्ताले अन्नको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे अन्न! तिम्रो पात्र पृथ्वी हो । तिम्रो पात्रलाई ढाक्ने ढकनी द्युलोक हो । म आज ब्राह्मणको मुखमा हवन गर्दैछु । ब्राह्मणका प्राण अर्थात् श्वास, ब्राह्मणका अपान अर्थात् प्रश्वासद्वारा म हवन गरिरहेको छु । हे अन्न ! तिम्रो कहिले पनि नाश हुँदैन । हामीले दिएको अन्न माथिका लोकहरूमा रहेका हाम्रा पितृदेवतालाई प्राप्त होस् । उनीहरूलाई कहिले पनि कुनै किसिमको कमी नहोस् र उनीहरू हामीद्वारा दिइएका सबै प्रकारका पदार्थहरू प्राप्त गरेर प्रसन्न होऊन् ।'

अङ्गुष्ठनिवेशने विशेषः

अङ्गुष्ठे विशेषमाह हेमाद्रौ धौम्यः – **'परिवृत्य नचाङ्गुष्ठं द्विजस्यान्ने निवेशयेत् ।'**

बूढी औंलाको सम्बन्धमा विशेष

हेमाद्रिमा उद्धृत धौम्यको वचनमा भनिएको छ – श्राद्ध गर्दा ब्राह्मणले आफ्नो बूढी औंलालाई तेर्सो र उल्टं नगराई सोझो गराएर अन्नमा राख्नुपर्दछ ।

उत्तानहस्तेन द्विजाङ्गुष्ठनिवेशने दोषः

तथा – **उत्तानेन तु हस्तेन द्विजाङ्गुष्ठनिवेशनम् । यः करोति द्विजो मोहात्तद्वै रक्षांसि भुञ्जते ।।**

बूढी औंला उत्तानो गरी राख्न निषेध

ब्राह्मणले अज्ञानवश उत्तानो गरी आफ्नो बूढी औंला अन्नपात्रमा राखेमा त्यो श्राद्धको अन्न राक्षसहरूले प्राप्त गर्दछन् ।

दैवे पित्र्ये च क्रमेण हव्यकव्यादिकथनम्

तत्रैव – यमः – '**विष्णो हव्यं च कव्यञ्च ब्रूयाद्रक्षस्व च क्रमात्** ।' दैवे पित्र्ये चेत्यर्थः । तत्रैवात्रिः – **सम्बन्धनामगोत्राणि इदमन्नं ततः स्वधा । पितृक्रमादुदीर्येति स्वसत्तां विनिवर्तयेत् ।। हस्तेनाभुक्तमन्नाद्यमिदमन्नमुदीरयेत् ।।**

देव र पितृकर्ममा हव्य-कव्यको विचार

यमले भनेका छन् कि – देवकार्यमा '**हे विष्णो ! हव्यं रक्षस्व** अर्थात् हे विष्णु ! तपाईंले हव्यको रक्षा गर्नुहोस्' भनी प्रार्थना गर्नुपर्दछ भने पितृकार्यमा '**हे विष्णो ! कव्यं रक्षस्व** अर्थात् हे विष्णु ! तपाईंले कव्यको रक्षा गर्नुहोस्' भनी प्रार्थना गर्नुपर्दछ । अत्रिले भनेका छन् – यसरी अन्नदान गर्दा सम्बन्ध, नाम र गोत्रको उच्चारण गरेर '**इदमन्नं स्वधा**' भनी पहिले पितालाई त्यसपछि पितामह आदिलाई प्रदान गर्नुपर्दछ । अन्नप्रदान गरेपछि यो अन्नमा मेरो अधिकार छ भन्ने भावना मेटाइदिनुपर्दछ । आफ्नो हातबाट प्रदान गरिएका अभुक्त अन्नमा मात्र '**इदमन्नम्**' भन्ने प्रयोग गर्नुपर्दछ ।

अन्नदाने चतुर्थीविभक्तिकथनम्

अत्र '**अन्नदाने चतुर्थी स्यात्**' इत्यादिविशेषाः पूर्वमुक्ताः ।

अन्नदानमा चतुर्थी विभक्तिको प्रयोग गर्नुपर्ने

अन्नदान गर्दा जसलाई त्यो दिइन्छ त्यस व्यक्तिको नाममा चतुर्थीविभक्तिको प्रयोग गर्नुपर्दछ भन्ने विशेष कुरा पहिले पनि बताइसकिएको छ ।

हेमाद्र्यनुमतप्रयोगः

अत्र पूर्वोक्तमन्त्रान्ते पुरूरवार्द्रवसंज्ञका विश्वेदेवा देवता इदमन्नं सपरिकरं हव्यमयं ब्राह्मणस्त्वाहवनीयार्थे दत्तं दास्यमानं चातृप्तेः गयेयं भूः गदाधरो भोक्ता इदमन्नं ब्रह्म सौवर्णपात्रस्थमन्नमक्षय्यवटच्छायास्थम्, अमुकेभ्यो विश्वेभ्यो देवेभ्य इदमन्नममृतरूपं परिविष्टं परिवेक्ष्यमाणं चातृप्तेः स्वाहा नमो न मम इति बह्वृचपरिशिष्टहेमाद्र्याद्यनुमतः प्रयोगः । एवं पित्र्ये अमुकगोत्रवसुरूपादि तत्तन्नाम ज्ञेयम् ।

हेमाद्रिसम्मत प्रयोग

माथि '**इदमन्नम्**' भनी प्रयोग गरिएको छ । त्यो प्रयोग '**जुहोमि**' इत्यादि मन्त्रपाठ गरेपछि गरिन्छ । यहाँ हेमाद्रिले भनेका छन् – मन्त्रप्रयोगपछि '**इदमन्नम्**' भन्नुको सट्टा '**पुरूरवार्द्रकसंज्ञका विश्वेदेवा देवताः इदमन्नं सपरिकरं हव्यम्, अयं ब्राह्मणस्त्वाहवनीयार्थे दत्तं दास्यमानं चातृप्तेः, गयेयं भूः गदाधरो भोक्ता इदमन्नं ब्रह्म सौवर्णपात्रस्थमन्नमक्षय्यवटच्छायास्थममुकेभ्यो विश्वेभ्यो देवेभ्य इदमन्नममृतरूपं परिविष्टं परिवेक्ष्यमाणं चातृप्तेः स्वाहा नमो नमः**' यस मन्त्रको प्रयोग गर्नुपर्दछ । यसप्रकार पितृकार्यमा सम्बन्ध, गोत्र, वसु, रुद्र आदि स्वरूपको उल्लेख गरीकन सङ्कल्प गर्नुपर्दछ ।

'पुरूरवार्द्रकसंज्ञक विश्वेदेव देवताले सबै वस्तुहरूका साथ हव्यका रूपमा प्रयोग गरिएको यो अन्न प्राप्त गरून् । यी ब्राह्मण आहवनीय हुन् अर्थात् अग्नि हुन् । हामीले दिएको र दिइने पदार्थले तृप्तिप्रदान गरोस् । जुन यस भूमिमा श्राद्ध गरिएको छ यो भूमि गया हो । भोजन गर्ने ब्राह्मण गदाधर हुन् । हामीले प्रदान गरेको अन्न ब्रह्म हो । सुवर्णपात्रमा राखिएको यो अन्न जसलाई अक्षय्य वटच्छायामा रहेको छ भनी हामीले कल्पना गरेका छौं, यो अन्न पुरूरवा र आर्द्रव विश्वेदेवहरूलाई साक्षी राखेर दिइएको छ, दिइने छ, जबसम्म ब्राह्मणहरू तृप्त हुँदैनन् तबसम्म अमृतरूप यो अन्न म प्रदान गर्दछु । यसमा मेरो कुनै अधिकार छैन ।' यसरी यजमानले मानसिकरूपमा सङ्कल्प गर्नुपर्दछ ।

केषाञ्चन मते ये देवासः, ये चेह पितरः, इति मन्त्रद्वयस्य जपः

ततो '**ये देवासः**' इति दैवे, '**ये चेह पितरः**' इति पित्र्ये केचिज्जपन्ति ।

ये देवासः इत्यादि मन्त्रको जप

पितृकर्ममा – '**ये चेह पितरो ये च नेह याँश्च विद्म याँ उ च न प्रविद्म । त्वं वेत्थ यति ते जातवेदः स्वधाभिर्यज्ञं सुकृतं जुषस्व ।।** (ऋ. १०/१५/१३)' भन्ने वाक्यको जप गर्नुपर्दछ भने देवकार्यमा – '**ये देवासो दिव्येकादश स्थ पृथिव्यामध्येकादि स्थ । अप्सुक्षितो महिनैकादश स्थ ते देवासो यज्ञमिमं जुषध्वम् ।।**' (ऋ. १/१३९/११)' यो वाक्यको जप गर्नुपर्दछ ।

अच्छिद्रवाचनम्

ततोऽच्छिद्रं वाचयेत् । तत्रैव प्रचेताः –

आपोशनकरे विप्रे सङ्कल्पाच्छिद्रभाषणात् । निराशाः पितरो यान्ति देवैः सह न संशयः ।।

पारस्करः – **संकल्प्य पितृदेवेभ्यः सावित्रीमधुमज्जपः । श्राद्धं निवेद्यापोशनं जुषप्रैषोऽथ भोजनम्।।**

निवेद्येति ब्रह्मार्पणं कृत्वेत्यर्थः । अत एव बृहन्नारदीयेऽन्नत्यागमुक्त्वोक्तम् – '**दत्तं हविश्च तत्कर्म विष्णवे वै समर्पयेत् ।**' इति । यत्तु कृत्यरत्ने कार्ष्णाजिनिः –

अपसव्येन कर्तव्यं पितृकृत्यमशेषतः । अन्नदानादृते सर्वमेवं मातामहेष्वपि ।।

इति तदप्येतत्परम् । तत्र '**ब्रह्मार्पणं ब्रह्म हविः**', '**हरिर्दाता हरिर्भोक्ता**', '**चतुर्भिश्च चतुर्भिश्च**' इति केचित्पठन्ति।

धर्मप्रदीपे – **ततोऽन्नं पितृदेवेभ्यः सङ्कल्प्य च यथाविधि । दत्तं यद्दास्यमानञ्च आतृप्तेर्न ममेति च।।**

अच्छिद्रवाचन

ब्राह्मणहरूले भोजन गरिसकेपछि उनको मुखबाट अच्छिद्रवाचन गराउनुपर्दछ । यहाँ **प्रचेताले** भनेका छन् – भोजनपूर्व र भोजनपश्चात् आचमनका लागि ब्राह्मणका हातमा दिइने अपोशानजल दिएर सङ्कल्प गर्दा अच्छिद्रभाषण गरियो भने पितृहरू निराश हुन्छन् अर्थात् आचमन गरेपछि मात्र अच्छिद्रभाषण गराउनुपर्दछ । अच्छिद्रभाषणको मन्त्र **'अमृतोपस्तरणमसि स्वाहा'** यस्तो रहेको छ ।[४५]

पारस्करले भनेका छन् – पितृ र देवताहरूका लागि अन्नसङ्कल्प गरेर गायत्री र मधुमती ऋचाहरूको जप गर्दै श्राद्धलाई **'ॐ तत्सद् ब्रह्मार्पणस्तु'** भन्दै ब्रह्मार्पण गर्नुपर्दछ । त्यसपछि ब्राह्मणले आचमन गरेर रुचिअनुसार भोजन गर्नुपर्दछ । **बृहन्नारदीयमा** अन्नत्यागको विधि बताउँदै भनिएको छ – टक्र्याइएको अन्न–हवि र श्राद्धकर्म विष्णुलाई अर्पण गर्नुपर्दछ । **कृत्यरत्नमा काष्र्णाजिनिले** भनेका छन् – पितृकार्य गर्दा अन्नदान छाडेर अरू कर्म अपसव्य भई गर्नुपर्दछ । मातामहको श्राद्धमा पनि यही विधि अपनाउनुपर्दछ ।

अन्न एवं हवि ब्रह्मार्पण गर्दा भनिने मन्त्र यसप्रकार छन् – **'ब्रह्मार्पणं ब्रह्म हविः ब्रह्माग्नौ ब्रह्मणा हुतम् । ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्म समाधिना । हरिर्दाता हरिर्भोक्ता हरिरन्नं प्रजापतिः । हरिर्विप्रशरीरस्थो भुङ्क्ते भोजयते हरिः ।। चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च । हूयते च पुनर्द्वाभ्यां स मे विष्णुः प्रसीदतु ।। ओश्रावय, अस्तु श्रौषट्, यज ये यजामहे, वौषट्'** ।**धर्मप्रदीपमा** भनिएको छ – कर्ताले पितृ र देवताहरूका लागि अन्नको सङ्कल्प गर्दा 'मैले दिएको र दिने अन्न देवता र पितृको तृप्तिका लागि हो, मेरो होइन' भन्नुपर्दछ ।

सङ्कल्पितश्राद्धीयान्नं भूमौ देयम्

तथा – श्राद्धीयान्नस्य सङ्कल्पो भूमावेव प्रदीयते । हस्तेषु दीयमानं तु पितॄणां नोपतिष्ठते ।।
वैश्वदेवस्य वामे तु पितृपात्रस्य दक्षिणे । सङ्कल्पोदकदानं स्यान्नित्यश्राद्धे यथारुचि ।।

सङ्कल्प गरिएको श्राद्धको अन्न भूमिमा राखी टक्र्याउनुपर्ने

श्राद्धीय अन्नसङ्कल्प गरी प्रदान गर्दा ब्राह्मणका हातमा नदिएर भुईंमा राखिदिनुपर्दछ । हातमा दिइने अन्न पितृहरूले प्राप्त गर्दैनन् । वैश्वदेव ब्राह्मणको बायाँ भागमा र पितृब्राह्मणको दायाँ भागमा सङ्कल्प गरेको जल छोड्नुपर्दछ । नित्यश्राद्ध गर्दा भने कर्ताले आफ्नो इच्छाअनुसार बायाँ अथवा दायाँ जुन भागमा सङ्कल्पजल छोडे पनि हुन्छ ।

---

४५. शास्त्रहरूमा विभिन्न आचार्यहरूले अच्छिद्रवाचनको स्वरूप प्रतिपादन गरेका छन् । कसैको मतमा अच्छिद्रवाचनको स्वरूप यस्तो रहेको छ–

'जपच्छिद्रं तपच्छिद्रं यच्छिद्रं श्राद्धकर्मणि । सर्वं भवतु मेऽच्छिद्रं ब्राह्मणानां प्रसादतः ।। '
अन्नहीनं क्रियाहीनं मन्त्रहीनं च यद् भवेत् । तत् सर्वमच्छिद्रमित्युक्त्वा ततो जलमपाशयेत् ।।

अच्छिद्रमित्यस्यानन्तरं जायतामिति वाक्यशेषः । श्राद्धप्रकाशिकामा अच्छिद्रवाचनको स्वरूप यसप्रकार बताइएको छ –

'मन्त्रहीनं क्रियाहीनं भक्तिहीनं द्विजोत्तमाः । श्राद्धं सम्पूर्णतां यातु प्रसादाद् भवतां मम ।।'

कसैले फेरि अच्छिद्रवाचन गर्ने छुट्टै मन्त्र बताएका छन् –

'पिता पितामहश्चैव तथैव प्रपितामहः । तृप्तिं प्रयान्तु वै भक्त्या यदिदं श्राद्धमादृतम् ।।
मातामहस्तृप्तिमुपैतु तस्य तथा पिता तस्य पिता ततोऽन्यः ।
विश्वे च देवाः परमां प्रयान्तु तृप्तिं प्रणश्यन्तु च यातुधानाः ।।'

आपोशानं प्रदाय सावित्र्यादिमन्त्राणां जपः

प्रचेताः – **आपोशानं प्रदायाथ सावित्रीं त्रिर्जपेदथ । मधुवाता इति ऋचं मध्वित्येतत्त्रिकं तथा ।।**

मिताक्षरायां पारस्करः –

सङ्कल्प्य पितृदेवेभ्यः सावित्रीमधुमज्जपः । श्राद्धं निवेद्यापोशनं जुषप्रैषोऽथ भोजनम् ।।

गायत्रीं त्रिःसकृद्वापि जपेद् व्याहृतिपूर्विकाम् । मधुवाता इति ऋचं मध्वित्येतत्त्रिकं तथा ।।

याज्ञवल्क्यः –

सव्याहृतिं च गायत्रीं मधुवाता इति ऋचम् । जप्त्वा यथासुखं वाच्यं भुञ्जीरंस्तेऽपि वाग्यताः ।।

यथासुखं जुषध्वमिति वाच्यम् ।

सावित्री आदि मन्त्रको जप

प्रचेताले भनेका छन् – आचमनीय जल दिएपछि सावित्री अर्थात् गायत्रीको तीनपटक जप गर्नुपर्दछ । त्यसपछि **'मधु वाता ऋतायते मधु क्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधीः । मधु नक्तमुतोषसो मधुमत्पार्थिवं रजः ।। मधु द्यौरस्तु नः पिता ।। मधुमान्नो वनस्पतिर्मधुमाँ अस्तु सूर्यः । माध्वीर्गावो भवन्तु नः ।।** (ऋ. १/९/६–८)' यी तीन ऋचाका साथ मधुशब्दलाई – **मधु मधु मधु** भनी तीनपटक उच्चारण गर्नुपर्दछ । **मिताक्षरामा** उद्धृत **पारस्करको** वचनमा भनिएको छ– पितृ र देवताहरूलाई सङ्कल्प गरेर हवि, अन्न प्रदान गरेपछि पितृ र देवताका निमित्त गायत्री र मधुवातामन्त्रको जप गर्नुपर्दछ । त्यसपछि श्राद्धकर्म सबै निवेदन गरी आपोशान दिएर 'सुखपूर्वक भोजन गर्नुहोस्' भनी ॐ **'भूर्भुवः स्वः'** को उच्चारण गर्दै गायत्रीको तीनपटक अथवा एकपटक जप गर्नुपर्दछ । **'मधुवाता'** भन्ने ऋचालाई पनि तीनपटक जपेर मधुशब्दको पनि मधु मधु मधु यसरी तीनपटक उच्चारण गर्नुपर्दछ । **याज्ञवल्क्यले** भनेका छन् – व्याहृतिसहित गायत्री र मधुवाता आदि तीनऋचाको जप गरेपछि **यथासुखं जुषध्वम्** अर्थात् 'हे ब्राह्मण देवता ! तपाईंहरूलाई जसरी सुख प्राप्त हुन्छ त्यसरी भोजन गर्नुहोस्' भनी निवेदन गर्नुपर्दछ । ब्राह्मणहरूले पनि मौन भई भोजन गर्नुपर्दछ ।

असङ्कल्पितान्नस्य स्पर्शने विचारः

अत्रिः – **असङ्कल्पितमन्नाद्यं पाणिभ्यां यद्युपस्पृशेत् । अभोज्यं तद्भवेदन्नं पितृणां नोपतिष्ठते ।।**

अन्नं दत्तं न गृह्णीयाद्यावत्तोयं न संपिबेत् ।।

ब्राह्मणले सङ्कल्प नगरी दिएको अन्न लिन नहुने

अत्रिले भनेका छन् – भोजन गर्ने ब्राह्मणले कर्ताद्वारा सङ्कल्प नगरीकन दिइएको अन्न आफ्नो हातले स्पर्श गर्दछ भने त्यो अन्न भोजनयोग्य हुँदैन किनकि त्यस अन्नलाई पितृले प्राप्त गर्दैनन् । जबसम्म आचमनको जल प्राप्त गरिँदैन तबसम्म अन्नग्रहण गर्न हुँदैन ।

आपोशने विशेषः

आपोशने विशेषमाह स्मृतिसमुच्चये –

आपोशनं वामभागे सुरापानसमं भवेत् । दक्षभागे तु यः कुर्यात्सोमपानसमं भवेत् ।।

तथा – **'पुनरापूर्यापोशनं सुरापानसमं भवेत् ।'**

आचमनमा विशेष

स्मृतिसमुच्चयमा भनिएको छ कि – बायाँभागमा आचमन गरियो भने मदिरापान गरेसरह हुन्छ । दायाँभागमा आचमन गरियो भने अमृतपान अथवा सोमपानसमान हुन्छ । एकपटक आचमन गरेपछि दोस्रोपटक आचमन गरियो भने मदिरापानसमान हुन्छ ।

भूमौ बलिनिषेधः

हेमाद्रावत्रिः – **दत्तं वाप्यथवाऽदत्तं भूमौ यो निक्षिपेद्बलिम् । तदन्नं निष्फलं याति निराशैः पितृभिर्गतैः ।।**

भूमिमा बलिनिषेध

हेमाद्रिमा उद्धृत अत्रिको वचनमा भनिएको छ – दिएको अथवा नदिएको बलि अर्थात् अन्नलाई जसले भुईंमा छर्दछ त्यसले छरेको त्यो अन्न देखेर पितृहरू निराश हुन्छन् र श्राद्ध निष्फल हुन्छ ।

आज्यादिना बलिदाननिषेधः

केचिदाज्येन कुर्वन्ति, तन्न –

पायसेन तथाज्येन माषान्नेन तथैव च । न कुर्याद्बलिदानं तु ओदनेन प्रकल्पयेत् ।।

इति स्मृतिसारे निषेधात् ।

घिउ आदिको बलिनिषेध

कसैले भोजन गर्दा घ्यूद्वारा बलि अर्पण गर्दछन्, यो उचित होइन । स्मृतिसारमा भनिएको छ कि – खीर, घ्यू र माषद्वारा बलि दिनुहुँदैन । सबैले भातद्वारा नै बलि दिनुपर्दछ ।

भोजनशीलश्राद्धीयब्राह्मणैर्लवणादिप्रश्नाभावः

शङ्खः – **श्राद्धे नियुक्तान् भुञ्जानान्न पृच्छेल्लवणादि तु । उच्छिष्टाः पितरो यान्ति पृच्छतो नात्र संशयः ।।**

श्राद्धमा नुन आदि विषयमा प्रश्न गर्न निषेध

श्राद्धमा भोजन गरिरहेका ब्राह्मणहरूको नजिकमा गई व्यञ्जनमा प्रयोग गरिएको नुन आदि ठीक छ कि छैन भनी सोध्न हुँदैन । सोधिएमा पितृहरू अशुद्ध हुन्छन् र फर्किएर जान्छन् भन्ने कुरामा सन्देह छैन ।

अश्नुवत्सु ब्राह्मणेषु यजमानद्वारा गायत्र्यादिमन्त्राणां जपः

कात्यायनः – **'अश्नुवत्सु जपेत्सव्याहृतिकां गायत्रीं सकृत्त्रिर्वा रक्षोघ्नीः पौरुषं सूक्तमप्रतिरथम्'** इति । हेमाद्रौ सौरपुराणे – **'ऐन्द्रं च पौरुषं सूक्तं श्रावयेद् ब्राह्मणांस्ततः ।'** मात्स्यपाद्मयोः –

ब्रह्मविष्ण्वर्करुद्राणां स्तोत्राणि विविधानि च । इन्द्रेशसोमसूक्तानि पावमानीश्च शक्तितः ।।

मण्डलब्राह्मणं तद्वत् प्रीतिकारि च यत्पुनः । अभावे सर्वविद्यानां गायत्रीजपमाचरेत् ।।

पृथ्वीचन्द्रोदये ब्राह्मे –

वीणां वंशध्वनिं चाथ विप्रेभ्यः सन्निवेदयेत् । जपेच्च पौरुषं सूक्तं नाचिकेतत्रयं तथा ।।

त्रिमधु त्रिसुपर्णं च पावमानीर्यजूंषि च ।।

ब्राह्मणले भोजन गरिरहँदा कर्ताले गायत्री आदि मन्त्र जप गरिरहनुपर्ने

कात्यायन भन्दछन् – ब्राह्मणहरूले भोजन गरिरहेको समयमा श्राद्धकर्ताले व्याहृति – 'ॐ भूर्भुवः स्वः' सहित गायत्री मन्त्रको तीनपटक अथवा एकपटक जप गर्नुपर्दछ । त्यसबेला तल उद्धृत गरिएका रक्षोघ्नीसूक्त, पुरुषसूक्त र अप्रतिरथसूक्तको पनि पाठ गर्नुपर्दछ ।

रक्षोघ्नीसूक्त – **कृष्णुष्व पाजः प्रसितिं न पृथ्वीं याहि राजेवामवाँ इभेन । तृष्वीमनु प्रसितिं द्रूणानोऽस्तासि विध्य रक्षसस्तपिष्ठैः ।।१।। तव भ्रमास आशुया पतन्त्यनु स्पृश धृषता शोशुचानः । तपूंष्यग्ने जुह्वा पतङ्गानसन्दितो वि सृज विष्वगुल्काः ।।२।। प्रति स्पशो वि सृज तूर्णितमो भवा पायुर्विशो अस्या अदब्धः । यो नो दूरे अघशंसो यो अन्त्यग्ने माकिष्टे व्यथिरा दधर्षीत् ।।३।। उदग्ने तिष्ठ प्रत्या तनुष्व न्य१मित्राँ ओषतात् तिग्महेते । यो नो अरातिं समिधान चक्रे नीचा तं धक्ष्यतसं न शुष्कम् ।।४।। ऊर्ध्वो भव प्रति विध्याध्यस्मदाविष्कृणुष्व दैव्यान्यग्ने । अव स्थिरा तनुहि यातुजूनां जामिमजामिं प्र मृणीहि शत्रून् ।।५।।** (४/४/१-५)

पुरुषसूक्त – **सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । स भूमिं विश्वतो वृत्वाऽत्यतिष्ठद्दशाङ्गुलम् ।।१।। पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् । उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ।।२।।** (ऋ. १०/९०/१-१६) इत्यादि **यज्ञेन यज्ञम्**सम्मका सोह्र मन्त्र ।

अप्रतिरथसूक्त – **आशुः शिशानो वृषभो न भीमो घनाघनः क्षोभणश्चर्षणीनाम् । संक्रन्दनोऽनिमिष एकवीरः शतं सेना अजयत् साकमिन्द्रः ।** यस मन्त्रदेखि आरम्भ गरी '**प्रेता जयजा नरः इन्द्रो वः शर्म यच्छतु । उग्रा वः सन्तु बाहवोऽनाधृष्या यथासथ ।।** (ऋ. १०/१०३/१-१४) सम्मका चौध मन्त्र ।

हेमाद्रिमा उद्धृत **सौरपुराण**को वचनमा भनिएको छ कि – पूर्वोक्त अप्रतिरथसूक्त आदिको पाठ गरेपछि इन्द्रसूक्त र पुरुषसूक्त पाठ गरी ब्राह्मणहरूलाई श्रवण गराउनुपर्दछ ।

'**इन्द्रासोमा तपत॰**' इत्यादि इन्द्रसम्बन्धी ऋचाहरू, '**इन्द्रेभि अर्थिन॰**' इत्यादि तीन इन्द्रसम्बन्धी सूक्तहरूका साथै '**इन्द्रविश्वा॰**' आदि आठऋचाहरूको पनि पाठ गर्ने विधान गरिएको छ । **शङ्ख** र **लिखित**ले मधुवाता आदि ऋचाहरू पढ्नुपर्ने कुरा बताएका छन् । **मनु**ले स्वशाखीय वेदका साथै धर्मशास्त्र, इतिहास, पुराणहरूको पनि पाठ गर्नुपर्दछ भनेका छन् । यसैमा कसैले श्रीसूक्तको पाठ गर्नुपर्ने कुरा बताएका छन् । रक्षोघ्नी, पावमानी ऋचाहरूको पनि अध्ययन गर्ने कुरा आचार्यहरूबाट प्रतिपादन गरिएको छ । कसैले अन्नवतीऋचाका साथै रुद्राभिषेकमा प्रयोग गरिने शतरुद्रीयमन्त्रहरूको पाठ गर्नुपर्ने कुरा बताएका छन् । सौम्यसूक्त, **अग्निमीडे**का नौ ऋचाका साथै **नायज्वरीरिष** इत्यादि बाह्र मन्त्रहरू पनि पाठ्यमन्त्रका रूपमा निर्दिष्ट छन् । **हेमाद्रि**ले यस सम्बन्धमा आफ्नो कुलको आचारअनुसार गर्नुपर्ने कुरा बताएका छन् । **हेमाद्रि** आदिकै मतमा यजुर्वेदका **मधुवाता** आदि तीनऋचा र **नमो वः पितरः** आदि ऋचाहरूलाई पनि पढ्नुपर्ने कुरा देखिन्छ । उक्त मन्त्रहरूका साथै शान्तिकाध्याय, मण्डलब्राह्मण, रक्षोहण इत्यादि मन्त्र पढ्नुपर्ने कुरा बताइएको छ । **मैत्रायणीय**हरूको मतमा '**इषे त्वासु भूताय त्वा वायवस्थ देवो वः सविता॰**' इत्यादि पाँच अनुवाक पाठ गर्नुपर्ने निर्देश गरिएको छ ।

कठहरूको मतमा 'सोमाय पितृमते०' इत्यादि अनुवाक र 'उशन्तस्त्वा हवामहे०' इत्यादि अनुवाकको पाठ गर्नुपर्ने कुरा निर्देश गरिएको पाइन्छ । छन्दोगहरूको मतमा गायत्री, बृहद्रथन्तर आदि एक्काईसऋचाहरूको पाठ गर्नुपर्ने कुरा निर्देश गरिएको छ ।

कौथुमशाखाका ब्राह्मणहरूले 'यैर्यद्वा०' इत्यादि १५ साम मन्त्रहरूको पाठगर्नुपर्ने कुरा बताइएको छ । अथर्ववेदीहरूले 'आ इन्द्रस्य बाहु०' यो अप्रतिरथसूक्तका साथै प्राणाय नमः इत्यादि तीन सूक्तको पाठ गर्नुपर्ने कुरा बताइएको छ ।

इन्द्रसोमसूक्त - 'स ते जानाति सुमतिं यविष्ठ य ईवते ब्रह्मणे गातुमैरत् । विश्वान्यस्मै सुदिनानि रायो द्युम्नान्यर्यो वि दुरो अभि द्योत् ।। सेदग्ने अस्तु सुभगः सुदानुर्यस्त्वा नित्येन हविषा य उक्थैः । पिप्रीषति स्व आयुषि दुरोणे विश्वदस्मै सुदिना सासदिष्टिः ।।१।। अर्चामि ते सुमतिं घोष्यवाक् सं ते वावाता जरतामियं गीः । स्वश्वास्त्वा सुरथा मर्जयेमाऽस्मे क्षत्राणि धारयेरनु द्यून् ।।२।। इह त्वा भूर्या चरेदुप त्मन् दोषावस्तर्दीदिवासमनु द्यून्। क्रीडन्तस्त्वा सुमनसः सपेमाऽभि द्युम्ना तस्तिवांसो जनानाम् ।।३।। यस्त्वा स्वश्वः सुहिरण्यो अग्न उपयाति वसुमता रथेन । तस्य माता भवसि तस्य सखा यस्त आतिथ्यमानुषग् जुजोषत् ।।४।। महो रजामि बन्धुता वचोस्तिन्मा पितुर्गोतमादन्वियाय । त्वं नो अस्य वचसश्चिकिद्धि होतर्यविष्ठ सुक्रतो दमूनाः ।।५।। अस्वप्नजस्तरणयः सुशेवा अतन्द्रासोऽवृका अश्रमिष्ठाः । ते पायवः सध्यञ्चो निषद्याऽग्ने तव नः पान्त्वमूर ।।६।। ये पायवो मामतेयं ते अग्ने पश्यन्तो अन्धं दुरितादरक्षन् । ररक्ष तान् त्सुकृतो विश्ववेदा दिप्सन्त इदं रिपवो नाह देभुः ।।७।। त्वया वयं सध्यन्य१स्त्वोतास्तव प्रणीत्यश्याम वाजान् । उभा शंसा सूदय सत्यतातेऽनुष्ठुया कृणुह्यह्रयाण ।।८।। अया ते अग्ने समिधा विधेम प्रति स्तोमं शस्यमानं गृभाय । दहाशसो रक्षसः पाह्य१स्मान् द्रु हो निदो मित्रमहो अवद्यात् ।।९।। इत्यादि (ऋ. ४/४/९-१५) रक्षोहणं वाजिनमा जिघर्मि मित्रं प्रथिष्ठमुप यामि शर्म । शिशानो अग्निः क्रतुभिः समिद्धः स नो दिवा स रिषः पातु नक्तम् ।। इत्यादि (ऋ. १०/८७/१-२५), इन्द्रासोमा तपतं रक्ष उब्जतं न्यर्पयतं वृषणा तमोवृधः । परा शृणीतमचितो न्योषतं हतं नुदेथां निशिशीतमन्त्रिणः ।। इत्यादि (ऋ. ७/१०४-१-२५) ।। अग्ने हंसि न्य१त्रिणं दीघन्मर्त्येष्वा ! स्वे क्षये शुचिव्रत ।।१।। उत्तिष्ठसि स्वाहुतो घृतानि प्रति मोदसे । यत् त्वा स्थुचः समस्थिरन् ।।२।। स आहुतो वि रोचतेऽग्निरीडेन्यो गिरा । स्त्रुचा प्रतीकमज्यते ।।३।। घृतेनाग्निः समज्यते मधुप्रतीक आहुतः । सोचमानो विभावसुः ।।४।। जरमाणः समिध्यसे देवेभ्यो हव्यवाहन । तं त्वा हवन्त मर्त्याः ।।५।। तं मर्ता अमर्त्यं घृते नाग्निं समर्पयत । अदाभ्यं गृहपतिम् ।।६।। अदाम्येन शोचिषाऽग्ने रक्षस्त्वं दह । गोपा ऋतस्य दीदिहि ।।७।। स त्वमग्ने प्रतीकेन प्रत्योष यातुधान्यः । उरुक्षयेषु दीद्यत् ।।८।। तं स्वा गीर्भिरुरुक्षया हव्यवाहं समीधिरे । यजिष्ठं मानुषे जने ।।९।। (ऋ. १०/११८/१-९)

मत्स्यपुराण र पद्मपुराणमा भनिएको छ कि - ब्रह्म, विष्णु, सूर्य र रुद्रका अनेकथरि स्तोत्र इन्द्र, ईश, सोम र शक्तिसँग सम्बद्ध पावमानी सूक्त र पितृलाई अत्यन्त प्रसन्नता प्रदान गर्ने मण्डलब्राह्मणको पाठ गर्नुपर्दछ । यी सबै पाठ गर्न नसकेमा गायत्रीजप गर्नुपर्दछ ।

पावमानी सूक्त - पावमानीः स्वस्त्ययनीः सुदुघा हि घृतश्चुतः । ऋषिभिः संभृतो रसो ब्राह्मणेष्वमृतं हितम् ।।१।। पावमानीर्दिशन्तु न इमं लोकमथो अमुम् । कामान् त्समर्धयन्तु नो देवीर्देवैः समाहिताः ।।२।। येन देवाः पवित्रेणात्मानं पुनते सदा । तेन सहस्त्रधारेण पावमान्यः पुनन्तु माम् ।।३।। प्राजापत्यं पवित्रं शतोद्यामं हिरणमयम् । तेन ब्रह्मविदो वयं पूतं ब्रह्म पुनीमहे।।४।। इन्द्रः पुनीती सह मा पुनातु सोमः स्वस्त्या वरुणः समीच्या। यमो राजा प्रमृणाभिः पुनातु मा जातवेदा मूर्जयन्त्या पुनातु ।।५।। ऋषयस्तु तपस्तेपुः सर्वे स्वर्गजिगीषवः । तपन्तस्तपसोग्रेण पावमानीर्ऋचोऽब्रुवन् ।।६।। यन्मे

गर्भे वसतः पापमुग्रं यज्जायमानस्य च किञ्चिदन्यत् । जातस्य च यच्चापि च वर्धतो मे तत् पावमानीभिरहं पुनामि ।।७।। मातापित्रोर्यन्न कृतं वचो मे यत् स्थावरं जङ्गममाबभूव । विश्वस्य यत् प्रहषितं वचो मे तत् पावमानीभिरहं पुनामि ।।८।। गोघ्नात् तस्करत्वात् स्त्रीवधाद्यच्च किल्विषम् । पापकं च चरणेभ्यस्तत् पावमानीभिरहं पुनामि ।।९।। ब्रह्मवधात् सुरापानात् स्वर्णस्तेयाद् वृषलीगमनमैथुनसङ्गमात् । गुरोर्दाराधिगमनाच्च तत् पावमानीभिरहं पुनामि ।।१०।। बालघ्नान् मातृपितृवधाद्भूमितस्करात्सर्ववर्णगमनमैथुनसङ्गमात् । पापेभ्यश्च प्रतिग्रहात् सद्यः प्रहरति सर्वदुष्कृतं तत्पावमानीभिरहं पुनामि ।।११।। क्रयविक्रयाद्योनिदोषाद् भक्षाद्भोज्यात्प्रतिग्रहात् । असम्भोजनाच्चापि नृशंसं तत् पावमानीभिरहं पुनामि ।।१२।। दुर्यष्टं दुरधीतं पापं यच्चाज्ञानतो कृतम् । अयाजिताश्चासंयाज्यास्तत् पावमानीभिरहं पुनामि ।।१३।। अमन्त्रमन्नं यत्किञ्चिद् हूयते च हुताशने । संवत्सरकृतं पापं तत् पावमानीभिरहं पुनामि ।।१४।। ऋतस्य योनयोऽमृतस्य धाम विश्वा देवेभ्यः पुण्यगन्धाः । ता न आपः प्र वहन्तु पापं शुद्धा गच्छामि सुकृतामु लोकं तत्पावमानीभिरहं पुनामि ।।१५।। पावमानीः स्वस्त्ययनीर्याभिर्गच्छति नान्दनम् । पुण्यांश्च भक्षान् भक्षयत्यमृतत्वं च गच्छति ।।१६।। पावमानीः पितृन् देवान् ध्यायेद्यश्च सरस्वतीम् । पितृंस्तस्योप वर्तेत क्षीरं सर्पिर्मधूदकम् ।।१७।। पवमानं परं ब्रह्म शुक्रं ज्योतिः सनातनम् । ऋषींस्तस्योप तिष्ठेत् क्षीरं सर्पिर्मधूदकम्।।१८।। पावमानं परं ब्रह्म ये पठन्ति मनीषिणः । सप्तजन्म भवेद्विप्रो धनाढ्यो वेदपारगः।।१९।। दशोत्तराण्यृचांश्चैव पावमानीः शतानि षट् । एतज्जुह्वन् जपेन् मन्त्रं घोरमृत्युभयं हरित् ।।२०।। एतत्पुण्यं पापहरं रोगमृत्युभयापहम् । पठतां शृण्वतां चैव ददाति परमां गतिम् ।।२१।। (ऋ.परि.सू. १८मं. १-२१)

मण्डलब्राह्मण - यदेतन्मण्डलन्तपति । तन्महदुक्थन्ताऽऋचः स ऽऋचाँल्लोकोऽधो यदेतदर्च्चिर्द्दीप्यते तन्महाव्रतन्तानि सामानि स साम्नाँल्लोकोऽथ यऽएषऽएतस्मिन्मण्डले पुरुषः सोऽग्निस्तानि यजूंषि स यजुषाँल्लोकः ।। इत्यादि (शतपथब्रा. १०/५/२/१-२३)

पृथ्वीचन्द्रोदयमा उद्धृत ब्रह्मपुराणको वचनमा भनिएको छ - ब्राह्मणहरूलाई त्यसबेला वीणा र बाँसुरीको ध्वनि सुनाउनुपर्दछ । पुरुषसूक्तको पाठ गर्नुपर्दछ । यसैगरी नाचिकेतत्रय, तैत्तरीयक, कठवल्ली र शतपथब्राह्मणमा रहेका नाचिकेत अग्निको स्तुति पढ्नुपर्दछ । मधुवाता ऋतायते इत्यादि त्रिमधुको जप गर्नुपर्दछ । यसैगरी त्रिसुपर्ण 'चतुष्कपर्दा युवतिः' इत्यादि तीन ऋचाहरूको पाठ गर्नुपर्दछ र ब्राह्मणहरूलाई पावमानीमन्त्र सुनाउनुपर्दछ ।

हविर्गुणादिकथने तथा प्रौढपादादिना भोजने पाने च विचारः

हेमाद्रावत्रिः -

हुङ्कारेणापि यो ब्रूयाद्धस्ताद्वापि वदेद् गुणान् । भूतलाच्चोद्धरेत्पात्रं मुञ्चेद्धस्तेन वा पिबेत् ।।
प्रौढपादो बहिःकच्छो बहिर्जानुकरोऽपि वा । अङ्गुष्ठेन विनाश्नाति मुखशब्देन वा पुनः ।।
पीतावशिष्टतोयानि पुनरुद्धृत्य वा पिबेत् । खादितार्धात् पुनः खादेन्मोदकानि फलानि च ।।
मुखेन वा धमेदन्नं निष्ठीवेद्भाजनेपि वा । इत्थमश्नन् द्विजः श्राद्धं हत्वा गच्छत्यधोगतिम् ।।

भोजन गर्दा विपरीत विधि भएमा हानि

हेमाद्रिमा उद्धृत अत्रिको वचनमा भनिएको छ - भोजन गर्न लागेका ब्राह्मणले 'हुँ हुँ' भनेर अथवा हातको इसारा गरी अन्नका गुण वा अवगुणको वर्णन गर्दछ भने, एउटा खुट्टामाथि अर्को खुट्टा राखेर भोजन गर्दछ भने, हातलाई घुँडामाथि राखेर भोजन गर्दछ भने, भोजनमा बूढी औंला नचोबीकन भोजन गर्दछ भने, मुखबाट शब्द गर्दै भोजन गर्दछ

भने, एकचोटि खाएको पानी ओकलेर फेरि खान्छ भने, खाएर बाँकी रहेको जल फेरि झिकेर खान्छ भने, भोजन गरेर बचेको लड्डु आदि पदार्थ र फल फेरि खान्छ भने, मुखले अन्नमा फुक्छ भने, अथवा पात्रमा थुक्दछ भने त्यस्तो ब्राह्मणले श्राद्धको नाश गर्दछ र आफू पनि अधोगतिमा प्राप्त हुन्छ ।

श्राद्धे भोक्तृनियमः

जाबालिः – **'इष्टमुष्णं हविष्यञ्च दद्यादन्नं शनैःशनैः ।'** वृद्धशातातपः –

अपेक्षितं याचितव्यं श्राद्धार्थमुपकल्पितम् । न याचते द्विजो मूढः स भवेत् पितृघातकः ।।

यत्तु यमः – **'श्राद्धे द्विजो नैव दद्यान्न याचेन्नैव दापयेत् ।'** इति तद्दत्तसम्पादितवस्तुविषयमिति हेमाद्रिः।

हारीतः– **ऊर्ध्वपाणिश्च विहसन् सक्रोधो विस्मयान्वितः। भुग्नपृष्ठश्च यद् भुङ्क्ते न तत्प्रीणाति वै पितॄन्।।**

प्रचेताः– **न स्पृशेद्वामहस्तेन भुञ्जानोऽन्नं कदाचन । न पादौ न शिरो वस्तिं न पदा भाजनं स्पृशेत्।।**

श्राद्धमा भोक्ताको नियम

श्राद्धभोजनका नियम बताउँदै **जाबालिले** भनेका छन् कि – ब्राह्मणले चाहेअनुसार उनलाई प्रदान गरिने तात्तातो भोजन शनै-शनै दिनुपर्दछ, एकैचोटि धेरै दिनुहुँदैन । **वृद्धशातातपले** भनेका छन् – श्राद्धको निमित्त बनेको अन्न भोजन गर्ने इच्छा हुँदाहुँदै पनि जुन मूर्ख ब्राह्मणले मागेर खाँदैन भने त्यो पितृघातक हुन्छ । **यमले** भनेका छन् – 'श्राद्धमा भोजन गरिरहेका ब्राह्मणले आफूलाई टक्र्याएको भोजनबाट छुट्याएर कसैलाई दिनु हुँदैन । अरू ब्राह्मणसँग पनि माग्नु हुँदैन । अरू ब्राह्मणलाई दिनुपर्छ भनेर दिलाउने काम पनि गर्नुहुँदैन ।' यो भनाइप्रति असहमत हुँदै **हेमाद्रि** भन्दछन् – **यमको** यो वचन नपाकिएको वस्तुतर्फ सङ्केत गरी उल्लेख गरिएको हो, पाकेको वस्तुसँग सम्बद्ध होइन ।

हारीतले भनेका छन् – हात उठाएर हाँस्दै अथवा रिसाउँदै अथवा अचम्म मान्दै अथवा आफ्नो पिँठ्यूलाई बाङ्गोटिङ्गो गराएर असभ्य तरिकाले जुन ब्राह्मणले भोजन गर्दछ, त्यसबाट निश्चय नै पितृहरू तृप्त हुँदैनन् । **प्रचेताले** भनेका छन् – भोजन गरिरहेको ब्राह्मणले कहिले पनि बायाँ हातले अन्नको स्पर्श गर्न हुँदैन । खुट्टाले पनि अन्नपात्र स्पर्श गर्न हुँदैन र शिर र नाभिदेखि तलका कुनै अङ्गमा पनि स्पर्श गर्न हुँदैन ।

शङ्खः– **श्राद्धपङ्क्तौ तु भुञ्जानो ब्राह्मणो ब्राह्मणं स्पृशेत् । तदन्नमत्यजन् भुक्त्वा गायत्र्यष्टशतं जपेत्।।**

उशनाः – **भोजनं तु न निःशेषं कुर्यात् प्राज्ञः कथञ्चन । अन्यत्र दध्नः क्षीराद्वा क्षौद्रात्सक्तुभ्य एव च।।**

ब्राह्मे – **न चाश्रु पातयेज्जातु न शुष्कां गिरमीरयेत् । न चोद्वीक्षेत भुञ्जानान्न च कुर्वीत मत्सरम् ।।**

यमः – **'स्वाध्यायं श्रावयेत्सम्यग्धर्मशास्त्राणि चैव हि ।'** प्रचेताः –

भुञ्जानेषु तु विप्रेषु ऋग्यजुःसामलक्षणम् । जपेदभिमुखो भूत्वा पित्र्यं चैव विशेषतः ।।

यजूंषि चैव रुद्रं च रक्षोघ्नीर्ऋचः एव च ।। रक्षोघ्नीः – कृणुष्वपाजः, रक्षोहणमित्याद्याः । तत्रैव निगमः– **'भुञ्जत्सु जपेत् पावमानीरुदीरतांमध्वन्नवतीश्च ।'** **अन्नवत्यः** – पितुं नुस्तोषमिति ।

शङ्खले भनेका छन् – भोजन गरिरहेको ब्राह्मणले अर्को ब्राह्मणलाई स्पर्श गरेमा त्यसको भोजनपात्रमा रहेको अन्नत्याग नगरी भोजन गर्नुपर्दछ त्यसपछि १०८ पटक गायत्रीमन्त्र जपी प्रायश्चित्त गर्नुपर्दछ । **उशनाले** भनेका छन् – बुद्धिमान् ब्राह्मणले भोजन गर्दा कहिले पनि सम्पूर्ण भोजन गर्न हुँदैन अर्थात् थालीमा केही अंश छाडिदिनुपर्दछ । तर दूध,

दही, मह र सातु भने छोड्नु हुँदैन ।

ब्रह्मपुराणमा भनिएको छ कि भोजन गर्ने ब्राह्मणले आँखाबाट आँसु चुहाउनु हुँदैन, रुखो बोली बोल्न हुँदैन, अरू भोजन गरिरहेका ब्राह्मणहरूतर्फ दृष्टि लगाउन हुँदैन र कसैसँग ईर्ष्या-डाह पनि गर्नुहुँदैन । **यम**ले भनेका छन् – 'भोजन गरिरहेका ब्राह्मणलाई कर्ताले वेद र धर्मशास्त्र राम्ररी सुनाउनुपर्दछ ।' **प्रचेता**ले भनेका छन् – ब्राह्मणहरूले भोजन गरिरहँदा कर्ताले ऋग्वेद, यजुर्वेद र सामवेदका मन्त्रहरूको पाठ गर्नुपर्दछ । तिनमा पनि खासगरी पितृसम्बन्धी मन्त्रहरूको पाठ गर्नुपर्दछ । यजुर्वेदसंहिताको रुद्राध्याय अर्थात् '**नमस्ते**' देखि आरम्भ हुने सम्पूर्ण सोह्रौं अध्याय, ऋग्वेदको '**रक्षोघ्नी**' र '**रक्षोहणम्**' मन्त्रको पाठ गर्नुपर्दछ । **कृष्णुष्वपाजः० रक्षोहणम्०** आदि मन्त्रलाई रक्षोघ्नी भनिन्छ ।

रक्षोहणम् मन्त्र – **रक्षोहणं बलगहनं वैष्णवीमिदमहन्तं बलगमुत्किरामि यम्मे निष्ट्यो यममात्यो निचखाने दमहन्तं बलगमुत्किरामि यम्मे समानो यमसमानो निचखाने दमहन्तं बलगमुत्किरामि यम्मे सबन्धुर्यमसबन्धुर्निचखाने दमहन्तं बलगमुत्किरामि यम्मे सजातो यमसजातो निचखानोत्कृत्त्याङ्किरामि ।।१।। रक्षोहणो वो बलगहनः प्रोक्षामि वैष्णवान् रक्षोहणो वो बलगहनो वनयामि वैष्णवान् रक्षोहणो वो बलगहनो वस्तृणामि वैष्णवान् रक्षोहणौ वां बलगहनाऽउपदधामि वैष्णवी रक्षोहणौ वां बलगहनौ पर्यूहामि वैष्णवमसि वैष्णवास्थ ।।२।।** इत्यादि ।

निगममा भनिएको छ कि ब्राह्मणहरूले भोजन गरिरहँदा '**पावमानी०**', '**मधुवाता०**' ऋचाका साथै तल उल्लेख गरिएका अन्नवती ऋचाहरूको पाठ गर्नुपर्दछ ।

अन्नवती ऋचा – '**पितुं न स्तोषं महो धर्माणं तविषीम् । यस्य त्रितो व्योजसा वृत्रं विपर्वमर्दयत् ।।१।। स्वादो पितो मधो पितो वयं त्वा ववृमहे । अस्माकमविता भव ।।२।। उप नः पितवा चर शिवः शिवाभिरूतिभिः । मयोभुरद्विषेण्यः सखा सुशेवो अद्वयाः ।।३।। तव त्ये पितो रसा रजांस्यनु विष्ठिताः । दिवि वाता इव श्रिताः ।।४।। तव त्ये पितो ददतस्तव स्वादिष्ठ ते पितो । प्र स्वाद्मानो रसानां तुविग्रीवा इवेरते ।।५।। त्वे पितो महानां देवानां मनो हितम्। अकारि चारुकेतुना तवाहिमवसावधीत् ।।६।। यददो पितो अजगन् दिवस्व पर्वतानाम् । अत्रा चिन्नो मधो पितोऽरं भक्षाय गम्याः ।।७।। यदपामोषधीनां परिंशमारिशामहे । वातापे पीव इद् भव ।।८।। यत्ते सोम गवाशिरो यवाशिरो भजामहे । वातापे पीव इद् भव ।।९।। करंभ ओषधे भव पीवो वृक्क उदारथिः वातापे पीब इद् भव ।।१०।। तं त्वा वयं पितो वचोभिर्गावो न हव्या सुषूदिम । देवेभ्यस्त्वा सधमादमस्मभ्यं त्वा सधमादम् ।।११।।** (ऋ. १/१८७/१-११)'

श्राद्धे विप्रवमने प्रायश्चित्तकथनम्

पृथ्वीचन्द्रोदये भरद्वाजः –

भुञ्जानेषु तु विप्रेषु प्रमादात्स्रवते गुदम् । पादकृच्छ्रं ततः कृत्वा अन्यं विप्रं नियोजयेत् ।।

क्षणपाद्यादि दत्त्वेत्यर्थः । विप्रवमने तत्रैव दक्षः –

निमन्त्रितस्तु यः श्राद्धे भोजने मुखनिःसृते । तदैव होमं कुर्वीत स्वाग्नौ विप्रः समाहितः ।।

प्राणादिपञ्चभिर्मन्त्रैर्यावद् द्वात्रिंशसंख्यया । ब्राह्मणस्तु ततः कृत्वा घृतप्राशनमाचरेत् ।।

श्राद्धमा विप्रले वमन गरेमा प्रायश्चित्त

पृथ्वीचन्द्रोदयमा उद्धृत **भरद्वाज**को वचनमा भनिएको छ कि – ब्राह्मणहरूले श्राद्धभोजन गर्दा कुनै ब्राह्मणको प्रमादवश मलद्वारबाट मलस्राव भएमा पादकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ ।[४६] यो प्रायश्चित्त कर्ताले गर्नुपर्दछ। त्यसपछि ती

४६. पादकृच्छ्र प्रायश्चित्तमा नक्तभोजन, एकभक्त र अयाचित भोजन गर्दै उपवास गरिन्छ ।

ब्राह्मणको सट्टा अरू कुनै ब्राह्मणलाई भोजन गराउनुपर्दछ । यदि मलस्रावको सट्टा मूत्रस्राव भएमा जलको स्पर्श गरी अहोरात्र उपवास गरेर पञ्चगव्यपान गरेपछि शुद्धि हुन्छ । शूद्र आदिसँग छोइएमा पनि यही विधि अपनाउनुपर्दछ । मलस्राव भएको व्यक्तिको सम्बन्धमा उक्त पद्यको आशय के हो भने तत्काल ब्राह्मणलाई शुद्धिका निमित्त पठाएर दोस्रो ब्राह्मणको व्यवस्था गर्नुपर्दछ भनिएको हो । ब्राह्मणको वमनसम्बन्धमा **दक्षले** भनेका छन् कि – निमन्त्रित वैश्वदेविक ब्राह्मणको मुखबाट वान्ता भएमा तत्काल लौकिक अग्निमा एकाग्र मनबाट ब्राह्मणले '**प्राणाय स्वाहा, अपानाय स्वाहा, व्यानाय स्वाहा, उदानाय स्वाहा, समानाय स्वाहा**' यी पाँचमन्त्रहरूको आवृत्ति गर्नुपर्दछ । यी पाँचमन्त्रहरूलाई छपटक आवृत्ति गर्दा ३० को सङ्ख्या हुन्छ । फेरि प्राण र अपानको मात्र आवर्तन गर्दा बत्तीस हुन्छ । यसरी बत्तीसपटक उक्त मन्त्रको पाठ गर्नुपर्दछ भनिएको छ ।[४७] यसरी ३२ सङ्ख्यामा मन्त्रको जप गरेपछि होमशेष गर्नुपर्दछ । तदनन्तर ब्राह्मणले स्नान आदि गरेर घिउ पिउनु पर्दछ ।

ऋग्विधाने तु विशेषः

ऋग्विधाने तु– **इन्द्राय सामसूक्तेन श्राद्धविघ्नो यदा भवेत् । अग्न्यादिभिर्भोजनेन श्राद्धं सम्पूर्णमेव हि।।** इत्युक्तम् । अग्न्यादिभिरिति लौकिकाग्निस्थापनचरुनिर्वापाज्यभागान्ते नामगोत्रपूर्वमग्नौ पितॄनावाह्य सम्पूज्यान्नत्यागं कृत्वा प्राणादिभिर्द्वात्रिंशदाहुतीर्हुनेदित्यर्थः । भोजनेन पुनःश्राद्धेन । तेन होमः पुनः श्राद्धं चेति पक्षद्वयमुक्तम् । सूक्तजपस्तूभयानुगतः।

ऋग्विधानमा विशेष

ऋग्विधानमा भनिएको छ कि – श्राद्धमा विघ्नस्वरूप कुनै ब्राह्मणले वमन गरेमा 'इन्द्रसाम' सूक्तको पाठ गरी लौकिक अग्निको स्थापना गर्नुपर्दछ । त्यसपछि पुनः श्राद्ध गराउँदा श्राद्धले पूर्णता प्राप्त गर्दछ ।

इन्द्रसामसूक्त – **इन्द्राय साम गायत विप्राय बृहते बृहत् । धर्मकृते विपश्चिते पनस्यवे ।।१।। त्वमिन्द्राभिभूरसि त्वं सूर्यमरोचयः विश्वकर्मा विश्वदेवो महाँ असि ।।२।। विभ्राजञ्ज्योतिषा स्व१रगच्छो रोदनं दिवः । देवास्त इन्द्र सख्याय येमिरे ।।३।। एन्द्र नो गधि प्रियः सत्राजिदगोह्यः । गिरिर्न विश्वतस्पृथुः पतिर्दिवः ।।४।। अभि हि सत्य सोमपा उभे बभूथ रोदसी । इन्द्रासि सुन्वतो वृधः पतिर्दिवः ।।५।। त्वं हि शश्वतीनामिन्द्र दर्ता पुरामसि । हन्ता दस्योर्मनोर्वृधः पतिर्दिवः ।।६।। अधा हीन्द्र गिर्वण उप त्वा कामान्महः ससृज्महे । उदेव यन्त उदभिः ।।७।। वार्ण त्वा यव्याभिर्वर्धन्ति शूर ब्रह्माणि। वावृध्वांसं चिदद्रिवो दिवे दिवे।।८।। युञ्जन्ति हरी इषिरस्य गाथयोरौ रथ उरुयुगे । इन्द्रवाहा वचोयुजा।।९।। त्वं न इन्द्रा भरँ ओजो नृम्णं शतक्रतो विचर्षणे । आ वीरं पृतनाषहम् ।।१०।। त्वं हि नः पिता वसो त्वं माता शतक्रतो बभूविथ । अधा ते सुम्नमीमहे ।।११।। त्वां शुष्मिन् पुरुहूत वाजयन्तमुप ब्रुवे शतक्रतो । स नो रास्व सुवीर्यम् ।।१२।।** (ऋ. ८/९८/१-१२)

सुरूपकृत्नुमूतये सुदुधामिह गोदुहे । जुहुमसि द्यविद्यवि ।।१।। उप नः सवना गहि सोमस्य सोमपाः पिब । गोदा इद् रेवतो मदः ।।२।। अथा ते अन्तमानां विद्याम सुमतीनाम् । मा नो अतिख्य आ गहि ।।३।। परे हि विग्रमस्तृतमिन्द्रं पृच्छा विपश्चितम् । यस्ते सखिभ्य आ वरम् ।।४।। उत ब्रुवन्तु नो निदो निरन्यतश्चिदारत । दधाना इन्द्र इद् दुवः ।।५।। उत नः सुभगाँ अरिर्वोचेयुर्दस्म कृष्टयः । स्यामेदिन्द्रस्य शर्मणि ।।६।। एमाशुमाशवे भर यज्ञश्रियं नृमादनम् । पतयन् मन्दयत्सखम् ।।७।। अस्य पीत्वा शतक्रतो धनो वृत्राणामभवः । प्रावो वाजेषु

४७. श्राद्धमञ्जरीमा भने उक्त पाँच मन्त्रहरूलाई ३२ पटक दोहोर्‍याउँदा १६० सङ्ख्या हुन्छ । यही सङ्ख्यामा जप गर्नुपर्ने कुरा बताइएको छ।

वाजिनम् ।।८।। तं त्वा वाजेषु वाजिनं वाजयामः शतक्रतो । धनानामिन्द्र सातये ।।९।। यो रायो३ वनिर्हमहान्त्सुपारः सुन्वतः सखा । तस्मा इन्द्राय गायत ।।१०।। इत्यादि ।

सामसूक्तबाट नै लौकिकअग्निको स्थापना गरेर चरुनिर्वाप गरी आज्यभागको अन्त्यमा पिताको आवाहन गर्दै नाम-गोत्र उच्चारणपूर्वक अग्निमा हवन गर्दा प्रायश्चित्त हुन्छ । त्यसपछि पितृहरूको आवाहन-पूजन गरेर आज्यभागको अन्नद्वारा **प्राणाय स्वाहा**[४८] आदि मन्त्रले ३२ पटक आहुति दिनुपर्दछ भन्ने तात्पर्य हो । यहाँ माथि मूलमा भोजनशब्द प्रयोग भएकाले फेरि श्राद्ध गर्नुपर्ने कुरा ज्ञात हुन्छ । किनभने होम र फेरि श्राद्ध गर्नुपर्दछ भन्ने वचन उल्लेख गरिएको छ। यसमा पनि दुई पक्ष छन् – कसैले फेरि श्राद्ध गर्नुपर्दैन भनेका छन् र कसैले पर्दछ भनेका छन् । तर दुवै पक्षले सामसूक्तको जप गर्नुपर्ने कुरा बताएका छन् ।

स्मृतिसंग्रहे – **प्राधान्यं पिण्डदानस्य भोजनस्य तदङ्गता । अतो भुक्तिक्रियाहानौ श्राद्धावृत्तिं न मन्वते ।।**

पिण्डदानोत्तरं वान्तौ होम एव नावृत्तिः । पिण्डदानात् प्राग्वान्तौ तद्दिने उपवासं कृत्वा परेद्युः पुनः श्राद्धं कार्यमित्यर्थः । तत्रैव –

एक एव यदा विप्रो भोजने छर्दितो यदि । तदैवाग्निं समाधाय होमं कुर्याद्यथाविधि ।।

स्मृतिसंग्रहमा भनिएको छ – श्राद्धमा पिण्डदान प्रधान विषय हो र भोजन त्यसको अङ्ग हो । त्यसकारण भोजनक्रियामा कारणवश विघ्न हुनआएमा श्राद्धको आवृत्ति गर्नुपर्दैन । पिण्डदानपछि वमन भएमा होममात्र गरिन्छ श्राद्ध गर्नुपर्दैन । तर पिण्डदानभन्दा पहिले ब्राह्मणले वमन गरेमा त्यो दिन उपवास गरेर दोस्रो दिन फेरि श्राद्ध गर्नुपर्दछ भनिएको छ ।

त्यहीं नै भनिएको छ कि – श्राद्धपंक्तिमा भोजन गरिरहेको ब्राह्मणले वमन गरेमा लौकिकअग्निको स्थापना गरेर अग्निको पूजा गर्नुपर्दछ । फेरि त्यहीं नै भनिएको छ – ब्राह्मणपंक्तिमा रहेका अनेकौं ब्राह्मणमध्ये एउटामात्र ब्राह्मणले वान्ता गरेमा तत्काल अग्निको स्थापना गरी विधिपूर्वक हवन गर्नुपर्दछ ।

द्वितीयपक्षे ऋग्विधाने –

भोजनोपक्रमादूर्ध्वं प्रक्रमात् पूर्वतो यदि । श्राद्धविघ्ने पुनः कार्यं जपहोमौ न तृप्तिदौ ।।

स्मृतिसंग्रहे – **अकृते पिण्डदाने तु भुञ्जानो ब्राह्मणो वमेत् । पुनः पाकात्तु कर्तव्यं पिण्डदानं यथाविधि।।**

पिण्डदानम् – श्राद्धम् ।

अकृते पिण्डदाने तु पिता यदि वमेत्तदा । पुनः पाकं प्रकुर्वीत श्राद्धं कुर्याद्यथाविधि ।।

इति तत्रैवोक्तेः । यथा –

पित्रर्थानां त्रयाणां हि पिता च वमते यदि । तद्दिने चोपवासः स्यात्पुनः श्राद्धं परेऽहनि ।।

वमने वा विरेके वा तद्दिनं परिवर्जयेत् ।। एषु वचनेषु मूलं चिन्त्यम् । इदं मासिकाब्दिकविषयम् । दर्शादौ तु वान्तावामेन तदैव कार्यम् ।

---

४८. प्राणाय स्वाहा, अपानाय स्वाहा, व्यानाय स्वहा, उदानाय स्वाहा, समानाय स्वाहा यी पाँच मन्त्रलाई ६ पटक दोहोऱ्याउँदा ३० को सङ्ख्या हुन्छ त्यसपछि प्राणाय स्वाहा र अपानाय स्वाहा यी दुई मन्त्रलाई फेरि एक-एकपटक दोहोऱ्याउँदा ३२ को संख्या हुन्छ भन्ने कुरा निर्णयसिन्धुको कृष्णंभट्टी टीकामा उल्लेख गरिएको छ । कहीं फेरि यी पाँच मन्त्रलाई ३२ पटक आवृत्ति गर्दा १६० सङ्ख्या हुन्छ। अतः उक्त संख्या हुने गरी ३२ पटक दोहोऱ्याउनुपर्दछ भनिएको छ।

ऋग्विधानमा दोस्रो पक्षको तर्फबाट भनिएको छ – भोजन गरेपछि र पिण्डदानभन्दा पहिले पिण्ड दिएर गरिने श्राद्धमा विघ्न पर्न आएमा फेरि श्राद्ध गर्नुपर्दछ । दोस्रो पक्षको भनाइअनुसार सामसूक्तजप र हवनले मात्र पितृलाई तृप्ति हुँदैन र पुनः श्राद्ध गरेमा मात्र पितृहरू तृप्त हुन्छन् । **स्मृतिसंग्रह**मा भनिएको छ – पिण्डदान नगर्दै ब्राह्मणले वमन गर्दछ भने फेरि अन्नपाक गरेर यथाविधि पिण्डदानसहित श्राद्ध गर्नुपर्दछ । पिण्डदान नगर्दै पिताको स्थानमा राखिएका ब्राह्मणले वमन गरेमा पनि फेरि भोजन बनाएर यथाविधि श्राद्ध गर्नुपर्दछ भन्ने कुरा पनि **स्मृतिसंग्रह**मा नै लेखिएको छ ।

त्यहीं नै फेरि भनिएको छ – पितृ, पितामह र प्रपितामह यी तीनमध्ये पिताको स्थानमा रहेका ब्राह्मणले वमन गरेमा त्यो दिन उपवास गरी दोस्रो दिन श्राद्ध गर्नुपर्दछ । किनकि वमन र विरेचन दुई कर्म हुँदा त्यो दिन दूषित हुनाले त्यसको परित्याग गर्न भनिएको हो । ग्रन्थकार भन्दछन् – उक्त वचनका प्रमाण विचारणीय छन् र अर्को दिन श्राद्ध गर्नुपर्दछ भन्ने कुरा पनि मासिक र वार्षिक श्राद्धका निमित्त हो । अमावास्या आदि तिथिमा गरिने श्राद्धमा त वमन गरे पनि आमान्न तयार गरी त्यसै दिन श्राद्ध गर्नुपर्दछ भनिएको छ ।

श्राद्धविघ्ने द्विजातीनां कर्तव्यविचारः

श्राद्धविघ्ने द्विजातीनामामश्राद्धं प्रकीर्तितम् । अमावास्यादिनियतं माससंवत्सरादृते ।।

इति मरीचिस्मृतेः । **'श्राद्धे पिण्डदानमेव प्रधानम्'** इति कर्काचार्याः । तन्मते दक्षोक्तो होम एव नावृत्तिः । विप्रभोजनमिति मेधातिथिः । भोजनपिण्डदानाग्नौकरणानीति कपर्दिधूर्तस्वामिहेमाद्र्यादयः । तन्मते पूर्वोक्तो निर्णयः। अन्नत्यागमात्रं प्रधानम् । भोजनं तु प्रतिपत्तिरूपमङ्गम् । अतो वान्तौ तद्धानेपि नावृत्तिरिति गौडमैथिलादयः । तन्न । श्राद्धस्य यागदानोभयरूपत्वात्सम्पूर्णदानाभावात् भोजनस्याङ्गत्वेपि सोमवमने इव नैमित्तिकविधानमिति युक्तं प्रतीमः।

श्राद्धमा विघ्न हुँदा ब्राह्मण आदिले गर्नुपर्ने कर्तव्यसम्बन्धी विचार

श्राद्धमा विघ्न भएमा द्विजातिले अमावास्यामा आमश्राद्ध गर्नुपर्ने कुरा बताइएको छ । तर मासिक र वार्षिक श्राद्धमा आमश्राद्ध गर्न हुँदैन भन्ने कुरा **मरीचिस्मृति**मा भनिएको छ । श्राद्धमा पिण्डदान नै प्रधान विषय हो भन्ने कुरा **कर्काचार्य**ले बताएका छन् । **कर्काचार्य**को मतमा श्राद्धमा विघ्न परेमा दक्षस्मृतिमा बताइएको होम नै विघ्ननिवारण गर्ने प्रमुख उपाय हो । श्राद्धको आवृत्ति गरिँदैन । **मेधातिथि**ले भनेका छन् – श्राद्धमा विप्रभोजन नै प्रधान विषय हो । **कपर्दी, धूर्तस्वामी** र **हेमाद्रि**ले भोजन, पिण्डदान र अग्नौकरणलाई श्राद्धका प्रमुख अङ्ग मानेका छन् । उनीहरूको मतमा पहिले बताइएको निर्णय नै उचित छ । अन्नदानमात्रै प्रधान विषय हो, भोजन त प्राप्तिरूप एउटा अङ्ग हो । यसैले वमनमा श्राद्धको आवृत्ति हुँदैन भन्ने कुरा **गौड, मैथिल** आदि विद्वान्हरूको भनाइ छ ।

ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । श्राद्धको याग र दान दुवै स्वरूप मानिएकाले वमन हुँदा सम्पूर्ण दान नहुने भएकाले भोजन अङ्ग भए पनि सोमवमनमा जस्तै नैमित्तिकविधान गर्नु उचित प्रतीत हुन्छ ।[४९]

४९. यहाँ सोमवमनको सम्बन्धमा जैमिनीय न्यायमालाअनुसार बताइन्छ । वस्तुतः सोमपान दुई प्रकारले गरिन्छ – लौकिक र वैदिक । यहाँ पूर्वपक्ष यसप्रकार छ – 'लौकिक सोमवमन गर्ने मानिसका लागि **'सोमेन्द्रं चरुं निर्वपेत् श्यामाकं सोमवामिनः'** यो विधिवाक्यअनुसार सोमेन्द्र देवतासम्बन्धी श्यामाक चरुको निर्वाप गर्नुपर्दछ । किनकि लौकिक वमनमा इन्द्रियहरूको शक्तिह्रास हुन्छ । यो पूर्वपक्ष हो । सिद्धान्तपक्षअनुसार – लौकिक सोमपानमा कसैले पनि सोमलाई पचाउन सक्दैन, त्यसकारण वमनमा माथि बताइएको श्यामाक चरुको निर्वाप गरिँदैन । वैदिक सोमपानमा पनि यजमानले नै वमन गरेमा उक्त चरुको निर्वाप गरिन्छ । कुनै अन्य ऋत्विक्ले वैदिक सोमपानपछि वमन गरेमा पनि चरुको निर्वाप हुँदैन । यो नियम हो । त्यसैगरी यहाँको श्राद्धमा पनि कुनै ब्राह्मण अथवा श्राद्धकर्ताले वमन गरेमा विधिद्वारा बताइएको नैमित्तिक विधान गर्नुपर्दछ भन्ने भट्टको मत हो ।

अत्रेदं तत्त्वम् । वैश्वदेविकस्य वमने होम एव नावृत्तिः । अङ्गत्वात् । तच्च रक्षार्थत्वात् 'इष्टिश्राद्धे क्रतूदक्षौ' इत्यादिस्मृतेश्च । तत्र जयान् जुहुयादितिवत् । पितामहादेरपि तथा । पितेत्युक्तेरिति केचित् । तस्यापि प्रधानत्वात्पितृवदिति तु युक्तम् । सपिण्डीकरणादौ वार्षिकवत् ।

सपिण्डीकरणादीनि यानि श्राद्धानि षोडश । तत्र पिण्डप्रधानत्वं प्रेतत्वविनिवर्तकम् ।।

इति स्मृतेः । महैकोद्दिष्टादौ तूभयप्राधान्यादावृत्तिरेव । **'एक एव द्विजो भोज्यः पिण्डोऽप्येको विधीयते'** इति स्मृतेः । वृद्धिसङ्कल्पनित्यश्राद्धादौ तु भोजनप्राधान्याद्वान्तावावृत्तिरेव ।

वृद्धिश्राद्धे विकल्पेन पिण्डदानं बुधैः स्मृतम् । नित्यश्राद्धमदेवं स्यात्पिण्डदानविवर्जितम्।।

इति स्मृतेः ।

भुक्तिक्रियायाः प्राधान्यं श्राद्धे सङ्कल्पसंज्ञके । तत्रैव पित्र्यविप्रस्य तूपघाते पुनः क्रियाः ।।

इति संग्रहोक्तेश्च । मघादावप्येवम् । तीर्थमहालयादौ दर्शवदित्याशार्काद्यालोचनेन प्रतीमः ।

यस विषयमा यो रहस्य छ कि – विश्वेदेवस्थानीय ब्राह्मणले वमन गरेमामात्र होम गरिन्छ । वमनको कारणबाट फेरि श्राद्ध गर्नुपर्दैन । किनकि त्यो अङ्ग हो त्यो रक्षाका लागि मात्र गरिन्छ । इष्टिश्राद्धमा क्रतु र दक्षनामक विश्वेदेव हुन्छन् इत्यादि विषय स्मृतिहरूमा बताइएका छन् । जसरी वृद्धिको कामनाले वैदिककर्ममा जयादि मन्त्रद्वारा होम गरिन्छ त्यसैगरी इष्टिश्राद्धमा जयनामक मन्त्रद्वारा होम गरिन्छ । पितामहको श्राद्धमा पनि यही विधि अङ्गीकार गर्नुपर्दछ । कसैले पिताको श्राद्धमा मात्र यो विधि अङ्गीकार गर्नुपर्दछ भनेका छन् तर पितामह पनि पितासमान प्रधानदेवता भएकाले पिताको श्राद्धमा झैं विघ्न परेका दिन उपवास गरी अर्को दिन श्राद्ध गर्नुपर्दछ । सपिण्डीकरण आदि श्राद्धमा त वार्षिक श्राद्धको विधि अपनाइन्छ र पिण्डप्रदान गरिन्छ । सपिण्डीकरणान्त जुन सोह्रश्राद्ध छन्, तिनमा प्रेतत्वनिवृत्तिका लागि दिइने पिण्ड नै प्रधान हुन्छ भन्ने कुरा स्मृतिहरूमा बताइएको छ । पार्वणश्राद्ध र एकोद्दिष्ट आदिमा त पिण्ड र भोजन दुवै प्रधान भएकाले वमन भएमा श्राद्धको आवृत्ति गर्नुपर्दछ । स्मृतिमा भनिएको छ कि एउटै ब्राह्मणलाई भोजन गराउनुपर्दछ र एउटै पिण्डको विधान गर्नुपर्दछ । वृद्धि, सङ्कल्प, नित्यश्राद्ध आदिमा भोजनप्रधान भएकाले वमन भएमा श्राद्धको आवृत्ति गर्नुपर्दछ । विद्वान्हरूले वृद्धिश्राद्धमा विकल्पले पिण्डदान गर्नुपर्दछ भनेका छन् । नित्यश्राद्धमा विश्वेदेव र पिण्डदान हुँदैन भन्ने कुरा स्मृतिमा भनिएको छ ।

संग्रहग्रन्थमा भनिएको छ कि – सङ्कल्पश्राद्धमा भोजनक्रिया नै प्रधान हुन्छ । त्यसमा पिताको लागि स्थापित गरिएका ब्राह्मणमा कुनै किसिमको विपत्ति पर्न आएमा फेरि कर्म गर्नुपर्दछ । मघाश्राद्धमा पनि यही नियम लागू हुन्छ । तीर्थश्राद्ध र महालयश्राद्ध अमावास्यामा गरिने श्राद्धसरह हुन्छन् भन्ने कुरा **आशार्क** आदि विद्वान्हरूको विवेचनाबाट स्पष्ट हुन्छ ।

श्राद्धे विप्रान् तृप्तान् ज्ञात्वा मन्त्रजपादिविधानम्

आश्वलायनः – **'तृप्तान् ज्ञात्वा मधुमतः श्रावयेदक्षन्नमीमदन्तेति च सम्पन्नमिति पृष्ट्वा यद्यदन्नमुपभुक्तं तत्तत्स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य शेषं निवेदयेदभिमतेऽनुमते वा'** इति। अत्र गायत्री मध्विति त्रिकजपोऽपि ज्ञेयः । **'तृप्तान्बुध्वान्नमादाय सतिलं पूर्ववज्जपेत्'** इति प्रचेतसोक्तेः।

श्राद्धमा ब्राह्मणहरूको तृप्ति र मन्त्रजप

आश्वलायनले भनेका छन् – ब्राह्मणहरूले भोजन गरेपछि तृप्त भएको बुझेर 'मधुमती' आदि तीन ऋचा र

'अक्षन्नमीमदन्त ह्यव प्रिया अधूषत । अस्तोषत स्वभानवो विप्रा नविष्ठया मती योजा न्विन्द्र ते हरी ।। (ऋ. १/८२/२)' ऋचाको पाठ गरी ब्राह्मणहरूलाई सुनाउनुपर्दछ । 'भोजन सम्पन्न भयो ?' भनेर कर्ताले प्रश्न गरेपछि ब्राह्मणहरूले 'सुसम्पन्न' भयो भन्नुपर्दछ । जुन-जुन अन्न ब्राह्मणहरूले भोजन गरिसकेका छन् ती-ती अन्नलाई स्थालीपाकका साथ पिण्डका लागि निकालेर बाँकी रहेको अन्न ब्राह्मणलाई निवेदन गर्नुपर्दछ । ब्राह्मणहरूले त्यसलाई स्वीकार गरेमा दिनुपर्दछ । ब्राह्मणले 'तपाईंहरूले आफ्ना बन्धुबान्धवहरूका साथ शेष अन्न भोजन गर्नुहोस्' भनेमा यजमानले त्यो अन्न लिएर श्राद्धको अन्तमा प्रसादको रूपमा इष्टमित्रहरूका साथ भोजन गर्नुपर्दछ । यहाँ गायत्रीमन्त्रको जप र मधुवाता आदि तीनऋचाको जप गर्नुपर्दछ भनिएको छ । **प्रचेताले** भनेका छन् कि – ब्राह्मणहरूलाई तृप्त जानेर उनीहरूले दिएको अन्न ग्रहण गरी पूर्ववत् गायत्री आदिको जप गर्नुपर्दछ ।

भोजनोत्तरं तृप्तिप्रश्नाः

व्यासः – **'तृप्ताः स्थेति तु पृष्टास्ते ब्रूयुस्तृप्ताः स्म इत्यथ ।'** अभिमते विप्रैः स्वीकर्तुमिष्टे ।

भोजनपछि तृप्ति प्रश्न

व्यासले भनेका छन् – ब्राह्मणहरूले भोजन गरेपछि तपाईंहरू तृप्त हुनुभयो भन्ने अर्थमा **'तृप्ताः स्थः'** भनी प्रश्न गर्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूले पनि हामीहरू तृप्त भयौं भन्ने अर्थमा **'तृप्ताः स्मः'** भन्नुपर्दछ । ब्राह्मणहरूले उत्तर दिने विषय उनीहरूकै अधीनमा हुन्छ । तृप्त नभएमा **'तृप्ताः स्मः'** नभन्न सक्छन् ।

शेषान्नविषये प्रश्नोत्तरम्

शौनकोऽपि – **अन्नशेषैश्च किं कार्यमिति पृच्छेत तांस्ततः । ते इष्टैः सह भोक्तव्यमिति प्रत्युक्तिपूर्वकम् ।। प्रदद्युः सकलं तस्मै स्वीकुर्युर्वा यथारुचि ।।**

शेष अन्नको बारेमा प्रश्न र उत्तर

शौनकले भनेका छन् – भोजन गरिसकेका ब्राह्मणहरूसँग कर्ताले शेष रहेको अन्न के गरौं भनी प्रश्न गर्नुपर्दछ । त्यसपछि ब्राह्मणले तपाईंले इष्टमित्रका साथ भोजन गर्नुहोस् भनी शेष अन्न यजमानलाई दिनुपर्दछ । यजमानले पनि आफ्नो इच्छाअनुसार स्वीकार गर्नुपर्दछ ।

श्राद्धविशेषे प्रश्नभेदः

श्राद्धविशेषे प्रश्नभेदमाह हेमाद्रौ विष्णुः – पित्र्ये स्वदितमिति, गोष्ठ्यां सुश्रुतमिति, सम्पन्नमिति अभ्युदये, दैवे रोचते इति, आयुष्यमिति स्वैरेषु । **स्वैरम्** – इच्छाश्राद्धम् ।

श्राद्धविशेषमा प्रश्नभेद

हेमाद्रिमा उद्धृत **विष्णुको** वचनमा भनिएको छ कि – 'पितृश्राद्धमा **स्वदितम्०** अर्थात् राम्रोसँग भोजन गर्नुभयो भनी सोध्नुपर्दछ, गोष्ठीश्राद्धमा **सुश्रुतम्** – राम्ररी वेद पाठ गरियो भनी सोध्नुपर्दछ । वृद्धिश्राद्धमा **सम्पन्नम्** – राम्ररी भोजन सम्पन्न भयो भनी सोध्नुपर्दछ । दैवश्राद्धमा **रोचते** – भोजन रुचिवर्धक भयो भनी सोध्नुपर्दछ । इच्छाश्राद्धमा **आयुष्यम्**– भोजन आयु बढाउने घिउले युक्त थियो भनी सोध्नुपर्दछ ।' यहाँ **स्वैरम्**शब्दको अर्थ इच्छाश्राद्ध हो ।

श्राद्धे विकिरनिरूपणम्

याज्ञवक्ल्यः – **अन्नमादाय तृप्ताःस्थ शेषं चैवानुमान्य च । तदन्नं प्रकिरेद् भूमौ दद्यादापः सकृत्सकृत्।।**

इदं चात्र विकिरदानमन्यशाखिनाम् । आश्वलायनानां तु पिण्डान्त एव सूत्रकृतोक्तम् । कात्यायनस्तु विकिरोत्तरं गायत्र्यादिजपं तृप्तिप्रश्नं चाह । हेमाद्रौ देवलः –

ततः सर्वाशनं पात्रे गृहीत्वा विविधं बुधः । तेषामुच्छेषणस्थाने विकिरं भुवि निक्षिपेत् ।।

माधवीये प्रचेता – **'सार्ववर्णिकमादाय ये अग्नीति भुवि क्षिपेत्'** । स च कुशे कार्यः । **'दर्भेषु विकिरश्च यः'** इत्युक्तेः । मन्त्रः कातीयः –

अग्निदग्धाश्च ये जीवा येप्यदग्धाः कुले मम । भूमौ दत्तेन तृप्यन्तु तृप्ता यान्तु परां गतिम् ।।

इति । अन्ये तु –

असोमपाश्च ये देवा यज्ञभागविवर्जिताः । तेषामन्नं प्रदास्यामि विकिरं वैश्वदेविकम् ।।

इति हेमाद्रौ गोभिलोक्तेन दैवे ।

असंस्कृतप्रमीता ये त्यागिन्यो याः कुलस्त्रियः । दास्यामि तेभ्यो विकिरमन्नं ताभ्यश्च पैतृकम् ।।

इत्यग्निपुराणोक्तेन पित्र्येऽन्नं विकीर्य – **'ये अग्निदग्धाः'** इत्युच्छिष्टपिण्डः कुशोपरि पृथग्दद्यादित्याहुः । पृथ्वीचन्द्रोदयेप्येवम् । ब्राह्मे – **'ततः प्रक्षाल्य हस्तौ च द्विराचम्य हरिं स्मरेत् ।'** माधवीये गौतमः – **'विकिरमुच्छिष्टैः प्रतिपादयेत् ।'** हेमाद्रौ व्यासः – **'उच्छिष्टैरेव विकिरं सदैव प्रतिपादयेत् ।'** भृगुः – **पिण्डवत्प्रतिपत्तिः स्याद्विकिरस्येति तौल्वलिः ।'** श्राद्धकारिकायाम् –

यजमानस्य दासादीनुद्दिश्य द्विजसत्तम । तस्मादन्नं त्यजेद्भूमौ वामभागेषु पैतृके ।।

मनुः – **उच्छेषणं भूमिगतमजिह्मस्याशठस्य च । दासवर्गस्य तत्पित्र्ये भागधेयं प्रचक्षते ।।**

विष्णुः – **'उदङ्मुखेष्वाचनमादौ दद्यात्'** ततः प्राङ्मुखेषु पित्र्ये दैवे चेत्यर्थः । शातातपः – **'विश्वेदेवनिविष्टानां चरमं हस्तधावनम् ।'** हेमाद्रौ वाराहे –

हस्तं प्रक्षाल्य यश्चापः पिबेद् भुक्त्वा द्विजः सदा । तदन्नमसुरैर्भुक्तं निराशाः पितरो गताः ।।

श्राद्धमा विकिर

याज्ञवल्क्यले भनेका छन् – अन्न ग्रहण गरेपछि तपाईंहरू तृप्त हुनुभयो/भएन भन्ने र शेष अन्न के गरौं भन्ने प्रश्न गरेपछि ब्राह्मणकै आज्ञा लिएर शेष अन्नलाई भुईंमा प्रक्षेपण गर्नुपर्दछ र त्यसमाथि जलले सेचन गर्नुपर्दछ ।' यो विकिरदानको विधि अरू शाखाका निमित्त हो । **आश्वलायनहरूले** त पिण्डदानपछि मात्र विकिरको प्रसङ्ग आउँछ भनेका छन् । **कात्यायनले** विकिरदानपछि गायत्रीजप र तृप्तिप्रश्न गर्नुपर्ने कुरा बताएका छन् । **हेमाद्रिमा** उद्धृत **देवलको** वचनमा भनिएको छ – विद्वान्ले ब्राह्मणभोजनका लागि विविध पात्रहरूलाई ग्रहण गरेर पात्रमा शेष रहेको अवशेषलाई भुईंमा प्रक्षेपण गर्नुपर्दछ ।

माधवीयमा उद्धृत **प्रचेताको** वचनमा भनिएको छ – विद्वान्ले सबै प्रकारका अन्न ग्रहण गरेर **'ये अग्नि०'** इत्यादि तलको मन्त्रबाट पृथ्वीमा प्रक्षेपण गर्नुपर्दछ । उक्त मन्त्र यसप्रकार छ – **'ये अग्निदग्धा ये अनग्निदग्धा मध्ये दिवः स्वधया माद न्ते । तेभिः स्वराडसुनीतिमेतां यथावशं तन्वं कल्पयस्व ।।'** (ऋ. १०/१५/१४)

भुईंमा विच्छ्याएको कुशमाथि अन्नप्रक्षेपण गर्नुपर्दछ। त्यसबेला **अग्निदग्धा** इत्यादि मूलमा प्रतिपादित मन्त्रको उच्चारण गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – जुन प्राणी मेरो वंशमा मृत्युकालमा अग्निद्वारा दग्ध भएका छैनन् अर्थात् जसको दाहसंस्कार

भएको छैन अथवा जसको दाहसंस्कार भएको छ ती दुवैथरिका पूर्वजहरू मैले भूमिमा दिएको अन्नबाट तृप्त भएर उत्तम गति प्राप्त गरून् । अरूले भनेका छन् – जुन देवताले सोमपान गरेका छैनन् र जुन देवतालाई यज्ञको भाग प्राप्त भएको छैन, तिनीहरूका निमित्त वैश्वदेविक अन्नरूपी विकिर समर्पण गर्दछु । यो कुरा **हेमाद्रि**मा उद्धृत **गोभिल**को वचनमा भनिएको छ । जुन मानिस विनासंस्कार मरेका छन्, जुन मानिसले हाम्रो कुलका नारीहरूको त्याग गरेका छन्, ती सबै मानिस र तिनले त्याग गरेका नारीहरूका निमित्त पितृलाई बनाएको यो अन्नबाट झिकेर केही अन्न टक्र्याउँदैछु । यहाँ पनि भनिएको छ – **'ये अग्निदग्धा'** मन्त्रद्वारा विकिर कुशमाथि छुट्टै राख्नुपर्दछ । **पृथ्वीचन्द्रोदय**मा पनि यही कुरा बताइएको छ ।

ब्रह्मपुराणमा भनिएको छ कि – विकिर दिएपछि हात धोएर दुईपटक आचमन गरी विष्णुको स्मरण गर्नुपर्दछ । **माधवीय**मा **गौतम**ले भनेका छन् – पिण्डका लागि तयार गरिएको अन्नमध्ये शेष अन्नद्वारा नै विकिर दिनुपर्दछ । **हेमाद्रि**मा उद्धृत **व्यास**को वचनमा भनिएको छ – पिण्डशेष अर्थात् उच्छिष्टद्वारा नै विकिर दान गर्नुपर्दछ । **भृगु**ले भनेका छन् – पिण्डझैं विकिरको पनि प्रतिपत्ति अर्थात् सेलाउने काम हुन्छ । यसको तात्पर्य के हो भने विकिरको नजिकै पिण्ड दिइएको भए त्यो विकिरलाई पिण्डको नजिकै राख्नुपर्दछ । पिण्डको नजिकमा विकिर दिइएको भए जस्तो पिण्डको व्यवस्था हुन्छ तदनुसार विकिरको पनि व्यवस्था गर्नुपर्दछ । भनाइको तात्पर्य कैथको आकारको पिण्ड बनाइन्छ भने त्यही आकारको विकिर पनि बनाउनुपर्दछ भन्ने कुरा **तौल्वलि**ले भनेका छन् ।[५०]

५०. धर्मशास्त्रहरूमा श्राद्धसम्बन्धी विकिरको निरूपण गर्ने क्रममा भनिएको छ– जुन मानिसहरू आगोमा डढेर मरेका छन्, जुन मानिसको मृत्युपछि तिनीहरूलाई अग्निमा संस्कार गरिएको छैन ती सबैको तृप्तिका लागि यो विकिर प्रदान गरिन्छ । यसैगरी मरेपछि संस्कार नगरिएका मानिसहरू र आफ्नो कुललाई त्याग गरेर अन्तै जाने कुलवधुहरूका निमित्त पनि विकिर दिनुपर्ने कुरा शास्त्रहरूमा बताइएको छ। जुन देवताले सोमपान गर्न पाएका छैनन् र जुन देवताले यज्ञको भाग पाएका छैनन् ती सबैको तृप्तिका लागि पनि विकिर दिइने कुरा **हेमाद्रि**मा उद्धृत **गोभिल**को वचनबाट अवगत हुन्छ । माथिका तथ्यहरूको चर्चा **वीरमित्रोदय**मा पनि गरिएको छ । पिण्डनजिकै विकिर दिने विषयमा दिशानिर्देश गर्दै **भवदत्त**ले भनेका छन् – पार्वणश्राद्धमा पिण्डको नैर्ऋत्यदिशातर्फ, बाबु–आमा आदिको मृततिथिमा गरिने श्राद्धमा पिण्डको आग्नेयदिशातर्फ, नान्दीश्राद्धमा पिण्डको पूर्वदिशातर्फ र प्रेतश्राद्धमा पिण्डको दक्षिणदिशातर्फ विकिर दिनुपर्दछ ।

प्रचलित श्राद्धपद्धतिहरूमा सर्वप्रथम – **'असंस्कृतप्रमीतानां त्यागिनां कुलयोषिताम् । उच्छिष्टभागधेयानां दर्भेषु विकिरासनम्।'** अर्थात् 'मरेर संस्कार नगरिएका, आफ्नो कुललाई त्यागेर जाने कुलनारीहरू र उच्छिष्ट पाउने अधिकार पाएका सम्पूर्ण प्राणीहरूको निमित्त कुशद्वारा बनाइएको विकिरासन समर्पण गर्दछु' भनिएको पाइन्छ । त्यसपछि जसका निमित्त आसन अर्पण गरिएको हो तिनैलाई विकिर दिनुपर्ने वचनको सट्टा –

अग्निदग्धाश्च ये जीवा येऽप्यदग्धाः कुले मम । भूमौ दत्तेन तृप्यन्तु तृप्ता यान्तु परां गतिम् ।।

अर्थात् अग्निद्वारा डढाइएका अथवा दाहसंस्कारको सट्टा नदीमा प्रवाहित गरिएका मृतपुरुषहरू भुईंमा दिएको यस विकिरद्वारा तृप्त होऊन् र तृप्त भएपछि परमगतिमा प्राप्त होऊन् भन्ने अर्थको मन्त्र पढिन्छ । माथि आसन दिइएको वचन र तल विकिर प्रदान गर्ने वचनमा सामञ्जस्य देखिँदैन । यसकारण धेरै मानिसहरूको मनमा शङ्का तरङ्गित भएको पाइन्छ । यस शङ्काको समाधान गर्दै **निर्णयसिन्धु**मा – 'असंस्कृतप्रमीतानाम्०' भन्ने माथि देखाइएको पद्यपछि –

असंस्कृतप्रमीता ये त्यागिन्यो याः कुलस्त्रियः । दास्यामि तेभ्यो विकिरमन्नं ताभ्यश्च पैतृकम् ।।

भनी दोस्रो पद्य उपस्थापन गरिएको छ । यसबाट जसलाई आसन दिइन्छ उनैलाई विकिर दिने सन्दर्भ मिल्न आउँछ ।

बौधायनसूत्रमा जुन मानिस अग्निद्वारा डढाइएका छन् र जसको मृत्युकालमा दाहसंस्कार भएको छैन तिनीहरू तृप्त भएर परमगतिमा प्राप्त होऊन् भनिएको छ । यसैगरी **यमस्मृति**मा जसका बाबु–आमा छैनन् र बन्धु–बान्धव पनि छैनन्, जसका निमित्त अन्न र पिण्ड दिने कुनै आधिकारिक मानिस छैनन् ती सबैको तृप्तिका लागि मैले भुईंमा 'यो विकिर दिएको छु, यसबाट तिनीहरू तृप्त भई उत्तमलोकमा जाऊन् र सुख प्राप्त गरून् । जुन मानिसहरू हाम्रो कुलमा तर्पण र पिण्डदेखि विमुख भएर रहेका छन्, जुन मानिस हाम्रो कुलमा गर्भबाट बाहिर निस्कनासाथ मरेका छन्, जसको विधिपूर्वक दाह भएको छैन ती सबै भुईंमा दिएको विकिरबाट तृप्त होऊन्' भन्ने कुरा बताइएको छ । यसैगरी **ऋग्वेद**मा यस्तै भाव व्यक्त गर्दै एउटा मन्त्र पढिएको छ – **ये अग्निदग्धा ये अनग्निदग्धा मध्ये दिवः स्वधया मादयन्ते । तेभिः स्वराडसुनीतिमेतां यथावशं तन्वं कल्पयस्व ।।** – ऋ. १०/१५/१४ ।

श्राद्धकारिकामा भनिएको छ – हे द्विजसत्तम ! यजमानका दास–दासीहरूका निमित्त पितृहरूको बायाँ भागमा जमिनमा अन्न राखिछोड्नुपर्दछ । **मनु**ले भनेका छन् – उत्तम स्वभाव भएका दासवर्गले श्राद्धको भूमिमा झरेको उच्छिष्ट अन्नमा अधिकार राख्दछन् । **विष्णु**ले भनेका छन् – उत्तराभिमुख भई बसेका देवब्राह्मणलाई पहिले आचमन टक्र्याउनुपर्दछ। त्यसपछि पूर्वमुख भई बसेका पितृब्राह्मणलाई आचमन टक्र्याउनुपर्दछ । **शातातप**ले भनेका छन् – विश्वेदेव बनेर बसेका ब्राह्मणहरूको फेरि हात धुने काम गराउनुपर्दछ । **हेमाद्रि**मा उद्धृत **वाराहपुराण**को वचन छ कि – कुनै ब्राह्मणले भोजन गरेर दुवै हात पखालेपछि फेरि जलपान गर्दछ भने त्यो श्राद्ध आसुर हुन्छ र पितृहरूले प्राप्त गर्दैनन् ।

श्राद्धे गण्डूषकथनम्

मरीचिः – **हस्तं प्रक्षाल्य गण्डूषं यः पिबेदविचक्षणः । आसुरं तद्भवेच्छ्राद्धं पितॄणां नोपतिष्ठते ।।**

तत्रैव संग्रहे – **पवित्रग्रन्थिमुत्सृज्य मण्डले भुवि निक्षिपेत् । हस्तादीन् क्षालयेद्विद्वाञ्छरावादौ तु कुत्रचित्।।**

व्यासः – **ताम्बूलोद्गिरणं चैव गण्डूषोद्गिरणं तथा । कांस्यपात्रे तथा ताम्रे न कुर्वीत कदाचन ।।**

उष्णोदकैर्धान्यचूर्णैः करौ श्मश्रूणि शोधयेत् ।।

श्राद्धमा कुल्ला गर्दा विचार गर्नुपर्ने

मरीचिले भनेका छन् कि – श्राद्धमा कुनै मूर्ख ब्राह्मणले हात धोएपछि कुल्ला गर्दा भित्रभित्रै जलपान गऱ्यो भने त्यो श्राद्ध आसुर हुन्छ र पितृले प्राप्त गर्दैनन् । **संग्रहग्रन्थ**मा भनिएको छ – श्राद्धमा नियुक्त ब्राह्मणले आफ्नो हातमा धारण गरेको पवित्र ग्रन्थि झिकेर जुन मण्डलमा श्राद्ध गरिएको छ त्यहीं फ्याँकिदिनुपर्दछ । त्यसपछि तिनले उपयुक्त पात्रमा हस्तप्रक्षालन गर्नुपर्दछ । **व्यास**ले भनेका छन् – कसैले कहिले पनि पानको पिक र कुल्लाको पानी काँस र ताँबोको भाँडोमा थुक्न हुँदैन । भोजनपश्चात् तातोपानी र धानको भुसबाट आफ्ना हात र दाह्री–जुङ्गा सफा गर्नुपर्दछ ।

पिण्डदानविचारः

अथ पिण्डदानम् । तच्चार्चनोत्तरमग्नौकरणोत्तरं भोजनोत्तरं स्वधावाचनोत्तरं विप्रविसर्जनोत्तरं चेति हेमाद्रौ स्मृतिषु पक्षा उक्ताः तेषां शाखाभेदेन व्यवस्था । '**प्रेतश्राद्धेषु पूर्वमन्येषु भोजनोत्तरम्**' इति चन्द्रिकामाधवौ । सर्वत्र भोजनोत्तरमिति बहवः । आश्वलायनः – '**भुक्तवत्स्वनाचान्तेषु पिण्डान्निदध्यादाचान्तेष्वेके**' । भुक्तवत्स्विति पूर्वनिषेधार्थम् । ाग्निरतिप्रणीतसमीपे । अनग्निर्द्विजसमीपे । हेमाद्रौ जातूकर्ण्यः – '**व्याममात्रं समुत्सृज्य पिण्डांस्तत्र प्रदापयेत् ।**' ..सारितभुजान्तरं व्यामः । संकटे तु व्यासः – '**अरत्निमात्रमुत्सृज्य**' इति ।

पिण्डदान-विचार

अब पिण्डदानको विषयमा विचार गरिन्छ । श्राद्धमा ब्राह्मणपूजन, अग्नौकरण, ब्राह्मणभोजन, विकिरदान र स्वधावाचन गरेपछि अथवा ब्राह्मणविसर्जन गरेपछि पिण्डदान गर्नुपर्दछ भन्ने कुरा अनेक स्मृतिमा अनेकप्रकारबाट बताइएको छ । यो व्यवस्था वेदका शाखाको भेदअनुसार बताइएको हो । प्रेतश्राद्धमा भोजनभन्दा पहिले र अरू श्राद्धमा भोजनपछि पिण्डदान गर्नुपर्दछ भन्ने **चन्द्रिका** र **माधव**को मत रहेको छ । धेरैको मत ब्राह्मणले भोजन गरेपछि पिण्डदान गर्नुप छ भन्ने रहेको छ । **आश्वलायन**ले भनेका छन् – भोजन गरेपछि आचमन गर्नुभन्दा पहिले पिण्डदान गर्नुपर्दछ । कोही भन्दछन् – आचमन गरेपछि पिण्डदान गर्नुपर्दछ । कसैले भनेका छन् – भोजन गरेपछि पिण्डदान गर्नुपर्छ, पहिले

गर्नुहुँदैन । कोही भन्दछन् – अग्निहोत्री ब्राह्मणको समीपमा पिण्डदान गर्नुपर्दछ । यदि अग्निहोत्र गर्ने ब्राह्मण छैनन् भने आफूले आमन्त्रित गरेका ब्राह्मणहरूका समक्षमा पिण्डदान गर्नुपर्दछ । **हेमाद्रिमा** भनिएको छ कि दुईहात फैलाउँदा बीचमा पर्ने जमिनलाई व्याम भनिन्छ, श्राद्धकर्ताले व्यामशब्दबाट बुझिने भूभाग छाडेर अलि पर पिण्डदान गर्नुपर्दछ । **व्यासले** भनेका छन् – संकटको घडीमा भने व्याम – कुहिनादेखि कान्छी औंलासम्मको नापो भएको जमिन अर्थात् एकहात जमिन छाडेर पिण्ड दिनुपर्दछ ।

वेद्यादिकथनम्

यत्तु तत्रैव – **'सिकताभिर्मृदा वापि वेदी दक्षिणनिम्नगा ।'** इति तदन्यशाखिपरम् । देवलः – **'ततस्तैरभ्यनुज्ञातो दक्षिणां दिशमेत्य च ।'** चन्द्रिकायाम् –

पिण्डनिर्वपणं कार्यं कुशाभावे विचक्षणैः । काशेषु राजदूर्वासु पवित्रे परमे हिते ।।

आश्वलायनः – **'स्फ्येन रेखामुल्लिखेत्' 'अपहता असुरा रक्षांसि वेदिषदः'** इति तामभ्युक्ष्य सकृदाच्छिन्नैर्दर्भैरवस्तीर्य प्राचीनावीती रेखां त्रिरुदकेनोपनयेच्छुन्धन्तां पितरः शुन्धन्तां पितामहाः शुन्धन्तां प्रपितामहा इति तस्यां पिण्डान्निपृणीयात्पराचीनपाणिः **'पित्रे पितामहाय प्रपितामहायैतत्तेसौ ये च त्वामत्रानु'** इति । हेमाद्रौ पारस्करः – **'कराभ्यामुल्लिखेत् स्फ्येन कुशैर्वापि महीं द्विजः ।'** बह्वृचानां करेणैव लेखा चाग्नेय्यभिमुखेति वृत्तिः । **'दक्षिणाप्राचीं वेदिमुद्धृत्य'** इत्यापस्तम्बोक्तेश्च ।

देवलः – **आवाहयित्वा दर्भाग्रैस्तेषां स्थानानि कल्पयेत् । तेष्वासीनेषु पात्रेण प्रयच्छेत्सतिलोदकम् ।।**

पराचीनेन – निम्नपितृतीर्थेन ।

पिण्डवेदी आदि विषयको विचार

त्यहीं भनिएको छ कि बालुवा अथवा माटाको वेदी दक्षिणतर्फ ओह्रालो पारेर तयार गर्नुपर्दछ । तर यहाँ ग्रन्थकार भन्दछन् – यो अरू शाखाका निमित्त हो । **देवल** भन्दछन् – ब्राह्मणहरूको आज्ञा लिएर दक्षिणदिशातर्फ फर्की पिण्डदान गर्नुपर्दछ । **चन्द्रिकामा** भनिएको छ – श्राद्धमा कुश नपाइएमा बुद्धिमान् मानिसहरूले काँस, सेतो दूबो र उत्तम पवित्रमाथि पिण्डनिर्वाप गर्नुपर्दछ । **आश्वलायनले** भनेका छन् – वेदीमा **स्फ्य**नामक तरवारको आकारको काठको पात्रद्वारा रेखा कोर्नुपर्दछ । त्यस रेखामा **'अपहता असुरा रक्षांसि वेदिषदः'** मन्त्र पढ्दै जलले सेचन गरेर एकैपटक छिनालेका कुशाहरूलाई अपसव्य भई बिछ्याउनुपर्दछ । त्यसपछि त्यो रेखामा तीनपटक तिलसहित जल छर्किनुपर्दछ । 'पिता शुद्ध होऊन्, पितामह शुद्ध होऊन्, प्रपितामह शुद्ध होऊन्' यस भावनाले हात तल झुकाएर पितृतीर्थबाट पिता, पितामह आदिको नाम लिएर वेदीमा पिण्ड राख्नुपर्दछ ।

हेमाद्रिमा उद्धृत **पारस्करको** वचनमा भनिएको छ – दुई हातले तलवारको आकृति भएको स्फ्यनामक काठको पात्रद्वारा अथवा कुशद्वारा रेखा कोरेपछि जल छर्किनुपर्दछ । ऋग्वेदीहरूका लागि त भनिएको छ कि – एउटै हातले आग्नेयदिशामा मुख फर्काएर रेखा कोर्नुपर्दछ । **आपस्तम्बले** भनेका छन् – दक्षिणदिशातिर ओरालो परेको वेदीमा रेखा दिनुपर्दछ र त्यही रेखामाथि पिण्ड दिनुपर्दछ । **देवलले** भनेका छन् कि – आवाहन गरेपछि कुशको टुप्पाबाट पितृको स्थानको कल्पना गर्नुपर्दछ । कोरिएको रेखामा कल्पना गरिएको ठाउँमा पितृहरू आई बसेको भावना गरी पात्रबाट पितृतीर्थद्वारा तिलोदक अर्पण गर्नुपर्दछ ।

मधु-सर्पिस्तिलसहितपिण्डानां निर्वपणम्

वायवीये – '**मधुसर्पिस्तिलयुताँस्त्रीन्पिण्डान्निर्वपेद् बुधः ।**'

मधुआदिको अर्पण

वायुपुराणमा लेखिएको छ कि बुद्धिमान् मनुष्यले मह, घ्यू र तिलसहित पिण्ड दिनुपर्दछ । वायुपुराणले यसो भनेता पनि '**श्राद्धे मांसं तथा मधु**' भनेर मह र मासु दिन नहुने कुरा बताइएको छ ।[५१]

पिण्डस्याष्टाङ्गकथनम्

त्रिस्थलीसेतौ – **तिलमन्नञ्च पानीयं धूपं दीपं पयस्तथा । मधु सर्पिःखण्डयुक्तं पिण्डमष्टाङ्गमुच्यते।।**

पिण्डका आठ अङ्ग

त्रिस्थलीसेतुमा भनिएको छ कि – तिल, अन्न, जल, धूप, दीप, दूध, मधु र घिउ पिण्डका आठ अङ्ग हुन् ।

दक्षिणामुखेन उच्छिष्टसन्निधौ श्राद्धीयसर्वान्नेन पितृयज्ञवत् पिण्डदानकथनम्

याज्ञवल्क्यः – **सर्वमन्नमुपादाय सतिलं दक्षिणामुखः । उच्छिष्टसन्निधौ पिण्डान् दद्याद्वै पितृयज्ञवत्।।**

पिण्डपितृयज्ञमा झैं पिण्डदानको निर्देशन

याज्ञवल्क्यले भनेका छन् – सबै प्रकारका अन्नहरू ग्रहण गरेर पिण्ड तयार गरी तिलसहित दक्षिणाभिमुख भएर उच्छिष्ट अथवा विकिरनजिकै पितृयज्ञमा झैं पिण्डप्रदान गर्नुपर्दछ ।

माषवर्जने महत्त्वपूर्णविचारः

केचित् पिण्डेषु माषान् वर्जयन्ति ।

माषाः श्राद्धेषु वै ग्राह्या वर्ज्याश्चैवाग्निपिण्डयोः । ब्राह्मणेषु यथा मद्यं तथा माषोऽग्निपिण्डयोः ।। इति स्मृतिसारात् । '**माषान् सर्वत्र वै दद्यात् पिण्डेऽग्नौ च विवर्जयेत्**' इति स्मृतेश्च । अत्र मूलं चिन्त्यम् । हेमाद्रावपि सर्वशब्दस्य प्रकृतार्थत्वात्सर्वान्नग्रहणमुक्तम् । अत्र शेषमन्नमनुज्ञाप्य **सर्वमेकत्रोदधृत्योच्छिष्टसमीपे दर्भेषु त्रींस्त्रीन् पिण्डान् दद्यात्**' इति गोभिलसूत्रे । '**सर्वस्मात्प्रकृतादन्नात् पिण्डान्मधुतिलान्वितान् ।**' इति च शेषनियमात्तदभावे पिण्डनिवृत्तिः प्राप्नोतीति मैथिलवाचस्पती ।

माषको निषेधमा महत्त्वपूर्ण विमर्श

केही विद्वान्हरू पिण्डमा माष चढाउन हुँदैन भन्दछन् । तर, माष श्राद्धमा ग्राह्य विषय हो । अग्नि र पिण्डमा भने माष राख्न हुँदैन ।[५२] जसरी मदिरा ब्राह्मणका निमित्तमा त्याज्य मानिएको छ त्यसैगरी अग्नि र पिण्डमा माष पनि त्याज्य मानिएको छ भन्ने कुरा **स्मृतिसागर**मा बताइएको छ । कुनै **स्मृति**मा भनिएको छ – माष जहाँसुकै दिन हुन्छ तर पिण्ड र

---

५१. श्राद्धमा मासुको प्रयोग कलियुगमा निषिद्ध छ । महको प्रयोगचाहिँ ब्राह्मणभोजनमा हुँदैन पिण्डमा चाहिँ गर्नैपर्छ ।

५२. श्राद्धमा माषको बारा–फुलौरा पकाउनै पर्छ र ब्राह्मणभोजन–अन्नदानादिमा नैवेद्यको रूपमा चढाउनुपर्छ, पिण्डमा मात्र चढाउनु हुँदैन ।

अग्निमा भने दिन हुँदैन । ग्रन्थकार भन्दछन् – यो स्मृतिको प्रमाण विचारणीय छ ।

हेमाद्रिमा पनि **सर्वशब्द**को विद्यमान अन्न भन्ने अर्थ भएकाले सम्पूर्ण अन्न ग्रहण गरी पिण्डमा राख्नुपर्ने कुरा बताइएको छ । सबै शेष रहेको अन्न टक्र्याउने अवस्थामा ब्राह्मणहरूसँग आज्ञा लिएर सबै अन्न एकै ठाउँमा एकत्रित गरी विकिरको नजिकै कुशमाथि तीन–तीन पिण्ड दिनुपर्दछ भन्ने कुरा **गोभिल**गृह्यसूत्रमा बताइएको छ । यहाँ सबै प्रकारका अन्न भन्नाले मधु र तिलले युक्त पिण्ड दिनुपर्दछ भन्ने शेषनियम हो, तिल र मधु नभएमा पिण्डको निवृत्ति हुन्छ अर्थात् पिण्ड पिण्ड कहलाउँदैन भन्ने कुरा **मैथिल** र **वाचस्पति**ले भनेका छन् ।

तन्न । तुषोपवापवत्परप्रयुक्तद्रव्यवत्त्वेप्यर्थकर्मत्वाद् गुणानुरोधेन प्रधानात्यागप्रसङ्गाच्च शेषलोपेऽपि द्रव्यान्तरेण कार्यम्। अतो नेयं प्रतिपत्तिः किन्तु प्रधानमित्युक्तं प्राक् । अन्यथा सपिण्डीकरणादौ संयोजनादेः प्रधानस्य लोपापत्तेरिति दिक् ।

ग्रन्थकार भन्दछन् – यो भनाइ पनि उचित छैन । तुषोपवाप कपालको प्रयोजक नभएझैं अर्थात् भुस छरेर गाग्राको खपटा बनाउने काम नभएझैं अरू द्रव्यबाट तिल र महको काम नहुने भएतापनि ती द्रव्यहरूबाट काम चलाई वस्तुभन्दा पनि भावनालाई महत्त्व दिएर गुणका अनुरोधले पिण्डको प्रधानतत्त्व अन्न रहेकै कारण पिण्डदान गर्ने कार्यमा कुनै अवरोध हुँदैन । शेष अर्थात् अङ्गको लोप हुँदा द्रव्यान्तरबाट काम चलाउनुपर्दछ । यसरी पिण्ड दिँदा पिण्डमा अङ्गता आउँदैन र पिण्ड दिने काम प्रधान नै हुन्छ । जस्तै – सपिण्डीकरण गर्दा कहिलेकाहीँ पिता, पितामह, प्रपितामहमध्ये एकजना जीवितै हुन्छन् त्यस्तो अवस्थामा परको पुस्तालाई लिएर सपिण्डीकरण गरिन्छ र कर्मलोप हुँदैन, त्यस्तै यहाँ पनि सबै अन्न नभएमा पनि अरू द्रव्यबाट काम चलाएर पिण्डदान सम्पन्न गर्नुपर्दछ।[५३]

पिण्डप्रमाणकथनम्

अत्र पिण्डप्रमाणम् । हेमाद्रावङ्गिराः –

कपित्थबिल्वमात्रान्वा पिण्डान् दद्याद् विधानतः । कुक्कुटाण्डप्रमाणान्वामलकैर्बदरैः समान्।।

इति । तत्रैव धूम्रः –

कपित्थस्य प्रमाणेन पिण्डान् दद्यात्समाहितः । तत्समं विकिरं दद्यात् पिण्डान्ते तु षडङ्गुले ।।

अन्त्येष्टिपद्धतौ भट्टास्तु –

एकोद्दिष्टे सपिण्डे तु कपित्थं तु विधीयते । नारिकेलप्रमाणं तु प्रत्यब्दे मासिके तथा ।।
तीर्थे दर्शे च सम्प्राप्ते कुक्कुटाण्डप्रमाणतः । महालये गयाश्राद्धे कुर्यादामलकोपमम् ।।

इत्याहुः । कलिकायामाचार्यः –

यत्र स्युर्बहवः पिण्डास्तत्र बिल्वफलोपमाः । यत्र चैको भवेत्पिण्डस्तत्र खर्जूरसन्निभः ।।
प्रेतपिण्डस्तु दैर्घ्येण द्वादशाङ्गुल उच्यते ।। इति । वायवीये – '**पत्नी पिण्डांस्तु मृद्नीयात् त्रिवर्गस्य सहायिनी ।**'

---

५३. मीमांसाको षष्ठाध्यायको चतुर्थपादमा 'आर्ते हविष्येकतरेऽपि यागः'(मी. ६/४/२२–२३) सूत्रमा पहिले सम्पादन गरिएका दही, घिउजस्ता हवि द्रव्यहरूको नाश भएमा पनि फेरि सम्पादन गरिएको हविबाट याग गर्नुपर्दछ त्यसो गरेपछि दर्शयाग सम्पन्न हुन्छ । पुरानो हवि नाश भएको दोष मेटाउन प्रायश्चित्त गर्नुपर्दछ भनिएको छ । त्यसैगरी यहाँ पनि तिल र मह नभए पनि द्रव्यान्तरबाट प्रधानकर्म पिण्डदान गर्नुपर्दछ भन्ने आशय रहेको छ ।

पिण्डको प्रमाण विचार

अब पिण्डप्रमाणको विषयमा विचार गरिन्छ । **हेमाद्रिमा अङ्गिराले** भनेका छन् – कैथ अथवा बेलको दानाको प्रमाणबाट अथवा अण्डाको प्रमाणबाट अथवा अमला र बयरको दानाको प्रमाणबाट पिण्ड तयार गरी विधिपूर्वक दिनुपर्दछ । **धूम्रले** भनेका छन् – कपित्थ अर्थात् कैथको अभावमा बेलका फलको प्रमाणबाट एकाग्रमनले पिण्ड दिनुपर्दछ । पिण्डको नजिकमा ६ अङ्गुल टाढा पिण्डकै आकारको विकिर दिनुपर्दछ । **अन्त्येष्टिपद्धतिमा भट्टहरूले** भनेका छन् – एकोद्दिष्टश्राद्ध र सपिण्डीकरणश्राद्धमा कैथको आकारको पिण्ड दिइन्छ र मासिकश्राद्ध एवं वार्षिकश्राद्धमा नरिवल आकारको पिण्ड दिइन्छ । तीर्थश्राद्ध र अमावास्याश्राद्धमा कुखुराको अण्डाको प्रमाणले पिण्ड प्रदान गरिन्छ । महालयश्राद्ध र गयाश्राद्धमा अमलाको दानाबराबरको पिण्डको प्रमाण हुन्छ।

कलिकामा आचार्यले भनेका छन् – जहाँ पिण्डका अनेक विधि बताइएका हुन्छन् त्यस अवस्थामा अरू विचार नगरी बेलको फलको आकारको पिण्ड दिनुपर्दछ । जहाँ एउटै पिण्डको व्यवस्था गरिएको हुन्छ त्यहाँ खजुरको आकारको पिण्ड दिनुपर्दछ । प्रेतपिण्डको लम्बाइ बाह्र अङ्गुल प्रमाणको हुनुपर्दछ । **वायुपुराणमा** भनिएको छ कि – धर्म, अर्थ र काम नामक तीन प्रकारका पुरुषार्थहरूमा सधैं सहयोग गर्ने पत्नीलाई पिण्ड पकाउने र पिण्ड बाट्ने काममा लगाउनुपर्दछ।

महालयादौ पिण्डशब्दस्य प्रयोगः

हेमाद्रौ लौगाक्षिः –

महालये गयायां च प्रेतश्राद्धे दशाहिके । पिण्डशब्दप्रयोगः स्यादन्नमन्यत्र कीर्तयेत् ।।

शाट्यायनिः – **'असावेतत्त इत्युक्त्वा तदन्ते च स्वधा नमः'** । असावित्यत्र सम्बन्धरूपगोत्रादिविशिष्टं पित्रादिनाम सम्बुद्ध्यन्तमुक्त्वा पुनश्चतुर्थ्यन्तं तदन्तेऽयं पिण्ड इदमन्नं वा स्वधा नमो न ममेति वदेदिति हेमाद्रिः ।

महालय आदि श्राद्धमा दिइने अन्नलाई पिण्डशब्दको प्रयोग

हेमाद्रिमा **लौगाक्षिले** भनेका छन् – महालयश्राद्ध, गयाश्राद्ध, प्रेतश्राद्ध र दशाहमा दिइने अन्नलाई पिण्डशब्दबाट सम्बोधन गर्नुपर्दछ । अरू श्राद्धमा पिण्डको सट्टा अन्नशब्दको प्रयोग गर्नुपर्दछ । **शाट्यायनिले** भनेका छन् – पिण्ड सङ्कल्प गर्दा **'असौ एतत्ते'** 'यो पिण्ड तपाईंका निमित्त दिँदैछु' भनेर वाक्यको अन्तमा **'स्वधा नमः'** प्रयोग गर्नुपर्दछ । यहाँ असौशब्दको प्रयोग भएको छ, यो सम्बन्धित पिता आदिलाई दिइने पिण्डको वाचक हो । सम्बोधनको प्रयोग गर्दा **'हे पितः !'** आदि प्रयोग गर्नुपर्दछ । फेरि चतुर्थ्यन्त बनाउँदा त्यही पितृशब्दलाई **'पित्रे'** बनाएर प्रयोग गर्नुपर्दछ । अन्तमा **'अयं पिण्डः, इदमन्नं वा स्वधा नमो नमः'** भन्नुपर्दछ भन्ने कुरा हेमाद्रिमा बताइएको छ ।

पित्रादिनामाज्ञाने आपस्तम्बमतम्

पित्रादिनामज्ञाने त्वापस्तम्बः – **'यदि नामानि न विन्द्यात्स्वधा पितृभ्यः पृथिवीषद्भ्य इति प्रथमं पिण्डं दद्यात्, स्वधापितृभ्योऽन्तरिक्षसद्भ्य इति द्वितीयम्, स्वधापितृभ्यो दिविषद्भ्य इति तृतीयम् । एवं मातामहेषु मातृषु च'** । बह्वृचानां तूक्तं प्राक् ।

पितृहरूको नाम थाहा नभएमा आपस्तम्बको मत

पिता आदिको नामको ज्ञान नहुँदा गर्नुपर्ने निर्णयका सम्बन्धमा **आपस्तम्ब** भन्दछन् – यदि कर्ताले पितृहरूको

नाम थाहा पाएको छैन भने त्यसले तीन पिण्ड दिने क्रममा – **'स्वधा पितृभ्यः पृथिवीषद्भ्यः'** यो वाक्य भनेर पहिलो पिण्ड दिनुपर्दछ । **'स्वधा पितृभ्योऽन्तरिक्षसद्भ्यः'** यो वाक्य भनेर दोस्रो पिण्ड दिनुपर्दछ । **'स्वधा पितृभ्यो दिविषद्भ्यः'** यो वाक्य भनेर तेस्रो पिण्ड दिनुपर्दछ । मातामह, प्रमातामह र वृद्धप्रमातामहका लागि पनि यही नै क्रम निर्धारित गरिएको छ । ऋग्वेदीहरूले कसरी दिनुपर्दछ भन्ने कुरा पहिले बताइसकिएको छ ।

मन्त्रोच्चारणकाले प्राणनिरोधः

कलिकायां स्मृतिः – **'यावदेवोच्चरेन्मन्त्रं तावत्प्राणं निरोधयेत् ।'** येषां तु गृह्योक्ते दर्शे मातुः श्राद्धं पृथगुक्तं तेषां पितृभ्यः पश्चिमे मातृभ्यस्तत्पश्चिमे मातामहेभ्यः पिण्डादि देयमिति सांख्यायनः । अस्मिन्पक्षे तत्पश्चिमे मातामहीभ्योऽपि दद्यादिति हेमाद्रिः । **'पूर्वासु पितृभ्यो दद्यादपरासु स्त्रीभ्यः'** इति सूत्राच्च । एवं यत्र तीर्थमहालयादौ **'केचिदिच्छन्ति नारीणां पृथक्श्राद्धं महर्षयः ।'** इति चतुर्विंशतिमतात्, **'पित्रादिनवदैवत्यं तथा द्वादशदैवतम् ।'** इत्यग्निपुराणाच्च मातृणां पृथगुक्तम् । यत्र वा –

आचार्यगुरुशिष्येभ्यः सदा दद्यात्पृथग्भाद्रपदे नरः । तीर्थेषु चैव सर्वेषु माघमासे मघासु च ।।

इति चतुर्विंशतिमते ।

दौहित्रपुत्रदाराश्च ये कनिष्ठाः सहोदराः । निःसन्ताना मृता ये च तेभ्योऽप्यत्र प्रदीयते ।।

इति भविष्ये एकोद्दिष्टान्युक्तानि, तत्रापि तत्पश्चिमे पिण्डदानं ज्ञेयम् । येषां न पृथक् तैः सपत्नीकाः पित्रादयो वाच्याः।

मन्त्रोच्चारणकालमा श्वासनिरोध

कलिकामा उद्धृत **स्मृतिवचनमा** भनिएको छ – पिण्डदान गर्दा मन्त्रको उच्चारण एउटै प्राणबाट गर्नुपर्दछ, बीचमा सास रोक्न हुँदैन । जसको **गृह्यसूत्रमा** अमावास्यामा आमाको श्राद्ध छुट्टै गर्नुपर्दछ भनिएको छ, तिनीहरूले पिण्ड दिँदा पितृहरूलाई पश्चिमपट्टि दिनुपर्दछ, माताहरूलाई त्यसको पनि पछाडिपट्टि दिनुपर्दछ र त्यसको पछाडि मातामह आदिलाई दिनुपर्दछ भनेर **साङ्ख्यायनले** क्रम बताएका हुन् । यस पक्षमा मातामहभन्दा पछाडि मातामहीहरूलाई दिनुपर्दछ भन्ने कुरा हेमाद्रिले बताएका छन् । पूर्वपट्टि पितृहरूलाई र तिनको पश्चिमपट्टि स्त्रीहरूलाई दिनुपर्दछ भनेर सूत्रमा बताइएको छ ।

तीर्थ र महालय आदिमा केही महर्षिहरूले नारीहरूको निमित्त छुट्टै श्राद्ध गर्नुपर्ने कुरा बताएका छन् । तिनीहरूको मत **चतुर्विंशतिमत** भन्ने ग्रन्थमा उद्धृत गरिएको छ । पितृ आदि नौदेवता र बाह्रदेवता भनेर अग्निपुराणले आमाहरूको छुट्टै श्राद्ध गर्नुपर्ने कुरा बताएको छ । जहाँ आचार्य, गुरु, शिष्य, मित्र एवं ज्ञातिहरूका लागि र उनीहरूका पत्नीहरूका लागि जलाञ्जलि र पिण्ड दिनुपर्ने व्यवस्था गरिएको छ, ती सबैलाई छुट्टाछुट्टै भाद्रमासमा र मघानक्षत्रमा अञ्जुलि र पिण्ड दिनुपर्दछ । तिनीहरूका निमित्त गरिने श्राद्ध कुनै पनि तीर्थमा गर्न सकिन्छ । माघमहिनामा पनि हुन्छ र मघानक्षत्र भएको दिन पनि गर्न हुन्छ भनेर **चतुर्विंशतिमतमा** बताइएको छ ।

छोरीपट्टिको नाति अर्थात् दौहित्र, पुत्र, पत्नी, आफ्ना सहोदर दाजुभाइ र विनासन्तान मरेका आफ्ना बन्धुहरू, तिनीहरूलाई पनि उक्त किसिमबाट पिण्ड दिनुपर्दछ भन्ने कुरा **भविष्यपुराणको एकोद्दिष्टप्रकरणमा** बताइएको छ । त्यहाँ पनि पितृलाई पूर्वतर्फ दिएर तिनका पत्नीहरूलाई तिनको पछाडिपट्टि पिण्डदान गर्नुपर्ने कुरा बताइएको छ । जसको कुलपरम्परामा आमालाई श्राद्धहरूमा छुट्टै पिण्डदान गरिँदैन त्यहाँ पितालाई दिँदा सपत्नीक पिता भनेर दिनुपर्दछ ।

स्त्रीणां श्राद्धे विचारः

अन्वष्टकागयामातृश्राद्धं चैव मृतेऽहनि । एकोद्दिष्टं तथा मुक्त्वा स्त्रीषु नान्यत् पृथग्भवेत् ।।

इति शङ्खोक्तेश्च ।

स्त्रीहरूको श्राद्धसम्बन्धी विचार

शङ्खले बताएका छन् कि अन्वष्टका श्राद्ध, गयाश्राद्ध, मातृश्राद्ध र मृत्युतिथिमा गरिने एकोद्दिष्टश्राद्ध छाडेर अरू समयमा कहीँ पनि स्त्रीहरूका निमित्त छुट्टै श्राद्ध गरिँदैन ।

दर्भेषु हस्तलेपस्य विचारः

मनुः – '**तेषु दर्भेषु तं हस्तं निमृजेल्लेपभागिनाम् ।**' हस्तलेपाभावेऽपि हस्तं निमृज्यादेवेति मेधातिथिः। विष्णुः – '**अत्र पितरो मादयध्वमिति दर्भमूले करावघर्षणम् ।**'

कुशमा हस्तलेपसम्बन्धी विचार

मनुले भनेका छन् – पिण्ड बाटेर अर्पण गरिसकेपछि हातमा लागेको पिण्डको लेपलाई पिण्डमा चढाइएका कुशहरूले पुछ्नुपर्दछ । हातमा लेप नभएको भए पनि हात पुछ्नुपर्दछ भन्ने कुरा **मेधातिथि**ले बताएका छन् ।[५४] यस सम्बन्धमा **विष्णु**को छुट्टै मत रहेको छ । उनी भन्दछन् – '**अत्र पितरो मादयध्वं यथाभागमावृषायध्वम् ।** (यजु. २/३१)' यस मन्त्रले कुशको जरो हातमा दल्नुपर्दछ ।

एकोद्दिष्टेषु दर्भलेपविचारः

कलिकायां सुमन्तुः – **एकोद्दिष्टेषु वर्षासु दर्भलेपो न विद्यते । सपिण्डीकरणादौ तु लेपः सर्वत्र शस्यते।।**

एकोद्दिष्टमा दर्भलेपसम्बन्धी विचार

कलिकामा सुमन्तुले भनेका छन् – एकोद्दिष्टश्राद्ध र वर्षामा गरिने श्राद्धमा दर्भलेप हुँदैन । सपिण्डीकरण आदिमा त सर्वत्र दर्भलेप गरिन्छ ।

नमस्कारादिकथनम्

मनुः – **आचम्योदक् परावृत्य त्रिरायम्य शनैरसून् । षड्ऋतूँश्च नमस्कुर्यात् पितृनेव च मन्त्रवत् ।।**

उदकं निनयेच्छेषं शनैः पिण्डान्तिके पुनः ।। त्रिः प्राणायामं कृत्वेति मेधातिथिः । अमन्त्रं प्राणान्निरुध्येति कर्काद्याः । मन्त्रवत् – **वसन्ताय नमः, नमो वः पितरः** इत्याद्यैः । शेषं पूर्वावनयनशेषम् ।

आश्वलायनः – '**निपृताननुमन्त्रयेतात्र पितरो मादयध्वं यथाभागमावृषायध्वमिति सव्यावृदुदङ्ङावृत्य यथाशक्ति प्राणान्नासित्वाऽभिपर्यावृत्त्याऽमीमदन्त पितरो यथाभागमावृषायिषतेति चरोः प्राणभक्षं भक्षयेन्नित्यं**

---

५४. पितृ, पितामह र प्रपितामह पिण्डप्राप्त गर्ने हुन्छन् भने वृद्धप्रमितामहादि तीन पुस्ताका पितृहरूले लेपमात्र प्राप्त गर्दछन् । त्यसैले पिण्डप्रदान गर्दा हातमा लागेको लेप पिण्डवेदीमा ओच्छ्याइएका लामा कुशले पुछेर त्यही वेदीमा खसाल्नुपर्छ, त्यसैबाट वृद्धप्रपितामहादि तीन पितृहरू तृप्त हुन्छन् ।

निनयनम्' इति नित्यग्रहणं शेषाभावेऽपि कुर्यादित्यर्थः ।

शौनकः – **अथैषामत्र पितर इत्याद्येनानुमन्त्रणम् । अमीमदन्तेत्याद्येन मन्त्रेणाप्यनुमन्त्र्य तान् । पिण्डशिष्टचरोरन्नं किञ्चिदाघ्राय तत्त्यजेत् । प्रक्षाल्याचम्य शुन्धन्तामित्याद्यैरेव पूर्ववत् ।। मन्त्रैः पिण्डेषु पानीयं निषिञ्चेत् पितृतीर्थतः ।।**

नमस्कारादि कथन

मनुले भनेका छन् – आचमन गरेर उत्तरदिशातर्फ मुख गरी तीनपटकसम्म विस्तारै प्राण अर्थात् श्वास रोक्नुपर्दछ र त्यसबेला ६ ऋतु र पितृहरूलाई मन्त्र उच्चारण गर्दै नमस्कार गर्नुपर्दछ । बाँकी रहेको जल पिण्डको नजिकै विस्तारै खन्याउनु पर्दछ । **मेधातिथिको** मतमा – तीनपटक प्राणायाम गरेर नमस्कार गर्नुपर्दछ ।

कर्काचार्यको मतमा विनामन्त्र प्राणनिरोध गर्नुपर्दछ । मन्त्रवत्को अर्थ हो – '**वसन्ताय नमस्तुभ्यं ग्रीष्माय च नमो नमः । वर्षाभ्यश्च शरत्संज्ञ ऋतवे च नमः सदा ।। हेमन्ताय नमस्तुभ्यं नमस्ते शिशिराय च । मासंसंवत्सरेभ्यश्च दिवसेभ्यो नमो नमः ।।**' (ब्रह्मपुराण), '**नमो वः पितरो रसाय नमो वः पितरः शोषाय नमो वः पितरो जीवाय नमो वः पितरः स्वधायै नमो वः पितरो घोराय नमो वः पितरो मन्यवे नमो वः पितरः पितरो नमो वो गृहान्नः पितरो दत्त सूतो वः पितरो देष्मैतद्वः पितरो वासः**' (यजु. २/३२), यी मन्त्रहरूको उच्चारण गर्दै नमस्कार गर्नुपर्दछ । माथि मूलमा मनुको वचनमा परेको शेषशब्दको अर्थ पहिले ग्रहण गरी बाँकी रहेको जल भन्ने हो । **आश्वलायनले** भनेका छन् – त्यसपछि कर्ताले श्राद्धवेदीमा बसेका अर्थात् बसेको कल्पना गरिएका पितृहरूको प्रार्थना गर्नुपर्दछ । '**अत्र पितरो मादयध्वं यथाभागमावृषायध्वम्**' यो मन्त्रले सव्य भएर सास रोकी उत्तरतर्फ घुमेर श्वासलाई शक्तिअनुसार नाकले तानेर '**अमीमदन्त पितरो यथाभागमावृषायिषत**' (यजु. २/३१) यस मन्त्रले हविको सत्त्व खिँचेर यो अनुष्ठान सम्पन्न गर्नुपर्दछ ।

शौनकको भनाइ छ – '**अत्र पितरः०**' इत्यादि ऋचाले आवाहन गरेर '**अमीमदन्त०**' इत्यादि ऋचाले अनुमन्त्रण अर्थात् आवाहन गरी पिण्ड बाटेर शेष रहेको चरुका रूपमा प्रयुक्त अन्नलाई केही सुँघेर त्यसको त्याग गरिदिनुपर्दछ । त्यसपछि हात धोएर '**शुन्धन्ताम्०**' इत्यादि मन्त्रद्वारा पहिलेझैं पितृतीर्थबाट पिण्डमा जलसेचन गर्नुपर्दछ ।

कातीयमते अवनेजनपात्रस्याधोमुखत्वकथनम्

व्याघ्रः – **अद्भिः प्रक्षाल्य तत्पात्रं प्रतिपिण्डं तु पूर्ववत् । कृत्वावनेजनं कुर्यात्पिण्डपात्रमधोमुखम् ।।**

एतत्कातीयादीनाम् ।

कातीयको मतमा अवनेजनपात्रलाई घोप्ट्याउने कर्म

व्याघ्रले भनेका छन् – अवनेजनपात्रलाई जलले पखालेर पहिलेझैं प्रतिपिण्ड अवनेजन जल टक्र्याउनुपर्दछ । त्यसपछि रित्तो अवनेजनपात्रलाई घोप्ट्याएर राख्नुपर्दछ । यो **कातीयहरूको** मतमा गरिएको विधान हो ।

मौनीभूत्वा नीविस्रंसनकथनम्

आचार्यः – '**ततः सम्यग् द्विराचम्य नीविं विस्रंस्य वाग्यतः ।**'

नीविस्रंसन

जलसेचन गरेपछि दुईपटक आचमन गरेर मौन भई पहिले नीविमा घुसारिएको कुशलाई झिकेर फ्याँकिदिनुपर्दछ।

पिण्डेषु वस्त्रादिदानम्

आश्वलायनः – 'असावभ्युङ्क्ष्वासावभुङ्क्ष्वेति पिण्डेष्वभ्यञ्जनाञ्जने वासो दद्याद्दशामूर्णास्तुकां वा पञ्चाशद्वर्षताया ऊर्ध्वं स्वं लोमैतद्वः पितरो वासो मानोतोऽन्यत् पितरो युङ्ग्ध्वम्' इति । श्राद्धचिन्तामणौ ब्राह्मे –

एतद्वः पितरो वास इति जल्पन् पृथक् पृथक् । अमुकामुकगोत्रैतत्तुभ्यं वासः पठेद् बुधः ।।

इदं कातीयानाम् । 'एतद्व इति सूत्राणि प्रतिपिण्डम्' इति तत्सूत्रात् ।

पिण्डमा वस्त्रादिदान

आश्वलायनले भनेका छन् – ''**असौ अभ्युङ्क्ष्व, असौ अभ्युङ्क्ष्व**' भनेर पिण्डहरूमा तेल, गाजलको सुर्मा, वस्त्र अर्पण गर्नुपर्दछ ।' यहाँ वस्त्रबाट नै वस्त्रान्तको पनि ग्रहण हुने हुँदा फेरि वस्त्रपछि वस्त्रान्तको अर्थमा दशाशब्दको प्रयोग गरिएको छ । यो अनावश्यक प्रयोग हो भन्ने कसैले भनेमा अनुकल्पको सूचक हो भनेर समाधान गर्नुपर्दछ भनी ग्रन्थकार भन्दछन् । त्यसपछि पिण्डमा भेडाको रौं चढाउनुपर्दछ अथवा आफू पचासवर्षभन्दा माथि भएको भए '**एतद्वः पितरो वासो मानोतोऽन्यत् पितरो युङ्ग्ध्वम्**' यस मन्त्रले आफ्नै छातीका रौंहरू तानेर चढाउनुपर्दछ ।

श्राद्धचिन्तामणिमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – '**एतद्वः पितरो वास०**' यो मन्त्रलाई पिता, पितामह र प्रपितामहका निमित्त अलग–अलग पढ्दै '**अमुकामुकगोत्र एतत् तुभ्यं वासः**' भन्ने मन्त्र पढ्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो **कातीय**शाखाका व्यक्तिहरूका लागि गरिएको विधान हो। '**एतद्व इत्युपास्यति सूत्राणि प्रतिपिण्डम्**' यस सूत्रअनुसार '**अमुकगोत्रा अमुकशर्माण एतानि वः पिण्डेषु वासांसि स्वधा**' भनेर '**एतद्वः पितरो वास०**' उच्चारण गरीकन प्रत्येक पिण्डमा छुट्टाछुट्टै वस्त्र अर्पण गर्नुपर्दछ । वस्त्र नभएमा कुशका टुक्राहरू अर्पण गर्नुपर्दछ ।

पिण्डेषु अञ्जनदानादिकथनम्

हेमाद्रौ ब्राह्मे – **श्रेष्ठमाहुस्त्रैककुदमञ्जनं नित्यमेव हि । तैलं कृष्णतिलेभ्यश्च दद्यादभ्यञ्जनं हितम् ।।**

त्रैककुदं सुरमा इति प्रसिद्धम् । अञ्जनप्राथम्यमापस्तम्बादिविषयम् ।

पिण्डमा गाजल आदि अञ्जन अर्पण

हेमाद्रिमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – सुर्मा अर्थात् गाजल उत्तम पदार्थ मानिएको छ । यो कालो तिलको तेलबाट तयार गरिन्छ । अभावमा गाजलमात्र अर्पण गरे पनि हुन्छ । गाजललाई शास्त्रहरूमा त्रैककुद भनिएको छ । **श्राद्धमञ्जरीमा** त्रैककुदको अर्थ बताउँदै भनिएको छ – त्रिककुद्नामको पर्वतमा उत्पन्न भएका कारण यसलाई त्रैककुद भनिन्छ। अञ्जनलाई अनिवार्यरूपमा अर्पण गर्नुपर्दछ भन्ने कुरा **आपस्तम्ब**शाखाका लागि विशेषरूपमा निर्धारण गरिएको छ।

श्राद्धे पिण्डपूजा

तत्रैव व्याघ्रः – '**गन्धपुष्पाणि धूपञ्च दीपञ्च विनिवेदयेत् ।**' देवलः –

दक्षिणां सर्वभोगाँश्च प्रतिपिण्डं प्रदापयेत् । भक्ष्याण्यपूपानिक्षूँश्च व्यञ्जनान्यशनानि च ।।

तत्रैव शङ्खः – **यत्किञ्चित् पच्यते गेहे भक्ष्यं भोज्यमगर्हितम् । अनिवेद्य न भोक्तव्यं पिण्डमूले कथञ्चन।।**

एतत्सव्येनेति केचित् । युक्तं त्वपसव्येन ।

श्राद्धमा पिण्डपूजा

व्याघ्रले भनेका छन् – वस्त्र अर्पण गरेपछि पिण्डमा गन्ध, पुष्प, धूप र दीप निवेदन गर्नुपर्दछ । **देवल** भन्दछन् – दक्षिणा, सम्पूर्ण भोग गर्न योग्य उत्तम पदार्थ, मालपुवा, उखु र पवित्र व्यञ्जन प्रत्येक पिण्डमा अलग–अलग टक्र्याउनुपर्दछ।

शङ्खले भनेका छन् – घरमा श्राद्धको दिन जुन पवित्र पदार्थहरू तयार गरिएका हुन्छन्, तिनीलाई पिण्डमा अर्पण नगरीकन भोजन गर्न हुँदैन । कसैले पिण्डमा उक्त वस्तुहरू अर्पण गर्दा सव्य भएर गर्नुपर्दछ भन्दछन् भने कसैले अपसव्य भएर गर्नुपर्दछ भनेका छन् । तर **कमलाकर** भन्दछन् – अपसव्यबाटै अर्पण गर्नु राम्रो हुन्छ । किनकि पिताको लागि दिइने पिण्डमा पितृपक्षको प्रधानता भएकाले र पितृकर्ममा अपसव्य नै उत्तमविधि हुनाले अपसव्य भएर दिनु नै सर्वोत्तम हुन्छ।

पिण्डानामवघ्राणनादिकथनम्

मनुः – **अवजिघ्रेच्च तान् पिण्डान् यथान्युप्तान् समाहितः ।**' ततः '**नमो वः पितर इषे**' इत्यादिनोपस्थानम्।

पिण्डको आघ्राण र उपस्थान

मनुले भनेका छन् – मन शुद्ध बनाएर जसरी पिण्ड वेदीमा राखिएको छ त्यसै क्रमले पिण्डहरूलाई सुँघ्नुपर्दछ । त्यसपछि '**नमो वः पितर इषे नमो वः पितरः ऊर्जे नमो वः पितरः शुष्माय नमो वः पितरोऽघोराय नमो वः पितरो जीवाय नमो वः पितरो रसाय । स्वधा वः पितरो नमो वः पितरो नम एता युष्माकं पितर इमा अस्माकं जीवा वो जीवन्त इह सन्तः स्याम ।।**' (आश्व.श्रौ.सू. २/७) यस मन्त्रले उपस्थान गर्नुपर्दछ ।

अक्षय्योदकादिविषये महत्त्वपूर्णविचारः

मात्स्ये– **अथाचान्तेषु चाचम्य वारि दद्यात्सकृत्सकृत्। तिलपुष्पाक्षतान् पश्चादक्षय्योदकमेव च।।**

अत्र दैवे सव्यं पित्र्ये त्वपसव्यमिति कर्कः । परिभाषोक्तवचनात्सव्यमिति युक्तम् । अत्र शिवा आपः सन्तु, सौमनस्यमस्त्वित्यादिप्रयोगो ज्ञेयः । मात्स्ये –

दत्त्वाशीः प्रतिगृह्णीयाद् द्विजेभ्यः प्राङ्मुखो बुधः । अघोराः पितरः सन्तु सन्त्वित्युक्ते पुनर्द्विजैः।।
गोत्रं तथा वर्धतां नस्तथेत्युक्तः स तैः पुनः । दातारो नोऽभिवर्धन्तामन्नं चैवेत्युदीरयेत् ।।
स्वस्तिवाचनकं कुर्यात्पिण्डानुद्धृत्य भक्तितः ।।

अक्षयोदक दानसम्बन्धी महत्त्वपूर्ण विचार

मत्स्यपुराणमा भनिएको छ – उपस्थानपछि ब्राह्मणहरूलाई आचमन गर्नका लागि एक–एकपटक जल दिनुपर्दछ। फेरि तिल, पुष्प, अक्षता र जौ दिएपछि अक्षयोदक दिनुपर्दछ । यहाँ देवतापक्षमा सव्य भएर कर्म गर्नुपर्दछ र पितृपक्षमा अपसव्य भएर कर्म गर्नुपर्दछ भन्ने कुरा **कर्काचार्य**ले बताएका छन् । '**परिभाषा–सूक्तस्तोत्रजप**' मा भनिएका वचनअनुसार सव्य हुनु नै उपयुक्त हुन्छ । यहाँ '**शिवा आपः सन्तु, सौमनस्यमस्तु**' इत्यादि वचनको उच्चारण गर्नुपर्दछ ।

मत्स्यपुराणमा भनिएको छ – यसरी पुष्प आदि अर्पण गरेपछि कर्ताले पूर्वतिर फर्केर ब्राह्मणहरूबाट आशीर्वाद लिनुपर्दछ । यजमानले '**अघोराः पितरः सन्तु**' भनी प्रार्थना गरेपछि ब्राह्मणले '**सन्तु अघोराः पितरः**' भन्नुपर्दछ । त्यसपछि यजमानले 'हाम्रो गोत्र बढोस्, हाम्रा दाताहरू बढून्, वेदहरूको अध्ययनमा वृद्धि होस्, सन्ततिहरूको वृद्धि

होस्, हाम्रो हृदयमा जहिले पनि श्रद्धा रहिरहोस्, हामीले जहिले पनि धेरै दान गर्न पाऊँ, हाम्रो घरमा अन्न धेरै होस्, हाम्रा घरमा पाहुनाहरू आऊन्, हाम्रो घरमा याचकहरू आइरहून् र हामीले याचना गर्न नपरोस्' इत्यादि अर्थ बुझाउने प्रार्थना प्रसिद्ध छ, जसको सङ्क्षिप्तस्वरूप यसप्रकार छ – '**गोत्रं नो वर्धतां दातारोऽभिवर्धन्तां वेदाः सन्ततिरेव च । श्रद्धा च नो माव्यगमत् बहु देयं च नोऽस्त्विति ।**' '**अन्नं च नो बहु भवेदिति अतिथींश्च लभेमहि । याचितारश्च नः सन्तु मा च याचिष्म कञ्चन ।।**' इत्यादि । त्यसपछि ब्राह्मणले माथिका यजमानका याचनाहरूको अनुकूल उत्तर दिँदै बढोस्, वृद्धि होस्, अन्न धेरै होस्, इत्यादि उत्तर दिनुपर्दछ । त्यसपछि पिण्ड उठाएर भक्तिपूर्वक **स्वस्ति** भन्नुपर्दछ ।

स्वस्तिवाचनात् प्राक् पात्रनिस्सारणम्

स्वस्तिवाचनात्प्राक्पात्रचालनं कार्यम् । हेमाद्रौ बृहस्पतिः –

भाजनेषु च तिष्ठत्सु स्वस्ति कुर्वन्ति ये द्विजाः । तदन्नमसुरैर्भुक्तं निराशैः पितृभिर्गतैः ।।

स्वस्तिवाचनभन्दा पहिले पात्रनिस्सारण

स्वस्तिवाचन गर्नुभन्दा पहिले कर्ताले जलपात्र हटाउनुपर्दछ । **हेमाद्रिमा बृहस्पतिले** भनेका छन् – जलपात्र वेदीमै रहेमा ब्राह्मणले स्वस्ति भन्दछन् भने त्यो अन्नलाई असुरगणले भोजन गर्दछन् र पितृहरू निराश हुन्छन् ।

पात्राणां चालने विचारः

जातूकर्ण्यः – **पात्राणि चालयेच्छ्राद्धे स्वयं शिष्योऽथ वा सुतः ।**
न स्त्रीभिर्न च बालेन नासजात्या कथञ्चन ।।

श्राद्धका पात्रलाई कर्ताले मात्र चलाउनुपर्ने

जातूकर्ण्यले भनेका छन् – 'श्राद्धमा रहेका पात्रहरूलाई आफै चलाउनुपर्दछ अथवा आफ्नो शिष्य वा पुत्रद्वारा चलाउन लगाउनुपर्दछ । स्त्री, बालक र अरू असवर्ण पुरुषले चलाउन हुँदैन ।' यहाँ बालकशब्दको अर्थ उपनयन नगरिएको बालक भन्ने बुझ्नुपर्दछ ।

स्वस्तीत्युक्ते अक्षय्यमस्तु - इति कथनम्

याज्ञवल्क्यः – '**स्वस्तिवाच्यं ततः कुर्यादक्षय्योदकमेव च ।**' तत्रैव वृद्धशातातपः –

पितृणां नामगोत्रेण करे देयं तिलोदकम् । प्रत्येकं पितृतीर्थेन अक्षय्यमिदमस्त्विति ।।

अत्र षष्ठी प्रागुक्ता ।

स्वस्तिवाचनपछि अक्षय्योदकदान

याज्ञवल्क्यले भनेका छन् – स्वस्तिवाचनपछि अक्षयोदकदान गर्नुपर्दछ । **बृद्धशातातपले** भनेका छन् – पितृहरूको हातमा नाम–गोत्र उच्चारण गर्दै तिलोदक दिनुपर्दछ । प्रत्येकलाई तिलोदक दिँदा पितृतीर्थबाट '**अक्षय्यमिदमस्तु**' भनी उच्चारण गर्नुपर्दछ । यहाँ षष्ठीविभक्तिको प्रयोग गर्नुपर्छ भन्ने कुरा हामीले पहिले बताइसकेका छौं ।

उत्तानमर्घ्यपात्रं कृत्वा दैवे पित्र्ये च दक्षिणाविचारः

तत्रैव नागरखण्डे – **उत्तानमर्घ्यपात्रं तु कृत्वा दत्त्वा च दक्षिणाम् । हिरण्यं देवतानां च पितृणां रजतं तथा।।**

बृहस्पतिः– **तस्मात् पणं काकिणीं वा फलं पुष्पमथापि वा। प्रदद्याद्दक्षिणां यज्ञे तया स सफलो भवेत्।।** अत्र पित्रुद्देशेन दक्षिणादाने अपसव्यं विप्रोद्देशेन सव्यमिति माधवः । कलिकायामाचार्यः – **'दद्याद्यज्ञोपवीत्येव ताम्बूलं दक्षिणां तथा ।'** अत्रिः – **'वदेच्च तांस्ततो विप्रान् पित्रादिभ्यः स्वधोच्यताम् ।'** गोभिलः – **अघोराः पितरः सन्त्वित्युक्ते स्वधां वाचयिष्य इति पृच्छति पितृभ्यः स्वधोच्यतामित्युक्तेऽस्तु स्वधेत्युच्यमाने पयोधारां दद्यादूर्जं वहन्ती'** इति ।

दैव र पित्र्यकर्ममा दक्षिणा विचार

नागरखण्डमा भनिएको छ कि अर्घ्यपात्रलाई सोझ्याएर दक्षिणा दिनुपर्दछ । देवताहरूलाई सुवर्ण र पितृहरूलाई चाँदीको दक्षिणा दिनुपर्दछ । **बृहस्पतिले** भनेका छन् – 'पण अर्थात् पैसा, काकिणी अर्थात् बीस कौडी बराबरको सिक्का अथवा प्रचलनअनुसारका सिक्का र नोटहरू, फल, पुष्प र दक्षिणा यज्ञमा दिनाले यज्ञ सफल हुन्छ ।' **माधव** भन्दछन्– पितृहरूलाई दक्षिणा दिँदा अपसव्य भएर दिनुपर्दछ र ब्राह्मणहरूलाई दक्षिणा दिँदा सव्य भएर दिनुपर्दछ ।

कलिकामा आचार्यको भनाइ यसप्रका छ – पितृकार्यमा अपसव्य र देवकार्यमा सव्य भएर पान–सुपारी र दक्षिणा अर्पण गर्नुपर्दछ । **अत्रि** भन्दछन् – दक्षिणा दिएपछि यजमानले ब्राह्मणहरूसँग नम्र भई भन्नुपर्दछ कि हजुरहरूले हाम्रा पितृहरूको तृप्तिका लागि स्वधाको उच्चारण गर्नुहोस् । **गोभिल** भन्दछन् – **'अघोराः पितरः सन्तु, स्वधां वाचयिष्ये' 'पितृभ्यः स्वधा उच्यताम्'** भनेर यजमानले भन्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूले **'अस्तु स्वधा'** भनेपछि **'ऊर्जं वहन्तीरमृतं घृतं पयः कीलालं परिस्रुतम् । स्वधा स्थ तर्पयत मे पितॄन् ।।'** (का.स. २/६०) यो मन्त्रले जलधारा अर्पण गर्नुपर्दछ । यहाँ कसैले तिलोदक दिने गर्दछन् ।

आपस्तम्बादिमते पुत्रपौत्रादिपरिषेचनम्

आपस्तम्बेन तु पुत्रान् पौत्रानभितर्पयन्तीः' इत्यपि परिषेचने मन्त्र उक्तः ।

आश्वलायनः – अथैतान् प्रवाहयेत् – **'परेतन पितरः सोम्यासो गम्भीरेभिः पथिभिः पूर्विणेभिः । दत्त्वायास्मभ्यं द्रवणेह भद्रं रयिं च नः सर्ववीरं नियच्छत ।'** इति ।

अभिषेकबारे आपस्तम्ब र आश्वलायनको मत

'पुत्रं पौत्रमभितर्पयन्तीरापो मधुमतीरिमाः । स्वधां पितृभ्यो अमृतं दुहाना आपो देवीरुभयांस्तर्पयन्तु ।। (अथर्व. १८/३९) यो मन्त्रले कर्ता, पुत्र र पौत्रको अभिषेक गर्नुपर्दछ भन्ने कुरा **आपस्तम्बले** बताएका छन् । आश्वलायन भन्दछन् – माथि मूलमा बताइएको **'परेतन पितरः'** इत्यादि मन्त्रद्वारा जलधारा दिँदै अभिषेक गर्नुपर्दछ ।

'वाजे वाजे' इति मन्त्रेण पितृविसर्जनकथनम्

मात्स्ये – **'वाजे वाजे इति जपन् कुशाग्रेण विसर्जयेत् ।'** प्रचेताः – **'स्वस्तिवाच्यं ततः कृत्वा पितृपूर्वं विसर्जयेत् ।'** आश्वलायनः – **'अन्नं प्रकीर्योपवीत्यों स्वधोच्यतामिति विसृजेदस्तु स्वधेति वा ।'**

पितृविसर्जनमा वाजे वाजे मन्त्रको उच्चारण

वाजे वाजेऽवत वाजिनो नो धनेषु विप्रा अमृता ऋतज्ञाः । अस्य मध्वः पिबत मादयध्वं तृप्ता यात

पथिमिर्देवयानैः।। (तै.सं. १/७/८/९) यो मन्त्र पढी पितृको नाम उच्चारण गर्दै पितृहरूको विसर्जन गर्नुपर्दछ भन्ने कुरा मत्स्यपुराणमा बताइएको छ । प्रचेताले भनेका छन् – स्वस्तिमात्र उच्चारण गरेर पितृहरूको विसर्जन गर्नुपर्दछ । आश्वलायनले भनेका छन् – बाँकी रहेको अन्न चारैतिर छरेर सव्य भई 'ॐ स्वधा अस्तु, अथवा 'स्वधा अस्तु' मन्त्र पढी विसर्जन गर्नुपर्दछ ।

ब्राह्मणानां प्रदक्षिणादिकथनम्

ब्रह्मवैवर्ते – आमावाजेति मन्त्रं तु पठित्वा च प्रदक्षिणाम्। द्वारोपान्ते ततः कृत्वा संयतः प्रविशेद् गृहम्।।

प्राञ्जलिश्च ततः प्राह तान् विप्रान् सत्यवादिनः ।। एतन्मण्डलदेशे कार्यमिति हेमाद्रिः । मनुः –

दातारो नोऽभिवर्धन्तां वेदाः सन्ततिरेव च । श्रद्धा च नो मा व्यगमद् बहु देयं च नोऽस्तु ।।

इति बौधायनः –

अन्नं च नो बहु भवेदतिथींश्च लभेमहि । याचितारश्च नः सन्तु मा च याचिष्म कञ्चन ।।

इति । अत्र 'दातारो वोऽभिवर्धन्तां लभध्वं याचिद्वम्' इत्याद्यूहेन पठित्वा विप्रैः प्रतिवचनं कार्यमिति सुदर्शनभाष्ये। 'स्वादुषंसदः०' इति 'ब्राह्मणासः पितरः०' इति चः मन्त्रद्वयं पठन्ति । शौनकः –

'ब्राह्मणानथ निर्यातान् परीत्य त्रिःप्रदक्षिणम् । सस्त्रीकस्वजनैः सार्धं प्रणमेद्रचिताञ्जलिः ।।

कनिष्ठप्रथमा ज्येष्ठचरमाः स्युः प्रदक्षिणे ।' हेमाद्रौ बृहस्पतिः –

अद्य मे सफलं जन्म भवत्पादाब्जवन्दनात् । अद्य मे वंशजाः सर्वे याता वोऽनुग्रहाद्दिवम् ।।

पत्रशाकादिदानेन क्लेशिता यूयमीदृशाः । तत्क्लेशजातं चित्तात्तु विस्मृत्य क्षन्तुमर्हथ ।।

प्रचेताः – 'विसृजेद्भक्तिसंयुक्तः सीमान्ते चाप्यनुब्रजेत् ।' इति ।

ब्राह्मणको प्रदक्षिणा

'आ मा वाजस्य प्रसवो जगम्यादा द्यावापृथिवी विश्वशंभू । आ मा गन्तां पितरा मातरा चाऽऽमा सोमो अमृतत्वाय गम्यात् ।।' (तै.सं. १/७/८/१६) यो मन्त्र पढेर मूलढोकाको समीपमा ब्राह्मणहरूको प्रदक्षिणा गरी कर्ताले एकाग्र मन भएर गृहप्रवेश गर्नुपर्दछ । त्यसपछि हात जोडेर आफूले निमन्त्रणा गरिएका सत्यवादी ब्राह्मणहरूसँग प्रार्थना गर्नुपर्दछ – 'हाम्रो वंशमा दाताहरू बढून्, अन्नको वृद्धि होस्', यजमानले यसरी प्रार्थना गरेपछि ब्राह्मणहरूले पनि एकाग्रचित्त एर 'एवमस्तु' भनून् । यो प्रदक्षिणा र प्रार्थना द्वारदेशमा नगरी वेदीमै गर्नुपर्दछ भन्ने कुरा हेमाद्रिले भनेका छन्।

मनु भन्दछन् – 'हाम्रो परिवारमा दाताहरूको वृद्धि होस्, ज्ञान र सन्तानको वृद्धि होस्, हाम्रो खानदानबाट श्रद्धा नहटोस्, हामीले दिने पदार्थ हाम्रो घरमा प्रचुर मात्रामा उपलब्ध होस्' यसरी प्रार्थना गर्नुपर्दछ । बौधायनले भनेका छन्- 'हाम्रो वंशमा अन्नको वृद्धि होस्, अतिथिहरू आइरहून्, याचकहरू आऊन्, हामीले कहीँ गएर याचना गर्न नपरोस्, सबै पदार्थ हाम्रो वंशमा परिपूर्ण होऊन्' यसरी प्रार्थना गर्नुपर्दछ ।

यहाँ ग्रन्थकार भन्दछन् – माथिका वाक्यहरूमा 'हाम्रो घरमा दाताहरू बढून्' भन्नुका साथै तपाईंहरूका घरमा पनि दाताहरू बढून्, यस अर्थमा ब्राह्मणहरूले आफ्नो प्रत्युत्तर वचनमा ऊह गर्नुपर्दछ भन्ने कुरा सुदर्शनभाष्यमा बताइएको छ। कसैले प्रार्थनाको समयमा तलका मन्त्रहरूको पनि प्रयोग गर्नुपर्ने कुरा बताएका छन् –

'स्वादुषं सदः पितरो वयोधाः कृच्छ्रेश्रितः शक्तीवन्तो गभीराः । चित्रसेनाः इषुबला अमृध्राः सतोवीरा उरतो

व्रातसाहाः ।।' (ऋ. ६/७५/९) 'ब्राह्मणासः पितरः सौम्यासः शिवे नो द्यावापृथिवी अनेहसा । पूषा नः पातु दुरितादृतावृधो रक्षा माकिर्नो अघशंस ईशत ।।' (ऋ. ६/७५/१०)

शौनक भन्दछन् – ब्राह्मणहरूलाई बिदाई गर्दा कर्ताले स्त्री, पुत्र एवं पौत्रसमेत भई सर्वप्रथम बाल–बच्चा त्यसपछि परिवारका ठूला सदस्यहरू एवं आफ्ना बन्धुहरूसहित उभिएर हात जोडी तीनपटक परिक्रमा गरेर ब्राह्मणहरूलाई प्रणाम गरी बिदाइ गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत **बृहस्पति**को वचनमा भनिएको छ – यजमानले सपरिवार प्रार्थना गर्दा ब्राह्मणहरूप्रति लक्षित गर्दै यसरी वाक्य उच्चारण गर्नुपर्दछ – 'आज हजुरहरूको पाउरूपी कमलको वन्दना गरेर मेरो जन्म सफल भयो । हजुरहरूको कृपाले मेरो वंशमा उत्पन्न भएका सबै पितृहरू स्वर्गमा जानुभयो । हामीले हजुरहरूलाई आमन्त्रित गरेर सागपातजस्ता सामान्यपदार्थ अर्पण गरी हजुरहरूको आत्मालाई दुःखी तुल्याएका छौं । त्यो कष्टलाई मनैदेखि बिर्सिएर हामीलाई क्षमाप्रदान गर्नुहोस् ।' **प्रचेता**ले भनेका छन् – भक्तियुक्त भई ब्राह्मणहरूलाई गाउँको सीमासम्म पुऱ्याएर बिदाइ गर्नुपर्दछ ।

पिण्डप्रतिपत्तिकथनम्

अथ पिण्डप्रतिपत्तिः – हेमाद्रौ ब्रह्माण्डे –

पिण्डमग्नौ सदा दद्याद् भोगार्थी प्रथमं नरः । पत्न्यै प्रजार्थी दद्याद्वै मध्यमं मन्त्रपूर्वकम् ।।

उत्तमां गतिमन्विच्छन् गोषु नित्यं प्रयच्छति । आज्ञां प्रज्ञां यशः कीर्तिमप्सु पिण्डं प्रवेशयेत् ।।

प्रार्थयन् दीर्घमायुष्यं वायसेभ्यः प्रयच्छति । आकाशं गमयेदप्सु स्थितो वा दक्षिणामुखः ।।

आश्वलायनः – **'वीरं मे दत्त पितर इति पिण्डानां मध्यमं पत्नीं प्राशयेत् ।' 'आधत्त पितरो गर्भं कुमारं पुष्करस्रजम् । यथायमरपा असत्'** इति भर्त्रा दत्तस्याद्येनादाय द्वितीयेन प्राशनम् ।

आपस्तम्बस्तु दाने मन्त्रमाह – **'अपां त्वोषधीनां रसं प्राशयामि भूतकृतं गर्भं धत्स्व'** इति **मध्यमं पत्न्यै प्रयच्छति'** इति । प्राशनेऽपि **'यथेह पुरुषो असत्'** इति तद् द्वितीयपाठोऽन्येषां तत्तच्छाखायां ज्ञेयः । तत्रैव शङ्खः– **'पत्नी वा मध्यमं पिण्डमश्नीयादार्तवान्विता ।'** कलिकायां छागलेयः –

प्राचीनावीतिनाऽऽमन्त्र्य पत्नीः पिण्डो विभज्यते । पतिपत्न्यस्य मन्त्रस्य कर्तव्यावृत्तिरत्र तु ।।

माधवीये विष्णुधर्मे – **तीर्थश्राद्धे सदा पिण्डान् क्षिपेत्तीर्थे समाहितः ।'** याज्ञवल्क्यः – **पिण्डाँस्तु गोऽजाविप्रेभ्यो दद्यादग्नौ जलेऽपि वा ।'** बृहस्पतिः –

अन्यदेशगता पत्नी रोगिणी गर्भिणी तथा । तदा तं जीर्णवृषभश्छागो वा भोक्तुर्महति ।।

पिण्ड सेलाउने कार्य

पितृहरूलाई अर्पित गरिएको पिण्ड सेलाउने विषयमा विचार गरिन्छ । **हेमाद्रि**मा उद्धृत **ब्रह्माण्डपुराण**को वचनमा भनिएको छ – भोग चाहने मानिसले आफूले प्रदान गरेको प्रथमपिण्ड अग्निमा अर्पण गर्नुपर्दछ । मध्यमपिण्ड मन्त्र उच्चारण गर्दै पुत्रप्राप्ति होस् भन्ने कामनाले पत्नीलाई खुवाउनुपर्दछ । ग्रन्थकार भन्दछन् – यो विधि काम्यश्राद्धका निमित्त हो । उत्तम गति चाहने मानिसले त आफूले पितृलाई अर्पण गरेका पिण्ड गाईलाई खुवाउनु पर्दछ । आज्ञा, बुद्धि र यश चाहने मानिसले पिण्डलाई जलमा प्रवाहित गराउनुपर्दछ । दीर्घ आयु चाहने मनुष्यले ती पिण्ड कौवालाई दिनुपर्दछ अथवा दक्षिणतिर फर्किएर जलमा उभिई आकाशको शून्यस्थान हेर्दै आकाशतर्फ फ्याँकिदिनुपर्दछ ।

आश्वलायन भन्दछन् – '**वीरं मे दत्त पितरः**' यो मन्त्रद्वारा पिण्डहरूमध्येमा बीचको पिण्ड पत्नीलाई खुवाउनुपर्दछ। '**आधत्त पितरो गर्भं कुमारं पुष्करस्त्रजम् । यथायमरपा असत्**' यस मन्त्रले पतिद्वारा प्रदान गरिएको पिण्ड '**वीरं मे दत्त पितरः**' अर्थात् 'हे पितृहरू ! मलाई वीर पुत्र दिनुहोस्' यो मन्त्रले पत्नीले ग्रहण गर्नुपर्दछ । '**आधत्त पितरो गर्भम्०**' दोस्रो मन्त्रले पत्नीले पिण्डभक्षण गर्नुपर्दछ । **आपस्तम्बले** भनेका छन् – '**अपां त्वोषधीनां रसं प्राशयामि भूतकृतं गर्भं धत्स्व**' यो मन्त्र पढेर बीचको पिण्ड यजमानले आफ्नी पत्नीलाई प्रदान गर्दछ र पत्नीले पिण्डभक्षण गर्दा '**यथेह पुरुषो असत्**' यो मन्त्र पाठ गर्नुपर्दछ । यो **आपस्तम्बशाखाको** लागि गरिएको विधान हो । अरू शाखाका मानिसहरूले आ-आफ्नै शाखाका मन्त्रहरूको पाठ गर्नुपर्दछ ।

शङ्खले भनेका छन् – पत्नीलाई श्राद्धमा दिइएको पिण्ड उनले तत्काल भक्षण गर्न हुँदैन । ऋतुधर्म भएपछि ऋतुस्नानपछि ग्रहण गर्नुपर्दछ । **कलिकामा छागलेयको** वचन यसप्रकार छ – अपसव्य भएर पत्नीहरूलाई बोलाई श्राद्धकर्ताले पिण्डको भाग लगाउनुपर्दछ । विभाग गरिएको पिण्ड प्रत्येक पत्नीका लागि अर्पण गर्दा '**अपां त्वोषधीनां०**' इत्यादि मन्त्रको आवृत्ति गर्नुपर्दछ । **माधवीयमा** उद्धृत **विष्णुधर्मको** वचनमा भनिएको छ – तीर्थश्राद्धमा पिण्डहरूलाई एकाग्र मनले तीर्थमा नै प्रवाहित गरिदिनुपर्दछ । **याज्ञवल्क्यले** भनेका छन् – पिण्डहरूलाई गाई, बाख्रा, ब्राह्मण अथवा अग्निलाई दिनुपर्दछ अथवा जलमा प्रवाहित गर्नुपर्दछ । **बृहस्पतिले** भनेका छन् – आफ्नी पत्नी अन्त कुनै सहर–गाउँमा गएको अवस्थामा, रुग्ण भएको अवस्थामा र गर्भवती भएको अवस्थामा यजमानले पिण्ड बूढो गोरु अथवा बोकालाई खुवाउनुपर्दछ।

पिण्डोपघाते विचारः

अथ पिण्डोपघाते हेमाद्रौ प्रायश्चित्तकाण्डे देवलः –

श्वशृगालखरैः पिण्डः स्पृष्टो भिन्नः प्रमादतः । कर्तुरायुष्यनाशः स्यात्प्रेतस्तं नोपसर्पति ।।

जातूकर्ण्यः पूर्वश्लोकान्ते –

तद्दोषपरिहारार्थं प्राजापत्यं प्रकल्पयेत् । पुनः स्नात्वा तदा कर्ता पिण्डं कुर्याद्यथाविधि ।।

पिण्ड दूषित भएमा वा फुटेमा विचार

पिण्डस्पर्शमा प्रायश्चित्त गर्नुपर्ने कुरा बताउँदै **हेमाद्रिको प्रायश्चित्तकाण्डमा** उद्धृत **देवलको** वचनमा भनिएको छ– कुकुरले, स्यालले अथवा गधाले प्रमादवश पिण्डको स्पर्श गरेमा, पिण्ड फुटाएमा श्राद्धकर्ताको आयुनाश हुन्छ र त्यो पिण्ड पितृका समीप प्राप्त हुँदैन । **जातूकर्ण्यले** भनेका छन् – उक्त दूषित प्राणी वा पदार्थसँग पिण्डको स्पर्श भएमा वा पिण्ड फुटाइएमा कर्ताले प्राजापत्यव्रत[५५] गर्नुपर्दछ । प्राजापत्यव्रत गरेपछि स्नान गरेर यथाविधि फेरि श्राद्ध गर्नुपर्दछ ।

काकस्पर्शे विचारः

काकस्पर्शे तु न दोषः । पिण्डोपघातं प्रक्रम्य '**धनस्य च विनाशः स्यात् काकस्पर्शादिकं विना ।**' इति तत्रैव श्लोकगौतमोक्तेः ।

---

५५. तीन दिन प्रातःकालमात्रै तीन दिन सायंकालमात्रै भोजन गरेपछि तीन दिन नमागीकन पाइएको वस्तु भोजन गर्नुपर्दछ, त्यसपछिका तीन दिन खाँदै नखाई बस्नुपर्छ, यसरी स्नानादि गरी शुद्ध भई विधिपूर्वक १२ दिनसम्म गरिने व्रतलाई प्राजापत्यव्रत भनिन्छ । यही कुरालाई मनुले यसरी स्पष्ट गरेका छन् –

त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहमद्यादयाचितम् । त्र्यहं परञ्च नाश्नीयात्प्राजापत्यं चरन्द्विजः ।। (मनुः ११/२११)

कौवाले पिण्ड स्पर्श गरेमा विचार

पिण्डलाई कौवाले स्पर्श गरेमा दोष लाग्दैन । पिण्डनाशको प्रकरणमा बताइएको छ कि कौवाले पिण्डको स्पर्श गरेन भने धनको विनाश हुन्छ भन्ने कुरा **गौतमले** बताएका छन् ।

मार्जारमूषकादिस्पर्शे विचारः

स्मृतिदर्पणे अत्रिः –

मार्जारमूषकस्पर्शे पिण्डे च द्विदलीकृते । पुनः पिण्डाः प्रदातव्यास्तेन पाकेन तत्क्षणात् ।।

बौधायनः – **श्वचाण्डालादिभिः स्पृष्टः पिण्डो यद्युपहन्यते । प्राजापत्यं चरित्वाथ पुनः पिण्डं समाचरेत्।।**

बोपदेवोऽप्येवमाह – अथ दिनान्तरे तु प्राजापत्यमात्रम् । शेषप्रतिपत्तित्वेन पिण्डावृत्तौ मानाभावादिति मैथिलाः । तन्न । सपिण्डीकरणादौ शेषनाशे संयोजनादिलोपापत्तेः । तेन वचनाद्वमन इवात्रापि तन्मात्रपिण्डदानावृत्तिः । अत एव **'न च नक्तं श्राद्धं कुर्वीतारब्धे वा भोजनसमापनात् ।'** इत्यापस्तम्बसूत्रात् । रात्रौ भोजनमात्रं पूर्वेद्युः कार्यम् । श्राद्धसमाप्तिस्तु परदिने एव । समाप्तिपर्यन्तं कर्तुरुपवासश्चेति हरदत्तेन व्याख्यातम् । तस्मात् पाकान्तरेण पिण्डदानमात्रं कार्यम् ।

बिरालो र मुसाद्वारा पिण्डस्पर्श गरिएमा विचार

स्मृतिदर्पणमा उद्धृत **अत्रिको** वचनमा भनिएको छ – बिरालो र मुसाको स्पर्शबाट पिण्ड दुई टुक्रा भएमा फेरि श्राद्धमा बनाइएकै पाकबाट तत्काल अरू पिण्ड तयार गरी पिण्ड प्रदान गर्नुपर्दछ । **बौधायनले** भनेका छन् – कुकुर र चाण्डाल आदिको स्पर्शका कारण पिण्डको नाश भएमा प्राजापत्यव्रत गरी फेरि पिण्ड दिनुपर्दछ ।

वोपदेवले पनि यही कुरा बताएका छन् – दिनान्तरमा प्राजापात्य गरिन्छ । शेषकर्मको प्राप्ति भएका कारण पिण्डको आवृत्तिमा कुनै प्रमाण छैन भनेर **मैथिलहरूले** भनेका छन् । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । 'सपिण्डीकरण आदि श्राद्धमा शेषकर्म नाश भएपछि पिण्डमेलनमा लोपको आपत्ति हुन जानेछ ।' यस वचनले वमनसदृश यहाँ पनि पिण्डदानमात्रको आवृत्ति हुनेछ । यसैले **आपस्तम्ब** सूत्रमा भनिएको छ कि – रात्रिमा श्राद्ध गर्न हुँदैन, रात्रिमा श्राद्ध आरम्भ गरिएपनि भोजनभन्दा पहिले गर्नुहुँदैन अर्थात् पहिलो दिनको रातमा भोजनमात्र गर्नुपर्दछ, श्राद्ध गर्न हुँदैन । **हरदत्तले** भने श्राद्ध नसकिएसम्म कर्ताले उपवास गर्नुपर्दछ भनेका छन् । त्यसकारण अर्को पिण्ड दिँदा पुरानै पाकले काम चलाउनुपर्दछ भन्ने कुरा गलत हो । दोस्रो पाकबाट पिण्ड तयार गरी दान गर्नुपर्दछ ।

पिण्डनिषिद्धकालः

अथ पिण्डनिषिद्धकालः । स च प्रायेण महालयादिनिर्णये पूर्वमुक्तः । हेमाद्रौ बृहत्पराशरः –

युगादिषु मघायां च विषुवत्ययने तथा । भरणीषु च कुर्वीत पिण्डनिर्वपणं नहि ।।

स्मृतिरत्नवल्याम् –

पुत्रे जाते व्यतीपाते ग्रहणे चन्द्रसूर्ययोः । श्राद्धं कुर्यात् प्रयत्नेन पिण्डनिर्वपणादृते ।।

तत्रैव कात्यायनः –

वृद्धेरनन्तरं चैव यावन्मासः समाप्यते । तावत् पिण्डान्नैव दद्यान्न कुर्यात्तिलतर्पणम् ।।

बौधायनः – 'संस्कारेषु तथान्येषु मासं मासार्धमेव च ।' तथा –

भानौ भौमे त्रयोदश्यां नन्दाभृगुमघासु च । पिण्डदानं मृदा स्नानं न कुर्यात्तिलतर्पणम् ।।

त्रिस्थलीसेतौ कार्ष्णाजिनिः – '**विवाहव्रतचूडासु वर्षमर्धं तदर्धकम् ।**' उत्तरार्धं प्राग्वत् ।

वृद्धिमात्रे तथान्यत्र पिण्डदाननिराक्रिया । कृता गर्गादिभिर्मुख्यैर्मासमेकं तु कर्मणाम् ।।

हेमाद्रौ ज्योतिःपराशरः –

विवाहे विहिते मासाँस्त्यजेयुर्द्वादशैव हि । सपिण्डाः पिण्डनिर्वापं मौञ्जीबन्धे षडेव हि ।।

तत्रैव – **महालये गयाश्राद्धे मातापित्रोः क्षयेऽहनि। यस्य कस्यापि मर्त्यस्य सपिण्डीकरणे तथा।।**

कृतोद्वाहोऽपि कुर्वीत पिण्डनिर्वापणं सदा ।। इति । मात्रापित्रोरिति क्षयाहविशेषणं हविरुभयत्ववद्-विवक्षितम् । तेन भ्रातृपितृव्यादिवार्षिकेऽपि पिण्डदानं कार्यमिति केचित् । सपिण्डीकरणं नवश्राद्ध-षोडशश्राद्धो-पलक्षणार्थमिति निर्णयामृते उक्तम् ।

पिण्डनिषिद्ध काल

अब पिण्ड दिन नहुने कालको विषयमा चर्चा गरिन्छ । निषिद्धकालको विषयमा महालयश्राद्धको निर्णयमा बताइसकिएको छ । **हेमाद्रिमा वृद्धपाराशरले** भनेका छन् – युगादितिथि, मघानक्षत्र, विषुवत् अर्थात् मेष र तुला संक्रान्ति, अयन अर्थात् कर्क एवं मकर संक्रान्ति र भरणीनक्षत्रमा श्राद्ध गर्दा पिण्डदान गरिँदैन ।

स्मृतरत्नावलीमा भनिएको छ – पुत्रको उत्पत्ति, व्यतीपातयोग, चन्द्रग्रहण तथा सूर्यग्रहणमा पिण्डदान नगरीकन श्रद्धापूर्वक श्राद्ध गर्नुपर्दछ । त्यहीं नै **कात्यायनले** भनेका छन् – वृद्धिश्राद्ध गरेपछि एक महिनासम्म पिण्डदान गर्न हुँदैन र तिलतर्पण पनि गर्न हुँदैन तर तिलतर्पणविना श्राद्ध गर्न हुन्छ । **बौधायनले** भनेका छन् – अरू विवाह आदि संस्कारहरूमा एक महिना र आधा महिना तर्पण गर्न हुँदैन । त्यसैगरी रविवार, मङ्गलवार, शुक्रवार, त्रयोदशी, प्रतिपदा, षष्ठी, एकादशी र मघानक्षत्रमा पिण्डदान, माटोले नुहाउने कार्य र तिलतर्पण गर्न हुँदैन । **त्रिस्थलीसेतुमा** उद्धृत वचनमा **कार्ष्णाजिनिले** भनेका छन् – विवाह, व्रत, चौलकर्ममा क्रमैले विवाहमा एकवर्ष, व्रत अर्थात् यज्ञोपवीतमा ६ महिना र चौलकर्म गरेपछि तीन महिनासम्म पिण्डदान, मृत्तिकास्नान र तिलतर्पण गर्न हुँदैन । गर्गादि मुख्य मुनिहरूले श्राद्धकर्म गर्ने कर्ताहरूका निमित्त वृद्धिश्राद्ध गरेपछि एक महिनासम्म अरू पिण्डदान क्रिया गर्न निषेध गरेका छन् ।

हेमाद्रिमा उद्धृत **ज्योतिःपराशरको** मतमा भनिएको छ – विवाह सम्पन्न भएपछि १२ महिनासम्म सपिण्डहरूको निमित्त पिण्ड दिने काम गर्न हुँदैन। ६ महिनासम्म यज्ञोपवीतको कर्म गर्न हुँदैन। त्यहीं नै भनिएको छ कि – महालयश्राद्ध, गयाश्राद्ध, माता तथा पिताको एकोद्दिष्ट श्राद्ध र सपिण्डीकरणश्राद्धमा कसैको विवाह भएतापनि पिण्डदान रोकिँदैन ।

यहाँ '**मातापित्रोः**' भन्ने पद मूलमा प्रयोग गरिएको छ । यो माता एवं पिताको मरणदिनलाई लक्षित गरेर भनिएको हो । हविको नाश हुँदा प्रायश्चित्त गर्ने विधान मीमांसामा गरिएको छ । त्यसमा दूध र दही दुवै नाश भएमा मात्र प्रायश्चित्त गर्ने कि कुनै एकको मात्र नाश भएमा प्रायश्चित्त गर्ने भन्ने प्रश्न हुँदा हविशब्दबाट एक र दुई संख्याको बोध नभई हविको मात्र बोध हुन्छ तसर्थ दहीको नाश होस् वा दूधको नाश होस् जुनसुकै हविको नाश भए पनि प्रायश्चित्त गर्नुपर्दछ । यसैगरी यहाँ पनि आमा-बाबुको क्षय दिन परोस् वा दाजु, भाइ, काका आदि कसैको क्षयदिन परोस् सबैलाई पिण्ड दिनुपर्दछ भन्ने आशय हो । उक्त प्रसङ्गमा पनि '**मातापित्रोः**' शब्दबाट एकोद्दिष्टश्राद्धमात्र बुझिने कुरा मीमांसाको '**यस्योभयं**

हविरार्तिमार्च्छेदैन्द्रं पञ्चशरावमोदनं निर्वपेत्' यस सूत्रको सिद्धान्तअनुसार अवगत हुन्छ ।[५६]

त्यसकारण आमा–बाबुको श्राद्धलाई स्वीकृति प्रदान गरेपछि दाजुभाइ र जेठाबा–कान्छाबाको वार्षिक श्राद्ध पनि गर्न हुने कुरा देखिन्छ । सपिण्डीकरणश्राद्ध भनी माथि उल्लेख गरिएका कारण आरम्भिक नौश्राद्ध, सोह्र मासिकश्राद्धसमेतलाई जनाउँछ भन्ने कुरा **निर्णयामृत**मा बताइएको छ ।

क्षयाहे विशेषः

क्षयाहे विशेषः संग्रहे –

मातापित्रोराब्दिके तु विवाहादिषु सर्वदा । तिलैः पिण्डाः प्रदातव्याः अन्यश्राद्धे विवर्जयेत् ।।

अत्र मूलं चिन्त्यम् । रामकौतुके –

नन्दाश्वकामरव्यारभृग्वग्निपितृकालभे । गण्डे वैधृतिपाते च पिण्डास्त्याज्याः सुतेप्सुभिः ।।

विश्वरूपनिबन्धे – **तिथिवारप्रयुक्तो यो दोषो वै समुदाहृतः । स श्राद्धे तन्निमित्ते स्यान्नान्यश्राद्धे कदाचन।।**

अन्यत्तूक्तं प्राक् ।

क्षयाहमा विशेष

माता–पिता अथवा कसैको मरण भएको तिथिमा गरिने श्राद्धसम्बन्धमा विशेष तथ्य प्रकाशित गर्दै **संग्रहग्रन्थ**मा भनिएको छ – माता–पिताको वार्षिकश्राद्धमा र विवाह आदिमा सर्वदा तिलद्वारा पिण्डदान गर्नुपर्दछ । अरू श्राद्धमा भने तिलको त्याग गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यस वचनको मूल विचारणीय छ । **रामकौतुक**मा भनिएको छ कि – नन्दा अर्थात् प्रतिपदा, षष्ठी र एकादशी, द्वितीया, त्रयोदशी, रविवार, मङ्गलवार एवं शुक्रवार, कृत्तिका, मघा एवं भरणीनक्षत्र, गण्डान्त, वैधृति एवं व्यतीपात यी योगमा पुत्रकामना गर्ने मानिसले पिण्डदान गर्न हुँदैन । **विश्वरूपनिबन्ध**मा भनिएको छ– 'तिथि र वारप्रयुक्त जुन दोष बताई पिण्डनिषेध गरिएको छ त्यो निषेध पुत्र कामनाले गरिने श्राद्धका लागि हो, अरू श्राद्धका लागि होइन ।' यस सम्बन्धमा विशेष कुरा पहिले बताइसकिएको छ ।

उच्छिष्टोद्वासनम्

उच्छिष्टोद्वासनमाह हेमाद्रौ वसिष्ठः –

श्राद्धे नोद्वासनीयानि उच्छिष्टान्यादिनक्षयात् । श्च्योतन्ते वै सुधाधारास्ताः पिबन्त्यकृतोदकाः ।।

व्यासः – **'उच्छिष्टं न प्रमृज्यात्तु यावन्नास्तमितो रविः ।'** इदं गृहान्तरसत्त्वे । एकगृहे तु मनुः –

उच्छेषणं तु तत्तिष्ठेद्यावद्विप्रा विसर्जिताः । ततो गृहबलिं कुर्यादिति धर्मो व्यवस्थितः ।।

बलिवैश्वदेवादि नित्यकर्मेति मेधातिथिः । ब्रह्माण्डे – **'शूद्राय चानुपेताय श्राद्धोच्छिष्टं न दापयेत् ।'**

---

५६. मीमांसाको दर्शपूर्णमासप्रकरणमा जुन यजमानका दही र दूधरूप दुवै हवि नष्ट हुन्छन् त्यसले इन्द्रदेवताका लागि पाँच शराव परिमाणको ओदनद्रव्य दान गर्नुपर्दछ भन्ने अर्थमा **यस्योभयं हविरार्तिमार्च्छेदैन्द्रं पञ्चशरावमोदनं निर्वपेत्** (तै.ब्रा. ३/७/१/७–८) भनिएको छ । यहाँ दूध र दही दुवै हवि नाश भएमा मात्र प्रायश्चित्त गर्नुपर्दछ भन्ने पूर्वपक्षको मत हो । सिद्धान्त पक्षमा भनिएको छ – यहाँ दुवै भन्ने विशेषण बताउन खोजिएको होइन । तसर्थ कुनै पनि हविको नाश भएमा पनि प्रायश्चित्त गर्नुपर्दछ । माथिको प्रसङ्गमा पनि **'मातापित्रोः'** पदबाट माता–पिताको श्राद्धमा मात्र पिण्डदान गर्ने र अरूको श्राद्धमा नगर्ने भन्ने अर्थ होइन । माता–पितासरह दाजु–भाइ, काका आदिको श्राद्धमा पनि पिण्डदान गर्नुपर्दछ भन्ने अभिप्राय हो ।

तथा– '**कामं दद्याच्च सर्वं तु शिष्याय च सुताय च ।**' भोक्तुरिति शेषः । जातूकर्ण्यः – '**द्विजभुक्तावशिष्टं तु शुचिभूमौ निखानयेत् ।**'

श्राद्धको उच्छिष्ट सेलाउने सम्बन्धमा

हेमाद्रिमा उद्धृत **वसिष्ठ**को वचनमा भनिएको छ – श्राद्धभूमिमा र भान्सा आदिमा रहेका बाँकी अन्न र वस्तुहरू त्यो दिनको समाप्ति नहुँदासम्म बाहिर सेलाउन हुँदैन । किनकि जसले त्यस श्राद्धमा जलदान प्राप्त गरेका छैनन् त्यस्ता पितृहरूले भुईंमा पोखिएका र चुहिएका वस्तुहरूबाट अमृतको धारापान गर्दछन् ।

व्यासले भनेका छन् – जबसम्म सूर्यास्त हुँदैन तबसम्म उच्छिष्ट वस्तु सेलाएर वेदी र भान्सा आदिको शुद्धि गर्न हुँदैन । तर, ग्रन्थकार भन्दछन् – यो कुरा बस्नका लागि दोस्रो घरको व्यवस्था भएमा मात्र लागु हुन्छ । एउटै घरमा श्राद्ध र बसाइ भएमा **मनु**ले आफ्नो विचार यसरी व्यक्त गरेका छन् – 'एउटै घरमा सबै कुराको व्यवस्था भएमा जबसम्म ब्राह्मणहरूको विसर्जन हुँदैन तबसम्म श्राद्धका उच्छिष्टहरूको रक्षा गर्नुपर्दछ । ब्राह्मणहरूको बिदाइ गरेपछि ती सबै उच्छिष्ट पदार्थलाई घरबाट हटाइदिनुपर्दछ । त्यसपछि गृहबलि गर्नुपर्दछ । यही नै धर्मको व्यवस्था हो ।' यहाँ बलिशब्दले वैश्वदेव आदि नित्यकर्मलाई बुझ्नुपर्दछ भन्ने कुरा **मेधातिथि**ले बताएका छन् ।

ब्रह्माण्डपुराणमा भनिएको छ कि – शूद्र र यज्ञोपवीत संस्कार नभएका बालकलाई श्राद्धको उच्छिष्ट अर्थात् जूठो, पूरा दिन हुँदैन । फेरि त्यहीं भनिएको छ – शिष्य र छोराहरूले उच्छिष्टको प्रयोग गर्न चाहन्छन् भने तिनीहरूलाई दिनुपर्दछ। **जातूकर्ण्य**ले भनेका छन् – ब्राह्मणहरूले भोजन गरेपछि बचेको अन्न पवित्रभूमिमा गाडी दिनुपर्दछ ।

वैश्वदेवादिश्राद्धनिरूपणम्

अथ वैश्वदेवादि । अत्र मामकः श्लोकः –

श्राद्धेऽनग्निककर्तृकेऽग्निकरणात्पश्चाज्जुहोतिर्बलि-
स्त्वन्ते स्वादथवा भवेद्विकिरतः पश्चात् पृथक्त्वे पचेः ।
श्राद्धान्ते त्वथवा महालयविधावूर्ध्वं भुजेः स्यात्क्षये,
त्वन्तेऽमासु च मध्यतः शुभविधावादौ तथा साग्निके ।।

अस्यार्थः – साग्नेः पृथक्पाकेन सर्वत्रादौ वैश्वदेवः ।

पक्षान्तं कर्म निर्वर्त्य वैश्वदेवं च साग्निकः । पिण्डयज्ञं ततः कुर्यात्ततोऽन्वाहार्यकं बुधः ।।

पित्रर्थं निर्वपेत्पाकं वैश्वदेवार्थमेव च । वैश्वदेवं न पित्रर्थं न दार्शं वैश्वदेविकम् ।।

इति लौगाक्षिस्मृतेः । अत्र साग्निक आहिताग्निरिति हेमाद्रिः ।

श्राद्धात् प्रागेव कुर्वीत वैश्वदेवं तु साग्निकः । एकादशाहिकं मुक्त्वा तत्र ह्यन्ते विधीयते ।।

इति हेमाद्रौ शालङ्कायनोक्तेश्च । तत्रैव परिशिष्टे –

सम्प्राप्ते पार्वणश्राद्धे एकोद्दिष्टे तथैव च । अग्रतो वैश्वदेवः स्यात्पश्चादेकादशेऽहनि ।।

स्मार्ताग्निमतां तद्रहितानां वाग्नौकरणोत्तरं विकिरोत्तरं वा होममात्रं पृथक्पाकेन । भूतयज्ञादिस्तु श्राद्धान्त एव। अत्र मूलं हेमाद्रिचन्द्रिकादौ स्पष्टम् । सर्वेषां श्राद्धान्ते वा तत्पाकेन वैश्वदेवनित्यश्राद्धादीति तृतीयः ।

वैश्वदेवश्राद्ध

यस सम्बन्धमा मैले बनाएको श्लोकमा भनिएको छ – 'जसले अग्निहोत्र गर्दैन त्यस्तो व्यक्ति श्राद्धकर्ता भएमा अग्नौकरणपछि होम र बलिवैश्वदेव गरिन्छ । पृथक्पाक भएमा विकिरपछि बलिवैश्वदेव गरिन्छ । महालयश्राद्धमा श्राद्धपछि, एकोद्दिष्टश्राद्धमा भोजनपछि र अमावास्यामा श्राद्धपछि बलिवैश्वदेव गरिन्छ । अग्निहोत्रीले घरमा शुभकार्यहरूको आयोजना गरिएमा शुभकार्यकै बीचमा हवन र बलि गर्नुपर्दछ ।' यसको तात्पर्य के हो भने अग्निहोत्रीले छुट्टै पाकद्वारा सर्वत्र आरम्भमा वैश्वदेव गर्नुपर्दछ । **लौगाक्षिस्मृति**मा भनिएको छ– '**पक्षान्तकर्म** अर्थात् पूर्णिमा र अमावास्यामा गरिने कर्म र वैश्वदेव समाप्त गरेर अग्निहोत्रीले पिण्डपितृयज्ञ गर्नुपर्दछ । त्यसपछि अन्वाहार्य कर्म पर्दछ ।[५७] पितृहरूका निमित्त पाकनिर्माण गर्दा वैश्वदेवका लागि पनि चाहिने गरी तयार गर्नुपर्दछ । वैश्वदेवमा गरिएको पाक पितृहरूलाई काम लाग्दैन। तर पितृहरूलाई निर्माण गरिएको पाक वैश्वदेवलाई पनि काम लाग्दछ ।' मूलमा **साग्निक** पदको प्रयोग भएको छ यसको अर्थ आहिताग्नि हो भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् ।

हेमाद्रिमा उद्धृत **शालङ्कायन**को वचनमा भनिएको छ – अग्निहोत्रीले एघारौं दिनमा गरिने श्राद्ध छोडेर अरू श्राद्धमा सर्वप्रथम वैश्वदेव गर्नुपर्दछ । एघारौं दिनका दिन गरिने श्राद्धमा भने अन्तमा गर्ने विधान छ । **परिशिष्टग्रन्थ**मा भनिएको छ – पार्वणश्राद्ध र एकोद्दिष्टश्राद्धमा क्रमैले पार्वणश्राद्धमा प्रथम दिनमा र एकोद्दिष्टश्राद्धमा एघारौं दिनमा वैश्वदेव गरिन्छ । स्मार्त अग्नि भएका मानिस र अग्निहोत्र नगर्ने मानिसको घरमा श्राद्ध गर्दा अग्नौकरणपछि अथवा विकिरदानपछि छुट्टै पाकले हवन गर्नुपर्दछ । भूतयज्ञ आदि त श्राद्धका अन्तमा नै हुन्छन् । यसको प्रमाण **हेमाद्रि**, **चन्द्रिका** आदि ग्रन्थमा स्पष्ट छ। स्मार्तअग्नि भएका मानिस र स्मार्त अग्नि नभएका मानिसहरूले गर्ने श्राद्धको अन्तमा पितृलाई बनाइएको पाकबाट वैश्वदेव आदि नित्यश्राद्ध गर्नुपर्दछ भन्ने तेस्रो उपाय पनि शास्त्रमा बताइएको छ ।

श्राद्धं निर्वर्त्य विधिवद्वैश्वदेवादिकं ततः । कुर्याद्भिक्षां ततो दद्याद्धन्तकारादिकं तथा ।।

इति पैठीनसिस्मृतेः । ततः – श्राद्धशेषात् । '**श्राद्धाह्नि श्राद्धशेषेण वैश्वदेवं समाचरेत् ।**' इति चतुर्विंशतिमताच्च। एवं वैश्वदेवकालत्रयस्य आशार्के शाङ्खायनपरिशिष्टमुदाहृत्यैवं व्यवस्थोक्ता ।

आदौ वृद्धौ क्षये चान्ते दर्शे मध्ये महालये । एकोद्दिष्टे निवृत्ते तु वैश्वदेवो विधीयते ।।

इति बहुस्मृत्युक्तत्वात्सर्वेषां श्राद्धान्ते एवेति मेधातिथिस्मृतिरत्नावल्यादयो बहवः ।

बोपदेवस्तु वृत्तिकारेण विसर्जनान्तं श्राद्धमुक्त्वा '**उच्छेषणं तु**' इति पूर्वोक्तमनुवाक्योदाहरणाद् बह्वृचानां श्राद्धान्त एव । मध्यपक्षस्त्वन्यशाखापर इत्याह । हेमाद्रिस्तु वृद्धावप्यन्ते एव वैश्वदेवमाह । कातीयानां तु श्रौतस्मार्ताग्निमतामादावेकेनैव पाकेनेति कर्कः । अन्येषां मते तैत्तिरीयाणां तु साग्निकानां सर्वत्रादौ वैश्वदेवः । पञ्चयज्ञाश्च अन्ते वेति सुदर्शनभाष्ये उक्तम् । अस्य पक्षद्वयस्य पूर्ववद् व्यवस्था । हेमाद्रौ मार्कण्डेयः –

ततो नित्यक्रियां कुर्याद्भोजयेच्च ततोऽतिथीन् । ततस्तदन्नं भुञ्जीत सह भृत्यादिभिर्नरः ।।

ततः – श्राद्धशेषात् । **नित्यक्रिया** – नित्यश्राद्धम् । तत्र – '**पृथक्पाकेन नैत्यकम्**' इति तेनैवोक्तेः, पाकैक्ये विकल्पः ।

---

५७. कुनै पनि कर्मको आदिमा श्राद्ध र अन्तमा दक्षिणा गरिन्छ भने त्यसलाई अन्वाहार्य भन्दछन् अथवा कसैले पितृहरूका निमित्त गरिने मासिक श्राद्धलाई पनि अन्वाहार्य भन्दछन् ।

पैठीनसिस्मृतिमा भनिएको छ कि – अग्निहोत्र नगर्ने मानिसले श्राद्ध समाप्त गरेपछि श्राद्धबाट शेष रहेको अन्नद्वारा वैश्वदेव, बलि आदि कर्म गर्नुपर्दछ । त्यसपछि भिक्षा र हन्तकार दिनुपर्दछ । **चतुर्विंशतिमत**मा भनिएको छ कि श्राद्धको दिन श्राद्धमा बाँकी रहेको अन्नबाट वैश्वदेव गर्नुपर्दछ । यसरी वैश्वदेवका तीन समयको सम्बन्धमा **आशार्क** भन्ने ग्रन्थमा उद्धृत **शाङ्खायन परिशिष्ट**का वचनहरूको उदाहरण दिएर भनिएको छ कि – वृद्धिश्राद्धमा अग्नौकरणपछि, क्षयश्राद्धमा श्राद्ध सकिएपछि, अमावास्या र महालयश्राद्धमा बीचमा अर्थात् विकिरदान गरेपछि, एकोद्दिष्टश्राद्धमा समाप्ति भएपछि वैश्वदेव गर्ने विधान गरिएको छ । धेरै **स्मृति**हरूमा धेरै थरिका मतहरू आएकाले मानिसहरूले नअल्मलिएर श्राद्धको अन्तमा नै वैश्वदेव गर्नुपर्दछ भन्ने भनाइ **मेधातिथि**, **स्मृतिरत्नावली** आदि **निबन्धग्रन्थ**हरूको सिद्धान्तवचन रहेको छ ।

वोपदेवले भनेका छन् – विसर्जनान्तश्राद्ध अर्थात् श्राद्ध सकिएपछि वैश्वदेव गर्ने कुरा बताएर **मनुवाक्य**को उदाहरणको माध्यमबाट ऋग्वेदीहरूले श्राद्धको अन्तमा नै वैश्वदेव गर्दछन् । श्राद्धको बीचमा वैश्वदेव गर्ने कुरा अरू शाखाका मानिसहरूको हो । **हेमाद्रि**ले भनेका छन् – वृद्धिश्राद्धमा पनि श्राद्धको अन्तमा नै वैश्वदेव गर्नुपर्दछ । **कर्काचार्य** भन्दछन् – **कात्यायन**शाखाका मानिस र श्रौत–स्मार्त अग्नि धारण गर्ने मानिसहरूले एउटै पाकबाट श्राद्धको आरम्भमा वैश्वदेव गर्नुपर्दछ । अरू **कातीय**हरूको मतमा र तैत्तरीय अग्निहोत्रीहरूको मतमा जहाँसुकै सुरुमा नै वैश्वदेव गर्नुपर्दछ भनिएको छ । **सुदर्शनभाष्य**मा भने श्राद्धको अन्तमा पाँचमहायज्ञ गर्नुपर्दछ भनिएको छ । यहाँ दुवै पक्षको चर्चा गरिएको छ । व्यवस्था भने पहिले बताइएको **मेधातिथि** र **स्मृतिरत्नावली**को वचनअनुसार नै गर्नुपर्दछ।

हेमाद्रिमा **मार्कण्डेय**ले भनेका छन् – 'नित्यश्राद्ध समाप्त गरेपछि श्राद्धमा बचे–खुचेका अन्नद्वारा अतिथिहरूलाई भोजन गराउनुपर्दछ । त्यही अन्न आफ्ना गोत्रका बन्धु र घरका दास–दासी, नोकर–चाकरहरूलाई पनि खुवाई घरका मानिसहरूले खानुपर्दछ ।' मूलमा '**ततः**' शब्दको प्रयोग भएको छ, यसको अर्थ श्राद्धशेष हो । यसैगरी नित्यक्रियाको अर्थ नित्यश्राद्ध हो । पृथग्भावले नित्यश्राद्ध गर्नुपर्दछ भन्ने कुरा पनि **मार्कण्डेय**ले बताएका छन् । यसबाट एउटै पाकबाट वैश्वदेव र श्राद्ध गर्नुपर्दछ भन्ने माथि विभिन्न आचार्यहरूको मतमा जुन सिद्धान्त व्यक्त भएको थियो त्यसको पनि विकल्प देखिन्छ ।

नित्यश्राद्धविचारः

अथ नित्यश्राद्धम् । हेमाद्रौ व्यासः – **एकमप्याशयेद्विप्रं षण्णामप्यन्वहं गृही।** अपीत्यनुकल्पः। प्रचेताः–

नामन्त्रणं न होमं च नाह्वानं न विसर्जनम् । न पिण्डदानं विकिरं न दद्यादत्र दक्षिणाम् ।।

अत्र '**निर्दिश्य भोजयित्वा तु किञ्चिद्दत्वा विसर्जयेत् ।**' इति तेनैवोक्तेर्दक्षिणाविकल्पः । यत्तु –

नित्यश्राद्धं दैवहीनं नियमादिविवर्जितम् । दक्षिणारहितं चैव दातृभोक्तृव्रतोज्झितम् ।।

इति काशीखण्डे । तद्विप्राभावपरमिति पृथ्वीचन्द्रः । भविष्ये –

आवाहनं स्वधाकारं पिण्डाग्नौकरणादिकम् । ब्रह्मचर्यादिनियमा विश्वेदेवा न चैव हि ।।

नित्यश्राद्ध

अब नित्यश्राद्धको विषयमा निरूपण गरिन्छ । **हेमाद्रि**मा **व्यास**ले भनेका छन् कि – 'गृहस्थहरूले ६ देवता भएका पितृहरूका निमित्त एउटै ब्राह्मणलाई भोजन गराउनुपर्दछ ।' माथि '**अपि**' शब्द आएको छ, यसले यो व्यवस्था गौण हो भन्ने कुरा देखाउँछ । **प्रचेता**ले भनेका छन् – 'नित्यश्राद्धमा आमन्त्रण, होम, आवाहन, विसर्जन, पिण्डदान, विकिरदान र दक्षिणादान गरिँदैन । यहाँ निमन्त्रणा गरेर भोजन गराई केही दिईकन ब्राह्मण विसर्जन गर्नुपर्दछ' । यसबाट केही दिईकन भन्ने

शब्दले दक्षिणा दिनुपर्दछ भन्ने कुरा बुझिन्छ । कसैले भनेका छन् कि – नित्यश्राद्ध वैश्वदेवरहित हुन्छ, नियमरहित हुन्छ, दक्षिणारहित हुन्छ र त्यसमा दाता एवं भोक्ताको व्रतको नियम पनि पूर्ण पालन गरिँदैन भन्ने कुरा **काशीखण्ड**मा बताइएको छ। यसको उत्तरमा **पृथ्वीचन्द्र**ले भनेका छन् कि – ब्राह्मण नपाइने अवस्थाका निमित्त यसो भनिएको हो ।

भविष्यपुराणमा भनिएको छ कि – नित्यश्राद्धमा आवाहन, स्वधाकार, पिण्ड, अग्नौकरण आदि श्राद्धीय कर्म र ब्रह्मचर्य आदि नियम तथा विश्वेदेव यी सबै कुरा हुँदैनन् ।

दिवासम्भवे रात्रावपि श्राद्धस्य विधानम्

दातृणामथ भोक्तृणां नियमो न च विद्यते ।। एतद्दिवाऽसम्भवे रात्रावपि कार्यम् ।

दिवोदितानि कर्माणि प्रमादादकृतानि वै । यामिन्याः प्रहरं यावत्तावत् कर्माणि कारयेत् ।।

इति बृहन्नारदीयोक्तेः ।

रात्रौ प्रहरपर्यन्तं दिवाकृत्यानि कारयेत् । ब्रह्मयज्ञं च सौरं च वर्जयित्वा विशेषतः ।।

इति पृथ्वीचन्द्रधृतसंग्रहोक्तेश्च । न च दार्शिकाब्दिकाद्यपि रात्रौ स्यादिति वाच्यम् । इष्टापत्तेः । तस्य तिथिसम्बन्धित्वात् **'सन्ध्यारात्रौ न कर्तव्यं श्राद्धं खलु विचक्षणैः ।'** इति वैष्णवाद्यै रात्रौ निषेधात् । अत एवाल्पद्वादश्यां – **'उषःकाले द्वयं कुर्यात् प्रातर्माध्याह्निकं तदा ।'** इत्याद्यैर्वाक्यैस्त्रयोदशीश्राद्धं नापकृष्यते भिन्नविषयत्वादित्युक्तं मदनरत्ने । नित्यं त्वपकृष्यते । अन्वहमित्युक्तेस्तिथिसर्वाधिकाभावात् । तथा च सुदर्शनभाष्ये – **'परपक्षे पित्र्याणीति नियमेऽपि नित्यश्राद्धत्वे संवत्सरमित्यत्यन्तसंयोगे द्वितीयाबलाच्छुक्लपक्षेऽपि'** इत्युक्तम् । तथा रात्रावपि । तथा च माधवेन प्रतिपत्करणे स्पष्टमुक्तम् । वयं चाग्रे वक्ष्यामः । अस्य दिने करणे लोप एव । **'रात्रौ श्राद्धं न कुर्वीत'** इति निषेधादिति पृथ्वीचन्द्रोदयः ।

नित्यश्राद्धको विधान

नित्यश्राद्धमा दाता र भोक्ताका नियम पनि हुँदैनन् । यो कर्म दिनमा सम्पन्न गर्न असम्भव भएमा रात्रिमा पनि गर्न सकिन्छ । **बृहन्नारदीयपुराण**मा भनिएको छ कि दिनमा बताइएको नित्यश्राद्ध प्रमादले गर्न सकिएन भने रातको पहिलो प्रहरमा सम्पन्न गर्नुपर्दछ । **पृथ्वीचन्द्र**मा उद्धृत **संग्रह**को वचनमा भनिएको छ कि – ब्रह्मयज्ञ र सूर्यसम्बन्धी आराधनालाई छाडेर प्रहरपर्यन्त दिनमा बाँकी रहेका कृत्य रात्रिमा गराउनुपर्दछ ।

यहाँ कसैले शङ्का गर्न सक्छन् – रात्रिमा गर्नुपर्छ भनिएकाले अमावास्या र माता–पिताका आब्दिक श्राद्ध पनि मानिसहरूले रात्रिमा गर्न थाल्नेछन् । यसो गर्दा अव्यवस्था फैलिनेछ । त्यस सम्बन्धमा उत्तर दिँदै **पृथ्वीचन्द्रोदय**मा भनिएको छ कि – अमावास्याश्राद्ध र आब्दिकश्राद्धको सम्बन्ध तिथिसँग हुन्छ । तिथिमा गरिने श्राद्ध सन्ध्या र रात्रिमा गरिँदैनन् । वैष्णवहरूले पनि रात्रिमा श्राद्ध गर्न हुन्न भनेका छन् । यसैले अल्पद्वादशीमा उषाकालमा प्रातःकालीन कार्य सम्पन्न गरी मध्याह्नमा श्राद्ध आदि कर्म सम्पन्न गर्नुपर्दछ भनिएको छ । यसैले त्रयोदशीश्राद्धको अपकर्ष अर्थात् सङ्कोच गर्न हुँदैन, नित्यश्राद्धको भने सङ्कोच गर्न सकिन्छ । प्रतिदिन गरिने श्राद्धमा तिथिको घटबढको प्रश्न रहँदैन भन्ने कुरा **सुदर्शनभाष्य**मा बताइएको छ । त्यसकारण अरू श्राद्धहरू तिथिको नियमपूर्वक गरिन्छ र नित्यश्राद्ध नित्य नै गरिन्छ । यसबाट अरू मानिसहरूले रात्रिमा, सन्ध्यामा श्राद्ध गर्न थाल्नेछन् भन्ने शङ्का गर्न हुँदैन ।

यस सम्बन्धमा **माधव**ले प्रतिपदाको प्रकरणमा स्पष्टरूपमा भनेका छन् । हामीले पनि अगाडि प्रकाश पार्नेछौं । त्यो

दिन नित्यश्राद्ध गरिएन भने श्राद्धकै लोप हुन्छ । दिनमा कारणवश श्राद्ध असम्भव भएमा रात्रिको पहिलो प्रहरमा श्राद्ध गर्नु भनिएको छ । यदि रात्रिमा पनि गर्न हुँदैन भन्ने हो भने कर्मलोप हुनजानेछ । त्यसकारण नित्यश्राद्ध र अन्य श्राद्धहरूको सरणि छुट्टाछुट्टै रहेको छ भन्ने कुरा **पृथ्वीचन्द्रोदय**मा बताइएको छ ।

सुयोग्यब्राह्मणाभावे कूर्मपुराणमतम्

पात्राभावे कौर्मे – '**उद्धृत्य वा यथाशक्ति किञ्चिदन्नं प्रकल्पयेत् ।**'

सुयोग्य ब्राह्मण नपाइएमा कूर्मपुराणको मत

उपयुक्त ब्राह्मण नपाइएमा नित्यश्राद्ध लोप गर्न हुँदैन, यथाशक्ति केही अन्न निकालेर श्राद्ध सम्पन्न गर्नुपर्दछ ।

तत्प्रतिपत्तिः

तत्प्रतिपत्तिमाह विष्णुः – '**भिक्षुकाभावेऽन्नं गोभ्यो दद्यादग्नौ वा प्रक्षिपेत्**' इति ।

हेमाद्रौ नागरखण्डे –

नित्यश्राद्धं न कुर्वीत प्रसङ्गाद्यत्र सिद्ध्यति । श्राद्धान्तरे कृतेऽन्यत्र नित्यत्वात्तन्न हापयेत् ।।

षड्दैवते पृथङ् नेत्यर्थः ।

मात्स्ये – **ततस्तु वैश्वदेवान्ते सभृत्यसुतबान्धवः । भुञ्जीतातिथिसंयुक्तः सर्वं पितृनिषेवितम् ।।**

सर्वं पर्वनिषिद्धं मांसमाषाद्यपीत्यर्थः । एवं कृष्णैकादश्यादौ गृहिणोऽपि भोजनम् । अस्य वैधत्वेन निषेधाप्रवृत्तेः । एवं ग्रहणवेधेऽपि । यत्त्वनाहिताग्नेरमाषममांसं व्रतयेदित्युक्तं तद्धेयमेव । श्रौतत्वेन तस्य बलवत्त्वात् ।

नित्यश्राद्धका वस्तु सेलाउने कार्य

विष्णुले नित्यश्राद्धको सिद्धि विषयमा प्रकाश पार्दै भनेका छन् – आफ्नो घरमा भिक्षुकहरू भिक्षा माग्न नआएमा नित्यश्राद्धमा प्रयोग गरिएको अन्न गाईलाई खुवाइदिनुपर्दछ अथवा अग्निमा अर्पण गरिदिनुपर्दछ । यसबाट नित्यश्राद्ध सिद्ध हुन्छ । **हेमाद्रिको नागरखण्ड**मा भनिएको छ – जहाँ प्रसङ्गले अर्थात् अमावास्याश्राद्ध र आब्दिकश्राद्ध आदि श्राद्ध सम्पन्न गरिने हुनाले नित्यश्राद्ध छुट्टै गर्नुपर्दछ । त्यहाँ अन्तमा वैश्वदेव गरे पुग्छ । भोजन गर्दा वैश्वदेव गरी बाँकी रहेको अन्न भोजन गर्न हुँदैन, श्राद्ध गरी बाँकी रहेको भोजन ग्रहण गर्नुपर्दछ । यसकारण नित्यश्राद्ध स्वतः सिद्ध हुन्छ, छुट्टै गर्नुपर्दैन भनिएको छ । तर, अमावास्याश्राद्ध र आब्दिकश्राद्धबाहेक अरू श्राद्ध गर्दा नित्यश्राद्धको त्याग गर्न हुँदैन । जहाँ पितृ, पितामह, प्रपितामह, मातामह, प्रमातामह, वृद्धप्रमातामह यी ६ वटा पितृदेवताहरूको लागि श्राद्ध गरिन्छ । त्यो श्राद्ध गर्दा नित्यश्राद्ध छुट्टै गर्नुपर्दैन किनकि नित्यश्राद्धका पनि यी ६वटै देवता हुन्छन् ।

मत्स्यपुराणमा भनिएको छ – वैश्वदेवश्राद्ध गरेपछि भृत्य, पुत्र, बान्धव, अतिथिले सहित भई श्राद्धकर्ताले पितृपूजाबाट अवशिष्ट रहेको अन्न भोजन गर्नुपर्दछ । यो नियम हो । यसबाट के स्पष्ट हुन्छ भने त्यो दिन पितृका निमित्तमा जुन अन्न अर्पण गरिएको छैन त्यो अन्न भोजन गर्न हुँदैन अर्थात् जुन भोजन गरिन्छ त्यो पितृलाई अर्पण गरेपछि मात्र भोजन गर्नुपर्दछ ।

ग्रन्थकार भन्दछन् – यहाँ एउटा प्रश्न आउँछ, पितृलाई अर्पण गरेर नै भोजन गर्नुपर्दछ भन्ने नियमलाई सही मान्ने हो भने मांसद्वारा पिण्ड दिने विधान पनि रहेको छ । पर्वको दिन श्राद्ध गर्दा पितृप्रसादको नाताले त्यो निषिद्धपदार्थ पनि खानुपर्ने हुन्छ। कृष्णपक्षको एकादशीमा पनि गृहस्थले भोजन गर्नुपर्ने हुन्छ र ग्रहणवेधमा पनि श्राद्ध गर्दा भोजन गर्नुपर्ने हुन्छ । अग्निहोत्र

नलिने मानिसले माष र मासुको त्याग गर्नुपर्दछ भन्ने कुरा कसैले बताएका छन् । तर वैदिक आज्ञा भएकाले त्यो पनि त्याग गर्न अयोग्य हुन्छ । हाम्रो भनाइ के छ भने कलिमा मांसवर्जित श्राद्ध गर्नु भनेकाले उक्त मत विचारणीय छ ।

देवलः – **श्राद्धं कृत्वा तु यो मर्त्यो न भुङ्क्तेऽथ कदाचन । देवा हव्यं न गृह्णन्ति कव्यानि पितरस्तथा ।।**

शिवरात्र्येकादश्यादौ त्ववघ्राणमेवेत्युक्तं प्राक् । यत्र तूपवासो नावश्यकस्तत्रैकभक्तमयाचितं वा कार्यमिति हेमाद्रिः । जातूकर्ण्यः –

अहन्येव तु भोक्तव्यं कृते श्राद्धे द्विजन्मभिः । अन्यथा ह्यासुरं श्राद्धं परपाके च सेविते ।।

देवलले भनेका छन् – श्राद्ध गरेर श्राद्धकर्ताले यदि भोजन गर्दैन भने त्यसको हव्य–कव्यलाई देवता र पितृले ग्रहण गर्दैनन् । शिवरात्रि, एकादशी आदिमा श्राद्ध गर्दा पनि सुँघेर भए पनि पितृको प्रसाद ग्रहण गर्नुपर्दछ । यहाँ सुँघ्नुलाई नै भोजन गरेको मानिन्छ । हेमाद्रिले भनेका छन् – शिवरात्रि आदिमा श्राद्ध गर्दा उपवास गर्नुपर्दैन, अयाचित र एकभक्त भोजन गरी श्राद्ध गर्नुपर्दछ । जातूकर्ण्यले भनेका छन् – ब्राह्मणले पर्वहरूमा पर्ने श्राद्धहरूका दिन सूर्य छँदै भोक नलागे पनि केही प्रसाद ग्रहण गर्नुपर्दछ । यो विधि हो । ब्राह्मणमात्र होइन द्विजातिले नै श्राद्ध गरेपछि भोजन गर्नुपर्दछ । भोजन नगरेमा श्राद्ध आसुर हुन्छ । श्राद्ध गर्ने दिन अरूको घरमा भोजन गर्न हुँदैन । त्यसो गर्दा पनि आफूले गरेको श्राद्ध आसुरश्राद्धमा परिणत हुन्छ ।

श्राद्धशेषभोजनस्य क्वचिन्निषेधः

श्राद्धशेषभोजनस्य क्वचिन्निषेधमाह – हेमाद्रौ प्रायश्चित्तकाण्डे मार्कण्डेयः –

पित्रादीनामथाऽन्येषां श्राद्धशेषान्नभोजनम् । व्रतिनां विधवानाञ्च यतीनाञ्च विगर्हितम् ।।

अन्ये भिन्नगोत्राः । व्रतिनो ब्रह्मचारिणः ।

'श्राद्धावशिष्टभोक्तारो विप्रा निरयगामिनः । सगोत्राणां सकुल्यानां ज्ञातीनाञ्च न दोषकृत् ।।'

इति तत्रैवोक्तेः । तत्रैव जाबालिः –

विप्रस्त्वन्यगृहे श्राद्धशिष्टान्नभोजनं चरेत् । प्राजापत्यं विशुद्धिः स्याज्ज्ञातिगोत्रे न दोषकृत् ।।

यतीनां वपनं लक्षं प्रणवजपश्चेति तत्रैवोक्तम् ।

कहीं श्राद्धशेष भोजनको निषेध

कुनै स्मृतिमा श्राद्धमा शेष रहेको भोजन गर्न हुँदैन भनिएको छ । मार्कण्डेयले भनेका छन् कि – पिता आदि भन्दा भिन्नगोत्र भएका ब्रह्मचारी, विधवा र संन्यासीहरूका निमित्त गरिएका श्राद्धहरूमा श्राद्धशेष अन्न भोजन गर्न हुँदैन, यस्तो भोजन निन्दित हुन्छ । त्यहीं नै भनिएको छ कि श्राद्धमा बचेर रहेको अन्न भोजन गर्ने मानिसहरू नरकमा जान्छन् । तर एउटै गोत्रका, एउटै कुलका र एउटै जातिका मानिसलाई दोष लाग्दैन ।

जाबालिले भनेका छन् – ब्राह्मणले अरूको घरमा गएर श्राद्धशेष अन्न भोजन गर्दछ भने त्यो प्राजापत्य प्रायश्चित्त गरेपछि शुद्ध हुन्छ । तर आफ्नै जाति र गोत्रमा श्राद्धशेष अन्न भोजन गरेमा कुनै दोष लाग्दैन । यतिहरूले अरूको घरमा गई श्राद्धशेष अन्न भोजन गरेमा मुण्डन गरी एकलाख संख्यामा ॐकारको जप गर्नुपर्दछ ।

अस्यापवादः

अस्यापवादमाह स एव –

श्वशुरस्य गुरोर्वापि मातुलस्य महात्मनः । ज्येष्ठभ्रातुश्च पुत्रस्य ब्रह्मनिष्ठस्य योगिनः ।।

एतेषां श्राद्धशिष्टान्नं भुक्त्वा दोषो न विद्यते । इति केचित्प्रशंसन्ति मुनयस्तदसाम्प्रतम् ।।

विशेषान्तरं तत्रैव ज्ञेयम् ।

उक्त भनाइको अपवाद

उक्त श्राद्धशेषान्न निषेधसम्बन्धी विषयको अपवाद देखाउँदै जाबालिले भनेका छन् – ससुरा, गुरु, मामा, श्रेष्ठपुरुष, ठूलो दाजु, छोरा, ब्रह्मनिष्ठ योगीहरूको श्राद्धशेषान्न भोजन गर्दा दोष लाग्दैन भनी कसैले श्राद्धशेष अन्नको प्रशंसा गरेका छन्। ग्रन्थकार भन्दछन् – यो प्रशंसा उचित छैन । विशेष उक्तग्रन्थको परिशीलनबाट ज्ञात गर्न सकिन्छ।

श्राद्धदिने ताम्बूलादिवर्जनम्

हेमाद्रौ जाबालिः – **ताम्बूलं दन्तकाष्ठञ्च स्नेहस्नानमभोजनम् । रत्यौषधपरान्नानि श्राद्धकर्ता विवर्जयेत्।।**

श्राद्धका दिन ताम्बूल आदि सेवन गर्न निषेध

हेमाद्रिमा उद्धृत जाबालिको वचनमा भनिएको छ – श्राद्धकर्ताले ताम्बूल, दतिवन, तैलस्नान, अभोजन, मैथुन, औषधिसेवन र परान्नभोजन त्याग गर्नुपर्दछ ।

श्राद्धशेषस्य शूद्रादिभोजनविचारः

पृथ्वीचन्द्रोदये आचार्यः –

न शूद्रं भोजयेत्तस्मिन् गृहे यत्नेन तद्दिने । श्राद्धशेषं न शूद्रेभ्यः प्रदद्यादखिलेष्वपि ।।

इति कमलाकरभट्टकृते निर्णयसिन्धौ पार्वणश्राद्धम् ।

इति संस्रव-ब्राह्मणभोजन-पिण्डदानादिविषयनिर्णयात्मकं पञ्चमं प्रकरणम्

श्राद्धशेष अन्न र शूद्र

पृथ्वीचन्द्रोदयमा आचार्यले भनेका छन् – श्राद्धका दिन प्रयत्नपूर्वक आफ्नो घरमा शूद्रलाई भोजन गराउन हुँदैन। शूद्रमात्र होइन त्यो दिन अरू विभिन्नजातिका मानिसहरूलाई पनि भोजन गराउन हुँदैन ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धमा प्रयोग गरिने संस्रव, ब्राह्मणभोजन, पिण्डदान आदिको विषयको निर्णयमा आधारित पञ्चम प्रकरण पूरा भयो ।

अथ अनुकल्पात्मकश्राद्धहेमश्राद्धक्षयाहश्राद्धनिर्णयात्मकं षष्ठं प्रकरणम्

श्राद्धे अनुकल्पविचारः

अथानुकल्पाः । तत्र विप्रालाभे –

भोजयेदथवाप्येकं ब्राह्मणं पङ्क्तिपावनम् । दैवे कृत्वा तु नैवेद्यं पश्चात्तस्य तु निर्वपेत् ।।

इति शङ्खोक्तेरेको विप्रः पूर्वमुक्तः । विप्राभावे दर्भबटुः ।

निधाय वा दर्भबटूनासनेषु समाहितः । प्रैषानुप्रैषसंयुक्तं विधानं प्रतिपादयेत् ।। इति देवलोक्तेः ।

श्राद्धमा अनुकल्प विचार

अब अनुकल्पसम्बन्धी[५८] विचार गरिन्छ । अनेक ब्राह्मणहरू प्राप्त नभएमा एउटै पवित्रब्राह्मणलाई भोजन गराई श्राद्ध सम्पन्न गर्नुपर्दछ । देवताहरूका निमित्त नैवेद्य तयार गरी पछिबाट त्यो नैवेद्य उनीहरूलाई अर्पण गर्नुपर्दछ । यो शङ्खको वचन हो । उनले ब्राह्मणहरूको अप्राप्तिमा एउटै ब्राह्मणलाई भोजन गराए हुन्छ भनेका छन् । अर्को कुरा ब्राह्मण प्राप्त नहुँदा कुशको वटु बनाएर काम चलाउने र कुशका वटुहरूलाई आसनमा राख्ने कुरा भनिएको छ । श्राद्धमा देवलले **'प्रैषानुप्रैष'** अर्थात् प्रश्नोत्तरविधि अङ्गीकार गर्नुपर्दछ भनेका छन् । प्रैष भनेको प्रश्न हो, जस्तै – **'श्राद्धं करिष्ये ?'** अर्थात् के म श्राद्ध गरूँ ? । अनुप्रैष भनेको उत्तर हो, जस्तै – **'कुरुष्व'** अर्थात् गर ।

अशक्तौ आमश्राद्धम्

अशक्तावामश्राद्धम् ।

आपद्यनग्नौ तीर्थे च प्रवासे पुत्रजन्मनि । आमश्राद्धं प्रकुर्वीत भार्यारजसि संक्रमे ।।

इति कात्यायनोक्तेः । पृथ्वीचन्द्रोदये जमदग्निः –

यावत्स्यान्नाग्निसंयुक्त उत्सन्नाग्निरथापि वा । आमश्राद्धं तदा कुर्याद्धस्तेऽग्नौकरणं भवेत् ।।

कौर्मे – **अनग्निरधनो वापि तथैव व्यसनान्वितः । आमश्राद्धं तदा कुर्याद् वृषलस्तु सदैव हि ।।**

आहिताग्नौ प्रवासस्थे तत्पत्नी गृहे दर्शं ऋत्विगादिना कारयेत् ।

अमावास्यादिनियतं प्रोषिते धर्मचारिणी । पत्यौ तु कारयेन्नित्यमन्येनाप्यृत्विगादिना ।।

इति लघुहारीतोक्तेरिति **पृथ्वीचन्द्रोदयः** । आदिपदमाब्दिकादिसर्वपार्वणपरमिति शूलपाणिः ।

---

५८. अनुकल्प– **'कल्प्यते विधीयते इति कल्पः'** यस व्युत्पत्तिअनुसार कल्पको अर्थ विधान गरिएको विषय हो । हीनकल्पको अर्थ अधमविधान हो । गौणकल्पको अर्थ प्रतिनिधि हो । पैठीनसिस्मृतिको **'भार्याः कार्याः सजातीयाः सर्वेषां श्रेयस्यः स्यु इति मुख्यः कल्पः'** अर्थात् आफ्नै वर्णका विवाहित पत्नीहरू सबैका लागि कल्याणकारिणी हुन्छन् । यो भनाइ कल्प हो । त्यसैगरी **'अनुकल्पस्तु चतस्रो ब्राह्मणस्येत्यादि'** अर्थात् ब्राह्मणले चारवर्णका चारवटी कन्यासँग विवाह गर्नुपर्दछ भन्ने भनाइ अनुकल्प हो। वस्तुतः मुख्यपदार्थको अभावमा तत्समपदार्थ त्यसको प्रतिनिधि बन्दछ । जस्तै– जौ नपाइएमा त्यसको अनुकल्प गहुँ हुनसक्छ र महको अभावमा त्यसको अनुकल्प सख्खर हुनसक्छ । यसैगरी उपवास गर्न असमर्थ हुँदा त्यसको अनुकल्प नक्तभोजन वा हविष्यभोजन हुनसक्छ । यहाँ पनि श्राद्धमा अनेक ब्राह्मणहरूलाई भोजन गराउनु मुख्य कल्प हो । अनेक ब्राह्मणको अभावमा एउटा ब्राह्मणलाई भोजन गराउनु अनुकल्प हो । अन्यत्र पनि अनुकल्पको विषयमा यसरी नै बुझ्नुपर्दछ ।

अशक्तिमा आमश्राद्ध

श्राद्धमा पाकक्रिया गर्न सम्भव नभएमा काँचो अन्नले श्राद्ध गर्नुपर्दछ भनिएको कुरा पनि अनुकल्प नै हो। **कात्यायन**ले भनेका छन् – आपत्तिमा, अग्नि नहुँदा, तीर्थमा, प्रदेशमा, पुत्रजन्म हुँदा र पत्नी रजस्वला हुँदा आमश्राद्ध गर्नुपर्दछ। **पृथ्वीचन्द्रोदयमा जमदग्नि**ले भनेका छन् – जबसम्म अग्निको प्राप्ति हुँदैन तबसम्म मानिसले आमश्राद्ध गर्नुपर्दछ र ब्राह्मणको हातमा हवन गरी अग्नौकरण गर्नुपर्दछ।

कूर्मपुराणमा भनिएको छ कि – जुन मानिस अग्निहोत्री छैन र निर्धन छ त्यसले पनि आमश्राद्ध गर्नुपर्दछ। जसलाई आपत्ति परेको छ, जसको घरमा पकाउने सामग्री छैन, जसकी पत्नी घरमा छैनन्, जसलाई पकाउने ठाउँको अभाव छ र जसमा पकाउने सामर्थ्यको अभाव छ त्यस्ता द्विजहरूले आमश्राद्ध गर्नुपर्दछ। अग्निहोत्र लिएका मानिस विदेशमा रहेको अवस्थामा उनकी पत्नीले घरमा ऋत्विक्‌द्वारा अमावास्याश्राद्ध गराउनुपर्दछ।

लघुहारीतमा उद्धृत **पृथ्वीचन्द्रोदय**को वचनमा भनिएको छ कि – 'धर्मचारिणी पत्नीले आफ्ना पति परदेशमा रहेको अवस्थामा अमावास्यातिथिमा नियत श्राद्धलाई अरू ऋत्विक् आदि ब्राह्मणहरूबाट गराउनुपर्दछ।' यहाँ आदिपदको प्रयोग भएको छ। यसबाट वार्षिक आदि श्राद्ध पनि अरूबाट गराउनुपर्ने बुझिन्छ भन्ने कुरा **शूलपाणि**ले भनेका छन्।

सुमन्तुः – **पाकाभावेऽधिकारः स्याद्विप्रादीनां नराधिपः। अपत्नीनां महाबाहो विदेशगमनादिभिः॥**
सदा चैव तु शूद्राणामामश्राद्धं विदुर्बुधाः॥ प्रचेताः –
स्त्री शूद्रः स्वपचश्चैव जातकर्मणि चाप्यथ। आमश्राद्धं सदा कुर्याद्विधिना पार्वणेन तु॥
स्वयं पचतीति स्वपचः। विष्णूशनसौ –
आत्मनो देशकालाभ्यां विप्लवे समुपस्थिते। आपद्यनग्नौ तीर्थे च प्रवासे पत्न्यसम्भवे॥
चन्द्रसूर्यग्रहे चैव दद्यादामं विशेषतः। न पक्वं भोजयेद्विद्वान् सच्छूद्रोऽपि कदाचन॥
भोजयन् प्रत्यवायी स्यान्न च तस्य फलं लभेत्॥ अत्र प्रवासतीर्थग्रहणादावामहेमश्राद्धमेव। पाकश्राद्धं तु न भवत्येवेति हेमाद्रिरत्नावल्यादयः।

सुमन्तु भन्दछन् – श्राद्धका दिन पाककर्म सम्पन्न गर्नका लागि श्राद्धकर्ताकी पत्नी उपलब्ध नभएमा ब्राह्मणद्वारा पाककर्म सम्पन्न गराउनुपर्दछ। विदेशमा श्राद्ध गर्नुपरेमा पनि ब्राह्मणहरूलाई नै पाककर्म गर्न लगाउनुपर्दछ। शूद्रले जहिले पनि आमश्राद्ध गर्नुपर्दछ भन्ने कुरा विद्वान्‌हरूले बताएका छन्। **प्रचेता** भन्दछन् – स्त्री, शूद्र, अपत्नीक र स्वयंपाके मानिसहरूले जातकर्ममा पनि पार्वणश्राद्धकै विधिबाट आमश्राद्ध गर्नुपर्दछ। यहाँ '**स्वपच**' भन्ने शब्दको प्रयोग गरिएको छ। जसले आफैले पकाएको मात्र भोजन गर्दछ त्यसलाई स्वपच भनिन्छ।

विष्णु र उशनाले भनेका छन् – देश र कालका कारण आफ्नै आत्मामा विप्लवका चिह्नहरू देखिएमा, अग्निको अभावमा, आपत्ति पर्दा, तीर्थमा, प्रवासमा, पत्नीको अभावमा, चन्द्र र सूर्यग्रहणमा आमश्राद्ध गर्नुपर्दछ।

उत्तमशूद्रले पनि कहिल्यै पाकेको अन्न ब्राह्मणलाई भोजन गराउन हुँदैन। पाकेको अन्न भोजन गराएमा प्रत्यवाय अर्थात् दोष लाग्दछ र श्राद्धको फल प्राप्त हुँदैन। यस सम्बन्धमा **हेमाद्रि** र **रत्नावली**मा भनिएको छ कि – परदेशमा, तीर्थमा, तीर्थजलको समीपमा, ग्रहण आदिमा आमश्राद्ध वा हेमश्राद्ध गर्नुपर्दछ, पाकश्राद्ध गर्नहुँदैन।

अपरार्कविज्ञानेश्वरादयस्तु – '**पाकाभावे द्विजातीनामामश्राद्धं विधीयते**।' इति सुमन्तूक्तेः साग्निकैर्निरग्निकैश्च

प्रवासादौ सर्वत्र पाकाभावे आमादि कार्यम्, पाकसम्भवे त्वन्नेनैवेत्याहुः । अत एव पाकश्राद्धमुक्त्वा –

एतच्चानुपनीतोऽपि कुर्यात्सर्वेषु कर्मसु । भार्याविरहितोऽप्येतत् प्रवासस्थोऽपि नित्यशः ।।

इति मात्स्ये निरग्नेरपि पाकेनोक्तमिति शूलपाणिकल्पतरू । एतच्छब्दः श्राद्धमात्रपर इत्यन्ये । '**एकोद्दिष्टं तु कर्तव्यं पाकेनैव सदा स्वयम्** ।' इति लघुहारीतीयमपि साग्नेरेव । निरग्नेर्महैकोद्दिष्टमप्यामेन । शूद्रस्य तु दशाहपिण्डाद्यामेनेति हलायुधः । उत्सन्नाग्नीनां त्वामश्राद्धमेव, पूर्वोक्तजमदग्निवाक्यात् ।

अपरार्क र **विज्ञानेश्वर** आदिले भनेका छन् कि – पाकको अभावमा द्विजातिहरूका निमित्त आमश्राद्धको विधान गरिएको छ भनी माथि **सुमन्तु**ले भनेका छन् । तसर्थ साग्निक होस् या निरग्निक दुवैले परदेशमा पाकको अभावमा आमश्राद्ध गर्नुपर्दछ । पाक सम्भव भएमा भने पक्वान्नबाट नै श्राद्ध गर्नुपर्दछ । यसैले पाकश्राद्ध बताएर सबै कार्यहरूमा जसको व्रतबन्ध भएको छैन त्यस्तो बालक, भार्यारहित व्यक्ति र प्रवासमा रहेको व्यक्तिले पनि पाकश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **मत्स्यपुराण**मा बताइएको छ ।

शूलपाणि र **कल्पतरु**मा 'अग्निहोत्र नलिने मानिसले पनि पाकश्राद्ध गर्नुपर्दछ भनिएको छ ।' माथि मूलमा प्रयोग गरिएको '**एतत्**' शब्दले सामान्यश्राद्ध जनाउँछ भन्ने कुरा **हेमाद्रि** आदिले बताएका छन् । **लघुहारीत**मा भनिएको छ– एकोद्दिष्टश्राद्ध गर्दा स्वयं पकाएर सम्पन्न गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो **हारीत**को वचन साग्निकहरूका लागि हो । निरग्निकले महैकोद्दिष्टनामक श्राद्ध पनि आमान्नद्वारा नै गर्दछन् । शूद्रको मृत्यु हुँदा तिनका छोराहरूले गर्ने दशाहकर्ममा दशदिनसम्मका पिण्ड आमान्नबाटै तयार गरिन्छ भन्ने कुरा **हलायुध**ले बताएका छन् । **जमदग्नि**को मतअनुसार जुन अग्निहोत्रीको अग्निहोत्र कर्म उच्छिन्न भएको छ तिनले पनि आमश्राद्ध गर्नुपर्दछ ।

मरीचिः – **श्राद्धविघ्ने द्विजातीनामामश्राद्धं प्रकीर्तितम् । अमावास्यादिनियतं माससंवत्सरादृते ।।**

स्मृतिदर्पणे – **मृताहं च सपिण्डञ्च गयाश्राद्धं महालयम् । आपन्नोऽपि न कुर्वीत श्राद्धमामेन कर्हिचित् ।।**

हेमाद्रौ व्यासः – **आमं ददत्तु कौन्तेय दद्यादामं चतुर्गुणम् । द्विगुणं त्रिगुणं वापि नत्वेकगुणमर्पयेत् ।।**

सिद्धान्ने तु विधिर्यः स्यादामश्राद्धेऽप्यसौ विधिः । आवाहनादि सर्वं स्यात्पिण्डदानं च भारत ।।

दद्याद्यच्च द्विजातिभ्यः शृतं वाऽशृतमेव वा । तेनाग्नौकरणं कुर्यात् पिण्डाँस्तेनैव निर्वपेत् ।।

पक्षान्तरमाह स एव –

आमं ददद्धि कौन्तेय तदामं द्विगुणं चरेत् । त्रिगुणं चतुर्गुणं वापि न त्वेकगुणमर्पयेत् ।।

स्मृत्यर्थसारे सममप्युक्तम् ।

मरीचिले भनेका छन् – पत्नी रजोवती हुनु, आपत्ति आइलाग्नुजस्ता विपत्ति आइलाग्दा श्राद्धको पाक निर्माण गर्न असम्भव भएमा द्विजातिहरूले मासिक र सांवत्सरिकश्राद्ध छोडेर अमावास्या आदिमा गरिने अन्यश्राद्ध आमान्नले गर्नुपर्दछ। **स्मृतिदर्पण**मा भनिएको छ – मरणदिनमा गरिने श्राद्ध, सपिण्डनश्राद्ध, गयाश्राद्ध र महालयश्राद्धमा आपत्तिमा पनि आमान्नको प्रयोग गर्न हुँदैन ।

हेमाद्रिमा **व्यास**ले भनेका छन् – आमान्नले श्राद्ध गर्दा पुरुषको आहारको अपेक्षा चारगुणा बढी अन्न दिनुपर्दछ । नसकेमा त्रिगुणित अथवा द्विगुणित अन्न दिनुपर्दछ तर द्विगुणितभन्दा कम अन्न अर्पण गर्न हुँदैन । श्राद्धमा सिद्धान्नद्वारा आवाहन, पिण्डदान आदि जुन कर्म गरिन्छ त्यो विधि आमश्राद्धमा पनि गर्नुपर्दछ । ब्राह्मणका लागि पकाएको या नपाएको अन्न दिनुपर्दछ।

ब्राह्मणलाई जुन अन्न दिइन्छ त्यसै अन्नले अग्नौकरण गर्नुपर्दछ र त्यसैले पिण्डदान पनि गर्नुपर्दछ । पक्षान्तरमा भनिएको छ कि- आमान्न दिने मानिसले द्विगुणित, त्रिगुणित र चतुर्गुणित अन्न दिनुपर्दछ, एकगुणित अन्न दिन हुँदैन । **स्मृत्यर्थसारमा** पाकेका अन्नले सिद्ध गरिने श्राद्धमा जति अन्न प्रयोग गरिन्छ त्यति अन्न दिनुपर्दछ भनिएको छ ।

विष्णुपुराणे वाराहे च -

असमर्थोऽन्नदानस्य धान्यमाशं स्वशक्तितः । प्रदद्यात्तु द्विजातिभ्यः स्वल्पाल्पामपि दक्षिणाम् ।।

अत्र '**शक्तितः**' इत्यस्मात् समलाभः । अश्यत इति आशम् । षट्त्रिंशन्मते -

आमश्राद्धं यदा कुर्यात् पिण्डदानं कथं भवेत् । गृहपाकात्समुद्धृत्य सक्तुभिः पायसेन वा ।।

पिण्डान् दद्याद्यथालाभं तिलैः सह विमत्सरः ।। पृथ्वीचन्द्रोदये व्यासः -

आमश्राद्धं यदा कुर्याद्विधिज्ञः श्राद्धदः सदा । हस्तेऽग्नौकरणं कुर्याद् ब्राह्मणस्य विधानतः ।।

एतत्साग्नेः । निरग्नेः सदा तत्सत्त्वात् । यत्तु -

आमेन पिण्डं दद्याच्चेद्विप्रान् पाकेन भोजयेत् । पक्वेन कुरुते पिण्डमामान्नं यः प्रयच्छति ।।

तावुभौ मनुजौ प्रोक्तौ नरकार्हौ न संशयः ।। इति । तद्दर्शादिपरम् । देशाचाराद् व्यवस्थेति युक्तम् ।

विष्णुपुराण र **वाराहपुराणमा** भनिएको छ कि - द्विगुणित आदि अन्नदान गर्न समर्थ नभएमा ब्राह्मणलाई भोजन गर्न योग्य अन्नका साथै बढी दक्षिणा दिनुपर्दछ । यहाँ **शक्तितः** पदको प्रयोग गरिएको छ । यसको पक्वान्नबराबर आमान्न नन्ने अर्थ लाग्दछ । यसैगरी माथि **आशम्** पदको प्रयोग गरिएको छ - 'अश्यते इति आशम्' यो व्युत्पत्तिअनुसार जुन वस्तु खाइन्छ त्यसलाई **आशम्** भनिन्छ तसर्थ खाइने वस्तु अन्न हो । षट्त्रिंशत्मतमा भनिएको छ - 'आमश्राद्ध गर्ने मानिसले पिण्डदान कसरी गर्न सक्दछ ? त्यसैले आमश्राद्ध गर्ने मानिसले पनि घरका निमित्त पकाएको पवित्र अन्न झिकेर सातु र खीरको पिण्ड तयार गरी तिल मिसाएर शान्तभावले क्रोध नगरीकन पिण्डदान गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदयमा व्यासले भनेका छन् - 'आमश्राद्ध गर्दा विधि जान्ने श्राद्धकर्ताले विधिअनुसार ब्राह्मणको हातमा अग्नौकरण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् - यो अग्निहोत्रीका निमित्त गरिएको व्यवस्था हो । अग्निहोत्र नलिने मानिसले अग्निको अभावमा ब्राह्मणको हातमा नै हवन गर्नुपर्दछ । जुन अन्नद्वारा पिण्डप्रदान गरिन्छ त्यसै अन्नको पाकबाट ब्राह्मणभोजन पनि सम्पन्न गराइन्छ । जसले पक्वान्नद्वारा पिण्ड प्रदान गर्दछ र ब्राह्मणलाई आमान्न दिन्छ ती दुवैथरि मनुष्य नरकमा जान योग्य हुन्छन् । यसमा कुनै संशय छैन ।' उक्त मतप्रति असहमत हुँदै **कमलाकर** भन्दछन् - उक्त पिण्ड र आमान्न दिने विषय अमावास्याश्राद्धका लागि निर्धारित गरिएको हो । अरू श्राद्धका निमित्त होइन । त्यसकारण देशमा जुन आचार चलेको छ त्यसको पालन गर्नुपर्दछ ।

मरीचिः - **आवाहने स्वधाकारे मन्त्रा ऊह्या विसर्जने । अन्यकर्मण्यनूह्याः स्युरामश्राद्धविधिः स्मृतः।।**

आवाहने हविषे अत्तव इत्यत्र स्वीकर्तवे इत्यूहः । स्वधाकारो नमो वः पितर इषे इत्यत्र इषेपदस्थाने आमद्रव्यायेत्यूहः । विसर्जने वाजे वाजे इत्यत्र तृप्ता इति स्थाने तर्प्स्यत तृप्यतेति वोहः । यद्यपि तस्मादृचं नोहेदिति ऋच्यूहो निषिद्धः तथापि वचनाद्भवति ।

तृप्तिप्रश्नोऽवगाहश्च जुषप्रश्नो यथासुखम् । आमश्राद्धे भवेन्नैतदपोशानं च पञ्चमम् ।।

अयं चानुवादः खलेवाल्यां छेदनादीनामिवार्थाभावाल्लोपसिद्धेः ।

मरीचिले भनेका छन् कि – '**उशन्तस्त्वा नि धीमह्युशन्तः समिधीमहि । उशन्नुशत आ वह पितॄन् हविषे अत्तवे।।**' (ऋ. १०/१६/१२) यो आवाहनमन्त्रमा स्वधाकार र विसर्जन गर्दा ऊह गरिन्छ । अन्य कर्ममा ऊह हुँदैन यो आमश्राद्धको विधि हो । आवाहन गर्दा **उशन्तस्त्वा०** इत्यादि माथि बताएका मन्त्रका अन्तिम दुईपद 'हविषे अत्तवे' को ठाउँमा '**स्वीकर्तवे**' भन्ने ऊह गरिन्छ । स्वधाकारमा – '**नमो वः पितर इषे नमो वः पितरः ऊर्जे नमो वः पितरः शुष्माय नमो वः पितरो घोराय नमो वः पितरो जीवाय नमो वः पितरो रसाय । स्वधा वः पितरो नमो वः पितरो नम एता युष्माकं पितर इमा अस्माकं जीवा यो जीवन्त इह सन्तः स्याम ।।** (आश्व. गृ.पृ. १६४) यस मन्त्रको '**नमो वः पितर इषे**' यस वाक्यमा इषे पदको ठाउँमा '**आमद्रव्याय**' भनी ऊह गरिन्छ । यसैगरी विसर्जनमा – '**वाजे वाजेऽवत वाजिनो नो धनेषु विप्रा अमृता ऋतज्ञाः । अस्य मध्वः पिबत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः ।।**' (तै.सं. १/७/८/९) यस मन्त्रमा '**तृप्ता यात**' यस वाक्यको सट्टा '**तप्स्यंत**' अथवा '**तृप्स्यत**' भनी ऊह गरिन्छ । यद्यपि ऋचामा ऊह गर्न हुँदैन भनिएको छ तापनि आप्तवचनबाट यहाँ ऊह गर्नुपर्दछ ।

तृप्तिप्रश्न – 'तृप्तास्थः', **अवगाह** – ब्राह्मणको बूढी औंला डुबाउने कर्म, **यथासुख जुषप्रश्न** – जुषध्वम् र **अपोशान**– आचमन यी कर्म आमश्राद्धमा हुँदैनन् । ग्रन्थकार भन्दछन् – यो अनुवाद हो, विधि होइन । आमश्राद्धमा उक्त पाँचकिसिमका प्रश्नको कुनै अर्थ छैन। त्यसैले पञ्चकर्मको लोप हुन्छ। किनकि **खलेवाली**[५९] अर्थात् पशु बाँधेको मौलो वा मिहीमा छेदन गर्दा केही प्राप्त नभएझैं आमश्राद्धमा उक्त पाँचकर्मको लोप हुने कुरा सिद्ध हुन्छ ।

धर्मप्रदीपे तु – **आमं चतुर्गुणं दद्यादथवा द्विगुणं तथा । हेम चाष्टगुणं तद्वदामे हैमेऽप्यसौ विधिः।।**
आमे हैमे तथा नित्ये नान्दीश्राद्धे तथैव च । व्यतीपातादिके श्राद्धे नियमान् परिवर्जयेत् ।।
गृहपाकात्समुद्धृत्य सक्तुभिः पायसेन वा । पिण्डदानं प्रकुर्वीत आमे हैमे कृते सति ।।
आमश्राद्धे च वृद्धौ च प्रेतश्राद्धे तथैव च । विकिरं नैव कुर्वीत मुनिः कात्यायनोऽब्रवीत् ।।
आमश्राद्धमनङ्गुष्ठमग्नौकरणवर्जितम् । तृप्तिप्रश्नविहीनं तु कर्तव्यं मानवैर्ध्रुवम् ।।
आवाहनाग्नौकरणं विकिरं पात्रपूरणम् । तृप्तिप्रश्नं न कुर्वीत आमे हैमे कदाचन ।।

इत्युक्तम् । एतच्च – '**आवाहनं भवेत्कार्यमर्घ्यदानं तथैव च**' इति हेमाद्रौ भविष्यादिविरोधाच्चिन्त्यम्, शाखान्तरविषयं वास्तु । विकिरोऽप्यामेनेति हेमाद्रिः । शूद्रस्य तु तत्रैवोक्तम् । '**अग्नौकरणमन्त्रश्च नमस्कारो विधीयते ।**' अग्नये कव्यवाहनाय नमः, सोमाय पितृमते नमः, इत्थं मन्त्रः । मात्स्ये –

मन्त्रवर्ज्यं हि शूद्रस्य सर्वमेव विधीयते । एवं शूद्रोऽपि सामान्यं वृद्धिश्राद्धञ्च सर्वदा ।।
नमस्कारेण मन्त्रेण कुर्यादामान्नवद् बुधः ।। तच्च पूर्वाह्णे कार्यम् ।

धर्मप्रदीपमा भनिएको छ कि – आमान्न चारगुणा वा दुईगुणा दिनुपर्दछ भने सुवर्ण आठगुणा दिनुपर्दछ । यो आमश्राद्ध र हेमश्राद्धको विधि हो । आमश्राद्ध, हेमश्राद्ध, नित्यश्राद्ध, नान्दीश्राद्ध, व्यतीपात आदि योगमा गरिने श्राद्धमा

५९. '**खलेवाली यूपो भवति**' भन्ने वाक्य सुनिन्छ । भनाइको तात्पर्य के हो भने खेत-खलिहानमा गाई, गोरु जान नदिन जुन स्तम्भ गाडिएको हुन्छ त्यसलाई साद्यस्क सोमयागमा यूप मान्नुपर्दछ भन्ने कुरा मीमांसासूत्रको दशम अध्यायको '**न खादिरी खलेवाली, नास्यां स्यात् तक्षणादिकम्**' (१०/२/७०-७१) सूत्रमा बताइएको छ । त्यस स्तम्भलाई मौलोको रूपमा स्वीकार गरे पनि मौलामा गरिने छेदन आदि शिल्पकर्म आवश्यक हुँदैन । त्यसैले छेदनको लोप हुन्छ । खलेवाली यूपमा छेदनादिको कुनै अर्थ नरहेझैं आमश्राद्धमा पनि तृप्तिप्रश्न आदिको कुनै अर्थ हुँदैन भन्ने तात्पर्य हो ।

अरू श्राद्धका विशिष्ट नियमहरूको त्याग गर्नुपर्दछ । आमश्राद्ध र हेमश्राद्ध गरेमा घरको पाकबाट निकालेर सातु अथवा खीरद्वारा पिण्डदान गर्नुपर्दछ । **कात्यायनले** भनेका छन् कि – आमश्राद्ध, वृद्धिश्राद्ध र प्रेतश्राद्धमा विकिर दान गर्नुपर्दैन। आमश्राद्धमा बूढी औंलाको स्पर्श, अग्नौकरण र तृप्तिप्रश्न छाडेर अरू कर्म गर्नुपर्दछ । आवाहन, अग्नौकरण, विकिर, पात्रपूरण अर्थात् पात्रलाई जलले भर्ने काम र तृप्तिप्रश्न आमश्राद्ध र हेमश्राद्धमा कहिलेपनि गर्न हुँदैन भन्ने कुरा स्मृतिहरूमा बताइएको छ । तर **हेमाद्रिले** आवाहन र अर्घ्यदान गर्नुपर्दछ भनेका छन् । **हेमाद्रिको** यो वचन **भविष्यपुराणको** विरुद्ध भएकाले चिन्तनीय छ अथवा त्यो वचन अरू शाखाका निमित्त भनिएको हुनसक्छ ।

हेमाद्रिले भनेका छन् – 'आमान्नबाट विकिर दान गर्नुपर्दछ ।' फेरि उनैले अग्नौकरण गर्दा शूद्रले '**अग्नये कव्यवाहनाय नमः, सोमाय पितृमते नमः**' द्वारा नमस्कार गर्नुपर्दछ भन्ने मत प्रस्तुत गरेका छन् । **मत्स्यपुराणमा** भनिएको छ कि श्राद्धमा मन्त्रहरूको उच्चारणबाहेक अरू सबै कर्म शूद्रले गर्नुपर्दछ । यसैगरी बुद्धिमान् शूद्रले पनि वृद्धिश्राद्धजस्तै नमस्कारमन्त्रद्वारा आमश्राद्ध गर्नुपर्दछ । यो श्राद्ध पूर्वाह्णकालमा सम्पन्न गर्नुपर्दछ ।

आमश्राद्धं तु पूर्वाह्णे एकोद्दिष्टञ्च मध्यतः । पार्वणं चापराह्णे तु प्रातर्वृद्धिनिमित्तकम् ।।

इति हारीतोक्तेः । एतद् द्विजविषयम् । शूद्रकर्तृकं त्वपराह्ण एव –

मध्याह्नात्परतो यस्तु कुतपः समुदाहृतः । आमश्राद्धं तु तत्रैव पितॄणां दत्तमक्षयम् ।।

इति सुमन्तुक्तेरित्यपरार्के हेमाद्रौ चोक्तम् ।

हारीतले भनेका छन् – आमश्राद्ध पूर्वाह्णमा, एकोद्दिष्ट मध्याह्नमा, पार्वण अपराह्णमा र वृद्धिश्राद्ध प्रातःकालमा गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो ब्राह्मणका निमित्त गरिएको व्यवस्था हो, शूद्रले त आमश्राद्ध अपराह्णमा गर्नुपर्दछ । मध्याह्नकालपछिको समयलाई कुतप भनिएको छ । त्यसैबेला आमश्राद्ध गर्नाले पितृलाई दिएको कुरा अक्षय्य हुन्छ भन्ने कुरा सुमन्तुले बताएका छन् । **अपरार्क** र **हेमाद्रिमा** पनि यही कुरा बताइएको छ ।

हेमश्राद्धकथनम्

तदभावे हेमश्राद्धमाह हेमाद्रौ मरीचिः –

आमान्नस्याप्यभावे तु श्राद्धं कुर्वीत बुद्धिमान् । धान्याच्चतुर्गुणेनैव हिरण्येन सुरोचिषा ।।

धर्मः – '**आमं तु द्विगुणं प्रोक्तं हेम तद्वच्चतुर्गुणम् ।**' स्मृत्यर्थसारे – '**हिरण्यमष्टगुणं चतुर्गुणं समं वा दद्यात् ।**' हेमाद्रौ भविष्ये –

अन्नाभावे द्विजाभावे प्रवासे पुत्रजन्मनि । हेमश्राद्धं सङ्ग्रहे च तथा स्त्रीशूद्रयोरपि ।।

षट्त्रिंशन्मते तुर्यपादे- '**वर्जयित्वा क्षयेऽहनि**' इति पाठः । '**यस्य भार्या रजस्वला**' इति व्यासपाठः ।

हेमश्राद्ध

मरीचिले भनेका छन् – आमश्राद्धको अभावमा हेमश्राद्ध गर्नुपर्दछ । पक्वान्नको अभावमा बुद्धिमान् मनुष्यले एउटै ब्राह्मणको तृप्तिका लागि पर्याप्त अन्नपाकको चारगुणा अधिक सुवर्णको प्रयोग गरी हेमश्राद्ध गर्नुपर्दछ ।

धर्मले भनेका छन् – आमान्नले श्राद्ध गर्दा पक्वान्नभन्दा द्विगुणित अन्नको प्रयोग गर्नुपर्दछ भने हेमश्राद्ध गर्दा द्विगुणित आमान्नभन्दा चारगुणा बढी सुवर्णको प्रयोग गर्नुपर्दछ । **स्मृत्यर्थसारमा** भनिएको छ – सुवर्णश्राद्ध गर्दा आठगुणा, चारगुणा

अथवा बराबर मात्रामा सुवर्णको प्रयोग गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ– स्त्री र शूद्रले अन्नको अभाव र ब्राह्मणको अभावमा, प्रवासमा, पुत्रजन्म हुँदा, ग्रहणमा हेमश्राद्ध गर्नुपर्दछ।

षट्त्रिंशत्मतमा भनिएको छ कि – माथि मूलमा '**तथा स्त्रीशूद्रयोरपि**' भन्ने चौथो पाउको सट्टा '**वर्जयित्वा क्षयेऽहनि**' भन्ने पाठ गराउनुपर्दछ । यसरी गराउँदा – '**अन्नाभावे द्विजाभावे, प्रवासे, पुत्रजन्मनि । हेमश्राद्धं सग्रहे च वर्जयित्वा क्षयेऽहनि ।।**' यस किसिमको पद्यको स्वरूप हुने भयो । यसको अर्थ – क्षयदिन अर्थात् मृत्युदिनलाई छाडेर अन्नको अभावमा, ब्राह्मणको अभावमा, प्रवासकालमा, पुत्रजन्ममा र ग्रहणमा हेमश्राद्ध गर्नुपर्दछ । उक्त पद्यमा **व्यास**ले चौथो पाउमा '**यस्य भार्या रजस्वला**' भन्ने पाठान्तर प्रस्तुत गरेका छन् । यसको अर्थ जसकी पत्नी रजस्वला हुन्छिन् त्यसले पनि हेमश्राद्ध गर्नुपर्दछ भन्ने हो ।

पुत्रोत्पत्तौ हेमनियमः

पुत्रोत्पत्तौ तु हेमनियममाह संवर्तः –

पुत्रजन्मनि कुर्वीत श्राद्धं हेम्नैव बुद्धिमान् । न पक्वेन न चामेन कल्याणान्यभिकामयन् ।।

भविष्ये – **गृहपाकात्समुद्धृत्य सक्तुभिः पायसेन वा । पिण्डदानं प्रकुर्वीत हेमश्राद्धे कृते सति ।।**

हेमश्राद्धे पिण्डदानं नेति दिवोदासः । स्मृत्यर्थसारे तु विकल्प उक्तस्तदाशयं न विद्मः । षट्त्रिंशन्मते –

नामन्त्रणाग्नौकरणे विकिरो नैव दीयते । तृप्तिप्रश्नोऽपि नैवात्र कर्तव्यः केनचिद्भवेत् ।।

अत्र मरीचिना आमाभावे हेमविधानेन स्थानापत्त्या धर्मप्राप्तेः पूर्ववन्मन्त्रोहः पूर्वाह्णकालता च ज्ञेयेति दिक् । पूर्वोक्तधर्मप्रदीपोक्तेश्च ।

पुत्रोत्पत्तिमा हेमश्राद्ध

संवर्तले भनेका छन् – पुत्रजन्ममा बुद्धिमान् मानिसले सुवर्णद्वारा श्राद्ध गर्नुपर्दछ । कल्याण चाहने मानिसले कहिल्यै पनि पुत्रजन्मको अवसरमा आमान्न या पक्वान्नद्वारा श्राद्ध गर्न हुँदैन । **भविष्यपुराण**मा भनिएको छ – पुत्रजन्ममा हेमश्राद्ध गरे तापनि घरमा भोजनका निमित्त तयार गरिएको पाकबाट निकालिएको अन्न, सातु अथवा खीरद्वारा पिण्डदान गर्नुपर्दछ । शूद्रले गृहपाकद्वारा नै पिण्डको निर्वाप गर्नुपर्दछ । पिण्डनिर्वापका लागि सातु, कन्द, फल र पायस अर्थात् खीरको प्रयोग गर्नुपर्दछ भनिएको छ। तर **दिवोदास**ले भनेका छन् – हेमश्राद्ध गर्दा पिण्डदान गर्नुपर्दैन। **स्मृत्यर्थसार**मा भने वैकल्पिक व्यवस्था रहेको छ भनी बताइएको छ । **षट्त्रिंशत्मत**मा भनिएको छ – तीर्थनिमित्तक हेमश्राद्धमा आमन्त्रण, अग्नौकरण र विकिरदानजस्ता कर्म हुँदैनन्। तृप्तिप्रश्न पनि हुँदैन । यससम्बन्धमा **मरीचि**ले भनेका छन् कि आमश्राद्धको अभावमा हेमश्राद्धको विधान गर्दा स्थानको आपत्ति भएमा धर्मप्राप्ति नहुने हुँदा ऊह गरेर पूर्वाह्णकालमा पनि गर्न सकिने कुरा बुझ्नुपर्दछ । यही कुरा **धर्मप्रदीप**मा पनि भनिएको छ ।

व्यासः– **हिरण्यमामं श्राद्धीयं लब्धं यत्क्षत्रियादितः । यथेष्टं विनियोज्यं स्याद् भुञ्जीयाद् ब्राह्मणात्स्वयम्।।**

विप्रलब्धं भुञ्जीयात् । क्षत्रियादिलब्धे तु यथेष्टविनियोगः । तेनापि श्राद्धवैश्वदेवादि न कार्यम् । देवोद्देशेन त्यक्तस्य देवतान्तराय त्यागायोगादिति देवयाज्ञिकः ।

व्यासले भनेका छन् – पुरोहितले हेमश्राद्ध वा आमश्राद्धमा क्षत्रिय आदि यजमानबाट प्राप्त अन्न वा द्रव्यको स्वयं

भोग नगरी अरूलाई वितरण गर्नुपर्दछ । तर ब्राह्मण यजमानबाट प्राप्त भएको अन्नको भोजन गर्नुपर्दछ र वस्तुहरूको उपयोग गर्नुपर्दछ । क्षत्रिय आदिबाट प्राप्त वस्तुहरूद्वारा श्राद्ध, वैश्वदेव आदि कर्म पनि गर्न हुँदैन । किनकि एउटा देवताको उद्देश्यले दिइएको पदार्थ दोस्रो देवताका निमित्तमा प्रयोग गर्न हुँदैन भन्ने कुरा देवयाज्ञिकले बताएका छन् ।

शूद्रलब्धद्रव्यविषये विचारः

शूद्रलब्धे तूक्तं तत्रैव षट्त्रिंशन्मते-

आमं शूद्रस्य यत्किञ्चिच्छ्राद्धिकं प्रतिगृह्यते । तत्सर्वं भोजनायालं नित्ये नैमित्तिके न च ।।

इति । शुद्धितत्त्वेऽङ्गिराः -

शूद्रवेश्मनि विप्रेण क्षीरं वा यदि वा दधि । निवृत्तेन न भोक्तव्यं शूद्रान्नं तदपि स्मृतम् ।।

शूद्राद्विप्रगृहेष्वन्नं प्रविष्टं तु सदा शुचि ।। पराशरः -

तावद्भवति शूद्रान्नं यावन्न स्पृशति द्विजः । द्विजातिकरसंस्पृष्टं सर्वं तन्न विरुद्ध्यते ।।

विष्णुपुराणे – '**सम्प्रोक्षयित्वा गृह्णीयाच्छूद्रान्नं गृहमागतम् ।**' अङ्गिराः – '**पात्रान्तरगतं ग्राह्यं दुग्धं स्वगृहमागतम् ।**'

शूद्रबाट प्राप्त अन्न र पदार्थको विषयमा विचार

ब्राह्मणले शूद्रबाट प्राप्त द्रव्यग्रहण गर्दा आमान्नग्रहण गर्नुपर्दछ र त्यो स्वकीय अथवा परकीय भोजनका निमित्तमात्र उपयोग गर्नुपर्दछ तर त्यसलाई नित्य–नैमित्तिक कर्ममा प्रयोग गर्न हुँदैन । **शुद्धितत्त्वमा अङ्गिराले भनेका छन्** - निर्वृत्तिमार्गमा लागेका ब्राह्मणले शूद्रको घरमा गई दूध अथवा दही पनि भोजन गर्न हुँदैन । तर शूद्रको घरबाट ब्राह्मणको घरमा जुन अन्न प्राप्त हुन्छ त्यसलाई भने पवित्र मान्नुपर्दछ । **पराशरले भनेका छन्** – जबसम्म अन्न शूद्रको घरमा रहन्छ तबसम्म त्यो ब्राह्मणका लागि ग्राह्य हुँदैन । ब्राह्मणको हातको स्पर्श भएपछि त्यो प्रतिकूल अन्न पनि अनुकूल हुन आउँछ र त्यसलाई ग्रहण गर्दा दोष लाग्दैन । **विष्णुपुराणमा भनिएको छ** – घरमा ल्याइएको शूद्रको अन्नलाई प्रोक्षण गरी आफ्नो पात्रमा खन्याएपछि भोजन आदिका निमित्त ग्रहण गर्न हुन्छ ।

पार्वणश्राद्धाशक्तौ साङ्कल्पिकविचारः

सपिण्डश्राद्धाशक्तावाह हेमाद्रौ संवर्तः -

समग्रं यस्तु शक्नोति कर्तुं नैवेह पार्वणम् । अपि सङ्कल्पविधिना काले तस्य विधीयते ।।

पात्रे भोज्यस्य चान्नस्य त्यागः सङ्कल्प उच्यते ।। व्यासः -

साङ्कल्पं तु यदा कुर्यान्न कुर्यात्पात्रपूरणम् । नावाहनाग्नौकरणे पिण्डाँश्चैव न दापयेत् ।।

पात्रमर्घ्यस्य । समन्त्रकावाहनस्य निषेधः । '**तूष्णीं तु भवत्येव**' इति हेमाद्रिः । स्मृत्यर्थसारे – '**विकिरं तु न दातव्यम्**' इति तृतीयपादे पाठः । स्मृत्यन्तरे –

त्यजेदावाहनं चार्घ्यमग्नौकरणमेव च । पिण्डाँश्च विकिराक्षय्ये श्राद्धे साङ्कल्पसंज्ञके ।।

हेमाद्रौ वृद्धशातातपस्तु –

पिण्डनिर्वापरहितं यत्तु श्राद्धं विधीयते । स्वधावाचनलोपोऽत्र विकिरस्तु न लुप्यते ।। इत्याह ।

पार्वणश्राद्ध गर्न असमर्थ्य हुँदा साङ्कल्पिकश्राद्ध

हेमाद्रिमा **संवर्त**ले भनेका छन् कि – जुन मानिसहरू पार्वणश्राद्ध गर्न समर्थ छैनन् तिनीहरूले पार्वणश्राद्धकै समयमा सङ्कल्पविधिअनुसार साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ । पात्रमा भोजनयोग्य अन्न राखी 'म यो समर्पण गर्दैछु' भनेर अन्नदानमात्र गरिने साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ । पात्रमा भोज्य अन्न राखेर विधिपूर्वक सङ्कल्प गरी दान गर्नुलाई सङ्कल्पश्राद्ध भनिन्छ । **व्यास**ले भनेका छन् – 'मनुष्यले साङ्कल्पिकश्राद्ध गर्दा अर्घ्यका निमित्तमा पात्रमा जल भर्नुहुँदैन । आवाहन, अग्नौकरण र पिण्डदान गर्न हुँदैन ।' यहाँ पात्रको अर्थ अर्घ्यपात्र हो । आवाहन गर्न हुँदैन भन्नुको अर्थ मन्त्र उच्चारण गरी आवाहन गर्न हुँदैन भनिएको हो । मौनरूपमा आवाहन गर्न त हुन्छ भनी **हेमाद्रि**ले भनेका छन् । **स्मृत्यर्थसार**मा विकिर दिन हुँदैन भनिएको छ । **स्मृत्यन्तर**मा भनिएको छ – साङ्कल्पश्राद्धमा आवाहन, अर्घ्यदान, अग्नौकरण, पिण्डदान, विकिरदान र अक्षय्योदक दान गर्न हुँदैन । **हेमाद्रि**मा उद्धृत **वृद्धशातातप**को वचनमा भनिएको छ – जुन पिण्डदानरहित सङ्कल्पश्राद्धको विधान गरिएको छ त्यसमा स्वधावाचन हुँदैन तर विकिरदान गर्नुपर्दछ।

साङ्कल्पिकश्राद्धे त्याज्यकर्माणि

पृथ्वीचन्द्रोदये वसिष्ठः –

आवाहनं स्वधाशब्दं पिण्डाग्नौकरणं तथा । विकिरं पिण्डदानञ्च साङ्कल्पे षड् विवर्जयेत् ।।

विकिरे विकल्पः । स्मृत्यन्तरे –

अङ्गानि पितृयज्ञस्य यदा कर्तुं न शक्नुयात् । स तदा वाचयेद् विप्रान् सङ्कल्पात्सिद्धिरस्त्विति ।।

छागलेयः – **पिण्डो यत्र निवर्तेत मघादिषु कथञ्चन । साङ्कल्पं तु तदा कार्यं नियमाद् ब्रह्मवादिभिः ।।**

कार्ष्णाजिनिः –

मौञ्जीबन्धाद् वत्सरार्धं वत्सरं पाणिपीडनात् । पिण्डान् सपिण्डा नो दद्युः प्रेतपिण्डं विनात्र तु ।।

अस्यापवादः पित्रोराब्दिकादौ पूर्वमुक्तः ।

साङ्कल्पिकश्राद्धमा आवाहन आदि कर्मको त्याग

पृथ्वीचन्द्रोदयमा **वसिष्ठ**ले भनेका छन् – आवाहन, स्वधाशब्द, पिण्ड, अग्नौकरण, विकिरदान र अर्घ्यदान यी ६ कर्मलाई साङ्कल्पिकश्राद्धमा त्याग गर्नुपर्दछ । विकिरदानको त्याग गर्नुपर्दछ भनिएता पनि यसमा विकल्प छ। **स्मृत्यन्तर**मा भनिएको छ – कुनै श्राद्धकर्ता पितृयज्ञलाई विधिपूर्वक सम्पन्न गर्न असमर्थ भएमा त्यसले ब्राह्मणसँग सङ्कल्पबाट सिद्धि होस् भन्ने वचन भनाउनुपर्दछ ।

छागलेयले भनेका छन् – मघा आदि नक्षत्रहरूका कारण कुनै रूपमा श्राद्धमा पिण्डदान गर्न असमर्थ भएमा अथवा गर्न नमिलेमा ब्रह्मवादी विद्वान्हरूले नियमपूर्वक साङ्कल्पिकश्राद्ध गर्नुपर्दछ ।**कार्ष्णाजिनि**ले भनेका छन् – यज्ञोपवीतसंस्कार गरेको छमहिनासम्म र विवाहसंस्कार गरेको एकवर्षसम्म प्रेतपिण्ड छाडेर अरू पिण्डदानका कर्म गर्नु हुँदैन । यसको अपवादरूपमा माता-पिताको श्राद्ध गर्नुपर्दछ भन्ने कुरा पहिले बताइसकिएको छ ।

त्यक्ताग्नेरपि साङ्कल्पमुक्तं षट्त्रिंशन्मते –

अनग्निको यदा विप्र उत्सन्नाग्निस्तथैव च । तथा वृद्धिषु सर्वासु सङ्कल्पश्राद्धमाचरेत् ।।

अशक्तौ पृथ्वीचन्द्रोदये बृहन्नारदीये –

द्रव्याभावे द्विजाभावे अन्नमात्रं तु पाचयेत् । पैतृकेन तु सूक्तेन होमं कुर्याद् विचक्षणः ।।

देवलः – **पिण्डमात्रं प्रदातव्यमभावे द्रव्यविप्रयोः । श्राद्धीयाहनि सम्प्राप्ते भवेन्निरशनोऽपिवा ।।**

षट्त्रिंशत्मतमा भनिएको छ – अग्निको त्याग गरेका र अग्निहोत्र ग्रहण नगरेका ब्राह्मणले पनि सबै प्रकारको वृद्धि हुँदा सङ्कल्पश्राद्ध गर्नुपर्दछ । श्राद्ध गर्न असामर्थ्य भएमा साङ्कल्पिकश्राद्ध गर्नुपर्ने कुरा बताउँदै **पृथ्वीचन्द्रोदय** र **बृहन्नारदीयमा** भनिएको छ – द्रव्यको अभाव र ब्राह्मणको अभाव हुँदा श्राद्धकर्ताले आफ्नी पत्नीद्वारा अन्नपाक सिद्ध गराई पैतृकसूक्त पढेर हवन गर्नुपर्दछ ।

पैतृकसूक्त – उदीरतामबर उत्परास उन्मध्यमाः पितरः सोम्यासः । असुं य ईयुरवृका ऋतज्ञास्ते नोऽवन्तु पितरो हवेषु ।।१।। इदं पितृभ्यो नमो अस्त्वद्य ये पूर्वासो य उपरास ईयुः । ये पार्थिवे रजस्या निषत्ता ये वा नूनं सुवृजनासु विक्षु ।।२।। आहं पितृन् त्सुविदवाँ अवित्सि नपातं च विक्रमणं च विष्णोः । बर्हिषदो ये स्वधया सुतस्य भजन्त पित्वस्त इहागमिष्ठाः ।।३।। बर्हिषदः पितर उत्थ१र्वागिमा वो ह्व्या चकृमा जुषध्वम् । त आ गतावसा शन्तमेनाऽथा नः शं योररपो दधातु ।।४।। उपहूता पितरः सोम्यासो बर्हिष्येषु निधिषु प्रियेषु । त आगमन्तु त इह श्रुवन्त्वधि ब्रुवन्तु तेऽवन्त्वस्मात् ।।५।। आच्या जानु दक्षिणतो निषद्येमं यज्ञमभिगृहीत विश्वे । मा हिंसिष्ट पितरः केन चिन्नो यद्व आगः पुरुषता कराम ।।६।। आसीनासो अरूणीनामुपस्थे हविं धत्त दाशुषे मर्त्याय । पुत्रेभ्यः पितरप्तः वस्वः प्रपच्छत त इहोर्जं दधात ।।७।। ये नः पूर्वे पितरः सोम्यासोऽनुहेरे सोम पीवं काष्ठाः । तेभिर्यमः संरराणो हवींष्युशन्नुशद्भिः प्रतिकाममत्तु ।।८।। (ऋ. १०/१५/१-८) देवलले भनेका छन् – द्रव्य र ब्राह्मणको अभावमा श्राद्धका दिन पिण्डदानमात्र गर्नुपर्दछ अथवा उपवास गर्नुपर्दछ ।

वृद्धवसिष्ठः –

किञ्चिद्दद्यादशक्तस्तु उदकुम्भादिकं द्विजे । तृणानि वा गवे दद्यात् पिण्डान्वाप्यथ निर्वपेत् ।।

तिलदर्भैः पितृन्वापि तर्पयेत्स्नानपूर्वकम् ।। हेमाद्रौ भविष्ये –

अग्निना वा दहेत् कक्षं श्राद्धकाले समागते । तस्मिन्वोपवसेदह्नि जपेद्वा श्राद्धसंहिताम् ।।

श्राद्धसंहिता – समन्त्रश्राद्धसङ्कल्पः । विष्णुवाराहपुराणयोः –

असमर्थोऽन्नदानस्य धान्यं मांसं स्वशक्तितः । प्रदास्यति तिलान्वापि स्वल्पां वापि च दक्षिणाम् ।।

वृद्धवसिष्ठ भन्दछन् – अशक्त व्यक्तिले ब्राह्मणलाई जलले भरिएको घडा आदि दान गर्नुपर्दछ अथवा गाईलाई घाँस अथवा अन्नको पिण्ड तयार गरी पिण्डदान गर्नुपर्दछ अथवा स्नानपूर्वक तिल र कुशद्वारा पितृहरूको तर्पण गर्नुपर्दछ।

हेमाद्रिमा उद्धृत **भविष्यपुराणको** वचनमा भनिएको छ – श्राद्धको समय आएपछि **कक्षतृण** अर्थात् सुकेका घाँस-पातलाई अग्निमा जलाउनुपर्दछ । त्यस दिन उपवास गरी श्राद्धसंहिताको जप गर्नुपर्दछ । **श्राद्धसंहिताको** अर्थ – मन्त्रसहित श्राद्ध गर्ने सङ्कल्प हो । **विष्णुपुराण** र **वाराहपुराणमा** भनिएको छ – अन्नदान गर्न पनि असमर्थ व्यक्तिले श्राद्धका दिन शक्तिअनुसार थोरै धान र तिल दान गर्नुपर्दछ र आफ्नो शक्तिअनुसार दक्षिणा दिनुपर्दछ ।

सर्वद्रव्याभावे विचारः

सर्वाभावे वनं गत्वा कक्षामूलप्रदर्शकः । सूर्यादिलोकपालानामिदमुच्चैः पठिष्यति ।।

न मेऽस्तु वित्तं न धनं न चान्नं श्राद्धोपयोगि स्वपितॄन्नतोऽस्मि ।
तृप्यन्तु भक्त्या पितरौ मयैतौ भुजौ कृतौ वर्त्मनि मारुतस्य ।।
इत्येतत् पितृभिर्गीतं भावाभावप्रयोजनम् । यः करोति कृतं तेन श्राद्धं भवति भारत ।।

श्राद्धकर्तासँग कुनै वस्तु नभएमा

श्राद्धको दिन आएपछि श्राद्धकर्तासँग कुनै पनि वस्तु नभएमा श्राद्धकर्ता वनमा जानुपर्दछ । त्यसले आफ्नो काखी खोलेर हात माथि उठाई उपस्थान गर्दै सूर्य आदि लोकपाललाई सम्बोधन गरी माथि मूलमा दिइएको **'न मेऽस्ति वित्तम्०'** इत्यादि मन्त्र पढ्नुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे सूर्य देवता ! मसँग श्राद्धका लागि आवश्यक धन, सम्पत्ति केही छैन, मसँग सुन-चाँदी आदि चल सम्पत्ति छैन र मसँग अन्न पनि छैन । यस्तो अवस्थामा म निर्धन मानिसले आफ्ना पितृहरूलाई प्रणाम गर्दछु । मैले यसरी भक्तिपूर्वक रित्तो हात देखाउँदा मेरा माता-पिता आदि पितृहरू सबै तृप्त होऊन् । मैले केही छैन भनेर आफ्ना दुवै भुजालाई हावाको मार्गमा अर्थात् आकाशमा फैलाइदिएको छु ।' पितृहरूद्वारा गाइएको सम्पत्तिको भाव र अभावसूचक मन्त्रलाई जसले श्रद्धापूर्वक सूर्यको समीपमा हात उठाई पाठ गर्दछ त्यसले श्राद्ध नगरे पनि गरेसरह हुन्छ।

प्रभासखण्डे – **गत्वारण्यममानुष्यमूर्ध्वबाहुर्विरौत्यदः । निरन्नो निर्धनो देवाः पितरो माऽनृणं कृथाः।।**
न मेऽस्ति वित्तं न धनं न भार्या श्राद्धं कथं वः पितरः करोमि ।
वनं प्रविश्येह तु तन्मयोच्चैर्भुजौ कृतौ वर्त्मनि मारुतस्य ।।
श्राद्धर्णमेतद्भवतां प्रदत्तं मह्यं दयध्वं पितृदेवताद्याः ।
आख्याय चोत्क्षिप्य भुजौ ततो वै दिवा च रात्रिं समुपोष्य तिष्ठेत् ।।
भवेत्स वै तेन कृतेन तेषामृणेन मुक्तः पितृदेवतानाम् ।। इत्यनुकल्पाः ।

प्रभासखण्डमा भनिएको छ – 'दीन-हीन, निरीह श्राद्धकर्ता जङ्गलमा गएर आफ्ना दुवै भुजालाई आकाशमा उठाई रुँदै भन्दछ – हे देवताहरू ! मसँग धन छैन, सम्पत्ति छैन, पत्नी छैनन्, म कसरी श्राद्ध गरूँ । त्यसैले अहिले म वनमा आएको छु र मैले हावाको मार्गमा अर्थात् आकाशमा आफ्ना दुवै हात फैलाइदिएको छु । यो श्राद्धरूपी ऋण मैले हजुरहरूलाई अर्पित गरें । ममाथि देवता र पितृले दया गरून् ।' यसरी प्रार्थना गरेर दुवै भुजा उठाई श्रद्धापूर्वक एकदिन र एकरात उपवास गरी उभिइराख्नुपर्दछ । यसो गरेपछि त्यो श्राद्धकर्ता देवऋण र पितृऋणबाट मुक्त हुन्छ । यो असमर्थ व्यक्तिका निमित्त विधान गरिएको अनुकल्प हो । यसको प्रयोग त्यसबेला गरिन्छ, जब श्राद्धका मुख्य विधिहरू सम्भव हुँदैनन् ।

श्राद्धभोजने प्रायश्चित्तविधानम्

अथ श्राद्धभोजने प्रायश्चित्तम् । दर्शे षट् प्राणायामाः । वृद्धौ त्रयः । संस्कारेषु जातकर्मादिचूडान्तेषु सान्तपनम्। आद्ये चान्द्रं वा । अन्यसंस्कारेषूपवासः । सीमन्ते चान्द्रमिति विज्ञानेश्वरः । आपदि नवश्राद्धैकादशाहेषु भोजनेषु कायः। द्वादशाहे ऊनमासे च पादोनः । द्विमासे त्रिपक्षे ऊनषष्ठोनाब्दयोश्चार्धकृच्छ्रः । त्रिमासाद्याब्दिकान्तेषु सपिण्डने न पादकृच्छ्र उपवासो वा । गुरुद्रव्यार्थभोजनेऽर्धम् । जपशीले तदर्धम् । अनापदि तूनमासान्तेषु चान्द्रं कायं वा । द्विमासादौ पादोनम् । त्रिमासादावर्धकायः । आब्दिके पादोनकायः । पुनराब्दिके एकाहः । क्षत्रियादिश्राद्धेषु द्वित्रिचतुर्गुणानि ज्ञेयानि ।

श्राद्धभोजनमा प्रायश्चित्त

अब श्राद्धभोजनमा प्रायश्चित्त गर्ने विषयमा विचार गरिन्छ । ब्राह्मणले कसैको घरमा गई अमावास्याको श्राद्धमा भोजन गरेमा ६ पटक प्राणायाम गर्नुपर्दछ । वृद्धिश्राद्धमा भोजन गरेमा तीनपटक प्राणायाम गर्नुपर्दछ । जातकर्म र चौलकर्म संस्कारमा गई भोजन गरेमा सान्तपन प्रायश्चित्त गर्नुपर्दछ ।[६०] जातकर्ममा गई भोजन गर्दा चान्द्रायणव्रत गर्नुपर्दछ।[६१] अरू संस्कारमा गई भोजन गर्दा उपवास गर्नुपर्दछ । सीमन्त संस्कारमा भोजन गर्दा चान्द्रायण गर्नुपर्दछ भन्ने कुरा **विज्ञानेश्वरले** बताएका छन् । आपत्तिमा परी नवश्राद्ध अर्थात् मरेको दशभित्र गरिने श्राद्ध र एघारौं दिनको भोजन गर्दा प्राजापत्य प्रायश्चित्त गर्नुपर्दछ । द्वादशाहश्राद्ध र ऊनमासिकश्राद्धमा भोजन गर्दा पादोनकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । दोस्रो मासिक, पैंतालीस दिनको मासिक, ऊनषाण्मासिक, षाण्मासिक र ऊनाब्दिकमा भोजन गर्दा अर्धकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ। तीनमहिनादेखि लिएर वार्षिकश्राद्धपर्यन्त र सपिण्डनश्राद्धमा भोजन गर्दा पादकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ अथवा उपवास गर्नुपर्दछ । धेरै धन प्राप्त गर्न भोजन गर्दा अथवा गुरुका निमित्त दक्षिणा टक्र्याउन भोजन गर्दा अर्धकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ । जप गरिरहने मानिसले उक्त अवसरमा भोजन गर्दा अर्धकृच्छ्रको आधा प्रायश्चित्त गर्नुपर्दछ । कुनै आपत्ति नपरी ऊनाब्दिकहरूमा भोजन गर्दा चान्द्रायण अथवा प्राजापत्यप्रायश्चित्त गर्नुपर्ने कुरा बताइएको छ । दोस्रो मासिकश्राद्धमा भोजन गर्दा पादोनकृच्छ्र प्रायश्चित्त बताइएको छ। तेस्रो मासिक भोजन गर्दा अर्धप्राजापत्य प्रायश्चित्त बताइएको छ । वार्षिकश्राद्धमा भोजन गर्दा पादोनप्राजापत्य प्रायश्चित्त बताइएको छ । पुनराब्दिकश्राद्धमा भोजन गर्दा एकदिनको उपवास गर्नुपर्ने कुरा बताइएको छ । यो ब्राह्मणका घरमा गरिने भोजनको निमित्त गरिएको व्यवस्था हो । यस्तै किसिमबाट क्षत्रियले गर्ने श्राद्धमा भोजन गर्दा द्विगुणित, वैश्यको घरमा भोजन गर्दा त्रिगुणित र शूद्रको घरमा भोजन गर्दा चतुर्गुणित प्रायश्चित्त गर्नुपर्ने कुरा बुझ्नुपर्दछ ।

चाण्डालसर्पश्वादिहतपतितक्लीबादिनवश्राद्धे चान्द्रम् । आद्यमासिकान्ते चान्द्रं पराकश्च । द्वादशाहादौ पराकः। द्विमासादावतिकृच्छ्रः । त्रिमासादौ कायः । आब्दिके पादः । अभ्यासे सर्वं द्विगुणम् । आमहेमसङ्कल्पश्राद्धेषु तत्त-दर्धानि । यतिर्ब्रह्मचारी चोक्तं प्रायश्चित्तं कृत्वा त्रीनुपवासान् प्राणायामान्घृताशनं चाधिकं कृत्वा व्रतशेषं समापयेत् । अनापदि द्विगुणम् । दर्शादौ दशगायत्रीमन्त्रिता अपः पिबेत् षट्प्राणायामा वा । संस्कारेषु चौले कृच्छ्रः । सीमन्ते चान्द्रम् । अन्येषूपवास इति दिक् ।

चाण्डाल, सर्प, कुकुर आदिद्वारा टोकेर मृत्यु भएका मानिसको श्राद्ध पतित, नपुंसक आदिको श्राद्ध र नवश्राद्धमा समेत भोजन गर्दा चान्द्रायणव्रत गर्नुपर्दछ । प्रथम मासिकको अन्तमा गरिने श्राद्धमा भोजन गरेमा चान्द्रायण र पराकप्रायश्चित्त गर्नुपर्ने व्यवस्था गरिएको छ । द्वादशाहमा भोजन गर्दा पराकनामकप्रायश्चित्त गर्नुपर्दछ ।[६२] दोस्रो मासिकश्राद्धमा भोजन

६०. पहिलो दिन कुशोदकसहितको पञ्चगव्य खाई बस्ने र दोस्रो दिन उपवास बस्यो भने सान्तपनव्रत हुन्छ –
गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । जग्ध्वा परेऽह्न्युपवसेत्कृच्छ्रं सान्तपनं चरन् ।। – या.स्मृ. ३/३१४

६१. चान्द्रायणव्रतको स्वरूप – **तिथिवृद्ध्याचरेत्पिण्डान् शुक्ले शिख्यण्डसंमितान् । एकैकं ह्रासयेत् कृष्णे पिण्डं चान्द्रायणं चरन् ।।** – या. स्मृ. ३/३२३ ।

६२. पराकव्रत – **द्वादशाहोपवासेन पराकः परिकीर्तितः** अर्थात् बाह्र दिनसम्म निरन्तर उपवास गर्नाले पराकनामक प्रायश्चित्त सम्पन्न हुन्छ । – या.स्मृ. ३/३२० ।

गर्दा अतिकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ । तेस्रो मासिकश्राद्धमा भोजन गर्दा प्राजापत्यप्रायश्चित्त गर्नुपर्दछ । आब्दिकमा भोजन गर्दा पादोनप्रायश्चित्त बताइएको छ । उक्त मासिक एवं आब्दिकश्राद्धहरूमा पटक–पटक भोजन गरेमा बताइएका प्रायश्चित्तको दुईगुणा प्रायश्चित्त गर्नुपर्दछ । आमश्राद्ध, हेमश्राद्ध र सङ्कल्पश्राद्धमा भोजन गर्दा माथि बताइएका प्रायश्चित्तहरूको आधा–आधा गर्नुपर्दछ । संन्यासी एवं ब्रह्मचारीले यसरी जानेर वा नजानेर उक्त निषिद्धश्राद्धहरूमा भोजन गरेमा माथि बताइएका प्रायश्चित्त गरी तीनउपवास र प्राणायाम गरेर घ्यू चाटी व्रत समाप्त गर्नुपर्दछ । आपत्ति नपरेको बेला प्रमादवश यस्ता श्राद्धहरूमा भोजन गरिएको छ भने बताइएका प्रायश्चित्तको दुईगुणा प्रायश्चित्त गर्नुपर्दछ । अमावास्या आदि श्राद्धमा भोजन गरेमा १० पटक गायत्री जपेर अभिमन्त्रित गरिएको जल पान गर्नुपर्दछ र ६ पटक प्राणायाम गर्नुपर्दछ । चूडाकरण–संस्कारमा भोजन गरेमा कृच्छ्रनामकप्रायश्चित्त गर्नुपर्दछ, सीमन्तोन्नयन संस्कारमा भोजन गरेमा चान्द्रायण गर्नुपर्दछ र अरू संस्कारमा भोजन गर्दा उपवास गर्नुपर्दछ ।

अत्र माधवमिताक्षरादौ क्वचिद् विरोधो विषयभेदात्परिहार्यः । एकादशाहे चान्द्रं पुनःसंस्कारश्चेति प्रायश्चित्तकाण्डे हेमाद्रिः । यत्तूशनाः – '**दशकृत्वः पिबेदापो गायत्र्या श्राद्धभुग् द्विजः**' इति तदनुक्तप्रायश्चित्तश्राद्धपरमिति विज्ञानेश्वरः।

यस सम्बन्धमा **माधव**, मिताक्षरा आदिका वचनहरूमा परस्पर केही विरोध देखिएमा विषयभेदले विचार गरी आफै विरोधनिवारण गर्नुपर्दछ । **हेमाद्रिले** भनेका छन् – एघारौं दिनका दिन भोजन गर्दा चान्द्रायण गरी फेरि उपनयन संस्कार गर्नुपर्दछ । **उशनाले** भनेका छन् – श्राद्धमा भोजन गर्ने ब्राह्मणले १० पटक गायत्री जपेर अभिमन्त्रित गरिएको जल पान गर्नुपर्दछ । यहाँ जुन विषयको प्रायश्चित्त बताइएको छैन त्यसमा श्राद्धसम्बन्धी नियमअनुसार प्रायश्चित्त गर्नुपर्दछ।

क्षयाहश्राद्धकथनम्

अथ क्षयाहश्राद्धम् । तत्स्वरूपमाह हेमाद्रौ व्यासः –

मासपक्षतिथिस्पृष्टे यो यस्मिन् म्रियतेऽहनि । प्रत्यब्दं तु तथाभूतं क्षयाहं तस्य तं विदुः ।।

नारदीये – '**पारणे मरणे नृणां तिथिस्तात्कालिकी स्मृता ।**' अत्र चान्द्रं मानं ज्ञेयम् । '**आब्दिके पितृकार्ये च चान्द्रो मासः प्रशस्यते**' इति गर्गोक्तेः । मलमासमृतस्य तु सौरम् । '**मलमासमृतानां तु सौरं मानं समाश्रयेत् ।**' इति हेमाद्रावुक्तेः । एतन्मृतमासस्यैवाधिक्ये ज्ञेयम् । ब्राह्मे –

प्रतिसंवत्सरं कार्यं मातापित्रोर्मृतेऽहनि । पितृव्यस्याप्यपुत्रस्य भ्रातुर्ज्येष्ठस्य चैवहि ।।

अपुत्रस्येति भ्रात्राप्यन्वयः । ज्येष्ठस्येति कनिष्ठस्यानावश्यकत्वार्थम् । मदनरत्ने भविष्ये – '**सर्वेषामेव श्राद्धानां श्रेष्ठं सांवत्सरं मतम् ।**'

क्षयाहमा श्राद्ध

अब मृत्युका दिन गरिने श्राद्धको विषयमा चर्चा गरिन्छ । **हेमाद्रिमा** उद्धृत **व्यासको** वचनमा क्षयाहको स्वरूप स्पष्ट पार्दै भनिएको छ– कुनै मानिस जुन महिना, जुन पक्ष र जुन तिथिमा मर्दछ त्यसको प्रतिवर्ष त्यही महिना, त्यही पक्ष र त्यही तिथिमा श्राद्ध गर्नुपर्दछ । **नारदपुराणमा** भनिएको छ – पारण गर्दा र मानिसको मृत्युमा निश्चिततिथि बताइएको छ । जुन बेलामा मानिस मरेको हो त्यसै तिथिमा श्राद्ध गनुपर्ने कुरा बताइएको छ । तर यहाँ मास लिँदा चान्द्रमास लिनुपर्दछ ।

आब्दिक र पितृकार्यमा चान्द्रमास उत्तम हुन्छ भन्ने कुरा **गर्ग**ले बताएका छन् । मलमासमा मरेका मानिसका लागि भने सौरमास नै लिनुपर्दछ । **हेमाद्रि**ले भनेका छन् कि मलमासमा मृत्युमा प्राप्त भएका मानिसको श्राद्ध गर्दा सौरमासअनुसार गर्नुपर्दछ । मलमासमा ६० दिनको महिना हुने हुँदा दिनको वृद्धिका कारण सौरमास लिइएको हो ।[६३]

ब्रह्मपुराणमा भनिएको छ – 'माता, पिता, जेठा बाबु, कान्छा बाबु, जेठा दाजु र पुत्रहीन व्यक्तिको सांवत्सरिकश्राद्ध मरणतिथिमा गर्नुपर्दछ ।' यहाँ जेठा दाजु भन्नाले कान्छा भाइहरूको श्राद्ध गर्न हुँदैन भन्ने कुरा स्पष्ट हुन्छ । **मदनरत्न**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – सबै श्राद्धहरूमध्येमा उत्तम र कल्याणकारक श्राद्ध हरेकवर्ष निश्चिततिथिमा गरिने क्षयाहश्राद्ध हो । त्यो नगर्दा कल्याणको हानि र नरकप्राप्ति हुन्छ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ ।

एकोद्दिष्टश्राद्धाकरणे विचारः

तथा – **भोजको यस्तु वै श्राद्धं न करोति खगाधिप । मातापितृभ्यां सततं वर्षे वर्षे मृतेऽहनि ।।**
स याति नरकं घोरं तामिस्त्रं नाम नामतः।। तच्च नानास्मृतिष्वेकोद्दिष्टं पार्वणं चोक्तम्। आद्यमाह यमः-
सपिण्डीकरणादूर्ध्वं प्रतिसंवत्सरं सुतैः । मातापित्रोः पृथक्कार्यमेकोद्दिष्टं मृतेऽहनि ।।
व्यासः – **एकोद्दिष्टं तु कर्तव्यं पित्रोश्चैव मृतेऽहनि । एकोद्दिष्टं परित्यज्य पार्वणं कुरुते नरः ।।**
अकृतं तद्विजानीयाद्भवेच्च पितृघातकः ।। अन्त्यमाह शातातपः –
सपिण्डीकरणं कृत्वा कुर्यात् पार्वणवत्सदा । प्रतिसंवत्सरं श्राद्धं छागलेनोदितो विधिः ।।
यः सपिण्डीकृतं प्रेतं पृथक्पिण्डे नियोजयेत् । विधिघ्नस्तेन भवति पितृहा चोपजायते ।।

अत्रौरसक्षेत्रजयोः पार्वणं दत्तकादीनामेकोद्दिष्टमित्येकः पक्षः । साग्नेः पार्वणं निरग्नेरेकोद्दिष्टमित्यपरः । तद्दूषणं मिताक्षरादौ ज्ञेयम् ।

श्राद्ध नगर्दा हुने परिणामको सम्बन्धमा विचार

जुन अंश ग्रहण गर्ने छोराले माता–पिताको मरण दिनमा प्रतिवर्ष निरन्तर श्राद्ध गर्दैन त्यो छोरा तामिस्त्र नामक नरकमा जान्छ । आमा–बाबुको श्राद्ध गर्नुपर्ने कुरा अनेक **स्मृति**हरूमा बताइएको छ र एकोद्दिष्ट एवं पार्वण दुवैश्राद्ध गर्नुपर्ने कुरा निर्देश गरिएको छ । **यम**ले एकोद्दिष्टश्राद्धको विषयमा भनेका छन् – सपिण्डीकरण गरेपछि पुत्रहरूले प्रत्येकवर्ष माता र पिताको मरण दिनमा छुट्टाछुट्टै एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

व्यासले भनेका छन् – मरण दिनमा माता र पिताको छुट्टाछुट्टै एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । एकोद्दिष्टश्राद्ध नगरीकन जसले माता–पिताको लागि पार्वण गर्दछ त्यो श्राद्ध नगरेसमान हुन्छ । त्यसले पितृहरूलाई आघात पार्दछ। पार्वणश्राद्धको विषयमा **शातातप**ले भनेका छन् – सपिण्डीकरण गरेपछि प्रतिवर्ष निरन्तर पार्वणविधिले श्राद्ध गर्नुपर्दछ भन्ने कुरा

---

६३. सौरमास भनेर यहाँ अधिकशुक्लमा मर्नेको शुक्लपक्ष नै लिनुपर्छ भने कृष्णपक्षमा मृत्यु हुनेको चाहिँ अधिकमासपछि आउने महिनाको कृष्णपक्ष लिनुपर्ने हुन्छ । जस्तै– कुनै वर्ष वैशाखमा मलमास परेको छ । अधिकवैशाखशुक्ल पञ्चमीमा कसैको मृत्यु भयो भने त्यसको मृत अर्थात् छिन्नतिथि वैशाखशुक्ल पञ्चमी नै हुन्छ । प्रत्येक वर्ष उसको त्यही तिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यदि कसैको अधिक वैशाखकृष्ण पञ्चमीमा मृत्यु भएको छ भने त्यसको मृत अर्थात् छिन्नतिथि ज्येष्ठकृष्ण पञ्चमी हुनजान्छ । प्रत्येक वर्ष त्यसको त्यसै पञ्चमीमा एकोद्दिष्टश्राद्ध गर्नुपर्छ । यसरी अधिकशुक्लपक्षमा मर्नेको वार्षिकश्राद्धमा कुनै फरक नपर्ने र अधिककृष्णपक्षमा मर्नेको चाहिँ मृततिथि एकमहिना पछि जाने हुन्छ । वैशाख, जेठ, असार आदि जुनसुकै महिनामा परेको मलमासमा मर्नेको पनि नियम यही नै हो । जन्मनेको जन्मतिथि पनि यही नियमअनुसार छुट्ट्याउनुपर्छ ।

छागलेयले बताएका छन् । जुन मानिसले सपिण्डीकरण गरेपछि अर्थात् पिता, पितामह र प्रपितामहका पिण्ड जोडेपछि फेरि अलग-अलग पिण्ड दिन्छ भने त्यसलाई अनेक प्रकारका विघ्न आइलाग्छन् र त्यो पितृघातक हुन्छ । औरस र क्षेत्रज छोराहरूले पार्वण र दत्तक आदि पुत्रहरूले एकोद्दिष्ट गर्नुपर्दछ भन्ने एउटा पक्ष छ । आर्को पक्षमा भनिएको छ – अग्निहोत्रीले पार्वण र अग्निहोत्र नलिनेले प्रतिवर्ष मरेका दिन एकोद्दिष्ट नै गर्नुपर्दछ । यी मतहरूको दोषादोष विचार मिताक्षराबाट जान्नुपर्दछ ।[६४]

कल्पतरुस्तु **'साग्न्योरौरसक्षेत्रजयोः पार्वणम् । निरग्निकयोस्त्वेकोद्दिष्टम्'** इत्याह । अपरार्केप्येवम् । दत्तकादयो दश पुत्रास्तु साग्नयो निरग्नयश्चैकोद्दिष्टमेव कुर्युः ।

प्रत्यब्दं पार्वणेनैव विधिना क्षेत्रजौरसौ । कुर्यातामितरे कुर्युरेकोद्दिष्टं सुता दश ।।

इति जातूकर्ण्योक्तेः । यदा तु दत्तकस्य पिता दर्शे महालये वा मृतस्तत्र पार्वणैकोद्दिष्टयोर्विकल्पः । वस्तुतस्तु सर्वेषां पार्वणैकोद्दिष्टयोर्व्रीहियववद्विकल्पः । स च देशाचाराद् व्यवस्थित इति सर्वनिबन्धसिद्धान्तः । अत एव पृथ्वीचन्द्रोदये वृद्धपराशरः – **'मातापित्रोः पृथक्कार्यमेकोद्दिष्टं मृतेऽहनि ।'** इत्युक्त्वाह –

देशधर्मं समाश्रित्य वंशधर्मं तथापरे । सूरयः श्राद्धमिच्छन्ति पार्वणं च क्षयाह्न्यपि ।।

इति । तच्च केवलपितॄणां न सपत्नीकानामिति हेमाद्रिः । अत्र मातामहा न कार्याः ।

कल्पतरुमा भनिएको छ कि अग्निहोत्र लिने औरस छोरा र क्षेत्रज छोराहरूले पार्वणश्राद्ध गर्नुपर्दछ । अग्निहोत्र नलिने छोराहरूले त एकोद्दिष्ट गर्नुपर्दछ । यही कुरा **अपरार्क**मा पनि भनिएको छ । दत्तक आदि दशथरि छोराहरू अग्निहोत्री या अग्निहोत्र नगर्ने जस्तासुकै भएता पनि उनीहरूले एकोद्दिष्ट नै गर्नुपर्दछ । **जातूकर्ण्य**ले भनेका छन् – क्षेत्रज र औरस छोराहरूले क्षयाहश्राद्ध पार्वणविधिबाट नै गर्नुपर्दछ । अरू दशथरि छोराहरूले एकोद्दिष्टविधिबाट गर्नुपर्दछ । दत्तक छोराको पिता अमावास्या वा महालयमा मरेको छ भने त्यसका निमित्त पार्वण र एकोद्दिष्टमा विकल्प छ । सिद्धान्त कुरा के हो भने सबैका निमित्त पार्वण र एकोद्दिष्टश्राद्ध धान र जौजस्तै विकल्पका विषय हुन् । देशाचारले व्यवस्था गर्नुपर्दछ भन्ने कुरा धर्मशास्त्रका सबै निबन्धग्रन्थहरूको सिद्धान्त हो ।

पृथ्वीचन्द्रोदयमा **वृद्धपराशर** भन्दछन् – 'मरणदिनमा पिता र माताको छुट्टाछुट्टै श्राद्ध गर्नुपर्दछ । देशधर्म र वंशधर्मको आश्रय लिएर विद्वान्हरू श्राद्ध गर्ने इच्छा गर्दछन् र कसैले मरणदिनमा पनि पार्वणश्राद्ध गर्दछन् ।' **हेमाद्रि** भन्दछन् – केवल पत्नी नभएका पितृहरूको निमित्त यसरी पार्वण गर्ने गरिन्छ तर सपत्नीक पितृहरूका निमित्त छुट्टाछुट्टै एकोद्दिष्ट गर्नुपर्दछ । तर मातामहको भने यसरी श्राद्ध गर्न हुँदैन ।

कर्षूसमन्वितं मुक्त्वा तथाद्यं श्राद्धषोडशम् । प्रत्याब्दिकं च शेषेषु पिण्डाः स्युः षडिति स्थितिः ।।

इति कात्यायनोक्तेः कर्षूसमन्वितं सपिण्डनं यैरेकोद्दिष्टं क्रियते तेषामपि क्वचित् पार्वणमेव –

अमावास्यां क्षयो यस्य प्रेतपक्षेऽथवा पुनः । पार्वणं तस्य कर्तव्यं नैकोद्दिष्टं कदाचन ।।'

इति शङ्खोक्तेः । एवं संन्यासिनोऽपि ।

६४. प्रत्येक वर्ष मृततिथिमा गरिने श्राद्ध एकोद्दिष्ट नै गर्नुपर्छ । आश्विनकृष्णादि पर्वमा र अमावास्या आदिमा मात्र पार्वणविधिले श्राद्ध गर्नुपर्ने हुन्छ । औरस र दत्तकपुत्रका निम्ति जहाँ र जहिले पनि यही नै नियम लागु हुन्छ । तीर्थश्राद्धचाहिँ जसले पनि पार्वणविधिले नै गर्नुपर्ने शास्त्रीय व्यवस्था छ ।

एकोद्दिष्टं यतेर्नास्ति त्रिदण्डग्रहणादिह । सपिण्डीकरणाभावात् पार्वणं तस्य सर्वदा ।।

इति प्रचेतसोक्तेः । वायवीये-

संन्यासिनोऽप्याब्दिकादि पुनः कुर्याद्यथाविधि । महालये तु यच्छ्राद्धं द्वादश्यां पार्वणं हि तत् ।।

कात्यायनले भनेका छन् – सपिण्डनश्राद्ध, आद्य षोडशश्राद्ध र प्रतिवर्ष गरिने एकोद्दिष्टश्राद्धलाई छोडेर अरू श्राद्धहरूमा ६ पिण्ड दिनुपर्दछ ।[६५] जसको सपिण्डनश्राद्ध र एकोद्दिष्ट गरिएको हुन्छ उनीहरूको निमित्त कहीँ पार्वण पनि गर्ने विधान छ । **शङ्ख** भन्दछन् – जसको मृत्यु अमावास्याको दिनमा वा आश्विनकृष्णपक्षमा हुन्छ तिनीहरूको पार्वणश्राद्ध नै गर्नुपर्दछ । यसैगरी संन्यासीहरूको पनि पार्वणश्राद्ध गर्नुपर्दछ ।

प्रचेताले भनेका छन् – त्रिदण्डग्रहण गरेका कारण संन्यासीहरूको निमित्त एकोद्दिष्टश्राद्ध गरिँदैन । सपिण्डीकरण नगरिने हुँदा त्रिदण्डी संन्यासीको निमित्त सधैं पार्वणश्राद्ध गर्नुपर्दछ । **वायुपुराणमा** भनिएको छ– संन्यासीका छोराले पनि विधिपूर्वक एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ र महालयमा श्राद्ध गर्दा द्वादशीतिथिमा मात्र पार्वणश्राद्ध गर्नुपर्दछ ।

पृथ्वीचन्द्रोदये वृद्धपराशरः –

संग्रामे संस्थितानां च प्रेतपक्षे शशिक्षये । तेषां पार्वणमेवोक्तं क्षयाहेऽपि च सत्तमैः ।।

चन्द्रक्षयानाशकसंयुगेषु यः प्रेतपक्षे मृतवान् सपिण्डः ।

सपिण्डितानामपि चाब्दिकानि भवन्ति तेषामिह पार्वणानि ।।

तथा – **भ्रातुर्ज्येष्ठस्य कुर्वीत ज्येष्ठो भ्रातानुजस्य च । दैवहीनं तु तत्कुर्यादिति धर्मविदब्रवीत् ।।**

दैवहीनमेकोद्दिष्टम् । ज्येष्ठो भ्राताऽनाद्यगर्भजः । तथा च तत्रैव शातातपः –

अनाद्यगर्भज्येष्ठोऽपि भ्राता सद्भिर्निगद्यते । ऋते सपिण्डनात्तस्य न वै पार्वणमाचरेत् ।।

आद्यगर्भे तु पार्वणमेकोद्दिष्टं वेत्यर्थः । मातुस्तु हेमाद्रौ कात्यायनः –

प्रत्यब्दं यो यथा कुर्यात् पुत्रः पित्रे सदा द्विजः । तथैव मातुः कर्तव्यं पार्वणं चान्यदेव वा ।।

यत्तु तेनैवोक्तम् – **सपिण्डीकरणादूर्ध्वं पित्रोरेव हि पार्वणम् । पितृव्यभ्रातृमातृणामेकोद्दिष्टं सदैव तु ।।**

इति तत्सापत्नमातृपरम् ।

पृथ्वीचन्द्रोदयमा वृद्धपराशरले भनेका छन् – संग्राममा रहेका, प्रेतपक्षमा मरेका र अमावास्यामा मरेका व्यक्तिहरूका निमित्त एकोद्दिष्ट गरिने दिन पनि पार्वण नै गर्नुपर्दछ भनिएको छ । अमावास्यामा, अनशनव्रत गर्दागर्दै, युद्धकालमा र प्रेतपक्षमा मरेका सपिण्डहरूको निमित्त आब्दिकश्राद्धमा पनि पार्वण नै गर्नुपर्दछ । कान्छो भाइले जेठो दाजुको निमित्त वार्षिकश्राद्ध गर्नुपर्दछ । तर त्यो श्राद्ध विश्वदेवरहित अर्थात् एकोद्दिष्ट हुनुपर्छ भन्ने कुरा धर्मका ज्ञाताहरूले बताएका छन्। **शातातपले** भनेका छन् – प्रथम गर्भभिन्न तर आफूभन्दा जेठो दाजुलाई नै सज्जनहरूले अनाद्यगर्भज भनेका छन् । सपिण्डीकरण नगरीकन त्यसको पनि पार्वणश्राद्ध गर्न हुँदैन । आदिको गर्भमा अर्थात् पहिलो गर्भमा पैदा भएका दाजुका निमित्त त पार्वण अथवा एकोद्दिष्ट गर्नुपर्दछ । **हेमाद्रिमा कात्यायनले** भनेका छन् – जुन ब्राह्मणले सधैं पिताका निमित्त वार्षिकश्राद्ध गर्दछ त्यसले माताका निमित्त वार्षिकश्राद्ध पनि गर्नुपर्दछ । माताका निमित्त पार्वणविधिले पनि गर्न सकिन्छ । उनैले नै भनेका छन् –

६५. कुनै पनि औंसीमा र महालयपक्षका चतुर्दशीबाहेक अन्य प्रतिपदादि कुनै पनि तिथिमा मृत्यु हुनेहरूको तीनवटा पिण्ड दिएर एकपार्वणविधिले श्राद्ध गर्नुपर्छ । एकोद्दिष्ट गर्न हुँदैन । पितृतृप्तिको निम्ति परमपुण्य पर्व महालयमा बाबुको तिथिमा द्विपार्वण गर्नेले ६ पिण्ड, त्रिपार्वण गर्नेले ९ पिण्ड, चतुःपार्वण गर्नेले १२ पिण्ड दिनुपर्छ ।

'सपिण्डीकरण गरेपछि माता र पिताको पार्वणश्राद्ध गर्नुपर्दछ । जेठाबुबा, कान्छाबुबा, दाजु र पिताका अन्य पत्नीहरूको एकोद्दिष्टश्राद्ध नै गर्नुपर्दछ ।' यहाँ **मातृणाम्** शब्दले पिताका अरू पत्नीहरू अर्थात् सौतेनी आमाहरूलाई बुझाउँछ ।

यत्तु वृद्धपराशरः –

अपुत्रस्य पितृव्यस्य तत्पुत्रो भ्रातृजो भवेत् । स एवास्य तु कुर्वीत पिण्डदानादिकक्रियाम् ।।

पार्वणं तेन कार्यं स्यात्पुत्रवद् भ्रातृजेन तु । पितृस्थाने तु तं कृत्वा शेषं पूर्ववदुच्चरेत् ।।

इति । तत्पितृवद्देशाचाराद् व्यवस्थितमिति पृथ्वीचन्द्रः । श्राद्धदीपकलिकायां चतुर्विंशतिमते तु –

पितृव्यभ्रातृमातृणां ज्येष्ठानां पार्वणं भवेत् । एकोद्दिष्टं कनिष्ठानां दम्पत्योः पार्वणं मिथः ।।

अपुत्रस्य पितृव्यस्य भ्रातुश्चैवाग्रजन्मनः । मातामहस्य तत्पत्न्याः श्राद्धं पार्वणवद्भवेत् ।।

इत्युक्तं तत्पत्न्याः कर्तृत्वेऽपि पार्वणमेव ।

वृद्धपराशरले भनेका छन् – पुत्र नभएका व्यक्तिका निमित्त दाजु वा भाइको छोरा नै आफ्नो पुत्र मानिन्छ । त्यसैले भतीजहरूले अपुत्र पितृव्यहरूको क्रिया गर्नुपर्दछ । उनैले नै तिनको पार्वणश्राद्ध पनि गर्नुपर्दछ । श्राद्ध गर्दा पिताको नाम लिने ठाउँमा आफ्ना जेठाबा, कान्छाबाको नाम लिनुपर्दछ र अरू बाँकी कर्म पिताका निमित्त जसरी गरिन्छ त्यसरी नै गर्नुपर्दछ । पिताकोझैं पितृव्यहरूको पनि श्राद्ध गर्नुपर्ने विषयमा देशाचार जस्तो चलेको छ त्यहीअनुसार गर्नुपर्दछ भन्ने कुरा **पृथ्वीचन्द्र**ले बताएका छन् ।

श्राद्धदीपकलिकामा उद्धृत **चतुर्विंशतिमत**को वचनमा भनिएको छ – पितृव्य, ठूलो दाजु र आमाको पार्वणश्राद्ध गर्नुपर्दछ । भाइहरूको निमित्त एकोद्दिष्ट गर्नुपर्दछ । दम्पतिको पनि एकैचोटि पार्वण गर्नुपर्दछ । सन्तानहीन पितृव्य, ठूलो दाजु, मातामह र मातामहका पत्नीहरूको श्राद्ध पार्वणसमान हुन्छ । मातामहका पत्नीहरू भन्नाले मातामहका अरू पत्नीहरूलाई जान्नुपर्दछ ।

सर्वाभावे स्वयं पत्न्यः स्वभर्तृणाममन्त्रकम् । सपिण्डीकरणं कुर्युस्ततः पार्वणमेव च ।।

इति लौगाक्षिस्मृतेः । '**ततः पत्न्यपि कुर्वीत सापिण्ड्यं पार्वणं तथा** ।' इति सुमन्तूक्तेश्चेति निर्णयामृते उक्तम् । अन्ये त्वेतत्पाक्षिकपार्वणपरमाहुः । अत एव –

भर्तुः श्राद्धं तु या नारी मोहात्पार्वणमाचरेत् । न तेन तृप्यते भर्ता कृत्वा तु नरकं व्रजेत् ।।

इति वचनं क्षयाहे पाक्षिकैकोद्दिष्टप्रशंसार्थं न पार्वणनिषेधार्थमित्युक्तं त्रिस्थलीसेतौ भट्टचरणैः । 'स्वभर्तृप्रभृति त्रिभ्यः' इत्यनेन विरोधाच्च ।

लौगाक्षिस्मृतिमा भनिएको छ – अरू कर्ताहरू कोही नभएमा पत्नीले नै आफ्ना पतिको मन्त्रहीन सपिण्डीकरणश्राद्ध गरी पार्वणश्राद्ध गर्नुपर्दछ । यसै सम्बन्धमा– 'पत्नीले पनि सपिण्डीकरण र पार्वणश्राद्ध गर्नुपर्दछ' भन्ने **सुमन्तु**को वचन **निर्णयामृत**मा उल्लेख गरिएको छ । अरू विद्वान्हरू त यो वचनलाई पितृपक्षमा गरिने पार्वणलाई लिएर भनिएको हो भन्दछन्। त्यसैले 'जुन नारीले मोहले पतिको श्राद्ध पार्वणविधिबाट गर्दछिन् त्यसबाट उनका पति तृप्त हुँदैनन् अपितु नरकमा जान्छन् ।' यो वचन क्षयाहको दिन गरिने एकोद्दिष्टश्राद्धको प्रशंसाका लागि भनिएको हो, पार्वणको निन्दा गरिएको होइन भन्ने कुरा **त्रिस्थलीसेतु**मा भट्टहरूले भनेका छन् । तर यो वचनमा पनि आफ्ना पति, ससुरा र वृद्धससुरा यी तीनपितृलाई पत्नीले श्राद्ध गर्नुपर्दछ भनिएको पाइएकाले पार्वण गर्नुपर्दछ भन्ने अर्थ स्पष्ट हुन्छ र माथिका वचनहरूसँग विरोध पनि देखिन्छ।

अपुत्राणाम् एकोद्दिष्टश्राद्धविषये

अपुत्राणां चाह हेमाद्रावापस्तम्बः –

अपुत्रा ये मृताः केचित् स्त्रियो वा पुरुषाश्च ये । तेषामपि च देयं स्यादेकोद्दिष्टं न पार्वणम् ।।

मित्रबन्धुसपिण्डेभ्यः स्त्रीकुमारिभ्य एव च । दद्याद्वै मासिकं श्राद्धं सांवत्सरमतोऽन्यथा ।।

पारिजाते तु अन्यथा पार्वणमित्युक्त्वा सर्वत्र पार्वणमित्युक्तम् । एकोद्दिष्टवाक्यानि तु तीर्थमहालयपराणीत्युक्तम्।

अपुत्रहरूको एकोद्दिष्ट सम्बन्धमा

अपुत्रहरूको एकोद्दिष्टश्राद्ध गर्नुपर्ने विषयमा **हेमाद्रि**मा उद्धृत **आपस्तम्ब**को वचनमा भनिएको छ – श्राद्ध गरिदिने मानिसले जुन स्त्री या पुरुष सन्तान वा पुत्र नजन्माईकन मरेर गएका छन् तिनीहरूको श्राद्ध पनि एकोद्दिष्टविधिबाट गरिदिनुपर्दछ, पार्वणविधिबाट गरिदिनु हुँदैन । मानिसले मित्र, बन्धु, सपिण्ड, स्त्री र कुमारीहरूका निमित्त मासिकश्राद्ध गर्नुपर्दछ अथवा एकोद्दिष्टविधिबाट नै वार्षिकश्राद्ध गर्नुपर्दछ । **पारिजात**मा त – माथिको वाक्यमा '**अतोऽन्यथा**' पद परेकाले सर्वत्र तिनीहरूका निमित्त पार्वण नै गर्नुपर्दछ भन्दै एकोद्दिष्ट भन्ने वाक्य त तीर्थ र महालयका सम्बन्धमा आएको हो भन्ने कुरा बताइएको छ ।

पृथ्वीचन्द्रोदये वृद्धगार्ग्यः –

मातुः सहोदरा या च पितुः सहभवा च या । तयोश्च नैव कुर्वीत पार्वणं पिण्डनादृते ।।

प्रचेताः – **सपिण्डीकरणादूर्ध्वमेकोद्दिष्टं विधीयते । अपुत्राणां च सर्वेषामपत्नीनां तथैव च ।।**

अपत्नीनां ब्रह्मचार्यादीनाम् । मार्कण्डेयपुराणे –

प्रतिसंवत्सरं कार्यमेकोद्दिष्टं नरैः स्त्रियाः । मृताहनि यथान्यायं नृणां यद्वदिहोदितम् ।।

नृणामिति दृष्टान्ताद्गोविप्रहतपाखण्ड्यादीनां सपिण्डनाऽभावेऽपि सांवत्सरमेकोद्दिष्टं कार्यमेवेति शूलपाणिः । अत्रिवृद्धवसिष्ठौ –

सपिण्डीकरणादूर्ध्वं यत्र यत्र प्रदीयते । भ्रात्रे भगिन्यै पुत्राय स्वामिने मातुलाय च ।।

पितृव्यगुरवे श्राद्धमेकोद्दिष्टं न पार्वणम् ।।

पृथ्वीचन्द्रोदयमा **वृद्धगार्ग्य**ले भनेका छन् – माताकी सहोदर दिदी–बहिनी र पिताका सहोदर दिदी–बहिनीको पनि सपिण्डीकरण गरेपछि मात्र पार्वण गर्नुपर्दछ, अन्यथा गर्न हुँदैन । **प्रचेता**ले भनेका छन् – 'अपुत्र व्यक्ति र ब्रह्मचारीहरूका निमित्त सपिण्डीकरणश्राद्ध गरेपछि एकोद्दिष्ट गर्नुपर्ने विधान छ ।' यहाँ माथि 'अपत्नीक' शब्दको प्रयोग भएको छ त्यसको अर्थ ब्रह्मचारी हो ।

मार्कण्डेयपुराणमा भनिएको छ – 'मनुष्यहरूले स्त्रीको श्राद्ध गर्दा प्रत्येक क्षयाहमा एकोद्दिष्टविधिले नै गर्नुपर्दछ। जसरी मरणदिनमा पुरुषहरूका निमित्त गरिन्छ त्यसैगरी स्त्रीहरूका निमित्त पनि गर्नुपर्दछ ।' '**नृणाम्**' भन्ने दृष्टान्तबाट गाई अथवा ब्राह्मणद्वारा मारिएका र पाखण्डी आदि पितृहरूको श्राद्ध सपिण्डनको अभावमा एकोद्दिष्ट नै गर्नुपर्दछ भन्ने **शूलपाणि**को मत रहेको छ । **अत्रि** र **वृद्धवसिष्ठ**ले भनेका छन् – सपिण्डीकरण गरेपछि जहाँ दाजु–भाइ, दिदी–बहिनी, छोरा, स्वामी, मामा, पितृव्य र गुरुका निमित्त एकोद्दिष्टविधिबाट नै श्राद्ध गरिन्छ, पार्वणविधिबाट गर्दैन ।

यत्तु जातूकर्ण्यः – **पितृव्यभ्रातृमातृणामपुत्राणां तथैव च । मातामहस्यासुतस्य श्राद्धादि पितृवद्भवेत्।।** इति तदावश्यकत्वार्थं न तु पार्वणार्थमिति हेमाद्रिः । युक्तं त्वेवम् ।

मातुः पितरमारभ्य पित्रयो मातामहाः स्मृताः । तेषां तु पितृवच्छ्राद्धं कुर्युर्दुहितृसूनवः ।।

इति पुलस्त्योक्तेर्मातामहस्य पार्वणमेव । तत्साहचर्यात् पितृव्यादौ तथा । **'पितृव्यभ्रातृमातृणामेकोद्दिष्टं न पार्वणम्'** इति क्षयाहोक्तोपक्रमे पुलस्त्योक्तेश्च विकल्पः ।

केचित्त्वापस्तम्बादिवाक्यानि – **'व्युत्क्रमाच्च प्रमीतानां नैव कार्या सपिण्डता ।'** इत्यस्य पितृव्यादि-परत्वादकृतसपिण्डनपितृव्यादिपराणीत्याहुः । माता सपत्नमाता । एकोद्दिष्टं तु कनिष्ठपरमिति । पृथ्वीचन्द्रोदयेऽप्येवम्। विशेषस्त्वधिकारिनिर्णये प्रागुक्तः । केचित् पुत्रान्तराभावेऽपि पितामहवार्षिकमप्यावश्यकम् ।

जातूकर्ण्यले भनेका छन् – 'जेठा वा कान्छा बा, दाजु, माता र सन्तानहीन सपिण्डहरूको तथा छोरा नभएका मातामहको श्राद्ध पनि आफ्नै पिताको श्राद्धमा अपनाइने विधिले नै गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो गर्नुपर्दछ भन्ने कुरा कर्तव्यबोधका लागि हो । पार्वणश्राद्ध गर्नुपर्दछ भन्ने उद्देश्यले होइन । वस्तुतः सही कुरा के हो भने माताका पितृ अर्थात् मातामह तीनप्रकारका मानिएका छन् – मातामह, प्रमातामह, वृद्धप्रमातामह । छोरीतर्फको छोराले ती तीनवटा मातामहको निमित्त आफ्नै पितालाई गरिने श्राद्धको विधिबाट श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **पुलस्त्यले** बताएका छन् ।

माथि जे भनिएता पनि मातामहको श्राद्ध पार्वणविधिबाट नै हुन्छ । दौहित्रले मातामहपदको साहचर्यले आफ्ना पितृव्य आदिको श्राद्ध पनि पार्वणविधिबाट नै गर्दछ । यसो भनिएतापनि पितृव्य, ठूलो दाजु र सौतेली आमाहरूको क्षयाहको उपक्रममा पार्वणको सट्टा एकोद्दिष्टश्राद्ध नै गर्नुपर्दछ भन्ने कुरा **पुलस्त्यले** वैकल्पिकरूपमा निर्धारण गरेका छन् ।

कोही **आपस्तम्बको** वचन उद्धरण गर्दै भन्दछन् – विपरीतक्रमले मरेका मानिसहरूको सपिण्डीकरण गर्न हुँदैन। ग्रन्थकार भन्दछन् – यो वचन पितृव्य आदिका निमित्त भनिएको हो किनकि पितृव्यहरूको सपिण्डन गर्ने चलन छैन । माथि आएको मातृशब्दले पनि सौतेनी आमालाई सम्झनुपर्दछ । **पृथ्वीचन्द्रोदयमा** यही नै बताइएको छ । विशेषकुरा अधिकारिनिर्णयमा पहिले बताएका छौं । कोही-कोही भन्दछन् कि- आफ्ना पितृव्यहरू नभएमा र पिता स्वर्गे भएमा नातिले पितामहको वार्षिकश्राद्ध गर्नुपर्दछ ।

पुत्राभावे च तत्पुत्रः पत्नी माता तथा पिता । वित्ताभावेऽपि सच्छिष्यः कुर्यात्तस्यौर्ध्वदेहिकम् ।।
इति मार्कण्डेयपुराणादित्याहुस्तन्न । **'पौत्रेणैकादशाहादि कर्तव्यं श्राद्धषोडशम्'** इति कातीये विशेषोक्तेः।

इति अनुकल्पात्मकश्राद्धहेमश्राद्धक्षयाहश्राद्धनिर्णयात्मकं षष्ठं प्रकरणम्

मार्कण्डेयपुराणमा भनिएको छ – 'पुत्र नभएमा त्यसका पौत्र, पत्नी, माता-पिताले और्ध्वदेहिक गर्नुपर्दछ । वित्तको अभाव भएमा उत्तम शिष्यहरूले और्ध्वदेहिकसंस्कार गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । किनकि **कातीयमा** विशेषरूपमा भनिएको छ कि- पौत्रले एकादशाह आदि सोह्रश्राद्ध गर्नुपर्दछ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको अनुकल्प, आत्मश्राद्ध, हेमश्राद्ध, क्षयाहश्राद्ध आदि विषयको निर्णयमा आधारित छैठौं प्रकरण पूरा भयो ।

अथ क्षयाहद्वैध-क्षयाहवृषोत्सर्ग-क्षयाहाज्ञानादिनिर्णयात्मकं सप्तमं प्रकरणम्

क्षयाहद्वैधे निर्णयः

अथ क्षयाहद्वैधे निर्णयः । तत्रैकोद्दिष्टं मध्याह्ने कार्यम् । मध्याह्नश्च पञ्चधाविभक्तदिनतृतीयभाग इति माधवः।

आमश्राद्धं तु पूर्वाह्णे एकोद्दिष्टं तु मध्यमे । पार्वणं चापराह्णे तु प्रातर्वृद्धिनिमित्तकम् ।।

इति हारीतोक्तौ प्रातःशब्दसाहचर्यात् । तत्रापि कुतपादिषु मुहूर्तद्वितये ज्ञेयम् ।

प्रारभ्य कुतपे श्राद्धं कुर्यादारौहिणं बुधः । विधिज्ञो विधिमास्थाय रौहिणं तु न लङ्घयेत् ।।

इति गौतमोक्तेरेतत्परत्वात् । रौहिणः – नवमो मुहूर्तः । मैथिलाः श्राद्धकौमुदी चैवम् । अन्यथा –

ऊर्ध्वं मुहूर्तात् कुतपाद्यन्मुहूर्तचतुष्टयम् । मुहूर्तपञ्चकं ह्येतत्स्वधाभवनमिष्यते ।।

इत्यादिविरोधात् । दीपिकापि – '**एकोद्दिष्टमुपक्रमेत कुतपे**' इति । माधवीये व्यासोऽपि –

कुतपप्रथमे भागे एकोद्दिष्टमुपक्रमेत् । आवर्तनसमीपे वा तत्रैव नियतात्मवान् ।।

पृथ्वीचन्द्रोदयेऽप्येवम् । तेन कुतपादिरौहिणान्तो मुख्यः कालः । दिनद्वये तद्व्याप्तौ समव्याप्तौ च पूर्वा । विषमव्याप्तावाधिक्येन निर्णयः । अव्याप्तौ पूर्वैव । परविद्धाया निषेधात् । सा च पूर्वदिने रौहिणलङ्घनापत्तेः परैवेति गौडाः । शुक्लकृष्णवशात्खर्वदर्पाद्यैर्वा व्यवस्थेत्यन्ये । तन्न । परविद्धानिषेधप्राबल्यात् । अत्र मूलं कालमाधवीये ज्ञेयम् ।

मृत्युतिथि दुईदिन भएमा श्राद्धनिर्णय

अब क्षयाहको द्वैधअवस्थाको सम्बन्धमा निर्णय गरिन्छ । एकोद्दिष्टश्राद्ध मध्याह्नमा गर्नुपर्दछ भनिएको छ । दिनलाई पाँचभाग लगाउँदा तेस्रो भागलाई मध्याह्न भनिन्छ भनेर **माधव**ले बताएका छन् । आमश्राद्ध पूर्वाह्नमा गरिन्छ, एकोद्दिष्ट मध्याह्नमा गरिन्छ र पार्वणश्राद्ध अपराह्नमा गरिन्छ । प्रातःकालमा वृद्धिनिमित्तक श्राद्ध हुन्छ भन्ने **हारीत**को वचनमा प्रातःशब्दको प्रयोग भएकाले वृद्धिनिमित्तक श्राद्धलाई प्रातःकालमा गर्ने विधान गरिएको छ । त्यसमा पनि कुतप आदि दुईमुहूर्तको विशेष महत्त्व छ ।[६६] कुतपमा श्राद्ध प्रारम्भ गरेर रौहिणमा समाप्त गर्नुपर्दछ । विधिका ज्ञाता विद्वान्हरूले आस्थापूर्वक श्राद्ध गर्दा रौहिणमुहूर्तलाई नाघ्न हुँदैन भन्ने कुरा **गौतम**ले बताएका छन् । रौहिणको अर्थ नवममुहूर्त हो । **मैथिल**हरूको मतमा र **श्राद्धकौमुदी**मा पनि यही कुरा बताइएको छ ।

कुतपमुहूर्त र त्यसपछिका चारमुहूर्तलाई स्वधाभवन भनिएको छ । यसरी स्वधाभवनको अवधिनिर्धारण गरिएकाले रौहिणमुहूर्त नाघ्न हुँदैन भन्ने नियमसँग विरोध पर्न आएको छ । विरोध परेतापनि कुतपकालमा एकोद्दिष्ट गर्नुपर्दछ भन्ने मत नै बहुसम्मत छ । **दीपिका**मा बताइएको छ कि कुतपमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । **माधवीयमा व्यास**ले भनेका छन् – आत्मालाई स्थिर बनाएर आवर्तन अर्थात् मध्याह्नको नजिकै रहने कुतपमुहूर्तको प्रथमभागमा एकोद्दिष्टश्राद्ध आरम्भ गर्नुपर्दछ । यसबाट के थाहा हुन्छ भने कुतपदेखि लिएर रौहिणसम्मका मुहूर्त श्राद्धका निमित्त मुख्य मुहूर्त हुन् । **पृथ्वीचन्द्रोदय**मा पनि यही बताइएको छ । दुवै दिन यस्ता मुहूर्तहरू प्राप्त भएमा र अंश पनि बराबर भएमा पूर्वतिथिलाई ग्रहण गर्नुपर्दछ । अंशको विषमता भएमा र उत्तरार्द्धमा तिथिको आधिक्य रहेमा दोस्रो दिन गर्नुपर्दछ । अव्याप्तिमा

---

६६. दिनको पाँच भाग लगाउँदा एक भागमा तीन–तीन मुहूर्त पर्दछन्, पाँच भागमध्ये प्रथम भागलाई प्रातः भनिन्छ, दोस्रो भागलाई संगव भनिन्छ, तेस्रो भागलाई मध्याह्न भनिन्छ, चौथो भागलाई अपराह्न भनिन्छ र पाँचौं भागलाई सायाह्न भनिन्छ । दिनको पन्ध्रौं भागलाई मुहूर्त भनिन्छ । त्यसमध्ये बीचको सातौं मुहूर्तको नाम गन्धर्व, आठौंको कुतुप र नवौं मुहूर्तको नाम रौहिण हो ।

पूर्वदिन नै ग्रहण गर्नुपर्दछ किनकि परविद्धाको निषेध गरिएको छ ।

गौडहरू भन्दछन् – पहिलो दिन श्राद्ध गर्दा रौहिणमुहूर्त लङ्घन हुने आपत्ति आउन सक्छ त्यसकारण दोस्रो दिन नै गर्नुपर्दछ । अरू भन्दछन् – शुक्ल र कृष्णपक्षको नियमको अधीनमा रही खर्वदर्पपद्धतिबाट व्यवस्था गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – 'यो भनाइ ठीक छैन । परविद्धालाई श्राद्धमा निषेध गरिएको छ ।' यसको मूल काल**माधवीय** ग्रन्थबाट जान्नुपर्दछ।

पार्वणं त्वपराह्णे कार्यं पूर्वोक्तवचनात् ।

मध्याह्नव्यापिनी या स्यात्सैकोद्दिष्टे तिथिर्भवेत् । अपराह्णव्यापिनी या पार्वणे सा तिथिर्भवेत् ।।

इति पृथ्वीचन्द्रोदये वृद्धगौतमोक्तेश्च । पूर्वेद्युरेव परेद्युरेव वाऽपराह्णव्याप्तौ सैव ग्राह्या । दिनद्वये तद्व्याप्तौ तदस्पर्शेऽशः समव्याप्तौ वा पूर्वैव । विषमव्याप्तौ त्वधिका ग्राह्या ।

द्व्यपराह्णव्यापिनी स्यादाब्दिकस्य यदा तिथिः । महती यत्र तद्विद्धां प्रशंसन्ति महर्षयः ।।

इति मरीचिस्मृतेः ।

दशश्च पूर्णमासं च पितुः संवत्सरं दिनम् । पूर्वविद्धामकुर्वाणो नरकं प्रतिपद्यते ।।

इत्यपरार्के नारदोक्तेः ।

द्व्यहेऽप्यव्यापिनी चेत्स्यान्मृताहस्य यदा तिथिः । पूर्वविद्धा प्रकर्तव्या त्रिमुहूर्ता भवेद्यदि ।।

इति सुमन्तूक्तेः । **'पूर्वस्यां निर्वपेत् पिण्डानित्याङ्गिरसभाषितम्'** इति हेमाद्रौ पाठः । तत्रैव वृद्धमनुः –

न द्व्यहव्यापिनी चेत्स्यान्मृताहस्य च या तिथिः । पूर्वविद्धैव कर्तव्या त्रिमुहूर्ता च या भवेत् ।।

मदनरत्नेऽप्येवम् ।

पार्वणश्राद्ध अपराह्णकालमा गर्नुपर्दछ । मध्याह्नव्यापिनी तिथिमा एकोद्दिष्ट गरिन्छ भने अपराह्णव्यापिनी तिथिमा पार्वणश्राद्ध गरिन्छ । यो कुरा **पृथ्वीचन्द्रोदय**मा बताइएको छ र **वृद्धगौतम**ले पनि यही भनेका छन् । जुन दिन अपराह्णव्यापिनी हुन्छ त्यही दिन पार्वणका लागि उपयुक्त हुन्छ । दुवै दिन त्यसको प्राप्ति भएमा र अंशबाट समव्याप्ति भएमा पूर्व दिन नै ग्राह्य हुन्छ । विषमव्याप्तिमा जुन दिन धेरै तिथिको व्याप्ति छ त्यसै दिन गर्नुपर्दछ । दुवै दिन अपराह्णव्यापिनी आब्दिकतिथि भएमा महर्षिहरूले विद्धातिथिको प्रशंसा गर्दछन् त्यसकारण पूर्वविद्धामा गर्नुनै उपयुक्त हुन्छ भन्ने कुरा **मरीचिस्मृति**मा बताएको छ ।

अपरार्कमा **नारद**ले भनेका छन् – अमावास्या र पूर्णिमा पिताका क्षयतिथि हुन्छन् भने पूर्वविद्धातिथि लिनुपर्दछ। जसले पूर्वविद्धा लिँदैन त्यो नरकमा जान्छ । **सुमन्तु**ले भनेका छन् – मरणको तिथि दुवै दिन व्याप्त भएमा पूर्वविद्धा गर्नुपर्दछ। पूर्वविद्धा गर्दा पनि तिथि तीनमुहूर्त त हुनै पर्दछ । **हेमाद्रि**मा भनिएको छ – नित्य पिण्ड दिने कार्य पहिलो तिथिमा नै गर्नुपर्दछ। यो आङ्गिरसको मत हो । त्यहीं नै **वृद्धमनु**ले भनेका छन् – मृत व्यक्तिको तिथि दुवै दिन व्याप्त नभएमा पूर्वविद्धालाई ग्राह्यता दिनुपर्दछ । तर त्यो दिन तीनमुहूर्त तिथि भने हुनैपर्दछ । **मदनरत्न**मा पनि यसैगरी बताइएको छ ।

यत्तु कार्ष्णाजिनिव्यासौ –

अह्नोऽस्तमनवेलायां कलामात्रा यदा तिथिः । सैव प्रत्याब्दिके ज्ञेया नापरा पुत्रहानिदा ।।

इति त्रिमुहूर्तस्तुतिः । पूर्वेद्युः सायं त्रिमुहूर्ताभावे तु परैव । **'त्रिमुहूर्ता न चेत् ग्राह्या परैव कुतपे हि सा'** इति

कालादर्शे गोभिलोक्तेः । कालादर्शेऽपि –

प्रत्याब्दिकेऽप्येवमेव तिथिर्ग्राह्यापराह्णिकी । उभयत्र तथात्वे तु महत्त्वेन विनिर्णयः।।

अन्यत्रापि –

सायंतन्यपरत्र चेन्मृततिथिः सैवाब्दिके मासिके ग्राह्या सा द्व्यपराह्णयोर्यदि तदा यत्राधिका सा मता ।

तुल्या चेदुभयापराह्णसमये पूर्वा न चेत्तु द्वये पूर्वैव त्रिमुहूर्तगास्तसमये नो चेत्परैवोचिता ।।

माधवपृथ्वीचन्द्रौ तु – **'दिनद्वयेऽपराह्णव्याप्तौ अंशतः समव्याप्तौ च क्षये पूर्वा वृद्धौ परा'** । 'खर्वदर्पौ परौ पूज्यौ' इत्युक्तेः ।

अपराह्णद्वयव्यापिन्यतीतस्य च या तिथिः । क्षये पूर्वा च कर्तव्या वृद्धौ कार्या तथोत्तरा ।।

इति बौधायनोक्तेः ।

क्षयाहस्य तिथिर्या तु अपराह्णद्वये यदि । पूर्वा क्षये तु कर्तव्या वृद्धौ कार्या तथोत्तरा ।।

इति बृहन्नारदीयाच्चेत्याहुः । वृद्धिक्षयौ चात्र परतिथेर्नतु ग्राह्यतिथेः । तस्याः क्षयेऽपराह्णद्वयव्याप्तेरसम्भवात् । तदाह माधवः – **'न ग्राह्यतिथिगौ वृद्धिक्षयावूर्ध्वतिथेस्तु गौ ।'** इति ।

कार्ष्णाजिनि र **व्यास**ले भनेका छन् – सूर्य अस्ताउँदा कलामात्र तिथि भएमा त्यसैलाई आब्दिकतिथि जान्नुपर्दछ। दोस्रो तिथि लिनु हुँदैन । दोस्रो तिथिले पुत्रको हानि गर्दछ । यहाँ ग्रन्थकार भन्दछन् – कलामात्र भए पनि लिनुपर्दछ भनिएको अर्थ तीनमुहूर्तको प्रशंसामात्र हो । पहिलो दिन सायंकालमा तीनमुहूर्त तिथि नरहेमा दोस्रो दिन नै ग्रहण गर्नुपर्दछ। **कालादर्शमा गोभिल**ले भनेका छन् – पहिलो दिन तीनमुहूर्त तिथि नभएमा दोस्रो दिनको कुतपमुहूर्तमा श्राद्ध गर्नुपर्दछ । **कालादर्शमा** नै भनिएको छ – प्रत्याब्दिकश्राद्धमा अपराह्णव्यापिनी तिथि लिनुपर्दछ । दुवै दिन अपराह्णव्यापिनी भएमा जुन धेरै छ त्यसैमा गर्नुपर्दछ । दुवै तिथि समान भएमा पूर्वविद्धा लिनुपर्दछ । समान नभएमा सायंकाल तीनमुहूर्त छ भने उसै दिन गर्नुपर्दछ यो सबैको निर्णय हो । अन्यत्र पनि बताइएको छ कि दोस्रो दिन सायंकालसम्म मृतकको तिथि भएमा त्यसैलाई आब्दिक र मासिकमा ग्रहण गर्नुपर्दछ । यदि त्यो तिथि दुवै दिन अपराह्ण समयसम्म रहेको हुन्छ भने जुन दिन अधिक हुन्छ त्यसै दिन श्राद्ध गर्नुपर्दछ । अपराह्णसमयमा दुवै दिन बराबरमात्रामा तिथि छ भने पहिलो तिथि लिनुपर्दछ । दुवै दिन अपराह्णमा तिथि नभएमा जुन दिन सूर्यास्तसम्म तिथि रहेको हुन्छ त्यसै दिन श्राद्ध गर्नुपर्दछ । यस्तो नपाइएमा दोस्रो तिथि नै लिनुपर्दछ ।

माधवीय र **पृथ्वीचन्द्रोदय**मा भनिएको छ – दुवै दिन अपराह्णव्याप्ति भएमा अंशको आधारमा गणना गरी एकोद्दिष्टमा पहिलो तिथि लिनुपर्दछ भने वृद्धिश्राद्धमा परा तिथि लिनुपर्दछ । **खर्बदर्पसिद्धान्त**अनुसार परातिथिलाई पूज्य मानिएको छ । **बौधायन**ले भनेका छन् – मृतकको तिथि दुवै दिन अपराह्णव्यापिनी भएमा एकोद्दिष्टश्राद्ध पहिलो दिन गर्नुपर्दछ भने वृद्धिश्राद्ध दोस्रो दिन गर्नुपर्दछ । **बृहन्नारदीय**मा भनिएको छ – 'क्षयाहतिथि अपराह्णमा दुवै दिन भएमा एकोद्दिष्ट पहिलोमा गर्नुपर्दछ र वृद्धिश्राद्ध पछिल्लोमा गर्नुपर्दछ ।'

यहाँ वृद्धि र क्षयमा परातिथिको ग्रहण गरिएको हो तर ग्राह्यतिथिको ग्रहण गरिएको होइन किनकि क्षयमा दुवै दिन को अपराह्णव्याप्ति असम्भव छ । यसै कुरालाई लिएर **माधव**ले भनेका छन् – ग्राह्यतिथिको वृद्धि र क्षयलाई लिनु हुँदैन । त्यसपछि आउने ऊर्ध्वतिथिलाई ग्रहण गर्नुपर्दछ ।

यत्तु पृथ्वीचन्द्रः – 'पूर्वोक्तवचनेषु यत्र सायाह्नास्तमनयोगिनी तिथिरुक्ता तत्रापराह्णव्यापिनी ज्ञेया । सायाह्नस्त्रिमुहूर्तः स्यात्तत्र श्राद्धं न कारयेत् ।' इति मात्स्यादौ सायाह्ननिषेधात् । यच्च 'त्रिमुहूर्तादि-ग्रहणं तच्छ्राद्धार्हापराह्णरूपत्रिमुहूर्तपरम्' इत्याह । तद्धेमाद्रिमदनरत्नकालादर्शादिग्रन्थविरोधाल्लक्षणापत्तेश्च चिन्त्यम् । तस्मात्पूर्वोक्तमेव साधु । यदा विघ्नवशाद्दिने सांवत्सरश्राद्धं न कृतं तदा रात्रावपि कार्यम् । 'मृताहं समतिक्रम्य चण्डालेष्वभिजायते' इति । मरीचिना मृताहातिक्रमे दोषोक्तेः । 'न च नक्तं श्राद्धं कुर्वीतारब्धे वा भोजनसमापनम्' इत्यापस्तम्बेन गौणकालोक्तेश्चेति माधवः । आरब्धे श्राद्धे विघ्नवशाद्रात्रिभागे पाते भोजनसमाप्त्यन्तं रात्रौ कार्यम् । शेषसमाप्तिः परदिन एवेति हरदत्तः । ग्रहणदिने वार्षिकप्राप्तौ तद्दिन एवान्नेनामेन हेम्ना वा कुर्यात् नोत्तरदिने इत्युक्तं प्राग् ग्रहणनिर्णये । तच्च प्रथमाब्दिकं त्रयोदशे मलमासे कार्यमन्यथा न ।

प्रत्यब्दं द्वादशे मासि कार्या पिण्डक्रिया सुतैः । क्वचित्त्रयोदशेऽपि स्यादाद्यं मुक्त्वा तु वत्सरम् ।।

इति लघुहारीतोक्तेः । इदमन्त्यादिकमासपरम् । द्वादशे त्रयोदशे वातीत इत्यर्थः । तेन यत्र द्वादशमासिकं शुद्धमासे भवति तत्र त्रयोदशेऽधिके एवाब्दिकं कार्यम् । यत्राधिकमध्ये द्वादशं मासिकं तत्र तस्य द्विरावृत्तिं कृत्वा चतुर्दशे शुद्धे एव प्रथमाब्दिकमिति माधवीये । हेमाद्रौ चैवम् । द्वितीयाब्दिकं तु शुद्धमासे एव नाधिके । नाप्युभयोः । मलमासमृतानां तु यदा स एवाधिकः स्यात्तदा तत्रैव कार्यमन्यथा शुद्ध एवेति प्रागुक्तम् । दर्शे वार्षिकं चेत्तदा पूर्वं वार्षिकं कृत्वा ततः पिण्डपितृयज्ञो दर्शश्राद्धं चेति निर्णयदीपे क्रमः उक्तः ।

पृथ्वीचन्द्रद्वारा जुन – 'पहिले बताइएका वचनहरूमा जहाँ-जहाँ सायाह्न एवं अस्तसमयमा रहने तिथि आदि निर्धारण गरिएको छ त्यहाँ-त्यहाँ अपराह्णव्यापिनी भनेर जान्नुपर्दछ किनकि सायाह्न तीनमुहूर्त रहने हुनाले त्यसमा श्राद्ध गर्न हुँदैन । **मत्स्यपुराण** आदिमा सायाह्नमा श्राद्ध गर्न निषेध गरिएको छ । जुन तीनमुहूर्तको ग्रहण गरिएको छ ती तीनमुहूर्त श्राद्धका लागि उपयोगी अपराह्नकै मुहूर्त हुन्, सायाह्नका तीनमुहूर्त होइनन्' भनेका छन् । यो वचन **हेमाद्रि, मदनरत्न, कालादर्श** आदि ग्रन्थहरूको विरुद्ध भएकाले चिन्तनीय छ । यसकारण पहिले जे बताइयो त्यही नै उपयुक्त छ। यदि विघ्नका कारण त्यो दिन एकोद्दिष्टश्राद्ध गरिएको छैन भने रात्रिमा भए पनि गर्नुपर्दछ किनकि मरेका दिन श्राद्ध नगर्नाले अथवा नाघ्नाले पुत्र चाण्डालयोनिमा उत्पन्न हुन्छ भन्ने **मरीचि**को वचन छ । **मरीचि**ले मरेका दिनको जुन तिथि हो त्यसको अतिक्रमण गर्दा दोष हुने कुरा बताएका छन् । तर रात्रिमा श्राद्ध गर्न हुँदैन । यदि आरम्भ गरिएको छ भने भोजनको समाप्तिसम्म गर्नुपर्दछ भन्दै **आपस्तम्ब**ले गौणकालको व्यवस्था गरेका छन् । श्राद्धको आरम्भमा विघ्नको कारण ढिला भएर रात पर्‍यो भने ब्राह्मणभोजनको समाप्तिसम्मका कार्य रात्रिमा गर्नुपर्दछ, बाँकी कार्यहरू दोस्रो दिन गर्नुपर्दछ भनेर **हरदत्त**ले भनेका छन् ।

ग्रहणकै दिन वार्षिकश्राद्ध पर्न गएमा त्यसै दिन अन्न वा सुवर्णले श्राद्ध गर्नुपर्दछ दोस्रो दिन गर्न हुँदैन भनेर ग्रहणनिर्णयमा बताइएको छ । प्रथमाब्दिक मलमासमा मात्र तेह्रौं महिनामा गर्नुपर्दछ, अरू बेला गर्न हुँदैन । प्रतिवार्षिकश्राद्ध-पहिलो वर्षको वार्षिकश्राद्धलाई छाडेर बाह्रौं महिनामा पुत्रले पिण्डदान गरेर सम्पन्न गर्नुपर्दछ । पहिलो वर्षको वार्षिकश्राद्धमा मलमास पर्न आएमा तेह्रौं महिनामा गर्नुपर्दछ भन्ने कुरा **लघुहारीत**ले बताएका छन् । ग्रन्थकार भन्दछन् – यो तेह्रौं महिना भनिएको कुरा अधिकमास परेको अवस्थाका लागि हो । बाह्रौं या तेह्रौं महिना बितेपछि गर्नुपर्दछ भन्ने अर्थ हो । यसले जहाँ बाह्रौं महिना शुद्धमासमा पर्दछ त्यहाँ तेह्रौं अधिक महिनामा नै आब्दिकश्राद्ध गर्नुपर्दछ । जहाँ अधिकमास मध्यमा पर्न आउँछ त्यहाँ द्विरावृत्ति गरेर चौधौं शुद्धमासमा नै प्रथम आब्दिकश्राद्ध गर्नुपर्दछ, यही निष्कर्ष हो । **माधवीय** र

हेमाद्रिले पनि यही भनेका छन् । द्वितीयादिक श्राद्ध त शुद्धमासमा नै गर्नुपर्दछ, अधिकमासमा गर्न हुँदैन । अधिकमासमा पुरुषोत्तम र शुद्ध गरी दुईमहिना हुन्छन्, ती दुवैमा गर्न हुँदैन । मलमासमा मरेका मानिसहरूको श्राद्ध मलमास नै पर्न गएमा त्यसैमा गर्नुपर्दछ । अन्यथा शुद्धमा गर्नुपर्दछ भन्ने कुरा पहिले बताइएको छ । अमावास्याका दिन वार्षिकतिथि परेमा पहिले बाबु-आमाको वार्षिकश्राद्ध गरेपछि पिण्डपितृयज्ञ र अमावास्याश्राद्ध गर्नुपर्दछ भन्ने कुरा निर्णयदीपमा बताइएको छ ।

स्मृतिसारेऽपि –

दर्शे क्षयाहे सम्प्राप्ते कथं कुर्वन्ति याज्ञिकाः । आदौ क्षयाहं निर्वर्त्य पश्चाद्दर्शो विधीयते ।।

इति । युक्तं त्वेवम् । तद्वचने मूलाभावात् । '**पिण्डयज्ञं ततः कुर्यात्ततोऽन्वाहार्यकं बुधः ।**' इति दर्शश्राद्धे पिण्डपितृयज्ञानन्तर्यात्तस्याब्दिकेऽप्यतिदेशात्प्राप्ते '**पितृयज्ञानन्तरं वार्षिकं ततो दर्शश्राद्धम्**' इति व्यतिषङ्गस्तु न भवत्येव । तस्यार्थिकत्वात् । कालादर्शेऽपि – '**निमित्तानियतिश्चात्र पूर्वानुष्ठानकारणम्**' इति सर्वान्प्रत्यैकरूप्याभावात्क्षयाहनिमित्तस्यानियतत्त्वम् । देवजानीयेप्येवम् । एवं मासिकादिष्वपि ज्ञेयम् । '**प्रत्यब्दं यो यथा कुर्यात्तथा कुर्यात्स तान्यपि**' इति सर्वातिदेशात् ।

स्मृतिसारमा भनिएको छ कि – अमावास्यामा वार्षिकश्राद्ध प्राप्त भएमा याज्ञिकहरूले पहिले वार्षिकश्राद्ध गरी त्यसपछि अमावास्याश्राद्ध गर्दछन् । माथिका वचनको निष्कर्ष यही हो । त्यसपछि पिण्डपितृयज्ञ र अन्वाहार्य गर्दछन् । यो अमावास्याश्राद्धमा पिण्डपितृयज्ञ गरेपछि आब्दिकमा पनि अतिदेश[६७]– त्यसैगरी गर्नुपर्दछ भन्ने विधि प्राप्त हुन्छ । पितृयज्ञपछि वार्षिकश्राद्ध त्यसपछि अमावास्याश्राद्ध यस्तो व्यतिषङ्ग – सहानुष्ठान हुँदैन । किनकि वार्षिकश्राद्ध अर्थतः पहिले नै गरिने कुरा सिद्ध छ ।

कालादर्शमा भनिएको छ – यसमा कुनै कारण वा कुनै खास नियम यो पहिले र यो दोस्रो भन्ने छैन । तर पहिलेदेखि नै ऋषि-महर्षिहरूले वार्षिकश्राद्ध पहिले गर्नु भनेकाले पूर्वानुष्ठान गर्ने परम्परा नै यसको कारण हो । त्यसकारण पिण्डपितृयज्ञ गरेपछि वार्षिकश्राद्ध गरिँदैन । **देवजानीयले** भनेका छन् – अमावास्यातिथिमा गरिने सबै श्राद्धमा समानता हुँदैन । समानता नभएकाले क्षयाहश्राद्ध कतिबेला गर्ने भन्ने कुरा निश्चित छैन । यसैगरी मासिकश्राद्ध पनि निश्चित हुँदैन भन्ने कुरा **देवजानीयले** पनि बताएका छन् । जुन मानिसले प्रतिवर्ष क्षयाहमा माता-पिताको श्राद्ध गर्दछ यसले मासिकश्राद्ध पनि त्यसैगरी गर्नुपर्दछ भन्ने कुरा शास्त्रको अतिदेश छ ।

मृताहे वृषोत्सर्गविधानम्

मृताहे वृषोत्सर्ग उक्तो हेमाद्रौ विष्णुधर्मे –

अयनद्वितये चैव मृताहे बान्धवस्य च । उत्सृजेन्नीलवृषभं कौमुद्याः समुपागमे ।।

कौमुदी – कार्तिकी ।

---

६७. एक ठाउँमा पढिएको नियमलाई अर्को ठाउँमा लैजानु अतिदेश हो । प्रकृतिमा विधान गरिएको धर्मलाई विकृतिमा लैजानुलाई मीमांसाशास्त्रअनुसार अतिदेश भनिन्छ अर्थात् त्यो कार्यजस्तै यो कार्य गर्नुपर्दछ भन्ने अथवा त्यस कार्यका गुण यसमा पनि होऊन् भन्ने आदेश अतिदेशको स्वरूप हो । जस्तै – **मासमग्निहोत्रं जुहोति** वाक्यमा प्रयुक्त अग्निहोत्र साविक अग्निहोत्रभन्दा छुट्टै भए पनि नामसाम्यका कारण मासाग्निहोत्रमा अग्निहोत्रका गुणहरूको अतिदेश हुन्छ ।

मृताहमा वृषोत्सर्ग विधान

हेमाद्रि र विष्णुधर्ममा मरेका दिन श्राद्ध गर्दा वृषोत्सर्ग गर्ने विधि बताइएको छ । भनिएको छ कि – उत्तरायण, दक्षिणायन, मृततिथि र कार्तिकपूर्णिमामा नीलवृषभको उत्सर्ग गर्नुपर्दछ ।

शुद्धिश्राद्धम्

अथ शुद्धिश्राद्धम् । दिवोदासीये –

सपिण्डीकरणादूर्ध्वं यावदब्दत्रयं भवेत् । तावदेव न भोक्तव्यं क्षयेऽहनि कदाचन ।।

वर्षान्तसपिण्डनेऽप्येतत्तुल्यम् ।

मृताहनि तु सम्प्राप्ते यावदब्दचतुष्टयम् । बहिः श्राद्धं प्रकुर्वीत न कुर्याच्छ्राद्धभोजनम् ।।

प्रथमेऽस्थीनि मज्जा च द्वितीये मांसभक्षणम् । तृतीये रुधिरं प्रोक्तं श्राद्धं शुद्धं चतुर्थकम् ।।

इति श्राद्धकारिकोक्तेः शुद्धं किञ्चिदिति ज्ञेयम् । स्मृत्यन्तरे –

सप्तत्रिंशच्च यो मासान् श्राद्धे भुङ्क्ते तमोहतः । स पङ्क्तिदूषितः पापः प्रेताशी च भवेत्तु सः ।।

तत्र प्रथमेऽब्दे वर्षान्तसपिण्डनपक्षे मृताहात्पूर्वेऽह्नि सपिण्डनमब्दपूर्तिश्राद्धं च कृत्वा परेद्युर्वार्षिकं कुर्यादिति स्मृत्यर्थसारे उक्तम् । हेमाद्रिस्तु मृताहे सपिण्डीकरणेनैव वार्षिकसिद्धिः ।

पूर्णे संवत्सरे पिण्डः षोडशः परिकीर्तितः । तेनैव च सपिण्डत्वं तेनैवाब्दिकमिष्यते ।।

इति वचनादित्याह । इदमेव युक्तम् ।

शुद्धिश्राद्ध

दिवोदासीयमा भनिएको छ कि – सपिण्डीकरण गरेपछि तीनवर्षसम्म निरन्तर माता–पिताको वार्षिकश्राद्धका दिन भोजन गर्न हुँदैन । एकवर्षपछि सपिण्डन गरे पनि यही नियम लागू हुन्छ । **श्राद्धकारिका**मा भनिएको छ – 'माता–पिताको वार्षिकश्राद्ध प्राप्त भएपछि चारवर्षको अवधिसम्म घरबाहिर श्राद्ध गर्नुपर्दछ र श्राद्धको भोजन गर्न हुँदैन । प्रथमवर्षमा भोजन गरियो भने माता–पिताको हाड र बोसो, दोस्रो वर्ष भोजन गरिएमा मासु र तेस्रो वर्ष भोजन गरिएमा रगत खाएसरह हुन्छ । चतुर्थवर्षमा मात्र शुद्धश्राद्ध हुन्छ ।' चतुर्थवर्षमा मात्र शुद्ध हुन्छ भनिएकोमा ग्रन्थकार भन्दछन् – चतुर्थवर्षमा पनि केही शुद्ध हुन्छ भन्नुपर्दछ ।

कुनै **स्मृति**मा भनिएको छ – सपिण्डन गरेको ३७ महिनासम्म जसले श्राद्धमा भोजन गर्दछ त्यो मानिस पापी, पंक्तिदूषित र प्रेतान्नभोजी हुन्छ । यस सम्बन्धमा **स्मृत्यर्थसार**मा भनिएको छ – 'प्रथमवर्षमा अथवा वर्षान्तमा सपिण्डन गर्ने स्थितिमा क्षयाहतिथिको अघिल्लो दिन सपिण्डन र अब्दपूर्तिश्राद्ध गरेर दोस्रो दिन वार्षिकश्राद्ध गर्नुपर्दछ ।' **हेमाद्रि**ले कालकाण्डमा भनेका छन् – मरणदिनमा सपिण्डीकरण गर्दा वार्षिकश्राद्ध पनि गरेसरह हुन्छ । एकवर्षमा १६ पिण्ड दिनुपर्ने कुरा बताइएको छ, सपिण्डनबाट नै सोह्र पिण्डको काम पनि पूरा हुन्छ । यसैले सपिण्डनश्राद्ध र आब्दिकश्राद्धलाई एउटै श्राद्ध मान्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो नै उपयुक्त कुरा हो ।

क्षयाहाज्ञाने विचारः

अथ क्षयाहाज्ञाने मरीचिः –

श्राद्धविघ्ने समुत्पन्ने अविज्ञाते मृतेऽहनि । एकादश्यां तु कर्तव्यं कृष्णपक्षे विशेषतः ।।

इत्युक्तेः शुक्लैकादश्यामपि । बृहस्पतिः –

न ज्ञायते मृताहश्चेत्प्रमीते प्रोषिते सति । मासश्चेत्प्रतिविज्ञातस्तद्दर्शे स्यादथाब्दिकम् ।।

दिनमासौ न विज्ञातौ मरणस्य यदा पुनः । प्रस्थानमासदिवसौ ग्राह्यौ पूर्वोक्तया दिशा ।।

मदनरत्ने भविष्ये –

मृताहं यो न जानाति मानवो विनतात्मज । तेन कार्यममावास्यां श्राद्धं सांवत्सरं तदा ।।

दिनमेव तु जानाति मासं नैव तु यो नरः । मार्गशीर्षे तथा भाद्रे माघे वा तद्दिनं भवेत् ।।

क्षयाहको अज्ञानमा विचार

श्राद्धमा विघ्न भएमा र मरेको तिथि थाहा नभएमा विशेष गरेर कृष्णपक्षको एकादशीतिथिमा श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **मरीचि**ले बताएका छन् । माथि वाक्यमा **विशेषतः** भन्ने शब्द प्रयोग गरिएकाले शुक्लपक्षको एकादशीमा पनि श्राद्ध गर्न हुन्छ।

बृहस्पतिले भनेका छन् – मरणदिनको जानकारी नभएमा मरेको तिथिमा र मरेको मास अज्ञात भएमा अमावास्यामा आब्दिकश्राद्ध गर्नुपर्दछ । मृत व्यक्तिको मरणदिन र महिनाको जानकारी भएन भने जुन दिन घरबाट प्रस्थान गरेको हो त्यही महिना र त्यही दिनको ग्रहण गरी पूर्वोक्तविधिले श्राद्ध गर्नुपर्दछ । मरणसम्बन्धी तिथि र महिना दुवै अज्ञात भएमा र घरबाट हिँडेपछि त्यो मृतक कहाँ गयो, कसरी मऱ्यो भन्ने कुनै पनि कथा वा जीवनी थाहा नभएमा मरणदिनमा गरिने श्राद्ध प्रस्थान गर्ने दिनको महिना र तिथिमा गर्नुपर्दछ ।

मदनरत्नमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – जुन मनुष्यले आफ्ना पिता अथवा पितृहरूको मरणदिन थाहा पाएको छैन त्यसले क्षयाहश्राद्ध अमावास्यातिथिमा गर्नुपर्दछ । जुन मनुष्यलाई तिथि थाहा छ तर महिना थाहा छैन भने त्यसले मार्गशीर्ष, भाद्र वा माघमहिनामा आफूले थाहा पाएको तिथिमा श्राद्ध गर्नुपर्दछ ।

निर्णयामृते तु –

यदा मासो न विज्ञातो विज्ञातं दिनमेव तु । तदा चाषाढके मासि माघे वा तद्दिनं भवेत् ।।

इति बृहस्पतिस्मृतेराषाढोऽप्युक्तः । कालादर्शेऽपि – '**मासाज्ञाने दिनज्ञाने कार्यमाषाढमाघयोः ।**' इत्युक्तम् ।

हेमाद्रौ प्रभासखण्डे–

मृताहं यो न जानाति मासं वापि कथञ्चन । तेन कार्यममावास्यां श्राद्धं माघेऽथ मार्गके ।।

भविष्ये – '**मृतवार्ताश्रुतेर्ग्राह्यौ तौ पूर्वोक्तक्रमेण तु ।**' पूर्वोक्तेति प्रस्थानदिनाज्ञाने मासज्ञाने च तद्दर्शे मासाज्ञाने दिनज्ञाने च मार्गादावितिवच्छ्रवणदिनेऽपि ज्ञेयमित्यर्थः । श्रवणदिनमासाज्ञाने माघमार्गदर्शे कार्यं पूर्वोक्तप्रभासखण्डात् । अतोऽत्र लोप इति शूलपाण्युक्तं हेयम् ।

तिथितत्त्वे यमः – **गतस्य न भवेद्वार्ता यावद् द्वादशवार्षिकी । प्रेतावधारणं तस्य कर्तव्यं सुतबान्धवैः।।**

यन्मासि यदहर्यातस्तन्मासि तदहः क्रिया । दिनाज्ञानं कुहूस्तस्य आषाढस्याथवा कुहूः ।।

इति क्षयाहद्वैध-क्षयाह-वृषोत्सर्ग-क्षयाहाज्ञानादिनिर्णयात्मकं षष्ठं प्रकरणम्

निर्णयामृतमा भनिएको छ – महिना अज्ञात छ तर तिथि ज्ञात छ भने आषाढ वा माघमहिनामा श्राद्ध गर्नुपर्दछ ।

बृहस्पतिले भने आषाढमा मात्र गर्नुपर्दछ भनेका छन् । **कालादर्श**मा बताइएको छ – महिनाको जानकारी नभएमा र तिथिको जानकारी भएमा आषाढ र माघमहिनामा श्राद्ध गर्नुपर्दछ ।

हेमाद्रिमा उद्धृत **प्रभासखण्ड**को वचनमा भनिएको छ – जसले मरणतिथि र महिना दुवै कुनै रूपबाट पनि थाहा पाएको छैन त्यसले आफ्ना पितृको श्राद्ध माघ या मार्गशीर्षको अमावास्यामा गर्नुपर्दछ । **भविष्यपुराण**मा भनिएको छ – पूर्वोक्त क्रमले मरणसम्बन्धी दिन र महिनालाई ग्रहण गरी तत्तत् महिनाहरूमा श्राद्ध गरिदिनुपर्दछ । पूर्वोक्त क्रमले भन्नुको तात्पर्य के हो भने प्रस्थान गरेको तिथि थाहा छैन तर त्यसबेला कुन महिना थियो भन्ने कुरा थाहा छ भने त्यसले अमावास्यामा श्राद्ध गर्नुपर्दछ । महिना थाहा छैन तर तिथि थाहा छ भने मार्गशीर्षमास र मरण भएको जुन तिथिमा थाहा पाइयो त्यसै तिथिमा श्राद्ध गर्नुपर्दछ । श्रवणदिन र महिनासमेत थाहा नभएमा मार्गशीर्ष र माघको अमावास्यामा श्राद्ध गर्नुपर्दछ भन्ने कुरा प्रभासखण्डबाट अवगत हुन्छ । दुवै कुरा थाहा नभएमा श्राद्धलोप हुन्छ भन्ने **शूलपाणि**को मत उपेक्षणीय छ ।

तिथितत्त्वमा **यम**ले भनेका छन् – अज्ञातदेशमा गएका आफ्ना पिताको १२ वर्षसम्म केही खबर थाहा नपाइएमा र मरेको थाहा भएमा जुन दिन जुन महिनामा पिता घरबाट प्रस्थान गरेर गएका छन् त्यही महिनाको त्यही तिथिमा उनको क्रिया सम्पन्न गर्नुपर्दछ । उनको तिथि अज्ञात छ भने अमावास्या वा आषाढमहिनाको अमावास्यालाई तिथि मानी श्राद्ध आदि कर्म सम्पन्न गर्नुपर्दछ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको क्षयाहद्वैध, क्षयाह-वृषोत्सर्ग, क्षयाह ज्ञान आदि विषयको निर्णयमा आधारित सप्तम प्रकरण पूरा भयो ।



अथ श्राद्धविघ्न-प्रायश्चित्ताशौचान्तर्गतश्राद्धान्वारोहणनिर्णयात्मकं अष्टमं प्रकरणम्

श्राद्धविघ्ने निर्णयः

अथ श्राद्धविघ्ने निर्णयः । तत्र विप्रस्य निमन्त्रणोत्तरं सूतके मृतके चाशौचाभावः ।

निमन्त्रितेषु विप्रेषु प्रारब्धे श्राद्धकर्मणि । निमन्त्रणाद्धि विप्रस्य स्वाध्यायाद्विरतस्य च ।।

देहे पितृषु तिष्ठत्सु नाशौचं विद्यते क्वचित् ।। इति ब्राह्मोक्तेः । कर्तुस्तु विष्णुराह –

व्रतयज्ञविवाहेषु श्राद्धे होमेऽर्चने जपे । आरब्धे सूतकं न स्यादनारब्धे तु सूतकम् ।।

श्राद्धे प्रारम्भस्तेनैवोक्तः –

प्रारम्भो वरणं यज्ञे सङ्कल्पो व्रतसत्रयोः । नान्दीमुखं विवाहादौ श्राद्धे पाकपरिक्रिया ।।

इति । माधवीये ब्राह्मेऽपि – '**श्राद्धादौ पितृयज्ञे च कन्यादाने च नो भवेत् ।**' मिताक्षरायां स्मृत्यन्तरे – सद्यःशौचं प्रकृत्य– '**यज्ञे सम्भृतसम्भारे विवाहे श्राद्धकर्मणि ।**' इति । तिथितत्त्वादिगौडग्रन्थास्तु निमन्त्रणोत्तरं कर्तुर्भोक्तुश्च नाशौचम् । '**निमन्त्रणोत्तरं श्राद्धे प्रारम्भः स्यादिति स्मृतिः**' इति विष्णूक्तेः । यत्तु '**श्राद्धे पाकपरिक्रिया**' इति, तद्दर्शश्राद्धविषयमित्याहुः ।

श्राद्धमा विघ्न परेमा आवश्यक निर्णय

अब श्राद्धमा विघ्न परेमा के गर्ने भन्ने विषयमा निर्णय गरिन्छ । ब्राह्मणलाई निमन्त्रणा गरिसकेपछि सूतक वा आशौच पर्न आएमा आशौच लाग्दैन । **ब्रह्मपुराण**मा भनिएको छ – वेद आदि शास्त्रहरूको स्वाध्यायमा तत्पर ब्राह्मणलाई निमन्त्रणा गरिसकेपछि र श्राद्धकर्म प्रारम्भ भएपछि निमन्त्रणा गरिएका ब्राह्मणमा पितृहरू आएर बस्ने हुनाले आशौच लाग्दैन । कर्ताको सम्बन्धमा **विष्णु**ले भनेका छन् – व्रत, यज्ञ, विवाह, श्राद्ध, हवन, पूजा र जपकार्यमा आरम्भ गरिसकेको छ भने सूतक लाग्दैन । आरम्भ गरिसकेको छैन भने सूतक लाग्छ । श्राद्धको आरम्भ कुन समयलाई मान्ने भन्ने विषयमा **विष्णु**ले भनेका छन् – ब्राह्मणवरणबाट यज्ञको प्रारम्भ हुन्छ, सङ्कल्पबाट व्रत र सत्रयागको प्रारम्भ हुन्छ, नान्दीमुखश्राद्धबाट विवाहको प्रारम्भ हुन्छ, श्राद्धका लागि पाककर्म आरम्भ गरेपछि श्राद्धको पनि आरम्भ हुन्छ । **माधवीय**मा उद्धृत **ब्रह्मपुराण**मा भनिएको छ– श्राद्धको आरम्भ, पितृयज्ञ र कन्यादानमा सूतक लाग्दैन ।

मिताक्षराको सद्यःशौचप्रकरणमा **स्मृतिविशेष**को वचन उद्धृत गर्दै भनिएको छ – सामग्री एकत्रित भएपछि यज्ञ, विवाह र श्राद्धमा आशौच लाग्दैन । **तिथितत्त्व** आदि **गौडग्रन्थ**हरूको भनाइ छ कि निमन्त्रणा गरिसकेपछि कर्ता र भोक्ता दुवैलाई आशौच लाग्दैन । **विष्णु**ले भनेका छन् – ब्राह्मणलाई निमन्त्रणा दिएपछि नै श्राद्धको आरम्भ हुन्छ । यो **स्मृति**हरूको वचन हो । श्राद्धको आरम्भ पाकक्रियाको आरम्भबाट हुन्छ भन्ने जुन कुरा माथि बताइएको थियो, त्यो अमावास्याश्राद्धको निमित्तमा हो भनिएको छ ।

दातृगृहे मरणादौ विचारः

दातृगृहे मरणादौ ब्राह्मे उक्तम् – '**भोजनार्धे तु सम्भुक्ते विप्रैर्दातुर्विपद्यते ।**' गृहे इति शेषः ।

यदा कश्चित्तदोच्छिष्टं शेषं त्यक्त्वा समाहिताः । आचम्य परकीयेन जलेन शुचयो द्विजाः ।।

इति । अस्य श्राद्धविषयत्वं हेमाद्रिणोक्तम् । पृथ्वीचन्द्रोदयेऽप्येवम् । मम तु प्रतिभाति – इदं विवाहादिविषयम्, न

तु श्राद्धविषयम् । तत्पदाभावात् । 'विवाहोत्सवयज्ञेषु' इत्युपक्रम्य –

भुञ्जानेषु तु विप्रेषु त्वन्तरा मृतसूतके । अन्यगेहोदकाचान्ताः सर्वे ते शुचयः स्मृताः ।।'

इति षट्त्रिंशन्मतैकवाक्यत्वात् । **'निमन्त्रितेषु विप्रेषु प्रारब्धे श्राद्धकर्मणि'** इति पूर्वोक्तविरोधाच्च । श्राद्धे तु यद्यपि विष्णुना पाकोत्तरमाशौचाभाव उक्तस्तथापि कर्तुरेव सः । भोक्तुर्दोषोऽस्त्येव ।

अपि दातृग्रहीत्रोश्च सूतके मृतके तथा । अविज्ञाते न दोषः स्याच्छ्राद्धादिषु कथञ्चन ।।

विज्ञाते भोक्तुरेव स्यात्प्रायश्चित्तादिकं क्रमात् ।। इति माधवीये ब्राह्मोक्तेः । आदिशब्देनाशौचमुच्यते । तच्चाह विष्णुः – **'ब्राह्मणादीनामाशौचे यः सकृदेवान्नमश्नाति तस्य तावदाशौचं यावत्तेषाम् । आशौचव्यपगमे प्रायश्चित्तं कुर्यात्'** इति । यत्तु – **'देहे पितृषु तिष्ठत्सु नाशौचं विद्यते क्वचित्'** इति ब्राह्मम्, तत् श्राद्धकालीनस्य निषेधकं न तदुत्तरकालीनस्य । शुद्धिदीपस्तु निमन्त्रितेष्वित्यामश्राद्धपरम्, भोजनार्धेष्वित्यादित्वन्नश्राद्धपरमित्याह ।

दाताको घरमा कसैको मृत्यु भएमा

ब्रह्मपुराणमा भनिएको छ – 'दाताको घरमा आमन्त्रित ब्राह्मणले आधा भोजन गरिसकेपछि दाताकै घरमा कुनै विपत्ति अर्थात् मृत्यु उपस्थित भएमा ब्राह्मणले आफूले खाएको उच्छिष्टान्न त्याग गरेर सावधान भई कुनै अर्को घरमा गएर जलले आचमन गर्नुपर्दछ, अनि ती शुद्ध हुन्छन् ।' यो वाक्य श्राद्धका लागि हो भनी **हेमाद्रि**द्वारा बताइएको हो । **पृथ्वीचन्द्र** आदिको मत पनि यही नै छ । **कमलाकर भट्ट**ले भनेका छन् कि – मलाई त यो भनाइ विवाहका निमित्त आएजस्तो लाग्छ । श्राद्धविषयक यो वाक्य होइन । किनकि यहाँ **तत्**पदको अभाव छ । **'विवाहोत्सवयज्ञेषु'** यसरी प्रारम्भ गरेर भोजन गरिरहेका ब्राह्मणहरूको बीचमा मरण र जन्मको आशौच प्राप्त भएमा अन्य घरको जलले आचमन गरेपछि सबै ब्राह्मण पवित्र हुन्छन् भन्ने माथिको वचन र **षट्त्रिंशत्मत**को वचन एउटै रहेको छ । निमन्त्रित ब्राह्मणहरूमा श्राद्धको आरम्भ गरिसकेपछि आशौच लाग्दैन भन्ने कुराको भने यहाँ विरोध परेको छ । श्राद्धमा यद्यपि **विष्णु**ले पाकक्रिया सम्पन्न भएपछि आशौच लाग्दैन भनेका छन् त्यो कर्तालाई हो, भोजन गर्ने मानिसलाई त दोष लाग्छ ।

माधवीयमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – दाता र ब्राह्मणलाई कार्य गर्दागर्दै जननाशौच र मरणाशौच उपस्थित भएमा यदि त्यसको सूचना ब्राह्मण र कर्ताले थाहा पाएका छैनन् भने दोष लाग्दैन, थाहा पाएका छन् भने भोक्ताले प्रायश्चित्त गर्नुपर्दछ । यहाँ **आदि**पद ग्रहण गरिएको छ, आदि पदको अर्थ आशौच हो । यसै कुरालाई **विष्णु**ले बताएका छन्– ब्राह्मण आदिको आशौचमा जसले त्यो घरमा गई अन्न भोजन गर्दछ त्यसलाई तबसम्म आशौच लाग्दछ, जबसम्म यजमानलाई आशौच लागेको हुन्छ । आशौचको अवधि समाप्त भएपछि प्रायश्चित्त गर्नुपर्दछ । **ब्रह्मपुराण**मा भनिएको छ कि – 'ब्राह्मणको शरीरमा पितृहरू रहेसम्म आशौच लाग्दैन ।' यो भनाइ श्राद्ध गर्दागर्दैका लागि हो । श्राद्ध सकिएपछि यो नियम लागु हुँदैन। **शुद्धिदीप**मा भनिएको छ कि – **'निमन्त्रितेषु'** भन्ने पद आमश्राद्धका लागि हो । माथि बताइएको आधा भोजन गरिसकेपछि भन्ने भनाइ त अन्नश्राद्धका लागि हो भन्ने बुझिन्छ । त्यसमा दोष लाग्छ ।

प्रायश्चित्तविधानम्

प्रायश्चित्तं त्वाह मार्कण्डेयः – **'भुक्त्वा तु ब्राह्मणाशौचं चरेत्सान्तपनं द्विजः ।'** एतत्कामतः । अभ्यासे शङ्खः – **'ब्राह्मणस्य तथा भुक्त्वा मासमेकं व्रती भवेत् ।'** इति । अज्ञानात्तु छागलेयः –

एकाहं च त्र्यहं पञ्चसप्तरात्रमभोजनम् । ततः शुचिर्भवेद् विप्रः पञ्चगव्यं पिबेन्नरः ।।

इति वर्णक्रमेणेदम् । अभ्यासे तु द्वैगुण्यमित्यादि मिताक्षरामाधवीयादौ ज्ञेयम् । मिताक्षरामाधवीयादौ तु श्राद्धे कर्तुर्भोक्तुश्च सर्वथा दोषाभाव उक्तः ।

प्रायश्चित्त

मार्कण्डेयले प्रायश्चित्त बताउँदै भनेका छन् – ब्राह्मणको आशौचमा भोजन गरेमा ब्राह्मणले सान्तपनप्रायश्चित्त गर्नुपर्दछ । यो प्रायश्चित्त इच्छापूर्वक एकपटक भोजन गरेकोमा लागु हुन्छ । तर पटक-पटक भोजन गरेकोमा प्रायश्चित्तको व्यवस्था गर्दै **शङ्खले** भनेका छन् – ब्राह्मणको आशौचमा ब्राह्मणका घरमा गएर पटक-पटक भोजन गर्ने ब्राह्मणले एकमहिनासम्म व्रत गर्नुपर्दछ । अज्ञानपूर्वक आशौच भोजन गरेमा प्रायश्चित्तको व्यवस्था गर्दै **छागलेयले** भनेका छन् – अज्ञानपूर्वक भोजन गरेमा एकदिन, तीनदिन, पाँचदिन र सातरातसम्म पटक-पटक गरिएको आशौचभोजनको संख्याअनुसार भोजन गर्न हुँदैन । त्यसपछि पञ्चगव्यको पान गर्नुपर्दछ र ब्राह्मण शुद्ध हुन्छ ।

माथि भोजन गर्ने मानिसलाई सान्तपन प्रायश्चित्तको व्यवस्था गरिएको छ। पटक-पटक भोजन गर्नेले सान्तपन प्रायश्चित्त दुईपटक गर्नुपर्दछ भन्ने कुरा मिताक्षरा, **माधवीय** आदि ग्रन्थहरूबाट जान्नुपर्दछ । **मिताक्षरा, माधवीय** आदि ग्रन्थमा श्राद्धमा आशौच परे पनि कर्ता र भोक्तालाई दोष लाग्दैन भनिएको छ ।

आशौचमध्ये श्राद्धदिनप्राप्तौ विचारः

आशौचमध्ये श्राद्धदिनप्राप्तौ तु माधवीये कालादर्शे च ऋष्यशृङ्गः –

देये पितृणां श्राद्धे तु आशौचं जायते यदा । आशौचे तु व्यतिक्रान्ते तेभ्यः श्राद्धं प्रदीयते ।।

श्राद्धचिन्तामणौ ज्योतिषे –

प्रतिसांवत्सरं श्राद्धमाशौचात्पतितं च यत् । मलमासेऽपि तत्कार्यमिति भागुरिभाषितम् ।।

आशौचान्त्यदिनत्वेन निमित्तत्वादित्यर्थः । एतन्मासिकादिपरं न दार्शिकादौ । अत एव सुदर्शनभाष्ये अपरपक्षे पित्र्याणीति नियमात् कृष्णपक्षश्राद्धलोपे प्रायश्चित्तमेव न तु गौणकाले करणम् । तच्चोपवासः ।

वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे । स्नातकव्रतलोपे च प्रायश्चित्तमभोजनम् ।।

इति मनूक्तेरित्युक्तम् । आशौचे तु प्रायश्चित्तमपि न । मुख्यकाले अनधिकारात् । आशौचान्तेऽसम्भवे तु व्यासः –

श्राद्धविघ्ने समुत्पन्ने त्वन्तरा मृतसूतके । अमावास्यां प्रकुर्याद्वै शुद्धावेके मनीषिणः ।।

हेमाद्रौ षट्त्रिंशन्मतेऽपि –

मासिके चाब्दिके त्वह्नि सम्प्राप्ते मृतसूतके । वदन्ति शुद्धौ तत्कार्यं दर्शे चापि विचक्षणाः ।।

गोभिलः – **देवे प्रत्याब्दिके श्राद्धे अन्तरा मृतसूतके । आशौचानन्तरं कुर्यात्तन्मासेन्दुक्षये तथा ।।**

आशौचको बीचमा श्राद्धको दिन परेमा

आशौचको बीचमा श्राद्धको दिन परेमा **माधवीय** र **कालादर्शमा** उद्धृत **ऋष्यशृङ्गको** वचनमा भनिएको छ – पितृश्राद्ध गर्ने दिन अकस्मात् आशौच प्राप्त भएमा आशौच सकिएपछि उक्त पितृहरूको निमित्त श्राद्ध गर्नुपर्दछ ।

श्राद्धचिन्तामणिमा ज्योतिषको वचन छ कि – वर्सेनी गरिने क्षयाहश्राद्ध आशौचका कारण नगरिएमा मलमासमा भए पनि त्यो सम्पन्न गर्नुपर्दछ भन्ने **भागुरिको** वचन छ । आशौच निवृत्त भएको दिन निमित्त भएका कारण श्राद्ध गर्नुपर्दछ

भन्ने कुरा मासिक र वार्षिकश्राद्धका निमित्त हो, अमावास्या आदि श्राद्धका लागि होइन । यसैले **सुदर्शनभाष्यमा** भनिएको छ कि – अपरपक्षमा पितृआदिका निमित्त पितृकर्म गरिने नियमअनुसार पितृपक्षमा श्राद्धलोप भएमा पनि प्रायश्चित्त नै गर्नुपर्दछ । यो प्रायश्चित्त गौणकालमा गर्न हुँदैन । प्रायश्चित्त भनेको उपवास नै हो । **मनुले** भनेका छन् – वेदमा बताइएका नित्यकर्महरूको अतिक्रमण गर्दा र स्नातकले व्रतलोप गर्दा एकदिन उपवास बस्नुपर्ने प्रायश्चित्तको विधान छ। आशौचमा व्रतलोप भएमा भने प्रायश्चित्त गर्नुपर्दैन किनकि मुख्यकालमा गर्ने अधिकार नै छैन । आशौचको अन्तमा श्राद्ध नगरिएमा उपाय बताउँदै **व्यासले** भनेका छन् – श्राद्धमा विघ्न परेमा बीचमा मरणाशौच अथवा जननाशौच आइलागेमा अमावास्यातिथिमा श्राद्ध गर्नुपर्दछ । तर कतिपय विद्वान्हरूले – शुद्धि हुनेबित्तिकै तत्काल श्राद्ध गर्नुपर्दछ भनेका छन् ।[६८]

हेमाद्रि र **षट्त्रिंशत्मतमा** भनिएको छ – मासिक र आब्दिकश्राद्धको दिन मरण र जनन–आशौच परेमा विद्वान्ले आशौचको शुद्धिपछि अमावास्यातिथिमा श्राद्ध गर्नुपर्दछ । **गोभिलले** भनेका छन् – आब्दिकश्राद्धको मध्यमा मरण र जननाशौच आएमा आशौचान्तमा त्यसै महिनाको अमावास्यातिथिमा श्राद्ध गर्नुपर्दछ ।

मरीचिः – **श्राद्धविघ्ने समुत्पन्नेऽप्यविज्ञाते मृतेऽहनि । एकादश्यां तु कर्तव्यं कृष्णपक्षे विशेषतः।।**

विशेषत इत्युक्तेः शुक्लैकादश्यामपि । आशौचेतरविघ्ने एतदिति माधवपृथ्वीचन्द्रौ । यत्त्वत्रिः –

तदहश्चेत्प्रदुष्येत केनचित्सूतकादिना । सूतकानन्तरं कुर्यात्पुनस्तदहरेव च ।।

इति, तत् पूर्वकालाभावे ज्ञेयम् । एतदाब्दिकेतरश्राद्धपरम् । यच्च देवलः –

एकोद्दिष्टे तु सम्प्राप्ते यदि विघ्नः प्रजायते । मासेऽन्यस्मिंस्तिथौ तस्मिन्श्राद्धं कुर्यात्प्रयत्नतः ।।

इति । तदपि मासिकपरमिति मदनरत्ने हेमाद्रौ च । इदमपि पूर्वकालासम्भवे । व्याध्यादौ विस्मरणे चैवं ज्ञेयम् ।

मरीचिले भनेका छन् – श्राद्धमा विघ्न उपस्थित भएमा र मरणदिन थाहा नभएमा विशेष गरेर कृष्णपक्षको एकादशीमा श्राद्ध गर्नुपर्दछ । यहाँ **विशेषतः** शब्दको उल्लेख गरिएकाले शुक्लपक्षको एकादशीतिथिमा पनि श्राद्ध गर्नुपर्दछ । आशौचबाहेक अरू विघ्नमा पाकनिर्माण असम्भव हुनाले यस्तो भनिएको हो भन्ने कुरा **माधव** र **पृथ्वीचन्द्रले** भनेका छन् ।

यस विषयमा **अत्रिको** भनाइ यसप्रकार छ – कुनै सूतक आदि कारणबाट निश्चित दिनमा गर्न थालिएको श्राद्ध दूषित भएमा सूतकको अन्तमा त्यो श्राद्ध फेरि गर्नुपर्दछ । **देवलले** भनेका छन् – एकोद्दिष्टश्राद्ध उपस्थित भएमा विघ्न पऱ्यो भने आर्को महिनाको त्यसै तिथिमा प्रयत्नपूर्वक श्राद्ध गर्नुपर्दछ । यो भनाइ पनि मासिकश्राद्धलाई लिएर भनिएको हो भन्ने कुरा **मदनरत्न** र **हेमाद्रिमा** बताइएको छ । अथवा निश्चिततिथिमा गर्न नसकिएमा, व्याधि लागेमा र श्राद्ध बिर्सिएमा अर्को महिनाको त्यसै तिथिमा गर्नुपर्दछ भन्ने आशय हो ।

भार्यारजोदर्शने विचारः

अथ भार्यारजोदर्शने तत्र दार्शिकमानेन कार्यम् ।

श्राद्धविघ्ने द्विजातीनामामश्राद्धं प्रकीर्तितम् । अमावास्यादिनियतं माससंवत्सरादृते ।।

इति हेमाद्रौ हारीतोक्तेः । व्याघ्रपादोऽपि –

आर्तवे देशकालानां विप्लवे समुपस्थिते । आमश्राद्धं द्विजैः कार्यं शूद्रः कुर्यात्सदैव हि ।। इति ।

६८. मरणाशौच वा जननाशौचको बीचमा बाबु–आमा आदिको एकोद्दिष्टश्राद्ध पर्ने भयो भने आशौचको अन्त्यमा त्यो श्राद्ध गर्नुपर्छ। मरणाशौचको अन्त्य तेह्रौं दिन मानिएको छ भने जननाशौचको अन्त्य एघारौं दिन मानिएको छ । कारणवश आशौचान्तमा गर्न पाइएन भने तत्कालै आउने औंसीमा गर्नुपर्छ ।

दीपिकापि – '**दर्शे तु भार्यार्तवेऽप्यामश्राद्धविधिं प्रवासिविधुराद्याश्चाचरेयुर्द्विजाः**'। वस्तुतस्तु '**पाकाभावे द्विजातीनामामश्राद्धं विधीयते**' इति सुमन्तूक्तेः पाककर्त्रन्तरसत्त्वेऽन्नेनान्यथामेनेति युक्तम् ।

मासिकानि सपिण्डानि अमावास्या तथाब्दिकम् । अन्नेनैव तु कर्तव्यं यस्य भार्या रजस्वला ।।

इति कलिकायां वचनाच्च ।

भार्या रजोदर्शनमा श्राद्ध गर्ने वा नगर्ने विषयमा विचार

अब पत्नीको रजोदर्शन हुँदा के गर्ने भन्ने सम्बन्धमा विचार गरिन्छ । अमावास्याश्राद्धकालमा पत्नी रजस्वला भइन् भने आमान्नले श्राद्ध गर्नुपर्दछ । द्विजातिहरूले श्राद्धविघ्नमा आमश्राद्ध, मासिकश्राद्ध र सांवत्सरिकश्राद्ध छाडेर अरू श्राद्ध अमावास्यामा गर्नुपर्दछ भन्ने कुरा **हेमाद्रि**मा उद्‌धृत **हारीत**को वचनमा उल्लेख गरिएको छ । **व्याघ्रपाद** भन्दछन् - श्राद्धकालमा पत्नीको रजोदर्शन भएमा अथवा देशमा कुनै विप्लव उपस्थित भएमा ब्राह्मणहरूले आमश्राद्ध गर्नुपर्दछ । शूद्रले त सधैं नै आमश्राद्ध गर्नुपर्दछ । **दीपिका**मा भनिएको छ – अमावास्यामा स्त्री रजोवती भएमा परदेशी र विधुर अर्थात् स्त्रीहीन द्विजले आमश्राद्ध गर्नुपर्दछ ।

सिद्धान्त यो हो कि – पाकको अभाव हुँदा द्विजातिले आमश्राद्ध गर्नुपर्ने विधान छ । पाक बनाउने मानिस उपस्थित भएमा अन्न वा आमान्न दुवैबाट गर्न सकिन्छ । **कलिका**मा वचन छ कि – मासिकश्राद्ध, सपिण्डनश्राद्ध, अमावास्याश्राद्ध र वार्षिकश्राद्ध सबैमा जसकी भार्या रजस्वला भएकी हुन्छिन् त्यसले आमान्नद्वारा श्राद्ध गर्नुपर्दछ ।

कालादर्शे तु स्त्रिया रजोदर्शने दर्शश्राद्धं पञ्चमेऽहनीति पक्षान्तरमुक्तम् । पारिजातेऽप्येवम् । एवं महालययुगादावपि। आब्दिकं तु रजोदर्शनेऽपि तद्दिने एव कार्यम् ।

पुष्पवत्स्वपि दारेषु विदेशस्थोऽप्यनग्निकः । अन्नेनैवाब्दिकं कुर्याद्धेम्ना वामेन न क्वचित् ।।

इति माधवीये लौगाक्षिस्मृतेः । मरीचिरपि –

अनग्निकः प्रवासी च यस्य भार्या रजस्वला । आमश्राद्धं प्रकुर्वीत न तत्कुर्यान्मृतेऽहनि ।। इति।

काष्र्णाजिनिः – **आपन्नोऽप्याब्दिकं नैव कुर्यादामेन कुत्रचित् । अन्नेन तदमायां वा कृष्णे वा हरिवासरे।।**

कालादर्शमा भनिएको छ कि – पत्नी रजोवती भएमा अमावास्याश्राद्ध गर्नुपर्ने मानिसले पाँचौं दिनमा गर्नुपर्दछ। यसो भनेर यहाँ अर्को पक्ष उपस्थापित गरिएको छ । **पारिजात**मा पनि यही कुरा बताइएको छ । यही कुरा महालयश्राद्ध र युगादिश्राद्धमा पनि गर्नुपर्दछ भन्ने कुरा बताइएको छ । आब्दिकश्राद्ध त रजोनिवृत्तिपछि गर्नुपर्दछ अथवा पाँचौं दिनमा गर्नुपर्दछ, दुइटा मत छन् । त्यसमा पहिलो मत उपयुक्त हुन्छ । फेरि अरूको भनाइ छ – रजोदर्शन भए पनि त्यसै दिन गर्नुपर्दछ ।

माधवीयमा उद्‌धृत **लौगाक्षिस्मृति**को वचनमा भनिएको छ – जसकी पत्नी रजस्वला भएकी हुन्छिन् त्यो मानिस विदेशमा भएमा र त्यो अग्निहोत्री नभएमा त्यसले अन्न वा सुवर्णले आब्दिकश्राद्ध गर्नुपर्दछ, काँचो अन्नले गर्न हुँदैन । **मरीचि**ले भनेका छन् – जसकी पत्नी रजस्वला भएकी छिन् त्यो अग्निहोत्रहीन परदेशी मानिसले पितृमरणको दिन आब्दिकश्राद्ध नगरेर आमश्राद्ध गर्नुपर्दछ अर्थात् आब्दिकश्राद्ध अन्नद्वारा नै गर्नुपर्दछ ।

काष्र्णाजिनिले भनेका छन् – भार्याको रजोदर्शन भएका कारण पकाउने मानिसको अभाव हुँदा आब्दिकश्राद्ध आमान्नले गर्न हुँदैन बरु अमावास्या अथवा कृष्णपक्षको एकादशीमा अन्नद्वारा नै सम्पन्न गर्नुपर्दछ ।

प्रयोगपारिजाते – **रजस्वलायां भार्यायां क्षयाहं यः परित्यजेत्। स वै नरकमाप्नोति यावदाभूतसंप्लवम्।।**
मासिकानि सपिण्डञ्च अमावास्या तथाब्दिकम् । अन्नेनैव तु कर्तव्यं यस्य भार्या रजस्वला ।।

प्रयोगपारिजातमा भनिएको छ – पत्नी रजस्वला भएका कारण जसले आमा–बाबुको एकोद्दिष्टश्राद्धको त्याग गर्दछ त्यसले प्रलयपर्यन्त नरकमा वास गर्नुपर्दछ । जसकी पत्नी रजस्वला भएकी हुन्छिन् त्यसले मासिक, सपिण्डन, अमावास्या र वर्षपूर्तिमा गरिने श्राद्ध अन्नद्वारा नै गर्नुपर्दछ ।[६९]

देवयाज्ञिकनिबन्धेऽपि –
भर्तुः श्राद्धं पञ्चमेऽह्नि कुर्याद्भार्या रजस्वला । पुत्रः पित्रोः प्रकुर्वीत मृताहनि शुचिर्यतः ।।
कालादर्शेऽपि – **रजस्वलाङ्गनोऽनग्निर्विदेशस्थोऽथवाब्दिके । दर्शादाविव नामेन त्वन्नेन श्राद्धमाचरेत्।।**
अन्यत्रापि – **विदेशको वा विगताग्निको वा रजस्वलायामपि धर्मपत्न्याम् ।**
श्राद्धं मृताहे विदधीत पाकैर्नामेन हेम्ना न तु पञ्चमेऽह्नि ।। एवं मासिकेऽपि ।
यत्तु मरीचिः – **'आब्दिके समनुप्राप्ते यस्य भार्या रजस्वला । पञ्चमेऽहनि'** इत्युत्तरार्धम्, तदपुत्रस्त्रीकर्तृकश्राद्धविषयम् ।
अपुत्रा तु यदा भार्या सम्प्राप्ते भर्तुराब्दिके । रजस्वला भवेत्सा तु कुर्यात्तत्पञ्चमेऽहनि ।।
इति श्लोकगौतमोक्तेः ।

देवयाज्ञिकनिबन्धमा भनिएको छ – रजस्वला भएकी स्त्रीले आफ्ना पतिको श्राद्ध पाँचौं दिन गर्न सक्छिन् । पुत्रले पिता र माताको श्राद्ध पवित्र भएर उनीहरू मरेकै दिनमा गर्नुपर्दछ । पत्नी रजस्वला भए पनि आफू पवित्र हुन्छ । **कालादर्श**मा भनिएको छ – जसकी पत्नी रजस्वला भएकी छन्, जो अग्निहोत्री होइन र जो विदेशमा बसेको छ भने त्यसले वार्षिकश्राद्ध अमावास्यामा आमान्नले श्राद्ध गरेझैं नगरेर पक्वान्नले नै गर्नुपर्दछ । अन्यत्र पनि भनिएको छ – विदेशमा होस्, अग्निहोत्र नलिएको होस् त्यसकी धर्मपत्नी रजस्वला होऊन् यी सबै कुरा भए पनि उसले आफ्ना माता–पिताको मृत्युतिथिमा पक्वान्नद्वारा श्राद्ध गर्नुपर्दछ । आमान्न र सुवर्णले श्राद्ध गर्न हुँदैन । पत्नी रजस्वला भएको पाँचौं दिन पनि गर्न हुँदैन । यही नियम मासिकश्राद्धमा पनि लागू हुन्छ । **मरीचिले भनेका छन्** – आब्दिकश्राद्ध प्राप्त भएपछि जसकी स्त्री रजस्वला हुन्छिन् त्यसले पाँचौं दिनका दिन श्राद्ध गर्नुपर्दछ, मृत्युतिथिमा गर्नु हुँदैन ।

माधवीयमा भनिएको छ – बाबु–आमाको मृत्युतिथिमा पत्नी रजस्वला भएमा श्राद्ध गर्न हुँदैन र पाँचौं दिन सम्पन्न गर्नुपर्दछ । यो **माधवीय**को भनाइ पुत्र नभएकी स्त्रीले गर्ने श्राद्धलाई लिएर भनिएको हो । पुत्र नभएकी स्त्री आफ्नो पतिको क्षयाहश्राद्धमा रजस्वला हुन्छिन् भने उनले पाँचौं दिन श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **गौतम**ले बताएका छन् ।

'दैवे कर्मणि पित्र्ये वा पञ्चमेऽहनि शुद्ध्यति' इति प्रभासखण्डाच्च । नन्वशुचित्वादेव तत्र पञ्चमेऽहन्यर्थात् श्राद्धं प्राप्तमिति वचनं व्यर्थम् । मैवम् ।

६९. बाबु–आमा आदिको प्रत्येक वर्ष गरिने एकोद्दिष्टश्राद्धमा, मासिकश्राद्धमा, औंसीश्राद्धमा र सपिण्डीकरणश्राद्धमा पनि पत्नी रजस्वला भइन् भने आफैंले श्राद्धसामग्री तयार गरेर पिण्डप्रदान गरेर नै श्राद्ध गर्नुपर्दछ, अड्काउनु हुँदैन । विधवा नारी आफैंले पतिको एकोद्दिष्टश्राद्ध गर्नुपर्ने छ तर उनी रजस्वला भइन् भने रक्तस्राव हुन बन्द भइसकेको छ भने पाँचौं दिनमा यदि बन्द भएको छैन भने सातौं दिनमा उनले श्राद्ध गर्नुपर्दछ ।

गर्भिणीसूतिकादिश्च कुमारी वान्यरोगिणी । यदा शुद्धा तदान्येन कारयेत्प्रयता स्वयम् ।।

इति हेमाद्रौ भविष्योक्तेः । '**अनुपनीतस्त्रीशूद्राश्च श्राद्धमृत्विजा कारयेयुः स्वयं वाऽमन्त्रकं कुर्युः**' इति स्मृत्यर्थसाराच्चान्यद्वारा करणनिवृत्त्यर्थत्वात्तस्य, त्वदुक्तदिशा आशौचानन्तरं श्राद्धकर्तव्यताऽऽवेदकवाक्यावैयर्थ्याच्च । अतः प्रागुक्तमरीच्युक्तेः पत्नीपञ्चमेऽहनीति युक्तम् । यत्तु– '**सप्ताहात्पितृदेवानां भवेद्योग्या व्रतार्चने**' इति, तद्रजोनिवृत्तिपरमिति हेमाद्रिभिन्नसर्वनिबन्धसिद्धान्तः । हेमाद्रिस्तु श्राद्धादौ स्त्रिया सहैवाधिकारात्तस्यां रजोदुष्टायां तन्निवृत्तेरेकभार्येण पञ्चमेऽहनि कार्यं प्रागुक्तमरीच्युक्तेः । भार्यान्तरसत्त्वे तु पुष्पवत्स्वपीति वचनात्तद्दिने एवेत्याह ।

प्रभासखण्डमा भनिएको छ कि दैवकर्म र पितृकर्ममा पाँचौं दिन शुद्धि हुन्छ । कदाचित् कसैले शङ्का गर्लान्, अपवित्र भएकी हुनाले पाँचौं दिनमा नै श्राद्ध प्राप्त हुन्छ भने यसलाई विधान गरिरहनुको औचित्य के छ त्यसकारण यो वचन व्यर्थ छ । त्यसका निमित्त ग्रन्थकार भन्दछन् – यो वचन व्यर्थ भन्नु ठीक होइन किनकि **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – गर्भवती, सुत्केरी, कुमारी या रोगिणी जब शुद्ध हुन्छन् तब अरूद्वारा उनीहरूले प्रयत्नपूर्वक श्राद्ध गराउनुपर्दछ । अनुपनीत कुमार, स्त्री र शुद्ध ब्राह्मणद्वारा पनि श्राद्ध गराउन सकिन्छ अथवा आफैले पनि मन्त्र उच्चारण नगराईकन श्राद्ध गर्न सक्छिन् भन्ने कुरा **स्मृत्यर्थसार**मा बताइएको छ । अरूद्वारा अर्थात् प्रतिनिधिद्वारा श्राद्ध नगराउनका लागि आफै पनि अमन्त्रक गर्न सक्छिन् भनिएको हो । यसप्रकारका विभिन्न वचनहरूलाई स्वीकार गर्दा ऋषिहरूको वाक्यमा एकवाक्यता रहने छैन । यसैले पहिले बताइएको **मरीचि**को वचनलाई आधार मानी पत्नीले आफू रजस्वला भएको पाँचौं दिन श्राद्ध गर्नुपर्दछ भन्ने कुरा नै सर्वोत्तम छ ।

जुन सातदिनपछि पितृ र देवताहरूका व्रत र पूजामा नारीहरू योग्य हुन्छन् भनिएको छ त्यो रजोनिवृत्तिपरक हो। हेमाद्रिभिन्न सबै निबन्धहरूको सिद्धान्त पनि हो । **हेमाद्रि**ले भनेका छन् – पुरुषले पत्नीका साथ रही श्राद्ध गर्नु अधिकारको विषय हो । श्राद्धमा पुरुषसरह पत्नीको पनि अधिकार हुन्छ । ती पत्नी रजोदर्शनले दूषित भएमा रजको निवृत्ति नहुँदासम्म पुरुषले पर्खिनुपर्दछ र पाँचौं दिन श्राद्ध गर्नुपर्दछ यो पहिले बताइएको **मरीचि**को वचनअनुसार भनिएको हो । अर्की पत्नी छिन् भने एउटी पत्नी रजोवती भएमा दोष लाग्दैन र त्यसै दिन श्राद्ध गर्नुपर्दछ भनिएको छ ।

दीपिकापि – '**भार्यर्तौ सति पञ्चमे च दिवसे स्याद्वार्षिकं मासिकम् । पक्वान्नैर्बहुभार्यकस्त्वधिकृते पत्न्यन्तरे तिष्ठति। कुर्यात्तद् द्वितयं स्वमुख्यदिवसे**' इति तच्चिन्त्यम् । सहाधिकारः सहत्वश्रुत्वा वा एकफलभाक्त्वेन वा पाककर्तृत्वेन वा । नाद्यः । तदभावात् पाणिग्रहणाद्धि सहत्वं कर्मस्वित्यस्याग्निसाध्यकर्मविषयत्वात्। आब्दिकस्य च निरग्नेरपि पाकेनैवोक्तेः स्मार्ताग्निसाध्यत्वानियमात् '**तामपरुध्य**' इति पूर्वोक्तवचनसत्त्वाच्च। कथं च भार्यान्तरसत्त्वेऽधिकारः। '**ज्येष्ठया न विनेतरा**' इति नियमात् । ज्येष्ठापरत्वे च तेनैव सिद्धेर्वचनवैयर्थ्यात्। न द्वितीयः । अविभक्तभ्रातृष्वेकस्याऽशुचित्वेन्यस्यानधिकारापत्तेः । न तृतीयः । प्रवासनिर्देशसूतिकारोगिण्यादिष्वप्यकरणापत्तेः । '**आरभेत नवैः पात्रैरन्नारम्भं च बान्धवैः ।**' इति देवलोक्तावात्मनेपदात्स्वस्य बान्धवानां च पाककर्तृत्वोक्त्या विरोधाच्च ।

अथ – '**ततस्तानि पपाचाशु सीता जनकनन्दिनी ।**' इति पाद्मादिलिङ्गात्प्राशस्त्यं भार्यपाकस्योच्यते । न तत्कस्याप्यनिष्टम् । तेनैतद्वचनं युक्त्याद्यभावात् पूर्वोक्तवचोविरोधाच्च यत्किञ्चिदेव । यदपि –

श्राद्धीयाहनि सम्प्राप्ते यस्य भार्या रजस्वला । श्राद्धं तत्र न कर्तव्यं कर्तव्यं पञ्चमेऽहनि ।।

इति श्लोकगौतमपाठोऽन्यथा दर्शितः । माधवीये च तद्वशात्पक्षान्तरमुक्तम् । तेनापि नाभिप्रेतार्थसिद्धिः । यस्य प्रेतस्येत्यर्थात् । तेनात्र हेमाद्रिर्बभ्रामेति बहुवक्तव्येऽपि नोच्यते ।

दीपिकामा भनिएको छ कि – 'पत्नी रजोवती भएमा पाँचौं दिन पक्वान्नद्वारा वार्षिक या मासिक श्राद्ध गरिन्छ । जसका धेरै पत्नी छन् त्यसले अरू स्त्रीलाई राखेर दुवै श्राद्ध मुख्य दिनमा नै सम्पन्न गर्नुपर्दछ भनी जुन नियम बताइएको छ यो उचित छैन । सहाधिकार वा सहश्रुतिद्वारा एउटै फल प्राप्त गर्न पाककर्म गरिन्छ । पहिलो पक्ष उचित छैन किनकि सहत्वश्रुतिको अभाव छ । पाणिग्रहणबाट नै सबै कर्ममा पति–पत्नीको अधिकार हुने हुँदा एउटी पत्नी रजस्वला भएपछि उनको अधिकार रहन्न र सहाधिकार सम्पन्न हुँदैन । यसको उत्तरमा भन्दछन् – यो अग्निद्वारा गरिने कर्मका लागि हो । यसकारण यसमा एउटी पत्नी रजस्वला भएमा कुनै व्यवधान हुँदैन । आब्दिकश्राद्ध गर्दा अग्नि नलिएका मानिसले पनि पाकेको अन्नद्वारा नै गर्नुपर्दछ भनिएको छ । स्मार्त अग्निद्वारा पकाएर श्राद्ध गर्नुपर्दछ भन्ने कुनै नियम छैन । **तामपरुध्य** अर्थात् रजस्वला आइमाईलाई अर्को घरमा राखेर श्रौतयज्ञ र आब्दिकश्राद्ध गर्नुपर्दछ भन्ने वचन पाइन्छ । फेरि '**पुष्पवत्स्वपि**' यो पूर्वोक्त वचनबाट कसरी भार्यान्तर रहेमा अधिकार बताइएको छ भन्ने प्रश्न हुन्छ । किनकि जेठी पत्नी रहेमा अरू पत्नीलाई अधिकार हुँदैन भन्ने सामान्य नियम हो । जेठी पत्नी रहनुपर्छ भन्ने कुरा स्वीकार गरिएमा त अरू पत्नीबाट श्राद्ध गराउने कुरा गर्दा जेठी पत्नीको अधिकार खण्डित हुनेछ । त्यसकारण यो पक्ष पनि उचित छैन । अथवा श्राद्धकर्ताका दाजुभाइ भिन्नाभिन्दै नभएको अवस्थामा एउटाकी पत्नी रजस्वला भएमा दोस्रो छोराले श्राद्धको अधिकार प्राप्त गर्नेछ । यो भनाइ पनि उचित छैन । प्रवास, विदेश, सुत्केरी हुनु, रोगिणी हुनुजस्ता अवस्थामा अरूलाई अधिकार नदिँदा जेठो छोराले जेठी पत्नीका साथमा मात्र श्राद्ध गर्नुपर्दछ भन्ने नियम बनाउँदा उक्त अवस्थाहरूमा श्राद्ध नगरेकोमा प्रत्यवाय अर्थात् दोष लाग्नेछ । त्यसकारण बान्धवहरूद्वारा नयाँ पात्रमा अन्नको आरम्भ गरून्' यो **देवल**को वचनबाट आत्मनेपद–विभक्तिको प्रयोग गरिएकाले आफू, आफ्नी पत्नी, ती पनि नभएमा बान्धवहरूद्वारा पाकनिर्माण गर्न जुन आज्ञा दिएको छ त्यसको पनि विरोध पर्न आउनेछ । तसर्थ जेठी पत्नीका साथमा मात्र श्राद्ध आदि कर्म सम्पन्न गर्नुपर्दछ भन्ने वचन उचित छैन।

यहाँ फेरि ग्रन्थकार भन्दछन् – 'जनकनन्दिनी सीताले वनमा श्राद्धको पाक निर्माण गरिन्' भन्ने **पद्मपुराण**को वचन छ । यसबाट भार्याद्वारा गरिएको अन्नपाक अत्यन्त उत्तम हुन्छ भन्ने कुरा बुझिन्छ । यो वचनले कसैलाई अनिष्ट गर्दैन त्यसकारण युक्तिको अभावले र पूर्वोक्त वचनको विरोधले गर्दा माथि भनिएका विभिन्न मतहरू उचित छैनन् । अर्को कुरा श्राद्धको दिन प्राप्त भएपछि जसकी पत्नी रजस्वला हुन्छिन् त्यसले श्राद्ध नगरोस्, पाँचौं दिनका दिनमात्र श्राद्ध गरोस् भन्ने अर्थ बुझाउने पद्यमा **गौतम**ले विकल्प देखाएका छन् । **माधवीय**मा त पक्षान्तर बताइएको छ । **माधवीय**को पक्षान्तरबाट प्रयोजनको सिद्धि हुँदैन । त्यहाँ त उनले पितृको भन्ने अर्थमा प्रेतशब्दको प्रयोग गरेका छन् । त्यही प्रेतशब्दको प्रयोगबाट हेमाद्रिलाई पनि भ्रान्ति भयो । यहाँ धेरै कुरा भन्नुपर्ने थियो तर विस्तारको भयले भनिँदैन ।

अन्वारोहणे निर्णयः

अथान्वारोहणे निर्णयः । लौगाक्षिः –

मृताहनि समासेन पिडनिर्वपणं पृथक् । नवश्राद्धञ्च दम्पत्योरन्वारोहण एव तु ।।

समासेन तन्त्रेण द्विपितृकश्राद्धवद् द्वयोरेकः पिण्डो विप्रश्च । पिण्डशब्दः श्राद्धपरः । न च श्राद्धं पृथगिति हेमाद्रिपृथ्वीचन्द्रौ । अत्र मृताहनीत्येकत्वाद् दिनभेदे दिनैक्ये वा मृततिथेरेकत्वे कालैक्यं कर्त्रैक्यं पाकैक्यं च ।

एकचित्यधिरोहे तु तिथिरेकैव जायते । एकपाकेन पिण्डैक्ये द्वयोर्गृह्णीत नामनी ।।

इति स्मृत्यन्तराच्च । अन्त्येष्टिपद्धतौ भट्टैरप्युदाहृतम् –

अन्वारोहे तु नारीणां पत्युश्चैकोदकक्रिया । पिण्डदानक्रिया तद्वच्छ्राद्धं प्रत्याब्दिकं तथा ।।
नवश्राद्धानि सर्वाणि सपिण्डीकरणं पृथक् । एक एव वृषोत्सर्गो गौरेका तत्र दीयते ।। इति ।

तिथिभेदे तु वार्षिकं पृथगेव तथा वार्षिके समासविधानादन्यत्र सर्वत्र पृथक्त्वे प्राप्ते नवश्राद्धमेव पृथगिति परिसंख्ययान्यत्र पृथगुक्तेष्वपि वार्षिकषोडशश्राद्धतीर्थसपिण्डनान्वष्टक्यादिषु समास एवेति मदनपारिजातनिर्णयामृतादयः। अतः समासविधिबलाद् ज्येष्ठपुत्रस्य कर्तृत्वे सपत्नमातुरन्वारोहणे तत्पुत्रे सत्यपि तद्वार्षिकादिकमविभक्तः सापत्नपुत्र एव ज्येष्ठः कुर्यान्नौरसः । वक्ष्यमाणपृथ्वीचन्द्रादिमते तु औरस एव मातुः पृथक्कुर्यात् । एवं वह्वीष्वपि मातृषु ज्ञेयम्। त्रिस्थलीसेतौ पितामहचरणैरप्येवमुक्तम् ।

अन्वारोहण-निर्णय

लौगाक्षिले भनेका छन् – पतिको मृत्यु हुने दिन पत्नी पतिको चितामा आरूढ भएपछि दुवैको सँगै मृत्यु भएमा एउटै तिथि मानिन्छ र तिथिभेद भएमा पत्नीको वार्षिकश्राद्ध छुट्टै हुन्छ । दम्पतिको अन्वारोहणमा दुवैलाई उद्देश्य गरेर छोराले एउटा पिण्ड दिन्छ । ब्राह्मण पनि एउटै हुन्छ । मरणतिथि पनि एउटै हुन्छ र नवश्राद्ध पनि एउटै हुन्छ । तर **हेमाद्रि** र **पृथ्वीचन्द्रले** भने नवश्राद्ध छुट्टाछुट्टै गर्नुपर्दछ भनेका छन् । दत्तकले तन्त्रबाट दुईपिताको श्राद्ध गरेझैं दुइटैको लागि एकपिण्ड र एकब्राह्मण हुने कुरा बताइएको छ । यहाँ **मृताहनि** भन्ने पदमा एकवचनको प्रयोग गरेकाले दिनभेदमा पनि मरणतिथि एक भएमा, समय एक भएमा, कर्ता एक भएमा पाक पनि एउटै हुन्छ । एउटै चितामा स्त्री र पुरुषको आरोहण भएमा तिथि पनि एउटै हुन्छ । एकपाक र एकपिण्डमा दुवैको नाम लिएर अर्पण गर्नुपर्दछ भन्ने कुरा अर्कै स्मृतिमा बताइएको छ । तर, **अन्त्येष्टिपद्धतिमा भट्टहरूले** भनेका छन् – स्त्री पतिको चितामा आरोहण गरेपछि जलदान, पिण्डदान, वार्षिकश्राद्ध, नवश्राद्ध आदि सबै क्रिया एउटै विधिबाट हुन्छन् र एउटै विधिबाट दुवैको काम सम्पन्न गरिन्छ तर सपिण्डीकरण भने अलग-अलग गर्नुपर्दछ । वृषोत्सर्ग पनि एउटै हुन्छ र एउटै गाई दिएपछि कपिलादानको काम पनि सम्पन्न हुन्छ ।

यो कुरा एउटै तिथिमा मृत्यु भएका दम्पतिका निमित्त हो । तर तिथिभेद भएमा भने वार्षिकश्राद्ध छुट्टै हुन्छ । नवश्राद्ध पनि छुट्टै हुन्छ । परिसङ्ख्याको आधारमा वार्षिकश्राद्ध, षोडशश्राद्ध, तीर्थश्राद्ध, सपिण्डनश्राद्ध र अन्वष्टकाश्राद्धमा दुवैको समासविधिले संस्कार हुन्छ । यसैले ज्येष्ठपुत्र कर्ता भएमा सपत्नमाताको अन्वारोहणमा उनको पुत्र रहाँरहँदै पनि छुट्टिएको जेठीपट्टिको अथवा अरू कुनै पत्नीपट्टिको जेठो पुत्रले नै क्रिया गर्नुपर्दछ र आफ्नै पेटबाट जन्मिएको छोरा कान्छो भएमा भने त्यसले गर्न हुँदैन भनिएको छ । **पृथ्वीचन्द्रोदय** आदिको मतमा त – औरसले नै आफ्नी माताको छुट्टै श्राद्ध गरोस् भनिएको छ । यसरी धेरै आमा हुँदा पनि तत्तत् छोराहरूका निमित्तमा यही विधि अपनाउनुपर्दछ । **त्रिस्थलीसेतुमा** पनि हाम्रा पितामहले यही नियम बताउनुभएको छ ।

यत्तु गार्ग्यः –

एकचित्यां समारूढौ दम्पती निधनं गतौ । पृथक् श्राद्धं तयोः कुर्यादोदनं च पृथक् पृथक् ।।

ओदनं पिण्डः । तन्नवश्राद्धविषयम् । यत्तु भृगुः –

या समारोहणं कुर्याद्भर्तुश्चित्यां पतिव्रता । तां मृताहनि सम्प्राप्ते पृथक्पिण्डे नियोजयेत् ।।

प्रत्यब्दञ्च नवश्राद्धं युगपत्तु समाचरेत् ।। तद्देषां वार्षिकमेकोद्दिष्टमुक्तं तद्विषयम् । प्रत्यब्दञ्च मृताहनीत्यन्वयः। नवश्राद्धं युगपदिति दर्शे वर्गद्वयवदेकतन्त्रेण पृथगित्यर्थमाह हेमाद्रिः । एतन्मृततिथेर्भेदविषयमिति पृथ्वीचन्द्रनिर्णयामृताद्याः। देवयाज्ञिकोऽप्येवम् । पराशरमाधवस्तु – **'गार्ग्यभृग्वादिवचनाल्लौगाक्षिवाक्ये समासेन पाकादितन्त्रैक्येन दर्शे वर्गद्वयवत्पृथक्श्राद्धं कुर्यात् नवश्राद्धं च तथा'** इत्याह ।

गार्ग्यले भनेका छन् – दम्पति – स्त्री र पुरुष एउटै चितामा एकैसाथ मरेर गएमा ती दुवैको श्राद्ध र पिण्डदान छुट्टाछुट्टै गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो नवश्राद्धको विषयमा हो । **भृगु**ले भनेका छन् – पतिव्रता पत्नी पतिको चितामा आरोहण गर्दछिन् भने उनको क्षयाहतिथि प्राप्त भएमा अलग–अलग पिण्ड दिनुपर्दछ । वार्षिक र नवश्राद्ध एकैचोटि समाप्त गर्नुपर्दछ । यो कुरा वार्षिक र एकोद्दिष्ट जुन अलग–अलग गर्नुपर्दछ भनिएको छ त्यो प्रतिवर्ष क्षयाह दिनमा गरिने श्राद्धका लागि गरिएको व्यवस्था हो । नवश्राद्ध एकैचोटि गर्नुपर्दछ भनिएको अमावास्यामा दुवै वर्गका निमित्त एकतन्त्रले गरिएको व्यवस्था हो । निर्णयामृत र **पृथ्वीचन्द्रोदय**को वचनअनुसार यो मरणतिथि फरक परेका पति–पत्नीको श्राद्धका लागि गरिएको व्यवस्था हो । **देवयाज्ञिक**ले – 'तिथि फरक भएमा पिण्ड फरक हुन्छ, मरेको तिथि एउटै भएमा एउटै पिण्ड हुन्छ' भनेका छन् ।

पराशरमाधवले भनेका छन् – **गार्ग्य, भृगु** आदिको वचनअनुसार **लौगाक्षि**को वाक्यमा तन्त्रविधि सामूहिक कर्म गर्ने विधि अङ्गीकार गरेर पाक आदि तयार गरी अमावास्यातिथिमा अलग–अलग श्राद्ध र नवश्राद्ध गर्नुपर्दछ । यहाँ भनाइको तात्पर्य के हो भने एकैपटकमा विभिन्न कारणले मृत्युमा प्राप्त भएका धेरै मानिसको अथवा दुईजना मानिसको संस्कार सम्पन्न गर्दा अलग–अलग नगरी सामूहिकरूपमा गर्नुपर्दछ भन्ने हो । यसैगरी एउटै चितामा आरोहण गरेका पति–पत्नी यदि एकैचोटि मर्दछन् भने तिनीहरूको पनि तन्त्रविधि अङ्गीकार गरेर एकैचोटि संस्कार गर्नुपर्दछ ।

पृथ्वीचन्द्रचन्द्रिकादयस्तु – '**द्वयोरेकपिण्डदानं लौगाक्षिवचनं चापद्विषयम् । पृथक् पिण्डदानं तु मुख्यः कल्पः** ।' तदाह वृद्धपराशरः –

आरुह्य भर्तुश्चितिमङ्गना या प्राप्नोति मृत्युं खलु सत्त्वयुक्ता,
एकादशाहे तु तयोर्विधेयं श्राद्धं पृथक् स्वर्गमपेक्ष्य सद्भिः ।
एकत्वमिच्छन्ति मतिप्रहीणा एकादशाहादिषु ये नृनार्यः,
ते स्वर्गमार्गं विनिहत्य कुर्युः स्त्रीसत्त्वघातान्नरकाधिवासम् ।।

भर्त्रा सह मृता या तु नाकलोकमभीप्सती । सार्हेच्छ्राद्धं पृथक्पिण्डान् नैकत्वं तु स्मृतं तयोः ।।
पृथगेव हि कर्तव्यं श्राद्धमेकादशाहिकम् । यानि श्राद्धानि सर्वाणि तान्युक्तानि पृथक् पृथक् ।।

विश्वादर्शेऽपि –

मातुर्गयाष्टकावृद्धिमृताहेषु महालये । श्राद्धं कुर्यात्पृथग्दैवं तन्त्रं चानुगतावपि ।।
एकचित्यां समारुह्य मृतयोरेकबर्हिषि । पित्रोः पिण्डान्पृथग्दद्यात्पिण्डं त्वापत्सु तत्सुतः ।।

इत्यग्निस्मृतेरित्याहुः ।

पृथ्वीचन्द्र र **चन्द्रिका** आदिमा भनिएको छ – एउटै चितामा आरोहण गरेका दम्पतिका निमित्त एउटै पिण्डदान हुन्छ भनेर **लौगाक्षि**ले जुन कुरा गरेका छन् त्यो आपत्ति परेको अवस्थाका लागि हो । वस्तुतः दुवैलाई छुट्टाछुट्टै पिण्ड दिनु नै मुख्य विधि हो । यसै कुरालाई **वृद्धपराशर**ले बताएका छन् – जुन नारी सत्त्वगुणसम्पन्न भएर पतिको चितामा आरोहण गरी मृत्युमा प्राप्त हुन्छिन् तिनको लागि एघारौं दिनका दिन स्वर्गगतिको कामना गरेर छोराहरूले छुट्टै श्राद्ध गरिदिनुपर्दछ । बुद्धिहीन केही मानिसहरूले एघारौंको कर्म गर्दा पुरुष र नारी दुवैलाई एउटै श्राद्ध आदि कर्म गरेर एकत्वको विधान गर्दछन् त्यो अत्यन्तै त्रुटिपूर्ण विषय हो । तिनीहरूले त स्वर्गमा जान लागेकी पतिव्रता नारीलाई उनको आत्मशक्ति घटाएर नरकमा पुऱ्याउँछन् । स्वर्गको कामना गरेर जुन नारी पतिका साथमा चितामा मृत्यु प्राप्ति गर्दछिन्

तिनले आफ्ना निमित्त छुट्टै श्राद्ध र छुट्टै पिण्डको चाहना गर्दछिन् । तसर्थ दुवैको कर्ममा एकता गर्न हुँदैन अर्थात् छुट्टाछुट्टै गर्नुपर्दछ । एकादशाहश्राद्ध छुट्टै गर्नुपर्दछ । फेरि अरू जति पनि श्राद्धहरू गर्नुपर्ने हुन्छन् ती सबै श्राद्धहरूमा पनि पति-पत्नीको लागि छुट्टाछुट्टै कर्म गर्नुपर्दछ । **विश्वादर्श**मा भनिएको छ – छोराले आमा सती गएपछि गयाश्राद्ध, अष्टकाश्राद्ध, वृद्धिश्राद्ध, एकोद्दिष्टश्राद्ध र महालयश्राद्ध छुट्टाछुट्टै गर्नुपर्दछ । दैवश्राद्धमात्र तन्त्रबाट एउटै गर्नुपर्दछ । एउटै चितामा आरूढ भई कुशको आसनमा मृत्युमा प्राप्त भएका माता-पितालाई छोराहरूले अलग-अलग पिण्ड दिनुपर्दछ तर आपत्तिकालमा भने दुवैको निमित्त एउटै पिण्ड दिए हुन्छ भन्ने कुरा **अग्निस्मृति**मा बताइएको छ ।

यत्तु षट्त्रिंशन्मते-

एकत्वं सा गता भर्तुः पिण्डे गोत्रे च सूतके । न पृथक् पिण्डदानं तु तस्मात्पत्नीषु विद्यते ।।

इति, तद्दर्शादिपरम् । चन्द्रप्रकाशेऽपि –

एकचित्यां समारूढौ दम्पती प्रमृतौ यदि । पृथक् श्राद्धं प्रकुर्वीत पत्युरेव क्षयेऽहनि ।।

मृतानामपि भृत्यानां भार्याणां पतिना सह । पूर्वकस्य मृतस्यादौ द्वितीयस्य ततः पुनः ।।

तन्त्रेण श्रपणं कृत्वा श्राद्धं स्वामिक्षयेऽहनि । तृतीयस्य ततः कुर्यात्सन्निपातेष्वयं क्रमः ।। इति ।

षट्त्रिंशत्मतमा भनिएको छ कि – नारीले पिण्ड, गोत्र र सूतकमा पतिका साथ एकता प्राप्त गर्दछिन् । यसैले स्त्रीहरूलाई छुट्टै पिण्डदान गर्नुपर्दैन । ग्रन्थकार भन्दछन् – यो मत अमावास्यामा गरिने श्राद्धका लागि हो अरू श्राद्धका लागि होइन । **चन्द्रप्रकाश**मा भनिएको छ – एउटै चितामा आरोहण गरेका पति-पत्नीको मृत्यु भएमा पतिकै मृत्युका दिन पत्नीको पनि पृथक् श्राद्ध गर्नुपर्दछ । छोराले आफ्ना माता-पिताका साथ मरेका नोकर आदिको पनि श्राद्ध गर्दा एउटै पाकद्वारा गर्नुपर्दछ । त्यो श्राद्ध पिताकै मृत्युका दिन गरिनुपर्दछ । सामूहिक मरेका यस्ता मानिसहरूको श्राद्ध गर्दा क्रम मिलाएर गर्नुपर्दछ । सर्वप्रथम मर्ने व्यक्तिलाई पहिले त्यसपछि दोस्रो पटक मर्नेलाई दिने गरी क्रम मिलाएर सन्निपातमा मरेका अर्थात् सामूहिकरूपमा मरेका मानिसहरूको श्राद्ध गर्नुपर्दछ ।

सहगमने सर्वत्र श्राद्धार्थमेकपाक इत्याह मदनरत्ने प्रचेताः –

एकचित्यां समारूढौ म्रियेते दम्पती यदि । तन्त्रेण श्रपणं कुर्यात्पृथक् पिण्डं समावपेत् ।।

पृथ्वीचन्द्रोदयेऽप्येवम् । अत्र भर्तुराशौचमध्येऽन्यदिने स्त्रीमरणे पतिमरणदिनगणनयाशौचपिण्डदानैकादशाहादि कार्यम् । नात्र पक्षिणीवृद्धिः ।

मृतं पतिमनुव्रज्य पत्नी चेदनलं गता । न तत्र पक्षिणी कार्या पैतृकादेव शुद्ध्यति ।।

पुत्रोऽन्यो वाग्निदस्तस्यास्तावदेवाशुचिस्तयोः । नवश्राद्धं सपिण्डं च युगपत्तु समापयेत् ।।

इति षडशीतिमतात् ।

यदा नारी विशेदग्निं प्रियस्य प्रियवाञ्छया । तदाशौचं विधातव्यं भर्त्राशौचक्रमेण हि ।।

इति लघुहारीतोक्तेश्च । भर्त्राशौचोत्तरमन्वारोहणे तु त्र्यहमाशौचम् ।

मदनरत्नमा – पति-पत्नी दुवै सँगै मरेमा एउटै पाकले दुवैको श्राद्ध सम्पन्न हुने कुरा बताउँदै **प्रचेता**ले भनेका छन् – एउटै चितामा आरोहण गरी मरेका स्त्री-पुरुषहरूका निमित्त एकपाक तयार गरी अलग-अलग पिण्ड दिनुपर्दछ । **पृथ्वीचन्द्रोदय**मा

पनि यही कुरा बताउँदै भनिएको छ – पतिको आशौचको बीचमा अरू कुनै दिन अनुगमनको विधिबाट स्त्री मरिन् भने पतिको मरणको दिनलाई आरम्भ मानेर आशौच, पिण्डदान, एघारौं आदि कर्म गर्नुपर्दछ । यस्तो मृत्युमा पछि मरेकी पत्नीका निमित्त पक्षिणी आशौच अर्थात् लगभग ३६ घण्टाको आशौच बढाउनुपर्दैन ।

षडशीतिमतमा भनिएको छ – मरेका पतिको अनुगमन गरेर पत्नीले अग्निमा आरोहण गरेमा पक्षिणी वृद्धि गर्नुपर्दैन। पतिकै सम्पूर्ण कर्मबाट त्यसको शुद्धि हुन्छ । पुत्र अथवा दागबत्ती दिने मानिस तबसम्म अपवित्र हुन्छ, जबसम्म त्यसले मरेका माता–पिताको नवश्राद्ध र सपिण्डनश्राद्ध एकैपटक समाप्त गर्दैन । **लघुहारीत**मा भनिएको छ – आफ्ना प्रिय पतिको स्वर्गको इच्छाले जब पत्नीले अग्निमा प्रवेश गर्दछिन् त्यसबेला उनको आशौचको विधान पतिको आशौचको क्रमबाट नै गर्नुपर्दछ । पतिको आशौच सकिएपछि छुट्टै चिता तयार गरी सती गएमा तीनदिनमात्र आशौच लाग्छ ।

ऋग्वेदवादात्साध्वी स्त्री न भवेदात्मघातिनी । त्र्यहाशौचे तु निर्वृते श्राद्धं प्राप्नोति शास्त्रतः ।।

इति ब्राह्मोक्तेरिति पृथ्वीचन्द्रापरार्कौ । एतदन्वारोहणे एव नत्वेकचितौ । ऋग्वेदवादः '**इमा नारीरविधवाः**' इत्यादि। एतत्सवर्णापरमित्यन्ये ।

स्मार्तगौडास्तु – '**देशान्तरमृते पत्यौ साध्वी तत्पादुकाद्वयम् ।**' इत्युपक्रम्य, ब्राह्मे – '**त्र्यहाशौचे तु निर्वृत्ते**' इत्युक्तेर्भर्त्राशौचोत्तरमन्वारोहणे त्र्यहः, सहगमने तु पूर्णं दशाहादि । पिण्डास्तु दशापि सहैव ।

ऋग्वेदको भनाइअनुसार 'पतिव्रता स्त्री जब सती जान्छिन् तिनलाई आत्मघातिनी भनिँदैन । पतिको आशौच सकिएपछि तिनले अन्वारोहण गरेमा तीनदिन आशौच बारिन्छ र त्यसपछि शास्त्रको विधिअनुसार तिनले श्राद्ध प्राप्त गर्दछिन्' यो **ब्रह्मपुराण**मा उद्धृत वचन हो भन्ने कुरा **पृथ्वीचन्द्र** र **अपरार्क**ले भनेका छन् । यो कुरा पति मरेको धेरै दिनपछि सती जानेका लागि हो । एउटै चितामा मृत्यु प्राप्त हुनेका लागि बताइसकिएको छ । ऋग्वेदवादअनुसार भन्ने कुरा माथि भनिएको छ । त्यो ऋग्वेदवाद यसप्रकार छ – '**इमा नारीरविधवाः सुपत्नीराञ्जनेन सर्पिषा सं विशन्तु । अनश्रवाऽनमीषाः सुरत्ना आ रोहन्तु जनयो योनिमग्रे ।।७।। उदीर्ष्व नार्यभि जीवलोकं गता सुमेतमुप शेष एहि । हस्तग्रामस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूव ।।८।। धनुर्हस्तादाददानो मृतस्याऽस्मे क्षत्राय वर्चसे बलाय। अत्रैव त्वमिह वयं सुवीरा विश्वः स्पृधो अभिमातीर्जयेम ।।९।। उप सर्प मातरं भूमिमेतामुरुव्यचसं पृथिवीं सुशेवाम्। ऊर्णम्रदा युवतिदक्षिणायत एषा त्वा पातु निर्ऋतेरुपस्थात् ।।१०।।** (ऋ.१०/१८/७–१०)'

कसैले भनेका छन् – माथि बताइएको सम्पूर्ण विषय सवर्णा स्त्रीका निमित्त हो । **स्मार्त–गौड**हरू भन्दछन् – आफ्नो पति देशान्तरमा मरेमा पतिव्रता नारीले उसका खराउ हातमा लिएर चितामा आरोहण गरी आफूलाई खरानी बनाउनुपर्दछ भन्ने कुरा **ब्रह्मपुराण**मा बताइएको छ । तीनदिनको आशौच समाप्त भएपछि भन्ने विषयमा पहिले चर्चा गरिएको छ । पतिको आशौचपछि अन्वारोहणमा तीनदिन र सहमरणमा दशदिन आशौच लाग्दछ । पिण्ड त तीनदिन वा दशदिन आशौच भए पनि दशवटै हुन्छन् ।

तथा च जनकशूलपाणिशुद्धितत्त्वधृतव्यासः–

संस्थितं पतिमालिङ्ग्य प्रविशेद्या हुताशनम् । तस्याः पिण्डादिकं ज्ञेयं क्रमशः पतिपिण्डवत् ।।

अन्विता पिण्डदानं तु यथा भर्तुर्दिनेदिने । तदन्वारोहिणी यस्मात्तस्मात्सा नात्मघातिनी ।।

इति विष्णूक्तेश्च । पृथक्चितौ तु भर्त्राशौचमध्ये तदूर्ध्वं वा सत्यां त्र्यहेण दशपिण्डाः ।

अन्वितायाः प्रदातव्या दशपिण्डास्त्र्यहेण तु । स्वाम्याशौचे व्यतीते तु तस्याः श्राद्धं प्रदीयते ।।

इति तत्रैव पैठीनसिस्मृतेः । भर्त्राशौचोत्तरं मृतौ तु चतुर्थेऽह्नि श्राद्धम् । शूलपाणिना त्विदमग्निपुराणीयत्वेनोक्तम् – '**युद्धहतस्य सद्यःशौचे त्वन्वारोहणे त्रिरात्रम् । एकचितौ तु संस्थितं पतिम्**' इति प्रागुक्तव्यासोक्तेः सद्यःशौचमित्याहुः। अन्यसपिण्डाशौचमध्ये विदेशमृतान्वारोहणं त्वनाशक्यकमेव । शुचिताया अङ्गत्वात् । अन्ये तु रजोवत्याः सूतिकायाश्चानुगमननिषेधादितराशौचस्यानिषेधः । अन्यथा प्रत्यक्षभर्तृमरणे का गतिरित्याहुः । तन्मूलवचनं विना चिन्त्यमेव ।

जनक, शूलपाणि र **शुद्धितत्त्व**मा उद्धृत **व्यास**को वचनमा भनिएको छ – जुन नारीले मरेका पतिलाई आलिङ्गन गर्दै अग्निमा प्रवेश गर्दछिन् तिनका पिण्ड आदि सबै कर्म पतिका पिण्डसमान क्रमैले दिनुपर्दछ । **विष्णु**ले भनेका छन् – पतिका साथमा अनुगमन गर्ने पतिव्रता नारीले दिनदिनै पतिकै समान पिण्ड प्राप्त गर्दछिन् । किनकि उनी अन्वारोहिणी हुन्, आत्मघातिनी होइनन् । अलग चितामा पति-पत्नीको दाह भएको छ भने आशौचको बीचमा र आशौचपछि पत्नी मरे पनि तीनदिन आशौच लाग्छ र ती तीनदिनमा नै दशपिण्ड दिनुपर्दछ ।

पैठीनसिस्मृतिमा भनिएको छ – पति मरेको केही दिनपछि छुट्टै चितामा अन्वारोहण गर्ने नारीका निमित्त तीनदिनमा दशपिण्ड दिनुपर्दछ । स्वामीको आशौच सकिएपछि सती जाने ती नारीको निमित्त श्राद्ध गरिदिनुपर्दछ । पतिको आशौच सकिएपछि उनी मरिन् भने तीनदिन आशौच बारेर चौथो दिन समाप्तिको श्राद्ध गर्नुपर्दछ ।

अग्निपुराणको वचन उद्धृत गर्दै **शूलपाणि**ले भनेका छन् – युद्धमा मर्नेहरूको मृत्युको समाचार सुनेपछि तत्काल स्नान गर्दा आशौच समाप्त हुन्छ । अन्वारोहणमा तीनदिनको आशौच लाग्दछ । एउटै चितामा पतिका साथमा मर्दा पहिले बताइएको **व्यास**को वचनअनुसार सद्य आशौच[७०] लाग्दछ, छुट्टै आशौच लाग्दैन । अरू सपिण्डहरूको आशौचको बीचमा विदेशमा पति मरेमा आशौचमा परेकी नारीले अन्वारोहण गर्न हुँदैन भन्ने कुरा छैन । अरू मानिसहरू भन्दछन् – रजोवती र सुत्केरीले भने सहगमन गर्नु हुँदैन । अरू मरेमा आशौच लाग्दैन । परदेश गएका पतिको मृत्युमा अरूको आशौचका कारण अन्वारोहण रोकिने कुरा गर्ने हो भने पति घरमै मरेको अवस्थामा उनले के गर्छिन् त अर्थात् उनले आरोहण गर्छिन् तर आशौच लाग्दैन ।' ग्रन्थकार भन्दछन – यी वचनहरूमा प्रमाण नभएकाले विचारणीय छन् ।

स्मृत्यर्थसारेऽपि – '**सहगमने सर्वत्र श्राद्धपिण्डादौ पाकैक्यं कर्त्रैक्यं चेति**' । या तु पतिमुद्दिश्याऽन्यकालेऽन्यतिथावन्वारूढा तस्याः श्राद्धं तत्क्षयतिथौ कार्यं न भर्तृतिथौ । '**पारणे मरणे नृणां तिथिस्तात्कालिकी स्मृता ।**' इति स्कान्दात्, '**तिथिरेकैव जायते**' इत्यादिवचनाच्चेति मदनरत्नपारिजातपृथ्वीचन्द्रादयः । अन्ये तु तस्याः पतिमरणेन मृतप्रायत्वात् ।

सहाग्रतः पृष्ठतो वा तद्भक्त्या म्रियते यदि । तस्याः श्राद्धं प्रदातव्यं पृथक् पत्युः क्षयेऽहनि ।।

इति स्मृत्यन्तरात् ।

अग्रतः पृष्ठतो वापि तद्भक्त्या म्रियते यदि । तस्याः श्राद्धं सुतैः कार्यं पत्युरेव क्षयेऽहनि ।।

इति पुराणसमुच्चयाच्च भर्तृतिथावेवेत्याहुः । अत्र मूलं चिन्त्यम् । अत्र विशेषो हेमाद्रौ स्मृत्यन्तरे–

माता मङ्गलसूत्रेण म्रियते यदि तद्दिने । उद्दिश्य विप्रपङ्क्तौ तां भोजयेच्च सुवासिनीम् ।।

इति श्राद्धविघ्न-प्रायश्चित्ताशौचान्तर्गतश्राद्धान्वारोहणनिर्णयात्मकमष्टमं प्रकरणम्

---

७०. मृत्यु श्रवण गर्ना साथ स्नान गर्नुलाई सद्य आशौच भनिन्छ ।

स्मृत्यर्थसारमा भनिएको छ – सहगमन गरेका पति–पत्नीको निमित्त श्राद्ध, पिण्ड आदिमा एउटै पाक हुन्छ, एउटै समय हुन्छ र एउटै कर्ता हुन्छ । जुन नारीले आफ्ना पतिलाई लक्षित गरेर पतिको मृत्युसमयभन्दा फरक समयमा र फरक तिथिमा छुट्टै चिता बनाएर आरोहण गर्दछिन् तिनको श्राद्ध ती मरेकै तिथिमा गर्नुपर्दछ, पति मरेको तिथिमा गर्नुहुँदैन । **स्कन्दपुराण**मा भनिएको छ – पार्वणश्राद्ध र मृत्युश्राद्धमा जुन दिन मरेको हो त्यही तिथि ग्रहण गर्नुपर्दछ । जुन दिन मृत्यु भयो, सबै श्राद्धकर्म गर्नको लागि त्यो एउटै तिथि हुन्छ भन्ने कुरा **मदनपारिजात**, **पृथ्वीचन्द्र** आदिले भनेका छन् ।

अरू मानिसहरू भन्दछन् – पति मरेपछि पत्नी आधा मरेकी हुन्छिन् अथवा मरेसरह हुन्छिन् त्यसकारण पतिको भक्ति गर्दै सँगै अथवा पछाडि उनी मर्दछिन् भने पतिको श्राद्धका दिन उनको लागि छुट्टै श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **पुराणसमुच्चय**मा बताइएको छ । यो **पुराणसमुच्चय**को वचन हो । यसको आशय हो पत्नी जहिले मरे पनि पतिकै तिथिमा उनको श्राद्ध गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यस वचनको प्रमाण पनि विचारणीय छ ।

हेमाद्रिमा उद्धृत **स्मृतिविशेष**को वचनमा भनिएको छ – यदि माता मङ्गलसूत्र धारण गरेर पतिको मृत्यु हुने दिन नै मर्दछिन् भने उनको उद्धारको लागि ब्राह्मणपंक्तिमा सुवासिनी ब्राह्मणीहरूलाई राखेर भोजन गराउनुपर्दछ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धविघ्न, प्रायश्चित्त, आशौचअन्तर्गतका श्राद्ध, अन्वारोहण आदि विषयको निर्णयमा आधारित अष्टम प्रकरण पूरा भयो ।



अथ श्राद्धसम्पात-श्राद्धाङ्गतर्पण-वृद्धिश्राद्धनिर्णयात्मकं नवमं प्रकरणम्

श्राद्धसम्पाते निर्णयः

अथ श्राद्धसम्पाते निर्णयः । अत्र पित्रोर्मृततिथ्येकत्वे मरणक्रमेण दर्शे वर्गद्वयवत्तन्त्रेण श्राद्धं कुर्यात् । पौर्वापर्याज्ञाने तु पितृपूर्वकं कुर्यादिति हेमाद्रिः । माधवादयस्तु–

पित्रोः श्राद्धे समं प्राप्ते नवे पर्युषितेऽपि वा । पितृपूर्वं सुतः कुर्यादन्यत्रासन्नियोगतः ।।

इति कार्ष्णाजिनिस्मृतेः । सर्वत्र पितृपूर्वं भिन्नप्रयोगमाहुः ।

श्राद्धसम्पातमा निर्णय

अब माता–पिता आदिको श्राद्ध खप्टिएमा के गर्ने भन्ने विषयमा निर्णय गरिन्छ । माता र पिताको मरणतिथि एउटै भएमा मरणको क्रमअनुसार अमावास्यामा जसरी दुइटा वर्गको श्राद्ध गरिन्छ त्यसैगरी तन्त्रले अर्थात् एउटै पाकले श्राद्ध गर्नुपर्दछ। आमा र बाबुमध्ये कुन चाहिँ पहिले मरेको हो भन्ने थाहा नभएमा पहिले पिताको लागि श्राद्ध गरेर पछि त्यसै पाकद्वारा माताको निमित्त श्राद्ध गरिदिनुपर्दछ भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् । **माधव** आदि भन्दछन् – माता र पिताको श्राद्ध नयाँ होस् वा पुरानो एकैचोटि प्राप्त भएमा पुत्रले पहिले पिताको श्राद्ध गरेर पछिबाट माताको श्राद्ध गर्नुपर्दछ । माता–पिता भिन्न अरू कुनै व्यक्तिको श्राद्ध गर्दा एउटै पाक नगरी छुट्टाछुट्टै श्राद्ध गर्नुपर्दछ भन्ने कुरा **कार्ष्णाजिनिस्मृति**मा बताइएको छ । छुट्टाछुट्टै श्राद्ध गर्दा पहिले पिताको श्राद्ध गरेपछि अरूको श्राद्ध गर्नुपर्दछ ।

पार्वणैकोद्दिष्टयोः सम्पाते विचारः

पार्वणैकोद्दिष्टयोः सम्पाते माधवीये जाबालिः –

यद्येकत्र भवेयातामेकोद्दिष्टं च पार्वणम् । पार्वणं त्वभिनिर्वर्त्य एकोद्दिष्टं समाचरेत् ।।

पार्वण र एकोद्दिष्ट एकैचोटि परेमा विचार

पार्वण र एकोद्दिष्ट श्राद्ध एकैचोटि परेमा गर्नुपर्ने कर्तव्यका विषयमा **माधवीय**मा उद्धृत **जाबालि**को वचनमा भनिएको छ – यदि एकै दिन एकोद्दिष्ट र पार्वणश्राद्ध प्राप्त भएमा पार्वणश्राद्ध गरेपछि एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

गृहदाहादिना युगपन्मरणे विचारः

गृहदाहादिना युगपन्मरणे भृगुः –

एककाले गतासूनां बहूनामथवा द्वयोः । तन्त्रेण श्रपणं कृत्वा कुर्याच्छ्राद्धं पृथक्पृथक् ।।
पूर्वकस्य मृतस्यादौ द्वितीयस्य ततः पुनः । तृतीयस्य ततः कुर्यात्सन्निपातेष्वयं क्रमः ।।

गृहदाह आदि कारणबाट एकैचोटि मरेका मानिसहरूको सम्बन्धमा विचार

भृगु भन्दछन् – गृहदाह आदि कारणबाट एकैचोटि मानिसहरू मरेको स्थितिमा एउटै समयमा धेरै अथवा दुईजनाको प्राण गएको छ भने एउटै पाक बनाएर अलग–अलग श्राद्ध गरिदिनुपर्दछ । एकैचोटि मरेका मानिसहरूको श्राद्ध गर्दा पहिले मरेकाको निमित्त सुरुमा त्यसपछि दोस्रो क्रममा मरेकाको दोस्रो क्रममा, तेस्रो क्रममा मरेकाको तेस्रो क्रममा यस विधिबाट श्राद्ध गर्नुपर्दछ ।

ऋष्यशृङ्ग: – **भवेद्यदि सपिण्डानां युगपन्मरणं तदा । सम्बन्धासत्तिमालोच्य तत्क्रमाच्छ्राद्धमाचरेत् ।।**

गारुडे– **एकेनैव तु पाकेन श्राद्धानि कुरुतेऽत्र हि । विकिरं त्वेकत: कुर्यात् पिण्डान् दद्यात्पृथक्पृथक् ।।**

अत्रानुगमने च दाहसपिण्डनादौ विशेषं वक्ष्याम: । अत्रि: –

बहूनामथवा द्वाभ्यां श्राद्धं चेत्स्यात्समेऽहनि । तन्त्रेण श्रपणं कृत्वा पृथक् श्राद्धानि कारयेत् ।।

पुलस्त्य: – **महालये गयाश्राद्धे गतासूनां क्षयेऽहनि । तन्त्रेण श्रपणं कृत्वा श्राद्धं कुर्यात् पृथक्पृथक् ।।**

इदं च पृथक्पाकेन भिन्नश्राद्धाशक्तौ । पृथक्पाकेन सम्बन्धासत्त्या श्राद्धभेदस्तु मुख्य: पक्ष: ।

एकत्रैव दिने श्राद्धद्वयं प्राप्तं यदा तदा । चरेदेव पुरा वर्षात् पितुर्मातुश्च तत्सुत: ।।

एकस्मिन्य: करोत्यह्नि द्वयो: श्राद्धं यदा द्विज: । तदा पूर्वमृतस्यादौ कृत्वा स्नात्वा यथाविधि ।।

पश्चात् पश्चान्मृतस्यैव पृथक्पाकै: समाचरेत् । नैकस्मिन् दिवसे श्राद्धं त्रयाणां कुत्रचिद् द्विज: ।।

एक: कुर्यात्तथा प्राप्ते ह्यन्यो भ्राता समाचरेत् । भ्रातर्यविद्यमाने तु तत्परेऽह्नि समाचरेत् ।।

अन्यथा श्राद्धहन्ता स्याच्छ्राद्धसंकरकृद्भवेत् ।। इत्याश्वलायनोक्तेरिति पृथ्वीचन्द्र: ।

कात्यायन: – **द्वे बहूनि निमित्तानि जायेरन्नेकवासरे । नैमित्तिकानि कार्याणि निमित्तोत्पत्त्यनुक्रमात् ।।**

शृष्यशृङ्गले भनेका छन् – सपिण्डहरूको एकैचोटि मृत्यु भएमा जुन नातो आफ्नो नजिकको छ त्यसै नाताको क्रमले पिण्डदान गर्नुपर्दछ । **गरुडपुराण**मा भनिएको छ – सन्निपातमरणमा अर्थात् एकैचोटि मरेका पितृहरूका निमित्त एउटै पाकले श्राद्ध गर्नुपर्दछ । विकिर एउटै गर्नुपर्दछ तर पिण्ड छुट्टाछुट्टै दिनुपर्दछ । यहाँ अनुगमन र दाह, सपिण्डन आदि विषयको चर्चा सामान्यरूपमा गरियो । विशेष फेरि बताइनेछ । **अत्रि**ले भनेका छन् – धेरै अथवा दुईजनाको एकै दिन श्राद्ध गर्नुपर्ने भएमा एउटै पाक तयार गरेर त्यसबाट अलग–अलग श्राद्ध गर्नुपर्दछ । **पुलस्त्य**ले भनेका छन् – महालयश्राद्ध र गयाश्राद्ध गर्दा मरेका पितृहरूको मृताह एउटै भएमा एउटै पाक तयार गरी श्राद्ध अलग–अलग गर्नुपर्दछ । यहाँ ग्रन्थकार भन्दछन् – यो कुरा तीर्थ आदिमा अलग–अलग पाक तयार गर्न असम्भव भएको हुँदा व्यवस्था गरिएको हो । अलग पाक गरेर श्राद्ध गर्न असामर्थ्य भएको हुँदा यसरी श्राद्ध गरिन्छ, तर श्राद्ध भने छुट्टाछुट्टै व्यक्तिको लागि गरिएको हो भन्ने कुराको ज्ञान हुनु मुख्य पक्ष हो । जब एकैदिन दुईश्राद्ध प्राप्त हुन्छन् त्यसबेला पुत्रले पहिले पिताको र पछिबाट माताको श्राद्ध गर्नुपर्दछ । द्विजले एकै दिन दुइटा व्यक्तिका निमित्त श्राद्ध गर्नुपर्दा – पहिले मरेका पितृको श्राद्ध सम्पन्न गरेर विधिपूर्वक स्नान गरेपछि पछिबाट मरेका व्यक्तिको निमित्त छुट्टै पाक तयार गरी श्राद्ध गर्नुपर्दछ । एकै दिन ब्राह्मणले तीनजना पितृहरूको निमित्त श्राद्ध गर्न हुँदैन । तीनजना पितृहरूको निमित्त श्राद्ध गर्ने परिस्थिति आइलागेमा एउटा श्राद्ध अरू कुनै दाजु–भाइबाट गराइदिनुपर्दछ । दाजु–भाइ कुनै नभएमा बाँकी रहेको श्राद्ध दोस्रो दिन सम्पन्न गर्नुपर्दछ । यदि एकै दिन तीनवटा श्राद्ध गरिन्छ भने त्यो श्राद्धले कर्तालाई हानि पुऱ्याउँछ र श्राद्धमा सङ्कर पैदा गरेको दोष लाग्दछ भन्ने कुरा **आश्वलायन**ले बताएका छन् र **पृथ्वीचन्द्र**ले **आश्वलायन**को भनाइलाई आफ्नो ग्रन्थमा उद्धृत गरेका छन् । **कात्यायन** भन्दछन् – एकै दिन दुई वा दुईभन्दा धेरै पितृहरूको श्राद्ध प्राप्त भएमा मृत्युको क्रमअनुसार श्राद्ध गर्नुपर्दछ ।

जाबालि: – **श्राद्धं कृत्वा तु तस्यैव पुन: श्राद्धं न तद्दिने । नैमित्तिकं तु कर्तव्यं निमित्तानुक्रमोदयम् ।।**

कालादर्शे – **नित्यदार्शिकयोश्चोदकुम्भमासिकयोरपि । दार्शिकस्य युगादेश्च दार्शिकालभ्ययोगयो: ।।**

दार्शिकस्य च मन्वादे: सम्पाते श्राद्धकर्मण: । प्रसङ्गादितरस्यापि सिद्धेरुत्तरमाचरेत् ।।

अस्य देवताभेदेऽपवादमाह स एव –

नित्यस्य चोदकुम्भस्य नित्यमासिकयोरपि । दर्शस्य चोदकुम्भस्य दर्शमासिकयोरपि ।।

नित्यस्य चाब्दिकस्यापि दार्शिकाब्दिकयोरपि । युगाद्याब्दिकयोश्चैव मन्वाद्याब्दिकयोस्तथा ।।

प्रत्याब्दिकस्य चालभ्ययोगेषु विहितस्य च । सम्पाते देवताभेदाच्छ्राद्धयुग्मं समाचरेत् ।।

निमित्तानियतिश्चात्र पूर्वानुष्ठानकारणम् । पित्रोस्तु पितृपूर्वत्वं सर्वत्र श्राद्धकर्मणि ।।

माधवीये स्मृतिसंग्रहे – **'काम्यतन्त्रेण नित्यस्य तन्त्रं श्राद्धस्य सिद्ध्यति ।'**

जाबालि भन्दछन् – एउटा व्यक्तिले एउटा श्राद्ध गरेपछि त्यसै दिन अर्को श्राद्ध गर्न हुँदैन । निमित्तको क्रमअनुसार नैमित्तिकश्राद्ध गर्नुपर्दछ । **कालादर्श**मा भनिएको छ – नित्यश्राद्ध, अमावास्याश्राद्ध, जलकुम्भदान, मासिकश्राद्ध, अमावास्यामा अलभ्ययोग प्राप्त हुँदा गरिने श्राद्ध, अमावास्या र मन्वादिश्राद्ध एकैचोटि प्राप्त भएमा प्रसङ्गअनुसार पहिले एउटा श्राद्ध सम्पन्न गरी फेरि अरू श्राद्ध गर्नुपर्दछ । देवताभेदमा अपवाद बताउँदै **कालादर्श**मा नै भनिएको छ – नित्य र उदकुम्भ, नित्य र मासिक, अमावास्या र उदकुम्भ, अमावास्या र मासिक, नित्य र आब्दिक, अमावास्या र आब्दिक, युगादिश्राद्ध र आब्दिक, मन्वादिश्राद्ध र आब्दिक, प्रत्याब्दिक र अलभ्ययोगको सम्पात पर्न आउँदा देवताको भेदअनुसार दुईश्राद्ध गर्नुपर्दछ । यहाँ निमित्तको नियम छैन । पूर्वानुष्ठान नै कारण हो । माता र पिताको श्राद्धकर्ममा भने जहाँसुकै पिताको श्राद्ध गरेर माताको श्राद्ध गरिन्छ । **माधवीय**मा उद्धृत **स्मृतिसंग्रह**को वचनमा भनिएको छ – काम्यश्राद्धमा तन्त्रविधि अपनाएका कारण नित्यश्राद्धको पनि तन्त्रविधि सिद्ध हुन्छ ।

श्राद्धाङ्गतर्पणविचारः

अथ श्राद्धाङ्गतर्पणम् – पारिजाते पृथ्वीचन्द्रोदये च गर्गः –

पूर्वं तिलोदकं कृत्वा अमाश्राद्धं तु कारयेत् । प्रत्यब्देन भवेत्पूर्वं परेऽहनि तिलोदकम् ।।

पक्षश्राद्धे हिरण्ये च अनुव्रज्य तिलोदकम् ।। न च नित्यतर्पणस्यैवायं परेऽह्न्युत्कर्षः, न तु श्राद्धाङ्गतर्पणमस्तीति वाच्यम् ।

यस्तर्पयति तान् विप्रः श्राद्धं कृत्वा परेऽहनि । पितरस्तेन तृप्यन्ति न चेत्कुप्यन्ति वै भृशम् ।। इति गर्गेण फलनिन्दार्थवादाभ्यामङ्गत्वेनोक्तेः । श्राद्धप्रक्रमाद्वार्षिकम् ।

श्राद्धाङ्गतर्पणको विषयमा विचार

अब श्राद्धाङ्गतर्पणको विषयमा विचार गरिन्छ । **पारिजात** र **पृथ्वीचन्द्रोदय**मा **गर्ग**ले भनेका छन् कि पहिले तिलोदक दिएर अमावास्याश्राद्ध गर्नुपर्दछ । वार्षिकश्राद्ध गर्दा पहिले तिलोदक तर्पण गरिँदैन, दोस्रो दिन गरिन्छ । पक्षश्राद्ध र हिरण्यश्राद्ध गर्दा पनि श्राद्ध गरेपछि तिलतर्पण दिइन्छ । दोस्रो दिन उत्कर्ष प्राप्त गर्ने कुरा नित्यतर्पणको विषय हो, श्राद्धाङ्गतर्पणको होइन भन्न हुँदैन । किनकि **गर्ग**ले भनेका छन् – आज श्राद्ध गरेर भोलि कसैले आफ्ना पितृलाई तिल–तर्पण दिन्छ भने त्यसबाट पितृहरू तृप्त हुन्छन् तिनीहरू कहिले पनि क्रुद्ध हुँदैनन् । यसो भनिएकाले दोस्रो दिन गरिने तिलतर्पणलाई पनि श्राद्धकै अङ्ग मान्नुपर्दछ । तर यसलाई श्राद्धको क्रमअनुसार विचार गर्दा तिलतर्पण गर्ने कर्म वार्षिकश्राद्धको विषय हो भनी जान्नुपर्दछ ।

बृहन्नारदीयेऽप्याब्दिकं प्रक्रम्य –

परेद्युः श्राद्धकृन्मर्त्यो यो न तर्पयते पितॄन् । तस्य ते पितरः क्रुद्धाः शापं दत्त्वा व्रजन्ति हि ।।

पितृशब्दश्च श्राद्धेज्यवर्गपरः । तेन तर्पणस्य पशुपुरोडाशयागवत् प्रस्तरप्रहरणवच्चेष्टदेवतासंस्कारकता । तेनाब्दिकदिने नित्यं स्वपित्रादितर्पणं कार्यमेव । श्राद्धाङ्गभूतस्यैव परेद्युरुक्तेः ।

तदुक्तम् – **प्रत्यब्दाङ्गं तिलं दद्यान्निषिद्धेऽपि परेऽहनि । वर्गैकस्य वचो येषामन्येषां तु विवर्जयेत्।।**

बृहन्नारदीयपुराणमा आब्दिकश्राद्धको प्रकरणमा भनिएको छ– आज श्राद्ध गर्ने मानिसले भोलि अथवा दोस्रो दिन पितृहरूलाई तर्पण दिँदैन भने त्यसका पितृहरू रिसाएर सराप दिँदै फर्किन्छन्। यहाँ पितृशब्द श्राद्धमा पूजन गर्न योग्य पितृवर्गको बोधक हो। त्यसकारण तर्पण पशुयाग, पुरोडाशयाग र प्रस्तरप्रहणमा झैं देवताको संस्कार गर्ने कर्म हो । यसैले वार्षिकश्राद्धका दिन श्राद्धकर्ताले आफ्ना पितृको सदैव तर्पण[७१] गर्नुपर्दछ । श्राद्धको अङ्ग मानिएको तर्पण भने दोस्रो दिन गर्नुपर्दछ ।[७२]

७१. श्राद्धाङ्गतर्पण पशुयाग र पुरोडाशयागसमान इष्टदेवताको संस्कार गर्ने कर्म हो । जहाँ पशुयाग गरिन्छ त्यहाँ त्यसको अङ्गरूप पुरोडाशयाग पनि गरिन्छ । पशुयाग र पुरोडाशयागका देवता एउटै हुन्छन् त्यसैले उक्त यागहरूबाट इष्टदेवताको संस्कार गरिन्छ । मीमांसाशास्त्रमा पशुयाग र पुरोडाशयागमा देवताको संस्कार गरिन्छ भन्ने कुरा बताइएको छ । मीमांसामा अर्को दृष्टान्त पनि छ त्यो हो प्रस्तरप्रहरण । त्यसको तात्पर्य यसप्रकार छ– दर्शपूर्णमास र इष्टि सम्पन्न भएपछि कुन देवताका लागि याग गरियो र कुन देवताको याग छुट्यो भन्ने अनुसन्धान गर्न सूक्तवाकमन्त्रको पाठ गरिन्छ । जुन देवताको याग गरिएको छ ती देवता नै यागका देवता कहलाउँछन् । उक्त सूक्तवाकमन्त्रबाट प्रस्तर भनेको कुशको मुठोलाई प्रहरण भन्नुको तात्पर्य अग्निमा प्रक्षेपण गर्नु हो । अतः प्रस्तरप्रहरणमा कुशको मुठोलाई अग्निमा प्रक्षेपण गर्ने काम हुन्छ । यसै कर्मबाट इष्टदेवताको संस्कार हुन्छ । यस कर्ममा प्रस्तर–कुशमुष्टि द्रव्यको रूपमा रहेको हुन्छ भने मन्त्रद्वारा बताइएका देवता नै देवता हुन्छन् । जसरी प्रस्तरप्रहरणबाट इष्टदेवताको संस्कार गरिन्छ त्यसरी नै श्राद्धाङ्गतर्पणबाट पनि श्राद्धका देवता पिता आदिले तृप्ति प्राप्त गर्दछन् । यसमा आफ्ना पितृहरूबाहेक अरू कुलका पितृको लागि तर्पण गरिँदैन । जुन प्रधानकर्मको सिद्धिका लागि अङ्गकर्म गरिन्छ त्यो अङ्ग कर्मद्वारा प्रधान देवताको मात्र आराधना हुन्छ।

७२. श्राद्धाङ्गतर्पण निर्णयसिन्धु आदि ग्रन्थहरूमा बताइएअनुसार श्राद्धाङ्गतर्पणका निमित्त विभिन्न श्राद्धका विभिन्न काल निर्धारण गरिएका छन् । जस्तै– अमावास्याश्राद्धमा श्राद्धपूर्व तर्पण, एकोद्दिष्टश्राद्ध र पार्वणश्राद्धमा ऋग्वेदीहरूका निमित्त दोस्रो दिन र यजुर्वेदका अनुयायीका निमित्त श्राद्धको पछिल्लो दिन र सामवेदका अनुयायीहरूका निमित्त श्राद्ध सकिएपछि श्राद्धाङ्गतर्पण निर्धारण गरिएको छ। पक्षश्राद्ध र हिरण्यश्राद्धमा श्राद्धपछि तर्पण दिने व्यवस्था गरिएको छ । अष्टकाश्राद्धमा श्राद्ध सकिएपछि, महालयमा सोह्रै दिन श्राद्ध गर्नेले दिनदिनै बिहान तिलतर्पण गर्नुपर्ने व्यवस्था गरिएको छ । ग्रहणश्राद्ध, व्यतीपातश्राद्ध, अमावास्याश्राद्ध, संक्रान्तिश्राद्धमा नित्यतर्पण गर्दा तिलतर्पण गर्नुपर्ने बताइएको छ । मन्वादिश्राद्ध, युगादिश्राद्ध, अमावास्याश्राद्ध, संक्रान्तिश्राद्ध, पूर्णिमाश्राद्ध, व्यतीपातश्राद्ध र तीर्थश्राद्ध गर्दा श्राद्धभन्दा पहिले तर्पण दिनुपर्ने व्यवस्था बाँधिएको छ । यसैगरी अर्धोदयश्राद्ध, गजच्छायाश्राद्ध, महालयको षष्ठीमा गरिने श्राद्ध, भरणीश्राद्ध, मघाश्राद्धमा पिण्ड दिएपछि तर्पण दिने व्यवस्था गरिएको छ ।

शास्त्रहरूमा यस्ता विविध कालहरूको व्यवस्था भएतापनि नेपाली परम्परामा एकोद्दिष्ट र पार्वणश्राद्ध गर्दा श्राद्धपूर्व नै तर्पण दिने चलन चलिआएको देखिन्छ । शास्त्रले एउटा कुरा भन्ने र परम्परा अर्कै देखिने हुँदा मानिसहरूमा भ्रान्ति हुनु स्वाभाविक हो। सामान्यतया कल्पशास्त्रमा माध्यन्दिनीय वाजसनेयी शाखाअन्तर्गतका यजुर्वेदीहरूले तर्पण दिनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छैन । त्यसो हुँदा कतिपय विद्वान्हरू तर्पण अनिवार्य विषय नभएकाले परम्पराले श्राद्धपूर्व गर्दै आएको तर्पणलाई यथावत्रूपमा प्रवर्तन गर्दा कुनै हानि नहुने कुरा र तर्पण नदिएमा पनि कुनै दोष नलाग्ने कुरा बताउँछन् । अर्काथरि विद्वान्हरू शास्त्रले जे भनेको छ तदनुसार यजुर्वेदीहरूले एकोद्दिष्ट र पार्वणश्राद्धमा श्राद्धपछि नै तर्पण गर्नु उचित हुने अभिमत राख्दछन् ।

विशेषतः भोजन गर्दा पहिले जल त्यसपछि ठोसपदार्थको भोजन र त्यसपछि जल ग्रहण गर्ने हो भने मानिसलाई रोग लाग्दैन, कब्जियत हुँदैन त्यसैगरी श्राद्धमा पनि पहिले द्रवपदार्थ, त्यसपछि ठोसपदार्थ र त्यसपछि द्रवपदार्थ दिनु उचित नै देखिन्छ –

प्राग्द्रवं पुरुषोऽश्नीयात् मध्ये कठिनभोजनः । अन्तेपुनर्द्रवाशी स्याद् बलारोग्ये न मुञ्चति ।।

भनिएकाले पहिले पञ्चमहायज्ञअन्तर्गको नित्यतर्पण, त्यसपछि श्राद्ध र त्यसपछि श्राद्धाङ्गतर्पण गर्नु उचित देखिन्छ ।

निष्कर्ष – पहिले–पहिले मानिसहरू अमावास्याश्राद्ध गर्दथे, अमावास्याश्राद्धमा श्राद्धपूर्व तर्पण दिने विधान छ । हाम्रो समाजमा अमावास्याश्राद्धको परम्परा छँदासम्म मानिसहरूले अमावास्याश्राद्धकै प्रक्रियालाई अँगालेर एकोद्दिष्ट र पार्वणश्राद्धमा पहिले

भनिएको छ – प्रतिवर्ष तिल–तर्पणका लागि निषिद्धतिथि भए पनि आफ्ना पितृहरूको तिलद्वारा तर्पण गर्नुपर्दछ अरूको तर्पण गर्न हुँदैन। यसै विषयमा कसैको मत छ कि – 'वार्षिकश्राद्धको अङ्ग बनेको तर्पण दोस्रो दिन दिनुपर्दछ । आइतवार, मङ्गलवार, त्रयोदशी इत्यादि निषिद्ध वार एवं तिथि हुन् । दोस्रो दिन तिलतर्पणका लागि निषेध गरेता पनि तर्पण गर्नुपर्दछ।

क्वचिद् विशेषः

क्वचिद्विशेषमाह गर्गः –

कृष्णे भाद्रपदे मासि श्राद्धं प्रतिदिनं भवेत् । पितॄणां प्रत्यहं कार्यं निषिद्धाहेऽपि तर्पणम् ।।

तर्पणं तिलतर्पणम् । निषिद्धाहेऽपीत्युक्तेः । **'सकृन्महालये श्वः स्यादष्टकास्वन्त एव हि ।'** अत्र सप्तमीनिर्देशात् अङ्गिता स्फुटैव । तत्र जयान् जुहुयात् मन्द्रं प्रायणीयायां मन्द्रं प्रातःसवने इत्यादिवत् ।

श्राद्धाङ्गतर्पणसम्बन्धी विशेष

गर्गले भनेका छन् – भाद्रमहिनाको कृष्णपक्षमा प्रतिदिन श्राद्ध गर्नुपर्दछ र निषिद्धदिनमा पनि प्रतिदिन पितृहरूलाई तर्पण दिनुपर्दछ । तर्पणको अर्थ हो – तिलद्वारा तर्पण गर्नु र यो तर्पण निषिद्धदिनमा पनि गर्नुपर्दछ भनिएको छ । सकृन् महालयमा दोस्रो दिन तर्पण गरिन्छ । अष्टकाश्राद्धमा श्राद्ध सकिएपछि तर्पण गरिन्छ । यहाँ सप्तमीविभक्तिको प्रयोग गरिएकाले तर्पण श्राद्धको अङ्ग भएको कुरा स्पष्ट हुन्छ ।[७३] प्रायणीय–इष्टिमा प्रातःसवन गरेझैं सकृन्महालयमा जयसंज्ञक मन्त्रहरूद्वारा हवन गर्नुपर्दछ ।

विशेषस्यापवादकथनम्

अस्यापवादो बृहन्नारदीये –

वृद्धिश्राद्धे सपिण्ड्यां च प्रेतश्राद्धेऽनुमासिके । संवत्सरविमोके च न कुर्यात्तिलतर्पणम् ।।

तदयमर्थः – दर्शे विप्रनिमन्त्रणोत्तरं पाकारम्भोत्तरं वा श्राद्धप्रयोगस्यारब्धत्वाद् ब्रह्मयज्ञोत्तरं नित्यतर्पणेनैव श्राद्धाङ्गतर्पणस्य तन्त्रेण प्रसङ्गेन वा सिद्धिः । ततः पूर्वं वैश्वदेवोत्तरं वा ब्रह्मयज्ञकरणे श्राङ्गतर्पणं पृथक्कार्यम् । पित्रोर्वार्षिके तु नित्यतर्पणं तिलवर्ज्यं कार्यम् ।

तर्पण दिने परम्परा बसालेको हुनसक्छ । पछि आएर मानिसहरूले अमावास्याश्राद्ध गर्न छाडे तर एकोद्दिष्ट र पार्वण गर्दै आए । अमावास्याश्राद्धको तर्पणसम्बन्धी नियमलाई उनीहरूले एकोद्दिष्ट र पार्वणमा प्रयोग गरेको अनुमान गर्न सकिन्छ । त्यसैले परम्परा बस्न गयो । परम्परा तोड्न गाह्रो हुन्छ त्यसैले मानिसहरू अहिले सुनिका शास्त्रका कुरालाई अँगालेर पुरानो परम्परा तोड्न चाहँदैनन् अप्ठ्यारो मान्दछन् । यस अवस्थामा कल्पशास्त्रमा नै तर्पणको लागि खास निर्देशन नभएको र परम्परासमेत श्राद्धपूर्व तर्पण दिने रहिआएकाले श्राद्धपूर्व तर्पण दिँदा कुनै हानि नहुने देखिन्छ । तर त्यसलाई श्राद्धाङ्गतर्पण भन्नुहुँदैन । नित्य तर्पण गर्ने मानिसले भने श्राद्धपूर्व तर्पण गर्नुपर्दैन । निर्णयसिन्धुअनुसार माध्यन्दिनीय वाजसनेयी शुक्लयजुर्वेदाध्यायीले दोस्रो दिन श्राद्धाङ्गतर्पण गर्नुपर्दछ । पुरुषार्थचिन्तामणिअनुसार त्यसैदिन श्राद्ध सकिएपछि श्राद्धाङ्गतर्पण गर्नुपर्दछ ।

७३. यहाँ सकृन्महालये पदमा सप्तमीविभक्तिको प्रयोग गरिएको छ । यसबाट जुन कर्ममा जय आदि गरिन्छन् त्यो कर्म अङ्गी हुन्छ अर्थात् प्रधान हुन्छ, जय आदि अङ्ग हुन्छन् भनिएझैं महालय पदमा सप्तमी प्रयोग गरिएका कारण त्यो अङ्गी हो र तर्पण त्यसको अङ्ग हो । यसैगरी वैदिक कर्ममा मन्त्रोच्चारणको प्रसङ्गमा स्वरविशेषको विचार गरिन्छ । त्यसो गर्दा दीक्षणीय इष्टिमा कामस्वर छ । भनाइको मतलब जति उच्च स्वरमा बोल्न सकिन्छ त्यति बोल्नुपर्दछ । प्रायणीय इष्टिमा मन्द्रस्वर हुन्छ । यसको अर्थ हो – विस्तारै बोल्नुपर्दछ । आतिथ्य इष्टिमा पनि मन्द्रस्वर नै हुन्छ । यसको तात्पर्य हो – विस्तारै बोल्नुपर्दछ । उपसद इष्टिमा उपांशुस्वर हुन्छ । त्यसमा कसैले नसुन्ने गरी सासैसासले बोल्नुपर्दछ । यी स्थलहरूमा सप्तमीविभक्तिको प्रयोग गरिएकाले यज्ञ अङ्गी हुन्छन् र त्यसमा गरिने कार्यहरू अङ्गरूपमा रहन्छन् ।

नैव श्राद्धदिने कुर्यात्तिलैस्तु पितृतर्पणम् । श्राद्धं कृत्वाऽपराह्णे च तर्पणं तु तिलैः सह ।।

इति वचनात् ।

सप्तम्यां भानुवारे च मातापित्रोर्मृतेऽहनि । तिलैर्यस्तर्पणं कुर्यात्स भवेत् पितृघातकः ।।

इति स्मृतिरत्नावल्यां वृद्धमनूक्तेश्च । अत्र नित्यतर्पणे तिलमात्रनिषेधो न तु तर्पणस्य । तिलैरित्यस्य वैयर्थ्यापत्तेः।

विशेषको अपवाद

बृहन्नारदीयपुराणमा अपवाद स्पष्ट गर्दै भनिएको छ – वृद्धिश्राद्ध, सपिण्डनश्राद्ध, प्रेतश्राद्ध, ऊनमासिकश्राद्ध र संवत्सरको अन्तमा गरिने श्राद्धमा तिलले तर्पण गर्न हुँदैन । त्यसको अर्थ यसप्रकार छ – अमावास्यामा ब्राह्मणलाई निमन्त्रण गरेपछि अथवा पाककर्म आरम्भ गरेपछि श्राद्धप्रयोग आरम्भ गरिने हुँदा ब्रह्मयज्ञपछि नित्यतर्पण गर्दा श्राद्धाङ्गतर्पण गरिएको मानिन्छ र छुट्टै श्राद्धाङ्गतर्पण गर्नुपर्दैन । वैश्वदेव गरेपछि वा त्योभन्दा पहिले ब्रह्मयज्ञ गरिएमा श्राद्धाङ्गतर्पण छुट्टै गर्नुपर्दछ । पिताको वार्षिकश्राद्धमा नित्यतर्पण गर्दा तिलको प्रयोग गर्नुहुँदैन किनकि श्राद्धका दिन तिलद्वारा पितृहरूलाई तर्पण दिनुहुँदैन, श्राद्ध गरेपछि अपराह्णमा भने तिलद्वारा तर्पण गर्नुपर्दछ भन्ने वचन पाइन्छ ।

स्मृतिरत्नावलीमा उद्धृत **वृद्धमनु**को वचनमा भनिएको छ – सप्तमी र रविवार एवं माता तथा पिताको मरण दिनमा जसले तिलद्वारा तर्पण गर्दछ त्यो मानिस पितृघाती हुन्छ । नित्यतर्पणमा तिलको निषेध गरिएको छ तर तर्पणको निषेध गरिएको छैन । तर्पणको पनि निषेध मान्ने हो भने **तिलैः** भन्ने पद व्यर्थ हुनेछ ।

यत्तु कातीयम् –

उपरागे पितुः श्राद्धे पातेऽमायां च संक्रमे । निषिद्धेऽपि हि सर्वत्र तिलैस्तर्पणमाचरेत् ।।

इति, तत् परेद्युः श्राद्धाङ्गतर्पणविषयमिति केचित् । श्राद्धाशक्तस्य तत्स्थानापन्नतर्पणविषयमिति युक्तम् । सकृन्महालये परेद्युस्तर्पणम् । अष्टकासु तु सप्तम्यष्टमीश्राद्धयोरन्ते तदैव वर्गद्वयस्य । अन्वष्टक्ये तु मातृवर्गस्यापि। तीर्थश्राद्धे दर्शवत् । मघान्वष्टकादिष्वष्टकावदन्ते । अनेकश्राद्धसम्पाते तु यदि तत्प्रसङ्गसिद्धिस्तदा तदीयमेव तर्पणम् । तन्त्रत्वे तु श्राद्धसमसङ्ख्यत्वे आदावन्ते वा । विषमसंख्यायां वह्वनुरोध इति । तस्माच्छ्राद्धाङ्गतर्पणं सिद्धम् ।

कातीयमा भनिएको छ कि – ग्रहण, पितृश्राद्ध, व्यतीपात, अमावास्या र संक्रान्तिमा निषिद्ध दिन भएता पनि सर्वत्र तिलद्वारा नै तर्पण गर्नुपर्दछ । यहाँ कसैले भन्दछन् – यो भनाइ दोस्रो दिन गरिने श्राद्धाङ्गतर्पणका लागि हो । जसले श्राद्ध गर्न सक्दैन त्यसले स्थानापन्न तर्पण गर्नुपर्दछ । माथिको वचन त्यसैका निमित्त हो भन्ने कुरा कमलाकरले बताएका छन्। सकृन्महालयमा दोस्रो दिन तर्पण गर्नुपर्दछ । अष्टकामा अर्थात् सप्तमी र अष्टमीका श्राद्धको अन्तमा पितृवर्ग र मातृवर्गका पितृहरूका निमित्त तर्पण गर्नुपर्दछ । अन्वष्टकामा तीर्थश्राद्ध र अमावास्याश्राद्धसरह मातृवर्गलाई पनि तर्पण दिनुपर्दछ । माघपूर्णिमा आदिमा अष्टकामा झैं श्राद्धको अन्तमा तर्पण गर्नुपर्दछ । अनेक श्राद्धहरू एकैचोटि पर्न आएमा सबै श्राद्धहरू गर्ने क्रममा जसको श्राद्ध गरिन्छ त्यसलाई मात्र तर्पण दिनुपर्दछ । क्रमैले श्राद्ध गरिँदै जाँदा ज-जसको श्राद्ध गरिन्छ त्यस-त्यसलाई क्रमैले तर्पण दिनुपर्दछ । एकैचोटि सबैको श्राद्ध गर्दा श्राद्धको अन्तमा तर्पण गर्नुपर्दछ । विषमसङ्ख्यामा श्राद्ध गर्दा सबैलाई तर्पण दिनुपर्दछ । त्यसकारण तर्पण श्राद्धको अङ्ग हो भन्ने कुरा सिद्ध हुन्छ ।

तर्पणविधिकथनम्

तद्विधिः संग्रहे –

स्नात्वा तीरं समागत्य उपविश्य कुशासने । तर्पयेत पितॄन् सर्वान् स्नात्वा वस्त्रं च धारयेत् ।।

तर्पणोत्तरं नित्यस्नानं कृत्वेत्यर्थः ।

अपसव्यं ततः कृत्वा सव्यं जान्वाच्य भूतले । नामगोत्रस्वधाकारैर्द्वितीयान्तेन तर्पयेत् ।।

तर्पणविधि निरूपण

संग्रहग्रन्थमा भनिएको छ कि – कर्तालै स्नान गरेर जलाशयको तटमा कुशासनमा बसी सबै पितृहरूलाई तृप्त गराएर स्नान गरी वस्त्र धारण गर्नुपर्दछ । तर्पण गरेपछि नित्य स्नान गर्नुपर्दछ भन्ने तात्पर्य हो ।[७४] तर्पणविधि बताउँदै भनिएको छ– स्नान गरेपछि वस्त्रधारण गरेर अपसव्य भई बायाँ घुँडाले भुईंमा टेकेर नाम, गोत्र र स्वधावचनका साथ द्वितीयान्त विभक्ति लगाई तर्पण गर्नुपर्दछ ।

पितॄणां वस्वादिरूपकथनम्

अत्र वस्वादिरूपतोक्ता स्मृत्यर्थसारे – '**वसुरुद्रादितिसुतान् श्राद्धार्थे तर्पयेत् पितॄन् ।**' तच्च बह्वृचानां दक्षिणेनैव । '**अनादेशे दक्षिणं प्रतीयात्**' इति सूत्रात् । अत्र प्रत्यञ्जलि मन्त्रावृत्तिः । निर्वापवत्तत्सन्ध्यार्घ्यदानवच्च द्रव्यभेदात् । अवघातवेदिप्रोक्षणादौ तु द्रव्यैकत्वान्न मन्त्रावृत्तिः । केचित्तु परिव्याणमन्त्रवत्क्रियमाणानुवादित्वेन करणत्वाभावात्सकृदिच्छन्ति । तन्न । तत्रापूपद्रव्यैक्यात् परवीरसीतिकरणीभूतमन्त्रान्तरसत्त्वादन्यतरेण व्यवधानापत्त्योभयोः करणत्वायोगान् कर्त्रभेदेन विकल्पायोगाच्च क्रियमाणानुवादित्वं नत्वत्र तथेति बौधायनादिवचनात् करणत्वमेव । तेनावृत्तिरेव युक्ता । एवं नित्येऽपि । यत्तु संग्रहे नाम्ना पठन्ति –

पित्रोः क्षयाहे सम्प्राप्ते यः कुर्यान्नित्यतर्पणम् । आसुरं तद्भवेच्छ्राद्धं तत्तोयं रुधिरं भवेत् ।।

सर्वदा तर्पणं कुर्याद् ब्रह्मयज्ञपुरःसरम् । मृताहे नैव कर्तव्यं कृतं चेन्निष्फलं भवेत् ।।

तत्समूलत्वे सति तिलविषयम् । यच्च पठन्ति ।

पितृहरूको वसु आदि रूप निरूपण

स्मृत्यर्थसारमा वसु आदि रूपहरूको विषयमा चर्चा गरिँदै भनिएको छ – 'वसु, रुद्र र आदित्यरूप पितृहरूलाई श्राद्धमा तर्पण गर्नुपर्दछ ।' **बह्वृचशाखाका ऋग्वेदीहरूले 'दक्षिणं प्रतीयादनादेशे'** अर्थात् कुनै आदेश नभएको अवस्थामा पितृकर्ममा दक्षिणदिशा ग्रहण गर्नुपर्दछ भनेका छन् । तर्पण गर्दा प्रत्येक अञ्जुलिमा मन्त्रको आवृत्ति गरिन्छ । निर्वाप अर्थात् पिण्डदान र सन्ध्याकालिक अर्घ्यदानमा द्रव्यका भेदले प्रत्येककर्ममा मन्त्रको आवृत्ति गरिएझैं यहाँ पनि द्रव्यभेद भएमा मन्त्रको आवृत्ति गरिन्छ । यज्ञमा अवघात अर्थात् धान आदि कुट्नु र वेदीप्रोक्षण अर्थात् शुद्धिका लागि

---

७४. यहाँ पहिलो स्नान अमन्त्रक गरिन्छ । दोस्रो स्नान नित्यस्नानका रूपमा गरिन्छ । सुरुमा मौन भई स्नान गरेर कुशासनमा बसी श्राद्धाङ्गतर्पण गरेपछि फेरि स्नान गरेर वस्त्रधारण गर्नुपर्दछ, यो तात्पर्य हो । यी सबै कुराहरू सन्ध्योपासन नगर्दै गर्नुपर्दछ । धेरै मानिसहरूले सन्ध्या गरेर मात्र अनुष्ठान गर्दछन् । मयूखमा भनिएको छ कि श्राद्धाङ्गतर्पण सन्ध्यापछि मात्र गर्नुपर्दछ । किनकि सन्ध्याविना अरू कर्ममा अधिकार हुँदैन। तर्पण गरेपछि पुनः स्नान गर्नुपर्दछ किनकि संग्रहग्रन्थमा सर्वप्रथम 'स्नात्वा' शब्दको प्रयोग भएको छ ।

वेदीमा जल सेचन गर्नुमा द्रव्य एउटै हुनाले मन्त्रको आवृत्ति गरिँदैन । भनिएको छ – '**अवहता एव व्रीहयः पुनरवहन्यन्ते प्रोक्षितेनैव वेदी पुनः प्रोक्ष्यते इति न द्रव्यभेदः**' अर्थात् कुटिएका धान नै फेरि कुटिन्छन् र सेचन गरिएको वेदीमा नै फेरि सेचन गरिन्छ । त्यसकारण अवघात र वेदीप्रोक्षणमा द्रव्यभेद हुँदैन । फेरि कसैले **परिव्याण** अर्थात् होताको मन्त्र **युवासुवासा०** झैं वसु, रुद्र, आदित्यका लागि गरिने भिन्न-भिन्न तर्पण क्रियमाण तर्पणको अनुवाद अथवा पुनरुक्ति भएकाले करणत्व अर्थात् द्रव्यसाधनरूप भेद नभएको वसु आदिको तर्पणमा प्रत्येक अञ्जुलिमा मन्त्रको आवृत्ति गर्न नपर्ने कुरा बताएका छन् । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन किनकि परिव्याण मन्त्रको प्रतिपाद्य यूपद्रव्य एउटै छ । यूपद्रव्यका लागि **परिव्याण०**को सट्टा **परवीरसि०** भन्ने दोस्रो मन्त्र पनि छ । यी दुईमन्त्र हुँदा एकले अर्कोलाई व्यवधान गर्ने आपत्ति आइलाग्ने हुनाले ती दुवै मन्त्रमा करणत्व अर्थात् साधनत्वको योग हुँदैन । त्यसो हुँदा कर्तामा पनि परस्पर भेद हुनाले विकल्पको पनि योग हुँदैन । त्यसकारण **परिव्याण०** मन्त्र पाठ क्रियमाण कर्मको अनुवाद हो । तसर्थ मन्त्रको आवृत्ति हुँदैन । यहाँ त वसु आदिको तर्पणमा करणत्व रहेको छ र हरेक अञ्जुलिमा मन्त्रको आवृत्ति गर्नुपर्छ भन्ने कुरा बौधायनको वचनबाट अवगत हुन्छ ।

कपिलः – **मन्वादिषु युगाद्यासु दर्शसंक्रमणेषु च । पौर्णमास्यां व्यतीपाते दद्यात् पूर्वं तिलोदकम् ।।**
अर्धोदये गजच्छाये षष्ठीषु च महालये । भरण्यां च मघाश्राद्धे तदन्ते तर्पणं विदुः ।।
शौनकः – **मतापित्रोर्मृताहे च परेऽहनि तिलोदकम् । कारुण्याच्छ्राद्धविषये सद्यो दद्यात्तिलोदकम्।।**
एतन्निर्मूलम् ।

कपिलले भनेका छन् – युगादि[७५], मन्वादि[७६], अमावास्या, संक्रान्ति, पूर्णिमा र व्यतीपातमा पहिले तिलोदक दिनुपर्दछ । अर्धोदय[७७], गजच्छाया[७८], कपिला षष्ठी[७९], महालय, भरणी र मघाश्राद्धको अन्त्यमा तर्पण गर्नु भनिएको छ ।

शौनकले भनेका छन् – माता-पिताको मृत्युतिथिमा दोस्रो दिन तिलतर्पण गर्नुपर्दछ । करुणापूर्वक कसैको श्राद्ध गरिएकोछ भने श्राद्धपछि तिलोदक दिनुपर्दछ । ग्रन्थकार भन्दछन् – यो वचन प्रमाणहीन छ ।

तिलतर्पणनिषेधः

अथ तिलतर्पणनिषेधः । गार्ग्यः –

भानौ भौमे त्रयोदश्यां नन्दाभृगुमघासु च । पिण्डदानं मृदा स्नानं न कुर्यात्तिलतर्पणम् ।।

स्मृत्यर्थसारे – '**विवाहव्रतचूडासु वर्षमर्धं तदर्धकम् ।**' अर्धं तदेव । '**वृद्धौ सत्यां च तन्मासि नेत्याहुस्तिलतर्पणम् ।**' हेमाद्रौ मरीचिः –

सप्तम्यां रविवारे च गृहे जन्मदिने तथा । निशासंध्यासु पुत्रार्थी न कुर्यात्तिलतर्पणम् ।।

यत्तु सङ्ग्रहे – **नन्दायां भार्गवदिने कृत्तिकासु मघासु च । भरण्यां भानुवारे च गजच्छायाह्वये तथा।।**

---

७५. कार्तिक शुक्ल पक्षको नवमी, वैशाख शुक्लपक्षको तृतीया, आश्विन कृष्णपक्षको त्रयोदशी, फाल्गुनकृष्ण पक्षको अमावास्या युगादितिथि हुन् ।

७६. आश्विनशुक्ल नवमी, भाद्रशुक्ल तृतीया, चैत्रशुक्ल तृतीया, कार्तिकशुक्ल द्वादशी, आषाढशुक्ल दशमी, ज्येष्ठशुक्ल पूर्णिमा, आषाढ-फाल्गुन-चैत्रका पूर्णिमाहरू, भाद्रको अष्टमी, पौषकृष्ण एकादशी, भाद्र अमावास्या आदि मन्वादितिथि हुन् ।

७७. माघमासमा रविवारका दिन अमावास्या, व्यतीपात र श्रवण नक्षत्रको संयोग हुन्छ भने त्यसलाई अर्धोदययोग भनिन्छ ।

७८. आश्विनमासको पितृपक्षको त्रयोदशीका दिन हस्ता नक्षत्रमा सूर्य र मघा नक्षत्रमा चन्द्रमा भएमा गजच्छाया योग हुन्छ ।

७९. आश्विनकृष्ण पक्षको षष्ठी तिथि मङ्गलवार, रोहिणी नक्षत्र र व्यतीपातयोगले युक्त भएमा कपिलाषष्ठी भनिन्छ ।

अयनद्वितये चैव मन्वादिषु युगादिषु । पिण्डदानं मृदा स्नानं न कुर्यात्तिलतर्पणम् ।।

इति, तच्चिन्त्यम् '**पानीयमप्यत्र तिलैर्विमिश्रं दद्यात् पितृभ्यः प्रयतो मनुष्यः**' इत्यादिविरोधात् ।

तिलतर्पणको निषेध

गार्ग्यले भनेका छन् – आइतवार, मङ्गलवार, शुक्रवार, त्रयोदशीतिथि, नन्दा अर्थात् प्रतिपदा, षष्ठी, एकादशीतिथिमा, मघानक्षत्रमा पिण्डदान गर्न हुँदैन, माटोले नुहाउनु हुँदैन र तिलतर्पण गर्न हुँदैन । **स्मृत्यर्थसार**मा भनिएको छ – विवाह, व्रत र चौलकर्ममा क्रमशः विवाह गरेको एकवर्षसम्म, व्रतमा अर्थात् यज्ञोपवीतमा व्रतसम्पन्न गरेको ६ महिनासम्म र चौलकर्ममा चौलकर्म गरेको तीनमहिनासम्म पिण्डदान, मृत्तिकास्नान र तिल–तर्पण गर्न हुँदैन । वृद्धिश्राद्ध र मासिकश्राद्धमा पनि तिलतर्पण गर्न हुँदैन ।

हेमाद्रिमा **मरीचि**ले भनेका छन् – सप्तमी, रविवार, जन्मदिन, रात्रि र सन्ध्यामा पुत्रकामना गर्ने व्यक्तिले तिलद्वारा तर्पण गर्न हुँदैन । **संग्रह**मा भनिएको छ – प्रतिपदा, षष्ठी, एकादशीतिथि, आइतवार, शुक्रवार, कृत्तिका, मघा र भरणीनक्षत्र, दक्षिणायन र उत्तरायण, गजच्छाया, मन्वादि र युगादिमा पिण्डदान, मृत्तिका स्नान र तिलतर्पण गर्न हुँदैन । ग्रन्थकार भन्दछन्– यो वचन पनि चिन्तनीय छ । किनकि 'मनुष्यले तिलमिश्रित जल आफ्ना पितृहरूका निमित्त सावधानीपूर्वक प्रदान गरोस्' भन्ने शास्त्रीय वचन भएको हुनाले माथिको वचन त्यसको विरुद्ध देखिएको छ ।

तिलतर्पणापवादकथनम्

अत्रापवादः पृथ्वीचन्द्रोदये–

तीर्थे तिथिविशेषे च गयायां प्रेतपक्षके । निषिद्धेऽपि दिने कुर्यात्तर्पणं तिलमिश्रितम् ।।

स्मृत्यर्थसारेऽपि – '**तिथितीर्थविशेषेषु कार्यं प्रेते च सर्वदा ।**' इति । गोभिलः –

तिलाभावे निषिद्धाहे सुवर्णरजतान्वितम् । तदभावे निषिञ्चेत्तु दर्भमन्त्रेण वा पुनः ।।

पतितस्य तिलोदकं वक्ष्यामः ।

तिलतर्पणको अपवाद

तिलतर्पणको अपवादको विषयमा **पृथ्वीचन्द्रोदय**मा भनिएको छ – तीर्थमा, तिथिविशेषमा, गयामा र प्रेतपक्षमा निषिद्ध दिन भएता पनि तिलमिश्रितजलले तर्पण गर्नुपर्दछ । **स्मृत्यर्थसार**मा भनिएको छ – तिथि, तीर्थविशेष र प्रेतकर्ममा सधैं तिलमिश्रित जलले तर्पण दिनुपर्दछ । **गोभिल**ले भनेका छन् – तिलको अभावमा निषिद्धदिनमा जलमा सुवर्ण र चाँदी मिलाएर तर्पण गर्नुपर्दछ । यदि ती पदार्थहरू पनि नपाइएमा कुश वा मन्त्रले तर्पण दिनुपर्दछ । पतितहरूलाई तिलतर्पण दिने विषयमा पछि बताइनेछ ।

वृद्धिश्राद्धनिरूपणम्

अत्र वृद्धिश्राद्धम् । तन्निमित्तं पृथ्वीचन्द्रोदये ब्राह्मे –

जन्मन्यथोपनयने विवाहे पुत्रकस्य च । पितॄन्नान्दीमुखान्नाम तर्पयेद्विधिपूर्वकम् ।।

देवव्रतेषु चाधानयज्ञपुंसवनेषु च । नवान्नभोजने स्नाने ऊढायाः प्रथमार्तवे ।।

देवारामतडागादिप्रतिष्ठासूत्सवेषु च । राजाभिषेके बालान्नभोजने वृद्धिसंज्ञकान् ।।

वनस्थाद्याश्रमं गच्छन् पूर्वेद्युः सद्य एव वा । पितॄन्पूर्वोक्तविधिना तर्पयेत्कर्मसिद्धये ।।

आदिपदात् – संन्यासः ।

वृद्धिश्राद्धनिरूपण

अब वृद्धिश्राद्धको विषयमा चर्चा गरिन्छ । **पृथ्वीचन्द्रोदयमा** वृद्धिश्राद्धसम्बन्धी **ब्रह्मपुराणको** वचन यसप्रकार छ– 'जन्म, उपनयन र पुत्रको विवाहमा नान्दीमुखनाम भएका पितृहरूलाई विधिपूर्वक तर्पण दिनुपर्दछ । वेदव्रतमा, आधानमा, यज्ञ र पुंसवन संस्कारमा, नवान्नभोजनमा अर्थात् प्रथमाग्रयणमा, समावर्तनमा, विवाहित स्त्रीको प्रथमरजोदर्शनमा, देवता, तलाउ, बगैंचा आदिको प्रतिष्ठाकर्ममा, उत्सवमा, राज्याभिषेकमा, बालकहरूको अन्नप्राशनमा र वानप्रस्थ आदि आश्रममा प्रवेश गर्ने समयमा पहिलो दिन वा त्यसैदिन कर्मसिद्धिका लागि पितृहरूलाई विधिपूर्वक तर्पण दिएर तृप्त गराउनुपर्दछ ।' यहाँ माथिको वाक्यमा '**आदि**' पदको प्रयोग छ त्यसबाट वानप्रस्थबाट संन्यासाश्रममा जाँदा पनि तर्पण दिनुपर्ने अर्थ गर्नुपर्दछ।

विष्णुपुराणे – **यज्ञोद्वाहप्रतिष्ठासु मेखलाबन्धमोक्षयोः । पुत्रोत्पत्तौ वृषोत्सर्गे वृद्धिश्राद्धं समाचरेत्।।**

तत्रैव – '**नामकर्मणि बालानां चूडाकर्मादिके तथा ।**' इत्युक्तेर्निष्क्रमान्नप्राशनयोर्न श्राद्धमिति मैथिलाः । तन्न। पूर्वोक्तविरोधात् '**नानिष्ट्वा**' इति निषेधात् । '**सुतोत्पत्तौ तथा श्राद्धे अन्नप्राशनिके तथा ।**' इति राजमार्तण्डाच्च। यत्तु छन्दोगपरिशिष्टम् – '**सूर्येन्द्वोः कर्मणी ये च तयोः श्राद्धं न विद्यते ।**' इति, तत्तेषामेवेति कल्पतरुः ।

विष्णुपुराणमा भनिएको छ – 'यज्ञ, विवाह र देवता आदिको प्रतिष्ठामा मेखलाबन्धन र मेखलामोक्षमा, पुत्रोत्पत्तिमा र वृषोत्सर्ग गर्दा वृद्धिश्राद्ध गर्नुपर्दछ । **विष्णुपुराणमा** नै भनिएको छ – बालकहरूको नामकरण, चूडाकर्म आदिमा वृद्धिश्राद्ध गर्नुपर्दछ ।' यस्तो भनिएकाले निष्क्रमण र अन्नप्राशनमा वृद्धिश्राद्ध गर्न हुँदैन भनी **मैथिलहरू** बताउँछन् । यो उचित छैन । किनकि पूर्ववचनसँग विरोध पर्दछ । हरेक कर्मलाई '**नानिष्ट्वा**' अर्थात् कुनै पनि माथि बताइएका कार्य वृद्धिश्राद्ध नगरीकन गर्न हुँदैन भनी निषेध गरिएको छ । **राजमार्तण्डमा** भनिएको छ कि – पुत्रोत्पत्ति र अन्नप्राशनमा वृद्धिश्राद्ध गर्नुपर्दछ । **छन्दोगपरिशिष्टमा** भनिएको छ – सूर्य र चन्द्रमासम्बन्धी जति पनि कर्म गरिन्छन् तिनमा वृद्धिश्राद्ध गर्नुपर्दैन । **कल्पतरुको** वचनअनुसार – यो छन्दोगहरूका निमित्त गरिएको व्यवस्था हो ।

बह्वृचकारिकायाम् – **स्यादाभ्युदयिकं श्राद्धं वृद्धिपूर्तेषु कर्मसु । पुंसः सवनसीमन्तचौलोपनयनेष्विह।।**
विवाहे चानलाधेयप्रभृतिश्रौतकर्मणि । इदं श्राद्धं प्रकुर्वन्ति द्विजा वृद्धिनिमित्तकम् ।।
अन्यैः षोडशसंस्कारश्रावण्यादिष्वपीष्यते । वाप्याद्युद्यापनादौ तु कुर्युः पूर्तनिमित्तकम् ।।
बोपदेवकालादर्शौ –
सीमन्तव्रतचौलनामकरणान्नप्राशनोपायनस्नानाधानविवाहयज्ञतनयोत्पत्तिप्रतिष्ठासु च ।
पुंसूत्यावसथप्रवेशनसुताद्यास्यावलोकाश्रमस्वीकारक्षितिपाभिषेकदयिताद्यर्तौ च नान्दीमुखम्।।
यत्तु कामधेनौ – **जलाशयप्रतिष्ठायां वृषोत्सर्गादिकर्मसु । वत्सराभ्यन्तरे पित्रोर्वृषस्योत्सर्गकर्मणि।।**
वृद्धिश्राद्धं न कुर्वीत तदन्यत्र समाचरेत् ।। इति । तत्र जलाशये वृद्धिश्राद्धस्य निषेधो न तु कर्माङ्गस्येति केचित् । अन्ये त्वस्य निर्मूलतामाहुः ।

बह्वृचकारिकामा भनिएको छ – वृद्धि र पूर्तकर्महरूमा अर्थात् पुंसवन, सीमन्त, चौल र उपनयनमा आभ्युदयिकश्राद्ध

गरिन्छ । विवाह र अग्न्याधान आदि श्रौतकर्महरूमा वृद्धिनिमित्तक आभ्युदयिकश्राद्ध गरिन्छ । अरू द्विजहरूले सोह्र संस्कार, श्रावणी आदिमा पनि वृद्धिश्राद्ध गर्नुपर्दछ भनेका छन् । कुवा, तलाउ आदिको उद्यापनमा त पूर्तनिमित्तक वृद्धिश्राद्ध गर्नुपर्दछ । **बोपदेव** र **कालादर्श**मा भनिएको छ – सीमन्त, व्रत, चौल, नामकरण, अन्नप्राशन, उपायन अर्थात् शिष्य बन्ने कर्म, स्नान, आधान अर्थात् अग्निस्थापना, विवाह, यज्ञ, पुत्रजन्म र देवता आदिको प्रतिष्ठा, पुंसवन, गृहप्रवेश, पुत्रको प्रथम मुखदर्शन, आश्रमस्वीकार, राज्याभिषेक र प्रथमऋतुदर्शनमा नान्दीमुखश्राद्ध गर्नुपर्दछ ।

कामधेनुमा भनिएको छ – जलाशयको प्रतिष्ठा र वृषोत्सर्गजस्ता कर्म, संवत्सरको मध्य तथा पिता र माताको वृषोत्सर्गमा वृद्धिश्राद्ध गर्न हुँदैन । यीबाहेक अरू कर्ममा गर्नुपर्दछ । यहाँ जलाशयको प्रतिष्ठामा पनि वृद्धिश्राद्धको निषेध गरिएको छ । यसबारे कसैले भनेका छन् – वृद्धिश्राद्धको निषेध होइन, जलाशयको प्रतिष्ठाकर्मको अङ्ग बनाएर कर्मसम्पादन गर्ने प्रक्रियाको निषेध हो । अरूले यसलाई निर्मूल मानेका छन् ।

श्राद्धकौमुद्यां निर्णयामृते च मात्स्ये –

अन्नप्राशे च सीमन्ते पुत्रोत्पत्तिनिमित्तके । पुंसवे च निषेके च नववेश्मप्रवेशने ।।

देववृक्षजलादीनां प्रतिष्ठायां विशेषतः । तीर्थयात्रावृषोत्सर्गे वृद्धिश्राद्धं प्रकीर्तितम् ।।

इदं चावश्यकम् ।

वृद्धौ न तर्पिता ये वै पितरो गृहमेधिभिः । तद्धीनमफलं ज्ञेयमासुरो विधिरेव सः ।।

इति शातातपोक्तेः ।

श्राद्धकौमुदी र **निर्णयामृत**मा उद्धृत गरिएको **मत्स्यपुराण**को वचनमा भनिएको छ – अन्नप्राशन, सीमन्त, पुत्रोत्पत्तिनिमित्तक पुंसवन, गर्भाधान, नयाँ घरमा प्रवेश, देवता, वृक्ष, जल आदिको प्रतिष्ठा, तीर्थयात्रा र वृषोत्सर्गमा वृद्धिश्राद्ध गर्नुपर्छ भनिएको छ । ग्रन्थकार भन्दछन् – यो आवश्यक विषय हो ।

उक्त मत समर्थन गर्दै **शातातप**ले भनेका छन् – 'जुन गृहस्थहरूले वृद्धिश्राद्ध गरेर पितृहरूलाई तृप्त तुल्याउँदैनन् तिनीहरूले कर्मको फल प्राप्त गर्दैनन् । तिनले स्वीकार गरेको विधि राक्षसविधि हो ।'

नान्दीश्राद्धविचारः

अत्र श्राद्धत्रयं स एवाह –

मातृश्राद्धं तु पूर्वं स्यात्पितॄणां तदनन्तरम् । ततो मातामहानां च वृद्धौ श्राद्धत्रयं स्मृतम् ।।

तत्कालमाह पृथ्वीचन्द्रोदये गार्ग्यः –

मातृश्राद्धं तु पूर्वेद्युः कर्माहनि तु पैतृकम् । मातामहं चोत्तरेद्युर्वृद्धौ श्राद्धत्रयं स्मृतम् ।।

अत्राप्यशक्तौ स एव –

पृथक्दिनेष्वशक्तश्चेदेकस्मिन् पूर्ववासरे । श्राद्धत्रयं प्रकुर्वीत वैश्वदेवं तु तान्त्रिकम् ।। इति ।

नान्दीश्राद्धको विचार

शातातपले नै भनेका छन् – वृद्धिश्राद्ध भनेर तीनकिसिमका श्राद्धहरू हुन्छन् – सर्वप्रथम माता आदिको श्राद्ध त्यसपछि पिता आदिको श्राद्ध त्यसपछि मातामह आदिको श्राद्ध । यसरी वृद्धिश्राद्ध तीनप्रकारको मानिएको छ ।

श्राद्धहरूको समय बताउँदै **पृथ्वीचन्द्रोदयमा गार्ग्य**ले भनेका छन् – मातृश्राद्ध पूर्वाह्णकालमा गर्नुपर्दछ, पितृश्राद्ध मध्याह्नकालमा गर्नुपर्दछ र मातामहश्राद्ध अपराह्णकालमा गर्नुपर्दछ । यसरी वृद्धिमा तीनप्रकारका श्राद्ध गरिन्छन् । ती श्राद्धहरूको समय निरूपण गर्दै **वृद्धशातातप**ले भनेका छन् – पूर्वाह्णमा माताको श्राद्ध गरिन्छ, मध्याह्नमा पिताको श्राद्ध गरिन्छ र अपराह्णमा मातामहको श्राद्ध गरिन्छ । यसरी वृद्धिश्राद्ध गर्दा तीनथरि श्राद्धहरू सम्पन्न गरिन्छन् । ती श्राद्ध गर्न सामर्थ्य नभएमा के गर्ने भन्ने प्रश्नको उत्तर दिँदै उनैले भनेका छन् – तीनप्रकारका श्राद्ध एकै दिन गर्न सामर्थ्य नभएमा अलग–अलग दिनमा ती श्राद्ध सम्पन्न गर्नुपर्दछ र वैश्वदेवश्राद्ध तन्त्रद्वारा सम्पन्न गर्नुपर्दछ ।

वृद्धमनुरपि – **अलाभे भिन्नकालानां नान्दीश्राद्धत्रयं बुधः । पूर्वेद्युर्वै प्रकुर्वीत पूर्वाह्णे मातृपूर्वकम् ।।**

अत्र **'महत्सु पूर्वेद्युस्तदहरल्पेषु'** इति गृह्यपरिशिष्टाद्व्यवस्था ज्ञेया । तच्च प्रातरेव । **'पार्वणं चापराह्णे तु प्रातर्वृद्धिनिमित्तकम् ।'** इति शातातपोक्तेः । अत्र प्रातःशब्दः सार्धप्रहरपरः । **'प्रहरोऽप्यर्धसंयुक्तः प्रातरित्यभिधीयते।'** इति गार्ग्योक्तेरिति पृथ्वीचन्द्रः । इदं च पुत्रजन्मातिरिक्तविषयम् । तदाहात्रिः –

पूर्वाह्णे वै भवेद् वृद्धिर्विना जन्मनिमित्तकम्। पुत्रजन्मनि कुर्वीत श्राद्धं तात्कालिकं बुधः।।

इति । एतदनियतनिमित्तपरम् ।

नियतेषु निमित्तेषु प्रातर्वृद्धिनिमित्तकम् । तेषामनियतत्वे तु तदानन्तर्यमिष्यते ।।

इति लौगाक्षिस्मृतेः । आधानाङ्गं नान्दीश्राद्धं त्वपराह्ण एव ।

वृद्धमनुले भनेका छन् – भिन्न–भिन्न समयको प्राप्ति नहुँदा ती तीनप्रकारका नान्दीश्राद्धहरूलाई विद्वान्ले पहिलो दिन पूर्वाह्णमा मातृश्राद्धपूर्वक गरोस् । यहाँ धेरैको मतमा पहिलो दिन भन्ने छ र थोरैको मतमा उसै दिन गर्नुपर्दछ भन्ने छ। यस्तो अवस्थामा गृह्यपरिशिष्टको व्यवस्थाअनुसार गर्नुपर्दछ । वृद्धिश्राद्ध प्रातःकालमा हुन्छ, पार्वणश्राद्ध अपराह्णमा गरिन्छ भन्ने कुरा **शातातप**ले बताएका छन् । यहाँ प्रातःकालमा गरिन्छ भन्नुको तात्पर्य डेढ प्रहरलाई प्रातःकाल भनिएको हो । आधाप्रहर र एकप्रहरले युक्त भएको काललाई प्रातःकाल भनिन्छ भन्ने कुरा **स्मृति**हरूमा बताइएको छ । यस्तो प्रातःकालमा गरिने वृद्धिश्राद्ध पुत्रजन्मबाहेक अन्य माङ्गलिक कर्मका लागि हो ।

अत्रिले भनेका छन् – जन्मनिमित्तकश्राद्धलाई छाडेर अरू वृद्धिश्राद्ध पूर्वाह्णमा गर्नुपर्दछ । पुत्रजन्म हुँदा विद्वान्ले त्यसै वखत श्राद्ध गर्नुपर्दछ । पुत्रजन्म हुँदा गरिने श्राद्धमा समय आदिको कुनै नियम छैन । **लौगाक्षिस्मृति**मा भनिएको छ – नियतनिमित्तमा प्रातःकालमा गर्नुपर्दछ, अनियतनिमित्तमा प्रातःकालपछि गर्नुपर्दछ । आधानको अङ्ग नान्दीश्राद्ध भएमा अपराह्णमा गर्नुपर्दछ ।

आमश्राद्धं तु पूर्वाह्णे सिद्धान्नेन तु मध्यतः । पार्वणं चाऽपराह्णे तु वृद्धिश्राद्धं तथाग्निकम् ।।

इति निर्णयामृते गालवोक्तेः । **नान्दीमुखाह्वयं प्रातराब्दिकं त्वपराह्णतः ।'** इति विष्णूक्तेश्च । इदं च मातृपितृमातामहादि–क्रमेण नवदैवत्यं कार्यम् । तत्र मातामहाः सपत्नीकाः । **वृद्धप्रमातामहप्रमातामहमातामहानां सपत्नीकानाम्'** इति पृथ्वीचन्द्रोदये गारुडे गद्यरूपेण पाठात् । हेमाद्रौ शङ्खः – **'नान्दीमुखे सत्यवसू सङ्कीर्त्यौ वैश्वदेविके ।'**

वृद्धपराशरः – **नान्दीमुखेभ्यो देवेभ्यः प्रदक्षिणकुशासनम् । पितृभ्यस्तन्मुखेभ्यश्च प्रदक्षिणमिति स्मृतिः।।**

निर्णयामृतमा गालवले भनेका छन् – आमान्नद्वारा गरिने श्राद्ध पूर्वाह्णमा, सिद्धान्नद्वारा गरिने श्राद्ध मध्याह्नमा, पार्वणश्राद्ध अपराह्णमा र अग्निहोत्र लिएका मानिसले गर्ने वृद्धिश्राद्ध पनि अपराह्णमा गर्नुपर्दछ । **विष्णु**ले भनेका छन् – नान्दीमुखश्राद्ध प्रातःकालमा र आब्दिकश्राद्ध अपराह्णमा गर्नुपर्दछ । वृद्धिश्राद्ध गर्दा माता, पिता एवं मातामहको क्रमले नौदेवता अर्थात् नौपितृ

भएको श्राद्ध गर्नुपर्दछ । यहाँ मातामह आदिको श्राद्ध पत्नीसहित गर्नुपर्दछ । '**वृद्धप्रमातामह-प्रमातामह-मातामहानां सपत्नीकानाम्**' यस्तो **गरुडपुराण**को गद्यपाठ **पृथ्वीचन्द्रोदय**मा उद्धृत गरिएको छ ।

हेमाद्रिमा **शङ्ख**ले भनेका छन् – नान्दीमुखश्राद्धमा सत्य र वसु विश्वेदेव हुन्छन् । **वृद्धपराशर** भन्दछन् – नान्दीमुखश्राद्धमा देवताहरूका निमित्त प्रदक्षिणक्रमले अर्थात् सव्यक्रमले कुशासन दिनुपर्दछ । प्रधान पितृदेवताहरूका निमित्त पनि प्रदक्षिणक्रमले नै आसन दिनुपर्दछ ।

यत्तु वृद्धवसिष्ठः – **नान्दीमुखे विवाहे च प्रपितामहपूर्वकम् । नाम सङ्कीर्तयेद्विद्वानन्यत्र पितृपूर्वकम्।।**

यच्च स्मृत्यर्थसारे – '**वृद्धमुख्यास्तु पितरो वृद्धिश्राद्धेषु भुञ्जते**' इति । यच्च गारुडे – **व्युत्क्रमप्रतिपादनं तच्च शाखान्तरविषयम्** । '**पितृभ्यः पितामहेभ्यः प्रपितामहेभ्यः**' इति बह्वृचपरिशिष्टे कात्यायनेन चानुलोम्याम्नातात्। पृथ्वीचन्द्रोदयेऽप्येवम् । यत्तु केचिद् वृद्धिपदं पित्रादिषु प्रयुञ्जते । तन्न ।

अनस्मद्वृद्धिशब्दानामरूपाणामगोत्रिणाम् । अनाम्नामतिलाद्यैश्च नान्दीश्राद्धं तु सव्यवत्।।

इति पृथ्वीचन्द्रोदये संग्रहोक्तेः । न च निषेधादेव विधिः कल्प्यत इति वाच्यम् । प्रौष्ठपदीश्राद्धे प्रपितामहात्परेषां वृद्धपित्रादीनां देवतात्वान्नान्दीश्राद्धत्वसामान्येनेहापि तत्प्राप्तौ निषेधात् । गोत्रनामादिनिषेधस्तु – '**शुभार्थी प्रथमान्तेन वृद्धौ सङ्कल्पमाचरेत् ।**' इत्युपक्रम्य '**अनस्मद्वृद्धशब्दानाम्**' इत्युक्तेः सङ्कल्पश्राद्धपरः । '**सपिण्डके तु सर्वं भवति** इति प्रयोगपारिजातात् । '**गोत्रनामभिरामन्त्र्य पितृभ्योऽर्घ्यं प्रदापयेत् ।**' इति छन्दोगपरिशिष्टे तद्विधानात्।

वृद्धवसिष्ठले भनेका छन् – नान्दीमुख र विवाहमा प्रपितामहदेखि लिएर पितासम्म उच्चारणको क्रम बनाउनुपर्दछ। अन्य श्राद्धमा पितादेखि लिएर प्रपितामहसम्मको क्रम निर्धारण गर्नुपर्दछ । **स्मृत्यर्थसार**मा भनिएको छ – वृद्धिश्राद्धहरूमा वृद्ध अर्थात् मुख्य पितृहरूले भोजन गर्दछन् । **गरुडपुराण**मा जुन प्रपितामहदेखि पितासम्मको विपरीत क्रम बताइएको छ त्यो अरू शाखाका निमित्त हो । '**पितृभ्यः पितामहेभ्यः प्रपितामहेभ्यः**' भनेर **बह्वृचपरिशिष्ट**मा **कात्यायन**ले अनुलोम पद्धतिअनुसार कर्म गर्नुपर्ने कुरा बताएका छन् ।

पृथ्वीचन्द्रोदयमा पनि त्यही कुरा बताइएको छ । **पृथ्वीचन्द्रोदय**मा भनिएको छ कि – कसैले पिता आदिका निमित्त पनि वृद्धिशब्दको प्रयोग गर्छन् त्यो उचित होइन । जसमा वृद्धिशब्दप्रयोग गरिँदैन, रूप, गोत्र, नाम हुँदैन तिनीहरूको नान्दीश्राद्ध तिलप्रयोग नगरीकन सव्य भएर गर्नुपर्दछ । कसैले भन्दछन् कि निषेधबाट विधिको कल्पना गर्नुपर्दछ । यो भनाइ उचित छैन । प्रौष्ठपदी अर्थात् भाद्रपूर्णिमामा गरिने श्राद्धमा प्रपितामहदेखि परका वृद्धपिताहरू देवता हुने हुनाले त्यो श्राद्ध नान्दीश्राद्धसमान हुन्छ । त्यसकारण गोत्र, नामरूप भएका पिता–पितामह र प्रपितामहका लागि वृद्धिशब्दको प्रयोग गर्न निषेध गरिएको छ । गोत्र, नाम आदिको निषेधमा त मङ्गल चाहने मानिसले वृद्धिश्राद्धमा प्रथमान्त पद उच्चारण गरी सङ्कल्प भन्नुपर्दछ । यसरी सङ्कल्पवाक्य आरम्भ गरेर '**अनस्मद्वृद्धशब्दानां**' यसो भनीकन गरिने श्राद्ध सङ्कल्पश्राद्ध हो । सपिण्डनमा त सबैका नाम, गोत्रहरूको उच्चारण गरिन्छ भन्ने कुरा **प्रयोगपारिजात**मा बताइएको छ । **छन्दोगपरिशिष्ट**मा गोत्र र नामले आमन्त्रण गरेर पितृहरूलाई अर्घ्य दिनुपर्दछ भनिएको छ ।

यत्तु ब्राह्मे – **पिता पितामहश्चैव तथैव प्रपितामहः । त्रयो ह्यश्रुमुखा ह्येते पितरः परिकीर्तिताः ।।**
तेभ्यः पूर्वतरा ये च प्रजावन्तः सुखैधिताः । ते तु नान्दीमुखा नान्दी समृद्धिरिति कथ्यते ।। इति ।

यच्च मार्कण्डेयपुराणे – '**ये स्युः पितामहादूर्ध्वं ते तु नान्दीमुखाः स्मृताः ।**' इति तज्जीवत्पित्रादित्रिककर्तृकवृद्धिश्राद्धविषयम् । तेन तस्येदमावश्यकम् । यत्तु विष्णुः – '**पितरि पितामहे प्रपितामहे च जीवति नैव**

कुर्यात्' इति तद्दर्शादिविषयमिति कल्पतरुः । मदनपारिजातेऽप्येवम् । हेमाद्रिस्तु –

नान्दीमुखानां श्राद्धं तु कन्याराशिगते रवौ । पौर्णमास्यां तु कर्तव्यं वराहवचनं यथा ।।

इति प्रौष्ठपदीश्राद्धैकवाक्यत्वात्तत्रैव पूर्वेषां देवतात्वमित्याह । अत्र सत्यवसू विश्वेदेवावित्युक्तं प्राक् ।

यत्तु शातातपः – '**मातुः श्राद्धे तु युग्मैः स्याददैवं प्राङ्मुखैः पृथक् ।**' इति, तद्भिन्नप्रयोगमातृश्राद्धपरम्। यच्च मार्कण्डेयपुराणे – '**विश्वेदेवविहीनं तु केचिदिच्छन्ति मानवाः ।**' इति, तद्भिन्नप्रयोगमातृश्राद्धभिन्नश्राद्धद्वये विश्वेदेवविकल्पार्थम् । **प्रयोगैक्ये तु देवनियमः** इति हेमाद्रिः । एतच्च मातृपूजापूर्वकं कार्यम् ।

अकृत्वा मातृयागं तु यः श्राद्धं परिवेषयेत् । तस्य क्रोधसमाविष्टा हिंसामिच्छन्ति मातरः ।।

इति शातातपोक्तेः । कौर्मेऽपि –

पुष्पैर्धूपैः सनैवेद्यैर्गन्धाद्यैर्भूषणैरपि । पूजयित्वा मातृगणं कुर्याच्छ्राद्धत्रयं बुधः ।।

ब्रह्मपुराणमा भनिएको छ कि – पिता, पितामह र प्रपितामह यी तीनपितृहरूलाई अश्रुमुख पितृ भनिन्छ । तीभन्दा पहिलेका जुन पितृहरू हुन्छन् तिनीहरूलाई सुखवृद्धिले युक्त भएका कारण नान्दीमुख भनिन्छ । वास्तवमा नान्दीको अर्थ समृद्धि हो । ती पितृहरू समृद्धिमा पुगेका हुन्छन् । तिनीहरूले सुख प्राप्त गरेका हुन्छन् । त्यसकारण तिनीहरूको नाम सुखवृद्धिको अर्थ बुझाउने नान्दीमुख हो । **मार्कण्डेयपुराण**मा भनिएको छ – पितामहपछिका पितृलाई नै नान्दीमुख भन्नुपर्दछ । यस सम्बन्धमा ग्रन्थकार भन्दछन् – यो भनाइ पिता जिउँदै रहेका व्यक्तिले गर्ने वृद्धिश्राद्धका निमित्तमात्र हो किनकि उसलाई त्यो आवश्यक हुन्छ। **विष्णुले** भनेका छन् – पिता, पितामह र प्रपितामहको जीवित अवस्थामा श्राद्ध गर्नु हुँदैन । **कल्पतरु**मा भनिएको छ – यो अमावास्या आदिमा गरिने श्राद्धका लागि गरिएको व्यवस्था हो । **मदनपारिजात**मा पनि यही कुरा लेखिएको छ ।**हेमाद्रि** भन्दछन् – कन्याराशिमा सूर्य जाँदा पूर्णिमातिथिमा नान्दीमुख पितृहरूको श्राद्ध गर्नुपर्दछ भन्ने कुरा वराहले बताएका छन् । भाद्रपदको पूर्णिमामा श्राद्धको एकवाक्यताका कारण पितामहपछिका पितृलाई देवता मानिएको छ । नान्दीमुखश्राद्धमा सत्य र वसु विश्वेदेव हुन्छन् भन्ने कुरा पहिले बताइसकिएको छ ।

शातातपले भनेका छन् – माताको श्राद्ध पूर्वतिर फर्केका दुईब्राह्मणद्वारा छुट्टै सम्पादन गरिन्छ । त्यसमा विश्वेदेव हुँदैनन् । माताको श्राद्धका निमित्तमात्र गरिएको यो भिन्न प्रयोग हो । **मार्कण्डेयपुराण**मा भनिएको छ – कुनै मानिसले श्राद्ध गर्दा विश्वेदेव नराखीकन गर्न चाहन्छन् । यो प्रयोग मातृश्राद्धदेखि बाहेकका अरू श्राद्धका निमित्त हो । माता–पिता आदिको सँगै श्राद्ध गर्दा पार्वण आदिमा त विश्वेदेवको आवश्यकता हुन्छ भन्ने कुरा **हेमाद्रि**ले भनेका छन् । यसरी मातासमेत पितृहरूको श्राद्ध गर्दा पहिले मातृकागणको पूजा गरेर गर्नुपर्दछ । जसले मातृकागणको पूजा नगरीकन श्राद्ध गर्दछन् र त्यसमा भोजन पस्किने काम गर्दछन् भने रिसाएका मातृकाहरूले श्राद्ध गर्ने कर्ताको हिंसा गर्ने इच्छा गर्दछन् भन्ने कुरा पनि **शातातप**ले बताएका छन् । **कूर्मपुराण**मा भनिएको छ – पुष्प, धूप, नैवेद्य, गन्ध, भूषण आदि समर्पण गरेर मातृकागणको पूजा गरेपछि तीनथरि वृद्धिश्राद्ध गर्नुपर्दछ ।

कर्मादिषु मातॄणां पूजनम्

छन्दोगपरिशिष्टे – **कर्मादिषु तु सर्वेषु मातरः सगणाधिपाः । पूजनीयाः प्रयत्नेन पूजिताः पूजयन्ति ताः ।।**
प्रतिमासु च शुद्धासु लिखिता वा पटादिषु । अपि वाक्षतपुञ्जेषु नैवेद्यैश्च पृथग्विधैः ।।

कर्महरूको आरम्भमा मातृकापूजन

छन्दोगपरिशिष्टमा भनिएको छ – सबै कर्म गर्दा आरम्भमा गणेशसहित मातृकाहरूको प्रयत्नपूर्वक पूजा गर्नुपर्दछ। यसरी तिनीहरूको पूजा गर्दा तिनले पनि कर्तालाई आशीर्वाद दिएर मङ्गल गर्दछन् । शुद्ध एवं पवित्रप्रतिमा बनाएर अथवा रेशमी कपडामा चित्र लेखेर अथवा अक्षतपुञ्जमा स्थापना गरी अलग–अलग नैवेद्य टक्र्याई मातृकापूजा गर्नुपर्दछ ।

वसोर्धाराकरणम्

कुड्यलग्नां वसोर्धारां सप्तधारां घृतेन तु । कारयेत्पञ्चधारां वा नातिनीचां नचोच्छ्रिताम् ।।

वसुधाराविधान

घरको भित्तामा घ्यूले सातधारा अथवा पाँचधारा लगाएर वसुधाराकर्म सम्पन्न गर्नुपर्दछ । घृतधारा लगाउँदा त्यो साह्रै तल र साह्रै माथि पनि हुनुहुँदैन ।

शान्त्यर्थमायुष्यमन्त्रजपविधानम्

आयुष्याणि च शान्त्यर्थं जप्त्वा तत्र समाहितः । षड्भ्यः पितृभ्यस्तदनु श्राद्धदानमुपक्रमेत् ।।

अत्र सर्वेष्विति ग्रहणाद् ग्रहयज्ञतद्विकारेष्वपि नित्यं श्राद्धम् । **'नानिष्ट्वा तु पितॄन् श्राद्धे कर्म किञ्चित्समाचरेत्।'** इति शातातपोक्तेश्च । इयं च वसोर्धारा तच्छाखीयानां नियता, अन्येषां त्वनियता । **'बह्वल्पं वा स्वगृह्योक्तम्'** इत्युक्तेः । करणे त्वभ्युदयः । **'यन्नाम्नातं स्वशाखायाम्'** इत्युक्तेः । आयुष्याणि **'आनोभद्राः'** इत्यादीनि । षड्भ्य इति मात्रादित्रिकोपलक्षणमिति पृथ्वीचन्द्रोदयः । छन्दोगानां षड्दैवत्यमन्येषां नवदैवत्यमित्याशार्कः । मम तु मतं कोकिलमतानुसारिणां मातृमातामहप्रमातामहा इति मात्रा सहैव मातामहश्राद्धकरणात् तद्विषयमिदं षड्भ्य इति ।

शान्तिका लागि आयुष्य मन्त्रको जप

'वसुधारा सम्पन्न गरेपछि सावधानीपूर्वक शान्तिका निमित्त आयु बढाउने मन्त्रहरूको पाठ गरेर ६ पितृहरूका निमित्त श्राद्ध आरम्भ गर्नुपर्दछ ।' **कर्मादिषु मातृणां पूजनम्** शीर्षकअन्तर्गत सबै कर्ममा भन्ने अर्थमा **कर्मादिषु तु सर्वेषु** इत्यादि पद्यमा **सर्वेषु** पदको ग्रहण गरिएकाले ग्रहयज्ञमा पनि यस्तै गर्नुपर्दछ भनिएको हो ।

शातातपले भनेका छन् – पितृहरूको अर्चना नगरीकन श्राद्धमा कुनै पनि कर्म गर्नुहुँदैन । यो वसुधारा जसको शाखामा निर्धारित गरिएको छ तिनीहरूले गर्नुपर्दछ, अरूले गर्नु अनिवार्य छैन । उनीहरूले त आफ्नै गृह्यसूत्रमा बताएको धेरै वा थोरै जे कर्म छ त्यही नै गर्नुपर्दछ । तर आफ्नो शाखामा विधान नगरिएता पनि वसुधारा गर्दा कल्याणै हुन्छ । आयुष्यमन्त्र **'आनो भद्रा०** आदि ६ मन्त्र हुन् । यो मन्त्रको पाठ माताका श्राद्धको उपलक्षण हो भनी **पृथ्वीचन्द्रोदयमा** बताइएको छ । **आशार्कमा** भनिएको छ – 'छन्दोगशाखाहरूका अनुयायीहरूको श्राद्धमा ६ देवता हुन्छन् भने अरूको श्राद्धमा नौदेवता हुन्छन् ।' ग्रन्थकार भन्दछन् – मेरो मतमा कोकिलमतअनुसार मातामहपक्षको श्राद्ध नगरिने हुनाले ६ देवता हुन्छन् र तिनीहरूको समेत श्राद्ध गर्दा नौदेवता हुन्छन् ।

मातृणां नामानि

मातरस्तत्रैवोक्ताः – **गौरी पद्मा शची मेधा सावित्री विजया जया । देवसेना स्वधा स्वाहा मातरो लोकमातरः।।**

धृतिः पुष्टिस्तथा तुष्टिरात्मदेवतया सह । गणेशेनाधिका ह्येता वृद्धौ पूज्याश्चतुर्दश ।।

मातरो लोकमातर इति सर्वविशेषणम्, तेन चतुर्दशत्वम् । यदा षोडशेति पाठस्तदा देवतान्तरम् ।

मातृकाहरूको नामावली

शातातपले नै मातृकाहरूको नामको उल्लेख गर्दै भनेका छन् – गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, धृति, पुष्टि, तुष्टि र आत्मदेवता गरी १४ मातृका हुन्छन्, यिनमा माता र लोकमाता समेतलाई गणना गर्दा १६ मातृका हुन्छन् । यी गणेशभन्दा पनि पूज्य छन् र वृद्धिश्राद्धमा यिनीहरूको पूजा गर्नुपर्दछ । कसैले भन्दछन् – माता र लोकमाता यी सबै मातृकाका विशेषण हुन् त्यसकारण चौधको संख्या नै उचित हो । यदि सोह्रवटा मातृका स्वीकार गर्ने हो भने सबैलाई छुट्टाछुट्टै देवता मान्नुपर्नेछ ।

चन्द्रिकामते मातृनामविचारः

चन्द्रिकायां चतुर्विंशतिमते त्वन्या उक्ताः –

तिस्रः पूज्याः पितुः पक्षे तिस्रो मातामहे तथा । इत्येता मातरः प्रोक्ताः पितुर्मातुः स्वसाष्टमी ।।

आसां जीवने प्रत्यक्षपूजनम् । मृतानां त्वक्षतपुञ्जेष्विति हेमाद्रिः ।

ब्रह्माण्याद्यास्तथा सप्त दुर्गाक्षेत्रगणाधिपान् । वृद्ध्यादौ पूजयित्वा तु पश्चान्नान्दीमुखान् पितॄन्।।

मातृपूर्वान् पितॄन् पूज्य ततो मातामहानपि । मातामहीस्ततः केचिद्युग्मा भोज्या द्विजातयः ।।

इति । अत्र द्वादशदैवतस्य देशाचाराद् व्यवस्था । ब्रह्माण्याद्या अपरार्के उक्ताः –

ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा । वाराही च तथेन्द्राणी चामुण्डा सप्त मातरः ।।

चन्द्रिकाको मतमा मातृकाका नामहरूको विचार

चन्द्रिका र **चतुर्विंशतिमतमा** अरू प्रकारका माताहरूको निरूपण गरिएको छ । तिनीहरूको भनाइअनुसार पिताको पक्षका तीन, मातामहको पक्षका तीन गरी छमाताहरू, पिता र माताका दिदी–बहिनीहरूको समेत गर्दा आठमाताहरू हुन्छन् । यिनीहरूको जीवनमा प्रत्यक्ष पूजा गरिन्छ । मरेकाहरूको अक्षताको पुञ्जमाथि पूजा गर्नुपर्दछ भनेर **हेमाद्रिमा** भनिएको छ । ब्रह्माणी आदि सातदुर्गा, क्षेत्रपाल र गणपति यिनीहरूको वृद्धिश्राद्धमा पूजा गरेर नान्दीमुखको पूजा गर्नुपर्दछ । त्यसपछि मातृपूर्वक पिता र मातामह आदि तीनपितृहरूको पूजा गर्नुपर्दछ । कसैले युग्मब्राह्मणभोजन गराउनुपर्दछ भनेका छन् । यहाँ त १२ देवता भएको वृद्धिश्राद्धको देशाचारअनुसार व्यवस्था गरिएको छ । ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी र चामुण्डा गरी सातमाता हुन्छन् भनी **अपरार्कमा** बताइएको छ । (**याज्ञिकले** भनेका छन् – यिनीहरूको वसुधारा गर्दा पूजा गर्नुपर्दछ ।)

चौलादीनां यौगपद्ये विचारः

अत्र चौलादीनां यौगपद्ये तन्त्रतोक्ता छन्दोगपरिशिष्टे –

गणशः क्रियमाणानां मातृभ्यः पूजनं सकृत् । सकृदेव भवेच्छ्राद्धमादौ न पृथगादिषु ।।

'मातृभ्यः' इति षष्ठ्यर्थे चतुर्थी। गणशः – एकानेकपुत्राणां संस्कारेष्वेकदिने एकदेशकालकर्तैक्यादित्यर्थः। तथा–

असकृद्यानि कर्माणि क्रियेरन् कर्मकारिभिः । प्रतिप्रयोगं नैव स्युर्मातरः सगणाधिपाः ।।

कर्मावृत्तावपि कुत्र श्राद्धं कार्यं क्वचनेत्युक्तं तत्रैव –

आधाने होमयोश्चैव वैश्वदेवे तथैव च । बलिकर्मणि दर्शे च पूर्णमासे तथैव च ।।

नवयज्ञे च यज्ञज्ञा वदन्त्येवं मनीषिणः । एकमेव भवेच्छ्राद्धमेतेषु न पृथक् पृथक् ।।

एतेषु प्रतिप्रयोगं नावर्तते किन्त्वादौ । एतद्भिन्ने सोमयागादौ तु प्रतिप्रयोगमावर्तत एव श्राद्धमित्यर्थः ।

चूडाकर्ममा तन्त्रविधि

चूडाकर्म आदि संस्कार एकैचोटि सम्पन्न गर्दा **तन्त्रता** – सबै कर्मका लागि सामूहिक पूजाविधि स्वीकार गर्नुपर्दछ भनी **छन्दोगपरिशिष्ट**मा बताइएको छ । एउटै पुत्रको नामकरण, अन्नप्राशन, चौल र उपनयन एकै समयमा गरिन्छ भने ती माथि उल्लेख गरिएका माताहरूको एकैपटक पूजा गरेर वृद्धिश्राद्ध पनि एकैचोटि गर्नुपर्दछ, अलग-अलग गर्नुहुँदैन । **'मातृभ्यः'** यस शब्दमा षष्ठीको अर्थमा चतुर्थी विभक्तिको प्रयोग गरिएको छ । एक या अनेक पुत्रहरूको संस्कारमा एकदिन, एकदेश, एककाल र एककर्ताको व्यवस्था गरेर तन्त्रविधिद्वारा कर्म सम्पन्न गर्नुपर्दछ ।

प्रतिदिन, प्रतिमहिना र प्रतिवर्ष कर्म गर्ने मानिसहरूले जुन जुन कर्म गर्दछन् ती कर्मका प्रत्येक प्रयोगमा गणेशसहित माताहरूको पूजा हुँदैन । कर्मको आवृत्ति गर्दा कहाँ श्राद्ध गर्नुपर्दछ, कहाँ गर्नु हुँदैन भन्ने कुरा पनि त्यहाँ बताइएको छ । अग्निको आधान, होम, वैश्वदेव, बलिकर्म, अमावास्या एवं पूर्णिमा र आग्रयण-इष्टिमा एउटै श्राद्ध हुन्छ भन्ने कुरा यज्ञका ज्ञाता मनीषीहरूले बताएका छन् । यिनमा अलग-अलग श्राद्ध गर्नुपर्दैन र प्रतिप्रयोग आवृत्ति पनि हुँदैन । यो श्राद्ध सुरुमा गर्नुपर्दछ। तर उक्त अग्न्याधान आदि कर्मबाहेकका सोमयाग आदिमा त प्रत्येक प्रयोगमा श्राद्धको आवृत्ति हुन्छ ।

क्वचिदादावपि निषेधमाह स एव –

नाष्टकासु भवेच्छ्राद्धं न श्राद्धे श्राद्धमिष्यते । न सोष्यन्तीजातकर्मप्रोषितागतकर्मसु ।।

विवाहादिः कर्मगणो य उक्तो गर्भाधानं शुश्रुमो यस्य चान्ते ।

विवाहादावेकमेवात्र कुर्याच्छ्राद्धं नादौ कर्मणः कर्मणः स्यात् ।।

सोष्यन्त्याः – आसन्नप्रसवायाः । **'सोष्यन्तीमभ्युक्ष्य'** इत्युक्तं कर्म । कात्यायनोक्तस्य श्राद्धस्य पाकप्राधान्यात्तस्य च **'जातश्राद्धे न दद्यात्तु पक्वान्नं ब्राह्मणेष्वपि ।'** इति निषेधान् **न जातकर्मणि नान्दीश्राद्धमित्याशार्कः** । **आमान्नेन वा कार्यमित्यपि तेनैवोक्तम्** । गौडास्तु – **जातकर्मण्येव निषेधः** । पुत्रजन्मनिमित्तकं तु कार्यमेव । **'जन्मन्यथोपनयने'** इत्युक्तेः ।

नैमित्तिकमथो वक्ष्ये श्राद्धमभ्युदयात्मकम् । पुत्रजन्मनि तत्कार्यं जातकर्मसमं नरैः ।।

इति मार्कण्डेयपुराणाच्चेत्याहुः । हारलतायां श्राद्धविवेके चैवम् । एतेन जातकर्मणि कालान्तरे श्राद्धनिषेधो न पुनर्जन्मदिने इति वाचस्पतिमतं परास्तम् । अथ **'निषेककाले'** इति वचनात् गर्भाधाने न निषेधः ।

निषेककाले सोमे च सीमन्तोन्नयने तथा । ज्ञेयं पुंसवने श्राद्धं कर्माङ्गं विधिवत्कृतम् ।।

इति पारस्करः । प्रोषितेति **'प्रोष्यैत्य गृहानुपतिष्ठते पुत्रं दृष्ट्वा जपति'** इति विहितं कर्म । विवाहादिर्गर्भाधानान्तो यो गृहप्रवेशचतुर्थीकर्मादिः कर्मसमूह उक्तः सूत्रकारेण, तत्रापि प्रतिकर्म नेत्यर्थः । अन्येऽपि हलाभियोगादयोऽपवाद-विषयास्तत्रैव ज्ञेयाः । अप्रचारान्नोच्यन्ते ।

कसै-कसैले कर्मको प्रारम्भमा पनि वृद्धिश्राद्ध गर्नुहुँदैन भनेका छन् । तदनुसार अष्टकाश्राद्धको आरम्भमा वृद्धिश्राद्ध हुँदैन । क्षयाहश्राद्ध गर्दा पनि वृद्धिश्राद्ध हुँदैन । **सोष्यन्तीकर्म**– छिटै सुत्केरी हुने अवस्थामा रहेकी गर्भिणीलाई सोष्यन्ती

भनिन्छ ती प्रसववेदना पीडित भएको अवस्थामा तिनका पतिले शिरमा जलसेचन गर्ने कर्ममा, जातकर्ममा र परदेश गएको व्यक्ति घर आउँदा पनि वृद्धिश्राद्ध हुँदैन । **कात्यायनले** बताएका श्राद्ध पाकप्रधान हुन्छन्, जातकर्ममा गरिने श्राद्धमा ब्राह्मणलाई पक्वान्न दिन निषेध गरिएको छ यसैले जातकर्ममा नान्दीश्राद्ध गर्न हुँदैन भनी **आशार्कले** बताएका छन् । उनैले त्यसबेला आमान्नले श्राद्ध गर्नुपर्दछ भनेका छन् । **गौडहरूले** त जातकर्ममा श्राद्ध नगर्नु नै भनेका छन् । तर पुत्रजन्मको अवस्थामा भने श्राद्ध गर्नुपर्दछ । शास्त्रमा जन्म र उपनयनमा वृद्धिश्राद्ध गर्नुपर्दछ भनिएको छ ।

अब नैमित्तिक आभ्युदयिकश्राद्धको विषयमा बताउँछु । पुत्रजन्ममा जातकर्मसँगै मनुष्यहरूले आभ्युदयिकश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **मार्कण्डेयपुराणमा** बताइएको छ । **हारलता** र **श्राद्धविवेकमा** पनि यही कुरा भनिएको छ । त्यसकारण जातकर्ममा गरिने श्राद्ध कालान्तरमा गर्न हुँदैन । पुत्रको जन्मदिनमा श्राद्ध गर्न हुँदैन भन्ने **वाचस्पतिको** मत पनि यसैबाट खण्डित हुन्छ । निषेककाल – **निषेककाले सोमे च सीमन्तोन्नयने तथा । ज्ञेयं पुंसवनं श्राद्धं कर्माङ्गं वृद्धिवत् कृतम् ।।** यस वचनले गर्भाधानमा निषेध छैन । प्रवासबाट घरमा आउँदा घरमा रहेका भार्या, पुत्र आदिसँग प्रार्थना गर्नुपर्दछ । पुत्रको दर्शन गरेपछि जप गर्नुपर्दछ । यो विहित कर्म हो । विवाह आदि गर्भाधानान्तकर्म, गृहप्रवेश, धृतिहोम, चतुर्थीकर्म आदि जुन कर्मको समूहलाई सूत्रकारले बताएका छन् तिनमा पनि प्रतिकर्मश्राद्ध गर्न हुँदैन भन्ने तात्पर्य हो । अरू पनि हलप्रवाहजस्ता अपवादका विषयहरू छन् ती लोकमा त्यति प्रचारमा नआएकाले तिनको विस्तृत चर्चा गरिँदैन।

अधिकारिनिरूपणम्

अथात्राधिकारिणः । विष्णुपुराणे –

जातस्य जातकर्मादि क्रियाकाण्डमशेषतः । पिता पुत्रस्य कुर्वीत श्राद्धं चाभ्युदयात्मकम् ।।

अत्र केचिद् जीवत्पितुः साग्नेरेव वृद्धिश्राद्धेऽधिकारो न तु निरग्नेः ।

न जीवत्पितृकः कुर्याच्छ्राद्धमग्निमृते द्विजः । येभ्य एव पिता दद्यात्तेभ्यः कुर्वीत साग्निकः ।।

पितामहेऽप्येवमेव कुर्याज्जीवति साग्निकः । साग्निकोऽपि न कुर्वीत जीवति प्रपितामहे ।।

इति चन्द्रिकायां सुमन्तूक्तेरित्याहुः ।

वृद्धिश्राद्धका अधिकारीहरूको निरूपण

विष्णुपुराणमा भनिएको छ – उत्पन्न भएका पुत्रको जातकर्म आदि सबै क्रिया र आभ्युदयिकश्राद्ध पिताले गर्नुपर्दछ । यस विषयमा कसैले भनेका छन् – जसका पिता जीवित छन् ती अग्निहोत्रीलाई वृद्धिश्राद्धमा अधिकार छ तर अग्निहोत्र नलिएका जीवत्पितृक अर्थात् पिता जीवित भएका व्यक्तिलाई अधिकार छैन । **चन्द्रिकामा सुमन्तुले** भनेका छन् – अग्निहोत्रीलाई छाडेर अरू कुनै पिता जीवित भएका द्विजले वृद्धिश्राद्ध गर्न हुँदैन । जसका निमित्त पिताले श्राद्ध गर्दछन् ती पितृहरूलाई अग्निहोत्रीले श्राद्ध गरी तृप्त तुल्याउनुपर्दछ । पितामहको जीवन अवस्थामा पनि अग्निहोत्रीले यसैगरी कर्म सम्पन्न गर्नुपर्दछ । प्रपितामह जीवित रहेको अवस्थामा त अग्निहोत्रीले पनि यसरी श्राद्ध गर्न हुँदैन ।

प्रयोगपारिजातेऽप्यनाहिताग्निर्न कुर्यादिति यद् व्याख्यातम् । तत्र –

अनग्निकोऽपि कुर्वीत जन्मादौ वृद्धिकर्मणि । येभ्य एव पिता दद्यात्तानेवोद्दिश्य तर्पयेत् ।।

इति हारीतोक्तेः । **सौमन्तवन्तु वृद्धिश्राद्धभिन्नश्राद्धपरमित्युक्तं मदनरत्ने । श्राद्धपदं पिण्डपितृयज्ञपरमिति** पृथ्वीचन्द्रोदयः । निर्णयामृते तु हारीतीयेऽनग्निकोऽनाहिताग्निरभिप्रेतः । पूर्ववचने तु साग्निकः श्रौताग्निः स्मार्ताग्निश्चोच्यते।

तेनोभयाग्निहीनस्य नेत्युक्तम् । तन्न । पूर्वोक्तदिशा गतिसम्भवेऽनग्निपदस्य स्मार्ताग्निपरत्वे मानाभावात् । वक्ष्यमाण-नित्यानित्यसंयोगविरोधात् ।

पितरो जनकस्येज्या यावद् व्रतमनाहितम् । समाहितव्रतः पश्चात्स्वान्यजेत पितामहान् ।।

इति पृथ्वीचन्द्रोदये यमवचोविरोधाच्च ।

प्रयोगपारिजातमा भनिएको छ कि – अग्निहोत्र नलिएका र पिता ज्यूँदै भएका मानिसले श्राद्ध गर्न हुँदैन । यस्तो व्याख्या जो गरिएको छ त्यो उचित छैन । किनकि अग्निहोत्र नलिएकाले पनि पुत्रजन्म आदिमा वृद्धिश्राद्ध गर्न हुन्छ । जसलाई पिताले पिण्ड दिन्छन् तिनै पितृलाई सम्झेर तर्पण दिनुपर्दछ भन्ने कुरा **हारीत**ले बताएका छन् । **सुमन्तुको मत**मा त माथिल्लो भनाइ वृद्धिश्राद्धभन्दा भिन्न अरू श्राद्धका निमित्त हो । यो कुरा **मदनरत्न**मा बताइएको छ । यहाँ आएको श्राद्धपद पिण्डपितृयज्ञको वाचक हो भनी **पृथ्वीचन्द्रोदय**मा बताइएको छ ।

निर्णयामृतको भनाइ छ कि – **हारीत**को वचनअनुसार **अनग्निक** पदको अर्थ जसले अग्निको आधान गरेको छैन भन्ने हो । पहिलेको वचनमा प्रयोग गरिएको साग्निक पदको अर्थ श्रौताग्नि र स्मार्ताग्निले सहित भएको भन्ने हो । यसैले श्रौताग्नि र स्मार्ताग्नि नलिएका मानिसले वृद्धिश्राद्ध गर्न हुँदैन भनिएको छ। ग्रन्थकार भन्दछन् – यो भनाइ ठीक छैन । किनकि वृद्धिश्राद्धभिन्न श्राद्धको रीतिले अग्निपदको स्मार्ताग्नि भन्ने अर्थमा प्रमाण छैन । यसबाट पछि बताइने नित्य र अनित्यको संयोगको पनि विरोध पर्नेछ । **पृथ्वीचन्द्रोदयमा यम**को वचनले पनि माथिको कुरासँग विरोध देखाएको छ। उनको भनाइ छ – जुन पितृसम्म पिताले पूजा गर्छन् ती पितृसम्मका सबै पितृको पुत्रले पनि सावधान भएर पूजा गर्नुपर्दछ। त्यसपछि आफ्ना पितामह आदिको पूजा गर्नुपर्दछ ।

अपरार्कोऽपि – **'समावर्तने ब्रह्मचारी स्वयमेव नान्दीश्राद्धं कुर्यात्'** इत्याह । अतः पूर्वमेव साधु । बोपदेवोप्येवमाह । यत्तु मतं जीवत्पितुः पुत्रनामकर्मादौ न वृद्धिश्राद्धम्, हारीतीये – जन्मादावित्यादिशब्देन तत्प्राप्तावपि-

उद्वाहे पुत्रजनने पित्र्येष्ट्यां सौमिके मखे । तीर्थे ब्राह्मण आयाते षडेते जीवतः पितुः ।। इति।

मैत्रायणीयपरिशिष्टे – **'उद्वाह एव तस्योपसंहारात् । एवं यत्र तु संस्कारादिपदं तदप्युद्वाहादिपरमेव'** इति । तन्न । उद्वाहपदस्य स्वविवाहपरत्वस्यापि सम्भवात् । पुत्रविवाहपरत्वे मानाभावात् । **'नामकर्मणि बालानां चूडाकर्मादिके तथा'** इत्यादिभिर्नित्यश्राद्धस्य चौलाद्यङ्गत्वावगतौ नित्यानित्यसंयोगविरोधाच्च । अतो जन्मादाविति सर्वसंस्कारसंग्रहः ।

अपरार्कले भनेका छन् – समावर्तनमा अर्थात् गुरुको घरमा पढाइ सकेर घर फर्केको ब्रह्मचारीले घरमा आएर आफै नान्दीश्राद्ध गर्नुपर्दछ । त्यसकारण पहिले बताइएको वचन उत्तम छ । जसका पिता जीवित छन् त्यस व्यक्तिले पुत्रको नामकर्म आदिमा वृद्धिश्राद्ध नगरोस् भनेर **वोपदेव**ले पनि भनेका छन् । **हारीत** भन्दछन् – **जन्मादौ** भन्ने पदबाट वृद्धिश्राद्ध प्राप्त हुन्छ । विवाह, पुत्रजन्म, पित्र्येष्टि, सोमयाग, तीर्थदर्शन र ब्राह्मणको आगमन यी ६ अवसरमा पिता जिउँदै भएका मानिसले श्राद्ध गर्नुपर्दछ ।

मैत्रायणीय परिशिष्टमा भनिएको छ – विवाहमा नै वृद्धिश्राद्धको उपसंहार हुन्छ । यहाँ सुतसंस्कार आदि पदको प्रयोग गरिएको छ ती पनि विवाहकै निमित्त प्रयोग गरिएका हुन् । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । विवाह पदको अर्थ आफ्नै विवाहका लागि पनि प्रयोग गरिन्छ । विवाह भनेको पुत्रकै मात्र विवाह हो भन्ने अर्थमा कुनै प्रमाण

छैन। नामकर्म र चूडाकर्म आदि वाक्यहरूबाट नित्यश्राद्धको निमित्त चूडाकर्म आदि संस्कारहरू अङ्ग हुनजानाले नित्य र अनित्यको संयोगको विरोध हुन्छ । यसैले **जन्मादौ** भन्ने वाक्यबाट सबै संस्कारको ग्रहण हुन्छ ।

तथा च कात्यायनः –

स्वपितृभ्यः पिता दद्यात्सुतसंस्कारकर्मसु । पिण्डानुद्वहनात्तेषां तस्याभावे तु तत्क्रमात् ।।

सुतानां चौलादिसंस्कारेषु पिता स्वपितृभ्यः पिण्डान् श्राद्धं **'पिण्डदोऽशहरश्चैषाम्'** इति दर्शनात् ओद्वहनाद्विवाह- पर्यन्तं दद्यात् । विवाहश्च प्रथमः ।

नान्दीश्राद्धं पिता कुर्यादाद्ये पाणिग्रहे बुधः । अत ऊर्ध्वं प्रकुर्वीत स्वयमेव तु नान्दिकम् ।।

इति स्मृतेः। तस्य पितुरभावे तत्क्रमात् **'असंस्कृतास्तु संस्कार्या भ्रातृभिः पूर्वसंस्कृतैः'** इति यः कर्तृक्रमस्तेन क्रमेण ज्येष्ठभ्रात्रादिर्दद्यादिति चन्द्रिकादयः । हेमाद्रिस्तु तस्य पितुरभावे यः पितृव्यमातुलादिः संस्कुर्यात्स तत्क्रमात्संस्कार्य- पितृक्रमाद्दद्यान्न तु स्वपितृभ्य इति व्याचख्यौ ।

समावर्तनस्यापि विवाहप्राचीनसुतसंस्कारत्वात् पितैव नान्दीश्राद्धं कुर्यात् । तदभावे ज्येष्ठभ्रात्रादिः । तदभावे स्वयमेव कुर्यात् । उपनयनेन कर्माधिकारस्य जातत्वात् । एवमाद्यविवाहेऽपीति पृथ्वीचन्द्रोदयचन्द्रिकादयः । मदनरत्नेऽप्येवम्। यदा तु पितरि संन्यस्ते प्रोषिते पतिते वा धर्मार्थं तत्पुत्रमन्यः संस्कुर्यात्तदा संस्कार्यपितुः पितामहादिभ्यो दद्यात् ।

कात्यायनले भनेका छन् – पिताले पुत्रको संस्कारकर्ममा आफ्ना पितृहरूको श्राद्ध गर्नुपर्दछ । पुत्रहरूको विवाह गर्दा पिता नभएमा त्यसै क्रमले अर्थात् पिताले दिने क्रमले पुत्रले पिण्ड दिनुपर्दछ । पुत्र आदिको चौलादि संस्कारहरूमा पिताले आफ्ना पिता, पितामह र प्रपितामहलाई पिण्ड दिएर श्राद्ध गर्नुपर्दछ । किनकि पिण्ड दिने छोरा नै अंशको हकदार हुन्छ भन्ने कुरा बताइएको छ र लोकमा पनि देखिएको छ । तसर्थ पिताले पुत्रको मुण्डन आदि संस्कार गर्दा र विवाहसंस्कार गर्दा पनि वृद्धिश्राद्ध गरी आफ्ना पितृहरूलाई पिण्ड दिनुपर्दछ । एउटा व्यक्तिका दुईविवाह हुनसक्छन् त्यसकारण पहिलो विवाहलाई मात्र ग्रहण गर्नुपर्दछ । पहिलो विवाहमा बुद्धिमान् पिताले नान्दीश्राद्ध गर्नुपर्दछ । पिता देशान्तरमा रहेमा अथवा पिता मरेको स्थिति भएमा पितामहले गर्नुपर्दछ । पितामह पनि नभएमा आफैले नान्दीश्राद्ध गर्नुपर्दछ भन्ने कुरा स्मृतिहरूमा बताइएको छ । पिताको अभावमा **'पिता पितामहो भ्राता'** यो क्रमअनुसार पितामह आदिले आफ्ना पितृका लागि नान्दीश्राद्ध गर्नुपर्दछ । विवाहमा नान्दीश्राद्ध गर्दा पितामहपछिका पितृहरूलाई पिण्ड दिनुपर्दछ। व्रतबन्धमा नान्दीश्राद्ध गर्दा पितृव्यले गर्नुपर्दछ । पितृव्य नभएमा दाजुले गर्नुपर्दछ । जसको संस्कार भएको छैन त्यसको संस्कार दाजुले गरिदिनुपर्दछ । जसको संस्कार भइसकेको छ त्यसका विवाह आदि कर्म हुँदा जेठो दाजु नभएमा आफूले स्वयं नान्दीश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **चन्द्रिका** आदिमा बताइएको छ ।

हेमाद्रिले भनेका छन् – पिताको अभावमा जेठा वा कान्छा बा आदि र मामा आदिले संस्कार गर्नुपर्दछ । उनीहरूले नान्दीश्राद्ध गर्दा जसको कर्म गरिँदैछ त्यसैका पितृक्रमले पिण्ड दिनुपर्दछ आफ्नो पितृक्रमले दिनुहुँदैन भन्ने व्याख्या गरिएको छ।

समावर्तन विवाहभन्दा पहिले गरिने संस्कार भएकाले पिताले नै नान्दीश्राद्ध गर्नुपर्दछ । पिताको अभावमा जेठो दाजुले गर्नुपर्दछ । जेठो दाजु पनि नभएमा आफैले गर्नुपर्दछ । किनकि विवाह गर्दा त्यो कुमारको उपनयन भइसकेको हुनाले त्यसले कर्म गर्ने अधिकार प्राप्त गर्दछ । यसप्रकार पहिलो विवाहमा पनि यसैगरी कर्म सम्पन्न गर्नुपर्दछ भन्ने कुरा **पृथ्वीचन्द्रोदय, चन्द्रिका** आदिमा बताइएको छ । **मदनरत्नमा** पनि यही भनिएको छ । पिताले संन्यासग्रहण गरेमा, परदेश गएमा र पतित भएमा धर्मार्थ अरू कुनै निकट सम्बन्धीले त्यसको संस्कार सम्पन्न गराउनुपर्दछ र जसको संस्कार गरिएको छ त्यसैका पितृहरूलाई पिण्ड दिनुपर्दछ ।

पितरो जनकस्येज्या यावद् व्रतमनाहितम् । समाहितव्रतः पश्चात्स्वान्यजेत पितामहान् ।।

इति पृथ्वीचन्द्रोदये यमोक्तेः । जीवत्पितृकस्य विशेषमाह कात्यायनः –

वृद्धौ तीर्थे च संन्यस्ते ताते च पतिते सति । येभ्य एव पिता दद्यात्तेभ्यो दद्यात्स्वयं सुतः ।।

इति । यत्तु बह्वृचपरिशिष्टे – **'जीवत्पिता सुतसंस्कारेषु मातृमातामहयोः कुर्यात् । तस्यां जीवन्त्यां मातामहस्यैव'** इति, तत् तच्छाखीयानामेवेति दिक् । स्मृतितत्त्वादिगौडग्रन्थेषु तु जीवन्मातृकः पितामह्यादिभ्यो वृद्धौ दद्यात् **'जीवन्तमपि दद्याद्वा प्रेतायान्नोदके द्विजः'** इति कात्यायनोक्तेः ।

जीवे तस्मिन्सुताः कुर्युः पितामह्या सहैव तु । तस्यां चैव तु जीवत्यां तस्याः श्वश्रवति निश्चयः ।।

इति हारीतोक्तेश्चेत्युक्तम् । **तस्मिन्** – भर्तरि । दाक्षिणात्यास्तु पूर्वोक्तस्य सपिण्डीकरणादिविषयत्वात् । **'जीवेत्तु यदि वर्गाद्यस्तं वर्गं तु परित्यजेत् ।'** इति वचनात्तद्वर्गस्य लोप एवेत्याहुः ।

पृथ्वीचन्द्रोदयमा यमले भनेका छन् – पिताले जहाँसम्मका पितृहरूको अर्चना गर्दछन् त्यहाँसम्मका पितृहरूको अर्चना छोराले पनि सावधान भई अर्चना गर्नुपर्दछ । पिताको शोकपछि व्रतमा निष्ठा गरी आफ्ना पितामह आदिको पूजा गर्नुपर्दछ । जीवत्पितृकको विषयमा **कात्यायनले** विशेष कुरा बताएका छन् – वृद्धिश्राद्ध र तीर्थश्राद्धमा पिताले संन्यासग्रहण गरेमा अथवा पतित भएमा छोराले आफै पिताले दिने पितृहरूलाई पिण्ड दिनुपर्दछ । **बह्वृचपरिशिष्टमा** जुन – जीवत्पितृक कर्ताले आफ्ना पुत्रको संस्कार गर्दा माता र मातामहको पनि श्राद्ध गर्नुपर्दछ र माता जीवित रहेमा मातामहको श्राद्ध गर्नुपर्दछ भनिएको छ त्यसबारे ग्रन्थकार भन्दछन् – यो **आश्वलायनशाखाका** निमित्त हो ।

स्मृतितत्त्व आदि **गौड** ग्रन्थहरूमा भनिएको छ कि – जसकी आमा जीवित हुन्छिन् त्यसले पितामहीबाट सुरु गरी वृद्धिश्राद्धमा पिण्ड दिनुपर्दछ । **कात्यायनले** भनेका छन् कि द्विजले जीवित माताका निमित्त अन्न–जल आदि दिएर पूजा गर्नुपर्दछ भने दिवङ्गत पितृहरूको निमित्तमा पिण्ड आदि प्रदान गर्नुपर्दछ । **हारीतले** – 'पिता जीवित रहेमा जीवित छोराहरूले आफ्नी पितामहीबाट आरम्भ गरी वृद्धिश्राद्ध गरून् । माता जीवित रहेमा तिनकी सासुबाट आरम्भ गरी पितृहरूको आराधना गरून्' भन्ने कुरा बताएका छन् । दाक्षिणात्यहरू त यी वचनहरू सपिण्डीकरणका लागि भनिएका हुन् भन्दछन् । जुन वर्गको प्रथमव्यक्ति जीवित छ त्यसवर्गको पितृलाई तर्पण–पिण्ड नदिएर दोस्रो वर्गबाट आरम्भ गर्नुपर्दछ ।

यत्तु चन्द्रिकायां पारस्करः –

निषेककाले सोमे च सीमन्तोन्नयने तथा । ज्ञेयं पुंसवने श्राद्धं कर्माङ्गं वृद्धिवच्च तत् ।।

इति तत्र गर्भाधानादौ कर्माङ्गम्, जातकर्मादावुक्तं तु वृद्धिश्राद्धं पृथगेव । वृद्धिवदित्युक्तेः । गौडनिबन्धे मात्स्ये –

अन्नप्राशे च सीमन्ते पुत्रोत्पत्तिनिमित्तके । पुंसवे च निषेके च नववेश्मप्रवेशने।।

देवव्रते जलादीनां प्रतिष्ठायां तथैव च । तीर्थयात्रावृषोत्सर्गे वृद्धिश्राद्धं प्रकीर्तितम् ।।

अत्र भूतनिमित्तानां वृद्धित्वम्, भाविनिमित्तानामङ्गत्वम् । **वृद्धिशब्दस्तद्धर्मातिदेशार्थ** इति गौडाः । अन्ये तु निषेकादौ कर्माङ्गवृद्धिश्राद्धयोः समुच्चयमाहुः । नान्दीश्राद्धसंज्ञा तूभयानुगता ।

चन्द्रिकामा उद्धृत **पारस्करको** वचनमा भनिएको छ – 'गर्भाधान, सोमयाग, सीमन्तोन्नयन र पुंसवनमा समेत श्राद्धकर्म प्रधान कर्मकै अङ्ग बनेर रहेको हुन्छ ।' गर्भाधान आदिमा श्राद्ध कर्मको अङ्ग हुन्छ भनिएको छ । जातकर्ममा बताइएको वृद्धिश्राद्ध छुट्टै हो । त्यो वृद्धि नभएर वृद्धिश्राद्धसमान हो भन्ने कुरा ऋषिहरूले बताएका छन् ।

गौडनिबन्धमा उद्धृत मत्स्यपुराणको वचनमा भनिएको छ – 'अन्नप्राशन, सीमन्त, पुत्रोत्पत्ति, पुंसवन, गर्भाधान, नयाँ घरमा प्रवेश, वेदव्रत, जलाशय आदिको प्रतिष्ठा, तीर्थयात्रा र वृषोत्सर्गमा वृद्धिश्राद्ध गर्नुपर्दछ' । जुन पितृहरू संसार छोडेर गएका छन् तिनीहरूमा वृद्धित्व रहन्छ र जो वर्तमानमा जीवित छन् तिनीहरूमा अङ्गत्व हुन्छ । वृद्धिशब्दले वृद्धिका धर्महरूलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम गर्दछ अर्थात् अतिदेशको काम गर्दछ भन्ने कुरा गौडहरूले बताएका छन् । अरूले त गर्भाधान आदिमा कर्माङ्गश्राद्ध र वृद्धिश्राद्धलाई एउटै मानेका छन् । कर्माङ्गश्राद्ध र वृद्धिश्राद्ध दुवैमा नान्दीसंज्ञा प्राप्त हुन्छ ।

इतिकर्तव्यताविचारः

अथेतिकर्तव्यता । पृथ्वीचन्द्रोदये वृद्धपराशरः –

मालत्याः शतपत्र्या वा मल्लिकाकुब्जयोरपि । केतक्याः पाटलाया वा देया माला न लोहिताः ।।

श्राद्धे मालानिषेधस्यायमपवादः । तथा –

सुवेषभूषणैस्तत्र सालङ्कारैस्तथा नरैः । कुङ्कुमाद्यनुलिप्ताङ्गैर्भाव्यं तु ब्राह्मणैः सह ।।

स्त्रियोऽपि स्युस्तथाभूता गीतनृत्यादिहर्षिताः ।।

इतिकर्तव्य निर्देश

अब इतिकर्तव्यताको बारेमा बताइन्छ । पृथ्वीचन्द्रोदयमा वृद्धपराशरले भनेका छन् – 'वृद्धिश्राद्ध गर्दा मालतीपुष्प, सयपत्री, चमेली, केवरा, केतकी र लोधको माला टक्र्याउनुपर्दछ तर रातोमाला टक्र्याउन हुँदैन ।' ग्रन्थकार भन्दछन्– यो वचन श्राद्धमा मालाको निषेधको अपवाद हो । श्राद्धको अवसरमा सुन्दर वेश, अलङ्कारसहित कुंकुम आदि लगाएका मनुष्य ब्राह्मणहरूका साथमा रहून् । स्त्रीहरू पनि नाच–गान गर्दै प्रसन्न भावमा रहून् भनिएको छ ।

मङ्गलकार्येषु दूर्वाग्रहणम्

हेमाद्रौ ब्रह्माण्डे – **'कुशस्थाने च दूर्वाः स्युर्मङ्गलस्याभिवृद्धये'** । कुशा अपि वक्ष्यन्ते ।

इति श्राद्धसम्पात-श्राद्धाङ्गतर्पण-वृद्धिश्राद्धनिर्णयात्मकं नवमं प्रकरणम्

मङ्गलकार्यमा दूर्वाप्रयोग

हेमाद्रिमा उद्धृत ब्रह्माण्डपुराणको वचनमा भनिएको छ – मङ्गलकार्यमा वृद्धिका लागि वृद्धिश्राद्ध गर्दा कुशको सट्टा दूबोग्रहण गर्नु पर्दछ । कुश पनि चाहिन्छ भन्ने कुरा पछि बताउनेछौं ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धसम्पात, श्राद्धाङ्गतर्पण, वृद्धिश्राद्ध आदि विषयको निर्णयमा आधारित नवम प्रकरण पूरा भयो ।

अथ श्राद्धभोज्यब्राह्मणसङ्ख्या-जीवत्पितृकश्राद्ध-विभक्ताविभक्तनिर्णयादिविषय-निर्णयात्मकं दशमं प्रकरणम्

भोजने ब्राह्मणसङ्ख्याकथनम्

छन्दोगपरिशिष्टे – **'प्रातरामन्त्रितान् विप्रान् युग्मानुभयतस्तथा ।'** **उभयतः** – दैवे पित्र्ये च । वैश्वदेवे द्वौ विप्रौ, पित्रादीनामेकैकस्य द्वौ द्वाविति विंशतिः । त्रिके वा द्वावित्यष्टौ विप्राः । अत्र विप्रालाभे स्त्रियोऽपि भोज्या इत्याहापरार्के वृद्धवसिष्ठः –

मातृश्राद्धे तु विप्राणामलाभे पूजयेदपि । पतिपुत्रान्विता भव्या योषितोऽष्टौ कुलोद्भवाः ।।

'मातृत्रिके चतस्रो मातामहीत्रिके चेत्यष्टौ' इति हेमाद्रिः । अत्र पित्र्ये प्राङ्मुखा विप्राः । **पाद्मे पित्र्ये चतुरस्रं मण्डलमिति** जयन्तः । हेमाद्रौ ब्राह्मे – **विप्रान् प्रदक्षिणावर्तं प्राङ्मुखानुपवेशयेत् ।'**

भोजनमा ब्राह्मण आदिको संख्या निरूपण

छन्दोगपरिशिष्टमा बताइएको छ कि – प्रातःकालमा आमन्त्रित जोडा-जोडा ब्राह्मणलाई दैवकर्म र पितृकर्ममा बस्नका लागि कुशका आसन टक्र्याउनुपर्दछ । ती ब्राह्मण पूर्व फर्केर अथवा उत्तर फर्केर बस्नुपर्दछ भन्ने कुरा अरू कसैले बताएका छन् । पिता आदिका निमित्त ब्राह्मणहरूको व्यवस्था गर्दा एउटा पितृका निमित्त दुई-दुई ब्राह्मणको व्यवस्था गर्नुपर्दछ । यसरी बीस ब्राह्मण हुन्छन् । अथवा दुई – दुईब्राह्मणको व्यवस्था गरी आठको संख्या पुऱ्याउनुपर्दछ पनि भनिएको छ । **वृद्धवसिष्ठ**ले ब्राह्मणहरूको प्राप्ति नभएमा ब्राह्मणीहरूलाई पनि भोजन गराउनुपर्दछ भन्ने कुरा बताउँदै **अपरार्क**मा भनेका छन् – 'आमाको श्राद्धमा ब्राह्मण पाइएनन् भने पति-पुत्रले युक्त भएका, उत्तम कुलमा पैदा भएका आठसौभाग्यवती नारीहरूलाई भोजन गराउनुपर्दछ ।' **हेमाद्रि** भन्दछन् – माताको त्रिक-तीन संख्यामा चारब्राह्मण र मातामहीको त्रिकमा चारब्राह्मण गरी आठब्राह्मणको आवश्यकता हुन्छ । **जयन्त**ले यस्तो श्राद्धमा पूर्वतिर फर्केका ब्राह्मण रहन्छन् । पितृकार्यमा चारकुने मण्डप बनाइन्छ भन्ने कुरा बताएका छन् । **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – ब्राह्मणहरूलाई प्रदक्षिणक्रमले अर्थात् सव्यक्रमले पूर्वमुख गराएर बसाउनुपर्दछ ।

छन्दोगपरिशिष्टे – **गोत्रनामभिरामन्त्र्य पितृभ्योऽर्घ्यं प्रदापयेत् । नात्रापसव्यकरणं न पित्र्यं तीर्थमिष्यते।।**

ज्येष्ठोत्तरकरान्युग्मान्कराग्राग्रपवित्रकान् । कृत्वार्घ्यं सम्प्रदातव्यं नैकैकस्यात्र दीयते ।।

पित्रादेर्द्वौ द्वौ विप्रौ तयोर्दक्षिणहस्तौ संयोज्य प्रथमोपवेशितविप्रकरोपरि तन्त्रेण द्वयोरर्घ्यं दद्यादित्यर्थः । बह्वृचकारिकायां तु –

दत्तार्घ्यादेकदेशात्स्यादर्घ्यदानं प्रतिद्विजम् । आवृत्तिरपि मन्त्रस्य प्रतिब्राह्मणमिष्यते ।।

प्रतिद्विजं पृथक्कुर्यान्निवीत्यर्घ्यानुमन्त्रणम् ।। इत्युक्तम् ।

मधुमध्विति यस्तत्र त्रिर्जपोऽशितुमिच्छताम् । गायत्र्यनन्तरं स्तोत्रं मधुमन्त्रविवर्जितम् ।।

न चाश्नँस्तु जपेदत्र कदाचित्पितृसूक्तकम् ।। तथा –
सम्पन्नमिति तृप्ताःस्थ प्रश्नस्थाने विधीयते । सुसम्पन्नमिति प्रोक्ते शेषमन्नं निवेदयेत् ।।
अक्षय्योदकदानं च अर्घ्यदानवदिष्यते । षष्ठ्यैव नियतं कुर्यान्न चतुर्थ्या कदाचन ।।

छन्दोगपरिशिष्टमा भनिएको छ – कर्ताले गोत्र र नाम उच्चारण गरी अर्घ्यको एक–एकभाग प्रत्येक ब्राह्मणलाई दिनुपर्दछ । यहाँ वृद्धिश्राद्धमा अपसव्य र पितृतीर्थको व्यवस्था हुँदैन । एकभन्दा अधिकसंख्यामा अर्घ्य दिनुपर्दछ । पिता आदिका निमित्तमा दुई–दुईब्राह्मणको व्यवस्था गर्नुपर्दछ । दुवै ब्राह्मणहरूका दायाँ–दायाँ हात मिलाएर आफ्नो सामु रहेका ब्राह्मणबाट सुरु गरी दुवैलाई अर्घ्य दिनुपर्दछ ।

बह्वृचकारिकामा भनिएको छ – तयार गरिएको अर्घ्यको एकभाग प्रत्येक ब्राह्मणले प्राप्त गर्नुपर्दछ । ब्राह्मणलाई अर्घ्य दिँदा प्रत्येक ब्राह्मणका निमित्त मन्त्रको आवृत्ति गर्नुपर्दछ । प्रत्येक ब्राह्मणलाई अपसव्य भएर अर्घ्य दिने र आवाहन गर्ने काम गर्नुपर्दछ । ती ब्राह्मणहरूले भोजन गर्ने इच्छा गरेमा **'मधु मधु मधु'** यस मन्त्रको तीनपटक जप गर्नुपर्दछ । त्यसपछि गायत्री जपेर मधु र मन्त्ररहित स्तोत्रको पाठ गर्नुपर्दछ । ब्राह्मणले भोजन गर्दा पितृसूक्तको जप गर्न हुँदैन । प्रश्नको स्थानमा **'सम्पन्नम्'**, **'तृप्तास्थ'** आदि वाक्यहरूको प्रयोग गर्नुपर्दछ । फेरि उत्तरमा **'सुसम्पन्नम्'** भनी ब्राह्मणले उत्तर दिनुपर्दछ । **'शेषमन्त्रं किं क्रियताम्'** भनी कर्ताले प्रश्न गरी ब्राह्मणलाई टक्र्याउनुपर्दछ । उनीहरूले **'इष्टैः सह भुज्यताम्'** भन्नुपर्दछ । श्राद्धमा अर्घ्य दिएजस्तै अक्षय्य जल पनि दिनुपर्दछ । अर्घ्य आदि दिँदा षष्ठीविभक्तिको प्रयोग गर्नुपर्दछ । चतुर्थीविभक्तिको प्रयोग कहिल्यै पनि गर्नु हुँदैन ।

चन्द्रोदये ब्राह्मे –
पठेच्छकुनिसूक्तं तु स्वस्तिसूक्तं शुभं तथा । नान्दीमुखान् पितॄन् भक्त्या साञ्जलिश्च समाह्वयेत् ।।
तथा – **शाल्यन्नं दधिमध्वक्तं बदराणि यवाँस्तथा । मिश्रीकृत्वा तु चतुरः पिण्डान्श्रीफलसन्निभान्।।**
दद्यान्नान्दीमुखेभ्यश्च पितृभ्यो विधिपूर्वकम् । द्राक्षामलकमूलानि यवाँश्च विनियोजयेत् ।।
तान्येव दक्षिणार्थं तु दद्याद् विप्रेषु सर्वदा ।।

चन्द्रोदयमा उद्‌धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – त्यसबेला शकुनिसूक्त र मङ्गलमय स्वस्तिसूक्त पढ्नुपर्दछ। नान्दीमुखपितृहरूलाई हात जोडेर आह्वान गर्नुपर्दछ ।

शकुनिसूक्त – **कनिक्रदज्जनुषं प्रबुवाण इयर्ति वाचमरितेव नावम् । सुमङ्गलश्च शकुने भवासि मा त्वा का चिदभिभा विश्व्याविदत् ।।१।। मा त्वा श्येन उद्‌बिधीन्मा सुपर्णो मा त्वा विददिषुमान्वीरो अस्ता । पित्र्यामनु प्रदिशं कनिक्रदत्सुमङ्गलो भद्रवादी वदेह ।।२।। अव क्रन्द दक्षिणतो गृहाणां सुमङ्गलो भद्रवादी शकुन्ते । मा नः स्तेन ईशत माघशंसो बृहद्वदेम विदथे सुवीराः ।।३।। प्रदक्षिणिदभि गृणन्ति कारवो वयो वदन्त ऋतुथा शकुन्तयः । उभौ वाचौ वदति सामगा इव गायत्रं च त्रैष्टुभं चानु राजति ।।४।। उद्‌गातेव शकुने साम गायसि ब्रह्मपुत्र इव सवनेषु शंससि । वृषेव वाजी शिशुमतीरपत्या सर्वतो नः शकुने भद्रमा वद विश्वतो न शकुने पुण्यमा वद ।।५।। आवदंस्त्वं शकुने भद्रमा वद तूष्णीमासीनः सुमतिं चिकिद्धि नः । यदुस्पतन् वदसि कर्करिर्यथा बृहद् वदेम विदथे सुवीराः ।।६।।** (ऋ. २. सू. ४२, मं. १–३, सू. ४३ मं. १–३)

स्वस्तिसूक्त – **'स्वस्त्ययनं तार्क्ष्यमरिष्टनेमिं महद्‌भूतं वायसं देवतानाम् । असुरघ्नमिन्द्रसखं समत्सु बृहद्यशो**

नावमिवां रुहेम ।।१।। अंहोमुचाङ्गिरसं गयं च स्वस्त्यात्रेयं मनसा च तार्क्ष्यम् । प्रयतपाणिः शरणं प्रपद्ये स्वस्ति संबाधेष्वभयं नो अस्तु ।।२।। (ऋ. खिलसूक्त ७)

विश्वेदेवा मन्त्र – '**विश्वेदेवास आ गत शृणुता म इमं हवम् । एदं बर्हिर्निषीदत ।।**' (ऋ. २/४१/१३)

चामल, दही, मह, बयरको दाना र जौ मिलाएर श्रीफलको आकारका चारपिण्ड नान्दीमुख पितृहरूलाई विधिपूर्वक दिनुपर्दछ । दाख, अमला र जौ पिण्डहरूमा निवेदन गरी पिण्डपूजा गर्नुपर्दछ । फेरि उक्त वस्तुहरूका साथै ब्राह्मणहरूलाई दक्षिणाको निमित्त द्रव्यार्पण गर्नुपर्दछ ।

तत्रैव चतुर्विंशतिमते –

द्वौ द्वौ चाभ्युदये पिण्डावेकैकस्मै विनिक्षिपेत् । एकं नाम्ना परं तूष्णीं दद्यात्पिण्डान्पृथक्पृथक् ।।

वसिष्ठः – **प्राङ्मुखो देवतीर्थेन प्राक्कूलेषु कुशेषु च । दत्त्वा पिण्डान्न कुर्वीत पिण्डपात्रमधोमुखम्।।**

नान्दीमुखेभ्यः पितृभ्यः स्वाहेति वा पिण्डदानमन्त्र इति वृत्तिः। अत्र पिण्डाः कृताकृता इत्युक्तं तत्रैव भविष्ये–

पिण्डनिर्वपणं कुर्यान्न वा कुर्याद्विचक्षणः । वृद्धिश्राद्धे महाबाहो ! कुलधर्मानवेक्ष्य तु ।।

छागलेयः – **अग्नौकरणार्घ्यं वाऽवाहनं चावनेजनम् । पिण्डश्राद्धे प्रकुर्वीत पिण्डहीने निवर्तते ।।**

तेनात्र भोजनस्यैव प्रधानत्वाद्यदि विप्रस्य वमनं तदा तस्यैव पार्वणस्य पुनरावृत्तिरिति सिद्धम् ।

चतुर्विंशतिमतमा भनिएको छ कि – आभ्युदयिकश्राद्धमा एक–एकपितृका निमित्त दुई–दुईपिण्ड दिनुपर्दछ । पहिलो पिण्ड दिँदा नाम ग्रहण गर्नुपर्दछ भने दोस्रो पिण्ड दिँदा मौन रही दिनुपर्दछ । यसैगरी अरू पितृहरूलाई पनि दिनुपर्दछ ।

वसिष्ठले भनेका छन् – पूर्वाभिमुख भई देवतीर्थले पूर्वतिर मुख गराई कुशमा बसेको यजमानले देवतीर्थद्वारा पिण्ड दिएपछि पिण्डको पात्र घोप्ट्याउनु हुँदैन । **वृत्तिकार**ले मन्त्र बताउँदै भनेका छन् – '**नान्दीमुखेभ्यः पितृभ्यः स्वाहा**' । आभ्युदयिकश्राद्धमा पिण्ड दिए पनि हुन्छ, नदिए पनि हुन्छ भनी विकल्प प्रस्तुत गर्दै **भविष्यपुराण**मा भनिएको छ – बुद्धिमान् मानिसले वृद्धिश्राद्धमा आफ्नो कुलाचारअनुसार पिण्डदान दिने चलन रहेमा दिनुपर्दछ, नरहेमा नदिए पनि हुन्छ । **छागलेय** भन्दछन् – अग्नौकरण, अर्घ्य, आवाहन, अवनेजन र पिण्ड श्राद्धमा गरिने कर्म हुन् । पिण्ड नदिएको अवस्थामा यी कर्म गर्नुपर्दैन । पिण्ड नदिने स्थितिमा भोजन नै प्रधान हुन्छ । ब्राह्मणले भोजन गर्दा संयोगवश वमन गरे भने त्यस श्राद्धको पुनरावृत्ति गर्नुपर्दछ ।

सङ्कल्पश्राद्धे विशेषः

अत्र साङ्कल्पे विशेषः प्रयोगपारिजाते संग्रहे –

शुभार्थी प्रथमान्तेन वृद्धौ साङ्कल्पमाचरेत् । न षष्ठ्या यदि वा कुर्यान्महादोषोऽभिजायते ।।

नामगोत्रादिनिषेधोऽप्यत्रैव न तु सपिण्डकश्राद्धे इति स एव ।

सङ्कल्पश्राद्धमा विशेष

सङ्कल्पश्राद्धमा विशेष तथ्य **प्रयोगपारिजात**मा प्रस्तुत गर्दै भनिएको छ – 'कल्याण चाहने मनुष्यले वृद्धिश्राद्धमा प्रथमान्तपदद्वारा सङ्कल्प गर्नुपर्दछ । षष्ठीविभक्तिद्वारा गर्नुहुँदैन, गरिएमा ठूलो दोष लाग्दछ ।' वृद्धिश्राद्ध गर्दा नाम र गोत्र पनि लिनु हुँदैन भनिएको छ । सपिण्डकश्राद्धमा भने नाम, गोत्र लिनुपर्दछ ।

वृद्धिश्राद्धक्रमनिरूपणम्

अत्रायं क्रमः। **नान्दीश्राद्धे दैवे क्षणः क्रियताम्** इति द्वौ युगपन्निमन्त्र्य **ओंतथेति विप्राभ्यां युगपदुक्ते प्राप्नुतां भवन्तौ, प्राप्नुवाव** इति वैश्वदेववत् पित्र्ये च द्विवचनान्तेन विप्रद्वये प्रयोगं कुर्यात् । आहिताग्निस्तु हेमाद्रौ ब्राह्मे –

योऽग्नौ तु विद्यमानेऽपि वृद्धौ पिण्डान्न निर्वपेत् । पतन्ति पितरस्तस्य नरके स च पच्यते ।।

वृद्धिश्राद्धको क्रम

अब श्राद्धको क्रम बताइन्छ । दैवकर्म मानिएको नान्दीश्राद्धमा एकैचोटि दुईब्राह्मणलाई आमन्त्रण गर्नुपर्दछ । ब्राह्मणहरूले ॐ भनेर स्वीकार गरेपछि तपाईंहरू आउनुहोस् भनी प्रार्थना गर्नुपर्दछ र ब्राह्मणले हामी आउँछौं भन्नुपर्दछ। यसरी यो श्राद्ध वैश्वदेवश्राद्धसमान सम्पन्न गरिन्छ । पितृकर्ममा दुईब्राह्मणका लागि दुईवचनान्त पद प्रयोग गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा आहिताग्निको विषयमा बताउँदै भनिएको छ – जसले अग्निहोत्री भएर पनि वृद्धिश्राद्धमा आफ्ना पितालाई पिण्ड दिँदैन त्यसका पितृहरू नरकमा जान्छन् ।

बह्वृचपरिशिष्टे – द्वौ दर्भौ पवित्राणि चत्वारि । शंनोदेवीरित्यनुमन्त्रितासु यवानावपति – **'यवोसि सोमदेवत्यो गोसवो देवनिर्मितः । प्रत्नवद्भिः प्रत्तः पुष्ट्या नान्दीमुखान्पितॄनिमाँल्लोकान्प्रीणयाहि नः स्वाहे**'ति **'स्वाहार्घ्याः'** इति पृच्छति । विश्वदेवा इदं वो अर्घ्यम्, नान्दीमुखाः पितर इति यथालिङ्गमर्घ्यदानम् । गन्धादिदानं द्विर्द्विः । पाणौ होमोऽग्नये कव्यवाहनाय स्वाहा, सोमाय पितृमते स्वाहेति । **'अतो देवा अवन्तु नः'** इत्यङ्गुष्ठग्रहणम् । पावमानीः शंवतीरैन्द्रीरप्रतिरथं च श्रावयेत् । मधुवाता ऋचःस्थाने उपास्मै गायतेति पञ्च मधुमतीः श्रावयेदक्षन्नमीमदन्तेति च षष्ठीं भुक्तशेषेणैकैकस्य द्वौ द्वौ पिण्डौ दद्यात्' इति ।

बह्वृचपरिशिष्टमा भनिएको छ– यजमानले दुईवटा कुश र चारवटा कुशका पवित्र हातमा लिएर जौलाई अनुमन्त्रण अर्थात् आवाहन गरेपछि – '**ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं योरभि स्त्रवन्तु नः ।।** (ऋ. १०/९/४)' यस मन्त्रले चारैतर्फै जौ छर्नुपर्दछ । त्यसपछि **स्वाहार्घ्याः** भनेर कुशल प्रश्न गर्नुपर्दछ । तदनन्तर विश्वेदेवहरूको प्रार्थना गर्दै भन्नुपर्दछ – 'तपाईंहरू कस्ता हुनुहुन्छ, तपाईंहरू सोमदेवता भएका हुनुहुन्छ, तपाईंहरू कहाँ पैदा भएका हुनुहुन्छ ? तपाईंहरू स्वर्गमा पैदा हुनुहुन्छ, तपाईंहरू कोबाट उत्पन्न हुनुभयो ? तपाईंहरू विष्णुबाट उत्पन्न हुनुभयो, तपाईंहरू जलमिश्रित हुनुहुन्छ यसैले तपाईंहरूले चिरकालदेखि पितृ, पितामह, प्रपितामह आदि नान्दीमुख पितृहरूलाई स्वधाकारद्वारा प्रसन्न तुल्याउनुहोस् । हे विश्वेदेव ! यो अर्घ्य नान्दीमुख पितृका साथ तपाईंहरूका लागि हो । तपाईंहरू प्रसन्न हुनुहोस् र यो जल एवं गन्ध ग्रहण गर्नुहोस् ।' यसरी प्रार्थना गरी प्रत्येकपदार्थ ब्राह्मणलाई दुई–दुईपटक अर्पण गर्नुपर्दछ । '**अग्नये कव्यवाहनाय स्वाहा**' यस मन्त्रले र '**सोमाय पितृमते स्वाहा**' यस मन्त्रले ब्राह्मणको हातमा जल राखी हवन गर्नुपर्दछ । '**ॐ अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।।** (ऋ. १/२२/१६)' यस मन्त्रले ब्राह्मणको बूढी औंला ग्रहण गर्नुपर्दछ । त्यसपछि ब्राह्मणहरूलाई यजमानले निम्नअनुसारका **पावमानी, शंवन्ती, ऐन्द्री र अप्रतिरथसूक्त** श्रवण गराउनुपर्दछ । **मधुमती** ऋचाको स्थानमा '**उपास्मै गायत**' आदि पाँच मधुमतीमन्त्र सुनाउनुपर्दछ । यसका साथै **अक्षन्नमीदन्त०** ऋचा पनि श्रवण गराउनुपर्दछ । त्यसपछि भोजनका लागि तयार गरिएको अन्नबाट प्रत्येकलाई दुई–दुईपिण्ड

दिनुपर्दछ । मन्त्रहरूको क्रम यसप्रकार छ –

पावमानी – स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।।१।।
रक्षोहा विश्वचर्षणिरभि योनिमयोहतम् । द्रुणा सधस्थमासदत् ।।२।।
वरिवोधातमो भव मंहिष्ठो वृत्रहन्तमः । पर्षि राधो मघोनाम् ।।३।।
अभ्यर्ष महानां देवानां वीतिमन्धसा । अभि वाजमुतश्रवः ।।४।।
त्वामच्छा चरामसि तदिदर्थं दिवे दिवे । इन्द्रो त्वे न आशसः ।।५।। (ऋ. ९/१/१-५)

शंवन्ती – शं न इन्द्राग्नी भवता मवोभिः शं न इन्द्रावरुणा रातहव्याः । शमिन्द्रासोमा सुविताय शं योः शं न इन्द्रापूषणा वाजसातौ ।। शं नो भगः शमु नः शंसो अस्तु शं नः पुरन्धिः शमु सन्तु रायः । शं नः सत्यस्य सुयमस्य शंसः शं नो अर्यमां पुरुजातो अस्तु ।। शं नो धाता शमु धर्ता नो अस्तु शं न उरूची भवतु स्वधाभिः । शं रोदसी बृहती शं नो अद्रिः शंनो देवानां सुहवानि सन्तु ।। शं नो अग्निर्ज्योतिरनीको अस्तु शं नो मित्रावरुणावश्विना शम्। शं नः सुकृतां सुकृतानि सन्तु शं न इषिरो अभि वातु वातः ।। शं नो द्यावापृथिवी पूर्वहुतौ शमन्तरिक्षं दृशये नो अस्तु । शं न ओषधीर्वनिनो भवन्तु शं नो रजसस्पतिरस्तु जिष्णुः ।। शं न इन्द्रो वसुभिर्देवो अस्तु शमादित्येभिर्वरुणः सुशंसः । शं नो रुद्रो रुद्रेभिर्जलाषः । शं नस्त्वष्टा ग्नाभिरिह शृणोति ।। शं नः सोमो भवतु ब्रह्म शं नः शं नो ग्रावाणः शमु सन्तु यज्ञाः । शं नः स्वरूणां मितयो भवन्तु शं नः प्रस्वः शम्बस्तु वेदिः ।। शं नः सूर्य उरुचक्षा उदेतु शं नश्चतस्रः प्रदिशो भवन्त । शं नः पर्वता ध्रुवयो भवन्तु शं नः सिन्धवः शमु सन्त्वापः । शं नो अदितिर्भवतु व्रतेभिः शं नो भवन्तु मरुतः स्वर्काः । शं नो विष्णुः शमु पूषा नो अस्तु शं नो भवित्रं शम्बस्तु वायुः ।। शं नो देवः सविता त्रायमाणः शं नो भवन्तूषसो विभातीः । शं नः पर्जन्यो भवतु प्रजाभ्यः शं नः क्षेत्रस्य पतिरस्तु शंभुः ।। शं नो देवा विश्वदेवा भवन्तु शं सरस्वती सह धीभिरस्तु । शमभिषाचः शमु रतिषाचः शं नो दिव्याः पार्थिवाः शं नो अप्याः ।। शं नः सत्यस्य पतयो भवन्तु शं नो अर्वन्तः शमु सन्तु गावः । शं न ऋभवः सुकृतः सुहस्ताः शं नो भवन्तु पितरो हवेषु ।। शं नो अज एक पाद देवो अस्तु शं नोऽहिर्बुध्न्य१ः शं समुद्रः । शं नो अपां नपात् पेरुरस्तु शं नः पृश्निर्भवतु देवगोपा ।। आदित्या रुद्रा वसवो जुषन्तेदं ब्रह्म क्रियमाणं नवीयः । शृण्वन्तु नो दिव्याः पार्थिवासो गो जाता उत ये यज्ञियासः ।। ये देवानां यज्ञियानां मनोर्यजत्रा अमृता ऋतज्ञाः । तेनोरासन्तामुरुणायमद्य यूयं पात सवस्तिभिः सदा नः ।। (ऋ.मं. ७ सू. ३५ मं. १-१४)

ऐन्द्री – सुरूपकृत्नुमूतये सुदुघामिव गोदुघे । जुहूमसि द्यविद्यवि ।।१।।
उप नः सवना गहि सोमस्य सोमपाः पिब । गोदा इद रेवतो मदः ।।२।।
अथा ते अन्तमानां विद्याम सुमतीनाम् । मा नो अति रव्य आ गहि ।।३।।
परेहि विग्रमस्ततमिन्द्रं पृच्छा विपश्चितम् । यस्ते सखिभ्य आ वरम् ।।४।।
उत ब्रुवन्तु नो निदो निरन्यतश्चिदारत । दधाना इन्द्र इद् दुवः ।।५।। (ऋ. १/३/१-५)

अप्रतिरथ – आशुः शिशानो वृषभो न भीमो घनाघनः क्षोभणश्चर्षणीनाम् । संक्रन्दनोऽनिमिष एकवीरः शतं सेना अजयत् साकमिन्द्रः । इत्यादि 'प्रेता जयजा नरः इन्द्रो वः शर्म इच्छुतु । उग्रा वः सन्तु बाहवोऽनाधृष्या यथासथ ।।' सम्मका मन्त्रहरू (ऋ. १०/१०३/१-१३)

मधुमतीका विकल्प मन्त्र – 'उपास्मै गायता नरः पवमानायेन्दवे । अभि देवाँ इयक्षते ।।१।।
अभि ते मधुना पयोऽर्वाणो अशिश्रयुः । देवं देवाय देवयु ।।२।।

स नः पवस्व शं गवे शं जनाय शमर्वते । शं राजन्नोषधीभ्यः ।।३।।

बभ्रवे नु स्वतवसेऽरुणाय दिविस्पृशे । सोमाय गाथमर्चत ।।४।।

हस्तच्युतेभिरद्रिभिः सुतं सोमं पुनीतन । मधावा धावता मधु ।।५।। (ऋ. ९/११/१-५)'

ऋचा - अक्षन्नमीमदन्त ह्यव प्रिया अधूषत । अस्तोषत स्वभानवो विप्रा नविष्ठया मती योजा न्विन्द्र ते हरी ।। (ऋ. १/८२/२)'

चन्द्रिकायां वृद्धवसिष्ठः -

पितृप्रश्ने तु सम्पन्नं दैवे रुचितमित्यपि । दधिकर्कन्धुमिश्राश्च पिण्डाः कार्या यथाक्रमम् ।।

कात्यायनः - **'त्यमूषुवाजिनम्'** इति विप्रांश्च विसर्जयेत् । **'नान्दीमुखाः पितरः प्रीयन्ताम्'** इत्यक्षय्यस्थाने, स्वधां वाचयिष्य इत्यस्य स्थाने **'नान्दीमुखान् पितृन् वाचयिष्ये'** इति, न स्वधां प्रयुञ्जीतेति । अत्र साग्निरनग्निर्वा आदौ वैश्वदेवं कुर्यात् ।

आदौ वृद्धौ क्षये चान्ते दर्शे मध्ये महालये । एकोद्दिष्टे निवृत्ते तु वैश्वदेवो विधीयते ।।

इत्याशार्के शाङ्खायनपरिशिष्टात् ।

चन्द्रिकामा वृद्धवसिष्ठले भनेका छन् - तृप्तिप्रश्नमा **सम्पन्न** भन्नुपर्दछ र दैवश्राद्धमा त त्यसको सट्टा **रुचितम्** भन्नुपर्दछ । दही र बयरको दानासमेत मिसाएर क्रमले पिण्डदान गर्नुपर्दछ । **कात्यायन** भन्दछन् - **'त्यमू षु वाजिनं देवजूतं सहावानं तरुतारं रथानाम् । अरिष्टनेमिं पृतनाजमाशुं स्वस्तये तार्क्ष्यामिहा हूवेम ।।** - ऋ. १०/१७८/१' यस मन्त्रको जप गर्दै ब्राह्मणहरूको विसर्जन गर्नुपर्दछ । **'नान्दीमुखाः पितरः प्रीयन्ताम्'** यस वचनलाई अक्षय्य उदकस्थानमा र **'स्वधां वाचयिष्ये'** यस वाक्यको स्थानमा **'नान्दीमुखान् पितृन् वाचयिष्ये'** भन्नुपर्दछ । स्वधाशब्दको प्रयोग गर्न हुँदैन। साग्निक भए पनि निरग्निक भए पनि सबैले प्रारम्भमा वैश्वदेव गर्नुपर्दछ । वृद्धिश्राद्धको आरम्भ, क्षयश्राद्धको अन्त, पार्वणको मध्य र एकोद्दिष्टको समाप्तिमा वैश्वदेवको विधान गरिएको छ । यो **आशार्क** र **शाङ्खायनपरिशिष्ट**को वचन हो।

हेमाद्रौ तु - **शेषमन्नमनुज्ञाप्य वैश्वदेवक्रियां ततः । श्राद्धाह्नि श्राद्धशेषेण वैश्वदेवं समाचरेत् ।।** इति चतुर्विंशतिमतान्नान्दीश्राद्धेऽप्यन्ते वैश्वदेव उक्तः । बह्वृचानामपि वृत्त्यालोचनात्तथैव । पूर्वोक्तं तु येषां परिशिष्टं तद्विषयमन्यविषयं वा ज्ञेयम् । अत्र श्राद्धाङ्गतर्पणं नेत्युक्तं प्राक् । इति निर्णयसिन्धौ वृद्धिश्राद्धम् ।

हेमाद्रिमा भनिएको छ कि - ब्राह्मणहरूको आज्ञा लिएर शेषान्न ग्रहण गरी वैश्वदेव कर्म गर्नुपर्दछ । श्राद्धको दिन श्राद्धशेष अन्नद्वारा नै वैश्वदेव गर्नुपर्दछ भन्ने कुरा **चतुर्विंशतिमतमा** बताइएको छ । नान्दीश्राद्धको अन्तमा पनि वैश्वदेव गर्नुपर्ने कुरा भनिएको छ । **बह्वृचहरूको** वृत्तिको आलोचना गर्दा पनि यही तथ्य प्राप्त हुन्छ । पूर्वोक्त वचनहरूमा जे भनिए पनि ती अन्य विषयका लागि हुन् भनेर विचार गर्नुपर्दछ । यहाँ श्राद्धाङ्गतर्पण गरिँदैन भन्ने कुरा पहिले बताइसकेका छौं ।

श्राद्धे जीवत्पितृकाधिकारकथनम्

अथ जीवत्पितृकश्राद्धम् । तत्रानेकपक्षा दृश्यन्ते । जीवन्तं पितरं भोजयित्वा परयोः श्राद्धं कुर्यादित्येकः । होमान्तमेव कुर्यादित्यन्यः ।

होमान्तः पितृयज्ञः स्याज्जीवे पितरि जानतः । पितरं भोजयित्वा वा पिण्डौ निपृणुयात् परौ ।।

इति यज्ञपार्श्वोक्तेः । **'यदि जीवत्पिता न दद्यादाहोमात्कृत्वा विरमेत्'** इत्यापस्तम्बोक्तेश्च । **'जीवतां पिण्डानग्नौ हुत्वा परेभ्यो देयम्'** इत्यपरः । **'जुहुयाज्जीवेभ्यः'** इत्याश्वलायनोक्तेः । **जीवतामजीवतां च पिण्डदानमितीतरः। 'जीवतामजीवतां वा देयमेवेति हिरण्यकेतुः'** इति निगमात् । **'तस्माज्जीवत्पिता कुर्याद् द्वाभ्यामेव न संशयः ।'** इति भविष्योक्तेर्द्वाभ्यामेवेत्यन्यः । एते पक्षाः कलौ निषिद्धाः ।

प्रत्यक्षमर्चनं श्राद्धे निषिद्धं मनुरब्रवीत् । पिण्डनिर्वपणं चापि महापातकसम्मितम् ।।

इति पृथ्वीचन्द्रोदये भविष्योक्तेः । चन्द्रिकाप्येवम् ।

श्राद्धमा जीवत्पितृकको अधिकार

अब पिता जिउँदै भएका मानिसको श्राद्धमा अधिकार हुने वा नहुने विषयमा विचार गरिन्छ । यस सम्बन्धमा अनेक मतहरू देखिएका छन् । एउटा पक्षमा जीवित पितालाई भोजन गराएर पितामह र प्रपितामहको श्राद्ध गर्नुपर्दछ भनिएको पाइन्छ । अर्को पक्षमा होमान्त पितृयज्ञ गर्नुपर्दछ भनिएको छ ।

यज्ञपार्श्वले भनेका छन् – पिताको जीवित अवस्थामा होमान्त पितृयज्ञ गर्नुपर्दछ अथवा पितालाई भोजन गराएर पितापछिका पितामह र प्रपितामहलाई पिण्ड दिनुपर्दछ । पिता जीवितै भएमा पिण्डदान नगरेर हवन गरी विराम गर्नुपर्दछ भनी **आपस्तम्ब**ले बताएका छन् । अर्को पक्षमा भनिएको छ – जीवित पिताका निमित्त अग्निमा हवन गरेर मृतपितृहरूलाई पिण्ड दिनुपर्दछ । **आश्वलायन**ले पनि जीवित पितृको निमित्त हवन गर्नुपर्ने कुरा बताएका छन् । तेस्रो पक्षमा भनिएको छ– जीवित र अजीवित दुवैथरि पितृका निमित्त पिण्डदान दिनुपर्दछ । **हिरण्यकेतु**ले भनेका छन् – जीवित र अजीवित दुवैथरि पितृहरूका निमित्त पिण्डदान दिनुपर्दछ, यो **निगम**को वचन हो । यसबाट जीवत्पितृक व्यक्तिले जीवित र अजीवित दुवैथरि पितृहरूलाई पिण्डदान गर्नुपर्दछ भन्ने कुरामा संशय रहँदैन । यही कुरा **भविष्यपुराण**मा बताइएको छ। तसर्थ दुवैथरि पितृहरूलाई पिण्डदान गर्नुपर्दछ । तर यी सबै पक्ष कलिमा निषिद्ध छन् ।

पृथ्वीचन्द्रोदयमा उद्धृत **भविष्यपुराण**को वचनमा **मनु**को अभिप्राय प्रकट गर्दै भनिएको छ – श्राद्धमा प्रत्यक्ष जीवित पिता आदिको पूजा निषिद्ध छ । फेरि जिउँदै रहेका पिताका निमित्त पिण्ड दिने कुरा पनि महापातकजस्तो लाग्छ। **चन्द्रिका**मा पनि यस्तै मत व्यक्त गरिएको छ ।

तस्मात् पितरि जीवति श्राद्धानारम्भ एवेत्येकः पक्षः । **'सपितुः पितृकृत्येषु अधिकारो न विद्यते ।'** इति कात्यायनोक्तेः । **'जीवे पितरि वै पुत्रः श्राद्धकालं विवर्जयेत् ।'** इति हारीतोक्तेश्च । **'पितुः पित्रादिभ्यो दद्यात्'** इति सिद्धान्तः । **'ध्रियमाणे तु पितरि पूर्वेषामेव निर्वपेत् ।'** इति मनूक्तेः । **'पितुः पितृभ्यो वा दद्यात्सपितेत्यपरा श्रुतिः'** इति कात्यायनोक्तेश्च । अयं बहुसम्मतः पक्षः । अन्ये तु शाखाभेदेन ज्ञेयाः । एवं जीवन्मातामहेनाप्यूहेन कार्यम् ।

मातामहानामप्येवं श्राद्धं कुर्याद्विचक्षणः । मन्त्रोहेन यथान्यायं शेषाणां मन्त्रवर्जितम् ।।

इति विष्णूक्तेः । **'एवं मात्रादिकस्यापि तथा मातामहादिके ।'** इति पृथ्वीचन्द्रोदयेऽग्निपुराणाच्च । **'पितरि जीवति तु स्वमातरि मृतायामपि पितुरेव मातृमातामहयोः कुर्यात् । 'येभ्य एव पिता दद्यात्'** इति वक्ष्यमाण-वचनात् । इति पितामहचरणाः ।

कात्यायनले भनेका छन्– पिता जीवित रहेका मानिसलाई पितृकार्यमा अधिकार हुँदैन । त्यसैले **हारीत** भन्दछन्–

पिताको जीवनकालमा पुत्रले श्राद्ध गर्न हुँदैन । तर, पिताको पिताका लागि श्राद्ध गर्नुपर्दछ भन्ने यो सिद्धान्तमत हो । **मनु**ले भनेका छन् – पिता जीवित रहेमा पितापछिका पितृहरूलाई पिण्ड दिनुपर्दछ । **कात्यायन**ले भनेका छन् – पितासहित पुत्रले पिताका पिताहरूलाई पिण्ड दिनुपर्दछ, यो **निगम**को भनाइ हो । यो बरु वेदसम्मत पक्ष हो । अरू माथि बताइएका पक्ष त विभिन्न शाखाहरूमा प्रयोग गरिने विषय हुन् । यसैगरी मातामह ज्यूँदै रहेमा पनि ऊह गरेर मातामहपछिका पितृहरूलाई पिण्ड दिनुपर्दछ । बुद्धिमान् मनुष्यले मातामहको पनि श्राद्ध गरोस् यो **विष्णु**को वचन हो । यसरी पितृलाई प्रयोग गरिने मन्त्रमा ऊह गरेर मातामहपक्षको पनि यथाविधि श्राद्ध गर्नुपर्दछ । पितादेखि माथिका पितृहरूको श्राद्ध गर्दा मन्त्रको प्रयोग गर्न हुँदैन भनेर विष्णुले बताएका छन् । यसैगरी **पृथ्वीचन्द्रोदय** र **अग्निपुराण**मा भनिएको छ – माता र मातामह आदिको पनि श्राद्ध गर्नुपर्दछ । पिता जीवित रहेमा र माताको मृत्यु भएमा पनि पिताका माता र मातामहको श्राद्ध गर्नुपर्दछ । आफ्नो मातामहपक्षको श्राद्ध गर्न हुँदैन । वस्तुतः आफ्ना पिताले ज–जसलाई पिण्ड दिने गरेका छन्, ती–ती पितृलाई पुत्रले पनि पिण्ड दिनुपर्दछ भन्ने कुरा पहिले बताइएको छ र पछि पनि बताइनेछ । यो मेरा पितामहको पनि मत हो ।

मदनरत्ने तु – **'जीवत्पिता स्वमातृमातामहयोर्दद्यात्'** इत्युक्तम् । कालादर्शेप्येवम् । **'मृते तु पितरि जीवन्मातृकः पितामह्यादिभ्यो वृद्धौ दद्यात्'** इति स्मृतितत्त्वादिगौडग्रन्थाः । दाक्षिणात्यास्तु –

पितृवर्गे मातृवर्गे तथा मातामहस्य च । जीवेत्तु यदि वर्गाद्यस्तं वर्गं तु परित्यजेत् ।।

इति वचनात्तद्वर्गत्याग एवेत्याहुः । एवं पतितसंन्यस्तपितृकादेरपि ज्ञेयम् ।

वृद्धौ तीर्थे च संन्यस्ते ताते च पतिते सति । येभ्य एव पिता दद्यात्तेभ्यो दद्यात्स्वयं सुतः ।।

इति षट्त्रिंशन्मतात् । संन्यस्ते जीवतीत्यर्थः । मृते तु संन्यस्ते तदाद्येव देयम् । मृतेऽपि परेभ्य एवेति गौडाः।

मदनरत्नमा भनिएको छ – पिता ज्यूँदै रहेको मानिसले आफ्नी माता दिवङ्गत भएको अवस्थामा माता र मातामहलाई पिण्ड दिनुपर्दछ । **कालादर्श**मा पनि यही मत व्यक्त गरिएको छ । **स्मृतितत्त्व** आदि **गौडग्रन्थ**हरूमा पिता मरेपछि माता ज्यूँदै रहेको अवस्थामा पुत्रले वृद्धिश्राद्ध गर्दा पितामही आदिका निमित्त पिण्डदान गर्नुपर्दछ भनिएको छ ।

दाक्षिणात्यहरूले भनेका छन् – पितृवर्ग, मातृवर्ग र मातामहवर्गमा यदि वर्गका प्रथम पितृहरू जीवित भएमा पूरै वर्गको त्याग गर्नुपर्दछ । अर्थात् कसैलाई पनि पिण्ड दिनु हुँदैन । यही विधि पिता पतित, संन्यासी, पागल आदि भएर पिताको अनुपस्थितिमा पुत्रले वृद्धिश्राद्ध गर्दा पनि अपनाउनुपर्दछ । पिता संन्यासी भएमा वा पतित भएमा, ज–जसलाई पिताले पिण्ड दिने गर्दथे ती पितृहरूलाई पुत्रले वृद्धिश्राद्धमा, तीर्थमा स्वयं पिण्ड दिनुपर्दछ भन्ने **षट्त्रिंशत्मत**को मत हो। यहाँ **संन्यस्ते** पदको प्रयोग गरिएको छ, यसको अर्थ पिता संन्यासी भएर जीवित भएमा भन्ने हो । संन्यासी पिता मरेमा संन्यासी पितालाई दिनुपर्दछ । **गौड**हरूले संन्यासी पिता मरेपछि तिनलाई छाडी तीभन्दा परका पितृहरूलाई पिण्ड दिनुपर्दछ भनेका छन् ।

कात्यायनोऽपि – **ब्राह्मणादिहते ताते पतिते सङ्गवर्जिते । व्युत्क्रमाच्च मृते देयं येभ्य एव ददात्यसौ।।**

अयं च संन्यस्तपित्रादेरविशेषात्सर्वश्राद्धेऽधिकारः । एतत्त्रिदण्डिपरम् । एकादशाहपार्वणवार्षिकाद्यपि तस्यैव। **'अहन्येकादशे प्राप्ते पार्वणं तु विधीयते ।'** इत्युक्त्वा **'त्रिदण्डग्रहणादेव प्रेतत्वं नैव जायते ।'** इत्युशनसा विशेषोक्तेः । **'ब्राह्मणादिहते'** इत्यादिनिषेधस्त्वेकदण्डादिपरः । अतः परमहंसानां वार्षिकादिकमपि न कार्यमिति

शूलपाणिश्राद्धतत्त्वादयो गौडग्रन्थाः । इदमेव तु युक्तम् । यत्तु हेमाद्रौ कौण्डिन्यः –

दर्शश्राद्धं गयाश्राद्धं श्राद्धं चापरपक्षिकम् । न जीवत्पितृकः कुर्यात्तिलैस्तर्पणमेव च ।।

इति, तत्संन्यस्तपित्राद्यतिरिक्तविषयम् ।

कात्यायन भन्दछन् – ब्राह्मण अथवा गाईद्वारा पिताको मृत्यु भएमा, पिता पतित वा संन्यासी भएमा अथवा पितामह जीवित छँदै पिताको मृत्यु भएमा जुन पितृलाई पिताले पिण्डदान गर्दथे तिनैका निमित्त पुत्रले पनि पिण्ड दिनुपर्दछ । पिता संन्यासी भएमा उनको गृहस्थजीवनसँग सम्बन्ध नहुनाले र उनमा पितृवर्गसम्बन्धी कुनै विशेषता पनि नरहनाले छोरालाई सबै श्राद्धसम्बन्धी अधिकार प्राप्त हुन्छ । ग्रन्थकार भन्दछन् – यो त्रिदण्डी संन्यासी भएमा मात्र हो । एकादशाह, पार्वण, वार्षिक आदि श्राद्ध पनि छोराले नै गर्नुपर्दछ । एघारौं दिनमा संन्यासी पिताका निमित्त संन्यासको रीतिअनुसार पार्वणश्राद्ध गरिदिनुपर्दछ । 'त्रिदण्डधारण गर्नाले मात्र प्रेतत्व जान्छ भन्ने कुरा होइन' भन्ने **उशना**को मत छ। **'ब्राह्मणादि हते'** पद्यले गरेको निषेध एकदण्ड लिने संन्यासीका निमित्त हो । परमहंस संन्यासीको वार्षिकश्राद्ध पनि गर्नुपर्दैन भन्ने कुरा **शूलपाणि, श्राद्धतत्त्व** आदि **गौडग्रन्थ**मा बताइएको छ । यही नै उपयुक्त पनि छ । **हेमाद्रि**मा **कौण्डिन्य**ले भनेका छन् कि – पिता जीवित भएको व्यक्तिले अमावास्याश्राद्ध, गयाश्राद्ध र महालयश्राद्ध गर्न हुँदैन र तिलद्वारा तर्पण पनि गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – यो विषय पिताले संन्यास नलिएको स्थितिका निमित्त भनिएको हो।

मैत्रायणीयपरिशिष्टे –

उद्वाहे पुत्रजनने पैत्र्येष्ट्यां सौमिके मखे । तीर्थे ब्राह्मण आयाते षडेते जीवतः पितुः ।।

तत्रैव – **महानदीषु सर्वासु तीर्थेषु च गयामृते । जीवत्पितापि कुर्वीत श्राद्धं पार्वणधर्मवत् ।।**

गयामृते इति मातृव्यतिरिक्तविषयम् ।

अन्वष्टक्यं गयाप्राप्तौ सत्यां यच्च मृतेऽहनि । मातुः श्राद्धं सुतः कुर्यात्पितर्यपि च जीवति ।।

इति तत्रैवोक्तेः । गयाप्राप्तौ प्रासङ्गिक्याम् । **'गयां प्रसङ्गतो गत्वा मातुः श्राद्धं समाचरेत् ।'** इति वचनात् । तेन मृतमातृको गयायां तत्पार्वणमात्रं कुर्यात् । तज्जीवने तु तीर्थश्राद्धमपि नेति कालादर्शस्मृतिदर्पणादयः । अन्ये तु गत्वा श्राद्धं नेति निषेधार्थः । सामान्यतः प्राप्तं तीर्थश्राद्धं भवत्येव गयायामित्याहुः ।

यदा तु पितुः प्रतिनिधित्वेन गयां याति, तदा यजमानस्य पितृपितामहप्रपितामहा इत्येव श्राद्धम् । तत्र मातुः पितृपत्नीत्वेनैकोद्दिष्टं कृत्वा मातृत्वेन पुनः पार्वणं कुर्यादिति त्रिस्थलीसेतौ । तच्च फल्गुविष्णुपदाक्षय्यवटेष्वेवेति केचित्। आद्यन्ते एवेत्यन्ये । मध्यमान्ते इत्यपरे । संकोचहेत्वभावात्तत्रत्यसर्वश्राद्धानि मातुः कार्याणीति युक्तं प्रतिभाति ।

मैत्रायणीयपरिशिष्टमा भनिएको छ – आफ्नो दोस्रो विवाह, पुत्रजन्म, पितृपूजा, सोमयाग, तीर्थ र ब्राह्मणको आगमन यी ६ अवस्थामा जीवत्पितृकले श्राद्ध गर्ने अधिकार प्राप्त गर्दछ । त्यहीं भनिएको छ – महानदी, तीर्थ र गयामा गई पिता जीवित रहेको मानिसले पनि मृत आफन्तहरूको लागि पार्वणविधिले श्राद्ध गर्नुपर्दछ । **गयामृते** भन्ने पदबाट आमाबाहेक अरू पितृलाई लिनुपर्दछ भन्ने कुरा अवगत हुन्छ ।

अन्वष्टकाश्राद्ध र मरणतिथिका दिन गयामा प्राप्त हुँदा बाबु जीवितै रहेपनि छोराले माताको श्राद्ध गर्नुपर्दछ । गयाप्राप्तिमा भन्नुको अर्थ प्रसङ्गवश गयामा गएको भए भन्ने हो । प्रसङ्गवश गयामा प्राप्त भएमा छोराले माताको श्राद्ध गरोस् भन्ने वचन पाइन्छ । त्यसकारण जसकी माता दिवङ्गत भएकी छन् त्यस पुत्रले गयामा गई पार्वणश्राद्ध गर्नुपर्दछ ।

आमा जीवितै रहेको अवस्थामा छोराले तीर्थश्राद्ध पनि गर्न हुँदैन भन्ने कुरा **कालादर्श**, **स्मृतिदर्पण** आदि ग्रन्थहरूमा बताइएको छ । अरू भन्छन् – गयामा गएर श्राद्ध नगर्नु भन्ने कुरा माताको श्राद्ध नगर्नु भन्ने अर्थमा निषेध गरिएको हो तर गयामा गएर तीर्थश्राद्ध गर्न हुन्छ भन्ने समेत बताइएको छ ।

जब छोरा पिताको प्रतिनिधि भएर गयामा जान्छ त्यसबेला त्यसले पिता, पितामह र प्रपितामहको श्राद्ध गर्नुपर्दछ र त्यसरी श्राद्ध गर्दा आफ्नी माताका निमित्त मेरी माताको श्राद्ध नभनेर पिताकी पत्नीका रूपमा सङ्कल्प गरी एकोद्दिष्टश्राद्ध गरेपछि फेरि माताका निमित्त माताकै वचनबाट पार्वणश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **त्रिस्थलीसेतु**मा बताइएको छ । कसैले भनेका छन् कि माताको निमित्त माताकै वचनबाट श्राद्ध गर्दा फल्गु, विष्णुपद र अक्षयवटमा मात्र गर्नुपर्दछ । गयामा गएपछि आरम्भ र अन्तमा मात्र माताको श्राद्ध गर्नुपर्दछ भन्ने कसैको मत छ । कसैले अरू श्राद्धको बीचमा र अन्तमा माताको श्राद्ध गर्नुपर्दछ भनेका छन् । यहाँ धेरै विस्तार गर्ने प्रसङ्ग नभएकाले यो कुरा **आकरग्रन्थ**हरूबाट बुझ्नुपर्दछ । निष्कर्ष त गयामा गएपछि आमाको श्राद्ध गर्नुपर्दछ भन्ने नै हो ।

यत्तु मदनपारिजाते –

न जीवत्पितृकः कुर्याच्छ्राद्धमग्निमृते द्विजः । येभ्य एव पिता दद्यात्तेभ्यः कुर्वीत साग्निकः ।।

इति सुमन्तूक्तेः साग्नेरेव जीवत्पितृकस्य तीर्थादिश्राद्धमुक्तम् । साग्नेरपि मैत्रायणीयशाखीयस्यैव नान्येषाम् । **'षडेते जीवतः पितुः'** इति तत्परिशिष्टे एवोक्तेरिति रत्नावलीदिवोदासाद्याः । तदयुक्तम् । सौमन्तवं पिण्डपितृयज्ञविषयं संन्यस्तपित्राद्यतिरिक्तविषयं वेति पृथ्वीचन्द्रोदयोक्तेः । वृद्धौ तीर्थे चेत्यादेः साधारण्येनास्यापि तथात्वाच्च । तथा निरग्नेरपि नान्दीश्राद्धमुक्तं प्राक् । एवं पितामहजीवनेऽपि ज्ञेयम् । विशेषः पितृकृतजीवत्पितृकनिर्णये ज्ञेयः ।

मदनपारिजातमा **सुमन्तु**ले भनेका छन् – जसका पिता जीवित छन् त्यस्तो ब्राह्मणले अग्निकर्मविना श्राद्ध गर्न हुँदैन । अग्निहोत्री छोराले आफ्ना पिताले जुन जुन पितृहरूलाई पिण्ड दिने काम गर्दथे तिनै पितृहरूलाई दिनुपर्दछ । अग्निहोत्रीले नै पिता ज्यूँदो छँदाछँदै तीर्थमा श्राद्ध गर्नुहुने कुरा पनि बताइएको छ । अग्निहोत्री त्यसलाई भन्नुपर्दछ, जसले वेदको मैत्रायणीय शाखाको अध्ययन गर्दछ । अरूलाई अग्निहोत्री वा साग्निक भनिँदैन किनकि **'षडेते जीवतः पितुः'** भन्ने वाक्य **मैत्रायणीयपरिशिष्ट**मा नै बताइएको छ । यो कुरा रत्नावली र दिवोदासमा पनि उल्लेख गरिएको पाइन्छ । ग्रन्थकार भन्दछन् – यो उचित छैन । **सुमन्तु**ले बताएको कुरा त पितृपिण्डयज्ञको लागि र संन्यास लिएका पिताभन्दा अतिरिक्त विषयका लागि हो भन्ने कुरा **पृथ्वीचन्द्रोदय**मा बताइएको छ । ग्रन्थकार भन्दछन् – **'वृद्धौ तीर्थे च'** अर्थात् वृद्धि र तीर्थ यी दुवै साधारण भएकाले वृद्धिश्राद्ध र तीर्थश्राद्ध जीवित रहँदा र जीवित नरहँदा दुवै अवस्थामा गर्न सकिन्छ। नान्दीश्राद्ध अग्निहोत्र नलिनेले पनि गर्ने विधान गरिएको छ । यसैगरी पिता जीवित छँदा र पितामह जीवित छँदा पनि छोराले नान्दीश्राद्ध आदि गर्न हुन्छ । यस विषयमा विशेष तथ्य मेरा पिताजीले बनाएको **'जीवत्पितृकनिर्णय'** मा बताइएको छ ।

पितामह जीवित छँदै पिता मरेमा गरिने श्राद्धमा पितामहलाई भोजन गराउनुपर्दछ भन्ने कुरा **मनु**ले बताएका छन् । जीवित पितामहलाई भोजन गर्न बताएको कुरा पनि विचारणीय छ । किनभने पितृहरूलाई पिण्ड आदिको माध्यमबाट खुसी गराउनु शास्त्रीय सिद्धान्त हो तर ज्यूँदै पितृलाई खुवाएर तृप्त गराउन खोज्नु प्रत्यक्ष पितृको पूजा नगर्नु भन्ने वचनका विरुद्ध छ । त्यसकारण श्राद्ध गर्दा पितालाई पिण्ड दिई पितामहलाई छाडेर तीभन्दा माथिका प्रपितामह र वृद्धप्रपितामहलाई पिण्ड दिनुपर्दछ ।

अथ पितामहे जीवति मृते च पितरि यद्यपि '**पितामहो वा तच्छ्राद्धे भुञ्जीतेत्यब्रवीन्मनुः ।**' इति मनुना जीवतः पितामहस्य भोजनमुक्तं तथापि प्रत्यक्षार्चनस्य पूर्वं निषिद्धत्वात् पितामहं विहाय पितृप्रपितामहवृद्धप्रपितामहेभ्यो देयम् ।

पिता यस्य निवृत्तः स्याज्जीवेच्चापि पितामहः । पितुः स नाम सङ्कीर्त्य कीर्तयेत्प्रपितामहम् ।।

इति मनूक्तेः । अयमेव सर्वसम्मतः पक्षः । यत्तु छन्दोगपरिशिष्टे –

पितामहे ध्रियमाणे पितुः प्रेतस्य निर्वपेत् । पितुस्तस्य च वृत्तस्य जीवेच्चेत्प्रपितामहः ।।

इति एकपुरुषं द्विपुरुषं वा पार्वणमाह, तत्तीर्थपितृयज्ञपरम् । वृद्धौ पूर्वोक्तमेव । एवं पूर्वयोर्मृतयोः प्रपितामहे जीवति पितृमात्रे मृते परयोर्जीवतोश्च वृद्धप्रपितामहादिभ्यो ज्ञेयम् ।

'**जीवन्तमपि दद्याद्वा प्रेतायान्नोदके द्विजः । पितुः पितृभ्यो वा दद्यात्स पितेत्यपरा श्रुतिः ।।**' इति कात्यायनोक्तेश्च ।

मनुले भनेका छन् – जसका पिता मरेका छन् र पितामह जीवित छन् तिनीहरूले पहिले पिताको नाम लिएर दोस्रो क्रममा प्रपितामहको नाम लिनुपर्दछ । तेस्रो क्रममा वृद्धप्रपितामहको नाम लिइन्छ । यो मत नै सर्वसम्मत मत हो । **छन्दोगपरिशिष्टमा** भनिएको छ – पितामह जीवित छँदा र पिता स्वर्गे भएको अवस्थामा पितालाई पिण्डदान दिनुपर्दछ । प्रपितामह जीवित छँदै पिताको मृत्यु भएमा पनि पितालाई पिण्ड दिनुपर्दछ । एउटा पुरुष वा दुइटा पुरुषको पार्वण गर्नुपर्दछ भनिएको छ त्यो तीर्थश्राद्ध र पिण्डपितृयज्ञको विषयमा हो । वृद्धिमा त अरूसरह नै हुन्छ । यसप्रकार पिता र पितामहको मृत्यु भएमा प्रपितामह जीवित रहेमा वृद्धप्रपितामह आदिलाई पिण्ड दिनुपर्दछ । यसरी नै अन्यत्र पनि जान्नुपर्दछ । **कात्यायनले** भनेका छन् – ब्राह्मणले जीवित या मृत पिताका निमित्तमा अन्नजल दिनुपर्दछ ।

एतत्सर्वं मनसिकृत्वाऽऽह हेमाद्रौ विष्णुः – **पितरि जीवति यः श्राद्धं कुर्याद्येषां पिता कुर्यात्तेषाम्, पितरि पितामहे च जीवति येषां पितामहः, पितरि पितामहे प्रपितामहे च जीवति नैव कुर्यात् । यस्य पिता प्रेतः स्यात्सपित्रे पिण्डं निधाय पितामहात् पराभ्यां द्वाभ्यां दद्यात् । यस्य पितामहः प्रेतः स्यात्स तस्मै पिण्डं निधाय प्रपितामहात्पराभ्यां दद्यात् । यस्य पिता पितामहश्च प्रेतौ स्यातां स ताभ्यां पिण्डौ दत्त्वा पितामहपितामहाय दद्यात् ।**

मातामहानामप्येवं श्राद्धं कुर्याद्विचक्षणः । मन्त्रोहेन यथान्यायं शेषाणां मन्त्रवर्जितम् ।।

इति । अत्र पितृवन्मातामहे जीवति तत्पित्रादिभ्यः । यथा तत्र त्रिषु जीवत्सु नैव कुर्यात्तथात्रापीत्यादि सर्वमतिदेश्यम्। एवं मातृजीवनेऽपीति शूलपाणिकालादर्शौ । तन्न । येभ्य एवेत्यादौ यच्छब्दादेर्व्यक्तिविशेषवाचित्वेन तदप्रसङ्गादिति दिक् । उत्तरार्धं व्याख्यातं प्राक् ।

यी सबै कुरालाई मनमा राखेर **हेमाद्रिमा** उद्धृत **विष्णुको** वचनमा भनिएको छ – जसले पिता जीवित छँदै श्राद्ध गर्दछ त्यसले आफ्ना पिताले ज-जसलाई श्राद्ध गर्दछन् तिनीहरूलाई पिण्ड दिनुपर्दछ अर्थात् पितामह, प्रपितामह र वृद्धप्रपितामहलाई दिनुपर्दछ । पिता र पितामह जीवित रहेको अवस्थामा पिताका पितामहबाट पिण्ड आरम्भ गर्नुपर्दछ । पिता, पितामह र प्रपितामह तीनवटै जीवित भएको अवस्थामा छोराले श्राद्ध गर्न हुँदैन । जसका पिता मरेका छन् त्यसले पितामहभन्दा परका पितृलाई पिण्ड दिनुपर्दछ । जसका पिता र पितामह दुवै मृत हुन्छन् त्यसले ती दुईलाई पिण्ड दिएर वृद्धप्रपितामहलाई दिनुपर्दछ । मातामहको श्राद्ध गर्दा पनि यही विधि अङ्गीकार गरी बुद्धिमान् मानिसले ऊह गरेर

पिण्डदान गर्नुपर्दछ । पिताझैं मातामह पनि जीवित रहेको अवस्थामा मातामहका पिताबाट पिण्डदानको क्रम आरम्भ गर्नुपर्दछ । मातामह, प्रमातामह र वृद्धप्रमातामह जीवित रहेका भए पिण्डदान अर्थात् श्राद्ध गर्नुपर्दैन । पितृपक्षमा गरिने कर्म मातामहपक्षमा पनि गर्नुपर्दछ भन्ने विधान छ । यसैगरी माता जीवित र मातामह दिवङ्गत भएको अवस्थामा पनि माथिकै क्रम अपनाउनुपर्दछ भन्ने कुरा **शूलपाणि** र **कालादर्श**मा बताइएको छ । तर ग्रन्थकार भन्दछन् – यो वचन उचित छैन । यहाँ **'येभ्य एव'** भन्ने वचनमा रहेको **यत्**शब्दमा व्यक्तिविशेषको वाचकता हुनाले आफ्नी माता, मातामही आदिका लागि पिण्डदानको प्रसङ्ग नै छैन, विनाप्रसङ्गको कुरा उठाउनु उचित हुँदैन ।

यत्त्वत्र विज्ञानेश्वरेणोक्तम् – **पित्रे पिण्डं निधायेति पितुरेकोद्दिष्टविधिना श्राद्धं कृत्वा प्रपितामहादिभ्यः पार्वणं कुर्यात्'** तद् व्युत्क्रममृतसपिण्डीकरणाभावपक्षे सपिण्डीकरणस्थानापन्नं ज्ञेयम् । **'व्युत्क्रमात्तु प्रमीतानां नैव कार्या सपिण्डता ।'** इति वचनात् । दर्शादौ तु पितुरेकोद्दिष्टमेव कार्यम् । **'न जीवन्तमतिददाति'** इति श्रुतेः।

जीवेत्पितामहो यस्य पिता चान्तरितो भवेत् । पितुरेकस्य दातव्यमेवमाहुर्मनीषिणः ।।

इति यज्ञपार्श्वोक्तेः । **पितामहे जीवति वै पितर्येव समापयेत् ।'** इति हारीतोक्तेश्च ।

विज्ञानेश्वरले भनेका छन् कि पितालाई पिण्ड दिएर पिताको एकोद्दिष्टविधिले श्राद्ध गरेपछि पितामह जीवित भएमा प्रपितामह आदिका निमित्त पार्वणश्राद्ध गर्नुपर्दछ । व्युत्क्रममरणमा अर्थात् पितामह आदि जीवित रहनु पिता मर्नु जस्तो उल्टो मृत्यु भएको अवस्थामा सपिण्डीकरण हुँदैन । त्यसकारण पार्वणश्राद्धलाई सपिण्डीकरणको सट्टा गरिएको श्राद्ध मान्नुपर्दछ । किनकि व्युत्क्रमले मरेका मानिसहरूको सपिण्डन गर्न हुँदैन भन्ने वचन छ । अमावास्या आदिमा त पिताको एकोद्दिष्टश्राद्ध नै गर्नुपर्दछ । वेदले भनेको छ – **'न जीवन्तमति ददाति'** अर्थात् ज्यूँदो मानिसलाई पिण्ड दिइँदैन ।

यज्ञपार्श्वले – 'जसका पितामह जीवित छन् र पिता मरेका छन् तिनले पिताको निमित्तमात्र श्राद्ध गर्नुपर्दछ' भनेका छन् । **हारीत**ले भनेका छन् – पितामह जीवित हुँदाहुँदै पिताको मृत्यु भएमा श्राद्ध गर्न हुँदैन अर्थात् पिताको मात्र श्राद्ध गर्नुपर्दछ अरूको श्राद्ध गर्न हुँदैन ।

शिष्टास्तु – **व्युत्क्रमात्तु प्रमीतानां नैव कार्या सपिण्डता । यदि माता यदि पिता भर्ता नैव विधिः स्मृतः।।** इति माधवीये स्कान्दोक्तेर्व्युत्क्रममृतसपिण्डीकरणाभावः पितृव्यादिविषय इत्याहुः । एष विधिर्निषेधरूपः । त्रिषु जीवत्सु विष्णुराह – **'त्रिषु जीवत्सु नैव कुर्यात्'** इति तद्दर्शादिविषयम् । **नान्दीश्राद्धं तु परेभ्यस्त्रिभ्यो भवत्येवेति** कल्पतरुः। पृथ्वीचन्द्रोदयस्तु – **दद्यात्त्रिभ्यः परेभ्यस्तु जीवेच्चेत्त्रितयं यदि।'** इति मनूक्तेः सर्वत्र विकल्पः । स च **देशाचाराद् व्यवतिष्ठत** इत्याह । सुदर्शनभाष्ये तु मासिकश्राद्धं जीवत्पित्रादिना व्युत्क्रममृतपित्रादिना च कार्यमेवेत्युक्तम्। मदनरत्ने क्रतुः – **अष्टकादिषु संक्रान्तौ मन्वादिषु युगादिषु । चन्द्रसूर्यग्रहे पाते स्वेच्छयाऽलभ्ययोगतः ।।**

जीवत्पिता नैव कुर्याच्छ्राद्धं काम्यं तथाखिलम् ।। अन्ये विशेषाः श्रीपितृकृतजीवत्पितृकनिर्णये, भट्टकृतत्रिस्थलीसेतौ च ज्ञेयाः । इति निर्णयसिन्धौ जीवत्पितृकादिश्राद्धम् ।

शिष्टहरू भन्दछन् – विपरीतक्रमले मरेका मानिसहरूको सपिण्डीकरण गर्न हुँदैन । माता, पिता र पतिको मृत्युमा भने उक्त नियम लागु हुँदैन । **माधवीय**मा उद्धृत **स्कन्द**को वचनमा भनिएको छ – व्युत्क्रमले मरेका मानिसहरूको सपिण्डीकरण नहुने कुरा जेठाबा, कान्छाबा आदिमा लागु हुन्छ, आफ्नो पितामा लागु हुँदैन । त्यसकारणले यो विधिलाई निषेधविधि भन्नुपर्दछ ।

विष्णु भन्दछन् – तीनवटै पुरुषहरू जीवित भएको अवस्थामा श्राद्ध गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – श्राद्ध गर्न नहुने भन्ने कुरा अमावास्याश्राद्धलाई लिएर भनिएको हो तर नान्दीश्राद्ध आदि श्राद्धहरू गर्न हुन्छ । त्यही कुरा **कल्पतरु**मा – 'पिता, पितामह र प्रपितामह जीवित रहेमा पनि तीभन्दा माथिका तीनपितृहरूलाई पिण्ड दिएर नान्दीश्राद्ध गर्नुपर्दछ' भनिएको छ । **पृथ्वीचन्द्रोदय**को भनाइ छ – 'पिता, पितामह, प्रपितामह तीनवटै जीवित रहेमा तीभन्दा माथिका तीनपितृहरूलाई क्रमशः पिण्ड दिनुपर्दछ' भन्ने कुरा **मनु**ले बताएका छन् । त्यसकारण सर्वत्र विकल्प छ र देशाचारअनुसार व्यवहार गर्नुपर्दछ ।

सुदर्शनभाष्यमा भनिएको छ – जसका पिता ज्यूँदै छन् त्यसले मासिकश्राद्ध व्युत्क्रमविधिबाट सम्पन्न गर्नुपर्दछ। **मदनरत्न**मा **क्रतु**ले भनेका छन् – अष्टका आदि श्राद्ध, संक्रान्ति, मन्वादि, युगादि, चन्द्रग्रहण, सूर्यग्रहण, व्यतीपात र पूज्य व्यक्तिको योग हुँदा गरिने श्राद्ध जसका पिता ज्यूँदै छन् त्यस व्यक्तिले कुनै पनि कामना लिएर गर्न हुँदैन । अरू विशेष तथ्य त **जीवित्पितृकनिर्णय** र **त्रिस्थलीसेतु**बाट जान्न सकिन्छ ।

श्राद्धे विभक्ताविभक्तनिर्णयकथनम्

अथ विभक्ताविभक्तनिर्णयः । पृथ्वीचन्द्रोदये मरीचिः –

बहवः स्युर्यदा पुत्राः पितुरेकत्रवासिनः । सर्वेषां तु मतं कृत्वा ज्येष्ठेनैव तु यत्कृतम् ।।

द्रव्येण चाविभक्तेन सर्वैरेव कृतं भवेत् ।। ज्येष्ठस्य कर्तृत्वेऽपि सर्वे फलभागिन इत्यर्थः । तेन ये ब्रह्मचर्यादिनियमास्ते फलितसंस्कारत्वात्सर्वैः कार्याः । एवं संसृष्टिनामपि तुल्यत्वात् । मिताक्षरायां नारदः –

भ्रातृणामविभक्तानामेको धर्मः प्रवर्तते । विभागे सति धर्मोऽपि भवेत्तेषां पृथक् पृथक् ।।

श्राद्धमा विभक्ताविभक्त निर्णय

अब छुट्टिएका र सँगै बसेका छोराहरूद्वारा गरिने श्राद्धसम्बन्धी कर्मको बारेमा विमर्श गरिन्छ । **पृथ्वीचन्द्रोदय**मा **मरीचि**ले भनेका छन् – कुनै पिताका धेरै छोराहरू एउटै घरमा बस्दछन् भने सबै छोराहरूको राय लिएर जेठो छोराले सगोलमा रहेको सम्पत्तिबाट आफ्ना पिता–माताका लागि जुन श्राद्धादि कर्म गर्दछन् त्यो कर्म सबै भाइले गरेको हुन्छ । जेठो छोरा हुँदा र तिनले श्राद्धादि कर्म गर्दा त्यसको फल सबैले प्राप्त गर्दछन् । श्राद्धकर्म एउटै जेठो दाजुले गरे पनि श्राद्धमा छोराले गर्नुपर्ने ब्रह्मचर्य आदि नियमको पालन भने सबै भाइले गर्नुपर्दछ । यसैगरी एउटै घरमा साझेदार बनेर रहेका नजिकका बन्धुहरूको नियम पनि यही हो । **मिताक्षरा**मा **नारद**ले भनेका छन् – नछुट्टिएका भाइहरूको एउटै धर्म हुन्छ र सम्पत्तिको भागबण्डा गरी छुट्टिएका सबै दाजुभाइको धर्म फरक फरक हुन्छ ।

बृहस्पतिरपि – **एकपाकेन वसतां पितृदेवद्विजार्चनम् । एकं भवेद्विभक्तानां तदेव स्याद् गृहे गृहे ।।**

अत्र यद्यप्यविशेषणात् ब्रह्मयज्ञसन्ध्यादिष्वप्यविभक्तानां पृथक् निषेधः प्राप्नोति, तथापि द्रव्यसाध्यश्राद्धवैश्वदेवादिष्वेव सः । द्रव्यस्यानेकस्वामिकत्वेनैकस्य व्ययेऽनधिकारात् । यानि तु द्रव्यसाध्यानि मन्त्रजपोपवाससन्ध्याब्रह्मयज्ञपारायणादीनि नित्यनैमित्तिककाम्यानि तेषु पृथगेवाधिकारः, द्रव्यव्ययाभावेऽनुमत्यनपेक्षणात् । **द्रव्येण चाविभक्तेन** इत्यस्याविषयत्वात्।

पृथगप्येकपाकानां ब्रह्मयज्ञो द्विजन्मनाम् । अग्निहोत्रं सुरार्चा च सन्ध्या नित्यं भवेत्तथा ।।
इति प्रयोगपारिजाते आश्वलायनस्मृतेश्च ।

बृहस्पतिले भनेका छन् – एउटै भान्सामा खाएर रहेका दाजु–भाइको पितृ, देवता र द्विजको पूजन एउटै हुन्छ । तर,

छुट्टिएर बसेका दाजु-भाइको भने प्रत्येक घरमा अलग-अलग देवता, अलग-अलग पितृ र अलग-अलग ब्राह्मणपूजनको व्यवस्था गर्नुपर्दछ । ब्रह्मयज्ञ आदिमा नछुट्टिएका भाइहरूको अलग विधि र निषेध प्राप्त हुन्छ । त्यो व्यक्तिगत साधनाको फल हो । त्यो उनीहरूको चरित्रअनुसार फरक-फरक हुन्छ, परन्तु सगोलको द्रव्य लगाएर गरिने सामूहिकश्राद्ध, वैश्वदेवकर्म, यज्ञयागमा एउटै पूजा हुन्छ र एउटै प्राप्ति हुन्छ । द्रव्यका अनेक स्वामी भएमा एउटैले खर्च गर्ने अधिकार हुँदैन । त्यसैले भाइहरूसँग सल्लाह गरेर दाजुले कर्म गर्नुपर्दछ भनिएको छ । द्रव्यद्वारा साध्य मन्त्रजप, उपवास, सन्ध्या, ब्रह्मयज्ञ, पारायण, नित्यकर्म, नैमित्तिक कर्म र काम्यकर्ममध्ये कुनै पनि कर्म कसैले एकाघरमा रहेर पनि छुट्टै गर्ने अधिकार छ । सामूहिक द्रव्यलाई प्रयोग गर्ने विषयमा भने सगोलका दाजुभाइको अनुमति आवश्यक हुन्छ । त्यसकारण व्यक्तिगत कर्म गर्दा र सगोलको धन प्रयोग नगर्दा गरिने प्रयोगको फल कर्ताले मात्र प्राप्त गर्दछ, अरूले प्राप्त गर्दैनन् । नबाँडिएको द्रव्यद्वारा भनी पहिले बताइएकाले त्यो सामूहिककर्मको लागि सम्झनुपर्दछ । एउटै पाक खाएर बस्ने छोराहरूको ब्रह्मयज्ञ, अग्निहोत्र, वेदार्चना, नित्य सन्ध्योपासन यी छुट्टाछुट्टै हुन्छन् भन्ने कुरा **प्रयोगपारिजात** र **आश्वलायन** स्मृतिमा बताइएको छ ।

अग्निहोत्रशब्दोऽग्निसाध्यश्रौतस्मार्तनित्यकर्मपरः । तेष्वप्यन्यानुमत्यैवाधिकारेण न्यायसाम्यात् । पितृश्राद्धादिषु तुल्यफलेषु नित्येष्वनुमतिं विनाप्येकस्याधिकारः ।

एकोऽपि स्थावरे कुर्याद्दानाध्ययनविक्रयम् । आपत्काले कुटुम्बार्थे धर्मार्थे च विशेषतः ।।

इति वचनात् । धर्मार्थेऽवश्यकर्तव्ये पितृश्राद्धादाविति विज्ञानेश्वरः । केचित्त्वविभक्तानामपि पृथक्पाकत्वे देशान्तरे च दार्शिकाब्दिकयोः पृथक्त्वमाहुः ।

अग्निहोत्रशब्दको अर्थ अग्निद्वारा सिद्ध गरिने वैदिक र स्मार्त नित्यकर्म हो । ती कर्म गर्दा पनि परस्पर अनुमति लिएर अधिकार प्राप्त गरिन्छ । यही न्यायसाम्य हो । पितृश्राद्ध आदि समान फल दिने नित्यकर्ममा अनुमति नलिए पनि एउटाको अधिकार हुन्छ । किनभने एउटै व्यक्तिले दान, अध्ययन र खरिद-बिक्रीजस्ता गृहस्थका कार्यहरू इमानदारीपूर्वक गर्नुपर्दछ । त्यसबाट आपत्कालमा सबै परिवारको रक्षा हुन्छ, कुटुम्बहरूको रक्षा हुन्छ र धर्म आदि फल प्राप्त हुन्छ भनिएकाले एउटै पुत्रले पनि यस्ता कर्म गर्दा कसैसँग अनुमति लिनुपर्ने कुरा हुँदैन । **विज्ञानेश्वर**ले त धर्मका लागि अवश्य गर्नुपर्ने पितृश्राद्धमा पनि अनुमति लिने कुनै आवश्यकता छैन भनेका छन् । कसैले भनेका छन् - नछुट्टिएका छोराहरू पनि भिन्दाभिन्दै आफ्नो परिवारसँग बसी भान्छा गर्न सक्छन् अथवा देशान्तरमा रहेर व्यवहार चलाउन सक्छन् । त्यसो हुँदा अमावास्याश्राद्ध र आब्दिकश्राद्ध सगोलमै रहे पनि छुट्टै गर्नुपर्दछ ।

विभक्ताविभक्तानां च ब्रह्मयज्ञादिविचारः

भ्रातृणामविभक्तानां पृथक्पाको भवेद्यदि । वैश्वदेवादिकं श्राद्धं कुर्युस्ते वै पृथक् पृथक् ।।

इति हारीतोक्तेः ।

अविभक्तेन पुत्रेण पितृमेधो मृताहनि । देशान्तरे पृथक्कुर्युर्दर्शश्राद्धं तथैव च ।।

अत्र मूलं चिन्त्यम् । तदयमर्थः - पञ्चमहायज्ञमध्ये देवपितृमनुष्ययज्ञान् अन्यानुमत्या ज्येष्ठ एव कुर्यात् ।

होमाग्रदानरहितं न भोक्तव्यं कदाचन । अविभक्तेषु संसृष्टेष्वेकेनापि कृते कृतम् ।।

व्यासोक्तेश्च । यस्य तु ज्येष्ठेनाकृते वैश्वदेवेऽन्नं सिध्येत्तेन तूष्णीमग्नौ किञ्चित् क्षिप्त्वा भोक्तव्यम् । यस्य त्वेषामग्रतोऽन्नं सिद्धेत्स नियुक्तमग्नौ कृत्वाग्रं ब्राह्मणाय दत्त्वा भुञ्जीतेत्यविभक्ताधिकारे पृथ्वीचन्द्रोदये गोभिलोक्तेः ।

आश्वलायनस्तु पाकपार्थक्ये पृथक्त्वं तदेकत्वेऽपृथक्त्वमाह –

वसतामेकपाकेन विभक्तानामपि प्रभुः । एकस्तु चतुरो यज्ञान् कुर्याद्वाग्यज्ञपूर्वकान् ।।

अविभक्ता विभक्ता वा पृथक्पाका द्विजातयः । कुर्युः पृथक्पृथग् यज्ञान् भोजनात्प्राग्दिने दिने ।। इति ।

विभक्त र अविभक्त दाजु-भाइद्वारा गरिने ब्रह्मयज्ञ

नछुट्टिएका भाइहरूको भान्सा छुट्टै भएमा तिनीहरूले वैश्वदेव आदि श्राद्ध अलग-अलग गर्नुपर्दछ भन्ने कुरा **हारीत**ले बताएका छन् । **यम**ले भनेका छन् – 'अविभक्त पुत्रले पिताको मृत्युदिन, देशान्तर र दर्शश्राद्धमा अलग कर्म गर्नुपर्दछ ।' यस वचनको मूल विचारणीय छ । तथ्य यो हो कि – पाँचमहायज्ञहरूको बीचमा देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ यी यज्ञहरूलाई अरू दाजुभाइको अनुमतिले जेठो दाजुले सम्पन्न गर्नुपर्दछ ।

व्यासले भनेका छन् – होम र अग्रदानको अन्न अरूले कहिल्यै पनि भोजन गर्न हुँदैन । त्योबाहेक अरू कुरा अंशवण्डा भएका र संसृष्टी- एकाघरमा रहेका सबैले एउटा भाइले प्राप्त गरेको कुरा प्राप्त गर्दछन् । घरमा जेठो दाजुले वैश्वदेवयज्ञ नगरेको अवस्थामा तयार गरिएको अन्नपाकलाई माहिला, कान्छा आदि भाइहरूले ग्रहण गर्नुपर्दा त्यो अन्नपाकको अलिकति भाग अग्निमा अर्पण गरी भोजन गर्न हुन्छ । सबै भाइहरूका सामु अन्नसिद्ध भएमा भोजन गर्नुपर्ने भाइले अलिकति भाग अग्निमा समर्पण गरी ब्राह्मणलाई खुवाएर भोजन गर्नुपर्दछ । यो कुरा **पृथ्वीचन्द्रोदय**को अविभक्त अधिकारमा **गोभिल**ले बताएका छन् । **आश्वलायन** भन्दछन् – अन्नपाक छुट्टै छ भने कर्म पनि छुट्टै गरिन्छ । अन्नपाक एउटै छ भने कर्म पनि एउटै ठाउँमा गरिन्छ । त्यसकारण जहाँ दाजुभाइ एउटै पाक खाएर बसेका हुन्छन् त्यहाँ दाजुभाइमध्ये एउटा भाइले पाँचयज्ञमध्ये एउटा श्रौतयज्ञ गर्दै अरू चारयज्ञ पनि सम्पन्न गर्नुपर्दछ । त्यसले गरेको सबैले गरेसरह हुन्छ। ब्राह्मण, क्षत्रिय र वैश्य छुट्टिएका वा नछुट्टिएका भए पनि भोजन छुट्टाछुट्टै गर्दछन् भने उनीहरूले प्रतिदिन भोजनभन्दा पहिले छुट्टाछुट्टै गृहस्थले गर्ने पाँचयज्ञ गर्नुपर्दछ ।

ब्रह्मयज्ञादिविचारः

ब्रह्मयज्ञसन्ध्यास्नानतर्पणादि तूक्तहेतोः पृथगेव । देवपूजा तूक्तवचनद्वयादेकत्र पृथग्वा ।

ब्रह्मयज्ञादि विचार

ब्रह्मयज्ञ, सन्ध्या, स्नान र तर्पण छुट्टै भान्सा भएमा छुट्टै नै गर्नुपर्दछ । देवताको पूजा भने विकल्पले गर्न सकिन्छ अर्थात् सामूहिक पनि गर्न सकिन्छ र बेग्लाबेग्लै पनि गर्न सकिन्छ ।

दर्शग्रहणादिश्राद्धादौ विचारः

दर्शग्रहणश्राद्धादि त्वेकस्यैव । तीर्थश्राद्धाद्यपि युगपत्सर्वेषामभिक्तानां प्राप्तावेकस्य । भेदेन प्राप्तौ भिन्नम् । गयाश्राद्धेऽप्येवम् ।

अमावास्यां, ग्रहण आदि श्राद्ध विचार

अविभक्त दाजुभाइले ग्रहणश्राद्ध, अमावास्याश्राद्ध आदि सामूहिकरूपमा गर्ने क्रममा एउटैबाट गराउनुपर्दछ । अंशबण्डा भएपछि भने सबैले छुट्टाछुट्टै गर्नुपर्दछ । यसैगरी गयाश्राद्धको कुरा पनि बुझ्नुपर्दछ ।

अविभक्तानां युगपत्तीर्थप्राप्तौ निर्णयः

एष्टव्या बहवः पुत्राः शीलवन्तो गुणान्विताः । तेषां तु समवेतानां यद्येकोऽपि गयां व्रजेत् ।।

तारिताः स्मो वयं तेन स याति परमां गतिम् ।। इति हेमाद्रौ कौर्मोक्तेः । काम्येऽपि दानहोमादावन्यानुमत्यैवाधिकारः। द्रव्यासाध्यजपादौ तां विनापि । तां विनापीत्यस्य – अनुमतिं विनापीत्यर्थः ।

नछुट्टिएका पुत्रहरू सँगसँगै तीर्थ जाँदा

नछुट्टिएका छोराहरू सँगसँगै तीर्थ गएमा गर्नुपर्ने विषयमा **हेमाद्रि**मा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ कि – गृहस्थले आफूले सत्कर्म गरी सुशील, सज्जन छोराहरू जन्माउने इच्छा गरोस् । धेरै छोरामध्ये एउटा छोरा पनि सुशील र सज्जन निस्कियो भने त्यो गया जान सक्छ । त्यसले गयामा गएर पितृहरूलाई तार्दछ र पितृहरू परमगतिमा प्राप्त हुन्छन् । पितृहरूले प्रसन्न भई भन्दछन् – 'गया गई पिण्ड दिने सुपुत्रले हामीलाई संसारबाट तारेका छन् र ती पनि परमगतिमा प्राप्त हुनेछन् । काम्यकर्ममा पनि दान, होम आदि कार्य सबै भाइको अनुमति लिएर जेठो छोराले गर्नुपर्दछ। द्रव्य खर्च नगरीकन गरिने जप आदि यज्ञमा भने दाजु वा भाइले अरूसँग अनुमति लिनुपर्दैन ।' मूलमा **तां विनापि** – भनिएको छ त्यसको अर्थ अनुमति नलिईकन पनि भन्ने हो ।

विभक्तानां पुत्राणां युगपत्तीर्थप्राप्तौ विचारः

अपरार्के पैठीनसिः –

विभक्तैस्तु पृथक्कार्यं प्रतिसंवत्सरादिकम् । एकैनेवाविभक्तेषु कृते सर्वैस्तु तत्कृतम् ।।

संवत्सरात्पूर्वाणि मासिकान्येकत्रैव ।

इति श्राद्धभोज्यब्राह्मणसङ्ख्या-जीवत्पितृकश्राद्ध-विभक्ताविभक्तनिर्णयादिविषयनिर्णयात्मकं दशमं प्रकरणम्

छुट्टिएका छोराहरू एकैचोटि तीर्थ प्राप्त भएमा

अपरार्कमा **पैठीनसि** भन्दछन् – छुट्टिएका छोराहरूमध्ये सबै भाइले एकैचोटि तीर्थमा जाँदा अलग-अलग सांवत्सरिकश्राद्ध आदि कर्म गर्नुपर्दछ । नछुट्टिएका दाजुभाइमध्ये जेठो दाजुले श्राद्ध वा पूजा गरेमा सबैले गरेको सम्झनुपर्दछ । वार्षिकश्राद्धभन्दा पहिले गरिने मासिकश्राद्धमा भने सबै भाइले जम्मा भएर गर्नुपर्दछ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको श्राद्धमा भोजन गराइने ब्राह्मणको संख्या, पिता ज्यूँदै भएका व्यक्तिले गर्ने श्राद्ध, अंशबण्डा भएका र नभएका दाजुभाइले गर्ने श्राद्ध आदि विषयको निर्णयमा आधारित दशम प्रकरण पूरा भयो ।

अथ सपिण्डीकरणान्तश्राद्ध-तीर्थयात्रादिविषयनिर्णयात्मकमेकादशं प्रकरणम्

सपिण्डीकरणान्तश्राद्धेषु विचारः

तदाह लघुहारीतः -

सपिण्डीकरणान्तानि यानि श्राद्धानि षोडश । पृथङ्नैव सुताः कुर्यु पृथग्द्रव्या अपि क्वचित् ।।

सपिण्डीकरणान्तं मासिकलक्षणम् ।

अर्वाक् संवत्सराज्ज्येष्ठः श्राद्धं कुर्यात्समेत्य तु । ऊर्ध्वं सपिण्डीकरणात्सर्वे कुर्युः पृथक् पृथक्।।

इति व्यासोक्तेः ।

सपिण्डीकरणान्तश्राद्धमा विचार

लघुहारीतमा भनिएको छ कि सपिण्डीकरणपछि गरिने जुन सोह्रश्राद्ध हुन्छन् ती श्राद्ध अंशवण्डा भएको भएता पनि छोराहरूले एकै ठाउँमा गर्नुपर्दछ, अलग-अलग गर्न हुँदैन । यहाँ सपिण्डीकरणान्तको अर्थ मासिकश्राद्ध हो । **व्यासले** भनेका छन् कि - जेठो छोराले वार्षिकश्राद्धभन्दा पहिले गरिने सबै श्राद्धमा भाइहरूलाई सँगै राखी कर्मसम्पादन गर्नुपर्दछ । सपिण्डीकरणपछि अर्थात् एकवर्ष पुग्दा सपिण्डनश्राद्ध गरेपछि भने सबैले अलग-अलग श्राद्ध गर्नुपर्दछ ।[८०]

उशनाः - **नवश्राद्धं सपिण्डत्वं श्राद्धान्यपि च षोडश । एकेनैव तु कार्याणि संविभक्तधनेष्वपि मघात्रयोदशीश्राद्धं त्वविभक्तानामपि पृथग्।**' इत्युक्तं प्राक् । यत्तु वृद्धवसिष्ठः -

मासिकं च वृषोत्सर्गं सपिण्डीकरणं तथा । ज्येष्ठेनैव प्रकर्तव्यमाब्दिकं प्रथमं तथा ।।

इति । तन्निर्मूलम् । बह्वृचपरिशिष्टे '**नवश्राद्धं सह दद्युः**' इति ।

उशनाले भनेका छन् - नवश्राद्ध, सपिण्डीकरणश्राद्ध र अरू सोह्रश्राद्ध भाइहरूको अंशबण्डा भएको भएता पनि एउटैले गर्नुपर्दछ । मघात्रयोदशीश्राद्ध भने सँगै रहेका छोराहरूले पनि अलग-अलग गर्नुपर्दछ । यो कुरा हामीले पहिले पनि भनिसकेका छौं । **वृद्धवसिष्ठले** भनेका छन् - 'मासिक, वृषोत्सर्ग, सपिण्डीकरण र पहिलो वार्षिकश्राद्ध जेठो छोराले मात्र गर्नुपर्दछ' भनिएको विषय प्रमाणरहित छ, किनभने **बह्वृचपरिशिष्टमा** - 'नवश्राद्ध सबै भाइले एकैसाथ गरून्' भनिएको छ।

तीर्थश्राद्धविचारः

अथ तीर्थश्राद्धम् । तत्र यद्यप्यस्मत्पितामहकृतत्रिस्थलीसेतुरेव जागर्ति, तथापि किञ्चिदुच्यते ।

तीर्थश्राद्धविचार

अब तीर्थश्राद्धको सम्बन्धमा विचार गरिन्छ । यद्यपि यस सम्बन्धमा मेरा **पितामहले** बनाएको **त्रिस्थलीसेतुनामक** ग्रन्थमा व्यापकरूपमा विचार गरिएको छ त्यसो भएता पनि प्रसङ्गले म यहाँ केही भन्न चाहन्छु ।

---

८०. अघिल्लो लघुहारीतको भनाइ बाह्रौं दिनमा सपिण्डीकरण गरेपछि भन्ने अर्थमा आएको हो । व्यासको यो भनाइ एकवर्षपछि सपिण्डीकरण गर्ने प्रचलनअनुसार आएको हो । अहिले बाह्रौं दिनका दिन सपिण्डीकरण गर्ने प्रचलन छ ।

यात्रायां सपत्नीकस्याधिकारविचारः

तत्र यात्रायाम् – **सहाग्निर्वा सपत्नीको गच्छेत्तीर्थानि संयतः ।**

सपत्नीक तीर्थयात्रा

तीर्थमा जान चाहने मानिसले इन्द्रियमाथि विजय गरी अग्निहोत्री भएमा अग्निसाथमा लिएर पत्नीका साथ तीर्थयात्रा गर्नुपर्दछ ।

प्रायश्चित्तार्थयात्रायां यज्ञादौ च विचारः

प्रायश्चित्ती व्रजेत्तीर्थं पत्नीविरहितोऽपि वा । यज्ञेष्वनधिकारी च यश्च वा मन्त्रसाधकः ।।

इति कौर्मवचनात्साग्नेः सपत्नीकस्यैवाधिकारः ।

भारते – **ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रो वा राजसत्तम । न वियोनिं व्रजन्त्येते स्नानात्तीर्थे महात्मनः ।।**

प्रायश्चित्तार्थ गरिने तीर्थयात्रा र यज्ञसम्बन्धी विचार

'प्रायश्चित्तका लागि तीर्थयात्रामा जाँदा पत्नीलाई साथमा नलिईकन पनि जान हुन्छ । यसैगरी यज्ञमा अधिकार नभएको व्यक्ति र मन्त्रसाधना गर्ने व्यक्तिले पनि पत्नीलाई नलिईकन तीर्थयात्रा गर्न सक्दछ' भन्ने **कूर्मपुराण**को वचनअनुसार अग्निहोत्री द्विजले सपत्नीक भई तीर्थयात्रा गर्नुपर्दछ । **कूर्मपुराण**को वचनअनुसार यज्ञ, मन्त्र आदिमा सपत्नीक गृहस्थको मात्र अधिकार हुन्छ ।[८१] **महाभारत**मा भनिएको छ – ब्राह्मण, क्षत्रिय, वैश्य वा शूद्र यिनीहरू तीर्थमा स्नान गर्नाले महात्मा बन्दछन् र अर्को जन्ममा निन्दितयोनिमा पैदा हुँदैनन् ।

विधवायाः सधवायाश्च तीर्थयात्राविचारः

स्कान्दे विधवाधर्मेषु – **स्नानं दानं तीर्थयात्रां विष्णोनामग्रहं मुहुः** । एतत्पुत्राद्यनुमत्यैव । सधवायाः पत्या सहैवेति प्रागुक्तम् ।

विधवा र सधवाको तीर्थयात्राविचार

स्कन्दपुराणको **विधवाधर्मप्रकरण**मा बताइएको छ कि – विधवा नारीले स्नान, दान, तीर्थयात्रा र बारम्बार भगवान् विष्णुको कीर्तन गर्नुपर्दछ । तर उनले यस्ता सबै उत्तम कर्म गर्दा आफ्ना पुत्रबाट अनुमति लिनुपर्दछ । सधवा स्त्रीले आफ्ना पतिका साथ तीर्थयात्रा आदि पुण्यकर्म सम्पन्न गर्नुपर्दछ भन्ने विषयमा पहिले बताइसकिएको छ ।

तीर्थयात्राविधिः

काशीखण्डे – **मातुः पितुः क्षेप्तुमनास्तथास्थि सुतस्तु कुर्यात्खलु तीर्थयात्राम्** । तद्विधिः स्कान्दे–

तीर्थयात्रां चिकीर्षुः प्राग्विधायोपोषणं गृहे । गणेशं च पितॄन् विप्रान् साधून् शक्त्या प्रपूज्य च।।

कृतपारणको हृष्टो गच्छेन्नियमधृक्पुनः । आगत्याभ्यर्च्य च पितॄन् यथोक्तफलभाग्भवेत् ।।

८१. जुन पत्नी पतिव्रता धर्मले युक्त र गुणवती हुन्छिन् तिनीलाई छाडेर जुन मानिस तीर्थयात्रा, यज्ञ र मन्त्रसिद्धिका निमित्त एक्लै प्रस्थान गर्दछ, त्यसले गरेका कर्म विफल हुन्छन् । तर जुन पत्नी पतिव्रता हुँदिनन्, मद्यपान गर्दछिन् र कुलटाका गुणहरूले युक्त हुन्छिन् त्यस्ती पत्नीलाई त्याग गरेर तीर्थयात्रा, धर्मकर्म आदि गर्दा कुनै दोष लाग्दैन । भनिएको पनि छ – '**पुंसां गुणवतीं भार्यां यो वा त्यक्त्वा प्रयाति हि । तस्य पुण्यफलं सर्वं वृथा भवति नान्यथा ।।**'

तीर्थयात्राविधि

काशीखण्डमा भनिएको छ कि – 'जब पुत्रलाई पुण्यनदीहरूमा आफ्ना माता-पिताको अस्तु सेलाउने इच्छा पैदा हुन्छ त्यसबेला त्यसले तीर्थयात्रा गर्नुपर्दछ । त्यसको विधि **स्कन्दपुराण**मा यसरी बताइएको छ – तीर्थयात्रा गर्ने इच्छाले घरमा पहिले नियमपूर्वक[८२] उपवास गरेर गणेश, पितृहरू, ब्राह्मण र सज्जनहरूको शक्तिअनुसार पूजा गरीकन पारणा गरेपछि मन प्रसन्न तुल्याएर तीर्थविधिका नियमहरू स्वीकार गरी घरबाट प्रस्थान गर्नुपर्दछ । फेरि यात्राबाट फर्केर पितृहरूको पूजा गरेपछि तीर्थयात्राको फल प्राप्त गर्दछ ।' यहाँ कसैले तीर्थबाट फर्केपछि पनि श्राद्ध गर्नुपर्दछ भनेका छन्।

यात्राकाले वपनविचारः

उपवासात्प्राङ्मुण्डनं च कार्यम् ।

प्रयागे तीर्थयात्रायां पितृमातृवियोगतः । कचानां वपनं कुर्यात् वृथा न विकचो भवेत् ।।

इति विष्णूक्तेः । **प्रायश्चित्तार्थयात्रायां गङ्गायां चैतदित्येके** । केचित्तु हेमाद्रौ महाभारते –

केशश्मश्रुनखादीनां वपनं न च शस्यते । अतो न कार्यं वपनं गयाश्राद्धार्थिना सदा ।।

ये भारतेऽस्मिन् पितृकर्मतत्पराः सन्धार्य केशानतिभक्तिभाविताः ।
ऋणक्षयार्थं पितृतीर्थमागतास्तेषामृणं संक्षयमेष्यति ध्रुवम् ।।

इति निषेधात् गयायात्राङ्गं वपनं न कार्यमित्याहुः । वस्तुतस्तु गयाधिकरणकस्यैवायं निषेधः, न तु यात्राङ्गस्य, '**श्राद्धार्थिना**' इत्युक्तेः । '**विशालां विरजां गयाम्**' इत्यनेनैकवाक्यत्वाच्च ।

यात्राकालमा मुण्डनविचार

उपवासभन्दा पहिले मुण्डन गर्नुपर्ने कुरा बताउँदै **विष्णु** भन्दछन् – 'प्रयागमा प्राप्त हुँदा, तीर्थयात्रा गर्दा, माता एवं पिताको मृत्युमा केशहरूको मुण्डन गर्नुपर्दछ । व्यर्थमा केशमुण्डन गर्न हुँदैन ।' कसैले भनेका छन् कि प्रायश्चित्तका लागि गरिने यात्रामा र गङ्गादर्शनपछि मुण्डन गर्नुपर्दछ । **हेमाद्रि**मा उद्धृत **महाभारत**को वचनमा भनिएको छ – 'केही मानिस दाह्री-नङ आदिको मुण्डन गर्न चाहँदैनन् यसैले गयाश्राद्ध गर्न चाहने मानिसले मुण्डन गर्न हुँदैन' ।

'भारतवर्षमा जुन मानिस भक्तिपूर्वक पितृकर्ममा तत्पर हुन्छन् तिनीहरू केशधारण गरेर पितृऋण तिर्न पितृतीर्थमा आएका छन् । यसरी तीर्थमा आएका कारण तिनीहरूले पितृऋण अवश्य तिर्नेछन्' भन्ने कुरा पनि **महाभारत**मा नै बताइएको छ । यो निषेधवाक्यको आधारमा गयामा मुण्डन गर्न हुँदैन भनिएको छ । तर ग्रन्थकार भन्दछन् – गयाधिकरणमा मुण्डन निषेध गरिएको हो तर यात्राका कारण निषेध गरिएको होइन । किनकि श्राद्ध गर्न चाहने मानिस तीर्थमा जानुपर्दछ भनिएकाले श्राद्धमा मुण्डन गर्नुपर्ने विधान छ । विशाल, विरजा, गया इत्यादि अनेक वाक्यहरूको निष्कर्ष एउटै रहेकाले मुण्डननिषेध गयाधिकरणको लागि मात्र हो, अन्य तीर्थहरूका लागि होइन यही निष्कर्ष हो ।

---

८२. यात्रामुहूर्तभन्दा पहिलो दिन एकभुक्त रही हविष्यभोजन गरी ब्रह्मचर्यका नियमको पालन गर्नुपर्दछ । दोस्रो दिन मुण्डन गरी उपवास गर्ने सङ्कल्प गर्नुपर्दछ । त्यसपछि दोस्रो दिन प्रातःकाल नित्यक्रिया गरी गणेश आदि इष्टदेवताको पूजा गरेर घृतश्राद्ध गर्नुपर्दछ । यथाशक्ति वस्त्र, अलङ्कारद्वारा ब्राह्मणलाई सन्तुष्ट तुल्याई यात्राको सङ्कल्प गरेर सात्त्विक वेषभूषामा रही उत्तम मुहूर्तमा आफ्नो गाउँको प्रदक्षिणा गरेर श्राद्धमा बाँकी रहेको घ्यू चाटी पारण गर्नुपर्दछ । त्यसको दोस्रो दिन स्नान गर्नुपर्दछ ।

गमनादौ घृतश्राद्धविचार:

श्राद्धञ्च षट्नवद्वादशदैवतं वा घृतेन कार्यम् । गच्छेद्देशान्तरं यस्तु श्राद्धं कुर्यात्स सर्पिषा ।।

इति विष्णुपुराणात् । यात्राङ्गवृद्धिश्राद्धोक्तेश्च । श्राद्धं च पारणादिने एव ।

उपोष्य रजनीमेकां प्रात: श्राद्धं विधाय च । गणेशं ब्राह्मणान्नत्वा भुक्त्वा प्रस्थितवान्सुधी: ।।

इति स्कान्दलिङ्गात् ।

यात्रामा घृतश्राद्धविचार

तीर्थयात्रा गर्न चाहने मानिसले तीर्थमा गएपछि छदेवता अर्थात् छपितृ, नौदेवता अर्थात् नौपितृ, बाह्र देवता अर्थात् बाह्र पितृको घ्यूद्वारा श्राद्ध गर्नुपर्दछ । किनकि **विष्णुपुराण**मा भनिएको छ – जुन व्यक्तिले अरू देशमा तीर्थयात्राका निमित्त जान अठोट गर्दछ त्यसले घ्यूद्वारा श्राद्ध गर्नुपर्दछ । यो यात्राका निमित्त गरिने वृद्धिश्राद्धको अङ्ग हो । एकदिन उपवास गरेपछि पारणाको दिनमा नै श्राद्ध गरिन्छ । यस विषयमा **स्कन्दपुराण**मा भनिएको छ – एकरात उपवास गरी प्रात:कालमा श्राद्ध गरेर गणेश, ब्राह्मण आदिलाई नमस्कार गरी भोजन गरेपछि बुद्धिमान् मानिसले तीर्थयात्राका निमित्त प्रस्थान गर्नुपर्दछ । त्यसकारण घृतश्राद्धभन्दा पहिले उपवास गरिने भएकाले पारणाको दिनमा नै घृतश्राद्ध गर्नुपर्दछ ।

तीर्थात्प्रत्यागमने घृतश्राद्धकथनम्

गौडनिबन्धे गौतम: –

तीर्थयात्रासमारम्भे तीर्थात्प्रत्यागमेऽपि च । वृद्धिश्राद्धं प्रकुर्वीत बहुसर्पि:समन्वितम् ।।

वृद्धिपदं तद्धर्मार्थम् ।

तीर्थबाट फर्किएपछि घृतश्राद्ध

गौडनिबन्धमा **गौतम**ले भनेका छन् – 'तीर्थयात्राको आरम्भ र तीर्थयात्राबाट फर्किएपछि घरमा आएर अधिकतम घ्यूद्वारा वृद्धिश्राद्ध गर्नुपर्दछ ।' यहाँ पद्यमा प्रयुक्त **वृद्धि**पद धर्मको वृद्धि हुने कुरा संसूचन गर्ने उद्देश्यले प्रयुक्त भएको छ।

श्राद्धोत्तरं यात्रासङ्कल्प:

श्राद्धोत्तरं यात्रासङ्कल्प इति भट्टा: ।

श्राद्धपछि यात्राको सङ्कल्प

श्राद्धपछि यात्रा गर्ने सङ्कल्प गर्नुपर्दछ भन्ने भट्टहरूको मत रहेको छ ।

गयादौ गमनसमये विचार:

वायवीये – **उद्यतस्तु गयां गन्तुं श्राद्धं कृत्वा विधानत: । विधाय कर्पटीवेषं ग्रामं कृत्वा प्रदक्षिणम्।।**

ततो ग्रामान्तरं गत्वा श्राद्धशेषस्य भोजनम् । घृतस्य भोजनम् । तच्च क्रोशमध्ये । श्राद्धोत्तरं क्रोशगमननिषेधात्। '**तत: प्रतिदिनं गच्छेत्प्रतिग्रहविवर्जित:** ।' गयायामेवैतन्नान्यत्रेति केचित् । **हेमाद्रिस्तु** – गयायां श्राद्धदिने एव प्रस्थानम् । तीर्थान्तरे तु श्राद्धोत्तरदिने इत्याह ।

गया आदि तीर्थमा जाँदा गर्नुपर्ने कर्तव्य

वायुपुराणमा भनिएको छ कि 'गयातीर्थको यात्रा गर्न तत्पर भएको पुरुषले विधिपूर्वक श्राद्ध गरेर काबडीको वेष धारण गरी गाउँलाई दायाँतर्फ पारेर दोस्रो गाउँमा पुगेपछि श्राद्धशेष घ्यूको भोजन गर्नुपर्दछ र घ्यूबाट नै पारण गर्नुपर्दछ। गाउँदेखि एककोशको बीचमा पर्ने दोस्रो गाउँमा उक्त कर्म गर्नुपर्दछ।' किनकि श्राद्ध गरेपछि एककोशभन्दा पर जान हुँदैन भनिएको छ। त्यसपछि प्रतिदिन अरूले दिएको दान नलिईकन नियमपूर्वक यात्राको क्रम चलाउनुपर्दछ। काबडीको वेशधारण गरेर जानु भन्ने कुरा गयाका लागि नै बताइएको हो, अरू तीर्थका निमित्त होइन भन्ने कसैको अभिमत रहेको छ। हेमाद्रिले भनेका छन् – जुन दिन घरमा घृतश्राद्ध गरिन्छ त्यसै दिन गयाका लागि प्रस्थान गर्नुपर्दछ। अरू तीर्थमा गएर घृतश्राद्ध गरिएको छ भने त्यो दिन त्यहीं रही दोस्रो दिन प्रस्थान गर्नुपर्दछ।

अन्येषां यात्राकरणे फलकथनम्

प्रभासखण्डे – **यच्चान्यं कारयेच्छक्त्या तीर्थयात्रां नरेश्वरः। स्वकीयद्रव्ययानाभ्यां तस्य पुण्यं चतुर्गुणम्॥**

अरूलाई यात्रा गराउँदा प्राप्त हुने फल

प्रभासखण्डमा बताइएको छ कि जुन श्रेष्ठ पुरुषले आफ्नो शक्तिअनुसार धन-पैसा प्रयोग गरी अरू मानिसलाई तीर्थयात्रा गराउँछन् तिनीहरूले चारगुणा अधिक फल प्राप्त गर्दछन्।

यात्रामध्ये आशौचे रजसि वा प्राप्ते विचारः

यात्रामध्ये आशौचे रजसि चाशुद्धिपर्यन्तं स्थित्वा तदन्ते गच्छेत्। मार्गवैषम्ये त्वदोषः।

यात्रामा आशौच र रजोधर्म प्राप्त भएमा विचार

'यात्राको बीचमा आशौच अथवा रजोधर्म आइलागेमा भने जबसम्म शुद्धि हुँदैन तबसम्म त्यहीं रहेर शुद्धिपछि अन्यत्र यात्रा गर्नुपर्दछ।' स्त्रीलाई रजोधर्म भएमा देवता र पितृको कार्यमा ती पाँचौं दिनका दिन शुद्ध हुन्छिन् र तिनले मासिकधर्म सुरु भएको पाँचौं दिन देवता आदिको पूजन आदि कर्म गर्नुपर्दछ। तर, रजोनिवृत्त भएको छैन भने सातौं दिनमा मात्र उनी शुद्ध हुन्छिन्। मार्गको विषमताजस्ता प्राकृतिक विषयका कारण रज देखिएमा दोष लाग्दैन।

यात्रामध्ये तीर्थान्तरप्राप्तौ विचारः

यात्रामध्ये तीर्थान्तरप्राप्तौ श्राद्धादिकार्यमेव।

यात्राको बीचमा तीर्थान्तर प्राप्त भएमा विचार

मुख्यतीर्थको लागि यात्रा गर्दा मार्गमा अरू तीर्थहरू प्राप्त भएमा त्यहाँ स्नान-दान गरी पितृहरूका निमित्त श्राद्ध गरेर अगाडि बढ्नुपर्दछ।

वाणिज्याद्यर्थं गते विचारः

वाणिज्याद्यर्थं गते तु मुण्डनोपवासादि न कार्यमिति, प्रयागसेतौ भट्टाः। वस्तुतस्तु तत्रापि मुण्डनोपवासश्राद्धादि कार्यम्। **'अर्धं तीर्थफलं तस्य यः प्रसङ्गेन गच्छति'** इति ब्राह्मोक्तेः।

व्यापारका निमित्त यात्रा गर्दा विचार

'वाणिज्य-व्यवसायका निमित्त यात्रा गर्दा मुण्डन, उपवास र श्राद्ध गर्न हुँदैन भन्ने कुरा भट्टहरूले बताएका छन् ।' वास्तवमा वाणिज्य व्यवसायका लागि यात्रा गर्ने मानिसले पनि मुण्डन, उपवास आदि कर्म गर्नुपर्दछ । 'प्रसङ्गवश तीर्थमा जाने मानिसले पनि तीर्थयात्राको आधाफल प्राप्त गर्दछ भन्ने कुरा **ब्रह्मपुराणमा** बताइएको छ' यही सिद्धान्त पक्ष हो ।

यात्रायां द्विर्भोजने विचारः

स्कान्दे - **द्विर्भोजनं तृतीयांशे हरेत्तीर्थफलस्य च । वाणिज्यं त्रींस्तथा भागान् हन्ति सर्वं प्रतिग्रहः ।।**

यात्रामा दुईपटक भोजनसम्बन्धी विचार

स्कन्दपुराणमा भनिएको छ - यात्रा गर्दा तीर्थमा पुगेपछि दुईपटक भोजन गर्नाले तीर्थ गरेर पाइने पुण्यको तेस्रो भाग नष्ट हुन्छ । तीर्थमा गएर वाणिज्य-व्यवसाय गर्दा तीनभागको एकभाग पुण्य नष्ट हुन्छ । तीर्थमा गएर दानग्रहण गर्दा तीर्थबाट प्राप्त हुने सबै पुण्यफलको नाश हुन्छ ।

यानादिना यात्राकरणे दोषनिरूपणम्

यानमर्धं चतुर्थांशं छत्रोपानहमेव च । इत्युत्तरार्धे पाठान्तरम् ।

यानद्वारा यात्रा गर्दा दोष लाग्ने विषयमा

यानमा आरोहण गरी तीर्थको यात्रा गर्दा तीर्थबाट प्राप्त हुने चारअंशको एकअंश फलको नाश हुन्छ । छाता र जुत्ता धारण गरी तीर्थमा जाँदा वा तीर्थमा रहँदा पनि चारअंशको एकअंश पुण्यफलको नाश हुन्छ । पहिले पढिएको '**वाणिज्यं त्रीन् तथा भागान् हन्ति सर्वं परिग्रहः**'को पाठान्तरको रूपमा **यानमर्धम्०** इत्यादि पाठ रहेको कुरा ग्रन्थकारले बताएका छन् ।

मार्गेऽन्तरा नदीप्राप्तौ विचारः

अत्र नदीषु विशेषः - **मार्गेऽन्तरा नदीप्राप्तौ स्नानादिपरपारतः । अर्वागेव सरस्वत्या एष मार्गगतो विधिः ।।**

यत्तु - **पितॄनतर्पयित्वा तु नदीस्तरति यो नरः । तस्यासृक्पानकामास्ते भवन्ति भृशदुःखिताः ।।** इति तत्सरस्वतीपरम् ।

शङ्खः - **तीर्थं प्राप्यानुषङ्गेन स्नानं तीर्थी समाचरेत् । स्नानजं फलमाप्नोति तीर्थयात्राकृतं न तु ।।**

स एव - **'न स्रवन्तीमतिक्रमेदनवसिच्य'** ।

तीर्थयात्राको बीचमा नदी प्राप्त भएमा

अब नदीहरूको विषयमा विशेषचर्चा गरिन्छ । तीर्थयात्राका लागि बाटोमा हिँड्दा सरस्वतीबाहेक अरू कुनै नदी भेटिइन् भने वारिबाट पारि गई स्नानादि कर्म गर्नुपर्दछ । तर सरस्वतीनदी भेटिइन् भने वारि नै रहेर तीर्थमा गर्ने स्नानादि कर्म गर्नुपर्दछ । यो मार्गविधि हो । कसैले भनेका छन् - 'मनुष्यहरू तीर्थमा प्राप्त भएपछि पितृहरूलाई तर्पण नगरीकन नदी तर्दछन् भने तिनका पितृहरू दुःखी हुन्छन् र तिनै आफ्ना तीर्थयात्री सन्तानको रगत खाने इच्छा गर्दछन् ।' ग्रन्थकार भन्दछन् - यो भनाइ सबै नदीका लागि होइन केवल सरस्वतीनदीका लागि हो । सरस्वतीमा पुगेपछि पुण्यकर्म नगरीकन वारिबाट पारि जान हुँदैन।

शङ्खले भनेका छन् – कुनै मानिस प्रसङ्गवश तीर्थमा पुगेमा त्यसले श्रद्धापूर्वक स्नान गर्नुपर्दछ । त्यसो गर्दा तीर्थस्नानको पुण्यफल प्राप्त गर्दछ । तीर्थयात्राको फल भने त्यसले पाउँदैन । उनले फेरि भनेका छन् – तीर्थमा पुगेपछि तीर्थजलले अभिषेक नगरीकन वारिबाट पारि जान हुँदैन ।

तीर्थप्राप्तौ तु

तीर्थप्राप्तौ तु प्रभासखण्डे –

यानानि तु परित्यज्य भाव्यं पादचरैर्नरैः । लुठित्वा लोठनीं तत्र कृत्वा कार्पटिकाकृतिम् ।।

कृत्वेतिगृहान्निर्गमसमयेऽकरणे इदम् ।

प्रथमं चालयेत्तीर्थं प्रणवेन जलं शुचि । अवगाह्य ततः स्नायाद्यथावन्मन्त्रयोगतः ।।

तीर्थमा पुगेपछि गर्नुपर्ने कर्तव्य

प्रभासखण्डमा तीर्थमा पुगेपछि तीर्थयात्रीले गर्नुपर्ने कर्तव्यको विषयमा यसरी बताइएको छ – तीर्थमा पुगेपछि सवारीसाधन त्याग गरी पैदल यात्रा गर्नुपर्दछ । तीर्थको दर्शन गर्नासाथ साष्टाङ्गप्रणाम गर्नुपर्दछ । त्यसबेला भुईमा लम्पसार परेर, लगाएका वस्त्रहरू झिकी काबडीहरूले धारण गर्ने वेश धारण गर्नुपर्दछ ।' मूल पद्यमा **'कृत्वा'** पदको प्रयोग गरिएको छ । तीर्थयात्राको आरम्भमा घरमा नै काबडीको वेश धारण नगरेको भए यो वचन लागु हुन्छ । घरबाट नै त्यसरी प्रस्थान गरेकोमा फेरि वस्त्र परिवर्तन गर्नुपर्दैन ।

पवित्र अवस्थामा रही ॐकारको उच्चारण गर्दै तीर्थजल स्पर्श गर्नुपर्दछ । त्यसपछि जललाई अलिकति चलाएर नदीमा अवगाहन– डुब्ने काम गर्नुपर्दछ ।[८३] आफूले लगाएका वस्त्रसहित जलमा मज्जन गर्नुपर्दछ । त्यसो गर्दा स्नानका मन्त्रहरू आफूले जानेअनुसार जप्नुपर्दछ ।

तीर्थप्रार्थनामन्त्राः

मन्त्रश्च प्रभासखण्डे –

नमोऽस्तु देवदेवाय शितिकण्ठाय दण्डिने । रुद्राय चापहस्ताय चक्रिणे वेधसे नमः ।।

सरस्वती च सावित्री वेदमाता गरीयसी । सन्निधानी भवत्वत्र तीर्थे पापप्रणाशिनी ।।

इति । मन्त्रवत्स्नानञ्च वपनोत्तरं कार्यम् ।

तीर्थप्रार्थना मन्त्र

प्रभासखण्डमा बताइएको छ कि – **'नमोऽस्तु देवदेवाय०'** इत्यादि पद्यद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे देवताहरूका पनि देवता ! हजुरलाई नमस्कार छ । हे शितिकण्ठ ! हे दण्डधारी रुद्र ! धनुष र चक्र हातमा धारण गर्नुहुने ब्रह्मरूप हजुरलाई नमस्कार छ । यस तीर्थमा पापलाई नाश गर्ने सरस्वती र वेदमाता गायत्री नजिकै आएर रहून् ।' तीर्थमा मुण्डन गरेपछि उक्त मन्त्रोच्चारणपूर्वक स्नान गर्नुपर्दछ ।

---

८३. जलस्पर्श गरेर निम्नानुसारका स्नानमन्त्र उच्चारण गर्नुपर्दछ । स्नानमन्त्र –
'सागरस्वननिर्घोषदण्डहस्तसुरान्तक । जगत्स्रष्टर्जगन्मित्र नमामि त्वां सुरेश्वरम् ।।
तीक्ष्णदंष्ट्र महाकाय कल्पान्तदहनोपम । भैरवाय नमस्तुभ्यमनुज्ञां दातुमर्हसि ।।

तीर्थे उपवासमुण्डनादिनिर्णयः

पूर्वमावाहनं तीर्थे मुण्डनं तदनन्तरम् । ततः स्नानादिकं कुर्यात्पश्चाच्छ्राद्धं समाचरेत् ।।

इत्युक्तेः । यत्तु – **गत्वा स्नानं प्रकुर्वीत वपनं तदनन्तरम्** । इति तन्मुशलस्नानपरम् । काशीखण्डे – **तीर्थोपवासः कर्तव्यः शिरसो मुण्डनं तथा** । उपवासे तत्रैवोक्तम् –

यदह्नि तीर्थप्राप्तिः स्यात्तदह्नः पूर्ववासरे । उपवासः प्रकर्तव्यः प्राप्तेऽह्नि श्राद्धदो भवेत् ।।

अत्र – **उपवासं ततः कुर्यात्तस्मिन्नहनि सुव्रतः** । इति प्राप्तिदिनेऽप्युपवासोक्तेर्विकल्पः । मुण्डने तु स्कान्ददेवलौ–

मुण्डनं चोपवासं च सर्वतीर्थेष्वयं विधिः । वर्जयित्वा कुरुक्षेत्रं विशालं विरजां गयाम् ।।

विरजाम् – लोणारम् । प्रसिद्धमहातीर्थपरः सर्वतीर्थशब्दः ।

तीर्थमा उपवास र मुण्डनसम्बन्धी निर्णय

तीर्थयात्रीले तीर्थमा पुगेपछि सर्वप्रथम तीर्थको आवाहन गर्नुपर्दछ र त्यसपछि मुण्डन गर्नुपर्दछ । मुण्डनपछि स्नान गरेर श्राद्ध गर्नुपर्दछ । यो विधि हो । कसैले भनेका छन् कि – 'तीर्थमा गएर स्नान गरेपछि मुण्डन गर्नुपर्दछ' । उक्त भनाइ मुशलस्नानका लागि हो । **काशीखण्डमा** भनिएको छ – तीर्थमा उपवास गरी शिरोमुण्डन गर्नुपर्दछ । उपवाससम्बन्धमा त्यहीं भनिएको छ कि – जुन दिन तीर्थमा टेकिन्छ त्योभन्दा पहिलो दिन उपवास गर्नुपर्दछ । तीर्थमा पुगेको दिन श्राद्ध गर्नुपर्दछ । त्यसपछि राम्ररी व्रतमा रहेर उपवास गरी श्राद्ध गर्नुपर्दछ भन्ने कुरा बताइएको छ । तीर्थमा पुगेको दिन उपवास गर्नुपर्छ कसैले भनेका छन् भने कसैले त्योभन्दा अघिल्लो दिन उपवास गर्नु भनेका छन् । यसमा विकल्प देखिन्छ । मुण्डनको विषयमा त **स्कन्दपुराण** र देवलस्मृतिमा भनिएको छ – 'कुरुक्षेत्र, बद्री, जगन्नाथपुरी र विरजा अर्थात् लोणारतीर्थ छाडेर अन्य तीर्थमा मुण्डन र उपवास गर्ने विधि एउटै हो ।' मूल पद्यमा '**सर्वतीर्थेषु**' भनिएको छ, यसको अर्थ सबै ठूलाठूला तीर्थ भन्ने हो ।

अत्र विशेषः

अत्र विशेषः स्मृत्यन्तरे –

ऊर्ध्वमब्दाद् द्विमासोनात्पुनस्तीर्थं व्रजेद्यदि । मुण्डनं चोपवासं च ततो यत्नेन कारयेत् ।।

तदा तद्वपने शस्तं प्रायश्चित्तमृते द्विज ।। इति वा पाठः ।

प्रयोगे प्रतियात्रं तु योजनत्रयमिष्यते । क्षौरं कृत्वा तु विधिवत् ततः स्नायात्सितासिते ।।

उपवास र मुण्डनसम्बन्धी विशेष

स्मृत्यन्तरमा भनिएको छ कि – 'एकवर्षभित्र दुईमहिनाभन्दा कम समयमा फेरि तीर्थयात्रा गरिन्छ भने मुण्डन र उपवास प्रयत्नपूर्वक गर्नुपर्दछ ।' माथि मूलमा '**ततो यत्नेन कारयेत्**' भन्ने चौथो पाउको सट्टा '**तदा तद्वपने शस्तं प्रायश्चित्तमृते द्विज**' भन्ने पाठ गराउँदा 'हे द्विज ! प्रायश्चित्तविना तीर्थमा गरिने मुण्डन उत्तम हुन्छ ।' अथवा '**तदा तद् द्वयं शस्तम्**' भन्ने पाठ गराउने हो भने मुण्डन र उपवास दुवै गर्नुपर्ने देखिन्छ । प्रयागमा तीर्थयात्रा गर्दा प्रत्येक यात्रामा प्रयाग पुग्न तीनयोजन अर्थात् बाह्रकोश बाँकी रहँदा विधिवत् मुण्डन गर्नुपर्दछ । त्यसपछि गर्न हुँदैन । तदनन्तर प्रयागमा गई विधिपूर्वक गङ्गा र यमुनामा स्नान गर्नुपर्दछ ।

तथा च बृहस्पतिः– **क्षौरं नैमित्तिकं कार्यं निषेधे सत्यपि ध्रुवम्। पित्रादिमृतिदीक्षासु प्रायश्चित्तेऽथ तीर्थके।।**

अपरार्के स्कान्दे –

उदङ्मुखः प्राङ्मुखो वा वपनं कारयेत्सुधीः। केशश्मश्रुलोमनखान्युदक्संस्थानि वापयेत्।।

इदं प्रयागे सधवानामपि समूलं भवतीति भट्टाः ।

सर्वान् केशान् समुद्धृत्य छेदयेदङ्गुलद्वयम् । एवमेव हि नारीणां शस्यते वपनक्रिया ।।

इति । तच्चाकृतचूडानां न कार्यमिति केचित् । तत्त्वं तु नैमित्तिकत्वात्पित्रादिमृतवत्कार्यमेवेति । तदपि प्रयागे नित्यं नान्यत्र। तच्च यतिभिस्तीर्थेऽपि ऋतुसन्धिष्वेव कार्यं नान्यदा, '**कक्षोपस्थशिखावर्जं ऋतुसन्धिषु वापयेत्**' इति स्मृतेः । इदं जीवत्पितृकेनापि तीर्थे कार्यम् । न च '**मुण्डनं पिण्डदानम्**' च इति दक्षवचनेन निषेधः–

विना तीर्थं विना यज्ञं मातापित्रोर्मृतिं विना । यो वापयति लोमानि स पुत्रः पितृघातकः ।।

इति स्मृत्या तत्सङ्कोचात् । तदपि प्रयागे प्रतियात्रम्, अन्यतीर्थे आद्ययात्रायामेवेति शिष्टाः । ततः स्नानम् ।

बृहस्पतिले भनेका छन् – नैमित्तिक कार्यमा क्षौरकर्म गर्न निषेध भएता पनि यस्तो तीर्थयात्रामा मुण्डन गर्नुपर्दछ। मुण्डन पिता–माताको मरण, दीक्षाग्रहण, प्रायश्चित्त र तीर्थमा गरिन्छ । **अपरार्क**मा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – 'बुद्धिमान् मानिसले उत्तर अथवा पूर्वतिर फर्केर मुण्डन गराउनुपर्दछ । केश, दाह्री, रौं र नङको मुण्डन उत्तरतिर फर्केर गराउनुपर्दछ ।' यो भनाइलाई लिएर **भट्ट**हरू भन्दछन् – यो सधवा नारीहरूका लागि निर्धारित विधि हो । 'सबै केश खोलेर दुईअङ्गुल छेदन गर्नुपर्दछ' भनी नारीहरूको मुण्डनक्रिया गर्ने विधि बताइएको छ । जसको चौलकर्म भएको छैन तिनीहरूको मुण्डन गर्न हुँदैन भन्ने कसैको मत छ । यथार्थ कुरा के हो भने – नैमित्तिककर्म हुनाले पिता–माताको मृत्युमा जसरी मुण्डन गरिन्छ त्यसैगरी मुण्डन गर्नुपर्दछ । यस्तो मुण्डन प्रयागमा नित्य छ, अन्यत्र छैन । ऋतुको सन्धिकालमा र तीर्थमा यति–संन्यासीहरूको मुण्डन गर्ने विधान छ र अरू समयमा मुण्डन गराउने विधान छैन । काखी, लिङ्ग र शिखाका रौं छाडी ऋतुहरूको सन्धिकालमा मुण्डन गराउनुपर्दछ भन्ने कुरा कुनै **स्मृति**मा बताइएको छ । पिता ज्यूँदै रहेका मानिसले पनि प्रयागमा जाँदा यसरी नै मुण्डन गराउनुपर्दछ । कसैले भन्दछन् – **दक्ष**ले मुण्डन र पिण्डदान नगरोस् भनेका छन्। तीर्थविना, यज्ञविना र माता–पिताको मरणविना जसले केशमुण्डन गर्दछ त्यो पुत्र पितृघातक हुन्छ भन्ने अर्को भनाइ रहेको हुँदा माथिल्लो भनाइ खण्डित हुन्छ । प्रयागमा प्रत्येक यात्रामा मुण्डन गर्नुपर्दछ र अरू तीर्थमा पहिलो पटकको यात्रामा मात्र मुण्डन गरे हुन्छ भन्ने शिष्टहरूको भनाइ छ । यसरी मुण्डन गरेपछि स्नान गर्नुपर्दछ ।

परार्थयात्रायां फलकथनम्

परार्थे तु मार्कण्डेयपुराणे – **मातरं पितरं जायां भ्रातरं सुहृदं गुरुम् ।**
यमुद्दिश्य निमज्जेत अष्टमांशं लभेत्तु सः ।।

पैठीनसिः – **प्रतिकृतिं कुशमयीं तीर्थवारिणि मज्जयेत् ।**
मज्जयेच्च यमुद्दिश्य सोऽष्टाङ्गञ्च फलं लभेत् ।। ततस्तर्पणश्राद्धे ।

धर्मार्थ तीर्थयात्राको फल

अरूको कल्याणका लागि तीर्थमा गरिने स्नानको विषयमा **मार्कण्डेयपुराण**मा भनिएको छ – माता–पिता, पत्नी, दाजु, भाइ, मित्र, गुरु यीमध्ये जसको कल्याणको लागि गरिने स्नानबाट प्राप्त हुने पुण्यको आठौं भाग स्नानकर्ताले प्राप्त गर्दछ । **पैठीनसि**ले भनेका छन् – 'जसका निमित्त स्नान गरिँदैछ त्यस व्यक्तिको कुशको आकृति तयार गरी त्यसलाई

तीर्थमा डुबाएर नुहाइदिनु पर्दछ । यसबाट जसको उद्देश्यले स्नान गरिएको छ त्यसले प्राप्त गर्ने पुण्यको आठौं भाग स्नानकर्ताले प्राप्त गर्दछ ।' स्नानपछि तर्पण र श्राद्ध गर्नुपर्दछ ।

तीर्थेऽविलम्बेन श्राद्धादिविचार:

पृथ्वीचन्द्रोदये ब्रह्मदेवीपुराणकाशीखण्डादिषु –

अकालेऽप्यथवा काले तीर्थे श्राद्धञ्च तर्पणम् । अविलम्बेन कर्तव्यं नैव विघ्नं समाचरेत् ।।

मात्स्ये – **पितृणां चैव तर्पणम्** इति तुर्यपादः । तत्र देवता महालयनिर्णये प्रागुक्ताः ।

तीर्थमा अविलम्ब श्राद्ध गर्नुपर्ने विचार

पृथ्वीचन्द्रोदयमा, **ब्रह्मपुराण**मा, **देवीपुराण**मा र **काशीखण्ड**मा भनिएको छ कि – अकाल अर्थात् रात्रि आदिको समय र काल अर्थात् अपराह्न आदिमा तीर्थमा पुगेको अवस्थामा श्राद्ध तथा तर्पण अविलम्ब गर्नुपर्दछ र विघ्न हुने काम गर्नुहुँदैन । **मत्स्यपुराण**मा **अकालेऽप्यथवा काले०** इत्यादि श्लोकको चौथो पाउमा '**नैव विघ्नं समाचरेत्**' वाक्यको सट्टा '**पितृणां चैव तर्पणम्**' लेखिएको छ । उक्त तर्पण गर्दा आफ्ना पितृहरूका निमित्तमात्र गर्नुपर्दछ । देवताहरूका लागि गरिने तर्पणको सम्बन्धमा **महालयनिर्णय**मा बताइसकिएको छ ।

तीर्थविधौ कालनियमविचार:

शङ्खदेवलौ – **तीर्थद्रव्योपपत्तौ च न कालमवधारयेत् । पात्रं च ब्राह्मणं प्राप्य सद्यःश्राद्धं समाचरेत् ।।**

हारीतः – **दिवा वा यदि वा रात्रौ भुक्तौ वोपोषितोऽपि वा । न कालनियमस्तत्र गङ्गां प्राप्य सरिद्वराम् ।।**

भारते – **भुक्तो वाप्यथ वाऽभुक्तो रात्रौ वा यदि वा दिवा । पर्वकालेऽथ वाऽकाले शुचिर्वाप्यथवाऽशुचिः ।।**

यदैव दृश्यते तत्र नदी त्रिपथगा प्रिय । प्रणामं दर्शनं तस्मान्न कालस्तत्र कारणम् ।।

आशौचेऽपि कार्यम्– **विवाहदुर्गयज्ञेषु यात्रायां तीर्थकर्मणि । न तत्र सूतकं तद्वत्कर्म यज्ञादि कारयेत् ।।** इति पैठीनसिस्मृतेः । तदानीमकरणे त्वाशौचान्ते एव कुर्यात् ।

प्रभासखण्डे – **न वारं न च नक्षत्रं न कालस्तत्र कारणम् । यदैव दृश्यते तीर्थं तदा पर्वसहस्त्रकम् ।।**

तीर्थमा समयको नियम नलाग्ने विषयमा

शङ्ख र **देवल**ले भनेका छन् कि तीर्थ र द्रव्य प्राप्त भएमा ज्योतिषअनुसार शुभाशुभ समयको निर्णय गर्नु हुँदैन । सुपात्र ब्राह्मण प्राप्त भएमा केही विचार नगरी तुरुन्त श्राद्ध गर्नुपर्दछ । **हारीत**ले भनेका छन् – उत्तम नदी गङ्गाको किनारमा प्राप्त हुँदा भोजन गरिएको अवस्था अथवा नगरेको अवस्था, रात्रिको समय अथवा दिनको समय जेसुकै भएता पनि समयको नियम लाग्दैन, तसर्थ अविलम्ब स्नान, तर्पण आदि कार्य गर्नुपर्दछ । **महाभारत**मा भनिएको छ – भोजनोत्तर वा भोजनपूर्व, रात्रि अथवा दिन, पर्वको समय वा पर्वको असमय, पवित्र वा अपवित्र जस्तोसुकै अवस्था भए पनि स्वर्ग, मर्त्य र पातालमा बग्ने नदी गङ्गाको दर्शन प्राप्त भएमा तत्काल प्रणाम गरी दर्शन गर्नुपर्दछ । यहाँ अशुभ समयले बाधा गर्दैन। **पैठीनसिस्मृति**मा भनिएको छ – आफू आशौचको अवस्थामा रहेको भएता पनि गङ्गादर्शन हुँदा प्रणाम आदि कर्म गर्नुपर्दछ । विवाह, कठिन मार्ग, यज्ञ, यात्रा र तीर्थकर्ममा सूतक लाग्दैन । त्यसकारण त्यहाँ गएर गर्नुपर्ने श्राद्ध, यज्ञ आदि कर्म श्रद्धापूर्वक गर्नुपर्दछ । तत्काल गर्न संकोच मानेमा आशौच सकिएपछि ती सबै कर्म गर्नुपर्दछ । **प्रभासखण्ड**मा भनिएको छ – वार, नक्षत्र र समय तीर्थस्नानमा कारण हुँदैनन् । जब तीर्थको दर्शन प्राप्त हुन्छ त्यो दर्शन नै हजार पर्वमा गरिने पुण्यको फलदायक हुन्छ ।

मलमासे तीर्थश्राद्धादिनिर्णयः

मलमासेऽपि कार्यम् ।

नित्यनैमित्तिके कुर्यात् प्रयतः सन्मलिम्लुचे । तीर्थश्राद्धे गजच्छायां प्रेतश्राद्धे तथैव च ।।

इति बृहस्पतिस्मृतेः ।

मलमासमा तीर्थश्राद्धको निर्णय

मलमासमा पनि तीर्थश्राद्ध गर्ने कुरा बताउँदै **बृहस्पतिस्मृतिमा** भनिएको छ – तीर्थयात्रीले सावधान भएर मलमासमा पनि नित्यकर्म, नैमित्तिक कर्म, तीर्थश्राद्ध, गजच्छाया र प्रेतश्राद्ध गर्नुपर्दछ ।

आकस्मिकतीर्थप्राप्तौ विचारः

एतच्चाशौचे कृतभोजनस्य रात्रौ वा स्नानश्राद्धादिकमाकस्मिकतीर्थप्राप्तावामहेमश्राद्धविषयं ग्रहणादिवत् न तु बुद्धिपूर्वमाशौचादौ तीर्थप्राप्तिः कार्या । मलमासे तु मासद्वये तीर्थश्राद्धं कार्यमिति ।

अकस्मात् तीर्थ प्राप्त भएमा विचार

माथि बताइएका विषयको सम्बन्धमा भन्नुपर्दा– आशौचमा भोजन गरेपछि र रात्रिको समयमा तीर्थस्नान, श्राद्ध आदि कर्म वर्जित भएता पनि अकस्मात् तीर्थदर्शन हुँदा जुन श्राद्ध गर्नु भनिएको छ त्यो ग्रहणस्नानमा जस्तै आमश्राद्ध अथवा हेमश्राद्धको विषयमा केन्द्रित छ । बुद्धिपूर्वक आशौच आदिमा तीर्थको प्राप्ति हुँदा अरू विधिले श्राद्ध गर्न हुँदैन। आमश्राद्ध वा हेमश्राद्ध नै गर्नुपर्दछ । मलमासका अशुद्ध र शुद्ध गरी दुवै महिनामा तीर्थश्राद्ध गर्नुपर्दछ ।

तीर्थे वर्ज्यकर्माणि

चन्द्रिकायां देवीपुराणे – **श्राद्धञ्च तत्र कर्तव्यमर्घ्यावाहनवर्जितम् ।**

हेमाद्रौ – **अर्घ्यमावाहनं चैव द्विजाङ्गुष्ठनिवेशनम् । तृप्तिप्रश्नं च विकिरं तीर्थश्राद्धे विवर्जयेत् ।।**

भविष्ये – **आवाहनं विसृष्टिश्च तत्र तेषां न विद्यते । आवाहनं न तीर्थे स्यान्नार्घ्यदानं तथा भवेत् ।।**

आहूताः पितरस्तीर्थे कृतार्घ्याः सन्ति वै यतः । अग्नौकरणं न च इति रत्नावल्याम् । अत्र षड्दैवते श्राद्धेऽपि मात्रादीनां पिण्डमात्रं देयम् –

हविःशेषं ततो मुष्टिमादायैकैकमादृतः । क्रमशः पितृपत्नीनां पिण्डं निर्वपणं चरेत् ।।

इति तीर्थोपक्रमे देवलोक्तेरिति पृथ्वीचन्द्रः । ततः सामान्यपिण्डं दद्यात् –

ततः पिण्डमुपादाय हविषः संस्कृतस्य च । ज्ञातिवर्गस्य सर्वस्य मामान्यं पिण्डमुत्सृजेत् ।।

इति तेनैवोक्तेः । पाद्मे – **तीर्थश्राद्धं प्रकुर्वीत पक्वान्नेन विशेषतः । आमान्नेन हिरण्येन कन्दमूलफलैरपि ।।**

तीर्थमा वर्जित कर्म

चन्द्रिकामा उद्धृत **देवीपुराणको** वचनमा भनिएको छ – तीर्थमा प्राप्त भएपछि अर्घ्य र आवाहन छाडी तीर्थश्राद्ध गर्नुपर्दछ । **हेमाद्रिमा** भनिएको छ – तीर्थश्राद्ध गर्दा अर्घ्य, आवाहन, द्विजाङ्गुष्ठ-निवेशन, तृप्तिप्रश्न र विकिरजस्ता कर्म गर्दिँनन् । तीर्थमा आवाहन र विसर्जन आदि गर्न नहुने कुरा बताउँदै **अग्निपुराणमा** भनिएको छ– 'तीर्थमा न आवाहन गरिन्छ,

न अर्घ्यदान गरिन्छ, न अग्नौकरण र विसर्जन गरिन्छ किनकि तीर्थमा पुगेपछि आवाहन गरी अर्घ्य दिएर सत्कार गरिएका पितृहरू तीर्थमा नै रहेका हुन्छन् ।' तीर्थश्राद्धमा अग्नौकरण हुँदैन भन्ने कुरा **रत्नावली**मा बताइएको छ । तीर्थमा ६ देवता भएको श्राद्ध गर्दा आमाहरूलाई पिण्डमात्रै दिनुपर्दछ । त्यसपछि एक–एकमुठी शेष हवि हातमा लिएर आदरपूर्वक क्रमैले पिताका अरू पत्नीहरू अर्थात् विमातालाई पिण्ड दिनुपर्दछ । **पृथ्वीचन्द्रोदय**को **तीर्थोपक्रम**मा उद्धृत **देवल**को वचनमा भनिएको छ– तदनन्तर संस्कार गरिएको हविद्वारा तयार भएका पिण्ड ग्रहण गरेर सबै जातिका मानिसहरूलाई सामान्य पिण्ड दिनुपर्दछ ।

पद्मपुराणमा भनिएको छ – तीर्थमा श्राद्ध गर्दा **विशेषतः** पक्वान्नबाट गर्नुपर्दछ । यो तीर्थश्राद्ध आमान्न, हिरण्य, सकरकन्द आदि कन्दमूल, वृक्षका फल र मूलबाट पनि गरिन्छ ।

पिण्डद्रव्यकथनम्

पिण्डद्रव्याणि देवीपुराणे हेमाद्रौ ब्राह्मे च –

सक्तुभिः पिण्डदानं च संयावैः पायसेन वा । कर्तव्यमृषिभिः प्रोक्तं पिण्याकेन गुडेन वा ।।

पिण्डद्रव्यनिरूपण

देवीपुराण, हेमाद्रि र ब्रह्मपुराणमा भनिएको छ कि – सातु, संयाव अर्थात् घिउ, दूध, सखखर र गहुँको पीठोबाट तयार गरिएको मिठाइ, खीर, पिण्याक – तिलको पिना र गुडद्वारा तयार गरिएका पिण्ड दिनुपर्दछ भन्ने कुरा ऋषिहरूले बताएका छन् ।

पिण्डानां तीर्थे प्रक्षेपकथनम्

पिण्डानां तीर्थे प्रक्षेप एव नान्या प्रतिपत्तिरित्युक्तं प्राक् । एतच्च विधवयाऽपुत्रया कार्यं न सपुत्रयेत्युक्तं प्राक्।

पिण्ड सेलाउने काम

तीर्थमा गई श्राद्ध गर्दा दिइने पिण्ड तीर्थको जलमा नै सेलाउनुपर्दछ । अरू कुनै उपाय छैन । पिण्ड सेलाउने काम पुत्रहीन विधवाले गर्नुपर्दछ । पुत्र भएकी सधवा नारीले गर्न हुँदैन भन्ने कुरा पहिले बताइसकिएको छ ।

सपुत्रविधवया तीर्थविधिर्न कार्यः

सपुत्रया न कर्तव्यं भर्तुः श्राद्धं कदाचन । इति स्मृतेश्च । अनुपनीतेनापि कार्यम् । **एतच्चानुपनीतोऽपि कुर्यात्सर्वेषु पर्वसु** । इति पाद्मे तीर्थश्राद्धमुपक्रम्योक्तेः । एतज्जीवत्पितृकेणापि कार्यमित्युक्तं प्राक् ।

विधवालाई तीर्थश्राद्ध गर्न निषेध

स्मृतिमा भनिएको छ – तीर्थमा पुत्रवती नारीले आफ्ना पतिको श्राद्ध गर्न हुँदैन । व्रतबन्ध नभएका छोराले सबै पर्वमा तीर्थश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **पद्मपुराण**को तीर्थश्राद्धप्रकरणमा बताइएको छ । जीवत्पितृकले पनि तीर्थश्राद्ध गर्न हुन्छ भन्ने कुरा पहिले बताइसकिएको छ ।

संन्यासिनां तीर्थविधिकथनम्

यतिना तु न कार्यम् ।

न कुर्यात्सूतकं भिक्षुः श्राद्धपिण्डोदकक्रियाम् । त्यक्तं संन्यासयोगेन गृहं धर्मादिकं व्रतम् ।।

गोत्रादि च ऋणं सर्वं पितृमातृकुलं धनम् । इति स्मृतेः । गयायां तूक्तं वायवीये –

दण्डं प्रदर्शयेद्भिक्षुर्गयां गत्वा न पिण्डदः । दण्डं स्पृष्ट्वा विष्णुपदे पितृभिः सह मुच्यते ।।

गयायां धर्मपृष्ठे च कूपे यूपे वटे तथा । दण्डं प्रदर्शयन् भिक्षुः पितृभिः सह मुच्यते ।।

संन्यासीका निमित्त तीर्थविधि

संन्यासीले तीर्थश्राद्ध गर्न हुँदैन किनकि संन्यासीले सूतक वार्नुपर्दैन, श्राद्धमा पिण्डदान गर्न हुँदैन र जलदान गर्न हुँदैन । संन्यासको योगबाट नै घर, धर्म-कर्मसम्बन्धी कृत्य, गोत्रले गर्ने आचरण, ऋण, पिता र माताको कुल र सर्वस्व छोडिएको हुँदा संन्यासीले तीर्थश्राद्ध गर्न हुँदैन भन्ने कुरा **स्मृतिमा** बताइएको छ ।

वायुपुराणमा भनिएको छ – संन्यासी गयामा प्राप्त भएमा त्यसले आफ्नो दण्ड देखाएर पितृहरूको आवाहन गर्नुपर्दछ तर पिण्डदान गर्नुहुँदैन । विष्णुपदमा गई दण्डस्पर्श गर्दा त्यो संन्यासी पितृहरूका साथ मुक्त हुन्छ । भनिएको छ- गया, धर्मपृष्ठ, कूप, यूप र अक्षयवटमा हातको दण्ड उचालेर देखाउने संन्यासी आफ्ना पितृहरूका साथ मुक्त हुन्छ ।

तीर्थे प्रतिग्रहनिर्णयविचारः

कृत्यरत्ने प्रभासखण्डे – **तीर्थे चेत्प्रतिगृह्णाति ब्राह्मणो वृत्तिदुर्लभः । दशांशमर्जितं दद्यादेवं कुर्वन्न हीयते।।** इति विशेषान्तराणि भट्टकृतत्रिस्थलीसेतौ ज्ञेयानीति दिक् । इति तीर्थश्राद्धविधिः ।

इति सपिण्डीकरणान्तश्राद्ध-तीर्थयात्रादिविषयनिर्णयात्मकमेकादशं प्रकरणम् ।

इति श्राद्धनिर्णायकश्चतुर्थः परिच्छेदः ।

तीर्थमा प्रतिग्रह निर्णय

कृत्यरत्नमा उद्धृत **प्रभासखण्डको** वचनमा भनिएको छ कि – जीविका नभएको ब्राह्मणले तीर्थमा गई यदि दान ग्रहण गर्दछ भने त्यसले प्राप्त गरेको दानको दसौं हिस्सा अरूलाई दिनुपर्दछ । यसरी दान गरेपछि प्रायश्चित्त गर्नुपर्दैन । प्रतिग्रहसम्बन्धी विशेष निर्णय **त्रिस्थलीसेतुबाट** अवगत गर्न सकिन्छ ।

निर्णयसिन्धु चतुर्थपरिच्छेदको सपिण्डीकरणश्राद्ध, तीर्थयात्रा आदि विषयको निर्णयमा आधारित एघारौं प्रकरण पूरा भयो ।

ॐ

पराम्बा भगवतीको असीम करुणाबाट पाल्पा-पोरकनी निवासी पतिव्रताशिरोमणि स्वर्गीय माताश्री दिव्यलक्ष्मी ढकाल र सज्जनमुकुटमणि स्वर्गीय पिताश्री चूडामणि ढकालका कनिष्ठ पुत्र नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाण्डौमा प्राध्यापक पदमा कार्यरत डा. वेणीमाधव ढकालद्वारा कमलाकर भट्टरचित निर्णयसिन्धु नामक निबन्धग्रन्थको चतुर्थ परिच्छेदको चूडामणिनामक नेपाली टीका सम्पन्न गरियो ।

ॐ

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

पञ्चमः परिच्छेदः

यस परिच्छेदमा स्रावाशौच, पाताशौच, जननाशौच, मरणाशौच, जात्याशौच, आशौचापवाद, आशौचसम्पात, अन्त्यकर्मविधि, अस्थिसञ्चयन, नवश्राद्ध, वृषोत्सर्ग, नारायणबलि, सपिण्डीकरण, रजस्वलामरण, गर्भिणीमरण, सूतिकामरण, विधवाधर्म एवं संन्यासधर्म आदि प्रमुख विषयमा पर्न आउने समस्याको समाधान प्रस्तुत गरिएको छ ।

ॐ

आशौच-परिचय

वेदबोधितचातुर्वण्योचितकर्मफलसिद्धिप्रतिबन्धकोऽमेध्यत्वलक्षणो जननमरणादिजन्योऽपूर्वविशेषोऽघमित्याख्यायते । अघभिन्नमलसम्बन्धात् कस्यचिदेकमात्रस्य देहमात्रं मलिनं भवति, अघात्मकमलसम्बन्धात्तु तत्कुलोत्पन्नानां सर्वेषां देह आत्मा चाशुचिर्भवतीति विशेषः ।

वेदविहित ब्राह्मण आदि चार वर्णका उपयो.गी कर्मफलको सिद्धिमा प्रतिबन्ध पैदा गर्ने, अपवित्र स्वभावको जनन एवं मरणबाट उत्पन्न हुने अपूर्वविशेषलाई अघ भनिन्छ । अघबाहेकका मलहरूको सम्बन्धबाट व्यक्तिमात्र दोषी हुनसक्छ, तर जनन-मरणसम्बन्धी अघ, पाप वा आशौचबाट सम्पूर्ण कुलका मानिसहरूको शरीर एवं आत्मा अशुद्ध बन्दछ ।

- आशौच पञ्जिका

निर्णयसिन्धुः
आशौचादिनिर्णयात्मकः पञ्चमः परिच्छेदः

जननाशौच-मरणाशौचनिर्णायात्मकं प्रथमं प्रकरणम्

अथाशौचसविचारः

नारायणात्मजश्रीमद्रामकृष्णस्य सूनुना । कमलाकरसंज्ञेनाशौचं निर्णीयतेऽधुना ।।

आशौचविचार

श्रीनारायणभट्टका सुपुत्र **श्रीरामकृष्ण भट्टको** छोरा म **कमलाकर भट्ट** समग्र आशौचको निर्णय प्रस्तुत गर्दैछु ।

स्रावाद्याशौचविचारः

मरीचिः – **आचतुर्थाद्भवेत् स्रावः पातः पञ्चमषष्ठयोः ।**

स्राव आदि आशौचविचार

मरीचिले भनेका छन् कि – चारमहिनासम्मको गर्भनाश भएमा गर्भस्राव मानिन्छ । पाँचौं र छैठौं महिनाको गर्भनाश भएमा गर्भपात भनिन्छ ।

सप्तममासादिजनने विचारः

बृहत्पराशरः – **अत ऊर्ध्वं प्रसूतिः स्याद्दशाहं सूतकं भवेत् । गर्भस्रावे तु नैरुक्ता रात्रयो माससंमिताः ।।**
स्रावं गर्भस्य विद्वांसो मासादर्वाक्चतुर्थकात् । पातमूर्ध्वं वदन्त्येके तत्राधिकन्तु सूतकम् ।।

सप्तम आदि मासमा जन्म हुँदा

बृहत्पाराशरस्मृतिमा भनिएको छ– छमहिनापछि सातौं, आठौं मासमा गर्भ बाहिर प्रकट भई बालक–बालिका जन्मिनुलाई प्रसूति भनिन्छ । प्रसूतिमा दशदिनसम्म सूतक लाग्छ । निरुक्त जात्रे मानिसहरूले गर्भस्राव हुँदा जति महिनाको गर्भस्राव भएको छ त्यति दिनका रातहरूसम्म अर्थात् चारमहिनाको गर्भस्राव भएको छ भने चाररातसम्म, पाँचमहिनाको गर्भपात भएको छ भने पाँचरातसम्म सूतक बार्नुपर्दछ । विद्वान्हरू चारमहिनासम्मको गर्भपातलाई गर्भस्राव भन्दछन् । कसैले पहिलेका मासहरूमा गर्भपात हुने र पछिका मासहरूमा गर्भस्राव हुने कुरा बताएका छन् । गर्भपातमा स्रावभन्दा धेरै सूतक लाग्छ ।[1]

---

१. कसैले उक्त पद्यको अर्थ गर्दा निरुक्त जात्रे मानिसहरूको मतमा गर्भस्रावमा १२ रात सूतक लाग्ने भनी स्पष्ट गरेका छन् । यो बुझाइमा फरक परेर गरिएको अर्थ हो । **'रात्रयो माससम्मिताः'** अर्थात् बाह्र महिना हुनाले बाह्रमास तुल्य रात्रिहरूमा अर्थात् १२ रात्रिसम्म सूतक लाग्छ भनिएको छ । यहाँ त **माससम्मिताः**को अर्थ जति मासको गर्भ भएको छ त्यति रातसम्म भन्ने अर्थ हो, यो नै सान्दर्भिक पनि छ ।

स्राव-पातादौ सूतकविचारः

स्रावे मातुस्त्रिरात्रं स्यात्सपिण्डाशौचवर्जनम् । पाते मातुर्यथामासं सपिण्डानां दिनत्रयम् ।।

अत्र सर्वत्र मूलं मिचाक्षरायां ज्ञेयम् । अत्र मासत्रये त्रिरात्रं स्यादित्यनुवादः, रजस्वलात्वेनैव तत्सिद्धेः । यद्यप्यनेन चतुर्मासेऽपि त्रिरात्रं प्राप्नोति तथापि –

षण्मासाभ्यन्तरं यावद् गर्भस्रावो भवेद्यदि । तदा माससमैस्तासां दिवसैः शुद्धिरिष्यते ।। इत्यादिपुराणात्।

'**रात्रिभिर्मासतुल्याभिर्गर्भस्रावे विशुद्ध्यति**' इति मनूक्तेः । '**गर्भस्रावे यथामासमचिरे तूत्तमे त्रयः**' इति मरीच्युक्तेश्च चतूरात्रं ज्ञेयम् । **अचिरे** – त्रिमासमध्ये । **उत्तमे** – ब्राह्मणे । अत्र सपिण्डानां स्नानम्, '**सद्यःशौचं सपिण्डानां गर्भस्य पतने सति**' इति तत्रैवोक्तेः । एतदाचतुर्थमासात्, पाते त्रिदिनस्योक्तेः । अकारणायाः शुद्धेरसम्भवात्सद्यःपदं स्नानपरम् । एवमग्रेऽपि । '**गर्भस्रावे स्नानमात्रं पुरुषस्य**' इति वृद्धवसिष्ठोक्तेः । पुरुषस्येति सपिण्डोपलक्षणम् । पूर्वोक्तवचनात् । आचतुर्थमासं सपिण्डानां न स्नानं किन्तु पुंस एव । पाते त्रिदिनं निर्गुणपरम् ।

स्रावपात आदिमा सूतकविचार

गर्भस्रावमा मातालाई तीनदिन सूतक लाग्छ त्यसमा सपिण्डहरूलाई सूतक लाग्दैन ।[२] उक्त विषयको मूल **मिताक्षरामा** हेर्नुपर्दछ । **मनुले** भनेका छन् – 'गर्भस्राव भएमा जति महिनाको गर्भ हुन्छ त्यति रात बारेपछि शुद्धि हुन्छ ।' यसको विशेष स्पष्टीकरण **मनुस्मृतिबाट** बुझ्न सकिन्छ । 'मासअनुसार तीनमहिनाभित्र गर्भस्रावमा तीनदिन सूतक लाग्दछ'। **मरीचिको** यो भनाइअनुसार चाररात आशौच लाग्दछ । **अचिरेको** अर्थ तीनमहिनाभित्र भन्ने हो । उत्तमको अर्थ ब्राह्मण जाति हो। गर्भपातमा सपिण्डहरूको सूतकनिवृत्ति स्नानले मात्र हुन्छ । त्यहीं नै भनिएको छ कि – गर्भस्राव भएमा सपिण्डहरूलाई सद्यःशौच अर्थात् तात्कालिक आशौच लाग्छ । यो चौथो महिनासम्मका लागि मात्र गरिएको व्यवस्था हो। केही पनि नगरीकन शुद्धि नहुने हुँदा त्यसका लागि प्रयुक्त गरिएको **सद्यःशौचको** तात्पर्य स्नानमात्र गर्नु हो। यसैगरी अगाडि पनि बुझ्नुपर्दछ ।**वृद्धवसिष्ठले** पनि सपिण्डपुरुषका लागि सद्यःशौचको विधान गरेका छन् । चारमहिनासम्मको गर्भस्रावमा सपिण्डहरूले स्नान गर्न पर्दैन तर बच्चाको पिताले भने स्नान गर्नुपर्दछ ।[३] गर्भपातमा तीनदिन आशौच लाग्ने कुरा निर्गुण पुरुषहरूका लागि हो ।

गुणवतस्तु

गुणवतस्तु – अजातदन्ते तनये शिशौ गर्भच्युते तथा । सपिण्डानां तु सर्वेषामेकरात्रमशौचकम् ।।

---

२. कूटस्थ पुरुषबाट आरम्भ गरेर सात पुस्तासम्म सपिण्ड भनिन्छ । त्यसपछिको सात पुस्ता अर्थात् आठदेखि चौध पुस्तासम्म सोदक भनिन्छ । त्यसपछि सात पुस्ता अर्थात् पन्ध्रदेखि एक्काइस पुस्तासम्म सगोत्र भनिन्छ ।

३. चार महिनासम्मको गर्भ तुहिनुलाई स्राव भनिन्छ भने पाँचौं र छैटौं महिनाको गर्भ तुहिनुलाई शास्त्रप्रयोजकले पात भन्ने गरेका छन्। जति महिनाको गर्भ तुहियो आमा त्यति दिनमात्र अशुद्ध हुन्छिन्, बाबुले स्नानमात्र गरे हुन्छ, सपिण्डादि अरू कोही पनि अशुद्ध हुँदैनन्।

सात महिना लागेपछिको गर्भ प्रकट हुनुलाई जन्म भनिन्छ, बच्चाको जन्म हुँदा सात पुस्ताभित्रका दाजुभाइलाई दश दिन, आठौं पुस्तदेखि चौध पुस्तासम्मका लाई तीन दिन, पन्ध्र पुस्तादेखि एक्काईस पुस्तासम्मका दाजुभाइलाई एक दिन सूतक लाग्छ । त्यसभन्दा माथि जतिसुकै पुस्ताकाले पनि स्नानमात्र गर्दा पुग्ने हुन्छ । '**जाते विप्रो दशाहेन०**' भन्ने पराशरको यो वचन युगान्तरको लागि हो, कलियुगको निम्ति होइन, कलियुगमा त सबै वर्णलाई आशौच (सूतक) दशदिनमात्र हुन्छ । दिन भन्नाले रातलाई पनि लिनुपर्ने हुन्छ । दशदिन आशौच भन्यो भने दशदिन र दशरात बार्नुपर्ने हुन्छ ।

इति यमोक्तेरेकाहमिति मदनपारिजातः । सप्तममासादि दशाहम् । एतत्सर्ववर्णविषयम् । 'तुल्यं वयसि सर्वेषामतिक्रान्ते तथैव च' इति व्याघ्रोक्तेः ।

गुणवान्का लागि

मदनपारिजातमा उद्धृत **यम**को वचनमा भनिएको छ – गर्भपातमा तीनदिनको आशौच निर्गुणपरक हो अर्थात् शील–स्वभाव नभएका, संस्कारशून्य व्यक्तिहरूका लागि हो । गुणवान्को विषयमा दाँत प्रकट नभएको बच्चा मर्दा र गर्भपात हुँदा सपिण्डलाई एकरात सूतक लाग्दछ ।[४] सातमहिना लागेपछि बच्चा जन्मिँदा दशदिन सूतक लाग्छ । यो दशाह भन्ने पद विशेषतः ब्राह्मणका लागि निर्धारण गरिएको छ । तर यो सबै वर्णका लागि हो किनकि गर्भस्राव र गर्भपातको अवधिपछि प्रसूतिमा सूतकको नियम सबैलाई समान हुन्छ भन्ने कुरा व्याघ्रले बताएका छन् ।

---

४. सपिण्डको अर्थ सातपुस्ताभित्रको ज्ञाति हो । कुनै पनि व्यक्तिले श्राद्ध आदि कर्म गर्दा पिता, पितामह र प्रपितामहले श्राद्धान्न एवं पिण्ड प्राप्त गर्दछन् । प्रपितामहदेखि गणना गर्दा पिण्डदाता चौथोमा पर्छ । पार्वणश्राद्धका देवता पनि पिता, पितामह र प्रपितामह हुन् । छोरादेखि बाबु, जिजु र बूढाजिजुसम्म चार पुस्ता हुन्छ । छोराको मुख्य सापिण्ड्य उक्त तीनपुस्तासम्म रहेको हुन्छ । सपिण्डीकरण गर्दा छोराको पिण्डको मिलान उसका पिता, पितामह र प्रपितामहका पिण्डसँग हुन्छ । छोरालगायत बाबु, बाजे र जिजुबाजेको पिण्ड मिलान गर्दा एउटा पिण्ड बन्दछ । यस्तो सम्बन्ध हुनुलाई सापिण्ड्य सम्बन्ध भनिन्छ । पाँचदेखि सात पुस्तासम्मका पितृहरूले श्राद्धमा पिण्डको लेपभागमात्र प्राप्त गर्दछन् र त्यसो हुँदा तिनीहरूमा गौण सपिण्डता रहेको हुन्छ । त्योभन्दा माथि सापिण्ड्यसम्बन्ध जाँदैन। त्यसैले चारपुस्तामाथिका दाजुभाइलाई गर्भस्रावमा तात्कालिक आशौच लाग्दछ । एकपिण्डान्वयलाई सापिण्ड्य भनिन्छ । पिण्ड भनेको मूलपुरुष वा मूलपुरुषको शरीरावयव वा पिण्डदान वा अन्नपाक हो । पिता, पितामह र प्रपितामहलाई पिण्डभागी भनिन्छ । तीपछिका वृद्धप्रपितामह, अतिवृद्धप्रपितामह र परमातिवृद्धप्रपितामहलाई लेपभागी भनिन्छ । पिण्ड दिने छोरा सातौं क्रममा पर्दछ । यसैले सातपुस्ताको शरीरावयवसम्बन्धलाई सापिण्ड्यसम्बन्ध भनिन्छ । पिण्ड दिने छोराको पिता, पितामह र प्रपितामहसँग हुने सम्बन्ध सन्निकृष्टतम कहलाउँछ । पिण्डदाताको वृद्धप्रपितामह, अतिवृद्धप्रपितामह र परमातिवृद्धप्रपितामहसँग हुने सम्बन्धलाई सन्निकृष्टतरसम्बन्ध भनिन्छ । जति नजिकको सम्बन्ध हुन्छ त्यति धेरै आशौच लाग्छ । पुस्ताको क्रमले सम्बन्ध टाढिँदै गएपछि आशौच पनि कम–कम हुन्छ । आशौचको क्रममा योनिसम्बन्ध हेर्नुपर्ने हुन्छ । योनिसम्बन्ध तीन प्रकारको मानिएको छ– मुख्य, आरोपित र तृतीय ।

मुख्यसम्बन्ध – जुन मानिस कुनै गोत्रमा उत्पन्न भई जीवनभरि त्यसैमा रहन्छन् अरू गोत्रमा जाँदैनन् तिनको आफ्ना गोत्रका मानिससँग हुने सम्बन्ध मुख्य सम्बन्ध हो । एउटै शरीरबाट पैदा भएका दाजुभाइ र दिदीबहिनीको सम्बन्ध पनि प्रत्यक्ष सम्बन्ध कहलाउँछ र यसलाई पनि मुख्य नै मानिन्छ । कालान्तरमा दिदीबहिनीहरूको गोत्र फेरिने भएतापनि रक्तसम्बन्धको सामीप्यका कारण यस सम्बन्धलाई मुख्य नै मानिएको हो ।

आरोपितसम्बन्ध – आरोपितसम्बन्ध तीन प्रकारको हुन्छ – सगोत्रीकरण, विगोत्रीकरण र विगोत्रसापिण्ड्य । **सगोत्रीकरण**– अन्य गोत्रमा पैदा भएतापनि संस्कारबाट आफ्नो गोत्रमा ल्याइएकासँग जुन सम्बन्ध हुन्छ त्यसलाई सगोत्रीकरण सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धभित्र बुहारीहरू र दत्तकपुत्र आदिलाई लिन सकिन्छ । विगोत्रीकरण – आफ्नै गोत्रमा पैदा भए पनि संस्कारद्वारा गोत्र छुटाई अरू गोत्रमा पुऱ्याइएका फुपू, दिदीबहिनी र छोरीहरूको सम्बन्ध वियोत्रीकरण कहलाउँछ । विगोत्रसापिण्ड्य – आफ्ना फुपू ठूलीआमा, सानीआमा, मामाहरूसँग आमाका त्यस्तै बन्धुहरूसँग, पिताका त्यस्तै बन्धुहरूसँग जुन सम्बन्ध हुन्छ त्यसलाई विगोत्रसापिण्ड्य भनिन्छ । उक्त सबै किसिमका सम्बन्धका आधारमा सापिण्ड्यसम्बन्धको निर्धारण गरिन्छ । नजिकको सम्बन्धमा आशौच धेरै लाग्ने र टाढाका सम्बन्धमा आशौच कम–कम हुँदै जाने कुरा बुझ्नुपर्दछ ।

तृतीयसापिण्ड्य – आफ्नो पूर्वपतिलाई परित्याग गरी वा पूर्वपतिको मृत्यु भएपछि दोस्रो वरण गर्ने नारीहरूबाट पैदा भएका कुण्ड र गोलकहरू तृतीय सापिण्ड्यसम्बन्धभित्र पर्दछन् । यिनीहरूसँगको सापिण्ड्य सम्बन्ध सातपुस्तासम्म नगई चारपुस्तासम्ममा जान्छ भन्ने कुरा बुझ्नुपर्दछ । – **आशौच पञ्जिका** ।

जाताशौचे विप्रादीनां शुद्धिविषये दिनसङ्ख्याकथनम्

पराशरः – **जाते विप्रो दशाहेन द्वादशाहेन भूमिपः । वैश्यः पञ्चदशाहेन शूद्रो मासेन शुद्ध्यति ।।**

आशौचमा ब्राह्मण आदिका लागि शुद्धि र दिनसंख्या

पराशर भन्दछन् – प्रसव हुँदा ब्राह्मणलाई दशदिन, क्षत्रियलाई बाह्रदिन, वैश्यलाई पन्ध्रदिन र शूद्रलाई एकमहिना आशौच लाग्छ । ती-ती अवधि पछि सबै शुद्ध हुन्छन् ।

पुत्रोत्पन्ने मातापित्रोः स्नानविचारः

संवर्तः – **जाते पुत्रे पितुः स्नानं सचैलं तु विधीयते । माता शुद्ध्येद् दशाहेन स्नानात्तु स्पर्शनं पितुः ।।**

पुत्र पैदा हुँदा माता-पिताले स्नान गर्नुपर्ने

संवर्त भन्दछन् – पुत्र पैदा भएपछि पिताले सचैल स्नान गर्ने विधान गरिएको छ । सचैल स्नानको अर्थ हो – आफूले लगाएको वस्त्रसहित गरिने स्नान । माता दशदिनपछिमात्र स्पर्शयोग्य र शुद्ध हुन्छिन् । पिताको स्पर्शदोष भने सचैलस्नानपछि निवृत्त हुन्छ ।

कन्योत्पत्तौ पितुः स्नानविचारः

पुत्रपदात्कन्योत्पत्तौ न पितुः स्नानमिति हारलतायाम् । तन्न, पुत्रपदस्य **'पौत्री मातामहस्तेन'** इति कन्यायामपि प्रयोगात् ।

कन्या पैदा हुँदा पिताद्वारा गरिने स्नान

संवर्तको पद्यमा **'जाते पुत्रे'** भनिएकाले कन्या पैदा हुँदा पिताले स्नान गर्नुपर्दैन भन्ने कुरा **हारलतामा** बताइएको छ। तर यो भनाइ उचित छैन । किनकि पुत्रपदको प्रयोग कन्याको अर्थमा पनि गर्ने गरिन्छ । यसको प्रमाण हो – **'पौत्री मातामहस्तेन॰'** इत्यादि धर्मशास्त्रको वाक्य । किनकि कन्यातर्फको नातिलाई पनि पौत्री भनिएकाले पुत्रशब्दले पुत्रीको पनि ग्रहण हुन्छ । तसर्थ पिताले कन्या पैदा हुँदा पनि सचैल स्नान गर्नुपर्दछ ।

सूतके पुत्रस्य मुखं दृष्ट्वा स्नानविचारः

यच्च तत्रैवोक्तम् –

सूतके तु मुखं दृष्ट्वा जातस्य जनकस्ततः । कृत्वा सचैलं स्नानं तु शुद्धो भवति तत्क्षणात् ।।

इत्यादित्यपुराणान्मुखदर्शनोत्तरमेव पितुः स्नानमिति । तन्न, विदेशे मुखदर्शनावध्यस्पृश्यतापत्तेः, मुखदर्शनोत्तरं पुनः स्नानार्थमिदमिति स्मार्तगौडाः । तन्न, मूलेक्यैन ज्ञानमात्रपरत्वात् । इदं सर्ववर्णसमम् ।

सूतकमा पुत्रमुखदर्शन र स्नान

हारलतामा फेरि भनिएको छ कि – सूतकमा पुत्रको मुखदर्शन गरी सचैल स्नान गरेपछि पिता तत्काल शुद्ध हुन्छ भन्ने आदित्यपुराणको वचनअनुसार मुखदर्शनपछि पिताले तत्काल स्नान गर्नुपर्ने कुरा स्पष्ट हुन्छ । तर **गौडहरू** भन्दछन्- उक्त भनाइ उचित छैन । किनकि पिता विदेशमा रहेको समयमा पुत्र पैदा हुँदा पुत्रको मुखदर्शन गर्न सम्भव नभएकाले जबसम्म

मुखदर्शन गर्दैन, तबसम्म पितालाई सूतक लागिरहने बाध्यता आइलाग्ने छ । तसर्थ यो स्नान मुखदर्शन उप्रान्त स्नान गरेपछि फेरि स्नानका लागि आएको हो । ग्रन्थकार भन्दछन् – **गौडहरूको** यो भनाइ पनि उचित छैन । यहाँ मूलको एकताका कारण अर्थात् बालकलाई जन्म दिने पितारूप मूल र जन्म लिने बालकको एउटै स्वरूप भएकाले दर्शनपरक अर्थ नभई पुत्रजन्मको ज्ञान भएपछि स्नान गर्नु भन्ने तात्पर्यमा प्रयोग गरिएको छ र यो विधि सबै वर्णका लागि समान रहेको छ ।

सर्ववर्णानां सूतिकाशुद्धिविचारः

सूतिका सर्ववर्णेषु दशरात्रेण शुद्ध्यति । ऋतौ च न पृथक् शौचं सर्ववर्णेष्वयं विधिः ।

इति हारलतायां प्रचेतसोक्तेः । यत्तु ब्राह्मे –

ब्राह्मणी क्षत्रिया वैश्या प्रसूता दशभिर्दिनैः । गतैः शूद्रा च संस्पृश्या त्रयोदशभिरेव च ।।

इति । प्रयोगपारिजाते पारस्करः –

द्विजातेः सूतिका या स्यात् सा दशाहेन शुद्ध्यति । त्रयोदशेऽह्नि सम्प्राप्ते शूद्रा शुद्ध्यत्यसंशयम् ।।

इति, तदसच्छूद्रापरम् ।

सबै वर्णका सुत्केरीहरूको शुद्धि

सबै वर्णका सुत्केरीहरू दशरातपछि शुद्ध हुन्छन् । सुत्केरी दशदिनभित्र नै रजस्वला भएमा छुट्टै चारदिन बार्नु पर्दैन। यो नियम सबै वर्णका लागि हो भन्ने कुरा **हारलतामा प्रचेताले** बताएका छन् । **ब्रह्मपुराणमा** जुन भनिएको छ कि– ब्राह्मण, क्षत्रिय र वैश्य वर्णका सुत्केरी दशदिनमा शुद्ध हुन्छन् तर शूद्र वर्णका सुत्केरी भने १३ दिनपछि मात्र शुद्ध हुन्छन् । फेरि **प्रयोगपारिजातमा पारस्करले** भनेका छन् – ब्राह्मण, क्षत्रिय र वैश्य वर्णकी सूतिका अर्थात् सुत्केरी दशदिनपछि शुद्ध हुन्छिन् र शूद्रा भने १३ दिनपछि मात्र शुद्ध हुन्छिन् भन्ने कुरामा कुनै सन्देह छैन । ग्रन्थकार भन्दछन् – उक्त **ब्रह्मपुराण** र **प्रयोगपारिजातका** भनाइअनुसार शूद्राले १३ दिन बार्नुपर्ने जुन व्यवस्था गरिएको छ त्यो असत् आचरण गर्ने शूद्राको निमित्त मात्र हो । (कुनै पुस्तकमा **'तदस्पृश्यतापरम्'** भन्ने लेखिएको छ, त्यसको अर्थ १३ दिन बार्नुपर्ने कुरा अस्पृश्य शूद्राका लागि हो भन्ने हुन्छ ।)

सूतके संसर्गविचारः

अङ्गिराः – **सूतके सूतिकावर्जं संस्पर्शो न निषिध्यते । संस्पर्शे सूतिकायास्तु स्नानमेव विधीयते।।**
नाशौचं सूतके पुंसः संसर्गं चेन्न गच्छति । रजस्तत्राशुचि ज्ञेयं तच्च पुंसि न विद्यते ।।

संसर्गः – मैथुनम् । स्पर्श इत्यन्ये । मातुरेव सूतकम्, तां स्पृशतश्च, इति हारलतायां सुमन्तूक्तेरिति, तन्न– **'संस्पर्शे सूतिकायास्तु स्नानमेव विधीयते'** इति स्नानमात्रोक्तेः सौमन्तववचनस्य स्नानपर्यन्तमस्पृश्यत्वमात्रबोधकत्वात् । एवकारः – बालस्पृश्यतार्थः । माधवस्तु –

यस्तैः सह सपिण्डोऽपि प्रकुर्याच्छयनासनम् । बान्धवो वा परो वापि स दशाहेन शुद्ध्यति ।।

इति बृहस्पतिस्मृतेः ।

सूतकमा संसर्गविचार

अङ्गिराले भनेका छन् कि – सूतकमा सूतिका अर्थात् सूत्केरीबाहेक पति आदि पारिवारिक व्यक्तिहरूलाई स्पर्श

गर्न निषेध गरिएको छैन । कारणवश सूतिकासँग स्पर्श भएमा स्नान गरेपछि शुद्धि हुन्छ । पतिले सूतकमा पत्नीसँग संसर्ग अर्थात् मैथुन नगरेमा त्यसलाई आशौच लाग्दैन । किनकि सूतकमा रजलाई अशुद्ध मानिन्छ र त्यो रज पुरुषसँग हुँदैन । यहाँ मूलमा परेको **संसर्ग**को अर्थ हो मैथुन । कसैले **संसर्ग**को अर्थ स्पर्शमात्र हो भनेका छन् । 'सुत्केरीलाई सूतक लाग्छ र तिनलाई स्पर्श गर्ने मानिसलाई पनि पूरा सूतक लाग्छ' भन्ने कुरा **हारलतामा सुमन्तु**ले बताएका छन्, तर यो भनाइ उचित छैन ।

सुत्केरीलाई स्पर्श गरेमा स्पर्श गर्ने व्यक्ति स्नान गरेपछि शुद्ध हुन्छ भन्ने **सुमन्तु**को भनाइ हो । मूलमा प्रयुक्त '**एवकारः**' बालकको स्पर्शको अर्थमा प्रयुक्त भएको शब्द हो। यो **एवकारः** बालकलाई स्पर्श गर्न हुन्छ भन्ने कुरा बुझाउने अर्थमा आएको हो । **माधव** भन्दछन् – असपिण्ड व्यक्ति पनि यदि सुत्केरीको परिवारसँग बस्ने, सुत्ने, खाने गर्दछ भने त्यो आफ्नो नाताभित्रको नभए पनि त्यसलाई दशदिनसम्म सूतक लाग्छ भन्ने कुरा **बृहस्पतिस्मृति**मा बताइएको छ ।

शयनासनारूपसंसर्गः

शयनासनादिरूपं संसर्गमाह पराशरः –

यदि पत्न्यां प्रसूतायां द्विजः संपर्कमिच्छति । सूतकं तु भवेत्तस्य यदि विप्रः षडङ्गवित् ।।

पितृवत्सापत्नमातुः प्राक्स्नानादस्पृश्यत्वम् ।

शयन-आसनरूप सम्पर्क

पराशर शयन र आसनरूप संसर्गको अर्थ स्पष्ट गर्दै भन्दछन् – पत्नी सुत्केरी भएको अवस्थामा यदि द्विजले पत्नीका साथ सम्भोग गर्दछ भने त्यो द्विज वेदका छवटै अङ्गको ज्ञाता भए पनि त्यसलाई सूतक लाग्छ । स्नानभन्दा पहिले पितामा अस्पृश्यता रहेझैं सौतेनी आमामा पनि स्नानपूर्व अस्पृश्यता रहन्छ ।

सूतिकास्पर्शे तु

सूतिकास्पर्शे तु यावदाशौचम् । **'अन्यास्तु मातरस्तद्वत्तद् गृहं न व्रजन्ति च'** इति ब्राह्मोक्तेरिति शुद्धितत्त्वादयः। तत्र, तद्गेहं गत्वा सूतिकां यदि न स्पृशन्ति तदा स्पृश्याः, अन्यथा न इति तस्यार्थः ।

सूतिका स्पर्श

ब्रह्मपुराणमा भनिएको छ – 'सुत्केरीसँग छोइएमा जबसम्म स्नान गरिँदैन तबसम्म आशौच लाग्छ ।' यसैगरी अरू माताहरू त्यो घरमा जान हुँदैन भन्ने कुरा **शुद्धितत्त्व** आदि अन्य ग्रन्थहरूमा बताइएको छ । ग्रन्थकार भन्दछन् – **शुद्धितत्त्व**को यो भनाइ उचित छैन । अन्य माताहरू सुत्केरी भएको घरमा गएर सुत्केरीलाई छुने काम गर्दैनन् भने तिनीहरूलाई दोष लाग्दैन र ती स्पर्शयोग्य हुन्छन्। सुत्केरीलाई स्पर्श गरेमा मात्र ती स्पर्शयोग्य हुँदैनन् भन्ने अर्थ गर्नुपर्दछ।

सूतिकायाः कर्माधिकारकथनम्

कर्मानधिकारमाह पैठीनसिः – सूतिकां पुत्रवतीं विंशतिरात्रेण कर्माणि कारयेन्मासेन स्त्रीजननीम् । इदमाशौचोत्तरम्। अन्यथा शूद्रयाः सपिण्डानामाशौचे तदभावः स्याद्विध्यनुवादविरोधश्च । एतच्च सोमयागादिश्रौतभिन्नपरम् । **'प्रजातीयाश्च दशरात्रादूर्ध्वं स्नानादि'** इति कात्यायनोक्तेः ।

सूतिकाको कर्ममा अनधिकार

पैठीनसिस्मृतिमा सुत्केरीको कर्ममा अधिकार नहुने कुरा बताउँदै भनिएको छ – 'पुत्र जन्माउने सुत्केरीलाई बीस रातपछि धार्मिक कार्यमा सहभागिनी बनाउन सकिन्छ र कन्या जन्माउने सुत्केरीलाई एकमहिनापछि मात्र धार्मिक कार्यमा प्रवृत्त गराउनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो नियम आशौच सकिएपछिको समयमा आधारित छ । आशौच लागेपछि प्रथम दिनबाट नै गणना गरी बीस वा तीस दिन पुऱ्याउने हो भने शूद्रा सुत्केरीका सपिण्डहरूले तेह्र दिनसम्म बार्नुपर्ने हुँदा बीस रातपछि कर्म गर्ने अधिकार हुनेछैन र विधि एवं अनुवादको पनि विरुद्ध हुनेछ । ग्रन्थकार भन्दछन् – यो नियम सोमयाग आदि श्रौतकर्मभन्दा भिन्न विषयमा आधारित छ । किनकि 'सूतिकालाई दशरातपछि स्नान गराउनू' भन्ने **कात्यायन**को भनाइ छ ।

प्रथम-षष्ठ-दशमदिनेषु जातकर्माद्यधिकारकथनम्

व्यासः– **प्रथमे दिवसे षष्ठे दशमे चैव सर्वदा । त्रिष्वेतेषु न कुर्वीत सूतकं पुत्रजन्मनि ।।**

पुत्रशब्दोऽपत्यमात्रपरः।

ब्राह्मे – **देवाश्च पितरश्चैव पुत्रे जाते द्विजन्मनाम् । आयान्ति तस्मात्तदहः पुण्यं षष्ठं च सर्वदा ।।**

जनने विशेषः प्रागुक्तः ।

प्रथम, षष्ठ र दशम दिनमा जातकर्मादि अधिकार

व्यास भन्दछन् – 'पुत्रजन्मको पहिलो दिन 'जातकर्ममा योग्यताका लागि', छैठौं दिन 'षष्ठी पूजामा अधिकारका लागि' र दसौं दिन 'नामकरणसंस्कारमा योग्यताका लागि' सूतक बार्नु पर्दैन ।' ग्रन्थकार भन्दछन् – **व्यास**को यस पद्यमा परेको **पुत्रे जाते** भन्ने पदको सन्तानको जन्म भएपछि भन्ने अर्थ गर्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ – द्विजातिको सन्तान पैदा हुने दिन तिनका घरमा देवता र पितृ आएका हुन्छन् त्यसैले पहिलो दिनलाई पुण्यमय दिन मानिन्छ । यसैगरी छैठौं दिनलाई पनि पुण्यदिन मान्नुपर्दछ । जन्माशौचभित्र षष्ठीदेवीको पूजन गरी छैंठी मनाउनु पर्ने विषयमा पहिले बताइसकिएको छ ।

सपिण्डादीनां जन्माशौचविचारः

अत्र प्रयोगपारिजातः – पुंप्रसवे दशाहः, स्त्र्यपत्ये तु त्र्यहः –

पुंजन्मनि सपिण्डानां दशाहाच्छुद्धिरिष्यते । त्र्यहादेकोदकानां च एकाहं सूतकं क्वचित् ।।

स्त्रीजन्मनि सपिण्डानां सोदकानां त्र्यहाच्छुचिः । स्त्रीषु त्रिपुरुषं ज्ञेयं सपिण्डत्वं द्विजोत्तमाः ।।

इत्यग्निस्मृतेरित्याह । मेधातिथिरपि – **'अप्रत्तानां तु स्त्रीणां त्रिपुरुषी विज्ञायते'** इति वसिष्ठमुक्त्वा आशौचे एवैतत्, विवाहे तु अवधिर्दर्शित एव, इत्याह । अन्ये तु त्रिपुरुषसापिण्ड्यस्य कानीनकन्यापरत्वमाहुः।

अप्रत्तानां तथा स्त्रीणां सापिण्ड्यं साप्तपौरुषम् । प्रत्तानां भर्तृसापिण्ड्यं प्राह देवः प्रजापतिः ।।

इति कौर्मविरोधाच्च ।

सपिण्डसम्बन्धी जन्माशौच

पुत्रजन्म र कन्याजन्ममा सपिण्ड आदिको आशौचबारे **प्रयोगपारिजात**मा भनिएको छ – पुत्रजन्म हुँदा सपिण्डहरूले

दशदिन र कन्याजन्ममा तीनदिन आशौच बार्नुपर्दछ । यस विषयमा **अग्निस्मृतिमा** भनिएको छ – पुत्रजन्म हुँदा सपिण्डहरूको दशदिनमा शुद्धि हुन्छ । सोदकहरूको तीनदिनमा शुद्धि हुन्छ । तर कहीँ आपत्ति परेको बेला सोदकहरूले एकदिन आशौच बार्नु पनि भनिएको छ । कन्याजन्म हुँदा भने सपिण्ड र सोदक दुवै वर्गका मानिसहरूले तीनदिन आशौच बार्नु पर्दछ किनकि कन्याहरूको तीनपुस्ताको मात्र सापिण्ड्य सम्बन्ध रहन्छ । **मेधातिथिले** पनि विवाह नभएका कन्याहरूको सापिण्ड्य तीनपुस्तासम्म मात्र हुन्छ भन्ने **वसिष्ठको** वचन उद्धृत गर्दै यो व्यवस्था आशौचमा नै क्रियाशील हुन्छ र विवाहमा आशौचको अवधिबारे विवाहप्रकरणमा नै बताइएको छ भनेका छन् । अरूले त तीनपुस्तासम्म सापिण्ड्य रहने कुरा अविवाहित कन्याबाट मातामहकै घरमा पैदा भएकी कन्याका सम्बन्धमा भनिएको हो भनेका छन् ।

ग्रन्थकार भन्दछन् – **मेधातिथिका** वचनको प्रामाणिकता छैन । किनकि **कूर्मपुराणमा** भनिएको छ – अविवाहित कन्याहरूको सापिण्ड्य सम्बन्ध सातपुस्तासम्म रहन्छ र विवाहित नारीहरूको सापिण्ड्य पतिसँग सम्बद्ध हुन्छ भन्ने **प्रजापतिको** भनाइ रहेको छ। यसरी **मेधातिथिको** वचन **कूर्मपुराणका** वचनको विरुद्ध भएको हुँदा मान्य छैन ।[५]

मृताशौचनिर्णयः

अत्रेदं तत्त्वम् – **पञ्चमात्सप्तमाद्धीमान् यः कन्यामुद्वहेद् द्विजः । गुरुतल्पी स विज्ञेयः**, इत्यादि विरोधात्त्रिपुरुषं प्रकरणान्मरणाशौचपरम्, वसिष्ठे तदग्रे उदकदानोक्तेः । तेन कन्याप्रसवेऽपि साप्तपुरुषं दशरात्रमेव । न च कन्यापुत्रकृतं प्रसवे बलाबलं क्वाप्युक्तम् । अग्निस्मृतिस्त्वनुकल्पो विगीता चेति सर्वसिद्धान्तः । अन्यथा त्रिपुरुषं सपिण्डानामष्टमादिसोदकानां च त्र्यहसाम्यायोगात् । चतुर्थादिसप्तमान्तानां च किमपि न स्यात् । तेन कन्याप्रसवे दशाह एव ।

किं च स्त्रीजन्मोद्देशेन त्रिपुरुषं सापिण्ड्यं तेषां च त्रिरात्रमित्यनेकार्थविधिः कथं स्यात् वाक्यभेदापत्तेः । न च चतुर्थादीनां सोदकत्वं क्वापि सिद्धम् । तेन त्रिपुरुषं चतुर्थादीनां च स्त्रीजन्मनि सोदकत्वं विधाय पुनस्तेषां त्रिरात्राशौचविधौ विध्यनुवादविरोधो वाक्यभेदद्वयं चेत्त्यसम्बद्धार्थाग्निस्मृतिर्हेया ।

मृताशौच निर्णय

माथिको सन्दर्भको अभिप्राय यो हो कि जुन बुद्धिमान् मानिसले पाँचौं वा सातौं पुस्ताकी कन्यासँग विवाह गर्दछ त्यसलाई गुरुतल्पगामी अर्थात् गुरुपत्नीमा गमन गर्ने भनिन्छ । यस्तो विरुद्ध वाक्य रहेकाले '**स्त्रीषु त्रिपुरुषं ज्ञेयं सापिण्ड्यञ्च द्विजोत्तमाः**' भन्ने माथिको वाक्यमा बताइएको तीनपुस्ते सापिण्ड्य सम्बन्ध मरणाशौचपरक मात्रुपर्दछ, जननाशौचपरक होइन। किनभने उक्त **त्रिपुरुषं ज्ञेयं** भन्ने वाक्यपछि **वसिष्ठले** जलदानको प्रसङ्ग ल्याएका छन् । मरणाशौचका लागि प्रस्तुत गरिएका नियमको जननाशौचमा प्रयोग गर्न नहुने हुँदा कन्याजन्ममा पनि सपिण्डभित्रका मानिसहरूले दशदिन नै आशौच बार्नुपर्दछ । शास्त्रहरूमा कहीँ पनि कन्याप्रसव र पुत्रप्रसवको बलाबल विचार गरिएको पाइँदैन । **अग्निस्मृतिको** वचनलाई प्रमाण मान्न सकिँदैन किनकि त्यो अनुकल्प अर्थात् मुख्य कल्पको सट्टा विधान गरिएको प्रतिनिधिरूप वचन हो र विद्वान्हरूद्वारा निन्दित पनि छ भन्ने कुरा सबैको सिद्धान्त हो । अन्यथा सपिण्डहरूलाई तीनदिनको सूतक र आठौं पुस्तादेखि चौधौं पुस्तासम्मका सोदकहरूलाई पनि तीनदिनकै सूतक लाग्छ भन्ने विधान गर्दा समानताको योग हुनसक्दैन । चारपुस्तादेखि सातपुस्तासम्मका सपिण्डहरूमा कुनै अन्तर हुँदैन । यसबाट पनि कन्याको उत्पत्ति हुँदा दशदिन सूतक बार्नुपर्ने कुरा सिद्ध हुन्छ ।

५. छोरो जन्मिँदा होस् वा छोरी जन्मिँदा सपिण्ड दाजुभाइलाई दसै दिन सूतक लाग्छ ।

कन्याजन्मको उपलक्ष्यमा तीनपुस्तासम्मको सापिण्ड्य र तीनदिनको आशौच लाग्छ भन्ने **अग्निस्मृति**को विधि कसरी अनेकार्थविधि भनी प्रमाणित हुनसक्छ ? अर्थात् हुन सक्दैन । किनकि यसमा विधि र अनुवादमा अन्तर आउनाले दुईथरि वाक्य हुने आपत्ति आउन सक्छ अर्थात् वाक्यभेदनामक दोष पर्न सक्छ ।[६] चौथो पुस्तादेखि सातौं पुस्तासम्म सोदकत्व हुने कुरा कतैबाट पनि प्रमाणित हुँदैन ।

कन्याजन्ममा त्रिपुरुषीय सापिण्ड्य र चौथो पुस्तादेखि सातौं पुस्तासम्मलाई सोदकत्व विधान गरी सपिण्डहरूले तीनरात आशौच बार्नुपर्ने भनाइमा विधि र अनुवादको विरोध स्पष्ट देखिन्छ । ग्रन्थकार भन्दछन् – वाक्यको दुईथरि विरुद्ध अर्थ प्रकट गर्ने असम्बद्ध नीति–नियम भएको **अग्निस्मृति** यस प्रसङ्गमा हेय छ ।

जाते मृते, मृते जाते वा आशौचविचारः

अथ मृताशौचम् । हारीतः – **जातमृते मृतजाते वा सपिण्डानां दशाहम्** इति स्वाशौचपरम् । जातमृते नालच्छेदोर्ध्वम् –

यावन्न छिद्यते नालं तावन्नाप्नोति सूतकम् । छिन्ने नाले ततः पश्चात्सूतकं तु विधीयते ।।

इति जैमिन्युक्तेः । **'नाड्यां छिन्नायामाशौचम्'** इति हारीतोक्तेश्च । एतन्मृताशौचपरमेव । जननाशौचं तु नालच्छेदोत्कर्षेऽपि जननाद्येव । मृतजाते नालच्छेदाभावात् षष्ठीपूजाद्युत्कर्षापत्तेश्च । तेन नाडीछेदात्प्राङ्मातुः स्पर्शे न दोष इति शुद्धितत्त्वोक्तिः परास्ता ।

उत्पन्न भई मृत्यु हुँदा र मरेका बालक पैदा हुँदा लाग्ने आशौच

अब मरणान्तर लाग्ने आशौचका विषयमा निरूपण गरिन्छ । उक्त विषयमा **हारीत** भन्दछन् – बालक उत्पन्न भई तत्काल मरेमा र मरेकै बालक जन्मिएमा सपिण्डहरूलाई दशदिन आशौच लाग्छ । यो आशौच आफूलाई लाग्ने आशौचको बोधक हो । **'जाते मृते'**को अर्थ नाल काटेपछि मरेकोमा अथवा उत्पन्न हुँदा मरेकै अवस्थामा रहेको स्थितिमा दशदिन नै आशौच बार्नुपर्दछ ।

जैमिनि भन्दछन् – जबसम्म नाल काटिँदैन, तबसम्म सूतक लाग्दैन । त्यसपछिमात्र सूतक लाग्छ । **हारीत**ले भनेका छन् – नालच्छेदनपछि आशौच लाग्छ । जननाशौचमा नालच्छेदनको अभावमा पनि जन्मदेखि नै लाग्छ । त्यसकारण यो भनाइ मृताशौचका लागि हो । मृत अवस्थामा पैदा भएका शिशुको नालकाट्ने काम हुँदैन र षष्ठीपूजा पनि हुँदैन । यो वर्णनबाट नाल काट्नुभन्दा पहिले मातालाई स्पर्श गर्दा दोष लाग्दैन भन्ने **शुद्धितत्त्व**को भनाइ खण्डित हुन्छ।

---

६. अनुवादको धर्म विधिविहितको प्रशंसा हो भने विधिनिन्दितको निन्दा पनि । यसरी विधि र अनुवादको एकरूपता हुँदा वेदविहित कर्ममा व्यवधान आउँदैन र कर्मजन्य फलको प्राप्ति हुन्छ । अनुवादको अर्थ विधिविपरीत भएमा कर्ममा भ्रान्ति पैदा हुन्छ र अदृष्टको प्राप्ति हुँदैन । त्यसैले विधि र अनुवादको भनाइमा एकरूपता हुनुपर्दछ । विपरीत अर्थ गरी वाक्यभेद हुन गएमा विधिविहित कर्मको राम्ररी बोध पनि हुनसक्दैन । अनुवादवाक्यले जहिले पनि विधिवाक्यको समर्थन गर्दछन् । एउटा वाक्यमा दुइटा विधि रहनसक्दैनन्। दुइटा वाक्य छन् भने पनि तीमध्ये एउटा विधिका रूपमा रहेको हुन्छ भने अर्को वाक्य अनुवादका रूपमा रहेको हुन्छ । अनुवादले विधिको समर्थन नगरेमा वेदार्थको विचारमा भ्रान्ति हुने र वाक्यार्थबोधमा अनवस्था आइलाग्ने हुन्छ । त्यसैले दुवैमा एकवाक्यता आवश्यक हुन्छ । जब विधिविपरीत अनुवादको अर्थ प्रकट हुन्छ त्यसबेलामा दुई वाक्य बन्दछन् । दुई वाक्य बन्नुनै वाक्यभेद हुनु हो। कन्याको सापिण्ड्य सात पुस्तासम्म रहने विधिवाक्यको भनाइविपरीत अग्निस्मृतिको वचन तीन पुस्तासम्म मात्र रहने भन्ने भनाइ विधिविरुद्ध छ । यसैले यहाँ वाक्यभेद हुन आएको छ । त्यसकारण ग्रन्थकारले अग्निस्मृतिको भनाइ हेय छ भनेका हुन् ।

नाभिच्छेदनात्प्राक्शिशुमरणे विचारः

नाभिच्छेदात्प्राङ्मृतौ तु बृहन्मनुः –

जीवन् जातो यदि मृतो मृतः सूतक एव तु । सूतकं सकलं मातुः पित्रादीनां त्रिरात्रकम् ।।

इदं च प्रसवाशौचमेव । शावनिमित्तं स्नानमात्रम् । **'प्राङ्नामकरणात् सद्यःशौचम्'** इति शङ्खोक्तेः ।

नाल काट्नुभन्दा पहिले शिशुको मृत्यु भएमा

नाल काट्नुभन्दा पहिले शिशुको मृत्यु भएमा लाग्ने आशौचका सन्दर्भमा बृहन्मनुले भनेका छन् – 'नाल काट्नुभन्दा पहिले शिशु मरेमा अथवा मृत शिशु उत्पन्न भएमा आमालाई मात्र दशदिनको आशौच लाग्छ, पिता आदिलाई तीनदिनमात्र आशौच लाग्छ ।' ग्रन्थकार भन्दछन् – यो निरूपण प्रसवाशौचपरक हो । तर जन्मेर मरेका शिशुको आशौचको सम्बन्धमा भनिएको छ – जन्मेर मरेका शिशुको आशौच नुहाएपछि निवृत्त हुन्छ ।

शङ्ख भन्दछन् – 'नामकरणभन्दा पहिले शिशुको मृत्यु भएमा सद्यआशौच लाग्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ बताइएको सद्यआशौच पनि मरणनिमित्तक हो । जन्मका निमित्तले बार्नुपर्ने आशौच त दशदिन नै बार्नुपर्दछ ।[७]

नालच्छेदनोत्तरं दशाहमध्ये शिशुमरणे निर्णयः

अत्र कश्चिदाह – **'नामकरणमाशौचान्तकालोपक्षणम्** । **'आशौचव्यपगमे नामधेयम्'** इति विष्णूक्तेः, **आशौचे तु व्यतिक्रान्ते नामकर्म विधीयते** । इति मनूक्तेश्च नाम्नो नियमकालत्वात् । न च –

नामधेयं दशम्यां तु द्वादश्यां वापि कारयेत् । पुण्ये तिथौ मुहूर्ते वा नक्षत्रे वा गुणान्विते ।।

इति मनूक्तेः, अनियतकालत्वम् । दशम्यामतीतायां विप्रः । द्वादश्यामतीतायां क्षत्रियः । वैश्यः षोडशे । शूद्र एकत्रिंशे इत्यपि ज्ञेयम्। पुण्य इत्याद्यकल्पः। तेन नाम्नः कालोपलक्षणम् । एवं दन्तजननेऽपि **'दन्तजन्म सप्तमे मासि'** इत्युपनिषदि नियतकालत्वात् । **चौले तु न कालोपलक्षणम्, प्रथमेऽब्दे तृतीये वा कर्तव्यं श्रुदिचोदनात्** । इति मनूक्तेः ।

नाल काटेपछि दशदिनभित्र शिशुको मृत्यु भएमा

नामकर्मसंस्कार सूतकको अन्त भएको कुरा ज्ञापन गर्ने ज्ञापक शब्द हो । **विष्णुले** भनेका छन् – आशौच समाप्त भएपछि नामकरण गर्नुपर्दछ । **मनु** भन्दछन् – 'आशौच समाप्त भएपछि अर्थात् एघारौं दिन अथवा बाह्रौं दिन पुण्यतिथि, पुण्यमुहूर्त एवं गुणसम्पन्न नक्षत्रमा नामकर्म गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो **मनुको** भनाइमा नामकर्मका लागि निश्चित दिन तोकिएकाले ब्राह्मणले दशदिन पूरा भएपछि एघारौं पुण्य दिनमा, क्षत्रियले बाह्रौं दिन पूरा भएपछि तेह्रौं पुण्य दिनमा, वैश्यले सोह्रौं दिन पूरा भएपछि सत्रौं पुण्य दिनमा र शूद्रले एक्काइसौं दिन पूरा भएपछि बाइसौं पुण्य दिनमा स्नान कर्म गर्नुपर्दछ भन्ने तात्पर्य रहेको छ । माथि श्लोकमा प्रयोग गरिएको **'पुण्ये'** भन्ने पदले नामकर्म गरिने दिनमा घरको वातावरणमा पवित्रता हुनुपर्ने कुरा जनाउँछ । **'आशौचान्तमुपलक्षणम्'** यस वाक्यबाट आशौच समाप्त भएपछि नामकर्म गर्नुपर्ने भएकाले एघारौं दिन पवित्रताको द्योतक हो । यसबाट दिन तोकिएको कुरा बुझ्नुपर्दछ । यसैगरी दाँत निस्कने कुरामा पनि उपनिषद्मा सातौं महिनामा दाँत निस्कन्छन् भनिएकाले सातौं महिनाचाहिँ दन्तोत्पत्तिको नियतकाल हो । चूडाकर्ममा निश्चित दिन तोकिएको छैन । श्रुतिले 'पहिलो अथवा तेस्रो वर्षमा गर्नुपर्दछ भनेको छ' भन्ने कुरा **मनुले** बताएका छन् ।

७. मरेको जन्मेमा वा दशदिनभित्र (नामकर्म नगर्दै) बच्चा मरेमा मरणाशौच कसैलाई पनि लाग्दैन, बाबु–आमाले मरणनिमित्तक स्नान गर्नुपर्दछ । सूतकचाहिँ सबैलाई दसै दिन लाग्छ । दानप्रदान, हवनादि क्रियाकर्म केही गर्नुपर्दैन ।

ततः संवत्सरे पूर्णे चूडाकर्म विधीयते । द्वितीये वा तृतीये वा कर्तव्यं स्मृतिदर्शनात् ।।

इति यमोक्तेश्च । तस्यानियतकालत्वादिति । तन्मन्दम्, चौलवन्नामदन्तजननयोरपि स्वरूपेण निमित्तत्वोपपत्तेस्तद्विशिष्टकालानुवादे वाक्यभेदात् सप्तममासादर्वाग्दन्तजनने तदभावप्रसङ्गाच्च । यस्तूपनिषद्दर्शनेन निर्णयं कुर्यात्स नूनं **'शतायुः पुरुषः'** इति श्रुतेरर्वाक्पितृमरणे तदन्त्यकर्मापि त्यजेत्। ननु कालानुपलक्षणे नामोत्कर्षे तदभावे वा स्नानमात्राच्छुद्धिः स्यात्। ततः किम् । अस्तु । अत एवोक्तम् । **'आदन्तजननात् सद्यः'** इति । सा च विष्णुवचनाद्दाहाभावविषयेति वक्ष्यामः। त्रिवर्षादावपि स्यादिति चेत् ? न, दाहदन्तादिनिमित्तैर्विशेषाशौचैः पूर्वस्य बाधात् तदुक्तम्– **पूर्वाबाधेन नोत्पत्तिरुत्तरस्य हि सिध्यति** । इति । **'जननाद्दशरात्रे व्युष्टे शतरात्रे संवत्सरे वा'** इति परिशिष्टे ।

यम भन्दछन् – 'एकवर्ष पूरा भएपछि चूडाकर्म सम्पन्न गर्नुपर्दछ ।' तर **स्मृतिमा** दोस्रो वा तेस्रो वर्षमा चूडाकर्म गर्नुपर्दछ भनिएकाले चूडाकरणको समय निश्चित नभएको प्रतीत हुन्छ । तर ग्रन्थकार भन्दछन् – यसो भन्नु मन्दबुद्धिकै परिचय दिनु हो । चौलकर्मझैं नामकर्म र दन्तोत्पत्ति पनि स्वरूपद्वारा निश्चित हुने भएकाले नामकर्मविशिष्ट र दन्तोत्पत्तिविशिष्ट कालको विधान गर्दा वाक्यभेदको आपत्ति आइलाग्नेछ । जस्तै – दन्तोत्पत्ति सातमहिनामा हुन्छ भनिएको छ तर त्यो सातमहिनाभन्दा पहिले भएमा दन्तोत्पत्ति भएर पनि नभएको मान्नुपर्ने बाध्यता आइलाग्नेछ । कसैले **उपनिषद्** अवलोकन गरी **उपनिषद्**मा **शतायुर्वै पुरुषः** अर्थात् पुरुषको आयु सयवर्षको हुन्छ भन्ने वचनको आधारमा आफ्नो बाबु सयवर्ष नपुग्दै मरेमा तिनको अन्तिमक्रिया पनि गर्ने छैन । फेरि समयको उपलक्षण नहुँदा नाममात्रको वृद्धि वा अभावमा स्नानमात्रले शुद्धि हुनेछ । त्यसपछि के गर्ने भन्ने प्रश्न खडा हुनेछ । त्यसैले भनिएको छ – 'दन्तोत्पत्तिभित्रै बालकको मृत्यु भएमा सद्य आशौच लाग्दछ ।' यो **विष्णु**को वचन मृतकशिशुको दाह नगरिएको सम्बन्धमा हो भन्ने कुरा पछि बताइनेछ। दाँतको उत्पत्ति तीनवर्षभित्र पनि हुनसक्छ भन्ने प्रश्नको उत्तरमा हामी भन्दछौं – त्यस्तो हुँदैन । दाह र दन्तउत्पत्ति सम्बन्धमा विशेष आशौच पूर्ववर्ती नियमका बाधक हुन्छन् । बाधविना उत्पत्ति प्रसिद्ध हुँदैन । **परिशिष्ट**मा भनिएको छ– उत्पन्न भएको दशरात, सयरात वा एकवर्ष व्यतीत भएमा नामकर्मसंस्कार गर्नुपर्दछ ।

द्वादश्यामपरे रात्र्यां मासे पूर्णे तथापरे । अष्टादशेऽहनि तथा वदन्त्यन्ये मनीषिणः ।।

इति भविष्ये च नाम्नः कालानियमाच्च । न च प्राथम्याद्दशरात्रेऽतीते इति मुख्यः कालः, अन्यस्त्वनुकल्प इति वाच्यम्, चौलेऽपि तथापत्तेः । न च दन्तजननकालानुपलक्षणे सदन्तजातमृतस्य दाहैकाहप्रसङ्गः, दशाहेन बाधात् । नामकरणोत्तरमेव दाहप्रवृत्तेः ।

दशाहाभ्यन्तरे बाले प्रमीते तस्य बान्धवैः । शावाशौचं न कर्तव्यं सूत्याशौचं विधीयते ।।

इति बृहन्मनूक्तेश्चेति । आशौचं दाहोपलक्षणम् । सूतकवदिति पारस्करोक्तेः । यत्तु विष्णुः –

अनिवृत्ते दशाहे तु पञ्चत्वं यदि गच्छति । सद्य एव विशुद्धिः स्यान्न प्रेतं नोदकक्रियाः ।

इति, तदपि प्रेताशौचनिषेधार्थम् न तु सद्यस्त्वपरं वाक्यभेदात् ।

केही मानिसहरू बाह्र दिनको रातमा, नामकर्म गर्नुपर्दछ भन्दछन्, केही महिना पूरा भएपछि नामकर्म गर्नुपर्दछ भन्दछन् र केही अठारौं दिन पूरा भएपछि नामकर्म गर्नुपर्दछ भन्दछन् । यसै आधारमा **भविष्यपुराण**मा नामकर्ममा समयको नियम नभएको कुरा देखाइएको छ । प्रथमतः दशरात्र बितेपछि नामकरण गर्नु भनिएको छ । यही नै मूल मत

हो । अरू त अनुकल्प हुन् । ग्रन्थकार भन्दछन् – त्यसो भन्ने हो भने चौलमा पनि आपत्ति हुनेछ । दन्तजननकाललाई उपलक्षण नमानिएता पनि दाँतसहित उत्पन्न भएका बालकको मृत्यु हुँदा दाह गर्नुपर्ने र एकदिन आशौच बार्ने प्रसङ्ग आउनेछ । नामकरणपछि नै दाहको प्राप्ति हुन्छ । **वृद्धमनु** भन्दछन् – 'दश दिनमा बालक मरेमा त्यसका बान्धवले मरणाशौच बार्नु पर्दैन । सूतकाशौचबाट नै त्यो गतार्थ हुन्छ ।' ग्रन्थकार भन्दछन् – आशौचशब्द दाहको उपलक्षण हो । **पारस्कर** भन्दछन् – जन्माशौचसमान मरणाशौच पनि लाग्दछ ।

विष्णुले जुन दशदिन समाप्त हुनुभन्दा पहिले बालकको मृत्यु हुन्छ भने त्यसको तत्कालशुद्धि हुन्छ त्यसका निमित्त प्रेतपिण्ड, उदकक्रिया गर्नुपर्दैन भनेका छन् त्यस विषयमा ग्रन्थकार भन्दछन् – यो वचन पनि प्रेतको आशौच निवारणका लागि भनिएको हो । यो वचन सद्यआशौचपरक होइन किनकि वाक्यभेदको दोष आइलाग्नेछ।

नामकरणात्प्राक्शिशुमरणे विचारः

किञ्च । नामकालात्प्राङ्मृतस्य स्नानम्, तदुत्तरं त्वेकाहादि । नामकाले त्वेकादशाहे मृतस्य न किमपि स्यात्। अथ शङ्खवचने ल्यब्लोपे पञ्चमी, तदा प्रागिति नोपपद्यते । **'नाम्नि वापि कृते सति'** इति मन्वादिविरोधात् (अ. ५ श्लो. ७०) । कृतनाम्न इति माधवमिताक्षरादिविरोधाच्च न कालोपलक्षणं क्वापीति दिक् ।

नामकरणभन्दा पहिले शिशुमरणमा विचार

नामकर्मभन्दा पहिले मरेका शिशुका निमित्त स्नानमात्र आशौच हुन्छ । त्यसपछि एकदिनको आशौच लाग्छ । नामकर्म गर्दागर्दै एघारौं दिनका दिन शिशु मरेमा त्यो दिन शिशुको निमित्त कुनै कर्म हुँदैन । त्यसपछि कसैले भन्न सक्छ- **शङ्खको** वचनमा ल्यप्लोपमा पञ्चमी विभक्ति भएको छ अर्थात् **'प्राङ्नामकरणात् सद्यः शौचम्'** भन्ने **शङ्खको** वचनमा **नामकरणात्**को अर्थ नामकरणं विधाय अर्थात् नामकरण गरेपछि भन्ने अर्थ हो । तसर्थ प्राक् शब्दको अर्थ उत्पत्ति हुँदैन। नामकर्म गरेपछि आशौच लाग्छ भन्ने हो भने **मनुको** वचनसँग विरोध पर्नेछ । जसको नामकरण गरिएको छ भन्ने पदको प्रयोग भएबाट **माधव** र **मिताक्षरासमेतमा** विरोध देखिएकाले कालको उपलक्षण छैन ।

नामोत्तरं दन्तोत्पत्तेः प्राक् शिशुमरणे निर्णयः

नामोत्तरं दन्तोत्पत्तेः प्राग्दाहे सत्यहः,

अदन्तजाते तनये शिशोर्गर्भच्युते तथा । सपिण्डानां तु सर्वेषामहोरात्रमशौचकम् ।

इति यमोक्तेः । दाहाभावे तु स्नानमात्रम् **अदन्तजाते प्रेते सद्य एव नास्याग्निसंस्कारः** । इति विष्णुना दाहाभावे तदुक्तेः । **'आदन्तजननात्सद्यः'** इति याज्ञवल्क्यीयाच्च । दाहविकल्पं चाह लौगाक्षिः –

तूष्णीमेवोदकं कुर्यात्तूष्णीं संस्कारमेव च । सर्वेषां कृतचूडामन्यत्रापीच्छया द्वयम् ।।

अन्यत्राकृतचूडे । अत्र चूडाकरणं तृतीयवर्षरूपकालोपलक्षणार्थमिति मेधातिथिहरदत्तौ । मनुरपि –

नात्रिवर्षस्य कर्तव्या बान्धवैरुदकक्रिया । जातदन्तस्य वा कुर्युर्नाम्नि वापि कृते सति ।।

इति । उदकं दाहोपलक्षणम् ।

नामकरणपछि र दाँत निस्कनुभन्दा पहिले मृत्यु भएमा

नामकरणपछि दाँत निस्कनुभन्दा पहिले शिशुको मृत्यु भई दाह गरिएमा सपिण्डहरूलाई एकदिनको आशौच लाग्छ

भन्ने कुरा बताउँदै **यम** भन्दछन् – 'दाँत निस्कनुभन्दा पहिले शिशुको मृत्यु भएमा र गर्भच्युत भएमा सबै सपिण्डहरूलाई एकअहोरात्र आशौच लाग्छ । यदि दाह गरिँदैन भने सबै सपिण्डहरू स्नानबाट मात्र शुद्ध हुन्छन् ।' दाँत ननिस्किएको शिशु मरेमा भने तत्काल शुद्धि हुन्छ र शिशुको शवदाह पनि गरिँदैन भन्ने कुरा **विष्णु**ले दाहको अभावमा गर्नुपर्ने विषयको निरूपण गर्ने प्रसङ्गमा बताएका छन् । **याज्ञवल्क्य** भन्दछन् – दाँत निस्कनुभन्दा पहिले शिशुको मृत्यु भएमा सपिण्डहरू तत्काल शुद्ध हुन्छन् ।[८]

लौगाक्षि दाहको विकल्प प्रस्तुत गर्दै भन्दछन् – 'जुन शिशुको चूडाकर्मसंस्कार सम्पन्न भएको छ र जुन शिशुको चूडाकर्मसंस्कार सम्पन्न भएको छैन ती दुवैथरि शिशुहरू मरेमा विनामन्त्र अञ्जलिदान गर्नुपर्दछ र यमसूक्त आदि मन्त्रको उच्चारण नगरीकन दाह गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ प्रयुक्त अन्यत्र शब्दको अर्थ चूडाकरणसंस्कार नगरिएका शिशुहरू भन्ने हो । त्यस्तै चूडाकरण शब्दले पनि तीनवर्षभन्दा कम उमेरका शिशु भन्ने अर्थ जनाउँछ भनी **मेधातिथि**ले बताएका छन् । **मनु** भन्दछन् – 'तीनवर्षको उमेर पार नगरेका शिशुका लागि पिता आदि सपिण्ड बान्धवहरूले अञ्जलिदान गर्न हुँदैन[९] अथवा जसका दाँत निस्किएका छन् र जसको नामकरण सम्पन्न भएको छ तिनको अग्निसंस्कार गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ उदकक्रिया भन्ने पदको अर्थ अग्निसंस्कार हो ।[१०]

दन्तोत्पत्त्यनन्तरं त्रिवर्षात्प्राङ्मरणे विचारः

'दन्तोत्पत्त्यनन्तरं प्राक्त्रिवर्षान्तान्मृतेऽहः । दन्तजातेऽप्यकृतचूडे त्वहोरात्रेण शुद्धिः' इति विष्णूक्तेः।

दाँत निस्किएपछि तीनवर्षको उमेरभन्दा पहिले मरेमा

दाँत निस्किएपछि तीनवर्षको उमेरभन्दा पहिले शिशु मरेमा एकदिनको आशौच लाग्दछ । दाँत निस्किएपछि भन्नुको तात्पर्य सातमहिनापछि चूडाकरण गरिएको छैन भने सपिण्डहरूलाई एकदिन अर्थात् अहोरात्र आशौच लाग्दछ भन्ने कुरा **विष्णु**ले बताएका छन् ।

त्रिवर्षोर्ध्वं कृतचूडे मृते

त्रिवर्षोर्ध्वं कृतचूडेऽकृतचूडे वा प्रागुपनयनात्त्र्यहः –

यद्यप्यकृतचूडो वै जातदन्तस्तु संस्थितः । तथापि दाहयित्वैनमाशौचं त्र्यहमाचरेत् ।।

८. चूडाकरण गरेपछि तीन वर्ष पुगेका बालकहरूको मृत्यु भएमा दाहकर्म गर्न हुन्छ ।

९. नामकर्मपछि दाँत नउम्रँदैको बालक मरेमा बाबु–आमालाई एकदिन आशौच लाग्छ भने सपिण्डलाई सद्यःशौच हुन्छ । सद्यःशौच भनेको सुन्नेबित्तिकै सकिने आशौच हो । सद्यःशौचमा पनि स्नानचाहिँ गर्नुपर्ने हुन्छ । बालक मरेको दोस्रो दिन गृहशुद्धि गरी मृतबालकका निमित्त उपयुक्त वस्त्रादिका साथै दूध दान गर्नुपर्छ । अरू केही गर्नुपर्दैन । दाँत आइसकेको दुईवर्ष ननाघेको बालक मरेमा एकवर्षमा चूडा नगरेको भए बाबु–आमाले तीन दिन बार्नुपर्छ, सपिण्डले स्नानमात्र गरे हुन्छ । जलदान–पिण्डदानादि केही गर्नुपर्दैन । चौथो दिन घरशुद्ध गरी बालक जीवित छँदा आवश्यक पर्ने खाने–पिउने, लगाउने आदि वस्तु दान गरिदिनुका साथै मृतबालकका समान उमेरका विप्रबालक बोलाई टीकाटाला गरी भोजन गराउनु राम्रो हुन्छ।

१०. दुईवर्ष नाघेको व्रतबन्ध नगरेसम्मको बालकको मृत्यु भएमा बाबु–आमालाई तीन दिन र सपिण्डलाई एक दिन जूठो लाग्छ । चूडा गरेको भए सपिण्डलाई पनि तीनै दिन आशौच हुन्छ, सोदकले भने स्नानमात्र गर्दा हुन्छ । उक्त अवस्थाको बालक चूडा गरेको वा नगरेकै भए पनि जलाउनुपर्छ । जलाइसकेपछि पिण्डदान, जलदान आदि सबै क्रिया कुशविना अमन्त्रपूर्वक गर्नुपर्छ, बालक जीवित छँदा उसको निम्ति आवश्यक पर्ने खाने, लगाउने, ओढ्ने, ओच्छ्याउने सबै कुरा दान गरिदिनुपर्छ । समान उमेरका ब्राह्मण बालकलाई वस्त्र द्रव्यादि दान दिई भोजन गराउनुपर्छ ।

इति आङ्गिरसोक्तेः । अकृतायामपि चूडायां त्रिवर्षोर्ध्वं दाहादि नियतम् । नात्रिवर्षस्येति वचनात् । मृतायां वर्षत्रयात्प्रापितं तूष्णीमेव । अत्र जातदन्तत्वमुद्देश्यविशेषणत्वादविवक्षितम् । दाहयित्वेत्यप्यनुवादः । उभयविधौ वाक्यभेदात् । त्रिवर्षात्प्राक् चूडाभावेऽग्निदाहे त्र्यहस्तदभावे विष्णूक्तेरेकाह इति माधवः ।

यत्तु कश्चिदाह । अत्र त्रिवर्षविषयादस्मादेवार्थात् त्रिवर्षोर्ध्वमपि तत्सिद्धिः । विज्ञानेश्वरोक्तेश्च त्रिवर्षोर्ध्वमकृतचूडं विषयत्वं चिन्त्यम्, जातदन्तपदवैयर्थ्यादिति । तत्तुच्छम्, दाहस्याविधेयत्वात् । **नृणामकृतचूडानामशुचिर्नैशिकी स्मृता** । इति मनूक्तेः । त्रिवर्षोर्ध्वमेकाहापत्तेरर्थात् त्र्यहासिद्धेः । त्वयाप्यग्रे तथाङ्गीकारात्पदवैयर्थ्यस्य साम्याद्वाक्यार्थाज्ञानाच्चेत्यलं मिताक्षरार्थानभिज्ञदूषणेन ।

तीनवर्षको उमेरपछि शिशुको मृत्युभएमा

तीनवर्ष उमेर पुगेका शिशुहरूको चूडाकरण भए–नभएको दुवै अवस्थामा उपनयनसंस्कार नगर्दासम्म तीनदिन आशौच बार्नुपर्दछ । **अङ्गिराले** भनेका छन् – चूडाकरण नगरिएको भए पनि दाँत उत्पन्न भई स्थिर भएको स्थितिमा मरेका शिशुको दाहसंस्कार गरी तीनदिन आशौच बार्नुपर्दछ । चूडाकरण नगरेको भए पनि तीनवर्ष पुगेका बालकको दाहसंस्कार गर्नुपर्ने कुरा स्वतःसिद्ध हुन्छ । तर तीनवर्ष नपुगेका शिशुको भने चूडाकरण गरेता पनि दाह गरिँदैन, किरिया पनि **तूष्णीम्** अर्थात् विनामन्त्र गर्नुपर्दछ र उदकदान आदि कर्म हुँदैन । यहाँ **'अजातदन्तत्व'** उद्देश्यरूप शिशुको विशेषणका रूपमा आएकोले दाँत निस्कने र ननिस्कने भन्ने विषय मुख्य होइन, **'दाहयित्वा'** यो पद पहिले बताएकै विषयको पुनः वर्णन भएकाले अनुवाद हो । उभयविधि भएमा यहाँ वाक्यभेद दोष हुन्छ । तीनवर्षभन्दा पहिले चूडाकरण नगरिएको स्थितिमा दाह गर्दा तीनदिन आशौच लाग्छ भन्ने कुरा **विष्णुले** बताएका छन् । यही कुरा **माधवले** पनि उद्धृत गरेका छन्।

कसैले भनेका छन् कि चूडाकर्म गरेका र तीनवर्ष पुगेका शिशुको मृत्यु भएमा तीनदिन आशौच लाग्ने कुरा त सिद्ध भयो तर **विज्ञानेश्वरले मिताक्षरामा** तीनवर्ष पुगेका तर चूडाकर्म नगरेका शिशुको मृत्युमा तीनदिन आशौच लाग्ने जुन कुरा बताएका छन् त्यो विचारणीय छ । किनकि **जातदन्तपद** व्यर्थ हुनेछ । ग्रन्थकार भन्दछन् – उक्त शंका तुच्छ छ । यहाँ दाह विधेय विषय होइन । शंका गर्नेले फेरि शंका गर्दछन् कि **मनुले** भनेका छन् – जुन बालकको चूडाकरण भएको छैन ती बालकको मृत्यु भएमा सपिण्डहरू एकअहोरात्र बारेपछि चोखिन्छन् । तीनवर्षको उमेर पूरा गरेका र चूडा नगरेका शिशुका निमित्त एकदिन आशौच लाग्ने विधान गर्दा पहिले बताइएको **आङ्गिरसको** तीनदिन आशौच लाग्ने विधान असिद्ध हुनेछ । यो शङ्का गर्ने प्रति लक्षित गर्दै ग्रन्थकार भन्दछन् – तिमीले पनि पछि तीनदिन बार्नुपर्ने कुरा स्वीकार गर्ने हुनाले **पद** व्यर्थ हुने दोष दुवैतर्फ लाग्छ । वाक्यार्थज्ञान गर्न नसक्ने आफ्नो दोष विचार गरी **मिताक्षराको** भनाइलाई दोष दिनु व्यर्थ छ।

प्रथमवर्षादौ कृतचूडे मृते निर्णयः

प्रथमवर्षादौ कृतचूडस्य सदा त्र्यहः, निवृत्तचूडकानां तु त्रिरात्राच्छुद्धिरिष्यते । इति मनूक्तेः । एतत्सर्वं प्रागुक्तं सपिण्डानाम् । **मातापित्रोस्तु दशाहोर्ध्वं मृते सर्वत्र त्रिरात्रम्, बालानामजातदन्तानां त्रिरात्रेण शुद्धिः**, इति कश्यपोक्तेः । **बैजिकादभिसम्बन्धादनुरुन्ध्यादाद्यं त्र्यहम्** । इति मनूक्तेश्च । शुद्धितत्त्वादयो गौडास्तु-

अजातदन्तमरणे पित्रोरेकाहमिष्यते । दन्तजाते त्रिरात्रं स्याद्यदि स्यातां तु निर्गुणौ ।।

इति कौर्मात्काश्यपं शूद्रपरम् । **'अनूढानां तु कन्यानां तथा वै शूद्रजन्मनाम्'** इति त्र्यहानुवृत्तौ शङ्खोक्तेः ।

प्रथमवर्ष आदिमा चौलसंस्कार गरेका शिशुको मृत्यु भएमा

प्रथमवर्ष पूरा भएपछि जुन बालकको मुण्डनसंस्कार सम्पन्न गरिन्छ त्यस्ता बालक मरेमा तिनको आशौच लाग्ने कुरा बताउँदै **मनु** भन्दछन् – जसको चूडाकरणसंस्कार सम्पन्न भएको छ ती उपनयनसंस्कारभन्दा पहिले मरेमा सपिण्डहरूलाई तीनदिन आशौच लाग्दछ । त्यसपछि शुद्ध हुन्छन् । सपिण्डहरूका लागि तीनरात लाग्ने कुरा पहिले बताइसकिएको छ दशरातपछि शिशु मरेमा आमा–बाबुलाई जुनसुकै अवस्थामा पनि तीनरात आशौच लाग्दछ ।

कश्यप भन्दछन् – दाँत निस्कनुभन्दा पहिले शिशुको मृत्यु भएमा बाबु–आमा तीनरात बारेपछि शुद्ध हुन्छन् । **मनु** भन्दछन् – कुनै पुरुषले परस्त्रीसँग सम्बन्ध गरी जन्माएका बालकको मृत्यु भएमा बीजको सम्बन्धका कारण त्यसले पनि तीनदिन आशौच बार्नुपर्दछ । **शुद्धितत्त्व** एवं **गौडहरूको** भनाइ छ कि दाँत ननिस्किएको शिशु मरेमा बाबु–आमाले एकदिन आशौच बार्नुपर्दछ । दाँत निस्किएपछि मरेमा तीनदिन आशौच बार्नुपर्दछ । यदि ती बाबु–आमा गुणरहित भएमा यो नियम लागु हुन्छ भन्ने कुरा **कूर्मपुराणमा** बताइएको छ । **कश्यपले कूर्मपुराणको** उद्धरण दिनुको तात्पर्य यो नियम शूद्रका निमित्त हो भन्ने कुरा सम्झाउनु हो । अविवाहित शूद्रकन्याको मृत्यु भएमा सपिण्डले तीनदिन आशौच बार्नुपर्दछ। **शङ्खको** भनाइअनुसार उक्त पद्यमा तीनदिन भन्ने कुरा अरू ग्रन्थबाट अनुवृत्ति गरी ल्याइएको छ ।

शूद्रशिशुमरणे

त्रिरात्रं तु भवेच्छूद्रे षण्मासेऽपि शिशौ मृते । इति मत्स्यसूक्ताच्च । दन्तजाते शूद्रे तु पञ्चाहः ।

यथाहाङ्गिराः – **शूद्रे त्रिवर्षान्न्यूने तु मृते शुद्धिस्तु पञ्चभिः । अत ऊर्ध्वं मृते शूद्रे द्वादशाहो विधीयते।।**

षड्वर्षान्तमतीतो यः शूद्रः संम्रियते यदि । मासिकं तु भवेच्छौचमित्याङ्गिरसभाषितम् ।। इति ।

यत्तु '**अनूढभार्यः शूद्रस्तु**' इति शङ्खोक्तं मासाशौचं तत्सगुणशूद्रपरम् । निर्गुणे त्वनूढभार्ये शूद्रे त्रिवर्षोर्ध्वं द्वादशाहः । षडब्दोर्ध्वं मासः । षडब्दात्प्रागपि कृतोद्वाहे मास इत्याहुः । एतत् '**तुल्यं वयसि सर्वेषाम्**' इति विरोधाच्छिष्टविगानान्नादर्तव्यमिति विज्ञानेश्वरादयः । दाक्षिणात्यानां तथैव । अन्यदेशे प्रागुक्तमिति गौडाः । एवं कन्यास्वपि। तास्वप्यजातदन्तासु पित्रोरेकरात्रमिति माधवः । यत्तु विज्ञानेश्वरेणोक्तम् । **ऊनद्विवर्ष उभयोः सूतकं मातुरेव हि ।** इति याज्ञवल्क्योक्तेः – गर्भस्थे प्रेते मातुर्दशाहम्, ज़ाते उभयोः, कृते नामिन सोदराणां चेति पेङ्ग्योक्तेश्च पित्रोः सोदराणां च दशाहमस्पृश्यत्वमिति । तन्नेदानीं प्रचरति । अत एव स्मृत्यर्थसारे तन्नादृतम् ।

शूद्र शिशुको मृत्युमा

मत्स्यसूक्तमा भनिएको छ कि – छमहिनामा नै बालकको मृत्यु हुँदा शूद्रले तीनदिन आशौच बार्नुपर्दछ । दाँत निस्किएपछि बालकको मृत्यु भएमा शूद्रले पाँचदिन आशौच बार्नुपर्दछ । **अङ्गिरा** भन्दछन् – तीनवर्षको उमेरभन्दा पहिले बालक मरेमा शूद्रलाई पाँचदिन आशौच लाग्दछ । तीनवर्षपछि छवर्षसम्मका बालकको मृत्यु भएमा शूद्रले १२ दिन आशौच गर्नुपर्दछ । छवर्ष उमेर पुगेको शूद्र मरेमा एकमहिनासम्म आशौच बार्नुपर्दछ भन्ने कुरा **आङ्गिरसले** बताएका छन् ।

शङ्खले जुन '**अनूढभार्यः शूद्रस्तु**' अर्थात् अविवाहित शुद्रको मृत्यु भएमा एकमहिना आशौच लाग्दछ भनेका छन् त्यो सगुण शूद्रका लागि हो । निर्गुण, अविवाहित शूद्रको मृत्यु भएमा तीनवर्ष पुगेको रहेछ भने १२ दिन आशौच बार्नुपर्दछ । छवर्षको उमेर पुगेपछि एकमहिना आशौच लाग्छ । छवर्षको उमेरभन्दा पहिले विवाह भएको रहेछ भने एकमहिना आशौच

लाग्छ भन्ने वाक्यहरू 'सबै उमेरमा समान आशौच लाग्छ' यस्तो विरोधवाक्य पाइनाले र शिष्टहरूद्वारा निन्दित पनि हुनाले आदरयोग्य छैनन् भन्ने कुरा **विज्ञानेश्वर** आदिले भनेका छन् । **दाक्षिणात्य**हरू पनि यही भन्दछन् । अरू देशमा गरिने चलनका कुरा पहिले नै बताइएको छ भन्ने **गौड**हरूको मत रहेको छ ।[११]

यसै गरी कन्याहरूको विषयमा पनि जान्नुपर्दछ । कन्याहरूको मृत्युको सम्बन्धमा **माधव** भन्दछन् – दाँत ननिस्किएका कन्याको मृत्यु भएमा आमा-बाबुलाई एकरात आशौच लाग्दछ । **विज्ञानेश्वर**ले जुन- दुईवर्षभन्दा कम उमेरका बालकको मृत्यु भएमा माता-पितालाई मात्र आशौच लाग्छ, अरू सपिण्डहरूलाई लाग्दैन भन्ने कुरा **याज्ञवल्क्य**को मत व्याख्या गर्दै भनेका छन्, तदनुसार गर्भमा नै बालक मरेमा माताले मात्र दशदिन बार्नुपर्दछ । पैदा भएपछि बच्चा मरेमा पनि बाबु-आमालाई दशै दिन आशौच लाग्दछ । नामकरण भएपछि बच्चा मरेमा सोदरलाई पनि दशदिनको आशौच लाग्दछ ।[१२] **पैङ्ग्य**को भनाइअनुसार आमा-बाबु र सोदरहरूलाई दशदिनसम्म आशौच लाग्छ र ती त्यसबेला अस्पृश्य पनि हुन्छन् । उक्त सम्बन्धमा ग्रन्थकार भन्दछन् – **पैङ्ग्य**ले त्यसो भने पनि वर्तमान समयमा त्यो प्रचलन छैन। तसर्थ **स्मृत्यर्थसार**मा **पैङ्ग्य**को उक्त भनाइलाई आदर गरिएको छैन ।

कन्यामरणाशौचनिर्णयः

'कन्यासु चौलात्प्राङ्मृतौ स्नानम्, अचूडायान्तु कन्यायां सद्यःशौचं विधीयते' इत्यापस्तम्बोक्तेः । इदं त्रिपुरुषमध्ये, **अप्रत्तानां तु स्त्रीणां त्रिपुरुषी विज्ञायते** । इति वसिष्ठोक्तेः । इदं वाग्दानोत्तरमिति गौडाः । तत्र, **'अप्रत्तानां तथा स्त्रीणां सापिण्ड्यं साप्तपौरुषम्'** इति वचनात् । चौलोत्तरं वाग्दानात्पूर्वं तास्वेकाहः ।

'अविशेषेण वर्णानामर्वाक्संस्कारकर्मणः । त्रिरात्रात्तु भवेच्छुद्धिः कन्यास्वह्ना विधीयते ।।' इत्यङ्गिरसा त्रिरात्रविषयेऽहोविधानात् । **'अहस्त्वदत्तकन्यासु बालेषु च विशोधनम्'** इति याज्ञवल्क्यीयाच्च । अतः शूद्रस्योपनयनस्थानीयविवाहात्पूर्वं त्रिरात्रम् । विवाहोत्कर्षे तु षोडशाब्दमध्ये त्रिरात्रमेवेत्यपरार्काद्याः । शूद्रे तु निर्गुणे त्र्यब्दोर्ध्वं पञ्चाहम्, षडब्दोर्ध्वं विवाहाभावे द्वादशाहमिति गौडाः । सगुणानां षोडशाब्दोर्ध्वं तु विवाहाभावेऽपि पूर्णाशौचं वक्ष्यते। तदुत्तरं प्राग्विवाहाद्भर्तृकुले पितृकुले च सप्तपुरुषावधि त्रिरात्रम् –

अवारिपूर्वं प्रत्ता तु या नैव प्रतिपादिता । असंस्कृता तु सा ज्ञेया त्रिरात्रमुभयोः स्मृतम् ।।

इति मरीच्युक्तेः ।

कन्यामरणमा आशौच निर्णय

चूडाकरणभन्दा पहिले कन्याको मृत्यु भएमा स्नानबाट मात्र आशौच निवृत्त हुन्छ भन्ने सम्बन्धमा **आपस्तम्ब**

११. शूद्र बालकको मृत्यु भएमा यहाँ जुन ३ दिन, ५ दिन, १२ दिन वा एक महिनाको आशौच अङ्गिराले देखाएका छन्, ती पक्ष युगान्तरका लागि हुन्, कलियुगका निम्ति होइनन् । कलियुगमा सबै वर्णको आशौच दशदिनमात्र हुने हुँदा तीन वर्षसम्मको शूद्रबालक मरेमा उसका बाबु-आमा र सपिण्डीलाई आशौच द्विजबालकको जस्तै हुन्छ । शूद्रको उपनयन नहुने र उपनयन स्थानीय संस्कार विवाह नै हुने हुँदा तीनवर्ष नाघेको सोह्रवर्ष नपुगेको अर्थात् विवाह नगरेसम्मको (शूद्रको विवाहको काल १६ वर्ष तोकिएको छ) शूद्र मरेमा बाबु-आमा र सपिण्ड सबैले तीन दिन जूठो बार्नुपर्छ । १६ वर्ष पुगेको विवाह गरेको होस् वा नगरेको भए पनि जात्याशौच हुन्छ । जात्याशौच युगान्तरमा एक महिना हुने हो तापनि कलिमा १० दिनमात्रै हुन्छ ।

१२. **'ऊनद्विवर्षे संस्थिते उभयोर्मातापित्रोरेव अस्पृश्यत्वलक्षणमाशौचं न सपिण्डानाम्'** अर्थात् दुई वर्ष नपुगेको बालक मरेमा माता-पितालाई दश दिनसम्म अरूले स्पर्श गर्न नहुने किसिमबाट आशौच लाग्छ भन्ने पैङ्ग्यको भनाइ छ ।

भन्दछन् – 'चूडाकरणभन्दा पहिले कन्याहरूको मृत्यु भएमा तात्कालिक आशौच लाग्दछ र त्यो स्नानबाट निवृत्त हुन्छ । यो सद्य आशौचको नियम तीनपुस्तासम्मका लागिमात्र लाग्दछ ।' यस विषयमा **वसिष्ठ**ले भनेका छन् – अविवाहित कन्याहरूको मृत्यु भएमा पिता, पितामह र प्रपितामह यी तीनपुरुषका साथ कन्याको सापिण्ड्य हुन्छ । कन्यादेखि पाँचौं पुस्ताका वृद्धप्रपितामहमा सापिण्ड्यनिवृत्ति हुन्छ । **गौडहरू** भन्दछन् – उक्त **वसिष्ठ**को वचन वाग्दान गरेपछि मरेका कन्याहरूका लागि हो । ग्रन्थकार भन्दछन् – उक्त प्रसङ्ग उचित छैन । किनकि अविवाहित कन्याहरूको सापिण्ड्य सम्बन्ध सातपुस्तासम्म रहेको हुन्छ भन्ने वचन पाइन्छ ।

चूडाकरणपछि वाग्दानभन्दा पहिले कन्याहरूको मृत्यु भएमा सपिण्डहरूले पनि एकदिन आशौच बार्नुपर्दछ । चूडासंस्कारभन्दा पहिले सबै वर्णका कन्याहरूको मृत्यु भएमा तीनरात आशौच बार्नुपर्दछ भन्ने **अङ्गिरा**को वचन भएकाले उक्त तीनरातको विषयमा माथि एकरात भनिएको छ । अविवाहित कन्याहरू वाग्दानभन्दा पहिले मरेमा अहोरात्र आशौच बारेपछि सपिण्डहरूको शुद्धि हुन्छ भन्ने **याज्ञवल्क्य**को वचनअनुसार शूद्रका लागि विवाह उपनयनस्थानीय भएकाले विवाहभन्दा पहिले मरेमा तीनरात आशौच बार्नुपर्दछ । किनकि **अपरार्क** आदिले भनेका छन् – विवाहको अभावमा सोह्रवर्षभित्र मरेमा तीनरातमात्र आशौच लाग्दछ । **गौडहरू** भन्दछन् – तीनवर्ष उमेर पुगेको निर्गुण शूद्र मरेमा पाँचदिन आशौच लाग्छ, छवर्ष पुगेको निर्गुण शूद्र मरेमा त्यसको विवाह भएको छैन भने १२ दिन आशौच लाग्छ, सगुण शूद्र १६ वर्ष पुगेपछि मरेमा विवाह नभएको भए पनि पूर्ण आशौच लाग्दछ । त्यसपछि विवाह भएका कन्याहरूको मृत्यु भएमा पतिकुल र पिताका कुलमा सातपुस्ताभित्रका मानिसहरूले तीनरात आशौच बार्नुपर्दछ । **मरीचि** भन्दछन्– जुन कन्याको जलदानपूर्वक विवाह भएको छैन त्यस्ती कन्यालाई संस्कार नभएकी कन्या भनी जान्नुपर्दछ । त्यस्ती कन्या मरेमा वाग्दान भएको छ भने पति र पिताको कुलमा तीन–तीन रात आशौच लाग्छ ।

पितृगृहेऽनूढाकन्यारजस्वलामरणे विचारः

रत्नाकरे शुद्धितत्त्वे च शङ्खः –

पितृवेश्मनि या नारी रजःपश्यत्यसंस्कृता । तस्यां मृतायां नाशौचं कदाचिदपि शाम्यति ।।

यावज्जीवमाशौचमिति वाचस्पतिमिश्राः ।

पितृगृहमा अविवाहित तर रजस्वला भइसकेकी कन्याको मरण हुँदा

रत्नाकर र **शुद्धितत्त्व**मा **शङ्ख**ले भनेका छन् कि पितृगृहमा रहेकी जुन अविवाहित कन्याले रजोदर्शन गर्दछिन् अर्थात् रजस्वला हुन्छिन्, ती मरिन् भने सधैं आशौच लाग्दछ । **वाचस्पति मिश्र** ले पनि 'आजीवन आशौच लाग्दछ' भनेका छन् । तर, प्रायश्चित्त गरिएमा आशौच निवृत्ति हुन्छ ।

अनुपनीतमृतानां दाहादिनिर्णयकथनम्

अथानुपनीते किञ्चिदुच्यते । नाम्नः पूर्वं खननमेव । तदूर्ध्वं वर्षत्रयात्पूर्वं चौलाभावेऽग्न्युदकदानविकल्पः।

नात्रिवर्षस्य कर्तव्या बान्धवैरुदकक्रिया । जातदन्तस्य वा कुर्युर्नाम्नि वापि कृते सति ।।

इति मनूक्तेः । उदकक्रियासाहचर्याद्दाहोपलक्षणम् । खनने तु नान्यदौर्ध्वदेहिकम्, **ऊनद्विवर्षं निखनेन्न कुर्यादुदकं** ततः। इति याज्ञवल्क्योक्तेः। उदकमन्त्यकर्मपरमित्यपरार्कः ।

यमः – **ऊनद्विवार्षिकं प्रेतं घृताक्तं निखनेद्भुवि । यमगाथां गायमानो यमसूक्तमनुस्मरन् ।।**

व्रतबन्ध नभएका बालकको मृत्यु भएमा

अनुपनीत बालकको मृत्युको विषयमा चर्चा गरिँदैछ । नामकरणसंस्कारभन्दा पहिले बालकको मृत्यु भएमा जमिनमा गाड्नुपर्दछ । मूलमा **एव** भनिएकाले अञ्जलिदान गर्नु पर्दैन भन्ने स्पष्ट हुन्छ । नामकरणसंस्कारपछि तीनवर्ष पुग्नुभन्दा पहिले चौलकर्म नगरिएका बालकको मृत्यु भएमा अग्निदान अर्थात् पिण्डदान आदि र उदकदानमा विकल्प रहेको छ । **मनु**ले तीनवर्षभन्दा कम उमेरको शिशु मरेमा सपिण्डहरूले जलदान गर्नुपर्दैन भनेर निषेध गरेता पनि फेरि भनेका छन् – जसका दाँत निस्किएका छन् त्यसका निमित्त उदकदान गर्नुपर्दछ अथवा नामकरणपछि उदकदान गर्नुपर्दछ। यो उदकक्रियापदको साहचर्यबाट त्यस्ता बालकको दाह गर्नुपर्ने कुरा पनि देखिन्छ । भूमिमा गाडेका बच्चाहरूको लागि त्यो बाहेक अरू कुनै और्ध्वदेहिकसंस्कार हुँदैन । दुईवर्ष नपुगेका बालकलाई जमिनमा गाड्नुपर्दछ र दाह गर्न हुँदैन । त्यसका निमित्त उदककर्म पनि गर्नुपर्दैन भन्ने कुरा **याज्ञवल्क्य**ले बताएका छन् । **अपरार्क** भन्दछन् – उदककर्मको अर्थ अन्त्यकर्म हो । **यम**ले भनेका छन् – दुईवर्षभन्दा कम उमेरमा मरेका बालकको शवमा घ्यू दलेर यमगाथा गाउँदै र यमसूक्त जप गर्दै जमिनमा गाड्नुपर्दछ ।

यमगाथा – **परेयिवांसं प्रयतो महीरनु बहुभ्यः पन्थामनुपस्पशानम् । वैवस्वतं सङ्गमनं जनानां यमं राजानं हविषा दुवस्य ।।१।। यमो नो गातुं प्रथमो विवेद नैषा गव्यूतिरपभर्तवा उ । यत्रा नः पूर्वे पितरः परेयुरेना जज्ञानाः पथ्या ३ अनु स्वाः ।।२।। मातली कव्यैर्यमो अङ्गिरोभिर्बृहस्पतिर्ऋक्वभिर्वावृधानः । यांश्च देवा वावृधुर्ये च देवान् त्स्वाहान्ये स्वधयान्ये मदन्ति ।।३।। इमं यम प्रस्तरमा हि सीदाऽङ्गिरोभिः पितृभिः संविदानः । आ त्वा मन्त्राः कविशस्ता बहन्त्वेना राजन् हविषा मादयस्व ।।४।। अङ्गिरोभिरा गहि यज्ञियेभिर्यम वैरूपैरिह मादयस्व । विवस्वन्तं हुवे यः पिता तेऽस्मिन् यज्ञे बर्हिष्या निषद्य ।।५।। अङ्गिरसो नः पितरो नवग्वा अथर्वाणो भृगवः सोम्यासः । तेषां वयं सुमतौ यज्ञियानामपि भद्रे सौमनसे स्याम ।।६।। प्रेहि प्रेहि पथिभिः पूर्व्येभिर्यत्रा नः पूर्वे पितरः परेयुः । उभा राजाना स्वधया मदन्ता यमं पश्यासि वरुणं च देवम् ।।७।। सं गच्छस्व पितृभिः सं यमेनेष्टापूर्तेन परमे व्योमन्। हित्वायावद्यं पुनरस्तमे हि सं गच्छस्व तन्वा सुवर्चाः ।।८।। अपेत वीत वि च सर्पतातोऽस्मा एतं पितरो लोकमक्रन्। अहोभिरद्भिरक्तुभिर्व्यक्तं यमो ददात्यवसानमस्मै ।।९।। अति द्रव सारमेयौ श्वानौ चतुरक्षौ शबलौ साधुना पथा। अथा पितॄन् त्सुविदत्रां उपेहि यमेन ये साधमादं मदन्ति ।।१०।। यौ ते श्वानौ यम रक्षितारौ चतुरक्षौ पथिरक्षी नृचक्षसौ । ताभ्यामेनं परि देहि राजन् स्वस्ति चास्माऽअनमीवं च धेहि ।।११।। उरूणसावसुतृपां उदुम्बलौ यमस्य दूतौ चरतो जनाँ अनु । तावस्मभ्यं दृशये सूर्याय पुनर्दातामसुमद्येह भद्रम् ।।१२।। यमाय सोमं सुनुत यमाय जुह्वता हविः । यमं ह यज्ञो गच्छत्यग्निदूतो अरङ्कृतः ।।१३।। यमाय घृतवद्धविर्जुहोत प्र च तिष्ठत । स नो देवेष्वा यमद दीर्घमायुः प्र जीवसे ।।१४।। यमाय मधु-मत्तमं राज्ञे हव्यं जुहोतन । इदं नम ऋषिभ्यः पूर्वजेभ्यः पूर्वेभ्यः पथिकृद्भ्यः ।।१५।। त्रिकद्रुकेभिः पतति षडुर्वीरेकमिद्बृहत् । त्रिष्टुबगायत्री छन्दांसि सर्वा ता यम आहिता ।।१६।।** (ऋ. १०/१४/१-१६)

माधवीये ब्राह्मेऽपि –

स्त्रीणां तु पतितो गर्भः सद्यो जातो मृतोऽथ वा । अजातदन्तो मासैर्वा मृतः षड्भिर्गतैर्बहिः।।

वस्त्राद्यैर्भूषितं कृत्वा निक्षिपेत्तं तु काष्ठवत् । खनित्वा शनकैर्भूमौ सद्यः शौचं विधीयते ।।

अलङ्करणमपि वक्ष्यते । कृतचूडस्य तु त्रिवर्षात्प्रागूर्ध्वं वाग्न्युदकदानं नियतम् । यत्तु वसिष्ठः – 'ऊनद्विवर्षे

प्रेते गर्भपतने वा सपिण्डानां त्रिरात्रम्' इति तत् प्रथमाब्दचूडापरम् । वर्षत्रयादूर्ध्वमकृतचूडस्यापि नियतम् । वर्षत्रयोर्ध्वमुपनयनात्पूर्वं च तूष्णीमग्न्युदकदानम् । '**तूष्णीमेवोदकं कुर्यात्तूष्णीं संस्कारमेव च**' इति पूर्वोक्त-लौगाक्षिस्मृतेः । पिण्डदानमपि कार्यम् । '**असंस्कृतानां भूमौ पिण्डं दद्यात्संस्कृतानां कुशेषु**' इति प्रचेतसोक्तेः। '**उदकदानं सपिण्डैः कृतचूडस्य**' इति गौतमोक्तेः । '**उदकग्रहणमौर्ध्वदेहिकपरम्**' इति हरदत्तः।

द्वादशाद्वत्सरादर्वाक् पौगण्डमरणे सति । सपिण्डीकरणं न स्यान्नैकोद्दिष्टानि कारयेत् ।।

इति हदरत्तधृतदेवलोक्तेश्च । मरीचिरपि – '**प्रेतपिण्डं बहिर्दद्याद् दर्भमन्त्रविवर्जितम्**' इति । '**एतदनुपनीतपरम्**' इति विज्ञानेश्वरः। अत्र चूडैव पूर्वो विधिः पूर्ववाक्येषु तद्ग्रहणात् । '**उदकग्रहणस्योपलक्षणत्वाद् दाहः पूर्वो विधिः**' इति केचित् । द्वादशाद्वत्सरादित्यनुपनीतद्विजानूढशूद्रविषयम् ।

माधवीयमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – नारीहरूको गर्भपात भएमा, बालक उत्पन्न हुनासाथ मरेमा र छमहिनाभित्र दाँत ननिस्कीकन मरेमा मृतबालकको शवलाई वस्त्र आदिले सजाएर काठझैं जङ्गलमा फ्याँकी दिनुपर्दछ अथवा विस्तारै जमिनमा गाडी दिनुपर्दछ । शवमा अर्पण गरिने अलङ्कारको विषयमा पछि बताइनेछ । तर जुन शिशुको चूडाकरणसंस्कार सम्पन्न भएको छ तिनीहरू तीनवर्ष पुगेका वा नपुगेका भए पनि अग्निदान र उदकदान त निश्चय नै गर्नुपर्दछ ।

दुईवर्षभन्दा कम उमेरको बच्चा मरेमा वा गर्भपात भएमा सपिण्डहरूले तीनरात आशौच बार्नुपर्दछ भनी **वसिष्ठ**ले जुन भनेका छन् त्यो प्रथमवर्षमा चूडाकर्म गरिएका बालकहरूको निमित्त हो । तीनवर्षको उमेरभन्दा माथिको बालक मरेमा चूडाकर्म नगरे पनि तीनरातको आशौच निश्चित रूपमा बार्नुपर्दछ र त्यसको दाह पनि गर्नुपर्दछ । तीनवर्षको उमेरपछि उपनयनभन्दा पूर्व मरेका बालकको निमित्त मौनपूर्वक उदकदान र अग्निसंस्कार गर्नुपर्दछ भन्ने कुरा **लौगाक्षि**ले बताएका छन् । तदनुसार पिण्डदान पनि गर्नुपर्दछ ।

प्रचेताले भनेका छन् – उपनयनसंस्कारपछि मरेका बालकका निमित्त कुशमाथि पिण्डदान गर्नुपर्दछ भने उपनयनसंस्कार नभएका बालकका निमित्त भुइँमा पिण्डदान गर्नुपर्दछ । **गौतम** भन्दछन् – चूडाकर्म भएका बालक मरेमा सपिण्डहरूले पिण्डदान र उदकदान गर्नुपर्दछ । यहाँ **उदकग्रहण**को अर्थ और्ध्वदेहिकसंस्कार हो भन्ने कुरा बुझ्नुपर्दछ ।

हरदत्त र **देवल** भन्दछन् – बाह्रवर्षको उमेर पार नगरेका पौगण्ड बालक मरेमा सपिण्डीकरण र एकोद्दिष्ट गर्नु पर्दैन। **मरीचि** भन्दछन् – त्यस्ता बालकलाई कुश र मन्त्रको प्रयोग नगरीकन बाहिरपट्टि प्रेतपिण्ड दिनुपर्दछ । **मरीचि**को यो वचन उपनयनसंस्कार नभएका बालकहरूका निमित्त हो । यहाँ त चूडाकरण नै पहिलो विधि हो र त्यसैलाई नै पूर्ववाक्यमा ग्रहण गरिएको छ । पूर्ववाक्यहरूमध्ये पनि **लौगाक्षि**को वाक्यमा राम्ररी ग्रहण गरिएको छ । उदकग्रहणको उपलक्षण भएकाले दाहलाई पूर्वविधि हो भनी कसैले बताएका छन् । ग्रन्थकार भन्दछन् – '**द्वादशात् वत्सरात्**' अर्थात् बाह्रवर्षको उमेरभन्दा पहिले भन्ने वाक्य व्रतबन्ध नभएका द्विज र अविवाहित शूद्रसँग सम्बद्ध विषय हो ।

त्र्यहाशौचे पिण्डदानविधिकथनम्

त्र्यहाशौचे पिण्डदानविधिमाह पारस्करः –

प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः । द्वितीये चतुरो दद्यादस्थिसञ्चयनं तथा ।।
त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादि क्षालयेत्ततः ।। इति ।

तीन दिनको आशौचमा पिण्डदानविधि

पारस्करले तीनदिनको आशौचमा पिण्डदान गर्ने विधि बताउँदै भनेका छन् – तीनदिन आशौच भएमा सावधानीपूर्वक पहिलो दिन तीनपिण्ड, दोस्रो दिन चारपिण्ड र अस्थिसञ्चय, तेस्रो दिन तीनपिण्ड दिनुपर्दछ। त्यसपछि वस्त्रप्रक्षालन गर्नुपर्दछ।

शिशु-बाल-कुमार-पौगण्डादीनां लक्षणकथनम्

अत्र देवयाज्ञिकनिबन्धे विशेषः –

शिशुरादन्तजननाद्बालः स्याद्यावदाशिखः । कथ्यते सर्वशास्त्रेषु कौमारो मौञ्जिबन्धनात् ।।

आपञ्चवर्षात् कौमारः पौगण्डो नवहायनः ।

शिशु, बाल, कुमार पौगण्डको लक्षण

देवयाज्ञिकनिबन्धमा शिशु, बाल आदिको विशेष अर्थ उजागर गर्दै भनिएको छ – दाँत निस्कने समयसम्मको बालकलाई शिशु भनिन्छ । शिखाधारण गर्ने अर्थात् चौलसंस्कार सम्पन्न भएको बालकलाई बाल या बालक भनिन्छ । यज्ञोपवीतसंस्कार गर्ने समयसम्मको बालकलाई कुमार भनिन्छ भन्ने कुरा सबै शास्त्रहरूमा बताइएको छ । पाँचवर्षसम्मको शिशुलाई कुमार र नौवर्षसम्मको शिशुलाई पौगण्ड भनिन्छ ।

मृतानां शिशुबालादीनां क्रियाविधिकथनम्

तथा – **गर्भे नष्टे क्रिया नास्ति दुग्धं देयं शिशौ मृते । परं च पायसं क्षीरं दद्याद्बालविपत्तितः ।।**

एकादशं द्वादशाहं वृषोत्सर्गविधिं विना ।

तथा – **यत्र प्रमीयते बालस्तत्र प्रायः प्रदीयते । किञ्चित्समानवयसां संस्कृत्यान्नं यथाविधि ।।**

भक्ष्यं भोज्यं च दातव्यं तथा च सुखभक्षिका । तद्वस्त्राणि प्रदेयानि सोपानत्कानि तत्समे ।।

कुमाराणां च बालानां भोजनं वस्त्रवेष्टनम् । यच्चोपजीवते बालस्तत्तद्विप्राय दीयते ।।

तथा – **भूमिनिःक्षेपणं बाले आवर्षद्वयमाशिखम् । ततः परं खगश्रेष्ठ देहदाहो यथाविधि ।।**

अचूडेऽप्यूर्ध्वं खनननिवृत्यर्थमावर्षद्वयमिति । प्रागपि कृतचूडस्य तन्निवृत्त्यर्थमाशिखमिति ।

तथा – **चूडाकर्मणि सञ्जाते विपत्तिस्तु यदा भवेत् । सूतकान्ते प्रकर्तव्यं वृषस्योत्सर्जनं तदा ।।**

तत्र दाहः प्रकर्तव्य उदकं तत्र निश्चितम् । श्राद्धानि षोडशापि स्युः सपिण्डीकरणं विना ।।

इदं पञ्चवर्षोत्तरम् ।

जन्मतः पञ्चवर्षाणि भुङ्क्ते दत्तमसंस्कृतम् । पञ्चवर्षाधिके बाले विपत्तिर्यदि जायते ।।

वृषोत्सर्गादिकं कर्म कर्तव्यमुदकं ततः । अहन्यहनि सम्प्राप्ते कुर्याच्छ्राद्धानि षोडश ।।

पायसेन गुडेनैव पिण्डं दद्याद्यथाक्रमम् । उदकुम्भप्रदानं च पददानानि यानि च ।।

दीपदानानि यत् किञ्चित् पञ्चवर्षाधिके सदा । कर्तव्यं तु खगश्रेष्ठ व्रतार्वाक् प्रेततृप्तये ।।

स्वाहाकारेणैव कार्याण्येकोद्दिष्टानि षोडश । ऋजुदर्भैस्तिलैः शुक्लैः प्राचीनावीतिना तथा ।।

इति तत्रैवोक्तेः। अत्र मूलं चिन्त्यम्। वार्षिकादि न भवत्येव । सपिण्डनत्वाभावे पितृत्वायोगान् वचनाभावाच्च । दिवोदासीये-

अव्रते निधनं प्राप्ते विप्रादौ शूद्रजातिवत् । क्रियाः सर्वाः समुद्दिष्टाः सपिण्डीकरणं विना ।।
उदकं पिण्डदानञ्च कृतचूडे विधीयते । इति ।

शिशु र बालकहरूको मृत्यु भएमा क्रियाविधि

देवयाज्ञिकनिबन्धमा नै भनिएको छ कि – गर्भनष्ट भएमा कर्म गर्नु पर्दैन । साना शिशुहरूको मृत्यु भएमा दूध दान गर्नुपर्दछ । चूडाकरणभन्दा पहिले बालक मरेमा खीर एवं दूध दिनुपर्दछ । तर उक्त सबै किसिमका बालकहरूका निमित्त एघारौं दिन गरिने कृत्य, बाह्रौं दिन गरिने कृत्य र वृषोत्सर्ग गर्नु पर्दैन ।

उक्त बालकहरूको तृप्तिका लागि दिइने दूध, खीर आदि पदार्थ जुन ठाउँमा बालकको मृत्यु भएको छ, प्रायः त्यही ठाउँमा दिनुपर्दछ । मृत बालककै उमेरका बालकहरूलाई विधिपूर्वक पक्वान्न खुवाउनुपर्दछ, भक्ष्य एवं भोज्य पदार्थ दिनुपर्दछ र सुखभक्षिका अर्थात् स्थाली, गिलास, कचौरा, अंखोरा, खेलौना आदि वस्तु दिनुपर्दछ । यसैगरी मृत बालकका समान उमेरका बालकहरूका निमित्त अन्न आदि पदार्थहरूका साथ जुत्ता, मोजा र लगाउने कपडा दिनुपर्दछ । कुमार एवं बालकहरूलाई भोजन गराई वस्त्र आदि प्रदान गर्नुपर्दछ । मृतबालकले जुन पदार्थ रुचाएर प्रयोगमा ल्याउने गर्दथ्यो ती पदार्थ ब्राह्मणलाई दान गरी दिनुपर्दछ ।

विशेष – माथि पद्यमा '**प्रायः प्रदीयते**' भन्ने वाक्य परेको छ । कोही विद्वान् त्यसको सट्टा '**दीपः प्रदीयते**' भन्ने पाठान्तर मान्दछन् । पाठान्तरलाई स्वीकार गर्ने हो भने बालकको मृत्यु भएको ठाउँमा बत्ती बालिदिनुपर्दछ भन्ने अर्थ हुन्छ। चूडाकर्म गरेको भए तापनि दुईवर्षको उमेर नकाटेका बालकलाई जमिनमा गाडी दिनुपर्दछ । त्यसपछि मरेका बालकको विधिपूर्वक दाह गर्नुपर्दछ ।

विशेष – दुईवर्षपछि भने चूडा नगरिएको भए पनि दाह नै गर्नुपर्दछ भन्ने अर्थ स्पष्ट गर्न माथि पद्यमा '**आवर्षद्वयम्**' भनिएको छ । पहिले जसको चूडाकरण भइसकेको छ भन्ने अर्थ नहोस् भन्ने बुझाउनका निमित्त '**आशिखम्**' पदको प्रयोग गरिएको छ । 'चूडाकर्म सम्पन्न भएपछि बालक मरेमा सूतकको अन्त्यमा वृषोत्सर्ग गर्नुपर्दछ । यस्ता बालकको दाह गरी उदकदान गर्नुपर्दछ । सपिण्डीकरणबाहेक प्रारम्भिक सोह्रश्राद्ध पनि गर्नुपर्दछ ।' यो भनाइ पाँचवर्ष उमेर पुगेका बालकका निमित्त हो ।

जन्मदेखि पाँचवर्षसम्मका बालकको मृत्यु भएमा त्यो बालकले संस्कार नगरिएको अन्नभोग गर्दछ । पाँचवर्ष पुगेको बालक मरेमा त्यसका लागि उदकदान, वृषोत्सर्ग आदि क्रिया गर्नुपर्दछ र मलिन षोडशीअन्तर्गतका सोह्रश्राद्ध पनि गर्नुपर्दछ । यथाशक्ति खीर, सख्खर आदिको पिण्ड दिनुपर्दछ । पाँचवर्ष उमेर पार गरेका मृत बालकहरूका लागि कुम्भदान, पददान, दीपदान आदि सबै कर्म गर्नुपर्दछ ।

'यज्ञोपवीतसंस्कार गर्नुभन्दा पहिले मरेका बालकहरूको तृप्तिका लागि एकोद्दिष्टविधिबाट स्वाहाकारपूर्वक मलिन षोडशीअन्तर्गतको सोह्रश्राद्ध गर्नुपर्दछ । त्यसमा ऋजु अर्थात् सोझा कुश र सेता तिलको प्रयोग गरी अपसव्य भएर श्राद्ध गर्नुपर्दछ' भन्ने कुरा देवयाज्ञिकको निबन्धमा नै भनिएको छ । उक्त मूलको प्रमाण विचारणीय छ । यस्ता बालकको सपिण्डन नभएको हुँदा पितृत्वप्राप्ति हुँदैन र वार्षिकश्राद्ध पनि गरिँदैन । संन्यासीको भने वार्षिकश्राद्ध गर्ने प्रचलन छ । यो प्रचलन वचनको आधारमा चलेको हो । **दिवोदासीयमा** भनिएको छ – ब्राह्मण आदि वर्णका उपनयनसंस्कार नभएको बालकको मृत्यु भएमा सबै क्रिया शूद्रकै विधिबाट गर्नुपर्दछ । सपिण्डीकरण गर्न हुँदैन । चूडाकरणसंस्कारपछि मरेका बालकको निमित्त पिण्डदान र उदकदान गर्नुपर्दछ ।

स्त्रीणामुद्वाहात् पूर्वमृतानां पिण्डदाने विचारः

स्त्रीणां तूद्वाहात्प्रागुदकपिण्डदानविकल्पः । **'स्त्रीणां चैकेऽप्रत्तानाम्'** इति गौतमोक्तेः । **'स्त्रीशूद्राश्च सधर्माणः'** इति वचनाच्छूद्रेऽप्येवम् । एतद् द्वयोर्निमित्ताशौचं सर्ववर्णसमम् । **'तुल्यं वयसि सर्वेषामतिक्रान्ते तथैव च ।'** इति व्याघ्रपादोक्तेः ।

यानि तु – **निर्वृत्तचूडके विप्रे त्रिरात्राच्छुद्धिरिष्यते । निवृत्ते क्षत्रिये षड्भिर्वैश्ये नवभिरुच्यते ।।**

शूद्रे त्रिवर्षन्यूने तु मृते शुद्धिस्तु पञ्चभिः । अत ऊर्ध्वं मृते शूद्रे द्वादशाहो विधीयते ।।

षड्वर्षान्तमतीते तु शूद्रे मासमशौचकम् । इत्याङ्गिरसादीनि, तानि शिष्टविगानान्नादर्तव्यानीति विज्ञानेश्वरमदनपारिजातादयः । तेनैतद्वशाच्छूद्राणां व्यवस्था प्रागुक्ता हेयैव । **'तुल्यं वयसि सर्वेषाम्'** इति दाक्षिणात्यपरम्। अन्यदेशे कौर्मोक्ता व्यवस्थेति शुद्धितत्त्वे ।

विवाहपूर्व मरेका कन्याहरूको निमित्त पिण्डदान विचार

विवाहपूर्व मृत्यु भएका कन्याहरूका लागि उदकदान र पिण्डदानमा विकल्प देखिन्छ । **गौतम**का मतमा विवाहित मृत कन्याहरूलाई पिण्ड र उदक दिनुपर्दछ । नारी र शूद्र समानधर्मका हुन् भनिएकाले शूद्रका निमित्त पिण्डदान र उदकदान गरिने हुँदा ती कन्याहरूका निमित्त पनि पिण्डदान र उदकदान गर्नुपर्ने देखिन्छ । कन्या र शूद्रलाई निमित्त मानेर विचार गर्दा सबै वर्णलाई समान आशौच लाग्ने कुरा निश्चित हुन्छ ।

व्याघ्रपादले सबै वर्णका समान उमेरका मानिसलाई र उमेर गएपछि वृद्धावस्थाका सबै वर्णका मानिसलाई समान आशौच लाग्दछ भनेका छन् । जुन **आङ्गिरस** आदिका 'चूडाकरणपछि ब्राह्मण बालक मरेमा तीनरात आशौच लाग्छ, क्षत्रिय बालक मरेमा छरात आशौच लाग्छ, वैश्य बालक मरेमा नौरात आशौच लाग्छ, तीनवर्ष नपुगेको शूद्रबालक मरेमा पाँचदिन आशौच लाग्छ, तीनवर्ष पुगेको शूद्र बालकका निमित्त बाह्रदिनको आशौच लाग्छ, छवर्ष पुगेको शूद्र बालकको निमित्त एकमहिना आशौच लाग्छ' भन्ने वचनहरू छन् ती सबै शिष्टहरूद्वारा अस्वीकृत गरिएकाले उपेक्षणीय छन् भन्ने कुरा **विज्ञानेश्वर** एवं **पारिजात** आदिले बताएका छन् । त्यसकारण यो नियमअनुसार पहिले बताइएको शूद्रसम्बन्धी व्यवस्था अमान्य छ । **'तुल्यं वयसि सर्वेषाम्'** अर्थात् अवस्थाको निमित्तमा लाग्ने आशौच ब्राह्मण आदि सबैलाई बराबर हुन्छ भन्ने **दाक्षिणत्य**हरूको वचन छ । अरू देशका लागि त **कूर्मपुराण**मा बताइएको व्यवस्था नै उचित छ भन्ने कुरा **शुद्धितत्त्व**मा निरूपण गरिएको छ ।

जात्याशौचविचारः

अथ जात्याशौचम् । तच्च द्विजपुंसामुपनयनोर्ध्वं प्रवर्त्तते ।

त्रिरात्रमाव्रतादेशाद् दशरात्रमतः परम् । क्षत्रस्य द्वादशाहानि विशः पञ्चदशैव तु ।।

त्रिंशद्दिनानि शूद्रस्य तदर्धं न्यायवर्तिनः । इति याज्ञवल्क्योक्तेः । यत्तु स एव – **'त्रिरात्रं दशरात्रं वा शावमाशौचमिष्यते'** इत्याह । तत्र दशाहे त्रिरात्रमस्पृश्यत्वम्, एकदिनोत्पन्ने आशौचद्वये दशाहमस्पृश्यत्वम् ।

मरणं यदि तुल्यं स्यान्मरणेन कथञ्चन । अस्पृश्यं तु भवेद् गोत्रं सर्वमेव सबान्धवम् ।। इत्यङ्गिरसोक्तेः।

दशाहाशौचपरत्वे **'दशरात्रमतः परम्'** इत्यनेन पौनरुक्त्यापत्तेरिति शुद्धिविवेकादयः । तन्न, स्मृतिभेदात् । त्रिरात्रं दशरात्रं वेति विकल्पायोगाच्च । यस्तु पुत्राणां वेदानध्यापनवृत्तिं विदधाति तत्राहाश्वलायनः – **'द्वादशरात्रं वा**

महागुरुषु दानाध्ययने वर्जयेरन्' इति । अत्र यावदुक्तनिषेधौ वाऽस्पृश्यत्वमात्रं वा न तु कर्मानधिकारः । एकादशाहान्ते वैश्वदेवोक्तेः। 'एकादशाहिके मुक्त्वा तत्र ह्यन्ते विधीयते' इति ।

जात्याशौच विचार

यसपछि जातिगत आधारमा आशौच निर्णय गरिन्छ । यो जात्याशौच नियम द्विजपुरुषका निमित्त उपनयनपछि लाग्दछ र द्विज स्त्रीहरूका निमित्त विवाहपछि लाग्दछ । व्रतबन्ध हुनुभन्दा पहिले मरेका ब्राह्मणका लागि तीनरात आशौच लाग्छ भने व्रतबन्धभन्दा पछि मरेका मानिसको निमित्त १० रात आशौच लाग्दछ । त्यस्तै क्षत्रियलाई १२ रात, वैश्यलाई १५ रात र शूद्रलाई ३० रात आशौच लाग्छ । तर द्विजहरूको सेवाधर्ममा संलग्न भएका न्यायपूर्वक जीवन बिताउने शूद्रलाई भने ३० रातको सट्टा १५ रातमात्र आशौच लाग्छ भन्ने कुरा **याज्ञवल्क्यले** बताएका छन् । ग्रन्थकार भन्दछन् – जुन **याज्ञवल्क्यले** भनेका छन् कि – 'मरणनिमित्त आशौच तीनदिन वा दशदिन लाग्छ । आशौच बार्ने मानिस ती दशदिनमध्ये तीनरातसम्म अस्पृश्य हुन्छ । एकै समयमा दुईआशौच खप्टिन आएमा आशौच बार्ने मानिस दशदिनसम्म अस्पृश्य हुन्छ ।' उक्त भनाइबारे **अङ्गिरा** भन्दछन् – एउटाको मृत्यु हुने दिन सोही परिवार वा सपिण्डभित्र अर्को मृत्यु पर्न आएमा बान्धवसहित सबै सपिण्ड अस्पृश्य हुन्छन् ।

दशाह आशौच मान्ने स्थितिमा दुइटा आशौच परेका कारण '**दशरात्रमतः परम्**' भनी फेरि अर्को दशाह आशौच मान्ने हो भने दुईआशौचका कारण दशको सट्टा २० दिन बार्नुपर्ने आपत्ति आइलाग्नेछ भन्ने कुरा **शुद्धिविवेक** आदिमा उल्लेख गरिएको छ । ग्रन्थकार भन्दछन् – त्यो उचित हुँदैन । **स्मृतिहरूमा** भेद देखिन्छ । दशरात वा तीनरात आशौच लाग्छ भन्ने विकल्प यहाँ हुँदैन । जसले छोरालाई पढाएर जीविकाको व्यवस्थासमेत गरिदिन्छ त्यो पिताको विषयमा **आश्वलायन** भन्दछन् – पढाएर जीविकाको व्यवस्थासमेत गरिदिने पिता महागुरु हो । त्यस्ता महागुरुको मृत्यु हुँदा बाह्र रातसम्म दान र अध्ययन गर्न हुँदैन । उक्त अर्थ बताउने वाक्यको बीचमा रहेको '**वा**' पदले अथवा सपिण्डहरूमा दशरातको आशौच लाग्छ भन्ने विकल्प पनि देखाउँछ । दशदिनको अन्त्यमा बलिवैश्वदेव पनि गर्नुपर्ने कुरा बताउँदै भनिएको छ – एघारौं दिनलाई छाडेर त्यसपछि बलिवैश्वदेव गर्नुपर्दछ ।

पित्रादयो महागुरवः

शुद्धितत्त्वे तु – '**त्रयः पुरुषस्यातिगुरवो भवन्ति माता पिताचार्यश्च**' इति विष्णूक्तेः । पित्रादय महागुरवः।

पिताआदि महागुरु

शुद्धितत्त्वमा भनिएको छ – माता, पिता र आचार्य यी तीनलाई अतिगुरु वा महागुरु भनिन्छ भन्ने **विष्णुको** वचन छ । यसैले उक्त तीनजना महागुरु हुन् ।

स्त्रीणां पतिरेव गुरुः

भर्ताप्युक्तो रामायणे – **पतिर्बन्धुर्गतिर्भर्ता दैवतं गुरुरेव च ।**

शातातपः – **पतिरेको गुरुः स्त्रीणां सर्वस्याभ्यागतो गुरुः** । एकपदमूढानां मातृपितृनिषेधार्थम् । सोदकानां त्रिरात्रम्, त्र्यहादुदकदायिनः इति मनूक्तेः ।

स्त्रीका निमित्त पति नै गुरु

रामायणमा भनिएको छ – पति नै बन्धु, गति, भर्ता, देवता र गुरु हुन् । **शातातप** भन्दछन् – स्त्रीहरूका निमित्त पति नै गुरु हो र सर्वसाधारणका लागि घरमा आएको पाहुना गुरु हो ।

'**पतिरेको गुरुस्त्रीणाम्**' भन्ने वाक्यमा परेको '**एक**' पदले विवाहित स्त्रीका निमित्त माता-पिता गुरु होइनन्, पति नै गुरु हो भन्ने अर्थ बुझाउँछ । सोदकलाई तीनरात आशौच लाग्छ । यस विषयमा **मनु** भन्दछन् – जलदान गर्ने सोदक दाजुभाइहरू तीनदिन आशौच बारेपछि शुद्ध हुन्छन् ।

सपिण्डादीनां लक्षणम्

अग्निपुराणे – **सपिण्डता तु पुरुषे सप्तमे विनिवर्तते । समानोदकभावस्तु निवर्तेत चतुर्दशे ।।**

जन्मनामस्मृतेर्वैके तत्परं गोत्रमुच्यते । बृहस्पतिः –

दशाहेन सपिण्डास्तु शुध्यन्ति प्रेतसूतके । त्रिरात्रेण सकुल्यास्तु स्नात्वा शुध्यन्ति गोत्रजाः ।।

सपिण्डहरूको लक्षण

सपिण्डता अर्थात् सापिण्ड्य सातौं पुरुषमा निवृत्त हुन्छ । सोदकता चौधौं पुस्तासम्म रहन्छ । कसैको मतमा जन्म र नामको स्मृति हुँदासम्म गोत्र कहलाउँछ । **बृहस्पति** भन्दछन् – सपिण्डहरू प्रेतसूतकमा दशदिनमा शुद्ध हुन्छन् । समानकुलका व्यक्ति तीनरातमा शुद्ध हुन्छन् । सगोत्रहरू स्नान गरेपछि शुद्ध हुन्छन् ।

स्त्रीशूद्रयोर्विवाहोर्ध्वं जात्याशौचकथनम्

स्त्रीशूद्रयोस्तु विवाहोर्ध्वं जात्याशौचम् । '**वैवाहिको विधिः स्त्रीणामौपनायनिकः स्मृतः**' इत्युक्तेः । दत्तानां भर्तुरिव हि । '**स्वजात्युक्तमशौचं स्यान्मृतके जातके तथा**' इति माधवीये ब्राह्माच्च । शूद्रस्य विवाहाभावेऽपि षोडशवर्षोर्ध्वं मासः ।

अनूढभार्यः शूद्रस्तु षोडशाद्वत्सरात्परम् । मृत्युं समधिगच्छेच्चेन्मासात्तस्यापि बान्धवाः ।।

शुद्धिं समधिगच्छन्ति नात्र कार्या विचारणा ।। इत्यपरार्के शङ्खोक्तेः । निर्णयामृतमदनपारिजातादौ त्वन्यथोक्तम्।

हारीतः – **आमौञ्जीबन्धनाद्विप्रः क्षत्रियश्च धनुर्ग्रहात् । आप्रतोदग्रहाद्वैश्यः शूद्रो वस्त्रद्वयग्रहात् ।।**

धनुःप्रतोदावष्टमेऽब्दे द्वादशे वस्त्रद्वयमिति ।

मेधातिथिस्तु – '**त्रिरात्रमात्रतादेशात्**' इत्यत्र व्रतं कालोपलक्षणार्थम् । स च कालः स्वकीयः सर्वेषां चाष्टमवर्षरूपः। तेन चतुर्णामपि वर्णानामुपनयनाभावेऽप्यष्टमादूर्ध्वं पूर्णमेवाशौचम् । तथापि '**प्रागष्टमाच्छिशवः प्रोक्ताः**' इति स्मृत्यन्तरादूर्ध्वं सम्पूर्णमर्वाक् त्रिरात्रम् । येऽपि '**आषोडशाद्भवेद् बालः**' इत्याहुस्तेषामप्यष्टमादूर्ध्वं शूद्रे मास एव, '**ऊर्ध्वमष्टभ्यो वर्णेभ्यः शुद्धिः शूद्रस्य मासिकी**' इति वचनादित्याह। हारलताशुद्धितत्त्वादिगौडग्रन्थेष्वप्युक्तम् – **अनुपनीतो विप्र** इत्युक्त्वा–

म्रियते यत्र तत्र स्यादाशौचं त्र्यहमेव हि । द्विजन्मनामयं कालस्त्रयाणां तु षडाब्दिकः ।।

इत्य द्पुराणोक्तेरुपनयनकालोपलक्षणम् । षडब्दपदं मासत्रयाधिकपरम् । '**गर्भाष्टमेऽष्टमे वाब्दे**' इत्युक्तेः । यत्तु जाबालः–

व्रतचूडाद्विजानां च प्रतीतिषु यथाक्रमम् । दशाहे त्र्यह एकाहे शुध्यन्त्यपि हि निर्गुणाः ।।

इति । द्विजा दन्ताः । इदं प्रतीतिष्वित्युक्तेः पञ्चाब्दोपनीतपरमिति । तदेतन्नाद्रियन्ते वृद्धाः । यानि तु पराशरः-

एकाहाद् ब्राह्मणः शुद्ध्येद्योऽग्निवेदसमन्वितः । त्र्यहात्केवलवेदस्तु द्विहीनो दशभिर्दिनैः ।।

केवलवेदः केवलश्रौताग्नेरप्युपलक्षणम् । अयं सङ्कोचो होमाध्ययनपर एव न तु सन्ध्यादाविति हारलतायाम्।

विवाहपछि स्त्री र शूद्रलाई जात्याशौच

स्त्री र शूद्रलाई विवाह गरेपछि मात्र जात्याशौच लाग्छ । स्त्रीका लागि विवाह नै उपनयनस्थानीय संस्कार मानिएको छ । विवाहित कन्याहरूलाई पतिकुलको आशौच लाग्छ । **माधवीय**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ कि– आ-आफ्नो जातिका लागि भनिएको आशौच मरण र उत्पत्तिमा क्रियाशील हुन्छ । विवाह नभएका शूद्रको मृत्युमा त्यसका सजातीय बन्धुले एकमहिना बार्नु पर्दछ । **अपरार्क**मा **शङ्ख** भन्दछन् – जुन शूद्रको विवाह भएको छैन त्यस शूद्रको मृत्यु भएमा त्यसका बान्धवहरू एकमहिनामा शुद्ध हुन्छन्, यसमा कुनै विचार गर्नु पर्दैन ।

निर्णयामृत, मदनपारिजात आदिमा भनें उक्त भनाइको विपरीत निर्णय गरिएको छ । **हारीत** भन्दछन् – 'उपनयनसंस्कारभन्दा पहिले ब्राह्मण, धनुग्रहण गर्नुभन्दा पहिले क्षत्रिय, प्रतोद अर्थात् अंकुश ग्रहण गर्नुभन्दा पहिले वैश्य र दुइटा वस्त्र ग्रहण गर्नुभन्दा पहिले शूद्र मरेमा आशौच लाग्दछ ।' क्षत्रियले धनु र वैश्यले अंकुश आठवर्षको उमेरमा ग्रहण गर्दछन् र शूद्रले दुईवस्त्र ग्रहण गर्ने काम बाह्रवर्षको उमेरमा गर्ने गर्दछन् ।

मेधातिथि भन्दछन् – यज्ञोपवीतसंस्कारभन्दा पहिले मर्नेको तीनरात आशौच लाग्दछ । यहाँ व्रतशब्दको उल्लेख भएकोमा त्यो व्रतकालको उपलक्षण हो । सबैको मतमा व्रतको समय भन्नाले आठवर्षको उमेर बुझिन्छ । यसैले चारै वर्णका लागि उपनयनको अभावमा आठवर्षको उमेरदेखि नै पूरा आशौच बार्नुपर्दछ । आठौं वर्षभन्दा पहिले सबैलाई शिशु भनिन्छ। उक्त शिशुहरूको मृत्यु भएमा तीनरात आशौच बार्नुपर्दछ । जसले सोह्रवर्षभन्दा मुनिका मानिसहरूलाई बालक भनिन्छ भनेका छन् तिनीहरूको मतमा पनि ब्राह्मण, क्षत्रिय र वैश्यको लागि आठवर्षदेखि पूर्ण आशौच लाग्दछ । शूद्रलाई त्यस्तो स्थितिमा एकमहिना आशौच लाग्दछ भनिएको छ ।

हारलता, शुद्धितत्त्व आदिमा पनि यही कुरा बताइएको छ । **आदिपुराण**मा – "अनुपनीत ब्राह्मण' भनी वाक्य आरम्भ गरी त्यो जहाँसुकै मृत्युमा प्राप्त भए पनि त्यसको आशौच तीनदिनमात्र लाग्छ' भनिएको छ । फेरि ब्राह्मण, क्षत्रिय र वैश्यका लागि यो तीनवर्षसम्म मात्र आशौच लाग्ने कुरा छवर्षसम्मका लागि हो भनिएको छ । यो छवर्ष भन्ने कुरा जन्मेको तीनमहिनापछि छवर्षसम्मको काल हो भनी बुझ्नुपर्दछ । गर्भदेखि आठौं वा जन्मदेखि आठौं वर्ष भनिएको छ । **जाबाल**ले 'जुन यज्ञोपवीत, चूडाकर्म र दन्तोत्पत्ति भएको कुरा प्रमाणित भएका बालक मरेमा क्रमशः दशदिन, तीनदिन र एकदिन आशौच वारेपछि निर्गुणहरू शुद्ध हुन्छन्' भनेका छन् । यो भनाइलाई **मेधातिथि** आदि वृद्धपुरुष आदर गर्दैनन्। उक्त पद्यमा **द्विज**पदको अर्थ दाँत हो । '**प्रतीतिषु**' भन्ने पद जसको पाँचवर्षको उमेरमा व्रतबन्ध भएको छ तिनीहरूका निमित्त प्रयुक्त गरिएको हो ।

फेरि **पराशर**ले 'जुन ब्राह्मण अग्निहोत्र र वेदको स्वाध्यायद्वारा सम्पन्न छ त्यो ब्राह्मण मृताशौच लाग्दा पनि एकै दिनमा शुद्ध हुन्छ, केवल वेदको ज्ञाता ब्राह्मण तीनदिनमा शुद्ध हुन्छ, अग्निहोत्र र स्वाध्याय दुवै नभएको ब्राह्मणलाई दशदिनको आशौच लाग्छ' भनेका छन् । यो भनाइ होम र अध्ययनका निमित्त गरिएको समयको न्यूनीकरण हो । '**केवलवेदः**' शब्द केवल श्रौताग्निको पनि उपलक्षण हो, सन्ध्या आदिका लागि होइन भन्ने कुरा **हारलता** आदिमा बताइएको छ ।

सर्ववर्णानां दशाहादेव शुद्धिः

अङ्गिराः – **सर्वेषामेव वर्णानां सूतके मृतके तथा । दशाहाच्छुद्धिरेतेषामिति शातातपोऽब्रवीत् ।।**

देवलः – **आशुच्यं दशरात्रं तु सर्वेषामपरे विदुः । निधने प्रसवे चैव पश्यन्तः कर्मणः क्षयम् ।**
अत्यन्तोत्कृष्टस्य कर्महानौ पीडावतो विप्रपरिचर्यापरस्य शूद्रस्य दशरात्रमिति हारलतायाम् ।

सबै वर्णका मानिस दशदिनको आशौचपछि शुद्ध हुने सम्बन्धमा

अङ्गिरा भन्दछन् – सूतक वा मरणमा सबै वर्णका मानिस दशदिन आशौच बारेपछि शुद्ध हुन्छन् भन्ने कुरा शातातपले बताएका छन् । देवल भन्दछन् – मरण र जन्ममा कर्मको नाश हुँदै गएका कारण सबै वर्णका मानिसले दशदिनको आशौच बार्नुपर्दछ भन्ने कुरा ऋषिहरूले बताएका छन् । हारलतामा भनिएको छ – कर्मको हानि भएका कारण पीडित र ब्राह्मणको सेवामा रहेका अत्यन्त उत्तमशूद्रलाई दशदिनको आशौच लाग्छ ।

सूतके दशपक्षाः

दक्षः – **सद्यःशौचं तथैकाहस्त्र्यहश्चतुरहस्तथा । षड्दशद्वादशाहाश्च पक्षो मासस्तथैव च ।।**
मरणान्तं तथा चान्यद् दशपक्षास्तु सूतके । मिताक्षरायां स्मृत्यन्तरे –
चतुर्थे दशरात्रं स्यात्षण्णिशाः पुंसि पञ्चमे । षष्ठे चतुरहाच्छुद्धिः सप्तमे तु दिनत्रयम् ।।
अष्टमे दिनमेकं स्यान्नवमे यामकद्वयम् । दशमे स्नानमात्रेण चैतद् गौणं तु सूतकम् ।।
इत्यादीनि, तान्यापदनापद्गुणवदगुणवद्विषयाणि देशाचारभेदाद्वा ज्ञेयानि । सद्यः शौचादिषडहान्ताः पक्षा यायावरादिपराः। अत्र मरणान्तं जननादिनिमित्ताद्भिन्नम् । '**अस्वर्ग्यं लोकविद्विष्टं धर्म्यमप्याचरेन्न तु**' इत्युक्तत्वान्मधुपर्कपश्वालम्भवत् शिष्टविगानान्नादर्तव्यानीति विज्ञानेश्वरः ।
अस्नात्वा चाप्यहुत्वा वा अदत्वाऽश्नंस्तथा द्विजः । एवंविधस्य विप्रस्य सर्वदा सूतकं सदा ।।
इति दक्षोक्त्या–
अन्यपूर्वा यस्य गेहे भार्या स्यात्तस्य नित्यशः । आशौचं सर्वकार्येषु देहे भवति सर्वदा ।।
इति ब्राह्मादिवशाद्व्यवस्थेत्यपरार्कमदनपारिजातादयः ।
माधवस्तु – **वृत्तस्वाध्यायसापेक्षमघसङ्कोचनं तथा** । इति कलिवर्ज्येष्वित्युक्तेः –
दशाह एव विप्रस्य सपिण्डमरणे सति । कल्पान्तराणि कुर्वाणः कलौ भवति किल्विषी ।।
इति हारीतोक्तेश्च न्यूनाशौचपक्षाश्च युगान्तरविषयाः । मरणान्तादिपक्षास्तु निन्दार्थवादः । अन्यथा नामधारकविप्रस्तु दशाहं सूतकी भवेत् । इति विरोधः स्यादित्याह । यत्तु देवलः –
दशाहादित्रिभागेन कृते सञ्चयने क्रमात् । अङ्गस्पर्शनमिच्छन्ति वर्णानां तत्त्वदर्शिनः ।। इति ।

सूतकका दशपक्ष

सूतकका दशभेद हुन्छन् – सद्यःशौच, एकाह, तीनदिन, चारदिन, छदिन, दशदिन, बाह्रदिन, पन्ध्रदिन, एकमहिना र मरणपर्यन्त । मिताक्षरामा स्मृत्यन्तरबाट उद्धृत वचनमा भनिएको छ – चौथो पुस्तासम्म दशरात अर्थात् ब्राह्मणहरूका लागि मात्र, पाँचौं पुस्तामा छरात, छैठौं पुस्तामा चारदिन, सातौं पुस्तामा तीनदिन, आठौं पुस्तामा एकदिन, नवौं पुस्तामा दुईयाम अर्थात् छघण्टा र दसौं दिन नुहाएपछि शुद्धि हुन्छ । ग्रन्थकार भन्दछन् – यो सूतकव्यवस्था गौण हो । माथि प्रयोग गरिएका

वचनहरू आपत्ति, अनापत्ति, गुण र निर्गुण विषयक हुन् अथवा देशाचार व्यवस्थाअनुसार भनिएका हुन् । माथि बताइएका सूतकका दशभेदमध्ये छदिनसम्मका पक्ष, यायावर अर्थात् याजन, अध्ययन एवं प्रतिग्रह नगर्ने व्यक्तिका निमित्त हुन् । दसौं सङ्ख्याको मरणान्त आशौच जन्माशौचभन्दा भिन्न हो ।

मधुपर्कमा गरिने पशुको आलम्भन शास्त्रसम्मत भए पनि लोकमा निन्दित एवं अकल्याणकारी भएझैं माथि बताइएका कुरा पनि शास्त्रसम्मत भए पनि लोकमा निन्दित छन् । कुनै पनि कर्म धर्मशास्त्रानुकूल भए पनि लोकविरोधी र अस्वर्ग्य हुन्छ भने त्यसको आचरण गर्नुहुँदैन भन्ने कुरा शास्त्रमा बताइएको छ । **विज्ञानेश्वर**ले पनि 'शिष्टहरूद्वारा निन्दनीय भएकाले माथि बताइएका विषय आदरयोग्य छैनन्' भनेका छन् । त्यसैले पहिले बताइएका वचन आदरणीय छैनन् । **दक्ष**ले भनेका छन् – 'स्नान, होम र दान नगरी जुन ब्राह्मणले भोजन गर्दछ त्यसलाई जीवनभर आशौच लागिरहन्छ ।' **ब्रह्मपुराण**मा भनिएको छ – 'जुन नारीको कुनै गोप्य पति वा नाठोसँग सम्बन्ध भइरहन्छ त्यस्ती पत्नीका पतिले गरेका कार्य र शरीरमा समेत सर्वदा आशौच रहिरहन्छ ।' तसर्थ उक्त वचनहरूका आधारमा आजीवन आशौचको व्यवस्था बुझ्नुपर्दछ भन्ने कुरा **मदनपारिजात** आदिमा बताइएको छ ।

माधव भन्दछन् – अग्निहोत्र आदिको अनुष्ठान र वेदाध्ययनजस्ता विषयमा पापको संकोच गरिने विषय कलिवर्ज्य प्रकरणमा बताइएका छन् । **हारीत**को भनाइ छ कि– सपिण्डमानिस मरेको अवस्थामा ब्राह्मणले दशदिन आशौच बार्नुपर्दछ । कलियुगमा अरू कल्पका विधिलाई स्वीकार गरेर कार्य गर्ने मानिसले पाप व्यहोर्नुपर्दछ भन्ने **हारीत**को भनाइ रहेकाले थोरै आशौच बार्नुपर्ने पक्ष अरू युगका लागि हुन् भनी बुझ्नुपर्दछ । मरणान्त आशौच लाग्ने कुरा निन्दारूप अर्थवाद हो । यो अर्थवादलाई यथार्थ मान्ने हो भने विप्रनामधारी मानिस मर्दा पनि दशदिन आशौच लाग्छ भन्ने भनाइसँग विरोध पर्न जानेछ । **देवल**ले बताएका छन् – जुन दशाह आदि आशौचको क्रमबाट आशौचलाई तीनभाग लगाउँदा अस्थिसञ्चयनपछि ब्राह्मण आदि वर्णका मानिसहरूको शरीर स्पर्श गर्न योग्य हुन्छ भन्ने कुरा तत्त्वदर्शीहरूले बताएका छन् त्यो युगान्तरका लागि हो ।

पूर्णाशौचे स्पर्शनिर्णयपूर्वकं वर्णसङ्कराद्याशौचनिर्णयः

पूर्णाशौचे स्पृश्यतामाह । यच्चानुपनीतातिक्रान्ताशौचे त्रिरात्रादौ तेनैवोक्तम्– **'स्वाशौचकालाद्विज्ञेयं स्पर्शनं तु त्रिभागतः'** इति । तदपि युगान्तरेषु– **'अस्थिसञ्चयनादूर्ध्वमङ्गस्पर्शनमेव च'** इति माधवीये कलौ तन्निषेधात्।

यत्तु हारलतायाम् – **'चतुर्थेऽहनि कर्तव्यः संस्पर्शो ब्राह्मणस्य तु'** इति प्रचेतसोक्तेस्त्र्यहैकाहाशौचेऽपि चतुर्थाह एवाङ्गस्पर्श इति । तन्न, देवलादिवशेनास्य दशाहगोचरत्वात् । ये तु वर्णसङ्करजा मूर्धावसिक्ताद्यास्तेषामाशौच–विशेषः कलौ नोपयुक्त इति नोच्यते । प्रतिलोमजानां नाशौचम् । मलापकर्षणार्थं तु स्नानमात्रमिति विज्ञानेश्वरः ।

माधवस्तु – **शौचाशौचे प्रकुर्वीरन् शूद्रवद्वर्णसङ्कराः** । इति ब्राह्मोक्तेः शूद्रवदाह । हारलताऽप्येवम् । दत्त–क्रीतकृत्रिमादिपुत्रेषु अहीनवर्णगासु स्त्रीषु च सपिण्डत्वेऽपि प्रसवे मरणे च । पूर्वापरपित्रोर्भर्त्रोश्च त्रिरात्रमेव न दशाहादि ।

अनौरसेषु पुत्रेषु जातेषु च मृतेषु च । परपूर्वासु भार्यासु प्रसूतासु मृतासु च ।।

इति । त्रिरात्रानुवृत्तौ विष्णूक्तेः । सपिण्डानां त्वेकाहः ।

परपूर्वासु भार्यासु पुत्रेषु कृतकेषु च । भर्तृपित्रोस्त्रिरात्रं स्यादेकाहस्तु सपिण्डतः ।।

इति माधवीये हारीतोक्तेः ।

सूतके मृतके चैव त्रिरात्रं परपूर्वयोः । एकाहस्तु सपिण्डानां त्रिरात्रं यत्र वै पितुः ।।

इति मरीच्युक्तेश्च ।

पूर्णाशौचमा स्पर्शनिर्णय र वर्णसङ्कर आदिको आशौचनिर्णय

पूर्णआशौच लाग्दा आशौच लाग्नेहरू स्पर्शयोग्य मानिएका छन् । अनुपनीत र आशौच अतिक्रान्त भएको मृतक भएमा तीनरात बार्नुपर्दछ भन्ने **देवलले** जुन भनेका छन् तदनुसार बार्नुपर्ने मानिस आफ्नो आशौचको समयको तेस्रो भाग बितेपछि स्पर्श योग्य हुन्छन् भन्ने निष्कर्ष हो । तर यो कुरा युगान्तरका निमित्त जान्नुपर्दछ । अस्थिसञ्चयपछि अङ्गस्पर्श गर्न हुन्छ भनी जुन निरूपण गरिएको छ त्यसको कलियुगमा निषेध हुन्छ भनी **माधवीयमा** खण्डन गरिएको पाइन्छ ।

हारलतामा भनिएको छ कि चौथो दिन ब्राह्मणको स्पर्श गर्नुपर्दछ भन्ने कुरा **प्रचेताले** बताएका छन् । **प्रचेताको** यो उक्ति भएबाट तीनदिन र एकदिनको आशौचमा पनि चौथो दिन नै अङ्गस्पर्श गर्नुपर्ने हुन्छ । ग्रन्थकार भन्दछन् – यो वचन उचित छैन । **देवलहरूका** वचन दशदिनको आशौचका निमित्त मात्र हुन् । वर्णसंकरबाट उत्पन्न अर्थात् ब्राह्मण पतिबाट क्षत्रिय नारीमा उत्पन्न, क्षत्रियपुरुषबाट वैश्यनारीमा उत्पन्न, वैश्यपुरुषबाट शूद्रानारीमा उत्पन्न, मूर्धावसिक्त अर्थात् ब्राह्मणद्वारा विवाहित क्षत्रियपत्नीमा उत्पन्न आदिमा विशेष आशौच लाग्ने कुरा कलियुगमा बताइएको छैन । प्रतिलोमविधिबाट उत्पन्न सूत आदिको पनि आशौच लाग्दैन । त्यस्ता व्यक्तिको मृत्युमा मयल हटाउन स्नान मात्र गर्नुपर्ने कुरा बताइएको छ।

माधवले भनेका छन् – वर्णसंकरहरूले आशौचमा शूद्रसमान नियम पालन गर्नुपर्दछ । यो **ब्रह्मपुराणको** वचन हो। यसबाट जुन निमित्तमा जसरी शूद्रहरू आचरण गर्दछन्, वर्णसंकरले पनि त्यही निमित्तमा त्यस्तै आचरण गर्नुपर्दछ । **हारलतामा** पनि यही कुरा बताइएको छ । दत्तक अर्थात् स्वयंदत्त, क्रीत अर्थात् खरिद गरिएको, कृत्रिम आदि प्रतिलोमभिन्न स्त्रीहरूमा सपिण्डत्व रहेमा जन्म र मरणमा पिता–माता र पतिलाई तीनरातको आशौच लाग्छ, दशदिनको आशौच लाग्दैन । धर्मपत्नीबाहेक अरू पत्नीहरूबाट उत्पन्न क्षत्रज, दत्तक आदि पुत्रहरू मरेमा तीनदिन आशौच बार्नुपर्दछ । **विष्णुले** तीनरातको अनुवृत्ति हुन्छ भनेका छन् । सपिण्डले त एकदिन आशौच बारे हुन्छ । पहिले अरूसँग विवाह गरी पोइल आएकी पत्नी र दत्तक, क्रीतादि पुत्रको मृत्यु भएमा माता–पिताले तीनदिन आशौच बार्नुपर्दछ । सपिण्डहरूले एकदिनमात्र आशौच बारे हुन्छ भन्ने कुरा **माधवीयमा हारीतको** भनाइ रहेको छ । **मरीचिले** भनेका छन् – जन्मसूतक र मृतसूतकमा पहिलेका पति र पछिका पतिलाई तीनरात आशौच लाग्छ । पहिले र पछिका सपिण्डहरूलाई एकरात आशौच लाग्छ ।

अनौरसपुत्रपरपूर्वाभार्यादीनामाशौचम्

शङ्खः – **अनौरसेषु पुत्रेषु भार्यास्वन्यगतासु च । परपूर्वासु च स्त्रीषु त्रिरात्राच्छुद्धिरिष्यते ।।**

परपूर्वा – पुनर्भूः । इदं सवर्णासु । हीनवर्णासु तु शङ्खलिखितौ –

परपूर्वासु भार्यासु पुत्रेषु कृतकेषु च । नानध्यायो भवेत्तस्य नाशौचं नोदकक्रिया ।।

ब्राह्मेऽपि – **आशौचं तु त्रिरात्रं स्यात्समवर्णेषु निश्चितम्** । यत्तु षडशीतौ –

अन्यपूर्वावरुद्धासु त्रिदिनाच्छुद्धिरिष्यते । तास्वेवानन्यपूर्वासु पञ्चाहोऽभिर्विशुद्ध्यति ।।

इति । तत्र पञ्चाहे मूलं चिन्त्यम् । यत्तु याज्ञवल्क्यः – **'अनौरसेषु पुत्रेषु भार्यास्वन्यगतासु च'** इत्येकाहमाह । तदसन्निधौ ज्ञेयम् । यदा पितुरेकाहस्तदा सपिण्डानां स्नानम् ।

अनौरसपुत्र, परपूर्वा पत्नी आदिको आशौच

शङ्ख भन्दछन् – 'धर्मपत्नीबाट पैदा हुने औरसपुत्रभन्दा भिन्न पुत्रहरूको मृत्यु भएमा अरूमा आसक्ति स्त्री र परपूर्वा स्त्रीको मृत्यु भएमा तीनरात आशौच बारेपछि शुद्धि हुन्छ ।' यो भनाइ सवर्णहरूका निमित्त हो । हीनवर्णका

स्त्रीहरूका विषयमा **शङ्ख** र **लिखित**ले भनेका छन् – 'हीनवर्णकी ल्याइते पत्नी र अशास्त्रीय पुत्रहरूको मृत्यु भएमा अनध्याय आशौच र उदक क्रिया हुँदैन ।' **ब्रह्मपुराण**मा भनिएको छ – 'समान वर्णका स्त्री–पुत्र आदिको मृत्युमा निश्चितरूपमा तीनदिनको आशौच लाग्छ ।'

षडशीतिमा भनिएको छ – परपूर्वा वा पुनर्भू[१३] अर्थात् पहिलो विवाहपछि अरूसँग पोइल गएकी नारी र वाग्दानपछि विवाह नगरेकी नारी मरेमा तीनदिन आशौच बार्नुपर्दछ । परपूर्वाको रूपमा नरहेका चरित्रवती नारीहरू मरेमा पाँचदिन आशौच बार्नुपर्दछ ।[१४] ग्रन्थकार भन्दछन् – यहाँ पाँचदिन बार्नुपर्ने कुरा जुन बताइएको छ त्यो विचारणीय छ । **याज्ञवल्क्य**ले भनेका छन् कि – अनौरस पुत्र र आफूलाई छाडी अरूसँग पोइल गएकी पत्नीको मरणमा एकदिनमात्र आशौच लाग्छ। ग्रन्थकार भन्दछन् – यो नियम असन्निधि[१५]मा अर्थात् नजिकमा नरहेको अवस्थाका लागि हो भनी बुझ्नुपर्दछ । पिता अर्थात् वहन गर्ने मानिसलाई एकदिन आशौच लाग्छ भने सपिण्डहरू नुहाएपछि शुद्ध हुन्छन् ।

---

१३. **परपूर्वा – 'परः-इतरः, पूर्वः-पतिर्यस्याः सा परपूर्वा'** यो परपूर्वाशब्दको व्युत्पत्ति हो । यससम्बन्धमा भनिएको छ– **पतिं हित्वापकृष्टं स्वमुत्कृष्टं या निषेवते । निन्द्यैव सा भवेल्लोके परपूर्वेति चोच्यते ।।** अर्थात् आफ्नो तल्लो तहको पतिलाई छाडी माथिल्लो तहको दोस्रो पति वरण गर्ने नारीलाई परपूर्वा भनिन्छ । ती नारी उत्कृष्ट पतिसँग गए पनि तिनलाई लोकले राम्रो दृष्टिले हेर्दैन । परपूर्वालाई अन्यपूर्वा पनि भनिन्छ । 'अन्यः पूर्वो यस्याः सा' यस व्युत्पत्तिअनुसार जसले पूर्वपति परित्याग गरी दोस्रो पति वरण गर्दछिन् ती नारीलाई अन्यपूर्वा, परपूर्वा अथवा पुनर्भू पनि भनिन्छ । आफूसँग विधिपूर्वक विवाह गर्ने पूर्वपतिको मृत्यु आदिपछि दोस्रो पति वरण गर्ने पुनर्भू नारीका अनेक भेद शास्त्रहरूमा बताइएका छन् । नारदले परपूर्वा नारीका सात भेद बताएका छन् । पुनर्भूका तीन भेद र स्वैरिणीका चार भेद गरी सातको संख्या पुऱ्याइएको छ । १) विवाहबन्धनमा परेकी तर योनिक्षत नभएकी नारीले कुनै दोस्रो वरसँग विवाहसंस्कार गर्दछिन् भने ती प्रथम प्रकारकी परपूर्वा कहलाउँछिन् । २) आमा–बाबु आदिले कन्याको व्यभिचारदोष थाहा पाएर लोकाचारअनुसार दोस्रो वरलाई प्रदान गरिने कन्या दोस्रो प्रकारकी परपूर्वा कहलाउँछिन् । ३) पतिको मृत्युपछि बान्धवहरूले सपिण्ड व्यक्तिलाई प्रदान गरिने नारी तेस्रो प्रकारकी परपूर्वा कहलाउँछिन् । यी तीन माथिल्लो तहका परपूर्वा कहलाउँछन् । यसपछिका तल लेखिएका चार प्रकारका स्वैरिणीका भेदलाई निन्द्य मानिएको छ । ४) छोरा–छोरी जन्माएकी वा नजन्माएकी नारी पति जीवित छँदै भोगका लागि अन्य पुरुषको आश्रय लिन्छिन् भने ती प्रथम प्रकारकी स्वैरिणी कहलाउँछिन् । ५) भोगमा असन्तुष्टि भएका कारण आफ्नो सानो उमेरको दुलाहा छाडी अर्को बलियो पुरुषसँग गई लसपस गर्ने र पछि दुलाहा तन्देरी भएपछि पुरानै घरमा फर्किने नारी दोस्रो प्रकारकी स्वैरिणी कहलाउँछिन् । ६) पतिको मृत्युपछि देवर हुँदाहुँदै तिनको बेवास्ता गरी भोगका निमित्त परपुरुषसँग पोइल जाने नारी तेस्रो प्रकारकी स्वैरिणी कहलाउँछिन् र ७) आफ्नै समाजबाट कसैले अरूसँग मिलाइदिएकी, पैसाले खरिद गरिएकी, भोग–प्यासले व्याकुल भई कुनै व्यक्तिका सामु 'म तपाईंकी भएँ' भनी आएकी पत्नी चौथो प्रकारकी स्वैरिणी कहलाउँछिन् । उक्त सात प्रकारका पुनर्भूबाहेक अरू सात प्रकारका पुनर्भूको कश्यपले यसरी परिगणना गरेका छन्– १) वाचादत्ता २) मनोदत्ता, ३) कृतकौतुकमङ्गला, ४) उदकस्पर्शिता, ५) पाणिगृहीता, ६) अग्निपरिणता र ७) पुनर्भूप्रभवा । – तारानाथभट्टाचार्यः, वाचस्पत्यम्, पञ्चमभागः, पृ. ४२३६ ।

१४. नामकर्म गरेपछि दाँत नआएसम्मका द्विजजातिका बालिका मरेमा बाबु–आमालाई एकदिन जूठो लाग्छ भने सपिण्ड आदि अन्य कसैलाई पनि लाग्दैन । दाँत उम्रेका तीन वर्ष ननाघेका कन्याको आशौच बाबु–आमालाई तीनदिन लाग्छ भने तीनपुस्ताभित्रका सपिण्डले स्नान गर्नुपर्छ । तीनवर्ष नाघेका जतिसुकै वर्षका भए पनि अविवाहिता द्विजकन्या मरेमा दाहसंस्कार, पिण्डदान, जलदानादि सबै क्रिया गर्नुपर्छ । क्रिया गर्दा मन्त्रको र कुशको प्रयोग गर्न हुँदैन । आशौच बाबु–आमाले ३ दिन, सपिण्डले एक दिन बार्नुपर्छ । दान आदि पनि बालक मरेमाजस्तै उमेरको आधारमा गर्नुपर्छ । भोजन उमेर मिल्ने कन्यालाई नै गराउनु बेस हुन्छ ।

वाग्दान भएकी विवाह भने नभएकी कन्याको मृत्यु भएमा पितृपक्ष र वरपक्ष दुवैथरिलाई ३–३ दिन जूठो लाग्छ । सपिण्डत्व पितृतर्फ तीनपुस्ता र वरतर्फ सातपुस्ता नै हुन्छ । तीन दिनमा क्रिया सक्नुपर्छ, वरपक्षको गोत्र कन्यामा प्राप्त भइनसकेकाले सो क्रियाचाहिँ पितृपक्षले नै गर्नुपर्ने हुन्छ ।

१५. जुन बेला मरण हुन्छ त्यही बेला श्रवण हुन्छ भने त्यसलाई सन्निधि भनिन्छ । त्यसको विपरीत असन्निधि हुन्छ ।

अन्याश्रितपत्नीनां परपत्नीसुतानां चाशौचकथनम्

अन्याश्रितेषु दारेषु परपत्नीसुतेषु च । गोत्रिणः स्नानशुद्धाः स्युस्त्रिरात्रेणैव तत्पिता ।।
इति प्रजापत्युक्तेः । पितेति वोढुरुपलक्षणम्, तथोपक्रमात् ।

अन्याश्रित पत्नी र परपत्नीका पुत्रको आशौच

प्रजापतिले भनेका छन् – आफूलाई छाडी अन्यत्र गएका पत्नीहरूको मृत्यु भएमा र अरूकी पत्नीलाई भित्र्याएपछि जन्मिएका पुत्रको मृत्यु भएमा सपिण्डहरू स्नानबाट मात्र शुद्ध हुन्छन् भने पिता अर्थात् वहन गर्ने मानिस तीनरातमा शुद्ध हुन्छ । ग्रन्थकार भन्दछन् – यहाँ पिताशब्दबाट वहन गर्ने मानिसलाई सम्झनुपर्दछ किनकि प्रसङ्ग त्यस्तै रहेको छ ।

दत्तकमृते पूर्वापरपित्रोराशौचकथनम्

यत्तु दत्तके पालकप्रतियोगिकपुत्रत्वात्पूर्वपितुर्न त्रिरात्रम्, पूर्वसम्बन्धनिवृत्तेश्च न दशाहादीति कश्चित् । तन्न, जनकेऽपि – **बैजिकादभिसम्बन्धादनुरुन्ध्यादघं त्र्यहम्** । इति वाचनिकाशौचस्यानिवार्यत्वात् । पितृमरणेऽपि दत्तकादीनां त्रिरात्रम् । शुद्धितत्त्वे ब्राह्मे – **दत्तकश्च स्वयं दत्तः कृत्रिमः क्रीत एव च** । इति उपक्रम्य – **सूतके मृतके चैव त्र्यहाशौचस्य भागिनः ।।** इत्युक्तेः ।

दत्तकको मृत्यु हुँदा पूर्वापर पितालाई आशौच

दत्तकपुत्र पालन गर्ने पिताको पुत्रकै रूपमा स्वीकृत हुने हुनाले त्यसको मृत्यु भएमा जन्म दिने पिताले तीनरात आशौच बार्नुपर्दैन भन्ने कुरा र पूर्वसम्बन्धको निवृत्तिका कारण दशदिनको आशौच पनि बार्नुपर्दैन भन्ने कुरा कसैले गरेका छन् त्यो उचित छैन । किनकि व्रतबन्ध गरेको दत्तकपुत्रमा बीजसम्बन्धका कारण तीनदिन पाप आइलाग्छ भन्ने वचनका कारण तीनदिन आशौच बार्नैपर्ने हुन्छ । यसैगरी जन्म दिने पिताको मृत्यु हुँदा पनि दत्तक आदिले तीनदिन आशौच बार्नुपर्दछ । **शुद्धितत्त्व**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा दत्तक, स्वयंदत्त, कृत्रिम र क्रीत यी शब्दहरूको उल्लेख गर्दै जन्माशौच र मरणाशौचमा यी सबै तीनदिनको आशौचका पात्र हुन्छन् भनिएको छ । **स्मृतिकौमुदी** र **हारलता**को पनि वचन यस्तै छ ।

दत्तकसापिण्ड्यकथनम्

स्मृतिकौमुद्यां हारलतायामप्येवम् । दत्तकस्य पुत्रपौत्राणां जनने मरणे वा सपिण्डानामेकाहः **'वीजिनश्च'** इति गौतमेन साप्तपौरुषसापिण्ड्योक्तेः सपिण्डानां चैकाहस्योक्तत्वात् । सपिण्डे तु पुत्रीकृते दशाह एव । तत्राकाङ्क्षाभावात् सपिण्डत्वेन दशाहप्राबल्याच्च ।

दत्तक सापिण्ड्य

दत्तकका पुत्र र पौत्रको जनन र मरणमा सपिण्डहरूले एकदिन आशौच बार्नुपर्दछ । **बीजिनश्च** भन्ने **गौतम**को वचनअनुसार सातपुस्तासम्म सापिण्ड्यसम्बन्ध रहन्छ र सपिण्डहरूले एकदिन आशौच बार्नुपर्दछ । तर दत्तकचाहिँ सपिण्डभित्रबाट नै ग्रहण गरिएकोमा भने दशदिन आशौच बार्नुपर्दछ । यहाँ अरू कुनै आशौचका नियमको आकांक्षा हुँदैन र दशदिन बार्नुपर्ने कुरा नै प्रबल नियमका रूपमा रहेको छ ।

पूर्वापरभर्त्रोरुत्पन्नपुत्रयोराशौचम्

पूर्वापरभर्त्रुत्पन्नयोः पुत्रयोस्त्वाह माधवीये मरीचिः –

मातुरैक्यात् द्विपितृकौ भ्रातरावन्यगोत्रजौ । एकाहं सूतकं तत्र त्रिरात्रं मृतके तयोः ।। इति दिक् ।

पूर्वापर पतिबाट उत्पन्न दुई दाजुभाइका सम्बन्धमा

मरीचि भन्दछन् – एउटी नारीको पूर्वपतिबाट उत्पन्न छोरा र पोइल गएपछि दोस्रो पतिबाट उत्पन्न छोरा गरी ती दुवै छोराहरू माताको सम्बन्धका कारण दाजुभाइ कहलाउँछन् । अलग–अलग गोत्र भएका ती दुईमध्ये कुनै एकमा जन्माशौच पर्दा अर्कोलाई एकदिनको आशौच लाग्दछ । ती दुवैमध्ये कुनै एकमा मरणाशौच पर्दा अर्कोलाई तीनरातको आशौच लाग्छ।

ऊढकन्यानामाशौचविचारः

ऊढकन्यायां तु विष्णुराह – **'संस्कृतासु स्त्रीषु नाशौचं पितृपक्षे, तत्प्रसवमरणे चेत्पितृगृहे स्यातां तदेकरात्रं त्रिरात्रं च'** इति । प्रसवे एकरात्रं मरणे त्रिरात्रमिति विज्ञानेश्वरापरार्कौ ।

विवाहित कन्याको आशौच

विवाहित कन्याहरूको आशौचबारे **विष्णु** भन्दछन् – विवाहित कन्याको मृत्यु भएमा पितृपक्षले आशौच बार्नुपर्दैन। ती कन्याले पिताकै घरमा बच्चा जन्माएमा भने पितृपक्षलाई एकदिनको आशौच लाग्छ । पिताकै घरमा ती कन्याको मृत्यु भएमा तीनरातको आशौच लाग्छ । **विज्ञानेश्वर** र **अपरार्क** भन्दछन् – कन्याबाट प्रसव हुँदा एकरात र कन्याको मृत्यु हुँदा तीनरात बार्नुपर्दछ ।

माधवमते विचारः

माधवस्तु – प्रसवेऽपि त्रिरात्रं पित्रोः, एकरात्रं भ्रात्रादिबन्धुवर्गस्य,

दत्ता नारी पितुर्गेहे सूयेताथ म्रियते वा । तद्बन्धुवर्गस्त्वेकेन शुचिस्तज्जनकस्त्रिभिः ।।

इति ब्राह्मोक्तेरित्याह । यत्तु कश्चिदाह – पक्षपदेन भ्रातरो गृह्यन्ते । वाक्यान्तरेण भगिनीमृतौ त्रिरात्रोक्तेरिति तच्चिन्त्यम्, तदभावादेतद्विरोधाच्च । भ्रातुः प्रसवे एकाहः । मृतौ त्रिरात्रमिति केचित् । युक्ता तु पक्षिणी, **'परस्परमृतौ भ्रातृभगिन्योः पक्षिणी भवेत्'** इति ब्राह्मात् । **'भ्रातृभिन्नानामेकाहः'** इति वर्गोक्तेः । **'इतरेषां यथाविधि'** इति वक्ष्यमाणवचनाच्च। यत्तु प्रधानगृहे मृतौ पित्रोः पूर्णं भ्रातुस्त्र्यह इति कश्चित्स निर्मूलत्वात् **'नाशौचं पितृपक्षे'** इत्येतद्विरोधाच्च भ्रान्तः ।

दत्ता नारी पितुर्गेहे प्रधाने सूयते यदा । म्रियते वा तदा तस्याः पिता शुद्ध्येत्त्रिभिर्दिनैः ।

इति कल्पतरौ शुद्धितत्त्वे च ।

माधवको मत

माधव भन्दछन् – आफ्नो घरमा विवाहित कन्याले बालक जन्माउँदा पनि माता–पिताले तीनरात बार्नुपर्दछ । दाजु एवं भाइ आदि बन्धुहरूले एकरात बार्नुपर्दछ । किनकि **ब्रह्मपुराणमा** भनिएको छ – विवाहित कन्याले बाबुको घरमा बच्चा पैदा गरेमा वा ती कन्याको पिताकै घरमा मृत्यु भएमा बन्धुवर्गलाई एकदिनको आशौच र माता–पितालाई

तीनदिनको आशौच लाग्छ । कसैले **पक्ष**पदबाट दाजु एवं भाइलाई लिनुपर्दछ भनी जुन तर्क प्रस्तुत गरेका छन् त्यो उचित छैन । किनकि वाक्यमा दिदी-बहिनीको मृत्यु भएमा तीनरात आशौच बार्नुपर्ने कुरा बताइएको छ । त्यो कुरा **ब्रह्मपुराण**का वाक्यको विरुद्ध छ । दाजु र भाइलाई प्रसवमा एकदिन र मृत्युमा तीनरात आशौच लाग्छ भनी कसैले भनेका छन् । तर तिनीहरूले पक्षिणी आशौच बार्नु नै उपयुक्त हुन्छ ।[१६]

यस विषयमा **ब्रह्मपुराण**मा भनिएको छ – दाजु वा भाइ र दिदी वा बहिनी मरेमा एक-आपसमा पक्षिणी आशौच लाग्दछ । दाजु-भाइ वा दिदी-बहिनीभन्दा बाहेकलाई एकदिनको आशौच लाग्दछ । किनकि **'तद्बन्धुस्त्वेकेन'** भन्ने वाक्यमा वर्गशब्दको उल्लेख गरिएको छ । अरूले तोकिएको विधिअनुसार गर्नुपर्ने कुरा यसपछिको वचनमा भनिने छ। कसैले फेरि 'विवाहित कन्या पिताको मूल घर अर्थात् बूढो घरमा मर्दछिन् भने आमा-बाबुले पूरा दशदिन र दाजुभाइले तीनदिन आशौच बार्नुपर्दछ' भनेका छन् । यो भनाइ प्रमाणहीन छ र पितृपक्षमा आशौच लाग्दैन भन्ने वचनसँग विरोधका कारण भ्रान्तिपूर्ण पनि छ । **कल्पतरु** र **शुद्धितत्त्व**मा भनिएको छ – विवाहित कन्याले पिताको मूल घरमा बच्चा पैदा गरेमा वा ती कन्याको मृत्यु भएमा तिनका पितालाई तीनदिनको आशौच लाग्दछ ।

पतिगृहे प्रसवे विचारः

पतिगृहे प्रसवे तु पित्रादीनामाशौचं नास्ति ।

पतिगृहमा प्रसवमा विचार

पतिगृहमा छोरीले बालक पैदा गर्दा पिता आदि माइतीपक्षलाई आशौच लाग्दैन ।

पुत्रीमृतौ पित्रोराशौचविचारः

मृतौ पित्रोः त्रिरात्रमस्त्येव ।

प्रत्ताप्रत्तासु योषित्सु संस्कृतासंस्कृतासु च । मातापित्रोस्त्रिरात्रं स्यादितरेषां यथाविधि ।।

'अदत्तासु पित्रोरेकरात्रम्' इति माधवीये शङ्खकार्ष्णाजिनिस्मृतेः **'बैजिकादभिसम्बन्धात्'** इत्युक्तेश्च । स्मृत्यर्थसारेऽप्येवम् । माधवस्तु इदं त्रिरात्रं जातदन्तपरम् । दन्तोत्पत्तेः प्रागेकरात्रं पित्रोः,

'सद्यस्त्वप्रौढकन्यायां प्रौढायां वासराच्छुचिः । प्रदत्तायां त्रिरात्रेण दत्तायां पक्षिणी भवेत् ।।' इति पुलस्त्योक्तेः ।

विवाहित कन्याको मृत्युमा माता-पितालाई आशौच

विवाहित कन्या मरेमा माता-पितालाई तीनरात आशौच लाग्दछ । दिएका र नदिएका, संस्कृत र असंस्कृत

---

१६. दिनमा आशौच सुनेमा सुनेको दिन, रात र अर्को दिन पूरा गरी एक किसिमको पक्षिणी हुन्छ । रातमा आशौच सुनेमा सुनेको रात, अर्को दिन र अर्को पूरा रात गरी रात्रिपक्षिणी हुन्छ । यसको अवधि अन्तिममानअनुसार लगभग ३६ घण्टाको हुने कुरा यत्रतत्र उल्लेख गरिएको पाइन्छ, ठ्याक्कै ३६ घण्टा मात्र मिल्दैन । दिनको प्रारम्भमा नै सुनिएको भए ३६ घण्टा पूरा हुनसक्छ तर सबै आशौचका समाचार बिहानै सुनिँदैनन् दिउँसोमा सुनिँदा ३६ घण्टाको सट्टा ३० घण्टाको पनि हुनसक्छ । भनिएको छ– **'आगामिवर्तमानाहर्युक्तायां निशि पक्षिणी'** – अ.को. १/४/५ ।

कन्याहरूको मृत्यु हुँदा माता-पितालाई तीनरात आशौच लाग्दछ, अरूलाई शास्त्रको विधिअनुसार आशौच लाग्दछ । **माधवीय**मा उद्धृत **शङ्खस्मृति** र **कार्ष्णाजिनिस्मृति**अनुसार नदिएका कन्याहरूको मृत्यु हुँदा माता-पितालाई एकरात आशौच लाग्दछ । बीजको सम्बन्धका कारण यो आशौच लाग्ने कुरा बताइएको छ । **स्मृत्यर्थसार**मा पनि यही भनिएको छ । **माधव** भन्दछन्- 'दाँत निस्किएपछि तीनरात आशौच लाग्दछ । दाँत निस्कनुभन्दा पहिले बाबु-आमालाई एकरात आशौच लाग्दछ । दाँत ननिस्केका कन्या मरेमा स्नानबाट मात्र शुद्धि हुन्छ । त्यसपछि एकरात आशौच लाग्दछ । दिएका कन्याहरूको तीनरात आशौच लाग्दछ र वाग्दान गरेका कन्याहरूको एकरात आशौच लाग्दछ ।

पित्रोः कन्यामृतौ अन्यत्र विचारः

अन्यत्र कन्यामृतौ पित्रोः पक्षिणीत्याह । षडशीतावपि –

'पितृगेहादतोऽन्यत्र यदि पुत्री प्रमीयते । पक्षिणी तत्र पित्रोः स्यान्नान्येषामिति निश्चयः ।।'

ग्रामान्तरे इयमिति स्मृत्यर्थसारे । भ्रातुस्तु पक्षिणी ।

कन्या अन्यत्र मरेमा माता-पितालाई आशौच

आफ्नो घरभन्दा अन्यत्र कन्या मरेमा माता-पितालाई पक्षिणीआशौच लाग्दछ । **षडशीति**मा भनिएको छ – 'पिताको घरभन्दा अन्यत्र कन्याको मृत्यु भएमा माता-पितालाई पक्षिणीआशौच लाग्दछ र अरूलाई आशौच लाग्दैन यस्तो निश्चय गरिएको छ ।' यहाँ मूलमा **अन्यत्र** भन्नाले अरू कुनै गाउँ-ठाउँ भन्ने बुझ्नुपर्दछ भन्ने कुरा **स्मृत्यर्थसार**मा भनिएको छ । दाजु एवं भाइलाई भने पक्षिणीआशौच नै लाग्दछ ।

श्वशुरादीनां मरणे विचारः

श्वशुरयोर्भगिन्यां च मातुलान्यां च मातुले । पित्रोः स्वसरि तद्वच्च पक्षिणीं क्षपयेन्निशाम् ।।

इति वृद्धबृहस्पतिस्मृतेः । शुद्धितत्त्वे कौर्मे –

आदन्तात्सोदरे सद्यः आचूडादेकरात्रम् । आप्रदानात्त्रिरात्रं स्याद्दशरात्रमतः परम् ।।

ससुरा आदिको मरणमा विचार

ससुरा आदिको मृत्यु हुँदा लाग्ने आशौचको विषयमा **वृद्धबृहस्पतिस्मृति**मा भनिएको छ- सासू, ससुरा, दिदीबहिनी, मामा-माइजू, फुपूहरूको मृत्यु हुँदा पक्षिणीरात्रि आशौच बार्नुपर्दछ । **शुद्धितत्त्व**मा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ – 'दाँत निस्किएपछि कन्या मरेमा सहोदरलाई सद्यआशौच लाग्दछ । चूडाकरणपछि मरेमा तिनीहरूलाई एकरातको आशौच लाग्दछ । वाग्दानपछि मरेमा पिता र पतिको कुलमा तीनरात आशौच लाग्दछ । त्यसपछि मरेमा पतिकुलमा दशरातको आशौच लाग्दछ ।'

पित्रोर्मृतौ स्त्रीणामाशौचकथनम्

पित्रोर्मृतौ स्त्रीणां त्रिरात्रम्,

पित्रोरुपरमे स्त्रीणामूढानां तु कथं भवेत् । त्रिरात्रेणैव शुद्धिः स्यादित्याह भगवान् यमः ।।

इति माधवीये वृद्धमनूक्तेः । इदं दशाहान्तः । ऊर्ध्वं तु पक्षिणी ।

पिता-माताको मृत्युमा कन्यालाई आशौच

पिता-माताको मृत्युमा कन्यालाई तीनदिनको आशौच लाग्दछ । **माधवीयमा** उद्धृत **बृहस्पतिको** वचनमा विवाहित कन्याहरूले बाबु-आमा मरेमा तीनदिन वार्नुपर्छ भन्ने **यमको** वचन अग्रसारित गर्दै भनिएको छ – 'विवाहित पुत्रीहरूले बाबु-आमाको मृत्यु हुँदा तीनरात आशौच बारेपछि शुद्धि हुन्छ ।' ग्रन्थकार भन्दछन् – 'यो तीनरात बार्ने कुरा दशदिनभित्र सुनिएको पक्षमा हो । पछि सुनिएमा त पक्षिणीमात्र बार्नुपर्दछ ।'

ऊढायाः कन्यायाः भ्रातृभगिन्योरन्योन्यगृहे च मरणे आशौचम्

भ्रातुर्भगिनीगृहे, तस्या वा तद्गृहे मृतौ त्रिरात्रम् । अन्यत्र पक्षिणीति षडशीतावुक्तम् ।

ब्राह्मेऽपि – **परस्परं मृतौ भ्रातृभगिन्योः पक्षिणी भवेत् । मातुलाशौचवत्पुत्र्याः पितृव्याशौचमिष्यते।।** इति । शिष्टास्त्वस्य निर्मूलत्वात्पितृव्ये स्नानमात्रमाहुः ।

दाजु-भाइ, दिदी-बहिनीको सम्बन्धमा

विवाहित दिदी वा बहिनी दाजु वा भाइको घरमा मरेमा अथवा दाजु वा भाइ दिदी वा बहिनीको घरमा मरेमा तीनरात आशौच लाग्दछ । अन्यत्र मरेमा दुवैथरिले पक्षिणी आशौच बार्नुपर्दछ भन्ने कुरा **षडशीतिमा** बताइएको छ ।

ब्रह्मपुराणमा भनिएको छ – दाजुभाइका घरमा दिदीबहिनी र दिदीबहिनीका घरमा दाजुभाइ मरेमा दुवैथरिले पक्षिणी बार्नुपर्दछ । कन्याले मामाको आशौचसरह जेठाबा, कान्छाबा आदिको आशौच बार्नुपर्दछ । शिष्ट मानिसहरू भने माथिको वचन प्रमाणहीन भएकाले कन्या आफ्ना जेठाबा-कान्छाबाको मृत्यु हुँदा स्नान गरेपछि मात्र शुद्ध हुन्छिन् भन्दछन् ।

त्रिंशच्छ्लोकिमते आचार्यमातामहादीनां मरणे आशौचम्

त्रिंशच्छ्लोक्याम् –

प्रेतेष्वाचार्यमातामहदुहितृसुतश्रोत्रियर्त्विक्सयाज्य-
स्वस्त्रीयेषु त्रिरात्रं त्रिदिवसमशुचिः सोदकस्तूभयत्र ।
पक्षिण्याशौचमृत्विग्दुहितृसुतसहाध्यायिबन्धुत्रयान्ते-
वासिश्वश्रूसुमित्रश्वशुरभगिनिकाभागिनेयप्रयाणे ।।
मातामह्यां च पित्रोः स्वसरि च विरता मातुले मातुलान्यां,
चाथो सज्योतिरेव स्वविषयनृपतौ ग्रामनाथे च नष्टे ।
शिष्योपाध्यायबन्धुत्रयगुरुतनयाचार्यभार्यासगोत्रा-
नूचानश्रोत्रियेषु स्वगृहपरमृतौ मातुले चैकरात्रम् ।।
रात्रिं सब्रह्मचारिण्यथ तु कथमपि स्वल्पसम्बन्धयुक्ते,
स्नानं वासोयुतं स्यादिदमपि सकलं सर्ववर्णेषु तुल्यम् ।।

इति । अत्र मूलं मिताक्षरादौ स्पष्टम् ।

त्रिंशच्छ्लोकीको मतमा आचार्य आदिको मृत्युविचार

त्रिंशच्छ्लोकीमा भनिएको छ – आचार्य, मातामह, दौहित्र = छोरीको छोरा, श्रोत्रिय, ऋत्विक्, यजमान र भानिजको मृत्युमा तीनरात आशौच बार्नुपर्दछ । सोदकलाई दुवैतर्फ आशौच लाग्दछ ।

ऋत्विक्[१७], कन्यापुत्र अर्थात् छोरीतर्फको नाति, सहपाठी, बन्धुत्रय[१८], शिष्य, सासू, मित्र, ससुरा, दिदी–बहिनी, भाञ्जाहरूको मृत्युमा पक्षिणीआशौच लाग्छ । मातामही, फुपू, ठूलीआमा, सानीआमा, मामा र गाउँको मुखिया, देशको शासक एवं माइजूको मृत्युभएमा सज्योति[१९]आशौच बार्नुपर्दछ । शिष्य, उपाध्याय, बन्धुत्रय, गुरुपुत्र, आचार्यकी पत्नी, सगोत्र, विद्वान् श्रोत्रिय यी आफ्नो घरमा मरेमा एकरात आशौच लाग्दछ । सतीर्थ्य मर्दा पनि एकरात आशौच बार्नुपर्दछ।

आफूसँग कुनै प्रकारको सानो–तिनो सम्बन्ध भएको मानिस मर्दा सचैलस्नान गरेपछि शुद्धि हुन्छ । यो नियम सबै वर्णका मानिसहरूलाई समानरूपमा लागु हुन्छ । यसको विस्तार **मिताक्षरा**मा हेर्नुपर्दछ ।

दौहित्रभागिनेयोराशौचम्

दौहित्रभागिनेययोरुपनीतयोस्त्रिरात्रम् । अनुपनीतयोः पक्षिणी ।

संस्थिते पक्षिणीं रात्रिं दौहित्रे भगिनीसुते । संस्कृते तु त्रिरात्रं स्यादिति धर्मो व्यवस्थितः ।।

इति वृद्धमनूक्तेः । संस्कृते दाहेन । तेन दाहे त्रिरात्रं नान्यथेति गौडाः । तन्न, विशेषवैयर्थ्यात् ।

छोरीतर्फको नाति र भाञ्जाको आशौच

व्रतबन्ध गरेका छोरीतर्फका नाति र भाञ्जा मरेमा तीनरात आशौच बार्नुपर्दछ । व्रतबन्ध नगरिएका भए तिनीहरूको पक्षिणी आशौच बार्नुपर्दछ । यस विषयमा **वृद्धमनु**ले भनेका छन् – छोरीतर्फको नाति र भाञ्जा मरेमा पक्षिणी रात्रि आशौच लाग्दछ तर तिनीहरूको व्रतबन्ध गरिएको भएमा तीनरात बार्नुपर्दछ भनी आशौचधर्मको व्यवस्था बाँधिएको छ।

यहाँ **गौडहरू** भन्दछन् – **संस्कृते**को अर्थ दाह गरिएको भन्ने हो । त्यसैले दाह गरिएको भए तीनरात बार्नुपर्दछ, अन्यथा बार्नुपर्दैन भन्ने तर्क गर्दछन् । तर, यो भनाइ उचित छैन । किनकि दाह गर्ने पक्षमा छोरीतर्फका नाति र भाञ्जाको तीनदिन आशौच र भाइ आदिको सद्यआशौचको नियम उचित हुँदैन ।

मातुलादीनां सन्निधिदूरदेशयोर्मरणे आशौचम्

मातुलादौ सन्निधिविदेशाभ्यां पक्षिण्येकाहयोर्व्यवस्था । मनुः –

त्रिरात्रमाहुराशौचमाचार्ये संस्थिते सति । तस्य पुत्रे च पत्न्यां च दिवारात्रमिति स्थितिः ।।

---

१७. अग्निको आधान र अग्निष्टोम आदि पाकयज्ञमा वरण गरिने ब्राह्मण ।

१८. त्रिविधबान्धव – आत्मपितृष्वसुः पुत्रा आत्ममातृष्वसुः सुताः । आत्ममातुलपुत्राश्च विज्ञेया आत्मबान्धवाः ।।
पितुः पितृष्वसुः पुत्राः पितुर्मातुष्वसुः सुताः । पितुर्मातुलपुत्राश्च विज्ञेयाः पितृबान्धवाः ।।
मातुः पितृष्वसुः पुत्रा मातुर्मातृष्वसुः सुताः । मातुर्मातुलपुत्राश्च विज्ञेया मातृबान्धवाः ।।
– आत्मबन्धुत्रय, पितृबन्धुत्रय, मातृबन्धुत्रय अर्थात् नौथरि बन्धुहरू । आफ्ना फुपूका सन्तान, सानीआमा–ठूलीआमाका सन्तान र मामाका सन्तान यिनीहरूलाई आत्मबन्धुत्रय भनिन्छ । पिताका फुपूका छोरा, पिताका सानीआमा–ठूलीआमाका छोरा, पिताका मामाका छोरा यिनीहरूलाई पितृबन्धुत्रय भनिन्छ । आमाका फुपूका छोरा, आमाका सानीआमा–ठूलीआमाका छोरा र आमाका मामाका छोरा यिनीहरूलाई मातृबन्धुत्रय भनिन्छ । – धर्मसिन्धु ।

१९. दिनमा मरेमा राति स्नान गर्ने र रातमा मरेमा दिनमा स्नान गरी शुद्ध हुने आशौचलाई सज्योति भनिन्छ ।

मामा आदिको समीपमृत्यु र विदेशमृत्युमा विचार

मामा आदि नजिकैमा मरेका छन् भने पक्षिणीआशौच लाग्दछ । तर तिनीहरू विदेशमा मरेमा एकदिन आशौच लाग्दछ । **मनुले** भनेका छन् – आचार्यको मृत्यु भएमा तीनरात आशौच बार्नुपर्दछ । आचार्यकी पत्नी वा पुत्रको मृत्यु हुँदा एकअहोरात्र आशौच बार्नुपर्दछ ।

श्रोत्रिये स्वगृहे मृते

श्रोत्रिये स्वगृहे मृते त्रिरात्रम् – '**श्रोत्रिये तूपसम्पन्ने त्रिरात्रमशुचिर्भवेत्**' इति स्मृतेरिति माधवः । एकग्रामीणे त्वेकाहः ।

श्रोत्रिय आफ्नो घरमा मरेमा

श्रोत्रिय आफ्नो घरमा मरेमा तीनरात आशौच बार्नुपर्दछ । **माधव** भन्दछन् – 'श्रोत्रिय नजिकै मरे पनि तीनरात आशौच बार्नुपर्ने कुरा **स्मृतिमा** बताइएको छ' । आफ्नै गाउँ वा नगरको श्रोत्रिय मरेमा एकदिन आशौच बार्नुपर्दछ ।

ऋत्विगादिविषये विचारः

ऋत्विजि बह्वल्पकालश्रौतस्मार्तयाजनपरे त्रिरात्रैकरात्रे ज्ञेये । यद्यपि कर्म कुर्वत एष वाचकः शब्दो भवतीति शम्बराचार्यैः कर्ममध्ये ऋत्विक्त्वमुक्तम्, तथापि कर्मण्याशौचनिषेधात्तदुत्तरमेवैतज्ज्ञेयम् ।

गौडास्तु– **समानोदकानां त्र्यहो गोत्रजानामहः स्मृतम् । मातृबन्धौ गुरौ मित्रे मण्डलाधिपतौ तथा।।** इति जाबालोक्तेर्मातृबन्धोरेकाहमाहुः । शिष्ये तूपनीते त्र्यहः, '**शिष्यसतीर्थसब्रह्मचारिषु क्रमेण त्रिरात्रमहोरात्रमेकाहः**' इति माधवीये बौधायनोक्तेः ।

अन्यत्र तु मनुः – '**मातुले पक्षिणीं रात्रिं शिष्यर्स्विग्बान्धवेषु च**' इति ।

ऋत्विक् आदिको मृत्युमा विचार

धेरै समय वा थोरै समय अघिदेखि आफ्नो घरमा आई वैदिक कर्म गराउने ऋत्विक्को मृत्यु भएमा तीनरात आशौच बार्नुपर्दछ । यदि कुनै ऋत्विक्ले स्मार्त कर्ममात्र गराएका छन् भने ती मर्दा एकदिनमात्र आशौच लाग्दछ । यद्यपि यो ऋत्विक्शब्दबाट यज्ञकर्म गराउने भन्ने अर्थको बोध हुन्छ तथापि **शम्बराचार्यले** कर्मको बीचमा मात्र ऋत्विक्शब्दको प्रयोग गरिन्छ, अरूबेला तिनलाई ब्राह्मणमात्र भनिन्छ भनेका छन् । यसो हो तापनि कर्म गरिरहेको अवस्थामा आशौच नलाग्ने हुँदा कर्म सकिएपछि पनि ऋत्विक्शब्दको प्रयोग हुने र आशौच लाग्ने कुरा परम्परित छ ।

गौडहरू भन्दछन् – 'माताका बन्धु, गुरु, मित्र र देशका शासकको मृत्यु हुँदा सोदकले तीनदिन आशौच बार्नुपर्दछ र सगोत्रले एकदिन आशौच बार्नुपर्दछ ।' यो **जाबालको** भनाइबाट मातृबन्धुका निमित्त एकदिनको आशौच लाग्दछ । उपनीत शिष्यको मृत्यु भएमा तीनदिन आशौच लाग्दछ । **माधवीयमा** उद्धृत **बौधायनको** मतअनुसार – शिष्यको मृत्यु भएमा तीनदिन आशौच बार्नुपर्दछ । सतीर्थ्यको मृत्यु भएमा एकअहोरात्र आशौच बार्नुपर्दछ र ब्रह्मचारी मरेमा एकदिनको आशौच बार्नुपर्दछ । अन्यत्र त **मनुले** भनेका छन् – मामाको मृत्यु भएमा पक्षिणीरात्रि र शिष्य, ऋत्विक् तथा बान्धवहरूको मृत्यु भएमा पक्षिणीआशौच लाग्दछ ।

बन्धुत्रयस्य निर्णयः

बन्धुत्रयम् – आत्मपितृष्वसृमातृष्वसृमातुलपुत्राः, पितुः पितृष्वसृमातृष्वसृमातुलपुत्राः, मातुः पितृष्वसृमातृष्वसृमातुलपुत्राश्चेति विज्ञानेश्वरः । अत्र पक्षिणी ।

बन्धुत्रयको निर्णय

बन्धु तीनप्रकारका हुन्छन् – **आत्मबन्धु** – आफ्नी फुपूका छोरा, आफ्ना सानीआमा–ठूलीआमाका छोरा र मामाका छोरा यी आफ्ना तीनप्रकारका बन्धुलाई आत्मबन्धु भनिन्छ ।

पितृबन्धु – पिताका फुपूका छोरा, पिताका सानीआमा–ठूलीआमाका छोरा र पिताका मामाका छोरा यी तीनप्रकारका पिताका बन्धुलाई पितृबन्धु भनिन्छ ।

मातृबन्धु – माताका फुपूका छोरा, माताका सानीआमा–ठूलीआमाका छोरा र माताका मामाका छोरा यी तीनप्रकारका माताका बन्धुलाई मातृबन्धु भनिन्छ भन्ने कुरा **विज्ञानेश्वरले** बताएका छन् । उक्त नौथरि बन्धुहरूको मृत्यु भएमा पक्षिणी आशौच लाग्दछ।

पितृष्वस्त्रादिकानामाशौचविचारः

पितृष्वस्त्रादिकानामूढानां त्वेकाहः । **'तद्बन्धुवर्गस्त्वेकेन'** इति पूर्वोक्तब्राह्मादिति केचित् । यत्तु षडशीत्याम्–

एवं पित्रोर्भगिन्यौ ये ये पितामहयोस्तथा । ये मातामहयोश्चैव भगिन्यौ तत्प्रजाश्च याः ।।

मातुलाः स्वस्य पित्रोश्च पत्न्यश्चैषां प्रजाश्च याः । भ्रातरश्चेति सर्वेषु पक्षिणी स्वगृहे त्र्यहम् ।।

एवं श्वशुरजामातृदौहित्रविपदि स्मृतम् ।

फुपूकी छोरीको मृत्यु भएमा

'पिताका दिदी–बहिनी अर्थात् फुपू आदि विवाहित महिलाहरूको मृत्यु भएमा एकदिन आशौच बार्नुपर्दछ । तिनीहरूका बन्धुवर्गको मृत्यु हुँदा एकदिन आशौच लाग्छ' भन्ने कुरा **ब्रह्मपुराणको** वचनअनुसार भनिएको हो भनी कसैले भनेका छन् । **षडशीतिमा** भनिएको छ – पिताका दिदी–बहिनी, पितामहका दिदी–बहिनी, मातामहका दिदी–बहिनी र तिनका सन्तान, पिताका मामा–माइजु र तिनका सन्तान र दाजुभाइको मृत्यु हुँदा पक्षिणीआशौच लाग्दछ । तिनीहरू आफ्नै घरमा मरेमा तीनदिन आशौच लाग्दछ । यसैगरी ससुरा, ज्वाइँ र छोरीतर्फका नातिहरूको मृत्युमा पनि जान्नुपर्दछ ।

जामातृमरणे श्यालकमरणे च विचारः

यच्च यमः –

जामातरि मृते शुद्धिस्त्रिरात्रेणोभयोः स्मृता । पक्षिणी शालकानां स्यादिति शातातपोऽब्रवीत् ।।

इति तन्निर्मूलत्वात्, मिताक्षरादिविरोधाच्चोपेक्ष्यम् ।

ज्वाइँ र साला–जेठानको मृत्यु हुँदा

यमले भनेका छन् – ज्वाइँको मृत्यु भएमा सासू–ससुरालाई तीनदिन आशौच लाग्दछ । साला–जेठान मरेमा भिनाजु वा बहिनी ज्वाइँलाई पक्षिणीरात्रि आशौच लाग्दछ भन्ने कुरा **शातातपले** बताएका छन् । ग्रन्थकार भन्दछन् – तर

यो मत प्रमाणरहित भएकाले र मिताक्षराको वचनविरुद्ध भएकाले पनि अग्राह्य छ ।

असपिण्डे स्वगृहे मृते विचारः

मदनपारिजाते विष्णुः – असपिण्डे स्ववेश्मनि मृते एकरात्रम् ।

असपिण्ड व्यक्ति आफ्नै घरमा मरेमा

मदनपारिजातमा उद्धृत **विष्णुको** वचनमा भनिएको छ – आफ्नो घरमा असपिण्ड व्यक्तिको मृत्यु भएमा एकरात आशौच बार्नुपर्दछ ।

ग्रामे शवे चेद् विचारः

अत्र हरदत्तः – '**अन्तःशवे च**' इत्यापस्तम्बसूत्रतः शवे ग्रामे धनुःशतादर्वागन्नमभोज्यम् ।

दीपमुदकुम्भं चोपनिधाय भुञ्जीत यदि समानवंशं न गृहमेव सूतिकायामित्याह ।।

गाउँ वा टोल-छिमेकमा लाश रहेमा

आपस्तम्बको अन्तःशवे भन्ने सूत्रअनुसार गाउँमा आफ्नो घरदेखि एकसय धनुपरिमाणको सीमाभित्र लाश रहेको अवस्थामा भोजन गर्न हुँदैन । त्यो लाश आफ्नो वंशका मानिसको नभएमा आफ्नो घरमा आफ्ना सामु बत्ती र जलकलश राखेर भोजन गर्नुपर्दछ भन्ने कुरा हरदत्तले बताएका छन् । सुत्केरीको विषयमा पनि यस्तै कुरा बताइएको छ।

प्रधानगृहे असपिण्डमृते विचारः

प्रधानगृहमृतौ तु –

गृहे यस्य मृतः कश्चिदसपिण्डः कथञ्चन । तस्याप्यशौचं विज्ञेयं त्रिरात्रं नात्र संशयः ।।

इत्यङ्गिरसोक्तमिति माधवः । एतेन – '**त्रिरात्रमसपिण्डेषु स्वगृहे संस्थितेषु च**' इति कौर्मे व्याख्यातम् ।

आफ्नो मूल घरमा असपिण्ड मरेमा

माधव भन्दछन् – जसको प्रधानघर अर्थात् बूढो घरमा कुनै असपिण्डमानिस मर्दछ भने त्यसका निमित्त तीनरात आशौच बार्नुपर्दछ, यसमा कुनै संशय छैन भन्ने कुरा **अङ्गिराले** बताएका छन् । 'असपिण्डव्यक्ति आफ्नै घरमा मरेमा पनि तीनरात आशौच बार्नुपर्दछ' भन्ने कुरा **कूर्मपुराणले** पनि बताएको छ ।

द्विजमन्दिरे श्वशूद्रपतितादिमृतेषु विचारः

शुद्धितत्त्वे बृहन्मनुः –

श्वशूद्रपतिताश्चान्त्या मृताश्चेद् द्विजमन्दिरे । शौचं तत्र प्रवक्ष्यामि मनुना भाषितं यथा ।।

दशरात्राच्छुनि मृते मासाच्छूद्रे भवेच्छुचिः । द्वाभ्यां तु पतिते गेहमन्त्ये मासचतुष्टयात् ।।

अत्यन्त्ये वर्जयेद् गेहमित्येवं मनुरब्रवीत् । अन्त्यः – म्लेच्छः। अत्यन्त्यः – श्वपाक इति वाचस्पतिः ।

तत्रैव यमः – **द्विजस्य मरणे वेश्म विशुद्ध्यति दिनत्रयात् ।**

संवर्तः – **गृहशुद्धिं प्रवक्ष्यामि अन्तस्थशवदूषिते । प्रोत्सृज्य मृन्मयं भाण्डं सिद्धमन्नं तथैव च ।।**
गोमयेनोपलिप्याथ छागेन घ्रापयेद् बुधः । ब्राह्मणैर्मन्त्रपूतैश्च हिरण्यकुशवारिभिः ।।
सर्वमभ्युक्षयेद्वेश्म ततः शुद्ध्यत्यसंशयम् ।

ब्राह्मणको घरमा चाण्डाल आदि मरेमा

ब्राह्मणको घरमा कुकुर, शूद्र, पतित, गोमांसभोजी, म्लेच्छ र अन्त्यज मरेमा **मनुले** जसरी आशौचको व्यवस्था गरेका छन् तदनुसार बताइन्छ – ब्राह्मणको आफ्नै घरमा कुकुर मरेमा दशरातपछि मात्र घर शुद्ध हुन्छ । शूद्र मरेमा एकमहिनापछि त्यो घर शुद्ध हुन्छ । पतित मरेमा दुईमहिनापछि मात्र घरको शुद्धि हुन्छ । म्लेच्छ मरेमा चारमहिनापछि मात्र घर शुद्ध हुन्छ । **अत्यन्त्य** अर्थात् चाण्डाल मरेमा त्यो घर सदाका लागि त्याग गर्नुपर्दछ भनिएको छ । त्यहीं **यमले** भनेका छन् – घरमा ब्राह्मण मरेमा तीनदिनपछि शुद्धि हुन्छ ।

घरभित्र लाश परेका कारण दूषित भएमा त्यसलाई कसरी शुद्ध गर्ने भन्ने विषयमा म उपाय बताउँछु भन्दै **संवर्त** भन्दछन् – दूषितघरभित्र रहेका माटाका भाँडा र पाकेको अन्न फ्याँकी दिनुपर्दछ । त्यसपछि गोबरले घर लिपेर एउटा बोको ल्याई घर सुँघाउनुपर्दछ । ब्राह्मणद्वारा उच्चारण गरिएको पवित्रमन्त्रद्वारा अभिमन्त्रित सुन मिसिएको कुशोदकले अभिषेचन गरेपछि शुद्धि हुन्छ । यसमा कुनै संशय छैन । यसको मूलमा रहेको '**छागेन घ्रापयेद् बुधः**' भन्ने वाक्यअनुसार बोका ल्याएर सुँघाउनु पर्दछ भनिएको हो । कहीँ फेरि '**प्रापयेद् बुधः**' भन्ने पाठ पनि पाइन्छ । तदनुसार 'घरमा बोकालाई पुऱ्याउनुपर्छ' भन्ने अर्थ हुन्छ ।

ग्राममध्ये शवस्तिष्ठति चेत्

बृहद्विष्णुः – **ग्राममध्यगतो यावच्छवस्तिष्ठति कस्यचित् । ग्रामस्य तावदाशौचं निर्गते शुचितामियात् ।।**

गाउँ-बस्तीमा लाश रहँदा आशौच

बृहद्विष्णुको भनाइ छ कि – गाउँको माझमा लाश रहेसम्म पूरा गाउँलाई आशौच लाग्दछ । लाश उठाएपछि मात्र गाउँको आशौच निवृत्ति हुन्छ ।

गृहे पश्चादौ मृते

गृहे पश्वादौ मृतेऽप्येवम् । यत्तु माधवीये प्रचेतसा मातृष्वस्त्रादिषु त्रिरात्रमुक्तम् –
मातृष्वसृमातुलयोः श्वश्रूश्वशुरयोर्गुरोः । मृते चर्त्विजि याज्ये च त्रिरात्रेण विशुद्ध्यति ।। इति ।
गुरुराचार्यः । ऋत्विक्कुलागतः । तत्स्वगृहमृतौ ज्ञेयम् । श्वशुरयोरन्यत्र मृतावपि सन्निधौ त्रिरात्रम्, असन्निधौ पक्षिणी, देशान्तरे एकरात्रम्, वक्ष्यमाणविष्णूक्तेरिति माधवगौडादयः ।
अन्यत्र तु मातृष्वस्त्रादिषु पक्षिणी, पित्रोः स्वसरि तद्वच्च पक्षिणीं क्षपयेत्रिशाम् ।। इति बृहन्मनूक्तेः।
यत्तु वृद्धमनुः – **भगिन्यां संस्थितायां (संस्कृतायां) तु भ्रातर्यपि च संस्थिते (संस्कृते) ।**
मित्रे जामातरि प्रेते दौहित्रे भगिनीसुते । शालके तत्सुते चैव सद्यःस्नानेन शुद्ध्यति ।।
इति तद्भ्रातृदौहित्रादौ देशान्तरे, शालकसुतजामात्रोः स्वदेशे ज्ञेयम् । शालके तु स्वदेशे एकाहः **'आचार्यपत्नी-**

पुत्रोपाध्यायमातुलश्वशुरश्वश्रूश्वशुर्यसहाध्यायिशिष्येष्वेकरात्रम्' इति माधवीये विष्णूक्तेः । हरदत्तीये दशश्लोक्यामप्येवम् । श्वशुर्यः – शालकः । देशान्तरे स्नानम् । श्वशुरयोर्देशान्तरे एकाहः ।

जाबालः – **'एकोदकानां तु त्र्यहो गोत्रजानामहः स्मृतम् ।'** सर्वत्र मूलाभावेऽपि क्रियाकर्तुर्दशाहः ।।

गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरेत् । प्रेताहारैः समं तत्र दशरात्रेण शुद्ध्यति ।।

इति मनूक्तेः । शिष्य इत्युपलक्षणम् ।

निरन्वये सपिण्डे तु मृते सति दयान्वितः । तदाशौचं पुरा चीर्त्वा कुर्यात्तु पितृवत्क्रियाम् ।।

इति माधवीये ब्राह्मोक्तेः । दिवोदासीये –

सगोत्रो वाऽसगोत्रो वा योऽग्निं दद्यात्सखे नरः । सोऽपि कुर्यान्नवश्राद्धं शुद्ध्येच्च दशमेऽहनि ।।

यत्रैकविषये पक्षिण्येकाहादिपक्षद्वयमुक्तम्, तत्र सन्निधिविदेशमैत्र्यादिकृता व्यवस्था ।

घरमा पशु मरेमा

घरमा पशु मरेमा पशुको लाश रहेसम्म घरलाई आशौच लाग्दछ । **माधवीय** ग्रन्थमा माताका दिदी–बहिनी आदि मरेमा तीनरात आशौच लाग्ने कुरा बताउँदै भनिएको छ – माताका दिदी–बहिनी, मामा, सासू–ससुरा, गुरु, आचार्य, ऋत्विक् र यजमान आफ्नो घरमा मरेमा तीनरात आशौच बार्नुपर्दछ ।

माधवीयको वचनमा प्रयोग गरिएको **गुरु**शब्दको अर्थ आचार्य हो । **ऋत्विक्**शब्दको अर्थ वंशपरम्पराबाट आएको वेदपाठी ब्राह्मण हो । यी दुवै आफ्नो घरमा मर्दा तीनरात आशौच लाग्छ । सासू–ससुरा आफ्नो घरबाहेक अन्यत्र वा नजिकै मरेमा तीनदिन आशौच लाग्दछ भने टाढा मरेमा पक्षिणीआशौच लाग्दछ । देशान्तरमा मरेमा एकरात आशौच लाग्दछ भन्ने कुरा पछि **विष्णु**को वचनमा बताइनेछ भनी **माधव**, **गौड** आदिले भनेका छन् ।

यीबाहेक सानीआमा–ठूलीआमा र फुपूको पक्षिणीमात्र आशौच लाग्दछ भन्ने कुरा बताउँदै **वृद्धमनु**ले भनेका छन्– यसैगरी फुपूहरू मरेमा पनि पक्षिणी रात्रि आशौच बार्नुपर्दछ ।

फेरि **वृद्धमनु**ले – 'विवाहित दिदी–बहिनी, विवाहित दाजु–भाइ, मित्र, ज्वाइँ, छोरीतर्फको नाति, भाञ्जा, सालो र सालोको छोरा मरेमा सुन्नेबित्तिकै स्नान गरेपछि शुद्धि हुन्छ' भनी नियमनिर्धारण गरेका छन् । त्यसको तात्पर्य के हो भने दाजु–भाइ एवं दिदी–बहिनी देशान्तरमा मरेमा सद्यःस्नानबाट आशौचनिवृत्ति हुन्छ । सालाको छोरा र ज्वाइँ स्वदेशमा परे पनि सद्यःस्नानबाट शुद्धि हुन्छ ।

उक्त विषयलाई लिएर ग्रन्थकार आफ्नो मत प्रकट गर्दै भन्दछन् – माथि जे भनिए पनि सालो स्वदेशमा मर्दा एकदिनको आशौच लाग्दछ । गुरुपत्नी, गुरुपुत्र, उपाध्याय, मामा, ससुरा, सासू, सालो, सहपाठी र शिष्यको मृत्यु हुँदा एकरात आशौच बार्नुपर्दछ भन्ने कुरा **विष्णु**ले बताएका छन् । **हरदत्त**ले बनाएको **दशश्लोकी**मा पनि यही कुरा बताइएको छ। माथि मूलमा प्रयुक्त '**श्वसुर्यः**' शब्दको अर्थ सालो हो । सालो देशान्तरमा मरेमा स्नानबाट मात्र शुद्धि हुन्छ । सासू–ससुरा देशान्तरमा मरेमा एकरात आशौच बार्नुपर्दछ ।

जाबाल भन्दछन् – सोदकको मृत्युमा तीनदिन आशौच लाग्दछ भने सगोत्रको मृत्युमा एकदिनको आशौच लाग्दछ । शास्त्रमा खासै प्रमाण नभेटिए पनि क्रिया गर्ने मानिसलाई जहाँसुकै दशदिन आशौच बार्ने प्रचलन रहेको छ ।

मनुले भनेका छन् – असपिण्ड गुरु मरेमा शिष्यले गुरुका बन्धुहरूका साथ श्मशानक्रिया आदिमा संलग्नता देखाएमा उसले पनि गुरुका बन्धुहरूले झैं दशदिन आशौच बार्नुपर्दछ । यो वचन शिष्यका निमित्त उपलक्षण मात्र हो ।

सन्तानरहित सपिण्ड मरेमा दयावान् व्यक्तिले त्यसको आशौच स्वीकार गरी पिताकै समान क्रिया गर्नुपर्दछ भन्ने कुरा **माधवीय**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा बताइएको छ ।

दिवोदासीयमा भनिएको छ– समानगोत्र हुने सगोत्र र भिन्न गोत्र हुने असगोत्रको मृत्युमा जसले दागबत्ती दिन्छ त्यसले नवश्राद्ध अर्थात् दशपिण्ड दिने काम पनि गर्नुपर्दछ । त्यो व्यक्ति दसौं दिनमात्र शुद्ध हुन्छ । ग्रन्थकार भन्दछन् – आशौच प्रकरणमा कुनै व्यक्तिको मृत्युमा आशौच बार्नुपर्ने मानिसका निमित्त कतै पक्षिणी बार्नुपर्दछ भन्ने र कतै एकरात बार्नुपर्दछ भन्ने मत प्रकट गरिएको पाइन्छ । यो भेद हुनुमा समीपस्थिति, विदेशस्थिति र मैत्री आदि सम्बन्ध कारक बनेर रहेका हुन्छन् ।

युद्धे मृतस्याशौचम्

त्रिंशच्छ्लोक्याम् – **वानप्रस्थे यतौ चोपरमति कुलजे षण्ढके चाप्लवः स्याद्,**
योषिद्गोविप्रगुप्त्यै मृतवति तु दिनं युद्धविद्धे च सद्यः ।

अत्र मूलमाकरे स्पष्टम् । युद्धमूर्ध्नि मृतस्य स्नानम् ।

'उद्यतैराहवे शस्त्रैः क्षत्रधर्महतस्य च । सद्यः सन्तिष्ठते यज्ञस्तथाशौचमिति स्थितिः ।।'

इति मनूक्तेः । यज्ञोऽन्त्यकर्म । सर्वं तदैवेत्यर्थः । यस्तु भारते राजधर्मेषु –

अशोच्यो हि हतः शूरः स्वर्गलोके महीयते । नह्यन्नमुदकं तस्य न स्नानं नाप्यशौचकम् ।।

इति श्राद्धादिनिषेधः स पुत्राद्यभावपरः । अत एव तत्र कर्णादीनां श्राद्धमुक्तम् । अन्ये तु दशपिण्डनिषेधमाहुर्यतिवत्। यत्तु पराशरः – **'आहवेऽपि हतानां च एकरात्रमशौचकम्'** इति । तद्युद्धक्षतेन कालान्तरमृते ज्ञेयम् । असन्निधौ स्नानमिति माधवः।

युद्धमा मरेका व्यक्तिको आशौच

त्रिंशच्छ्लोकीमा बताइएको छ कि – 'वानप्रस्थ, यति र आफ्नै कुलको नपुंसक व्यक्ति मरेमा सद्यःस्नानबाट शुद्धि हुन्छ । नारी, ब्राह्मण र गाईको रक्षाका लागि ज्यान दिने मानिस जुनसुकै वर्ण र जहाँको भए पनि त्यसको लागि एकदिन आशौच बार्नुपर्दछ । युद्धको मैदानमा मर्ने पुरुषको मरणमा सद्यः शुद्धि हुन्छ ।' यो भनाइको प्रमाण धर्मशास्त्रका आकरग्रन्थमा स्पष्टरूपमा हेर्न सकिन्छ । युद्धभूमिमा मरेका वीरको आशौच स्नान गरेपछि निवृत्त हुन्छ।

युद्धमा वीरधर्म अँगालेर तलवार आदिको प्रहारबाट मृत्यु हुने वीरले तत्काल ज्योतिष्टोम आदि यज्ञको फल प्राप्त गर्दछ । त्यस्ता वीरको मृत्युमा सद्यःस्नान गरेपछि शुद्धि हुन्छ भन्ने शास्त्रको मर्यादा रहेको छ । ग्रन्थकार भन्दछन् – यसको मूलमा प्रयुक्त **यज्ञ** शब्दको अर्थ अन्त्यकर्म हो र आशौच तत्काल निवृत्त हुन्छ भनिएको छ।

शूरवीरको मृत्यु हुँदा शोक गर्न हुँदैन । किनकि त्यो वीरपुरुष सिधै स्वर्गमा जान्छ । त्यसका लागि अरूले दिइने अन्न, जल, स्नान र आशौच आदि कर्म आवश्यक हुँदैनन् भनी **महाभारत**को राजधर्म प्रकरणमा जसरी बताइएको छ त्यो मर्ने वीरको छोरा नभएमा अरूले किरिया गर्नुपर्दैन भन्नका लागि हो । त्यसैले **महाभारत**का कर्ण आदि वीरको मृत्युमा श्राद्ध गरिएको बताइएको छ । कसैले भने वीरक्षत्रियको और्ध्वदैहिकसंस्कार संन्यासीको जस्तै हुन्छ । त्यसैले माथिको वचन दशपिण्डको निषेधका निमित्त प्रयोग गरिएको हो भनेका छन् ।

फेरि **पराशर**ले 'युद्धभूमिमा मरेका वीरहरूको एकरात आशौच बार्नुपर्दछ' भनी जुन कुरा गरेका छन् त्यो युद्धमा घायल भई कालान्तरमा घरमा मर्ने वीरका निमित्त भनिएको हो । कालान्तरमा मृत्यु हुँदा टाढा रहेका आफन्तले स्नानमात्र गरी शुद्धि प्राप्त गर्दछन् ।

शृङ्गिदंष्ट्र्यादिभिर्हतानामाशौचम्

शुद्धितत्त्वे अग्निपुराणे –

दंष्ट्रिभिः शृङ्गिभिर्वापि हता म्लेच्छैश्च तस्करैः । ये स्वाम्यर्थे हता यान्ति राजन् ! स्वर्गं न संशयः ।।

सर्वेषामेव वर्णानां क्षत्रियस्य विशेषतः ।

दाह्रा र सिङ हुने जनावर आदिबाट मरेका मानिसको आशौच

शुद्धितत्त्वमा उद्धृत अग्निपुराणको वचनमा बताइएको छ कि – 'दाह्रा र सिङ भएका पशु, म्लेच्छ एवं चोर-डाँकाद्वारा मारिएका मानिस र आफ्नो स्वामीका निमित्त मारिएका मानिस सिधै स्वर्गमा जान्छन् भन्ने कुरामा कुनै सन्देह छैन ।'

गो-विप्र-रक्षणे मृतानामाशौचम्

यत्तु बृहस्पतिः –

डिम्बाहवे विद्युतां च राज्ञां गोविप्रपालने । सद्यःशौचं मृतस्याहुस्त्र्यहं चान्ये महर्षयः ।।

गाई र ब्राह्मणको रक्षा गर्दा मरेका मानिसको आशौच

बृहस्पतिले भनेका छन् – जुन युद्धमा राजा वा शासकको सहभागिता हुँदैन त्यसमा मारिएका मानिस, प्राणदण्ड पाएका मानिस र गाई एवं ब्राह्मणको रक्षाका लागि प्राण दिने मानिसको आशौच सद्यःस्नानबाट निवृत्त हुन्छ । केही ऋषिहरू उक्त मानिसहरूको तीनदिन आशौच बार्नुपर्दछ भन्दछन् ।

शस्त्रं विना पराङ्मुखे हते राज्ञा वध्ये हते च आशौचकथनम्

तच्छस्त्रं विना पराङ्मुखहते च त्रिरात्रम् । राज्ञा वध्ये हते सद्यःशौचमन्यत्र त्रिरात्रम् ।

युद्धबाट पराङ्मुख भई फर्केका सिपाहीको राजाद्वारा वध गरिँदा लाग्ने आशौच

जुन सिपाही युद्धमा शस्त्र प्रहारबाट नमरी युद्धबाट फर्किएको समयमा मारिन्छन् तिनको तीनरात आशौच बार्नुपर्दछ । राजाद्वारा मारिएका सिपाहीको आशौच सद्यःस्नानबाट निवृत्त हुन्छ । राजाद्वारा नमारिएर अरू कारणबाट मारिएका सिपाहीको भने तीनरात आशौच लाग्दछ ।

क्षतेन मृतस्याशौचम्

तत्रैव व्याघ्रः –

क्षतेन म्रियते यस्तु तस्याशौचं भवेद् द्विधा । आसप्ताहात्त्रिरात्रं स्याद्दशरात्रमतः परम् ।।

घायल भई मृत्यु हुनेहरूको आशौच

व्याघ्रले भनेका छन् कि युद्धमा घायल भई मरेका मानिसको आशौच दुईकिसिमको हुन्छ । घायल भएपछि सा..दनभित्र मरेमा तीनरात बार्नुपर्दछ भने सातदिनपछि मरेमा दशरात आशौच बार्नुपर्दछ ।

शस्त्राघातेन त्र्यहादूर्ध्वं मृते विचारः

शस्त्राघाते त्र्यहादूर्ध्वं यदि कश्चित्प्रमीयते । आशौचं प्राकृतं तस्य सर्ववर्णेषु नित्यशः ।।

शस्त्राघाते क्षतं विना ।

शस्त्राघात भई मृत्यु हुनेको आशौच

व्याघ्रले भनेका छन् – युद्धको मैदानमा शत्रुपक्षले प्रहार गरेको शस्त्रबाट घायल भई तीनदिनपछि मृत्यु भएमा सामान्य वर्णहरूमा लाग्ने नियमअनुसार आशौच बार्नुपर्दछ । मूलमा **शस्त्राघाते** शब्दको प्रयोग भएको छ । त्यसको अर्थ सिङ, नङ, दाह्रा आदि भएको जन्तुको आक्रमणबाट घाउ लागेको नभई युद्धमा गरिएको शस्त्रको प्रहारबाट घायल भएको भन्ने हुन्छ।

शवस्पर्शे आशौचकथनम्

शवस्पर्शे तु हारीतः – **शवस्पृशो ग्रामं न प्रविशेयुरानक्षत्रदर्शनाद् रात्रौ चेदादित्यस्य ।**

यत्तु मनुः –

अह्ना चैकेन रात्र्या च त्रिरात्रैरेव च त्रिभिः । शवस्पृशो विशुद्ध्यन्ति त्र्यहादुदकदायिनः ।। इति।

अह्ना रात्रा चेत्यहोरात्रमुक्तम् । त्रिभिस्त्रिरात्रैरिति नवरात्रमेवं दशरात्रमित्यर्थः । तत्तदन्नाशने तद्गृहे वासेऽनापदि च ज्ञेयम् । **अनदन्नन्नमह्नैव न चेत्तस्मिन् गृहे वसेत्** । इति तेनैवोक्तेः ।

शवस्पर्शमा आशौच

हारीत भन्दछन् – गाउँमा कुनै मानिसको मृत्यु भई दिनको समयमा शव उठाएर घाटमा लैजाने मलामीहरूले दिन समाप्त भई आकाशमा तारा उदाएपछि गाउँमा प्रवेश गर्नुपर्दछ र रातमा शव उठाएर घाटमा लैजाने मलामीहरूले रात सकिएर सूर्यको दर्शन गरेपछि मात्र गाउँमा प्रवेश गर्नुपर्दछ । उक्त समयभन्दा पहिले प्रवेश गर्न हुँदैन ।

मनुले जुन भनेका छन् – शवस्पर्श गर्नेहरू एकअहोरात्र बारेपछि शुद्ध हुन्छन् । स्नेह र आत्मीयतापूर्वक शवलाई स्पर्श गर्नेहरू दशरात बारेपछि शुद्ध हुन्छन् । फेरि उनैले भनेका छन् कि – मृत मानिसका घरको अन्न नखाने र त्यो घरमा नबस्ने मानिस भने एकदिन बारेपछि शुद्ध हुन्छ ।

संसर्गाशौचे कर्माधिकारः

अङ्गिराः – **आशौचं यस्य संसर्गादापतेद् गृहमेधिनः। क्रियास्तस्य न लुप्यन्ते गृह्याणां च न तद्भवेत् ।।**

संसर्गाशौचमा कर्म गर्ने अधिकार

जुन गृहस्थलाई संसर्गजन्य आशौच लाग्दछ त्यसले गर्दै आएका क्रियाहरूको लोप हुँदैन र त्यसले गर्ने कर्ममा कहिले पनि आशौच लाग्दैन ।

निर्हरणाद्याशौचकथनम्

अथ निर्हरणाद्याशौचम् । स्नेहेन सवर्णनिर्हरणे तदन्नाशने तद्गृहवासे च दशाहः । तदन्नानशने तद्गृहवासे त्र्यहः । गृहावासेऽन्नभक्षणे चैकाहः ।

मलामी आदिलाई लाग्ने आशौच

लाशलाई घाटमा लैजाँदा र अन्त्यकर्म सम्बन्धी अन्य कार्य गर्दा लाग्ने आशौचलाई **निर्हरणाशौच** भनिन्छ। प्रेमपूर्वक सवर्ण मृतकको लाश बोकेर घाट लैजाँदा, मृतकका घरको अन्न खाँदा र मृतककै घरमा निवास गर्दा दशदिन आशौच बार्नुपर्दछ। तर मृतकका घरको अन्न नखाई घरमा मात्र बसेमा तीनदिन आशौच बार्नुपर्दछ। घरमा पनि नबसी अन्नभक्षण गरेमा एकदिन आशौच लाग्दछ।

भृतिग्रहणेन निर्हरणे

भृतिग्रहणेन निर्हारदाहे च तज्जात्याशौचम्।

यदि निर्हरति प्रेतं प्रलोभाक्रान्तमानसः। दशाहेन द्विजः शुद्ध्येद् द्वादशाहेन भूमिपः ।।

मासार्द्धेन तु वैश्यस्तु शूद्रो मासेन शुद्ध्यति ।। इति कौर्मोक्तेः।

पैसा वा वस्तु लिएर लाश उठाउँदा

लाश बोकेवापत पारिश्रमिक लिने मानिसलाई दाहकर्ममा सामेलमात्र भएतापनि आफ्नो जातिअनुसारको आशौच लाग्दछ। कूर्मपुराणमा भनिएको छ – लोभमा परी लाश बोक्ने मानिस ब्राह्मण भएमा दशदिनको आशौच लाग्दछ। क्षत्रिय भए बाह्रदिन आशौच लाग्दछ, वैश्य भएमा पन्ध्रदिन आशौच लाग्दछ र शूद्र भएमा एकमहिना आशौच लाग्दछ।

विजातीयनिर्हरणे

विजातीयनिर्हरणे तु शवजातीयमाशौचम्। अत्र भृतिग्रहे द्विगुणम्।

अवरश्चेद्वरं वर्णं वरो वाप्यवरं यदि। वहेच्छवं तदाशौचं द्रव्यार्थे द्विगुणं भवेत् ।।

इति व्याघ्रोक्तेः। कौर्ममेतदिति गौडाः। दाहेऽप्येवम्। यत्तु ब्राह्मे –

योऽसवर्णं तु मूल्येन नीत्वा चैव दहेन्नरः। आशौचं तु भवेत्तस्य प्रेतजातिसमं नृप ।।

इति। तदापदि ज्ञेयम्। सोदकनिर्हरणे तु दशाह इति माधवः।

विजातीय लाश उठाउँदा

कसैले विजातीय लाश उठाउने काम गर्दछ भने जुन वर्णको लाश हो त्यही अनुसारको आशौच लाग्दछ। अर्थात् ब्राह्मण भए दशदिन, क्षत्रिय भए बाह्रदिन, वैश्य भए पन्ध्रदिन र शूद्र भए एकमहिना आशौच लाग्दछ। तर पारिश्रमिक लिएर लाश बोक्ने मानिसले निर्धारित अवधिभन्दा दुईगुणा बढी समय आशौच बार्नुपर्दछ। **व्याघ्रले** भनेका छन् कि पारिश्रमिक लिएर माथिल्लो वर्णको मानिसले तल्लो वर्णका मानिसको लाश बोकेमा र तल्लो वर्णका मानिसले माथिल्लो वर्णका मानिसको लाश बोकेमा निर्धारित अवधिभन्दा दुईगुणा बढी आशौच लाग्दछ। **गौडहरूले** यो वचन **कूर्मपुराणको** हो भनेका छन्। लाश बोक्ने मात्र होइन लाश जलाउनेलाई पनि यही नियम लागु हुन्छ। **ब्रह्मपुराणमा** भनिएको छ कि – जुन मानिसले पारिश्रमिक लिने गरी असवर्ण व्यक्तिको लाश बोकेर घाटमा पुऱ्याउँछ र दाहसंस्कार पनि गर्दछ त्यसलाई मरेका मानिसको जाति वा वर्णका लागि निर्धारित अवधिसम्म आशौच लाग्दछ। ग्रन्थकार भन्दछन्– उक्त नियम आपत्तिकालमा मात्र लागु हुन्छ। **माधव** भन्दछन् कि पैसा लिएर सोदकवर्गका मानिसको लाश लैजाने र दाहकर्मसमेत गर्नेले दशदिन आशौच बार्नुपर्दछ।

प्रेतालङ्करणे

अलङ्करणे तु शङ्खः –

कृच्छ्रपादोऽसपिण्डस्य प्रेतालङ्करणे कृते । अज्ञानादुपवासं स्यादशक्तौ स्नानमिष्यते ।।

लाशको श्रृङ्गार गर्दा

कुनै व्यक्तिले असपिण्ड मृतकको लाशलाई फूलमाला आदि सामग्रीबाट सजाउने काम गरेमा त्यसले कृच्छ्रपादनामक प्रायश्चित्त गर्नुपर्दछ ।[२०] अज्ञानले त्यसो गरेमा उपवास बसेपछि प्रायश्चित्त गरेसरह हुन्छ । उपवास गर्न असमर्थ भएमा स्नान गरेपछि शुद्धि हुन्छ ।

धर्मार्थमनाथसवर्णहरणे क्रियाकरणे च

धर्मार्थमनाथसवर्णहरणे क्रियाकरणे च द्विजस्यानन्तयज्ञफलम् । **'स्नानं प्राणायामोऽग्निस्पर्शश्च'** इति माधवीये। अग्निदेऽप्येवम् ।

प्रेतसंस्पर्शसंस्कारैर्ब्राह्मणो नैव दुष्यति । वोढा चैवाग्निदाता च सद्यः स्नात्वा विशुद्ध्यति ।।

इति अपरार्के वृद्धपराशरोक्तेः । मातुलत्वादिसम्बन्धे त्रिरात्रम् । **'असम्बन्धिद्विजान् वहित्वा दहित्वा च सद्यःशौचं, सम्बन्धे त्रिरात्रम्'** इति पैठीनसिस्मृतेः । गौतममिताक्षरायां वृद्धात्रिः –

सूतकाद् द्विगुणे शावं शावाद् द्विगुणमार्तवम् । आर्तवाद् द्विगुणा सूतिस्ततोऽपि शवदाहकः ।।

अत्र पूर्वेणोत्तरनिवृत्तिरित्यर्थः – इति विष्णुः ।

धर्मार्थ अनाथको लाश उठाई किरिया गर्दा

धर्मभावनाले अनाथसवर्णको लाश घाटमा पुऱ्याउँदा र किरिया गर्दा द्विजहरूले अनन्तपुण्य प्राप्त गर्दछन् । माधवीयमा भनिएको छ कि यस्ता द्विजहरूले आशौचपछि स्नान, प्राणायाम र अग्निस्पर्श गर्नुपर्दछ । ग्रन्थकार भन्दछन्– धर्मार्थ दाहसंस्कार सम्पन्न गराउनेले पनि अनन्तपुण्य प्राप्त गर्दछ र त्यसले पनि स्नान, प्राणायाम एवं अग्निस्पर्श गरेपछि आशौचबाट निवृत्ति प्राप्त गर्दछ ।

अपरार्कमा वृद्धपराशरले भनेका छन् – प्रेतस्पर्श र प्रेतसंस्कार गरेमा ब्राह्मण दूषित हुँदैन । लाश बोक्ने र दागबत्ती दिई दाहकर्म सम्पन्न गर्ने ब्राह्मण तत्काल स्नान गरेपछि शुद्ध हुन्छन् ।

पैठीनसिस्मृतिमा लेखिएको छ कि – मामा आदिलाई घाट पुऱ्याउँदा र दाह गर्दा तीनरात आशौच लाग्छ । कुनै नाता नपर्ने ब्राह्मणलाई बोकेर घाट पुऱ्याई दाहसंस्कार गर्दा सद्यःस्नान गरेपछि शुद्धि हुन्छ । नाता पर्ने मानिसका निमित्त उक्त कार्य गर्दा भने तीनरात आशौच बार्नुपर्दछ ।

गौतममिताक्षरामा वृद्ध अत्रिले भनेका छन् कि – 'जननाशौचभन्दा द्विगुणा अधिक मरणाशौच हुन्छ । मरणाशौचभन्दा दुईगुणा अधिक मासिकरजोदर्शन हुन्छ । मासिकरजोदर्शनभन्दा दुईगुणा अधिक प्रसूति अर्थात् सुत्केरो हुन्छ । प्रसूतिभन्दा

---

२०. **एकभक्तेन नक्तेन तथैवायाचितेन च । उपवासेन चैवायं पादकृच्छ्रः प्रकीर्तितः ।।** – एकदिन दिउँसोमा एकछाक भोजन, एकदिन नक्तभोजन, एकदिन अयाचित भोजन र एकदिन उपवास गरी जम्मा चारदिनमा गरिने प्रायश्चित्तलाई कृच्छ्रपादप्रायश्चित्त वा पादकृच्छ्रप्रायश्चित्त भनिन्छ । – या.स्मृ. ३/३१८ ।

दुईगुणा अधिक शवदाह हुन्छ ।' यहाँ पहिलो हुँदा दोस्रोको निवृत्ति, दोस्रो हुँदा तेस्रोको निवृत्ति इत्यादि क्रम बुझ्नुपर्दछ भनी विष्णुले बताएका छन् ।

ब्रह्मचारिणः शववहनादिहेतोः प्रायश्चित्तम्

विष्णुः – **मृतं द्विजं न शूद्रेण हारयेन्न शूद्रं द्विजेन ।** देवलः –

ब्रह्मचारी न कुर्वीत शववाहादिकां क्रियाम् । यदि कुर्याच्चरेत्कृच्छ्रं पुनः संस्कारमेव च ।।

याज्ञवल्क्यः – '**आचार्यपित्रुपाध्यायान्निर्हृत्यापि व्रती व्रती ।**' अनुगमने तु सपिण्डे न दोषः ।

विहितं हि सपिण्डानां प्रेतनिर्हरणादिकम् । तेषां करोति यः कश्चित्तस्याधिक्यं न विद्यते ।।

इति देवलोक्तेः । **दोषं स्यात्त्वसपिण्डस्य तत्रानाथक्रियां विना ।** इति हारीतोक्तेः ।

ब्रह्मचारिकृत शववहन र प्रायश्चित्त

विष्णुले भनेका छन् – शूद्रले ब्राह्मणको लाश बोक्न हुँदैन र ब्राह्मणले पनि शूद्रको लाश बोक्न हुँदैन । **देवल** भन्दछन्– ब्रह्मचारीले शव उठाउने काम गर्न हुँदैन । त्यसो गरेमा कृच्छ्रव्रत[२१] गरी पुनः संस्कार गर्नुपर्दछ।

याज्ञवल्क्य भन्दछन् – आचार्य, माता–पिता र उपाध्यायको शव बोकेर मसानघाटमा लैजाने काम गर्दा ब्रह्मचारीको व्रत खण्डित हुँदैन । बोकेर लगेका कारण लाग्ने निर्हरणआशौच भने बार्नुपर्दछ । सपिण्ड बन्धु मरेमा ब्रह्मचारीले शव नउठाई मलामीहरूका पछि–पछि मात्र गएमा कुनै दोष लाग्दैन ।

देवल भन्दछन् – सपिण्डहरूको मृत्यु हुँदा लाश बोकेर घाटतर्फ जानु, मलामीका पछि–पछि जानु, शवदाह गर्नु, उदकदान गर्नु आदि कर्म गर्दा ब्रह्मचारीलाई अधिक आशौच लाग्दैन ।

हारीत भन्दछन् – ब्रह्मचारीले असपिण्ड व्यक्तिको लाश उठाउने र दागबत्ती दिनेजस्ता काम गर्न हुँदैन । तर असपिण्ड व्यक्ति अनाथ भएमा त्यसो गर्दा दोष लाग्दैन ।

समोत्कृष्टवर्णानुगमने

समोत्कृष्टवर्णे तु माधवीये कण्वः –

अनुगम्य शवं बुद्ध्या स्नात्वा स्पृष्ट्वा हुताशनम् । सर्पिः प्राश्य पुनः स्नात्वा प्राणायामैर्विशुद्ध्यति।।

'**हीनवर्णे तु क्षत्रियेऽहः, वैश्ये पक्षिणी, शूद्रे त्रिरात्रम्, क्षत्रियस्य वैश्येऽहः, शूद्रे पक्षिणी, वैश्यस्य शूद्रेऽहः**' इति विज्ञानेश्वरः । माधवस्तु **विप्रस्य वैश्ये द्व्यहः, क्षत्रियस्य शूद्रेऽप्येवम्** । अन्यत्प्राग्वत् । स्नानाग्निस्पर्शघृताशनानि सर्वत्रेत्याह।

सम र उत्कृष्टको अनुगमन आदिमा

माधवीयमा उद्धृत **कण्वको** वचनमा भनिएको छ कि – समान र उत्कृष्टवर्णका व्यक्तिको मृत्यु हुँदा ब्रह्मचारीले बुद्धिपूर्वक मलामीहरूको अनुगमन–निर्हरण आदि कर्म गर्नुपरेमा ती कर्म सकिएपछि स्नान गरी अग्निस्पर्श गरेर घ्यू चाट्नु पर्दछ । त्यसपछि पुनः स्नान गरी प्राणायाम गरेपछि ब्रह्मचारी शुद्ध हुन्छ ।

---

२१. तीनदिनसम्म दिनमा मात्र भोजन, तीनदिनसम्म रातमा मात्र भोजन, तीनदिनसम्म अयाचित भोजन र तीनदिनसम्म पूर्ण उपवासपूर्वक गरिने प्रायश्चित्त ।

ब्रह्मचारीले आफूभन्दा तल्लो वर्णका मृतकहरूको लाश उठाउने आदि कर्म गरेमा त्यो मृतक क्षत्रियवर्णको छ भने एकदिन आशौच लाग्छ । वैश्यवर्णको छ भने पक्षिणीआशौच लाग्दछ र शूद्रवर्णको छ भने तीनदिन आशौच लाग्दछ।

विज्ञानेश्वरले भनेका छन्– क्षत्रिय ब्रह्मचारीले मृतक वैश्यको निर्हरण आदि कर्म गरेमा एकदिन आशौच लाग्दछ। मृतक शूद्रको निर्हरण आदि कर्म गरेमा पक्षिणीआशौच लाग्दछ । वैश्यवर्णको ब्रह्मचारीले मृतक शूद्रको निर्हरण आदि कर्म गरेमा एकदिन आशौच बार्नुपर्दछ ।

यस विषयमा **माधव** भन्दछन् – ब्राह्मण ब्रह्मचारीले मृतक वैश्यको अनुगमन आदि कर्म गरेमा दुईदिन आशौच बार्नुपर्दछ र क्षत्रिय ब्रह्मचारीले मृतक शूद्रको अनुगमन गरेमा दुईदिन आशौच बार्नुपर्दछ । अरू विषय पहिले बताएजस्तै जान्नुपर्दछ । शवसंस्कार गरेपछि सबैले सचैल स्नान, अग्निस्पर्श र घृतप्राशन गर्नुपर्दछ ।

हीनवर्णस्य दाहादिकरणे विचारः

हीनवर्णस्य दाहौर्ध्वदेहिककरणे तु ब्राह्मे –

ब्राह्मणो हीनवर्णस्य न कुर्यादौर्ध्वदेहिकम् । कामाल्लोभात्तथा मोहात्कृत्वा तज्जातितां व्रजेत् ।।

मनुः – **व्रात्यानां याजनं कृत्वा परेषामन्त्यकर्म च । अभिचारमहीनं च त्रिभिः कृच्छ्रैर्व्यपोहति ।।**

परेषां सवर्णानां हानेषु तद्द्वैगुण्यत्रैगुण्यचातुर्गुण्याद्यूह्यम् ।

ब्राह्मणलाई तलका तीनवर्णको दाह आदि कर्म गर्न निषेध

ब्रह्मपुराणमा हीनवर्णको दाह र औध्र्वदेहिकसंस्कारका सम्बन्धमा निरूपण गर्दै भनिएको छ – ब्राह्मणले हीनवर्णका मृतकको अन्तिमसंस्कार गर्न हुँदैन । इच्छा, लोभ अथवा मोहका कारण त्यसो गरेमा ब्राह्मण सोही जातिमा परिणत हुन्छ।

मनुले भनेका छन् कि – **व्रात्य** – संस्कारहीन ब्राह्मणका सन्तान का घरमा यजमानी कर्म, अरू वर्णका घरमा अन्त्यकर्म गराउने, उत्कृष्टवर्णमा मारण–मोहन आदि अभिचार गर्ने र पिता–गुरु आदिलाई छाडी अरूको दाह, श्राद्ध आदि गर्ने ब्राह्मण तीन कृच्छ्रप्रायश्चित्त गरेपछि शुद्ध हुन्छ । अरू हीनवर्णहरूले त क्रमशः दुईगुणा, तीनगुणा र चारगुणा कृच्छ्रव्रत गर्नुपर्दछ ।

रोदने समोत्तमवर्णयोर्विचारः

अथ रोदने समोत्तमवर्णयोः सञ्चयनात्पूर्वं सचैलस्नानमूर्ध्वमाचमनम् ।

रोदनमा प्रायश्चित्त

मृतकका निमित्त रोदन गरेकोमा प्रायश्चित्त गर्नुपर्ने विषयमा चर्चा गरिन्छ– समानवर्ण वा उत्तमवर्णका मानिसको मृत्यु हुँदा अस्थिसञ्चयनभन्दा पहिले रोदनकर्म गरेमा सचैलस्नान गरी आचमन गर्नुपर्दछ ।

हीनवर्णे तु विचारः

हीनवर्णे तु सञ्चयात्प्राक् सचैलमूर्ध्वं स्नानमात्रम् ।

हीनवर्णका निमित्त रोदन गर्दा

हीनवर्णका मानिसको मृत्युमा अस्थिसञ्चयनभन्दा पहिले रोदनकर्म गरेमा सचैलस्नान गर्नुपर्दछ ।

विप्रस्य क्षत्रवैश्यविषये विचारः

विप्रस्य क्षत्रवैश्यविषये तु ब्राह्मे –

अस्थिसञ्चयनं विप्रो रौति चेत् क्षत्रवैश्ययोः । तदा स्नातः सचैलस्तु द्वितीयेऽहनि शुद्ध्यति ।।

कृते तु सञ्चये विप्रः स्नानमेव शुचिर्भवेत् ।

क्षत्रिय एवं वैश्यको मृत्युमा ब्राह्मणको रोदनकर्म

क्षत्रिय एवं वैश्यको मृत्यु हुँदा ब्राह्मणले रोदनकर्म गरेमा गर्नुपर्ने प्रायश्चित्तबारे **ब्रह्मपुराण**मा भनिएको छ - अस्थिसञ्चयनको समयमा क्षत्रिय र वैश्यको घरमा ब्राह्मणले रोदनकर्म गरेमा त्यो ब्राह्मण सचैलस्नान गरेपछि दोस्रो दिनमात्र शुद्ध हुन्छ । अस्थिसञ्चयनपछि रोदनकर्म गरेमा स्नानमात्रले शुद्ध हुन्छ ।

विप्रादीनां क्षत्रियवैश्यशूद्रेषु विचारः

क्षत्रस्य वैश्येऽप्येवम् ।

शूद्रे तु सञ्चयात्प्राक् विप्रस्य त्रिरात्रम् । क्षत्रवैश्ययोर्द्विरात्रम् । ऊर्ध्वं तु द्विजानामेकाहः ।

शूद्रको मरणमा रोदन र प्रायश्चित्त

क्षत्रियले वैश्यको मरणमा रोदनकर्म गर्दा पनि यही नियम जान्नुपर्दछ । मृतक शूद्रको अस्थिसञ्चयनभन्दा पहिले क्षत्रिय र वैश्यले रोदनकर्म गरेमा दुईरात बार्नुपर्दछ। ब्राह्मणले रोदनकर्म गरेमा त्यो ब्राह्मण तीनरात आशौच बारेपछि शुद्ध हुन्छ। ब्राह्मणले अस्थिसञ्चयनभन्दा पछि रोदनकर्म गरेमा एकरात बार्नुपर्दछ।

शूद्रस्य शूद्रे विचारः

शूद्रस्य शूद्रे स्पर्शं विना सञ्चयात्पूर्वमेकाहः । ऊर्ध्वं सज्योतिरिति माधवीये ज्ञेयम् ।

शूद्रमरण र शूद्ररोदन

मृतक शूद्रको अस्थिसञ्चयनभन्दा पहिले कुनै शूद्रले विनास्पर्श रोदन गरेमा एकदिनको आशौच लाग्छ । अस्थिसञ्चयनपछि रोदनकर्म गरेमा सज्योतिआशौच बार्नुपर्दछ भन्ने कुरा **माधवीय**मा बताइएको छ ।

अस्थिसञ्चयनादूर्ध्वं द्विजातीनां सपिण्डानां च विचारः

शुद्धितत्त्वे पारस्करस्तु –

अस्थिसञ्चयनादूर्ध्वं मासं यावद् द्विजातयः । दिवसेनैव शुध्यन्ति वाससां क्षालनेन च ।।

सजातेर्दिवसेनैव त्र्यहात्क्षत्रियवैश्ययोः ।। इत्युक्तम् । सपिण्डानां रोदननिर्हारादावदोष इत्युक्तं प्राक् ।

विज्ञानेश्वरस्तु – **मृतस्य बान्धवैः सार्द्धं कृत्वा तु परिदेवनम् । वर्जयेत्तदहोरात्रं दानश्राद्धादिकर्म च।।** इति पारस्करोक्तेः सर्वत्रैकरात्रमाह ।

अस्थिसञ्चयनभन्दा पहिले र पछि द्विजाति र सपिण्डसम्बन्धी विचार

शुद्धितत्त्वमा पारस्करले भनेका छन् – अस्थिसञ्चयनभन्दा पहिले एकमहिनासम्म ब्राह्मण, क्षत्रिय र वैश्यवर्णका मानिसहरूले मृतशूद्रको लागि रोदनकर्म गरेमा ती मानिसहरू एकदिन आशौच बारेपछि वस्त्र प्रक्षालनपश्चात् शुद्ध हुन्छन्। सजातीयको लागि रोदनकर्म गरेमा एकदिनमा शुद्धि हुन्छ । क्षत्रिय र वैश्यको लागि रोदन गर्दा तीनदिनमा शुद्धि हुन्छ। मृतक सपिण्डको लागि गरिने रोदन, निर्हरण आदिमा दोष लाग्दैन भन्ने कुरा पहिले नै बताइएको छ ।

विज्ञानेश्वर भन्दछन् – बान्धवहरूका साथ मृतकको निमित्त विलाप गरी एकअहोरात्र दान, श्राद्ध आदि कर्महरूको त्याग गर्नुपर्दछ भन्ने कुरा पारस्करले बताएका छन् । यहाँ सबैलाई एकरातको आशौच बताइएको छ ।

आशौचान्नभक्षणे विचारः

अथाशौचान्नभक्षणे विष्णुः – **'ब्राह्मणादीनामाशौचे यः सकृदेवान्नमश्नाति तस्य तावदाशौचं यावत्तेषामाशौचव्यपगमे प्रायश्चित्तम्'** इति । अज्ञाने त्वङ्गिराः –

अन्तर्दशाहे भुक्त्वान्नं सूतके मृतकेऽपि वा । अस्याशौचं भवेत्तावद्यावदन्नं व्रजत्यधः ।।

आशौच परेका घरको अन्नभोजनमा आशौच

आशौच परेका घरको अन्नभोजनको विषयमा विष्णुले भनेका छन् – जसले आशौच परेका ब्राह्मण आदिका घरमा बुद्धिपूर्वक भोजन गर्दछ त्यसलाई तबसम्म आशौच लाग्दछ जबसम्म त्यो आशौची परिवारलाई आशौच लागेको हुन्छ । आशौचको समाप्तिपछि प्रायश्चित्त गरिन्छ । 'आशौच थाहा नपाएर अथवा आशौच परेको घरमा खान हुन्न भन्ने कुरा थाहा नपाएर कसैले त्यस्तो भोजन गर्दछ भने त्यो मानिसले खाएको अन्न जबसम्म शरीरबाट बाहिर निस्किएर जाँदैन तबसम्म आशौच बार्नुपर्दछ' भन्ने कुरा अङ्गिराले बताएका छन् ।

प्रायश्चित्तम्

प्रायश्चित्तं त्वमत्या विप्रस्य वर्णक्रमेणैकाहत्र्यहपञ्चाहसप्ताहोपवासाः, दश, विंशतिः, षष्टिः, शतं च प्राणायामाः पञ्चगव्याशनं च । अभ्यासे द्विगुणम् । आपदि तु प्राणायामशतं पञ्चाशतमष्टसहस्रं गायत्रीजपश्च । मत्यापदि तु सवर्णाशौचे त्रिरघमर्षणं गायत्र्यष्टसहस्रं च । क्षत्रियाशौचे उपवासः । वैश्याशौचे त्रिरात्रोपवासश्च । शूद्राशौचे कृच्छ्रः। क्षत्रवैश्ययोः पञ्चशतमष्टशतं गायत्रीजपः । उत्तमेषु शूद्रस्य सर्वत्र स्नानम् । मत्यानापदि विप्रस्य वर्णेषु सान्तपनकृच्छ्रमहासान्तपनचान्द्राणि। अभ्यासे तु मासिकद्वैमासिकत्रैमासिकषाण्मासिकानीत्यादि माधवीयादौ ज्ञेयम् ।

प्रायश्चित्त

अज्ञानका कारण आशौचको अन्न भोजन गरेकोमा ब्राह्मणले एकदिन, क्षत्रियले तीनदिन, वैश्यले पाँचदिन र शूद्रले सातदिन उपवास गर्नुपर्दछ । ब्राह्मणले दशप्राणायाम, क्षत्रियले २० प्राणायाम, वैश्यले ६० प्राणायाम र शूद्रले १०० प्राणायाम गर्नुपर्दछ । त्यसपछि पञ्चगव्यप्राशन गर्दा प्रायश्चित्त हुन्छ । पटक-पटक आशौचको अन्न भोजन गरेमा द्विगुणा बढी प्रायश्चित्त गर्नुपर्दछ । आपत्ति परेर आशौचान्न भोजन गरेमा ब्राह्मणले १०० प्राणायाम, क्षत्रियले ५०० प्राणायाम र वैश्यले आठहजार

गायत्री जप गरेपछि प्रायश्चित्त हुन्छ । आपत्तिमा जानी-जानी सवर्णको आशौचान्न भोजन गरेमा तीनपटक अघमर्षण[२२] पछि आठहजार गायत्री जप गर्नुपर्दछ । क्षत्रियको आशौचान्न भोजन गरेमा उपवास गर्नुपर्दछ । वैश्यको आशौचान्न भोजन गरेमा तीनदिन उपवास गर्नुपर्दछ । शूद्रको आशौचान्न भोजन गरेमा कृच्छ्रव्रत गर्नुपर्दछ ।

ब्राह्मणले क्षत्रियको आशौचान्न भोजन गरेमा ५०० गायत्री जप र वैश्यको आशौचान्न भोजन गरेमा ८०० गायत्री जप गर्नुपर्दछ । ब्राह्मण आदि उत्तम वर्णको आशौचान्न भोजन गरेमा शूद्रले स्नान गरे हुन्छ । ब्राह्मणले जानी-जानी कुनै आपत्ति नपरीकन ब्राह्मणको आशौचान्न भोजन गरेमा सान्तपनकृच्छ्र[२३] नामक प्रायश्चित्त गर्नुपर्दछ । ब्राह्मणले जानी-जानी क्षत्रियको आशौचान्न भोजन गरेमा महासान्तपन[२४] व्रत गर्नुपर्दछ ।

ब्राह्मणले शूद्रको आशौचान्न भोजन गरेमा चान्द्रायण[२५] व्रत गर्नुपर्दछ । आशौचान्न पटक पटक भोजन गरेमा ब्राह्मणको अन्न भोजन गरेमा एकमहिना, क्षत्रियको भोजन गरेमा दुईमहिना, वैश्यको अन्न भोजन गरेमा तीनमहिना र शूद्रान्नभोजन गरेमा छमहिना व्रत गर्नुपर्दछ । यससम्बन्धी विशेषवचन **माधवीय** आदि ग्रन्थहरूबाट जान्नुपर्दछ ।

दासाद्याशौचविचारः

अथ दासस्य स्वदास्युत्पन्नस्य स्वसपिण्डमृतौ स्नानमात्रेण स्वामिकार्ये स्पृश्यत्वम् । भक्तदासस्य त्र्यहोर्ध्वम्। **'सद्यः स्पृश्यो गर्भदासो भक्तदासस्त्र्यहाच्छुचिः'** इति स्मृत्यन्तरोक्तेः ।

मूल्यकर्मकराः शूद्रा दासीदासास्तथैव च । स्नाने शरीरसंस्कारे गृहकर्मण्यदूषिताः ।।

इति शातातपोक्तेश्च । एतच्चानन्यसाध्ये तत्कार्यमात्रे । अन्यत्र मासाद्याशौचमस्त्येव । एवं दास्या अपि । सूतिकायास्तस्या अस्पर्शत्वमपि मासमात्रम् ।

दासी दासश्च सर्वो वै यस्य वर्णस्य यो भवेत् । तद्वर्णस्य भवेच्छौचं दास्या मासस्तु सूतकम् ।

इत्यङ्गिरसोक्तेः । षडशीतावपि -

स्वामिशौचेन दासाद्याः स्पृश्या मासात्तु कर्मसु । योग्याः स्युर्मासतो दासी सूतिश्चेत्स्पर्शतामियात् ।।

दत्तदासादीनां स्वसपिण्डमरणादौ स्वाम्याशौचसमसङ्ख्यदिनोर्ध्वं सत्यपि मासाद्यशौचे स्वामिकार्ये स्पृश्यतेति हरदत्तः।

दासान्तेवासिभृतकाः शिष्याश्चैकत्रवासिनः । स्वामितुल्येन शौचेन शुद्ध्यन्ति मृतसूतके ।।

इति बृहस्पतिस्मृतेः ।

---

२२. तीन दिनसम्म पानीमा उभिएर अघमर्षण मन्त्रको जप, तीन दिनसम्म उपवास, दिनमा पानीमा उभिनु र दुधारु गाईको दूध पिउनु जस्ता कर्म गरिने प्रायश्चित्त ।

२३. **गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । जग्ध्वा परेऽह्न्युपवसेत् कृच्छ्रं सान्तपनं चरन् ।।** अर्थात् पहिलो दिन गाईको गहुँत, गोबर, दूध, दही, घ्यू र कुशोदक ग्रहण गरी दोस्रो दिन उपवास गरेपछि सान्तपन कृच्छ्रप्रायश्चित्त हुन्छ ।

२४. **पृथक्सान्तपनद्रव्यैः षडहः सोपवासकः । सप्ताहेन तु कृच्छ्रोऽयं महासान्तपनः स्मृतः ।।** अर्थात् प्रथम दिन गोमूत्रमात्र खाएर, दोस्रो दिन गोबरमात्र खाएर, तेस्रो दिन गाईको दूधमात्र खाएर, चौथो दिन गाईको दहीमात्र खाएर, पाँचौं दिन गाईको घ्यूमात्र खाएर, छैठौं दिन कुशोदकमात्र खाएर सातौं दिन उपवास गरी गरिने प्रायश्चित्तलाई महासान्तपन भनिन्छ ।

२५. **एकैकं वर्धयेत् पिण्डं शुक्ले कृष्णे च ह्रासयेत् । इन्दुक्षये न भुञ्जीत एष चान्द्रायणो विधिः ।।** अर्थात् चान्द्रायण व्रत गर्ने मानिसले शुक्लपक्षको प्रतिपदादेखि कृष्णपक्षको प्रतिपदासम्म एक महिना प्रायश्चित्त गर्नुपर्दछ । शुक्लपक्षको प्रतिपदामा एक गाँस भोजन र त्यसपछिका तिथिहरूमा क्रमशः एक-एक गाँस बढाउँदा पूर्णिमाका दिन पन्ध्र गाँसको मात्रा भोजन गर्नुपर्दछ । त्यसपछि कृष्णपक्षको प्रतिपदामा चौध, द्वितीयामा तेह्र यही विधिबाट गाँस घटाउँदै लगी औंसीका दिन उपवास बस्नुपर्दछ । यसरी चन्द्रमाका कलाहरूको वृद्धि र क्षयअनुसार गाँस बढाउँदै र घटाउँदै जाँदा निष्पन्न हुने प्रायश्चित्तको नाम चान्द्रायण हो ।

दास-दासी आदिको आशौचविचार

आफ्नी दासीमा उत्पन्न गर्भदासका सपिण्डबन्धुहरू मरेमा त्यो दास स्नान गरेपछि स्वामीको कार्यका लागि स्पर्शयोग्य हुन्छ । भक्तदास अर्थात् अन्नका लागि बनेको दास भने तीनदिनपछिमात्र स्पृश्य हुन्छ किनकि **स्मृतिविशेषमा** भनिएको छ – गर्भदास सद्यःस्नानमात्रले स्पृश्य हुन्छ र भक्तदास तीनदिनपछि स्पृश्य हुन्छ । **शातातपले** भनेका छन् कि पारिश्रमिक लिएर कार्य गर्ने शूद्रदास एवं दासीहरू स्नान, शरीरसंस्कार एवं घरको कार्यमा दूषित हुँदैनन् ।

ग्रन्थकार भन्दछन् – **शातातपको** यो वचन ती शूद्र एवं दास-दासीबाहेक अरूले गर्न नसक्ने कार्य सम्पन्न गर्नुपर्दा मात्र लागु हुन्छ। यही नियम दासीमा पनि लाग्ने कुरा बुझ्नुपर्दछ । दासी सुत्केरी भएमा उनी पनि एकमहिनासम्म अस्पृश्य नै हुन्छिन् । **अङ्गिरा** भन्दछन् – दास-दासीहरू जुन-जुन जातिका हुन्छन्, उनीहरूले आ-आफ्नै जातिअनुसारको आशौच बार्नुपर्दछ । दासीले सुत्केरी हुँदा एकमहिना आशौच बार्नुपर्दछ ।

षडशीतिमा भनिएको छ – स्वामीको आशौच परेमा दास-दासी एकमहिनापछि मात्र स्पर्श योग्य हुन्छन् । दासी सुत्केरी भएमा ती पनि एकमहिनापछि स्पर्श योग्य हुन्छिन् । **हरदत्त** भन्दछन् – अरूले दिएका वा खरिद गरी ल्याइएका दासहरूले आफ्ना सपिण्डहरूको मृत्यु हुँदा एकमहिनासम्म आशौच बार्नुपर्ने भएता पनि आफ्ना स्वामीलाई लाग्ने आशौचपछि ती पनि स्पर्शयोग्य हुन्छन् । **बृहस्पतिस्मृतिमा** भनिएको छ – दास, शिष्य, भृत्यजस्ता स्वामीको साथमा रहने मानिसहरू मरणाशौच र जननाशौचमा आफ्नो स्वामीलाई लाग्ने अवधिको आशौच बारेपछि शुद्ध हुन्छन् ।

पञ्चदश दासभेदाः

दासाश्चात्र – गृहजातस्तथा क्रीतो लब्धो दायादुपागतः । अन्नाकालभृतस्तद्वदाहितः स्वामिना च यः ।।
मोक्षितो महतश्चर्णाद्युद्धप्राप्तः पणे जितः । भक्तदासश्च विज्ञेयस्तथैव वडवाहृतः ।।
तवाहमित्युपगतः प्रव्रज्यावसितः कृतः ।। विक्रेता चात्मनः शास्त्रे दासाः पञ्चदश स्मृताः ।।

इति नारदोक्तेषु गर्भदासभक्तदासौ विना ज्ञेयाः । वडवा दासी तयाहृतस्तामुद्वाह्य दासो जात इत्यर्थः । अन्तेवास्यपि तेनैवोक्तः ।

स्वशिल्पमिच्छन्नाहर्त्तुं बान्धवानामनुज्ञया । आचार्यस्य वसेदन्ते कृत्वा कालं तु निश्चितम् ।।
आचार्यः शिक्षयेदेनं स्वगृहे दत्तभोजनम् ।। इति शिष्यस्तत्तुल्यो विद्यार्थी ।

दासादेः स्वामितत्सपिण्डमरणे तु विष्णुः – **पत्नीनां दासानामानुलोम्येन स्वामितुल्यमाशौचम्, मृते स्वामिन्यात्मीयम्** ।। इति । प्रतिलोमदासानामाशौचाभावः– **'वर्णानामानुलोम्येन दास्यं न प्रतिलोमतः'** इति याज्ञवल्क्योक्तेः ।

दासका पन्ध्र भेद

पन्ध्र प्रकारका दास यसप्रकार छन् – १) घरकी दासीबाट उत्पन्न दास, २) क्रीतदास अर्थात् खरिद गरेर ल्याइएको दास, ३) लब्धदास अर्थात् दाइजोमा प्राप्त गरेको दास, ४) दायदास – अंशवण्डामा आफ्नो भागमा परेको दास, ५) अनिकाल पर्दा भरण-पोषण गरेको दास, ६) पुरानो मालिकलाई धन तिरेर ल्याइएको दास, ७) पुरानो मालिकको ऋण तिरी निजी बनाइएको दास, ८) युद्धमा जितेर बन्दी बनाइएको दास, ९) जुवा वा बाजीमा हारेर आएको दास, १०) अन्नका

लागि बनेको दास, ११) वडवाहृत दास अर्थात् दासी भित्र्याउँदा गर्भमा भित्रिएको दास, १२) म तपाईंको दास हुँ भनी शरणमा आएको दास, १३) संन्यासबाट च्युत भई दासत्व स्वीकार गरी बसेको दास, १४) आत्मा बेचेर काम गर्ने दास र १५) वेतन दिएर कज्याइने दास । **बृहस्पतिले** अन्तेवासीलाई पनि दासकै कोटिमा गणना गरेका छन् ।

कुनै व्यक्ति आफ्ना बान्धवहरूको आज्ञाले शिल्प वा कुनै किसिमको प्राविधिक विद्या ग्रहण गर्न आचार्यको घरमा आई निश्चित अवधिका लागि शिष्यका रूपमा रहेमा आचार्यले पनि भोजनादि सुविधाका साथ शिक्षा दिनुपर्दछ । स्वामीका कुनै सपिण्ड बन्धुको मृत्यु भएमा दास आदिका आशौचका सम्बन्धमा **विष्णुले** भनेका छन् - पत्नी र दास-दासीहरूलाई पनि स्वामीलाई लाग्ने आशौच लाग्दछ । **याज्ञवल्क्य** भन्दछन् - दासभाव ब्राह्मण आदि वर्णको अनुलोम क्रममा लागु हुन्छ । प्रतिलोम क्रमबाट पैदा भएका दासलाई आशौच लाग्दैन । अनुलोम पद्धतिबाट पैदा भएका दासलाई आशौच लाग्छ । अनुलोम क्रममा पैदा भएकालाई दास भनिन्छ र प्रतिलोम क्रममा पैदा भएकालाई दास भनिँदैन ।

रात्रौ जनने मरणे विचारः

अथ रात्रौ जनने मरणे वा रात्रिं त्रिभागां कृत्वाऽऽद्यभागद्वये चेत्पूर्वदिनम्, अन्त्ये तूत्तरमिति मिताक्षरायाम् । यत्तु प्रागर्द्धरात्रात् प्राग्वा सूर्योदयात्पूर्वं दिनमित्युक्तं तत्र तद्देशाचारतो व्यवस्था । सर्वमाशौचमाहिताग्नेर्दाहं तद्भिन्नस्य मरणमारभ्य ज्ञेयम् ।

रात्रिमा जन्म र मरण हुँदा अघिल्लो दिन वा पछिल्लो दिन भन्ने सम्बन्धमा विचार

मिताक्षरामा भनिएको छ - रातका घडीलाई तीनभाग लगाउँदा पहिलो दुईभागमा जन्म वा मृत्यु भएमा अघिल्लो दिनको मानिन्छ । पछिल्लो एकभागमा जन्म वा मृत्यु भएमा पछिल्लो दिन मानिन्छ । जहाँ आधारातभन्दा पहिले पूर्वदिन र त्यसपछि दोस्रो दिन मानिन्छ अथवा जहाँ सूर्योदयभन्दा पहिलेको समयलाई अघिल्लो दिन र सूर्योदयपछिको दिनलाई पछिल्लो दिन मानिन्छ त्यहाँ-त्यहाँ त्यसै देशको आचारअनुसार कर्म गरिने हुँदा त्यसरी नै दिन-रातको निर्णय गर्नुपर्दछ।

आशौच कहिले लाग्छ भन्ने विषयमा विचार गर्दा अग्निहोत्रीलाई दाह गरेपछि मात्र लाग्दछ र अरूलाई मरेपछि आशौच लाग्दछ भन्ने कुरा बुझ्नुपर्दछ ।

आहिताग्नेर्दाहादिनिर्णयः

अनग्निमत उत्क्रान्तेराशौचादि द्विजातिषु । दाहादग्निमतो विद्याद् विदेशस्थे मृते सति ।।

इति पैठीनसिस्मृतेः । **साग्निः** - आहिताग्निः ।

आहिताग्निश्चेत्प्रवसन् म्रियते पुनःसंस्कारं कृत्वा शववदाशौचम्, इति वसिष्ठे विशेषोक्तेः ।

'दाहादेव तु कर्तव्यं यस्य वैतानिको विधिः' इति ब्राह्माच्च । यत्तु धूर्त्तस्वामिना रामाण्डारेण चोक्तम् - **आहिताग्नेरपि मरणादेव दशरात्रम् 'दशाहं शावमाशौचम्'** इति मरणनिमित्तत्वात्तस्य ।

यत्तु दाहादेव तस्याशौचमुक्तं तत्संस्कारनिमित्ताशौचं पृथगेव । तेन गृह्याग्नेः संस्काराङ्गं त्रिरात्रम् । श्रौताग्नेस्तु दशरात्रम् । मरणनिमित्तं तूभयोर्दशाहं दाहात्प्रागपीति । तद्वचनविरोधात्पूर्वस्यैवोत्कर्षान्मूलकल्पनालाघवाच्चिन्त्यम्।

इति जननाशौच-मरणाशौचादिनिर्णयात्मकं प्रथमं प्रकरणम्

अग्निहोत्री दाहसम्बन्धी निर्णय

पैठीनसिस्मृतिमा भनिएको छ कि – अग्निहोत्र नगर्ने द्विजातिहरूलाई मरणोपरान्त आशौच लाग्दछ । अग्निहोत्रीलाई दाहोपरान्त आशौच लाग्दछ । अग्निहोत्रीको विदेशमा मृत्यु भएमा पनि पुनः दाहविधि गर्दा दाहोपरान्त नै आशौच बार्नुपर्दछ । **वसिष्ठ**ले भनेका छन् – अग्निहोत्रीको परदेशमा मृत्यु भएमा पुनः संस्कार गरी संस्कार गरेको समयदेखिमात्र आशौच बार्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ – जसको घरमा तीनअग्निका विधि गरिन्छन् त्यसको मृत्यु भएमा दाहकालदेखि आशौच बार्नुपर्दछ । **धूर्तस्वामी** र **रामाण्डार**ले अग्निहोत्रीको आशौच पनि मरणकालदेखि नै आरम्भ गर्नुपर्दछ भनी जुन बताएका छन् त्यसमा उनीहरूको तर्क के छ भने मृतकको दशाहआशौच मरणलाई निमित्त मानेर गरिन्छ, दाहलाई निमित्त मानेर गरिँदैन । त्यसकारण मरणबाट नै आशौच बार्नुपर्दछ । जुन अग्निहोत्रीको आशौच दाहबाट आरम्भ हुन्छ भनिएको छ, त्यो संस्कारका निमित्त गरिने कुरा हो, आशौचभन्दा छुट्टै कुरा हो । अग्निहोत्रीलाई गृह्याग्निको संस्काराङ्ग तीनदिनको मात्र आशौच लाग्छ । श्रौताग्निको मरणनिमित्तक संस्काराङ्ग दशदिन आशौच लाग्छ । मरणनिमित्तक आशौच त दुवैथरिलाई दाहपूर्व मरणदेखि गणना गरी दशदिन नै लाग्छ भन्ने **हारीत**को भनाइ हो । यो भनाइ चिन्तनीय छ । यो वचनभन्दा **पैठीनसि**को वचनमा उत्कर्ष देखिन्छ । मूलकल्पनाको लाघवबाट पनि यो मत चिन्तनीय छ ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको जननाशौच-मरणाशौचसम्बन्धी निर्णयमा आधारित प्रथम प्रकरण पूरा भयो ।



अथ अतिक्रान्ताशौचादिविषयनिर्णयात्मकं द्वितीयं प्रकरणम्

अतिक्रान्ताशौचम्

तत्राशौचमध्ये जननादौ ज्ञाते तच्छेषेण शुद्धिः ।

विगतं तु विदेशस्थं शृणुयाद्यो ह्यनिर्दशम् । यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ।।

इति मनूक्तेः । अत्र केचिदेतत्पुत्रातिरिक्तविषयम् । तेषां त्वाशौचमध्ये श्रवणेऽपि तदाद्येव दशाहादि ।

पितरौ चेन्मृतौ स्यातां दूरस्थोऽपि हि पुत्रकः । श्रुत्वा तद्दिनमारभ्य दशाहं सूतकी भवेत् ।।

इत्यस्य सर्वापवादत्वादित्याहुः । तन्न, ज्ञातमरणस्य निमित्तत्वात्, **'अनग्निमत उत्क्रान्तेः'** इत्यादिविरोधाच्च । स्मृत्यर्थसारेऽपि- **'जनने मरणे वा प्रथमदिनादूर्ध्वं ज्ञाते पुत्रादीनां शेषेणैव शुद्धिः'** इति । षडशीतावपरार्के चैवम् ।

अतिक्रान्ताशौच

विदेशमा रहेको मानिसले बालक जन्माएको समाचार दशदिनभित्र श्रवण गरेमा जति दिन बाँकी छन् त्यत्ति दिनमात्र सूतक बारेपछि शुद्धि हुन्छ । यस विषयमा **मनु** भन्दछन् – आफ्नो सपिण्डभित्रको विदेशमा रहेको मानिस मरेको समाचार दशदिनभित्र सुनिएमा दशदिन पुग्न जति रात बाँकी हुन्छन् त्यत्तिनै आशौच बार्नुपर्दछ । यहाँ **विगत**पदको अर्थ मरेको भन्ने हो । मृत्युमा मात्र नभई जन्ममा पनि यस्तै गरी बार्नुपर्दछ भन्ने तात्पर्य रहेको छ । यहाँ कसैले यो नियम छोराबाहेक अरू व्यक्तिका लागि हो छोरालाई होइन भनेका छन् । किनकि छोराले त विदेशमा आफ्ना आमा–बाबुको मृत्यु भएको खबर सुनेपछि सुरुदेखि नै बार्नुपर्दछ भनिएको छ । यहाँ कसैको भनाइ छ– घरमा बाबु–आमा मरेको समाचार परदेशी छोराले जुन दिन श्रवण गर्दछ त्यसै दिनदेखि दशदिनसम्म त्यसलाई आशौच लाग्दछ । यो भनाइ आशौचको अपवाद हो । यस वचनको विरोधमा ग्रन्थकार भन्दछन् – मरणको ज्ञान नै आशौचको निमित्त हो । **'अनग्निमत उत्क्रान्तेः'** अर्थात् जो अग्निहोत्री हुँदैनन् त्यसको मरणकालपछि आशौच लाग्छ भन्ने वाक्यसँग विरोध पर्दछ। त्यसकारण समाचारको श्रवण गरेको दिन दशदिनभित्र परेको छ भने बाँकी रहेका दिनमा मात्र आशौच लाग्दछ। **स्मृत्यर्थसार**मा पनि भनिएको छ – 'जन्म र मरणमा पहिलो दिनपछि दसौं दिनभित्र थाहा पाएका मानिसले जति दिन बाँकी हुन्छन् त्यत्ति दिन आशौच बार्नुपर्दछ ।' **षडशीति** र **अपरार्क**मा पनि यही कुरा बताइएको छ ।

दशाहादूर्ध्वं श्रुतं चेद्विचारः

दशाहादूर्ध्वं ज्ञाते तु वृद्धवसिष्ठः –

मासत्रये त्रिरात्रं स्यात् षण्मासे पक्षिणी तथा । अह्नस्तु नवमादर्वागूर्ध्वं स्नानेन शुद्ध्यति ।।

दश दिनपछि आशौच थाहा भएमा

टाढा वा विदेशमा रहेको मानिसले घरमा आफन्त मरेको कुरा दशदिनपछि थाहा पाएमा अथवा घरमा रहेको मानिसले घरदेखि टाढा वा विदेशमा आफन्त मरेको कुरा दशदिनपछि थाहा पाएमा आशौच बार्नुपर्ने सम्बन्धमा **वृद्धवसिष्ठ** भन्दछन् – दशदिनपछि तीनमहिनाभित्र थाहा पाएमा तीनरात आशौच बार्नुपर्दछ । छ महिनासम्म थाहा पाएमा पक्षिणी अर्थात् लगभग ३६ घण्टा आशौच बार्नुपर्दछ । नौमहिनासम्म थाहा पाएमा एकदिन आशौच बार्नुपर्दछ। नौमहिनापछि

थाहा पाएमा स्नान गरी प्रेतलाई जलाञ्जलि दिएपछि शुद्धि हुन्छ ।[२६]

जनने त्वतिक्रान्ताशौचविचारः

जनने त्वतिक्रान्ताशौचं नास्त्येव । **नाशुद्धिः प्रसवाशौचे व्यतीतेषु दिनेष्वपि** । इति देवलोक्तेः । पितुः स्नानं तत्रापि भवत्येव ।

निर्दशं ज्ञातिमरणं श्रुत्वा पुत्रस्य जन्म च । सवासा जलमाप्लुत्य शुद्धो भवति मानवः ।।

इति मनूक्तेः तच्चातिक्रान्ताशौचं दशाहादिजात्याशौचविषयम् । न त्वनुपनीतादिनिमित्तत्रिरात्रादौ ।

उपनीते तु विषमं तस्मिन्नेवातिकालजम् । इति व्याघ्रोक्तेः । '**निर्दशं ज्ञातिमरणम्**', '**अतिक्रान्ते दशाहे तु**' इति मनूक्तेश्च । माधवीये देवलस्तु –

आत्रिपक्षात्त्रिरात्रं स्यात् षण्मासात्पक्षिणी ततः । परमेकाहमावर्षादूर्ध्वं स्नातो विशुद्ध्यति ।।

इत्याह । तत्रापदनापद्विषयत्वेन व्यवस्था । इदं चैकदेशे ।

जन्मसम्बन्धी अतिक्रान्त आशौच

अतिक्रान्त अर्थात् व्यतीत भएको जननाशौच बार्नु पर्दैन । यस विषयमा देवल भन्दछन् – 'जननाशौच व्यतीत भएको छ भने बार्नुपर्दैन । पछि थाहा पाउँदा अशुद्धि रहेको हुँदैन ।' तर ग्रन्थकार भन्दछन् – अतिक्रान्त जननाशौचमा पनि पिताले भने थाहा पाएपछि स्नान गर्नुपर्दछ ।

यस सम्बन्धमा मनु भन्दछन् – मानिसले दशदिन बितेपछि आफ्ना सपिण्डको मृत्यु भएको र आफ्नै पुत्र जन्मेको थाहा पाउँदा सचैल स्नान गरेपछि शुद्ध हुन्छ । पुत्रजन्म हुँदा सपिण्डहरूले बितेको आशौच बार्नुपर्दैन, यो अतिक्रान्त आशौच दशाह आदि जात्याशौचमा आधारित छ । तीनरातमात्र बार्नुपर्नेलाई यो आशौच लाग्दैन । अनुपनीत अर्थात् व्रतबन्ध नगरेको बालक मरेमा तीनरात आशौच बार्नुपर्नेजस्ता विषयमा अतिक्रान्ताशौच बार्नु पर्दैन ।

माधवीयमा उद्धृत देवलको भनाइ यसप्रकार छ – ४५ दिनभित्र मरणाशौच थाहा भएमा तीनरात बार्नुपर्दछ, छमहिनाभित्र थाहा भएमा पक्षिणी बार्नुपर्दछ । वर्षदिनभित्र थाहा भएमा एकदिन बार्नुपर्दछ । त्यसपछि स्नानमात्रले शुद्धि हुन्छ। यसमा पनि आपत्ति र अनापत्ति गरी दुईकिसिमको व्यवस्था छ । यो अनापत्तिरूप एकदेशका लागि गरिएको नियम हो ।

देशान्तरे क्लीबादिमृतौ विचारः

देशान्तरे तु स्नानमात्रम् ।

देशान्तरमृतं श्रुत्वा क्लीबे वैखानसे यतौ । मृते स्नानेन शुद्ध्यन्ति गर्भस्रावे च गोत्रिणः ।।

इति पराशरोक्तेरिति विज्ञानेश्वरः । स्नानं वत्सरान्ते ।

अर्वाक्त्रिपक्षात्त्रिनिशं षण्मासाच्च दिवानिशम् । अहःसंवत्सरादर्वाग् देशान्तरमृतेष्वपि ।।

इति विष्णूक्तेरिति माधवः । इदं सपिण्डानां देशान्तरे स्नानं सोदकानामिति युक्तम् ।

२६. यो अतिक्रान्ताशौच सपिण्ड दाजुभाइका निम्ति हो, सपिण्ड पनि स्वदेशमा मरेका छन् भने मात्र हो । यिनै दाजुभाइ यदि विदेशमा मरेका छन् भने त तीन महिनाभित्रै सुनेतापनि स्नानमात्र गर्दा पुग्ने हुन्छ ।

देशान्तरमा नपुंसक आदिको मृत्युसम्बन्धमा विचार

देशान्तरमा नपुंसक आदिको मृत्यु भएमा स्नान र उदकदानबाट शुद्धि हुन्छ । **विज्ञानेश्वरले पराशरको** भनाइ उद्धृत गर्दै भनेका छन् – 'नपुंसक, वानप्रस्थ र संन्यासी देशान्तरमा मरेको थाहा पाएपछि सगोत्रीहरू स्नानले मात्र शुद्ध हुन्छन् । यसैगरी सगोत्रीहरू देशान्तरमा गर्भस्राव भएको थाहा पाएमा पनि स्नानमात्रले शुद्ध हुन्छन् ।' ग्रन्थकार भन्दछन्- माथि स्नानबाट मात्र शुद्ध हुने जुन कुरा बताइएको छ त्यो एकवर्ष पुगेपछि थाहा पाउँदाका लागि हो ।

माधवले विष्णुस्मृतिको वचन उद्धृत गर्दै भनेका छन् – 'देशान्तरमा मरेका सपिण्डभित्रका मानिसहरूको आशौचका सम्बन्धमा ४५ दिनभित्र थाहा पाइएमा तीनदिन बार्नुपर्दछ । छमहिनाभित्र थाहा पाइएमा एकअहोरात्र बार्नुपर्दछ। एकवर्षभित्र थाहा पाइएमा एकदिन आशौच बार्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो नियम सपिण्डभित्रका लागि हो । सातपुस्तापछि चौधपुस्तासम्मका सोदकहरूले त सुनेपछि स्नान गरे हुन्छ र आशौच बार्नुपर्दैन ।

देशान्तरलक्षणकथनम्

तल्लक्षणं त्वाह बृहस्पतिः –

महानद्यन्तं यत्र गिरिर्वा व्यवधायकः । वाचो यत्र विभिद्यन्ते तद्देशान्तरमुच्यते ।।

देशान्तरं वदन्त्येके षष्टियोजनमायतम् । चत्वारिंशद्वदन्त्यन्ये त्रिंशदन्ये तथैव च ।। इति ।

देशान्तरको लक्षण

बृहस्पतिले देशान्तरको लक्षण बताउँदै भनेका छन् – कुनै महानदीको सीमापारि रहेको क्षेत्रलाई देशान्तर भन्नुपर्दछ, ठूलो पर्वतको व्यवधानपछि देखिने देशलाई देशान्तर भन्नुपर्दछ र जहाँ भाषा वा बोलिचाली फरक पर्दछ त्यो देशलाई देशान्तर भन्नुपर्दछ । कसैले २४० कोश परको देशलाई, कसैले १६० कोश परको देशलाई, कसैले १२० कोशको फरकमा रहेको देशलाई देशान्तर मानेका छन् ।

दूरदेशेऽपि मातृ-पितृमरणे, स्त्रीपुरुषयोः परस्परमरणे च विचारः

एतत्सर्वं मातापितृभिन्नविषयम् । तयोस्तु **'पितरौ चेत्'** इति पूर्वपैठीनसिवाक्यात्सदा पूर्वमेव दशाहादि ।

स्मृत्यर्थसारेऽपि – **'मातापितृमरणे दूरदेशेऽपि संवत्सरोर्ध्वमपि पुत्रो दशाहादिकं पूर्णमाशौचं कुर्यात्। स्त्रीपुंसयोः परस्परं सपत्नीषु चैवम्'** इति । शुद्धितत्त्वादयो गौडास्तु –

ऊर्ध्वं संवत्सरादाद्याद् बन्धुश्चेच्छ्रूयते मृतः । भवेदेकाहमेवात्र तच्च संन्यासिनां न तु ।।

इति देवलोक्तेः पित्रोरब्दमध्ये त्रिरात्रमूर्ध्वमेकाहः । बन्धुर्माता पिता भर्ता च । पूर्वोक्तदशाहस्तु कलिङ्गादिदेशपर इत्याहुः । ते बन्धुपदस्य पित्रादिपरत्वे मानाभावादुपेक्ष्याः ।

देशान्तरमा माता-पिताको मरण

माथि बताएको देशान्तर मृत्युको आशौच लाग्ने विषय माता-पिताभन्दा भिन्न विषय वा व्यक्तिका लागि हो । माता पिताका लागि त **'पितरौ चेत् मृतौ स्यातां दूरस्थोऽपि हि पुत्रकः । श्रुत्वा तद्दिनमारभ्य दशाहं सूतकी भवेत्।।'** अर्थात् टाढा रहेको पुत्रले माता-पिताको मृत्युको समाचार सुनेपछि त्यसैदिन देखि दशदिनसम्म आशौच बार्नुपर्दछ भन्ने

कुरा **पैठीनसि**को वाक्यमा भनिएको छ । दूरदेशमा रहँदा र समयको दूर अवधि हुँदा अर्थात् एकवर्षपछि पनि छोराले माता-पिताको पूरा आशौच बार्नुपर्दछ ।

गौडहरू भन्दछन् – एकवर्षपछि बन्धु अर्थात् माता-पिता र पति को मृत्यु भएको श्रवण गरिएमा एकदिन आशौच बार्नुपर्दछ । यो आशौच संन्यासीहरूलाई लाग्दैन भन्ने **देवल**को वचन छ । यसबाट एकवर्षभित्र माता-पिताको मरण भएको थाहा भएमा तीनदिन आशौच लाग्ने र एकवर्षपछि थाहा भएमा एकदिन आशौच लाग्ने कुरा बुझिन्छ। यहाँ बन्धुपदबाट माता, पिता र पतिलाई लिइएको छ । पहिले बताइएको दशदिन आशौच बार्नुपर्ने कुरा कलिङ्गदेशका लागि मात्र व्यवस्था गरिएको हो भनिएको छ । यहाँ ग्रन्थकार भन्दछन् – बन्धुपदले पिता आदि बुझिने प्रमाण नभएकाले यो मत उपेक्षायोग्य छ ।

सापत्नमातृषु हीनवर्णसापत्नमातृषु च विचारः

सापत्न्यमातुस्तु रक्षः –

पितृपत्न्याममपेतायां मातृवर्ज्यं द्विजोत्तमः । संवत्सरे व्यतीतेऽपि त्रिरात्रमशुचिर्भवेत् ।।

'**हीनवर्णमातृषु सपत्नीषु चैवम्** ।। इति स्मृत्यर्थसारे । केचित् – **पितुः पत्न्यां प्रमीतायामौरससे तनये तथा** । इति ब्राह्मोक्तेस्त्वौरसेऽपीदमाहुः । षडशीतावप्येवम्। एतत्सर्ववर्णतुल्यम् । **तुल्यं वयसि सर्वेषामतिक्रान्ते तथैव च** । इति व्याघ्रोक्तेः ।

सवर्ण सौतेनी आमा र असवर्ण सौतेनी आमाको आशौच

सौतेनी आमाको आशौचका विषयमा **दक्ष**ले भनेका छन् – माताबाहेक पिताका अन्य पत्नीहरूको मरणमा एकवर्षपछि थाहा हुँदा द्विजले तीनरात आशौच बार्नुपर्दछ ।[२७] **स्मृत्यर्थसार**मा पनि भनिएको छ कि माताबाहेक अरू असवर्ण वर्णका सौतेनी आमाको आशौच पनि यसरी नै बार्नुपर्दछ ।

कसैले **ब्रह्मपुराण**अनुसार पिताकी पत्नी मरेमा र औरस पुत्र मरेमा पनि त्यसरी नै बार्नुपर्दछ भनेकाले औरस पुत्रको मृत्युमा पनि एकवर्षपछि तीनदिन आशौच लाग्दछ भनेका छन् । **षडशीति**मा पनि यही कुरा गरिएको छ । यो नियम सबै वर्णका निमित्त समान छ । **व्याघ्र**ले भनेका छन् – '**आदन्तजननात् सद्यः**' आदि वाक्यहरूद्वारा विधान गरिने आशौच र अतिक्रान्त-आशौचको नियम सबै वर्णलाई समान छ ।

आशौचसम्पाते विचारः

अथाशौचसम्पाते उच्यते । तत्र शावे शावम्, सूतके सूतकम् । शावे सूतकम्, सूतके शावं वा । अत्राप्युत्तरं कालतः पूर्वेण समं न्यूनमधिकं चेति द्वादश भेदाः । यदैकदिने समन्यूनमधिकं वाऽऽशौचद्वयं तत्र तन्त्रेणान्यसिद्धिः, द्वयोरेककालत्वात् । यदा तु द्वितीयादिदिनेषूत्तरं सजातीयं शावे जननं वा समकालं न्यूनकालं वा परं स्यात्तदा षट्सु पक्षेषु पूर्वशेषेण शुद्धिः । **अन्तरा जन्ममरणे शेषाहोभिर्विशुद्ध्यति** । इति याज्ञवल्क्योक्तेः । अन्तरा ज्ञाते इत्यर्थः। ज्ञातस्यैव जननादेर्निमित्तत्वात् । पूर्वाशौचोत्तरं तन्मध्योत्पन्ने ज्ञाते तूत्तरमेव कार्यम् ।

शुद्धितत्त्वेऽप्युक्तं पूर्वाशौचान्तरुत्पन्नं समानं लघु वा निमित्तं तत्कालादुपरि श्रुतं स्वाशौचहेतुरेव । अज्ञातं तु न- '**अविज्ञाते न दोषःस्याच्छ्राद्धादिषु कथञ्चन**' इत्यस्याशौचसाङ्कर्येऽपि प्रवृत्तेः । तेनाज्ञानाद् वृषोत्सर्गादौ कृते

२७. आशौचकालपछि कुनै देश वा समयमा सौतेनी आमा मरेको थाहा हुन आएमा पुत्र तीन दिनसम्म अशुचि हुन्छ ।

पश्चात् ज्ञातेऽपि नावृत्तिरिति । माधवीये यमोऽपि –

जनने जननं चेत् स्यान्मरणे मरणं तथा । पूर्वशेषेण शुद्धिः स्यादुत्तराशौचवर्जनम् ।।

अत्र केचित् – **अन्तर्दशाहे स्यातां चेत्पुनर्मरणजन्मनी । तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम्।।** इति मनुः । पराशराद्यैर्दशाहग्रहणात्पूर्णाशौचे एव पूर्वशेषेण शुद्धिः । त्र्यहाद्यल्पाशौचसम्पाते तूत्तरेणैव शुद्धिरित्याहुः। हरदत्तोऽप्येवमाह । गौडा अप्येवम् । तन्न, याज्ञवल्क्यादिवशेन दशाहस्य तुल्यकालाशौचोपलक्षणत्वात् ।

आशौचसम्पातमा विचार

दुई वा दुईभन्दा बढी आशौच एकैपटक खप्टिएमा त्यसलाई आशौचसम्पात भनिन्छ । अहिले त्यसै आशौचसम्पातको विषयमा विचार गरिँदैछ । यो आशौचसम्पात मरणाशौचमा मरणाशौच, जननाशौचमा जननाशौच, मरणाशौचमा जननाशौच, जननाशौचमा मरणाशौच गरी मुख्यतया चारकिसिमको हुन्छ । त्यसमा पनि उक्त चारभेदका सम, न्यून र अधिक गरी छुट्टाछुट्टै तीन-तीन भेद हुने हुँदा आशौचसम्पात बाह्र किसिमको हुन्छ । यदि एउटै दिनमा सम, न्यून र अधिकमध्ये दुईआशौच भएमा एउटा आशौच बार्दा अर्को आशौच पनि बारेकै हुन्छ । एउटै कालमा भएकाले यस्तो भनिएको हो । जब द्वितीय आदि दिनदेखि सजातीय आशौच खप्टिन्छ त्यसबेला मरणाशौचमा सम, न्यून, अधिक गरी सबै पक्षमा पूर्वशेष आशौच बारेपछि शुद्धि हुन्छ । त्यस विषयमा **याज्ञवल्क्य**ले भनेका छन् कि 'एउटा आशौचको बीचमा जन्म र मरणको अर्को आशौच आइपरेमा प्रथम आशौचका जति दिन बाँकी रहेका हुन्छन् त्यसैमा शुद्धि हुन्छ ।' यहाँ **अन्तरा जन्ममरणे** भन्नुको तात्पर्य बीचमा आशौच थाहा पाउँदा भन्ने हो ।

शुद्धितत्त्वमा भनिएको छ – पूर्वाशौचको मध्यमा उत्पन्न समाननिमित्तक वा लघुनिमित्तक आशौच आफ्नो कालभन्दा पछि सुनिएमा आशौचको कारण बन्दछ अर्थात् पूर्वाशौच सकिएपछि त्यसको आशौच बार्नुपर्दछ । तर थाहा नपाइएको आशौच छ भने त्यस्तो हुँदैन । श्राद्ध आदि कर्ममा थाहा नपाइएका आशौचको दोष लाग्दैन । श्राद्ध त दुईआशौचको साङ्कर्य अर्थात् योगमा पनि प्रवृत्त हुन्छ । त्यसकारण आशौच परेको थाहा नपाई वृषोत्सर्ग आदि कर्म गरेमा फेरि वृषोत्सर्ग कर्म गर्नु पर्दैन ।

माधवीयमा **यम**ले भनेका छन् – 'जननाशौचमा जननाशौच पर्‍यो भने र मरणाशौचमा मरणाशौच पर्‍यो भने पहिलो आशौचको बाँकी दिन बारेपछि पुग्छ, छुट्टै आशौच बार्नुपर्दैन ।' यहाँ कसैले भनेका छन् कि दशदिनको आशौचभित्र फेरि कुनै जन्म वा मरणसम्बन्धी आशौच परेमा ब्राह्मण तबसम्म अशुचि रहन्छ, जबसम्म प्रथम आशौचका दशदिन पूरा हुँदैनन् । **मनु**, **पराशर** आदिको वचनमा **दशाह**पद ग्रहण गरिएबाट पूर्णाशौचमा पनि पूर्वशेषबाट शुद्धि हुन्छ भन्ने बुझिन्छ । तीनदिन आदिका अल्पाशौचमा त पूर्वशेषबाट स्वतः शुद्धि हुन्छ, यसमा केही भनिरहनुपर्दैन । **हरदत्त** र **गौड**को पनि यही मत छ । ग्रन्थकार भन्दछन् – तर यो भनाइ उचित छैन किनभने **याज्ञवल्क्य** आदिको वचनले **दशाह**पद तुल्यकालको उपलक्षण हो अर्थात् **अन्तरा जन्ममरणे शेषाहोभिर्विशुद्ध्यति** पदमा रहेको एकवचनले **दशाह**पदबाट दशै दिन बार्नुपर्ने कुरा बुझाउँछ ।[२८]

---

२८. दशदिन लाग्ने आशौच परिरहेको बीचमा पुनः दशदिने नै आशौच पर्न गयो भने दशाह भाइहरू बाँकी दिनले शुद्ध हुन्छन् । तर दशदिने आशौचको बीचमा अघवृद्धिमत् अर्थात् बाबु, आमा र पतिको आशौच पर्न गयो भने त मृतकका पत्नी, पुत्र आदि बाँकी दिनले शुद्ध हुँदैनन् पूरै बाह्रदिन बार्नुपर्छ । त्यस्तै एकदिनेमा तीनदिने, तीनदिनेमा दशदिने आशौच पर्न गयो भने पनि अघिल्लोले आशौची शुद्ध हुँदैनन् पछिल्लो आशौच पूरै बार्नुपर्छ । त्यस्तै जननाशौचले मरणाशौच शुद्ध हुँदैन, मरणाशौचले जननाशौचलाई शुद्ध गर्छ । तर दशदिने जननाशौचले चाहिँ तीनदिने मरणाशौचलाई शुद्ध गर्छ अर्थात् तीनदिने जूठोको बीचमा दशदिने सूतक पर्‍यो भने सुत्केरो पूरै बार्नुपर्छ ।

समानाशौचसम्पाते प्रथमेन समापयेत् । असमानं द्वितीयेन धर्मराजवचो यथा ।।

इति माधवीये शङ्खोक्तेः । अपरार्कमिताक्षरादिविरोधाच्च । सदा तु सूतके शावं समं न्यूनमधिकं वा तदा न पूर्वशेषाच्छुद्धिः। तदाहाङ्गिराः –

सूतके मृतकं चेत्स्यात् मृतके त्वथ सूतकम् । तत्राधिकृत्य मृतकं शावं कुर्यान्न सूतकम् ।।

षट्त्रिंशन्मते – **शावाशौचे समुत्पन्ने सूतकं तु यदा भवेत् । शावेन शुद्ध्यते सूती न सूती शावशोधिनी।।**

चतुर्विंशतिमतेऽपि – **'मृतेन शुद्ध्यते जातं न मृतं जातकेन तु'** । अतो यदा दशाहजननमध्ये तदन्ते वा त्र्यहादि शावं तदा पूर्वेण शुद्धावपि तन्निमित्तमस्पृश्यत्वं भवत्येव । **मरणोत्पत्तियोगे तु गरीयो मरणं भवेत्** । इति कौर्माच्च । गौतमव्याख्यायां वृद्धात्रिरपि –

सूतकाद् द्विगुणं शावं शावाद् द्विगुणमार्तवम् । आर्तवाद् द्विगुणा सूतिस्ततोऽपि शवदाहकः ।।

अत्र पूर्वपूर्वेण नोत्तरोत्तरनिवृत्तिरस्पृश्यत्वाधिक्यादित्यर्थः । षडशीतावपि – **स्वभावबहुसूतिस्तु न्यूनशावविशोधिनी** । इति । रात्रिशेषादौ वर्द्धितद्वित्रिदिनैरागन्तुकैः सूतेर्बहुत्वं न स्वभावेन । अतस्तत्र न्यूनशावस्यापि न पूर्वेण शुद्धिरिति वक्तुं स्वभावेत्युक्तम् । ब्राह्मेऽपि –

नागन्तुकैरथाहोभिराशौचमनुपद्यते । न च पातनिमित्तेन शावस्यान्यस्य शोधनम् ।। इति ।

एवं नव पक्षाः । यदा तु त्र्यहाद्यल्पाशौचमध्ये सजातीयं विजातीयं वा दीर्घकालमुत्तरं तदाप्युत्तरं पूर्णं कार्यं न पूर्वेण शुद्धिः ।

माधवीयमा शङ्खले भनेका छन् – 'समान आशौचको सम्पात भएमा पहिलो आशौचबाट समाप्त गर्नुपर्दछ । असमान आशौचको सम्पात भएमा धर्मराजको वचनअनुसार दोस्रो आशौचबाट समाप्त गर्नुपर्दछ ।' यो भनाइप्रति अपरार्क र मिताक्षराको विरोध देखिन्छ । जब जन्मसूतकमा मरणाशौच पर्न आउँछ अथवा मरणाशौचमा जन्मसूतक पर्न आउँछ त्यसबेला मरणाशौचलाई अधिकृत मानी त्यसैलाई बार्नुपर्दछ, जन्मसूतक बार्नुपर्दैन ।

षट्त्रिंशत्मतमा पनि भनिएको छ – जूठोमा जन्मसूतक पऱ्यो भने जूठोले जन्मसूतक बढारिदिन्छ । तर जन्मसूतकभित्र जूठो पऱ्यो भने त्यसले जूठोलाई बढार्न सक्दैन । **चतुर्विंशतिमतमा** भनिएको छ – मरणाशौचभित्र परेको जन्माशौच शुद्ध हुन्छ तर जन्माशौचभित्र परेको मरणाशौच शुद्ध हुँदैन । परन्तु दशदिने सूतकको मध्य वा अन्तमा तीनदिने जूठो पर्न आएमा भने पूर्वशेषले शुद्धि हुन्छ, मरणनिमित्तक अस्पृश्यता भने रहिरहन्छ ।

कूर्मपुराणमा भनिएको छ – 'मरणाशौच र जन्माशौच सँगसँगै परेमा मरणाशौच शक्तिशाली हुन्छ' । **गौतमव्याख्यामा वृद्धात्रि** भन्दछन् – 'जन्माशौचभन्दा दुईगुणा बढी प्रभावकारी मरणाशौच हुन्छ त्योभन्दा दुईगुणाबढी प्रभावकारी रजस्वलाको आर्तव हुन्छ, आर्तवभन्दा बढी प्रभावकारी सुत्केरीको सूतिदोष हुन्छ त्योभन्दा बढी प्रभावकारी शवदाह गर्ने व्यक्तिको आशौच हुन्छ ।' यहाँ पहिलाले दोस्रो, दोस्रोले तेस्रो गरी उत्तरोत्तर दोषनिवारण गर्ने क्रम हुँदैन । किनकि उत्तरोत्तर अस्पृश्यताको आधिक्य रहेको हुन्छ ।

षडशीतिमा भनिएको छ कि स्वभावैले धेरै अर्थात् दशदिन पूरा बारिने सुत्केरीको सूतकले कम बारिनेमध्येको मरणाशौचलाई शोधन गर्दछ । दशदिन बारिने हुँदा स्वभावैले सूतिलाई बहुप्रभावी भनिएको हो । रात्रिशेषमा बालकजन्म भएका कारण सूतिजन्य आशौच धेरै हुन्छ, स्वभावैले हुँदैन । तसर्थ दिनसंख्याको हिसाबबाट पहिले पर्न आउने जननाशौचले पछिल्लो न्यून मरणाशौचलाई शोधन गर्न सक्दैन । सम्भवतः यही अर्थ खुलाउन माथिल्लो पदमा **स्वभावशब्दको** उल्लेख गरिएको हो । यसैले **ब्रह्मपुराणमा** भनिएको छ – आगन्तुक पापमय सूतकका दिनहरूबाट पनि न्यून मरणाशौच

निवारण हुँदैन। पापको वृद्धिको निमित्तबाट अन्य शावाशौचको पनि निवृत्ति हुँदैन । तीनदिन आदि बार्नुपर्ने अल्पाशौचको बीचमा सजातीय वा विजातीय दीर्घकालिक आशौच पर्न आएमा त्यो पूरा बार्नुपर्दछ त्यसको पूर्वआशौचबाट शुद्धि हुँदैन।

स्वल्पाशौचमध्ये दीर्घाशौचविचारः

स्वल्पाशौचस्य मध्ये तु दीर्घाशौचं भवेद्यदि । न पूर्वेण विशुद्धिः स्यात्स्वकालेनैव शुद्ध्यति।।

इति उशनसोक्तेः । तेन त्र्यहादिशावमध्ये दशाहादिसूतकेऽपि न पूर्वेण शुद्धिरित्यपरार्कः । शावनिमित्तमस्पृश्यत्वं च भवत्येव । शुद्धिविवेके तु – **'शावेन शुद्ध्यते सूतिः'** इति प्रागुक्तेस्तत्राप्युत्तराशौचनिवृत्तिरुक्ता । तन्न, उत्तरस्य कालाधिक्येन बलवत्वात् । माधवीये यमोऽपि –

अघवृद्धिमदाशौचं पश्चिमेन समापयेत् । यथा त्रिरात्रे प्रक्रान्ते दशाहं प्रविशेद्यदि ।।

आशौचं पुनरागच्छेत्समाप्य च विशुद्ध्यति ।। इति । हारीतोऽपि – **'गुरुणा लघु शुध्येत्तु लघुना नैव तद् गुरु'** इति । गुरुत्वं च लघुत्वं च कालकृतमेव, पूर्वानुरोधात् । एतच्च हरदत्तेन स्पष्टमुक्तम् । मिताक्षरायामप्येवम्।

स्वल्पाशौचमा दीर्घ आशौचको विचार

उशनाले भनेका छन् – स्वल्पाशौचको बीचमा दीर्घाशौच आइपरेमा पहिलो थोरै दिन बार्नुपर्ने आशौचबाट पछिल्लो धेरै दिन बार्नुपर्ने आशौच निवृत्त हुँदैन । आफ्नै समयमा मात्र शुद्धि हुन्छ । यसैले तीनदिन आशौच बार्नुपर्ने मृताशौचको बीचमा पर्ने दशाह आदि सूतक पूर्वआशौचबाट निवृत्त हुँदैनन् भन्ने कुरा **अपरार्क**ले बताएका छन् । फेरि मरणनिमित्तक अस्पृश्यता पनि त्यहाँ रहेको हुन्छ ।

शुद्धिविवेकमा 'शावेन शुद्ध्यते सूतिः' अर्थात् मरणाशौचले जननाशौचलाई निवृत्त गराउँछ भनेको कुरा पहिले चर्चा गरिसकिएको छ । त्यसो हुँदा तीनदिने मरणाशौचले पनि दशदिने जन्माशौच निवृत्त हुन्छ भनेर कसैले भन्छ भने त्यो त्रुटिपूर्ण हो । किनकि दशदिनको जननाशौच समयकै अवधिका कारण बलवान् हुन्छ तर पापको दृष्टिकोणबाट बलवान् हुँदैन । कमजोरले बलियालाई निवृत्त गर्न सक्दैन ।

माधवीयमा यमले भनेका छन् – पापको वृद्धि भएको आशौचलाई पछिल्लो आशौचले समाप्त गर्नुपर्दछ, जस्तै तीनरात्रिको आशौचमा दशदिने आशौचको प्रवेश भएमा फेरि अर्को आशौच पर्न आउँछ भने त्यसरी आउने दोस्रो आशौच सकिएपछि मात्र शुद्धि हुन्छ । **हारीत**ले भनेका छन् – गुरुत्वपूर्ण आशौचबाट लघु आशौच समाप्त हुन्छ । लघु आशौचबाट गुरु आशौच समाप्त हुँदैन । पहिले बताइएको वचनअनुसार गुरुत्व र लघुत्वलाई कालकृत मान्नुपर्दछ । यो कुरा **हरदत्त**ले भनेका छन् र **मिताक्षरा**मा पनि यसैगरी भनिएको छ ।

अघानां यौगपद्ये तु – इत्यादिपद्यस्याभिप्रायः

यत्तु – अघानां यौगपद्ये तु ज्ञेया शुद्धिर्गरीयसी । मरणोत्पत्तियोगे तु गरीयो मरणं भवेत् ।।

इति हारीतकौर्मादि । तत्रास्पृश्यत्वाभिप्रायं शावस्य गुरुत्वं ज्ञेयम् ।

अघानां यौगपद्ये तु – यस पद्यको अभिप्राय

दुई किसिमका पापमय आशौच एकैचोटि पर्न आएमा गुरु आशौचद्वारा लघु आशौच निवृत्त हुन्छ । मरणाशौच र जननाशौचको योगमा मरणाशौच गुरु हुन्छ भन्ने कुरा **हारीतस्मृति** र **कूर्मपुराण**मा भनिएको छ । मरणाशौच गुरु हुनुमा

अस्पृश्यता प्रमुख कारण हो ।

क्वचिदल्पकालेनापि दीर्घकालाशौचनिवृत्तिः

क्वचिदल्पकालेनापि दीर्घकालाशौचनिवृत्तिमाह । देवलः –

परतः परतोऽशुद्धिरघवृद्धौ विधीयते । स्याच्चेत्पञ्चतमादह्नः पूर्वेणैवात्र शिष्यते ।।

अस्यार्थः – अघवृद्धौ दीर्घाशौचे परतोऽशुद्धिः परमाशौचम् । यदि पूर्वाशौचमुत्तरस्य पञ्चदिनात्परतोऽनुवर्तते तदा पूर्वेणैव शुद्धिः । पूर्वस्योत्तराशौचार्धाधिककालव्यापित्वे पूर्वशेषाच्छुद्धिरित्यर्थः । यथा षष्ठे मासे गर्भपातनिमित्तषडहाशौचमध्ये दशाहपाते पूर्वेणोत्तरनिवृत्तिः । यथा वा त्र्यहमध्ये स्रावपातनिमित्तचतुरहपञ्चाहयोरिति कश्चित् । तन्न, दशाहावधि पूर्वशेषशुद्ध्यादेकवाक्यविरोधात् । षष्ठादिदिने पूर्णाशौचमन्त्यरात्रौ तु द्व्यह इत्यनौचित्याच्च । अस्मद्गुरवस्तु पञ्चतमादह्न आशौचं ततो न्यूनं त्र्यहादि चेत्स्यादत्रास्मिन् विषये पूर्वेणैवाशुद्धिः शिष्यते । दशाहादिरात्रिशेषे त्र्यहादल्पाशौचानां परस्परं रात्रिशेषे संपाते च न द्व्यहादिवृद्धिरित्यर्थमाहुः । क्वचित्पूर्वशेषे च शुद्धेरपवादमाह गौतमः – **रात्रिशेषे सति द्वाभ्याम्, प्रभाते तिसृभिः**, इति । प्रभातेऽन्त्ययामे । **रात्रिशेषे द्व्यहाच्छुद्धिर्यामशेषे शुद्धिस्त्र्यहात्** । इति शातातपोक्तेः । इदं शावान्ते सूतकपाते सजातीये वा तुल्यम् ।

अत्र केचित् । रात्रिशब्दोऽहोरात्रपरः । '**अहः शेषे द्वाभ्यां प्रभावे तिसृभिः**' इति शङ्खलिखितोक्तेः ।

'**अथ यदि दशरात्राः सन्निपतेयुराद्यं दशरात्रमाशौचमानवमाद्दिवसादत ऊर्ध्वं द्विरात्रेण व्युष्टाय त्रिरात्रेण**' इति बौधायनोक्तेः ।

अल्पकालिक आशौचद्वारा दीर्घकालिक आशौचको निवृत्ति

कहीँ अल्पकालिक आशौचद्वारा दीर्घकालिक आशौचको निवृत्ति हुने कुरा बताइएको छ । **देवल** भन्दछन् – पापको वृद्धि हुँदा दीर्घाशौचमा दोस्रो आशौचबाट शुद्धि हुँदैन र आशौच लागिनै रहन्छ । यदि पहिलो आशौच दोस्रो आशौचको पाँचदिनसम्म जान्छ भने पहिलो आशौच सकिँदा दोस्रो आशौचको पनि निवृत्ति हुन्छ । पहिलो आशौचले दोस्रो आशौचको आधा भाग व्याप्त गरेमा पहिलो आशौचको शेषभागबाट नै शुद्धि हुन्छ । जस्तै गर्भिणीको छैठौं महिनामा गर्भपात भयो र त्यस निमित्त छदिनको आशौच बार्ने क्रममा दशदिनको आशौच आइलाग्यो भने पूर्वाशौचबाट नै उत्तराशौचको निवृत्ति हुन्छ । त्यो तब हुन्छ जब तीनदिनको बीचमा गर्भपातनिमित्तक चार वा पाँचदिनको आशौच आइलाग्छ भन्ने कुरा अरूले भनेका छन् । ग्रन्थकार भन्दछन् – यो उचित होइन, किनकि दशदिनपर्यन्त पूर्वशेषको शुद्धि हुने पूर्ववाक्यको विरोध पर्न आउँछ । ६ आदि दिनमा पूर्ण आशौच र अन्त्यरात्रिमा दुईदिन भन्ने यो व्यवस्था अनुचित हुन्छ ।

हाम्रा गुरु भन्नुहुन्छ कि पाँचौं दिनभन्दा पहिले त्योभन्दा न्यून तीनदिन आदि आशौच पर्न आएमा पूर्वाशौचबाट नै अशुद्धि बाँकी रहन्छ । दशाह आदिको रात्रिशेषमा तीनदिन अल्प आशौचहरूको सम्पात पर्न आएमा दुईदिन आदिको वृद्धि हुँदैन । कहीँ फेरि पूर्वशेषबाट शुद्धि हुने कुराको अपवाद बताउँदै **गौतमले** भनेका छन् – रात्रिको शेषमा आशौचसम्पात भएमा दुईदिनमा र पछिल्लो प्रहरमा आशौचसम्पात भएमा तीनदिनमा शुद्धि हुन्छ । **शातातपले** भनेका छन् कि– रात्रिशेषमा दुईदिनमा शुद्धि हुन्छ । यामशेषमा तीनदिनमा शुद्धि हुन्छ । यो व्यवस्था मरणाशौचमा जन्माशौचको सम्पात हुँदा सजातीयहरूमा बराबर लागु हुन्छ ।

यहाँ कसैले भनेका छन् – रात्रि शब्द अहोरात्रपरक भएकाले दिनको शेषमा दुईदिन र प्रातःकालमा तीनदिनमा शुद्धि हुन्छ । यो शङ्ख र लिखितको भनाइ हो ।[२९]

पुनः पाते दशाहात् प्राक् पूर्वेण सह गच्छति । दशमेऽह्नि पतेद्यस्याहर्द्वयात्स विशुद्ध्यति ।।

प्रभाते तु त्रिरात्रेण दशरात्रेष्वयं विधिः । इति देवलोक्तेश्च । नवमदशमशब्दौ चोपान्त्यान्त्यदिनपरौ । तेन क्षत्रियादावपि तथेत्याहुः । माधवीयेऽप्येवम् । अन्ये त्वाहुः ।

अन्तर्दशाहे स्यातां चेत् पुनर्मरणजन्मनी । तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम् ।।

इति मनुः, पराशराद्यैर्दशमदिनेनोत्तरस्य शुद्धेरुक्तत्वाद्विरोधः स्पष्ट एव । विरोधे च '**यद्वै किञ्चन मनुरवदत्तद्भेषजम्**' '**कलौ पाराशरस्मृतिः**' इत्यनेन च पूर्ववचसां वाधः । अत एव वाचस्पतिना तेषामनाकरत्वमुक्तम् । साकरत्वेऽपि जातिमात्रविप्रादिविषयं देशान्तरविषयं युगान्तरविषयं वास्तु । तेन गौतमीये रात्रिशब्देनाहोरात्रपरः । '**रात्रिमात्रावशिष्टे**' इति मिताक्षरोक्तेश्च न कुकविकृतेरिवान्यथा व्याख्या युक्ता ।

माधवस्तु '**अनिर्गतदशाहम्**' इति पूर्वस्वग्रन्थविरोधादुपेक्ष्य इति । अस्मत्पितृचरणास्तु बौधायनीये '**आनवमाद्दिवसात्**' इति द्वितीयाशौचस्य नवमं दिनं प्रथमस्य दशममेवाहुः । द्व्यहादिवृद्धेः पूर्वशेषापवादत्वात् तस्य च न्यायतो द्वितीयदिनादेव प्रवृत्तेः अत ऊर्ध्वमिति दशमरात्रिपरम् । शङ्खलिखितोक्तौ देवलोक्तौ चाहःशेषे दशमेऽह्नि चातीते रात्रौ पतेदित्यर्थः, दशम्यां पिता नाम कुर्यादितिवत् । तेन न मन्वाद्यैर्विरोधो नापि मिताक्षराद्यैरित्याहुः। अपरार्के निर्णयामृते स्वरसोऽप्येवम् ।

देवल भन्दछन् – दशदिनभन्दा पहिले अर्को आशौच आइलागेमा पूर्वाशौचबाट दोस्रो आशौचको निवृत्ति हुन्छ । दसौं दिनका दिन दोस्रो आशौच आइपरेमा आशौचकालमा दुईदिन थप्नुपर्दछ । प्रातःकालमा आशौच लागे तीनदिन थप्नुपर्दछ । यो दशरात्र बार्नेहरूका लागि व्यवस्था गरिएको विधि हो । आशौचको नवमदिन र दशमदिन शब्दको अर्थ उपान्त्य दिन र अन्त्य दिन हो । क्षत्रिय आदिका निमित्त यही नियम लागु हुन्छ ।

माधवीयमा पनि यस्तै बताइएको छ । अरूले त भनेका छन् – दशदिनभित्र यदि मरण र जन्मको आशौचसम्पात भएमा ब्राह्मण आदि तबसम्म अशुद्ध हुन्छन्, जबसम्म पहिलो आशौचका दशदिन समाप्त हुँदैनन् । यसरी मनु र **पराशर** आदिले दसौं दिनपछि पछिल्लो आशौच पनि शुद्ध हुने कुरा बताएकाले स्पष्ट विरोध देखिन्छ । विरोधमा पनि **मनुले** जे भनेका छन् – त्यो औषधि नै हो । '**कलौ पराशरस्मृतिः**' भन्ने नियम भएको हुँदा **मनु** वचनले पूर्ववचनको बाध हुन्छ । यसैकारण **वाचस्पतिले** उक्त वचनहरूलाई अशास्त्रीय मानेका छन् । शास्त्रीय नै मान्ने हो भने पनि जातिमात्र ब्राह्मणको विषयमा आधारित वा देशान्तरविषयक वा युगान्तरविषयक नियम मान्नुपर्दछ । कसैले **गौतमीय** वचनमा प्रयोग गरिएको रात्रिशब्द दिन र रातको वाचक होइन, अपितु रात्रिको अवशिष्ट भागको वाचक हो भनी **मिताक्षरामा** भनिएको छ । यसकारण कुकविको रचनामा झैं अन्यथा व्याख्या गर्नु उपयुक्त हुँदैन । **माधव** भन्दछन् – '**अनिर्गतदशाहम्**' यो मत आफ्नै वचनविरुद्ध भएकाले उपेक्ष्य छ ।

हाम्रा पूज्य पिताले **बौधायनमा** प्रयोग गरिएको '**आनवमाद्**' अर्थात् नौदिनभित्र भन्ने अर्थ नगरी प्रथमाशौचको

२९. दशदिने आशौच समाप्त हुन एकरात मात्र बाँकी छँदा पुनः दशदिने नै पर्न गयो भने दुई दिन बढी बार्नुपर्छ, एकप्रहरमात्र बाँकी हुँदा चाहिँ तीन दिन बढी बार्नुपर्ने हुन्छ ।

दसौं दिन भनी अर्थ गर्नुभएको छ । दुईदिन आदिको वृद्धि हुने कुरा पूर्वशेषको अपवाद हो । दोस्रो आशौचको प्रवृत्ति दोस्रो दिनबाट नै हुन्छ । अतः ऊर्ध्वं भन्ने पदको अर्थ दसौं दिनपछि भनी गर्नुपर्दछ ।

आशौचे समयविभागस्य व्यवस्था

यत्तु तत्रैव ब्राह्मे- **आद्यं भागद्वयं यावत्सूतकस्य तु सूतके । द्वितीये पतति त्वाद्यात्सूतकाच्छुद्धिरिष्यते ।।**
अत ऊर्ध्वं द्वितीयात्तु सूतकान्ताच्छुचिः स्मृतः । एवमेव विचार्यं स्यान्मृतके मृतकान्तरम् ।।
मृतकस्यान्तरे यत्र सूतकं यत्र विद्यते । सूतकस्यान्तरे वाथ मृतकं यत्र विद्यते ।।
मृतकान्ते भवेत्तत्र शुद्धिर्वर्णेषु सर्वशः ।। इति ।

अस्यार्थस्तत्रैवोक्तः । पूर्वाशौचपरमहोरात्रस्य दिनरूपे आद्यभागद्वयेऽन्याशौचपाते पूर्वेण शुद्धिः । भागद्वयोर्ध्वं रात्रौ सूतकान्तरे द्वितीयात्पूर्वभिन्नात्सूतकान्ताद् द्व्यहादिरूपाच्छुद्धिरिति ।

अपरार्के त्वाशौचकालं त्रेधा विभज्य निर्गुणविषयत्वेनेदमुक्तम् । अस्य वचनस्य निर्मूलत्वोक्तिरज्ञोक्तिरेव । अतः पूर्वाशौचान्त्यरात्रावन्याशौचेऽहोरात्रद्वयमधिकं रात्रेरन्त्ययामे तु दिनत्रयमिति भट्टचरणोपदिष्टः पन्थाः । एतत्सम्पूर्णाशौचसम्पाते एव । रात्रिशेषे त्रिरात्रादिसम्पाते तु पूर्वशेषेणैव शुद्धिः । द्विरात्रादिवृद्धेः पूर्ववाक्यैर्दशाह-विषयत्वादपवादाभावे शेषशुद्धेरेव सामान्यतः प्रवृत्तेः । षडशीतौ तु दशाहान्ते त्र्यहपातेऽपि द्वित्रिदिनवृद्धिरुक्ता ।

रात्रिशेषे यदाशौचं पूर्वानधिकमापतेत् । ऊर्ध्वं दिनद्वयं पूर्वाद्यामशेषे दिनत्रयम् ।।

इति । अनधिकं समं न्यूनं वा । तत्तुच्छम् । निर्मूलत्वादन्ते पक्षिण्यादिपातेऽपि द्विरात्रादिवृद्ध्यापत्तेश्च । पूर्वाशौचान्तर्वर्द्धि-तद्वित्रिदिनमध्येऽधिकाशौचान्तरपाते तु वर्द्धितस्याल्पत्वादधिकेनैव शुद्धिः । न च वर्द्धितस्य पूर्वशेषत्वं शङ्कनीयम् । रात्रिशेषे पूर्वशेषशुद्ध्यपवादे नैमित्तिकवृत्तिन्यायोज्जीवनात् । अपवादाभावे उत्सर्गस्य प्राप्तेः ।

आशौचमा समयविभाग

ब्रह्मपुराणमा भनिएको छ – पहिलो सूतकको दोस्रो भागभित्र अर्को सूतक आइपरेमा पूर्व आशौचबाट नै शुद्धि हुन्छ । पहिलो आशौचको दोस्रो भाग समाप्त भएपछि दोस्रो आशौच आइपरेमा दोस्रो आशौच सकिएपछि मात्र शुद्धि हुन्छ । पहिलो आशौचलाई भाग लगाएपछि दुईभागभन्दा पछि मरणाशौच पर्दछ र त्यसमा फेरि मरणाशौच थपिन्छ भने मरणाशौचको अन्तमा सूतक प्राप्त भएमा र मरणाशौचको अन्तमा मरणाशौच नै प्राप्त भएमा पनि सबै वर्णको शुद्धि मरणाशौचको अन्तमा नै हुन्छ । उक्त तथ्यलाई स्पष्ट गर्दै त्यहीं भनिएको छ – पहिलो आशौचको समाप्ति हुँदा अहोरात्रका रूपमा सुरुका दुईभागभित्र दोस्रो आशौच परेमा पहिलो आशौचबाट नै शुद्धि हुन्छ । दुईभागपछि रात्रिमा सूतकान्तर आइलागेमा दोस्रो भागबाट शुद्धि हुन्छ । दोस्रो सूतकको अन्त्यदेखि दुईदिन अरू थपेपछि शुद्धि हुन्छ ।

अपरार्कमा त आशौचको समयलाई तीनभाग लगाएर निर्गुणको विषयमा यो वचन भनिएको छ – यो वचन निर्मूल छ र यो अज्ञानबाट आएको हो । यसैले पूर्वाशौचको अन्तिम रात्रिमा अर्को आशौच थपिन आएमा पूर्वाशौचमा दुईदिन थपेपछि आशौच निवृत्ति हुन्छ भनिएको छ । रात्रिको अन्त्ययाममा आशौच पर्न आएमा तीनदिन अधिक थप्नुपर्ने कुरा बताइएको छ । यो भट्टहरूद्वारा देखाइएको मार्ग हो । सम्पूर्ण आशौचको सम्पातमा यस्तो स्थिति हुन आउँछ । अहोरात्रशेषमा तीनरात्रिपछि आशौचसम्पातमा पूर्वशेषबाट शुद्धि हुने कुरा बताइएको छ । दुईरात्रि थपिने कुरा पूर्वव्याख्याअनुसार दशाहसँग सम्बन्धित भएकाले अपवादको अभावमा बाँकी भागको शुद्धिमा नै आशौचको शुद्धि हुने कुरा लोकमा

प्रचलनमा रहेको देखिन्छ ।

षडशीतिमा त दशाहको अन्तमा तीनदिनको आशौच पर्न आएमा दुईदिनको वृद्धि हुन्छ भनिएको छ । रात्रिशेषमा पहिले भनेजस्तै न्यून, अधिक वा सम आशौच पर्न आएमा आशौचमा दुईदिन वृद्धि हुन्छ । यामशेषमा तीनदिन वृद्धि हुन्छ। **'अनधिकम्'** भनेको सम वा न्यून हो । ग्रन्थकार भन्दछन् – **षडशीति**को यो मत तुच्छ छ र निर्मूल पनि छ । पक्षिणी आदिको पातमा पनि दुईरात्रि वृद्धि गर्नुपर्ने स्थिति आउनेछ । पूर्वआशौचअन्तर्गत बढेका दुई– तीनदिनको मध्यमा अधिक आशौचको पात हुँदा बढेको दुई–तीन दिन अल्प भएकाले अधिक आशौचबाट नै शुद्धि हुन्छ भन्ने कुरामा शंका गर्न हुँदैन । कसैले भन्नसक्छन् – बढेको पनि पूर्वशेष नै हो । यो भनाइ ठीक छैन किनकि रात्रिशेष पूर्वशेषको शुद्धिको अपवाद अर्थात् नियमविरुद्धको नियम हो ।[३०] यस्तो अपवादमा नैमित्तिकवृत्तिन्यायको आश्रय लिइन्छ तदनुसार अपवादको अभावमा उत्सर्ग अर्थात् साधारण नियमको प्राप्ति हुन्छ ।

पित्राशौचे मात्राशौचविचारः

अपवादान्तरमाह शङ्खः –

मातर्यग्रे प्रमीतायामाशुद्धौ म्रियतेऽपि वा । पितुः शेषेण शुद्धिः स्यान्मातुः कार्या तु पक्षिणी ।।

पादत्रयं स्पष्टम् । तुर्यस्य त्वयमर्थः – पित्राशौचमध्ये मातृमृतौ पित्राशौचान्ते मातुः पक्षिणीमधिकां कुर्यादिति । तत्राशुद्धावित्युक्तेरात्महादेः पितुराशौचाभावान्मातृमरणे न पक्षिणी किन्तु पूर्णमेवाशौचम् । इयं च पक्षिणी तृतीयादिपरा, नाद्यदिनद्वये प्रतिनिमित्तनैमित्तिकावृत्तिन्यायापवादपूर्वशेषापवादत्वादिति पितृचरणाः । सपिण्डाद्यशौचेन मातापित्रोराशौचोपरमो नास्त्येव । एवं भर्तुरपीति । इयं च पक्षिणी दशमदिनात्पूर्वमातृमरणे ज्ञेया । दशम्यां रात्रौ तत्प्रभाते वा मातृमरणे द्व्यहत्र्यहसमुच्चिता पक्षिणीति कश्चित् । तन्न, सङ्ख्यान्तरोपजननापत्या त्र्यहादिश्रुतिबाधापत्तेः । **'अत एवैका देया षट् देया'** इत्यादौ श्रुतसङ्ख्याबाधापत्तेः समुच्चयो निरस्तो द्वादशे । गुरुणि लघोरन्तर्गतिः **'गुरुणा लघु शुद्ध्येत'** इत्युक्तेश्च ।

पिताको आशौचमा माताको आशौच

अपवाद बताउँदै **शङ्ख** भन्दछन् – पहिले माताको मृत्यु भएमा आशौचको बीचमा पिताको मृत्यु भयो भने पिताकै शेषबाट माताको शुद्धि हुन्छ । पिताको आशौचमा माताको मृत्यु भयो भने पिताको आशौचान्तमा पक्षिणी वृद्धि गर्नुपर्दछ। यस पद्यको तीनचरणको अर्थ स्पष्ट छ । चौथो चरण **'मातुः कार्या तु पक्षिणी'** को अर्थ यस प्रकार छ – पिताको आशौचको बीचमा माताको मरण भएमा पिताको आशौचान्तमा माताको आशौचमा पक्षिणी वृद्धि गर्नुपर्दछ । उक्त पद्यमा रहेको **अशुचौ**पदको तात्पर्य यसप्रकार छ– आत्महत्या गर्ने पिताको आशौच नलाग्ने हुँदा त्यस्ता पिताको मृत्युपछि माताको मृत्यु भएमा पक्षिणी वृद्धि गरिँदैन अपितु माताको सम्पूर्ण आशौच बार्नुपर्छ । यो पक्षिणी तेस्रो दिनपछि माताको मृत्यु भएमा थपिन्छ । सुरुका दुईदिनमा माताको मृत्यु भएमा थपिँदैन। निमित्त– माताको मरण, नैमित्तिक– पिताको मरण र आवृत्तिन्यायको अपवाद अर्थात् आत्महत्यारूप पूर्वशेषको अपवाद – **मातुः कार्या तु पक्षिणी** अर्थात् पिताको आशौच नलाग्दा पक्षिणी वृद्धि गर्नुपर्दैन, पूर्ण आशौच बार्नुपर्दछ भन्नु हो । यो हाम्रा **पितृचरण**को मतअनुसार बताइएको छ– सपिण्ड आदिको आशौचबाट माता–पिताको आशौच समाप्त हुँदैन । यही रीतिले पतिको पनि जान्नुपर्दछ । यो पक्षिणी

३०. कर्म गर्ने सोझो विधि वा आदेशलाई उत्सर्ग भनिन्छ । त्यसको विपरीत नगर्नु भन्ने कुरा आएमा त्यसलाई अपवाद भनिन्छ । मीमांसामा एउटा न्याय छ – 'अपवादापवादे उत्सर्गप्रवृत्तिः' अपवादको पनि अपवाद आइलाग्यो भने उत्सर्ग नै आउँछ अर्थात् कर्म गर्नु भन्ने छुट प्राप्त हुन्छ । यहाँ पूर्वशेष शुद्धि विधि हो भने रात्रिशेष त्यसको अपवाद हो ।

दसौंदिनभन्दा पहिले आमाको मृत्यु भएमा लागु हुन्छ भन्ने कुरा जान्नुपर्दछ ।

दशौं दिनको राति अथवा त्यसपछिको बिहानीमा माताको मृत्यु भएमा दुई वा तीनदिन पक्षिणी बार्नुपर्दछ भन्ने कसैको भनाइ छ । यो उचित छैन । सङ्ख्यान्तरका कुरा ल्याउँदा कुनै पनि सङ्ख्याको अनुष्ठान हुने छैन । तीनदिन बार्नुपर्छ भन्ने श्रुतिको बाध हुनेछ । त्यसैले एउटा दिनुपर्दछ, छवटा दिनुपर्दछ भन्ने श्रुतिको संख्यामा बाधा हुनेछ । समुच्चयको निराकरण **जैमिनिन्यायमाला**को बाह्रौं अध्यायमा गरिएको छ । त्यहाँ पूर्वपक्षमा समुच्चय र उत्तरपक्षमा विकल्पको उपस्थापन गरिएको छ । त्यहाँ गुरुअन्तर्गत लघु रहने हुँदा गुरुबाट लघु शुद्ध हुन्छ भन्ने भनाइ पनि रहेको छ ।[३१]

अन्वारोहणे विशेषः

मातुरन्वारोहणे तु न पक्षिणी ।

यदा नारी विशेदग्निं प्रियस्य प्रियवाञ्छया । तदाशौचं विधातव्यं भर्तृशौचक्रमेण हि ।।

इति पृथ्वीचन्द्रोदये लघुहारीतोक्तेः ।

अन्वारोहणमा विशेष

पिताको मृत्युपछि माता सती गएमा पक्षिणी वृद्धि गर्नुपर्दैन । पतिको प्रियकामनाले जब पत्नी चितामा आरोहण गर्दछिन् त्यसबेला पतिको आशौचक्रमबाट नै पत्नीको आशौचको विधान गर्नुपर्दछ ।

मृतं पतिं ज्ञात्वा अन्वारोहणे विचारः

तत्रैव षडशीतिमतेऽपि –

मृतं पतिमनुव्रज्य पत्नी चेदनलं गता । न तत्र पक्षिणी कार्या पैतृकादेव शुद्ध्यति ।।

पुत्रोऽन्यो वाग्निदस्तस्यास्तावदेवाशुचिस्तयोः । नवश्राद्धं च पिण्डञ्च युगपत्तु समापयेत् ।।

गृहीताशौचानां पुत्राणां पितुः संस्कारे मातुः सपिण्डस्य वा मरणे नायं निर्णयः । अतिक्रान्तकालाद्विद्यमाननिमित्तस्य च बलवत्त्वात् । द्वादशवर्षोत्तरं संस्काराशौचमध्ये सपिण्डमरणेऽप्येवम् । यत्तु अपरार्के ब्राह्मे –

ऋग्वेदवादात् साध्वी स्त्री न भवेदात्मघातिनी । त्र्यहाशौचे तु निवृत्ते श्राद्धं प्राप्नोति शास्त्रवत् ।।

इति, तद्भर्तुराशौचोत्तरमन्वारोहणे त्रिरात्राशौचपरमिति पृथ्वीचन्द्रः । ब्राह्मणादेः क्षत्रियाद्यनुगमनेऽल्पाशौचपरमित्यपरार्कः। शुद्धितत्त्वादयो गौडास्तु– भर्त्रशौचोत्तरमन्वारोहणे त्रिरात्रम् । सहगमने तु सम्पूर्णम् । युद्धहतस्य सद्यःशौचेऽन्वारोहणे ब्राह्मोक्तेस्त्रिरात्रत्वात् । भर्तुरपि त्र्यहेण पिण्डदानम् । एकचितौ तु सद्यःशौचम्, इत्याहुः । अन्यत् प्रागुक्तम् ।

पति मरेको थाहा पाएपछि अन्वारोहण

षडशीतिमतमा भनिएको छ – पतिको मृत्युपछि पत्नीले अग्निमा प्रवेश गरेमा पक्षिणीवृद्धि गर्नुपर्दैन । मरेका

३१. षडेकादौ विकल्पः स्यात् (मीमांसासूत्र १२/४/९) अनुसार एकआहुति दिनुपर्दछ, छ आहुति दिनुपर्दछजस्ता वाक्यहरूमा एकआहुति दिएर छआहुति दिनुपर्दछ भन्ने समुच्चय नभई एक अथवा छआहुति दिनुपर्दछ भन्ने विकल्प हो । एका देया समुच्चेयं विकल्प्यं वाद्य आनतेः । सौलभ्यादन्तिमो नैरपेक्ष्यात् सङ्ख्यान्तरादपि ।। – जैमिनीय न्यायमाला, अ. १२, पा. ४, अधि. ६। – यस पद्यमा समुच्चयलाई पूर्वपक्षमा राखी विकल्पलाई उत्तरपक्षमा राखिएको छ । त्यसैगरी यहाँको प्रसङ्गमा पनि दुई दिन बार्नुपर्दछ र तीन दिन बार्नुपर्दछ भन्ने वचन समुच्चय नभई विकल्प हो भन्ने कुरा अङ्गीकार गर्नुपर्दछ ।

पतिको आशौचबाट नै पत्नीको आशौच गतार्थ हुन्छ । पुत्र वा अग्निसंस्कार गर्ने बन्धु तबसम्म अशुद्ध रहन्छन्, जबसम्म नवश्राद्ध[३२] र सपिण्डन एकसाथ गर्रिँदैन । पिताको आशौच ग्रहण गरी अन्तिमसंस्कार सम्पन्न गरेपछि माता वा कुनै सपिण्डको मृत्यु भएमा यो नियम लागु हुँदैन । समय बितिसकेको हुनाले पितृमरणभन्दा मातृमरण बलवान् देखिनाले उक्त नियम लागु हुँदैन । बाह्रवर्षपछि गरिने संस्कारमा आशौचको मध्यमा सपिण्डको मरण भए पनि यही नियम लागु हुन्छ ।

जुन **अपरार्क**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ कि – पतिव्रता नारी आत्मघातिनी नभएमा तीनदिनको आशौच समाप्त भएपछि शास्त्रअनुसार श्राद्ध प्राप्त गर्दछिन् भन्ने कुरा ऋग्वेदको निम्न उद्धृत ऋचाबाट ज्ञात हुन्छ– '**इमा नारीरविधवाः सुपत्नीराञ्जनेन सर्पिषा सं विशन्तु । अनश्र वाऽनमीवाः सुरत्ना आ रोहन्तु जनयो योनिमग्रे ।।७।। उदीर्ष्व नार्यमि जीवलोकं गता सुमेतमुप शेप एहि । हस्तग्रामस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूव ।।८।। धनुर्हस्तादादशनो मृतस्याऽस्मे क्षत्राय वर्चसे बलाय । अत्रैव त्वमिह वयं सुवीरा विश्वः स्पृधो अभिमातीर्जयेम ।।९।। उप सर्प मातरं भूमिमेतामुरुव्यचसं पृथिवीं सुशेवाम् । ऊर्णम्रदा युवतिदक्षिणायत एषा त्वा पातु निर्ऋतेरुपस्थात् ।।१०।।** - ऋ.१०/१८/७–१० ।

पृथ्वीचन्द्र भन्दछन् – यो भनाइ पतिको आशौचपछि अन्वारोहण गरेमा तीनरात आशौच बार्नुपर्दछ भन्ने अर्थमा बताइएको हो । क्षत्रियपत्नीले ब्राह्मणपतिको अन्वारोहण गरेमा थोरै आशौच लाग्ने कुरा पनि यसबाट थाहा लाग्दछ। **शुद्धितत्त्व** आदिमा **गौडहरू** भन्दछन् – पतिको आशौचपछि अन्वारोहण गरेमा पत्नीका लागि तीनदिन आशौच बार्नुपर्दछ । सँगै अन्वारोहण गरेमा सम्पूर्ण आशौच लाग्दछ ।

युद्धमा मारिएका पति वा बन्धुको सद्यःआशौच लाग्दछ तर अन्वारोहणमा **ब्रह्मपुराण**को मतअनुसार तीनदिन आशौच लाग्दछ । पतिको लागि पनि तीनदिनमा पिण्डदान समाप्त गर्नुपर्दछ । एउटै चितामा मृत्यु भएमा सद्यः आशौच लाग्दछ । अरू कुरा पहिले बताइसकिएको छ ।

पूर्वशेषेण शुद्धेरपवादान्तरकथनम्

पूर्वशेषेण शुद्धेरपवादान्तरमुक्तं षडशीत्याम् –

पूर्वाशौचेन या शुद्धिः सूतके मृतकेऽपि च । सूतिकामग्निदं हित्वा प्रेतस्य च सुतानपि ।।

निर्णयामृते स्मृतिसङ्ग्रहेऽपि – '**इत्थं विशुद्धिरुदिता सूतिकामग्निदं विना ।**' इदं मूल्येन दाहकरणे मातुलादिसम्बन्धे दाहमात्रकरणे तु त्रिरात्रमेवेत्युक्तं प्राक् । वृद्धात्रिः –

सूतकाद् द्विगुणं शावं शावाद् द्विगुणमार्तवम् । आर्तवाद् द्विगुणा सूतिस्ततोऽपि शवदाहकः ।।

तथाशौचसम्पातेऽपि न शावजननिमित्तकार्यप्रतिबन्धः ।

आशौचे तु समुत्पन्ने पुत्रजन्म यदा भवेत् । कर्तुस्तात्कालिकी शुद्धिः पूर्वाशौचेन शुद्ध्यति ।।

इति प्रजापतिस्मृतेः ।

---

३२. मृतव्यक्तिको लागि पहिलो, तेस्रो, पाँचौं, सातौं, नवौं र एघारौं दिनमा गरिने श्राद्धलाई नवश्राद्ध भनिन्छ – '**प्रथमेऽह्नि तृतीयेऽह्नि, पञ्चमे-सप्ते तथा । नवमैकादशे चैव तन्नवश्राद्धमुच्यते ।।**' – धर्मसिन्धु । यो प्रचलन माध्यन्दिनीय शुक्लयजुर्वेदाध्यायीहरूमा छैन र पारस्करगृह्यसूत्रमा पनि यसको उल्लेख भएको छैन । त्यसैले यो नवश्राद्धको विधि अरू शाखाका मानिसहरूले गर्ने गरेको पाइन्छ । कतिपय विद्वान्हरू आफ्नो शाखामा उल्लेख नभए तापनि नवश्राद्ध गर्दा राम्रै फल प्राप्त हुने विश्वासको आधारमा नवश्राद्ध गर्नुपर्छ भन्दछन् ।

पूर्वशेषशुद्धिको अपवाद

षडशीतिमा पूर्वशेषशुद्धिको अपवाद बताउँदै भनिएको छ – सूतकाशौच र मृतकाशौचमा पूर्वशेषबाट अर्थात् पहिलो आशौचको बाँकी समयबाट शुद्धि हुने कुरा जुन बताइएको छ त्यसका अपवादहरू छन् । सुत्केरीको आशौच पूर्वशेषबाट समाप्त हुँदैन । अग्निदाता र संस्कारकर्ताको आशौच पूर्वशेषबाट शुद्ध हुँदैन । मरेका मानिसका छोराको आशौच पूर्वशेषबाट शुद्धि हुँदैन । **निर्णयामृत** र **स्मृतिसंग्रह**मा पनि भनिएको छ – पूर्वशेषबाट शुद्धि हुने कुरा सुत्केरी र अग्निदातामा लागु हुँदैन । तर पैसा लिएर दाह गर्ने र मामा आदि सम्बन्धका आधारमा दाह गर्ने मानिसलाई त तीनरातमात्र आशौच लाग्दछ भन्ने कुरा पहिले बताइसकिएको छ । **वृद्धअत्रि** भन्दछन् – 'जन्मसूतकभन्दा मरणसूतकको प्रभाव दुईगुणा बढी हुन्छ । मरणाशौचभन्दा रजोधर्मको प्रभाव दुईगुणा बढी हुन्छ । रजोधर्मको भन्दा सुत्केरो दुईगुणाभन्दा बढी प्रभावकारी हुन्छ। सुत्केरोभन्दा शवदाह गर्ने मानिसको आशौच दुईगुणा बढी हुन्छ ।' आशौच पर्न आउँदा शावाशौच, जन्माशौच प्रतिबन्धक हुँदैनन् । जस्तै आशौचकालमा पुत्रजन्म भयो भने पुत्रको पिताले तत्कालशुद्धि प्राप्त गर्दछ र पूर्वाशौचबाट मुक्त हुन्छ ।

आशौचे तु द्विविधेऽपि प्राप्ते विचारः

आशौचे द्विविधेऽपि शातातपः –

अन्तर्दशाहे जननात्पश्चात्स्यान्मरणं यदि । प्रेतमुद्दिश्य कर्तव्यं पिण्डदानं यथाविधि ।।

मातुःपक्षिणीमध्ये पितुरेकादशाहं च कुर्यात् – **आद्यं श्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि** । इति स्मृतेः। केचित्त्विदं क्षत्रियादिपरम्, विप्रादेस्त्वाशौचान्तरमेकादशाहश्राद्धं नेत्याहुः । अत एव विज्ञानेश्वरेण – **दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत्** । इति शुचित्वं महैकोद्दिष्टाङ्गविप्रनिमन्त्रणपरमिति वदता तत्र शुद्धेरङ्गत्वं दर्शितम् । एवं वृषोत्सर्गशय्यादावपि । देवयाज्ञिकेन त्वाशौचान्तरेऽपि भवत्येवेत्युक्तम् ।

दुई प्रकारको आशौच प्राप्त हुँदा

दुई प्रकारको आशौच प्राप्त हुँदा गर्नुपर्ने विषयमा **शातातप** भन्दछन् – आशौचको दशदिनका बीचमा बालकजन्म भएमा, त्यसपछि फेरि अर्को मरणाशौच आइलागेमा प्रेतलाई लक्षित गरी विधिपूर्वक पिण्डदान गर्नुपर्दछ । प्रेतपिण्डको आरम्भ भइसकेपछि जन्मसूतक पऱ्यो भने शेषपिण्ड दिने काम यथावत् जारी राख्नुपर्दछ ।

पिताको मृत्युपछि माताको मृत्यु भएमा माताको लागि पक्षिणी गर्दा पिताको एघारौं दिनको कर्म पनि गर्नुपर्दछ । एघारौं दिनमा गरिने आद्यश्राद्ध अशुभ अवस्थामा पनि गर्न हुन्छ भन्ने **स्मृतिवचन** छ । कसैले यो नियम क्षत्रिय आदिमा मात्र लागु हुन्छ, ब्राह्मणले त आशौचको बीचमा एघार दिनमा गरिने श्राद्ध गर्न हुँदैन भनेका छन् ।

यसैले **विज्ञानेश्वर** भन्दछन् – दसौं पिण्ड दिएपछि रात्रिशेषमा शुद्धि हुन्छ । यो पवित्रता ब्राह्मणलाई निमन्त्रणा दिने सम्बन्धमा हो भन्नेले शुद्धिको अङ्ग देखाएका छन् । यसैगरी वृषोत्सर्ग र शय्यादानमा पनि पवित्रता हुने कुरा स्पष्ट हुन्छ । देवयाज्ञिकले भनेका छन् – आशौचान्तरमा पनि उक्त कर्म गर्न हुन्छ ।

पञ्चधा आशौचापवादः

अथाशौचापवादः । स पञ्चधा । कर्तृतः कर्मतः द्रव्यतः मृतदोषतः विधानाच्च ।

पाँचप्रकारका आशौच-अपवाद

आशौचका अपवादहरूको विषयमा चर्चा गरिन्छ । आशौचका अपवाद पाँचप्रकारका हुन्छन् – कर्ताद्वारा हुने अपवाद, कर्मबाट हुने अपवाद, द्रव्यद्वारा हुने अपवाद, मृतकको दोषबाट हुने अपवाद र विधिबाट हुने अपवाद ।

कर्तृत आशौचापवादः

आद्यो ब्रह्मचारियत्यादिषु ।

कर्ताबाट हुने अपवाद

पहिलो कर्ताबाट हुने अपवाद ब्रह्मचारी र यति आदिमा रहेको हुन्छ ।

नैष्ठिकादीनामाशौचविचारः

नैष्ठिकानां वनस्थानां यतीनां ब्रह्मचारिणाम् । नाशौचं कीर्तितं सद्भिः पतिते च मृते तथा ।।

इति कौर्मोक्तेः । तुर्यपादे **'शावे वापि तथैव च'** इति देवलपाठः । आशौचमन्त्यकर्मोपलक्षणम् ।

ब्रह्मचारी न कुर्वीत शवदाहादिकाः क्रियाः । यदि कुर्याच्चरेत् कृच्छ्रं पुनः संस्कारमेव च ।।

इति देवलोक्तेः । एतत्पित्राद्यतिरिक्तविषयम् ।

नैष्ठिकहरूको आशौचविचार

कूर्मपुराणमा भनिएको छ कि – आ–आफ्नो नियमलाई निश्चल भई पालन गर्ने अर्थात् नैष्ठिक, वानप्रस्थ, संन्यासी र ब्रह्मचारीको मृत्यु हुँदा आशौच बार्नु नपर्ने कुरा सज्जनहरूले बताएका छन् । यसैगरी पतित मानिस मरेमा पनि त्यसको आशौच बार्नुपर्दैन ।[३३] देवलले अन्तिम चरणको पाठान्तर प्रस्तुत गर्दै भनेका छन् – **'शावे वापि तथैव च'** यहाँ आशौचको अर्थ अन्त्यकर्म हो । उनैले भनेका छन् – ब्रह्मचारीले शवदाह आदि क्रिया गर्न हुँदैन । त्यसो गरेमा कृच्छ्रनामक प्रायश्चित्त गरी फेरि संस्कार गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यहाँ ब्रह्मचारीले पिता आदिभन्दा अतिरिक्त पुरुषको किरिया नगर्नु भनिएको हो ।

---

३३. ब्रह्मचारीहरू दुईथरि हुन्छन् – नैष्ठिक र उपकुर्वाण । उपकुर्वाणलाई कतै उपाकुर्वाण पनि भनिएको पाइन्छ । जसले ब्रह्मचर्यधर्ममा अटल रही गुरुसेवा गर्ने प्रतिज्ञा गरेका हुन्छन् ती नैष्ठिक ब्रह्मचारी हुन् । ब्रह्मचर्यपूर्वक वेदको अध्ययन गरेपछि समावर्तन नगर्दै गुरुदक्षिणा दिने ब्रह्मचारीलाई उपकुर्वाण भनिन्छ । यसैगरी आ–आफ्नो आश्रमको नियममा अटल रहने वानप्रस्थलाई नैष्ठिक वानप्रस्थ र संन्यासीलाई नैष्ठिक संन्यासी भनिन्छ । नैष्ठिक र उपकुर्वाण ब्रह्मचारीको विषयमा पराशरमाधवीयको आचारकाण्डबाट अधिक तथ्य जानकारी गर्न सकिन्छ । त्यसमा बताइएअनुसार ब्रह्मचारीका चार भेद हुन्छन् – गायत्र ब्रह्मचारी, प्राजापत्य ब्रह्मचारी, ब्राह्म ब्रह्मचारी र नैष्ठिक ब्रह्मचारी । भनिएको छ– **'तत्र ब्रह्मचारिणश्चतुर्विधा भवन्ति । गायत्रो ब्राह्मः प्राजापत्यो बृहन्निति ।'** **गायत्रब्रह्मचारी**– उपनयनपछि तीनदिनसम्म गायत्रव्रत गरी गायत्रीमन्त्र जप्ने ब्रह्मचारीलाई गायत्रब्रह्मचारी भनिन्छ । **प्राजापत्य ब्रह्मचारी** – आफ्नो पत्नीमा सन्तुष्ट भई ऋतुकालमा मात्र पत्नीसँग सहवास गर्ने र परस्त्रीमा मन नलगाउने ब्रह्मचारीलाई प्राजापत्य ब्रह्मचारी भनिन्छ । **ब्राह्मब्रह्मचारी** – एक वेदको लागि १२ अध्ययनवर्षका हिसाबले ४८ वर्षसम्म वेदब्रह्मचर्यको पालन गर्ने ब्रह्मचारीलाई ब्राह्मब्रह्मचारी भनिन्छ । **नैष्ठिकब्रह्मचारी** – गुरुको आज्ञा प्राप्त गरी आजीवन ब्रह्मचर्यमा बस्ने ब्रह्मचारी नैष्ठिक ब्रह्मचारी कहलाउँछ। ब्रह्मचारीका भेद र विशेषतासम्बन्धी विशेष तथ्य प्रा. शिवराज आचार्य कौण्डिन्न्यायनकृत 'वैदिकधर्म मूलरूपमा' प्रकाशक – स्वाध्यायशाला कुटुम्ब, द्वितीय संस्करण, २०६२ पृ. ३३२ देखि ३६० सम्मको अध्ययनबाट अवगत गर्न सकिन्छ ।

आचार्यादीनां मरणे व्रतस्थपुरुषस्य पिण्डदानादिकरणे विचारः

आचार्यं स्वमुपाध्यायं मातरं पितरं गुरुम् । निर्हृत्य तु व्रती प्रेतं न व्रतेन वियुज्यते ।। इति मनूक्तेः ।
(हारीतः – मातापित्रोस्तु यत्प्रोक्तं व्रतचारी तु पुत्रकः । व्रतस्थोऽपि हि कुर्वीत पिण्डदानोदकक्रियाम् ।।
भवत्यशौचं नैवास्य नैवाग्निस्तस्य लुप्यते । स्वाध्यायं च प्रकुर्वीत पूर्ववद्विधिदर्शितम् ।
संवर्तः – अन्यगोत्रोपसम्बन्धः प्रेतस्याग्निं ददाति यः । पिण्डं चोदकदानं च स दशाहं समाचरेत् ।।)
निर्हरणमन्त्यकर्मपरम् । एवं मातामहस्य, यथा –

व्रतस्थोऽपि सुतः कुर्यात् पितुरन्त्यक्रियां नृप! । तथा मातामहस्यापि दौहित्रः कर्तुमर्हति ।।
इति अपरार्के भविष्योक्तेः ।

आचार्यको मरण र ब्रह्मचारीको कर्तव्य

मनु भन्दछन् – उपनयनपूर्वक आफूलाई सम्पूर्ण वेद पढाउने आचार्य, वेदको कुनै अङ्गमात्र पढाउने उपाध्याय, माता, पिता र गुरुलाई मसानमा लैजाँदा, दाह गर्दा, पिण्डदान गर्दा र सोहश्राद्ध गर्दा ब्रह्मचारीको व्रत लोप हुँदैन । **हारीत**ले भनेका छन् – माता, पिताका सम्बन्धमा ब्रह्मचारीले आशौच बार्ने र किरिया गर्ने विषयमा अन्यत्र बताइए अनुसार व्रतमा रहेर पनि पिण्डदान र उदकदान गर्नुपर्दछ । त्यसो गर्दा पनि उसलाई आशौच लाग्दैन त्यसको अग्निलोप हुँदैन र त्यसको स्वाध्यायभङ्ग हुँदैन । आशौच नपर्दाको अवस्थामा व्रतको पालन गर्ने विधिबाट नै आपत्ति परेको अवस्थामा पनि त्यसले व्रतको पालन गर्नुपर्दछ ।

संवर्त भन्दछन् – अन्य गोत्रसँग नजिकको सम्बन्ध राख्ने ब्रह्मचारीले प्रेतलाई दागबत्ती दिएमा त्यसले पिण्ड र उदकदान दशदिनसम्म गर्नुपर्दछ । माथि **मनु**को वचनमा '**निर्हृत्य**' पदको प्रयोग गरिएको छ त्यसको अर्थ निर्हरण गरेर भन्ने हो । जसको पर्याय हुन्छ – अन्त्यकर्मसम्पादन । ब्रह्मचारीले आवश्यक भएमा आफ्ना मातामहको पनि अन्त्यकर्म गर्नुपर्दछ । **अपरार्क**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – व्रतमा रहेको ब्रह्मचारी पुत्रले जसरी माता-पिताको संस्कार गर्नुपर्दछ त्यसरी नै आवश्यक परेमा मातामहको पनि संस्कार गर्नुपर्दछ ।

मातापित्रोरुपाध्यायाचार्ययोरौर्ध्वदेहिकम् । कुर्वन्मातामहस्यापि व्रती न भ्रश्यते व्रतात् ।।
इति कालादर्शाच्च । तत्रान्त्यकर्मनिमित्तमस्पृश्यत्वं दशाहमस्त्येव ।

सगोत्रो वाऽसगोत्रो वा योऽग्निं दद्यात्सखे नरः । सोऽपि कुर्यान्नवश्राद्धं शुद्ध्येत्तु दशमेऽहनि ।।
इति दिवोदासोक्तवचनात् । अत एव '**ब्रह्मचारिणः शवकर्मणो व्रतान्निवृत्तिरन्यत्र मातापित्रोर्गुरोश्च**' इति गौतमीये व्रतनिवृत्तेरेव पर्युदासो नाशौचस्य ।

कालादर्शमा भनिएको छ – माता, पिता, उपाध्याय, आचार्य र मातामहको अन्तिमसंस्कार गर्ने ब्रह्मचारी व्रतबाट च्युत हुँदैन । यहाँ अन्त्यकर्मको निमित्तमा हुन आउने '**अस्पृश्यता**' दशदिनसम्म मात्र रहन्छ ।

दिवोदासको भनाइ छ कि 'जुन मानिसको मृत्यु हुँदा सगोत्र वा असगोत्र जसले दागबत्ती दिन्छ त्यसैले नै नवश्राद्ध गर्नुपर्दछ । त्यसपछि त्यो दसौं दिनमा शुद्ध हुन्छ ।' जसले शवकर्म गरी दागबत्ती दिन्छ त्यसले मृतकको जातीय आशौच पालन गर्न हुँदैन अपितु जोसुकै भए पनि दशदिन पूर्णाशौच बार्नुपर्दछ ।

यसरी नै ब्रह्मचारीलाई अनैमित्तक आशौच नलाग्ने भएता पनि नियमतः कसैको अन्तिमक्रिया गर्नुपरेमा ब्रह्मचारीले 'कसैको पनि किरिया गर्नुपर्दैन' भन्ने निषेध नलाग्ने हुनाले पिता आदिको अन्त्येष्टि गर्दा र घरको अन्न भोजन गर्दा त्यसको निमित्त पूरा आशौच बार्नुपर्दछ । सपिण्ड वा असपिण्डको अन्त्येष्टिकर्म गर्दा भने ब्रह्मचारीले पूर्ण आशौच, प्रायश्चित्त र पुनः व्रतबन्धसंस्कार गर्नुपर्दछ ।

ब्रह्मचारीले माता-पिता र गुरुबाहेक अरूको शवकर्म गर्न हुँदैन र गरेमा व्रतबाट च्युत हुन्छ भन्ने कुरा **गौतमस्मृतिमा** बताइएको छ । यसरी शवकर्म गर्ने ब्रह्मचारीको व्रत निवृत्त हुन्छ भन्ने वाक्यमा आशौचको निषेधमा पर्युदास नभई व्रतनिवृत्ति हुन्छ भन्ने कुरामा पर्युदास[३४] रहेको छ ।

सन्ध्यादिकर्मलोपाभावकथनम्

सन्ध्यादिकर्मलोपस्तु नास्ति । **'न त्यजेत्सूतके कर्म ब्रह्मचारी स्वयं क्वचित्'** इति छन्दोगपरिशिष्टात् ।

पित्रोर्गुरोर्विपत्तौ तु ब्रह्मचार्यपि यः सुतः । सव्रतश्चापि कुर्वीत अग्निपिण्डोदकक्रियाम् ।।

तेनाशौचं न कर्तव्यं सन्ध्या चैव न लुप्यते । अग्निकार्यं च कर्तव्यं सायं प्रातश्च नित्यशः ।।

इति चन्द्रिकायां संवर्तोक्तेश्च । अत्र कर्मानधिकाररूपाशौचनिषेध एव । अपरार्कमाधवादयस्तु एकाहमाशौचमाहुः -

आचार्यं वाप्युपाध्यायं गुरुं वा पितरं च वा । मातरं वा स्वयं दग्ध्वा व्रतस्थस्तत्र भोजनम् ।

कृत्वा पतति नो तस्माद् व्रतान्न तत्र भक्षयेत् । अन्यत्र भोजनं कुर्यान्न च तै सह संवसेत् ।

एकाहमशुचिर्भूत्वा द्वितीयेऽहनि शुद्ध्यति ।। इति ब्राह्मोक्तेः । तदन्नभोजने तु प्रायश्चित्तं पुनरुपनयनमाशौचं च । दिवोदासादयस्तु ब्राह्मोक्तेः प्रथमेऽह्नि सन्ध्यादिलोपः ।

---

३४. पर्युदास र प्रसज्यप्रतिषेध शास्त्रका दुई निवृत्तिस्थल हुन् । नञ् दुईप्रकारका हुन्छन् – प्रसज्यप्रतिषेध र पर्युदास । भनिएको छ-

द्वौ नञौ तु समाख्यातौ पर्युदासप्रसज्यकौ । पर्युदासः सदृग्ग्राही प्रसज्यस्तु निषेधकृत् ।।

अर्थात् नञ् दुईप्रकार हुन्छन् – पर्युदास र प्रसज्यप्रतिषेध । पर्युदासनामक निषेधले सादृश्यको बोध गराउँछ । जस्तै- अब्राह्मणको अर्थ ब्राह्मणसमान आचार-विचार भएको क्षत्रिय । प्रसज्यले निषेध गर्दछ । जस्तै – **'न मुक्ता भवता नाथ मुहूर्तमपि सा पुरा ।'** अर्थात् हे नाथ ! पहिले तपाईंले ती सुन्दरीलाई एक मुहूर्त पनि आफूभन्दा टाढा राख्नुभएन । यी दुवै नञ्का भेदहरूलाई लिएर शास्त्रहरूमा दुवैका लक्षण प्रस्तुत गरिएका छन् । **'प्रधानत्वं विधेर्यत्र प्रतिषेधे प्रधानता । पर्युदासः स विज्ञेयो यत्रोत्तरपदेन नञ् ।।'** अर्थात् जहाँ विधिको प्रधानता र निषेधको अप्रधानता हुन्छ त्यस नञ्लाई पर्युदास भनिन्छ । त्यसमा नञ् उत्तरपदसँग जोडिएको हुन्छ। जस्तै- **'जुगोपात्मानमत्रस्तो भेजे धर्ममनातुरः । अगृध्नुराददे सोऽर्थानसक्तः सुखमन्वभूत् ।।'** अर्थात् राजा दिलीपले नडराईकन आफ्नो रक्षा गरे, आतुरता नदेखाईकन धर्मको सेवन गरे, लोभ नराखीकन अर्थसंग्रह गरे, आसक्ति नदेखाईकन सुखको अनुभव गरे ।' यहाँ विधेय विषय आत्मरक्षा, धर्मसेवन, निर्लोभिता र अनासक्ति हुन् । गौणविषय भनेको अत्रस्त, अनातुर, अगृध्नु र असक्त पदमा रहेको उत्तरपदसँग अन्वित नञ् हो । तसर्थ विधि प्रधान र निषेध अप्रधान भएकाले यहाँको नञ्लाई पर्युदास भनिन्छ।

प्रसज्यप्रतिषेधको लक्षण यसप्रकार छ- **'अप्राधान्यं विधेर्यत्र प्रतिषेधे प्रधानता । प्रसज्यप्रतिषेधोऽसौ क्रियया सह यत्र नञ् ।।'** अर्थात् जहाँ विधि अप्रधान हुन्छ र निषेध प्रधान हुन्छ त्यहाँको नञ्लाई प्रसज्यप्रतिषेध भनिन्छ । यहाँ नञ् क्रियाका साथ जोडिएको हुन्छ अथवा नञ् आख्यातार्थ वा आर्थीभावनासँग अन्वित हुन्छ । जस्तै – **'नवजलधरः सन्नद्धोऽयं न दृप्तनिशाचरः।'** अर्थात् आकाशमा कालो-नीलो भई युद्धका लागि तम्तयारजस्तो देखिने तत्त्व वर्षारम्भको नयाँ बादल हो । मात्तिएको दानव होइन।' यहाँ नञ्ले अस्ति क्रियासँग सम्बन्ध राखी दानवको निषेध गरेकाले यहाँको नञ् प्रसज्यप्रतिषेधका रूपमा परिणत भएको छ । यसैगरी माथिको 'व्रतान्निवृत्ति' वाक्यमा आएको नञ्ले सधैंका लागि व्रतको निवृत्ति गर्ने कुरा बताउँदैन त्यसैले यहाँ प्रसज्यप्रतिषेध हुनसक्दैन। अपितु त्यो नञ् आशौचकालिक व्रतनिवृत्तिलाई संकेत गरेका कारण पर्युदासका रूपमा परिणत भएको छ ।

सन्ध्यादिकर्मको लोपाभाव

आशौच परेका बेला ब्रह्मचारीको सन्ध्या आदि कर्मको लोप हुँदैन किनकि **छन्दोगपरिशिष्ट**मा भनिएको छ – सूतकमा ब्रह्मचारीले सन्ध्या आदि कर्मको त्याग गर्न हुँदैन । **चन्द्रिका**मा **संवर्त** भन्दछन् – ब्रह्मचारी पुत्रले माता, पिता र गुरुको मरणमा व्रतकै अवस्थामा रहेर अग्निसंस्कारका साथै पिण्डदान र उदकदान गर्नुपर्दछ । ब्रह्मचारीले आशौच बार्नुपर्दैन र सन्ध्योपासन गर्नुपर्दछ । त्यसैले सायंकाल र प्रातःकालमा नित्य अग्निकार्य समिधादान आदि गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यहाँ कर्ममा अधिकार नहुने आशौचको निषेध गरिएको छ ।

अपरार्क र **माधव**ले भने ब्रह्मचारीले पनि एकदिनको आशौच बार्नुपर्दछ भनेका छन् । **ब्रह्मपुराण**मा भनिएको छ कि आचार्य, उपाध्याय, गुरु, पिता र मातालाई आफैले दागबत्ती दिएर ब्रह्मचारीले घरमा आई भोजन गरेमा त्यो पतित हुन्छ। तसर्थ बाबु-आमाको किरिया गर्दा पनि त्यसले घरको अन्न खान हुँदैन । अरू घरमा गई भोजन गर्नुपर्दछ । आशौच परेको घरमा शयन गर्न पनि हुँदैन । यसरी नियमपालन गरेमा ब्रह्मचारी एकदिनमात्र अशुद्ध रही दोस्रो दिनबाट शुद्ध हुन्छ। प्रेतान्नभोजन गरेमा प्रायश्चित्त अर्थात् तीन कृच्छ्रप्रायश्चित्त एवं उपनयन गर्नुपर्ने हुन्छ र दशाह आशौच पनि बार्नुपर्दछ ।

दिवोदास आदिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ कि ब्रह्मचारीले पहिलो दिन सन्ध्यालोप गर्नुपर्दछ। **प्रजापति** भन्दछन् – ब्रह्मचारीले पिताका निमित्त पिण्डदान गरेमा पिण्डदानकालमा त्यो अशुद्ध हुन्छ । फेरि स्नान गरेपछि शुद्ध हुन्छ । **प्रजापति**को उक्त वचनबाट दोस्रो आदि दिनमा ब्रह्मचारी पिण्डदान गर्ने समयमा मात्र अस्पृश्य हुन्छ, अरू समयमा हुँदैन भन्ने बुझिन्छ । दशदिनसम्म पिण्डकालमा हुने अस्पृश्यता ब्रह्मचारीको कर्माङ्गस्नानका लागि विधान गरिएको हो र यो विधान उचित छ ।

ब्रह्मचारी यदा कुर्यात्पिण्डनिर्वपणं पितुः । तावत्कालमशौचं स्यात्पुनः स्नात्वा विशुद्ध्यति ।।

इति प्रजापतिवचनात् द्वितीयाहादौ पिण्डदानकाले एवास्पृश्यत्वमात्रं नान्यदेत्याहुः । दशाहमस्पृश्यत्वेऽपि कर्माङ्गस्नानविधानार्थमेतदिति युक्तम् । अन्त्यकर्माकरणे तु ब्रह्मचारिणः पित्रादिमरणेऽप्याशौचाभाव एव । सोऽपि ब्रह्मचर्यकाल एव समावर्तनोत्तरं तु पूर्वमृतानां त्र्यहाशौचं भवत्येव ।

आदिष्टी नोदकं कुर्यादाव्रतस्य समापनात् । समाप्ते तूदकं दत्त्वा त्रिरात्रमशुचिर्भवेत् ।

इति मनूक्तेः । तत्रापि विकल्पः ।

पितुर्यदि मृते नैषां दोषो भवति कर्हिचित् । आशौचं कर्मणोऽन्ते स्यात् त्र्यहं वा ब्रह्मचारिणाम्।।

इति छन्दोगपरिशिष्टात् । तथा कृतजीवच्छ्राद्धेन किमप्याशौचं न कार्यमिति हेमाद्रिः । शुद्धितत्त्वे कौर्मे –

सद्यःशौचं समाख्यातं दुर्भिक्षे चाप्युपद्रवे । डिम्भाहवहतानां च विद्युता पार्थिवैर्द्विजैः ।

उपद्रवेऽत्यन्तमरके । **उपसर्गमृते चैव सद्यःशौचं विधीयते** । इति पराशरोक्तेः । **उपसर्गः** – अत्यन्तमरक इति शूलपाण्यनिरुद्धभट्टादयः । याज्ञवल्क्योऽपि – **आपद्यपि च कष्टायां सद्यःशौचं विधीयते** । इति मरणसमयेऽपि नाशौचम् । तथा च शद्धिरत्नाकरे दक्षः –

स्वस्थकाले त्विदं सर्वं सूतके परिकीर्तितम् । आपद्गतस्य सर्वस्य सूतकेऽपि न सूतकम् ।।

अतः सति वैराग्ये संन्यासोऽप्यातुरस्य भवतीति केचित् ।

ब्रह्मचारीले पिता आदिको अन्त्यकर्म गर्दैन भने त्यसलाई माता-पिता आदिको मरणमा पनि आशौच लाग्दैन । यो व्यवस्था ब्रह्मचर्यकालका लागि हो । गुरुकुलमा दीक्षा प्राप्त गरी घरमा फर्केका ब्रह्मचारीले पहिले मरेका पितृहरूको तीनदिन आशौच बार्नुपर्दछ । यस सम्बन्धमा **मनु** भन्दछन् – व्रतको समाप्ति नहुँदासम्म ब्रह्मचारीले मरेका पितृका निमित्त उदकदान गर्नु हुँदैन । व्रतसमाप्त भएपछि उदकदान गरी तीनरातसम्म आशौच बार्नुपर्दछ । उक्त विषयमा पनि विकल्प देखिन्छ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ कि – पिताको मृत्यु हुँदा पनि ब्रह्मचारीलाई दोष लाग्दैन अथवा व्रत समाप्त भएपछि समावर्तनसमारोहको अन्तमा तीनदिन आशौच बार्नुपर्दछ ।

हेमाद्रि भन्दछन् – जीवच्छ्राद्ध गरेका मानिसले कहिले पनि आशौच बार्नुपर्दैन । **शुद्धितत्त्व**मा उद्धृत **कूर्मपुराण**को वचनमा भनिएको छ – अनिकाल, उपद्रव, महामारी, संक्रामकरोग, शस्त्राघात, कलह, चट्याङ, राजा र ब्राह्मणद्वारा मानिसहरू मरेमा तिनीहरूको आशौच सद्यःस्नानबाट निवृत्त हुन्छ । यहाँ **अत्यन्तमरके** शब्दको प्रयोग गरिएको छ । त्यसको अर्थ महामारी हो ।

पराशरले भनेका छन् – महामारी आदिबाट मृत्यु भएमा सद्यःस्नानबाट शुद्धि हुन्छ । **उपसर्ग**को अर्थ महामारी हो भन्ने कुरा **शूलपाणि, अनिरुद्ध भट्ट** आदिले बताएका छन् ।

याज्ञवल्क्य भन्दछन् – ज्यादै कष्टले भरिएको आपत्तिकालमा पनि कुनै आफन्त मरेमा सद्यःशौच हुन्छ । त्यस्तो आपत्तिग्रस्त मानिसले कसैको मृत्यु भएमा पनि बार्नुपर्दैन ।

शुद्धिरत्नाकरमा दक्ष भन्दछन् – जति पनि सूतक वा आशौचका विषयमा विधिविधान गरिएका छन् – ती सबै स्वस्थ रहेका मानिसहरूका लागि हुन् । जो-जो आपत्तिमा परेका छन् तिनका लागि आशौच आइपरे पनि बार्नु पर्दैन । आपत्तिग्रस्त मानिसले वैरागी भई संन्यास पनि लिन सक्छन् भनी कसैले बताएका छन् । यहाँसम्म कर्ताको कारण हुने आशौचको अपवाद बताइयो । अब कर्महरूबाट हुने अपवादका सम्बन्धमा चर्चा गरिनेछ ।

कर्मत आशौचापवादः

अथ कर्मतः त्रिंशत्श्लोक्याम् –

तत्तत्कार्येषु सत्रिव्रतिनृपवद्दीक्षितर्त्विक्स्वदेश-
भ्रंशापत्स्वप्यनेकश्रुतिपठनभिषक्कारुशिल्प्यातुराणाम् ।
संप्रारब्धेषु दानोपनयनयजनश्राद्धयुद्धप्रतिष्ठा-
चूडातीर्थार्थयात्राजपपरिणयनाद्युत्सवेष्वेतदर्थे ।।

नाशौचमिति शेषः । **सत्री** – अन्नसत्रवान् मुख्यसत्रस्य दीक्षितपदात्सिद्धेः । **व्रती** – अनन्तव्रतादिनियमवान्, **'न व्रतिनां व्रते'** इति विष्णूक्तेः ।

कर्मबाट हुने आशौचको अपवाद

कर्मबाट हुने आशौचको अपवादका सम्बन्धमा **त्रिंशच्छ्लोकी**मा भनिएको छ – सत्री अर्थात् अन्नक्षेत्रको माध्यमबाट अन्नदान गर्ने, व्रती अर्थात् अनन्तव्रत आदि व्रतको नियममा रहेको मानिस, राजा र राजासमान दीक्षा लिएको मानिस, ऋत्विक्, देशको भ्रंश आदि आपत्तिको समयमा वेदपाठ गर्ने ब्राह्मण, वैद्य, चित्रकार, शिल्पी, आतुर आदि मानिसलाई आफ्नै कर्मको विशेषताका कारण आशौच लाग्दैन । दान, उपनयन, यज्ञ, श्राद्ध, युद्ध, देवताको प्रतिष्ठा, चूडाकर्म, तीर्थयात्रा, जप,

विवाह एवं उत्सव आरम्भ गरिएको अवस्थामा यी कर्महरूको विशेषताका कारण आशौच लाग्दैन ।

यसको मूलमा प्रयुक्त **सत्री**को अर्थ अन्नक्षेत्र सञ्चालन गर्ने व्यक्ति हो । मुख्य सत्रको तात्पर्य दीक्षित पदबाट सिद्ध हुने भएका कारण यहाँ सत्रीको अर्थ अन्नक्षेत्रसञ्चालक हो भनी बुझ्नुपर्दछ । **व्रती**पदको अर्थ नियमपूर्वक अनन्तआदि व्रत गर्ने मानिस हो ।

वैद्यदासादीनां सद्यःशौचकथनम्

प्रचेताः –

कारवः शिल्पिनो वैद्या दासीदासास्तथैव च । राजानो राजभृत्याश्च सद्यःशौचाः प्रकीर्तिताः ।।

कारवः सूपकाराद्याः । शिल्पिनश्चैलनिर्णेजकाद्याः । आतुरस्य व्याधिनाशार्थे दानादौ । तुलादानादेः प्रारम्भो नान्दीश्राद्धं सङ्कल्पो वा । यजनं तडागोत्सर्गकोटिहोमादि ।

वैद्य र दासको निमित्त सद्यःशौचको विधान

प्रचेताले भनेका छन् कि 'भान्सा तयार गर्ने मानिस, शिल्पी, वैद्य, दासी, दास, राजा र राजसेवकले कर्मगत विशेषताका कारण आशौच बार्नुपर्दैन । उनीहरूले मृत्युको श्रवण गर्नासाथ स्नान गर्नुपर्दछ त्यसबाट नै शुद्ध हुन्छन् ।' उक्त अर्थ बताउने माथिको पद्यमा प्रयोग गरिएका शब्दहरूको अर्थ यसप्रकार छ – **कारुः** – आफ्नो शरीरबाट कार्य गर्ने भान्छे आदि । **शिल्पी** – कपडा सफा गर्ने धोवी आदि र वसुला, रुखानजस्ता साधनबाट जीविका गर्ने व्यक्ति। **आतुरः** – व्याधिनाशका लागि दान आदि गर्ने व्यक्ति, **दानारम्भः** – तुलादान आदिको प्रारम्भ वा नान्दीश्राद्ध वा सङ्कल्पको प्रारम्भ, **यजनम्** – तलाउ आदि बनाई लोकका निमित्त उत्सर्ग गर्ने कर्म र कोटिहोम आदि ।

व्रतयज्ञविवाहादिषु आशौचविचारः

लघुविष्णुः – **व्रतयज्ञविवाहेषु श्राद्धे होमेऽर्चने जपे । आरब्धे सूतकं न स्यादनारब्धे तु सूतकम् ।**

प्रारम्भो वरणं यज्ञे सङ्कल्पो व्रतसत्रयोः । नान्दीश्राद्धं विवाहादौ श्राद्धे पाकपरिक्रिया ।।

इति पाकस्य परिसमन्तात् क्रिया पाकप्रोक्षणमिति शुद्धिप्रदीपस्तन्मन्दम्, रूढेर्योगाद् बलवत्त्वात् ।

व्रत, यज्ञ, विवाह आदिमा आशौच

लघुविष्णुले भनेका छन् – व्रत, यज्ञ, विवाह, श्राद्ध, होम, देवपूजा, जपजस्ता कर्म सुरु गरिसकिएको भए आशौच लाग्दैन र सुरु नगरिएको भए आशौच लाग्छ । यज्ञको प्रारम्भ ब्राह्मणवरण हो, व्रत र सत्रयागको प्रारम्भ सङ्कल्प हो, विवाह, व्रतबन्ध, पौराणिक यज्ञ आदिको प्रारम्भ नान्दीश्राद्ध हो र श्राद्धको प्रारम्भ पाकक्रिया हो । ब्राह्मणवरण भइसकेको भए यज्ञमा आशौच लाग्दैन, सङ्कल्प गरिसकिएको भए व्रत र सत्रयागमा आशौच लाग्दैन, नान्दीश्राद्ध गरिसकिएको भए विवाह आदिमा आशौच लाग्दैन र पाकक्रिया आरम्भ गरिसकिएको भए श्राद्धमा आशौच लाग्दैन ।

शुद्धिप्रदीपमा पाकपरिक्रियाको अर्थ बताउँदै भनिएको छ – पाकलाई चारैतिर छर्नु नै पाकपरिक्रिया हो । ग्रन्थकार भन्दछन् – यस्तो अर्थ गर्नु मूर्खता हो । योगभन्दा रूढि बलवान् हुन्छ । यहाँ त **पाकपरिक्रिया** शब्दको अर्थ श्राद्धका लागि पाकसम्पादन गर्नु नै हो ।

आशौचे आकस्मिकतीर्थप्राप्तौ विचारः

तीर्थेति आशौचे आकस्मिकतीर्थप्राप्तौ ।

विवाहदुर्गयज्ञेषु यात्रायां तीर्थकर्मणि । न तत्र सूतकं तद्वत्कर्मयज्ञादि कारयेत् ।।

इति पैठीनसिस्मृतेः । अत्र विशेषः प्रागुक्तः । जपः पुरश्चरणादिः स्तोत्रपाठः अविच्छेदेन सङ्कल्पित–हरिवंशश्रवणादिश्च। अत एवोक्तं ब्राह्मे – **गृहीतनियमस्यापि न स्यादन्यस्य कस्यचित्** । इति । एवं देवपूजादि । मदनपारिजाते यमोऽपि-

शिवविष्ण्वर्चनं दीक्षा यस्य चाग्निपरिग्रहः । श्रौतकर्माणि कुर्वीत स्नातः शुद्धिमवाप्नुयात् ।।

आशौचमा अकस्मात् तीर्थमा जाँदा

आशौचको सयममा अकस्मात् तीर्थमा प्राप्त हुँदा आशौच नलाग्ने कुरा बताउँदै **पैठीनसिले** भनेका छन् – 'विवाहमा, दुर्ग अर्थात् किल्लाको संरक्षण कार्यमा, यज्ञमा, यात्रा र तीर्थयात्रामा आशौच लाग्दैन । तीर्थयात्रामा तीर्थअनुसार यज्ञादि कर्म सम्पन्न गर्नुपर्दछ ।' यहाँको मूलमा यात्रापदपछि फेरि तीर्थकर्म उल्लेख गरिएको छ । यात्रापदबाट तीर्थयात्रा पनि बुझिने हुँदा तीर्थकर्म भन्ने पद व्यर्थ हुन आउने देखिन्छ । तसर्थ यात्राको अर्थ व्यवहार वा अर्थप्राप्तिका लागि गरिने यात्रा बुझ्नुपर्दछ । यस्तै **कारयेत्** पदको गराओस् भन्ने अर्थलाई **कुर्यात्** अर्थात् गरोस् भन्ने अर्थमा परिणत गराउनुपर्दछ। यस सम्बन्धी विशेष कुरा बताइसकिएको छ ।

त्रिंशच्छ्लोकीको माथिको पद्यमा तीर्थयात्रापछि जपशब्दको उल्लेख गरिएको छ । जपको अर्थ हो – गायत्रीपुरश्चरण आदि, स्तोत्रपाठको अर्थ हो– अविच्छिन्नरूपमा हरिवंश आदिको पाठ वा श्रवण । यसैले **ब्रह्मपुराण**मा भनिएको छ – पहिलेदेखि ग्रहण गरिएको नियमपालन गरिरहँदा अरू कुनै सूतक लाग्दैन । यसैगरी देवपूजामा पनि सूतक नलाग्ने कुरा जान्नुपर्दछ । **मदनपारिजात**मा उद्धृत **यम**को वचनमा भनिएको छ – जसले शिव र विष्णुको अर्चना गर्दछ, जसले दीक्षा लिएको छ र जसले अग्निहोत्र ग्रहण गरेको छ त्यसले आशौचमा पनि वैदिककर्म गर्नुपर्दछ । किनकि त्यो मानिस आशौचश्रवण गरेपछि स्नानमात्रले शुद्ध हुन्छ ।

दीक्षावतां जपपूजादौ आशौचाभावः

गौडशुद्धितत्त्वे मन्त्रमुक्तावल्याम् –

जपो देवार्चनविधिः कार्यो दीक्षान्वितैर्नरैः । नास्ति पापं यतस्तेषां सूतकं वा यतात्मनाम् ।।

दीक्षितहरूलाई आशौचको अभाव

गौडशुद्धितन्त्र र **मन्त्रमुक्तावली**मा भनिएको छ – आशौच परेता पनि दीक्षित मानिसहरूले जप र देवपूजा गर्नुपर्दछ । किनकि चित्तवशीकरण गर्ने त्यस्ता साधकहरूलाई पाप र सूतक लाग्दैन ।

सूतकिनः पूजाधिकारकथनम्

राघवभट्टीये नारदः –

अथ सूतकिनः पूजां वक्ष्याम्यागमचोदिताम् । स्नात्वा नित्यं च निर्वृत्य मानस्या क्रियया तु वै ।।

बाह्यपूजाक्रमेणैव ध्यानयोगेन पूजयेत् । यदि कामो न चेत्कामी नित्यं पूर्ववदाचरेत् ।।

यत्तु नृसिंहकल्पे– **सदा मन्त्रजपं मुक्त्वा यदि स्यादशुचिर्नरः । मनसावहितस्तत्र स्मरेन्मन्त्रं न तूच्चरेत्।।**

तन्मूत्राद्यशौचपरम् । रामार्चनचन्द्रिकायाम् –

अशुचिर्वा शुचिर्वापि गच्छँस्तिष्ठन्स्वपन्नपि । मन्त्रैकस्मरणं विद्वान् मनसैव सदाभ्यसेत् ।।

कालनियमाभावे तु स्तोत्रहरिवंशादि हेयमेव । उत्सवः – रथयात्रादिः । एषु नाशौचम् । अयमाशौचाभावोऽनन्यगतित्वे आर्तौ च ज्ञेयः । अत्र मूलमाकरे स्पष्टम् ।

आशौचीलाई पूजाको अधिकार

राघवभट्टीयमा नारदले भनेका छन् – अब म आगमशास्त्रमा बताइएको पूजा-आजा आशौचीले पनि गर्नुपर्ने कुरा बताउँछु- आशौचीले नित्यस्नान र नित्यकर्मबाट निवृत्त भएर मानसक्रियाद्वारा बाहिरी पूजा सम्पन्न गरी ध्यानयोगद्वारा आन्तरिक पूजा गर्नुपर्दछ । कर्ताको कुनै कामना छैन भने त्यसले नित्य मानसपूजा र ध्यानयोग गर्नुपर्दछ ।

नृसिंहकल्पमा भनिएको छ कि – निरन्तर गरिने मन्त्र-जपलाई त्याग गरेर मानिस अशुद्ध भएको छ भने मनले मन्त्रको आवाहन गरी स्मरण गर्नुपर्दछ तर मन्त्रको उच्चारण गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – उक्त नियम मूत्रत्याग आदि अशुद्ध अवस्थाका निमित्त हो । **रामार्चनचन्द्रिकामा** भनिएको छ – 'अशुद्ध वा शुद्ध र उभिइरहेको वा हिँडिरहेको भए पनि विद्वान् मानिसले मनबाट मन्त्रको स्मरण गर्ने अभ्यास गरिरहनुपर्दछ । निश्चित समयमा गरिने स्तोत्रपाठ वा हरिवंशपाठ भने गर्न हुँदैन ।' **त्रिंशच्छ्लोकी कारिकामा** बताइएको पद्यमा रहेको **उत्सवशब्दको** अर्थ रथयात्रा हो । उक्त सबै कर्महरूमा आशौच लाग्दैन । ग्रन्थकार भन्दछन् – उक्त कर्महरूमा आशौच नलाग्ने कुरा उपायहीन व्यक्ति र रोगीका निमित्त गरिएको व्यवस्था हो । यसको मूल प्राचीन ग्रन्थमा स्पष्ट उल्लेख गरिएको छ ।

श्रौते स्मार्ते च कर्मणि आशौचविचारः

अत्र दीक्षितस्यावभृथात्पूर्वमेवाशौचाभावः । तदादि त्वाशौचमस्त्येव । **'तेन वैतानोपासनाः कार्या'** इति वैतानत्वेऽप्यवभृथादि न भवत्येव । अत एवोक्तं माधवीये ब्राह्मे –

तद्वद्गृहीतदीक्षस्य त्रैविद्यस्य महामखे । स्नानं त्ववभृते यावत्तावत्तस्य न सूतकम् ।।

इति वैतानोपासनाः कार्याः, इत्यनेनैव सिद्धेर्ऋत्विजां दीक्षितानां चेति पुनर्दीक्षितग्रहणं यजमाने स्वयं कर्तृत्वार्थं स्नानप्राप्त्यर्थं वेति विज्ञानेश्वरः । वस्तुतस्तु दीक्षणीयासंस्कृतस्य प्रागवभृथात्कर्मप्राप्त्यर्थं दीक्षितग्रहणम् । तेन ततः पूर्वं निषेध एव । यत्तु **'प्रारम्भो वरणं यज्ञे'** इति तदृत्विक्परम् ।

श्रौतकर्म र स्मार्तकर्ममा आशौचविचार

श्रौतकर्ममा दीक्षित व्यक्तिलाई अवभृथस्नान अर्थात् यज्ञान्तस्नानभन्दा पहिले आशौच लाग्दैन । त्यसपछि आशौच लाग्दछ । त्यसकारण वैतानाग्नि अर्थात् आधानद्वारा संस्कृत गरिएका गार्हपत्य, आहवनीय र दक्षिणाग्निमा उपासना गर्नुपर्दछ । वैतानाग्निको उपासना गरिएमा अवभृथस्नान गर्नुपर्दैन ।

यसबारे **माधवीयमा** उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – 'ऋत्विक्ले झैं दीक्षाग्रहण गरेको तीनै वेदको ज्ञाताले महायज्ञमा जबसम्म अवभृथस्नान गर्दैन तबसम्म आशौच लाग्दैन । वैतानाग्निको उपासना गरोस् भन्नुको तात्पर्य ऋत्विक् र दीक्षितहरूलाई सूतक लाग्दैन भन्नु हो ।' यसरी अर्थ बुझिने भए उक्त पद्यमा दीक्षित पदको ग्रहण किन गरियो भन्ने प्रश्न हुन्छ । यसको उत्तरमा **विज्ञानेश्वरले** भनेका छन् कि यजमानमा स्वयं कर्तृत्व देखाउन वा स्नानप्राप्ति देखाउन

दीक्षितपदको ग्रहण गरिएको हो । सिद्धान्तपक्ष भने यसप्रकार छ – दीक्षणीय-इष्टिमा संस्कार प्राप्त गरेको व्यक्तिले अवभृथस्नानभन्दा पूर्व कर्माधिकारप्राप्तिका लागि दीक्षितपदको ग्रहण गरिएको हो । यसबाट स्पष्ट हुन्छ कि यजमानले दीक्षा नलिएसम्म त्यसलाई कर्माधिकार प्राप्त हुँदैन । जुन **'प्रारम्भो वरणं यज्ञे'** अर्थात् यज्ञको आरम्भ ब्राह्मणवरणबाट हुन्छ भनिएको छ त्यो त ऋत्विक्का लागि मात्र हो, यजमानका लागि होइन ।

तथा च छन्दोगपरिशिष्टे – **न दीक्षिण्याः परं यज्ञे न कृच्छ्रादि तपश्चरन्** । इति । शुद्धितत्त्वेऽप्येवम् । ऋत्विजां च मधुपर्कोत्तरमाशौचाभावः ।

गृहीतमधुपर्कस्य यजमानात्तु ऋत्विजः । पश्चादशौचे पतिते न भवेदिति निश्चयः ।।

इति ब्राह्मात् । अत एव रामाण्डारः – **'चतुर्णां वरणपक्षेऽन्येषामाशौचेऽन्य आगमयितव्यः'** इत्याह । एवं स्मार्तेऽपि तुलाकोटिहोमादौ मधुपर्के सति दोषाभावो ज्ञेयः । यत्तु **'प्रारम्भो वरणं यज्ञे'** इति, अत्रापि मधुपर्कान्तं ज्ञेयम् । तेनाधानेष्टिपशुबन्धादौ तदभावादन्ये भवन्तीति सिद्धम् ।

अपवादान्तरमाह याज्ञवल्क्यः – **वैतानोपासनाः कार्याः क्रियाश्च श्रुतिचोदनात्** ।। तत्र त्यागमात्रं स्नानोत्तरं स्वयं कर्तृत्वम् । **श्रौतकर्मणि तत्कालं स्नातः शुद्धिमवाप्नुयात्** । इति स्मृतेः । त्यागातिरिक्ते तु श्रौते स्मार्ते चान्यस्यैव कर्तृत्वम् ।

सूतके मृतके चैव अशक्तौ श्राद्धभोजने । प्रवासादिनिमित्तेषु हावयेन्न तु हापयेत् ।। इति बृहस्पत्युक्तेः। **'नित्यानि निवर्त्तेरन्वैतानवर्ज्यम्, शालाग्नौ चैकेऽन्य एतानि कुर्युः'** इति पैठीनसिस्मृतेश्चेति विज्ञानेश्वरः। एकग्रहणं पूजार्थम् । **तेन स्मार्तं कार्यमेव** इति हारलतायाम् । दाक्षिणात्यास्तु विकल्पमाहुः । अपरार्कादिनिबन्धास्तु-श्रौतं सर्वं स्वयं कार्यम्, स्मार्ते तु त्यागातिरिक्तेऽन्यस्यैव कर्तृत्वम् त्यागमात्रे तु स्वस्य – **'कर्म वैतानिकं कार्यं स्नानोपस्पर्शवान्स्वयम्'** इति हारीतोक्तेः ।

छन्दोगपरिशिष्टमा भनिएको छ कि – केवल दीक्षणीया इष्टिरूप यज्ञ र कृच्छ्र आदि तमोमय प्रायश्चित्त गर्दा आशौच लाग्दैन । **शुद्धितत्त्व**मा पनि यही कुरा बताइएको छ । यज्ञको आरम्भमा मधुपर्क गरेपछि ऋत्विक्हरूलाई आशौच लाग्दैन किनकि **ब्रह्मपुराण**मा भनिएको छ – 'यजमानबाट मधुपर्क प्राप्त गर्ने ऋत्विक्लाई मधुपर्क प्राप्त गरेपछि आशौच लाग्दैन । यो निश्चित मत हो ।' यसैले **रामाण्डार**ले भनेका छन् – 'यज्ञमा चारजना ब्राह्मणहरूको वरण गरिएको अवस्थामा तीमध्ये कसैलाई आशौच परेमा अरू बाहिरको ब्राह्मणलाई लगाई कार्य सञ्चालन गर्नुपर्दछ ।'

यसरी नै स्मार्तकर्मअन्तर्गत तुलादान, कोटिहोम आदिमा पनि मधुपर्क सम्पन्न भएपछि दोष लाग्दैन । जुन वरणबाट यज्ञको आरम्भ हुन्छ त्यो पनि मधुपर्क नै हो भनिएको छ । मधुपर्क गरिसकेपछि दोष लाग्दैन भन्ने तात्पर्य हो । तसर्थ आधान इष्टि, पशुबन्ध आदिमा मधुपर्क कर्म नगरिने हुँदा यज्ञमा आशौचमा परेका ब्राह्मण हटाई अरू ब्राह्मण ल्याउनुपर्दछ भनिएको हो।

याज्ञवल्क्यले आशौचको अर्को अपवाद स्पष्ट गर्दै भनेका छन् – आशौचमा पनि श्रुतिको आदेशअनुसार अग्निहोत्र आदि वैतानिक तथा गृह्याग्निद्वारा गरिने उपासनाकर्म र सायंकालिक एवं प्रातःकालिक होमक्रिया गर्नुपर्दछ । दान भने आशौचान्त स्नानपछि गर्नुपर्दछ । **स्मृति**मा पनि भनिएको छ कि आशौचमा पनि श्रौतकर्म गर्ने मानिस स्नान गरेपछि तत्काल शुद्ध हुन्छ । दानभिन्न श्रौत र स्मार्त कर्मको कर्ता अरू नै हुन्छ । यहाँ श्रौतशब्दबाट औपासनाग्नि पनि लिनुपर्दछ। दानबाहेकका श्रौत-स्मार्त कर्ममा अरूलाई नै कर्ता बनाउनुपर्दछ ।

बृहस्पति भन्दछन् – जन्माशौच, मरणाशौच, असामर्थ्य, श्राद्धभोजन, विदेशगमन आदि निमित्त पर्न आउँदा आरम्भ गरिएका श्रौत–स्मार्त कर्म अरूबाट गराउनुपर्दछ, आफै गर्न हुँदैन । **विज्ञानेश्वर** भन्दछन् – **पैठीनसिस्मृतिमा** भनिएको छ कि आशौचमा वैतानिक अग्निमा गरिने कर्म छाडेर अरू कर्म त्याग गर्नुपर्दछ । कोही भन्दछन् कि शालाग्निमा अर्थात् गृह्याग्निमा दानबाहेक अरू कर्म गर्नुपर्दछ ।

माथिको वचनमा आएको **एके** पद सम्मानका लागि हो । **हारलतामा** भनिएको छ – आशौचमा पनि स्मार्त कार्य गर्नुपर्दछ। यसमा दाक्षिणात्यहरू विकल्प स्वीकार गर्दछन् । **अपरार्क** आदि **निबन्धग्रन्थमा** भनिएको छ कि – 'आशौचमा पनि सबै श्रौतकर्म स्वयं गर्नुपर्दछ । स्मार्तकर्ममा भने दानबाहेक अरू कर्म अन्य व्यक्तिबाट गराउनुपर्दछ । दानकर्ममा मात्र यजमानको अधिकार हुन्छ ।' हारीतले भनेका छन् – 'स्नान र स्पर्श गरेपछि आफै वैतानिककर्म गर्नुपर्दछ ।'

दर्शञ्च पूर्णमासञ्च कर्म वैतानिकञ्च यत् । सूतकेऽपि त्यजन्मोहात्प्रायश्चित्तीयते द्विजः ।।

इति मरीच्युक्तेः ।

जन्महान्योर्वितानस्य कर्मत्यागो न विद्यते । शालाग्नौ केवलो होमः कार्य एवान्यगोत्रजैः ।।

इति जाबालोक्तेश्चेत्याहुः । अपरार्केऽप्येवम् । याज्ञिका अप्येवम् ।

सूतके तु समुत्पन्ने स्मार्तं कर्म कथं भवेत् । पिण्डयज्ञं चरुं होममसगोत्रेण कारयेत् ।।

इति जातूकर्ण्ये च । चरुः – स्मार्तस्थालीकः । श्रवणाकर्मादिश्चेति विज्ञानेश्वरः । प्रारब्धं तु सपिण्डेनापि कार्यम् । **न च तत्कर्म कुर्वाणः सनाभ्योऽपि शुचिर्भवेत् ।।** इति मनूक्तेः । छन्दोगपरिशिष्टेऽपि –

होमः श्रौते तु कर्तव्यः शुष्कान्नेन फलेन वा । अकृतं हावयेत् स्मार्ते तदभावे कृताकृतम् ।।

अकृतं व्रीह्यादि । कृताकृतं तण्डुलादि । स्मार्तहोमादौ तु विकल्पो ज्ञेयः । **'शालाग्नौ चैके'** इति प्रागुक्तः । यदा करणं तदाऽन्यद्वारा ।

अत्रेदं तत्त्वम् । येषां बह्वृचादीनां द्वादशरात्रमहोमेऽपि नाग्निविच्छेदस्तैर्न कार्यम् । तैत्तिरीयाद्यैः कार्यम्, 'चतूरात्रमहूयमानोऽग्निर्लौकिकः सम्पद्यते' इति सुदर्शनभाष्ये वचनात् । समारूढे त्वग्नौ तेनापि न कार्यम्, किन्तु पुनराधानमेव समारोपप्रत्यवरोहयोराशौचापवादाभावादनन्यकर्तृकत्वाच्च । अन्यथा पुनराधानमपि स्यात् । यत्त्वाश्वलायनः–

तौ वापि सूतके शावे पर्वणीष्टिं महापदि । पुष्पवत्यां च भार्यायां न कुर्यात्तु कदाचन ।।

स्मार्ताग्निः सूतके शावे स्वयं न जुहुयाद् द्विजः। श्रौताग्निस्तु सकृद्धुत्वा समाप्ते वा स्वयं हुनेत्।।

इति । तदपि समारूढपरम् । तदाह स एव –

स्मार्ताग्निरात्मनोऽन्येषामभावे सूतकादिषु । समारोप्य तदन्ते तु विहृत्य जुहुयात्स्वयम् ।।

इति । तथा मनुः – **'प्रत्यूहेन्नाग्निषु क्रियाः'** इति वैश्वदेवस्य त्वग्निसाध्यत्वेऽपि वचनान्निवृत्तिः । **विप्रो दशाहमासीत् वैश्वदेवविवर्जितः** । इति संवर्तोक्तेः । यद्यपि – **पञ्चयज्ञविधानं तु न कुर्यान्मृत्युजन्मनोः** । इति तेनैवोक्तेः पूर्वनिषेधो व्यर्थः तथाप्यापस्तम्बादीनां वैश्वदेवस्य पञ्चयज्ञभिन्नत्वात्पृथङ्निषेधः । हरदत्तस्त्वाशौचेऽपि बह्वृचैर्वैश्वदेवः कार्यः, **'तस्य द्वावनाध्यायौ यदात्माऽशुचिर्यद्देशः'** इति ब्रह्मयज्ञस्यैवाशौचे विशिष्य निषेधात् ।

मरीचिस्मृतिमा भनिएको छ कि – आशौचमा मोहवश जुन द्विजले अमावास्यामा गरिने कर्म, पूर्णिमामा गरिने कर्म र वैतानिकाग्निमा गरिने कर्मको त्याग गर्दछ त्यसले प्रायश्चित्त गर्नुपर्दछ ।

जाबाल भन्दछन् – जन्म र मृत्युमा गार्हपत्य आदि कर्मको त्याग गर्न हुँदैन । शालाग्निमा अन्य गोत्रका ब्राह्मणद्वारा होम गराउनुपर्दछ । **अपरार्क**मा पनि यही भनिएको छ र याज्ञिक पनि यसै भन्दछन् । **जातूकर्ण्य**ले भनेका छन् – आशौच उत्पन्न भएमा स्मार्तकर्म हुनसक्दैन । तसर्थ पिण्डपितृयज्ञ, चरु अर्थात् स्मार्तस्थालीपाक र होम अरूबाट गराउनुपर्दछ । यहाँ चरुको अर्थ स्मार्तस्थालीपाक हो ।

विज्ञानेश्वर भन्दछन् – आशौच उत्पन्न हुँदा श्रवणासम्बन्धी कर्म[३५] प्रारम्भ गरिएको भए त्यो सपिण्डब्राह्मणद्वारा पूरा गराउनुपर्दछ । **मनु** भन्दछन् – श्रवणाकर्म गर्ने सपिण्डमा अशुद्धि हुँदैन । **छन्दोगपरिशिष्ट**मा भनिएको छ – श्रौतकर्ममा शुष्कान्न अर्थात् सुकेको अन्न र फलद्वारा होम गर्नुपर्दछ । स्मार्तकर्ममा व्रीहिद्वारा होम गर्नुपर्दछ । व्रीहि नपाइएमा तण्डुल अर्थात् चामल द्वारा होम गर्नुपर्दछ । यहाँ **कृतम्** भनेको व्रीहि अर्थात् धान हो, **कृताकृतम्** भनेको तण्डुल अर्थात् चामल आदि हो । स्मार्तहोममा त विकल्पको व्यवस्था रहेको कुरा बुझ्नुपर्दछ । किनभने पहिले नै '**शालाग्नौ चैके**' भन्ने वचन बताइसकिएको छ । जब स्मार्तहोम गरिन्छ त्यसबेला अरू ब्राह्मणद्वारा गराउनुपर्दछ।

यहाँको निष्कर्ष यसप्रकार छ– जुन ऋग्वेदीहरूले बाह्ररातसम्म होम नगर्दा पनि अग्निको नाश हुँदैन तिनीहरूले आशौचमा होम गर्न हुँदैन । तैत्तिरीयशाखाका ब्राह्मणहरूले होम गर्नुपर्दछ किनभने तिनीहरूको अग्नि चाररातसम्म होम नगर्दा लौकिकाग्निमा परिणत हुन्छ भन्ने कुरा **सुदर्शनभाष्य**मा भनिएको छ । तर तैत्तिरीय शाखाका मानिसले पनि समारूढ अर्थात् स्थिर–अग्निमा होम गर्नु हुँदैन अपितु पुनः आधान गर्नुपर्दछ । समारोप[३६] र प्रत्यवरोह[३७]मा आशौचको अपवाद नहुनाले अरू कुनै कर्ता हुँदैन । अरू कर्ता हुन मिल्ने भए फेरि आधान पनि हुन सक्ने थियो ।

जननाशौच र मरणाशौचमा श्रौत र स्मार्त अग्निमा तल बताइएको स्थितिमा कहिले पनि हवन गर्न हुँदैन - महाविपत्ति, पर्वकालिक इष्टि र स्त्री रजोवती भएको अवस्था । स्मार्त अग्नि धारण गर्ने द्विजले उक्त दुवै किसिमका आशौचमा स्वयं हवन गर्न हुँदैन । श्रौत अग्नि धारण गर्ने द्विजले उक्त दुवै आशौचमा एकपटक हवन गर्नुपर्दछ अथवा समाप्तिमा आफै हवन गर्नुपर्दछ भनी जुन विधान गरिएको छ त्यो अग्निलाई अरणिमा आरोप गरेको अवस्था अर्थात् समारोपका लागि हो । यसबारे उनले आफै भनेका छन् – सूतकादिमा अरू कर्ता नभएमा आफूले अग्निलाई अरणिमा आरोप गरी अन्तमा स्वयम् स्थापना गरेर हवन गर्नुपर्दछ ।

मनुले भनेका छन् – अग्निहोत्रको क्रियामा बाधा गर्न हुँदैन । वैश्वदेव त अग्निसाध्य भएता पनि वचनबाट त्यसको निवृत्ति हुन्छ । **संवर्त**ले भनेका छन् – ब्राह्मणले आशौचमा दशदिनसम्म वैश्वदेवकर्म गर्न हुँदैन । मृत्यु र जन्माशौचमा पञ्चयज्ञको सम्पादन गर्न हुँदैन भन्ने कुरा पनि उनैले भनेका छन् । तसर्थ पहिले गरिएको निषेध व्यर्थ छ तापनि **आपस्तम्ब** आदिको मतमा वैश्वदेवकर्मलाई पञ्चयज्ञभन्दा भिन्दै मानिएकाले भिन्दै निषेध गरिएको हो ।

हरदत्तले त भनेका छन् – ऋग्वेदको बस्वृचशाखाका मानिसले आशौचमा पनि वैश्वदेव गरून् । उनीहरूका निमित्त वैश्वदेवको दुईअवस्थामा मात्र निषेध हुन्छ – आत्माको अशुचिता र देशको अशुचिता । आशौचमा विशेषतः ब्रह्मयज्ञलाई नै निषेध गरिएको पाइन्छ ।

---

३५. पारस्करगृह्यसूत्रको द्वितीयकाण्डको चौधौं कण्डिकामा श्रवणाकर्मको विस्तृत विवरण दिइएको छ । त्यहाँ 'अथातः श्रवणाकर्म श्रावण्यां पौर्णमास्याम्' वाक्यबाट वर्णन आरम्भ गरिएको छ । यसमा विशेषरूपमा सर्पहरूका निमित्त होम र बलि प्रदान गरिन्छ ।

३६. कर्ता कार्यवश बाहिर गएको बेला अग्निको मन्त्रपाठ गरी अरणिमा अग्निको आरोपकर्म ।

३७. कर्ता फर्केर आएपछि अरणिमन्थन गरी अग्निलाई बाहिर निकाल्ने काम ।

सन्ध्यादीनामपवादः

सन्ध्यादीनामप्यपवादमाह अपरार्के पुलस्त्यः –

सन्ध्यामिष्टिं चरुं होमं यावज्जीवं समाचरेत् । न त्यजेत्सूतके वापि त्यजन् गच्छेदधो द्विजः ।।

सन्ध्या आदिको अपवाद

सन्ध्या आदिको अपवादका विषयमा अपरार्कमा पुलस्त्यले भनेका छन् – सन्ध्या, इष्टि, चरु र होम आजीवन गर्नुपर्दछ । जन्माशौच र मरणाशौचमा पनि तिनीहरूको त्याग गर्न हुँदैन । जुन द्विजले उक्त कर्महरूको त्याग गर्दछ त्यो अधोगतिमा प्राप्त हुन्छ ।

सूतकादौ सन्ध्याविचारः

सूतके मृतके चैव सन्ध्याकर्म समाचरेत् । मनसोच्चारयेन्मन्त्रान् प्राणायाममृते द्विजः । यत्तु चन्द्रिकायां जाबालः –

सन्ध्यां पञ्चमहायज्ञान् नैत्यकं स्मृतिकर्म च । तन्मध्ये हापयेत्तेषां दशाहान्ते पुनः क्रिया ।।

इति । यच्च संवर्तः – **सूतके कर्मणां त्यागः सन्ध्यादीनां विधीयते ।** यच्च विष्णुपुराणे –

सर्वकालमुपास्या तु सन्ध्ययोः पार्थिवेष्यते । अन्यत्र सूतकाशौचविभ्रमातुरभीतितः ।।

इति तत्पूर्णसन्ध्यापरम् । **अर्घ्यान्ता मानसी सन्ध्या कुशवारिविवर्जिता ।** इति शुद्धिदीपे च्यवनोक्तेः ।

पैठीनसिस्त्वर्घ्ये मन्त्रोच्चारणमाह – **'सूतके सावित्र्याऽञ्जलिं प्रक्षिप्य सूर्यं ध्यायन्नमस्कुर्यात् ।'** प्रयोगपारिजाते भरद्वाजोऽपि –

सूतके मृतके कुर्यात् प्राणायामममन्त्रकम् । तथा मार्जनमन्त्राँस्तु मनसोच्चार्य मार्जयेत् ।।
गायत्रीं सम्यगुच्चार्य सूर्यायार्घ्यं निवेदयेत् । मार्जनं तु न वा कार्यमुपस्थानं न चैव हि ।।

सूतकमा सन्ध्या विचार

द्विजले जन्मसूतक र मरणाशौचमा सन्ध्या कर्म गर्नुपर्दछ । सन्ध्या गर्दा प्राणायाम छाडेर मनसा मन्त्रोच्चारण गर्नुपर्दछ। चन्द्रिकामा जाबाल भन्दछन् – द्विजले सन्ध्या, पञ्चमहायज्ञ र स्मृतिमा बताइएका नित्य कर्म आशौचको बीचमा गर्न हुँदैन । दशदिनपछि फेरि आरम्भ गर्नुपर्दछ । यसैगरी संवर्तले भनेका छन् – सूतकमा सन्ध्या आदि सबै कर्मको त्याग गर्नुपर्दछ । फेरि विष्णुपुराणमा पनि भनिएको छ – सबै समयमा सन्ध्या गर्नुपर्दछ तर जन्माशौच, मरणाशौच, पागलपन, रोग र भयमा भने सन्ध्या गर्नु हुँदैन । ग्रन्थकार भन्दछन् – यो भनाइ सम्पूर्ण सन्ध्याका निमित्त आएको हो ।

शुद्धिदीपमा च्यवनले भनेका छन् – कुश र जल त्यागेर अर्घ्यान्त मानसी सन्ध्याबाहेक मानसमन्त्रद्वारा सन्ध्या गर्नुपर्दछ । पैठीनसिले अर्घ्य दिँदा मन्त्रोच्चारण गर्नुपर्ने कुरा बताउँदै भनेका छन् – सूतकमा गायत्रीद्वारा अञ्जलि दिएर सूर्यको ध्यान र नमस्कार गर्नुपर्दछ । प्रयोगपारिजातमा भारद्वाज भन्दछन् – जन्माशौच र मरणाशौचमा मन्त्रहीन प्राणायाम गर्नुपर्दछ । मनले मार्जनमन्त्र उच्चारण गरी मार्जन गर्नुपर्दछ ।

ग्रहणे श्राद्धादावप्याशौचापवादः

ग्रहणे श्राद्धादावप्याशौचापवादमाह व्याघ्रः – **स्मार्तकर्मपरित्यागो राहोरन्यत्र सूतके ।** इति । लैङ्गेऽपि–

सूतके मृतके चैव न दोषो राहुदर्शने । तावदेव भवेच्छुद्धिर्यावन्मुक्तिर्न दृश्यते ।।

ग्रहण, श्राद्ध आदिमा आशौचको अपवाद

ग्रहणमा श्राद्ध आदि गर्दा आशौचको अपवाद हुने कुरा बताउँदै **व्याघ्रले** भनेका छन् – ग्रहण र श्राद्ध आदिमा आशौचको अपवाद अर्थात् विकल्प हुन्छ । ग्रहणबाहेक अरू सूतकहरूमा मात्र स्मार्तकर्मको परित्याग गरिन्छ । **लिङ्गपुराणमा** भनिएको छ– 'जन्माशौच र मरणाशौचमा ग्रहण हेर्दा कुनै दोष लाग्दैन । जबसम्म राहुले सूर्य वा चन्द्रमालाई छाड्दैन तबसम्म आशौच लाग्दैन ।

कन्याविवाहे संक्रान्तौ च सूतकविचारः

प्रयोगपारिजाते बृहस्पतिः – **कन्याविवाहे संक्रान्तौ सूतकं न कदाचन ।**

कन्याविवाह र संक्रान्तिमा आशौचविचार

प्रयोगपारिजातमा उद्धृत **बृहस्पतिको** वचनमा भनिएको छ – कन्याको विवाह र संक्रान्तिको दिनमा आशौच लाग्दैन।

भोजनकाले आशौचप्राप्तौ विचारः

वृद्धशातातपः –

यदा भोजनकाले तु अशुचिर्भवति द्विजः । भूमौ निक्षिप्य तं ग्रासं स्नात्वा विप्रो विशुद्ध्यति ।।
भक्षयित्वा तु तं ग्रासमहोरात्रेण शुध्यति । अशित्वा सवमेवान्नं त्रिरात्रेण विशुध्यति ।।

इदमविशेषात् सूतकादिपरमपीति शुद्धितत्त्वे शूलपाणौ च ।

भोजनकालमा आशौच परेमा

भोजनकालमा आशौच परेमा **वृद्धशातातपले** भनेका छन् – 'ब्राह्मणले भोजन गरिरहेको बेलामा आशौच पऱ्यो भन्ने कुरा सुनेमा मुखले चपाउँदै गरेको गाँस भुईंमा थुकेर स्नान गर्नुपर्दछ त्यसपछि त्यो शुद्ध हुन्छ । त्यो गाँस भुईंमा थुकेपछि त्यो ब्राह्मण एकअहोरात्रपछि शुद्ध हुन्छ । आफूले खाँदै गरेको भोजन नथुकीकन निलेमा त्यसलाई तीनदिनको आशौच लाग्दछ ।' सामान्यतया यो वचन सूतक आदि परक हो भन्ने कुरा **शुद्धितत्त्व** र **शूलपाणिमा** बताइएको छ ।

द्रव्यतः शुद्धिकथनम्

अथ द्रव्यतः । मरीचिः –

लवणे मधुमांसे च पुष्पमूलफलेषु च । शाककाष्ठतृणेष्वप्सु दधिसर्पिःपयःसु च ।।
तिलौषधाजिने चैव पक्वापक्वे स्वयङ्ग्रहः । पण्येषु चैव सर्वेषु नाशौचं मृतसूतके ।।

स्वयमेव स्वाम्यनुज्ञया ग्राह्यं न तद्धस्तादित्यर्थः । क्रये तु तद्धस्तादपि न दोषः । पक्वं लड्डुकादि । अपक्वं तण्डुलादि । एतदन्नसत्रपरम् ।

अन्नसत्रे प्रवृत्तानामाममन्नमगर्हितम् । भुक्त्वा पक्वान्नमेतेषां त्रिरात्रं तु व्रती भवेत् ।।

इत्यङ्गिरसोक्तेः । पक्वान्नं मोदकादि, नतु भक्ष्यम् । षट्त्रिंशन्मते –

उभाभ्यामपरिज्ञाते सूतकं नैव दोषकृत् । एकेनापि परिज्ञाते भोक्तुर्दोषमुपावहेत् ।।

आशौचमा द्रव्यशुद्धि

कर्ताद्वारा, कर्मद्वारा, द्रव्यद्वारा, मृतदोषद्वारा र विधानद्वारा हुने पाँचप्रकारका आशौच अपवादमध्ये तेस्रो आशौच अपवाद **द्रव्यद्वारा शुद्धि**को विषयमा चर्चा गरिन्छ । **मरीचि**ले भनेका छन् – 'जननाशौच र मरणाशौचमा नुन, मह, मासु, पुष्प, मूला, फल, साग, काठ, घाँस, जल, दूध, दही, घ्यू, तिलको तेल, औषधि, मृगको छाला, पाकेका लड्डु आदि पक्वान्न, नपाकेका चामल आदि बजारमा बेच्न राखिएका पदार्थ पसलेका हातबाट नलिई आफै झिकेर ल्याउँदा दोष लाग्दैन । पसलका स्वामीको हातबाट ग्रहण गर्न हुँदैन । त्यसको आज्ञा लिएर आफैले ग्रहण गर्नुपर्दछ ।' यहाँ पक्वको अर्थ हो लड्डु आदि, अपक्वको अर्थ हो चामल आदि । यो अन्नक्षेत्रको सम्बन्धमा आएको वर्णन हो । अन्नसत्रमा राखिएको आमान्न निन्दित हुँदैन । अन्नसत्रको पक्वान्नभोजन गरेमा तीनरात आशौच बार्नुपर्दछ भन्ने कुरा **अङ्गिरा**ले बताएका छन् । पक्वान्न लड्डु आदि पनि भोजन गर्न हुँदैन । पक्वान्नग्रहण गर्ने र दिने दुवैलाई आशौचको ज्ञान नभएमा आशौचको दोष लाग्दैन । भोक्तालाई आशौच परेको थाहा नभएमा दाताले आशौच थाहा पाएको भए पनि भोक्ताका निमित्त दाताले दिएको अन्ननिषिद्ध हुँदैन । दातालाई आशौचको जानकारी नभएमा र भोक्तालाई जानकारी भएमा दाताले दिएको अन्नग्रहण गर्दा दोष लाग्छ । त्यसैले त्यस्तो पदार्थको ग्रहण गर्न निषेध गरिएको छ ।

विवाहादौ सूतकप्राप्ते विचारः

विवाहोत्सवयज्ञेषु त्वन्तरा मृतसूतके । परैरन्नं प्रदातव्यं भोक्तव्यं च द्विजोत्तमैः ।।
भुञ्जानेषु तु विप्रेषु त्वन्तरा मृतसूतके । अन्यगेहोदकाचान्ताः सर्वे ते शुचयः स्मृताः ।।
बृहस्पतिः – '**विवाहोत्सवे**' इत्याद्युक्त्वा – '**पूर्वसङ्कल्पितान्नेषु न दोषः परिकीर्तितः ।**' षडशीतौ –
संसर्गाद्यस्य वाशौचं यस्यातिक्रान्तकालता । तदीयस्य पदार्थस्य नाशौचं विद्यते क्वचित् ।।

विवाह आदिमा अकस्मात् आशौच परेमा

विवाह, उत्सव र यज्ञको बीचमा मरणाशौच र जननाशौच परेमा त्यहाँ उपस्थित ब्राह्मणहरूलाई यज्ञका निमित्त तयार गरिएको अन्न छुट्टै गोत्रका मानिसहरूद्वारा प्रदान गरिएमा ती ब्राह्मणहरूले भोजन गर्न हुन्छ र कुनै दोष लाग्दैन । ब्राह्मणहरूले भोजन गरिरहेकै स्थितिमा मरणाशौच वा जन्माशौच आइलागेमा भोजन गरिरहेका ब्राह्मणहरूले अरू कुनै शुद्ध घरबाट जल ल्याई आचमन गर्नुपर्दछ । त्यसपछि ती शुद्ध हुन्छन् ।

बृहस्पतिले भनेका छन् – विवाह वा उत्सव आदिको बीचमा उक्त दुवै थरिका आशौच उत्पन्न भएमा पूर्वसङ्कल्पित अर्थात् पहिलेदेखि सङ्कल्प गरिएको अन्नमा कुनै दोष लाग्दैन ।[३८] **षडशीति**मा भनिएको छ – जुन पदार्थको संसर्गबाट मात्र आशौच हुन्छ र जुन पदार्थ निर्माण गरेको काल धेरै बितिसकेको छ त्यस्तो पदार्थको सेवनमा दोष लाग्दैन ।

प्रोक्षणेन पुस्तकस्य शुद्धिः

शुद्धितत्त्वे – '**शुध्येत्**' इत्यनुवृत्तौ विष्णुः – '**प्रोक्षणेन च पुस्तकम्**' इति ।

पुस्तकको शुद्धि

शुद्धितत्त्वमा शुध्येत्शब्दको अनुवृत्ति गरी भनिएको छ – '**प्रोक्षणेन तु पुस्तकम्** अर्थात् काम गराउँदा गराउँदै

३८. आशौच हुने सम्भावनाले ब्राह्मणहरूलाई भनी पहिलेदेखि छुट्ट्याएर राखिएको अन्न नै पूर्वसङ्कल्पित अन्न हो ।

आशौच परेका घरमा पुस्तकको शुद्धि गर्नको लागि जलले सेचन गर्नुपर्दछ ।' यसरी द्रव्यशुद्धि सम्बन्धमा विचार गरियो। अब मरणदोषमा आशौचको अपवादको विषयमा विचार गरिनेछ ।

मृतदोषे विचारः

अथ मृतदोषो हेमाद्रौ षट्त्रिंशन्मते कौर्मे च –

व्यापादयेद्य आत्मानं स्वयमग्न्युदकादिभिः । विहितं तस्य नाशौचं नापि कार्योदकक्रिया ।।

शवदर्शनं यावदाशौचमस्त्येव । '**हतानां नृपगोविप्रैरन्वक्षं चात्मघातिनाम्**' इति याज्ञवल्क्योक्तेः ।

शुद्धितत्त्वे कौर्मे – **सद्यः शौचं समाख्यातं शापादिमरणे तथा** । आदिपदादभिचारहते ।

भविष्ये – **स्वेच्छया मरणं विप्राच्छृङ्गिदंष्ट्रिसरीसृपैः । अन्त्यान्त्यजविषोद्बन्धैरात्मना चैव ताडनैः।।**

पाखण्डमाश्रिताश्चैव महापातकिनस्तथा । स्त्रियश्च व्यभिचारिण्य आरूढपतितास्तथा ।।

न तेषां स्नानसंस्कारो न श्राद्धं न सपिण्डनम् ।।

गौतमः – '**प्रायोऽनाशकशस्त्राग्निविषोदकोद्बन्धनप्रपतनैश्चेच्छताम्**' इति । नाशौचमिति शेषः ।

मृतदोषमा आशौचको अपवाद

हेमाद्रि र **षट्त्रिंशत्मतमा** उद्धृत **कूर्मपुराणको** वचनमा भनिएको छ – जसले अग्नि र जलमा प्रवेश गरी आत्महत्या गर्दछ त्यसका निमित्त आशौच बार्नुपर्दैन र त्यसको उदकक्रिया पनि हुँदैन ।

याज्ञवल्क्य भन्दछन् – राजा, गाई र ब्राह्मणद्वारा मारिएका र आफै जानी–जानी आत्महत्या गर्ने सपिण्डहरूको लाश नजरमा रहँदासम्म आशौच लाग्छ, अर्थात् त्यो आशौच तत्काल निवृत्त हुन्छ । **शुद्धितत्त्वमा** उद्धृत **कूर्मपुराणको** वचनमा भनिएको छ – अभिचार अर्थात् तान्त्रिक निकृष्टकर्म एवं सराप लागेर मरेका सपिण्डहरूको आशौच स्नान गरेपछि निवृत्ति हुन्छ । यहाँ **शापादिमरणे** पदमा रहेको **आदिपदबाट** अभिचारद्वारा मारिएकालाई लिनुपर्दछ भनिएको छ।

भविष्यपुराणमा बताइएको छ कि – आफ्नै इच्छाले विभिन्न उपाय अवलम्बन गरी मरेका, ब्राह्मण, सिङ हुने जनावर, दाह्रा भएका जनावर, सर्प, चाण्डाल, विष, बन्धन एवं आत्मताडनाद्वारा मरेका मानिस, पाखण्डी र महापातकी मानिस, व्यभिचारिणी नारी एवं रूखबाट लडेर मरेका मानिसहरूका लागि स्नान, संस्कार, श्राद्ध र सपिण्डन गर्नुपर्दैन । **गौतमले** भनेका छन् – महाप्रस्थान, अनशन, शस्त्र, अग्नि, विष, जल एवं बन्धनबाट आत्मघात र पर्वतको चुचुरोबाट शरीरपातजस्ता कारणबाट जसको मृत्यु हुन्छ तिनीहरूका निमित्त पनि आशौच बार्नुपर्दैन ।

अङ्गिराः – **चण्डालादुदकात्सर्पाद् ब्राह्मणाद्वैद्युतादपि । दंष्ट्रिभ्यश्च पशुभ्यश्च मरणं पापकर्मणाम्।।**

उदकं पिण्डदानञ्च प्रेतेभ्यो यत्प्रदीयते । नोपतिष्ठति तत्सर्वमन्तरिक्षे विनश्यति ।।

षट्त्रिंशन्मतेऽप्येवम् । ब्राह्मेऽपि – **शृङ्गिदंष्ट्रिनखिव्यालविषवह्निक्रियाजलैः** । व्यालः – गजः ।

सुदूरात्परिहर्तव्यः कुर्वन् क्रीडां मृतस्तु यः । नागानां विप्रियं कुर्वन् हतश्चाप्यथ विद्युता ।।

निगृहीतः स्वयं राज्ञा चौर्यदोषेण कुत्रचित् । परदारान् हरन्तश्च द्वेषात्तत्पतिभिर्हताः ।।

असमानैश्च सङ्कीर्णैश्चाण्डालाद्यैश्च विग्रहम् । कृत्वा तैर्निहतास्तद्वच्चाण्डालादीन् समाश्रिताः ।।

शस्त्राग्निगरदाश्चैव पाखण्डाः क्रूरबुद्धयः । क्रोधात्प्रायं विषं वह्निं शस्त्रमुद्बन्धनं जलम् ।।

गिरिवृक्षप्रपातं च ये कुर्वन्ति नराधमाः । कुशिल्पजीविनो ये च सूनालङ्कारधारिणः ।।

मुखे भगास्तु ये केचित् क्लीबप्रायनपुंसकाः । ब्रह्मदण्डहता ये च ये चापि ब्राह्मणैर्हताः ।।
महापातकिनो ये च पतितास्ते प्रकीर्तिताः । पतितानां न दाहः स्यान्नान्त्येष्टिर्नास्थिसञ्चयः ।।
न चाश्रुपातं पिण्डो वा कार्यं श्राद्धादिकं क्वचित् । एतानि पतितानां तु यः करोति विमोहितः ।।
तप्तकृच्छ्रद्वयेनैव तस्य शुद्धिर्न चान्यथा ।।

अङ्गिरा भन्दछन् – चाण्डाल, जल, सर्प, ब्राह्मण, चट्याङ, दाह्रा वा दाँत भएका प्राणी र पशुबाट पापी प्राणीहरूको मृत्यु हुन्छ । मरेपछि तिनका निमित्त दिइने पिण्ड, जल तिनले प्राप्त गर्दैनन् । त्यो अन्तरिक्षमा नै सेलाएर जान्छ । **षट्त्रिंशत्मत**मा पनि यही कुरा बताइएको छ । **ब्रह्मपुराण**मा भनिएको छ – 'सिङ, दाह्रा, नङ्ग्रा धारण गर्ने बाघ आदि जन्तु, हात्ती, विष, अग्निकर्म र जलद्वारा मृत्युमा प्राप्त हुने मानिसलाई दिइएको पिण्डपानी अन्तरिक्षमा नष्ट हुन्छ, उनीहरूले पाउँदैनन् ।' यहाँ प्रयोग गरिएको **व्याल**शब्दको अर्थ हात्ती हो ।

जुन मानिस क्रीडा गरिरहेको अवस्थामा मर्दछ, जुन मानिस सर्पहरूको अप्रिय कर्म गर्दा मर्दछन्, जुन मानिस आकाशबाट खसेको चट्याङलागेर मर्दछन्, जुन मानिस कहीँ चोरी गरेबापत शासकद्वारा समातिएर मर्दछन्, जुन मानिस परपत्नीहरूको हरण वा तिनीहरूसँग रमण गरेका कारण ती नारीहरूका पतिहरूको प्रहारबाट मर्दछन्, जुन मानिस आफूभन्दा न्यून चाण्डाल आदिसँग द्वेष गरेका कारण चाण्डाल आदिद्वारा मारिएका हुन्छन्, जुन मानिस चण्डाल आदिको आश्रयमा रहेका हुन्छन्, जुन मानिस शस्त्र, अग्नि र विषद्वारा अरूलाई मार्दछन्, जुन मानिस पाखण्डी र क्रूर बुद्धिले युक्त हुन्छन्, जुन नराधम मानिस प्रायः क्रोधले विष खाएर, आगो लगाएर, शस्त्र प्रहार गरेर, पासो लगाएर, जलपात, गिरिपात र वृक्षपात गरी मर्दछन्, जुन मानिस निषिद्धशिल्पको व्यवसाय गर्दछन्, जुन मानिस प्राणीहरूलाई फाँसी दिने ठाउँमा गई फाँसीमा पर्न आँटेका प्राणीहरूले लगाएका वस्त्र, अलङ्कारहरू जम्मा गरी जीविका गर्दछन्, जुन मानिस योनिभिन्न अङ्गमा वीर्यपात गर्दछन्, जुन मानिस नपुंसक हुन्छन् र अरूद्वारा उत्पन्न गराइएका क्रोध एवं सरापका कारण मर्दछन्, जुन मानिस ब्राह्मणद्वारा मारिएका हुन्छन् र जुन मानिस पाँचमहापातक गर्ने महापातकी हुन्छन् ती सबैलाई पतित भनिन्छ । तिनीहरू मर्दा न दाह गरिन्छ, न अन्त्येष्टि हुन्छ, न अस्थिसञ्चय हुन्छ, न रोदन कर्म गरिन्छ, न पिण्डदान हुन्छ, न त पिण्डहीन श्राद्ध–तर्पण आदि गरिन्छ । मोहले यस्ता पतितहरूको श्राद्ध आदि गर्ने मानिस अशुद्ध हुन्छ र त्यस्तो मानिस तप्तकृच्छ्रप्रायश्चित्त गरेपछि मात्र शुद्ध हुन्छ । अरू उपायबाट शुद्ध हुँदैन ।

बुद्धिपूर्वं सर्वेषां करणे

एतद्बुद्धिपूर्वं सर्वेषां करणे तु माधवीये वसिष्ठः –

यः आत्मत्यागिनां कुर्यात् स्नेहात्प्रेतक्रियां द्विजः । स तप्तकृच्छ्रसहितं चरेच्चान्द्रायणं व्रतम् ।।

बुद्धिपूर्वक पतितहरूको श्राद्ध गरेमा

माधवीयमा उद्धृत **वसिष्ठ**को वचनमा भनिएको छ – बुद्धिपूर्वक पतितहरूको प्रेतक्रिया गर्नेले चान्द्रायण आदि प्रायश्चित्त गर्नुपर्दछ । पतित र आत्महत्या गर्ने मृतकमा प्रेम गरी जुन मानिसले प्रेतक्रिया सम्पन्न गर्दछ त्यसले [३९]तप्तकृच्छ्रसहित

३९. **तप्तक्षीरघृताम्बूनामैकैकं प्रत्यहं पिबेत् । एकरात्रोपवासश्च तप्तकृच्छ्र उदाहृतः ।।** इति या.स्मृ.प्रा. ३१७ श्लो. । अर्थात् तताएका दूध, घिउ र जल क्रमशः एक–एकदिन सेवन गरी चौथो दिन उपवास गरेपछि तप्तकृच्छ्रव्रत पूरा हुन्छ । जलको मात्रा तीनपल, दूधको मात्रा दुईपल र घिउको मात्रा एकपल हुनुपर्दछ ।

चान्द्रायण व्रत गर्नुपर्दछ ।

अज्ञानेन प्रेतकर्मविधाने

अज्ञाने तु – **कृत्वाऽग्निमुदकं स्नानं स्पर्शनं वहनं कथाम् । रज्जुच्छेदाश्रुपातं च तप्तकृच्छ्रेण शुध्यति ।।** इति ज्ञेयम्। प्रत्येकं बुद्धिपूर्वे एतदिति मदनपारिजातः। प्रत्येकं तु स्पर्शाश्रुणोर्मिताक्षरायाम् –

तच्छवं केवलं स्पृष्टमश्रु वा पतितं यदि । पूर्वोक्तानामकारी चेदेकरात्रमभोजनम् ।।

एकरात्रं तु नाश्नीयात्त्रिरात्रं बुद्धिपूर्वकम् ।। इति माधवीये उत्तरार्द्धम् । अन्येषु संवर्तः –

एषामन्यतमं प्रेतं यो वहेत दहेत वा । कटोदकक्रियां कृत्वा कृच्छ्रं सान्तपनं चरेत् ।।

अज्ञाने त्वर्धम् । एतदनाहिताग्नेः कृच्छ्र एवेति माधवः । मिताक्षरायाम् –

आत्मनस्त्यागिनां नास्ति पतितानां तथा क्रिया । तेषामपि तथा गङ्गातोये संस्थापनं हितम् ।।

अज्ञानले प्रेतक्रिया गरेमा

कुनै व्यक्तिले अज्ञानवश पतितहरूका निमित्त दागबत्ती एवं अञ्जलि दिने काम, पतितको शवलाई स्नान गराउने काम, पतितको शवस्पर्श गर्ने काम, पतितको शवलाई बोकेर मसानमा लैजाने काम, पतित प्रेतको जीवनी बताउने काम, पतित प्रेतलाई बाँध्न प्रयोग गरिएका डोरी चुँडाउने काम र पतित प्रेतमाथि स्नेह गरी रुने काम गरेमा तप्तकृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । त्यसबाट मात्र त्यसको शुद्धि हुन्छ । **मदनपारिजात**मा भनिएको छ – उक्त कर्म अज्ञानमा नभई ज्ञानपूर्वक गर्दा मात्र प्रायश्चित्त गर्नुपर्दछ । **मिताक्षरा**मा भनिएको छ – माथि बताइएका कर्म नगर्ने तर उक्त पतितहरूको स्पर्श र अश्रुपात गर्ने मानिसले एकरात भोजन गर्न हुँदैन । **माधवीय**मा भनिएको छ – अज्ञानले पतितको शवस्पर्श गरेको भए एकरात भोजन गर्न हुँदैन । बुद्धिपूर्वक त्यो कर्म गरेको भए तीनरात भोजन गर्न हुँदैन ।

अरू आचार्यहरूमध्ये **संवर्त**ले भनेका छन् – माथि उल्लेख गरिएका पतितहरूमध्ये बुद्धिपूर्वक जुनसुकै प्रेतलाई बोकेर लैजाने, दाह गर्ने, शववाहनका साधन तयार गर्ने, जल दिने काम गर्ने मानिसले सान्तपन[४०] कृच्छ्र नामक प्रायश्चित्त गर्नुपर्दछ । बुद्धिपूर्वक उक्त कर्म नगरिएको भए आधाप्रायश्चित्त गर्नुपर्दछ । **माधव** भन्दछन् – यो प्रायश्चित्त अग्निहोत्र नगर्नेका लागि हो । अग्निहोत्र गर्नेले त कृच्छ्रनामक प्रायश्चित्त गरेमा शुद्धि हुन्छ । **मिताक्षरा**मा भनिएको छ – आत्महत्या गरी जीवन बर्बाद गर्ने पतितहरूको क्रिया गर्नुपर्दैन । सम्भव भएमा तिनका लाशलाई गङ्गाजीमा प्रवाहित गराउँदा त्यस्ता पतितको हित हुन्छ ।

आहिताग्निस्तु विशेषः

आहिताग्नेस्तु विशेषो हेमाद्रौ भविष्ये –

वैतानं प्रक्षिपेदप्सु आवसथ्यं चतुष्पथे । पात्राणि तु दहेदग्नौ साग्निके पापकर्मणि ।।

---

४०. **गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । एकैकं प्रत्यहं पीत्वा त्वहोरात्रमभोजनम् ।।**
कृच्छ्रसान्तपनं नाम सर्वपापप्रणाशनम् । – जाबालमते ।

– कृच्छ्रसान्तपन प्रायश्चित्त गर्दा पहिलो दिन गोमूत्र (गहुँत), दोस्रो दिन गोबर, तेस्रो दिन दूध, चौथो दिन दही, पाँचौं दिन घिउ र छैठौं दिन कुश मिसिएको जल पिउनुपर्दछ । सातौं दिन अहोरात्र उपवास गरेपछि कृच्छ्रसान्तपन व्रत पूर्ण हुन्छ । यसरी विधि पुऱ्याई व्रत गरेपछि व्रतीका सबै पाप नष्ट हुन्छन् ।

छन्दोगपरिशिष्टेऽपि –

महापातकसंयुक्तो दौरात्म्यादग्निमान् यदि । पुत्रादिः पालयेदग्नीन् युक्त आदोषसंक्षयात् ।।

प्रायश्चित्तं न कुर्याद्यः कुर्वन् वा म्रियते यदि । गृह्यं निर्वापयेच्छ्रौतमप्स्वस्येत्सपरिच्छदम् ।।

पात्राणि दद्याद्विप्राय दहेदप्स्वेव वा क्षिपेत् । माधवीये पराशरः –

आहिताग्निर्मृतो विप्रश्चाण्डालेनात्मघातकः । दहेत ब्राह्मणं विप्रो लोकाग्नौ मन्त्रवर्जितम् ।।

प्राजापत्यं चरेत्पश्चाद्विप्राणामनुशासनात् । दग्ध्वास्थीनि पुनर्गृह्य क्षीरेण चालयेत्ततः ।।

स्वेनाग्निना स्वमन्त्रेण पृथगेनं पुनर्दहेत् ।। हेमाद्रौ तु – **दाहयित्वा शवं तेषां शूद्रैरविधिपूर्वकम् ।** इत्युक्तम् । एतद्दर्पादिना मरणे ज्ञेयम् । **ताँस्ते प्रेत्यापि गच्छन्ति ये के चात्महनो जनाः ।।** (यजु. ४०/३) इति श्रुतावात्महनने एव दोषोक्तेः ।

पतित अग्निहोत्रीका लागि विशेष

पतित आहिताग्निको विषयमा **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – 'पतित अग्निहोत्रीको वैतानिक अग्निलाई जलमा प्रक्षेपण गरिदिनुपर्दछ । आवसथ्य अग्निलाई चौबाटोमा राखिदिनुपर्दछ । पापकर्म गर्ने अग्निहोत्रीले श्रौत अग्नि वा स्मार्त अग्निमा आत्मदाह गरेमा अग्निहोत्रका पात्रहरूलाई डढाइदिनुपर्दछ ।' उक्त पद्यको चौथो चरण **'साग्निके पापकर्मणि'** सट्टा **'यजमाने वृथा मृते'** पाठ स्वीकार गर्ने हो भने अविहित मार्गद्वारा अग्निहोत्रीले आत्मत्याग गरेमा वैतान अग्निलाई जलमा, आवसथ्य अग्निलाई चौबाटोमा राखी अग्निहोत्रका पात्रलाई डढाउनुपर्दछ भन्ने अर्थ हुन्छ।

छन्दोगपरिशिष्टमा भनिएको छ – दुष्टात्मा अग्निहोत्रीले महापातक गरेमा जबसम्म प्रायश्चित्त गर्दैन तबसम्म त्यसका पुत्र आदि बन्धुले अग्निहोत्रका अग्निको रक्षा गर्नुपर्दछ । महापातकी अग्निहोत्रीले प्रायश्चित्त नगरेमा र गर्दागर्दै मरेमा त्यसको गृह्याग्निलाई सम्पूर्ण पात्रसमेत जलमा फ्याँकिदिनुपर्दछ । आवसथ्य अग्निलाई चौबाटोमा राखिदिनुपर्दछ। अग्निहोत्रका पात्रहरू ब्राह्मणलाई दिनुपर्दछ अथवा डढाइदिनुपर्दछ ।

माधवीयमा पराशरले भनेका छन् – अग्निहोत्री ब्राह्मण चण्डालद्वारा मारिएमा वा उसैले आत्मघात गरेमा त्यसलाई विनामन्त्र लौकिकाग्निमा डढाउनुपर्दछ । त्यसपछि त्यसको छोराले ब्राह्मणको आज्ञा लिएर प्राजापत्यप्रायश्चित्त अर्थात् दुईचान्द्रायणव्रत गर्नुपर्दछ । अग्निहोत्रीको शवदाह गरेपछि डढेको अस्थि जम्मा गरेर दूधले पखाल्नुपर्दछ। त्यसपछि अग्निमन्त्र र आफ्नै शाखाको मन्त्रले अस्थिदाह गर्नुपर्दछ । **हेमाद्रि**मा भनिएको छ – 'चाण्डालद्वारा मारिएको वा आत्महत्या गर्ने अग्निहोत्रीको शवलाई विनाविधि शूद्रहरूद्वारा दाह गराएर शेषकर्म गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – शूद्रद्वारा दाह गराउने काम ब्राह्मण नपाइएमा गर्नुपर्दछ भनी कसैले भनेका छन् तर यो कुरा अभिमानपूर्वक आत्महत्या गर्नेका निमित्त हो । जुन मानिसले आत्महत्या गर्दछन् तिनले नारकीय कष्टभोगका लागि नरकमा जानुपर्दछ भन्ने कुरा निर्देश गरेर श्रुतिले आत्महत्या गर्नेलाई दोष लाग्ने कुरा बताएको छ ।

प्रमादमरणे त्वाशौचविचारः

प्रमादमरणे त्वाशौचादि सर्वं भवत्येव । तदाहाङ्गिराः –

अथ कश्चित्प्रमादेन म्रियेताग्न्युदकादिभिः । तस्याशौचं विधातव्यं कर्तव्या चोदकक्रिया ।।

ब्राह्मेऽपि – **प्रमादादपि निःशङ्कस्त्वकस्माद्विधिचोदितः । शृङ्गिदंष्ट्रिनखिव्यालविषविद्युज्जलादिभिः ।। चाण्डालैरथ वा चौरैर्निहतो वापि कुत्रचित् । तस्य दाहादिकं कार्यं यस्मान्न पतितस्तु सः ।।** इति। प्रमादमरणे त्रिरात्रमाशौचमिति गौडाः शुद्धितत्त्वादयः । दशाहादीति दाक्षिणात्याः ।

प्रमादले मरेमा आशौच

कुनै व्यक्ति प्रमादले मरेमा आफन्तले आशौच, दान आदि सम्पूर्ण कृत्य गरिदिनुपर्दछ । **अङ्गिरा** भन्दछन् – यदि कुनै मानिस प्रमादका कारण आगो, पानी आदि साधनबाट मरेमा त्यसको आशौच बार्नुपर्दछ र अञ्जलिदान आदि कर्म गर्नुपर्दछ।

ब्रह्मपुराणमा भनिएको छ – अकस्मात् दैवको प्रेरणाले निडर भई प्रमादवश कुनै मानिस सिङ, दाह्रा, नङ हुने जन्तु, सर्प, विष, बिजुली, जल आदिबाट मरेमा र चाण्डाल एवं चोरबाट मारिएमा त्यसको दाह आदि कर्म गर्नुपर्दछ। किनकि त्यो पतित होइन । **शुद्धितत्त्व** आदि **गौडहरू** भन्दछन् – कुनै व्यक्ति प्रमादवश मरेमा तीनरात आशौच बार्नुपर्दछ। दाक्षिणात्यहरू भने दशदिन आशौच बार्नुपर्दछ भन्दछन् ।

सर्पद्वारा मरणे विशेषः

अस्यापवादो हेमाद्रौ भविष्ये – **प्रमादादिच्छया चापि न कुर्यात्सर्पतो मृते ।** नागपूजां विना न कुर्यादित्यर्थः। बौधायनोऽपि – **बुद्धिपूर्वात्महन्तृणां क्रियालोपो विधीयते ।** क्रिया – अन्त्यकर्म ।

सर्पद्वारा मृत्यु भएमा

सर्पद्वारा मारिएका मानिसका आशौचको अपवाद **विष्णुपुराणमा** यसरी बताइएको छ – 'प्रमादवश वा इच्छापूर्वक कुनै मानिस सर्पद्वारा टोकिएर मरेमा त्यसको किरिया गर्न र आशौच बार्न हुँदैन ।' ग्रन्थकार भन्दछन् – यसको तात्पर्य नागपूजा नगरीकन क्रिया गर्न हुँदैन भन्ने हो । **बौधायन** भन्दछन् – बुद्धिपूर्वक आत्मघात गर्ने मानिसको अन्त्यकर्मको लोप हुन्छ ।

दुर्मरणनिमित्ते दानादिकार्याणि

तत्र दुर्मरणनिमित्तं दानादिकार्यम् । तच्च विश्वप्रकाशादौ शातातपीये च –

व्याघ्रेण निहते विप्रे विप्रकन्यां विवाहयेत् । सर्पदष्टे नागबलिर्देयः सर्पश्च काञ्चनः ।।
चतुर्निष्कमितं हैमं गजं दद्याद् गजैर्हते । राज्ञा विनिहते दद्यात्पुरुषं तु हिरण्मयम् ।।
चौरेण निहते धेनुं वैरिणा निहते वृषम् । वृषेण निहते दद्याद्यथाशक्त्या च काञ्चनम् ।।
शय्यामृते प्रदातव्या शय्या तूलिसमन्विता । निष्कमात्रसुवर्णस्य विष्णुना समधिष्ठिता ।।
शौचहीने मृते चैव द्विनिष्कं स्वर्णजं हरिम् । संस्कारहीने च मृते कुमारमुपनाययेत् ।।
निष्कत्रयं स्वर्णमितं दद्यादश्वं हयाहते । शुना हते क्षेत्रपालं स्थापयेन्निजशक्तितः ।।
सूकरेण हते दद्यान्महिषं दक्षिणान्वितम् । कृमिभिश्च मृते दद्याद् गोधूमान् पञ्चखारिकाः ।।
वृक्षं वृक्षहते दद्यात्सौवर्णं वस्त्रसंयुतम् । शृङ्गिणा निहते दद्याद् वृषभं वस्त्रसंयुतम् ।।
शकटेन हते दद्याद् द्रव्यं सोपस्करान्वितम् । भृगुपातमृते चैव प्रदद्याद्धान्यपर्वतम् ।।
अग्निना निहते कार्यमुपदानं स्वशक्तितः । दारुणा निहते चैव कर्तव्या सदने सभा ।।

शस्त्रेण निहते दद्यान्महिषीं दक्षिणान्विताम् । अश्मना निहते दद्यात्सवत्सां गां पयस्विनीम् ।।
वृषेण च मृते दद्यान्मेदिनीं हेमनिर्मिताम् । उद्बन्धनेन च मृते कपिं कनकनिर्मितम् ।।
मृते जलेन वरुणं हैमं दद्याद् द्विनिष्कजम् । विषूचिकामृते स्वादु भोजयेच्च शतं द्विजान् ।।
घृतधेनुः प्रदातव्या कण्ठान्तकवले मृते । कासरोगेण च मृते अष्टकृच्छ्रं व्रतं चरेत् ।।
अतिसारमृते लक्षं गायत्र्याः प्रयतो जपेत् । शाकिन्यादिग्रहग्रस्ते जपेद्रुद्रं यथोदितम् ।।
विद्युत्पातेन निहते विद्यादानं समाचरेत् । अन्तरिक्षमृते कार्यं वेदपारायणं तथा ।।
सच्छास्त्रपुस्तकं दद्यादस्पृश्यस्पर्शतो मृते । पतिते च मृते कुर्यात्प्राजापत्यांस्तु षोडश ।।
मृते चापत्यरहिते कृच्छ्राणां नवतिं चरेत् । एवं कृते विधाने तु विदध्यादौर्ध्वदेहिकम् ।।

दुर्मरणनिमित्त दानादि कार्य

बाघ आदि प्राणी, विष आदि पदार्थ, हैजा आदि रोग, आधिदैविक घटना र पुत्रआदि निमित्तबाट मृत्यु हुने मानिसहरूको दुर्मरणको दोषनिवृत्तिका लागि दानादि कर्म गर्नुपर्दछ । उक्त सम्बन्धमा **विश्वप्रकाश** एवं **शातातपीय** आदि ग्रन्थहरूमा भनिएको छ – बाघद्वारा मर्ने मानिसहरूको उद्धारका लागि ब्राह्मणकी कन्याको विवाह गराई पुण्यलाभ गर्नुपर्दछ । कुनै मानिसको सर्पदंशबाट मृत्यु भएमा नागबलि दिनुपर्दछ र सुनको नागप्रतिमा तयार गरी दान गर्नुपर्दछ ।

हात्तीबाट मरेका मानिसको उद्धारका लागि सोह्र–सोह्र मासाका चारसुवर्णद्वारा हात्तीको मूर्ति तयार गराई दान गर्नुपर्दछ । हात्तीको प्रहारबाट कुनै राजाको मृत्यु भएमा सुनको हात्ती तयार गरी दान गर्नुपर्दछ । चोरद्वारा मारिएको मानिसको उद्धारका निमित्त दूध दिने गाई दान गर्नुपर्दछ । शत्रुबाट मारिएका मानिसको निमित्त गोरुदान गर्नुपर्दछ । गोरुद्वारा मारिएका मानिसको लागि सुवर्णदान गर्नुपर्दछ । सुतिरहेको अवस्थामा ओछ्यानमै कुनै मानिस मर्दछ भने त्यसको निमित्त सोह्रमासाको विष्णुको प्रतिमा तयार गरी कपासबाट तयार गरिएका सिरक–डस्नासमेत राखेर शय्या बनाई दान गर्नुपर्दछ । अपवित्र अवस्थामा मरेका मानिसका निमित्त सोह्र–सोह्रमासाका दुईसुवर्णद्वारा विष्णुको प्रतिमा बनाई दान गर्नुपर्दछ । संस्कार नभएका मानिसको मृत्युमा उपनयन नभएका ब्राह्मणवटुहरूको आफ्नो खर्चले उपनयन गराई उद्धार गर्नुपर्दछ । घोडाद्वारा मारिएको मानिसका निमित्त तीननिष्क अर्थात् ४८ मासा सुवर्णद्वारा तयार गरिएको घोडाको प्रतिमा दान गर्नुपर्दछ । कुकुरद्वारा मरेका मानिसको लागि शक्तिअनुसार क्षेत्रपालको स्थापना गर्नुपर्दछ । सुँगुरबाट मरेका मानिसको लागि दक्षिणासहित राँगो दान गर्नुपर्दछ । कृमि–कीराद्वारा टोकिएर मरेका मानिसको लागि पाँचखारी[४१] अर्थात् १६ मुरी पाँचपाथी गहुँ दान गरिदिनुपर्दछ । रूखबाट लडेर मर्नेहरूका निमित्त वस्त्रसहित सुनको वृक्ष तयार गरी दान गर्नुपर्दछ । सिङ हुने जनावरद्वारा मरेका मानिसहरूका लागि वस्त्रसहित गोरुदान गर्नुपर्दछ । बयलगाडा वा अन्य सवारीसाधनबाट मरेका मानिसका लागि सामग्रीसहित द्रव्यदान गर्नुपर्दछ । भीरबाट लडेर मरेका मानिसका लागि धान्याचलदान गर्नुपर्दछ । अग्निद्वारा मरेका मानिसका लागि यथाशक्ति धेरै ठाउँमा जलपानको व्यवस्था मिलाउनुपर्दछ। काठले च्यापिएर मरेका मानिसहरूका लागि घरमा विद्वान्हरूको सभा गराउनुपर्दछ । शस्त्रद्वारा मरेका मानिसहरूको लागि दक्षिणासहित भैंसीदान गर्नुपर्दछ । ढुङ्गा लागेर मरेका मानिसहरूका लागि बाच्छोसहित दूध दिने गाई दान गर्नुपर्दछ। गोरुले हानेर मरेका मानिसहरूका लागि पृथ्वीको स्वर्णप्रतिमा बनाई दान गर्नुपर्दछ । पाशो लगाएर मरेका मानिसहरूका

४१. एकखारीको २६० सेर हुन्छ तदनुसार १३ सय शेर अर्थात् ३२ मन २० सेर गहुँदान गर्नुपर्दछ । नेपाली नापतौल अनुसार सोह्रमुरी पाँचपाथी गहुँ दान गर्नुपर्दछ ।

लागि सुनको बाँदरको प्रतिमा बनाई दान गर्नुपर्दछ । पानीबाट मरेका मानिसहरूका लागि दुईनिष्क सुवर्णद्वारा वरुणको प्रतिमा तयार गराई दान गर्नुपर्दछ । हैजाबाट मरेका मानिसहरूका लागि दुईसय ब्राह्मणलाई मधुर अन्न भोजन गराउनुपर्दछ। घाँटीमा गाँस अड्किएर मरेका मानिसहरूका लागि घृतधेनुदान[४२] गर्नुपर्दछ । रुघाखोकीबाट मरेका मानिसहरूका लागि आठ कृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । अतिसार अर्थात् पखाला बाट मरेका मानिसहरूका लागि एकलाख गायत्रीजप गर्नु वा गराइदिनु पर्दछ । शाकिनीग्रहद्वारा मरेका मानिसका लागि शास्त्रीयविधिबाट रुद्रीपाठ गराउनुपर्दछ । चट्याङबाट मरेका मानिसहरूका लागि विद्यादानको व्यवस्था मिलाउनुपर्दछ अर्थात् वेदका कुनै शाखाको अध्ययन गराउनुपर्दछ । अन्तरिक्षमा मरेका मानिसका लागि वेदपारायण गराउनुपर्दछ । अस्पृश्यको स्पर्शबाट मरेका मानिसहरूका लागि पुस्तकदान गर्नुपर्दछ । पतित भई मरेका मानिसहरूका लागि सोह्रपटक प्राजापत्यप्रायश्चित्त गर्नुपर्दछ । अपुतो मानिस मरेमा त्यसको लागि नब्बेवटा कृच्छ्रप्रायश्चित्त गरेपछि मात्र और्ध्वदेहिकसंस्कार सम्पन्न गर्नुपर्दछ ।

वैधमरणेऽपि विचारः

तथा वैधमरणेऽपि न दोषः ।

वैधमरणमा विचार

विधिसम्मत मृत्यु भएमा कुनै दोष लाग्दैन ।

स्वेच्छयाऽऽत्मघातिनः सूतकादिविचारः

तदाहतुर्मनुवृद्धगार्ग्यौ –

वृद्धः शौचस्मृतेर्लुप्तप्रत्याख्यातभिषक्क्रियः । आत्मानं पातयेद्यस्तु भृग्वग्न्यनशनाम्बुभिः ।।
तस्य त्रिरात्रमाशौचं द्वितीये त्वस्थिसञ्चयः । तृतीये तूदकं कृत्वा चतुर्थे श्राद्धमाचरेत् ।। इति ।

स्वेच्छाले आत्मघात गर्ने मानिसको सूतकसम्बन्धी विचार

विभिन्न कारणबाट मृत्यु भएका मानिसहरूको आशौचसम्बन्धी विचार गरिँदैछ । मनु र गार्ग्यले भनेका छन् – ७० वर्षको उमेर नाघेको, शारीरिक एवं मानसिक रोगका कारण शौचसम्बन्धी कर्तव्यका लागि स्मरणशक्ति नभएको हुँदा जोखी–नीति नभएको र वैद्यद्वारा चिकित्सा एवं उपचारबाट अब सञ्चो हुँदैन भनी फर्काइएको र अब मृत्यु नजिकै छ भन्ने अनुभव गरेको वृद्ध मानिसले पहाडको चुचुरोबाट हाम्फालेर, अग्निमा प्रवेश गरेर, अनशन व्रत गरेर र पानीमा डुबेर शरीरको नाश गरेमा सम्बन्धितहरूलाई तीनरात आशौच लाग्दछ । त्यस्ता मृतकको मृत्युको दोस्रो दिन अस्थिसञ्चय गरी तेस्रो दिन जलाञ्जलि दिएर चौथो दिन श्राद्ध गर्नुपर्दछ ।[४३]

---

४२. प्रथम परिच्छेदको संक्रान्तिमा दान शीर्षकमा – 'घृतधेनुं प्रदानञ्च कर्कटेऽपि विशिष्यते ।' यस पद्यांशको अर्थ गर्दा घृतधेनसम्बन्धमा प्रकाश पारिएको छ । यस सम्बन्धी विशेष वर्णन अग्निपुराण, अध्याय २१० मा हेर्न सकिन्छ ।

४३. **आत्महननका भेद** – आत्महनन मुख्य दुई प्रकारको हुन्छ – वैध र अवैध । वैध आत्महनन पुनः ३ प्रकारको हुन्छ – भीरबाट लडेर गरिने आत्महनन, पापको प्रायश्चित्तस्वरूप गरिने आत्महनन र उपचार हुनै नसक्ने रोगबाट अनुभूत पीडाका कारण मुक्ति पाउन गरिने आत्महनन । धर्मशास्त्रद्वारा अवैध आत्महत्याको निन्दा गरिएको पाइन्छ । **वसिष्ठधर्मशास्त्र** (२३/२४), **गौतमधर्मसूत्र** (१४/११), **आपस्तम्बधर्मसूत्र** (१/१०, २८/१६-१७), **मनुसंहिता** (५/८९), **पराशरसंहिता** (४/१, ३/४), **याज्ञवल्क्यसंहिता** (३/६),

व्याधिरहितमरणे विचारः

हेमाद्रौ विष्णुधर्मेऽपि – नरस्तु व्याधिरहितो न त्यजेदात्मनस्तनुम् ।

'असूर्या नाम ये लोका अन्धेन तमसा वृताः । ताँस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ।।' (यजु. अ. ४०/३)

व्याधिरहित व्यक्तिको मरणमा विचार

हेमाद्रिमा उद्धृत विष्णुपुराणको वचनमा भनिएको छ – कुनै व्याधि नभएको स्वस्थ मानिसले आत्मघात गरी शरीर त्याग गर्न हुँदैन । श्रुतिमा भनिएको छ कि – आत्मघाती मानिसहरू त्यस लोकमा जान्छन् जहाँ सूर्यको प्रकाश हुँदैन र नित्य बाक्लो अन्धकार छाएको हुन्छ ।

मृत्युकालागते सति विचारः

अरिष्टैरात्मनो ज्ञात्वा मृत्युकालमुपस्थितम् । व्याधितो भिषजा त्यक्तः पूर्णे वायुषि चात्मनः।।
यथायुगानुसारेण सन्त्यजेदात्मनस्तनुम् । तस्मिन्काले तनुत्यागाद्यथेष्टं फलमाप्नुयात् ।
आयुषस्तु पुरा दृष्टं मरणं ब्राह्मणस्य च ।। नेति गौडानामपपाठः । उत्तरार्द्धे असङ्गतेः ।
क्षत्रियस्य तु सङ्ग्रामे मृते भर्तरि योषितः ।

मृत्युकाल आएपछि गर्नुपर्ने कर्तव्यसम्बन्धी विचार

विभिन्न दुर्लक्षणहरूबाट अब मृत्यु नजिक छ भन्ने जसको विषयमा थाहा पाइएको छ, जसलाई वैद्यले अब औषधि

यमस्मृति (२०), संवर्तसंहिता (१७२–१७५), शङ्खसंहिता (१५–२०), लिखितसंहिता (६४–६६), उशनःसंहिता (७/२–३), विष्णुसंहिता (२२/२५, ५७–५९) इत्यादि धर्मशास्त्रहरूमा आत्महननको निन्दा गरिएको छ ।

मोक्षलाभ आदिका लागि धर्मशास्त्रमा आत्महननको प्रशंसा – धर्मशास्त्रहरूमा मोक्ष आदि प्राप्त गर्न आत्महननलाई वैधमात्र मानिएको छैन अपितु प्रशंसनीय पनि मानिएको छ । **कठश्रुत्युपनिषद्** (४/३), **जाबालोपनिषद्** (१४), **महाभारत अनुशासनपर्व** (२६/६२–६४), **मत्स्यपुराण** (१८६/३४–३५), **आपस्तम्बधर्मसूत्र** (२/९२ र ३/२), **वसिष्ठधर्मसूत्र** (६/३१), **बृहस्पतिसंहिता** (७३–७४), **हारीतसंहिता** (५/६, ७/९), **संवर्तसंहिता** (१०४–१०५) ।

प्रायश्चित्तका लागि आत्महनन – धर्मशास्त्रमा प्रायश्चित्तका लागि आत्महनन वा मरणान्तिक प्रायश्चित्तको विधान गरिएको पाइन्छ– **गौतमधर्मसूत्र** (२३/१), **आपस्तम्बधर्मसूत्र** (१/९, २५/३, १/१०, २९), **वसिष्ठधर्मसूत्र** (२०/२२), **मनुसंहिता** (११/७४, ९१, ९२, १००, १०१), **याज्ञवल्क्यसंहिता** (३/२४७), **वसिष्ठसंहिता** (२०), **विष्णुसंहिता** (३४/१–२), **उशनःसंहिता** (८) ।

रोगपीडानिवृत्तिका लागि वैध आत्महनन – **अत्रिसंहिता** (२१६–२१७) मा भनिएको छ–

वृद्धः शौचस्मृतेर्लुप्तः प्रत्याख्यातभिषक्क्रियः । आत्मानं पातयेद् यस्तु भृग्वग्न्यनशनाम्बुभिः ।।
तत्र त्रिरात्रमाशौचं द्वितीये त्वस्थिसञ्चयम् । तृतीये तूदकं दत्त्वा चतुर्थे श्राद्धमाचरेत् ।।

अर्थात् शौच र अशौचको होश नभएको अतिवृद्ध, वैद्यहरूद्वारा चिकित्सा गर्न नसकिने भनी फर्काइएको रोगी मानिसले भीरबाट हाम्फालेर अथवा नदीमा हाम्फालेर अथवा अरू कुनै उपायद्वारा शरीरत्याग गर्दछ भने त्यसलाई आत्महननको दोष लाग्दैन। त्यसको मृत्युपछि दोस्रो दिन अस्थिसञ्चय गर्नुपर्दछ । तेस्रो दिन अञ्जुलि दिनुपर्दछ र चौथो दिन श्राद्ध गर्नुपर्दछ । यस्ता मानिसको आशौच तीन रातमात्र बारिन्छ । अत्रिसंहिताको यो वचनलाई धेरैले प्रमाणका रूपमा लिएका छन् । तीमध्ये मेधातिथि, विज्ञानेश्वर र मित्रमिश्र प्रमुख छन् । – श्रीसत्यनारायण चक्रवर्ती, **'धर्मशास्त्रे आत्महननानुमोदनम्'** विश्वसंस्कृत सम्मेलन स्मारिका, भोल्यूम नं. २, भाग – १, लालबहादुर शास्त्री राष्ट्रिय संस्कृत विद्यापीठ, नयाँदिल्ली, ई. २००६, पृ. ११–१५ ।

गर्नुपर्दैन भनी फर्काएको छ त्यस्तो रोगीले आफ्नो आयु पूरा भएको जानी युगअनुसार उपाय अवलम्बन गरी शरीरत्याग गर्नुपर्दछ । त्यसरी शरीरत्याग गर्दा चाहेको फल प्राप्त गर्दछ । किनकि 'आफ्नो उमेर नपुग्दै ब्राह्मणहरू मरेको पनि देखिएको छ, आफ्नो आयु नपुग्दै संग्राममा क्षत्रियहरू मरेको पनि देखिएको छ, आफ्नो आयु पूरा नहुँदै पतिको मृत्युका कारण पतिव्रता नारीहरूले शरीरविसर्जन गरेको पनि देखिएको छ ।' त्यसैले अचिकित्स्य रोग लागेका मानिसहरूले कुनै उपाय अवलम्बन गरी शरीरत्याग गरेमा दोष लाग्दैन । यहाँ गौडहरूले **'आयुषस्तु पुरा दृष्टं मरणं ब्राह्मणस्य च'** पाठलाई **'आयुषस्तु पुराऽदृष्टं मरणं ब्राह्मणस्य च'** गराएका छन् । जसको अर्थ हुन्छ – आफ्नो आयुभन्दा पहिले ब्राह्मणको मरण देखिएको छैन ।

यस पाठलाई ग्रन्थकारले अपपाठ भनी अस्वीकार गरेका छन् । अपपाठभन्दा ग्रन्थकारको आशय के छ भने क्षत्रिय आयुभन्दा पहिले संग्राममा मर्दछन् र नारीहरू पतिको मृत्युमा सती जाने क्रममा आयुभन्दा पहिले मर्दछन् । यो उत्तरार्धको अर्थ हो । यस अर्थमा क्षत्रिय र नारीको पनि मृत्यु देखाइएकाले पूर्वार्द्धमा पनि 'ब्राह्मणहरू पनि आयुभन्दा पहिले मरेको देखिएको छ' भन्ने पाठ नै ठीक हुन्छ । तर हाम्रो विचारमा ब्राह्मण पूरा आयु बाँच्छन्, क्षत्रिय पनि पूरा आयु बाँच्छन् तर संग्राममा लड्ने वीरमात्र पूरा आयु बाँच्न पाउँदैनन् र नारीहरू पनि पूरा आयु बाँच्छन् तर सती जाने नारीमात्र पूरा आयु बाँच्दैनन् । तसर्थ सबैले पूरा आयु बाँच्ने प्रयास गर्नुपर्दछ । व्याधि नभएका स्वस्थ मानिसले अकालमा शरीर त्याग्ने विचार गर्नु हुँदैन भन्ने उक्त श्लोकहरूको तात्पर्य भएको हुँदा **गौडहरूको** पाठ नै युक्तिसङ्गत देखिन्छ । ग्रन्थकारले उत्तरार्द्धमा असङ्गति हुने देखेका छन् तर हाम्रो मतमा उनले स्वीकार गरेकै मत असङ्गत देखिएको छ । क्षत्रियमरण र नारीमरणमा कारण देखाउनेले ब्राह्मणमरणमा पनि कारण देखाउनुपर्ने हो तर देखाइएको छैन । त्यसकारण ग्रन्थकारले अनुमोदन गरेको पाठ नै असङ्गतिपूर्ण देखिन्छ ।

महाव्याधिपीडितस्य जीवनसामर्थ्याभावे

अपरार्के ब्रह्मगर्गः –

यो जीवितुं न शक्नोति महाव्याध्युपपीडितः । सोऽग्न्युदकं महायात्रां कुर्वन्वा न प्रदुष्यति ।।

अत्रोक्तवक्ष्यमाणवचोनिचयात्प्रयागातिरिक्तेऽचिकित्स्यरोगाद्युपहतानामधिकारः । सोऽपि जीर्णवानप्रस्थस्यैवेति विज्ञानेश्वरदेवयाज्ञिकादयः । अत एव मिताक्षरादौ भृगुपातानाशनादिकं वानप्रस्थस्यैवोक्तम् । मनुरपि –

आसां महर्षिचर्याणां त्यक्त्वान्यतमया तनुम् । वीतशोकभयो विप्रो ब्रह्मभूयाय कल्पते ।।

इति । तेनान्यत्रापि तद्विषयतैव । मूलैक्यादिति केचित् । तन्न, वानप्रस्थमरणे आशौचनिषेधात् । तेन गृहस्थादिपरमेवेदम् । न यतेर्नाधिकारः । काम्येऽनधिकाराच्च । नैमित्तिकत्वे त्वकरणे दोषो नित्यता च स्यात् । प्रयागे त्वरोगिणां रोगिणां च । यत्तु –

शूद्राश्च क्षत्रिया वैश्या अन्त्यजाश्च तथाधमाः । एते त्यजेयुः प्राणान्वै वर्जयित्वा द्विजं नृप ।।

पतित्वा ब्राह्मणस्तत्र ब्रह्महा चात्महा भवेत् । इति, तन्निर्मूलमिति भट्टाः । तत्त्वं तु हेमाद्रौ व्रतकाण्डेऽलिखनान्निर्मूलत्वं चिन्त्यमेव । प्रक्रमात्तु पतित्वेति भृगुपातमात्रपरं युक्तम् । ब्राह्मणस्याप्यनुज्ञातमिति वक्ष्यमाणविरोधाच्च ।

महाव्याधिपीडित व्यक्ति बाँच्नै नसक्ने भएमा

अपरार्कमा ब्रह्मगर्गले भनेका छन् – 'भयानक रोगको पीडाबाट बाँच्नै नसक्ने स्थितिमा प्राप्त भएको मानिसले अग्नि वा जलमा प्रवेश गरी शरीरत्याग गर्दछ र काशी, प्रयाग आदि तीर्थमा गई शरीरत्याग गर्दछ अथवा हिमालय आदि

पर्वतमा महायात्रा गरी शरीरत्याग गर्दछ भने त्यसरी मर्ने मानिसलाई आत्मघातको दोष लाग्दैन ।'

उक्त पद्यमा भनिएका वचन र पछि भनिने वचनहरूबाट प्रयागबाहेक अरू तीर्थहरूमा चिकित्सा गर्न नसकिने रोगले पीडित भएका व्यक्तिहरूलाई शरीरत्याग गर्ने अधिकार रहेको बुझिन्छ । तर यो अधिकार बूढा वानप्रस्थहरूलाई मात्र छ भन्ने कुरा **विज्ञानेश्वर** आदिले बताएका छन् । यसैले **मिताक्षरा**मा भीरबाट हाम्फाल्ने र अनशन गर्ने कार्य वानप्रस्थले मात्र गर्नुपर्दछ, अरूले गर्न हुँदैन भनिएको छ ।

मनु पनि भन्दछन् – 'ब्रह्मर्षिहरूद्वारा स्वीकार गरिएका माथिका उपायहरूमध्ये कुनै उपाय अँगालेर शरीरत्याग गर्ने विद्वान् शोक र भयबाट मुक्त भई ब्रह्मरूपमा प्राप्त हुन्छ अथवा त्यसले मोक्ष प्राप्त गर्दछ ।' **मनु**को यो वचन र अरू ग्रन्थहरूमा पनि यस्तै विचारहरू व्यक्त गरिएकाले यो भनाइ वानप्रस्थहरूकै लागि भएको गृहस्थहरूका लागि होइन भन्ने कुरा कसैले बताएका छन् । तर, **'तस्य त्रिरात्रमाशौचम्'** भन्ने वाक्यमा आशौचशब्द परेको छ । वानप्रस्थलाई कहिले पनि आशौच लाग्दैन । त्यसकारण यो प्रसङ्ग गृहस्थका लागि भनिएको हो भन्ने स्पष्ट हुन्छ । संन्यासीलाई स्वेच्छया कुनै आचरणबाट शरीरत्याग गर्ने अधिकार छैन, काम्यकर्ममा अधिकार छैन । नैमित्तिककर्म नगर्दा दोष हुन्छ र नित्यता पनि हुन्छ ।

प्रयागमा शरीरत्याग गर्ने अधिकार अरोगी र रोगी दुवैलाई छ । शूद्र, क्षत्रिय, वैश्य र अन्त्यज एवं अधम सबैले व्याधिग्रस्त भई शरीरत्याग गर्न सक्दछन् तर ब्राह्मणले त्यसरी शरीरत्याग गर्न हुँदैन । ब्राह्मणले मृत्युका लागि शरीरपात गरेमा ब्रह्मघाती हुन्छ भनिएको छ । यसै कुरालाई लक्षित गर्दै **भट्ट**हरू भन्दछन् – यो प्रमाणहीन आलेख हो । ग्रन्थकार भन्दछन् – निष्कर्ष यो हो कि **हेमाद्रि**को व्रतकाण्डमा यस्तो उल्लेख नभएका कारण ब्रह्मघाती हुन्छ भन्ने मत चिन्तनीय छ। **'पतित्वा ब्राह्मणस्तत्र'** यस वाक्यमा परेको पतित्वा शब्द कहीँ खसेर भन्ने अर्थमा आएको छ । प्रसङ्गअनुसार यसको अर्थ भीरबाट खसेर भन्नु उपयुक्त हुन्छ । अन्यत्र जलादिमा पतन वा पात गरेको भन्ने अर्थ गर्ने हो भने पछि भनिने ब्राह्मणलाई पनि आज्ञा छ भन्ने वचनहरूसँग विरोध देखिन आउनेछ ।

यत्त्वादित्यपुराणे –

अब्राह्मणो वा स्वर्गादिमहाफलजिगीषया । प्रविशेज्ज्वलनं तोयं करोत्यनशनं तथा ।।

इति, तत्प्रयागातिरिक्तपरमिति केचित् । हेमाद्रौ त्वेतदग्रे 'प्रयागवटशाखाग्रात्' इत्युक्तेर्ब्राह्मणस्य प्रयागेऽपि नेति प्रतीयते । माधवीयेऽपरार्के चादित्यपुराणे –

दुश्चिकित्स्यैर्महारोगैः पीडितस्तु पुमानपि । प्रविशेज्ज्वलनं दीप्तं करोत्यनशनं तथा ।।
अगाधतोयराशिं च भृगोः पतनमेव च । गच्छेन्महापथं वापि तुषारगिरिमादरात् ।।
प्रयागवटशाखाग्राद् देहत्यागं करोति च । स्वयं देहविनाशस्य काले प्राप्ते महामतिः ।
उत्तमान् प्राप्नुयाल्लोकानात्मघाती भवेत् क्वचित् । महापापक्षयात्स्वर्गे दिव्यान् भोगात्समश्नुते।।
एतेषामधिकारस्तु सर्वेषां सर्वजन्तुषु । नराणामथ नारीणां सर्ववर्णेषु सर्वदा ।
ईदृशं मरणं येषां जीवतां कुत्रचिद्भवेत् ।। आशौचं स्यात्त्र्यहं तेषां वज्रानलहते तथा ।
वाराणस्यां म्रियेद्यस्तु प्रत्याख्यातभिषक्क्रियः । काष्ठपाषाणमध्यस्थो जाह्नवीजलमध्यगः ।
अविमुक्तोन्मुखस्तस्य कर्णमूलगतो हरः । प्रणवं तारकं ब्रूते नान्यथा कुत्रचित् क्वचित् ।।

हेमाद्रौ चैवम् । अत्र प्राप्तकाले इत्युक्तेरप्राप्तमरणकालायाः स्त्रिया अन्वारोहणे सम्पूर्णमेवाशौचम् । पृथ्वीचन्द्रस्त्वत्रापि त्र्यहमाह । शुद्धितत्त्वादिगौडग्रन्थेष्वप्येवम् । एतच्च वृद्धादिमरणं कलौ निषिद्धम् । **'भृग्वग्निपतनैश्चैव**

वृद्धादिमरणे तथा' इति माधवेन पृथ्वीचन्द्रेण च कलिवर्ज्येषूक्तेः । न चात्र यावदुक्तनिषेधः विशिष्टोद्देशे वाक्यभेदात्। न च कलौ वानप्रस्थाश्रमनिषेधादेव सिद्धेर्मरणनिषेधो व्यर्थ इति वाच्यम्, सर्ववर्णेष्वित्यादिभिस्तद्भिन्नस्यापि प्राप्तेः। काम्यं भवत्येव **'ये वै तन्वं विसृजन्ति इति श्रुतेः'** स्मृत्या सङ्कोचायोगात् । न चेयं स्वाभाविकमृत्युपरा, धीरपदोक्तेः । मात्स्यभारतादिषु –

न लोकवचनात्तान् न वेदवचनादपि । मतिरुत्क्रमणीया ते प्रयागमरणं प्रति ।। इत्युक्तः ।

अत एव विष्णुधर्मे रोग्यादिमरणमुक्त्वोक्तम् – **यथायुगानुसारेण सन्त्यजेदात्मनस्तनुम्** । इति ।

आदित्यपुराणमा अब्राह्मणले पनि स्वर्ग आदि उत्तम फल प्राप्त गर्न अग्निमा प्रवेश गरी शरीरत्याग गरोस्, जलाशय वा नदीमा शरीरपात गरोस् अथवा अनशन गरोस् भनिएको छ । यो भनाइ प्रयागबाहेक अरू तीर्थमा गई शरीरत्याग गर्ने सन्दर्भमा भनिएको हो भनी कसैले भनेका छन् । **हेमाद्रि**मा त अब्राह्मणकै प्रसङ्गमा **'प्रयागवटशाखाग्रात्'** अर्थात् प्रयागमा वटवृक्षको हाँगाको टुप्पाबाट शरीरपात गराओस् भनिएको छ । अब्राह्मणको प्रसङ्गमा भनिएकाले वटशाखाबाट शरीर पात गराउने कार्य ब्राह्मणका निमित्त होइन भन्ने प्रतीत हुन्छ ।

माधवीय र **अपरार्क**मा उद्धृत **आदित्यपुराण**को वचन यसप्रकार छ – 'चिकित्सा गर्न अयोग्य भइसकेको र महारोगद्वारा पीडित दुःखित पुरुष जलिरहेको अग्निमा प्रवेश गरोस् अथवा अनशन व्रत गरोस् अथवा अगाध जलराशिमा प्रवेश गरोस् अथवा पर्वतशिखरबाट शरीरपात गराओस् अथवा महायात्रा आरम्भ गरी हिमालयतर्फ जाओस् अथवा प्रयागको वटवृक्षको शाखाबाट शरीरपात गराओस् । स्वयं शरीरपात गर्ने समय भएपछि उक्त विधिमध्ये कुनै विधि अपनाएर शरीरनाश गर्दा त्यसले उत्तम लोक प्राप्त गर्दछ र त्यसलाई आत्मघातको दोष लाग्दैन । महापापहरूको नाश हुनाले स्वर्गमा दिव्यभोग प्राप्त गर्दछ । यसरी अग्निप्रवेश, जलप्रवेश, भृगुपात, हिमालययात्रा, वटवृक्षको शाखाबाट देहपात आदि निमित्त अँगालेर जीवनलीला समाप्त गर्न सबै प्राणीलाई अधिकार छ । सबै वर्णका रोगी–अरोगी सबै नरनारीलाई अधिकार छ । प्राणीहरूको यस्तो मरण कहीँ पनि हुनसक्छ ।' यसरी देहपात गर्नेहरूको आशौच तीनदिन बार्नुपर्दछ । चट्याङ परेर मरेमा पनि तीनदिन आशौच लाग्दछ ।[४४] प्रसिद्ध वैद्यद्वारा अब चिकित्सा उपचार गरेर रोगीलाई निको हुँदैन भनी फर्काइएको मानिसले वाराणसीमा गई काठ, ढुङ्गाले किचिएर अथवा गङ्गाजीको जलमा प्रवेश गरेर मृत्युवरण गर्दछ भने त्यसबेला अविमुक्तका सामु आई भगवान् शङ्करले त्यसका कानमा तारक अर्थात् प्रणवमन्त्र उच्चारण गर्नुहुन्छ । यो कुरा कहीँ पनि र कहिले पनि अन्यथा हुँदैन ।

हेमाद्रिमा पनि यही कुरा बताइएको छ । **'स्वदेहविनाशस्य प्राप्ते काले महामतिः'** यस पद्यांशमा प्राप्ते काले भनिएको छ, यसबाट आयु पूरा नभएकी नारीले पतिको अनुगमन गर्दा सम्पूर्ण आशौच लाग्ने कुरा निधो हुन्छ । **पृथ्वीचन्द्रोदय**मा त त्यस्ती नारीको पनि तीनदिन आशौच लाग्ने कुरा बताइएको छ । **शुद्धितत्त्व** आदि **गौड**ग्रन्थहरूमा पनि यही छ । **माधव** र **पृथ्वीचन्द्र**ले भने वृद्ध आदिको यसरी मरण कलिमा निषिद्ध छ भन्ने कुरा कलिवर्ज्य प्रकरणमा बताएका छन् । तर कलिवर्ज्य प्रकरणमा उनीहरूले निषेध गरेतापनि माथि बताइएका सबै कुराको निषेध हुँदैन । किनकि विशिष्ट उद्देश अर्थात् भृगुपात आदि पातप्रयुक्त अन्य विशिष्ट मरणोद्देशमा **'आत्मानं घातयेत् यस्तु, भृग्वग्न्यनशनाम्बुभिः'** यस रूपमा वाक्यभेद देखिएको छ ।

कुनै भन्न सक्छन् – कलियुगमा वानप्रस्थको निषेधबाट नै मरणनिषेध हुने हुँदा मरणनिषेध गर्नु व्यर्थ प्रतीत हुन्छ। तर **'एतेषामधिकारस्तु सर्वेषां सर्वजन्तुषु । नराणामथ नारीणां सर्ववर्णेषु सर्वदा ।।'** यस श्लोकमा **सर्ववर्णेषु** भनी

४४. अभिमान वा प्रमादवश मरेमा पूरा आशौच लाग्दछ ।

सबै वर्णको उल्लेख गरिएका कारण वानप्रस्थबाहेक अरूलाई पनि मरणमा अधिकार प्राप्त हुन्छ । काम्यमरण त हुन्छ नै। जसले प्रयागराजमा गङ्गा–यमुनाको सङ्गममा स्नान गरी शरीरत्याग गर्दछन् ती धीर पुरुषहरूले अमृततत्त्व प्राप्त गर्दछन् भन्ने कुरा श्रुतिमा यसरी प्रतिपादन गरिएको छ – **'सितासिते सरिते यत्र सङ्गमे तत्राप्लुतासो दिवमुत्पतन्ति । ये वै तन्वं विसृजन्ति धीरास्ते जनासो अमृतत्वं भजन्ते ।।** – ऋ. अखिल. १०/७५/१ ।'

यस श्रुतिनिरूपित मरणलाई स्वाभाविक मृत्यु मात्र सकिँदैन किनकि त्यस मन्त्रमा **धीराः**पदको प्रयोग भएको छ। साथै स्मृतिहरूले निषेध गरेतापनि स्मृतिभन्दा श्रुति बलवान् हुने हुँदा प्रयाग आदिमा गरिने देहपातलाई अस्वाभाविक भन्न मिल्दैन । **मत्स्यपुराण, महाभारत** आदिमा भनिएको छ कि – 'प्रयागमा मृत्युलाभ गर्ने मानिसको बुद्धिलाई वेदवचन र लोकवचनबाट पनि विचलित गराउन हुँदैन ।' यसैले **विष्णुधर्म**मा रोगी आदिको मरणसम्बन्धी चर्चा गर्दै भनिएको छ – युगअनुसार शरीरत्याग गर्नुपर्दछ ।

काश्यामग्निप्रवेशफलम्

काश्यामप्युक्तं मात्स्ये –

अग्निप्रवेशं ये कुर्युरविमुक्ते विधानतः । प्रविशन्ति मुखं ते मे निःसन्दिग्धं वरानने ।

काशीमा अग्निप्रवेशको फल

मत्स्यपुराणमा भगवान्‌ले भन्नुभएको छ कि – काशीक्षेत्रमा विधिपूर्वक अग्निमा प्रवेश गर्ने मानिसहरू निःसन्देह मेरो मुखभित्र प्रवेश गर्दछन् ।

स्वव्यापाराद्यसमर्थस्य तीर्थे प्राणविमोक्षणम्

हेमाद्रौ विवस्वान् – **सर्वेन्द्रियविमुक्तस्य स्वव्यापाराक्षमस्य च । प्रायश्चित्तमनुज्ञातमग्निपातो महापथः ।।**
धर्मार्जनासमर्थस्य कर्तुः पापाङ्कितस्य च । ब्राह्मणस्याप्यनुज्ञातं तीर्थे प्राणविमोक्षणम् ।।

अपरार्के चैवम् ।

असमर्थ व्यक्तिको काशीमा प्राणत्याग

हेमाद्रिमा **विवस्वान्** भन्दछन् – 'इन्द्रिय शिथिल भई आफ्नो शरीर धारण गर्न असमर्थ पापी ब्राह्मणको प्रायश्चित्त अग्निप्रवेश र महायात्रा हो । धर्मार्जन गर्न असमर्थ पापी ब्राह्मणले काशी आदि तीर्थमा प्राणत्याग गर्नुपर्दछ ।' **अपरार्क**मा पनि यही भनिएको छ ।

कलौ सहगमनं शास्त्रसम्मतम्

सहगमनं कलौ भवत्येव, **कलौ नान्या गतिः स्त्रीणां सहानुगमनादृते** । इति ब्रह्मवैवर्तात् । एतेन मरणान्तिक–प्रायश्चित्तं काशीखण्डादौ चातुर्वर्ण्यस्य तनुत्यागविधयश्च युगान्तरपरा एव ।

कलिमा सहगमन शास्त्रसम्मत

ब्रह्मवैवर्तपुराणमा भनिएको छ कि – 'कलियुगमा नारीहरूका निमित्त सहगमनभन्दा अर्को उत्तम उपाय छैन ।'

यो भनाइबाट सिद्ध हुन्छ कि काशीखण्डमा चारवर्णका लागि बताइएका मरणान्तिकप्रायश्चित्त आदि शरीरत्यागका विधिहरू अरू युगका लागि हुन् ।

प्रयागादौ प्राणत्यागस्य विशेषफलम्

प्रयागेऽपि त्रिस्थलीसेतौ स्कान्दे –

यथाकथञ्चित्तीर्थेऽस्मिन् प्राणत्यागं करोति यः । तस्यात्मघातदोषो न प्राप्नुयादीप्सितान्यपि ।।

पाद्मे विष्णुः – **देहत्यागं तथा धीराः कुर्वन्ति मम सन्निधौ । मत्तनुं प्रविशन्त्येव न पुनर्जन्म ते नराः ।।**

कौर्मे –

व्याधितो यदि वा दीनो (क्रुद्धो) वृद्धो वापि भवेन्नरः । गङ्गायमुनमासाद्य यस्तु प्राणान् परित्यजेत्।।

ईप्सितान् लभते कामान् वदन्ति मुनिपुङ्गवाः ।।

प्रयाग आदिमा प्राणत्यागको फल

त्रिस्थलीसेतुको प्रयागमाहात्म्यमा भनिएको छ कि – 'जसले कुनै रूपमा प्रयागमा प्राणत्याग गर्दछ त्यसलाई आत्मघातको दोष लाग्दैन र त्यसले अभीष्ट पनि प्राप्त गर्दछ ।' **पद्मपुराणमा विष्णुको** वचनमा भनिएको छ – जुन धीर पुरुषहरूले मेरो नजिकमा प्राणत्याग गर्दछन् तिनीहरू मेरो शरीरभित्र प्रवेश गर्दछन् र तिनीहरूको फेरि जन्म हुँदैन ।

कूर्मपुराणमा भनिएको छ कि – 'व्याधिग्रस्त दीन, हीन र वृद्ध मानिसहरू यदि प्रयागराजको गङ्गा–यमुनाको सङ्गमस्थलमा गई प्राणत्याग गर्दछन् भने तिनले आफूले चाहेका कुरा प्राप्त गर्दछन् ।

गङ्गायमुनासङ्गमे प्राणत्यागस्य फलम्

तथा – **या गतिर्योगयुक्तस्य सत्त्वस्थस्य मनीषिणः । सा गतिस्त्यजतः प्राणान् गाङ्गयामुनसङ्गमे ।।**

गङ्गा–यमुनाको सङ्गममा प्राणत्यागको फल

सत्त्वगुणी, योगमा निष्णात बुद्धिमान् मानिसले जुन गति प्राप्त गर्दछन् त्यही गति गङ्गा–यमुनाको सङ्गममा प्राणत्याग गर्ने व्यक्तिले प्राप्त गर्दछन् ।

वटमूलेषु प्राणत्यागस्य फलम्

वाराहे – **तत्र यो मुञ्चति प्राणान् वटमूलेषु सुन्दरि । सर्वलोकानतिक्रम्य मम लोकं प्रपद्यते ।।**

तथा – **अकामो वा सकामो वा वटमूलेषु सुन्दरि । शीघ्रं प्राणान् प्रमुञ्चेत यदीच्छेत्परमां गतिम् ।।**

वटमूलमा प्राणत्यागको फल

वाराहपुराणमा भगवान् वराहले पृथ्वीलाई सम्बोधन गर्दै भन्नुभएको छ– हे सुन्दरी ! जसले प्रयागको वटमूलमा गई प्राणत्याग गर्दछ त्यो व्यक्ति सबै लोक नाघेर मेरो लोकमा प्राप्त हुन्छ । कामनारहित वा कामनासहित भई परमगति चाहने व्यक्तिले वटमूलमा प्राणत्याग गर्नुपर्दछ ।

पञ्चयोजनविस्तीर्णे प्रयागमण्डले मरणफलम्

तथा – **पञ्चयोजनविस्तीर्णे प्रयागस्य तु मण्डले । व्यतीतान् पुरुषान् सप्त भविष्याँश्च चतुर्दश ।।**
नरस्तारयते सर्वान् यस्तु प्राणान् परित्यजेत् ।।

पाँच योजन फैलिएको प्रयागमा प्राणत्यागको फल

पाँच योजन फैलिएको प्रयागमण्डलमा जसले प्राणत्याग गर्दछ त्यसले आफ्ना अघिल्ला सातपुस्ता र पछिल्ला चौधपुस्ताका मानिसहरूलाई संसारसागरबाट तार्दछ ।

प्रयागे माघमासे विष्णुं ध्यात्वा देहत्यागफलम्

ब्राह्मे – **ध्यात्वा विष्णुपदाम्भोजं प्रयागे विष्णुतत्परः । तनुं त्यजति वै माघे तस्य मुक्तिर्न संशयः।।**

प्रयागमा माघमासमा देहत्यागको फल

ब्रह्मपुराणमा भनिएको छ कि – प्रयागमा विष्णुका चरणकमलको ध्यान गरी विष्णुमा नै तत्पर भएर जसले माघमहिनामा प्राण त्याग गर्दछ त्यसको मुक्ति हुने कुरामा कुनै संशय छैन ।

ब्रह्महत्यादिपातकयुक्तस्य प्रयागतीर्थे देहत्यागफलम्

दुष्कृतोऽपि दुराचारो ब्रह्महत्यादिपातकी । हरिं ध्यात्वा त्यजेद्देहं प्रयागे मुक्तिमान् भवेत् ।।

ब्रह्महत्याजस्ता पातकद्वारा दूषित व्यक्तिको प्रयागमरण

निन्दित कर्म गर्ने, दुराचारी, ब्रह्महत्या आदि पाँचमहापातक गर्ने मानिसले हरिको ध्यान गरी प्रयागमा प्राण त्याग गर्दछ भने त्यो मुक्तात्मा बन्दछ ।

जलादौ प्राणत्यागे फलकथनम्

भविष्योत्तरे – **समाः सहस्राणि तु सप्त वै जले दशैकमग्नौ पतने च षोडश ।**
महाहवे षष्टिरशीतिगोर्ग्रहे ह्यनाशके भारत ! चाक्षया गतिः ।।

इति सामान्यतोऽपि फलम् । एवमन्येऽपि विधयो ज्ञेयाः ।

जल आदिमा प्राणत्यागको फल

भविष्योत्तरपुराणमा भनिएको छ कि – 'हे भारत ! जलमा प्राणत्याग गर्दा सातहजारवर्ष, अग्निप्रवेश गरी प्राणत्याग गर्दा ११ हजारवर्ष, भृगुपात गरी प्राणत्याग गर्दा १६ हजारवर्ष, महासंग्राममा प्राणत्याग गर्दा ६० हजारवर्ष, गौशालामा प्राणत्याग गर्दा ८० हजारवर्षसम्म स्वर्गमा वास हुन्छ भने अनशन गरी प्राणत्याग गर्दा अक्षय्यगति प्राप्त हुन्छ ।' यो सामान्य फल हो । यसैगरी अरू विधिहरू पनि जान्नुपर्दछ ।

प्रयागादिमरणं ब्राह्मणभिन्नविषयमिति विषये विचारः

यत्तु गौडाः– प्रयागादिमरणं ब्राह्मणभिन्नविषयमित्याहुः, तद्दूषणं पितामहचरणैः प्रयागविधौ कृतमिति नात्रोच्यते।

प्रयागमरण ब्राह्मणबाहेकका लागि विहित छ भन्ने विषयमा विचार

गौडहरूले जुन प्रयागमरण ब्राह्मणभन्दा भिन्न विषयमा हो भनेका छन् त्यसको खण्डन हाम्रा **पितामह**ले प्रयोगविधिमा गर्नुभएको छ । त्यसैले यहाँ चर्चा गरिँदैन ।

तीर्थमरणाशौचविचारः

अत्र दशाहमाशौचम् । त्रिरात्रस्य प्राप्तकालगोचरत्वादिति भट्टाः । युक्तं तु त्रिरात्रम् । दिवोदासीयेऽप्येवम् ।

शुद्धितत्त्वेऽपि काश्यपः – '**अनशनमृतानामशनिहतानामग्निजलप्रविष्टानां भृगुसङ्ग्रामदेशान्तरमृतानां जातदन्तानां च त्रिरात्रम्**' इति । एवं मरणान्तप्रायश्चित्तेऽपि । पूर्वोक्तश्चात्महादेर्दाहाशौचादिनिषेधस्तदानीमेव, वत्सरान्ते तु सर्वमौर्ध्वदेहिकं कुर्यात् ।

तीर्थादिमा मृत्यु हुँदा आशौचविचार

उक्त सबै मरणमा दशदिन आशौच बार्नुपर्ने कुरा बताइएको छ । **भट्ट**हरू भन्दछन् – यो तीनरातको आशौचको विषय हो । **दिवोदास** पनि त्यही बताउँछन् । **शुद्धितत्त्व**मा **कश्यप**ले भनेका छन् – अनशन, चट्याङ, अग्नि, जल र पर्वतशिखरबाट मरेका, संग्राम र देशान्तरमा मरेका मानिस र दाँत उत्पन्न भएपछि मरेका बालकहरूको तीनरात आशौच लाग्दछ । यही विधि मरणान्त प्रायश्चित्तमा पनि जान्नुपर्दछ । पूर्वोक्त आत्मघाती आदिको आशौचको निषेध पनि त्यही आशौचको समयका लागि हो। वर्षको समाप्तिपछि त सम्पूर्ण और्ध्वदैहिक कर्म गर्नुपर्दछ ।

गो-ब्राह्मण-पतितादिद्वारा मरणे और्ध्वदेहिकस्य विचारः

गोब्राह्मणहतानां च पतितानां तथैव च। ऊर्ध्वं संवत्सरात्कुर्यात्सर्वमेवौर्ध्वदेहिकम् ।।

इति हेमाद्रौ षट्त्रिंशन्मतात् ।

गाई र ब्राह्मणद्वारा मरेका मानिसको अन्तिमसंस्कार

'गाई एवं ब्राह्मणद्वारा मारिएका र पतितद्वारा मारिएका मानिसहरूको मृत्युको एकवर्षपछि अन्त्येष्टि गर्नुपर्दछ ।' यो हेमाद्रिमा उद्धृत षट्त्रिंशत्मतको भनाइ हो ।

म्लेच्छीकृतानामपि गयाश्राद्धकथनम्

एवं म्लेच्छीकृतानामपि गयाश्राद्धमपि कार्यम् ।

ब्रह्महा च कृतघ्नश्च गोघाती पञ्चपातकी । सर्वे ते निष्कृतिं यान्ति गयायां पिण्डपातनात् ।।

इत्यग्निपुराणात् । एवं ब्राह्मेऽपि –

क्रियते पतितानां तु गते संवत्सरे क्वचित् । देशधर्मप्रमाणत्वाद् गयाकूपे स्वबन्धुभिः ।।

मार्तण्डपादमूले वा श्राद्धं हरिहरौ स्मरन् । मार्तण्डपादमूले – सूर्यपद इत्यर्थः ।

म्लेच्छसमान आचरण गर्ने मानिसका लागि गयाश्राद्ध

गाईको हत्याजस्ता जघन्य कर्म गरी म्लेच्छसमान बनेका मानिसहरूका लागि पनि गयामा गई श्राद्ध गरिदिनुपर्दछ। **अग्निपुराण**मा भनिएको छ कि – ब्रह्महत्या गर्ने, गोहत्या गर्ने, कृतघ्न र पाँचमहापातक[४५] गर्ने मानिसले पनि गयामा पिण्डदान गर्नाले पापबाट मुक्त भई मोक्ष प्राप्त गर्दछन् ।

ब्रह्मपुराणमा भनिएको छ – पतितका बान्धवहरूले पतितको मृत्यु भएको एकवर्षपछि देशधर्मको प्रमाणले गयाकूप र मार्तण्डपादमूलमा हरि र हरको स्मरण गर्दै श्राद्ध गरिदिनुपर्दछ ।

वर्षमध्ये द्वादशीश्राद्धम्

तत्र वर्षमध्ये कृत्यमुक्तमपरार्के वायुपुराणे –

शुक्लपक्षे तु द्वादश्यां कुर्याच्छ्राद्धं तु वत्सरम् । द्वादशाहनि वा कुर्यात् शुक्ले च प्रथमेऽहनि ।।

इति अतिक्रान्ताशौचादिविषयनिर्णायकं द्वितीयं प्रकरणम्

वर्षको मध्यमा पतितको लागि द्वादशीश्राद्ध

अपरार्कमा उद्धृत **वायुपुराण**को वचनमा भनिएको छ कि – पतितहरूको उद्धारका लागि वर्षदिनसम्म शुक्लपक्षको द्वादशीतिथिमा श्राद्ध गर्नुपर्दछ अथवा शुक्लपक्षको [४६]प्रतिपदादेखि द्वादशीसम्म लगातार श्राद्ध गर्नुपर्दछ ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको अतिक्रान्ताशौच आदि विषयको निर्णयमा आधारित द्वितीय प्रकरण पूरा भयो



४५. ब्रह्महत्या, सुरापान, चोरी, गुरुपत्नी गमन र यी चार महापातकीहरूको संसर्ग यी पाँच महापातक हुन् । भनिएको पनि छ–

ब्रह्महा मद्यपस्तेनस्तथैव गुरुतल्पगः । एते महापातकिनो यश्च तैः सह संवसेत् ।। – याज्ञवल्क्यस्मृतिः ३/१२७।

४६. 'आत्मघात आदि निन्द्यकर्म गरी मरेका व्यक्तिको उद्धारका लागि नारायणवलि गर्ने दिनको पहिलो दिन वा त्यसै दिन वीरभोजनविधि गराउनुपर्दछ । त्यसमा बाह्र, आठ वा चार ब्राह्मणलाई निमन्त्रित गरी तिनीहरूको पाद्य आदिद्वारा पूजा गरेर तिनीहरूलाई मधुर भोजन गराउनुपर्दछ । त्यसपछि ती ब्राह्मणहरूको यसरी प्रार्थना गर्नुपर्दछ – **पृथिव्यां ये स्थिरा वीराः प्रेतमोक्षप्रदायकाः । प्रलयानलमुख्यास्ते गृह्णन्त्वन्नादिकल्पितम् । येऽन्तरिक्षे स्थिता वीराः प्रेतपिण्डविघातकाः । यातुधानास्तु ते प्रेतं मुञ्चन्तु सुरपूजिताः ।।** यसरी प्रार्थना गरेपछि ब्राह्मणहरूलाई पान–सुपारी टक्र्याई उनीहरूसँग आशीर्वाद लिएपछि विष्णुस्मरण गर्नुपर्दछ ।' – निर्णयसिन्धुको कृष्णंभट्टी टीकाबाट उद्धृत ।

नारायणबलिकर्मादिविषयनिर्णयात्मकं तृतीयं प्रकरणम्

मतमतान्तरनिर्देशपूर्वकं नारायणबलिविचारः

छागलेयः – नारायणबलिः कार्यो लोकगर्हाभयान्नरः । तथा तेषां भवेच्छौचं नान्यथेत्यब्रवीद्यमः ।।

व्यासः– नारायणं समुद्दिश्य शिवं वा यत्प्रदीयते । तस्य शुद्धिकरं कर्म तद्भवेन्नेतदन्यथा ।। इति।

स चात्मघातादिप्रायश्चित्तं कृत्वा कार्यः । तदुक्तं हेमाद्रौ षट्त्रिंशन्मते –

कृत्वा चान्द्रायणं पूर्वं क्रिया कार्या यथाविधि । नारायणबलिः कार्यो लोकगर्हाभयान्नरैः ।।

पिण्डोदकक्रियाः पश्चाद् वृषोत्सर्गादिकं च यत् । एकोद्दिष्टानि कुर्वीत सपिण्डीकरणं तथा ।।

दिवोदासीये वृद्धशातातपस्तु –

पतिते तु मृते शुद्ध्यै प्राजापत्याँस्तु षोडश । मृते चापत्यरहिते कृच्छ्राणां नवतिं चरेत् ।।

इत्याह । इदं प्रायश्चित्तार्हपित्रादिविषयम् ।

इन्द्रियैरपरित्यक्ता ये च मूढा विषादिनः । घातयन्ति स्वमात्मानं चाण्डालादिहताश्च ये ।।

तेषां पुत्राश्च पौत्राश्च दयया समभिप्लुताः । यथा श्राद्धं प्रतन्वन्ति विष्णुनामप्रतिष्ठितम् ।।

तथा ते सम्प्रवक्ष्यामि नमस्कृत्य स्वयंभुवे । इति हेमाद्रौ तेनैवोक्तेः ।

मतमतान्तर-निर्देशपूर्वक नारायणबलि विचार

छागलेयले भनेका छन् – लोकनिन्दाको भयले मानिसहरूले नारायणबलिकर्म गर्नुपर्दछ । नारायणबलिकर्मबाट निन्द्यकर्मका कारण बुद्धिपूर्वक आत्मघात गर्नेहरूको शुद्धि हुन्छ, अन्यथा हुँदैन । **व्यास** भन्दछन् – भगवान् नारायण र शिवजीलाई उद्देश्य गरी जे दिइन्छ त्यसैले मृत व्यक्तिको शुद्धि गर्दछ, अरू उपाय छैन । नारायणबलिकर्म गर्दा सर्वप्रथम प्रायश्चित्त गरेर कर्मको शुभारम्भ गर्नुपर्दछ । **हेमाद्रि र षट्त्रिंशत्मतमा** भनिएको छ – पहिले चान्द्रायण गरेर लोकबाट निन्दा नहोस् भन्ने ख्याल राख्दै मृत मानिसको उद्धारका लागि नारायणबलिकर्म गर्नुपर्दछ । नारायणबलिकर्म गरेपछि पिण्डोदक क्रिया, वृषोत्सर्ग, एकोद्दिष्टश्राद्ध र सपिण्डीकरण आदि कर्म गर्नुपर्दछ ।

दिवोदासीयमा वृद्धशातातपले भनेका छन् – पतित मरेपछि त्यसको शुद्धिका लागि १६ प्राजापत्य गर्नुपर्दछ । पुत्ररहित मानिस मरेमा ९० प्राजापत्य गर्नुपर्दछ भन्ने कुरा ऋषिहरूले बताएका छन् । यो ९० पटक प्राजापत्य गर्नुपर्ने काम प्रायश्चित्त गर्नुपर्ने नराम्रो कर्म गरेका पिता आदिहरूको लागि हो । हेमाद्रिमा उद्धृत **वृद्धशातातपको** वचन यसप्रकार छ- इन्द्रियशक्ति भएका, मूर्ख र दुःखी मानिसले जब आत्माको हनन गर्दछन् अथवा जुन मानिस चाण्डालद्वारा मारिन्छन् त्यस्तो परिस्थितिमा पुत्र, पौत्र आदिले दयावान् भएर विष्णुको नामबाट प्रसिद्ध नारायणबलिश्राद्ध गर्नुपर्दछ । जसरी नारायणबलि गरिन्छ त्यो कुरा ब्रह्माजीलाई नमस्कार गरेर म बताउँछु ।

तत्रैव बौधायनोऽपि – नारायणबलिं व्याख्यास्यामः –

चाण्डालादुदकात्सर्पाद् ब्राह्मणाद्वैद्युतादपि । दंष्ट्रिभ्यश्च पशुभ्यश्च मरणं पापकर्मणाम् ।।

विषशस्त्ररज्जुपाषाणदेशान्तरमृते वा, 'अभिशस्तपतितसुरापात्मत्यागिनां ब्राह्मणहतानां च द्वादशवर्षाणि

त्रीणि वा यत्र मरणं यस्य तत्र तत्र कुर्वीत' इति । गृह्यपरिशिष्टे तु चाण्डालादित्याद्युक्त्वा –

दग्ध्वा शरीरं प्रेतस्य संस्थाप्यास्थीनि यत्नतः । प्रायश्चित्तं तु कर्तव्यं पुत्रैश्चान्द्रायणत्रयम् ।। इत्युक्तम्।

मदनरत्ने – '**ब्राह्मणहतानां द्वादशवर्षाणि त्रीणि वा कुर्वीत**' इति । मदनरत्ने ब्राह्मे –

प्रमादादपि निःशङ्कस्त्वकस्माद्विधिचोदितः । चाण्डालैर्ब्राह्मणैश्चौरैर्निहतो यत्र कुत्रचित् ।।

तस्य दाहादिकं कार्यं यस्मान्न पतितस्तु सः । चान्द्रायणं तप्तकृच्छ्रं द्वयं तस्य विशुद्धये ।।

यद्वा कृच्छ्रान्पञ्चदश कृत्वा तु विधिना दहेत् । बुद्धिपूर्वमृतानां तु त्रिंशत्कृच्छ्रं समाचरेत् ।।

इत्युक्तम् । स्मृतिरत्नावल्यां तु '**द्विगुणं प्रायश्चित्तं कृत्वाऽर्वागप्यब्दात्सर्वं कार्यम्**' इत्युक्तम् ।

आत्मनो घातशुद्ध्यर्थं चरेच्चान्द्रायणद्वयम् । तप्तकृच्छ्रचतुष्कं च त्रिंशत् कृच्छ्राणि वा पुनः।।

अर्वाक् संवत्सरात्कुर्याद्दहनादि यथोदितम् । कृत्वा नारायणबलिमनित्यत्वात्तदायुषः ।। इति ।

इदं चात्मवधनिमित्तं तज्जातिवधप्रायश्चित्तेन समुच्चितं कार्यम् । अत एव बौधायनेनोक्तं '**द्वादश वर्षाणि त्रीणि वा**' इति ।

नारायणबलिकै सम्बन्धमा **बौधायन** भन्दछन् – हामी नारायणबलिको व्याख्या गर्दछौं – चाण्डाल, जल, सर्प, ब्राह्मण, चट्याङ, दाह्रा भएका पशु र पापीहरूद्वारा मृत्यु भएमा, विष, शस्त्र, डोरी एवं ढुङ्गाबाट मृत्यु भएमा, देशान्तरमा मृत्यु भएमा, कसैको सराप लागेर मृत्यु भएमा, पतितको मृत्यु भएमा, मद्यपान गरेर आत्महत्या गरेमा र ब्राह्मणद्वारा मारिएमा मरेको बाह्रवर्षपछि अथवा तीनवर्षपछि जहाँ तिनीहरूको मृत्यु भएको छ त्यसै ठाउँमा गई नारायणबलिकर्म गरिदिनुपर्दछ । **गृह्यपरिशिष्टमा** चाण्डाल आदिद्वारा मरेका व्यक्तिहरूलाई लक्षित गरी भनिएको छ – चाण्डालद्वारा मरेका मानिसको शवलाई डढाएर चिताबाट अस्थि झिकी पुनः तीन चान्द्रायणप्रायश्चित्त गर्नुपर्दछ । **मदनरत्नमा** भनिएको छ – ब्राह्मणद्वारा मारिएका मानिसहरूको उद्धारका लागि उत्तराधिकारीहरूले बाह्रवर्षसम्म अथवा तीनवर्षसम्म प्रायश्चित्र गर्नुपर्दछ।

मदनरत्नमा उद्धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – 'प्रमादपूर्ण कार्यसँग नडराएर निःशंक भई कार्य गर्दा मरेका र अकस्मात् विधिद्वारा प्रेरित भई चाण्डाल, ब्राह्मण अथवा चोरद्वारा कुनै ठाउँमा मारिएका मानिसको दाह गर्नुपर्दछ। किनकि त्यो पतित होइन । त्यसको शुद्धिका लागि चान्द्रायण र दुई तप्तकृच्छ्रप्रायश्चित्त गरेर अथवा पन्ध्र तप्तकृच्छ्र प्रायश्चित्त गरेर विधिपूर्वक दाह गर्नुपर्दछ ।' कहीं ज्ञानपूर्वक मरेका मानिसहरूको शुद्धिका लागि तीस कृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ भनिएको छ । **स्मृतिरत्नावलीमा** भनिएको छ – 'बुद्धिपूर्वक मर्ने मानिसहरूको प्रायश्चित सामान्य मानिसहरूको भन्दा दुईगुणा बढी गर्नुपर्दछ । यसरी प्रायश्चित्त गरेपछि एकवर्षभित्र यथोचित दाह आदि क्रिया गर्नुपर्दछ । आत्महत्याको शुद्धिका लागि दुई चान्द्रायण, चार तप्तकृच्छ्र र तीस कृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ त्यसपछि नारायणबलि गर्नुपर्दछ ।' एकवर्षभित्र दाह गर्ने कुरा आयु अनित्य भएकाले बताइएको हो । आत्मवधनिमित्तको प्रायश्चित्त जातिवधनिमित्तक प्रायश्चित्तका साथ एकैचोटि गर्नुपर्दछ । यसैले **बौधायनले** भनेका छन् – मरेको बाह्रवर्ष अथवा तीनवर्षमा प्रायश्चित्त गर्नुपर्दछ।

मदनपारिजाते स्मृत्यर्थसारे च – '**ब्रह्महादीनां तद्योग्यं प्रायश्चित्तं कृत्वा नारायणबलिः कार्यः**' इत्युक्तम् । एवं म्लेच्छीकृतानामपि । यत्तु कश्चिदाह – **पुत्रकृतेन प्रायश्चित्तेन पितुः पापनाशे मानाभावः, आत्मघाते तु वचनादस्तु, महापातके तु कथं स्यात्**' इति । स स्वयमेवात्मवधप्रायश्चित्तस्य जातिवधनिमित्तेन समुच्चयं वदन् हृदयशून्य एव । नहि जातिवधनिमित्तं पुत्रैः कार्यमिति वचनमस्ति । पुत्रकर्तृकसर्वप्रायश्चित्तादिविप्लवापत्तेः प्रागुक्तबौधायनवचनाच्चेति

देक् । '**इदं प्रायश्चित्तार्हाणामेव । प्रायश्चित्तानर्हाणां तु पतितोदकमात्रं कार्यम्**, इति केचित् । मदनपारिजातादिस्वरसोऽप्येवम् । वस्तुतस्तु तदर्हानर्हयोर्वचनेऽनुपादानादविशेषात्तत्रापि नारायणबलिर्गयाश्राद्धं चेति युक्तम् ।

मदनपारिजात र **स्मृत्यर्थसार**मा भनिएको छ – ब्रह्महत्या गर्ने मानिसको उद्धारका लागि शास्त्रोक्त प्रायश्चित्त गरेर मात्र नारायणबलि गर्नुपर्दछ । वध आदि दुष्कर्म गरी म्लेच्छ भएका मानिसको उद्धारका निमित्त पनि नारायणबलि गरिदिनुपर्दछ । कसैले भनेका छन् कि – पुत्रद्वारा गरिएको प्रायश्चित्तले पिताको पापनाश हुने कुरामा कुनै प्रमाण छैन । आत्मघातमा त **शस्त्राघातहताश्च ये०** इत्यादि वचनबाट प्रायश्चित्त हुने भए पनि महापातकमा पुत्रद्वारा गरिएको प्रायश्चित्तबाट कसरी पाप निवृत्त हुन्छ ? यस्तो प्रश्न गर्नेलाई उत्तर दिँदै ग्रन्थकार भन्दछन् – आत्मवधका लागि गरिने प्रायश्चित्तको जातिवधका लागि गरिने प्रायश्चित्तका साथ समुच्चय गरी सम्पन्न गर्नुपर्दछ भन्ने तिमी हृदयशून्य नै हौ । जातिवधनिमित्त गरिने प्रायश्चित्त पुत्रले गर्नुपर्दछ भन्ने वचन कहीं पनि छैन । त्यसो गर्दा पुत्रले पिता आदिका लागि गर्नुपर्ने सबै किसिमका प्रायश्चित्तलाई जातिवधमा समावेश गर्दा पुत्रद्वारा गरिने सबै प्रायश्चित्तमा विपत्ति आइलाग्नेछ । तसर्थ पुत्रले पिताका निमित्त प्रायश्चित्त गर्नुपर्दछ। यो कुरा पूर्वोक्त **बौधायन**को वचनबाट पनि प्रमाणित हुन्छ ।

माथि बताएको प्रायश्चित्तको विषय प्रायश्चित्त गर्नै पर्ने मानिसहरूका निमित्त मात्रै हो । प्रायश्चित्त गर्न अयोग्य मानिएका मानिसका निमित्त पतितोदक मात्र गर्नुपर्दछ भन्ने कुरा कसैले बताएका छन् । **मदनपारिजात**का वचनको पनि यही तात्पर्य हो ।

पतितोदकविधिः

पतितोदकविधिस्तु '**पित्राद्यतिरिक्तविषयः**' इत्यपरे । स यथा हेमाद्रौ ब्राह्मे –

पतितस्य तु कारुण्याद् यस्तृप्तिं कर्तुमिच्छति । स हि दासीं समाहूय सर्वगां दत्तचेतनाम् ।।
अशुद्धघटहस्तां तां यथावृत्तं ब्रवीत्यपि । हे दासि ! गच्छ मूल्येन तिलानानय सत्वरम् ।।
तोयपूर्णघटं चेमं सतिलं दक्षिणामुखी । उपविष्टा तु वामेन चरणेन ततः क्षिप ।।
कीर्तयेः पातकीसंज्ञा त्वं पिबेति मुहुर्वद । निशम्य तस्य वाक्यं सा लब्धमूल्या करोति तत् ।।
एवं कृते भवेत्तृप्तिः पतितानां न चान्यथा ।। इति ।

इदं च मृताहे कार्यम्, '**पतितस्य दासी मृताह्नि यदा घटमपि वर्जयेदेतावताऽयमुपचरितो भवति**' इति मदनरत्ने विष्णूक्तेः । इदं चात्मत्यागिविषयम्, '**आत्मत्यागिनः पतितास्ते नाशौचोदकभाजः स्युः**' इत्युपक्रम्य विष्णुना एतस्याभिधानादिति गौडाः । उपलक्षणत्वात्सर्वेषामिति तु युक्तम् ।

पतितोदकविधि

'पतितोदकविधि त पिता आदि बाहेक अरू मानिसका निमित्तमा हो' भनी कसैले बताएका छन् । यहाँ पिता आदि भन्नाले माता र पतिको ग्रहण हुन्छ । हेमाद्रिमा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – 'जसले करुणापूर्वक पतितलाई तृप्त गराउने इच्छा राख्दछ त्यसले अशुद्ध घट हातमा लिएकी कुनै वेश्या आइमाईलाई तलब दिएर आफ्नो घरमा बोलाउनुपर्दछ र त्यसलाई बोलाएपछि त्यसको हातमा एउटा गाग्रो दिएर भन्नुपर्दछ – हे दासी ! तिमी जाऊ र मूल्य तिरेर बजारबाट तिल खरिद गरी लिएर आऊ।' जब उसले तिल लिएर आउँछे त्यसबेला भन्नुपर्दछ – तिमी दक्षिण दिशातर्फ आफ्नो मुख फर्काएर बस त्यसपछि बायाँ खुट्टाले तिल र जलले भरिएको गाग्रोमाथि लात्ती प्रहार गर । तिमीले

त्यसबेला पातकीलाई भन्नुपर्दछ – 'हे पातकी ! म लात्तीले हानेर यो गाग्रो गुडाइरहेकी छु, तिमीले यसमा रहेको जल पान गर ।' यसरी आज्ञा पाएपछि त्यसले गएर उक्त कर्म सम्पन्न गर्दा पतितहरूको तृप्ति हुन्छ अन्यथा हुँदैन । यो पतितोदक विधि मृत्युदिनमा गर्नुपर्दछ ।

मदनरत्नमा विष्णुले भनेका छन् – 'दासीले पतितको मृत्यु दिनमा जब घडामाथि चरणप्रहार गर्दछे त्यसबाट नै पतित कृतार्थ हुन्छ ।' **विष्णुले** – 'यो आत्मत्यागीको विषयमा हो । आत्मत्यागीहरू आशौच र जलका हकदार हुँदैनन् ।' यसरी वचन आरम्भ गरी दोस्रो चरणमा उनले नारायणबलिको उल्लेख गरेका छन् भन्दै **गौडहरूद्वारा** पतितोदकविधि स्वीकार गरिएको छैन । यस उपलक्षणबाट नारायणबलि पतितहरूका निमित्त गर्नुपर्दछ भन्ने कुरा जान्नुपर्दछ ।

कृतघटस्फोटस्य नारायणबलिः कार्यः

यत्तु कश्चिदाह – '**यः पतितो घटस्फोटेन बान्धवैर्बहिष्कृतस्तद्विषयाणि क्रियानिषेधवाक्यानि । जीवत्येव तस्मिन्नन्त्यकर्मणः कृतत्वात्तत्पुनःकरणाभावात्**' इति स स्वबन्धुत्यागेन जातवैराग्यस्य कृतप्रायश्चित्त-स्याप्यकरणापत्तेर्मिताक्षरादिविरोधमपश्यन्मूर्ख इत्युपेक्षणीयः । न च कृतघटस्फोटस्य सङ्ग्रहविधिर्नेति वाच्यम् । मनुनाऽकृतस्य घटस्फोटस्य त्यागमुक्त्वा–

प्रायश्चित्ते तु चरिते पूर्णकुम्भमपां नवम् । तेनैव सार्द्धं प्रास्येयुः स्नात्वा पुण्ये जलाशये ।।

इत्युक्तेः । अन्यथा प्रायश्चित्तमात्रे एतत्प्रसङ्गात् । अतो घटस्फोटेन बहिष्कृतस्यापि पित्रादेरब्दान्ते नारायणबलिः कार्यः । निषेधास्तु पितृव्यादिपरा इति तत्त्वम् । केचित्तु नारायणबलौ कृतेऽप्यन्त्यकर्मसपिण्डनवर्जं कार्यम् ।

गोब्राह्मणहतानां च पतितानां तथैव च । व्युत्क्रमाच्च प्रमीतानां नैव कार्या सपिण्डता ।।

इति वचनात् । '**ब्राह्मणादिहते ताते पतिते सङ्गवर्जिते**' इति श्राद्धप्रकाशोक्तेश्चेत्याहुः । ते हेमाद्रिस्थपूर्वोक्तषट्त्रिंशन्मत-विरोधान्निर्मूलत्वाच्छ्राद्धप्रकारस्य वृद्धिश्राद्धविषयत्वादुपेक्ष्याः ।

घटस्फोट गरेका मानिसका लागि पनि नारायणबलि गर्नुपर्ने

कसैले भनेका छन् कि – बन्धु–बान्धवले जुन पतितका निमित्त गाग्रो फुटाएर त्यसलाई बहिष्कृत गरेका हुन्छन् त्यसका निमित्त अन्त्यक्रिया निषेध गर्ने वाक्य छन् किनकि त्यो जीवित छँदै त्यसको अन्त्यकर्म गरिएको हुन्छ । त्यसका लागि फेरि अन्त्यक्रिया गर्ने अधिकार हुँदैन । 'बन्धुहरूले त्याग गरेका कारण वैराग्ययुक्त भएर प्रायश्चित्त गरेका मानिसको क्रियाकर्म कसैले गर्नेछैन' भन्ने वाक्यद्वारा **मिताक्षराले** सबै पतितको प्रायश्चित्तपछि नारायणबलि गरिदिने पक्षमा मत व्यक्त गरेका छन् । पतितको काजक्रिया नगर्नेहरूको विरोध गरेका छन् । त्यसकारण एकपटक ज्यूँदै किरिया गरेका मानिसको फेरि किरिया गर्नुपर्दैन भन्ने मानिस मूर्ख हुन् ।

गाग्रो फुटाएर जसको प्रायश्चित्त गरिएको छैन त्यसको त्याग गर्नुपर्दछ र गाग्रो फुटाएर जसको त्याग गरिएको छ त्यसलाई प्रायश्चित्त गरेपछि घर ल्याउन हुन्छ । तर जसको प्रायश्चित्त गरिएको छैन त्यसलाई ल्याउन हुँदैन । त्यसकारण बन्धुबान्धवहरूले जीवित पतित आफ्नो मानिसको उद्धारका निमित्त प्रायश्चित्तका गरेपछि जलाशयमा गएर स्नान गरी त्यसको कल्याणका लागि जलले भरिएको नयाँ गाग्रो जलाशयमा फ्याँकिदिनुपर्दछ । प्रायश्चित्तमात्र गरी घटस्फोटन नगर्ने हो भने पतितको त्याग गर्ने प्रसङ्ग आइलाग्नेछ । घटस्फोटन गरी बहिष्कृत गरिएका पतितबन्धुको लागि पनि मरेको एकवर्षपछि नारायणबलि गरिदिनुपर्दछ । गर्न हुन्न भन्ने निषेध त जेठाबा, कान्छाबा आदिका लागि हो । कसै–कसैले

नारायणबलि गरेता पनि सपिण्डनश्राद्ध छाडी अन्त्यकर्म गर्नुपर्दछ भनेका छन् ।

गाई र ब्राह्मणद्वारा मृत्युमा प्राप्त भएका, पतित र उल्टो क्रमले मरेका मानिसको सपिण्डन गर्न हुँदैन भन्ने वचन पाइन्छ । **श्राद्धप्रकाश**मा पनि 'ब्राह्मण आदिद्वारा मृत्युमा प्राप्त भएको पतित र निषिद्धकर्म गरेर मरेका पतितको सपिण्डनश्राद्ध गर्न हुँदैन' भनिएको छ । ग्रन्थकार भन्दछन् – **श्राद्धप्रकाश**को वचन वृद्धिश्राद्धविषयक हो र त्यो यहाँ लागु हुँदैन । फेरि हेमाद्रिमा उद्‌धृत **षट्त्रिंशत्**मतको विरुद्ध भएकाले र प्रमाणहीन पनि भएकाले माथिको कुरा अस्वीकार्य छ ।

हेमाद्र्याद्यनुसारेण नारायणबलिप्रयोगः

नारायणबलिस्तु हेमाद्र्याद्यनुसारेणोच्यते । तत्रादौ क्रियानिबन्धे गारुडे तर्पणमुक्तम् –

कार्यं पुरुषसूक्तेन मन्त्रैर्वा वैष्णवैरपि । दक्षिणाभिमुखो भूत्वा प्रेतं विष्णुमिति स्मरन् ।।

अनादिनिधनो देवः शङ्खचक्रगदाधरः । अक्षयः पुण्डरीकाक्षः प्रेतमोक्षप्रदो भव ।। इति ।

शुक्लैकादश्यां देशकालौ सङ्कीर्त्यामुकगोत्रस्यामुकस्य दुर्मरणात्मघातदोषनाशार्थमौर्ध्वदेहिक-सम्प्रदानत्वयोग्यतासिद्ध्यर्थं नारायणबलिं करिष्ये – इति सङ्कल्प्य ब्राह्मणं विष्णुं शिवं यमं प्रेतं पञ्चकुम्भेषु-

विष्णुः स्वर्णमयः कार्यो रुद्रस्ताम्रमयस्तथा । ब्रह्मा रौप्यमयस्तत्र यमो लोहमयो भवेत् ।।

प्रेतो दर्भमयः कार्य इति देवप्रकल्पना ।।

इति गारुडोक्तासु सर्वासु हैमीषु वा प्रतिमासु षोडशोपचारैः पुरुषसूक्तेनाभ्यर्च्याग्निं प्रतिष्ठाप्य चरुं पुरुषसूक्तेन प्रत्यृचं नारायणायेदमिति हुत्वा देवानामग्रे दक्षिणाग्रदर्भेषु विष्णुरूपं प्रेतं स्मरन् – नामगोत्राभ्यां मधुघृततिलयुतान् दश पिण्डान् यज्ञोपवीत्येव '**अमुकगोत्र अमुकशर्मन् प्रेत विष्णुरूपोऽयं ते पिण्ड उपतिष्ठताम्**' इति दत्त्वा पुरुषसूक्तेनाभिमन्त्र्य '**यत्ते यमम्**' इति सूक्तेन पिण्डाननुमन्त्र्य शङ्खोदकेन चाभिषिच्याभ्यर्च्यामुकशर्माणममुकगोत्रं विष्णुरूपं प्रेतं तर्पयामि इति पुरुषसूक्तेन प्रत्यृचं तर्पयित्वा एकमामात्रं ब्रह्मादिपञ्चभ्यो दद्यात् ।

मन्त्रस्तु– **ब्रह्मविष्णुमहादेवा यमश्चैव सकिङ्करः । बलिं गृहीत्वा कुर्वन्तु प्रेतस्य च शुभां गतिम् ।।** इति।

मिताक्षरायां तु होमबल्यादि नोक्तम् । ततः प्रतिदैवतं त्रिविधं फलं शर्करामधुघृतगुडानि च निवेद्य पिण्डानभ्यर्च्य नद्यां क्षिप्त्वा रात्रौ नव सप्त पञ्च वा विप्रान्निमन्त्र्योपोषितेन जागरणं कृत्वा श्वोभूते पुनर्विष्णुं यमं सम्पूज्यैकोद्दिष्टविधिना श्राद्धपञ्चकं करिष्य इत्युक्त्वा ब्रह्मविष्णुशिवयमप्रेतान् स्मरन् विप्रान् उपविश्य प्रेतस्थाने चैकं विष्णुं स्मरन्नावाहनार्घ्ययुतं तृप्तिप्रश्नान्तं कृत्वोल्लेखनादिकृत्वान्नशेषेण ब्रह्मणे विष्णवे शिवाय यमाय सपरिवाराय चतुरः पिण्डान् दत्त्वा प्रेतनामगोत्रे स्मृत्वा विष्णुनाम्ना पञ्चमं दत्त्वाऽभ्यर्च्याचान्तेभ्यो दक्षिणां दत्त्वैकं प्रेतं स्मृत्वा विशेषतः सन्तोष्य विप्रैः प्रेताय '**इदं तिलोदकमुपतिष्ठताम्**' इति सतिलकमुदकं दापयित्या भुञ्जीतेति । अत्र विशेषान्तरं भट्टकृतान्त्येष्टिपद्धतौ ज्ञेयम् ।

हेमाद्रि आदिको मतअनुसार नारायणबलिविधि

हेमाद्रिमा उद्‌धृत गरिएअनुसार नारायणबलिको विषयमा प्रतिपादन गरिन्छ । नारायणबलिको आरम्भमा गरुडपुराण आदिको वचनअनुसार तर्पण गर्नुपर्दछ भनिएको छ । पुरुषसूक्तको उच्चारण गर्दै अथवा विष्णुका मन्त्रहरूको उच्चारण गर्दै दक्षिण दिशातर्फ फर्केर विष्णुरूपी प्रेतको स्मरण गर्दै '**अनादि निधनो देव०**' इत्यादि मन्त्र जप्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'आदि र अन्तरहित शङ्ख, चक्र, गदा र पद्म धारण गर्नुहुने, सेतो कमलजस्ता आँखाले सुहाउनुभएका, कहिले पनि नाशमा

प्राप्त नहुनुहुने हे देव ! हजुरले प्रेतलाई मोक्ष प्रदान गर्नुहोस् ।' शुक्लपक्षको एकादशीतिथिमा मृतकहरूको शुद्धिका लागि नारायणबलि गर्नुपर्दछ । नारायणबलिको आरम्भमा 'देश, कालको उच्चारण गर्दै अमुक गोत्रका अमुक प्रेतको दुर्मरण एवं आत्मघातजन्य दोषनिवारणका लागि र तिनको और्ध्वदेहिक क्रिया गर्ने योग्यता प्राप्त गर्नका लागि नारायणबलि गर्नेछु ।' यसरी सङ्कल्प गरेपछि पाँचवटा कलशहरूमा क्रमशः ब्रह्मा, शिव, विष्णु, यम र प्रेतको स्थापना गर्नुपर्दछ ।

ब्रह्मा आदिको प्रतिमा स्थापना गर्दा उच्चारण गरिने मन्त्रहरूको क्रम यसप्रकार छ । ब्रह्माका निमित्त उच्चारण गरिने मन्त्र – **हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् । स दाधार पृथिवीं द्यामुते मां कस्मै देवाय हविषा विधेम ।।** (ऋ. १०/१२१/१)

ब्रह्म जज्ञानं प्रथमं पुरस्ताद् द्विसीमतः सुरुचो वेन आवः । स बुध्निया उपमा अस्य विष्ठाः सतश्च योनिमसतश्च विवः ।। (तै.ब्रा. २/८/८)

शिवका लागि उच्चारण गरिने मन्त्र – **कद् रुद्राय प्रचेतसे मीढुष्टमाय तव्यसे । वोचेम शतं मं हृदे ।।** (ऋ. १/४३/१)

विष्णुका लागि उच्चारण गरिने मन्त्र – **इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम् । समूढमस्य पांसुरे स्वाहा ।।** (ऋ. १/२२/१७)

यमका लागि उच्चारण गरिने मन्त्र – **यमाय सोमं सुनुत यमाय जुहुता हविः । यमं ह यज्ञो गच्छत्यग्निदूतो अरङ्कृतः ।।** (ऋ. १०/१४/१३)

यमाय मधुमत्तमं राजे हव्यं जुहोतन । इदं नम ऋषिभ्यः पूर्वजेभ्यः पूर्वेभ्यः पथिकृद्भ्यः ।। (ऋ. १०/१४/१५)

प्रेतका लागि उच्चारण गरिने मन्त्र – '**प्रेता जयता नर इन्द्रो वः शर्म यच्छतु । उग्रा वः सन्तु बाहवोऽनाधृष्या यथासथ ।।** (ऋ. १०/१०३/१३)

यसरी देवस्थापना गर्दा विष्णुको लागि सुवर्णको प्रतिमा, शिवको लागि ताँबोको प्रतिमा, ब्रह्माको लागि चाँदीको प्रतिमा, यमका लागि फलामको प्रतिमा र प्रेतका लागि कुशको प्रतिमा स्थापना गर्नुपर्दछ । गरुडपुराणमा भनिएअनुसार सबै प्रतिमाहरू सुवर्णद्वारा तयार गर्न पनि सकिन्छ । त्यसपछि षोडशोपचारले पुरुषसूक्त मन्त्रद्वारा पूजा गरी अग्निको प्रतिष्ठा गरेर चरु हातमा लिई पुरुषसूक्तको प्रत्येक ऋचाले यो नारायणका निमित्त हो भनेर हवन गर्नुपर्दछ । देवताहरूका लागि दक्षिणाग्र कुशमा विष्णुरूप प्रेतहरूको स्मरण गर्दै सव्य भएर नाम, गोत्रले मधु, घ्यू, तिलसहित दशपिण्ड दिनुपर्दछ। त्यसबेला सङ्कल्प गर्दा – '**अमुकगोत्र, अमुकशर्मन् प्रेतः विष्णुरूपोऽयं ते पिण्ड उपतिष्ठताम्**' यो वाक्य उच्चारण गरी पिण्ड दिनुपर्दछ । पिण्ड दिँदा पुरुषसूक्तले अभिमन्त्रण गर्नुपर्दछ । '**यत् ते यमम्**' यस सूक्तबाट पिण्डहरूमा जसका लागि पिण्ड दिइने हो ती देवताको आवाहन गर्नुपर्दछ ।

सूक्त यसप्रकार छ – **यत् ते यमं वैवस्वतं मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।१।। यत् ते दिवं यत् पृथिवीं मनो जगाम दूरकम् ।। तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।२।। यत् ते भूमिं चतुर्भृष्टि मनो जगाम दूरकम् ।। तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।३।। यत् ते चतस्रः प्रदिशो मनो जगाम दूरकम् । यत् ते समुद्रमर्णवमावर्तयामसीह क्षयाह जीवसे ।।४।। यत् ते मरीचीः प्रवतो मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह जीवसे ।।५।। यत् ते अपो यदोषधीर्मनो जगाम दूरकम् । तत् त आवर्तयावर्तयामसीह क्षयाह जीवसे ।।६।। यत् ते अपो यदोषधीर्मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।७।। यत् ते सूर्यं यदुषसं मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।८।। यत् ते पर्वतान् बृहतो मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।९।। यत् ते विश्वमिदं जगन्मनो जगाम दूरकम् । तत् त**

आवर्तयामसीह क्षयाह जीवसे ।।१०।। यत् ते पराः परावतो मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।११।। यत् ते भूतञ्च भव्यञ्च मनो जगाम दूरकम् । तत् त आवर्तयामसीह क्षयाह जीवसे ।।१२।। (ऋ. १०/५८/१-१२)

त्यसपछि पिण्डमा शङ्खोदकले अभिषेक गरी पूजा गरेर '**अमुकशर्माणं अमुकगोत्रं विष्णुरूपं प्रेतं तर्पयामि**' भनेर पुरुषसूक्तको प्रत्येक ऋचाबाट तर्पण गरी ब्रह्मा आदि देवताका निमित्त एकसिधा प्रदान गर्नुपर्दछ । सिधा दिँदा '**ब्रह्मविष्णुमहादेवाः०**' इत्यादि मन्त्र पाठ गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ– 'ब्रह्मा, विष्णु, महादेव र किंकरसहित यमले मैले दिएको बलि ग्रहण गरी प्रेतलाई उत्तम गति प्रदान गर्नुहोस् ।' **मिताक्षरामा** भने होम, बलि आदिको चर्चा गरिएको छैन । यसरी सिधा दिएपछि प्रत्येक देवतालाई फल, चिनी, मह, घ्यू र सक्खर निवेदन गरेर पिण्डको पूजा गरी नदीमा सेलाउनुपर्दछ । त्यस दिनको राति सात वा पाँचब्राह्मणलाई निमन्त्रणा गरी उपवाससहित जागरण गरेर प्रातःकालमा विष्णु र यमको पूजा गर्नुपर्दछ । त्यसपछि एकोद्दिष्टविधिबाट पाँचप्रकारका श्राद्ध गर्नेछु भनी सङ्कल्प गरी ब्रह्मा, विष्णु, शिव, यम र प्रेतको स्मरण गर्दै ब्राह्मणहरूलाई श्राद्धस्थलमा बसालेर प्रेतको स्थानमा एकमात्र विष्णुको स्मरण गर्दै पाद्य, आवाहन, अर्घ्य आदि प्रदान गर्नुपर्दछ । त्यसपछि तृप्तिप्रश्नसम्मका कर्महरू गरी वेदी उल्लेखन सम्पन्न गरेर शेष रहेको अन्नले ब्रह्मा, विष्णु, शिव र यमका परिवारका निमित्त छुट्टै चारपिण्ड दिनुपर्दछ । प्रेतको नाम र गोत्रको स्मरण गर्दै विष्णुको नामबाट पाँचौं पिण्ड दिनुपर्दछ । त्यसपछि ब्राह्मणहरूको पूजा गरी आचमन गराएर दक्षिणा प्रदान गरी सन्तुष्ट तुल्याएर विशेषरूपमा प्रेतको स्मरण गर्दै '**प्रेताय इदं तिलोदकमुपतिष्ठताम्**' यो मन्त्र उच्चारण गरी तिलसहित जल प्रदान गरेर भोजन गर्नुपर्दछ । यहाँ गरिने विशेषकर्मको लागि भट्टरचित **अन्त्येष्टिपद्धतिमा** राम्ररी बताइएको छ । त्यसबाट सबै विधि अवगत गर्न सकिन्छ ।

सर्पदंशेन हते विशेषः

सर्पहते तु वर्षपर्यन्तं पूर्वेऽह्न्येकभक्तपूर्वं शुक्लपञ्चम्यामुपवासनं नक्तं वा कृत्वा पिष्टमयं नागमनन्तवासुकिशङ्खपद्मकम्बलकर्कोटकाश्वतरधृतराष्ट्रशङ्खपालकालियतक्षककपिलेतिनामभिः प्रतिमासं सम्पूज्य पायसेन विप्रान् सम्भोज्य वत्सरान्ते हैमं नागं गां च प्रत्यक्षां च दत्त्वा नारायणबलिं कुर्यात् । मूलं तु हेमाद्रौ ज्ञेयम् । बौधायनसूत्रे सर्पमृतानां '**नमोऽस्तु सर्पेभ्यः**' इति आहुतीर्हुत्वा, उदके मृतानां '**समुद्राय वयुनाय**' इति हुत्वेति क्रियां कुर्यादिति शेषः । व्यासः –

सौवर्णभारनिष्पन्नं नागं कृत्वा तथैव गाम् । व्यासाय दत्त्वा विधिवत्पितुरानृण्यमाप्नुयात् ।।

हेमाद्रौ भविष्ये –

पञ्चम्यां पन्नगं हैमं स्वर्णेनैकेन कारयेत् । क्षीराज्यपात्रमध्यस्थं पूज्य विप्राय दापयेत् ।।

प्रायश्चित्तमिदं प्रोक्तं नागदष्टस्य शम्भुना ।। इति । अपरार्के स्मृत्यन्तरेऽपि –

तदैव शुद्ध्यति प्रेतो नारायणबलौ कृते । यो ददाति क्रियापिण्डं तस्मै प्रेताय वै सुतः ।।

तस्यैवाशौचमुद्दिष्टं त्र्यहमेव न संशयः । विष्णुश्राद्धसमाप्तौ तु त्रयोदश्यां दिनत्रयम् ।।

आशौचं पिण्डदः कुर्यान्न तु तद्बन्धुगोत्रजाः ।।

सर्पदंशद्वारा मरेका मानिसको लागि गरिने विशेषकर्म

सर्पद्वारा मरेका मानिसका निमित्त त्यसका पुत्र आदि उत्तराधिकारीले एकवर्षसम्म एकछाक भोजन गरी शुक्लपक्षको पञ्चमीतिथिमा उपवास गरेर नक्तभोजन गर्नुपर्दछ । त्यसपछि पिठाको नाग तयार गरेर भट्टहरूको मतमा काठको नाग

तयार गरेर अनन्त, वासुकि, शङ्ख, पद्म, कम्बल, कर्कोटक, अश्वतर, धृतराष्ट्र, शङ्खपाल, कालिय, तक्षक र कपिल यी नामबाट प्रत्येक महिना पूजन गरी ब्राह्मणहरूलाई खीर खुवाएर वर्षको अन्तमा सुवर्णले बनेको नाग र गाई दान गरेपछि मात्र नारायणबलि गरिदिनुपर्दछ । यसको मूल **हेमाद्रि**मा हेर्नुपर्दछ ।

बौधायनसूत्रमा भनिएको छ – सर्पले टोकेर मरेका मानिसहरूका निमित्त तलको मन्त्रले आहुति दिनुपर्दछ ।

मन्त्र – '**नमो अस्तु सर्पेभ्यो ये के च पृथिवी मनु । ये अन्तरिक्षे ये दिवितेभ्यः सर्पेभ्यो नमः ।।** (ऋ.प.)' पानीमा परेर मरेका मानिसहरूका निमित्त तलको मन्त्रले आहुति दिनुपर्दछ ।

मन्त्र – '**समुद्राय वयुनाय सिन्धूनां पतये नमः । नदीनां सर्वासां पित्रे जुहुता विश्वकर्मणे विश्वाहाऽमर्त्यं हविः।।** (तै.सं. ४/६/२/६)।

व्यासले भनेका छन् – [४७]आठ हजार तोला सुनबाट नागको आकृति र गाईको आकृति तयार गरी विधिवत् आफ्ना आचार्यलाई प्रदान गरेर छोराहरू पिताको ऋणबाट मुक्त हुन्छन् । **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ कि – पञ्चमीतिथिमा फणाले युक्त भएको सुवर्णको नाग तयार गरेर दूधसहित घ्यूले भरिएको पात्रमा नागलाई राखीकन पूजा गरेपछि ब्राह्मणलाई दान गरिदिनुपर्दछ ।

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – शम्भुले नागद्वारा डसिएर मरेका मानिसहरूको निमित्त प्रायश्चित्तको विधान गर्दै भनेका छन् – 'पञ्चमीतिथिमा सुवर्णद्वारा फणासहित नागमूर्ति तयार गरी दूधसहित घृतपात्रमा नागमूर्तिलाई डुबाएर नागको पूजन गर्नुपर्दछ ।' नागदंशद्वारा मरेका मानिसको प्रायश्चित्त यही हो ।[४८]

अपरार्कमा **स्मृत्यन्तर**बाट उद्धृत गरिएको वचनमा भनिएको छ – नारायणबलि गरेपछि मात्र प्रेतको शुद्धि हुन्छ। नारायणबलिकर्म गर्दा पुत्र आदिले तीनदिन आशौच बार्नुपर्ने कुरामा संशय छैन । विष्णुश्राद्धको समाप्तिपछि त्रयोदशीतिथिमा पिण्ड दिने मानिसले तीनदिन आशौच बार्नुपर्दछ । यो आशौच पिण्डदाताका बन्धु र सगोत्रीलाई लाग्दैन ।

व्युच्छिन्नसन्ततिमृते विचारः

यस्य वै मृत्युकाले तु व्युच्छिन्ना सन्ततिर्भवेत् । स वसेन्नरके नित्यं पङ्कमग्नः करी यथा ।।

इत्युपक्रम्य– **बलिं नारायणं कुर्यात्तस्योद्देशेन भक्तिमान्** । इति गारुडोक्तेरपुत्रस्यापि पत्न्याद्यैः कार्य इत्युक्तं देवयाज्ञिकेन।

---

४७. 'तुला स्त्रियां पलशतं भारः स्याद् विंशतिस्तुला ।' अर्थात् एकसय पलको एकतुला हुन्छ र बीस तुलाको एकभार हुन्छ। – अमरकोश ।

४८. गरुडपुराणमा नागदंशद्वारा मृत व्यक्तिको उद्धारका लागि प्रायश्चित्तको व्यवस्था बताउँदै भनिएको छ –

प्रमादादिच्छया वापि नागाद् वै म्रियते यदि । पक्षयोरुभयोर्नागं पञ्चमीषु प्रपूजयेत् ।।
कुर्यात् पिष्टमयीं लेख्यां नागाभोगाकृतिं भुवि । अर्चयेत् तां सितैः पुष्पैः सुगन्धैश्चन्दनेन वा ।।
प्रदद्यात् धूपदीपौ च तण्डुलाँश्च तिलान् क्षिपेत् । आमपिष्टञ्च नैवेद्यं क्षीरञ्च विनिवेदयेत् ।।
सौवर्णं शक्तितो नागं गाञ्च दद्यात् द्विजन्मने । कृताञ्जलिस्ततो भूयात् प्रीयतां नागराडिति ।।
पुनस्तेषां प्रकुर्वीत नारायणबलिक्रियाम् । तया लभन्ते स्वर्वासं मुच्यन्ते सर्वपातकैः ।। – गारुडे ।

अर्थ – सुवर्णको नाग तयार गरी दान गर्न असमर्थ व्यक्तिका लागि उपायान्तर बताउँदै भगवान् नारायण बताउनुहुन्छ – 'कुनै मानिस प्रमाद वा इच्छापूर्वक नागदंशद्वारा मर्दछ भने कृष्णपक्ष र शुक्लपक्षका दुवै पञ्चमीकादिन भुईंमा पीठाको नागको मूर्ति तयार गर्नुपर्दछ । त्यसपछि सेता फूल, चन्दन, सुगन्धित उपचार अर्पण गरी चामल, तिलद्वारा पनि पूजा गर्नुपर्दछ । काँचो पीठो, नैवेद्य र दूध अर्पण गर्नुपर्दछ । आफ्नो शक्तिअनुसार सुनको नाग बनाई ब्राह्मणलाई दिनुपर्दछ । त्यसपछि हात जोडेर 'नागराज ममाथि प्रसन्न हुनुहोस्' भनी प्रार्थना गर्नुपर्दछ । यति कर्म गरेपछि मात्र मृतकको उद्धारका लागि नारायणबलि गरिदिनुपर्दछ । त्यसबाट मृतकहरू पातकबाट मुक्त भई स्वर्गमा बस्न पाउँछन् ।

सन्ततिहीन व्यक्तिको मृत्यु भएमा विचार

'मृत्युकालमा जसका सन्तान हुँदैनन् त्यो व्यक्ति नरकमा पर्दछ । त्यसको अवस्था हिलोमा धसिएको हात्तीको जस्तो हुन्छ' भन्ने वाक्यबाट आरम्भ गरी भनिएको छ कि त्यसकारण त्यस्ता व्यक्तिहरूको उद्धारका निमित्त नारायणबलि गरिदिनुपर्दछ । **गरुडपुराण**को वचनअनुसार अपुत्र व्यक्तिको पनि पत्नी आदिले नारायणबलि गरिदिनुपर्दछ । **देवयाज्ञिक**को पनि यही भनाइ छ ।

विधानादाशौचाभावः

अथ विधानादाशौचाभावः । यथा यतियुद्धमृतादिषु –

त्रयाणामाश्रमाणां च कुर्याद्दाहादिकाः क्रियाः । यतेः किञ्चिन्न कर्तव्यं न चान्येषां करोति सः ।।

इति ब्राह्मात् ।

विधानद्वारा आशौचको अभाव

अब आशौचका अपवादहरूमध्ये अन्तिम अपवाद विधानद्वारा हुने अपवाद हो । त्यस विषयमा विचार गरिन्छ । संन्यासी र युद्धमा मरेका मानिसहरूको आशौच बार्नुपर्दैन । **ब्रह्मपुराण**मा भनिएको छ कि तीन आश्रमका व्यक्तिहरूको त दाह आदि क्रिया सम्पन्न गर्नुपर्दछ तर संन्यासीको दाह आदि कर्म गर्नुपर्दैन किनकि संन्यासीले अरूको दाहादिकर्म र क्रिया गर्दैनन्।

यतीनामेकोद्दिष्टश्राद्धे विचारः

उशनाः – **एकोद्दिष्टं न कुर्वीत यतीनां चैव सर्वदा । अहन्येकादशे प्राप्ते पार्वणं तु विधीयते ।।**

सपिण्डीकरणं तेषां न कर्तव्यं सुतादिभिः। त्रिदण्डग्रहणादेव प्रेतत्वं नैव जायते ।।

तत्संस्कारं वक्ष्यामः । दत्तात्रेयः –

एकोद्दिष्टं जलं पिण्डमाशौचं प्रेतसत्क्रियाम् । न कुर्याद्वार्षिकादन्यद् ब्रह्मीभूताय भिक्षवे ।।

वार्षिकादिति पूर्वभाविमासिकादिनिषेधो न तु दर्शादेः । **'संन्यासिनोऽप्याब्दिकादि पुत्रः कुर्याद्यथाविधिः'** इति वायवीयोक्तेः । पृथ्वीचन्द्रोदये प्रजापतिः –

अहन्येकादशे प्राप्ते पार्वणं तु विधीयते । सपिण्डीकरणं तस्य न कर्तव्यं सुतादिभिः ।।

एषु सपिण्डनादिनिषेधानुवादेन पार्वणोक्तेः तत्स्थानापन्नत्वं पार्वणस्य गम्यते । **'न गिरागिरेति ब्रूयादैरं कृत्वोद्गेयम्'** इतिवत् । इदं वार्षिकादिविधानं च त्रिदण्डिपरम् । एकदण्डिपरमहंसादीनां तु न किमपि कार्यम् । पूर्वोक्तोशनोवाक्ये त्रिदण्डिग्रहणादिति शूलपाण्यादयो गौडाः । त्रिदण्डिशब्देन मनोदण्डादिदण्डत्रयोक्तेः । **'यस्यैते नियता दण्डाः स त्रिदण्डीति चोच्यते'** इति स्मृतेः ।

संन्यासीहरूको एकोद्दिष्टश्राद्धसम्बन्धी विचार

उशनाले भनेका छन् – 'संन्यासीहरूका निमित्त एकोद्दिष्ट गर्न हुँदैन । मरेका एघारौं दिनका दिन पार्वणको विधिबाट श्राद्ध गरिदिनुपर्दछ । संन्यासीका पुत्रले सपिण्डीकरण गर्नुपर्दैन । किनभने त्रिदण्डधारण गर्नाले नै संन्यासीको प्रेतत्व निवृत्ति भइसकेको हुन्छ ।' यसो हो तापनि संन्यासीका लागि आवश्यक संस्कारको विषयमा संन्यासप्रकरणमा

हामी बताउनेछौं । दत्तात्रेयले भनेका छन् कि ब्रह्मरूप संन्यासीका निमित्त वर्षदिन पुगेपछि गरिने वार्षिकश्राद्धबाहेक एकोद्दिष्ट, जल, पिण्ड, आशौच एवं प्रेतक्रिया गर्नुपर्दैन । वार्षिकश्राद्धभन्दा पहिले गरिने मासिकश्राद्ध गर्नुपर्दैन । तर अमावास्यामा भने संन्यासीका लागि श्राद्ध गर्ने विषयमा निषेध गरिएको छैन ।

वायुपुराणमा भनिएको छ कि – पर्वहरूमा गरिने श्राद्धमा संन्यासीका पुत्रले आफ्ना पिता संन्यासीको पनि विधिपूर्वक श्राद्ध गरिदिनुपर्दछ । **पृथ्वीचन्द्रोदयमा प्रजापतिले** भनेका छन् – संन्यासीको मृत्युपछि एघारौं दिनका दिन पार्वणविधानले श्राद्ध गर्नुपर्दछ । तर पुत्र आदिले संन्यासी पिताको निमित्त सपिण्डीकरण गर्नुहुँदैन ।

यी माथिका वचनहरूका आधारमा सपिण्डन आदिको निषेध गरिएको छ तर पार्वणश्राद्धको विधान गरिएको छ । तसर्थ संन्यासीका निमित्त गरिने पार्वणश्राद्धलाई सपिण्डीकरणश्राद्धको सट्टा गरिने श्राद्ध मान्नुपर्दछ । **'न गिरा गिरा'**[४९] इत्यादि मीमांसाको विधिअनुसार ऊह गरी पार्वणलाई स्थानापन्न श्राद्ध मानिएको छ । संन्यासीको वार्षिकश्राद्ध गर्नुपर्ने कुरा पनि त्रिदण्डी संन्यासीका लागि मात्र हो । एकदण्डी, परमहंस आदि उत्तमकोटिका संन्यासीहरूका निमित्त वार्षिकश्राद्ध पनि गर्नुपर्दैन । पहिले **उशनाले** बताएको वचनमा पनि श्राद्धको सम्बन्धमा त्रिदण्डीको मात्र ग्रहण गरिएको छ, अरू संन्यासीहरूको ग्रहण गरिएको छैन । त्रिदण्डिशब्दले मनोदण्ड, वाक्दण्ड, कायदण्ड आदिको पनि निर्वचन गरिएको छ। स्मृतिमा भनिएको छ कि जसका शरीर, वचन र मन अधीनमा छन् त्यसलाई त्रिदण्डी[५०] भनिन्छ ।

यतेर्नारायणबलिः

बौधायनः – नारायणबलिश्चास्य कर्तव्यो द्वादशेऽहनि । अस्य पार्वणेन समुच्चयो ज्ञेयः । तच्च स एवाह –
कृत्वा विष्णोर्महापूजां पायसं विनिवेदयेत् । अग्नौ हुत्वा तु तच्छेषं व्याहृतीभिः समाहितः ।।
यतीन् गृहस्थान् साधून्वा निमन्त्र्य द्वादशावरान् । अभ्यर्च्य गन्धपुष्पाद्यैर्मन्त्रैर्द्वादशनामभिः ।।
सम्भोज्य हव्येनान्नेन दक्षिणां च निवेदयेत् । त्रयोदशं द्विजश्रेष्ठमात्मसंज्ञं यतेन्द्रियम् ।।
विष्णुं यथा तथाऽभ्यर्च्य पाद्याद्यैश्च विधानतः । दद्यात्पुरुषसूक्तेन गन्धपुष्पादिकं क्रमात् ।।

---

४९. मीमांसासूत्रको नवौं अध्यायमा रहेको 'प्रयोज्यता नित्यमिरापदस्य (९/१/५०-५३)' सूत्रमा बताइएअनुसार गिरापदको ठाउँमा इरापदको प्रयोग गरिन्छ । ज्योतिष्टोम यज्ञमा यज्ञायज्ञीय नामक सामद्वारा स्तुति गर्नुपर्दछ भन्ने वचन सुनिन्छ । उक्त साममा गिराशब्द पढिन्छ – **'यज्ञायज्ञा वो अग्नये गिरा गिरा च दक्षसे ।'** सामगान गर्नेहरूले नित्य **गिरा गिरा** नै पढ्ने गर्दछन् । ब्राह्मणग्रन्थमा भने **'ऐरं कृत्वोद्गेयम्'** भन्ने नियमानुसार गिराशब्दको गकार लोप गरेपछि इराशब्द बन्दछ । इरासम्बन्धी गान भन्ने अर्थमा अण्प्रत्यय गर्दा ऐरम्शब्द बन्दछ । यसमा सन्देह गरिन्छ कि गिरापदको स्थानमा विकल्पले इराशब्दको प्रयोग गरिन्छ अथवा इराशब्दकै प्रयोग गरिन्छ । यसको उत्तर दिँदै सिद्धान्त पक्षमा भनिएको छ कि – **'न गिरा गिरेति ब्रूयात्'** भन्ने नियमद्वारा गिराशब्दको गान निषेध गरिएको हुँदा इराशब्दकै प्रयोग गर्नुपर्दछ । त्यसैले **'प्रयोज्यतानित्यमिरापदस्य'** भन्ने मीमांसासूत्रमा **नित्यम्** = जहिले पनि, **इरापदस्य** = इरापदको, **प्रयोज्यता** = प्रयोगयोग्यता रहेको हुन्छ, भनिएको छ । त्यसैले यहाँ पनि संन्यासीका लागि सपिण्डन विधिको प्रयोग नगरी त्यसको ठाउँमा पार्वणविधिको उपयोग गर्नुपर्ने कुरा बताइएको छ ।

५०. **वाग्दण्डोऽथ मनोदण्डः कायदण्डस्तथैव च । यस्यैते निहिता बुद्धौ त्रिदण्डीति स उच्यते ।।** – मनुस्मृ. १२/१० – जसको बुद्धिमा वाग्दण्ड, मनोदण्ड र कायदण्डका नियम प्रतिबिम्बित हुन्छन् त्यसलाई त्रिदण्डी भनिन्छ । मनुस्मृतिमा नै फेरि भनिएको छ – **'शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः । वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम् ।। त्रिदण्डमेतन्निक्षिप्य सर्वभूतेषु मानवः। कामक्रोधौ तु संयम्य ततः सिद्धिं नियच्छति ।।** – शरीरबाट गरिएका कर्मका कारण मानिस स्थावर बन्दछ, वाणीद्वारा गरिएका अपराधका कारण मानिस पक्षी र जङ्गली जनावर बन्दछ र मनबाट गरिएका अपराधका कारण मानिस अन्त्यज भएर जन्मिन्छ । उक्त तीनप्रकारका दण्डलाई व्यवहारबाट हटाई काम र क्रोधमाथि संयम गरेर मानिसले सर्वत्र सिद्धिलाभ गर्दछ । – मनुस्मृ. १२/१०-११ ।

वस्त्रालङ्कारणादीनि यथाशक्ति प्रदापयेत् । उच्छिष्टसन्निधौ तस्य दर्भानास्तीर्य भूतले ।।
भूर्भुवः स्वःस्वधायुक्तैस्तस्मै दद्याद् बलित्रयम् । अश्वमेधसहस्रस्य वाजपेयशतस्य च ।।
यत्फलं तल्लभेदेवं यत्करोति यतिक्रियाम् ।

संन्यासीको नारायणबलि

बौधायनले भनेका छन् कि – संन्यासी मरेको बाह्रौं दिनमा नारायणबलि गरिदिनुपर्दछ । यसलाई पार्वणका साथमा गरिने कर्म मान्नुपर्दछ । विष्णुको महापूजा गरेर विष्णुलाई खीर निवेदन गर्नुपर्दछ र त्यसबेला सावधान मनले '**ॐ भूर्भुवः स्वः**' इत्यादि व्याहृतिहरूद्वारा अग्निमा हवन गर्नुपर्दछ ।

संन्यासीहरू, उत्तम गृहस्थ र विद्वान्‌सहित बाह्र जना पुरुषहरूलाई निमन्त्रणा दिएर भगवान् नारायणका चतुर्थ्यन्त बाह्र नाम – **केशवाय नमः, नारायणाय नमः, माधवाय नमः, गोविन्दाय नमः, विष्णवे नमः, मधुसूदनाय नमः, त्रिविक्रमाय नमः, वामनाय नमः, श्रीधराय नमः, पद्मनाभाय नमः, अनिरुद्धाय नमः** यी मन्त्रले गन्ध, पुष्प आदिद्वारा पूजन गरी ब्राह्मणहरूलाई हव्यान्न भोजन गराएर दक्षिणा दिनुपर्दछ । बाह्र जना उत्तम पुरुषहरूलाई दक्षिणा दिएपछि तेह्रौं दिन कुनै आत्मज्ञानी र जितेन्द्रिय विष्णुरूप ब्राह्मणको यथायोग्य विधिले पाद्य आदिद्वारा पूजा गरी पुरुषसूक्त उच्चारण गर्दै गन्ध, पुष्प समर्पण गर्नुपर्दछ । यथाशक्ति वस्त्र–अलङ्कार प्रदान गर्नुपर्दछ । जहाँनिर ब्राह्मणले भोजन गरेका छन् त्यस जमिनमा कुश बिछ्याएर त्यसमाथि **भूःस्वधा, भुवः स्वधा, स्वः स्वधा,** यसरी स्वधासहित तीनबलि दिनुपर्दछ । यसरी जसले संन्यासीको नारायणबलि किरिया गरिदिन्छ त्यसले १००० अश्वमेध यज्ञ र १०० वाजपेययज्ञ गरेको फल प्राप्त गर्दछ ।[५१]

शौनकमते नारायणबलिविचारः

शौनकस्तु –

शौनकोऽहं प्रवक्ष्यामि नारायणबलिं परम् । चाण्डालादुदकात् सर्पात् ब्राह्मणाद् वैद्युतादपि ।।
दंष्ट्रिभ्यश्च पशुभ्यश्च रज्जुशस्त्रविषाश्मभिः । देशान्तरमृतानां च मृतानां वाऽन्यसाधनैः ।।
जीवच्छ्राद्धमृतानां च कनिष्ठानां तथैव च । यतीनां योगिनां पुंसामन्येषां मोक्षकाङ्क्षिणाम् ।।
पुण्यायाघक्षयार्थाय द्वादशेऽहनि कारयेत् । द्वादश्यां श्रवणेऽब्दान्ते पञ्चम्यां पर्वणोस्तु वा ।।

इत्युक्त्वा पूर्वोक्तं सर्वं विधिमुक्त्वा अतो देवेति षड्भिः पुरुषसूक्तेन च प्रत्यृचं पायसं हुत्वा केशवादिद्वादशनामभिस्तद्रूपिणे पित्रे द्वादश विप्रान् सम्भोज्य तैरेव द्वादशपिण्डान् दद्यादित्यधिकमाह । युद्धमृते तु प्रागुक्तम् ।

शौनकको मतमा नारायणबलिविचार

शौनकले भनेका छन् – 'चाण्डाल, जल, सर्प, ब्राह्मण, चट्याङ, दाह्रा हुने पशु, डोरी, शस्त्र, विष र ढुङ्गाले मरेका, देशान्तरमा मरेका, अरू कुनै साधनले मरेका, ज्यूँदै श्राद्ध गरी मरेका, आफूभन्दा छोटो तह–तप्काका मानिसहरूको हातबाट मरेका मानिसहरूको नारायणबलि श्राद्ध र संन्यासी, योगी र मोक्ष चाहने मानिसहरूको नारायणबलिश्राद्ध

५१. भनिएको छ – जुन ब्राह्मणले यसरी संन्यासीको नारायणबलि गरिदिन्छ, त्यसले विष्णुलोक प्राप्त गर्दछ, यसमा कुनै संशय छैन । जस्तै– **एवं यः कुरुते विद्वान् नारायणबलिं द्विज । विष्णुलोकमवाप्नोति पुरुषो नात्र संशयः ।।** दौलतराम गौडद्वारा अनूदित निर्णयसिन्धुको यसै शीर्षकमा आधारित टिप्पणीबाट ।

पुण्यका लागि वा पापको नाश गर्नको लागि बाह्रौं दिनका दिन गरिदिनुपर्दछ ।' यसरी नारायणबलिश्राद्ध गर्दा **'अतो देवा०'** आदि छऋचा र पुरुषसूक्तका ऋचाहरूद्वारा खीरले हवन गरेर पहिले बताइएका विष्णुका बाह्रनामले विष्णुरूप पिताको उद्धारका निमित्त बाह्रजना ब्राह्मणलाई भोजन गराई उनै केशव आदि नामबाट बाह्र पिण्ड दिनुपर्दछ ।

अतो देवा आदि ऋचा यसप्रकार छन् –

अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे। पृथिव्याः सप्त धामभिः।।१।। इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम्। समूढमस्य पांसुरे ।।२।। त्रीणि पदा विचक्रमे विष्णुर्गोपा अदाभ्यः । अतो धर्माणि धारयन् ।।३।। विष्णोः कर्माणि पश्यत यतो व्रतानि पस्पशे । इन्द्रस्य युज्यः सखा।।४।। तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः। दिवीव चक्षुराततम्।।५।। तद्विप्रासो विपन्यवो जागृवांसः समिन्धते । विष्णोर्यत्परमं परम् ।।६।। (ऋ.म.सू. २२, मं. १६–२१)

सहस्रशीर्षा० इत्यादि पुरुषसूक्तको उल्लेख विभिन्न प्रकरणमा भइसकेको छ । विष्णुका १२ नाममन्त्र यसप्रकार छन् – १. केशवाय नमः, २. नारायणाय नमः, ३. माधवाय नमः, ४. गोविन्दाय नमः, ५. विष्णवे नमः, ६. मधुसूदनाय नमः, ७. त्रिविक्रमाय नमः, ८. वामनाय नमः, ९. श्रीधराय नमः, १०. हृषीकेशाय नमः, ११. पद्मनाभाय नमः, १२. अनिरुद्धाय नमः । यसैगरी युद्धमा मरेका मानिसको विषयमा पहिले बताइसकिएको छ ।

कृतजीवच्छ्राद्धे मृते सपिण्डानामाशौचादिकविचारः

कृतजीवच्छ्राद्धे मृते सपिण्डैराशौचादिकार्यं न वा । तदुक्तं हेमाद्रौ लैङ्गे –

मृते कुर्यान्न कुर्याद्वा जीवन्मुक्तो यतः स्वयम् । काले गते द्विजे भूमौ खनेद्वापि दहेत वा ।।
पुत्रकृत्यमशेषं च कृत्वा दोषो न विद्यते ।।

ज्यूँदै आफ्नो श्राद्ध गरेको मानिस मरेमा सपिण्डहरूलाई लाग्ने आशौचसम्बन्धी विचार

जीवच्छ्राद्ध गरेका मानिसको मृत्यु भएमा त्यसका निमित्त सपिण्डहरूले आशौच बार्नुपर्छ वा पर्दैन भन्ने प्रश्नको उत्तर दिँदै हेमाद्रिमा उद्धृत लिङ्गपुराणको वचनमा यसरी भनिएको छ – जीवच्छ्राद्ध गर्ने मानिस स्वयं जीवन्मुक्त भइसकेको छ । त्यसैले त्यस्तो मानिस मर्दा आशौचमा विकल्प छ । त्यसलाई भुईंमा गाडे पनि हुन्छ र दाह गरिदिए पनि हुन्छ । तर छोराले म सबै कुरा गर्छु भनेर सम्पूर्ण क्रियाका अङ्गहरू पूरा गरेमा पनि कुनै दोष लाग्दैन ।

कृतजीवच्छ्राद्धस्य बान्धवानां मरणे विचारः

जीवत्यपि विशेषस्तत्रैवोक्तः –

नित्यं नैमित्तिकं यत्तु कुर्याद्वा सन्त्यजेत वा । बान्धवेऽपि मृते तस्य नैवाशौचं विधीयते ।।
सूतकं च न सन्देहः स्नानमात्रेण शुद्ध्यति। एतद्योगिविषयम्, **'योगमार्गरतोऽपि च'** इति तस्याप्युक्तेः।

ज्यूँदै श्राद्ध गरेको मानिसलाई बान्धवहरू मरेमा लाग्ने आशौचसम्बन्धी विचार

हेमाद्रिमा उद्धृत लिङ्गपुराणको वचनमा भनिएको छ – ज्यूँदै आफ्नो श्राद्ध गरेका मानिसले नित्य एवं नैमित्तिककर्म गर्न हुन्छ र त्याग गरे पनि दोष लाग्दैन । त्यसका बन्धुहरू मरेमा त्यसले बन्धुहरूको आशौच बार्नुपर्दैन किनकि त्यसलाई आशौच लाग्दैन र त्यो स्नानमात्रबाट शुद्ध हुन्छ । ग्रन्थकार भन्दछन् – यो भनाइ योगीका लागि हो किनकि योगमार्गमा निरत भनी त्यहीं सपिण्डी योगीहरू मरेमा सद्यःशौच लाग्ने कुरा बताइएको छ ।

आहिताग्नौ प्रोषितमृते तदस्थिदाहात्पूर्वं पुत्रादीनामाशौचादिविचारः

तथा आहिताग्नौ प्रोषितमृते तदस्थिदाहात्पूर्वं पुत्रादीनामाशौचम् । सन्ध्यादिकर्मलोपश्च नास्ति ।

अनग्निमत उत्क्रान्तेराशौचादि द्विजातिषु । दाहादग्निमतो विद्याद् विदेशस्थे मृते सति ।।

इति स्मृतेः । आहिताग्नेर्दाहात्प्रागपि दशाहः संस्काराङ्गं च भिन्नो दशाह इति धूर्तस्वामी रामाण्डारश्च । तच्चिन्त्यम्, मूलैक्याद् वचोविरोधाच्च । एतत् प्रागुक्तम् ।

अग्निहोत्री परदेशमा मरेमा पुत्रहरूलाई आशौच

अग्निहोत्री परदेशमा मरेमा त्यसको अस्थिदाहभन्दा पहिले पुत्र आदि अधिकारीलाई आशौच लाग्दैन र सन्ध्या आदि कर्मको लोप पनि हुँदैन । **स्मृतिमा** भनिएको छ – 'अग्निहोत्र नगर्ने मानिसहरू परदेशमा मरेमा द्विजातिलाई आशौच लाग्दछ । अग्निहोत्री विदेशमा मरेमा जुन दिन दाह गरिन्छ त्यो दिनदेखि आशौच लाग्दछ ।' अग्निहोत्रीलाई दाह गर्नुभन्दा पहिले अर्थात् मृत्यु हुने समयदेखि पनि दशदिनको आशौच लाग्दछ भनिएको छ । किनकि संस्कारको अङ्ग आशौच जुन दशाह बार्नुपर्ने हुन्छ त्यो छुट्टै हुन्छ । अग्निहोत्री भएका कारण लाग्ने आशौच छुट्टै हुन्छ भन्ने कुरा **धूर्तस्वामी** र **रामाण्डारले** बताएका छन् । ग्रन्थकार भन्छन् – मूल एउटै र वचनमा विरोध देखिएकाले उक्त मत विचारणीय छ ।

विदेशे आहिताग्निमरणे शरीररक्षा विधेया

अत्र देहस्यैव सम्भवे दाहः ।

आहिताग्नौ विदेशस्थे मृते सति कलेवरम् । निधेयं नाग्निभिर्यावत्तदीयैरपि दह्यते ।। इति ब्राह्मोक्तेः।

विदेशमा अग्निहोत्रीको मृत्यु भएमा शरीरको रक्षा गर्नुपर्ने

ब्रह्मपुराणमा भनिएको छ कि – अग्निहोत्री विदेशमा मरेमा उसको शरीरलाई तेलको कराइ आदिमा डुबाएर राखिरहनुपर्दछ किनकि जबसम्म त्यसका उत्तराधिकारीहरूले अग्निद्वारा त्यसको शरीरको दाह गर्दैनन् तबसम्म त्यसरी राख्नुबाहेक अर्को उपाय छैन ।

मृतशरीरस्याप्राप्ते विचारः

तदभावे छन्दोगपरिशिष्टे –

विदेशमरणेऽस्थीनि आहृत्याभ्यज्य सर्पिषा । दाहयेद् बर्हिषाच्छाद्य पात्रन्यासादि पूर्ववत् ।।

अग्निहोत्रीको मृत शरीर प्राप्त नभएमा

छन्दोगपरिशिष्टमा भनिएको छ कि अग्निहोत्री देशान्तरमा मरेपछि त्यसको शरीर नभेटिएमा अस्थिहरू ल्याई घिउ दलेर कुशले ढाकिदिनुपर्दछ । त्यसपछि त्यसका अस्थिहरूको दाह गराउनुपर्दछ । पात्रहरूको विन्यास पहिलेजस्तै गर्नुपर्दछ ।

अस्थ्याद्यलाभे पलाशादिना दाहविधि कथनम्

अस्थ्नामलाभे पर्णानि शकलान्युक्तयावृता । दाहयेदस्थिसङ्ख्यानि ततः प्रभृति सूतकम् ।।

हेमाद्रौ षट्त्रिंशन्मते –

कुर्याद्दर्भमयं प्रेतं दर्भैस्त्रिशतषष्टिभिः । पालाशीभिः समिद्भिर्वा सङ्ख्या चैवं प्रकीर्तिता ।।

अग्निहोत्रीको अस्थि आदि नपाइएमा पलाशदाह

अग्निहोत्रीको अस्थि आदि नपाइएमा पलाशका पातले आफ्नो शाखाको अनुष्ठानविधिद्वारा दाह गर्नुपर्दछ । दाह गरेपछि सूतक आरम्भ हुन्छ । हेमाद्रिमा उद्धृत **षट्त्रिंशत्मतमा** भनिएको छ – ३६० कुशले प्रेतको शरीर निर्माण गर्नुपर्दछ र ३६० पलाशका समिधाहरू तयार गर्नुपर्दछ ।

तत्र पलाशादिना प्रेतदेहस्य कल्पना

भविष्ये – **चत्वारिंशत् शिरःस्थाने ग्रीवायां च दशैव तु । बाह्वोश्चैव शतं दद्याद्विंशतिं च तथोरसि।।**
उदरे विंशतिं दद्यात्त्रिंशतं कटिदेशयोः । ऊर्वोश्चैव शतं दद्यात्त्रिंशतं जानुजङ्घयोः ।।
पादाङ्गुलीषु दश वै एषा च प्रेतकल्पना ।। मदनरत्ने यज्ञपार्श्वः –
शिरस्यशीत्यर्द्धं दद्यात् ग्रीवायां तु दशैव तु । बाह्वोश्चैव शतं दद्यात् दश चैवाङ्गुलीषु च ।।
उरसि त्रिंशतं दद्याद्विंशति जठरोदरे । द्वादशार्द्धं वृषणयोरष्टार्द्धं शिश्न एव तु ।।
ऊर्वोश्चैकशतं दद्यात्त्रिंशतं जङ्घयोर्द्वयोः । पादाङ्गुलीषु द्वे दद्यादेतत्प्रेतस्य कल्पनम् ।।

पलाश आदिद्वारा प्रेतशरीरको कल्पना

भविष्यपुराणमा भनिएको छ कि कुशद्वारा निर्माण गरिने शरीरमा शिर तयार गर्दा ४० वटा कुशको प्रयोग गर्नुपर्दछ। दशवटा कुशद्वारा घाँटी बनाउनुपर्दछ । १०० कुशले दुईहात बनाउनुपर्दछ । २० कुशले छाती तयार गर्नुपर्दछ । २० कुशले पेट तयार गर्नुपर्दछ । कटिदेश बनाउँदा ३० वटा कुश प्रयोग गर्नुपर्दछ । दुवै जङ्घाहरूमा १०० वटा कुश राख्नुपर्दछ । दुवै नितम्बहरूमा १०० कुश राखिदिनुपर्दछ । १५-१५ कुशद्वारा जानु र जंघा बनाउनुपर्दछ । खुट्टाका औंलाहरूका निमित्त दशकुशको प्रयोग गर्नुपर्दछ । यसरी कुशद्वारा प्रेतको शरीरको कल्पना गरिन्छ । **मदनरत्नमा यज्ञपार्श्वले** भनेका छन् – शिरमा ४०, ग्रीवामा १०, दुवै हातमा ५०-५०, हातका अङ्गुलिमा १०, छातीमा ३०, पेटमा २०, अण्डकोशका अण्डहरूमा ३-३, लिङ्गमा ४, जंघामा ५०, जंघादेखि लिएर दुवै खुट्टाका पैतालासम्म प्रत्येक अङ्गमा १५-१५ गरी ३०, खुट्टाका औंलामा दुईकुशको विन्यास गरेर प्रेतको शरीररचना गर्ने प्रक्रिया बताइएको पाइन्छ ।

निर्मितप्रेतस्य मस्तकादौ नारिकेलादिकानां स्थापने विचारः

मस्तके नारिकेलं तु अलाबुं तालुके यथा । पञ्चरत्नं मुखे न्यस्य जिह्वायां कदलीफलम् ।।
चक्षुषोस्तु कपर्दौ द्वौ नासिकायां तु कालकम् । कर्णयोर्ब्रह्मपत्राणि केशे वटप्ररोहकाः ।।
नालकं कमलानां तु आन्त्रस्थाने विनिर्दिशेत् । मृत्तिका तु वसा धातुर्हरितालकगन्धकौ ।।
शुक्रं तु पारदं दद्यात् पुरीषे पित्तलं तथा । सन्धिषु तिलपिष्टं तु मांसे स्याद् यवपिष्टकम् ।।
मधु स्याल्लोहितस्थाने त्वचास्थाने मृगत्वचा । स्तनयोर्गुञ्जके (जम्बीरे) देये नासायां शतपत्रकम्।।
कमलं नाभिदेशे स्याद् वृन्ताके वृषणाश्रिते । लिङ्गे च रक्तमूलं तु परिधानं दुकूलकम् ।।
गोमूत्रं गोमयं गन्धं सर्वौषध्यादि सर्वतः ।। इति । क्रियानिबन्धे गारुडेऽप्येवमुक्त्वान्यदपि –
घृतं नाभ्यां तु देयं स्यात्कौपीने च त्रपु स्मृतम् । मौक्तिकं स्तनयोर्मूर्ध्नि कुङ्कुमेन विलेपनम् ।।
सिन्दूरं नेत्रकोणेषु ताम्बूलाद्युपहारकैः । सर्वौषधियुतं कृत्वा पूजां चैव यथोदिताम् ।। इदं निरग्नेरपि।

प्रेतको पुत्तलामा अङ्गकल्पना र पदार्थस्थापना

कुशद्वारा तयार गरिएको प्रेत शरीरको मस्तकमा नरिवल, तालुमा लौका, मुखमा पञ्चरत्न, जिब्रामा केराका पात, आँखाहरूमा कौडा, नासिकामा कालशाक नामक औषधि अर्थात् नरिचो, कानमा ब्राह्मी, केशमा वटवृक्षका लहरा, आन्द्रामा कमलको नाली, चर्वीको स्थानमा माटो, धातुको स्थानमा हरिताल र गन्धक, वीर्यस्थानमा पारो, विष्ठाको स्थानमा पित्तल, अङ्गसन्धिहरूमा तिलको पिना, मासुको स्थानमा जौको पिठो, रगतको स्थानमा मह, त्वचाको स्थानमा मृगको त्वचा, स्तनहरूमा ज्यामिर, नासिकामा सयपत्री फूल, नाभिमा कमल, अण्डकोशमा भन्टा, लिङ्गमा रातो मूला, ओढ्नका लागि दुपट्टा, गोमूत्र, गोबर, गन्ध र सर्वौषधि – कूठ, तालिशपत्र, हलेदो, कचूर, जटामसी, पत्थरकुङ्कुम, श्रीखण्ड, बोझो, चाँपो र मोथे गरी दशथरि द्रव्य मिसाएको औषधि चारैतिर राखिदिनुपर्दछ । **क्रियानिबन्ध र गरूडपुराणमा** पनि यसैगरी बताइएको छ । अन्यत्र भने नाभिमा घ्यू, लंगोटीमा राङ, स्तनमा मोती र कुंकुमको लेप, आँखाका कुनाहरूमा सिन्दूर राखेपछि ताम्बूल आदि उपहारका सामग्री र सर्वौषधिद्वारा प्रेतलाई सम्पन्न तुल्याएर विधिमा बताइएअनुसार पूजा गर्नुपर्दछ । यो प्रक्रिया अग्निहोत्र नगर्ने द्विजहरूका लागि हो ।

प्रोषितस्य द्वादशाब्दातिक्रमे विचारः

तत्रैव वृद्धमनुः –

प्रोषितस्य तथा कालो गतश्चेद् द्वादशाब्दिकः । प्राप्ते दयोदशे वर्षे प्रेतकर्माणि कारयेत् ।।

बृहस्पतिः – **यस्य न श्रूयते वार्ता यावद् द्वादशवत्सरात् । कुशपत्रकदाहेन तस्य स्यादवधारणा ।।**

भविष्ये – **पितरि प्रोषिते यस्य न वार्ता नैव चागमः । उर्ध्वं पञ्चदशाद्वर्षात्कृत्वा तत्प्रतिरूपकम् ।।**

कुर्यात्तस्य तु संस्कारं यथोक्तविधिना ततः । तदादीन्येव सर्वाणि प्रेतकार्याणि कारयेत् ।।

'द्वादशाब्दप्रतीक्षा पितृभिन्नविषया' इति मदनरत्ने उक्तम् । गृह्यकारिकायां तु –

तस्य पूर्ववयस्कस्य विंशत्योर्ध्वं ततः क्रिया । ऊर्ध्वं पञ्चदशाब्दात्तु मध्यमे वयसि स्मृता ।।

द्वादशाद्वत्सरादूर्ध्वमुत्तरे वयसि स्मृता । चान्द्रायणत्रयं कृत्वा त्रिंशत्कृच्छ्राणि वा सुतैः ।।

कुशैः प्रतिकृतिं दग्ध्वा कार्या शौचादिका क्रिया ।। इत्युक्तम् ।

परदेशमा गएका मानिसहरू बाह्रवर्षसम्म नआएमा

वृद्धमनुले भनेका छन् कि – देशान्तरमा गएको मानिस बाह्रवर्ष बितिसक्दा पनि आएन भने तेह्रौं वर्ष लागेपछि त्यसको प्रेतक्रिया गरिदिनुपर्दछ । **बृहस्पतिले** भनेका छन् – बाह्रवर्षसम्म त्यसको कुनै समाचारसम्म पनि नसुनिएमा कुशको पुत्तला दाह गरी त्यसको किरिया गराइदिनुपर्दछ । **भविष्यपुराणमा** भनिएको छ कि – पिता देशान्तरमा गएपछि छोराले उनको समाचार नसुनेमा पन्ध्रवर्षपछि पुत्तलादाह गरी पूर्वोक्तविधिले संस्कार गरिदिनुपर्दछ । **मदनरत्नमा** भनिएको छ कि – माथि जुन बाह्रवर्षसम्म पर्खनुपर्दछ भनिएको छ त्यो पितादेखि भिन्न व्यक्तिका लागि हो ।

गृह्यकारिकामा भनिएको छ – जीवनको पहिलो उमेरमा रहेका परदेशीका निमित्त बीसवर्षसम्म पर्खिनुपर्दछ । बीसवर्षपछि दाह आदि कर्म गरिदिनुपर्दछ । जवानीमा परदेशमा रहेका मानिसको पन्ध्रवर्षसम्म केही थाहा नभएमा पन्ध्रवर्ष पुगेपछि दाह आदि कर्म गरिदिनुपर्दछ । प्रौढ वा वृद्धहरूका निमित्त बाह्रवर्षसम्म प्रतीक्षा गरी नआएमा तेह्रौं वर्षमा दाह आदि क्रिया गरिदिनुपर्दछ । यसरी दाह गर्ने क्रममा छोराले सर्वप्रथम चान्द्रायणव्रत वा तीस कृच्छ्रव्रत गर्नुपर्दछ । कुशहरूद्वारा पुत्तला तयार गरी त्यसको दाह गरेर त्यसपछि शौच आदि कर्म गर्नुपर्दछ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ।

देशान्तरमृतस्य दिनाद्यज्ञाने

पराशरः- **देशान्तरगतो नष्टस्तिथिर्न ज्ञायते यदि । कृष्णाष्टमी ह्यमावास्या कृष्णा चैकादशी तथा।। उदकं पिण्डदानं च तत्र श्राद्धं च कारयेत् ।।** इदं मासज्ञाने ।

देशान्तरमा मरेका मानिसहरूको तिथि थाहा नभएमा

देशान्तरमा मरेका मानिसहरूको तिथि थाहा नभएमा **पराशरले** भनेका छन् कि – 'कुनै मानिस देशान्तरमा गएर मरेमा त्यसको तिथि थाहा भएन भने कृष्णपक्षको अष्टमी, अमावास्या र एकादशीतिथिलाई त्यसको तिथि मान्नुपर्दछ । तिनै तिथिमा उदकदान, पिण्डदान र श्राद्धकर्म गरिदिनुपर्दछ ।' यो भनाइ तिथि थाहा नभएको तर महिना थाहा भएको सन्दर्भका लागि हो।

आहिताग्न्यादीनामाशौचविचारः

तत्राहिताग्नेः पूर्णाशौचम् । अनाहिताग्नेस्तु त्रिरात्रम्, **'अनाहिताग्नेर्देहस्तु दाह्यो गृह्याग्निना स्वयम् ।'**

अग्निहोत्रीहरूको आशौचविचार

आहिताग्निहरूका लागि त पूरा आशौच लाग्दछ । अनाहिताग्निका निमित्त तीनरात आशौच लाग्छ । पूरा आशौच लाग्ने अग्निहोत्रीको शरीरलाई गृह्याग्निद्वारा दाह गरिदिनुपर्दछ ।

शरीरस्याप्राप्ते विचारः

तदलाभे पलाशानां वृन्तैः कार्यः पुमानपि । वेष्टितव्यस्तथा यत्नात् कृष्णसारस्य चर्मणा ।।
ऊर्णासूत्रेण बद्ध्वा तु प्रलेप्तव्यो यवैस्तथा । सुपिष्टैर्जलसम्मिश्रैर्दग्धव्यश्च तथाग्निना ।।
असौ स्वर्गाय लोकाय स्वाहेत्युक्त्वा स्वबान्धवैः ।।

शरीर प्राप्त नभएमा

परदेशमा मरेका अग्निहोत्रीको शरीर प्राप्त नभएमा पलाशका पातहरू जम्मा गरी त्यसबाट पुरुषको आकृति तयार गर्नुपर्दछ । कृष्णसार मृगको छालाले पुरुष आकृतिलाई बेरिदिनुपर्दछ । त्यसपछि ऊनको डोराले बाँधेर त्यो शरीरमा राम्ररी पिसिएको जौको पिठो लेपन गरिदिनुपर्दछ । तदनन्तर – '**अस्मात्त्वमधि जातोऽसि त्वदयं जायतां पुनः । असौ स्वर्गाय लोकाय स्वाहा ।।** (यजु. ३६, मं. २२)' यस मन्त्रले बान्धवसहित पुत्र आदिले त्यस पुरुषाकृतिको दाह गरिदिनुपर्दछ।

पर्णशरदाहानन्तरं सूतकविचारः

एवं पर्णशरं दग्ध्वा त्रिरात्रमशुचिर्भवेत् । इति ब्राह्मोक्तेः ।

पुत्तलादाहपछि सूतकविचार

पलाशका पातद्वारा निर्माण गरिएको शरीरलाई विधिपूर्वक दाह गरिसकेपछि तीनरात आशौच बार्नुपर्दछ भन्ने कुरा ब्रह्मपुराणमा बताइएको छ ।

पर्णशरस्य दशाहमध्ये दाहे विचारः

यदं त्रिरात्रं न दशाहमध्ये दाहे, तत्र '**प्रोषिते कालशेषः स्यात्**' इत्युक्तेः, किन्तु तदूर्ध्वम् । तत्र पत्नीपुत्रयोः

पूर्वमगृहीताशौचयोर्दशाहाद्येव । गृहीताशौचयोस्तु त्रिरात्रम् । पत्नीमृतौ भर्तुश्चैवं सपत्न्योश्चैवमिति स्मृत्यर्थसारे । अन्यसपिण्डानां तु सर्वत्र पर्णशरदाहे त्रिरात्रम् । तदाहाङ्गिराः – **'देशान्तरमृतं श्रुत्वा नाशौचं चेत्कथञ्चन ।'** गृहीतमिति शेषः । **'कालात्ययेऽपि कुर्वीत दाहकाले दिनत्रयम्'** इति । स्मृत्यर्थसारे तु – गृहीताशौचानां स्नानमात्रमुक्तम् ।

मरेको दशदिनभित्र पुत्तलादाह गरेमा

दश दिनभित्र दाह गरेमा तीनरात्रिको आशौच बार्नुपर्दैन त्यस बेला त दशदिन नै बार्नुपर्दछ । देशान्तरमा मरेको अवस्थामा कालशेष नै शुद्धिको हेतु हुन्छ भनिएको छ । तीनदिनको आशौच लाग्ने कुरा त दशदिन बितेपछि हो । जसले पहिले आफ्ना पति वा पिताको आशौच बारेका छैनन् त्यस्ता पत्नी र पुत्रले दशदिनपछि थाहा पाए पनि दशदिन नै बार्नुपर्दछ । पहिले मरेको थाहा पाएपछि आशौच बारिसकेकाले तीनरात बारे हुन्छ। **स्मृत्यर्थसार**मा भनिएको छ कि – पत्नी मरेमा पनि पतिले यसैगरी दशदिन बार्नुपर्दछ र पत्नीले आफ्नी सौताहरूको पनि यसैगरी दशदिन बार्नुपर्दछ । अरू सपिण्डहरूलाई त पलाशको पुरुष बनाई दाह गरेमा तीनदिनमात्र आशौच लाग्दछ ।

अङ्गिराले भनेका छन् कि – देशान्तरमा मरेको कुरा सुनेर यदि आशौच बार्न पर्दैन भनिएको छ भने पनि **कात्यायन**का मतमा पलाशको पत्रद्वारा निर्मित शरीरको दाह गरेपछि तीनदिन बार्नैपर्ने हुन्छ । **स्मृत्यर्थसार**मा भनिएको छ कि – आशौचका नियमहरूको पालन गरिसकेका मानिसले मानिस मऱ्यो भन्ने खबर सुन्नासाथ पर्णशरदाह अर्थात् पुत्तलादाह गरेपछि स्नानमात्र गरे हुन्छ ।

अतीतसंस्कारे आशौचनिर्णयः

बह्वृचपरिशिष्टेऽपि – अथातीतसंस्कारः स चेदन्तर्दशाहं स्यात्तत्रैव सर्वं समापयेदूर्ध्वमाहिताग्नेर्दाहात्सर्वमाशौचं कुर्यात्कर्म च यथाकालमन्येषु पत्नीपुत्रयोः पूर्वमगृहीताशौचयोः कर्माङ्गं त्रिरात्रमिति । षडशीतावप्येवम् ।

अतीतसंस्कारमा आशौचनिर्णय

बह्वृचपरिशिष्टमा भनिएको छ कि – परदेशमा अग्निहोत्री मरेर पलाशको पुरुष निर्माण गरी दाह गर्ने काम दशदिनभित्र नै भएको छ भने सम्पूर्ण कर्म त्यसैभित्र समाप्त गरिदिनुपर्दछ । त्यसपछि आहिताग्निको पर्णशरदाह गरिसकेपछि अरू कर्म यथासमयमा गर्नुपर्दछ । पर्णशरदाह गरेपछि पत्नी र पुत्रका निमित्त तीनरात आशौच लाग्छ भन्ने कुरा **षडशीति**मा बताइएको छ ।

प्रतिकृतिदाहे द्वादशवर्षादिप्रतीक्षोत्तरं दाहे च पुत्रादीनामाशौचविचारः

विश्वादर्शे तु – **'प्रतिकृतिदहने त्वग्निदे स्यात्त्रिरात्रम्'** इत्युक्तम् । द्वादशवर्षादिप्रतीक्ष्योत्तरं दाहे तु पुत्रादीनां सर्वेषां त्रिरात्रमेवेति कल्पतरुदिवोदासादयः ।

पुत्तलादाह आदिमा पुत्रहरूलाई आशौच

विश्वादर्शमा भनिएको छ कि – पर्णशरदाह गरेपछि तीनरात आशौच लाग्छ । बाह्रवर्षसम्म प्रतीक्षा गरी नआएमा तेह्रौं वर्षमा दाह गरेको खण्डमा पुत्र आदि सपिण्डहरूलाई तीनरातमात्र आशौच लाग्छ भन्ने कुरा **कल्पतरु** र **दिवोदास** आदिले बताएका छन् ।

प्रेतसंस्कारे कालविचार:

अथ प्रेतसंस्कारे काल: । हेमाद्रौ गार्ग्य: -

प्रत्यक्षशवसंस्कारे दिनं नैव विशोधयेत् । आशौचमध्ये संस्कारे दिनं शोध्यं तु सम्भवे ।।
आशौचविनिवृत्तौ चेत्पुन: संस्क्रियते मृत: । संशोध्यैव दिनं ग्राह्यमूर्ध्वं संवत्सराद्यदि ।।
प्रेतकार्याणि कुर्वीत श्रेष्ठं तत्रोत्तरायणम् । कृष्णपक्षश्च तत्रापि वर्जयेत्तु दिनक्षयम् (दिनत्रयम्)।।

वाराहे - चतुर्थाष्टमगे चन्द्रे द्वादशे च विवर्जयेत् । प्रेतकृत्यं व्यतीपाते वैधृतौ परिघे तथा ।।
करणे विष्टिसंज्ञे च शनैश्चरदिने तथा । त्रयोदश्यां विशेषेण जन्मतारात्रये तथा ।।

जन्मदशमैकोनविंशानि जन्मतारा: । भारते -

नक्षत्रे तु न कुर्वीत यस्मिन् जातो भवेन्नर: । न प्रौष्ठपदयो: कार्यं तथाऽऽग्नेये च भारत ।।

दारुणेषु सर्वेषु च विवर्जयेत् । कश्यप: -

भरण्यार्द्रामघाश्लेषा मूलं द्विचरणानि च । प्रेतकृत्येऽतिदुष्टानि धनिष्ठाद्यञ्च पञ्चकम् ।।
फाल्गुनीद्वितयं रोहिण्यनुराधापुनर्वसू । आषाढे द्वे विशाखा च भानि द्विचरणानि च ।।

एतानि किञ्चिद् दुष्टानि सम्भवे सति वर्जयेत् । ज्योतिर्नारद: -

चतुर्दशीं तिथिं नन्दां भद्रां शुक्रारवासरौ । सितेज्ययोरस्तमयं द्व्यङ्घ्रिभं विषमाङ्घ्रिभम् ।।
शुक्लपक्षं च सन्त्यज्य पुनर्दहनमुत्तमम् । वसूत्तरार्धत: पञ्चनक्षत्रेषु त्रिजन्मसु ।।
पौष्णब्रह्मर्क्षयोश्चैव दहनात् कुलनाशनम् । अस्यापवादमाह तत्रैव बैजवाप: -
प्रेतस्य साक्षाद्दग्धस्य प्राप्ते त्वेकादशेऽहनि । नक्षत्रतिथिवारादि शोधनीयं च किञ्चन ।।
युगमन्वादिसंक्रान्तिदर्शे प्रेतक्रिया यदि । दैवादापतिता तत्र नक्षत्रादि न शोधयेत् ।।

विश्वप्रकाशेऽपि -

गुरुभार्गवयोर्मौढ्ये पौषमासे मलिम्लुचे । नातीत: पितृमेध: स्याद् गयां गोदावरीं विना ।।

प्रेतको संस्कारमा समयविचार

अब प्रेतको संस्कार गर्दा समयको विचार गरिँदैछ - हेमाद्रिमा गार्ग्यले भनेका छन् कि - प्रत्यक्षरूपमा शवको संस्कार गर्दा कुनै तिथि आदि हेर्नुपर्दैन । आशौचको बीचमा संस्कार गरिएमा भने यथासम्भव दिन हेरेर शोधन गर्नुपर्दछ। आशौचको निवृत्तिपछि यदि मृतकको संस्कार गर्नुपर्‍यो भने दिन हेरेर नै गर्नुपर्दछ । परदेशमा वा अन्यत्र एकवर्षभन्दा पहिले मरेका प्रेतको एकवर्षपछि घरमा संस्कार गर्नुपर्‍यो भने उत्तरायणमा गरिदिनुपर्दछ । उत्तरायणमा पनि कृष्णपक्षको तीनदिन अर्थात् त्रयोदशी, चतुर्दशी र अमावास्या छाडेर संस्कार गर्नुपर्दछ अथवा तिथिक्षय भएको दिन छाड्नुपर्दछ ।

वाराहपुराणमा भनिएको छ कि - संस्कार गर्दा चौथो, आठौं र बाह्रौं चन्द्रमाको त्याग गर्नुपर्दछ । व्यतीपात, वैधृति र परिघ योगलाई छाडी दिनुपर्दछ । विष्टिसंज्ञक करण र शनिवारका दिन पनि प्रेतकार्यका निमित्त लिन हुँदैन । विशेष गरेर त्रयोदशीतिथि र तीन जन्मतारामा संस्कार गर्न हुँदैन । तीन जन्मताराको अर्थ जन्मेको नक्षत्र, जन्मनक्षत्रदेखि दसौं नक्षत्र र जन्मनक्षत्रदेखि उन्नाइसौं नक्षत्र हो ।[५२]

५२. जन्मतारा भनी जन्मनक्षत्र त्योभन्दा अघिल्लो नक्षत्र र पछिल्लो नक्षत्र लिने मतहरू पनि शास्त्रमा पाइन्छन् ।

महाभारतमा भनिएको छ कि जुन नक्षत्रमा मनुष्य पैदा भएको छ त्यस नक्षत्रमा संस्कार गर्न हुँदैन । पूर्वभाद्रपद, उत्तरभाद्रपद र कृत्तिकानक्षत्रमा पनि संस्कार गर्न हुँदैन । आर्द्रा, अश्लेषा, ज्येष्ठा र मूलनक्षत्रमा पनि संस्कार गर्न हुँदैन र प्रत्यरिनक्षत्र अर्थात् जन्मनक्षत्रदेखि पाँचौं नक्षत्र, चौधौं नक्षत्र र त्याइसौं नक्षत्रमा पनि संस्कार गर्न हुँदैन ।

कश्यपले भनेका छन् – भरणी, आर्द्रा, मघा, अश्लेषा, मूल र दुईचरण नक्षत्र प्रेतकृत्यमा दुष्ट मानिएका छन् । धनिष्ठादेखि पाँचनक्षत्रको पञ्चकलाई छाड्नुपर्दछ, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, रोहिणी, आर्द्रा, पुनर्वसु, पूर्वाषाढा, उत्तराषाढा, विशाखा, दुईचरण नक्षत्र कहलाउँछन् । यी केही दूषित नक्षत्र हुन्, सम्भव भएसम्म यिनलाई छाड्नुपर्छ ।

ज्योतिर्नारद भन्दछन् – चतुर्दशी, प्रतिपदा, षष्ठी, एकादशी, द्वितीया, सप्तमी र द्वादशी, शुक्रवार, मङ्गलवार, गुरु एवं शुक्रको अस्त अवस्था, दुईचरण नक्षत्र, तीनचरण नक्षत्र र शुक्लपक्ष छाडेर पुनः दाह गर्नु राम्रो हुन्छ । धनिष्ठाका उत्तरार्धका पाँचनक्षत्र कुम्भ र मीनको चन्द्रमामा, तीन जन्मताराहरूमा, रेवती र रोहिणीनक्षत्रहरूमा दाह गर्दा कुलको नाश हुन्छ ।

वैजवापले माथिको भनाइको अपवाद प्रस्तुत गर्दै भनेका छन् – साक्षात् प्रेतलाई दाह गरेपछि पुनः दाह गर्दा एघारौं दिन नक्षत्र, तिथि, वार आदि कुनै पनि कुराको शोधन गर्नुपर्दैन । प्रेतक्रियामा दैववश युगादि, मन्वादि, संक्रान्ति र अमावास्या प्राप्त भएमा नक्षत्र आदिको शोधन गर्नुपर्दैन । **विश्वप्रकाश**मा भनिएको छ– गुरु–शुक्र अस्त भएको अवस्थामा, पौषमहिनामा र मलमासमा, गया र गोदावरी छाडी अन्यत्र अतीतकालिक मृत्युमा आधारित पितृकर्म गर्न हुँदैन ।

भद्रादौ दाहे दानादिकथनम्

दानमपि तत्रैवोक्तम् –

भद्रायां भूमिदानं स्यात्त्रिपादर्क्षे हिरण्यदः । वारेषु तत्तद् वर्णं तु वासोदानं विधीयते ।।

भद्रामा दाह गरिएमा वस्त्रादिदान

भद्रामा भूमिदान, त्रिपादनक्षत्रमा सुवर्णदान, वारहरूमा ग्रहहरूको वर्णअनुसारका वस्त्रहरूको दान गर्नुपर्दछ भन्ने कुरा विश्वप्रकाशमा नै बताइएको छ ।

धनिष्ठापञ्चकमृतस्य पञ्चरत्नादिदानम्

धनिष्ठापञ्चकमृते पञ्चरत्नानि दापयेत् । एकाशीतिपलं कांस्यं तदर्द्धं वा तदर्द्धकम् ।।
नवषट्त्रिपलं वापि दद्याद् विप्राय शक्तितः ।। इत्यलं प्रसङ्गेन । हेमाद्रौ वृद्धमनुः –
अमृतं मृतमाकर्ण्य कृतं यस्यौर्ध्वदेहिकम् । प्रायश्चित्तमसौ स्मार्तं कृत्वाग्नीनादधीतं च ।।

धनिष्ठापञ्चकमा मृत्यु भएमा पञ्चरत्नदान

धनिष्ठापञ्चकमा अर्थात् धनिष्ठादेखि पाँचौं नक्षत्र रेवतीसम्म मृत्यु भएमा सुन, हीरा, मुक्ता, पद्मराग र मोती नामक पञ्चरत्नको दान गर्नुपर्दछ । यदि पञ्चरत्नको प्राप्ति नभएमा सुवर्णमात्रको दान गरे पनि हुन्छ । पञ्चरत्न दान गर्दा काँसको पनि दान गर्ने कुरा बताइएको छ । ८१ पल काँस अथवा त्यसको आधा, अथवा त्यसको आधा त्यसो नभएमा नौपलमात्र त्यो पनि नभएमा छपल त्यो पनि छैन भने तीनपलमात्र भए पनि काँस ब्राह्मणलाई दान गरी दिनुपर्दछ ।

हेमाद्रिमा **वृद्धमनु**ले भनेका छन् – जुन मानिस मरेको छैन त्यो मानिसलाई मऱ्यो भन्ने सुनेर त्यसको और्ध्वदेहिक संस्कार गरेकोमा पछि नमरेको भन्ने कुरा थाहा पाउँदा स्मृतिसम्मत प्रायश्चित्त गरेर अग्निको आधान गर्नुपर्दछ ।

और्ध्वदेहिकसंस्कारे सति मृतघोषितस्य जीवितरूपेणागमने

जीवन्यदि समागच्छेत् घृतकुम्भे निमज्य तम् । उद्धृत्य स्नापयित्वाऽस्य जातकर्मादि कारयेत् ।।
द्वादशाहं व्रतचर्या त्रिरात्रमथवास्य तु । स्नात्वोद्वहेत्ततो भार्यामन्यां वा तदभावतः ।।
अग्नीनाधाय विधिवद् व्रात्यस्तोमेन वा यजेत् । अथैन्द्राग्नेन पशुना गिरिं गत्वा च तत्र तु ।।
इष्टिमायुष्यतीं कुर्यादीप्सिताँश्च क्रतूँस्ततः । अनाहिताग्नेस्तु चरुः ।

और्ध्वदेहिकसंस्कार गरिसकेपछि मरेको भनिएको मानिस ज्यूँदै आएमा

मरेको भनिएको मानिस संस्कार गरिसकेपछि ज्यूँदै घरमा आएमा त्यसलाई घ्यूले भरिएको ठूलो गाग्रोमा डुबाइदिनुपर्दछ। गाग्रोमा डुबाएर बाहिर निकालेपछि स्नान गराई जातकर्मदेखि लिएर विवाहसम्मका सम्पूर्ण संस्कार गराइदिनुपर्दछ । त्यसले १२ दिन या तीनरात त्यसले व्रत गर्नुपर्दछ । यसरी व्रतचर्या गरी स्नान गरेपछि त्यसले आफ्नी स्त्री जीवित भएमा उनैसँग र जीवित नभएमा अन्य कुनै स्त्रीसँग विवाह गर्नुपर्दछ । त्यसले विधिवत् अग्निको आधान गर्नुपर्दछ अथवा व्रात्यस्तोम नामक यज्ञ अर्थात् व्रात्य द्विजद्वारा शुद्धिका लागि गरिने यज्ञविशेष गर्नुपर्दछ । त्यसपछि पर्वतमा गएर ऐन्द्राग्न पशु इष्टिद्वारा आयुःकामेष्टि गरी आफूले चाहेका यज्ञ गर्नुपर्दछ । आयुकामेष्टिका साथै अन्य यज्ञ पनि गर्न सकिन्छ । यो कुरा अग्निहोत्रीका निमित्त विधान गरिएको हो । अग्निहोत्र नलिने मानिसले त चरुद्वारा हवन गर्नुपर्दछ ।

मृतवार्ताश्रवणे विचारः

मृतवार्ताश्रवणे त्वाश्वलायनः – **'सुरभय एव यस्मिन् जीवे मृतशब्दः'** इति । यस्य तु जीवत एव मृतिवार्तां श्रुत्वा स्त्रिया सहगमनं कृतं तदा तद्वैधमेव, भर्तृमरणज्ञानस्यैव निमित्तत्वात्प्रमात्वस्य गौरवेणायुक्तत्वाच्चेति केचित् । तन्न, मरणज्ञानस्य निमित्तत्वेऽतीतानागतयोरपि तथात्वापत्तेः, भर्तुर्वैधदाहाभावेन तस्याः सहगमनाभावाच्च । तस्मादाशौच–वज्ज्ञातमरणस्यैव निमित्तत्वम् । न चात्र तदस्ति । परं काम्यं मरणमस्तु । अत आत्महननदोषोऽस्तीति तातपादाः ।

मरेका मानिसको समाचार श्रवणसम्बन्धमा

आश्वलायनले भनेका छन् कि – 'कुनै परदेशमा गएको मानिस जीवितै भएता पनि मरेको भन्ने खबर सुनिएको अवस्थामा उसकी पत्नी समाचारको भरमा सती गइन् भने ती शास्त्रकै विधिअनुसार सती गएकी हुन्छिन् । तिनको अनुगमनलाई अशास्त्रीय भन्न मिल्दैन किनकि पतिको मृत्यु भएको समाचार थाहा पाउनु नै उनका निमित्तमा सती जाने कारण बन्न गएको हुन्छ । त्यस्तो स्थितिमा प्रमाणको गुरुता आवश्यक हुँदैन भनी कसैले भनेका छन् । तर यो कुरा ठीक होइन किनकि पतिको मृत्युको खबर सुनेरमात्र गरिने अनुमरण त्रुटिपूर्ण देखिन्छ । मरणज्ञानलाई मात्र निमित्त मानेमा भूतकाल र भविष्यकालका घटनाहरूमा पनि विनाप्रमाण व्यवहार गर्दा यस्तै आपत्ति देखिनेछ । किनकि विगतसमयमा यस्तो घटना घटेको सुनिएको छ, तिमी त्यसै वंशका मानिस हौ, तिमीले यो कर्म गरिदिनुपर्छ भनी कसैको कुरा सुनेर कर्म गर्नुपर्नेछ । यसैगरी भविष्यमा यस्तो घटना घट्नेछ भन्ने कसैको आनुमानिक भविष्यवाणीका आधारमा कुनै कर्म गर्नुपर्ने आपत्ति आउनेछ । पतिको विधिपूर्वक दाह नगरिएको अवस्थामा प्रमाण नभईकन सती जाने काम हुनसक्दैन । जसरी कुनै मानिस मरेको प्रमाणित भएपछि आशौच बारिन्छ त्यसैगरी सती नारीले पनि आफ्ना पतिको मृत्यु भएको प्रमाणित भएमा मात्र अनुगमन गर्नुपर्दछ । त्यसकारण प्रमाणद्वारा ज्ञात हुन आएको मरणमा नै सहगमनको निमित्तता रहेको हुन्छ।

मरणको अप्रमाणिक समाचार सुनेर कुनै सतीले अनुगमन गर्दछिन् भने त्यसमा प्रामाणिकता हुँदैन ।

कसैले यहाँ भन्न सक्छन् – त्यसो भए खबर सुनेपछि पतिको कल्याण चिताएर पत्नीले काम्यमृत्युको वरण गरे हुन्छ त्यसमा दोष लाग्दैन ? यस प्रश्नको उत्तर दिँदै मेरा पूज्य पिताजीले भन्नुभएको छ कि – त्यसरी काम्यमृत्युको वरण गर्दा आत्महत्याको दोष लाग्दछ ।

सर्पसंस्कारविधिः

तथा सर्पसंस्कारकृते त्रिरात्रमाशौचम् । तद्विधिं चाह शौनकः –

अथ वक्ष्यामि सर्पस्य संस्कारविधिमुत्तमम् । सिनीवाल्यां पौर्णमास्यां पञ्चम्यां वापि कारयेत् ।।
कृतसर्पवधो विप्रः पूर्वजन्मनि वा यदि । वधं प्रख्यापयेत् पापी चरेत्कृच्छ्राँश्चतुर्दश ।।
विप्राय लोहदण्डं च तन्मूल्यं वापि दापयेत् ।। याज्ञवल्क्योऽपि 'उरगेष्वायसो दण्डः' इति । मूल्यमाह–
निष्कत्रयं द्विनिष्कं वा निष्कमेकं कनीयसम् । अनुमत्यादिकर्तॄणां निष्कमर्धं तदर्धकम् ।।
इदं स्वर्णरूप्ययोः शक्त्या ज्ञेयम् ।
संस्कारमाह – **प्रियङ्गुव्रीहिगोधूमैस्तिलपिष्टेन वा पुनः । कृत्वा सर्पाकृतिं शूर्पे निधाय प्रार्थयेदहिम्।।**
वस्त्रोपवीतगन्धाद्यैः सम्पूज्य च हरेद् बहिः । कुर्यात्संस्कारसङ्कल्पं प्राणायामपुरःसरम् ।।
यज्ञेपवीतिना कार्यं सर्पसंस्कारकर्म च । लौकिकाग्निं प्रतिष्ठाप्य समिदाधानमाचरेत् ।।
ततोऽग्नेरग्निदिग्भागे भूमिं सम्प्रोक्ष्य वारिभिः । चितिं कृत्वाथ संस्तीर्य कुशैराग्नेयकाग्रकैः।।
पर्युक्ष्याग्निं परिस्तीर्य परिषिच्य समर्चयेत् । कृत्वेध्माधानमाघारौ चक्षुषी च यथाविधि ।।
सर्पं गृहीत्वा यत्नेन चितिमारोपयेत्सुधीः । स्रुवेण जुहुयादाज्यमग्नौ व्याहृतिभिस्त्रिभिः ।।
सर्पास्ये जुहुयादाज्यं व्याहृत्या च समग्रया । आज्यशेषं स्रुवेणैव सर्पदेहे निषेचयेत् ।।
चमसस्थैर्जलैः सर्पं व्याहृत्याभ्युक्ष्य पाणिना । अग्ने रक्षाण इत्यनया सर्पायाग्निं प्रदापयेत् ।।
उपतिष्ठेद्दह्यमानं नमोऽस्तु सर्पमन्त्रतः । ज्ञानतोऽज्ञानतो वापि कृतः सर्पवधो मया ।।
पूर्वजन्मनि वा सर्प ! तत्सर्वं क्षन्तुमर्हसि । क्षीराज्येन ततश्चाग्निं प्रोक्ष्य व्याहृतिभिर्जलैः ।।
नास्थिसञ्चयनं कुर्यात्स्नात्वाचम्य गृहं व्रजेत् । ब्रह्मचर्यादिकं कार्यं त्रिरात्राशौचमिष्यते ।।
सचैलं तु चतुर्थेऽह्नि स्नात्वा विप्रान् समर्चयेत् । सर्पोऽनन्तस्तथा शेषः कपिलो नाग एव च ।।
कालिकः शङ्खपालश्च भूधरश्चेति नामभिः । गन्धपुष्पाक्षतैर्धूपदीपाद्यैरर्चयेद् द्विजान् ।।
घृतपायसभक्ष्यैश्च द्विजानष्टौ च भोजयत् । एवं कृते विधानेन सर्पसंस्कारकर्मणि ।।
सर्पहिंसाकृतात्पापान्मुच्यते नात्र संशयः ।। इति सर्पसंस्कारः ।

सर्पसंस्कारविधि

सर्पको संस्कार गर्दा तीनरात आशौच लाग्छ । यसको विधि बताउँदै शौनकले भनेका छन् – अमावास्या अथवा पूर्णिमा अथवा पञ्चमीमा सर्पसंस्कार गर्नुपर्दछ । यो जन्म वा पूर्वजन्ममा कुनै ब्राह्मणले सर्प मारेका छन् भने ती पापी ब्राह्मणले 'मैले सर्प मारें' भन्ने कुरा सबैलाई सुनाउनुपर्दछ । त्यसपछि १४ कृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ । फलामको दण्ड

तयार गरी ब्राह्मणलाई दान गर्नुपर्दछ अथवा त्यसलाई लाग्ने मूल्य दिनुपर्दछ ।

याज्ञवल्क्यले पनि भनेका छन् कि – 'सर्पको हत्या गरेमा ब्राह्मणलाई फलामको छडी दान गर्नुपर्दछ अथवा फलामको दण्डका लागि उचित मूल्य दान गर्नुपर्दछ ।' **याज्ञवल्क्यले** पनि भभेका छन् – सर्पहत्या गरेकोमा फलामको दण्ड दान गर्नुपर्दछ अथवा चाँदीको तीननिष्क, दुईनिष्क अथवा एकनिष्क अथवा आधानिष्क दिनुपर्दछ अथवा त्यसै आधारमा प्रचलित समयको मुद्रा दिनुपर्दछ । अनुमति दिने मानिसहरूले जे भन्दछन् त्यसरी पनि दिन सकिन्छ। फलामको दण्ड दिनुपर्ने कुरा अशक्त व्यक्तिका लागि भनिएको हो । शक्ति भएमा चाँदी वा सुवर्णको छडी पनि दिन सकिन्छ।

त्यसपछि सर्पसंस्कार बताउँदै भनिएको छ – पहेंलो सर्स्युँ, धान अथवा जौ, गहुँ अथवा तेलको पिनाले सर्पको आकार तयार गरी त्यो आकारलाई नाङ्लोमाथि राखेर सर्पको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे सर्प ! तिमी मद्वारा पहिले मारिएका थियौ । अहिले यहाँ आएर यो पिठोद्वारा तयार गरिएको आकृतिमा प्रवेश गर । म तिम्रो संस्कारका लागि सावधान भएर भक्तिपूर्वक प्रार्थना गरिरहेको छु ।' यसरी प्रार्थना गरेपछि वस्त्र, यज्ञोपवीत, गन्ध आदिले सर्पको प्रतिमामा पूजा गरी नाङ्लो घरबाहिर लिएर जानुपर्दछ । प्राणायाम गरेर सर्पसंस्कारको सङ्कल्प गर्नुपर्दछ ।

सर्पसंस्कार गर्दा सव्य भई लौकिक अग्निको प्रतिष्ठा गरेर समिधाको आधान गर्नुपर्दछ । त्यसपछि आग्नेय दिशातिर गई जलले भूमिमा सिञ्चन गरेर चिता तयार गरी आग्नेयकोणमा कुश बिछ्याएर त्यसमाथि सिञ्चन गरी अग्नि राखेर जलले सिञ्चन गरेपछि पूजा गर्नुपर्दछ । तदनन्तर समिधा राखेपछि **प्रजापतये स्वाहा, इन्द्राय स्वाहा॰** इत्यादि मन्त्रबाट आघार होम गर्नुपर्दछ । तदनन्तर आज्यभाग होम गर्दा **अग्नये स्वाहा** र **सोमाय स्वाहा** मन्त्र जप्नुपर्दछ । यसरी विधिपूर्वक आहुति दिएपछि सर्पलाई यत्नपूर्वक ग्रहण गरेर चितामा राख्नुपर्दछ । त्यसपछि सुरोले अग्निमा घ्यू चढाउँदै **ॐ भूः भुवः स्वः** यी तीनव्याहृति उच्चारण गरी हवन गर्नुपर्दछ । सर्पको मुखतर्फ व्याहृतिद्वारा घ्यूको हवन गर्नुपर्दछ । आज्यशेषलाई सुराले नै सर्पको शरीरमा सेचन गर्नुपर्दछ । दाबिलोको आकारको पात्रलाई चमस भनिन्छ, व्याहृति पढ्दै चमसमा राखिएको जलले आफ्नो हातद्वारा अभ्युक्षण गर्नुपर्दछ । **अग्नि रक्षा णो अंहसः प्रति ष्म देव रीषतः । तपिष्ठैरजरो दह ।।** (ऋ. ७/१५/१३)' यस ऋचाले सर्पको आकृतिलाई दागबत्ती दिनुपर्दछ । सर्पदाह हुनथालेपछि **नमो अस्तु सर्पेभ्यो ये के च पृथिवीमनु । ये अन्तरिक्षे ये दिवितेभ्यः सर्पेभ्यो नमः ।** (ऋ.प.)' मन्त्र पढ्दै उभिएर भन्नुपर्दछ कि – 'हे सर्प ! यो जन्ममा मैले ज्ञान वा अज्ञानले तिम्रो वध गरेको छु, अथवा अघिल्लो जन्ममा तिम्रो वध गरेको रहेछु । मबाट भएको सर्पवधको दोषलाई क्षमा गरिदेऊ ।' यसरी प्रार्थना गरेपछि दूध, घ्यू र जल चढाउँदै व्याहृतिद्वारा अग्निको प्रोक्षण गर्नुपर्दछ । सर्पसंस्कारमा अस्थिसञ्चयन गरिँदैन । स्नान र आचमन गरेपछि घर आउनुपर्दछ। ब्रह्मचर्य धारण गरी तीनरातसम्म आशौच बार्नुपर्दछ । चौथो दिन सचैल स्नान गरेर ब्राह्मणपूजा गर्नुपर्दछ । सर्प, अनन्त, शेष, कपिल, नाग, कालिक, शङ्खपाल र भूधर यी सर्पका नामहरूबाट गन्ध, पुष्प, चामल, धूप, दीप आदि चढाई ब्राह्मणहरूको पूजा गर्नुपर्दछ । घ्यू, खीर र अनि मीठा वस्तुहरू प्रदान गरेर आठजना ब्राह्मणलाई भोजन गराउनुपर्दछ । यसरी सर्पको संस्कारविधि सम्पन्न गरेमा सर्प मारेको पापबाट मानिस मुक्त हुन्छ । यसमा कुनै संशय छैन । सर्पसंस्कार यही हो ।

जीवतोऽप्यन्त्यकर्माशौचम्

क्वचित्तु जीवतोऽप्यन्त्यकर्माशौचं कार्यम् । यथा प्रायश्चित्तानिच्छोः पतितस्य घटस्फोटे –

पतितस्योदकं कार्यं सपिण्डैर्बान्धवैर्बहिः । निन्दितेऽहनि सायाह्ने ज्ञात्यृत्विग्गुरुसन्निधौ ।।

दासी घटमपां पूर्णं पर्यस्येत्प्रेतवत्पदा । अहोरात्रमुपासीरन्नाशौचं बान्धवैः सह ।।

इति मनूक्तेः । **निन्दिते** – रिक्तादौ ।

जीवित व्यक्तिको पनि आशौचविधान

कताकहीँ जीवित व्यक्तिको पनि अन्त्यकर्मको आशौच बार्नुपर्दछ भन्ने कुरा बताइएको छ । जस्तै प्रायश्चित्त गर्न नचाहने पतितको घटस्फोटकर्मद्वारा बहिष्कार गरेपछि त्यो पतित जीवितै भए पनि त्यसको आशौच बार्नुपर्ने कुरा शास्त्रमा बताइएको छ । मनुले भनेका छन् – सपिण्ड बान्धवसहित पतितको उदककार्य गर्नुपर्दछ । त्यो कार्य गर्दा रिक्ता आदि निन्दित तिथिमा सायङ्काल अर्थात् दिनको पाँचौं भागमा आफ्ना जातिका मानिस, वेदपाठी र गुरुको उपस्थितिमा दासीले पानीले भरिएको गाग्रोलाई प्रेतजस्तै अर्थात् मरेको मानिसजस्तै मानी लात्तीले प्रहार गरी बाहिर फ्याँकिदिनुपर्दछ । यसरी दासीद्वारा घटस्फोट गराएपछि आशौचीले बान्धवहरूका साथ घर फर्केर अहोरात्र केही नगरी बसिरहनुपर्दछ ।

अपरार्के वसिष्ठोऽपि – **'वेदविप्लावकशूद्रयाजकोत्तमवर्णवर्गपतितास्तेषां पात्रनिनयनमपात्रसंस्कारादकृत्स्नं पात्रमादाय दासोऽसवर्णपुत्रो वा बन्धुरसदृशो वा गुणहीनः सव्येन पादेन प्रवृत्ताग्रान् दर्भान् लोहितान् वोपस्तीर्यापः पूर्णं पात्रमस्मै निनयेत् निनेतारं चास्य प्रकीर्णकेशा ज्ञातयोऽन्वालभेरन्नपसव्यं कृत्वा गृहेषु स्वैरमापद्येरन्नत ऊर्ध्वं तेन तं धर्मयेयुस्तद्धर्माणस्तं धर्मयन्तः'** इति । उत्तमवर्णा – ब्राह्मणादयः तेषां वर्गः समूहस्तस्मात्पतिता ब्रह्महादयः । **अपात्रसंस्कारः** – कुत्सितपात्रसमूहः । **प्रवृत्ताग्राः** – छिन्नाग्राः । **स्वैरम्**-यथेच्छं धर्मादिकार्यं कुर्युः । अस्माद्वचनसामर्थ्यात्पात्रनिनयनात् प्राक्पतितज्ञातीनां धर्मकार्येष्वधिकारो नास्तीत्यपरार्कः।

अपरार्कमा **वसिष्ठ**ले भन्दछन् – 'वेदको नाश गर्ने र शूद्रका घरमा गई पौरोहित्य गर्ने ब्राह्मण उत्तम ब्राह्मणवर्गबाट पतित हुन्छन् । ती ब्राह्मण पतित भएपछि तिनका यज्ञीय पात्र पनि कुत्सित वा निन्दित बन्दछन् । तिनको उद्धारका लागि अपात्रसंस्कार गर्नुपर्दछ । अपात्रसंस्कार गर्दा पात्रनिनयन अर्थात् सम्पूर्ण यज्ञीय पात्र चोख्याउने कर्म गरिन्छ । त्यस क्रममा पतित मानिसका सम्पूर्ण पात्रलाई दास, बन्धु अर्थात् अयोग्य ब्राह्मण, विजातीय पुत्रजस्तै गुणहीन मानिसले बायाँ खुट्टाले जरो छिनालेका कुश वा राता वर्णका कुश बिछ्याई ती कुशमाथि राख्नुपर्दछ । त्यसपछि ती पात्रहरूमा जल भर्नुपर्दछ । जलले पूर्ण भएका ती पात्रलाई उपर्युक्त दास, बन्धु, विजातीय पुत्र वा गुणहीन व्यक्तिमध्ये कुनै एकले पतितका आफन्तहरूसामु लैजानु पर्दछ । जलपूर्ण पात्र ल्याउने व्यक्तिलाई केश खुला गराएर पतितका सम्बन्धीहरूले स्पर्श गर्नुपर्दछ । ती स्पर्श गर्ने आफन्तहरूले अपसव्य भएर आफ्नो घरमा प्रवेश गर्नुपर्दछ । त्यसपछिका दिनहरूमा त्यस पतितलाई परम्परागत धर्म र संस्कारले सम्पन्न बनाई आफूसमान तुल्याउनुपर्दछ ।' उक्त **अपरार्क**को वचनमा परेको **'उत्तमवर्णवर्गपतिताः०'** पदको अर्थ यसप्रकार छ – उत्तम वर्ण – ब्राह्मण तिनीहरूको वर्ग – समूह त्यसबाट पतित अर्थात् तल खसेका ब्रह्महत्या गर्ने पतितहरू भन्ने अर्थ हुन्छ । अपात्रसंस्कारको अर्थ कुत्सितपात्रहरूको सामूहिकसंस्कार हो । **प्रवृत्ताग्रान्** पदको अर्थ टुप्पोबाट दुईटुक्रा पारिएका कुश हो । **स्वैरम्**को अर्थ आफ्नो इच्छाअनुसार भन्ने हो ।

माथिको प्रसङ्गमा आएको **स्वैरम्** पदबाट पतितका आफन्तहरूले पात्रनिनयनकर्म गरेपछि इच्छाअनुसार धर्मकार्य गरून् भन्ने अर्थ स्पष्ट हुन्छ । यस वचनको सामर्थ्यबाट पात्रनिनयनभन्दा पहिले पतित ब्राह्मणका आफन्तहरूलाई धर्मकर्ममा अधिकार नहुने कुरासमेत स्पष्ट हुन्छ भन्ने कुरा **अपरार्क**ले बताएका छन् ।

'तस्य विद्यागुरून् योनिसम्बन्धाँश्च सन्निपात्य सर्वाण्युदकादिप्रेतकार्याणि कुर्युः, पात्रं चास्य विपर्यस्ये दासः कर्मकरो वाऽवकरादमेध्यं पात्रमानीय दासीघटात्पूरयित्वा दक्षिणामुखः पदा विपर्यस्येदमुदकं क[...] नीति नामग्राहं सर्वेऽन्वालभेरन् प्राचीनावीतिनो मुक्तशिखा विद्यागुरवो योनिसम्बन्धाश्च वीक्षेरन् । [...]प उपस्पृश्य ग्रामं प्रविशेयुः' इति गौतमोक्तेश्च ।

उदकादीत्युक्तेर्दाहनिवृत्तिः । प्रेतकार्याण्येकादशाहश्राद्धान्तानि । दास्याहृतोऽम्बुघटो दासीघटः । तेनोदकेनामेध्यं पात्रं पूरयित्वा दासादिर्न्युब्जं वामपादेन कुर्यादिति हरदत्तः । अत्र नामग्राहवचनमुदकादिप्रेतकार्ये तद्वत्त्वार्थम् । तेन तत्तूष्णीं भवति । एतच्च प्रायश्चित्तानिच्छोः । तस्य गुरोर्बान्धवानां राज्ञश्च समक्षं दोषानभिख्याप्य तमनुभाष्य पुनः पुनराचार्यं लभस्वेति स यद्येवमप्यनवस्थितमतिः स्यात्ततोऽस्य पात्रं विपर्यस्येत् । इति शङ्खोक्तेः । जीवन्तमेवोद्दिश्य पिण्डोदकश्राद्धानि नाम्ना दद्यादित्यपरार्कः ।

गौतमले भनेका छन्– 'आफन्तहरूले सव्य भई शिखा खोलेर पतितका विद्यागुरु र नाल–नाता, कुल–कुटुम्बलाई एकै ठाउँमा भेला गराई सबै मिलेर उदकदान आदि प्रेतकर्म गर्नुपर्दछ । त्यस पतितका पात्रहरूलाई उल्टा गराउनुपर्दछ । त्यसपछि घरको दास वा कुनै काम गर्ने मजदुरले गाउँबाट पतितले स्पर्श गरेको पात्र ल्याउनुपर्दछ । दासीको गाग्रोमा भरिएको जल त्यो अपवित्र पात्रमा खन्याएपछि मजदुर वा दासले दक्षिण दिशातर्फ फर्केर लात्तीले भर्खरै जल भरेको पात्रलाई उल्टो गराउनुपर्दछ र म पानी पोखिरहेको छु भन्नुपर्दछ । तदनन्तर सबै सम्बन्धीहरूले प्रेतसमान पतितको नाम लिँदै त्यसलाई स्पर्श गर्नुपर्दछ । त्यसपछि केश खोलेका र प्राचीनावीती अर्थात् अपसव्यरूपमा रहेका विद्यागुरु र आफन्तहरूले पतितलाई हेर्दै जलस्पर्श गरी गाउँमा प्रवेश गर्नुपर्दछ' । माथिको प्रसङ्गमा **उदक**शब्दको प्रयोग गरिएको छ– त्यसबाट दाह गर्नुपर्दैन भन्ने कुरा थाहा हुन्छ । **प्रेतकार्य**को अर्थ हो एघारौं दिनसम्म गरिने श्राद्ध आदि कृत्य । दासीले घरमा लिएर आएको जलको घडालाई दासीघट भनिन्छ । **दासीघट**को जल अपवित्र पात्रमा भरेर दास आदिले बायाँ खुट्टाको लात्तीले पात्रलाई उल्टो बनाउनु नै प्रेतकार्य हो भन्ने कुरा **हरदत्त**ले बताएका छन् । माथि **नामग्रहणशब्द** परेको छ त्यो प्रेतकार्यमा नामग्रहण गर्न हुँदैन भन्ने तात्पर्यले उक्त शब्दको प्रयोग गरिएको हो त्यो कर्म मौन भएर गर्नुपर्दछ भन्ने तात्पर्य हो । यो सम्पूर्ण विधान त्यसका लागि हो जसले पतित भएर पनि प्रायश्चित्त गर्न चाहँदैन । त्यसका गुरु, बान्धव र राजाका समक्ष त्यसले गरेका अपराधहरू बताएर 'तँ अपराधी होस्' भनी सम्बोधन गरी त्यसलाई निराश तुल्याएपछि जब त्यसले आफूले गरेको कर्ममा पश्चात्तापको बोध गर्दछ त्यसपछि त्यसलाई बन्धुहरूले –'तिमीले आफ्नो आचार्यलाई भेटी पुनः धर्म–कर्ममा प्रवृत्त होऊ' भन्नुपर्दछ । **अपरार्क**मा भनिएका छ – 'ज्यूँदो अपराधी पतितको आशौचकर्म गर्दा पिण्ड, जल र श्राद्ध त्यसै अपराधीका नामबाट दिनुपर्दछ ।'

कृतप्रायश्चित्तस्य घटस्फोटे कृतेऽपि सङ्ग्रहविधिकथनम्

कृतप्रायश्चित्तस्य घटस्फोटे कृतेऽपि सङ्ग्रहविधिमाह गौतमः – **यस्तु प्रायश्चित्तेन शुद्ध्येत्तस्मिन् शुद्धे शातकुम्भमयं पात्रं पुण्यह्रदात्पूरयित्वा स्रवन्तीभ्यो वा, तत एनमुपस्पर्शयेयुरथास्मै तत्पात्रं दद्युस्तत्प्रतिगृह्य जपेत्– शान्ता द्यौः शान्ता पृथिवी शान्तं विश्वमन्तरिक्षं यो रोचनस्तमिह गृह्णामि' इत्येतैर्यजुर्भिः पावमानीभिस्तरत्समन्दीभिः कूष्माण्डीभिश्चाज्यं जुहुयाद्धिरण्यं दद्याद् गां चाचार्याय । यस्य तु प्राणान्तिकं प्रायश्चित्तं स मृतः शुध्येत् सर्वाण्येव तस्मिन्नुदकादीनि प्रेतकर्माणि कुर्युरेतदेव शान्त्युदकं सर्वेषूपपातकेषु** (गौतमधर्मसू. १९/१०/१७) इति ।

घटस्फोटोत्तरं प्राणान्तिकप्रायश्चित्ते कृते तु मृत एव शुद्ध्येन्न तत्र सङ्ग्रहविधिः । अतस्तेन विनापि प्रेतकर्म कुर्यादित्यर्थः । उपपातकेष्वपि घटस्फोटे कृते एवं कार्यमित्यर्थः । याज्ञवल्क्यः –

चरितव्रत आयाते निनयेरन् नवं घटम् । जुगुप्सेरन्न चाप्येनं संवसेयुश्च सर्वशः ।।

कृतघटस्फोटस्यैवार्थं परिग्रहविधिरिति मिताक्षरायामपरार्के च । अन्यथा प्रायश्चित्तमात्रे एतत्प्रसङ्गात् ।

मनुरपि घटस्फोटमुक्त्या- **निवर्तेरंश्च तस्मात्तु सम्भाषणसहासनैः ।** इत्युक्त्वा -

प्रायश्चित्ते तु चरिते पूर्णं कुम्भमपां नवम् । तेनैव सार्द्धं प्रास्येयुः स्नात्वा पुण्ये जलाशये ।।

(म.अ. ११, श्लो. १८४, १८६) इति तच्छब्दं प्रायुङ्क्त ।

प्रायश्चित्त गरेका पतितलाई घटस्फोटपछि संग्रह गर्ने विषयमा

प्रायश्चित्त र घटस्फोट गरेपछि पनि संग्रहविधि बताउँदै **गौतमले** भनेका छन् – प्रायश्चित्त गरेर शुद्ध भएपछि त्यसको शुद्धिकर्ममा सुवर्णको पात्रमा तलाउको जल भरेर अथवा नदीहरूको जल भरेर सबै बन्धुबान्धवले पात्रजलको स्पर्श गर्नुपर्दछ । पतितलाई तलाउ आदिमा स्नान गर्न लगाएपछि त्यो सुवर्णपात्र पतितको हातमा दिनुपर्दछ । पतितले पनि सुवर्णपात्र ग्रहण गरेर '**शान्ता द्यौः शान्ता पृथिवी शान्तमिदमुर्वन्तरिक्षम् । शान्ता उदन्वतीरापः शान्ता नः सन्त्वोषधीः ।**' (अर्थ. १९/९/१) उक्त मन्त्र जप गर्नुपर्दछ । त्यसपछि पावमानी ऋचा – **स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।। रक्षोहा विश्वचर्षणिरभि योनिमयोहतम् । द्रुणा सधस्थमासदत् ।। वरिवोधातमो भव मंहिष्ठो वृत्रहन्तमः । पर्षि राधो मघोनाम् ।। अभ्यर्ष महानां देवानां वीतिमन्धसा । अभि वाजमुश्रवः ।।४।। त्वामच्छा चरामसि तादिदर्थं दिवे दिवे । इन्द्रो त्वे न आशसः ।।५।।** (ऋ. ९/१/१-५), उक्त मन्त्रजपछि तरत्सम्बन्धी ऋचाको जप गर्नुपर्दछ । **तरत् स मन्दी धावति धारा सुतस्यान्धसः । तरत् स मन्दी धावति ।।१।। उस्रा वेद वसूनां मर्तस्य देव्यवसः । तरत् स मन्दी धावति ।।२।। ध्वस्रयोः पुरुषन्त्योरा सहस्राणि दद्महे । तरत् स मन्दी धावति ।।३।। आ ययोरित्रंशतं तना सहस्रास्ति च दद्महे । तरत् स मन्दी धावति ।।४।।** (ऋ. ९/१-४) त्यसपछि कुष्माण्डी ऋचाको जप गर्दै घिउद्वारा हवन गर्नुपर्दछ – '**यद्देवा देवहेडनं देवासश्च कृमा वयम् । अग्निर्मातस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।। यदि दिवा यदिनक्तमेनांसि च कृमा वयम् । वायुर्मा तस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।। यदि जाग्रद्यदिस्वप्न एनांसि च कृमा वयम् । सूर्यो मातस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।।**' (यजु. २/१४-१६) हवन गरेपछि गाई र सुवर्ण आचार्यलाई दान गर्नुपर्दछ । जसको प्राणान्तिक प्रायश्चित्त गरिएको हुन्छ त्यो मरेपछि शुद्ध हुन्छ । त्यसका बन्धुबान्धवले मिलेर उदकदान आदि सबै प्रेतकर्म गर्नुपर्दछ । यसैगरी कसैले उपपातक गर्दा पनि यो शान्ति-उदकविधि गर्नुपर्दछ ।

घटस्फोटपछि अर्थात् गाग्रो फोरेपछि मरणान्तिक प्रायश्चित्त गरी मरेको प्रेत पनि शुद्ध हुन्छ । पतितको मृत्यु भएपछि संग्रहविधि गर्नुपर्दैन । त्यसैले संग्रहविधि नगरीकन प्रेतकर्म गर्नुपर्दछ । उपपातक गर्दा पनि गाग्रो फोरेपछि माथि बताइएका सबै विधि गर्नुपर्दछ भन्ने शास्त्रको भनाइ पाइन्छ ।

याज्ञवल्क्य भन्दछन् – प्रायश्चित्तव्रत गरेपछि सपिण्डादि बन्धुहरूले त्यस पतितका साथमा गई नयाँ घडामा जल भरेर घर ल्याउनुपर्दछ । त्यसपछि उसको निन्दा गर्न हुँदैन । आफ्ना घरेलु सबै व्यवहारमा अरूलाई जस्तै पतितलाई पनि सम्मिलित गराउनुपर्दछ र सँगै बसाउनुपर्दछ । यसरी गरिएको घटस्फोटपछि परिग्रहविधि अर्थात् पतितलाई स्वीकार गर्ने विधि बताइएको छ । यसको विशेषवर्णन **मिताक्षरा** र **अपरार्क**मा हेर्न सकिन्छ ।

मनुले पनि – 'घटस्फोट गर्नुपर्दछ भन्ने कुरा बताएर पतितसँग सपिण्डवर्गका मानिसहरूले बोलचाल र एउटै आसनमा बस्ने काम गर्न हुँदैन र घटस्फोटरूप प्रायश्चित्त गरेपछि सपिण्ड बान्धवहरूले प्रायश्चित्त गर्ने पतितका साथ पवित्र जलाशयमा गई जलले भरिएको गाग्रो फ्याँकिदिनुपर्दछ र नयाँ गाग्रो लिनुपर्दछ' भनेका छन् ।

पतितानां चरितव्रतानां प्रत्युद्धारकथनम्

अपरार्के वसिष्ठोऽपि – पतितानां चरितव्रतानां प्रत्युद्धारोऽथाप्युदाहरन्ति –

अग्रेऽप्युद्धरतां गच्छेत् क्रीडन्निव हसन्निव । पश्चात्पातयतां गच्छेच्छोचन्निव रुदन्निव ।।

इत्याचार्यमातृपितृहन्तारस्तत्प्रसादादपगतपापा एषा तेषां प्रत्यापत्तिः । पूर्णह्रदात्प्रवृत्ताद्वा काञ्चनं पात्रं माहेयं वाऽद्भिः पूरयित्वापोहिष्ठीयाभिरेनमद्भिरभिषिञ्चेयुः, **'सर्व एवाभिषिक्तस्य प्रत्युद्धारः पुत्रजन्मना व्याख्यातः'** इति । प्रत्युद्धारः परिग्रहः । तत्रोद्धरतां हसन्निवाग्रेसरः स्यात् । पातयतां घटस्फोटं कुर्वतां शोचन्निव पश्चाद् गच्छेत् । मातापित्रादिहन्तॄणां परिग्रहो न कार्यः । तत्प्रसादे सति चीर्णव्रतानां कार्यः । प्रवृत्तं निर्झरः । पुत्रजन्मनेत्यभिषेकोत्तरम् । जातकर्मादयः संस्काराः पुत्रजन्मवत्कार्या इत्यपरार्के व्याचख्यौ । अत एव विज्ञानेश्वरः –

घटेऽपवर्जिते ज्ञातिमध्यस्थो यवसं गवाम् । प्रदद्यात्प्रथमं गोभिः संस्कृतस्य हि सत्क्रिया ।।

इत्यत्र गवां भक्षणाभावे पुनर्व्रतं चरेदित्येतत्प्रकृते, एवं चरितव्रतविधौ विशेषोऽयमिति वदन् घटस्फोटोत्तरं परिग्रह एवैतत्र सर्वत्रेत्याह । तस्मात्कृतेऽपि घटस्फोटे प्रायश्चित्तं परिग्रहविधिः पुनः संस्कारो भवतीति सिद्धम् । तथा जीवच्छ्राद्धे कृते हेमाद्रौ बौधायनः – **'तत्राशौचं दशाहं स्यात्'** इत्यलं प्रसङ्गेन ।

प्रायश्चित्त गर्ने पतितको उद्धार

अपरार्कमा वसिष्ठले भनेका छन् कि – जुन पतितहरूले प्रायश्चित्त गरेका छन् तिनीहरूलाई स्वीकार गरी तिनको उद्धार गर्नुपर्दछ । उद्धार गरिएको पतितले आफ्ना बन्धुबान्धवका सामु निराशा हटाएर हाँस्दै खेल्दै अगाडि बढ्नुपर्दछ । यदि आफ्ना उद्धार गर्ने मानिसहरू रुन्छन् भने रुँदै हिँड्नुपर्दछ । यो विधि आचार्य एवं बाबु–आमालाई मार्ने मानिसलाई भने स्वीकार गर्न हुँदैन । अरू पतितको सम्बन्धमा जे भनिएको छ त्यो प्रायश्चित्त गरी पापबाट निवृत्त भएपछि बन्धु–बान्धवले फेरि स्वीकार गरेको अवस्थाका लागि भनिएको हो । तलाउ वा झरनाको जलबाट सुवर्ण अथवा माटाको पात्रमा भरी त्यो भरिएको पात्र लिएर त्यसमा राखिएको जलद्वारा निम्न उद्धृत मन्त्र पढी **'आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे ।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।** (ऋ. १०/९/१–३)' पतितको अभिषेक गरिदिनुपर्दछ । अभिषेक गरेपछि त्यस्ता सबै पतितको उद्धार अर्थात् परिग्रह हुन्छ र पुत्रजन्मसमान हर्ष हुन्छ । उद्धार गर्ने मानिसहरूका अगाडि त्यो पतित प्रसन्नतापूर्वक हाँस्दै हिँड्नुपर्दछ । पतितले प्रायश्चित्त गर्न नमानेमा घटस्फोटका लागि अग्रसर बन्धुहरूका सामु त्यस पतितले मलिन मुखमुद्रा बनाएर तिनीहरूको अनुसरण गर्नुपर्दछ । पतितको उद्धार भई पतित प्रसन्न भएमा प्रायश्चित्त गराउनुदर्पछ । माथि मूलमा उल्लेख गरिएको **प्रवृत्तम्** शब्दको अर्थ झरना हो । **पुत्रजन्मना**को तात्पर्य अभिषेकपछि पतितको उद्धार गरिँदा पुत्रजन्मसमान हर्ष हुन्छ भन्ने हो । **अपरार्कमा** उद्धार गरिएका पतितको जातकर्म आदि संस्कार पुत्रजन्म भएसरह मानी गर्नुपर्छ भन्ने व्याख्या गरिएको छ । पाप गर्ने मानिसका निमित्त घटस्फोटकर्म गरेपछि पापनिवृत्ति हुन्छ । माता–पिता आदि मानिसलाई मार्ने पतितलाई त जतिसुकै शुद्ध गराए पनि त्यसले ठूलो अपराध गरेका कारणबाट त्यसलाई बन्धुहरूले आफ्नो समूहमा सामेल गर्न हुँदैन ।

विज्ञानेश्वरले भनेका छन् – तलाउ आदिमा गई सुवर्णपात्रमा जल भरेर अभिषेक गरेपछि पतितलाई जातिमा सामेल गराउनुपर्दछ । जातिमा सामेल भएको त्यो व्यक्तिले सर्वप्रथम आफ्नो टाउकोमा घाँस बोकेर ल्याई गाईलाई खुवाउनुपर्दछ । गाईहरूको सत्कार गर्दा त्यसको पनि सत्कार हुन्छ । यदि गाईहरू पाइएनन् वा घाँस खुवाइएन भने त्यसले फेरि व्रत गर्नुपर्दछ । यो कुरा **व्रतविधिमा** बताइएको छ । व्रतविधि पूरा गरेका मानिसको मात्र परिग्रह गर्ने विशेष व्यवस्था

रहेको छ । यसरी घटस्फोट गरेपछि प्रायश्चित्त गर्दा पतितलाई आफ्ना बन्धुबान्धवले स्वीकार गर्दछन् । बन्धुबान्धवले स्वीकार गरेपछि त्यसको पुनः संस्कार गर्नुपर्दछ । जीवच्छ्राद्ध गरेपछि दशदिन आशौच बार्नुपर्दछ भन्ने कुरा हेमाद्रिमा बताइएको छ । यसरी आशौचका अपवादहरूको यहाँसम्म निरूपण गरियो ।

अन्त्यकर्मणि साधारणकर्म

एवं सापवादे आशौचे उक्ते प्रतिशाखं भिन्नेऽप्यन्त्यकर्मणि साधारणं किञ्चिदुच्यते । तत्राधिकारिणः श्राद्धप्रकरणे प्रागुक्ताः ।

अन्त्यकर्ममा गर्नुपर्ने सामान्य कर्तव्य

यसरी आशौचका अपवादहरूको चर्चा गरेपछि अन्त्यकर्म गर्दा सबै शाखाका मानिसले गर्नुपर्ने साधारण विषयको प्रतिपादन गरिन्छ । उक्त साधारणकर्मका अधिकारीहरूको विषयमा श्राद्धप्रकरणमा चर्चा गरिसकिएको छ ।

धर्मपुत्रद्वारा पिण्डदानम्

सर्वाभावे धर्मपुत्रो वा कार्यः ।

अपुत्रेण सुतः कार्यो यादृक् तादृक् प्रयत्नतः । पिण्डोदकक्रियाहेतोर्नामसङ्कीर्तनाय च ।।

इति व्यासवचनात् ।

धर्मपुत्रद्वारा पिण्डदान

कुनै व्यक्ति मरेपछि उसका उत्तराधिकारीहरू कोही नभएमा धर्मपुत्रले सबै कर्म गरिदिनुपर्दछ । व्यासले भनेका छन् – जसका पुत्र छैनन्, ती व्यक्तिहरूका लागि पिण्ड र जल दिएर और्ध्वदेहिक क्रिया सम्पन्न गर्न र नामसङ्कीर्तनका लागि जुनसुकै वर्णको भए पनि पतितभिन्न धर्मपुत्रको ग्रहण गर्नुपर्दछ ।

प्रथमेऽहनि यो दद्यात् स एव दशाहं कुर्यादिति नियमनिर्देशः

गृह्यपरिशिष्टे –

असगोत्रः सगोत्रो वा यदि स्त्री यदि वा पुमान् । प्रथमेऽहनि यो दद्यात्स दशाहं समापयेत् ।।

दद्यात्पिण्डमिति शेषः । भविष्ये – **यत्राद्ये दीयते पिण्डस्तत्र सर्वं समापयेत्** । ब्राह्मेऽपि –

प्रथमेऽहनि यो दद्यात्प्रेतायान्नं समाहितः । अन्नं नवसु चान्येषु स एव प्रददात्यपि ।।

विज्ञानेश्वरादयस्तु – **'केचित्तु अग्निं दद्यात्'** इति व्याचक्षते ।

सगोत्रो वाऽसगोत्रो वा योऽग्निं दद्यात्सखे नरः । सोऽपि कुर्यान्नवश्राद्धं शुद्ध्येत्तु दशमेऽहनि ।।

इति दिवोदासीये वचनाच्च ।

प्रथमदिनमा पिण्ड दिने व्यक्तिद्वारा नै दशपिण्डदान

गृह्यपरिशिष्टमा भनिएको छ – असगोत्र, सगोत्र, स्त्री वा पुरुष जसले पहिलो दिन पिण्ड दिएको छ त्यसैले नै दशदिनसम्म पिण्ड दिनुपर्दछ । भविष्यपुराणमा भनिएको छ – जुन ठाउँमा पहिलो दिन पिण्ड दिइन्छ त्यस ठाउँमा बाँकी

दिनका पिण्डहरू दिनुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ– जसले सावधानीपूर्वक पहिलो दिन प्रेतका लागि पिण्ड दिन्छ त्यसैले नै अरू नौदिनहरूमा पनि पिण्ड दिनुपर्दछ । **विज्ञानेश्वर** आदिले भनेका छन् – कसैले पिण्डको सट्टा अग्नि दिनुपर्दछ भनेका छन्। तर वास्तवमा यो अग्नि दिनु भनेको दाहकर्म गर्नु हो । **दिवोदासीय**मा भनिएको छ कि – सगोत्र अथवा असगोत्र व्यक्ति जसले दागबत्ती दिन्छ त्यसैले नै नवश्राद्ध गर्नुपर्दछ र दशरात बितेपछि त्यो शुद्ध हुन्छ ।

आसन्नमरणे दानादिकथनम्

तत्रैव – **दृष्ट्वा स्थानस्थमासन्नमर्धोन्मीलितलोचनम् । भूमिष्ठं पितरं पुत्रो यदि दानं प्रदापयेत् । तद्विशिष्टं गयाश्राद्धादश्वमेधशतादपि ।।**

आसन्नमरणमा दान

पिता माता आदि बन्धुमध्ये कसैको छिट्टै मृत्यु हुनेछ भन्ने कुरा बुझेर आफ्ना रुग्ण पिता अथवा माता अथवा अन्य बन्धुलाई आधा आँखा चिम्लिएको देखिसकेपछि पुत्र, भ्राता आदिले जुन दान गर्दछन् त्यो दान गयाश्राद्ध र सय अश्वमेध गरेभन्दा पनि विशिष्ट हुन्छ ।

मोक्षधेनुदानकथनम्

तानि यथा – **मोक्षं देहि हृषीकेश मोक्षं देहि जनार्दन । मोक्षधेनुप्रदानेन मुकुन्दः प्रीयतां मम ।।** इति मोक्षधेनुमन्त्रः ।

मोक्षधेनुको दान

ती दानहरूको वर्णन गरिन्छ । मोक्षधेनुको दान गर्दा भगवान् नारायणसँग प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे हृषीकेश ! मोक्ष दिनुहोस्, हे जनार्दन ! मोक्ष दिनुहोस् । मोक्षधेनु दिएको कारणबाट हजुर ममाथि प्रसन्न हुनुहोस् ।' यो अर्थ भएको **'मोक्षं देहि०'** इत्यादि मन्त्रले मोक्षधेनुदान गर्दा भगवान्को प्रार्थना गर्नुपर्दछ ।

ऋणधेनुदानकथनम्

ऐहिकामुष्मिकं यच्च सप्तजन्मार्जितं ऋणम् । तत्सर्वं शुद्धिमायातु गामेतां ददतो मम ।। इति ऋणधेनोः ।

ऋणधेनुको दान

ऋणधेनुदान गर्दा पनि 'मैले यो लोक र परलोकमा सातजन्मदेखि अहिलेसम्म जति पापहरू बटुलेको छु वा ऋण तिर्न बाँकी राखेको छु ती सबै ऋणबाट ऋणधेनुदान गरेका कारण शुद्धि प्राप्त गर्न सकुँ अर्थात् मेरो प्रायश्चित्त होस्' भनी **ऐहिकामुष्मिकम्०** इत्यादि मन्त्रद्वारा भगवान्को प्रार्थना गर्नुपर्दछ ।

पापधेनुदानकथनम्

आजन्मोपार्जितं पापं मनोवाक्कायकर्मभिः । तत्सर्वं नाशमायातु गोप्रदानेन केशव ।। इति पापधेनोः।

पापधेनुको दान

पापधेनुको दान गर्दा **आजन्मोपार्जितम्०** इत्यादि मन्त्रद्वारा भगवान्को प्रार्थना गर्नुपर्दछ । 'हे भगवान्! मन, वचन, शरीर र कर्मद्वारा जन्मदेखि अहिलेसम्म मैले जति पाप गरेको छु, ती सबै पाप पापधेनुदान गर्नाले नाश होऊन्'।

शुक्लपक्षादौ मृतस्य पुण्यकालकथनम्

भारते – **शुक्लपक्षे दिवा भूमौ गङ्गायां चोत्तरायणे । धन्यास्तात मरिष्यन्ति हृदयस्थे जनार्दने ।।**

हेमाद्रौ वाराहे – **व्यतीपातोऽथ संक्रान्तिस्तथैव ग्रहणं रवेः । पुण्यकालास्तदा सर्वे यदा मृत्युरुपस्थितः।।**

शुक्लपक्षमा मरेका मानिसको पुण्यकाल

महाभारतमा भनिएको छ – शुक्लपक्ष, दिनको समय, पुण्यभूमि, गङ्गातट र उत्तरायणमा हृदयमा भगवान् जनार्दनको ध्यान गर्दै जसले प्राणत्याग गर्दछन् ती मानिसहरू धन्य हुन्छन् । **हेमाद्रिमा** उद्धृत **वाराहपुराणको** वचनमा भनिएको छ – मृत्युकाल उपस्थित हुँदा व्यतीपातयोग, संक्रान्ति र सूर्यग्रहणमध्ये जुनसुकै भए पनि ती समयलाई पुण्यकाल मान्नुपर्दछ ।

वैतरणीधेनुदानम्

व्यासः – **आसन्नमृत्युना देया गौः सवत्सा तु पूर्ववत् । तदभावे तु गौरेव नरकोत्तारणाय वै ।।**

तदा यदि न शक्नोति दातुं वैतरणीं तु गाम् । शक्तोऽन्योऽरुक्तगां दत्त्वा दद्याच्छ्रेयो मृतस्य तु ।।

वैतरणीधेनुको दान

व्यासले भनेका छन् – मृत्यु समीपमा आएको जानिसकेपछि छोराहरूले पिताका निमित्त विधिपूर्वक बाच्छोसहितको गाई दान गर्नुपर्दछ । यदि बाच्छोसहितको गाई दिन सकिँदैन भने नरकबाट तार्नका लागि गाईमात्र भए पनि दान गर्नुपर्दछ। अन्यत्र पनि भनिएको छ – यदि मरण अवस्थामा वैतरणीका निमित्त तोकिएको सवत्सा गाई दिने सामर्थ्य भएन भने अरू त्यसका आफन्त समर्थ व्यक्तिहरूले मरेपछि भए पनि वैतरणी गाईदान गरिदिनुपर्दछ ।

उत्क्रान्त्यादिदशदानकथनम्

मदनरत्ने जातूकर्ण्यः –

उत्क्रान्त्यादीनि दानानि दश दद्यान्मृतस्य तु । गोभूतिलहिरण्याज्यं वासो धान्यं गुडानि च ।।

रौप्यं लवणमित्याहुर्दशदानान्यनुक्रमात् । एतानि दशदानानि नराणां मृत्युजन्मनोः ।।

कुर्यादभ्युदयार्थं तु प्रेतेऽपि हि परत्र वै ।

उत्क्रान्ति आदि दशदान

मदनरत्नमा जातूकर्ण्यले भनेका छन् – मरेका मानिसहरूका निमित्त उत्क्रान्ति आदि दशदान गर्नुपर्दछ । गाई, पृथ्वी, तिल, सुवर्ण, घ्यू, वस्त्र, धान्य, सक्खर, चाँदी र नुन यी दानलाई दशदान भनिएको छ । उक्त दान जन्मकाल र मृत्युकालमा अभ्युदयका निमित्त गर्नुपर्ने कुरा बताइएको छ । मृत्युपछि गरिने दशदानबाट मृतव्यक्तिले परलोकमा सुख-शान्ति प्राप्त गर्दछ।

तिलपात्रदान्

ब्राह्मे – ताम्रपात्रं तिलैः पूर्णं प्रस्थमात्रं द्विजाय तु । सहिरण्यं च यो दद्याच्छुद्धवित्तानुसारतः ।।
सर्वपापविशुद्धात्मा लभते गतिमुत्तमाम् । उत्क्रान्तिवैतरिण्यौ च दश दानानि चैव हि ।।
प्रेतेऽपि कृत्वा तं प्रेतं शवधर्मेण दाहयेत् ।

तिलपात्रको दान

ब्रह्मपुराणमा भनिएको छ कि जसले शुद्ध कमाईको धनबाट एकपाथी तिलले भरिएको ताँबोको पात्र सुवर्णसहित ब्राह्मणलाई दान गर्दछ त्यो सबै पापबाट मुक्त भई निर्मलात्मा बन्दछ र उत्तम गति प्राप्त गर्दछ । जसको मृत्युसमयमा उक्त दान सम्भव हुँदैन त्यो मानिस मरेपछि उत्क्रान्तिदान, वैतरणीदान र दशदान गराएपछि विधिपूर्वक त्यसको दाहसंस्कार गर्नुपर्दछ ।

म्रियमाणस्य कर्णे पुण्यमन्त्राणां कथनम्

तत्रैव परिशिष्टे – म्रियमाणस्य कर्णे तु पुण्यमन्त्रान् जपेत्ततः ।

मर्न लागेका मानिसको कानमा पुण्यमन्त्र उच्चारण

ब्रह्मपुराणको परिशिष्टमा बताइएको छ कि – आफन्तहरूले मर्नै लागेका मानिसको कानमा निम्न उद्धृत पुण्यमन्त्र उच्चारण गर्नुपर्दछ –

नानानं वा उ नो धियो वि व्रतानि जनानाम् । तक्षा रिष्टं रुतं भिषग्ब्रह्मा सुन्वन्तमिच्छतीन्द्रायेन्दो परिस्रव ।।१।। जरतीभिरोषधीभिः पर्णेभिः शकुनानाम् । कार्मारो अश्मभिद्युर्भिहिरण्यवन्तमिच्छतीन्द्रायेन्दो परिस्रव ।।२।। कारुरहं ततो भिषगुपतप्रक्षिणीनना । नानाधियो वसूयवोऽनु गाहव तस्थिमेन्द्रायेन्दो परिस्रव ।।३।। अश्वो वोतहा सुखं रथं हसनामुपमित्रणः । शेपो रोमण्वन्तौ मेदौ वारिन्मण्डूक इच्छतीन्द्रायेन्दो परिस्रव ।।४।। (ऋ.९/११/१-४)' उक्त मन्त्रका साथै गीता, विष्णुसहस्रनाम, श्रीमद्भागवत आदि पुण्यग्रन्थका मन्त्रहरूको जप गर्नुपर्दछ ।

गरुडपुराणादिमते अष्टौ दानानि

क्रियानिबन्धे गारुडे त्वष्टौ दानान्युक्तानि – तुलसीसन्निधौ कृत्वा शालग्रामशिलां तथा ।
तिललोहं हिरण्यं च कार्पासं लवणं तथा । सप्तधान्यं क्षितिर्गाव एकैकं पावनं स्मृतम् ।। इति ।
दशदानवैतरणीधेनूत्क्रान्तिधेनुदानादि भट्टकृतान्त्येष्टिपद्धतौ ज्ञेयम् ।

गरुडपुराण आदिको मतमा अष्टदान

क्रियानिबन्ध र गरुडपुराणमा मर्न लागेको मानिसका लागि आठप्रकारका दान गरिदिनुपर्ने कुरा बताइएको छ। उक्त दान गर्दा तुलसी अथवा शालग्रामको शिलाको समीपमा गई दान कार्य गर्नुपर्दछ । ती दान यसप्रकार छन् – तिल, फलाम, सुवर्ण, कपास, नुन, सप्तधान्य अर्थात् जौ, गहुँ, धान, तिल, कागुनो, सामा धान र चना, पृथ्वी र गाई । यी दान उत्तरोत्तर पवित्र मानिएका छन् ।

कर्तुरधिकारार्थं प्रायश्चित्तकथनम्

कर्तान्त्यकर्माधिकारार्थं त्रीन् कृच्छ्रान् कुर्यादिति तत्रैवोक्तम् ।

अन्त्यकर्ममा अधिकारका लागि प्रायश्चित्त

गरुडपुराणमा बताइएको छ कि – बाबु–आमा अथवा आफन्त मरेपछि किरिया गर्ने पुत्र आदि कर्ताले अधिकारसिद्धिका लागि तीन कृच्छ्रव्रत गर्नुपर्दछ ।

देवयाज्ञिकमतेन मुमूर्षोर्मधुपर्कदानकथनम्

अत्र देवयाज्ञिकेन मुमूर्षोर्मधुपर्कदानमुक्तम् । तदुक्तं वाराहे –

दृष्ट्वा सुविह्वलं ह्येनं यममार्गानुसारिणम् । प्रयाणकाले तु नरो मन्त्रेण विधिपूर्वकम् ।।

मधुपर्कं त्वरन् गृह्य इमं मन्त्रमुदाहरेत् –

ॐ गृहाण चेमं मधुपर्कमाद्यं संसारनाशनकरं त्वमृतेन तुल्यम् ।

नारायणेन रचितं भगवत्प्रियाणां दाहे च शान्तिकरणं सुरलोकपूज्यम् ।।

अनेनैव सुमन्त्रेण दद्याच्च मधुपर्ककम् । नरस्य मृत्युकाले तु परलोकसुखावहम् ।।

देवयाज्ञिकको मतमा मुमूर्षुद्वारा मधुपर्कदान

देवयाज्ञिकले मृत व्यक्तिको निमित्त मधुपर्क अर्थात् एकपल घिउ, तीनपल दही, एकपल मह मिसाएर तयार गरिएको पवित्र पदार्थ दान गरिदिनुपर्ने कुरा बताएका छन् । **वराहपुराणमा** भनिएको छ कि – यममार्गमा जान लागेका जीवलाई व्याकुल अवस्थामा देखेर त्यसको मृत्युकालमा अरू आफन्तहरूले मन्त्रपूर्वक छिट्टै मधुपर्क हातमा लिएर '**ॐ गृहाण चेमम्०**' इत्यादि मन्त्र पाठ गरी दान गर्नुपर्दछ । यसको अर्थ यसप्रकार छ – 'संसारको नाशक, अमृततुल्य, नारायणद्वारा निर्मित, भगवान्का प्यारा भक्तहरूलाई दाहकर्ममा शान्ति प्रदान गर्ने, देवलोकमा पूज्य यो मधुपर्क ग्रहण गर्नुहोस्' भन्ने अर्थ भएको उक्त मन्त्रले मधुपर्क दान गर्नुपर्दछ । वास्तवमा मृत्युकालमा परलोकमा सुखदायक मधुपर्कको दान सबैले अवश्य गर्नुपर्दछ ।

चाण्डालादिहते विचारः

अथ दुर्मरणे दिवोदासीये –

चण्डालादिमृते विप्रे त्वन्तरिक्षे मृतेऽपि वा । कृच्छ्रातिकृच्छ्रचान्द्रैस्तु शुद्धिस्तत्र प्रकीर्तिता ।।

चाण्डाल आदिद्वारा दुर्मरण भएमा विचार

चाण्डाल आदिबाट भएको दुर्मरणको सम्बन्धमा बताउँदै दिवोदासले भनेका छन् – प्रमादले चाण्डाल आदिको हातबाट मृत्यु भएमा अथवा अन्तरिक्षमा मृत्यु भएमा कृच्छ्र, अतिकृच्छ्र र चान्द्रायण व्रत गर्नाले शुद्धि हुन्छ ।

शूद्रेण दग्धे प्रायश्चित्तम्

देवजानीये जाबालिः – **शूद्रेण दग्धो यो विप्रो न लमेच्छाश्वतीं गतिम् ।**

प्रायश्चित्तं प्रकुर्वीत ब्राह्मणः पापशुद्धये । चान्द्रायणं परार्कं च प्राजापत्यं विशोधनम् ।।

शूद्रद्वारा डढाइएमा प्रायश्चित्त

देवजानीयमा जाबालिले भनेका छन् – शूद्रद्वारा आगोमा डढाएर मारिएको ब्राह्मणले उत्तम गति प्राप्त गर्दैन । त्यसको शुद्धिका लागि उत्तराधिकारीहरूले चान्द्रायण, पराक र प्राजापत्य प्रायश्चित्त गरिदिनुपर्दछ । प्रायश्चित्तपछि ब्राह्मणहरूलाई दक्षिणा दिएर मात्र अन्तिम संस्कार आरम्भ गर्नुपर्दछ ।

प्रेतस्य अस्पृश्यस्पर्शे प्रायश्चित्तम्

गृह्यकारिकायाम् –

उदक्या सूतिका वापि यदि प्रेतं स्पृशन्ति हि । तस्यैष विधिरादिष्टो दाल्भ्येनैव महात्मना ।।

एषः सूतिकोक्तः ।

रजस्वला आदिद्वारा प्रेतको शवस्पर्श गरिँदा प्रायश्चित्त

गृह्यकारिकामा भनिएको छ कि – 'रजस्वला अथवा सुत्केरी नारीले प्रेतको शवस्पर्श गरेमा त्यसबाट लाग्ने दोषको निवृत्तिका लागि महात्मा दाल्भ्य मुनिले सूतिकाविधिमा बताइएको १५ कृच्छ्र प्रायश्चित्त गर्नुपर्ने उपदेश गरेका छन्।' यस पद्यमा रहेको एषःशब्दको अर्थ सूतिकाविधिमा बताइएको भन्ने हो ।

कृमिकीटोद्भवादिमरणे च प्रायश्चित्तकथनम्

मदनरत्ने स्मृत्यन्तरे –

ऊर्ध्वोच्छिष्टाधरोच्छिष्टोभयोच्छिष्टे तथैव च । अस्पृश्यस्पर्शने चैव खट्वादिमरणेऽपि च ।।
श्वानक्रव्यादसंस्पर्शे कृमिकीटोद्भवेऽपि च । एतद्दोषानुसारेण प्रायश्चित्तं समाचरेत् ।।
कृच्छ्रांस्त्रिषट्पञ्चदशांश्चान्द्रत्रयमथापि वा । शुद्ध्यै तदानीं सम्पाद्य शवधर्मेण दाहयेत् ।।

गृह्यकारिकायाम् –

खट्वायां मरणे चैव त्रींस्त्रीन् कृच्छ्रान् प्रकल्पयेत् । सप्तान्त्यजैस्तु संस्पृष्टो मृतो दैवात् कथञ्चन।।
एकत्रिंशता कृच्छ्रैस्तु शुद्धिरुक्ता मनीषिभिः । कुणपे त्वर्द्धदग्धे तु चिता स्पृष्टान्त्यजादिभिः ।।
तत्स्पर्शनं दूषणं च त्रिभिः कृच्छ्रैर्विशुद्ध्यति ।।

धर्मप्रदीपे तु –

चाण्डालसूतिकोदक्यास्पृष्टे प्रेते तथैव च । तस्य पापविशुद्ध्यर्थं कृच्छ्रान् पञ्चदशाचरेत् ।। इत्युक्तम्।
मनुः– **अस्वर्ग्या ह्याहुतिः सा स्यात् शूद्रसम्पर्कदूषिता ।** अत्रापि कृच्छ्रत्रयम् **'अस्पृश्यस्पर्शने चैव'** इत्युक्तेः।

विभिन्न दुर्मरणको प्रायश्चित्त

मदनरत्नमा स्मृत्यन्तरबाट उद्धृत वचनमा भनिएको छ – खानपीन गरी नचुठेको अवस्था, मलमूत्र त्याग गरी कुल्ला आदि नगरेको अवस्था र उक्त दुवै अवस्थामा कुनै मरेमा, अस्पृश्य स्पर्श गरी मरेमा, खाटमा मरेमा, कुकुर आदि मांसभक्षी प्राणीहरूले स्पर्श गरेको अवस्थामा मरेमा, शरीरमा कृमिकीट उत्पन्न भई मरेमा उनीहरूको दोषको मात्रा अनुसार प्रायश्चित्त गरिदिनुपर्दछ । त्यसबेला तीन, छ, पाँच, दशकृच्छ्र अथवा तीन चान्द्रायणव्रत गरेर धर्मपूर्वक शवदाह गर्नुपर्दछ ।

गृह्यकारिकामा बताइएको छ – ऊर्ध्वोच्छिष्ट, अधरोच्छिष्ट र उभयोच्छिष्टमा मरेमा तीनकृच्छ्र गर्नुपर्दछ । खाटमै मरेमा तीनकृच्छ्र गर्नुपर्दछ । स्पर्शका कारण दैवयोगले मरेमा त्यसका निमित्त ३१ कृच्छ्र गरिदिनुपर्दछ र शुद्धि हुन्छ भनिएको छ । शवको आधाशरीर डढिसकेपछि अन्त्यजहरूले स्पर्श गरेका रहेछन् भने त्यसको दोष निवृत्तिका लागि तीनकृच्छ्र गर्नुपर्दछ ।

धर्मप्रदीपमा भनिएको छ – चाण्डाल, सुत्केरी र रजस्वलाले शवस्पर्श गरेमा उक्त दोषको शुद्धिका लागि १५ कृच्छ्र गर्नुपर्दछ । मनुले भनेका छन् – शूद्रको सम्पर्कबाट दूषित भई मरेको मानिसले स्वर्ग प्राप्त गर्दैन । उक्त दोषको निवृत्तिका लागि पनि तीनकृच्छ्र गर्नुपर्दछ । अस्पृश्यस्पर्शमा पनि यही प्रायश्चित्त बताइएको छ ।[५३]

रात्रौ रात्रिशेषे च प्रेतदाहे निर्णयः

तत्रैव कर्मप्रदीपे –

रात्रौ वा रात्रिशेषे वा म्रियन्तेऽथ द्विजातयः । दाहं कृत्वा यथान्यायं द्वौ पिण्डौ निर्वपेत्सुतः ।।

रजस्वलागर्भिण्यादौ मृतौ तु वक्ष्यामः ।

रात्रि वा रात्रिशेषमा मर्नेको शवदाहविधि

कर्मप्रदीपमा भनिएको छ कि रात्रि वा रात्रिको शेषमा मरेका द्विजातिको यथोचित दाह गरेर दुईपिण्ड दिनुपर्दछ। रजस्वला गर्भिणी आदि मर्दा गर्नुपर्ने क्रियाको विषयमा पछि बताइनेछ ।

---

५३. कृच्छ्रव्रतका अनुकल्प – जल, अग्नि, विष, बन्धन आदि विविध साधनबाट आत्महत्या गर्ने, यिनै जलादिबाट प्रमादले मर्ने, महापातक, अतिपादकादिबाट पतित भएको अवस्थामा मर्ने, उच्छिष्ट अवस्थामा, खाटमा, अस्पृश्यले स्पर्श गरेको अवस्थामा मर्ने र अन्य विभिन्न दोषदूषित अवस्थामा मृत्यु हुनेहरूको शुद्धिका निम्ति उनीहरूको दोषका आधारमा सान्तपनकृच्छ्र, तप्तकृच्छ्र, प्राजापत्यकृच्छ्र आदि विभिन्न प्रायश्चित्त गर्नुपर्ने कुरा यो ग्रन्थको विभिन्न शीर्षकहरूमा भनिएको छ। शास्त्रोक्त ती प्रायश्चित्त लाश जलाउनुभन्दा अगाडि नै गर्नुपर्ने हुन्छ । प्रायश्चित्त गर्दा कुनै ७ दिन, कुनै १२ दिन, कुनै ३० दिन आदि दिन लगाएर गर्नुपर्ने हुन्छ । एकातिर मानिसको मृत्यु भइरहेको छ, मृतकको लाश श्मशानघाटमा पुऱ्याई यथासमयमा दाहसंस्कार गर्नुपर्ने हुन्छ । समयमा नगर्दा लाश सुरक्षाका साथ राख्न निकै कठिन पर्ने हुन्छ, यस्तो स्थितिमा यस्ता दीर्घकालसाध्य प्रायश्चित्त गर्न नमिल्ने र व्यावहारिक पनि नहुने हुन्छ । रोग आदि विविध कारणले गर्दा कर्ताले नै त्यस्ता कठोर प्रायश्चित्त गर्नै नसक्ने स्थिति पनि हुनसक्छ । त्यसैले शास्त्रप्रवर्तकहरूले यस्ता प्रायश्चित्तको अनुकल्प पनि दिएका छन् । जुन यसप्रकार छ–

सान्तपन व्रत गर्नुपर्नेमा २ वटा गाई, तप्तकृच्छ्रव्रत गर्नुपर्नेमा तीनवटा ग ाई, प्राजापत्यव्रत गर्नुपर्नेमा एउटा धेनु, पराकव्रत गर्नुपर्नेमा तीनवटा गाई, चान्द्रायण व्रत गर्नुपर्ने भए आफ्नो शक्तिअनुसार आठवटा, पाँचवटा, चारवटा वा तीनवटा गाईदान गर्नुपर्दछ। गाईदान गर्न नसक्ने वा गाई नपाउनेहरूले गाईको मूल्य, मूल्य नसक्नेले मूल्यको आधादान गर्नुपर्छ । त्यति पनि गर्न नसक्ने भएमा एउटा गाईदान गर्नुपर्नेमा ३२ पण दान गरे पनि हुन्छ । यदि कसैको त्यति गर्ने क्षमता पनि छैन भने त्यसको आधा १६ पण मात्र दान गर्दा पनि शास्त्रसम्मत हुन्छ भनने कुरा पराशरस्मृतिको विद्वन्मनोहराटीकामा र अन्य ग्रन्थमा पनि भनिएको छ ।

प्राजापत्येष्वशक्तस्तु धेनुं दद्यात्पयस्विनीम् । धेनोरभावे निष्कं स्यात्तदर्धं पादमेव वा ।।

अतिकृच्छ्रे, सान्तपने च गोद्वयम् । पराके, तप्तकृच्छ्रे कृच्छ्रातिकृच्छ्रे च गोत्रयम् । चान्द्रायणे अष्टौ चतस्रस्तिस्रो वा गावः । – धर्मसिन्धु, पृ. ३०८ ।

पुरानो ताँबाको एकतोलाको पैसालाई पण भनिन्छ । त्यसबखतको यो एकपैसा हो । पहिला– पहिला प्रायश्चित्त आदि गोदान गर्दा यस्तै सोह्र पैसा दुनामा राखेर गर्ने चलन थियो । यो चलन शास्त्रीय हो । कतिपय ग्रन्थमा यही कुरा स्पष्ट लेखिएको छ– **'द्वात्रिंशत्पणिका गावः काषापणः षोडशस्ते इति मूल्यप्रकल्पना ।'** – कृत्यसारसमुच्चयः ।

अहिले त्यस्ता पुराना ताँबाका पैसा (पण) सजिलै नपाइने हुँदा सो पैसाको वर्तमान कालअनुसार पर्ने मूल्य दान गर्नुपर्ने हुन्छ। **– विद्वन्मनोहरा, पराशरस्मृतिः, १२/६२। ६३ ।**

रात्रौ नवश्राद्धादिनिषेधः

निर्णयामृते पारिजाते च यमः –

सन्ध्यायां वा तथा रात्रौ दाहः पाथेयकर्म च । नवश्राद्धं च नो कुर्यात्कृतं निष्फलतां व्रजेत् ।।

एतद्दिने मृतस्य रात्रिनिषेधार्थम् । यत्तु स्कान्दे –

यदि रात्रौ दहेत्तस्य समाप्तिर्दहनस्य तु । परेऽहन्युदिते सूर्ये कार्या तस्योदकक्रिया ।।

दग्धस्य तु न वै कार्या रात्रौ जातूदकक्रिया ।। इति । तन्निर्मूलम् ।

रातमा नवश्राद्ध आदि गर्न निषेध

निर्णयामृत र **पारिजातमा यमले** भनेका छन् – सन्ध्या अथवा रात्रिमा दाह, पाथेयकर्म र नवश्राद्ध गर्नुहुँदैन, गरिएमा ती निष्फल हुन्छन् । यहाँ रात्रिमा दाह गर्नुहुँदैन भन्नुको अर्थ दिनमा मरेका मानिसको रातमा दाह गर्दैन भन्नु हो ।

स्कन्दपुराणमा भनिएको छ – 'रात्रिमा दाहसंस्कार भएमा अथवा रात्रिमा दाहको समाप्ति भएमा अर्को दिन सूर्य उदाएपछि त्यसलाई उदकदान दिनुपर्दछ । रात्रिमा जलाइएका मानिसको रात्रिमै उदकक्रिया गर्नु हुँदैन ।' ग्रन्थकार भन्दछन्- यो वचनमा कुनै प्रमाण छैन ।

रात्रौ वपननिषेधः

रात्रिमृतस्य तु तत्रैव सङ्ग्रहे –

रात्रौ दग्ध्वा तु पिण्डान्तं कृत्वा वपनवर्जितम् । वपनं नेष्यते रात्रौ श्वस्तनी वपनक्रिया ।।

इति । वपनं तु प्रातः । तच्च सर्वैः पुत्रैः कार्यम् ।

रात्रिमा मुण्डन गर्न निषेध

संग्रहग्रन्थमा भनिएको छ – रात्रिमा मानिस मरेमा रात्रिमै जलाएर पिण्डान्तकर्म गर्नुपर्दछ तर मुण्डनक्रिया गर्नुहुँदैन । सबै छोराहरूले प्रातःकालमा मात्र मुण्डन गर्नुपर्दछ ।

मुण्डनयोग्यानि तीर्थानि कर्माणि च

गयायां भास्करक्षेत्रे मातापित्रोर्गुरोर्मृते । आधाने सोमयागे च वपनं सप्तसु स्मृतम् ।।

इति मिताक्षरायां स्मृतेः । मरणस्यानङ्गित्वान्नैमित्तिकमिदम् । तदेव सङ्ग्रहवचनेन परेद्युरुत्कृष्यते तीर्थवत् । तेन कस्यचिद्दाहाङ्गत्वोक्तिश्चिन्त्या ।

मुण्डन गर्नुपर्ने तीर्थ र विशेषकर्म

मिताक्षरामा स्मृतिको वचन उद्धृत गर्दै भनिएको छ – 'गङ्गा र प्रयागको प्राप्तिमा मुण्डन गर्नुपर्दछ, माता–पिता र गुरुको मृत्युमा मुण्डन गर्नुपर्दछ, अग्निको आधान र सोमयागमा मुण्डन गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो मुण्डन मृत्युपछिको प्रधानकर्म होइन तर नैमित्तिककर्म हो । यसलाई रातिमा मरेमा दिउँसोमा मुण्डन गर्दा तीर्थवत् पुण्यदायक मानिएको छ । कसैले मुण्डनलाई दाहको अङ्ग भनेको पाइन्छ त्यो चिन्तनीय विषय हो ।

आशौचे पुनर्वपनकथनम्

मदनरत्ने गालवः –

प्रथमेऽहनि कर्तव्यं वपनं चानुभाविनाम् । प्रेतस्य केशश्मश्र्वादि वापयित्वाऽथ दाहयेत् ।।

आशौचान्ते विधेयं तद् वपनञ्च विधेर्बलात् ।। मदनपारिजातेऽप्येवम् । तेन सर्वस्यास्य निर्मूलत्वोक्तिरज्ञोक्तिरेव।

आशौचमा पुनः मुण्डन

मदनरत्नमा गालवले भनेका छन् – पहिलो दिन अनुभावी अर्थात् प्रेतभन्दा कान्छा मानिसहरूको मुण्डन गराउनुपर्दछ। केश, दाह्री-जुँगा आदि खौरेपछि शिरको मुण्डन गर्नुपर्दछ । आशौचको अन्तमा फेरि विधिपूर्वक मुण्डन गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – **मदनपारिजातमा** पनि यस्तै बताइएको छ तर आशौचको अन्तमा मुण्डन गर्ने कुरा निर्मूल छ र जसले गर्नुपर्दछ भनेका छन् त्यो तिनीहरूको अज्ञानमूलक उक्ति हो ।

रात्र्युषिते शवे विशेषः

स्मृतिरत्नावल्याम् – **शवं रात्र्युषितं चेत् त्रीन् कृच्छ्रान् कृत्वा दहेत्सुतः ।**

रात्रिमा शव घरमै रहेमा विशेषकर्म

स्मृतिरत्नावलीमा भनिएको छ – शव रात्रिमा घरमै रहेमा छोराहरूले तीन कृच्छ्रप्रायश्चित्त गरेर दाहसंस्कार गर्नुपर्दछ र पञ्चगव्यले स्नान गराइदिनुपर्दछ ।

ऊर्ध्वोच्छिष्टादिमरणे प्रायश्चित्तकथनम्

मदनरत्नेऽङ्गिरा –

ऊर्ध्वोच्छिष्टाधरोच्छिष्टे ह्यन्तरिक्षमृतेऽपि च । कृच्छ्रत्रयं प्रकुर्वीत आशौचे मरणेऽपि च ।।

ऊर्ध्वोच्छिष्टादि अवस्थामा मृत्यु हुनेको प्रायश्चित्त

ऊर्ध्वोच्छिष्ट अर्थात् भोजन गरेपछि नचुठेको अवस्था, अधरोच्छिष्ट अर्थात् दिसा-पिसाब गरेपछि शुद्धि नभएको अवस्था, अन्तरिक्ष अर्थात् आकाशमा यात्रा गर्दा र आशौच अर्थात् जूठो बारेको अवस्थामा कुनै मानिसको मृत्यु भएमा त्यसका लागि तीन कृच्छ्रप्रायश्चित्त गरिदिनुपर्दछ ।

साग्नेर्विशेषः

अथ साग्नेर्विशेषः । कारिकायाम् –

कृष्णपक्षे प्रमीयेत यद्यह्नि प्रातराहुतीः । शेषास्तु जुहुयाद्दर्शपर्यन्ताः पक्षहोमवत् ।।

प्रतिपत्प्रातर्होमान्ता इत्यर्थः। **'यद्याहिताग्निरपरपक्षे म्रियेताहुतिभिरेनं पूर्वपक्षं हरेयुः'** इत्याश्वलायनोक्तेः।

तदानीमेव जुहुयात् प्रातःकालाहुतीरपि । सायं म्रियेत चेत्सायमाहुतीर्जुहुयादथ ।।

तदानीमेव जुहुयात्प्रातःकालाहुतीरपि । सकृद्गृहीतमत्रेष्टं भिन्नं तन्त्रं च होमयोः ।।

दर्शं चापि प्रकुर्वीत स्थालीपाकं तदैव तु ।। छन्दोगपरिशिष्टे –

हुतायां सायमाहुल्यां दुर्बलश्चेद् गृही भवेत् । प्रातर्होमस्तदैव स्याज्जीवेच्च स पुनर्न वा ।।

इदं शुक्लपरम् । दुर्बलो मुमूर्षुः । त्रिकाण्डमण्डनः –

दर्शेष्टिं च तदा कुर्यादिष्टिर्यदि न सम्भवेत् । देवतानां प्रधानानामेकैकस्य हुनेत् पृथक् ।।

पुरोनुवाक्याज्याभ्यां चतुरात्तघृताहुतीः ।।

तथा – **अग्नावरण्योरारूढे प्रमीयेत पतिर्यदि । प्रेतं स्पृष्ट्वा मथित्वाग्निं जप्त्वा चोपावरोहणम् ।।**

घृतञ्च द्वादशोपात्तं तूष्णीं हुत्वा शवक्रिया ।।

अग्निहोत्रीका लागि विशेष

अब अग्निहोत्रीका लागि विशेष कुरा बताइन्छ । **कारिकामा** भनिएको छ कि – कृष्णपक्षमा अग्निहोत्री मरेमा प्रातःकालको आहुति दिएर शेष आहुति अमावास्यापर्यन्त दिनुपर्दछ । यहाँ **प्रतिपत्**को अर्थ प्रातःकालमा होमान्त क्रिया गर्नुपर्दछ भन्नु हो । यदि अग्निहोत्री कृष्णपक्षमा मर्दछ भने आहुति दिएर यसलाई दोस्रो पक्षमा पुर्‍याउनुपर्दछ भन्ने अर्थ हो भन्ने कुरा **आश्वलायनले** बताएका छन् । मर्ने दिन प्रातःकालमा आहुति दिनुपर्दछ । सायंकालमा मरेमा सायंकालीन आहुति दिनुपर्दछ । प्रातःकालमा मर्ने व्यक्तिका लागि प्रातःकालमै आहुति दिनुपर्दछ । यहाँ दुवै होमको भिन्न तन्त्र इष्ट छ। त्यसै बेला अमावास्यासम्बन्धी स्थालीपाक पनि गर्नुपर्दछ ।

छन्दोगपरिशिष्टमा भनिएको छ – सायंकालमा आहुति दिएपछि अग्निहोत्री गृहस्थ अब बाँच्दैनन् भन्ने लागेपछि उत्तराधिकारीहरूले प्रातःकालमा गरिने हवन तत्काल गर्नुपर्दछ । किनकि ती रोगी बाँच्न पनि सक्छन् नबाँच्न पनि सक्छन्। यो शुक्लपक्षका लागि गरिएको व्यवस्था हो । यहाँ **दुर्बलशब्दको** अर्थ मुमुर्षु हो । **त्रिकाण्डमण्डनमा** भनिएको छ – यदि मर्नै लागेको अग्निहोत्रीले इष्टि गर्न सकेन भने दर्शेष्टि गर्नुपर्दछ । [५४]**पुरोनुवाक्या०** र [५५]**याज्या०**का मन्त्रहरूबाट घ्यूको चारआहुति दिनुपर्दछ ।

अग्निमा अरणि र अधरारणि आरूढ गराएपछि यदि पति मर्दछ भने त्यसको शवलाई स्पर्श गरेर अग्निमन्थन गरी **'उपावरोह जातवेद इमं प्रेतः स्वर्गाय लोकाय जनय प्रजानन् । आयुः प्रजां रयिमस्मासु धेहि प्रेताहुतीश्चास्य जुषस्व स्वाहा ।।'** मन्त्र जप गर्दै मौनपूर्वक घिउद्वारा १२ आहुति दिनुपर्दछ । आहुति दिएपछिमात्र शवक्रिया गर्नुपर्दछ।

विच्छिन्नश्रौताग्नेर्मृतौ प्रेताधानकथनम्

विच्छिन्नश्रौताग्नेर्मृतौ तु प्रेताधानं तत्रैवोक्तम् ।

प्रेतं स्वाग्न्यालये क्षिप्त्वा मथिताग्न्यानलेऽरणी । सन्निधाप्यारणीं मन्थेद् यस्येति यजुषा ततः ।।

विच्छिन्न अग्नि भएका अग्निहोत्री मरेमा प्रेताधान

जसको अग्नि नष्ट भएको छ त्यस्ता श्रौताग्नि मानिस मरेमा त्यहीं नै प्रेताधानको कर्म बताउँदै भनिएको छ–

५४. देवताहरूलाई हवि दिने समयमा तिनीहरूलाई अनुकूल तुल्याउने उद्देश्यले देवताहरूको आवाहन गर्दै यागभन्दा पहिले जुन ऋक् (ऋचा) पढिन्छ त्यसलाई पुरोनुवाक्या भनिन्छ । – कात्यायन श्रौतसूत्रको भूमिका ।

५५. देवताहरूको आवाहन गरेपछि हवि प्रदान गर्नको लागि जुन ऋचाबाट हवन गरिन्छ त्यसलाई याज्या भनिन्छ । – पूर्ववत् ।

प्रेतलाई अग्निको स्थानमा प्रक्षेपण गर्नुपर्दछ र अरणिद्वारा मथेर निकालिएको अग्निमा स्थापन गरी **यस्य०** इत्यादि जुर्वेदको मन्त्रद्वारा मन्थन गर्नुपर्दछ ।

न्थनमन्त्रकथनम्

यस्याग्नयो जुह्वतो मांसकामाः सङ्कल्पयन्ते यजमानमांसम् ।

जायन्तु ते हविषे सादिताय स्वर्गं लोकमिमं प्रेतं नयन्तु ।। इति मन्त्रतः ।

प्रणीय पावकं तूष्णीं द्वादशोपात्तसर्पिषा । तूष्णीं हुत्वा ततः कुर्यात्प्रेते माल्या इति क्रियाम् ।।

मन्थनमन्त्रको निरूपण

'मांसभोजनको इच्छाले जसका अग्निहरूमा म हवन गर्दछु ती अग्निका स्वामीहरूले यजमानबाट मांस प्राप्त गर्ने सङ्कल्प गर्दछन् । ती मांसका इच्छुक प्रेतहरू हविग्रहण गर्न आऊन् र प्रेतलाई यस लोकबाट स्वर्गलोकमा प्राप्त गराऊन्।' यसरी सङ्कल्प गरी अग्निको प्रणयन गरेपछि मौन रही १२ पटक घिउद्वारा आहुति दिएर प्रेतक्रिया गर्नुपर्दछ ।

नष्टेषु अग्निष्वथारण्योर्नाशे निर्णयः

नष्टेष्वग्निष्वथारण्योर्नाशे स्वामी म्रियेत चेत् । आहरेदरणीद्वन्द्वं मनोज्योतिरृचा ततः ।।

अग्नि र अरणिको नाश भएमा

अग्निको नाश र अरणि एवं अधरारणिको पनि नाश भएपछि यदि अग्निहोत्री मर्दछ भने त्यसबेला '**मनो ज्योतिर्जुषतामाज्यं विच्छिन्नं यज्ञं समिमं दधातु । बृहस्पतिस्तनुतामिमं नो विश्वे देवा इह मादयन्ताम् ।।** (तै.सं. १/५/७)' मन्त्रले अरणि र अधरारणि ल्याउनुपर्दछ ।

ृष्ट्यादिनाऽग्निनाशे विचारः

यज्ञपार्श्वः – **यजमाने चितारूढे पात्रन्यासे कृते सति । वर्षाद्यभिहते वह्नौ कथं कुर्वन्ति याज्ञिकाः।।**

तदर्धदग्धकाष्ठेन मन्थनं तत्र कारयेत् । तच्छेषालाभतोऽन्येन दग्धशेषेण वा पुनः ।।

हुत्वाज्यं लौकिके वह्नौ दग्धशेषं दहेत्तु वा ।। अत्राग्निषु सत्सु पर्णशरैः शरीरोत्पत्तिः । शरीरे वा सति प्रेताधानेनाग्न्युत्पत्तिः । उभयाभावे तु प्रेताधानेऽनधिकाराद्दाहादिसंस्कारलोपः । उदकदानाद्येव कार्यमिति केशवीकार-शतद्वयीप्रमुखाः । तत्र, **निषेकाद्याः श्मशानान्ता येषां वै मन्त्रतः क्रिया** । इति विरोधात्, **क्रियालोपगता ये च** इति निषेधात्, **तदभावे पलाशानां वृन्तैः कार्यः पुमानपि** । इत्यभावे विधानस्याग्न्यभावेऽपि साम्याच्च । तेन प्रातराहुत्य-भावेऽपि स्विष्टकृद् द्रव्यान्तरोक्तेरदष्टार्थत्वात् प्रेताधानं दाहोऽपि भवत्येव । प्रतिकृतेरग्नीनां च प्रेताधानप्रयोजकत्वाक्षतेः।

वर्षा आदिबाट अग्निको नाश भएमा

मृत यजमानलाई चितामा चढाउने काम र चिताका वरिपरि पात्रहरूको स्थापनासमेत भएपछि वर्षाका कारण अग्नि निभेमा याज्ञिकहरूले कसरी शवदाह गर्ने भन्ने प्रश्न हुन्छ । त्यस प्रश्नको उत्तर दिँदै **याज्ञपार्श्व**ले भनेका छन् – आधा जलेको काठबाट शरीरमन्थन गर्नुपर्दछ । त्यसबाट पनि अग्नि प्राप्त भएन भने फेरि डढेर बाँकी रहेका अरू

काठबाट मन्थन गरी पैदा भएको अग्निले शवदाह गर्नुपर्दछ ।

अग्निहरू रहेमा तर अग्निहोत्री परदेशमा मरेमा पलाशका पातहरूबाट त्यसको शरीर निर्माण गर्नुपर्दछ । यदि शरी नै त्यहाँ उपस्थित छ भने प्रेतमा आधान गरी मन्थन गरेर अग्नि उत्पन्न गर्नुपर्दछ । दुवै कुरा हुँदैनन् भने दाह आदि संस्का लोप हुन्छ । दुवैको अभावमा उदकदान गर्नुपर्दछ भन्ने कुरा **केशवीकार, शतद्वयी** आदिले बताएका छन् । त्यो उचित छैन। किनकि गर्भाधानदेखि लिएर श्मशानान्त क्रिया मन्त्रद्वारा गरिन्छ । जसको क्रियालोप भइसकेको छ तिनीहरूका निमित्त उदकदानबाट कुनै अदृष्ट उत्पन्न हुँदैन । त्यसो हुँदा फेरि पलाशका पातले पुरुषको शरीर निर्माण गर्नुपर्दछ । यो विधान अग्निको अभावमा पनि गर्नुपर्दछ । जस्तै – प्रातःकालमा आहुतिको अभावमा पनि स्विष्टकृत्का लागि द्रव्यान्तरको प्रयोग गर्ने अनुमति दिइएको हुन्छ । यद्यपि त्यो अदृष्टार्थ छ त्यसैगरी अग्निको लोप भएमा पनि प्रेताधान र दाह गरिन्छ । प्रतिकृति र अग्निहरूमा प्रेताधानको प्रयोजकताको कुनै क्षति हुँदैन ।

साग्नेः पत्नीमरणे विचारः

पत्न्या अप्येवम् । **'दाहयित्वाग्निहोत्रेण स्त्रियं वृत्तवतीं पतिः'** इति याज्ञवल्क्योक्तेः ।

यत्तु – **द्वितीयां चैव यो भार्यां दहेद्वैतानिकाग्निभिः । जीवत्यां प्रथमायां तु सुरापानसमं स्मृतम् ।।**

इति तदाधाने सहानधिकृताविषयमिति विज्ञानेश्वरः ।

अग्निहोत्रीकी पत्नीको मृत्युमा विचार

पत्नीको मृत्युमा पनि विधि यही हो । **याज्ञवल्क्यले** भनेका छन् – उत्तम आचारकी अग्निहोत्रीकी पत्नीको मृत्यु भएमा पतिले अग्निहोत्रको अग्निद्वारा तिनको दाह गर्नुपर्दछ । अग्निहोत्रको अग्नि नपाइएमा स्मार्त अग्निले दाह गर्नुपर्दछ।

यहाँ कसैले भनेका छन् – अग्निहोत्रीकी प्रथम पत्नी जीवित छँदै दोस्री पत्नीको मृत्यु हुँदा वैतानिक यज्ञले दाह गरेमा त्यो मदिरापानजस्तै पापदायक हुन्छ । यस वचनको विषयमा **विज्ञानेश्वरले** भनेका छन् कि – अग्निको आधानमा जुन पत्नीको अधिकार हुँदैन तिनका निमित्तमात्र गरिएको निषेध हो ।

दम्पत्योर्मध्ये प्रथममृतस्य दाहनिर्णयः

मदनरत्ने ब्राह्मेऽपि –

आहिताग्न्योश्च दम्पत्योर्यस्त्वादौ म्रियते भुवि । तस्य देहः सपिण्डैश्च दग्धव्यस्त्रिभिरग्निभिः ।।

दम्पतिमध्ये पहिले मर्नेको दाहसम्बन्धी निर्णय

मदनरत्नमा उद्धृत ब्रह्मपुराणको वचनमा भनिएको छ – अग्निहोत्रीका दम्पतिमध्ये स्त्री अथवा पुरुष जुन पहिले मर्दछन् तिनको शरीरलाई उत्तराधिकारीहरूले गार्हपत्य, आहवनीय र दक्षिणाग्निद्वारा दाह गर्नुपर्दछ ।

पश्चात्मृतस्य दाहनिर्णयः

पश्चान्मृतस्य देहस्तु दग्धव्यो लौकिकाग्निना । अनाहिताग्निदेहस्तु दाह्यो गृह्याग्निना द्विजैः ।

दम्पतिमध्ये पछिबाट मर्नेको दाहसम्बन्धी निर्णय

पछिबाट मर्ने अग्निहोत्री दम्पतिको सम्बन्धमा भनिएको छ कि – पछिबाट मर्नेको शरीरलाई लौकिक अग्निद्वारा

दाह गर्नुपर्दछ । जसले अग्निहोत्र ग्रहण गरेका छैनन् तिनीहरूको शरीरलाई गृह्याग्निले दाह गर्नुपर्दछ ।

त्रिकाण्डमण्डनमते विचारः

त्रिकाण्डमण्डनस्तु विकल्पमाह –

ज्येष्ठायां विद्यमानायां द्वितीयायै स्वयोषिते । काम्यं नित्याग्निहोत्रं वा न कथञ्चित्प्रयच्छति ।।

स्त्रीमात्रमविशेषेण दग्ध्वान्यैर्वैदिकाग्निभिः । विवाह्यादधते यद्वाधानमेवास्ति चेद्वधूः ।। इति ।

त्रिकाण्डमण्डनको मतमा विचार

त्रिकाण्डमण्डनमा विकल्प प्रस्तुत गर्दै भनिएको छ – जेठी पत्नी छँदै अग्निहोत्रीले कान्छी पत्नीद्वारा काम्यकर्म वा नित्य अग्निहोत्रको कर्म सम्पादन गराउनु हुँदैन । स्त्रीमात्रमा कुनै अन्तर नरहेकाले अन्य वैदिक अग्निद्वारा दाह गरेर अग्निको विवाह गरी आधान गर्नुपर्दछ । जेठी पत्नी र अन्य विवाहित पत्नी भएमा आधान गर्नुपर्दछ ।

त्रिकाण्डमण्डनमतस्य तात्पर्यम्

अत्रेदं तत्त्वम् । साग्नेः पत्नीमृतौ दौ पक्षौ । पुनर्विवाहेच्छायां पूर्वाग्निभिर्दहेदित्येकः पक्षः ।

भार्यायै पूर्वमारिण्यै दत्त्वाग्नीनन्त्यकर्मणि । पुनर्दारक्रियां कुर्यात्पुनराधानमेव च ।।

इति मनूक्तेः । **दाहयित्वाग्निहोत्रेण स्त्रियं वृत्तवतीं पतिः** । इति याज्ञवल्क्योक्तेश्च । पुनर्विवाहाशक्तौ निर्मन्थ्येन तां दग्ध्वा पूर्वाग्निष्वेवाग्निहोत्रादि कार्यमित्यन्तः । **'आहार्येणानाहिताग्निं पत्नीं च'** इत्याश्वलायनोक्तेः ।

भरद्वाजोऽपि – **'निर्मन्थ्येन पत्नीम्'** इति । पूर्वाग्न्येकदेशेन दहेदिति यज्ञपार्श्वदेवयाज्ञिकादयः ।

त्रिकाण्डमण्डनको भनाइको तात्पर्य

माथिको वचनको रहस्य यसप्रकार छ – अग्निहोत्रीकी पत्नीको मृत्युका दुईपक्ष छन् । अग्निहोत्रीले पत्नीको मृत्युपछि मनमा फेरि विवाह गर्छु भनी इच्छा राख्दछ भने पहिले बताइएका अग्निले दाह गर्नुपर्दछ भन्ने एउटा पक्ष हो । **मनुले** भनेका छन् – अग्निहोत्रीले आफूभन्दा पहिले मर्ने पत्नीको अन्त्यकर्ममा दाहका लागि अग्निसमर्पण गरेर गृहस्थाश्रम गर्ने इच्छा राख्दछ भने छोरा भए पनि अथवा नभए पनि फेरि विवाह गर्दा त्यसले स्मार्ताग्नि र श्रौताग्निको पुनः आधान गर्नुपर्दछ ।

याज्ञवल्क्यले भनेका छन् – 'पूर्वोक्त आचार भएकी स्त्रीलाई श्रौताग्निद्वारा दाहकर्म गराएपछि पतिले स्मार्त अग्निद्वारा विवाह गर्नुपर्दछ । फेरि विवाह गर्ने सामर्थ्य छैन भने मन्थनबाट निकालिएको अग्निले पत्नीको दाहकर्म गरेर पहिले आफ्नो घरमा स्थापना गरिएका अग्निमा अग्निहोत्र आदि इष्टि गर्नुपर्दछ' भन्ने दोस्रो पक्ष हो ।

आश्वलायनले भनेका छन् कि मन्थन गरेर निकालिएको अग्निद्वारा अग्निहोत्रीले पत्नीको दाहकर्म गर्नुपर्दछ । भरद्वाजले भनेका छन् – अरणि मन्थन गरी निकालिएको अग्निबाट मृत पत्नीको शवदाह गर्नुपर्दछ ।

यज्ञपार्श्व, देवयाज्ञिक आदि विद्वान्हरूको भनाइ छ कि – पहिले स्थापित गरिएको अग्निको एकदेशबाट पहिले मरेकी जेठी पत्नीको दाह गर्नुपर्दछ ।[५६]

पूर्वाग्निको एकदेशबाट दाह गरोस् भन्नुको तात्पर्य दक्षिणपूर्वमा आवहनीय, उत्तर–पश्चिममा गार्हपत्य, दक्षिण–पश्चिममा दक्षिणाग्नि रहेका हुन्छन् । यिनैबाट दाह गराउनुपर्दछ भन्ने हो । सभ्य र आवसथ्य अग्निबाट दाह गराउनु हुँदैन ।

मतमतान्तरनिर्देशपूर्वकम् अपत्नीकस्याधानकथनम्

यानि च – **'तस्मादपत्नीकोऽप्यग्निहोत्रमाहरेत्'** इति श्रुतिः । विष्णुः छन्दोगपरिशिष्टे च –

मृतायामपि भार्यायां वैदिकाग्निं नहि त्यजेत् । उपाधिनापि तत्कर्म यावज्जीवं समाचरेत् ।।

उपाधिर्हेमकुशपत्न्यादिः ।

अन्ये कुशमयीं पत्नीं कृत्वा तु गृहमेधिनः । अग्निहोत्रमुपासन्ते यावज्जीवमनुव्रताः ।।

इत्यपरार्के स्मृत्यन्तरात् । कात्यायनोऽपि –

रामोऽपि कृत्वा सौवर्णीं सीतां पत्नीं यशस्विनीम् । ईजे बहुविधैर्यज्ञैः सह भ्रातृभिरच्युतः ।।

इत्यादीनि, तानि, पूर्वाग्निष्वेवाग्निहोत्रादिपराणि नत्वपत्नीकस्याधानार्थानि, क्रतुविधीनामाधानाप्रयोजकत्वात् । अपत्नीकस्याधानाप्रवृत्तिरिति मानवपरिशिष्टाच्च । सोमो न भवत्येव, **'अपत्नीकोऽप्यसोमपः'** इति श्रुतेः।

यत्तु भारद्वाजापस्तम्बसूत्रम् – **'दारकर्मणि यद्यशक्त आत्मार्थमग्न्याधेयम्'** इति । अस्यार्थः – पुनर्विवाहाशक्तौ यदग्न्याधेयं पूर्वकृतमस्ति तदात्मार्थमेव न पत्न्यै दद्यादिति । ब्राह्मणभाष्यापरार्काशार्करामाण्डारादि-तत्त्वमप्येवम् ।

मतमतान्तरनिर्देशसहित पत्नीरहितको आधान

विष्णुको वचन र **छन्दोगपरिशिष्ट**को वचनमा भनिएको छ – 'पत्नी मरेपछि पनि वैदिक अग्निहोत्रीले अग्निको त्याग गर्न हुँदैन । सुवर्ण अथवा कुशद्वारा पत्नीको प्रतिमा निर्माण गरेर आजीवन अग्निहोत्रकर्म गरिरहनुपर्दछ ।' यहाँ माथि श्लोकमा **उपाधि** भन्ने शब्दको प्रयोग भएको छ । उपाधिको अर्थ हो – सुवर्ण वा कुशद्वारा निर्मित पत्नीको प्रतिमा। **अपरार्क**मा उद्धृत कुनै **स्मृति**को वचनमा पनि – 'गृहस्थले कुशद्वारा निर्मित प्रतिमारूप पत्नीलाई साथमा राखेर आजीवन व्रतमा रही अग्निहोत्रको उपासना गर्दछन् ।' भनिएको छ ।

कात्यायनले भनेका छन् – 'भगवान् रामचन्द्रले पनि सुवर्णमयी, यशस्विनी सीताको निर्माण गराएर भाइहरूका साथ रही अनेक यज्ञ गर्नुभयो' भन्ने वचन पहिलो अग्निमा अग्निहोत्र गर्नुपर्दछ भन्ने विषयमा आधारित छ । अपत्नीक आधानको अर्थमा छैन । 'अपत्नीकको आधानमा प्रवृत्ति हुँदैन' भन्ने कुरा मानव **परिशिष्ट**मा बताइएको छ । 'अपत्नीकले सोमपान गर्न पाउँदैन' भन्ने कुरा श्रुतिमा बताइएको छ । **भारद्वाजसूत्र** र **आपस्तम्बसूत्र**मा भनिएको छ – 'पुनः विवाह गर्न अशक्त अग्निहोत्रीले आफ्नो आत्माका निमित्त अग्निको आधान गर्नुपर्दछ ।' यसको तात्पर्य यो हो कि फेरि विवाह गर्न असमर्थ अग्निहोत्रीले जुन अग्न्याधान गर्दछन् त्यो आफ्नै लागि हुन्छ, पत्नीका लागि हुँदैन । **ब्राह्मणभाष्य, अपरार्क, रामाण्डार** आदिहरूका वचनको तत्त्व पनि यही हो ।

अत्र कमलाकरभट्टमतम्

त्रिकाण्डमण्डनस्तु पक्षद्वयमाह – **'अन्येऽप्यपत्नीकस्याधानमाहुस्तदाशयं न विद्मः'** ।

कमलाकर भट्टको मत

त्रिकाण्डमण्डनमा दुईपक्ष उपस्थापित गरिएको छ – केही मानिसहरूले पत्नी नभएका मानिसले पनि अग्निको आधान गर्नुपर्दछ भनेका छन् तिनको के आशय हो हामी जान्दैनौं ।

आहिताग्न्यादीनां दाहे अग्निविचारः

वृद्धयाज्ञवल्क्यः –

आहिताग्निर्यथान्यायं दग्धव्यस्त्रिभिरग्निभिः । अनाहिताग्निरेकेन लौकिकेनापरो जनः ।।

अग्निहोत्रीहरूको दाहमा अग्निको विचार

वृद्धयाज्ञवल्क्य भन्दछन् – यथोचित रूपले अग्निहोत्रीको शरीरदाह गार्हपत्य, आहवनीय र दक्षिणाग्निबाट गर्नुपर्दछ । अनाहिताग्नि अर्थात् स्मार्ताग्निको शरीर स्मार्त अग्निबाट नै दाह गर्नुपर्दछ । सामान्य मानिसको शरीर लौकिक अग्निद्वारा दाह गर्नुपर्दछ ।

आहिताग्नेः पत्न्याः पूर्वमरणे अग्न्यादिविचारः

मनुः – **एवं वृत्तां सवर्णां स्त्रीं द्विजातिः पूर्वमारिणीम् । दाहयेदग्निहोत्रेण यज्ञपात्रैश्च धर्मवित् ।।**

अग्निहोत्रीभन्दा पहिले मर्ने उनकी पत्नीको दाहसम्बन्धमा

मनुले भनेका छन् – अग्निहोत्रीभन्दा पहिले दिवङ्गत हुने उनकी सवर्णास्त्रीलाई अग्निहोत्रकै अग्नि र यज्ञका पात्रको प्रयोग गरी दाह गर्नुपर्दछ ।

भर्तुः पूर्वं पत्नीमरणे विचारः

कारिकायाम् – **पत्नीमपि दहेदेवं भर्तुः पूर्वं मृता यदि । अनग्निकां दहेदेवं कापालेन हविर्भुजा ।।**

पतिभन्दा पहिले पत्नी मरेमा विचार

कारिकामा भनिएको छ – पतिभन्दा पहिले पत्नी मरेमा माथि बताएकै विधिले दाह गर्नुपर्दछ । सामान्य मानिसकी पत्नी पहिले मरेमा कापालनामक[५७] अग्निद्वारा दाह गर्नुपर्दछ ।

छन्दोगानामेव विषये विशेषः

छन्दोगपरिशिष्टे –

अनयैवावृता नारी दग्धव्या या व्यवस्थिता । अग्निप्रदानमन्त्रोऽस्या न प्रयोज्य इति स्थितिः ।।

इदं छन्दोगानामेव ।

तथा – **अग्निनैव दहेद्भार्यां स्वतन्त्रां पतिता न चेत् । तदुत्तरेण पात्राणि दाहयेत्पृथगन्तिके ।।**

इदमपि तेषामेव ।

छन्दोगहरूका निमित्त विशेष

छन्दोगपरिशिष्टमा भनिएको छ कि जुन नारी व्यवस्थितरूपमा पतिव्रताधर्म अँगालेर बसेकी हुन्छिन्, उनी मरेमा

५७. कापाल अग्नि – **'अग्निवर्णं कपालं तु कृत्वा तत्र विनिक्षिपेत् । करीषादि ततो वह्निर्जातो यः स कपालजः ।।'** अर्थात् गोबरको गुइँठालाई आगोमा फ्याँकिपछि त्यो रातो हुन्छ । त्यही गोबरको गुइँठामा उत्पन्न अग्निलाई कपालज भनिन्छ ।

उनको पनि अग्निहोत्रीकै किसिमले दाह गर्नुपर्दछ तर तिनको दाह गर्दा अग्निप्रदान गर्ने मन्त्र पढ्न हुँदैन । यो छन्दोगकाे निमित्त हो । स्वतन्त्र रहे पनि जो पतित हुँदिनन् त्यस्ती भार्या मरिन् भने तिनको लौकिक अग्निद्वारा दाह गर्नुपर्दछ । उनको शरीर रहेको ठाउँबाट अलिकति उत्तर दिशामा गई अग्निहोत्रका पात्रहरूको छुट्टै दाह गर्नुपर्दछ ।

विधुर-विधवा-बालकादीनां मरणे अग्निविचारः

आशौचप्रकाशे क्रतुः –

विधुरं विधवां चैव कपालस्याग्निना दहेत् । ब्रह्मचारी यतिश्चैव दह्येतोत्तपनाग्निना ।।

तुषाग्निना च दग्धव्यः कन्यका बाल एव च । अग्निवर्णं कपालं तु कृत्वा तत्र विनिक्षिपेत् ।।

करीषादिस्ततो वह्निर्जातो यः स कपालजः ।। अनुपनीते यद्यपि जातारण्यग्निः कैश्चिदुक्तस्तथापि तस्य कलौ निषिद्धत्वोक्तेरयमेव ज्ञेयः ।

स्मृत्यन्तरे – **गृहस्थो ब्रह्मचारी च विधुरो विधवाः स्त्रियः । औपासनश्चोत्तपनस्तुषाग्निश्च कपालजः ।।**

विधुर, विधवा, बालक आदिको मरणमा अग्निको विचार

आशौचप्रकाशमा क्रतुले भनेका छन् – पत्नीहीन व्यक्ति र विधवा नारीलाई कपालज–अग्निद्वारा दाह गर्नुपर्दछ। स्त्री र पुरुषमा जो पहिले मरेका छन् तिनीहरूको गृह्याग्निले दाह गर्नुपर्दछ । पछि मरेकाको कपालज अग्निले दाह गर्नुपर्दछ भन्ने तात्पर्य हो । ब्रह्मचारी र यतिको उत्तपन[५८] अग्निद्वारा दाह गर्नुपर्दछ । कन्या र बालकको तुषाग्नि अर्थात् अन्नको भुसबाट पैदा भएको अग्निले दाह गर्नुपर्दछ । यो दाह गर्दा भुसको अग्निले लाशलाई डढाएर रातो तुल्याई अग्निको स्थिरताका लागि चितामा गोबरको गुइँठा थपिदिनुपर्दछ । गोबरको गुइँठाको अग्निलाई कपालज–अग्नि भनिन्छ। जसको व्रतबन्ध भएको छैन त्यस व्यक्तिको शरीर दाह गर्दा जङ्गलमा उत्पन्न भएको अग्निको प्रयोग गर्नुपर्दछ भनिएको छ। यस्तो कर्म भने कलिमा निषिद्ध छ । कुनै **स्मृतिमा** भनिएको छ कि गृहस्थ, ब्रह्मचारी, पत्नीरहित व्यक्ति र विधवाको दाह गर्दा क्रमैले गृहस्थको औपासन–अग्निद्वारा, ब्रह्मचारीको उत्तपन–अग्निद्वारा, अपत्नीकको तुषाग्निद्वारा र विधवा स्त्रीहरूको कपालज–अग्निद्वारा दाह गर्नुपर्दछ ।

उत्तपनाग्निलक्षणकथनम्

उत्तपनस्तु – **दर्भाग्रेऽग्निं तु प्रज्वाल्य पुनर्दर्भैस्तु संयुतः । पुनर्दर्भै स्तृतीयोऽग्निरेष उत्तपनः स्मृतः ।।**

उत्तपन अग्निको लक्षण

उत्तपन अग्निको लक्षण बताउँदै भनिएको छ – प्रथम कुशको टुप्पामा आगो बालेर त्यसमा अरू कुशहरू थप्नुपर्दछ । यसरी थपिएको कुशबाट उत्पन्न अग्नि द्वितीय–अग्नि कहलाउँछ । त्यसपछि फेरि तेस्रो पटक कुश थपेर बाल्दा उत्तपननामक तेस्रो अग्नि पैदा हुन्छ ।

दाहसमये शूद्रद्वारा तृण-काष्ठ-हविरग्न्यादीनां ग्रहणे विचारः

यमः – **यस्यानयति शूद्रोऽग्निं तृणं काष्ठं हवींषि च । प्रेतत्वं च सदा तस्य स चाधर्मेण लिप्यते ।।**

५८. कुशको अग्रभागमा अग्नि जलाएर फेरि अरू कुश मिसाईकन जुन तेस्रो अग्नि उत्पन्न हुन्छ, त्यसैलाई उत्तपन अग्नि भन्दछन्।

दाहकर्ममा शूद्रद्वारा तृण काष्ठादि ग्रहणसम्बन्धी विचार

यमले भनेका छन् कि शूद्रले ल्याएको अग्नि, तृण, काठ र हविबाट जुन प्रेतको दाहकर्म गरिन्छ त्यस प्रेतको प्रेतत्वनिवृत्ति हुँदैन र त्यो सधैं पापले लिप्त रहन्छ ।

दाहे निषिद्धाग्निः

देवलः – **चण्डालाग्निरमेध्याग्निः सूतिकाग्निश्च कर्हिचित् । पतिताग्निश्चिताग्निश्च न शिष्टग्रहणोचितः ।।**

दाहमा निषिद्ध अग्नि

देवलले भनेका छन् – दाहकर्म गर्दा चाण्डालको घरको अग्नि, अपवित्र अग्नि, सुत्केरीले सेवन गरेको अग्नि, पतित मानिसले सेवन गरेको अग्नि र चितामा बलेको अग्नि कसैले पनि ग्रहण गर्न हुँदैन ।

शवनिर्हरणे दिङ्नियमः

मनुः – **दक्षिणेन मृतं शूद्रं पूर्वद्वारेण निर्हरेत् । पश्चिमोत्तरपूर्वैस्तु यथासंख्यं (यथायोगम्) द्विजातयः (द्विजन्मनः) ।** अत्र प्रातिलोम्येन क्रमः ।

पूर्वामुखस्तु नेतव्यो ब्राह्मणो बान्धवैर्गृहात् । उत्तराभिमुखो राजा वैश्यः पश्चान्मुखस्तथा ।।

दक्षिणाभिमुखः शूद्रो निर्हर्तव्यः स्वबान्धवैः । इत्यादिपुराणादित्यपरार्कः । तेन त्रिंशद्श्लोक्युक्तोऽनुलोम-क्रमो हेयः ।

मरेका शूद्र आदिलाई घरबाट घाटमा लैजाँदा दिशाको नियम

मनुले भनेका छन् – मरेका शूद्रलाई दक्षिणद्वारबाट, वैश्यलाई पश्चिमद्वारबाट, क्षत्रियलाई उत्तरद्वारबाट र ब्राह्मणलाई पूर्वद्वारबाट निकाली श्मशानघाटमा लैजानुपर्दछ । यहाँ शूद्रबाट ब्राह्मणसम्म पुऱ्याइएको हुँदा प्रतिलोमविधि अर्थात् विपरीतविधि रहेको छ । **आदिपुराण**मा भनिएको छ – बान्धवहरूले मृतब्राह्मणलाई पूर्वाभिमुख भई श्मशानघाट लैजानुपर्दछ । क्षत्रियलाई उत्तराभिमुख भई लैजानुपर्दछ, वैश्यलाई पश्चिमाभिमुख भई लैजानुपर्दछ र शूद्रलाई दक्षिणाभिमुख भई लैजानुपर्दछ भन्ने कुरा **अपरार्क**मा उद्धृत गरिएको छ । **त्रिंशच्छ्लोकी**मा बताइएको अनुलोमक्रम त्यागयोग्य छ । ढोका रहेमा नै दिशाको नियम हुन्छ, ढोकाको अभावमा दिशाको नियम हुँदैन । फेरि घरमा सबैका चारढोका हुँदैनन् । त्यसो हुँदा पनि यो नियम लागु हुँदैन ।

ज्येष्ठक्रमेण गमनकथनम्

आश्वलायनः – **'ज्येष्ठप्रथमाः कनिष्ठजघन्या गच्छेयुः ।'**

मलामीहरूको ज्येष्ठताक्रमले अनुगमन

आश्वलायनले बताएका छन् – प्रेतलाई मसानघाटतर्फ लैजाँदा जेठा मानिसहरू अगाडि हिँड्नुपर्दछ र कान्छा मानिसहरू पछाडि हिँड्नुपर्दछ ।

अग्न्याधानोत्तरं कृतद्वितीयविवाहस्य यजमानस्य मृत्यौ

अथाधानोत्तरं द्वितीयविवाहे कृते यजमानमरणे श्रौतस्मार्ताग्न्यो: संसर्ग: । बौधायनसूत्रे ४ प्रश्ने १५ अध्याय पृ. ३४२-३४४ – अथ यद्याहिताग्निर्द्वे भार्ये विन्देत प्राक्संयोगात् म्रियेत (परिश्रिते किं तर्हि कुर्यादिति) औपासनं सम्परिस्तीर्याज्यं विलाप्योत्पूय स्रुचि चतुर्गृहीतं गृहीत्वा समिद्धत्यग्नौ जुहोति **'समितं सङ्कल्पेथाम्'** इति मिन्दाहुती व्याहृतीश्च हुत्वा तमग्निम् **'अयं ते योनिर्ऋत्विज'** इति समिधि समारोप्य गार्हपत्ये समिधमभ्यादधाति – **'भवतं न: समनसौ'** इति । गार्हपत्य आज्यं विलाप्य (उत्पूय स्रुक्स्रुवं निष्टप्य संमृज्य) स्रुचि चतुर्गृहीतं गृहीत्वा गार्हपत्ये जुहोति **'अग्नावग्निश्चरति प्रविष्ट:'** इति । अपरं चतुर्गृहीत्वा गार्हपत्य एव **'चिति: स्रुक्'** इति । अथ गार्हपत्ये स्रुवाहुतीर्जुहोति **'ब्राह्मण एकहोता'** इति दशभि: । अथ प्राचीनावीतं कृत्वाऽन्वाहार्यपचने जुहोति **'ये समाना:'**, **'ये सजाता:'**, इति द्वाभ्याम् । अथ (अन्वाहार्यपचन एव) तत्रैव स्रुवाहुतीर्जुहोति अग्नये कव्यवाहनाय स्विष्टकृते स्वधा नम: स्वाहा इति । अथ यज्ञोपवीतं कृत्वा द्वादशगृहीतेन स्रुवं पूरयित्वा पुरुषसूक्तेनाहवनीये जुहोति । अथ स्रुवाहुतीर्जुहोति अग्नये विविचये स्वाहाऽग्नये व्रतपतये स्वाहाऽग्नये पवमाना अन्वाऽग्नये पावकाय स्वाहाऽग्नये शुचये स्वाहाऽग्नये पथिकृते स्वाहाऽग्नये तन्तुमतेऽग्नये वैश्वानराय स्वाहा इति । अथ (स्रुचि) चतुर्गृहीतं जुहोति **'मनोज्योति:'** इत्यत ऊर्ध्वं पैतृकं कर्म प्रतिपद्यते । इति ।

अग्निको आधानपछि दोस्रो विवाह गरेका यजमानको मरण भयो भने

आधानपछि दोस्रो विवाह भएका यजमान मरे भने – श्रौत र स्मार्त अग्नि मिलाएर दाह गर्नुपर्दछ । बौधायनसूत्रमा यदि आहिताग्निले दुईविवाह गरेका छन् भने संयोगले आफू पहिले मरेमा औपासन–अग्निको स्थापन गरी घ्यू पगालेर तलका मन्त्र पढी चारपटकसम्म बलेको आगोमा सुराले हवन गर्नुपर्ने कुरा बताउँदै यसरी मन्त्रनिर्देश गरिएको छ –

'समीतं सङ्कल्पेथां संप्रियौ रोचिष्णू सुमनस्यमानौ । इषमूर्जेमभि संवसानौ सं वां मनांसि सं व्रता समु चित्तान्याऽकरम् ।। (तै.सं. ४/२/५/१)' **'यन्म आत्मनो मिन्दाऽभूदग्निस्तत् पुनराऽहार्जातवेदा विचर्षणि: । पुनरग्निश्चक्षुरदात् पुनरिन्द्रो बृहस्पति: । पुनर्मे अश्विना युवं चक्षुरा धत्तमक्ष्यो: ।। इष्टयजुषस्ते देव सोम स्तुतस्तोमस्य शस्तोक्थस्य हरिवत इन्द्रपीतस्य मधुमत उपहूतस्योपहूतो भक्षयामि ।। आपूर्या: स्थाऽऽना पूरयत प्रजया च धनेन च । एतत् ते तत ये च त्वामन्वे तत् ते पितामह प्रपितामह ये च त्वामन्वत्र पितरो यथाभागं मन्दध्यम् ।।** इत्यादि (तै.सं. ३/२/५/११, पृ. १२०)

त्यसपछि अग्निमा समिधा राखी गार्हपत्य कुण्डमा निम्नलिखित मन्त्र पढ्दै समिधाको आधान गर्नुपर्दछ – **'अयं ते योनिर्ऋत्वियो यतो जातो अरोचथा: । तं जानन्नग्न आ रोहाथा नो वर्धया रयिम् ।।'** (तै.सं. १/५/७/१)

त्यसपछि निम्नलिखित मन्त्रद्वारा गार्हपत्य कुण्डमा अलिकति घिउ चुहाएर चारपटकसम्म सुरोमा ग्रहण गरी गार्हपत्य कुण्डमा हवन गर्नुपर्दछ – **भवतं न: समनसौ समोकसावरेपसौ । मा यज्ञं हिं सिष्ट मा यज्ञपतिं जातवेदसौ शिवौ भवतमद्य न: ।।** (तै.सं.१/३/७)'

गार्हपत्यकुण्डमा निम्नलिखित मन्त्रले हवन गर्नुपर्दछ – **अग्नावग्निश्चरति प्रविष्ट ऋषीणां पुत्रो अधिराज एष:। स्वाहाकृत्य ब्रह्मणा ते जुहोमि मा देवानां मिथुया कर्भागधेयम् ।** (तै.सं. १/३/७/१४)

फेरि दोस्रो पटक घ्यू ग्रहण गरी गार्हपत्यकुण्डमा घ्यू पगालेर निम्नलिखित मन्त्रले हवन गर्नुपर्दछ – **चितिस्रुक्।**

चित्तमाज्यम् । वाग्वेदिः । आधीतं बर्हिः । के तो अग्निः । विज्ञातमग्निः । वाक्पतिर्होता । मन उपवक्ता । प्राणो हविः । सामाध्वर्युः ।। वाचस्पते विधे नामन् । विधेम ते नाम विधेत्वमस्माकं नाम । वाचस्पतिः सोमं पिबतु । आस्मासु नृम्णन्धात् स्वाहा ।। (तै.आ.३ प्रपाठके १ अनुवाकम्)'

तदनन्तर निम्नलिखित मन्त्रले दशआहुति दिनुपर्दछ – 'ब्राह्मण एक होता । स यज्ञः । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । यज्ञश्च भूयात् । अग्निर्द्वि होता । स भर्ता । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । भर्ता च मे भूयात् । पृथिवी त्रिहोता स प्रतिष्ठा । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । प्रतिष्ठा च मे भूयात् । अन्तरिक्षं चतुर्होता । स विष्ठाः । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । विष्ठाश्च मे भूयात् । वायुः पञ्च होता । स प्राणः । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । प्राणश्च मे भूयात् । चन्द्रमाः षड् होता । स ऋतून् कल्पयाति । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । ऋतवश्च मे कल्पन्ताम् । अन्नं सप्त होता । स प्राणस्य प्राणः । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । प्राणस्य च मे प्राणो भूयात् । द्यौरष्ट होता । सोनाधृष्यः । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । अनाधृष्यश्च भूयासम् । आदित्यो नव होता । स तेजस्वी । स मे ददातु प्रजां पशून् पुष्टिं यशः ।। तेजस्वी च भूयासम् । प्रजापतिर्दश होता। स इदं सर्वम् । स मे ददातु प्रजां पशून् पुष्टिं यशः । सर्वञ्च मे भूयात् ४ प्रतिष्ठा, प्राणश्च मे भूयात्, अनाधृष्यः, सर्वञ्च मे भूयात् । ब्राह्मणः, यज्ञः, अग्निः, भर्ता, पृथिवी, प्रतिष्ठा, अन्तरिक्षम्, विष्ठा, वायुः, प्राणः, चन्द्रमा, ऋतून्, अन्नं स प्राणस्य, प्राणः द्यौः, अनाधृत्यः, आदित्यः, स तेजस्वी, प्रजापतिः, स इदं सर्वं, च मे भूयात् । अनु. ७ । ब्राह्मण एक होता – इति अनुवाकम् । एतदनुवाकगतेषु दशसु पर्यायेषु प्रथमं पर्यायमाह ब्राह्मण० मे भूयात् । अग्निर्द्विहोता० भूयात् २ पर्यायः । तृतीयमाह– पृथिवी त्रिहोता० प्रतिष्ठा च मे भूयात् । चतुर्थमाह – अन्तरिक्षं चतुर्होता० विष्ठाश्च मे भूयात् । पञ्चममाह – वायुः पञ्च होता प्राणश्च मे भूयात् । षष्ठमाह – अन्नं सप्त० प्राणो भूयात् । अष्टममाह – द्यौरष्ट० अनाधृष्यश्च भूयासम् । नवममाह – आदित्यो० तेजस्वी च भूयासम् । दशममाह – प्रजापतिः मे भूयात् । (तै.आर.३ प्रपा. ७ अनुवाके)'

त्यसपछि अपसव्य भएर अन्वाहार्य अन्न पाकेपछि तलका दुईमन्त्रले हवन गर्नुपर्दछ – 'ये समानाः समनसः पितरो यमराज्ये । तेषां लोकः स्वधा नमः, यज्ञो देवेषु कल्पताम् ।। ये सजाताः समनसः जीवा जीवेषु मामकाः । तेषां श्रीर्मयि कल्पतामस्मिल्लाके शतं समाः ।। (तै.ब्रा. २ का. ६/३)'

त्यसपछि सुरोद्वारा 'अग्नये कव्यवाहनाय स्विष्टकृते स्वधा नमः स्वाहा' मन्त्रले हवन गर्नुपर्दछ । फेरि सव्य भएर सुराले १२ पटकसम्म पुरुषसूक्त मन्त्रद्वारा आहवनीय कुण्डमा हवन गर्नुपर्दछ । त्यसपछि फेरि 'अग्नये विविचये स्वाहा ।।१।। अग्नये व्रतपतये स्वाहा ।।२।। अग्नये पवमानाय स्वाहा ।।३।। अग्नये पावकाय स्वाहा ।।४।। अग्नये शुचये स्वाहा ।।५।। अग्नये पथिकृते स्वाहा ।।६।। अग्नये तन्तुमते स्वाहा ।।७।। अग्नये वैश्वानराय स्वाहा ।।८।।' यी मन्त्रले चार-चार पटक हवन गर्नुपर्दछ । त्यसपछि 'मनो ज्योतिर्जुषतामाज्यं विच्छिन्नं यज्ञं समिमं दधातु । बृहस्पतिस्तनुतामिमं नो विश्वेदेवा इहमादयन्ताम् ।। (तै.सं.१/५/७), मनो ज्योतिर्जुषतामाज्यं विच्छिन्नं यज्ञं समिमं दधातु । या इष्टा उषसो निम्रचश्च सास्सन्दधामि हविषा घृतेन स्वाहा ।। (बौ.गृह्य.अ.१५, पृ. ३४४), मनो ज्योतिर्जुषतामाज्यम् । विच्छिन्नं यज्ञं समिमं दधातु । बृहस्पतिस्तनुतामिमं नः । विश्वे देवा इह मादयन्ताम् ।। (तै.ब्रा. ३. का. पू. ११००) मन्त्रद्वारा हवन गर्नुपर्दछ । यसरी हवन गरेपछि पैतृककर्म सिद्ध हुन्छ ।

आहिताग्नौ विदेशमरणे विचारः

आहिताग्नौ विदेशमृते पथिकृतीष्टिर्मृताग्निहोत्रं तद्दाहः पात्रयोजनञ्च कल्पसूत्रादिभ्योऽस्मत्पितामहकृतपद्धतेश्च ज्ञेयमिति बहुवक्तव्येऽप्युपरम्यते ।

अग्निहोत्रीको विदेशमरणमा विचार

'अग्निहोत्री विदेशमा मरेमा पथिकृत्-इष्टि र मृताग्निहोत्र गरेपछि त्यसको दाह गर्नुपर्दछ । पात्रहरूको योजना कसरी गर्ने भन्ने विषयमा कल्पसूत्र आदिबाट र हाम्रा पितामहले तयार गर्नुभएको पद्धतिबाट बुझ्नुपर्दछ ।' यहाँ धेरै कुरा भन्नुपर्ने थियो तर विस्तारभयले यहीँ टुङ्ग्याइन्छ ।

स्मार्ताग्निमरणे विचारः

स्मार्ताग्नेस्तूक्तं मदनरत्ने छन्दोगपरिशिष्टे च –

दुर्बलं स्नापयित्वा तु शुद्धचैलाभिसंवृतम् । दक्षिणाशिरसं भूमौ बर्हिष्मत्यां निवेशयेत् ।।

घृतेनाभ्यक्तमाप्लाव्य शुद्धवस्त्रोपवीतिनम् । चन्दनोक्षितसर्वाङ्गं सुमनोभिर्विभूषयेत् ।।

शिरण्यशकलान्यस्य क्षिप्त्वा छिद्रेषु सप्तसु । मुखेष्वथाभिधायैनं निर्हरेयुः सुतादयः ।।

आमपात्रेऽन्नमादाय प्रेतमग्निपुरःसरम् । एकोऽनुगच्छेत्तस्यार्धमर्धपथ्युत्सृजेद्भुवि ।

ऊर्ध्वमादहनं कार्यमासीनो दक्षिणामुखः । सव्यं जान्वाच्य शनकैः सतिलं पिण्डदानवत् ।।

अथ पुत्रादिराप्लुप्य कुर्याद्दारुचयं महत् । तत्रोत्तानं निपात्यैनं दक्षिणाशिरसं मुखे ।।

आज्यपूर्णं स्रुवं दद्याद् दक्षिणाग्रां नसि स्रुवम् । पादयोरधरां प्राचीमरणीमुरसीतराम् ।।

पार्श्वयोः शूर्पचमसौ सव्यदक्षिणयोः क्रमात् । सुसमे तु न्यसेन्न्युब्जमन्तरूर्वोरुलूखलम् ।।

चात्रोविलीढमत्रैव अनग्नेरप्ययं विधिः । अपसव्येन कृत्वैतद्वाग्यतः पितृदिङ्मुखः ।।

अथाग्निं सव्यमावृत्को दद्याद्दक्षिणतः शनैः । 'अस्मात्त्वमधिजातोऽसि त्वदयं जायतां पुनः ।।

असौ स्वर्गाय लोकाय स्वाहेति परिकीर्तयन् ।। (यजु. अ. ३५/२२)

तथा – **एवमेवाहिताग्नेश्च पात्रन्यासादिकं भवेत् । कृष्णाजिनादिकं चात्र विशेषोऽध्वर्युचोदितः ।।**

स्मार्ताग्निको मरणमा विचार

मदनरत्न र छन्दोगपरिशिष्टमा स्मार्ताग्निको दाहसम्बन्धी कुरा बताउँदै भनिएको छ – मृत्युमा प्राप्त भएको स्मार्ताग्नि पुरुषलाई स्नान गराई शुद्ध वस्त्रले ढाकी दक्षिणदिशातर्फ शिर फर्काएर भुईंमा कुशमाथि सुताइदिनुपर्दछ । शरीरमा राम्ररी घ्यू मलेर स्नान गराई शुद्ध वस्त्र र यज्ञोपवीत लगाइदिनुपर्दछ । शरीरका सबै अङ्गमा चन्दन घस्नुपर्दछ र सुन्दर पुष्पहरूले त्यसलाई सजाउनुपर्दछ । त्यस प्रेतको शरीरका सातप्वालहरूमा सुनका टुक्रा राखिदिनुपर्दछ । त्यसपछि मुख ढाकिदिएर पुत्र आदि बन्धुहरूले मसानघाटतर्फ लैजानुपर्दछ । काँचो माटाको भाँडोमा अन्न लिएर प्रेत र अग्निलाई अगाडि राखी मलामीहरू हिँड्नुपर्दछ । प्रेतलाई आधामार्गमा पुर्‍याएपछि अन्न राखेको भाँडोबाट आधा अन्न पृथ्वीमा फ्याँकिदिनुपर्दछ । घाटमा पुर्‍याएपछि शवदाह गर्दासम्म दक्षिणतिर फर्केर रहनुपर्दछ, पिण्डदानमा रहेजस्तै बायाँ घुँडा

मारी तिल छरेर शवदाहको तयारी गर्नुपर्दछ । त्यसपछि पुत्र आदिले स्नान गरी दाउरा जम्मा गरेर शवलाई दक्षिण दिशातर्फ शिर गराएर उत्तानो सुताई शवको मुखमा सुरोद्वारा घिउ छर्की दायाँ नाकमा पनि सुरोबाट घिउ छर्कनुपर्दछ ।[५९] पैतालामुनि अधर अरणि र छातीमा उत्तर अरणि राखी दिनुपर्दछ । क्रमैले बायाँपार्श्वमा नाङ्लो र दायाँ पार्श्वमा चमस अर्थात् दाबिलोको आकारको पात्र राखी दिनुपर्दछ । समभागमा न्युब्ज अर्थात् घोप्टो गराई छातीको बीचमा उलूखलपात्र- ओखलको आकारको पात्र राखिदिनुपर्दछ । अग्निहोत्र ग्रहण नगर्नेको पनि यही विधि हो । अपसव्य र मौन भई दक्षिणतिर फर्केर फेरि सव्य भई अग्नि लिएर दक्षिण दिशामा रही '**अस्मात्त्वमधिजातोऽसि त्वदयं जायतां पुनः । असौ स्वर्गाय लोकाय स्वाहा ।।**' (यजु. ३६/२२) इत्यादि मन्त्र पढ्दै दागबत्ती दिनुपर्दछ । मन्त्रको अर्थ यसप्रकार छ – 'हे अग्नि ! तिमी यस यजमानको आधान समयमा पैदा भएका थियौ । अब यी यजमान मरेर गएका छन्, तिमीबाट प्रकट हुनेछन् । स्वर्गलोकको प्राप्तिका लागि यी यजमान तिमीबाट उत्पन्न होऊन्, तिम्रै वंशमा उत्पन्न होऊन्, यसैका लागि म आहुति दिँदैछु' भन्नुपर्दछ । यसरी अग्निहोत्रीका पात्रहरूको आसादन गरिन्छ । यहाँ अध्वर्युद्वारा निरूपण गरिएको मृगचर्म आदिको पनि प्रयोग गरिन्छ ।

छन्दोगानां शवदाहे शिरःस्थापनादिग्विचारः

तत्रैव – **अनयैवावृता नारी दग्धव्या या व्यवस्थिता । अग्निप्रदानमन्त्रोऽस्या न प्रयोज्य इति स्थितिः।।**

इदं छन्दोगानामेव । पात्रन्यासोक्तेरुत्तानदेहत्वं साग्निकपरम् ।

निरग्निस्तु पुमानधोमुखः स्त्री तूत्ताना दाह्या । सगोत्रजैर्गृहीत्वा तु चितामारोप्यते शवः ।।

अधोमुखो दक्षिणदिक्चरणस्तु पुमानिति । उत्तानदेहा नारी तु सपिण्डैरपि बन्धुभिः ।।

इत्यादित्यपुराणादिति शुद्धितत्त्वहारलतादयः । उत्तरशिरस्त्वं सामगेतरपरम् ।

छन्दोगहरूको शवदाह गर्दा शिर फर्काउने दिशा

छन्दोगपरिशिष्टमा नै भनिएको छ – शुद्ध आचरण गर्ने नारीको निमित्तमा पनि उक्त विधिको प्रयोग गर्नुपर्दछ । ती नारीका निमित्त अग्निसम्बन्धी मन्त्रहरूको पाठ गरिँदैन । यो मर्यादा हो । पति-पत्नीसम्बन्धी दाहका उक्त विषय छन्दोगहरूका लागि हुन् । पात्रासादन र शरीरको स्थापनासम्बन्धी विषय अग्निहोत्रीका लागि हुन् । अग्निहोत्र नलिने पुरुषको शवलाई अधोमुख र स्त्रीको शवलाई उत्तानो बनाएर दाह गर्नुपर्दछ । सगोत्रीहरूले शवलाई चितामा राख्नुपर्दछ ।

५९. शवदाह गर्दा विभिन्न पद्धतिग्रन्थहरूमा छुट्टाछुट्टै दिशा निर्देश गरिएको पाइन्छ । प्रायः नेपालीहरू दक्षिणतर्फको शवको शिर गराई शवको दाह गर्ने गर्दछन् । प्रचलित पद्धतिहरूबाट पनि यही कुरा अवगत हुन्छ । नेपालमा अग्निहोत्रीहरूको संख्या ज्यादै न्यून छ । अग्निहोत्र नलिने सामन्य मानिसको संख्या धेरै छ । अग्निहोत्रीका नियम छुट्टै हुन्छन् । सामान्य मानिसको शरीरदाह गर्दा नेपालमा प्रचलित पद्धति र नेपाली विद्वान्हरूले तयार गरेका ग्रन्थहरूमा छन्दोगपरिशिष्टको '**तत्रोत्तानं निपात्यैनं दक्षिणाशिरसं मुखे**' इत्यादि वचनको आधारमा दक्षिणतर्फ शवको शिर फर्काउनुपर्ने लेखिएको छ। निर्णयसिन्धुमा – '**उत्तरशिरस्त्वं सामगेतरपरम्**' भनेर अग्निहोत्र ग्रहण नगरेका सामवेदीभन्दा बाहेक अरू वेद अध्ययन गर्ने मानिसहरूका शवको शिर उत्तरतर्फ फर्काउनु भनिएको छ । शिवराज आचार्य कौण्डिन्यायनद्वारा प्रणीत '**वैदिकधर्म मूलरूपमा**' भन्ने ग्रन्थमा भने शुक्लयजुर्वेदाध्यायी माध्यन्दिनीय वाजसनेयी शाखाका मानिसहरूले उक्त शाखाका आचार्य कात्यायन आदिले बताएअनुसार शवको शिर पूर्वतर्फ फर्काई शवदाह गर्नुपर्ने कुरा बताइएको छ । त्यहाँ कात्यायनश्रौतसूत्रबाट उद्धृत वचन यसप्रकार छ – '**चितावेनमादधाति कृष्णाजिनमास्तीर्य प्राक्शिरसम्**' – का.श्रौ.सू. २५/७/१९ । उक्त प्रमाणहरूबाट दक्षिणतर्फ शिर गराउन नहुने देखिन्छ । निर्णयसिन्धु र कात्यायनश्रौतसूत्रमध्ये कसको मत ग्रहण गर्ने भन्ने कुरा कात्यायन हाम्रै शाखाका आचार्य भएकाले उनैको मत स्वीकार गरी शवदाह गर्दा शवको शिर पूर्वतर्फ फर्काउनु नै श्रेयस्कर देखिन्छ ।

दक्षिणदिशातर्फ पुरुषको पाउ राख्नुपर्दछ । सपिण्ड र बान्धवहरूले स्त्रीको शरीरलाई उत्तानो गराएर राख्नुपर्दछ भन्ने कुरा आदित्यपुराणमा बताइएको छ । शुद्धितत्त्व र हारलताले पनि यही कुरा भनेका छन् । ग्रन्थकार भन्दछन् – उत्तर दिशातिर शिर गराउनुपर्दछ भन्ने कुरा सामवेदीहरूभन्दा भिन्न अर्थात् यजुर्वेदी आदि व्यक्तिहरूका निमित्त हो ।

वाराहपुराणमते अग्निदानमन्त्रकथनम्

वाराहे त्वग्निदानेऽन्यो मन्त्रः –

कृत्वा तु दुष्कृतं कर्म जानता वाप्यजानता । मृत्युकालवशं प्राप्य नरं पञ्चत्वमागतम् ।।
धर्माधर्मसमायुक्तं लोभमोहसमावृतम् । दहेयं सर्वगात्राणि दिव्यान् लोकान् स गच्छतु ।।
ज्वलमानं महावह्निं शिरःस्थाने प्रदापयेत् । चतुर्वर्णेषु संस्थानमेवं भवति पुत्रके ।।

वराहपुराणको मतमा अग्निदानमन्त्र

वराहपुराणमा अग्निदानका लागि बताइएको '**कृत्वा तु दुष्कृतम्**' इत्यादि मन्त्रको अर्थ यसप्रकार छ – 'जानी–नजानी पापकर्म गरी मृत्युका वशमा परेर मेरा पिता आदि बन्धु पञ्चत्वमा प्राप्त भए । धर्म, अधर्म, लोभ र मोहले युक्त मेरा आफन्तको शरीरलाई म जलाउँदैछु । यी मेरा पिता अथवा बन्धु दिव्यलोकमा जाऊन् ।' यसरी प्रार्थना गरेर जलिरहेको अग्नि शिरस्थानमा दिनुपर्दछ । चारैवर्णको लागि यही नियम हो ।

मृत्योरन्तरं षट्पिण्डदानदेशकथनम्, अग्निप्रार्थनाप्रकारश्च

अत्र क्रियानिबन्धे गारुडे षट्पिण्डदानमुक्तम् –

मृतस्योत्क्रान्तिसमये षट्पिण्डान् क्रमशो ददेत् । मृतिस्थाने तथा द्वारि चत्वरे तार्क्ष्य कारणात् ।।
विश्रामे काष्ठचयने तथा सञ्चयने च षट् ।

तथा – **आदौ देया तु षट् पिण्डा दश देया दशाहिकाः । स्थाने चार्द्धपथेऽतीते चितायां शवहस्तके।।**
श्मशानवासिभूतेभ्यः षष्ठं सञ्चयने तथा ।।

ततः – **त्वं भूतकृज्जगद्योने त्वं लोकपरिपालकः । उक्तः संहारकस्तस्मादेनं स्वर्गं मृतं नय ।।**

इत्यग्निं दत्त्वा अस्मात्त्वमिति मन्त्रेणार्द्धदग्धे आज्याहुतिरुक्ता ।

मृत्युपछि छवटा पिण्ड दिने ठाउँ र अग्निको प्रार्थना

क्रियानिबन्धमा उद्धृत गरुडपुराणको वचनमा मृतकको प्राणपखेरु उडेपछि छपिण्ड दिने कुरा बताउँदै भनिएको छ– 'मृत्युस्थानमा, द्वारदेशमा, चौबाटोमा, विश्रामस्थानमा, चितास्थानमा र अस्थिसञ्चयनमा गरी छपिण्ड दिनुपर्दछ । सुरुमा यसरी छपिण्ड दिएपछि प्रथम दिनदेखि लिएर दशदिनसम्ममा दशपिण्ड दिनुपर्दछ ।

अन्य कसैको मतमा छपिण्ड दिने क्रम यसप्रकार छ – आधाबाटोमा, चितामा, शवको हातमा, मसानमा रहने भूतहरूका निमित्तमा र अस्थिसञ्चयनमा गरी छपिण्ड दिनुपर्दछ । त्यसबेला अग्निको प्रार्थना गर्दै भन्नुपर्दछ – 'हे अग्निदेव! तिमी प्राणीहरूलाई उत्पन्न गर्ने, संसारको परिपालन गर्ने र संहार गर्ने देवता हौ । यसकारण मृत व्यक्तिलाई स्वर्गमा पुऱ्याऊ ।' यसरी प्रार्थना गरेपछि अग्निदान गर्नुपर्दछ । तदनन्तर '**अस्मात्वं०**' भन्ने मन्त्रद्वारा आधा डढेको शरीरमा घृताहुति दिनुपर्दछ ।

मृताहिताग्निशरीरे यज्ञीयपात्राणां स्थापनकथनम्

आहिताग्नौ पराशरः -

शम्यां शिश्ने विनिक्षिप्य अरणीं मुष्कयोरपि । जुहूं च दक्षिणे हस्ते वामे तूपभृतं न्यसेत् ।।

ओष्ठे तूलूखलं दद्यात्पृष्ठे च मुसलं न्यसेत् । उरसि क्षिप्य दृषदं तण्डुलाज्यतिलान्मुखे ।।

श्रोत्रे च प्रोक्षणीं दद्यादाज्यस्थालीं च चक्षुषोः। कर्णे नेत्रे मुखे घ्राणे हिरण्यशकलं न्यसेत् ।।

अग्निहोत्रोपकरणमशेषं तत्र निक्षिपेत् ।

इति नारायणबलिकर्मादिनिर्णयात्मकं तृतीयं प्रकरणम्

मृत अग्निहोत्रीको शरीरमा यज्ञीयपात्रको स्थापना

अग्निहोत्रीको शरीरमा पात्रासादन गर्ने सम्बन्धमा **पराशरले** बताएका छन् - मृतक अग्निहोत्रीको लिङ्गस्थानमा शम्यानामक पात्र राखिदिनुपर्दछ, अरणिपात्रलाई दुवै अण्डकोषमा राखिदिनुपर्दछ, जुहुपात्रलाई दायाँ हातमा, उपभृत पात्रलाई बायाँ हातमा, उलूखल पात्रलाई ओंठमा, मुसललाई पीठमा, दृषदलाई छातीमा, चामल-घ्यू र तिल मुखमा, प्रोक्षणीपात्र कानमा, आज्यस्थाली अर्थात् घ्यू राख्ने काँसको कचौरा आँखामा र सुवर्णका टुक्राहरू कान, आँखा, मुख र नाकमा राखिदिनुपर्दछ र अग्निहोत्रका बाँकी सामग्री पनि सबै त्यहीं राखिदिनुपर्दछ ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको नारायणबलि आदि कृत्यको निर्णयमा आधारित तृतीय प्रकरण पूरा भयो ।



अथ प्रेतस्नानशवदाहास्थिसञ्चयादिविषयनिर्णयात्मकं चतुर्थं प्रकरणम्

प्रेतस्य स्नानवस्त्रालङ्करणादिकथनम्

प्रचेताः – **स्नानं प्रेतस्य पुत्राद्यैर्वस्त्राद्यैः पूजनं ततः । नग्नदेहं दहेन्नैव किञ्चिद् देयं परित्यजेत् ।।**

यमः – **प्रेतं दहेच्छुभैर्गन्धैः स्नापितं स्रग्विभूषितम् ।**

प्रेतको स्नान, वस्त्रालङ्करण आदि

प्रचेताले भनेका छन् कि – पुत्रले यसरी शवलाई चितामा राखेपछि त्यसलाई स्नान गराएर वस्त्र आदि टक्र्याई पूजा गर्नुपर्दछ । नाङ्गो शरीर जलाउन हुँदैन । लाशमा टक्र्याइने वस्तुहरूको केही भाग श्मशानमा काम गर्ने श्मशानवासीहरूलाई दिनुपर्दछ । **यमले** भनेका छन् – प्रेतको शवदाह गर्दा शवलाई नुहाइदिएर सुगन्धित पदार्थहरू छर्की मालाले सजाउनुपर्दछ।

प्रेतस्य वपनं तथा नलदानुलेपनादिकम्

आश्वलायनसूत्रे – संस्थिते (तीर्थेन निर्हत्यावभृते) प्रेताऽलङ्कारान् कुर्वन्ति '**केशश्मश्रुलोमनखानि वापयन्ति नलदेनानुलिम्पन्ति नलदमालां प्रतिमुञ्चन्ति**' इति ।

प्रेतको मुण्डन र उशीर आदिको अनुलेपन

आश्वलायनसूत्रमा भनिएको छ – 'मृत्युपछि प्रेतलाई विभिन्न उत्तमवस्तुहरूले अलङ्कृत गर्नुपर्दछ । दाह्री, कपाल, नङ कटाउनु पर्दछ । उशीरले अनुलेपन गरी उशीरकै माला पहिर्‍याउनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – **आश्वलायनसूत्रमा** यसरी प्रतिपादन गरिएता पनि प्रेतको मुण्डन गर्ने कुरा भने अन्यत्र कतै बताइएको पाइँदैन ।

नग्नप्रेतस्य दाहे विचारः

माधवीये ब्राह्मे – **दरिद्रोऽपि न दग्धव्यो नग्नः कस्याञ्चिदापदि ।**

नग्नप्रेतको दाहसम्बन्धी विचार

माधवीयमा ब्रह्मपुराणको वचन छ कि– कस्तै आपत्तिमा पनि दरिद्रको शवलाई नग्नावस्थामा दाह गर्न हुँदैन।

निःशेषदग्धे विचारः

तथा – **निःशेषस्तु न दग्धव्यः शेषं किञ्चित् त्यजेन्नरः ।**

निःशेष दाहमा विचार

शवदाह गर्दा शरीरको केही भाग शेष राख्नुपर्दछ ।

दाहकाले अग्निनाशे विचारः

दाहकालेऽग्निनाशे तु मदनरत्ने यज्ञपार्श्वः –

यजमानो मृतः क्वापि चितादौ वा प्रवेशितः । वर्षाद्यभिहतेऽग्नौ तु कथं प्रेतविकल्पना ।।

शेषं दग्ध्वा प्रदग्धेषु निर्मन्थ्यैव तु कारयेत् ।

क्रियानिबन्धे – **उदधारामविच्छिन्नां सिञ्चत्कर्ता प्रदक्षिणम् । स्कन्धावसिक्तकुम्भेन पादतः परितश्चितेः ।।**

दाहकालमा अग्निनष्ट भएमा विचार

शवलाई दाह गर्दागर्दै कुनै विघ्न परी अग्नि नष्ट भएमा के गर्ने भन्ने सम्बन्धमा **यज्ञपार्श्वले** भनेका छन् – मृत्युपछि चितामा राखिँदा वर्षा आदिका कारण अग्नि नष्ट भएमा अग्निमन्थन गरेर पैदा गरी पुनः दाह गर्नुपर्दछ । **क्रियानिबन्धमा** भनिएको छ – प्रदक्षिणक्रमले अर्थात् शवलाई दायाँतर्फ गराई कर्ताले अविच्छिन्न रूपले दाह गर्न लागिएको लाशमा जलधाराद्वारा सेचन गरिराख्नुपर्दछ। आफ्नो काँधमा राखिएको कुम्भबाट चिताको पाउदेखि लिएर शिरसम्म जलसेचन गरिरहनुपर्दछ ।

पर्णशरदाहाग्निनाशे पश्चाद्देहलाभे च विचारः

अथ पर्णशरादिदाहेनाग्निनाशे पश्चात्तद्देहलाभे मदनरत्ने ब्राह्मे –

अथ पर्णशरे दग्धे पात्रन्यासे कृते सति । गतेष्वग्निषु तद्देहो यद्यूर्ध्वं लभते क्वचित् ।।

तदाऽर्द्धदग्धकाष्ठानि तानि निर्मथ्य तं दहेत् । यद्यर्धदग्धकाष्ठं तु तदीयं वै न लभ्यते ।।

तदा तदस्थिखण्डं तु निःक्षिप्तव्यं महाजले ।

पुत्तलादाहमा अग्निनाश भएपछि लाश प्राप्त भएमा

कुनै व्यक्तिको विदेश आदिमा शरीरपात भएपछि घरका मानिसहरूले पुत्तलादाहकर्म गर्नुभन्दा पहिले अग्निहोत्रका पात्रहरू राख्नुपर्दछ । अनि पुत्तलादाह गर्नुपर्छ । पुत्तलाको आगो निभेपछि कदाचित् लाश फेला परेमा पुत्तलादाह गर्दा आधा जलेका दाउराहरू जोडेर सक्कली लाश जलाउनुपर्दछ । त्यस्ता दाउरा नपाइएमा लाशका हाडलाई जलमा प्रवाहित गरिदिनुपर्दछ।

दम्पत्योरेकदा मृतौ विशेषकथनम्

दम्पत्योरेकदा मृतौ विशेषमाह आपस्तम्बः – तथैव प्रेते सहैव पितृमेधो द्विवचनलिङ्गान् मन्त्रान् सन्धारयति। पितृमेधो दाहान्तं कर्म, '**दाहान्तमेकतन्त्रत्वम्**' इति बौधायनोक्तेः । अस्थिसञ्चयनमप्येकम् । उदकपिण्डदानादि पृथगेव । सहगमनेऽप्येवम् । तदाह मदनरत्ने भाष्यार्थसङ्ग्रहकारः –

एककालमृतौ भार्या भर्ता च यदि चेत् द्वयोः । तन्त्रेण दहनं कुर्यात्पिण्डश्राद्धं पृथक् पृथक् ।।

एककाले मृतौ जायापती यदि तदा पितुः । विभज्याग्निं क्रियां कुर्यादिति यत्तदसाम्प्रतम् ।।

दाहान्तमेकतन्त्रत्वमिति याज्ञिकसम्मतम् । मृतं पतिमनुव्रज्य या नारी ज्वलनं गता ।।

अस्थिसञ्चयनान्तोऽस्या भर्तुः संस्कार एव हि । कीकसानां तु संस्कारो न्यायसिद्धोऽपि यो मतः ।।

एककाले मृतेऽप्येवं कीकसानां विधिः स्मृतः । नवश्राद्धं सपिण्डान्तं भिन्नकालमृतौ यथा।।

कपर्दिकारिकापि –

मृते भर्तरि तद्दाहात्प्राक् पत्नी म्रियते यदि । पत्न्यां वा प्राक् प्रमीतायां दाहादर्वाक् पतिर्मृतः ।।

तत्र तन्त्रेण दाहः स्यान्मन्त्रेषु द्वित्वमूह्यते । कीकसानां तु संस्कारः पृथगेव तयोर्भवेत् ।।

एकाहमृत्यौ युगपन्नवश्राद्धादिकं तयोः । मृतं पतिमनुव्रज्य पत्नी चेदनलं गता ।।

तत्रापि दाहस्तन्त्रेण पृथगस्थिक्रिया भवेत् ।।

अस्थिसञ्चयनपृथक्त्वे विकल्पः । सहगमने सर्वत्र पाकैक्यमाह प्रचेताः –

एकचित्यां समारूढौ म्रियेते दम्पती यदि । तन्त्रेण श्रपणं कुर्यात्पृथक्पिण्डं समाचरेत् ।।

दम्पतिको एकैपटक मृत्यु भएमा

दम्पतिको एकै पटक मृत्यु भएमा **आपस्तम्ब**ले विशेष तथ्य प्रस्तुत गर्दै भनेका छन् – एउटै समयमा दम्पति मरेमा एकसाथ दाहकर्म गर्नुपर्दछ । उनीहरूका निमित्त दुईवचन व्यक्त हुने मन्त्र पढ्नुपर्दछ । **बौधायन**ले भनेका छन् – दाह एकै ठाउँमा गरिन्छ, अस्थिसञ्चयन पनि एकैचोटि गरिन्छ तर जलदान र उदकदान छुट्टाछुट्टै गरिन्छन् । पत्नी र पतिको सहमरणमा गर्नुपर्ने विधि यही हो ।

मदनरत्नमा भनिएको छ – एकैचोटि पत्नी र पति मरेमा एउटै विधिले दाह गर्नुपर्दछ तर पिण्डदान भने छुट्टाछुट्टै गर्नुपर्दछ । एकै समयमा स्त्री–पुरुष मरेमा कसैले पिताको छुट्टै अग्निले दाह गर्दछन्, यो उचित हुँदैन । याज्ञिकहरूले बताएका छन् कि – दाहसम्मका कर्म एकतन्त्रले गर्नुपर्दछ । मरेपछि पतिका साथ चितामा चढेकी नारीको अस्थिसञ्चयनसम्मको कर्म पतिकै संस्कारबाट सम्पन्न हुन्छ । चितामा जलेर बाँकी रहेका हाडहरूको संस्कार पनि एउटै हुन्छ । भिन्नसमयमा मरेको भएमा नवश्राद्धदेखि सपिण्डपर्यन्तको कर्म छुट्टाछुट्टै हुन्छ ।

कपर्दिकारिकामा भनिएको छ – पतिको मृत्यु भएपछि उसको दाहसंस्कार नगर्दै यदि पत्नी मरिन् भने अथवा पत्नी पहिले मरेपछि पत्नीको दाह नगर्दै पति मरे भने दुवैको एकै तन्त्रले एकै ठाउँमा दाह गरिदिनुपर्दछ । मन्त्रमा दुईवचनको ऊह गर्नुपर्दछ । अस्थिसंस्कार दुवैको अलग–अलग हुन्छ । एकै दिन मरेमा एकै पटक नवश्राद्ध हुन्छ । पति मरेपछि पत्नी अग्निमा प्रवेश गरेकी छन् भने त्यहाँ पनि एउटै कर्मले दुवैको काम हुन्छ तर अस्थिक्रिया भने छुट्टै हुन्छ । अस्थिसञ्चयन छुट्टै गर्नुपर्ने कुरामा मुनिहरूको मतमतान्तर देखिनाले वैकल्पिक व्यवस्था रहेको छ । **प्रचेता**ले भनेका छन्– दुवै पति–पत्नी एकैचोटि मरेमा सम्पूर्ण पाककर्म एउटै हुन्छ । एउटै चितामा आरूढ भएका दम्पतिको दाह गरेपछि एउटै विधिद्वारा पाककर्म हुन्छ, छुट्टाछुट्टै विधि गर्नुपर्दैन तर पिण्ड भने अलग–अलग दिनुपर्दछ ।

उदकदानविधिः

अथोदकदानं वसिष्ठः –

शरीरमग्नौ संयोज्यानवेक्ष्यमाणा अपोभ्यवयन्ति सव्योत्तराभ्यां पाणिभ्यामुदकक्रियां कुर्वन्त्ययुग्माम्।

आपस्तम्बः – **मातुश्च योनिसम्बन्धेभ्यः पितुश्चासप्तमात्पुरुषाद्यावतां वा सम्बन्धो ज्ञायते तेषां प्रेतेषूदकक्रिया** इति । याज्ञवल्क्यः –

सप्तमाद्दशमाद् वापि ज्ञातयोऽभ्युपयन्त्यपः । अपनः शोशुचदघमनेन पितृदिङ्मुखाः ।।

सकृत्प्रसिञ्चन्त्युदकं नामगोत्रेण वाग्यताः ।।

सप्तमाद् दशमाद् वा दिवसादर्वाग् इति विज्ञानेश्वरः । **कातीयास्तु सप्तमाद् दशमाद् वा पुरुषाद्** इत्याहुः, 'सप्तमाद् दशमाद् वा पुरुषात्समानग्रामवासे यावत्सम्बन्धमनुस्मरेयुः' इति पारस्करोक्तेः । **मन्त्रस्नानाङ्ग–मेव** इति हेमाद्रिः ।

प्रचेताः – **प्रेतस्य बान्धवा यथावृद्धमुदकमवतीर्य नोद्धर्षयेयुरुदकान्ते प्रसिञ्चेयुरपसव्ययज्ञोपवीतवाससो दक्षिणमुखा ब्राह्मणस्योदङ्मुखाः प्राङ्मुखाश्च राजन्यवैश्ययोः ।** स एव **'नदीकूलं ततो गत्वा'** इत्युक्त्वा –

सचैलस्तु ततः स्नात्वा शुचिः प्रयतमानसः । पाषाणं तत आदाय विप्रे दद्याद् दशाञ्जलीन् ।।

द्वादश क्षत्रिये दद्याद् वैश्ये पञ्चदश स्मृताः । त्रिंशद् शूद्राय दातव्यास्ततस्तु प्रविशेद् गृहम् ।।

ततः स्नानं पुनः कार्यं गृहशौचं च कारयेत् ।

उदकदानविधि

वसिष्ठले उदकदानको सम्बन्धमा भनेका छन् – निष्प्राण शरीरमा दागबत्ती दिएपछि कतै केही नहेरीकन जलको छेउमा गएर दायाँ–बायाँ हातले उदकक्रिया गर्नुपर्दछ अर्थात् जलदान गर्नुपर्दछ । **आपस्तम्ब**ले भनेका छन् कि – माताका योनिसम्बन्धी र पिताका सातपुस्तासम्मका जति सम्बन्धहरू छन् तिनीहरूका लागि प्रेतकर्ममा जलक्रिया गर्नुपर्दछ ।

याज्ञवल्क्यले भनेका छन् कि – सातौं दिन या दसौं दिनभन्दा पहिले कुनै दिन सपिण्ड वा समान गोत्र भएका पुरुषहरूले जलको नजिकमा गई स्नान गरेर – **अपनः शोशुचदघमग्ने शुशुग्ध्यारयिम् । अपनः शोशुचदेवम् ।।** (ऋ. १/९७/१, अथर्व. ४/३३/१, तै.आ. ६/१०/११/११/१)' मन्त्रले पितृहरूका निमित्त दक्षिणदिशातिर फर्की जलदान गर्नुपर्दछ। जलदान गर्दा **'अमुकनामा अमुकप्रेतः तृप्यतु'** भन्नुपर्दछ । सपिण्डहरूले मौन भएर गोत्रसहित प्रेतको नाम लिएर एकपटक या तीनपटक अञ्जलि दिनुपर्दछ ।

विज्ञानेश्वरले भनेका छन् कि – सातौं दिन या दसौं दिनभन्दा पहिले जलदान गर्नुपर्दछ । **कातीय**ले भनेका छन् कि– सातपुस्तासम्म या दशपुस्तासम्मका पुरुषले जलदान गर्नुपर्द छ। **पारस्कर**ले भनेका छन् – सातौं वा दसौं पुस्तासम्मका पुरुष अथवा एउटै गाउँमा, एउटै शहरमा निवास गर्ने मानिसहरूको आपसी सम्बन्धका कारण ती सबै मानिसहरूले पनि उदकदान गर्नुपर्दछ । **हेमाद्रि**ले भनेका छन् – यो कर्म मन्त्रस्नानको अङ्ग हो । **प्रचेता**ले भनेका छन् – प्रेतका बान्धवहरू वृद्धहरूलाई अगाडि राखी जलाशयमा जाऊन् । जलाशयको समीपमा बसेर यज्ञोपवीत वा वस्त्रलाई अपसव्य बनाई शूद्रले दक्षिणाभिमुख भएर ब्राह्मणले उत्तरमुख भएर, क्षत्रिय र वैश्यले पूर्वमुख भएर जलदान गरून् । **प्रचेता** भन्दछन् – प्रेतका विभिन्न वर्णका सपिण्डहरूले भागीरथी आदि नदीमा गई स्नान गरेर शुद्ध र सावधान मनले एउटो शिला ग्रहण गरी त्यस शिलामाथि ब्राह्मणलाई दशअञ्जलि, क्षत्रियलाई १२ अञ्जलि, वैश्यलाई १५ अञ्जलि र शूद्रलाई ३० अञ्जलि दिएर घरमा प्रवेश गर्नुपर्दछ । घरमा गएपछि फेरि स्नान गरेर घरको पनि शुद्धि गर्नुपर्दछ ।

प्रेतस्नाने विशेषः

प्रेतस्नाने विशेषः शुद्धितत्त्वे आदिपुराणे –

आदौ वस्त्रं च प्रक्षाल्य तेनैवाच्छादितैस्ततः । कर्तव्यं तैः सचैलं तु स्नानं सर्वमलापहम् ।।

पूर्वं परिहितं वस्त्रं प्रक्षाल्य पुनः परिधाय स्नायादित्यर्थः । **'अपनः शोशुचदघमग्ने शुशुग्ध्यारयिम् । अपनः शोशुचदेवम् ।।** (ऋ.१/९७/१, अथर्व. ४/३३/१, तै.आ. ६/१०/१/११/१)' इति मन्त्रेण वामहस्तानामिकया जलालोडनम् । अवतरणे वृद्धपुरःसरत्वोक्तेः । यथाबालं पुरस्कृत्य इति बौधायनीयं जलादुत्थानपरमिति हारलतादयः।

प्रेतस्नानमा विशेष

आदित्यपुराणमा प्रेतस्नानको सम्बन्धमा विशेष तथ्य प्रकाशित गर्दै भनिएको छ – जलाञ्जलि दिन नदीतटमा गएपछि सर्वप्रथम आफूले धारण गरेको वस्त्रप्रक्षालन गरी त्यसै वस्त्रलाई धारण गरेर आशौचको मल हटाउन चाहने बन्धुहरूले सचैलस्नान गर्नुपर्दछ । पहिले लगाएको वस्त्रलाई पखालेर फेरि धारण गरी स्नान गर्नुपर्दछ भन्ने तात्पर्य हो । '**अपनः शोशुचदघमग्ने शुशुग्ध्यारयिम् । अपनः शोशुचदेवम् ।।** (ऋ.१/९७/१, अथर्व. ४/३३/१, तै.आ. ६/१०/१/११/१)' यस मन्त्रले बायाँ हातको अनामिका अङ्गुलिले जललाई आलोडन गरी अर्थात् चलाएर गरेर वृद्धजनहरूलाई अगाडि राखी जलाञ्जलि दिनुपर्दछ । तर यहाँ **बौधायन**ले भने बालकहरूलाई अगाडि राखी जलाशयमा गई जलाञ्जलि दिनुपर्ने कुरा बताएका छन् । **बौधायन**को मतको विचार गर्दै **हारलता**मा भनिएको छ कि – स्नान गर्न जाँदा बालकहरूलाई अगाडि लगाउने होइन, जलाशयबाट फर्किंदा बालकहरूलाई अगाडि लगाउनुपर्दछ ।

अञ्जलिदाननिर्णयः

आश्वलायनः – **सव्यावृतो व्रजन्त्यनवेक्षमाणाः, यत्रोदकमवहद्भवति तत्प्राप्य सकृन्दुन्मज्य एकामुदकाञ्जलिमुत्सृज्य तस्य गोत्रं नाम गृहीत्वा इति** । प्रचेतसाऽन्वहमञ्जलित्रयमप्युक्तम् । तत्र '**त्रिःप्रसेकं कुर्युः प्रेतस्तृप्यतु**' इति ।

तथा – **दिने दिनेऽञ्जलीन् पूर्णान् प्रदद्यात्प्रेतकारणात् । तावद् वृद्धिश्च कर्तव्या यावत्पिण्डं समाप्यते।**

एकवृद्धिस्त्रिकवृद्धिर्वेत्यर्थः । मदनरत्ने भारद्वाजगृह्ये तु द्विकवृद्धिरप्युक्ता –

आशौचान्ते प्रदद्यात्तु प्रेतपुत्रस्तिलाञ्जलीन् । प्रथमेऽह्नि सकृद्दद्यात् पिण्डयज्ञावृता दिवा ।।
त्रींश्च दद्याद् द्वितीयेऽह्नि तृतीये पञ्च एव च । चतुर्थे सप्तसङ्ख्यास्तु पञ्चमे नव चोत्सृजेत् ।।
षष्ठेऽह्नि चैकादशकाः सप्तमे तु त्रयोदश । अष्टमे पञ्चदशका नवमे दश सप्त च ।।
एकोनविंशतिं चाग्रे शताञ्जलिमतं स्मृतम् । केचिद्दशाञ्जलीन् प्रोचुः केचिदाहुः शताञ्जलीन् ।
पञ्चपञ्चाशतं चान्ये स्वशाखोक्तव्यवस्थया ।।

छन्दोगपरिशिष्टे – **अथानवेक्षयन्त्यापः सर्वे चैव शवस्पृशः । गोत्रनामपदान्ते तु तर्पयामीत्यनन्तरम्। दक्षिणाग्रान् कुशान् कृत्वा सतिलं तु पृथक् पृथक् ।।**

विष्णुपुराणे – **सपिण्डीकरणं यावदृजुदर्भैः पितृक्रिया । सपिण्डीकरणादूर्ध्वं द्विगुणं विधिवद्भवेत्।।**

रामायणे – **इदं पुरुषशार्दूल विमलं दिव्यमक्षयम् । पितृलोकेषु पानीयं मद्दत्तमुपतिष्ठताम् ।।**

दानवाक्ये विकल्पः । याज्ञवल्क्यः – **कामोदकं सखिप्रत्तास्वस्त्रीयश्वशुरर्त्विजाम्** । **कामः**–इच्छा । प्रेततृप्तीच्छायां देयमन्यथा नेत्यर्थः । शङ्खपारस्करौ – '**आचार्ये चैवं मातामहयोश्च स्त्रीणां चाप्रत्तानां कुर्वीरंस्ताश्च तेषाम्**' इति । द्विवचनान्मातामह्या अपि । शङ्खलिखितौ – '**उदकक्रिया कामं श्वशुरमातुलयोः शिष्ये सहाध्यायिनि राजनि च**' इति ।

अञ्जलिदान-निर्णय

आश्वलायनले भनेका छन् कि सव्य भई स्थिरजल भएको तलाउमा स्नान गरेर हातमा एक अञ्जलि जल ग्रहण गरी

मरेका प्रेतको नाम र गोत्रले अञ्जलि दिनुपर्दछ । **प्रचेताले** भने – तीन अञ्जलि दिनुपर्ने कुरा बताउँदै भनेका छन् – त्यसबेला **'त्रिःप्रसेकं कुर्युः प्रेतस्तृप्यतु'** भनी सबैले तीन अञ्जलि दिनुपर्दछ र प्रेत तृप्त होस् भन्नुपर्दछ । प्रतिदिन प्रेतका निमित्त अञ्जलिमा जल भरेर उदकदान गर्नुपर्दछ । दशपिण्ड समाप्त नहुँदासम्म दिनअनुसार अञ्जलिसंख्या बढाउँदै लानुपर्दछ ।

मदनरत्न र **भारद्वाजगृह्यसूत्रमा** दुईअञ्जुलि बढाउनुपर्ने कुरा बताइएको छ । जस्तै आशौचपछि प्रेतको पुत्रले तिलाञ्जलि दिनुपर्दछ । पहिलो दिन पिण्डयज्ञको प्रक्रियाबाट अपसव्य भएर दिनमा एकपटक अञ्जुलि दिनुपर्दछ । दोस्रो दिन तीनअञ्जुलि दिनुपर्दछ, तेस्रो दिन पाँचअञ्जुलि दिनुपर्दछ, चौथो दिन सात, पाँचौं दिन नौ, छैठौं दिन एघार, सातौं दिन तेह्र, आठौं दिन पन्ध्र, नवौं दिन सत्र र दसौं दिन उन्नाईस अञ्जुलि दिनुपर्दछ त्यसपछि सयको संख्यामा अञ्जुलि दिनुपर्दछ। कसैले दशअञ्जुलि दिनुपर्ने कुरा बताएका छन् । कसैले सय अञ्जुलि दिनुपर्दछ भनेका छन्, यो कुरा आ–आफ्नो शाखाअनुसारको व्यवस्था हो । जुन शाखाको मानिस हो त्यसले आफ्नै शाखाअनुसार अञ्जुलि दिनुपर्दछ ।

छन्दोगपरिशिष्टमा बताइएको छ कि – शवलाई स्पर्श गर्ने मानिसहरूले भने – शवलाई नहेरीकन गोत्र र नाम भन्दै अन्तमा **तर्पयामि** भनेर तिलसहित दक्षिणाग्र कुशबाट अलग–अलग जलदान गर्नुपर्दछ । **विष्णुपुराणमा** भनिएको छ – सपिण्डीकरणश्राद्धसम्म पितृहरूको क्रिया गर्दा कुश सोझै राख्नुपर्दछ । सपिण्डीकरणपछि कुशलाई दोब्र्याएर कर्म गर्नुपर्दछ । **रामायणमा** भनिएको छ – 'हे पुरुषश्रेष्ठ ! मैले यो अक्षय निर्मल जल टक्र्याउँदैछु, तपाईं पितृलोकमा हुनुहुन्छ, मैले दिएको जल प्राप्त होस् ।' यसबाट दानमा प्रयोग गरिने मन्त्रमा विकल्प देखिन्छ ।

याज्ञवल्क्यले भनेका छन् – आ–आफ्नो इच्छाअनुसार मित्र, विवाहित कन्या, दिदी–बहिनी, भाञ्जा, ससुरा, ऋत्विक् र पुरोहितका लागि पनि उदकदान गर्नुपर्दछ । **शङ्ख** र **पारस्करले** भनेका छन् – आचार्य, मातामह, मातामही र अविवाहित कन्याहरू मरेमा पनि जलदान गर्नुपर्दछ । **शङ्ख** र **लिखितले** भनेका छन् – आफ्नो इच्छाले ससुरा, मामा, शिष्य, सतीर्थ्य र राजालाई पनि उदकदान गर्नुपर्दछ ।

क्लीबादीनामुदकदाने निषेधः

वृद्धमनुः – **क्लीबाद्या नोदकं कुर्युस्तेना व्रात्या विधर्मिणः । गर्भभर्तृद्रुहश्चैव सुराप्यश्चैव योषितः ।।**

याज्ञवल्क्यः – **न ब्रह्मचारिणः कुर्युरुदकं पतितास्तथा ।**

षडशीतौ– **स्वीयाचारादपि भ्रष्टाः पतिताश्चैव दूषिताः। न कुर्युरुदकं ते वै तेभ्योऽप्यन्ये न चैव हि ।।**

मदनरत्ने हारीतः –

पतितानामविद्वानां चरन्तीनां च कामतः । प्रत्तानां चैव कन्यानां निर्वर्त्या सलिलक्रिया ।।

अपरार्के शङ्खलिखितौ – **अपपात्रितस्य रिक्थपिण्डोदकानि व्यावर्तन्ते । अपपात्रितः** – कृतघटस्फोटः। तस्यापि सङ्ग्रहविधौ कृते आशौचोदकादि कुर्यादिवेत्याशौचप्रकाशः ।

नपुंसक, ब्रह्मघाती आदिले मृतकका लागि जलदान गर्न नहुने

वृद्धमनुले भनेका छन् – नपुंसक, ब्रह्महत्या गर्ने, सुवर्ण आदि धातु चोरी गर्ने, समयमा संस्कार नगर्ने, परधर्मग्रहण गर्ने, पाखण्डी, गर्भपात गर्ने–गराउने, पतिसँग द्रोह र मदिरापान गर्ने स्त्रीले जलदान गर्न हुँदैन ।

याज्ञवल्क्यले भनेका छन् – ब्रह्मचारीले र पतितहरूले जलदान गर्नु हुँदैन । **षडशीतिमा** भनिएको छ – जुन

मानिस आफ्नो आचरणबाट भ्रष्ट, पतित र दूषित भएका छन् तिनीहरूले पनि जलदान गर्नु हुँदैन र यस्ता पतितहरू मरेमा पनि अरूले तिनका निमित्त जलदान गर्न हुँदैन । **मदनरत्नमा हारीतले** भनेका छन् – पतित र यौवन अवस्थामा स्वतन्त्ररूपमा भ्रमण गर्ने विवाहित दिदी–बहिनी र कन्याहरूले पनि उदकदान गर्न हुँदैन ।

अपरार्कमा शङ्ख र **लिखित** स्मृतिका वचन उद्धृत गर्दै भनिएको छ – जसको निमित्त घटस्फोट भइसकेको छ त्यसको धन र पिण्डपानी प्रेतका निमित्तमा प्रयोग गरिँदैन तर त्यसलाई पनि संग्रहविधिबाट भित्र्याइएको छ भने आशौच र उदकदानको अनुमति दिइन्छ भन्ने कुरा **आशौचप्रकाशमा** बताइएको छ ।

आशौचे नियमाः

अथाशौचे नियमाः । याज्ञवल्क्यः –

इति संश्रुत्य गच्छेयुर्गृहं बालपुरःसराः । विदश्य निम्बपत्राणि नियता द्वारि वेश्मनः ।।

आचम्याग्न्यादिसलिलं गोमयं गौरसर्षपान् । प्रविशेयुः समालभ्य कृत्वाऽश्मनि पदं शनैः ।।

प्रवेशनादिकं कर्म प्रेतसंस्पर्शिनामपि । क्रीतलब्धाशना भूमौ स्वपेयुस्ते पृथक् चितौ ।।

इदं चाद्येऽह्नि । वसिष्ठः – **अधः प्रस्तरे त्र्यहमनशनन्त आसीरन् क्रीतोत्पन्नेन वा वर्तेरन् ।**

आशौचका नियम

मरणाशौचका नियमहरू बताइन्छ । **याज्ञवल्क्यले** भनेका छन् – 'कुलका वृद्ध पुरुषहरूको वचन राम्ररी सुनेर शोकत्याग गरी श्मशानघाटबाट बालकहरूलाई अगाडि लगाएर घरमा जानुपर्दछ । घरको ढोकामा पुगेपछि उभिएर मन स्थिर गराई दाँतले नीमका पात चपाएर आचमन गर्नुपर्दछ । त्यसपछि अग्नि, जल, गोबर र सर्स्युँ स्पर्श गर्नुपर्दछ ।' यहाँ आदि भनिएको छ, आदि शब्दबाट दूर्वांकुर र बेलको पनि स्पर्श गर्नुपर्दछ । त्यसपछि शिलामाथि गोडा राखेर विस्तारै घरमा प्रवेश गर्नुपर्दछ । **आश्वलायनले** त 'शिला, अग्नि, गोबर, चामल, तेल र जलको स्पर्श गर्नुपर्दछ' भन्ने कुरा बताएका छन्। यहाँ **नियताः** शब्दको प्रयोग गरिएको छ, यसको अर्थ मलमूत्रत्याग गरेपछि गर्नुपर्ने आशौचद्वारा पवित्र भएका मानिस भन्ने हो ।

शङ्खले – स्पर्श गर्नुपर्ने पदार्थहरूमध्ये दूर्वांकुर, मुँगा र वृषभ थपेका छन् । कसैले आलम्भनमा प्रयोग गरिने मन्त्र पढ्नुपर्दछ भनेका छन् । प्रेतलाई स्पर्श गरी स्नान गरेर घरमा आउने मानिसहरूले खरिद गरेर अथवा नमागीकन प्राप्त अन्न भोजन गर्नुपर्दछ । भूमिशयन र एकाकी शयन गर्नुपर्दछ । यो पहिलो दिनको कुरा हो । **वसिष्ठले** भनेका छन् – आशौच लागेका मानिसहरूको शयनका निमित्त चटाई, गुन्द्री अथवा शिलाको व्यवस्था गर्नुपर्दछ । तीनदिनसम्म भोजनत्याग गर्नुपर्दछ । भोजनत्याग गर्न नसक्ने मानिसले खरिद गरिएको अन्न खानु पर्दछ, घरको अन्न खानु हुँदैन ।

शुद्धितत्त्वे वैजवापः – **शमीमालभन्ते शमी पापं शमयत्विति । अश्मानमालभन्ते अश्मेव स्थिरो भूयासमिति, अग्निमग्निर्नः शर्म यच्छत्विति, ह्योगित्यन्तरा गामजमुपस्पृशन्तः क्रीत्वा लब्ध्वा वा प्राप्य गृहमेकान्नमलवणमेकरात्रं दिवा भोक्तव्यं त्रिरात्रं कर्मोपरमणम्, क्रीताद्यशनमुपवासाशक्तस्य।**

आश्वलायनस्तु – **नैतस्यां रात्र्यामन्नं पचेरन्, क्रीतोत्पन्नेन वा वर्तेरन्, त्रिरात्रमक्षारलवणाशिनः स्युः, द्वादशरात्रं वा** इत्याह । अशक्तौ रत्नाकरे आपस्तम्बः – **'भार्यापरमगुरुसंस्थायां चाकालभोजनानि कुर्वीरन्।'** यदा मृतिः, परदिने तावत्कालमित्यर्थः ।

बृहस्पतिः – **अधःशय्यासना दीना मलिना भोगवर्जिताः । अक्षारलवणान्नाः स्युर्लब्धक्रीताशनास्तथा।।**

भोगः – अभ्यङ्गताम्बूलादिः । क्षाराः परिभाषायामुक्ताः ।

शुद्धितत्त्वमा वैजवापले भनेका छन् – शमीलाई 'हे शमी ! तिमीले हाम्रा पापहरू हटाऊ' भनी प्रार्थना गरेर स्पर्श गर्नुपर्दछ । म भुईंमा झैं स्थिर रहुँ भनी शिलाको स्पर्श गर्नुपर्दछ । हामीहरूलाई सुख दिनुहोस् भनी अग्निदेवताको स्पर्श गर्नुपर्दछ । **'ह्योगिति'** मन्त्र उच्चारण गरेर गाई र बाख्राको स्पर्श गर्नुपर्दछ । तीनरातसम्म मालिस, तैललेपन, मार्जन आदि कर्म गर्न हुँदैन । तीनरातसम्म खरिद गरेर भोजन गर्नु भनेको त्यसका निमित्त हो जो उपवास गर्नमा असमर्थ छ।

आश्वलायनले भनेका छन् – घर फर्किएको रात अन्न पकाउन हुँदैन, खरिद गरेर भोजन गर्नुपर्दछ । तीनरात अथवा बाह्र रातसम्म नुन ग्रहण गर्न हुँदैन । **आश्वलायनको** भनाइअनुसार नुनलाई निषिद्ध मानिए पनि सिधै नुनलाई निषेध नगरिएको कुरा टीकाकारले बताएका छन् । अशक्त अवस्थामा रहेका मानिसहरूका निमित्त **आपस्तम्बले** भनेका छन् – स्त्री तथा परमगुरुहरूको मृत्यु हुँदा मृत्युकालदेखि दोस्रो दिनसम्म भोजन गर्न हुँदैन । **बृहस्पतिले** भनेका छन् – आशौची मानिसले भूमिमा शयन गर्न हुँदैन, दान गर्न हुँदैन, मलिन रहनुपर्दछ, भोगवर्जित हुनुपर्दछ, प्राप्त वा खरिद गरिएको क्षारपदार्थरहित अन्न खानुपर्दछ । क्षार पदार्थ के हुन् भन्ने कुरा परिभाषाप्रकरणमा बताइसकेका छौं ।[६०]

मार्कण्डेयपुराणमते विचारः

यत्तु मार्कण्डेयपुराणे –

तैलाभ्यङ्गो बान्धवानामङ्गसंवाहनं च यत् । तेन चाप्यायते जन्तुर्यच्चाश्नन्ति सबान्धवाः ।।

प्रथमेऽह्नि तृतीये च सप्तमे नवमे तथा । वस्त्रत्यागं बहिःस्नानं कृत्वा दद्यात्तिलोदकम् ।।

इति, तदन्त्यदिनपरम् ।

मार्कण्डेयपुराणको मत

मार्कण्डेयपुराणमा भनिएको छ कि – 'तैलस्नान, बान्धवहरूद्वारा शरीरमा मालिस गराउने काम र बान्धवहरूको भोजनबाट प्रेत पुष्ट हुन्छ । पहिलो दिन, तेस्रो दिन, सातौं दिन र नवौं दिन वस्त्रत्याग गरेर बाहिर स्नान गरी तिलोदक दिनुपर्दछ । **ग्रन्थकार** भन्दछन् – यहाँ जे भनिएको छ त्यो अन्त्य दिनका लागि व्यवस्था गरिएको नियम हो ।

आशौचान्ते गृहप्रवेशविचारः

'आशौचान्ते तिलकल्कैः स्नात्वा गृहं प्रविशेयुः' इति विष्णूक्तेः ।

आशौचको अन्तमा गृहप्रवेश

विष्णुले भनेका छन् कि – आशौचको अन्तमा तिलको पिनाले नुहाएर गृहप्रवेश गर्नुपर्दछ ।

---

६०. **तिलमुद्गावृते शिम्ब्यं सस्ये गोधूमकोद्रवौ । धान्यकं देवधान्यञ्च शमीधान्यं तथैक्षवम् ।।**
स्विन्नधान्यं तथा पण्यं मूलं क्षाराः स्मृताः खलु । अर्थात् तिल र मुगीबाहेक कोसामा फल्ने अन्न, गहुँ, कोदो, धान्यक, देवधान्य, शमी धान्य र उखुबाट बनेका पदार्थ आदिलाई क्षार मानिएको छ । भुटेको अन्न, बजारमा बेच्न राखिएको पदार्थ, मूला आदि क्षार पदार्थ मानिएका छन् । – दौलतराम गौडद्वारा अनूदित निर्णयसिन्धुको यसै शीर्षकमा दिइएको टिप्पणीबाट उद्धृत ।

अस्थिसञ्चयनोर्ध्वं विचारः

विष्णुपुराणे त्वस्थिसञ्चयोर्ध्वं भोगोऽप्युक्तः –

शय्यासनोपभोगस्तु सपिण्डानामपीष्यते । अस्थिसञ्चयनादूर्ध्वं संयोगस्तु न योषिताम् ।।

अस्थिसञ्चयनपछि गरिने कर्मको विषयमा विचार

विष्णुपुराणमा अस्थिसञ्चयनपछि सपिण्डहरूले अभ्यङ्ग आदि भोग गर्न हुने कुरा बताउँदै भनिएको छ– सपिण्डहरूले अस्थिसञ्चयपछि शय्या, आसन आदि पदार्थको उपयोग गर्न सक्दछन् तर स्त्रीसम्भोग भने गर्न हुँदैन ।

ज्ञातिभिः सह भोजनविचारः

भारते – **तिलान् ददतु पानीयं दीपं ददतु जाग्रतु । ज्ञातिभिः सह भोक्तव्यमेतत्प्रेतेषु दुर्लभम् ।।**

बन्धुहरूका साथ भोजन

महाभारतमा भनिएको छ कि – प्रेतलाई तिल दिनुपर्दछ, जल दिनुपर्दछ, बत्ती दिएर जागरण बस्नुपर्दछ र आफ्ना जातिका मानिसहरूसँग भोजन गर्नुपर्दछ । यसो गर्दा प्रेत प्रसन्न हुन्छ । भाग्यवान् प्रेतहरूले मात्र यस्तो देख्न–व्यहोर्न पाउँछन् । सर्वसाधारण प्रेतलाई यो बेहोर्न सम्भव हुँदैन ।

मांसाशनादौ विचारः

मनुः – **मांसाशनं च नाश्नीयुः शयीरंश्च पृथक् क्षितौ ।** देवजानीये कारिकायाम् –

लवणक्षीरमाषान्नपूपमांसानि पायसम् । वर्जयेदाहृतान्नेषु बालवृद्धातुरैर्विना ।।

उपवासो गुरौ प्रेते पत्न्याः पुत्रस्य वा भवेत् ।

मांसभोजनसम्बन्धी विचार

मनुले भनेका छन् कि ब्रह्मचारीले एघार दिनको श्राद्धसम्म मांसभक्षण गर्न हुँदैन र एकान्तमा भूमिशयन गर्नुपर्दछ। **देवजानीयमा कारिकाको** वचन छ कि – नुन, दूध, माषको दाल, मालपुवा, मासु र खीरको सेवन बालक, वृद्ध र आतुरबाहेक अरूले गर्न हुँदैन । अरूबाट मगाएको अन्न पनि खान हुँदैन । बाबु, आमा वा पतिको मृत्यु हुँदा पत्नी वा पुत्रले उपवास गर्नुपर्दछ ।

ज्ञातीनां दिवाभोजने दिननियमः

मरीचिः – **प्रथमेऽह्नि तृतीयेऽह्नि चतुर्थे सप्तमे तथा । ज्ञातिभिः सह भोक्तव्यमेतत्प्रेतेषु दुर्लभम् ।।**
भोजनञ्च दिवैव । '**दिवा चैव तु भोक्तव्यममांसं मनुजर्षभ**' इति विष्णुपुराणात् ।

दिवाभोजनसम्बन्धी नियम

मरीचिले भनेका छन् – पहिलो, तेस्रो, सातौं र दसौं दिन आशौचीले बान्धवहरूका साथ भोजन गर्नुपर्दछ । यो सहभोजन प्रेतहरूका निमित्त पनि दुर्लभ मानिएको छ । भोजन दिनमा नै गर्नुपर्दछ । **विष्णुपुराणमा** भनिएको छ कि – मांसरहित पवित्र भोजन दिनमा नै गर्नुपर्दछ ।

क्रीत्वा लब्ध्वा वा अन्नभक्षणकथनम्

'क्रीत्वा लब्ध्वा वा दिवान्नमश्नीयुः' इति पारस्करोक्तेश्च ।

किनेको वा पाएको अन्न भोजन

पारस्करगृहसूत्रमा भनिएको छ कि – खरिद गरिएको वा अरूले दिएको अन्न दिनमा भोजन गर्नुपर्दछ ।

अन्नभक्षणे पात्रादिविचारः

मदनरत्ले हारीतः – **पाणिषु मृन्मयेषु पर्णपुटकेषु वाश्नीरन् ।**

अन्नभोजनमा पात्रविचार

मदनरत्नमा हारीतले भनेका छन् – आशौचीले हातमा, माटाको पात्रमा वा पातका दुना–टपरीहरूमा भोजन गर्नुपर्दछ।

आशौचमध्ये यत्नेन सगोत्रेभ्यो भोजनदानम्

देवजानीये ब्राह्मे (शुद्धितत्त्वे आदिपुराणे च) **आशौचमध्ये यत्नेन भोजयेच्च स्वगोत्रजान् ।**

आशौचको बीचमा सगोत्रीलाई भोजन गराउने सम्बन्धमा

देवजानीयमा शुद्धितन्त्रमा र आदिपुराणमा समेत उद्धृत ब्रह्मपुराणको वचनमा भनिएको छ – आशौचको बीचमा आशौचीले आफ्ना गोत्रका मानिसहरूलाई प्रयत्नपूर्वक भोजन गराउनुपर्दछ ।

आशौचान्ते गृहादिशुद्धिकथनम्

अन्त्यदिने तु मदनरत्ले ब्राह्मे –

यस्य यस्य तु वर्णस्य यद्यत्स्यात्पश्चिमं त्वहः । स तत्र गृहशुद्धिं च वस्त्रशुद्धिं करोत्यपि ।।

आशौचको अन्तमा गृहादिशुद्धि

जुन वर्णको मानिसको आशौचको अन्तिम दिन मानिएको छ त्यसमा आशौच बार्नेहरूले आफ्नो वर्णअनुसार आ-आफ्ना घर र वस्त्रको शुद्धि गर्नुपर्दछ ।

ग्रामाद् बहिर्गत्वा प्रेतस्पृष्टवस्त्राणि त्यक्त्वा स्नानं विधेयम्

अन्त्यकर्मकालीनवस्त्रयोस्तत्रैवोक्तम् –

ग्रामाद् बहिस्ततो गत्वा प्रेतस्पृष्टे तु वाससी । अन्त्यानामाश्रितानां च त्यक्त्वा स्नानं करोत्यथ ।। इति।

प्रेतद्वारा स्पर्श गरिएका वस्त्रहरूको त्याग

अन्त्यकर्ममा धारण गरिएका वस्त्रहरूको विषयमा भनिएको छ कि – गाउँदेखि बाहिर गएर प्रेतकर्ममा स्पर्श गरिएका या धारण गरिएका उपरिवस्त्र र अधोवस्त्र अन्त्यज अथवा आश्रित सेवकहरूलाई दिनुपर्दछ ।

आशौचमध्ये दान-प्रतिग्रहादीनां त्यागः

शङ्खः – **दानं प्रतिग्रहो होमः स्वाध्यायः पितृकर्म च । प्रेतपिण्डक्रियावर्जमाशौचे विनिवर्तते ।।**

आशौचको समयमा दानादिनिषेध

शङ्खले भनेका छन् – आशौचकालमा प्रेतलाई पिण्ड दिने क्रियाबाहेक अरू दान, प्रतिग्रह, होम, स्वाध्याय र पितृकर्मको त्याग गर्नुपर्दछ ।

प्राणोत्क्रमणस्थले महाबलिदानम्

काठकगृह्ये – **'यत्र प्राणोत्क्रमस्तत्रान्वहं महाबलिं कुर्यात्'** इति । पारस्करः – **तदानीमेव वस्त्रं तण्डुलं दीपं कांस्यभाजनं प्रेताय दद्यात् ।**

प्राणत्याग भएको स्थलमा महाबलि दिनुपर्ने

काठकगृह्यसूत्रमा भनिएको छ कि – जुन ठाउँमा मृतकका प्राण गएका छन् त्यहाँ दिनदिनै महाबलि दिनुपर्दछ । पारस्करले महाबलिमा दिइने पदार्थहरूको परिगणना गर्दै भनेका छन् – वस्त्र, चामल, दीप र काँसको पात्र प्रेतका लागि अर्पण गर्नुपर्दछ ।

श्राद्धे वस्त्रादिदानम्

आशौचप्रकाशे भरद्वाजः –

वासोऽन्नं च जलं कुम्भं प्रदीपं कांस्यभाजनम् । नग्नप्रच्छादने श्राद्धे ब्राह्मणाय निवेदयेत् ।।

श्राद्धमा धोती आदि वस्त्रदान

आशौचप्रकाशमा भरद्वाजले भनेका छन् – वस्त्र, अन्न, जल, कुम्भ, दीपक, काँसको पात्र, धोती र उत्तरीय यी वस्तु प्रेतश्राद्ध गर्दा ब्राह्मणलाई दिनुपर्दछ ।

रात्रौ सन्ध्यायां वा तिलोदकादिदाननिषेधः

भृगुः – **तिलोदकं तथा पिण्डानन्नग्नप्रच्छादनादिकम् । रात्रौ न कुर्यात्सन्ध्यायां यदि कुर्यान्निरर्थकम्।।**

रात्रि र सन्ध्यामा तिलोदकदान गर्न नहुने

भृगुले भनेका छन् – रातको समयमा तिलोदक, पिण्ड र धोती आदिको दान गर्न हुँदैन । कसैले उक्त दानकर्म सन्ध्यामा गर्छ भने त्यो निरर्थक हुन्छ ।

ब्राह्मणादिवर्णक्रमेण प्रेतपिण्डनिर्णयकथनम्

अथ प्रेतपिण्डः । यद्यपि हेमाद्रौ पारस्करेण –

ब्राह्मणे दशपिण्डास्तु क्षत्रिये द्वादश स्मृताः । वैश्ये पञ्चदश प्रोक्ताः शूद्रे त्रिंशत्प्रकीर्तिताः ।। इत्युक्तम्।

तथापि – **प्रेतेभ्यः सर्ववर्णेभ्यः पिण्डान् दद्याद् दशैव तु** इति तेनैवोक्तेः सर्वेषां दशैव ज्ञेया मदनरत्नेऽप्येवम्। तथा च हेमाद्रौ ब्राह्मपाद्मयोः –

जात्युक्ताशौचतुल्यांस्तु वर्णानां क्वचिदेव हि । देशधर्मान् पुरस्कृत्य प्रेतपिण्डान् वपन्त्यपि ।।

इत्युक्त्वा विप्रान्येषु दशपिण्डोत्कर्ष उक्तः ।

देयस्तु दशमः पिण्डो राज्ञां वै द्वादशेऽहनि । वैश्यानां वै पञ्चदशे देयस्तु दशमस्तथा ।

शूद्रस्य दशमः पिण्डो मासे पूर्णेऽह्नि दीयते ।। इति ।

ब्राह्मण आदि वर्णका लागि प्रेतपिण्डको निर्णय

अब प्रेतपिण्डको निर्णयका सम्बन्धमा चर्चा गरिन्छ । यद्यपि **हेमाद्रिमा पारस्करले** भनेका छन् – 'ब्राह्मणका लागि दशपिण्ड, क्षत्रियका लागि १२ पिण्ड, वैश्यका लागि १५ पिण्ड र शूद्रका लागि ३० पिण्ड दिनुपर्दछ ।' फेरि त्यहीं नै उनले भनेका छन् – यसरी दिँदा अव्यवस्था हुन जानाले सबै वर्णका प्रेतका निमित्त दशपिण्ड नै दिनुपर्दछ । **मदनरत्नमा** पनि यही कुरा बताइएको छ । **ब्रह्मपुराण** र **पद्मपुराणको** वचनमा भनिएको छ – वर्णहरूका निमित्त जुन जातीय आशौच बताइएको छ तदनुसार नै पिण्ड दिने काम गर्नुपर्दछ । देश–धर्मअनुसार प्रेतपिण्ड दिइन्छ तर ब्राह्मणबाहेक अरू जातिहरूमा दसौं पिण्डको प्रमुखता बताइएको छ । राजालाई त बाह्रौं दिनका दिन नै दशमपिण्ड दिनुपर्दछ । त्यसैगरी वैश्यहरूलाई पन्ध्रौं दिनमा दशमपिण्ड र शूद्रहरूलाई एकमहिनापछि दशम पिण्ड दिनुपर्दछ ।

युद्धमृतादेराशौचे त्र्यहादौ च पिण्डदाननिर्णयकथनम्

युद्धमृतादेराशौचे त्र्यहादौ च तेनैवोक्तम् –

सद्यः शौचे प्रदातव्या सर्वेऽपि युगपत्तथा । त्र्यहाशौचे प्रदातव्यः प्रथमेऽह्नयेक एव हि ।

द्वितीयेऽहनि चत्वारस्तृतीये पञ्च चैव हि ।। त्र्यहे प्रकारान्तरं प्रागुक्तम् ।

युद्धमा मरेका मानिसहरूको निमित्त पिण्डदान

युद्धमा मरेका मानिसहरूको आशौच सचैल स्नान गरेपछि निवृत्त हुन्छ । कतै तीनदिन आशौच बार्नु पर्ने कुरा पनि बताइएको छ । **सद्यःशौच** मान्ने पक्षमा तत्काल सबै पिण्ड एकैचोटि दिनुपर्दछ । तीनदिन आशौच मान्ने पक्षमा पहिलो दिन एकपिण्ड, दोस्रो दिन चारपिण्ड र तेस्रो दिन पाँचपिण्ड दिनुपर्दछ । यससम्बन्धमा पनि पहिले बताइसकिएको छ।

आशौचस्य ह्रासेऽपि पिण्डदानविचारः

शातातपः – **'आशौचस्य च ह्रासेऽपि पिण्डान् दद्याद्दशैव तु ।'** तत्रैकपात्रे सकृत्पक्त्वा दश पिण्डान् दद्यात्।

आशौचको ह्रास हुँदा पनि दशपिण्ड दिनुपर्ने कुरा

शातातपले भनेका छन् – 'आशौचमा घटी–बढी भए पनि पिण्ड भने दशवटा नै दिनुपर्दछ ।' यसो गर्दा एउटा पात्रमा एकै पटक पकाएर दशवटा पिण्ड दिन सकिन्छ ।

उत्तरीयशिलापात्रादिविपर्यये विचारः

उत्तरीयशिलापात्रकर्तृद्रव्यविपर्यये । पूर्वदत्ताञ्जलीन् दद्यात्, पूर्वपिण्डांस्तथैव च ।।

इति गृह्यकारिकायां पात्रविपर्यये दोषोक्तेः । शिलाविपर्यये घटस्फोटादेर्नावृत्तिः । अक्षाभ्यञ्जनादिपदकर्मण एकहायनीनयनवदप्रयोजकत्वात् । तद्वच्चात्र लौकिकग्रहणम् ।

उत्तरीय, शिला र पात्रहरूको क्रम विपरीत भएमा

उत्तरीय, शिलापात्र, कर्ता र द्रव्य यी वस्तुहरूको क्रम विपरीत भएमा पहिले दिएका अञ्जलि र पहिले दिएका पिण्डको क्रमले अञ्जलि र पिण्ड दिनुपर्दछ भनी **गृह्यकारिका**मा पात्रविपर्ययको दोष बताइएको छ । शिलाविपर्ययमा घटस्फोट[६१] आदि कर्मको आवृत्ति गरिँदैन ।[६२]

पात्राणामनेकत्वकथनम्

केचित्तु – **'नवान्यादाय भाण्डानि आरुकं चरुकं तथा ।'** इति प्रचेतसोक्तेः पात्रानेकत्वमाहुः ।

पात्रहरूको अनेकता

कसैले त नयाँ पात्रहरूमा आरुनामक वृक्षबाट तयार गरिएको भाँडो र चरुक अर्थात् चरु तयार गरिने भाँडो ग्रहण गर्नुपर्दछ भनेका छन् । **प्रचेता**ले भने अनेकथरिका पात्रहरूको प्रयोग गर्न सकिने कुरा बताएका छन् ।

क्रियाकर्तुनाशे विचारः

क्रियाकर्तुर्नाशेऽन्येन शेषः समापनीयः ।

एवं क्रियाप्रवृत्तानां यदि कश्चिद्विपद्यते । तद्बन्धुना क्रिया कार्या सर्वैवा सहकारिभिः ।।

इति शुद्धितत्त्वे बृहस्पतिस्मृतेः ।

---

६१. मानिसको मृत्यु भई प्रथम पिण्डदान आरम्भ गर्दा जुन कर्ता र जस्ता द्रव्य हुन्छन्, जुन वस्त्र र जुन पिण्ड पकाउने शिलापात्र हुन्छन् तिनैको दशपिण्डसम्म प्रयोग गर्नुपर्दछ । कुनै पनि कुराको परिवर्तन गर्न हुँदैन । यदि कुनै कुरा बदलिएमा फेरि सुरुबाट नै पिण्डदान गर्नुपर्दछ । तर पकाउने पात्र बदलिएर क्रमभङ्ग हुनजाँदा सुरुबाट नै कर्म गर्नु परे पनि घटस्फोटको भने आवृत्ति हुँदैन किनकि त्यो मुख्य कर्म होइन । पकाउने भाँडाको अदल–बदल भएमा दोस्रो लौकिक शिलापात्र ग्रहण गर्नुपर्दछ । त्यसैले क्रम बिग्रिएमा सुरुबाट पिण्डदान र तिलाञ्जलि दोहोऱ्याउनुपर्दछ तर दाहकर्म दोहोऱ्याइँदैन । – धर्मसिन्धु।

६२. अग्निष्टोममा एकवर्षकी बाच्छी दिएर सोम खरिद गरी ल्याउनुपर्दछ, पदहोम गर्नुपर्दछ र अक्षाभ्यञ्जन गर्नुपर्दछ भनिएको छ । उक्त कर्महरूमध्ये सोमका निमित्त बाच्छी खरिद गर्नु मुख्य कर्म हो, पदहोम र अक्षाभ्यञ्जन प्रयोजककर्म होइनन् । बाच्छी दिएर सोम खरिद गर्नु प्रयोजककर्म हो । त्यसैगरी यहाँ पनि शिलापात्र ल्याउनु मुख्य प्रयोजककर्म हो । घटस्फोट मुख्य प्रयोजककर्म होइन । त्यसैले शिलाविपर्ययमा घटस्फोटको आवृत्ति हुँदैन । तर शिला यता–उति भएमा लौकिक शिला ग्रहण गर्नुपर्दछ ।

कात्यायनश्रौतसूत्रको सोमयागप्रकरणमा भनिएको छ – पहेंला आँखा भएकी एकवर्षकी बाच्छी दिएर सोम खरिद गर्ने कार्य ज्योतिष्टोममा गरिन्छ । एकवर्षकी बाच्छी गोशालाबाट फुकाउँदा अध्वर्यु गाईका पछि रहेका हुन्छन् । गाईले ६ पाइला टेकेर सातौं पाइला टेक्दा अध्वर्युले सुन राखेर सातौं पाइला टेक्ने ठाउँमा आहुति दिनुपर्दछ । आहुति दिएका ठाउँको धूलो हातमा लिएर हविर्धानका लागि तयार पारिएको शकट (गाडा)को पाङ्ग्रोमा दल्नु पर्दछ । यो विधान हो । यसलाई सम्पन्न गर्दा बाच्छी दिएर सोम क्रय गर्नु मुख्यकर्म हो । सातौं पाइलामा गरिने होम र अभ्यञ्जन अर्थात् गाडाको पाङ्ग्रामा धूलो दल्ने कर्म गौण हुन् । त्यसैगरी यहाँ पनि शिलापात्र ग्रहण गर्नुको प्रयोजक और्ध्वदैहिककर्म हो र घटस्फोट प्रयोजक होइन । – **कात्यायनश्रौतसूत्रको सोमयागप्रकरण** ।

किरिया गर्ने मानिसहरूमध्ये कसैको मृत्यु भएमा

किरिया गरिरहेका मानिसहरूमध्ये बीचैमा कसैको मृत्यु भयो भने बाँकी रहेका अरू किरियापुत्रीहरूले अवशिष्टकर्म समाप्त गर्नुपर्दछ । **शुद्धितत्त्वमा बृहस्पतिको** वचन छ कि – किरियामा संलग्न व्यक्तिहरूमध्ये कुनै मरेमा उसका बन्धु अथवा सहायकहरूले बाँकी पिण्डदान गर्नुपर्दछ ।

पत्न्याः कर्तृत्वे रजोदर्शने च विचारः

पत्न्याः कर्तृत्वे रजोदर्शने च तदन्ते कुर्यात् । **'शावाद् द्विगुणमार्तवम्'** इत्युक्तेः ।

किरिया गरिरहेकी पत्नी रजस्वला भएमा

पत्नीले किरिया गरिरहेको अवस्थामा उनी रजोवती भइन् भने उनी चोखिएपछि बाँकी कर्म गर्नुपर्दछ । किनकि शवको आशौचभन्दा रजोधर्मको आशौच दुईगुणा बलशाली हुन्छ ।

आशौचमध्ये कर्तुरस्वास्थ्ये विचारः

आशौचान्ते आर्तवे कर्तुरस्वास्थ्ये वान्येन क्रिया सर्वा वर्तनीया, कर्तुर्विपर्ययात् कालातिक्रमायोगाच्च ।

किरियापुत्री अस्वस्थ भएमा

आशौचको अन्तमा स्त्री रजोधर्म हुँदा वा शरीर अस्वस्थ हुँदा अरू मानिसहरूद्वारा किरिया आरम्भ गराई पहिलेदेखिका कर्महरू फेरि दोहोऱ्याउनुपर्दछ । कर्ता फेरिएर समयको अतिक्रमण गरी और्ध्वदैहिककर्म लम्ब्याउनु हुँदैन ।

स्थण्डिले पूर्वाह्णकाले प्रेताय पिण्डदानम्

वाराहे – **स्थण्डिले प्रेतभागं तु दद्यात्पूर्वाह्ण एव तु । कृत्वा तु पिण्डसङ्कल्पं नामगोत्रेण सुन्दरि ।।**

प्रेतका लागि वेदीमा पिण्डदान गर्नुपर्ने

वाराहपुराणमा भनिएको छ कि – हे सुन्दरी ! दशाहकर्म गर्दा किरियापुत्रीले पूर्वाह्णकालमा नाम-गोत्र उच्चारण गरी सङ्कल्प गर्दै वेदीमा प्रेतको लागि पिण्ड दिनुपर्दछ ।

ईशानकोणे प्रेतपिण्डप्रदानम्

मरीचिः – **प्रेतपिण्डं बहिर्दद्यात् दर्भमन्त्रविवर्जितम् । प्रागुदीच्यां चरुं कृत्वा स्नातः प्रयतमानसः।।**

दर्भवर्जनमनुपनीतपरम् ।

ईशानकोणमा प्रेतपिण्डप्रदान

मरीचिले भनेका छन् – 'कर्ताले सर्वप्रथम स्नान गरी शुद्ध र सावधान भई चरु तयार गरेर ईशानकोणमा गई कुश र मन्त्ररहित प्रेतपिण्ड दिनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यहाँ कुशको प्रयोग नगरीकन पिण्ड दिने जुन कुरा गरिएको छ त्यो व्रतबन्ध नगरेका प्रेतका निमित्त हो ।

असंस्कृतानां संस्कृतानां च मरणे पिण्डदानविचार:

'असंस्कृतानां भूमौ पिण्डं दद्यात् । संस्कृतानां कुशेषु' इति । प्रचेतसोक्तेः । मिताक्षरायां स्मृत्यन्तरे – भूमौ माल्यं पिण्डं पानीयमुपले वा दद्युः ।

हारीतः – **अक्लृप्तचूडा ये बाला ये च गर्भाद्विनिःसृताः। मृता अनुपनीता ये अनूढा अपि कन्यकाः।। ये मृताश्चाप्यसंस्कारास्तेभ्यो भूमौ प्रदीयते ।**

असंस्कृत र संस्कृतको मृत्युमा पिण्डदान

प्रचेताले भनेका छन् – संस्कार नभएका मानिसहरू मरेमा तिनीहरूलाई खाली जमिनमा पिण्ड दिनुपर्दछ । संस्कार गरेका मानिसहरूका निमित्त कुशमाथि पिण्ड दिनुपर्दछ । मिताक्षरामा भनिएको छ कि – घरको ढोकाको भूमिमा कुश बिछ्याएर प्रेतका लागि पिण्ड दिनुपर्दछ ।

हारीतले भनेका छन् – जुन बालकहरूको चूडाकरण संस्कार भएको छैन, जुन केवल गर्भबाट बाहिर आएपछि मरेका छन् अथवा जुन संस्कारै नभईकन मरेका छन्, जुन कन्या अविवाहित नै मरेका छन्, जसको कुनै पनि संस्कार भएको छैन तिनीहरूका निमित्त जमिनमा पिण्ड दिनुपर्दछ ।

फलमूलादिना पिण्डदानम्

पैठीनसिः – **शालिना सक्तुभिर्वापि पिण्याकैर्वापि निर्वपेत् ।** शुनःपुच्छः –

फलमूलैश्च पयसा शाकेन च गुडेन च । तिलमिश्रं तु दर्भेषु पिण्डं दक्षिणतो हरेत् ।।

तूष्णीं प्रत्येकं पुष्पं च धूपं दीपं तथैव च । शालिना सक्तुभिर्वापि शाकैर्वाप्यथ निर्वपेत् ।।

फल, मूलद्वारा पिण्डदान

पैठीनसिले भनेका छन् कि – चामल, सातु र पिनाद्वारा पिण्डदान गर्नुपर्दछ । फेरि शुनःपुच्छले भनेका छन् – फल, मूल, दूध, साग र सक्खरमा तिल मिसाएर कुशमाथि दक्षिणदिशातर्फ फर्केर पिण्ड दिनुपर्दछ । सेचन, अर्घ्य, धूप, दीप दिँदा मन्त्र पढ्नुहुँदैन । शालिधानको चामल, सातु र सागबाट पनि पिण्ड दिन सकिन्छ ।

प्रथमेऽहनि प्रयुक्तद्रव्यस्य दशाहिकश्राद्धेषु प्रयोगः

प्रथमेऽहनि यद् द्रव्यं तदेव स्याद्दशाहिकम् ।।

पहिलो दिन दिइने द्रव्य दसौं दिनसम्म एउटै हुनुपर्ने

दशपिण्डात्मक श्राद्ध गर्दा जुन द्रव्यले पहिलो दिन पिण्ड दिइएको छ त्यसै द्रव्यबाट दसौं दिनसम्म पिण्ड दान गर्नुपर्दछ ।

लौकिकाग्नौ नूतनमृन्मयादिसंशोधितपात्रे पिण्डान्नस्थापनम्

मदनरत्ने मात्स्ये – **तैजसं मृन्मयं चाथ पात्रं संशोध्य यत्नतः ।**

लौकिकाग्नावधिश्रित्य पचेदन्नं घृतप्लुतम् । स्नात्वाथ तिलसम्मिश्रं प्रदद्याद् दर्भसंस्तरे ।।

लौकिक अग्निमा पिण्डपाक

मदनरत्नमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – नुहाएपछि सुवर्ण आदि धातुका भाँडा र माटाका भाँडा शुद्ध गरेर लौकिक अग्निमा चढाई त्यसमा घिउ राखी अन्नपाक गर्नुपर्दछ । तिलसमेत राखी भुईंमा बिछ्याइएको कुशमा पिण्ड दिनुपर्दछ ।

प्रेतश्राद्धेषु पिण्डे अन्नादिविचारः

शुद्धितत्त्वे देवजानीये ब्राह्मे –

प्रथमेऽहनि यो दद्यात् प्रेतायान्नं समाहितः । अन्नं नवसु चान्येषु स एव प्रददात्यपि ।।

प्रेतश्राद्धमा पिण्डसम्बन्धी अन्न विचार

शुद्धितत्त्व र **देवजानीय**मा उद्धृत **ब्रह्मपुराण**को वचनमा भनिएको छ – प्रथम दिन सावधानीपूर्वक जुन अन्न पिण्डको रूपमा प्रेतलाई दिइन्छ त्यही जातको अन्न नै अरू नौदिनसम्म दिनुपर्दछ ।

नूतनमृन्मयभाण्डे त्रिप्रक्षालिततण्डुलानां पाकनिर्माणम्

मृन्मयं भाण्डमादाय नवं स्नातः सुसंयतः । तण्डुलप्रसृतिं तत्र त्रिःप्रक्षाल्य पचेत्स्वयम् ।।

नयाँ माटोको भाँडोमा पाकनिर्माण

स्नान गरेर जितेन्द्रिय भई माटाको नयाँ पात्र ग्रहण गरी एकपसेर चामललाई तीनपटक पखालेर आफै पकाउनुपर्दछ ।

पिण्डदानार्चनादिकथनम्

सपवित्रैस्तिलैर्मिश्रं कृमिकेशविवर्जितम् । द्वारोपान्ते ततः क्षिप्त्वा शुद्धां वा गौरमृत्तिकाम् ।।

भूपृष्ठे संस्तरे दर्भान् याम्याग्रान् देशसम्भवान् । ततोऽवनेजनं दद्यात् संस्मरन् गोत्रनामनी ।।

तिलसर्पिर्मधुक्षीरैः संसिक्तं तप्तमेव हि । दद्यात्प्रेताय पिण्डं तु दक्षिणाभिमुखस्थितः ।।

अर्घ्यैः पुष्पैस्तथा धूपैर्दीपैस्तोयैश्च शालिभिः । ऊर्णातन्तुमयैः शुद्धैर्वासोभिः पिण्डमर्चयेत् ।।

पिण्डदान र अर्चना

पवित्रसहित तिल मिसिएको, कीरा, केश नभएको अन्नको पिण्ड ढोकाबाहिर शुद्ध सेतो माटो छर्केर स्थण्डिल अर्थात् वेदीमाथि दक्षिणाग्र कुशा बिछ्याएर दिनुपर्दछ । फेरि गोत्र र नामस्मरण गरी अवनेजन अर्थात् जल दिनुपर्दछ । तिल, घिउ, मह र दूध मिलाएपछि तात्तातो पिण्ड दक्षिणतर्फ फर्केर प्रेतलाई दिनुपर्दछ । अर्घ्य, पुष्प, धूप, दीप, शीतल जल, शुद्ध ऊनका तन्तुहरूद्वारा पिण्डको पूजा गर्नुपर्दछ ।

सद्यःशौचादिदिनेषु पिण्डदानस्य क्रमकथनम्

दिवसे दिवसे देयः पिण्ड एवं क्रमेण तु । सद्यःशौचे प्रदातव्याः सर्वेऽपि युगपत्तथा ।।

त्र्यहाशौचेऽपि दातव्यास्त्रयः पिण्डाः समाहितैः । द्वितीये चतुरो दद्यादस्थिसञ्चयनं तथा ।।

त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादि क्षालयेत्ततः । दशाहेऽपि च दातव्यः प्रथमे त्वेक एव हि ।।

एकस्तोयाञ्जलिस्त्वेवं पात्रमेकं च दीयते । द्वितीये द्वौ तृतीये त्रीन्' इत्याद्युक्त्वा –

एवं स्युः पञ्चपञ्चाशत्तोयस्याञ्जलयः क्रमात् । तोयपात्राणि तावन्ति संयुक्तानि तिलादिभिः ।।

इति । **पात्रम्** – कुम्भः ।

सद्यःशौचमा पिण्डदानको क्रम

आशौचमा क्रमैले पिण्ड दिनुपर्दछ – 'सद्यःशौचमा सबै पिण्ड एकैचोटि दिनुपर्दछ । तीनदिनको आशौचमा पनि सावधान भई पहिलो दिन तीनपिण्ड, दोस्रो दिन चारपिण्ड र अस्थिसञ्चय, तेस्रो दिन तीनपिण्ड दिएर वस्त्रप्रक्षालन गर्नुपर्दछ । दशाहमा पनि पहिलो दिन एकपिण्ड, एकअञ्जलि, एकपात्र, दोस्रो, तेस्रो आदि दशदिनसम्म क्रमैले एक-एक बढाई दिनुपर्दछ । यसरी दसौं दिनमा दशपिण्ड, दशअञ्जलि र दशवटा कुम्भदान गरिन्छ । तिल एवं जलले भरिएका कुम्भपात्र पनि दशदिनसम्म दशवटा दान गरिन्छ ।' यहाँ **पात्रम्** भन्नाले कुम्भ भन्ने कुरा बुझ्नुपर्दछ ।

पिण्डदाने गौड-मैथिलमिताक्षराणां मतानि

अत्राहःपदमहोरात्रपरम् । तेन रात्रावपि देय इति गौडाः । दिवसपदाद्रात्रौ नेति मैथिलाः । स एवेत्युक्तेः सपिण्डेन दशपिण्डे प्रक्रान्ते पुत्रागमेऽपि स न दद्यात् । **'असगोत्रः सगोत्रो वा'** इति प्रागुक्तेः । **दाहकर्तैव दशाहं कुर्याद्** इति मिताक्षरायाम् । शुद्धितत्त्वे वायवीये –

असगोत्रः सगोत्रो वा यदि स्त्री यदि वा पुमान् । यश्चाग्निदाता प्रेतस्य पिण्डं दद्यात्स एव हि ।। इति।

पिण्डदानमा गौड, मैथिल र मिताक्षराको मत

माथि पद्यहरूमा रहेको **'अहः'** पद अहोरात्रको वाचक हो । त्यसैले रात्रिमा पनि अञ्जलि र पिण्ड दिन सकिन्छ भन्ने कुरा **गौडहरूले** भनेका छन् । **'दिवसः'** पदको उल्लेख भएकाले रातिमा दिन हुँदैन **मैथिलले** भनेका छन् । जसले पिण्डदान आरम्भ गऱ्यो, उसैले दशपिण्ड दिनुपर्दछ भन्ने शास्त्रीय वचन भएकाले पिण्ड प्रारम्भ गरेपछि छोरो आए तापनि छोराले पिण्ड दिन हुँदैन । किनभने **मिताक्षरामा** दाहकर्ताले नै दशाह गर्नुपर्दछ भनिएको छ ।

शुद्धितत्त्वमा उद्धृत **वायुपुराणको** वचनमा भनिएको छ – असगोत्र, सगोत्र जे भए पनि जसले स्त्री वा पुरुषको प्रेतको संस्कार गर्दछ त्यसैले नै दशपिण्ड पनि दिनुपर्दछ ।

पुनः पिण्डदाने विचारः

तत्रैव – **पूरकेण तु पिण्डेन देहो निष्पद्यते यतः । कृतस्य करणायोगात् पुनर्नावर्तयेत्क्रियाम् ।।**

शुद्धिप्रकाशे वायवीयेऽपि –

निवर्तयति यो मोहात् क्रियामन्यनिवर्तिताम् । विधिघ्नस्तेन भवति पितृहा चोपजायते ।।

तस्मात्प्रेतक्रिया येन केनापि च कृता यदि । न तां निवर्तयेत्प्राज्ञः सतां धर्ममनुस्मरन् ।। इति ।

पुनः पिण्डदानसम्बन्धी विचार

वायुपुराणमा भनिएको छ – पूरक पिण्डले शरीर बन्दछ त्यसकारण एकचोटि पिण्ड दिइसकेपछि फेरि अरूबाट पिण्ड दिलाउनु उपयुक्त हुँदैन अर्थात् आवृत्ति गर्न हुँदैन । **शुद्धिप्रकाश**मा उद्धृत **वायुपुराण**को वचनमा भनिएको छ – जुन व्यक्तिले मोहका कारण अरूबाट गराइएको किरियालाई खण्डित गरी आफू किरिया गर्न थाल्दछ, त्यो विधिनाशक हुन्छ र त्यसले पितृहरूको पनि नाश गर्दछ । पिण्डको क्रम आरम्भ गर्ने बुद्धिमान् मानिसले उत्तममहापुरुषहरूले अँगालेको धर्मलाई पछ्याउँदै उक्त किरिया समाप्त गर्नुपर्दछ ।

प्रेतपिण्डदाने पितृ-स्वधादिशब्दानामुच्चारणे विचारः

आदिपुराणे – **पितृशब्दं स्वधां चैव न प्रयुञ्जीत कर्हिचित् । अनुशब्दं तथा चेह प्रयत्नेन विवर्जयेत् ।।**
उपतिष्ठतामयं प्रेतायेति समुच्चरेत् । क्रियानिबन्धे व्यासः – **प्रेताय पिण्डं दत्त्वा तु ततोऽश्नीयाद्दिनात्यये।**

प्रेतलाई पिण्ड दिँदा पितृ, स्वधा आदि शब्दहरूको उच्चारणसम्बन्धी विचार

आदिपुराणमा भनिएको छ कि – दशाहभित्र प्रेतलाई पिण्डदान गर्दा कहिले पनि पितृशब्द र स्वधाशब्दको प्रयोग गर्न हुँदैन । अनुशब्द अर्थात् **'ये च त्वामत्रानु०'** इत्यादि ऋचालाई पनि प्रयत्नपूर्वक छाडिदिनुपर्दछ । यसमा 'यो पिण्ड प्रेतलाई प्राप्त होस्' यत्तिमात्र भन्नुपर्दछ । **क्रियानिबन्ध**मा **व्यास**ले भनेका छन् कि – प्रेतलाई पिण्ड दिएपछि दिनको समाप्तिमा अर्थात् सूर्यास्तपछि भोजन गर्नुपर्दछ ।

दशाहपर्यन्तं शाकादिभिर्द्रव्यैः पिण्डदाने विचारः

भविष्ये – **ओदनामिषसक्तूनां शाकमूलफलादिषु । प्रथमेऽहनि यद्दद्यात्तद्दद्यादुत्तरेऽहनि ।।**

दशाहपर्यन्त पिण्डदान गर्ने विषयमा विचार

भविष्यपुराणमा भनिएको छ कि – चामल, काँचो मासु, सातु, साग, कन्दमूल, फल आदिमध्ये जुन द्रव्यले पहिलो दिन पिण्ड दिइन्छ त्यसै द्रव्यद्वारा पछिका दिनहरूमा पनि पिण्ड दिनुपर्दछ ।

प्रेतपिण्डदाने गृहद्वार-श्मशानादिविचारः

गृहद्वारे श्मशाने वा तीर्थे देवगृहेऽपि वा । यत्राद्यैर्दीयते पिण्डस्तत्र सर्वं समाचरेत् ।।

प्रेतपिण्डदानमा गृहद्वारविचार

घरको ढोकामा, श्मशानघाटमा, तीर्थमा, देवमन्दिरमा जहाँ पहिलो दिन पिण्ड दिइएको छ त्यहीं गएर अरू पिण्ड दिनुपर्दछ ।

प्रथमदिनादारभ्य दशदिनपर्यन्तं प्रेतपिण्डदाने शरीरस्य प्रादुर्भावकथनम्

ब्राह्मे – **शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा । द्वितीयेन तु कर्णाक्षिनासिकाश्च समासतः ।।**
गलांसभुजवक्षांसि तृतीयेन यथाक्रमम् । चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदानि च ।।

जानू जङ्घे तथा पादौ पञ्चमेन तु सर्वदा । सर्वमर्माणि षष्ठेन सप्तमेन तु नाडयः ।।

दन्तलोमान्यष्टमेन वीर्यं तु नवमेन च । दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः ।। इति ।

याज्ञवल्क्येन तु – **पिण्डयज्ञावृता देयं प्रेतायान्नं दिनत्रयम्** । इत्युक्तेः । अत्र फलतारतम्यं ज्ञेयमिति विज्ञानेश्वरः । तेन त्र्यहाशौचपरत्वं देवयाज्ञिकोक्तं चिन्त्यम् ।

आशौचस्य च ह्रासेऽपि पिण्डान् दद्याद्दशैव तु । इति वचनाच्च दिनत्रयावश्यकत्वार्थमिति हारलतादयः।

प्रथमदिनदेखि लिएर दशदिनसम्म प्रेतको नयाँ शरीर उत्पत्ति हुने कुरा

ब्रह्मपुराणमा भनिएको छ कि – पहिलो दिन दिइएको पिण्डले प्रेतको शिर तयार हुन्छ । दोस्रो दिनको पिण्डले कान, नेत्र र नासिका तयार हुन्छन् । तेस्रो दिनको पिण्डले कण्ठ, काँध, भुजा र छाती तयार हुन्छन् । चौथो दिनको प्रेतको पिण्डले नाभि, लिङ्ग र गुदाको निर्माण हुन्छ । पाँचौं दिनको प्रेतपिण्डबाट जानु, जंघा र चरणको निर्माण हुन्छ । छैठौं दिनको प्रेतपिण्डबाट सबै मर्मस्थलहरू तयार हुन्छन् । सातौं दिनको प्रेतको पिण्डबाट नसा–नाडीहरू तयार हुन्छन् । आठौं दिनको प्रेतको पिण्डबाट दाँत र रौं तयार हुन्छन् । नवौं दिनको प्रेतको पिण्डबाट वीर्य तयार हुन्छ । दसौं दिनको प्रेतको पिण्डबाट शरीरमा पूर्णता आउँछ, तृप्ति प्राप्त हुन्छ र क्षुधाको नाश हुन्छ ।

याज्ञवल्क्यले भनेका छन् – प्रेतपिण्डको विधिबाट अर्थात् दायाँ स्कन्धमा यज्ञोपवीत राखेर तीनदिन प्रेतका लागि अन्न भूमिमा दिनुपर्दछ । यहाँ अन्न भन्नाले फल पनि जान्नुपर्दछ भन्ने कुरा **विज्ञानेश्वरले** बताएका छन् । तर यहाँ जे भनिएता पनि यो भनाइ तीनदिनको आशौच बार्नेहरूका निमित्त हो भन्ने देवयाज्ञिकको वचन चिन्तनीय छ । आशौचको ह्रास भएता पनि दशपिण्ड नै दिनुपर्ने वचन छ । **हारलता** आदिमा तीनदिनभित्र दिनुपर्छ भनिएको छ त्यो पनि आपत्ति अवस्थामा परेका मानिसको आवश्यकतालाई विचार गरेर भनिएको हो ।

मृन्मयपात्रे अपक्वमृन्मये वा रात्रौ जलं दुग्धं च देयम्

शातातपः – **जलमेकाहमाकाशे स्थाप्यं क्षीरं च मृन्मये ।**

पारस्करः – **मृन्मये तां रात्रिं क्षीरोदकैः विहायसि निदध्युः, प्रेतात्र स्नाहि इत्युदकम्, पिब चेदं क्षीरम्। इदं रात्रौ–** इति गौडाः । गारुडे तु – **अपक्वे मृन्मये पात्रे दुग्धं दद्याद्दिनत्रयम्** । इति उक्तम् । हेमाद्रौ पाद्मे तु दशाहमुक्तम् –

तस्मान्निधेयमाकाशे दशरात्रं पयो जलम् । सर्वतापोपशान्त्यर्थमध्वश्रमविनाशनम् ।।

माटाको भाँडोमा रातमा जल र दूध दिनुपर्ने

शातातपले भनेका छन् कि – एकदिन त्रिकाष्ठीमाथि राखिएका कारण आकाशमा रहेको माटाको भाँडोमा प्रेतका निमित्त दूध राखिदिनुपर्दछ । **पारस्करले** भनेका छन् – एकरात त्रिकाष्ठीमाथि रहेको माटाको भाँडाहरूमा जल र दूध राखिदिनुपर्दछ । राख्ने तरिका यसप्रकार छ– **'प्रेतात्र स्नाहि'** 'हे प्रेत ! यहाँ नुहाऊ' भनेर जल दिनुपर्दछ, **'पिब चेदमिति क्षीरम्'** 'यो दूध पान गर' भनी दूध राख्नुपर्दछ । यो कर्म रातमा नै गरिन्छ भन्ने कुरा **गौडहरूले** बताएका छन् । **गरुडपुराणमा** भनिएको छ कि काँचो माटोको पात्रमा तीनदिनसम्म दूध दिनुपर्दछ । **हेमाद्रिमा** उद्धृत **पद्मपुराणको** वचनमा भनिएको छ कि – दशदिनसम्म दूध र जल दिनुपर्दछ । प्रेतको समस्तताप शान्ति होस् भन्ने अर्थले दूध दिनुपर्दछ।

यममार्गमा हिँड्दाको परिश्रम नाश गर्ने उद्देश्यले छिक्कामा दशरातसम्म जल राखिदिनुपर्दछ ।

तिलतैलादिना दीपदानविचारः

देवजानीये कारिकायाम् –

तत्र प्रेतोपकृतये दशरात्रमखण्डितम् । कुर्यात्प्रदीपं तैलेन वारिपात्रं च मार्तिकम् ।।

भोज्याद्भोजनकाले तु भक्तमुष्टिं च निर्वपेत् । नामगोत्रेण सम्बुद्ध्या धरित्र्यां पितृयज्ञवत् ।।

तिलको तेलद्वारा दीपदानसम्बन्धी विचार

देवजानीयकारिकामा भनिएको छ कि – प्रेतको उपकारका निमित्त लगातार दशरातसम्म तेलको बत्ती बालिदिनुपर्दछ र किरिया गर्नेले माटाको जलपात्रमा जल भरेर राख्नुपर्दछ । आफूलाई पकाएको भातबाट सर्वप्रथम एकमुठी भात झिकेर नाम, गोत्रसहित प्रेतलाई सम्बोधन गर्दै पितृयज्ञमा जस्तै पृथ्वीमा राखिदिनुपर्दछ।

मृतस्य मनुजस्य पाथेयश्राद्धलक्षणम्

शातातपः– **भूलोकात्प्रेतलोकं तु गन्तुं श्राद्धं समाचरेत् । तत्पाथेयं हि भवति मृतस्य मनुजस्य तु।।**

मृत मानिसको पाथेयश्राद्ध

शातातपले भनेका छन् कि – प्रेत भूलोकबाट प्रेतलोकमा सजिलोसँग जाओस् भन्ने उद्देश्यले पाथेयश्राद्ध गरिदिनुपर्दछ। त्यो श्राद्ध गर्नाले यममार्गमा प्रेतको क्षुधानिवृत्ति हुन्छ । ती मरेर गएका मानिसलाई मार्गमा क्षुधानिवृत्तिका निमित्त पाथेयश्राद्धले पाथेयभोजनको काम गर्दछ ।

दशाहमध्ये दर्शपाते निर्णयः

अथ दशाहमध्ये दर्शपाते निर्णयः – भविष्ये –

प्रवृत्ताशौचतन्त्रस्तु यदि दर्शो प्रपद्यते । समाप्य चोदकं पिण्डान् स्नानमात्रं समाचरेत् ।।

ऋष्यशृङ्गः– **आशौचमन्तरा दर्शो यदि स्यात्सर्ववर्णिनाम् । समाप्तिं प्रेततन्त्रस्य कुर्यादित्याह गौतमः।।**

पैठीनसिः – **आद्येन्दावेव कर्तव्या प्रेतपिण्डोदकक्रिया । द्विरैन्दवे तु कुर्वाणः पुनः शावं समश्नुते ।।**

दशाहको मध्यमा अमावास्या परेमा

दश दिनको बीचमा अमावास्या अर्थात् औंसी पऱ्यो भने गर्नुपर्ने कर्तव्यका सम्बन्धमा **भविष्यपुराण**मा भनिएको छ – दशाहको बीचमा अमावास्यातिथि पऱ्यो भने जल र पिण्ड नदिई नुहाएरमात्र बस्नुपर्दछ ।

विश्वशृङ्गले भनेका छन् कि – ब्राह्मण आदि वर्णहरूको आशौचको बीचमा अमावास्या परेमा प्रेततन्त्र अर्थात् प्रेतलाई पिण्ड आदि दिने कार्य रोक्नुपर्दछ ।

पैठीनसिस्मृतिमा भनिएको छ कि – ब्राह्मण आदि वर्णका मानिसले प्रथमचन्द्रमामा अमावास्यासम्म प्रेतपिण्ड र उदकक्रिया गर्नुपर्दछ । दोस्रो चन्द्रमा अर्थात् अमावास्यापछि शुक्लपक्षको चन्द्रमाको उदय हुँदा प्रेतपिण्डदान र उदकक्रिया गर्ने हो भने फेरि आशौच बार्नुपर्दछ ।

मातापित्रोस्तु विशेषः

मातापित्रोस्तु श्लोकगौतमः –

अन्तर्दशाहे दर्शश्चेत्तत्र सर्वं समापयेत् । पित्रोस्तु यावदाशौचं दद्यात्पिण्डान् जलाञ्जलीन् ।।

इदमपि त्र्यहमध्ये दर्शपाते । तदूर्ध्वं दर्शे तु पित्रोरपि तन्त्रं समाप्यमेव ।

'पित्रोराशौचमध्ये तु यदि दर्शः समापतेत् । तावदेवोत्तरं तन्त्रं पर्यवस्येत् त्र्यहात्परम् ।।'

इति गालवोक्तेः । अन्येषां तु त्र्यहमध्येऽपि समाप्तिरिति पराशरमाधवीये निर्णयामृते चोक्तम् । कालादर्शेऽपि–

दर्शो दशाहमध्ये स्यादूर्ध्वं तन्त्रं समापयेत् । त्रिरात्रादुत्तरं पित्रोर्मृताविति विनिश्चयः ।।

मदनपारिजाते तु गालवीयमापदनौरसपुत्रादिविषयम् । त्र्यहोर्ध्वमपि पित्रोर्न तन्त्रसमाप्तिरित्युक्तम् । मदनरत्नेऽप्येवम्।

आमा-बाबुका लागि विशेष

गौतमले आमा-बाबुको आशौचभित्र औंसी परेमा विशेष तथ्य प्रकाशित गर्दै भनेका छन् – दशदिनभित्र अमावास्या परेमा आमावास्याभित्रै पिण्डदान समाप्त गर्नुपर्दछ । पिता र माताको आशौचमा भने पिण्ड र जलाञ्जलि दिनुपर्दछ, रोकिँदैन । यो पनि तीनदिनभित्र अमावास्या आएमा मात्र हो । त्यसपछि अमावास्या आएमा माता र पिताको पनि तन्त्रबाटै समाप्त गर्नुपर्दछ । पिता र माताको आशौचको बीचमा अमावास्यातिथि आएमा तीनदिनपछि उत्तरतन्त्र समाप्त गर्नुपर्दछ भनी **गालवले** भनेका छन् । अरू विद्वान्हरूको मतमा तीनदिनको बीचमा अमावास्या आउँछ भने तीनदिनभित्रै पिण्डदान र उदकदान समाप्त गर्नुपर्दछ भन्ने कुरा **पराशरमाधव** र **निर्णयामृतमा** भनिएको छ।

कालादर्शमा भनिएको छ कि – दशाहको बीचमा अमावास्या पर्न आएमा अमावास्याभित्रै उत्तरतन्त्र समाप्त गरिन्छ । पिता र माताको मृत्युमा भने तीनरातपछि समाप्त गरिन्छ । **मदनपारिजातमा गालवको** वचन छ कि – माथि बताएको कुरा आपत्काल र औरसपुत्रभन्दा भिन्नपुत्रले किरिया गर्दाका निमित्त हो । औरसपुत्रले किरिया गर्दा त तीनदिनपछि पनि माता-पिताको तन्त्रविधिबाट समाप्त हुँदैन । **मदनरत्नमा** पनि यही कुरा बताइएको छ ।[६३]

अमावास्याविषये कमलाकरमतम्

मम तु देशाचाराद्व्यवस्थेति प्रतिभाति ।

अमावास्याबारे कमलाकरको मत

कमलाकर भन्दछन् कि मलाई त जुन देशमा जुन आचार चलेको छ त्यही अनुसार गर्नुपर्दछ भन्ने लाग्दछ ।

अस्थिसञ्चयने कालकथनम्

अथास्थिसञ्चयः । तत्राश्वलायनेन कृष्णपक्षे एकादशीत्रयोदशीदर्शेषु आषाढाफाल्गुनीप्रोष्ठपदाभिन्नर्क्षे उक्तम्,

---

६३. औरस छोराले बाबु-आमाको किरिया गर्दा दशाहको बीचमा औंसी परेतापनि कुनै रोकतोक नगरी सरासर पिण्ड दिने काम गर्दै जानुपर्द छ। काका-काकी आदि अन्य जनहरूको किरिया गर्नुपर्दा चाहिँ दशदिनका बीचमा परेको औंसीका अगाडि पिण्ड दिइसक्ने कि पछाडि भन्ने कुराको विचार अवश्य गर्नुपर्दछ अर्थात् पूर्वार्धमा दिनको संख्या धेरै भए पूर्वार्धमा पिण्ड दिनुपर्दछ, उत्तरार्धमा दिनको संख्या धेरै भए उत्तरार्धमा दिनुपर्दछ भन्ने आशय हो ।।

तदाशौचमध्येऽसम्भवे तत ऊर्ध्वं च प्रागब्दात्करणे ज्ञेयम् । आशौचमध्ये तु मदनरत्ने संवर्तः -

प्रथमेऽह्नि तृतीये वा सप्तमे नवमे तथा । अस्थिसञ्चयनं कार्यं दिने तद्गोत्रजैः सह ।।

छन्दोगपरिशिष्टे - **अपरेद्युस्तृतीये वा अस्थिसञ्चयनं भवेत् ।** इति द्वितीयेऽप्युक्तम् । विष्णुकात्यायनौ - **'सञ्चयनं चतुर्थ्याम्'** इति । माधवीये यमः -

भौमार्कमन्दवारेषु तिथियुग्मे विवर्जयेत् । वर्जयेदेकपादर्क्षेऽद्विपादर्क्षेऽस्थिसञ्चयम् ।।

प्रदातृजन्मनक्षत्रे त्रिपादर्क्षे विशेषतः ।

ब्राह्मे - **चतुर्थे ब्राह्मणानां तु पञ्चमेऽहनि भूभृताम् । नवमे वैश्यजातीनां शूद्राणां दशमात्परम् ।।**

'दशमेऽहनि' इति वा पाठः ।

अस्थिसञ्चयनमा कालनिर्णय

अब अस्थिसञ्चयको विषयमा विचार गरिन्छ । **आश्वलायनले** 'कृष्णपक्षको द्वादशी, त्रयोदशी र अमावास्यामा पूर्वाषाढा, उत्तराषाढा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, पूर्वभाद्रपद, उत्तराभाद्रपद यी नक्षत्रभन्दा भिन्न नक्षत्रमा अस्थिसञ्चय गर्नुपर्दछ' भनेका छन् । ग्रन्थकार भन्दछन् - यो वचन आशौचको मध्यमा गर्न सम्भव नभएमा आशौच सकिएपछि एकवर्षभन्दा पहिले सपिण्डीकरण गर्ने स्थितिका लागि बताइएको विधि हो भनी जान्नुपर्दछ ।

आशौचकै मध्यमा अस्थिसञ्चय गर्नुपर्दा **मदनरत्नमा संवर्त** भन्दछन् - पहिलो दिन, तेस्रो दिन, सातौं दिन र नवौं दिन आफ्ना बन्धुबान्धवहरूका साथ अस्थिसञ्चयन गर्नुपर्दछ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ - दोस्रो दिन अथवा तेस्रो दिन अस्थिसञ्चय गर्नुपर्दछ । यसबाट दोस्रो दिन पनि अस्थिसञ्चय गर्न मिल्ने कुरा प्रतीत हुन्छ । **विष्णुस्मृति** र [क]**ात्यायनस्मृति**मा भनिएको छ कि चौथो दिन अस्थिसञ्चय गर्नुपर्दछ ।

माधवीयमा यमले भनेका छन् - मङ्गलवार, रविवार, शनिवार, युग्मतिथि अर्थात् जस्तै अष्टमीविद्धा नवमी यस्तै अरू पनि, एकपादनक्षत्र अर्थात् जस्तै कृत्तिका, उत्तराफाल्गुनी र उत्तराषाढा, द्विपादनक्षत्र अर्थात् मृगशिरा, चित्रा र [ध]निष्ठानक्षत्र मा अस्थिसञ्चय गर्न हुँदैन । पिण्डदान दिने मानिसले जन्मनक्षत्र र त्रिपादनक्षत्र अर्थात् कृत्तिका, पुनर्वसु, उत्तराफाल्गुनी, विशाखा, उत्तराषाढा र पूर्वभाद्रपदा यी नक्षत्र छाड्नुपर्दछ ।

ब्रह्मपुराणमा भनिएको छ - ब्राह्मणहरूको चौथो दिन, क्षत्रियहरूको पाँचौं दिनपछि, वैश्यहरूको नवौं दिनपछि शूद्रहरूको दसौं दिनपछि अस्थिसञ्चय गर्नुपर्दछ ।

[प]लाशेष्वस्थिदाहे अस्थिसञ्चयनविचारः

शौनकः - **पलाशेष्वस्थिदाहे च सद्यः सञ्चयनं भवेत् ।**

[प]र्णदाहमा गरिने अस्थिसञ्चय

शौनकले भनेका छन् - पलाशका पातहरूद्वारा अस्थिदाह गरिएको भए छिट्टै अस्थिसञ्चय गर्नुपर्दछ ।

त्र्यह[ाश]ौचे अस्थिसञ्चयनकथनम्

काम्यमरणे तु - **तस्य त्रिरात्रमाशौचं द्वितीये त्वस्थिसञ्चयः ।** इत्युक्तम् ।

अङ्गिराः - **प्रेतीभूतं तथोद्दिश्य यः शुचिर्न करोति चेत् । देवतानां तु यजनं तं शपन्त्वथ देवताः ।।**

तद्विधिः स्वस्वसूत्रे भट्टकृतौ ज्ञेयः । हेमाद्रौ नागरखण्डे –

त्रीणि सञ्चयनस्यार्थे तानि वै शृणु साम्प्रतम् । यत्र स्थाने भवेन्मृत्युस्तत्र श्राद्धं प्रकल्पयेत् ।।

एकोद्दिष्टं ततो मार्गे विश्रामो यत्र कारितः । ततः सञ्चयनस्यार्थे तृतीयं श्राद्धमिष्यते ।।

अपरार्के मदनरत्ने च ब्राह्मे –

सद्यःशौचे तथैकाहे सद्यःसञ्चयनं भवेत् । त्र्यहाशौचे तृतीयेऽह्नि कर्तव्यस्त्वस्थिसञ्चयः ।।

तीन दिने आशौचमा अस्थिसञ्चय

इच्छामरणमा तीनरातको आशौच लाग्दछ र अस्थिसञ्चयन भने दोस्रो दिन गरिन्छ भनिएको छ । **अङ्गिराले** भनेका छन् – प्रेतको स्वरूपलाई उद्देश्य गरेर जुन मानिसले पवित्र भईकन देवताहरूको पूजा गर्दैन त्यसलाई श्मशानमा रहेका शवका देवताहरूले सराप दिन्छन् । त्यसको विधि प्रत्येक शाखाका सूत्रग्रन्थ र भट्टद्वारा निर्मित सूत्रमा पनि बताइएको छ।

हेमाद्रिको नागरखण्डमा भनिएको छ – अस्थिसञ्चयका निमित्त तीनश्राद्ध गरिन्छन् । जुन स्थानमा मृत्यु भएको छ त्यहाँ श्राद्ध गर्नुपर्दछ, जहाँ विश्राम गरिएको छ त्यहाँ एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ र त्यसपछि अस्थिसञ्चयका लागि श्राद्ध गर्नुपर्दछ । **अपरार्क** र **मदनरत्नमा** उद्‌धृत **ब्रह्मपुराणको** वचनमा भनिएको छ – सद्यःशौच र एकाह आशौचमा सद्यः (तत्कालै) अस्थिसञ्चय गरिन्छ । तीनदिनको आशौचमा भने तेस्रो दिन अस्थिसञ्चय गर्नुपर्दछ ।

सञ्चयने श्मशानदेवतापूजनम्

तत्रैव – श्मशानदेवतायागं चतुर्थे दिवसे चरेत् । मृन्मयेषु च भाण्डेषु कुम्भेषु रुचकेषु वा ।।

सुपक्वैर्भक्ष्यभोज्यैश्च पायसैः पानकैस्तथा । फलैर्मूलैर्वनोत्थैश्च पूज्याः क्रव्याददेवताः ।।

सञ्चयमा मसानका देवताहरूको पूजन

अपरार्कमा नै मसानका देवताको याग सम्बन्धमा भनिएको छ कि – चौथो दिन मसानका देवताको पूजा गर्नुपर्दछ। माटाको भाँडामा अथवा कलशमा अथवा चरु बनाउने पात्रमा अथवा टोकरी आदिमा राम्रोसँग पकाइएका लड्डु आदि भक्ष्यपदार्थ, खीर आदि भोज्यपदार्थ, पानक अर्थात् पेयपदार्थ, फल तथा वनमा पैदा हुने कन्दमूलबाट क्रव्याद अर्थात् काँचो मासु खाने देवताहरूको पूजा गर्नुपर्दछ ।

श्मशानदेवेभ्यो बलिदानादिकथनम्

धूपो दीपस्तथा माल्यमर्घ्यं देयं त्वरान्वितैः । तत्र पात्राणि पूर्णानि श्मशानाग्नेः समन्ततः ।।

निवेदयद्भिर्वक्तव्यं तैः सर्वैरनहंकृतैः । नमः क्रव्यादमुख्येभ्यो देवेभ्य इति सर्वदा ।।

येऽत्र श्मशाने देवाः स्युर्भगवन्तः सनातनाः । तेऽस्मत्सकाशाद् गृह्णन्तु बलिमष्टाङ्गमक्षयम् ।।

प्रेतस्यास्य शुभान् लोकान् प्रयच्छन्तु च शाश्वतान् । अस्माकमायुरारोग्यं सुखं च ददतां चिरम्।।

एवं कृत्वा बलिं सर्वान् क्षीरेणाभ्युक्ष्य वाग्यतः । एवं दत्त्वा बलिं चैव दद्यात्पिण्डत्रयं बुधः ।।

एकं श्मशानवासिभ्यः प्रेतायैव तु मध्यमम् । तृतीयं तत्सखिभ्यश्च दक्षिणासंस्थमादरात् ।।

मसानदेवताहरूका निमित्त बलिदान

मसानका देवताहरूलाई छिटो–छिटो गरी धूप, दीप, माला र अर्घ्य दिनुपर्दछ । ती वस्तुहरूले भरिएका पूर्णपात्रहरूलाई मसानको अग्निको चारैतिर राखिदिनुपर्दछ । पदार्थहरू टक्र्याएपछि अहंकार त्याग गरेर मसानका देवताहरूलाई निवेदन गर्दै भन्नुपर्दछ – 'हे क्रव्याद मुख्य श्मशानका देवता ! तपाईंहरूलाई नमस्कार छ । तपाईंहरू सधैं श्मशानमा बस्ने देवता हुनुहुन्छ । हामीले दिएको यो अक्षयबलि ग्रहण गर्नुहोस् । हाम्रो प्रेतलाई शुभलोकमा पुऱ्याउनुहोस् र हामीहरूलाई चिरकालपर्यन्त आयु, आरोग्य र सुख प्रदान गर्नुहोस् ।' यसरी मौनपूर्वक बलिनिवेदन गरी दिइएका पदार्थमा दूधले सेचन गरेपछि विद्वान् मानिसले तीनपिण्ड दिनुपर्दछ – एउटा श्मशानमा बस्ने देवताहरूका निमित्त, दोस्रो प्रेतका निमित्त र तेस्रो प्रेतका मित्रहरूका निमित्त अपसव्य भई पिण्ड दिनुपर्दछ।

प्रेतस्य प्रधानाङ्गानामस्थिग्रहणकथनम्

ततो यज्ञियवृक्षोत्थां शाखामादाय वाग्यतः । प्रेतस्यास्थीनि गृह्णाति प्रधानाङ्गोद्भवानि च ।।

प्रेतका प्रधान अङ्गहरूको अस्थिग्रहण गर्नुपर्ने

त्यसपछि यज्ञीय वृक्षको शाखा – हाँगा ग्रहण गरी मौन भएर प्रेतका प्रधान अङ्गमा रहेका अस्तु ग्रहण गर्नुपर्दछ ।

ग्रहणानन्तरं वृक्षमूलादौ स्थापनकथनम्

शिरसो वक्षसः पाण्योः पार्श्वाभ्यां चैव पादतः । पञ्चगव्येन संस्थाप्य क्षौमवस्त्रेण वेष्टयेत् ।।
प्रक्षिप्य मृन्मये भाण्डे नवे साच्छादने शुभे । आरण्ये वृक्षमूले वा शुद्धे संस्थापयत्यपि ।।
गृहीत्वास्थीनि तद्भस्म नीत्वा तोये विनिक्षिपेत् ।

वृक्षमूलमा स्थापना

शिर, छाती, काखी र खुट्टाका अस्तु ग्रहण गरेर पञ्चगव्यले स्नान गराई रेशमी वस्त्र बेर्नुपर्दछ । रेशमी वस्त्रमा राखिएको अस्तुलाई शुद्ध पात्रमा सुन्दर ढकनाले ढाकी जङ्गलमा वा वृक्षको मूलमा स्थापना गर्नुपर्दछ । त्यसपछि अस्तुको भस्म ग्रहण गरी जलाशयमा प्रक्षेपण गर्नुपर्दछ ।

ततो गोमयादिना भूमिसंशोधनकथनम्

ततः सम्मार्जनं भूमेः कर्तव्यं गोमयाम्बुभिः । पूजा च पुष्पधूपाद्यैर्बलिभिः पूर्ववत्क्रमात् ।। इति ।

गोबरद्वारा भूमि संशोधन

जलाशयमा अस्तु सेलाएपछि जुन वृक्षको फेंद वा जङ्गलमा अस्तु राखिएको थियो त्यहाँको भूमिलाई गोबर र जलले संमार्जन गर्नुपर्दछ । सम्मार्जन गरेपछि पुष्प, धूप र बलिद्वारा पहिलेजस्तै पूजा गर्नुपर्दछ ।

तीर्थे अस्थिक्षेपविधिविचारः

अथ तीर्थेऽस्थिक्षेपविधिः । तत्रैव –

तत्स्थानाच्छनकैर्नीत्वा कदाचिज्जाह्नवीजले । कश्चित् क्षिपति सत्पुत्रो दौहित्रो वा सहोदरः ।।

तीर्थमा अस्थिप्रक्षेपविधि

अहिले तीर्थमा अस्थिप्रक्षेपण गर्ने विधिबारे विचार गरिन्छ । **ब्रह्मपुराण** आदिमा भनिएको छ कि – वृक्षको फेंद वा जङ्गलमा राखिएको अस्तु विस्तारै ग्रहण गरेर गङ्गाजलमा प्रक्षेपण गर्नुपर्दछ । उत्तम पुत्र, छोरीपट्टिको नाति अथवा सहोदरले अस्थिप्रक्षेपण गर्नुपर्दछ ।

अन्यकुलजानामस्थिनयने चान्द्रायणव्रतकथनम्

मातुः कुलं पितृकुलं वर्जयित्वा नराधमः । अस्थीन्यन्यकुलस्थस्य नीत्वा चान्द्रायणं चरेत् ।।

तत्रैव ब्रह्माण्डपुराणे –

अस्थीनि मातापितृपूर्वजानां नयन्ति गङ्गामपि ये कथञ्चित् ।
सद्बान्धवस्यापि दयाभिभूतास्तेषां तु तीर्थानि फलप्रदानि ।।
स्नात्वा ततः पञ्चगव्येन सिक्त्वा हिरण्यमध्वाज्यतिलैश्च योज्यः ।
ततस्तु मृत्पिण्डपुटे निधाय पश्यन् दिशं प्रेतगणोपरूढाम् ।।
नमोऽस्तु धर्माय वदत्प्रविश्य जलं स मे प्रीत इति क्षिपेच्च ।
उत्थाय भास्वन्तमवेक्ष्य सूर्यं स दक्षिणां विप्रमुख्याय दद्यात् ।
एवं कृते प्रेतपुरःस्थितस्य स्वर्गे गतिः स्यात्तु महेन्द्रतुल्या ।।

अकुलका मानिसको अस्तु सेलाएमा चान्द्रायण

मातृकुल र पितृकुलबाहेकको कुनै मानिसले अस्तु सेलाउन लैजान्छ भने त्यस नराधमले चान्द्रायणव्रत गर्नुपर्दछ। **ब्रह्माण्डपुराण**मा भनिएको छ कि – माता, पिता, पूर्वज र आफ्ना बान्धवहरूको अस्तु जसले गङ्गाजीमा लगेर बगाउँछन् तिनीहरूलाई तीर्थ गरेको फल प्राप्त हुन्छ । अस्तुसञ्चयन गर्दा कर्ताले स्नान गरेर पञ्चगव्यले अस्तुमा सेचन गरी सुवर्ण, मह, घिउ, तिल मिलाएर माटाको भाँडोमा ढाकेर राखी दक्षिणदिशातर्फ हेर्दै '**नमोऽस्तु धर्माय**' धर्मलाई नमस्कार छ भनी जलमा प्रवेश गरेर फेरि निवेदन गरोस् – '**स मे प्रीतः**' 'त्यो प्रेत ममाथि प्रसन्न होस्' भनी प्रार्थना गरेपछि भाँडोमा राखेको अस्तु जलमा सेलाइदिनुपर्दछ । जलबाट बाहिर आई भगवान् सूर्यनारायणको दर्शन गरी सूर्यरूप मानिएका ब्राह्मणलाई दक्षिणा दिनुपर्दछ । यसरी अस्तु सेलाउनाले स्वर्गमा इन्द्रको जस्तो स्थिति र गति हुन्छ त्यस्तै प्रेतको पनि स्थिति र गति हुन्छ ।

गङ्गातोयेषु यस्यास्थि क्षिप्यते तस्य पुनरावृत्तिर्न भवति

यमः – **गङ्गातोयेषु यस्यास्थि क्षिप्यते शुभकर्मणः । न तस्य पुनरावृत्तिर्ब्रह्मलोकात्सनातनात् ।।**

गङ्गाजलमा अस्थि प्रक्षेप गर्दा पुनरावृत्तिको अभाव

यमले भनेका छन् – जुन शुभकर्म गर्ने मानिसको अस्थि गङ्गाजलमा सेलाइन्छ त्यसको सनातनब्रह्मलोकबाट फेरि आवृत्ति हुँदैन अर्थात् त्यो मानिस जन्म–मरणबाट मुक्त हुन्छ ।

अस्तादौ गङ्गायामस्थिनिक्षेपस्य निषेधकथनम्

तथा – **अस्तं गते गुरौ शुक्रे तथा मासे मलिम्लुचे । गङ्गायामस्थिनिक्षेपं न कुर्यादिति गौतमः ।।**

गुरु-शुक्र अस्तमा अस्थिप्रक्षेपविचार

शुक्र र गुरु अस्त भएमा र मलमासमा गङ्गामा अस्थि सेलाउन हुँदैन भन्ने कुरा **गौतम**ले बताएका छन् ।

दशाहाभ्यन्तरे गङ्गातोयेऽस्थिप्रक्षेपे फलकथनम्

दशाहान्तर्न दोषः -

दशाहाभ्यन्तरे यस्य गङ्गातोयेऽस्थि मज्जति । गङ्गायां मरणं यादृक् तादृक् फलमवाप्नुयात् ।। इति मदनरत्ने वृद्धमनूक्तेः ।

दशाहभित्र अस्थिप्रक्षेपमा दोषको अभाव

मदनरत्नमा वृद्धमनुले भनेका छन् कि - दशदिनभित्र जसको अस्थि गङ्गामा सेलाइएको छ, उनीहरूले गङ्गातटमा मृत्यु हुँदा प्राप्त हुने फल प्राप्त गर्दछन् ।

शुद्धीकरणे उपयोगिनः पदार्थाः

शौनकः - **'शौनकोऽहं प्रवक्ष्यामि अस्थिक्षेपविधिं क्रमात् ।**
आदौ ग्रामाद्बहिर्गत्वा स्नानं कृत्वा सचैलकम्।।

प्रोक्षयेत् पञ्चगव्येन भुवं मन्त्रैर्विचक्षणः ।।' गायत्र्याद्यैः पञ्चगव्यमन्त्रैर्निखातास्थिभूमिं प्रोक्ष्येत्यर्थः ।
'उपसर्पादिभिर्मन्त्रैः प्रार्थनं खननं तथा । मृत्तिकोद्धरणं चास्थ्नां ग्रहणं च यथाक्रमम् ।।'
उपसर्पेति चतुभिर्मन्त्रैः क्रमेण प्रार्थनादि ज्ञेयम् । स्नात्वाऽस्थिशुद्धिं कुर्वीत एतोन्विन्द्रेति सूक्ततः।।
स्पृष्ट्वा स्पृष्ट्वा ततः स्नानं पञ्चगव्येन शुद्ध्यति । दश स्नानानि कुर्वीत तत्तन्मन्त्रैर्विचक्षणः ।।

शुद्धीकरणमा आवश्यक पदार्थहरूको निरूपण

शौनकले भनेका छन् - म अस्थिप्रक्षेप विधि बताउँछु । सबैभन्दा पहिले गाउँदेखि बाहिर गएर सचैलस्नान गर्नुपर्दछ । विद्वान्ले गायत्रीमन्त्र - **'तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ।।'** (यजु. ३/३५), गन्धद्वारामन्त्र - **'गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।।'** (ऋ.प.) आप्यायस्वमन्त्र - **'आ प्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् । भवा वाजस्य सङ्गथे ।।'** (यजु. १२/११२), दधिक्राब्णमन्त्र - **'दधिक्राब्णो अकारिषं जिष्णोरश्वस्य वाजिनः । सुरभि नो मुखा करत् प्रण आयूंषि तारिषत् ।।'** (ऋ. ४/३९/६), घृतं मिमिक्षेमन्त्र- **'घृतं मिमिक्षे घृतमस्य योनिर्घृते श्रितो घृतम्वस्य धाम । अनुष्वधमा वह मादयस्व स्वाहाकृतं वृषभ वक्षि हव्यम् ।।'** (यजु. १७/८८) यी मन्त्रजप गर्दै पञ्चगव्यमन्त्रहरूद्वारा अस्थि जहाँ राखिएको छ त्यो जमिनमाथि प्रोक्षण गर्नुपर्दछ । त्यसपछि - **'ॐ उपसर्प मातरं भूमिमेतामुरुव्यचसं पृथिवी सुशेवाम्। ऊर्णम्रदा युवतिर्दक्षिणावत एषा त्वा पातु निर्ऋतेरुपस्थात् ।। उच्छ्वञ्चस्व पृथिवि मा नि बाधथाः सूपायनास्मै भव सूपवञ्चना । माता पुत्रं यथा सिचाऽभ्येनं भूम ऊर्णुहि ।। उच्छ्वञ्चमाना पृथिवी सु तिष्ठतु सहस्रं मित उप हि श्रयन्ताम् । ते गृहासो घृतश्चुतो भवन्तु विश्वाहास्मै शरणाः सन्त्वत्र ।। उत् ते स्तभ्नामि पृथिवीं स्वत् परीमं लोगं निदधन्मो अहं रिषम् । एतां स्थूणां पितरो धारयन्तु तेऽत्रा यमः सादना ते मिनोतु ।। प्रतीचीने मामहनीष्वाः**

पर्णमिवा दधुः । प्रतीचीं जग्रभा वाचमश्वं रशनया यथा ।।' (१०/१८/१०-१४) आदि मन्त्रहरूद्वारा प्रार्थना गरेर जमिन खन्नुपर्दछ । माटो हटाएपछि क्रमैले अस्थिग्रहण गर्नुपर्दछ । अस्थिग्रहणपछि स्नान गरी अस्थिको शुद्धिका लागि – **'एतो न्विन्द्रं स्तवाम शुद्धं शुद्धेन साम्ना । शुद्धैरुक्थैर्वावृध्वांसं शुद्ध आशीर्वान् ममत्तु ।। इन्द्र शुद्धो न आग हि शुद्धः शुद्धाभिरूतिभिः । शुद्धो रयिं नि धारय शुद्धो ममद्धि सोम्यः । इन्द्र शुद्धो हि नो रयिं शुद्धो रत्नानि दाशुषे । शुद्धो वृत्राणि जिघ्नसे शुद्धो वाजं सिषाससि ।।'** (ऋ. ८/९५/७-९) सूक्त उच्चारण गर्दै स्पर्श गरेर पञ्चगव्यप्रोक्षण गरेपछि कर्ता शुद्ध हुन्छ । त्यसपछि कर्ताले पञ्चगव्यमा प्रयोग गरिने दशमन्त्रहरूद्वारा स्नान गर्नुपर्दछ ।

दशस्नानमन्त्राः

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । भस्ममृन्मधुवारीणि मन्त्रतस्तानि वै दश ।।
कुशैः सम्मार्जयेदस्थीन्यतो देवेति मन्त्रतः । एतोन्विन्द्रं शुचीवेति नतमहं इतीति च ।
पावमानीर्ममाग्ने च रुद्रसूक्तं यथाक्रमम् ।। एतैः कुशैर्मार्जनम् ।

दशस्नानका मन्त्र

गायत्रीमन्त्रले गोमूत्रद्वारा स्नान गर्नुपर्दछ, गन्धद्वाराले गोमयद्वारा स्नान गर्नुपर्दछ, आप्यायस्वले दूधद्वारा स्नान गर्नुपर्दछ, दधिक्राब्णले दहीद्वारा स्नान गर्नुपर्दछ, घृतं मिमिक्षेले घिउद्वारा स्नान गर्नुपर्दछ, **आपो हि ष्ठा मयोभुवस्तानऽ ऊर्जे दधातन । महेरणाय चक्षसे ।।** (ऋ. १०/९/१) ले कुशोदकद्वारा स्नान गर्नुपर्दछ, **'मा नस्तोके तनये मान आयौ मा नो गोषु मानो अश्वेषु रीरिषः । वीरान् मा नो रुद्र भामिनो वधीर्हविष्मन्तः सदमित् त्वा हवामहे ।।'** (ऋ. १/११४/८) अथवा **'प्रसद्य भस्मना योनिमपश्च पृथिवीमग्ने । सं सृज्य मातृभिस्त्वं ज्योतिष्मान् पुनराऽसदः ।।'** (तै.सं. छ., पृ. १५४) ले भस्मद्वारा स्नान गर्नुपर्दछ, **'बलित्था पर्वतानाम्'** (ऋ. ५/८४/१) अथवा **'अश्वक्रान्ते रथक्रान्ते विष्णुक्रान्ते वसुन्धरे । मृत्तिके हर मे पापं यन्मया दुष्कृतं कृतम् ।। स्योना पृथिवि भवानृक्षरा निवेशनी । यच्छा नः शर्म सप्रथा ।।'** (ऋ. १/२२/१५) ले माटोद्वारा स्नान गर्नुपर्दछ, **'मधुवाता ऋतायते मधुक्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधीः ।।** (ऋ. १/९०/६), **मधु नक्तमुतोषसो मधुमत् पार्थिवं रजः । मधुद्यौरस्तु नः पिता ।।** (ऋ. १/९०/७), **मधुमान्नो वनस्पतिर्मधुमाँ अस्तु सूर्यः । माध्वीर्गावो भवन्तु नः ।।** (ऋ. १/९०/८), **स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।।'** (ऋ. ९/१/१) ले मह र आपो हि ष्ठा मन्त्रले कुशोदक ग्रहण गरी स्नान गर्नुपर्दछ । यी दश स्नानमन्त्र हुन् ।

मार्जनमन्त्र – **'अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे । पृथिव्याः सप्त धामभिः ।।'** (ऋ. १/२२/१६) मन्त्रले अस्थिहरूलाई कुशले मार्जन गर्नुपर्दछ । **'एतो न्विन्द्रं स्तवाम शुद्धं शुद्धेन साम्ना । शुद्धैरुक्थैर्वावृध्वांसं शुद्ध आशीर्वान् ममत्तु ।।** (ऋ. ८/९५/७-९), **'शुची वो हव्या मरुतः शुचीनां शुचिं हिनोम्यध्वरं शुचिभ्यः । ऋतेन सत्यमृतसाप आयञ्छुचिजन्मानः शुचयः पावकाः ।।'** (ऋ. ७/५६/१२), **'न तमंहो न दुरितं देवासो अष्ट मर्त्यम् । स जोषसो यमर्यमा मित्रो नयन्ति वरुणो अति द्विषः ।।१।। तद्धि वयं वृणीमहे वरुण मित्रार्यमन् । येना निरंहसो यूयं पाथ नेथा च मर्त्यमति द्विषः ।।२।। ते नूनं नोऽयमूतये वरुणो मित्रो अर्यमा । नयिष्ठा उ नो नेषणि पर्षिष्ठा उ नः पर्षण्यति द्विषः।।३।। यूयं विश्वं परि पाथ वरुणो मित्रो अर्यमा । युष्माकं शर्मणि प्रिये स्याम सुप्रणीतयोऽतिद्विषः।।४।। आदित्यासो अति स्त्रिधो वरुणो मित्रो अर्यमा । उग्रं मरुद्भी रुद्रं हुवेमेन्द्रमग्निं स्वस्तयेऽति द्विषः ।।५।। नेतार ऊ षु णस्तिरो वरुणो मित्रो अर्यमा । अति विश्वानि दुरिता राजानश्चर्षणीनामति द्विषः ।।६।। शुनमस्मभ्यमूतये वरुणो मित्रो अर्यमा । शर्म यच्छन्तु सप्रथ आदित्यासो यदीमहे अति द्विषः ।।७।। यथा ह त्यद्वसवो गौर्यं चित् पदि षितामसुञ्चता यजत्राः । एवो ष्वस्मनमुञ्चता व्यंहः प्रतार्यग्ने प्रतरं न आयुः ।।८।।'** (ऋ. १०/१२६/१-८), यी १३

ऋचा र पावमानी ऋचा – स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पातवे सुतः ।। रक्षोहा विश्वचर्षणिरभि योनिमयोहतम् । द्रुणा सधस्थमासदत् ।। वरिवोधातमो भव मंहिष्ठो वृत्रहन्तमः । पर्षि राधो मघोनाम् ।। अभ्यर्ष महानां देवानां वीतिमन्धसा । अभि वाजमुश्रवः ।।४।। त्वामच्छा चरामसि तदिदर्थं दिवे दिवे । इन्द्रो त्वे न आशसः ।।५।। (ऋ. ९/१/१-५) ।

ममाग्ने आदि ऋचा– 'ममाग्ने वर्चो विहवेष्वस्तु वयं त्वेन्धानास्तन्व पुषेम । मह्यं नमन्तां प्रदिशश्चतस्त्रस्त्वयाध्यक्षेण पृतना जयेम ।।१।। मम देवा विहवे सन्तु सर्वं इन्द्रवन्तो मरुतो विष्णुरग्निः । ममान्तरिक्षमुरुलोकमस्तु मह्यं वातः पवतां कामे अस्मिन् ।।२।। मयि देवा द्रविणमा यजन्तां मय्याशीरस्तु मयि देव हुतिः । दैव्या होतारो वनुषन्त पूर्वे ऽरिष्टाः स्याम तन्वा सुवीराः ।।३।। मह्यं यजन्तु मम यानि हव्याऽऽकूतिः सत्या मनसो मे अस्तु । एनो मा निगां कतमच्चनाहं विश्वे देवासो अधि वोचता नः ।।४।। देवीः षडुर्वीरुरुक नः कृणोत विश्वे देवास इह वीरयध्वम् । मा हास्महि प्रजया मा तनूभिर्मा रधाम द्विषते सोम राजन् ।।५।। अग्ने मन्युं प्रतिनुदन् परेषामदब्धो गोपाः परि पाहि नस्त्वम् । प्रत्यञ्चो यन्तु निगुतः पुनस्तेऽमैषां चित्तं प्रबुधां वि नेशत् ।।६।। धाता धातॄणां भुवनस्य यस्पतिर्देवं त्रातारमभिमातिषाहम् । इमं यज्ञमश्विनोभा बृहस्पतिर्देवाः पान्तु यजमानं न्यर्थात् ।।७।। उरुव्यचा नो महिषः शर्म यंसदस्मिन् हवे पुरुहुतः पुरुक्षुः । स नः प्रजायै हर्यश्व मृडयेन्द्र मा नो रीरिषो मा परा दाः ।।८।। ये नः सपत्ना अप ते भवन्त्विन्द्राग्निभ्यामव बाधामहे तान्। वसवो रुद्र आदित्या उपरिस्पृशं मोग्नं चेत्तारमधिराजमक्रन् ।।९।।' (ऋ. १०/१२८/१-९) ।

रुद्रसूक्त – कद् रुद्राय प्रचेतसे मीढुष्टमाय तव्यसे । वोचेम शंतमं हृदे ।।१।। यथा नो अदितिः करत् पश्वे नृभ्यो यथा गवे । यथा तोकाय रुद्रियम्।।२।। यथा नो मित्रो वरुणो यथा रुद्रश्चिकेतति । यथा विश्वे सजोषसः।।३।। गाथपतिं मेधपतिं रुद्रं जलाषभेषजम् । तच्छंयोः सुम्नमीमहे ।।४।। यः शुक्र इव सूर्यो हिरण्यमिव रोचते । श्रेष्ठो देवानां वसुः ।।५।। शं नः करत्यर्वते सुगं मेषाय मेष्ये । नृभ्यो नारिभ्यो गवे ।।६।। अस्मे सोम श्रियमधि नि धेहि शतस्य नृणाम् । महि श्रवस्तु विनृम्णम्।।७।। मा नः सोमपरिबाधो मारातयो जुहुरन्त । आ न इन्द्रो वाजे भज ।।८।। यास्ते प्रजा अमृतस्य परस्मिन् धामन्नृतस्य मूर्धा नाभा सोम येन आभूषन्तीः सोम वेदः ।। (ऋ. १/४३/१-९) । यदन्ति यच्च दूरके भयं वियन्ति मामिह । पवमान वि तज्जहि ।। (ऋ. ९/६७/२१) यी मन्त्र उच्चारण गर्दै यथाक्रम कुशद्वारा मार्जन गर्नुपर्दछ ।

अस्थिक्षेपाङ्गहेमश्राद्धकथनम्

हेमश्राद्धं ततः कुर्यात्पितृनुद्दिश्य यत्नतः । पिण्डदानं प्रकुर्वीत ततश्च तिलतर्पणम् ।।

अस्थिक्षेपाङ्गं चेदम् ।

अस्थिक्षेपाङ्ग हेमश्राद्ध

'त्यसपछि पितृहरूका उद्देश्यले यत्नपूर्वक हेमश्राद्ध, पिण्डदान र तिलतर्पण गर्नुपर्दछ ।' यो अस्थिक्षेपको अङ्ग हो।

सप्तधा प्रकारेण वेष्टनकथनम्

अजिनं कम्बला दर्भा गोकेशाः शाणमेव च । भूर्जपत्रं ताडपत्रं सप्तधा वेष्टनं स्मृतम् ।।

सात प्रकारका वेष्टन साधन

मृगचर्म, नेपालकम्बल, कुश, गाईको रौं, सनपाट, भोजपत्र र ताडपत्र यी सातपदार्थले अस्थिपात्रलाई वेष्टन गर्नुपर्दछ।

अस्थिमध्ये मौक्तिकादिनिक्षेपकथनम्

हेमं च मौक्तिकं रूप्यं प्रबालं नीलकं तथा । निक्षिपेदस्थिमध्ये तु शुद्धिर्भवति नान्यथा ।।

अस्थिपात्रमा मोती आदिको प्रक्षेपण

अस्थिपात्रमा सुवर्ण, मोती, चाँदी, प्रबाल, नीलमणि आदि प्रक्षेपण गरिएमा शुद्धि हुन्छ अन्यथा शुद्धि हुँदैन ।

अस्थिक्षेपाङ्गहोमादिकथनम्

ततो होमं प्रकुर्वीत तिलाज्येन विचक्षणः । उदीरतेति सूक्तेन हुनेदष्टोत्तरं शतम् ।।

ततो गत्वा क्षिपेत्तीर्थे स्पर्शदोषो न विद्यते । मूत्रं पुरीषाचमनं कुर्वन्नस्थीनि धारयेत् ।।

अत्र दशदानं वैतरणीऋणमोक्षपापधेनुदानमुक्तम् ।

अस्थिक्षेपको अङ्गहोम

त्यसपछि तिल र घिउले हवन गर्नुपर्ने कुरा बताउँदै भनिएको छ– 'उदीरता०' इत्यादि सूक्तले पाठ गरी १०८ पटक हवन गर्नुपर्दछ । उदीरतासूक्त यसप्रकार छ – 'उदीरतामवर उत् परास उन्मध्यमाः पितरः सोम्यासः । असुं य ईयुरवृका ऋतज्ञास्ते नोऽवन्तु पितरो हवेषु ।। इदं पितृभ्यो नमो अस्त्वद्य ये पूर्वासो य उपरास ईयुः । ये पार्थिवे रजस्या निषत्ता ये वा नूनं सुवृजनासु विक्षु ।। आहं पितृन् सुविदत्राँ अवित्सि नपातं च विक्रमणं च विष्णोः । बर्हिषदो ये स्वधया सुतस्य भजन्त पिबस्त इहागमिष्ठाः । बर्हिषदः पितर ऊत्य १र्वागिमा वो हव्या चकृमा जुषध्वम् । त आ गतावसा शन्तमेनाऽथा नः शं योररपो दधात ।। उपहूताः पितरः सोम्यासो बर्हिष्येषु निधिषु प्रियेषु । त आ गमन्तु त इह श्रुवन्त्वधि ब्रुवन्तु तेऽवन्त्वत्मान् ।। आ च्या जानु दक्षिणतो निषद्येमं यज्ञमभि गृणीत विश्वे । मा हिंसिष्ट पितरः केन चिन्नो यद्व आगः पुरुषता कराम ।। आसीनासो अरुणी नामुपस्थे रयिं धत्त दाशुषे मर्त्याय । पुत्रेभ्यः पितरस्तस्य वस्वः प्रयच्छत त इहोर्जं दधात ।। ये नः पूर्वे पितरः सोम्यासो ऽनूहिरे सोमपीथं वसिष्ठाः । ते भिर्यमः संराणो हवींष्युशन्नुशद्भिः प्रतिकाममत्तु ।। ये तातृषुर्देवत्रा जेहमाना होत्राविदः स्तोमतष्टासो अर्कैः । आग्ने याहि सुविदत्रेभिरर्वाङ् सत्यैः कव्यैः पितृभिर्घर्मसद्भिः ।। ये सत्यासो हविरदो हविष्पा इन्द्रेण देवैः सरथं दधानाः । आग्ने याहि सहस्रं देववन्दैः परैः पूर्वैः पितृभिर्घर्मसद्भिः ।। अग्निष्वात्ता पितर इह गच्छत सदःसदः सदत सुप्रणीतयः । अत्ता हवींषि प्रयतानि बर्हिष्यथा रयिं सर्ववीरं दधातन ।। त्वमग्न ईडितो जातवेदोऽवाड्ढव्यानि सुरभीणि कृत्वी । प्रादाः पितृभ्यः स्वधया ते अक्षन्नद्धि त्वं देव प्रयता हवींषि । ये चेह पितरो ये च नेह याँश्च विद्म यां उ चन प्रविद्म । त्वं वेत्थ यति ते जातवेदः स्वधाभिर्यज्ञं सुकृतं जुषस्व ।। ये अग्निदग्धा ये अनग्निदग्धा मध्ये दिवः स्वधया मादयन्ते । तेभिः स्वराडसुनीतिमेतां यथावशं तन्वं कल्पयस्व ।।' (ऋ. १०/१५/१-१४) उक्त मन्त्रहरूद्वारा आहुति दिएपछि तीर्थमा गई अस्थिविसर्जन गर्नुपर्दछ । स्पर्शदोष लाग्दैन । लघुशंका, दीर्घशंका र आचमन गर्दा अस्थिधारण गर्न हुँदैन । यसैबेला दशदान, वैतरणीदान, ऋणधेनुदान, मोक्षधेनुदान र पापधेनुदान पनि गर्नुपर्दछ भनिएको छ ।

मातुरस्थिसञ्चयने धनञ्जयस्य कथावर्णनम्

दिवोदासीये काशीखण्डे –

धनञ्जयोऽपि धर्मात्मा मातृभक्तिपरायणः । आदायास्थीन्यथो मातुर्गङ्गामार्गस्थितोऽभवत् ।।

पञ्चगव्येन संस्नाप्य तथा पञ्चामृतेन वै । यक्षकर्दमलेपेन लिप्त्वा पुष्पैः प्रपूज्य च ।।
आवेष्ट्य तत्र वस्त्रेण ततः पट्टाम्बरेण च । ततः सुरसवस्त्रेण ततो माञ्जिष्ठवाससा ।।
नेपालकम्बलेनाथ मृदा चाथ विशुद्धया । ताम्रसम्पुटके कृत्वा मातुरङ्गान्यथो वहेत् ।।

व्यासः – '**पट्टवस्त्रं च कौशेयं माञ्जिष्ठं श्वेतवस्त्रकम् । कम्बलं शाणपत्रं च अजिनं च तथोत्तरम् ।।**'
एषां विकल्पः । अन्यश्चात्र विशेषस्त्रिस्थलीसेतौ दिवोदासीये च ज्ञेयः ।

माताको अस्थिसञ्चयमा धनञ्जयको कथा

दिवोदासीयमा काशीखण्डको वचन उद्धृत गर्दै भनिएको छ – माताको भक्तिमा परायण धनञ्जय नामक महात्मा आफ्नी माताको अस्तु लिएर गङ्गामा सेलाउन भनी गङ्गा जाने मार्गमा अग्रसर भए । (यो विस्तृत कथा काशीखण्डको तीसौं अध्यायमा हेर्नुपर्दछ ।) त्यसपछि अस्तुहरूलाई पञ्चगव्य र पञ्चामृतले स्नान गराएर यक्षकर्दम लेपद्वारा (कपूर, अगरु, कस्तूरी, चन्दन, कक्कोल यी पाँचपदार्थहरूबाट तयार गरिने लेपद्वारा) लेपन गरी फूल, चन्दनद्वारा पूजा गरेर रेशमी वस्त्रले वेष्टन गरी त्यसपछि पातलो सुन्दर वस्त्रले बाहिरबाट ढाकेर मेंहदीद्वारा रंगाइएको वस्त्र र नेपाल कम्बलले ढाकी शुद्ध माटो लेपन गरेर तामाको सम्पुट भित्र राखी माताको अङ्गको अस्तु लिएर गङ्गाजीतर्फ प्रस्थान गर्नुपर्दछ। **व्यासले** भनेका छन् – 'रेशमी वस्त्र, कौशेय, मजिठो, सेतो वस्त्र, कम्बल, सनपाटको वस्त्र र मृगचर्मले बेर्ने कुरामा विकल्प छ अर्थात् यीमध्ये कुनै एकप्रकारको वस्त्र भए हुन्छ ।' यससम्बन्धी विशेष तथ्य **त्रिस्थलीसेतु** र **दिवोदासीयस्मृतिमा** लेखिएको छ ।

सञ्चयनोत्तरं श्राद्धकथनम्

सञ्चयनोत्तरं श्राद्धमाहाश्वलायनः – '**श्राद्धमस्मै दद्युः**' इति । स्मृत्यर्थसारे – '**सञ्चयने कृते मनुष्यलोकात्प्रेतलोकं गच्छतः पाथेयश्राद्धमामेन कार्यम्**' इति ।

अस्थिसञ्चयपछि गरिने श्राद्ध

अस्थिसञ्चयपछि श्राद्ध गर्नुपर्ने कुरा **आश्वलायनले** बताएका छन् । **स्मृत्यर्थसारमा** भनिएको छ कि – अस्थिसञ्चय गरेपछि मनुष्यलोकबाट प्रेतलोकमा जाँदै गरेका मृतकका लागि पाथेयश्राद्ध गर्नुपर्दछ ।

अनुपनीतस्य निषेधः

अनुपनीतस्य न सञ्चयनम् ।

इति प्रेतस्नानशवदाहास्थिसञ्चयादिविषयनिर्णयात्मकं चतुर्थं प्रकरणम्

अनुपनीतको अस्थिसञ्चय गर्न निषेध

जसको व्रतबन्ध भएको छैन त्यस्ता असंस्कृत बालकको अस्थिसञ्चय गरिँदैन ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको प्रेतस्नान, शवदाह, अस्थिसञ्चय आदि विषयको निर्णयमा आधारित चतुर्थ प्रकरण पूरा भयो ।

नवश्राद्धशावाशौचोदकुम्भवृषोत्सर्गादिनिर्णयात्मकं पञ्चमं प्रकरणम्

नवश्राद्धविचारः

अथ नवश्राद्धम् । पृथ्वीचन्द्रोदये अङ्गिराः –

प्रथमेऽह्नि तृतीये च पञ्चमे सप्तमे तथा । नवमैकादशे चैव तन्नवश्राद्धमुच्यते ।।

शिवस्वामी– **नवश्राद्धानि पञ्चाहुराश्वलायनशाखिनः । आपस्तम्बाः षडित्याहुर्विभाषा त्वितरेषु हि।।**

पञ्च एकादशाहिकं विना, 'मरणाद्विषमेषु दिनेष्वेकैकं नवश्राद्धं कुर्यादानवमात्' यदि नवमं विच्छिद्येतैकादशे तत्कुर्यात् । इति मदनरत्ने बौधायनोक्तेः । भविष्ये –

नव सप्त विशां राज्ञां नवश्राद्धान्यनुक्रमात् । आद्यन्तयोर्वर्णयोस्तु षडित्याहुर्महर्षयः ।।

नवश्राद्धविचार

अब नवश्राद्धको विषयमा विचार गरिन्छ । **पृथ्वीचन्द्रोदयमा अङ्गिरा** भन्दछन् – मृत्युको प्रथम, तृतीय, पाँचौं, सातौं, नवौं र एघारौं दिन नवश्राद्ध गर्नुपर्ने बताइएको छ । **शिवस्वामी** भन्दछन् – **आश्वलायन**हरूले पाँचनवश्राद्ध गर्नु भनेका छन् भने **आपस्तम्ब**हरू छनवश्राद्ध गर्नुपर्दछ भन्दछन् । अरू ऐतरेय शाखाका मानिसहरू विकल्पको कुरा बताउँछन् । **मदनरत्नमा बौधायन** भन्दछन् – मृत्युदेखि तीनदिनसम्मको आशौचमध्ये एघारौं दिन छाडी नवम दिनसम्म पाँचनवश्राद्ध गर्नुपर्दछ । नवमदिन कारणवश श्राद्धविच्छेद भएमा एघारौं दिनका दिन गर्नुपर्दछ ।

भविष्यपुराणमा भनिएको छ कि – वैश्यहरूले नौनवश्राद्ध, क्षत्रियले सात, ब्राह्मण र शूद्रले छ–छ नवश्राद्ध गर्नुपर्दछ भन्ने कुरा महर्षिहरूले बताएका छन् ।

हेमाद्रौ वृद्धवसिष्ठः –

अलब्ध्वा तु नवश्राद्धं प्रेतत्वान्नैव मुच्यते । अर्वाक् तु द्वादशाहस्य लब्ध्वा तरति दुष्कृतम् ।।

अतः षडेव । एतान्येव विषमश्राद्धानीत्युच्यन्ते । नागरखण्डे तु –

पञ्चमे सप्तमे तद्वदष्टमे नवमे तथा । दशमैकादशे चैव नवश्राद्धानि तानि च । इत्युक्तम् ।

कात्यायनस्तु – **चतुर्थे पञ्चमे चैव नवमैकादशे तथा । यदत्र दीयते जन्तोस्तन्नवश्राद्धमुच्यते ।।**

प्रथमे सप्तमे चैवेत्याद्यपादे व्यासपाठः ।

बह्वृचानां तु – **नवश्राद्धं दशाहानि नवमिश्रं तु षड्‍ऋतून् ।** इत्युक्तं नारायणवृत्तौ ।

हेमाद्रिमा वृद्धवसिष्ठ भन्दछन् – मृतात्माका निमित्त नवश्राद्ध गरिँदैन भने त्यो कहिले पनि प्रेतत्वबाट मुक्त हुँदैन। द्वादशाहभन्दा पहिले नवश्राद्ध प्राप्त गरेपछि मृतक पापबाट तर्दछ । यसैले पहिलो, तेस्रो, पाँचौं, सातौं, नवौं र एघारौं दिन गरी छनवश्राद्ध गर्नुपर्दछ । **नागरखण्ड**को भनाइ यसप्रकार छ – पाँचौं दिन, सातौं दिन, नवौं दिन, दसौं दिन र एघारौं दिन जुन श्राद्ध गरिन्छ त्यसलाई नवश्राद्ध भनिन्छ ।

कात्यायन भन्दछन् – चौथो, पाँचौं, नवौं र एघारौं दिनमा जुन श्राद्ध प्रेतात्माका निमित्त गरिन्छ त्यसैलाई नवश्राद्ध

भनिन्छ । व्यासको पाठमा **चतुर्थे पञ्चमे चैव**को सट्टा **प्रथमे सप्तमे चैव** यस्तो पाठ रहेको छ । **बह्वृच**हरूले भनेका छन्- नवश्राद्ध दशदिनसम्म र मासिकश्राद्ध छत्रृतुमा सम्पन्न गर्नुपर्दछ । यो कुरा **नारायणवृत्ति**मा बताइएको छ ।

दीपिकायाम् – **अथ तनुयादाद्यं चतुर्थे दिने श्राद्धं पञ्चमसप्तमाष्टमनवमदशमरुद्रेषु युग्मद्विजैः ।**
प्रथमेऽह्नि तृतीयेऽह्नि पञ्चसप्तनवस्वपि । द्वौ द्वौ पिण्डौ प्रदातव्यौ शेषेष्वेके तु विन्यसेत् ।।
एको विषमश्राद्धे अवयवपिण्डश्चैक इति द्वावित्यर्थः । अत्र शाखाभेदाद्व्यवस्था । अपरार्के भविष्ये –
नवश्राद्धं त्रिपक्षं च षण्मासं मासिकानि च । न करोति सुतो यस्तु तस्याधः पितरो गताः ।।
वाराहे – **गतोऽसि दिव्यलोकं त्वं कृतान्तविहितात्पथः । मनसा वायुभूतेन विप्र त्वाहं नियोजये ।**
पूजयिष्यामि भोगैस्त्वामेवं विप्रं निमन्त्रयेत् । आवाहनेऽपि तत्रैव –
इहलोकं परित्यज्य गतोऽसि परमां गतिम् । मनसा वायुभूतेन विप्र त्वाहं नियोजये ।। इति ।

दीपिकामा भनिएको छ – पहिलो श्राद्ध चौथो दिन त्यसपछि पाँचौं, सातौं, आठौं, नवौं, दसौं र एघारौं दिनमा युग्म ब्राह्मणहरूद्वारा सम्पन्न गराउनुपर्दछ । पहिलो दिन, तेस्रो दिन, पाँचौं, सातौं र नवौं दिनमा दुई–दुई पिण्ड दिएर बाँकी पिण्ड दसौं दिनमा दिनुपर्दछ । दुईपिण्ड दिनुको अर्थ एउटा विषमश्राद्धका लागि र अर्को मृतकको नयाँ शरीरका अङ्ग-प्रत्यङ्गहरूको निर्माणका लागि हो । यसमा शाखाभेदअनुसार व्यवस्था गरिन्छ ।

अपरार्कमा भविष्यपुराणको वचन यसप्रकार छ – नवश्राद्ध त्रिपक्ष, षाण्मासिक र मासिकश्राद्ध जुन पुत्रले गर्दैन त्यसका माता–पिता नरकमा प्राप्त हुन्छन् । **वाराहपुराण**मा भनिएको छ – नवश्राद्ध गर्दा ब्राह्मणलाई निमन्त्रणा गर्ने क्रममा भन्नुपर्दछ – हे विप्रदेव ! तपाईं धर्मराजद्वारा बताइएको मार्गबाट वायुरूप मनद्वारा दिव्यलोकमा पुग्नुभएको छ । म तपाईंलाई श्राद्धकर्ममा नियुक्त भई कार्य सम्पन्न गर्न निमन्त्रणा गर्दछु ।

तत्रैव बह्वृचपरिशिष्टे –
अनूदकमधूपं च गन्धमाल्यविवर्जितम् । नवश्राद्धममन्त्रं च पिण्डोदकविवर्जितम् ।।
उदकम् – अर्घ्यः । **पिण्डोदकम्** – शुन्धतां पितरः, इत्यवनेजनादि ।
एकोद्दिष्टेषु सर्वेषु न स्वधा नाभिरम्यताम् । नाग्नौकरणमन्त्रश्च एकं वाथ तिलोदकम् ।।
अनपत्येषु सर्वेषु न स्वधा नाभिरम्यताम् । स्वस्त्यस्तु विसृजेदेवं सकृत्प्रणववर्जितम् ।।
एकोद्दिष्टस्य पिण्डे तु अत्रशब्दो न विद्यते । पितृशब्दं न कुर्वीत पित्रहा चोपजायते ।।
सपिण्डनात् प्राग् इति हेमाद्रिः। तेन – **न च स्वधां प्रयुञ्जीत प्रेतश्राद्धे दशाहिके ।** इति ऋष्यशृङ्गोक्तौ दशाहिकोक्तेरेकादशाहे स्वधाप्रयोग एवेति हारलता परास्ता ।

त्यहीं **बह्वृचपरिशिष्ट**मा भनिएको छ कि – 'अर्घ्य, धूप, गन्ध, माला, मन्त्र, पिण्ड र अवनेजन नवश्राद्धमा अर्पण गर्न हुँदैन ।' उक्त पद्यमा प्रयोग गरिएको 'उदकम्'को तात्पर्य के हो भने 'शुन्धन्ताम्' मन्त्रबाट दिइने अवनेजन हो र आदिशब्दबाट प्रत्यवनेजन बुझ्नुपर्दछ । उक्त सबै एकोद्दिष्टश्राद्धहरूमा स्वधा, अभिरम्यताम्, अग्नौकरण मन्त्र र तिलोदक गरिँदैनन् । एकोद्दिष्टमा पिण्डदान गर्दा **'अत्र पितरो मादयध्वं यथाभागमावृषायिषत'** मन्त्रको प्रयोग गरिँदैन । **पितृशब्द**को उच्चारण गर्न हुँदैन । त्यसबाट पितृघात हुन्छ ।

हेमाद्रि भन्दछन् – उक्त निषेध सपिण्डनश्राद्धभन्दा पहिले गरिने श्राद्धका लागि हो । यो भनाइबाट दशाहभित्र गरिने प्रेतश्राद्धमा **स्वधाशब्द**को प्रयोग गर्न हुँदैन भन्ने शृष्यशृङ्गको वचनलाई खण्डन गर्दै एघारौं दिनमा **स्वधाशब्द** प्रयोग गर्न हुन्छ भन्ने **हारलता**को भनाइ परास्त भएको छ ।

प्रेतश्राद्धे अष्टादशपदार्थानां वर्जनम्

रत्नावल्याम् –

आशिषो द्विगुणा दर्भा जयाशीः स्वस्तिवाचनम् । पितृशब्दः स्वसम्बन्धः शर्मशब्दस्तथैव च ।।

पात्रालम्भोऽवगाहश्च उल्मुकोल्लेखनादिकम् । तृप्तिप्रश्नश्च विकिरः शेषप्रश्नस्तथैव च ।।

प्रदक्षिणाविसर्गश्च सीमान्तगमनं तथा । अष्टादशपदार्थाश्च प्रेतश्राद्धे विवर्जयेत् ।।

अत्र स्वधापितृनमःशब्दानां **'तिलोऽसि'** इति मन्त्रे प्रेतशब्दोहेन तूष्णीं वा तिलावपनम् । तूष्णीमर्घ्यदानम् । अमुष्मै स्वाहेति प्रेतनाम्ना पाणिहोमः । नाम्ना एकः पिण्डः । निनयनमन्त्रे ऊहः । अनुमन्त्रणादि त्वमन्त्रकम् । अभिरभ्यतामिति विसर्जनम् । एवं नवश्राद्धवर्जैकोद्दिष्टेषु । **'नवश्राद्धे त्वमन्त्रकं सर्वम्'** इति नारायणवृत्तिः ।

प्रेतश्राद्धमा अठार पदार्थको निषेध

रत्नावलीमा भनिएको छ कि – आशीर्वाद, दोब्र्याइएको कुश, जय आशीर्वाद, स्वस्तिवाचन, पितृशब्द, स्वसम्बन्ध, शर्मशब्द, पात्रस्पर्श, द्विजांगुष्ठनिवेश, उल्मुक अर्थात् बलिरहेको कोइला, वेदी कोर्ने काम, तृप्तिप्रश्न (स्वदितम्), विकर, शेषप्रश्न (शेषमत्रं किं क्रियताम्), प्रदक्षिणा, विसर्जन र सीमान्तगमन यी १८ कुरा प्रेतश्राद्धमा वर्जित गरिएका छन् ।

तिलोऽसि मन्त्रमा **स्वधा, नमः, पितृशब्द**हरूको **प्रेतशब्द**द्वारा ऊह गरी अर्थात् उक्त **नमः, स्वधा, पितृ**शब्दको ठाउँमा **प्रेतशब्द** उच्चारण गरी मौन अँगालेर तिलप्रक्षेपण गर्नुपर्दछ । **'अमुकगोत्र अमुकप्रेत महैकोद्दिष्टे इदमर्घ्यं तवोपतिष्ठताम्'** यसरी सङ्कल्प गरी अर्घ्य दिनुपर्दछ । **'अमुष्मै स्वाहा'** यो वाक्य उच्चारण गरी प्रेतको नामबाट हातले होम गर्नुपर्दछ । निनयनमन्त्रमा ऊह गर्नुपर्दछ । अनुमन्त्रण आदि मन्त्रोच्चारण गर्न हुँदैन । **अभिरम्यताम्** वचन उच्चारण गरी विसर्जन गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो विधि नवश्राद्धबाहेकका एकोद्दिष्टमा प्रयोग गरिन्छ । **नारायणवृत्ति**मा भनिएको छ कि – नवश्राद्धमा सबै कर्म विनामन्त्र सम्पन्न गर्नुपर्दछ।

एकोद्दिष्टादिश्राद्धेषु उत्तानादिपात्रस्थापने विचारः

क्रियानिबन्धे –

उत्तानं स्थापयेत्पात्रमेकोद्दिष्टे सदा बुधः । न्युब्जं तु पार्वणे कुर्यात्तस्योपरि कुशान् न्यसेत् ।।

एकोद्दिष्ट आदि श्राद्ध र पात्रस्थापन

बुद्धिमान् मानिसले एकोद्दिष्टमा अर्घ्यपात्र सोझै राख्नुपर्दछ । पार्वणमा उल्ट्याएर राखी त्यसमाथि कुश राखिदिनुपर्दछ।

प्रेतश्राद्धानि लौकिकाग्नौ गृहे कार्याणि

नवश्राद्धं गृहे कुर्याद् भार्या यत्राग्नयोऽपि वा । सपिण्डीकरणान्तानि प्रेतश्राद्धानि यानि वै ।।

तानि स्युर्लौकिके वह्नावित्याह त्वाश्वलायनः ।।

प्रेतश्राद्ध लौकिक अग्निमा गर्नुपर्ने

आश्वलायनले भनेका छन् कि – नवश्राद्ध त्यहाँ गर्नुपर्दछ, जहाँ भार्या र अग्नि रहेका हुन्छन् । सपिण्डीकरणान्त प्रेतश्राद्ध लौकिक अग्निमा नै गर्नुपर्दछ ।

प्रेतश्राद्धं सम्भवेऽन्नेन कार्यम्

इदं सम्भवेऽन्नेन कार्यम् ।

अन्नद्वारा प्रेतश्राद्ध

प्रेतश्राद्ध सम्भव भएसम्म सातु आदि अन्नद्वारा गर्नुपर्दछ ।

नवश्राद्धग्रहणदम्पत्यादिशेषान्नभोजने विचारः

नवश्राद्धेषु यच्छिष्टं ग्रहपर्युषितं च यत् । दम्पत्योर्भुक्तशेषं च न तद् भुञ्जीत कर्हिचित् ।।

इति अङ्गिरोवचनलिङ्गात् । **द्वाभ्यां तदा तु कृच्छ्राभ्यां शुद्धिः स्यात्तु विवेकिनाम्** । इति ब्राह्मे उक्तम्।

नवश्राद्ध आदिमा शेषभोजनको निषेध

नवश्राद्धमा शेष रहेको अन्न, भोजन ग्रहण गरी बाँकी रहेको अन्न, भोजन ग्रहण गरी बाँकी रहेको बासी अन्न, दम्पतिले भोजन गरी बाँकी रहेको अन्न कहिल्यै पनि खान हुँदैन भन्ने कुरा अङ्गिराको वचनरूप लक्षणबाट बताइएको छ कि उक्त बासी आदि अन्नग्रहण गरेमा दुईपटक कृच्छ्रव्रत गर्नुपर्दछ ।

नवश्राद्धविघ्ने निर्णयः

विघ्ने तु निर्णयामृते कण्वः – **नवश्राद्धं मासिकं च यद्यदन्तरितं भवेत् । तत्तदुत्तरसातन्त्र्यादनुष्ठेयं प्रचक्षते।।**

हेमाद्रौ गालवः – **शावे तु सूतकं चेत्स्यान्निशायाञ्च मृतौ तथा । नवश्राद्धानि देयानि यथाकालं यथाक्रमम्।।**

निशायामाशौचान्ते द्व्यहवृद्धौ ।

नवश्राद्धमा विघ्न पर्दा

कण्वले भनेका छन् कि – नवश्राद्ध वा मासिकश्राद्धमा विघ्न परेको समयमा उत्तरतन्त्रद्वारा अर्थात् विघ्नपछि नवश्राद्ध वा मासिकश्राद्धको अनुष्ठान गर्नुपर्दछ । **हेमाद्रिमा गालवले** भनेका छन् – मरणमा सूतक थपियो भने रात्रिमा मरण भएको भए यथाकाल क्रमैले गर्नुपर्दछ अर्थात् आशौचको अन्तमा दुईदिन थपेर कार्य सम्पन्न गर्नुपर्दछ ।

अन्वारोहणे तु

अन्वारोहणे तु – **नवश्राद्धानि सर्वाणि सपिण्डीकरणं पृथक् । एक एव वृषोत्सर्गो गौरेका तत्र दीयते।।**

अन्वारोहणमा गरिने कृत्य

अन्वारोहण अर्थात् पति स्वर्गे भएपछि पत्नी सती जान्छिन् भने नवश्राद्ध र सपिण्डीकरण छुट्टाछुट्टै गर्नुपर्दछ । त्यसमा एउटै वृषोत्सर्ग गरिन्छ र एउटी गाईको दान गरिन्छ ।

आशौचान्त्यदिनकृत्यम्

आशौचान्त्यदिने कार्यमुक्तं ब्राह्मे –

यस्य यस्य तु वर्णस्य यद्यत्स्यात्पश्चिमं त्वहः । स तत्र वस्त्रशुद्धिं च गृहशुद्धिं करोत्यपि ।।

समाप्य दशमं पिण्डं प्रेतस्पृष्टे तु वाससी । अन्त्यानामाश्रितानां च त्यक्त्वा स्नानं करोति च ।।

श्मश्रुलोमनखानां च यत्त्याज्यं तज्जहात्यपि । गौरसर्षपकल्केन तिलकल्केन संयुतम् ।।

शिरःस्नानं ततः कृत्वा तोयेनाचम्य वाग्यतः । वृषभं गां सुवर्णं च स्पृष्ट्वा शुद्धो भवेन्नरः ।।

क्रियानिबन्धे गृह्यकारिकायाम् –

अत्र पिण्डत्रयं दद्युस्तत्सखिभ्यस्तथादिमम्। प्रेताय मध्यमं तद्वत्तृतीयं च यमाय वै।।

तथा– **कर्त्राऽत्र प्रार्थिताः सन्तो ज्ञातिसम्बन्धिबान्धवाः । दद्युरभ्यङ्गतः पूर्वं त्रींस्त्रीन् धर्मोदकाञ्जलीन्।।**

पूर्ववन्नामगोत्राभ्यां नियमो नेह कश्चन । मदनरत्ने विष्णुहारीतौ – **आशौचान्ते कृतश्मश्रुकर्मणस्तिलकल्कैः सर्षपकल्कैर्वा स्नाताः शुक्लवाससो गृहं प्रविशेयुस्तत्र शान्तिकं कृत्वा ब्राह्मणपूजनं कुर्युः** इति ।

आशौचान्त दिनमा गरिने कृत्य

ब्रह्मपुराणमा भनिएको छ कि – जुन–जुन वर्णको जुन–जुन आशौचको पछिल्लो दिन हुन्छ त्यसमा वस्तुशुद्धि र गृहशुद्धि गर्नुपर्दछ । दशपिण्ड दिएपछि दशदिनसम्म लगाएका प्रेतस्पर्शमा प्रयुक्त वस्त्रलाई अन्त्यज र सेवकहरूलाई दिनुपर्दछ । दशपिण्ड दिएपछि रौं र नङ काट्नुपर्दछ । सर्स्युँ र तिलको पिनाले शिरमा स्नान गरी आचमन गरेर मौन भई बेल, गाई र सुवर्णको स्पर्श गरेपछि मानिस शुद्ध हुन्छ ।

क्रियानिबन्धमा उद्धृत **गृह्यकारिका**को वचनमा भनिएको छ कि – 'नवश्राद्धमा तीनपिण्ड छुट्टै दिनुपर्दछ । प्रथमपिण्ड मृतकका मित्रहरूका लागि, द्वितीयपिण्ड प्रेतका लागि र तृतीयपिण्ड यमका लागि दिनुपर्दछ ।' यहाँ कर्ताको प्रार्थनाबाट उसका नालनाता र कुलकुटुम्बका बन्धुबान्धवले तीन–तीन धर्मोदकाञ्जलि दिनुपर्दछ । यसमा नाम, गोत्र उच्चारण गर्नुपर्ने नियम छैन ।[६४]

मदनरत्नमा विष्णु र **हारीत**ले भनेका छन् – आशौच अन्त भएपछि दाह्री–जुँघा बनाएर तिलको पिनाले अथवा सर्स्युँको पिनाले स्नान गरी सेता वस्त्र लगाएर घरमा प्रवेश गर्नुपर्दछ । त्यसपछि शान्तिकर्म र सपिण्डनोत्तर पाथेयश्राद्ध गरी ब्राह्मणपूजन गर्नुपर्दछ ।

दशमदिने वपनादिविचारः

देवलः– **दशमेऽहनि सम्प्राप्ते स्नानं ग्रामाद् बहिर्भवेत्। तत्र त्याज्यानि वासांसि केशश्मश्रुनखानि च।।**

अपरार्के बृहस्पतिः – **नवमे वाससां त्यागो नखरोम्णां तथान्तिमे ।** तत्रैव व्यासः – **आशौचान्त्यदिने क्षौरं जनन्यां च गुरौ मृते ।** एतत्प्रेताल्पवयसामित्याह आपस्तम्बः । **'अनुभाविनां च परिवपनम्'** इति ।

६४. कुनै अन्त्येष्टिपद्धतिमा पाँचकुम्भस्थापना गर्नुपर्दछ भनिएको पाइन्छ । तदनुसार गर्दा बीचमा प्रेतका लागि, पूर्वमा प्रेतका सखाहरूका लागि, दक्षिणमा यमका लागि, पश्चिममा कौवाका लागि र उत्तरमा प्रेतका अधिपतिका लागि गरी पाँचपिण्ड दिनुपर्दछ । – नि.सि. दौलतराम गौड, पृ. १२२३ ।

अनुभाविनः – कनिष्ठा इति विज्ञानेश्वररत्नाकरादयः ।

आशौचमनुभवतां पुंसां सर्वाशौचे तु मुण्डनम् । आज्ञया नरपतेर्द्विजन्मनां दारकर्ममृतसूतकेषु च । बन्धमोक्षमखदीक्षणेष्वपि क्षौरमिष्टमखिलेषु चोडुषु ।। इति रत्नमालोक्तेर्जननाशौचेऽपीति शुद्धितत्त्वादयः। अत्र देशाचारतो व्यवस्था । परं शिखावर्जम् **'केशश्मश्रुलोमनखानि वापयीत शिखावर्जम्'** इति गोभिलोक्तेः ।

दशम दिनमा मुण्डनविचार

देवलले भनेका छन् – आशौचको दसौं दिन गाउँबाहिर गई स्नान गरेर केश, दाह्री, नङ र रौं काट्नुपर्दछ । त्यहीं **व्यासले** भनेका छन् – आशौचको अन्तिम दिन माता र गुरुको मृत्यु भएमा क्षौरकर्म गर्नुपर्दछ । यो मुण्डन गर्नुपर्ने कुरा जुन बताइएको छ त्यो किशोरहरूका निमित्त हो भनी **आपस्तम्बले** बताएका छन् । **'अनुभाविनः परिवपनमिति'** अर्थात् अनुभावी कनिष्ठहरूले वपनम् – मुण्डन गर्नुपर्दछ, यो कुरा **विज्ञानेश्वर** र **रत्नाकरले** पनि भनेका छन् । जुन साना साना बालकहरूलाई आशौच लागेको छ तिनीहरूको मुण्डन गरिदिनुपर्दछ । राजाज्ञाले ब्राह्मण आदिले विवाह, मरण, सूतक, बन्धनमुक्ति, यज्ञको दीक्षाकालमा जुनसुकै नक्षत्र भए पनि क्षौरकर्म गर्नुपर्दछ । यो रत्नावलीको भनाइ हो । तदनुसार जननाशौचमा पनि मुण्डन गर्नुपर्दछ भन्ने कुरा **शुद्धितत्त्व** आदिमा बताइएको छ । यो कर्म देशाचारअनुसार गर्नुपर्दछ । **गोभिलले** भनेका छन् कि – शिखाबाहेक केश, दाह्री–जुँघा र नङ काट्नुपर्दछ ।

यत्त्वापस्तम्बः – **'न समावृत्ता वपेयुरन्यत्र विहारादित्येके ।' विहारः** – दर्शादियागः, तेन विना समावृत्ता गृहस्था न वपेयुरित्यर्थः । यच्च – **वृथा छिनत्ति यः केशान् तमाहुर्ब्रह्मघातिनम्** । इति, तत् – **केशश्मश्रु धारयतामग्र्या भवति सन्ततिः** । इति दानधर्मोक्तकाम्यपरम् । **अनुभाविनः** – पुत्रादय एवेत्येके ।

पुत्रः पत्नी च वपनं कुर्यादन्ते यथाविधि । पिण्डदानोचितोऽन्योऽपि कुर्यादित्थं समाहितः । इत्यपरार्के व्यासोक्तेः । यत्तु मिताक्षरायाम् –

द्वितीयेऽहनि कर्तव्यं क्षुरकर्म प्रयत्नतः । तृतीये पञ्चमे वापि दशमे वाऽप्रदानतः ।। इति ।

आप्रदानतः – इति चतुर्थादीनि । तत्प्रथमदिनेऽसम्भवे ज्ञेयम् ।

अलुप्तकेशो यः पूर्वं सोऽत्र केशान्प्रवापयेत् । द्वितीयेऽह्नि तृतीयेऽह्नि पञ्चमे सप्तमेऽपि वा ।।

यावच्छ्राद्धं प्रदीयेत तावदित्यपरं मतम् ।। इति माधवीये मदनरत्ने बौधायनोक्तेः । मदनपारिजाते तु दशमे प्रथमे समुच्चय उक्तः । यत्तु – **दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत्** । इति तदेकादशाह-श्राद्धाङ्गविप्रनिमन्त्रणार्थं ज्ञेयम् ।

यस विषयमा **आपस्तम्ब** भन्दछन्– 'दर्शयागबाहेक अरू कर्ममा मुण्डन गर्न हुँदैन ।' यहाँ मूलमा प्रयुक्त **विहारशब्दको** अर्थ दर्शयाग हो । कसैले 'जसले मुण्डन गर्दछ त्यसलाई ब्रह्मघाती भन्नुपर्दछ' भनेका छन् । जसले दाह्री–जुंघा राख्दछन् तिनका सन्तान श्रेष्ठ हुन्छन् भन्ने कुरा पनि बताएका छन् । ग्रन्थकार भन्दछन् – यो भनाइ काम्यकर्मपरक हो । **अनुभावीशब्दको** अर्थ छोरा आदि भन्ने कसैको मत रहेको छ । **अपरार्कमा व्यासले** भनेका छन् – आशौचान्तमा पुत्र र पत्नीले मुण्डन गर्नुपर्दछ । अरू पिण्डदान योग्य व्यक्तिले पनि मुण्डन गर्नुपर्दछ । फेरि **मिताक्षरामा** जुन भनिएको छ – दोस्रो दिन प्रयत्नपूर्वक क्षौर गर्नुपर्दछ। तेस्रो दिन, पाँचौं दिन वा दसौं दिनसम्म पिण्डदानको समाप्तिमा क्षौर गर्नुपर्दछ । अथवा चौथो दिन आदिमा क्षौर गर्नुपर्दछ।

यो भनाइ पहिलो दिन क्षौरकर्म असम्भव हुँदाका निमित्त भनिएको हो । दाहकर्मको अङ्गको रूपमा जसले पहिले क्षौरकर्म गरेको छैन त्यसले गर्नुपर्दछ । दोस्रो दिन, तेस्रो दिन, पाँचौं दिन, सातौं दिन वा जबसम्म श्राद्ध गरिन्छ, तबसम्म मुण्डन गर्नुपर्दछ भन्ने दोस्रो मत रहेको छ । यो कुरा **माधवीय** र **मदनरत्न**मा उद्धृत **बौधायन**को वचनमा भनिएको छ।

मदनपारिजातमा दसौं दिन र पहिलो दिन समुच्चय गर्नुपर्ने कुरा बताइएको छ । कर्ता दसौं पिण्ड दिएपछि रात्रिशेषमा शुद्ध हुन्छ । यो शुद्धि पनि एघारौं दिन गरिने श्राद्धको अङ्ग विप्रनिमन्त्रण आदिका निमित्त हो भनी जान्नुपर्दछ।

एकादशाहकृत्यनिरूपणम्

अथैकादशाहः । मनुः –

विप्रः शुध्यत्यपः स्पृष्ट्वा क्षत्रियो वाहनायुधे । वैश्यः प्रतोदं रश्मीन्वा यष्टिं शूद्रः कृतक्रियः ।।

शुद्धितत्त्वे देवलः –

अघाहःसु निवृत्तेषु सुस्नाताः कृतमङ्गलाः । आशौचाद्विप्रमुच्यन्ते ब्राह्मणान् स्वस्तिवाच्य च ।।

याज्ञवल्क्यः – **मृतेऽहनि तु कर्तव्यं प्रतिमासं तु वत्सरम् । प्रतिसंवत्सरं चैव आद्यमेकादशेऽहनि ।।**

क्षत्रियाद्यैराशौचेऽप्येकादशेऽह्नि श्राद्धं कार्यम् ।

आद्यं श्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि । कर्तुस्तात्कालिकी शुद्धिरशुद्धः पुनरेव सः ।।

इति हेमाद्रौ शङ्खोक्तेः ।

एघारौं दिनमा गरिने कृत्य

मनु भन्दछन् – आफ्नो निर्धारित आशौच सकिएपछि ब्राह्मण आफ्नो हातले जलस्पर्श गरेपछि शुद्ध हुन्छ । क्षत्रिय हात्ती आदि वाहन र तलवार आदि आयुधस्पर्श गरेपछि शुद्ध हुन्छ । वैश्य छडी वा अंकुशस्पर्श गरेपछि शुद्ध हुन्छ । शूद्र पनि दण्डस्पर्श गरेपछि शुद्ध हुन्छ । **शुद्धितत्त्व**मा **देवल**ले भनेका छन् – पापमय आशौचका दिन बितेपछि द्विजहरूले राम्ररी नुहाएर मङ्गलकर्म सम्पन्न गरी ब्राह्मणहरूद्वारा स्वस्तिवाचन गराउनुपर्दछ । त्यसपछि ती शुद्ध हुन्छन् ।

याज्ञवल्क्य भन्दछन् – मृत्यु भएको तिथिमा प्रतिमास र प्रतिवर्ष श्राद्ध गर्नुपर्दछ । आद्यश्राद्ध एघारौं दिनमा गर्नुपर्दछ । क्षत्रिय आदिले आशौच आदिमा रहेको अवस्थामा पनि आद्यश्राद्ध एघारौं दिनमा नै गर्नुपर्दछ । श्राद्ध गरुञ्जेल तात्कालिक शुद्धि हुन्छ । श्राद्ध सकिएपछि फेरि त्यो अशुद्धि कायम हुन्छ भन्ने कुरा **हेमाद्रि**मा **शङ्ख**ले बताएका छन् ।

पैठीनसिः – **एकादशेऽह्नि यच्छ्राद्धं तत्सामान्यमुदाहृतम् । चतुर्णामपि वर्णानां सूतकं तु पृथक् पृथक् ।।**

यत्तु मरीचिः – **आशौचान्ते ततः सम्यक् पिण्डदानं समाप्यते। ततः श्राद्धं प्रदातव्यं सर्ववर्णेष्वयं विधिः ।।**

इति । तत्सर्ववर्णानां दशाहाशौचपरम् । यत्तु विष्णुः – '**अथाशौचापगमे**' इति । यच्च गौडग्रन्थे हारीतः – '**श्वोभूते एकोद्दिष्टं कुर्यात्** ।' यच्च बैजवापः – '**ऊर्ध्वं दशम्या अपरेद्युः**' इति, तद्विप्रविषयम् । एतेन दशमपिण्डो–त्कर्षपक्षे अवयवपिण्डासमाप्तौ कथमेकादशाहे श्राद्धमिति मूर्खोक्तिः परास्ता । वचनादाशौचमध्य इव तत्राप्यविरोधात्।

पैठीनसिले भनेका छन् – एघारौं दिन जुन श्राद्ध गरिन्छ त्यो चारै वर्णका लागि समान हुन्छ, सूतक भने वर्णहरूको पृथक्–पृथक् नियमअनुसार बार्नुपर्दछ । **मरीचि**ले जुन भनेका छन् – 'आशौच समाप्त हुँदा राम्ररी पिण्डदान गर्नुपर्दछ, फेरि श्राद्ध गर्नुपर्दछ, यो सबै वर्णका लागि तोकिएको विधि हो ।' यो **मरीचि**को भनाइ दशाह आशौचसम्बन्धी हो ।

विष्णुले आशौच सकिएपछि पिण्ड दिनुपर्दछ भनेका छन् । गौडग्रन्थमा हारीतद्वारा प्रातःकाल एकोद्दिष्ट गर्नुपर्ने कुरा बताइएको छ । फेरि वैजवापले भनेका छन् – 'दशमरात्रिपछि दोस्रो दिन एकोद्दिष्ट गर्नुपर्दछ ।' यी भनाइबाट दशाहको आशौच सकिएपछि एघारौं दिन श्राद्ध गर्नुपर्ने कुरा देखिएकाले कथञ्चित् दशमपिण्ड आफ्नो समयमा सम्पन्न भएन भने एघारौं दिन कसरी एघारौं गर्ने भन्ने मूर्खहरूको उक्ति खण्डित भएको छ । यस वचनबाट आशौचको मध्यमा श्राद्ध गरेझैं एघारौं गर्दा विरोध हुँदैन ।

भविष्ये – **एकादशेभ्यो विप्रेभ्यो दद्यादेकादशेऽहनि । भोजनं तत्र चैकस्मै ब्राह्मणाय महात्मने ।।**

यत्तु मात्स्ये – **एकादशेऽहनि तथा विप्रानेकादशैव तु । क्षत्रादिः सूतकान्ते तु भोजयेदयुजो द्विजान् ।।**

इति । तद्रुद्रगणश्राद्धपरमिति मदनपारिजातः । गौडास्त्वस्माद्वचनात् क्षत्रियादीनामाशौचान्त एवेत्याहुः । रामायणेऽपि –

समतीते दशाहे तु कृतशौचो यथाविधि । चक्रे द्वादशिकं श्राद्धं त्रयोदशिकमेव च ।।

द्वादशिकं द्वादशाहेन निर्वर्त्य त्रयोदशाहश्राद्धम् । त्रयोदशिकं चतुर्दशाहविधेयं सपिण्डनपाथेयादि । क्षत्रियाणां द्वादशाहाशौचे त्रयोदशे महैकोद्दिष्टम्, चतुर्दशे सपिण्डनम् । **द्विविधवाक्यादेकादशाहाशौचान्तरयोर्विकल्प** इत्येके। **सद्यःशौचादौ युद्धहतादेरेकादशाहे अन्येषामाशौचान्त** इति वयम् ।

भविष्यपुराणमा भनिएको छ कि – एघारौं दिनमा एघार ब्राह्मणलाई दान दिनुपर्दछ र एउटा महात्मा ब्राह्मणलाई भोजन गराउनुपर्दछ । **मत्स्यपुराण**मा – 'ब्राह्मणले एघारौं दिनमा एघार ब्राह्मणलाई दान दिनुपर्दछ, क्षत्रिय आदिले त सूतकान्तमा विषम संख्याका ब्राह्मणलाई बोलाई भोजन गराउनुपर्दछ' भनी जुन कुरा भनिएको छ यो भनाइ रुद्रगणका लागि गरिने श्राद्धका विषयमा हो भन्ने कुरा **मदनपारिजात**मा बताइएको छ ।

गौडहरू भन्दछन् – **मत्स्यपुराण**को वचनअनुसार क्षत्रियहरूले आशौचको अन्तमा नै भोजन गराउनुपर्दछ । **रामायण**मा भनिएको छ – दशदिन बितेपछि विधिपूर्वक स्नान गरेर श्रीरामले बाह्रौं दिनको कर्म र तेह्रौं दिनको कर्म पनि गर्नुभयो । उक्त पद्यमा द्वादशिक पदबाट बाह्रदिन बितेपछि त्रयोदशाह गर्नुपर्दछ भन्ने र **त्रयोदशीकम्** पदले तेह्रौं दिन बितेपछि चौधौं दिनमा गरिने सपिण्डन र पाथेय आदि गर्नुपर्दछ भन्ने कुरा बुझिन्छ ।

अर्को मतमा भनिएको छ – क्षत्रियहरूले बाह्रौं दिनमा आशौच सकिएपछि तेह्रौं दिनमा महैकोद्दिष्ट र चौधौं दिनमा सपिण्डन गर्नुपर्दछ भनिएको छ । यस किसिमका दुईथरि वाक्यहरूको प्रयोग भएकाले एकादशाह आशौचमा विकल्प खिन्छ भन्ने कुरा कसैले बताएका छन् । हाम्रो भनाइ छ कि – सद्यःशौच आदि आशौचमा युद्धमा मारिएका व्यक्तिका लागि एघारौं दिनका दिन पिण्ड दिने र अरूलाई आशौचान्तमा दिने काम गर्नुपर्दछ ।

कौर्मे – **एकादशेऽह्नि कुर्वीत प्रेतमुद्दिश्य भावतः । द्वादशे वाऽह्नि कर्तव्यमनिन्द्येऽप्यथवाऽहनि ।।**

निन्द्यं प्रेतक्रियाकाले उक्तम् । एकादशे तु न निषेध इत्युक्तं प्राक् । बृहस्पतिः –

वस्त्रालङ्कारशय्यादि पितुर्यद्वाहनादिकम् । गन्धमाल्यैः समभ्यर्च्य श्राद्धभोक्त्रे तदर्पयेत् ।।

श्रोत्रिया भोजनीयास्तु नव सप्त त्रयोदश । ज्ञातयो बान्धवा निःस्वास्तथा चातिथयोऽपरे ।।

देवयाज्ञिकनिबन्धे –

एकादशसु विप्रेषु प्रेतमावाह्य भोजयेत् । तत्राद्याय च शय्यादि दद्यादाद्यमिति स्मृतम् ।

विष्णुः – **'एकवन्मन्त्रानूहेतैकोद्दिष्टे'** बहुवचनान्तानेकवचनान्ताम् वदेदित्यर्थः । एतद्दृष्टार्थत्वे ।

कूर्मपुराणमा भनिएको छ – प्रेतका उद्देश्यले एघारौं दिन, बाह्रौं दिन र कुनै अनिन्द्य दिनमा श्राद्ध गरी पिण्ड दिनुपर्दछ । निन्द्य दिन भनेका दशाहभित्रका प्रेतक्रियाका दिन हुन् । एघारौं दिन कार्य गर्न निषेध छैन भन्ने कुरा पहिले बताइसकिएको छ । **बृहस्पति**ले भनेका छन् – 'एघारौं दिन श्राद्ध गरेपछि पिताका लागि प्रदान गरिने वाहन, वस्त्र आदिको गन्ध एवं माल्यद्वारा पूजा गरी श्राद्धभोक्ता ब्राह्मणलाई अर्पण गर्नुपर्दछ । उक्त अवसरमा नौ, सात वा तेह्र वेदका ज्ञाता ब्राह्मणहरूलाई भोजन गराई आफ्नो जातिका बन्धुबान्धव, पाहुना र निर्धनहरूलाई भोजन गराउनुपर्दछ ।' मूलमा रहेको **ज्ञातयः** पदको स्थानमा कहीं कहीं **जातयः** भन्ने पाठान्तर प्राप्त हुन्छ ।

देवयाज्ञिकनिबन्धमा भनिएको छ – एघार ब्राह्मणहरूमा प्रेतको आवाहन गरी तिनलाई भोजन गराउनुपर्दछ । तीमध्ये प्रथम ब्राह्मणलाई शय्या दिनुपर्दछ । अरू ब्राह्मणलाई दक्षिणा दिनुपर्दछ । शय्यादानलाई आद्य भनिएको छ । **विष्णु** भन्दछन् – 'एकोद्दिष्टश्राद्धका मन्त्रमा एकवचनले ऊह गर्न हुँदैन ।' बहुवचनान्तलाई बहुवचन र एकवचनान्तलाई एकवचन प्रयोग गर्नुपर्छ भन्ने तात्पर्य हो । ग्रन्थकार भन्दछन् – यो दृष्टार्थका लागि हो अर्थात् स्पष्ट अर्थ बुझाउन भनिएको हो ।

विघ्ने गौणकालकथनम्

अस्य विघ्ने गौणकालमाह हेमाद्रौ बौधायनः –

एकोद्दिष्टं श्व एव स्याद् द्वादशेऽहनि वा पुनः । अत ऊर्ध्वमयुग्मेषु कुर्वीताहःसु शक्तितः ।।
अर्धमासेऽथवा मासि ऋतौ संवत्सरेऽपि वा ।। इति ।

विघ्न परेमा गौणकाल

एघारौंको कर्म गर्दा विघ्न परेमा के गर्ने भन्ने विषयमा **हेमाद्रि**मा **बौधायन**ले भनेका छन् – एकोद्दिष्ट भोलि अर्थात् बाह्रौं दिनका दिन गरिने हुँदा बिजोडादिनमा यथाशक्ति एघारौंको कर्म गर्नुपर्दछ । छमहिना, ऋतु वा एकवर्षभित्र गर्न सकिन्छ ।

एकोद्दिष्टश्राद्धे पाकस्य विचारः

तत्रैव लघुहारीतः –

एकोद्दिष्टं तु कुर्वीत पाकेनैव सदा स्वयम् । अभावे पाकपात्राणां तदहःसमुपोषणम् ।।

एकोद्दिष्टश्राद्धमा पाकविचार

लघुहारीतले भनेका छन् – कर्ताले एकोद्दिष्टश्राद्धमा आफै पाक तयार गर्नुपर्दछ । पाकपात्रको अभावमा त्यो दिन उपवास गर्नुपर्दछ ।

ब्राह्मणभोजनविचारः

गोभिलः – **ब्राह्मणं भोजयेदाद्ये होतव्यमनलेऽथवा । पुनश्च भोजयेदेकं द्विरावृत्तिर्भवेदिति ।।**

एतदाद्यमासिकाद्याब्दिकयोः सिद्ध्यर्थमिति भट्टाः । तेन महैकोद्दिष्टं षोडशश्राद्धाद्भिन्नमेव अत एवाद्यम्, सर्वैकोद्दिष्टप्रकृतिभूतमेकादश इति विज्ञानेश्वरः । अन्ये त्वाद्यमासिकाद्विकयोः **'आद्यमेकादशेऽहनि'** इति नियमादभेदमाहुः । द्वयोस्तन्त्रत्वबाधार्थं गोभिलीयमित्यन्ये ।

ब्राह्मणभोजन-विचार

गोभिलले भनेका छन् – आद्यश्राद्धमा ब्राह्मणलाई भोजन गराउनुपर्दछ अथवा अग्निमा हवन गर्नुपर्दछ । त्यसपछि एक-एक ब्राह्मणलाई भोजन गराउँदा द्विरावृत्ति हुन्छ ।

भट्टहरूले भनेका छन् कि आद्यमासिकश्राद्ध र आब्दिकश्राद्ध अरू श्राद्धहरूको सिद्धिका लागि गरिन्छन् । यीभन्दा महैकोद्दिष्टश्राद्ध भिन्न छ । यसैले आद्यश्राद्ध एकोद्दिष्टप्रकृतिभूत एकादशश्राद्ध हो भनी **विज्ञानेश्वर**ले बताएका छन् । अरू मानिसहरूले त आद्यमासिक र आब्दिकको सम्बन्धमा भनेका छन् – आद्यश्राद्ध एघारौं दिनमा गर्नुपर्दछ, आद्य आब्दिकश्राद्ध वर्षान्तमा गर्नुपर्दछ र यी दुवैमा नियमतः अभेद छ भन्ने कुरा **गोभिल**ले बताएका छन् ।

युद्धहतादीनां विचारः

युद्धहतादौ तु हेमाद्रौ पृथ्वीचन्द्रोदये पैठीनसिः –

सद्यःशौचेऽपि दातव्यं प्रेतस्यैकादशेऽहनि । स एव दिवसस्तस्य श्राद्धशय्यासनादिषु ।।

एवमेकाहादौ । अतोऽत्र द्वितीयेऽह्नि एकादशाहं वदन् ढोण्ढुः शूलपाणिः स्मार्तगौडाश्च परास्ताः । एतेन **'आद्यमेकादशेऽहनि'** इत्याशौचानन्तरदिनपरमिति विष्णूक्तेः, प्रागुक्तशङ्खादिवचनानां चानाकरत्वादिति वदन्तः कल्पतरुवाचस्पतिमुखाः सर्वे निबन्धविरोधादुपेक्ष्याः ।

उशनाः – **त्र्यहाशौचेऽपि कर्तव्यमाद्यमेकादशेऽहनि । अतीतविषये सद्यस्त्र्यहोर्ध्वं वा तदिष्यते ।।**

युद्धमा मारिएका व्यक्तिको सम्बन्धमा विचार

युद्ध आदिमा मरेका मानिसहरूको निमित्तमा **पैठीनसि**ले भनेका छन् – युद्धमा मारिएका व्यक्तिहरूको **सद्यःशौच**मा पनि एघारौं दिनका दिन प्रेतका लागि श्राद्ध, शय्या, आसन आदि दिएर कर्म गरिदिनुपर्दछ । यसैगरी एकदिनको आशौचमा पनि जान्नुपर्दछ । यसैले दोस्रो दिन एकादशाह गर्नुपर्दछ भन्ने **शूलपाणि** आदिहरू यसबाट परास्त भएका छन्। जुनसुकै स्थितिमा पनि आद्यश्राद्ध एघारौं दिनका दिन गर्नुपर्दछ । यो वचन आशौचपछिको दिनलाई बताउने किसिमले आएको छ। यहाँ **विष्णु**को भनाइबाट पहिले बताइएका **शङ्ख** आदिका वचन अशास्त्रीय हुन् भन्ने **कल्पतरु, वाचस्पति** आदि उपेक्षणीय छन् । **उशना**ले भनेका छन् कि तीनदिनको आशौचमा पनि एघारौं दिनका दिन आद्यश्राद्ध गर्नुपर्दछ । अतीतमा गर्नुपर्ने कुरालाई पनि पछिबाट गर्न सकिन्छ । सद्य आशौच या तीनदिनको आशौचमा पनि आद्यश्राद्ध गर्नुपर्दछ।

एकोद्दिष्टस्वरूपविचारः

याज्ञवल्क्यः – **एकोद्दिष्टं दैवहीनमेकार्घ्यैकपवित्रकम् । आवाहनाग्नौकरणरहितं त्वपसव्यवत् ।।**

उपतिष्ठतामित्यक्षय्यस्थाने विप्रविसर्जने । अभिरम्यतामिति वदेद् ब्रुयुस्तेऽभिरताः स्म ह ।।

इत्यग्नौकरणनिषेधोऽन्यपरः । बह्वृचानां सर्वैकोद्दिष्टेषु तद्भवत्येवेत्युक्तं प्राक् । स्वदितमिति तृप्तिप्रश्न इति कात्यायनः। प्रथमे पात्रे संस्रवानित्यस्य तृतीयेनापिधानस्य च बाधात्र पात्रन्युब्जतेति शूलपाणिः । प्रचेताश्च नात्र पात्रालम्भो नाशिषः प्रार्थयेत् ।

एकोद्दिष्टको स्वरूप

याज्ञवल्क्य भन्दछन् – एकोदिष्टनामक श्राद्ध वैश्वदेवरहित हुन्छ । त्यहाँ एकअर्घ्यपात्र र एककुश अर्थात् पवित्र हुन्छन् । आवाहन र अग्नौकरण हुँदैनन् र अपसव्यविधिको प्रधानता हुन्छ । अक्षय्योदक दिँदा **उपतिष्ठताम्** भन्नुपर्दछ । ब्राह्मणहरूको विसर्जन गर्दा **अभिरम्यताम्** भन्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – ब्राह्मणहरूले पनि **अभिरताः स्म** भन्नुपर्दछ। यो वचन अग्नौकरणको निषेधका लागि आएको हो ।

आश्वलायनको भनाइअनुसार – सबै एकोद्दिष्टमा अग्नौकरण हुन्छ र **स्वदितम्** भन्ने तृप्तिप्रश्न पनि गरिन्छ भन्ने कुरा **कात्यायन**ले बताएका छन् । पहिलो पात्रमा अर्घ्यको बाँकी जल राखेर त्यसलाई तेस्रो पात्रले ढाक्न बाधा हुनाले अर्घ्य पात्रलाई सिधै राख्नुपर्दछ भन्ने कुरा **शूलपाणि**ले बताएका छन् । **प्रचेता**ले भनेका छन् कि – अर्घ्यपात्रको स्पर्श गर्न हुँदैन र आशीर्वादको प्रार्थना पनि गर्न हुँदैन ।

आद्यश्राद्धे विशेषकृत्यानि

अत्र विशेषो हेमाद्रौ वाराहे –

श्मश्रुकर्म तु कर्तव्यं नखच्छेदस्तथैव च । स्नपनाभ्यञ्जनं दद्याद्विप्राय विधिपूर्वकम् ।।

तथा – **उपवेश्यासने भद्रे छत्रं तत्र प्रकल्पयेत् । पश्चादुपानहौ दद्यात्सर्वाण्याभरणानि च ।।**

विष्णुः – '**दक्षिणान्तं श्राद्धमुक्त्वा दत्ताक्षय्योदकेषु चतुरङ्गुलपृथ्वीस्तावदन्तरालास्तावदधः खाता वितस्त्यायतास्तिस्त्रः कर्षूः कुर्यात् । कर्षूणां समीपेऽग्नित्रयमाधाय परिस्तार्यैकैकस्मिन्नाहुतित्रयं जुहुयात् सोमाय पितृमते स्वधा नमोऽग्नये कव्यवाहनाय यमायाङ्गिरस्वते इति** ।' स्थानत्रये प्राग्वत् पिण्डनिर्वपणं दधिमधुघृतमांसैः कर्षूत्रयं पूरयित्वैतत्त इति जपेत् । शेषं नवश्राद्धवत् । अत्र साग्नेरप्यन्ते वैश्वदेव इत्युक्तं प्राक् । इदं दशाहकर्त्रा पुत्रेण वा कार्यमित्युक्तम् ।

आद्यश्राद्धका विशेष कृत्य

हेमाद्रिमा उद्धृत **वाराहपुराण**मा भनिएको छ कि – आद्यश्राद्धमा दाह्री–जुँघा बनाउने काम र नङ काट्ने काम गर्नुपर्दछ । लेपन र अभ्यञ्जन ब्राह्मणलाई अर्पण गर्नुपर्दछ । आसनमा ब्राह्मणहरूलाई बसाएर छातादान गर्नुपर्दछ । छातादान गरेपछि जुत्तादान गर्नुपर्दछ । त्यसपछि सुनका गहनादान गर्नुपर्दछ ।

विष्णुले भनेका छन् कि – दक्षिणासम्मको श्राद्धको विधि समाप्त गरेपछि अक्षय्योदक दिने स्थानमा चारअंगुल पृथ्वीको बीचको दूरीबाट एकबित्ता चौडा जमिन खनेर तीनकर्षू अर्थात् खाडल बनाउनुपर्दछ । तिनका समीपमा तीनअग्निहरूको स्थापना गरी चारैतिर कुशले आच्छादन गरेर प्रत्येक कर्षूमा तीन – तीनआहुति दिनुपर्दछ । आहुति दिँदा प्रथम कर्षूमा **सोमाय पितृमते स्वाहा**, दोस्रो आहुतिमा **नमोऽग्नये कव्यवाहनाय स्वाहा**, तेस्रो कर्षूमा **यमायाङ्गिरस्वते स्वाहा** भन्नुपर्दछ । यसरी तीनकर्षूमा तीनपिण्ड दान गर्नुपर्दछ । दही, मह, घ्यू र मासुले तीनवटा कर्षू भरेर '**एतत् त इन्द्र वीर्यं गीर्भिर्गृणन्ति कारवः । ते स्तोभन्त ऊर्जमावन् घृतश्चुतं पौरासो नक्षन् धीतिभिः** ।।' (ऋ. ८/५४/१) यो मन्त्र जप गर्नुपर्दछ । बाँकी कर्म नवश्राद्धसरह हुन्छ । यहाँ अग्निहोत्रीले पनि श्राद्ध गरेपछि वैश्वदेव गर्नुपर्ने कुरा बताइएको छ। यी सबै कर्म दशाह गर्ने पुत्रका निमित्त निर्धारित गरिएका हुन् ।

क्रियानिबन्धे गृह्यकारिकायाम् –

तिलोऽसि प्रेतदैवत्यः प्रेतं लोकान् हिनोन्तकम् । मन्त्रमुक्त्वा तिलानेवं प्रक्षिपेदर्घ्यपात्रतः ।।

दक्षिणामुदकुम्भं च सान्नं दत्त्वा तथैव गाम् । तस्मै दद्याद्भुक्तशेषं तद्भाण्डान्यपि भोजनम् ।

विप्राभावेऽग्नावेकोद्दिष्टम्, अग्नौ पायसं श्रपयित्वाऽऽज्यभागान्ते तदग्रे श्राद्धप्रयोगं कृत्वाऽग्नौ प्रेतमावाह्य गन्धाद्यैः सम्पूज्य '**पृथिवी ते पात्रम्**' इत्यादिनाऽन्नं सङ्कल्प्य '**उदीरतामवर**' इत्यष्टाभिश्चतुरावृत्ताभिर्द्वात्रिंशदाहुतीर्हुत्वा पिण्डदानादिश्राद्धं समापयेत् । इति । याज्ञवल्क्यः– **एतत्सपिण्डीकरणमेकोद्दिष्टं स्त्रिया अपि ।**

क्रियानिबन्धमा गृह्यकारिकाको वचन यसप्रकार छ – **तिलोऽसि०** मन्त्र पढेर अर्घ्यपात्रबाट चारैतिर तिल प्रक्षेपण गर्नुपर्दछ । अन्नसहित जलको कलश र दक्षिणा ब्राह्मणलाई दिनुदर्पछ । यसैगरी गाईदान गर्नुपर्दछ । भुक्तशेष अर्थात् बचेको भोजन, भोजन रहेका पात्र पनि ब्राह्मणलाई दिनु पर्दछ । ब्राह्मणको अभावमा अग्निमा नै एकोद्दिष्ट गर्नुपर्दछ। अग्निमा खीर पकाएर आज्यभागको अन्तमा त्यहाँ श्राद्धको प्रयोग गरी अग्निमा नै प्रेतको आवाहन गरी अग्निमा नै प्रेतको पूजा गरेर – '**पृथ्वी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि स्वाहा**' यस मन्त्रले अन्नसङ्कल्प गरी – '**उदीरतामवर उत् परास उन्मध्यमाः पितरः सोम्यासः । असुं य ईयुरवृका ऋतज्ञास्ते नोऽवन्तु पितरो हवेषु ।। इदं पितृभ्यो नमो अस्त्वद्य ये पूर्वासो य उपरास ईयुः । ये पार्थिवे रजस्या निषत्ता ये वा नूनं सुवृजनासु विसु ।। आहं पितॄन् सुविदत्राँ अवित्सि नपातं च विक्रमणं च विष्णोः । बर्हिषदो ये स्वधया सुतस्य भजन्त पिबस्त इहागमिष्ठाः। बर्हिषदः पितर ऊत्य १र्वागिमा वो हव्या चकृमा जुषध्वम् । त आ गतावसा शन्तमेनाऽथा नः शं योररपो दधात ।। उपहूताः पितरः सोम्यासो बर्हिष्येषु निधिषु प्रियेषु । त आ गमन्तु त इह श्रुवन्त्वधि ब्रुवन्तु तेऽवन्त्वत्स्मान् ।। आ च्या जानु दक्षिणतो निषद्येमं यज्ञमभि गृणीत विश्वे । मा हिंसिष्ट पितरः केन चिन्नो यद्व आगः पुरुषता कराम ।। आसीनासो अरुणी नामुपस्थे रयिं धत्त दाशुषे मर्त्याय । पुत्रेभ्यः पितरस्तस्य वस्वः प्रयच्छत त इहोर्जं दधात ।। ये नः पूर्वे पितरः सोम्यासो ऽनूहिरे सोमपीथं वसिष्ठाः । ते भिर्यमः संराणो हवींष्युशन्नुशद्भिः प्रतिकाममत्तु ।।**' (ऋ. १०/१५/१-८) इत्यादि आठमन्त्रले चार-चार आवृत्ति गरी ३२ आहुति दिएर पिण्डदान गरेपछि श्राद्ध समाप्त गर्नुपर्दछ । **याज्ञवल्क्यले** भनेका छन् – यो सपिण्डीकरण- एकोद्दिष्टश्राद्ध स्त्रीहरूका लागि पनि हो ।

वृषोत्सर्गविचारः

अथ वृषोत्सर्गः । स च नित्यः काम्यश्च ।

न करोति वृषोत्सर्गं सुतीर्थे वा जलाञ्जलिम् । न ददाति सुतो यस्तु पितुरुच्चार एव सः ।।

एष्टव्या बहवः पुत्रा यद्येकोऽपि गयां व्रजेत् । यजेत वाश्वमेधेन नीलं वा वृषमुत्सृजेत् ।।

उच्चारः – पुरीषम् । इति मात्स्यकौर्मोक्तेः ।

वृषोत्सर्गविचार

अब वृषोत्सर्गबारे विचार गरिन्छ । यो कर्म नित्य र काम्य दुवै हो । **मत्स्यपुराण र कूर्मपुराणमा** भनिएको छ – मानिसले धेरै छोरा जन्माउने इच्छा गरोस् किनकि तीमध्ये एउटामात्र भए पनि गयामा जान्छ अथवा अश्वमेधयज्ञ गर्दछ अथवा नीलो रंगको बाच्छो डामेर वृषोत्सर्ग गर्दछ भने त्यो नै सक्कली पुत्र मानिन्छ ।

वृषोत्सर्गाऽकरणे दोषः

एकादशेऽह्नि प्रेतस्य यस्य नोत्सृज्यते वृषः । प्रेतत्वं सुस्थिरं तस्य दत्तैः श्राद्धशतैरपि ।।

इति षट्त्रिंशन्मते निन्दाश्रुतेः ।

वृषोत्सर्ग नगर्दा दोष

षट्त्रिंशत्मतमा भनिएको छ कि – जुन प्रेतका निमित्त एघारौं दिनमा वृषोत्सर्ग गरिँदैन त्यसको श्राद्ध गरिएता पनि त्यो प्रेतत्वबाट मुक्त हुँदैन ।

वृषोत्सर्गस्य विशिष्टफलम्

एवं कृत्वा ह्यवाप्नोति फलं वाजिमखोदितम् । यमुद्दिश्योत्सृजेन्नीलं स लभेत परां गतिम् ।
वृषोत्सृष्टः पुनात्येव दशातीतान् दशापरान् ।। इति देवीपुराणे भविष्यादौ फलश्रुतेश्च ।

वृषोत्सर्गको महाफल

जसले वृषोत्सर्ग गर्दछ त्यसले अश्वमेधयज्ञको फल प्राप्त गर्दछ । जसका निमित्त नीलवृषभ दान गरिन्छ त्यसले परमगति प्राप्त गर्दछ । वृषोत्सर्ग गर्नाले पहिलेका दशपुस्ताका र पछिल्ला दशपुस्ताका पुरुषहरू पवित्र हुन्छन् भन्ने कुरा देवीपुराण र भविष्यपुराणमा बताइएको छ ।

वृषोत्सर्गकालः

अयं द्वादशाहे उक्तो भविष्ये – **चैत्र्यां वापि तृतीयायां वैशाख्यां द्वादशेऽह्नि वा** इति । विष्णुधर्मे तु मृताहेऽप्युक्तः – **विषुवद्द्वितये चैव मृताहे बान्धवस्य च** । इति ।

वृषोत्सर्गको समय

भविष्यपुराणमा बाह्रौं दिनका दिन अथवा चैत्रमासको तृतीया र वैशाखमासको तृतीयामा पनि वृषोत्सर्ग गर्नुपर्ने कुरा बताइएको छ । विष्णुधर्ममा मरणको दिन र विषुवत् अर्थात् मेष र तुला संक्रान्तिमा पनि वृषोत्सर्ग गर्नुपर्ने कुरा बताइएको छ ।

वृषोत्सर्गो गृहे न कार्यः

अयं गृहे न कार्यः । **'न गृहे मोचयेन्नीलं कामयन् पुष्कलं फलम्'** इति कालिकापुराणात् ।

घरमा वृषोत्सर्ग गर्न निषेध

वृषोत्सर्गकर्म घरमा गर्न हुँदैन । कालिकापुराणमा भनिएको छ कि धेरै फलप्राप्तिको कामना गर्ने मानिसले आफ्नो घरमा नीलवृषको उत्सर्ग गर्न हुँदैन ।

वृषोत्सर्गे वृद्धिश्राद्धविचारः

कामधेनौ – **वत्सराभ्यन्तरे पित्रोर्वृषस्योत्सर्गकर्मणि । वृद्धिश्राद्धं न कुर्वीत तदन्यत्र समारभेत् ।।**

वृद्धिश्राद्धमा वृषोत्सर्गनिषेध

कामधेनुमा भनिएको छ कि – मरेको एकवर्षभित्र माता एवं पिताको वृषोत्सर्ग गर्दा वृद्धिश्राद्ध गर्न हुँदैन ।

नीलवृषलक्षणकथनम्

तल्लक्षणं तु ब्राह्मे –

लोहितो यस्तु वर्णेन मुखे पुच्छे च पाण्डुरः । श्वेतः खुरविषाणाभ्यां स नीलो वृष उच्यते ।।

श्वेतवर्णस्य मुखादीनि श्यामानि श्यामस्य वा श्वेतानि यस्य सोऽपि नील उक्तो मात्स्यादौ ।

नीलवृषभको लक्षण

ब्रह्मपुराणमा भनिएको छ कि – जुन बाच्छो रातो रंगको हुन्छ, जसका मुख एवं पुच्छरमा सेतो र पहेंलो रंग मिसिएका हुन्छन्, जसका सिङ एवं खुर सेतै वर्णका हुन्छन् त्यसलाई नीलवृषभ भनिन्छ ।

मत्स्यपुराणमा भनिएको छ – जसका सिङ र पुच्छर सेता हुन्छन्, जसको शरीरको वर्ण सेतो हुन्छ, जसको मुख कालो वर्णको हुन्छ त्यसलाई र शरीर कालो, मुख सेतो भएको वृषभलाई पनि नीलवृषभ भनिन्छ ।

चतसृणां वत्सिकानां विचारः

देवीपुराणे – **चतस्रो वत्सिका भद्रा द्वे वा सम्भवतोऽपि वा ।**

चारवटा बाच्छीका साथ नीलवृषभको उत्सर्ग

वृषोत्सर्ग गर्दा वृषभका साथ सम्भव भएसम्म चारवटा राम्रा बाच्छीहरूको उत्सर्ग गर्नुपर्दछ ।

वृषाभावे मृदादिना वृषोत्सर्गस्य निर्मूलत्वम्

यत्तु पठन्ति –

वृषोत्सर्जनवेलायां वृषाभावे कथञ्चन । मृद्भिः पिष्टैश्च दर्भैर्वा वृषं कृत्वा विमोचयेत् ।।

न शक्यते वृषोत्सर्गो होमं वा तत्र कारयेत् ।। इति, तन्निर्मूलम् । तद्विधिर्हेमाद्रौ भट्टकृतौ च ज्ञेयः ।

कृत्रिम वृषोत्सर्ग निषेध

कसैले 'वृषोत्सर्ग गर्दा भनेजस्तो वृषभ नपाइएमा माटो, पिठो वा कुशले वृषभ तयार गरी उत्सर्ग गर्नुपर्दछ भनेका छन् अथवा त्यसको सट्टा हवन गर्नुपर्दछ भनेका छन् ।' ग्रन्थकार भन्दछन् – उक्त वचन अप्रामाणिक भएकाले स्वीकार गर्न योग्य छैनन् । वृषोत्सर्गको विधि हेमाद्रि र भट्टहरूद्वारा रचिएका ग्रन्थबाट अवगत गर्नुपर्दछ ।

वृषोत्सर्गात्पूर्वं विष्णुतर्पणे विचारः

अत्र देवयाज्ञिकेन वृषोत्सर्गात्पूर्वं पुरुषसूक्तेन विष्णुरूपिप्रेतोद्देशेन विष्णुतर्पणमुक्तम् । तत्र मूलं चिन्त्यम् ।

वृषोत्सर्गभन्दा पहिले विष्णुतर्पणसम्बन्धी विचार

देवयाज्ञिकले 'वृषोत्सर्ग गर्नुभन्दा पहिले पुरुषसूक्तका मन्त्रहरूद्वारा विष्णुरूपी प्रेतका उद्देश्यले प्रेतलाई तर्पण

दिनुपर्दछ भनेका छन् ।' यसको मूल विचारणीय छ ।

वृषोत्सर्गविधिकथनम्

पारस्करः- **सव्येन पाणिना पुच्छं समालम्ब्य वृषस्य तु। दक्षिणेनाप आदाय सतिलाः सकुशास्ततः।।**
प्रेतगोत्रं समुच्चार्य अमुकस्मै इति ब्रुवन् । वृष एष मया दत्तस्तं तारयतु सर्वदा ।।
सहेम सतिलं भूमावित्युच्चार्य विनिक्षिपेत् ।।
तथा - **विधारयेन्न तं कश्चिन्न च कश्चन वाहयेत् । न दोहयेच्च ता धेनूर्न च कश्चन बन्धयेत् ।।**

वृषोत्सर्गविधि

पारस्करले भनेका छन् कि बायाँ हातले बाच्छाको पुच्छर समातेर दायाँ हातमा जल, कुश, तिल लिई प्रेतको गोत्र उच्चारण गर्दै **अमुकस्मै प्रेताय** भन्दै सङ्कल्प गर्नुपर्दछ । सङ्कल्पमा 'म यो वृषभ उत्सर्ग गरिरहेको छु, यसले मेरा प्रेतलाई पार लगाओस्' भनीकन हातमा लिएको तिल-कुश भुईंमा छाडिदिनुपर्दछ । त्यसपछि कर्ताले भन्नुपर्दछ - 'यो वृषभलाई कसैले आफ्नो घरमा राख्न हुँदैन, यसलाई भारी बोकाउन हुँदैन र यसलाई जोत्ने काममा प्रयोग गर्न हुँदैन । फेरि मैले दिएका बाच्छीहरूलाई पनि कसैले गोठमा बाँध्नु हुँदैन । यी बाच्छीहरू कहीं गएर व्याएमा लोभ र मोहले दुहुन पनि हुँदैन।'

स्त्रीषु विशेषः

स्त्रीषु विशेषः सङ्ग्रहे –
पतिपुवती नारी भर्तृरग्रे मृता यदि । वृषोत्सर्गं न कुर्वीत गां तु दद्यात्पयस्विनीम् ।।
पतिपुत्रयोः साहित्यं विवक्षितम् । अन्वारोहणेऽपि गोदानमेवेत्युक्तं प्राक् । आशौचान्तरेऽपि वृषोत्सर्गाद्यमासिक-शय्यादि दद्यादेवेत्युक्तम् । क्रियानिबन्धे स्मृत्यन्तरे –
सूतके मृतके चैव द्वितीयं मृतकं यदि । पिण्डदानं प्रकुर्वीत वृषोत्सर्गं तथैव च ।।
न हन्यात्सूतकं कर्म द्वादशैकादशाहिकम् । शुद्धो वा यदि वाऽशुद्धः कुर्यादेवाविचारयन् ।। इति।

स्त्रीहरूको वृषोत्सर्गबारे

स्मृतिसंग्रहमा भनिएको छ – पति, पुत्रवती नारी आफ्ना पतिका सामु मर्दछिन् भने तिनका निमित्त वृषोत्सर्ग गर्नु पर्दैन । तिनको उद्धारका निमित्त दूध दिने गाई दान गरिदिए हुन्छ । यसमा पति र पुत्र दुवै उपस्थित भएको हुनुपर्ने कुरा भन्न खोजिएको छ । पतिव्रता नारीले अन्वारोहण गर्दा पनि गोदानकर्म गर्नुपर्ने कुरा बताइएको छ । आशौचको मध्यमा पनि वृषोत्सर्ग, आद्यमासिक, शय्या आदि दान गर्ने काम रोकिँदैन । **क्रियानिबन्ध**मा उद्धृत **स्मृत्यन्तर**को भनाइमा भनिएको छ – जननाशौच वा मरणाशौचमा यदि अर्को मरणाशौच खप्टिएमा पिण्डदान र वृषोत्सर्ग रोकिँदैन । एघारौं दिन र बाह्रौं दिनमा गरिने कर्म लोप गर्न हुँदैन । शुद्ध वा अशुद्ध जे भए पनि ती कर्म गर्नुपर्दछ ।

पददानकथनम्

अथ पददानमुक्तं देवजानीये गारुडे एकादशाहं प्रक्रम्य –
तदह्नि दीयते सर्वं द्वादशाहे विशेषतः । पदानि सर्ववस्तूनि वरिष्ठानि त्रयोदश ।।
यो ददाति मृतस्येह जीवतोऽप्यात्महेतवे । सुखी भूत्वा महामार्गे वैनतेय ! स गच्छति ।।

पददानविचार

अब पददानको विषयमा विचार गरिन्छ । देवजानीय र गरुडपुराणमा एकादशाह–प्रकरणको प्रारम्भमा भनिएको छ कि – विशेषगरेर बाह्रौं दिनमा रमणीय र मूल्यवान् १३ प्रकारका पदार्थ पददानका रूपमा दिनुपर्दछ । जसले ती उत्तम र सुन्दर १३ प्रकारका पदार्थ मृतक र जीवित व्यक्तिको कल्याणका लागि प्रदान गर्दछन् ती यममार्गमा सुखका साथ अगाडि बढ्दछन्।

पददानवस्तूनि

तथा – आसनोपानहौ छत्रं मुद्रिका च कमण्डलुः । भोजनं भोजनाधारो वस्त्राण्यष्टविधं पदम् ।।
तथा भाजनासनदानेन मुद्रिकाभोजनेन च । महिषीरथगोदानात्सुखी भवति निश्चितम् ।।
सर्वोपस्करयुक्तानि पदान्यत्र त्रयोदश । यो ददाति मृतस्येह जीवन्नप्यात्महेतवे ।।
स गच्छति परं स्थानं महाकष्टविवर्जितः ।। त्रयोदशपदानीत्थं प्रेताय द्वादशेऽहनि ।।
दातव्यानि यथाशक्ति तेनासौ प्रीणितो भवेत् ।।

पददानका वस्तु

त्यहीं नै भनिएको छ कि भोजन, आसन, छाता, औंठी, कमण्डलु, भोजनपात्र र वस्त्र यी आठप्रकारका पद मानिएका छन् । त्यसैगरी पात्र र आसन दानबाट, औंठी र भोजन दानबाट, महिषी, रथ र गोदानबाट दाता निश्चितरूपमा सुखी बन्दछ । सबै प्रकारका गृहस्थले प्रयोग गर्ने सामग्रीसहित १३ पदार्थ हुन्छन् । जसले मृत प्राणी र जीवित प्राणीको कल्याणका लागि उक्त १३ प्रकारका पदार्थ दान गर्दछ त्यो कष्टरहित भई उत्तम स्थानमा प्राप्त हुन्छ । यसप्रकार १३ प्रकारका पदार्थहरू प्रेतको उद्धारका लागि दिएपछि प्रेत प्रसन्न हुन्छ ।[६५]

चतुर्दशोपदानानि

अन्नं चैवोदकं चैवोपानहौ च कमण्डलुः । छत्रं वस्त्रं तथा यष्टिं लोहदण्डं तथाष्टमम् ।।
अग्नीष्टकां च दीपं च तिलांस्ताम्बूलमेव च । चन्दनं पुष्पदानं चोपदानानि चतुर्दश ।।
योऽश्वं रथं गजं वापि ब्राह्मणे प्रतिपादयेत् । स्वमहिम्नानुसारेण तत्तत्सुखमवाप्नुयात् ।।

इति । अत्र मूलं चिन्त्यम् ।

१४ प्रकारका उपदान

'अन्न, जल, जुत्ता, कमण्डलु, छाता, वस्त्र, छडी, फलामको दण्ड, अंगेठी अर्थात् मकल, बत्ती, तिल, ताम्बूल, चन्दन र पुष्प यी १४ उपदान मानिएका छन् ।' पददानका धेरै कुरा नै उपपददानमा परेकाले यसको मूल चिन्तनीय छ । 'जसले ब्राह्मणलाई घोडा, रथ, हात्ती दानमा दिन्छ त्यसले आफ्नो महिमा अनुसार परलोकमा ती कुरा मृतकलाई प्राप्त गराउँछ ।' उक्त भनाइको स्रोत विचारणीय छ ।

---

६५. यहाँ अष्टविधं पदम् भनी आठप्रकारका पद बताइएको छ । दोस्रो पद्यमा सर्वोपस्करयुक्तानि पदान्यत्र त्रयोदश भनी १३ प्रकारका पद हुने कुरा उल्लेख गरिएको छ । ती अन्य ५ प्रकारका पद के हुन् भन्ने जिज्ञासा हुन्छ । त्यससम्बन्धमा गरुडपुराणमा भनिएको छ कि – ताम्रपात्र, जनै, औंठी, वस्त्र, लट्ठी, कमण्डलु, पकाउने भाँडो, छाता, जुत्ता, रूपैयाँ–पैसा, पकाएको अन्न, काँचो अन्न र आसन गरी तेह्र प्रकारका पद हुन्छन् ।

शय्यादाने सम्भारादिकथनम्

अत्र शय्यादानम् । हेमाद्रौ भविष्ये –

तस्माच्छय्यां समासाद्य सारदारुमयीं दृढाम् । दन्तपत्रचितां रम्यां हेमपादैरलङ्कृताम् ।।

हंसतूलीप्रतिच्छन्नां शुभगण्डोपधानिकाम् । प्रच्छादनपटीयुक्तां गन्धधूपादिवासिताम् ।।

तस्यां संस्थापयेद्धैमं हरिं लक्ष्म्या समन्वितम् ।। अथ हरिस्थाने प्रेतम् ।

उच्छीर्षके घृतभृतं कलशं परिकल्पयेत् । ताम्बूलं कुङ्कुमं क्षौद्रं कर्पूरागुरुचन्दनम् ।

दीपिकोपानहच्छत्रचामरासनभाजनम् । पार्श्वेषु स्थापयेद्भक्त्या सप्तधान्यानि चैव हि ।।

शयनस्थस्य भवति यदन्यदुपकारकम् । भृङ्गारकरकाद्यं तु पञ्चवर्णं वितानकम् ।।

शय्यादानका सम्भारहरू

अब शय्यादानको बारेमा विचार गरिन्छ । **हेमाद्रि**मा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ कि – सारदारु अर्थात् त्यस्तो काठ, जसमा सारभाग धेरै हुन्छ त्यसबाट बलियो पलङ तयार गर्नुपर्दछ । हात्तीदाँतद्वारा तयार गरिएको र रमणीय बुट्टा कुँदिएको पलङको खुट्टा सुनका बनाउनुपर्दछ । त्यो शय्या तयार गर्दा तकिया, सिरक, डस्ना आदि वस्त्र सुन्दर कपासद्वारा तयार गरिएको हुनुपर्दछ । सेतो तन्नाद्वारा ढाकिएको मधु, गन्ध, धूप आदिबाट सुगन्धित उक्त शय्यामा लक्ष्मी र नारायणको मूर्ति स्थापना गर्नुपर्दछ ।' तर यहाँ लक्ष्मीनारायणको मूर्तिको स्थानमा प्रेतशय्या गर्दा प्रेतकै स्थापना गर्नुपर्दछ ।

शय्याको सिरानीतिर घ्यूले भरिएको कलश हुनुपर्दछ । चारैतिर ताम्बूल, कुंकुम, रचना, कपूर, अगर, चन्दन, दीप, जुत्ता, छाता, चँवर, आसन, भोजनपात्रका साथै छेउछाउमा सप्तधान्य पनि राखिएको हुनुपर्दछ । एउटा गृहस्थको दैनिक जीवनमा जुन जुन पदार्थ आवश्यक हुन्छन् ती सबै पदार्थ शय्यामा शयन गर्ने ब्राह्मण आदिलाई दिनुपर्दछ । त्यहाँ सुवर्णको कमण्डलु, करुवा र पाँच रङको चँदुवा पनि देयपदार्थमा राखिदिनुपर्दछ ।

शय्यादानमन्त्रः

मन्त्रस्तु – **यथा न कृष्णशयनं शून्यं सागरजातया । शय्या ममाप्यशून्याऽस्तु तथा जन्मनि जन्मनि।।**

यस्मादशून्यं शयनं केशवस्य शिवस्य च । शय्या ममाप्यशून्याऽस्तु तथा जन्मनि जन्मिनि ।।

दत्त्वैवं तस्य सकलं प्रणिपत्य विसर्जयेत् । एकादशाहेऽपि तथा विधिरेष प्रकीर्तितः ।।

शय्यादानमन्त्र

यथा न कृष्णशयनम् इत्यादि शय्यादानको मन्त्र हो । त्यसको अर्थ यसप्रकार छ – 'जसरी भगवान् कृष्णको शय्या सागरबाट उत्पन्न भएकी लक्ष्मी रहनाले कहिले पनि शून्य हुँदैन । त्यसैगरी मेरो शय्या पनि जन्मजन्मसम्म शून्य नहोस् । जसरी केशवको शय्या कहिले शून्य हुँदैन त्यसैगरी मेरो शय्या पनि कहिल्यै शून्य नहोस् ।' यसप्रकार प्रार्थना गरी ब्राह्मणका निमित्त प्रेतको उद्देश्यले सबै कुरा दिएर प्रणाम गरी विसर्जन गर्नुपर्दछ । एघारौं दिनका दिन गरिने शय्याको विधि पनि यही हो ।'

मृतकशय्यादाने विशेषः

विशेषं चात्र राजेन्द्र कथ्यमानं निशामय । तेनोपभुक्तं यत्किञ्चिद्वस्त्रवाहनभाजनम् ।
यद्यदिष्टं च तस्यासीत् तत्सर्वं परिकल्पयेत् । तमेव पुरुषं हैमं तस्यां संस्थापयेत्तदा ।।
पूजयित्वा प्रदातव्या मृतशय्या यथोदिता ।।

पाद्मे – **मृतकान्ते द्वितीयेऽह्नि शय्यां दद्यात्सुलक्षणाम् । काञ्चनं पुरुषं तद्वत् फलवस्त्रसमन्वितम् ।**
सम्पूज्य द्विजदाम्पत्यं नानाभरणभूषितम् । उपवेश्य तु शय्यायां मधुपर्कं ततो ददेत् ।।

मृतकका लागि शय्यादानमा विशेष

प्रेतको कार्यमा मृतकद्वारा उपयोग गरिएका वस्त्र, वाहन, भोजनपात्र र जुन–जुन कुरा मृतकले रुचाउँथ्यो, ती सबै दिनुपर्दछ । प्रेतको सुवर्णमय मूर्ति तयार गरेर शय्यामा राख्नुपर्दछ। शय्यापूजन गरेपछि यथोचितरूपमा प्रेतशय्यादान गर्नुपर्दछ।

पद्मपुराणमा भनिएको छ कि – मृतकका लागि आशौचको अन्त्यमा शुभलक्षण भएको शय्यादान गर्नुपर्दछ । यसैगरी फल, वस्त्रले युक्त सुवर्णले बनेको पुरुष प्रेतका निमित्त दान गर्नुपर्दछ। अनेक आभूषणहरूद्वारा ब्राह्मणदम्पतिको पूजा गरी तिनीहरूलाई शय्यामा बसालेर मधुपर्क दिनुपर्दछ ।

रजतपात्रे ललाटास्थिभोजनस्य पर्वतीयाचारः

रजतस्य तु पात्रेण दधिदुग्धसमन्वितम् । अस्थि लालाटिकं गृह्य सूक्ष्मं कृत्वा सपायसम् ।।
भोजयेद् द्विजदाम्पत्यं विधिरेष सनातनः । एष एव विधिर्दृष्टः पर्वतीयैर्द्विजोत्तमैः ।।

चाँदीको भाँडोमा प्रेतको निधारको अस्तु

मृत व्यक्तिको अस्थिसञ्चय गर्ने क्रममा कर्ताले प्रेतको निधारको अस्तु ग्रहण गरी त्यसलाई मसिनो गरी पिनेर दही, दूध र खीरमा राखिएको चाँदीको पात्रमा मिलाउनुपर्दछ । त्यसपछि त्यो भोज्यपदार्थ द्विजदम्पतिलाई भोजन गराउनुपर्दछ। यो सनातन विधि हो । यो विधि पर्वतीय भूभागमा बसोबास गर्ने उत्तम ब्राह्मणहरूमा देखिएको छ ।[६६]

मृतशय्याग्रहणे पुनःसंस्कारत्वकथनम्

एतत्प्रतिग्रहे तत्रैवोक्तम् – **गृहीतायां तु तस्यां वै पुनः संस्कारमर्हति ।**

मृतशय्याग्रहणमा प्रायश्चित्त

'ब्राह्मणले प्रेतशय्या ग्रहण गरेपछि फेरि संस्कार गर्नुपर्दछ' यसको मूलमा रहेको **गृहीतायां तु तस्यां वै**' प्रयोगको सट्टा '**गृहीत्वा मृतशय्यां तु**' भन्ने पाठ कतै पाइन्छ । अर्थ उही हो ।

शय्यादानफलम्

शय्यादानफलं भविष्ये –

स्वर्गे पुरन्दरपुरे सूर्यपुत्रालये तथा । सुखं वसत्यसौ जन्तुः शय्यादानप्रभावतः ।।
आभूतसंप्लवं यावत्तिष्ठत्यातङ्कवर्जितः ।। इति ।

६६. यो विधि केही राजपरिवारमा पचास वर्षअघिसम्म प्रकारान्तरबाट प्रचलित भएको कुरा ज्ञात हुन्छ ।

शय्यादानको फल

भविष्यपुराणमा शय्यादानको फल बताउँदै भनिएको छ – शय्यादान गर्ने मानिस त्यस पुण्यका प्रभावले इन्द्रपुर–स्वर्गमा र सूर्यपुर – यमभवनमा प्रलयपर्यन्त भय र आतंकबाट मुक्त भई निवास गर्दछ ।

उदकुम्भदानम्

अथोदकुम्भः । हेमाद्रौ स्मृतिसमुच्चये –

एकादशाहात्प्रभृति घटस्तोयान्नसंयुतः । दिने दिने प्रदातव्यो यावत्संवत्सरं सुतैः ।।

लौगाक्षिः – **यस्य संवत्सरादर्वाक् सपिण्डीकरणं भवेत् । मासिकं चोदकुम्भं च देयं तस्यापि वत्सरम् ।।**

उत्तरार्द्धे – **तस्याप्यन्नं सोदकुम्भं दद्यात्संवत्सरं द्विजे** । इति याज्ञवल्क्यपाठः । सपिण्डनापकर्षेऽस्यापकर्षप्राप्तेर्बाधकमिदमिति शूलपाणिः । तन्न, प्रकृतिविकाराभावेन तदन्तन्यायाविषयत्वात् ।

जलकुम्भदान

अब जलकुम्भ दानको बारेमा विचार गरिन्छ । **हेमाद्रि**मा उद्धृत **स्मृतिसमुच्चय**को वचनमा भनिएको छ – एघारौं दिनदेखि लिएर वर्षदिनसम्म दिनदिनै उदकुम्भसहित अन्नदान गरिरहनुपर्दछ । **लौगाक्षि**ले भनेका छन् – जसको एकवर्ष पहिले अर्थात् मरणको बाह्रौं दिनमा सपिण्डनश्राद्ध गरिएको छ त्यसका निमित्त पनि एकवर्षसम्म मासिकश्राद्ध र जलकुम्भदान गरिदिनुपर्दछ । उत्तरार्धमा **याज्ञवल्क्य**ले भनेका छन् – मृतकको उद्धारका लागि पनि अन्न र जलकुम्भ एकवर्षसम्म दिनदिनै ब्राह्मणलाई दिनुपर्दछ ।

सपिण्डनलाई छोट्याएर बाह्रौं दिनमा सम्पन्न गरेपछि उदककुम्भसहित अन्नदान पनि छोट्याउनुपर्दछ भन्ने भनाइको बाधक यो वचन हो भनी **शूलपाणि**ले भनेका छन् । ग्रन्थकार भन्दछन् – सपिण्डनको लागि अन्यकर्म गरिएझैं उदककुम्भसहित अन्नदानलाई छोट्याउने कुरा प्राप्त हुँदैन । प्राप्ति नै नभएपछि बाध पनि हुँदैन । प्रकृतिविकृतिभाव भएको अवस्थामा मात्र प्रकृतिविकृतिभावको अन्त वा अपकर्षको प्रसङ्ग आउँछ । प्रकृतिविकृतिभाव नै नभएपछि त्यसको अपकर्ष हुने कुरा आउँदैन र बाध पनि हुँदैन अर्थात् तदन्तन्याय यहाँ प्रवृत्त हुँदैन ।

मात्स्ये – **यावदब्दं च यो दद्यादुदकुम्भं विमत्सरः । प्रेतायान्नसमायुक्तं सोऽश्वमेधफलं लभेत् ।।**

केचित्त्रयोदशाहमारभ्याहुस्तन्निर्मूलम् । अत्र देवयाज्ञिकः –

'सपिण्डनापकर्षे संवत्सरं यावदुदकुम्भमर्वागेव दद्यान्नोर्ध्वम्' ।

प्रेतलोकगतस्यान्नं सोदकुम्भं प्रयच्छत ।। इति गोविन्दराजधृतविष्णूक्तेः ।

अन्नं चैव स्वशक्त्या तु संख्यां कृत्वाब्दिकावधि । दातव्यं ब्राह्मणे स्कन्द घटादौ निष्क्रयं तु वा ।।

अपि श्राद्धशतैर्दत्तैरुदकुम्भं विना नराः । दरिद्रा दुःखिनस्तात भ्रमन्ति च भवार्णवे ।।

तेनापकृष्य दातव्यं प्रेतस्याप्युदकुम्भकम् ।। इति गोभिलभाष्ये स्कान्दाच्च सपिण्डनात्प्रागेव तस्य विधानादूर्ध्वं निषेधादित्याह । तन्न, उदकुम्भे पार्वणविधानानुपपत्तेरेवं व्याख्यायां मानाभावान्मिताक्षरादिविरोधाच्च । वचनं यदि समूलं तदा वृद्धापकर्षं विधत्ते । **प्रेतश्राद्धानि सर्वाणि सपिण्डीकरणं तथा** । इति हेमाद्रौ शाट्यायनोक्तेः । **'तस्याप्यन्नं सोदकुम्भम्'** इति याज्ञवल्क्यविरोधाच्च ।

मत्स्यपुराणमा भनिएको छ – जसले ईर्ष्यारहित भई एकवर्षसम्म प्रेतका निमित्त उदककुम्भसहित अन्न प्रदान गर्दछ त्यसले अश्वमेधयज्ञको फल प्राप्त गर्दछ । ग्रन्थकार भन्दछन् – जलकुम्भसहित अन्नदान तेह्रौं दिनदेखि आरम्भ गर्नुपर्दछ भनी कसैले भनेका छन् त्यसमा कुनै प्रमाण छैन । देवयाज्ञिकले भनेका छन् कि – सपिण्डनश्राद्धको अपकर्षमा पनि एकवर्षसम्म जलकुम्भ दिनुपर्दछ । त्यसपछि दिनुपर्दैन ।

गोविन्दराजमा **विष्णु**ले भनेका छन् कि – प्रेतलोकमा गएका प्राणीका लागि जलले भरिएको कुम्भसहित अन्नदान गर्नुपर्दछ । एकवर्षसम्म आफ्नो शक्तिअनुसार गणना गरी अन्नदान गर्नुपर्दछ अथवा घटदानको निष्क्रय ब्राह्मणलाई दिनुपर्दछ । सयश्राद्ध गरेपनि जलकुम्भदान नगर्ने हो भने मानिसहरू दरिद्र र दुःखी भई संसाररूपी समुद्रमा भ्रमण गर्दछन्। त्यसकारण अपकर्ष गरेर भए पनि प्रेतका निमित्त जलकुम्भदान गर्नुपर्दछ । यो **गोभिल**भाष्यमा उद्धृत **स्कन्दपुराण**को वचन हो ।

सपिण्डीकरणभन्दा पहिले उदकुम्भदानको विधान गरिएको छ त्यसपछि उदकुम्भदान र अन्नदानको निषेध गरिएको छ भन्ने कुरा कसैले भनेका छन् त्यो उचित छैन । जलकुम्भदानको आरम्भ गर्दा सपिण्डनविधिको सीमाङ्कन गरी सपिण्डीकरणभित्र मात्र उदकुम्भदान गर्नुपर्दछ भन्नेविधि औचित्यपूर्ण नभएकाले सपिण्डनभन्दा पहिले जलकुम्भदान गर्नुपर्ने व्याख्यामा कुनै प्रमाण छैन । तदनुसार गर्ने हो भने मिताक्षरासँग विरोध पर्दछ । यदि यो वचन प्रमाणरहित छ भने पनि यो अपकर्ष विधान वृद्धिश्राद्धका लागि हो भन्नुपर्दछ । सबै प्रेतश्राद्ध र सपिण्डीकरण गर्नुपर्दछ भन्ने **हेमाद्रि**मा **शाट्यायन**को वचन छ । यो वचन **याज्ञवल्क्य**को जलकुम्भसहित अन्नदानको विरुद्ध देखिन्छ ।

मदनरत्ने गौतमः –

अदैवं पार्वणं श्राद्धं सोदकुम्भमधर्मकम् । कुर्यात्प्रत्याब्दिकात् श्राद्धात् सङ्कल्पविधिनाऽन्वहम् ।।

अधर्मकं ब्रह्मचर्यादिनियमहीनम् । एतन्मासिकवदेकोद्दिष्टं पार्वणं वा कार्यम् । अपरार्कस्तु –

सपिण्डीकरणे वृत्ते पृथक्त्वं नोपपद्यते । पृथक्त्वे तु कृते पश्चात्पुनः कार्या सपिण्डता ।। इति ।

मदनरत्नमा **गौतम**ले भनेका छन् – विनाविश्वेदेवको पार्वणश्राद्ध, अधर्मक अर्थात् ब्रह्मचर्य आदि धर्मबाट रहित जलकुम्भदान र प्रतिवर्ष गरिने श्राद्ध प्रतिदिन सङ्कल्पविधिले गर्नुपर्दछ । यहाँ अधर्मक भनेको ब्रह्मचर्य आदि नियमरहित हो । यहाँ मासिकश्राद्ध भने एकोद्दिष्ट अथवा पार्वणविधिले गर्नुपर्ने कुरा बताइएको छ । **अपरार्क** भन्दछन् – सपिण्डीकरण गरेपछि प्रेत पितृ बन्दछ र त्यसको निमित्त छुट्टै श्राद्ध गर्न मिल्दैन । छुट्टै श्राद्ध गर्न चाहनेले फेरि सपिण्डन गर्नुपर्दछ ।

अन्नादिदानम्

लघुहारीतोक्तावपि – **तस्याप्यन्नं सोदकुम्भं देयं संवत्सरं द्विजे** । इति याज्ञवल्क्यीये तस्येत्येकत्वोक्तेः सपिण्डनोत्तरमप्येकोद्दिष्टमेवेत्याह । अत्र पिण्डदानं कृताकृतम् । '**अहरहरन्नमस्मै ब्राह्मणायोदकुम्भं च दद्यात्पिण्डमप्येके निपृणन्ति**' इति हेमाद्रौ पारस्करोक्तेः । श्राद्धाशक्तौ पिण्डमात्रमिति गौडाः । तन्न, अपिशब्दबाधापत्तेः।

हारीतः – **मृते पितरि वै पुत्रः पिण्डमब्दं समाचरेत् । अन्नं कुम्भं च विप्राय प्रेतनिर्देशधर्मतः ।।**

प्रेतशब्दोच्चारणेनेति हलायुधः । यद्वा प्रेतस्य निर्देशो यत्र तदेकोद्दिष्टं तद्धर्मत इत्यर्थः । अत्राशौचान्तदिनाद्यावदब्दान्तं यावद् वत्सरं पूर्तेः शौचं नाधिकारिविशेषणम् । तेन मृतिदिनमारभ्यैतत्कार्यमिति केचित् । तन्न, हेमाद्रिधृतवचोविरोधात्। मध्ये आशौचादिना बाधे तु लोप एव दार्शवत् ।

अन्न आदिको दान

लघुहारीतमा भनिएको छ कि – 'सपिण्डीकरण गरेका मृतकका निमित्त पनि वर्ष दिनसम्म अन्न र जलकुम्भ दान गरिदिनुपर्दछ' भन्ने **याज्ञवल्क्य**को वचनबाट सपिण्डन गरिएका मानिसको पनि सपिण्डन नगरिएका मानिससँग एकता गरी जलकुम्भ आदि दिनुपर्ने व्यवस्था रहेको बुझिन्छ । यस्तो मासिकश्राद्धमा पिण्ड दिने विषयमा पिण्डदान गरे पनि भयो, नगरे पनि भयो भन्ने वैकल्पिक व्यवस्था रहेको बुझिन्छ ।

हेमाद्रिमा **पारस्कर**को वचन छ कि प्रतिदिन प्रेतको कल्याणका उद्देश्यले ब्राह्मणलाई अन्न र जलकुम्भ दिनुपर्दछ। कसैले भनेका छन् – पिण्ड पनि दिनुपर्दछ । **गौड**हरू भन्दछन् – श्राद्ध गर्ने शक्ति नभएमा केवल पिण्ड दिनुपर्दछ । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन किनकि **पिण्डमप्येके** वाक्यमा रहेको **अपि** शब्दले पिण्डमात्र दिने कुरालाई बाध गर्दछ । **हारीत**ले भनेका छन् कि पिताको मृत्यु भएपछि वर्षदिनसम्म पुत्रले पिण्डदान गर्नुपर्दछ । अन्न र कुम्भ प्रेतको उद्देश्यले ब्राह्मणलाई दिनुपर्दछ । **हलायुध**ले भनेका छन् – ब्राह्मणलाई दिँदा प्रेतशब्दको उच्चारण गर्नुपर्दछ अथवा प्रेतको निर्देश जसमा रहेको छ त्यस्तो एकोद्दिष्टधर्मले श्राद्ध गर्नुपर्दछ । यहाँ **अपि** भन्नाले आशौचान्त दिनदेखि वर्षान्त दिनसम्म अर्थात् एकवर्षको आशौच समाप्त नभएसम्म पिण्डदान, अन्नदान र कुम्भदान गर्नुपर्ने भएकाले **'शौचं नाधिकारिविशेषणम्'** अर्थात् आशौच शुद्ध व्यक्तिले मात्र गर्ने कार्य नभई अशुद्ध अवस्थाका मानिसले पनि गर्ने विषय हो र मृत्यु दिनदेखि नै यो कार्य आरम्भ गर्नुपर्दछ भन्ने कुरा कसैले बताएका छन् । ग्रन्थकार भन्दछन् – यो उचित छैन, **हेमाद्रि**को वचनसँग मेल खाँदैन । बीचमा आशौच आदिको बाधा हुँदा अमावास्याश्राद्धसरह उक्त कर्मको पनि लोप हुन्छ ।

प्रथमाब्दे दीपदानम्

तथा प्रथमाब्दे दीपदानमुक्तम् । देवजानीये गारुडे –

प्रत्यहं दीपको देयो मार्गे तु विषमे नरैः । यावत्संवत्सरं वापि प्रेतस्य सुखलिप्सया ।।
प्राङ्मुखोदङ्मुखं दीपं देवागारे द्विजालये । कुर्याद्याम्यमुखं पित्र्ये अद्भिः सङ्कल्प्य सुस्थिरम् ।।

प्रथमवर्षमा दीपदान

मरेको प्रथमवर्षभित्र मृतकका उद्देश्यले दीपदान गर्नुपर्दछ । **देवजानीय**मा उद्धृत **गरुडपुराण**को वचनमा भनिएको छ कि – प्रेत विषम मार्गमा जाँदा त्यसको सुखको कामना गरी एकवर्षसम्म त्यसका लागि दिनदिनै दीपदान गर्नुपर्दछ । सुस्थिर अथवा पूर्वमुख अथवा उत्तरमुख भएर देवमन्दिर या ब्राह्मणको घरमा बाल्ने किसिमले दीपदान गर्नुपर्दछ अथवा दक्षिणतिर फर्काई पितृका उद्देश्यले जल लिएर सङ्कल्प गरी दीपदान दिनुपर्दछ ।

अथ मासिकानि

अथ मासिकानि । तानि च कृत्वैव सपिण्डनं कार्यम् । तथा च गोभिललौगाक्षी –

श्राद्धानि षोडशादत्त्वा नैव कुर्यात्सपिण्डनम् । श्राद्धानि षोडशापाद्य विदधीत सपिण्डनम् ।।

मासिकश्राद्ध

अब मासिकश्राद्धको विषयमा चर्चा गरिन्छ । मासिकश्राद्ध गरेपछि मात्र सपिण्डन गर्नुपर्दछ । **गोभिल र लौगाक्षि**ले भनेका छन् कि – सोह्रमासिकश्राद्ध नगरीकन सपिण्डन गर्न हुँदैन । त्यसकारण पहिले सोह्रवटा मासिकश्राद्ध गरी त्यसपछि सपिण्डन गर्नुपर्दछ ।

षोडशश्राद्धानि

तानि त्वाह जातूकर्ण्यः -

द्वादश प्रतिमास्यानि आद्यषाण्मासिके तथा । त्रैपक्षिकाब्दिके चेति श्राद्धान्येतानि षोडश ।।

आद्यषाण्मासिकाब्दिकशब्दाः ऊनमासिकोनषष्ठोनाब्दिकपराः । हेमाद्रौ तु - **सपिण्डीकरणं चैव इत्येच्छ्राद्धषोडशम्** । इत्युत्तरार्द्धे पाठः । तदा **आद्यमूनमासिकम्** - द्वादशाहे, **षाण्मासिकम्** - ऊनषष्ठे, **आब्दिकम्** - ऊनाब्दिके इत्यर्थः ।

सोह्रश्राद्ध

जातूकर्ण्यले सोह्रश्राद्धको विषयमा भनेका छन् - बाह्रमहिनाका बाह्र श्राद्ध, आद्य र षाण्मासिकश्राद्ध, त्रैपाक्षिक र आब्दिकश्राद्ध गरी सोह्र श्राद्ध हुन्छन् । आद्य, षाण्मासिक र आब्दिकशब्दले ऊनमासिक, ऊनषाण्मासिक र ऊनाब्दिकलाई बुझाउँछ । हेमाद्रिमा भनिएको छ - सपिण्डनश्राद्धलाई जोडेर सोह्रश्राद्ध हुन्छन् । यो उत्तरार्द्धको पाठ हो । त्यसो गर्दा आद्यशब्दबाट आद्य ऊनमासिकलाई बाह्रौं दिनमा गरिने श्राद्ध बुझ्नुपर्दछ । षाण्मासिकशब्दबाट ऊनषाण्मासिक र आब्दिकशब्दबाट ऊनाब्दिकश्राद्ध भन्ने अर्थबोध गर्नुपर्दछ ।

कात्यायनमते षोडशश्राद्धम्

कात्यायनस्त्वन्यथाह -

द्वादश प्रतिमास्यानि आद्यषाण्मासिके तथा । सपिण्डीकरणं चैव इत्येतच्छ्राद्धषोडशम् ।।

एकाहेन तु षण्मासा यदा स्युरपि वा त्रिभिः । न्यूनः संवत्सरश्चैव स्यातां षाण्मासिके तदा ।।

द्विवचनादूनषष्ठोनाब्दिके इत्यर्थमाह पृथ्वीचन्द्रः ।

कात्यायनको मतमा सोह्रश्राद्ध

कात्यायनले अर्कै तरिकाले बताएका छन् । बाह्रमहिनाका १२ श्राद्ध, आद्यश्राद्ध, ऊनषाण्मासिक, ऊनाब्दिक र सपिण्डीकरण गरी १६ श्राद्ध हुन्छन् । छैठौं महिनामा गरिने षाण्मासिक एकदिन वा तीनदिनले न्यून भएमा र आब्दिकश्राद्ध पनि तीनदिन न्यून गरी गर्नुपरेमा पहिलोलाई ऊनषाण्मासिक र दोस्रोलाई ऊनाब्दिक भनिन्छ ।

व्यासमते विचारः

व्यासस्त्वन्यथाह -

द्वादशाहे त्रिपक्षे च षण्मासे मासिकाब्दिके । श्राद्धानि षोडशैतानि संस्मृतानि मनीषिभिः ।।

द्वादशाहपदमूनमासिकपरं तस्य द्वादशाहेप्युक्तेरिति कालादर्शः ।

व्यासको मतमा सोह्रश्राद्ध

व्यासले भनेका छन् - बाह्रौं दिन, पैंतालीसौं दिन, षाण्मासिक, मासिक र आब्दिक गरी १६ श्राद्ध हुन्छन् । बाह्रौं दिन भन्ने पदले ऊनमासिक भन्ने अर्थ जनाउँछ र द्वादशाहमा पनि श्राद्ध गर्नुपर्ने कुरा **कालादर्श**मा बताइएको छ ।

मदनरत्नादिमते विचारः

मदनरत्ने ब्राह्मे त्वन्यथोक्तम् –

नृणां तु त्यक्तदेहानां श्राद्धाः षोडश सर्वदा । चतुर्थे पञ्चमे चैव नवमैकादशे तथा ।।

ततो द्वादशभिर्मासैः श्राद्धाः द्वादशसङ्ख्या ।। इति चतुर्थादीनि दिनानि । भविष्ये त्वन्यथोक्तम् –

अस्थिसञ्चयनं श्राद्धं त्रिपक्षे मासिकानि तु । रिक्तयोश्च तथा तिथ्योः प्रेतश्राद्धानि षोडश ।।

इति । रिक्तयोस्तिथ्योरित्यूनषष्ठोनाब्दिकपरमिति हेमाद्रिः । अत्र देशकुलशाखाभेदाद् व्यवस्थेति सर्वनिबन्धाः।

गालवः – **ऊनषाण्मासिकं षष्ठे मासे वाप्यूनमासिकम् । त्रैपाक्षिकं त्रिपक्षे स्यादूनाब्दं द्वादशे तथा।।**

मदनरत्न आदिको मतमा विचार

मदनरत्नमा ब्रह्मपुराणभन्दा भिन्दै ढंगले सोह्रवटा मासिकश्राद्धको व्याख्या गरिएको छ । शरीरत्याग गर्ने मानिसहरूका लागि सधैं सोह्रवटा मासिक आदि श्राद्ध गर्नुपर्दछ । चौथो, पाँचौं, नवौं, एघारौं दिन र पूरा बाह्रमहिनामा गरिने मासिकश्राद्धको गणना गर्दा सोह्र श्राद्ध हुन्छन् । **भविष्यपुराण**मा अर्कै तरिकाले बताइएको छ । अस्थिसञ्चयनश्राद्ध, त्रिपक्षीयश्राद्ध, बाह्रमहिनाका मासिकश्राद्ध, रिक्ता अर्थात् ऊनषाण्मासिकश्राद्ध, तिथि अर्थात् ऊनमासिकश्राद्ध गरी सोह्र प्रकारका श्राद्ध हुन्छन्। यहाँ रिक्ताशब्दको ऊनषाण्मासिक र ऊनमासिक अर्थ हो भन्ने कुरा हेमाद्रिले बताएका छन् । यहाँ देश, कुल र शाखाभेदले व्यवस्था गरिन्छ भन्ने कुरा अरू **निबन्धशास्त्र**मा बताइएको छ । **गालव**ले भनेका छन् – छमहिनामा ऊनषाण्मासिक, महिना–महिनामा ऊनमासिक, त्रिपक्षमा त्रैपाक्षिक र बाह्रौं महिनामा ऊनमासिक गर्नुपर्दछ ।

ऊनमासिके विचारः

ऊनमासिके तु गोभिलः – **मरणाद् द्वादशाहे स्यान्मास्यूने चोनमासिकम् ।** मदनरत्ने कालादर्शे च श्लोकगौतमः– **एकद्वित्रिदिनैरूने त्रिभागेनोन एव वा ।** श्राद्धान्यूनाब्दिकादीनि कुर्यादित्याह गौतमः । क्रियाबिन्धने क्रतुस्तु –

सार्द्धे एकादशे मासे सार्द्धे वै पञ्चमे तथा । ऊनाब्दमूनषण्मासं भवेतां श्राद्धकर्मणि ।।

इत्युक्तं तत्र मूलं चिन्त्यम् ।

ऊनमासिकको समयविचार

गोभिलले भनेका छन् – मरणदेखि बाह्रौं दिन वा महिनाको एकदिन न्यून हुँदा ऊनमासिकश्राद्ध हुन्छ । **मदनरत्न** र **कालादर्श**मा **गौतम**को श्लोक छ – एक, दुई र तीनदिनको ऊन हुँदा अथवा त्रिभागबाट ऊनहुँदा आब्दिक, ऊनाब्दिक आदि श्राद्ध गर्नुपर्दछ । **क्रियानिबन्धमा क्रतु**ले भनेका छन् – श्राद्धकर्ममा साढे एघारमहिनामा ऊनाब्द र साढे पाँचमहिनामा ऊनषाण्मासिकश्राद्ध गरिन्छ । ग्रन्थकार भन्दछन् – यो भनाइ विचारणीय छ ।

ऊनेषु वर्ज्यानि

ऊनेषु वर्ज्यान्याह मरीचिः –

द्विपुष्करे च नन्दासु सिनीवाल्यां भृगोर्दिने । चतुर्दश्यां च नोनानि कृत्तिकासु त्रिपुष्करे ।।

गालवः – **त्रिभिर्वा दिवसैरूने त्वेकेन द्वितयेन वा । आद्यादिषु च मासेषु कुर्यादूनाब्दिकादिकम् ।।**

एकन्यूनपक्षे पञ्चम्यां मृतस्य तृतीयायां त्रिभिर्न्यूने प्रतिपदि द्व्यूने द्वितीयायामिति केचित् । माधवस्तु –

षाण्मासिकाब्दिके श्राद्धे स्यातां पूर्वेद्युरेव ते । मासिकानि स्वकीये तु दिवसे द्वादशेऽपि वा ।।

इति पैठीनसिवाक्ये ऊनषाण्मासिकं सप्तममासगतमृताहात् पूर्वेद्युः कार्यम्, ऊनाब्दिकं तु द्वितीयाब्दे मृताहदिनात्पूर्वेद्युः कार्यमित्यर्थः । पूर्वेद्युर्मृताहादित्यर्थः । '**मासिकानि स्वकीये तु दिवसे**' इत्युक्तेः । इदमेव युक्तम् । मदनरत्नेऽप्येवम्।

ऊनमासिक आदिमा त्याज्य विषय

ऊनमा त्याज्य विषयको चर्चा गर्दै **मरीचिले** भनेका छन् – द्विपुष्कर, नन्दा, सिनीवाली अमावास्या, शुक्रवार, चतुर्दशी, कृत्तिका र त्रिपुष्करमा ऊनश्राद्ध गर्न हुँदैन । **गालवले** भनेका छन् – तीनदिन, एकदिन अथवा दुईदिन कम गराएर भए पनि प्रथम आदि महिनाहरूमा ऊनमासिक आदि श्राद्ध गर्नुपर्दछ । एकन्यून पक्षमा पञ्चमीमा मरेका मानिसको तृतीयामा, तीनन्यून पक्षमा प्रतिपदामा, दुई न्यून गर्दा द्वितीयामा हुन्छ भन्ने कुरा कसैले बताएका छन् ।

माधवले भनेका छन् कि – 'षाण्मासिक र आब्दिकश्राद्ध त पहिलो दिन नै गर्नुपर्दछ । मासिक आदि श्राद्धलाई आफ्नै दिन या बाह्रौं दिनमा गर्नुपर्दछ ।' यसो भनिएकोमा ऊनषाण्मासिकलाई सप्तममासको मरणदिनभन्दा पहिले गर्नुपर्दछ र ऊनाब्दिकलाई दोस्रो वर्षको मरणदिनभन्दा पहिलो दिन गर्नुपर्दछ भनेका छन् । वास्तवमा मरणदिनभन्दा पहिले गर्नुपर्दछ भन्ने अर्थ हो र मासिकश्राद्ध त आफ्नै दिन गर्नुपर्दछ भनिएको छ । **मदनरत्नमा** पनि यही छ ।

याज्ञवल्क्यः – मृतेऽहनि तु कर्तव्यं प्रतिमासं तु वत्सरम् । अत्राद्यमासिकमाद्याब्दिकं चैकादशेऽह्नीति निर्णयामृतादयः।

ब्राह्मणं भोजयेदाद्ये होतव्यमनलेऽथ वा । पुनश्च भोजयेद्विप्रं द्विरावृत्तिर्भवेदिति ।।

इति गोभिलीये च तद्विषयमाहुः । अन्ये तु '**मासपक्षतिथिस्पृष्टे**' इत्यादि विरोधादाब्दिकं वर्षान्ते एव । मासिक तु मासादौ । द्विरावृत्तिस्तु एकादशाहिकाद्यमासिकपरा । देवयाज्ञिकोऽप्येवमाह ।

लौगाक्षिरपि – **मासादौ मासिकं कार्यमाब्दिकं वत्सरे गते । आद्यमेकादशे कार्यमधिके त्वधिकं भवेत् ।।**

दीपिकायां तु – **आद्यं रुद्रमितेर्कसम्मितदिने वा स्यात्** इत्युक्तम् ।

याज्ञवल्क्यले भनेका छन् – 'एकोद्दिष्टश्राद्ध प्रत्येक महिनामा मरणतिथिमा गर्नुपर्दछ र प्रत्येकवर्ष पनि मरणतिथिमा गर्नुपर्दछ ।' यहाँ आद्यमासिक र आद्यआब्दिक एघारौं दिनमा गर्नुपर्दछ भन्ने कुरा **निर्णयामृत** आदिमा बताइएको छ । आद्यश्राद्धमा ब्राह्मणलाई भोजन गराउनुपर्दछ अथवा अग्निमा हवन गर्नुपर्दछ त्यसपछि ब्राह्मण भोजन गराएपछि द्विरावृत्ति हुन्छ । यो **गोभिलको** भनाइ हो । अरूले भनेका छन् – मास, पक्ष र तिथिले युक्त भन्ने वचनको विरोधमा **गोभिलको** वचन देखिएकाले आब्दिकश्राद्ध वर्ष दिनको अन्तमा नै गर्नुपर्दछ । मासिकश्राद्ध महिनामा गरिन्छ । द्विरावृत्ति एघारौं दिनमा हुन्छ । देवयाज्ञिकले पनि यही बताएका छन् ।

लौगाक्षि भन्दछन् – महिनाको आरम्भमा मासिकश्राद्ध, एकवर्ष पूरा भएपछि आब्दिकश्राद्ध र एघारौं दिनमा आद्यश्राद्ध गर्नुपर्दछ । अधिकमास भएमा भने अधिक आद्यश्राद्ध गरेपछि फेरि अन्नद्वारा आद्यश्राद्ध गर्नुपर्दछ । दीपिकामा भनिएको छ – आद्यश्राद्धलाई एघारौं दिन वा बाह्रौं दिनमा गर्नुपर्दछ ।

गौडास्तु मृततिथ्यवधिके एकदिनाधिके । माससंवत्सरपदं गौणम् । पूर्णेऽब्दे इति ईषदसमाप्तपरत्वमिति शूलपाणिः । तेन द्वितीयमासादावाद्यमासिकादीति तन्मौर्ख्यकृतम् । अशक्तौ तु हारीतः –

मुख्यं श्राद्धं मासि मासि अपर्याप्तावृतुं प्रति । द्वादशाहेन वा भोज्या एकाहे द्वादशापि वा ।।

ऋतुं प्रति द्वे द्वे इत्यर्थः । यदा पितुर्मरणात् त्रयोविंशतितमे दिने दर्शो वृद्धिर्वा स्यात्तदा द्वादशदिनेषु द्वादशमासिकानि

कार्याणीत्यर्थः । त्रैपक्षिकं तु त्रिपक्षेऽतीते मृताहे कार्यम्- **त्रैपक्षिकं भवेद् वृत्ते त्रिपक्षे तदनन्तरम्** । इति भविष्योक्तेरिति मदनरत्ने उक्तम् । पृथ्वीचन्द्रकालादर्शनिर्णयामृतादयस्तु –

ऊनान्यूनेषु मासेषु विषमाहे समेऽपि वा त्रिपाक्षिकं त्रिपक्षे स्यान्मृताहे त्वितराणि तु ।।

इति कार्ष्णाजिनिस्मृतेः पूर्वत्र वृत्ते प्रवृत्ते इत्यर्थः । ते तदनन्तरशब्दविरोधात् त्रैपक्षिकद्वितीयमासिकयोः संस्कारापत्तेरेवं व्याख्यायां मानाभावाच्चोपेक्ष्याः । त्रिपक्षसपिण्डने त्वेवंशब्दाभावादधिकरणत्वमेव ज्ञेयम् ।

गौडहरू भन्दछन् – मरणतिथिदेखि एकदिन अधिकमा ऊनमासिकश्राद्ध आदि गर्नुपर्दछ, मास र संवत्सर पद भन्नु गौण विषय हो । **शूलपाणि** भन्दछन् – पूर्ण अब्दमा अलिकति असमाप्ति भएको भन्ने अर्थ गर्नुपर्दछ । कसैले दोस्रो मासको आरम्भमा आद्यमासिक आदि गर्नुपर्दछ जुन भनेका छन् त्यो मूर्खतावश भनिएको हो । अशक्त अवस्थामा गर्नुपर्ने सम्बन्धमा **हारीत**ले भनेका छन् – महिना-महिनामा गरिने श्राद्ध मुख्य विषय हो । अपर्याप्तिमा ऋतु-ऋतुमा गरिन्छ । बाह्रौं दिन वा एघारौं दिनमा ब्राह्मणभोजन गराइन्छ । ऋतुमानका आधारमा प्रत्येक ऋतुमा २-२ श्राद्ध हुन्छन् । पिताको मृत्युको त्याइसौं दिनमा अमावास्या वा वृद्धि भएमा बाह्रौं दिनमा द्वादशमासिकश्राद्ध गर्नुपर्दछ । यसको तात्पर्य यसप्रकार छ - एघारौं दिनमा आद्यश्राद्ध, बाह्रौं दिनमा ऊनमासिकश्राद्ध र द्वितीय मासिकश्राद्ध त्यसपछिको दिनमा त्रैपाक्षिकश्राद्ध र तृतीय मासिकश्राद्ध त्यसपछिका दिनहरूमा क्रमैले चतुर्थमासिक, पञ्चममासिक र षष्ठमासिक गर्नुपर्दछ । त्रैपक्षिकश्राद्ध तीनपक्ष बितेपछि मरणदिनमा गर्नुपर्दछ ।

गौडहरूले मरणतिथिभन्दा एकदिन अधिक हुँदा मासिक गर्नुपर्ने बताएका छन् । **शूलपाणि** भन्दछन् – **पूर्णेऽब्दे**को अर्थ वर्ष पूरा हुनभन्दा अलिकति पहिलेको समयमा ऊनाब्दिक गर्नुपर्दछ भन्ने हो । त्यसैले द्वितीय मासिकको आदिमा आद्यमासिक गर्नुपर्छ भन्ने कुरा मूर्खतावश भनिएको छ । कर्ता असामर्थ्य भएमा गर्नुपर्ने सम्बन्धमा **हारीत**ले भनेका छन्– हरेक महिना जुन श्राद्ध गरिन्छ त्यो मुख्य हुन्छ । अपर्याप्ति हुँदा ऋतु-ऋतुमा गरिन्छ । बाह्रौं वा एघारौं दिनमा ब्राह्मणलाई भोजन गराइन्छ । पिताको मरणदेखि तेइसौं दिनका दिन अमावास्या पर्‍यो भने वृद्धिश्राद्ध गर्नुपर्दछ र बाह्रौं दिनमा बाह्र मासिक गर्नुपर्दछ भनिएको छ । पैंतालीसौं दिनमा गरिने श्राद्ध छयालीसौं दिनका दिन मृत्युतिथिमा गर्नुपर्दछ । यसरी गरिएको श्राद्धलाई त्रैपाक्षिक भनिन्छ भन्ने **भविष्यपुराण**को वचन हो ।

पृथ्वीचन्द्रोदय, कालादर्श, निर्णयामृत आदिमा कार्ष्णाजिनिस्मृतिको उद्धरण गर्दै भनिएको छ कि – ऊनमासिक अन्यून मासमा विषम वा सम दिनमा पनि गर्नुपर्दछ । पैंतालीसौं दिनमा गरिने श्राद्ध पैंतालीसौं दिन पूरा भएपछि गर्नुपर्दछ। अन्यश्राद्ध मरणदिनमा गर्नुपर्दछ । '**त्रैपक्षिकं भवेद् वृत्ते त्रिपक्षे तदनन्तरम्**' यो भविष्यपुराणको वचन हो । यसमा 'तीन पक्ष बितेपछि मरणदिनमा त्रैपाक्षिकश्राद्ध गर्नुपर्दछ । त्रिपक्षमा त्रैपाक्षिकश्राद्ध गर्नुपर्दछ ।' यस्तो अर्थ भनिएको छ । यो परस्परविरुद्ध वचन हो । कार्ष्णाजिनिस्मृतिअनुसार विचार गर्दा माथिको पद्यमा रहेको '**वृत्ते**' पदको अर्थ प्रवृत्त भन्ने हुन्छ। त्यसपछि '**तदनन्तरम्**' पद आएको छ त्यसको अर्थ त्यसपछि त्रैपाक्षिक गर्नुपर्छ भनिएको छ । ग्रन्थकार भन्दछन् – यसरी व्याख्या गर्दा त्रैपाक्षिक र द्वितीयमासिकश्राद्धमा सङ्करापत्ति अर्थात् एउटै हुने आपत्ति आइलाग्ने हुँदा यो व्याख्या उपेक्षा गर्न योग्य छ । पैंतालीसौं दिनमा गरिने सपिण्डनश्राद्धमा त एवं अर्थात् यसरी नै भन्ने शब्दको अभाव हुनाले त्रिपक्ष अर्थात् पैंतालीसौं दिनमा गरिने सपिण्डनश्राद्धको अधिकरण अर्थात् आधार हुनसक्ने हुँदा त्यसमा विरोध छैन ।

यत्तु क्रियानिबन्धे गारुडे –

त्रैपक्षिकं त्रिपक्षे तु प्रवृत्ते विषमे दिने । मासिकान्यपि चोनानि अष्टाविंशतिमे दिने ।।

इति तन्निर्मूलम् । स्मृतिरत्नावल्याम् –

द्वादशाहे यदा कुर्यात्पितुः पुत्रः सपिण्डनम् । एकादशेऽह्नि कुर्वीत प्रेतश्राद्धानि षोडश ।।

पैठीनसिः – **सपिण्डीकरणदर्वाक्कुर्वञ्छ्राद्धानि षोडश । एकोद्दिष्टविधानेन कुर्यात्सर्वाणि तानि तु ।।**

सपिण्डीकरणादूर्ध्वं यदा कुर्यात्तदा पुनः । प्रत्यब्दं यो यथा कुर्यात्तथा कुर्यात्स तान्यपि ।।

मदनरत्ने कात्यायनः –

श्राद्धमग्निमतः कार्यं दाहादेकादशेऽहनि । ध्रुवाणि तु प्रकुर्वीत प्रमीताहनि सर्वदा ।।

ध्रुवाणि – त्रैपक्षिकादूर्ध्वानि ।

क्रियानिबन्धमा गरुडपुराणको वचन छ कि – ४५ दिनको मासिक विषम दिनमा गर्नुपर्दछ । मासिकश्राद्ध र ऊनमासिकश्राद्ध २८ दिनमा गरिन्छन् । यसै विषयमा ग्रन्थकार भन्दछन् – माथिका कुराहरू कुनै पनि प्रामाणिक होइनन्। **स्मृतिरत्नावली**मा भनिएको छ कि – जब छोराले बाह्रौं दिनका दिन सपिण्डीकरणश्राद्ध गर्दछ भने त्यसले एघारौं दिनका दिन १६ प्रेतश्राद्ध गर्नुपर्दछ । **पैठीनसिस्मृति**मा भनिएको छ कि – सपिण्डीकरणश्राद्ध गर्नुभन्दा पहिले नै सोह्र श्राद्धलाई एकोद्दिष्ट विधिबाट गर्नुपर्दछ । **मदनरत्नमा कात्यायन**ले भनेका छन् कि – अग्निहोत्रीको श्राद्ध दाहसंस्कार गरेको एघारौं दिनका दिन गर्नुपर्दछ । ४५ दिनपछिका मासिकश्राद्धहरू मरणतिथिमा गर्नुपर्दछ । यहाँ श्लोकमा **ध्रुवाणि** पदको प्रयोग गरिएको छ त्यसको अर्थ ४५ दिनपछिका श्राद्ध भन्ने हो ।

क्रियानिबन्धे गारुडे –

त्रिपक्षात्पूर्वतः साग्नेर्भवेत्संस्कारवासरे । ऊर्ध्वं मृतदिनेऽनग्नेः सर्वाण्येव मृताहतः ।।

एतानि च यदा सपिण्डनात् पूर्वं युगपत्कुर्यात्तदा देशकालकर्त्रैक्ये तन्त्रत्वादेकः पाक इति केचित् पाकभेद इति भट्टचरणाः । अत्र केचिदाहुः – **देशकालकर्तृदैवतैक्ये तन्त्रत्वाच्छ्राद्धकालातिक्रमापत्तेः** ।

क्रियानिबन्धमा गरुडपुराणको वचन यसप्रकार छ – अग्निहोत्रीको श्राद्ध पैंतालीस दिनभन्दा पहिले दाहसंस्कारदेखि नै आरम्भ गर्नुपर्दछ र अग्निहोत्र नगर्नेहरूको श्राद्ध मृत्युदिनदेखि नै आरम्भ गरिन्छ । कसैले भनेका छन् कि प्रेतका निमित्त गरिने सोह्रवटा श्राद्ध सपिण्डनभन्दा पहिले एकैचोटि गर्नुपर्दछ । त्यस बेला देश, काल, कर्ता र समय एउटै हुनाले सबै श्राद्धलाई एउटै पाक र एउटै किसिमको पूजाको तारद्वारा सम्पन्न गर्नुपर्दछ । उक्त मत खण्डन गर्दै भट्टहरू भन्दछन्- एउटै पाकबाट ती श्राद्धहरू गर्नु हुँदैन । यहाँ कसैले भनेका छन् कि – देश, काल, कर्ता र देवता एउटै भएकाले तन्त्रविधिबाट श्राद्ध गर्दा श्राद्धको अतिक्रमण हुने आपत्ति आइलाग्नेछ ।

आधाने अपकर्षः

द्वादशाहेऽथ सर्वाणि सङ्क्षेपेण समापयेत् । तान्येव तु पुनः कुर्यात् प्रेतशब्दं न कारयेत् ।।

इति कात्यायनोक्तेः ।

अ[illegible]कर्षनिरूपण

कात्यायनले भनेका छन् कि बाह्रौं दिनका दिन सबै मासिकश्राद्ध सङ्क्षेपमा समाप्त गर्नुपर्दछ । ती श्राद्धलाई

दोहोऱ्याई गर्दा प्रेतशब्दको उच्चारण गर्न हुँदैन ।

अन्तरितानां नवश्राद्धमासिकादीनां तन्त्रत्वनिरूपणम्

नैकः श्राद्धद्वयं कुर्यात्समानेऽहनि कुत्रचित् । इत्यस्य दैवतैक्यपरत्वेऽप्यत्र तत्सत्त्वात् – **श्राद्धं कृत्वा तु तस्यैव पुनः श्राद्धं न कारयेत् ।।** इति जाबाल्युक्तेः ।

षोडशसङ्ख्यायाश्च वाजपेये प्राजापत्ययागसप्तदशत्ववत्सान्नाय्ययागद्वित्ववच्चदर्शपातसंक्रान्ति-श्राद्धवद्युगपदनुष्ठानेप्युपपत्तेः – **'आद्यमासिकाद्यूनाब्दिकान्तेषु षोडशश्राद्धेषु च क्षणः क्रियताम्'** इत्येवं प्रयोगेणैको विप्रः पिण्डोऽर्घ्यश्चेति । विरुद्धविधिध्वंसेऽप्येवं तन्मन्दम् ।

द्वादशाहेन वा भोज्या एकाहे द्वादशापि वा । इति हेमाद्रौ हारीतवचोविरोधात् । तेन विप्रभेदात्पिण्डार्घ्याद्यपि भिन्नमिति सिद्धम् । एतानि द्वादशाहादौ सपिण्डनात्पूर्वं कृतान्यपि वृद्धिं विनाऽपकर्षे पुनः स्वकाले कार्याणि ।

मासिकश्राद्धनिरूपण

'कुनै एकव्यक्तिले कुनै एकव्यक्तिका लागि एकै दिन दुईवटा श्राद्ध गर्न हुँदैन ।' यस वचनमा देवता एउटै भए पनि दुईश्राद्ध गर्न नहुने कुरा देखाइएको छ । वस्तुतः नवश्राद्ध र मासिकश्राद्ध एउटै देवताको लागि गरिन्छन् । **जाबालिले** पनि उक्त मत समर्थन गर्दै भन्दछन् कि – एउटै देवता हुन् भनेर उसै व्यक्तिको उही श्राद्धक्रिया दोहोऱ्याउन हुँदैन । सोह्रसङ्ख्याबाट गरिने वाजपेययागमा प्राजापत्य यागलाई जोड्दा सत्र संख्या हुन आउँछ र एकै पटक हविप्रक्षेपण गरिन्छ । यसैगरी सान्नाय्ययागमा दूध र दहीका छुट्टाछुट्टै संस्कार हुन्छन् तर दूध र दही दिने काम एकैचोटि गरिन्छ । यसैगरी अमावास्यातिथिमा व्यतीपातयोग एवं संक्रान्तिसमेत पर्न आएमा अमावास्याश्राद्धबाट सबै कृतार्थ हुन्छन् । यहाँ पनि एउटा मासिकश्राद्धमा प्रयुक्त हुने विप्र, पिण्ड र अर्घ्यद्वारा सबै मासिकश्राद्ध भएको सम्झनुपर्दछ । देवता एउटै भएका दुईवटा श्राद्ध एकै दिन गर्न नपाइने हो भने उक्त यागहरूमा आपत्ति आउनेछ । आद्यमासिकदेखि लिएर ऊनाब्दिकसम्मका १६ श्राद्धहरूमा **'क्षणः क्रियताम्'** भन्ने वाक्यको प्रयोग हुन्छ, यसको तात्पर्य हो – 'आउनुहोस् र विराजमान हुनुहोस्' । यसबाट एकब्राह्मण, एकपिण्ड र एकअर्घ्य भन्ने कुरा सिद्ध हुन्छ । सर्वप्रथम कात्यायनले बाह्रौं दिनका दिन सबै मासिकश्राद्ध सङ्क्षेपमा समाप्त गर्नुपर्दछ भन्नु र जाबालिले एउटा व्यक्तिले एकदिनमा एउटै मात्र श्राद्ध गर्नुपर्दछ भन्नुजस्ता परस्परविरुद्ध र विधिविरुद्ध भनाइ आएकाले पूर्वातिदेशद्वारा एउटै अर्घ्य, एउटै पिण्ड र एउटै ब्राह्मणद्वारा गरिने मासिकश्राद्ध, वाजपेयसँग गरिने प्राजापत्यद्वारा वाजपेय सम्पन्न भएझैं सान्नाय्ययागमा एकैचोटि प्रयोग गरिने दूध र दहीद्वारा एकैपटक स्वाहा गर्दा पनि दुई स्वाहाकार भएझैं यहाँ पनि एकपटक मासिकश्राद्ध गरिँदा धेरै पटक गरिएसरह हुन्छ ।' यस्तो भनाइबाट पूर्वोक्त एउटा मासिकश्राद्धमा प्रयुक्त हुने ब्राह्मण, पिण्ड र अर्घ्यद्वारा सबै मासिकश्राद्ध भएको सम्झनुपर्ने भनाइजस्तो विधिविरुद्ध मतको ध्वंस भए पनि एउटा श्राद्धमा एउटै अर्घ्य, एउण्डै पिण्ड र एउटै ब्राह्मणको प्रयोग गर्नुपर्ने पूर्वातिदेशद्वारा प्राप्त भएको विचारको प्रभावकारिता पनि मन्द नै देखिन्छ । किनकि **हेमाद्रिमा हारीतस्मृतिको** वचनको विरोध गरिएको गर्दै भनिएको छ– बाह्रौं दिन या एघारौं दिन बाह्रसंख्याका ब्राह्मणलाई भोजन गराउनुपर्दछ । यहाँ पनि ब्राह्मणका भेदले पिण्ड, अर्घ्य आदि सबै छुट्टाछुट्टै हुन्छन् भन्ने कुरा सिद्ध हुन्छ । यही ग्रन्थकारसम्मत मत हो । उक्त सोह्रवटा श्राद्ध बाह्रदिनभन्दा पहिले अर्थात् सपिण्डीकरणभन्दा पहिले गर्दा पनि अपकर्ष हुने हुनाले बाह्रौं दिनका दिन गर्नुपर्दछ ।

यस्य संवत्सरादर्वाक् सपिण्डीकरणं कृतम् । मासिकं चोदकुम्भं च देयं तस्यापि वत्सरम् ।।

इति मदनरत्नेऽङ्गिरसोक्तेः । न चेदं मासिकानामपकर्षं विधत्ते किन्तु सपिण्डनोर्ध्वं स्वकालेऽनुष्ठानमेवेति वाच्यम् । **श्राद्धानि षोडशादत्त्वा न तु कुर्यात्सपिण्डताम्** । इति विरोधात् ।

यस्य संवत्सरादर्वाग्विहिता तु सपिण्डता । विधिवत्तानि कुर्वीत पुनः श्राद्धानि षोडश ।।

इति माधवीये गोभिलोक्तेश्च ।

अर्वाक् संवत्सराद्यस्य सपिण्डीकरणं कृतम् । षोडशानां द्विरावृत्तिं कुर्यादित्याह गौतमः ।।

इति तत्रैव गोभिलोक्तेः । षोडशत्वं चैकादशाहसपिण्डनपक्षे तत्राद्यमासिकस्य कालसत्त्वात्, अन्यपक्षेषु यथासम्भवं ज्ञेयम् ।

मदनरत्नमा आङ्गिरसको भनाइ छ कि – जसको एकवर्षअघि सपिण्डीश्राद्ध गरिएको छ त्यसका निमित्त पनि मासिकश्राद्ध र जलले भरिएको घडा एकवर्षसम्म दिनुपर्दछ । यो वचनले मासिकश्राद्धको अपकर्ष हुँदैन भन्ने थाहा हुन्छ। सपिण्डीकरणश्राद्ध गरेपछि आफ्नो समयमा सबै श्राद्ध गरिदिनुपर्दछ भनिएको छ । तर यस वचनको पहिले भनिएको सोह्रवटा श्राद्ध नगरीकन सपिण्डनश्राद्ध गर्न हुँदैन भन्ने भनाइसँग विरोध पर्न आउँछ । जसको एकवर्षपछि सपिण्डन गरिएको छ त्यसका निमित्त छोराले विधिपूर्वक सोह्रश्राद्ध गरिदिनुपर्दछ भन्ने कुरा बताइएको छ । जसको एकवर्षपहिले सपिण्डश्राद्ध गरिएको छ त्यसका निमित्त फेरि सोह्रश्राद्ध दोहोऱ्याउनुर्दछ भन्ने कुरा **गौतमले** बताएका छन् । त्यहाँ **गालवले** भनेका छन् कि – यो सोह्रवटा श्राद्ध गर्ने कुरा पनि एघारौं दिनमा सपिण्डन गर्ने पक्षमा आएको हो । एघारौं दिन भनेको आद्यमासिकको समय हो । अरू समयमा यथासम्भव हुने कुरा जान्नुपर्दछ ।

यत्तु दीपिकायाम्- **'ऊनमासिकानि तु चरेत्तान्येव सापिण्ड्यतः पश्चाद् द्वादश'** इत्युक्तेरूनानां न पुनः कृतिरित्युक्तं तदेतद्विरोधाच्चिन्त्यम् । यत्तु गौडाः – **सपिण्डीकरणान्ता तु ज्ञेया प्रेतक्रिया बुधैः** ।। इति शातातपोक्तेर्मासिकानां प्रेतत्वविमोक्षार्थत्वात् सपिण्डनापकर्षे तदन्तन्यायेन तेषामप्यपकर्षान्मासिकानां न पुनः कृतिः।

यत्तु **'मासिकानां चोदकुम्भं च'** इति लौगाक्ष्यादिवचनम्, तन्निर्मूलम् । समूलत्वेऽपि दार्शपरं चेत्याहुः । त उक्तवक्ष्यमाणवचोनिबन्धविरोधान्मूर्खा इत्युपेक्ष्याः । यत्तु मिताक्षरायां सपिण्डनोर्ध्वं स्वकाले एव कार्याणि अपकर्षस्त्वनुकल्प इत्युक्तम्, तदपि पूर्वविरोधाच्चिन्त्यम्। तेन वृद्धिं विनाऽपकर्षे पुनः कृतिः ।

दीपिकामा भनिएको छ कि – ऊनमासिकश्राद्ध फेरि गर्नुपर्दछ । सपिण्डनश्राद्ध गरेपछि द्वादश भन्ने शब्द परेकाले ऊनमासिकश्राद्ध गर्नुपर्दैन भन्ने कुरा कसैले बताएका छन् । तर यो वचन युक्तिविरुद्ध हुनाले उपेक्षणीय छ ।

गौडहरू भन्दछन् कि – बुद्धिमान् मानिसले सपिण्डनश्राद्ध गर्दासम्म प्रेतकर्म हुन्छ भन्ने कुरा जान्नुपर्दछ । यो **शातातपको** भनाइ हो । बाह्र दिनपछि गरिने मासिकश्राद्ध त प्रेतत्वनिवारणका लागि गरिन्छन् । सपिण्डन बाह्रौं दिनका दिन गरिन्छ भने तदन्तन्यायले मासिक फेरि गर्नुपर्दैन । एघारौं दिनका दिन गरिएको श्राद्धले नै मासिक सम्पन्न हुन्छ । फेरि कसैले मासिकश्राद्ध र जलकुम्भ दिनुपर्दछ भनेका छन् । त्यो पनि प्रमाणरहित छ । प्रमाणसहित छ भन्ने हो भने पनि त्यो अमावास्याश्राद्धका निमित्तमा भनिएको विषय हो भनी कसैले भनेका छन् ।

यी सब कुराहरू पछि भनिने वचनसँग मेल नखानाले मूर्खतापूर्ण छन् भनेर उपेक्षा गर्नुपर्दछ । फेरि **मिताक्षरामा**

भनिएको छ कि – बाह्रौं दिनका दिन सपिण्डन गरेपछि सबै मासिकश्राद्ध आ–आफ्नै समयमा गर्नुपर्दछ । खिँचेर ल्याई एघारौं दिनमा गर्ने कुरा त विकल्प हो । यो **मिताक्षरा**को वचन पनि पहिले बताइएको वचनसँग मेल नखानाले विचारणीय छ । यसकारण एघारौं दिनका दिन अपकर्ष गरे पनि महिना–महिनामा गरिने मासिकश्राद्ध गर्नुपर्दछ ।

अर्वाक् संवत्सराद्यस्य सपिण्डीकरणं भवेत् । प्रेतत्त्वमिह तस्यापि ज्ञेयं सांवत्सरं नृप ।।

इत्यग्निपुराणात् । वृद्धिनिमित्तापकर्षे त्वस्त्येव तन्निवृत्तिः, अन्यथा वृद्ध्यसम्भवादिति शूलपाणिः ।

कार्ष्णाजिनिः – **सपिण्डीकरणादर्वागपकृष्य कृतान्यपि । पुनरप्यपकृष्यन्ते वृद्ध्युत्तरनिषेधनात्।।**

निषेधं चाह कात्यायनः –

निर्वर्त्य वृद्धितन्त्रं तु मासिकानि न तन्त्रयेत् । अयातयामं मरणं न भवेत्पुनरस्य तु ।।

इति द्विरनुष्ठानं चोत्तरेषामेव, न पूर्वेषां स्वस्वकालकृतानाम् । तदाह माधवीये कार्ष्णाजिनिः –

अर्वागब्दाद्यत्र यत्र सपिण्डीकरणं कृतम् । तदूर्ध्वं मासिकानां स्याद्यथाकालमनुष्ठितिः ।।

हेमाद्रौ शाट्यायनिः –

प्रेतश्राद्धानि शिष्टानि सपिण्डीकरणं तथा । अपकृष्यापि कुर्वीत कर्तुं नान्दीमुखं द्विजः ।।

वृद्धिं विनापकर्षे दोषमाहोशनाः –

वृद्धिश्राद्धविहीनस्तु प्रेतश्राद्धानि यश्चरेत् । स श्राद्धी नरके घोरे पितृभिः सह मज्जति ।। इति ।

अग्निपुराणमा भनिएको छ कि – मृत्यु भएको बाह्रौं दिनका दिन जसको सपिण्डनश्राद्ध गरिन्छ त्यसको सपिण्डन गरे पनि एकवर्षसम्म प्रेतत्व रहिरहन्छ । वृद्धिनिमित्तक अपकर्षमा भने प्रेतत्वको निवृत्ति हुन्छ । अन्यथा वृद्धि असम्भव छ । यो **शूलपाणि**को भनाइ हो । **कार्ष्णाजिनि**ले भनेका छन् कि – सपिण्डीकरणश्राद्धभन्दा पहिले अपकर्ष गरेर भए पनि मासिकश्राद्ध गरिन्छन् । तिनलाई फेरिपनि अपकर्ष गरी गर्नुपर्दछ । किनकि वृद्धिपछि मासिकश्राद्ध गर्न निषेध गरिएको छ। **कात्यायन**ले भनेका छन् कि – वृद्धितन्त्र सम्पन्न गरेपछि मासिकश्राद्ध तन्त्रबाट एकैचोटि गर्न हुँदैन । एकैचोटि श्राद्ध गर्दा मरेको प्रेत फेरि दोस्रो पटक मर्ने सम्भावना हुन्छ । दुईपटक श्राद्ध गर्ने कुरा पनि सपिण्डीकरणपछिका श्राद्धहरूको निमित्त मात्र हो । आफ्नो समयमा गरिएका पहिलेका श्राद्धहरूको होइन ।

माधवीयमा **कार्ष्णाजिनि**ले भनेका छन् कि – मरेको बाह्रौं दिनका दिन जहाँ सपिण्डीश्राद्ध गरिएको हुन्छ त्यहाँ मासिकश्राद्ध आफ्नै समयमा गर्नुपर्दछ । **हेमाद्रि**मा भनिएको छ कि – बाँकी रहेका प्रेतश्राद्ध र सपिण्डीश्राद्धलाई अपकर्ष गरेर जुन ब्राह्मणले वृद्धिश्राद्ध गर्ने इच्छा गर्दछ त्यसले त्यो गर्न पाउँछ । **उशना**ले भनेका छन् – वृद्धिश्राद्धविना अपकर्ष हुँदैन अर्थात् जुन समयमा जुन श्राद्ध गर्नुपर्दछ त्यो समयमा त्यो श्राद्ध नगरेर छिट्टै आफ्नो अनुकूलताले जसले प्रेतश्राद्ध गर्दछ त्यो मानिस पितृहरूका साथ घोरनरकमा प्राप्त हुन्छ ।

पितुः सपिण्डीकरणे विशेषः

आधानेऽपकर्षमाह हेमाद्रावुशनाः –

पितुः सपिण्डीकरणं वार्षिके मृतिवासरे । आधानाद्युपसम्प्राप्तावेतत्प्रागपि वत्सरात् ।।

विशेषस्तु उक्तो विवाहनिर्णये ।

कण्वः – नवश्राद्धं मासिकं च यद्यदन्तरितं भवेत् । तत्तदुत्तरसातन्त्र्यादनुष्ठेयं प्रचक्षते ।।

गारुडेऽपि – आपदाद्यकृतं तत्तु कुर्यादूर्ध्वं मृतेऽहनि ।

इति नवश्राद्धशावाशौचोदकुम्भवृषोत्सर्गादिनिर्णयात्मकं पञ्चमं प्रकरणम्

पिताको सपिण्डीकरणमा विशेष

पिताको सपिण्डीकरणश्राद्ध वार्षिक मरणदिनमा गर्नुपर्दछ । आधान आदि अर्थात् इष्टापूर्त गर्नुपरेमा वर्ष दिन नपुग्दै पनि सपिण्डनश्राद्ध गर्न सकिन्छ । विशेष कुरा त विवाहनिर्णयमा भनिसकेका छौं ।

कण्वले भनेका छन् कि – नवश्राद्ध र मासिकश्राद्धमा विघ्न पर्न आएमा त्यसलाई उत्तरतन्त्रको आधारमा मासिक मरणदिनमा सम्पन्न गर्नुपर्दछ । **गरुडपुराणमा** भनिएको छ कि – आपत्ति परेका कारण नवश्राद्ध र मासिकश्राद्ध गर्न सकिएको छैन भने पछिल्ला मरणतिथिहरूमा गर्नुपर्दछ ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको नवश्राद्ध, शावाशौच, उदकुम्भ, वृषोत्सर्ग आदि विषयको निर्णयमा आधारित पञ्चम प्रकरण पूरा भयो ।



सपिण्डीकरणगयाश्राद्धादिविविधधर्मान्तविषयनिर्णयात्मकं षष्ठं प्रकरणम्

सपिण्डीकरणम्

अथ सपिण्डीकरणम् । माधवीये हारीतः –

या तु पूर्वममावास्यां मृताहाद्दशमी भवेत् । सपिण्डीकरणं तस्यां कुर्यादेवं सुतोऽग्निमान् ।।

मृताहादूर्ध्वं दशमी एकादशीत्यर्थः ।

सपिण्डीकरणं कुर्यात्पूर्वे दर्शेऽग्निमान् सुतः । परतो दशरात्राच्चेत्कुहुरब्दोपरीतरः ।

इति कार्ष्णाजिनिस्मृतेः । आहिताग्नेस्तेन विना श्रौतपिण्डपितृयज्ञासिद्धेः । तदाह गालवः –

सपिण्डीकरणात्प्रेते पैतृकं पदमास्थिते । आहिताग्नेः सिनीवाल्यां पितृयज्ञः प्रवर्तते ।।

सपिण्डीकरण

अब सपिण्डीकरणको विषयमा विचार गरिन्छ । **माधवीयमा हारीतले** भनेका छन् – जुन अमावास्या मृत्युदिनदेखि पछिको दसौं दिनभन्दा पहिले प्राप्त हुन्छ त्यसमा अग्निहोत्रीका छोराले आफ्ना बाबुको सपिण्डनश्राद्ध गर्नुपर्दछ । मरणदिनपछिको दसौं दिन भन्नाले एघारौं दिन भन्ने बुझ्नुपर्दछ । **कार्ष्णाजिनिस्मृतिमा** भनिएको छ कि – अग्निहोत्रीको छोराले अमावास्यामा सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ ।

दशरातपछि अमावास्या भएमा एकवर्षपछि गर्नुपर्दछ । दशरातभन्दा पहिले अमावास्या परेमा अग्निहोत्र नलिनेले पनि पहिले नै सपिण्डीकरण गर्नुपर्दछ । अग्निहोत्रीले त सपिण्डीकरण नगरीकन श्रौतपिण्डपितृयज्ञ गर्न पाउँदैन भन्ने कुरा **गालवले** भनेका छन् । सपिण्डीकरणश्राद्ध गरेपछि प्रेत पितृपदमा प्राप्त हुन्छ । अग्निहोत्रीको पिण्डपितृयज्ञ चन्द्रमा नदेखिने सिनीवाली अमावास्यामा गरिन्छ ।

मदनरत्ने प्रजापतिः – **नासपिण्ड्याग्निमान् पुत्रः पितृयज्ञं समाचरेत् ।** अपरार्के कात्यायनः –

एकादशाहं निर्वर्त्य पूर्वं दर्शाद्यथाविधि । प्रकुर्वीताग्निमान्विप्रो मातापित्रोः सपिण्डताम् ।।

आशौचान्तप्रथमदर्शयोर्मध्ये कस्मिंश्चिदह्नीत्यर्थः । पित्रादीनां सपत्नीकानां देवतात्वेन मातुरपि तत्रानुप्रवेशान्मातुरपि प्राग् दर्शात्सपिण्डनं युक्तमित्यपरार्कः । एवं पितामहादेरपि सपिण्डनं प्राग्दर्शात्कार्यम् । तेन विना पार्वणायोगात् । द्वादशाहे वा कार्यम् ।

साग्निकस्तु यदा कर्ता प्रेतश्चानग्निमान् भवेत् । द्वादशाहे भवेत्कार्यं सपिण्डीकरणं सुतैः ।

इति गोभिलोक्तेः ।

मदनरत्नमा प्रजापतिले भनेका छन् कि – अग्निहोत्रीको छोराले सपिण्डीकरणश्राद्ध नगरीकन पिण्डपितृयज्ञ गर्न हुँदैन । **अपरार्कमा कात्यायनले** भनेका छन् कि – अग्निहोत्रीको छोराले विधिपूर्वक अमावास्याभन्दा पहिले एकादशाहश्राद्ध समाप्त गरेर सपिण्डनश्राद्ध गर्नुपर्दछ । यसको तात्पर्य हो कि – आशौच सकिएपछि आउने पहिलो अमावास्याको बीचमा कुनै दिन सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ । सपत्नीक पिता आदिमा देवतापन हुनाले माताको पनि मातामही आदिसँग अनुप्रवेश हुन्छ । तसर्थ अमावास्याभन्दा पहिले माताको पनि सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ भन्ने कुरा **अपरार्कमा** बताइएको

छ । यसैगरी पितामह आदिको पनि अमावास्याभन्दा पहिले सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ । सपिण्डीकरणश्राद्ध नगरेसम्म अमावास्यामा गरिने श्राद्ध हुन सक्दैन । **गोभिल** भन्दछन् – सपिण्डीकरणश्राद्ध बाह्रौं दिनका दिन गर्नुपर्दछ भन्नुको तात्पर्य के हो भने पुत्र अग्निहोत्री भएमा र पिता अग्निहोत्री नभएमा छोराहरूले बाह्रौं दिनका दिन सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ।

सागनेः प्रेतस्य तु त्रिपक्षे –

प्रेतश्चेदाहिताग्निः स्यात् कर्ताऽनग्निर्यदा भवेत् । सपिण्डीकरणं तस्य कुर्यात्पक्षे तृतीयके।।

इति सुमन्तूक्तेः । मदनरत्ने लघुहारीतोऽपि –

अनग्निस्तु यदा वीर ! भवेत्कुर्यात्तदा गृही । प्रेतश्चेदग्निमांस्तु स्यात्त्रिपक्षे वै सपिण्डनम् ।।

द्वयोः साग्निकत्वे द्वादशाह एव –

साग्निकस्तु यदा कर्ता प्रेतो वाप्यग्निमान् भवेत् । द्वादशाहे तदा कार्यं सपिण्डीकरणं पितुः।।

इति तेनैवोक्तेः । द्वयोरनग्निमत्वे तु भविष्ये –

सपिण्डीकरणं कुर्यात् यजमानस्त्वनग्निमान् । अनाहिताग्नेः प्रेतस्य पूर्णेऽब्दे भरतर्षभ ।।

द्वादशेऽहनि षण्मासे त्रिपक्षे वा त्रिमासि वा । एकादशेऽपि वा मासि मङ्गलस्याप्युपस्थितौ ।।

सुमन्तुले भनेका छन् कि अग्निहोत्री प्रेतको सपिण्डीकरणश्राद्ध ४५ दिनका दिन गर्नुपर्दछ । प्रेत अग्निहोत्री भएमा र छोरा अग्निहोत्री नभएमा सपिण्डीकरणश्राद्ध ४५ दिनमा गर्नुपर्दछ भन्ने आशय हो । **मदनरत्नमा लघुहारीत**ले भनेका छन् – छोरा र प्रेत दुवै अग्निहोत्री नभएमा त्यसको सपिण्डनश्राद्ध ४५ दिनमा हुन्छ । उनैले भनेका छन् कि – बाबु-छोरा दुवै अग्निहोत्री भएमा सपिण्डीकरणश्राद्ध बाह्रौं दिनका दिन नै गर्नुपर्दछ ।

बाबु–छोरा दुवै अग्निहोत्री भएमा **भविष्यपुराण**मा भनिएको छ कि – अग्निहोत्र नगर्ने प्रेतको सपिण्डीकरणश्राद्ध अग्निहोत्र नगर्ने छोराले मरेको एकवर्षपछि गरिदिनुपर्दछ । घरमा वृद्धि अर्थात् मङ्गलकार्य उपस्थित भएमा भने बाह्रौं दिनमा, छैठौं महिनामा, पैंतालीसौं दिनमा, तेस्रो महिनामा अथवा एघारौं महिनामा पनि सपिण्डीकरणश्राद्ध गर्न सकिन्छ।

कात्यायनगोभिलौ – **'यदहर्वा वृद्धिरापद्येत'** इति । तच्च वृद्धिदिन एवेति वाचस्पतिः । तन्न, **'प्रातर्वृद्धिनिमित्तकम्'** इति नियमात्सपिण्डनस्य चापराह्णकालीनत्वेन पूर्वत्वबाधापत्तेः । वृद्धिदिने तत्पूर्वदिने वेति श्रीदत्तः । स्मार्तगौडस्तु– 'वृद्धिपूर्वो वर्षान्त्यश्च क्षणः सपिण्डस्य तत्पूर्वदिने प्रेतत्वनाशे सहकारी । तेन परेद्युर्विघ्नाद् वृद्ध्यभावेऽपि तत्कर्तव्यता-निश्चयसहितमेव कालान्तरक्रियमाणवृद्धिपूर्वक्षणसहकृतं प्रेतत्वनाशकमित्याह । तन्न, अकाले कृतस्य फलाजनकत्वात् । एतेन निमित्तनिश्चयवत एवाधिकाराद् वृद्ध्यभावेऽपि न क्षतिरिति मिश्रोक्तिः परास्ता । वृद्धिपूर्वदिनस्य वर्षान्तस्य च कालस्याङ्गत्वेन निमित्तत्वाभावात् । तेन पुनः कार्यमित्यन्ये ।

कात्यायन र **गोभिल**ले भनेका छन् कि – जुन दिन वृद्धिश्राद्ध गरिन्छ त्यसै दिन सपिण्डीकरण गर्नुपर्दछ । **वाचस्पति** भन्दछन् – वृद्धिश्राद्धका दिन नै सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् कि – यो मत ठीक छैन । किनकि वृद्धिश्राद्ध बिहानमा गरिन्छ र सपिण्डीकरणश्राद्ध मध्याह्नमा गरिन्छ ।

सपिण्डीकरणश्राद्ध नगरीकन वृद्धिश्राद्ध गर्न मिल्दैन । यस्तो समस्या हुँदा श्रीदत्तले भनेका छन् कि त्यसो भए सपिण्डीकरणश्राद्ध अघिल्लो दिन गर्नुपर्दछ । **गौड**ले भनेका छन् कि – वृद्धिभन्दा पहिलो दिन गरिने र वर्षको अन्तिम समयमा गरिने सपिण्डनश्राद्धबाट प्रेतत्वनाश हुन्छ । वास्तवमा यी दुईदिन नै सपिण्डनका लागि आधिकारिक समय हुन्।

पहिलो दिन सपिण्डीकरण गरेर दोस्रो दिन वृद्धिश्राद्ध गर्न लाग्दा विघ्न पर्‍यो भने फेरि म वृद्धिश्राद्ध गर्नेछु भन्ने निश्चय गरेपछि कालान्तरमा गरिने वृद्धिश्राद्धले पनि प्रेतत्वको नाश गर्दछ । ग्रन्थकार भन्दछन् – तर यो भनाइ ठीक छैन । उचित समयमा नगरिएको वृद्धिश्राद्धले फलप्राप्ति गराउँदैन अर्थात् प्रेतत्वनाश गर्दैन । यसबाट वृद्धिको अभावमा क्षति हुँदैन भन्ने **मिश्र**को मत पनि परास्त भएको छ । वृद्धिश्राद्ध गर्नुभन्दा पहिलो दिन र वर्षको अन्तिम दिन कालको अङ्ग भएकाले प्रेतत्वनाशमा समर्थ हुँदैनन् । यसैले वृद्धिश्राद्ध फेरि गर्नुपर्ने हुन्छ भन्ने कुरा अरु विद्वान् बताउँछन् ।

मदनरत्ने पुलस्त्यः – **निरग्निकः सपिण्डत्वं पितुर्मातुश्च धर्मतः । पूर्णे संवत्सरे कुर्याद् वृद्धिर्वा यदहर्भवेत् ।।**

चतुर्विंशतिमते –

सपिण्डीकरणं चाब्दे सम्पूर्णेऽभ्युदयेऽपि वा । द्वादशाहे तु केषाञ्चिन्मतं चैकादशे तथा ।।

पृथ्वीचन्द्रोदये बौधायनः – **'अथ सपिण्डीकरणं त्रिपक्षे वा तृतीये वा मासि, षष्ठे वैकादशे वा द्वादशाहे वैकादशे वा'** इति ।

मदनरत्नमा पुलस्त्यले भनेका छन् कि – अग्निहोत्र नगर्ने पुत्रले एकवर्ष पूरा भएपछि धर्मपूर्वक माता–पिता एवं मातामह आदिको सपिण्डीकरणश्राद्ध गरिदिनुपर्दछ । वृद्धिश्राद्धको समय आएको छ भने उसै दिन गर्नुपर्दछ ।

चतुर्विंशतिमतमा भनिएको छ कि – सपिण्डनश्राद्ध वर्ष दिन पूरा भएपछि गर्नुपर्दछ अथवा वृद्धिका दिन गर्नुपर्दछ अथवा बाह्रौं दिनमा गर्नुपर्दछ अथवा कसैको मतअनुसार एघारौं दिनमा गर्नुपर्दछ । **पृथ्वीचन्द्रोदयमा बौधायनले** भनेका छन् कि– सपिण्डनश्राद्ध पैंतालीसौं दिनमा, तेस्रो महिनामा, छैठौं महिनामा, एघारौं महिनामा वा बाह्रौं महिनामा गर्नुपर्दछ। बाह्रौं दिन र एघारौं दिनमा पनि गर्न सकिन्छ ।

एतत्प्रक्रमे विष्णुः – **'मासिकार्थं द्वादशाहं श्राद्धं कृत्वा त्रयोदशेऽह्नि वा कुर्यात् । मन्त्रवर्ज्यं हि शूद्राणाम् । द्वादशेऽह्नि संवत्सराभ्यन्तरे यद्यधिमासो भवेत्तदा मासिकार्थं दिनमेकं वर्धयेत्'** इति ।

आशौचोत्तरं द्वादशस्वहःसु मासिकानि । तेष्वेवाद्यषष्ठद्वादशदिनेषूनमासिकादीनि कृत्वा त्रयोदशेऽह्नि सपिण्डनं कुर्यात् । अधिमासे तु चतुर्दशेऽह्नि कुर्यात् । शूद्रैस्त्रयोदशे द्वादशेऽह्नि इत्यस्य मासिकान्त्यदिनपरत्वादिति पृथ्वीचन्द्रः।

यसै प्रकरणमा **विष्णुले** भनेका छन् कि – मासिकश्राद्धका लागि बाह्रौं दिनका दिन द्वादशाहश्राद्ध गरेर तेह्रौं दिन सपिण्डन गर्नुपर्दछ । शूद्रहरूको लागि त बाह्रौं दिनका दिन मन्त्र उच्चारण नगरीकन सपिण्डन गरिन्छ ।

एकवर्षभित्र अधिकमास परेमा मासिकका निम्ति एकदिन थप्नुपर्दछ । **पृथ्वीचन्द्रले** भनेका छन् कि आशौच सकिएको बाह्रौं दिनमा मासिकश्राद्ध गर्नुपर्दछ । यसबाट आद्यश्राद्ध, ऊनमासिकश्राद्ध, षाण्मासिकश्राद्ध, ऊनषाण्मासिकश्राद्ध, त्रैपाक्षिकश्राद्ध आदि सम्पन्न गरेर सपिण्डन गर्नुपर्दछ भन्ने बुझिन्छ । अधिकमास परेको बेला १४ दिनका दिन गर्नुपर्दछ । शूद्रहरूले १३ दिनका दिन गर्नुपर्दछ । वैश्यहरूले १२ दिनका दिन गर्नुपर्दछ भन्नुको अभिप्राय मासिक गरिएको दोस्रो दिन सपिण्डन गर्नुपर्दछ भन्नु हो भन्ने कुरा **पृथ्वीचन्द्रले** बताएका छन् ।

पैठीनसिः – **'संवत्सरान्ते सपिण्डनं नवमे मासि'** इत्येके । अत्र साग्नेरनग्नेर्वोक्तकालाभावे त्रिपक्षादिसंवत्सरान्ता अनुकल्पा ज्ञेयाः । कल्पतरुस्त्वग्रे वृद्धिनिश्चय एव सर्वेऽपकर्षप्रकारा इत्याह । तन्न, **'यदहर्वा'** इति स्वातन्त्र्यश्रुतेः । यद्यपि वृद्धिनिमित्तोऽपकर्षो निरग्नेरेवोक्तस्तथापि साग्नावपि ज्ञेयः । उक्तकालासम्भवे वर्षान्तादिगौणकालवद् वृद्धेरपि

प्राप्तेः, वक्ष्यमाणगोभिलवचनात् । **'अयातयामं मरणं न भवेदित्युत्तरस्य तु'** इति दोषश्रुत्यविशेषाच्च । अपरार्क-पृथ्वीचन्द्रादिस्वरसोऽप्येवम् । अत्र वृद्धिपदं चूडोपनयनविवाहमात्रपरम् । सीमन्तादौ तु वृद्धिश्राद्धलोप एवेत्याचार्यचूडामणिः। पुंसवनाद्यन्नप्राशनान्तेष्वावश्यकेष्वपकर्ष इति श्राद्धविवेकः ।

पैठीनसिले भनेका छन् कि – वर्ष दिन पूरा भएपछि सपिण्डनश्राद्ध गर्नुपर्दछ । कसैको मतमा ९ महिनामा सपिण्डन गर्नुपर्दछ । यहाँ अग्निहोत्र गर्ने र नगर्ने दुईथरिका निमित्त उक्त समयको अभावमा ४५ दिनमा आरम्भ गरी वर्ष दिनको अन्तसम्म सपिण्डीकरण गर्ने अनुकल्प रहेको जान्नुपर्दछ ।

कल्पतरुमा भनिएको छ कि – वृद्धिश्राद्ध अमुक दिन गर्ने भन्ने कुरा निश्चय भएपछि सपिण्डीकरणश्राद्धको अपकर्ष गर्ने विभिन्न समय तोकिएको छ । ग्रन्थकार भन्दछन् – तर यो ठीक हुँदैन । वास्तवमा यस्ता कार्य श्राद्धको विधिले जुन दिन गर्नुपर्ने हो त्यसै दिन गर्दा पितृहरूको कल्याण हुन्छ भन्ने कुरा **श्रुति**मा बताइएको छ । यद्यपि वृद्धिका निमित्त गरिने अपकर्ष– समय छोट्याउने काम अग्निहोत्र नलिनेका लागि हो । तर कताकहीँ अग्निहोत्रीका निमित्त पनि अपकर्ष बताइएको छ । तसर्थ बताइएको समयमा सपिण्डीकरण नगर्दा वर्षान्त आदि गौणकालजस्तै वृद्धिका निमित्त पनि गौणकालको व्यवस्था जान्नुपर्दछ भन्ने कुरा पनि बताइने **गोभिल**को वचनबाट पनि प्रमाणित हुन्छ । यसपछि कसैको दुर्मरण नहोस् भन्ने दोषसम्बन्धी कुरा पनि सामान्यरूपमा सुनिँदै आएकाले अपकर्ष गरेर भए पनि सपिण्डीकरण गर्नुपर्दछ। यही अभिप्राय **अपरार्क, पृथ्वीचन्द्र** आदिको पनि तात्पर्य हो । यहाँ **वृद्धिशब्द**को अर्थ चौलकर्म, व्रतबन्ध र विवाह हो। **आचार्य चूडामणिले** सीमन्त आदि कर्ममा वृद्धिको लोप हुन्छ भनेका छन् । पुंसवनदेखि लिएर अन्नप्राशनसम्मका संस्कारहरूमा आवश्यकताअनुसार अपकर्ष हुन्छ भन्ने कुरा श्राद्धविवेककारले बताएका छन्।

स्मृतिसागरेऽपि बृहस्पतिः –

प्रत्यवायो भवेद्यस्मिन्नकृते वृद्धिकर्मणि । तन्निमित्तं समाकृष्य पित्रोः कुर्यात्सपिण्डनम् ।।

गर्भाधानस्य तु ऋत्वन्तरेऽपि सम्भवात् । **अन्यश्राद्धं परान्नं च गन्धमाल्यञ्च मैथुनम्** । इति देवलेन प्रथमाब्दे मैथुननिषेधाच्च न तत्रापकर्ष इति श्राद्धकौमुद्यादयः । तन्न, **'ऋतुस्नातां तु यो भार्याम्'** इति निषेधात्, **'ब्रह्मचार्येव पर्वाण्याद्याश्चतस्रश्च वर्जयेत्'** इति मैथुने दोषाभावाच्च । पितामहमरणे पौत्रस्य वृद्धौ नापकर्षः तस्य महागुरुत्वाभावात् । तत्र तदूर्ध्वेभ्यो वृद्धिश्राद्धमिति श्राद्धचन्द्रिका । तन्न, भ्राता च इत्यादौ तदभावेऽप्यपकर्षोक्तेः। तेन निर्देशोऽप्युपलक्षणम् ।

स्मृतिसागरमा **बृहस्पति**को भनाइ यसप्रकार छ – जुन वृद्धिश्राद्ध नगर्दा दोष लाग्छ त्यसको निमित्त अपकर्ष गरी माता अथवा पिताको सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ । गर्भाधानका निमित्त अपकर्ष गरी सपिण्डीकरण गर्नुहुँदैन किनकि त्यो गर्भाधान त अरू ऋतुमा पनि गर्न सकिन्छ ।

देवलद्वारा आमा–बाबु मरेको पहिलो वर्ष अरू कसैका घरमा गएर श्राद्धभोजन गर्न हुँदैन, परान्नभोजन गर्न हुँदैन, चन्दन, माला आदि धारण गर्न हुँदैन र मैथुन गर्न हुँदैन भनेर निषेध गरेकाले वृद्धिका निमित्त गर्भाधानमा अपकर्ष गरी सपिण्डीकरणश्राद्ध गर्नु हुँदैन भन्ने कुरा **श्राद्धकौमुदी**मा भनिएको छ । ग्रन्थकार भन्दछन् कि यो भनाइ पनि ठीक छैन किनकि रजस्वला नारीले चौथो दिन स्नान गरेपछि तिनको समीपमा नजाने पुरुषलाई गर्भहत्याको पाप लाग्दछ त्यसकारण मैथुन गर्न हुँदैन भन्ने कुरा बाझिन आएको छ । अमावास्या, पूर्णिमा, संक्रान्ति र ऋतुकालका चाररातबाहेक अरू समयमा जसले मैथुन गर्दछ त्यो ब्रह्मचारी नै मानिन्छ । त्यसकारण बाबु–आमाको आशौच बार्नेलाई मैथुन गर्दा दोष लाग्दैन ।

त्यसकारण गर्भाधान गर्दा वृद्धिश्राद्ध गरी सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ ।

पितामहको मृत्यु हुँदा नातिका निमित्त माङ्गलिक कार्य गर्नुपऱ्यो भने सपिण्डनश्राद्धको अपकर्ष गर्न हुँदैन किनकि पितामह भनेका महागुरु हुन्, नाति महागुरु होइन । तसर्थ महागुरुको कर्म गर्दा महागुरु नभएको मानिसका लागि सपिण्डन आदि श्राद्धको अपकर्ष गर्न हुँदैन । यहाँ नातिभन्दा महत्त्वपूर्ण मानिने पूर्वपितृहरूको निमित्त वृद्धिश्राद्ध गर्दा भने अपकर्ष गर्न हुन्छ भन्ने कुरा **श्राद्धचन्द्रिका**मा लेखिएको छ । ग्रन्थकार भन्दछन् – यो उचित छैन । किनकि **भ्राता च** इत्यादि वाक्यान्तमा चकारको विन्यास गरिएका कारण मृतकका दाजुभाइमा महागुरुपदको उपलक्षण मात्र सकिन्छ । यसै निर्देशबाट नातिको मङ्गलकार्यमा पनि अपकर्ष गर्नुपर्दछ भन्ने कुरा बुझिन्छ ।

शरीरस्यायुषः क्षये

व्याघ्रः – **आनन्त्यात्कुलधर्माणां पुंसां चैवायुषः क्षयात् । अस्थिरतत्त्वाच्छरीरस्य द्वादशाहः प्रशस्यते।।**

एतदाशौचान्तोपलक्षणम् – **सर्वेषामेव वर्णानामाशौचान्ते सपिण्डनम्** । इति निर्णयामृते कात्यायनोक्तेः । सर्वेषामिति त्रैवर्णिकपरम् । शूद्राणां आशौचमध्ये – **मन्त्रवर्ज्यं हि शूद्राणां द्वादशेऽहनि कीर्तितम्** । इति विष्णूक्तेः । एतद्दर्शश्राद्धकारिशूद्रविषयमित्यपरार्के कल्पतरौ च ।

मानवको आयु कम भएको कारण सपिण्डन

व्याघ्रले भनेका छन् कि – 'कुलका धर्म अनन्त छन्, मानिसको आयु अल्प छ, शरीरस्थिति अस्थिर छ त्यसकारण सपिण्डीकरणश्राद्ध बाह्रौं दिनका दिन नै गर्नु उपयुक्त हुन्छ ।' माथिको भनाइले आशौच सकिएपछि बाह्रौं दिनका दिन सपिण्डन गर्न हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । वास्तवमा सबै वर्णका मानिसहरूको सपिण्डीकरणश्राद्ध बाह्रौं दिनका दिन गर्ने प्रचलन छ भन्ने कुरा **निर्णयामृतमा कात्यायन**ले बताएका छन् । माथि प्रयोग गरिएको **सर्वेषाम्** भन्ने शब्दको अर्थ – ब्राह्मण, क्षत्रिय र वैश्य हो । शूद्रको सपिण्डीकरणश्राद्ध त आशौचको बीचमा हुन्छ भन्ने कुरा **विष्णु**ले बताएका छन् । वास्तवमा शूद्रहरूको बाह्रौं दिनका दिन मन्त्ररहित सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ ।

अपरार्क र **कल्पतरु**मा भनिएको छ कि – यो भनाइ सबै शूद्रका निमित्त होइन अपितु अमावास्याका दिन श्राद्ध गर्ने अधिकार पाएका शूद्रहरूका निमित्त हो ।

वृद्धमनुः –

द्वादशेऽहनि विप्राणामाशौचान्ते तु भूभुजाम् । वैश्यानां तु त्रिपक्षादावथ वा स्यात्सपिण्डनम् ।।

निर्णयामृते गोभिलः – **द्वादशाहादिकालेषु प्रमादादननुष्ठितम् । सपिण्डीकरणं कुर्यात् कालेषूत्तरभाविषु। इदं साग्नेरुक्तकालासम्भवे गौणकालविधानार्थम्** इति मदनपारिजातः । मदनरत्नेऽप्येवम् ।

वृद्धमनुले भनेका छन् – ब्राह्मणहरूको बाह्रौं दिनका दिन, क्षत्रियहरूको आशौच सकिएका दिन, वैश्यहरूको पैंतालीसौं दिनका दिन सपिण्डनश्राद्ध गर्नुपर्दछ । **निर्णयामृतमा गोभिल**ले भनेका छन् कि बाह्रौं दिनका दिन र अन्य समयमा प्रमादका कारणबाट सपिण्डीकरणश्राद्ध नगरिएको अवस्थामा पछि राम्रो समयमा पनि गर्न सकिन्छ । **मदनपारिजात**मा भनिएको छ कि – उक्त भनाइ निर्णय गरिएको समयमा नगरी गौण अवस्थामा श्राद्ध गर्नेका लागि आएको हो । **मदनरत्न**ले पनि यही कुरा भनेका छन् ।

कालान्तरे सपिण्डीकरणे नक्षत्रविचारः

शृष्यशृङ्गः – **सपिण्डीकरणं श्राद्धमुक्ते काले न चेत्कृतम् । रौद्रे हस्ते च रोहिण्यां मैत्रभे वा समाचरेत्।।**

कालान्तरमा सपिण्डीकरण गर्दा नक्षत्रविचार

सपिण्डीकरणश्राद्ध निश्चित समयमा नगरिएको अवस्थामा कालान्तरमा गर्दा आर्द्रा, हस्ता, रोहिणी र अनुराधानक्षत्रमा गर्नुपर्दछ भन्ने कुरा शृष्यशृङ्गले बताएका छन् ।

सपिण्डकरणे अष्टौ कालाः

कालादर्शेऽपि – **एकादशेऽह्नि द्वादशे त्रिपक्षे वा त्रिमासि वा । षष्ठे चैकादशे वाब्दे सम्पूर्णे वा शुभागमे।।**

सपिण्डीकरणस्येत्थमष्टौ कालाः प्रकीर्तिताः ।।

सपिण्डनका लागि आठप्रकारका समय

कालादर्शमा बताइएको छ कि – एघारौं दिन, बाह्रौं दिन, पैंतालीसौं दिन, तेस्रो महिना, छैठौं महिना, एघारौं महिना र संवत्सरको अन्त्यमा राम्रो समय जुराएर सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ ।

सप्तकालादिकथनम्

साग्नौ कर्तर्युभावाद्यौ प्रेते साग्नौ तृतीयकः । अनग्नेस्तु द्वितीयाद्याः सप्त काला मुनीरिताः।।

रोहिणीरौद्रहस्तेषु मैत्रभे वापि तच्चरेत् ।। नारदसंहितायां तु –

सपिण्डीकरणं कार्यं वत्सरे वार्धवत्सरे । त्रिमासे वा त्रिपक्षे वा मासि वा द्वादशेऽह्नि वा ।।

इत्युक्तम्, तच्च वत्सरेऽतीते ज्ञेयम् । **'ततः सपिण्डीकरणं वत्सरात्परतः स्थितम्'** इति भविष्योक्तेः । **'पितुः सपिण्डीकरणं वत्सरादूर्ध्वतः स्थितम्'** इति नागरखण्डोक्तेः ।

सात प्रकारका ग्राह्यसमयको निरूपण

कर्ता अग्निहोत्री भएमा एघारौं वा बाह्रौं दिनमा सपिण्डीकरण गर्नुपर्दछ । प्रेत अग्निहोत्री भएमा पैंतालीसौं दिनमा सपिण्डीकरण गर्नुपर्दछ । अग्निहोत्र नगर्ने मानिसहरूका निमित्त बाह्रौं दिनदेखि लिएर वर्षदिनसम्मका माथि लेखिएका सातथरि दिनहरूमध्ये जुनसुकै दिनमा पनि सपिण्डीकरणश्राद्ध गर्न हुन्छ अथवा वर्षदिनभित्र सपिण्डीकरण गर्ने चाहना गरेमा रोहिणी, आर्द्रा, हस्ता अथवा अनुराधानक्षत्रमा गर्नुपर्दछ ।

नारदसंहितामा भनिएको छ कि – 'सपिण्डीकरणश्राद्ध वर्षदिन, छैठौं महिना, पैंतालीसौं दिन, तेस्रो महिना पुगेपछि अथवा बाह्रौं दिनमा गर्नुपर्दछ ।' यो भनाइ वर्षदिनसम्म सपिण्डीकरण नभएका मानिसहरूका निमित्त वर्षदिनपछि सपिण्डीकरण गर्ने सम्बन्धमा आएको हो भन्ने कुरा ग्रन्थकारले बताएका छन् । किनकि **भविष्यपुराण**मा भनिएको छ – एकवर्षपछि सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ । **नागरखण्ड**मा पनि भनिएको छ कि – पिताको सपिण्डीकरणश्राद्ध एकवर्षपछि गर्नुपर्दछ ।

पितुः सपिण्डीकरणं वार्षिके मृतवासरे । इत्युशनसोक्तेश्च ।

पूर्णे संवत्सरे पिण्डाः षोडश परिकीर्तिताः । तेनैव च सपिण्डत्वं तेनैवाब्दिकमिष्यते ।।

इति हेमाद्रौ वचनाच्च । अस्यानाकरत्वोक्तिर्मूर्खोक्तिरेव ।

यत्तु – **पूर्णे संवत्सरे कुर्यात्सपिण्डीकरणं सुतः । एकोद्दिष्टञ्च तत्रैव मृताहनि समापयेत् ।।**

इति धवलनिबन्धे जाबाल्युक्तेः ।

पुत्रः सपिण्डनं कृत्वा कुर्यात् स्नानं सचैलकम् । एकोद्दिष्टं ततः कुर्यात्कुतपं न विचारयेत् ।।

इति स्वल्पमात्स्योक्तेश्चाब्दिकं तद्दिने पुनः कार्यमिति केचित् । ते निर्मूलत्वाद्धेमाद्रिविरोधाच्चोपेक्ष्याः । षोडशत्वञ्च सपिण्डनस्य षोडशश्राद्धान्तर्भावपक्षे । स्मृत्यर्थसारे तु वर्षान्त्यदिने संवत्सरविमोक्षश्राद्धं सपिण्डनं च कृत्वा परेद्युर्मृताहे वार्षिकं कार्यमित्युक्तम् । गौडा अप्येवमाहुः । तत्पूर्वविरोधाच्चिन्त्यम् । तच्च पुत्रे सति नान्यः कुर्यात् ।

श्राद्धानि षोडशादत्त्वा न तु कुर्यात्सपिण्डताम् । प्रोषितावसिते पुत्रः कालादतिचिरादपि ।।

इति वायवीयोक्तेः । षोडशश्राद्धानां वर्षादूर्ध्वं कालाभावेऽपि तान्यदत्त्वा न कुर्यात्, किन्तु दत्त्वैव । तानि यदि कनिष्ठभ्रात्रादिना कृतानि तदा सपिण्डनमेव कुर्यादित्यपरार्कः । सपिण्डने तु कनिष्ठानां नैवाधिकार इत्यर्थः ।

तत्रैव – **अज्ञानादथवा मोहान्न कृता चेत्सपिण्डता । तत्रापि विधिवत्कार्या कालादतिचिरादपि ।।**

तेष्वपि ज्येष्ठस्यैवाधिकारः **'ज्येष्ठेन जातमात्रेण पुत्री भवति मानवः'** इति मनूक्तेः ।

उशना पनि यसैगरी भन्दछन् कि – पिताको सपिण्डनश्राद्ध वर्षदिनपुगेपछि पिताकै मरणदिनमा गरिदिनुपर्दछ । **हेमाद्रि**मा भनिएको छ कि – वर्षदिन पूरा भएपछि सोह्रौं श्राद्ध गर्नुपर्दछ । त्यसैलाई सपिण्डीकरणश्राद्ध र वार्षिकश्राद्ध पनि माने हुन्छ । कसैले यो वचनलाई निराधार भन्दछन् भने ती मूर्ख हुन् । जुन **धवलनिबन्ध**मा **जाबालि**ले भनेका छन्– 'वर्षदिन पुगेपछि छोराले सपिण्डीकरणश्राद्ध गर्नुपर्दछ र मृत्युदिनमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।' फेरि **स्वल्पमत्स्यपुराण**मा भनिएको छ – पुत्रले सपिण्डीकरणश्राद्ध गरेपछि लगाएको कपडासहित नुहाउनुपर्दछ । त्यसपछि एकोद्दिष्ट गर्नुपर्दछ, एकोद्दिष्ट गर्दा कुतप अर्थात् दिनको आठौं मुहूर्तको ख्याल गर्नुपर्दैन । यसबाट सपिण्डनश्राद्ध गरेपछि वार्षिकश्राद्ध गरिनुपर्दछ भनी कसैले भनेका छन् । उक्त भनाइ निर्मूल हुनाले यसमा **हेमाद्रि**को पनि विरोध रहनाले उपेक्षणीय छ । सपिण्डनश्राद्धलाई सोह्रौं श्राद्ध भन्नु सोह्रश्राद्धभित्र मानेको पक्षमा मात्र हो ।

स्मृत्यर्थसारमा त वर्ष सकिएको अन्तिम दिनमा ऊनाब्दिकश्राद्ध गरेपछि सपिण्डनश्राद्ध गर्नुपर्दछ र मृत्युतिथिका दिन वार्षिकश्राद्ध गर्नुपर्दछ भनिएको छ । **गौडहरू**ले पनि यसै भनेका छन् । ग्रन्थकार भन्दछन् – यो मत पूर्वमतको विरुद्ध हुनाले चिन्तनीय छ ।

छोरा हुँदाहुँदै अरू कसैले सपिण्डनश्राद्ध गरिदिनुहुँदैन र सोह्रथरि श्राद्ध नगरीकन पनि सपिण्डनश्राद्ध गर्न हुँदैन । परदेशमा गएका छोराले परदेशबाट फर्किएपछि पिताको मृत्यु थाहा पाएर जतिसुकै समय बितेको भए पनि बाबुको सपिण्डीकरणश्राद्ध गरिदिनुपर्दछ भन्ने कुरा **वायुपुराण**मा बताइएको छ । सोह्रश्राद्ध एकवर्षपछि नगरिने भएता पनि सोह्रश्राद्ध नगरीकन सपिण्डन गर्न हुँदैन । यदि कान्छो भाइले सोह्रश्राद्ध गरिसकेको छ भने परदेशबाट आउने दाजुले सपिण्डीकरणश्राद्धमात्र गर्नुपर्दछ भन्ने कुरा **अपरार्क**मा बताइएको छ । किनकि दाजु हुँदाहुँदै भाइलाई सपिण्डीकरणश्राद्ध गर्ने अधिकार हुँदैन । अज्ञान अथवा मोहका कारण पिताको सपिण्डीकरणश्राद्ध गरिएको छैन भने विदेशमा रहेको जेठो दाजुले धेरै समयपछि आए पनि सपिण्डीकरणश्राद्ध गरिदिनुपर्दछ किनकि सपिण्डीकरणमा जेठो छोराको मात्र अधिकार

हुन्छ । मनुले भनेका छन् कि – मानिस जेठो छोराको कारणबाट मात्र पुत्रवान् कहलाउँछ ।

अपरार्के प्रचेता अपि –

एकादशाद्याः क्रमशो ज्येष्ठस्तु विधिवत्क्रियाः । कुर्यान्नैकैकशः श्राद्धमाब्दिकं तु पृथक् पृथक्।।

मरीचिः – **सर्वेषां तु मतं कृत्वा ज्येष्ठेनैव तु यत्कृतम् । द्रव्येण चाविभक्तेन सर्वैरेव कृतं भवेत् ।।**

यत्तु वाचस्पतिशूलपाणिभ्यामुक्तं द्रव्यदानानुमत्यभावे कनिष्ठैः पृथक् कार्यमिति । तन्न, एवकारस्य तदभावेऽपि पृथक्करणाभावार्थत्वात्, अन्धादेरिव ज्येष्ठे सति कनिष्ठानामनधिकाराच्च । अतस्तेषां प्रत्यवायमात्रम् । आहिताग्निः कनिष्ठस्तु कुर्यादेव, अन्यथा पितृयज्ञासिद्धेः । एवमावश्यकवृद्धावपि कनिष्ठोऽन्यः सपिण्डो वा कुर्यात् ।

अपरार्कमा प्रचेताले भनेका छन् कि – एघारौं आदि दिनमा गरिने क्रियाकर्मलाई क्रमैले विधिपूर्वक जेठो छोराले गर्नुपर्दछ, अरू छोराहरूले छुट्टाछुट्टै गर्न हुँदैन । वार्षिकश्राद्ध भने सबैले छुट्टाछुट्टै गर्नुपर्दछ । **मरीचि**ले भनेका छन् कि– सगोलको सम्पत्तिबाट सबै भाइको अनुमति लिएर जेठो छोराले जुन किरिया–कर्म गर्दछ त्यो सबै भाइले गरेको ठहर्छ । **वाचस्पति** र **शूलपाणि**ले भनेका छन् कि सबै भाइले जेठो दाजुलाई सगोलको सम्पत्ति प्रयोग गर्न नदिएमा अरू भाइले अलग–अलग सपिण्डीकरण गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । द्रव्यदानको अनुमतिको अभावमा पनि जेठो छोरा हुँदाहुँदै पनि सपिण्डीकरणश्राद्ध गर्ने अधिकार जेठो मुनिका अरू भाइहरूलाई छैन । अरूलाई प्रत्यवायमात्र लाग्छ । यदि भाइहरूमध्ये कुनै अग्निहोत्री छ भने त्यसले भने सपिण्डीकरण गर्न पाउँछ । त्यसले गरेन भने पिण्डपितृयज्ञ सिद्ध हुँदैन र यसैगरी आवश्यक वृद्धिश्राद्ध हुँदा पनि कान्छो भाइ वा अरूले सपिण्डीकरणश्राद्ध गर्न पाउँछ।

भ्राता वा भ्रातृपुत्रो वा सपिण्डः शिष्य एव च । सहपिण्डक्रियां कृत्वा कुर्यादभ्युदयं ततः ।।

तथैव काम्यं यत्कर्म वत्सरात्प्रथमादृते ।। इति मदनरत्ने लघुहारीतवचनात् ।

वृद्ध्यनन्तरं प्रथमाब्दमध्येऽपि काम्यं कुर्यात् । वृद्ध्यभावे तु प्रथमाब्दादूर्ध्वमेवेत्यर्थः । काम्योक्तेरनावश्यकेष्टापूर्तादौ नापकर्षः । एतद्भ्रातृपुत्रादिसंस्कारे प्राप्ताधिकारस्य नान्दीश्राद्धाधिकारार्थम् । अभ्युदयपदं च नान्दीश्राद्धनिमित्त-कर्ममात्रपरमिति हेमाद्रिः । तेन ज्येष्ठे देशान्तरस्थे कनिष्ठः सपिण्डनं विनैव वृद्धिं कृत्वा पुत्रसंस्कारं कुर्यादिति श्रीदत्तोक्तिः परास्ता । भ्रातृशिष्याद्युक्तेर्नान्दीश्राद्धेज्यदेवतामात्रपरोऽपकर्ष इत्यपास्तम् । अस्य क्रममात्रपरत्वाद् वृद्धिकर्तैव सपिण्डनं कुर्यादिति न नियम इति गौडाः । अत एव कन्याया मातृमरणे भ्रात्रा सपिण्डने कृते पितुर्दानाधिकारः ।

यस सम्बन्धमा **मदनरत्न**मा **लघुहारीत**ले भनेका छन् कि – भाइ, भाइको छोरा सपिण्ड वा शिष्यले सपिण्डीकरणश्राद्ध गरेपछि आभ्युदयिकश्राद्ध गर्नुपर्दछ । बाबु मरेको वर्ष काम्यकर्म गर्न हुँदैन । कसैले भनेका छन् – वृद्धिश्राद्ध गरेपछि बाबु मरेको वर्ष पनि काम्यकर्म गर्न हुन्छ। वृद्धिश्राद्ध नगरिएको भए काम्यकर्म गर्न हुँदैन । दोस्रो, तेस्रो आदि वर्षमा गर्नुपर्दछ। काम्यकर्म भन्नाले इष्टापूर्त आदिमा अपकर्ष हुँदैन । दाजुभाइ आदि र छोराको संस्कार गर्न जसले अधिकार प्राप्त गरेको छ त्यसले नान्दीश्राद्ध गर्नुपर्दछ । यस कारण **अभ्युदयपद**बाट नान्दीश्राद्धभित्र गरिने जति कर्म छन् तिनको बोध हुन्छ भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् । तसर्थ जेठो दाजु देशान्तरमा छ भने कान्छो भाइले सपिण्डीकरणश्राद्ध नगरीकन वृद्धिश्राद्ध गरेर व्रतबन्ध आदि संस्कार गर्नुपर्दछ भन्ने **श्रीदत्त**को भनाइ खण्डित भएको छ । भाइ अथवा शिष्य आदि भन्नाले नान्दीश्राद्धमा पूजा गरिने देवताका लागि मात्र अपकर्ष हुन्छ भन्ने कुरा पनि खण्डित भएको छ । **गौडहरू** भन्दछन् कि –

सपिण्डनश्राद्ध क्रममा आधारित हुनाले जुन भाइको वृद्धि भइरहेको छ त्यसैले सपिण्डन गर्नुपर्दछ भन्ने नियम छैन । त्यसैले कन्याकी माता मर्दा त्यसको भाइले सपिण्डन गरेपछि पितालाई कन्यादान दिने अधिकार प्राप्त हुन्छ ।

शूलपाणिस्तु – **'महागुरौ प्रेतभूते वृद्धिकर्म न युज्यते'** इति निषेधात् मृतस्य भ्रात्रादिः सपिण्डनं कृत्वा तत्पुत्रकन्यादेरभ्युदयं कुर्यान्न तु स्वपुत्रसंस्कारे संस्कार्यपितुः सपिण्डनं विना वृद्धौ देवतात्वाभावादित्याह । तन्न, देवताप्रयुक्तापकर्षस्य निरस्तत्वात् । वृद्धिं विना कनिष्ठेन कृते तु विदेशस्थेन ज्येष्ठेन पुनः कार्यम् ।

यवीयसा कृतं कर्म प्रेतशब्दं विहाय तु । तज्ज्यायसापि कर्तव्यं सपिण्डीकरणं पुनः ।।

इति स्मृतेः। **ज्येष्ठेन वा कनिष्ठेन सपिण्डीकरणे कृते।** आद्यपादे **'मातापित्रोः कनिष्ठेन'** इति वा पाठः।

शूलपाणिले भनेका छन् कि – पिता, माता, पितामह आदि महागुरुको मृत्यु भएमा वृद्धिश्राद्धको योग हुँदैन । त्यस अवस्थामा मरेका मानिसका दाजुभाइ आदिले सपिण्डीकरणश्राद्ध गरेर आफ्ना छोराछोरीको आभ्युदयिक कार्य गर्न हुन्छ तर मृतकका छोराले सपिण्डन नगरी आफ्नी कन्या आदिको आभ्युदयिक कार्य गर्नुहुँदैन । किनकि त्यहाँ देवताको अभाव हुन्छ । ग्रन्थकार भन्दछन् – **शूलपाणिको** यो मत उचित छैन । उनले देवताको अपकर्षको खण्डन गरेका छन् । वृद्धिश्राद्ध नगरीकन कान्छो भाइले सपिण्डनश्राद्ध गरेमा विदेशमा रहेको जेठो दाजुले फेरि सपिण्डन गर्नुपर्दछ भन्ने कुरा **स्मृतिमा** भनिएको छ । कान्छो भाइले गरेको सपिण्डनश्राद्धलाई विचार गरी **प्रेतशब्द** नजोडीकन फेरि सपिण्डनश्राद्ध गर्नुपर्दछ भनिएको छ । जेठो दाजु अथवा कान्छो भाइले सपिण्डनश्राद्ध गरेमा भन्ने प्रयोग गरिएको छ । तर यो पाठ सही होइन । **ज्येष्ठेन वा कनिष्ठेन** भन्ने प्रयोगका ठाउँमा **'मातापित्रोः कनिष्ठेन'** भन्नुपर्दछ र माता-पिताको सपिण्डीकरणश्राद्ध कनिष्ठपुत्रले गर्नुपर्दछ भन्ने अर्थबोध हुन्छ । यही नै उचित हो ।

देशान्तरे पितरि मृते पुत्रैः किं कार्यम्

देशान्तरगतानां च पुत्राणां तु कथं भवेत् । श्रुत्वा तु वपनं कार्यं दशाहान्तं तिलोदकम् ।।

ततः सपिण्डीकरणं कुर्यादेकादशेऽहनि । द्वादशाहेन कर्तव्यमिति शातातपोऽब्रवीत् ।।

इति वचनाच्चेति भट्टाः । सिङ्गाभट्टीयेऽप्येवम् । पूर्ववचनेऽत्र च मूलं चिन्त्यम् । स्मृत्यर्थसारे तु – **'विभक्ता ऋद्धिकामाश्चेत्पुत्राः पृथक्सपिण्डीकरणं कुर्युः'** इत्युक्तम् । अत्र दत्तकस्य तत्पुत्रादीनां च विशेषः प्रागुक्तः । केचित्तु वृद्धिं विनाऽपि कनिष्ठस्य सपिण्डनमाहुः ।

मातापित्रोर्मृते काले ज्येष्ठे देशान्तरस्थिते । कनिष्ठेन प्रकर्तव्यं सपिण्डीकरणं तदा ।।

इति कार्ष्णाजिनिस्मृतेः ।

गते वा रोधिते ज्येष्ठे पित्रा वा प्रेषिते सति । षण्मासान्न निवर्तेत तदा कार्यं कनीयसा ।।

माता-पिताको मृत्युमा छोराहरू देशान्तरमा रहेमा

देशान्तरमा रहेका छोराहरूले पिता मरेको थाहा पाएपछि गर्नुपर्ने कर्तव्यका विषयमा **शातातपले** भनेका छन् – देशान्तरमा रहेका छोराहरूले पिता मरेको खबर पाएपछि सर्वप्रथम मुण्डन गर्नुपर्दछ र दशदिनसम्म तिलाञ्जलि दिनुपर्दछ। एघारौं दिनका दिन सपिण्डन गर्नुपर्दछ । बाह्रौं दिन सपिण्डन गर्न हुँदैन । **शातातपको** यो वचनलाई **भट्टहरूले** मानेका छन्। सिंहाभट्टीय ग्रन्थमा पनि यही कुरा बताइएको छ । यहाँ योभन्दा पहिलेको प्रसङ्गमा **'यवीयसा कृतं कर्म'** भन्ने पद्य

आएको छ त्यो पद्य भने विचारणीय छ ।

स्मृत्यर्थसारमा भनिएको छ कि – छुट्टिएका छोराले आफ्नो समृद्धिको चाहना गर्दछन् भने अलग–अलग सपिण्डन गर्न सक्छन् । ग्रन्थकार भन्दछन् – यो दत्तक आदिका निमित्त तोकिएको विषय हो । कसैले – वृद्धिश्राद्ध नगरीकन पनि कान्छो छोराले सपिण्डन गर्न पाउँछ भनेका छन् । यही कुरा **कार्ष्णाजिनिस्मृति**मा भनिएको छ कि – 'माता-पिताको मृत्युको समयमा जेठो छोरा देशान्तरमा छ भने कान्छो छोराले सपिण्डन गर्नुपर्दछ ।' फेरि कसैले भनेका छन् – जेठो छोरा आफ्नै इच्छाले परदेशमा गएमा अथवा बन्धनमा परेमा अथवा पिताले कुनै कार्यका निम्ति पठाएमा बाबुको मृत्यु भयो भने र ६ महिनासम्म जेठो छोरा आइपुगेन भने कान्छो छोराले सपिण्डनश्राद्ध गर्नुपर्दछ ।

संवर्तः – **पुनः सपिण्डीकरणं श्राद्धं पार्वणवच्चरेत् । अर्घ्यसंयोजनं नैव पिण्डसंयोजनं न च ।।**

इति । तेषां वचसां निर्मूलत्वात् '**प्रोषितावसिते पुत्रः**' इत्यादि विरोधाच्चोपेक्ष्याः ।

संवर्तले भनेका छन् कि – जेठो छोरा परदेशमा जाँदा बाबुको मृत्यु भएमा जेठो छोराले नै घरमा आएर श्राद्धकै विधिले सपिण्डनश्राद्ध गर्नुपर्दछ । त्यसमा अर्घ्य र पिण्डको संयोजन गरिँदैन । ग्रन्थकार भन्दछन् – यो वचन '**प्रोषितावसिते**' भन्ने पहिले बताएको वचनसँग विरोध परेका कारण उपेक्षायोग्य छ ।

व्युत्क्रमणमृतौ सपिण्डीकरणविचारः

व्युत्क्रममृतौ तु हेमाद्रौ ब्राह्मे –

मृते पितरि यस्याथ विद्यते च पितामहः । तेन देयास्त्रयः पिण्डाः प्रपितामहपूर्वकाः ।।

तेभ्यस्तु पैतृकः पिण्डो नियोक्तव्यस्तु पूर्ववत् ।

उल्टो मृत्यु भएमा सपिण्डीकरण गर्ने विधि

हेमाद्रिमा उद्धृत गरिएको **ब्रह्मपुराण**को भनाइ छ कि – व्युत्क्रममा अर्थात् पितामह ज्यूँदै रहेको अवस्थामा पिताको मृत्यु हुँदा पुत्रले सपिण्डीकरण गर्नुपर्दा प्रपितामहबाट सुरु गरेर तीनपिण्ड दिनुपर्दछ । पहिले बताएझैं तिनीहरूको पिण्डमा पिताको पिण्ड मिलाउनुपर्दछ ।

...तृमरणे सपिण्डीकरणविचारः

मातर्यथ मृतायाञ्च विद्यते च पितामही । प्रपितामहीपूर्वस्तु कार्यस्तत्राप्ययं विधिः ।।

एवं प्रपितामहे जीवति तत्पित्रादिभिर्ज्ञेयम् । तदाह सुमन्तुः –

त्रयाणामपि पिण्डानामेकेनापि सपिण्डने । पितृत्वमश्नुते प्रेत इति धर्मो व्यवस्थितः ।।

यत्तु – **व्युत्क्रमात्तु प्रमीतानां नैव कार्या सपिण्डता** । इति, तन्मातापितृभर्तृभिन्नविषयम् ।

व्युत्क्रमेण मृतानां न सपिण्डीकृतिरिष्यते । यदि माता यदि पिता भर्ता नैष विधिः स्मृतः ।।

इति माधवीये स्कान्दोक्तेः । मदनरत्नादौ चैवम् । अत्र '**प्रपितामहादिभिः पितुः सपिण्डने कृते पितामहे मृते तत्सपिण्डने सति पुनस्तेन सह पितुः सपिण्डनं कार्यम्**' इति हेमाद्रिर्मतमाह । अन्ये नैतन्मन्यन्ते ।

मातृमरणमा सपिण्डीकरण

पितामही अर्थात् पिताकी आमा ज्यूँदै भएको अवस्थामा आमाको मृत्यु भएमा प्रपितामहीबाट सुरु गरी तीनपिण्ड दिनुपर्दछ । तीनवटा पिण्डहरूमा आमाको पिण्ड पहिलेकै विधिले संयोजन गर्नुपर्दछ । यसैगरी प्रपितामह ज्यूँदै रहेमा सपिण्डन गर्दा उनका पिता अर्थात् वृद्धप्रपितामहबाट सुरु गरी ती लगायत माथिका दुईजनालाई तीनपिण्ड दिनुपर्दछ । यसै कुरालाई **सुमन्तु**ले भनेका छन् – तीनपितृहरूका साथमा मरेका मानिसहरूको सपिण्डन गरेपछि प्रेतले पितृपद प्राप्त गर्दछ भन्ने व्यवस्था धर्मका लागि गरिएको हो । कसैले भनेका छन् कि – विपरीत क्रममा मरेका मानिसहरूको सपिण्डन गर्नुपर्दैन । यसको उत्तर दिँदै ग्रन्थकार भन्दछन् – सपिण्डन गर्नुहुँदैन भन्ने कुरा आमा, बाबु र पतिभन्दा भिन्न व्यक्तिहरूको लागि गरिएको व्यवस्था हो ।

माधवीयमा **स्कन्दपुराण**को वचन छ कि – विपरीत क्रममा मरेका मानिसहरूको सपिण्डनश्राद्ध हुँदैन । माता, पिता र पतिको मृत्यु भएमा भने यो निषेध लागु हुँदैन । **मदनरत्न**मा पनि यही कुरा बताइएको छ । **हेमाद्रि**ले भनेका छन् कि– 'प्रपितामह आदिहरूका साथ पिताको सपिण्डन गरेपछि पितामहको मृत्यु भएमा पितामहको पनि सपिण्डन गरेर पितामहका साथ पिताको सपिण्डन गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ अरूले मान्दैनन् ।

तत्त्वं तु – पितुः सपिण्डनाभावे पितामहेन सह पुनः कार्यम्, न तत्सत्त्वे ।

त्रयाणामपि पिण्डानामेकेनापि सपिण्डने । पितृत्वमश्नुते प्रेत इति धर्मो व्यवस्थितः ।।

इति विष्णुधर्मोक्तेः । पितामहे प्रपितामहे वा पुत्रान्तरैरसंस्कृतेऽप्यसंस्कृताभ्यामेव पितुः सपिण्डनं कुर्यात् ।

असंस्कृतौ न संस्कार्यौ पूर्वौ पौत्रप्रपौत्रकैः । पितरं तत्र संस्कुर्यादिति कात्यायनोऽब्रवीत् ।।

इति छन्दोगपरिशिष्टात् । असंस्कृतौ दाहाद्यैरिति केचित् । असपिण्डीकृताविति तु तत्त्वम् । अत एवोक्तं तत्रैव –

पापिष्ठमपि शुद्धेन शुद्धं पापकृताऽपि वा । पितामहेन पितरं संस्कुर्यादिति निश्चयः ।।

पापिष्ठमकृतसपिण्डनं न तु पतितादि, **'अभिशस्तपतितभ्रूणघ्नाः स्त्रियश्चातिचारिणीर्न संसृजेत्'** इति वैजवापोक्तेः । **'पापकर्मिणो न संसृजेरन्'** इति गौतमोक्तेश्चेत्युक्तं निर्णयामृते । पूर्वयोः पुत्राभावे तु पौत्रः कुर्यादेव।

माथिका वचनहरूको निष्कर्ष यसप्रकार छ– पितामहको सपिण्डनको अभावमा पितामहका साथ पिताको फेरि सपिण्डन गर्नुपर्दछ । **विष्णुधर्म**मा भनिएको छ कि – एउटैका साथ तीनपिण्डको सपिण्डन गरेमा प्रेतले पितृपद प्राप्त गर्दछ । यो धर्मको व्यवस्था हो । पितामह वा प्रपितामहका अरू छोराहरूले संस्कार गरेका छैनन् भने संस्कार नगरिएकासँग पिताको सपिण्डन गर्नुपर्दछ ।

छन्दोगपरिशिष्टमा भनिएको छ कि – संस्कार नगरिएका पितामह र प्रपितामहका नाति र पनातिले संस्कार गर्न हुँदैन । तिनीहरूले आफ्नो पिताको संस्कार गर्नुपर्दछ भन्ने कुरा **कात्यायन**ले बताएका छन् । यहाँ **असंस्कृतौ** भन्ने पद छ। त्यसको अर्थ कसैले दाहसंस्कार नगरिएका भन्ने बताएका छन् । त्यसैले त्यहाँ नै भनिएको छ कि सपिण्डन गर्दा बाबु पापी भएता पनि पाप नगर्ने पितामहसँग अथवा बाबु धर्मात्मा भए पनि पाप गर्ने पितामहसँग सपिण्डन गर्दा दुवै शुद्ध हुन्छन् । यसैले पिताको सपिण्डन पितामहका साथै गरिदिनुपर्दछ ।

बैजवापले भनेका छन् – पापमा परेको पतित, गर्भहत्या गर्ने र वेश्याको पति कुनै छ भने त्यस्ताको सपिण्डन गर्न हुँदैन । **गौतम**ले भनेका छन् पापी मानिसहरूको सपिण्डन गर्न हुँदैन भन्ने कुरा **निर्णयामृत**मा बताइएको छ । पितामह र

प्रपितामहका अरू छोराहरू नभएमा तिनीहरूको मृत्यु हुँदा नातिले सपिण्डन गरिदिनुपर्दछ । पितापछि पितामह मरेको अवस्थामा नातिले एघारौं दिनका कर्म र सोह्रश्राद्ध गरिदिनुपर्दछ । तर पितामहका अरू छोरा छन् भने नातिले त्यसो गर्नुहुँदैन।

पितामहः पितुः पश्चात्पञ्चत्वं यदि गच्छति । पौत्रेणैकादशाहादि कर्तव्यं श्राद्धषोडशम् ।।
नैतत्पौत्रेण कर्तव्यं पुत्रवाँश्चेत्पितामहः । पितुः सपिण्डतां कृत्वा कुर्यान्मासानुमासिकम् ।।

इति कात्यायनोक्तेः । अपरार्के शूलपाणौ चैवम् । तेन सपिण्डनस्यानित्यत्वादकृतसपिण्डनयोरेव पार्वणानुप्रवेश इति मूर्खोक्तिः परास्ता । **कृते सपिण्डीकरणे प्रेतः पार्वणभाग्भवेत्** । इति हारीतविरोधाच्च । केचित् पुत्रान्तराभावे पितामहवार्षिकमप्याहुः । तन्न, श्राद्धषोडशमिति नियमात् । इच्छया भवत्येव ।

पितामहस्य चेद् दद्यादेकोद्दिष्टं न पार्वणम् । इति वाचस्पतिधृतगर्गोक्तेः । त्रयाणां यौगपद्ये तु प्राधान्यात्पितुः सपिण्डनं कृत्वा पूर्वयोः कुर्यात् । पितामहे मृतौ दशाहान्तः पितृमृतौ पितुः संस्कारं कृत्वा पितामहस्य पुनः सर्वमावर्तयेत्। वृत्ते दशाहे नैवम् । अशक्त्या पित्रानुज्ञातेन पौत्रेण पितामहश्राद्धे प्रक्रान्ते पितृमृतौ तदाशौचं वहन्नेव पौत्रः पितामहकर्म कुर्यात्प्रक्रान्तत्वादिति मदनपारिजातपृथ्वीचन्द्रौ । यत्तु –

उत्तरात्रितयरौद्ररोहिणीयाम्यसर्पपितृभेषु चाग्निभे । श्मश्रुकर्म सकलं च वर्जयेत्प्रेतकार्यमपि बुद्धिमान्नरः।।

इति सपिण्डनप्रकरणे पाठान्मुख्यकाले निषिद्धर्क्षे सपिण्डनापकर्षः । सर्वकालेषु तद्वत्त्वे तद्वर्ज्यान्येव । पूर्वोक्तब्राह्मोक्तानि षोडशश्राद्धानि कार्याणीति वाचस्पतिमिश्राः । तन्न, अस्य परिभाषात्वेन वाक्यात्सावकाशकर्मपरत्वात्, अस्य प्रेतमात्रदैवत्याभावाच्च ।

कात्यायनले भनेका छन् कि – पिताको सपिण्डन गरेपछि आद्यश्राद्ध गर्नुपर्दछ । **अपरार्क** र **शूलपाणि**मा पनि यही कुरा बताइएको छ । त्यसकारण सपिण्डनश्राद्ध अनित्य भएकाले जसको सपिण्डनश्राद्ध भएको छैन तिनीहरूको पार्वणमा प्रवेश हुन्छ भन्ने मूर्खहरूको भनाइ यसबाट खण्डित भएको छ । सपिण्डनश्राद्ध गरेपछि प्रेत पार्वणश्राद्धको अधिकारी हुन्छ । यो **हारीत**को वचनसँग विरोधका कारण पनि पूर्वोक्त मूर्खहरूको उक्ति परास्त भएको छ । कसैले भन्दछन्– 'पितामहका अरू छोरा नभएमा नातिले वार्षिकश्राद्ध पनि गरिदिनुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन । सोह्र श्राद्ध गर्न हुन्छ तर वार्षिकश्राद्ध गर्न हुँदैन । नातिले सोह्रश्राद्धमात्र गर्ने नियम छ । तर त्यसलाई श्रद्धा लागेर गर्न चाहेमा भने गर्न सक्दछ ।

वाचस्पतिग्रन्थमा गर्गले भनेका छन् कि – पितामहको श्राद्ध गर्न चाहने नातिले एकोद्दिष्ट गर्नुपर्दछ तर पार्वण गर्न हुँदैन । कसैका पिता, पितामह र प्रपितामह एकै चोटि मरेमा पिताको प्रधानता हुन्छ । त्यसले पिताको सपिण्डन गरेपछि पितामह र प्रपितामहको सपिण्डन गरिदिनुपर्दछ । पितामह मरेको दशदिनभित्र पिताको मृत्यु भएमा पिताको संस्कार गरेर पितामहको बाँकी संस्कार गरिदिनुपर्दछ । दशदिनपछि पिता मरेमा भने पितामहको कर्म दोहोऱ्याउनु पर्दैन । पिता असमर्थ भएको कारणबाट पिताको आज्ञाले नातिले पितामहको श्राद्ध आरम्भ गरेको बीचैमा पिता पनि मरे भने पिताको आशौच वहन गर्दै नातिले पितामहको कर्म पनि गरिदिनुपर्दछ । किनकि उसले पहिले पितामहको कर्म आरम्भ गरेको छ भन्ने कुरा **मदनपारिजात** आदिमा भनिएको छ । कसैले भनेका छन् कि – ३ उत्तरा, आर्द्रा, रोहिणी, भरणी, अश्लेषा, मघा र कृत्तिकानक्षत्रमा बुद्धिमान् मानिसले दाह्री–जुंगा बनाउन र प्रेतकार्य गर्न हुँदैन । यो प्रसङ्ग सपिण्डनको प्रकरणमा बताइएको छ । त्यसकारण निषिद्ध नक्षत्रमा सपिण्डनको अपकर्ष हुन्छ । सबै कालमा निषिद्ध नक्षत्र भएमा ती नक्षत्रहरूको त्याग

गर्नुपर्दछ र पहिले बताइएको **ब्रह्मपुराण**मा निर्दिष्ट सोह्र श्राद्धवटा मात्र गर्नुपर्दछ भन्ने कुरा **वाचस्पति** मिश्रले बताएका छन् । ग्रन्थकार भन्दछन् – यो भनाइ उचित छैन, यो परिभाषावाक्य भएकाले जुन कर्म अन्य समयमा पनि गर्न सकिन्छ भन्ने अर्थमा हो । प्रेतमात्र यसको विषय होइन अर्थात् प्रेतमात्रलाई देवता बनाई कर्म गर्ने सन्दर्भमा यो वचन आएको होइन ।

स्त्रीणां सपिण्डीकरणनिर्णयः

अथ स्त्रीषूच्यते । हेमाद्रौ बृहस्पतिः – **भर्तृगोत्रेण नाम्ना च मातुः कुर्यात्सपिण्डनम् ।**

यत्तु भविष्ये – **पितृगोत्रं समुत्सृज्य न कुर्याद् भर्तृगोत्रतः** इति, तदासुरादिविवाहोढापरम् ।

आसुरादिविवाहेषु पितृगोत्रेण धर्मवित् । इति वृद्धशातातपोक्तेः । तच्चानेकवचनेषु पितामह्याः पत्या मातामहेन वा सहोक्तम् । तत्र व्यवस्थोक्ता भविष्ये –

जीवत्पिता पितामह्या मातुः कुर्यात्सपिण्डनम् । प्रमीतपितृकः पित्रा तत्पित्रा पुत्रिकासुतः ।।

तत्पित्रा मातुः पित्रा ।

नारीहरूको सपिण्डीकरणनिर्णय

अब नारीहरूको सपिण्डीकरणका विषयमा बताइन्छ । **हेमाद्रि**मा **बृहस्पति**ले भनेका छन् कि – पतिको गोत्र वा नामबाट माताको सपिण्डन गर्नुपर्दछ । **भविष्यपुराण**अनुसार पिताको गोत्रलाई छाडेर पतिको गोत्रमा सपिण्डन गर्न हुँदैन। ग्रन्थकार भन्दछन् – यो भनाइ आसुरविवाहका लागि हो । **वृद्धशातातप** भन्दछन् – धर्मका ज्ञाताहरूले आसुर आदि विवाहसँग सम्बन्ध राख्नु हुँदैन । यस्ता अनेकवचनमा पितामही, पति र मातामहसँग सपिण्डन गर्नुपर्ने प्रसङ्गहरू आएका छन् । **भविष्यपुराण**मा व्यवस्था बताउँदै भनिएको छ – जसका पिता जीवित छन् त्यसले माताको सपिण्डनश्राद्ध पितामहीका साथ गरिदिनुपर्दछ । जसका पिता मरेका छन् त्यसले पिताका साथमा सपिण्डनश्राद्ध गरिदिनुपर्दछ । छोरीपट्टिका नातिले माताको सपिण्डनश्राद्ध मातामहका साथमा गर्नुपर्दछ ।

लौगाक्षिः – **पितामह्यादिभिः सार्धं मातरं तु सपिण्डयेत् । पितरि म्रियमाणे तु तेनैवोपरते सति ।।**

शङ्खः – **मातुः सपिण्डीकरणं कथं कार्यं भवेत्सुतः । पितामह्यादिभिः सार्द्धं सपिण्डीकरणं स्मृतम्।।**

येन केनापि मातुः सापिण्ड्ये यत्रान्वष्टकादौ मातुः श्राद्धं पृथगुक्तं तत्र पितामह्या सह कार्यम् ।

नान्दीमुखेऽष्टकाश्राद्धे गयायां च मृतेऽहनि । पितामह्यादिभिः सार्द्धं मातुः श्राद्धं समाचरेत् ।।

इति शातातपोक्तेः ।

लौगाक्षिले भनेका छन् कि माताको सपिण्डन पितामहीका साथमा नै गर्नुपर्दछ । पिताको मृत्यु भएमा त पिताकै साथमा माताको सपिण्डन गर्नुपर्दछ । **संवर्त**ले भनेका छन् – छोराले आमाको सपिण्डीकरण कसरी गर्ने भन्ने प्रश्न छ । माथिका वचनहरूमा पितामहीका साथ सपिण्डन गर्नु भनेको छ । जोकसैका साथ सपिण्डन गर्दा अन्वष्टका आदिमा माताको छुट्टै श्राद्ध गर्नुपर्ने कुरा बताइएको छ । त्यसैले नै पितामहीका साथ सपिण्डन गर्नुपर्दछ भन्ने कुरा **शातातप**ले बताएका छन् । नान्दीमुखश्राद्ध, अष्टकाश्राद्ध, गयाश्राद्ध र मृत्युतिथिमा गरिने श्राद्धमा पितामहीका साथमा नै माताको श्राद्ध गर्नुपर्दछ ।

अपुत्रायाः सापिण्ड्यविचारः

अपुत्रायां तु पैठीनसिः –

अपुत्रायां मृतायां तु पतिः कुर्यात्सपिण्डनम् । श्वश्र्वादिभिः सहैवास्याः सपिण्डीकरणं भवेत् ।।

यत्तु लघुहारीतः –

पुत्रेणैव तु कर्तव्यं सपिण्डीकरणं स्त्रियाः । पुरुषस्य पुनस्त्वन्ये भ्रातृपुत्रादयोऽपि ये ।। इति ।

यच्च मार्कण्डेयपुराणे – **सपिण्डीकरणं स्त्रीणां पुत्राभावे न विद्यते ।** इति, तत्पुत्रपत्यभावे ज्ञेयम् । अत्र सपत्नीपुत्रोऽपि ज्ञेयः ।

बह्वीनामेकपत्नीनामेका चेत्पुत्रिणी भवेत् । सर्वास्तास्तेन पुत्रेण प्राह पुत्रवतीर्मनुः ।।

इति मनूक्तेरेतत्परत्वात् ।

अपुत्रा नारीको सपिण्डीकरणश्राद्ध

पैठीनसिमा भनिएको छ कि – पुत्रहीन नारी पतिभन्दा पहिले मरिन् भने पतिले नै सपिण्डन गर्नुपर्दछ । त्यसबेला तिनको सासु आदिका साथमा सपिण्डन गर्नुपर्छ भन्ने कुरा **लघुहारीत**ले भनेका छन् । माताको सपिण्डनश्राद्ध छोराले नै गर्नुपर्दछ । पिताको त अरू भाइहरूले पनि गर्न सक्छन् । फेरि **मार्कण्डेयपुराण**मा भनिएको छ – पुत्रहरूको अभावमा नारीहरूको सपिण्डीकरणश्राद्ध हुँदैन । ग्रन्थकार भन्दछन् – यी कुरा पुत्र वा पति दुवै नभएमा लागु हुन्छन् भन्नुपर्दछ । कुनै पुरुषका धेरै पत्नी भएमा धेरै पत्नीमध्ये एउटैको मात्र छोरा छ भने त्यही छोराका कारण सबै आमाहरू पुत्रवती मानिन्छन् भन्ने कुरा **मनु**ले भनेका छन् । त्यसकारण सौतापट्टिका पुत्रबाट पनि नारीहरूको सपिण्डीकरण हुन्छ ।

यत्तु शातातपः –

मृते पितरि मातुस्तु न च कार्या सपिण्डता । पितुरेव सपिण्डत्वे तस्या अपि कृतं भवेत् ।।

इति तदशक्तपरम् । केषाञ्चिद्वा मतमिति हेमाद्रिः । अन्वारोहणे तु भर्त्रैव सापिण्ड्यम्,

मृता यानुगता नाथं सा तेन सहपिण्डताम् । अर्हति स्वर्गवासञ्च यावदाभूतसंप्लवम् ।।

इति शातातपोक्तेः ।

पत्या चैकेन कर्तव्यं सपिण्डीकरणं स्त्रियाः । सा मृतापि हि तेनैक्यं गता मन्त्राहुतिव्रतैः ।।

इति यमोक्तेश्च । अत्रैकशब्दः पितामह्यादिपक्षनिवृत्त्यर्थः । पतिपदं वर्गपरम् । सपिण्डनस्य पार्वणैकोद्दिष्टरूपत्वादिति माधवकल्पतरुमदनरत्नादयः । अन्ये तु भर्त्रैवैकेनाहुः – **स्वेन भर्त्रा सहैवास्याः सपिण्डीकरणं भवेत् ।** इत्येवकारश्रवणात् ।

फेरि **शातातप**ले भनेका छन् कि – पिता मरेपछि माताको सपिण्डन गर्न हुँदैन किनकि पिताको सपिण्डनबाट नै माताको पनि सपिण्डन भएको हुन्छ । **हेमाद्रि**हरू भन्दछन् – यो असमर्थका लागि गरिएको व्यवस्था हो । **शातातप** भन्दछन् – कुनै नारी आफ्ना पतिका साथ सती गएकी छन् भने उनको पतिकै साथ सपिण्डन गरिन्छ र ती प्रलयकालसम्म स्वर्गमा बास गर्दछिन् । **यम**ले भनेका छन् – पत्नीको सपिण्डन पतिका साथ गर्नुपर्दछ । ती मरेपछि पनि मन्त्रद्वारा गरिएको आहुति र व्रतहरूका कारण पतिका साथ एकाकार हुन्छिन् । यहाँ एवशब्दको प्रयोग गरिएको छ । त्यो पितामहीको निवृत्तिका लागि हो । पतिशब्दको प्रयोग पतिको वंशको जानकारी गराउने उद्देश्यले गरिएको छ । सपिण्डनश्राद्धमा

पार्वण र एकोद्दिष्ट दुवैका स्वरूप समाहित हुन्छन् भन्ने कुरा **कल्पतरु** आदिले बताएका छन् । अरूले त पतिका साथ नै पत्नीको सपिण्डनश्राद्ध गर्नुपर्छ भनेका छन् ।

पृथ्वीचन्द्रोदयेऽपि विकल्प उक्तः। इदं तु तत्त्वम् । यदा हेमाद्र्यादिमते द्वयोरेकः पिण्डस्तदा वर्गेण सह । यदा माधवपृथ्वीचन्द्रादिमते पृथक् पिण्डस्तदैकेन पत्यैकवचनाच्चैकेनापि । अतो मातृपिण्डमसपिण्डीकृतेनैव पतिपिण्डेन संयोज्यैकीकृतं पिण्डद्वयं तत्पित्रादिभिः संयोजयेत् । अन्त्यपक्ष एव युक्तः । स्मृत्यर्थसारे तु – अन्वारोहणेनैकदिनमरणे स्त्रियाः पृथक् सपिण्डनं नास्ति। भर्तुः कृते स्त्रिया अपि कृतं भवति इत्युक्तम्, तन्मतान्तरमस्तु। इदं ब्राह्मादिविवाहेषु ज्ञेयम्।

पृथ्वीचन्द्रोदयमा पनि विकल्प देखाइएको छ । यहाँ रहस्य के हो भने – **हेमाद्रि**को मतमा दुवैका निमित्त एउटामात्र पिण्ड दिनुपर्दछ र पतिको कुलका साथमा सपिण्डन गर्नुपर्दछ । **पृथ्वीचन्द्र** आदिका मतमा पति र पत्नीका लागि छुट्टाछुट्टै पिण्ड दिएमा पतिका साथ सपिण्डन गर्नुपर्दछ । यी वचनबाट पनि माता र पिताको सपिण्डन गर्नुपर्ने कुरा बुझिन्छ । यसैले माताको पिण्डलाई पतिको पिण्डसँग जोडेर ती दुवैको पिण्डलाई पतिका पितामहसँग जोड्नुपर्दछ । **स्मृत्यर्थसार**मा भनिएको छ कि – अन्वारोहणमा एकै दिन मरेका कारण पत्नीको अलग सपिण्डन हुँदैन । पतिको सपिण्डन गर्दा पत्नीको पनि सपिण्डन हुन्छ । ग्रन्थकार भन्दछन् – यो मतान्तर हो । यसको प्रयोग ब्राह्म आदि विवाहद्वारा विवाहित पत्नीमा हुन्छ ।

आसुरादिविवाहविधिभिर्विवाहितायाः सापिण्ड्यनिर्णयः

आसुरादिषु तु शातातपः –

तन्मात्रा तत्पितामह्या तच्छ्वश्रा वा सपिण्डनम् । आसुरादिविवाहेषु विन्नानां योषितां भवेत् ।।

मातामह्या मातुः पितामह्या तत्प्रपितामह्या वेत्यर्थः ।

सुमन्तुः – **पिता पितामहे योज्यः पूर्णे संवत्सरे सुतैः । माता मातामहे तद्वदित्याह भगवाञ्छिवः ।।**

इदमासुरादिपरं पुत्रिकापुत्रपरं चोक्तं प्राक् ।

आसुर आदि विवाहद्वारा विवाहित नारीहरूको सापिण्ड्य निर्णय

आसुर आदि विवाहबाट ल्याइएका पत्नीहरूका सम्बन्धमा **शातातप**ले भनेका छन् – त्यस्ता नारीहरूको सपिण्डन तिनकै आमाहरूसँग गरिदिनुपर्दछ । अथवा उनका हजुरआमासँग अथवा सासूहरूसँग गरिदिनुपर्दछ । मातामहीका साथमा सपिण्डन गर्ने क्रम यसप्रकार छ – मातामही, प्रमातामही र वृद्धप्रमातामहीसँग सपिण्डन गरिन्छ । **सुमन्तु**ले भनेका छन् कि पिताको सपिण्डन गर्दा छोराहरूले एकवर्षपछि उनका पितासँग गरिदिनुपर्दछ । यसैगरी माताको सपिण्डन मातामहसँग गरिदिनुपर्दछ । यो भगवान् शिवको आज्ञा हो । ग्रन्थकार भन्दछन् – यो भनाइ आसुरविवाहसँग सम्बन्धित छ अथवा पुत्रकी पुत्रीसँग सम्बन्धित छ ।

सर्वत्र देशभेदाद्विकल्पकथनम्

हेमाद्रिस्तु ब्राह्मादिष्वपि सर्वत्र देशभेदाद्विकल्पमाह ।

देशभेदले विकल्प

हेमाद्रिले ब्राह्म आदि विवाहद्वारा विवाहित नारीको विषयमा पनि देशभेदबाट विकल्प हुने कुरा बताएका छन् ।

गुर्जरेषु कोकिलमतानुसारिणां मतम्

अत एव गुर्जरेषु कोकिलमतानुसारिणां मातृमातामहप्रमातामहा इति श्राद्धप्रयोगः सपिण्डनं च दृश्यते । हेमाद्रावापस्तम्बोऽपि –

कोकिलस्य यथा पुत्रा अन्यसञ्चयजीविनः । पुष्टास्ते स्वकुलं यान्ति एवं नारी मृता सती ।।

यदपि विज्ञानेश्वरो मातामहेन मातुः सापिण्ड्ये पितृश्राद्धवन्मातृश्राद्धं नित्यमित्याह । यच्च वृद्धिश्राद्धे छन्दोगपरिशिष्टम् – **षड्भ्यः पितृभ्यस्तदनु श्राद्धदानमुपक्रमेत्** इति, तदेतद्विषयमेव, मातुः पृथक्श्राद्धाभावात्।

गुर्जरदेशमा प्रचलित कोकिल मत

गुजरात प्रदेशमा कोकिलमत मान्नेहरूले माता, मातामह र प्रमातामहको श्राद्ध गर्दछन् र सपिण्डनमा माताको पिण्डलाई मातामहको पिण्डका साथ योग गर्दछन् । **हेमाद्रिमा आपस्तम्ब** भन्दछन् – जसरी कोइलीका बच्चा विजातीय पक्षी कागद्वारा पोषित भई समर्थ भएपछि आफ्नै कुलमा फर्किन्छन् त्यसैगरी सती नारी पनि मरेपछि आफ्नै मातृकुलका सज्जन पुरुषहरू भएको ठाउँमा पुग्छिन् । **विज्ञानेश्वर**ले माताको मातामहसँग सपिण्डन गरिएको स्थितिमा पितासमान माताको पनि छुट्टै सपिण्डन गर्नुपर्दछ भनेका छन् । **छन्दोगपरिशिष्ट**मा वृद्धिश्राद्धका विषयमा भनिएको छ – सपिण्डनपछि आफ्ना छ पितृका निमित्त क्रमैले श्राद्ध गरिन्छ । ग्रन्थकार भन्दछन् – यो वृद्धिश्राद्धकै लागि भनिएको विषय हो । किनकि माताको छुट्टै श्राद्ध गर्नुपर्दछ भन्ने वचन पाइँदैन ।

अत एव हेमाद्रौ भविष्ये मातुः सपिण्डनं प्रक्रम्य –

उदितेऽनुदिते चैव होमभेदो यथा भवेत् । तथा कुलक्रमायातमाचारं च चरेद् बुधः ।।

इत्युक्तम् । अस्य वृद्धावपवादमाह तत्रैव व्याघ्रपात् –

कुर्यान्मातामहश्राद्धं सर्वदा मातृपूर्वकम् । विधिज्ञो विधिमास्थाय वृद्धौ मातामहादिवत् ।।

केचिदेतत् पुत्रिकापुत्रपरमाहुः ।

हेमाद्रि र **भविष्यपुराण**मा सपिण्डनलाई लक्षित गर्दै भनिएको छ – उदित र अनुदित सूर्यमा होमभेद भएझैं कुलक्रममा पनि आचारगत भेद हुन्छ । तसर्थ विद्वान्ले आफ्नै कुलको आचार गर्नुपर्दछ । वृद्धिको अपवाद बताउँदै **व्याघ्रपाद** भन्दछन् – 'सर्वदा मातामहको श्राद्ध मातृपूर्वक गर्नुपर्दछ । विधिज्ञले विधिअनुसार वृद्धिश्राद्धमा मातामहकै क्रमअनुसार माताको श्राद्ध गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – कसैले यो वचनलाई पुत्रिकापुत्रप्रति लक्षित छ भनेका छन्।

पत्युः सापिण्ड्यम्

पत्युः सापिण्ड्यमाह लौगाक्षिः –

सर्वाभावे स्वयं पत्न्यः स्वभर्तॄणाममन्त्रकम् । सपिण्डीकरणं कुर्युस्ततः पार्वणमेव च ।। इति ।

पतिको सापिण्ड्य

लौगाक्षिले भनेका छन् – पतिको मृत्युपछि अरू कुनै कर्ता नभएका पत्नीहरूले आफ्ना पतिको सापिण्ड्य विनामन्त्र गर्नुपर्दछ । त्यसपछि पार्वणश्राद्ध गर्नुपर्दछ ।

अपुत्राणां सपिण्डनाभावविचारः

यत्तु वचनम् – '**अपुत्रस्य परेतस्य नैव कुर्यात्सपिण्डताम्**' इति । यच्चापस्तम्बः –

अपुत्रा ये मृताः केचित्पुरुषा वा स्त्रियोऽपि वा । तेषां सपिण्डनाभावादेकोद्दिष्टं न पार्वणम् ।।

इति, तत्पुत्रोत्पादनविधिप्रशंसार्थमिति माधवः ।

सपिण्डीकरणादूर्ध्वमेकोद्दिष्टं विधीयते । अपुत्राणां च सर्वेषामपत्नीनां तथैव च ।।

इति हेमाद्रौ प्रचेतसोक्तेश्च । अन्ये तु द्विविधवाक्यदर्शनाद्विकल्पमाहुः ।

अपुत्रको सपिण्डन

मृतक पुत्रहीन भएमा सपिण्डन गर्नुपर्दैन भन्ने वचन पाइन्छ । त्यसैले **आपस्तम्ब** भन्दछन् कि – 'पुत्रहीन स्त्रीहरू मरेमा उनको सपिण्डन नहुने हुँदा एकोद्दिष्टमात्र हुन्छ तर पार्वण हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो वचन पुत्र उत्पादनको प्रशंसाको लागि भनिएको हो भन्ने कुरा **माधवले** बताएका छन् । **हेमाद्रिमा प्रचेता** भन्दछन् – जुन मानिस पुत्रहीन र पत्नीहीन हुन्छन् तिनको सपिण्डनश्राद्धपछि एकोद्दिष्ट गर्ने विधान छ । अरू भन्दछन् – अनेकथरिका वचन पाइनाले विकल्प छ भन्नुपर्दछ ।

ब्रह्मचारिणामनपत्यानां च सपिण्डनविचारः

स्मृत्यर्थसारेऽपि – ब्रह्मचारिणामनपत्यानाञ्च सपिण्डनं नास्ति, तेषां सदैकोद्दिष्टमेव व्युत्क्रममृतानां सापिण्ड्यं कार्यं न वा । केचित्सर्वत्र सपिण्डनमाहुरिति ।

ब्रह्मचारी र पुत्रहीनको सपिण्डन

स्मृत्यर्थसारमा भनिएको छ कि – ब्रह्मचारी र अपुत्रहरूको सपिण्डन हुँदैन । तिनीहरूको सधैं एकोद्दिष्ट हुन्छ । उल्टो क्रमले मरेका मानिसको सपिण्डन गरे पनि हुन्छ नगरे पनि हुन्छ । कसैले सबैको सपिण्डन गर्नुपर्दछ भनेका छन्।

अपुत्रे व्युत्क्रममृते विशेषः

अपुत्रे व्युत्क्रममृते विशेषो रेणुकारिकायाम् –

भ्राता वा भ्रातृपुत्रो वा सपिण्डः शिष्य एव वा । सर्वबन्धुविहीनस्य पत्नी कुर्यात्सपिण्डताम् ।।

ऋत्विजं कारयेद्वापि पुरोहितमथापि वा । वसुरुद्रादितिसुतैः कार्या तेषां सपिण्डता ।।

व्युत्क्रमाच्च प्रमीता ये तद्विना प्रेतता ध्रुवम् । पुनः सपिण्डनं तेषां कुर्यात्प्रेते पितामहे ।।

इति । अत्र मूलं मृग्यम् ।

अपुत्रको मृत्यु आदिमा विशेष

रेणुकारिकामा अपुत्र र उल्टो क्रमले मरेका मानिसको विषयमा विशेष तथ्य बताउँदै भनिएको छ कि – 'उल्टो क्रममा मरेका मानिसको सपिण्डन दाजु वा भाइ वा तिनका छोरा सपिण्ड वा शिष्यले गर्नुपर्दछ । कुनै पनि बन्धु नभएका मानिसको सपिण्डन पत्नीले गर्नुपर्दछ अथवा ऋत्विक् अथवा पुरोहितद्वारा गराउनुपर्दछ । वसु, रुद्र र आदित्यका साथ

तिनीहरूको सपिण्डन गर्नुपर्दछ । विपरीत क्रमले मरेको मानिस सपिण्डन नगरिएमा प्रेतयोनिमा प्राप्त हुन्छ । बाबु मरेपछि पितामहको मृत्यु हुँदा तिनीहरूको पुनः सपिण्डनश्राद्ध गरिदिनु पर्दछ ।' यस वचनको मूल अन्वेषणीय छ ।

यतीनां सपिण्डनं नास्तीति विषये मतमतान्तरनिरूपणम्

यतीनां सपिण्डनं नास्ति किन्त्वेकादशेऽह्नि पार्वणं कार्यम् । तदपि त्रिदण्डिनः । एकदण्ड्यादीनां तदपि नेत्युक्तं प्राग्दण्डग्रहणात्पूर्वं मृते तु दाहादिसपिण्डनान्तं सर्वं कार्यमिति भट्टचरणाः ।

संन्यासीको सपिण्डनमा मतमतान्तर

संन्यासीहरूको सपिण्डनश्राद्ध हुँदैन । संन्यासी मरेको एघारौं दिनमा तिनका लागि पार्वणश्राद्ध गरिदिनुपर्दछ । यो पार्वण पनि केवल त्रिदण्डी संन्यासीका निमित्त हो । एकदण्डी, परमहंस आदिका लागि होइन भन्ने कुरा बताइसकिएको छ । दण्डग्रहणभन्दा पहिले मर्नेहरूको त दाहदेखि सपिण्डीकरणसम्मका सबै कर्म गरिदिनुपर्दछ भन्ने कुरा भट्टहरूले बताएका छन्।

सपिण्डनविधिः

सपिण्डनविधिमाह वैजवापः – समाप्ते संवत्सरे चत्वार्युदपात्राणि प्रयुनक्ति एकं प्रेताय, त्रीणि पितृभ्यः प्रेतपात्रं पितृपात्रेष्वासिञ्चति **'ये समाना'** इति द्वाभ्यामेवं पिण्डानथाभिमृशति ।

एष वोऽनुगतः प्रेतः पितरस्तं ददामि वः । शिवं भवतु शेषाणां जायतां चिरजीविनः ।।

'समानी वः' 'सङ्गच्छध्वं संवदध्वम्' इति द्वाभ्याम् । यद्यपि –

तच्चापि दैवरहितमेकार्घ्यैकपवित्रकम् । नैवाग्नौकरणं तत्र तच्चावाहनवर्जितम् ।।

इति मार्कण्डेयेनोक्तम् ।

तथापि – **सपिण्डीकरणं श्राद्धं दैवपूर्वं नियोजयेत्** । इत्यादिविरोधाद्विकल्पः, प्रेतांशे वा ज्ञेयम् ।

सपिण्डनविधि

वैजवापले सपिण्डन विधि बताउँदै भनेका छन् – मरेको एकवर्ष बितेपछि सपिण्डीकरण गर्दा जलका चारपात्र प्रयोग गर्नुपर्दछ । तिनमा एकपात्र प्रेतका लागि र अरू तीनपात्र पितृहरूका लागि राखिन्छ । प्रेतपात्रमा राखिएको जल पितृहरूका पात्रमा राखिएको जलमा – **'ये समानास्समनसः । पितरो यमराज्ये । तेषां लोकस्स्वधा नमः । यज्ञो देवेषु कल्पताम् ।। ये समानास्समनसः । जीवा जीवेषु मामकाः । तेषाँ श्रीर्मयि कल्पताम् । अस्मिन् लोके शतं समाः ।।'** (तै.ब्रा. २/६/१२, १३) मन्त्रद्वारा मिसाउनुपर्दछ । यसैगरी प्रेतपिण्डलाई समविभाग गरी पितृहरूको पिण्डमा संयोजन गर्नुपर्दछ । त्यसबेला **'एष वोऽनुगतः प्रेतः'** इत्यादि मूलोक्त मन्त्रद्वारा प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ – 'हे पितृगण ! यो प्रेत तपाईंहरूकै नजिकै आइपुगेको छ म तपाईंहरूका निमित्त यी प्रेतलाई टक्र्याउँदैछु । सबै पितृहरूको कल्याण होस् ।' त्यसपछि **'समानी वः आकूतिः समाना हृदयानि वः । समानमस्तु वो मनो यथा वः सुसहासति ।।'** (ऋ. १०/१९१/४), **'सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् । देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ।।'** (ऋ. १०/१९१/२) यी दुईमन्त्रबाट पिण्डसंयोजन गर्नुपर्दछ ।

यद्यपि **मार्कण्डेयपुराणमा** भनिएको छ – सपिण्डनश्राद्ध विश्वेदेवरहित एकअर्घ्यपात्र र एकपवित्रद्वारा सम्पन्न

गरिन्छ । यसमा अग्नौकरण र आवाहन हुँदैनन् । यसो भनिए तापनि विश्वेदेवसहित नै यो श्राद्ध गर्नुपर्दछ ।

ग्रन्थकार भन्दछन् – यहाँ विरोध देखिनाले यसमा पनि विकल्प मान्नुपर्दछ । अथवा यो प्रेतश्राद्धको विषय हो भन्नुपर्दछ।

सपिण्डने कामकालौ देवौ

अत्र कामकालौ, विश्वेदेवावित्युक्तं प्राक् । मैत्रायणीयपरिशिष्टे – **पित्र्यविप्रकरे होमः साग्नेरपि भवेदिह।**

सपिण्डनमा विश्वेदेव

सपिण्डनश्राद्धमा काम र कालनामक विश्वेदेव हुन्छन् । **मैत्रायणीयपरिशिष्ट**मा भनिएको छ – यसमा अग्निहोत्रीले पनि पितृब्राह्मणका निमित्त होम गर्नुपर्दछ ।

व्युत्क्रमेण मृतावपि हेमादिना सपिण्डनविचारः

यत्तु गोभिलः –

अनुक्तकालेष्वपि तु व्युत्क्रमेण मृतावपि । आमेन वापि सापिण्ड्यं हेम्ना वापि प्रकल्पयेत् ।।

इति, तदापदि मातापितृभिन्नपरम् । **'आपन्नोऽपि न कुर्वीत श्राद्धमामेन कर्हिचित्'** इति तेनैवोक्तेः।

व्युत्क्रममृत्युमा हेमश्राद्ध

गोभिलले भनेका छन् कि – निर्धारण नगरिएको कालमा पनि विपरीत क्रमले मरेका मानिसहरूका लागि आमान्न वा सुवर्णद्वारा सपिण्डनश्राद्ध गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो भनाइ पनि आपत्ति परेका बेला माता–पिताभिन्न व्यक्तिहरूका लागि हो किनकि उनैले भनेका छन् कि – आपत्तिमा पनि आमान्नद्वारा सपिण्डनश्राद्ध गर्न हुँदैन ।

सपिण्डीकरणं पक्वान्नेनैव कर्तव्यम्

शुद्धितत्त्वे कामधेनौ च लघुहारीतः –

सपिण्डीकरणं यावत् प्रेतश्राद्धं तु षोडश । पक्वान्नेनैव कर्तव्यं सामिषेन द्विजातिभिः ।।

पक्वान्नद्वारा सपिण्डन

शुद्धितत्त्व र **कामधेनु**मा **लघुहारीत**को वचन छ कि – सोह्र श्राद्धलगायत सपिण्डनश्राद्ध मांससहित पक्वान्नद्वारा गर्नुपर्दछ ।

सपिण्डनानन्तरं पाथेयश्राद्धकथनम्

विश्वप्रकाशे – **प्रेतः सपिण्डनादूर्ध्वं पितृलोकेऽनुगच्छति । कुर्यात्तस्य तु पाथेयं द्वितीयेऽह्नि सपिण्डनात्।।**

स्मृत्यर्थसारेऽप्येवम् ।

सपिण्डनोत्तर पाथेय

विश्वप्रकाशमा भनिएको छ कि – सपिण्डनपछि प्रेत पितृलोकमा लान्छ । सपिण्डनको दोस्रो दिन पाथेयश्राद्ध गर्नुपर्दछ । **स्मृत्यर्थसार**मा पनि यही भनिएको छ ।

वृद्धिश्राद्धविचारः

ततो वृद्धिश्राद्धं कुर्यात् । एतन्मलमासेऽपि कार्यम् ।

अधिमासे न कर्तव्यं श्राद्धमाभ्युदयं तथा । तथैव काम्यं यत्कर्म वत्सरात्प्रथमादृते ।।

इति हेमाद्रौ हारीतोक्तेः ।

वृद्धिश्राद्धविचार

सपिण्डनश्राद्धपछि वृद्धिश्राद्ध गर्नुपर्दछ । यो श्राद्ध मलमासमा पनि गर्नहुन्छ । **हेमाद्रिमा हारीत**ले भनेका छन् कि– अधिकमासमा आभ्युदिकश्राद्ध गर्न हुँदैन । यसैगरी जति पनि काम्यकर्म छन् ती सामान्यतः मानिस मरेको पहिलो वर्षमा गरिँदैनन् ।

प्रथमाब्दे निषिद्धानि

अथ प्रथमाब्दे निषिद्धानि । हेमाद्रौ –

स्नानं चैव महादानं स्वाध्यायं चाग्नितर्पणम् । प्रथमेऽब्दे न कुर्वीत महागुरुनिपातने ।।

अन्यतर्पणमिति शुद्धितत्त्वे पाठः । अग्नितर्पणं लक्षहोमादि नत्वाधानम् । तत्तु प्रथमाब्दे भवत्येव । तदाह हेमाद्रावुशनाः–

पितुः सपिण्डीकरणं वार्षिके मृतवासरे । आधानाद्युपसम्प्राप्तावेतत्प्रागपि वत्सरात् ।।

आदिपदं वृद्धिनिमित्तनित्यकर्मपरम् । दिवोदासीये –

महातीर्थस्य गमनमुपवासव्रतानि च । संवत्सरं न कुर्वीत महागुरुनिपातने ।।

इदं श्राद्धकौमुद्यां देवीपुराणस्थमुक्तम् ।

प्रथमवर्षमा निषिद्ध विषय

हेमाद्रिमा भनिएको छ कि – 'स्नान – कामनापरक स्नान, महादान – तिल, लौह, सुवर्ण, कपास, नून, सप्तधान्य, गाई, भूमि, स्वाध्याय – कामनापरक वेदाध्ययन, अग्नितर्पण वा पितृतर्पण, लक्षहोमजस्ता कर्म महागुरु अर्थात् माता-पिता एवं आचार्यमध्ये कुनै एकको मृत्यु हुँदा पहिलो वर्ष गर्न हुँदैन ।' यहाँ अग्नितर्पणम्‌को **अन्यतर्पणम्** भन्ने पाठान्तर पाइन्छ । अग्नितर्पणको अर्थ लक्षहोम हो अग्निको आधान होइन । आधान त एकवर्षभित्र पनि गरिन्छ ।

हेमाद्रिमा उशनाले भनेका छन् – पिताको वार्षिक मरणदिनमा सपिण्डनश्राद्ध गर्नुपर्दछ । आधान आदि वर्ष दिन नपुग्दै गर्नुपर्ने भएमा गर्नुपर्दछ । आदिपदले वृद्धिनिमित्तक नित्यकर्मलाई जनाउँछ । **दिवोदासीय**मा महागुरुहरूको मृत्युमा एकवर्षसम्म महातीर्थयात्रा, उपवास र व्रत गर्न हुँदैन भनी जुन बताइएको छ त्यो **श्राद्धकौमुदी**बाट उद्‌धृत **देवीपुराण**को वचन हो।

गौडनिबन्धे मात्स्ये –

सपिण्डीकरणादूर्ध्वं प्रेतः पार्वणभुग्भवेत् । वृद्धीष्टापूर्तयोग्यश्च गृहस्थश्च सदा भवेत् ।।

वर्षान्तसपिण्डनाभावे नाधिकारीत्यर्थः । गृहस्थः सपिण्डोऽपीत्यर्थः । अत एव –

प्रेतकर्माण्यनिर्वर्त्य चरेन्नाभ्युदयक्रियाम् । आचतुर्थं ततः पुंसि पञ्चमे शुभदं भवेत् ।।

इति ज्योतिषे उक्तम् ।

गौडनिबन्धमा उद्धृत **मत्स्यपुराण**को वचनमा भनिएको छ – सपिण्डन गरेपछि प्रेतले पार्वणश्राद्ध उपभोग गर्ने अधिकार पाउँछ । गृहस्थ वृद्धि एवं इष्टापूर्तकर्म गर्न सदा योग्य हुन्छ । परन्तु, वर्षान्तमा मृतकको सपिण्डन गरिँदैन भने त्यो वृद्धि र इष्टापूर्तको अधिकारी हुँदैन । यहाँ गृहस्थशब्दको अर्थ सपिण्ड पनि हो । त्यसैले गृहस्थले प्रेतकर्म नगरीकन चारपुस्तासम्म आभ्युदयिकश्राद्ध गर्न हुँदैन । चारपुस्तापछि मात्र त्यसले गर्न सक्छ भन्ने कुरा **ज्योतिषमा** बताइएको छ।

माधवीये देवलः – **प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत्पूर्णो न वत्सरः ।।**

इदं वर्षान्तसपिण्डनपरम् । **तथैव काम्यं यत्कर्म वत्सरात्प्रथमादृते** । इति लघुहारीताद्येकवाक्यत्वात् । वृद्धिनिमित्तापकर्षे तु वर्षमध्येऽपि काम्यादि भवत्येवेति गौडाः । पित्र्यम् – सपिण्डनम् । अत एव लौगाक्षिः–

अन्येषां प्रेतकार्याणि महागुरुनिपातने । कुर्यात्संवत्सरादर्वाक् श्राद्धमेकं तु वर्जयेत् ।।

दाहाद्येकादशाहान्तं कार्यम् । तत्राशौचान्तरस्याप्रतिबन्धकत्वात् । **आद्यं श्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि।** इत्युक्तेश्च । एकं सपिण्डनम् । पत्न्यादौ त्वपवादमाह माधवीये ऋष्यशृङ्गः –

पत्न्याः पुत्रस्य तत्पुत्रभ्रात्रोस्तत्तनयस्य च । स्नुषास्वस्त्रोश्च पित्रोश्च संघातमरणं यदि ।।

अर्वागब्दान्मातृपितृपूर्वं सापिण्ड्यमाचरेत् ।

माधवीयमा देवल भन्दछन् – 'जसका माता–पिता मरेका हुन्छन् त्यसको शरीर वर्षदिनसम्म अशुद्ध हुन्छ, तसर्थ दैव एवं पितृकर्ममा त्यसको अधिकार हुँदैन ।' ग्रन्थकार भन्दछन् – यो भनाइ वर्षान्तसपिण्डनमा आधारित छ । त्यसैगरी जति पनि काम्यकर्म छन् ती वर्षदिनभित्र गरिँदैनन् अथवा गर्न योग्य हुँदैनन् भन्ने **लघुहारीत**को वचनअनुसार भनिएको छ। वृद्धिनिमित्तक काम्यकर्म गर्दा भने उक्त कर्म वर्षदिनभित्र पनि गर्न योग्य हुन्छन् ।

यसैले **लौगाक्षि** भन्दछन् – 'महागुरुको मृत्यु भएमा अरूको प्रेतकार्य पर्न आउँदा ती सबै प्रेतकार्य एकवर्षभित्र नै सम्पन्न गर्नुपर्दछ तर सपिण्डन गर्न हुँदैन । दाहदेखि एकादशाहश्राद्धसम्मका सबै कर्म गर्नुपर्दछ । महागुरुहरूको आशौचमा अरूको आशौच परे पनि ती प्रतिबन्धक हुँदैनन् ।' यस पद्यमा **एक**को अर्थ सपिण्डन हो । फेरि भनिएको छ– अशुद्ध व्यक्तिले पनि आद्यश्राद्ध एघारौं दिनमा गर्नुपर्दछ । पत्नी आदिको अपवाद बताउँदै **माधवीयमा श्रृष्यशृङ्ग**ले भनेका छ – पत्नी, पुत्र, पौत्र, दाजु, भाइ, भाउजू, भाइबुहारी, बुहारी, सासू, माता एवं पिताको एकैचोटि मृत्यु भएमा वर्षदिनको ब माता–पिताको क्रमबाट सपिण्डनश्राद्ध गर्नुपर्दछ ।

लौगाक्षिः – **पत्नी पुत्रस्तथा पौत्रो भ्राता तत्पुत्रका अपि । पितरौ च यदैकस्मिन् म्रियेरन्वासरे तदा ।।**

आद्यमेकादशे कुर्यात् त्रिपक्षे तु सपिण्डनम् ।। धवलनिबन्धे –

महागुरुनिपाते तु प्रेतकार्यं यथाविधि । कुर्यात्संवत्सरादर्वागेकोद्दिष्टं न पार्वणम् ।।

भृगुः – **माता चैव तथा भ्राता भार्या पुत्रस्तथा स्नुषा । एषां मृतौ चरेच्छ्राद्धमन्यस्य न पुनः पितुः ।।**

एतदपि सपिण्डनपरम् । पितुर्मृतावन्यस्य श्राद्धं न चरेदित्यर्थः ।

लौगाक्षि भन्दछन् – पत्नी, पुत्र, पौत्र, दाजु, भाइ, दाजुभाइका छोरा, माता–पिता एकै दिन मरेमा आद्यश्राद्ध एघारौं दिनमा गरी ४५ दिनमा सपिण्डन गर्नुपर्दछ । **धवलनिबन्धमा** भनिएको छ – महागुरुको मरणमा पनि यथाविधि प्रेतकार्य गर्नुपर्दछ । तर वर्ष दिन नपुग्दै एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ, पार्वणश्राद्ध गर्नहुँदैन । **भृगु** भन्दछन् – 'माता, दाजु–भाइ, स्त्री, पुत्र र वधूको मृत्यु भएमा अरूको श्राद्ध गर्न हुन्छ तर पिताको मृत्युमा भने अरूको श्राद्ध गर्न हुँदैन ।' पिताको मृत्यु हुँदा वर्षदिनसम्म माता आदि अन्य व्यक्तिको श्राद्ध गर्न हुँदैन भन्ने तात्पर्य हो ।

गुरुपाते अन्यश्राद्धादौ विचारः

शुद्धितत्त्वे श्राद्धकौमुद्यां च देवलः –

अन्यश्राद्धं परान्नञ्च गन्धमाल्यञ्च मैथुनम् । वर्जयेत् गुरुपाते तु यावत्पूर्णो न वत्सरः ।।

पारस्करभाष्ये बृहस्पतिः –

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समम् ।।

समं पितरं विनाऽन्यश्राद्धं नेत्यर्थः ।

गुरुजनको मृत्युमा अन्यको श्राद्ध

शुद्धितत्त्व र **श्राद्धकौमुदीमा देवल** भन्दछन् – आफ्ना माता, पिता र गुरुको मृत्यु हुँदा अरूको श्राद्धमा भोजन, परान्नभोजन, गन्ध, माला र मैथुनको त्याग गर्नुपर्दछ । पूरा वर्ष यसैगरी नियम पालन गर्नुपर्दछ । **पारस्करभाष्यमा बृहस्पति** भन्दछन् – 'पुत्रले पिताको मृत्यु हुँदा माताको श्राद्ध गर्न हुँदैन । माताको मृत्यु हुँदा पिताको श्राद्ध गर्नु पर्दछ तर अरूको श्राद्ध गर्न हुँदैन ।' मूलमा प्रयुक्त 'समम्'को तात्पर्य वर्षदिनसम्म भन्ने हो । ग्रन्थकार भन्दछन् – यो भनाइ सपिण्डनपरक हो अर्थात् सपिण्डनश्राद्ध नगर्दासम्म निषेध गरिएको हो, सपिण्डनपछि पिताको मृत्युमा पनि अरूको श्राद्ध गर्न हुन्छ भन्ने आशय हो । मूलमा **समम्**शब्दको प्रयोग गरिएको छ । **वीरमित्रोदय** आदि ग्रन्थहरूमा भने **समाम्**शब्दको प्रयोग गरिएको पाइन्छ । उक्त दुवै शब्दको अर्थ पनि फरक–फरक प्रस्तुत गरिएको छ ।[६७]

६७. माथिको '**पितर्युपरते**' इत्यादि पद्यको अर्थ निर्णयसिन्धुका अरू टीकामा बताएअनुसार प्रस्तुत गरिएको छ । यस पद्यको अर्थका विषयमा नेपाली विद्वान्हरूका फरक–फरक मत पाइन्छन् । अहिले ती ती मतको निरूपण गरिँदैछ –

एकथरि विद्वान्हरूकोम नाइ छ – बाबुको बरखी बारिरहेको बखत आमाको मृत्यु हुन गएमा आमाको दशाह आदि सबै क्रिया गर्नुको साथै मासिक पनि गर्दै जानुपर्छ । बाबुको मासिक र वार्षिकश्राद्ध पनि यथा समयमा हुन्छ । 'प्रमीतौ पितरौ' अनुसार बाबु–आमाको मरणमा एकवर्षसम्म पुत्रको देह अशुद्ध हुने हुँदा सो अवधिभित्र देवकार्य वा पितृकार्य कुनै पनि गर्न हुँदैन भन्ने नियम यहाँ लाग्दैन । अतः आमाको दशाहाशौचभित्र पर्ने बाहेक अन्य समयमा पर्ने बाबुको मासिक होस् वा वार्षिक आमाको मरणको कारण रोक्न हुँदैन। पारस्करभाष्यमा यो कुरा पुष्टि गर्ने बृहस्पतिको वचन 'पितर्युपरते०' को आधारमा आमाको बरखीभित्र बाबुको वार्षिक (बरखी) श्राद्ध गर्न हुँदैन, बाबु–आमा दुवैको एकैदिन गर्नुपर्छ भन्ने गरेको पाइन्छ, तर '**प्रमीतौ पितरौ०**' र '**पितर्युपरते**' यी दुवै वचनको बलाबलको बारेमा विशेष विचार गर्दा 'प्रमीतौ पितरौ' यो वचन सामान्य र वर्षान्त सपिण्डनपरक पनि देखिन्छ भने '**पितर्युपरते**' यसले द्वादशाहमा सपिण्डीकरण भइसकेपछि आमाको बरखी नै भएता पनि बाबुको बरखी गर्न हुन्छ भनी विशेष विधान गरेकोले यो वचन विशेष देखिन्छ । '**सामान्यशास्त्रतो नूनं विशेषो बलवान् भवेत्**' अर्थात् सामान्यभन्दा विशेष वचन नै बलवान हुन्छ भनी शास्त्रले ठोकुवा गरेको हुँदा यही विशेष वचनको आधारमा आमाको बरखीले बाबुको बरखी (वार्षिक) श्राद्ध निश्चय नै रोकिने देखिँदैन । बरखीमात्र होइन प्रत्येक वर्ष छिन्नतिथिमा गरिने एकोद्दिष्टश्राद्ध पनि रोकिँदैन गर्न हुन्छ, अरूको चाहिँ हुँदैन । आमाको बरखी भने आमाकै वर्षदिन पुगेको तिथिमा गर्नुपर्छ ।' यो मत प्रा.डा. रामचन्द्र गौतमबाट प्रस्तुत भएको हो ।

अर्काथरि नेपाली विद्वान्हरूको भनाइ यसप्रकार छ –

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत् पूर्णो न वत्सरः ।।

– जसका पिता–माता मरेका छन् त्यस मानिसको शरीर अशुद्ध हुन्छ तसर्थ त्यसले वर्षदिन पूरा नहुँदासम्म दैव र पित्र्य कार्य गर्न हुँदैन भन्ने भनाइ सिद्ध थियो । सिद्ध भनाइ हुँदाहुँदै फेरि –

पितर्युपरते पुत्रो मातुः श्राद्धानिवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ।।

यो पद्य लेखियो । आमाको बरखी बार्दा बाबुको श्राद्ध हुने भन्ने वचन भएकाले बाबुको बरखी बार्दा आमाको क्षयाहश्राद्ध आदि गर्न नहुने कुरा युक्तिसंगत हुँदैन । अशुचित्वलाई आधार मात्रै हो भने बाबुको श्राद्ध गर्दा छोरा आमाको बरखी बारिरहेको

महागुरुनिपाते विचारः

शुद्धितत्त्वे देवलः –

महागुरुनिपाते तु काम्यं किञ्चिन्न चाचरेत् । आर्त्विज्यं ब्रह्मचर्यञ्च श्राद्धं देवक्रियां तथा ।।

एतत्सपिण्डनात्प्रागिति केचित् । तदुत्तरमपीत्यन्ये । श्राद्धकौमुद्यां कालिकापुराणे पूर्वार्धे –

विशेषतः शिवपूजां प्रमीतपितृको नरः । यावद्वत्सरपर्यन्तं मनसापि न चाचरेत् ।।

अवस्थामा हुनाले अशुचि नै हुन्छ । तसर्थ बाबुको बरखी बारिरहेको अवस्थामा आमाको पनि श्राद्ध गर्न हुन्छ भन्ने कुरा **वीरमित्रोदय**को यस व्याख्याबाट पनि प्रमाणित हुन्छ – आमाको बरखी बार्दा पिताको श्राद्ध गरिएझैं बाबुको बरखी बार्दा पनि दिवङ्गत आमाको श्राद्ध गर्नुपर्दछ । वीरमित्रोदयअनुसारको त्यसको व्याख्या यसप्रकार छ –

अन्वयः – पुत्रः, पितरि, उपरते, समाम्, मातुः, श्राद्धात् ऋते (अन्यश्राद्धात्), निवर्तते । मातरि, अपि च वृत्तायाम्, पितृश्राद्धात् ऋते, अन्यश्राद्धात् निवर्तते ।

अर्थ – **पुत्रः** = छोरा, **पितरि** = पिता, **उपरते** = पञ्चत्वमा प्राप्त भएपछि, **मातुः** = आमाको, **श्राद्धात्** = श्राद्धभन्दा, **ऋते**= बाहेक अरू श्राद्धबाट, **समाम्** = वर्षदिनसम्म, **निवर्तते** = निवृत्त हुन्छ । यसैगरी **पुत्रः** = छोरा, **मातरि** = आमा, **वृत्तायाम्** = पञ्चत्वमा प्राप्त भएपछि, **पितृश्राद्धात् ऋते** = पिताको श्राद्धभन्दा बाहेक, **अन्यश्राद्धात्** = अरूको श्राद्धबाट, **निवर्तते** = निवृत्त हुन्छ ।

वीरमित्रोदय टीकामा भनिएको छ– 'अत्र ऋते इति मातुः श्राद्धादित्यत्रापि अन्वेति । अन्यथा पूर्वार्धवैयर्थ्यापत्तेरिति स्मार्ताः। **समाम्** – संवत्सरं यावत् निवर्तते । अन्यश्राद्धादिति शेषः । अन्यश्राद्धमपि प्राप्तपितृलोकश्राद्धपरम् ।

टीकाकार भन्दछन् – **ऋते**पद दुवै पक्षमा जोड्नुपर्दछ । अन्यथा पूर्वार्द्ध व्यर्थ हुनेछ भन्ने कुरा स्मृतिकारहरूको भनाइ छ । **समाम्**को अर्थ हो वर्षदिनसम्म वाक्यशेषका आधारमा अरूको श्राद्धबाट निवृत्त हुन्छ भन्ने हो । उक्त व्याख्याबाट बाबु मरेमा आमाको क्षयाहश्राद्ध र आमा मरेमा बाबुको क्षयाहश्राद्ध गर्न हुने देखिन्छ ।

सामान्य शास्त्र हुँदाहुँदै विशेषशास्त्रका रूपमा यो पद्य लेखियो । यदि वर्षदिनसम्म देवकार्य र पितृकार्य गर्न हुँदैन भन्ने सामान्य नियमलाई मात्रै हो भने यो विशेष नियम आवश्यक थिएन । तर ऋषिका वाक्य व्यर्थ हुँदैनन् –

लौकिकानां हि साधूकानामर्थं वागनुवर्तते । ऋषीणां पुनराद्यानां वाचमर्थोऽनुधावति ।। – उत्तररामचरित

त्यसैले '**मातर्यपि च वृत्तायां**' भनेर सजातीय अर्थमा अपि शब्दको प्रयोग गरियो । त्यसबाट दुवै पङ्क्तिको अर्थ एउटै हुने भयो । तसर्थ बाबु मरेमा आमाको क्षयाह आदि श्राद्ध र आमा मरेमा बाबुको क्षयाह आदि श्राद्ध हुने भयो । यो मत प्रा. पुरुषोत्तम भट्टराई आदिबाट प्रस्तुत एको हो ।

अर्काथरि विद्वान्हरूको मत यसप्रकार छ – भिन्न-भिन्न कालमा मृत्यु भएका माता-पिता दुवैको एक-एक वर्ष आशौचको शास्त्रीय व्यवस्था नेपाली समाजका धेरैले मानेकै छन्, मान्दामान्दै पनि माताको मृत्युको एकवर्षभित्र पिताको वा पिताको मृत्युको एकवर्षभित्र माताको मृत्यु भए आशौच व्यवस्थाबारे धेरै मतिविभ्रम छ । यसबारे शास्त्र के हो त ?

शास्त्र त हो – महागुरुको मृत्यु हुँदा अनन्यगतिक र सन्ध्यावन्दनबाहेक सबै कर्म रोकिन्छन् भन्ने, यस सम्बन्धमा शास्त्र छ –

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ।।

'**ऋते**' को अन्वय '**मातुः श्राद्धात्**' मा पनि हुन्छ । '**समाम्**' को अर्थ हो एकवर्ष अर्थात् माता र पिताको मृत्युको एकवर्षभित्र कुनै श्राद्ध गर्नु हुँदैन, यसरी अधिकारसिद्ध कर्मलाई अपवाद गरिएको छ ।

त्यसो भए पिताको मृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध र माताको मृत्यु भएको एकवर्षभित्र पिताको मृत्यु भए पिताको प्रेतश्राद्ध रोकिन्छ त ? भन्ने जिज्ञासाको उत्तर छ–

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत् पूर्णो न वत्सरः ।।

– माता-पिताको मृत्यु भएमा एकवर्षसम्म पुत्रको शरीर अशुद्ध रहने हुनाले देवसम्बन्धी र पितृसम्बन्धी कर्म गर्न हुँदैन ।

उक्त '**पितर्युपरते**' बाट प्राप्त कर्ममात्र निषेधको अपवाद '**प्रमीतौ**' इत्यादि हो, त्यो पनि सबै कर्ममा होइन प्रेतश्राद्धमा हो। यो प्रसङ्गले मातृमृत्यु भएको वर्षदिनभित्र पितृमृत्यु भए पिताको प्रेतश्राद्ध र पितृमृत्युको वर्षदिनभित्र मातृमृत्यु भए माताको प्रेतश्राद्ध गर्नुपर्छ । उक्त दुवैको मृत्युबाट वर्षदिनभित्र पर्ने मृततिथि र सोह्रश्राद्धको पितृश्राद्ध गर्न हुँदैन भन्ने सिद्ध भएको छ ।

महागुरुको मृत्यु हुँदा

शुद्धितत्त्वमा देवल भन्दछन् – महागुरुको मृत्यु हुँदा काम्यकर्म, यज्ञकर्म, ब्रह्मचर्य, श्राद्ध र देवक्रियाको आरम्भ गर्न हुँदैन । कसैले भन्दछन् – यो सपिण्डनभन्दा पहिलेको समयका लागि हो । अरूले भने त्यसपछि पनि गर्न हुँदैन भनेका छन् । **श्राद्धकौमुदी** र **कालिकापुराण**को पूर्वार्द्धमा भनिएको छ कि – जुन मानिसका माता-पिताको मृत्यु भएको छ त्यसले वर्षदिनसम्म विशेषतः मनबाट पनि शिवको पूजा गर्न हुँदैन ।

पित्रादीनामाशौचविचारः

केचित्तु – पित्रोरब्दमाशौचं स्यात्षण्मासं मातुरेव च । त्रैमासिकं तु भार्यायास्तदर्धं भ्रातृपुत्रयोः ।।

इति स्मृतेः । सपत्नमातुरब्दार्धमाहुः । श्राद्धकौमुदीकारस्तु –

द्वयोरेव महागुर्वोरब्दमेकमशौचकम् । नान्येषामधिकाशौचं स्वजातिविहितात्किलः ।।

इति समूलजातूकर्ण्यविरोधान्निर्मूलमाह ।

पिता आदिको आशौचविचार

कसैले **स्मृतिवचन** उद्धृत गर्दै भनेका छन् – पिताको एकवर्ष, माताको ६ महिना, पत्नीको ३ महिना, दाजु-भाइ एवं छोराको ४५ दिन आशौच बार्नुपर्दछ । सौतेनी आमाको ६ महिना आशौच लाग्ने कुरा पनि त्यहाँ बताइएको छ । **श्राद्धकौमुदीकार** भन्दछन् – 'दुवै महागुरुको अर्थात् माता-पिताको एकवर्ष पूरा आशौच बार्नुपर्दछ । अरूको भने आशौच लाग्दैन अथवा जातिअनुसार आचरण गर्नुपर्दछ ।' यो समूलवचनलाई **जातूकर्ण्य**ले विरोध गरेका कारण निर्मूल हो भनिएको छ ।

यो र यस्ता प्रकारका निर्णय मीमांसान्यायका आधारमा हुन्छन् । उक्त निर्णय **उत्सर्गापवादन्यायले** भएको हो । कर्म गर्ने सोझो विधि वा आदेश उत्सर्ग हो । आशौचमा नगर्नु भन्ने अपवाद हो । '**पितर्युपरते**'बाट आएको शौच अपवादलाई दैवकर्म, पित्र्यकर्ममा '**दैवम्**', '**पित्र्यम्**' तद्धितान्त प्रयोगद्वारा कायमै राखी प्रेतश्राद्धमा छुट दिएको छ '**प्रमीतौ पितरौ**' इत्यादिले । छुटको प्रेतश्राद्ध अपवादको अपवाद हो भन्ने अर्थ मर्यादासिद्ध छ । यसबारे न्याय छ – '**अपवादापवादे उत्सर्गप्रवृत्तिः**' अपवादको अपवाद भए उत्सर्ग नै आउँछ, अतः कर्म गर्नु भन्ने छुट अर्थात् उत्सर्ग प्रेतकर्ममा मात्र सीमित रहेको हो ।

न्याय असंस्पृष्टको उक्त श्लोकद्वय व्याख्यान अपव्याख्यान हुनजान्छ, शास्त्रानुसारितामा विश्वस्तले त्यसो गर्नुहुँदैन । अतः माताको आशौचमा पिताको श्राद्ध तथा पिताको आशौचमा माताको श्राद्ध गर्नु हुँदैन । परिआए दुवैको प्रेतश्राद्ध गर्नुपर्छ अरूको गर्नु हुँदैन । यो मत प्रा.डा. दीर्घराज घिमिरेद्वारा यसै ग्रन्थका लागि प्रस्तुत मन्तव्यमा व्यक्त गरिएको हो ।

निष्कर्ष – उक्त विषयमा हाम्रो समाजमा विद्वान्हरूका भिन्न-भिन्न मत देखिएकाले मानिसहरू अलमलमा पर्ने गर्दछन् । कुन मत सही हो र कुन मत गलत हो भन्ने छुट्याउने आधार पहिल्याउने काम पनि निकै कठिन छ । हाम्रो परम्परामा सामान्यतः आमाको मृत्यु भई बरखी बारेको अवस्थामा पिताको क्षयाहतिथि आउँदा मानिसहरू क्षयाहश्राद्ध गर्ने गर्दछन् तर बाबुको मृत्यु भई बरखी बारेको अवस्थामा आमाको क्षयाह आउँदा क्षयाहश्राद्ध गर्दैनन् । यस सम्बन्धमा वीरमित्रोदयको टीकाअनुसार प्रस्तुत गरिएको प्रा. पुरुषोत्तम भट्टराईको मत सामान्यतः युक्तिसङ्गत देखिन्छ तापनि मीमांसा एवं धर्मशास्त्रका ज्ञाता विद्वान् प्रा.डा. दीर्घराज घिमिरेद्वारा व्यक्त गरिएको मत प्रमाणसम्मत देखिएको हुँदा स्पृहणीय हुँदाहुँदै पनि –

माता चैव तथा भ्राता भार्या पुत्रस्तथा स्नुषा । एषां मृतौ चरेच्छाद्धमन्यस्य न पुनः पितुः ।।

उक्त **निर्णयसिन्धुमा** उद्धृत गरिएको **भृगुको** वचनमा – माता, दाजु-भाइ, स्त्री, पुत्र र पुत्रवधूको मृत्यु भएमा वर्षदिनभित्र अरूको क्षयाहश्राद्ध गर्न हुन्छ तर पिताको मृत्यु हुँदा वर्षदिनसम्म अरूको क्षयाहश्राद्ध गर्न हुँदैन भनिएकाले र नेपाली समाजमा बाबुको मृत्यु हुँदा अरूको श्राद्ध नगर्ने र माता आदिको मृत्यु हुँदा बाबुको श्राद्ध गर्ने परम्परासमेत रहेकाले धर्मशास्त्रीहरूमा ऐकमत्य नदेखिएसम्म प्रा. डा. रामचन्द्र गौतमद्वारा प्रस्तुत प्रथम मतको उपेक्षा गर्न सकिँदैन ।

प्रथमाब्दे गयाश्राद्धादिविचारः

हेमाद्रौ भविष्ये – **गयाश्राद्धं मृतानां तु पूर्णे त्वब्दे प्रशस्यते ।।** त्रिस्थलीसेतौ गारुडे –

तीर्थश्राद्धं गयाश्राद्धं श्राद्धमन्यच्च पैतृकम् । अब्दमध्ये न कुर्वीत महागुरुविपत्तिषु ।।

इदं वृद्ध्यर्थसपिण्डनाभावे । वृद्धौ सपिण्डनापकर्षेऽब्दमध्ये दर्शादि कार्यमेव । '**पितुः सपिण्डनं कृत्वा कुर्यान्मासानुमासिकम् ।**' इति छन्दोगपरिशिष्टात् । '**सपिण्डीकरणादूर्ध्वं प्रेतः पार्वणभुग्भवेत् ।**' इति मात्स्यात्।

ततः प्रभृति वै प्रेतः पितृसामान्यमश्नुते । बिन्दते पितृलोकञ्च ततः श्राद्धं प्रवर्तते ।।

इति हारीताच्चेति शूलपाणिः।

प्रथमवर्षमा गयाश्राद्ध

हेमाद्रिमा उद्धृत **भविष्यपुराण**को वचनमा भनिएको छ – मृतकहरूको गयाश्राद्ध गर्नुपर्ने विषयलाई एकवर्ष पूरा भएपछिमात्र उत्तम मानिएको छ । **त्रिस्थलीसेतु**मा **गरुडपुराण**को वचन यसप्रकार छ – महागुरुहरूको मृत्यु हुँदा एकवर्षभित्र तीर्थश्राद्ध, गयाश्राद्ध र अन्य पितृश्राद्ध गर्न हुँदैन । ग्रन्थकार भन्दछन् – वृद्ध्यर्थ सपिण्डनको अभावमा आएको वचन हो । तर वृद्ध्यर्थ सपिण्डनको अपकर्ष गरिँदा एकवर्षभित्र पनि गर्न हुन्छ र दर्शश्राद्ध त गर्नैपर्दछ । **छन्दोगपरिशिष्ट**मा भनिएको छ कि – पिताको सपिण्डनश्राद्ध गरेपछि मासिक र ऊनमासिक श्राद्ध गर्नुपर्दछ । **मत्स्यपुराण**को वचन छ कि – सपिण्डन गरेपछि मात्र प्रेत पार्वणश्राद्धको अधिकारी हुन्छ । **हारीत** भन्दछन् – सपिण्डीकरणश्राद्धपछि नै प्रेत पितृसमान बन्दछ र त्यसले पितृलोक प्राप्त गर्दछ। त्यसपछिमात्र अरू श्राद्धको प्रवृत्ति हुन्छ भन्ने कुरा **शूलपाणि**ले भनेका छन्।

यत्तु कातीयम् – **सपिण्डीकरणादूर्ध्वं न दद्यात्प्रतिमासिकम् । एकोद्दिष्टविधानेन दद्यादित्याह शौनकः।।** इति । तत्रैकोद्दिष्टविधिना न दद्यादित्यन्वयः । तुर्यपादेन पार्वणे विकल्प उक्तः ।

'ब्रह्मवैवर्ते – **उद्वाहश्चोपनयनं प्रथमेऽब्दे महीयते । कृते सपिण्डनेऽप्यूर्ध्वमस्थ्नां चोद्धरणं त्यजेत्।।**

तथापि कर्तुमिच्छन्ति त्रीणि चैतानि वै सुताः । मासिकान्यवशिष्टानि चापकृष्य चरेत्पुनः ।।

अत्रेदं तत्त्वम् । वृद्धिं विनाऽर्वागपि सपिण्डनापकर्षे पितृत्वप्राप्तिर्वर्षान्त एव ।

कृते सपिण्डीकरणे नरः संवत्सरात्परम् । प्रेतदेहं परित्यज्य भोगदेहं प्रपद्यते ।। इति विष्णुधर्मोक्तेः।

कातीयमा भनिएको छ – सपिण्डन गरेपछि प्रतिमास श्राद्ध गर्न हुँदैन । **शौनक** भन्दछन् – सपिण्डनपछि एकोद्दिष्ट विधानले श्राद्ध गर्नुपर्दछ । ग्रन्थकार भन्दछन् – माथि '**एकोद्दिष्टविधानेन दद्यात्**' भन्ने वाक्यअनुसार अर्थ गरिएको हो तर, '**एकोद्दिष्टविधानेनाऽदद्यात्**' भन्ने पाठान्तर गर्दा एकोद्दिष्टविधानले दिनु हुँदैन भन्ने अर्थ प्राप्त हुन्छ र यो सही पनि हो। अन्तिम पाउबाट पार्वणमा विकल्प देखिएको छ । **ब्रह्मवैवर्त**मा भनिएको छ – प्रथमवर्षमा सपिण्डन गरेपछि विवाह र उपनयन गर्न हुन्छ । सपिण्डनपछि अस्थिविसर्जनकर्म गर्नुहुँदैन । पुत्रहरू यदि उक्त तीनवटै कर्म गर्न चाहन्छन् भने अन्य मासिकश्राद्धहरूको अपकर्ष गरी ती कर्म गर्नुपर्दछ। उक्त भनाइको रहस्य यो हो कि वृद्धिश्राद्धभन्दा पहिले सपिण्डनको अपकर्ष गरिएमा पनि बाह्र दिनमा गरिएको सपिण्डनश्राद्धजन्य पितृत्वको प्राप्तिफल त संवत्सरमा मात्र प्राप्त हुन्छ । **विष्णुधर्म**मा भनिएको छ कि – एकवर्षपछि सपिण्डन गरेपछि प्रेतले प्रेतदेह त्याग गरी भोगदेह प्राप्त गर्दछ ।

अर्वाक् संवत्सराद्यस्य सपिण्डीकरणं भवेत् । प्रेतत्वमिह तस्यापि विज्ञेयं वत्सरं नृप ।।

इत्यग्निपुराणाच्च । तेन तत्सत्त्वेऽपि वृद्धिदैवपित्र्येष्वनधिकारः । वृद्धिनिमित्ते त्वनन्तरमेव ।

अर्वाक् संवत्सराद् वृद्धौ पूर्णे संवत्सरेऽपि वा । ये सपिण्डीकृताः प्रेता न तेषां तु पृथक् क्रिया ।।

इति शातातपोक्तेः । तथैव काम्यमिति हेमाद्रिधृतहारीतादिवशाच्चैवमिति ।

तथा – **अस्थिक्षेपं गयाश्राद्धं श्राद्धं चापरपक्षिकम् । प्रथमेऽब्दे न कुर्वीत कृतेऽपि तु सपिण्डने।।**

अस्यापवादः –

अस्थिक्षेपं गयाश्राद्धं श्राद्धं चापरपक्षिकम् । प्रथमेऽब्देऽपि कुर्वीत यदि स्याद् भक्तिमान् सुतः।।

भक्त्याख्यं श्राद्धं तद्वानिति मदनपारिजातातयः । अन्ये यथाश्रुतमाहुः तत्त्वं तु यदीदं समूलं तदा वृद्धिं विनापकर्षे पूर्वं वृद्ध्यर्थे तु परमिति योज्यम् ।

अग्निपुराणमा भनिएको छ कि – वर्ष दिन नपुग्दै कसैको सपिण्डन गरिएता पनि वृद्धिश्राद्ध, देवकार्य र पितृकार्यमा अधिकार हुँदैन । वृद्धिनिमित्तक सपिण्डनमा भने वृद्धिपछि अधिकार हुन्छ ।

शातातपले भनेका छन् कि – वृद्धिको लागि एकवर्ष पूर्व वा वर्ष दिन पुगेपछि जुन प्रेत सपिण्ड बनेका छन् तिनको पृथक् क्रिया हुँदैन तिनको काम्य आदि कर्म गर्नुपर्दछ ।

हेमाद्रिमा उद्धृत **हारीत**को वचनमा यो कुरा बताइएको छ – पहिलो वर्षभित्र माता-पिताको सपिण्डन गरेता पनि वर्ष दिन पूरा नहुँदासम्म अस्थिप्रक्षेप, गयाश्राद्ध र अपरपक्षको श्राद्ध गर्न हुँदैन । उक्त भनाइको अपवाद बताउँदै भनिएको छ – और्ध्वदेहिकसंस्कार सम्पन्न गरेको माता-पितामा भक्ति गर्ने पुत्रले अस्थिप्रक्षेप, गयाश्राद्ध र अपरपक्षको श्राद्ध पहिलो वर्ष गर्नहुन्छ भन्ने कुरा कसैले बताएका छन् ।

मदनपारिजातमा भनिएको छ कि – भक्तिनामक श्राद्ध गर्ने पुत्रलाई नै भक्तिमान् भनिन्छ । अरू मानिसले जे सुनिएको छ त्यही भन्छन् । निष्कर्ष त के हो भने यो प्रमाण यदि समूल छ भने वृद्धिविना अपकर्ष गरिएमा वर्षदिनभित्र उक्त कर्म गर्न हुन्छ । वृद्धिका लागि अपकर्ष गरिएकोमा पछि गर्नुपर्दछ ।

पतितानां गयायां विशेषः

पतितानां गयायां विशेषो ब्राह्मे –

क्रियते पतितानां च गते संवत्सरे क्वचित् । देवधर्मप्रमाणत्वाद् गयाश्राद्धं स्वबन्धुभिः ।।

पतितहरूका लागि गयाश्राद्ध

ब्रह्मपुराणमा पतितहरूको निमित्त गयाश्राद्धबारे विशेषतथ्य प्रकाशित गर्दै भनिएको छ – कुनै ठाउँमा मरेको एकवर्षपछि पतितहरूका लागि देशधर्मप्रमाणद्वारा बन्धुहरूले गयाश्राद्ध गर्दछन् ।

पञ्चकमृते दाहविचारः

अथ विधानानि तत्र पञ्चकमृते मदनरत्ने गारुडे –

आदौ कृत्वा धनिष्ठार्धमेतन्नक्षत्रपञ्चकम् । रेवत्यन्तं सदा दूष्यमशुभं दाहकर्मणि ।।

पञ्चकमा मरणविचार

अब पञ्चकमरणमा संस्कारविधि बताइन्छ । पञ्चकमा मृत्यु भएमा **मदनरत्न**मा भनिएको छ – धनिष्ठानक्षत्रको उत्तरार्धदेखि रेवतीपर्यन्त पाँचनक्षत्र दाहकर्मका लागि अशुभ एवं दूषित मानिएका छन् ।

पञ्चकमृते विधिकथनम्

शवस्य तु समीपे तु क्षेप्तव्याः पुत्तलास्तदा । दर्भमयास्तु चत्वार ऋक्षमन्त्राभिमन्त्रिताः ।।
ततो दाहः प्रकर्तव्यस्तैश्च पुत्तलकैः सह । सूतकान्ते ततः पुत्रैः कार्यं शान्तिकपौष्टिकम् ।।
क्रियानिबन्धे – भाजनोपानहच्छत्रं हैममुद्राञ्च वाससी । दक्षिणा दीयते विप्रे सर्वपातकमोचनी ।।

पञ्चकमरणमा दाहविधि

अव पञ्चकमा मृत्यु हुनेको दाह गर्ने विधि निरूपण गरिन्छ । शवको समीपमा कुशका चारवटा पुत्तला राखिदिनुपर्दछ। ती पुत्तला नक्षत्रको अभिप्रायले राखिन्छन् । कुशद्वारा बनाइएका प्रतिमा नै पुत्तला हुन् । तिनीहरूलाई नक्षत्रका मन्त्रले अभिमन्त्रित गरी संस्कार सम्पन्न गर्नुपर्दछ । नक्षत्रका मन्त्रहरू – क) **ज्मया अत्र वसवो रन्त देवाः उरावन्तरिक्षे मर्जयन्त शुभ्राः । अर्वाक् पथ उरुज्रयः कृणुध्वं श्रोता दूतस्य जग्मुषो नो अस्य ।।** (ऋ. ७/३९/३), ख) **तत् त्वा यामि ब्रह्मणा वन्दमानस् तदा शास्ते यजमानो हविर्भिः । अहेडमानो वरुणेह बोध्युरुशंस मा न आयुः प्रमोषीः ।।** (ऋ. १/२४/११), ग) **उतनोऽहिर्बुध्न्यः शृणोत्वज एकपात् पृथिवी समुद्रः । विश्वे देवा ऋतावृधो हुवानाः स्तुता मन्त्राः कविशस्ता अवन्तु ।।** (ऋ. ६/५०/१४), घ) **कद् रुद्राय प्रचेतसे मीह्लुष्टमाय तव्यसे । वोचेम शंतमं हृदे ।।** (ऋ. १/४३/१), ङ) **पूषा गा अन्वे तु नः पूषा रक्षत्वर्वतः । पूषा वाजं सनो तु ।।** (ऋ. ६/५४/५) अथवा क) **वसोः पवित्रम्** (यजु. १/२), ख) **वरुणस्योत्तम्भनमसि** (यजु. ४/३६), ग) **उतनोऽहिर्बुध्न्यः** (यजु. ३४/५३), **शिवोनामासि** (यजु. ३/६३), **पूषन् तव व्रते** (यजु. ३४/४१)। यी मन्त्रहरूको प्रयोग गर्नुपर्दछ ।

त्यसपछि पञ्चकमा मरेका ती मानिसहरूको पुत्तलाका साथ शवदाह गर्नुपर्दछ । सूतकान्तमा शान्ति र पौष्टिककर्म गर्नुपर्दछ । जुन मानिस पञ्चकमा मर्दछ त्यसको गति हुँदैन । अतः त्यस प्रेतको कल्याण गर्ने उद्देश्यले तिल, सुवर्ण र घ्यू दान गर्नुपर्दछ। क्रियानिबन्धमा भनिएको छ – पात्र, जुत्ता, छाता, सुनको औंठी, वस्त्रको दान गरी र सम्पूर्ण पातकबाट मुक्त गराउने दक्षिणा दिनुपर्दछ ।

त्रिपादऋक्षादौ मृते विचारः

मदनरत्ने गार्ग्यः – यदि भद्रातिथीनां स्याद् भानुभौमशनैश्चरैः । त्रिपादृक्षैश्च संयोगो द्वयोर्योगे द्विपुष्करः।।
द्वित्रिपुष्करयोगे तु मृतिर्मृत्यन्तरावहा । दहने मरणे चैव त्रिगुणं स्यात्त्रिपुष्करे ।।
खननेऽप्येवमेव स्यादेतद्दोषोपशान्तये । तिलपिष्टैर्यवैर्वापि शरीरं कारयेत्ततः ।।
शूर्पे निधायालङ्कृत्य दाहयेत् पैतृकोपरि ।।

त्रिपादनक्षत्रमा मृत्यु हुँदा

मदनरत्नमा गार्ग्यले भनेका छन् – पुनर्वसु, उत्तराषाढा, कृत्तिका, उत्तराफाल्गुनी, पूर्वाभाद्र र विशाखा यी तीनचरणका नक्षत्र र भद्रातिथि, रविवार, मङ्गलवार, शनिवारको योगमा त्रिपुष्कर योग हुन्छ र दुईको योगमा द्विपुष्कर योग हुन्छ । उक्त दुवै योगमा कसैको मृत्यु भएमा कर्ताकै मृत्यु हुन्छ । द्विपुष्करमा मरण र दाह दुवै गरिएमा दुईगुणा र त्रिपुष्करमा दुवै कर्म गरिएमा तीनगुणा बढी पाप लाग्दछ । गाड्दा पनि यही हो भन्ने कुरा बुझ्नुपर्दछ । उक्त दोषशान्तिका लागि तिलको पिनाले मृतकको शरीरनिर्माण गरेर नाङ्लोमा राखी अलङ्कारले सजाएर चितामाथि राखी दाह गर्नुपर्दछ ।

तद्दाहे मन्त्रमाह बौधायनः –

अस्मात्त्वमिति मन्त्रेण तिलपिष्टं प्रदाहयेत् । द्वित्रिपुष्करयोर्दोषस्त्रिभिः कृच्छ्रैर्व्यपोहति ।।

वासवे मरणं चेत्स्याद् गृहे चापि पुनर्मृतिः । सुवर्णं दक्षिणां दद्यात्कृष्णवस्त्रमथापि वा ।।

वासवम् – धनिष्ठा । ब्राह्मे –

कुम्भमीनस्थिते चन्द्रे मरणं यस्य जायते । न तस्योर्ध्वगतिर्दृष्टा सन्ततौ न शुभं भवेत् ।।

न तस्य दाहः कर्तव्यो विनाशात्स्वेषु जन्तुषु । अथवा तद्दिने कार्यो दाहस्तु विधिपूर्वकम् ।।

धनिष्ठापञ्चके जीवो मृतो यदि कथञ्चन । त्रिपुष्करे याम्यभे वा कुलजान्मारयेद् ध्रुवम् ।।

तत्रानिष्टविनाशार्थं विधानं समुदीर्यते । दर्भाणां प्रतिमाः कार्याः पञ्चोर्णासूत्रवेष्टिताः ।।

यावपिष्टेनानुलिप्तास्ताभिः सह शवं दहेत् । प्रेतवाहः प्रेतसखः प्रेतपः प्रेतभूमिपः ।।

प्रेतहर्ता पञ्चमस्तु नामान्येतानि च क्रमात् ।। अत्र प्रतिमा गन्धपुष्पैः पूजयित्वा प्रथमां शिरसि, द्वितीयां नेत्रयोः, तृतीयां वामकुक्षौ, चतुर्थीं नाभौ, पञ्चमीं पादयोर्न्यस्य तदुपरि नामभिर्घृतं हुत्वा **'यमाय सोमम्'**, **'त्र्यम्बकम्'** इति मन्त्राभ्यां प्रत्येकं तास्वाज्यं हुनेदिति भट्टाः ।

सूतकान्ते ततः पुत्रः कुर्याच्छान्तिकपौष्टिकम् । कांस्यपात्रस्थितं तैलं वीक्ष्य दद्याद् द्विजन्मने ।।

ब्रह्मविष्णुमहेशेन्द्रवरुणप्रीतये ततः । माषमुद्गयवव्रीहिप्रियंग्वादि प्रयच्छति ।।

स्वर्णदानं रुद्रजाप्यं लक्षहोमो द्विजार्चनम् । गोभूदानं षडंशेन कुर्याद्दोषोपशान्तये ।।

बौधायनले पञ्चकमा दाह गर्दा उच्चारण गरिने दाहमन्त्र बताएका छन् । तदनुसार – **'अस्मात्त्वमधिजातोऽसि त्वदधिजायतां पुनः । अग्नये वैश्वानराय स्वर्गाय लोकाय स्वाहा ।।** मन्त्रले तिलको पिनाबाट बनेको पुत्तला दाह गर्नुपर्दछ । यसरी दाह गर्दा द्विपुष्कर र त्रिपुष्करमा मृत्यु हुँदा लागेका दोषको निवृत्ति हुन्छ । धनिष्ठामा मृत्यु भएमा तत्काल घरका कुनै मानिसको मृत्यु हुन्छ । त्यसका लागि सुवर्ण, कालो वस्त्र र दक्षिणा दिनुपर्दछ ।' यहाँ **वासवशब्दको** अर्थ धनिष्ठा हो । **ब्रह्मपुराणमा** भनिएको छ – 'कुम्भ र मीनको चन्द्रमामा मृत्यु हुने मानिसको ऊर्ध्वगति हुँदैन र सन्तानलाई पनि शुभ हुँदैन । त्यस्ता मानिसको मृत्यु अरू मानिसको मृत्युको कारण बन्दछ, तसर्थ दाह गर्न हुँदैन अथवा त्यसै दिन विधि पुऱ्याएर दाह गर्नुपर्दछ । धनिष्ठा आदि पाँचनक्षत्र, त्रिपुष्कर र भरणीनक्षत्रमा प्राण गएमा आफ्ना वंशका मानिसहरूको विनाश गराउँछ । यस्तो अरिष्टनिवारण गर्नका लागि विधान बताइन्छ ।

कुशका पाँचप्रतिमा तयार गरी तिनलाई ऊनले बेर्नुपर्दछ । फेरि जौको पिठो लेपन गरी ती प्रतिमाका साथ शवदाह गर्नुपर्दछ । ती पाँचप्रतिमाका नाम क्रमशः – प्रेतवाह, प्रेतसख, प्रेतप, प्रेतभूमिप र प्रेतहर्ता हुन् । उक्त प्रतिमाहरूको गन्ध, पुष्पद्वारा पूजन गरी पहिलो प्रतिमा प्रेतको शिरमा, दोस्रो आँखाहरूमा, तेस्रो बायाँ काखीमा, चौथो नाभिमा र पाँचौं प्रतिमा चरणमा राखी चितामा उक्त नामहरू पढ्दै घ्यूद्वारा आहुति दिनुपर्दछ । **'यमाय सोमं सुनुत यमाय जुहुता हविः । यमं ह यज्ञो गच्छत्यग्निदूतो अरङ्कृतः ।।'** (ऋ. १०/१४/१३) र **त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात् ।।'** (ऋ. ७/५९/१२) मन्त्रद्वारा ती प्रतिमामा घ्यूले हवन गर्नुपर्दछ भनी भट्टहरूले बताएका छन् । त्यसपछि पुत्रले सूतकान्तमा शान्तिक र पौष्टिककर्म गर्नुपर्दछ । काँसको पात्रमा राखिएको तेलमा आफ्नो अनुहार हेरेर त्यो पात्र ब्राह्मणलाई दिनुपर्दछ । ब्रह्मा, विष्णु, शिव, इन्द्र र वरुणको प्रसन्नताका लागि मास, मुँगी, जौ, धान

र पहेंलो सर्स्यूंदान गर्नुपर्दछ । आफूले आर्जन गरेको सम्पत्तिको छैठौं भाग खर्च गरी ब्राह्मणपूजन, सुवर्णदान, रुद्रजप, लक्षहोम, गाई र पृथ्वीको दानजस्ता कर्म सम्पन्न गर्नुपर्दछ ।

अपरार्के – **धनिष्ठापञ्चकमृते पञ्चरत्नानि तन्मुखे । प्रास्याहुतित्रयं तत्र हुनेद्वहवपामिति ।।**
ततो निर्हरणं कुर्यादेष साग्नेर्विधिः स्मृतः । इतरं निखनेदेव जले वा प्रतिपादयेत् ।।
त्रिपादृक्षमृते तद्वद्धिरण्यशकलं मुखे । तस्य पिष्टमयं कुर्यात्पुरुषं त्रितयं ततः ।।
होमं प्रतिमुखं कुर्यात्तथा वहवपामिति । कार्ष्णायसञ्च कार्पासं कुसुम्भं प्रतिपाद्य च ।।
निर्यात्य साग्निं संस्कुर्याद् भुव्यग्नौ वान्यमुत्सृजेत् ।।

अपरार्कमा भनिएको छ कि – धनिष्ठा आदि नक्षत्रपञ्चकमा मृत्यु भएका मानिसका लाशको मुखमा पञ्चरत्न राखी दिनुपर्दछ । त्यसपछि '**वह वपाञ्जातवेदः पितृभ्यो यत्रैनान्वेत्थ निहितान् पराके । मेदसः कुल्याऽउपतान्स्त्रवन्तु सत्याऽएषामाशिसन्नमन्तां स्वाहा ।।**' (यजु. ३५/२०) यस मन्त्रद्वारा हवन गर्नुपर्दछ । त्यसपछि शवलाई मसानमा लैजानुपर्दछ । यो विधान अग्निहोत्रीका लागि हो । अग्निहोत्र नगर्नेलाई जमिनमा गाड्ने अथवा जलप्रवाह गर्ने काम गर्नुपर्दछ। यसैगरी त्रिपादनक्षत्रमा मृत्यु भएका मानिसको मुखमा सुनको टुक्रा राखिदिनुपर्दछ । पिनाद्वारा तीनपुरुषका प्रतिमा बनाएर प्रत्येकको मुखमा पूर्वोक्त **वह वपाञ्जात०** इत्यादि मन्त्रद्वारा हवन गर्नुपर्दछ । अग्निहोत्रीलाई मसानघाटमा पुऱ्याएर कालो फलाम, कपास, कुसुम्भ अर्थात् बर्रेको साग मुखमा राखी दाहसंस्कार गर्नुपर्दछ, अथवा पृथ्वी यद्वा अग्निमा सेलाउनुपर्दछ।

पञ्चरत्नकथनम्

तत्रैव – **कनकं हीरकं नीलं पद्मरागं च मौक्तिकम् । पञ्चरत्नमिदं प्रोक्तं ऋषिभिः पूर्वदर्शिभिः ।।**

पञ्चरत्ननिरूपण

त्यहीं भनिएको छ कि – सुवर्ण, हीरा, नीलम, पद्मराग र मोतीलाई प्राचीन ऋषिहरूले पञ्चरत्न भनेका छन् ।

रत्नानामभावे विचारः

रत्नानां चाप्यभावे तु स्वर्णं कर्षार्धमेव वा । सुवर्णस्याप्यभावे तु आज्यं ज्ञेयं विचक्षणैः ।।
मदनरत्नेऽप्येवम् । तथा –
एकाशीतिपलं कांस्यं तदर्द्धं वा तदर्द्धकम् । नवषट्त्रिपलं वापि दद्याद्विप्राय शक्तितः ।।

रत्नको अभावमा

रत्न नपाइएमा आधा कर्ष अर्थात् १६ मासा बराबर सुवर्ण दिनुपर्दछ । सुवर्ण पनि नभएमा घ्यूको प्रयोग गर्नुपर्दछ। मदनरत्नमा पनि यही कुरा बताइएको छ । शक्तिअनुसार ८१ पल अथवा त्यसको आधा त्यसको पनि आधा अथवा ९ पल अथवा ६ पल काँस ब्राह्मणलाई दिनुपर्दछ ।

पञ्चकमृते विधानम्

तथान्यत्र – **स्वगृह्योक्तविधानेन कृत्वाग्नेः स्थापनं ततः । अन्वाधानं निर्वपणं देवतानां तथाहुतिः।।**

यमाय धर्मराजाय मृत्यवे चान्तकाय च । वैवस्वताय कालाय सर्वभूतक्षयाय च ।।

औदुम्बराय दध्नाय नीलाय परमेष्ठिने । वृकोदराय चित्राय चित्रगुप्ताय वै क्रमात् ।।

विधिना श्रपणं कृत्वा एकैकामाहुतिं हुनेत् ।

पञ्चकमा मृत्यु हुनेको स्वस्ति-शान्ति

बौधायनीय सर्वस्वमा लेखिएको छ कि – आफ्नो गृह्यसूत्रमा बताएको विधिअनुसार अग्निस्थापना गरी होमाग्निमा चारसमिधा दिएर अन्वाधान गरी पितृका उद्देश्यले निर्वाप दिएर देवताहरूलाई आहुति दिनुपर्दछ । यम, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षय, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र र चित्रगुप्तलाई क्रमैले आहुति दिनुपर्दछ ।

त्रिपादनक्षत्रे मृतौ विचारः

त्रिपादृर्क्षेऽप्येतदेव । त्रिपादनक्षत्राणि –

अपरार्के – **पुनर्वसूत्तराषाढाकृत्तिकोत्तरफाल्गुनी । पूर्वाभाद्रा विशाखा च ज्ञेयमेतत् त्रिपादभम् ।।**

त्रिपादनक्षत्रमा मृत्यु हुनेको स्वस्ति-शान्ति

त्रिपादनक्षत्रमा पनि पञ्चक प्रकरणमा बताइएको विधि अपनाउनुपर्दछ । त्रिपाद नक्षत्र यी हुन् – पुनर्वसु, उत्तराषाढा, कृत्तिका, उत्तराफाल्गुनी, पूर्वाभाद्रपद र विशाखा ।

मृतः श्मशानाज्जीवन्पुनरागच्छेच्चेत्

मयूरचित्रे गर्गः –

मृतः श्मशानं यो नीत उपजीवति मानवः । गृहे यस्य प्रविष्टोऽसौ तिष्ठेदथ कदाचन ।।

अचिरान्मृत्युमायाति हृतदारपरिग्रहः । तत्र शान्तिं प्रवक्ष्यामि धर्मराजमतं यथा ।।

सक्षीराणां घृताक्तानामग्नेर्हुत्वा मुखे बुधः । औदुम्बराणां विधिवत्ततः शान्तिः कृता भवेत् ।।

सावित्र्यष्टसहस्रेण क्षीरशान्तिं च कारयेत् । कपिलां तिलकांस्यं च हुतान्ते भूरिदक्षिणा ।। इति ।

कदाचित् मृतक पुरुष जीवित भई मसानघाटबाट फर्केर आएमा स्वस्ति शान्ति

मयूरचित्रमा गर्गले भनेका छन् कि – कुनै मानिसलाई मरेको भनी घाटमा पुऱ्याएपछि कदाचित् बाँचेर गाउँमा आउँछ भने त्यो जुन घरमा प्रवेश गर्दछ त्यस घरको कुल कुटुम्बसहित सर्वनाश हुन्छ । त्यसका लागि शान्ति गर्नुपर्दछ।

त्यसका निमित्त **धर्मराज**को मतअनुसार शान्तिविधि बताइएको छ – विद्वान्ले दूध र घ्यूले भिजाइएको डुम्रीको समिधा तयार गरी अग्निको मुखमा विधिवत् हवन गर्नुपर्दछ त्यसबाट शान्ति हुन्छ । त्यसपछि ८ हजार गायत्री मन्त्र जप गराई दूध अर्पण गरेर शान्ति गराउनुपर्दछ । अन्तमा कपिला गाई, तिल, काँस र दक्षिणा दिनुपर्दछ ।

ब्रह्मचारिमृतौ विचारः

अथ ब्रह्मचारिमृतौ शौनकः –

ब्रह्मचारिमृतौ रीतिं कथयामि समासतः । तत्रावकीर्णदोषस्य प्रायश्चित्तं प्रशान्तये ।।
द्वादशाब्दं षडब्दं वा त्र्यब्दं शक्त्याथवा चरेत्। स्नातको ब्रह्मचारी च निधनं प्राप्नुयाद् यदि।।
संयोज्य चार्कविधिना संयोज्यौ तौ ततः परम् ।।

देशकालौ स्मृत्वा – **अमुकगोत्राऽमुकनाम्नो मृतस्य ब्रह्मचारिणो व्रतविसर्गं करिष्ये,** इत्युक्त्वा हेम्ना नान्दीश्राद्धं कृत्वाऽग्निं प्रतिष्ठाप्याघारान्ते चतसृभिर्व्याहृतिभिः – '**अग्नये व्रतपतये स्वाहा, अग्नये व्रतानुष्ठानसम्पादकाय स्वाहा, विश्वेभ्यो देवेभ्यः स्वाहा** – इति त्रिवारमाज्यं हुत्वा स्विष्टकृदादि समाप्य '**पुनर्देशकालौ स्मृत्वा और्ध्वदेहिकाधिकारार्थमर्कविवाहं करिष्ये,** इत्युक्त्वा हेम्ना नान्दीश्राद्धं कृत्वाऽर्कशाखां शवं च हरिद्रया लिप्त्वा पीतसूत्रेण वस्त्रयुग्मेन चावेष्ट्याऽग्निं प्रतिष्ठाप्याघारान्ते – **अग्नये स्वाहा, बृहस्पतये स्वाहा, विवाहविधियोजकाय स्वाहा, यस्मै त्वा कामकामाय वयं सम्राडयजामह, तमस्मभ्यं कामं दत्वाथेदं त्वं घृतं पिब स्वाहा । कामायेदम्०** । ततो व्यस्ताभिः समस्ताभिर्व्याहृतिभिश्चाज्यं हुत्वा स्विष्टकृदादि समाप्यार्कशाखां शवञ्च दहेत् ।

ब्रह्मचारीको मृत्यु भएमा

शौनक भन्दछन् – ब्रह्मचारीको मृत्यु भएमा अवकीर्णदोषको शान्तिका लागि सङ्क्षेपमा विधिनिरूपण गरिन्छ – आफन्तले द्वादशाब्द अर्थात् बाह्रवर्षको, षडब्द अर्थात् छवर्षको वा त्र्यब्द अर्थात् तीनवर्षको प्रायश्चित्त शक्तिपूर्वक गर्नुपर्दछ । स्नातक र ब्रह्मचारी मरेमा अर्कविधिले आँकसँग ब्रह्मचारीका शवको संयोग गराउनुपर्दछ । देशकालको स्मरण गरी अमुकनाम र अमुकगोत्रका मृत ब्रह्मचारीको व्रत विसर्जन गर्दछु भनेर सुवर्णद्वारा नान्दीश्राद्ध गरी अग्निको स्थापना गरेपछि आघार आहुतिको अन्तमा चारव्याहृतिद्वारा **अग्नये०** इत्यादि मूलमा बताइएका तीनमन्त्रद्वारा घ्यूले हवन गरेर स्विष्टकृत् आहुति दिनुपर्दछ । त्यसपछि देश–कालको उच्चारण गर्दै अर्कविवाह गर्दछु भनेर सुवर्णले नान्दीश्राद्ध गरी अर्कशाखा र शवलाई बेसारले लेपन गरी पहेंलो धागोले र दुइटा वस्त्रले बेरेर अग्निस्थापन गरी आघार होमपछि **अग्नये स्वाहा०** इत्यादि मन्त्रद्वारा अग्निमा आहुति दिनुपर्दछ । फेरि **कामाय इदम्०** भन्नुपर्दछ । यसरी अलग–अलग व्याहृतिहरू र समस्त व्याहृतिद्वारा हवन गरी स्विष्टकृत् आदि आहुति दिएर यज्ञ समाप्त गर्नुपर्दछ । त्यसपछि शवका साथ आँकको हाँगाको दाह गर्नुपर्दछ ।

विधानमालायाम् –

येषां कुले ब्रह्मचारी निधनं प्राप्नुयाद्यदि । तत्कुलं क्षयमाप्नोति सोऽपि दुर्गतिमाप्नुयात् ।।
मृतस्य म्रियमाणस्य षडब्दं व्रतमाचरेत् । त्रिंशद्भ्यो ब्रह्मचारिभ्यो दद्यात्कौपीनकान् नवान् ।।
हस्तमात्रान्कर्णमात्रान्दद्यात्कृष्णाजिनानि च । पादुकाछत्रमाल्यानि गोपीचन्दनमेव च ।।
मणिप्रबालमालाश्च भूषणादि समर्पयेत् । एवं कृते विधाने च विघ्नः कोऽपि न जायते ।।
अत्र मूलं मृग्यम् ।

विधानमालामा भनिएको छ – 'जुन वंशमा ब्रह्मचारीको मृत्यु हुन्छ त्यस वंशको नाश हुन्छ र ब्रह्मचारीले दुर्गति

प्राप्त गर्दछ । मरेका र मर्न लागेका ब्रह्मचारीको निमित्त **षडब्द** अर्थात् छ वर्षे व्रत गर्नुपर्दछ । त्यसमा तीस ब्रह्मचारीहरूलाई हातको आकारका र कानको आकारका नयाँ कौपीन अर्थात् लंगोटी, मृगछाला, खराउ, छाता, पुष्पमाला, गोपीचन्दन, मणि, मुँगाको माला, अलङ्कार आदि दिनुपर्दछ । यसरी सुपात्र ब्रह्मचारीहरूका निमित्त दान दिएपछि विघ्न हुँदैन ।' ग्रन्थकार भन्दछन् – यसको मूल विचारणीय छ ।

कुष्ठिमरणे विधानकथनम्

कुष्ठिमृतौ तु यमः –

मृतस्य कुष्ठिनो देहं निखनेद् गोष्ठभूमिषु । वासरत्रितयं पश्चादुद्धृत्यान्यत्र तं दहेत् ।।

न गङ्गाप्लवनं कार्यं निक्षेपे विधिरुच्यते । षडब्दव्रतपूर्णेन विधिनान्त्यं क्रतुं चरेत् ।।

ततोऽस्थिसञ्चयं तस्य गङ्गायां प्रक्षिपेत्सुधीः । मासि मासि ततः कुर्यान्मासि श्राद्धानि पार्वणान् ।।

इत्येतत्कुष्ठिमरणे कथितं शास्त्रकोविदैः ।।

कुष्ठीको मृत्युमा गर्नुपर्ने विधि

कुष्ठरोगी मानिस मरेमा गर्नुपर्ने विधान बताउँदै **यमले** भनेका छन् – मरेका कोढीको शरीरलाई गौशालाको जमिनमा तीनदिनसम्म गाड्नुपर्दछ । त्यसपछि निकालेर अन्यत्र लगेर दाह गर्नुपर्दछ । त्यसको शवलाई गङ्गामा बगाउनु हुँदैन । कोढीको लाश दबाउने अथवा दाह गर्ने विधि बताइन्छ – **षडब्द** अर्थात् छ वर्षे व्रत पूरा भएपछि विधिपूर्वक अन्त्यकर्म गर्नुपर्दछ । अस्थिको सञ्चयन गरेपछि त्यसलाई गङ्गामा फ्याँकिदिनुपर्दछ । त्यसपछि एक–एक महिनामा पार्वणश्राद्ध गर्नुपर्दछ । शास्त्रकारहरूले यसरी कुष्ठी मर्दा गर्नुपर्ने विधान बताएका छन् ।

कुष्ठरोगभेदादिकथनम्

शुद्धितत्त्वे भविष्ये – **शृणु कुष्ठगणं विप्र उत्तरोत्तरतो गुरुम् । विचर्चिका तु दुश्चर्मा चर्चरीयस्तृतीयकः ।।**

विकर्चूर्व्रणताम्रौ च कृष्णश्वेते तथाष्टकम् ।। इत्युक्त्वा –

मृते च प्रापयेत्तीर्थमथवा तरुमूलकम् । न पिण्डं नोदकं कार्यं न च दानक्रियां चरेत् ।।

षण्मासीयस्त्रिमासीयो मृतः कुष्ठी कदाचन । यदि स्नेहाच्चरेद्दाहं यतिचान्द्रायणं चरेत् ।।

अकृतप्रायश्चित्तकुष्ठ्यादिदाहे इदं प्रायश्चितम् । अत एव कुनख्यादिवत्कुष्ठिनोऽपि द्वादशरात्रं शूलपाणिनोक्तम् । अत एवान्यदीयकुष्ठिनो मरणान्तमाशौचमुक्तं कौर्मे –

क्रियाहीनस्य मूर्खस्य महारोगिण एव च । यथेष्टाचरणस्याहुर्मरणान्तमशौचकम् ।।

कुष्ठरोगका भेद

शुद्धितत्त्वमा भविष्यपुराणको वचन छ कि – विचर्चिका, दुश्चर्मा, चर्चरीय, विकर्चू, व्रण, ताम्र, कृष्ण र श्वेत यी आठप्रकारका कुष्ठ रोग हुन्छन् । यस्ता रोग लागेका कोढीहरूको मृत्यु हुँदा तिनलाई तीर्थमा या वृक्षको फेंदमा पुऱ्याउनुपर्दछ । यिनका लागि पिण्डदान, उदकदान र अरू दान गर्नु हुँदैन । छमहिनादेखि रोग लागेको वा तीनमहिनादेखि रोग लागेको कोढी मरेमा कसैले प्रेमले दाहसंस्कार गर्छ भने गरेपछि यतिचान्द्रायण गर्नुपर्दछ । जसको प्रायश्चित्त भएको छैन त्यस्ता

कुष्ठीको दाहमा यही प्रायश्चित्त हो । खराब नङ भएकोलाई कुनखी भनिन्छ । कुनखीको पनि कुष्ठीको झैं बाह्र रातसम्म प्रायश्चित्त गर्नुपर्दछ । कुष्ठीको मरणान्त आशौचबारे **कूर्मपुराण**मा भनिएको छ – क्रियाहीन, मूर्ख, महारोगी र आफ्नो इच्छाअनुसार आचरण गर्ने मानिसको आशौच कहिले पनि जाँदैन र त्यसलाई मरणान्त आशौच लाग्दछ ।

अष्टौ महारोगाः

महारोगास्तु- **वातव्याध्यश्मरीकुष्ठमहोदरभगन्दराः। अर्शांसि ग्रहणीत्यष्टौ महारोगाः प्रकीर्तिताः।।** इति।

आठ किसिमका महारोग

वातव्याधि – वायुसम्बन्धी रोग, **अश्मरी** – पत्थरी, **कुष्ठ** – कोढ, **प्रमेह** – धातुसम्बन्धी रोग, **उदररोग** – पेटको रोग, **भगन्दर** – गुदद्वारनजिकै र तल्लो पेटमा मरणान्त कष्ट दिने रोग, **अर्श** – बबासीर र **ग्रहणी** – खाएको वस्तु पचाउन बोंसे आन्द्रोले काम नगर्दा उत्पन्न हुने रोग यिनलाई आठमहारोग भनिएको छ ।

रजस्वलामरणे विचारः

रजस्वलायास्तु शातातपः –

रजस्वलायाः प्रेतायाः संस्कारादीनि नाचरेत् । ऊर्ध्वं त्रिरात्रात्स्नातां तां शवधर्मेण दाहयेत् ।।

अतः प्रक्षाल्य काष्ठवत् त्र्यहोर्ध्वं दहेत् । सङ्कटे तु मदनरत्ने स्मृत्यन्तरे –

उदक्या सूतिका वापि मृता स्याद् यदि तां तदा । आशौचे अतिक्रान्ते दाहयेदन्तरा यदि ।।

उद्धृतेन तु तोयेन स्नापयित्वा तु मन्त्रतः । आपो हि ष्ठेति तिसृभिर्हिरण्येति चतसृभिः ।।

पवमानानुवाकेन यदन्तीति च सप्तभिः । ततो यज्ञपवित्रेण गोमूत्रेणापि ते द्विजाः ।।

स्नापयित्वाऽन्यवसनेनाच्छाद्य शवधर्मतः । दाहादिकं ततः कुर्यात्प्रजापतिवचो यथा ।।

यज्ञपवित्रमापो अस्मानिति मिताक्षरायाम् –

पञ्चभिः स्नापयित्वा तु गव्यैः प्रेतां रजस्वलाम् । वस्त्रान्तरावृतां कृत्वा दाहयेद्विधिपूर्वकम् ।।

रजस्वलाको मृत्युमा विचार

शातातपले भनेका छन् कि – विधि नपुर्‍याईकन रजस्वलाको संस्कार गर्न हुँदैन । तीनरातपछि शवलाई स्नान गराएर शवधर्मले दाह गर्नुपर्दछ । शवलाई काठझैं पखालेर तीनदिनपछि जलाउनुपर्दछ । **स्मृत्यन्तर**मा भनिएको छ कि– रजस्वला या सुत्केरी मरेमा उनको आशौच सकिएपछि दाह गर्नुपर्दछ। आशौचकै बीचमा दाह गर्नुपरेमा नदी या जलाशयबाट निकालेको जल हातमा लिएर – '**आपो हि ष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे । यो वः शिवतमोरसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।**' (तै.सं. ५/६/१-३) यी तीनमन्त्र, '**हिरण्यवर्णां हरिणीं सुवर्णरजतस्रजाम् । चन्द्रां हिरणमयीं लक्ष्मीं जातवेदो म आवह ।।१।। तां म आवह जातवेदो लक्ष्मीमनपगामिनीम् । यस्यां हिरण्यं विन्देयं गामश्वं पुरुषानहम् ।।२।। अश्वपूर्वां रथमध्यां हस्तिनादप्रमोदिनीम् । श्रियं देवीमुपह्वये श्रीर्मा देवी जुषताम् ।।३।। कां सोस्मितां हिरण्यप्राकारामार्द्रां ज्वलन्तीं तृप्तां तर्पयन्तीम् । पद्मे स्थितां पद्मवर्णां तामिहोपह्वये श्रियम् ।।४।।** यी चारमन्त्र, पवमान अनुवाक०, '**यदन्ति यच्च दूरके भयं विन्दति मामिह । पवमान वि तज्जहि ।। पवमानः सो अद्य नः पवित्रेण विचर्षणिः । यः पोता स**

पुनातु नः ।। यत्ते पवित्रमर्चिष्यग्ने विततमन्तरा । ब्रह्म तेन पुनीहि नः ।। यत्ते पवित्रमर्चिवदग्ने तेन पुनीहि नः । ब्रह्मसवैः पुनीहि नः । उभाभ्यां देव सवितः पवित्रेण सवेन च । मां पुनीहि विश्वतः ।। त्रिभिष्ट्वं देव सवितर्वर्षिष्ठैः सोम धामभिः । अग्ने दक्षैः पुनीहि नः ।। पुनन्तु मां देवजनाः पुनन्तु वसवो धिया । विश्वे देवाः पुनीत मा जातवेदः पुनीहि मा ।। प्र प्यायस्व प्र स्यन्दस्व सोम विश्वेभिरंशुभिः । देवेभ्य उत्तमं हविः ।। उप प्रियं पनिप्नतं युवानमाहुतिवृधम्। अगन्म बिभ्रतो नमः ।। अलाय्यस्य परशुर्ननाश तमा पवस्व देव सोम । आखुं चिदेव देव सोम ।। यः पावमानरध्येत्यृषिभिः संभृतं रसम् । सर्वं सपूतमश्नातिस्वदितं मातरिश्वना ।। पावमानीर्यो अध्येत्यृषिभिः संभृतं रसम् । तस्मै सरस्वती दुहे क्षीरं सर्पिर्मधूदकम् ।।' (ऋ. ९/६७/२१-३२) आदि उक्त सातमन्त्रले अभिषेक गरी 'आपो अस्मान् मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु । विश्वं हि रिप्रं प्रवहन्ति देवीरुदिदाभ्यः शुचिरा पूत एमि।।' (ऋ. १०/१७/१०) मन्त्र पढी गोमूत्रले स्नान गराएर अर्को वस्त्रले ढाकी शवधर्मले प्रजापतिको वचनअनुसार दाह गर्नुपर्दछ । मिताक्षरामा भनिएको छ – रजस्वला-प्रेतलाई पञ्चगव्यले नुहाइदिएर अर्को वस्त्रले ढाकी दाह गर्नुपर्दछ।

अन्तरिक्षादौ मरणे प्रायश्चित्तकथनम्

गृह्यकारिकायाम् – **अन्तरिक्षमृता ये च वह्नावप्सु प्रमादतः। उदक्या सूतिका नारी चरेच्चान्द्रायणत्रयम्।।**

ततो यवपिष्टेनालिप्याष्टोत्तरशतशूर्पोदकैः संस्नाप्य भस्मगोमयमृत्कुशोदकपञ्चगव्यशुद्धोदकैरापो हि ष्ठा पावमानीभिः संस्नाप्यान्यवस्त्रे धृते दहेदिति भट्टाः ।

अत्र प्रायश्चित्तमाह बौधायनः – **'उदक्यासूतिकामृत्यौ चरेच्चान्द्रायणत्रयम्'** इति ।

अन्तरिक्ष आदिमा मरण भएमा प्रायश्चित्त

गृह्यकारिकामा भनिएको छ कि – जुन मानिस अन्तरिक्षमा मरेका हुन्छन्, अग्नि वा जलमा मरेका हुन्छन्, जुन नारी रजस्वला अवस्थामा र सुत्केरी हुँदा मरेका हुन्छन् तिनका निमित्त चान्द्रायण गर्नुपर्दछ र जौको पिठोले शरीरमा लेपन गर्नुपर्दछ। १०८ पटक नाङ्लाको जलले प्रेतशरीरलाई नुहाइदिनुपर्दछ । भस्मस्नान गराउनुपर्दछ । त्यसपछि गोबर, माटो, कुशोदक, पञ्चगव्य र शुद्ध जलले तलका मन्त्र उच्चारण गर्दै शवलाई स्नान गराउनुपर्दछ – **'आपो अस्मान् मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु । विश्वं हि रिप्रं प्रवहन्ति देवीरुदिदाभ्यः शुचिरा पूत एमि ।।'** (ऋ. १०/१७/१०) र पावमानी सूक्त – **'पावमानीः स्वस्त्ययनीः सुदुघा हि घृतश्चुतः । ऋषिभिः संभृतो रसो ब्राह्मणेष्वमृतं हितम् ।।१।। पावमानीर्दिशन्तु न इमं लोकमथो अमुम् । कामान् त्समर्धयन्तु नो देवीर्देवैः समाहिताः ।।२।। येन देवाः पवित्रेणात्मानं पुनते सदा । तेन सहस्रधारेण पावमान्यः पुनन्तु माम् ।।३।। प्राजापात्यं पवित्रं शतोद्यामं हिरणमयम् । तेन ब्रह्मविदो वयं पूतं ब्रह्म पुनीमहे ।।४।। इन्द्रः पुनीती सह मा पुनातु सोमः स्वस्त्या वरुणः समीच्या । यमो राजा प्रमृणाभिः पुनातु मा जातवेदा मूर्जयन्त्या पुनातु ।।५।। ऋषयस्तु तपस्तेपुः सर्वे स्वर्गजिगीषवः । तपन्तस्तपसोग्रेण पावमानीर्ऋचोऽब्रुवन् ।।६।। यन्मे गर्भे वसतः पापमुग्रं यज्जायमानस्य च किञ्चिदन्यत् । जातस्य च यच्चापि च वर्धतो मे तत् पावमानीभिरहं पुनामि ।।७।। मातापित्रोर्यन्न कृतं वचो मे यत् स्थावरं जङ्गममाबभूव । विश्वस्य यत् प्रहृषितं वचो मे तत् पावमानीभिरहं पुनामि ।।८।। गोघ्नात् तस्करत्वात् स्त्रीवधाद्यच्च किल्विषम् । पापकं च चरणेभ्यस् तत् पावमानीभिरहं पुनामि ।।९।। ब्रह्मवधात् सुरापानात् स्वर्णस्तेयाद् वृषलीगमनमैथुनसङ्गमात् । गुरोर्दाराधिगमनाच्च तत् पावमानीभिरहं पुनामि ।।१०।। बालघ्नान् मातृपितृवधाद्भूमितस्करात्सर्ववर्णगमनमैथुन-सङ्गमात्। पापेभ्यश्च प्रतिग्रहात् सद्यः प्रहरति सर्वदुष्कृतं तत्पावमानीभिरहं पुनामि ।।११।। क्रयविक्रयाद्योनिदोषाद्**

भक्षाद्भोज्यात्प्रतिग्रहात् । असम्भोजनाच्चापि नृशंसं तत् पावमानीभिरहं पुनामि ।।१२।। दुर्यष्टं दुरधीतं पापं यच्चाज्ञानतो कृतम् । अयाजिताश्चासंयाज्यास् तत् पावमानीभिरहं पुनामि ।।१३।। अमन्त्रमन्नं यत्किञ्चिद् हूयते च हुताशने । संवत्सरकृतं पापं तत् पावमानीभिरहं पुनामि ।।१४।। ऋतस्य योनयोऽमृतस्य धाम विश्वा देवेभ्यः पुण्यगन्धाः । ता न आपः प्र वहन्तु पापं शुद्धा गच्छामि सुकृतामु लोकं तत्पावमानीभिरहं पुनामि ।।१५।। पावमानीः स्वस्त्ययनीर्याभिर्गच्छति नान्दनम् । पुण्यांश्च भक्ष्यान् भक्षयत्यमृतत्वं च गच्छति ।।१६।। पावमानीः पितॄन् देवान् ध्यायेद्यश्च सरस्वतीम् । पितॄंस्तस्योप वर्तेत क्षीरं सर्पिर्मधूदकम् ।।१७।। पवमानं परं ब्रह्म शुक्रं ज्योतिः सनातनम् । ऋषींस्तस्योपतिष्ठेत् क्षीरं सर्पिर्मधूदकम् ।।१८।। पावमानं परं ब्रह्म ये पठन्ति मनीषिणः । सप्तजन्म भवेद्विप्रो धनाढ्यो वेदपारगः ।।१९।। दशोत्तराण्यृचांश्चैव पावमानीः शतानि षट् । एतज्जुह्वन् जपेन् मन्त्रं घोरमृत्युभयं हरेत् ।।२०।। एतत्पुण्यं पापहरं रोगमृत्युभयापहम् । पठतां शृण्वतां चैव ददाति परमां गतिम्।।' (ऋ.परि.सू. १८मं. १-२१) । उक्त मन्त्रजप गर्दै स्नान गराएपछि वस्त्र पहिर्‍याएर दाह गर्नुपर्दछ भन्ने कुरा भट्टहरूले बताएका छन् । बौधायनले भनेका छन् कि – रजस्वला र सुत्केरी मरेमा तीन चान्द्रायण गरेपछि दाह गर्नुपर्दछ ।

सूतिकामरणे विधिः

सूतिकायास्तु मिताक्षरायाम् –

सूतिकायां मृतायां तु कथं कुर्वन्ति याज्ञिकाः । कुम्भे सलिलमादाय पञ्चगव्यं क्षिपेत्ततः ।।
पुण्यर्ग्भिरभिमन्त्र्यापो वाचा शुद्धिं लभेत्ततः । तेनैव स्नापयित्वा तु दाहं कुर्याद्यथाविधि ।।
अब्लिङ्गाभिर्मन्त्रिताभिर्वामदेव्याभिरेव च । अन्यैश्च वारुणैर्मन्त्रैः संस्नाप्य विधिना दहेत् ।।

गृह्यकारिकायाम् –

सूतिकामरणे प्राप्ते सर्वौषध्यनुलेपनम् । असूतकी तु संस्पृष्टः शूर्पाणां तु शतं क्षिपेत् ।।

प्रायश्चित्ते विशेषस्तत्रैव –

सूतिका तु यदा साध्वी विस्नाता मरणं गता । त्रिवर्षपूर्णपर्यन्तं शुध्येत्कृच्छ्रेण सर्वदा ।।

इदं चाद्ये त्र्यहे ।

सूतिका तु यदा नारी रजसा तु परिप्लुता। म्रियते चेत्तु सा नारी द्विवर्षं कृच्छ्रमाचरेत्।। इदं द्वितीयत्र्यहे।

सूतिका तु यदा साध्वी विस्नाता मरणं गता । अब्दं कृच्छ्रेण शुध्येत व्यासस्य वचनं यथा ।। इदं तृतीयत्र्यहे । अत्राशक्तौ पक्षान्तरमुक्तं तत्रैव –

सूतिका तु यदा नारी विस्नाता मरणं गता । त्रिषण्णवदिनादर्वागेकाब्देन विशुद्ध्यति ।।

ऊर्ध्वं तु – **सूतिका तु यदा नारी प्राणांश्चैव परित्यजेत् । मासमेकावधिं यावत्त्रिभिः कृच्छ्रैर्विशुद्ध्यति।।**

सुत्केरीको मृत्युमा स्वस्ति-शान्ति

मिताक्षरामा सुत्केरी मरेपछि गर्नुपर्ने विधि बताउँदै भनिएको छ – याज्ञिकहरूले सुत्केरी मरेको अवस्थामा कसरी प्रायश्चित्त गर्दछन् भन्ने प्रश्न हुन्छ । त्यसको उत्तर यसप्रकार छ – गाग्रोमा जल लिएर पञ्चगव्य क्षेप्नुपर्दछ । पुण्यजनक मन्त्रद्वारा गाग्रोको जल अभिमन्त्रण गरी त्यसले नुहाइदिएर विधिपूर्वक दाह गर्नुपर्दछ । रजस्वलालाई पञ्चगव्यले नुहाइदिएपछि अर्को वस्त्रले ढाकेर दाह गर्नुपर्दछ । त्यसपछि '**आपो हि ष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे । यो वः शिवतमोरसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च**

नः ।।' (तै.सं. ५/६/१-३) मन्त्रहरूद्वारा मन्त्रित गरी वामदेवी आदि पूर्वोक्त मन्त्रद्वारा र '**वरुणस्योत्तम्भनमसि** (यजु. ४/३६) मन्त्रद्वारा स्नान गराएर विधिपूर्वक दाह गर्नुपर्दछ ।

गृह्यकारिकामा भनिएको छ कि – सुत्केरीको मृत्यु हुँदा तिनको शरीरमा सर्वौषधिलेपन गर्नुपर्दछ । जसलाई सूतक लागेको छैन त्यसले स्पर्श गरेमा त्यसलाई सयपटकसम्म नाङ्लाको जलले अभिषेक दिनुपर्दछ ।

प्रायश्चित्त बताउँदै भनिएको छ कि – सुत्केरी नारी सूतकान्त स्नान नगरी मर्दछिन् भने तिनका आफन्तले तीनवर्षसम्म कृच्छ्र गरिदिएपछि मात्र ती शुद्ध हुन्छिन् । यो कुरा पहिलो दिनदेखि तीनदिनभित्र मरेमा गर्ने विधि हो । सुत्केरी रजोधर्मले युक्त भएर मरिन् भने त आफन्तद्वारा दुईवर्षसम्म गरिने कृच्छ्रबाट शुद्ध हुन्छिन् । यो दोस्रो तीनदिन अर्थात् ६ दिनभित्र गर्ने विधि हो । ९ दिनभित्र गर्नु भन्नुको तात्पर्य तेस्रो ३ दिनभित्र मृत्यु हुँदाका लागि हो । सूतिका नारी विनास्नान मरिन् भने आफन्तद्वारा अब्दकृच्छ्र गरिएपछि शुद्ध हुन्छिन् भन्ने कुरा **व्यास**ले बताएका छन् ।

यहाँ अशक्तिमा पक्षान्तर पनि बताइएको छ । सूतिका नारी विनास्नान ३ दिन, ६ दिन र ९ दिनभन्दा पहिले मरेकी छन् भने एक कृच्छ्र गर्दा शुद्ध हुन्छिन् । 'सुत्केरी आइमाईले प्राणत्याग गरेमा एकमहिनासम्म आफन्तले तीन कृच्छ्र गरेपछि ती निष्पाप हुन्छिन् ।'

गर्भिणीमरणे विचारः

गर्भिणीमृतौ तु मदनरत्ने शौनकः –

गर्भिण्युदक्यासंस्कारं शिशुसंस्कारमेव च । प्रवक्ष्यामि समासेन शौनकोऽहं द्विजन्मनाम् ।।

गर्भिणीमरणे प्राप्ते गोमूत्रेण जलैः सह । आपो हि ष्ठादिभिर्मन्त्रैः प्रोक्ष्य भर्ता समास्थितः ।।

प्रेतं श्मशाने नीत्वाऽथोल्लिख्य सव्योदरं ततः । पुत्रमादाय जीवँश्चेत्स्तनं दत्त्वा सुताय तु ।।

यस्ते स्तनः शशय इत्यूचा ग्रामे निधाय च । उदरं चाव्रणं कुर्यात्पृषदाज्येन पूर्य च ।।

मृद्भस्मकुशगोमूत्रैरापो हि ष्ठादिभिस्त्रिभिः । स्नाप्या चाच्छाद्य वासोभिः शवधर्मेण दाहयेत्।

तत्रैव षडशीतिमते गद्यानि – गर्भिण्यां मृतायां दक्षिणशिरसं निधाय तस्या नाभिरन्ध्रात्सव्यमुदरं चतुरङ्गुलं '**हिरण्यगर्भः समवर्तत**' इति छित्त्वा गर्भश्चेदप्राणस्तं प्रक्षाल्य निखनेत्स यदि '**जीव त्वं मम पुत्रक**' इत्युक्त्वा '**क्षेत्रिये त्वा**' इति पञ्चभिः स्नापयित्वा शिशुं ग्रामं प्रापयेत् । गर्भच्छेदस्थले '**शतायुधाय**' इति पञ्चाहुतीर्हुत्वा '**प्राणाय स्वाहा**' '**पूर्ष्णे स्वाहा**' इत्यनुवाकाभ्यां व्याहृत्या च वाऽऽज्यं हुत्वा भिन्नमुदरं सूत्रेण संग्रथ्य घृते नानुलिप्य ब्राह्मणाय तिलान् गां भूमिं सुवर्णं दद्यादथ यथोक्तेन कल्पेन दहेत् ।

गर्भिणीको मरणमा विचार

गर्भिणीको मृत्युको विषयमा विचार गर्दै **शौनक**ले भनेका छन् – गर्भिणी, रजस्वला र शिशुको संस्कारमा ब्राह्मणहरूको कर्तव्य बताउँछु । गर्भिणी नारी मृत्यु अवस्थामा प्राप्त भएपछि '**आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन। महे रणाय चक्षसे ।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।** (ऋ. १०/९/१-३)' इत्यादि मन्त्रद्वारा गाईको गहुँतले सेचन गरी सावधानीपूर्वक प्रेतलाई मसानमा लगेर बायाँ काखीसहित पेट चिर्नुपर्दछ र पेटभित्र रहेको बालक वा बालिकालाई झिक्नुपर्दछ । यदि बच्चा जीवित रहेको भए '**यस्ते स्तनः शशयो यो मयोभूर्येन विश्वा पुष्यसि वार्याणि । यो रत्नधा वसुविद् यः सुदत्रः**

सरस्वति तमिह धातवे कः ।।' (ऋ. १/१६४/४९) यो ऋचा पढ्दै गाउँमा लगी सुरक्षित गराएर आमाको पेटलाई व्रणरहित तुल्याउनु पर्दछ । काटिएको ठाउँमा घ्यू भरेर माटो, भस्म, कुश, गोबर र गोमूत्रबाट '**आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन। महे रणाय चक्षसे ।। यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।** (ऋ. १०/९/१-३)' आदि पूर्वोक्त मन्त्रले स्नान गराई कपडाले ढाकीकन शवधर्मद्वारा दाह गर्नुपर्दछ ।

षडशीतिमतमा भनिएको छ कि – गर्भिणी मर्दा उनको शिरलाई दक्षिण फकाई नाइटाको प्वालदेखि बायाँ भागमा चारअंगुल अन्तरमा '**हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् । स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ।।**' (यजु. १३/४) इत्यादि मन्त्रले पेट चिरेर गर्भमा प्राण नभएमा त्यसलाई पखालेर जमिनमा गाड़ी दिनुपर्दछ । यदि त्यो शिशु जीवित भएमा– **जीवत्वं मम पुत्रक!** अर्थात् मेरा पुत्र ! तिमी बाँच यस्तो वाक्य उच्चारण गरेर '**क्षेत्रियै त्वा निर्ऋत्यै त्वा द्रुहो मुञ्चामि वरुणस्य पाशात् । अनाशसं ब्रह्मणो त्वा करोमि शिवे ते द्यावापृथिवी उभे इमे ।। शं ते अग्निः सहाद्भिरस्तु शं द्यावापृथिवी सहौषधीभिः । शमन्तरिक्षं सह वातेन ते । शं ते चतस्त्रः प्रदिशो भवन्तु ।। या दैवीश्चतस्त्रः प्रदिशः वात पत्नीरभिसूर्यो विचष्टे । तासां त्वा जरस आदधामि प्र यक्ष्म ए तु निर्ऋतिं पराचैः ।। अमोचि यक्ष्माद् दुरितादवत्यै । द्रुहः पाशां निर्ऋत्यै चोदमिचि । अहा अवतिमविदत्स्योनम्। अप्यूभूद्भद्रे सुकृतस्य लोके ।। सूर्यमृतं तमसो ग्राह्या यत् । देवा अमुञ्चन्नसृजन्व्येनसः । एवमहमिमं क्षेत्रियाज्जामि शं सात् । द्रुहो मुञ्चामि वरुणस्य पाशात् ।।**' (तै.ब्रा. २/५/३-७) इत्यादि पाँचऋचाले नुहाइदिएर सुवर्णसहित व्याहृतिद्वारा अभिमन्त्रित जलले जीवित शिशुलाई सेचन गर्दै '**यस्ते स्तनः शशयो०**' पूर्वोक्त मन्त्रद्वारा स्तनपान गराएर शिशुलाई गाउँमा पुर्‍याइदिनुपर्दछ । गर्भलाई निकाल्न चिरिएको ठाउँमा '**शतायुधाय शतवीर्याय शतोतयेऽभि मातिषाहे। शतं यो नः शरदो अजीतानिन्द्रो नेषदति दुरितानि विश्वा ।।**' (तै.सं. ५/७/२/७) यस मन्त्रले पाँचआहुति दिएर '**प्राणाय स्वाहा, पूष्णे स्वाहा**' यी दुईअनुवाक र व्याहृतिद्वारा घ्यूले हवन गरी चिरिएको पेटलाई धागोले सिलाएर बाहिरबाट घ्यू लेपन गरी ब्राह्मणलाई तिल, गाई, भूमि र सुवर्णदान गर्नुपर्दछ । त्यसपछि विधिपूर्वक दाह गर्नुपर्दछ ।

बौधायनेन तु 'शतायुधाय' इति पञ्चहोमानन्तरम्– **प्रयासाय यासाय वियासाय संयासायोद्यासाय शुचे शोकाय तप्यते तपत्यै ब्रह्महत्यायै सर्वस्मै** इति स्वाहान्तैराहुतयोप्यधिका उक्ताः । गृह्यकारिकायाम् –

यदा गर्भवती नारी सशल्या संस्थिता भवेत् । कुक्षिं भित्त्वा ततः शल्यं निर्हरेद्यदि जीवति ।।

प्रमीतां निखनेत्तां तु प्रायश्चित्तमतः परम् । सा त्रयस्त्रिंशता कृच्छ्रैः शुद्ध्येत शल्यदोषतः ।।

बौधायनले भनेका छन् – **शतायुधा०** इत्यादि पूर्वोक्त मन्त्रले पाँचपटक हवन गरेपछि **प्रयासाय स्वाहा०** इत्यादि मूलमा उल्लिखित मन्त्रद्वारा आहुति दिनुपर्दछ । **गृह्यकारिका**मा भनिएको छ – गर्भवती स्त्री शल्यपीडासहित मरिन् भने उनको कोख चिरेर गर्भमा रहेको बच्चा जीवित भएमा निकालेपछि सुरक्षित गरी राख्नुपर्दछ, तर मरेको रहेछ भने जमिनमा गाडी दिनुपर्दछ त्यसपछि प्रायश्चित्त गर्नुपर्दछ । शल्यदोष भएको अवस्थामा ३३ कृच्छ्र गरेपछि शुद्धि हुन्छ ।

सगर्भदहने प्रायश्चित्तकथनम्

सगर्भदहने तस्या वर्णजं वधपातकम् । प्रायश्चित्तं चरित्वा तु शुद्ध्यन्ति पापकारिणः ।।

दग्ध्वा तु गर्भसंयुक्तां त्रिरब्दं कृच्छ्रमाचरेत् ।।

मरेकी गर्भवतीको गर्भसहित दाह गर्न नहुने

गर्भसहित गर्भिणीलाई दाह गर्न हुँदैन, ठूलो पाप लाग्छ । त्यस्ता पाप गर्ने मानिसहरूले प्रायश्चित्त गर्नुपर्दछ । त्यो प्रायश्चित्त तीनवर्षे कृच्छ्रव्रत गरेपछि सम्पन्न हुन्छ ।

अन्वारोहणे प्रयोगकथनम्

अथान्वारोहणं स्त्रीणामात्मनो भर्तुरेव च । सर्वपापक्षयकरं निरयोत्तारणाय च ।।

अनेकस्वर्गफलदं मुक्तिदं च तथैव च । जन्मान्तरे च सौभाग्यधनपुत्रादिवृद्धिदम् ।।

देशकालौ स्मृत्वाऽरुन्धतीसमाचारत्वस्वर्गलोकमहीयमानत्वमनुष्यलोकसमसंख्याब्दावच्छिन्नस्वर्गवास-भर्तृसहितचतुर्दशेन्द्रावच्छिन्नकालिकक्रीडमानत्वमातृपितृश्वशुरकुलत्रयपूतत्वब्रह्मघ्नमित्रघ्नकृतघ्नपतिपूतत्व-पत्यवियोगकामा भर्तृज्वलच्चितारोहणं करिष्ये । अनुगमने तु फलमुल्लिख्यान्वारोहणं करिष्ये- इत्युक्त्वा हरिद्राकुङ्कुमाञ्जनादियुतशूर्पाणि सुवासिनीभ्यो दद्यात् । मन्त्रस्तु –

लक्ष्मीनारायणो देवो बलसत्त्वगुणाश्रयः । गाढं सत्त्वञ्च मे दद्याद्वायनैः परितोषितः ।।

सोपस्कराणि शूर्पाणि वायनैः संयुतानि च । लक्ष्मीनारायणप्रीत्यै सत्त्वकामा ददाम्यहम् ।।

अग्नेः समीपमागत्य पञ्चरत्नानि पल्लवैः । नीलाञ्जनं तथा बध्वा मुखे मुक्ताफलं न्यसेत् ।।

ततोऽग्निप्रार्थनां कृत्वा मन्त्रेणानेन निश्चितम् । स्वाहासंश्लेषनिर्विण्णसर्वगात्र हुताशन ।।

सत्त्वमार्गप्रदानेन नय मां पत्युरन्तिकम् ।

ततोऽग्नावाज्येन – **अग्नये तेजोऽधिपतये स्वाहा, विष्णवे सत्त्वाधिपतये स्वाहा, कालाय धर्माधिपतये स्वाहा, पृथिव्यै लोकाधिष्ठात्र्यै स्वाहा, अद्भ्यो रसाधिष्ठात्रीभ्यः स्वाहा, वायवे बलाधिपतये स्वाहा, आकाशाय सर्वाधिपतये स्वाहा, कालाय धर्माधिष्ठात्रे स्वाहा, अद्भ्यः सर्वसाक्षिणीभ्यः स्वाहा, ब्रह्मणे वेदाधिपतये स्वाहा, रुद्राय श्मशानाधिपतये स्वाहा** । इति हुत्वाग्निं प्रदक्षिणीकृत्य दृषदमुपलां च सम्पूज्य पुष्पाञ्जलिं गृहीत्वाग्निं प्रार्थयेत् –

त्वमग्ने सर्वभूतानामन्तश्चरसि साक्षिवत् । त्वमेव देव जानीषे न विदुर्यानि मानुषाः ।।

अनुगच्छामि भर्तारं वैधव्यभयपीडिता । सत्त्वमार्गप्रदानेन नय मां भर्तुरन्तिकम् ।।

मन्त्रमुच्चार्य शनकैः प्रविशेच्च हुताशनम् ।।

अन्वारोहणमा प्रयोग

अब अन्वारोहणको विषयमा बताइन्छ – पतिसहित सबै बन्धुहरूको पाप नाश गर्ने, सबैलाई नरकबाट पार लगाउने र अनेक प्रकारका स्वर्गको फलका साथै मुक्ति पनि दिलाउने अन्वारोहणले जन्मान्तरमा सौभाग्य, धन र पुत्र पनि प्रदान गर्दछ । त्यसैले अन्वारोणह गर्न चाहने नारीले देशकाल उच्चारण गरेर माथि मूलमा बताइएको **अरुन्धतीसमाचारत्व॰** देखि **भर्तृज्ज्वलचितारोहणं करिष्ये** सम्मको सङ्कल्प पढेपछि बेसार, कुंकुम, अञ्चन आदिसहित अनेक नाङ्ला अर्थात् सुपा सौभाग्यवती नारीहरूलाई दान दिनुपर्दछ । दान गर्दा **लक्ष्मीनारायणो देवो** इत्यादि मूलमा उल्लिखित मन्त्र पढ्नुपर्दछ। मन्त्रार्थ यसप्रकार छ – 'बल, सत्त्व र गुणका आश्रय हे लक्ष्मीनारायण ! तपाईंले यी उपहारद्वारा प्रसन्न भई मलाई महान्

सत्त्व प्रदान गर्नुहोस् । सामग्रीले भरिएका नाङ्ला र अरू उपहार लक्ष्मीनारायणको प्रीतिका लागि र सत्त्वको वृद्धिका लागि म दिन्छु' भनेर प्रार्थना गर्नुपर्दछ । अग्निको समीपमा गई पञ्चरत्न र नीलो सुरमा वस्त्रमा बाँधेर मुखमा मोती राख्नुपर्दछ । त्यसपछि अग्निको प्रार्थना गर्दै भन्नुपर्दछ– 'हे हुताशन ! तिमी स्वाहा हौ, सम्पूर्ण यो शरीर तिम्रो हो, सत्त्वमार्ग दिएर मलाई पतिका साथमा लैजाऊ।' यसरी प्रार्थना गरेपछि माथि मूलमा बताइएका **अग्नये तेजोधिपतये स्वाहा०** इत्यादि मन्त्रहरूबाट अग्निमा घिउद्वारा हवन गरी अग्निको प्रदक्षिणा गरेर शिला र उपलाको पूजा गरी अन्वारोहिणी नारीले पुष्पाञ्जलि हातमा लिएर **त्वमग्ने०** इत्यादि मूलोक्त मन्त्रले अग्निको प्रार्थना गर्नुपर्दछ । मन्त्रार्थ यसप्रकार छ – 'हे अग्नि! तपाईं सबै प्राणीहरूको बीचमा साक्षी बनेर बस्नुहुन्छ, जुन कुरा मानिसहरू जान्दैनन् त्यो कुरा तपाईं जान्नुहुन्छ । म विधवा हुन्छु भन्ने डरले अहिले पतिका पछि लागेर जाँदैछु । तपाईंले सात्त्विक मार्गबाट मलाई पतिका समीपमा पुऱ्याउनुहोस् ।' यस आशयको मन्त्र उच्चारण गरी विस्तारै अग्निमा प्रवेश गर्नुपर्दछ ।

गौडास्तु – '**इमा नारीरविधवाः**' इति । **ॐ इमाः पतिव्रताः पुण्याः स्त्रियोऽपापाः सुशोभनाः । सह भर्तुः शरीरेण संविशन्तु विभावसुम्** । इति विप्रः पठेदित्याहुः ।

कातरं तु – प्रेतोत्तरे सुप्तां देवरः शिष्यो वा उदीर्ष्वेति द्वाभ्यामुत्थापयेत् । एतन्महिमा मिताक्षरादौ ज्ञेयः।

गौडहरूले यसबेला 'इमा नारीरविधवाः सुपत्नीराञ्जनेन सर्पिषा सं विशन्तु । अनश्रवोऽनमीषाः सुरत्ना आ रोहन्तु जनयो योनिमग्रे ।।७।। उदीर्ष्व नार्यभि जीवलोकं गता सुमेतमुप शेप एहि । हस्तग्रामस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूव ।।८।। धनुर्हस्तादादशनो मृतस्याऽस्मे क्षत्राय वर्चसे बलाय । अत्रैव त्वमिह वयं सुवीरा विश्वः स्पृधो अभिमातीर्जयेम ।।९।। उप सर्प मातरं भूमिमेतामुरुव्यचसं पृथिवीं सुशेवाम् । ऊर्णम्रदा युवतिर्दक्षिणायत एषा त्वा पातु निर्ऋतेरुपस्थात् ।।१०।।**' (ऋ.१०/१८/७-१०) यी मन्त्र पढ्नुपर्दछ । त्यसपछि ब्राह्मणले मूलोक्त **ॐ इमाः पतिव्रताः०** आदि मन्त्रमात्र पढ्नुपर्दछ भनेका छन् । मन्त्रार्थ यसप्रकार छ– 'यी पतिव्रता स्त्री पुण्य र पापले रहित र सुशोभित छन् । यी पतिको शरीरसहित अग्निमा प्रवेश गरून् ।' अग्निप्रवेश गर्दा डराइरहेकी र प्रेतको उत्तरतर्फ शयन गरेकी नारीलाई देवर वा शिष्यले निम्न उद्धृत मन्त्र पढेर उठाउनुपर्दछ – '**उदीर्ष्व नार्यभि जीवलोकं गता सुमेतमुप शेप एहि । हस्तग्रामस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूव ।।८।। धनुर्हस्तादादशनो मृतस्याऽस्मे क्षत्राय वर्चसे बलाय । अत्रैव त्वमिह वयं सुवीरा विश्वः स्पृधो अभिमातीर्जयेम ।।९।।**' (ऋ.१०/१८/८-९) । अन्वारोहणको महिमा **मिताक्षरा** आदि ग्रन्थहरूमा बताइएको छ ।

सहगमनविषये

पृथ्वीचन्द्रोदये स्कान्दे – **अनुव्रजन्ती भर्तारं गृहात्पितृवनं मुदा । पदे पदेऽश्वमेधस्य फलं प्राप्नोत्यनुत्तमम्।।**

यस्त्वङ्गिराः –

या स्त्री ब्राह्मणजातीया मृतं पतिमनुब्रजेत् । सा स्वर्गमात्मघातेन नात्मानं न पतिं नयेत्।। इति।

सहगमनको विषयमा

पृथ्वीचन्द्रोदयमा स्कन्दपुराणको वचन छ कि – जुन स्त्री प्रसन्न भएर घरदेखि मसानघाटसम्म पतिको पछि लागेर जान्छिन् तिनले पाइला-पाइलामा अश्वमेधयज्ञको फल प्राप्त गर्दछिन् ।

जुन **अङ्गिराले** भनेका छन् कि – जुन ब्राह्मणजातिकी नारी मृत पतिको अनुसरण गरी पतिका पछि-पछि जान्छिन् तिनले आत्महत्याको दोषका कारण न आत्माको कल्याण गर्दछिन्, न त पतिका आत्माको कल्याण गर्दछिन् ।

ब्राह्मण्याः पृथक् चितारोहणे निषेधकथनम्

यच्च व्याघ्रपादः – **न म्रियेत समं भर्त्रा ब्राह्मणी शोककर्शिता । न ब्रह्मगतिमाप्नोति मरणादात्मघातिनी ।।** इति । तत्पृथक्चितिपरम् ।

ब्राह्मणीको पृथक् चितानिषेध

व्याघ्रपादले भनेका छन् कि – शोकले दुःखित भएकी ब्राह्मणीले पतिका साथ लागेर मर्नु हुँदैन । किनकि त्यसरी मृत्युवरण गर्दा आत्महत्या हुन जाँदा तिनले ब्रह्मगति प्राप्त गर्दिनन् । ग्रन्थकार भन्दछन् – **अङ्गिरा** र **व्याघ्रपाद**का वचन पृथक् चिता बनाई मृत्युवरण गर्ने विषयमा आधारित छन् ।

चितावारोहणे विचारः

पृथक्चितिं समारुह्य न विप्रा गन्तुमर्हति । अन्यासां चैव नारीणां स्त्रीधर्मोऽयं परः स्मृतः ।।

इत्युशनसोक्तेः । पृथक्चितिस्तु क्षत्रियादिपरा । तद्विधिर्ब्राह्मे –

देशान्तरे मृते पत्यौ साध्वी तत्पादुकाद्वयम् । निधायोरसि संशुद्धा प्रविशेज्जातवेदसम् ।।

ऋग्वेदवादात्साध्वी स्त्री न भवेदात्मघातिनी । त्र्यहाशौचे निवृत्ते तु श्राद्धं प्राप्नोति शास्त्रवत् ।।

इमा नारीरविधवा इति ऋग्वेदवादः । त्र्यहाशौचमन्वारोहणपरमिति स्मार्ताः । निषेधवाक्यानि प्रायश्चित्तार्थं मृतेन पतितेन वा सह मरणनिषेधपराणीत्यप्याहुः । अस्थिदाहे पलाशदाहे वा न पृथक्चितिदोषः । अङ्गत्वेन स्थानापत्त्या वा शरीरतुल्यत्वात् । यत्तु –

ब्रह्मघ्नो वा कृतघ्नो वा मित्रघ्नो वा भवेत्पतिः । पुनात्यविधवा नारी तमादाय मृता तु या ।।

इति हारीतीयम् । तत्पतितदाहादिनिषेधेन सहगमनस्य दूरतोऽपास्तत्वादर्थवादमात्रमिति पृथ्वीचन्द्रः । जन्मान्तरीयपापवता सह मरणे नोद्धार इति स्मार्तगौडाः ।

चितारोहणमा विचार

उशनाले भनेका छन् – ब्राह्मणजातिका नारीहरू छुट्टै चितामा आरोहण गरेर पतिका साथमा जान योग्य हुँदैनन् । अन्य जातिका स्त्रीका लागि भने त्यही कर्म परमधर्म हुन्छ। पृथक् चिता गराउने कुरा क्षत्रिय आदि नारीहरूका लागि हो। **ब्रह्मपुराण**मा भनिएको छ कि– देशान्तरमा पति मरेपछि उसका दुईखराउ छातीमा राखेर शुद्ध चित्तले अग्निमा प्रवेश गर्नुपर्दछ। ऋग्वेद-वादअनुसार पतिव्रता नारी आत्मघातिनी हुँदिनन् । तीनदिनको आशौच समाप्त भएपछि तिनले श्राद्ध प्राप्त गर्दछिन् । तल लेखिएको मन्त्र ऋग्वेदवाद हो – '**इमा नारीरविधवाः सुपत्नीराञ्जनेन सर्पिषा सं विशन्तु । अनश्र वाऽनमीषाः सुरत्ना आ रोहन्तु जनयो योनिमग्रे ।।** (ऋ.१०/१८/७) यो पहिले बताइएको मन्त्र हो । तीनदिनको आशौच लाग्ने कुरा एउटै चितामा आरोहण गर्दाको हो । ब्राह्मणीले अन्वारोहण गर्न हुँदैनजस्ता निषेध वाक्यहरूको तात्पर्य प्रायश्चित्तार्थ मरेका पतित पतिका साथमा पतिव्रतालाई मरणबाट जोगाउनु हो । अस्थिदाह र पलाशदाहमा अलग चिताको दोष हुँदैन । अङ्गत्व हुनाले या स्थानापन्न हुनाले शरीरतुल्य मानिने हुँदा कुनै दोष लाग्दैन । यदि पति ब्रह्मघ्न, कृतघ्न, ब्राह्मणको हत्यारा, मित्रको हत्यारा हुन्छ भने त्यस्ता पतिलाई लिएर जुन नारी चितामा आरोहण गर्दछिन् तिनले पापी पतिलाई पनि पवित्र तुल्याउँछिन् । **पृथ्वीचन्द्र**मा भनिएको छ – उक्त वचन पतितको दाहनिषेध गरिएका कारण सहगमनको महत्त्व बढाउन भनिएको अर्थवादमात्र हो । **स्मार्तगौड**ले भनेका छन् – जन्म-जन्मान्तरको पापी पतिको साथमा कुनै नारी सँगै मर्दछिन् भने तिनको उद्धार हुँदैन ।

शुद्धितत्त्वे व्यासः –

दिनैकगम्यदेशस्था साध्वी चेत्कृतनिश्चया । न दहेत् स्वामिनं तस्या यावदागमनं भवेत् ।।

तत्रैव भविष्ये – **तृतीयेऽह्नि उदक्याया मृते भर्तरि वै द्विजाः । तस्यानुमरणार्थाय स्थापयेदेकरात्रकम्।।**

एकां चितां समासाद्य भर्तारं याऽनुगच्छति । तद्भर्तुर्यः क्रियाकर्ता स तस्याश्च क्रियां चरेत् ।।

एतद्दशाहान्तम् । **यश्चाग्निदाता प्रेतस्य पिण्डं दद्यात्स एव हि** । इति वायवीयोक्तेः ।

शुद्धितत्त्वमा व्यासले भनेका छन् – जुन पतिव्रता नारीले पतिका साथमा सहगमनको लागि निश्चय गरेकी छन् ती एकदिन लाग्ने दूरीको ठाउँमा छिन् भने पनि पर्खेर तिनी आएपछि मात्र पतिको दाह गर्नुपर्दछ । **भविष्यपुराणमा** भनिएको छ – 'रजस्वला पत्नीका पति मरे भने रजस्वला नचोखिँदासम्म पतिको दाहसंस्कार गर्न हुँदैन । एउटै चितामा बसेर जुन नारी पतिका साथमा जान्छिन् तिनको किरिया तिनका पतिको किरिया गर्नेले गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – यो दशाह किरियाको विषयमा भनिएको वचन हो । **वायुपुराणमा** भनिएको छ – जसले प्रेतलाई दागबत्ती दिन्छ त्यसैले पिण्ड पनि दिनुपर्दछ ।

चितिभ्रष्टास्त्रीविषये विचारः

आपस्तम्बः – **चितिभ्रष्टा तु या नारी मोहाद्विचलिता भवेत् । प्राजापत्येन शुद्ध्येत तस्माद्वै पापकर्मणः।।**

चिताबाट भागेकी नारीको विषयमा विचार

आपस्तम्बले भनेका छन् – चितामा आरोहण गरेपछि जुन नारी मोहले विचलित हुन्छिन् र भाग्दछिन् ती प्राजापत्यव्रत गरेपछि आफ्नो अपराधबाट मुक्त हुन्छिन् ।

अन्वारोहणे नारीणां पिण्डदानादिविचारः

तथा – **अन्वारोहे तु नारीणां पत्युश्चैकोदकक्रियाम् । पिण्डदानक्रियां तद्वत् श्राद्धं प्रत्याब्दिकं तथा।।**

अन्वारोहे कृते पत्न्या पृथक्पिण्डांस्तिलाञ्जलीन् । पृथक्शिले न कुर्वीत दद्यादेकशिले तथा ।।

अन्यत्प्रागुक्तम् । इदं गर्भिणीबालापत्यासूतिकारजस्वलाव्यभिचारिणीभिर्न कार्यम् ।

स्वैरिणीनां गर्भिणीनां पतितानां च योषिताम् । नास्ति पत्याऽग्निसंवेशः पतितौ हि तथा उभौ ।।
इति मदनरत्ने स्मृतिसङ्ग्रहोक्तेः ।

अन्वारोहण गरेकी नारीलाई पिण्ड दिने सम्बन्धमा

अन्वारोहणमा नारीहरूलाई पतिका साथै जलदान, पिण्डदान, श्राद्ध र प्रत्याब्दिकश्राद्ध दिइन्छ । अन्वारोहण गर्दा पत्नी र पतिका लागि छुट्टै वेदीमा छुट्टाछुट्टै पिण्डदान र अञ्जलिदान गर्न हुँदैन र एउटै वेदीमा गर्नुपर्छ भन्ने पहिल्यै बताइएको छ । गर्भिणी नारी, बालक सन्तान भएकी नारी, सुत्केरी नारी, रजस्वला नारी र व्यभिचारिणी नारीले अन्वारोहण गर्न हुँदैन । अन्वारोहण गरेमा पति-पत्नी दुवै पतित हुन्छन् ।

गर्भिण्यादिविषये विचारः

मदनरत्ने बृहस्पतिः –

बालसंवर्द्धनं त्यक्त्वा बालापत्या न गच्छति । व्रतोपवासनियता रक्षेद् गर्भञ्च गर्भिणी ।।

तृतीयपादे **'रजस्वला सूतिका च'** इति पृथ्वीचन्द्रोदये गौडीयशुद्धितत्त्वे च पाठः । तत्रैव बृहन्नारदीयेऽपि –

बालापत्याश्च गर्भिण्यो ह्यदृष्टऋतवस्तथा । रजस्वलाराजसुते नारोहन्ति चितां तु ताः ।। इति।

अत्र पतिव्रता सुसंदीप्तं प्रविशेद्या हुताशनम् । इति भारतात्, **'ऋग्वेदवादात्साध्वी स्त्री'** इति ब्राह्माच्च पतिव्रतानामेवाधिकारो न दुर्वृत्तानाम् ।

गर्भिणी नारीको चितारोहणको सम्बन्धमा विचार

मदनरत्नमा बृहस्पतिले भनेका छन् – बालकको रक्षा गर्ने कार्य छाडेर पुत्रवती नारीले अन्वारोहण गर्न हुँदैन । उनी यदि गर्भिणी छन् भने व्रत एवं उपवासको नियममा रहेर गर्भको रक्षा गर्नुपर्दछ । **बृहन्नारदपुराणमा** भनिएको छ कि- जुन स्त्रीका सन्तति शिशु अवस्थाका छन्, जुन गर्भिणी छिन्, जुन रजस्वला छिन् र जुन राजकुमारी छिन् यस्ती स्त्रीहरूले चितामा आरोहण गर्न हुँदैन । **महाभारतमा** भनिएको छ – पतिव्रता स्त्रीमात्र जलिरहेको अग्निमा प्रवेश गर्दछिन् । ब्रह्मपुराणमा भनिएको छ – पतिका साथ चितामा आरोहण गर्ने अधिकार पतिव्रतालाई मात्र छ, दुराचारिणीहरूलाई छैन।

यत्तु – **अवमत्य च याः पूर्वं पतिं दुष्टेन चेतसा । वर्तते याश्च सततं भर्तॄणां प्रतिकूलतः ।।**

तत्रानुमरणं काले याः कुर्वन्ति तथाविधाः । कामात्क्रोधाद् भयान्मोहात्सर्वैः पूता भवन्त्युत ।।

इति भारतम्, तत्कैमुतिकन्यायेन स्तावकमिति पृथ्वीचन्द्रः । ब्राह्मण्या एकचितिरेव न पृथक्चितिः । क्षत्रियादीनां पृथगेका वेति कल्पतरुरत्नाकरमदनपारिजातादयः । शुद्धिचिन्तामणौ चैवम् । तत्रान्वारोहणे भर्तृशौचमध्ये तदूर्ध्वं वा कृते त्रिरात्रमध्ये एव दशपिण्डाः । सहगमने तु भर्तृशौचतुल्यमाशौचं पिण्डदानञ्च ।

अन्वितायाः प्रदातव्या दशपिण्डाँस्त्र्यहेण तु । स्वाम्याशौचे व्यतीते तु तस्याः श्राद्धं प्रदीयते ।।

इति शुद्धितत्त्वे शूलपाणौ च पैठीनसिस्मृतेः ।

संस्थितं पतिमालिङ्ग्य प्रविशेद्या हुताशनम् । तस्याः पिण्डादिकं देयं क्रमशः पतिपिण्डवत् ।।

इति शूलपाणिशुद्धितत्त्वधृतव्यासोक्तेश्च । अन्यत् प्रागुक्तम् ।

महाभारतमा भनिएको छ – 'जुन स्त्रीहरूले जीवनमा दुष्ट मनले पतिको अपमान गरेका छन्, जुन निरन्तर पतिका प्रतिकूल हुन्छन् त्यस्ता नारी पनि पतिका साथ चितामा आरोहण गर्दछन् भने काम, क्रोध, लोभ, भय र मोहबाट मुक्त भएर पवित्र हुन्छन् ।' ग्रन्थकार भन्दछन् – यो अर्थवादपरक भनाइ हो । अन्वारोहणमा ब्राह्मणीको एउटै चिता हुन्छ, अलग हुँदैन । क्षत्रिय आदि नारीहरूको अलग चिता हुन्छ भन्ने कुरा **कल्पतरु** आदि ग्रन्थहरूमा बताइएको छ । यहाँ अन्वारोहणमा पतिको आशौचको बीचमा अथवा त्यसपछि अन्वारोहण गर्दा तीनदिन आशौच लाग्छ तिनै तीनदिनमा दशपिण्ड दिनुपर्दछ। सँगै मरेका सतीहरूका निमित्त त पतिको क्रिया गर्दा जति आशौच बार्नुपर्दछ र जे-जे गर्नुपर्दछ त्यो नै उनका लागि पनि हुन्छ । **पैठीनसिस्मृतिको** वचन छ कि – पति मरेका केही दिनपछि अग्निमा आरोहण गर्ने नारीहरूलाई तीनदिनभित्र दशपिण्ड दिनुपर्दछ । पतिको आशौच सकिएपछि उनको श्राद्ध गर्नुपर्दछ । **व्यासले** भनेका छन् कि – 'पतिलाई आलिङ्गन गर्दै जुन नारी अग्निमा विराजमान हुन्छिन् तिनलाई क्रमैले पतिको पिण्डबराबर पिण्ड दिनुपर्दछ ।' अरू कुरा पहिले बताइएको छ ।

यदा तु रजस्वलाऽपि पत्नी मृते पत्यौ देशकालवशात्तदैवानुगच्छति न शुद्धिं प्रतीक्षते तत्र देवयाज्ञिकनिबन्धे–
यदा स्त्रियामुदक्यायां पतिः प्राणान् समुत्सृजेत् । द्रोणमेकं तण्डुलानामवहन्याद्विशुद्धये ।।
मुसलाघातैस्तदसृक् स्रवते योनिमण्डलात् । विरजस्कां मन्यमाना स्वे चित्ते तदसृक्क्षयम् ।।
दृष्ट्वा शौचं प्रकुर्वीत पञ्चमृत्तिकया पृथक् । त्रिंशद्विंशतिर्दश च गवां दत्त्वा त्वहः क्रमात् ।।
विप्राणां वचनाच्छुद्धा समारोहेद्धुताशनम् । नारीणां सरजस्कानामियं शुद्धिरुदाहृता ।।
अत्र श्राद्धादौ निर्णयः पूर्वमुक्तः ।

पतिको मृत्यु हुँदा रजस्वला अवस्थामा रहेकी नारी देश र कालअनुसार तत्काल पतिको चितामा आरोहण गरी सँगै प्राणत्याग गर्न चाहन्छिन् र शुद्धिको प्रतीक्षा गर्न स्वीकार गर्दिनन् भने त्यसबेला गर्नुपर्ने विधिको विषयमा **देवयाज्ञिकनिबन्धमा** भनिएको छ – 'स्त्रीलाई मासिकधर्म भएको अवस्थामा पतिले प्राणत्याग गर्दछ भने रजस्वला नारीले आफ्नो शुद्धिका लागि चारपाथी चामल ढिकीमा लगेर कुट्नुपर्दछ । मुसलको चोटबाट योनिमण्डलद्वारा रक्तपात भएपछि ती नारीलाई रजोहीन अवस्थामा पुगेको मानिन्छ र ती नारीले पनि 'म अब यति चामल कुटेपछि रजोहीन भएँ' भन्ने कुरा भावना गर्नुपर्दछ । त्यसपछि पाँचपटकसम्म माटोद्वारा स्नान आदि गरीकन आफ्नो शरीरको शुद्धि गर्नुपर्दछ । त्यसै दिन ३० अथवा २० अथवा १० गाई ब्राह्मणहरूलाई दिएर ब्राह्मणवचनद्वारा पनि आफूलाई शुद्ध भएको मानी पतिको चितामा जलिरहेको अग्निमा प्रवेश गर्नुपर्दछ । रजस्वला नारीहरूको शुद्धिको विषयमा यत्ति भनिएको छ ।' यस्तो अवस्थामा श्राद्ध कसरी गर्ने भन्ने विषयमा पहिले बताइसकिएको छ ।

अग्निप्रवेशाशक्तौ

अग्निप्रवेशाशक्तौ तु विष्णुः – **'मृते भर्तरि ब्रह्मचर्यं तदन्वारोहणं वा'** इति ।

ब्रह्मवैवर्ते – **सहानुगमनं शस्तं वैधव्यस्याथ पालनम्** । यत्तु तत्रैव – **'कलौ नान्या गतिः स्त्रीणां सहानुगमनादृते'** इति, तद्ब्रह्मचर्याशक्त्यत्वपरम् । तथा च मनुः – **ब्रह्मचर्यं चरेद्वापि प्रविशेद्वा हुताशनम्** । काशीखण्डेऽपि –
पत्यौ मृतेऽपि या योषिद्वैधव्यं पालयेत्क्वचित् । सा पुनः प्राप्य भर्तारं स्वर्गलोकं समश्नुते ।।
अनुयाति न भर्तारं यदि दैवात्कथञ्चन । तत्रापि शीलं संरक्षेच्छीलभङ्गात्पतत्यधः ।।
तद्वैगुण्यादपि स्वर्गात्पतिः पतति नान्यथा । तस्याः पिता च माता च भ्रातृवर्गस्तथैव च ।।

अग्निप्रवेशमा असमर्थ भएमा

पतिव्रता नारी अग्निमा प्रवेश गर्न असमर्थ हुन्छिन् भने के गर्ने भन्ने विषयमा विष्णु भन्दछन् – पतिव्रता पत्नीले पति मरेपछि ब्रह्मचर्यपूर्वक जीवन बताउनुपर्दछ अथवा अन्वारोहण गर्नुपर्दछ । **ब्रह्मवैवर्तमा** भनिएको छ – नारीले पति मर्दा कि त सती हुनुपर्दछ कि त जीवित रहेर इमानदारीसाथ विधवाधर्म पालन गर्नुपर्दछ ।

कहीं भनिएको छ – कलियुगमा सहगमनबाहेक अरू बाटो छैन । ग्रन्थकार भन्दछन् – यो भनाइ ब्रह्मचर्य धारण नगर्नेका लागि हो । मनुले भनेका छन् – पतिको मृत्युपछि कि त ब्रह्मचर्य पालन गर्नुपर्दछ कि त अग्निमा प्रवेश गर्नुपर्दछ।

काशीखण्डमा भनिएको छ – पतिको मृत्युपछि जुन नारीले विधवाधर्मको रक्षा गर्दछिन् ती पुनः तिनै पतिलाई प्राप्त गरेर स्वर्गमा जान्छिन् । प्रारब्धवश कुनै नारी पतिका साथ जान सकिनन् भने तिनले शीलको रक्षा गर्नुपर्दछ । शीलभङ्ग भएमा ती पतित हुन्छिन् । तिनले गरेको शीलभङ्गदोषले पति पनि पतित हुन्छ । स्त्रीका माता–पिता र दाजुभाइ पनि तल खस्छन् ।

अथ विधवाधर्माः

अथ विधवाधर्माः । मदनरत्ने स्कान्दे –

विधवाकबरीबन्धो भर्तृबन्धाय जायते । शिरसो वपनं तस्मात्कार्यं विधवया सदा ।।

एकाहारः सदा कार्यो न द्वितीयः कदाचन । मासोपवासं वा कुर्याच्चान्द्रायणमथापि वा ।।

पर्यङ्कशायिनी नारी विधवा पातयेत्पतिम् । नैवाङ्गोद्वर्तनं कार्यं स्त्रिया विधवया क्वचित् ।।

गन्धद्रव्यस्य सम्भोगो नैव कार्यस्तया पुनः । तर्पणं प्रत्यहं कार्यं भर्तुस्तिलकुशोदकैः ।।

तत्पितुस्तत्पितुश्चापि नामगोत्रादिपूर्वकम् ।। इदमपुत्रापरमिति मदनपारिजातः ।

नाधिरोहेदनड्वाहं प्राणैः कण्ठगतैरपि । कञ्चुकं न परीदध्याद्वासो न विकृतं वसेत् ।।

वैशाखे कार्तिकके माघे विशेषं नियमं चरेत् ।।

विधवाका धर्म

मदनरत्नमा उद्धृत **स्कन्दपुराण**को वचनमा भनिएको छ – 'विधवाले चुल्ठो बाट्न हुँदैन । तिनले चुल्ठो बाटिन् भने तिनका पति बन्धनमा पर्दछन् । त्यसैले विधवाले शिर मुडाउनुपर्दछ । उनले दिनमा एकपटक भोजन गर्नुपर्दछ । महिना–महिनामा उपवास गर्नुपर्दछ अथवा चान्द्रायण व्रत गर्नुपर्दछ । पलङमा शयन गर्ने विधवा नारीले पतिलाई पनि स्वर्गबाट तल खसाउँछिन् । विधवाले शरीरमा अत्तर, पाउडर आदि लगाउन हुँदैन । सुगन्धित द्रव्यको उपभोग गर्न हुँदैन। दिनदिनै पतिका लागि कुशोदक र तिलले तर्पण दिनुपर्दछ । पतिका पिता, पितामह, प्रपितामह आदि व्यक्तिहरूलाई नाम, गोत्र लिएर उच्चारण गरी तर्पण गर्नुपर्दछ ।' ग्रन्थकार भन्दछन् – तर्पण दिने कुरा अपुत्रापरक हो भन्ने कुरा **मदनपारिजातमा** भनिएको छ । प्राण कण्ठमा आउने बेला विधवा नारीले बयलगाडामा आरोहण गर्न हुँदैन । चोलो लगाउन हुँदैन । अरूको मनमा विकार पैदा गर्ने गरी वस्त्र धारण गर्न हुँदैन । विशेषनियम त वैशाख आदि प्रकरणमा बताइएको छ ।

प्रचेताः – **ताम्बूलाभ्यञ्जनं चैव कांस्यपात्रे च भोजनम् । यतिश्च ब्रह्मचारी च विधवा च विवर्जयेत्।।**

श्राद्धादौ विशेषः प्रागुक्तः । यत्तु बौधायनः –

संवत्सरं प्रेतपत्नी मधु मांसं विवर्जयेत् । अधः शयीत षण्मासानिति मौद्गल्यभाषितम् ।।

इति तदसवर्णापरमित्यपरार्कः ।

इति सपिण्डीकरणगयाश्राद्धादिविधवाधर्मान्तविषयनिर्णयात्मकं षष्ठं प्रकरणम्

प्रचेताले भनेका छन् कि – 'विधवा नारीले पान सेवन, तेलमालिस र गाजल लगाउने काम गर्नुहुँदैन । काँसको पात्रमा भोजन गर्न हुँदैन ।' अरू धेरै कुरा पहिले बताइएको छ । **बौधायनले** भनेका छन् – एकवर्षसम्म विधवाले मह र मासु खान हुँदैन । ६ महिनासम्म भुइँमा सुत्नुपर्दछ । ग्रन्थकार भन्दछन् – यो असवर्णपत्नीका निमित्त भनिएको वचन हो ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको सपिण्डीकरण, गयाश्राद्धदेखि लिएर विधवाधर्म निरूपणपर्यन्तका विषयहरूको निर्णयमा आधारित षष्ठ प्रकरण पूरा भयो ।

अथ संन्यासनिर्णयात्मकं सप्तमं प्रकरणम्

संन्यासनिर्णयमा केन्द्रित **निर्णयसिन्धु**को पञ्चम परिच्छेदअन्तर्गत सातौं प्रकरणमा ब्राह्मणलाई मात्र कषाय वस्त्रधारणको अधिकार, संन्यासका भेद, वैराग्यविना संन्यासग्रहणमा विचार, अष्टकाश्राद्ध विचार, संन्यासपद्धति, यतिधर्म, आतुरसंन्यासविधि, यतिसंस्कार र त्रिदण्डीहरूलाई मात्र पार्वणश्राद्धमा अधिकार आदि विषयको निरूपण गरिएको छ ।

संन्यासनिर्णयः

अथ संन्यासः । याज्ञवल्क्यः –

वनाद् गृहाद्वा कृत्वेष्टिं सार्ववेदसदक्षिणाम् । प्राजापत्यां तदन्ते तानग्नीनारोप्य चात्मनि ।।

अधीतवेदो जपकृत् पुत्रवानन्नदोऽग्निमान् । शक्त्या च यज्ञकृन्मोक्षे मनः कुर्यात्तु नान्यथा ।।

एतदाश्रमसमुच्चयपक्षे । जाबालश्रुतौ त्वन्येऽपि पक्षा उक्ताः –

'यदि चेतरथा ब्रह्मचर्यादेव प्रव्रजेद् गृहाद्वा वनाद्वा । अथ पुनरव्रती वा व्रती वा स्नातको वाऽस्नातको वोत्सन्नाग्निरनग्निको वा यदहरेव विरजेत्तदहरेव प्रव्रजेत् ।।' इति ।

संन्यासनिर्णय

संन्यासधर्मको विषयमा विचार गरिन्छ । **याज्ञवल्क्य** भन्दछन् – 'गृहस्थाश्रम वा वानप्रस्थाश्रमपछि संन्यासधर्ममा दीक्षित हुन चाहने व्यक्तिले सबै वेदसँग सम्बद्ध र सर्वस्वदान गरिने यज्ञ जसलाई प्राजापत्यनामक इष्टि भनिन्छ त्यो सम्पन्न गरेर अग्निहरूलाई आत्मामा आरोप गरी उत्तरायणको पूर्णिमा आदि तिथिमा उत्तम गुरुको शरणमा गएर संन्यासधर्मको अध्ययन गरेपछि गायत्रीजप, रुद्रजप, कूष्माण्डहोम आदि कर्म गर्नुपर्दछ । त्यसपछि वेदाध्यायी, जपपरायण र संन्यासधर्मको अधिकारी पुत्रवान् व्यक्तिले अन्नदान गर्नुपर्दछ र अग्निमा हवन गर्नुपर्दछ । यसरी पुरश्चरणस्वरूप कर्म गरेपछि मनलाई मोक्षका लागि उत्सुक तुल्याउनुपर्दछ ।' यसरी बताइएका कर्म नगरी संन्यास लिँदा मानिसको पतन हुन्छ । यो आश्रमसमुच्चयपक्ष अर्थात् ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रम, गृहस्थाश्रमबाट वानप्रस्थाश्रम, वानप्रस्थाश्रमबाट क्रमशः संन्यासाश्रममा जाने पक्षमा गरिएको क्रमिकताको निरूपण हो ।

जाबालश्रुतिमा पक्षान्तर उपस्थापन गर्दै भनिएको छ – यदि मनमा वैराग्यको अनुभूति भएको छ भने ब्रह्मचर्याश्रमपछि सोझै पनि संन्यासाश्रममा जान सकिन्छ । गृहस्थाश्रमबाट पनि जान सकिन्छ र वानप्रस्थाश्रमबाट पनि जान सकिन्छ । व्रतहीन र व्रतवान् स्नातक र अस्नातक, नष्टाग्नि अर्थात् अग्नि नष्ट भएको अग्निहोत्री र निरग्निक अर्थात् अग्निग्रहण नगरेको व्यक्ति जोसुकै होस् यदि त्यसलाई वैराग्यको अनुभव भएको छ भने त्यसले तत्काल संन्यास लिन सक्दछ ।

अङ्गिराः – **प्रव्रजेद् ब्रह्मचर्याद्वा प्रव्रजेच्च गृहादपि । वनाद्वा प्रव्रजेद्विद्वानातुरो वाऽथ दुःखितः ।।**

आतुरः – मुमुर्षुः । दुःखितः – चौरव्याघ्रादिभीतः ।

भारते – **आतुराणां तु संन्यासे न विधिर्नैव च क्रिया । प्रैषमात्रं समुच्चार्य संन्यासं तत्र पूरयेत् ।।**

जाबालश्रुतावपि – **'यद्यातुरः स्यान्मनसा वाचा वा संन्यसेत्'** इति ।

अङ्गिरा भन्दछन् 'मुमूर्षु – मृत्युको अभिलाषा गर्ने, संकटापन्न यद्वा विपन्न एवं भयभीत व्यक्ति ब्रह्मचर्याश्रम, गृहस्थाश्रम र वानप्रस्थाश्रममध्ये कुनै आश्रमबाट पनि संन्यासाश्रममा प्रवेश गर्न योग्य हुन्छ ।' मूलमा प्रयोग गरिएका

मुमुर्षुको अर्थ आधि-व्याधिका कारण मृत्युको कामना गर्ने व्यक्ति हो र दुःखितशब्दको अर्थ चोर, बाघ आदिद्वारा डराएको व्यक्ति भन्ने हो ।

महाभारतमा भनिएको छ – मुमूर्षुले संन्यास लिन चाहेमा कुनै विधि र कुनै क्रिया पुऱ्याउनुपर्दैन । प्रैष उच्चारण गरी अर्थात् प्रतिज्ञामात्र उच्चारण गरी संन्यासधर्मको पूर्ति गर्न सक्दछ । **जाबालश्रुति**मा भनिएको छ कि – आतुर मुमूर्षुले मनबाट अथवा वाणीबाट मैले संन्यास लिएँ भनी सङ्कल्प गरेपछि संन्यास लिनसक्छ ।

संन्यासे ब्राह्मणस्यैवाधिकारः

अत्र विप्रस्यैवाधिकारः **'ब्राह्मणाः प्रव्रजन्ति'** इति जाबालश्रुतेः । **'आत्मन्यग्नीन् समारोप्य ब्राह्मणः प्रव्रजेद् गृहात्'** इति मनूक्तेश्चेति विज्ञानेश्वरादयः ।

संन्यासमा ब्राह्मणको मात्र अधिकार

संन्यासग्रहण गर्ने अधिकार ब्राह्मणलाई मात्र छ । **जाबालश्रुति**मा भनिएको छ कि – 'ब्राह्मणमात्र संन्यासी हुनसक्दछन् ।' **विज्ञानेश्वर** आदि निबन्धकारहरूले 'आत्मामा अग्निहरूलाई आरोप गरी संन्यासग्रहण गर्नुपर्दछ' भन्ने **मनु**को भनाइलाई आत्मसात् गरी संन्यास लिनुपर्ने कुरा बताएका छन् ।

वर्णक्रमेणाश्रमाः

वृद्धयाज्ञवल्क्योऽपि –

चत्वारो ब्राह्मणस्योक्ता आश्रमाः श्रुतिचोदिताः । क्षत्रियस्य त्रयः प्रोक्ता द्वावेको वैश्यशूद्रयोः ।।

इति । माधवस्तु – **'ब्राह्मणः क्षत्रियो वाऽथ वैश्यो वा प्रव्रजेद्'** इति कौर्माद्युक्तेर्वर्णत्रयस्याप्यधिकारः । पूर्ववाक्यं तु काषायदण्डादिनिषेधार्थम् ।

मुखजानामयं धर्मो यद्विष्णोर्लिङ्गधारणम् । राजन्यवैश्ययोर्नेति दत्तात्रेयमुनेर्वचः ।।

इति बौधायनोक्तेरिति पक्षान्तरमाह । तत्त्वं तु कुटीचकादिपरमेव तदिति । योऽपि **'संन्यासं पलपैतृकम्'** इति कलौ निषेधः सोऽपि त्रिदण्डादिपर इत्युक्तं प्राक् ।

वर्णक्रमअनुसार आश्रम

वृद्धयाज्ञवल्क्यको मतअनुसार 'ब्राह्मणका लागि चारआश्रम, क्षत्रियका लागि तीन आश्रम, वैश्यका लागि दुईआश्रम र शूद्रका लागि एक आश्रम निर्धारित गरिएका छन् ।' **कूर्मपुराण**मा 'ब्राह्मण, क्षत्रिय र वैश्यले गृहत्याग गरी संन्यास लिनुपर्दछ' भनिएकाले 'तीनै वर्णको संन्यासमा समानरूपमा अधिकार रहेको' कुरा **माधव**ले बताएका छन् । **मनु**को वाक्यमा ब्राह्मणलाई मात्र अधिकार प्रदान गरिनुको तात्पर्य अरू वर्णका मानिसले संन्यास लिए तापनि पहेंलो वस्त्र र दण्ड धारण गर्न हुँदैन भन्ने कुरा बताउनका लागि हो भन्ने समेत **माधव**को अभिमत रहेको छ ।

विष्णुको लिङ्ग अर्थात् संन्यास धारण गर्ने धर्म ब्राह्मणको मात्र हो, क्षत्रिय र वैश्यको होइन भन्ने मत दत्तात्रेय मुनिको वचन हो भन्दै **बौधायन**ले पक्षान्तर उपस्थापित गरेका छन् । ग्रन्थकार भन्दछन् – यथार्थ कुरा त यो हो कि माथिको वचन कुटीचक संन्यासीका लागि हो । संन्यास र श्राद्धमा मासु प्रयोग गर्ने कुरा कलिमा वर्जित भएकाले माथि बताइएको विषय त्रिदण्डीका सम्बन्धमा प्रतिपादन गरिएको हो भन्ने तथ्य बुझ्नुपर्दछ ।

संन्यासस्य चत्वारो भेदाः

स च संन्यासश्चतुर्धेत्याह हारीतः (१०/१३, १४) –

कुटीचको बहूदको हंसश्चैव तृतीयकः । चतुर्थः परमो हंसो यो यः पश्चात्स उत्तमः ।।

आद्यः पुत्रादिना कुटीं कारयित्वा तत्र गृहे वा वसन् काषायवासाः शिखोपवीतत्रिदण्डवान् बन्धुषु स्वगृहे वा भुञ्जान आत्मज्ञो भवेत् । एतदत्यन्ताशक्तपरम् । द्वितीयस्तु बन्धून् हित्वा सप्तागाराणि भैक्षं चरन् पूर्वोक्तवेषः स्यात् । हंसस्तु पूर्वोक्तवेषोऽप्येकदण्डः । '**एकं तु वैष्णवं दण्डं धारयेन्नित्यमादरात्**' इति स्कान्दात् ।

संन्यासका चारभेद

हारीतले संन्यासका चारभेद बताउँदै भनेका छन् – कुटीचक, बहूदक, हंस र परमहंस गरी संन्यासका ४ भेद मानिएका छन् । उक्त भेदहरू उत्तरोत्तर उत्तम मानिएका छन् । तीमध्ये पहिलो कुटीचकले आफ्ना छोराहरूद्वारा आफ्नै घरको नजिकमा कुटी बनाउन लगाएर त्यसमा रहँदै कषाय वस्त्र धारण गरी भगवान्को आराधना गर्दछ । त्यसले शिखा, यज्ञोपवीत र त्रिदण्ड पनि धारण गर्दछ । बन्धुहरूको घरमा वा आफ्नै घरमा भोजन गरेर आत्मज्ञानी बन्दछ ।

ग्रन्थकार भन्दछन् – यसरी घरमै रहेर आत्मज्ञानतर्फ उन्मुख हुने संन्यासी अशक्त अवस्थाको हुन्छ । शक्त अवस्थाको संन्यासीले यसो गर्दैन । दोस्रो बहूदक नामक संन्यासी आफ्ना बन्धुहरूलाई त्यागेर सातघरबाट भिक्षा ग्रहण गरी कषाय – गेरुवा वस्त्र, शिखा, सूत्र र त्रिदण्ड धारण गर्दछ । हंसनामक संन्यासीले पनि पहिले बताएकै वेशधारण गरी एकदण्डमात्र धारण गर्दछ । **स्कन्दपुराण**मा भनिएको छ कि – हंसनामक संन्यासीको दण्ड एउटै हुन्छ र त्यसले आदरपूर्वक नित्य एकदण्डधारण गर्नुपर्दछ ।

विष्णुरपि – **यज्ञोपवीतं दण्डञ्च वस्त्रं जन्तुनिवारणम् । तावान् परिग्रहः प्रोक्तो नान्यो हंसपरिग्रहः।।**

चतुर्थोऽपि स्कान्दे –

परहंसस्त्रिदण्डं च रज्जुं गोबालनिर्मिताम् । शिखां यज्ञोपवीतं च नित्यकर्म परित्यजेत् ।।

अयमप्येकदण्ड एव । ये तु शिखोपवीतादित्यागनिषेधास्ते कुटीचकादिपराः । यत्तु मेधातिथिः – '**यावन्न स्युस्त्रयो दण्डास्तावदेकेन वर्तयेत्**' इति तदपि तत्परमेव ।

विष्णुले भनेका छन् – हंसनामक संन्यासीले यज्ञोपवीत, दण्ड र जन्तुहरूलाई निवारण गर्ने उद्देश्यले वस्त्रधारण गर्नुपर्दछ । हंसले यीबाहेक अरू कुनै कुरा धारण गर्नुहुँदैन ।

स्कन्दपुराणमा चतुर्थ परमहंस संन्यासीको विषयमा भनिएको छ – परमहंसले त्रिदण्ड, गाईका रौँबाट तयार गरिएको डोरी, शिखा, यज्ञोपवीत एवं नित्यकर्मको परित्याग गर्नुपर्दछ । त्यसले एउटामात्र दण्ड धारण गर्नुपर्दछ । जसले शिखा आदि धारण गर्दछन्, ती कुटीचक आदि संन्यासी हुन् । शास्त्रमा जहाँकहीँ शिखा र यज्ञोपवीतको त्याग गर्न हुँदैन भनिएको छ त्यो कुटीचक आदिका लागि मात्र हो, परमहंसका लागि होइन । **मेधातिथि**ले जुन भनेका छन् कि – 'तीन दण्ड सम्भव नभएमा एकदण्डधारण गरोस् ।' यो भनाइ पनि एकदण्डधारण गर्ने परमहंसकै विषयमा हो ।

यच्चात्रिः – '**चतुर्धा भिक्षवः प्रोक्ताः सर्वे चैव त्रिदण्डिनः**' इति, तद्वाग्दण्डादिपरं न यष्टिपरम् ।

वाग्दण्डोऽथ मनोदण्डः कर्मदण्डस्तथैव च । यस्यैते निहिता बुद्धौ स त्रिदण्डीति चोच्यते ।।

इति मनूक्तेः । तस्मात्परमहंसस्यैकदण्ड एव । सोऽप्यविदुषः । विदुषस्तु सोऽपि नास्ति । **'न दण्डं न शिखां नाच्छादनं चरति परमहंसः'** इति महोपनिषदुक्तेः । **'ज्ञानमेवास्य दण्डः'** इति वाक्यशेषाच्च ।

यसैगरी **अत्रिले** जुन भनेका छन् कि – भिक्षुहरू चारप्रकारका हुन्छन् र सबैले तीनदण्डधारण गर्दछन् अर्थात् सबै त्रिदण्डी हुन्छन् । यो भनाइ पनि वाग्दण्ड, मनोदण्ड र कर्मदण्डको अर्थमा आएको वचन हो ।

मनुले भनेका छन् – वाग्दण्ड, मनोदण्ड र कायदण्ड जसको बुद्धिमा स्थिर भएर रहेका हुन्छन् त्यसैलाई त्रिदण्डी भनिन्छ अर्थात् वाणी, मन र शरीरद्वारा जसले निषिद्ध सङ्कल्प एवं कर्मलाई निषेध गर्दछ त्यही त्रिदण्डी हो । केवल दण्डग्रहणबाट व्यक्ति त्रिदण्डी बन्न सक्दैन । तसर्थ परमहंसको एउटै दण्ड हुन्छ त्यो पनि परमज्ञान प्राप्त नभएको अवस्थाका लागि मात्र हो । ज्ञानी विद्वान् संन्यासीका लागि त त्यो एकदण्ड पनि आवश्यक छैन ।

महोपनिषद्मा भनिएको छ कि – वास्तविक संन्यासीले दण्ड, शिखा र शरीर ढाक्ने वस्त्र ग्रहण गर्दैन । त्यो त परमहंस हो। यसको वाक्यशेष अर्थात् वाक्यले भन्न खोजेको तर भन्न बाँकी रहेको अर्थ – परमहंसको दण्ड ज्ञानमात्र हो भन्नु हो ।

वैराग्यं विना संन्यासे दोषनिरूपणम्

यत्तु यमः – **काष्ठदण्डो धृतो येन सर्वाशी ज्ञानवर्जितः । स याति नरकान् घोरान्महारौरवसंज्ञकान्।।** इति । तद्वैराग्यं विना जीवनार्थसंन्यासपरम् ।

एकदण्डं समाश्रित्य जीवन्ति बहवो नराः । नरके रौरवे घोरे कर्मत्यागात्पतन्ति ते ।। इति स्मृतेः ।

वैराग्यविना संन्यासग्रहणमा दोष

यमले भनेका छन् 'जसले काठको दण्ड धारण गरेको छ, सबै घरका अन्न खाएको छ र ज्ञानबाट रहित छ त्यस्तो व्यक्ति अर्थात् त्यस्तो पाखण्डी संन्यासी महारौरवनामक नरकमा जान्छ ।' ग्रन्थकार भन्दछन् – यो भनाइ वैराग्य नभईकन बाँच्नका लागि संन्यास लिने व्यक्तिहरूका निमित्त हो ।

स्मृतिमा भनिएको छ – धेरै मानिसहरू एकदण्ड धारण गरी बाँच्दछन्, एकदण्डको सहयोगबाट उनीहरूले पेट पाल्ने काम गर्दछन् त्यस्ता ज्ञानहीन र कर्महीन व्यक्ति रौरवनामक घोर नरकमा पर्दछन् ।

यतेः पूज्यत्वकथनम्

यच्चाश्वमेधिके –

एकदण्डी त्रिदण्डी वा शिखी मुण्डित एव वा । काषायमात्रसारोऽपि यतिः पूज्यो युधिष्ठिर ! ।। इति, तस्यापि पूर्वोक्तव्यवस्था ज्ञेया ।

संन्यासीको पूज्यतानिरूपण

महाभारतको अश्वमेधप्रकरणमा भनिएको छ – 'हे युधिष्ठिर ! एकदण्डी, त्रिदण्डी, शिखाधारी र मुण्डी कषायवस्त्र धारण गर्ने संन्यासीहरू पूजनीय हुन्छन् ।' **ग्रन्थकार** भन्दछन् – यो पूजनीयताको निरूपण पनि वैराग्यवान् संन्यासीहरूका निमित्तमात्र हो, अरूका निमित्त होइन ।

श्राद्धविचारः

अथ तद्विधिः । बौधायनः –

कृत्वा श्राद्धानि सर्वाणि पित्रादिभ्योऽष्टकं पृथक् । वापयित्वा च केशादीन् मार्जयेन्मातृका इमाः ।।

सर्वाणीति स्वस्य नवश्राद्धषोडशश्राद्धादि कृत्वेत्यर्थः । स्मृत्यर्थसारेऽपि –

एकोद्दिष्टविधानेन कुर्याच्छ्राद्धानि षोडश । अग्निमान् पार्वणेनैव विधिना निर्वपेत्स्वयम् ।। इति ।

श्राद्धविचार

संन्यास लिन चाहने व्यक्तिले आफ्नो निमित्त नवश्राद्ध, सोह्रश्राद्ध आदि सबै श्राद्ध गर्नुपर्दछ । अब श्राद्धको विधिको विषयमा निरूपण गरिन्छ । **बौधायन**ले भनेका छन् कि – पिता आदि पितृहरूका निमित्त सबै श्राद्ध गरी छुट्टै अष्टकाश्राद्धसमेत गरेर आफ्ना केशहरूको मुण्डन गराई सबै मातृका अकारादि हकारान्त वर्णमातृकाहरूको मार्जन अर्थात् शुद्धीकरण गर्नुपर्दछ। यहाँ **सर्वाणि**पदको तात्पर्य नवश्राद्ध, सोह्रश्राद्ध आदि सम्पन्न गरेर भन्नु हो । **स्मृत्यर्थसार**मा भनिएको छ – संन्यास लिन चाहने व्यक्तिले एकोद्दिष्टविधिबाट सोह्रवटा श्राद्ध गर्नुपर्दछ । अग्निहोत्रीले भने पार्वणविधिबाट पिण्डदान गर्नुपर्दछ ।

प्रायश्चित्तकथनम्

कात्यायनः– **कृच्छ्राँस्तु चतुरः कृत्वा पावनार्थमनाश्रमी। आश्रमी चेत्तप्तकृच्छ्रं तेनासौ योग्यतां व्रजेत्।।**

बौधायनः – **सदैवमार्षकं दिव्यं पित्र्यं मातृकमानुषे । भौतिकं चात्मनश्चान्ते अष्टौ श्राद्धानि निर्वपेत् ।।**

अत्र क्रममाह हेमाद्रौ शौनकः – '**देवश्राद्धे-ब्रह्मविष्णुमहेश्वरा देवताः । आर्षे** – देवर्षिब्रह्मर्षिक्षत्रर्षयः, देवर्षिक्षत्रर्षिमनुष्यर्षयो वा । मरीच्यादिऋषय इति संन्यासपद्धतौ । तच्चिन्त्यम् । **दिव्ये**–वसुरुद्रादित्याः । **मानुषे** – सनकसनन्दनसनातनाः । **भूतश्राद्धे**– पृथिव्यादिभूतानि चक्षुरादिकरणानि चतुर्विधो भूतग्रामश्चेति तिस्रः । **पित्र्ये** – पित्र्यादित्रयो मातामहाश्च । **मातृके**– मात्रादयस्तिस्रः । **आत्मश्राद्धे** – आत्मपितृपितामहा देवताः । आत्मश्राद्धं परमात्मदैवत्यमिति संन्यासपद्धतौ । तच्चिन्त्यम् । सर्वत्र च नान्दीमुखत्वं विशेषणं ज्ञेयम् । सर्वत्र पिण्डदानम् । युग्मा विप्राः । दक्षक्रतू सत्यवसू वा विश्वेदेवौ । अन्यत्र नान्दीश्राद्धवदिति हेमाद्रिः ।

प्रायश्चित्तकथन

कात्यायनले भनेका छन् कि – चौथो आश्रममा जान लागेको तर अनाश्रमी – कुनै आश्रमको नियममा नरहेको व्यक्तिले पवित्रताका लागि सर्वप्रथम चार कृच्छ्रप्रायश्चित्त गर्नुपर्दछ । तर कुनै व्यक्ति आश्रमबाट नै जान लागिरहेको छ भने त्यसले तप्तकृच्छ्र प्रायश्चित्त गर्नुपर्दछ अनिमात्र दुवैथरिका व्यक्तिहरू संन्यासका लागि योग्य हुन्छन् ।

बौधायनले भनेका छन् – देवश्राद्ध, आर्षश्राद्ध, दिव्यश्राद्ध, पित्र्यश्राद्ध, मातृकश्राद्ध, मानुषश्राद्ध, भूतश्राद्ध र आत्मश्राद्ध गरी आठप्रकारका श्राद्ध गरेपछि संन्यास लिन चाहने व्यक्तिले संन्यासधर्म ग्रहण गर्नुपर्दछ । उक्त श्राद्धहरूको क्रम बताउँदै **शौनक**ले भनेका छन् – **देवश्राद्ध**मा ब्रह्मा, विष्णु र महेश्वर देवता हुन्छन् । **आर्षश्राद्ध**मा – देवर्षि, ब्रह्मर्षि, क्षत्रर्षि र मनुष्यर्षि देवता हुन्छन् अथवा देवर्षि, ब्रह्मर्षि र क्षत्रियर्षि देवता हुन्छन् । ग्रन्थकार भन्दछन् – **संन्यासपद्धति**मा **मरीचि** आदिलाई ऋषि मानिएको कुरा विचारणीय छ । **दिव्यश्राद्ध**मा वसु, रुद्र र आदित्य देवता हुन्छन् । **पित्र्यश्राद्धमा**– पिता, पितामह, प्रपितामह एवं मातामह, प्रमातामह र वृद्धप्रमातामह देवता हुन्छन् । **मातृश्राद्धमा** – माता, पितामही र

प्रपितामही तीनदेवता हुन्छन् । **मनुष्यश्राद्धमा** – सनक, सनन्दन र सनातन देवता हुन्छन् । **भूतश्राद्धमा** – पृथिवी, जल, तेज, वायु र आकाश यी पाँचमहाभूत, चक्षु आदि इन्द्रिय र भूतग्राम यी तीनप्रकारका देवता हुन्छन् । **आत्मश्राद्धमा** – आत्मा, पितृ, पितामह देवता हुन्छन् । **संन्यासपद्धतिमा** – परमात्मामात्र देवता हुन्छन् भनिएको कुरा विचारणीय छ । उक्त सबै श्राद्धलाई नान्दीमुखश्राद्ध भनी बुझ्नुपर्दछ । सबै श्राद्धहरूमा पिण्डदान गरिन्छ । युग्म अर्थात् जोडा ब्राह्मण स्थापना गरिन्छ । संन्यासधर्मका लागि गरिने श्राद्धमा दक्ष एवं क्रतु अथवा सत्य एवं वसु विश्वेदेव हुन्छन् । अरू विधि नान्दीश्राद्धकै हुन्छ भन्ने कुरा **हेमाद्रि**ले बताएका छन् ।

स्मृत्यर्थसारे – **केशश्मश्रुलोमनखान् वापयित्वोपकल्पयेत् । दण्डं जलं पवित्रं च शिक्यं पात्रं कमण्डलुम्।।**
आसनं कौपीनमाच्छादनं कन्थां पादुके इति दशपञ्च वा । एतच्च पूर्वेद्युर्नान्दीमुखं कृत्वा परेद्युः पुण्याहवाचनं कृत्वा कार्यमिति शौनकः । बौधायनः –

त्रीन् दण्डानङ्गुलीस्थूलान् वैणवान्मूर्ध्नि सम्मितान् । एकादशनवद्वित्रिचतुःसप्तान्यपर्वकान् ।।
वेष्टकान् कृष्णगोवालरज्ज्वा तु चतुरङ्गुलान् । एको वा तादृशो दण्डो गोबालसदृशो भवेत् ।।
अनग्निरग्निमुत्पाद्य नित्येन विधिना ततः ।। पृष्टोदिविविधानेनेत्यर्थः ।

स्मृत्यर्थसारमा भनिएको छ – दाह्री, जुँगा, कपाल खौरेर, नङ काटी दण्ड, पवित्रजल, शिक्य अर्थात् भिक्षापात्र, कमण्डलुपात्र, आसन, लङ्गोटी, ओढ्ने वस्त्र, शरीरमा बेर्ने कन्था, खराऊ यी दश वा पाँचवस्तु धारण गर्नुपर्दछ । पहिलो दिन नान्दीश्राद्ध सम्पन्न गरेपछि दोस्रो दिन पुण्याहवाचन गर्नुपर्दछ भन्ने कुरा **शौनक**ले बताएका छन् ।

बौधायन भन्दछन् – औंलाबराबर मोटा र पाउदेखि मस्तकसम्मको लम्बाइ भएका तीनदण्ड धारण गर्नुपर्दछ । जुन दण्डमा एघार, नौ, दुई, तीन अथवा सातगाँठाहरू हुन्छन् । काली गाईका रौंबाट तयार गरिएको डोरीले चारअंगुल या एकअंगुल बेरेर दण्ड तयार गर्नुपर्दछ । त्यो दण्ड दर्शकका निमित्त गाईको रौंजस्तो देखिन्छ । जसले अग्निहोत्र धारण गरेको छैन त्यसले आफ्नो नित्य नियमअनुसार अग्निको उत्पादन गर्नुपर्दछ । अर्थात् '**पृष्ठो दिवि**' विधानबाट निम्नमन्त्र पढी अग्निको उत्पादन गर्नुपर्दछ ।

मन्त्र – **यद्देवा देवहेडनं देवासश्च कृमा वयम् । अग्निर्मातस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।।**
यदि दिवा यदिनक्तमेनांसि च कृमा वयम् । वायुर्मा तस्मादेनसो विश्वान् मुञ्चत्वं हसः ।।
यदि जाग्रद्यदिस्वप्न एनांसि च कृमा वयम् । सूर्यो मातस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।।
(यजु. २/१४-१६)

स्वाग्नावेवाग्निमान्कुर्यादपवर्गोक्तमादितः । आज्यं पयो दधीत्येतत्त्रिवृद्धा जलमेव वा ।।
ॐ भूरित्यादिना प्राश्य रात्रिं चोपवसेत्ततः । अथादित्यास्तमयात् पूर्वमग्नीन्विहृत्य सः ।।
आज्यमग्नौ गार्हपत्ये संस्कृत्यैतेन च स्रुचा । पूर्णवाहवनीये तु जुहुयात्प्रणवेन तत् ।।
ब्रह्मान्वाधानमेतत्स्यादग्निहोत्रे हुते ततः । संस्तीर्य गार्हपत्यस्य दर्भानुत्तरतोऽत्र तु ।।
पात्राण्यासाद्य दर्भेषु ब्रह्मायतन एव तु । जागृयाद्रात्रिमेतां तु यावद् ब्राह्मो मुहूर्तकः ।।
अग्निहोत्रं स्वकाले तु हुत्वा प्रातस्तनं ततः । इष्टिं वैश्वानरीं कुर्यात्प्राजापत्यामथापि वा ।।

अग्निहोत्रीले आफ्नै अग्निमा संन्यासपद्धतिमा निरूपित अपवर्गविधि अर्थात् मोक्षप्राप्तिको मार्गमा अग्रसर हुने व्यक्तिले गर्नुपर्ने विधिद्वारा हवन गर्नुपर्दछ । **ॐ भूर्भुवः स्वः** उच्चारण गरी घ्यू, दूध, दही यी तीनतत्त्वद्वारा तयार गरिएको प्राशन चाटेर अथवा केवल जल चाटेर उपवास गर्नुपर्दछ । सूर्यास्त हुनुभन्दा पहिले अग्निहोत्रीले अग्निको स्थापना गरी गार्हपत्यकुण्डको अग्निमा आज्यसंस्कार गर्नुपर्दछ । त्यसपछि घ्यूले भरिएको सुरोद्वारा ॐकारको उच्चारण गर्दै आहवनीयकुण्डमा हवन गर्नुपर्दछ । यसैलाई ब्रह्मान्वाधान भनिन्छ । अग्निहोत्रमा हवन गरेपछि गार्हपत्यकुण्डको उत्तरतर्फ कुश फैलाएर कुशमाथि हवनका पात्रहरू फैलाउनुपर्दछ । यही नै ब्रह्माको स्थान हो । अर्को दिन प्रातः ब्राह्ममुहूर्त नहुँदासम्म त्यो रात जागरण गर्नुपर्दछ । आफ्नो समयमा अग्निहोत्र हवन गरी वैश्वानरी इष्टि - १२ कपाल पुरोडाश रहने वैश्वानर यज्ञ र प्रजापति इष्टि - ९ कपाल पुरोडाश हुने प्राजापत्य यज्ञ गर्नुपर्दछ । यस विषयमा कात्यायनश्रौतसूत्रमा विस्तृतरूपमा निरूपण गरिएको छ ।

जाबालोपनिषदि - **तद्धैके प्राजापत्यामेवेष्टिं कुर्वन्ति तदु तथा न कुर्यादाग्नेयीमेव कुर्यात्पश्चात् त्रैधातवीयामेव कुर्याद्** इत्युक्तम् । तेनात्र विकल्पः ।

अत्राहुः - **त्रेताग्नेः प्राजापत्या, तद्वाक्यशेषेऽग्नीनिति बहुत्वश्रुतेः, एकाग्नेस्त्वाग्नेयी** इति । **अनाहिताग्नेरिष्टिस्थाने वैश्वानर आग्नेयो वा चरुः** इति माधवः । कात्यायनः -

आत्मन्यग्नीन्समारोप्य वेदिमध्यस्थितो हरिम् । ध्यात्वा हृदि त्वनुज्ञातो गुरुणा प्रैषमीरयेत् ।।

कपिलः - **विधिवत्प्रैषमुक्त्वाऽथ त्रिरुपांशु त्रिरुच्चकैः । अभयं सर्वभूतेभ्यो मत्तः स्वाहेत्यपो भुवि।।**
निनीय दण्डशिक्यादि गृहीत्वाऽथ बहिर्व्रजेत् ।। अभयमिति मन्त्रेणापां पूर्णमञ्जलिं निनीयेत्यर्थः ।

बौधायनः - **सखे मेत्यादिना दण्डं येन देवाः पवित्रकम् । यदस्य पारे शिक्यं तु पात्रं व्याहृतिभिस्तथा।।**
युवा सुवासाः कौपीनं गृहीत्वा बान्धवांस्त्यजेत् ।

जाबालोपनिषद्मा भनिएको छ कि - कुनै मानिस प्राजापत्य इष्टि गर्दछन्, तर त्यो इष्टि गर्न हुँदैन । संन्यास लिन चाहनेले आग्नेयी इष्टिमात्र गर्नुपर्दछ । त्यसपछि त्रैधातवी इष्टि गर्नुपर्दछ भन्ने कुरा शास्त्रहरूमा बताइएको छ । **ग्रन्थकार** भन्दछन् - यहाँ दुईथरि मत देखिएकाले विकल्प छ भन्ने कुरा बुझ्नुपर्दछ । कुनै मानिस भन्दछन् - जोसँग तीन अग्नि छन् अर्थात् जो अग्निहोत्री छ त्यसले प्राजापत्य इष्टि गर्नुपर्दछ । किनकि यहाँ वाक्यशेषबाट **अग्नीन्** भन्ने बहुवचन सुनिएकाले तीन अग्नि भएको व्यक्तिले प्राजापत्य इष्टि नै गर्नुपर्दछ । एक अग्नि भएको व्यक्तिले आग्नेयी इष्टि गर्नुपर्दछ । तात्पर्य के हो भने जसले अग्निधारण गरेको छैन त्यसले आग्नेयी इष्टि गर्नुपर्दछ ।

माधवले भनेका छन् - जो अग्निहोत्री छैनन् तिनीहरूले प्राजापत्य इष्टिको स्थानमा वैश्वानर इष्टि गर्नुपर्दछ । त्यहाँ आग्नेय चरु हुन्छ । **कात्यायन** भन्दछन् - आत्मामा अग्निलाई आरोप गरी वेदीको बीचमा रहेर हृदयमा नारायणको ध्यान गर्दै आफ्ना गुरुको आज्ञाअनुसार- '**ॐ भूर्भुवः स्वः संन्यस्तं मया**' अर्थात् मैले संन्यास लिएँ भन्ने सङ्कल्पमन्त्र उच्चारण गर्नुपर्दछ ।

कपिल भन्दछन् - विधिवत् प्रैष- सङ्कल्पमन्त्र उच्चारण गरेपछि तीनपटक ओंठमात्र चल्नेगरी उपांशुस्वरबाट र तीनपटक उच्चस्वरबाट '**अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा**' अर्थात् 'सबै प्राणीहरूले अब मदेखि भय नगरून्' भनेर हातमा लिएको जल भुईंमा छाडिदिनुपर्दछ । त्यसपछि दण्ड र भिक्षापात्र ग्रहण गरेर घरदेखि बाहिर जानुपर्दछ । त्यसपछि '**अभयं ते न क्षीयते वसव्यं दिवेदिवे जायमानस्य दस्म । कृधि क्षुमन्तं जरितारमग्ने कृधि पतिरपपत्यस्य गपः ।।** (तै.ब्रा. २/८/५)'

यो मन्त्र उच्चारण गर्दै जलाञ्जलि भुइँमा छाडिदिनुपर्दछ भन्ने तात्पर्य हो ।

बौधायनले भनेका छन् – '**ॐ सखे मां गोपायौजः सखायोऽसि**' यो मन्त्रले **दण्ड**, '**येन देवाः पवित्रेण आत्मानं पुनते सदा । तेन सहस्त्रधारेण पावमान्यः पुनान्तु मा ।।**' (तै.१/४/८/६) यो मन्त्रले **पवित्री**, '**यदस्य पारे रजसः शुक्रं ज्योतिरजायत । तं नः पर्षदति द्विजोऽग्ने वैश्वानर स्वाहा ।।**' (तै. ४/२/५/६) मन्त्रले **शिक्य** (भिक्षापात्र), '**युवा सुवासाः परिवीत आगात् स ३ श्रेयान् भवति जायमानः । तं धीरा सः कवय उन्नयन्ति स्वाधियो मनसा देवयन्तः ।।**' (ऋ. ३/८/४) यो मन्त्रबाट **कौपीन** ग्रहण गरी आफ्ना बन्धु-बान्धवसँग नाता तोड्नुपर्दछ ।

संन्यासग्रहणक्रमः

अथ क्रमः । तत्र संन्यासेऽधिकारसिद्ध्यर्थं स्वस्य नवश्राद्धषोडशश्राद्धसपिण्डानि साग्निकपार्वणान्यनग्निस्त्वेकोद्दिष्टविधिना कृत्वाऽनाश्रमी चेत्कृच्छ्रचतुष्टयम्, अन्यस्तु तप्तकृच्छ्रं कृत्वोदगयने एकादश्यां द्वादश्यां वा साग्निरमावास्यायां पौर्णमास्यां चतुर्दश्यां वा यथापर्वणि प्राजापत्यं स्यात् । तत्र देशकालौ स्मृत्वा – **परमहंसादिसंन्यासग्रहणं करिष्य** इति सङ्कल्प गणेशं सम्पूज्य पुण्याहं वाचयित्वा मातृकापूजां वृद्धिश्राद्धञ्च कृत्वाऽस्तमयात्प्रागौपासनं समिध्याहिताग्निस्तु गार्हपत्यामिष्टिं विधुरोऽग्निहोत्री तु त्रिकाण्डमण्डनोक्तदिशा कुशपत्न्या सह पवमानेष्ट्यन्तं पूर्णाहुत्यन्तं वाधानं कुर्यात् । ब्रह्मचारी चेल्लौकिके विधुरश्चेद्व्याहृतिभिः प्रणवेन चाग्निमाधायान्वग्निरुषसामित्यानीय पृष्ठोदिवीति निधाय तेनैव समिध्य तत्सवितुः, तां सवितुः, विश्वानि देव, इति तिस्त्रः समिधोऽभ्यादध्यात् । एवमग्नौ सिद्धे कक्षोपस्थवर्जं वपनं कृत्वा पयोदधियुतमाज्यमपो वा – ॐ भूः सावित्रीं प्रविशामि 'ॐ तत्सवितुर्वरेण्यम्' इति प्राश्याचम्य पुनरादाय 'ॐ भुवः सावित्रीं प्रविशामि ॐ भर्गो देवस्य धीमहि इति द्वितीयम्, ॐ स्वः सावित्रीं प्रविशामि 'ॐ धियो यो नः प्रचोदयात्' इति तृतीयम्, समस्तया चतुर्थम् – ॐ भूर्भुवः स्वः सावित्रीं प्रविशामि ॐ तत्सवितुः० यात्– इति ।

संन्यासपद्धतौ तु त्रिवृदसीति प्रथमम्, प्रवृदसीति द्वितीयम्, विवृदसीति तृतीयम्, प्राश्यापः पुनरन्त्विति जलं प्राश्य सावित्रीप्रवेश उक्तः । तत आहवनीयं विहृत्य ब्रह्माणमुपवेश्याज्यं संस्कृत्य चतुर्द्वादश वा गृहीत्वा समित्पूर्वम्– 'ॐ स्वाहा' परमात्मन इदम् इति हुत्वापवसेत्। (इदं ब्रह्मान्वाधानम्) । ततः सायंहोमं वैश्वदेवं च कृत्वा अग्नेरुदक्कुशानास्तीर्य दण्डादीनि दश पञ्च वाऽऽसाद्य ब्रह्मासने कृष्णाजिनोपविष्टो रात्रौ जागरं कृत्वा प्रातर्होमानन्तरं प्राजापत्यां वैश्वानरीं वा कृत्वा ऋत्विग्भ्यः सर्वस्वं ब्रह्मणे च मधुपूर्णं तैजसपात्रं दत्त्वा दारुपात्राण्याहवनीयेऽश्ममृन्मयानि च जले क्षिपेत् । कृष्णाजिनं त्वाददीत । अनाहिताग्निस्तु वैश्वानरमाग्नेयं वा चरुं हुत्वा पात्राण्यग्नौ क्षिप्त्वा भूर्भुवः स्वरित्यपः स्पृष्ट्वा 'तरत्स मन्दी' इति सूक्तं जप्त्वा विप्रान् सम्भोज्य पुण्याहं वाचयित्वा अत्र वा वपनं कृत्वा हैमरूप्यकुशजलैः स्नात्वा पुरुषाय चरुं हुत्वा प्राणाय स्वाहेति पञ्चाज्याहुतीर्हुत्वा पुरुषसूक्तेन प्रत्यृचमाज्यं चरुं च जुहुयात् ।

संन्यासग्रहणको क्रम

अब संन्यासग्रहणको क्रम निरूपण गरिन्छ । संन्यासमा अधिकार सिद्धिका लागि अग्निहोत्रीले पार्वणविधिबाट र अग्निहोत्र नलिएको मानिसले एकोद्दिष्टविधिबाट आफ्ना नवश्राद्ध, सोह्रश्राद्ध र सपिण्डनश्राद्ध सम्पन्न गर्नुपर्दछ । आश्रमरहित व्यक्तिले चार कृच्छ्र, आश्रमसहित व्यक्तिले तप्तकृच्छ्रसमेत गरेर उत्तरायणको एकादशी वा द्वादशीतिथिमा संन्यासग्रहणको सङ्कल्प गर्नुपर्दछ । यसमा विशेषतः अग्निहोत्रीले अमावास्या, पूर्णिमा वा चतुर्दशी वा पर्वका दिन प्राजापत्य गर्नुपर्दछ ।

त्यसबेला देश–काल स्मरण गरी '**परमहंसादिसंन्यासग्रहणं करिष्ये**' भनी सङ्कल्पवाक्य पढ्नुपर्दछ । भगवान् गणेशको अर्चना गरी पुण्याहवाचन गराएर षोडशमातृकापूजन र वृद्धिश्राद्ध गर्नुपर्दछ । सूर्यास्तभन्दा पहिले औपासन अग्निलाई प्रदीप्त बनाएर आहिताग्निले गार्हपत्य अग्निमा आवाहन गर्नुपर्दछ र विधुर अग्निहोत्रीले त्रिकाण्डमण्डनमा बताइएअनुसार कुशपत्नीका साथ पावमानेष्टिपर्यन्त वा पूर्णाहुतिपर्यन्त आवाहन गर्नुपर्दछ । ब्रह्मचारीले लौकिक अग्निमा र विधुर अग्निहोत्रीले व्याहृतिद्वारा ॐकार उच्चारण गर्दै अग्निको स्थापना गरी '**अन्वग्निरुषसामग्रमक्ख्यदन्वहानि प्रथमो जातवेदाः । अनुसूर्यस्य पुरुत्रा च रश्मीननु द्यावा पृथिवीऽआततन्थ ।।**' (यजु. ११/१७) यस मन्त्रद्वारा अग्नि ल्याई '**यद्देवा देवहेडनं देवासश्च कृमा वयम् । अग्निर्मातस्मादेनसो विश्वान् मुञ्चत्वं हसः ।। यदि दिवा यदिनक्तमेनांसि च कृमा वयम् । वायुर्मा तस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।। यदि जाग्रद्यदिस्वप्न एनांसि च कृमा वयम् । सूर्यो मातस्मादेनसो विश्वान् मुञ्चत्वंहसः ।।**' (यजु. २/१४–१६) यी मन्त्रद्वारा अग्निको स्थापना गरी तिनै मन्त्रद्वारा प्रज्वलितसमेत गरेर '**तत् सवितुर्वृणीमहे वयं देवस्य भोजनम् । श्रेष्ठं सर्वधातमं तुरं भगस्य धीमहि ।।**' (ऋ. ५/८२/१) '**तां सवितुर्वरेण्यस्य चित्रामाऽहं वृणे सुमतिं विश्वजन्याम् । यामस्य कण्वो अदुहत् प्रपीनां सहस्रधारां पयसा महीं गाम् ।।**' (तै.स. ४/६/१३, पृ. १८६) '**विश्वानि देव सवितर्दुरितानि परासुव । यद् भद्रं तन्न आसुव ।।**' (ऋ. ५/८२/५) यी तीनमन्त्रद्वारा समिधा स्थापना गर्नुपर्दछ । यसरी अग्निको सिद्धि भएपछि काखी र उपस्थ अर्थात् लिङ्ग वरिपरिका रौंबाहेक अरू सबै रौं मुण्डन गरी दूध र दहीले युक्त घ्यू अथवा केवल जल '**ॐ भूः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' मन्त्रले प्राशन गरी आचमन गरेर फेरि जल वा दूध, दहीले युक्त भएको घ्यू हातमा ग्रहण गर्नुपर्दछ । त्यसपछि '**ॐ भुवः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' यस मन्त्रले दोस्रो पटक प्राशन गरी आचमन गर्नुपर्दछ । त्यसपछि '**ॐ स्वः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' मन्त्रले तेस्रो पटक प्राशन गरी आचमन गर्नुपर्दछ । त्यसपछि समस्त व्याहृतिपूर्वक अर्थात् '**ॐ भूर्भुवः स्वः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' यस मन्त्रद्वारा फेरि प्राशन गर्नुपर्दछ ।[६८]

संन्यासपद्धतिमा त – '**त्रिवृदसि त्रिवृते त्वा प्रवृदसि प्रवृते त्वा विवृदसि विवृते त्वा सवृदसि सवृते त्वा क्रमोस्या क्रमाय त्वा संक्रमोऽसि संक्रमायत्वोत्क्रमोस्युत्क्रमायत्वोत्क्रान्तिरत्युत्क्रान्त्यै त्वाधिपतिर्त्माजोर्जेञ्जिन्व ।।**' (यजु. १५/९) यस मन्त्रले प्रथम पटक, '**प्रवृदसि प्रवृते त्वा विवृदसि विवृते त्वा सवृदसि सवृते त्वा क्रमोस्या क्रमाय त्वा संक्रमोऽसि संक्रमायत्वोत्क्रमोस्युत्क्रमायत्वोत्क्रान्तिरत्युत्क्रान्त्यै त्वाधिपतिर्त्माजोर्जेञ्जिन्व ।।**' यस मन्त्रले दोस्रो पटक, '**विवृदसि विवृते त्वा सवृदसि सवृते त्वा क्रमोस्या क्रमाय त्वा संक्रमोऽसि संक्रमायत्वोत्क्रमोस्युत्क्रमायत्वोत्क्रान्तिरत्युत्क्रान्त्यै त्वाधिपतिर्त्माजोर्जेञ्जिन्व।।**' यस मन्त्रले तेस्रो पटक दूध–दहीसहितको घिउ अथवा जलमात्र प्राशन गर्नुपर्दछ[६९] भनिएको छ।

'**आपः पुनन्तु पृथिवीं पृथ्वी पूता पुनातु माम् । पुनन्तु ब्रह्मणस्पतिर्ब्रह्मपूता पुनातु माम् । यदुच्छिष्टमभोज्यं च यद्वा दुश्चरितं मम सर्वं पुनन्तु मामापो सतां च प्रतिग्रहं स्वाहा ।।**' यस मन्त्रले जलप्राशन गरी सावित्रीप्रवेशको मन्त्र जप्नुपर्दछ । सावित्रीप्रवेशको मन्त्र यसप्रकार छ – **ॐ भूः प्रणवेन प्रविशामि । भुवः प्रणवेन प्रविशामि । स्वः**

---

६८. लिखित संन्यासपद्धतिमा '**ॐ परोरजसे सावदोम्**' मन्त्रको जप गर्नुपर्दछ भन्ने कुरा बताइएको छ ।

६९. धर्मसिन्धु र लिखित संन्यासपद्धतिमा जप गर्नुपर्ने कुरा बताइएअनुसार – **ब्रह्मणे नमः १, विष्णवे नमः २, रुद्राय नमः ३, सूर्याय नमः ४, सोमाय नमः ५, आत्मने नमः ६, अन्तरात्मने नमः ७, परमात्मने नमः ८, अग्निमीडे पुरोहितम्०, इषे त्वोर्जे त्वा०, अग्न आयाहि०, शन्नो देवी०**' इत्यादि मन्त्र जपेर ॐकार उच्चारण गरी तीनमुठी सातुको पीठो प्राशन गर्नुपर्दछ । त्यसपछि **आत्मने स्वाहा १, अन्तरात्मने स्वाहा २, परमात्मने स्वाहा ३, प्रजापतये स्वाहा ४** मन्त्र जप गर्दै नाभिस्पर्श गर्नुपर्दछ ।

प्रणवेन प्रविशामि । ॐ भूर्भुवः स्वः प्रणवेन प्रविशामि । यसरी प्रणवद्वारा सावित्री प्रवेश गराएर प्रणवस्वरूप आत्माको ध्यान गर्नुपर्दछ ।[७०]

त्यसपछि आहवनीय कुण्डको अग्नि ल्याएर ब्राह्मणलाई नजिकै राखी आज्यसंस्कार गरेर आज्यलाई चारपटक अथवा बाह्रपटक ग्रहण गरी समिधापूर्वक '**ॐ स्वाहा परमात्मन इदम्**' यस मन्त्रले हवन गर्नुपर्दछ । यसैलाई '**ब्रह्मान्वाधान**' भनिन्छ । त्यसपछि सायंकालीन हवन र वैश्वदेव यज्ञ गरेर अग्निको उत्तरतर्फ कुश बिछ्याई दण्ड आदि दश या पाँचवस्तु स्थापना गरेर ब्रह्माको आसनमा कालो मृगचर्ममा बसी रातभर जाग्राम गर्नुपर्दछ । प्रातःकाल भएपछि दैनिकहोम गरेर प्राजापत्य इष्टि वा वैश्वानर इष्टि सम्पन्न गर्नुपर्दछ । त्यसबेला ऋत्विक्का निमित्त सर्वस्व दान गर्नुपर्दछ । ब्रह्माको पदमा बसेका ब्राह्मणका निमित्त मधुले भरिएको तैजसपात्र प्रदान गरेर काठका पात्रहरूलाई आहवनीयकुण्डमा सेलाउनु पर्दछ र ढुङ्गा वा माटाबाट बनेका पात्रहरूलाई जलमा सेलाइदिनुपर्दछ । कालो मृगको चर्म भने आफैले धारण गरिराख्नुपर्दछ। यो आहिताग्निका निमित्त बताइएको विधि हो । अनाहिताग्निले त वैश्वानर अथवा आग्नेयचरुले हवन गरेर पात्रहरूलाई अग्निमा सेलाईकन '**ॐ भूर्भुवः स्वः**' यी व्याहृति उच्चारण गर्दै जलस्पर्श गर्नुपर्दछ । त्यसपछि '**तरत् स मन्दी धावति धारा सुतस्यान्धसः । तरत् स मन्दी धावति ।। उस्रा वेद वसूनां मर्तस्य देव्यवसः । तरत् स मन्दी धावति ।। ध्वस्त्रयोः पुरुषन्त्योरा सहस्राणि पद्महे । तरत् स मन्दी धावति ।। आ ययोस्त्रिंशतं तना सहस्राणि च पद्महे । तरत् स मन्दी धावति ।।**' (ऋ. ९/१-४) यस सूक्तलाई जपेर ब्राह्मणभोजन गराउनुपर्दछ । तदनन्तर पुण्याहवाचन गरी अथवा मुण्डन गरेर सुवर्ण, चाँदी र कुशमिश्रित जलले स्नान गरी पुरुषका निमित्त प्राणादि पाँचमन्त्रले आहुति दिनुपर्दछ । **ॐ प्राणाय स्वाहा - इदं प्राणाय न मम । ॐ अपानाय स्वाहा - इदमपानाय न मम । ॐ व्यानाय स्वाहा - इदं व्यानाय न मम । ॐ उदानाय स्वाहा - इदमुदानाय न मम । ॐ समानाय स्वाहा - इदं समानाय न मम ।** उक्त मन्त्रद्वारा पाँचपटक आहुति प्रदान गरी होम गरेर पुरुषसूक्तका प्रत्येक ऋचाबाट घिउ र चरुद्वारा हवन गर्नुपर्दछ ।

विरजाहोमः

अत्र विरजाहोमं केचिदाहुः । यथोक्तं शिवगीतासु (अ. ३, श्लो. २७-३०)

जुहुयाद्विरजामन्त्रैः प्राणापानादिभिस्ततः । अनुवाकं तमेकाग्रं समिदाज्यचरून्पृथक् ।।

आत्मन्यग्निं समारोप्य या ते अग्नेति मन्त्रतः । भस्मादायाग्निरित्याद्यैर्विमृज्याङ्गानि संस्पृशेत् ।।

पापैर्विमुच्यते नित्यं मुच्यते नात्र संशयः ।

विरजाहोम

यस प्रसङ्गमा कसैले विरजाहोम गर्नुपर्ने कुरा बताएका छन् ।[७१] उक्त विषयमा **शिवगीतामा** भनिएको छ कि - प्राणापान आदि विरजामन्त्रद्वारा एकाग्र र स्वस्थचित्त भएर समिधा, आज्य र चरु अर्पण गर्दै अलग-अलग अनुवाकको समाप्तिपर्यन्त हवन गर्नुपर्दछ । हवन गर्ने क्रममा '**या ते अग्ने पर्वतस्येव धारासश्चन्ती पीपयद् देव चित्रा । तामस्मभ्यं प्रमतिं जातवेदो वसोरास्व सुमतिं विश्वजन्याम् ।।**' (ऋ. ३/५७/६) मन्त्रद्वारा आत्मामा अग्निहरूलाई समारोप गर्नुपर्दछ।

---

७०. लिखित संन्यासपद्धतिमा विशेष तथ्य प्रकाशित गर्दै - आचमन गरेर '**उपवासं करिष्ये**' भनी सङ्कल्प पढी केही पनि प्राशन गर्न हुँदैन र अशक्त भएमा दूधमात्र प्राशन गर्नुपर्दछ भनिएको छ ।

७१. **संन्यासाङ्गत्वेन विहितं प्राणादिहोमपूर्वकं पुरुषसूक्तहोमं तथा ज्ञानयोग्यताप्राप्त्यर्थमुपपातकादिसकलपापनिवृत्तिपूर्वकस्वावयव-शुद्ध्यर्थं विरजाहोमं करिष्ये**' भनी सङ्कल्प गर्नुपर्ने कुरा बताइएको छ ।

त्यसपछि आहुतिद्वारा अर्चित अग्निको भस्म ग्रहण गरेर '**अग्निरिति भस्म वायुरिति भस्म जलमिति भस्म स्थलमिति भस्म व्योमेति भस्म सर्वं ह वा इदं भस्म मन इत्येतानि चक्षूंषि भस्मानि व्रतमिदं पाशुपतं यद् भस्मनाङ्गानि संस्पृशेत्तस्माद् ब्रह्म तदेतत् पाशुपतं पशुपाशविमोक्षाय ।।**' (अथर्वशिर उपनिषद्) यस मन्त्रद्वारा भस्मलाई निधार आदि अङ्गहरूमा लगाउनुपर्दछ ।[७२]

यथा नारायणोपनिषदि –

ॐ प्राणापानव्यानोदानसमाना मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।१।।

सर्वत्र लिङ्गोक्तदेवताभ्य इदमिति त्यागः । ॐ वाङ्मनश्चक्षुःश्रोत्रजिह्वाघ्राणरेतोबुद्ध्याकूतिसङ्कल्पा मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।२।। त्वक्चर्ममांसरुधिरमेदोमज्जा-स्नायवोऽस्थीनि मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।४।। उत्तिष्ठ पुरुष हरितपिङ्गल-लोहिताक्षि देहि देहि ददापयिता मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।५।। ॐ पृथिव्यापस्तेजोवायुराकाशो मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।६।। शब्दस्पर्शरूपरसगन्धा मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।७।। मनोवाक्कायकर्माणि मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।८।। अव्यक्तभावैरहङ्कारैर्ज्योतिरहं मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।९।। आत्मा मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।१०।। अन्तरात्मा मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।११।। परमात्मा मे शुध्यन्ताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ।।१२।। क्षुधे स्वाहा इदं क्षुधे न मम ।।१३।। ॐ क्षुत्पिपासायै स्वाहा इदं क्षुत्पिपासायै० ।।१४।। ॐ विविध्यै स्वाहा इदं विविध्यै न मम ।।१५।। ॐ ऋग्विधानाय स्वाहा इदं ऋग्विधानाय० ।।१६।। ॐ कषोत्काय स्वाहा इदं कषोत्काय० ।।१७।।

नारायणोपनिषद्मा भनिएको छ – मेरा प्राण, अपान, व्यान, उदान र समान नामक पाँचप्राणहरू शुद्ध होऊन् । म ज्योतिःस्वरूप होऊँ । म रजोरहित एवं पापशून्य बनुँ । ॐ स्वाहा यो पापआदिको निवारणका लागि प्रयोग गरिएको मन्त्र हो। सर्वत्र लिङ्गोक्त देवताहरूका लागि '**प्राणादिभ्य इदं न मम । वागादिभ्य इदं न मम । त्वगादिभ्य इदं न मम । शिर आदिभ्य इदं न मम । पुरुषादिभ्य इदं न मम । पृथिव्यादिभ्य इदं न मम । शब्दादिभ्य इदं न मम । मन आदिकर्मभ्य इदं न मम । अव्यक्तादिभ्य इदं न मम । आत्मन इदं न मम । अन्तरात्मन इदं न मम । परमात्मन इदं न मम ।**' यी मन्त्रहरूको प्रयोग गर्नुपर्दछ । मेरा वाणी, मन, आँखा, कान, जिब्रो, नाक, वीर्य, बुद्धि, वासना र सङ्कल्प शुद्ध बनून् । म ज्योतिःस्वरूप हुँ, यो स्वाहा शब्द वाणीका लागि हो, मेरा लागि होइन । मेरा छाला, चर्म, मासु, रगत, बोसो, मज्जा, नशा, नाडी र हाड शुद्ध होऊन् । म ज्योतिःस्वरूप हुँ । यी त्वक् चर्म आदिका लागि गरिएको यो ॐ स्वाहा आदि शब्द हो, मेरा लागि होइन । मेरा शिर, हात, खुट्टा, काखी, पिँठ्यू, पेट, छाती, जङ्घा, मूत्रेन्द्रिय, मलेन्द्रिय सबै शुद्ध होऊन्, म ज्योतिःस्वरूप हुँ । यो ॐ स्वाहा आदि शब्दको प्रयोग शिर आदिका लागि हो, मेरा लागि होइन । मेरा उत्तिष्ठ पुरुष, हरित्,

७२. **स्त्रियं नपुंसकं गृध्रं विडालं बकमूषिकम् । स्पृष्ट्वा तथाविधानन्यान्भस्मस्नानं समाचरेत् ।। देवाग्निगुरुवृद्धानां समीपेऽन्त्यजदर्शने। अशुद्धभूतले मार्गे कुर्यान्नोद्धूलनं व्रती ।।** अर्थ – स्त्री, नपुंसक, गृद्ध, बिरालो, बकुल्ला र मुसोले छुँदा पनि भस्मस्नान गर्नुपर्दछ। देवता, अग्नि, गुरु एवं वृद्धहरूको समीपमा जाँदा पनि यसैगरी भस्मस्नान गरेर जानुपर्दछ । अन्त्यज आदिहरूको दर्शन हुँदा पनि उक्त विधि अपनाउनुपर्दछ । भस्मस्नान गर्ने कार्य अशुद्ध भुईंमा र बीच बाटोमा गर्नुहुँदैन भन्ने कुरा बृहज्जाबालोपनिषद्मा बताइएको छ ।

पिङ्गल, लोहिताक्षि, देहि देहि र दापयिता शुद्ध होऊन्, म ज्योतिःस्वरूप हुँ । यो ॐ स्वाहा आदिको प्रयोग उत्तिष्ठपुरुष आदिका लागि हो मेरा लागि होइन । मेरा पृथिवी, जल, तेज, वायु र आकाश शुद्ध होऊन्, म ज्योतिःस्वरूप हुँ । यो ॐ स्वाहा आदिको प्रयोग पृथिवी आदिका लागि हो मेरा लागि होइन । मेरा शब्द, रूप, रस, स्पर्श र गन्ध शुद्ध होऊन्, म ज्योतिःस्वरूप हुँ । यो ॐ स्वाहा आदिको प्रयोग शब्द, रूप आदिका लागि हो मेरा लागि होइन । मेरा मन, वाणी, कार्य र कर्म शुद्ध होऊन्, म ज्योतिःस्वरूप हुँ । ॐ स्वाहा आदिको प्रयोग मन आदि कर्मका लागि हो, मेरा लागि होइन । अव्यक्त भाव र अहंकारबाट पर रहेको म ज्योतिरूप हुँ । यो अव्यक्त आदिका लागि हो मेरा लागि होइन । मेरो आत्मा शुद्ध होस्, म ज्योतिरूप हुँ । ॐ स्वाहा आदिको प्रयोग अव्यक्त आदिका लागि हो मेरा लागि होइन । मेरो आत्मा शुद्ध होस्, म ज्योतिरूप हुँ । ॐ स्वाहा आदिको प्रयोग आत्माका लागि हो मेरा लागि होइन । मेरो अन्तरात्मा शुद्ध होस्, म ज्योतिरूप हुँ । ॐ स्वाहा आदिको प्रयोग अन्तरात्माका लागि हो मेरा लागि होइन । मेरो परमात्मा शुद्ध होस्, म ज्योतिःस्वरूप हुँ । ॐ स्वाहा आदिको प्रयोग परमात्माका लागि हो मेरा लागि होइन । **क्षुधे स्वाहा** यो भोकका लागि हो मेरा लागि होइन । **क्षुत्पिपासायै स्वाहा** यो मन्त्र भोक-प्यासका लागि हो मेरा लागि होइन । **विविद्यायै स्वाहा** यो मन्त्रको प्रयोग विविद्याका लागि हो मेरा लागि होइन । **ऋग्विधानाय** स्वाहा यो मन्त्र ऋग्विधानको लागि हो मेरा लागि होइन । **कषोत्काय स्वाहा** – यो मन्त्र कषोत्कका लागि हो मेरा लागि होइन ।

ॐ क्षुत्पिपासामलां ज्येष्ठामलक्ष्मीर्नाशयाम्यहम् । अभूतिमसमृद्धिं च सर्वान्निर्णुद मे पाप्मानं स्वाहा।। इदमग्नये न मम ।।१८।। ॐ अन्नमयप्राणमयमनोमयविज्ञानमयानन्दमयात्मा मे शुध्यतां ज्योतिरहं विरजा० इदमन्नमयादिभ्यो न मम ।।१९।। ततः स्विष्टकृदादि हुत्वा ब्रह्मणे हिरण्यमाज्यपात्रं धेनुं च दत्त्वा 'संमासिञ्चतु' इत्युपतिष्ठेत । अत्र केचिदनग्नेः सावित्रीप्रवेशं पूर्णाहुतिं चाहुः । ततो **'या ते अग्ने यज्ञिया तनूः'** इति त्रिस्त्रिभिरेकैकं जिघ्रन्नात्मन्यग्नीन् समारोप्य गुरवे सर्वस्वं दत्त्वा–

यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै ।
तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ।।

इति गुरुमुपस्थाय दक्षिणं जान्वाच्य पादावुपसंगृह्याधीहि भगवो ब्रह्मेति वदेत् । ततो गुरुरात्मानं ब्रह्मरूपं ध्यात्वा शङ्खं द्वादशप्रणवैरभिमन्त्र्य तेन शिष्यमभिषिच्य **'शन्नो मित्रः'** इति शान्तिं पठित्वा तच्छिरसि हस्तं दत्त्वा पुरुषसूक्तं जप्त्वा **'मम व्रते हृदयं ते दधामि'** इति च जप्त्वोदङ्मुखः प्रणवार्थमनुसन्दधन्दक्षिणे कर्णे प्रणवमुपदिश्य तदर्थं च पञ्चीकरणाद्यवबोध्य अयमात्मा ब्रह्म, ॐ तत्त्वमसि, ॐ प्रज्ञानं ब्रह्म, ॐ अहं ब्रह्मास्मि । इत्याद्युपदिशेत् । तदर्थं च वदेत् । ततो नाम दद्यात् ।

लक्ष्मीभन्दा पहिले उत्पन्न भएकी, भोक र प्यासद्वारा मलिन वर्णकी ज्येष्ठा वा दरिद्रा नामबाट प्रसिद्ध अलक्ष्मीलाई म नाश गर्दछु । सबै प्रकारका अनैश्वर्य र असमृद्धिलाई हटाउनुहोस् र पापलाई नाश गर्नुहोस् । अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय मेरो आत्मा शुद्ध होस्, ॐ अन्नमय आदि मन्त्र अन्नमय आत्मा आदिका लागि हो मेरा लागि होइन । यसरी प्रार्थना गरेपछि स्विष्टकृत् आदि हवन गरेर ब्रह्माका लागि सुवर्ण, घृतपात्र र गाई दान गरी **'समञ्जन्तु विश्वे देवाः समापो हृदयानि नौ । संमातरिश्वा सन्धाता समुदेष्ट्री दधातु नौ ।।'** (ऋ. १०/८५/४७) मन्त्र पढ्दै उभिनुपर्दछ। यहाँ कसै-कसैले अग्निहोत्र धारण नगर्ने मानिसले सावित्रीप्रवेशको मन्त्रजप र पूर्णाहुति गर्नुपर्ने कुरा बताएका छन् ।

त्यसपछि **'या ते अग्ने यज्ञिया तनूस्तयेह्यारोहात्मात्मानमच्छा वसूनि कृण्वन् अस्मे नर्या पुरूणि । यज्ञो भूत्वा**

यज्ञमासीद स्वां योनिं जातवेदो भुव आजायमानस्सक्षय एहीति हस्तं प्रताप्य मुमायाहरते । (आ.श्रौ. ६/२८/सू. ११), **'या ते अग्ने यज्ञिया तनूस्तयेह्यारोहात्माऽऽत्मानम् । अच्छावसूनि वृण्वन्नस्मे नर्यापुरूणि । यज्ञो भूत्वा यज्ञमासीद स्वां योनिम् । जातवेदो भुव आज्ञायमानस्सक्षय एहि ।।''उपावरोह जातवेदः पुनस्त्वम् । देवेभ्यो हव्यं वह नः प्रजानन् । आयुः प्रजां रयिमस्मासुधेहि । अजस्त्रोदीदिहिनो दुरोणे । तमिन्द्रं जोहवीमि मघवानमुग्रम् । सत्रादधानमप्रतिष्कुतं शवांसि । मंहिष्ठो गीर्भिरा च यज्ञियो ववर्तत् । रायेनोविश्वासुरथा कृष्णोतु वज्री ।।** (तै.ब्रा. २/५/८)' यी तीनमन्त्रहरूमा प्रत्येक मन्त्रले अग्निहरूलाई सुँघ्दै आफूमा आरोप गरेर गुरुका निमित्त सर्वस्व दान गरी गुरुको प्रार्थना गर्नुपर्दछ – 'जसले पहिले ब्रह्माजीको सृष्टि गर्दछन्, जसले सर्वप्रथम ब्रह्माजीलाई वेदको ज्ञान प्रदान गर्दछन् । ती आत्मा र बुद्धिलाई प्रकाशित गराउने गुरुरूप परमात्माको शरणमा मोक्ष चाहने म प्राप्त हुन्छु ।' यसरी गुरुको उपस्थान गरेर दायाँ पाउको घुँडा झुकाईकन गुरुका चरणको स्पर्श गर्दै भन्नुपर्दछ – 'हे भगवन् ! म ब्रह्मको ध्यान गर्दछु ।'[७३] यसरी ध्यान र वन्दना गरेपछि ब्रह्मरूप गुरुका आत्माको ध्यान गर्नुपर्दछ । गुरुले पनि शङ्खलाई बाह्यपटकसम्म प्रणवमन्त्रहरूद्वारा अभिमन्त्रण गरेर शिष्यलाई अभिषेक दिनुपर्दछ । त्यसपछि '**शं नो मित्रः शं वरुणः शं नो भवत्वर्यमा । शं न इन्द्रो बृहस्पतिः शं नो विष्णुरुरुक्रमः ।।**' (ऋ. १/९०/९) यस मन्त्रले शान्तिपाठ गरेर शिष्यको शिरमा वरदहस्त राखी पुरुषसूक्तको जप गर्नुपर्दछ । पुरुषसूक्त जपपछि '**मम व्रते ते हृदयं ते दधामि मम चित्तमनु चित्तं ते अस्तु । मम वाचमेकव्रतो जुषस्व बृहस्पतिष्ट्वा नियुनक्तु मह्यम् ।।**' (आश्व. १/२१/७) यस मन्त्रलाई जपेर उत्तरतिर फर्की ॐकारको अर्थको स्मरण गर्दै दायाँ कानमा ॐकारको उपदेश दिएर ॐकारको अर्थ र पञ्चीकरणपद्धतिको ज्ञान गराउनुपर्दछ ।[७४] पञ्चीकरणको पद्धति सिकाएपछि वेदका महावाक्यहरू – '**अयमात्मा ब्रह्म**' अर्थात् यो आत्मा ब्रह्म हो, '**तत्त्वमसि**' अर्थात् त्यो ब्रह्म तिमी नै हौ, '**प्रज्ञानं ब्रह्म**' अर्थात् प्रज्ञान ब्रह्म हो, '**अहं ब्रह्मास्मि**' अर्थात् म ब्रह्म हुँ यी वाक्यहरूको उपदेश प्रदान गरी तिनको अर्थबोध गराउनुपर्दछ । वैदिक महावाक्यहरूको अर्थबोध गराएपछि गुरुले शिष्यको रामानन्द, ब्रह्मानन्द आदि नामकरण गर्नुपर्दछ ।

ततः शिष्यस्तेनोपदिष्टो हरिं स्मरन्नूर्ध्वबाहुस्तिष्ठन् देवान्साक्षिणः कृत्वा – ॐ भूः संन्यस्तं मया । ॐ भुवः संन्यस्तं मया । ॐ स्वः संन्यस्तं मया । ॐ भूर्भुवः स्वः संन्यस्तं मया' इति त्रिर्मन्दमध्यमोच्चस्वरेण उक्त्वा, ॐ भूर्भुवः स्वः संन्यस्तं मयेति त्रिरुपांशु त्रिरुच्चैश्चोक्त्वा जलसमीपं गत्वा स्नात्वा 'ॐ अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा' इति त्रिरञ्जलिं क्षिप्त्वा 'युवासुवासा' इति काषायं कौपीनं वासश्च परिधाय 'ॐ सखे मां गोपाय' इति मुख्यं वैणवं पालाशं बैल्वमौदुम्बरं वा दण्डं गृह्णीयात् । अत्र पुत्रकामो गृहस्थः शङ्खेन पुरुषसूक्तेन दण्डमभिषिच्य दद्यादित्याचारः ।

त्यसपछि शिष्यले पनि गुरुको उपदेशअनुसार हरिको स्मरण गर्दै दुवै बाहु आकाशतिर फर्काएर देवताहरूलाई साक्षी राखी '**ॐ भूर्भुवः स्वः संन्यस्तं मया**' यस मन्त्रलाई तीनपटक उपांशुस्वरमा, तीनपटक उच्चस्वरमा र तीनपटक अतिउच्च स्वरमा उच्चारण गरेर जलको समीपमा गई स्नान गर्नुपर्दछ । स्नान गरेपछि '**अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा**'

७३. **आनन्दमानन्दकरं प्रसन्नं ज्ञानस्वरूपं निजबोधरूपम् । योगीन्द्रमीड्यं भवरोगवैद्यं श्रीमद्गुरुं नित्यमहं नमामि ।।** – आनन्दस्वरूप, आनन्दप्रदान गर्ने, सदा प्रसन्न मुद्रामा रहनुहुने, ज्ञानस्वरूप र आत्मज्ञानस्वरूप सबै शिष्यहरूका पूजनीय, योगिराज एवं संसाररूपी रोगका वैद्य श्रीमद्गुरुचरणमा नित्य वन्दना गर्दछु ।

७४. आकाश, वायु, अग्नि, जल र पृथिवी यी प्रत्येक महाभूतको दुईभाग लगाउनुपर्दछ । आकाश आदि पाँच महाभूतका आधा-आधा भागलाई छुट्टै राख्नुपर्दछ । बाँकी आधा-आधा भागहरूमध्ये प्रत्येक महाभूतमा प्रत्येक महाभूतको अंश मिसाउनुपर्दछ । यसरी मिसाउँदा पाँचमहाभूतहरू एकै ठाउँमा एकत्रित हुन्छन् र यसैलाई पञ्चीकरण भनिन्छ । भनिएको पनि छ – '**द्विधा विधाय चैकैकं चतुर्धा प्रथमं पुनः । स्वस्वेतरद्द्वितीयांशैर्मेलनात्पञ्च पञ्च ते ।।**' – पञ्चदशी ।

यस मन्त्रले तीनपटक अञ्जुलिदान गरी '**युवा सुवासाः परिवीत आगात् स ३ श्रेयान् भवति जायमानः । तं धीरा सः कवय उन्नयन्ति स्वाधियो मनसा देवयन्तः ।।**' (तै. पृ. ९९०, ऋ. ३/८/४) मन्त्रले गेरुवा रङ्मा रङ्गाइएका लंगौटी र अन्य वस्त्र धारण गरी '**ॐ सखे मां गोपायौजः सखायोऽसि**', यस मन्त्रले मुख्यरूपमा बाँस, पलाश, बेल र डुम्रीको दण्ड ग्रहण गर्नुपर्दछ । यस प्रसङ्गमा पुत्रकामना गर्ने गृहस्थले पुरुषसूक्त उच्चारण गर्दै शङ्खद्वारा दण्डलाई अभिषेक दिनुपर्दछ । यो आचार हो ।

ततः शिखामुत्पाट्य ॐ भूः स्वाहेत्यग्नौ जले वा हुत्वा तथैवोपवीतं हुत्वा 'येन देवाः पवित्रेण' इति जलपवित्रम्, 'यदस्य पारे' इति शिक्यम्, सावित्र्या कमण्डलुम्, सप्तव्याहृतिभिर्भोजनपात्रम् 'इदं विष्णुः' इत्यासनं वृसीं वा गृहीत्वा ॐ भूस्तर्पयामीति व्यस्तसमस्ताभिर्महर्नम इति तर्पयित्वा ॐ भूः स्वधों भुवः स्वधों स्वः स्वधों भूर्भुवः स्वर्महर्नमः स्वधेति पितॄंस्तर्पयित्वा उदुत्यम्, चित्रम्, 'तच्चक्षुः' 'हंसःशुचिषद्', 'नमो मित्रस्य', इति स्नात्वा सुरभिमतीभिः आपो हि ष्ठेति हिरण्यवर्णाभिः पावमानीभिर्व्याहृतिभिश्च मार्जयित्वाष्टोत्तरशतमघमर्षणं प्राणायामांश्च कृत्वा ॐ भूर्भुवः स्वरिति पठित्वा 'नमः सवित्रे' इति च सूर्यमुपस्थाय पुनः स्नात्वा जङ्घे क्षालयित्वा ॐ इति ब्रह्मोमितीदं सर्वमोमिति ब्रह्म वा एष ज्योतिर्य एष तपति वेद्यमेवैतद्य एष वेदो यदवनमस्तीति जपित्वा अष्टसहस्रं गायत्रीं जपेदिति ।

त्यसपछि संन्यास ग्रहण गर्न लागिरहेको कर्ताले शिखालाई उखेलेर **ॐ भूः स्वाहा** यस मन्त्रले अग्नि अथवा जलमा हवन गरेपछि त्यही विधिबाट यज्ञोपवीतलाई पनि हवन गर्नुपर्दछ । '**येन देवाः पवित्रेण आत्मानं पुनते सदा । तेन सहस्रधारेण पावमान्यः पुनन्तु मा ।।**' (तै.१/४/८/६) मन्त्रद्वारा पवित्र जल, '**यदस्य पारे रजसः शुक्रं ज्योतिरजायत। तं नः पर्षदति द्विजोऽग्ने वैश्वानर स्वाहा ।।**' (तै. ४/२/५/६) मन्त्रले शिक्य अर्थात् भिक्षापात्र, '**ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' (यजु. ३/३५/२२) यस गायत्रीमन्त्रले अथवा '**वार्त्रघ्नः शर्म मे भवत्पापं तन्निवारय यत्पापं तन्निवारय ।**' धर्मसिन्धुमा बताइएको यस मन्त्रले कमण्डलु, सप्तव्याहृति '**ॐ भूः ॐ भुवः ॐ स्वः ॐ महः ॐ जनः ॐ तपः ॐ सत्यम् ॐ तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् । ॐ आपो ज्योती रसोऽमृतं ब्रह्म भूर्भुवः स्वः स्वरोम् ।** (तै.आ.प्र. १०/१७) द्वारा भोजनपात्र, '**इदं विष्णुर्वि चक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।**' (ऋ. १/२२/१७) यस मन्त्रले आसन वा वृसी अर्थात् व्रतधारीहरूको आसन ग्रहण गरेर '**ॐ भूस्तर्पयामि ॐ भूर्भुवः स्वर्महर्नमः स्वधा**' यस मन्त्रले तर्पण गरेर, '**ॐ भूः स्वधा ॐ भुवः स्वधा, ॐ स्वः स्वधा ॐ भूर्भुवः स्वर्महर्नमः स्वधा**' यस मन्त्रले पितृहरूलाई तर्पण दिएर '**उदुत्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ।।**' (ऋ. १/५०/१), '**ॐ चित्रं देवानामुदगादनीकं चक्षुर्मित्रस्य वरुणस्याग्नेः । आप्रा द्यावापृथिवी अन्तरिक्षं सूर्य आत्मा जगतस्तस्थुषश्च ।।**' (ऋ. १/११५/१) '**ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतं जीवेम शरदः शतम् ।।**' (ऋ. ७/६६/१६) '**हंसः शुचिषद् वसुरन्तरिक्षसद्धोता वेदिषदतिथिर्दुरोण सत् । नृषद् वरसदृत सद् व्योमसदब्जा गोजा ऋतजा अद्रिजा ऋतम् ।।**' (ऋ. ४/४०/५) '**नमो मित्रस्य वरुणस्य चक्षसे महो देवाय तदृतं सपर्यत् । दूरेदृशे देवजाताय केतवे दिवस्पुत्राय सूर्याय शंसत ।।**' (ऋ. १०/३७/१) यी मन्त्रहरूद्वारा स्नान गरेर सुरभिमतीसंज्ञक '**आपो हि ष्ठा मयोभुवस्तान ऊर्जे दधातन । महे रणाय चक्षसे। यो वः -शिवतमोरसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ।। तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ।।**' (तै.सं. ५/६/१-४) इत्यादि चारमन्त्र, '**स्वादिष्ठया मदिष्ठया पवस्व सोम धारया । इन्द्राय पावते सुतः ।।१।। रक्षोहा विश्वचर्षणिरभि योनिमयोहतम् ।।** इत्यादि (ऋ. ९/१) पावमानसंज्ञक मन्त्र, आपो हि ष्ठा

इत्यादि मन्त्र, श्रीसूक्तअन्तर्गतका **हिरण्यवर्णाम्** इत्यादि मन्त्र र '**ॐ भूः स्वाहा, ॐ भुवः स्वाहा, ॐ स्वः स्वाहा, ॐ भूर्भुवः स्वः स्वाहा**' यी व्याहृतिमन्त्रद्वारा मार्जन गरी '**ॐ ऋतञ्च सत्यं चाभीद्धात्तपसोऽध्यजायत । ततो रात्र्यजायत ततः समुद्रो अर्णवः । समुद्रादर्णवादधिसंवत्सरो अजायत । अहोरात्राणि विदधद् विश्वस्य मिषतो वशी। सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः ।।**' (ऋ. ८८/४८) यस अघमर्षण मन्त्रद्वारा १०८ पटक प्राणायाम गरेर **ॐ भूर्भुवः स्वः** उच्चारण गरी तलको मन्त्रले सूर्यको उपस्थान गर्नुपर्दछ ।

नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे विरञ्चिनारायणशङ्करात्मने ।।

अर्थात् 'संसारका एकमात्र चक्षुका रूपमा रहनुभएका संसारको सृष्टि, पालन र संहार गर्नुहुने, ऋग्, यजु एवं सामस्वरूप, तमोगुणको अधिकमात्रा लिएर शङ्करका रूपमा, रजोगुणको अधिकमात्रा लिएर ब्रह्माको रूपमा र सत्त्वगुणको अधिकमात्रा लिएर नारायणका रूपमा प्रकट हुनुहुने सविता अर्थात् भगवान् सूर्यलाई प्रणाम गर्दछु ।' यस्तो अर्थ प्रकट गर्ने उक्त श्लोकद्वारा उपस्थान गरेपछि स्नान गरेर आफ्ना जङ्घाहरूको प्रक्षालन गर्दै '**ॐ ब्रह्म, इदं सर्वं ॐ ब्रह्म**' यो सब ब्रह्म हो, ॐकार ब्रह्मको वाचक हो, जुन वेद छ त्यो पनि ब्रह्म हो, रक्षाकर्म पनि ब्रह्म हो, जुन यहाँ प्रकाशित भइरहेको छ त्यो ज्योतिको स्वरूप पनि ब्रह्म हो । त्यही नै जान्न योग्य छ ।' यस्तो अर्थ लाग्ने मूलमा बताइएको मन्त्र जपेर ८००० सङ्ख्यामा गायत्रीजप गर्नुपर्दछ ।

यतिधर्माः

अथ यतिधर्माः – प्रातरुत्थाय 'ब्रह्मणस्पते' इति जपित्वा दण्डादीनि मृदं च निधाय मूत्रपुरीषयोर्गृहस्थचतुर्गुणं शौचं कृत्वाऽऽचम्य पर्वद्वादशीवर्जं प्रणवेन दन्तधावनं कृत्वा तेनैव मृदा बहिः कटिं प्रक्षाल्य जलतर्पणवर्जं स्नात्वा पुनर्जङ्घे प्रक्षाल्य वस्त्रादीनि गृहीत्वा प्रणवेन मार्जनान्तं कृत्वा केशवादिनमोन्तनामभिस्तर्पयित्वा ॐ भूस्तर्पयामीत्यादिव्यस्तसमस्त–व्याहृतिभिर्महर्जनस्तर्पयामीति तर्पयेत । ॐ भूः स्वाहेति स्वाहाशब्दान्तैः स्वधाशब्दान्तैश्चैभिरेव पुनस्तर्पयेदिति केचित् ।

यतिधर्म

अब यतिहरूको धर्म वा कर्तव्यको विषयमा निरूपण गरिन्छ । यस विषयमा संन्यासोपनिषद्मा यतिहरूले गर्नुपर्ने कृत्य र त्याग्नुपर्ने अकृत्यको विषयमा राम्ररी निर्वचन गरिएको छ । विशेष जान्न चाहने जिज्ञासुले संन्यासोपनिषद्को अवलोकन गर्नुपर्दछ । यहाँ सङ्क्षेपमा मात्र बताइन्छ । प्रातःकालमा उठेपछि – **ब्रह्मणस्पते त्वमस्य यन्ता सूक्तस्य बोधितनयं च जिन्व । विश्वं तद्भद्रं यदवन्ति देवा बृहद् वदेम विदथे सुवीराः ।।** (यजु. ३४/५८)

यो मन्त्र जपेर दण्ड आदि र चोख्याउन ल्याएको माटोलाई भुईंमा राखी मल–मूत्र त्याग गरेपछि गृहस्थले भन्दा चारगुणा पवित्रता गरी पर्व र द्वादशीतिथि छाडेर अरू तिथिमा प्रणवमन्त्रले दन्तधावन गर्नुपर्दछ । प्रणवमन्त्रद्वारा नै माटो हातमा लिएर शरीरको बाहिरी कटिभागलाई राम्ररी पखाली जलतर्पणविना स्नान गरेपछि फेरि आफ्ना जंघाहरूलाई पूर्ववत् प्रक्षालन गर्नुपर्दछ। यसरी दोस्रो पटक स्नान गरेपछि संन्याससमुचित वस्त्र ग्रहण गरी मार्जन गरेर '**केशवाय नमः, नारायणाय नमः, माधवाय नमः, गोविन्दाय नमः, विष्णवे नमः, मधुसूदनाय नमः, त्रिविक्रमाय नमः, वामनाय नमः, श्रीधराय नमः, हृषीकेशाय नमः, पद्मनाभाय नमः, दामोदराय नमः**' यी नामहरूद्वारा तर्पण दिएर **ॐ भूस्तर्पयामि** इत्यादि व्यस्त र समस्त व्याहृतिहरूमा **महर्जनस्तर्पयामि** वाक्य थपेर तर्पण दिनुपर्दछ । **ॐ भूः स्वाहा** यस मन्त्रमा रहेको **स्वाहाशब्दको** अन्तमा र **स्वधाको** अन्तमा फेरि यिनै मन्त्र दोहोऱ्याएर तर्पण दिनुपर्दछ भन्ने कुरा कसैले बताएका छन् ।

तत आचम्याञ्जलिना प्रणवेन जलमादाय व्याहृतिभिरुद्धृत्य गायत्र्या त्रिःक्षिप्त्वा गायत्रीं जपेत् । उदिते सूर्ये प्रणवेन व्याहृतिभिर्वार्घ्यं त्रिर्दत्त्वा 'मित्रस्य चर्षणी' इत्याद्यैः पूर्वोक्तसौरीभिः, 'इदं विष्णुः' 'त्रिदेवो' 'ब्रह्म जज्ञानम्' इति चोपस्थाय सर्वभूतेभ्यो नम इति प्रदक्षिणामावर्तते । ततो नत्वा ॐ आदित्याय विद्महे सहस्राक्षाय धीमहि । तन्नः सूर्यः प्रचोदयात् ।। इति त्रिर्जपेत् । एवं त्रिकालं विष्णुपूजां ब्रह्मयज्ञं च कुर्यात् ।

तर्पण गरेपछि आचमन गरेर अञ्जुलिमा ॐकार उच्चारणपूर्वक जलधारण गरेर र व्याहृति उच्चारण गर्दै त्यो जललाई औंलाहरूले उद्धरण गरी गायत्रीमन्त्रद्वारा तीनपटक भुईंमा प्रक्षेपण गर्नुपर्दछ । त्यसपछि गायत्रीजप गर्नुपर्दछ । सूर्य उदाएपछि प्रणव या व्याहृतिमन्त्र उच्चारण गर्दै तीनपटक सूर्यलाई अर्घ्य दिएर '**मित्रस्य चर्षणीधृतोऽवो देवस्य सानसि । द्युम्नं चित्रश्रवस्तमम् । अभि नो महिना दिवं मित्रो बभूव स प्रथाः । अभि श्रवोभिः पृथिवीम् ।। मित्राय पञ्च येमिरे जना अभिष्टिशवसे । स देवान् विश्वान् बिभर्ति ।। मित्रो देवेष्वायुषु जनाय वृक्तबर्हिषे । इष इष्टव्रता अकः ।।**' (ऋ. ३/५९/६-९) यी ऋचा, '**इदं विष्णुर्वि चक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।**' (ऋ. १/२२/१७), '**त्रिर्देवः पृथिवीमेष एतां वि चक्रमे शतर्चसं महित्वा । प्र विष्णुरस्तु तवसस्तवीयान् त्वेषं ह्यस्य स्थविरस्य नाम ।।**' (ऋ. ७/१००/३) '**ब्रह्म जज्ञानं प्रथमं पुरस्तात् । वि सीमतः सुरुचो वेन आवः । स बुध्निया उपमा अस्य विष्ठाः । सतश्च योनिमसतश्च विवः ।।**' (तै.ब्रा. २/८) यी सूर्यसम्बन्धी मन्त्रद्वारा सूर्यको उपस्थान गरी सर्वभूतेभ्यो नमः यस मन्त्रले प्रदक्षिणा गर्नुपर्दछ । त्यसपछि प्रणाम गरेर '**नारायणाय विद्महे वासुदेवाय धीमहि । तन्नो विष्णुः प्रचोदयात् ।। वागीश्वराय विद्महे हयग्रीवाय धीमहि । तन्नो हंसः प्रचोदयात् ।। वज्रनखाय विद्महे तीक्ष्णदंष्ट्राय धीमहि । तन्नो नृसिंहः प्रचोदयात् ।। सुदर्शनाय विद्महे हेतिराजाय धीमहि । तन्नश्चक्रः प्रचोदयात् ।। दामोदराय विद्महे वासुदेवाय धीमहि । तन्नः कृष्णः प्रचोदयात् ।। दाशरथाय विद्महे सीतावल्लभाय धीमहि । तन्नो रामः प्रचोदयात् ।।**' (त्रिपाद्विभूतिनारायणोपनिषद्) यी मन्त्र र '**ॐ आदित्याय विद्महे सहस्राक्षाय धीमहि । तन्नः सूर्यः प्रचोदयात् ।।**' यो मन्त्रहरूलाई तीनपटक जप्नुपर्दछ । यसै रीतिले प्रातः, मध्याह्न र सायंकालमा विष्णुपूजा र ब्रह्मयज्ञ गरिरहनुपर्दछ ।

भिक्षा

अथ भिक्षा – **विधूमे सन्नमुसले व्यङ्गारे भुक्तवर्जने । कालेऽपराह्णे भूयिष्ठे नित्यं भिक्षां यतिश्चरेत् ।।** इत्युक्ते काले 'उदयम्' इति चतसृभिरादित्यमुपस्थाय तेनैक्यं ध्यात्वा 'आ कृष्णेन' इति प्रदक्षिणं कृत्वा 'ये ते थानः' इति जप्त्वा –

योऽसौ विष्ण्वाख्य आदित्य पुरुषोऽन्तर्हृदि स्थितः । सोऽहं नारायणो देव इति ध्यात्वा प्रणम्य तम् ।।

त्रिदण्डं दक्षिणे त्वङ्गे ततः सन्धाय बाहुना । पात्रं वामकरे क्षिप्त्वा श्लेषयेद्दक्षिणेन तु ।।

इति बौधायनोक्तदिशा त्रीन्पञ्च सप्त वा गृहान् गत्वा भवत्पूर्वां भिक्षां याचित्वा 'पूर्णमसि पूर्णं मे भूयाः' इत्यागत्य शुचिरन्नं प्रोक्ष्य ॐ भूः स्वधा नम इत्यादिव्यस्तसमस्तव्याहृतिभिः सूर्यादिदेवेभ्यो भूतेभ्यश्च भूमौ क्षिप्त्वा भुक्त्वा प्रणवेन षोडशप्राणायामान्कुर्यादिति संक्षेपः । गौतमव्याख्यायां भृगुः –

यतिहस्ते जलं दत्त्वा भैक्ष्यं दद्यात्पुनर्जलम् । भैक्ष्यं पर्वतमात्रं स्यात्तज्जलं सागरोपमम् ।।

अत्र सर्वत्र मूलं माधवापरार्कमदनरत्नस्मृत्यर्थसारादौ ज्ञेयम् ।

भिक्षा

अब भिक्षाको विषयमा विचार गरिन्छ – जुन समयमा अग्निमा धुवाँ हुँदैन, ढिकीका मुसलको स्वर सुनिँदैन, अँगार देखिँदैन र सबै मानिसहरूले भोजन गरिसकेका हुन्छन् त्यस्तो अपराह्नसमयमा दिनदिनै संन्यासीले भिक्षाका लागि घर–घरमा जाने काम गर्नुपर्दछ । माथि बताइएको समयमा '**ॐ उद् वयं तमसस्परि ज्योतिष्पश्यन्त उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ।। उद्यन्नद्य मित्रमह आरोहन्नुत्तरां दिवम् । हृद्रोगं मम सूर्य हरिमाणं च नाशय ।। शुक्रेषु मे हरिमाणं रोपणाकासु दध्मसि । अथो हरिद्रवेषु मे हरिमाणं नि दध्मसि ।। उदगादयमादित्यो विश्वेन सहसा सह । द्विषन्तं मह्यं रन्धयन् भो अहं द्विषते रधम् ।।**' (ऋ. १/५०/१०–१३) यी चारऋचाद्वारा सूर्यको उपस्थान गरी सूर्यका साथ आफ्नो एकताको ध्यान गर्दै '**आ कृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यं च । हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ।।**' (ऋ. १/३६/२) मन्त्रद्वारा सूर्यको परिक्रमा गर्नुपर्दछ । त्यसपछि '**ये ते पन्थाः सवितः पूर्व्यासोऽरेणवः सुकृता अन्तरिक्षे । तेभिर्नो अद्य पथिभिः सुगेभी रक्षा च नो अधि च ब्रूहि देव ।।**' (यजु. ३४/२७) यो मन्त्रजप गरी जुन विष्णुनामक आदित्यपुरुष सूर्यमण्डलको हृदयमा विराजमान हुनुहुन्छ, उहाँ म नै हुँ भन्ने चिन्तन गर्दै ध्यान गरेर नारायणदेवलाई प्रणाम गर्नुपर्दछ । त्यसपछि आफ्नो दायाँअङ्गमा त्रिदण्ड राखी बाहुले समातेर बायाँहातमा भिक्षापात्र लिईकन दायाँहातले स्पर्श गर्नुपर्दछ । यो कुरा **बौधायन**ले बताएका हुन् । उनैले बताएअनुसार त्यसपछि तीन, पाँच अथवा सातघरहरूमा गई भवत्शब्दपूर्वक अथवा '**भवती भिक्षां मे देहि**' यसरी भिक्षा मागेर '**पूर्णमसि पूर्णं मे भूयाः**' यस मन्त्रले पवित्र अग्निमा प्रोक्षण गरेर अर्थात् छिटेर '**ॐ भूः स्वधा नमः**' इत्यादि समस्त–सामूहिक र व्यस्त– छुट्टाछुट्टै व्याहृतिहरूद्वारा सूर्यादि देवता र भूत–प्राणीहरूका लागि भूमिमा अन्न छिटेपछि भोजन गर्नुपर्दछ। भोजनउप्रान्त ॐकार उच्चारण गर्दै १६ पटक प्राणायाम गर्नुपर्दछ । यही भिक्षाको सङ्क्षिप्त विधि हो ।

गौतमव्याख्यामा **भृगु**ले भनेका छन् – भिक्षा दिने मानिसले सर्वप्रथम संन्यासीको हातमा जल टक्र्याएर भिक्षा दिएपछि फेरि जल टक्र्याउनुपर्दछ । यसरी दिइने भिक्षा पर्वतसमान हुन्छ भने जल सागरसमान हुन्छ । **माधव**, **अपरार्क**, **मदनरत्न**, **स्मृत्यर्थसार** आदि ग्रन्थहरूबाट यस विषयको विशेष विवरण जान्नुपर्दछ ।

यतेर्ग्रामादौ वासदिनानि

कण्वः – **एकरात्रं वसेद् ग्रामे नगरे पञ्चरात्रकम् । वर्षाभ्योऽन्यत्र वर्षासु मासाँस्तु चतुरो वसेत् ।।**

जाबालश्रुतौ – '**शून्यागारदेवगृहतृणकुटीवल्मीकवृक्षमूलकुलालशालाग्निहोत्रगृहनदीपुलिनगिरिकुहरनिर्झरस्थण्डिलेष्वनिकेतनः**' इति । मात्स्ये –

अष्टौ मासान् विहारः स्याद्यतानां संयतात्मनाम् । एकत्र चतुरो मासान् वार्षिकान् निवसेत्पुनः ।।

अविमुक्ते प्रविष्टानां विहारस्तु न विद्यते ।

अत्रिः – **भिक्षाटनं जपं स्नानं ध्यानं शौचं सुरार्चनम् । कर्तव्यानि षडेतानि सर्वथा नृपदण्डवत् ।।**

यतिको गाउँ आदिमा बसाइ गर्ने नियम

कण्वले भनेका छन् – संन्यासी एकरात गाउँमा र पाँचरात नगरमा बस्न सक्दछन् । वर्षा ऋतुमा भने यो नियम लागु हुँदैन । उनीहरू चारमहिनासम्म एकै ठाउँमा बस्न सक्छन् । **जाबालश्रुति**मा भनिएको छ – संन्यासीले घर नबनाईकन अथवा गृहरहित भई शून्य घर, देवमन्दिर, बाबियो खर आदिको छाप्रो, धमिराले माटो उठाएको ठाउँ, ठूलो

रूखको फेद, कुम्हालेको माटोका भाडा बनाउने ठाउँ, अग्निहोत्रीको घर, नदीको तट, पर्वतको गुफा, झरना नजिकको जमिन र वेदी यद्वा मण्डपमा बस्नुपर्दछ । कहिल्यै पनि आफ्ना निमित्त घर तयार गर्न हुँदैन ।

मत्स्यपुराणमा भनिएको छ कि – आत्मालाई आफ्नो अधीनमा राखेका र स्थिर स्वभावका संन्यासीहरू वर्षको आठमहिना घुमन्ते बनी संसारमा डुल्नु पर्दछ । वर्षाऋतुका चारमहिना जहाँ रहे पनि एकै ठाउँमा रहनुपर्दछ । तर काशीप्रदेशमा प्रवेश गरेका संन्यासीहरूलाई भने आठमहिना भ्रमण गर्नुपर्ने नियम लाग्दैन । **अत्रि** भन्दछन् – गृहस्थले राजाज्ञा पालन गरेझैं संन्यासीले भिक्षाटन, जप, स्नान, ध्यान, शौच र देवार्चनजस्ता कर्मको पालन गर्नुपर्दछ ।

यतेः पतनकारणम्

मञ्चकं शुक्लवस्त्रं च स्त्रीकथा लौल्यमेव च । दिवास्वापश्च यानञ्च यतीनां पतनानि षट् ।।

संन्यासीको पतनका कारण

खाटमा बस्नु, सेता वस्त्र लगाउनु, सुन्दरीहरूका कुरा गर्नु, चञ्चलता देखाउनु, दिनमा शयन गर्नु र सवारी साधनमा भ्रमण गर्नुजस्ता कार्यहरूबाट संन्यासीहरूको पतन हुन्छ ।

यतेर्बन्धकराणि षट्

आसनं पात्रलोभश्च सञ्चयः शिष्यसंग्रहः । दिवास्वापो वृथाजल्पो यतेर्बन्धकराणि षट् ।।

दक्षः – **नाध्येतव्यं न वक्तव्यं न श्रोतव्यं कदाचन ।**

संन्यासीहरूका बन्धन

आसन एवं पात्रमा लोभ, धन, गृह र सम्पत्तिको सञ्चय, शिष्यहरूको संग्रह, दिनमा शयन, निरर्थक वार्तालाप जस्ता विषयले संन्यासीलाई संसारको बन्धनभित्र जेल्ने काम गर्दछन् । दक्षले भनेका छन् – संन्यासीले ग्रन्थहरूको अध्ययन गर्नु हुँदैन, मौनधारण गर्नुपर्दछ र अनावश्यक सांसारिक कुराकानी श्रवण गर्नु हुँदैन ।

यतिपात्राणि

यतिपात्राणि मृद्वेणुदार्वलाबुमयानि च ।

संन्यासीका पात्र

संन्यासीले माटो, बाँस, काठ र लौकीद्वारा तयार गरिएका पात्रहरू ग्रहण गर्नुपर्दछ ।

यतेर्निषिद्धभिक्षा

मदनरत्ने अत्रिः – **पित्रर्थं कल्पितं पूर्वमन्नं देवादिकारणात् । वर्जयेत्तादृशीं भिक्षां परबाधाकरीं तथा ।।**

संन्यासीका लागि निषिद्ध भिक्षा

मदनरत्नमा अत्रिले भनेका छन् कि – कुनै घरमा जाँदा पितृ र देवताका लागि निर्माण गरिएको अन्न भिक्षाको रूपमा प्रदान गरिन्छ भने त्यस्तो अन्न संन्यासीले ग्रहण गर्न हुँदैन र अरूलाई बाधा पर्ने भिक्षा पनि ग्रहण गर्नु हुँदैन ।

यतेर्निषिद्धकर्माणि

बृहस्पतिः – **न तीर्थवासी नित्यं स्यान्नोपवासपरो यतिः। न चाध्ययनशीलः स्यान्न व्याख्यानपरो भवेत्।।**

एतद्वेदार्थभिन्नपरम् । अत्रिः –

स्नानं सुरार्चनं ध्यानं प्राणायामो बलिः स्तुतिः । भिक्षाटनं जपः सन्ध्यां त्यागः कर्मफलस्य च ।।

एते यतिधर्मा इत्यर्थः । अन्येऽपि माधवमिताक्षरादौ ज्ञेयाः ।

संन्यासीका निषिद्धकर्म

बृहस्पतिले भनेका छन् – 'संन्यासीहरूले तीर्थमा बसिरहन हुँदैन, कुनै देवताको उपवासमा लिप्त हुनुहुँदैन, कुनै ग्रन्थको अध्ययनमा लागिरहन हुँदैन र कुनै विषयको व्याख्यामा पनि रुचि देखाउन हुँदैन ।' यस विषयमा **ग्रन्थकार** भन्दछन् – संन्यासीले व्याख्या गर्न हुँदैन भन्नुको आशय 'वेददेखि भिन्न अन्य विद्याको व्याख्यान गर्न हुँदैन' भन्ने हो ।

अत्रि भन्दछन् – 'स्नान, देवार्चन, ध्यान, प्राणायाम, देवबलि, स्तुति, भिक्षाटन, जप, सन्ध्या र कर्मफलको त्यागबाट नै संन्यासी सफल हुन्छन् ।' उक्त कर्म नै संन्यासीका धर्म पनि हुन् । यीभन्दा बाहेक अरू विषय **माधवीय** र **मिताक्षराबाट** जान्नुपर्दछ ।

यतेः पुत्रादिमरणे विचारः

यतिधर्मसमुच्चये – **न स्नानमाचरेद्भिक्षुः पुत्रादिनिधने श्रुते । पितृमातृक्षयं श्रुत्वा स्नात्वा शुध्यति साम्बरः।।**

संन्यासीका माता-पिताको मृत्युमा विचार

यतिधर्मसमुच्चयमा भनिएको छ – संन्यासीले पुत्र, पौत्र, भतीजा इत्यादिहरूको मृत्युको खबर सुनेपछि स्नान गर्न हुँदैन । माता–पिताको मृत्युको खबर सुनेपछि सचैल स्नान गर्दा त्यो शुद्ध हुन्छ ।

यतिसंस्कारः

अथ यतिसंस्कारः । स्मृत्यर्थसारे –

संन्यसेद् ब्रह्मचर्याद्वा संन्यसेच्च गृहादपि । वनाद्वा प्रव्रजेद्विद्वानातुरो वाऽथ दुःखितः ।।

संन्यासीहरूको संस्कार

संन्यासीहरूको संस्कारको विषयमा चर्चा गरिन्छ । विद्वान् व्यक्तिले ब्रह्मचर्य आश्रमदेखि नै संन्यासग्रहण गर्नुपर्दछ गृहस्थजीवनमा प्रवेश गरेको भए गृहस्थाश्रमबाट पनि सोझै संन्यास आश्रममा प्रवेश गर्न सकिन्छ । सांसारिक प्रपञ्चमा फसेर रोग, भय आदिबाट आकुल–व्याकुल, निराश एवं दुःखी भएपछि मानिसले संन्यास ग्रहण गरी शान्तिलाभ गर्नुपर्दछ।

आतुरसंन्यासे विचारः

आतुराणां च संन्यासे न विधिर्नैव च क्रिया । प्रैषमात्रं च संन्यास आतुराणां विधीयते ।।

उत्पन्ने संकटे घोरे चौरव्याघ्रादिगोचरे । भवभीतस्य संन्यासमङ्गिरा मनुरब्रवीत् ।।

यद्यातुरः स्यान्मनसा वाचा वा संन्यसेद् द्विजः' इति जाबालश्रुतिः ।

संन्यस्तोऽहमिति ब्रूयात्सवनेषु त्रिषु क्रमात् । त्रिवारं च त्रिलोकात्मा शुभाशुभसुधाद्रवे ।।

यत्किञ्चिद् बाधकं कर्म कृतमज्ञानतो मया । प्रमादालस्यदोषाद्यत्तत्तत्संन्त्यक्तवानहम् ।।

पद्भ्यां कराभ्यां विहरन्नाहं वाक्कायमानसैः । करिष्ये प्राणिनां हिंसां प्राणिनः सन्तु निर्भयाः ।।

इत्यातुरस्य स्वशक्त्याऽवस्थानुरूपमङ्गलभूतप्रैषोच्चारणादियथाशास्त्रं मनसा वाचा वा कुर्वतस्तावतैव कृच्छ्रचान्द्रायण-नान्दीश्राद्धनखकृन्तनादीनि कृत्वा संन्यासपूर्तिरिति प्रतीयते ।

आतुरसंन्यासको विषयमा विचार

आतुरहरूको संन्यासमा न त कुनै विधि हुन्छ, न त कुनै क्रिया । उनीहरूले त प्रैषशब्दशब्दको उच्चारण गरेपछि संन्यासी हुन पाउँछन् । प्रैषशब्दको उच्चारणको तात्पर्य '**ॐ भूः संन्यस्तं मया**' भन्ने सङ्कल्प नै हो । चोर, बाघ आदिको भयङ्कर संकट उत्पन्न भएको अवस्थामा पुगेका र संसारदेखि डराएका मानिसहरूले पनि संन्यासग्रहण गर्नुपर्दछ भन्ने कुरा अङ्गिरा र मनुले बताएका छन् ।

जाबालश्रुतिमा भनिएको छ कि – ब्राह्मणलाई आपत्ति वा सङ्कट परेमा उसले मन र वाणीबाट मैले त्याग गरें भनी सङ्कल्प गरोस्, ऊ संन्यासी बन्दछ । आतुरहरूको संन्यासमा न त कुनै विधि हुन्छ, न त कुनै क्रिया, प्रैषशब्दको उच्चारण गरेपछि उनीहरूले संन्यास ग्रहण गर्न सक्दछन् र गुरुहरूले पनि उनीहरूलाई संन्यासी तुल्याउनुपर्दछ । प्रातःसवन, माध्यन्दिनसवन र सायंसवनमा क्रमैले तीनपटक 'म त्रिलोकात्मा यो शुभ र अशुभरूप अमृतप्रवाहमा संन्यासी भएको छु' भन्नुपर्दछ । मैले अज्ञानले आत्माका बाधककर्महरू जुन गरें अथवा प्रमादबाट मैले संसारका साधक कर्महरू गरें अथवा आलस्यले मैले उत्तमकर्महरू गर्न सकिन, ती गरेका वा नगरेका सम्पूर्ण कर्महरूको म त्याग गर्दछु भन्नुपर्दछ । अबदेखि मैले हात-खुट्टाद्वारा संसारमा विचरण गर्दै वाणी, शरीर र मनद्वारा प्राणीहरूको हिंसा गर्ने छैन । अब उप्रान्त कुनै पनि प्राणीले मसँग डराउनु पर्दैन भनी प्रतिज्ञा गर्नुपर्दछ । यसरी आतुरले आफ्नो शक्ति र अवस्थाअनुरूप मङ्गलमय प्रैषको अथवा प्रतिज्ञावाक्यको उच्चारण आदि कृत्य शास्त्रानुसार मन, वचन, कर्मले सम्पन्न गर्नुपर्दछ । कृच्छ्रचान्द्रायण, नान्दीश्राद्ध, नङ आदि काट्ने कार्यजस्ता आवश्यक कर्म सम्पन्न गरेपछि संन्यास लिँदा त्यो संन्यासी पूर्णसंन्यासी बन्दछ।

संन्यासग्रहणे फलकथनम्

अङ्गिराः – **षष्टिः कुलान्यतीतानि षष्टीनामधिकानि च । कुलान्युद्धरते प्राज्ञः संन्यस्तमिति यो वदेत् ।।**

विष्णुः – **एकरात्रोषितस्यापि यतेर्या गतिरुच्यते । न सा शक्या गृहस्थेन आतुरोऽपि च संन्यसेत्।।**

संन्यस्तमिति यो ब्रूयात्प्राणैः कण्ठगतैरपि । न तत्क्रतुशतैः पुण्यं प्राप्तुं शक्नोति मानवः ।।

मनुः – **यो दत्त्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात् । तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः।।**

अथ श्रौतातुरस्य विलम्बितस्य – '**प्रैषमात्रं समुच्चार्य संन्यासं तत्र पूजयेत्**' इति । अत्र प्रैषमात्रत्वोप-सम्भवादङ्गकलापाव्यापकत्वेनाप्युपपत्तौ कर्तुर्यागत्यागकलापव्यावृत्तस्यैकत्वानुपपत्तेः कृच्छ्रनान्दीश्राद्धविरजाहोमादि-कर्तुमशक्तस्यातुरस्य विद्यमानाग्नेरिष्टदेवतायै पूर्णाहुतिं हुत्वा '**असौ स्वर्गाय लोकाय स्वाहा**' इति आहवनीये दारुमयानि पात्राणि प्रज्वाल्य मृन्मयान्यप्सु प्रक्षिप्य समाप्तिं च '**मरुत**' इत्युपस्थाय '**या ते अग्ने**' इत्यनेन हस्तं प्रताप्य आत्मन्यग्निं समारोप्य सर्वप्रायश्चित्तपूर्वकं सप्तपञ्चकेशान् विसृज्य वापयित्वा यथाविधि स्नात्वा आतुरसंन्यासं कुर्यात् ।

संन्यासग्रहणको फल

अङ्गिराले भनेका छन् कि – जसले मैले बुद्धिपूर्वक संन्यास लिएको छु भनी सङ्कल्पवाक्य उच्चारण गर्दै संन्यासधर्ममा प्रवेश गर्दछ त्यसका अतीतका ६० कुल र आगामी ६० भन्दा अधिक कुलको उद्धार हुन्छ ।

विष्णुले भनेका छन् – एकरात उपवास बस्नाले संन्यासीले जुन गति प्राप्त गर्दछ त्यो गति गृहस्थले कहिले पनि प्राप्त गर्न सक्दैन । त्यसकारण आधि-व्याधिले ग्रस्त भएपछि मानिसले संन्यासग्रहण गर्नुपर्दछ । जसले आफ्ना प्राणहरू घाँटी-घाँटीमा आइसकेपछि 'मैले संन्यास ग्रहण गरें' भनी प्रतिज्ञावाक्य उच्चारण गर्दछ त्यसले पाउने गति सय पुण्य यज्ञ गर्दा पनि गृहस्थले प्राप्त गर्न सक्दैन । **मनु** भन्दछन् – जुन ब्रह्मवादी मानिस स्थावर-जङ्गम सबैलाई अभयदान गर्दै गृहस्थाश्रम छाडेर संन्यास आश्रममा प्रवेश गर्दछ त्यसले शरीरत्याग गरेपछि तेजोमय लोक प्राप्त गर्दछ । यसैगरी आतुर श्रौताधानी अर्थात् अग्निहोत्रीले मृत्युमा विलम्ब हुँदा **प्रैषशब्दको** उच्चारण गर्नुपर्दछ अर्थात् संन्यास लिने सङ्कल्पवाक्य बोल्नुपर्दछ । त्यसपछि संन्यासधर्मको पालन गर्नुपर्दछ ।

माथि बताइएको सूत्रात्मक वाक्यको व्याख्या गर्दै ग्रन्थकार भन्दछन् – आतुर अवस्थामा रहेको सम्पूर्ण विधि पुऱ्याउन नसक्ने तर संन्यास लिन चाहने व्यक्तिले '**ॐ संन्यस्तं मया**' भन्ने प्रैष – प्रतिज्ञावाक्य उच्चारण गर्दा सम्पूर्ण कर्म गर्नुपर्दैन र त्यसले गर्नुपर्ने कर्मको उपसंहार- समाप्ति हुन्छ । त्यसबाट संन्यासधर्म लिँदा गर्नुपर्ने जे-जति विधि-विधानका अङ्ग छन् ती सबै सूक्ष्मरूपमा गरिएको प्रतीति हुन्छ अर्थात् प्रैषको उच्चारणबाट आपत्ति अवस्थाका कारण नगरिएका विधि-विधान पनि अव्यापकरूपमा गरिएसमान हुन्छन् । तर आतुर अग्निहोत्री कर्ता याग र दानजस्ता गर्नुपर्ने क्रियाकलाप सम्पन्न गर्न समर्थ नहुँदा तिनले कृच्छ्र, नान्दीश्राद्ध, विरजाहोम पनि गर्न सक्दैनन् । त्यसकारण पूर्ण विधिविधान गरेर संन्यासधर्ममा दीक्षित हुने संन्यासीको कोटिमा पुग्न असमर्थ हुन्छन् र त्यस्ता संन्यासीहरूसँग एकरूपता प्राप्त गर्न पनि सक्दैनन् । यस्तो स्थितिमा तिनले सम्पूर्ण दोष र अल्पता-कमी-कमजोरी निराकरण गर्न पूर्णाहुति होम गर्नुपर्दछ । त्यसपछि –'**अस्मात्त्वमधि जातोऽसि त्वदयञ्जायतां पुनः । असौ स्वर्गाय लोकाय स्वाहा ।।**' (यजु. ३५/२२) यो मन्त्रद्वारा आवहनीय कुण्डमा काठका पात्रहरू जलाउनुपर्दछ र माटाका पात्रहरूलाई जलमा सेलाउनु पर्दछ । कर्मको समाप्तिकालमा '**मरुतो यस्य हि क्षये पाथादिवो विमहसः । स सुगोपातमोचनः ।।**' (यजु. ८/३१) यस मन्त्रद्वारा अग्निको उपस्थान गरेर – '**या तेऽअग्ने यः शया तनूर्वर्षिष्ठा गह्वरेष्ठा । उग्रं वचोऽअपावधीत्त्वेषं वचोऽ-अपावधीत्स्वाहा । या तेऽअग्ने रजः शवा तनूर्वर्षिष्ठा गह्वरेष्ठाः । उग्रं वचोऽअपावधीत्त्वेषं वचोऽअपावधीत्स्वाहा ।। या तेऽअग्ने हरिशया तनूर्वर्षिष्ठा गह्वरेष्ठा । उग्रं वचोऽअपावधीत्त्वेषं वचोऽअपावधीत्स्वाहा ।।**' (यजु. ५/८) '**या ते अग्ने यज्ञिया स्तनूस्तयेह्यारोहाऽऽत्मानम् । अच्छा वसूनि कृण्वन्नस्मे नर्या पुरूणि । यतो भूत्वा यज्ञमासीदत्वां योनिम् । जातवेदो भुव आजायमानः सक्षय एहि ।।**' (तै.ब्रा. २/५/८/२०) यी मन्त्रद्वारा अग्निमा हात तपाउनुपर्दछ । त्यसपछि आत्मामा अग्निको समारोप गरी सम्पूर्ण प्रायश्चित्त सम्पन्न गर्दै आफ्नो शिरमा रहेका सात वा पाँचवटा रौं छाडी अरू सबै रौंलाई मुण्डन गराएर यथाविधि स्नान गरी आतुरसंन्यास ग्रहण गर्नुपर्दछ ।

आतुरसंन्यासविधिः

अथातुरसंन्यासविधिः – अपां समीपे गत्वा तिथ्याः स्मरणपूर्वकं स्नानसन्ध्यावन्दनादि कृत्वा देशकालौ सङ्कीर्त्य-ममाशेषदुःखनिवृत्तिनिरतिशयानन्दप्राप्तिपरमपुरुषार्थप्राप्तये च परमहंससंन्यासं करोमीति सङ्कल्पयेत् । तत्र प्रधानानि प्रैषाच्चारप्रणवोपदेशमहावाक्यानि । ततः संन्यासोचितं क्षौरं कृत्वा पूर्ववत्सप्तपञ्चकेशान् विसृज्य स्नात्वाचम्य पात्रेण

तोयमादाय उपस्पृश्य दक्षिणेन पाणिनाऽप्सु जुहोति । एष वोग्नेर्योनिर्यः प्राणं गच्छ स्वाहा – इति प्रथमाहुतिः । आपो वै सर्वा देवताः सर्वाभ्य एवैनं देवताभ्यो जुहोमि स्वाहा – इति द्वितीया ।

ततो हुतशेषं '**आशुः शिशानः०**' इत्यनुवाकेनाभिमन्त्र्य पुत्रैषणा वित्तैषणा लोकैषणा च मया त्यक्ताः स्वाहेति प्रथमां पिबेत् । ॐ भूर्भुवः स्वरोम् मया संन्यस्तं स्वाहेति द्वितीयां पिबेत् । 'अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा' इति तृतीयं पिबेत् ।

ततोऽन्यत्तोयमञ्जलिपूर्णमादाय प्रागादिदिक्षु प्रत्येकं निनयेत् । ॐ भूः सावित्रीं प्रवेशयामि, ॐ भुवः सावित्रीं प्रवेशयामि, ॐ स्वः सावित्रीं प्रवेशामि, ॐ भूर्भुवस्वः सावित्रीं प्रवेशयामि, इति सावित्रीप्रवेशं कृत्वा अथोर्ध्वबाहुः सूर्याभिमुखो भूत्वा ॐ भूः संन्यस्तं मया, ॐ भुवः संन्यस्तं मया, ॐ स्वः संन्यस्तं मया, ॐ भूर्भुवः स्वः सन्यस्तं मयेति प्रैषोच्चारं ब्रूयात् । एवं मन्द्रमध्योच्चैस्त्रिरुक्त्वा तूष्णीं शिखां निकृत्य स्नात्वाचम्य यज्ञोपवीतमुद्धृत्याञ्जलिना गृहीत्वा भूः स्वाहेति अप्सु हुत्वा दिगम्बरो भूत्वा पुत्रैषणावित्तैषणालोकैषणातो मुक्तोऽहमिति ब्रूयात् । अत ऊर्ध्वं न पुत्रगृहं गच्छेत् । मृते च पुरुषसूक्तेन विष्णुबुद्ध्याभिषिञ्चति संस्कारमेव कुर्यात् । एवं विरक्तस्यातुरस्य स्वस्थस्य संन्यासविहिताङ्गेषु यन्मन्त्रानुष्ठाने शक्तिर्यथाविधिस्तदनुष्ठानपूर्वकं प्रधानं प्रैषोच्चारणमात्रं मत्वा संन्यासयुक्तिरिति श्रवणात् । तदुत्तरकालमेव मृतस्योपदेशविकलस्यापि खननसंस्कारमेव कुर्यात् । जीवतश्चेच्छिखां यज्ञोपवीतं च नित्यक्रियाविधिवद्विसृज्य दण्डकाषायवस्त्रादीनि चाऽऽदाय यतिधर्मनिवानुतिष्ठेत् । सद्गुरुमन्विष्य तदुपदेशं गृहीत्वा स्वधर्मनिष्ठो भवेत् । अयमर्थो विद्वत्सम्मतः प्रयोक्तव्यः । इत्यातुरसन्यासः) ।

आतुरसंन्यासविधि

अब आतुरसंन्यासविधिको विषयमा चर्चा गरिन्छ । संसारदेखि आतुर भएको व्यक्तिले जलको समीपमा गई त्यस दिनको तिथिको सम्झना गर्दै स्नान, सन्ध्यावन्दन आदि कार्य गरेर देश–कालको उच्चारणपूर्वक मेरा सम्पूर्ण दुःखनिवृत्तिका लागि, अनुपम आनन्द प्राप्त गर्नको लागि र परमपुरुषार्थ प्राप्त गर्नको लागि म परमहंस संन्यास धारण गर्दछु भन्ने आशय बुझाउने '**ममाशेषदुःखनिवृत्तिनिरतिशयानन्दप्राप्तिपरमपुरुषार्थप्राप्तये च परमहंससंन्यासं करोमि**' यस्तो सङ्कल्प गर्नुपर्दछ । त्यसपछि गुरुले प्रधान प्रैषशब्दको उच्चारण, प्रणवको उपदेश र महावाक्यहरूको अर्थसहित उपदेश गर्नुपर्दछ। तदनन्तर संन्यासधर्मोचित मुण्डनभन्दा पहिले कपालका सात वा पाँचकेश छाडी मुण्डन गर्नुपर्दछ । मुण्डनपछि स्नान गरेर पात्रद्वारा जलग्रहण गरी जलस्पर्श गर्नुपर्दछ । तदनन्तर दायाँ हातद्वारा जलमा हवन गर्नुपर्दछ । हवन गर्दा हातमा पात्रस्थ जल लिएर स्पर्श गरी दायाँ हातले '**एष वोग्नेर्योनिर्यः प्राणं गच्छ स्वाहा**' अर्थात् 'यो तपाईंको जुन अग्नि योनिका रूपमा रहेको छ त्यो अग्नि प्राणमा प्राप्त होस्' भनी प्रथम आहुति दिनुपर्दछ । त्यसपछि 'जल नै सम्पूर्ण देवताको रूपमा रहेको छ, म सम्पूर्ण देवताका लागि जलमै हवन गर्दछु' भन्ने अर्थ बुझाउने '**आपो वै सर्वा देवताः सर्वाभ्य एवैनं देवताभ्यो जुहोमि स्वाहा**' यस मन्त्रले दोस्रो आहुति दिनुपर्दछ । त्यसपछि –

आशुः शिशानो वृषभो न भीमो घनाघनः क्षोभणश्चर्षणीनाम् । संक्रन्दनोऽनिमिषेण जिष्णुना युत्कारेण दुश्च्यवनेन धृष्णुना । तदिन्द्रेण जयत तत् सहध्वं युधो नरऽइषुहस्तेन वृष्णा ।। स इषुहस्तैः स निषङ्गिभिर्वशी संस्रष्टा स युध इन्द्रो गणेन । संसृष्टजित् सोमपाबाहुशर्ध्युग्रधन्वा प्रतिहिताभिरस्ता ।। बृहस्पते परि दीया रथेन रक्षोहामित्राँ अपबाधमानः । प्रभञ्जन्त्सेनाः प्रमृणो युधा जयन्नस्माकमेध्यविता रथानाम् ।। बलविज्ञायः स्थविरः

प्रवीरः सहस्वान् वाजी सहमान उग्रः । अभिवीरो अभिसत्वा सहोजा जैत्रमिन्द्र रथमातिष्ठ गोवित् ।। गोत्रमिदं गोविदं वज्रबाहुं जयन्तमज्म प्रमृणन्तमोजसा ।। इमं सजाता अनुवीरयध्वमिन्द्रं सखायो अनु सं रभध्वम् ।। अभि गोत्राणि सहसा गाहमानोऽदयो वीरः शतमन्युरिन्द्रः । दुश्च्यवनपृतनाषाडयुध्यो ३ऽस्माकं सेना त्रवतु प्रयुत्सु ।। इन्द्र आसां नेता बृहस्पतिर्दक्षिणा यज्ञः पुर एतु रोमः । देवसेनानामभिभञ्जतीनां जयन्तीनां मरुतो यन्त्वग्रम् । इन्द्रस्य वृष्णो वरुणस्य राज्ञऽआदित्यानां मरुतां शर्धऽउग्रम् । महामनसां भुवनच्यवानां घोषो देवानां जयतामुदस्थात्। उद्धर्षय मघवन्नायुधान्युत् सत्वनां मामकानां मनांसि । उद्वृत्रहन् वाजिनां वाजिनान्युद्रथानां जयतां यन्तु घोषाः ।। अस्माकमिन्द्रः समृतेषु ध्वजेष्वस्माकं या इषवस्ता जयन्तु । अस्माकं वीरा उत्तरे भवन्त्वस्माँ उ देवा अवता हवेषु ।। अस्माकं चित्तं प्रतिलोभयन्ती गृहाणाङ्गान्यप्वे परेहि । अभिप्रेहि निर्दह हृत्सु शोकैरन्धेनामित्रास्तमसा सचन्ताम् ।। प्रेता जयता नर इन्द्रो वः शर्म यच्छतु । उग्रा वः सन्तु बाहवोऽनाधृष्या यथासथ ।। (ऋ. १०/१०३/१-१३)

यस इन्द्रसूक्तको पाठ गरी हवन गरी बाँकी रहेको जल अभिमन्त्रण गरेर 'मैले पुत्रैषणा, वित्तैषणा र लोकैषणा त्याग गरें' भनी त्यो जल पिउनुपर्दछ । त्यसपछि '**ॐ भूर्भुवः स्वरोम् मया संन्यस्तं स्वाहा**' यस मन्त्रले दोस्रोपटक हुतशेष जल पान गर्नुपर्दछ । फेरि '**अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा**' यस मन्त्रले बाँकी जल तेस्रोपटक पान गर्नुपर्दछ । त्यसपछि अर्को पात्रमा रहेको जल अञ्जुलिमा भरेर पूर्व आदि दिशाहरूमा क्रमशः छर्कनु पर्दछ । '**ॐ भूः सावित्रीं प्रवेशयामि १, ॐ भुवः सावित्रीं प्रवेशयामि २, ॐ स्वः सावित्रीं प्रवेशयामि ३, ॐ भूर्भुवः स्वः सावित्रीं प्रवेशयामि ४** यी चारमन्त्रद्वारा सावित्रीलाई प्रवेश गराएर आफ्ना दुवै भुजा सूर्यको सम्मुखमा फैलाई **ॐ भूः संन्यस्तं मया, ॐ भुवः संन्यस्तं मया, ॐ स्वः संन्यस्तं मया, ॐ भूर्भुवः स्वः संन्यस्तं मया** भन्ने प्रैषवाक्यहरूको उच्चारण गर्नुपर्दछ । प्रैषवाक्यको उच्चारण सर्वप्रथम उपांशुस्वरमा त्यसपछि मध्यमस्वरमा त्यसपछि उच्चस्वरमा गर्नुपर्दछ । त्यसपछि मौन भएर शिखा चूँडाली स्नान एवं आचमन गरेपछि जनै उतारेर अञ्जुलिमा राखी **ॐ भूः स्वाहा** यस मन्त्रले जनैलाई जलमा हवन गर्नुपर्दछ । तदनन्तर वस्त्ररहित भई पुत्रैषणा - पुत्र प्राप्त गर्ने इच्छा, वित्तैषणा - धन-सम्पत्ति आर्जन गर्ने इच्छा र लोकैषणा- लोकमा सुखी, सम्मानित एवं यशस्वी बन्ने इच्छाबाट मुक्त बनुँ भन्ने वाक्य उच्चारण गर्नुपर्दछ । यसरी संन्यासग्रहण गरेपछि संन्यासी कहिल्यै पनि आफ्ना पुत्र-पौत्रहरू बसेको घरमा जानु हुँदैन।

पुत्र-पौत्रादिको मृत्यु भएमा बुद्धिपूर्वक पुरुषसूक्तद्वारा विष्णुको अभिषेक गर्नुपर्दछ अर्थात् यो अभिषेक नै त्यसका निमित्तमा संस्कार बन्दछ । त्यसपछि कुनै दिन त्यो विरक्त आतुर स्वस्थ भएमा संन्यासका लागि निर्धारित गरिएका विधि सम्पन्न गर्न र मन्त्रहरूको अनुष्ठान गर्नसमेत समर्थ भएमा विधिपूर्वक अनुष्ठान गरेर प्रैषको उच्चारण गरी संन्यासका लागि आवश्यक धर्मको श्रवण गर्नुपर्दछ । त्यसपछि विधिवत् नित्यक्रिया त्याग गरी गुरुबाट दण्ड र काषायवस्त्र ग्रहण गरेर संन्यासका धर्मको परिपालन गर्नुपर्दछ । असल गुरुको खोजी गरी तिनका उपदेशलाई ग्रहण गरेर नित्य आफ्नो धर्मपालनमा तत्पर रहनुपर्दछ । संन्यासधर्मको पालन विद्वत्सम्मत हुनुपर्दछ ।

यतेर्मरणे निर्णयः

सर्वसङ्गनिवृत्तस्य ध्यानयोगरतस्य च । न तस्य दहनं कार्यं नाशौचं नोदकक्रिया ।।

संन्यासीको मृत्यु भएमा

ध्यानयोगमा तत्पर र सबै प्रकारका सङ्गतहरूबाट टाढा रहेका संन्यासीको मरण भएमा दाह, आशौच र उदकक्रिया गर्नुपर्दैन ।

कुटीचकादीनां मरणे निर्णयः

तथा – कुटीचकं तु प्रदहेत्पूरयेत्तु बहूदकम् । हंसो जले तु निःक्षेप्यः परहंसं प्रपूरयेत् ।।

पलाशमूले नदीतीरेऽन्यत्र वा गन्धपुष्पालङ्कृतं शवं वाद्यघोषेण नीत्वा दण्डमात्रं व्याहृतिभिः स्नात्वा सप्तव्याहृतिभिस्त्रिःप्रोक्ष्य दर्भानास्तीर्य नवघटे पञ्चरत्नोदकं क्षिप्त्वा 'नारायणः परं ब्रह्म' इत्यभिमन्त्र्य तेनैव संस्नाप्याष्टाक्षरेण वस्त्रगन्धपुष्पधूपदीपान् दत्त्वा 'विष्णो हव्यं रक्षस्व' इति शवं गर्ते निधाय 'इदं विष्णुरिति दक्षिणहस्ते दण्डं 'यदस्य पारे' इति सव्ये शिक्यं 'येन देवाः पवित्रेण' इति मुखे जलं पवित्रं सावित्र्योदरे भिक्षापात्रं 'भूमिः श्वभ्र' इति गुह्ये कमण्डलुं निधाय 'चितिः स्रुक्' इति दशहोत्राभिर्मन्त्रयेदिति विश्वादर्शटीकायां स्मृत्यर्थसारे च ।

कुटीचक आदि संन्यासीहरूको मरणमा निर्णय

कुटीचक, बहूदक, हंस र परमहंस संन्यासीहरूको नाम उल्लेख गरिसकिएको छ । तीमध्ये कुटीचकको मृत्यु भएमा शवदाह गर्नुपर्दछ । बहूदकको मृत्यु भएमा तिनको शवलाई खाडल खनी माटाले पुर्नुपर्दछ । हंस संन्यासीको मृत्यु भएमा तिनलाई जलप्रवाहमा सेलाउनुपर्दछ र परमहंसको मृत्यु भएमा तिनको शवलाई खाडल खनी माटोले पुर्नुपर्दछ । शवलाई गन्ध-पुष्पले अलङ्कृत गरी बाजा-गाजाका साथ पलाशवृक्षको मूलमा अथवा नदीको किनारमा पुऱ्याएर एउटा दण्डको आकारमा खाडल खनी सातव्याहृतिद्वारा तीनपटक शवलाई प्रोक्षण गरेर कुश बिछ्याईकन शवस्थापना गर्नुपर्दछ। त्यसपछि नयाँ गाग्रोमा पञ्चरत्न मिसिएको जल राखेर तल लेखिएका स्तावकमन्त्रको उच्चारण गर्नुपर्दछ –

'नारायणं परं ज्योतिरात्मा नारायणः परः । नारायणः परं ब्रह्म नारायण ! नमोऽस्तु ते ।।
नारायणः परो देवो दाता नारायणः परः । नारायणः परो ध्याता ध्यानं नारायणः परम् ।।
नारायणः परो धर्मो नारायण ! नमोऽस्तु ते । नारायणः परो वैद्यो विद्या नारायणः परा ।।
नारायणः परं दानं विधिर्नारायणः परः । नारायणः परं धाम नारायण ! नमोऽस्तु ते ।।
विश्वं नारायणं साक्षान्नारायण ! नमोऽस्तु ते । नारायणाद् विधिर्जातो जातो नारायणाच्छिवः ।।
जातो नारायणादिन्द्रो नारायण ! नमोऽस्तु ते । रविर्नारायणस्तस्माच्चन्द्रो नारायणो महः ।।
वह्निर्नारायणः साक्षान्नारायण ! नमोऽस्तु ते । नारायण उपास्यः स्याद् गुरुर्नारायणः परः ।।
नारायणः परो बोधो नारायण ! नमोऽस्तु ते । नारायणः फलं मुख्यं सिद्धिर्नारायणः सुखम् ।।
सर्वं नारायणः शुद्धो नारायण ! नमोऽस्तु ते ।।'

यी नारायणका स्तावकमन्त्रहरूले अभिमन्त्रण गरी उक्त कलशको जलले शवलाई स्नान गराएर अष्टाक्षरमन्त्र '**ॐ नमो नारायणाय**' मन्त्रले वस्त्र, गन्ध, पुष्प, धूप, दीपसमेत प्रदान गर्नुपर्दछ । त्यसपछि '**विष्णो हव्यं रक्षस्व**' (यजु. १/४) मन्त्रले खाडलमा शव राखी '**इदं विष्णुर्वि चक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।**' (ऋ. १/२२/१७) मन्त्रले दायाँ हातमा दण्ड, '**यदस्य पारे रजसः शुक्रं ज्योतिरजायत । तं नः पर्षदति द्विषोऽग्ने वैश्वानर स्वाहा ।।**' (तै.सं. ४/२/५/६) मन्त्रले बायाँ भागमा भिक्षापात्र, '**येन देवाः पवित्रेण आत्मानं मनुते सदा । तेन सहस्रधारेण पावमान्यः पुनन्तु मा ।।**' (तै.ब्रा. १/४/८/६) मन्त्रले मुखमा पवित्र जल, '**ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्**' (यजु. ३/३५/२२) यस मन्त्रले उदरमा भिक्षापात्र, '**भूमिः श्वभ्रः०**' मन्त्रले गुह्यस्थानमा कमण्डलु राखेर '**चित्ति स्रुक् । चित्तमाज्यम् । वाग्वेदिः । अधीतं बर्हिः । केतो अग्निः । विज्ञातमग्निः । वाक्पतिर्होता। मन उपवक्ता । प्राणो हविः । सामाध्वर्युः । वाचस्पते विधे नामन् । विधेम ते नाम । विधे त्वमस्माकं नाम ।**

वाचस्पतिः सोमं पिबतु । आस्मासु नृम्णन्धात् स्वाहा ।।' (तै.आर. ३/१) इत्यादि मन्त्रको उच्चारण गर्नुपर्दछ भन्ने कुरा विश्वादर्शटीका र स्मृत्यर्थसारमा बताइएको छ ।

बृहच्छौनकस्तु – **यतिं पुरुषसूक्तेन स्नापयित्वा घटं ततः । प्रणवेनाष्टवारं तं प्रोक्षयेदथ सर्वतः ।।**
विष्णो हव्यं रक्षस्वेति यजुषा प्रणवेन च । गर्ते प्रेतं विनिःक्षिप्य चेदं विष्णुर्विचक्रमे ।।
इति मन्त्रेण दण्डं तु दद्याद्दक्षिणहस्तके । मूर्द्धानं भूर्भुवः स्वश्चेत्युक्त्वा शङ्खेन भेदयेत् ।।
गर्तं पुरुषसूक्तेन लवणेन प्रपूरयेत् । शृगालश्वादिरक्षार्थं सम्यक् गर्तं प्रपूरयेत् ।। इति ।

कुटीचकस्य तु दाहः कार्यः । यथा सर्वं प्राग्वत्कृत्वाग्निं प्रज्वाल्य साग्नेर्दक्षिणकरे 'उपावरोह' इत्यवरोह्य निर्मथ्य वा गर्ते चितिं कृत्वा '**अग्निनाऽग्निः समिध्यते**' इत्यग्नि दत्त्वा सावित्र्या प्रणवेन वा दहेत् । ततोऽष्टशतं प्रणवं '**नारायणः परं ब्रह्म**' इति च जप्त्वा सशिरःप्रणवव्याहृत्या गायत्र्या तद्भस्मास्थीनि च तीर्थे क्षिप्त्वा स्नानाच्छुचिः, नास्यान्यदौर्ध्वदेहिकम् । '**त्रिदण्डग्रहणादेव प्रेतत्वं नैव जायते**' इत्युशनसः स्मृतेः । एकादशेऽह्नि पार्वणं त्रिदण्डिनः। हंसपरमहंसादीनां पार्वणादिकमपि न कार्यम्' इति शूलपाणिः ।

बृहच्छौनकले भनेका छन् – संन्यासीलाई निम्न उद्धृत पुरुषसूक्तमन्त्रद्वारा स्नान गराएर कलशलाई जलले भरीकन प्रणवद्वारा आठपटक प्रोक्षण गर्नुपर्दछ । पुरुषसूक्त यसप्रकार छ – '**सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्। स भूमिं विश्वतो वृत्वाऽत्यतिष्ठद्दशाङ्गुलम् ।।१।। पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् । उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ।।२।। एतावानस्य महिमाऽतो ज्यायाँश्च पूरुषः । पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ।।३।। त्रिपादूर्ध्वमुदैत् पुरुषः पादोऽस्येहाभवत् पुनः । ततो विश्वङ्व्यक्रामत् साशनानशने अभि ।।४।। तस्माद्विराडजायत विराजो अधि पूरुषः । स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ।।५।। यत् पुरुषेण हविषा देवा यज्ञमतन्वत । वसन्तो अस्यासीदाज्यं ग्रीष्म इध्मः शरद्धविः ।।६।। तं यज्ञं बर्हिषि प्रौक्षन् पुरुषं जातमग्रतः । तेन देवा अयजन्त साध्या ऋषयश्च ये।।७।। तस्माद्यज्ञात् सर्वहुतः सम्भृतं पृषदाज्यम् । पशून् ताँश्चक्रे वायव्यानारण्यान् ग्राम्याश्च ये।।८।। तस्माद्यज्ञात् सर्वहुत ऋचः सामानि जज्ञिरे । छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ।।९।। तस्मादश्वा अजायन्त ये के चोभयादतः । गावो हि जज्ञिरे तस्मात् तस्माज्जाता अजावयः ।।१०।। यत् पुरुषं व्यदधुः कतिधा व्यकल्पयन्। मुखं किमस्य कौ बाहू का ऊरू पादा उच्येते ।।११।। ब्राह्मणोऽस्य मुखमासीद्बाहु राजन्यः कृतः । उरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ।।१२।। चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत । मुखादिन्द्रश्चाग्निश्च प्राणाद्वायुरजायत ।।१३।। नाभ्या आसीदन्तरिक्षं शीर्ष्णोद्यौः समवर्तत । पद्भ्यां भूमिर्दिशः श्रोत्रात् तथा लोकाँ अकल्पयन्।।१४।। सप्तास्यासन् परिधयस्त्रिः सप्त समिधः कृताः । देवा यद्यज्ञं तन्वाना अवध्नन् पुरुषं पशुम् ।।१५।। यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः।।१६।।**' (ऋ. १०/९०/१-१६) तदनन्तर '**विष्णो हव्यं रक्षस्व**' (यजु. १/४) यस मन्त्रले र प्रणवमन्त्रले प्रोक्षण गर्नुपर्दछ । त्यसपछि खाडलमा प्रेतको शरीरलाई राखेर '**इदं विष्णुर्वि चक्रमे त्रेधा नि दधे पदम् । समूढमस्य पांसुरे ।।**' (ऋ. १/२२/१७) मन्त्रले दायाँहातमा दण्ड राखी दिनुपर्दछ । '**ॐ भूर्भुवः स्वः**' यो मन्त्र पढेर मृतसंन्यासीको शिर शङ्खले फुटाउनुपर्दछ । शिर फुटाएपछि पूर्वोक्त पुरुषसूक्त उच्चारण गर्दै शव राखिएको खाडललाई नुनले भरिदिनुपर्दछ । स्याल, कुकुर आदि प्राणीहरूबाट शवको रक्षाका निमित्त खाडललाई माटो आदिद्वारा राम्ररी पुर्नुपर्दछ ।

कुटीचकनामक संन्यासीको शवलाई दाह गर्नुपर्दछ । अन्य सम्पूर्ण विधि पूर्ववत् गरीकन तिनको शवलाई अग्निद्वारा प्रज्ज्वलित गर्नुपर्दछ । यदि मृतसंन्यासी संन्यास-आश्रममा प्रवेश गर्नुभन्दा पहिले अग्निहोत्री रहेछन् भने तिनको दायाँहातमा '**उपावरोह जातवेदः पुनस्त्वं दैवेभ्यो हव्यं वह नः प्रजानन् । आयुः प्रजां रयिमस्मासु धेहि । अपसो दीदिहि दुरोणे ।।**' (तै.ब्रा. २/५/८/२१) मन्त्रले मृतसंन्यासीको दायाँहातलाई अवरोहण गराएर अर्थात् तल झारेर अथवा दायाँहातमा अग्निमन्थन गरेर खाडलमा चिता तयार गर्नुपर्दछ । त्यसपछि – '**अग्निनाग्निः समिध्यते कविर्गृहपतिर्युवा। हव्यवाड्जुह्वास्य ।।**' (ऋ. १/१२/६) मन्त्र उच्चारण गर्दै अग्निदान गर्नुपर्दछ । आगो लगाएपछि गायत्रीमन्त्र अथवा ॐकारमन्त्र जप गर्दै दाह गर्नुपर्दछ । शवदाह आरम्भ गरेपछि ८०० पटक ॐकार र '**नारायणः परं ब्रह्म**' मन्त्र जप गरेर ॐकारसहित प्रणव, व्याहृति एवं गायत्रीद्वारा शवको भस्मलाई जलमा सेलाएपछि कर्ताले स्नान गर्नुपर्दछ । त्यसपछिमात्र कर्ता शुद्ध हुन्छ । यिनको अरू और्ध्वदैहिक संस्कार गर्नुपर्दैन ।

उशनाले आफ्नो **स्मृतिमा** भनेका छन् कि त्रिदण्डग्रहणबाट नै प्रेतत्व नाश हुन्छ । **शूलपाणि** भन्दछन् – एघारौं दिन गरिने पार्वणश्राद्ध त्रिदण्डी संन्यासीको हो, अरू संन्यासीको हुँदैन । हंस, परमहंस आदिको पार्वणश्राद्ध गर्नुपर्दैन ।

श्राद्धचिन्तामणौ दत्तात्रेयः –

एकोद्दिष्टं जलं पिण्डमाशौचं प्रेतसत्क्रियाम् । न कुर्याद्वार्षिकादन्यद् ब्रह्मीभूताय भिक्षवे ।।

प्रेतक्रिययैकोद्दिष्टनिषेधे सिद्धे पुनस्तद्ग्रहणमाब्दिकपरम् । तेन तत्पार्वणमेव । त्रिदण्डिनां द्वादशे नारायणबलिः। तद्विधिरन्यश्च विशेषः प्रागुक्त इत्यलं बहुना ।

इति संन्यासनिर्णयात्मकं सप्तमं प्रकरणम्

श्राद्धचिन्तामणिमा दत्तात्रेयले भनेका छन् – एकोद्दिष्ट, उदकदान, पिण्डदान, आशौच र प्रेतको शवकर्म संन्यासीको गर्नुपर्दैन तर वार्षिककर्म भने संन्यासविधिले गरिदिनुपर्दछ । प्रेतक्रियाद्वारा नै एकोद्दिष्टको निषेध सिद्ध हुने भएपछि फेरि एकोद्दिष्टको ग्रहण गर्नुको अर्थ वार्षिकश्राद्ध गर्नुपर्दछ भन्ने हो । यो वार्षिकश्राद्ध पनि पार्वणविधिबाटै हुन्छ । त्रिदण्डी संन्यासीका लागि भने बाह्रौं दिनका दिन नारायणबलि गरिदिनुपर्दछ । नारायणबलिको विधि र अन्य गर्नुपर्ने कर्तव्यको सम्बन्धमा अनेक निबन्धग्रन्थहरूमा प्रतिपादन गरिएको छ ।

निर्णयसिन्धु पञ्चमपरिच्छेदको संन्याससम्बन्धी निर्णयमा आधारित सप्तम प्रकरण पूरा भयो ।

पद्यात्मकं पुष्पिकावचनम्

पद्यात्मक पुष्पिकावाक्य

एवं निरूपितमिदं गहनं तु धर्मतत्त्वं विचार्य वचनैश्च नयैश्च सम्यक् ।
तद्दोषदृष्टिमपहाय विवेचनीयं विद्वद्भिरित्यविरतं प्रणतोऽस्मि तेषु ।।

मैले आचार्यका वचन र युक्तिहरूलाई राम्ररी मन्थन गरेर यस **निर्णयसिन्धु**नामक ग्रन्थमा गहन धर्मतत्त्वको निरूपण गरेको छु । म पटक-पटक प्रणाम गर्दै विद्वान्हरूसँग निवेदन गर्दछु कि उहाँहरूले मेरो यस कृतिमा कत्ति पनि दोषदृष्टि नराखी राम्ररी अनुशीलन गर्ने कृपा गर्नुहुनेछ ।

मया सद्वाऽसद्वा यदिह गदितं मन्दमतिना किमेतच्छक्यं वाऽऽध्यवसितुमपि स्वल्पमतिना ।
तदेवं यत्किञ्चिद् गदितमिह विख्यातमहिमा प्रतापोऽयं सर्वो विकसति तु पित्रोश्चरणयोः ।।

म मति मन्द भएको सामान्य मानिस हुँ । यस ग्रन्थमा मैले सत् अथवा असत् जुन-जुन तथ्यहरूको निर्णय प्रदान गरेको छु के त्यस्ता निर्णय मजस्तो मन्द मतिद्वारा हुन सम्भव थिए र ? कत्ति पनि थिएनन्, तर जसरी मैले निर्णय प्रदान गरें यसमा मेरा पूज्य माता-पिताका चरणकमलको सुप्रसिद्ध प्रताप नै कारकतत्त्व बनेर रहेको छ ।

यो भाट्टतन्त्रगहनार्णवकर्णधारः शास्त्रान्तरेषु निखिलेष्वपि मर्मभेत्ता ।
योऽत्र श्रमः किल कृतः कमलाकरेण प्रीतोऽमुनाऽस्तु सुकृती बुधरामकृष्णः ।।

यस ग्रन्थको निर्माण-प्रक्रियामा म कमलाकरले जे-जस्तो परिश्रम गरेको छु त्यसबाट **कुमारिलभट्टद्वारा** प्रणयन गरिएको पूर्वमीमांसारूपी अगाधसागरका कर्णधार अर्थात् **मीमांसाशास्त्र**को अध्ययन-अध्यापनमा समर्थ अद्वितीय विद्वान् र अन्य शास्त्रहरूका ग्रन्थिभेदन गर्नमा पनि समर्थ पुण्यात्मा मेरा पिता **श्रीरामकृष्णभट्ट** अवश्य नै प्रसन्न हुनुहुनेछ ।

श्रीभट्टरामेश्वरसूरिसूनुश्रीभट्टनारायणसूरिसूनोः ।
श्रीरामकृष्णस्य सुतः कृतीमं व्यधान्निबन्धं कमलाकराख्यः ।।

रामेश्वरभट्टसूरिको पनाति, **नारायणभट्टसूरि**को नाति र **रामकृष्णभट्ट**को छोरा म **कमलाकरले धर्मशास्त्र**को **निबन्धग्रन्थ निर्णयसिन्धु**को रचना गरें ।

नानानिर्णयत्वान्निर्णयसिन्धुः प्रोच्यतां विबुधाः । निर्णयसरोजवत्त्वान्निर्णयकमलाकरोऽप्यस्तु ।।

हे विद्वज्जन ! यसमा धेरै विषयको निर्णय गरिएको हुनाले तपाईंहरूले यसलाई निर्णयको सागर **निर्णयसिन्धु** भन्नुहोस् अथवा निर्णयरूपी कमलहरूले परिपूर्ण भएका कारण यसलाई **निर्णयकमलाकर** पनि भन्न सक्नुहुन्छ, यो तपाईंहरूको इच्छा र रुचिको विषय हो ।

वसुऋतुभूमिते गतेऽब्दे नरपतिविक्रमतोऽथ याति रौद्रे ।
तपसि शिवतिथौ समापितोऽयं रघुपतिपादसरोरुहेऽर्पितश्च ।।

विक्रमादित्यदेखि चलेको विक्रम संवत्को १६६८ वर्ष बितेपछि ६० संवत्सरमध्ये रौद्रनामक संवत्सरमा माघमहिनाको चतुर्दशीतिथिका दिन यो ग्रन्थ मैले समाप्त गरें र भगवान् श्रीरामचन्द्रका चरणकमलमा अर्पण गरें।

जगति सकलविद्यासिन्धुमुष्टिन्धयानां परभणितिपरीक्षा युज्यते सज्जनानाम् ।
तदिह मम निबन्धे दूषणं भूषणं वा यदि भवति विदग्धैस्तद्ध्यवश्यं विमृश्यम् ।।

ॐ

जगत्का सम्पूर्ण विद्याको सागरमा निमज्जन गरी विद्याका अनेक विधाहरूको रसपान गर्ने विद्वान्हरूले मात्र अरू मानिसहरूले गरेका प्राज्ञिक कार्यको परीक्षा गर्न सक्दछन् । यसैले मेरो यो निबन्धग्रन्थमा दोष र गुण जे-जे रहेका छन् तिनको समीक्षा त्यस्ता विद्वान्हरूले अवश्य नै गर्नुहुनेछ ।

ॐ

पराम्बा भगवतीको असीम करुणाबाट पाल्पा-पोरकनी निवासी पतिव्रताशिरोमणि स्वर्गीय माताश्री दिव्यलक्ष्मी ढकाल र सज्जनमुकुटमणि स्वर्गीय पिताश्री चूडामणि ढकालका कनिष्ठ पुत्र नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाण्डौमा प्राध्यापक पदमा कार्यरत डा. वेणीमाधव ढकालद्वारा कमलाकर भट्टरचित निर्णयसिन्धु नामक निबन्धग्रन्थको पञ्चम परिच्छेदको चूडामणिनामक नेपाली टीका सम्पन्न गरियो ।

ॐ

परिपूर्णो निर्णयसिन्धुनामा निबन्धग्रन्थः ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।। ॐ

ॐ

ॐ

निर्णयसिन्धुः

(चूडामणिटीकासमलङ्कृतः)

परिशिष्टपरिच्छेदः

यस परिच्छेदमा सामान्यरूपमा धर्मशास्त्र र विशेषरूपमा निर्णयसिन्धुमा प्रयोग गरिएका पारिभाषिक एवं कठिन शब्दहरूको नेपाली-भाषामा अर्थ प्रस्तुत गरिएको छ ।

ॐ

शब्दको चारुप्रयोग

एकः शब्दः सुप्रयुक्तः सम्यग् ज्ञातः स्वर्गे लोके च कामधुग् भवति ।

एउटा शब्दलाई उचित स्थलमा प्रयोग गरी राम्ररी अर्थबोध गर्दा त्यो शब्द स्वर्ग र लोकमा अभीष्टदायक बन्दछ । त्यसैले शब्दलाई राम्ररी प्रयोग गरी त्यसको प्रकृति, प्रत्यय र प्रसङ्गअनुसारको ठीक अर्थ बुझ्नुपर्दछ ।

– पातञ्जलमहाभाष्यम्

परिशिष्ट

सामान्यतः धर्मशास्त्र र विशेषतः निर्णयसिन्धुमा प्रयुक्त केही पारिभाषिक र कठिन शब्दहरूको अर्थापन

अ

अकृतम् = धान ।

अक्षः = १. अस्सी रत्तिको परिमाण/ एक कर्ष वा ६ मासा बराबरको तौल २. पाशा ।

अक्षतयोनिः = योनि क्षत नभएकी कन्या ।

अक्षारः = १. नुनिलोपन नभएको पदार्थ २. क्षारगणमा नपरेको पदार्थ ।

अक्षोटः = ओखर ।

अगरुः = अगरबत्ती / बास्ना आउने अगरु नाम गरेको धूप विशेष ।

अगस्त्यः = अगस्त्यवृक्ष ।

अग्निः = १. तृतीयातिथि, २. आगो, ३. तीन अङ्कलाई बुझाउने शब्द ।

अग्निचयनम् = अग्निवेदीको निर्माण ।

अग्निदानम् = दागबत्ती दिनु ।

अग्निभम् = कृत्तिकानक्षत्र ।

अग्निमत् = कृत्तिकानक्षत्र ।

अग्निषोमीयः = १. यज्ञारम्भमा विहित पशुविशेष, २. अग्नि र सोमसम्बन्धी पदार्थ ।

अग्निष्टोमः = सात सोमसंस्था अन्तर्गतको एक सोमसंस्था।

अग्निष्वात्ताः = ब्राह्मणका पितृदेवता ।

अग्निहोत्रम् = गृह्याग्निमा सायं एवं प्रातः गरिने होम ।

अग्नौकरणम् = पार्वणश्राद्ध गर्दा कुशनिर्मित पितृब्राह्मणको हात वा जलपात्रमा पितृविशेषको नाममा दिइने आहुति।

अघमर्षणम् = **ऋतञ्च सत्यञ्च०** इत्यादि मन्त्रद्वारा गरिने पापप्रक्षालन कर्म ।

अङ्कः = १. नौलाई बुझाउने शब्द २. संख्या ।

अङ्कुरार्पणम् = १. जौ छर्ने विधि २. आराध्यका लागि जमरा अर्पण गर्नु ।

अङ्गारधानिका = मकल ।

अच्छिद्रकाण्डः = वेदको एक काण्ड ।

अच्छिद्रवाचनम् = गरेको कर्म अपूर्ण भए पनि पूर्ण होस् भनी **जपच्छिद्रम्** इत्यादि मन्त्र उच्चारण गर्नु ।

अजहल्लक्षणा = मूल अर्थसँग सम्बद्ध लाक्षणिक अर्थ प्रकट गर्ने लक्षणाको एक भेद ।

अजाविकम् = भेडा-बाख्रा ।

अञ्जनम् = सुरमा, गाजल ।

अतिकृच्छ्रः = कृच्छ्रप्रायश्चित्तको एउटा भेद । जसमा ३ दिनसम्म बिहानीपख भोजन गर्दा एक पसेरी अन्नबाट तयार भएको भोजन गरिन्छ, ३ दिनसम्म सायंकालमा पनि त्यसैगरी भोजन गरिन्छ, ३ दिनसम्म अयाचित भोजन गर्दा पनि त्यही विधि अङ्गीकार गरिन्छ र त्यसपछि ३ दिन उपवास गरिन्छ ।

अतिक्रान्ताशौचः = बार्नुपर्ने दिन बितेपछि सुनेको आशौच।

अतिचारगतः = अत्यन्त मार्गी वा अतिशीघ्रगामी ग्रह।

अतिचारी = शीघ्रगति भएको ग्रह ।

अतिदेशः = एक विषयको स्वरूप वा कार्यको अर्को विषयमा स्थानान्तरण वा आदेश जस्तै - गवय गाईजस्तै हुन्छ भन्ने वाक्यमा गाईका धर्मको गवयमा अतिदेश अर्थात् स्थानान्तरण वा आदेश गरिएको छ । यो अतिदेश स्वरूपातिदेश र कार्यातिदेश गरी

दुई प्रकारको हुन्छ ।

अतिपातः = उचित समय व्यतीत भएको अवस्था ।

अतिमुक्तम् = १. लौरे चमेली, २. मरुवा फूल, ३. माधवी लता, ४. सादनको रूख ।

अतिरात्रः = सात सोमसंस्था अन्तर्गतको एक यज्ञ । उक्त सोमसंस्थाअन्तर्गत अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्यामनामक सात वैदिक यज्ञहरू पर्दछन् ।

अतिवेधः = सूर्योदयभन्दा पहिले अरुणोदयकालिक दुई घडीको समय ।

अतिसृष्टः = राजाज्ञाद्वारा दौत्यकर्ममा खटाइएको मानिस।

अत्यन्तमरकः = ठूलो महामारी ।

अत्यन्त्यः = चाण्डाल ।

अत्ययः = कष्ट ।

अदितिः = पुनर्वसु ।

अदितिभम् = पुनर्वसु ।

अद्रिः = १. सात अङ्कलाई बुझाउने शब्द, २. पर्वत ।

अधरोच्छिष्टम् = दिशा-पिसाब गरेपछि हात-गोडा नधुँदैको अवस्था ।

अधिरूढकः = अङ्कुर ।

अधिवासनम् = नवनिर्मित देव-देवीको मूर्तिलाई पवित्र गर्न जल, पुष्प आदिमा डुबाएर राख्ने काम ।

अधीतवेदः = त्रिणाचिकेत-त्रिमधु, बह्वृच, अथर्वण, सामप्रभृति श्रोत्रिय ।

अर्धुकम् = कल्याण ।

अधोमुखनक्षत्राणि = मूल, अश्लेषा, कृत्तिका, विशाखा, ३ पूर्वा, मघा र भरणी ।

अध्यायः = वेद ।

अध्वरः = हिंसारहित याग ।

अनग्निका = ऋतुमती नारी ।

अनध्यायः = वेद अध्ययन गर्न नहुने दिन ।

अनन्यगतिः = अन्य उपायरहित ।

अनलः = १. तृतीयातिथि, २. अग्नि, ३. तीनको अङ्क बुझाउने शब्द ।

अनाकरत्वम् = अशास्त्रीयता ।

अनावृतम् = खुला ।

अनाशकनिवृत्तः = अनशन आदि तपोव्रतबाट निवृत्त।

अनाशकम् = अनशनव्रत ।

अनाहिताग्निः = अग्निहोत्र ग्रहण नगरेको व्यक्ति ।

अनिलः = १. स्वातीनक्षत्र, २. हावा ।

अनिरुद्धः = १. श्राद्धकर्ता यजमान, २. कृष्णको नाति।

अनुकल्पः = १. गौणविधि, मुख्य प्रायश्चित गर्न असमर्थहरूलाई शास्त्रकारहरूद्वारा व्यवस्था गरिएको गौण विधि । जस्तै – सान्तपनव्रत गर्न पर्नेमा दुईवटा गाई, तप्तकृच्छ्र गर्नुपर्नेमा तीन गाई, प्राजापत्य गर्नुपर्नेमा एउटा गाई, पराकव्रत गर्नेमा तीन गाई र चान्द्रायण गर्नुपर्नेमा शक्ति अनुसार आठ, पाँच, चार वा तीन गाई दान गरिदिनुपर्छ । गाईदान गर्न नसक्नेले गाईको मूल्य, सो पनि नसके मूल्यको आधा दान गर्नुपर्छ । दान गर्न अर्थाभावले असमर्थ भएमा एउटा गाईदान गर्नुपर्नेमा बत्तीस पणदान (पैसादान) गर्ने र सो पनि नसकेमा १६ पणदान गर्दा हुन्छ ।

अनुज्ञा = आज्ञा ।

अनुदितम् = रात्रिको अन्तिम सोह्रौं भाग जसमा तारा देखिएका हुन्छन् ।

अनुपनीतः = व्रतबन्ध नभएको बालक ।

अनुपातकानि = गुरुलाई मिथ्या दोष लगाउनु, वेदको निन्दा गर्नु, मित्रको वध गर्नु, असत् शास्त्रको अध्ययन गरी पहिले अध्ययन गरेको वेदलाई बिर्सनु, लसुन, प्यास, छ्यापी, च्याउ, सुंगुर, कुखुरा आदि अभक्ष्य पदार्थ खानु; उत्कर्षप्राप्तिको निम्ति झूटो साक्षी बक्नु; रजस्वला पत्नीमा गमन गर्नु वा मुखचुम्बन गर्नु; यज्ञमा बसेका क्षत्रिय वा वैश्यको वध गर्नु; रजस्वलाको वध गर्नु; गर्भिणीको वध गर्नु; ऋतुस्नान गरेकी स्त्रीको वध गर्नु; गर्भमा रहेका बालकको वध गर्नु; शरणागत मानिसको वध गर्नु;, घोडा चोर्नु; हीरा-मोती आदि

रत्न चोर्नु; ब्राह्मणको भूमि हरण गर्नु; गाई हरण गर्नु;, नारी वा पुरुषको अपहरण गरी बेचविखन गर्नु; कसैको नासो फिर्ता नगर्नु; त्याग्न नहुने व्यक्तिको त्याग गर्नु; अपतित व्यक्तिको त्याग गर्नु; पतितको त्याग नगर्नु; बाबु-आमा, छोरा र पत्नीको त्याग गर्नु; द्विजजातिको छोराले यथासमयमा उपनयन नगर्नु; अमेरिका-रुस, बेलायत, जापान आदि समुद्रपारका म्लेच्छदेशमा जानु; जेठीआमा, कान्छीआमा, मातामही, माइजू, सासू, दिदी-बहिनी, सानीआमा-ठूलीआमा, फुपू र यिनका छोरीहरू, मामाकी छोरी, छोरीकी साथी, आफ्नै साथी एउटै गोत्रकी स्त्री, आफूभन्दा उत्तम वर्णकी स्त्री, कुमारी, अस्पृश्य जातकी नारी, शरणागत नारी, संन्यासिनी, राजपत्नी, श्रोत्रिय, ऋत्विक् र उपाध्यायका पत्नीमा गमन गर्नु ।

अनुपादेयः = १. पूर्वमीमांसा दर्शनमा प्रसिद्ध ५ किसिमका अनुपादेय- देश, काल, निमित्त, फल र संस्कार्य, २. ग्रहण गर्न अयोग्य ।

अनुप्रैषम् = १. विसर्जन, २. अध्वर्युले हवनमा नियुक्त मैत्रावरुणनामक ऋत्विक्लाई प्रैष गर्दछन् अर्थात् आज्ञा दिन्छन् र त्यसपछि मैत्रावरुणले ऋत्विक्को आज्ञा मानेर हवनकर्म गर्दछन् । यसलाई अनुप्रैष भनिन्छ, ३. प्रत्युत्तर ।

अनुमतिः = १. चतुर्दशीयुक्त पूर्णिमा, २. स्वीकृति वा आज्ञा ।

अनुयाजः = यज्ञको अङ्गविशेष ।

अनुलोमजातिः = माथिल्लो जातिको पुरुषले तल्लो जातकी स्त्रीमा जन्माएको सन्तान ।

अनुवादः = १. विधिद्वारा बताइएका अर्थको प्रमाणान्तर लिएर फेरि कथन गर्नु अर्थात् निन्दा वा प्रशंसाद्वारा ज्ञात अर्थको ज्ञापन गर्नु, २. कुनै भाषाको अर्को भाषामा अर्थ गर्नु ।

अनूचानः = साङ्गोपाङ्ग वेदको ज्ञाता विद्वान् ।

अनूढा = अविवाहित नारी ।

अनौरसपुत्रः = दत्तक-कानीन आदि पुत्र ।

अन्नकी = वृश्चिकराशि ।

अन्नदानम् = सिधादान ।

अन्तःकरणम् = मन, बुद्धि, चित्त र अहङ्कार ।

अन्तःशवः = गाउँ वा नगरभित्र रहेको लाश ।

अन्तरिक्षम् = आकाश र जमिनको बीचको भाग ।

अन्तर्वत्नी = गर्भिणी ।

अन्तेवासिसम्बन्धः = गुरुहरूसँग शिष्यको सम्बन्ध।

अन्तेवासी = शिष्य ।

अन्त्यः = म्लेच्छ ।

अन्त्यकर्म = मरणकालमा र मरण भइसकेपछि गरिने क्रिया।

अन्त्रम् = परवर ।

अन्ववायः = वंश ।

अन्वष्टकाः = अग्निहोत्रीद्वारा मार्गशीर्ष, पौष, माघ र भाद्रकृष्णपक्षका नवमीहरूमा गरिने श्राद्ध । यसमा पिता आदि तीन, माता आदि तीन र मातामह आदि तीनसमेतलाई गरी ९ पिण्ड दिइन्छ ।

अन्वाधानम् = १. अग्निको आधान, २. दर्श इष्टिको पहिलो दिन गरिने कर्मविशेष ।

अन्वारब्धः = स्पर्श गरिएको ।

अन्वारोहणम् = पतिको शवका साथ चितामा चढ्नु / सती जानु ।

अन्वाहार्यः = दर्शपौर्णमास यज्ञको चरुरूप दक्षिणा ।

अन्वाहार्यकम् = पितृहरूको सम्मानमा औंसीका दिन गरिने मासिक श्राद्ध ।

अपकर्षः = १. सङ्कोच वा खिंचाइ, २. निषेध ।

अपचयः = कृष्णपक्ष ।

अपत्नीकः = १. ब्रह्मचारी, २. पत्नीरहित पुरुष, ३. अविवाहित पुरुष ।

अपवर्गविधिः = मोक्षप्राप्तिको मार्गमा अग्रसर हुने व्यक्तिले गुरुको उपदेशबाट मोक्षको साधना गर्ने विधि ।

अपवादः = नियमविरुद्धको नियम ।

अपसव्यम् = बायाँ ।

अपाङ्क्तेयः = पूज्य ब्राह्मणहरूले भोजन गर्दा तिनीहरूको पंक्तिमा बस्न अयोग्य ब्राह्मण ।

अपात्रकम् = सुपात्र ब्राह्मणको अभावमा सामान्य ब्राह्मणबाट गराइने श्राद्ध ।

अपामार्गः = दतिवन वा अपामार्ग ।

अपूपः/अपूपकम् = जौ, गहुँ अथवा चामलबाट बनेको मालपूवा ।

अपूर्वः = अदृष्ट ।

अपोशानम् = भोजनपूर्व र भोजनपश्चात् आचमनका लागि ब्राह्मणका हातमा दिइने जल ।

अब्जः = शङ्ख ।

अब्दपूर्तिः = जन्मोत्सव ।

अब्दोदकम् = पहिलो वर्ष गरिने श्राद्ध ।

अब्धिः = १. चारलाई बुझाउने शब्द, २. समुद्र ।

अभार्यः = १. वैदिक ब्रह्मचारी, २. पत्नी नभएको व्यक्ति।

अभिक्रमणम् = भ्रमण ।

अभिचारः = आफ्नो स्वार्थसिद्धिका लागि गरिने शत्रुमारणात्मक कृत्यविशेष ।

अभिधारणम् = पग्लिएको घिउद्वारा सेचन ।

अभिषवा = सेतो ।

अभिषेकः = १. दीक्षान्तसंस्कार, २. स्नान, ३. शिरमा पवित्र जलद्वारा अभिषेक ।

अभिशस्तः = कलङ्कित व्यक्ति ।

अभ्यङ्गम् = शरीरमा तेल घस्नु ।

अभ्युच्चयः = जोड वा मिलान ।

अभ्युपेत्याशुश्रूषा = नोकरीको करार तोड्नु ।

अमत्रम् = पात्र वा भाँडो ।

अमान्तः = अमावास्याको अन्तिम घडी ।

अमेध्या = सुत्केरी भएकी स्त्री वा अपवित्र नारी ।

अम्बष्ठः = ब्राह्मणले वैदिक विधिअनुसार वैश्यकन्यासँग विवाह गरी तिनीबाट जन्माइएको पुत्र ।

अम्लवेतसः = शंखत्रो ।

अयनम् = १. तीन ऋतुको भोगकाल २. कर्कट र मकर संक्रान्ति ।

अयाचितम् = कसैसँग नमागीकन प्राप्त भएको भोजन गरी गरिने व्रत ।

अयातयामः = ताजा ।

अरण्यकेतकी = रामबाँस ।

अरण्यमार्जारः = जङ्गली बिरालो ।

अरत्निः = कुहिनादेखि कान्छी औंलासम्मको नापो अर्थात् एक हात ।

अरिः = १. शत्रु, २. छ अङ्कलाई बुझाउने शब्द ।

अरुणोदयः = सूर्योदयभन्दा पहिलेको चार घडीको समय।

अर्कः = १. द्वादशीतिथि, २. सूर्य, ३. बाह्र अङ्क बुझाउने शब्द, ४. हस्तानक्षत्र ।

अर्चा = १. प्रतिमा, २. मूर्तिको पूजा ।

अर्चाभङ्गः = १. मूर्तिभङ्ग २. पूजाभङ्ग ।

अर्थवादः = विधिको प्रशंसा र निन्दाले युक्त वाक्य ।

अर्थवादभेदाः = अर्थवादका भेद - गुणवाद, अनुवाद र भूतार्थवाद ।

अर्थोपचयः = धनको वृद्धि ।

अर्धकायः = प्राजापत्यनामक प्रायश्चित्तको एक भेद ।

अर्धकृच्छ्रः = कृच्छ्रनामक प्रायश्चित्तको एक भेद ।

अर्धचन्द्रः = अष्टमीको चन्द्रमा ।

अर्धपञ्चममासाः = साढे चार महिनाको समय ।

अर्धाधानम् = श्रौत र स्मार्त अग्निको आधा-आधा भाग छुट्टयाई छुट्टयाइएको भाग जोड्नु ।

अर्धाधानी = श्रौताग्निको आधान गर्ने अवसरमा निजी औपासन अग्निको आधा भाग श्रौताग्निमा मिलाएपछि बाँकी औपासन अग्निको आधा भाग छुट्टै रक्षा गर्ने अग्निहोत्री ।

अर्धुकम् = वृद्धिशील तत्त्व ।

अर्धोदयः = पौष वा माघको अमावास्यामा व्यतीपात योग, रविवार र श्रवणनक्षत्रको योगमा सम्पन्न हुने विशिष्ट योग अथवा माघी अमावास्या, व्यतीपात योग, रविवार र श्रवणनक्षत्रको योगमा सम्पन्न हुने

विशिष्ट योग ।

अर्यमा = भरणी ।

अर्शः = बबासीर ।

अवकीर्णिव्रतम् = पतित ब्रह्मचारीले गर्ने प्रायश्चित्तव्रत ।

अवकीर्णी = ब्रह्मचर्य खण्डित भएको ब्रह्मचारी ।

अवघातः = ढिकी आदिमा कुटेर अन्नको भूस आदि हटाउने काम ।

अवचयः = टिप्नु वा चयन गर्नु ।

अवनेजनम् = पिण्डवेदीमा बिछ्याएको कुशमाथि दिइने जल ।

अवभृथः = यज्ञान्त स्नानविशेष ।

अवमदिनम् = दुई तिथिको अन्त्यभागलाई स्पर्श गर्ने वार।

अवयुत्यानुवादः = समुदायबाट छुट्याएर कुनै वस्तुको प्रशंसा वा निन्दा गर्नु ।

अवसक्थिका = घुँडा घुमाएर पिठ्यूँमा पुऱ्याई कपडाद्वारा बाँध्ने कार्य ।

अवारितान्नम् = अनिषिद्ध अन्न ।

अविमुक्तक्षेत्रम् = वाराणसी ।

अविमुक्तोन्मुखः = १. काशीतर्फ उन्मुख भएका भगवान् शङ्कर, २. काशीतर्फ उन्मुख कुनै व्यक्ति।

अविवरम् = ग्रह आदिको दोषले शून्य दिन ।

अवेष्टिः = राजसूर्ययज्ञअन्तर्गतको इष्टिविशेष ।

अव्यञ्जिता = स्तनहरू स्पष्ट नभएकी कन्या ।

अव्रणः = १. टुट-फुट नभएको घट, २. टुट-फुट नभएको वस्तु ।

अव्रतघ्नः = व्रतभङ्ग नगर्ने आठ पदार्थ - फल, मूल, दूध, पानी, हवि, ब्राह्मणोचित कामना, गुरुवचन र औषधि ।

अलाबुः = १. लौका, २. बाटुलो लौका ।

अल्पाशौचः = थोरै दिन बार्नुपर्ने आशौच ।

अशनिहतः = चट्याङद्वारा मारिएको व्यक्ति ।

अश्मन्तकः = १. मालधेनुको साग, २. प्राचीनकालमा कन्धनी बनाउने काममा प्रयोग गरिने एकथरि मुञ्जजस्तै घाँस, ३. कोइरालो, ४. काभ्रो, ५. बोहरी, ६. चरिअमिलो, ७. अँगेठी, ८. ढकना, ९. दियो, १०. चुह्लो ।

अश्ममयम् = काँचमणि ।

अश्मरी = पत्थरी ।

अश्वः = १. सप्तमी, २. सातको अङ्कलाई बुझाउने शब्द, ३. घोडा ।

अश्वाभिधानी = घोडाको लगाम ।

अश्वारातिः = १. करवीर २. राँगो वा भैंसी ।

अष्टका = १. मार्गशीर्ष, पौष, माघ र भाद्रमहिनाका कृष्णपक्षका अष्टमीतिथि अथवा तिनमा गरिने श्राद्ध, २. मार्गशीर्ष, पौष, माघ र भाद्रमासका कृष्णपक्षका सप्तमी, अष्टमी र नवमीको समुदाय।

अष्टमहादानानि = तिल, फलाम, सुन, कपास, नुन, सप्तधान्य, भूमि र गाई यी आठ पदार्थको दान।

अष्टमहारोगाः = वातव्याधि, पत्थरी, कुष्ठ, मेह, भगन्दर, अर्श र ग्रहणीनामक आठ महारोग ।

अष्टप्रतिमाः = सुवर्ण, चाँदी, ताँबो, पित्तल, माटो, वृक्ष, मणि र रङद्वारा तयार गरिएका आठ प्रकारका देवताका मूर्ति ।

अष्टसुगन्धाः = श्रीखण्ड, अगरु, कपूर, कस्तूरी, गोरोचन, कुङ्कुम, हात्तीको मद र लाक्षारस गरी ८ प्रकारका सुगन्धित पदार्थ ।

अष्टाक्षरमन्त्रः = **ॐ नमो नारायणाय** वा आठ अक्षरले बनेको कुनै मन्त्र ।

अष्टाङ्गार्घ्यः = जल, दूध, कुशको टुप्पा, दही, अक्षता, तिल, जौ र सर्स्यूँ राखी तयार गरिएको अर्घ्य ।

अष्टविवाहाः = ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच विवाह ।

असंस्कृतः/असंस्कृता = व्रतबन्ध नगरिएको बालक र विवाह नगरिएकी कन्या ।

असंस्कृतप्रमीताः = मरेका तर संस्कार नभएका मानिसहरू।

असगोत्रः = गोत्र नमिल्ने व्यक्ति ।

असपिण्डः = सपिण्ड बाहिरको व्यक्ति ।

असवर्णः = भिन्न वर्ण वा आफ्नो जातसित नमिल्ने व्यक्ति ।

असूर्यमासः = सूर्यको संक्रान्तिरहित मास अथवा मलमास।

अस्तमनम् = १. प्रदोषकाल २. सूर्य अस्ताउनु ।

अस्थिप्रक्षेपः = अस्तु सेलाउनु ।

अस्वामिकक्षेत्रम् = जङ्गल, पर्वत, नदीका तीर, तीर्थ, देवमन्दिर, देवखात आदि स्वामी नभएको भूमि ।

अस्वामिविक्रयः = आफ्नो स्वामित्वमा नरहेको वस्तु बिक्री गर्नु ।

अहर्निशम् = रात-दिन ।

अहिः = १. नागकेशर, २. सूर्य, ३. सर्प ।

अहिर्बुध्न्यम् = उत्तरभाद्रनक्षत्र ।

अहीनः = सोमयागको एक भेद ।

अहुतम् = जप ।

आ

आकाशः = १. खुला कौसी, २. गगनमण्डल ।

आग्नावैष्णवः = अग्नि र विष्णुको उद्देश्यले गरिने याग।

आग्रयणः = नयाँ अन्न भित्र्याएपछि गरिने हविर्यज्ञसंस्था-अन्तर्गतको एक यज्ञ ।

आज्यपाः = वैश्यका पितृहरू ।

आटरुषम् = असुरो वा वासाको फूल ।

आटरुषः = असुरो ।

आटिः = १. गिद्धको आकारको जलचर पक्षी, २. गिद्ध-जातिको एक पक्षी ।

आढकः = चार पाथीको परिमाण ।

आढकी = रहरको दाल ।

आतुरः = १. व्याधिनाशका लागि दान आदि गर्ने व्यक्ति २. रोगी ।

आत्मवान् = १. पुत्रवान्, २. पुरुषार्थी मानिस ।

आथर्वणः = अथर्ववेद अध्ययन गरेको व्यक्ति ।

आदित्यम् = पुनर्वसुनक्षत्र ।

आदिष्टी = ब्रह्मचारी वा शिष्य ।

आधानम् = अग्निको स्थापना ।

आनुकूल्यम् = अनुकूलता ।

आनुपूर्व्येण = आनुपूर्वी अर्थात् क्रमिकताअनुसार ।

आपूर्यमाणपक्षः = शुक्लपक्ष ।

आपोशानम् = भोजनभन्दा पहिले र भोजनपछिको आचमनीय जल ।

आभाकासितपक्षाः = भाद्र, आश्विन र कार्तिकका शुक्लपक्ष ।

आमलकः = अमलाको वृक्ष ।

आमलकम् = अमलाको फल ।

आमश्राद्धम् = आमान्न अर्थात् काँचो अन्नद्वारा अनुष्ठान गरिने श्राद्ध ।

आमान्नम् = १. काँचो वा नपकाएको अन्न, २. सिधा ।

आमिक्षा = पनिर / छिना ।

आम्नायः = वेद ।

आम्रातम् = अमारोको फल ।

आयः = १. लग्नकुण्डलीदेखि एघारौं स्थान, २. लाभ ।

आयुष्कामेष्टिः = आयुका लागि गरिने यज्ञ ।

आरः = मङ्गल ।

आरण्यश्वा = जङ्गली कुकुर ।

आरनालम् = १. काँचो गहुँबाट खिँचेको अर्क, २. काञ्जी।

आरम्भणीयः = आग्रयण ।

आरामः = अगस्त्यनामक वृक्ष ।

आरुकम् = आरुनामक वृक्षको काठबाट तयार गरिएको पात्र ।

आर्तवान्विता = ऋतुदानयोग्य पत्नी ।

आवर्तनम्/आवृत्तिः = मध्याह्न ।

आवसक्थिका = १. वस्त्र आदिले घुँडाहरूलाई पिठ्यूँमा लगेर बाँध्ने क्रिया, २. खुट्टा पसार्नु ।

आवसथ्यः = १. सुवर्ण २. स्मार्ताग्नि ।

आवी मेखला = भेडाको रौंद्वारा तयार गरिएको मेखला।

आवृत्ततीर्थम् = पहिले यात्रा गरिसकिएको तीर्थ ।

आशा = १. दिशा, २. लालसा ।

आशुकः = १. चाँडै पाक्ने धानको चामल २. छिटो स्वभावको व्यक्ति ।

आशौचम् = १. अपवित्रता, २. जननाशौच, ३. मरणाशौच।

आशौचसम्पातः = खप्टिएको आशौच ।

आश्रमसमुच्चयपक्षः = एउटा आश्रमबाट अर्को आश्रममा क्रमशः प्रवेश गर्ने पक्ष ।

आश्रमस्वीकृतिः = ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रममा प्रवेश अर्थात् विवाह ।

आश्वयुजी = आश्विनपूर्णिमा ।

आश्विनग्रहः = सोमरसग्रहण ।

आसन्दी = सानो पलङ अथवा कुर्सी ।

आस्फुजित् = शुक्र ।

आहवनीयः = यज्ञको अग्निविशेष ।

आहिताग्निः = १. अग्निहोत्री, २. सर्वाधानी ।

आहिर्बुध्न्यम् = उत्तराभाद्रनक्षत्र ।

आह्निकम् = प्रतिदिन गरिने कृत्य ।

आह्लीनैबुकम् = कुलक्रमागत स्थावरदेवताको पूजन आदि कर्म ।

इङ्गुदः = १. चिउली वा चिउरी ।

इज्यः = पूज्य ।

इध्माधानम् = १. अग्निमा समिधा राख्नु, २. समिधा बिछ्याउने काम ।

इन्दीवरम् = नीलकमल ।

इन्दुः = १. चन्द्रमा, २. एक अङ्क बुझाउने शब्द ।

इषुः = १. बाण, २. पाँच अङ्क बुझाउने शब्द ।

इष्टिः = चार जना ब्राह्मणद्वारा गराइने साङ्गोपाङ्ग यज्ञ ।

इष्टिकालः = पूर्णिमा वा अमावास्याजस्ता पर्व र प्रतिपदाको सन्धिकाल ।

ई

ईशः = १. भगवान् शिव, २. एघारको अङ्क बुझाउने शब्द।

ईषः = आश्विनमहिना ।

उ

उक्थ्यः = सोमसंस्थाअन्तर्गतको एक सोमयज्ञ ।

उग्रः = क्षत्रियले वैदिक विधिअनुसार शूद्रकन्यासँग विवाह गरी तिनैबाट जन्माइएको पुत्र ।

उग्रनक्षत्राणि = पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपद, भरणी र मघानक्षत्र ।

उच्चारः = विष्ठा ।

उच्छिष्टम् = १. बाच्छा-बाच्छीले चुसेर बाँकी रहेको दूध, २. जूठो पदार्थ ।

उच्छिष्टोद्वासनम् = श्राद्धका जूठा सामग्री सेलाउने कार्य।

उत्तमक्रिया = तेह्र दिनको शुद्धिपछि वर्ष दिनसम्म गरिने क्रिया ।

उत्प्लवनम् = माथि फ्याँक्नु ।

उत्सन्नबन्धुः = बन्धुहीन ।

उत्सन्नाग्निः = अग्नि नष्ट भएको अग्निहोत्री ।

उत्सर्गः = १. विधिपूर्वक केही समयका लागि वेदाध्ययनको विसर्जन गर्दा गरिने कर्म, २. त्याग ।

उत्सर्गः = मीमांसाअनुसार कुनै कर्म गर्न निर्देशन गर्ने सामान्यविधि ।

उत्सर्जनम् = वेदाध्ययनको विश्राम ।

उदक्या = रजस्वला ।

उदधिः = १. समुद्र, २. चार अङ्क बुझाउने शब्द ।

उदयः = १. लग्न, २. उन्नति ।

उदितम् = पूर्व दिशामा सूर्यका किरण देखिएको समय।

उद्गीथः = सामवेदको एक भेद ।

उद्दारः = कोइरालो वृक्षको एक भेद जसलाई काञ्चनार पनि भन्छन् ।

उद्भिद् = पशुपोषक यागविशेष ।

उद्यापनम् = व्रतसमाप्तिमा गरिने कर्म ।

उद्वाहः = १. कन्यागृहबाट विशेषविधिद्वारा कन्या ग्रहण गरी घर भित्र्याउनु, २. विवाह ।

उपक्रमः = प्रारम्भ ।

उपग्रहः = १. ग्रहलाई घुम्ने सानो ग्रह जस्तै पृथ्वीको

उपग्रह चन्द्रमा, २. ग्रहण, ३. स्वीकार ।

उपचयः = शुक्लपक्ष ।

उपद्रवः = महामारी ।

उपनयनम् = व्रतबन्धसंस्कार ।

उपनिधिः = बन्धकी ।

उपयमः = विवाह गरी आफ्नो घरको निकटमा लैजानु।

उपलः = तृणविशेष ।

उपलक्षणम् = आफ्नो अर्थ बुझाउँदै अर्को अर्थ पनि बुझाउने शब्द वा चिह्न अथवा सङ्केतित अर्थको बोध गराउँदै दोस्रो अर्थ बुझाउने शब्द ।

उपवसथः = दर्शपूर्णमास इष्टिको पहिलो दिन ।

उपवीतस्थानीयत्वम् = जनैको स्थानमा राखिने योग्यता।

उपवीतिः = उपनयनसंस्कार ।

उपसद् = एक दिनमा गरिने ज्योतिष्टोमयागको अघिल्लो दिन सम्पन्न गरिने होम ।

उपसर्गः = महामारी ।

उपांशुस्वरः = सासै सासले उच्चारण गरिने र अरूद्वारा नसुनिने स्वर ।

उपाकरणम् = १. उपक्रम, २. आरम्भ, ३. स्वाध्यायको स्वीकार ।

उपाकर्म = विधिपूर्वक वेदाध्ययनका लागि गरिने कर्म।

उपाधिः = १. सुवर्ण वा कुशद्वारा निर्मित प्रतिमा, २. आगन्तुक तत्त्व ।

उमामाहेश्वरी = १. अष्टमीविद्धा नवमी, २. नवमीविद्धा अष्टमी ।

उरगः = १. अश्लेषानक्षत्र, २. सर्प ।

उरगभम् = अश्लेषानक्षत्र ।

उषा = अरुणोदयकाल ।

उष्णरश्मिः = १. हस्तानक्षत्र, २. सूर्य ।

उस्त्रः = गोरु ।

ऊ

ऊक्षणम् = छर्किनु वा सेचन गर्नु ।

ऊर्जम् = १. सामर्थ्य २. श्राद्धमा पिण्डको कुशमाथि दिइने दूध या जलको धारा ।

ऊर्णास्तुका = भेंडाको रौंबाट तयार गरिएको डोरी ।

ऊर्ध्वमुखनक्षत्रगणः = आर्द्रा, पुष्य, श्रवण, धनिष्ठा, शतभिषा, ३ उत्तरा र रोहिणीको समूह ।

ऊर्ध्वोच्छिष्टम् = भोजन गरेपछि चुठ्नुभन्दा पहिलेको अशुद्ध अवस्था ।

ऊहः = १. विचार-विमर्श, २. मन्त्रमा रहेका वचन आदिको परिवर्तन वा अन्वययोग्य विभक्ति, वचन आदिको कल्पना ।

ऋ

ऋक्षम् = नक्षत्र ।

ऋणदानम् = ऋण लिनु ।

ऋध्नुकम् = समृद्धि बढाउने तत्त्व ।

ऋषिपञ्चमी = भाद्रशुक्ल पञ्चमी ।

ॠ

ॠक्षम् = नक्षत्र ।

ए

एकचितिः = एउटै चिता ।

एकदेशः = एकभाग ।

एकभक्तः = मध्याह्नमा नियमपूर्वक एक पटकमात्र भोजन गर्ने व्यक्ति ।

एकोद्दिष्टम् = मानिस मरेको वर्ष प्रतिमास र मृततिथिमा प्रतिवर्ष एक व्यक्तिका उद्देश्यले गरिने श्राद्ध ।

ऐ

ऐन्दवम् = मृगशिरानक्षत्र ।

औ

औदुम्बरम् = १. ताँबो, २. डुम्री ।

और्ध्वदेहिकम् = मृत व्यक्तिको संस्कारका निमित्त पहिलो

दिनदेखि दशौं दिनसम्म पिण्ड दिएर गरिने कर्म।

औपचायिकम् = वृद्धि एवं पुष्टिकारक ।

औपनायनिकः = उपनयनसम्बन्धी ।

औपवसथ्यः = यज्ञारम्भको दिन गरिने कृत्यविशेष ।

औरसपुत्रः = वैदिक विधिपूर्वक विवाह गरिएकी पत्नीबाट जन्माइएको पुत्र ।

औपासनाग्निः = ६ अग्निमध्ये उपासनाका लागि स्थापना गरिने अग्नि ।

क

कक्षम् = सुकेका घाँसपात ।

कक्षामूलप्रदर्शकः = आफ्ना दुवै काखी देखाउने मानिस अर्थात् केही नभएको गरीब छोराले माता-पिताको क्षयाहका दिन खुला ठाउँमा गई पितृहरूलाई पुकारा गर्दै 'मसँग केही छैन' भनी आकाशतर्फ दुई हात फैलाउँदा जसका दुवै काखीका मूल देखिन्छन् त्यस्तो व्यक्ति ।

कङ्कणम् = बाला ।

कङ्कोलः = १. अशोकको वृक्ष, २. बडहरको वृक्ष ।

कङ्गुः = कागुनो ।

कञ्चनारः = कोइरालो ।

कञ्चुकः = कचनार अथवा कोइरालो ।

कञ्चुकम् = १. चोलो, २. कुर्ता वा कमिज ।

कज्जली = भाद्रकृष्ण तृतीया ।

कटः = प्रेतलाई घाटमा लैजाँदा राख्ने खटविशेष ।

कटकम् = चुरा ।

कटोदकक्रिया = मृतकको शवलाई घाटमा पुऱ्याउने र अञ्जुलि दिने कर्म ।

कट्टारकः = १. कटारी २. छुरी ।

कट्फलम् = काफल ।

कण्डनम् = १. कुट्नु, निफन्नु वा फट्कनु, २. भूस ।

कण्डूरः = काउछो ।

कण्डूरा = काउछो अथवा कटहर ।

कदम्बः = कदमको वृक्ष ।

कन्था = गुदडी वा च्यात्तिए-फाटेका पुराना लुगाबाट बनेको ओढ्ने वा लगाउने वस्त्र ।

कन्दः = १. तरुल आदि कन्द, २. सकरकन्द, ३. सूरण, ४. अर्श ।

कपालः = यज्ञमा प्रयोग गरिने काष्ठपात्र ।

कपालम् = १. नरिवल, २. लौका ।

कपिञ्जलः = तित्रोनामक चरा ।

कपित्थः = कैथको रूख ।

कपिलाषष्ठीयोगः = १. भाद्रशुक्ल षष्ठी तिथि, मङ्गलवार र रोहिणी नक्षत्रको योग २. आश्विनकृष्ण षष्ठीतिथि रोहिणीनक्षत्र र मङ्गलवारको योग ।

कपोतावशेषम् = दाहसंस्कार गर्दा परेवाको आकारमा बाँकी रहेको शवको अंश ।

कमुञ्जा = शिखा ।

करकः = कमण्डलु ।

करञ्जम् = प्याजको एक भेद ।

करणः = वैश्यद्वारा शूद्रा कन्यासँग विवाह गरी तिनैबाट जन्माइएको पुत्र ।

करत्रयम् = हस्ता, चित्रा र स्वाती ।

करपञ्चकम् = हस्ता, चित्रा, स्वाती, विशाखा र अनुराधा।

करभः = हस्तानक्षत्र ।

करमर्दः = १. करौंदी, २. अमला, ३. पनेल ।

करम्भः = १. दही मिसिएको भोज्य पदार्थ, २. किचकिन्नी लहरो ।

करवीरः = १. कणेर २. करवीरको वृक्ष ।

करसम्पुटः = अञ्जुलि ।

करीरः = १. वसन्तमा पात नपलाउने वृक्षविशेष, २. टुसा, ३. बाँसको मुना, ४. पानीको गाग्रो ।

कर्कन्धुः = जङ्गली सानोखाले बयर ।

कर्मपात्रम् = जौ, तिल, कुश, चन्दन, अक्षता, फूल आदि राखिएको पात्र ।

कर्षः = सोह्र मासाबराबरको तौल ।

कर्षूः = १. एक बित्ता लम्बाइ, चार अंगुल चौडाइ भएको र त्यत्तिकै गहिराई भएको खाडल, २. सपिण्डनश्राद्ध, ३. कुलो वा नहर ।

कलायः = केराऊ ।

कलिङ्गः = १. इन्द्रजौ, २. तरबुजा, ३. गौडदेशमा प्रसिद्ध विशेष साग ।

कलिनिषिद्धविषयाः = अग्निहोत्र, गवालम्भ, संन्यास, मासुद्वारा श्राद्ध र देवरबाट नियोगद्वारा पुत्रोत्पत्ति।

कल्कः = लेदो ।

कल्पः = १. ब्रह्माजीको एकदिन, २. विधि, ३. इच्छा, ४. प्रलय, ५. प्रस्ताव, ६. विधान, ७. वेदाङ्गमध्ये एक शास्त्र, ८. आयुर्वेदशास्त्रअनुसार शरीरलाई नवीकरण गर्ने विधि आदि ।

कल्पविनाशः = इच्छाविघात ।

कसेरुः = जलकन्द ।

कह्लारम् = सायँकालमा फूल्ने सुगन्धित सेतो कमल।

काकिणी = १. कौडी, २. एक दामबराबरको सिक्का।

काकोली = कल्छेलहरो ।

काचः = कचूवृक्षको फल ।

काचमारी = १. तमाखुको पात, २. विषलिप्त बाणद्वारा आहत मृगको मासु ।

काण्डपृष्ठः = १. आफ्नो शाखाका वेद-वेदाङ्गहरूको त्याग गरी अरूका शाखाको वेद-वेदाङ्गको अध्ययन गर्ने मानिस, २. हतियार बनाएर जीविका चलाउने व्यक्ति ।

काण्डानुसमयः = पूजा-आरधना गर्दा देवता, पितृ आदिको आवाहनदेखि प्रार्थनासम्मका सबै कर्म छुट्टाछुट्टै सम्पन्न गर्नु ।

कानीनः = अविवाहित कुमारीबाट उत्पन्न ।

कामः = १. त्रयोदशीतिथि, २. कामदेव ।

कामचारवादभक्ष्याः = स्वेच्छाचार, स्वेच्छालाप र स्वेच्छाहार ।

कामस्वरः = उच्च स्वर ।

काम्यकर्म = विशेष प्रयोजन वा कामनाले गरिने कर्म ।

कायः = १. प्राजापत्यनामक प्रायश्चित्त, २. शरीर ।

कायतीर्थम् = साहिली-कान्छी औंलाको फेंद ।

कारीरीष्टिः = वर्षाका लागि गरिने यज्ञ ।

कारुः = १. आफ्नो शरीरबाट कार्य गर्ने भान्से आदि सेवक, २. धोवी ।

कार्पटिकाकृतिः = कापडीको आकार ।

कार्पटीवेशः = पहेंलो वेश ।

कालदुष्टम् = अनुपयुक्त समयमा गरिने भोजन ।

कालभम् = भरणीनक्षत्र ।

कालशाकः = करेमूको साग ।

कालेयः = दारुहरिद्रा ।

काव्याः = वैश्यका पितृदेवता ।

काश्मरी = खमारी ।

किंशुकः = पलाशको वृक्ष ।

कितवः = १. जुवाडे, २. ठग ।

किसलयः = पालुवा ।

कीकसः = हाड ।

कुः = १. एकलाई बुझाउने शब्द, २. पृथ्वी ।

कुक्कुण्डकः = बाटुलो आकारको च्याउ ।

कुचहीना = ऋतुधर्म नभएकी नारी ।

कुटजः = इन्द्रजौको रूख ।

कुटीचकः = आफ्ना छोरा, भतिजाद्वारा कुटी बनाउन लगाई काषाय वस्त्र धारण गरेर घरको नजिकै कुटीमा बसी साधना गर्ने संन्यासी ।

कुणपः = लाश ।

कुणिः = डुँडो ।

कुण्डः = ब्राह्मण पति जीवित छँदै ब्राह्मण जारबाट जन्मिएको पुत्र ।

कुण्डलम् = कानको अलङ्कार ।

कुतपः = १. मध्याह्न काल, २. गैंडाको खाग, ३. नेपालकम्बल, ४. चाँदी, ५. कुश, ६. तिल, ७. गाई र छोरीको छोरो ।

कुतपकालः = दिनका पन्ध्रौं भागमध्ये आठौं भाग । लगभग दुई घडी परिमाणवाला दिनका पन्ध्र भागका नाम यसप्रकार छन् - रौद्र, श्वेत, मैत्र, सारभद्र, सावित्र, वैश्वदेव, गान्धर्व, कुतप, रौहिण, तिलक, विभव, निर्ऋति, जय, शंकर र विजय ।

कुनखी = नराम्रा नङ भएको ।

कुन्दपुष्पम् = वेलीपुष्पजस्तै माघमा फुल्ने, केही लामा र फराकिला पात हुने सुगन्धपूर्ण फूल ।

कुप्यम् = सुन र चाँदीबाहेक अरू धातु वा छालाद्वारा बनाइएको तेल राख्ने पात्र ।

कुब्जम् = केंवरापुष्प ।

कुब्जकम् = गुलाफ ।

कुमुदम् = सेतो चन्द्रकमल ।

कुम्भाण्डः = बाटुलो लौका ।

कुम्भी = पाटला ।

कुरण्टिका = रातो कटसरैया ।

कुरुकः = नरिवल ।

कुरुजाङ्गलम् = दण्डकारण्य, विन्ध्यारण्य, पुष्करारण्य, नैमिषारण्य, कुरुजाङ्गल, उत्पलावर्तकारण्य, जम्बूकारण्य, अर्बुदारण्य, हिमवदरण्य, धर्मारण्य, वेदारण्य र सैन्धवारण्य यी १२ अरण्यमध्ये एक अरण्य। कुरु राजाको नामबाट यसको नामकरण भएको थियो । यो कुरुजाङ्गल अरण्य कुरुक्षेत्रमा रहेको छ । महाभारत आदिपर्व ९४/४९ मा भनिएको छ- **तस्य नाम्नाभिविख्यातं पृथिव्यां कुरुजाङ्गलम्।**

कुलिकवेला = रविवार दिनको चौथो मुहूर्त, सोमवार छैठौं मुहूर्त, मङ्गलवार आठौं मुहूर्त, बुधवार दशौं मुहूर्त, बृहस्पतिवार बाह्रौं मुहूर्त, शुक्रवार चौधौं मुहूर्त र शनिवार दोस्रो मुहूर्तको उदयकाल। जुन शुभकर्मका लागि निषिद्ध मानिएको छ ।

कुलित्थः = गहत ।

कुवरः = धनियाँ ।

कुशीलवः = १. ब्राह्मण भएर हलो जोत्ने व्यक्ति, २. नट, ३. भाट, ४. गायक, ५. समाचारवाहक, ६. वाल्मीकि ऋषि ।

कुष्ठम् = कोढ ।

कुसुम्भः = १.बर्रेको साग, २. केसर ।

कुसुम्भम् = बेसार ।

कुस्तुम्बुरुः = धनियाँ ।

कुहुः = चन्द्रकलारहित अमावास्या ।

कूटकारकः = झूटो साक्षी बक्ने व्यक्ति ।

कूटस्थः = मूलपुरुष ।

कूपः = कुवा वा पाँच हातदेखि ५० हातसम्म फैलिएको जलाशय ।

कूष्माण्डम् = कुभिण्डो ।

कूष्माण्डी = कूष्माण्डनामक ऋचा ।

कृकषा/ कङ्कणहारिका = काकाकुल नामक चरो ।

कृच्छ्रम्/कृच्छ्रः = १. गाह्रो कर्म, २. कृच्छ्रनामक कठिन व्रत।

कृतचूडः = चौलसंस्कार गरिएको बालक ।

कृतम् = पकाएको भात ।

कृताकृतम् = चामल ।

कृतान्तः = १. धर्मराज/यम २. शनि ।

कृष्णनालिका = कालो नरिचो ।

कृष्णलः = तीन जौ परिमाणको सुवर्ण आदि धातु ।

कृष्णसारः = अत्यन्त पवित्र मानिने कालो रङ्गको मृग ।

कृष्णोभः = कृष्णाष्टमी ।

कृसरम्/कृसरः = १. खिचडी २. खिचो ।

केतकी = १. केतकी, २. केवँरा ।

केतनम् = १. चिह्न, २. पूजा ।

केयूरम् = बाजुबन्द ।

केवलवेदः = केवलश्रौताग्नि ।

कैमुतिकन्यायः = जसले निम्नस्तरीय वस्तुद्वारा उच्चस्तरीय वस्तुको स्वतःसिद्धि हुने कुरा बताउँछ त्यस्तो न्याय।

कोकनदम् = रातो कमल ।

कोद्रवः = कोदो ।

कोरदूषकः = १. सिमल वा पलाशको चोप, २. वनकोदो।
कोविदः = पण्डित ।
कोविदारः = कोइरालो ।
कौङ्कणी = कोंकण देशमा हुने साग ।
कौमुदी = आश्विनपूर्णिमाको रात्रि ।
क्रव्यादः = काँचो मासु खाने राक्षस ।
क्रियादुष्टम् = गलत क्रियाका कारण वर्जित भोजन ।
क्रूरनक्षत्रगणः = ३ पूर्वा, भरणी र मघाको समूह ।
क्लृप्तम् = बनाइएको वा रचना गरिएको वस्तु ।
क्षणः = निर्व्यापार अवस्था ।
क्षयः = १. क्षयमास, २. नाश ।
क्षामा = दुर्बल नारी ।
क्षारगणः = १. तिल र मुँगबाहेक कोसामा फल्ने अन्न– गहुँ, कोदो, धनियाँ, सेतो जुनेलो, माष आदि दलहन, २. ऊँखुको रसबाट तयार गरिएको वस्तु, ३. उसिनेको अन्न, ४. पसलमा बेच्न राखिएको खानेकुरा, ५. मूलाजस्ता खाद्यपदार्थ । उक्त सबै पदार्थ क्षारगणभित्र पर्दछन् ।
क्षिप्रनक्षत्राणि = पुष्य, अश्विनी, अभिजित् र हस्ता ।
क्षीरकाकोली = दूधे कल्छेलहरो ।
क्षीरसः = दूधको तर ।
क्षीरिका = १. खीर, २. दूधको परिकार, ३. वंशलोचन, ४. पाँखरी ।
क्षुद्रतालः = सानो आकारको बेल ।

ख

खर्वः = सम ।
खलेवाली = खलामा गोरु बाँध्नका लागि गाडिएको खाँबो/ मिही ।
खाड्गम् = खगौतो ।
खारी = १६ द्रोणको परिमाण – एक द्रोणको १६ पाथी हुन्छ र १६ द्रोणको २५६ पाथी । २० पाथीको एक मुरी हुन्छ, तदनुसार २५६ पाथीको १२ मुरी १६ पाथी अर्थात् एक खारीबराबर १२ मुरी १६ पाथीको परिमाण हुन्छ ।
खर्जूरम् = खजूर ।
खर्जूरवेधः = यसलाई एकार्गलानामक दुष्टयोग पनि भनिन्छ। व्याघात, गण्ड, वैधृति, वज्र आदि योगमध्ये कुनै दुष्टयोग भएका दिन अभिजित्सहित चन्द्रमा सूर्यनक्षत्रदेखि विषमनक्षत्रमा भएमा खर्जूरवेधनामक एकार्गला दोष हुन्छ ।

ग

गजच्छाया = सूर्य हस्ता नक्षत्रमा रहँदा अमावास्या र हस्ता नक्षत्रसमेतको योगमा निष्पन्न हुने योग अथवा आश्विनकृष्ण त्रयोदशी हस्तामा सूर्य र मघानक्षत्रको योग ।
गडुमान् = शरीरमा विकृत मासुको डल्लो भएको मानिस।
गण्डः = १. गैंडा, २. हात्तीको गण्डस्थल ।
गण्डूषः/गण्डूषा = १. कुल्ला, २. हात्तीको सूँढको टुप्पो, ३. अञ्जुलि बनाउँदा बन्ने खाल्डो ।
गपे = गदा र पद्मलाई बुझाउने साङ्केतिक शब्द ।
गयाशिरः = महानदीको पश्चिमपट्टि गृध्रेश्वर पर्वतसम्म, उत्तरमा ब्रह्मयूपसम्म र दक्षिणतर्फ मानससम्म फैलिएको गयाको बीचमा पर्ने एक कोशको क्षेत्र ।
गर्तः = खाल्टो / खाडल ।
गलग्रहाः = कृष्णपक्षका चतुर्थी, सप्तमी, अष्टमी, नवमी, त्रयोदशी, चतुर्दशी, अमावास्या र प्रतिपदातिथि ।
गलन्तिका = १. करुवा २. जलधारा ।
गवयः = नीलगाई ।
गवीधूकः = जङ्गली गहुँ ।
गवेधुका = जङ्गली गहुँ ।
गाङ्गेयः = १. स्वामी कार्तिकेय, २. भीष्मपितामह ।
गान्धारिका = गाँजा ।
गार्हपत्यः = छ प्रकारका अग्निमध्ये गृहस्थद्वारा स्थापना गरिने अग्नि ।

गुग्गुलः/गुग्गुलुः = गोकुलधूप ।
गुञ्जा = पाँच रत्ती ।
गुडूची = गुर्जो ।
गुणत्वम् = अप्रधानता ।
गुन्द्रः = सानो जातको गूँद ।
गुरुः = १. पुष्यनक्षत्र, २. बृहस्पति ।
गुरुशुद्धिः = बृहस्पतिको शुद्धि ।
गुर्विणी = गर्भिणी ।
गुर्विणीपतिः = गर्भवती महिलाको पति ।
गुल्ममोचकः = मेथी, चम्सुर, कालो जीरा र ज्वानुको बीजद्वारा तयार गरिने गुल्मनाशक ओखती ।
गूढजः = कुनै नारीद्वारा आफ्नै घरका कुनै व्यक्तिसँग व्यभिचार गरी गुप-चुप पैदा गरिएको पुत्र ।
गृञ्जनम् = १. तमाखुका पात, २. विषालु शस्त्रद्वारा मारिएका मृगको मासु, ३. गाजर ।
गृहमेधी = गृहस्थ ।
गृह्याग्निः = छ प्रकारका अग्निमध्ये विवाहमा लाजाहोम गरिने अग्नि ।
गोचरः = जन्मराशिबाट शुभ र अशुभ स्थानहरूमा अद्यतन अवधिमा ग्रहहरूको स्थिति ।
गोत्रम् = १. सन्तान, २. ऋषिविशेषको नामबाट प्रचलित उपाधि ।
गोलकः = कुनै विधवा ब्राह्मणीले ब्राह्मण पति मरेपछि ब्राह्मणसँगकै व्यभिचारबाट जन्माएको छोरा ।
गोष्ठीश्राद्धम् = धेरै बुद्धिमान्हरूले आपसमा मिलेर सामग्री सम्पादन गरी सामूहिकरूपमा गरिने श्राद्ध।
गौः = १. किरण, २. नौ अङ्कलाई बुझाउने शब्द।
गौणकालः = निर्धारित समयभन्दा पछिको समय ।
गौरमृत्तिका = सेतो माटो ।
गौरांशुः = चन्द्रमा ।
गौरी = १. रजःशून्य कन्या, २. पार्वती ।
ग्रहः = १. नवमी, २. सूर्य आदि ग्रह, ३. नौ अङ्कलाई बुझाउने शब्द ।
ग्रहणिः/ग्रहणी = १. खाएको चीजमा गर्नुपर्ने काम बोसे आन्द्रोले गर्न नसक्दा हुन जाने पेटको रोग । यसले पेट फुल्ने वा दुख्ने, दिसा लागिरहने, भोक नलाग्ने आदि शिकायत हुन्छ, २. भुँडी र सानो आन्द्रासँग जुटेको एक अवयव ।
ग्रहोपरागः = सूर्य एवं चन्द्रग्रहण ।
ग्रस्तास्तः = राहु वा ग्रहण लागेकै बेला सूर्य वा चन्द्रमा अस्ताउनु ।
ग्रस्तोदयः = राहु वा ग्रहण लागेकै बेला सूर्य वा चन्द्रमाको उदय हुनु ।
ग्रीवकम् = फलविशेष ।

घ

घटस्फोटविधिः = पतितलाई बहिष्कार गर्ने विधि । यस विधिमा आफ्ना कुलमा कुनै मानिस अगम्यागमनजस्ता कर्म गरी पतित भयो भने कुलका सपिण्ड, समानोदक आदि जूठो लाग्नेजति सबै बन्धुबान्धव भेला भई पतितलाई साथै लिएर त्यसको निन्दा गर्दै गाउँदेखि बाहिर गई कुनै ठाउँमा बसी दासीलाई जलले भरिएको माटाको गाग्रो ल्याउन लगाइन्छ । त्यसपछि दासीलाई दक्षिणमुख फर्काएर जलले भरिएको माटाको त्यो गाग्रोलाई लात्तीले हान्न लगाइन्छ । उसले त्यसो गर्दा त्यो भरिलो गाग्रो रित्तिनु र फुट्नुपर्दछ । यो विधि आफ्ना बन्धुबान्धव र गुरु-पुरोहितको समीपमा रही रिक्ता आदि तिथि भएको निन्दित दिनमा सायंकालमा सम्पन्न गरिन्छ। उक्त विधिद्वारा पतितलाई बहिष्कार गरेपछि त्यो पतित मर्दा जूठो बार्नुपर्ने दाजुभाइले विधिसम्पन्न गरेको दिनदेखि एकदिन एकरात त्यस ज्यूँदो पतितको जूठो बार्नुपर्दछ ।
घस्त्रः = १. दिवस, २. दिन ।

च

चक्रमर्दः = चकौंते ।

चक्राङ्कः = शालग्राम ।
चक्रिका/तिन्तिडी = इमली ।
चगे = चक्र र गदा ।
चण्डातकम् = आइमाईहरूले लगाउने लहँगा ।
चण्डेशः = भगवान् शिवको एक पार्षद ।
चन्द्रः = १. मृगशिरानक्षत्र, २. चन्द्रमा ।
चन्दनसारः = सिहुँडीको रस ।
चन्द्रोपरागः = चन्द्रग्रहण ।
चमसः = १. दाबिलाको आकार भएको काठको पात्र, २. सोमरस ।
चम्पकम्/चम्पा = चाँपो ।
चम्पाषष्ठी = मार्गशीर्षशुक्ल षष्ठी ।
चरनक्षत्राणि = स्वाती, पुनर्वसु, श्रवण, धनिष्ठा र शतभिषा।
चरुकम् = यज्ञको चरु तयार गरिने पात्र ।
चर्मसंस्तरः = मृगचर्म आदिको आसन ।
चलार्चा = पूजनका लागि उठाएर अन्यत्र लैजान सकिने मूर्ति ।
चव्यः = चाँपो ।
चषकम् = यज्ञिय पात्रविशेष ।
चातुर्मास्येष्टिः = हविर्यज्ञका सात भेदमध्ये ४ महिनामा गरिने पाँचौं इष्टि । यसका वैश्वदेव, वरुणप्रघास, साकमेध र सुनासीरीय चार भेद हुन्छन् ।
चान्द्रायणकृच्छ्रः = शुक्लपक्षको प्रतिपदादेखि औंसीसम्म तीस दिनमा गरिने प्रायश्चित्त । वस्तुतः शुक्लपक्षमा प्रत्येक दिन एक गाँस बढाउँदै लैजाने र कृष्णपक्षका प्रत्येक दिन एक-एक गाँस घटाउँदै जाने र औंसीमा नखाने गरी शास्त्रोक्त विधि पुऱ्याई गरिने व्रतलाई चान्द्रायणकृच्छ्र भनिन्छ । यस व्रतमा गाँस चाहिँ मयूरको अण्डाको परिमाणको हुनुहुपर्दछ ।
चारः = चिरौंजी ।
चितावर्जिताग्नयः = दाहका लागि चितामा प्रयोग गर्न वर्जित अग्निहरू - चण्डालको घरको अग्नि, अपवित्र अग्नि, सुत्केरी बस्ने ठाउँको अग्नि, पतित व्यक्तिका घरको अग्नि र चिताकै अग्नि ।
चितिः = चिता ।
चिरभटः = खर्बुजा ।
चुक्रिका = १. चरिअमिलो, २. चूक ।
चुल्ली = चुलो ।
चौलकर्म = चूडाकर्म ।

छ

छन्दः = १. मन्त्र, २. वृत्त, ३. अभिप्राय, ४. शैली, ५. चालढाल, ६. इच्छा ।
छन्दोगः = सामवेदी ।

ज

जपापुष्पम् = बाह्रमासे फूल ।
जम्बीरम् = ज्यामिर ।
जम्भारिका = कागती ।
जम्भीरा = ज्यामिर ।
जया = तृतीया, अष्टमी र त्रयोदशीतिथि ।
जातिदुष्टम् = स्वभावबाट नै वर्जित भोजन ।
जाती = १. मालती, २. चमेली फूल ।
जामित्रम् = जन्मलग्नबाट सातौं स्थान ।
जालन्धरबन्धः = विश्वेश्वर भगवान्लाई नुहाइदिएको जल शिरमा धारण गर्नु ।
जीवकः = जीरा ।
जीवत्पितृकः = पिता ज्यूँदै रहेको व्यक्ति ।
जुहुः = पूर्वदिशा ।
जुहूः = पलाशवृक्षबाट तयार गरिने र यज्ञमा आहुति दिने कर्ममा प्रयोग गरिने सुरो ।
ज्ञातिः = बन्धु ।
ज्ञानमुद्रा = दायाँ हातमा तर्जनी र अङ्गुष्ठ परस्पर जोडेर हृदयमा स्पर्श गरी बायाँ हात दायाँ घुँडामाथि राख्दा निष्पन्न हुने मुद्रा ।

झ

झषः = मकर, माछो ।

झिण्टी = नीलो कटसरैयापुष्प ।

ड

डिम्बाहवः = विनाहतियारको झुटो लडाइँ ।

ढ

ढुण्ढा = ढुण्ढानामक राक्षसी ।

त

तडागः = २०१ हातदेखि ३०० हातसम्म फैलिएको जलाशय, जसलाई सरोवर भनिन्छ ।

तण्डुलीयम् = चौलानी ।

तत्त्वम् = १. साङ्ख्यदर्शनका २५ तत्त्व, २. सार वा निष्कर्ष।

तन्त्रम् = १. अङ्गकर्महरूमा समानता र प्रधानकर्ममा भेद भएको अवस्था, २. एक कर्ताद्वारा एउटै समयमा र एउटै स्थानमा अनेक कर्महरूको एकै चोटि गरिने अनुष्ठान, ३. तन्त्रशास्त्र, ४. शासन ।

तन्दुलीयकम् = भातको माड ।

तपः = माघ ।

तपसः = फाल्गुन ।

तप्तकृच्छ्रम्/तप्तकृच्छ्रः = तताएको दूध, घ्यू र पानी क्रमशः तोकिएको मात्रामा तीन दिन खाने र चौथो दिन उपवास बस्ने गरी चार दिनसम्म गरिने प्रायश्चित्तव्रत ।

तमालः = तमालवृक्ष ।

तार्णम् = तृणबाट तयार गरिएको ।

तालकन्दः = १. मूलाको एक भेद / बाटुलो मूला, २. ओल ।

तालकम् = १. कर्णालङ्कार अर्थात् कानमा लगाउने गहना २. हेमाद्रिको मतमा बत्ती राख्ने पात्र अर्थात् दीपपात्र।

तिथिः = १. पूर्णिमा, २. पन्ध्र संख्यालाई बुझाउने शब्द ।

तिथिदेवताः = तिथिका देवता वा स्वामी ।

तिथियुग्मता = १. एकै दिन दुई तिथिको योग, २. युग्मवाक्यको अनुसरण ।

तिन्दुकः = १. तिँदु / तेंदु / तिदु, २. एक कर्ष वा ६ मासाबराबरको तोल ।

तिर्यङ्मुखनक्षत्राणि = मृगशिरा, रेवती, अनुराधा, हस्ता, स्वाती, पुनर्वसु, ज्येष्ठा र अश्विनीनक्षत्र ।

तिलकल्कः = तिलको पिना ।

तिलण्टकः = परवर ।

तीक्ष्णनक्षत्राणि = मूल, आर्द्रा, अश्लेषा र ज्येष्ठानक्षत्र ।

तुण्डीरम् = बिम्बफल ।

तुरगः = १. स्वाती, २. घोडा, ३. सात संख्यालाई बुझाउने शब्द ।

तुरीयातीतः = परमहंस संन्यासीभन्दा माथिल्लो तहको संन्यासी ।

तुरुष्कत्वक् = लोहवानको धूप ।

तुरुष्कम् = शिलारस, लोहवान ।

त्रपुषम्/त्रपुसम् = १. काँक्रो, २. राङ ।

त्रपुसा = ऐरेलु ।

त्रयोदशपदानि - **तेह्र** प्रकारका पदहरू यसप्रकार छन् - ताम्रपात्र, जनै, औंठी, वस्त्र, लठ्ठी, कमण्डलु, पकाउने भाँडो, छाता, जुत्ता, रूपैयाँ-पैसा, पकाएको अन्न, काँचो अन्न र आसन ।

त्रिकाष्ठिका = तीनोटा काठलाई बाँधेर बनाएको प्रेतश्राद्धमा प्रयोग गरिने त्रिकाष्ठी ।

त्रिजन्मनक्षत्रम् = जन्मनक्षत्र, त्यसको पूर्ववर्ती नक्षत्र र उत्तरवर्ती नक्षत्र ।

त्रिजातकम् = ल्वाङ, अलैंची र दालचिनी ।

त्रिणाचिकेतः = यजुर्वेदको एक देश त्रिणाचिकेतको अध्येता ।

त्रिदण्डी = वाग्दण्ड, मनोदण्ड र कर्मदण्डले युक्त भएको संन्यासी ।

त्रिदशमन्त्रीः = १. पुष्यनक्षत्र, २. बृहस्पति ग्रह ।

त्रिदिनस्पृक् / त्रिद्युस्पृक् = तीनवटा तिथि स्पर्श गर्ने वार ।

त्रिपादनक्षत्राणि = कृत्तिका, पुनर्वसु, उत्तराफाल्गुनी, विशाखा, उत्तराषाढा र पूर्वभाद्र ।

त्रिपुण्ड्रकम् = १. माझी र साहिँली औंलाले बायाँबाट दाहिनेतिर र बूढी औंलाले दायाँबाट बायाँतिर निधारमा लगाइने टीका ।

त्रिपुष्करयोगः = शनि, मंगल र रविवारका दिन द्वितीया, सप्तमी र द्वादशीतिथिमध्ये कुनै तिथि र उत्तर-फाल्गुनी, पूर्वाभाद्र, पुनर्वसु, कृतिका, उत्तरषाढानक्षत्र मध्ये कुनै नक्षत्र भएमा त्रिपुष्कर योग हुन्छ। जस्तै शनिवार द्वितीयातिथि र पुनर्वसुनक्षत्र भए त्रिपुष्कर योग हुन्छ ।

त्रिमधुः = १. **मधुव्वाता०** आदि तीन ऋचाको अध्ययन गर्ने व्यक्ति, २. घिउ, मह, चीनी यी तीन वस्तुको समूह ।

त्रिषट्करः = अठार हात लम्बाइ भएको ।

त्रिसुपर्णः = १. यजुर्वेदको एक भाग, २. त्रिसुपर्णको अध्येता, ३. सात पुस्ताका पूर्वजहरूले सोमयाग गरिएको परिवारमा जन्मिएको व्यक्ति ।

त्रेतात्यागी = तीन प्रकारका अग्निको त्याग गर्ने व्यक्ति।

त्रैककुदम् = १. सुरमा, २. त्रिककुद्नामक पर्वतबाट उत्पन्न भएको सुगन्ध ।

त्वक् = दालचिनी ।

त्वाष्ट्रम् = चित्रानक्षत्र ।

द

दक्षिणाग्रम् = दक्षिणतिर टुप्पा फर्किएको ।

दक्षिणाप्रवणम् = दक्षिणदिशातर्फ ओरालो परेको ।

दण्डः = घडी ।

दण्डपाणिः = यम ।

दत्तकः = माता-पिताद्वारा अरूलाई पुत्रका रूपमा प्रदान गरिएको बालक अथवा अन्य माता-पिताको पुत्रलाई कसैले आफ्नो पुत्रको रूपमा स्वीकार गरेको बालक, धर्मपुत्र ।

दत्ता = वाग्दान गरिएकी कन्या ।

दत्ताप्रदानिकम् = दिएर नफर्काउनु ।

दधित्थः = कैथ ।

दन्ध्रणम् = प्रतारण वा वञ्चना ।

दमः = दण्ड ।

दमनम् = दमना ।

दमनार्पणम् = दमना चढाउनु ।

दर्पः = १. वर्धमान तिथि, २. अधिक तिथि ।

दर्भपिञ्जुली = कुशको पात ।

दर्शपूर्णमासः = अमावास्या एवं पूर्णिमाका दिन गरिने यज्ञ ।

दर्शम् = अमावास्या ।

दशकृत्वः = दशपटक ।

दशगात्रम् = दश किरिया ।

दशदानानि = गाई, भूमि, तिल, सुन, घ्यू, वस्त्र, धान, सखर, चाँदी र नुन यी दश पदार्थको दान ।

दशादानम् = वस्त्रको टुप्पामा रहेको धागो चढाउने काम।

दशापवित्रम् = सेतो ऊनद्वारा तयार गरिएको झाडन वा भाँडा सफा गर्ने ऊनी कपडा ।

दानम् = अरूलाई आफ्नो वस्तुको स्वामी तुल्याउने कार्य।

दानाङ्गानि = दानका ६ अङ्ग - दाता, प्रतिग्रहीता, धर्मयुक्त देयपदार्थ, श्रद्धा, उचित काल र उचित देश ।

दानारम्भः = तुलादान, नान्दीश्राद्ध वा सङ्कल्पको प्रारम्भ।

दारकर्म = विवाह ।

दारुहरिद्रा = चुत्रो ।

दिग्दाहः = साँझपख आकाश डढेको जस्तो देखिने रातो-रातो जस्तो आकाशको भाग ।

दिग्बन्धनम् = सबै दिशामा तिल छरेर श्राद्धको विघ्न हटाउनु ।

दिनपञ्चविभागाः = ३-३ मुहूर्तका दिनका पाँच विभाग-

प्रातः, सङ्गव, मध्याह्न, अपराह्न र सायाह्न ।

दिव्यकर्म = अपराधीको अपराध परीक्षण गर्ने प्राचीन विधि ।

दुन्दुभिः = दमाहा ।

दुश्चिकित्स्यामयः = ज्यादै ठूलो कष्टले चिकित्सा गर्न सकिने रोग ।

दूर्वाष्टमी = अगस्त्यको उदयअनुसार कहिले भाद्रकृष्णको अष्टमीमा त कहिले भाद्रशुक्लपक्षको अष्टमीमा पर्ने पर्व ।

देवतीर्थम् = औंलाहरूको टुप्पातिरको भाग ।

देवनम् = जुवा ।

देवदारुः = दियार ।

देवयज्ञः = अग्निमा आहुति प्रदान गरी देवतालाई तृप्त तुल्याउने कार्य ।

देवलकः = देवताको पूजा गरेर जीविका गर्ने व्यक्ति ।

देवसान्निध्यहीनप्रतिमाः = देवताको सन्निधि नहुने प्रतिमा– खण्डित प्रतिमा, फुटेर चिरा परेको प्रतिमा, डढेको प्रतिमा, सर्वाङ्ग नष्ट–भ्रष्ट भएको प्रतिमा, शास्त्र निर्दिष्ट परिणामअनुसार नबनाइएको प्रतिमा, पूजा–आजा नगरिएको प्रतिमा, गदा–कुकुर आदिबाट स्पर्श गरिएको प्रतिमा, खराब ठाउँमा स्थापना गरिएको प्रतिमा, सम्बद्ध देवताको मन्त्र छाडी अरू देवताका मन्त्रद्वारा पूजा गरिएको प्रतिमा र पतित मानिसहरूको स्पर्शका कारण दूषित भएको प्रतिमा ।

दैवकर्म = विवाह आदि ।

दैवहीनम् = एकोद्दिष्टश्राद्ध ।

दौहित्रः = छोरीतर्फको नाति ।

द्राक्षा = दाख ।

द्रोणः = १६ पाथीको परिमाण ।

द्रोणपत्रम् = गुम्पातीको पात ।

द्रोणपरिमाणम् = स्थानीय चलनअनुसार चार वा आठ पाथी अथवा सोह्र सेर वा बत्तीस सेर ।

द्रोणपुष्पम् = सेतो गुम्पातीको फूल ।

द्रोणशाकः = गुम्पाती ।

द्व्यामुष्यायणः = दुई गोत्र हुने व्यक्ति ।

द्विदलम् = मुँग, मसुरो, चना, केराऊ, राजमा र माष ।

द्विपुष्करयोगः = शनिवार, मंगलवार र आइतवारका दिन द्वितीया, सप्तमी र द्वादशीमध्ये कुनै तिथि र धनिष्ठा, चित्रा, मृगशिरा नक्षत्रमध्ये कुनै नक्षत्र भएमा निष्पन्न हुने योग । जस्तै आइतवारका दिन द्वादशीतिथि र धनिष्ठानक्षत्र भएमा द्विपुष्कर योग हुन्छ ।

द्विवासाः = धोती र उपर्ना गरी दुई वस्त्र धारण गर्ने व्यक्ति।

ध

धनिष्ठापञ्चकम् = धनिष्ठा, शतभिषा, पूर्वभाद्र, उत्तरभाद्र र रेवती यी पाँच नक्षत्र ।

धमनम् = प्रज्वालन गर्नु / आगो फुक्नु ।

धरणम् = ४० मासा सुवर्ण ।

धर्मः = १. दशमीतिथि, २. धारण गर्न योग्य उत्तम सिद्धान्त र त्यसद्वारा निर्दिष्ट कर्म ।

धर्मपृष्ठम् = १. धर्मपीठ, २. काशी ।

धर्मारण्यम् = बाह्र पुण्य अरण्यमध्ये एक अरण्य । महाभारतमा चार वटा पुण्यवनलाई धर्मारण्य मानिएको छ – १. पश्चिम समुद्रनजिक सिद्धपुर क्षेत्रमा रहेको अरण्य, २. हिमालयको नजिक रहेको अरण्य, ३. मध्यप्रदेशमा रहेको अरण्य र ४. गयाक्षेत्रमा रहेको अरण्य । यीमध्ये गयाको धर्मारण्य ज्यादै प्रसिद्ध छ ।

धात्रीपत्रम् = अमलाको पात ।

धिष्ण्यम् = १. घर, २. ठाउँ, ३. अग्नि, ४. तारा, ५. आकाशमा देखिने उल्का, ६. नक्षत्र ।

ध्रुवनक्षत्राणि = ३ उत्तरा र रोहिणीनक्षत्र ।

धृतचारकम् = पुरानो चिरौंजी अथवा चारौलीको फल।

धेनुकारण्यम् = धेनुक नाम गरेको वन, जसको अर्को नाम तालवन पनि हो ।

न

नकुलः = न्याउरी मुसो ।

नक्तकालः = नक्षत्रदर्शनयोग्य काल ।

नक्तम् = १. रातमा भोजन गरी सम्पन्न गरिने व्रत, २. रातको समय ।

नग्नप्रच्छादनम् = उत्तरीय एवं धोती ।

नग्निका = ऋतुधर्म नभएकी कन्या ।

नन्दा = प्रतिपदा, षष्ठी र एकादशीतिथि ।

नपुसंकाः = षण्डक, वाजक, षण्ढ, पण्ड, क्लीब, नपुंसक र कीलकनामक नपुंसकहरू ।

नभस्यः = भाद्रमास ।

नभाः = श्रावणमास ।

नलिका = नाडीसाग ।

नवश्राद्धम् = मानिस मरेको पहिलो, तेस्रो, पाँचौं, सातौं, नवौं र एघारौं विषम दिनहरूमा गरिने श्राद्ध । यी श्राद्ध अवयव पूर्तिका लागि दिइने दश पिण्डभन्दा फरक रहेको कुरा बुझ्नुपर्दछ। यो श्राद्ध शुक्ल-यजुर्वेदाध्यायी माध्यन्दिनीय शाखामा प्रचलित छैन।

नाक्षत्रमासः = २७ नक्षत्रको भोगकाल ।

नाक्षत्रवर्षः = २७ नक्षत्रको भोगमा एक महिना हुने र त्यस्तो बाह्र महिनामा लगभग ३२४ दिन हुने वर्ष ।

नागः = १. सीसा/धातुविशेष, २. सर्प, ३. हात्ती ।

नागदैवतम् = अश्लेषानक्षत्र ।

नागरः = सोंठी ।

नाभिच्छेदनम् = नाल काट्नु ।

नारायणबलिः = मृत व्यक्तिको शुद्धि वा उद्धारका लागि नारायण अथवा शिवलाई उद्देश्य गरेर गरिने कर्म ।

नासत्यः = अश्विनीकुमार ।

नासत्यम् = अश्विनीनक्षत्र ।

नासस्त्या = अश्विनी ।

निकृष्टपातकिन्यः = आफूभन्दा हीन जातिका पुरुषसँग पोइल जाने, पतिको हत्या गर्ने र वेश्यावृत्ति गर्ने नारीहरू ।

निगर्वः = सिद्धान्त ।

नित्यकर्म = अपरिहार्य कर्म ।

नित्यवदनुवादायोगः = नित्यवस्तुको अनित्य अनुवादको अभाव ।

नित्यानुवादः = अनुवादविधिको नित्यता ।

निधनम् = १. कुण्डलीको आठौं भाव, २. मृत्यु, ३. सामगानको विशेष प्रकार ।

निधिः = १. खजाना, २. नौ सङ्ख्यालाई बुझाउने शब्द।

निपानः = जलाशय ।

निम्बः = नीम ।

नियोजनम् = १. मौलो बाँध्ने कार्य, २. कसैलाई कुनै कार्यमा लगाउनु ।

निरयः = नरक ।

निरूढपशुबन्धः = सोमयज्ञको अङ्गका रूपमा रहेको तर स्वतन्त्र यज्ञ ।

निर्गमः = कन्याको विवाह ।

निर्गुणत्वम् = गुणहीनता ।

निदाघः = ग्रीष्मऋतु ।

निर्वापः = पिण्ड ।

निर्वापणम् = १. काट्नु, २. पिण्ड दिनु ।

निवीतम् = मालाझैं लगाइएको जनै ।

निवीती = मालाझैं जनै लगाउने मानिस ।

निशाद्वयम् = चुत्रो र हलेदो ।

निशीथम्/निशीथः = १. आधारात, २. रातको आठौं मुहूर्त ।

निषादः/पारशवः = ब्राह्मणले वैदिक विधिअनुसार शूद्र कन्यासँग विवाह गरी तिनैबाट जन्माइएको पुत्र ।

निषेकः = गर्भाधान ।

निष्कम् = १. सोह्र मासा वा एक कर्षको तौल भएको सुनको सिक्का, २. सुन, ३. असर्फी ।

निष्कर्षः = निचोड ।

निष्कृतिः = प्रायश्चित्त ।

निष्पावः = १. नाङ्लो, २. केराऊ ।

नीलकपित्थकः = माल्दा आँप ।

नीवारः = वनधान्य ।

नीवी = श्राद्ध गर्दा कटिमा राखिने कुश ।

नीवीबन्धनम् = मोटक र फूल कटिमा बाँध्नु ।

नृयज्ञः = मनुष्ययज्ञ अर्थात् अतिथिसत्कार ।

नृयुक् = मिथुनराशि ।

नैःस्वम् = दरिद्रता ।

नैदाघः = ग्रीष्मऋतुसम्बन्धी ।

नैमित्तिककर्म = विशेष अवसरमा गरिने कर्म ।

नैष्ठिकः = गुरुकुलको शिक्षापछि आध्यात्मिक उत्कर्ष प्राप्तिका लागि गुरुको सेवामा रही आजन्म ब्रह्मचारी र जितेन्द्रिय भई रहने प्रतिज्ञा गर्ने ब्रह्मचारी ।

न्यग्बिलम् = उल्ट्याउनु ।

न्युब्जम्/न्यूब्जः/न्यूब्जा = घोप्टिएको वा उल्टो पारिएको।

न्युब्जकम् = गुलाफ ।

प

पक्षच्छिद्राः = चतुर्थी, षष्ठी, अष्टमी, नवमी, द्वादशी र चतुर्दशी तिथि ।

पक्षान्तकर्म = १. पूर्णिमा र अमावास्यामा गरिने कर्म, २. वैश्वदेव, ३. अन्वाधान ।

पक्षिणी = सामान्यतया दुई दिन एक रात वा दुई रात एक दिन को पक्षिणी हुन्छ । मृत्युको खबर दिनमा सुनेमा त्यसै दिन, त्यही रात र भोलिपल्ट दिनान्तमा तारा नउदाएसम्मको समयलाई पक्षिणी मान्नुपर्दछ । रातमा खबर सुनेमा त्यही रात र भोलिपल्टको दिन–रातलाई पक्षिणीमा गन्नुपर्दछ । पक्षिणी भनेको सामान्य हिसाबमा ३६ घण्टाको हुनुपर्ने हो तर उक्त अनुसार दिनको वा रातको अन्तिम घडीतिर जुठो सुन्दा पनि पूरै दिन मानिने भएको हुँदा ३६ घण्टा नपुग्न पनि सक्छ ।

पङ्क्तिपावनः = आफ्नो उपस्थितिबाट पङ्क्तिलाई नै पवित्र तुल्याउने, वेदको अर्थज्ञान गर्ने, प्रवचन गर्ने, हजारौं विद्यार्थीहरूलाई विद्यादान गर्ने, शतायु र वेदका ६ अङ्गको अध्ययन गरेको सदाचारी ब्राह्मण ।

पङ्क्तिपावनपावनः = पङ्क्तिपावनलाई पनि पावन तुल्याउने व्याकरण, मीमांसा र सामवेदको ज्ञाता ऋषिकल्प पुरुष ।

पचनाग्निः = लौकिक अग्नि ।

पचिः = पाकक्रिया ।

पञ्चकम् = धनिष्ठानक्षत्रको उत्तरार्धदेखि रेवतीसम्मका पाँच नक्षत्र ।

पञ्चगव्यम् = काली गाईको गहुँत, सेती गाइएको गोबर, ताँबोको रंग हुने गाईको दही, राती गाईको दूध र कपिला अर्थात् कैली गाईको घ्यूद्वारा तयार गरिएको गव्यसमूह । यसमा सबै रंगका गाई नपाइएमा सबै कुरा कालीगाईकै प्रयोग गर्न शास्त्रले आज्ञा दिएको छ । यसरी पञ्चगव्य तयार गर्दा गहुँत एक तोला, गोबर बूढी औंलाको आधाजति मात्रामा, सात तोला दूध, तीन तोला दही, एक तोला घ्यू, एक तोला कुशोदक मिलाउनुपर्दछ । यी तत्त्व मिलाएपछि गायत्रीद्वारा अभिमन्त्रित गरी माटो, ताँबोको वा पलाशको पात्रमा राखेर खानु गर्नुपर्दछ ।

पञ्चदशस्तोमः = सामहरूको समूह ।

पञ्चधेनवः = ऋणापनोदधेनु – ऋणबाट उन्मुक्ति दिलाउने गाई, पापपनोदधेनु – पापबाट उन्मुक्ति दिलाउने गाई, मोक्षधेनु – मोक्ष दिलाउने गाई, वैतरणीधेनु – वैतरणी नदीबाट तार्ने गाई र उत्क्रान्तिधेनु – सुखपूर्वक प्राण जान सघाउने गाई ।

पञ्चनखाः = खरायो, गोहोरो, दुंसी, कछुवा र श्वाविध अर्थात् स्यालको आकारको जनावर । यी सबैका पाँच नङ्ग्रा हुन्छन् ।

पञ्चपल्लवाः = वर, पीपल, आँप, डुम्री र पाखरीका पात।

पञ्चप्रस्तराः = शिवपूजामा प्रयोग गरिने नर्मदेश्वर लिङ्ग, विष्णुपूजामा प्रयोग गरिने शालग्राम, सूर्यपूजामा

प्रयोग गरिने स्फटिकप्रस्तर, गणेशपूजामा प्रयोग गरिने रक्तप्रस्तर र देवीपूजामा प्रयोग गरिने धातुप्रस्तर।

पञ्चभङ्गाः = पञ्चपल्लव – आँप, पीपल, वर, पाँखरी र डुम्री ।

पञ्चमहायज्ञाः = भूतयज्ञ, मनुष्ययज्ञ, पितृयज्ञ, देवयज्ञ र ब्रह्मयज्ञ ।

पञ्चरत्नानि = सुन, चाँदी, मूँगा, मोती र राजावर्त, अथवा सुन, हीरा, पद्मराग, नीर, मोती अथवा सुन, हीरा, मोती, पद्मराग र मौक्तिक ।

पञ्चशिम्बम् = भटमास, मसुरो, राजमा, सिमी र माष।

पञ्चसूत्री = लिङ्ग एवं मस्तकको विस्तार, लिङ्गको उचाइ, लिङ्गको परिधि, लिङ्गको पीठ र प्रणालिका विधान गर्ने सूत्र ।

पञ्चाननः = १. सिंहराशि, २. भगवान् शिव, ३. सिंह ।

पटोलः = परवर ।

पणः = आठ कौडीबराबरको सिक्का / एक पैसा ।

पतद्ग्राहः = दास ।

पत्रम् = वाहन ।

पदानि = अन्न, जल, जुत्ता, छाता, कमण्डलु, वस्त्र, छडी, फलामको दण्ड, अंगेठी, दीपक, तिल, ताम्बूल, चन्दन र पुष्प दिएर गरिने दान ।

पददानसामग्री = आसन, जुत्ता, छाता, पञ्चपात्र, लोटा, थाली, वस्त्र, कचौरा, औंठी, धोती, पञ्चपात्र, ताम्रपात्र, कमण्डलु, लठ्ठी (लौरो), माला, जनै, गीताको पुस्तक, द्रव्य, पंखा (व्यजन) आदि ।

पदार्थानुसमयः = पूजा–श्राद्ध आदि गर्दा सबै देवता, पितृ आदिको एकैचोटि आवाहन, एकैचोटि प्रार्थना, एकैचोटि पुष्प–गन्धादि अर्पण गरी पूजा सम्पन्न गर्नु।

पद्मः = हेमन्त र शिशिर ऋतुका कृष्णपक्षका अष्टमी वा अष्टका ।

पद्मकम् = रविवारका दिन विष्टि र व्यतीपातयोग भएमा निष्पन्न हुने दुर्लभ योग ।

पद्मकयोगः = १. रविवार सप्तमी वा अष्टमी तिथिको योगमा निष्पन्न हुने विशिष्ट योग, २. षष्ठी र सप्तमी दुई तिथि भएको दिनमा रविवार परेमा निष्पन्न हुने दुर्लभ योग ।

पद्मकाष्ठम् = पैय्यूँको काठ ।

पद्मतनयः = रोहिणीनक्षत्र ।

पद्मफलम् = १. कमलको गट्टा, २. राम्ररी तयार गरिएका भक्ष्य–भोज्य ।

पद्मम् = कमल ।

परनारीसुतः = दत्तक आदि पुत्र ।

परमहंसः = शिखासूत्रपरित्याग गरी एकदण्ड धारण गरेर उच्चस्तरीय साधनामा तत्पर संन्यासी ।

परमान्नम् = पायस वा खीर ।

पराककृच्छ्रः = बाह्र दिन विधिपूर्वक उपवास गरिने व्रतलाई पराककृच्छ्र भनिन्छ ।

पराचीनः = झुकाइएको पितृतीर्थ ।

परिग्रहदुष्टम् = पतित, दुराचारीबाट ग्रहण गरिने भोजन।

परिणयः/परिणयनम् = अग्निप्रदक्षिणा गरी कन्याग्रहण गर्नु ।

परिवित्तिः = १. जसका भाइको विवाह भएको छ र आफ्नो विवाह भएको छैन त्यस्तो व्यक्ति, २. ज्येष्ठताक्रम भङ्ग गरी दाजुभन्दा पहिले विवाह गर्ने कार्य ।

परिवेत्ता = आफूभन्दा जेठो दाजु छँदाछँदै विवाह र अग्निहोत्र ग्रहण गर्ने मानिस ।

परिवेदनम् = १. क्रम नाघेर गरिने विवाह, २. विलाप वा शोक ।

परिवेषणम् = १. भोजन पस्कनु, २. अन्नको भाग लगाउनु।

परिव्याणमन्त्रः = युवा सुवासाः० इत्यादि मन्त्र ।

परिसेचनम् = श्राद्धीय भोजनलाई चारैतर्फबाट सेचन गर्नु ।

परिस्तरणम् = कुश आदि बिछ्याउनु ।

परुषकम् = फालसा ।

पर्णता = पलाशको पातको समूह ।

पर्णलता = पानको लहरा ।

पर्णशरदाहः = पुतलादाह ।

पर्णशरः = कुश आदिद्वारा तयार गरिएको पुतला ।

पर्यनुयोगः = प्रश्न ।

पर्युक्षणम् = दक्षिणतर्फबाट जल घुमाउनु ।

पर्युदस्तः/पर्युदासः = उत्तरपदका साथ नञ्को योग हुँदा निषेध अर्थको सूचना दिने समासान्त पद ।

पर्युषितम् = पुरानो वा बासी ।

पर्युहनम् = आगाको कोइला र सुकेका कुश घुमाउनु।

पर्यूहनम् = विनामन्त्र जलसेचन ।

पलम् = ६४ मासा वा ४ कर्ष बराबरको तौल ।

पल्ल्ययनम् = घोडाको काठी ।

पवित्रारोपणम् = गरिएको पूजा-आराधना सफल होस् भनी शास्त्रद्वारा निर्दिष्ट तिथिमा आराध्य देवतालाई काँचो धागोको पवित्र अर्पण गर्ने कर्म ।

पाकपरिक्रिया = श्राद्धका लागि पाकसम्पादन ।

पाटला = रातो लोध ।

पाणिग्रहणम् = वैदिक विधिबाट कन्याको हात समाउनु अर्थात् विवाह गर्नु ।

पाणितलम् = हत्केला ।

पातः = १. व्यतीपात, २. पतन ।

पात्रान्तरिततोयम् = जलाशयबाट एउटा पात्रमा झिकी अर्को पात्रमा सारिएको जल ।

पात्रालम्भनम् = श्राद्धमा अन्नसङ्कल्प गर्दा गरिने पात्रस्पर्श।

पात्रिकम् = सुपात्र ब्राह्मणद्वारा गराइने श्राद्ध ।

पाथेयश्राद्धम् = मृतक मनुष्यलोकबाट प्रेतलोकमा जाँदा बाटोमा भोक-प्यासले व्याकुल नहोस् भन्ने उद्देश्यले गरिने श्राद्ध ।

पादार्घः = ब्राह्मणको पाउ धुने अर्घ्यजल ।

पादुका = खराउ ।

पापमोचकः = बेसार ।

पारक्या भूमिः = अन्य मानिसको जमिन ।

पारणम् = व्रतसमाप्तिको सूचक प्रथम भोजन / पारण।

पारशवः = ब्राह्मणद्वारा विवाहिता शूद्रा पत्नीबाट जन्मिएको पुत्र ।

पारिभद्रः = १. रातो मदार, २. नीम ।

पार्णम् = पातबाट तयार गरिएको टपरी आदि ।

पार्वणम् = अमावास्या वा पर्वहरूमा तीन पुरुषका उद्देश्यले गरिने श्राद्ध ।

पालङ्की = पालुङ्गो ।

पालि(ले)वतम् = ज्यामिर ।

पावनसूक्तम् = पवित्र मन्त्र वा श्लोक ।

पावमानी = पवमानसूक्तअन्तर्गतका ऋचा ।

पाशतिथिः = द्वादशी ।

पाषाणप्रतिपत्तिः = अञ्जुलि दिने काममा प्रयोग गरिएको शिला सेलाउनु ।

पिण्डनिर्वापः = पिण्डदान ।

पिण्डनिर्वापणम् = पिण्डदान ।

पिण्डपितृयज्ञः = अग्निहोत्रअन्तर्गत श्राद्धझैं गरिने यज्ञ ।

पिण्डमूलकम् = सलगम ।

पिण्डविच्छित्तिः = पिण्डच्छेद वा पिण्ड फुट्नु ।

पिण्डान्वाहार्यकम् = जुन श्राद्धमा पछिबाट पिण्डदान गरिन्छ त्यसमा गरिने पिण्डको निष्पत्ति ।

पिण्डालकः = पिडालु ।

पिण्डिका = वेदी / पिण्डदिने वेदी ।

पितृतीर्थम् = बूढी औंलो र तर्जनी औंलाको माझ ।

पितृयज्ञः = पितृहरूलाई स्वधाशब्द उच्चारण गरेर गरिने तर्पण एवं श्राद्ध ।

पितृव्यः = जेठा बाबु वा कान्छा बाबु ।

पित्र्यम् = १. मघानक्षत्र, २. पितृसम्बन्धी कर्म वा वस्तु।

पिप्पलतर्पणम् = पीपलको सेचन ।

पिशङ्गी = कैलो रंग भएकी गाई ।

पिशाचः = पिशाच ।

पुंसवनम् = जुन संस्कार गर्दा योनिमा सिञ्चन गरिएको वीर्य अमोघ हुन्छ र अमोघ वीर्यबाट पुरुष बालकको उत्पत्ति हुन्छ ।

पुटकम् = खोंचा, दुना ।

पुण्डरीकम् = सेतो कमल ।

पुण्ड्रकम्/पुण्ड्रम् = बाटुलो आकारको निधारको टीका।

पुण्यजनः = गन्धर्व ।

पुष्पपट्टिका = दुलहीको शिरमा सजाइने पुष्पनिर्मित मुकुट।

पुत्रकामेष्टिः = पुत्रप्राप्तिका लागि गरिने यज्ञ ।

पुत्रैषणा = पुत्र आदि सन्तान प्राप्त गर्ने इच्छा ।

पुरश्चरणाङ्गम् = पुरश्चरणका अङ्ग – पूजासहित जप, होम, तर्पण, अभिषेक र ब्राह्मणपूजन ।

पुरुषधर्मः = पुरुषार्थ ।

पुरोडाशः = १. हविविशेष, २. प्रसादका लागि पकाइने रोटी ।

पुरोनुवाक्या = १. यज्ञमा दिइने प्रथम ३ आहुतिमध्ये एक, २. यज्ञमा प्रथम ३ आहुति दिँदा पढिने ऋचा।

पुष्करिणी = ठूलो पोखरी वा १०१ हातदेखि २०० हातसम्म फैलिएको जलाशय ।

पूतिकम् = १. सुगन्धित तृण, २. दुर्गन्धित, ३. सडे-गलेको वस्तु, ४. विष्टा ।

पूतिका = १. पोथी बिरालो, २. पोइसाग, ३. कठेउरी माहुरी।

पूतिनासः = नाकबाट दुर्गन्ध प्रवाहित गरिरहने व्यक्ति।

पूर्णा = पञ्चमी, दशमी र पूर्णिमा तिथि ।

पूर्णाशौचः = तोकिएजतिको आशौच ।

पूर्तः = पोखरी, तलाउ, कुवा, देवमन्दिर, मार्ग, धर्मशाला, बगैंचा आदिको निर्माणजस्ता जनकल्याणकारी कार्य।

पूर्वाग्रम् = पूर्वतिर टुप्पा फर्किएको कुश आदि ।

पूर्वेद्युः = अघिल्लो दिन ।

पृथुकः = मालपुवा ।

पृथक्जनाः = छुट्टाछुट्टै मातामह भएका एउटै बाबुका छोराहरू ।

पैतृमेधिकम् = पितृयज्ञ वा श्राद्ध ।

पोतः = पोईसाग ।

पौत्रः = छोरातर्फको नाति ।

पौरन्दरम् = ज्येष्ठानक्षत्र ।

पौष्णम् = रेवतीनक्षत्र ।

प्रकृतियागः = साङ्गोपाङ्ग याग ।

प्रजेशः = रोहिणीनक्षत्र ।

प्रतिकृतिः = पुतला ।

प्रतिपन्नकाः = १. दिदी-बहिनीका रूपमा स्वीकार गरिएका नारी, २. आमाका दिदी-बहिनी ।

प्रतिप्रसवः = एक ठाउँमा निषेध गरिएको विषयलाई पुनः अर्को ठाउँमा ग्रहण गर्ने विधान अर्थात् निषेधको निषेध ।

प्रतिमापट्टः = प्रतिमालाई लगाइदिने वस्त्र ।

प्रतिमुखः = १. सम्मुख शुक्र, २. सम्मुख ।

प्रतिलोमः = हीन वर्णका पिता र उच्च वर्णकी माताबाट उत्पन्न ।

प्रतिशुक्रः = सम्मुख शुक्र ।

प्रतिश्रुतम् = प्रतिज्ञा गरिएको ।

प्रतिसरः = पुष्पमाल्य ।

प्रतिहस्तकः = प्रतिनिधि ।

प्रतोदः = अङ्कुश ।

प्रत्यङ्मुखः = पश्चिमाभिमुख/ पश्चिमतिर फर्केको ।

प्रत्यपोशानम् = आचमनका लागि पुनः अर्पण गरिने जल ।

प्रत्यरिः = जन्मनक्षत्रदेख पाँचौं, चौधौं र तेइसौं नक्षत्र।

प्रत्यवनेजनम् = पिण्डमा चढाइने जल ।

प्रत्यवसितः = भोगमा प्रवृत्त ।

प्रत्यवायः = दोष ।

प्रत्यापत्तिः = स्वीकार ।

प्रद्युम्नः = १. श्राद्धकर्ताको पिता, २. कामदेव, ३. रुक्मिणीको गर्भबाट उत्पन्न श्रीकृष्णका पुत्र ।

प्रपत्तिः = आत्मसमर्पण ।

प्रपा = पोखरी ।

प्रपुन्नाटः = चकौंते / चक्रमर्द ।

प्रमीतः = मृत अथवा मरेको ।

प्रमेहः = धातुसम्बन्धी रोग ।

प्रवज्यावसितः = संन्यास लिएर फेरि गृहस्थधर्मतर्फ फर्किएको व्यक्ति ।

प्रवणम् = क्रमैले ओह्रालो पर्दै गएको / भिरालो ।

प्रवरः = वंशको उत्तम पुरुष ।

प्रवर्गः = १. यज्ञसम्बन्धी अग्नि, २. भगवान् विष्णु ।

प्रवाहणम् = जलको प्रवाह ।

प्रवासः = परदेश ।

प्रवृत्तम् = झर्ना ।

प्रवेशः = पुत्रको विवाह ।

प्रष्ठौही = पहिलो बेत ब्याएकी गाई ।

प्रसृतिः = पसर ।

प्रहरः = सात घडी ३० पलाको समय वा ३ घण्टाको समय ।

प्रहुतम् = भूतयज्ञ ।

प्राचीनावीती = यज्ञोपवीत धारण गर्दा अपसव्य अवस्थामा रहेको व्यक्ति ।

प्राजापत्यः = पशुयागविशेष ।

प्राजापत्यकृच्छ्रम् = तीन दिन दिनमा एकपटक, तीन दिन रात्रिमा एकपटक र तीन दिनसम्म नमागीकन प्राप्त भएको अन्न खाने तथा तीन दिन उपवास बस्ने । यस्तो विधिले बाह्र दिनसम्म गरिने प्रायश्चित्तव्रत ।

प्राजापत्यर्क्षम् = रोहिणीनक्षत्र ।

प्रादेशः = एक कुरैत ।

प्रादेशमात्रम् = एक कुरीमात्र ।

प्रायश्चित्तम् = पापनाश गर्न गरिने कर्म वा पतिया ।

प्राशितम् = प्राशन गरिएको ।

प्रियङ्गुः = कागुनु ।

प्रियालः = चिरौंजी ।

प्रेतः = मरेको व्यक्ति ।

प्रेततन्त्रम् = प्रेतलाई पिण्ड आदि दिने कार्य ।

प्रेताञ्जलिपाषाणः = प्रेतलाई अञ्जुलि दिनको लागि राखिएको शिला ।

प्रैषम् = १. सङ्कल्पवाक्य वा प्रतिज्ञावाक्य, २. अध्वर्युले दर्शपूर्णमास यागको प्रसङ्गमा ब्रह्मानामक ऋत्विक्सँग गई – 'हे ब्रह्मन् ! म प्रणीतापात्रमा जल राख्न चाहन्छु' भनेपछि ब्रह्माले 'राख' भनी आज्ञा दिन्छन् । त्यसपछि अध्वर्युले प्रणीतापात्रमा जल राखी त्यसलाई गार्हपत्य र आहवनीय अग्निको समीपमा लगेर मन्त्रपाठपूर्वक उत्तरतर्फ राखी दिन्छन्। यस कार्यलाई प्रैष भनिन्छ ।

प्रोक्षणी = १. यज्ञमा होम गरिने अग्निको उत्तरतिर प्रणीताभन्दा अगाडि रहने सिप्लिकानको काठबाट तयार गरिने पात्र । यो पात्र बाह्र अंगुल लामो, चार अंगुल चौडा, चार अंगुल गहिरो, एक अंगुलको बिँड भएको बाटुलो आकारको हुन्छ । अगाडितिर कमलको कोपिलाको आकार पारिएको हुन्छ भन्ने हरदत्तको मत हो । अरूको मतमा यो मिहेलको काठबाट तयार गरिन्छ । एक बित्ता लामो हाँसको ठुँडझैं ठुँड भएको हुन्छ र चार अंगुल गहिरो हुन्छ, २. पूजा गर्दा अर्घ्य र पाद्यपात्रको बीचमा राखिने पात्र, ३. होम गर्दा धारण गरिने कुशको औंठी ।

प्रोषितः = परदेशमा गएको व्यक्ति ।

प्रोषितभर्तृका = जुन नारीका पति परदेश गएका छन्।

प्रौष्ठपदः = पूर्वभाद्रपद र उत्तरभाद्रपद ।

प्रौढपादः = एउटा खुट्टामाथि अर्को खुट्टा राखेर बसेको मानिस ।

फ

फलभूमा = फलाधिक्य ।

फल्गु = व्यर्थ ।

फल्गुः = डुम्री ।

फल्गुपात्रम् = डुम्रीको काठबाट निर्माण गरिएको पात्र।

ब

बकुलः = मौलसिरीको वृक्ष ।

बकुलम् = मौलसिरीको फूल ।

बन्धकी = पाँचवटा पति व्यहोर्ने स्वैरिणी ।

बर्बरी = बाँबरी ।

बर्हिषदः - क्षत्रियहरूका पितृदेवता ।

बर्हिष् = कुश ।

बला = १. जयन्ती फूल, २. नीलो कटसरैया ।

बलिः = १. बोका आदिको बलि दिने कार्य, २. पूजा, ३. कर, ४. दैत्यकुलका प्रसिद्ध राजा ।

बहुबीजम् = **१.सरीफा, २. बिमिरो** ।

बहुश्रुतता = अधिक ज्ञान ।

बहूदकः = आफ्ना बन्धुहरूको त्याग गरी नित्य सात घरमा भिक्षा मागेर जीविका गर्ने काषायवस्त्रधारी संन्यासी ।

बह्वृचः = ऋग्वेद अध्ययन गरेको व्यक्ति ।

बह्वृचाध्वर्युसामगाः = ऋग्वेद, यजुर्वेद र सामवेद अध्ययन गर्ने मानिसहरू ।

बाणः = १. बाँस, २. नीलो कण्टकारी, ३. कटसरैया।

बाणलिङ्गम् = पाकेको जमुनाजस्तो वर्ण र अण्डासमान आकार भएको शिवलिङ्ग ।

बान्धवत्रयम् = क) आफ्ना सानीआमा-ठूलीआमा, फुपूहरू र मामाहरूका सन्तान ख) पिताका सानीआमा-ठूलीआमा, फुपूहरू र मामाहरूका सन्तान ग) आमाका सानीआमा-ठूलीआमा, फुपूहरू र मामाहरूका सन्तान ।

बार्हस्पत्यवर्षः = बृहस्पतिले मेष आदि १२ राशिलाई जति दिनमा भोग गर्दछन् त्यो अवधि । यसमा प्रायः ३६१ दिन हुन्छन् ।

बीजपूरकः = बिमिरोको रूख ।

बीजी = वीर्यदान गर्ने पिता ।

बृहतीफलम् = १. वनभण्टा, २. बिंहीको फल ।

बृहत्तपाः = श्रावणशुक्ल तृतीया ।

ब्रह्म = वेद ।

ब्रह्मकण्टकः = ब्राह्मणको हत्या गर्ने व्यक्ति ।

ब्रह्मकूर्चम् = पञ्चगव्य ।

ब्रह्मतीर्थम् = बूढी औंलाको फेंद ।

ब्रह्मयज्ञः = वेदको स्वाध्याय ।

ब्रह्मा = रोहिणीनक्षत्र ।

ब्रह्मोपदेशः = गायत्रीको उपदेश ।

ब्रह्मौदनम् = ब्रह्माजीको पूजा गरी चामल अर्पण गर्ने कर्म ।

ब्राह्मम् = रोहिणीनक्षत्र ।

भ

भगन्दरः - **गुदद्वार, योनिद्वार** र तल्लो पेटको बीचमा पैदा हुने र फुटेपछि अत्यन्त पीडा दिने खटिरो ।

भद्रा = १. भद्रा नाम गरेको करण, २. द्वितीया, सप्तमी र द्वादशीतिथि ।

भरद्वाजी = भद्राई चरो ।

भरुण्डः = मखाना ।

भस्ममर्यादा = खरानीले श्राद्धवेदीलाई चारैतिरबाट घेर्नु।

भाद्रद्वयम् = पूर्वभाद्र र उत्तरभाद्र ।

भानुजः = १. यमराज, २. शनि ।

भार्गवदिनम् = शुक्रवार ।

भावदुष्टम् = भावनादोषद्वारा दूषित भोजन-पान ।

भिस्सटा = डढेको अन्न वा भात ।

भूः = १. पृथिवी, २. एकको अङ्क बुझाउने शब्द, ३. सत्ता ।

भूतम् = १. पञ्चमहाभूत, २. पाँच अङ्कलाई बुझाउने शब्द, ३. पिशाच, ४. प्राणी ।

भूतः = १. चतुर्दशीतिथि, २. सत्य, ३. तुल्य, ४. धन, ५. देवयोनिविशेष ।

भूतयज्ञः = पशु-पक्षी आदि जीवहरूलाई भोजन वा काँचो अन्न दिएर तृप्त गराइने दान कर्म ।

भूस्तृणम् = कसैको मतमा कलम्बी तृण र कसैको मतमा भूतिकनामक कश्मीरमा पाइने तृणविशेष।

भूस्वामी = भूस्वामी नाम गरेका पितृ ।

भृगुः = शुक्र ।

भृगुपातः = भीर वा पर्वतको चुचुरोबाट हामफाल्नु ।

भृङ्गम् = भृङ्गराज ।

भृङ्गराजः = भृङ्गराज ।

भोगः = कुनै ग्रह एक राशि वा एक नक्षत्रमा व्याप्त हुने समय ।

म

मङ्गलम् = १. विवाह एवं व्रत, २. मङ्गलकर्म ।

मठः = १. सिमी, २. साधुहरूको आवास ।

मण्डपोद्वासनम् = मण्डपविसर्जन ।

मण्डूकप्लुतिन्यायः = भ्यागुताको चालअनुसार चल्ने नियम ।

मधुकम् = १. जेठीमधु, २. महुवा ।

मधुपर्कः = एक तोला घ्यू, तीन तोला दही, एक तोला महको योगलाई काँसको पात्रमा राखी अर्को काँसको पात्रले ढाकेर तयार गरिने पवित्र पेय ।

मधुपुष्पम् = १. महुवाको फूल, २. पलाँशको फूल, ३. सर्स्यूंको फूल, ४. जटामसी ।

मधुमज्जपः = मधुमती ऋचाको जप ।

मधुरी = बाँसुरीको आकारको बाजा ।

मधुश्रावणिका = श्रावणशुक्ल तृतीया ।

मधुस्त्रवा = श्रावणशुक्ल तृतीया ।

मध्यमक्रिया = एघारौं दिनका दिन सोह्रवटा मासिक गरेर सम्पन्न गरिने क्रिया ।

मध्वालुः = गुलियो आलु ।

मनुः = १. मन्वन्तरका शासक १४ मनु, २. चौधको संख्या बुझाउने शब्द ।

मनुष्ययज्ञः = घरमा आएका पाहुनालाई भोजन दिएर तृप्त गराउने कार्य ।

मन्त्रसम्बन्धः = मन्त्र या विद्या दिने गुरुसँग सम्बन्ध।

मन्दः/मन्दारः = पारिजात ।

मन्दस्वरः = मन्द एवं गम्भीर स्वर ।

मरीचम् = बाटुलो खुर्सानी ।

मलमासः = एउटा संक्रान्तिभित्र दुइटा औंसी परेको महिना।

मलिनक्रिया = मृत्युदेखि दश दिनसम्म गरिने क्रिया।

मलिनषोडशपिण्डाः = मृत्युस्थान, घरको ढोका, बीच बाटो, चिता, शवको हात, अस्थिसञ्चयनका ६ पिण्ड र दशाहभित्र दिइने दश पिण्ड गरी सोह्र पिण्ड ।

मलिम्लुचः = मलमास ।

मल्लिका = १. लहरे बेली, २. चमेली ।

महागुरुः = बाबु, आमा र गुरु ।

महान् = साङ्ख्यशास्त्रको दोस्रो तत्त्व अथवा महत्तत्त्व।

महानदी = १. गोदावरी, भीमरथी, तुङ्गभद्रा, वेणिका, तापी, यमुना, सरस्वती र विशाखा नदी, २. नदीविशेष ।

महानिशा = १. आधारातको बीचका चार घडी, २. मध्यरात।

महापातकिनः = ब्रह्मघाती, मदिरापान गर्ने, चोरी गर्ने, गुरुपत्नीहरूसँग सहवास गर्ने र यी चार प्रकारका पातकीहरूसँग घनिष्ठ सम्बन्ध राख्ने ।

महाबलिः = बलिका रूपमा प्रयोग गरिने राँगो ।

महामहावारुणीयोगः = चैत्रकृष्ण त्रयोदशी शतभिषा नक्षत्र, शनिवार र शुभयोगको योग ।

महारजनम् = १. केसर, २. बेसार ।

महावारुणीयोगः = चैत्रकृष्ण त्रयोदशी, शतभिषा नक्षत्र र शनिवारको योग ।

महाशल्कः = झिंगे माछो ।

महाशाकः = कालशाकको एउटा भेद ।

मसुरः = मसुरो ।

मस्तकः = मृगशिरानक्षत्र ।

मागधी = पिप्पली ।

मातुलिङ्गम् = बेल ।

मातृकायागः = मातृकाहरूको पूजा ।

माध्यम्/कुन्दम् = माघमा फुल्ने फूल ।

मारिषम् = मालसाको साग ।

मार्गपालीबन्धनम् = आफ्नो कुलाचारअनुसार कुश, काश,

खरको डोरी आदि बाटेर जडिबुटी र फूलसमेत गाँसी आफ्नो करौंसामा गई अग्ला रूख वा स्तम्भहरूमा बाँधिने माल्यविशेष ।

मार्जारः = भाले बिरालो ।

मालती = १. चमेली, २. वसन्ती फूल ।

माहिष्यः = क्षत्रियले वैदिक विधिअनुसार वैश्यकन्यासँग विवाह गरी तिनैबाट जन्माइएको पुत्र।

मिश्रनक्षत्रम्/साधारणनक्षत्रम् = विशाखा र कृत्तिका ।

मुकुलम् = पालुवा ।

मुचुकम् = करेमुको साग ।

मुञ्जातकः = १. मुँजराकन्दको गानो, २. मूँज ।

मुण्डनम् = चूडाकर्म ।

मुनिः = १. सातको संख्यालाई बुझाउने शब्द, २. अगस्त्यवृक्ष, ३. मनन गर्ने तपस्वी ।

मुनिपुष्पम् = अगस्त्यफूल ।

मुन्यन्नम् = मुनिहरूले ग्रहण गर्न योग्य फापर आदि अन्न।

मुहूर्तम्/मुहूर्तः = दुई घडी वा ४८ मिनेटको समय ।

मूर्खदन्ध्रणमात्रम् = मूर्खहरूको शेखीमात्र ।

मूर्धावसिक्तः = ब्राह्मणले वैदिकविधिअनुसार विशुद्ध क्षत्रियकन्या विवाह गरी जन्माइएको पुत्र ।

मृगनाभिः = १. कस्तूरी मृग, २. कस्तूरी मृगको नाभि ।

मृचुकम् = पानीमा हुने साग / खोलेसाग ।

मृण्मयम् = माटाको पात्र ।

मृतकर्पटम् = अनेकथरि कीराद्वारा तयार गरिएको रेशम र सोसरहको वस्त्र ।

मृदुनक्षत्राणि/मैत्रनक्षत्राणि = मृगशिरा, चित्रा, अनुराधा र रेवतीनक्षत्र ।

मृद्वीका = दाख ।

मेक्षणम् = अग्निमा चरु प्रेक्षण गर्ने सुराको आकारको पात्र अर्थात् दाबिलो ।

मेषपृष्ठम् = मेषराशि ।

मैत्रम् = अनुराधानक्षत्र ।

मोचः = केरा ।

मौर्ख्यकृतम् = मूर्खतावश गरिएको कार्य ।

मौञ्जीबन्धः = उपनयन, व्रतबन्ध ।

मौढ्यदोषः = १. अन्धदोष, २. मूर्खताबाट उत्पन्न दोष ।

म्रियमाणः = मर्न लागिरहेको मानिस ।

म्लेच्छः = गाईको मासु खाने, वैदिक आचारबाट वर्जित र धर्मविपरीत बोल्ने व्यक्ति ।

य

यक्षकर्दमः = कपूर, अगुरु, कस्तूरी, चन्दन, कक्कोल मिसाई तयार गरिएको बुकुवा । जसले शरीरलाई सफा र सुगन्धित तुल्याउँछ ।

यजनम् = तलाउ आदि बनाई लोकका निमित्त उत्सर्ग गर्ने कर्म र कोटिहोम आदि ।

यजनीयः = दर्शपूर्णमासको दोस्रो दिन ।

यज्ञसंस्थाः = यज्ञका ३ मुख्य संस्था – हविर्यज्ञसंस्था, सोमयज्ञसंस्था र पाकयज्ञसंस्था । **हविर्यज्ञसंस्था**-अन्तर्गत मुख्य ७ यज्ञ पर्दछन् – १) अग्न्याधेय, २) अग्निहोत्र, ३) दर्शपौर्णमास, ४) आग्रायण, ५) चातुर्मास्य, ६) निरूढपशुबन्ध, ७) सौत्रामणी । **सोमयज्ञसंस्था**अन्तर्गत – १) अग्निष्टोम, २) अत्यग्निष्टोम, ३) उक्थ्य, ४) षोडशी, ५) वाजपेय, ६) अतिरात्र, ७) आप्तोर्याम गरी ७ यज्ञ पर्दछन् । **पाकयज्ञसंस्था**अन्तर्गत – १) हुत, २) आहुत, ३) प्रहुत, ४) शूलगव, ५) बलिहरण, ६) प्रत्यवरोहण र ७) अष्टका पर्दछन् । यिनै सात भेदलाई अष्टका, पार्वण, आभ्युदयिकश्राद्ध, श्रावणी, आग्रहायणी, चैत्री र आश्वयुजी पनि भनिन्छ ।

यज्ञोपवीती = यज्ञोपवीतलाई सव्य बनाएर धारण गर्ने व्यक्ति ।

यमः = १. अगस्त्य, २. यमराज, ३. दुईलाई बुझाउने शब्द, ४. सातवटा पितृहरूमध्ये एक, ५. जुम्ल्याहा, ६. दक्षिणदिशाको दिक्पाल, ७. विष्णु, ८. वायु, ९. शनि, १०. काग, ११. सौर्यमण्डलको एउटा

ग्रह, १२. अष्टाङ्गयोगको एउटा अङ्ग जसमा अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहको पालन गरिन्छ, १३. प्रातिशाख्यअनुसार क् ख् ग् घ् देखि पररहेका तिनै क् ख् ग् घ् वर्ण, जस्तै – पलिक्क्नी, चखख्नतुः, अग्ग्निः, घ्घ्नन्ति यिनलाई यम भनिन्छ ।

यवागूः = जौ वा चामलको माडबाट तयार गरिएको पथ्य पदार्थ ।

यागः = देवताका निमित्त वैदिक मन्त्र पढेर चरु आदि अर्पण गर्ने कृत्य ।

याज्या = मन्त्रविशेष ।

यातुधानः = राक्षस या पिशाच ।

यन्त्रनिर्मुक्तम् = भर्खरै कारखानाबाट तयार गरिएको अर्थात् नयाँ वस्त्र ।

यामः = प्रहर ।

युगम् = १. चतुर्थीतिथि, २. सत्य, त्रेता, द्वापर र कलि, ३. जुवा, ४. पुस्ता, ५. चारको सङ्ख्यालाई बुझाउने शब्द ।

युग्मम् = १. द्वितीयातिथि, २. जोडा ।

युग्मवाक्यम् = दैवकार्यका लागि तिथिहरूको जोडा मिलाउने वाक्य ।

योगः = १. सूर्योदय, २. दुई वस्तुको परस्पर संयोग, ३. जोड ।

योगरूढः = व्युत्पत्तिगत र रूढिगत अर्थ प्रतिपादन गर्ने शब्दविशेष ।

योगपट्टः = पिठ्यूँ – कम्मरदेखि लिएर घुँडासम्म ढाक्ने वस्त्र ।

योनिसम्बन्धः = मामा आदि सँगको सम्बन्ध ।

यौगिकः = व्युत्पत्तिअनुसार निश्चित अर्थ दिने शब्दविशेष।

र

रक्तकण्ठः = कोइलीपक्षी ।

रक्तकलम्बिका = रातो करमभाजीको साग ।

रक्तचारकम् = रातो चिँरौजी ।

रक्षः/रक्षाः = राक्षस ।

रक्षोघ्नी इष्टिः = भूत र पिशाचहरूबाट शिशुको रक्षाका निमित्त गरिने यागविशेष ।

रजकः = धोबी ।

रजनीकरः = १. मृगशिरानक्षत्र, २. चन्द्रमा ।

रजोभेदाः = कालज, द्रव्यज, रागज र रोगज रज । कालबाट उत्पन्न रज – कालज, द्रव्यबाट उत्पन्न रज – द्रव्यज, रागबाट उत्पन्न रज – रागज र रोगबाट उत्पन्न रज– रोजग ।

रथकारः = १. शूद्रविशेष, २. रथनिर्माण गर्ने मानिस, ३. माहिष्यले करणी कन्यासँग विवाह गरी तिनैबाट जन्माइएको पुत्र – क्षत्रियवर्णको पिता र वैश्यवर्णकी आमाबाट उत्पन्न पुत्र माहिष्य कहलाउँछ । वैश्यवर्णको बाबु र शूद्रवर्णकी आमाबाट जन्मिएकी कन्या करणी कहलाउँछिन् । उक्त माहिष्य र करणीबाट जन्मिएको पुरुष रथकार कहलाउँछ ।

रथसप्तमी = मन्वन्तरको आदिमा सूर्य रथमा आरूढ हुने माघमासको सप्तमीतिथि ।

रन्ध्रम् = १. नवमीतिथि, २. छिद्र, ३. गुफा ।

रशना = १. घोडाको लगाम, २. कन्दनी ।

रसलिङ्गम् = पारसलिङ्ग ।

राका = प्रतिपदायुक्त पूर्णिमा ।

रागखाण्डवः = पिप्पली–सूठो मिसिएको मुँगको दालको रसमा अमिलो पदार्थ र चिनी मिसाउँदा तयार हुने आनन्ददायक पेय ।

रागखाण्डवचोष्यम् = पिप्पली, सूठो मिसिएको मुगको रसमा चिनी मिलाउँदा तयार हुने र चुसेर खाइने पदार्थ ।

राजजम्बूः = १. गुलाफजामुन, २. सुलेमानी खजूर ।

राजमाषः = राजमा ।

राजशाकः = रायोको साग ।

राजा = १. चन्द्रमा, २. राजा ।

रामठः = हिङ ।

रम्भा = १. मार्गशीर्षशुक्ल तृतीया, २. केरा ।
रिःफः = कुण्डलीको बाह्रौं भाग ।
रिक्ता = चतुर्थी, नवमी र चतुर्दशी तिथि ।
रिक्थम् = धन अथवा अंश ।
रीतिः = १. पित्तल, २. शैली, ३. पदसङ्घटना ।
रूढिः = प्रसिद्धि ।
रूपिका = सेतो फूल हुने आँक ।
रेतःसेकः = वीर्यसिञ्चन ।
रेतोधाः = वीर्यदाता ।
रेवन्तः = सूर्य र छायाका पुत्र ।
रोहिणी = १. भित्री रजले युक्त कन्या २. रोहिणीनक्षत्र, ३. बलरामकी आमा ।
रौक्मम् = सुवर्णबाट पैदा भएको ।
रौद्रम् = आर्द्रानक्षत्र ।
रौहिणः = दिनको नवौं मुहूर्त ।

ल

लकुचः = बडहर ।
लघुनक्षत्राणि = हस्ता, अश्विनी, पुष्य र अभिजित्-नक्षत्र।
लत्तादोषः = सूर्य, पूर्णचन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि र राहुले आफू बसेको नक्षत्रदेखि अगाडि-पछाडिका १२, २२, ३, ७, ८, ९ संख्यक नक्षत्रलाई लात्तीले दूषित गर्दा उत्पन्न हुने दोषलाई लत्तादोष भनिन्छ ।
लवः = दुई त्रुटिले युक्त समय ।
लवनम् = १. धान आदि काट्नु, २. स्याहार्नु ।
लवली = ल्वाङ ।
लाक्षणिकः = मुख्य अर्थलाई बाधित गरी गौण अर्थको साहचर्यबाट दोस्रो कल्पित अर्थ बताउने शब्द ।
लोकेष्टिः = राज्य एवं मित्रप्राप्तिका लागि गरिने यज्ञ।
लोचः = केराको बोट ।
लोचम् = आँसु ।
लोठः = भुईमा पल्टिनु ।
लोतकम् = लूतोको सम्पर्कबाट हुने खटिरो ।
लोध्रः = लोध ।
लोमशः = खयरको रूख ।
लोमशफलम् = रौंको आकारका रेशा हुने खयरको फल।
लौकिकाग्निः = गृह्याग्नि ।
लोकैषणा = लोकमा सुखी, सम्मानित एवं यशस्वी बन्ने इच्छा ।
लौहशाकम्/लौहशाकः = शाकभेद ।
लौहित्यः = १. ब्रह्मपुत्र नद, २. लालसागर, ३. पर्वतविशेष।
लौहाभिसारिककर्म = शस्त्रधारीहरूद्वारा शस्त्रहरूको पूजा वा शस्त्रहरूलाई विषाक्त तुल्याउने कर्म ।

व

वचः/वचा = बोझो ।
वज्रम्/वज्रः = १. हीरा, २. बिजुली र ठूलो आवाजका साथ चट्याङ पर्दा आकाशबाट खस्ने पत्थर ।
वटकः = १. माष आदिबाट बनेको बारा, २. गोली वा टिकिया ।
वडवा = १. दासी, २. घोडी ।
वडवाहृतः = वडवा अर्थात् दासीलाई भित्र्याएपछि त्यसबाट पैदा गरिएको पुत्र ।
वनमाला = मुकुटदेखि आरम्भ गरी पाउसम्म लम्बिने तन्तुहरूद्वारा गुम्फित मङ्गलमय माला अथवा तुलसी, कुन्द, मन्दार, पारिजात र कमलका फूलद्वारा गुम्फन गरिएको माला ।
वनस्पतिः = १. अपराह्न समय, २. नफुलीकन फल लाग्ने वृक्ष, ३. बोट-बुट्यान ।
वसन्तादिपूजा = पिण्ड उठाइसकेपछि पिण्डमा गरिने ऋतुस्वरूप पितृहरूको पूजा ।
वपनम् = १. बीऊ छर्नु, २. केश काट्नु / मुण्डन, ३. वान्ता गर्नु ।
वरकः = १. वनमुँगी, २. दयाँलो, ३. कागुनु, ४. जङ्गली बयर ।

वरदचतुर्थी = भाद्रशुक्लचतुर्थी ।

वराहः = १. वराहरूपधारी विष्णु, २. सुङ्गुर ।

वरुणः = १. शतभिषानक्षत्र, २. पश्चिमदिशाका दिक्पाल।

वर्धनम् = १. छेदन/काट्नु, २. बढ्नु ।

वर्वरी = १. वनतुलसी, २. बाँवरी ।

वर्षवर्धनम् = जन्मोत्सव ।

वल्लः = १. भटमास, २. तीन रत्तीबराबरको तौल, ३. सल्लो ।

वशा = बाँझी गाई ।

वष्टिका = मसिनो डोरी ।

वसुः = १. धनिष्ठानक्षत्र, २. आठको संख्या बुझाउने शब्द ।

वह्निः = १. अग्नि, २. होलिका, ३. प्रतिपदा, ४. तीन सङ्ख्यालाई बुझाउने शब्द ।

वाक्यशेषः = वाक्यले भन्न खोजेको तर शब्दाभावका कारण बाँकी रहेको अर्थ ।

वाग्यतः = मौनी व्यक्ति ।

वाजपेयः = १. पिउन योग्य सुराविशेष २. सोमसंस्था-अन्तर्गतको यागविशेष ।

वाजिः = केशपंक्ति ।

वातव्याधिः = वायुसम्बन्धी रोग ।

वान्तम् = १. मह, २. वान्ता ।

वापी = पोखरी वा ५१ हातदेखि १०० हातसम्म फैलिएको जलाशय ।

वायुविडङ्गः = वायुनाशक औषधिविशेष ।

वारुणः = सिप्लिकान ।

वारुणम् = १. शतभिषानक्षत्र, २. पश्चिमदिशासम्बन्धी ।

वारुणिः = अगस्त्य ।

वारुणी = १. पश्चिम दिशा, २. रक्सी ।

वारुणीयोगः = चैत्रकृष्णत्रयोदशी र शतभिषा नक्षत्रको योग।

वार्णीध्रसः = इन्द्रिय शिथिल भएको सेतो बोको ।

वासवम् = धनिष्ठानक्षत्र ।

वासुदेवः = १. श्राद्धकर्ताको प्रपितामह, २. नारायण।

वास्तु = घर ।

वास्तुकम् = बेथेको साथ / बथुवा ।

विकङ्कतः = मिहेलको रूख ।

विकिरः = आफ्नो वंशका ती मृत नरनारी जसको अग्निसंस्कार भएको छैन, जो आगोमा डढेर मरे, जसले कुलका नारीहरूको त्याग गरे, जुन कुलस्त्रीले पति र कुलको त्याग गरे ती सबैको तृप्तिका लागि र सोमपान गर्न नपाएका एवं यज्ञभागबाट वञ्चित देवताहरूको तृप्तिका लागि दिइने अन्न ।

विकृतम् = उचालिएको ।

विकृतिः = १. प्रकृतियागझैं चार जना ब्राह्मणद्वारा सम्पन्न गराइने इष्टिविशेष ।

विक्रीयासम्प्रदानम् = बिक्री गरी पैसा बुझिसकेपछि पनि सामान नदिनु ।

वितथभाषणम् = असत्यवचन ।

वितस्तिः = एक बित्ताको नापो / बाह्र अंगुलको नापो।

वित्तैषणा = धन-सम्पत्ति आर्जन गर्ने इच्छा ।

विदारीकन्दः = बिरालेलहरो ।

विद्धा = जसमा अर्को तिथि घुस्न आएको छ त्यो तिथि।

विद्याव्रतस्नातकः = विद्या र व्रत दुवै पूरा गरी स्नान गरेको व्यक्ति ।

विद्यास्नातकः = वेदाध्ययन सम्पन्न गरी स्नान गरेको तर व्रत नगरेको व्यक्ति ।

विधिन्तुदः = राहु ।

विनिगमना = अनेक पक्षहरूमध्ये कुनै एक पक्षको निर्णय गराउने युक्ति ।

विन्ना = सौता गराइएकी नारी ।

विप्रतिपत्तिः = अस्वीकृति ।

विप्लवापत्तिः = उपद्रवको प्राप्ति ।

विभ्रष्टेष्टिः = नष्ट भएको याग ।

विरजस्कः = सुख-दुःख आदि वासना नभएको मानिस।

विरजस्का = रजोधर्म हुन छाडेकी नारी ।

विरुद्धत्रिकम् = १) उपादेयत्व, विधेयत्व र गुणत्व, २)

उद्देश्यत्व, अनुवादत्व र मुख्यत्व ।

विलापनम् = अरूलाई रुवाएर ग्रहण गरिने भोजन ।

विवाहः = वैदिकविधिले विशिष्ट ढङ्गबाट कन्या ग्रहण गरी उनलाई पत्नीका रूपमा घर लैजाने संस्कार।

विशयः = संशय ।

विषुवत् = मेषसंक्रान्ति र तुलासंक्रान्ति ।

विषुवद्वितयम् = वैशाख संक्रान्ति र कार्तिक संक्रान्ति।

विष्णुः = १. श्रवणनक्षत्र, २. भगवान् विष्णु ।

विष्णुक्रान्ता = १. नीलो रङको अपराजिता, २. रानी गींठा, ३. नीलो फूल हुने शङ्खपुष्पी ।

विष्णुपदम् = १. वृष, सिंह, वृश्चिक र कुम्भ संक्रान्ति, २. आकाश, ३. विष्णुको पाउ ।

विष्णुबलिः = भ्रूणरक्षा एवं सन्तानोत्पत्तिको बाधा हटाउन गरिने कृत्य ।

विष्णुशृङ्खलयोगः = श्रवणनक्षत्रले एकादशीलाई स्पर्श गरी द्वादशीलाई पनि स्पर्श गर्दा हुन जाने योग ।

विसृष्टिः = विसर्जन ।

विहारः = अमावास्यामा गरिने याग ।

वीणाकम् = ठूलो काँक्रो ।

वीप्सा = एउटा शब्दलाई दोहोऱ्याएर उच्चारण गर्नु ।

वृन्ताकः = भण्टा ।

वृषलः = शूद्र ।

वृसी = आसन ।

वेणुयवः = १. बाँसको बीज, २. इन्द्रजौ ।

वेतनानपाकर्म = वेतन नदिनु ।

वेदः = १. कुशको वटु, २. ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद, ३. चारको सङ्ख्या बुझाउने शब्द ।

वेधः = दुई तिथिबीचको तीन मुहूर्तको समय ।

वैकङ्कतम् = अतिबलाको फल ।

वैखानसः = १. ब्रह्मचारी, २. वानप्रस्थ ।

वैतरणीधेनुः = यमको सुवर्ण प्रतिमा, सुनको सिङ, चाँदीको खुर, तामाको करङ, काँसको कल्चौंडो, कपास, कालो वस्त्र, फलामको दण्ड, ऊँखुको नाउ तयार गरी वैतरणीनदीबाट प्रेतलाई तराउने उद्देश्यले दान गरिने काली वा कैली गाई ।

वैतानिकम् = अग्निहोत्र ।

वैदग्धी = विद्वत्ता ।

वैरूप्यापत्तिः = १. उद्देश्यत्व र विधेयत्वको विरूपता हुने आपत्ति ।

वैश्वदेवः = १. देवताहरूलाई पक्वान्न दिने कृत्य, २. फाल्गुनपूर्णिमामा गरिने वैश्वानर इष्टि ।

वैष्णवम् = श्रवणनक्षत्र ।

व्यञ्जनम् = १. तर्कारी, अचार आदि वस्तु, २. स्वर नलागेमा उच्चारण गर्न नसकिने वर्ण, ३. स्त्री-पुरुषको रूप छुट्याउने चिह्न, ४. चिह्न, ५. प्रकट हुने क्रिया, ६. दाह्री-जुँघा, ७. मूत्रेन्द्रिय, ८. गुप्तचर, ९. सम्झना गराउने वस्तु वा स्मारक, १०. हावभावद्वारा मनको भाव प्रकट गर्नु, ११. व्यञ्जनाव्यापार, १२. अङ्ग ।

व्यतिषङ्गः = १. एकसाथ दुई वा सोभन्दा बढी कर्मको अनुष्ठान, २. आपसी सम्बन्ध वा सम्पर्क ।

व्यत्ययः = विपरीत ।

व्यवायः = मैथुन ।

व्यामः = फैलाएका दुई भुजाको बीचको अन्तराल ।

व्यामाः = म्लेच्छ र अन्त्यजहरूका पितृदेवता ।

व्युष्टः = अतीतकाल ।

व्युष्टत्वम् = अतीतको भाव ।

व्युष्टिः = फलप्राप्ति ।

व्रतसामान्यधर्मः = क्षमा, सत्य, दया, दान, शौच, इन्द्रियनिग्रह, देवपूजा, होम, सन्तोष एवं चोरी नगर्नुजस्ता व्रतका साधारण धर्म ।

व्रतस्नातकः = व्रत गरेको तर विद्याध्ययन पूरा नगरेको व्यक्ति ।

व्रात्यः = कर्मलोप भएको द्विज ।

श

शक्रध्वजोत्थानम् = इन्द्रजात्रामा लिङ्गो ठड्याउने कार्य।

शक्वरी = अङ्गुलि ।

शङ्करभागः = ईशानकोण ।

शङ्कुः = बाह्र अङ्गुलको किलो ।

शङ्खः = १. चन्द्रमा क्षीण भएको अमावास्या, २. भगवान् नारायणको आयुध, ३. पूजा गर्दा बजाइने समुद्री कीराको खोल, ४. संख्याविशेष, ५. कच्छपको हाड, ६. हात्तीको गण्डस्थल, ७. धृतराष्ट्रका वंशको नाग, ८. कुबेरको खजाना, ९. स्मृतिकार एक ऋषि ।

शङ्खपुष्पी = १. अपराजिता, २. आँकुरी फूल ।

शङ्खिनी = शङ्खपुष्पी ।

शतकन्दः = १. कुरिलो, २. च्याऊ ।

शततन्तुः = वीणा ।

शतपत्रम्/शतपत्रिका = सयपत्री फूल / गेंदा ।

शतपुष्पा = सोंफ वा सम्फो ।

शता / शतावरी = कुरिलो ।

शम्बूकः = शङ्ख बनाउने घोंघी कीरा ।

शम्भुः = १. शिवजी २. ब्रह्माजी ।

शरीरोपचयः = शरीरको वृद्धि वा पुष्टि ।

शल्यम् = १. काँडा, २. कलामात्र सप्तमी र बाँकी अष्टमी हुने सप्तमीतिथि ।

शवानुगमनकर्ता = मलामी ।

शाक्रम् = ज्येष्ठानक्षत्र ।

शाखारण्यः = आफ्नो वेदको शाखा छोडेर बीचैमा अरू वेदको शाखा अध्ययन गर्ने व्यक्ति ।

शाखी = वृक्ष ।

शाङ्करम् = आर्द्रानक्षत्र ।

शान्तिः = वैनायिकी आदि शान्ति ।

शाब्दी भावना = शब्दनिष्ठ प्रवर्तनव्यापारविशेष ।

शामित्रम् = यज्ञमा पशु बाँध्ने मौलो ।

शार्दूलः = सामवेदको शाखाविशेष ।

शाल्मलिः = सिमल ।

शिक्यम् = भक्ष्य भोज्य वस्तु झुण्ड्याएर राख्ने डोरी (सिक्वा) ।

शिखा = नयाँ पालुवा ।

शिग्रुः = सैजनको रूख ।

शितिपृष्ठः = यज्ञमा मैत्रावरुणका रूपमा रहेको नाग ।

शिलान्यासः = गृहनिर्माणका लागि जग खनेपछि शिला राखी गरिने पूजा ।

शिल्पी = १. कपडा सफा गर्ने धोवी आदि, २. वसुला, रुखानजस्ता साधनबाट जीविका गर्ने व्यक्ति ।

शिवः = १. एकादशीतिथि, २. भगवान् शिव ।

शिवपञ्चाक्षरमन्त्रः = ॐ नमः शिवाय ।

शिवनिर्माल्यम् = १. गङ्गाजल, २. शिवमन्दिरमा शिव-लिङ्गको अभिषेक गर्दा प्रवाहित हुने जल ।

शिविका = पालकी / म्याना / खट ।

शीतकन्दली = रतालु ।

शीतरश्मिः = १. मृगशिरानक्षत्र, २. चन्द्रमा ।

शीर्षम् = १. नरिवल, २. टाउको ।

शुचिः = १. आषाढ, २. ज्येष्ठ, ३. ग्रीष्मऋतु, ४. पवित्र व्यक्ति ।

शुद्धा = सूर्योदयदेखि साठी घडीसम्म रहने तिथि ।

शूकरः/शूकरकन्दः = रानीगिठा ।

शेलुः = १. लप्सी, २. खमारी, ३. बोहरी ।

श्येनाभिचारः = वाजनामक पक्षिको हनन गरी सम्पन्न गरिने यागविशेष ।

श्रपणम् = पाककर्म ।

श्रवणत्रयम् = श्रवण, धनिष्ठा र शतभिषा ।

श्रवणद्वादशी = भाद्रशुक्ल द्वादशी ।

श्राद्धदेवताः = वसु, रुद्र र आदित्य ।

श्राद्धनिचयः = १. श्राद्धको प्रतिग्रह, २. श्राद्धहरूको समूह ।

श्राद्धम् = श्रद्धापूर्वक मृत पितृहरूका निमित्त भोज्य पदार्थको दान, पिण्डदान र ब्राह्मणभोजनजस्ता अङ्गकर्म गरिने पितृकार्य ।

श्रीपर्णीफलम् = काफल ।

श्रीवृक्षः = बेल ।

श्रुतिः = १. प्रमाणान्तर नचाहिने अपौरुषेय शब्दविशेष, २. श्रवणनक्षत्र, ३. कान ।

शृङ्गाटकः = १. सिंघडा, २. अदुवा ।

शृतम् = पाकेको वस्तु ।

श्लेष्मान्तकः = लप्सी ।

श्वेतवृन्ताकः = सेतो भण्टा ।

श्वेतयूथिका = सेतो जुही ।

श्वसुर्यः = सालो ।

ष

षट्तिलाः = तिलस्नान, तिलोद्वर्तन, तिलहोम, तिलोदकदान, तिलभोजन र तिलदान गरी तिलसँग सम्बद्ध ६ कर्म ।

षडशीतिमुखम् = कन्या, मीन, धनु र मिथुनसंक्रान्ति।

षण्णवतिश्राद्धानि = अमावास्याश्राद्ध = १२, युगादिश्राद्ध = ४, मन्वादिश्राद्ध = १४, संक्रान्तिश्राद्ध = १२, वैधृतिश्राद्ध = १२, व्यतीपातश्राद्ध = १२, महालयश्राद्ध = १५, अष्टकाश्राद्ध = ५, पूर्ववर्ती अन्वष्टकाश्राद्ध = ५, उत्तरवर्ती अन्वष्टकाश्राद्ध = ५ गरी ९६ श्राद्ध ।

षोडशाक्षः = ९६ मासाबराबरको तौल ।

स

संज्ञप्तिः = हिंसा ।

संयावः = गाईको घ्यू, गाईको दूध र गहुँको पिठोद्वारा तयार गरिएको भोज्य पदार्थ ।

संयोगपृथक्त्वन्यायः = एउटै पदार्थ दुई अर्थमा प्रसिद्ध हुनु ।

संसर्गदुष्टम् = रौं आदि निकृष्ट संसर्गका कारण वर्जित भोजन ।

संस्रवः = श्राद्धमा अर्घ्य दिएर बाँकी रहेको अर्घ्यपात्रको जल ।

सगोत्रः = पन्ध्र पुस्तादेखि एक्काइस पुस्तासम्मको दाजुभाइ।

सङ्कटपाशनिःसरणसृणिः = संकटको पाशबाट बाहिर निस्कने मार्ग ।

सङ्कर्षणः = १. श्राद्धकर्ताको पितामह, २. बलराम ।

सङ्क्रमः = संक्रान्ति ।

सङ्गवः = दिनमानलाई पाँच भाग लगाउँदा दोस्रो भागमा पर्ने काल ।

सज्योतिराशौचः = दिनमा मृत्युको खबर सुनेमा सूर्य नअस्ताएसम्म र रातमा सुनेमा उज्यालो नभएसम्म लाग्ने आशौच ।

सतीनकः/सतीनः = केराऊ ।

सत्रम् = १. दीर्घकालिक यज्ञ, २. अन्नक्षेत्र ।

सत्री = १. अन्नक्षेत्र सञ्चालक, २. सधैं सोमयाग गरिरहने व्यक्ति ।

सदनम् = स्थान ।

सद्यस्कालः = इष्टिका लागि योग्य प्रातःकाल ।

सन्दंशः = १. सनासो, २. दुई मन्त्रको बीचमा पढिने मन्त्रविशेष ।

सन्धितम् = नुनिलो साग ।

सन्ध्यानिषिद्धकर्माणि = सन्ध्यामा निषिद्ध कर्म- आहार, मैथुन, निद्रा र स्वाध्याय ।

सन्नहनम् = कटिमा धागो वा कुशको डोरी बाँध्नु ।

सन्नाहः = कवच ।

सपिण्डः = सात पुस्ताभित्रको दाजुभाइ ।

सपिण्डीकरणम् = प्रेतलाई पितृगणमा अन्तर्भाव गर्ने उद्देश्यले गरिने श्राद्ध ।

सप्तगोत्राणि = माता, पिता, पत्नी, दिदी-बहिनी, छोरी, फुपू र ठूलीआमा-सानीआमाको वंश ।

सप्तधान्यम् = सात प्रकारका धान - धान, जौ, गहुँ, मुगी, मास, पियङ्गु र चना ।

सप्तमृतिकाः = सात ठाउँको माटो- १) हात्तीका पाइलाको, २) घोडाका टापको, ३) धमिराका

गोलाको, ४) रणमैदानको, ५) गाईका गोठको, ६) चौबाटोको, ७) पवित्र तलाउको माटो ।

समभिव्याहारः = एकैचोटि गरिने उच्चारण ।

समयाध्युषितम् = नक्षत्र अस्ताएपछि सूर्य नदेखिएको समय ।

समाख्या = योगशक्ति ।

समाधित्सा = समाधानको इच्छा ।

समुच्चितः = एकत्रित ।

समुच्चयः = १. समूह, २. धेरै वस्तुहरू एकै ठाउँमा जुट्ने वा जुटाइने क्रिया ।

समुत्थानम् = प्रतिक्रिया ।

सम्पाताशौचः = खापिएको आशौच ।

सम्भूयसमुत्थानम् = सहकारिता ।

सर्पः = १. राहु, २. सर्प ।

सर्वाधानम् = श्रौत र स्मार्त अग्निको एकीकरण ।

सर्वाधानी = श्रौत र स्मार्त अग्निको आधान गर्ने व्यक्ति ।

सर्वौषधिः = दशथरि जडिबुटीको समूह – कूट, तालीशपत्र, हलेदो, कचूर, जटामसी, पत्थरकुंकुम, श्रीखण्ड, बोझो, चाँपो र मेथे ।

सवनीयः = यज्ञमा प्रयोग गरिने बलिविशेष ।

सहदेवी = १. दँयालो, २. सुनटिकी, ३. कालो भृङ्गराज, ४. सर्पको काफल, ५. प्रियङ्गु ।

सहस्यः = पौषमास ।

सहाः = मार्गशीर्षमास ।

साग्निः/साग्निकः = अग्निहोत्री ।

साङ्कल्पिकम् = सङ्कल्पश्राद्ध ।

साद्यस्कः = विकृतिनामक सोमयागविशेष ।

साधारणसगोत्रः = २१ पुस्तामाथिका दाजुभाइ ।

सान्नाय्यः = १. कवच, २. दूधमा दही मिसाई तयार गरिएको पदार्थ / पनीर, ३. ऐन्द्रयाग ।

सान्नोदककुम्भः = अन्न जल आदिले सहित घट ।

सापिण्ड्यसम्बन्धः = सपिण्डहरूसँगको सम्बन्ध ।

सामुद्रिकः = हस्तरेखा हेरेर जीविका गर्ने व्यक्ति ।

साम्भरः = प्रशोधित नुन ।

साम्यायोगः = समताको अभाव ।

सारङ्गपाणिः = श्रवणनक्षत्र ।

सार्पः = अश्लेषानक्षत्र ।

सावनः = सूर्योदयदेखि सूर्योदयसम्मको समय ।

सावनवर्षः = ३० दिनको महिनाको हिसाबले बाह्र महिनामा ३६० दिन हुने वर्ष ।

सितास्विन्नम् = १. तातोपन नभएको तर राम्ररी पाकेको अन्न, २. न उसिनेको अन्न ।

सिनीवाली = चन्द्रकलासहित अमावास्या ।

सुकालिनः = शूद्रका पितृदेवता ।

सुखभक्षिका = स्थाली, गिलास, कचौरा, अंखोरा आदि पदार्थ ।

सुत्या = सोमरस तयार गर्ने काम ।

सुनिषण्णम् = काँक्राको आकारको फल ।

सुप्रेक्षितम् = राम्रोसँग हेरिएको अर्थात् घुर, कसिङ्गर आदि निकालिएको पदार्थ ।

सुवर्चलम् = वीरे नुन ।

सुरसा = १. तुलसी, २. सिमाली ।

सुषिरम् = १. प्वाल, २. मुखले फुकेर बजाइने बाजा, ३. ल्वाङ, ४. काठ ।

सूची = सियो ।

सूचीकर्म = कपडा सिलाउने कार्य ।

सूतिका = सुत्केरी ।

सूत्रारम्भः = गृहनिर्माण आदि कार्य गर्दा डोरी लगाउने कामको आरम्भ वा लम्बाइ–चौडाई नापी गृहारम्भ गर्ने कार्य ।

सूना = पाप ।

सूपः = दाल ।

सूपकारः = भान्से ।

सूर्यषष्ठी = भाद्रशुक्ल षष्ठी ।

सृष्टम् = धेरै ।

सैन्धवम् = सिधे नुन ।

25८39

सैंहिकेयः = राहु ।

सोदकः/समानोदकः = आठ पुस्तादेखि चौध पुस्तासम्मको दाजुभाइ ।

सोपस्करः = गृहस्थका लागि आहार–विहारमा आवश्यक सबै सामग्रीसहित दिइने पदार्थ ।

सोपपदाः = ज्येष्ठशुक्ल द्वितीया, आश्विनशुक्ल दशमी, माघशुक्ल चतुर्थी र माघशुक्ल द्वादशीतिथि ।

सोमपाः = ब्राह्मणका पितृहरू ।

सोष्यन्ती = प्रसववेदनाले छट्पटाएकी नारी ।

सोष्यन्तीकर्म = छिटै सुत्केरी हुने अवस्थामा रहेकी सोष्यन्ती नारी प्रसववेदनाद्धारा पीडित भएको अवस्थामा तिनका पतिले शिरमा जलसेचन गर्ने कर्म ।

सौत्यः = यज्ञको मध्यमा दिनमा गरिने कृत्यविशेष ।

सौभाग्यद्रव्यम् = चूरा, पोते, टीका, सिन्दूर, गाजल, बट्टा, ऐना, काँइयो, धागो र वस्त्र ।

सौम्यगोलकम् = उत्तरायण ।

सौरकर्म = सूर्यसम्बन्धी कर्म ।

सौरवर्षः = एक सूर्यसंक्रान्तिदेखि अर्को सूर्यसंक्रान्तिसम्मको एक मासको हिसाबले बाह्र महिनामो ३६५ दिन हुने वर्ष ।

स्तनितम् = १. गर्जन, २. मेघगर्जन ।

स्थण्डिलः = पिण्डवेदी / ढिकुरो ।

स्थालीपाकः = गाईको दूध राखी कसौंडीमा पकाइएको भोजनविशेष ।

स्थिरार्चा = जसलाई स्थापित गरेको ठाउँबाट अन्यत्र हुँदैन त्यस्तो मूर्ति ।

स्फ्यः = यज्ञवेदीमा रेखा कोर्ने तलवारको आकारको काठको पात्र ।

स्रावः = चार महिनासम्मको गर्भ पात हुनु ।

स्रुतिः = दूधको तर ।

स्वर्गः = १. सुखविशेष, २. सुखदायक स्थानविशेष।

स्वर्भानुः = राहु ।

स्वस्त्ययनी = सुरक्षित यात्राका लागि गरिने इष्टि ।

स्वैरम् = १. इच्छाश्राद्ध, २. इच्छाअनुसार ।

स्योनम् = उत्तम ।

ह

हंसः = बहूदक संन्यासीले झैं भिक्षावृत्तिद्वारा जीविका गरी साधना गर्ने र दण्डधारण गर्ने संन्यासी ।

हयारिजम् = भैंसीको दूध ।

हरितालिका = भाद्रशुक्ल तृतीया ।

हरिवासरयोगः = आश्विन, भाद्र र कार्तिकमासका शुक्लपक्षमा अनुराधा, श्रवण वा रेवतीनक्षत्र र बुधवार एवं द्वादशीतिथिको योग ।

हरिश्यामकम् = कालो अगहनी धान ।

हरीतकी = हर्रो ।

हर्यङ्घ्रिः = १. विष्णुपदनामक संक्रान्ति, २. नारायणको चरण।

हविर्भुजः = क्षत्रियका पितृहरू ।

हस्तमितम् = एक हात परिमाणको ।

हस्तार्घ्यः = श्राद्धमा ब्राह्मणको हात धुने अर्घ्यजल ।

हायनम् = वर्ष ।

हिंसा = १. क्षीणता, २. अरूलाई भौतिक र मानसिकरूपमा पीडा दिने कार्य ।

हिरण्यगर्भः = शूद्र ।

हिलमोचिका = हिलञ्च साग / हिल्सा साग ।

हुतम् = होम ।

हुतयज्ञः = प्राणीहरूलाई अन्नदान दिनु ।

हुतशेषः = हवन गरी बाँकी रहेको हव्य ।

हुताशनी = फाल्गुनको पूर्णिमा ।

हेत्वर्थवादः = कारणपूर्वक गरिएको प्रशंसा ।

हेमभारः/स्वर्णभारः = सय पला सुवर्णको परिमाण।

हैमन्तावरोहः = हेमन्त ऋतुमा गरिने उत्सव ।

हैमन्तिकम् = १. मकल, २. अगहनी धानको चामल, ३. हेमन्तमा हुने पदार्थ ।

होमः = देवताका निमित्त अग्निमा चरुको आहुति दिनु।

ॐ

मनीषीहरूका महनीय मन्तव्य

'**निर्णयसिन्धु**'को नेपालीमा रूपान्तरण गरेर नेपाली धार्मिक समाजलाई संस्कारयुक्त बन्नका लागि प्रा.डा. ढकालज्यूले ठूलो गुन लगाउनुभएको छ ।

– सम्माननीय प्रधानन्यायाधीश श्री खिलराज रेग्मी

गणेशपुराणको निर्विघ्न परिसमाप्तिपछि अर्को महत्त्वपूर्ण बृहदाकार निर्णयसिन्धु ग्रन्थको नेपाली राष्ट्रभाषाका टीका प्रणयन गरेर जिज्ञासु, तत्त्वबुभुत्सु पाठकवाचकवृन्दसमक्ष प्रा.डा. ढकाल उपस्थित हुनुहुँदैछ ।

– सं. डा. स्वामी प्रपन्नाचार्य

विद्वत्प्रवर प्रा.डा. वेणीमाधव ढकालजीद्वारा रचित चूडामणि टीकाको सुगन्ध चारैतिर फैलियोस् र नेपाली नरनारीहरूले निर्णयसिन्धुद्वारा बताइएको विधिबाट कर्म गर्न सकून् यसै कर्तव्य–कर्मको अनुष्ठानबाट नेपाली संस्कृति र नेपाल राष्ट्रको भलो हुनेछ ।

– आचार्य पूर्णचन्द्र उपाध्याय दुङ्गेल

धर्मजिज्ञासु नेपालीका निमित्त, लोकोत्तरवैदुष्यमण्डित कमलाकर भट्टप्रणीत निर्णयसिन्धुको नेपालीमा टीका गरिएको हो । ... टिप्पणीसहितको टीकाले जिज्ञासु धेरै नेपालीको उपकार हुनेछ ।

– प्रा.डा. दीर्घराज घिमिरे

गणेशपुराणजस्तो ग्रन्थको उद्धार गरेर विघ्नेश्वर वरद गणेशको अनुग्रह प्रा.डा. वेणीमाधव ढकालजीलाई प्राप्त भएकोले **निर्णयसिन्धु**जस्तो ग्रन्थको भाष्यसदृश चूडामणि टीका तयार गर्न उहाँ सफल हुनुभएको छ ।

– प्रा.डा. दुर्गाप्रसाद दवाडी

संस्कृतको ज्ञान नभएका सर्वसाधारण जनतालाई तथा निर्णय गर्ने क्षमता कम भएका संस्कृतज्ञहरूलाई समेत उत्तिकै लाभदायक यो ग्रन्थ आफैंमा परिपूर्ण भएको म ठान्दछु ।

– प्रा. पुरुषोत्तम भट्टराई

ग्रन्थप्रतिपादित विषयमा चासो राख्ने मानिसलाई अझै विशेष किसिमले बुझाउनु पर्ने र बढीभन्दा बढी ज्ञान गराउनुपर्ने आवश्यकता महसुस गरिएका अनेक ठाउँमा टिप्पणीसमेत दिई ग्रन्थलाई अझ बढी आकर्षक, व्यवहारार्ह तथा स्मरणार्ह तुल्याइएको छ ।

– प्रा.डा. रामचन्द्र गौतम

निर्णयसिन्धुजस्तो विशिष्ट ग्रन्थको यति राम्रो टीका र यति गहन विषयविश्लेषण भएको थिएन । चूडामणि टीकाको लेखनजस्तो महान् कार्य गरेर नेपालीभाषाको भण्डारमा ढकालज्यूले चूडामणि नै थप्नुभएको छ ।

– प्रा.डा. विष्णुरात्र आत्रेय

चूडामणि टीकासमलङ्कृत '**निर्णयसिन्धु**' मा देखिएका मौलिकता, सरलता र सम्प्रेषणीयताजस्ता विशेषताहरूबाट प्रा.डा. ढकालज्यूको शास्त्रव्यसनी क्रियाशीलता प्रमाणित हुन्छ ।

– प्रा.डा. टीकाराम अधिकारी

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं